
नेपाल
मानवअधिकार वर्षपुस्तक २००७



यस वर्षको उल्लेख्य

नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल



देविलाल पौडेल
०५९ चैत २५ गते



साहिरअलि अन्सारी
०६० वैशाख ५ गते



लालबहादुर बिष्ठ
०६१ असार ७ गते



चक्रराज जोशी
०६१ मंसिर २७ गते



उमेशचन्द्र थापा
०६२ माघ २६ गते



हीरिलाल राना थारु
०६२ माघ २६ गते



दर्शनलाल यादव
०६२ चैत २३ गते



भिमसेन दाहाल
०६२ चैत २५ गते




हरिराज अधिकारी
०६२ चैत २६ गते



तुलसी डुम्राकोटी
०६२ चैत २७ गते



शिवहरि कुँवर
०६२ चैत २७ गते



विष्णु पाण्डे
०६२ चैत ३० गते



हिरालाल गौतम
०६३ वैशाख ४ गते



सेतु विक
०६३ वैशाख ५ गते



सुरज विश्वास
०६३ वैशाख ६ गते



राजन गिरी
०६३ वैशाख ६ गते



वासुदेव घिमिरे
०६३ वैशाख ७ गते



सगुन ताम्राकार
०६३ वैशाख ७ गते



दिपक कामी
०६३ वैशाख ७ गते



यमलाल लामिछाने
०६३ वैशाख ८ गते



गोविन्दनाथ शर्मा
०६३ वैशाख १२ गते



प्रद्युम्न खड्का
०६३ वैशाख १६ गते



मोहम्मद जाहाँगिर खाँ
०६३ वैशाख १८ गते



चन्द्रबहादुर बयलकोटी
०६३ वैशाख २२ गते



अनिलकुमार लामा
०६३ वैशाख २३ गते

जनआन्दोलन-II का सहिदहरू; जसको बलिदानले दिएको छ हामीलाई हाम्रा अधिकारका बारेमा बोल्ने यो अवसर ...

नेपाल सरकारको २०६३ जेठ २१ र भदौ १३ को निर्णय अनुसार

मानवअधिकार वर्षपुस्तक २००७

(नेपाली संस्करण)

(०६२ पुस १७ गतेदेखि ०६३ पुस १६ गतेसम्म अर्थात् सन् २००६ भरिका घटनाहरूको संकलन)

प्रधान सम्पादक

कुन्दन अर्याल

सम्पादक

योगीश खरेल

कार्यकारी सम्पादक

प्रकाश ज्ञवाली

सम्पादन मण्डल

रूपेश नेपाल

प्रशन्नता वस्ती

लक्ष्मणदत्त पन्त

मधु पन्थी

बाबुराम विश्वकर्मा

मदन पौडेल

भुवन अधिकारी

दीपक तिवारी

गणेश भण्डारी

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार

पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.inseconline.org

मानवअधिकार वर्ष पुस्तक २००७

संयोजक
प्रेक्षा ओझा
(प्रमुख, मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र)

प्रकाशन मिति
०६३ फागुन ७ गते

संख्या
तीन हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको श्रोत उल्लेख गरी पुर्नमुद्रण गर्न सकिनेछ।)

आवरण तथा ले-आउट
गोविन्दप्रसाद त्रिपाठी
गीता माली

तथ्यांक प्रशोधन
प्रमीन घिमिरे
सुवास अधिकारी

मूल्य
रू. २५०।-

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७०५३३, ४७७१४४८

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० ओटा आवद्ध संस्थाहरू मार्फत यसका कार्यक्रमहरू देशभर सञ्चालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरूलाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचओटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

०६२ मंसिर २९ गते सम्पन्न साधारण सभाले ३ वर्षका लागि चयन गरेको कार्यसमिति

निवर्तमान अध्यक्ष - डा. शिव शर्मा

अध्यक्ष - सुबोधराज प्याकुरेल

महासचिव - कुन्दन अर्याल

कोषाध्यक्ष - सुजिता शाक्य

सदस्यहरू

- नजिर मियाँ
- योगेन्द्र गुरूङ्ग
- पुष्पा कर्ण
- गंगादेवी कसजू
- लालबाबु यादव
- टीकाराम भट्टराई

निर्देशकहरू तथा निम्न केन्द्रहरू मार्फत् इन्सेकको दैनान्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार शिक्षा तथा तलिम केन्द्र (HRE)

साक्षरता संचेतना मार्फत् ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, मानवअधिकार सम्बन्धी तालिम, मानवअधिकारको सम्वर्द्धनमा स्थानीय क्षेत्रका मानवअधिकार संस्थाहरूसँग सहकार्य।

वञ्चित समुदायका लागि अभियान केन्द्र (DGC)

बालबालिका, महिला, दलित, कृषिमजदुर, शान्ति र विकासका लागि द्वन्द्व व्यवस्थापन, जनजाति तथा अन्य पिछडिएका समुदायको अधिकार प्राप्तिको लागि उनीहरूलाई नै सक्रिय बनाउदै विभिन्न अभियान कार्यक्रममार्फत् सशक्तिकरण कार्यक्रम, बाल अधिकार सचेतना समूह (२३५), महिला सचेतना समूह।

मानवअधिकार प्रलेख तथा प्रसारण केन्द्र (DDC)

मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरुको अध्ययन, अनुसन्धान र मानवअधिकार रक्षा कार्यक्रम, मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाका सम्बन्धमा स्थलगत अध्ययन, दैनिक रूपमा मानवअधिकार सम्बन्धी घटनाहरुको अध्यावधिक विभिन्न प्रकाशनहरू मानवअधिकार वर्ष पुस्तक, मानवअधिकार स्थिति सूचक (त्रैमासिक), प्राची (द्वैमासिक), इन्फर्मल (त्रैमासिक), इन्सेक अभियान (मासिक), वेव पेज, इन्सेक अनलाइन नियमित सञ्चालन, मानवअधिकार शिक्षा रेडियो कार्यक्रम (प्रत्येक शनिबार बिहान ८.१५ बजे रेडियो नेपालबाट) मार्फत प्रसारण एवं वितरण, रेडियो स्रोता क्लब ।

मानवअधिकार सन्धी अनुगमन केन्द्र (TMC)

मानवअधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम, नियमावली, सन्धि, सम्झौताको नियमित अध्ययन, अनुसन्धान, प्राथमिकता ६ महासन्धिहरू ICCPR, ICESCR, CAT, CRC, CEDAW, CERD यिनीहरूको सम्बन्धमा राज्य पक्षको दायित्व नियमित प्रतिवेदन पठाउने, जनवकालत, पठाइएका प्रतिवेदनको अनुगमन तथा वैकल्पिक एवम् छायाँ प्रतिवेदन पठाउन अन्य मानवअधिकार एवम् नागरिक समाजका विभिन्न संस्थाहरूसँग संयोजन, सहजीकरण, सञ्चारमाध्यमबाट राजनीतिक, नागरिक, सामाजिक, आर्थिक र साँस्कृतिक पक्षहरूबाट प्राप्त सूचना, अभिव्यक्ति एवम् लेख रचनाहरूको नियमित विश्लेषण।

व्यवस्थापन सहयोग केन्द्र

माथिका सबै कार्यक्रमहरूको व्यवस्थापनमा सहयोग।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८१२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलंकी, स्युचाटार, काठमाण्डौ। फोन नं. ०१- ४२८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नागढुंगा, पोखरा। फोन नं. ०६१- ५२६५१२/५३३७९२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेशनल ट्रेनिङ्ग रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** हसनपुर, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

लोकतान्त्रिक नेपालमा मानवअधिकारका सवाल

शान्ति प्रयासका विभिन्न चरणहरू पार गर्दै नेकपा (माओवादी) लाई पनि राजनीतिक मूल धारमा ल्याउन सात दल सफल भइसकेका छन्। तर राजनीतिक संक्रमणको आजको परिवेशमा राज्य र यसका सञ्चालक आठ दलले अघि सारेको दिगो शान्तिको मार्गचित्र कम चुनौतिपूर्ण छैन्। नयाँ चरणमा प्रवेश गरेको द्वन्द्वलाई आठ दलले संक्रमणकालीन न्यायको चेतनासहित उचित रूपमा व्यवस्थित गर्न सके भने मात्र दिगो शान्तिको परिकल्पना मूर्त हुनसक्ने छ।

राज्य व्यवस्थामा आएको परिवर्तनसँगै मानव गरिमाको रक्षा गर्दै विगतमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनलाई उजागर गर्नु र त्यस्ता ज्यादतीबाट पीडित भएकाहरूलाई न्याय दिलाउनु संक्रमणकालको प्रमुख कार्यसूची हुनुपर्दछ। विगतमा भएका अन्याय, शोषण, ज्यादती र अत्याचारलाई नियाल्ने, मतभेदहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्न वार्ताको वातावरण तयार गर्ने, राज्यप्रति जनताको विश्वास अभिवृद्धि गर्ने, कानुनी शासनको सिद्धान्तलाई तत्काल कार्यान्वयन गर्नेलगायतका सवालहरूमा सरकारको गम्भीरताको अपेक्षा गरिएको छ। तर, दिगो शान्तिको स्थापनाका निम्ति संक्रमणकालीन न्यायका यी विषयहरू वर्तमान सरकारको प्राथमिकतामा परेको छ त ?

दुःखका साथ भन्नुपर्दछ, उल्लेखित सवालहरूमा आठ दल अपेक्षाकृत रूपमा संवेदनशील भएको देखिदैन्। विगतमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनको छानबिन प्रक्रियालाई प्रभावकारी तुल्याउनु पर्ने माग हामी मानवअधिकारकर्मीहरूले गर्दै आएका छौं। सत्य प्राप्त गर्ने संयन्त्रहरू, कारबाहीको प्रक्रिया, पीडितको पुनर्स्थापना र राहत, पुनर्निर्माण अनि कानुनी र संस्थागत सुधार संक्रमणकालीन न्यायका आधारभूत सर्तहरू हुन्। हिजोका पीडित नेपाली यतिखेर लोकतन्त्रको सुदृढिकरणको आकांक्षा राख्दै न्यायको प्रतीक्षा गरिरहेका छन्।

बृहत् शान्ति सम्झौतामा स्थिति सामान्यीकरणका उपायहरू शीर्षकअन्तर्गत विगतको हिंसात्मक द्वन्द्वबाट पीडित र विस्थापित भएकाहरूलाई राहत उपलब्ध गराउन र उनीहरूको पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने जनाइएको छ। तर त्यस्तो आयोग कहिलेसम्म गठन गरिनेछ भन्ने सम्बन्धमा सम्झौता मौन छ।

बृहत् शान्ति सम्झौतामै विगतमा राज्य र सरकारबाट बेपत्ता पारिएका वा मारिएकाहरूका बारेमा विस्तृत सूचना ६० दिनभित्र सार्वजनिक गरिने उल्लेख गरिएको छ। विस्थापित व्यक्तिहरूको पुनर्स्थापना तथा पुनर्मिलन प्रभावकारी रूपमा गर्न सकिएन भने लोकतन्त्र स्थापनाको मूल ध्येय सार्थक हुन सक्दैन्। तर शान्ति सम्झौतामा समेटिएका विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनबाट पीडित भएकाहरूलाई न्याय दिलाउने विषयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन आठ दलको प्राथमिकतामा परेको देखिदैन्।

विगतमा सशस्त्र द्वन्द्वका कारण क्षतिग्रस्त हुन पुगेका ग्रामीण समुदायले दिनहूँ उपभोग गर्नु पर्ने भौतिक संरचनाहरूको पुनर्निर्माण प्रक्रिया प्रभावकारी रूपमा आरम्भ गर्न जरुरी छ। सशस्त्र द्वन्द्वका कारण शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चारलगायतका समस्या भोगिरहेका जनताको जीवनमा तत्काल परिवर्तन आउनु पर्दछ भन्ने हाम्रो माग छ।

नेपाली समाजमा जरो गाडेर रहेका संरचनागत समस्याहरूलाई संक्रमणकालीन अवस्थामा प्रभावकारी ढंगले सम्बोधन गरिनु पर्दछ। विगतका असमानता र वेवास्ताका कारण जनजाति, मधेशी, दलित र महिला सबै किसिमका अवसरहरूबाट वञ्चित हुँदै आएका छन्। द्वन्द्वको मूल कारणका रूपमा चिन्हित यस्ता संरचनागत हिंसालाई लोकतान्त्रिक नेपालमा नामेट गरिनु पर्दछ। देशमा अरू विद्रोहको जन्म हुन नदिने हो भने यो सवालमा सरकार विशेष संवेदनशील हुन आवश्यक छ। राज्यले उपेक्षित र उत्पीडित समुदायका आधारभूत आवश्यकताको परिपूर्ति गराउने लोककल्याणकारी नीतिहरू तत्कालै अवलम्बन गर्नु पर्दछ। लोकतान्त्रिक नेपालको लोकतान्त्रिक सरकार नागरिक तथा राजनीतिक अधिकारहरूको सम्मान र संरक्षणका निम्ति प्रतिबद्ध भएर मात्र पुग्दैन। अबको राज्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको परिपूर्ति गर्ने दिशामा इमान्दारीपूर्वक द्रूत गतिका साथ अग्रसर हुन जरुरी छ।

मानवअधिकारसम्बन्धी दायित्व पूरा गर्दै अब राज्यले जवाफदेहिताको संस्कृतिको सुरूआत गर्नैपर्छ। जबसम्म राज्य सञ्चालकहरू जवाफदेही हुँदैनन् तबसम्म दण्डहीनताको अन्त्य हुनसक्दैन। लोकतान्त्रिक सरकारहरूको सफलताको आधार नै जवाफदेहिता हो। विगतका क्रियाकलापहरूप्रति विगतका सत्ता सञ्चालकहरूलाई जवाफदेही ठहऱ्याउन र तद्अनुरूप दोषीहरूलाई न्यायको कठघरामा उभ्याउन जति जरुरी छ, आउँदा दिनहरूमा पनि जवाफदेहिताको संस्कृतिलाई सर्वव्यापी तुल्याउन त्यतिकै आवश्यक छ।

हाम्रा राजनीतिक नेताहरूले कैयन पटक दण्डहीनताविरुद्ध प्रतिबद्धता व्यक्त गरिसकेका छन्। उनीहरूले आफ्नो प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्ने हो भने अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनका सन्धिहरूको अविलम्ब अनुमोदन गर्नु पर्छ।

दोश्रो जनआन्दोलनको बलमा सत्तारोहण गर्ने आठ दल लोकतान्त्रिक नेपालको मानवअधिकारसम्बन्धी यी कार्यसूचीप्रति कति सचेत छन् ? यतिखेरको हाम्रो चिन्ता र सरोकारको विषय यही हो।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६३ फागुन ७, काठमाडौं

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १२९
१.२ इलाम १३९
१.३ पाँचथर १४७
१.४ ताप्लेजुङ १५१
१.५ मोरङ १५४
१.६ सुनसरी १६७
१.७ धनकुटा १७२
१.८ तेह्रथुम १७६
१.९ भोजपुर १८१
१.१० संखुवासभा १८५
१.११ सप्तरी १८८
१.१२ सिरहा २०२
१.१३ उदयपुर २०८
१.१४ खोटाङ २१४
१.१५ ओखलढुङ्गा २२१
१.१६ सोलुखुम्बु २२३

२. मध्यमाञ्चल

२.१ धनुषा २२७
२.२ महोत्तरी २३२
२.३ सर्लाही २३९
२.४ सिन्धुली २४७
२.५ रामेछाप २५६
२.६ दोलखा २६२
२.७ रौतहट २६७
२.८ बारा २७४
२.९ पर्सा २८०
२.१० चितवन २८४
२.११ मकवानपुर २९३
२.१२ ललितपुर २९९
२.१३ काभ्रे ३०६
२.१४ भक्तपुर ३१६
२.१५ काठमाडौं ३२०
२.१६ धादिङ ३४०
२.१७ सिन्धुपाल्चोक ३४६
२.१८ नुवाकोट ३५२
२.१९ रसुवा ३५५

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३६१
३.२ गोरखा ३६६
३.३ लमजुङ ३६९
३.४ स्याङ्जा ३७३
३.५ कास्की ३७९
३.६ मनाङ ३८७
३.७ नवलपरासी ३८८
३.८ रूपन्देही ३९३
३.९ पाल्पा ३९७
३.१० कपिलवस्तु ४०१
३.११ अर्घाखाँची ४०४
३.१२ गुल्मी ४०८
३.१३ बाग्लुङ ४१२
३.१४ पर्वत ४१६
३.१५ म्याग्दी ४१९
३.१६ मुस्ताङ ४२१

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४२५
४.२ प्युठान ४३५
४.३ रोल्पा ४३८
४.४ सल्यान ४४२
४.५ रूकुम ४५०
४.६ बाँके ४५५
४.७ बर्दिया ४६९
४.८ सुर्खेत ४८१
४.९ जाजरकोट ४९२
४.१० दैलेख ४९६
४.११ डोल्पा ४९९
४.१२ जुम्ला ५०२
४.१३ कालिकोट ५०५
४.१४ मुगु ५१०
४.१५ हुम्ला ५१३

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ५२१
५.२ अछाम ५२८
५.३ डोटी ५३१
५.४ बाजुरा ५३५
५.५ बझाङ ५३७
५.६ कञ्चनपुर ५४०
५.७ डडेलधुरा ५४६
५.८ बैतडी ५५१
५.९ दार्चुला ५५५

विषय सूची

पृष्ठ संख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १ सन् २००६ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन १

परिच्छेद २ नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल १७

परिच्छेद ३ राज्य र मानवअधिकार

३.१ न्यायपालिका ४७

३.२ कार्यपालिका ७३

३.३ व्यवस्थापिका १०१

अनुसूचीहरू

अनुसूची १ सन् २००६ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू

१. पूर्वाञ्चल १२७

२. मध्यमाञ्चल २२५

३. पश्चिमाञ्चल ३५९

४. मध्यपश्चिमाञ्चल ४२३

५. सुदूरपश्चिमाञ्चल ५१९

अनुसूची २ मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००६ ५५९

अनुसूची ३ सन् २००६ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीको धारणा ५७१

अनुसूची ४ सन् २००६ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा ५८९

अनुसूची ५ शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू ६०१

अनुसूची ६ क्रिया प्रतिक्रिया ६२७

अनुसूची ७ वर्षपुस्तक २००६ तयारीका क्रममा संलग्न व्यक्तिहरू ६३९

अनुसूची ८ सन् २००६ मा राज्यद्वारा पीडित भएकाहरूको संख्या ६४३

आभार :

मानवअधिकार वर्षपुस्तक २००७ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दुतावास, इको तथा इइडीप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लंघनका घटनाहरुको विवरण संकलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरु विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नु हुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००६ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत संघसंस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद १

सन् २००६ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

१. **निरंकुशताको पराजय : मानवअधिकारको प्रस्थान विन्दु**

राजाको प्रत्यक्ष शासनको विरूद्धमा उर्लेको देशव्यापी विरोधको लहरसँगै सन् २००६ प्रारम्भ भयो। वर्षको चौथो महिनामा जनआन्दोलनका सामु राजाले घुँडा टेके र लोकतन्त्रको उदय भयो। लोकतन्त्रको बहालीसँगै नागरिक तथा राजनीतिक अधिकारहरूमाथिको बन्देज हटेपछि नेपालको मानवअधिकार अवस्थामा सुधार आयो।

सन् २००६ मा राज्यबाट ३ सय १३ र माओवादीबाट २ सय ५६ जना मारिए। लोकतन्त्र बहालीपछि, सन् २००६ को अन्त्यसम्म गोली प्रहारका कारण राज्यबाट १० जना र माओवादीबाट सातजना मारिएको तथ्याङ्क अभिलेख गरिएको छ। त्यस्तै बम विस्फोटमा राज्यबाट एकजना र माओवादीबाट चारजना, माओवादीबाट धारिलो हतियार प्रयोग गरी दुईजना, कुटपिटबाट सातजना र नियन्त्रणमा राखी सातजनाको हत्या गरिएको तथ्याङ्क छ। त्यसअवधिमा प्रहरीको नियन्त्रणमा एकजना मारिएको तथ्य अभिलेख गरिएको छ।

यो वर्ष लोकतन्त्रको बहालीसँगै मानवअधिकार अवस्थामा सुधार आएको तथ्य पहिलो तीन महिनाको तथ्याङ्कबाट प्रष्ट हुन्छ। इन्सेकको अभिलेखअनुसार ०६३ वैशाख १२ गतेदेखि साउन १७ गतेसम्मको अवधिमा देशव्यापी रूपमा राज्यबाट नौजना मारिए र २६ जना गिरफ्तार गरिए। त्यही अवधिमा माओवादीबाट ११ जना मारिए भने ३ सय ६२ जना अपहरित भए।[१]

लोकतन्त्र बहालीपछिको अवधिमा हिंसात्मक द्वन्द्वका कारण मारिने क्रमको करिब-करिब अन्त्य नै भयो। लोकतन्त्रप्राप्ति पछिको सय दिनको अवधिमा राज्यबाट मोरङको बेलबारीमा ०६३ वैशाख १२ गते एकजना तथा वैशाख १३ गते ६ जना गरी सातजना, सिन्धुपाल्चोकमा एकजना र दाङमा एकजना गरी नौजना मारिए। यसैगरी माओवादीबाट पूर्वाञ्चलको सप्तरीमा एकजना र सिरहामा एकजना गरी दुईजना, मध्यमाञ्चलको बारामा दुईजना, चितवनमा एकजना, सर्लाहीमा एकजना, रौतहटमा दुईजना र सिन्धुपाल्चोकमा एकजना गरी सातजना, मध्यपश्चिमाञ्चलको जाजरकोटमा एकजना, सुर्खेतको एकजना गरी जम्मा ११ जना मारिए। त्यसपछिका दिनमा भने स्थितिमा अझ सुधार हुँदै गयो।

अघिल्लो वर्ष सन् २००५ मा चार महिना युद्धविराम भएको थियो भने बाँकी आठ महिना सशस्त्र युद्ध चलेको थियो। त्यस अवधिमा राज्यबाट ८ सय १५ जना र माओवादीबाट ७ सय ९ जना मारिएका थिए।

०६२ चैत २४ गतेदेखि ०६३ वैशाख ११ गतेसम्मको १९ दिनको जनआन्दोलनका क्रममा भएको दमनका कारण १९ जनाको मृत्यु भयो। तीमध्ये १० जनाको सुरक्षाकर्मीले चलाएको गोलीका कारण तत्काल ज्यान गएको थियो भने नौजनाको मृत्यु विभिन्न मितिमा अस्पतलालको शैय्यामा भएको थियो। जनआन्दोलनको सफलतापश्चात् सरकारले जनआन्दोलनका सहिदको सूचीमा कूल २५ जनाको नाम समावेश गऱ्यो। ०६१ सालदेखि विभिन्न मितिमा भएका आन्दोलनमा मारिएकाहरू सबैलाई राजाको निरङ्कुशता विरोधी आन्दोलनका सहिदको सम्मान प्रदान गरियो।

जनआन्दोलनको सफलता राजनीतिक परिवर्तनको शान्तिपूर्ण प्रयासको सफलता थियो। जनआन्दोलनमा माओवादी समस्याको शान्तिपूर्ण समाधान हुनुपर्छ भन्ने आमजनताको आकांक्षासमेत प्रदर्शित भयो। नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), वाममोर्चा, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र नेपाल मजदुर किसान पार्टीको सहमतिमा सात दलको संयुक्त मोर्चा निर्माण भएपछि नेपाली राजनीतिमा नयाँ हलचल उत्पन्न भएको थियो। सात दल र माओवादीबीच समझदारी कायम भएपछि निरङ्कुशता विरोधी आन्दोलनले नयाँ उचाई प्राप्त गऱ्यो।

त्यसबीच राजाले निर्वाचन गराएर आफ्नो अधिनायकवादी दुस्साहसलाई संस्थागत तुल्याउन खोजे। तर उनको नौटङ्कीको अन्तर्राष्ट्रिय रूपमै पर्दाफास हुन गयो।

सन् २००६ को सुरुवातदेखि नै देशका प्रबुद्ध वर्ग र आमजनसमुदाय लोकतन्त्रका निम्ति उल्लेखनीय उत्साहका साथ अग्रसर भए। त्यसक्रममा मानवअधिकार रक्षकहरू सर्वप्रथम नागरिक तथा राजनीतिक अधिकारको रक्षाका निम्ति सडकमै ओर्लिए। लोकतन्त्रको स्थापनाका निम्ति गरिएका प्रदर्शनमा राज्यबाट भएको अत्यधिक बल प्रयोगका विरूद्ध मानवअधिकार संस्थाहरूले सशक्त आवाज उठाए। लोकतन्त्रको बहालीपश्चात् पनि मानवअधिकार रक्षकहरूले नेकपा (माओवादी) को शान्तिप्रतिको प्रतिबद्धता र व्यवहारमा देखापरेको खाडलको कडा आलोचना गरिरहे। वर्षको अन्त्यसम्मै मानवअधिकार रक्षकहरूले विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनबाट पीडित भएकाहरूलाई न्याय प्रदान गर्नुपर्ने माग जोडतोडका साथ अघि बढाइरहे।

यद्यपि नेकपा (माओवादी) ले शान्तिपूर्ण राजनीतिप्रति पटकपटक आधिकारिकरूपमा प्रतिबद्धता व्यक्त गरिसकेको छ। तर त्यस पार्टीका स्थानीय कार्यकर्ताबाट शान्तिपूर्ण रूपान्तरणप्रति अरुचि दर्शाइएको

---

१. इन्सेक । *लोकतन्त्र प्राप्तिका सय दिन : मानवअधिकारको स्थिति* । काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र । ०६३ । पृ. १-२

हो कि भन्ने शङ्का उत्पन्न गराउने किसिमका घटनाहरू इन्सेकमा अभिलेख गरिएका छन्। सन् २००६ मा लोकतन्त्रको बहाली भइसकेपछिको समयमासमेत माओवादी कार्यकर्ताबाट भएका मानवअधिकार ज्यादतीका घटना वर्षपुस्तकमा समेटिएका छन्।

बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा नेपालमा व्यापक र गहन अध्ययन गर्न जरुरी छ। लोकतन्त्र बहालीपछिसमेत सयौं नागरिकको अवस्था अज्ञात रहनु उचित हुँदैन। मानवअधिकार संस्थाहरू आफ्नो साधन-स्रोत र पहुँचले भ्याएसम्म यस विषयमा खोजी गरिरहेका छन्। यसै सन्दर्भमा मानवअधिकार वर्षपुस्तक २००७ ले हिंसात्मक द्वन्द्वका क्रममा बेपत्ता पारिएकाहरूका सम्बन्धमा विस्तृत सूचना प्रस्तुत गर्ने प्रयास गरेको छ। तर यस विषयमा राज्यबाट गम्भीर प्रयत्नको थालनी हुन जरुरी छ। यसपटक, मानवअधिकार वर्ष पुस्तक २००७ को तयारीका क्रममा हामीले बेपत्ता पारिएकाहरूका सम्बन्धमा उनीहरूको परिवारलाई प्रारम्भिक स्रोत मानेर अध्ययन गर्‍यौं। यससम्बन्धमा अध्यावधिक जानकारी प्राप्त गर्न मानवअधिकार वर्षपुस्तकका प्रतिनिधिहरू बेपत्ता पारिएकाहरूको परिवारका सदस्यहरूसम्म पुगे।


खोजीका क्रममा आश्चर्यजनक तथ्यहरू फेला परे। राज्यद्वारा बेपत्ता घोषितहरूको उहिल्यै हत्या भइसकेको जानकारी समेत मानवअधिकार वर्षपुस्तक २००७ मा समेटिएका छन्।

राज्यद्वारा बेपत्ता पारिएकाहरूका सम्बन्धमा लोकतान्त्रिक सरकारद्वारा ०६३ असोज ६ गते सार्वजनिक गरिएको प्रतिवेदनसमेत अविश्वसनीय ठहरिएको छ। उक्त प्रतिवेदनमा ०५८ सालमा लम्जुङको भोर्लेटारस्थित संयुक्त बेसक्याम्पद्वारा पक्राउ गरी बेपत्ता पारिएका चेतनाथ घिमिरे सुरक्षा सम्पर्कमै रहेको उल्लेख गरियो। तर त्यसको एक महिनाभन्दा केही समयपछि नै ०६३ कात्तिक १७ गते चेतनाथ र उनीसँगै बेपत्ता पारिएका शेखरनाथ घिमिरेको कङ्काल आफन्त, स्थानीयवासी र मानवअधिकारकर्मीले कास्की जिल्लाको हंसपुर र थुम्की गाविसको बीचमा पर्ने सौरवासको जङ्गलमा फेला पारे। गाडिएको अवस्थामा फेला पारिएका लासहरूको घडी, जुत्ता आदिका आधारमा पहिचान गरिएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकमा लमजुङ जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरण)*

सन् १९९६ देखि सन् २००६ को अन्त्यसम्म नेपालमा राज्यबाट ७ सय ८३ र माओवादीबाट १ सय ५ व्यक्ति बेपत्ता पारिएको हाम्रो अध्ययनले देखाएको छ। बेपत्ता पारिएका कतिपय घटना हाम्रो अभिलेखमा नपरेका पनि हुन सक्छन्। *(हेर्नुहोस् तालिका : ८ तथा दश वर्षको अवधिमा राज्य र माओवादीबाट बेपत्ता पारिएकाहरूको जिल्लागत विवरण)*

हामीले यसपटक वर्षपुस्तकका सामग्रीलाई अन्तिम रूप दिनुभन्दा पहिले पूर्वसमीक्षा गर्ने प्रचलन सुरु गर्‍यौं। वर्षपुस्तक २००७ को तयारीका क्रममा हामीले पाँचै विकास क्षेत्रका पहाड र मधेशका गरी जम्मा १० जिल्लामा

तालिका नं. १ राज्य, माओवादी र अन्यबाट मारिएकाको सङ्ख्यात्मक विवरण (सन् २००६)



पूर्वसमीक्षा कार्यक्रम सम्पन्न गर्‍यौं। आउँदा वर्षहरूमा यो क्रमलाई अझ विस्तार गर्ने योजना छ।

२. देशले अंगिकार गरेको नयाँ मार्गचित्र

शान्ति प्रक्रियालाई अघि बढाउने क्रममा चालिएका कदमहरूका कारण नेपालको राजनीतिक इतिहासमा सन् २००६ सधैं उल्लेखनीय रहने छ। दिगो शान्तिको स्थापनाका निम्ति गत वर्षको अन्त्यतिर सात दल र माओवादी १२ बुँदे समझदारीमा पुगे। सात दल र माओवादीबीच समझदारी भएको पाँच महिना बित्दा नबित्दै राजाको अधिनायकवादी शासन व्यवस्थाको अन्त्य भयो। जनताले एक दशक लामो हिंसात्मक द्वन्द्वबाट मुक्त भएर शान्तिको सास फेर्न पाए। सात दल र माओवादीबीच विभिन्न सहमति र सम्झौताहरूमा हस्ताक्षर भए। तर तीमध्ये अधिकांश सम्झौताहरू व्यवहारमा लागू हुनुपूर्व नै वर्षको अन्त्य भयो।

नेकपा (माओवादी) ले दश वर्षे युद्धका क्रममा ०६२ चैत २५ गते तौलिहवा र बुटवलमा गरेको सशस्त्र आक्रमण नै अन्तिम ठहरिन गयो। ती दुई आक्रमणका घटनामा कूल तीन सुरक्षाकर्मी र १६ माओवादीको ज्यान गएको थियो। तौलिहवा र बुटवलका घटनाको दुई दिनअघि माओवादी सैन्यदलले सर्लाही सदरमुकाम मलंगवामा गुरिल्ला आक्रमण गरेको थियो। सर्लाही घटनामा चारजना माओवादी र १६ जना सुरक्षाकर्मीको ज्यान गएको थियो। *(यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस्: कपिलवस्तु, रुपन्देही र सर्लाही जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरण)* तर राजाको प्रत्यक्ष शासनको अन्त्यपछि माओवादीले त्यसरी आक्रमण गर्ने रणनीति परित्याग गर्‍यो।


सन् २००६ लाई शाही शासन र लोकतान्त्रिक शासन अर्थात् राजाद्वारा अध्यक्षता गरिएको सरकार र जनआन्दोलनको बलमा स्थापित संसदद्वारा अनुमोदित सरकारको शासन अवधिका रूपमा विभाजित गर्न सकिन्छ। यी दुई प्रकृतिका सरकारका चरित्र स्वभाविक रूपमा भिन्न देखिए। राजाको अध्यक्षतामा गठित सरकार विधिको शासन विरोधी, आदेशका आधारमा सञ्चालित र जनअनुमोदनविहीन थियो। शाही सरकार आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रवाह गर्न असफल मात्र होइन समता, सामाजिक न्याय र मानवअधिकारविरोधी पनि थियो। त्यसैले गैरजिम्मेवार, जनउत्तरदायित्वविहीन, अपारदर्शी, केन्द्रीकृत, असहिष्णु वा हिंस्रक शाही सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा अस्वीकृत र बदनाम हुन गयो।

शाही शासनको अन्त्य र लोकतन्त्र स्थापनाका लागि सञ्चालित आन्दोलनसँगै वर्ष २००६ सुरु भएको थियो। त्यसबेला सबैतिर निरङ्कुशताविरोधी स्वरहरू उर्लिरहेका थिए। तर राजाको अध्यक्षतामा गठित शाही सरकार आफ्नो शासनलाई निरन्तरता दिने मात्र होइन संस्थागत गर्ने योजनामा समेत तल्लिन थियो। सरकारको दुष्प्रयासको चरम रूप नगरपालिकाको चुनावका नाममा मञ्चन गरिएको नाटकका क्रममा देखियो। चौतर्फी विरोध र बहिष्कार हुँदाहुँदै सरकारले नगरपालिकाहरूको निर्वाचन सम्पन्न भएको घोषणा गर्‍यो। सरकारले लोकतन्त्र बहालीका लागि सुरुभएको आन्दोलनलाई अत्यधिक बल प्रयोग गरी दबाउन खोज्यो। तर राजाको प्रत्यक्ष शासनविरुद्धको जनआन्दोलन क्रमशः व्यापक हुँदै गयो। अन्ततः ०६३ वैशाख ११ गते करिब १५ महिने निरङ्कुश शासनको अन्त्य भयो।

३. राजाको चुनावः असन्तुष्टिको आगोमा थपिएको घ्यू

राजाले गराएको नगर निर्वाचन निरङ्कुशतालाई संस्थागत गर्ने दुष्प्रयत्न मात्र थियो। एमाले, कांग्रेसलगायत मुलुकका प्रमुख राजनीतिक दलसहितका सात दलले चुनावको सक्रिय बहिष्कार गर्न आह्वान गरेका थिए। मानवअधिकार संस्थाहरू र नागरिक समाजले उक्त चुनावको पर्यवेक्षण गर्नु अर्थहीन ठहर गरेका थिए।

कूल ५८ नगरपालिकामा भएको त्यस निर्वाचनमा २२ वटा नगरपालिकामा शून्य मतदान भएको थियो। २४ ओटा नगरपालिकामा मेयरको निर्विरोध निर्वाचन भएको घोषणा गरिएको थियो। ५८ नगरपालिकाका कूल १९ लाख ६ हजार ६ सय ७८ मतदातामध्ये ३ लाख १० हजार ८ सय ७६ ले मतदान गरेका थिए। प्रतिशतमा भन्नुपर्दा राजाको महत्वाकांक्षाका निम्ति प्रायोजित उक्त निर्वाचनमा १६ प्रतिशत मात्र मतदान भएको देखियो। चुनावको नाममा भएको नाटक यति भद्दा थियो कि दुईजना मात्र वा सो भन्दा बढी मेयर उम्मेद्वार भएका नगरपालिकाको संख्या मात्र ३४ पुग्यो। चुनावमा भाग लिने दलहरूको संख्या २२ देखाइएको थियो। तर वडाध्यक्ष पदमा एउटा पनि उम्मेदवार नभएको वा शून्य उम्मेदवार भएको नगरपालिकाको संख्या तीन थियो। वडा सदस्यको उम्मेद्वार एउटा पनि नभएको वा शून्य भएको नगरपालिकाको संख्या ८ थियो। इलाम, दमक, तानसेनमा एक-एक जना उम्मेदवार थिए। नवलपरासी, दशरथचन्द, अमरगढी, बुटवल, कपिलवस्तु, बाग्लुङ, वीरेन्द्रनगर, गुलरिया, नेपालगञ्ज, दिपायलगायत् २२ ओटा नगरपालिकामा शून्य मतदान भएको थियो। इलाम



नगरपालिकामा एकजनाबाहेक सबै पदमा कमल थापाको राप्रपाका उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो।[१]

४. छवि सुधार्ने न्यायपालिकाको प्रयास

राज्य संयन्त्र, व्यक्ति वा कुनै निकायको डर, धाक, त्रास, प्रलोभन वा अनुचित प्रभावबाट मुक्त न्यायपालिका नै वास्तविकरूपमा स्वतन्त्र हुन सक्छ। राज्यको कार्यकारिणीको व्यवहार र न्यायपालिकाले निर्वाह गर्ने भूमिकाबाट मात्र न्यायिक स्वतन्त्रताको वास्तविक परीक्षण हुने गर्दछ।

वर्ष २००६ मा नेपालको न्यायिक स्वतन्त्रताको अवस्थालाई यही कसीमा अध्ययन गर्ने जमर्को गरिएको छ। *(यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद :३.१ न्यायपालिका)* अघिल्लो वर्ष र यस वर्षको सुरुका केही महिना न्यायपालिकाका लागि परीक्षाको घडी रह्यो। त्यस समयमा अदालत असहज परिस्थितिमा अवश्य थियो। तर जस्तोसुकै परिस्थितिमा पनि सर्वोच्च अदालतले आफ्नो अधिकारको स्वतन्त्रतापूर्वक प्रयोग गर्न हिच्किचाउनु हुँदैन थियो भन्ने नेपाली जनमत बलशाली देखिन्छ। त्यसबीच न्यायाधीशमाथि शाही आयोगद्वारा कारबाही चलाईंदा प्रधानन्यायाधीशले समर्थन गरे र सरकारी पक्षबाट न्यायपालिकाको अपहेलनामा परेका मुद्दाहरूमा तदारुकताका साथ फैसला गरिएनन्। यही आधारमा न्यायपालिकाको स्वतन्त्रता प्रभावित हुन पुगेको निष्कर्ष निकालियो। त्यस्तै, न्यायाधीशहरूको नियुक्ति, महत्वपूर्ण मुद्दाहरूलाई पन्छाउने प्रवृत्ति, बार र बेञ्चबीचको विवाद र न्यायालयका क्रियाकलापहरूमा सरकारको अनावश्यक हस्तक्षेपले गर्दा जनतामाझ न्यायालयप्रतिको आस्था धुमिल हुन सक्ने अवस्था उत्पन्न भयो। त्यति हुँदाहुँदै पनि राजाले सत्ता सम्हालेपछि संवैधानिक सर्वोच्चतालाई निष्क्रिय तुल्याउन सत्तापक्षद्वारा गरिएको प्रहारको सामना गर्न सर्वोच्च अदालतद्वारा निर्वाह गरिएको भूमिका भने समग्रमा सकारात्मक नै रह्यो। असंवैधानिक कार्यकारिणीको गठनपछि निरङ्कुश शैलीमा नागरिकका मौलिक हकमाथि स्वेच्छाचारी बन्देज तथा राजनीतिक दलका शान्तिपूर्ण गतिविधिमाथि रोक लगाइयो। सार्वजनिक सञ्चारमाध्यमलगायत् टेलिफोन सेवासमेत अवरुद्ध पारिए। त्यस समयमा कानुनको चरम दुरूपयोग र बेवास्ता गरियो। त्यस्तो कार्यको विपक्षमा कतिपय बेला सर्वोच्च अदालतले एक कदम अघि बढेर मानवअधिकारको पक्षमा निर्णय गरेको थियो।

बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले गरेका फैसला प्रशंसनीय रहे। यस वर्षको सुरुमा शाही आयोग खारेजीको निर्णय गरेर कानुनी राजको सम्मान गर्नुका साथै जनतालाई आफूप्रति विश्वस्त पार्न पनि अदालत सफल भयो। न्यायपालिका पूर्णरूपमा न्याय सम्पादन गर्ने निकाय हो। न्याय सम्पादन गर्ने यसको प्रमुख कार्यअन्तर्गत जनताका राजनीतिक तथा नैसर्गिक हक-अधिकारको

१. निर्वाचन आयोग । *स्थानीय निकाय निर्वाचन- २०६२, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका निर्वाचनको अन्तिम परिणाम : निर्वाचित, निर्विरोध पदाधिकारीको नामावली* । काठमाडौं : निर्वाचन आयोग । ०६२

संरक्षण गर्ने जिम्मेवारी पनि अन्तर्निहित हुन्छ। नेपालको सन्दर्भमा राजनीतिक विवादहरूसमेत अदालतमा प्रवेश गर्ने र त्यहाँबाट भएका फरक-फरक निर्णयहरूबाट देशको समसामयिक राजनीतिक परिस्थितिमा व्यापक प्रभाव पर्ने गरेको छ। त्यसकारण पनि न्यायपालिका चर्चाको विषय बनिरहने गरेको छ। यस्तो अवस्था यस वर्ष पनि कुनै न कुनैरूपमा देखा पऱ्यो। जनआन्दोलनका समयमा बन्दीप्रत्यक्षीकरणको उजुरीमाथि शीघ्र निर्णय गर्ने गरिएको देखिन्थ्यो। साथै, नागरिक अधिकार संरक्षणमा न्यायिक सक्रियता देखिएको थियो। तर, स्थानीय चुनावलगायतका केही राजनीतिक विषयका मुद्दाका सम्बन्धमा भने न्यायपालिकाको भूमिका विवादास्पद रह्यो। त्यस्तै, सेना प्रमुखलाई निलम्बन गर्नुपर्ने मागसहित दायर गरिएको मुद्दालगायत् अन्य कतिपय सवालमा न्यायपालिकाले आफ्नो गरिमा जोगाएर राख्न नसकेको मूल्यांकन गरियो।

खासगरी राजाको प्रत्यक्ष शासनको अवधिमा न्यायपालिका कानुनी राजको सिद्धान्तअनुसार आफ्नो स्वतन्त्रता र सर्वोच्चता कायम राख्न नसकेर विवादमा मुछियो। तर, लोकतन्त्रको बहाली हुँदा-नहुँदै न्यायपालिका छवि आर्जन गर्ने दिशामा अग्रसर भएको पनि देखियो। लोकतन्त्रको स्थापनापछि, शक्ति पृथकीकरण, कानुनी राज्यसम्बन्धी सिद्धान्तको परिपालना, स्वतन्त्र न्यायपालिका तथा न्यायिक पुनरावलोकनका सम्बन्धमा न्यायपालिकाले प्रस्तुत गरेको अडानलाई सकारात्मक ठानियो।

५. पुनर्जीवित प्रतिनिधिसभा र जनताको उत्साह

ऐतिहासिक जनआन्दोलनले विघटित प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाको प्रत्यक्ष शासनको अन्त्य र राज्यको सार्वभौमसत्ता जनतामा हस्तान्तरण गऱ्यो। सार्वभौमसत्ता नेपाली जनतामा फर्काएर दिगो शान्ति र लोकतन्त्र स्थापनाको उद्देश्य पूरा गर्न नेपाली जनताको बलमा पुनर्स्थापित प्रतिनिधिसभाले राजनीतिक रूपान्तरणका निम्ति ऐतिहासिक भूमिका निर्वाह गऱ्यो। पुनर्स्थापना लगत्तै प्रतिनिधिसभा गम्भीर तथा दूरगामी प्रभाव पार्नसक्ने निर्णयहरू भए। सात दल र माओवादीद्वारा राज्यको समग्र अग्रगामी पुनर्संरचनाका लागि देशका साम् प्रस्तुत गरिएको मार्गचित्रलाई मूर्तरूप प्रदान गर्न प्रतिनिधिसभा जनआन्दोलनपछिको नेपाली राजनीतिमा प्रभावकारी सेतू साबित भयो। यसले समकालीन नेपालको शासन व्यवस्थामा जनप्रतिनिधिविहीन सन्नाटा समाप्त पारी लोकतन्त्र, शान्ति र अग्रगमनप्रति जनतामा नयाँ आशासमेत जगायो।

०६३ वैशाख ११ गतेको शाही सम्बोधनमार्फत् राजाले आन्दोलनरत् सात दलको मार्गचित्रलाई स्वीकार गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गरेका थिए। नेपाली राजनीतिले त्यही क्षणमा सशस्त्र द्वन्द्व र तानाशाही शासनबाट मुक्तिको दिशा तय गरेको मान्न सकिन्छ। राजा ज्ञानेन्द्रको वैशाख ८ गतेको घोषणाका बारेमा विश्व समुदायबाट व्यक्त गरिएका सकारात्मक कुटनीतिक धारणाविपरीत आन्दोलनरत् सात दलले लोकतान्त्रिक जनआन्दोलनलाई निरन्तर जारी राखे र प्रतिनिधिसभाको पुनर्स्थापना गराइछाडे। त्यसअघि देश करिब चार वर्ष प्रतिनिधिसभाविहीन अवस्थामा रहेको थियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राजाद्वारा ०५९ जेठ ८ गते प्रतिनिधिसभाको विघटन गरिएको थियो।

प्रतिनिधिसभा पुनर्स्थापनापछि विगतमा राजाले निष्क्रिय तुल्याएको नेपाल अधिराज्यको संविधान २०४७ पुन: क्रियाशील भयो। यसबाट एकातिर संवैधानिक शून्यता समाप्त भयो भने अर्कोतर्फ राजाको हुकुमी शासन अन्त्य भई विधिको शासन प्रारम्भ भयो। प्रतिनिधिसभाको पुनर्स्थापनामार्फत् नेपाली जनताको बहुप्रतिक्षित वैधानिक तथा जनउत्तरदायी सरकार गठन भयो।

प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाका सम्पूर्ण कदम गलत साबित भए। राजा गल्ती स्वीकारेर नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको वास्तविकता घोषणा गर्न बाध्य भए। प्रतिनिधिसभाको पुनर्स्थापनाबाट मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रको प्रतिगामी मार्गचित्र र माओवादी अध्यक्ष प्रचण्डको उग्रवामपन्थी मार्गचित्र अस्वीकृत भयो। सात दलले प्रतिनिधिसभाबाटै मुलुकलाई दिगो शान्ति र लोकतन्त्रको बाटोमा हिँडाउने कामको सुरुआत गरे। समस्याको निरूपण शान्तिपूर्ण आन्दोलन तथा शान्तिवार्ताबाट मात्र हुन सक्दछ भन्ने मान्यताको पुनर्स्थापित प्रतिनिधिसभाले पुर्नपुष्टि गऱ्यो। प्रतिनिधिसभाको ०६३ जेठ ४ गतेको घोषणामार्फत् सात दलले देशलाई युगान्तकारी परिवर्तनतर्फ डोऱ्याए। उक्त घोषणा र अन्य प्रस्तावहरूमार्फत् प्रतिनिधिसभाले मानवअधिकार र सामजिक न्यायसँग सम्बन्धित विषयहरूमा सरोकार दर्शायो। *(यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद : ३.३ "व्यवस्थापिका")*

६. संक्रमणकालीन न्याय : लोकतान्त्रिक नेपालमा मानवअधिकार कार्यसूची

विगतमा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्नेहरूमाथि कानुनी कारवाही चलाउनु पर्छ भन्ने माग जनआन्दोलनको सफलताको भोलिपल्टदेखि नै उठिरहेको छ। माओवादीको दश वर्षे "जनयुद्ध" का क्रममा


विस्थापित भएकाहरूको पुनर्स्थापना आजको नेपालको एउटा ज्वलन्त सवाल हो। विगतको हिंसात्मक द्वन्द्वका क्रममा राज्य वा माओवादीबाट बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गरिनु पर्छ भन्ने माग उत्तिकै महत्वपूर्ण छ। लोकतान्त्रिक नेपालमा हिजो मानवअधिकार वा मानवीय कानुनको उल्लंघनबाट पीडित भएकाहरूलाई न्याय दिलाउने प्रभावकारी व्यवस्था र संयन्त्रको आवश्यकता महसुस गरिनै पर्दछ।

जनआन्दोलनलगत्तै नेपालको प्रमुख मागलाई सम्बोधन गर्दै सरकारले ०६३ वैशाख २२ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो। ०६१ माघ १९ गतेपछिको अवधिमा भएका मानवअधिकार उल्लंघन र सत्ताको दुरुपयोगसम्बन्धी घटनाका सम्बन्धमा छानबिन गर्न गठित उक्त आयोगको प्रतिवेदन भने सरकारले यो वर्ष सार्वजनिक गरेन। सरकारले प्रतिवेदनको अध्ययन गरी कार्यान्वयनका लागि सिफारिस गर्न उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा एउटा समिति गठन गरिएको जनायो। तर वर्षको अन्त्यसम्म पनि समितिले प्रतिवेदनको अध्ययन पूरा गरेको जानकारी प्रकाशमा आएन।

दुख:का साथ भन्नु पर्दछ, संक्रमणकालीन न्यायसँग जोडिएका सवालहरूमा आठ दल वर्षभरि नै अपेक्षाकृत रूपमा संवेदनशील भएको देखिएन। विगतमा भएको मानवअधिकार र मानवीय कानुनको उल्लंघनको छानबिन प्रक्रियालाई राजनीतिक रूपान्तरणका क्रममा महत्व प्रदान गरिनु पर्दछ। सत्य प्राप्त गर्ने संयन्त्रहरू, कारवाहीको प्रक्रिया, पुनर्स्थापना र राहत, पुनर्निर्माण अनि कानुनी र संस्थागत सुधार संक्रमणकालीन न्यायका आधारभूत सर्तहरू हुन्। आमजनता वर्षभरि नै लोकतन्त्रको सुदृढीकरणको आकांक्षा राख्दै विगतका मानवअधिकार र मानवीय कानुनका उल्लंघनकर्ताहरूले कस्तो सजाय पाउँछन् र पीडितले कसरी न्याय पाउँछन् भन्ने सवालको उत्तरको प्रतिक्षामा रहे।

बृहत् शान्ति सम्झौतामा स्थिति सामान्यीकरणका उपायहरू शीर्षकअन्तर्गत विगतको युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने जनाइएको छ। तर त्यस्तो आयोग कहिलेसम्म गठन गरिने भन्ने सम्बन्धमा सम्झौता मौन छ। ०४६ सालको

तालिका नं. ३ राज्य र माओवादीद्वारा मारिएका महिलाहरूको संख्यात्मक विवरण



जनआन्दोलनको सफलतापश्चात् मल्लिक आयोगको प्रतिवेदनलाई रद्दीको टोकरीमा मिल्क्याउने राजनीतिक दलहरू नै ०६२-०६३ को जनआन्दोलनको सफलतापछि सत्तामा पुगे। तर, दोश्रो जनआन्दोलनका क्रममा भएको चरम मानवअधिकार उल्लंघनसम्बन्धी तथ्य औंल्याइएको रायमाझी प्रतिवेदनसमेत सन् २००६ भरि सार्वजनिक गरिएन। कतिपय अभिव्यक्ति र व्यवहारका आधारमा विश्लेषण गर्ने हो भने नेकपा (माओवादी) पनि विगतमा आफ्ना कार्यकर्ताबाट भएका ज्यादतीका घटनाहरूका सम्बन्धमा छानविन गराउन देखिँदैन। यस्तो परिप्रेक्ष्यमा प्रस्तावित आयोगको भविष्य अन्यौलपूर्ण बनेको छ।

विगतका ज्यादतीहरूको निष्पक्ष छानविन नगरी स्थायी शान्तिको मार्ग प्रशस्त हुन सक्दैन भन्ने तथ्य विभिन्न देशका अनुभवहरूबाट प्रमाणित भइसकेको छ। तसर्थ, हामी, हाम्रा राजनीतिककर्मीहरू यस सन्दर्भमा गम्भीर हुन सकून भन्ने कामना गरिरहेका छौं।

७. समावेशीकरणको नारा र मधेशको असन्तुष्टि

केही वर्षयता देशमा आवाज उठिरहेको थियो- "राज्यसत्ताका सम्पूर्ण अंगहरूमा मुलुकका सबै समुदायहरूको जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरिनुपर्दछ। नेपाल सबै जातजातिका मानिसहरूको साझा राष्ट्र हो भन्ने भावनाअनुरूप राज्यसत्तामा रहेको खस जातीय एकाधिकारको यथाशीघ्र अन्त्य हुनुपर्दछ।"[३] यससन्दर्भमा मधेशी समुदायको परिचय र मान्यताको समस्याका सम्बन्धमा उठेका "नेपालका मधेशीहरूलाई संस्कृति, भाषा र मूलको आधारमा जातीय विभेद गरिएको छ।" जस्ता आवाज पनि उल्लेखनीय छन्।

लोकतन्त्रको बहालीपश्चात्को खुला परिवेशमा जनजाति र मधेसीहरूको माग सशक्त रुपमा उठ्न थाले। आफ्ना मागहरू अघि बढाउन मधेशी समुदायका सचेत व्यक्तिहरूद्वारा विभिन्न गतिविधिहरू सञ्चालन गर्न थालियो। ०६३ साल साउन २० गते काठमाडौंमा मधेशका ३३ जना सांसदहरूले अन्तरिम संविधान र संविधानसभामा उचित प्रतिनिधित्व गराउन र मुलुकलाई एकताबद्ध गरेर लैजाने गरी मधेशका सवाल सशक्त ढंगले उठाउने घोषणा गरे। मधेशका समस्याबारे छलफल गर्न काँग्रेस (प्रजातान्त्रिक) का नेता विजयकुमार गच्छेदारको संयोजनमा भएको भेलामा "शान्ति र लोकतन्त्रलाई संस्थागत गर्ने, अन्तरिम संविधान तथा संविधानसभामा मधेशको उचित प्रतिनिधित्व र भावनाको कदर गराउने" सवालमा छलफल भएको बताइयो।[४]

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले संविधानसभा निर्वाचनमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने माग उठाउँदै आएको थियो। त्यसै सन्दर्भमा, सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको ०६३ कात्तिक २२ गतेको बैठकमा भएका बहुचर्चित निर्णयको पुछारमा नेकपा (एमाले) ले भिन्न मत प्रस्तुत गऱ्यो। "संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै अपनाउनु सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने नेकपा (एमाले) को भिन्न मत रह्यो।

जनआन्दोलनको सफलतापश्चात् मधेशका समस्याहरूका विषयमा व्यापक रूपमा सुरुभएको छलफलले वर्षको अन्त्यतिर गम्भीर रूप धारण गऱ्यो। मधेशमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तय गरिनुपर्ने र संविधानसभामा समानुपातिक ढंगले प्रतिनिधित्व हुनुपर्ने माग अन्तरिम संविधान जारी हुनुभन्दा पहिलेदेखि नै उठ्न थाल्यो। अन्तरिम संविधान जारी हुनुअघि नै त्यसको विरोधमा मधेशमा प्रर्दशनहरू हुन थाले।[५]

त्यही क्रममा संघात्मक राज्य, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण जस्ता मागहरूका आठ दलमध्येको एक नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले ०६३ पुस १० गते मधेश बन्दको आह्वान गऱ्यो। देशका अन्य भागमा त बन्दको भोलिपल्टदेखि जनजीवन यथावत भयो। तर नेपालगञ्जमा भने बन्दको दोश्रो दिन अघिल्लो दिन भएको केही तोडफोडको विरोध गर्ने नाममा भएको उपद्रवका कारण तनाव बढ्दै गयो। वर्षको अन्त्यसम्म पनि नेपालगञ्जको तनाव कम हुन सकेन। नेपालगञ्जको घटनाले मधेशी समुदायलाई गम्भीर चोट पुऱ्यायो।

८. माओवादीको रूपान्तरण प्रयास र समस्या

यो वर्ष "संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-साँस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा ०५२ देखि

---

३. गुप्ता, जयप्रकाश, र अन्य । "के हो मधेशको समस्या : कसरी गर्ने समाधान" । गुप्ता, जयप्रकाश, र अन्य (सं) । *नेपाली मधेशीका समस्या : चार विचार* । काठमाडौं : मधेशी मानवअधिकार संरक्षण केन्द्र । ०६० । पृ. ७

४. "मधेश समस्याबारे सांसद भेला" । *कान्तिपुर* ०६३ साउन २१: पृ. ४

५. "अन्तरिम संविधान मधेशी विरोधी"। *कान्तिपुर* ०६३ पुस १०: पृ. ३

चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै" विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। बहुप्रतिक्षित उक्त सम्झौताले माओवादीको एक दशक लामो "जनयुद्ध"को पटाक्षेप गऱ्यो।

सन् १९९६ देखि प्रारम्भ भएको माओवादी "जनयुद्ध" व्यवहारमा लोकतन्त्र बहालीसँगै समाप्त भएको देखिन्छ। इन्सेकको अभिलेखअनुसार त्यसक्रममा कूल १३ हजार २ सय ८४ नेपालीको ज्यान गयो। त्यस अवधिमा सन् २००२ मा सबैभन्दा बढी मानव क्षति भएको देखिन्छ। *(हेर्नुहोस् : तालिका ४, राज्य र माओवादीद्वारा मारिएकाहरूको संख्या)*

यो वर्ष नेकपा (माओवादी) राजनीतिक मूलधारमा समाहित भयो। तर नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ जेठ १२ गते सम्पन्न युद्धविराम आचारसंहिता माओवादी पक्षद्वारा गरिएको अपहेलनाका कारण विवादमा परिरहयो। लोकतन्त्र बहालीपश्चात् पनि माओवादीका तर्फबाट व्यक्त गरिएका प्रतिबद्धताहरू तोडिएका उदाहरणहरू देशव्यापी रूपमा देखा परे। लोकतन्त्र बहालीको एक महिनापछि नेपाल सरकार तथा नेकपा (माओवादी)द्वारा जारी गरिएको २५ बुँदे आचारसंहितामा भयमुक्त नागरिक जीवनको सुनिश्चितता शीर्षकअन्तर्गत एउटा बुँदामा प्रष्ट भनियो- "जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने।" आचारसंहिताको अनुगमन गर्नका लागि एउटा उच्चस्तरीय समिति पनि बन्यो। तर, समयान्तरमा माओवादीद्वारा भइरहेको आचारसंहिता उल्लङ्घनसम्बन्धी विषयका कारण आचारसंहिता अनुगमन समितिसमेत विघटन हुन पुग्यो। त्यसबेला माओवादी पक्षद्वारा आचारसंहिताको उल्लंघन भएको जानकारी देशका विभिन्न ठाउँहरूबाट आएका थिए।

इन्सेक अभिलेखअनुसार ०६३ वैशाख १२ गतेदेखि साउन १७ गतेसम्मको सय दिनको अवधिमा माओवादीका तर्फबाट भएका जबरजस्ती चन्दा असुलीका ५९ घटना जानकारीमा आएका थिए। माओवादी कार्यकर्ताहरूले लोकतन्त्रपछिको पहिलो दशैंताका राजमार्गका विभिन्न ठाउँमा गरालो तेर्स्याएर चन्दा संकलन गरेका थिए।

सरकार र माओवादीबीच आचारसंहितामा हस्ताक्षर भइसकेको अवस्थामासमेत माओवादी कार्यकर्ताबाट जनतामा भएको ज्यादतीको एउटा उदाहरणका रूपमा लम्जुङको घटनालाई लिन सकिन्छ।

माओवादीले हिरासतमा परिणत गरेको त्यो घरबाहिर बिहानैदेखि मानिसहरू जम्मा भइरहेका थिए। हतियारधारी माओवादी कार्यकर्ताहरू भन्दैथिए- "आज हामी यसलाई अन्यत्रै लैजादै छौं।" तर ताल्चा लगाइएको कोठामा कल्याङ्मल्याङकै बीचमा कसैले भेन्टिलेसनबाट चिहायो। तत्कालै चिच्याउँदै त्यो युवक ओर्लियो- "गोरेलाई लास पारिसकेछन्।" व्यग्र गाउँबासीहरू एकाएक निर्भय भएर अगाडि सरे। गाउँबासीको आक्रोश देखेर एक हुल माओवादी भागे। तैपनि त्यस दिन गाउँलेहरूले आँट गरेर १३ जनालाई समाते। समातिएका सबैलाई त्यही कोठामा थुनियो। त्यसपछि सन्तबहादुरको हत्यालाई माओवादीले बाध्य भएर सार्वजनिक गर्नुपऱ्यो। माओवादीका एक नेताले उसको काजकिरियाका लागि भनेर अलिकति रकम पनि दिए।

ईशानेश्वर गाविस-२, लम्जुङमा भदौ २१ गते रातभर माओवादी कार्यकर्ताहरूद्वारा सन्तबहादुरउपर प्रदर्शित बर्बरताको सुरुदेखि अन्त्यसम्मका एकजना प्रत्यक्षदर्शी घटनाको यसरी स्मरण गर्दछन्- "राति ११.०० बजेतिर म सुत्न ओछ्यानमा पल्टिएँ। तर, निन्द्रा कसरी लाग्न सक्थ्यो ? मेरो कोठाकै सामुन्नेमा रहेको घरको एउटा कोठामा त्यस युवकलाई निर्घात कुटपिट गरिँदै थियो। भदौ २२ गते राति १.०० बजेसम्म गोरे भनिने सन्तबहादुरलाई निर्घात कुटेको आवाज र ऐय्या, आत्था, मरेँ जस्ता हृदयस्पर्शी क्रन्दनले पोल्दै थियो, ती प्रत्यक्षदर्शीलाई। करिब एक घण्टापछि आवाज बन्द भयो। तर एक्कासि कोही कड्किएको उनले सुने-"ए यो त स्वाङ पो पार्दैछ।" त्यसपछि केही घण्टा जीवन मरणको दोसाँधमा संघर्ष गर्दा गर्दै बिहान सवापाँच बजे ईशानेश्वर-१ निवासी सन्तबहादुर विकले अन्तिम सास फेरेका थिए।

०६३ भदौ २६ गते, लामा गाउँ, केराबारीको जंगल। एउटा १६ वर्षीय बालक अन्तिम आशाका साथ दौड्दै थियो। उसको सास फुलेर छाती फुट्ला जस्तो भएको थियो। तर ऊ जीवनको आशमा दौडदैं थियो। भागाभागमा उसले भीर पनि देखेन। झण्डै सय मिटर तल ऊ ढुन्मुनियो र अधमरो भएर हाँडीखोलामा ढल्यो। तर त्यो अवस्थामा पनि माओवादीमा दया जागेन। कुटपिटको क्रम यति बढ्यो कि ऊ क्षणभरमै निर्जीव हुन पुग्यो। त्यसबेला बिहानको ९.०० बजेको थियो। लासलाई छेउमै बालुवा र ढुंगाले पुरेर माओवादी कार्यकर्ताहरू त्यहाँबाट हिँडे।

०६३ साल भदौ २२ र २६ गते लम्जुङमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले एकजना दलित युवक र दलित समुदायकै एकजना बालकको विभत्सतापूर्वक हत्या गरे। केवल पाँच दिनको अन्तरालको घटनाक्रमले रूपान्तरणको क्रममा रहेको दाबी गर्ने माओवादीभित्र अटाएको अपराधी मनोवृत्ति नराम्रोसँग पर्दाफास भयो। इन्सेकको अभिलेख अनुसार लोकतन्त्र बहालीपछिको तीन

सय दिनको अवधिमा मात्र माओवादीद्वारा ११ जना मारिएका थिए।

१६ वर्षीय कुमार परियारको हत्याका सम्बन्धमा स्थलगत अध्ययन गरेपश्चात् मानवअधिकारकर्मीहरूले निष्कर्ष प्रस्तुत गरे- "पटक पटक हत्यामा संलग्न हुने आफ्ना कार्यकर्ताहरूलाई नेकपा (माओवादी) लम्जुङले कथित अनुसन्धानको नाममा संरक्षण प्रदान गरेर दण्डहीनतालाई प्रश्रय दिनु हुँदैन। कानुनी कारवाहीका निम्ति दोषीहरूलाई प्रशासनसमक्ष बुझाउनै पर्दछ। त्यसो हुन सक्यो भने मात्र दोषीहरूलाई संरक्षण नदिइएको ठहर्दछ र दण्डहीनताले प्रश्रय पाउँदैन। अपराधलाई कुनै व्यक्ति विशेषको चरित्रभन्दा पर संस्थागत स्वरूप ग्रहण गर्नबाट रोक्ने हो भने माओवादीले निकै गम्भीर हुन सिक्नै पर्दछ।"


वर्षभरि नै देशका विभिन्न जिल्लाहरूबाट माओवादी ज्यादतीका सम्बन्धमा जानकारी आए। तर बर्दियामा माओवादीका नाममा स्थानीय काँग्रेस नेता सुशील ज्ञवालीको हत्या गर्ने दुईजनालाई प्रशासनसमक्ष बुझाएर नेकपा (माओवादी) ले प्रसंशनीय काम गऱ्यो। त्यसक्रममा माओवादीले अपराधिक तत्वलाई पार्टीमा संरक्षण नदिने बताएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकमा बर्दिया जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरण)*

९. मानवअधिकार उच्चायुक्तको कार्यालय उपस्थितिको अर्थ

नेपालमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको स्थापना नागरिक तथा राजनीतिक अधिकारहरूको व्यापक उल्लंघन भइरहेका बेला भएको थियो। सन् २००५ मा कार्यालयले मानवअधिकारको अवस्था अझ बिग्रन नदिन निर्वाह गरेको भूमिकाका सम्बन्धमा अघिल्लो वर्षको वर्षपुस्तकमा चर्चा गरिसकिएको छ। सन् २००६ मा पनि कार्यालयले मानवअधिकारका सवालहरूलाई महत्वका साथ उठाइरहेयो। जनआन्दोलनका समयमा सरकारद्वारा आन्दोलनकारीउपर गरिएको अत्यधिक बल प्रयोगका सम्बन्धमा कार्यालयले आपत्ति जनाइरहेयो।

राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले ०६३ जेठ १२ गते काठमाडौंको महाराजगञ्जमा रहेको तत्कालीन शाही नेपाली सेनाको भैरवनाथ गणमा स्वेच्छाचारी रूपमा यातना दिएर थुनिएका बन्दीहरू सम्बन्धी प्रतिवेदन प्रकाशित गऱ्यो। यातना र बेपत्तासम्बन्धी त्यस महत्वपूर्ण प्रतिवेदनमा कार्यालयले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँग सम्बन्ध भएको आशङ्कामा तत्कालीन शाही नेपाली सेनाद्वारा सन् २००३ मा पक्राउ गरिएका व्यक्तिहरूलाई बेपत्ता पारिएको घटनाको छानबिन गरी ४९ जनाको नाम सार्वजनिक गरेको थियो।

सेनाको हिरासतमा यातनाकै कारण मैना सुनुवारको मृत्यु भएको घटनाका सम्बन्धमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले ०६३ पुस ६ गते विस्तृत प्रतिवेदन प्रकाशित गऱ्यो। त्यसअवसरमा कार्यालयले मानवअधिकारको रक्षाका सम्बन्धमा सरकारमा राजनीतिक इच्छाको अभाव देखिएको जनाउँदै मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई उनीहरूले गरेको कार्यप्रति जवाफदेही बनाउन जोड दिएको थियो। सरकार र सुरक्षाफौजलाई मानवअधिकारप्रतिको प्रतिवद्धता व्यवहारमा रूपान्तरण गर्ने अवसरका रूपमा लिई मैना सुनुवारको यातना र मृत्युसम्बन्धी घटनाका दोषीउपर विश्वसनीय ढंगले कानुनी कारवाही अघि बढाउन



कार्यालयले माग गर्दै आएको छ। सरकार र सुरक्षा निकायले यस मामिलामा नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायसमक्ष मानवअधिकार र मानवीय कानुनप्रतिको प्रतिबद्धताको पालना गरेको देखाउनु पर्ने कुरा कार्यालयले उठाउँदै आएको छ।

कार्यालयले अघिल्लो वर्ष झैं सन् २००६ मा पनि माओवादीबाट भएका ज्यादतीहरूका सम्बन्धमा समय-समयमा ध्यानाकर्षण गरायो।

१०. मानवअधिकार : लोकतान्त्रिक सरकारको व्यवहार

०६३ वैशाखमा प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि इन्सेकलगायतका मानवअधिकार संस्थाहरूले प्रतिनिधिसभा र राजनीतिक दलहरूलाई मानवअधिकार र मानवीय कानुनसँग सम्बन्धित विभिन्न सन्धिहरूको अनुमोदन गर्न आग्रह गरेका थिए। ती सन्धिहरूमध्ये एक अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान थियो।


नेपालले जेनेभा महासन्धिलाई अनुमोदन गरेको ४२ वर्ष भइसकेको छ। तर अहिलेसम्म त्यसको प्रभावकारी कार्यान्वयनका निम्ति कानुनको निर्माण गरिएको छैन। सर्वोच्च अदालतले २०६० पुस २५ गते जेनेभा महासन्धि अनुरूपको कानुन बनाउन सरकारलाई निर्देशात्मक आदेश दिएको थियो। लोकतन्त्रको बहालीपश्चात् प्रतिनिधिसभाले ०६३ साउन ९ गते अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने व्यहोराको संकल्प प्रस्ताव पारित गऱ्यो। त्यति हुँदाहुँदै पनि वर्षको अन्त्यसम्मै सरकारले यी आदेशहरूको कार्यान्वयन गरेन।

यसबीच सरकारले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) को इच्छाधीन आलेख १९९९ लाई आरक्षण वा बन्देजसहित अनुमोदन गरियोस् भनी राखेको प्रस्ताव प्रतिनिधिसभामा ०६३ पुस ३ गते सर्वसम्मतिबाट पारित भयो। ०६३ मंसिर ११ गते सरकारले, आलेखको धारा १० (१) को व्यवस्था अनुसार धारा ८ र ९ को प्रयोजनका लागि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिसम्बन्धी समिति (सिड समिति) को क्षेत्राधिकारलाई स्वीकार नगर्ने निर्णय गरेको थियो। तर आलेखको धारा ८ र ९ मा व्यवस्था गरिएको सिड समितिद्वारा छानबिन गर्न सकिने व्यवस्था नेपालका सन्दर्भमा लागू नहुने सर्त राखिनु लोकतान्त्रिक सरकारका निम्ति अस्वभाविक छ।

आलेखको धारा ८ र ९ मा राष्ट्रियस्तरमा महिलाअधिकारको गम्भीर र चरणबद्ध उल्लंघन भएको स्थितिमा महिला महासन्धि अन्तर्गतको समितिले जाँचबुझ गर्न पाउने कार्यविधिको व्यवस्था गरिएको छ। धारा ८ मा कुनै पक्ष राष्ट्रले सिडमा उल्लेखित अधिकारको गम्भीर अथवा चरणबद्ध किसिमले उल्लंघन गरेको छ भन्ने विश्वसनीय जानकारी प्राप्त भएको खण्डमा, सिड समितिले त्यस्तो पक्ष राष्ट्रलाई सो जानकारीबारे छानबिन अघि बढाउने अभिप्रायका साथ अनुरोध गर्न सक्दछ। समितिले सरकारसँग त्यस विषयमा धारणा माग गर्नसक्ने व्यवस्था आलेखको धारा ८ मा गरिएको छ। आलेखको धारा ९ त्यस्तो छानबिनपछि अवलम्बन गरिएका उपायको विवरण पक्षराष्ट्रले महिला महासन्धिका सम्बन्धी आवधिक प्रतिवेदनमा समावेश गर्नु पर्ने सवालसँग सम्बन्धित छ।

तालिका नं. ५

विस्फोटमा परेका पीडितको संख्या (१ जुनदेखि ३१ डिसेम्बर २००६)



तालिका नं. ६

सन् १९९६ देखि सन् २००६ सम्म राज्य र माओवादीद्वारा बेपत्ता पारिएकाहरूको संख्या



धारा ८ र ९ लागू नगर्ने सर्तमा आलेखको अनुमोदन गरेर लोकतान्त्रिक सरकारले मूल मर्मका रूपमा रहेको जाँचबुझ कार्यविधिलाई नै अस्वीकार गऱ्यो।

यस वर्ष नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र र नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी प्रतिज्ञापत्रको आवधिक प्रतिवेदन क्रमश: ०६३ असार १६ गते ०६३ साउन २८ गते संयुक्त राष्ट्रसंघका सम्बन्धित समितिहरूमा बुझाइनु पर्ने थियो। सरकारले आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको दोस्रो आवधिक प्रतिवेदन उल्लेखित मितिमै संयुक्त राष्ट्रसंघको सम्बन्धित सन्धिजनित निकायमा बुझायो। तर नेपाल सरकारले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको प्रतिवेदन संयुक्त राष्ट्रसंघमा यस वर्ष पनि प्रस्तुत गर्न सकेन।

११. नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल

समग्रमा, सन् २००६ अधिनायकवादको पराजय, नेपाली जनताप्रति अभिव्यक्त अन्तराष्ट्रिय ऐक्यबद्धता, सक्रिय राजाको अधिकारमा गरिएको व्यापक कटौतीका कारण नेपाली इतिहासमा उल्लेखनीय रहने भएको छ। सात राजनीतिक दल र माओवादीबीच विभिन्न चरणमा वार्ता भए। दुवै पक्षबीच भएका शिखर बैठकमा कैयन निर्णयहरू भए। नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न शान्ति सम्झौतापछि ऐतिहासिक दस्तावेजहरू जारी गरिए। तर त्यस्ता निर्णयहरू साँघुरो वृत्तमा गरिएको गुनासो सार्वजनिक भए। ती निर्णयहरूप्रति अभिव्यक्त असहमतिहरूलाई सम्बोधन गर्ने सवालमा आठ राजनीतिक दल गम्भीर भएको देखिएन्। बढ्दै गएको असन्तुष्टिप्रति ध्यान दिइएन। फलत: वर्षको अन्त्यमा नेपालगञ्जमा दुखद् दङ्गाका कारण जनधनको क्षति हुन पुग्यो।

मानवअधिकार वर्षपुस्तक २००६ मा "गहिरिँदो राष्ट्रिय संकट" लाई उल्लेख्य विषय बनाइएको थियो। तर वर्षपुस्तक २००७ मा जनआन्दोलन-२ को उपलब्धि, लोकतन्त्रको बहालीपछि सात राजनीतिक दल र नेकपा (माओवादी) द्वारा अवलम्बन गरिएको नयाँ मार्गचित्र र संक्रमणकालका चुनौतिका सम्बन्धमा चर्चा गरिएको छ।

लोकतन्त्र स्थापनापूर्व सरकार र माओवादी दुवैतर्फबाट गम्भीर मानवअधिकार उल्लंघनको क्रम यथावत् नै थियो। सात दल र माओवादीबीच ऐतिहासिक शान्ति प्रक्रियाको सुरुवात गराउने गरी गत वर्ष भएको १२ बुँदे समझदारीबाट विधिवत् सुरु भएको सहयात्राले माओवादीलाई अन्ततः युद्ध अन्त्यको घोषणासम्मको अवस्थामा पुऱ्यायो। संविधानसभाको चुनावमार्फत् नयाँ

संविधान निर्माणसँगै वर्गीय, जातीय, लैंगिक, क्षेत्रीयलगायत्का समस्याहरू समाधान र राज्यको अग्रगामी पुनर्संरचना गर्ने लक्ष्यसहित वर्षको मध्यमा आएर शान्ति र लोकतान्त्रिकरणको प्रक्रियाले द्रुत गति लियो। यस वर्षपुस्तकमा सन् २००६ लाई दुई मुख्य भागमा विभाजन गरी मानवअधिकारको दृष्टिकोणमा विश्लेषण गरिएको छ। मानवअधिकार वर्षपुस्तक २००७ मा यस वर्षको उल्लेख्यअन्तर्गत 'नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल' शीर्षकमा सन् २००६ को अन्त्यसम्ममा देखिएको मानवअधिकारका चुनौतिका सम्बन्धमा चर्चा गरिएको छ। परिच्छेद: २, यस वर्षको उल्लेख्यको पहिलो भागमा लोकतन्त्रपूर्वको शाही सरकारले जनतामाथि गरेको दमनसँग सम्बन्धित सवालहरूको विवेचना गरिएको छ। दोस्रो भागमा लोकतन्त्र स्थापना र त्यसपछि देखिएका मानवअधिकारसम्बन्धी मूलभूत प्रवृत्ति र सरोकारका विषयहरूलाई केलाइएको छ।


सन् २००६ शाही शासन र लोकतान्त्रिक शासन अर्थात् राजाद्वारा अध्यक्षता गरिएको सरकार र जनआन्दोलनको बलमा स्थापित संसदद्वारा अनुमोदित सरकारको शासनको अवधिका रूपमा रह्यो। स्वभाविकरूपमा यी दुई भिन्न प्रकृतिका सरकारका चरित्र पनि भिन्न थिए। राजाको अध्यक्षतामा गठित सरकार विधिको शासनको विरुद्ध देखा पऱ्यो। त्यसलाई संसारभरि नै आदेशका आधारमा सञ्चालित, जनसहभागिता र जनअनुमोदनविहीन, आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रवाह गर्न असफल, समता, सामाजिक न्याय र मानवअधिकारविरोधी सरकारका रूपमा चिनियो। राजाको प्रत्यक्ष नेतृत्वमा रहेको सरकार गैरजिम्मेर वा जनउत्तरदायित्वविहीन, अपारदर्शी, केन्द्रीकृत, असहिष्णु वा हिंस्रक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अस्वीकृत थियो।

लोकतन्त्र स्थापनापछि जनआन्दोलनका बाहक सात दल विधिको शासनको अवलम्बनको प्रतिवद्धता व्यक्त गर्दै सरकारमा पुगे। सात दल आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रदायकर्ताको भावना अभिव्यक्त गर्दै समता, सामाजिक न्याय र मानवअधिकारका स्थापित अवधारणाहरूप्रति सम्मान प्रकट गर्ने दृढताकासाथ सरकार सञ्चालन गर्न अग्रसर भए। जनउत्तरदायित्व, पारदर्शिता र विकेन्द्रित शासनका संयन्त्रहरूको स्थापना, जनसहभागिताको स्थान, प्रतिनिधित्वपूर्ण जनअनुमोदनको आवश्यकता, राष्ट्रको समग्र परिवर्तन तथा अग्रगमनप्रतिको औपचारिक प्रतिबद्धता सात दलको प्रष्ट परिचय थियो। लोकतान्त्रिक सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सर्वस्वीकृत हुनु स्वभाविक थियो। लोकतन्त्रको बहाली भएको परिप्रेक्ष्यमा विद्रोही माओवादीको समेत विश्वासमा सात दलद्वारा स्थापित सरकार जनउत्तरदायी हुनु पनि उत्तिकै स्वभाविकै थियो।

तर सहभागिता, विधिको अनुशरण, जनउत्तरदायित्वको वोध, मानवअधिकारका मान्यताहरूको पूर्ण कार्यान्वयन, जनआवाजको सुनुवाई, दण्डहीनताको

तालिका नं. ७

नगरपालिका निर्वाचन, २०६२ : मतदानको स्थिति



अन्त्य, न्यायको प्रत्याभूतिजस्ता सवालहरूमा सरकार अपेक्षाकृत रूपमा सक्रिय देखिएन। संक्रमणकालीन अवस्थामा देखिएका समस्याहरूको समुचित सम्बोधनका सम्बन्धमा सरकारप्रति गरिएको अपेक्षा भने वर्षको अन्त्यसम्मै अधुरो रह्यो। लोकतन्त्र स्थापनासँगै सरकार, सात दल र माओवादीबीच भएको युद्धविराम, शान्ति वार्ता र शान्ति सम्झौतासँगै दशकभन्दा लामो समयदेखिको द्वन्द्व र मानवअधिकार उल्लंघनको विकराल अवस्थाबाट जनताले मुक्ति पाए।

१२. छरिएका विस्फोटक अवशेषः सकिएको कथाको बाँकी रहेको व्यथा


एक दशकभन्दा लामो हिंसात्मक द्वन्द्व समाप्त भइसकेको छ। तर देशमा त्यसका अवशेष बाँकी नै रहेका छन्। जथाभावी छरिएका विस्फोटक वस्तु युद्धका त्यस्ता अवशेष हुन्, जो आजको शान्तिपूर्ण नेपालमा पनि जीउ-धनको क्षति गराइरहेका छन्। सरकारले आम नागरिकलाई यस त्रासदीबाट मुक्त गर्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय सहयोग नियोग एवम् देशका गैरसरकारी संस्थाहरूको समन्वयमा प्रभावकारी अभियान चलाउन सक्नु पर्दछ। हिंसाबाट शान्तितर्फको संक्रमणकालमा सेना तथा अस्त्रको अनुगमनसम्बन्धी कार्यअन्तर्गत सम्बोधन गरिनुपर्ने एउटा प्रमुख कार्य युद्धका विस्फोटक अवशेषको खोजी, पहिचान र विर्सजन हो। जसका लागि विगतको युद्धका दुवै पक्षले एकअर्कालाई छरिएका विस्फोटक वस्तुसम्बन्धी सूचनाका आदानप्रदान गर्न जरुरी हुन्छ। सरकार र नेकपा (माओवादी) बीच सम्पन्न हतियार र सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौतामा हतियार भण्डार तथा नियन्त्रण शीर्षक अन्तर्गत "दुवै पक्षले सशस्त्र द्वन्द्वका बेला प्रयोग गरिएका धराप तथा वारुदी सुरुङका विषयमा तीस दिनभित्र एकले अर्कालाई जानकारी दिएर चिनो लगाउने कार्यमा सहयोग पुऱ्याउनु पर्ने र साठी दिनभित्र त्यस्ता विस्फोटक पदार्थलाई हटाउनु वा निस्क्रिय तुल्याउनुपर्ने" प्रावधान राखिएको छ। उल्लेखित प्रावधानलाई कतिपयले सुरुमै अति महत्वाकांक्षी ठहऱ्याएका थिए। तर त्यस प्रावधानले विस्फोटक अवशेषको भयावह समस्यालाई सम्बोधन भने गरेको थियो।

संयुक्त राष्ट्रसंघीय बाल विकास कोष (युनिसेफ) का अनुसार नेपाल विस्फोटक पदार्थहरूबाट अति प्रभावित देशहरूको सूचीमा पर्दछ। तर, विगतको हिंसात्मक द्वन्द्वका अवशेष विस्फोटक वस्तुसिर्जित घटना वा समस्याको परिमाणका सम्बन्धमा भरपर्दो सूचनाको अभाव रहँदै आएको छ। जसले गर्दा समस्या निराकरणका निम्ति यथोचित पहल हुन सकेको छैन।

त्यसैले दशकभन्दा लामो समयदेखि मानवअधिकारसम्बन्धी सूचना संकलन र प्रस्तुतिमा संलग्न इन्सेक विगत एक वर्षदेखि विस्फोटक अवशेषसम्बन्धी सूचनाको खोजी तथा प्रसारमा समेत संलग्न भएको छ। इन्सेक अभिलेखमा रहेका सूचनाले प्रष्ट देखाएको छ- जथाभावी छरिएका विस्फोटक अवशेष शान्ति कायम भएको आजको नेपालमा गम्भीर समस्या हो।

०६३ जेठ १८ देखि इन्सेकले सुरु गरेको विस्फोटक अवशेषको सक्रिय अनुगमन र युनिसेफद्वारा गरिएको इन्सेक एवम् सञ्चार माध्यमबाट प्रसार गरिएका सूचनाको अनुगमनका आधारमा सन् २००६ को अन्त्यसम्म देशव्यापीरूपमा बेवारिसे विस्फोटकका कारण ९८ घटनामा १ सय ६९ जना सर्वसाधारण प्रभावित भए। सन् २००६ मा ३८ जना त्यसप्रकारको विस्फोटकबाट मारिए र १ सय ३१ जना घाइते भए। बेवारिसे अवस्थामा छाडिएका विस्फोटकबाट बालबालिका सबभन्दा बढी प्रभावित भएको देखिन्छ। त्यस्ता घटनामा घाइते भएका मध्ये ५४ प्रतिशत बालबालिका थिए। देशका पचहत्तरमध्ये

तालिका नं. ८ **छरिएका विस्फोटक अवशेष : विस्फोट भएका स्थान**



तालिका नं. ९

क्र.सं.	नेपालले तत्काल अनुमोदन गर्नुपर्ने अन्तर्राष्ट्रिय सन्धि–महासन्धि
१.	सशस्त्र संघर्षमा संलग्न बालबालिकाको अधिकार महासन्धिको ऐच्छिक आलेख, २०००
२.	यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार विरूद्धको महासन्धिको ऐच्छिक आलेख, २००२
३.	अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८
४.	गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्ष सम्बन्धी जेनेभा महासन्धिको अतिरिक्त आलेख, १९७७
५.	अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २०००
६.	सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०
७.	मानवविरूद्ध लक्षित वारूदी सुरूङ्को प्रयोग, भण्डारण, उत्पादन तथा ओसारपसारमाथि प्रतिबन्ध तथा तिनका विनाशसम्बन्धी महासन्धि १८ सेप्टेम्बर, १९९७

५१ जिल्ला विस्फोटबाट प्रभावित भएको देखिन्छ। संकलित सूचनाले विस्फोटका अधिकांश घटना घरभित्रै भएको देखाउँछ। *(हेर्नुहोस् तालिका ८)*

१३. निष्कर्ष र सुझाव

नेपालमा संविधानसभाको निर्वाचन गरिने चर्चा सर्वप्रथम ००७ फागुन ७ गते राजा त्रिभुवनको सम्बोधनमा भएको थियो। त्यसपछि समय-समयमा यसको चर्चा भइरह्यो। तर नेपालका राजनीतिक शक्तिहरू यसको आवश्यकताप्रति आश्वस्त हुन सकेका थिएनन्। पछिल्लो समयमा नेकपा (माओवादी) ले यो मुद्दा उठाउँदा ठूला र लोकप्रिय राजनीतिक दलहरू संविधानसभाको औचित्यप्रति सहमत हुन सकेका थिएनन्। यसपटक भने संविधानसभाको निर्वाचनमार्फत नयाँ नेपालको खाका तयार गर्ने सवालमा आठ दल सहमत भएपछि जनआन्दोलन सफल हुन सक्यो।

यसरी संविधानसभाको चुनावको माध्यमबाट नेपालमा दिगो शान्तिको मार्ग प्रशस्त हुने देखिएको छ। मानवअधिकार र सामाजिक न्यायको स्थापनाका निम्ति संविधानसभाको निर्वाचनलाई सफल तुल्याउनु पर्दछ भन्ने कुरामा सम्पूर्ण राष्ट्र एक हुन पुगेको छ। तर नयाँ संविधान सारभूत रूपमै समावेशी चरित्रको हुनु पर्दछ भन्ने आमधारणाको बेवास्ता गरिनु हुँदैन। तसर्थ, सरकारले समावेशी चरित्रको संविधान निर्माणका निम्ति संविधानसभाको निर्वाचन सफल हुनसक्ने वातावरण तयार गर्न ध्यान केन्द्रित गर्नु पर्दछ।

नेपालमा मानवअधिकारको संरक्षण र सम्वर्धन गर्न प्रभावकारी संयन्त्रहरूको व्यवस्था गरिनु पर्दछ। यतिखेर लोकतान्त्रिक सरकारको काँधमा प्रभावकारी राष्ट्रिय मानवअधिकार आयोगको गठन गर्नुपर्ने महत्वपूर्ण दायित्व रहेको छ। विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लंघनका घटनामा पीडित भएकाहरूलाई न्याय दिलाउन आवश्यक संयन्त्रहरू पनि तत्काल निर्माण गर्नु जरुरी छ। साथै, सरकारले मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी सातओटा संयन्त्रहरूको तत्काल अनुमोदन गर्नुपर्ने माग राष्ट्रिय-अन्तराष्ट्रिय मानवअधिकार संस्थाहरूले गर्दै आएका छन्। *(हेर्नुहोस्, तालिका : ९)* लोकतान्त्रिक सरकारसँग मानवअधिकार र मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूप्रतिको सम्मानको विश्वव्यापी रूपमै अपेक्षा गरिएको छ।

सरकारले दिगो शान्तिको मार्ग प्रशस्त गर्दै संक्रमणकालीन न्यायको प्रत्याभूति गर्नु आवश्यक छ। लोकतन्त्रलाई सुदृढ तुल्याउनका निम्ति लामो समयदेखिको संरचनात्मक हिंसाका जराहरू नामेट गर्नु जरुरी छ। लोकतन्त्रलाई साँचोअर्थमा समावेशी बनाउन जनजाति, मधेशी, दलित र महिलालाई राज्यले समेट्दै लैजान सक्नु पर्दछ। वञ्चित समुदायका निम्ति शान्ति र लोकतन्त्रको अर्थ सम्मान, पहिचान, अवसर र अधिकार हो। लोकतान्त्रिक सरकार यसतर्फ विशेष सचेष्ट हुनु जरुरी छ।

कुन्दन अर्याल
प्रधान सम्पादक

परिच्छेद २

नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल

१. पृष्ठभूमि

वर्ष सन् २००६ नेपालमा शान्ति स्थापनाका लागि चालिएका कदमहरूका कारण इतिहासमा उल्लेखनीय रहनेछ। वर्षको सुरुवातमै नेपालमा दिगो शान्ति स्थापनाका लागि सात दल र नेकपा (माओवादी) बीच सहकार्यको थालनी भयो। त्यसकै फलस्वरूप पहिलो चौमासिकको अवधिभित्रै राजाको अधिनायकवादी शासनको अन्त्य हुनसक्यो। यही वर्ष एक दशकभन्दा लामो सशस्त्र संघर्ष समाप्तिको घोषणाका कारण जनताले शान्तिको सास फेर्ने मौका पाए। शान्ति स्थापनाका लागि भएका विभिन्न चरणबद्ध कार्यक्रमहरूका साथै नेकपा (माओवादी) र सात दलबीच सम्पन्न विभिन्न सम्झौताहरूका माध्यमबाट देशमा स्थायी शान्ति स्थापनातर्फ उल्लेखनीय पहल सुरु गरियो। चरणबद्धरूपमा भएको शान्ति वार्तापछि नेपाल सरकार र नेकपा (माओवादी) बीच बृहद् शान्ति सम्झौता सम्पन्न भयो। तर, सम्झौता कार्यान्वयन हुँदा नहुँदै वर्षको अन्त्य हुन गयो।

समग्रमा, सन् २००६ अधिनायकवादको पराजय, नेपाली जनताप्रति अभिव्यक्त अन्तर्राष्ट्रिय ऐक्यबद्धता र सक्रिय राजाको अधिकारमा गरिएको व्यापक कटौतीका कारण नेपाली इतिहासमा उल्लेखनीय रहने भएको छ। तर सात दल र माओवादीबीच विभिन्न चरणमा भएका वार्ता, त्यसपछि शीर्ष बैठकमा भएका निर्णयहरू, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न शान्ति सम्झौता, सात दल र माओवादी बीच भएको अन्तरिम संविधानमा सहमतिलगायत्का ऐतिहासिक दस्तावेजहरूप्रति अभिव्यक्त असहमतिहरूलाई सम्बोधन गर्ने सवालमा सात दल र माओवादी गम्भीर देखिएनन्। फलत: वर्षको अन्त्यमा नेपालगञ्जमा दुखद् दंगाका कारण जनधनको क्षति हुन पुग्यो।

मानवअधिकार वर्ष पुस्तक २००६ मा राष्ट्र गहिरो संकटमा परेको विषयलाई वर्षको उल्लेख्यका रूपमा प्रस्तुत गरिएको थियो। तर, वर्ष पुस्तक २००७ को यस परिच्छेदमा जनआन्दोलन-२ को उपलब्धि, लोकतन्त्रको बहालीपछि सात दल र नेकपा (माओवादी) द्वारा अवलम्बन गरिएको नयाँ मार्गचित्र र संक्रमणकालका चुनौतिका सम्बन्धमा चर्चा गरिएको छ।

२.निरंकुशता विरोधी लहर

२.१ राजाको प्रत्युत्पादक रणनीति: कथित नगर निर्वाचन

वर्षको सुरुका चार महिनामा स्वतन्त्ररूपमा शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारमाथि शाही सरकारले बन्देज लगायो। राजाले प्रत्यक्ष शासनभार आफ्नो हातमा लिएको एक वर्ष पुग्न लागेको बेला त्यसको विरुद्धमा आयोजना गरिएका विरोध कार्यक्रमहरू सम्पन्न हुन नदिन सरकार दमनमा ओर्लियो। घोषित नगर निर्वाचनको विरोधमा उत्रिएका राजनीतिकर्मीहरूमाथि सरकार जाइलाग्यो। सात दलको पूर्व निर्धारित विरोध प्रदर्शन रोक्न शाही सरकार कर्फ्यू र निषेधाज्ञा जारी गर्न पछि परेन। ०६२ माघ ७ गते आयोजना गरिएको विरोध प्रदर्शन रोक्न जारी गरिएको कर्फ्यूको अवज्ञा गर्दै भएको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरी सयौं प्रदर्शनकारीहरूलाई गिरफ्तार गरे। दिनहुँ राजनीतिक दलका नेता/कार्यकर्ताहरू गिरफ्तार हुन थाले।

सरकारद्वारा घोषित नगर निर्वाचनलाई शान्तिपूर्णरूपमा सक्रिय बहिस्कार गर्ने घोषणा गर्दै दाङको घोराहीमा ०६२ माघ २६ गते सात दलले शान्तिपूर्ण प्रदर्शन गरिरहेका थिए। सुरक्षाफौजले झण्डै ५० देखि ६० राउण्ड गोली प्रहार गरे। सोही क्रममा हिँड्दै गरेका नेकपा (एमाले) का कार्यकर्ता उमेशचन्द्र थापाको गोली लागी मृत्यु भयो भने नेपाली काँग्रेसका क्षेत्रीय प्रतिनिधि कृष्ण गिरी घाइते भए।[१] शान्तिपूर्ण आन्दोलन दबाउने नाममा सरकारले मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमाथि नै कुठाराघात गऱ्यो। एसियाली मानवअधिकार आयोगले ०६३ पुस ६ गते एक प्रतिवेदन प्रकाशित गर्दै राजाद्वारा हत्याइएको शासनको एकवर्ष पुगेको अवस्था र नगर निर्वाचनका विरुद्ध गरिएको प्रदर्शनले कर्फ्यू, सामुहिक गिरफ्तारी, मानवअधिकार रक्षकहरूमाथि बढ्दो खतरा र हिंसात्मक दमनको सामना गर्नु परेको बतायो।[२]

निर्वाचनका नाममा संसारका सामू आफ्नो शासनलाई वैधता दिलाउने राजाको प्रयत्न विफल हुन पुग्यो। निर्वाचनको नौटंकीले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा सरकारको मुखुण्डो उघाऱ्यो।

---

१. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति। "घोराही गोली काण्ड : मानवअधिकार अनुगमन प्रतिवेदन (दाङ जिल्लाको घोराहीमा ०६२ माघ २६ गते सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट उमेशचन्द्र थापाको मृत्यु भएको घटनासम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन)"। अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ माघ २८

२. Asian Human Righs Commission. "NEPAL: The Human Rights Situation in 2006 (Impunity for Abuses as Country Undergoes Resolution)". *http://material.ahrchk.net/hrreport/2006/*. 21 December 2006

२.२ जनताको बज्रमुक्का: जनआन्दोलन-२

०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शेरबहादुर देउवाको सरकारलाई वर्खास्त गरी सम्पूर्ण शासन अधिकार आफ्नो हातमा लिएपछि देशमा प्रजातान्त्रिक अभ्यास औपचारिकरूपमै समाप्त भएको थियो। शासन अधिकार आफ्नो हातमा लिएपछि देशमा संकटकाल घोषणा गरियो र जनताका मौलिक हक अधिकारहरू निलम्बन गरियो। देशलाई निरंकुशताको खाडलतिर धकेल्दै लैजाने सक्दो प्रयास शाही सरकारले गऱ्यो। ०४६ सालका जनआन्दोलनकारीहरू र राजाको समझदारीका आधारमा निर्माण गरिएको संविधान २०४७ ले मौलिक अधिकारका रूपमा व्यवस्था गरेका मानवअधिकार र नागरिक स्वतन्त्रताहरू ०६१ माघ १९ पछि घोषितरूपमै अपहरित भए।[३] यो क्रम राजाले आफ्नो शासनकाल भरी नै जारी राखे।

सात दलले ०६२ चैत २४ देखि २७ गतेसम्मको आमहड्ताल आह्वान गरे। आमहड्तालालाई रोक्न प्रदर्शनको अघिल्लो दिनदेखि नै व्यापकरूपमा राजनीतिक कार्यकर्ताहरूको गिरफ्तारी सुरु गरियो। मध्यरातमा राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई घर-घरभित्र पसी गिरफ्तार गर्न थालियो। गिरफ्तार गरिएका सबैलाई शान्ति सुरक्षा बिथोलेको अभियोग लगाउँदै तीन महिने पक्राउ पूर्जी थमाइयो। सरकारले सर्वसाधारणलाई विभिन्न जिल्लाहरूबाट काठमाडौं प्रवेशमा समेत रोक लगाउन खोज्यो। गृहमन्त्रालयले सर्वसाधारणका नाममा अति आवश्यक कार्य पर्दाबाहेक काठमाडौं आउने योजना स्थगित गर्न गोरखापत्रमा एक सूचना नै जारी गऱ्यो।[४] उक्त सूचनामा भनिएको थियो- "आतंककारी समूहले गत चैत ६ गते एक वक्तव्य प्रकाशित गरी सात दल र आतकंकारीहरूका बीचमा सहमति र समझदारी कायम भई कथित आमहड्ताल र विरोध प्रदर्शनजस्ता जनविरोधी कार्यक्रम गर्ने भएको तथा ती कार्यक्रमहरूमा आतंककारीहरूले आफ्ना कार्यकर्ताहरूलाई सक्रियरूपमा सहभागी हुन आह्वान गरेको तथ्य जानकारी हुन आएको छ। प्रचलित कानुनले आतंककारीहरूलाई त्यस्ता क्रियाकलाप गर्न, गराउन पूर्णतया निषेध गरेको छ। कानुनद्वारा निषेध गरिएको विध्वंसात्मक एवम् आतंककारी क्रियाकलापलाई नियन्त्रण गर्न श्री ५ को सरकारले प्रभावकारी एवम् कडा सुरक्षा व्यवस्था मिलाएको छ। आतंककारीका गतिविधिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरूले आवश्यक कारवाही गर्ने हुँदा आतंककारीहरूले आयोजना

प्रकोष्ठ : १

श्री ५ को सरकार गृहमन्त्रालयको अनुरोध

आतङ्ककारी समूहले गत चैत ६ गते एक वक्तव्य प्रकाशित गरी सात दल र आतङ्ककारीहरूका बीचमा सहमति र समझदारी कायम भई कथित आमहड्ताल र विरोध प्रदर्शनजस्ता जनविरोधी कार्यक्रम गर्ने भएको तथा ती कार्यक्रमहरूमा आतङ्ककारीहरूले आफ्ना कार्यकर्ताहरूलाई सक्रियरूपमा सहभागी हुन आह्वान गरेको तथ्य जानकारी हुन आएको छ। प्रचलित कानुनले आतङ्ककारीहरूलाई त्यस्ता क्रियाकलाप गर्न, गराउन पूर्णतया निषेध गरेको छ। कानुनद्वारा निषेध गरिएको विध्वंसात्मक एवम् आतङ्ककारी क्रियाकलापलाई नियन्त्रण गर्न श्री ५ को सरकारले प्रभावकारी एवम् कडा सुरक्षा व्यवस्था मिलाएको छ। आतङ्ककारीका गतिविधिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरूले आवश्यक कारवाही गर्ने हुँदा आतङ्ककारीहरूले आयोजना गरेको वा आतङ्ककारीहरू संलग्न हुने सम्भावना रहेको कुनै पनि गतिविधिबाट अलग रहन श्री ५ को सरकार सर्वसाधारण जनतामा अनुरोध गर्दछ।

१. अति आवश्यक कार्य पर्दा बाहेक कथित कार्यक्रम अवधिमा उपत्यकाबाहिरबाट आउनु हुने व्यक्तिहरूले भरसक काठमाडौं आउन कार्यक्रम पर सार्ने।
२. कसैको धम्की, बहकाव वा होहल्लामा नलागी उद्योगधन्दा, शिक्षण संस्थाहरू, सार्वजनिक यातायातका साधनहरू, व्यवसाय तथा दैनिक कार्य निर्धक्क एवम् निर्भयका साथ सञ्चालन गर्ने।
३. सुरक्षा जाँच गर्ने क्रममा सुरक्षाकर्मीहरूबाट परिचय खुल्ने कागजपत्रको मागसमेत गर्ने भएको हुँदा आगावगमन गर्दा आफ्नो परिचय खुल्ने कागजपत्र साथमा राख्ने।
४. सार्वजनिकस्थल र छरछिमेकमा शङ्कास्पद व्यक्ति वा वस्तु वा अवाञ्छित गतिविधि देखिएमा तत्काल नजिकको सुरक्षा निकायमा खबर गर्ने।
५. आतङ्ककारीहरूद्वारा प्रलोभनमा पारी वा जबर्जस्ती निजी तथा भाडाका सवारी साधनहरू प्रयोग गर्ने गरेको देखिएको हुँदा यस किसिमको कार्य भएमा तत्काल नजिकको सुरक्षा निकायमा खबर गर्ने।
६. आतङ्ककारीहरू होटल, लज, धर्मशाला तथा छात्रावासमा लुकिछिपी बस्न सक्ने भएको हुँदा व्यवस्थापन पक्षले सजगता अपनाउने र शङ्कास्पद व्यक्तिहरू देखिएमा तुरून्त नजिकको सुरक्षा निकायलाई जानकारी गराउने।

श्री ५ को सरकार सर्वसधारणको जीउधनको सुरक्षा गर्ने वा शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा सबै क्षेत्रमा प्राप्त सकारात्मक सहयोग र सद्भावका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछ र यस प्रकारको सहयोग तथा सद्भाव सदैव प्राप्त हुने अपेक्षासमेत राख्दछ। *मिति : ०६२ चैत २३ गते*

३. इन्सेक। "गहिरिँदो राष्ट्रिय संकट"। *मानवअधिकार वर्ष पुस्तक २००६*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००६ । पृ. १९
४. "श्री ५ को सरकार गृह मन्त्रालयको अनुरोध" । *गोरखापत्र* ०६२ चैत २३: पृ. १

गरेको वा आतंककारीहरू संलग्न हुने सम्भावना रहेको कुनै पनि गतिविधिबाट अलग रहन श्री ५ को सरकार सर्वसाधारण जनतामा अनुरोध गर्दछ।"[५]

दमन बढाउँदै लैजाने क्रममा राजधानीलगायत् विभिन्न जिल्लाका प्रमुख सार्वजनिक स्थलहरूलाई प्रतिबन्धित क्षेत्र घोषणा गरियो। सरकारले सात दलको आन्दोलनमा माओवादी लडाकुहरूको घुसपैठ भइरहेको प्रचारबाजी गर्न खोज्यो। वास्तवमा सरकार शान्तिपूर्ण आन्दोलन बिथोल्नका लागि माओवादीको घुसपैठ भएको प्रचारबाजी गर्दै प्रदर्शनमा व्यापक बल प्रयोग गर्ने वातावरण बनाउन खोज्दै थियो।[६] ०६२ चैत १५ गते तत्कालीन गृहमन्त्री कमल थापाले एक पत्रकार सम्मेलनको आयोजना गरी सात दलले आह्वान गरेको चैत २४ देखि २७ सम्मको आमहड्ताल वास्तवमा विद्रोही माओवादीको कार्यक्रम भएको आरोप लगाए। थापाले सात दलको कुनै प्रष्ट माग नभएको भन्दै तत्कालीन आन्दोलनले ०४६ सालको आन्दोलनले जस्तो परिवर्तन ल्याउन नसक्ने बताए।[७]

सात दलले शान्तिपूर्ण भनिरहेको आन्दोलनमा सशस्त्र माओवादीको संलग्नता रहेको साबित गर्नका लागि शाही सरकार बहाना खोजिरहेको थियो। त्यही क्रममा सुरक्षा फौजले ०६३ चैत २९ गते काठमाडौंको गोंगबुमा एउटा घिनलाग्दो नाटक मञ्चन गऱ्यो। प्रदर्शनमा माओवादीको हतियारसहितको संलग्नता देखाउन एआइजी रूपसागर मोक्तानको घरबाट गोली चलाइयो र माओवादीले गोली चलाएको अफवाह फैलाइयो। पछि रूपसागर मोक्तानको घरबाट गोली हान्ने प्रहरी नै भएको साबित भयो।[८] नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधिलगायत् मानवअधिकार संघसंस्थाका प्रतिनिधिहरूका अगाडि नै सुरक्षा नियकाले त्यस्तो चरित्र प्रस्तुत गऱ्यो।

सरकारले आफूले सम्पूर्ण संयुक्त राष्ट्रसंघीय सन्धि-महासन्धिहरूलाई लत्याउँदै आन्दोलनकारीहरूमाथि सुरक्षाफौज परिचालन गरी अत्यधिक बल प्रयोग गऱ्यो। संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ का साथै मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र १९४८ ले प्रत्याभूत गरेको जनताको स्वतन्त्रतापूर्वक हिँडडूल र प्रदर्शन गर्न पाउने अधिकारमाथि व्यवधान उत्पन्न गर्न र आन्दोलन दबाउन राजधानीलगायत्का विभिन्न जिल्लाहरूमा कर्फ्यू लगाइयो। सरकारले आन्दोलनको सुरुदेखि अन्त्यसम्म अर्थात् १९ दिन भरी नै राजधानीमा कर्फ्यू जारी राख्यो। राजधानीमा पाँचदेखि २४ घण्टासम्म निरन्तर कर्फ्यू लगाइयो।[९] तर लोकतन्त्र प्राप्तिको जनचाहनालाई भने कर्फ्यूले रोक्न सकेन। सुरक्षाफौजले प्रदर्शनकारीहरूमाथि धातुका गोली, रबरका गोली, अश्रुग्यास प्रहार गर्नुका साथै व्यापक लाठीचार्ज गऱ्यो। अत्यधिक बल प्रयोगका कारण हजारौं व्यक्ति घाइते तथा अङ्गभङ्ग हुन पुगे। त्यसपछि सात दलले आन्दोलनलाई २७ गतेसम्म सीमित नपारेर निरन्तर अघि बढाए।

अत्यधिक बल प्रयोग गर्दागर्दै पनि जनता पछि नहटेपछि र व्यापकरूपमा अन्तर्राष्ट्रिय दबाब परेपछि राजाले ०६३ वैशाख ८ गते साँझ सञ्चार माध्यमबाट सम्बोधन गरी मन्त्रिपरिषद् गठन गर्नका लागि यथाशीघ्र प्रधानमन्त्री पदका निम्ति नाम सिफारिस गर्न सात दललाई आह्वान गरे।[१०] राजा ज्ञानेन्द्रले आफ्नो सम्बोधनमा राज्य शक्तिको श्रोत जनता नै भएकाले देश र जनताको हितमा सद्भावना र सहमति बनाएर, शान्ति सुव्यवस्था कायम गर्नु पर्दछ भन्दै बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याउन देशलाई समुन्नतीको बाटोमा अग्रसर गराउनु पर्छ भने। राजाले निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनुपर्दछ भन्दै प्रधानमन्त्रीको नाम सिफारिश गर्न आह्वान गरेका थिए।[११] तर सात दलले राजाको सम्बोधनलाई लोकतान्त्रिक आन्दोलनको लक्ष र एजेण्डा नसमेटेको भन्दै अस्वीकार गरे। प्रतिनिधिसभाको पुनर्स्थापना, सर्वदलीय सरकारको गठन, माओवादीसँगको वार्ता र माओवादी

---

५. पूर्ववत्

६. Aryal, Kundan, and Upendra Kumar Poudel, (eds.) *Jana Andolan-II: A Witness Account (A Report of Human Rights Violation by the King's Government during Nineteen Days of the Movement)*. Kathmandu: Informal Sector Service Centre. p. 5

७. पूर्ववत्

८. पूर्ववत् पृ. ६

९. पूर्ववत् पृ. २१७

१०. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=27* । ०६३ वैशाख ८

११. पूर्ववत्

प्रकोष्ठ : २

राजा ज्ञानेन्द्रबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा

वैशाख ८ , २०६३

प्यारा देशवासीहरू,

नेपालीहरूको संयुक्त विवेकको निर्क्यौल, सझदारी र संयुक्त प्रयासबाट शान्ति सुव्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा जननिर्वाचित निकायहरूलाई जीवन्त तुल्याएर बहुदलीय प्रजातन्त्रलाई सार्थक अभ्यासमा उन्मुख गराउन हामीबाट तत्कालीन परिस्थितिमा बाध्य भै २०६१ माघ १९ गते कदम चाल्नु परेको कुरा सर्वविदितै छ। हाम्रो यो कदममा साथ दिएर आमजनताले शान्ति र प्रजातन्त्र नै आफ्नो चाहना भएको पुष्टि गरे, राष्ट्र सेवकहरूले कर्तव्यपरायणता देखाए, हामी यसको सह्राना गर्दछौं। आफ्नो गौरवमय परम्परालाई अघि बढाउँदै सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी कदर गर्दछौं।

हामीबाट देशका सबै भागहरूमा गएर जनताको पीरमर्का र चाहना बुझी आँसु पुछ्ने प्रयास पनि गर्‍यौं। जनताको ढाढस बढाउन कोसिस पनि गरेकै हो। हत्या, हिंसा र आतंकबाट पीडित देश र जनताको हितमा सम्वादको बाटोमा आउन राजनीतिक दलहरूलाई आह्वान पनि गर्‍यौं। तर यो साकार भएन। प्रजातन्त्रको आदर्श प्राप्तिको लागि राजनीतिक दलहरूको सक्रिय संलग्नता र सहभागिता अनिवार्य हुन्छ। यसका साथै, देश र जनताको बृहत हित तथा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउने शाहवंशीय परम्परा रहेको तथा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा हाम्रो अटुट प्रतिबद्धता भएकोले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यकको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ बमोजिम हुने गरी जनताको नाशो जनतालाई नै फर्काएका छौं। राज्यशक्तिको श्रोत जनता नै भएकाले देश र जनताको हितमा सद्भावना र सहमति बनाए, शान्ति, सुव्यवस्था कायम गर्नु पर्दछ। बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याएर देशलाई शान्ति र समुन्नतिको बाटोमा अग्रसर गराउनु पर्दछ। यसैगरी निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू, क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनुपर्दछ। यसका लागि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्ने मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदको लागि यथाशिघ्र नाम सिफारिस गर्न सात राजनीतिक दलहरूको गठबन्धनलाई हामी आह्वान गर्दछौं। यसरी प्रधानमन्त्रीको नियुक्ति नभएसम्म मौजुदा मन्त्रिपरिषद्ले नै कार्यभार सम्हाली रहने छ।

श्री पशुपतिनाथले हामी सबैको कयाल्ण गरून् !

जय नेपाल !

वैशाख ११ , २०६३

प्यारा देशवासीहरू,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम् गर्दै वर्तमान जनआन्दोलन मार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत् समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत् पुनस्थापित गरिबक्सेका छौं। बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवं समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौं। पुनस्थापित प्रतिनिधिसभाको बैठक २०६३ साल वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसदभवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेकाछौं।

नेपाल र नेपालीको बृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ।

जन आन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवं आहत भएका सबैप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्णप्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कर्याण गरून् !

जय नेपाल !

सहितको संविधानसभाको चुनाव नै देशले भोगिरहेको समस्या समाधान गर्ने बाटो भएको पार्टीहरूले बताए।[१२] राजाको सम्बोधनको भोलिपल्ट जनता झन् आक्रोशित भएर प्रदर्शनमा ओर्लिए।

अन्ततः ०६३ वैशाख ११ गते राती साढे ११ बजे राजा ज्ञानेन्द्रले नेपाल अधिराज्यको राज्यशक्तिको श्रोत नेपाली जनतामा नै भएको र नेपालको सार्वभौम सत्ता एवम् राजकीयसत्ता नेपाली जनतामै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत् सात दलको मार्गचित्रको आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत् समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम ०५९ साल जेठ ८ गते विघटित प्रतिनिधिसभालाई पुनस्थापित गर्ने घोषणा गरी सम्पूर्ण अधिकार जनतामा नै फिर्ता गरे।[१३] अधिनायकवादी शासन र निरंकुशतन्त्र एक्काइसौं शताब्दीमा कुनै पनि शर्तमा मान्य नहुने दृष्टान्त नेपालको घटनाक्रमले विश्वसामू प्रस्तुत गऱ्यो।

२.३ राजालाई चुनौतिः अन्तर्राष्ट्रिय निगरानी

आन्दोलन दबाउन अख्तियार गरिएको दमनकारी कार्यहरूलाई रोक्न नेपालका विभिन्न मानवअधिकार संघसंस्थाहरूले अन्तर्राष्ट्रियरूपमा व्यापक विरोध गरे। सरकारले जतिसुकै बन्देज लगाए पनि संयुक्त राष्ट्रसंघका निकायहरूलगायत् अन्तर्राष्ट्रिय मनवअधिकार संस्थाहरूमा नेपालका सूचनाहरू पुगिरहे।

प्रदर्शन दबाउन गरिएको अत्यधिक बल प्रयोगको संयुक्त राष्ट्रसंघलगायत् विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संघसंस्थाहरूले व्यापक विरोध गरे। शाही सरकारलाई जनताको स्वतन्त्रतापूर्वक शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने अधिकारको सम्मान गर्न आह्वान गरियो। अन्तर्राष्ट्रिय स्तरबाट गरिएका कडा निन्दा र विरोधले मानवअधिकार उल्लंघन कम गर्न र नेपालमा लोकतन्त्र स्थापना गर्न अहम् भूमिका खेलेको थियो। अन्तर्राष्ट्रिय समुदायको यसप्रकारको दबाब तत्कालीन सरकारलाई नपरेको भए मानवअधिकार अवस्था अझ बिग्रने थियो भन्न सकिन्छ।

संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले नेपालको बिग्रँदो अवस्थाप्रति चिन्ता व्यक्त गरेका थिए। ०६२ चैत ३१ मा एक प्रेस विज्ञप्ति प्रकाशित गरी उनले नेपालका सबै राजनीतिक शक्तिहरूलाई समावेशीरूपमा वार्ता गर्न र राजा ज्ञानेन्द्रलाई समस्या समाधानको उपाय खोज्न अनि अगाडि हुनसक्ने हत्या-हिंसा रोक्नका लागि साहसिक कदम चाल्न आह्वान गरेका थिए।[१४] सोही दिन संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले पनि एक विज्ञप्ति प्रकाशित गरी नेपालमा प्रदर्शनकारीहरूमाथि भइरहेको अत्यधिक बल प्रयोगको घटनाप्रति आफू स्तब्ध भएको बताइन्। उनले तत्कालीन शाही सरकारलाई अन्तर्राष्ट्रिय प्रतिबद्धताको स्मरण गरेर शान्तिपूर्वक भेला हुन पाउने अधिकारको सम्मान गर्न आह्वान गरिन्। यसका साथै उनले प्रदर्शनमा अनावश्यक बल प्रयोग नगर्न सुरक्षाफौजलाई आग्रह गरिन्।[१५] बल प्रयोगका क्रममा अन्धाधुन्धरूपमा प्रदर्शनकारीहरू उपर गोली प्रहार गरिएको घटनाप्रति संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरूले सुरक्षाकर्मीहरूलाई सचेत गराइरहे।

त्यसबेलाको नेपालको गिर्दो मानवअधिकार अवस्थाका बारेमा गैरन्यायिक तथा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष संयुक्त राष्ट्रसंघीय समाधीक्षक फिलिप आल्स्टनले प्रदर्शनकारीहरूलाई "देख्नासाथ गोली हान्ने" नीति तत्काल त्याग्न सरकारलाई आग्रह गरे। ०६३ वैशाख ११ गते एक प्रेस विज्ञप्ति जारी गर्दै उनले सरकारको यस किसिमको नीतिले मानवअधिकार कानुनको ठाडो उल्लंघन भइरहेको बताए।[१६] त्यसैगरी फिलिप आल्स्टन, संयुक्त राष्ट्रसंघका

---

१२. पूर्ववत् ६ पृ. ४२

१३. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=28* । ०६३ वैशाख ११

१४. United Nations. "Secretary-General 'More than Ever' Concerned about Deteriorating Situation in Nepal". *www.un.org/News/Press/docs/2006/sgsm10421.doc.htm*. 14 April 2006

१५. United Nations High Commissioner for Human Rights. "High Commissioner for Human Rights Shocked by Excessive Use of Force in Nepal". *www.unhchr.ch/huricane/huricane.nsf/424e6fc8b8e55fa6802566b0004083d9/5769b88e305579b5c125714f00433729?OpenDocument*. 13 April 2006

१६. United Nations High Commissioner for Human Rights. "Human Rights Expert Condemns Nepal's "Shoot-On-Sight" Policies". *www.unhchr.ch/huricane/huricane.nsf/424e6fc8b8e55fa6802566b0004083d9/24dc074f981c6ffec125715a0037ddd3?OpenDocument.* 24 April 2006

महासचिवका मानवअधिकार रक्षकसम्बन्धी विशेष प्रतिनिधि हिना जिलानी, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि विशेष समाधीक्षक आमवेइ लिगावो, यातनासम्बन्धी विशेष समाधीक्षक म्यानफ्रेड नोवाक र स्वेच्छाचारी थुनासम्बन्धी कार्यसमूहका अध्यक्ष समाधीक्षक लेइला जेरोयुगुइले ०६३ वैशाख ७ गते एक संयुक्त विज्ञप्ति प्रकाशित गर्दै लोकतान्त्रिक आन्दोलनमाथि दमन गर्न बढ्दो परिमाणमा मानवअधिकार उल्लंघन भइरहेकोमा आफूहरूको गम्भीर ध्यानाकर्षण भएको बताएका थिए। उनीहरूले आन्दोलनकारीहरूलाई शान्तिपूर्णरूपमा प्रदर्शन गर्न आग्रह गर्दै प्रदर्शनमाथि भएको अत्यधिक बल प्रयोगको भर्त्सना गरेका थिए। विज्ञप्तिमा विज्ञहरूले सबैको मौलिक अधिकार सुनिश्चित गर्न शाही सरकारसँग आग्रह गरेका थिए।[१६]

संयुक्त राष्ट्रसंघीय निकायले मात्र नभई विभिन्न मुलुकहरूले समेत नेपालमा प्रदर्शन दबाउने नाममा गरिएको मानवअधिकार उल्लंघनको तीव्र विरोध गर्दै त्यस्ता गतिविधि तत्काल रोक्न शाही सरकारलाई दबाब दिए। शान्तिपूर्ण प्रदर्शन उपर बल प्रयोग नगर्न अमेरिका, भारतलगायत् एमनेष्टी इन्टरनेशनल, जेनेभास्थित मानवअधिकार संस्था ओएमसीटी, एसियाली मानवअधिकार आयोग, अमेरिकी सिनेटरहरू, फोरम-एसिया, अन्तर्राष्ट्रिय पत्रकार महासंघ, युरोपेली संसदलगायत्ले राजालाई व्यापक दबाब सृजना गरे। बढ्दो अन्तर्राष्ट्रिय दबाबले समेत राजा पछि हट्ने वातावरण सृजना हुन महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो।

लामो हिंसात्मक द्वन्द्वबाट थकित जनतालाई शान्तिको सास फेर्न दिन र हिंसाको कारक पहिचान गरी सबै राजनीतिक दलहरू एकजुट भई समाधानका निम्ति अग्रसर नभए युद्धले निकास नपाउने अनुभूत गरी सात दल र नेकपा (माओवादी) एक भए। यही तथ्यलाई आत्मसात गर्दै भारतको राजधानी नयाँ दिल्लीमा सात दल र नेकपा (माओवादी) बीच ०६२ मंसिरमा १२ बुँदे समझदारी भएको थियो। सात दल र माओवादीबीचको समझदारीपछि जनतामा दिगो शान्तिप्रतिको आशा तीव्र भएको थियो। १२ बुँदे समझदारीका माध्यमबाट दिगो शान्ति स्थापनाको प्रयास निरन्तररूपमा अगाडि बढ्यो। फलस्वरूप देश लामो हिंसात्मक द्वन्द्वबाट मुक्त भएको स्थितिसम्म आइपुग्यो।

२.४ मानवअधिकार अनुगमनका निम्ति राष्ट्रसंघको सक्रियता

नेपालमा सन् २००५ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापना भएपछि यसले मानवअधिकार अनुगमनमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ। उच्चायुक्तको नेपालस्थित कार्यालयले मानवअधिकार उल्लंघनमा बढी सक्रिय रहेका माओवादी र सरकार पक्षलाई सन् २००६ भरि पनि पटक–पटक सचेत गरायो। उच्चायुक्तको कार्यालयको सरोकारका कारण मानवअधिकार उल्लंघनमा कमी आएको महसुस गरियो र त्यस्ता घटना र प्रवृत्तिका विषयमा राष्ट्रसंघीय चासो बढ्न पुग्यो। ओएचसीएचआरको कार्यालय नेपालमा स्थापना भएपछि नेपालको मानवअधिकार स्थितिका बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षणमा पनि बृद्धि भएको महसुस गरियो।

०६२ माघ ४ मा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले एक विज्ञप्ति प्रकाशित गरी सरकारद्वारा सभा, जुलुस, धर्ना आदिमाथि लगाएको व्यापक बन्देजप्रति खेद प्रकट गर्नुका साथै स्पष्टीकरणको माग गरेको थियो।[१८] नगर निर्वाचनका बेला शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने अधिकारमाथि सरकारबाट भएको व्यापक उल्लंघनको विरोध गर्दै जनताको शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने अधिकारमाथि हस्तक्षेप नगर्न पटक-पटक शाही सरकारलाई सचेत गराउनुका साथै स्पष्टीकरणसमेत माग गरेको थियो। शाही सरकारले घोषणा गरेको कथित नगर निर्वाचनको विरोधमा उत्रिएका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई निर्वाचनभन्दा अगाडि नै पक्राउ गर्ने र जबरजस्ती सार्वजनिक सुरक्षा बिथोलेको भन्दै पूर्जी थमाउँदै थुनिएको कार्यको उच्चायुक्तको कार्यालयले विरोध गरेको थियो। उच्चायुक्तको कार्यालयले, शान्तिपूर्ण रूपले आफ्नो राजनीतिक अभिमत व्यक्त गरेबापत् सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनामा राखिएका सबै थुनुवाहरूको रिहाइका लागि आह्वान गरेको थियो।[१९]

---

१६. United Nations. "United Nations Human Rights Experts Express Grave Concern about Crackdown on Demonstrators in Nepal". *www.unog.ch/80256EDD006B9C2E/(httpNewsByYear_en)/B960CA2DAB241587C1257156004146E2?OpenDocument.* 20 April 2006

१८. ओएचसीएचआर-नेपाल । "सरकारद्वारा सभा, जुलुस, धर्ना आदिमाथि लगाइएको व्यापक बन्देजप्रति खेद प्रकट गर्नुका साथै स्पष्टीकरणको माग गर्दछ" । *प्रेस वक्तव्य* । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, १७ जनवरी २००६

१९. ओएचसीएचआर-नेपाल। "थुनुवाहरूको रिहाइको लागि आह्वान"। *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, ०६२ माघ २१

संयुक्त राष्ट्रसंघको साधारणसभाको प्रस्ताव नं. ६० /२५१ ले मानवअधिकार आयोगको ठाउँमा मानवअधिकार परिषद्लाई प्रतिस्थापना गरेपछि परिषदको ०६३ असोज १८ मा भएको दोस्रो सत्रले नेपालको मानवअधिकारको सुधँदो अवस्था र अगाडि बढेको शान्ति प्रक्रियालाई स्वागत गर्दै नेपालमा संयुक्त राष्ट्रसंघले आफ्नो सहयोग जारी राख्ने बताएको थियो।[३०] यसअघि मानवअधिकार उच्चायुक्त लुइस आर्बरले ०६२ फागुनमा नेपालमा आफ्नो कार्यालयको १ सेप्टेम्बर २००५ देखि जनवरी २००६ को अन्त्यसम्मको प्रतिवेदन संयुक्त राष्ट्रसंघ समक्ष मानवअधिकार आयोग प्रस्तुत गरेकी थिइन्। ०६३ असोजमा उच्चायुक्तले परिषदको बैठकमा नेपालस्थित उनको कार्यालय र नेपालको मानवअधिकारको अवस्थाका बारेमा मौखिक जानकारीसमेत गराएकी थिइन्।[३१] मानवअधिकार परिषदले नेपाल सरकार र उच्चायुक्तको कार्यालयबीच भइरहेको सहकार्य, उच्चायुक्तको कार्यालयको क्षेत्राधिकारको समयावधि नेपाल सरकारले बढाउन तयार रहेको र मानवअधिकार परिषदको विशेष कार्यविधिलाई गरेको सहयोगका सम्बन्धमा स्वागतसमेत गरेको थियो। उच्चायुक्त लुइस आर्बरलाई आफ्नो कार्यालयले नेपालमा गरेका गतिविधिका साथै प्राविधिक सहयोगका सम्बन्धमा मानवअधिकार परिषदको चौथो सत्रमा प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गरिएको थियो।[३२] त्यसपछि नेपालको मानवअधिकार अवस्थाका साथै शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको सहयोग जारी रह्यो।

उच्चायुक्तको नेपालस्थित कार्यालयले सात दलद्वारा चैत-वैशाखमा आयोजित जनआन्दोलन-२ को प्रदर्शनको अनुगमन गरेको थियो। त्यसक्रममा उच्चायुक्तको कार्यालयले पटक-पटक प्रेस विज्ञप्ति प्रकाशित गरी प्रदर्शन दबाउन गरिएको व्यापक बल प्रयोगको भर्त्सना गरेको थियो। ०६२ चैत २९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले अत्यधिक बलको प्रयोग, शान्तिपूर्ण सभा, जुलुसउपर लगाइएको बन्देज र स्वेच्छाचारी गिरफ्तारी प्रति खेद प्रकट गरेको थियो। विज्ञप्तिमा उक्त कार्यालयका प्रमुख इयान मार्टिनले सर्वसाधारणमाथि भएको हिंसाको स्तर स्वीकार्य नभएको र सरकारी निकायको त्यस्तो कार्य मानवअधिकारका सम्बन्धमा राज्यको अन्तर्राष्ट्रिय दायित्वविरुद्ध भएको कुरा सरकार तथा प्रदर्शन शान्तिपूर्ण गराउने कार्यमा संलग्न प्रहरी तथा अन्य सुरक्षाफौजका सबै कमाण्डरहरूले बुझ्नुपर्ने बेला आएको बताएका थिए। प्रदर्शनलाई शान्तिपूर्ण बनाउने कार्यमा एकदमै न्यूनतम बलमात्र प्रयोग गर्न सुरक्षाफौजलाई स्पष्ट निर्देशन दिन उनले सरकारलाई आग्रह गरेका थिए। उच्चायुक्तको कार्यालयले गरेको हस्तक्षेप र स्थलगत अनुगमनका कारण प्रदर्शनकारीहरूमाथि हुने गरेको दमन कार्यबाट सुरक्षाकर्मीहरू केही हदसम्म भएपनि पछि हटेको महसुस गरिएको थियो।

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले मे २००६ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँग सम्बन्ध भएको आशङ्कामा तत्कालीन शाही नेपाली सेनाद्वारा सन् २००३ मा पक्राउ गरिएका र काठमाडौँस्थित महाराजगञ्ज ब्यारेकमा राखिएका व्यक्तिहरूको पक्राउ, थुना, यातना र उनीहरूलाई निरन्तर बेपत्ता पार्ने कार्यसम्बन्धी छानबिन प्रतिवेदन प्रधानमन्त्रीलाई रक्षामन्त्रीको हैसियतमा र प्रधानसेनापतिसमक्ष पेश गऱ्यो।[३३]

मे २००५ मा आफ्नो कार्यालय स्थापना भएलगत्तै उच्चायुक्तको कार्यालयले यी गम्भीर आरोपहरूसम्बन्धी छानबिन सुरु गरेको थियो। दर्जनौंको सङ्ख्यामा आफन्तहरूले कार्यालयमा उजुरी दायर गरेपछि उच्चायुक्तको कार्यालयले अनुसन्धान सुरु गरेको थियो। त्यस क्रममा कार्यालयले बेपत्ता पारिएकाहरूका परिवार, पूर्वथुनुवा र प्रत्यक्षदर्शी तथा सूचना उपलब्ध गराउने अन्य व्यक्तिहरू गरी ५० भन्दा बढीसँग उनीहरूको थुना र यातनासम्बधी अन्तरवार्ता लिएको थियो।[३४]

शाही नेपाली सेनाद्वारा सन् २००३ मा पक्राउ गरिएका र विभिन्न समयमा महाराजगञ्ज ब्यारेकमा राखिएका सयौं व्यक्तिमध्ये अधिकांशलाई लामो समयसम्म

---

३०. United Nations Human Rights Council. "Cooperation with the Office of the United Nations High Commissioner for Human Rights". Second Session, Agenda Item 2. *http://dacessdds.un.org/doc/UNDOC/LTD/GO6/145/47/PDF/Go61454.pdf ? open element.* 2006

३१. United Nations Commission on Human Rights. "Report of the United Nations High Commissioner for Human Rights on the situation of human rights and the activities of her Office, including technical cooperation, in Nepal". (E/CN.4/2006/107). *www.ohchr.org/english/bodies/chr/docs/62chr/E.CN.4.2006.107.pdf.* 16 February 2006

३२. पूर्ववत् २०

३३. ओएचसीएचआर-नेपाल । *प्रेस वक्तव्य* । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, २६ मे २००६

३४. ओएचसीएचआर-नेपाल । "महाराजगञ्जस्थित नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना यातना र बेपत्ता सम्बन्धी प्रतिवेदन" । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, २६ मे २००६

चरम यातना र दुर्व्यवहार गरेर राखिएको थियो र यसमा भैरवनाथ गणले प्रमुख भूमिका खेलेको कुरा आफ्नो छानबिनले पाएको कार्यालयले जनाएको थियो। त्यसरी बेपत्ता पारिएका ४९ जनाको नाम उच्चायुक्तको कार्यालयले सार्वजनिक गरेको थियो। उच्चायुक्तको कार्यालयले यससम्बन्धी प्रतिवेदन सरकारलाई बुझाए पनि न सरकारले कुनै चासो व्यक्त गऱ्यो नत सुरक्षा निकायले नै। यसैगरी उच्चायुक्तको कार्यालयले काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा फेब्रुअरी २००४ मा (शाही) नेपाली सेनाको हिरासतमा मृत्यु भएकी १५ वर्षीया मैना सुनुवारको यातना र मृत्युसम्बन्धी आफ्नो प्रतिवेदन ०६३ पुस ६ गते सार्वजनिक गऱ्यो। प्रतिवेदनले न्याय खोज्ने प्रयास र यो मुद्दामा प्रगतिको अभाव एवम् नेपाली सनाको तर्फबाट भएको पारदर्शिताको अभाव अभिलेख गरेको छ। यो मुद्दाले उपचार खोज्दा मानवअधिकार उल्लङ्घनका पीडितहरू वा तिनका आफन्तहरूले अझै सामना गर्नुपरेका धेरै अवरोध पनि चित्रित गरेको छ।[१५]

उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी) द्वारा भएका दुर्व्यवहार सरोकारहरूको संक्षेप पनि सार्वजनिक गऱ्यो। सेप्टेम्बर २००६ मा सार्वजनिक गरिएको उक्त सरोकारमध्ये बाँच्न पाउने अधिकार (अपहरित व्यक्तिहरूको हत्या र मृत्यु), स्वतन्त्रता र सुरक्षा तथा दुर्व्यवहार अनि यातना एवम् बालबालिका र आन्तरिकरूपले विस्थापित व्यक्तिहरूका अधिकारसँग सम्बन्धित मुद्दाहरूलाई उठाएको थियो।[१६] उच्चायुक्तको कार्यालयले उल्लंघनकर्ताहरूलाई बेलाबेला विभिन्न माध्यमद्वारा गराएको सचेतनका कारण मानवअधिकार उल्लंघनकर्ताहरू चाहे त्यो राज्य होस् वा माओवादी, उनीहरूलाई यस्ता कार्य गर्नबाट पछि हट्न थोरै मात्रामा भए पनि अहम् भूमिका खेल्यो। मानवअधिकार अवस्थाको निगरानी, मानवअधिकार उल्लंघनको निरन्तर अनुगमन र त्यसका विरुद्ध सम्बन्धित पक्षलाई गराइने सचेतता र स्पष्टीकरण माग नै उच्चायुक्तको कार्यालयद्वारा नेपालमा शान्ति स्थापनाका लागि भएको एउटा उल्लेख्य सहयोग मान्न सकिन्छ।

३. जनताको जीत, लोकतन्त्रको उदय

३.१ संसदका ऐतिहासिक निर्णयहरू

प्रतिनिधिसभाको पुनर्स्थापनाले देशमा शान्ति स्थापना हुने आशा जगायो। त्यस लगत्तै पुनर्स्थापित संसदले जनादेश अनुसार आफ्ना गतिविधि संचालन गरेको भन्दै केही साहसिक निर्णयहरू गऱ्यो।

निरंकुश शाही सरकारको अन्तिम समयतिर राजाको घोषणापछि सात दलद्वारा संघर्ष रोकिएपछि माओवादीले यसलाई धोकाको संज्ञा दिदै संघर्ष जारी राख्ने बताएका थिए। माओवादीहरूको उक्त भनाइले जनतामा पुनः एकपटक हिंसा भड्केला भन्ने संत्रास बढेका थियो। तर संसद पुनर्स्थापित हुने बित्तिकै यसले गरेको विभिन्न ऐतिहासिक घोषणासँगै संविधानसभाको चुनाव गर्ने घोषणा गरेपछि मात्र सात दल र नेकपा (माओवादी) बीच शान्तिका लागि पहलकदमी अगाडि बढ्यो। यसले शान्तिका मार्गहरू निर्धारण गऱ्यो। ०६३ जेठ ४ गतेको संसदको घोषणाले राजाको अधिकांश शक्तिहरू कटौति गर्नुका साथै युगान्तकारी परिवर्तन गरेको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")* घोषणामार्फत् नेपाल अधिराज्यको कार्यकारीणी अधिकार अब उप्रान्त मन्त्रिपरिषदमा निहित रहने र श्री ५ को सरकारलाई अब उप्रान्त नेपाल सरकार भन्ने निर्णय गरियो। घोषणामार्फत् शाही नेपाली सेनालाई नेपाल सेना नामाकरण गरियो। वर्षौंदेखि राजसंस्थालाई निरकुंश बनाउन टेवा पुऱ्याउने राजपरिषद्लाई घोषणामार्फत् खारेज गरिनुका साथै राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाउने घोषणा गरिएको थियो। उक्त घोषणामार्फत् गरिएको अर्को सशक्त र युगान्तकारी परिवर्तन भनेको नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिनु हो। यसले सदियौंदेखि विभिन्न धार्मिक समुदायमा परेको द्वेषलाई मेटाउन ठूलो भूमिका निर्वाह गऱ्यो। यो घोषणाले सम्पूर्ण धर्म मान्नेहरूको भावनालाई सम्मान र धर्मका आधारमा गरिने विभेदलाई अन्त्य गऱ्यो। यद्यपि हिन्दू धर्म नै घोषणा गरिनुपर्ने नेपाललाई धर्म निरपेक्ष राज्य बनाउन नमिल्ने भनी केही कथित हिन्दू धर्मावलम्बीहरूले यसको विरोध गरे। तर धर्म निरपेक्ष राज्यको पक्षमा ठूलो समूह भएकाले यसले उश्रृंखलता र विनास भने सृजना गर्न सकेन। यस हिसाबले हेर्दा पनि नेपालमा धर्म निरपेक्षताको पक्षमा ठूलो जनमत भएको अनुमान लगाउन सकिन्छ।

यसैगरी प्रतिनिधि सभामार्फत् पारित महिला आरक्षण तथा नागरिकताको सवालका साथै छुवाछूतमुक्त राष्ट्रको घोषणा उल्लेख्यनीय हुन्। तर प्रतिनिधिसभामार्फत् घोषणा गरी छुवाछूतमुक्तको सवाल व्यवहारमा कस्तो छ भन्ने विचार गर्ने हो भने घोषणाले मात्रै यस्ता समस्याहरू समाधान नहुने

---

१५. ओएचसीएचआर-नेपाल । "मैना सुनुवारको यातना र मृत्युसम्बन्धी प्रतिवेदन"। काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, २०६३ पुस ६

१६. ओएचसीएचआर-नेपाल । "नेकपा (माओवादी) द्वारा भएका दुर्व्यवहार सरोकारहरूको सङ्क्षेप"। काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, सेप्टेम्बर २००६

स्पष्ट छ। घोषणापछिका सात महिनासम्म पनि यसलाई सार्थकता दिनेतर्फ कसैको ध्यान गएको पाइएन। घोषणाबाटै समस्या समाधान हुने भए अहिलेसम्म मुक्त कमैयाहरूको समस्या ज्यूँका त्यूँ रहने थिएन। समस्यालाई जरैदेखि फाल्नका लागि चालिनु पर्ने कदम घोषणाभन्दा पनि उल्लेख्य हुन सक्दछ। त्यसतर्फ भने सांसदहरूका साथै सरकारको समेत ध्यान गएको देखिँदैन। यसैगरी सांसद विद्या भण्डारीले प्रस्तुत गर्नुभएको सार्वजनिक सरोकारको महत्वको प्रस्ताव राज्यको सम्पूर्ण तहमा महिलाहरूको ३३ प्रतिशत अनिवार्य प्रतिनिधित्वको सवाल, बाबु या आमामध्ये एकको नामबाट सन्तानले नागरिकता पाउनु पर्ने र घरेलु हिंसा अन्त्य गर्नुपर्ने प्रस्तावलाई प्रतिनिधिसभाले सर्वसम्मतिबाट पारित गरेको थियो।

तर प्रतिनिधित्वको सवाललाई भने घोषणा गरेको केही दिनमै ओझेलमा पारियो। एकातिर ३३ प्रतिशत सहभागिता गराइने भनियो अर्कातिर संक्रमणकालीन अवस्थामा गठन गरिएका विभिन्न समितिहरूका साथै मानवअधिकार आयोग गठनका लागि सिफारिस गरिएको नामावलीमा समेत घोषणा गरिएको महिला प्रतिनिधित्वको व्यवहारिक रूप भने अनुदित भएको पाइएन। यहाँसम्मकी समावेशीकरणको सिद्धान्त अलापिरहने माओवादीले समेत यसलाई नजरअन्दाज गऱ्यो। नीति एकातिर कार्यान्वयन अर्कातिर हुँदै जाने हो भने पुनः द्वन्द्व नबढ्ला भन्न सकिन्छ र ? तर आमा वा बाबुमध्ये कुनै एकको नामबाट नागरिकता पाउने सवालले भने व्यवहारमा औचित्य प्राप्त गऱ्यो। यहाँसम्मकी अन्तरिम संविधानमा समेत यो व्यवस्था गरिएको छ। नेपालमा सदियौँदेखि नागरिकता नपाएर अलपत्र परेका र राष्ट्रकै सेवा-सुविधाबाट वञ्चित हुनुपरेका समुदायका लागि यो व्यवस्थाले समुचित व्यवस्थापन गर्ने प्रबल सम्भावनाका आधारहरू तय गर्नेछ। यो व्यवस्था भोट प्राप्त गर्ने राजनीतिक उद्देश्यले मात्र लक्षित नभई निरन्तर व्यवहारमा उतारिएको प्रतिबद्धता बन्नु पर्दछ। अनिमात्र यसले सार्थकता प्राप्त गर्नेछ।

३.२ उच्चस्तरीय जाँचबुझ समिति : दण्डहीनताको अन्त्यका लागि आशलाग्दो प्रयास

दण्डहीनताको संस्कृतिले सँधै मानवअधिकार उल्लंघन र अपराधलाई प्रश्रय दिने गर्दछ। जबसम्म मानवअधिकार उल्लंघनकर्ताहरूलाई न्यायको कठघरामा उभ्याइँदैन, तबसम्म पीडितले सहीरूपमा न्याय पाएको मानिँदैन। दण्डहीनताको प्रश्न न्यायसँग जोडिने गर्दछ। देशमा दण्डहीनताको अन्त्य तथा शान्ति स्थापनाका लागि अपराधमा संलग्न दोषीहरूउपर छानबिन गरी दण्ड सजायको व्यवस्था गरेमा मात्र त्यस्ता अपराधमा कमी आउन सक्दछ। अपराध र मानवअधिकार उल्लंघनमा कमी आउनु भनेको स्थायी शान्ति स्थापनाको वातावरण सृजना हुनु हो।

लोकतान्त्रिक सरकारले जनआन्दोलनका क्रममा भएको व्यापक मानवअधिकार उल्लंघनका दोषीहरूका बारेमा छानबिन गरी दोषीहरूउपर कारवाही गर्नका लागि एक उच्चस्तरीय जाँचबुझ आयोगको गठन गऱ्यो।

पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा ०६३ वैशाख २२ गते गठित पाँच सदस्यीय उक्त जाँचबुझ आयोगलाई जनआन्दोलनका क्रममा शाही सरकारबाट आन्दोलनकारीहरूमाथि भएका दमनका घटनाहरूबाट देशका विभिन्न भागमा भएको धनजनको क्षति, त्यसक्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग, सत्ता, शक्ति र पदको दुरूपयोग तथा मानवअधिकार उल्लंघनको जाँचबुझ गरी दोषी पत्ता लगाई निजहरूउपर गर्नुपर्ने कारवाहीका सम्बन्धमा समेत राय, ठहर र सुझावसहितको प्रतिवेदन पेश गर्ने दायित्व सुम्पिएको थियो।[२७] जाँचबुझ आयोग ऐन २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जाँचबुझ आयोगको गठन गरिएको हो। जनआन्दोलनको मर्म र भावनाबमोजिम पारदर्शी, प्रभावकारी एवम् विधिसम्मत ढंगले छानबिन गरी दोषीहरूलाई न्यायको दायरामा ल्याउन सिफारिस गर्ने र दोषीहरू कुनै पनि अवस्थामा उम्कन नपाउने वातावरण तयार गर्नुपर्ने आयोगको प्रमुख दायित्व हुँदाहुँदै कतिपय अवस्थामा यसले सो अनुरूप कार्य नगरेको अनुभव भयो।

तर संक्रमणकालीन अवस्थामा गठित उक्त आयोग दोषीउपर कारवाही र पीडितलाई न्याय दिलाउनका लागि गरिएको अनुसन्धानमा भने प्रयत्नशील रहेको पाइयो। यद्यपि सरकारलाई प्रतिवेदन बुझाउने बेलामा आयोगभित्रैका सदस्यहरूबीच मतभेद भने नदेखिएको होइन। बयानका क्रममा दोषीहरूसँग के कुराकानी गरियो भन्ने तथ्य थाहा नभएपनि यसले आफ्नो छानबिनका क्रममा जनआन्दोलन-२ दबाउन सक्रिय रहेकाहरूसँग बयान लिने र आन्दोलनउपर चरम दमन प्रयास भएका काठमाडौंका कलंकी, गोंगबुलगायत्का ठाउँहरू र पाँचै क्षेत्रका अन्य ठाउँहरूको पनि भ्रमण गरी तथ्य संकलन गर्ने काम गऱ्यो। पटक-पटक म्याद थप गरिएको उक्त आयोगले ६ महिनाको छानबिनपछि राजा ज्ञानेन्द्रसहित २ सय २ जनालाई कारवाहीको सिफारिस गर्दै ०६३ मंसिर ४ गते नेपाल सरकारसमक्ष आफ्नो प्रतिवेदन पेश गऱ्यो।

सरकारले उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्नका लागि ०६३ मंसिर ११ गते उपप्रधानमन्त्री

---

२७. श्री ५ को सरकार । *नेपाल राजपत्र* । खण्ड ५६, अतिरिक्ताङ्क १०। काठमाडौं: मुद्रण विभाग । ०६३ वैशाख २२

तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा पाँचजनाको उच्चस्तरीय समिति गठन गऱ्यो। समितिमा गृहमन्त्री कृष्णप्रसाद सिटौला, कानुन तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्र विक्रम नेम्वाङ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री हृदयेश त्रिपाठी र भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठ रहेका छन्।[२८] सरकारलाई हस्तान्तरण गरिएको उक्त प्रतिवेदन सार्वजनिक हुन बाँकी नै छ। प्रतिवेदनले दोषी ठहऱ्याएका व्यक्तिहरूलाई सरकारले कुनै पनि हालतमा नछोड्ने र उनीहरूलाई दण्डको भागीदार बनाउनेमा सक्रियरूपमा काम गर्ने प्रतिबद्धता सरकारले प्रतिवेदन प्राप्त गरेका दिनदेखि दोहोऱ्याउँदै आएको छ। प्रतिवेदनमा उल्लेख भएअनुसार जनआन्दोलन दबाउने क्रममा लाखौं प्रदर्शनकारीहरूको जीवनसँग खेलवाड गर्नेहरूलाई सरकारले कानुन अनुसार कारवाही गरेमा मात्र यो प्रयास दण्डहीनताको अन्त्यको दिशामा महत्त्वपूर्ण खुड्किलो ठहरिन सक्छ। अन्यथा, रायमाझी आयोग पनि विगतको मल्लिक आयोगभन्दा कुनै फरक नहुने निश्चित छ।

३.३ बेपत्ता व्यक्तिका सम्बन्धमा एक सदस्यीय छानबिन समिति : विगतकै निरन्तरता

लोकतन्त्रको पुनर्स्थापनासँगै भएका विभिन्न निर्णयहरूका साथसाथै सरकारले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा खोजबिन गर्न एक सदस्यीय छानबिन समिति गठन गऱ्यो। सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने कार्यलाई प्राथमिकता दिई ०६३ जेठ ११ गतेको मन्त्रिपरिषदको निर्णयअनुसार गृहमन्त्रालयका सचिव वामनप्रसाद न्यौपानेको अध्यक्षतामा एक सदस्यीय समिति गठन गऱ्यो। सन् २००४ र सन् २००५ मा पनि यसैगरी एक सदस्यीय समिति गठन गरिएको थियो। त्यसबेला पनि यसको काम कारवाही र सार्वजनिक गरिएको नामावलीप्रति आशंका व्यक्त गरिएको थियो। अघिल्ला समितिजस्तै यस समितिले पनि सुरक्षा निकायबाट जस्तो सूचना प्राप्त गऱ्यो त्यसैलाई सार्वजनिक गऱ्यो। बेपत्ताहरूका बारेमा खोजबिन गर्ने केही निश्चित प्रक्रियाहरू हुन्छन। यस समितिले के-कस्तो प्रक्रिया अपनायो भन्नेबारे जनतालाई अनभिज्ञ पारियो। समितिले ०६३ साउन १ गते प्रतिनिधिसभाको परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिमा एक पत्र पठाई छानबिन प्रतिवेदन पेश गरेको थियो। उक्त प्रतिवेदनमा ६ सय २ जनाको स्थिति अझै अज्ञात रहेको र १ सय ७४ जनाको स्थितिका बारेमा जानकारी भएको उल्लेख गरिएको छ।[२९] विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले नेपाललाई बढी मानिस बेपत्ता पारिने देशहरूमा सूचीकृत गरेको र विभिन्न मानवअधिकार संघसंस्थाहरूसँग बेपत्ता पारिएका हजारभन्दा बढी मानिसहरूको तथ्याङ्क रहेको सन्दर्भमा प्रतिवेदन कत्तिको विश्वसनीय होला ? मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले ०६३ जेठ १२ गते सार्वजनिक गरेको, काठमाडौंको महाराजगञ्जस्थित नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदनउपर छानबिनका लागि समितिले कुनै पनि पहल गरेन। न सुरक्षा निकायले नै यस सम्बन्धमा कुनै आधिकारिक जवाफ उच्चायुक्तको कार्यालयलाई बुझायो न त सार्वजनिक जानकारी गरायो।

मन्त्रिपरिषद्को निर्णय अनुसार गठन गरिएको एक सदस्यीय उक्त समितिको कुनै कानुनी हैसियत प्रष्ट थिएन। एक सदस्यीय समिति कहिल्यै पनि पूर्ण हुँदैन। तर लोकतान्त्रिक सरकारले पनि यस सम्बन्धमा ध्यान नपुऱ्याएको देख्दा यो सरकार मानवअधिकारका यस्ता गम्भीर सवालहरूप्रति कति संवेदनशील छ भन्ने स्पष्ट हुन्छ। यस समितिले बेपत्ता व्यक्तिहरू फर्केर आउने आशामा बसेका उनीहरूका आफन्तको भावनाको सम्मान गर्न नसकेको अनुभव गरायो।

४. शान्ति प्रयास

४.१ विगतको असफल शान्ति प्रक्रिया

दिगो शान्तिको स्थापना हतियारबाट हैन वार्ताबाट सम्भव छ भन्ने तथ्यलाई नेपालको अनुभवले पनि साबित गरिसकेको छ। ०६३ वैशाख ११ गते राति देशमा लोकतन्त्र पुनर्स्थापित भएपछि भएका सबै राजनीतिक दलहरूबीचको सामुहिक र निरन्तर प्रयासबीच शान्ति प्रक्रियाले सकारात्मक दिशा निर्दिष्ट गरेको छ। योभन्दा अगाडि दुई पटकसम्म भएका वार्ताहरूमा विद्रोही र सरकार पक्षले देखाएको असहिष्णुता र हतियारको भरमा हिंसालाई दबाउने कार्यले दिगो शान्ति स्थापना हुन नसकेको वस्तुस्थितिलाई उजागर गरिसकेको छ। विगतमा भएका यी कमी-कमजोरीहरूलाई विश्लेषण गर्दै दुई पक्षबीच भएको वार्तामा दुवै पक्षले देखाएको लचकताका कारण नै अहिलेको शान्ति वार्ता सार्थक सिद्ध भएको छ। यसले विश्वसामू नै एउटा नौलो उदाहरण प्रस्तुत गरेको छ। यद्यपि यसका कमी

२८. "रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उच्चस्तरीय समिति गठन"। *www.inseconline.org*। ०६३ मंसिर ११ गते हेरिएको

२९. "गृह मन्त्रालयले राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सम्बन्धमा प्रतिनिधिसभाको परराष्ट्र तथा मानवअधिकार समितिमा पठाएको प्रतिवेदन" । काठमाडौं: नेपाल सरकार । ०६३ साउन १

कमजोरीहरू पनि नभएका होइनन्। वार्तामा राजनीतिक मुद्दाहरूका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई पनि महत्त्व दिइएको छ। तर शताब्दियौंदेखि जरो गाडेर रहेको जातीय भेदभाव, छुवाछूतलगायत्का सामाजिक समस्याहरूको निराकरणका निम्ति स्पष्ट मार्गचित्र प्रस्तुत गर्न भने शान्ति वार्ताले अपेक्षाकृतरूपमा सकेको देखिएन।

लोकतान्त्रिक जनआन्दोलन-२ को सफलताको पर्सीपल्ट अर्थात् ०६३ वैशाख १३ गते माओवादीले तीन महिनाका लागि युद्धविराम घोषणा गरेपछि शान्ति वार्ताको प्रक्रिया अघि बढ्यो। वार्ता मुख्यत: राजतन्त्र, सेनाको लोकतान्त्रिकरण र पुनर्संरचना, अन्तरिम संविधान, विधायिका र सरकार गठन तथा संविधानसभाको निर्वाचनका विषयमा बढी केन्द्रित भयो। सात राजनीतिक दल तथा माओवादीहरूबीच भएको वार्ताका माध्यमबाट तय गरिएको शान्ति सम्झौताको निर्णय, बृहद् शान्ति सम्झौतामा हस्ताक्षर, अन्तरिम संविधानमा हस्ताक्षरलगायत् हतियार व्यवस्थापनसम्बन्धी त्रिपक्षीय सम्झौताहरू महत्त्वपूर्ण परिणाम हुन्। सबै राजनीतिक दलहरूलाई यो निर्णयसम्म आइपुग्न यसक्रममा उठेका सवालहरूमा निकै बहस गर्नु पऱ्यो। राज्यको पुनर्संरचनाको सवालमा वार्ता हेर्दा माओवादी पक्ष सात राजनीतिक दलहरू वा सरकारप्रति बढी हावी भएको अनुभव भयो। माओवादीले राखेका सम्पूर्ण सर्तहरू नेपाल सरकारले मान्नुपर्ने अवस्था उनीहरूले खडा गरेको देखियो।

जनताका आधारभूत अधिकारका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रत्याभूति राज्यले गर्न सकेको अवस्थामा मात्रै देशमा स्थायी शान्तिको कल्पना गर्न सकिन्छ। त्यसकारण लोकतन्त्र सुदृढीकरणका लागि समस्याको जरो पत्ता लगाउन आवश्यक हुन्छ। अर्थात् द्वन्द्वको मूल कारणहरूलाई लोकतन्त्र प्राप्तिपछि बनेको सात दलको सरकार र नेकपा (माओवादी) स्वयम्ले विश्लेषण गरि त्यसको निराकरण गर्न सकेको खण्डमा मात्र स्थायी शान्ति कायम हुनसक्ने अवस्था सृजना हुन्छ। यो अवस्थालाई वार्तामा बस्ने सबै पक्षले पूर्णरूपमा आत्मसात गरेको भने देखिएन।

स्थायी शान्ति कायम गर्नका लागि देशमा जनताका हक-अधिकारहरूको समानुपातिकरूपमा प्रत्याभूति हुनुपर्दछ। संसारभरी नै आज सो नहुँदा हत्या, हिंसा र आतंक सृजना भएको छ। नेपालमा मात्र नभएर विश्वका जनता अहिले शान्तिको याचना गरिरहेका छन्।

जनयुद्ध सुरु भएयता भएका जघन्य मानवअधिकार उल्लंघनले मानव असुरक्षाको वातावरण अत्यधिक बढायो। युद्धमा असंलग्न सर्वसाधारण जनता सुरक्षाकर्मी र माओवादीबाट यति सताइएकी उनीहरूले आफ्नै अगाडि आफन्त मारिएको अवस्थामासमेत बोल्न पाएनन्। कतिपय अवस्थामा आफन्तको काजकिरियासमेत गर्न र कतिपयले आफन्त मारिएको हो वा जीउँदै छ भन्नेसम्म पनि जान्न पाएनन्। यस्तो अवस्थामा बेपत्ता पारिएको आफन्त भरे आउने हो कि भोली भनेर प्रतिक्षा गरिरहेकाहरूको संख्या पनि कम छैन।

युद्धरत पक्ष शान्ति स्थापनाका लागि प्रयासरत नभएका होइनन्। जनयुद्ध सुरु भएयता नेपालमा पहिलो पटक ०५८ साउनमा युद्धविराम भएको थियो। यसपछि वार्ताका प्रयासहरू भए तर दीर्घकालीन समस्या समाधानका उपायहरूको खोजी नगरिकन वार्तामा बसेका राज्य र माओवादीबीच देखिएको असमझदारी र अविश्वासका कारण शान्ति वार्ता सफल भने हुन सकेन। ०५८ भदौबाट सुरु भएको शान्ति वार्ता तीन चरणसम्म सम्पन्न भएको थियो। सो समयमा पहिलो चरणमा भएको वार्तामा दुवै पक्षद्वारा शान्तिपूर्ण वार्ताको माध्यमद्वारा समस्याको निकास खोज्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। दोस्रो चरणमा माओवादीहरूले सरकारी वार्ता टोलीसमक्ष तीन किसिमका प्रस्तावहरू पेश गरेका थिए।[३०] तेस्रो चरणमा भने माओवादीहरूले अघिल्ला वार्ताहरूमा उठाउँदै आएको गणतन्त्रको मागलाई वार्ताको एजेण्डाबाट हटाएर संविधानसभाको मागलाई प्रमुखरूपमा उठाए। तर माओवादीको यस मागप्रति सरकार भने असहमत थियो। यसकै कारण विना निष्कर्षमा वार्ता टुंगिएको थियो।

तेस्रो चरणको वार्ता सकिएको सात दिनपछि ०५८ मंसिर ६ गते माओवादी अध्यक्ष प्रचण्डले एक वक्तव्य जारी गरी वार्ताको औचित्य समाप्त भएको घोषणा गरी युद्धविराम भंग गरका थिए। वार्ताको क्रममा माओवादीहरूको माग अनुसार सरकारले सार्वजनिक सुरक्षासम्बन्धी नियमावली खारेज गर्ने, थुनामा रहेकाहरूको नामावली सार्वजनिक गर्नेलगायत् माओवादीका केही नेताहरूलाई थुनामुक्त गर्ने कार्यसमेत गरेको थियो।[३१] युद्धविरामकै अवस्थामा दुवै पक्षले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनलाई भने जारी नै राखेका थिए। युद्धविराम भंग गरेलगत्तै नेकपा (माओवादी) ले सैनिक क्याम्पहरूमा आक्रमण सुरु गर्नुका साथै व्यक्ति हत्यामा बढी केन्द्रित हुन पुगे। त्यसपछि तत्कालीन सरकारले देशमा पहिलोपल्ट संकटकालको घोषणा गरेको थियो। संकटकाल लागू गरी देशमा सेना परिचालन

३०. इन्सेक। "सरकार-माओवादी वार्ता : गोदावरीदेखि गोदावरीसम्म"। *मानवअधिकार वर्ष पुस्तक २००२*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००२ । पृ. ८

३१. पूर्ववत्

गरिएपछि हिंसाले व्यापक रूप लिएको थियो।

सरकार र माओवादीबीच ०६० वैशाखमा दोस्रो पटक औपचारिक वार्ता भएको थियो। ०६० वैशाख १४ गतेबाट सुरु भएको वार्तामा शान्ति स्थापनाका प्रयास र आवश्यक गम्भीर गृहकार्यको अभाव देखिएको थियो। दोस्रो पटकको वार्ता पनि तीन चरणसम्म सम्पन्न भयो तर चौथो पटक भने हुन सकेन। वार्ताकै अवस्थामा रामेछाप जिल्लाको दोरम्बामा सेनाले १९ जना निहत्था व्यक्तिको गैरन्यायिक हत्या गऱ्यो। सरकारको असहिष्णुताका कारण वार्तालि निरन्तरता पाउन नसकेको दोषारोपण गर्दै माओवादीले वार्ता भंग गरेको सार्वजनिक गरेका थिए।[३३] युद्धविरामपछि आचारसंहिता जारी गरी दुवै पक्षले हस्ताक्षर गरेका थिए। तर उक्त आचारसंहितालाई व्यवहारमा लागू नगरिंदा पुनः हिंसा भड्कियो र देश युद्धमा होमिन पुग्यो।

शान्ति स्थापनाका लागि भएका अघिल्ला वार्ताका प्रयासहरू विफल किन भए भनेर हेर्ने आधारहरू छन्। शान्ति भन्ने बित्तिकै त्यससँगसँगै मानवअधिकार र न्यायको सवाल अगाडि आउँछ। शान्ति वार्तामा बस्नेहरूले जनताका सवाल तथा समस्याका विषयमा भन्दा पनि आफ्ना राजनीतिक सरोकारहरूमा बढी छलफल गरे। राजनीतिक मुद्दाहरूमै दुवै तर्फका असमझदारी र अविश्वास पलाउन थालेपछि शान्ति वार्ताका प्रयासहरू विफल भए। ती प्रयासहरूमा समस्याको मूल कारणहरू सम्बोधन गर्नेभन्दा पनि राजनीतिक व्यवस्थापनलाई मात्र बढि ध्यान दिइएको थियो।

सही अर्थमा शान्ति स्थापना गर्ने हो भने हिंसात्मक द्वन्द्वको सुरुवात कसरी भयो भनेर विश्लेषण गर्नु जरुरी हुन्छ। यसका लागि जनता, देशको भू-राजनीतिक अवस्था, आर्थिक-सामाजिक र सांस्कृतिक परिस्थिति र सम्बन्धहरू तथा समग्र राज्य व्यवस्थालाई नियालेर हेरिनु पर्दछ। राज्य, जो जनताको प्रमुख संरक्षक मानिन्छ, यसले जनताका सवालका साथै आधारभूत आवश्यकतालाई कसरी सम्बोधन, संरक्षण वा परिपूर्ति गरिरहेको छ त्यसतर्फ ध्यान दिनु पर्दछ। देशमा हिंसाले लिएको रूप र त्यसको परिणामलाई दृष्टिगत गर्दा राज्यले जनताका नागरिक तथा आधारभूत अधिकारका सवाललाई झिना-मसिना मुद्दाको रूपमा हेरेका कारण यस्तो परिस्थिति सृजना भएको हो। जसका कारण लाखौं जनता पीडित हुनुपऱ्यो।

४.२ युद्धविराम र शान्ति वार्ता

राजाले वैशाख ११ गते राति संसद पुनर्स्थापनाको घोषणा गरेपछि वैशाख १२ गतेदेखि लोकतान्त्रिक जनआन्दोलन अन्त्य भयो। माओवादीहरूले यसको भोलिपल्टै अर्थात ०६३ वैशाख १३ गते तीन महिनाका लागि युद्धविराम घोषणा गऱ्यो भने सरकारले ०६३ वैशाख २० गतेबाट युद्धविरामको घोषणा गऱ्यो। माओवादीले उक्त युद्धविरामको अवधिलाई थप तीन महिनाका लागि ०६३ साउन १२ गते पुनः निरन्तरता प्रदान गऱ्यो।

माओवादी र सातदलबीच सम्पन्न विभिन्न सहमति अनुसार वार्ता टोली गठन भयो। ०६३ वैशाख ३० गते माओवादीका तर्फबाट कृष्णबहादुर महराको नेतृत्वमा देव गुरुङ र दीनानाथ शर्मा रहेको तीन सदस्यीय वार्ता टोली गठन भयो भने ०६३ जेठ ५ गतेको मन्त्रिपरिषदको बैठकद्वारा गृहमन्त्री कृष्ण सिटौलाको नेतृत्वमा सरकारका तर्फबाट वार्ता टोली गठन भयो। मन्त्रिपरिषदको ०६३ जेठ ११ गतेको बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रदीप ज्ञवाली र यातायात तथा श्रम राज्यमन्त्री रमेश लेखकलाई सदस्यका रूपमा थप्ने निर्णय गऱ्यो।

सरकार र माओवादीबीच शान्ति वार्ताका लागि वातावरण तयार गर्न मन्त्रिपरिषद्को ०६३ जेठ ११ गतेको निर्णयबाट सरकारले माओवादीमाथि लगाइएको 'आतंककारी' घोषणा र आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गतका मुद्दा फिर्ता गर्ने एवम् जेलमा रहेका माओवादी बन्दीहरू रिहा गर्ने निर्णय गऱ्यो। सोही निर्णय अनुसार अधिराज्यका सबै जेलमा रहेका बन्दीहरूलाई रिहा गरियो। सरकारी वार्ता टोलीले पूर्णता पाएपछि पहिलो चरणको वार्ता ०६३ जेठ १२ गते काठमाडौं, गोकर्णस्थित गोकर्ण गल्फ रिसोर्टबाट सुरु भयो । वार्ताको सुरुकै दिन दुवै पक्षले हस्ताक्षर गरी २५ बुंदे युद्धविराम आचार संहिता जारी गरे।

सरकार र माओवादीबीच भएको यो तेस्रो पटकको वार्ता हो। अघिल्ला वार्तामा माओवादीहरूको संविधानसभाको मागलाई दलहरूले स्वीकार गरेका थिएनन्। तर यसपल्टको वार्ताभन्दा अगाडि नै संविधानसभाको निर्वाचन गर्ने सम्बन्धमा निर्णय भइसकेकाले निर्वाचन प्रक्रिया तथा त्यसअघि सुल्झाउनु पर्ने सवालहरूको बारेमा छलफल भयो।

०६३ असार १ गते ललितपुरको कुपण्डोलमा भएको सरकार माओवादी वार्ताको सहमति अनुसार युद्धविराम आचारसंहिता अनुगमन समिति गठन गरियो। आचारसंहिता जारी गरेपछि पनि माओवादीहरू यसप्रति संवेदनशील नभएको देखियो। उनीहरूले आफ्ना क्रियाकलापहरू यथावत् नै राखेका थिए। चन्दा संकलन, अपहरण, जनअदालतका

३३. इन्सेक। "राज्य र मानवअधिकार : कार्यपालिका"। *मानवअधिकार वर्ष पुस्तक २००४*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । ०६० चैत २७ । पृ. ५२

कारवाहीहरू, हत्यालगायत्का मानवअधिकार उल्लंघनलाई निरन्तरता नै दिइरहेका थिए। विगतको तुलनामा मानवअधिकार उल्लंघनमा कमी आएपनि रोकिएको भने थिएन। यससम्बन्धमा व्यापक विरोध र माआवोदीहरू संवेदनशील नभएको आरोप पछि ०६३ असार १९ गते माओवादीका अध्यक्ष प्रचण्डले राजधानी, जिल्ला सदरमुकाम र मुख्य शहरहरूमा जनअदालत बन्द गर्न निर्देशन दिइएको सार्वजनिक गरे।[३३] यसबाट आम जनताले माओवादी शान्ति प्रक्रियामा सामेल हुन थालेको अनुभूत त गरे तर कतिपय ठाउँमा जनअदालतका कारवाही भने जारी नै थियो।[३४] नेपाली काँग्रेस, नेकपा (एमाले) र माओवादीका शीर्ष नेताहरूबीच ०६३ असार ३० गते ललितपुर जिल्लाको गोदावरीमा भएको अनौपचारिक वार्तामा अन्तरिम संविधानमार्फत् अन्तरिम संसद बनाउने सहमति भएको थियो।

शान्ति वार्ताका क्रममा, संविधानसभाको निर्वाचन गर्ने सवाल अगाडि नै टुंगो लागेको हुनाले यसको विधि र प्रक्रियाका बारेमा नै धेरै छलफल भयो। यसबाहेक राजसंस्था, सेनाको पुनर्संरचना, माओवादी सेनाको समायोजन, हतियार व्यवस्थापनलगायत्का प्रमुख मुद्दाहरूमा बहसहरू भए।

सशस्त्र विद्रोही शक्ति माओवादीलाई संवाद र सहमतिका माध्यमद्वारा शान्तिपूर्ण राजनीतिक मूलधारमा रूपान्तरण गर्न सरकारले देखाएको सहिष्णुताको मूल्यांकन गर्नै पर्दछ। यसैगरी ११ वर्षसम्म हिंसात्मक द्वन्द्वमा संलग्न माओवादीहरूले पनि आफ्ना कतिपय अडानहरूमा लचकता अपनाएका कारण शान्ति वार्ता सफल भयो। वार्ताका क्रममा पुनर्स्थापित संसद विघटनको सवालमा व्यापक बहस भयो। माओवादीहरूले अगाडि सारेको, तत्काल संसद विघटन गरी अन्तरिम सरकार गठन गर्ने प्रस्तावमा कुनै पनि दल सहमत भएनन्। उनीहरूले यसको चर्को प्रतिकार गरे। हतियार व्यवस्थापनका सवालमा पनि सहमति नभएका कारण केही समयका लागि वार्ता स्थगित भएको थियो। पछि आपसी सहमतिमा वार्ता सुरु भयो। हतियार व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघले सहयोग गर्ने सहमति भएपछि वार्ता प्रक्रिया पुनः सहज बन्यो।

वार्ता सुरु हुनुभन्दा अगाडि त्यसक्रममा आउने जटिलताहरूका बारेमा द्वन्द्वविदहरूले यसका सम्भावनाहरूको खोजी गरी त्यसतर्फ सतर्क हुन वार्ता टोलीहरूलाई संयमित गराइरहेका थिए। १२ बुँदे समझदारीको पालना अनुसार दुवै पक्षबीच सहमति भई वार्ता अगाडि बढेको हो। दुवैपक्षद्वारा आफूले गरेका प्रतिबद्धताहरूलाई पछ्याइनुले वार्ता प्रक्रियाले निरन्तरता पायो।

यदि आशंकाहरू उब्जिएर वार्ता नहुने स्थिति आयो भनेपनि आफूहरू जंगल नपस्ने र वार्ताद्वारा नै समाधान खोज्ने माओवादीहरूको दृढ संकल्पले पनि उक्त प्रक्रियालाई टुंगोमा पुऱ्यायो। वार्ताको सकारात्मक पक्षका बारेमा युद्धविराम आचारसंहिता अनुगमन समितिले पनि आफ्नो प्रतिवेदनमा शान्ति प्रक्रियालाई सफलिभूत पार्नेतर्फ केही प्रशंसनीय प्रयासहरू भएको जनाएको थियो। प्रतिवेदनले एकले अर्कालाई आरोप प्रत्यारोप लगाउँदा-लगाउँदै पनि प्रधानमन्त्री र नेकपा (माओवादी) का अध्यक्षबीच सम्पर्क र वार्ता जारी रहनुलगायत् पुनः युद्धमा नजाने निर्णय गर्नुलाई सकारात्मक पक्ष मानेको छ।[३५] अघिल्ला दुई पटक भएका वार्ताहरू र यस वर्ष भएको वार्तामा सबैले भिन्नता महसुस गरेको पक्ष पनि यहि नै हो।

०६३ असार १ गते सरकारले नेपाली काँग्रेसका महामन्त्री रामचन्द्र कोइरालाको संयोजकत्वमा आठ सदस्यीय शान्ति समिति गठन गऱ्यो। शान्ति समितिको सचिवमा विद्याधर मल्लिकलाई तोकियो। सात राजनीतिक दल, माआवादी र नेपाल सरकारबीच विभिन्न चरणमा भएका औपचारिक तथा अनौपचारिक वार्तापछि नेपाल सरकार र माओवादीबीच ०६३ असार २ गते प्रधानमन्त्री निवास बालुवाटारमा शिखर वार्ता सम्पन्न भयो। उक्त शिखर वार्ताले अन्तरिम संविधानको मस्यौदा तयार गर्न लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा छ सदस्यीय मस्यौदा समिति गठन गऱ्यो। विभिन्न चरणमा भएका वार्ताहरूपछि ०६३ कार्तिक २२ गते सात राजनीतिक दल र माओवादीका शीर्ष नेताहरूको बैठकबाट साझा निर्णयमा सहमति कायम गरियो।[३६]

सात दल र नेकपा (माओवादी) द्वारा गरिएको उक्त निर्णयमा सेना तथा हतियार व्यवस्थापन गर्ने, मुलुकको शासन व्यवस्थामा कुनै पनि अवस्थामा राजाको अधिकार नरहने, राजसंस्थाको निर्धारण संविधानसभाको पहिलो बैठकबाट टुंगो लगाउने, अन्तरिम व्यवस्थापिकाको गठन भएपछि प्रतिनिधिसभा र राष्ट्रियसभा भंग हुनेलगायत्का

३३. "जनअदालत बन्द गर्न निर्देशन"। *कान्तिपुर* । ०६३ असार २०: पृ. १

३४. www.inseconline.org मा विभिन्न मितिमा प्रेषित समाचारहरूका आधारमा

३५. एनएमसीसी। "युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको प्रतिवेदन दुई" । काठमाडौं: युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति, ०६३

३६. "सातदल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णयहरू" । *www.peace.gov.np/admin/doc/Decisions%20of%20SPA%20and%20Maoist%20on%20%20Kartik22.pd*। ०६३ कार्तिक २२

सवालहरू समेटिएका थिए। सात दल र नेकपा (माओवादी) ले अन्तरिम व्यवस्थापिकामा कस्तो प्रतिनिधित्व हुने भन्ने बारेमासमेत निर्णय गरेका थिए। उनीहरूले एक सदनात्मक व्यवस्थापिका हुने निर्णय गर्दै सात राजनीतिक दल र अन्य दलका प्रतिनिधिसभा र राष्ट्रिय सभाका निर्वाचित सदस्यहरूसमेत गरी २ सय ९ जना, नेकपा (माओवादी) का तर्फबाट ७३ जना र जनवर्गीय तथा पेसागत संगठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरू र राजनीतिक व्यक्तिहरूबाट ४८ जना सहमतिको आधारमा मनोनित गरी कूल ३ सय ३० जनाको अन्तरिम व्यवस्थापिका गठन गर्ने सहमति गरे।[३६] तर जनआन्दोलनको विपक्षमा रहेकाहरू अन्तरिम व्यवस्थापिकामा रहन नपाउने सहमति भयो। संविधानसभाको निर्वाचन अघि नै नागरिकताबाट वञ्चित सबै नागरिकहरूलाई नागरिकता वितरण गर्ने, संविधानसभाको निर्वाचन मिति अन्तरिम मन्त्रिपरिषदले तय गर्ने, वर्गीय, जातीय, लैंगिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने, द्वन्द्व व्यवस्थापनका सम्बन्धमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नेलगायत्का निर्णयहरू सात दल र नेकपा (माओवादी) ले गरेका थिए।[३८] तर राजतन्त्र राख्ने वा नराख्ने भन्ने सवालमा नेकपा (एमाले) ले भिन्न मत राखेको थियो। निर्णयमा नेकपा (एमाले) का तर्फबाट महासचिव माधवकुमार नेपालले राजसंस्था राख्ने वा नराख्ने भन्ने बारेमा संविधानसभाको निर्वाचनसँगै जनमतसंग्रह गर्नुपर्ने मत राखेका थिए। त्यसैगरी उनले संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने भिन्न मत अघि सारेका र निर्णयमा दुई बुँदे नोट अफ डिसेन्ट लेखेका थिए।[३९]

सात दल र नेकपा (माओवादी) बीच राजतन्त्रको भविष्य निर्धारण गर्ने सम्बन्धमा व्यापक बहस भएको थियो। मानार्थ राजतन्त्र बनाउने भन्ने नेपाली काँग्रेसको अडान शान्ति वार्ता जारी रहुञ्जेल यथावत् थियो। नेपाली काँग्रेसले कुनै पनि हालतमा राजाको तह मानार्थभन्दा पर नजाने कुरा बारम्बार दोहोऱ्याइरहेको थियो। अर्कातर्फ अन्य दलहरू विशेष गरी नेकपा (एमाले) र नेकपा (माओवादी) गणतन्त्रको पक्षमा थिए। नेपालको राजनीतिक इतिहासमा अब राजाको कुनै औचित्य नभएको र यो औचित्यलाई समाप्त पार्नुपर्ने कुरालाई एमाले र माओवादीले बारम्बार दोहोऱ्याइरहे। एमालेले राजतन्त्रको भविष्य जनमतसंग्रहबाट निर्धारण गरिनुपर्ने माग राखेको थियो भने नेपाली काँग्रेस र माओवादीले संविधानसभाको पहिलो बैठकबाट गर्ने अडान राखे। एमालेले जनमतसंग्रहबाट राजा छानिनुपर्ने आफ्नो अडान अन्त्यसम्मै कायम हुने भएपनि यसकै आधारमा शान्ति वार्ता भने नबिथोलिने आश्वासन बारम्बार दोहोऱ्याएको थियो।

यसपछि पनि वार्ता प्रक्रियालाई निरन्तरता दिई ०६३ मंसिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच बृहद् शान्ति सम्झौतामा हस्ताक्षर गरियो। उक्त शान्ति सम्झौताले ०५२ देखि सञ्चालित सशस्त्र द्वन्द्वलाई समाप्त गऱ्यो। बृहत् शान्ति सम्झौतामा हस्ताक्षर गरिएपछि पनि वार्ता जारी रहयो। यसपछिका वार्तामा अन्तरिम संविधानका साथै हतियार र सेना व्यवस्थापनका सम्बन्धमा टुंगो लगाउने विषयमा बढी छलफल भयो। जसअनुसार पुस १ गते सात दल र नेकपा (माओवादी) ले अन्तरिम संविधानमा हस्ताक्षर गरी प्रतिनिधिसभामा पठाए। हतियार व्यवस्थापनका सम्बन्धमा मंसिर २२ मा नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनबीच त्रिपक्षीय सम्झौता सम्पन्न भयो भने हतियार व्यवस्थापनको प्रक्रिया अगाडि बढ्यो।

४.३ आचारसंहिता अनुगमन समितिको गठन र अवसान

नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भई ०६३ जेठ १२ गते युद्धविराम आचारसंहितामा हस्ताक्षर भएपछि युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको गठन भयो। २५ बुँदे आचारसंहिताको २१ नं बुँदामा "दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टोलीद्वारा युद्धविरामको अनुगमन गराउने" उल्लेख गरिएको थियो।[४०] सोही अनुसार ०६३ असार १ गते सरकार र नेकपा (माओवादी) बीच सम्पन्न दोस्रो चरणको वार्ताबाट युद्धविराम आचारसंहितालगायत् १२ बुँदे समझदारी र ८ बुँदे सहमति एवम् भविष्यमा हुने अन्य सहमतिहरूसमेतको पालना भए-नभएकोबारे अन्तर्राष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिन र कार्यान्वयन गर्न लगाउन युद्धविराम आचारसंहिता राष्ट्रिययय अनुगमन समिति गठन भयो।

---

३६. पूर्ववत्

३८. पूर्ववत्

३९. पूर्ववत्

४०. एनएमसीसी। "नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३/२/१२ मा गोकर्णमा सहमती भएको युद्धविराम आचारसंहिता"। *शान्ति अनगुमन सँगालो* । काठमाडौं: युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति । ०६३ । पृ. २४-२८

असार १ गतेको वार्तापश्चात् दुवै पक्षबीच सहमति भई डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा ३० सदस्यीय आचारसंहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको सार्वजनिक गरिए पनि डा. पाण्डेले समितिमा बस्न अस्वीकार गरेपछि ०६३ असार १२ गतेको सहमति अनुसार डा. वीरेन्द्रपसाद मिश्रको संयोजकत्वमा अनुगमन समितिलाई निरन्तरता दिइयो। यसअघि ०६३ असार १ गतेको सरकार र माओवादीबीच सम्पन्न भएको दोस्रो वार्ताबाटै पर्यवेक्षकका रूपमा लक्ष्मणप्रसाद अर्याल, डा. देवेन्द्रराज पाण्डे, पद्मरत्न तुलाधर, दमननाथ ढुंगाना र मथुराप्रसाद श्रेष्ठ रहेको पाँच सदस्यीय वार्ता पर्यवेक्षण टोली गठन गरियो। वार्ता टोलीले असार १२ गतेको निर्णयबाट युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार तोकेको थियो। अनुगमन समितिको कार्यक्षेत्र र अधिकारलाई १७ वटा बुँदामा समेटिएको थियो। जसमा अनुगमनको क्रममा युद्धविराम र आचारसंहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानबिन र अनुसन्धान गर्ने एवम् आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्नेलगायत्का विषयहरू उल्लेख गरिएको थियो।[४१]

आचारसंहिता अनुगमन समितिले अनुगमन कार्यलाई प्रभावकारी बनाउन विभिन्न पाँचवटा उपसमितिहरू गठन गऱ्यो। समितिले सातवटा प्रारम्भिक स्थलगत अध्ययन टोलीहरूमार्फत् देशका १७ वटा जिल्लाहरूको भ्रमण गरी मानवअधिकार स्थितिको अध्ययन समेत गऱ्यो।[४२] यसले आफ्नो कार्यकालमा तीनवटा प्रतिवेदन सार्वजनिक गऱ्यो। समितिले युद्धविराम आचारसंहिता पालना गराउनेतर्फ सरकार-माओवादी समक्ष विभिन्न सुझावहरू पेश गरेको थियो।

आचारसंहिता अनुगमन समितिले विगतको तुलनामा मानवअधिकार उल्लंघनमा कमी आएपनि अपेक्षाकृत सुधार भने नआएको बताएको थियो। मानवअधिकार उल्लंघन सरकारभन्दा पनि माओवादीमा बढी क्रियाशील भएको आरोप समितिले तथ्य प्रस्तुत गरेको थियो। समितिले आचारसंहिता पालना गर्नेतर्फ दुवैपक्ष गम्भीर नभएको आरोप समेत लगाएको थियो। सरकार र माओवादी पक्षबाट भएका आचारसंहिता विपरीतका घटनाहरूका बारेमा समितिले आफ्नो प्रतिवेदनमार्फत् सम्बन्धित पक्षहरूलाई सचेत गराउँदै शान्ति स्थापनामा अग्रसर हुन पहल गरिरह्यो।

शान्ति वार्तालेे प्रस्तुत गरेको बृहद् शान्ति सम्झौतामा नेपाल सरकार र नेकपा (माओवादी) दुवैले हस्ताक्षर गरी औपचारिकरूपमा युद्ध समाप्त भएको घोषणा गरिएपछि अनुगमन समितिका पदाधिकारीहरूले पनि समितिको अब औचित्य नरहेको भन्दै ०६३ मंसिर १० गते यसको काम औपचारिकरूपले स्थगित गरे।[४३] समितिका पदाधिकारीहरूले राजीनामा गरेपछि ०६३ मंसिर १४ गते दुवैतर्फका वार्ता टोलीका प्रमुखहरूले एक विज्ञप्ति प्रकाशित गरी सोही दिनबाट युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति विघटन भएको घोषणा गरे। नेकपा (माओवादी) वार्ता टोलीका संयोजक कृष्णबहादुर महरा र नेपाल सरकार वार्ता टोलीका प्रमुख कृष्णप्रसाद सिटौलाद्वारा संयुक्तरूपमा हस्ताक्षर गरिएको उक्त विज्ञप्तिमा नेपाल सरकार र नेकपा माओवादीबीच ०६३ जेठ १२ गते हस्ताक्षरित युद्धविराम आचारसंहिताको अनुगमन गर्न गठन गरिएको युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिले आफ्ना कामहरू मार्फत् मुलुकमा द्वन्द्व व्यवस्थापन गर्ने तथा दिगो शान्ति स्थापना गर्ने प्रक्रियामा खेलेको महत्वपूर्ण भूमिकाको उच्च मूल्याकंन गरिएको बताए।[४४]

---

४१. "युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार" । पूर्ववत् । पृ. ४-७

४२. पूर्ववत् ३५

४३. युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिका संयोजक प्रा. वीरेन्द्रप्रसाद मिश्रद्वारा ०६३ मंसिर १० गते जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ- "नेपाल सरकार र नेकपा (माओवादी) पक्षबाट विगतका समयमा गरिएको २५ बुँदे युद्धविराम आचारसंहितासहित विभिन्न सहमति र समझदारीहरूको कार्यान्वयन भए वा नभएको भन्ने विषयमा अनुगमन गर्न गठित युद्धविराम अचारसंहिता राष्ट्रिय अनुगमन समितिमा हामीहरूलाई सामूहिक जिम्मेवारी सुम्पिएकोमा हामी सामूहिक आभार व्यक्त गर्दछौं। मिति ०६३ मंसिर ५ नेपाल सरकार र नेकपा (माओवादी) बीच स्वागतयोग्य विस्तृत शान्ति सम्झौता सम्पन्न भई युद्धको अन्त्य भएको परिप्रेक्ष्यमा यस समितिको भूमिका रहेको महसुस नभएकोले समितिका सदस्यहरूले यस समितिबाट गरिँदै आएको काम औपचारिकरूपले स्थगित गरेको कुरा जानकारी गराउन चाहन्छौं। साथै, यस समितिसमक्ष नेपाली जनताले प्रस्तुत गरेका समस्याहरूका सम्बन्धमा समितिले यस अगाडि प्रस्तुत गरिसकेका तीनवटा प्रतिवेदनहरूबारे यहाँहरू नै विज्ञ हुनुहुन्छ। कारवाहीको क्रममा रहेका गुनासा, सूचना र उजुरीहरूको सम्बन्धमा आवश्यक कारवाही सम्पन्न हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास छ। हामीलाई पूर्ण विश्वासका साथ यो गहन जिम्मेवारी प्रदान गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दछौं।"

४४. नेपाल सरकार वार्ता टोली संयोजक कृष्णप्रसाद सिटौला र नेकपा (माओवादी) वार्ता टोलीका संयोजक कृष्णबहादुर महराद्वारा संयुक्तरूपमा हस्ताक्षर गरी जारी गरिएको प्रेस विज्ञप्ति। ०६३ मंसिर १४

४.४ मानवअधिकार उल्लंघनमा कमी

लोकतन्त्र बहालीपश्चात् मानवअधिकारको क्षेत्रमा उल्लेखनीय सुधार आएको तथ्य निर्विवाद छ। लोकतन्त्र बहालीपछि मानवअधिकार उल्लंघनको अन्त्य नभए पनि यसमा निकै कमी आएको तथ्याङ्कले साबित गर्दछ। लोकतन्त्र स्थापनापछि सरकार र माओवादीका तर्फबाट युद्धविराम घोषणा गरी शान्ति प्रक्रिया अगाडि बढाइएपछि मानवअधिकार उल्लंघनमा विगतको तुलनामा निकै कमी आएको देखियो। दुवै पक्ष शान्ति स्थापनातर्फ उन्मुख भएपछि मान्छेको सबैभन्दा महत्वपूर्ण स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमाथि हस्तक्षेप ज्यादै नै कम भयो। यद्यपि लोकतन्त्र प्राप्तिपछिको सय दिनको अवधिमा माओवादीका तर्फबाट बढी मानिस मारिए।[४५] माओवादीले कब्जामा लिएका व्यक्तिहरूलाई यातना दिएर मारेको इन्सेकको अभिलेखले देखाएको छ। यसबीच माओवादीले कुटपिट, जनअदालत र त्यसको नाममा यातना, जबरजस्ती चन्दा संकलन, अपहरण, जनसेनामा जबरजस्ती भर्ना, विस्थापितहरूलाई घर फर्कन नदिनेजस्ता कार्यलाई निरन्तरता दिएका थिए। विभिन्न मानवअधिकार संघ-संस्थालगायत् संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले व्यपक विरोध गरेपछि र शान्ति सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेपछि लगभग यस्ता खाले गतिविधि अन्त्य भएको पाइयो।

४.५ शान्ति स्थापनाको सार्थक थालनी : ऐतिहासिक सम्झौता

विश्वकै इतिहास हेर्ने हो भने शान्ति स्थापनाका लागि नेपालको जस्तो समझदारी भएको कमै पाइन्छ। विद्रोही पक्ष, सरकार र अन्य राजनीतिक दलहरू संयुक्तरूपमा शान्ति स्थापनाका लागि अगाडि बढेका छन्। यही दृष्टान्त अन्य हिंसात्मक द्वन्द्व चलेका विश्वका धेरै मुलुकहरूमा पाउन गाह्रो छ। कुनै बेला आतंककारी घोषणा गरिएका माओवादीहरूले शान्ति स्थापनाका लागि कतिपय मुद्दामा लचकता अपनाएका छन् भने सरकार र सात दलले पनि सोही नीति अवलम्बन गरे। प्रजातान्त्रिक सरकारकै बेला माओवादीमाथि लगाइएको आतङ्ककारीको उपाधी उपयुक्त होइन भन्ने तथ्य यसले पनि उजागर गरेको छ।

माओवादीहरू राजनीतिक शक्ति नै हुन् तर तत्कालीन सरकारहरूले उनीहरूको मागप्रति देखाएको असहिष्णुता र असंवेदनशीलताका कारण हिंसा भड्किएको थियो। यसको अर्थ माओवादीहरूले मानवअधिकार उल्लंघन गरेनन् भन्ने होइन। यसबीच उनीहरूले मानवअधिकारको अत्यधिक उल्लंघन गरे। गैरन्यायिक क्रियाकलापमा उनीहरू बढी संलग्न रहे। तर अहिले स्थिति परिवर्तन भएको छ। माओवादीहरूले साँच्चै नै आफूलाई राजनीतिक शक्तिका रूपमा चिनाउने हो भने उनीहरूले विगतमा आफूहरूले गरेका गल्ती, कमी-कमजोरीलाई मनन गर्दै जघन्य अपराधका घटनामा छानबिन र संलग्न दोषीहरू उपर कारवाही गर्नेतर्फ अगाडि बढ्नु पर्दछ। अन्यथा पीडितहरूले न्याय नपाएको ठान्नेछन्। त्यसैगरी तत्कालीन समयमा प्रजातान्त्रिक शक्तिको रूपमा सरकार संचालन गरेकाहरू, जो अहिले पनि सरकारमा छन्, उनीहरूले पनि विगतमा हिंसा चर्काउन आफूबाट भएका कमी-कमजोरीहरूमा आत्म समीक्षा गर्नै पर्दछ र आगामी दिनमा त्यस्तो हुन नदिन गम्भीर हुनु जरुरी छ।

शान्ति सम्झौतामा नेपाल सरकार र माओवादीबीच हस्ताक्षर गरिरहँदा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विश्व नै नेपालको शान्ति प्रयासबाट प्रभावित हुने र अन्य मुलुकका लागि पनि उदाहरण बन्ने बताएका थिए। उनले नयाँ नेपालको इतिहास सुरु भएको र नयाँ युगमा सम्पूर्ण नेपाली एक भएर एकताको भावना निर्माण गर्दै जानुपर्ने बताएका थिए। यसैगरी नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले २ सय ३८ वर्ष लामो शासनको निरन्तरतालाई समेत सम्झौताले भंग गरेको बताउँदै मुलुक निर्माणको यस महाभियानलाई अवरुद्ध पार्ने तत्व क्रियाशील हुनसक्ने उल्लेख गरेका थिए। सबैदल एकजुट भए कसैको पनि षड्यन्त्र हुन नसक्ने विश्वास उनले व्यक्त गरेका थिए। तर उनले विगतमा आफूबाट भएका कमी-कमजोरीहरूका सम्बन्धमा भने कुनै प्रतिक्रिया व्यक्त गरेनन्।

१० वर्ष लामो हिंसात्मक द्वन्द्वले शान्ति सम्झौताका माध्यमबाट निकास पाएको छ। सरकार र माओवादी बीच शान्ति सम्झौता नेपालको इतिहासमा हिंसात्मक द्वन्द्व अन्त्य गर्ने महत्वपूर्ण कडीका रूपमा स्थापित भएको छ। ०६३ मंसिर ५ गते सरकार र माओवादीबीच हस्ताक्षर गरिएको शान्ति सम्झौता वाचन गर्दै गृहमन्त्री कृष्णप्रसाद सिटौलाले औपचारिकरूपमा सशस्त्र द्वन्द्व अन्त्य भएको घोषणा गरे। शान्ति सम्झौताको छ नं बुँदाको युद्ध समाप्ति शीर्षक अन्तर्गत ६.१ मा ०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार र माओवादीबीच चालु युद्धविरामलाई स्थायी रूप दिँदै ०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं भनिएको छ।[४६] मानवअधिकार तथा मौलिक अधिकार र मानवीय कानुनको

४५. इन्सेक। *लोकतन्त्र प्राप्तिका सय दिन : मानवअधिकार स्थिति*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। ०६३ भदौ २१: पृ. ३

४६. "विस्तृत शान्ति सम्झौता २०६३" । *www.peace.gov.np/admin/doc/Comprehensive%20Peace%20Accord-21-nov,%202006.pdf* । ०६३ मंसिर ५

पालना गर्ने सम्बन्धमा पनि शान्ति सम्झौतामा उल्लेख गरी यसको रक्षाका लागि दुवै पक्ष सहमत भएका छन्। देशमा दिगो शान्ति स्थापनाका लागि यो एउटा महत्वपूर्ण पक्ष हो। तर यसको सार्थकता तब रहनेछ जब यसले व्यवहारिक रूप लिनेछ। शान्ति सम्झौताले मुलुकको शासन व्यवस्थामा राजाको अधिकार नरहने उल्लेख गरी सैयौं वर्षदेखि जकडिएको निरंकुश राजसंस्थालाई समाप्त पार्ने प्रयास गरेको छ।[४७]

शान्ति सम्झौताले गरेका प्रतिबद्धताहरू पूरा गर्न भने वर्षको अन्त्यसम्म उल्लेख पहल भएन। सम्झौताको बुँदा नं ५.२.२ मा आ-आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष सहमत भएका थिए।[४८] तर उक्त प्रतिबद्धतालाई वर्षको अन्त्यसम्मै कार्यान्वयन गरिएको पाइएन।

शान्ति सम्झौताको बुँदा नं ५.२.५ ले दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लघंन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न सहमत भए।[४९] सहमति अनुसार, कुन समयसम्म सो आयोग गठन हुन्छ भन्ने किटान भने भएको छैन। यसले दुवै पक्षलाई गरेका प्रतिबद्धताहरूलाई लागू गर्न बाध्य भने बनाउँदैन। अरु मुद्दाहरूमा बढी ध्यान दिइएपनि यसमा त्यति ध्यान दिएको पाइएन। अर्थात् दुवैपक्षले यो मुद्दालाई संवेदनशीलरूपमा हेरेका छैनन्। यसमा सत्यको पहिचान गर्ने र क्षमाको नीति अवलम्बन गरी मेलमिलाप गर्ने अभिप्राय प्रकट गरिएको छ, दण्डहीनतालाई प्रश्रय दिने निश्चित छ। दोस्रो, यसको मिति नतोकिएकाले अन्यौल सृजना हुने देखिएको छ। जो युद्धका कारण ठूलो आघात खेपिरहेका छन्, उनीहरूले आफूलाई परेको मर्म कसरी बिर्सन सक्छन् ? अर्को कुरा, यदि संविधानसभाको निर्वाचनभन्दा अगाडि यो प्रक्रिया अपनाइएन भने जनताले निर्भिकतापूर्वक कसरी मतदानमा भाग लिन सक्लान् ? ध्यान दिनुपर्ने विषय छ।

शान्ति सम्झौता उल्लेख्य भएपनि सशस्त्र संघर्षका क्रममा खडा भएका अन्य समूहहरूको संभावित आक्रमणको व्यवस्थापनका बारेमा सम्झौतामा कुनै पनि सहमति नहुँदा यस्ता समूहबाट हुने हिंसात्मक खतरा बढ्ने देखिन्छ। समावेशी राज्य संचालनको अवधारणाको प्रष्ट किटान शान्ति सम्झौताले गरेको देखिदैन। यी विषय अहिले झिना-मसिना देखिए पनि भविष्यमा यसको परिणाम भयाभय हुनसक्छ भन्ने कुरामा समयमै सचेत हुनु जरूरी छ।

४.६ हतियार व्यवस्थापनमा सहमति

ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतन्त्र र माओवादीसहितको आठदलीय सहमति र शान्ति प्रक्रिया हतियार व्यवस्थापनका महत्वपूर्ण विकास हुन्। हतियार व्यवस्थापनको सबैभन्दा प्रमुख पक्ष निःशस्त्रीकरण हो। हतियार व्यवस्थापनका विषयमा वार्ता टोलीबीच धेरैपटक छलफल भयो। जबसम्म हतियारधारीहरूले हतियार बुझाउँदैनन्, तबसम्म भयमुक्त वातावरण सृजना हुन सक्दैन। हतियार व्यवस्थापनका सम्बन्धमा संविधानसभाको निर्वाचन अघि माओवादी सेनालाई क्याम्पमा र नेपाली सेनालाई व्यारेकमा राख्ने र त्यसको अनुगमन राष्ट्रसंघले गर्ने सहमति भएको हो। किनभने हतियारको व्यवस्थापन नभइकन यदि संविधानसभाको निर्वाचन हुने हो भने जनताले भयमुक्त वातावरणमा मतदान गर्न सक्ने परिस्थिति निर्माण हुँदैन। हतियार व्यवस्थापन भनेको हतियारको अवाञ्छित प्रयोग हुन नदिनु वा कुनै व्यक्ति तथा संगठनविरुद्ध दुरूपयोग हुन नदिनु हो। अर्थात् दुवै थरी अतिवादको नियन्त्रणमा रहेका बन्दुकलाई नियन्त्रणमा ल्याउनु हो। यसैकारण संविधानसभाको निर्वाचनका लागि भयरहित परिस्थिति निर्माणमा माओवादी जनमुक्ति सेना र नेपाली सेनाको हतियार प्रयोगलाई व्यवस्थापन तथा नियन्त्रण गर्नु आवश्यक हुन्छ।[५०] हतियार व्यवस्थापनका सम्बन्धमा माओवादी खासगरी नेपाली काँग्रेससँग सौदाबाजीको स्थितिसम्म पुगेको थियो। नेपालमा सेना र राजतन्त्रलाई अलग्याएर समस्या समाधान नहुने सोचका साथ माओवादीका अध्यक्ष प्रचण्डले, यदि नेपाली काँग्रेस गणतन्त्रको पक्षमा जान तयार हुने हो भने मात्रै आफूहरूले सम्पूर्ण हतियार 'लकअप' गरिदिने प्रस्ताव राखेका थिए। यदि त्यो पनि हुन सक्दैन भने राजतन्त्रलाई टुंग्याउने गरी जनमतसंग्रहमा जानुपर्ने धारणा माओवादीले अगाडि सारेका थिए। तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भने राजा हटाउने पक्षमा थिएनन्। माओवादीहरूले यससम्बन्धमा राखेका विभिन्न सर्तहरूमा प्रधानमन्त्री सहमत नभएपछि केही समयका लागि वार्ता अवरुद्ध भएको थियो।

नेकपा (माओवादी) ले आफ्नो तर्फका सेना मात्र व्यवस्थापन गर्ने सम्बन्धमा असन्तुष्टि व्यक्त गर्दै हतियार व्यवस्थापन माओवादीको मात्र नभएर नेपाल सेनाको पनि

---

४७. पूर्ववत् बुँदा नं ३.३
४८. पूर्ववत् बुँदा नं ५.२.२
४९. पूर्ववत् बुँदा नं ५.२.५
५०. राई, प्रा. डा. इन्द्रजीत। "हतियार व्यवस्थापनका चुनौती" । *कान्तिपुर* ०६३ असार १९: पृ. ७

हुनुपर्ने बताउँदै आएको थियो। माओवादीहरूले नेपाल सेनाको हतियार नै लोकतन्त्रका लागि पटक-पटक बाधक भएको हुनाले हतियार व्यवस्थापनको कुरा संविधानसभाको निर्वाचन अगाडि नै गर्नुपर्ने बताएका थिए। "पटक-पटक लोकतन्त्रको विरुद्धमा प्रयोग भएको शाही सेनाको हतियार समस्या हो। त्यो हतियारको व्यवस्थापन नगरिकन लोकतन्त्रका लागि लडेको जनमुक्ति सेनाको हतियार मात्र व्यवस्थापन गर्ने भन्ने कुरा कति घातक होला ?"[५१] उनीहरूको धारणा थियो। माओवादीहरूले नेपाली सेनाको हतियार र पुनर्संरचनाको निर्णय गरेपछि त्यसका आधारमा जनमुक्ति सेनाको हतियार व्यवस्थापन गर्न तयार हुने धारणा दोहोऱ्याएका थिए।

शान्ति स्थापनामा विभिन्न देशको अनुभव संगालेको संयुक्त राष्ट्रसंघलाई हतियार व्यवस्थापनमा सहयोग गर्न सरकार र माओवादी दुवै पक्ष सहमत त भएका थिए तर हतियार व्यवस्थापनाका सम्बन्धमा बढेको मतभेदले राष्ट्रसंघलाई संयुक्त पत्र पनि पठाउन नसकिरहेको अवस्था रह्यो। यसले जनतामा अन्योल सृजना गऱ्यो। यसले सरकार र माओवादीबीच दुवै सेनालाई निर्धारित ठाउँमा सीमित गराउने तथा माओवादीका हतियार प्रमाणीकरण र अनुगमन गर्ने सहमति भएलगत्तै साउन २४ गते राष्ट्रसंघलाई औपचारिक पत्र पठाइयो। नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले र नेकपा (माओवादी) का तर्फबाट अध्यक्ष प्रचण्डले ०६३ साउन २४ मा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई छुट्टाछुट्टै पत्र पठाई नेपालको शान्ति प्रक्रियामा सहयोग गर्न अनुरोध गरेका थिए।[५२]

सेनाहरूको व्यवस्थापन गर्ने सम्बन्धमा सरकार र नेकपा (माओवादी) बीच उत्पन्न मतभेदका सम्बन्धमा लामो बहसपछि दुवै पक्ष माओवादी सेनाहरूलाई छुट्टै शिविरमा र नेपाली सेना ब्यारेक भित्रै सिमित हुने कुराको टुंगोमा पुगेपछि मात्रै दुई पक्षको समझदारीमा सहयोगका लागि संयुक्त राष्ट्रसंघलाई आग्रह गरिएको हो। नेपाल सरकार र माओवादीले सहयोगको अनुरोध गर्दै संयुक्त राष्ट्रसंघलाई पठाएको पत्रमा विभिन्न पाँचवटा विषयहरूमा सहमति कायम गरेका थिए। जसमा नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले गरिरहेको मानवअधिकार अनुगमनलाई निरन्तरता दिने, युद्धविरामको अवस्थामा आचारसंहिताको अनुगमनमा सहयोग गर्ने, दुवैतर्फका हतियार तथा सशस्त्र सेनाको व्यवस्थापन गर्न सहमतिका आधारमा तोकिएको ठाउँमा रहेको माओवादीका सशस्त्र सेनाको अनुगमन र प्रमाणीकरण गर्ने कार्य योग्य गैरसैनिक अधिकृतबाट गराउन संयुक्त राष्ट्रसंघको सहयोग लिने लगायत्का सवाल समावेश गरिएको थियो। त्यसैगरी हतियार व्यवस्थापनलगायत्का सम्बद्ध पक्ष र संयुक्त राष्ट्रसंघबीच आवश्यक सहमतिका आधारमा ढाँचा निर्माण गर्ने, नेपाली सेना ब्यारेकमै रहेको र उसका हतियार कोही विरुद्ध पनि प्रयोग भएका छैनन् भन्नेबारे अनुगमन गर्ने र संविधानसभाको निष्पक्ष निर्वाचनका लागि पर्यवेक्षण गर्ने रहेका थिए।[५३] संयुक्त राष्ट्रसंघको हतियार व्यवस्थापनको सिद्धान्त अन्तर्गत नि:शस्त्रीकरण, अपरिचालन र पुनर्एकीकरणको प्याकेजलाई दुवै पक्षले स्वीकार गरेका थिए। यसैगरी परराष्ट्र मन्त्री केपी शर्मा ओलीले पनि संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई ०६३ कार्तिक ३० गते एक पत्र पठाई नेपालको शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन अनुरोध गरेका थिए।[५४] संयुक्त राष्ट्रसंघले नेपालमा हतियार व्यवस्थापन र संविधानसभाको निष्पक्ष निर्वाचनको अनुगमनका सम्बन्धमा सहयोग गर्ने उद्देश्यले महासचिव अन्नानका स्वकीय प्रतिनिधिका रूपमा इयान मार्टिनलाई २००६ को जुलाईको अन्त्यतिर नियुक्त गऱ्यो। मार्टिन यसअघि नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुख थिए।

यसअघि संयुक्त राष्ट्रसंघको विशेष टोली स्टेफन डी. मिस्टुराको नेतृत्वमा ०६३ साउन १० गते काठमाडौं आई एक साता लामो अध्ययन गरेको थियो। मिस्टुराको टोलीले नेपालको भ्रमण गर्दासम्म सरकार र माओवादीबीच हतियार र सेनाको व्यवस्थापनका सम्बन्धमा सहमति कायम हुन सकेको थिएन। नेपालमा भइरहेको शान्ति प्रक्रियाको अध्ययनपश्चात् सो टोलीले राष्ट्रसंघले नेपालमा मुख्यतया चारवटा क्षेत्र, हतियार र सेना व्यवस्थापन, निर्वाचन प्रक्रियामा सहयोग, आचारसंहिता पालनासम्बन्धी अनुगमन र मानवअधिकारसँग सम्बन्धित गतिविधिको विस्तारका सम्बन्धमा सहयोग गर्नसक्ने निष्कर्ष निकालेको थियो। मिस्टुराले हतियार व्यवस्थापनका सम्बन्धमा सरकार र माओवादीलाई एउटै निष्कर्षमा पुग्न आग्रह गरेका थिए। उनले सरकार र माओवादीले संयुक्त राष्ट्रसंघमा बेग्लाबेग्लै पत्र पठाएर राष्ट्रसंघीय सहयोगमा कुनै समस्या नहुने बताउँदै

---

५१. भट्टराई, डा. बाबुराम । "वार्ता प्रधानमन्त्रीको अडानमा भरपर्छ"। *हिमाल खबरपत्रिका* ०६३ कार्तिक १-१५ पृ. ३५

५२. शान्ति सचिवालय । "संयुक्त राष्ट्रसंघसमक्ष नेपाल सरकारद्वारा प्रेषित पाँच बुंदे पत्र" । *विस्तृत शान्ति सम्झौता २०६३ (अनुसूचिहरु सहित)*। काठमाडौं: शान्ति समिति । ०६३ । पृ. ४६-४७

५३. "संयुक्त राष्ट्रसंघसमक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा प्रेषित पाँच बुंदे पत्र" । पूर्ववत् । पृ. ४८-४९

५४. "परराष्ट्रमन्त्री केपी शर्मा ओलीद्वारा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पठाइएको पत्र"। ०६३ कार्तिक ३०

हतियार व्यवस्थापन, संविधानसभालगायत्का विषयमा संयुक्त धारणा पठाउन अनुरोध गरेका थिए।

हतियार र सेना व्यवस्थापनअनुसार माओवादी सेनाहरूलाई सात वटा मुख्य शिविरहरू र २१ वटा उपशिविरमा व्यवस्थापन गरियो। माओवादी र सात दलबीच हतियार व्यवस्थापनका सम्बन्धमा शिविरहरू निर्माण गर्ने सम्बन्धमा ०६३ कार्तिक २२ मा सहमति भएपछि नेपाल सरकार, माओवादी र संयुक्त राष्ट्रसंघ सम्मिलित टोलीले प्रस्तावित क्षेत्रहरूको अवलोकन गरेको थियो। प्रस्तावित सात शिविरहरू कैलाली, सुर्खेत, रोल्पा, नवलपरासी, चितवन, सिन्धुली र इलाम जिल्लामा रहेका छन्। सम्झौताअनुसार एउटा शिविर काभ्रेमा राख्ने भनिएपनि पछि त्यहाँ नराखेर नवलपरासीमा राख्ने सहमति भएको हो। सात दल र माओवादीबीच भएको सम्झौतामा ०६३ मंसिर ५ भित्र माओवादीका सबै छापामार सातवटा प्रमुख अस्थायी शिविर र अन्य २१ वटा उपशिविरहरूमा राखिसक्ने उल्लेख भएको थियो, जसअनुसार शिविरहरू निर्माण गरिए।

नेपालको शान्ति प्रक्रियामा सघाउन आएको संयुक्त राष्ट्रसंघीय टोलीले हतियार तथा सेना व्यवस्थापनमा विस्तृत सम्झौता नभएसम्म आफूले अनुगमनको कुनै प्रक्रिया सुरु नगर्ने बताउँदै आएको थियो। सोही अनुसार हतियार व्यवस्थापनको सवालमा संयुक्त राष्ट्रसंघले सहयोग गर्ने भएपछि नेपाल सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच त्रिपक्षीय सम्झौताका सम्बन्धमा छलफल प्रक्रियाहरू अगाडि बढाइएको थियो। शान्ति सम्झौता अनुसार माओवादी सेनाहरू तोकिएका सातवटै शिविरहरूमा पुगिसकेका हुनाले तीनको व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता गर्न ०६३ मंसिर ७ गते पनि दुई चरणमा छलफल भएको थियो। माओवादी नेता डा. बाबुराम भट्टराई र गृहमन्त्री कृष्णप्रसाद सिटौलाबीच मंसिर ७ गते बिहान भक्तपुर गेष्टहाउसमा एकचरण वार्ता भएको थियो भने दिउँसो ललितपुरको हिमालय होटलमा संयुक्त राष्ट्रसंघीय प्रतिनिधिहरूसहितको टोलीले अर्को चरणको छलफल गरेको थियो।[५५]

सेना अस्थायी शिविरमा राखिएपछि अन्य गतिविधिमा सहभागी हुन पाउने या नपाउने भन्ने विवाद नसुल्झिदा मंसिर ७ गते भएको वार्तामा त्रिपक्षीय सम्झौता हुन सकेन। शान्ति सम्झौता अनुसार माओवादी सेनाहरू तोकिएको सात वटै शिविरमा पुगिसकेकाले तिनको व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता गर्न मंसिर ७ गते दुई चरण छलफल भएको थियो। शिविरमा राखिएका माओवादीका सेनाहरूको व्यवस्थापनका लागि सरकारले पहिलो चरणमा भन्दै माओवादीका नेता डा. बाबुराम भट्टराईलाई सात करोड रूपैयाँ हस्तान्तरण गरेको थियो। सरकारले शिविर निर्माण तथा सञ्चालनका लागि बाह्य सहयोग मागिने बताएको थियो।[५६]

बृहत् शान्ति सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेपछि संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले सरकार र नेकपा (माओवादी) लाई बधाइ दिएका थिए। ०६३ मंसिर ६ गते एक विज्ञप्ति जारी गरी सशस्त्र द्वन्द्वको समाप्तिसँगै नेपालका जनतालाई समावेशी लोकतन्त्र र स्थायी शान्ति स्थापनाका लागि मौका मिलेको बताए। दुवै पक्षबीच भएको सम्झौताले राष्ट्रसंघलाई ठूलो विश्वास र दायित्वबोध गराएको धारणा उनले विज्ञप्तिमार्फत् व्यक्त गरे। साथै, नेपाल सरकारले अनुरोध गरेअनुसार हतियार व्यवस्थापनलगायत् निष्पक्ष निर्वाचनका लागि सहयोग गर्ने जानकारी गराएका थिए।[५७]

नेपालबाट सरकार र माओवादीले सहयोगका लागि राष्ट्रसंघका महासचिव अन्नानलाई पत्र पठाएपछि तिनै पत्रका आधारमा अन्नानले नेपालमा शान्ति सम्झौता सम्पन्न भएको भोलिपल्ट ०६३ मंसिर ६ मै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदका अध्यक्षलाई पत्र पठाएका थिए। अन्नानले सात राजनीतिक पार्टीहरू, नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ कार्तिक २२ मा महत्त्वपूर्ण सहमतिमा हस्ताक्षर भएको र त्यो महत्त्वपूर्ण सम्झौताको टुंगोमा पुगी बृहद् शान्ति सम्झौतामा हस्ताक्षर भएको जानकारी गराएका थिए।[५८] पत्रमा उनले हतियार व्यवस्थापनका सम्बन्धमा साझा मत बनाउनका लागि सम्बन्धित राजनीतिक पार्टीहरूसँग छलफल गर्न आफूले इयान मार्टिनलाई आफ्नो प्रतिनिधि नियुक्त गरेको उल्लेख गरेका थिए। महासचिव अन्नानले नेपाल सरकारले संयुक्त राष्ट्रसंघसँग माग गरेको सहयोगका बारेमा सुरक्षा परिषदका अध्यक्षलाई पठाएको पत्रमा ३५ जना हतियार व्यवस्थापनका लागि अनुगमनकर्ताहरू र २५ जना निर्वाचन आयुक्तहरू नियुक्ति गरी नेपालको शान्ति प्रक्रियाका लागि

---

५५. "हतियार व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता प्रयास"। *राजधानी* ०६३ मंसिर ८: पृ. १

५६. पूर्ववत्

५७. United Nations. "Secretary-General congratulates Nepal parties on peace agreement, pledges quick United Nations aid in arms monitoring, electoral assistance". *www.un.org/News/Press/docs/2006/sgsm10753.doc.htm.* 22 November 2006

५८. United Nations. "Letter dated 22 November 2006 from the Secretary-General to the President of the Security Council". (S/2006/920). *http://daccessods.un.org/access.nsf/Get?Open&DS=S/2006/920&Lang=E.* 27 November 2006

सहयोग पुऱ्याउन अनुरोध गरेका थिए।[५९]

राष्ट्रसंघको बडापत्रअनुसार अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने जिम्मेवारी पाएको सुरक्षा परिषदले नेपालको शान्ति प्रक्रियालाई उच्च प्राथमिकतामा राख्यो। यस सम्बन्धमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले ०६३ मंसिर ६ मा सुरक्षा परिषदका अध्यक्षलाई पठाएको पत्रमा सुरक्षा परिषदको ०६३ मंसिर १५ गते भएको ५५७६ औं बैठकमा छलफल गरी नेपालको शान्ति प्रक्रियाका लागि हतियार व्यवस्थापनलगायत् निष्पक्ष निर्वाचनका लागि पनि सहयोग गर्ने सुरक्षा परिषदका अध्यक्षले सोही दिन एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै बताएका थिए। विज्ञप्तिमा महासचिव कोफी अन्नानले प्रस्तुत गरेको औपचारिक प्रस्तावलाई छिटोभन्दा छिटो पूरा गरिने पनि उल्लेख गरिएको थियो।[६०] नेपालको शान्ति प्रक्रियालाई सहयोग गर्ने सम्बन्धमा महासचिवले उल्लेख गरेअनुसारको सहयोगका लागि सुरक्षा परिषदले यसको व्यवहारिक आवश्यकता बुझ्न एक अध्ययन टोली नेपालमा पठाएको थियो।

हतियार र सेनाको व्यवस्थापनसम्बन्धमा धेरै पटक भएको त्रिपक्षीय वार्तापछि नेपाल सरकार र नेकपा (माओवादी) ले सो सम्झौतामा राष्ट्रसंघको रोहवरमा ०६३ मंसिर १२ मा हस्ताक्षर गरेका थिए। दुवै पक्षले हस्ताक्षर गरेपछि उक्त सम्झौतापत्र राष्ट्रसंघका कानुनविदहरूलाई जँचाउन मुख्यालय, न्यूयोर्क पठाइएको थियो। कानुनविद्ले आठ-दश ठाउँमा सामान्य हेरफेर गरेपछि ०६३ मंसिर २२ मा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानका स्वकीय प्रतिनिधि इयान मार्टिन, नेकपा (माओवादी) र नेपाल सरकारले त्यसमा संयुक्त हस्ताक्षर गरे। त्रिपक्षीय सम्झौतापछि हतियार र सेना व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघको सहयोग द्रुत गतिले अगाडि बढ्यो। सोहीअनुसार प्राविधिक टोली नेपाल आई आफ्ना गतिविधिहरू संचालन गऱ्यो। सम्झौता अनुसार माओवादीको बराबर नै सेनाको पनि हतियार एकल ताल्चा लगाएर भण्डारण गरिने उल्लेख छ। सरकार र माओवादी हतियार व्यवस्थापनका लागि पूर्वगोर्खा सैनिकको अस्थायी नियुक्ति गर्ने सहमतिमा पुगेका थिए। राष्ट्रसंघीय महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनको उपस्थितिमा १ सय ११ पूर्वगोर्खा सैनिक परिचालन गर्न पुस ६ गते माओवादी र नेपाल सरकार सहमत भएका थिए। सहमति अनुसार पूर्व गोर्खा सैनिकहरूलाई माओवादी शिविरमा चौबीस घण्टे तैनाथीको जिम्मेवारी दिइनेछ।[६१]

हतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनलाई नियुक्त गरि उनको संयोजकत्वमा आएको संयुक्त राष्ट्रसंघीय टोलीले नेपालमा हतियार व्यवस्थापनका पक्षमा प्रारम्भिक अनुगमन गरेको थियो। संयुक्त राष्ट्रसंघका महासचिव विशेष प्रतिनिधि इयान मार्टिनको संयोजकत्वमा सहयोग टोलीले ०६३ मंसिर २३ देखि पुस २ सम्म प्रारम्भिक अनुगमन गऱ्यो। उक्त अनुगमन प्रतिवेदन महासचिवलाई बुझाएको थियो।[६२] ०६३ पुस २ गते इयान मार्टिनले एक प्रेस सम्मेलनको आयोजना गरी आफ्नो टोलीले प्रारम्भिक अनुगमन कार्य पूरा गरेको बताएका थिए। उनले अध्ययन टोलीको प्रतिवेदनलाई संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले सुरक्षा परिषदमा पेश गर्ने र नेपालमा नयाँ टोली खटाउनका लागि अनुरोध गर्ने बताएका थिए। यो सबालमा २००७ को जनवरीको मध्यतिर सुरक्षा परिषदको बैठकबाट निर्णय हुने कुरामा आफू विश्वस्त रहेको पनि उनले उल्लेख गरेका थिए।[६३]

सहायक तथा उप शिविरहरूको प्रारम्भिक अनुगमन पूरा गरेपछि ०६३ पुस १३ गते ६ सदस्यीय राष्ट्रसंघीय हतियार अनुगमन टोली काठमाडौं आइपुग्यो। ०६३ पुस १४ गते इयान मार्टिनले एक प्रेस सम्मेलनको आयोजना गरी एक साताको सामान्य वस्तुस्थितिको जानकारी र तालिमपछि जनवरी २००७ को पहिलो साताबाट हतियार दर्ता प्रक्रिया प्रारम्भ हुने बताएका थिए। उनले हतियार व्यवस्थापन र अनुगमन गर्ने बताए। उनले ३५ सदस्यीय टोलीले राष्ट्रसंघीय टोलीले पूर्णकालिक काम थाल्दा बढीमा दुई सयसम्म विज्ञ सहभागी हुने उक्त सम्मेलनमा बताएका थिए। इयान मार्टिनले हतियार भण्डारणका लागि विभिन्न चार शिविरस्थलमा कन्टेनर पुऱ्याउने कामसमेत पूरा भएको र संयुक्त अनुगमन सहयोग समितिको सहमतिमा सबै प्रक्रिया अघि बढिरहेको बताए।[६४] हतियार व्यवस्थापनको संयुक्त अनुगमन गर्ने

५९. पूर्ववत्

६०. United Nations Security Council. "Statement by the President of the Security Council". (S/PRST/2006/49). *http://daccess-ods.un.org/TMP/1036224.html.* 1 December 2006

६१. "सबा सय पूर्व गोर्खा सैनिक राखिने"। *कान्तिपुर* ०६३ पुस ७: पृ. १

६२. ओपीआरएसजी । "संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनको प्रेस वक्तव्य"। काठमाडौं: संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधिको कार्यालय, १७ डिसेम्बर २००६

६३. पूर्ववत्

६४. ओपीआरएसजी । "संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनको प्रेस वक्तव्य"। काठमाडौं: संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधिको कार्यालय, २९ डिसेम्बर २००६

सम्बन्धमा नेपाली सेना, जनमुक्ति सेना र इयान मार्टिनको टोली सम्मिलित एक संयुक्त अनुगमन सहयोग समिति गठन गरिएको छ। यसको अध्यक्षता इयान मार्टिनको टोलीका तर्फबाट जनरल जान एरिक विलजेमिसनले गरेका छन्।

शान्ति स्थापनाका लागि प्रमुख शर्तको रूपमा देखापरेको हतियार व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघले नेपालका लागि पुऱ्याएको सहयोग र योगदान अमूल्य छ। राष्ट्रसंघले नेपालको शान्ति स्थापनाको मुद्दालाई प्राथमिकतामा राखी आफ्ना क्रियाकलाप अगाडि बढाएको छ।

सातदल र माओवादीबीच सम्पन्न सहमतिमा शान्ति प्रक्रियाको आधार मानवअधिकारको मूल्य र मान्यता स्वीकार गरेपनि व्यवहारमा यस्तो रूपान्तरण पाइएन। सबै दलहरू जनताका अधिकारहरू प्रत्यभूति गर्नेभन्दा पनि बढी सत्ता प्रप्तिका लागि अग्रसर भएको देखियो। हतियार व्यवस्थापन निश्चय पनि शान्ति स्थापनाका लागि एक प्रमुख मुद्दा हो तर सँगसँगै जनतासँग दैनन्दिन प्रत्यक्ष सरोकार राख्ने विषयमा भने कमै बहस भए। युद्धविराम आचारसंहिता अनुगमन समितिको दोस्रो प्रतिवेदनले पनि सरकार, सात दल र नेकपा माओवादीबीच भएका राजनीतिक सहमति, समझदारी तथा आचारसंहिताको कार्यान्वयनको प्राथमिकता निर्धारणमा फरक फरक विचारहरू देखा परेको उल्लेख गरेको छ। प्रतिवेदनले सरकारले हतियार र सैनिक व्यवस्थापनलाई प्राथमिकता दिएको, नेकपा (माओवादी) ले अन्तरिम विधान, व्यवस्थापिका र अन्तरिम सरकारको राजनीतिक मुद्दालाई प्राथमिकता दिएको बताएको थियो। यसबाट दुवै पक्षबीच आरोप-प्रत्यारोप बढेको र जनतामा शान्ति प्रक्रिया बिथोलिने हो की भन्ने चिन्ता छाएको पनि प्रतिवेदनले उल्लेख गरेको थियो।[६५]

शान्ति सम्झौताको बुँदा नं ४ ले सेना र हतियार व्यवस्थापनका सम्बन्धमा उल्लेख गरेको छ। सम्झौतामा यस अन्तर्गत नेपाली सेना ब्यारेकमा सीमित रहने, उनीहरूको हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने, माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने, भण्डारण गरिएका हतियारहरूको आवश्यक जाँचबुझ गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्नेलगायत्का व्यवस्था गरिएको छ।[६६]

माओवादी पनि जनताका अधिकारकालागिभन्दा पनि आफ्नो प्रतिनिधित्व र आफ्ना जनमिलिसिया सुरक्षा निकायमा समावेश गर्ने विषयमा केन्द्रित देखियो। यसैबीच नर्वेका प्रख्यात शान्तिवादी विद्वान योहन गाल्टुङले काठमाडौँमै आएर हतियार व्यवस्थापनभन्दा पनि द्वन्द्वका मूलकारणलाई व्यवस्थित गर्ने कार्य प्रमुख भएको धारणा व्यक्त गरे। उनले अहिले देखिएको प्रत्यक्ष हिंसाको मूल कारण नै संरचनागत हिंसा भएको बताएका थिए र द्वन्द्वको निराकरणका लागि संरचनागत हिंसालाई राज्यले प्रमुखरूपमा लिई त्यसको समाधान गरिनुपर्ने बताएका थिए।[६७] हतियार र सेना व्यवस्थापन सम्पूर्ण प्रक्रिया संविधानसभाको चुनाव अगाडि नै सकिएको अवस्थामा मात्रै संविधानसभाको निर्वाचन भयरहित र स्वतन्त्र हुन्छ भन्नेमा कसैको विमति नहोला। यसको व्यवस्थापनमा लागेका सम्बन्धित पक्षहरूले विशेष ध्यान पुऱ्याएका छन् भन्ने अनुमान गर्न सकिन्छ।

५. लोकतन्त्र र दिगो शान्तिका चुनौतिहरू

५.१ प्रतिबद्धता र कार्यान्वयनबीचको खाडल

आठ राजनीतिक दलहरूबीच विभिन्न मितिमा भएका ८ बुँदे, २५ बुँदे र ५ बुँदे सहमति पनि शान्ति प्रयासका लागि उल्लेख्य मानिन्छन्। यद्यपि यी प्रतिबद्धताहरू यी दलहरूले व्यवहारमा रूपान्तरित गर्ने सवालमा कत्तिको इमान्दार भए भन्ने कुरा पनि उत्तिकै महत्व राख्दछ शान्ति प्रयासमा। राजनीतिक दलहरू र माओवादीले संक्रमणकालीन अवस्थामा सतर्कता अपनाउनु अत्यन्त जरुरी हुन्छ।

लोकतान्त्रिक सरकार गठन लगत्तै माओवादी र सात राजनीतिक दलहरूबीच बालुवाटारमा ०६२ असार २ गते बसेको बैठकले पारित गरेको आठ बुँदे सहमतिमा संविधानसभाको निष्पक्ष निर्वाचन, दुवैतर्फको सेना र हतियार व्यवस्थापनलाई प्रमुखताका साथ उठाइएको छ।[६८] र, यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गरिने उक्त सहमतिमा उल्लेख गरिएको छ। यसैगरी संविधानसभाको निर्वाचनमार्फत् वर्गीय, जातीय, क्षेत्रीय, लैंगिकलगायत्का समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने सवालमा पनि उनीहरू सहमत भए। लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता,

---

६५. पूर्ववत् ३५ र ४२

६६. पूर्ववत् ४६-४९

६७. Galtung, Johan. "Nepal: A Transcend Perspective". *Speech at the Regional Conference on Sustaining. Peace in Nepal*. Kathmandu: Fredskorpset and INSEC. 31 October 2006

६८. "सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शीर्ष नेताहरुबीच भएको आठ बुंदे समझदारीको प्रेस वक्तव्य" । पूर्ववत् ५० र ५२ । पृ. ४३-४५

सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता पनि उनीहरूले आठबुँदे सहमतिमा व्यक्त गरेका थिए।[६९]

युद्धविराम आचारसंहिताको प्रस्तावनामा नेपाल सरकार र नेकपा (माओवादी) ले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत मान्यताहरूप्रति प्रतिबद्ध रहने कुरा व्यक्त गरेका थिए।[७०] युद्धविराम आचार संहिताले भयमुक्त नागरिक जीवनको सुनिश्चितता गर्ने, जनतामा विश्वासको वातावरण निर्माण गर्ने, जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा काम गर्ने, शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसंचालन, सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग, बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने, रिहाई र पुनर्स्थापना, वार्ता सहजीकरण युद्धविरामको अनुगमनलगायत्का विषयहरूको सुनिश्चितता गरेको थियो।[७१] सम्झौताअनुसार दुवै पक्षबीच भएको सहमति अनुरूप मानवअधिकार उल्लघनमा विगतको तुलनामा निकै कमी आए पनि त्यस्तो कार्य भने रोकिएन। विभिन्न मानवअधिकार संघ-संस्थाहरूका साथै आचारसंहिता अनुगमन समितिले पनि आफ्नो प्रतिवेदनमा यो सवाल उल्लेख गरेको छ।

५.२ समावेशीकरण र मधेशको सवाल

समावेशीकरणको सवाल जनआन्दोलन–२ को अवधिदेखि यो वर्षको अन्त्यसम्मै अत्यन्त चर्चामा रहिरह्यो। तर, वर्षको अन्त्यमा अन्तरिम संविधानले मधेश र मधेशीको पहिचान र प्रतिनिधित्वको सवाललाई बेवास्ता गरेको आवाज चर्कोरूपमा उठ्यो।

०६३ साउन २० गते काठमाडौंमा तराईका ३३ जना सांसदहरूले अन्तरिम संविधान र संविधानसभामा उचित प्रतिनिधित्व गराउन र मुलुकलाई एकताबद्ध गरेर लैजाने गरी मधेशका सवाल सशक्त ढंगले उठाउने घोषणा गरे। मधेशका समस्याबारे छलफल गर्न कांग्रेस प्रजातान्त्रिकका नेता विजयकुमार गच्छेदारको संयोजनमा भएको भेलाका सम्बन्धमा जानकारी गराउँदै उनले, "शान्ति र लोकतन्त्रलाई संस्थागत गर्ने, अन्तरिम संविधान तथा संविधानसभामा तराईको उचित प्रतिनिधित्व र भावनाको कदर गराउने" सवालमा छलफल भएको बताए।[७२]

संविधानसभा निर्वाचनअघि जनगणना गराउने प्रावधान अन्तरिम संविधानको मस्यौदामा नभएकोले निर्वाचनमा समानुपातिक प्रतिनिधित्व हुन नसक्ने धारणा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले अघि सारेको थियो। ०६३ भदौ १८ गते सम्पन्न राष्ट्रिय कार्यसम्पादन समितिको दुई दिने बैठकले मस्यौदालाई "संवैधानिक तथा प्राविधिक त्रुटीले भरिएको दिशाविहीन दस्तावेज"[७३] को संज्ञा दियो।

लोकतन्त्र प्राप्तिपछि पुनर्स्थापित प्रतिनिधि सभासँगै जारी भएका अनेकौं दस्तावेजहरूमा समावेशीकरणको सिद्धान्तलाई अवलम्बन त गरियो तर संधैंझैं व्यवहारिक प्रयोग भने शून्य बराबर रह्यो। यसका निम्ति सडकमा ओर्लिएका आवाजहरूका कारण केही समितिहरूमा महिलाहरूको वा अरु समुदायको प्रतिनिधित्व गराइए पनि प्रतिबद्धता व्यक्त गरिएको प्रतिशतलाई भने पुनः ख्याल गरिएन। शान्ति सम्झौतापछि पनि यस सवाललाई महत्त्वकासाथ लागू गरिएन। जस्तै, शिविर व्यवस्थापनका पक्षमा भएको सरकार माओवादी र संयुक्त राष्ट्र संघबीच भएको समझदारीअन्तर्गत बनेको एक समितिमा पनि महिलाहरूको प्रतिनिधित्वलाई स्वीकार गरिएन। माओवादीकै तर्फबाट पनि महिला प्रतिनिधित्व गराइएन। अन्ततोगत्वा माओवादी महिला लडाकुहरूको व्यवस्थापनका सम्बन्धमा उचित व्यवस्थापन हुनेमा आशलाग्दो प्रगति होला भन्नेमा शंका उब्जियो। यस समितिको प्रमुखमा एकजना सरकारी प्रतिनिधि र अरु भूतपूर्व उच्च तहका सैनिक अधिकृत र प्रहरी अधिकृत मात्रको प्रतिनिधित्व गराइयो। यसबाट पनि राज्यका हरेक अंग र तहमा महिलाहरूको ३३ प्रतिशत प्रतिनिधित्व गराइने प्रतिबद्धताको पालना हुन सकेन।

राजनीतिक अस्थिरताले शान्ति खल्बलाउँछ भन्ने तथ्य जगजाहेर छ। ०४६ सालको जनआन्दोलनपछि शासन गरेका प्रजातान्त्रिक सरकार भनिनेहरू राजनीतिकरूपमा मात्रै सक्रिय रहँदा र नागरिकका अधिकारहरू प्रत्याभूत गर्ने सन्दर्भमा टाढै रहेका हुनाले नै देशमा राजनीतिक अस्थिरताले भयावह रूप लिएको थियो। यसले माओवादी हिंसालाई बढाइराख्न पनि टेवा प्रदान गऱ्यो। यदि यस्ता क्रियाकलाप पुनः दोहोरिँदै जाने हो भने दिगो शान्तिको प्रयासमा गम्भीर

६९. पूर्ववत्
७०. पूर्ववत् ४०
७१. पूर्ववत्
७२. "मधेश समस्याबारे सांसद भेला"। *कान्तिपुर* ०६३ साउन २१: पृ. ४
७३. "मस्यौदामा मधेशीको बेवास्ता"। *कान्तिपुर* ०६३ भदौ १९: पृ. २

चुनौति सृजना हुनसक्छ। सबै राजनीतिक दलहरूले यो विषयलाई गहनताकासाथ लिनु आवश्यक छ। वर्तमान अवस्थामा दिगो शान्तिका लागि निकै प्रयासहरू भएका छन्। यदि यसलाई सही ढंगले अगाडि नबढाउने हो भने अस्थिरता सृजना हुने निश्चित छ। शान्ति सम्झौतालाई व्यवहारिकरूपमा लागू गर्ने हो भने पनि यसले शान्तिका सम्भावनाहरूलाई मजबुत गर्नेछ। तर शान्ति सम्झौताले समेट्न नसकेका सवालहरूलाई समयमै प्राथमिकताकासाथ नउठाउने हो भने दीर्घकालीन शान्ति प्राप्त हुन नसक्ने सम्भावना प्रवल देखिन्छ।

नेपाल सदभावना पार्टी (आनन्दीदेवी) ले जनसंख्याको आधारमा राजनीतिक नियुक्ति हुनुपर्दछ भन्ने मुख्य माग गर्दै ०६३ पुस १० गते तराई बन्द गरेकोमा नेपालगञ्ज पूर्णरूपमा प्रभावित भएको थियो। प्रदर्शनकारीहरूले नेपालगञ्जको विपिचोकस्थित केही पसलहरूमा तोडफोड गरेपछि स्थिति तनावग्रस्त भएको थियो। यसको विरोधमा प्रतिकारस्वरूप भोलिपल्ट अर्थात् ०६३ पुस ११ गते निस्केको जुलुसमा अवरोध सृजना भएपछि जिल्ला प्रशासनले अपरान्ह १ बजेदेखि ५ बजेसम्म कर्फ्यूसमेत लगाउनु परेको थियो। ०६३ पुस ११ गते निकालेको जुलुसमा मधेसीमूलका मानिसहरूले अवरोध खडा गरेपछि स्थिति साम्य पार्न कर्फ्यू लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको थियो।[६४] कर्फ्यूको उल्लंघन गर्दै दुवै पक्षले सडकमा प्रदर्शन गरे। यसक्रममा दुवै पक्षबीच पटक-पटक झडप भयो। यसक्रममा एकजनाको मृत्यु हुनुका साथै २६ जना प्रदर्शनकारी घाइते भएका थिए। पछि केही मन्त्रीहरू नेपालगञ्ज पुगे भने माओवादीको आह्वानमा सात राजनीतिक दल र नेकपा (माओवादी) को संयुक्त सदभाव जुलुस निस्किएपछि स्थिति सामान्य भएको थियो। मौकाको गलत फाइदा उठाएर उच्श्रृंखलता, तनाव र अस्थिरता सृजना गर्ने समूहले सदैव यस्ता अवसरहरूको खोजी गरिरहने हुनाले यस्तो अवस्था सृजना रहन नदिन सबै सजग नभएका कारण नेपालगञ्जमा हिंसा भड्कियो। यदि नेपालगञ्जमा भड्किएको हिंसा समयमै साम्य नपारेको भए अधिराज्यका अन्य भागमा समेत साम्प्रदायिक हिंसा भड्कने सम्भावनाहरू हुन्थे। यसैगरी पूर्वी तराईमा पनि पहाडी र मधेसी मूलको तनाव जारी नै छ। जनतान्त्रिक तराई मुक्ति मोर्चाले प्रेस विज्ञप्ति प्रकाशित गरी वार्ताका लागि पहल गर्न अनुरोध गरिएपनि वर्षको अन्त्यसम्मै सरकार र नेकपा (माओवादी) तथा सात दलले कुनै पाइला चालेको देखिएन। यदि यो समस्यालाई समयमै दृष्टिगत नगर्ने हो भने भविष्यमा अन्यौल सृजना गर्ने स्पष्ट छ।

बृहद् शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि पनि माओवादीहरूले बेला-बेला अन्यौलता सृजना गर्ने चेष्टा भने गरिनै रहेको पाइयो। संविधानसभाको निर्वाचन गरिने भनेर यसका खाकाहरू तयार भई निर्वाचनका लागि कार्यक्रमहरू तय भइरहेको अवस्थामासमेत गाविस सचिवहरूलाई गाउँ जान रोक लगाउने गरे। उनीहरूले सशस्त्र संघर्षका क्रममा विस्थापित भएका सुरक्षा चेकपोष्ट पुनर्स्थापित गर्ने सम्बन्धमा पनि रोक लगाए। संक्रमणकालीन घडीमा आतंक र लुटपाटको जुन अन्यौलता सृजना भएको छ त्यसबाट जनतालाई सुरक्षा दिने सवालमा माओवादीहरू बाधक बने। यसले पनि हिंसालाई खल्बलाउने अवसर मिलिरहयो।

५.३ संक्रमणकालीन न्याय

संक्रमणकालीन अवस्थामा वास्तविक शान्तिको कुरा गर्दा पीडितका सवालहरूलाई राज्यले सम्बोधन गर्नुपर्दछ। उनीहरूको भरण-पोषणको जिम्मेवारी राज्यले लिनुपर्दछ अनि पीडकलाई कारवाही गरिनु पर्दछ वा पीडितहरूका सामू माफी माग्न लगाउनु पर्दछ। अनि मात्र जनताले सही अर्थमा न्याय पाएको महसुस गर्नेछन्। देश संक्रमणकालीन अवस्थामा छ। यस अवस्थाबाट कसरी माथि आउने वा देशमा कसरी शान्ति स्थापना गर्ने भन्ने सम्बन्धमा अन्य देशका उदाहरण, जो हामीसँग मिल्दाजुल्दा छन्, तिनीहरूबाट शिक्षा लिनु पर्दछ। यस सन्दर्भमा दक्षिण अफ्रिकाको शान्ति प्रयास उल्लेख्य हुन सक्दछ। तर त्यही 'मोडल' नै यहाँ अपनाउनु पर्दछ भन्ने होइन। कतिपय अवस्थामा देशको भौगोलिक अवस्था र त्यहाँको रहनसहनले पनि यस्ता सवालमा प्रभाव पार्दछ। दक्षिण अफ्रिकामा युद्धमा संलग्न अपराधीहरूलाई जसरी आममाफी दिइएको थियो, त्यो सन्दर्भ यहाँ उचित हुँदैन। यदि त्यहाँको जस्तो यहाँ पनि आममाफी दिने हो भने दण्डहीनतालेसँधै प्रश्रय पाइरहन्छ।

यस अवस्थामा शान्ति स्थापना गर्ने अर्को प्रविधि भनेको संविधान हो। यस अवस्थामा बनाइएको संविधानले जनताका हक-अधिकार सुनिश्चित गरिनुपर्दछ । संविधान बनेर मात्रै हुँदैन सही अर्थमा त्यसको प्रत्याभूति अपरिहार्य हुन्छ। जनताको आधारभूत अधिकारलाई संविधानमार्फत् सुनिश्चित गर्न सकेको खण्डमा समस्या समाधानका लागि महत्त्वपूर्ण कार्य हुनसक्छ। दक्षिण अफ्रिकी राष्ट्र नाइजेरियाको संविधानमा जनताका आधारभूत अधिकारलाई सम्बोधन गर्न सकेको छ। विगतमा भएका अन्यायलाई सम्बोधन गर्न शान्तिपूर्ण समाधानको उपाय अवलम्बन गर्न, कानुनको शासनको पुर्स्थापना गर्न र भविष्यका लागि दिगो न्याय

६४. "बाँके प्रशासनद्वारा कर्फ्यूको आदेश" । *www.inseconline.org/Nepali/archive_show2.php?newsid=3533* । ०६३ पुस ११ गते हेरिएको

स्थापित गर्नका लागि संक्रमणकालीन न्याय आवश्यक पर्दछ।[६५]

देश संक्रमणको अवस्थामा रहँदा राज्य गर्नेहरूले धेरै नै संयमता अपनाउनु जरुरी हुन्छ। शान्ति स्थापनाका लागि संक्रमणकालीन न्याय उपयुक्त हुन्छ। भइरहेको सत्ता परिवर्तन वा पतनपश्चात् नयाँ सत्ताको निर्माण पूर्णरूपमा नहुन्जेलसम्मको समयावधि संक्रमणकालीन समय हो। र, उक्त समयको व्यवस्थापन कार्य संक्रमणकालीन समयको व्यवस्थापन हो। बदलिँदो परिस्थितिमा पीडितले अपेक्षा गर्ने भनेको उनीहरूमाथिको न्याय नै हो, तर त्यसलाई चाहे पीडकलाई कारवाही गरेर होस्, क्षतिपूर्ति प्रदान गरेर होस्, या उनीहरूका पीडालाई जनसमक्ष ल्याएर होस राज्यले सम्बोधन गर्नै पर्दछ। संक्रमणकालीन न्याय भनेकै पीडकलाई कारवाही गर्दै पीडितहरूको उचित व्यवस्थापन गर्नु हो। संक्रमणकालको अनुभव गरेका विभिन्न मुलुकहरू मध्ये धेरैजसोले विभिन्न जाँचबुझ समिति गठन गरी पीडकहरूलाई जनतासामू उभ्याएर उनीहरूले गरेका अपराधहरू सार्वजनिक गरेका थिए।

संक्रमणकालमा नयाँ संविधान निर्माण गर्ने प्रक्रिया अत्यन्त महत्वपूर्ण हुन्छ। परिवर्तनको अवस्थामा वैधानिकरूपमा राज्य सञ्चालनका लागि पनि यस्तो नयाँ संविधानको आवश्यकता पर्दछ। संविधान सभामार्फत् संविधान निर्माण गर्ने कार्यका लागि संक्रमणकालीन समयको सही व्यवस्थापन पहिलो र अनिवार्य शर्त हुनजान्छ। राज्य शून्यतामा वा कानुनी रिक्ततामा रहन सक्दैन र नयाँ सत्ताको पूर्ण निर्माण नभएसम्मका लागि कुनै निश्चित विधि र सिद्धान्तबमोजिम नै राज्य सञ्चालन हुनुपर्दछ भन्ने मान्यता संक्रमणकालीन विधिशास्त्रले राखेको हुन्छ।[६६]

नेपालको स्थिति भने अन्य देशको भन्दा केही भिन्न छ। नेपालमा लोकतन्त्र स्थापना भएको छ। निरंकुश शासननले जनताका सामु घुँडा टेकेको छ भने विद्रोही पक्ष पनि लोकतान्त्रिक सरकारसँगै शान्ति स्थापनाका लागि सहकार्य गर्दैछन्। युद्ध समाप्तिपछि देश नयाँ मोड र दिशातर्फ अगाडि बढेको छ।

संक्रमणकालीन अवस्थामा विगतमा भएका मानवअधिकार उल्लंघनकर्ताहरूका सम्बन्धमा खोजबिन गरी कारवाही प्रक्रिया अगाडि बढाइएको हुन्छ। तर नेपालको सन्दर्भमा यो अवस्था जटिल देखिएको छ। नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको बृहद् शान्ति सम्झौताले सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने निर्धारण गरेको छ। यसबाहेक शाति तथा पुनर्स्थापना आयोग पनि गठन गर्ने कुरा सम्झौतामा छ। शान्ति सम्झौताको बुँदा नं ५.२ ले स्थिति सामान्यीकरणका उपायहरू अपनाउन विभिन्न व्यवस्थाहरू गरिने उल्लेख गरेको छ। यसअन्तर्गत दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका कुरा बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत भएका छन्।[६७] मानवअधिकार उल्लंघनकर्ताहरूको पहिचान गर्ने र पीडित र पीडकबीच मेलमिलाप बढाउने सवालमा मात्र यो सम्झौताले जोड दिएको छ न कि न्याय स्थापित गर्ने सवालमा। जबसम्म पीडकलाई कारवाही गरिँदैन, तबसम्म पीडितले कसरी न्याय पाउन सक्छ ? मानवताविरोधी जघन्य अपराध गर्नेलाई जबसम्म न्यायको कठघरामा उभ्याइँदैन, तबसम्म हामीले भनिरहेको न्यायपूर्ण दिगो शान्ति स्थापित हुन सक्दैन। किनभने यस्ता तत्वहरूले सँधै नै टाउको उठाउने र त्यही प्रवृत्ति दोहोऱ्याइरने मौका पाउँदछन्। यसले दण्डहीनताको प्रवृत्तिलाई झन् बढावा दिन्छ।

शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएपनि काम कारवाही कसरी अगाडि बढाउने भन्ने प्रक्रिया उल्लेख गरिएको छैन। अर्कोतर्फ यससम्बन्धमा कुनै समयावधिसमेत तोकिएको छैन। विभिन्न सहमतिअनुसार जब माओवादीहरू सरकारमा सामेल हुन्छन्, त्यस अवस्थामा कारवाहीको कुरा कत्तिको अगाडि बढला ? चिन्ताको विषय छ। यो वर्षको अन्त्यसम्मै शान्ति सम्झौता सम्पन्न भएपछि आयोग गठनका लागि कुनै प्रक्रिया अगाडि बढाइएन। संविधानसभाको निर्वाचन ०६४ जेठमा गर्ने सहमति भएको छ। तर संविधानसभाको निर्वाचनभन्दा अगाडि नै सत्य निरूपण तथा मेलमिलाप आयोग र पीडकहरूलाई कारवाहीको प्रक्रिया अगाडि बढाइएन भने पीडितहरूले कसरी निर्भयकका साथ मतदानमा भाग लिन सक्छन् ? उनीहरूले भयमुक्त वातावरणमा मत खसाल्न पाउने अवस्था ज्यादै नै कम रहन्छ। त्यस अवस्थामा पनि विभिन्न किसिमका डर र धम्कीहरू यथावत् नै हुने अवस्था रहन्छ।

---

६५. Bhattarai, Dr. Ananda Mohan. "Justice for Democratic Transition and Sustainable Peace". *Presentation at the Regional Conference on Sustaining Peace in Nepal*. Kathmandu: Fredskorpset and INSEC. 30 October 2006

६६. आचार्य, भीमार्जुन। *संविधान सभा : प्रक्रिया र अनुभवहरू*। काठमाडौं: राष्ट्रिय शान्ति अभियान। ०६३ साउन। पृ. ६५

६७. पूर्ववत् ४६-४९ र ६६

५.४ अन्तरिम संविधान

लोकतन्त्र स्थापनापछि नेपाल अधिराज्यको संविधान २०४७ को सान्दर्भिकता समाप्त हुन पुग्यो। नेपाल सरकार र नेकपा (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा ०६३ असार २ मा सम्पन्न तेस्रो वार्ताको सहमति अनुसार सोही दिन अन्तरिम संविधान मस्यौदा समिति गठन भयो। शुरुमा एकजना संयोजकसहित ६ सदस्यीय समिति गठन भएको थियो। तर त्यसमा समावेशीकरणको सिद्धान्त अबलम्बन गरिएन। समितिमा महिला, जनजाति, दलित समुदाय आदि कसैको पनि प्रतिनिधित्व नगराइएपछि व्यापक जनविरोध भयो। ०६३ असार ३१ गते नेपाल सरकार र नेकपा (माओवादी) बीचमा भएको सहमति अनुसार नौजना सदस्यहरू थप गरी उक्त समितिलाई १५ सदस्यीय बनाइयो। सोही मितिमा भएको अर्को सहमति अनुसार शुरुमा तोकिएको १५ दिनको कार्या विधिमा १० दिन थप गरी ०६३ असार २१ गतेबाट २५ दिन कायम गरिएको थियो। साथै समितिमा एकजना दलित अधिवक्तासमेतको प्रतिनिधित्व गराइने नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ साउन १४ गते सम्पन्न बैठकको निर्णय अनुसार मस्यौदा समितिमा पुन: एकजना सदस्य थप गरी समितिलाई अन्ततः १६ सदस्यीय समिति कायम गरियो।[६८]

यस अवस्थामा १५ दिनको समय दिएर अन्तरिम संविधान बनाउने जिम्मेवारी पाएको अन्तरिम संविधान मस्यौदा समितिले पटक-पटक समय थप गरी दुई महिनापछि अन्तरिम संविधानको मस्यौदा ०६३ भदौ ९ गते सरकारलाई बुझायो। मस्यौदा बनाउने क्रममा अन्तरिम संविधान मस्यौदा समितिले विभिन्न संघसंस्था, राजनीतिकर्मीहरू, पेशाकर्मीहरूसँग छलफल गरि सुझावसमेत संकलन गरेको थियो। विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो तर्फबाट छुट्टाछुट्टै मस्यौदा समितिसमक्ष प्रस्तुत गरेका थिए।

मानवअधिकार संस्थाहरूले पनि आफ्नै पहलमा संविधानको मौलिक हकअन्तर्गत समेटिनुपर्ने विषयहरूमा भिन्दै सुझावहरू समितिलाई पठाएका थिए। सकेसम्म व्यापक जनसहभागिता जुटाई संविधानलाई जनभावनाअनुरूप बनाउनका लागि समस्त नेपाली जनता, राजनीतिक दलहरू, नागरिक समाज, मानवअधिकार संघसंस्थाहरू, पेशागत संघसंगठनहरू, महिला संघसंगठनहरू, आदिवासी तथा जनजाति संघसंस्थाहरू, दलित संघसंस्थाहरू, विद्यार्थी संघसंगठनहरू, जनवर्गीय संगठनहरू तथा बुद्धिजीवीहरूसँग अन्तरिम संविधानसँग सम्बन्धित विषयहरूमा लिखित एवम् मौखिकरूपमा आ-आफ्नो राय, सल्लाह एवम् सुझाव दिई सहयोग गर्न मस्यौदा समितिले आह्वान गरेको थियो। सो अनुरूप ०६३ साउन २३ गतेसम्म जम्मा ८ सय १६ वटा सुझावहरू समितिलाई प्राप्त भए। जसमध्ये व्यक्तिगत ३ सय ७, समूहगत २३ र संस्थागत ४ सय ८६ वटा रहेका थिए।[६९] समितिले बुझाएको मस्यौदामाथि वार्ता टोलीद्वारा छलफल गरि त्यसमा केही हेरफेर गरी सहमतिमा पुगेपछि ०६३ पुस १ गते सात राजनीतिक दल र नेकपा (माओवादी) ले हस्ताक्षर गरे तर सद्भावना पार्टी (आनन्दीदेवी) को भने यसमा फरक मत रह्यो। अन्तरिम संविधानलाई पूर्णता दिए पनि नेकपा (एमाले) ले संविधानसभाको निर्वाचनका लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली हुनु पर्ने भनी छुट्टै मत राखेको थियो भने नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम हुनुपर्नेलगायत्का कुराहरू राखी असहमति जनाएको थियो। ६९ पृष्ठ लामो १ सय ६८ वटा धारा भएको अन्तरिम संविधानमा पुस १ गते हस्ताक्षर गरेपछि उक्त संविधान प्रतिनिधिसभामा बुझाइयो। सहमति अनुसार, पुनर्स्थापित प्रतिनिधिसभाले अन्तरिम संविधान जारी गर्ने र त्यसपछि गठन हुने अन्तरिम संसदले त्यसलाई अनुमोदन गर्ने समझदारी भएको थियो। आठ दलबीच सबभन्दा विवादित मुद्दा बनेको राष्ट्राध्यक्षका सवालमा अन्तरिम संविधानमा मौन बसी सम्पूर्ण शासनाधिकार प्रधानमन्त्रीले प्रयोग गर्ने र राजामा कुनै अधिकार नरहने व्यवस्था गरिएको छ।

अन्तरिम संविधान २०६३ को भाग २ मा नागरिकता सम्बन्धी व्यवस्था गरिएको छ। संविधानले आमा वा बाबु कसैको नामबाट पनि नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चितता गरेको छ। भाग २ को धारा ८ को उपधारा २ (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने उल्लेख गरिएको छ। यसैगरी धारा ८ कै उपधारा ३ मा नेपाल सरहदभित्र फेला परेको पितृत्व-मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्ने पनि व्यवस्था गरिएको छ। मौलिक हकअन्तर्गत सामाजिक न्यायको अधिकार पनि अन्तरिम संविधानमा व्यवस्था गरिएको छ। जस अनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने अधिकार धारा २१ ले प्रदान गरेको छ।

---

६८. "अन्तरिम संविधान मस्यौदा समितिको प्रतिवेदन २०६३" । काठमाडौं: अन्तरिम संविधान मस्यौदा समिति । ०६३
६९. पूर्ववत्

मौलिक हकअन्तर्गत धारा २० मा महिलाको हकको व्यवस्था गरिएको छ। महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गर्न नहुने कुरा अन्तरिम संविधानले उल्लेख गरेको छ। कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था मौलिक हकअन्तर्गत गरिएको छ। यसैगरी पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार ग्यारेण्टीको व्यवस्था गरिएको छ। सदियौंदेखि छोरा र छोरीमा गरिने विभेदलाई यसले अन्त्य गर्ने प्रयास गरेको छ। तर यसको व्यवहारिक रूप भने हेर्न बाँकी नै छ। यस वर्षको अन्त्यसम्ममा पनि संसदले अन्तरिम संविधान जारी गरेन।

सात दल र नेकपा (माओवादी) बीच पुस १ गते सहमति भएको उक्त अन्तरिम संविधानले सम्पूर्ण शासनाधिकार प्रधानमन्त्रीमा रहने, संविधानसभाका लागि मिश्रित चुनाव पद्धति अपनाउने, समानुपातिक सिटमा मात्र आरक्षणको व्यवस्था गर्ने, न्यायाधीशहरूले अन्तरिम संविधानको सपथ लिनुपर्ने, संविधानसभाको निर्वाचन प्रक्रिया अघि बढाउन तत्काल कानुन बनाइने, संवैधानिक नियुक्तिको कार्यभार संवैधानिक परिषद्मा रहनेलगायत्का व्यवस्थाहरू गरेको छ।

अन्तरिम संविधानले लोकतान्त्रिक शासन पद्धतिलाई अवलम्बन गर्ने प्रयास गरेको छ। जनताद्वारा संविधान जारी गर्न लागिएको नेपालको इतिहासमै यो पहिलो पटक हो। यसको प्रस्तावनामै "हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता" भन्ने उल्लेख गरिएको छ। अन्तरिम संविधानले मौलिक हक र मानवअधिकारलाई अघिल्लो संविधानभन्दा विस्तृत गरेको छ।

अन्तरिम मस्यौदा समितिले शान्ति वार्ता टोलीलाई बुझाएको अन्तरिम संविधानको मस्यौदामा धारा २५ अन्तर्गत न्यायसम्बन्धी हकको उपधारा ५ मा व्यवस्था गरिएको अधिकारलाई शान्ति वार्ता टोलीले भने हटाएको छ। उपधारा ५ मा कुनै पनि व्यक्तिलाई दण्डहीनता वा मानवताविरुद्धको कसूरमा कानुनी उपचार प्राप्त गर्ने हकको व्यवस्था गरिएको थियो।[८0] त्यसैगरी उपधारा ४ मा युद्ध अपराध र मानवताविरुद्धको अपराधसम्बन्धी कसूरमा पश्चात दर्शी असर हुने गरी कानुन बनाई मुद्दा चलाउन र सजाय दिन बाधा पुऱ्याएको मानिने छैन भनिएको थियो। तर यी व्यवस्थालाई सरकार र नेकपा (माओवादी) का वार्ता टोलीले मस्यौदाबाट हटाएका छन्। यसबाट सरकार र माओवादी दण्डहीनताको अन्त्यमा कत्तिको संवेदनशील छन् भन्ने तथा प्रष्ट भएको छ। दण्डहीनता अन्त्य दलहरूको भाषणमा मात्र सीमित रहेको तथ्य पनि यसबाट पुनर्पुष्टी हुन्छ।

देशको संविधान निर्माण नहुञ्जेलका लागि ल्याइने अन्तरिम संविधानले पनि राष्ट्रमा मूल कानुनसरह नै मान्यता राख्दछ। निश्चित प्रक्रियाद्वारा नयाँ संविधान नबनिसकेको समयावधिमा काम चलाउका लागि बनाइएको अन्तरिम संविधानले पनि जनताका नागरिक तथा राजनीतिक अधिकारहरूका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रत्याभूत गरेको र जनताका सम्पूर्ण अधिकारहरू व्यवस्था गरेको हुनुपर्दछ। यसकै आधारमा शासन सञ्चालन हुनु पर्दछ।

नयाँ संविधान निर्माण र संशोधन प्रक्रिया नौलो होइन। विभिन्न देशहरूमा २० औं पटकसम्म पनि संविधानहरू बनेका छन्। विश्वको बदलिँदो परिस्थितिसँगै अघिल्लो संविधानले समेट्न नसकेका जनताका हक-अधिकारहरूलाई व्यवस्थित गर्न पनि नयाँ संविधानको आवश्यकता पर्दछ। संविधान बनाउने प्रक्रिया धेरै नै लामो हुन्छ। त्यसकारण अन्तरिम संविधानहरू जारी गरिन्छ। भारतमै पनि नयाँ संविधान बनाउन झण्डै तीन वर्ष लागेको थियो।

५.५ संविधान सभा र निर्वाचन प्रक्रिया

विगत केही वर्षदेखि नेकपा (माओवादी) ले अगाडि सारेको संविधानसभाको माग ०६३ मा आएर पूरा भएको छ। माओवादीहरूले यसअघि भएका वार्ताहरूमा संविधानसभाको माग प्रस्तुत गरेका थिए। माओवादीहरूको उक्त मागमा सरकारले उदासिनता देखाएपछि विगतमा भएका वार्ताहरू भंग भई शान्ति प्रक्रिया अवरुद्ध भएको थियो।

संविधानसभामार्फत् जनताका सम्पूर्ण अधिकारहरूको प्रतिनिधित्व र समावेशी लोकतन्त्रको सिद्धान्तलाई देशको मूल कानुनअन्तर्गत नै व्यवस्था गर्न व्यापकरूपमा बहसहरू भए। त्यसक्रममा विभिन्न राष्ट्रका संविधानसभासम्बन्धी अनुभवहरूका बारेमा समेत छलफल चलाइयो।

संविधानसभा निर्वाचनका लागि रिक्त रहेको प्रमुख निर्वाचन आयुक्त पदमा सरकारले ०६३ कार्तिक १३ गते भोजराज पोखरेललाई नियुक्त गऱ्यो। संविधानसभाको निर्वाचनका सम्बन्धमा प्रक्रिया अघि बढ्ने बित्तिकै सरकारले नागरिकताबाट वञ्चितहरूलाई नागरिकता वितरणको कार्य सुरु गऱ्यो।

पुस १ गते भएको सहमतिमा दलहरूबीच ४ सय २५ सदस्यीय संविधानसभाका लागि हाल कायम रहेका निर्वाचन क्षेत्रबाट २ सय ५ जना प्रत्यक्ष र २ सय ४ जना

८0. "नेपालको अन्तरिम संविधान २०६३" । काठमाडौं: अन्तरिम संविधान मस्यौदा । ०६३

समानुपातिक रूपमा निर्वाचन गर्न मिश्रित प्रणाली अपनाउने व्यवस्था गरिएको छ। अन्य १६ जना सदस्य प्रधानमन्त्रीले सहमतिका आधारमा मनोनित गर्नेछन्। मतपत्र एउटा कि दुईवटा भन्नेलगायत्का प्राविधिक विषयहरू आयोगले दलहरूसित छलफल गरेर तय गर्ने सहमति अन्तरिम संविधानमा आठै दलहरूले गरेका छन्। महिला, दलित, आदिवासी, जनजाति र मधेशी समुदायलाई समानुपातिक सिटमा मात्र आरक्षण दिने र प्रत्यक्ष सिटमा समेत दलहरूले सबै धर्म, जाति, जनजातिलाई राखी समावेशी उम्मेदवार तय गर्नुपर्ने व्यवस्था गरिएको छ। समानुपातिक सिटका लागि दलहरूले जनसंख्याको अनुपातका आधारमा महिला, दलित, आदिवासी, जनजाति र मधेशी समुदायका लागि निश्चित सिट छुट्याएर निर्वाचनअघि उम्मेदवारको सूची तय गर्नुपर्नेछ।

यो वर्षको अन्त्यसम्म पनि अन्तरिम संविधान जारी नहुँदा निर्वाचन आयोगले संविधानसभा निर्वाचनको कुनै प्रक्रिया सुरु गर्न सकेन। अन्तरिम संविधान जारी नहुँदा ०६४ जेठमा हुने भनिएको संविधानसभा निर्वाचनका लागि आवश्यक काम कारवाही पछाडि धकेलिने हुनाले सबै प्रक्रियामा ढिलाई हुने सम्भावना बढाएको छ। निर्वाचनको तरिका, प्रणाली र आधार निर्धारण गर्ने काम नै ऐन र नियमावली बनाएर गर्नुपर्ने हुँदा अन्तरिम संविधान जारी नगरिँदा यी सबै प्रक्रियामा ढिलाई हुने सम्भावना बढे। निर्वाचन आयोगले ०६३ पुस १ गतेबाट मतदाता नामावली संकलन गर्ने प्रारम्भिक तयारी गरेको थियो। संविधानका कारण त्यससम्बन्धी ऐन निर्माणमा ढिलाई भएपछि नामावली संकलन पनि प्रभावित हुने भएको छ।[८१] यसबीच निर्वाचन आयोगले संविधानसभा चुनावका लागि आवश्यक पर्ने ऐन निर्माणका लागि विभिन्न दलका प्रतिनिधिहरूसँग परामर्श गऱ्यो।

संविधानसभाको निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि प्राविधिक सहयोगका सम्बन्धमा निर्वाचन आयोगले संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनलगायत् उनको टोलीका अन्य सदस्यहरूबीच विभिन्न छलफल गरेको थियो। आयोगले स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण गराउने सम्बन्धमा मानवअधिकार समुदायका साथै अन्तर्राष्ट्रिय संघसंस्थासँग पनि छलफल गऱ्यो। अन्तरिम संविधान जारी भएपछि द्रुत गतिमा निर्वाचन आयोगले आफ्ना गतिविधिहरू अगाडि बढाउने अपेक्षा गरियो।

६. निष्कर्ष र सुझाव

दिगो शान्तिका लागि जनताको अधिकार स्थापना हुनु जरुरी हुन्छ। मानवअधिकारको पूर्ण बहाली नै शान्तिको आधारशीला हो। दिगो शान्ति र सुदृढ लोकतन्त्रका लागि आठ दलहरूले समावेशीकरणको प्रकृयालाई इमान्दारीपूर्वक अघि बढाउनु जरुरी छ।

०६३ जेठ १६ गते प्रतिनिधिसभाको अर्को ऐतिहासिक घोषणापत्रमा लोकतान्त्रिक सरकारले धेरै प्रगतिशील कार्यहरू गऱ्यो। आमाको नामबाट पनि नागरिकता प्रदान गर्न सकिने, महिला सहभागिता ३३ प्रतिशत गरिने, समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिने उल्लेख गरिएको छ। तर व्यवहारमा महिना दिन नपुग्दै सरकारद्वारा बनाइएका विभिन्न आयोग तथा समितिमा महिलाहरूका साथै दलित तथा जनजातिको प्रतिनिधित्व गराइएन। त्यसका लागि महिलाहरूले सिंहदरबार घेराउदेखि विभिन्न दबाबमूलक कार्य नै गर्नु पऱ्यो। अनिमात्र महिलालगायत् दलितहरूलाई अन्तरिम संविधान मस्यौदा समितिमा सहभागी गराइयो यद्यपि जाँचबुझ आयोगलगायत्का आयोगहरूमा महिलाहरूको प्रतिनिधित्वलाई गौण पारियो।

शान्तिको अर्थ व्यक्ति अनुसार फरक-फरक हुनसक्छ। उद्योग-व्यापारमा संलग्न व्यक्तिहरूका निम्ति यो जबरजस्ती चन्दा असुली र घुसखोरीको अन्त्य तथा पारदर्शी र स्वच्छ कानुनी परिवेशमा स्वतन्त्रतापूर्वक कार्य गर्न पाउनु हो। बालबालिकाका निम्ति शान्तिको अर्थ भय र त्रास, स्कूलमा गएर गुणस्तरीय शिक्षा हासिल गर्न पाउनु हो। महिलाहरूका निम्ति समान अवसरको भागीदार हुन पाउनु हो। राजनीतिकर्मीहरूका निम्ति शान्तिपूर्ण ढंगले शासन सत्तामा स्थापित हुनु हो। वञ्चित समुदायका निम्ति शान्तिको अर्थ सुयोग्य नेपाली नागरिकका रूपमा आकांक्षा र आत्मसम्मानसहितको पहिचान स्थापना हुनु हो। अल्पसंख्यक जनजातिका निम्ति शान्ति राज्यको नीति निर्माणको तहमा समावेश हुन पाउनु हो।[८२]

तर लोकतन्त्रको बहालीपश्चात आठ दलले एकमत भएर अल्पसंख्यक जनजाति, मधेशीलगायत्का वञ्चित समुदायका सवालहरूलाई सशक्तरूपमा सम्बोधन गर्न सकेको देखिएन। संक्रमणकालीन न्यायका सम्बन्धमा पनि राज्य वा राज्य सञ्चालन गरिरहेका दलहरूले उचित कदम चालेको देखिँदैन। आजको संक्रमणकालीन परिवेशमा आठ दल र

---

८१. "निर्वाचन आयोग अन्यौलमा"। *कान्तिपुर* ०६३ मंसिर २७: पृ. २

८२. Pyakurel, Sushil. "Role of Human Rights Defenders in Peace Process". *Paper presented at the Regional Conference on Sustaining Peace in Nepal*. Kathmandu: Fredskorpset and INSEC. 31 October 2006

राज्यले निम्नलिखित सवालहरूमा गंभीरतापूर्वक ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

- सरकार, सात दल र नेकपा (माओवादी) बीच सम्पन्न सम्पूर्ण सहमति र सम्झौता पूर्णरूपमा परिपालना गरिनु पर्दछ।
- शान्ति सम्झौतामा स्थिति सामान्यीकरण गर्न व्यवस्था गरिने भनिएको सत्य निरूपण तथा मेलमलाप आयोग संविधानसभाको निर्वाचन अगाडि नै गठन गरिनुपर्दछ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगको काम कारवाहीअन्तर्गत सत्य निरूपण तथा मेलमिलापलाई मात्र सिमित नगरी जघन्य अपराधमा संलग्न हुनेहरूलाई कारवाही गर्ने प्रक्रियासमेत अपनाइनु पर्दछ।
- शान्ति सम्झौतामा उल्लेख गरिएअनुसार दुबैतर्फले व्यक्त गरेका प्रतिबद्धता अनुसार बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा सम्झौताअनुरूप अविलम्ब कार्य थालिनु पर्दछ।
- मधेश तथा देशका विभिन्न वर्ग तथा समुदायबीच व्याप्त असन्तुष्टि र विद्रोहलाई शान्तिपूर्णरूपमा वार्ताका माध्यमबाट समाधान गरिनु पर्दछ।
- जनआन्दोलन-२ का क्रममा मानवअधिकार उल्लंघन गर्नेहरूउपर लोकतन्त्रको पुनर्स्थापनापछि गठित उच्चस्तरीय जाँचबुझ आयोगले बुझाएको प्रतिवेदनअनुसार कानुनी कारवाही चलाइनु पर्दछ।
- कानुनी शासनको सिद्धान्तलाई व्यवहारमा अनुदित गरिनु पर्दछ।
- मानवअधिकारका सम्बन्धमा नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिज्ञाहरूलाई सम्मान गर्दै तिनलाई व्यवहारमा रूपान्तरण गरिनु पर्दछ।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.१ न्यायपालिका

१. पृष्ठभूमि

सक्षम तथा प्रभावकारी न्यायपालिका विना जनअधिकार र लोकतन्त्रको संरक्षण हुन सक्दैन। स्वतन्त्र न्यायपालिका लोकतन्त्र र कानुनी शासन रक्षाका लागि राज्यको उत्कृष्ट आधारशीला हो। राज्य संस्था, व्यक्ति वा कुनै निकायको डर, धाक, त्रास, प्रलोभन वा अनुचित प्रभावबाट मुक्त न्यायपालिका नै वास्तविक रूपमा स्वतन्त्र हुन्छ। राज्यको कार्यकारिणीले गर्ने व्यवहार र न्यायपालिकाले निर्वाह गर्ने भूमिकाबाट मात्र न्यायिक स्वतन्त्रताको वास्तविक परीक्षण हुने हुँदा नेपालको न्यायिक स्वतन्त्रतालाई पनि सोही अनुरूप विवेचना गरिनु पर्दछ।

अघिल्लो वर्ष र यस वर्षको सुरुका केही महिना न्यायपालिकाका लागि परीक्षाको घडी रह्यो। त्यस समयमा अदालत असहज परिस्थितिमा अवश्य थियो। तर पनि सर्वोच्च अदालत आफ्नो अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न हिच्किचाउनु, न्यायाधीशमाथि शाही आयोगले कारवाही गर्दा प्रधानन्यायाधीशले समर्थन गर्नु र सरकारी पक्षबाट न्यायपालिकाको अपहेलनामा परेका मुद्दाहरूमा तदारुकताका साथ फैसला हुन नसक्नुले न्यायपालिकाको स्वतन्त्रता अक्षुण्ण नरहेको पुष्टि गरेको थियो।[१] त्यस्तै, न्यायाधीशहरूको नियुक्ति, महत्वपूर्ण मुद्दाहरूलाई पन्छाउने प्रवृति, बार र बेञ्चबीचको विवाद र न्यायालयका क्रियाकलापहरूमा सरकारको अनावश्यक हस्तक्षेपले गर्दा जनतामाझ न्यायलयप्रतिको आस्था गुमेको थियो।[२]

तर ०६१ माघ १९ गतेको राजाले सत्ता सम्हालेपछि संवैधानिक सर्वोच्चतालाई निष्क्रिय तुल्याउन सत्तापक्षद्वारा गरिएको प्रहारको सामना गर्न सर्वोच्च अदालतले निर्वाह गरेको भूमिका समग्रमा उल्लेखनीय मान्नुपर्दछ। असंवैधानिक कार्यकारिणी गठनपछि निरंकुश शैलीमा नागरिकका मौलिक हकमाथि स्वेच्छाचारी बन्देज तथा राजनीतिक दलका शान्तिपूर्ण गतिविधिमाथि रोक लगाइयो। सार्वजनिक सञ्चारमाध्यमलगायत् टेलिफोन सेवासमेत अवरुद्ध पारिए। त्यस समयमा कानुनको चरम दुरूपयोग र बेवास्ता गरियो। त्यस्तो कार्यको विपक्षमा सर्वोच्च अदालतले एक कदम अघि बढेर मानवअधिकारको पक्षमा निर्णय दिएको थियो। बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले गरेका फैसला प्रशंसनीय रहे। यस वर्षको सुरुमा शाही आयोग खारेजीको निर्णय गरेर कानुनी राजको सम्मान गर्नुका साथै जनतालाई आफूप्रति विश्वस्त पार्न पनि अदालत सफल भयो।

न्यायपालिका पूर्णरूपमा न्याय सम्पादन गर्ने निकाय हो। न्याय सम्पादन गर्ने यसको प्रमुख कार्यअन्तर्गत जनताका राजनीतिक तथा नैसर्गिक हक-अधिकारको संरक्षण गर्ने जिम्मेवारी पनि अर्न्तनिहित हुन्छ। नेपालको सन्दर्भमा राजनीतिक विवादहरूसमेत अदालतमा प्रवेश गर्ने र त्यहाँबाट भएका फरक-फरक निर्णयहरूबाट देशको समसामयिक राजनीतिक परिस्थितिमा व्यापक प्रभाव पर्ने गरेको छ। त्यसकारण पनि न्यायपालिका चर्चाको विषय बनिरहने गरेको छ। यस्तो अवस्था यस वर्ष पनि कुनै न कुनैरूपमा देखा पऱ्यो। जनआन्दोलनका समयमा बन्दीप्रत्यक्षीकरणको उजुरीमाथि शीघ्र निर्णय गर्नुका साथै नागरिकका अधिकार संरक्षणमा न्यायिक सक्रियता देखिएको थियो भने स्थानीय चुनावलगायतका केही राजनीतिक विषयका मुद्दामा न्यायपालिकाको भूमिका विवादास्पद रह्यो। त्यस्तै सेना प्रमुखलाई निलम्बन गर्ने सम्बन्धमा तथा अन्य कतिपय अवस्थामा अगाडि आएका सवालमा न्यायपालिकाले आफ्नो गरिमा जोगाएर राख्न नसकेको उदाहरण देखियो।

न्यायपालिका कानुनी राजको सिद्धान्तअनुसार आफ्नो स्वतन्त्रता र सर्वोच्चता कायम राख्न नसक्नाले विवादमा तानियो। लोकतन्त्र सुदृढ हुनका लागि स्वतन्त्र न्यायपालिका आवश्यक पर्दछ। न्यायिक स्वतन्त्रताविना न्यायपालिकाको अस्तित्व कल्पना गर्न पनि सकिँदैन। संवैधानिक सर्वोच्चता, मानवअधिकारको सम्मान, शक्ति पृथकीकरण, कानुनी राज्यसम्बन्धी सिद्धान्तको परिपालना, स्वतन्त्र न्यायपालिका तथा न्यायिक पुनरावलोकन, जनउत्तरदायी सरकारजस्ता मान्यतालाई लोकतान्त्रिक राज्यले सम्मान गर्नुपर्दछ। न्यायिक स्वन्त्रतता र कानुनको शासनका अवयवहरूमाथि प्रश्न उठ्न थाल्दछ। न्यायपालिका राज्यको आधारस्तम्भ हो। यसको बलियो आधार जनविश्वास हो। न्यायपालिका विवादमा पर्दा जनविश्वास धरमराउन थाल्छ।

२. स्वतन्त्र न्यायपालिका

न्यायिक स्वतन्त्रता, राष्ट्रिय कानुनको सरोकारको विषय मात्र नभई अन्तर्राष्ट्रिय चासोको विषयसमेत हो। अन्तर्राष्ट्रियस्तरमा न्यायिक स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनका लागि अवलम्बन गरिएका सिद्धान्तहरूको पहिलो औपचारिक आधार वा जगका रूपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ लाई लिन सकिन्छ। घोषणापत्रको धारा १०[३] र नागरिक तथा राजनीतिक

१. इन्सेक । "मानवअधिकार र न्यायपालिका" । मानवअधिकार वर्ष पुस्तक २००६ । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, २००६ । पृ. ९१

२. पूर्ववत् । पृ. ९१-९२

३. प्रत्येक व्यक्तिमाथि लगाइएको फौजदारी आरोपको विरुद्ध तथा निजको अधिकार र दायित्वको निरुपण गर्न स्वतन्त्र एवम् पक्षपातरहित न्यायलयमा उचित एवम् सार्वजनिक सुनुवाईमा उसलाई पूर्ण समानता प्राप्त हुनेछ ।

अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १४[४] मा आफ्ना अधिकारको निर्धारण र अभियोगको सुनुवाई नागरिकले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालयबाट गराउन पाउनुपर्ने कुराको प्रत्याभूति गरिएको छ। न्यायिक स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका रुपमा परिचित न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरूले सरकारलाई न्यायिक स्वतन्त्रताको सम्मान गर्ने र आफ्ना राष्ट्रिय संयन्त्रहरूमा तिनलाई समावेश गर्ने दायित्व सुम्पिएका छन्।[५]

यस वर्ष देशको राजनीतिक परिस्थिति र त्यसबाट उठेका कानुनी/संवैधानिक विवाद निरूपणका लागि सर्वोच्च अदालतले निर्वाह गरेको भूमिका मिश्रित प्रकृतिको देखियो। शाही आयोग खारेजको निर्णयले संविधान र स्वयम् सर्वोच्च अदालतको स्वतन्त्रता र निष्पक्षता स्थापित गऱ्यो भने सेना प्रमुखलाई निलम्बन गर्ने आदेश दिन नसक्नु र सेना तथा सरकारका मन्त्रालयहरूले बारम्बार अदालतको आदेशको अवज्ञा गर्दा पनि अदालत मौन बस्नुले अदालतले कार्यकारिणीको हस्तक्षेप स्वीकार गरेको देखियो। पुनर्स्थापित प्रतिनिधिसभा र न्यायपालिकाबीचको विवाद पनि यस वर्षभरि नै चलिरह्यो। वर्षको सुरुमा स्थानीय चुनावका विरुद्धमा प्रदर्शन र जनआन्दोलनको समयमा शान्तिपूर्ण आन्दोलनमा उत्रिएका विद्यार्थी र नागरिक समाजका प्रतिनिधिहरूलाई सुरक्षाकर्मीले पक्राउ गरेको थियो। उनीहरुलाई रिहा गर्ने आदेश दिएर सर्वोच्च अदालतले नागरिक अधिकारको सम्मान गरी न्यायिक सक्रियता देखायो। सर्वोच्च अदालतमाथि लागु औषध र कालो सूची फुकुवा मुद्दामा व्यापक भ्रष्टाचार गरी गलत फैसला गरेको आरोप पनि लाग्यो। अर्कातर्फ न्यायाधीशको पुन: नियुक्ति, जनआन्दोलनको प्रभाव, सर्वोच्चको फैसलामा प्रतिनिधिसभा लेखा समितिले गरेको छलफल र अन्तरिम संविधानमा सर्वोच्च अदालतका न्यायाधीशको पुनर्नियुक्ति कार्यकारिणी प्रमुखले गर्ने व्यवस्थाले न्यायिक स्वन्त्रतामा हस्तक्षेप हुन पुग्यो।

०६१ माघ १९ गतेपछि तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माले शाही घोषणा राजनीतिक दलहरूको असफलताका कारण भएको राजनीतिक अभिव्यक्ति न्यायाधीशहरूको अन्तर्राष्ट्रिय मञ्चमा दिएपछि सर्वोच्च अदालतको नेतृत्व विवादमा परेको थियो। राजाका असंवैधानिक कदमपछि न्यायपालिकामा सम्मानित पदका व्यक्तिद्वारा गरिएका केही अभिव्यक्तिका अतिरिक्त जनआन्दोलनताका दायर गरिएका केही सार्वजनिक सरोकारका विषयमा उत्पन्न विवादहरूका कारण चिसोपना उत्पन्न भयो। तर पनि न्यायपालिकाबाट बन्दीप्रत्यक्षीकरण र शाही आयोगजस्ता गम्भीर विषयमा देखाइएको संवेदनशीलताले सम्मान र विश्वास प्राप्त गरी सर्वोच्च अदालतको स्वतन्त्रता र गरिमा स्थापित गऱ्यो।

न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमता विना कुनै पनि प्रजातान्त्रिक व्यवस्थाको अस्तित्व रहन सक्तैन। कार्यपालिका तथा विधायिकाको डर, त्रास अनि हस्तक्षेपविना न्यायपालिकाले आफ्नो उत्तरदायित्व बहन गर्न सक्ने वातावरण निर्माण गर्नु खासगरी राज्यका उल्लेखित दुई प्रमुख अंगहरूको कर्तव्य हो। लोकतन्त्रमा शक्ति पृथकीकरणको सिद्धान्तलाई मौलिक सिद्धान्तका रूपमा अपनाइनुको पछाडि न्यायालय, डर, त्रास र मोलाहिजाबाट मुक्त भई वैयक्तिक स्वतन्त्रतादेखि लिएर राज्य प्रतिपक्ष हुने मुद्दामा समेत न्याय सम्पादनको सर्वत्र अनुभूति हुनुपर्ने मान्यताको प्रधानता रहन्छ। त्यस्तै, न्यायको सुलभता, न्यायमा पहुँच, योग्य र स्वच्छ न्यायाधीशहरूको नियुक्ति सुनिश्चित गर्ने पारदर्शी प्रक्रिया, भ्रष्टाचारमुक्त न्यायपालिकाजस्ता अवधारणालाई व्यवहारमा लागू गर्नुपर्ने आवश्यकता देखिएको छ।

तर न्यायप्रणालीलाई तदर्थ मात्र होइन, विधायिका र कार्यकारीअन्तर्गत राखिनुपर्ने सुझाव प्रत्यक्ष-अप्रत्यक्षरूपमा आउन थालेको देखियो। पुनर्स्थापित संसदले प्रधानन्यायाधीश र सर्वोच्च अदालतका सबै न्यायाधीशहरूले सदनमा शपथ लिनुपर्ने मान्यता सार्वजनिक गरेपछि न्यायालयको स्वतन्त्र अस्तित्वमाथि विधायिकाको नियन्त्रण हुनथालेको सवाल अगाडि आयो।

संविधानले स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुसार न्यायपालिकाको गरिमा, स्वतन्त्रता र कार्यदक्षता बढाउने सम्बन्धमा उपयुक्त वातावरण तयार गर्ने दायित्व सरकारलाई प्रदान गरेको छ। जसका लागि स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्नेतर्फ ध्यान दिनु सरकारको कर्तव्य हो। अर्कातर्फ, न्यायपालिकाका लागि पर्याप्त बजेटको व्यवस्था र न्यायाधीशहरूको तलब तथा सुविधाहरू निर्धारण गर्दा न्यायिक कार्यको गरिमा र जिम्मेवारीलाई पनि विशेष

---

४. न्यायालय तथा ट्रिब्यूनलसमक्ष सबै व्यक्ति समान हुनेछन् । आफ्ना विरुद्ध कुनै फौजदारी आरोप अथवा आफ्ना अधिकार तथा दायित्वको कानुनी उजुरी निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई निष्पक्ष एवम् सार्वजनिक सुनुवाइ कानुनले स्थापना गरेको सक्षम, स्वतन्त्र, निष्पक्ष ट्रिब्यूनलमा गर्न दिइनेछ ।

५. संयुक्त राष्ट्रसंघ । *न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरू* । न्यूयोर्क: संयुक्त राष्ट्रसंघ, १९८५

ध्यान दिनु पर्दछ।[६]

प्रधानन्यायाधीश दिलिपकुमार पौडेल ०६२ पुस २० गते मध्यमाञ्चलमा भएको राजपरिषद्को[७] क्षेत्रीय भेला उद्घाटनमा उपस्थित भएर चरम राजनीतिक विवादको केन्द्रमा परेपछि न्यायपालिका विवादमा मुछिएको थियो।[८] स्वतन्त्र न्यायपालिकाका प्रमुख त्यस्तो असंवैधानिक अभ्यासमा साक्षी बस्न पुगेपछि त्यस्तो अवस्था सृजना भएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ ले प्रधानन्यायाधीश पनि राजपरिषद्का पदेन सदस्य हुने व्यवस्था गरेको छ। तर स्वतन्त्र न्यायपालिका राज्यको कुनै अंगको मातहत निकाय नहुने हुँदा यसका प्रमुख अन्य निकायका मातहत सदस्य हुनु विरोधाभाषपूर्ण हुन्छ। त्यस्तो विवादास्पद निकाय र विशेषगरी त्यसका गैरसंवैधानिक गतिविधिबाट प्रधानन्यायाधीश अलग्गिनु पर्दथ्यो। त्यस्तो कार्यका कारण छयालीस सालपछि प्रधानन्यायाधीशको पंक्तिमा सम्भवत: सर्वाधिक बहसको केन्द्रमा पौडेल पर्नुभयो।

संविधानको स्वेच्छाचारी प्रयोग रोक्नसक्ने एउटै निकायका रूपमा न्यायपालिका सक्रिय रहन्छ। संविधानको जस्तोसुकै दुरूपयोग भइरहे पनि यो जीवित छ भनेर यसअन्तर्गत न्याय पाउन सर्वोच्च अदालतको ढोका ढकढक्याउने क्रम बढ्नु, त्यसैको प्रमाण हो। राजनीतिक र प्रतिनिधिमूलक निकायहरूको अनुपस्थितिका साथै राज्यकातर्फबाट त्यसप्रति बेवास्ता गरिएका कारण न्यायपालिकाप्रति निर्भरता बढ्न पुगेको हो। स्वतन्त्र र सक्षम न्यायपालिकाले कानुनी राज्यको अवधारणालाई साकार पार्दछ। न्यायपालिकाको स्वतन्त्र अस्तित्वलाई कार्यपालिका, व्यवस्थापिका एवम् राष्ट्रप्रमुख तथा राजनीतिक दलको हस्तक्षेपबाट सदा मुक्त राखे मात्र यसको संस्थागत विकास र प्रभावकारी न्याय सम्पादन सम्भव हुन्छ। तर न्यायपालिकामा यस वर्ष कार्यकारिणी र व्यवस्थापिकाको हस्तक्षेप व्यापकरूपमा देखियो।

३. अदालतको अपहेलना

सर्वसाधारणमा अदालतप्रति रहेको आस्था घटाउने बदनियतले न्याय सम्पादन गर्नमा अदालतलाई बाधा-अवरोध खडा गर्ने, न्याय प्रदान गर्ने कार्यबाट न्यायाधीशलाई विचलित तुल्याउने, अदालतका निर्णय वा आदेश पालना नगर्ने वा पालना गर्न नदिनेजस्ता कार्यहरू अदालतको अपहेलनाअन्तर्गत पर्दछन्।[९] न्यायपालिकालाई स्वन्त्रतापूर्वक र निष्पक्षरूपमा काम गर्ने वातावरण सृजना गर्नका लागि यसद्वारा जारी भएका आदेशको पूर्ण पालना गर्नु पर्दछ। यस वर्ष सरकारका विभिन्न निकायका साथै अन्य संगठित संघसंस्थाहरूले पनि अदालतको आदेशको बेवास्ता गरे जसका कारण स्वतन्त्र न्यायपालिकाको छविमा प्रश्नचिह्न लाग्यो।

नेपालका सैनिकहरु संयुक्त राष्ट्रसंघको शान्ति सेनामा जाँदा प्राप्त गर्ने सुविधा र सैनिक कल्याणकारी कोषको रकम सार्वजनिक गर्न माग राखी भुतपूर्व सैनिक परिषद्द्वारा ०५८ असार १८ गते दायर गरिएको रिटमा सर्वोच्च अदालतको आदेश[१०] बमोजिम सम्झौता पेश नगरेको भन्दै मन्त्रिपरिषद्को कार्यालय, रक्षा एवम् परराष्ट्र मन्त्रालय र जङ्गी अड्डा विरुद्ध नेपाल राष्ट्रिय भुतपूर्व सैनिक परिषद्का अध्यक्ष अम्बरबहादुर थापाद्वारा अपहेलनाको मुद्दा दायर गरियो।[११] कोष र शान्ति सेना सम्बन्धी रकमको विवरण नपठाई अदालतको आदेश कार्यान्वयन नगरेकाले अपहलेनामा कारवाही गर्नुकासाथै आवश्यक कागजात मगाउन मुद्दामा माग गरिएको थियो। साथै महालेखा

---

६. फ्रिडिल । *नेपालको संवैधानिक कानुन* । (पहिलो संस्करण) । काठमाडौं: कानुन अनुसन्धान तथा विकास फोरम । २०४९, पृ. २८३-२८४

७. संविधानले परिषद्लाई राजगद्दी उत्तराधिकारी तोक्ने र आफ्नै आन्तरिक कारवाही गर्ने अधिकार मात्र दिएको छ। परिषद् कुनै पनि राजनीतिक क्रियाकलापमा अन्य अंग वा निकायको परिपूरकका रूपमा काम गर्न स्वतन्त्र छैन। यसलाई कुनै संवैधानिक वा कानुनी हैसियत दिइएको छैन।

८. "राजपरिषद्मा प्रधानन्यायाधीश" । *www.kantipuronline.com/kolnepalinews.php?nid=61687* । ०६३ असोज २० गते

९. पूर्ववत्। पृ. ३४५-३४६

१०. शान्ति सेनामा खटिई जानेको सुविधा पारदर्शी गराउने विषयको रिट निवेदनमा सर्वोच्च अदालतले १८ पटक आदेश दिइसकेको छ। १८ पटकको आदेशको प्रकृति उस्तै छ, सम्बन्धित देश र नेपालबीच भएको सम्झौतापत्र पठाउन परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयले सो आदेशको पालना गरेको छ। १५ दिनभित्र सम्झौता नपठाए कारवाही गर्ने चेतावनी सर्वोच्च अदालतले परराष्ट्र मन्त्रालयलाई दिएपछि सन् २००१ मा भएको सम्झौता मात्र परराष्ट्र मन्त्रालयले पठाएको थियो। संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेना पठाउँदा हुने सम्झौता र कल्याणकारी कोषको लेखा परीक्षणको प्रतिलिपि पठाउन भनी सर्वोच्च अदालतले ०५८ असार १८ गते रिट दायर भएदेखि हालसम्म १० पटक आदेश दिइसकेको छ। शान्ति सेनाको सुविधा र पारिश्रमिक एवम् सम्झौताको प्रतिलिपि नपठाए कारवाहीका लागि पेश गरिने भनी अदालतले पछिल्लो पटक ०६३ असार ६ गते पुन: आदेश दिएको थियो।

११. "अपहेलनामा कारबाही गर्न माग राखी मुद्दा" । *अन्नपूर्ण पोष्ट* । ०६३ साउन २९ । पृ. २

परीक्षकको कार्यालयले पनि सैनिक कल्याणकारी कोषको लेखा परीक्षण पेश नगरी अदालतको आदेशको अवज्ञा गरेको मुद्दामा उल्लेख गरिएको थियो। नेपाली सेनाको प्राड विभागका प्रमुख बीएकुमार शर्मासहित अर्का एक सैनिक अधिकृत विरुद्ध ०६३ जेठ १५ मा सर्वोच्च अदालतमा अपहेलनाको मुद्दा दायर गरिएको थियो। सहायक रथी शर्मा र भैरवनाथ गणका प्रमुख सेनानी राजेन्द्रजंग खत्रीले वादीको रिटमा अदालतलाई ढाँटी लिखित जवाफ पठाएर अदालतको अपहेलना गरेको आरोप लगाई मुद्दा दायर गरिएको थियो।[१२] सरकारले गलत जवाफ दिई न्यायिक कार्यमा बाधा पुऱ्याएको भन्दै सर्वोच्च अदालतले मन्त्रिपरिषद् कार्यालयलाई आदेशबमोजिम कागजात र सूचना समयमा नपठाए कारवाही गर्ने चेतावनी दिएको थियो।

आफूलाई गैरकानुनीरूपमा सेवाबाट निष्काशन गरिएको भनी प्रहरी निरीक्षक राजीव सिंहले दायर गरेको उत्प्रेरणाको रिटमा सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत्का नाममा ०६३ माघ १७ गते सम्बन्धित मिसिलसाथ लिखित जवाफ पेश गर्न आदेश जारी गरेको थियो। तर सर्वोच्च अदालतलाई लिखित जवाफमात्र पठाइयो। सर्वोच्च अदालतले विनामिसिल लिखित जवाफ पठाएकोमा गृहसचिवलाई स्पष्टीकरणसहित मन्त्रालयका अधिकृतमार्फत् रिट सुनुवाईको दिनमा सम्बन्धित मिसिल अदालतमा पठाउन पनि आदेश दिएको थियो।[१३]

अदालती आदेशको पालना गर्नु सरकार र सोअन्तर्गतका सबै अंगहरूको संवैधानिक कर्तव्य हो। तर, सरकारले आदेशबमोजिम समयमा कागजात नपठाउने एवम् फरक खाले जवाफ पठाई अदालतको कार्यमा बाधा पुऱ्याएको थियो।

४. न्यायपालिका र प्रतिनिधिसभा

जनआन्दोलनबाट पुनर्स्थापित प्रतिनिधिसभाले ०६३ जेठ ४ गते जारी गरेको घोषणापत्रबमोजिम सबैले प्रतिनिधिसभासमक्ष शपथ ग्रहण गर्नुपर्ने प्रावधानका सम्बन्धमा न्यायपालिकाले आपत्ति जनायो। उक्त घोषणापत्रबमोजिम न्यायाधीशहरूले प्रतिनिधिसभामा शपथ ग्रहण गर्ने व्यवस्था राज्यको शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तविपरीत भएको ठहर सर्वोच्च अदालतले गऱ्यो। यस सम्बन्धमा ०६३ जेठ २५ गते सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरू संलग्न आकस्मिक बैठक बस्यो। बैठकले प्रतिनिधिसभामा पद तथा गोपनियताको लागि शपथ ग्रहण गर्न नजाने निर्णय गऱ्यो। प्रतिनिधिसभा घोषणाले न्यायपालिका पनि प्रतिनिधिसभाप्रति उत्तरदायी रहनुपर्ने अवस्था सृजना गरेको हो भन्ने बैठकले निष्कर्ष निकालेको थियो। सर्वोच्च अदालतको त्यस्तो निर्णयपश्चात् प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावलीमा परिवर्तन गरी न्यायाधीशहरूले प्रतिनिधिसभासमक्ष शपथ ग्रहण गर्न नपर्ने व्यवस्था गऱ्यो।[१४]

संसदीय सर्वोच्चता कायम हुनेगरी ०६३ जेठ ४ गते प्रतिनिधिसभाद्वारा गरिएको घोषणाको[१५] वैधानिक हैसियत स्पष्ट पारी न्यायपालिका अन्योलमा पर्नसक्ने अवस्थाको अन्त्य गर्नु आवश्यक थियो। जनता नै सर्वोच्च भएकाले प्रतिनिधिसभाले संसदीय सर्वोच्चताको अवधारणा अगाडि सारेकोमा सर्वोच्च अदालतले मान्दिन भन्न नसक्ने तर त्यसको वैधानिकतामाथि परीक्षण गर्न ढोका बन्द गर्छु भन्न नहुने कुरा सर्वोच्च अदालतका न्यायाधीशले अगाडि सारे।[१६]

सर्वोच्च अदालतले प्रतिनिधिसभा घोषणाको वैधानिकतामाथि नै प्रश्न उठायो। प्रतिनिधिसभा घोषणा २०६३ विरुद्ध दायर रिटमा प्रारम्भिक सुनुवाईपछि सर्वोच्च अदालतले वैधानिकताको आधार १५ दिनभित्र पेश गर्न प्रतिनिधिसभा र नेपाल सरकारका नाममा ०६३ असोज ५ मा आदेश दिएको थियो। जेठ ४ को उक्त घोषणा संविधानविपरीत रहेको भन्दै अधिवक्ता अच्युतप्रसाद खरेलले ०६३ भदौ ५ मा दायर गरेको रिटमा सार्वभौम हुने प्रतिनिधिसभा घोषणाको वैधानिकता र यसले न्यायिक स्वतन्त्रता उल्लंघन गरे/नगरेको जाँच गर्नुपर्ने भएकोले सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको थियो।

प्रतिनिधिसभाले न्यायाधीशको पुनर्नियुक्ति व्यवस्था हुनुपर्ने अडान राखेको र केही न्यायाधीशविरुद्ध महाभियोगबारे छलफलसमेत चलाइरहेको समयमा सर्वोच्च अदालतले यस्तो प्रश्न उठाएको थियो। सम्प्रभु हुने प्रतिनिधिसभा घोषणापछि विभिन्न प्रश्न उठाउँदै आधा दर्जन

---

१२. "सैनिक अधिकारी उपर मुद्दा" । *अन्नपूर्ण पोष्ट* । ०६३ जेठ १६ । पृ. ५

१३. यस अदालतबाट मुद्दा मामिलाको सिलसिलामा मिसिल वा कागजात पठाउन समय-समयमा भएको आदेश बमोजिम तदारुकताका साथ मिसिल कागजात नपठाउने, ढिलो गरी पठाउने वा अन्य जवाफ दिई न्यायिक प्रक्रियामा बाधा पुऱ्याउने गरेको अनुभव गरिको छ। अब आइन्दा अदालतबाट माग भएका मिसिल कागजात वा सूचनाहरू माग भए बमोजिम अविलम्ब पठाउन र त्यससम्बन्धी कुनै बाधा भए सोही व्यहोरा म्यादभित्रै जानकारी गराउन आदेशमा भनिएको छ।

१४. इन्सेक । *लोकतन्त्र प्राप्तिका सय दिन : मानवअधिकार स्थिति* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६३ । पृ. १६

१५. प्रतिनिधिसभा । *प्रतिनिधिसभा घोषणापत्र २०६३* । प्रस्तावना । काठमाडौं । ०६३ जेठ ४

१६. "हैसियत स्पष्ट पार" । *www.annapurnapost.com* । ०६३ जेठ ८ गते हेरिएको

रिट दायर भएकोमा ०६३ वैशाख ११ गतेको घोषणा, वैशाख १४ गतेको मन्त्रिपरिषद्, रायमाझी आयोग गठन र अन्तरिम संविधान मस्यौदा समिति विरुद्धका रिटलाई भने सर्वोच्च अदालतले खारेज गऱ्यो।[१६]

प्रतिनिधिसभा घोषणाविरुद्ध रिट दायर गर्ने-नगर्नेबारे सर्वोच्च अदालतमा झन्डै तीन महिनासम्म निर्णय हुन सकेको थिएन। जनआन्दोलनले पुनर्स्थापना गरेको प्रतिनिधिसभाद्वारा जारी ऐतिहासिक घोषणाविरुद्ध अदालतमा प्रश्न उठाउन नमिल्ने उल्लेख गर्दै राजनीतिक प्रकृतिको विषय हुँदा त्यसविरुद्ध दायर रिट खारेज गर्न सर्वोच्च अदालतलाई ०६३ मंसिर ८ गते सरकारले पठाएको जवाफमा माग गरियो। जनआन्दोलनपछि सात दलको मार्गचित्र अनुसार पुनर्स्थापित प्रतिनिधिसभाले ऐतिहासिक घोषणा गरेको उल्लेख गर्दै जवाफमा आवश्यकताको सिद्धान्त अनुसार प्रतिनिधिसभामा पुनर्स्थापना भएको उल्लेख गरियो। प्रतिनिधिसभाको घोषणा राजनीतिक विषय भएको र राजनीतिक विषयमा अदालत प्रवेश गर्न मिल्दैन भन्दै जनताको जीवन उत्सर्गबाट वैशाख ११ गते प्रतिनिधिसभा पुनर्स्थापना भएको बताउदै जनचाहनाअनुसार नै प्रतिनिधिसभा घोषणा भएकोले अदालतमा वैधानिकताको प्रश्न नउठाउने सरकारी जिकिर थियो।[१८]

त्यस्तै, प्रतिनिधिसभाले पनि ऐतिहासिक घोषणाको संरक्षण गर्दै क्रान्तिबाट स्थापित जनादेश न्यायिक परीक्षणको विषय हुन नसक्ने जवाफ ०६३ मंसिर १० गते सर्वोच्च अदालतलाई दियो। जेठ ४ गतेको घोषणाको वैधतामाथि सर्वोच्च अदालतले उठाएको प्रश्नको जवाफमा संसदले, यसलाई प्रचलित संविधान र कानुनको दायराभित्र राखेर हेर्न नमिल्ने बतायो। सभामुख सुवास नेम्वाङद्वारा हस्ताक्षरित जवाफमा कुनै पनि क्रान्ति, जनआन्दोलन वा विद्रोहबाट स्थापित जनादेश न्यायिक परीक्षणको विषय हुन सक्दैन भनियो। साथै, जवाफमा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभाको मुख्य जिम्मेवारी जनउत्तरदायी सर्वदलीय सरकारमार्फत् द्वन्द्व समाधान गरी मुलुकलाई संविधानसभासम्म पुऱ्याउनु रहेको उल्लेख गरियो। राष्ट्रिय संकल्प सहज र सफल बनाउन सर्वसत्तासम्पन्न नेपाली जनताको प्रतिनिधिमूलक संस्थाले जेठ ४ गते ऐतिहासिक घोषणा गरेकोले रिट खारेज गर्नु पर्ने उक्त जवाफमा जिकिर गरिएको थियो। घोषणा संविधान संशोधन वा संविधानअन्तर्गत बनेको कानुन नभएको पनि संसदको जवाफमा स्पष्ट पारियो।[१९]

न्यायाधीशहरूलाई महाअभियोग लगाउने विषयलाई लिएर प्रतिनिधिसभा र न्यायपालिकाबीच विवाद सृजना भयो। प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले सर्वोच्च अदालतले चौधरी ग्रुपलाई कालोसूचीबाट हटाउने निर्णय गरेपछि बैंकहरूको उजुरीमा सर्वोच्च अदालतका न्यायाधीशलाई महाअभियोग लगाउने निर्णय गरेको थियो। सो निर्णयउपर कानुन व्यवसायीहरूले सर्वोच्च अदालतको फैसलामाथि प्रश्न उठाएर गलत प्रक्रियाको थालनी गरेको टिप्पणी गरे। अदालतको निर्णयविरुद्ध छलफल गराउने प्रक्रिया नै ठीक नभएको र सर्वोच्च अदालतको निर्णयमाथि प्रश्न उठाउँदै जाने हो भने अदालतले भनेको संसदले र संसदले भनेको अदालतले नपत्याउने अवस्था आउने र सर्वोच्च अदालतले गरेको निर्णयलाई संसदले बदर गर्ने हो भने विद्यमान कानुनहरूमा नै संशोधन गर्नुपर्ने विचार व्यक्त भएको थियो।[२०]

संविधानको धारा ८७(७)[२१] ले न्यायाधीशमाथि महाभियोग लगाउनसक्ने अधिकार प्रतिनिधिसभालाई दिएको छ। तर महाभियोग लगाउने प्रक्रिया महाभियोगको कार्यविधिअनुरूप नभएको विचार अधिकांश न्यायाधीशले व्यक्त गरेका थिए। महाभियोग कार्यविधिसम्बन्धी ऐन २०५७ मा न्यायाधीशलाई महाभियोग लगाउन प्रतिनिधिसभाको २५ प्रतिशत संसदले प्रस्ताव दर्ता गराउनुपर्ने व्यवस्था गरिएको छ।

महाभियोग प्रस्ताव दर्ता भएपछि सभामुखको आदेश अनुरूप ११ सदस्यीय समितिले छानबिन गर्दछ। त्यसपछि उचित आधार देखिएमा महाभियोग प्रक्रिया अघि बढ्छ। संविधानको धारा ८७ ले कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीसाथ कर्तव्य निर्वाह नगर्ने न्यायाधीशमाथि महाभियोग लगाउन सकिने व्यवस्था गरेको छ। सार्वजनिक लेखा समितिले प्रमाण र कागजको मूल्याङ्कन

---

१६. "सर्वोच्चद्वारा प्रतिनिधिसभा घोषणामा प्रश्न" । *कान्तिपुर* । ०६३ असोज ७ । पृ. १

१८. "प्रतिनिधिसभा घोषणाबारे प्रश्न उठाउन मिल्दैन" । *कान्तिपुर* । ०६३ मंसिर ९ । पृ. १

१९. "प्रतिनिधिसभाद्वारा सर्वोच्चलाई जवाफ" । *कान्तिपुर* । ०६३ मंसिर ११ । पृ. १

२०. "सर्वोच्च र संसदबीच टकरावको सम्भावना" । *नेपाल समाचारपत्र* । ०६३ भदौ ३० । पृ. १

२१. कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको आधारमा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको अन्य कुनै न्यायाधीशलाई पदमुक्त गर्ने भनी प्रतिनिधिसभाका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेपछि त्यस्तो प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश आफ्नो पदबाट मुक्त हुनेछ ।

विना त्रुटिपूर्ण फैसला भएको निष्कर्षसहित फैसलामा संलग्न न्यायाधीशहरूलाई महाभियोगका लागि सिफारिस गरेको थियो।

५. न्यायपालिका र कार्यपालिका

जनआन्दोलन दबाउन प्रमुख भूमिका निर्वाह गरेको भनी तत्कालीन प्रधानसेनापति प्यारजंग थापा, सशस्त्र प्रहरी बलका कामु महानिरीक्षक वासुदेव ओली र नायव प्रहरी निरीक्षक दिलिप श्रेष्ठलाई निलम्बनको माग गर्दै ०६३ असार ६ गते बाबुराम गिरी, वोर्णबहादुर कार्कीलगायत् चारजना अधिवक्ताहरूद्वारा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो। निवेदनमा सरकारद्वारा गरिएको सशस्त्र प्रहरी बलका कामु महानिरीक्षक ओलीलाई पदोन्नति गर्ने निर्णयसमेत जनआन्दोलनको भावना विपरीत भएकाले बदरको माग गरिएको थियो।[३२] सोउपर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सुरक्षा निकायका पदाधिकारीको नियुक्ति निलम्बनको आदेश दिन सर्वोच्च अदालतसँग अधिकार नभएको उल्लेख गर्नुभएको थियो। नियुक्ति गर्ने, सरुवा गर्ने, विभागीय कारवाही गर्ने विषय सरकारको सुविधाको विषय भएको र यो विषय नेपाल सरकारको कार्यकारिणी निर्णयबाट तय हुने भएकोले अदालतको असाधारण अधिकार आकृष्ट नहुने तर्क प्रधानमन्त्रीको थियो। उल्लेखित सुरक्षाकर्मीलाई निलम्बन गर्ने-नगर्ने कार्यकारिणीको अधिकार भएको जनाउँदै त्यस विषयमा हस्तक्षेप नगर्न प्रधानमन्त्रीद्वारा सर्वोच्च अदालतसमक्ष प्रेषित पत्रमा उल्लेख गरिएको थियो।[३३] सो विवादमा निलम्बनका लागि गरिएको अन्तरिम आदेशको माग सर्वोच्च अदालतले अस्वीकार गरिसकेको थियो। सोउपर लिखित जवाफ पेश गर्दै निलम्बनको आदेश दिन सर्वोच्च अदालतसँग कुनै असाधारण अधिकार नभएको दाबी सरकारी पत्रमा गरिएको छ। शाही शासनका बेला आन्दोलन दबाउन संलग्न दोषीउपर छानविन गरी कारवाहीको सुझाव पेश गर्न सरकारद्वारा गठित उच्चस्तरीय जाँचबुझ आयोगको अनुसन्धानका क्रममा प्राप्त हुने सत्यतथ्य दबाउन र प्रमाण नष्ट गर्नसक्ने बताउँदै उनीहरूलाई निलम्बन गुर्पर्ने माग गरिएको थियो।

रुक्मांगत कटुवाललाई प्रधानसेनापतिको पदमा स्थायी नियुक्ति दिइएको विषय पनि सर्वोच्च अदालतमा पुग्यो। प्रधानसेनापति कटुवालले जन्म मिति सच्याएको, झुटो विवरण पेश गरी सेवा प्रवेश गरेको र जनआन्दोलन दबाउन सक्रिय भूमिका निर्वाह गरेको दाबीसहित नियुक्ति बदरका लागि ०६३ भदौ १ गते परेको निवेदनमा सर्वोच्च अदालतले ०६३ असोज २४ गते सरकारका नाममा कारण देखाउ आदेश जारी गऱ्यो।

६. बार-बेञ्च सम्बन्ध

संविधान तथा कानुनद्वारा निर्धारण गरिएको व्यवस्थालाई उपयुक्त ढंगबाट सञ्चालन गर्ने कार्य बेञ्चको हो र सो कार्यलाई सघाउ पुऱ्याउने कर्तव्य बारको हो। बार र बेञ्चको सम्बन्धद्वारा पूर्णतया निष्पक्ष, स्वतन्त्र र न्यायपूर्ण समाजको स्थापना हुन्छ। बेञ्चको न्यायिक निर्णयलाई बारले मूल्याङ्कन गरिराखेको हुन्छ भने बारको गतिविधिलाई बेञ्चले उत्सुकतापूर्वक हेरेको हुन्छ। तर यस वर्ष न्यायाधीश र कानुन व्यवसायीको स्वन्त्रतता सङ्कटग्रस्त देखिएपछि दुवै बीचको सम्बन्धमा पनि चीसोपना बढ्यो। प्रजातान्त्रिक सिद्धान्त, मूल्य-मान्यताविपरीत राजाले प्रत्यक्ष शासन गरेपश्चात् यस्तो सङ्कट शुरु भएको थियो।

वर्षको शुरुमा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति प्रक्रियाका कारण बार र बेञ्च अनि बौद्धिक समुदाय र न्याय प्रशासनको जिम्मा लिएका महानुभावबीच पानी बाराबारको अवस्थासमेत सृजना भयो।[३४] ०६२ पुस १९ गते बारले प्रधानन्यायाधीश दिलिपकुमार पौडेल विधिको शासन, स्वतन्त्र न्यायपालिका र मानवअधिकारबारे अडिग रहन नसकेको र संवैधानिक सर्वोच्चतविरुद्ध क्रियाशील व्यक्तिलाई न्यायाधीश नियुक्त गरेको भन्दै दुवैलाई सार्वजनिक समारोहमा बहिष्कार गर्ने निर्णय गरेको थियो।

नेपालको परिस्थितिलाई पाकिस्तानको राजनीतिक अवस्थासँग दाँज्दै सरकारको पक्षमा वकालत गर्ने तत्कालीन महान्यायाधिवक्ता पवनकुमार ओझालाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति[३५] दिइएको भन्दै बारले सर्वोच्च अदालतालाई आफ्नो गल्ती सच्च्याउन आह्वान गर्दै सर्वसम्मत निर्णय गरी विज्ञप्ति जारी गऱ्यो र त्यसको बोधार्थ प्रधानन्यायाधीश र न्यायपरिषद्लाई पठायो।[३६] नेपाल बार एसोसिएसनले ०६२ पुस १८ गते चरणबद्ध विरोध कार्यक्रमहरूसमेत तय गऱ्यो। त्यसपछि बारको निर्णयका सम्बन्धमा ध्यानाकर्षण भएको र विज्ञप्तिमा आपत्तिजनक कुराहरू उल्लेख भएको जनाउँदै सर्वोच्च अदालतको आकस्मिक पूर्ण बैठक बस्यो। बैठकपछि रजिष्ट्रार डा.

---

३२. "सर्वोच्चद्वारा निलम्बन अस्वीकार" । *राजधानी* । ०६३ साउन १५ । पृ. १
३३. "कार्यकारिणीमा हस्तक्षेप नगर्न आग्रह" । *नेपाल समाचारपत्र* । ०६३ साउन २९ । पृ. १
३४. श्रेष्ठ, डा. शंकरकुमार । "न्यायाधीश नियुक्ति प्रक्रिया र प्रवृत्ति" । *कान्तिपुर* । ०६२ माघ २६ । पृ. ७
३५. "अदालत कब्जा गर्ने रणनीतिका पात्र" । *बुधबार साप्ताहिक* । ०६२ पुस २७ । पृ. १
३६. "प्रेस विज्ञप्ति" । काठमाडौं: नेपाल बार एसोसिएसन । ०६२ पुस १८

रामकृष्ण तिमल्सेनाद्वारा हस्ताक्षरित विज्ञप्तिमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम देशमा कानुनी राज्यको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालत एवम् मातहतका अदालतहरू संविधानको मूल्य-मान्यता र भावनाहरूप्रति प्रतिबद्ध रही नागरिक हकको संरक्षण गरी न्यायिक सेवा प्रदान गरिआएको कुरा सर्वविदितै भएको उल्लेख गरियो। त्यसै प्रयोजनका निमित्त न्यायिक नियुक्तिका लागि संविधानले न्यायपरिषद्जस्तो छुट्टै र विशिष्ट संवैधानिक निकायको स्थापना गरेको र न्यायाधीशहरूको नियुक्तिका आधारहरू र नियुक्तिको प्रक्रिया संविधानले नै सुनिश्चित गरेको पनि विज्ञप्तिमा जनाइयो। संविधानबमोजिम गरिएको नियुक्तिहरूका सम्बन्धमा न्यायपालिकाको सहयोगीका रूपमा स्थापित नेपाल बार एसोसिएसनजस्तो जिम्मेवार कानुन व्यवसायीहरूको शीर्षस्थ संगठनबाट संविधानभन्दा बाहिर गएर, स्वतन्त्र न्यायपालिकाको मर्यादामा आँच आउने गरी न्यायाधीश नियुक्ति एवम् देशको न्यायपालिकाको नेतृत्व गर्ने प्रधानन्यायाधीशजस्तो उच्च पदमा आसिन व्यक्तिको व्यक्तित्व एवम् दायित्वलाई उपेक्षा गरी आपत्तिजनक शब्दहरूसहित टिप्पणी गरी विज्ञप्ति आउनु दुःखद् कुरा भएको जनाउँदै न्यायाधीशहरुको बैठकले त्यसप्रति खेद प्रकट गऱ्यो। त्यस्तै, संविधानबमोजिम नियुक्त न्यायाधीशहरूले कार्य प्रारम्भ गर्न नपाउँदै आफ्नो अनुकूल आस्थाको प्रश्न उठाई निराधार आरोप लगाउनु पनि स्वतन्त्र न्यायपालिकाको मूल्य एवम् मान्यता विरुद्ध भएको धारणा व्यक्त गर्दै बैठकले बारका विज्ञप्तिप्रति आफ्नो गम्भीर आपत्ति एवम् सरोकार व्यक्त गऱ्यो।

पूर्वाग्रह, द्वेष र नकारात्मक प्रतिस्पर्धाबाट मुक्त भएर स्वच्छ न्यायिक सेवा प्रदान गर्ने उपयुक्त वातावरण सृजना गर्नु न्यायाधीश, कानुन व्यवसायी एवम् सम्बन्धित सबैको कर्तव्य भएको र त्यस प्रक्रियामा सर्वोच्च अदालत आफ्नो भूमिका सक्षमरूपले निर्वाह गर्न संकल्परत रहेको कुरा पनि सार्वजनिक गरियो।

संविधानबमोजिम स्थापित न्यायपालिका एवम् त्यसमा कार्यरत न्यायाधीशहरूलाई संविधानबमोजिमको कर्तव्य निर्वाह गर्नमा कतैबाट पनि व्यवधान गर्न नहुने र पूर्वाग्रह पीडित भएर न्यायाधीश एवम् न्यायिक प्रक्रियामा अवाञ्छित प्रभाव पार्न नहुने कुरामा सर्वोच्च अदालतको उक्त बैठक विश्वस्त भएको पनि उल्लेख गरियो। जनताप्रतिको उत्तरदायित्व र संविधानबमोजिमको कर्तव्यप्रति सर्वोच्च अदालत सदाझैं प्रतिबद्ध रहेको अवस्थामा देशको विद्यमान विषम परिस्थितिमाझ कर्तव्यरत न्यायपालिकालाई अवाञ्छित प्रतिक्रिया एवम् विरोध कार्यक्रमहरूद्वारा थप जटिलता सृजना नगरी संयमित र रचनात्मक सहयोगका लागि न्यायाधीशहरुको उक्त बैठकले सबैसँग आह्वान[२७] गऱ्यो।

बेञ्च र बारको सम्बन्ध बिग्रँदै गएको सन्दर्भमा बारको स्वर्ण जयन्तिका अवसरमा पनि प्रधानन्यायाधीशलगायत् सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई बोलाइएन। यसरी चार महिनासम्म बारले बेञ्च बहिष्कारको अडान जारी राख्यो। तर कानुन दिवस ०६३ का उपलक्ष्यमा सर्वोच्च अदालतद्वारा ०६३ वैशाख २६ गते आयोजना गरिएको कार्यक्रममा उपस्थिति जनायो। त्यसपछि, न्यायाधीश नियुक्तिका सम्बन्धमा मात्रै प्रधानन्यायाधीशप्रति असहमति रहेकाले र त्यस विषयमा प्रधानन्यायाधीशसहित सर्वोच्चका १० जना न्यायाधीशले पुनर्विचार गर्ने प्रतिबद्धता व्यक्त गरेको जनाउँदै बारले बेञ्च बहिष्कारको नीति परित्याग गऱ्यो।

बारको अडानमा आएको परिवर्तनका कारण कानुन व्यवसायीहरूबीच निकै ठूलो मतभेद सृजना भयो। नेपाल बार एसोसिएसन विरुद्ध सर्वोच्च अदालत बार एसोसिएसनले कडा प्रतिक्रिया व्यक्त गऱ्यो।[२८] लोकतन्त्र प्राप्तिको आन्दोलनको अग्रमोर्चामा उभिएर बारले जुन छवि बनाएको थियो, त्यसमा धक्का लागेको प्रतिक्रिया कानुन व्यवसायीहरूले व्यक्त गरे। कानुन व्यवसायीहरूले नेपाल बारका पदाधिकारीहरू विरुद्ध अविश्वास प्रस्ताव ल्याउने धारणा पनि व्यक्त गरेका थिए।

सर्वोच्च अदालतमा अस्थायी न्यायाधीश नियुक्तिमा देखिएको स्वेच्छाचारिता र हस्तक्षेपका कारण सम्पूर्ण न्यायक्षेत्र विवादको घेरामा तानियो। शाही कदम समर्थकलाई सर्वोच्च अदालतले न्यायाधीशमा गरेको नियुक्ति गलत रहेकाले विरोधका लागि वरिष्ठ कानुनविदहरूले पनि समझदारी व्यक्त गरेका थिए। उनीहरुले नियुक्ति दुषित मनशाय र स्वेच्छाचारी भएको भन्दै न्यायपालिकाको स्वतन्त्रतामा कतैबाट हस्तक्षेप हुन नहुने धारणा व्यक्त गरेका थिए।[२९]

०६१ माघ १९ गते पछि मुलुकका महत्वपूर्ण संस्थाहरूको गरिमा र मर्यादा पनि विवादमा तानिएको थियो। पहिले सरकार र पछि प्रशासन संयन्त्र तथा राष्ट्रिय मानवअधिकार आयोग एवम् पछिल्लो समयमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्तिमा समेत सरकारले विधिको शासनका मान्यताहरु लत्याएको र हुकुमी शैली अवलम्बन गरेको थियो। कार्यकारी प्रमुखले न्यायपालिकाको

२७. "प्रेस विज्ञप्ति" । काठमाडौं: सर्वोच्च अदालत । ०६२ पुस १८

२८. "कानुनी व्यवसायी विवाद तीव्र"। कन्तिपुर ०६३ वैशाख २८, पृष्ठ ३ ।
www.kantipuronline.com/kolnepalinews.php?nid=61374 । ०६३ असोज २० गते

२९. "न्यायाधीश नियुक्ति गलत" । *www.kantipuronline.com/kolnepalinews.php?nid=61374* । ०६३ असोज २० गते हेरिएको

संरचना र प्रक्रियामा हस्तक्षेप गर्नुलाई न सामान्य न त स्वभाविक नै मान्न सकिन्छ।

पारदर्शी ढंगले दक्ष र योग्य न्यायाधीशहरू नियुक्त गर्नुपर्ने धारणा बारले राख्दै आएको थियो। सोही क्रममा प्रधानन्यायाधीश दिलिपकुमार पौडेलबाट माग भएअनुसार पाँचजना वरिष्ठ अधिवक्ताहरूको नाम न्यायपरिषद्मा पठाइयो। तर कानुन व्यवसायीमध्येबाट कोही पनि नराखी केवल पुनरावेदन अदालतका न्यायाधीशको बढुवा गरी सर्वोच्चमा नियुक्ति गरियो र त्यसको एक महिनापछि चारजनालाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरियो। सोही नियुक्तिको विषयलाई लिएर बारले बेञ्च बहिष्कारबाहेक अन्य उपयुक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो। त्यसै सन्दर्भमा कुनै पनि न्यायाधीशको नियुक्ति साँठगाँठको भरमा हुन नहुने, त्यस्तो भएमा न्यायाधीशले मानवअधिकार र नागरिक हक तथा संविधानको संरक्षण गर्न नसक्ने धारणा व्यापकरूपमा व्यक्त गरियो। प्रधानन्यायाधीशसमेत नेपाल अधिराज्यको संविधानको भावनाबमोजिम नेपाली जनताको हक अधिकारको रक्षा गर्न असक्षम रहेको हुँदा पदमा बसी रहन उपयुक्त नरहेकोले बारको कुनै पनि कार्यक्रममा आमन्त्रण नगर्ने तथा एक दिन देशव्यापी विरोध कार्यक्रम गर्ने निर्णय बारले निर्णय गरेको थियो।[३०]

लोकतन्त्र पुनर्स्थापनापश्चात् प्रधानन्यायाधीश दिलिपकुमार पौडेलले परिवर्तित सरकारलाई सहयोग पुऱ्याउनका लागि आरोपित सर्वोच्च अदालतका न्यायाधीश नियुक्तिका बारेमा पुनर्विचार गर्नेबारे नेपाल बार एसोसिएसनका पदाधिकारीसँग छलफल गरेका थिए। भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन प्रक्रिया कानुनसम्मत भएको भनी विचार राख्ने र माघ १९ पछिको शाही सरकारलाई सहयोग पुऱ्याउने न्यायाधीश ओझाले राजिनामा दिएमात्र आफूहरू उपस्थित हुने भनी कानुन व्यवसायीले प्रधानन्यायाधीशसामु प्रस्ताव पेस गरे।[३१]

नेपालमा प्रजातन्त्रको संस्थागत विकास, विधिको शासन स्थापना र मानवअधिकारको संरक्षणका लागि न्यायपालिकालाई अहम् जिम्मेवारी र शक्ति प्रदान गरी न्यायपरिषद् जति हदसम्म निष्पक्ष, स्वतन्त्र र सरकारी तथा अन्य दबाब र प्रभावले प्रतिरोध गर्न सक्षम हुन्छ, सोही हदसम्म न्यायपालिका पनि सक्षम, स्वतन्त्र, प्रभावकारी र निष्पक्ष हुन्छ। यसका लागि न्यायपरिषद्ले न्यायाधीश नियुक्ति गर्दा कार्यदक्षता, न्यायिक प्रतिष्ठा, इमान्दारिता तथा उच्च अध्ययनलाई प्रमुख आधार मान्नु पर्दछ।[३२] जुन कार्य सक्षम न्यायपरिषद्ले मात्र गर्न सक्दछ। न्यायाधीशहरूको नियुक्ति गर्ने निकाय न्यायपरिषद् नै हो, जसको व्यवस्था संविधानको धारा ९३[३३] मा गरिएको छ।

वर्षभरि नै न्यायाधीश नियुक्तिको सन्दर्भ विशेष चर्चाको विषय बन्यो। सर्वोच्च अदालतको न्यायाधीश पदमा गरिएको नियुक्तिले न्यायिक क्षेत्रको मात्र होइन, आम जनताको पनि ध्यान आकर्षित गरेको थियो। यस क्रममा सर्वोच्च अदालतका साथसाथै पुनरावेदन अदालतका न्यायाधीशहरूको नियुक्तिको प्रसंग चर्चाको शिखरमा पुगेको थियो। जिल्ला अदालत, पुनरावेदन अदालत, विशेष अदालत, राजस्व न्यायाधिकरण, प्रशासकीय अदालत र सर्वोच्च अदालतसम्मका न्यायाधीशहरूको नियुक्त गर्ने आधिकारिक निकाय न्यायपरिषद् र यसका सदस्यहरू न्यायाधीश नियुक्ति विवादमा नराम्ररी मुछिए,[३४] जसका कारण बार-बेञ्चको सम्बन्ध खलबलियो।

७. न्यायाधीश नियुक्तिविरुद्ध रिट

गैरसंवैधानिक रूपमा जिल्ला न्यायाधीश नियुक्त गरिएको भन्दै ६ जना सरकारी वकिलले ०६३ भदौ ३० गते सर्वोच्च अदालतमा प्रधानन्यायाधीश दिलिपकुमार पौडेलविरुद्ध दायर गरेको निवेदनमा निर्णयका आधार र कारण पेश गर्न सर्वोच्च अदालतले १९ कार्तिक ०६३ गते न्यायपरिषद्लाई आदेश गऱ्यो।

न्यायपरिषद् र न्याय सेवा आयोगका अध्यक्षसमेत रहेका प्रधानन्यायाधीश र वरिष्ठ न्यायाधीशमाथि गम्भीर संवैधानिक प्रश्न उठाउँदै सरकारी वकिलबाट दायर रिट नेपालको न्यायिक इतिहासमै पहिलो घटना बन्यो।[३५] सरकारी वकिलमा सिद्धान्ततः न्यायपालिका प्रमुखको बचावट गर्ने दायित्व रहन्छ। तर पनि ०६३ असार २३ गते ५१ जिल्ला

---

३०. कार्की, केदार । "विवाद : बार र बेञ्च वास्तविक यथार्थ" । *न्यायदूत* । वर्ष ३६, पूर्णांक १५६, अंक ५ । काठमाडौं: नेपाल बार एसोसिएसन । ०६२ मंसिर-पुस । पृ. १४९-५१

३१. "ओझाको नियुक्तिमा पुनर्विचार गर्न प्रधानन्यायाधिश सहमत" । *नेपाल समाचारपत्र* । ०६३ वैशाख २६ । पृ. १

३२. पूर्ववत् ६ र ९ । पृ. ३४५-३४६

३३. यस संविधान बमोजिम न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारवाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहने व्यवस्था ।

३४. कार्की, बोर्णबहादुर । "न्यायाधीश नियुक्ति प्रक्रियामा न्यायपरिषद्को भूमिका" । पूर्ववत् २९ । पृ. १६१-६२

३५. "सरकारी वकिलबाटै प्रधानन्यायाधीश विरुद्ध मुद्दा" । *राजधानी* । ०६३ भदौ ३१ । पृ. १

न्यायाधीशको नियुक्ति भएकोमा उक्त नियुक्तिप्रति असहमति जनाउँदै सो निवेदन दायर भएको थियो।[३६] संविधानले व्यवस्था गरेका पदहरूमा नियुक्ति गर्ने कार्य कार्यकारिणीको हो। दायर गरिएको रिटमा भनिएको थियो- प्रतिनिधिसभा घोषणाको धारा २(१) ले सबै कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित गरेको[३७] हुनाले प्रधानन्यायाधीशलाई त्यस्तो नियुक्ति गर्ने अधिकार वर्तमान संविधान र प्रतिनिधिसभा घोषणा २०६३ ले प्रदान गरेको पाइन्छ। एकाउन्न न्यायाधीशको नियुक्ति र न्यायपरिषद्बाट भएको सिफारिस संविधानको धारा ९१(१) र घोषणाको धारा २(१) को ठाडै विपरीत भएको जिकिर गरियो। साथै, नियुक्तिमा न्यायपरिषद् ऐन २०४७ को दफा ४ समेतको उल्लंघन भएको दाबी पनि गरियो।

नागरिकप्रति उत्तरदायी बनाउन न्यायाधीशहरूको पुनर्निर्युक्ति हुनुपर्ने धाारणा पनि अगाडि सारिए। जनआन्दोलनले ल्याएको परिवर्तनलाई आत्मसात् गर्न र जनताप्रतिको उत्तरदायित्व पूरा गर्न अदालतमा पुनर्निर्युक्ति आवश्यक भएको धारण विभिन्न क्षेत्रबाट व्यक्त गरियो। राजाको शासनका शाही आयोग र बन्दीप्रत्यक्षीकरण मुद्दामाबाहेक न्यायालयले स्वतन्त्रता जोगाउन नसकेको र लोकतान्त्रिक मूल्य, मान्यता, विधिको शासन, स्वतन्त्र न्यापालिका र नागरिक हक-अधिकार जोगाइराख्न पनि पुनर्निर्युक्ति आवश्यक भएको सर्वोच्च अदालत बारको धारणा थियो।[३८] तर सर्वोच्च अदालतका प्रधानन्यायाधीश दिलिपकुमार पौडेलले अन्तरिम विधानमा न्यायाधीश पुनर्निर्युक्तिसम्बन्धमा गरिएको व्यवस्थाप्रति असहमति जाहेर गरी पदावधि थपघट गर्दा न्यायिक स्वतन्त्रताको मर्मविपरीत हुन जाने विचार अगाडि सारे।[३९]

यसबाट न्यायाधीश छनौट प्रक्रियामा परिवर्तन गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ। जनआन्दोलनको जनादेशअनुसार न्यायपालिकामा पनि आमूल परिवर्तन गरिनुपर्ने तथा न्यायालयलाई सामान्य जनताको पहुँचमा ल्याउनु पर्ने आवश्यकता महसुस गरिएको छ। त्यस्तै, न्यायपरिषद्मा सुधारको खाँचो देखिएको छ। तर पनि न्यायिक स्वतन्त्रताभित्र पर्ने जुनसुकै विषयमा कदम चाल्दा वा टिकाटिप्पणी गर्दा त्यसअघि सबै पक्षबाट जिम्मेवारीपूर्वक गहनरूपमा विचार विमर्श गरी परिपक्व कदम चाल्नु पर्दछ। संस्थागतरूपमा न्यायपालिका कसैप्रति पनि प्रत्यक्ष उत्तरदायी नरहने र सार्वभौम न्यायिक अधिकार प्रयोग गर्ने स्वतन्त्र निकाय भएकाले न्यायाधीशहरू संविधान र कानुनबाहेक कसैप्रति पनि उत्तरदायी रहनु हुँदैन।

८. सर्वोच्च अदालतबाट भएका उल्लेख्य निर्णयहरू

राज्यको निर्देशित उद्देश्य हासिल गर्नका लागि जनताका अधिकारहरूको संरक्षण गर्दै आर्थिक एवम् राजनीतिक क्षेत्रलगायत् राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम राख्न न्यायपालिकाले सान्दर्भिक र साहसिक भूमिका निर्वाह गरेको देखिन्छ। कानुनी राजको अवधारणालाई साकार पार्न, संविधानको सर्वोच्चता कायम राख्न, संविधानसँग बाझिएका कानुनलाई अमान्य र बदर घोषित गरी सर्वोच्च अदालतले मानवअधिकारको सम्मान गरेर अभिभावकको भूमिका निर्वाह गरेको छ। यस वर्ष सर्वोच्च अदालतबाट भएका केही उल्लेखनीय निर्णयहरूको यहाँ चर्चा गरिएको छ।

८.१ शाही आयोग खारेज सम्बन्धी फैसला

सर्वोच्च अदालतले भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन सम्बन्धी निवेदनमा संविधानमा वर्णित स्वतन्त्र र सक्षम न्याय प्रणालीको अवधारणालाई साकार पार्ने दिशातर्फ ०६२ फागुन १ गते साहसिक फैसला गऱ्यो। अधिवक्ता सन्तोषकुमार महतोसमेतद्वारा ०६२ साउन २६ गते शाही आयोग खारेजीको माग राखी रिट निवेदन दायर गरिएको थियो।

सर्वोच्च अदालतले राज्यको कार्यकारी र विधायिकी अधिकार प्रयोग गरी आएका राजाबाट संविधानले निर्धारण गरेको सीमारेखा उल्लंघन भएको कुरा स्पष्ट रूपमा आफ्नो निर्णयमा उल्लेख गरेको छ। निर्णयअनुसार संविधानमा बाधा अड्काउ फुकाउने सम्बन्धमा गरिएको व्यवस्था संविधानको कुनै धाराको कार्यान्वयनमा कुनै बाधा अड्चन आई कार्यान्वित हुन नसक्ने अवस्था भएमा संविधान क्रियाशील बनाउन धारा १२७ बमोजिम जारी गरिने आदेश संविधानले

---

३६. आन्तरिक राजस्व विभागमा कार्यरत उपन्यायाधिवक्ता बद्रीप्रसाद ओली, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका उपन्यायधिवक्ताहरू ध्रुवकुमार भट्टराई, राजनप्रसाद भट्टराई, गणेशबाबु अर्याल, सूर्यप्रसाद पोखरेल, उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगमा कार्यरत मेदिनीप्रसाद पौडेलद्वारा रिट दायर भएको हो।

३७. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकारी अधिकार मन्त्रिपरिषदमा निहित रहनेछ । "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ।

३८. "न्यायाधीश पुनर्निर्युक्ति गर्न सुझाव" । *www.kantipuronline.com/kolnepalinews.php?nid=81087* । ०६३ साउन १३ गते हेरिएको

३९. "पुनर्निर्युक्ति नगर्न पौडेलको चेतावनी" । *राजधानी* । ०६३ भदौ ८ । पृ. १

व्यवस्था गरेदेखि बाहेकका अन्य कुरामा आकर्षित हुन सक्दैन निर्णयमा संवैधानिक व्यवस्था निस्क्रिय वा संवैधानिक संरचना बदलिन जाने अवस्था सृजना हुने प्रकारको काम गर्न पनि उक्त धाराले छुट नदिने बताइयो। साथै राजाले संविधान कहिल्यै पनि नतोडून्, सदासर्वदा पालन गरून् भन्ने संवैधानिक अभिव्यक्ति विपरीत धारा १२७ को गलत प्रयोग गरी सत्ता आफ्नो हातमा लिएर गरेको काम असंवैधानिक रहेको ठहर संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालतले गऱ्यो।

०६१ माघ १९ गतेको शाही घोषणापश्चात् उत्पन्न जटिल संवैधानिक परिस्थितिमा सर्वोच्च अदालतले कतिपय अवस्थामा संविधानको व्याख्याताको रूपमा मात्र नभई नागरिकसमेतको वास्तविक र विश्वसनीय संरक्षकको भूमिका निर्वाह गरेको थियो। उक्त मुद्दामा सर्वोच्च अदालतबाट मुलुककै संवैधानिक इतिहासमा राजाबाट प्रत्यक्ष शासन गरिएको समयमा पनि महत्वपूर्ण निर्णय गरियो।[४०] सर्वोच्च अदालतबाट उक्त मुद्दामा मूलत: संविधानवादको मान्यता एवम् मूल्यको अक्षुण्णता कायम राख्न भएको निर्णय निम्नलिखित बुँदामा राख्न सकिन्छ।

८.१.१ राजकीय सत्ता र सार्वभौम अधिकारको प्रयोग

नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता, सार्वभौम अधिकार यसै संविधानबमोजिम प्रयोग हुनेछ भन्ने नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनाले स्पष्टरूपमा व्यक्त गरेको छ। नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नै प्रयोग हुने भएपछि नेपाल अधिराज्यको संविधान २०४७ लागू हुनुपूर्वको नेपालको संविधान २०१९ ले व्यवस्था गरेबमोजिम नेपालको सार्वभौमसत्ता राजामा निहीत रहेको, कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार राजाबाट निश्रृत हुने भनी सम्झन मिल्ने अवस्था देखिँदैन। संवैधानिक परिवर्तनपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेबमोजिम मात्र प्रयोग हुनसक्ने स्पष्ट संवैधानिक व्यवस्था भइरहेको छ। यस्तो स्थितिमा राजकीय सत्ता सम्बन्धमा अलमल गरी विवाद उठाउनु र नेपालको संविधान २०१९ खारेज भएको छैन भन्नेजस्ता तर्क गर्नु संवैधानिक आधार र व्यवस्था विपरीत हुनजान्छ। संविधानले मूल एवम् शक्तिशाली कानुनको स्थान ग्रहण गर्दछ। लिखित संविधान भएका मुलुकहरूमा शासनको सिद्धान्त एवम् व्यवस्था, क्रियाकलाप, राज्यका विभिन्न अंगहरूमा राजकीय सत्ताको बाँडफाँड संविधानले नै तय गरेको हुन्छ। संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुको उल्लंघन गर्नु संविधान विपरीत हुन जान्छ। त्यस्तो अवस्थाले संवैधानिक समस्या सृजना हुने हुँदा त्यस्तो स्थिति आउन नदिनु वा टार्नु राज्यको हितमा हुन्छ।[४१]

८.१.२ धारा ३५(२) र धारा ३१ को प्रयोग

संयुक्त अधिराज्यको संवैधानिक विकास क्रममा राजाबाट राज्यको व्यवस्था, राजकीय सत्ता, मन्त्रिपरिषद् वा जिम्मेवार पदाधिकारीको सिफारिस वा सल्लाहमा हुने परिपाटीले राजाबाट गल्ती र गैरकानुनी कार्य हुँदैन भन्ने अवधारणाको विकास भएको हो। यथार्थमा जब राजाबाट कसैको परामर्श वा सल्लाहमा मात्र कुनै कार्य हुन्छ भने राजाले गल्ती गरेको भन्ने प्रश्न नै उठन सक्दैन। यदि गल्ती हुन्छ भने त्यस्तो कार्यको जिम्मेवारी सल्लाह वा परामर्श दिने पदाधिकारीमा रहन्छ। यही सिद्धान्तलाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३१ ले अवलम्बन गरेको देखिन्छ। संविधानको धारा ३१ को क्षेत्र पहिचान गर्न राजाबाट गरिने कार्यको प्रकृति हेर्नुपर्ने हुन्छ। यस निम्ति संविधानमा राजाबाट गरिने कार्यका सम्बन्धमा भएका व्यवस्था त्यसमा पनि धारा ३५ को उपधारा (२) को व्यवस्था विशेषरूपबाट हेरिनुपर्ने हुन्छ। संविधानको धारा ३५(२) लाई बाहेक गरेर धारा ३१ को व्याख्या हुनसक्ने अवस्था देखिदैन।[४२]

८.१.३ संवैधानिक प्रश्नको निरूपण

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३५ को उपधारा (२) ले राजाबाट गरिने कार्यलाई तीन वर्गमा विभाजित गरेको पाइयो। प्रथमत: राजाबाट वा राजाको स्वविवेकमा गरिने कार्य, दोश्रो कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएका कार्य, तेश्रो, मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिने कार्य। संवैधानिक व्यवस्था अनुसारका राजाबाट मात्र वा राजाको स्वविवेकमा सम्पन्न हुने कार्यका सम्बन्धमा यदाकदा संवैधानिकताको प्रश्न गम्भीर रूपमा उठ्नु स्वभाविकै

---

४०. दाहाल, हरिहर । "नेपाल अधिराज्यको संविधान २०४७ र शाही आयोग खारेज गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको निर्णय: एक संक्षिप्त चर्चा" । पूर्व-पादटिप्पणी नं. २९ र ३३ । पृ. ३-५

४१. सन्तोषकुमार महतो र राजीव पराजुली विरुद्ध भ्रष्टाचार नियन्त्रण शाही आयोग । ०६२ सालको रिट नं. ११८ । फैसला मिति ०६२ साल फागुन १ । पृ. ४२

४२. पूर्ववत्। पृ. ४३

हुनसक्छ। राजाबाट मात्र वा राजाको स्वविवेकमा संविधानबमोजिम गरिएको गम्भीर संवैधानिकताको प्रश्नबाहेक अन्य कुराहरूका सम्बन्धमा अदालतमा प्रश्न उठाउनु उपयुक्त देखिँदैन। नेपाल अधिराज्यको संविधान २०४७ ले सामाजिक, राजनीतिक एवम् आर्थिक समुन्नतिको आधार उक्त संविधानको संवैधानिक व्यवस्थालाई स्वीकार गरी संवैधानिक सर्वोच्चताको अवधारणा ग्रहण गरेको छ। संविधानको धारा १२७ को उपधारा (३) मा राजाबाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको पालन र संरक्षण गरिबक्सनेछ भनिएको छ। संवैधानिक व्यवस्थाबाट मात्र नेपाली जनताको सर्वोत्तम हित हुने भएबाट नेपाली जनताको सर्वोत्तम हितनिम्ति संविधानको पालना र संरक्षणको दायित्व संविधानले श्री ५ मा तोकेको अवस्था छ। संवैधानिक व्यवस्था नै नेपाली जनताको सर्वतोमुखी प्रगतिको आधार हो भन्ने अठोट संविधानमा मुखरित भएको छ। संवैधानिक सर्वोच्चताको अवधारणालाई स्वीकार गरिएको स्थितिमा राज्यशक्ति संवैधानिक व्यवस्था विपरीत प्रयोग भएको भनी संवैधानिक विवाद उठाई सर्वोच्च अदालत प्रवेश गरेको संवैधानिक प्रश्नको निरूपण नहुने हो भने नेपाली जनताको शान्ति र उन्नतिको संवैधानिक आधारमा विघ्न आउन सक्ने स्थिति हुन सक्दछ। संवैधानिक विवादहरू अनिर्णित अवस्थामा रहनु हुँदैन। यसको समाधान उपयुक्त माध्यमबाट नभए अप्ठ्यारो र असहज परिस्थिति सृजना हुन जान्छ र राज्य-व्यवस्था असहज अवस्थामा पुग्नजान्छ। संविधान तथा कानुनले संरक्षण गरेका जनताका हकहरूको प्रचलन वा संवैधानिक विवादको न्यायिक निरुपणको जिम्मेवारी संविधानको धारा ८८ ले सर्वोच्च अदालतलाई सुम्पिएको छ। त्यसैले संवैधानिकताको प्रश्नमा सर्वोच्च अदालत प्रवेश गर्न नपाउने भन्नु संविधान अनुकूल हुन जाँदैन।[४३]

८.१.४ शाही आयोगको वैधानिकता

संवैधानिक, कानुनी वा न्यायिक निरुपणको मापदण्डभित्र नपर्ने राज्य र शासन व्यवस्थाका नीतिगत कुराहरू एवम् न्यायपालिकाले भन्दा कार्यपालिका, व्यवस्थापिका वा अन्य निकायबाट प्रभावकारी किसिमले निरुपण हुनसक्ने राजनीतिक विवादलाई नै राजनीतिक प्रश्नको रूपमा लिनुपर्ने हुन्छ। राजाबाट संविधानको धारा ११५ (७) बमोजिम गठन गरिएको भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनलाई ०६२ चैत १६ गते संविधानको धारा १२७ अनुसारको आदेश जारी गरी निरन्तरता दिइएको थियो। आदेश ०६१ माघ १९ गतेको शाही घोषणा अनुरूप जनताको हित निमित्त राजामा निहित राजकीय सत्ता प्रयोग गरी गरिएको कार्य हुँदा राजनीतिक प्रश्न समावेश भएको विषय हो भन्ने विपक्षीहरूको जिकिर रह्यो। नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नै हुनेगरी राजाबाट आदेश जारी गरिएको अवस्थामा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनसम्बन्धी संवैधानिक विवाद संविधानले तय गरेको राजकीय सत्ता प्रयोगसम्बन्धी व्यवस्थासमेतको आधारमा निरुपण गर्नुपर्ने भएकोले त्यस्तो विवादरहित संवैधानिक विषयलाई राजनीतिक विवादको संज्ञा दिन मिल्ने देखिएन।[४४]

८.१.५ शाही आयोग गठन प्रक्रिया

छानबिन गरी कारवाही र सजाय गर्ने दुवै अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमा निहित रहेको स्पष्ट देखियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेकोमा अनुसन्धान तहकिकात गरी भ्रष्टाचार मानिने काम गरेको देखिएमा कानुनबमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउनसक्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको छ। यस्तो अवस्थामा अनुसन्धान गर्ने निकाय र मुद्दा सुन्ने निकाय एउटै नभई छुट्टाछुट्टै हुनुपर्ने सवैधानिक व्यवस्था स्पष्ट छ। नेपाल अधिराज्यको संविधानले भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकाय र मुद्दा हेर्ने निकायको छुट्टाछुट्टै व्यवस्था गरेको तर भ्रष्टाचार छ। नियन्त्रण शाही आयोगलाई छानबिन, कारवाही र सजाय गर्नेसमेतको कार्य तोक्ने कार्य संविधानको उद्देश्य र भावना अनुकूल रहेको भन्न मिल्नेसमेत देखिन आएन।[४५]

८.१.६ संविधानको धारा १२७ को प्रयोग

संविधानको धारा १२७ को उद्देश्य र लक्ष्य नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेको कुनै संवैधानिक प्रावधानलाई कार्यमा परिणत गर्न बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाई संवैधानिक व्यवस्था वा संरचनालाई क्रियाशीलता प्रदान गर्ने रहेको देखिन्छ। अझ स्पष्ट हुनुपर्दा संवैधानिक व्यवस्थाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यसलाई फुकाई भइराखेको संविधानबमोजिमको व्यवस्थालाई सञ्जीवनी प्रदान गरी

४३. पूर्ववत्। पृ. ४४
४४. पूर्ववत्। पृ. ४७
४५. पूर्ववत् । पृ. ५४

संवैधानिक व्यवस्थालाई सूचारु गराउनु धारा १२७ को भावना र उद्देश्य रहेको पाइन्छ।[४६] संविधानमा बाधा अड्काउ फुकाउने सम्बन्धमा गरिएको व्यवस्था संविधानको कुनै धाराको कार्यान्वयनमा कुनै बाधा अड्चन आई कार्यान्वित हुन नसक्ने अवस्था भएमा संविधान क्रियाशील बनाउन धारा १२७ बमोजिम जारी गरिने आदेश संविधानले व्यवस्था गरेदेखि बाहेकका अन्य कुरामा आकर्षित हुन नसक्ने र संवैधानिक व्यवस्था निस्कृय वा संवैधानिक संरचना बदलिन जाने अवस्था सृजना हुने प्रकारको पनि हुन मिल्ने देखिएन।

८.१.७ शाही आयोगको खारेजी

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८४, धारा ८५, धारा ८८(३), धारा ९८, धारा ११५(७) र धारा १२७ को उद्देश्य र भावना विपरीत भई संविधानसँग बाझिएको माथि उल्लेखित आधार र कारणबाट देखिन आयो। गठन आदेश र निरन्तरता दिने आदेश संविधानको धारा ७१ को व्यवस्थाबमोजिम ऐन वा धारा ७२ बमोजिमको अध्यादेश बमोजिम कानुन नभएको अवस्था भए पनि गठन र निरन्तरता दिने आदेशबाट भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार, विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई भएको अधिकार र कतिपय कुराहरूमा अदालतलाई भएसरहको अधिकारप्राप्त गरेको भई कानुनले मात्र प्रदान गर्नसक्ने अधिकार प्रदान गरेको देखियो। तसर्थ: संविधानसँग बाझिने गरी ०६१ फागुन ५ गते भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गर्न गरेको आदेश नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५(१) अन्तर्गत जारी भएको सङ्कटकालीन अवस्थाको आदेश सोही धाराको उपधारा (११) बमोजिम ०६२ वैशाख १६ गते फिर्ता लिइएको कारणबाट सो मिति अर्थात् ०६१ फागुन ५ गतेको आदेश प्रभावहीन हुन पुग्यो। प्रभावहीन भइसकेको आदेशका सम्बन्धमा अमान्य वा बदर केही बोलिरहनुपर्ने अवस्था रहेन। क्रियाशील रहेको निरन्तरता दिन ०६२ वैशाख १६ गते भएको आदेश नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(१) बमोजिम अमान्य घोषित गरियो।[४७]

नेपालमा विधिको शासनको सम्मान र संविधानको सर्वोच्चता कायम हुन्छ भन्ने फैसलाको प्रधान पक्ष हो भने अदालतप्रतिको घट्दो जनआस्था कम गर्न र न्यायिक स्वतन्त्रतालाई सुदृढीकरण गर्न पनि फैसला सहायकसिद्ध भयो। अर्को महत्वपूर्ण कुरा, संविधानको धारा २७ (३) र धारा ३१ को दायरा, प्रयोजन र प्रयोग साथै "श्री ५ मा निहित राजकीय सत्ता र सार्वभौम अधिकार" को कथित प्रयोगको लामो एवम् भ्रमात्मक विवाद पनि यस फैसलाले समाप्त गरेको मान्नु पर्दछ। त्यसैगरी संवैधानिक उपचारको माध्यमबाट एउटा सामान्य नागरिकले पनि सर्वोच्च अदालतसमक्ष चुनौति दिएर राज्यको सर्वोच्च निकाय वा शक्तिशाली पदाधिकारीलाई पनि घुँडा टेकाउन सक्दोरहेछ भन्ने दृष्टान्त पनि यस फैसलाले प्रस्तुत गर्न पुग्यो।[४८]

कार्यकारिणी अधिकार लिएका राजनीतिक दलको सरकार होस् वा राजा स्वयम्, न्यायिक स्वतन्त्रता अलग्गै विषय हो भन्ने तथ्य पनि फैसलाले स्पष्ट पाऱ्यो। यसका साथै राजाले स्वविवेकमा गरेका काम-कारवाहीलाई पनि अदालतले बदर घोषित गरेर न्यायिक स्वतन्त्रताको उच्चतम प्रवृति प्रदर्शन गऱ्यो। शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई गहनरूपले विश्लेषण गर्दै फैसलाले शाही घोषणाका माध्यमद्वारा नयाँ संरचना वा संवैधानिक एवम् न्यायिक निकाय गठन हुन नसक्ने निष्कर्षसमेत निकाल्यो।[४९]

फैसलाको अर्को महत्वपूर्ण पक्ष भनेको संविधानको धारा १२७ को महत्वपूर्ण व्याख्या हो। फैसलाले स्पष्ट भाषामा बाधा अड्काउ फुकाउने नाममा जारी गरिने धारा १२७ अन्तर्गतको आदेशले संविधानको आधारभूत संरचना र सारभूत कुरालाई फेरबदल गर्न नसक्ने उल्लेख गऱ्यो। यो व्याख्याले पछिल्ला तीन वर्षमा कार्यपालिकाद्वारा धारा १२७ को नाममा गरिएका तमाम कार्यहरूलाई चुनौति दियो। फैसलाको अर्को महत्वपूर्ण पक्ष अदालतले आफ्नो आत्मसमीक्षा गर्नु पनि हो। न्यायाधीश आफूले प्रतिपादन गरेका सिद्धान्त वा आफ्नो अवधारणाप्रति प्रतिबद्ध रहन आवश्यक भएता पनि बदलिँदो परिस्थितिमा न्यायका निमित्त न्यायाधीश आफ्नो पुरानो धारणाप्रति प्रतिबद्ध रहिरहनु उपयुक्त हुँदैन भन्ने अदालतको ठहर पनि सराहनीय रह्यो।[५०]

अदालतको फैसलाले संविधानबमोजिम बाहेक कुनै पनि कुरा हुन सक्दैन भनेर प्रष्ट शब्दमा बोलेको छ। संविधानअनुसार चल्दा सबैको हक-अधिकारको रक्षा हुन्छ भन्ने सन्देश फैसलाको प्रमुख पाटो हो। यसले संविधान र

---

४६. पूर्ववत् । पृ. ५६-५७

४७. पूर्ववत् । पृ. ६०

४८. कार्की, बद्रीबहादुर । "फैसलाले संविधान ध्वस्त पार्ने षड्यन्त्र टारेको छ" । *शाही आयोग: उत्पत्ति र अवसान (सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठसहित)* । विमल गौतम । काठमाडौं: पैरवी प्रकाशन । ०६३ । पृ. १३८

४९. पूर्ववत् । भट्टराई, टीकाराम । "संवैधानिक विधिशास्त्रमा फैसलाले नयाँ आयाम थपेको छ" । पृ. १७१

५०. पूर्ववत् । आचार्य, भिमार्जुन । "फैसलाले संर्वधानिक सर्वोच्चता कायम राखेको छ" । पृ. १७२

संविधानवादको सर्वोच्चतालाई निर्विवाद स्वीकार गर्दै व्याख्या गरेको छ।

८.२. स्थानीय निर्वाचन

स्थानीय निर्वाचनका समयमा उम्मेद्वार र मतदाताहरूले नगरपालिकाको निर्वाचनमा भाग लिँदा हुनसक्ने नोक्सानीउपरमा क्षतिपूर्ति दिनुपर्ने माग राखी विजेन्द्रलाल जोशीद्वारा प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्, गृह र स्थानीय विकास मन्त्रालयका साथै निर्वाचन आयोगलाई विपक्षी बनाई ०६२ पुस १८ गते रिट दायर गरिएको थियो। सर्वोच्च अदालतले उक्त ०६२ पुस २१ गते खारेज गऱ्यो।[५१]

८.३. अभिव्यक्ति स्वतन्त्रता माथिको निषेधाज्ञाविरुद्ध रिट

सरकारले नागरिकको सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रताका साथै अभिव्यक्तिको स्वतन्त्रताका विरुद्ध जारी गरेको निषेधाज्ञा खारेज गरी पाउन अधिवक्ता सन्तोषकुमार महतोले ०६२ माघ १० गते सार्वजनिक सरोकारको मुद्दा दायर गरे। रिट निवेदनमा राजनीतिक दलहरूका क्रियाकलापमाथि सरकारले प्रतिबन्ध लगाएको भन्दै त्यस्तो कारवाही संविधानमा व्यवस्था गरिएको मौलिक हक विरुद्ध भएको उल्लेख गरिएको थियो। त्यस्तो आदेश सम्पूर्ण जनसमुदायउपर नभई कुनै खास व्यक्तिका सम्बन्धमा मात्र लागू गर्न सकिने रिट निवेदनमा उल्लेख गरिएको थियो।[५२]

८.४ मानवअधिकार आयोगको सिफारिस कार्यान्वयन गर्न आदेश

अधिकारको संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोगद्वारा सरकारलाई दिइएको सुझाव र सिफारिस[५३] सरकारद्वारा कार्यान्वयन गराई माग्न अधिवक्ता भोजराज ऐर, भोजराज भट्ट र पुष्पराज पाण्डेद्वारा दायर गरिएको सार्वजनिक सरोकारको निवेदनमा सर्वोच्च अदालतले ०६२ माघ १४ गते विपक्षीका नाममा कारण देखाउ आदेश जारी गऱ्यो। नागरिकको अधिकार संरक्षणका लागि आयोगले दिएको सुझाव कार्यान्वयन किन नगरिएको हो सो को कारण १५ दिनभित्र लिखित रूपमा पेश गर्नू भनी अदालतले आदेश जारी गऱ्यो। निवेदकका अनुसार, सरकारले आर्थिक वर्ष ०६१/६२ मा आयोगले दिएका ३३ सिफारिसमा २९ वटाको कार्यान्वयन गरेन।[५४]

८.५ द्वन्द्वपीडित र विस्थापितसम्बन्धी व्यवस्था गर्न आदेश

द्वन्द्वका कारण विस्थापित भएका पत्रकार भीमप्रकाश ओली र शिक्षक केशव लामाद्वारा द्वन्द्वका कारण आफूहरूले संविधानद्वारा व्यवस्था गरिएको बाँच्न पाउने अधिकारका साथै समानताको अधिकार गुमाएको र सरकारले द्वन्द्वपीडितका लागि उचित राहतको व्यवस्था गर्नुपर्ने भन्दै गत वर्ष दायर गरेको सार्वजनिक सरोकारको मुद्दामा सर्वोच्च अदालतले ०६२ माघ २८ गते सरकारलाई निर्देशात्मक आदेश दियो। मुलुकमा विद्यमान द्वन्द्वका कारण विस्थापित भएकाहरूलाई उचित राहत प्रदान गर्नका लागि कानुन निर्माण गर्नू भनी अदालतले आदेश जारी गऱ्यो। आदेशमा द्वन्द्वपीडितलाई स्पष्टरुपमा परिभाषित गरी राहत उपलब्ध गराउनका लागि उनीहरूको हैसियतको पनि वर्गीकरण गरी आवश्यक कानुन निर्माण गर्नू भनिएको थियो।

देशमा विद्यमान सशस्त्र द्वन्द्वका कारण विस्थापित भई काठमाडौंमा आई सहयोग तथा राहतका लागि पुकार गर्दा कुनै किसिमको सहयोग पाउन असमर्थ भएको जनाउदै सार्वजनिक सरोकारको उक्त मुद्दा दायर गरिएकको थियो। निवेदनमा न्यूनतम आधारभूत मानवअधिकारको प्रभावकारी संरक्षणका लागि केन्द्रदेखि स्थानीयस्तरसम्म सक्षम एवम् सशक्त संस्थागत संरचनाको व्यवस्थासमेत गर्न सरकारद्वारा यथाशीघ्र कानुनी व्यवस्था गरिनुपर्ने माग गरिएको थियो। द्वन्द्वपीडित व्यक्तिहरूलाई राज्यबाट प्रदान गरिने सेवा वा सहुलियतका सम्बन्धमा समानता विपरीत नहुने गरी स्पष्ट कानुनी व्यवस्था गरी उचित र आवश्यक व्यवस्थापन गर्न सरकारका नाममा अदालतले निर्देशनात्मक आदेश जारी गऱ्यो।[५५]

८.६ सैनिक ऐन विरुद्धको मुद्दा

सैनिक ऐन २०१६ का प्रावधानहरू मुलुकको संविधानसँग बाझिएको उल्लेख गर्दै, ऐनका प्रावधान अमान्य

---

५१. "PIL filed ". *http://nepallaw.blogspot.com/2006_01_01_archive.html*. ०६३ असोज २० गते हेरिएको

५२. "PIL filed against restrictions". *http://nepallaw.blogspot.com/2006_01_01_archive.html*. ०६३ असोज २० गते हेरिएको

५३. "मानवअधिकार आयोग ऐन २०५३" । काठमाडौं: राष्ट्रिय मानव अधिकार आयोग । दफा १३

५४. "SC show cause to govt, NHRC". *http://nepallaw.blogspot.com/2006_01_01_archive.html*. ०६३ असोज २३ गते हेरिएको

५५. भीमप्रकाश ओली विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत । ०६१ सालको रिट नं. ३३९४ । फैसला मिति ०६२ माघ २८

घोषित गराइपाउँ भनी अधिवक्ता भरतमणि गौतमले ०६२ माघ १९ गते सार्वजनिक सरोकारको मुद्दा दायर गरे। सैनिक कारवाही र सैनिक परिचालनसम्बन्धी थुप्रै प्रावधानहरू संविधानसँग बाझिएको निवेदनमा उल्लेख गरिएको थियो। संविधानमा सुरक्षा परिषद्को व्यवस्था गरी सैनिक परिचालन गर्ने जिम्मा सोही परिषद्लाई दिइएको भएता पनि सैनिक ऐनमा राजाको नेतृत्वमा सैनिक परिचालन गर्ने व्यवस्था गरिएको छ। मुद्दा दर्ता भएको भोलिपल्ट अर्थात् माघ २० गते सर्वोच्च अदालतले रिट निवेदनमा प्रतिवादी बनाइएका मन्त्रिपरिषद् सचिवालय, रक्षा मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र संसद सचिवालयको नाममा कारण देखाउ आदेश जारी गऱ्यो।[५६]

८.७ दण्डहीनतासँग सम्बन्धित रिट

८.७.१ यातनालाई अपराध घोषित गर्न माग

यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५६ संशोधनको माग गर्दै यातनालाई अपराध भनी परिभाषा गर्न र यसलाई अपराधीकरण गर्न माग गर्दै अधिवक्ता राजेन्द्र घिमिरे र केदारप्रसाद दाहालद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतले यातनालाई अपराध ठहर नगर्नुको कारण माग गरी ०६२ फागुन २४ गते सरकारको नाममा कारण देखाउ आदेश जारी गऱ्यो। निवेदनमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५६ मा यातनालाई अपराध भनी व्याख्या गर्न आवश्यक भएको जिकिर गरिएको थियो। त्यसैगरी नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यातनाविरुद्धको महासन्धिकोसमेत पक्षराष्ट्र भएकाले ती महासन्धिका प्रावधानहरूलाई स्थानीय कानुनमा समायोजन गर्न सरकारसँग माग गरिएको थियो। यातना गम्भीर अपराध भएकाले यसलाई निषेध गर्नुका साथै यातना दिने पीडकलाई सजायको भागी बनाउनुपर्ने निवेदनमा उल्लेख गरिएको थियो।[५७]

राज्य मातहतका कार्यालयहरूबाट गैरकानुनीरूपमा यातना दिइएको कुरामा क्षतिपूर्ति दिनुपर्ने दायित्व राज्यमाथि नै हुनुपर्छ। तसर्थ: क्षतिपूर्तिविरुद्धको मुद्दा राज्यविरुद्धको मुद्दा हुनु पर्दछ। राज्यको सम्बन्धित अंग, जसले थुनामा राख्ने काम गऱ्यो, सो विरुद्ध मुद्दा दिन सकिने हुन्छ। तर, यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ मा यस्तो मुद्दामा खास कर्मचारीलाई नै विपक्षी बनाई दायर गर्नुपर्ने भन्ने उल्लेख भएको देखिँदैन। उक्त ऐनको दफा ७ ले भने यातना दिने अधिकारीलाई विभागीय कारवाही हुने व्यवस्था गरेबाट यातना दिनेजस्तो गैरकानुनी कार्य भएमा क्षतिपूर्ति दिने कार्य राज्यको नै भएको उक्त ऐनका प्रावधानहरूले स्वीकार गरेको देखिन्छ। त्यसैले यातना विरुद्धको क्षतिपूर्तिको दावी राज्य वा राज्यका निकाय विरुद्ध गर्न मिल्ने भन्ने कुरा र क्षतिपूर्ति कति पाउने वा नपाउने भन्ने कुरा प्रमाण बुझ्दै जाँदा निर्णय गरिने विषयवस्तुमा पहिले नै बढी दावी लिएको भन्ने आधारमा श्रेस्तेदारबाट तथ्यभित्र प्रवेश गरी फिराद दरपीठ गर्न मिल्दैन तसर्थ: यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ बमोजिम क्षतिपूर्ति माग गरी निवेदन दर्ता गर्न ल्याए कानुनबमोजिम दर्ता गरी कारवाही गरिदिनू भनी विपक्षी कास्की जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी गरियो।[५८]

८.७.२ भैरवनाथ गणमा बेपत्ता पारिएकाबारे निष्पक्ष छानबिनका सम्बन्धमा

नेपाली सेनाको काठमाडौं महाराजगञ्जस्थित भैरवनाथ गणबाट ४९ जना बन्दी बलजफ्ती बेपत्ता पारिएको सम्बन्धमा सरकारलाई निष्पक्ष छानबिनको आदेश दिन माग गर्दै ०६३ कार्तिक १२ गते अधिवक्ता जीतमान बस्नेतद्वारा दायर गरिएको रिटमा भैरवनाथ गणबाट ४९ जना बेपत्ता पारिएको छैन भन्ने सरकारको प्रतिवेदन विश्वसनीय नभएको भन्दै सर्वोच्च अदालतले छानबिनको माग गऱ्यो। रिटउपर निर्णय गर्दै, १५ दिनभित्र सो सम्बन्धमा किन कुनै छानबिन शुरू गरिएको छैन भनी लिखित बयान पेश गर्न सर्वोच्च अदालतले सोही दिन सरकारका नाममा कारण देखाउ आदेश जारी गऱ्यो।[५९]

८.७.३ दयाराम परियारको हत्याका सम्बन्धमा

सर्वोच्च अदालतले ०६३ वैशाखमा सुरक्षाकर्मीद्वारा राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारलाई जनकपुरको जनकचोकमा गोली हानी हत्या गरिएको सम्बन्धमा सरकारले गोली हान्ने सुरक्षाकर्मीमाथि किन कारवाही नगरेको भनी सरकारसँग लिखतजवाफ पेश गर्न ०६३ कात्तिक २८ गते आदेश गऱ्यो। सो सम्बन्धमा अधिवक्ता रत्नबहादुर बागचन्दद्वारा रिट निवेदन दायर

---

५६. "Military Act Challenged". *http://nepallaw.blogspot.com/2006_02_01_archive.html*. ०६३ असोज २३ गते हेरिएको
५७. राजेन्द्र घिमिरेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत । ०६३ सालको रिट नं ३२१९ । आदेश मिति ०६२ फागुन २४
५८. मेघनाथ शर्मा विरुद्ध पुनरावेदन अदालत पोखरा, कास्की समेत। ०६२ सालको रिट नं.२९२९। आदेश मिति ०६३ वैशाख २०
५९. "Show-cause notice to govt on Bhairabnath disappearances". *http://nepallaw.blogspot.com/2006_10_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

गरिएको थियो।[६०] यस अघि नै राष्ट्रिय मानवअधिकार आयोगले गोली हान्ने सुरक्षाकर्मीमाथि फौजदारी अभियोग लगाउन सरकारसमक्ष माग गरेको थियो।

८.८ आतंककारी घोषणा र विधेयकसँग सम्बन्धित

८.८.१ आतंककारी घोषणा संविधानबमोजिम

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई सरकारले आतङ्ककारी घोषणा गर्नु गैरसंवैधानिक नभएको भनी ०६२ चैत १० गते निर्णय गऱ्यो। रिट निवेदकले माओवादीलाई राजनीतिक दलका रूपमा प्रमाणित गर्न नसकेको आधार देखाई सो निर्णय गरेको हो। माओवादीलाई आतङ्ककारी घोषणा गरी लगाइएको प्रतिबन्ध फुकुवा गर्न माग राखी तारानाथ घिमिरेले ०६१ असोज ६ गते रिट दायर गरेका थिए। सर्वोच्च अदालतले निवेदकले संविधानको धारा ११२ बमोजिम माओवादीलाई राजनीतिक दलको रूपमा प्रमाणित गर्न सकेको छैन भन्ने उल्लेख गऱ्यो।[६१]

८.८.२ आतंककारी र विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनलाई वैधानिकता

आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशमा भएको एक वर्षसम्म नजरबन्दमा राख्ने प्रावधान संविधान विपरीत भएको भन्दै परेको रिट निवेदन ०६२ चैत १० गते सर्वोच्च अदालतले खारेज गऱ्यो। छ महिनासम्म नजरबन्दमा राख्ने व्यवस्थालाई एक वर्षसम्म बढाउनु नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ र १५ विपरीत भएकाले उक्त अध्यादेशको दफा ९ खारेज गरिनुपर्ने भनी माग राखी दायर रिटमा सो प्रावधान संविधान अनुकूल भएको निर्णय गऱ्यो। अध्यादेशको दफा ९ नागरिकको वैयक्तिक स्वतन्त्रता र मौलिक हकको हनन हुने प्रकृतिको भएकाले बदर गरिनुपर्ने माग राखी जनहित संरक्षण मञ्च (प्रो-पब्लिक) का तर्फबाट राजुप्रसाद चापागाई र प्रकाशमणि शर्माद्वारा रिट दायर गरिएको थियो।

निर्णयमा सर्वोच्च अदालतले अध्यादेशका प्रावधान संविधान अनुरूप रहेको भन्दै संसदद्वारा निर्माण गरिएको सार्वजनिक सुरक्षा ऐनमा समेत अधिकारीहरूलाई निवारक नजरबन्दको अधिकार दिइएको जिकिर गऱ्यो।[६२]

८.९ कानुन व्यवसायीलाई नेपालसँग भेट गर्न दिन आदेश

सर्वोच्च अदालतले ०६२ चैत २१ गते कानुन व्यवसायीहरूलाई बन्दीहरू भेट गर्नबाट रोक नलगाउन सरकारको नाममा आदेश गऱ्यो। अधिवक्ता सोमप्रसाद लुइँटेलद्वारा दायर गरिएको रिट निवेदनउपर सुनुवाई गर्दै सर्वोच्च अदालतले बन्दीलाई कानुन व्यवसायी भेट्नबाट रोक नलाउन सरकारको नाममा परमादेश जारी गरी संविधान तथा अन्तर्राष्ट्रिय कानुनद्वारा सुरक्षित गरिएको बन्दीहरूको अधिकारको पूर्ण प्रत्याभूति गर्न निर्णय गऱ्यो। पूर्वमन्त्री सुवास नेम्वाङ र नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापालगायत् अन्य कानुन व्यवसायीलाई सुरक्षाकर्मीले नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई भेट्न नदिएपछि रिट दायर गरिएको थियो।[६३]

८.१० उमेशचन्द्र थापाको हत्या सम्बन्धमा सरकारलाई कारण देखाऊ आदेश

सर्वोच्च अदालतले उमेशचन्द्र थापाको हत्याका सम्बन्धमा ०६३ वैशाख २१ गते सरकारलाई कारण देखाऊ आदेश जारी गऱ्यो। शाही सरकारको पालामा सम्पन्न नगर निर्वाचनका दिन सुरक्षाकर्मीद्वारा दाङ जिल्लामा उनको हत्या गरिएको थियो। शहीद उमेशचन्द्र थापाका छोराले दण्डहीनताको अन्त्य गर्न, पीडितका परिवारलाई क्षतिपूर्तिका लागि तत्काल कानुन बनाउन र दोषीलाई कारवाही गर्न सरकारविरूद्ध रिट दायर गरेका थिए।[६४]

८.११ जेष्ठ नागरिकहरूको हक-अधिकार संरक्षण गर्ने कानुन बनाउन सरकारलाई निर्देशन

सर्वोच्च अदालतले ०६३ वैशाख २४ गते जेष्ठ नागरिकहरूका हक-अधिकार संरक्षणका लागि तत्काल कानुन बनाउन सरकारलाई निर्देशनात्मक आदेश जारी गऱ्यो। नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११(३) ले जेष्ठ नागरिकहरूको संरक्षण र सम्बर्द्धनका लागि

---

६०. "SC show cause on Pariyar death". *http://nepallaw.blogspot.com/2006_11_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६१. "SC Upholds Terrorist Tag on Maoists". *http://nepallaw.blogspot.com/2006_03_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६२. "Supreme Court endorses controversial TADO". *http://nepallaw.blogspot.com/2006_03_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६३. "SC order Govt for Not to bar Lawyers Meet Nepal". *http://nepallaw.blogspot.com/2006_04_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६४. पूर्व-पादटिप्पणी नं. १४ । पृ. १३

कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरे पनि सरकारले अहिलेसम्म कदम नचालेकाले तत्काल कानुन बनाउन आदेश जारी गरीपाउँ भनी अधिवक्ता चन्द्रकान्त ज्ञवाली र पुष्पदेवी श्रेष्ठले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सर्वोच्च अदालतले संविधान निर्माण भएको १३ वर्ष बितिसक्दा पनि बृद्धबृद्धाको हकअधिकार संरक्षण र सम्बर्द्धनका लागि सरकारले आवश्यक कार्य नगरेको उल्लेख गर्दै यस्तो आदेश जारी गरेको हो।[६५]

८.१२ सामाजिक संघ-संस्थाको आचारसंहिता बदर गर्ने आदेश

श्री ५ को सरकारद्वारा जारी समाज कल्याण (पहिलो संशोधन) अध्यादेश २०६२ नेपाल अधिराज्यको संविधानसँग बाझिनुका साथै निवेदकको मौलिक हकमा अनुचित बन्देज लगाएको र स्वतन्त्र तथा स्वायत्त सामाजिक संघ-सस्थालाई गैरसंवैधानिक नियन्त्रण गरेकोले सो अध्यादेशको दफा ९ (२), ९(९) र २०(१) को प्रावधान प्रारम्भ भएका मितिदेखि नै बदर घोषित गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो। असंवैधानिक अध्यादेशका आधारमा जारी गरिएको समाजिक संघ-सस्थासम्बन्धी आचारसंहितासमेत नेपाल अधिराज्यको संविधानसँग बाझिएको हुनाले अध्यादेश एवम् आचारसंहिताका सम्पूर्ण प्रावधानहरू अमान्य र बदर घोषित गरिपाउँ भनी गैरसरकारी सस्था महासंघका तर्फबाट डा. अर्जुन कार्कीसमेतद्वारा रिट निवेदन दायर गरिएको थियो। रिट निवेदनमा मन्त्रिपरिषद्को ०६३ वैशाख २६ गतेको निर्णयले निवेदकद्वारा बदर गर्न माग गरिएको समाज कल्याण (पहिलो संशोधन) अध्यादेश २०६२ खारेज भइसकेको देखिएको र सो अध्यादेशको अधिकार प्रयोग गरी बनाइएको र लागू गरिएको सामाजिक संघ-सस्थासम्बन्धी आचारसंहिता २०६२ समेत स्वत: निस्क्रिय हुने भएकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भएको हुँदा निवेदनको माग बमोजिम आदेश जारी गर्नु नपर्ने भनी सर्वोच्च अदालतले ०६३ जेठ १८ गते निर्णय[६६] गऱ्यो।

८.१३ शाही सरकारका मन्त्रीहरूलाई थुनामुक्त गर्न आदेश

लोकतान्त्रिक जनआन्दोलन दमन गर्दै मानवअधिकार उल्लंघन गर्ने शाही सरकारका तत्कालीन पाँचजना मन्त्रीहरू कमल थापा, टंक ढकाल, रमेशनाथ पाण्डे, श्रीशशमशेर जबरा र निक्षशमशेर जबरालाई सरकारले गिरफ्तार गरी थुनामा राखेको थियो। उचित र पर्याप्त आधारविना गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै सर्वोच्च अदालतका पाँचजना न्यायाधीशको इजलासले रमेशनाथ पाण्डे, श्रीशशमशेर जबरा र निक्षशमशेर जबरालाई ०६३ जेठ २१ गते[६६] तथा दुईजना न्यायाधीशहरूको इजलासले कमल थापा र टङ्क ढकाललाई ०६३ असार ४ गते थुना मुक्त गर्ने आदेश गऱ्यो।

जनआन्दोलनका दमनकारीमाथि छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको सिफारिसमा ०६३ वैशाख २९ गते उनीहरूलाई गिरफ्तार गरी थुनामा राखिएको थियो। उनीहरूले प्रमाण लोप गर्न सक्ने भएको भन्ने आधारमा आयोगले थुनामा राख्न सरकारलाई पत्र लेखेको थियो। जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनअधिकारलाई खलल् पुऱ्याउने किसिमको गोप्य बैठकलगायत्का षडयन्त्रमूलक क्रियाकलाप गरिरहेको भन्ने बुझिन आएकोले त्यस्तो कार्य गर्नबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल् पार्न सक्ने भन्दै उनीहरूलाई सरकारद्वारा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत पक्राउ गरिएको थियो।[६८]

८.१४ अश्रुग्यास प्रयोग सम्बन्धमा प्रतिवेदन पेश गर्न सरकारलाई आदेश

जनप्रदर्शन रोक्न प्रयोग गरिने अश्रुग्याँसले मानव स्वास्थ्यमा पार्ने असरका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतले सरकारलाई ०६३ जेठ २५ गते आदेश गऱ्यो। उक्त प्रतिवेदन पेश गर्न स्वास्थ्य, वातावरण, विज्ञान, शिक्षा क्षेत्रलगायतका विज्ञहरूको एक समिति बनाई त्यस सम्बन्धमा अध्ययन गर्न आदेश दिइएको थियो। अश्रुग्याँसको प्रयोग संविधानको धारा ११ विपरीत भन्दै धनञ्जय ढकालसमेतले दायर गरेको रिट निवेदनमा सुनुवाई गर्दै सर्वोच्च अदालतले सरकारलाई उक्त आदेश गरेको हो।[६९]

८.१५ सार्वजनिक स्थलमा धुम्रपान प्रतिबन्ध

सार्वजनिक स्थानमा धुम्रपान माथि प्रतिबन्ध लगाउन

६५. चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत । ०६० सालको रिट नं. ३३४२ । फैसला मिति ०६३ वैशाख २४

६६. डा. अर्जुन कार्कीसमेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद्को कार्यालय । ०६२ सालको रिट नं. ९१ । फैसला मिति ०६३ जेठ १८

६७. रमेशनाथ पाण्डेको हकमा टिकाराम अधिकारी विरुद्ध मन्त्रिपरिषद्को कार्यालय समेत । ०६३ सालको रिट नं. १६ । फैसला मिति ०६३ जेठ २१

६८. पूर्व-पादटिप्पणी नं. १४ र ६३ । पृ. १३-१४

६९. पूर्ववत् । पृ. १५

सर्वोच्च अदालतले ०६३ जेठ ३० गते सरकारलाई परमादेश जारी गऱ्यो। त्यसैगरी छापा माध्यममा चुरोट र सूर्तीजन्य पदार्थको विज्ञापन गर्न पनि तुरून्त रोक लगाउन अदालतले आदेश गऱ्यो। आदेशमा सार्वजनिक स्थलमा हुने धुम्रपानमाथि प्रतिबन्ध लगाउन आवश्यक व्यवस्था गर्न समेत भनियो। सार्वजनिक स्थलमा गरिने धुम्रपानमाथि पूर्णरूपमा प्रतिबन्ध लगाउनु पर्ने माग राखी ०६२ असार २२ गते दायर गरिएको सर्वोच्च अदालतले धुम्रपान एवम् सूर्ती सेवनलाई निरूत्साहित गरी जनताको स्वस्थ जीवन यापन एवम् आर्थिक हितसमेतको संरक्षणका लागि एक वर्षभित्र आवश्यक कानुन बनाउन सरकारलाई आदेश गऱ्यो। साथै, धुम्रपानसम्बन्धी जनचेतना फैलाउन आवश्यक कार्य गर्न पनि सरकारका नाममा आदेश जारी गऱ्यो। यससम्बन्धी फैसला कार्यान्वयन भए-नभएको सम्बन्धमा अनुगमन गर्न सर्वोच्च अदालतअन्तर्गतकै अनुगमन शाखालाई इजलासले आदेश गऱ्यो।[६०]

८.१६ प्रधानसेनापतिलाई निलम्बन गर्नु नपर्ने निर्णय

जनआन्दोलन दबाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भनिएका तत्कालीन प्रधानसेनापति प्यारजंग थापालाई निलम्बन गर्नु नपर्ने निर्णय सर्वोच्च अदालतले ०६३ साउन १३ गते गऱ्यो। थापालाई निलम्बन गर्नु पर्ने कारण नभएको भन्दै सर्वोच्चले त्यस्तो निर्णय गरेको हो। जनआन्दोलनका क्रममा अत्याधिक बल प्रयोग गरेको, नागरिकहरू बेपत्ता पारेको र गैरन्यायिक हत्या गरेकाले पदबाट निलम्बन गर्नुपर्ने माग गर्दै मानवअधिकार संगठनका तर्फबाट अधिवक्ता बाबुराम गिरीसमेतले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।[६१]

८.१७ सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्नेबारे

सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक महत्वको विषय भएकाले उक्त प्रतिवेदनलाई अझ प्रभावकारी बनाई भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कारवाही गर्न सचेत नागरिकलगायत् सबै क्षेत्रबाट सहयोग पुऱ्याउनका लागि प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो। प्रतिवेदन सार्वजनिक नगर्दा संविधानको धारा १६ बमोजिम उक्त सार्वजनिक महत्वको विषयमा सूचना माग्ने र पाउने मौलिक हक हनन् भएकाले पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी अधिवक्ता लुमासिंह विश्वकर्मासमेतद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतले आयोगको प्रतिवेदन सार्वजनिक गर्नैपर्ने आदेश जारी गर्न नमिल्ने निर्णय गऱ्यो। सार्वजनिक ओहदामा रहेका व्यक्ति वा पदाधिकारीले आफ्ना परिवारका सदस्यको नाममा रहेको सम्पत्तिको विवरण सरकारलाई विश्वास गरेर दिएको हुनाले त्यस्तो विवरण सार्वजनिक गर्दा संविधानको धारा २२ द्वारा प्रदत्त व्यक्तिको सम्पत्तिमाथिको गोपनियताको मौलिक हकमा गम्भीर असर पर्न जाने भएकाले न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्नैपर्ने अवस्था नरहेको भनी ०६३ भदौ २७ गते आदेश जारी गर्न नमिल्ने निर्णय अदालतले गऱ्यो।[६२]

८.१८ सञ्चारसम्बन्धी निर्णय

८.१८.१ कान्तिपुर टिभीलाई स्याटेलाइट अनुमतिको आदेश

सर्वोच्च अदालतले कान्तिपुर टेलिभिजन नेटवर्क प्रालिलाई एक महिनाभित्र स्याटेलाइट लिङ्कको अनुमति दिन सूचना तथा सञ्चार मन्त्रालयका नाममा ०६३ वैशाख १८ मा आदेश जारी गऱ्यो। एक महिनाभित्र जे-जति गर्नुपर्ने हो, त्यो प्रक्रिया पूरा गरी स्याटेलाइटको अनुमति दिनू भनी उक्त परमादेशमा भनियो। राजधानीस्थित प्रशारण केन्द्र र मुलुकभरका विभिन्न आठ क्षेत्रीय प्रशारण केन्द्र जोड्नका लागि स्याटेलाइटको इजाजत रोक्न सरकारले गैरकानुनी निर्णय गरेकाले त्यसलाई बदर गर्न माग गर्दै कान्तिपुर प्रालिले रिट दायर गरेको थियो।[६३]

८.१८.२ राष्ट्रिय प्रशारण नियमावली बदर गर्ने आदेश

बिनाकुनै आधार र कारण श्री ५ को सरकारले एफएम रेडियो स्टेशनबाट मनोरञ्जनात्मकबाहेक कुनै पनि सामग्री प्रशारण गर्न निषेध गरेको कार्य स्वेच्छाचारी एवम् कानुनी राज्यको आधारभूत अवधारणाविपरीत रहेकाले राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा ७ सँग बाझिएको राष्ट्रिय प्रशारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) बदर वा निष्क्रिय घोषित गरी रेडियो स्टेशनलाई पूर्ववत्

---

६०. "SC orders smoking ban in public places". *http://nepallaw.blogspot.com/2006_06_01_archive.html.* ०६३ मंसिर ८ गते हेरिएको

६१. पूर्व-पादटिप्पणी नं. १४, ६३, ६७ र ६८ । पृ. १६

६२. अधिवक्ता लुमासिंह विश्वकर्मासमेत विरुद्ध लोकेन्द्रबहादुर चन्द, तत्कालीन सं. प्रधानमन्त्री, सिंहदरबारसमेत । ०६० सालको रिट नं. ३२७५ । फैसला मिति ०६३ भदौ २७

६३. "SC show cause in KTV case". *http://nepallaw.blogspot.com/2006_03_01_archive.html.* ०६३ मंसिर ८ गते हेरिएको

६४. विनोद ढुंगेल विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ६५ । फैसला मिति ०६३ वैशाख २१

समाचारलगायत्का अन्य सामग्रीहरू प्रशारण गर्न दिन परमादेश जारी गराइपाउँ भनी विनोद ढुंगेलद्वारा श्री ५ को सरकार मन्त्रिपरिषद्को कार्यालयविरुद्ध दायर गरिएको निवेदनमा ०६३ वैशाख २१ गते सर्वोच्च अदालतले त्यस्तो निषेध बदर गर्ने निर्णय गऱ्यो। राष्ट्रिय प्रशारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) मा युद्ध वा सङ्कटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र प्रशारण गर्न निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रशारण गर्नुपर्ने भनी तोकिएको शर्त ऐनको दफा ७ ले गरेको कानुनी व्यवस्थाको विपरीत भएको हुँदा निर्णय भएको मितिदेखि अमान्य र बदर हुने निर्णय सर्वोच्च अदालतले गऱ्यो।[६४]

८.१८.३ प्रेस स्वतन्त्रताको संरक्षण

समाचार प्रशारण गरेको भरमा सरकारले प्रशारण संस्थाको इजाजतपत्र रद्द गर्न पाउने कानुनी व्यवस्था ०६३ जेठ ४ गते सर्वोच्च अदालतले खारेज गऱ्यो। राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा ८ को व्यवस्था संविधानप्रदत्त हक विपरीत भएकाले बदर गर्न माग राखी नारायणदत्त कँडेलद्वारा दायर गरिएको रिटमा सो निर्णय भएको हो। ऐनको दफा ८ मा उक्त ऐन वा ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्यक्रम प्रशारण गरेमा सरकारले त्यस्तो प्रशारण संस्थाको इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था थियो। ऐनको व्यवस्था संविधानको भावना, व्यवस्था एवम् सर्वोच्च अदालतबाट जारी नजिरसमेतको विपरीत रहेको भनी खारेज गर्ने निर्णय सुनाइएको हो।

समाचार वा पाठ्यसामग्री प्रकाशनमा पूर्वप्रतिबन्ध लगाउन पाउने छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १५(१) को व्यवस्था संविधानको धारा १३ ले तोकेको सीमाभन्दा बाहिर हुन नसक्ने निर्णय ०६३ जेठ ४ गते सर्वोच्च अदालतले गऱ्यो। रिट निवेदक नारायणदत्त कँडेलले संविधानको धारा १३(१) को प्रतिबन्धात्मक वाक्यांशले रोक लगाएकाबाहेक अन्य कुनै विषयमा कानुन बनाई वा आदेशले प्रकाशन तथा प्रशारणमा रोक लगाउनु संविधानविपरीत हुने भएकाले त्यस्तो व्यवस्था खारेज गर्न माग गरेका थिए। ऐनमा कुनै खास विषयसँग सम्बन्धित समाचार वा अन्य सामग्री तोकिएको अवधिका लागि प्रकाशित गर्न नपाउने वा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी सरकारले आदेश जारी गर्न पाउने व्यवस्था छ।[६५]

८.१८.४ सञ्चार अध्यादेश

सञ्चार अध्यादेशको वैधानिकतामाथि प्रश्न गर्दै सरकारले संविधानको धारा ७२(१) को गलत प्रयोग गरी नागरिकको सूचना पाउने मौलिक अधिकारलाई बेवास्ता गरेको भन्दै अधिवक्ता रवीराज भण्डारी र कहरसिं खड्काले सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको निवेदन दायर गरे। सर्वोच्च अदालतले सञ्चार अध्यादेश खारेज भइसकेको आधार देखाउँदै ०६३ असार २२ गते उक्त अध्यादेशविरुद्ध दायर गरिएको रिटमा आदेश जारी गर्नु नपर्ने निर्णय गऱ्यो। केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०६३ बदर गर्न माग राखी दायर उक्त रिट त्यसरी खारेज गरिएको हो। पहिलोपटक ०६२ असोज २३ गते र ०६३ वैशाख ३ गते पुन: जारी भएको उक्त संशोधन अध्यादेश ०६३ जेठमा सरकारले खारेज गरेको थियो। समाचार सङ्कलन, बिक्री-वितरण एवम् समाचारमूलक कार्यक्रम प्रशारणमा रोक लगाउन सक्ने प्रावधानकका साथै कैद र जरिवाना बढाइएको भनी रिट दायर गरिएको थियो।[६६]

८.१९ संरचनात्मक विभेद विरुद्धका फैसला

८.१९.१ जातीय भेदभाव विरुद्धसम्बन्धी

८.१९.१.१ संस्कृत पाठशालामा दलितको प्रवेश

सर्वोच्च अदालतले काठमाडौंस्थित तीनधारा संस्कृत पाठशाला छात्रावास नियमावली २०४८ खारेज गऱ्यो। सो नियमावलीले दलित र जनजातिलाई संस्कृत पाठशालाको छात्रावासमा प्रवेश निषेध गरेको थियो। नियमावली अनुसार ब्राम्हणलाई मात्र त्यहाँ बस्ने व्यवस्था गरिएको छ। नियमावलीको नियम १४(८.६) को खण्ड (ख) संविधानको प्रावधान विपरीत रहेको भन्दै सर्वोच्च अदालतको पूर्ण इजलासले ०६२ माघ ७ गते उक्त नियमावली खारेज गरेको हो। इजलासले महेन्द्र संस्कृत विश्वविद्यालयलाई सबैका लागि मान्य हुने कानुनी प्रावधान बनाउनुका साथै दलित र जनजातिलाई छात्रबासमा बस्ने व्यवस्था गर्न आदेश गऱ्यो। दलित गैरसरकारी संस्था महासंघका महासचिव दिलबहादुर विश्वकर्मा र अधिवक्ता विमल विश्वकर्माद्वारा सोसम्बन्धमा मुद्दा दायर गरिएको थियो।[६७]

---

६५. पूर्व-पादटिप्पणी नं. १४, ६७, ६८ र ७० । पृ. १२

६६. अधिवक्ता रविराज भण्डारी समेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ८१ । फैसला मिति ०६३ असार २२

६७. डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, सिंहदरबारसमेत । ०६२ सालको रिट नं. ४४ । फैसला मिति ०६२ माघ ७

६८. दलित गैरसरकारी महासंघ विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६१ सालको रिट नं. ३०२१ । आदेश मिति ०६३ जेठ १

८.१९.१.२ थरको आधारमा नागरिकता

सर्वोच्च अदालतले मन्त्रिपरिषद्को निर्णयबमोजिम दलित जातिका व्यक्तिहरूलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याई दिँदा अथवा नागरिकता सिफारिस गर्दासमेत अन्य नागरिक सरह थर राखी सिफारिस दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनुका साथै थर राखी नागरिकता सच्याउनेसमेतको कार्य कानुनबमोजिम गर्नू-गराउनू भनी ०६३ जेठ १ गते सरकारका नाममा परमादेश जारी गऱ्यो।[७८]

दलित समुदायका मानिसहरूलाई थरको आधारमा नागरिकता प्रदान नगरी वाध्यात्मक रूपमा कथित पेशागत जात लेखी नागरिकता प्रमाण-पत्र प्रदान गर्ने गरेका कारण समाजमा मानवीय सम्मानपूर्ण जीवन जीउन नसकिरहेको र पाइनरहेको अवस्था विद्यमान भएको सम्बन्धमा परेको रिट निवेदनमाथि निर्णय गरी उक्त आदेश जारी गरिएको हो। दलित समुदायलाई समाजमा स्वाभिमानी तथा सम्मानपूर्ण जीवन जीउने वातावरण सृजना गर्नका लागि श्री ५ को सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरूउपर थर लेखी नागरिकता सच्याई पाउँ भन्ने निवेदन पर्न आएमा थर लेखी नागरिकता सच्याइदिनु पर्ने र उसको पहिले जात लेखिएको नागरिकता र हालको थर लेखिएको नागरिकताको व्यक्ति एउटै हो भन्ने तथा पहिलेको नागरिकताबमोजिम तयार भएका अन्य सम्पूर्ण कागजपत्रहरूमा उल्लेखित व्यक्ति एउटै हो भन्ने प्रमाणपत्रसमेत प्रदान गर्न र थरको आधारमा नागरिकता सच्याएबमोजिम सम्बन्धित अन्य निकायमा सच्याउनुपर्ने अन्य कागजपत्रसमेत सम्बन्धित निकायले सच्याइदिनु पर्ने माग गरी दलित गैरसरकारी संस्था महासंघद्वारा निवेदन दायर गरिएको थियो।

८.१९.१.३ चिकित्साशास्त्र अध्ययनमा महिला, दलित र जनजातिलाई दिइएको आरक्षण खारेज

सर्वोच्च अदालतले ०६३ जेठ २५ गते चिकित्साशास्त्रमा महिला, दलित र जनजातिलाई दिइएको आरक्षण संविधान विपरीत भएको भनी खारेज गऱ्यो। छात्रवृत्ति नियमावलीबमोजिम महिला, दलित र जनजातिलाई क्रमश: बीस र दश/दश प्रतिशतका दरले चिकित्साशास्त्रको अध्ययनमा आरक्षण दिइएको थियो। सर्वोच्च अदालतले नियमावलीलाई कानुन नमानी, त्यसरी दिइँदै आएको आरक्षणको प्रावधान खारेज गर्ने निर्णय गरेको हो। उक्त नियमावली नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) मा भएको कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधानबमोजिम कानुन हुन नसक्ने अदालतले निर्णय गऱ्यो।[७९]

८.१९.१.४ सार्वजनिक स्थलमा भेदभाव निषेध

पानीका सार्वजनिक स्रोतहरू, जस्तै: नाला, कुवा, धारा आदि जातियताका आधारमा छुट्टाछुट्टै प्रयोग हुनेगरी गरिएका व्यवहारहरु हटाउन चेतना अभिवृद्धिका लागि प्रभावकारी कदम चाल्न सर्वोच्च अदालते ०६३ पुस ३ गते सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो।

विपक्षीहरूबाट कथित जातीय उच्चताको आधारमा, दलित उपभोक्तालाई छुनसमेत नदिने र बाहुन-क्षेत्री जातिका लागि बनाइएका त्यस्ता पानीका स्रोतहरूको सञ्चालनमा विपक्षीहरूमध्येबाट संरक्षण दिने कार्य भइरहेकाले सविधानले व्यवस्था गरेको धारा ११ को समानताको हकको हनन रिट निवेदनमा जनाइएको थियो। पानीका सार्वजनिक स्रोतको वितरण र सञ्चालनमा कुनै पनि भेदभावपूर्ण व्यवहार गर्न नपाउने गरी आवश्यक व्यवस्था गरिपाउँ र छुवाछूतसम्बन्धी ऐन, नियम तथा अन्तराष्ट्रिय सन्धि तथा महासन्धिबमोजिम कार्य गर्न प्रभावकारी नीतिसमेत बनाउनू भनी परमादेशसमेत जारी गरिपाउँ भनी दलित गैरसरकारी संस्था महासंघले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो। जातिपाति, छुवाछूत तथा भेदभावजन्य कार्यहरू नागरिक-नागरिकबीचको समानताविरूद्ध हुने र यसले सामाजिक विकृति निम्त्याई राष्ट्रिय उत्थानमा बाधक हुने कुरामा कसैको दुईमत हुन नसक्ने धारणा अदालतको आदेशमा समेटियो। समाजमा व्याप्त कुरीतिको केवल कानुन बनाएर मात्र अन्त्य हुन नसक्ने हुँदा अशिक्षाका कारण समाजमा देखिरहेको कुरीति हटाउन चेतना अभिवृद्धि गर्ने खालका उद्देश्यमूलक कार्यक्रम लागू गरी जनचेतना अभिवृद्धि गर्नेतर्फ प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता दर्शाउँदै सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गऱ्यो।[८०]

८.१९.१.५ घर भाडामा पाउनेको अधिकार

काठमाडौंमा दलितहरूलाई घरधनीले घर भाडामा नदिने गरेको विषयलाई लिएर डिलबहादुर विश्वकर्माद्वारा दायर गरिएको मुद्दामा सर्वोच्च अदालतले घर भाडामा लिन पाउने अधिकारबाट वञ्चित नगर्ने कुरा निश्चित गर्न सरकारका नाममा ०६३ पुस ४ गते निर्देशनात्मक आदेश जारी गऱ्यो।[८१]

---

७९. प्रधोज क्षेत्री विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६२ सालको रिट नं. ३०६२ । फैसला मिति ०६३ जेठ २५
८०. दलित गैरसरकारी महासंघ विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६२ सालको रिट नं. ३८०२ । आदेश मिति ०६३ पुस ३
८१. दलित गैरसरकारी महासंघ विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६२ सालको रिट नं. २८७३ । फैसला मिति ०६३ पुस ४
८२. स्वास्नीमानिसले दाइजो, पेवाबाहेक आफ्नो हक पुग्ने अरू सम्पत्ति कसैलाई अघिबाट दानबकस बिक्रीसमेत केही बेहोरासँग

८.१९.२ महिला तथा बालअधिकारसम्बन्धी

८.१९.२.१ स्त्री अंशधनको सात नम्बर खारेज

मुलुकी ऐन स्त्री अंशधनको महलको सात नम्बरको व्यवस्था[८१] संविधानको भावना र मर्मसँग बाझिएको र समानताको हक विपरीत रहेको ठहर गर्दै सर्वोच्च अदालतले ०६३ मंसिर ६ गते खारेज गऱ्यो। उक्त व्यवस्थाले महिलामाथि प्रत्यक्ष प्रभाव पारेकोले संवैधानिक हक, अन्तर्राष्ट्रिय कानुनद्वारा प्रदत्त महिला हक, लैंगिक विभेदविरुद्धको अधिकार विपरीत रहेको प्रावधान अमान्य र बदर गर्न माग राखी अधिवक्ता मीराकुमारी ढुंगानाद्वारा ०६२ चैत ८ गते सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो।[८३]

८.१९.२.२ श्रीमतीका कारण सन्तान नभए सम्बन्ध विच्छेद गर्न नपाउने

सर्वोच्च अदालतले श्रीमतीका कारण सन्तान नभए सम्बन्धविच्छेद गर्न पाउने मुलुकी ऐनको व्यवस्था[८४] भेदभावपूर्ण रहेको ठहर गरी ०६२ चैत १७ गते सो खारेज गऱ्यो। यस्तो व्यवस्थाले महिला र पुरुषबीच विभेद ल्याएकाले खारेज गर्न माग गर्दै महिला कानुन तथा विकास मञ्च (एफडब्लूएलडी) का तर्फबाट अधिवक्ता मीराकुमारी ढुंगाना र विष्णु गुरुङले एक वर्ष अगाडि दायर गरेको रिटमा सर्वोच्च अदालतले भेदभाव नहुने गरी यससम्बन्धी कानुन बनाउन सरकारलाई निर्देशात्मक आदेश दिएको हो। संविधान र अन्तर्राष्ट्रिय कानुन विपरीत देखएकाले महिलाविरुद्ध भेदभावपूर्ण यो दफा आदेश दिएको मितिबाट अवैध घोषित गरिएको अदालतले निर्णय गऱ्यो।[८५]

८.१९.२.३ समान ज्यालासम्बन्धमा रिट

महिलाको समान, सम्मानजनक ज्याला पाउने अधिकारलाई सुनिश्चित गर्ने कानुन निर्माणको माग गर्दै ०६३ असार १ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो। महिला पैरवी मञ्च, कैलालीले महिला हक-अधिकारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न सन्धि-सम्झौता भए पनि महिला श्रमिकमाथि वर्तमान समयमा कायम भेदभाव बदर गर्न माग गर्दै रिट दायर गरेको हो। समान ज्याला पाउनुपर्ने माग सम्बन्धित निकायमा समय-समयमा गरिएको भए पनि कतैबाट सुनुवाई नभएको रिट निवेदनमा उल्लेख गरियो।[८६]

८.१९.२.४ बालविवाह नियन्त्रण गर्न सरकारलाई आदेश

सर्वोच्च अदालतले बालविवाह नियन्त्रण गर्न प्रधानमन्त्रीको कार्यालयलगायत् सरकारका सबै अंग र निकायलाई ०६३ असार २९ गते निर्देशनात्मक आदेश गऱ्यो। अदालतले कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई पनि बालविवाह नियन्त्रण गर्न आदेश गऱ्यो। बालविवाह कानुनत: पूर्णरूपमा रोकिएकको भए पनि व्यवहारमा यथावत् रहेको भन्दै अधिवक्ता मीराकुमारी ढुंगानाले रिट दायर गरेकी थिइन्। त्यसैगरी विभिन्न कानुनमा विवाह गर्ने उमेर फरक-फरक उल्लेख भएकाले तिनीहरूमा एकरूपता ल्याउन पनि सर्वोच्च अदालतद्वारा आदेश गरियो।

मुलुकी ऐन बिहेबारीको महल[८७] र विवाद दर्ता ऐन २०२८ मा रहेको महिला र पुरुषले विवाह गर्न पाउने गरी भएको बेग्लाबेग्लै उमेरको प्रावधानमा एकरूपता कायम गराउन पनि सरकारलाई निर्देशात्मक आदेश दिइयो।[८८]

८.१९.२.५ कमलरी प्रथा रोक्ने आदेश

सर्वोच्च अदालतले मध्य र सुदूरपश्चिमाञ्चलमा प्रचलित बालबालिकालाई घरायसी काममा प्रयोग गरिने कमलरी प्रथा रोक्न सरकारको नाममा ०६३ भदौ २५ गते आदेश जारी गऱ्यो। बालबालिकासम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनविपरीत त्यो प्रथाभित्र बालश्रम शोषण गरिँदै आएकाले रोक्न माग गर्दै दुई वर्षअघि असहाय नानीहरूको साथी संस्थाका तर्फबाट सोमप्रसाद पनेरू र भक्तपुरस्थित काठमाडौं

दिइन्छ र जसलाई दानबकस बिक्री गरिदिएको हो, उसैसित विवाह गरिन्छ र सो लिई आएको सदर हुँदैन, हक पुग्नेले फिर्ता गरी लिन पाउँछ।

८३. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ११४ । आदेश मिति ०६३ असार २९

८४. विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउने व्यवस्था छ।

८५. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ९८ । आदेश मिति ०६२ चैत १७

८६. "Writ on equal wages for women". *http://nepallaw.blogspot.com/2006_06_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

८७. मुलुकी ऐन २०२० मा संरक्षकको मञ्जुरीमा विवाहका लागि केटा र केटीको उमेर १८ र त्यस्तो मञ्जुरी नभए २० वर्ष हुनुपर्ने प्रावधान छ भने विवाह दर्ता ऐनमा केटाको २२ र केटीको १८ वर्ष हुनुपर्ने उल्लेख छ।

८८. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ९८ । आदेश मिति ०६३ असार २९

८९. अधिवक्ता पुनदेवी महर्जन विरुद्ध मन्त्रिपरिषदको कार्यालय समेत । ०६१ सालको रिट नं. ३५८१ । आदेश मिति ०६३ कार्तिक १५

स्कूल अफ लमा अध्ययनरत विद्यार्थीहरूले संयुक्तरूपमा रिट दायर गरेका थिए। बालअधिकारप्रति सचेत गराउने पाठ्यक्रम विद्यालय शिक्षामा राख्न पनि सर्वोच्च अदालतको संयुक्त इजलासबाट जारी गरिएको उक्त आदेशमा भनियो। त्यसैगरी बालबालिकासम्बन्धी ऐन र अन्तर्राष्ट्रिय कानुनको समेत विपरीत हुनेगरी बालबालिकालाई श्रममा लगाइएको आदेशमा उल्लेख गरियो। निवेदकले १४ वर्षमुनिका घरेलु बाल श्रमिकलाई तत्काल मुक्त घोषित गर्न र उनीहरूको पुन: स्थापनाका लागि राष्ट्रियस्तरको कोष स्थापना गर्न माग गरेकोमा सर्वोच्च अदालतले सरकारले हालसम्म त्यस्तो कोष नबनाएको उल्लेख गर्दै बालबालिकाको अधिकार संरक्षण गर्नु सरकारको कानुनी एवम् संवैधानिक कर्तव्य र दायित्वसमेत भएको उल्लेख गऱ्यो।

८.१९.२.६ कुमारी प्रथा

सर्वोच्च अदालतले ०६३ कार्तिक १५ गते सरकारलाई काठमाडौं उपत्यकामा कुमारी प्रथाका बारेमा अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिवको संयोजकत्वमा एक कार्यदल गठन गरी तीन महिनाभित्र अध्ययन पूरा गर्न आदेश गऱ्यो। कुमारीको मौलिक अधिकार संरक्षणका लागि प्रथामा गरिनुपर्ने आवश्यक सुधारका बारेमा अध्ययन गर्न आदेशमा उल्लेख गरियो। अधिवक्ता पुनदेवी महर्जनद्वारा दायर गरिएको रिटमा कुमारीहरूको हिँडडुलको अधिकार, वाक तथा अभिव्यक्ति र सुरक्षाको अधिकारको उल्लंघन भएकाले कुमारीलाई आफ्नो परिवारसँग बस्न पाउनुका साथै शिक्षा र स्वास्थ्यको उचित व्यवस्था र अवकाशपछि पुनर्स्थापनाको उचित व्यवस्था गर्न सरकारसँग माग गरिएको थियो।[८९]

८.२० राजा विरुद्धको मुद्दा

राजा ज्ञानेन्द्रसमेतका विरुद्ध परेको निवेदन दर्ता गर्न सर्वोच्च अदालतले अस्वीकार गऱ्यो। सर्वोच्च अदालतले पहिलोपटक इजलासबाटै राजा ज्ञानेन्द्रलाई विपक्षी बनाई पेश भएको मुद्दालाई प्रतिनिधिसभा घोषणा २०६३ विपरीत हुने गरी दर्ता गर्न अस्वीकार गरेको हो। अधिवक्ता जीतमान बस्नेतले विभिन्न व्यक्तिलाई हिरासतमा राखेर पनि विभिन्न सैनिक निकायहरूबाट उनीहरूलाई नपक्रिएको जवाफ दिएका कारण राजा ज्ञानेन्द्रलगायत् सेनाका प्रमुखलाई कारवाही गर्न माग गरी ०६३ असोज २ गते निवेदन पेश गरेका थिए। रिटमा विपक्षी नबनाइएका व्यक्तिलाई कारवाहीको माग गरेको भन्दै सर्वोच्च अदालत प्रशासनले दरपीठ गऱ्यो।

सो रिटलाई सर्वोच्च अदालतको प्रशासनले दरपीठ गरेपछि दरपीठ विरुद्ध अधिवक्ता बस्नेतले इजलासमा निवेदन दिएका थिए। दरपीठ आदेशमा "श्री ५ ज्ञानेन्द्रलाई समेत विपक्षी बनाई ल्याएको र कानुनको कुन कार्यबाट अदालतको अपहेलना हुन गएको भनी स्पष्ट नगरिएकाले दर्ता गर्न नमिल्ने"[९०] उल्लेख छ। सो निवेदनमाथि ०६३ मंसिर २७ गते सुनुवाई हुँदा प्रशासनकै दरपीठलाई सदर गरियो। प्रतिनिधिसभा घोषणा २०६३ मा राजाविरुद्ध पनि मुद्दा लाग्ने प्रावधान[९१] राखिएपछि पहिलोपटक सर्वोच्च अदालतमा यस्तो मुद्दा परेको थियो। मुलुकमा दुईवटा संविधान- एउटा प्रतिनिधिसभा घोषणा २०६३ र अर्को नेपाल अधिराज्यको संविधान २०४७ चालू रहेको र अदालतले ०४७ सालको संविधान मान्दै आएको हुनाले राजाविरुद्ध मुद्दा दर्ता गर्न नचाहेको जिकिर कानुन व्यवसायीहरूले गरेका थिए। प्रतिनिधिसभा घोषणा २०६३ संविधान विपरीत भएको दाबी गरी दायर भएको रिट निवेदनबमोजिम अन्तरिम आदेश नदिई सर्वोच्च अदालतले केवल विपक्षीहरूसँग कारण माग गरेको थियो।

८.२१ सैनिक कल्याणकारी कोषको रकम सार्वजनिक गर्न परमादेश

नेपाली सेनाको कल्याणकारी कोषको लेखा परीक्षण गराई रकम सार्वजनिक गर्न सर्वोच्च अदालतले ०६३ मंसिर १० गते रक्षा मन्त्रालय र सैनिक जंगी अड्डाका नाममा परमादेश जारी गऱ्यो। कोषको रकम सार्वजनिक गर्न माग गर्दै पाँच वर्षअघि दायर गरिएको रिटमा उक्त निर्णय दिइएको हो। संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेनामा खटिएका नेपाली सैनिकले पाउने भत्तामध्येबाट केही रकम कटौती गरी खडा गरिएको कल्याणकारी कोष अनियमित तरिकाले सञ्चालन गरिएको दाबीसहित नेपाल राष्ट्रिय भूतपूर्व सैनिक परिषद्का अध्यक्ष अम्बरबहादुर थापाले ०५८ असार १८ गते रिट दायर गरेका थिए। रिटमा लेखा परीक्षण गराई कल्याणकारी कोषको रकम सार्वजनिक गर्न माग गरिएको थियो। साथै, शान्ति सेनाले सुविधाबापत पाउने रकममध्ये कति कट्टा गरिएको छ भन्ने कुरा खुलाउन र कोषको सञ्चालनलाई पारदर्शी बनाउन पनि माग गरिएको थियो।[९२]

---

९०. "राजाविरुद्ध मुद्दा दर्ता नगर्न आदेश" । *नेपाल समाचारपत्र* । ०६३ मंसिर २८ । पृ. १
९१. प्रतिनिधिसभा घोषणा २०६३ को दफा ५(४) मा श्री ५ बाट भए/गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिने प्रावधान राखिएको छ।
९२. "राजा विरुद्ध मुद्दा सर्वोच्चद्वारा अस्वीकार" । *कान्तिपुर* । ०६३ मंसिर २९ । पृ. १
९३. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६३ सालको रिट नं १३१ । आदेश मिति ०६३

८.२२ सामाजिक सुधार ऐनको प्रावधान खारेज

सामाजिक सुधार ऐन २०३१ को महिला-पुरुषलाई सजाय गर्ने हकमा भेदभावपूर्ण रहेका दुईवटा प्रावधान खारेज गर्दै दाइजो लिने र दिने केटा र केटी पक्ष दुवैलाई समान सजाय गर्ने कानुन निर्माण गर्न सर्वोच्च अदालतले ०६३ मंसिर २८ गते सरकारलाई आदेश गऱ्यो। अधिवक्ता मीराकुमारी ढुंगानाद्वारा दायर गरिएको मुद्दामा ऐनको दफा ३ र ४ नेपाल अधिराज्यको संविधान २०४७ को धारा १११ विरुद्ध भएको र भेदभावपूर्ण भएको जिकिर गरिएको थियो।[९३]

८.२३ नागरिकता ऐन विरुद्ध रिट

पुनर्स्थापित संसदद्वारा पारित नागरिकता ऐन २०६३ ले गैरनेपाली नागरिकलाई मात्र फाइदा हुने भन्दै ०६३ मंसिर १३ गते अधिवक्ता अमिता श्रेष्ठद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतको एकल इजलासले ऐन देशको आवश्यकता, ०६३ जेठ ४ गतेको प्रतिनिधिसभा घोषणाअनुसार जारी गरिएको हुनाले अदालतमा प्रश्न उठाउन नपाइने भन्दै ०६३ पुस ३ गते निर्णय सुनायो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८, ९ र १० लाई अमान्य र बदर घोषित गरिसकेपछि नागरिकता ऐन जारी गर्नु प्रतिनिधिसभाको गैरनियत भएको भन्दै संविधानको धारा खारेज गर्ने अधिकार प्रतिनिधिसभालाई नभएको जिकिर उक्त रिटमा गरिएको थियो। यो ऐन बमोजिम कुनै नगरिकतासमेत वितरण नगर्न आदेश जारी हुनुपर्ने र नेपाल नागरिकता ऐन २०२० बमोजिम मात्र नागरिकता वितरणको काम-कारवाही गर्नुपर्ने आदेश जारी गर्नसमेत माग गरिएको थियो।[९४]

९. प्रस्तावित अन्तरिम संविधानमा न्यायपालिका

सात दल र माओवादीबीच ०६३ कार्तिक २२ गते भएको समझदारीमा स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्य-मान्यतालाई अनुशरण गर्ने र न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने कुरा उल्लेख गरिएको छ।[९५] सम्झौताको नम्बर ५(ग) मा संविधानसभासम्बन्धी विवादहरूको निरूपण गर्न संवैधानिक अदालत गठन गर्ने उल्लेख गरिएको छ।

त्यस्तै सम्झौताको भाग ६ को नम्बर ४ र ५ मा अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई ०६३ मंसिर ५ गतेभित्र पूर्णता दिई पुनर्स्थापित प्रतिनिधिसभाद्वारा जारी गरिने र नवगठित अन्तरिम विधायिकाले ०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने उल्लेख गरिएको छ।[९६]

प्रस्तावित अन्तरिम संविधानको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको देखियो। कानुनी राज्यको अवधारणालाई मूर्त रूप दिने प्रतिबद्धता पनि प्रस्तावनामा गरिएको छ। न्यायसम्बन्धी अधिकार संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था[९७] हुनुले कानुनी संविधानवादको सिद्धान्त समावेश गर्न खोजिएको देखियो। सर्वोच्च, पुनरावेदन, जिल्ला अदालतका अतिरिक्त संविधानसभाबाट नयाँ संविधान निर्माण गर्नुपर्ने अवस्था आत्मसात् गरी संविधानसभा अदालतको नयाँ अवधारणा समेत प्रस्तावित अन्तरिम संविधानमा समावेश गरिएको छ।

प्रस्तावित अन्तरिम संविधानमा न्यायपालिकासम्बन्धमा कार्यपालिकाको बहुमत रहने संवैधानिक परिषद् र न्यायपरिषद्को गठन, प्रधानमन्त्रीले प्रधानन्यायाधीशको नियुक्ति गर्ने, प्रधानन्यायाधीशले अन्य सबै अदालतका न्यायाधीशको नियुक्ति गर्ने, प्रधानन्यायाधीशको पदावधि ६ वर्षको हुने, प्रधानन्यायाधीश हुन सर्वोच्च अदालतमा कम्तिमा ३ वर्ष स्थायी न्यायाधीश भएको हुनुपर्ने, ५ वर्ष स्थायी रूपमा काम गरेको न्यायाधीशले निवृत्तिभरण पाउने, संसदबाट महाअभियोग पारित भए पदमुक्त हुने, सर्वोच्च अदालतका न्यायाधीशलाई न्यायाधीशको पदमाबाहेक अन्य कुनै पदमा काममा नलगाउने गरी कामको जिम्मेवारी दिने जस्ता अत्यन्त नौला व्यवस्था[९८] गरिएको देखिएका छन्।

प्रस्तावित अन्तरिम संविधानमा प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीश र प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गर्ने प्रावधान राखिएको छ।

मंसिर २८

९४. "SC upholds Citizenship Act-2006". *http://nepallaw.blogspot.com/2006_12_01_archive.html*. ०६३ पुस ६ गते हेरिएको

९५. "सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठकका निर्णयहरु" । भाग ३, नम्बर ५ । मंसिर २ *www.peace.gov.np/admin/doc/Decisions%20of%20SPA%20and%20Maoist%20on%20%20Kartik22.pdf.* ०६३ मंसिर २ गते हेरिएको

९६. पूर्ववत् । भाग ६, नम्बर, ४-५

९७. प्रस्तावित अन्तरिम संविधान २०६३ । धारा १००

९८. पूर्ववत् । धारा १०३-१०४

९९. पूर्ववत् । धारा ११७

सरकारको आर्थिक स्रोतबाट चले पनि राजनीतिक हस्तक्षेपबाट मुक्त रहन नियुक्ति, सरुवा र सेवा-शर्तहरू स्वतन्त्र रहनु नै स्वतन्त्र न्यायपालिकाका लागि पहिलो पूर्वशर्त हो। प्रस्तावित अन्तरिम संविधानमा, संवैधानिक परिषद्मा प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री, न्यायमन्त्री, प्रधानन्यायाधीश र प्रतिनिधिसभाका सभामुख सदस्य रहने व्यवस्था गरिएको छ। सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तिमा ३ वर्ष काम गरेको व्यक्तिलाई प्रधानमन्त्रीले प्रधानन्यायाधीश पदमा नियुक्ति गर्नसक्ने प्रावधानले सर्वोच्च अदालतमा ३ वर्ष काम गरिसकेका सबै न्यायाधीशहरू प्रधानमन्त्रीप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने अवस्था रहन्छ। यसबाट प्रधानमन्त्रीले संविधानले तोकेको सीमाभन्दा जतिसुकै बाहिर गएर काम गरे पनि, त्यस्तो कार्यलाई उल्टाउने आँट ती न्यायाधीशहरूमा नरहन सक्छ।

अन्तरिम संविधानले सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूलाई मात्र सञ्चित कोषमाथि व्ययभार गराएको छ। सबै तहका न्यायाधीशको तलब, सुविधा, पेन्सन र सेवा-शर्त सर्वसञ्चित कोषबाट व्यहोर्ने गरी संविधानमा राखियो भने मात्र स्वतन्त्र न्यायपालिकाको अस्तित्व रहन्छ। न्यायाधीशको अनुशासनसम्बन्धी कारवाही र बर्खास्तीको सिफारिस न्यायपरिषद्ले गर्ने संवैधानिक व्यवस्था गरिएको छ। तर न्यायाधीशको बर्खास्ती कार्यक्षमताको अभाव र खराब आचरणका आधारमा मात्र संसद्को दुई-तिहाई बहुमतबाट पारित भएमा पदबाट मुक्त हुने विश्वव्यापी मान्यता रहिआएको छ। प्रस्तावित अन्तरिम संविधानमा सर्वोच्च अदालतले वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।[९९]

प्रस्तावित अन्तरिम संविधानको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिए पनि सक्षम न्यायपालिकाको विषय समेटिएको छैन। बरु २०४७ सालको संविधानमा स्वतन्त्र र सक्षम न्यायप्रणालीलाई आधारभूत र असंशोधनीय रूपमा उल्लेख गरिएको थियो। यसरी प्रस्तावित अन्तरिम संविधानले सक्षम न्यायप्रणालीको परिकल्पना गर्न सकेको छैन। कार्यपालिका, व्यवस्थापका, सरकार प्रमुख, राष्ट्र प्रमुख तथा राजनीतिक दलहरूको हस्तक्षेपबाट मुक्त राख्न सकेमात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ। यसका महत्वपूर्ण पूर्वाधारहरूमा न्यायाधीशहरूको नियुक्ति, पदावधि र सेवा-शर्तहरू हुन्। विश्वका कतिपय राष्ट्रहरूमा राष्ट्रप्रमुखबाट न्यायाधीशको नियुक्ति हुन्छ र यसका लागि कार्यपालिकाको भूमिका न्यून हुन्छ।

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको बुँदा ३.४ मा विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने उल्लेख गरिएको छ।

१०. निष्कर्ष

०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिएपछि नेपालको न्यायपालिका पनि प्रभावित हुनपुगेको थियो। तर वर्ष २००६ मा बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरुमा सर्वोच्च अदालतले गरेका फैसला प्रशंसनीय रह्यो। लोकतन्त्रको बहाली हुनुअघि वर्षको शुरुवातमै शाही आयोग खारेज गर्ने निर्णय गरेर जनतालाई कानुनी शासनको सिद्धान्त र आफ्नो भूमिकाप्रति विश्वस्त पार्न सर्वोच्च अदालत सफल भयो। लोकतन्त्र वहालीपश्चात्को समयमा आफ्नो स्वतन्त्रता र शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको मर्म जनप्रतिनिधिहरूलाई बोध गराउन न्यायपालिकाले अहम् भूमिका निर्वाह गरेको देखियो।

राजाको प्रत्यक्ष शासनको अवधि र लोकतन्त्र वहालीपछिको समय, दुवै अवस्थामा न्यायालयले राजनीतिक विषयवस्तु वा विवादको निरुपण गर्ने अवसर प्राप्त गऱ्यो। कतिपय अवस्थामा सर्वोच्च अदालतले आफ्नो गरिमा कायम राख्न नसकेको मूल्यांकनसमेत गरियो। तर, समग्रमा सन् २००६ मा नेपालमा न्यायापालिकाको भूमिका जनविश्वास आर्जन गर्ने दिशातर्फ उन्मुख देखियो।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.२ कार्यपालिका

१. पृष्ठभूमि

वर्ष २००६ शाही शासन र लोकतान्त्रिक शासन अर्थात् राजाद्वारा अध्यक्षता गरिएको सरकार र जनआन्दोलनको बलमा स्थापित संसदद्वारा अनुमोदित सरकारको शासन अवधिका रूपमा रह्यो। स्वभाविकैरूपमा यी दुई प्रकृतिका सरकारको चरित्र भिन्न देखिए। राजाको अध्यक्षतामा गठित सरकार विधिको शासनविरोधी, आदेशका आधारमा संचालित, जनसहभागिता र जनअनुमोदनविहीन, आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रवाह गर्न असफल, समता, सामाजिक न्याय र मानवअधिकारविरोधी, गैरजिम्मेर वा जनउत्तरदायित्वविहीन, अपारदर्शी, केन्द्रीकृत, असहिष्णु वा हिंस्रक र राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा अस्वीकृत थियो।[१]

शाही शासनको अन्त्य र लोकतन्त्र स्थापनाका लागि संचालित आन्दोलनसँगै वर्ष २००६ शुरु भएको थियो। सबैतिर निरंकुशताविरोधी स्वरहरू उर्लिरहेका थिए। अर्कातर्फ राजाको अध्यक्षतामा गठित सरकार आफ्नो शासनलाई निरन्तरता दिने र त्यसलाई अझ संस्थागत गर्ने योजनामा तल्लिन थियो। चौतर्फी विरोध र बहिष्कार हुँदाहुँदै सरकार नगरपालिकाहरूको निर्वाचनमा लागिपऱ्यो। लोकतन्त्रका लागि जारी आन्दोलनमाथि अत्यधिक बल प्रयोग र दमन जारी राखियो। तर राजाको प्रत्यक्ष शासनविरुद्धको जनआन्दोलन क्रमशः व्यापक हुँदै गयो।

करिब पन्ध्र महिने निरंकुश शासनको अन्त्य भई ०६३ वैशाख ११ गते लोकतन्त्रको स्थापना भयो। लोकतन्त्र स्थापनासँगै पुनर्स्थापित प्रतिनिधिसभाले निरन्तरता पायो। त्यसपछि ०६३ वैशाख १९ गते सात दलको संयुक्त सरकार गठन भयो।

लोकतन्त्र स्थापनासँगै सरकार, सात दल र माओवादीबीच भएको युद्धविराम, शान्ति वार्ता र शान्ति सम्झौतासँगै दशकभन्दा लामो समयदेखि जनताले भोग्दै आएको द्वन्द्वको चपेटा र मानवअधिकार उल्लंघनको विकराल अवस्थाबाट मुक्तिको अवस्था सृजना भयो। लोकतन्त्र स्थापनापूर्व सरकार र माओवादी दुवैतर्फबाट गम्भीर मानवअधिकार उल्लंघनको क्रम यथावत् नै थियो। सात दल र माओवादीबीच ऐतिहासिक शान्ति प्रक्रियाको शुरूवात गराउने गरी गत वर्ष भएको १२ बुँदे समझदारीको विकासक्रमकै रूपमा अन्ततः युद्ध अन्त्यको घोषणा भयो। संविधानसभाको चुनावमार्फत् नयाँ संविधान निर्माणसँगै वर्गीय जातीय, लिङ्गीय, क्षेत्रीयलगायत्का समस्याहरू समाधान र राज्यको अग्रगामी पुनर्संरचना गर्ने लक्ष्यसहित वर्षको मध्यमा आएर शान्ति र लोकतान्त्रिकरणको प्रक्रियाले द्रुत गति लियो।

यस परिच्छेदमा वर्ष २००६ लाई दुई मुख्य भागमा विभाजन गरी मानवअधिकारको दृष्टिकोणमा विश्लेषण गरिएको छ। पहिलो भागमा लोकतन्त्रपूर्वको शाही सरकारले जनतामाथि गरेको दमनसँग सम्बन्धित सवालहरू र दोस्रो भागमा लोकतन्त्र स्थापना र त्यसपछि देखिएका मानवअधिकारसम्बन्धी मूलभूत प्रवृत्ति र सरोकारका विषयहरूलाई केलाइएको छ।

२. शाही सरकारको निरन्तरता

वर्ष २००६ को करिब चार महिना शाही सरकारले नै निरन्तरता पाएको थियो। त्यस अवधिमा अधिल्लो वर्षझैं कार्यपालिका र यस मातहतका निकायहरूबाट मानवअधिकार उल्लंघन जारी रह्यो। यस्ता प्रवृत्ति मानवअधिकारकर्मी, राजनीतिक दलहरू, सञ्चार माध्यम र लोकतान्त्रिक अधिकारका लागि सक्रिय आम जनताका विरुद्ध केन्द्रित थिए। त्यस सम्बन्धमा यहाँ केही दृष्टान्त प्रस्तुत गरिएको छ।

२.१ अदालतको अवज्ञा

यो वर्ष पनि सरकारले सन् २००५ झैं[२] संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड विपरीत, पक्राउ गरिएका व्यक्तिहरूलाई रिहा गर्न अदालतद्वारा दिइएको आदेशको अवज्ञा गर्दै पुनः गिरफ्तारका घटनालाई निरन्तरता प्रदान गऱ्यो। अदालतको आदेशको अवज्ञा गर्दै गरिएको पुनः गिरफ्तारीका क्रममा मानवअधिकारकर्मीमाथि सुरक्षाकर्मीद्वारा हातपात समेत गरियो। पुनरावेदन अदालत, पाटनको बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा काभ्रे जिल्ला नयाँगाउँ गाविस-८ का रामप्रसाद तिमिल्सिनालाई काठमाडौं डिल्लीबजारस्थित सदरखोरबाट रिहा हुन लागेको अवस्थामा ०६२ पुस २० गते कारागार बाहिर निस्कँदै गर्दा सादा पोशाकका सुरक्षाकर्मीले पुनः गिरफ्तार गरे। आफन्तहरूसँगको तानातानमा घटनाको अनुगमन गरिरहेका राष्ट्रिय मानवअधिकार आयोग, इन्सेकलगायत्का मानवअधिकार संस्थाका प्रतिनिधिहरूमाथि सुरक्षाकर्मीले हातपात गरेका थिए। घटनामा अधिवक्ता मोहन पोखरेल तथा पीडिततर्फका कानुन व्यवसायीहरू सीताराम दाहाल, अरूण सिग्देल र केजी खड्का तथा मानवअधिकारकर्मी कुमार गुरूङ सुरक्षाकर्मीको हातपातका कारण सामान्य घाइते भएका थिए।

त्यसैगरी पुनरावेदन अदालत विराटनगरले ०६२ माघ १ गते मोरङ जिल्ला इटहरा गाविस-३ की शान्ता राई

---

१. इन्सेक । "गहिरिँदो राष्ट्रिय संकट" । *मानवअधिकार वर्ष पुस्तक २००६*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। २००६ । पृ. २९

२. "राज्य र मानवअधिकार: कार्यपालिका" । पूर्ववत् । पृ. ११४

र हसन्दह गाविस-१ की यशोदा खतिवडाको थुना गैरकानुनी भन्दै रिहा गर्न दिएको आदेशबमोजिम उनीहरूलाई मोरङ कारागारबाट रिहा गरिएलगत्तै सुरक्षाकर्मीहरूले पुन: गिरफ्तार गरेका थिए।

सात राजनीतिक दलद्वारा ०६२ माघ १९ गते आयोजना गरिएको विरोध प्रदर्शनका क्रममा सप्तरी जिल्लाको राजविराजमा पक्राउ परी तीन महिने थुनुवा पुर्जी दिई बन्दी बनाइएका २८ जना बन्दीलाई माघ २५ गते पुनरावेदन अदालत राजविराजले रिहा गर्न आदेश दिएपछि रिहा गरिएका बन्दीहरूमध्ये चारजनालाई अदालतको ढोकाबाट पुन: गिरफ्तार गरिएको थियो। उनीहरू रिहा भएपछि न्यायाधीशहरूसँगै बाहिर आउँदै गरेका थिए। पुन: गिरफ्तारीमा पर्नेहरूमा नेपाल विद्यार्थी संघ (प्रजातान्त्रिक) का शैलेन्द्र साह, स्वयिू सभापति समिर झा, नेपाल विद्यार्थी मञ्च (आनन्दीदेवी) का किशोरकुमार यादव र तरूण दलका अनिल देव थिए। पुनरावेदन अदालत तुलसीपुर, दाङको आदेशमा रिहा भएका तुलसीपुर नपा-९ का कुमारनाथ योगीलाई ०६२ चैत ९ गते दिउँसो दाङ जिल्ला अदालत परिसर बाहिर निस्कँदै गर्दा प्रहरीले पुन: गिरफ्तार गरेको थियो। उनको थुना गैरकानुनी भएको भनी पुनरावेदन अदालतले ०६२ चैत ८ गते जिल्ला अदालत दाङको रोहवरमा उनलाई रिहा गर्न आदेश दिएको थियो।

वर्ष २००६ को शुरुका चार महिनामा मानवअधिकार रक्षकहरूले आफ्ना कार्यमा समेत राज्यको अवरोधको सामना गर्नु पऱ्यो। सुरक्षाकर्मीद्वारा गिरफ्तारी, यातना र कुटपिटजस्ता घटनामा दर्जनौं रक्षकहरू पीडित भए। खासगरी राजनीतिक दलहरूद्वारा भएका विरोध प्रदर्शनको पर्यवेक्षण र मानवअधिकार स्थिति अनुगमनमा संलग्न माानवअधिकार रक्षकहरूसमेत सरकारी दमनको शिकार भएका थिए।

२.२ मानवअधिकार रक्षकमाथि दमन

वर्ष २००६ को शुरुका चार महिनामा मानवअधिकार रक्षकहरूले आफ्ना कार्यमा समेत राज्यको अवरोधको सामना गर्नुपऱ्यो। सुरक्षाकर्मीद्वारा गिरफ्तारी, यातना र कुटपिट जस्ता घटनामा दर्जनौं रक्षकहरू पीडित भए। खासगरी राजनीतिक दलहरूद्वारा भएका विरोध प्रदर्शनको पर्यवेक्षण र मानवअधिकार स्थिति अनुगमनमा संलग्न मानवअधिकार रक्षकहरूसमेत सरकारी दमनको शिकार भएका थिए।

कालिकोटमा सेनाले "तिमी मानवअधिकारवादी सबै माओवादी हौं" भन्दै इन्सेक, मानवअधिकार वर्ष पुस्तक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्ल र गैरसरकारी संस्था महासंघ कालिकोट जिल्ला अध्यक्ष रवीन्द्र शाहीलाई ०६२ फागुन १ गते गम्भीर घाइते हुनेगरी बन्दुकको कुन्दाले कुटपिट गरेका थिए। उनीहरूलाई मान्मा बजारमा रणदल गुल्मका सेनाले कुटपिट गरेका थिए। कुटपिटबाट कालीबहादुर मल्ल गम्भीर घाइते भएका थिए।[३] त्यसैगरी इन्सेक, वर्ष पुस्तकका दैलेख जिल्ला प्रतिनिधि नमनकुमार शाहीलाई ०६२ फागुन ७ गते प्रहरीले कुटपिट गरेका थिए। प्रजातन्त्र दिवसको अवसरमा सात राजनीतिक दलद्वारा दैलेख बजारमा निकालिएको विरोध जुलुसको अनुगमनका क्रममा प्रहरीले उनलाई कुटपिट गरेका थिए।[४]

२.३ गिरफ्तारी र नजरबन्द

अघिल्लो वर्षजस्तै यो वर्षको पहिलो चार महिनाको अवधिमा पनि सरकारद्वारा राजनीतिक नेता, कार्यकर्ता तथा मानवअधिकारकर्मीहरूलाई व्यापक गिरफ्तार गरियो। विशेषगरी ०६२ माघ ३ गतेदेखि लोकतन्त्र स्थापना नहुँदासम्म व्यापक गिरफ्तारी कार्य जारी रह्यो। सात राजनीतिक दलहरूले ०६२ माघ ७ गते काठमाडौंमा आयोजना गरेको बृहद् प्रदर्शनको पूर्वसन्ध्यामा गिरफ्तारीको क्रम बढेको थियो। माघ ४ गतेदेखि यस्ता घटना झनै बढ्न पुगे र माघ ६ गते बिहानदेखि निरन्तर गिरफ्तार गरी तीन महिने पुर्जी थमाउन थालियो।

नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, सोही पार्टीका केपी शर्मा ओली, भरतमोहन अधिकारी, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेलगायत्लाई तीनमहिने थुनुवा पुर्जी दिई घरमै नजरबन्द गरियो। उल्लेखित सबैको घरको टेलिफोनसमेत काटिएको थियो। घरमै नजरबन्द गरिएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालसँग भेट्न मानवअधिकारकर्मीहरूलाई पटक-पटक रोक लगाइएको थियो।[५]

गिरफ्तारीमा पर्नेहरूमा सात राजनीतिक दलका केन्द्रीय नेतादेखि कार्यकर्तासम्म थिए। नेपाली काँग्रेसका रामचन्द्र पौडेल, डा. रामशरण महत, डा. सशांक कोइराला, शेखर कोइराला, नेकपा (एमाले) का प्रदीप नेपाल, प्रदीप ज्ञवाली, केशव बडाल, भीम रावल, सुबास नेम्वाङ, कृष्णगोपाल श्रेष्ठ, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, सिद्धिलाल

३. "सेनाद्वारा इन्सेकका कालिकोट प्रतिनिधिमाथि निर्घात कुटपिट" । *www.inseconline.org* ०६२ फागुन २
४. "इन्सेकका दैलेख प्रतिनिधिमाथि प्रहरीद्वारा कुटपिट" । पूर्ववत् ०६२ फागुन ८
५. "मानवअधिकारकर्मीहरूलाई एमालेका महासचिवसँग भेट गर्न रोक" । पूर्ववत् ०६२ माघ १५

सिंह, विद्या भण्डारी, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का गोपालमान श्रेष्ठ, प्रकाशशरण महत, प्रदीप गिरी, विमलेन्द्र निधि, जनमोर्चाका लिलामणि पोखरेल, परी थापा, रोमलाल महर्जन, तुलसी महर्जन, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाललगायत्लाई सयौं नेता तथा कार्यकर्तालाई एकैदिन गिरफ्तार गरिएको थियो। त्यसरी गिरफ्तार गरिएकाहरूलाई तीन महिने नजरबन्दको पुर्जी दिइएको थियो। त्यसक्रममा मानवअधिकारककर्मीहरूलाई समेत गिरफ्तार गरिएको थियो। गिरफ्तारीमा पर्ने मानवअधिकारकर्मीहरूमा डा. देवेन्द्रराज पाण्डे, डा. मथुराप्रसाद श्रेष्ठ, कृष्ण पहाडी, गोपाल शिवाकोटी 'चिन्तन' लगायत् थिए। उनीहरूलाई पनि तीन महिने नजरबन्दको पुर्जी दिइएको थियो। व्यापक गिरफ्तारी गरी दिइएको तीन महिने पुर्जी संविधान र कानुन विपरीत भएकोले अदालतले रिहा गर्ने आदेश दिएको थियो।

गिरफ्तार गर्ने क्रममा सादा पाशोकका सुरक्षाकर्मीहरूको अत्यधिक प्रयोग गरिएको थियो। त्यसरी पक्राउ गरी थुनामा राखिएका नेता तथा कार्यकर्ताहरूलाई न्यूनतम मानवीय अवस्थामा पनि नराखिएको मानवअधिकारकर्मीहरूको अनुगमनबाट पुष्टि भएको थियो। बन्दीहरूलाई गुणस्तरहीन चामलको खाना खुवाउने, बिरामी हुँदा स्वास्थ्योपचारको व्यवस्था नगर्ने, सञ्चार माध्यमबाट वञ्चित गर्ने, खानेपानीको पर्याप्त व्यवस्था नगर्ने, सुत्नका लागि ओढ्ने-ओछ्याउने उपलब्ध नगराउनेजस्ता व्यवहार गरिएको तथ्य बन्दीहरू राखिएका स्थानहरूको अनुगमन टोलीले सार्वजनिक गरेको थियो।[६]

०६२ माघ १९ लाई कालो दिन घोषित गर्दै मुलुकभर विरोध प्रदर्शन गर्नेक्रममा पनि सरकारले व्यापक धरपकड र गिरफ्तारी गरेको थियो। विरोध प्रदर्शनमा सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग भएको थियो। लाठीचार्ज, अश्रुग्याँस, पानीका फोहराको अत्यधिक प्रयोग गरिएको थियो। सोक्रममा देशभरी करिब दुई हजार प्रदर्शनकारीहरू पक्राउ परे। तीमध्ये केहीलाई तीन महिने पुर्जी थमाइएको थियो। नेपालगञ्जलगायत् विभिन्न शहरमा दिन-रात कर्फ्यू लगाइएको थियो। ०६२ फागुन ८ गते एमाले महासचिव माधवकुमार नेपालको नजरबन्द अवधि २ महिना थप गरिएको थियो भने भरतमोहन अधिकारीलाई फागुन ८ गते नजरबन्दबाट मुक्त गरिएको थियो। सोही दिन नेपाली काँग्रेसका कृष्ण सिटौला, सशांक कोइराला, नेकपा (एमाले) का ईश्वर पोखरेल, युवराज ज्ञवाली, केशव बडाल, भीम रावल, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का एनपी साउनलगायत् १७ जना नेताहरूलाई रिहा गरिएको थियो।[७] नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालगायत् चारजनालाई माघ ९ गते रिहा गरिएको थियो। रिहा हुने नेताहरूमा नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छे, नेकपा (एमाले) का केपी शर्मा ओली र प्रदीप नेपाल थिए।

२.४ राजनीतिक नेताको घरमा छापा र सामग्री जफत

राजाको प्रत्यक्ष शासन विरुद्धको आन्दोलन निस्तेज पार्ने प्रयासस्वरूप सरकारले सात दलका नेताहरूको घरमा छापा मार्नुका साथै विभिन्न सामग्रीहरू जफत गऱ्यो। ०६२ माघ ६ गतेदेखि घरमै नजरबन्दमा राखिएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको घरमा ०६२ चैत ९ गते सुरक्षाकर्मीले छापा मारेका थिए। दिउँसो ३ बजे उपत्यका सशस्त्र प्रहरी उपरीक्षक सर्वेन्द्र खनालको नेतृत्वमा रहेको करिब ४० जना सशस्त्र प्रहरीले नेपालको घर घेरा हाली खानतलासी गर्नुका साथै सञ्चार सामग्री जफत गरेका थिए। जबरजस्ती जफत गरिएका सामग्रीहरूमा कम्प्युटर, टेलिफोन, कर्डलेस सेटलगायत्का सञ्चार उपकरणहरू थिए।

घटनाको सर्वत्र विरोध भएको थियो। इन्सेकले तत्काल विज्ञप्ति जारी गरी सरकारी पूर्वाग्रह र गैरकानुनी ज्यादतिको भर्त्सना गर्दै सरकारले नागरिक स्वतन्त्रताको ठाडो उल्लंघन गरेको जनाएको थियो।[८]

२.५ शान्तिपूर्ण सभा, जुलुस, धर्नामाथि बन्देज

सरकारले काठमाडौं उपत्यकाको चक्रपथभित्र कुनै पनि सभा, जुलुस धर्ना आदि गर्न नपाइने गरी प्रतिबन्ध लगायो। यस्तो प्रतिबन्ध ०६२ माघ ७ गते राजनीतिक दलहरूद्वारा आयोजित विरोध कार्यक्रम हुन नदिन लक्षित थियो। ०६२ माघ ३ गते सूचना जारी गर्दै अनिश्चित कालका लागि राजधानीको चक्रपथभित्र कुनै पनि किसिमका विरोधसभा तथा जुलुस गर्न नपाइने घोषणा गरियो। शान्ति सुरक्षा मजबुत पार्न भन्दै सरकारले काठमाडौं र ललितपुर जिल्लाको चक्रपथभित्रको भागमा माघ ३ गतेदेखि अर्को सूचना जारी नभएसम्म राति ११ बजेदेखि बिहान ४ बजेसम्मका लागि कर्फ्यू आदेश जारी गरेको थियो। कर्फ्यूलाई माघ ४ गते कर्फ्यूको समय एक घण्टा थप गरिएको थियो। माघ ५ गतेदेखि भक्तपुरमा पनि अनिश्चितकालीन कर्फ्यू जारी गरिएको थियो। त्यसभन्दा अघि त्यस्तो आदेश भएका शहर तथा जिल्लाहरूमा समय थप गरिनुका साथै नभएका जिल्लाहरूमा आदेश जारी गरिएको थियो। झापा जिल्लाका

६. "इन्सेकको नेतृत्वमा राजनीतिक बन्दीसँग भेटघाट सम्पन्न" । पूर्ववत् ०६२ माघ १६
७. "पूर्वउपप्रधानमन्त्री अधिकारीलगायत् रिहा" । पूर्ववत् ०६२ फागुन ८
८. इन्सेक । *प्रेस विज्ञप्ति* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६२ चैत ९

प्रमुख शहर र शहर जोड्ने बाटोको दुई सय मिटरसम्म र पूर्व-पश्चिम महेन्द्र राजमार्ग र राजमार्गको पाँच सय मिटर वरपरको क्षेत्रमा माघ ३ गते राती ९ बजेदेखि बिहान ४ बजेसम्म कर्फ्यू आदेश जारी गरिएको थियो। जिल्ला प्रशासन कार्यालयहरूले स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ बमोजिम कर्फ्यू आदेश जारी गरिएको उल्लेख गरेका थिए। मोरङमा विराटनगर उपमहानगरपालिकामा कर्फ्यू आदेश जारी गरिएको थियो। सुरक्षाकर्मीलाई कर्फ्यूको समयमा गोलीसम्म प्रहार गर्न सक्ने अधिकार दिइएको थियो। त्यसैगरी सुनसरी, महोत्तरी, कास्की, बाँके, अछाम, डोटीलगायत् प्रमुख शहर र आसपासका क्षेत्रमा कर्फ्यू जारी गरिएको थियो।

सभा जुलुसमाथि पूर्ण प्रतिबन्ध लगाउन काठमाडौं र ललितपुरको चक्रपथभित्र र दुई सय मिटर वरपरसम्म ०६२ माघ ६ गते राती ११ बजेदेखि लगाइएको कर्फ्यू ७ गते साँझ ६ बजेसम्म कायम गरिएको थियो। त्यस्ता प्रदर्शनमा व्यापक गिरफ्तारी भएको थियो। माघ ३ गतेदेखि लगाइँदै आएको कर्फ्यू र निषेधित क्षेत्रको आदेश माघ ११ गतेदेखि भने फुकुवा गरिएको थियो।

सरकारले जुलुस, धर्नामाथि लगाएको बन्देजप्रति नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले खेद प्रकट गर्नुका साथै स्पष्टीकरणसमेत माग गरेको थियो। शान्तिपूर्ण सभा-जुलुस गर्न प्रतिबन्ध लगाउनु नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २१ विपरीत भएको ओएचसीएचआरले जनाएको थियो।[९]

राजनीतिक कार्यक्रममाथि लगाइएको प्रतिबन्धप्रति नेपालको मानवअधिकार समुदायले पनि विरोध जनाएको थियो। शान्तिपूर्णरूपमा आयोजना गरिने विरोध प्रदर्शन विथोल्ने उद्देश्यले बदनियतपूर्वक लगाइएको प्रतिबन्धका कारण मानवअधिकारको विश्वव्यापी घोषणापत्रसमेतले सुनिश्चित गरेको आम नागरिकको शान्तिपूर्ण भेला हुन पाउने अधिकार कुण्ठित भएकोमा विरोध गरिएको थियो।

शान्तिपूर्ण तरिकाले भेला हुने स्वतन्त्रता रोक्न विभिन्न नगरपालिकाहरूमा समेत विरोध प्रदर्शनमाथि प्रतिबन्ध लगाइयो। यस्ता सरकारी क्रियाकलापको विरोधमा देशव्यापी स्वर भने अझ चर्कन पुग्यो। विरोधस्वरूप उर्लिएका प्रदर्शनहरू दमन गर्न सरकारले अत्यधिक बलको प्रयोग गरेको थियो।[१०]

२.६ प्रेस स्वतन्त्रतामाथि रोक

सरकारले सञ्चार माध्यमहरूमा विगत वर्षझैं कडा बन्देज लगाउने प्रयास गऱ्यो। राजाको प्रत्यक्ष शासन जारी रहेको अवधिमा सञ्चारकर्मीहरूलाई समाचार संकलनमा रोक लगाउने, गिरफ्तार गर्ने, नजरबन्दमा राख्ने तथा विभिन्न सञ्चारमाध्यमका कार्यालयहरूमा छापा मार्नेजस्ता क्रियाकलापहरू भइरहे।

वीरगञ्जबाट प्रकाशित हुने नारायणी टुडे दैनिकको कार्यालयमा ०६२ माघ १७ गते राती सवा दश बजे प्रहरीले छापा मारी प्रधानसम्पादक श्याम बन्जारालाई पक्राउ गर्ने प्रयास गरेको थियो। त्यसैगरी राजधानीमा पेशागत माग राख्दै माघ २१ गते शान्तिपूर्ण विरोध प्रदर्शनमा जम्मा हुँदै गर्दाको अवस्था पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, वरिष्ठ पत्रकार हरिहर विरहीलगायत्लाई प्रहरीले घर तथा पसलहरूबाट गिरफ्तार गरेका थिए।

सुरक्षाकर्मीसँग सम्बन्धित समाचार प्रशारण नगर्न धम्की दिँदै तुलसीपुर एफएम, दाङका सम्पादक भीमार्जुन रेग्मीलाई ०६२ माघ २५ गते बिहान ११ बजेतिर कार्यालयभित्र सुरक्षाकर्मी प्रवेश गरी गिरफ्तार गरेका थिए।[११]

शाही शासनकालमा विरोध प्रदर्शनका समाचार सङ्कलनमा गएका पत्रकारहरूलाई पक्राउ तथा कुटपिट गर्ने र समाचार सङ्कलनका उपकरणहरू खोस्नेजस्ता कार्यहरू गरिएको थियो। डडेल्धुरामा दिलबहादुर ऐर, वीरगञ्जमा शिव पटेल, पाल्पामा माधव अर्याल र तुलसीराम पाण्डे, तनहुँमा घनश्याम खड्का, प्रदीप काफ्ले, ऋषिराम पोखरेल र नारायण खड्कालाई ०६२ माघ १२ गते कुटपिट तथा गिरफ्तार गरिएको थियो भने माघ १३ गते नेपाल बन्दको समाचार सङ्कलनका क्रममा काठमाडौंको कालिमाटीबाट पत्रकार भीमसेन राजवाहकलाई गिरफ्तार गरिएयो।[१२]

सञ्चारकर्मीहरूलाई समाचार सङ्कलनमा पनि निषेध गरिएको थियो। सिन्धुलीमा नगर निर्वाचनका

---

९. "OHCHR-Nepal regrets sweeping restrictions on assemblies, seeks clarification from Government". *Press Release*. Kathmandu: Office of the High Commissioner for Human Rights in Nepal. 17 January 2006

१०. ओएचसीएचआर-नेपाल । "नेपालमा मानवअधिकार स्थितिसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदन र प्राविधिक सहयोगलगायत उहाँको कार्यालयका गतिविधिहरू" । काठमाडौं : नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय । ०६२ फागुन ४ पृ. ३

११. "सुरक्षाकर्मीद्वारा रेडियो पत्रकार गिरफ्तार" । पूर्ववत् ३, ४, ५, ६ र ७ । ०६२ माघ २५

१२. "पत्रकार महासंघद्वारा खेद" । *www.kantipuronline.com/kolnepalinews.php?nid=63751* ०६२ माघ १४

उम्मेदवारहरूको नामावली सङ्कलन गर्नबाट निषेध गरिएको थियो। त्यसैगरी वीरगञ्जबाट प्रकाशित हुने प्रतीक दैनिकका चमिना भट्टराईलाई माघ १६ गते पक्राउ गरी तीन महिने पुर्जी दिई थुनामा राखिएको थियो।[१३]

प्रेस स्वतन्त्रताको आवाज उठाउँदै ०६२ माघ २३ गते सप्तरीको राजविराजमा गरिएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेपाल पत्रकार महासंघ, सप्तरीका उपसभापति प्रकाश खतिवडासहित नौ जनालाई पक्राउ गरेका थिए। त्यसैगरी लमजुङमा नेपाल समाचारपत्र दैनिक र रेडियो नेपालका सम्वाददाता गणेश पाण्डेलाई माओवादीको पक्षमा समाचार लेखेको आरोपमा ०६२ फागुन ८ गते गरूणदल गणका गणपति प्रकाश पोखरेलले धम्की दिएका थिए।[१४]

सञ्चारसम्बन्धी अध्यादेशमार्फत् सञ्चार माध्यममाथि लगाइएको अंकुश शाही सरकार रहँदासम्म कायमै रह्यो। त्यस समय नेपालको अवस्था अध्ययन गर्न आएको अन्तर्राष्ट्रिय मिडिया मिसनले प्रेस र अभिव्यक्तिको स्वतन्त्रता सुधार्न संविधान, अन्तर्राष्ट्रिय मूल्य-मान्यता विपरीतका सञ्चार नीतिहरू खारेज गर्नुपर्ने सुझाव दिएको थियो। मिसनले प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्ने नीति नबनाउन पनि सरकारलाई सुझाव दिएको थियो। एक साता लामो अध्ययनपछि मिसनले ०६२ चैत ११ गते सुझाव सार्वजनिक गरेको थियो।[१५]

०६१ माघ १९ गतेपछिको अवधिमा पक्राउ, धम्की, अनधिकृत खानतलासी, स्पष्टीकरणआदिका माध्यमबाट प्रेस स्वतन्त्रतामाथि निरन्तर प्रहार गरियो। शाही शासनको पछिल्लो अवधिमा यस्तो प्रहारको प्रमुख कानुनी संयन्त्रको रूपमा ०६२ असोज २३ गते जारी गरिएको सञ्चार अध्यादेश थियो, जसलाई ०६२ चैत २१ गते पुनः जारी गरियो।

पत्रकार आचारसंहिताको गलत र दुराग्रही प्रयोग गरी प्रेस स्वतन्त्रतामाथि अंकुश लगाइएको थियो। ०६२ माघ १७ गते सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रशारण नियमावली २०५२ को अनुसूची (क) मा भएको स्याटेलाइट केबल वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रशारण गर्ने सम्बन्धी व्यवस्था संशोधन गर्दै शर्तयुक्त बनायो। त्यस्ता स्याटेलाइट केबल वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रशारण गर्दा 'कन्डिसनल एक्सेस' जडान गरेर मात्र टेलिभिजन च्यानल प्रशारण र वितरण गर्ने व्यवस्था गरियो।[१६] यस्तो व्यवस्थाले टेलिभिजन सञ्चार माध्यममा चाहेबमोजिम र अनुमति दिएबमोजिमका टेलिभिजन च्यानल र कार्यक्रमहरू मात्र प्रशारण गर्न सकिने अवस्था सृजना गरेको थियो। सरकारले आफ्नो पक्षमा सहज हुने टेलिभिजन केबल र कार्यक्रम मात्र प्रशारण गर्न तथा आफ्नो निर्देशनमा सम्पूर्ण प्रेस जगतलाई सञ्चालन गर्न सरकारले त्यस्तो व्यवस्था गरेको थियो।

प्रकाशित समाचार तथा सम्पादकीयका सम्बन्धमा स्पष्टीकरण माग्ने र धम्क्याउने कार्यसमेत तत्कालीन सरकारले गरेको थियो। ०६२ माघ १९ गतेको बुधबार साप्ताहिकमा प्रकाशित "राजा आत्मसमर्पण गर, असफलता ढाकछोप गर्न शाही घोषणा" शीर्षकको सम्पादकीय समाचार नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावना विपरीत एवम् पत्रकार आचारसंहिता २०६० को दफा ३ र ४ को उल्लंघन भएको भनी प्रेस काउन्सिलद्वारा ०६२ माघ २० गते उक्त साप्ताहिकसँग स्पष्टीकरण माग गरिएको थियो। काउन्सिलद्वारा प्रेषित पत्रमा, समाचार सम्प्रेषण गर्दा राष्ट्रिय एकताका प्रतीक राजसंस्थाका सम्बन्धमा समाचार सामग्री शिष्ट एवम् मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजगता नअपनाई पूर्वाग्रही भई मान सम्मान, प्रतिष्ठामा आँच पुऱ्याउने, बदनियतपूर्वक तथ्यलाई तोडमोड गरी तथ्यहीन समाचार, सम्पादकीय सम्प्रेषण गरेको उल्लेख गरिएको थियो।[१७] बुधबार साप्ताहिकद्वारा दिइएको स्पष्टीकरणमा असंवैधानिकरूपमा राजाद्वारा गरिएका कार्यहरूको बारेमा लेख्नु पत्रकार आचारसंहिता विपरीत नहुने र त्यस्ता गलत कार्यहरू उजागर गर्नु नै प्रेस स्वतन्त्रताको मूल मर्म भएको उल्लेख गर्दै राजा एकताको प्रतीक हुन नसक्ने[१८] उल्लेख गरिएको थियो।

सरकारले पत्रकार र सञ्चारकर्मीहरूमाथि नियमितरूपमा मानसिक दबाब सृजना गरिरह्यो। समाचार छापेवापत स्थानीय प्रशासन कार्यालयहरूबाट पटक-पटक सोधपुछका लागि भन्दै बोलाउने गरियो। विशेष गरी मोफसलमा सञ्चारकर्मीहरूमाथि यस्ता व्यवहारहरू बढी भए। सुरक्षा निकाय र सरकारले गरेका ज्यादतिबारे निष्पक्ष समाचार सम्प्रेषण, प्रकाशन र प्रशारण गर्न बाधा पुऱ्याइयो। व्यवसायिक पत्रकारितामाथि सरकारी नियन्त्रण कायम गर्न

---

१३. नेपाल पत्रकार महासंघ । *प्रेस विज्ञप्ति* ०६२ माघ १६

१४. "पत्रकारलाई धम्की" । पूर्ववत् ३, ४, ५, ६, ७ र ११ । ०६२ फागुन ८

१५. "अभिव्यक्ति स्वतन्त्रता दयनीय" । *कान्तिपुर* ०६२ चैत १३: पृ. १

१६. श्री ५ को सरकार । *नेपाल राजपत्र* । खण्ड ५५, संख्या ४१ । काठमाडौं: मुद्रण विभाग ०६२ माघ १७

१७. "बुधबार साप्ताहिकलाई लेखिएको पत्र" । प. सं. ११०३/०६२/०६३ । काठमाडौं: प्रेस काउन्सिल ०६२ माघ २०

१८. "बुधबार साप्ताहिकका सम्पादक सूर्य थापाद्वारा प्रेस काउन्सिललाई पठाइएको जवाफ" । काठमाडौं: बुधबार साप्ताहिक ०६२ माघ २७

सरकार प्रयत्नशील भइरहयो। शाही शासनकालमा सञ्चारकर्मीहरू सधैं मनोवैज्ञानिक र सरकारको आक्रामक दबाबमा रहनु पऱ्यो।

सभा, धर्ना, जुलुसलगायत्का विरोध कार्यक्रम रोक्ने निहुँमा पटक-पटक टेलिफोन सेवासमेत बन्द गरिएको थियो। सरकारले ०६२ माघ ६ गते बिहान ५ बजेदेखि उपत्यकामा सम्पूर्ण टेलिफोन लाइन तथा मोबाइल फोन बन्द गऱ्यो। साधारण फोन केही घण्टापछि सुचारू गरियो भने मोबाइल र यूटीएल फोन लामो समयसम्म बन्द रहे।

त्यसैगरी काठमाडौंबाहिर पनि विभिन्न जिल्लामा टेलिफोन लाइन बन्द गरिएको थियो। उदाहरणका लागि, दाडमा पटक-पटक लाइन काट्ने र बन्द गर्नेक्रममा तुलसीपुर क्षेत्रका २ सय ४९ र घोराहीका १ सय ७५ टेलिफोन लाइन राति काट्ने गरिएको थियो भने भीएचएफ मार्ट्सलाई प्रणालीबाट सञ्चालित फोनहरू बन्द गरिएका थिए।[१९] ०६१ माघ १९ को शाही कदमसँगै बन्द गरिएका पूर्वी चितवन क्षेत्रका मोबाइल फोन शाही शासन अवधिभर खुलेनन्।

२.७ बहिष्कृत नगर निर्वाचन

नेपालका प्रमुख राजनीतिक दलहरू, नागरिक समाज तथा अन्तर्राष्ट्रिय जगतबाट समेत विरोध भइरहँदा पनि शाही सरकारले नगरपालिकाको निर्वाचन गरायो। ०६२ माघ २६ गते सम्पन्न निर्वाचन अर्को प्रतिगामी कदमको रूपमा चित्रित हुनपुग्यो। लोकतान्त्रिक प्रक्रिया र त्यसका पूर्व शर्तहरूको पूर्ण निषेधका साथ गराइएको नगर निर्वाचन निरंकुशतालाई संस्थागत गर्ने कार्य मात्र थियो।

भेला हुने स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतासमेतका मौलिक अधिकारहरूमा बन्देज लगाउन अत्यधिक बल प्रयोग गरिएकोप्रति युरोपेली युनियनले भर्त्सना गऱ्यो। नेपाली समाज, राजनीतिक दलहरू र नागरिक समाजमाथि सरकारद्वारा गरिएको चरम निषेध नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रअन्तर्गत नेपालको दायित्व विपरीत भएको र कुनै पक्षसँग परामर्श नगरी हुन लागेको नगर निवार्चन प्रजातन्त्रका लागि पछि धकेल्ने अर्को कदम भएको युनियनले उल्लेख गऱ्यो।[२०]

आन्दोलनरत सात दलले नगर निर्वाचनको घोषणा भएलगत्तै त्यसको बहिष्कार घोषणा गरेका थिए। सात दलले निर्वाचन बहिष्कारका लागि चरणबद्ध आन्दोलन सञ्चालन गर्दै आएका थिए। उक्त आन्दोलनलाई निस्तेज पार्न सरकारले शान्तिपूर्ण सभा जुलुसमा समेत प्रतिबन्ध लगायो।

आधारभूत नागरिक स्वतन्त्रतामाथि बन्देज लगाउँदै गरिएको नगर निर्वाचनका दिन अर्थात् ०६२ माघ २६ गते दाडमा नगर निर्वाचन बहिष्कारका क्रममा निकालिएको शान्तिपूर्ण जुलुसमा सेनाद्वारा चलाइएको गोलीबाट एकजना प्रदर्शनकारीको मृत्यु भयो। विरोध प्रदर्शनमा सेनाले चलाएको गोलीद्वारा नेकपा (एमाले) का उमेशचन्द्र थापाको घटनास्थलमै मृत्यु भएको थियो।[२१] सरकारले नगर निर्वाचनका क्रममा सात राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई ठूलो संख्यामा गिरफ्तार गऱ्यो।

यसरी गरिएको निर्वाचनबारे स्पष्ट पार्दै राजा ज्ञानेन्द्रले मतपत्रको शक्ति नेपाली जनताको निष्ठा साबित भएको दावी गरे।[२२] प्रजातन्त्र दिवसको अवसरमा ०६२ फागुन ७ गतेको शाही सन्देशमा निर्वाचनको सन्दर्भलाई जोड्दै "देशको आवश्यकता र जनताको चाहना शान्ति र प्रजातन्त्र" भएको धारणा सार्वजनिक गरिएको थियो।

२.८ अध्यादेशीय शासनको निरन्तरता

अघिल्लो वर्षमा झैं राजाको प्रत्यक्ष शासन कायम रहँदासम्म अध्यादेशीय राज कायमै रह्यो। विशेषत: विगतमा ल्याइएका अध्यादेशहरू पुन: जारी गरियो। यो वर्ष कुनै नयाँ अध्यादेश त जारी भएन, तर राजाको प्रत्यक्ष शासन टिकाइराख्न पहिले जारी गरिएका अध्यादेशहरूले निरन्तरता पाए। नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम एकपटक जारी गरिएको अध्यादेशको म्याद ६ महिनापछि समाप्त हुने भएकाले त्यसको औपचारिकताका लागि पुन: जारी गरिएको थियो।

यस वर्ष कूल २१ वटा अध्यादेशहरू ल्याइए, जो पुन: जारी गरिएका थिए। अध्यादेश जारी हुने क्रम ०६२ चैत २१ गतेसम्म रह्यो। तीमध्ये विशेष गरी सूचनाको हक तथा संगठित हुने अधिकारलाई बन्देज गर्ने र आतंककारी गतिविधि नियन्त्रणसम्बन्धीलगायत् थिए। उदाहरणका लागि, ०६२

---

१९. "टेलिफोन काटिएकोमा विरोध" । पूर्ववत् ३, ४, ५, ६, ७, ११ र १४ । ०६२ फागुन ३

२०. "EU Presidency Declaration on political situation in Nepal". *www.europa-eu-un.org/articles/sk/article_5629_sk.htm*. 27 January 2006

२१. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "दाड घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं : सचिवालय इन्सेक, ०६२ माघ २८

२२. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा देशबासीका नाममा बक्सेको सन्देश" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=23* । ०६२ फागुन ७

असोज २३ गते जारी गरेको सञ्चार अध्यादेश पुन: ०६२ चैत २१ गते जारी गरिएको थियो। संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू विपरीत जारी उक्त अध्यादेशले रेडियो ऐन २०१४, राष्ट्रिय समाचार समिति ऐन २०१९, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०४८, प्रेस काउन्सिल ऐन २०४८, राष्ट्रिय प्रशारण ऐन २०४९ र गाली बेइज्जती ऐन २०१६ लाई संशोधन गरेको थियो।

शक्ति पृथकीरणको सिद्धान्तविपरीत लोकतान्त्रिक पद्धति स्थापनाविरूद्ध जारी गरिएका ती अध्यादेशहरूले तत्कालीन सरकार टिकाउन र राजाको शासनविरोधी गतिविधिहरू नियन्त्रण गर्न उल्लेखनीय भूमिका निर्वाह गरेका थिए।

२.९ आन्दोलनमाथि अत्यधिक बल प्रयोग

राजाको प्रत्यक्ष शासनको उत्तरार्द्धमा यसविरूद्ध चौतर्फी आवाज उर्लिए। तत्कालीन सरकारले ती आवाजहरूमाथि दमन गर्न हरसम्भव उपायहरू अपनाएको थियो, जसका लागि अत्यधिक बल प्रयोग प्रमुख रह्यो।

०६१ माघ १९ गतेपछि लोकतन्त्र स्थापनार्थ उर्लेका आवाज दबाउन निषेधाज्ञालगायत् शान्तिपूर्ण प्रदर्शनमाथि बलको प्रयोग बढ्दोक्रममा थियो। सात दलसमेतका प्रदर्शनहरूमा अत्यधिक बल प्रयोग[३३] गरेका कारण राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्धको आन्दोलनका क्रममा २५ जना आन्दोलनकारीहरूले शहादत प्राप्त गर्नपुगे भने १९ दिनको आन्दोलनका क्रममा ५ हजारभन्दा बढी प्रदर्शनकारीहरू घाइते भए। घाइतेहरूमध्ये कसैले आँखा गुमाए त कसैले हातखुट्टा।

सरकारद्वारा प्रदर्शनकारीहरूमाथि अत्यधिक बल प्रयोग खासगरी नगर निर्वाचन बहिष्कारका क्रममा बढेको थियो। नगर निर्वाचन बहिष्कार आन्दोलनपछि सात राजनीतिक दलद्वारा ०६२ फागुन १२ गते घोषणा गरिएको नयाँ चरणको आन्दोलनअन्तर्गत फागुन १७ देखि २३ गतेसम्म नगरपालिकाका पदाधिकारीहरूलाई पदत्याग गर्न दबाब दिने नगरपालिका केन्द्रित आन्दोलन, फागुन १८ गते युवाको नेतृत्वमा र २४ गते महिलाको नेतृत्वमा देशव्यापी विरोध च्याली तथा सभाका कार्यक्रम सम्पन्न भएका थिए।[३४]

निरंकुशताविरोधी आन्दोलनका चरणहरू थपिँदै जानेक्रममा ०६२ फागुन २९ गते अर्को कार्यक्रम घोषणा गरियो।[३५] सो निर्णयले विघटित प्रतिनिधिसभाको पुनर्स्थापना गरी उत्तरदायी सर्वदलीय सरकार र पूर्ण प्रजातन्त्र स्थापनार्थ ०६२ चैत ५ देखि १५ गतेसम्म स्थानीय संयुक्त जनआन्दोलन संयोजन समितिहरूद्वारा "काठमाडौं जाऔं" विशेष अभियान, चर्को महंगीविरूद्ध देशव्यापी विरोध प्रदर्शन, आदिवासी जनजातिको विरोध सभा र जुलुसजस्ता कार्यक्रम तय गरिएका थिए।

माओवादीले ०६२ चैत १ गतेदेखि राजधानीलगायत्का जिल्ला सदरमुकाम नाकाबन्दी र चक्काजाम कार्यक्रम आयोजना गरेको थियो। सोही क्रममा सात राजनीतिक दलहरूद्वारा ०६२ चैत २४ देखि २७ गतेसम्म देशव्यापी आम हड्ताल, असहयोग आन्दोलन र काठमाडौं केन्द्रित बृहत् जनप्रदर्शनहरू[३६] आह्वान गरिएको थियो, जसको समर्थन गर्दै माओवादीले नाकाबन्दी र चक्काजाम कार्यक्रम फिर्ता गरेको थियो।[३७] आन्दोलनको शक्तिले संसदको पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नेगरी सात राजनीतिक दल र माओवादीबीच चैत ६ गते समझदारी भएको थियो।[३८]

उक्त सहमति हुँदासम्म पनि नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल आफ्नै घरमा नजरबन्द तथा नेपाली काँग्रेसका रामचन्द्र पौडेल, नरहरि आचार्य, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का गोपालमान श्रेष्ठ, मानवअधिकारकर्मीहरू कृष्ण पहाडी, देवेन्द्रराज पाण्डेलगायत्का व्यक्तित्वहरू थुनामा थिए। एमाले महासचिव माधवकुमार नेपाललाई ०६२ चैत १० गते सशस्त्र प्रहरीको टोलीले तीन महिने थुनावा पुर्जी थमाई सशस्त्र प्रहरी बल बेस क्याम्प ककनी पुऱ्यायो।

नेपालस्थित ओएचसीएचआर कार्यालयले अभिव्यक्ति स्वतन्त्रताको अधिकार तथा संगठन गर्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको संरक्षण गर्न तथा

---

३३. OHCHR-Nepal. "Excessive Use of Force". *http://nepal.ohchr.org/resources/Documents/English/pressreleases/APR2006/2006_04_08_HCR_PressRelease_E.pdf*. Kathmandu: Office of the High Commissioner for Human Rights in Nepal. 8 April 2006

३४. "संयुक्त जनआन्दोलन केन्द्रीय समन्वय समितिको निर्णय" । ०६२ फागुन १२

३५. "संयुक्त जनआन्दोलन केन्द्रीय समन्वय समितिको निर्णय" । ०६२ फागुन २९

३६. "सात राजनीतिक दलको संयुक्त जनआन्दोलन समन्वय समितिको निर्णय" । ०६२ चैत ६

३७. नेकपा (माओवादी) । *विज्ञप्ति* । ०६२ चैत ६

३८. सात दल र माओवादीबीच भएको समझदारी । ०६२ फागुन ६

स्वेच्छाचारी थुनामा राखिएकाहरूलाई रिहा गरी ती अधिकारहरू पुनर्वहाली गर्न सरकारलाई आग्रह गरेको थियो। त्यस्ता कार्यहरू कानुनको शासन विपरीत र अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व विपरीत भएको ओएचसीएचआरले जनाएको थियो।[२९]

सात दलले आह्वान गरको देशव्यापी आम हड्तालका क्रममा सडकमा उत्रने आन्दोलनकारीलाई सरकारले गोली प्रहार गर्ने चेतावनी सरकारका मन्त्रीहरूले दिँदै थिए।[३०] आम हड्तालको पूर्वसन्ध्यामा अर्थात् चैत २२ गते भोलिपल्टदेखि लागू हुनेगरी सरकारले राजधानीको चक्रपथ क्षेत्रभित्र कुनै पनि भेला र जुलुस गर्न नपाउने भनी प्रतिबन्ध लगायो।[३१] राजधानीमा भएका विरोध प्रदर्शनहरूबाट दुईसयभन्दा बढी प्रदर्शनकारीहरूलाई गिरफ्तार गरियो। देशका विभिन्न स्थानहरूबाट काठमाडौं आउने सवारी साधनहरू सरकारद्वारा बन्द गरियो। केन्द्रको आदेश भन्दै जिल्ला प्रशासन कार्यालयहरूले बस व्यवसायीहरूलाई सवारी साधन चलाउन रोकेका थिए। चैत २३ गते राजधानीलगायत् देशभर प्रदर्शन भए। त्यसक्रममा प्रदर्शनकारीहरूको व्यापक गिरफ्तारी भयो। आम हड्ताल निस्तेज पार्न राजधानीको चक्रपथ क्षेत्रभित्र २३ गते राती ११ बजेदेखि २४ गते बिहान ३ बजेसम्म कर्फ्यू लगाइयो।

चैत २४ गते बिहानैदेखि देशभरी आम हड्ताल शुरू भयो। निषेधाज्ञा तोड्दै प्रदर्शनहरू भए। प्रदर्शनमा सुरक्षाकर्मीको हस्तक्षेप भयो। प्रदर्शनकारीहरूमाथि निर्मम कुटपिट गरियो र व्यापक गिरफ्तारी भयो। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूको प्रायःजसो टाउकोमा प्रहार गरेका थिए। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूबाहेक आफ्नो घरमा बसेका तथा बाटोमा हिँडिरहेका व्यक्तिहरूलाई समेत कुटपिट गरे। कुटपिटबाट बालबालिकासमेत अछुतो रहेनन्।[३२] प्रदर्शनका क्रममा समाचार सङ्कलन गर्न गएका सञ्चारकर्मीहरूलाई कुटपिट गर्ने र सञ्चार सामग्रीहरू खोस्ने तथा तोडफोड गर्ने कार्यसमेत गरियो।

प्रदर्शनमाथि लाठी, अश्रुग्याँस, रबरका गोली हुँदै अन्तिममा धातुका गोलीसमेत प्रयोग गरियो। सप्तरीको प्रहरी हस्तक्षेत्रपमा परी घाइते भएका एमालेका कार्यकर्ता दर्शनलाल यादवको चैत २५ गते मृत्यु भयो। प्रदर्शनमा अत्यधिक र अनावश्यक बल प्रयोगको चरम रूप आम हड्तालको तेश्रो दिन ०६२ चैत २६ गते पोखरामा देखियो। पोखरामा शान्तिपूर्णरूपमा भइरहेको प्रदर्शनमा सेनाले गोली चलाउँदा काभ्रे जिल्लाका भिमसेन दाहालको घटनास्थलमै मृत्यु भयो भने अन्य २ जना घाइते भए।[३३] सो दिन राजधानीमा १३ घण्टे कर्फ्यू तोड्दै प्रदर्शनहरू भएका थिए।

प्रदर्शनका क्रममा सुरक्षाकर्मीद्वारा शान्तिपूर्ण प्रदर्शनमा अनावश्यकरूपमा अत्यधिक बल प्रयोग गर्दा चैत २७ गने चितवनमा तुलसी क्षेत्री डुम्राकोटी र काभ्रेमा शिवहरि कुवँर, चैत ३० गते नवलपरासीमा विष्णु पाण्डे, ०६३ वैशाख ३ गते बारामा हिरालाल गौतम, वैशाख २६ गते बाँकेको नेपालगञ्जमा सेतु विक, वैशाख ६ गते झापामा सुरज विश्वास र राजन गिरी, वैशाख ७ गते काठमाडौंको कलंकीमा वासु घिमिरे, दीपक कामी, सगुन ताम्राकार र सोही क्रममा घाइते भएका प्रद्युम्न खड्काको वैशाख १६ गते मृत्यु भयो। यसबाहेक, वैशाख ८ गते बर्दियामा यमलाल लामिछानेको मृत्यु भयो।

जनआन्दोलनकै क्रममा घाइते भएका पर्वतका गोविन्दनाथ शर्माको ०६३ वैशाख १२ गते, काठमाडौको त्रिपुरेश्वरमा घाइते भएका मोहम्मद जहाँगिरको वैशाख १८ गते र चन्द्र बयलकोटी र अनिलकुमार लामाको वैशाख २३ गते मृत्यु भयो।

सात राजनीतिक दलको आह्वानमा शान्तिपूर्ण आम हड्तालकै क्रममा ०६३ वैशाख ७ गते राजधानीको चक्रपथ घेराउ कार्यक्रम हुन नदिन स्थानीय प्रशासनले बिहान २ बजेदेखि नै चक्रपथ र त्यसको दुई सय मिटरपरसम्मको क्षेत्रमा कर्फ्यू घोषणा गरेको थियो। कर्फ्यू उल्लंघन गर्नेलाई सुरक्षाकर्मीले गोली प्रहार गर्नसक्ने सम्मको आदेश दिइएको थियो। नेपालस्थित ओएचसीएचआरको कार्यालयलगायत् कसैलाई पनि कर्फ्यू पास उपलब्ध नगराइएको अवस्थामा विभिन्न ठाउँबाट शान्तिपूर्णरूपमा कलंकीतर्फ आउँदै गरेको जनप्रदर्शनमाथि सशस्त्र प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक

---

२९. ओएचसीएचआर-नेपाल । "इयान मार्टिनद्वारा सार्वजनिक सुरक्ष ऐनअन्तर्गत राखिएका थुनुवाहरूसँग भेट- स्वतन्त्रताको अधिकार पुनर्वहाली गर्न सरकारलाई आह्वान" । *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय ०६२ चैत ७

३०. "आन्दोलनकारीलाई गोली हान्ने मन्त्री परियारको चेतावनी" । पूर्ववत् ३, ४, ५, ६, ७, ११, १४ र १९ । ०६२ चैत १४

३१. श्री ५ को सरकार गृह मन्त्रालयको अनुरोध"। *गोरखापत्र* ०६२ चैत २३: पृ. १

३२. Aryal, Kundan, and Upendra Kumar Poudel, (eds.) *Jana Andolan-II: A Witness Account (A Report of Human Rights Violation by the King's Government during Nineteen Days of the Movement)*. Kathmandu: Informal Sector Service Centre. p. 50

३३. पूर्ववत् । पृ. १९

(एसएसपी) दुर्जकुमार राईको नेतृत्वमा रहेको सुरक्षाफौजले अन्धाधुन्ध गोली चलाउँदा ३ जनाको घटनास्थलमा र १ जनाको उपचारका क्रममा मृत्यु भएको थियो भने सयौं घाइते भएका थिए।[३४] प्रदर्शनमा प्राथमिक उपचारका लागि आएका स्वास्थ्यकर्मीहरू शोभा गौतम, गोपाल पन्थी, परशुराम पन्थी, गणेश गैरे र गणेश मिश्रलाई पनि निर्घात कुटपिट गरिएको थियो। कलंकीमा भएको उक्त घटना सुनियोजित हत्याकाण्ड थियो।[३५]

शान्तिपूर्ण प्रदर्शनमाथि अत्यधिक बल प्रयोग भएको अर्को ज्यादतिपूर्ण घटना ०६२ चैत २९ गते राजधानीको गोंगबुमा भएको थियो। सशस्त्र प्रहरी उपरीक्षक माधव थापाको नेतृत्वमा भएको उक्त घटनामा सुरक्षाफौजले प्रदर्शनकारीहरूमाथि अन्धाधुन्ध गोली, लाठी तथा अश्रुग्याँस प्रहार गरेको थियो। घटनामा पत्रकारसहित एकसयभन्दा बढी प्रदर्शनकारी घाइते भए। घाइतेहरूमध्ये धेरैको टाउको र आँखामा चोट लागेको थियो।[३६] घटनाका घाइतेहरूलाई उपचार गरेको भनी सामुदायिक स्वास्थ्य सेवा केन्द्र, गोंगबुका स्वास्थ्यकर्मीहरूलाई सुरक्षाकर्मीले निर्घात कुटपिट गरी स्वास्थ्य सेवा केन्द्रसमेत तोडफोड गरेका थिए। अतिरिक्त प्रहरी महानिरीक्षक रूपसागर मोक्तानको घरबाट गोली प्रहार गरेपछि माओवादीले गोली चलाए भनी हल्ला फैलाएर प्रदर्शनकारीहरूमाथि दमन गरिएको थियो।

यसैगरी कानुन व्यवसायीहरूले ०६२ चैत ३१ गते काठमाडौंको रामशाहपथस्थित नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यालयबाट माइतिघर हुँदै निकालेको शान्तिपूर्ण जुलुसमा बबरमहल पुरदा सुरक्षाकर्मीले लाठी, अश्रुग्याँस र रबरको गोली प्रहार गर्दा गोलीबाट दुईजना र अन्य लाठीचार्ज तथा अश्रुग्याँसबाट घाइते भएका थिए।[३७] एवम्रितले वैशाख ११ गतेसम्म आन्दोलन जारी रह्यो।

२.१० अत्यधिक बल प्रयोगका लागि अपनाइएका उपाय

२.१०.१ हड्तालमा माओवादी घुसपैठको दाबी

उन्नाइस दिनको जनआन्दोलनमा परिणत भएको सात दलद्वारा आयोजित चार दिने आम हड्तालमा माओवादीको प्रत्यक्ष सहभागिता छ भन्ने तर्क गर्दै सरकारले अत्यधिक बल प्रयोग गरेको थियो। शाही सरकारका गृहमन्त्री कमल थापाले ०६२ चैत १५ गते राजधानीमा आयोजित पत्रकार सम्मेलनमा कुनै पनि उपायद्वारा सात राजनीतिक दलद्वारा आयोजित आम हडताल निस्तेज पार्ने घोषणा गरेका थिए। उनले सात राजनीतिक दलको उक्त कार्यक्रम प्रमुखरूपमा माओवादीको कार्यक्रम भएको आरोप लगाएका थिए।

२.१०.२ माओवादीका योजना कार्यान्वयनको आरोप

राजाको सरकारले तत्कालीनरूपमा आतंककारी घोषणा गरिएका माओवादीको योजनाबमोजिम सात दलले विरोधका कार्यक्रम आयोजना गरेको र माओवादीलाई सघाएको आरोप लगाउँदै विरोध प्रदर्शनहरूमा अत्यधिक बल प्रयोग गरेको थियो। सरकारले सात दलको आफ्नो कुनै योजना नभएको र माओवादीको स्पष्ट कार्यक्रम तथा योजना भएकाले उनीहरू त्यसैमा सहभागी भएको आरोप लगाएको थियो।[३८]

२.१०.३ माओवादीको प्रत्यक्ष संलग्नताको आरोप

जनआन्दोलन दमनमा अत्यधिक बल प्रयोगका लागि सरकारले अपनाएको अर्को उपाय सात राजनीतिक दलको आम हड्तालमा माओवादीको प्रत्यक्ष संलग्नताको आरोप थियो। ०६२ चैत २६ गते तत्कालीन शाही नेपाली सेनाले सात राजनीतिक दलले आह्वान गरेको आम हड्तालमा सहयोग पुऱ्याउन माओवादीको विशेष कार्यदल राजधानीभित्र प्रवेश गरेको भरपर्दो सूचना प्राप्त भएको प्रचार गरेको थियो। एक पत्रकार सम्मेलनका क्रममा, तत्कालीन शाही नेपाली सेनाका प्रवक्ता भुषण चन्दले माओवादीको प्रत्यक्ष संलग्नतामा हुने राजनीतिक दलका कार्यक्रमहरूलाई निस्तेज पार्न शाही नेपाली सेना परिचालन गर्नुपर्ने जानकारी गराएका थिए।[३९] अत्यधिक बलको प्रयोग शाही नेपाली सेनाको उपस्थितिमा सशस्त्र प्रहरी र जनपद प्रहरीबाट भएको थियो।

२.१०.४ अन्तर्राष्ट्रिय जगतलाई प्रश्न

राजाको अध्यक्षतामा रहेको सरकारले आफ्नो शासन टिकाइराख्न आफूले गरेका ज्यादतिविरूद्ध अन्तर्राष्ट्रिय समुदायले उठाएका आवाजको पनि बेवास्ता गरेको थियो। त्यस्ता ज्यादतिका विषयमा धारणा व्यक्त गर्ने विदेशी कुटनीतिज्ञहरूसँग स्पष्टीकरण समेत लिइयो। राजाको बारेमा

---

३४. पूर्ववत् । पृ. ४९
३५. पूर्ववत् । पृ. ८
३६. पूर्ववत् । पृ. ४५
३७. पूर्ववत् । पृ. ३०-३१
३८. पूर्ववत् । पृ. ५-६
३९. पूर्ववत्

चर्को टिप्पणी गरेको आरोपमा अमेरिकी राजदुत जेम्स एफ. मोरियार्टीलाई ०६२ वैशाख ५ गते पररा्ष्ट्र मन्त्रालयले स्पष्टीकरणका लागि बोलाएको थियो। वैशाख ४ गते अमेरिकी टेलिभिजन च्यानल "सीएनएन" सँगको अन्तर्वार्तामा व्यक्त टिप्पणीलाई लिएर पररा्ष्ट्र मन्त्रालयका निमित्त सचिव हिराबहादुर थापाले मोरियार्टीसँग मन्त्रालयमा स्पष्टीकरण लिएका थिए।[४०]

२.१०.५ समाचार संकलन तथा पर्यवेक्षणमा रोक

शान्तिपूर्ण प्रदर्शनमा अत्यधिक बल प्रयोग गर्न अपनाइएको अर्को उपाय समाचार संकलन तथा मानवअधिकार पर्यवेक्षणमा रोक हो। पत्रकारहरूलाई समाचार सङ्कलन गर्न र मानवअधिकारकर्मीहरूलाई प्रदर्शनको अनुगमन तथा पर्यवेक्षण गर्नबाट रोक लगाइएको थियो।[४१] नेपालस्थित ओएचसीएचआर कार्यालयसमेतलाई कर्फ्यू पास उपलब्ध नगराउनु अत्यधिक बलको प्रयोगका लागि अवलम्बन गरिएको अर्को उपाय थियो।

२.११ जनआन्दोलन दमन र अत्यधिक बल प्रयोगमा अन्तर्राष्ट्रिय सरोकार

सात राजनीतिक दलद्वारा आयोजित देशव्यापी आमहड्तालका क्रममा शान्तिपूर्ण आन्दोलन दबाउन सरकारद्वारा गरिएको बल प्रयोगबाट मानवअधिकारको चरम उल्लंघन भएको भन्दै अन्तर्राष्ट्रिय समुदायबाट तीव्र विरोध भयो। लोकतन्त्र स्थापनामा अन्तर्राष्ट्रिय समुदायबाट भएको समर्थन तथा मानवअधिकारका सवालहरूमा उनीहरूले देखाएको चासो महत्वपूर्ण थियो।

शान्तिपूर्ण प्रदर्शनमाथि सरकारद्वारा गरिएको अत्यधिक बल प्रयोगबाट खस्कँदो मानवअधिकार स्थितिप्रति संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नान, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त तथा नेपालस्थित ओएचसीएचआर कार्यालय, इन्टरनेशनल कमिशन अफ जुरिस्ट्स, एमनेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, फोरम-एसिया, एसियन सेन्टर फर ह्युमन राइट्स, अमेरिकी कँग्रेस, एसियन ह्युमन राइट्स कमिशन, युरोपेली युनियन र पार्लियामेन्टलगायत् विश्वका विभिन्न क्षेत्रबाट देखाइएको सरोकारले निरंकुशता अन्त्यका लागि मद्दत मिल्यो। अर्कातर्फ त्यस्ता सरोकारहरूले राष्ट्रिय मानवअधिकार आन्दोलनलाई नैतिक बल पुऱ्यायो।

सात राजनीतिक दलद्वारा गरिएको प्रदर्शनमा शाही नेपाली सेनाद्वारा चलाइएको गोलीबाट प्रदर्शनकारीको मृत्यु भएका घटनामा अन्तर्राष्ट्रिय कानुनी मापदण्ड[४२] र मानवअधिकार सिद्धान्तको उल्लंघन भएको उल्लेख गर्दै कानुन कार्यान्वयन अधिकारीहरूले सकेसम्म कम जोखिमपूर्ण बल प्रयोग गर्नुपर्नेतर्फ नेपालस्थित ओएचसीएचआर कार्यालयले गम्भीर चासो प्रकट गरेको थियो। घटनाहरूमा गोली चलाउनुपर्ने अवस्था नै नभएको उल्लेख गर्दै प्रदर्शनहरूमा प्रयोग भएको बल कम गर्नुपर्ने राज्यको दायित्व पूरा गर्न पनि ओएचसीएचआरले सरकारलाई आग्रह गरेको थियो।[४३] तर सरकारले ती सबै सरोकार र आग्रहप्रति बेवास्ता गरी प्रदर्शनमाथि अत्यधिक बल प्रयोग जारी राख्यो।

नेपाली नागरिकका स्वतन्त्रताहरूमाथि लगाइएको बन्देज फुकुवा गर्न, पक्राउ गरी थुनामा राखिएकाहरूलाई तत्काल रिहा गरी आफ्ना नागरिकहरूको स्वतन्त्रताको सम्मान गर्न अमेरिकी कँग्रेसले आग्रह गरेको थियो।[४४] अमेरिकी सिनेटर प्याट्रिक लेहीले नेपालमा चलिरहेको आन्दोलनप्रति टिप्पणी गर्दै सामन्ती निरंकुशता विरूद्ध जनताको इच्छाले अन्ततः लोकतन्त्र र शान्तिको बाटो तय गर्ने उल्लेख गरे। नेपाली जनताले निरंकुशता विरूद्ध सत्रचालन गरेको आन्दोलन उपयुक्त भएको उनको धारणा थियो।[४५]

नेपालस्थित ओएचसीएचआर कार्यालयले ११ अप्रिल २००६ मा पुनः विज्ञप्ति जारी गर्दै प्रदर्शनमाथि भएको अत्यधिक बल प्रयोगको प्रत्यक्ष अनुगमन गरेको उल्लेख गरेको थियो। त्यसक्रममा देखिएको बल प्रयोग अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत राज्यको दायित्व विपरीत भएको भन्दै सरकारलाई अत्यधिक र अनावश्यक बल प्रयोग नगर्न आग्रह गरेको थियो।[४६]

---

४०. "मोरियार्टीलाई स्पष्टिकरण"। *कान्तिपुर* ०६२ वैशाख ६: पृ. १

४१. पूर्ववत् ३२-३९ । पृ. ६

४२. विश्वकर्मा, लुमासिंह । "आन्दोलन दबाउन अत्यधिक बल प्रयोग : अन्तर्राष्ट्रिय मान्यता विपरीत"। *प्राची* । पूर्णांक ५७-५८ । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र ०६३ जेठ: पृ. २२-२३

४३. पूर्ववत् २३

४४. संयुक्त राज्य अमेरिकी कँग्रेसले वाशिङ्टनबाट ६ अप्रिल २००६ मा राजा ज्ञानेन्द्रलाई पठाएको पत्र । पूर्ववत् ३२-३९ र ४१ । पृ. १५६

४५. पूर्ववत् । पृ. १६७

४६. पूर्ववत् । पृ. १६२

मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त लुइस आर्बरद्वारा सरकारलाई मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वको सम्मानका लागि शान्तिपूर्ण भेला हुने नागरिक अधिकारको सम्मान गर्न र सुरक्षाकर्मीहरूलाई अत्यधिक बल प्रयोग नगर्न सचेत गराइएको थियो।[४६]

अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू एमनेष्टी इन्टरनेशनल, ह्यूमन राइट्स वाच र इन्टरनेशनल कमिशन अफ जुरिस्ट्सले १८ अप्रिल २००६ मा संयुक्त विज्ञप्ति जारी गरी निरंकुश राजा ज्ञानेन्द्र, मन्त्रीहरू, उच्च सरकारी अधिकारहरू र उच्च सुरक्षा अधिकारीहरूलाई अन्य देशमा जान तथा विदेशमा सम्पत्ति जम्मा गर्नमा रोक लगाउन अन्तर्राष्ट्रिय समुदायसमक्ष आग्रह गरेका थिए। इन्टरनेशनल कमिशन अफ जुरिस्ट्सले सात राजनीतिक दलहरूको प्रदर्शनमा लगाइएको प्रतिबन्ध अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनहरूले नेपाललाई तोकेको दायित्व विपरीत भएको जनाउँदै कुनै आधार र कारणविना प्रदर्शनमाथि लगाइएको प्रतिबन्ध उचित नभएको तथ्य औंल्याएको थियो। एमनेष्टी इन्टरनेशनलले नेपाल सरकारद्वारा कर्फ्यूको समयमा ओएचसीएचआर-नेपालसमेत कसैलाई पनि कर्फ्यू पास नदिइनु सरकारले गरेको ज्यादति लुकाउने प्रयास भएको उल्लेख गर्दै नेपाली सुरक्षाकर्मी आफ्नो देशमा मानवअधिकार उल्लंघनमा संलग्न भएकाले संयुक्त राष्ट्रसंघको शान्ति सेनामा उनीहरूको संलग्नतामा बन्देज लगाउन आग्रह गरेको थियो।[४८]

३. लोकतन्त्र स्थापना

शाही शासनका विरूद्ध ०६२ चैत २४ गतेदेखि संचालित आन्दोलनले अन्ततः निरंकुशता अन्त्य गऱ्यो। सबैतिरबाट जनआन्दोलनप्रति ऐतिहासिक समर्थन प्राप्त भयो। सम्पूर्ण तह र तप्काका संघ-संस्था तथा व्यक्तिहरू शाही सत्ताको विरोध र लोकतन्त्र स्थापनाका लागि सडकमा उत्रिए। निरंकुशता जोगाउने विभिन्न उपाय[४९]का बाबजुद राजनीतिक दलहरूको मागबमोजिम ०६३ वैशाख ११ गते राती १०:४५ बजे राजाले आफ्नो शासन अन्त्य तथा प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गर्नुपऱ्यो। विघटित प्रतिनिधिसभा पुनर्स्थापनासँगै निरंकुश राजतन्त्रको अन्त्य र सात राजनीतिक दलले निर्धारित गरेको मार्गचित्रको यात्रा खुल्ला भयो।

०६३ वैशाख ११ गतेदेखि नेपाली जनताले आफ्नो लागि आफै निर्णय गर्ने अभिभारा बोके। ०५९ असोज १८ गतेदेखि निरंकुश राजतन्त्रको भूमरीमा फसेका नेपाली जनता राजनीतिक दलहरूको अगुवाईमा लोकतन्त्र स्थापनाका लागि संघर्षरत थिए। जनताले ०५२ देखि संचालित माओवादीको हिंसात्मक द्वन्द्वबाट पनि निकास खोजिरहेका थिए। हान्स केल्सनको प्योर थ्योरी अफ 'ल'[५०] सँग दाँजेर हेर्दा निरंकुश राजतन्त्रको अन्त्य र माओवादी हिंसात्मक द्वन्द्व अन्त्य गर्ने प्रमुख आधार सात राजनीतिक दल र माओवादीबीच भएको १२ बुँदे समझदारी हो। यसैको आधारमा अहिलेसम्म विभिन्न सहमति र समझदारी भई शान्ति प्रक्रिया अगाडि बढिरहेको छ।

शाही शासनको अन्त्यसँगै जनआन्दोलनको भावनाबमोजिम लोकतन्त्रको संस्थागत विकास गर्ने र शान्ति प्रक्रिया अगाडि बढाउने जिम्मेवारी राजनीतिक दलहरू तथा नेकपा (माओवादी) मा आइपऱ्यो। यी दुवै कार्य लोकतान्त्रिक सरकार गठनसँगै शुरूवात भयो।

३.१ लोकतान्त्रिक सरकार गठन

लोकतन्त्र स्थापना भइसकेपछि ०६३ वैशाख १२ गते बसेको सात राजनीतिक दलको बैठकले नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीका लागि सिफारिस गरेबमोजिम १४ गते उहाँलाई प्रधानमन्त्री नियुक्त गरिएको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा ०६३ वैशाख १९ गते पहिलो ७ सदस्यीय मन्त्रिमण्डल गठन गरियो र जेठ ८ गते त्यसलाई पूर्णता प्रदान गरियो।


---

४६. ओएचसीएचआर-नेपाल । "नेपालमा अत्यधिक बल प्रयोगबाट मानवअधिकार उच्चायुक्त स्तब्ध" । *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय ०६२ चैत ३१ गते

४८. पूर्ववत् ३२-३९, ४१, ४४-४६ । पृ. १५३-२१५

४९. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नव वर्ष २०६३ को उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=26* । ०६३ वैशाख १ र "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=27* । ०६३ वैशाख ८

५०. Freeman, Michael D.A. *Lloyd's Introduction to Jurisprudence.* Sweet & Maxwell: London. 2001. pp. 255-330



प्रकोष्ठ : ३

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५६) काठमाडौं, जेठ ८ गते २०६३ साल (अतिरिक्ताङ्क १२

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति


श्री ५ महाराजाधिराजबाट सम्वत २०६३ साल वैशाख १९ गते प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गठन गरिबक्सेको मौजूदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिसमा देहाय अनुसार थप नियुक्ति तथा कार्य विभाजनमा हेरफेर गरिबक्सेको छ ।

मन्त्रिपरिषद् गठन विधि		कार्य विभाजन
१. श्री गिरिजाप्रसाद कोइराला	प्रधानमन्त्री	राजदरबारसम्बन्धी,रक्षा, स्वास्थ्य तथा जनसंख्या र उद्योग वाणिज्य तथा आपूर्ति ।
२. श्री के.पी. शर्मा ओली	उप-प्रधानमन्त्री	परराष्ट्र ।
३. श्री गोपालमान श्रेष्ठ	मन्त्री	भौतिक योजना तथा निर्माण ।
४. महन्थ ठाकुर	मन्त्री	कृषि तथा सहकारी ।
५. डा. श्री रामशरण महत	मन्त्री	अर्थ ।
६. श्री नरेन्द्र विक्रम नेम्वाङ	मन्त्री	कानून, न्याय तथा संसदीय व्यवस्था ।
७. श्री कृष्णप्रसाद सिटौला	मन्त्री	गृह ।
८. श्री प्रभुनारायण चौधरी	मन्त्री	भूमिसुधार तथा व्यवस्था ।
९. श्रीमती चित्रलेखा यादव	मन्त्री	जलस्रोत ।
१०. श्री राजेन्द्रप्रसाद पाण्डे	मन्त्री	स्थानीय विकास ।
११. श्री प्रदीपकुमार ज्ञवाली	मन्त्री	संस्कृति पर्यटन तथा नागरिक उड्डयन ।
१२. डा. श्री मङ्गलसिद्धि मानन्धर	मन्त्री	शिक्षा तथा खेलकुद ।
राज्यमन्त्री		
१३. श्री गोपाल राई	राज्यमन्त्री	वन तथा भू-संरक्षण ।
१४. श्री दिलेन्द्रप्रसाद बडू	राज्यमन्त्री	सूचना तथा सञ्चार ।
१५. श्री उर्मिला अर्याल	राज्यमन्त्री	महिला, बालबालिका तथा समाज कल्याण ।
१६. श्री मानबहादुर विश्वकर्मा	राज्यमन्त्री	वातावरण, विज्ञान तथा प्रविधि ।
१७. श्री धर्मनाथप्रसाद शाह	राज्यमन्त्री	सामान्य प्रशासन ।
१८. श्री रमेश लेखक	राज्यमन्त्री	श्रम तथा यातायात व्यवस्था ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

३.२ शान्ति प्रक्रियाको शुरूवात

लोकतन्त्र स्थापनापश्चात् गठित पहिलो मन्त्रिपरिषद्को ०६३ वैशाख २० गते बसेको बैठकले माओवादीसँग युद्धविराम घोषणा गऱ्यो। जनआन्दोलनको बलबाट गठित सर्वदलीय सरकारले माओवादीसँग युद्धविराम गर्नुका साथै माओवादीलाई लगाइएको आतंककारीको आरोप र उनीहरूविरूद्ध जारी गरिएको रेडकर्नर नोटिस पनि सोही दिन फिर्ता लिएको थियो। माओवादीलाई वार्तामा आउन वातावरण तयार गर्ने र उनीहरूलाई शान्तिपूर्ण राजनीतिक



प्रकोष्ठ : ४

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५६)काठमाडौं, जेठ २८ गते२०६३ साल (अतिरिक्ताङ्क १९

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गठन गरिबक्सेको मौजूदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा देहाय अनुसार थप नियुक्ति तथा कार्य विभाजन समेत गरिबक्सेको छ ।

नाम		कार्य विभाजन
१. श्री अमिक शेरचन	उप-प्रधानमन्त्री	स्वास्थ्य तथा जनसंख्या
२ श्री हृदयेश त्रिपाठी	मन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति
३. श्री ज्ञानेन्द्रबहादुर कार्की	राज्यमन्त्री	जलस्रोत ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मूलधारमा ल्याउने सिलसिलाको पहिलो चरणमा सरकारले यस्तो निर्णय गरेको थियो।

सरकारले सोही दिन, नेकपा (माओवादी) लाई यथाशीघ्र वार्तामा आउन आह्वान गरेको थियो। त्यसैगरी गिरफ्तारीमा परेका माओवादी नेताहरूलाई आवश्यक प्रक्रिया पूरा गरी रिहा गर्ने, युनिफाइड कमाण्ड निस्क्रिय पार्ने र सेनालाई ब्यारेकमा फिर्ता बोलाउने निर्णय गरेको थियो।

३.३ शहीद र क्षतिपूर्ति घोषणा

शाही शासनको अन्त्य र लोकतन्त्र स्थापनाका लागि शहादत प्राप्त २५ जनालाई सरकारले शहीद घोषणा गऱ्यो। मन्त्रिपरिषदको बैठकले ०६३ जेठ २१ गते २१ जनालाई र ०६३ भदौ १३ गते थप ४ जनालाई शहीद घोषणा गऱ्यो। जेठ २१ गते घोषणा गरिएका शहीदहरूमा उमेशचन्द्र थापा (दाङ), देवीलाल पौडेल (रूपन्देही), होरीलाल थारू (कैलाली), दर्शनलाल यादव (सप्तरी), भीमसेन दाहाल (कास्की), तुलसी क्षेत्री (चितवन), शिवहरि कुँवर (काभ्रे), विष्णु पाण्डे (नवलपरासी), हिरालाल गौतम (बारा), सेतु विश्वकर्मा (बाँके), सुरज विश्वास (झापा), राजन गिरी (झापा), वासुदेव घिमिरे (काठमाडौं), सगुन ताम्राकार (काठमाडौं), दीपक कामी (काठमाडौं), यमलाल लामिछाने (बर्दिया), गोविन्दनाथ शर्मा (पर्वत), प्रद्युम्न खड्का (काठमाडौं), महम्मद जहाँगिर (काठमाडौं), चन्द्रबहादुर बयलकोटी (काठमाडौं) र अनिलकुमार लामा (काठमाडौं)

थिए। त्यसैगरी भदौ १३ गते घोषणा गरिएका शहीदहरूमा हरिराज अधिकारी (बाँके), लालबहादुर विष्ट (डोटी), चक्रराज जोशी (कैलाली) र ताहिर अलि मियाँ (रौतहट) थिए।

०६३ जेठ २१ गतेको निर्णयसँगै प्रत्येक शहीद परिवारलाई दशलाख रूपैयाँ बराबरको रकम क्षतिपूर्तिस्वरूप प्रदान गर्ने निर्णय गरिएको थियो।

३.४ राजासहित दुई सय दुई दोषी ठहर

सरकारले जनआन्दोलनका दोषीउपर छानबिन गरी कारवाहीको सुझाव पेश गर्न ०६३ वैशाख २२ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो।

०६१ माघ १९ गतेपछि राजनीतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका दमनका घटनाहरूबाट देशका विभिन्न भागमा भएको जनधनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग र मानवअधिकारको उल्लंघनको जाँच गरी दोषी पत्ता लगाई निजहरूउपर गर्नुपर्ने कानुनी कारवाहीका सम्बन्धमा राय, ठहर र सुझावसहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन २०२६ बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा उक्त आयोग गठन गरिएको थियो। आयोगका सदस्यहरूमा नेपाल पत्रकार महासंघका पूर्व सभापति हरिहर विरही, नेपाल बार एसोसिएसनका पूर्व उपाध्यक्ष रामप्रसाद श्रेष्ठ, अधिवक्ता रामकुमार श्रेष्ठ र नेपाल चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठ थिए।[५१]

जाँचबुझ आयोगले राजा ज्ञानेन्द्रसहित[५२] दुई सय दुई जनालाई सत्ता दुरूपयोग र जनआन्दोलन दमनमा दोषी ठहऱ्याउँदै कारवाहीका लागि सिफारिस गऱ्यो। आयोगद्वारा ०६२ मंसिर ४ गते जारी विज्ञप्तिमा जनआन्दोलनमा दुई सय दुई जनाले ज्यादति गरेको ठहर गरी कारवाहीका लागि सिफारिस गरिएको उल्लेख छ। आयोगले सोही दिन नै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई १ हजार १ सय ८४ पृष्ठ लामो प्रतिवेदन बुझाएको थियो।[५३] प्रतिवेदन तयार हुने अन्तिम दिन आयोगका दुई सदस्यहरू अधिवक्ता रामकुमार श्रेष्ठ र चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठले सजायको विषयमा असहमति राखेका थिए। आफूहरूले प्रतिवेदनमा हस्ताक्षर नगरेको र ६ पृष्ठको छुट्टै प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको पनि उनीहरूले सार्वजनिक जानकारी दिए।[५४]

आयोगले छानबिनका क्रममा घाइते भएका ९ हजार १ सय ९४ मध्ये ६ सय ९ जना गम्भीर घाइते भएको र त्यसमध्ये ३ सय ३ जना गोलीबाट घाइते भएको उल्लेख गऱ्यो। आयोगको छानबिनबाट २ सय १४ जना घाइतेहरू १८ वर्ष मुनिका भएको र शहादत प्राप्त गर्ने १९ जनामध्ये १५ जनाको गोलीबाट मृत्यु भएको देखिएको ठहर गरियो।

जनआन्दोलनको दमनमा मुख्य दोषी तत्कालिन मन्त्रीपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्र भएको आयोगले ठहर गऱ्यो। राजा र उनका सल्लाहकार, तत्कालीन मन्त्रिपरिषद्का उपाध्यक्षहरू र मन्त्रीहरूलाई कानुन बनाई कारवाही गर्न सुझाव दिएको आयोगका सदस्य हरिहर विरहीले सार्वजनिक गरेका थिए।[५५] उनीहरूलाई मानवअधिकार उल्लंघन, राष्ट्रिय ढुकुटी, सत्ता, शक्ति र पदको दुरूपयोग गरेकोमा कारवाहीको सिफारिस गरिएको जनाइयो।[५६] तत्कालीन सुरक्षा अंगका प्रमुखहरू प्रधान सेनापति प्यारजंग थापा, प्रहरी महानिरीक्षक श्यामभक्त थापा र सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापा मानवअधिकार उल्लंघनमा प्रत्यक्ष सामेल भएको आयोगले उल्लेख गऱ्यो।[५७]

जाँचबुझ आयोगको प्रतिवेदन सरकारलाई बुझाइए पनि यो वर्षको अन्त्यसम्ममा सार्वजनिक गरिएन। सबैको चासोको विषय रहेको आयोगको प्रतिवेदन सार्वजनिक नगरिनुले रायमाझी आयोगको प्रतिवेदन पनि मल्लिक आयोग झैं त नहोला भन्ने आशंका उब्जन पुग्यो।

मानवअधिकार समुदायका तर्फबाट ०६२ मंसिर ४ गते एक संयुक्त विज्ञप्ति जारी गरी सरकारले उक्त प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने माग गरियो। यस्तो माग गर्नेहरूमा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, इन्हुरेड इन्टरनेशनलका डा. गोपालकृष्ण शिवाकोटी, राष्ट्रिय

---

५१. श्री ५ को सरकार । *नेपाल राजपत्र* । भाग ३, खण्ड ५६, अतिरिक्तांक १० । काठमाडौं: मुद्रण विभाग ०६३ वैशाख २२

५२. "राजासहितलाई कारवाही सिफारिस अध्यक्षसहित मन्त्रिपरिषदका सदस्यहरूलाई कारवाहीका लागि कानुन बनाउन सुझाव" । *कान्तिपुर* ०६३ मंसिर ५: पृ. १

५३. "प्रेस विज्ञप्ति" । काठमाडौं: उच्चस्तरीय जाँचबुझ आयोग । ०६३ मंसिर ४

५४. पूर्ववत् ५२

५५. पूर्ववत्

५६. पूर्ववत्

५७. पूर्ववत्

मानवअधिकार आयोगका पूर्व सदस्य प्रा. कपिल श्रेष्ठलगायत् १२ जना मानवअधिकारकर्मी थिए।

३.५ शाही सरकारका मन्त्रीहरूको गिरफ्तारी र थुना

जनआन्दोलन दमन गर्न मानवअधिकार उल्लंघन गर्ने शाही सरकारका पाँचजना मन्त्रीहरूलाई लोकतान्त्रिक सरकारले गिरफ्तार गरी थुनामा राखेको थियो। पक्राउ पर्ने शाही सरकारका मन्त्रीहरूमा कमल थापा, टंक ढकाल, रमेशनाथ पाण्डे, श्रीसशमशेर जबरा र निक्षशमशेर जबरा थिए।

जनआन्दोलनका दमनकारीमाथि छानविन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको सिफारिसमा ०६३ वैशाख २९ गते उनीहरूलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको थियो। उनीहरूले प्रमाण लोप गर्नसक्ने आधारमा आयोगले थुनामा राख्न सरकारलाई पत्र लेखेको थियो। जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनअधिकारलाई खलल् पुऱ्याउने किसिमको गोप्य बैठकलगायत्का षडयन्त्रमूलक क्रियाकलापमा संलग्न भएको बुझिन आएकोले त्यस्तो कार्य गर्नबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्था तत्काल खलल् पुग्नसक्ने भन्दै सरकारले सार्वजनिक सुरक्षा ऐनअन्तर्गत उनीहरूलाई पक्राउ गरेको थियो।[५८]

तर त्यसक्रममा उचित कानुनी प्रक्रिया अवलम्बन गरेको पाइएन। उचित र पर्याप्त आधार विना गैरकानुनी थुनामा राखेको भन्दै सर्वोच्च अदालतले उनीहरूलाई रिहा गर्ने आदेश दियो। रमेशनाथ पाण्डे, श्रीशशमशेर जबरा र निक्षशमशेर जबरालाई ०६३ जेठ २१ गते तथा कमल थापा र टंक ढकाललाई असार ४ गते थुना मुक्त गर्ने आदेश दिइएको थियो।[५९]

नेपालस्थित ओएचसीएचआरले उनीहरूलाई निवारक नजरबन्दमा राख्न सार्वजनिक सुरक्षा ऐनको प्रयोग गरिएकोमा आपत्ति जनाउँदै अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको उल्लंघन भएको जनाएको थियो। विधिको शासनको पालना गर्न र मानवअधिकारको पूर्ण सम्मान गर्न सरकारलाई नयाँ मापदण्डहरूको तर्जुमा गर्न उक्त कार्यालयले आग्रह गरेको थियो।[६०] त्यसैगरी मानवअधिकार उल्लंघनमा जिम्मेवारहरूलाई न्यायिक कठघरामा उभ्याइनुपर्ने कुरा पनि ओएचसीएचआरले उल्लेख गरेको थियो।

३.६ सरकार माओवादी वार्ता र युद्ध समाप्ति

यो वर्षको सबैभन्दा महत्वपूर्ण कार्य सरकार र माओवादी बीच वार्ताद्वारा १० वर्षे द्वन्द्वको अन्त्य गर्ने रह्यो। लोकतन्त्रको स्थापनापश्चात् शुरू भएको सरकार-माओवादी वार्ताले अन्ततः एक दशक लामो सशस्त्र द्वन्द्व समाप्त गऱ्यो। ०६३ मंसिर ५ गते सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। विस्तृत शान्ति सम्झौतामा युद्ध समाप्तिको प्रावधानमा सहमति भई हस्ताक्षर भएपछि औपचारिक रूपमा उक्त युद्ध समाप्त भएको हो।

विस्तृत शान्ति सम्झौतासम्म आइपुग्न धेरै चरणहरू पार भएका थिए। युद्धविराम, सरकार माओवादी वार्ता टोलीहरूको गठन, शीर्ष नेताहरूको बैठक, वार्ता टोलीहरूबीच विभिन्न समयमा भएका बैठक र वार्ताहरू, युद्धविराम आचारसंहिता निर्माणलगायत्का चरण पार हुँदै युद्धको समाप्ति भएको हो।

युद्ध समाप्तिको चरणसम्म आइपुग्नका लागि प्रमुख आधार र शुरूवात ०६२ मंसिर ७ गते सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारी थियो। जनआन्दोलनबाट प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि माओवादीले वैशाख १३ गते तीन महिनाको लागि युद्धविराम घोषणा गरेको थियो भने साउन १२ गते त्यसलाई निरन्तरता दिएको थियो।[६१] सरकारले ०६३ वैशाख २० गते युद्धविराम घोषणा गरी माओवादीलाई वार्ताका लागि आह्वान गरेको थियो। त्यसपछि माओवादीले वैशाख ३० गते कृष्णबहादुर महराको नेतृत्वमा देव गुरूङ र दीनानाथ शर्मा रहेको तीन सदस्यीय वार्ता टोली गठन गरेको थियो। सरकारले ०६३ जेठ ५ गते गृहमन्त्री कृष्णप्रसाद सिटौलाको नेतृत्वमा गठन गरेको सरकारी वार्ता टोलीमा जेठ ११ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवाली र यातायात तथा श्रमराज्य मन्त्री रमेश लेखकलाई सदस्य थप गरी वार्ता टोलीलाई पूर्णता दिएको थियो।

सरकारी वार्ता टोलीले पूर्णता पाएपछि काठमाडौंको गोकर्णमा ०६३ जेठ १२ गते सरकार र माओवादीबीच भएको वार्ताबाट २५ बुँदे युद्धविराम आचारसंहितामा सहमति भएको थियो।

सरकार र माओवादीबीच शान्ति वार्ताका लागि वातावरण तयार गर्न सरकारले आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत

---

५८. इन्सेक । *लोकतन्त्र प्राप्तिका सय दिनमा मानवअधिकारको स्थिति* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। ०६३ । पृ. १३-१४

५९. पूर्ववत्

६०. ओएचसीएचआर-नेपाल । "सार्वजनिक सुरक्षा ऐन प्रयोगका सम्बन्धमा नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयद्वारा गृह मन्त्रालयसमक्ष चिन्ता व्यक्त" । *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय । १७ मे २००६

६१. नेकपा (माओवादी) । *विज्ञप्ति* । ०६३ वैशाख १३ र साउन १२

लगाएका मुद्दाहरू ०६३ जेठ ११ गते फिर्ता लिई नेपालका सबै जेलमा रहेका माओवादी बन्दीहरू रिहा गर्ने निर्णय गऱ्यो र प्रक्रिया पूरा गरी त्यस्ता बन्दीहरू रिहा गरेको थियो।

सरकार र माओवादी वार्ता टोलीको ०६३ असार १ गते होटल हिमालय, ललितपुरमा भएको वार्ताद्वारा युद्धविराम आचारसंहिताको अनुगमनका लागि नागरिक अनुगमन समिति गठन गरियो। समितिमा नागरिक समाजका प्रतिनिधिसहित ३१ सदस्य रहेका थिए। अनुगमनका लागि असार १ गते डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उक्तसमिति गठन गरिएकोमा डा. पाण्डेले त्यसमा रहन अस्वीकार गरेपछि ०६३ असार १२ गते दलहरू र माओवादीबीच सहमति भई डा. वीरेन्द्रप्रसाद मिश्रको संयोजकत्वमा समितिलाई निरन्तरता दिइयो।[६२] त्यसैगरी वार्तामा पर्यवेक्षकका रूपमा नागरिक समाजमा ५ जना सदस्य रहेको समिति गठन गरेको थियो। असार २ गते सात दल र माओवादीका शीर्ष नेताहरूको शिखर वार्ता प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न भयो। बैठकले अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकार बनाई संविधानसभा निर्वाचनको मिति घोषणा गर्ने निर्णय गरेको थियो। पुनर्स्थापित संसद र माओवादीको जनसरकार भंग गर्नुअघि अन्तरिम संविधान निर्माण तथा सोही संविधानका आधारमा अन्तरिम सरकार गठन र संविधानसभा निर्वाचनको मिति घोषणा गर्ने सहमति भएको थियो। बैठकमा संविधानसभाको निर्वाचन निष्पक्ष बनाउने र उक्त निर्वाचनमार्फत् वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक लगायत्का समस्याहरूको समाधान गर्नेगरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने सहमति भएको थियो।[६३] बैठकमा भएका सहमतिका बुँदाहरूलाई दल र माओवादीले ८ बुँदामा संयोजन गरेका थिए।

०६३ असार २ गतेको शिखर वार्ताले तय गरेबमोजिमको कार्य सम्पन्न गर्न ढिलाई भएका कारण धेरै खालका टिका टिप्पणीहरू भए। राज्य पक्ष र माओवादी दुवै आफैले तयार गरी लागू गरेको युद्धविराम आचारसंहिताको पालनामा गम्भीर देखिएनन्। उनीहरू बीच चर्को आरोप-प्रत्यारोप चल्यो। सरकारले माओवादीको हतियार र सेना व्यवस्थापनलाई प्राथमिकता दियो भने माओवादीले अन्तरिम संविधान, व्यवस्थापिका र अन्तरिम सरकारको राजनीतिक मुद्दालाई प्राथमिकता दियो।[६४]

सरकार र माओवादीबीच भएका विगतका सबै सहमति र समझदारीहरूको इमान्दारीपूर्वक पालना नभएको र तिनीहरूको कार्यान्वयनमा बाधा उत्पन्न भएको एवम् दुवै तर्फबाट एक-अर्काका क्रियाकलापप्रति चर्को टिप्पणी भइरहेको सन्दर्भमा दुवै पक्षबीच सम्पन्न अनौचारिक वार्ता र छलफलहरूले भने शान्तिपूर्ण राजनीतिक निकास र युद्ध समाप्तिको प्रक्रियालाई अगाडि बढायो।

अन्तरिम संविधान मस्यौदा समितिले अन्तरिम संविधानको मस्यौदा बुझाइसकेपछि राजनीतिक सहमतिले टुंगो लगाउने विषयमा भएका खाली ठाउँहरू पूरा गरी संविधानलाई पूर्णता दिनुपर्ने अवस्था सृजना भइरहेको अवस्थामा ०६३ कात्तिक २२ गते सम्पन्न सात दल र माओवादीबीच शीर्ष बैठक सम्पन्न भयो। उक्त बैठकले भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तनसमेतका लागि ०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्षरूपले संविधानसभाको निर्वाचन गर्नका लागि विगतका सहमति र समझदारीलाई कार्यान्वयन गर्न समय तालिका[६५] तय गऱ्यो। साथै, सेना र हतियार व्यवस्थापन, अन्तरिम संविधान, द्वन्द्व पीडितहरूको व्यवस्थापन समेतका विषयमा निर्णय गरेको थियो।

शीर्ष बैठकको निर्णयबमोजिम पहिलो मुख्य विषय रहेको विस्तृत शान्ति सम्झौतामा कात्तिक ३० गते हस्ताक्षर गर्ने सहमति भएको थियो। शान्ति प्रक्रियासम्बन्धी कार्य गर्नका लागि सरकारले ०६३ असार १ गते नेपाली काँग्रेसका महामन्त्री रामचन्द्र पौडेलको संयोजकत्वमा ९ सदस्यीय शान्ति समिति गठन गरेको थियो। शान्ति समितिले तयार पारेको मस्यौदाउपर माओवादी र सरकारबीच सहमतिपश्चात् मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भयो।

विस्तृत शान्ति सम्झौताले विगतदेखि विद्यमान राजनीतिक, आर्थिक, सामाजिक असमानता अन्त्य गर्ने, त्यसको रूपान्तरण र द्वन्द्व व्यवस्थापन गर्ने, सेना र हतियारको व्यवस्थापन गर्ने, सैन्य कारवाही र सशस्त्र परिचालनको अन्त्य, मानवअधिकार, मौलिक अधिकार र

---

६२. पूर्ववत ५१ । पृ. २४

६३. "सात दल र नेकपा (माओवादी) बीच भएको ८ बुँदे सहमति"। बुँदा नं. ६ र ७ । *www.peace.gov.np/admin/doc/8-point%20agreement.pdf* । ०६३ असार २

६४. "युद्धविराम आचासंहिता अनुगमन दोश्रो प्रतिवेदन" । काठमाडौं: युद्ध विराम आचारसंहिता नागरिक अनुगमन समिति । ०६३

६५. "सातदल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णयहरू" । *www.peace.gov.np/admin/doc/Decisions%20of%20SPA%20and%20Maoist%20on%20%20Kartik22.pdf* । ०६३ कात्तिक २२

मानवीय कानुनको परिपालनाका मुख्य विषयवस्तु समेटेको छ।

शान्ति सम्झौतामा युद्धको समाप्तिसँगै मानवअधिकारको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धता, कुनै खालको विभेद हुन नदिने कुरामा सहमति गरिएको छ। त्यसैगरी नागरिक, राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोगको वातावरण सृजना गर्ने, दण्डहीनतालाई प्रश्रय नदिने, द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने, महिला र बालबालिकाको अधिकारको विशेष संरक्षण गर्ने कुरा सम्झौतामा उल्लेख छ। सम्झौतामा उल्लेखित व्यवस्थाहरूको उल्लंघन गर्नेहरूलाई कानुनबमोजिम सजाय गर्ने व्यवस्था पनि गरिएको छ।

३.७ संयुक्त राष्ट्रसंघको संलग्नता

आठ बुँदे सहमतिको बुँदा नं. ३ मा उल्लेख भएबमोजिम संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियार व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई सरकारले ०६३ असार १८ गते संयुक्त राष्ट्रसंघलाई हतियार व्यवस्थापन, संविधानसभाको निर्वाचन अनुगमनलगायत्का विषयमा पत्र[६६] पठाएकोमा माओवादीले आफ्नो सहमतिबिना पत्र पठाएको भनी आफ्नो तर्फबाट साउन ८ गते छुट्टै पत्र संयुक्त राष्ट्रसंघलाई पठायो। ती पत्रको आधारमा स्टेफेन डी मिस्टुराको नेतृत्वमा संयुक्त राष्ट्रसंघीय विशेष टोली स्थिति अध्ययनका लागि ०६३ साउन १० गते नेपाल आई[६७] सरकार, माओवादीलगायत्का सरोकारवालाहरूसँग भेट गरी राष्ट्रसंघको सहयोगका लागि सरकार तथा माओवादीलाई तत्काल संयुक्त धारणा बनाउन अनुरोध गऱ्यो। सो अनुरोधबमोजिम, सरकार र माओवादीबीच शान्ति प्रक्रिया र स्वच्छ तथा निष्पक्ष संविधानसभाको निर्वाचनका लागि सहयोग पुऱ्याउन अनुरोध गरिएको ५ बुँदे सहमतिपत्र तयार भयो, जसलाई ०६३ साउन २४ गते दुवै पक्षका तर्फबाट राष्ट्रसंघसमक्ष पठाइयो।

सोही संयुक्त पत्रबमोजिम राष्ट्रसंघले हतियार व्यवस्थापनसहित शान्ति प्रक्रियामा स्थायी सहयोगीको भूमिका निर्वाह गर्न नेपालस्थित ओएचसीएचआरका तत्कालीन प्रमुख इयान मार्टिनलाई जिम्मेवारी दिइएको थियो, उनलाई पछि राष्ट्रसंघीय महासचिवका स्वकीय प्रतिनिधिको जिम्मेवारी प्रदान गरियो।

सरकार र माओवादीबीच मंसिर ५ गते शान्ति सम्झौता सम्पन्न भएपश्चात् दुवै पक्षका सेना तथा हतियार व्यवस्थापनका लागि संयुक्त राष्टसंघीय सहयोग मिसनका प्रमुख इयान मार्टिनको उपस्थितिमा ०६३ मंसिर २२ गते दुवै पक्षबीच हतियार व्यवस्थापन सम्झौता सम्पन्न भयो। सो सम्झौताबमोजिम हतियार व्यवस्थापनको प्रक्रिया अगाडि बढ्यो।

३.८ अन्तरिम संविधानको मस्यौदाः मानवअधिकार उल्लंघनकर्तालाई छूट

सरकार माओवादी वार्ता तथा सातदल र माओवादीका शीर्ष बैठकहरू समेतले पटक-पटक गरेका सहमति, समझदारी र निर्णयहरूले अन्तरिम संविधान निर्माण गरी संक्रमणकालको व्यवस्थापन गर्ने र संविधानसभामार्फत जनताको इच्छा चाहनाबमोजिम नयाँ संविधान निर्माण गर्ने लक्ष्य राखिएको थियो। यो वर्षको अन्त्यसम्म अन्तरिम संविधानमा सहमति भए पनि जारी हुन सकेन।

अन्तरिम संविधान मस्यौदा समितिले विभिन्न विकल्प र खाली राखी ०६३ भदौ ९ गते सरकार माओवादी वार्ता टोलीलाई बुझाएको अन्तरिम संविधानको मस्यौदालाई सात राजनीतक दलको शीर्ष बैठकले ०६३ पुस १ गते पूर्णता दिई जारी गर्ने सहमत भएको थियो। अन्तरिम संविधानलाई पूर्णता दिए पनि नेकपा (एमाले) ले संविधानसभाको निर्वाचनका लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली हुनु पर्ने भनी छुट्टै मत राखेको थियो भने नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम हुनुपर्नेलगायत्का धाारणा राखी सात दलबीच सहमति भएको अन्तरिम संविधानप्रति विरोध जनाएको थियो।

अन्तरिम सविधानमा धेरै मौलिक अधिकारहरू समेट्ने प्रयास गरे पनि मानवअधिकार उल्लंघनकर्ताहरूलाई सजायबाट उन्मुक्ति दिइयो। सहमति भएको उक्त अन्तरिम संविधानमा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्नेहरूलाई पश्चातदर्शी कानुन बनाएर भए पनि सजाय गर्न सक्ने प्रावधान हुनु पर्ने भनी मानवअधिकार समुदायबाट आवाज उठे पनि त्यो प्रावधान राखिएन। सोही प्रावधान नभएका कारण मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नभएको यथार्थलाई पुनः बिर्सेर ०६२/०६३ को जनआन्दोलन दमन गर्नेहरूलाई छूट दिइयो। अन्तरिम संविधान मस्यौदा समितिले बुझाएको मस्यौदाको धारा २५(४) को प्रतिबन्धात्मक वाक्यांशमा युद्ध, अपराध र मानवताविरूद्धको

६६. इन्सेक । *प्राची द्वैमासिक* । पूर्णाङ्क ५९ ०६३ साउनः पृ. ३० र पूर्ववत् ५८ र ५९ पृ. २६
६७. पूर्ववत् । पृ. २६

अपराधसम्बन्धी कसूरमा पश्चातदर्शी असर हुने गरी कानुन बनाई मुद्दा चलाउन र सजाय गर्न सकिने व्यवस्था गरिएको थियो। तर सात दल र माओवादीहरूले सहमति गर्दा सो प्रावधान पनि हटाइयो। यो प्रवृत्ति नेपालमा लामो समयदेखिको विद्यमान दण्डहीनतालाई संस्थागत गर्ने प्रयासबाहेक अरू केही हुन सक्दैन।

त्यसैगरी मस्यौदामा राखिएको बाधा अड्काउ फुकाउने अधिकार र संकटकालीन व्यवस्था फेरी अर्को निरंकुशता जन्माउने प्रकृतिको छ।[६८] प्रधानमन्त्रीलाई अनियन्त्रित अधिकार दिइएको छ। यस्तो अधिकार प्रदान गर्ने संवैधानिक प्रावधानले अर्को निरंकुशता जन्माउने खतरा रहन्छ।[६९]

उल्लेखित बाहेक सहमति भएको अन्तरिम संविधानको मस्यौदामा केही राम्रा प्रवधानहरू पनि रहेका छन्। संविधानसभाको निर्वाचन सम्पन्न गर्नु राज्यको प्रमुख दायित्व भएको सहमति भएको उक्त मस्यौदामा उल्लेख छ। स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा जातीय भेदभाव विरूद्धको हक, प्रकाशन प्रसारण तथा छापाखानासम्बन्धी हक, वातावरण र स्वास्थ्यसम्बन्धी हक, शिक्षा तथा संस्कृतिसम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्मसम्बन्धी हक, न्यायसम्बन्धी हक, यातना विरूद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषणविरूद्धको हक, श्रमसम्बन्धी हक, देश निकालाविरूद्धको हक र संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा राखिएको छ।[७०]

मस्यौदाले राज्यलाई दायित्व पनि तोकेको छ। ती दायित्वहरूमा प्रमुखरूपमा संविधानसभाको निर्वाचन गर्ने, प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, स्वतन्त्र र सक्षम न्याय प्रणाली तथा कानुनी राज्यको अवधारणालाई शान्तिपूर्ण रूपमा उपभोग गर्न पाउने वातावरण सृजना गर्ने विद्यमान असमानता र समस्याहरूको समाधान गर्ने, राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा सबै प्रकारका विभेदकारी कानुनको अन्त्य गर्ने रहेका छन्।[७१]

०६३ असार २ गते प्रधानमन्त्री निवास बालुवाटारमा भएको सात दल र माओवादीको शिखरवार्तालि अन्तरिम संविधानको मस्यौदा तयार गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको थियो। उक्त समितिका सदस्यहरूमा हरिहर दाहाल, सिन्धुनाथ प्याकुरेल, शम्भु थापा, महादेव यादव र खिमलाल देवकोटा रहेका थिए। समितिलाई

प्रकोष्ठ : ५

अन्तरिम संविधान मस्यौदा समिति

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा मिति २०६३।३।२ मा सम्पन्न तेस्रो वार्ताको सहमति अनुसार सोही मितिमा अन्तरिम संविधान मस्यौदा समिति गठन भएको हो। शुरुमा एकजना संयोजकसहित ६ सदस्यीय समिति गठन भएकोमा मिति २०६३।३।३१ गतेको नेपाल सरकार र ने.क.पा (माओवादी)का बीच भएको सहमति अनुसार ९ जना सदस्यहरु थप गरी उक्त समितिलाई १५ सदस्यीय बनाइयो। सोही मितिमा भएको अर्को सहमति अनुसार समितिको लागि शुरुमा तोकिएको १५ दिनको कार्यावधिमा १० दिन थप गरी २०६३।३।२१ गतेबाट २५ दिन कायम गरिएको थियो। साथै समितिमा एकजना दलित अधिवक्ता समेतको प्रतिनिधित्व गराइने उक्त मितिको सहमति अनुसार मिति २०६३।४।१४ गतेको नेपाल सरकार र ने.क.पा. (माओवादी)का बीचको वैठकको निर्णय अनुसार मस्यौदा समितिमा पुन: १ जना सदस्य थप गरी समितिलाई देहाय बमोजिम १६ सदस्यीय कायम गरियो।

१. श्री लक्ष्मण अर्याल	संयोजक
२. श्री सिन्धुनाथ प्याकुरेल	सदस्य
३. श्री महादेव यादव	सदस्य
४. श्री हरिहर दाहाल	सदस्य
५. श्री शम्भु थापा	सदस्य
६. श्री खिमलाल देवकोटा	सदस्य
७. श्री अग्नि खरेल	सदस्य
८. श्री पुष्पा भुसाल	सदस्य
९. श्री सुशिला कार्की	सदस्य
१० श्री छत्र कुमारी गुरुङ	सदस्य
११. श्री शान्ता राई (शान्ति कुमारी राई)	सदस्य
१२. श्री सुनिल प्रजापति	सदस्य
१३. श्री पर्शुराम झा	सदस्य
१४. श्री चण्डेश्वर श्रेष्ठ	सदस्य
१५. श्री कुमार योञ्जन तामाङ	सदस्य
१६. श्री मीनबहादुर विश्वकर्मा	सदस्य

६८. अन्तरिम संविधानको मस्यौदा-२०६३ । धारा १५८, १४३(६) (८)

६९. पूर्ववत् । धारा ३८, ४०, ५१, ५२, ६९, १०३, ११७, १३१(३), १४५, १४९, १५२, १५९(२)

७०. पूर्ववत् । भाग ३

७१. पूर्ववत् । भाग ४ धारा ३३

शुरूमा १५ दिनको म्याद दिइएको थियो।

उक्त समितिमा दलको प्रतिनिधित्व नभएको भन्दै आफ्ना प्रतिनिधि थप गर्ने प्रयास गरियो। जनआन्दोलनको भावनाबमोजिम समिति समावेशी नभएको भन्दै सबै तिरबाट विरोधका स्वरहरू उर्लिए। महिलाहरूले त सिंहदरबार अगाडि धर्ना नै दिए। परिणामस्वरूप ०६३ असार ३१ गते नेपाल सरकार र माओवादीबीच भएको सहमति अनुसार ९ जना थप गरी १५ सदस्यीय समिति कायम गरियो भने ०६३ साउन १४ गते दलित समुदायको तर्फबाट एकजना सदस्य थप गरी १६ सदस्यीय समिति कायम गरियो।

समितिलाई ०४६ सालको जनआन्दोलनबाट प्राप्त जनअधिकार, सात दल र नेकपा माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिबद्धता, ०६२/६३ को ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरू सुनिश्चित गर्दै ०६३ जेठ १२ गते नेपाल सरकार र नेकपा माओवादीबीच सहमति भएको युद्धविराम आचारसंहिताको प्रस्तावनाको भावना अनुरूप अन्तरिम संविधानको मस्यौदा तयार गर्न कार्यादेश दिइएको थियो।[७२]

३.९ लोकतान्त्रिक सरकारद्वारा शान्तिपूर्ण प्रदर्शनमा रोक

लोकतान्त्रिक सरकारले राजाको प्रत्यक्ष शासनमा झैं शान्तिपूर्ण भेला हुने र प्रदर्शन गर्न पाउने अधिकारमाथि बन्देज लगाउँदै सिंहदरबार वरिपरिका निश्चित क्षेत्रहरूलाई निषेधित क्षेत्र घोषणा गऱ्यो।

०६३ जेठ ३ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंले शान्ति-सुव्यवस्था र सुरक्षा कायम राख्ने प्रयोजनका लागि भन्दै काठमाडौं महानगरपालिकाका निश्चित स्थानहरूमा राष्ट्रियस्तरमा मनाइने पर्व तथा विशुद्ध सांस्कृतिक कार्यक्रमबाहेकका कुनै सभा, जुलुस, धर्ना, घेराउ, अनसन आदि गर्न-गराउन निषेध गऱ्यो। निषेधित क्षेत्रअन्तर्गत काठमाडौंको हात्तिसार, जयनेपाल चित्रघरदेखि नागपोखरीसम्म, नागपोखरीदेखि पूर्व र उत्तर सडक हुँदै लैनचौरसम्म, लैनचौरदेखि राजदरबार दक्षिणढोका, बहादुर भवन, राष्ट्रिय नाचघर, तीनधारा पाठशाला अगाडि महेन्द्रको शालिकदेखि उत्तर राजदरबारसम्मका सम्पूर्ण क्षेत्रमा कुनै पनि धर्ना जुलुस, सभा गर्न नपाइने गरी निषेध गरिएको थियो। त्यसैगरी माइतीघर चोक, राष्ट्रिय अभिलेखालयदेखि पूर्व सिंहदरबार दक्षिण ढोका हुँदै हनुमानस्थानसम्म र सोदेखि उत्तर अनामनगर हुँदै रामशाहपथ पद्मोदय मार्गको मोडदेखि दक्षिण सिंहदरबार हुँदै राष्ट्रिय अभिलेखालय र भद्रकालीदेखि सिंहदरबारसम्मको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको थियो।[७३]

०६२/०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धिहरू संस्थागत गर्न ढिलाई भएको र सातदल निरंकुशतालाई जोगाउने प्रयासमा रहेको आरोप लगाउँदै तत्काल प्रतिनिधिसभाको घोषणा गर्नुपर्नेलगायत्का आवाज उठाउँदै विरोध प्रदर्शन, धर्ना, सभा-जुलुसहरू गरिएका थिए। प्रतिनिधिसभा घोषणामा ढिलाई भएका कारण आक्रोशित जनताले राजधानीलगायत्का ठाउँहरूमा प्रदर्शन र तोडफोड शुरू गरेका थिए।

३.१० सञ्चार माध्यममाथि प्रतिबन्ध

सरकारले नेपाल टेलिभिजनबाट प्रशारण हुने "सार्वजनिक सुनुवाई" कार्यक्रममाथि ०६३ मंसिर १७ गते रोक लगाएर उसका काम-कारवाहीहरूको आलोचना गर्न पाउने नागरिक अधिकार कुण्ठित गर्ने प्रयास गऱ्यो।

प्रतिनिधिसभाबाट पारित नागरिकता ऐनलाई लिएर ०६३ मंसिर ११ गते प्रशारण गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमले राष्ट्रिय अखण्डता र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याएको आरोप लगाउँदै नेपाल टेलिभिजन बोर्डले कार्यक्रम प्रशारणमा रोक लगाएको थियो। कार्यक्रम सेन्सर नगरेको भनी नेपाल टेलिभिजन कार्यक्रम शाखाका लय संग्रौलासहितलाई स्पष्टीकरणसमेत माग गरिएको थियो।

सरकारले संविधान र सञ्चारसम्बन्धी कानुन विपरीत कार्य गरेकाले त्यसको जतातैबाट विरोध[७४] भएपछि ०६३ मंसिर १९ गते आइन्दा त्यस्ता प्रकृतिका कार्यक्रम प्रशारण नगर्ने शर्तमा कार्यक्रम प्रशारण गर्न फुकुवा गरिएको थियो।

३.११ निरंकुशताका स्वरूपहरू अन्त्य

निरंकुशतालाई अन्त्य गरी लोकतन्त्र स्थापनासँगै निरंकुशतालाई अन्त्य गर्ने प्रक्रियाहरू यो वर्ष तीव्र रूपमा अगाडि बढ्यो। सरकार माओवादी र सात राजनीतिक दलसमेतको सहमतिमा यो प्रक्रिया अगाडि बढ्यो।

निरंकुशता अन्त्यको मुख्य शुरूवात ०६२ चैत २४ गतेदेखिको आम हड्ताल र जनआन्दोलनमा परिणत भएको उक्त आन्दोलन थियो। आन्दोलनमा निरंकुशता अन्त्यका खातिर सपुतहरूले आफ्नो जीवन आहुती दिए।

---

७२. "अन्तरिम संविधान मस्यौदा समितिको गठन सम्बन्धी विभिन्न सहमतिहरू" । *www.peace.gov.np/admin/doc/Different%20areements%20on%20ICDC.pdf* । ०६३ असार २

७३. "निषेधित क्षेत्र घोषणा"। *गोरखापत्र* ०६३ जेठ ४: पृ. १

७४. "सार्वजनिक सुनुवाइमा रोक" । *कान्तिपुर दैनिक* ०६३ मंसिर १८: पृ. २

जनआन्दोलनले निरंकुश राजा ज्ञानेन्द्रलाई निरंकुशता त्यागी जनताले चाहेबमोजिमको शासन स्थापनाको बाटो खुला गरी दिन बाध्य पाऱ्यो। सो कार्यका लागि अन्तर्राष्ट्रिय समुदायले खेलेको भूमिका पनि त्यतिकै महत्वपूर्ण रह्यो। फलस्वरूप ०६३ वैशाख ११ गते राती १०.४५ बजे राजाले सात दलको मार्ग चित्रका आधारमा हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न ०५९ जेठ ८ गते विघटित प्रतिनिधिसभाको पुनर्स्थापना भएको घोषणा गर्नु पऱ्यो।[७५]

पुनर्स्थापित प्रतिनिधिसभाको ०६३ वैशाख १५ गते बसेको पहिलो बैठकले नेपालमा विद्यमान संकटको निकास दिन संविधानसभाको निर्वाचन गरी नयाँ संविधान निर्माण गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो। प्रतिनिधिसभाको विशेष बैठकमा नेपाली काँग्रेसमा सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उक्त प्रस्ताव राख्नुभएको थियो भने समर्थकमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, जनमोर्चाका लिलामणि पोखरेल, नेमकिपाका नारायणमान विजुक्छे र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का हृदयेश त्रिपाठी रहनुभएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")*

३.११.१ नगर निर्वाचनको खारेजी

राजाको सरकारले ०६२ माघ २६ गते सम्पन्न गराएको नगर निर्वाचन लोकतन्त्र स्थापनापश्चात् गठित मन्त्रिपरिषद्को ०६३ वैशाख २० गते बसेको बैठकले खारेज गऱ्यो। तत्कालीन सरकारले सात राजनीनिक दल, माओवादीलगायत्को बहिष्कार र देशव्यापी विरोध प्रदर्शनका बावजुद शान्तिपूर्ण भेलाहरूमा समेत व्यापक बल प्रयोग गरी जबर्जस्ती नगर निर्वाचन गराएको थियो।

३.११.२ स्थानीय निकायको मनोनयन र प्रशासकहरूको खारेजी

मन्त्रिपरिषदको ०६३ वैशाख २० गते बसेको बैठकले शाही सरकारले जिल्ला विकास समितिलगायत् स्थानीय निकायमा गरेका सबै मनोनयन खारेज गऱ्यो। यसका साथै शाही शासन अवधिमा नियुक्त क्षेत्रीय र अञ्चल प्रशासकहरूको खोरजी पनि सोही बैठकले गरेको थियो।

३.११.३ राजनीतिक नियुक्तिहरू खारेज

मन्त्रिपरिषद्ले ०५९ असोज १८ गतेपछि गरिएका सम्पूर्ण राजनीतिक निर्णयहरू खारेज गऱ्यो। असोज १८ पछि संस्थान, प्राधिकरण, निगमलगायत्मा गरिएका सबै राजनीतिक नियुक्ति मन्त्रिपरिषद्को ०६३ वैशाख २४ गतेको निर्णयले खारेज गरेको हो। त्यसैगरी बाह्र देशका राजदुतहरूलाई पनि फिर्ता बोलाइयो। ०५९ असोज १८ मा राजा ज्ञानेन्द्रले तत्कालीन जननिर्वाचित सरकारलाई अपदस्थ गरी आफैद्वारा मनोनित सरकारहरू गठन गरेका थिए। ०६१ माघ १९ गते उनले आफ्नै अध्यक्षतामा सरकार गठन गरेका थिए।

३.११.४ ऐन तथा अध्यादेशहरूको खारेजी र संशोधन

शाही सरकारद्वारा जारी गरिएका मानवअधिकारविरोधी अध्यादेशहरू लोकतन्त्र बहालीपछि खारेज गरिए। ०६३ वैशाख २६ गते सञ्चार अध्यादेश, सूचना गतिविधि प्रतिष्ठान, स्थानीय प्रशासन, समाज कल्याण, निर्वाचनसम्बन्धी र वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज गरी ६ अध्यादेशहरू खारेज गरिए[७६] भने ०६३ जेठ २९ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश खारेज गरियो।

राजालाई सबै ऐन-कानुन र नियमहरूबाट अधिकारविहीन बनाउने क्रममा अधिकार कटौति गर्दै सरकारले ०६३ साउन १ गते १६ वटा ऐनको खारेजी र २३ वटा ऐन संशोधन गऱ्यो। ती ऐनहरू राजालाई अधिकार प्रदान गर्न संशोधन गरिएका थिए। राजाले गर्ने नियुक्ति, मनोनयन, पदस्थापन, बढुवा, तलब वृद्धिजस्ता स्वविवेकीय र कानुनी सबै अधिकारहरू कटौती गर्ने क्रममा सरकारले यस्तो निर्णय गरेको थियो। सो निर्णयबमोजिम खारेज तथा संशोधन गरिएको ऐनहरू प्रतिनिधिसभाबाट पारित गरिएको थियो। सरकारले प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङ्को अध्यक्षतामा गठन गरेको प्रतिनिधिसभा घोषणा कार्यान्वयन समितिको सिफारिसमा उक्त निर्णय गरिएको हो।

३.११.५ प्रतिनिधिसभा घोषणा

सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा ०६३ जेठ ४ गते प्रस्तावित प्रतिनिधिसभा घोषणाले राजाका अधिकारहरूमा व्यापक कटौती गऱ्यो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")* उक्त घोषणाले

---

७५. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=28* । ०६३ वैशाख ११

७६. श्री ५ को सरकार । *नेपाल राजपत्र* । अतिरिक्तांक १०(क) । काठमाडौं: मुद्रण विभाग । ०६३ वैशाख २९

नेपाल अधिराज्यको संविधान २०४७ लाई पनि संशोधन गर्दै श्री ५ को सरकारलाई नेपाल सरकार र शाही नेपाली सेनालाई नेपाली सेना घोषणा गऱ्यो। सेनाको परमाधिपति राजा हुने व्यवस्थालाई खारेज गऱ्यो भने सेना संसदको मातहत रहने व्यवस्था गऱ्यो। राजपरिषदको खारेजी, राजाको सम्पत्तिमा कर लाग्ने, राजाका बारेमा अदालतमा प्रश्न आउन पाइने, श्री ५ को खर्च प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेलगायत्का व्यवस्था गरी निरंकुशताका संयन्त्रहरू अन्त्य गरियो।

३.११.६ राजदरबार सैनिक सचिवालयको खारेजी

राजाका अधिकार कटौती गर्ने र निरंकुशताका सबै स्वरूपहरू अन्त्य गर्ने क्रममा सरकारले ०६३ साउन ८ गते राजदरबारभित्र रहेको प्रमुख सैनिक सचिवालय खारेज गऱ्यो। उक्त सैनिक संचिवालयले दरबार र सेनाबीच सम्पर्क र समन्वय गर्दै आएको थियो। दरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले गर्ने निर्णयसहित यस्तो कदम चालिएको थियो।

३.१२ उच्चस्तरीय मिडिया सुझाव आयोगद्वारा सुझाव पेश

आमसञ्चारका माध्यमहरूले प्रेस स्वतन्त्रताको उपयोग एवम् मर्यादित व्यावसायिक र संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नुपरेका समस्याको पहिचान गरी त्यसको समाधानका लागि सुझाव पेश गर्ने प्रमुख कार्यका लागि सरकारले राष्ट्रियसभाका तत्कालिन सदस्य तथा कानुनविद् राधेश्याम अधिकारीको अध्यक्षतामा १३ सदस्यीय उच्चस्तरीय मिडिया सुझाव आयोग गठन गरेको थियो।

आयोगलाई छापा र विद्युतीय सञ्चार माध्यमहरूको दर्ता, सञ्चालन र अनुगमन प्रक्रियामा देखिएका कमी र त्रुटिहरू हटाउन आवश्यक सुझाव दिने, आमसञ्चार माध्यमहरूको वर्गीकरण र विज्ञापन नीतिबारे सुझाव दिने र आयोगले आवश्यक देखेका मिडियासम्बन्धी सुझाव पेश गर्ने क्षेत्राधिकार तोकिएको थियो।

आयोगले सञ्चार क्षेत्रमा व्यापक सुधार र जनताका सुचनाको हक संवैधानिक तथा कानुनीरूपमा स्थापित गर्नुपर्नेलगायत्का सुझाव[६६] दिदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ०६३ भदौ ३० गते प्रतिवेदन बुझाएको थियो।

३.१३ निर्वाचन आयुक्तको नियुक्ति संविधानसभाको चुनावका लागि तयारी

संवैधानिक परिषदको सिफारिसमा ०६३ कात्तिक १३ गते भोजराज पोखरेललाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गऱ्यो। त्यसैगरी कात्तिक २६ गते निलकण्ठ उप्रेती र उषा नेपाललाई निर्वाचन आयुक्तमा नियुक्त गरियो। संविधानसभाको निर्वाचन तयारीका लागि भनी निर्वाचन आयोगलाई पूर्णता दिइए पनि राजनीतिक दलहरूले अन्तरिम संविधानको मस्यौदालाई अन्तिम रूप दिन र पर्याप्त कानुनी आधारहरू तय हुन नसकेका कारण निर्वाचन तयारीका कार्यहरू यो वर्षको अन्त्यसम्म अगाडि बढ्न सकेनन्। आयोगले निर्वाचनमा सहयोगका लागि अन्तर्राष्ट्रिय समुदायसँग छलफल अगाडि बढायो। आयोगले निर्वाचनसम्बन्धी ऐन तथा नियमावलीहरूको मस्यौदा र छलफलको कार्य भने अगाडि बढायो।

४. सम्बोधन नगरिएका प्रमुख सवालहरू

लोकतन्त्र स्थापनापश्चात् सरकारले शान्ति स्थापना, लोकतान्त्रिकरण र मानवअधिकार संरक्षण तथा प्रबर्द्धनका क्षेत्रमा अग्रगामी कदमहरू चाले पनि केही मूलभूत विषयहरू भने सम्बोधन गर्न सकेन। बेपत्ता पारिएका नागरिकहरू, द्वन्द्व पीडित एवम् मानवअधिकार उल्लंघनका घटनाहरूमा पीडित भएकाहरू, वञ्चित समुदाय, तराईलगायत्का क्षेत्रमा रहेका समुदायहरूको मानवअधिकारका सवालहरूमा गम्भीरता देखिएन। त्यसैगरी दण्डहिनताको अन्त्यजस्ता सवालहरूमा पनि ठोस कदम चालिएन।

४.१ बेपत्ता

दश वर्षे सशस्त्र द्वन्द्वको समयमा सरकार तथा माओवादीद्वारा बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा सन् २००६ मा अपेक्षित कार्य हुन सकेन। बेपत्ता नागरिकहरूको स्थिति सार्वजनिक गर्ने लगायतका विषयमा सात राजनीतिक दल, सरकार र माओवादीबीच भएका विभिन्न सहमतिमा उल्लेख गरिए पनि कार्यान्वयनमा भने बेवास्ता गरियो।

सरकार र माओवादीबीच ०६३ कात्तिक २२ गते सम्पन्न शीर्ष बैठकले राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका नागरिकहरूको सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्ने

६६. "उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन" । काठमाडौं: उच्चस्तरीय मिडिया सुझाव आयोग । ०६३ । पृ. १०-३१

निर्णय गऱ्यो।[६८] ०६३ मंसिर ५ गते माओवादी र सरकारबीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा पनि दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्ने उल्लेख गरियो।[६९] बेपत्ता पारिएका नागरिकका परिवार तथा आफन्तहरूले उनीहरूको स्थिति सार्वजनिक गर्न आन्दोलनका विभिन्न कार्यक्रम आयोजना गरे।

सरकारले सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने प्रयोजनका लागि ०६३ जेठ ११ गते मन्त्रिपरिषद्को निर्णय बमोजिम गृह मन्त्रालयका सचिव वामनप्रसाद नेउपानेको अध्यक्षतामा एक सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिले ०६३ असोज ६ गते राज्य पक्षबाट बेपत्ता पारिएका भनिएका १ सय ७४ जनाको स्थिति सार्वजनिक गरेको थियो, जसमा ६ सय २ को अवस्था अज्ञात रहेको उल्लेख गरिएको थियो। समितिले गृहमन्त्रीलाई बुझाएको प्रतिवेदन प्रतिनिधिसभामा पेश गरी सार्वजनिक गरिएको थियो। प्रतिवेदनमा ५२ जनाको मृत्यु भएको, १ सय १८ जना छानबिनपछि रिहा भएका, एक सय फरार भएका र ३ फौजदारी अभियोगमा थुनामा रहेको उल्लेख गरिएको थियो। समितिले बेपत्ता पारिएका भनिएका नागरिकहरूका बारेमा थप छानबिनका लागि स्थानीय प्रशासन, राजनीतिक दल, स्थानीय निकाय र नागरिक समाज संलग्न कार्य सञ्जाल स्थापना गरी स्थलगत अध्ययन गर्नुपर्ने र सोका लागि न्यायिक संरचना निर्माण गरी छानबिन गरिनुपर्ने सुझाव दिएको थियो।[७०]

सो बमोजिमको कार्य तत्काल अगाडि बढाउनु पर्नेमा सरकारद्वारा कुनै प्रक्रिया अगाडि बढाइएन। नेपालस्थित ओएचसीएचआरले ०६२ जेठ १२ गते काठमाडौंको महाराजगञ्जस्थित नेपाली सेनाको भैरवनाथ गणमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदन सार्वजनिक गऱ्यो। ४९ जना नेपाली नागरिकको नामसमेत उल्लेख गरी सार्वजनिक गरिएको उक्त प्रतिवेदन र चासोप्रति सरकारद्वारा कुनै गम्भीरता देखाइएन। न त माओवादीले नै यसबारे आवाज उठायो। नेपालमा दण्डहीनताको संस्कृति विकसित हुनुमा यस्ता कारकहरूको पनि प्रमुख भूमिका रहेको छ।

४.२ द्वन्द्वका कारण विस्थापन

सशस्त्र द्वन्द्वका कारणले विस्थापितहरूको पुनर्स्थापनाका लागि यो वर्ष पनि ठोस कार्य हुन सकेन। लोकतन्त्र स्थापनाभन्दा पहिले विस्थापित हुनेहरूको संख्या थपिदै थियो। तर सरकार र माओवादीबीच ०६३ जेठ १२ गते सम्पन्न वार्ताद्वारा जारी २५ बुँदे युद्धविराम आचारसंहितामा विस्थापित भएकाहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सरकार र माओवादी दुवैले सहयोग गर्ने सहमति हुन पुग्यो।[७१] ०६३ कात्तिक २२ गते सात राजनीतिक दल र माओवादीबीच सम्पन्न शिखर बैठकले विगतमा भएका सहमति र समझदारीहरू कार्यान्वयन गर्ने कुरामा जोड दिएको थियो। विगतमा भएका सहमति तथा समझदारीहरू कार्यान्वयन गर्ने सम्बन्धमा प्रमुखरूपमा उठाइएका विषयहरूमध्ये विस्थापितहरू घर फर्कने वातावरण सुनिश्चित गर्ने तथा कब्जा गरिएका घरजग्गा, सम्पत्ति फिर्ता गर्ने थिए। त्यसका लागि जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने र उक्त कार्यलाई एक महिनाभित्र पूर्णता दिने निर्णय गरिएको थियो।[७२] माओवादीले पटक-पटकका सम्झौताहरू पालना नगरेको तथा सरकारले पनि स्पष्ट कार्यक्रम र योजना तय नगरेका कारण आन्तरिक विस्थापितहरू आफ्नो घर फर्कने वातावरण सृजना हुन सकेन।

विस्थापितहरू घर फर्कने कार्यमा माओवादीको अवरोध भएको देखियो। नेकपा (माओवादी) का स्थानीय र जिल्ला तहका प्रतिनिधिहरूले विस्थपितहरूलाई घर फर्काउने केन्द्रीय सहमति र प्रतिबद्धता बेवास्ता गरेका कारण यस्ता अवरोधहरू सृजना हुनपुगे। माओवादी जनअदालत तथा समुदायका अगाडि उपस्थित भई माफी माग्न लगाउने वा उनीहरू विस्थापित हुनु पहिलेका क्रियाकलापबारे स्पष्ट पार्नुपर्ने जस्ता शर्त राखेका कारण विस्थापितहरू घर फर्कने वातावरण सृजना हुन नसकेको देखियो।[७३] ०६३ मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतामा युद्धबाट पीडित र

---

६८. पूर्ववत् ६५ । निर्णय नं. १(ख)

६९. "विस्तृत शान्ति सम्झौता २०६३" । बुँदा नं. ७(३)(२) । *www.peace.gov.np/admin/doc/Comprehensive%20Peace%20Accord-21-nov,%202006.pdf* । ०६३ मंसिर ५

७०. "बेपत्ता नागरिकहरूको स्थिति प्रतिवेदन" । काठमाडौं: बेपत्ता नागरिकहरूको स्थिति छानबिन समिति । ०६३

७१. "युद्ध विराम आचारसंहिता सम्झौता" । बुँदा नं. १८ । *www.peace.gov.np/admin/doc/25%20Points%20Achar%20Samhita-jetha.12,%202063.pdf* । ०६३ जेठ १२

७२. पूर्ववत् ६५ र ७८ । निर्णय नं. १(क)

७३. ओएचसीएचआर-नेपाल । *मानवअधिकारको प्रबर्द्धन र संरक्षण : मानवअधिकारको स्थिति र विशेष समाधिक्षक र प्रतिनिधिहरूका प्रतिवेदनहरू* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय । ०६३ भदौ ३० । पृ. १५

विस्थापित व्यक्तिहरूको राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने र त्यसमार्फत् विस्थापितहरूसमेतका कार्य अगाडि बढाउने सहमति भएको थियो।[८४] सोबमोजिम नेपाल सरकारले आन्तरिक विस्थापितहरूको अभिलेख संकलनका लागि आफू विस्थापित भई बसेको जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न भनी सूचना जारी गरेको थियो।[८५] यसैगरी आन्तरिकरूपमा विस्थापित भएकाहरूको पुनर्स्थापनाका लागि सरकारले गृह मन्त्रालयमार्फत् कार्य शुरू गरेको उल्लेख गरिएको थियो।[८६]

०६३ वैशाखमा युद्धविराम र त्यसलाई युद्ध समाप्तिको स्थितिसम्म आइपुग्दा पनि उनीहरूलाई घर फर्काउने कार्यमा भएको ढिलाई र उपयुक्त नीति तथा कार्यक्रमको अभावका कारण आन्तरिकरूपमा विस्थापितहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूमा उल्लेख गरिएका अधिकारहरू सुनिश्चित हुन सकेनन्।

४.३ बञ्चित समुदायका सवाल

लोकतन्त्रमा बञ्चित वर्ग तथा समुदायका सवालहरूलाई समुचित ढंगले सम्बोधन गरिने अपेक्षा गरिएको हुन्छ। महिला, दलित, जनजाति, मधेश, कर्णालीलगायत् अहिलेसम्म पछाडि पारिएका वर्ग तथा समुदायको आवाज राज्य सञ्चालनका हरेक प्रक्रियामा समावेश गरिने कुरामा आशा बढेको थियो। तर सरकार गठनदेखि नै यस्ता सवालहरूप्रति ध्यान दिइएको पाइएन। सरकार-माओवादी वार्ता प्रक्रियामा समेत बञ्चित वर्ग तथा समुदायका आवाजहरूको उपेक्षा गरियो। बञ्चित समुदायका सवालहरू सबै प्रक्रियामा समावेश गरिनुपर्ने माग राख्दै महिला, दलित, जनजाति आदिले पटकपटक आन्दोलन गर्नुपऱ्यो। पटक-पटकको आन्दोलनका बावजुद उनीहरूको आवाज सुनुवाई भएन। राज्य संयन्त्रमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउने भनी प्रतिनिधिसभाले प्रस्ताव पारित गरे पनि त्यसको कार्यान्वयन भने गरिएन। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")* अन्तरिम संविधान मस्यौदा समितिमा आन्दोलन पछिमात्र महिला, दलित, जनजाति आदिका प्रतिनिधि सदस्यहरू थप गरियो।

प्रतिनिधिसभाले सदियौंदेखि विद्यमान जातीय छुवाछूत र भेदभाव अन्त्य गर्दै नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा त गऱ्यो *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")*, तर त्यसको कार्यान्वयनतर्फ भने चासो दिइएन। राज्य संयन्त्रमा जातीय छुवाछूतबाट पीडित समुदायको शून्यप्रायः स्थिति अन्त्य गर्न सरकारले कुनै योजना अगाडि सारेन।

जनजाति, मधेशी, कर्णालीबासीलगायत्का समस्या समाधान गर्नेतर्फ पनि सरकारको नयाँ अवधारणा सार्वजनिक हुन सकेन। सोही प्रवृत्तिका कारण यो वर्षको अन्त्यतिर आइपुग्दा विभिन्न हिंसात्मक कार्यहरू शुरू भए।

अर्कातर्फ, वर्षको अन्त्यसम्म पनि राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगमा अध्यक्ष तथा सदस्यहरू नियुक्त हुन सकेनन्। सात राजनीतिक दल र माओवादीबीच भएका १२ बुँदे समझदारीलगायत्का अन्य दस्तावेजहरूमा समावेशीकरणको कुरा उठाइएता पनि व्यवहारमा लागू हुन सकेन। ०६३ कात्तिक २२ गते सात राजनीतिक दल र माओवादीबीच सम्पन्न शीर्ष बैठकका निर्णय र पुस १ गते अन्तरिम संविधानमा भएको सहमति हेर्दा व्यवहारतः राज्य संरचना समावेशी बनाउने र विद्यमान जातीय, क्षेत्रीय, लिङ्गीयलगायत्का समस्या समाधान गर्न राजनीतिक इच्छाशक्तिको अभाव देखियो। बञ्चित वर्ग तथा समुदायका सदियौंदेखि उल्लंघन हुँदै आएका मानवअधिकारका सवालहरूलाई व्यवहारतः यस वर्ष पनि सम्बोधन गरिएन।

४.४ तराईको आवाज

तराईका समस्याबारे सरकारले बेवास्ता गरेको भन्दै तराईमा बसोबास गर्ने मधेशी समुदायले आवाज उठाए। त्यसक्रममा विभिन्न हिंसात्मक गतिविधिहरू समेत भए। सरकारद्वारा उनीहरूका सवालहरूलाई यथोचित ढंगले सम्बोधन गर्न नसकिएका कारण पनि अवस्था जटिल बन्न पुग्यो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह समूह) र (गोइत समूह) दुवै तराईको सम्बन्धमा विभिन्न मागसहित विद्रोहमा उत्रिए। तराईलाई स्वतन्त्र राज्य घोषणा गरिनुपर्ने, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिनुपर्ने, समानुपातिक प्रतिनिधित्व हुनुपर्ने, तराईमा रहेका सम्पूर्ण सेना, प्रहरी र प्रशासनमा तराई मूलका नागरिकलाई नियुक्त गरिनुपर्नेलगायत्का ९ सूत्रीय माग राखी हिंसात्मकलगायत्का

---

८४. पूर्ववत् ७९ । बुँदा नं. ५(२)(४), ५(२)(८), ७(३)(३)

८५. "नेपाल सरकार गृह मन्त्रालयको आन्तरिकरूपमा विस्थापितहरूलाई सम्पर्क राख्न आउनेसम्बन्धी सूचना" । *गोरखापत्र* ०६३ मंसिर २८: अन्तिम पृष्ठ

८६. "विस्थापितलाई घर फर्काउन रकम निकासा" । *गोरखापत्र* ०६३ पुस १२: पृ. १

क्रियाकलाप अगाडि बढाए। तिनीहरूले उठाएका माग र संचालित गतिविधिका सम्बन्धमा पनि सरकार मौन रह्यो।

सातदल र माओवादीको शीर्ष बैठकद्वारा ०६३ पुस १ गते मस्यौदा अन्तरिम संविधानको टुंगो लगाइएपछि संविधानसभाको चुनावका लागि २ सय ५ निर्वाचन क्षेत्र यथावत राखिएकोमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले असहमति प्रकट गर्दै पुस १० गतेदेखि ४ दिन मधेश बन्दको घोषणा गऱ्यो। सोक्रममा पुस ११ गते नेपालगञ्जमा प्रहरीद्वारा चलाइएको गोली लागी कमल गिरीको मृत्यु भएको थियो। सरकारले उक्त घटनाका सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय न्यायिक आयोग गठन गऱ्यो।[८६] घटनाको कारण र त्यसको असर पत्ता लगाई दोषीउपर आवश्यक कारवाहीको सिफारिससहितको प्रतिवेदन पेश गर्न १५ दिनको समयावधि तोकी पुनरावेदन अदालत, बुटवलका न्यायाधीश पुरूषोत्तम पराजुलीको अध्यक्षतामा उक्त आयोग गठन गरिएको थियो। आयोगका सदस्यहरूमा नायब महान्यायाधिवक्ता द्रोणराज रेग्मी र राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त प्रमुख अधिकृत सुखचन्द्र झा थिए।

आफूहरूद्वारा आह्वान गरिएको बन्दको अवज्ञा गरेको भन्दै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह समूह) ले बसमा सवार यात्री अर्जुन फुयाँललाई ०६३ पुस १३ गते महेन्द्र राजमार्गअन्तर्गत सप्तरी जिल्लाको भारदह गाविस-१ मा गोली हानी हत्या गरे।[८८] यस्ता विभिन्न सवालहरू र घटनाक्रममा तराईमा आन्दोलन तथा हिंसात्मक गतिविधि बढ्दै गए।

४.५ दण्डहीनता

दण्डहीनताको अन्त्यका लागि सरकारद्वारा यो वर्ष पनि आवश्यक कदम चालिएन। राज्यपक्ष तथा माओवादीबाट भएका मानवअधिकार उल्लंघनका दोषीहरूउपर कारवाही नगरिएका कारण दण्डहीनताको संस्कृतिले प्रश्रय पायो। मानवअधिकार तथा मानवीय कानुन उल्लंघन गर्नेहरूलाई दण्डित गर्नका लागि कुनै पनि संयन्त्र स्थापना गरिएन।

प्रतिनिधिसभाको ०६३ साउन ९ गतेको बैठकले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदन गर्न सर्वसम्मतिले निर्देशन[८९] दिएता पनि सरकारले यस वर्षको अन्त्यसम्म पनि अनुमोदन गरेन। नेपालले रोम विधान अनुमोदन गरेको अवस्थामा सृजना हुनसक्ने दायित्व र अन्य विविध पक्षहरूको बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सरकारले ०६३ कात्तिक १ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव माधव पौडेलको संयोजकत्वमा कार्यदल गठन गरेकोमा उक्त कार्यदलले ०६३ मंसिर २८ गते उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझायो। तर पनि अनुमोदनसम्बन्धी प्रक्रिया अगाडि बढेको पाइएन।

सांसद हेमनारायण यादवको हत्यामा सैनिकको संलग्नता रहेको भनी संसदीय छानबिन समितिले ठहर गरी सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसमा दोषी कर्णेल बाबुकृष्ण कार्कीलगायत्माथि कारवाहीको प्रक्रिया अगाडि बढाइएन। ०५६ को निर्वाचनमा सिरहा जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट निर्वाचित नेकपा (एमाले) का सांसद यादवको ०६० माघ १९ गते हत्या भएको थियो।

सरकारले ०६२ चैत ११ गते धनुषाको जनकचोकमा प्रहरी निरीक्षक प्रकाश शर्माको नेतृत्वमा रहेको प्रहरी टोलीले अन्धाधुन्ध गोली चलाउँदा रामचन्द्र यादव र मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारको हत्या भएको घटनाका दोषीहरूलाई पनि यो वर्षको अन्त्यसम्म कुनै कारवाहीको प्रक्रिया अगाडि बढाएन। दोषीमाथि कारवाही नगरेको भन्दै पीडितका दाजु तथा बहिनीले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। सर्वोच्च अदालतले उक्त मुद्दालाई प्राथमिकतासहित सरकारसमेतका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "न्यायपालिका")*

त्यसैगरी ०६२ मंसिर २९ गते राती सेनाद्वारा गरिएको नगरकोट हत्याकाण्ड[९०]का दोषीउपर पनि कुनै कारवाही अगाडि बढाइएन।

०६३ वैशाख १२ र १३ गते मोरङको बेलबारीमा सेनाले गरेको बलात्कार र हत्याको घटना[९१]का दोषीहरूलाई पनि कुनै कारवाही अगाडि बढाइएन।

जनआन्दोलनमा मानवअधिकार उल्लंघन गर्नेहरूका सम्बन्धमा उच्चस्तरीय जाँचबुझ आयोग बनाई

---

८६. "न्यायिक आयोग गठन"। *www.kantipuronline.com/kolnepalinews.php?nid=95794*। ०६३ पुस १३

८८. "जतमुमो (ज्वालासिंह) द्वारा एक जनाको हत्या, सवारी साधनमा आगजनी" । पूर्ववत् ३, ४, ५, ६, ७, ११, १४, १९ र ३० । ०६३ पुस १३

८९. "सूचनापत्र-२ (बैठकको कारवाहीको संक्षिप्त विवरण)" । बैठक संख्या - ४१ । काठमाडौं: प्रतिनिधि सभा । ०६३ साउन ९ गते

९०. "नगरकोट हत्याकाण्डको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: मानवअधिकार समुदाय, ०६२ मंसिर ३०

९१. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "बेलबारी घटनाको स्थलगत अध्ययन प्रतिवेदन र अध्यावधिक प्रतिवेदन"। अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ वैशाख २० र पुस १०

त्यसले प्रतिवेदनसमेत बुझाइसकेको अवस्थामा दोषीहरूलाई कारवाही गर्नेतर्फ गम्भिरता देखिएन। आयोगको प्रतिवेदन यो वर्षको अन्त्यसम्म सार्वजनिक गरिएन। प्रतिवेदनले तोकेका दोषीहरूलाई कारवाही गर्नेतर्फ उपयुक्त संयन्त्र निर्माण गर्ने र कारवाहीको प्रक्रिया अगाडि बढाउनेजस्ता कार्य हुन सकेन। यसले गर्दा, रायमाझी आयोगको प्रतिवेदन पनि मल्लिक आयोगको झैं हुन्छकी भन्ने आशंका रह्यो।

सशस्त्र द्वन्द्वको समयमा पीडित भएकाहरूको न्यायका सम्बन्धमा पनि कुनै कार्य अगाडि बढाइएन। सशस्त्र द्वन्द्वको बेला विस्थापित भएकाहरूको सम्बन्धमा विभिन्न सहमति र सम्झौतामा उल्लेख गरिए पनि उनीहरूको पुनर्स्थापनाका लागि सरकारका तर्फबाट पहल हुन सकेन। यद्यपि शाही सरकारले ०६२ चैत १३ गते विस्थापितसम्बन्धी राष्ट्रिय नीति सार्वजनिक गरेता पनि कार्यान्वयन भने हुन सकेन।

अर्कातर्फ विगतमा मानवअधिकार तथा मानवीय कानुन उल्लंघनका घटनामा दोषी देखिएका रूक्माङ्गत कटुवाललाई नेपाली सेनाको प्रधानसेनापति बनाइयो। अर्कातर्फ ०६२ माघमा सेनाको गोली लागी फापरबारीमा ३ जना सर्वसाधारणको मृत्यु,[९३] बेलबारीको घटना,[९३] दाङका जिल्ला न्यायाधीश हरिप्रसाद बगालेले गरेको जातीय छुवाछूत[९४]जस्ता घटनामा राज्यको सार्वजनिक पदमा बसेका व्यक्तिहरूको संलग्नताको घटनालाई राज्यले प्रश्रय दियो। त्यस्ता दोषीहरूलाई सजायका लागि कारवाही प्रक्रिया अगाडि बढाइएन।

त्यसैगरी माओवादीले गरेका मानवअधिकार उल्लंघनहरूमा पनि माओवादी र सरकार दुवै मौन रहेको देखियो। ०६२ भदौ २२ गते लमजुङका सन्तबहादुर विक[९५] र कास्कीका १६ वर्षीय कुमार परियारलाई भदौ २६ गते चोरीको आरोपमा माओवादीले कुटपिट गरी हत्या गरे[९६] भने शान्ति सम्झौता भइसकेपछि माओवादीको चुलाचुली बेस क्याम्पको सहायक शिविर दानाबारीमा ०६३ मंसीर १० गते रमेश खनालको मृत्यु,[९७] राजधानीमा उपत्यका प्रहरी कार्यालय हनुमान ढोकाभित्र विष्णु महेश्वरीको मृत्यु[९८] तथा काठमाडौंको पुरानो बसपार्कमा हनुमान ढोकामा असई विधानचन्द्र शाहद्वारा चितवनका भुवन खरेलको हत्या, भोजपुर रानीबास हतुवागढीको संयुक्त सुरक्षा बेस क्याम्पमा हिरासतमा मारिएका देवेन्द्र राईको घटना[९९]लगायत्का घटनामा मानवअधिकार उल्लंघनका दोषीहरूउपर छानबिन र कारवाही प्रक्रिया नबढाई दण्डहीनताको संस्कृतिलाई प्रश्रय दिइयो। जसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको दायित्व पूरा गर्नुपर्ने राज्यको जिम्मेवारी पूरा हुन सकेन। बढ्दो दण्डहीनताको अवस्थाले सुशासन र कानुनको शासनका मान्यताहरू अवलम्बन भएको अवस्था रहन सकेन।

उल्लेखित दृष्टान्तहरूले लोकतान्त्रिक सरकार दण्डहीनता अन्त्य गर्नेतर्फ उन्मुख नरहेको स्पष्ट देखाउँछ। सरकार, माओवादी र सातदलबीच भएका सहमति, समझदारी तथा निर्णयहरूमा कानुनको शासन स्थापना र दण्डहीनताको अन्त्य गर्ने कुरा गरिए पनि व्यवहारमा दण्डहीनताको संस्कृति बढ्दो अवस्थामा देखियो।

४.६ प्रतिकार समिति

माओवादीको सशस्त्र द्वन्दको समयमा माओवादी प्रतिकारका नाममा नेपालका विभिन्न क्षेत्रमा गरिएका मानवअधिकार उल्लंघनका सम्बन्धमा सरकारले कुनै चासो देखाएन। दण्हीनतालाई संस्थागत गर्ने संस्कृति सरकारकै कारणले प्रश्रय पायो। राज्य आफैले संलग्न भई नवलपरासी,

---

९३. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "फापरबारी घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६२ माघ १८

९३. पूर्ववत ८९

९४. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "दाङमा जिल्ला न्यायाधीशले गरेको जातीय छुवाछूतसम्बन्धी घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ असोज ८

९५. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "माओवादीले चोरीको आरोपमा हत्या गरेको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ भदौ २६

९६. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "माओवादीले चोरीको आरोपमा हत्या गरेको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ असोज २

९७. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "इलामको दानाबारीस्थित माओवादी शिविरमा मारिएका रमेश खनालको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ पुस १०

९८. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "चौधरी ग्रुपद्वारा ५७ दिन बन्धक बनाइएका भारतीय नागरिक लक्ष्मीकान्त शर्मासम्बन्धी स्थलगत अध्यय प्रतिवेदन"। अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ असोज ४

९९. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "देवेन्द्र राईको हत्यासम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६२ फागुन ११

कपिलवस्तु[100] लगायत्का जिल्लाहरूमा प्रतिकारका नाममा हिंसात्मक गतिविधिहरू भएका थिए। ०६१ सालको अन्तिम समयदेखि प्रतिकारका नाममा गरिएका मानवअधिकार उल्लंघनका घटनामा ६५ जनाभन्दा बढी मानिसहरूको ज्यान गएको थियो। माओवादी प्रतिकारका नाममा भएका ती घटनाहरूको प्रतिशोधका रूपमा माओवादीहरूले पनि धेरैको हत्या गरेका थिए। प्रतिकार समितिहरूको नि:शस्त्रीकरण र त्यस्ता समूहहरूबाट पीडितहरूको राहतका लागि सरकारले कुनै चासो लिएको पाइएन।

४.७ पदाधिकारीविहीन मानवअधिकार आयोग

लामो समयदेखि रिक्त रहेको मानवअधिकार आयोगमा पदाधिकारीहरू नियुक्तिका लागि संवैधानिक परिषदले सिफारिस गऱ्यो तर नियुक्ति हुन सकेन। संवैधानिक परिषदले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायलाई अध्यक्ष तथा मानवअधिकारकर्मी गौरी प्रधान र पूर्वप्रशासक डा. लिला पाठकलाई नियुक्तिका लागि ०६३ पुस ३ गते सिफारिस गरेको थियो।

सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकले आठ महिनादेखि रिक्त रहेका राजदुतहरूको नियुक्ति गर्ने सिफारिस पनि गरेको थियो। उक्त सिफारिसहरू माओवादीको सहमतिबेगर भएको भन्दै माओवादीले बन्दलगायत्का आन्दोलन गरेका कारण नियुक्ति कार्य रोकिएको थियो। त्यसरी रोकिएको नियुक्ति यो वर्षको अन्त्यसम्म पनि हुन सकेन।

५. निष्कर्ष

सशस्त्र द्वन्द्वका कारण भइरहेका मानवअधिकार उल्लंघनका घटनाहरूमा लोकतन्त्र स्थापनासँगै उल्लेख्य कमी आयो। दुवै पक्षद्वारा युद्धविराम र युद्धविराम आचारसंहिता जारी भए पनि मानवअधिकार उल्लंघनका घटना पूर्णरूपमा रोकिएनन्, जसमा अधिकांश घटना माओवादीका तर्फबाट भएका थिए।

निरंकुश शासन र सशस्त्र द्वन्द्वको अन्त्य प्रक्रियासँगै शुरू भएको संक्रमणकालमा स्थापित गरिनुपर्ने संक्रमणकालीन न्यायका लागि लोकतान्त्रिक सरकारले कुनै कार्य गरेन भन्दा अत्यूक्ति नहोला। संक्रमणकालीन न्यायको सवाल उठाउँदा शान्ति प्रक्रिया भाँडिने आशंकालाई अगाडि सारेर सरकार, सात दल र माओवादी पक्षले त्यस्तो संयन्त्र स्थापना गर्ने प्रक्रिया अवलम्बन गरेनन्।

सरकार गठन, सरकार-माओवादी वार्ता टोली गठन, वार्ता प्रक्रिया, संविधान मस्यौदा समिति गठन, संविधानसभाका लागि गरिने निर्वाचन प्रणाली निर्धारण, अन्तरिम व्यवस्थापिका गठनको निर्णय, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान निर्माणलगायत्का प्रक्रिया र कार्यहरू हेर्दा सकारात्मक उपलब्धिहरू हासिल भए। तर सबै वर्ग तथा समुदायको सहभागितायुक्त र समावेशी राज्य बनाउनेतर्फ अपेक्षित कार्यहरू हुन सकेनन्।

०६३ पुस १ गते सात राजनीतिक दल र माओवादीका नेताहरूको शीर्ष बैठकले जारी गर्ने गरी टुंगो लगाइएको अन्तरिम संविधानप्रति सहमति भएकै दिनदेखि व्यापक विरोध भयो। वर्षको अन्त्यसम्म यो क्रम चलिरह्यो। जारी गर्न सहमति भएको अन्तरिम संविधानले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्नेहरूलाई छूट दियो भने पुन: असमावेशी चरित्र ग्रहण गऱ्यो।

लोकतान्त्रिक सरकारले पनि निरंकुश सरकारको जस्तै संविधान तथा मानवअधिकार विरोधी व्यवहार प्रदर्शन गऱ्यो। तत्काल सम्बोधन गरिनुपर्ने मानवअधिकारसम्बन्धी ज्वलन्त सवालहरू, खासगरी विस्थापितहरूको पुनर्स्थापना, तराई वा मधेश, दलित, जनजाति, महिला, बेपत्ता पारिएका नागरिकहरू, दण्डहीनता, जनआन्दोलनका घाइतेहरूको उपचार र क्षतिपूर्ती, मुक्तकमैयाहरू, संक्रमणकालीन न्यायको प्रत्याभूतिलगायत्का विषय र क्षेत्रप्रति बेवास्ता गरियो। त्यतिमात्र होइन, समग्र शान्ति प्रक्रियालाई सरकार वा सात दल र माओवादीबीचको राजनीतिक सहमतिको घेराभित्र सीमित गरियो। यस प्रक्रियामा अन्य क्षेत्रको भूमिका अवमूल्यन गरियो। मुख्य समस्याहरूलाई बेवास्ता गर्दै स्थापना गर्न खोजिएको शान्ति साँच्चिकै न्यायपूर्ण र दिगो हुनेमा प्रशस्त आशंका खडा हुन पुगे। जसका कारण, वर्षको अन्त्यतिर नयाँ स्वरूपको द्वन्द्व शुरू भयो।

वर्षको उत्तरार्धमा ०५२ सालदेखि राज्य र माओवादीबीच संचालित सशस्त्र युद्ध समाप्तिको औपचारिक घोषणा गरियो। दशक लामो युद्धबाट ग्रसित नेपाली जनताले यो वर्ष शान्तिको महसुस गर्न त पाए, तर पनि पीडितहरूका सवाल सम्बोधन हुने आधारको अभाव भने कायमै रह्यो।

---

१००. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "कपिलवस्तुमा माओवादी प्रतिकारका नाममा भएका मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरूको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६१ फागुन २५

परिच्छेद ३

राज्य र मानवअधिकार

३.३ व्यवस्थापिका

१. पृष्ठभूमि

जनआन्दोलनले विघटित प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाको प्रत्यक्ष शासनको अन्त्य र राज्यको सार्वभौमसत्ता जनतामा हस्तान्तरण गऱ्यो। सार्वभौमसत्ता नेपाली जनतामा फर्काएर दिगो शान्ति र लोकतन्त्र स्थापनाको उद्देश्य पूरा गर्न नेपाली जनताको बलमा पुनर्स्थापित प्रतिनिधिसभाको विशेष र असाधारण प्रकृतिको महत्व र गरिमा छ।[१] प्रतिनिधिसभाको पुनर्स्थापना सङ्कट समाधानको प्रस्थान विन्दु बन्यो। यस अवधिमा प्रतिनिधिसभाले गम्भीर तथा दूरगामी प्रभाव पार्नसक्ने निर्णयहरू गरिसकेको छ। सात दल र माओवादीले राज्यको समग्र अग्रगामी पुनर्संरचनाका लागि देशका सामू प्रस्तुत गरेका मार्गचित्रलाई मूर्तरूप प्रदान गर्न प्रतिनिधिसभा जनआन्दोलनपछिको नेपाली राजनीतिमा प्रभावकारी सेतु सावित भयो। यसले समकालीन नेपालको शासन व्यवस्थामा जनप्रतिनिधिविहीन सन्नाटा समाप्त पारी लोकतन्त्र, शान्ति र अग्रगमनप्रति जनतामा नयाँ आशासमेत जगाएको छ।

सात दलको अगुवाईमा ०६२ चैत २४ गतेदेखि ०६३ वैशाख ११ गतेसम्म सञ्चालित जनआन्दोलनलाई विद्रोही माओवादीले पनि पूर्णरूपमा समर्थन गरेका थिए। सात दल र नेकपा (माओवादी) बीच लोकतन्त्र स्थापनाका लागि ०६२ मंसिर ७ गते भारतको राजधानी नयाँ दिल्लीमा १२ बुँदे[२] समझदारी सम्पन्न भएको थियो। यही ऐतिहासिक सम्झौताले पनि १९ दिने जनआन्दोलनलाई ०६३ वैशाख ११ गते निर्णायक गन्तव्यमा पुऱ्याउन भूमिका निर्वाह गऱ्यो। वैशाख ११ गतेको शाही सम्बोधनमार्फत् राजाले आन्दोलनरत सात दलको मार्गचित्रलाई स्वीकार गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गरे। नेपालले यही विन्दुबाट सशस्त्र द्वन्द्व र तानाशाही शासनबाट मुक्तिको दिशा तय गऱ्यो।

लोकतन्त्रको स्थापना र यसको संस्थागत विकासमा महत्वपूर्ण तथा निर्णायक भूमिका सम्बन्धित देशका नागरिकहरूकै हुन्छ। राजा ज्ञानेन्द्रले ०६३ वैशाख ८ गते आफ्नो अधिनायकवादी मार्गचित्रबाट पछि हटेर सात दललाई सरकार बनाउन आग्रह गर्दा अन्तर्राष्ट्रिय जगतले राजाको टालटुले शाही सम्बोधनप्रति नरम धारणा व्यक्त गर्दै समर्थन गर्न सुरु गरेका थिए। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता सियान मेकोरम्याकले ०६३ वैशाख ८ गते नै विज्ञप्ति जारी गरी राजाले सार्वभौमसत्ता जनतामा निहित रहेको प्रष्ट पारेकोमा खुशी व्यक्त गरेका थिए। प्रवक्ता मेकोरम्याकले आन्दोलनरत सात दललाई साझा प्रधानमन्त्री चयन गरी मन्त्रिपरिषद् गठन गर्न आग्रहसमेत गरेका थिए। छिमेकी राष्ट्र भारतले वैशाख ८ गतेको शाही सम्बोधनमा कार्यकारी अधिकार जनतामा हस्तान्तरण गर्ने घोषणा गरिएको भन्दै त्यसको स्वागत गरेको थियो। भारतले नेपालप्रतिको आफ्नो सरोकारमा सात दलद्वारा गठन हुने सरकार बहुदलीय प्रजातन्त्र र नेपाली जनताको स्वतन्त्रता पुनर्स्थापना गर्न सक्षम हुने आशासमेत व्यक्त गरेको थियो।[३] तर राजाको वैशाख ८ गतेको घोषणाका बारेमा विश्व समुदायबाट व्यक्त गरिएका सकारात्मक कुटनीतिक धारणा विपरीत आन्दोलनरत सात दलले लोकतान्त्रिक जनआन्दोलनलाई निरन्तर जारी राखे र प्रतिनिधिसभाको पुनर्स्थापना गराइछाडे। यसअघि देश करिब चार वर्ष प्रतिनिधिसभाविहीन अवस्थाबाट गुज्रिएको थियो। ०५९ जेठ ८ गते तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा राजाद्वारा प्रतिनिधिसभाको विघटन गरिएको थियो।

२. उपलब्धिका रूपमा प्रतिनिधिसभा पुनर्स्थापना

प्रतिनिधिसभा पुनर्स्थापनापछि राजाले निष्क्रिय तुल्याएको नेपाल अधिराज्यको संविधान २०४७ पुनः क्रियाशील भयो। यसबाट एकातिर संवैधानिक शून्यता समाप्त भयो भने अर्कोतर्फ राजाको हुकुमी शासन अन्त्य भई विधिको शासन प्रारम्भ भयो। प्रतिनिधिसभाको पुनर्स्थापनामार्फत् नेपाली जनताको बहुप्रतिक्षित वैधानिक तथा जनउत्तरदायी सरकार गठन भयो।[४]

प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाका सम्पूर्ण कदम गलत सावित भए। राजा गल्ती स्वीकार्न बाध्य भई नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको वास्तविकता घोषणा गर्न बाध्य भए।[५] प्रतिनिधिसभाको पुनर्स्थापनाले मन्त्रिपरिषद्का अध्यक्ष रहेका राजाको प्रतिगामी मार्गचित्र र माओवादी अध्यक्ष प्रचण्डको मार्गचित्रलाई एकैसाथ समाप्त पारी मुलुकलाई दिगो शान्ति र लोकतन्त्रको बाटोमा हिँडाउने जनादेश सात दललाई प्राप्त भयो। पुनर्स्थापित प्रतिनिधिसभालाई स्थायी शान्तिका लागि संविधानसभाको निर्वाचनको प्रारूप तयार गर्ने जनादेश तथा शक्ति प्राप्त भएका कारण यसले त्यस्ता सबै निर्णय गर्न

---

१. संग्रौला, युवराज। "प्रतिनिधिसभाको शक्ति"। *कान्तिपुर* ०६३ जेठ ७: पृ. ७

२. इन्सेक। "गहिरिँदो राष्ट्रिय संकट" । *मानवअधिकार वर्षपुस्तक २००६*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००६। पृ. ५६

३. "शाही सम्बोधनको अमेरिका र भारतद्वारा स्वागत" । *कान्तिपुर* ०६३ वैशाख ९: पृ. २

४. बस्नेत, ललितबहादुर। "पुनर्स्थापित प्रतिनिधिसभाको चुनौती"। *नेपाल साप्ताहिक* ०६३ वैशाख ३१: पृ. १९

५. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=28* । ०६३ वैशाख ११

सक्छ, जसले भविष्यमा राष्ट्रले अवलम्बन गर्नुपर्ने मार्ग तय गर्न सजिलो हुन सकोस्।[६] सशस्त्र द्वन्द्वले मुलुकको समस्या निरूपण गर्न सक्दैन, समस्याको निरूपण त केवल शान्तिपूर्ण आन्दोलन तथा शान्ति वार्ताले गर्न सक्दछ भन्ने मान्यता पनि जनआन्दोलनको सफलतापछि पुनर्स्थापित प्रतिनिधिसभाले स्थापित गरेको छ।[७]

३. मुलुक जनप्रतिनिधिविहीन हुनुको मूल कारणः राजाको अधिनायकवादी हठ

प्रतिनिधिसभाका उपलब्धिहरूको विवेचना गर्नुअघि प्रतिनिधिसभाविहीन हुनुका कारणहरूको समीक्षा गर्नु उपयुक्त हुने भएकोले यहाँ त्यसबारे चर्चा गरिएको छ। मुलुक चारवर्षदेखि प्रतिनिधिसभाविहीन अवस्थामा रहनुका कारणका बारेमा अघिल्ला वर्षहरूमा इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक[८] मा विस्तृतरूपमा उल्लेख गरिएको छ।

त्यसरी प्रतिनिधिसभाविहीन हुनुमा मूलरूपमा राजाको शासन गर्ने महत्वाकांक्षी सोच[९], राजनीतिक दलहरूको अदूरदर्शी नीति[१०], तत्कालीन प्रधानमन्त्रीको हतासको निर्णय[११], राजनीतिक दलहरूमा प्रजातान्त्रिक संस्कारको अभाव[१२], प्रतिनिधिसभाको विघटनलाई वैधानिकता दिने सर्वोच्च अदालतको निर्णय, नेकपा (माओवादी) को सशस्त्र जनयुद्ध[१३] आदि प्रमुख कारण थिए।

प्रतिनिधिसभाविहीन अवस्थाका कारण कार्यपालिकाका कार्यहरू उपर प्रश्न उठाउने निकायको अभाव हुन गई मुलुकमा मानवअधिकारको उल्लंघन[१४] व्यापक भयो। संगठित र शक्तिशाली राजनीतिक निकायका रूपमा संसदले कार्यपालिकालाई सचेत गराउने गरेको थियो। संसदको उपस्थिति राजाका लागि आफ्नो प्रत्यक्ष शासन कायम गर्ने महत्वाकांक्षाको बाधक थियो। संसदविहीन अवस्थामा राजाले असंवैधानिक क्रियाकलाप अघि बढाए। उनले नेपाल अधिराज्यको संविधान २०४७ को व्यापक दुरूपयोग[१५] गरे। अनुत्तरदायी सरकारको शासन[१६] चलाउन अनुत्तरदायी राजालाई संसदविहीन अवस्थाले साथ दियो। त्यहीकारण हिंसात्मक द्वन्द्व झन् जटिलतातिर उन्मुख हुन गयो। तर राजाले आफ्नो मार्गचित्रलाई चौध महिनाभन्दा केही बढी समयसम्म मात्र तन्काउन सके। अन्तर्राष्ट्रियरूपमा समेत नेपालको शाही शासनलाई हेर्ने दृष्टिकोण सुरुवातदेखि अन्त्यसम्मै नकारात्मक[१७] रह्यो।

४. सातदलको मार्गचित्रमा लोकतन्त्रको उदय

सात दलले ०६२ चैत २४ गतेदेखि ०६३ वैशाख ११ गतेसम्म सञ्चालन गरेको जनआन्दोलनले प्रतिनिधिसभालाई वैशाख ११ गते राति साढे ११ बजे पुनर्स्थापित गऱ्यो। ०५८ असोज १८ गते राजा ज्ञानेन्द्रले कार्यकारिणी अधिकार आफूमा निहित गरी मुलुकको शासनभार स्वयम् ग्रहण गरेको घोषणा गरेका थिए।[१८] तर वैशाख ११ गते उनले नेपाल अधिराज्यको राज्यशक्तिको श्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्य स्वीकार गरे। सात दलको मार्गचित्रका आधारमा विद्यमान हिंसात्मक द्वन्द्वलगायत् समग्र समस्याहरूलाई समाधान गर्न प्रतिनिधिसभाको पुनर्स्थापना भएको सन्देश राजाले आफ्नो घोषणामा उल्लेख गर्न बाध्य हुनुपऱ्यो। बहुदलीय प्रजातन्त्रको रक्षा र स्थायी शान्ति, राष्ट्रिय एकता एवम् सम्बृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने काम

---

६. पूर्ववत् १
७. गौतम, वामदेव। "संसद, सरकार र पार्टीका चुनौती"। *कान्तिपुर* ०६३ वैशाख १९: पृ. ७
८. इन्सेक। *मानवअधिकार वर्षपुस्तक २००३*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । पृ. ७५-७६ र इन्सेक। *मानवअधिकार वर्षपुस्तक २००४* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००४। पृ. ७९-८५
९. पूर्ववत् २ । पृ. २०
१०. इन्सेक। "राज्य र मानवअधिकार: व्यवस्थापिका" । *मानवअधिकार वर्षपुस्तक २००३*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००३। पृ. ७९-८५
११. पूर्ववत् २ र ९ । पृ. २८-२९
१२. "राज्य र मानवअधिकार: कार्यपालिका" र "राज्य र मानवअधिकार: व्यवस्थापिका" । पूर्ववत् १० । पृ. ५९ र ७९-८५
१३. इन्सेक। "अवरुद्ध प्रजातान्त्रिक अभ्यास" । *मानवअधिकार वर्षपुस्तक २००४*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००४। पृ. ३०-३१
१४. "राज्य र मानअधिकार: कार्यपालिका" । पूर्ववत् २, ९ र ११ । पृ. १२८
१५. पूर्ववत्। पृ. ९५
१६. "सन् २००५ को मानवअधिकार स्थिति: समग्र मूल्यांकन" । पूर्ववत् २, ९, ११, १४ र १५ । पृ.९-१३
१७. पूर्ववत् । पृ. १४-१५
१८. "राज्य र मानवअधिकार" । पूर्ववत् १० र १२ । पृ.८३

पुनर्स्थापित प्रतिनिधिसभाले गर्ने विश्वास पनि राजाले शाही घोषणामार्फत् व्यक्त गरे। राजाले आफ्नो शाही घोषणामा जनआन्दोलनका क्रममा दिवंगत भएकाप्रति संवेदना र घाइते तथा आहत भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठक ०६३ वैशाख १५ गते शुक्रबार बस्न आह्वान गरे। यसरी उनले आफ्ना विगतका गल्ती अप्रत्यक्षरूपमा जनताका सामू स्वीकार पनि गरे।

४.१ सात दलको उच्चस्तरीय बैठक र त्यसपछिको विकासक्रम

०६३ वैशाख १२ गते नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको निवास महाराजगञ्जमा बसेको सात दलको उच्चस्तरीय बैठकले वैशाख ११ गते राजाबाट भएको सार्वजनिक घोषणालाई सकारात्मक कदम भन्दै स्वागत गर्ने निर्णय गऱ्यो। बैठकपछि सात दलका शीर्ष नेताद्वारा जारी विज्ञप्तिमा राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित रहेको र जनआन्दोलनका माध्यमबाट अभिव्यक्त जनभावनालाई स्वीकार्दै शान्तिपूर्ण संयुक्त जनआन्दोनले उठाएका पूर्णलोकतन्त्र, दिगो शान्तिलगायत्का विषयहरूलाई साम्बोधन गरेको उल्लेख गरिएको थियो।

४.२ पुनर्स्थापित प्रतिनिधिसभाप्रति माओवादी असन्तुष्ट

लोकतन्त्र प्राप्तिको आन्दोलनका क्रममा २५ जनाले सहादत प्राप्त गरे भने पाँचहजार भन्दा बढी घाइते[१९] भए। पुनर्स्थापित प्रतिनिधिसभाले मात्रै जनआन्दोलनको जनादेश पूरा नभएको भन्दै नेकपा (माओवादी) ले असन्तुष्टि व्यक्त गऱ्यो। माओवादी अध्यक्ष प्रचण्डले ०६३ वैशाख १२ गते एक विज्ञप्ति जारी गरी विजय जुलुसलाई आन्दोलनको निरन्तरताको रूपमा अघि बढाउने अभिव्यक्ति सार्वजनिक गरे। माओवादी विज्ञप्तिमा जनआन्दोलनको क्रममा काठमाडौं उपत्यकामा लगाइएको आर्थिक नाकाबन्दी पनि कायमै रहने जनाइएको थियो।

४.३ अन्तर्राष्ट्रिय समुदायद्वारा समर्थन

मुलुकको राजनीतिक संकट मोचन गर्न सात दलको मार्गचित्रअनुरूप सुरु भएको ऐतिहासिक जनआन्दोलको सफलतासँगै अन्तर्राष्ट्रिय समुदायको व्यापक समर्थन प्राप्त भयो। अमेरिकी विदेश मन्त्रालयका सहायक प्रवक्ता आदम इरेलीद्वारा[२०] वैशाख १२ गते लोकतन्त्र स्थापनाको शान्तिपूर्ण जनआन्दोलनमा सहभागी नेपालीको साहसलाई अभिवादन गर्दै राजनीतिक दलहरूले जिम्मेवारी मनन् गर्ने र जनचाहनाअनुरूप पूर्ण लोकतन्त्र र सुशासनका दिशामा अघि बढ्ने विश्वास व्यक्त गरियो।

भारत र चीनले सात दलको अगुवाईमा सम्पन्न शान्तिपूर्ण जनआन्दोलनको सफलताको स्वागत गरे। भारतद्वारा ०६३ वैशाख १२ गते जारी विज्ञप्तिमा जनआन्दोलनको सफलतालाई नेपाली जनताको अद्भूतपूर्व विजय भन्दै नेपाली जनताले देखाएको साहस र स्वतन्त्रता तथा लोकतन्त्र प्राप्तिप्रतिको असीम निष्ठाको खुलेर प्रशंसा गरियो।।[२१]

चीनिया विदेश मन्त्रालयका प्रवक्ता किन गेङले नेपालमा प्रतिनिधिसभाको पुनर्स्थापनाले सामाजिक स्थायित्व र राजनीतिक सहमतिलाई अघि बढाउने विश्वास व्यक्त गरे।[२२]

युरोपेली युनियनले ०६३ वैशाख १२ गते प्रेस विज्ञप्ति जारी गरी प्रतिनिधिसभा पुनर्स्थापनाको स्वागत गर्दै पुनर्स्थापित प्रतिनिधिसभाको वैशाख १५ गतेको पहिलो बैठकले नेपालको प्रजातन्त्र र शान्तिका लागि मार्गनिर्देश गर्ने विश्वास व्यक्त गऱ्यो।[२३] यसैगरी जापान, बेलायत र डेनमार्कलगायत्का मुलुकले नेपालमा लोकतन्त्र स्थापना भएकोमा खुशी प्रकट गर्दै त्यसको समर्थन गरे। नर्वेले प्रतिनिधिसभाको पुनर्स्थापनाको स्वागत गर्दै नेपालमा स्थगित विकास कार्यक्रम र सहायता सुचारु गर्ने निर्णय गऱ्यो।

४.४ प्रधानमन्त्रीमा कोइरालाः साझा सहमतिको परिणाम

०६३ वैशाख १२ गते बसेको सात दलको बैठकले गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीको रूपमा चयन गर्ने सर्वसम्मत निर्णय गऱ्यो। नेकाँ संसदीय दलको वैशाख १३ गते बिहान बसेको बैठकले कोइरालालाई संसदीय दलको नेताका रूपमा निर्विरोध निर्वाचित गऱ्यो। वैशाख १४ गते नेकाँले कोइरालालाई प्रधानमन्त्री नियुक्ति गर्न राजदरबारमा

---

१९. गौतम, कृष्ण, र बाबुराम विश्वकर्मा (सं.)। *मध्यमाञ्चल जनआन्दोलन र मानवअधिकार (०६२ चैत २४ देखि ०६३ वैशाख ११ गतेसम्मको १९ दिनको अवधिमा राज्यद्वारा भएको नागरिक तथा राजनीतिक अधिकार उल्लंघनसम्बन्धी विवरण* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र मध्यमाञ्चल क्षेत्रीय कार्यालय । ०६३ । पृ. ३

२०. "अन्तर्राष्ट्रिय समुदायको स्वागत" । *कान्तिपुर* ०६३ वैशाख १३: पृ. १

२१. Aryal, Kundan, and Upendra Kumar Poudel, (eds.) *Jana Andolan-II: A Witness Account (A Report of Human Rights Violation by the King's Government during Nineteen Days of the Movement)*. Kathmandu: Informal Sector Service Centre. p. 215

२२. पूर्ववत् २०

२३. पूर्ववत् २१ पृ. १९४

कारबाहीमा चार विधायक

कूल २ सय ५ सदस्य रहेको पुनर्स्थापित प्रतिनिधिसभा सदस्यहरूमध्ये नेकपा (एमाले) का सांसद हेमनारायण यादवको तत्कालीन शाही सेनाद्वारा हत्या गरिएको थियो भने राप्रपाका सांसद नेत्रलाल श्रेष्ठ मुलुकबाहिर थिए। शाही घोषणाको समर्थन गर्ने आफ्ना सांसदहरू नेकाँका प्रकाश कोइराला र नारायणसिंह पुनलाई नेकाँले पार्टीबाट निश्कासन गरी तिनको स्थान रिक्त राख्न संसद सचिवालयलाई पत्राचार गरेको थियो। त्यसैगरी नेकपा (एमाले) ले प्रेमबहादुर सिंह र नरबहादुर बुढाथोकीलाई संसदीय दलबाट हटाएको प्रस्ताव संसद सचिवालयमा दर्ता गरायो। राप्रपा सांसद कृष्णचरण श्रेष्ठको जनतान्त्रिक तराई मुक्ति मोर्चाका (गोइत) समूहद्वारा हत्या गरिएको थियो। यसरी साविक संख्या २ सय ५ मध्ये छ जना कम भएकाले १ सय ९९ जना सांसद बाँकी रहेको प्रतिनिधिसभा क्रियाशील भयो।

क्र.सं.	नाम/थर	जिल्ला	क्षेत्र.नं.
१	अजयकुमार चौरसिया	पर्सा	२
२	अजयप्रताप शाह	कपिलवस्तु	४
३	अर्जुनजङ्गबहादुर सिंह	चभाङ्ग	१
४	अर्जुनप्रसाद जोशी	पर्वत	१
५	अष्टलक्ष्मी शाक्य (बोहोरा)	काठमाडौं	६
६	आनन्दप्रसाद ढुङ्गाना	धनुषा	३
७	आनन्दप्रसाद पोखरेल	दोलखा	२
८	आमोदप्रसाद उपाध्याय	मोरङ	१
९	ईश्वर पोखरेल	काठमाडौं	३
१०	उमाकान्त चौधरी	बारा	१
११	उर्मिला अर्याल	पर्सा	४
१२	ऋषिकेश गौतम	बारा	३
१३	एकनाथ रानाभाट	चितवन	२
१४	ओमप्रसाद ओझा	ताप्लेजुङ्ग	२
१५	कमल प्रकाश सुनुवार	रामेछाप	१
१६	कमला पन्त (आचार्य)	गोरखा	२
१७	श्रीमती काशी पौडेल	बर्दिया	१
१८	श्रीमती कृन्ता शर्मा	सुनसरी	१
१९	केपी शर्मा ओली	झापा	२
२०	केशरमान रोका	रुकुम	१
२१	केशव थापा	इलाम	३
२२	कैलाशनाथ कसौंधन	बाँके	३
२३	कृष्णकिशोर घिमिरे	दाङ	३
२४	कृष्णचरण श्रेष्ठ (हत्या)	सिरहा	३
२५	कृष्णप्रताप मल्ल	धनुषा	४
२६	कृष्णप्रसाद दाहाल	मकवानपुर	१
२७	कृष्णप्रसाद भट्टराई	पर्सा	१
२८	कृष्णप्रसाद सिटौला	झापा	१
२९	कृष्णलाल महर्जन	ललितपुर	२
३०	खुमबहादुर खड्का	दाङ	१
३१	खेमराज भट्ट मायालु	बर्दिया	३
३२	गिरिजाप्रसाद कोइराला	सुनसरी	५
३३	गेहेन्द्र गिरी	दाङ	४
३४	गोकर्णराज विष्ट	गुल्मी	३
३५	गोपालप्रसाद कोइराला	झापा	६
३६	गोपालमान श्रेष्ठ	स्याङजा	२
३७	गोपाल राई (मृत्यु)	ओखलढुङ्गा	२
३८	गोरखबहादुर बोगटी	हुम्ला	
३९	गोविन्दबहादुर शाह	अछाम	१
४०	गोविन्दराज जोशी	तनहुं	१
४१	गोविन्दविक्रम शाह	जाजरकोट	१
४२	डा. गंगाधर लम्साल	चितवन	३
४३	श्री गंगाप्रसाद नेपाल	सिन्धुली	१
४४	घनेन्द्र वस्नेत	भोजपुर	१
४५	चक्रप्रसाद वास्तोला	झापा	४
४६	चन्द्रबहादुर शाही	मुगु	
४७	चन्द्रमणि खराल	नवलपरासी	२
४८	चिरञ्जीवी बाग्ले	गोरखा	१
४९	चित्रबहादुर केसी	बाग्लुङ	२
५०	श्रीमती चित्रलेखा यादव	सिरहा	२
५१	जगदिशप्रसाद साह	सप्तरी	४
५२	जगन्नाथ खतिवडा	उदयपुर	२
५३	जनकराज गिरी	बाजुरा	
५४	ज्यप्रकाश प्रसाद गुप्ता	सप्तरी	१
५५	टुकराज सिरदेल	तनहुं	३
५६	टेकबहादुर चोखाल	कैलाली	४
५७	टेकप्रसाद राई	सखुवासभा	१
५८	टेकप्रसाद शर्मा कँडेल	बाग्लुङ	१
५९	डम्बरसिं सम्बाहाम्फे	पाँचथर	२
६०	डिलाराम आचार्य	अर्घाखाँची	१
६१	डिल्लीराज खनाल	अर्घाखाँची	२
६२	डिल्लीराज शर्मा	पर्वत	२
६३	तारानाथ रानाभाट	कास्की	१
६४	तारासम याङ्या	झापा	५
६५	तारिणीदत्त चटौत	कञ्चनपुर	२
६६	तीर्थराम ढुंगोल	काठमाडौं	७
६७	श्रीमती तीर्था गौतम	रुकुम	२

क्र.सं.	नाम/थर	जिल्ला	क्षेत्र.नं.
६८	तिलकुमार मेन्याङवो (लिम्बु)	ताप्लेजुङ्ग	१
६९	दानबहादुर चौधरी	कपिलवस्तु	१
७०	दामोदर वस्ताकोटी	नवलपरासी	१
७१	दिलबहादुर लामा	रसुवा	
७२	दिलेन्द्रप्रसाद बडू	दार्चुला	
७३	दुर्गा लिखा	धनकुटा	१
७४	दुर्योधन सिंह	रूपन्देही	१
७५	देवीलाल थापा	जुम्ला	
७६	देवेन्द्रराज कँडेल	नवलपरासी	४
७७	धर्मनाथप्रसाद साह	सिरहा	५
७८	नरबहादुर बुढाथोकी	डोल्पा	
७९	नरबहादुर हमाल	दैलेख	१
८०	नरेन्द्रबहादुर बम	बैतडी	१
८१	नरेन्द्र विक्रम नेम्वाङ	झापा	३
८२	नवराज सुवेदी	प्युठान	२
८३	नगेन्द्रकुमार राय	सलाही	४
८४	नारायणप्रसाद साउद	कञ्चनपुर	१
८५	नारायणमान बिजुक्छे	भक्तपुर	१
८६	नारायण शर्मा पौड्याल	चितवन	४
८७	नारायणसिंह पुन	म्यारदी	
८८	नेत्रलाल श्रेष्ठ	सल्यान	२
८९	परशुराम मेघी गुरुङ	सखुवासभा	२
९०	परी थापा	बाग्लुङ	३
९१	पशुपति चौलागाई	दोलखा	१
९२	पशुपतिशमशेर जबरा	सिन्धुपाल्चोक	३
९३	पाल्तेन गुरुङ	मनाङ	
९४	पुष्करनाथ ओझा	कैलाली	३
९५	पूर्णबहादुर खड्का	सुर्खेत	
९६	प्रकाश कोइराला	रौतहट	४
९७	प्रकाश ज्वाला	सल्यान	१
९८	प्रकाशबहादुर गुरुङ	कास्की	३
९९	प्रदीपकुमार ज्वाली	गुल्मी	२
१००	प्रदीप नेपाल	काठमाडौं	१
१०१	प्रेमबहादुर सिंह	कालिकोट	
१०२	प्रेमलाल सिंह	काठमाडौं	४
१०३	फटिकबहादुर थापा	गुल्मी	१
१०४	फरमुल्लाह मंसुर	बारा	४
१०५	बद्रीप्रसाद मण्डल	मोरङ	७
१०६	बलदेव शर्मा	दाङ	२
१०७	बलबहादुर केसी (खत्री)	सोलखुम्बु	
१०८	विरोध खतिवडा	मकवानपुर	२
१०९	बुद्धिमान तामाङ	धादिङ	१
११०	बेनुपराज प्रसाईं	इलाम	१
१११	डा. बोशधर मिश्र	रौतहट	३
११२	भक्तबहादुर बलायर	डोटी	१
११३	भद्रबहादुर थापा	पाल्पा	१
११४	भरतकुमार साह	रूपन्देही	४
११५	भरतमोहन अधिकारी	मोरङ	२
११६	महन्थ ठाकुर	सलाही	५
११७	महादेव गुरुङ	कास्की	२
११८	महेन्द्रकुमार राय	महोत्तरी	४
११९	महेन्द्रप्रसाद यादव	सलाही	१
१२०	महेन्द्रबहादुर पाण्डे	नुवाकोट	३
१२१	महेन्द्रप्रसाद यादव	महोत्तरी	१
१२२	महेश आचार्य	मोरङ	५
१२३	माधवकुमार नेपाल	रौतहट	१
१२४	मा. अफताब अलाम	रौतहट	२
१२५	मोहनबहादुर बस्नेत	सिन्धुपाल्चोक	१
१२६	मगलप्रसाद थारु	बाँदया	२
१२७	मगलसिंह मानन्धर	काठमाडौं	५
१२८	मृगेन्द्रकुमार सिंह यादव	सप्तरी	५
१२९	यज्ञजीत शाह	रूपन्देही	५
१३०	यादवबहादुर रायमाझी	पाल्पा	३
१३१	योगनारायण यादव	धनुषा	२
१३२	रघुजी पन्त	ललितपुर	३
१३३	रत्नप्रसाद शर्मा न्यौपाने	जाजरकोट	२

क्र.सं.	नाम/थर	जिल्ला	क्षेत्र.नं.
१३४	रमेश लेखक	कञ्चनपुर	३
१३५	राजेन्द्र खरेल	काभ्रेपलाञ्चोक	३
१३६	राजेन्द्रप्रसाद लाहनी	नुवाकोट	१
१३७	राजेन्द्रप्रसाद पाण्डे	धादिङ	३
१३८	राजेन्द्र महता	सलाही	२
१३९	रामकुमार चौधरी	सप्तरी	२
१४०	रामकृष्ण ताम्राकार	रूपन्देही	२
१४१	रामचन्द्र तिवारी	महोत्तरी	२
१४२	रामचन्द्र पौडेल	तनहुं	२
१४३	रामचन्द्र यादव	सिरहा	१
१४४	रामचन्द्र राय	सर्लाही	३
१४५	रामजनम चौधरी	कैलाली	२
१४६	रामनाथ अधिकारी	धादिङ	२
१४७	रामबहादुर गुरुङ	लम्जुङ	१
१४८	रामबहादुर विष्ट	अछाम	२
१४९	डा. रामबरण यादव	नुवाकोट	५
१५०	डा. रामशरण महत	नुवाकोट	२
१५१	रामहरि ढुङ्गेल	रामेछाप	२
१५२	श्रीमती रेणुकमारी यादव	सप्तरी	३
१५३	रोमी गौचन थकाली	मुस्ताङ	
१५४	लक्ष्मणप्रसाद मेहता	सुनसरी	३
१५५	लालबाबु पण्डित	मोरङ	३
१५६	लिलामणि पोखरेल	सिन्धुली	३
१५७	लेखनाथ अचार्य	रोल्पा	१
१५८	लेखनाथ न्यौपाने	भक्तपुर	२
१५९	वसन्तकुमार नेम्वाङ	पाँचथर	१
१६०	विजयकुमार गच्छदार	सुनसरी	२
१६१	विजय सुब्बा	तह्थुम	
१६२	श्रीमती विद्यादेवी भण्डारी	काठमाडौं	२
१६३	विनयेश्वर चन्द	बैतडी	२
१६४	वीरबहादुर लामा	मकवानपुर	३
१६५	वीरेन्द्रकुमार कनौडिया	कपिलवस्तु	३
१६६	वृजेशकुमार गुप्ता	कपिलवस्तु	२
१६७	शरदसिंह भण्डारी	महोत्तरी	३
१६८	शिवकुमार बस्नेत	खोटाङ	२
१६९	शिवप्रसाद हमागाईं	काभ्रेपलाञ्चोक	२
१७०	शिवबहादुर देउजा	काभ्रेपलाञ्चोक	१
१७१	शिवराज जोशी	दलेख	२
१७२	शिवराज जोशी	सुर्खेत	३
१७३	सुभाष कर्माचार्य	सिन्धुपाल्चोक	२
१७४	शेरधन राई	भोजपुर	२
१७५	शेरबहादुर देउवा	डडेल्धुरा	
१७६	शंकरनाथ शर्मा अधिकारी	सिन्धुली	२
१७७	शंकरप्रसाद पाण्डे	स्याङजा	३
१७८	सबैधन राई	खोटाङ	१
१७९	श्रीमती सावित्रा बोगटी (पाठक)	चितवन	१
१८०	सिद्धराज ओझा	डोटी	२
१८१	सुवास नेम्वाङ	इलाम	२
१८२	सुरेन्द्रप्रसाद चौधरी	पर्सा	३
१८३	सुरेन्द्र हमाल	रोल्पा	२
१८४	सुरेशकुमार कार्की	उदयपुर	१
१८५	सुरेश मल्ल	ब्काङ	
१८६	सुशील कोइराला	बाँके	२
१८७	श्रीमती सुशीला नेपाल	ललितपुर	१
१८८	सुश्री सुशीला स्वर	कैलाली	१
१८९	सूर्यप्रसाद प्रधान	रूपन्देही	३
१९०	सूर्यबहादुर थापा	धनकुटा	२
१९१	सोमप्रसाद पाण्डेय	पाल्पा	२
१९२	सोहनप्रसाद चौधरी	बारा	२
१९३	स्मृतिनारायण चौधरी	धनुषा	१
१९४	हर्कमान तामाङ	मोरङ	४
१९५	हरि आचार्य	प्युठान	१
१९६	हरिनारायण चौधरी	मोरङ	६
१९७	हरिप्रसाद सापकोटा	सुनसरी	४
१९८	हरिभक्त अधिकारी	लम्जुङ	२
१९९	हरिलाल जोशी	गोरखा	३
२००	हितकाजी गुरुङ	स्याङजा	१
२०१	हेमनारायण यादव (हत्या)	सिरहा	४
२०२	होमनाथ दाहाल	ओखलढुङ्गा	१
२०३	हृदयराम थामि	सुर्खेत	२
२०४	हृदयेश त्रिपाठी	नवलपरासी	३
२०५	ज्ञानु केसी	बाँके	१

सिफारिस पत्र पठायो र राजाबाट गिरिजाप्रसाद कोइरालाप्रधानमन्त्रीमा नियुक्त भएको घोषणा गरियो।

(यस सम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्, यसै पुस्तकको परिच्छेद ३:२ कार्यपालिका)

५. पुनर्स्थापित प्रतिनिधिसभाको उपलब्धि

पुनर्स्थापित प्रतिनिधिसभाले करिब चार वर्षे रिक्ततालाई पूरा गऱ्यो। नेपाल अधिराज्यको संविधान २०४७ अनुसार राष्ट्रियसभा स्थायी भए पनि यो सदन विगत वर्षहरूमा झैं क्रियाशील हुन सकेन। सन् २००६ को सुरुका चार महिना प्रतिनिधिसभाविहीन अवस्था कायमै रहे पनि बाँकी आठ महिनाको अवधिमा लोकतन्त्रलाई सुदृढ गर्ने, वञ्चित समुदायको अधिकारलाई सुनिश्चित गर्ने, दण्डहीनताको अन्त्य गरी दिगो शान्ति र लोकतन्त्रको संस्थागत विकासका लागि प्रभावकारी कार्य गर्न प्रतिनिधिसभा तत्लीन रह्यो। नेपाल राष्ट्र र नेपाली जनताको हितलाई केन्द्रमा राखेर वर्षको आठ महिनाको अवधिमा ९५ पटक गरी कूल २ सय ९३ घण्टा ८ मिनेट प्रतिनिधिसभाको बैठक बसेको थियो।[२४]

५.१ लोकतन्त्रको सुदृढीकरण आरम्भ

५.१.१ संविधानसभाको निर्वाचनसम्बन्धी प्रस्ताव

प्रतिनिधिसभाको ०६३ वैशाख १७ गते बसेको बैठकले संविधानसभाको निर्वाचनसम्बन्धी संकल्प प्रस्ताव सर्वसम्मतले पारित गऱ्यो। सात दलको मार्गचित्र र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी अनुरूप सङ्कटको निकास दिन संविधानसभाको निर्वाचन गरिने निर्णय गरियोस् भन्ने प्रस्तावलाई उपसभामुख चित्रलेखा यादवले वैशाख १५ गतेको बैठकमा प्रस्तुत गरेकी थिइन्। उक्त प्रस्तावमा भनिएको थियो- "जनआन्दोलनमा अभिव्यक्त जनचाहना, सात दलको मार्गचित्र र नेकपा (माओवादी) सँग भएको १२ बुँदे समझदारीको आधारमा जनआन्दोलनबाट स्थापित राज्यशक्तिको स्रोत नेपाली जनता भएको र राजकीय एवम् सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको भन्ने यथार्थलाई संस्थागत गर्दै देशको विद्यमान गम्भीर संकटको निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने संकल्पसहित निर्णय गर्दछ।"[२५]

नवनियुक्त प्रधानमन्त्री कोइरालाले अस्वस्थताका कारण बैठकमा उपस्थित हुन नसकेको सन्देश सदनमा पठाएका थिए। सो सन्देशबाट उपसभामुख यादवले संसदलाई जानकारी गराएकी थिइन्। प्रधानमन्त्रीले सदनसमक्ष पठाएको सन्देशमा भनेका थिए "सात दलसहित जनआन्दोलनद्वारा बनाइएको प्रधानमन्त्री भएकोले मेरो दायित्व सम्पूर्ण नेपाली जनता र सात दलप्रति रहनेछ र सात दलले अघि सारेको मार्गचित्र र १२ बुँदे समझदारीलाई कार्यान्वयन गर्ने मेरो पहिलो प्रतिबद्धता हुने छ।" विघटित प्रतिनिधिसभामा सभामुख रहेका र संसदविहीन शाही शासन कालमा पनि उक्त पदमा कायमै रहेका तारानाथ रानाभाटले ०६३ वैशाख १३ गते नै सभामुख पदबाट राजीनामा दिएका कारण सभामुखको दायित्व चित्रलेखा यादवले सम्हाल्नुको विकल्प थिएन।

नेकाँ सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला प्रस्तावक र एमाले महासचिव माधवकुमार नेपाल, नेकाँ (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, जनमोर्चाका लिलामणि पोखरेल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का हृदयेश त्रिपाठी र नेमकिपाका नारायणमान विजुक्छे समर्थक रहेको प्रस्ताव संसदमा दर्ता गरिएको थियो।

उक्त प्रस्तावमाथिको छलफलका क्रममा ०६३ वैशाख १७ गतेको प्रतिनिधिसभाको बैठकमा नेकाँ सभापति तथा प्रधानमन्त्री कोइरालाले नेकपा (माओवादी)ले तीन महिने

प्रकोष्ठ : ७

पदका लागि खिचातानी नगर्न घाइतेको आग्रह

पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठक बसेको एकसाता बित्दानबित्दै सात दलबीच सत्ता भाग बण्डामा विवाद देखियो। देशका विभिन्न भागबाट यसको विरोध र आलोचना गरियो। यस क्रममा काठमाडौंको कीर्तिपुर, गोंगबू, चाबहिल, कलंकी, घट्टेकुलो, पाटनलगायत् विभिन्न भागबाट विरोध प्रदर्शन गरी सिंहदरबारमा धर्ना दिइयो। नागरिक समाजका अगुवाहरूले सातदलीय अकर्मण्यताको विरोधमा देशका विभिन्न भागमा प्रदर्शन गरे। सात दलबीच सत्ता साझेदारीको गणितमा किचलो परेका कारण न त समयमा मन्त्रिपरिषद् गठन भयो न पुनर्स्थापित प्रतिनिधिसभाको सभामुखको चयन नै। सात दलका नेतालाई सडकबाट सहिदको अपमान नगर्न प्रदर्शनकारीले खबरदारी गरेका थिए। मोडेल अस्पतालमा उपचार गराइरहेका जनआन्दोलनका १६ जना घाइतेहरूले ०६३ वैशाख १९ गते एक विज्ञप्ति जारी गरी पदीय बाँडफाँडमा दलीय खिचातानी देखिएकोमा गम्भीर दुःख व्यक्त गरे। विज्ञप्तिमा माओवादी समस्या समाधान गर्न सरकारलाई आग्रह गरिएको थियो।

---

२४. "बैठकको संख्या, बसेको दिन, आरम्भ र स्थगित भएको समय"। काठमाडौं: संसद सचिवालय, कार्यव्यवस्था शाखा। ०६३ पुस १४

२५. "पुनर्स्थापित प्रतिनिधिसभाको ऐतिहासिक बैठक"। *नेपाल समाचारपत्र* ०६३ वैशाख १६: पृ. १

युद्धविराम गरेको उल्लेख गर्दै उनीहरूलाई हिंसा त्यागी अविलम्ब वार्तामा आउन आह्वान गरे।[२६] कोइरालाले सदन आन्दोलनमा अभिव्यक्त जनभावना पूरा गर्ने माध्यम हुने विश्वास व्यक्त गर्दै जनताको शान्ति र निर्धक्कसँग जीउन पाउने प्रजातान्त्रिक वातावरणका लागि सबैखाले द्वन्द्वलाई व्यवस्थित गर्ने कार्य सुरु भइसकेको बताएका थिए। आन्दोलनमा सात दल, नागरिक समाज, विभिन्न पेशाकर्मी तथा व्यवसायीले निर्वाह गरेको भूमिका उल्लेख गर्दै संक्रमणकालीन अवस्थामा सबैको भूमिका महत्वपूर्ण हुने विचार उनले व्यक्त गरे।[२७]

एमालेका महासचिव माधवकुमार नेपालले सात दलको मार्गचित्र र नेकपा (माओवादी) सँग भएको १२ बुँदे समझदारीअनुरूप संविधानसभामा जाने प्रतिबद्धता व्यक्त गरे। महासचिव नेपालले पनि जनआन्दोलनको उपलब्धिको रक्षा गरी लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि माओवादीलाई हतियार छोडी शान्तपूर्ण आन्दोलनमा आउन आग्रह गरे। नेकाँ (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाले राजालाई प्रधानमन्त्री बन्ने अधिकार संविधानको कुनै धाराले नदिएको उल्लेख गर्दै संविधान मिच्ने राजालाई अझै किन राख्ने भनी प्रश्न गरे। देउवाले कसैले खोस्न नसक्ने गरी प्रजातन्त्रको पुनर्स्थापना गर्न र जनचाहनाअनुरुप शान्ति स्थापनामा लाग्न सबैलाई अनुरोध गरेका थिए। संकल्प प्रस्तावको समर्थनमा जनमोर्चा, नेपालको तर्फबाट लिलामणि पोखरेल, चित्रबहादुर केसी, नेमकिपाका नारायणमान विजुक्छे, नेसपा (आनन्दीदेवी) का हृदयेश त्रिपाठीले मन्तव्य प्रकट गरेका थिए।

राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर जबरा र नेपाल सद्भावना पार्टी (मण्डल) का सांसदहरूले पनि उक्त प्रस्तावको समर्थनमा धारणा व्यक्त गरे। जनमोर्चा, नेपालका सांसद लिलामणि पोखरेलले जनआन्दोलनको भावनालाई अपमान गर्नेहरू सदनको लागि अशोभनीय हुने विचार राखेका थिए।[२८]

प्रतिनिधिसभाले उक्त प्रस्ताव पारित गरेपछि सरकारलाई नेकपा (माओवादी) सँग वार्ता गरेर संविधानसभामा जाने राजनीतिक तथा सैद्धान्तिक मार्ग प्रशस्त भयो। यस प्रस्तावले नेपालको इतिहासमा विभिन्न समयमा भएका क्रान्ति तथा आन्दोलनले अघि सारेको संविधानसभाको अधुरो कार्यसूचीलाई मूर्त रूप प्रदान गऱ्यो। प्रतिनिधिसभाले कार्यसूचीलाई मूर्त रुप प्रदान गर्न ऐतिहासिक भूमिका निर्वाह गऱ्यो।

नेपालको राजनीतिमा संविधानसभाको निर्वाचन गरिने घोषणा पहिलोपटक ०७७ फागुन ७ गते राजा त्रिभुवनको सम्बोधनमा भएको थियो। त्यसपछि समय-समयमा यसको चर्चा भए पनि संविधानसभाको आवश्यकताप्रति नेपालको राजनीतिक शक्ति विश्वस्त हुन सकेको थिएन। पछिल्लो समयमा जब नेकपा (माओवादी) ले संविधानसभाको मुद्दा उठाएको थियो। त्यतिखेर पनि प्रमुख राजनीतिक दलहरू यसको औचित्यप्रति सहमत हुन सकेका थिएनन्। तर ०६२/०६३ को जनआन्दोलन-२ को प्रमुख सरोकारको विषयका रूपमा संविधानसभाको निर्वाचनको आवश्यकता स्थापित भयो। सात दल गठबन्धनले पनि संविधानसभाको निर्वाचनमार्फत् नयाँ संविधान निर्माण हुनुपर्ने भन्ने मान्यता स्वीकार गऱ्यो। यो परिवेशमा बसेको प्रतिनिधिसभाको पहिलो बैठकले सम्पूर्ण नेपालीको ध्यानाकर्षण गरेको थियो।

५.१.२ श्रीपेच र श्री ५ को भूमिकाबिनाको प्रतिनिधिसभा

श्रीपेच सहितको राजदण्ड अघि लगाएर सभामुख बैठक कक्षमा प्रवेश गर्ने परम्परालाई प्रतिनिधिसभाको वैशाख १५ गतेको बैठकले सदाका लागि अन्त्य गऱ्यो। नेपालको संसदीय इतिहासमा पहिलो पटक श्रीपेच र राजदण्डविना प्रतिनिधिसभाको विशेष बैठक बस्यो।।[२९]

पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकमा उपस्थित सांसदहरूले यसअघि उनीहरूले लगाउँदै आएको श्रीपेचअंकित प्रतीक चिह्न लगाएनन्। सांसदले जनआन्दोलनको मर्मअनुसार ०६३ भदौ १२ देखि नयाँ प्रतीक चिह्न लगाउन सुरू गरे। नयाँ प्रतीक चिह्नमा महिला र पुरुषको हातले उचालेको नेपालको नक्शामा राष्ट्रिय झण्डा अंकित छ। २५ मिलिमिटर गोलाई र ३ मिलिमिटर मोटाइको गोलाकार प्रतीक चिह्नमा तामाको हातमाथि चाँदीको पृष्ठभूमिमा बनाइएको छ।[३०]

५.३ जनप्रतिनिधिसमक्ष सभामुखको शपथग्रहण

सभामुख पदमा सांसद सुवास नेम्वाङ्गको मात्र उम्मेदवारी परेको संसदीय सचिवालयले जानकारी गराएपछि प्रतिनिधिसभाले ०६३ वैशाख ३० गते अपरान्ह ४ बजे नेम्वाङ्गलाई सभामुख चयन गरेको थियो। सुवास नेम्वाङ्ग

२६. पूर्ववत्
२७. पूर्ववत्
२८. "संविधानसभामा सर्वसम्मत"। *कान्तिपुर* ०६३ वैशाख १८: पृ. १
२९. ज्वाला, प्रकाश। "श्रीपेचविनाको संसद"। *कान्तिपुर* ०६३ वैशाख १७: पृ. ७
३०. संसद सचिवालय, कार्यव्यवस्था शाखा । ०६३

सभामुखमा निर्वाचित भएकोमा बधाई दिँदै उपसभामुख चित्रलेखा यादवले नेम्वाङ्गलाई आफूले पूर्णरूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन्।

सभामुख नेम्वाङ्गले राजासमक्ष नगई रोष्टममा उभिएर सदनमा शपथ लिए। शपथ लिनेक्रममा उनले, जनआन्दोलनको भावनालाई आत्मसात गरी नेपाली जनताप्रति बफादार भएर पूर्वाग्रहविना निष्पक्ष भूमिका निर्वाह गर्ने उल्लेख गरे। नेम्वाङ्गले आन्दोलनको भावनालाई व्यवहारमा उतार्न आफू क्रियाशील रहने प्रतिबद्धता पनि व्यक्त गरे। "सबै प्रकारका आग्रहबाटमाथि उठेर सिंगो सदनलाई विश्वासमा लिने प्रतिबद्धता व्यक्त गर्दै उनले संसद अझ सशक्त र प्रभावकारीरूपमा अघि बढ्ने विश्वास व्यक्त गरे।

५.४ प्रतिनिधिसभा घोषणा २०६३

प्रतिनिधिसभाले ०६३ जेठ ४ गते बहुप्रतिक्षित ऐतिहासिक घोषणा गऱ्यो। यस घोषणाले राजाका सम्पूर्ण विशेष अधिकार खारेज गरी राजकीय र सम्प्रभु अधिकार प्रयोग गर्न प्रतिनिधिसभा सार्वभौम भएको घोषणा गऱ्यो। जनआन्दोलनको बलबाट पुनर्स्थापित प्रतिनिधिसभाले तीन सातापछि नेपालको इतिहासमा एउटा युगान्तकारी परिवर्तनको उद्घोष गऱ्यो। प्रधानमन्त्री कोइरालाद्वारा ऐतिहासिक दस्तावेजका रूपमा सभामुखमार्फत् संसदमा प्रस्तुत गरिएको प्रतिनिधिसभाको घोषणा-२०६३ लाई उपस्थित सांसदहरूले सर्वसम्मतरूपमा समर्थन गरेका थिए। "यो घोषणाका प्रत्येक हरफ र शब्द जनताको बलिदानको रगतले लेखिएका छन् र कसैले यो घोषणाको अवमूल्यन गरेमा त्यसको दुष्परिणामको भागीदार ऊ आफैं हुनेछ र फेरि जनताको आक्रोश खेप्नुपर्नेछ", घोषणा वाचन गर्नु अघि कोइरालाले भने। प्रधानमन्त्री कोइरालाले, घोषणाले सम्पूर्ण वर्ग र तहका जनताको भावनालाई आत्मसात गरेको उल्लेख गर्दै यसको अवमूल्यन गर्ने दुस्साहस गरिएमा त्यसको दूर्भाग्य आफैंले बेहोर्नुपर्ने चेतावनी दिएका थिए।[३१]

यो घोषणाले व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग हुने व्यवस्था गऱ्यो। प्रतिनिधिसभाको अधिवेशनको आह्वान तथा समापन प्रधानमन्त्रीको सफारिसमा सभामुखले गर्ने व्यवस्था पनि घोषणाले गऱ्यो। यस घोषणाले सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने र मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहने व्यवस्था गऱ्यो। सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिने व्यवस्था पनि घोषणाले गऱ्यो।

श्री ५ को सरकारलाई नेपाल सरकार, शाही नेपाली सेनालाई नेपाली सेनामा रुपान्तरण गऱ्यो। त्यसैगरी राष्ट्रिय सुरक्षा परिषद्को तत्कालीन व्यवस्था खारेज गरी नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद् रहने र प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने निर्णय गऱ्यो। घोषणाद्वारा शाही नेपाली सेनाको परमाधिपतिको वर्तमान व्यवस्था खारेज गर्नुका साथै नेपाली सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको हुने व्यवस्था गरियो। २०४७ को संविधानको प्रस्तावनामा व्यवस्था गरिएको "हिन्दु राष्ट्र नेपाल" को व्यवस्था खारेज गरी धर्मनिरपेक्ष राज्यको घोषणा, राजपरिषद्को खारेजी तथा राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहने व्यवस्था पनि गरियो। राजाको खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुने, राजाको निजी सम्पत्ति र आयमाथि कानुनअनुसार कर लाग्ने, राजाबाट गरिएका कामको प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिने र राजदरबारको सुरक्षासम्बन्धी अधिकार मन्त्रिपरिषद्ले गरे बमोजिम हुने घोषणामा व्यवस्था गरियो। राजप्रासाद सेवालाई निजामती सेवाको एउटा अंग बनाउने र प्रचलनमा रहेको राष्ट्रिय गानको वैकल्पिक व्यवस्था गरी परिवर्तन गर्ने निर्णय गऱ्यो। नागरिकताको अधिकारलाई सर्वसुलभ बनाई विद्यमान समस्यालाई शीघ्र समाधान गर्ने

प्रकोष्ठ : ८ नेपाली म्याग्नाकार्टा

बेलायतमा सन् १२१५ मा तत्कालीन निरंकुश राजाविरुद्धको आन्दोलनको सफलताले जनअधिकार प्रत्याभूत गरिएको दस्तावेजमा हस्ताक्षर गराई राजाको स्वेच्छाचारी शासनको अन्त्य गरेको थियो। नेपाली जनताले सन् २००६ मा निरंकुश राजालाई प्रतिनिधिसभा पुनर्स्थापना गर्न बाध्य गराई जनअधिकार बहाली गर्ने मार्गको सुरुवात गरे। बेलायती म्याग्नाकार्टामा व्यक्तिगत स्वतन्त्रताको अधिकार, मनोमानी सजायविरुद्धको अधिकार, व्यक्तिगत सम्पत्तिको अधिकार तथा स्वतन्त्र र निष्पक्ष पुर्पक्षको अधिकार बहाली गरिएको थियो। त्यसैगरी ०६३ जेठ ४ गतेको घोषणाले संसदको सर्वोच्चता स्थापित गर्दै राजामा निहित कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकासम्बन्धी अधिकारहरू सम्पूर्णरूपमा कटौती गरी व्यवस्थापिका र कार्यपालिकाबाट उनको सम्बन्ध विच्छेद गऱ्यो।

बेलायती म्याग्नाकार्टा अनुरूप बेलायती शासकहरू रुपान्तरण नभएपछि सन् १६८८ मा अर्को क्रान्ति गर्नुपऱ्यो र बेलायती सदनले तत्कालीन राजा जेम्स द्वितीयलाई संविधान नमानेको आरोपमा राजाबाट हटाई अर्को राजा नियुक्ति गरेको थियो। तर नेपालको प्रतिनिधिसभा त्यो तहसम्म भने पुगेन।

३१. "जनघोषणाको अवज्ञा गर्ने आफैं समाप्त हुन्छन्"। *अन्नपूर्णपोष्ट* ०६३ जेठ ५: पृ. १

व्यवस्था गरियो। यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानुनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुनेसमेत घोषणा गरियो।

५.४.१ सात दलद्वारा घोषणाको स्वागत

घोषणाले जनआन्दोलनको भावनालाई आत्मसात गरेका कारण यसको सर्वत्र स्वागत गरियो। घोषणाले नेपालीलाई पूर्ण सार्वभौम बनाएको र मुलुकमा नयाँ युग प्रारम्भ भएको ठहर नेकाँले गऱ्यो। मुलुक १७ औं शताब्दीमा चल्न नसक्ने कुरालाई नेपाली जनताले स्पष्ट पारेको बताउदै नेकाँका उपसभापति सुशील कोइरालाले घोषणाविरुद्ध जानेलाई कसरी खाल्डोमा जाक्नुपर्छ भन्ने कुरा जानेको बताए। उनले अब कुनै पनि तानाशाहले टाउको उठाउन नसक्ने बताए। नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले घोषणाको अवमूल्यन गर्ने जो कोहीले पनि जनदबाबको सामना गर्नुपर्ने चेतावनी दिँदै समयमा केही गुमाउन नचाहनेहरूले समय गुज्रेपछि धेरै गुमाउनु पर्ने उल्लेख गरे।

नेसपा (आनन्दीदेवी) का हृदयेश त्रिपाठीले घोषणाले नेपाली जनतालाई निर्विवादरूपमा संविधानसभामा जाने बाटो खुल्ला गरेको बताए। नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेले हरेक क्रान्ति र परिवर्तन कानुनबमोजिम नहुने उल्लेख गर्दै घोषणा राजनीतिक भएको र यसलाई नयाँ युगको थालनीका रूपमा सम्झनुपर्ने बताए। जनमोर्चाका सांसद परी थापाले घोषणाले नेपाली जनताको शीर अन्तर्राष्ट्रियस्तरमा उचो पारेको विचार व्यक्त गरे। प्रतिनिधिसभाको घोषणाले नेपाली जनतालाई अधिकार सम्पन्न र शक्तिशाली तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै सदनभित्र र बाहिरबाट यसको स्वागत गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइयो।[३२]

५.४.२ अन्य राजनीतिक दलद्वारा स्वागत

नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले एक वक्तव्य जारी गरी प्रतिनिधिसभा घोषणा २०६३ लाई जनताको ऐतिहासिक आन्दोलनको विजयका रूपमा स्वागत र समर्थन गरे। सात दलको सरकारद्वारा प्रस्तावित तथा पुनर्स्थापित प्रतिनिधिसभाद्वारा पारित घोषणालाई माओवादीले १२ बुँदे समझदारी र नेपाली जनताको ऐतिहासिक जनआन्दोलनको विजयका रूपमा स्वागत गरेको थियो। घोषणा राजतन्त्र विरुद्ध महत्वपूर्ण राजनीतिक कदम भएको र धर्म निरपेक्ष राज्यलगायत् कतिपय माग पूरा गरेको पनि प्रचण्डको विज्ञप्तिमा उल्लेख थियो।

माओवादीले घोषणाको स्वागतसँगै यसका केही पक्षमा असहमति पनि जनायो। घोषणाले नेपाल र नेपाली जनताको आवश्यकता र आकांक्षालाई समग्रतामा व्यक्त गर्न नसकेको भन्दै राजतन्त्रलाई कायम राख्न खोजिएको भन्दै माओवादीले असन्तुष्टी प्रकट गऱ्यो। सात दलले मानार्थ राजतन्त्र राख्न खोजेको र जनताको जनजीविका र आधाभूत समस्यालाई सम्बोधन नगरेको, राजनीतिमा बढेको वैदेशिक हस्तक्षेपबारे उल्लेख नगरेको र राज्यको पुनर्संरचनाबारे मौन रहेको विज्ञप्तिमा उल्लेख गरिएको थियो।[३३]

राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबराले आफ्नो दल प्रजातन्त्रको पक्षमा सदैव उभिँदै आएको उल्लेख गर्दै आफ्नो पार्टीलाई कुनै पनि छलफलमा सहभागी नगराएकोमा गुनासो व्यक्त गरे। राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले उक्त घोषणाको स्वागत गर्दै आफ्नो जीवनको उत्तरार्द्धमा सम्प्रभुतासम्पन्न प्रतिनिधिसभाको सदस्य हुन पाएकोमा गौरवान्वित भएको बताए।[३४] संसदमा प्रतिनिधित्व गर्ने यी दुवै दलका नेता पञ्चायती व्यवस्थाको बाहकका रूपमा नेपाली इतिहासमा अंकित व्यक्तित्व मानिन्छन्।

५.४.३ धार्मिक तथा जातीय समुदायद्वारा घोषणाको स्वागत

प्रतिनिधिसभाको घोषणा ०६३ ले नेपाललाई हिन्दू अधिराज्यको पहिचानबाट धर्म निरपेक्ष तुल्याएकोमा विभिन्न धार्मिक तथा जातीय संघसंस्थाले त्यसको स्वागत र समर्थन गरे। नेपाल मुस्लिम इत्तेहाद संगठनले धर्मनिरपेक्षताको घोषणाले सबै धार्मिक समुदाय उत्साहित भएको उल्लेख गर्दै यसले राष्ट्र निर्माणमा समान सहभागिताको लागि ढोका खुलेको बताए। नेपाल जनजाति महासंघले घोषणा स्वागत गर्दै कार्यान्वयनको पक्षमा ध्यान दिन सरकारसँग आग्रह गऱ्यो। यसका लागि राज्यले विभेदकारी कानुनहरू हटाई नयाँ कानुन निर्माण गर्नुपर्ने आवश्यकतामा जोड दिइयो। त्यसैगरी राष्ट्रिय दलित महासंघ, नेपाल खिष्ट सोसाइटी, थारु विद्यार्थी समाज, नेपाल राष्ट्रिय मण्डली परिषद्लगायत्ले पनि समर्थनमा वक्तव्य निकाले।

५.४.४ घोषणाप्रति असन्तुष्टी

विघटित राजपरिषद्का अध्यक्ष परशुनारायण चौधरीलगायत् केही धार्मिक संघसंस्थाहरूले जेठ ४ गतेको घोषणाको विरोध गरे। हिन्दू धर्मसँग सम्बन्धित विश्व हिन्दू महासंघ, हिन्दू जागरण मञ्च, शिव सेनालगायत्का संस्थाहरूले एक मात्र हिन्दू राज्यको रूपमा परिचित मुलुक

---

३२. "जनता सर्वोच्च, राजा अधिकारविहीन"। पूर्ववत्

३३. गौतम, राजाराम, र तिलक पाठक। "युगान्तकारी छलाङ"। *नेपाल* ०६३ जेठ १४: पृ. २५

३४. "संसदको सर्वोच्चता"। *कान्तिपुर* ०६३ जेठ ५: पृ. १

धर्मनिरपेक्ष हुनुले सनातन धर्मावलम्बीहरू स्तब्ध र मर्माहत भएको धारणा सार्वजनिक गरे। हिन्दू कुनै धर्म नभई सनातन कालदेखि व्यक्तिको स्वधर्मको सिद्धान्तमा निर्देशित वैज्ञानिक जीवनशैली भएकाले अन्य धर्मावलम्बीको स्वतन्त्रतामा आघात पुऱ्याउन नहुने उल्लेख गर्दै उनीहरूले मुलुकलाई पुन: हिन्दूराज्य घोषणा गर्न माग गरेका थिए। यसैक्रममा वीरगञ्ज आसपासका क्षेत्रमा विरोध प्रदर्शनहरू भए।

मुलुकलाई धर्मनिरपेक्ष बनाउने घोषणा विरुद्ध षडयन्त्र हुन थालेकोमा संसदभित्र र बाहिर यस्ता गतिविधिहरूमाथि तुरुन्त नियन्त्रण कायम गर्न सांसदहरूले सरकारलाई अनुरोध गरे। यसैक्रममा ०६३ जेठ ११ गतेको बैठकमा सांसदहरूले विशेष समय लिएर सरकारलाई गम्भीर भई धार्मिक एकता खल्बलाउने अतिवादी तत्वमाथि तत्काल कारबाही गर्न माग गरे। सांसद रघुजी पन्तले नेपालमा विद्यमान धार्मिक सहिष्णुता र सद्भावलाई धर्मनिरपेक्षताको घोषणाले अझ बढाउने बताए। राज्य सबैको हो भन्ने सबैलाई अनुभूत गराएको केही धार्मिक अतिवादीलाई मन नपरेको बताउँदै यसविरुद्ध लागेकालाई तुरुन्त कारवाही गर्न उनले सरकारसँग माग गरे। सात दलले यस्ता अतिवादी कार्यको विरुद्ध जनतालाई सजग तुल्याउनु पर्ने विचार सांसदहरूले व्यक्त गरेका थिए।[३५] घोषणाको विरुद्धमा देखिएका केही अतिवादी धार्मिक संघहरूको विरोध प्रदर्शन स्वत: निस्तेज भएर गयो।

नेपाल राज्य पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १८ मा व्यवस्था भएको धार्मिक स्वतन्त्रतालाई यो घोषणाले आत्मसात गर्नु अन्तर्राष्ट्रिय कानुनको सम्मान भएको ठान्नुपर्छ। राज्यको कुनै धर्म हुँदैन। धर्म व्यक्तिको हुन्छ र कुन धर्म मान्ने भन्ने निर्णयको अन्तिम हकदार व्यक्ति स्वयम् हुन्छ। यो व्यक्तिको स्वतन्त्रता हो। ०४६ सालको जनआन्दोलनका क्रममा व्यापकरूपमा उठेको धर्मनिरपेक्षताको माग प्रतिनिधिसभा घोषणा ०६३ मार्फत् पूरा हुने भएको छ।

५.५ सभामुखद्वारा ऐन प्रमाणित

प्रतिनिधिसभाको घोषणा २०६३ र प्रतिनिधिसभा नियमावली, ०६३ ले संसदबाट पारित विधेयकलाई सभामुखले प्रमाणित गर्ने व्यवस्था गऱ्यो। यसअघि संसदबाट पारित विधेयकहरू राजाको लालमोहर लागेपछि मात्र ऐन बन्ने

प्रकोष्ठ : ९

प्रतिनिधिसभा नियमावली २०६३

प्रतिनिधिसभाले विभिन्न समयमा गरेका घोषणाहरूलाई कानुनी हैसियत प्रदान गर्दै आफूलाई व्यवस्थित र नियमित पार्ने नियमावली ०६३ जेठ २७ गते सर्वसम्मतले पारित गऱ्यो। विभिन्न राजनीतिक निर्णय गर्दै आएको प्रतिनिधिसभाबाट पहिलो नियमका रूपमा सदनमा प्रस्तुत नियमावलीको मस्यौदा ०६३ जेठ २४ गते सर्वसम्मतले पारित भएको थियो। जेठ ४ गतेको ऐतिहासिक घोषणाले प्रतिनिधिसभालाई सर्वाधिकार सम्पन्न बनाए पनि कानुनत: सर्वशक्तिमान बनाउने कार्यमा मौजुदा नेपाल अधिराज्यको संविधान २०४७ सँग बाझिएका धारा तथा उपधाराहरूको संख्या ६३ रहेको जानकारी प्रतिनिधिसभा मस्यौदा समितिले सार्वजनिक गरेको थियो।

जनआन्दोलनका बलमा पुनर्स्थापित संसदले राजाका अधिकारहरू कटौती गरी राजालाई नागरिक सरह बनाई उनको सम्पत्तिमा कर लाग्ने प्रावधानसमेत गऱ्यो। यसअघि संसदमा सरकारको नीति तथा कार्यक्रमको घोषणा, राजाबाट हुँदै आएको थियो। त्यस्तै, संसदबाट पारित भएका विधेयकमा लालमोहर लगाउनुपर्ने र आवश्यक ठानेमा विधेयक संसदमा फर्काउन सक्ने राजामा रहेको विशेष अधिकारसमेत उक्त घोषणाले अन्त्य गरेको परिप्रेक्ष्यमा नयाँ व्यवस्था के गर्ने बारेमा पनि निर्णय लिनु पर्ने अवस्था थियो, जो नियमावलीममार्फत् सूत्रबद्ध गरियो।[३६]

सांसद होमनाथ दाहालले यस नियमावलीले महत्वपूर्ण विशेष संसदीय समितिहरूको व्यवस्था गरेको तथा प्रधानमन्त्रीय पद्धतिमा राष्ट्रपतीय पद्धतिको चरित्रसमेत समेटेको विचार व्यक्त गरे। प्रतिनिधिसभाको छलफलमा भाग लिँदै डा. रामवरण यादवले नियमावलीले संसदमा राजा भन्ने मान्यतालाई खारेज गरेको र न्यायिक एवम् कुटनीतिक क्षेत्रमा नातावाद र कृपावाद हुने गरेको गुनासो संसदीय सुनुवाई समितिको क्रियाशिलताबाट हट्ने विश्वास व्यक्त गरे।[३७]

सार्वजनिक पद धारण गरेका पदाधिकारीहरूले तोकिएका प्रतिनिधिहरूबाट शपथ गराउने व्यवस्था गरिएकोमा प्रतिनिधिसभा नभएको अवस्थामा कसबाट शपथ लिनेजस्ता समस्याहरूलाई समाधान गर्नुपर्ने स्थिति उत्पन्न भएको थियो। प्रतिनिधिसभा नियामावली नबनेकाले जेठ ४ गतेपछि पनि मन्त्रिपरिषद् पुरानै ढाँचामा राजाबाट विस्तार गरिएको तथ्य सभामुखले सदनलाई जानकारी गराउँदा सांसदहरूले उक्त कार्यबाट प्रतिनिधिसभा घोषणा २०६३ को उल्लंघन भएको जनाउँदै विरोध गरेका थिए। त्यस्तै प्रधानन्यायाधीश, सर्वोच्च अदालत तथा पुनरावेदन अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्यहरूलगायत् अन्य न्यायिक क्षेत्रका विशिष्ठ पदको नियुक्ति तथा शपथग्रहण कहाँ र कोसँग गर्ने भन्ने विषय र राज्यका तीन अङ्गहरूको शक्ति पृथकीकरणको सिद्धान्तमा असर पर्न सक्ने सवालहरूमा सृजित विवादहरूलाई समयमै समाधान गर्नु जरुरी थियो। यस्ता कानुनी अड्चनहरू हटाई प्रतिनिधिसभाको घोषणालाई मूर्त रूप दिन र कामलाई नियमन गर्न नयाँ नियमावली आवश्यक थियो।

३५. "धार्मिक अतिवादीविरुद्ध कारवाही माग"। *कान्तिपुर* ०६३ जेठ १२: पृ. ३

३६. "राजाविनाको संसद, लालमोहर सभामुखबाट"। *नेपाल समाचारपत्र* ०६३ जेठ २८: पृ. १

३७. "प्रतिनिधिसभा नियमावली पारित" । *गोरखापत्र* ०६३ जेठ २९: पृ. १

परम्परा थियो। अर्थमन्त्री रामशरण महतद्वारा प्रतिनिधिसभामा प्रस्तुत पेश्की खर्च विधेयक प्रतिनिधिसभाले पारित गरेपछि सभामुख नेम्वाङ्गले प्रमाणित गरे। प्रतिनिधिसभाको घोषणापछि पहिलो ऐनका रूपमा यो विधेयक आएको थियो। नेपालको इतिहासमा ऐन प्रमाणित गर्ने पहिलो जनप्रतिनिधि सभामुख नेम्वाङ्ग बन्न पुगे।

सन् २००६ को अन्त्यसम्ममा प्रतिनिधिसभाले जम्मा ३६ ओटा विधेयक पारित गरेकोमा सभामुखले ३२ ओटा

प्रकोष्ठ : १०

०६३ मा पुनर्स्थापित प्रतिनिधिसभामा प्रस्तुत भएका विधेयकहरूको विवरण

(०६३ वैशाख १५–पुस १६) प्रमाणीकरण भइसकेका (ऐन नं. क्रममा)[३८]

क्र.स.	प्राप्त मिति	दर्ता नं.	विधेयकको नाम	ऐन नं.	पारित मिति	प्रमाणीकरण मिति
१.	२०६३/३/२८	४	पेश्की खर्च विधेयक, २०६३	१	२०६३/३/३२	२०६३/३/३२
२.	२०६३/४/४	८	केही नेपाल ऐनका व्यवस्था जगाउने विधेयक, २०६३	२	२०६३/४/१८	२०६३/४/२३
३.	२०६३/३/२८	३	विनियोजन विधेयक, २०६३	३	२०६३/५/७	२०६३/५/१९
४.	२०६३/४/२९	१९	केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) विधेयक, २०६३	४	२०६३/५/२७	२०६३/६/५
५.	२०६३/३/२८	६	ऋण तथा जमानत (पन्धौं संशोधन) विधेयक, २०६३	५	२०६३/५/१२	२०६३/६/५
६.	२०६३/३/२८	५	राष्ट्र ऋण उठाउने विधेयक, २०६३	६	२०६३/५/१२	२०६३/६/५
७.	२०६३/४/२७	१८	सैनिक विधेयक, २०६३	७	२०६३/६/६	२०६३/६/१२
८.	२०६३/४/४	७	केही नेपाल कानून संशोधन गर्ने विधेयक, २०६३	८	२०६३/६/५	२०६३/६/२८
९.	२०६३/६/२	३६	नोटरी पब्लिकसम्बन्धी विधेयक, २०६३	९	२०६३/६/१२	२०६३/६/२८
१०.	२०६३/४/९	९	बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयक, २०६३	१०	२०६३/५/८	२०६३/७/१९
११.	२०६३/५/२७	३४	लैंगिकक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३	११	२०६३/६/१२	२०६३/७/१७
१२.	२०६३/३/२८	२	आर्थिक विधेयक, २०६३	१२	२०६३/५/१२	२०६३/७/२०
१३.	२०६३/५/६	२५	बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली (पहिलो संशोधन) विधेयक, २०६३	१३	२०६३/७/१६	२०६३/७/१९
१४.	२०६३/४/१२	११	मालसामानको बहुबाधक ढुवानी विधेयक, २०६३	१४	२०६३/६/१२	२०६३/७/१९
१५.	२०६३/५/४	२१	नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) विधेयक, २०६३	१५	२०६३/६/१२	२०६३/७/२३
१६.	२०६३/२/२०	१	लुम्बिनी बौद्ध विश्वविद्यालय विधेयक, २०६३	१६	२०६३/५/२५	२०६३/७/२०
१७.	२०६३/४/१७	१३	गरीबी निवारण कोष विधेयक, २०६३	१७	२०६३/७/१६	२०६३/७/२३
१८.	२०६३/४/१८	१४	कम्पनी विधेयक, २०६३	१८	२०६३/६/१२	२०६३/७/२४
१९.	२०६३/५/४	२३	सुरक्षित कारोबार विधेयक, २०६३	१९	२०६३/७/१६	२०६३/७/३०
२०.	२०६३/५/४	२२	दामासाहीसम्बन्धी विधेयक, २०६३	२०	२०६३/७/१६	२०६३/८/४
२१.	२०६३/६/५	३९	खानेपानी व्यवस्थापन बोर्ड विधेयक, २०६३	२१	२०६३/७/२१	२०६३/८/८
२२.	२०६३/६/४	३८	ज्यष्ठ नागरिकसम्बन्धी विधेयक, २०६३	२२	२०६३/७/१६	२०६३/८/८
२३.	२०६३/४/१८	१५	निकासी, पैठारी तथा बौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३	२३	२०६३/७/२०	२०६३/८/८
२४.	२०६३/५/११	२६	राष्ट्रिय न्यायिक प्रतिष्ठान विधेयक, २०६३	२४	२०६३/७/२१	२०६३/८/८
२५.	२०६३/५/२५	३३	नेपाल नागरिकता विधेयक, २०६३	२५	२०६३/८/१०	२०६३/८/१०
२६.	२०६३/५/१८	३२	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान विधेयक, २०६३	२६	२०६३/८/७	२०६३/८/१७
२७.	२०६३/५/१४	२८	विद्युतीय (इलेक्ट्रोनिक) कारोबार विधेयक, २०६३	२७	२०६३/७/२१	२०६३/८/२२
२८.	२०६३/६/३	३७	नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) विधेयक, २०६३	२८	२०६३/८/७	२०६३/८/२२
२९.	२०६३/६/५	४०	खानेपानी महसुल निर्धारण आयोग विधेयक, २०६३	२९	२०६३/८/१५	२०६३/८/२८
३०.	२०६३/५/१५	३१	पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी विधेयक, २०६३	३०	२०६३/८/१०	२०६३/८/२८
३१.	२०६३/५/३०	३५	शिक्षा तथा खेलकुदसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३	३१	२०६३/८/१५	२०६३/९/१४
३२.	२०६३/९/२	४६	मतदाता नामावलीसम्बन्धी विधेयक, २०६३	३२	२०६३/९/१३	२०६३/९/१४
३३.	२०६३/९/३	४७	राष्ट्रिय महिला आयोग विधेयक, २०६३		२०६३/९/१३	
३४.	२०६३/५/४	२४	धितोपत्रसम्बन्धी विधेयक, २०६३		२०६३/९/११	
३५.	२०६३/५/१५	३०	सार्वजनिक खरिद विधेयक, २०६३		२०६३/९/४	
३६.	२०६३/९/१६	४९	नेपाल कानून आयोग विधेयक, २०६३			
३७.	२०६३/४/२२	१०	प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण विधेयक, २०६३		२०६३/६/१२	

३८. संसद सचिवालय विधेयक शाखा । ०६३ पुस

विधेयकहरू प्रमाणित गरे। *(विस्तृत जानकारीका लागि हेर्नुहोस तालिका)*। प्रतिनिधिसभा नियमावली अनुसार संसदबाट पारित विधेयकलाई सभामुखले प्रमाणित गरेपछि ऐन बन्ने व्यवस्था छ। यस नियमावलीअनुसार सम्पूर्ण विधायिकी अधिकार प्रतिनिधिसभामा निहीत गरियो। यो नियमावलीले प्रतिनिधिसभालाई सार्वभौमसत्ता सम्पन्न एवम् राजकीय सत्ताको प्रयोग गर्ने सर्वोच्च संस्थाको रूपमा स्थापित गऱ्यो।

प्रकोष्ठ : ११ **सम्बन्धित समितिमा विचाराधीन रहेका विधेयक**

क्र.सं.	विधेयकको नाम	प्राप्त मिति	दर्ता नं.
१.	सुशासन (व्यवस्थापन तथा सञ्चालन) विधेयक, २०६३ (राज्यव्यवस्था समितिमा)	२०६३/४/१७	१२
२.	कारागार (दोस्रो संशोधन) विधेयक, २०६३ (राज्यव्यवस्था समितिमा)	२०६३/५/१४	२७
३.	निजामती सेवा (दोस्रो संशोधन) विधेयक, २०६३ (राज्यव्यवस्था समितिमा)	२०६३/५/१४	२९
४.	गैरआवासीय नेपालीसम्बन्धी विधेयक, २०६३ (परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिमा)	२०६३/५/४	२०
५.	पेट्रोलियम पदार्थको कारोबारसम्बन्धी विधेयक, २०६३ (परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिमा)	२०६३/७/२०	४५
६.	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल (पहिलो संशोधन) विधेयक, २०६३ (जनसंख्या तथा सामाजिक समितिमा)	२०६३/६/२३	४२
७.	मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) विधेयक, २०६३ ,,	२०६३/९/१४	४८
८.	वैदेशिक रोजगार विधेयक, २०६३ ,,	२०६३/६/२७	४३
९.	निवृत्तीभरण कोष विधेयक, २०६३ (अर्थ समितिमा पठाइनसकिएको)	२०६३/७/१६	४४

५.६ नेपाल सरकार कार्य सम्पादन नियमावली २०६३

०६३ जेठ ४ गतेको ऐतिहासिक घोषणामा सरकारले आफ्नो कार्य सम्पादनसम्बन्धी नियमावली तयार गरी सदनमा प्रस्तुत गर्नुपर्ने व्यवस्था थियो। त्यसैअनुरूप पेश गरिएको उक्त नियमावली प्रतिनिधिसभाको ०६३ असार १ गतेको बैठकले पारित गऱ्यो। सरकारले कार्य सम्पादनसम्बन्धी नियमावली सदनमार्फत् सार्वजनिक गराएको यो पहिलो पटक हो। यसअघि यस्ता नियमावलीहरू गोप्य राख्ने प्रचलन थियो। प्रतिनिधिसभाको घोषणाले संसदमा राजाको भूमिका रहने मान्यतालाई अन्त्य गरेजस्तै यस नियमावलीले मन्त्रिपरिषद्मा राजाको भूमिका रहने व्यवस्थाको अन्त्य गऱ्यो। कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङ्गले उक्त कार्य सम्पादन नियमावली र मन्त्रिपरिषद्को कार्यविभाजन नियमावली सदनमा प्रस्तुत गरेका थिए।

नेपाल सरकार कार्य सम्पादन नियमावली २०६३ मा जम्मा ४५ दफा, पाँच परिच्छेद र दुई अनुसूची रहेका छन्। नियमावलीको परिच्छेद ३ अर्न्तगतको नियम १८ मा मुलुकको शासनव्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा सरकारको हुने व्यवस्था छ।

आमा वा बाबुमध्ये कुनै एकजनाको नामबाट पनि सन्तानले नागरिकता प्राप्त गर्न सकिने, कम्तिमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिता प्रत्याभूति गर्ने सार्वजनिक महत्वका प्रस्तावहरू पनि सर्वसम्मतिबाट पारित भयो। त्यसैगरी छुवाछूत प्रथाको सम्पूर्ण विभेदकारी नीति र कार्य अन्त्य गर्ने लगायत् अन्य महत्वपूर्ण विषयहरूमा १८ ओटा सार्वजनिक महत्वका प्रस्तावमध्ये १३ ओटा प्रस्तावहरू बैठकद्वारा सर्वसम्मतरूपमा पारित भए। बाँकी पाँचओटा प्रस्तावहरूउपर भने छलफल भई सम्बन्धित मन्त्रीले जवाफ दिएका थिए।[३९]

५.७ सहिदप्रति सम्मान

प्रतिनिधिसभाको ०६३ वैशाख १९ गते बसेको बैठकमा जनआन्दोलनका सहीद परिवार तथा घाइतेहरूलाई सहायता गर्ने सार्वजनिक महत्वको प्रस्ताव सांसद दिलेन्द्रप्रसाद बडूले पेश गरे। प्रस्तावमार्फत् जनआन्दोलनमा सहादत प्राप्त गर्ने वीर योद्धाहरूप्रति सम्मान प्रकट गर्दै उनीहरूको सम्झनालाई चीरस्थायी राख्ने स्मारक निर्माण गर्ने तथा सहीदका परिवारलाई एकमुष्ठ आर्थिक सहायता, शिक्षा र रोजगारीको व्यवस्था गर्नसमेत सरकारलाई निर्देशन दिइयो। साथै, उक्त प्रस्तावमा जनआन्दोलनका क्रममा अपाङ्ग भएका, गम्भीर घाइते भएका जनआन्दोलनका योद्धाहरूप्रति सम्मान प्रकट गर्दै उपचार, आर्थिक सहयोग र रोजगारीको उचित प्रबन्ध मिलाउन नेपाल सरकारलाई निर्देशन दिइएको थियो।

प्रस्तावले केवल जनआन्दोलन-२ का सहिद परिवार तथा घाइतेहरूलाई मात्र सम्मान तथा सहयोग गर्ने नभई ०४६ सालको जनआन्दोलनका सहिद तथा घाइते भएकाहरूलाई पनि उच्चसम्मान प्रकट गर्दै सहयोग गर्न सरकारलाई निर्देशन दिएको थियो। उक्त प्रस्तावले जनआन्दोलनका घाइतेहरू, सहिदका परिवार तथा नागरिक समाजका सदस्यहरूले जारी राखेको खबरदारी सभा तथा सार्वजनिक अभिव्यक्तिलाई आत्मसाथ गरेको भए तापनि व्यहारको कसीमा जाँचिन बाँकी रहेको जनआन्दोलन-२ का सहिद परिवार तथा घाइतेहरूले बताए।[४०] पुनर्स्थापित प्रतिनिधिसभाको यो निर्णयले लोकतन्त्रका लागि

३९. पूर्ववत्

४०. "सहिदका परिवारद्वारा कारवाहीको माग"। *कान्तिपुर* ०६३ वैशाख १९: पृ. ३

जीवन अर्पण गर्ने सहिदप्रति आदर प्रकट गऱ्यो।

५.८ संविधान संशोधन

प्रतिनिधिसभाको घोषणासँग बाझिएका ४६ ओटा धाराहरू र बाधा अड्काउ फुकाउन १५ बुँदे नयाँ व्यवस्थाको घोषणा गर्दै ०६३ असार १९ गतेको प्रतिनिधिसभाको बैठकले नेपाल अधिराज्यको संविधान २०४७ मा व्यापक परिवर्तन गऱ्यो। अन्तरिम संविधान जारी नहुन्जेलका लागि मात्र कायम हुनेगरी यो परिवर्तन गरिएको थियो। प्रतिनिधिसभाको घोषणामा बाझिएका संविधानका धारा तथा अन्य प्रचलनमा रहेका कानुनहरू बाझिएको हदसम्म स्वत: अमान्य हुने प्रावधान राखिएको थियो। प्रतिनिधिसभा नियमावली कार्यान्वयन विशेष समितिद्वारा प्रस्तुत प्रारम्भिक प्रतिवेदनका आधारमा संसदको घोषणासँग बाझिएका संवैधानिक व्यवस्थाको बाधा अड्काउ फुकाउन गरिएको व्यवस्था अनुरूपको संशोधनले राजालाई अधिकारविहीन बनायो।

नयाँ व्यवस्था अनुसार, "नेपाल अधिराज्य" को सट्टा "राज्य" मात्र भन्ने व्यवस्था गरियो। त्यसैगरी "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार", शाही नेपाली सेनाको सट्टा "नेपाली सेना" र शाही राजदूतको सट्टा "नेपाली राजदूत" भन्ने व्यवस्था गरियो। प्रधानमन्त्रीको नियुक्ति राजाबाट हुँदै आएको व्यवस्थालाई खारेज गरी प्रतिनिधिसभाले नियुक्त गर्ने र मन्त्रिपरिषद् कार्यविभाजनको घोषणा प्रधानमन्त्री स्वयम्ले गर्ने व्यवस्था गरियो। संवैधानिक पदका सबै नियुक्तिलगायत् राष्ट्र प्रमुखबाट सम्पन्न हुँदै आएका अन्य नियुक्ति पनि मन्त्रीपरिषद्बाट गरिने व्यवस्था भयो।

मन्त्रिपरिषद्को पद तथा गोपनियताको शपथ पनि संसदमा नै हुने व्यवस्था गरियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२ अनुरुप मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ ले अध्यादेश जारी गर्ने अधिकार खारेज गरी मन्त्रिपरिषद्ले गर्ने व्यवस्था गऱ्यो। त्यसैगरी नेपाल अधिराज्यको संविधानको धारा १२७ मा बाधा अड्काउ फुकाउने अधिकार श्री ५ लाई दिएकोमा अब यस्तो अकिार संसद र मन्त्रिपरिषद्मा रहने व्यवस्था गरियो। संविधानको धारा १२३ बमोजिम राजाद्वारा प्रदान गरिँदै आएको विभुषण, उपाधि, सम्मान र विभुषणसम्बन्धी र धारा १२२ बमोजिम माफी दिनेसम्बन्धी सम्पूर्ण अधिकार हटाई मन्त्रिपरिषद्ले गर्ने व्यवस्था भयो। २०४७ को संविधानको धारा ३५ अनुसार कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा रहने उल्लेख गरिएको प्रावधान हटाई मन्त्रिपरिषद्मा रहने व्यवस्था गरियो। संविधानको धारा ४६ द्वारा प्रदत्त राष्ट्रियसभामा सदस्यहरू मनोनित गर्ने राजाको अधिकार खारेज गरी नेपाल सरकारले गर्ने व्यवस्था गरियो। सरकारको नीति तथा कार्यक्रम राजाले संसदसमक्ष प्रस्तुत गर्ने व्यवस्थालाई खारेज गरी प्रधानमन्त्रीले पेश गर्ने व्यवस्था गरियो।

प्रतिनिधिसभा घोषणालाई संस्थागत गर्न ल्याइएको संविधान संशोधनको प्रस्तावलाई घोषणा कार्यान्वयन समितिका तर्फबाट उपसभामुख चित्रलेखा यादवले संसदमा छलफलका लागि पेश गरेकी थिइन्।

५.९ राजपरिवारको सम्पत्ति सार्वजनिक गर्न निर्देशन

प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले राजपरिवार, मन्त्रिपरिषद् र स्वयम् समितिका सदस्यको सम्पत्ति विवरण उपलब्ध गराउन १५ दिनको समय दिई ०६३ असार १५ गते लिखित पत्र पठायो। कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री नरेन्द्रविक्रम नेम्वाङ्ले जसरी भए पनि र जस्तोसुकै अड्चन आइपरे पनि राजाको सम्पत्ति सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरे। साथै, उनले राजाले विदेशमा राखेको सम्पत्तिको पनि खोजिनीति गरिने बताएका थिए। सार्वजनिक लेखा समितिका अध्यक्ष चित्रबहादुर केसीले राजाको सम्पत्ति जहाँ भए पनि सार्वजनिक गराइछाड्ने प्रतिबद्धता व्यक्त गरे। प्रतिनिधिसभा स्रोत साधन समितिले राजा र राजपरिवारको नाममा रहेको जग्गा जमिन पहिचानमा सघाउन सर्वसाधारणसँग ०६३ कात्तिक ३० गते अपिल गऱ्यो। मन्त्रालय र कर्मचारीतन्त्रबाट सहयोग पाउन नसकेपछि अपिल गरिएको समितिका अध्यक्ष प्रकाश ज्वालाले बताए।[४१] राजपरिवारको सम्पत्तिमा कर लाग्ने व्यवस्था गरेपछि उनको सम्पत्ति सार्वजनिक हुनुपर्नेमा सांसदहरूले जोड दिएका थिए।[४२] नेपालको इतिहासमा राजपरिवारको चलअचल सम्पति विवरण मागिएको यो पहिलो पटक हो।[४३] नेपालको राजा तथा राजपरिवारको सम्पत्ति कति छ भन्ने सम्बन्धमा आम नेपालीको चासो रहेको यथार्थलाई बुझी समितिले यस्तो ऐतिहासिक निर्णय गरे पनि कार्यान्वयन भने हुन सकेन। लेखा समितिले पठाएको पत्रको राजदरबारले प्रत्युत्तर नै दिएन। राजाको सम्पत्ति छानबिन गर्ने र राजालाई करको दायरामा ल्याउने प्रयत्न सफल नभए पनि शोषणको केन्द्रविन्दू रहेको राजतन्त्रको अकूत सम्पत्तिका विषय आमजनतामा चर्चा र चासोको विषय भने बन्यो।

५.१० बजेट सार्वजनिकः दरबार खर्चमा कटौती

आर्थिक वर्ष ०६३/०६४ को राजस्व र व्ययको वार्षिक अनुमान बजेट ०६३ असार ३१ गतेको

४१. "संसदीय समिति राजाको जग्गा खोज्न जाने"। *कान्तिपुर* ०६३ कात्तिक २१: पृ. ३
४२. "राजाको सम्पत्ति सार्वजनिक हुन्छ"। *राजधानी* ०६३ असार ११: पृ. १
४३. "राजाको सम्पत्ति विवरण माग"। *कान्तिपुर* ०६३ असार १६

प्रतिनिधिसभाको बैठकले पारित गऱ्यो। सदनमा नेपाल सरकारका अर्थमन्त्री रामशरण महतले सार्वजनिक गरेको बजेटले विगतमा प्रतिनिधिसभाविहीन अवस्थामा प्रस्तुत गरिएका बजेटभन्दा भिन्न अनुभूति गराउन भने सफल भयो। जनआन्दोलनको मर्मअनुसार दरबारको खर्च तथा रक्षा मन्त्रालयका लागि विनियोजन गरेको खर्चमा कटौती गरियो। अर्थमन्त्री महतद्वारा प्रस्तुत गरिएको विनियोजन विधेयक २०६३ माथि भएको दफावार छलफलमा दरबारको खर्च जुन मात्रामा कटौती गरिनुपर्ने हो, त्यस्तो भने नभएको विचार सांसदहरूले व्यक्त गरेका थिए। सांसद डा. डिल्लीराज खनालले विद्युत, यातायत, सञ्चार र सिंचाई क्षेत्रमा गरिब वर्गको पहुँच पुऱ्याउन बजेट असफल हुने बताए। छलफलकै क्रममा विगतको परम्परा तोड्दै अर्थमन्त्रीले सांसदहरूद्वारा प्रस्तुत गरिएका सुझावका अधारमा रोष्टमबाटै सुधारको घोषणा गरेका थिए।

राजदरबारको खर्चका लागि विगतमा छुट्याइएको करिब ११ करोडबाट वृद्धि गरी ६२ करोड ९१ लाख रूपैयाँ पुऱ्याइएको रकम घटाउने की नघटाउने जनतालाई यथार्थ जानकारी दिन पनि माग सांसदहरूले गरेका थिए। सांसदहरूको मागको सुनवाई तथा जनआन्दोलको भावनालाई स्वीकार्दै सरकारले राजदरबार खर्च कटौती गऱ्यो। [४४]

५.११ अधिकार सम्पन्न विशेष समितिहरूको गठन

प्रतिनिधिसभा घोषणा र प्रतिनिधिसभा नियमावली २०६३ कार्यान्वयन गर्न अधिकारसम्पन्न समितिहरू निर्माण गर्ने निर्णय गरियो। यो वर्ष प्रतिनिधिसभाअर्न्तगतका १२ ओटा समितिहरू क्रियाशील भए। यी संसदीय समितिहरूमा सुरक्षा विशेष समिति, प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समितिलगायत्का समितिहरू थिए।

प्रकोष्ठ : १२ संसदीय समितिहरू[४५]

क्र.सं.	समितिको नाम	अध्यक्ष
१.	सुरक्षा विशेष समिति	सभामुख सुवास नेम्वाङ्ग
२.	प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समिति	सभामुख सुवास नेम्वाङ्ग
३.	संसदीय सुनवाई विशेष समिति	अष्टलक्ष्मी शाक्य (बाहारा)
४.	अर्थ समिति	स्मृतिजारायण चौधरी
५.	सार्वजनिक लेखा समिति	चित्रबहादुर केसी
६.	परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति	महेन्द्र यादव
७.	प्राकृतिक श्रोत र साधन समिति	प्रकाश ज्वाला
८.	वातावरण संरक्षण समिति	नरेन्द्रबहादुर वम
९.	जनसंख्या तथा सामाजिक समिति	विरोध खतिवडा
१०.	राज्य व्यवस्था समिति	हृदयराम थामी
११.	कानुन, न्याय तथा संसदीय व्यवस्था समिति	सावित्रा बोगटी (पाठक)
१२.	विकास समिति	टंकप्रसाद राई

सरकारले महत्वपूर्ण निर्णय गर्दा यी समितिहरूबाट अनुमोदन गराउनुपर्ने व्यवस्था गरियो। संवैधानिक परिषद् वा राजदूतको नियुक्तिपूर्व संसदीय समितिमा सुनवाई भई अनुमोदन भएपछि मात्र निर्णय गरिने प्रावधान राखियो। यसै अनुरूप नेपाल सरकारले निर्वाचन आयोगमा रिक्त रहेको प्रमुख आयुक्त पदमा भोजराज पोखरेल, आयुक्तहरूमा नीलकण्ठ उप्रेती र उषा नेपाललाई गरेको सिफारिस गरेकोमा संसदीय सुनुवाईपश्चात् उनीहरूलाई नियुक्त गरियो।

५.१२ शपथग्रहण

सभामुख एवम् प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समितिका अध्यक्ष सुवास नेम्वाङ्गसमक्ष दुवै संसदका सांसदहरूले ०६३ असार १४ गते सामूहिक शपथग्रहण गरे। प्रतिनिधिसभा घोषणाप्रति पूर्ण वफादार भई मुलुकको सोझो चिताई इमान्दारीका साथ काम गर्ने व्यहोराको शपथ लिनेहरूमा विगतमा शाही सरकारमा मन्त्री भएका, राष्ट्रियसभामा राजाद्वारा मनोनित गरिएका व्यक्तिहरूसमेत थिए। प्रधानमन्त्री अस्वस्थ्य भएका कारण सो दिन मन्त्रिपरिषद् सदस्यहरूको शपथ हुन सकेन। प्रधानमन्त्री कोइराला सभामुख एवम् प्रतिनिधिसभा घोषणा कार्यान्वय विशेष समितिका अध्यक्ष नेम्वाङ्गलाई अस्पतालमा गएर ०६३ असार २० गते शपथ गराए।

प्रधानसेनापति, लोकसेवा आयोगका अध्यक्ष, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख, महालेखा परीक्षक तथा महान्याधिवक्ताले ०६३ साउन ४ गते प्रतिनिधिसभासमक्ष पदको शपथग्रहण गरे। लोकसेवा आयोगका अध्यक्षले अयोगका अन्य सदस्यहरूलाई र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तले अन्य आयुक्त सदस्यहरूलाई सो घोषणाअनुरूप शपथ गराएका थिए। विशेष समितिको ०६३ साउन २१ गतेको बैठकले सरकारका कामु मुख्यसचिव र विभिन्न मन्त्रालय एवम् सचिवालयमा कार्यरत कामु वा निमित्त सचिव र नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समितिसमक्ष शपथग्रहण गराइएको थियो। साथै, विदेशस्थित कुटनीतिक नियोगका नेपाली राजदूत, निजामती, जङ्गी, प्रहरीलगायत् अन्य सरकारी सेवाका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह र सोभन्दा माथिका सबै अधिकृतका सम्बन्धमा उपयुक्त प्रक्रिया अपनाई सम्बन्धित विभागीय प्रमुखले र नेपाल सरकार र कानुनद्वारा गठन गरिएका (न्यायिक आयोगबाहेक) विभिन्न आयोगका एवम् स्वायत्त संस्थाका

४४. इन्सेक । लोकतन्त्र प्राप्तिका सय दिनमा मानवअधिकारको स्थिति । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। ०६३ । पृ. ८
४५. पूर्ववत् ३८ र ३९

प्रकोष्ठ : १३

विपक्षीबिनाको प्रतिनिधिसभा

ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलनको जनादेशबाट पुनर्स्थापित प्रतिनिधिसभा प्रतिपक्षविहीन अवस्थामा रह्यो। संसद पुनर्स्थापनाको मुद्दालाई गम्भीररूपमा नउठाएका राप्रपाका सांसदहरू पनि उत्साहित भएर बैठकमा सहभागी भए। प्रधानमन्त्रीको संविधानसभाको चुनावमा जाने संकल्पलाई केवल सातदलका सांसदहरूले मात्र होइन सम्पूर्ण सांसदहरूले स्वागत गरेका थिए। संसदमा प्रस्तावको पक्षमा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरा, राजपाका अध्यक्ष सूर्यबहादुर थापा र नेसपा (मण्डल) का सांसदहरूले पनि आफ्नो अभिमत प्रकट गरे। प्रधानमन्त्री कोइरालाद्वारा ०६३ जेठ ४ गते सदनमा प्रस्तुत गरिएको प्रतिनिधिसभाको ऐतिहासिक घोषणा २०६३ लाई पनि सर्वसम्मतिले पारित गरिएको थियो। पुनर्स्थापित प्रतिनिधिसभा प्रतिपक्षविहीन अवस्थामा रह्यो। संसद पुनर्स्थापनाको मुद्दालाई गम्भीररूपमा नउठाएका राप्रपाका सांसदहरू पनि उत्साहित भएर बैठकमा सहभागी भए। प्रधानमन्त्रीको संविधानसभाको चुनावमा जाने संकल्पलाई केवल सातदलका सांसदहरूले मात्र होइन सम्पूर्ण सांसदहरूले स्वागत गरेका थिए। संसदमा प्रस्तावको पक्षमा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरा, राजपाका अध्यक्ष सूर्यबहादुर थापा र नेसपा (मण्डल) का सांसदहरूले पनि आफ्नो अभिमत प्रकट गरे। प्रधानमन्त्री कोइरालाद्वारा ०६३ जेठ ४ गते सदनमा प्रस्तुत गरिएको प्रतिनिधिसभाको ऐतिहासिक घोषणा २०६३ लाई पनि सर्वसम्मतिले पारित गरिएको थियो।

पदाधिकारीको हकमा सम्बन्धित मन्त्रालयले प्रतिनिधिसभा नियमावली २०६३ ले तोकेको ढाँचामा शपथग्रहण गराउन निर्देशन दियो। प्रतिनिधिसभा नियमावलीले तोकेको शपथपत्रमा नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने जानआन्दोलनको भावनालाई सम्मान गरिएको छ।

६. वञ्चित समूहको पक्षमा प्रतिनिधिसभा

६.१ महिला आरक्षण र नागरिकता

प्रतिनिधिसभाले ०६३ जेठ १६ गते पारित गरेको सार्वजनिक सरोकारको संकल्प प्रस्तावले नेपालको इतिहासमा महिला अधिकारको सवालमा नयाँ आयम थपेको छ। सांसद विद्या भण्डारी प्रस्तावक र सांसद कमला पन्त समर्थक रहेको सार्वजनिक सरोकारको प्रस्ताव ०६३ जेठ १५ गते संसदमा पेश गरिएको थियो। प्रतिनिधिसभाले सर्वसम्मतरूपमा पारित गरेको उक्त संकल्प प्रस्तावले महिलाविरुद्ध विभेद गर्ने सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्न र राज्य संरचनामा महिला सहभागिता बढाउन मार्गप्रशस्त गरेको छ।

महिला र पुरुषबीचको विभेद हटाउन समावेश गरिएको चार महत्वपूर्ण प्रस्तावमध्ये पहिलो प्रस्तावमा आमा-बाबुमध्ये कुनै एकजनाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था छ। प्रस्तावमा राज्यको संरचनामा ३३ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने र घरेलु हिंसा अन्त्य गर्नुपर्ने सवाल पनि उल्लेख गरिएको थियो। राज्य संरचनामा महिलाको प्रतिनिधित्व पाँच प्रतिशतमात्र रहेको वर्तमान अवस्थामा महिलामाथिको विभेदकारी व्यवस्था खारेज गरी उनीहरूको समानुपातिक सहभागिता निश्चित गरिनुपर्नेमा प्रस्तावले जोड दिएको छ।[४६]

महिलाविरुद्ध विभेद गरी सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्ने र राज्य संरचनामा उनीहरूको समानुपातिक सहभागिता बढाउने सम्बन्धमा प्रभावकारी कार्य गर्न प्रतिनिधिसभाले उक्त प्रस्ताव मार्फत् सरकारलाई निर्देशन दियो। नेपाल राज्यपक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावनालाई प्रस्तावले आत्मसात गरेको छ। घोषणाको सुन्दरतालाई कार्यान्वयनको कसीमा जाँचेर भने हेरिनुपर्दछ।

घोषणापछि सरकारद्वारा गठित संविधान मस्यौदा समिति, युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति तथा शान्ति वार्ता पर्यवेक्षण समितिमा महिलालाई सहभागी गराइएको भए घोषणाले सार्थकता प्रमाणित गर्न उदाहरण प्रस्तुत गर्न सक्दथ्यो । तर सरकारले त्यो अवसरको सही समयमा उपयोग गर्न भने सकेन। यस्तो व्यवहारका कारण प्रतिनिधिसभाको घोषणाको प्रभावकारी कार्यान्वयनमा प्रश्न चिह्न खडा हुन पुग्यो।

६.२ छुवाछूत र भेदभावमुक्त राष्ट्रको घोषणा

प्रतिनिधिसभाले ०६३ जेठ २२ गते कथित दलितहरूमाथि गरिने जातीय भेदभाव उन्मूलनको घोषणा सर्वसम्मतले पारित गऱ्यो। राज्यको सबै प्रक्रियामा दलितहरूलाई समावेश गराउने प्रतिबद्धता पनि जाहेर गरिएको घोषणाको प्रस्तावक सांसद परशुराम मेघी गुरुङ

४६. "अब आमाको नामबाट नागरिकता"। *कान्तिपुर* ०६३ जेठ १७: पृ. १

तथा समर्थक सांसदहरू हरि अचार्य, रामहरि ढुङ्गेल, टंक राई र गोविन्दविक्रम शाह थिए।[४७]

मानवअधिकारको दृष्टिले नेपाल राज्यपक्ष भएको सबै किसिमका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावनालाई आत्मसात गरेको घोषणा हुनु स्वागतयोग्य छ। घोषणा पूर्णरूपमा कार्यान्वयन भएमा परम्परादेखि दलितको नाममा उपेक्षित समुदायको मानवअधिकारको संरक्षण हुने सवालमा दुई मत छैन।

आजभन्दा ४३ वर्ष अघि बनेको मुलुकी ऐन २०२० मा नै भेदभाव गर्न नपाइने व्यवस्था गरिएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ मा पनि जातीय भेदभाव र छुवाछूत गर्न नपाइने व्यवस्था थियो। तरपनि त्यस्तो भेदभाव नरोकिएको अवस्थामा यस्तो घोषणा आउनु स्वागतयोग्य मान्नु पर्दछ। घोषणालाई व्यवहारमा उतार्नु भने मुख्य चुनौति हो।

६.३ नागरिकता विधेयक २०६३

नागरिकताको समस्या विशेषत: तराईमा बसोबास गर्ने नागरिकको अधिकारलाई राज्यले सही तरिकाले सम्बोधन गर्न नसकेको विषय मानिदै आएको थियो। प्रतिनिधिसभाको ०६३ मंसिर १० गतेको बैठकले नेपाल अधिराज्यको संविधान २०४७ को भाग दुईलाई अमान्य घोषित गर्दै नागरिकता विधेयक पारित गऱ्यो। सभामुख नेम्वाङ्गले सोही दिन यो विधेयक प्रमाणित गरेपछि ऐन बन्यो। उनले यो ऐनले प्रमाणको अभावमा नागरिकता वञ्चित नेपालीको समस्या समाधान हुने विश्वास व्यक्त गरे। पुनर्स्थापित संसदमा यसअघिका सबै विधेयक सर्वसम्मतरूपमा पारित भए तापनि यो विधेयक पारित गर्ने सवालमा प्रतिनिधिसभा पक्ष-विपक्षमा विभाजित भएको थियो। नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेले विधेयकले गरिब र पिछडिएको वर्गलाई नागरिकता प्रदान गर्न नसक्ने बताउँदै यसको विपक्षमा मतदान गरेका थिए भने राज्य व्यवस्था समितिका सभापति हृदयराम थानीले यो विधेयकले कुनै पनि गैरनागरिकलाई नागरिकता लिने ठाउँ नदिएको बताए। सांसद हृदयेश त्रिपाठीले उक्त विधेयकले राष्ट्रिय समस्याको समाधान गर्ने बताए।

गैरनागरिकले सहजै नागरिकता प्राप्त गर्नसक्नेतर्फ राज्य सचेत हुनुपर्ने धारणा पनि सार्वजनिक भयो।[४८] हतियार व्यस्थापन भए पनि वर्षौंदेखिको नागरिकतासम्बन्धी समस्या समाधान हुन नसके यो समस्या संविधानसभाको निर्वाचनका लागि प्रमुख बाधक बन्ने देखिन्छ। राजनीतिक दलहरूले यो ऐन कार्यान्वयनका लागि सरकारलाई बाध्य पार्न सकेमा वर्षौंदेखि बल्झिएको नागरिकतासम्बन्धी समस्याको छिनोफानो हुनेछ। यो विधेयकले ०४६ लाई आधार वर्ष मानेर एक पटकलाई जन्मको आधारमा सबै नेपालीलाई नागरिकता उपलब्ध गराउने व्यवस्था गऱ्यो। यो नयाँ निर्णयले नागरिकता पाउनबाट वञ्चित नेपालीले नागरिकता पाउने विश्वास गरियो। तराईका २० जिल्लाका मधेशीमूलका नेपालीहरू सबैभन्दा बढी नागरिकता समस्याको मारमा परेका छन्। तर, नागरिकताविहीन नेपालीको पहिचान कसरी गर्ने भन्ने मुद्दा प्रमुख समस्याको रूपमा देखा पऱ्यो।[४९]

७. दण्डहीनताको अन्त्यको लागि भएका प्रयासहरू

७.१ उच्चस्तरीय छानबिन आयोगको गठन गर्न निर्देशन

प्रतिनिधिसभाको ०६३ वैशाख २१ गतेको बैठकले जनआन्दोलनका क्रममा भएको क्रुरतापूर्वक दमनको छानबिन गरी दोषीहरूलाई कारवाही गर्न सांसद ईश्वर पोखरेलद्वारा प्रस्तुत सार्वजनिक महत्वको प्रस्तावलाई सर्वसम्मतले पारित गऱ्यो। प्रस्तावमा जनआन्दोलनका क्रममा निरंकुश शाही सरकारले आन्दोलनकारी तथा सर्वसाधारणमाथि भएको ज्यादतिका घटनाहरूमाथि छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गठन गरी दोषीमाथि कारवाही गर्न सरकारलाई निर्देशन दिइएको थियो।

उक्त निर्देशनअनुरूप सरकारले ०६३ वैशाख २२ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो।

७.२ शाही आयोगका पदाधिकारी कारबाही गर्नेसम्बन्धी प्रस्ताव

शाही शासनकालमा गठित भ्रष्टाचार नियन्त्रणका नाममा भएका ज्यादतिपूर्ण काम-कारवाहीमा संलग्न शाही आयोगका पदाधिकारीहरूलाई कारवाही गर्न प्रस्तुत गरिएको सार्वजनिक महत्वको प्रस्ताव ०६३ वैशाख २२ गते बसेको प्रतिनिधिसभाको बैठकले सर्वसम्मतिले पारित गऱ्यो। प्रस्तावमा उक्त आयोगका पदाधिकारीहरूलाई कारवाही गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो। सांसद रमेश लेखकले जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका थिए। शाही सत्तालाई सबल पार्न प्रजातन्त्रवादी नेताहरूको चरित्र हत्या गर्ने बदनियतले असंवैधानिक र प्राकृतिक न्यायका सिद्धान्त विपरीत गठित आयोग सर्वोच्च अदालतको ०६२

४७. पूर्ववत् ३८, ३९ र ४५
४८. आचाय, भिमार्जुन। "दुर्भाग्यपूर्ण निर्णय"। *कान्तिपुर* ०६३ मंसिर १२: पृ. ७
४९. पोखरल, विश्वमणि। "नागरिकता समस्या सुल्झाउने कसरी ?"। *समय* ०६३ साउन ११: पृ. २३

प्रकोष्ठ : १४

प्रतिनिधिसभाविहीन अवधिको तलब भत्ता नलिने निर्णय

प्रतिनिधिसभाविहीन चार वर्षसम्मको पारिश्रमिक, भत्ता र सुविधाबापत कुनै रकम नलिने र उक्त रकम जनआन्दोलनका सहिद परिवार तथा घाइतेहरूलाई प्रदान गर्नुपर्ने प्रस्ताव सांसद होमनाथ दाहालले सदनमा प्रस्तुत गरे। तत्कालै सदनले त्यो प्रस्ताव पारित गऱ्यो। प्रतिनिधिसभाको त्यो सर्वसम्मत घोषणाबाट ३६ करोड ३१ लाख ७४ हजार ७ सय २० रूपैयाँ राज्यको ढुकुटीमा बचत हुने जानकारी गराइयो। शान्तिपूर्ण जनआन्दोलनको क्रममा पाटनको मंगलबजारमा ०६२ जेठ २० गते सम्पन्न तेस्रो प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूको बैठकले, प्रतिनिधिसभाको पुनर्स्थापनापछि प्रतिनिधिसभाका सदस्यका हैसियतमा विघटित अवधिको पारिश्रमिक, भत्ता तथा सुविधाबापत कुनै पनि रकम नलिने निर्णय गरेको थियो। "हामी जनआन्दोलनका क्रममा जनताबीच गरेका प्रतिबद्धता छाड्दैनौं, जे बोल्यौं त्यो पूरा गऱ्यौं भन्ने संकल्प हो", गृहमन्त्री कृष्णप्रसाद सिटौलाले छलफलमा उठेका प्रश्नको जवाफ दिन क्रममा उल्लेख गरेका थिए।

("संसदहरूलाई आलोचना, संसदलाई व्यस्त बनाउन माग"। *गोरखापत्र* ०६३ वैशाख २२: पृ. १)

फागुन १ गतेको फैसलाद्वारा विघटन गरिएको थियो। *(यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्- परिच्छेद ३.१ "न्यायपालिका")*

७.३ शाही सरकारका मन्त्रीलाई कारवाही गर्न माग

सार्वजनिक लेखा समितिले ०६३ साउन ७ गते सूचना तथा सञ्चारमन्त्री टंक ढकाल र राज्यमन्त्री श्रीषशमशेर राणासँग उनीहरूले सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूलाई जथाभावीरूपमा वितरण गरेको रकमका सम्बन्धमा बयान लियो। तत्कालीन शाही सरकारका सूचना तथा सञ्चारमन्त्री टंक ढकालले ८४ जना पत्रकारको सूची तयार गरी रकम वितरण गरेको स्वीकार गरेका थिए।[५०] प्रतिनिधिसभाले साउन १६ गते शाही सरकारका तत्कालीन सूचना तथा सञ्चार राज्यमन्त्री टंक ढकाल र राज्यमन्त्री श्रीषशमशेर राणाले लोकतान्त्रिक आन्दोलन दबाउन पत्रकार तथा विभिन्न संस्थालाई सहयोग स्वरुप वितरण गरेको रु. ४३ लाखभन्दा बढी रकम असुल गर्न सरकारलाई निर्देशन दिएको भए तापनि वर्षको अन्त्यसम्म नेपाल सरकारले उक्त निर्देशन पालना गरेको पाइएन।

७.४ सांसद हत्या सम्बन्धमा छानबिन समिति गठन

सिरहा जिल्ला क्षेत्र नं.४ का सांसद हेमनारायण यादवको हत्याको छानबिन गर्न संसदीय समिति गठन गरियोस् भनी सांसद सुरेशकुमार कार्कीद्वारा प्रस्तुत जरुरी सार्वजनिक महत्वको प्रस्ताव ०६३ वैशाख २२ गते प्रतिनिधिसभाको बैठकले सर्वसम्मतिबाट पारित गऱ्यो। सांसद यादवको ०६० माघ १९ गते रहस्यमय ढंगले हत्या भएको थियो। त्यस सम्बन्धमा छानबिन गर्न प्रतिनिधिसभाले सांसद आनन्द ढुङ्गानाको अध्यक्षतामा छानबिन समिति गठन गऱ्यो। ०६३ वैशाख २७ गते गठन गरिएको उक्त समितिले मंसिर १५ गते संसदको बैठकमा प्रतिवेदन पेश गऱ्यो।[५१]

समितिले प्रस्तुत गरेका प्रतिवेदनमा सिरहाको चोहर्वास्थित इन्द्रध्वज गणमा कार्यरत तत्कालीन कर्णेल बालकृष्ण कार्कीलाई दोषी ठहर गर्दै ज्यान मुद्दामा कारवाही गर्न सिफारिस गरियो। यसैक्रममा नेपाली सेनाका जनसम्पर्क निर्देशनालयका प्रमुख अनन्त थेवेले जिम्मेवार समितिले दिएको प्रतिवेदनका सम्बन्धमा सरकारले दिने निर्देशनअनुसार कार्य गर्ने जानकारी दिए। तर सरकारले यो वर्षको अन्त्यसम्म अपराधीको पहिचान गरी कारवाही चलाउनेतर्फ कुनै पहल गरेन। जनआन्दोलनको बलमा स्थापित सरकारले कुनै कारवाही प्रक्रिया अगाडि बढाएन। [५२]

सिरहा जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधिसभाका सदस्य तथा राप्रपाका केन्द्रीय कृष्णचरण श्रेष्ठको ०६३ असोज ७ गते गोली हानी हत्या भयो। नेकपा (माओवादी) बाट अलग भएको जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह) का संयोजक जयकृष्ण गोइतले हत्याको जिम्मा लिए। त्यसको भोलिपल्ट सरकारले श्रेष्ठको हत्याको छानबिन गर्न तीन सदस्य समिति गठन गऱ्यो। राप्रपा अध्यक्ष पशुपतिशमशेर राणाले सांसदको सुरक्षामा सरकारले ध्यान नदिएकोमा आक्रोश व्यक्त गदै गृहमन्त्रीको राजीनामा माग गरेका थिए।

७.५ बेलबारी र नगरकोट हत्याकाण्डको छानबिन

तत्कालीन शाही नेपाली सेनाद्वारा ०६२ मंसिर २७ गते भक्तपुरको नगरकोटमा र ०६३ वैशाख ११ र १२ गते मोरङ जिल्लाको बेलबारीमा भएका हत्याको घटनामा संलग्न सैनिकहरूमाथि कारवाही गर्न सांसद परी थापाको संयोजकत्वमा एक-एकओटा संसदीय समिति गठन गरियो। ती समितिले अनुसन्धानको कार्य पूरा गर्न बाँकी भएका कारण पूर्ण विवरण तयार नगर्दै यो वर्ष बित्यो।

---

५०. "मैले नै पत्रकारलाई पैसा बाँडेको हुँ : पूर्वमन्त्री ढकाल"। *अन्नपूर्णपोष्ट* ०६३ साउन ८: पृ. १

५१. पूर्ववत् ३८, ३९, ४५ र ४७

५२. "सांसद यादव हत्या छानबिनमा उदासिनताको आरोप"। *कान्तिपुर* ०६३ मंसिर २९: पृ. ३

८. दिगो शान्ति स्थापनाका लागि प्रतिनिधिसभाको सक्रियता

८.१ सात दल र नेकपा (माओवादी) बीच गरिएको सहमति-सम्झौताको अनुमोदन

प्रतिनिधिसभाको ०६३ वैशाख २१ गतेको बैठकले सात दल र माओवादीबीच ०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारी तथा स्थायी शान्तिका लागि सात दलद्वारा सार्वजनिक गरिएको ६ बुँदे मार्गचित्रलाई सर्वसम्मतले पारित गरी वैधता प्रदान गऱ्यो। उक्त प्रस्ताव सांसद लिलामणि पोखरेलले संसदमा प्रस्तुत गरेका थिए। उक्त प्रस्तावमा विगतमा भएका समझदारी तथा प्रस्तावहरूप्रति पूर्ण इमान्दार भई कार्यान्यवन गर्न सम्बन्धित सबैलाई प्रधानमन्त्री कोइरालाले ०६३ कार्तिक २३ गतेको प्रतिनिधिसभा बैठकमा सात दल र नेकपा (माओवादी) बीच ०६३ कार्तिक २२ गते भएको ऐतिहासिक सहमतिका निर्णयहरू पेश गरे। त्यस्तै ०६३ मंसिर ७ गतेको प्रतिनिधिसभाको बैठकमा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको विवरण पेश गरेका थिए। मंसिर १३ गतेको बैठकमा गृहमन्त्रीले ०६३ मंसिर १२ गते सम्पन्न सेना तथा हतियार व्यवस्थापनसम्बन्धी अनुगमन सम्झौता पेश गरेका थिए।

९. वैधानिकताको कसीमा प्रतिनिधिसभा घोषणा २०६३

प्रतिनिधिसभा घोषणाको वैधानिकता भने छलफलको विषय बन्यो। घोषणाको वैधानिकताको प्रश्न उठाउँदा ०४७ सालको संविधान जीवित रहेको र सोही संविधानबमोजिम पुनर्स्थापित प्रतिनिधिसभाले संविधानलाई नै निस्तेज गर्न नसकिने र संविधानसँग बाझिएको हदसम्म संविधान अमान्य हुने ठहर गर्न नमिल्ने धारणा सार्वजनिक भए। त्यसैगरी उक्त घोषणा केवल संकल्प प्रस्ताव मात्र भएको र यो संविधानको अङ्ग बन्न नसक्ने तर्कहरू पनि अगाडि सारियो। साथै, प्रतिनिधिसभा घोषणा-२०६३ को वैधानिकता र पछिल्ला दिनहरूमा देखिएका अन्यौलको बारेमा प्रधानन्यायाधीश दिलीपकुमार पौडेलसहित सर्वोच्च अदालतका सात न्यायाधीशहरू र महान्यायाधिवक्ताबीच अनौपचारिक छलफलसमेत भएको थियो।

प्रतिनिधिसभा पुनर्स्थापनाको जनआन्दोलनको शक्तिले भएको हो। यस्तो प्रतिनिधिसभाले जनआन्दोललको भावना अनुरूपको घोषणा पारित गर्ने जनआधार र सामर्थ्य राखेको हुन्छ।[५३]

यो घोषणाले प्रतिनिधिसभालाई मात्र सम्प्रभु तुल्याएन, मुलुकको संक्रमणकालीन अवस्थामा विद्यमान समस्याहरूलाई राजनीतिक सहमतिको आधारमा समाधान गर्न दिशातर्फ अगाडि बढ्नसक्ने आधार खडा गऱ्यो। यस्तो आधार खडा गर्ने कार्य संविधानको सामान्य संशोधनबाट मात्र सम्भव थिएन। यसको लागि राजनीतिक निर्णय नै गरिनुपर्दथ्यो।

यस्तो घोषणा संविधान विपरीत भएको र खारेज गरिनुपर्ने माग गर्दै अधिवक्ता अच्युतप्रसाद खरेल, अमिता श्रेष्ठ र विश्वहिन्दू महासंघका तर्फबाट श्रीप्रसाद उपाध्यायले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। अदालतका विवादित फैसलाविरुद्ध संसदीय समितिमा छलफल चलिरहेको र प्रतिनिधिसभामा केही न्यायाधीशलाई महाअभियोग लगाउनु पर्ने बहस भइरहेको बेला सर्वोच्च अदालतले सरकार र प्रतिनिधिसभाको नाममा ०६३ असोज ६ गते कारण देखाऊ आदेश जारी गरेको थियो।[५४] उक्त आदेशपछि प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङ्गद्वारा दिइएको प्रत्युत्तरमा संवैधानिक व्यवहारलाई परिवर्तन गर्न सार्वभौम संसदद्वारा सर्वसम्मतरूपमा जारी गरिएको सर्वोच्च राजनीतिक दस्तावेज विशुद्ध राजनीतिक दस्तावेज भएको र राजनीतिक प्रश्नलाई न्यायिक दृष्टिले निरूपण गर्न नमिल्ने तर्क गरिएको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभाको घोषणा राजनीतिक आवश्यकता भएकाले यसमा न्यायिक हस्तक्षेप गर्न निमिल्ने जवाफ ०६३ मंसिर ११ गते सर्वोच्च अदालतलाई दिए।[५५] कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले पुनर्स्थापित प्रतिनिधिसभाबाट जारी भएको घोषणा आवश्यकताको सिद्धान्तबमोजिम आवश्यक र

प्रकोष्ठ : १५

छुवाछूत मुक्त राष्ट्रको घोषणा

संविधानसभाको घोषणा भइसकेको सन्दर्भमा संविधानसभाको गठन तथा संविधान निर्माण गर्ने सम्पूर्ण प्रक्रियामा सहभागी गराई छुवाछूत प्रथाको सम्पूर्ण विभेदकारी नीति र कार्यको अन्त्य गरी उत्पीडित दलित जातिलाई राष्ट्रको मूलधारमा समावेश गरी समतामूलक समाज निर्माण गर्न त्यस्ता उत्पीडित जातिको तथ्याङ्क संकलन गरी गरिबीको रेखामुनि रहेका उत्पीडित, दलित जातिलाई शिक्षा, स्वास्थ्य र रोजगारको उचित प्रबन्ध गर्न विशेष आर्थिक कार्यक्रम सञ्चालन समेत गरी छुवाछूत र भेदभाव मुक्त राष्ट्र नेपाल घोषणा गरियोस् भन्ने जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रतिनिधिसभाको ०६३ जेठ २१ गतेको बैठकले सर्वसम्मतिले पारित गऱ्यो ।

५३. "वैधानिकताको कसीमा प्रतिनिधिसभा घोषणा"। *गोरखापत्र* ०६३ जेठ २२: पृ. ६

५४. "प्रतिनिधिसभाद्वारा सर्वोच्चलाई जवाफ"। *कान्तिपुर* ०६३ मंसिर ११: पृ. १

५५. "प्रतिनिधिसभा घोषणामाथि हस्तक्षेप नगर्न प्रमको आग्रह" । *नेपाल समाचारपत्र* ०६३ मंसिर १२: पृ. १

वैधानिक भएको तर्क गर्दै ०६३ मंसिर ८ गते सर्वोच्च अदालतलाई जवाफ पठाए।

१०. संसदीय सर्वोच्चता र न्यायिक सर्वोच्चताको विषयमा विवाद

प्रतिनिधिसभाको घोषणासँग विद्यमान नेपाल अधिराज्यको संविधान २०४७ बाझिएको हदसम्म संविधानकै धारा अमान्य हुने घोषणा भएपछि संसदको सर्वोच्चता स्थापित भयो। उक्त घोषणा नियमित गर्न ल्याइएको प्रतिनिधिसभा नियमावली सर्वसम्मतले पारित भएपछि यसको अधिकार क्षेत्रका बारेमा सार्वजनिक बहस नै चल्यो। विशेषगरी न्यायाधीशको पुनर्नियुक्ति र कालोसूचीसम्बन्धी विवादमा तानिएका न्यायाधीशहरूविरुद्ध संसदमा महाअभियोग लगाउनुपर्ने सांसदहरूको धारणाविरुद्ध सर्वोच्च अदालतका प्रधानन्यायाधीशलगायत् अन्य न्यायाधीशहरूले आपत्ती प्रकट गरेका थिए। यो विषयलाई लिएर न्यायाधीशहरूबीच नै मतभेद सृजना भयो। एकथरी यही विषयलाई लिएर न्यायाधीशहरूको सम्मेलन हुनुपर्ने गर्नुपर्ने पक्षमा थिए भने अर्का थरीले पुनरावेदन तथा जिल्ला न्यायाधीशहरूको पुनर्नियुक्ति जस्ता विषयलाई लिएर यस्तो सम्मेलन गर्न नहुने विचार सार्वजनिक गरेका थिए।

११. जीवन र मृत्युको दोसाँधमा राष्ट्रियसभा

ऐतिहासिक जनआन्दोलनको बलमा संसदको तल्लो सदन प्रतिनिधिसभा पुनर्स्थापना भए पनि माथिल्लो सदन राष्ट्रियसभा भने ब्युँतिन सकेन। कूल १८ सांसदहरू मात्र बाँकी रहेको राष्ट्रियसभाका सांसदहरूले यसलाई ब्युँताउनका लागि आवश्यक पहल भने नगरेका होइनन्। राष्ट्रियसभाका उपाध्यक्ष रामप्रित पासवानको नेतृत्वमा सांसदहरूको एक टोलीले ०६३ असार २५ गते सभामुख सुवास नेम्वाङसँग भेट गरी राष्ट्रियसभा सक्रिय गराउन पहल गरेका थिए।[५६] तर संक्रमणकालीन अवस्थामा एउटै संसदमार्फत् अगाडि बढ्ने र आठ दलको सहमतिका आधारमा अन्तरिम व्यवस्थापिका गठन हुँदा राष्ट्रियसभाका बाँकी रहेका सांसदहरूलाई समायोजन गरिने अभिव्यक्ति सार्वजनिक भयो।

स्थायी प्रकृतिको सदनको रूपमा संविधानमा राष्ट्रियसभालाई व्यवस्था गरिएको थियो। यसमा जम्मा ६० जना सदस्य रहने व्यवस्था थियो। प्रतिनिधिसभाबाट एकल संक्रमणीय मत र निर्वाचित गाविस अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख, जिविस सभापति र उपसभापति र सदस्यहरूले प्रत्येक विकास क्षेत्रबाट तीन-तीनजनाका दरले निर्वाचिन गरेकासहित जम्मा ५० जना सदस्यहरू निर्वाचित र बाँकी १० जना राजाबाट मनोनित हुने व्यवस्था गरिएको थियो। ०४८ मा पहिलो पटक राष्ट्रियसभा स्थापना गर्दा ६० जनाकै पदपूर्ति गरियो र गोला प्रथाबाट सांसदहरूको कार्यकाल (दुई, चार र छ वर्ष) छुट्टाइयो। हरेक दुई वर्षमा एक तिहाई अर्थात् २० जना सदस्यहरूको पदावधि समाप्त हुने र पदपूर्ति हुँदैजाने प्रावधान राखिएको थियो। स्थानीय निकायको चुनाव हुन नसकेका कारण यस सभाले प्रत्येक दुई-दुई वर्षमा एक तिहाई सांसद पदपूर्ति गर्ने प्रावधान अनुरूप कार्य गर्न भने सकेन।

फलस्वरूप राष्ट्रियसभा मृत: अवस्थामा रहन पुग्यो। यही क्रम जारी रहेमा वा राष्ट्रियसभाको सक्रियताका लागि कुनै पहल नभएमा ०६४ असार १२ मा सम्पूर्ण सदस्यहरूको पदावधि समाप्त भई राष्ट्रियसभा प्रतिनिधिविहीन बन्ने अवस्था थियो। ०४७ को संविधान अनुसार संसद भन्नाले राजा, राष्ट्रिय सभा र प्रतिनिधिसभा भन्ने बुझिन्छ। जनआन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधिसभा तथा नवगठित मन्त्रिपरिषद्बाट पनि यो सभालाई सक्रिय वा कार्यमूलक बनाउनेतर्फ कुनै पहल हुन सकेन।

प्रकोष्ठ : १६ राष्ट्रियसभाका सदस्यहरूको नामावली [५७]

(वर्णानुक्रमानुसार)

क्र.सं.	नाम, थर	जिल्ला
१.	अक्कलबहादुर विष्ट	अछाम
२.	अशोक कोइराला	मोरङ
३.	उवादत्त पन्त	कञ्चनपुर
४.	दिपकबहादुर गुरुङ	कास्की
५.	देवनारायण चौधरी	सुनसरी (मनोनित)
६.	बलबहादुर राई	ओखलढुङ्गा
७.	बेदुराम भुसाल	कपिलवस्तु
८.	सुश्री मैयादेवी श्रेष्ठ	चितवन
९.	याङ्किला शेर्पा	सोलुखुम्बु (मनोनित)
१०.	राधेश्याम अधिकारी	काठमाडौं
११.	रामजीवन सिंह	महोत्तरी
१२.	रामप्रीत पासवान	सप्तरी
१३.	डा. रूप ज्योती	काठमाडौं (मनोनित)
१४.	रगनाथ जोशी	बाँदेया
१५.	लक्ष्मीदास मानन्धर	काठमाडौं
१६.	ललितकुमार बस्नेत	मकवानपुर
१७.	लोकबहादुर थापा	मकवानपुर
१८.	श्रीमती श्रीमाया थकाली	मुस्ताङ

५६. पूर्ववत् ४४। पृ. ११
५७. पूर्ववत् ३८, ३९, ४५, ४७ र ५१

१२. पुनर्स्थापित प्रतिनिधिसभाको औचित्यमाथि बहस

जनआन्दोलन-२ को बलमा पुनर्स्थापित प्रतिनिधिसभालाई निरन्तरता दिने वा नदिने भन्ने सवालमा यो वर्ष भरी नै बहस चल्यो। नेकपा (माओवादी) को दबाबका कारण ०६३ असार १ गतेदेखि १७ दिन प्रतिनिधिसभाको नियमित कारवाही स्थगन गर्नुपऱ्यो। प्रतिनिधिसभाको पुनर्स्थापनामात्रै जनआन्दोलनको जनादेश नभएको बताउँदै आएको नेकपा (माओवादी) ले प्रतिनिधिसभाका गतिविधिप्रति सार्वजनिक विरोध जनाउँदै आएको थियो। नेकपा (माओवादी) का नेता डा. बाबुराम भट्टराईले आगामी शान्ति वार्तामा "संसद्को कुरो घाँटीको हाड बन्न सक्ने" बताए। संसद विघटन गरी अन्तरिम संविधानको मातहतमा सर्वदलीय सरकार बनाउन नचाहेमा देशमा थप रक्तपात हुने धारणा उनले सार्वजनिक गरेका थिए।

नेकाँ संसदीय दलको ०६३ असार २८ गते बसेको बैठकले संविधानसभाको निर्वाचन नहुँदासम्म प्रतिनिधिसभा क्रियाशील रहनुपर्ने औपचारिक प्रस्ताव पारित गऱ्यो। पुनर्स्थापित प्रतिनिधिसभालाई निरन्तरता दिइनुपर्ने भन्दै ०६३ असार १८ गतेको प्रतिनिधिसभाको बैठकमा सांसदहरूद्वारा संसद विघटन नगर्न नेताहरूलाई आग्रह गरियो। जनआन्दोलनद्वारा पुनर्स्थापित प्रतिनिधिसभालाई नेकपा (माओवादी) को जनसरकारको समकक्षमा राखेर विघटन गर्न खोजिएको भन्दै सांसदहरूले सात दल र नेकपा (माओवादी) बीच ०६३ असार २ गते भएको ८ बुँदे सहमति तिखो आलोचना गरे। आफ्नै मृत्युको घोषणापत्रमा सही गरेको भन्दै सरकारले आचारसंहिता कार्यान्वयन गराउन नसकेको आरोप सांसदहरूले लगाए। सांसद सूर्यबहादुर थापाले सार्वभौमसत्ता प्रतिनिधिसभाको विघटन गर्ने सहमतिमा हस्ताक्षर गर्नु भनेको बालुवाको घर बनाउने-भत्काउने जस्तो ख्याल ठट्टा होइन भन्दै सात दलको नेतृत्वलाई माओवादीसमक्ष आत्मसमर्पण नगर्न आग्रह गरेका थिए। सांसद होमनाथ दाहालले सार्वभौमसत्ता सम्पन्न प्रतिनिधिसभा विघटनको घोषणाका विधि र प्रक्रियाका बारेमा संसदलाई जानकारी गराउन माग गरेका थिए। यसको प्रत्युत्तरमा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले सहमतिबाट उपयुक्त व्यवस्था गरी प्रतिनिधिसभाको विघटन गर्ने, आन्तरिम सरकार बन्नुअघि हतियारको व्यवस्थापन हुने र आन्तरिम संविधान जारी गरिने कुरा सदनलाई अवगत गराए।[५८]

नेकपा (एमाले) का महासचिवले प्रतिनिधिसभाले ऐतिहासिक र महत्वपूर्ण निर्णय गरेको भए तापनि त्यसलाई अनावश्यक तन्काइरहेमा शान्तिका लागि बाधक हुनसक्ने भएकाले आवश्यक व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्न आह्वान गरे। प्रतिनिधिसभा निलम्बन गरी नेकपा (माओवादी) सहितको अन्तरिम सरकार गठन गर्नुपर्ने र उक्त अन्तरिम सरकारले आवश्यकता परेमा ब्यूँत्याउनुपर्ने धारणा नागरिक समाजका प्रतिनिधि डा. सुन्दरमणि दिक्षितले राखेका थिए। संसदको विघटन नगर्नु संविधानसभाको निर्वाचनका विरुद्धमा नै लाग्नु हो भन्ने अभिव्यक्ति उनले दिएका थिए। गणेशमान सिंह

प्रकोष्ठ : १७

सम्माननीय सभामुख ज्यू
प्रतिनिधिसभा
संसद सचिवालय।

देहायको जरुरी सार्वजनिक महत्वको विषयमाथि छलफल गर्न सूचना दिएको छु:

जरुरी सार्वजनिक महत्वको प्रस्ताव

शान्तिपूर्ण जनआन्दोलनमार्फत् अभिव्यक्त जनताको भावना, सात राजनीतिक दलहरूले जनआन्दोलमा प्रस्तुत गरेको मार्गचित्र र सात दल एवम् नेकपा (माओवादी) बीच सम्पन्न भएको १२ बुँदे समझदारीसमेतका आधारमा जनआन्दोलनबाट स्थापित राज्य शक्तिको श्रोत नेपाली जनता भएको र राजकीय सत्ता र सार्वभौमसत्ता नेमाली जनतामा निहित रहेको भन्ने यथार्थलाई संस्थागत गर्दै देशको विद्यमान गम्भीर संकटको निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने संकल्पसहित निर्णय गर्दछ। यस प्रयोजनका लागि नेकपा (माओवादी) सँग अविलम्ब वार्ता गर्ने, युद्धविरामको घोषणा गर्ने तथा भय, त्रास र हिंसामुक्त वातावरण सुनिश्चित गर्नेसमेत प्रतिवद्धता व्यक्त गर्दछ।

छलफल गर्नुका कारण: मुलकको विद्यमान राष्ट्रिय सङ्कटको समाधान आवश्यक भएकाले।

प्रस्तावक
नाम, थर : गिरिजाप्रसाद कोइराला
मिति : २०६३।०१।१३

समर्थक
माधवकुमार नेपाल
शेरबहादुर देउवा
लीलामणि पोखरेल
नारायणमान विजुक्छे
हृदयेश त्रिपाठी
मिति : २०६३। ०१।१५

५८. "प्रतिनिधिसभा विघटन गर्ने सहमतिप्रति तीव्र आलोचना" । *गोरखापत्र* ०६३ असार १९: पृ. १

अध्ययन प्रतिष्ठानका अध्यक्ष नवीन्द्रराज जोशीले यो संसदले जनता र सरकारका बीचमा पुलको काम गर्ने भएकाले यसलाई विघटन गर्न नहुने धारणा व्यक्त गरे। निरन्तरता दिने वा नदिने भन्ने सवाल सात दल र नेकपा (माओवादी) बीच संवादका आधारमा तय गरिनुपर्ने धारणा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले व्यक्त गरे। मानवअधिकारकर्मी कृष्ण पहाडीले यस्ता विषय सडकमा बोल्दै हिँड्ने विषय नभएको विचार व्यक्त गरेका थिए।[५९]

पुनर्स्थापित प्रतिनिधिसभाका सदस्यहरू ०५६ सालमा निर्वाचित भएका थिए, जसमा तत्कालीन संसदीय दलहरूको मात्रै प्रतिनिधित्व थियो। तर जनआन्दोलनको अर्को मुख्य शक्ति नेकपा (माओवादी) को कुनै संलग्नता थिएन। त्यसैले नेकपा (माओवादी) लाई यो संसदले गरेका उपलब्धिहरूको बारेमा जस नपाइने चिन्ता हुनु स्वभाविक थियो। त्यसमा उनीहरूको संलग्नता गर्नेतर्फ आवश्यक पहल हुन जरुरी थियो।[६०] जनआन्दोलनको एक मात्र लक्ष्य संविधानसभा भएको र यसको प्राप्तिका लागि कुनै पहल नगरी संसद भंग गरेमा पुनः रिक्तताको स्थिति हुने आशंकाहरू पनि देखिए। दिगो वैकल्पिक व्यवस्था नहुँदै संसद विघटन गर्नु जोखिमपूर्ण हुनसक्ने धारणा पनि सार्वजनिक भए।[६१] यी र यस्ता विवादहरूबिच जारी प्रतिनिधिसभा अन्तरिम व्यवस्थापिका कसरी बनाउने, संविधानसभाको निर्वाचन प्रक्रिया कस्तो हुने भन्ने विषयको छलफलमै रूमलियो।[६२] सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने सातदल र माओवादीबीच ०६३ असार २ गते भएको सहमति कार्यान्वयन लाई यसको समाधानको रूपमा लिइनुपर्दछ। जनआन्दोलनको उपलब्धिको रूपमा पुनर्स्थापित प्रतिनिधिसभाको औचित्यमाथि प्रश्न चिह्न उठाइएता पनि करिब आठ महिनाको अवधिमा यसले गरेका दूरगामी राजनीतिक घोषणाहरूलाई भने कम आँक्न मिल्दैन।

१३. मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन

जनसंहार, मानवताविरुद्धका अपराध र युद्ध अपराधका अपराधीहरूलाई अन्तर्राष्ट्रियस्तरमा न्यायको दायरामा ल्याउन स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदन गर्न प्रतिनिधिसभाको ०६३ साउन ९ को बैठकले सर्वसम्मतरूपमा निर्देशात्मक संकल्प प्रस्ताव पारित गऱ्यो। सांसद परशुराम मेघीद्वारा प्रस्तुत उक्त प्रस्तावलाई सभामुखले बैठकमा निर्णयार्थ प्रस्तुत गरेपछि सर्वसम्मतिले पारित गरिएको थियो। उक्त प्रस्तावको छलफलमा उठेका प्रश्नहरूको जवाफमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीले दण्डहीनताको अन्त्य गर्न सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन प्रक्रिया शुरु गर्ने जानकारी गराएका थिए। दण्डहीनताको अन्त्यको लागि मानवअधिकारको दृष्टिले अत्यन्त महत्व राख्ने रोम विधानको अनुमोदन वर्षको अन्त्यसम्म पनि भएन।

आदिवासी जनजातिको अधिकार र सम्मानमा सहयोग पुग्ने अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ अनुमोदनका लागि प्रतिनिधिसभाको ०६३ भदौ १२ गतेको बैठकले सरकारलाई निर्देशन दियो। प्रस्तावमा नेपाली आदिवासी, जनजातिहरूको हक-अधिकार संरक्षण गर्न र नेपालको वर्तमान द्वन्द्वलाई स्थायीरूपमा समाधान गर्न सहायक बन्नसक्ने श्रम संगठनको महासन्धि नम्बर १६९ अनुमोदनका लागि प्रतिनिधिसभाले सरकारलाई निर्देशन गर्दछ भनिएको थियो। सांसद विजय सुब्बाले प्रस्तुत गरेको संकल्प प्रस्तावमा नेपाल सरकारले आदिवासी जनजातिहरूको हक, अधिकारको सम्मान, सुरक्षा गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो।[६३] उक्त महासन्धिको अनुमोदन भएमा राज्यको पुनर्संरचनाद्वारा समावेशी राज्यको स्थापना तथा आदिवासी र जनजातिलाई अधिकार सम्पन्न गराउने सवालमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनाउँदै तुरुन्त अनुमोदन गर्न सरकारलाई मानवअधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूले आग्रह गरे।

वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन नियन्त्रणसम्बन्धी सार्क क्षेत्रीय महासन्धि, २००२, दक्षिण एसियामा बाल कल्याण अभिबृद्धिका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्ध उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख, १९९९, आप्रवाससम्बन्धी अन्तराष्ट्रिय संगठन (आईओएम) को नेपाल सदस्य बन्नेसम्बन्धी प्रस्तावहरूलाई प्रतिनिधिसभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो।

१४. प्रतिनिधिसभाको आलोचना

प्रतिनिधिसभा घोषणा २०६३, महिलालाई ३३ प्रतिशत आरक्षणको घोषणा, छुवाछूत उन्मूलनसम्बन्धी घोषणाका अलावा महत्वपूर्ण नियमावलीसमेत बनाएको सदनले राजनीतिक वृत्तमा सकरात्मक प्रभाव पारेको थियो। तर सक्रमणकालका मुख्य कार्यसूची र संविधानसभाको

५९. अधिकारी, लेखनाथ। "बहसमा प्रतिनिधिसभाको औचित्य"। *नेपाल समाचारपत्र* ०६३ जेठ १: पृ. ४
६०. बज्राडे, निमेषचन्द्र। "संसद विघटनको विकल्प छैन"। *www.newsofnepal.com* ०६३ जेठ २९
६१. ढुङ्गेल, माधव। "धरापमा प्रतिनिधिसभा"। *नेपाल* ०६३ असार ११: पृ. २१
६२. गाउँले, शिव। "अन्तरिम संसद थरीथरीका उपाय"। *हिमाल* ०६३ असार १५: पृ. ३०
६३. पूर्ववत् ३८, ३९, ४५, ४७, ५१ र ५७

निर्वाचनतर्फ गम्भीरताकासाथ प्रस्तुत हुन सरकार र नेकपा (माओवादी) लाई तीब्र दबाब दिन नसकेको र सदनका घोषणाहरू केवल "श्रृंगारिक परिवर्तन" मा सीमित भएको आरोप पनि लाग्यो।[६४]

प्रतिनिधिसभाले शान्तिको लागि सङ्कल्प प्रस्ताव पारित गरेर संविधानसभाको निर्वाचन गर्ने प्रतिबद्धताकोसंस्थागत प्रक्रिया थालनी गरेपनि यसका लागि आवश्यक तयारी एवम् शीघ्र संयन्त्र निर्माणजस्ता पक्षमा पर्याप्त ध्यान दिएको पाइएन। प्रतिनिधिसभाको विकल्प खोज्ने सवालमा अधिकांश सांसदहरूको सोचाई सकारात्मक नभएको पाइयो। नेपाली जनतामा आएको परिवर्तनको अनुपातमा सांसदहरूको सोचाइमा परिवर्तन आउन नसकेकोतर्फ सांसदहरू चनाखो हुनुपर्दथ्यो। प्रतिनिधिसभामा गम्भीर राजनीतिक बहस हुनुपर्नेमा त्यसो भएको पाइएन।

१५. निष्कर्ष

ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलन-२ द्वारा पुनर्स्थापित प्रतिनिधिसभाले नेपालको इतिहासमा सर्वाधिक महत्व राख्ने निर्णयहरू गऱ्यो। ती प्रस्तावहरूमध्ये नेपालको राजनीतिमा दूरगामी महत्व राख्ने संविधानसभाको निर्वाचनसम्बन्धी संकल्प प्रस्ताव पनि थियो। ००७ साल देखि विभिन्न समयमा उठेको आन्दोलनका भावनाको कदर गर्दै निर्वाचनबाट बन्ने संविधानसभाबाट नयाँ लोकतान्त्रिक समावेशी संविधानको निर्माण गर्ने संकल्प प्रस्ताव पारित गरियो। प्रतिनिधिसभाले ऐतिहासिक घोषणामार्फत् सामान्य कानुन निर्माण गर्ने विगतको परम्परालाई तोड्दै जनादेशका आधारमा राजनीतिक निर्णय गरी भविष्यमा राष्ट्रले चाल्नुपर्ने मार्ग तय गऱ्यो। उक्त घोषणासँग बाझिएका संविधानका प्रावधानहरू स्वत: बदर हुने निर्णय गरेर जनआन्दोलन-२ ले पुनर्पुष्टि गरेको जनताको सर्वोच्चताको मान्यतालाई स्थापित गरायो।

मानवअधिकारको सम्मान तथा संरक्षणका दृष्टिले पनि यस वर्ष प्रतिनिधिसभाका कदमहरू उत्साहजनक रहे। मानवअधिकार बहाली तथा दिगो शान्तिका लागि दण्डहीनताको अन्त्य गर्न महत्वपूर्ण योगदान पुऱ्याउनसक्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न संसदले सरकारलाई निर्देशन दियो। संसदले आमा वा बाबुमध्ये कसैको नामबाट सन्तानले नागरिकता लिन पाउने सार्वजनिक महत्वको प्रस्ताव पारित गऱ्यो। यसले नेपाल राज्यपक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १५ मा व्यवस्था गरिएको व्यक्तिको राष्ट्रियताको अधिकारप्रति सम्मान दर्शायो। प्रतिनिधिसभाले सर्वसम्मतरूपमा पारित गरेको जातीय छुवाछूत प्रथा उन्मूलनको घोषणाले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा उल्लेख गरिएको प्रत्येक व्यक्तिमा अन्तर्निहित मानव गरिमाको सम्मान गऱ्यो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २६ मा उल्लेख गरिएको कानुनका अगाडि सबै समान छन् भन्ने मान्यताप्रति सजग भएको पाइयो। नेपाल राज्यपक्ष भएको सबै किसिमका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ लाई पनि उक्त घोषणाले आत्मसात गऱ्यो।

महिला अधिकारको सम्मान गर्ने सवालमा पुनर्स्थापित प्रतिनिधिसभाले ऐतिहासिक घोषणा गऱ्यो। महिलाविरुद्ध विभेदकारी सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्ने र राज्यको संरचनामा महिलाको समानुपातिक सहभागिता बढाउने प्रस्तावले नेपाल राज्यपक्ष भएको महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षपोषण गरेको छ। संसदले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १८ मा व्यवस्था गरिएको धार्मिक स्वतन्त्रताको सिद्धान्तलाई पनि स्वीकार गऱ्यो।

समग्रमा, पुनर्स्थापित प्रतिनिधिसभाले मुलुकको राजनीतिमा दूरगामी प्रभाव पार्ने प्रगतिशील निर्णयहरू गऱ्यो। तर कतिपय कार्यशैली तथा निर्णयहरू टिका-टिप्पणीका विषय पनि बन्न पुगे। खासगरी घोषणा गरिएका सवालहरूको कार्यान्वयन पक्ष फितलो देखिएको अवस्थामा संसदको प्रभावकारी भूमिका अपेक्षित रह्यो।

नेकपा (माओवादी) ले स्थायी युद्धविराम घोषणा गर्दै शान्ति सम्झौतामा हस्ताक्षर गरी संविधानसभाको निर्वाचनका लागि प्रतिबद्धता व्यक्त गरेको अवस्थामा सोही पार्टीबाट अलग भई बनेका दुई समूहहरूको हिंसात्मक गतिविधिका कारण वर्षको अन्त्यतिर तराई क्षेत्र प्रभावित हुन पुग्यो। ती समूहलाई राजनीतिक मूलधारमा ल्याउन पुनर्स्थापित प्रतिनिधिसभाले आवश्यक पहल गरेको पाइएन।

पुनर्स्थापित प्रतिनिधिसभाको निरन्तरता तथा विघटनको सवाल पनि यो वर्ष राजनीतिक बहसको विषय बन्यो। नेकपा (माओवादी) ले प्रतिनिधिसभालाई निरन्तरता दिनु अर्को जनविद्रोह निम्त्याउनु हो भन्ने धारणा समेत सार्वजनिक गऱ्यो। नेपाली काँग्रेसको संसदीय दलको बैठकले सातदल र माओवादीबीच भएको सम्झौताका विरुद्धमा प्रतिनिधिसभा विघटन गर्न नहुने प्रस्ताव नै पारित गऱ्यो। नेकपा (एमाले) का सांसदहरूले संविधानसभा अघि पुनर्स्थापित प्रतिनिधिसभाको विघटन गर्न नहुने तर्क अगाडि सारे। यस्ता बहसहरू जारी रहे पनि नेकपा (माओवादी) सहितको अन्तरिम व्यवस्थापिका निर्माण नहोउन्जेल प्रतिनिधिसभाको महत्व यो वर्षको अन्त्यसम्म यथावत रह्यो।

६४. पाठक, तिलक। "सेलायो संसद"। *नेपाल* ०६३ कात्तिक ५: पृ. ३२

प्रतिनिधिसभाको घोषणा-२०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सात दल-नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारीअनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुन:संरचनासहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने सङ्कल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकता सुदृढ गर्नसार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

"राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सावभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याको समाधान गर्न" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकारसम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्णलोकतन्त्र स्थापनाका दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्णअधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ-

१. व्यवस्थापिकाका सम्बन्धमा

१.१. नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ। कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्नेछ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहायबमोजिम हुनेछ-

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ।

१.४. प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ।

२. कार्यकारिणीका सम्बन्धमा

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ।

"श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिने छ।

२.२. प्रतिनिधिसभा सदस्य नरहेको व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन्।

२.३. मन्त्रिपरिषद् र प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ। मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिकरुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगतरुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन्। प्रशासन, सेना, प्रहरीलगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन्।

२.४. सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।

३. सेनाका सम्बन्धमा

३.१ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ।

३.२. राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ। नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ।

३.४. सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ।

३.५. सेना परिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ।

४. राजपरिषद्का सम्बन्धमा

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ। त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ।

५. राजदरबार सम्बन्धमा

५.१. राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुनेछ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुनबमोजिम कर लाग्नेछ।

५.४. श्री ५ बाट भए गरेका कामहरुका बारेमा प्रतिनिधि सभा र अदालतमा प्रश्न उठाउन सकिनेछ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामति सेवाको अंग बनाइनेछ।

५.६. राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ।

६. मुलुकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिनेछ ।

७. प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।

८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।

९. विविध

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान रही सबैले आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन्। शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन्।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन्।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहनेछ।

अनुसूची

१

सन् २००६ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २००६ भरिका अर्थात् ०६२ पुस १७ देखि ०६३ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् ००६ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएका मध्ये विश्वसनीय घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। केही घटनालाई विश्वसनीयताको अभावमा प्रकाशन गर्न सकिएन। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मूख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्ष पुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये ठूला छ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विस्फोटक पदार्थ सम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षक अन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- गत वर्षदेखि मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई "विगतको अनुगमन" शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षक अन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- नेकपा (माओवादी) बाट अलग भई गठित जनतान्त्रिक तराई मुक्ति मोर्चा र मधेशी टाइगरबाट भएका घटनालाई 'अन्य' शीर्षक अन्तर्गत राखिएको छ। त्यसैगरी माओवादीविरूद्ध प्रतिकार समूहबाट भएका घटनाको तथ्याङ्क पनि 'अन्य'मै समाविष्ट छन्।
- अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिर तार गरिएका पीडितहरूको मात्र तथ्याङ्क हो। तीमध्ये २४ घण्टा भन्दा बढी हिरासतमा वा मुद्दा चलाइएका व्यक्तिहरूको तथ्याङ्क गिरफ्तारी शीर्षक अन्तर्गत समावेश गरिएको छ।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २००६ सम्मका मानवअधिकार वर्षपुस्तकहरू

च. इन्फर्मल सेक्टर रिसर्च एण्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट डेभ्लेप्मेन्ट प्रोफाइल अफ नेपाल २००४;* काठमाडौं, २००४

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

छ. विविध



पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० संखुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुंगा

१.१६ सोलुखुम्बु

१.१ झापा



जनसंख्या : ७,२९,,७५८
साक्षरता प्रतिशत : ७५.८५
महिला साक्षरता प्रतिशत : ६७.८०
क्षेत्रफल (वर्ग कि. मि.) : १६०६
गाविस/नपा संख्या : ४७/३
निर्वाचन क्षेत्र : ५
विद्यालय : ५७२
क्याम्पस/उच्च मा.वि. : ७/३९
अस्पताल/ स्वास्थ्य चौकी : ७/५६
टेलिफोन लाइन : १२०००
मोटर सडक (कि. मि.) : ५८१
प्रहरी कार्यालय संख्या : ७
हुलाक संख्या : ५५
मानव विकास सूचकाङ्क : ०.४९४
प्रति परिवार सरदर संख्या : ५.३१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

अर्जुनधारा गाविस-७ निवासी १७ वर्षीय राजन गिरी र भद्रपुर नपा-९ निवासी २६ वर्षीय सुरज विश्वासको चन्द्रगढीमा आह्वान गरिएको ०६३ वैशाख ६ गतेको शान्तिपूर्ण जनप्रदर्शनमा सेना र प्रहरीले जथाभावी गोली चलाउँदा घटनास्थलमा नै मृत्यु भयो। दिनभर भएको प्रदर्शनपछि करिब आधा भन्दा बढी प्रदर्शनकारी घर फर्केपछि सेनाले प्रदर्शनकारीलाई चारैतिर घेरी करिब १५ सय गोली चलाएको थियो। उक्त घटनामा परी गोविन्द कडरिया, सन्तोष ढकाल, सिन्धु उप्रेती, देवी बराल, गोपाल श्रेण्ठ, पूर्णबहादुर ढकाल, विष्णु प्रसाई, नारायण खड्का, यज्ञ अधिकारीलगायत करिब ५० जना घाइते भए। उक्त घटनामा जम्मा २ सय ४ जना घाइते भएका थिए। घाइतेहरूको उपचार मेची अञ्चल अस्पताल भद्रपुर, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र भारतको सिलगुढीमा भएको थियो। घाइतेमध्ये गोविन्द कडरिया र गोपाल श्रेष्ठको धरान र सिन्धु उप्रेतीको भारतको दिल्लीस्थित अस्पतालमा उपचार भयो।

माओवादीबाट

टाघनडुव्वा गाविस-९ निवासी २२ प्रहरी जवान वर्षीय दिनेश विश्वकर्माको ०६३ वैशाख ३ गते माओवादीले दमक नपा-५ तथा भुटानी शरणार्थी शिविर नजिक सादा पोसाकमा घुम्दै गरेको अवस्थामा गोली हानी हत्या गरे। सोही घटनामा भुटानी शरणार्थी नरबहादुर मगर, दमक नपा-५ निवासी २३ वर्षीया रेणुका राई र २९ वर्षीया कल्पना राई माओवादीको गोली लागी घाइते भए। घाइतेहरूमध्ये मगरको कोशी अञ्चल अस्पतालमा, रेखा राई र कल्पना राईको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

डाँगीबारी गाविस-५ का ५३ वर्षीय दिनभुला राजवंशीलाई चोरी, डकैती र बलात्कारको आरोपमा ०६३ जेठ २० गते बिहान माओवादीले उनलाई घरैबाट अपहरण गरी बिर्तामोड पुऱ्याई कुटपिट गर्दै खुदुनाबारी गाविस-५ स्थित एक घरमा लगी सोही दिन हत्या गरी लास नजिकैको जङ्गलमा गाडे। घटना भएको चार महिनापछि मात्र माओवादीले परिवारलाई हत्याको जानकारी गराए।

बाहुनडाँगी गाविस-७ निवासी २५ वर्षीय युवराज भुजेलले अपराधिक क्रियाकलाप गरेको र नक्कली माओवादी बनेको आरोपमा ०६३ जेठ २० गते माओवादीले उनलाई बिर्तामोडबाट अपहरण गरी मारुती भ्यानमा राखी खुदुनाबारी गाविस-५ स्थित एक घरमा पुऱ्याई हत्या गरे। पीडितको लास परिवारलाई समेत दिएनन् भने चार महिनापछि मात्र पीडितको घरमा हत्या भएको खबर पुग्यो।

माओवादी नियन्त्रणमा मृत्यु

अर्जुनधारा गाविस-२ निवासी ३५ वर्षीय गोपाल राजवंशीलाई चोरी, डकैती, बलात्कार जस्ता घटनामा संलग्न भएको आरोपमा ०६३ असोज २९ गते माओवादीले बाहुनडाँगी गाविसको नक्कलबन्दाबाट अपहरण गरे। पीडितलाई ०६३ कात्तिक ४ गते बिहान बाहुनडाँगी गाविस-१ का अर्जुन कार्कीको घरमा थुनी राखेकोमा सोही घरमा रहेको चिया बगानमा हाल्ने विष खाई मऱ्यो भनी स्थानीय मेची खोलामा माओवादीले लास खाल्डो खनी गाडे। पीडितको लास बाबु दिनेश राजवंशीले बुझे।

दोहोरो भिडन्त

सशस्त्र प्रहरी हवल्दारहरू दिलीप मेहता र सन्तोष मेचे ०६२ चैत ३ गते दिउँसो माओवादीले काकडभिट्टा नाकाको चेकपोष्टमा एक्कासी आक्रमण गर्दा गोली लागी गम्भीर घाइते भए। घाइतेहरूमध्ये दिलीप मेहताको उपचारका लागि मेची अञ्चल अस्पताल भद्रपुर लाँदै गर्दा मृत्यु भयो। सन्तोष मेचेको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। सोही घटनामा अनारमनी गाविस-६ का २५ वर्षीय सर्वसाधारण सूर्य गौतमलाई प्रहरीले माओवादी भनी गोली हान्दा घटनास्थलमा मृत्यु भयो।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका असई श्याम कार्की, इलाका प्रहरी कार्यालय बिर्तामोडका असईद्वय खेम बस्नेत, वीरबहादुर तामाङ, प्रहरी जवानहरू युवराज गुरुङ, श्रवण श्रेष्ठ, मनोज राजवंशी, बिन्देश्वर मण्डल, हरि कटुवाल र रमेश पोखरेलको बिर्तामोडस्थित इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयमा ०६२ चैत ८ गते बिहान माओवादीले आक्रमण गर्दा मृत्यु भयो। प्रहरी र माओवादीको भिडन्तमा प्रहरीको गोली लागी माओवादीका उमङ्ग भनिने एक छापामारको मृत्यु भयो। घटनास्थल भन्दा ५० मिटर पश्चिम महेन्द्र राजमार्ग बिर्तामोडमा एक ७५ वर्षीया वृद्धा महिलाको गोलीबाट मृत्यु भएको थियो। आक्रमणपछि ट्रक लिई भाग्दै गरेका माओवादीमा ट्रक पल्टिँदा एकजना घाइते भए। एकजनाको ट्रकले किचेर मृत्यु भयो। घाइते एक जना माओवादी छापामारलाई पछि आएको सेनाको टोलीले घाइते अवस्थामा गिरफ्तार गरी बुट्टाबारी चियाबगान खण्डको कल्भर्टमा लगी गोली हानी हत्या गरे। माओवादीद्वारा हत्या गरिएकामध्ये खेमकुमार बस्नेत, वीरबहादुर तामाङलगायत पाँचजनालाई भने माओवादीले आत्मसमर्पण गरिसकेपछि गोली हानी हत्या गरे। घटनामा परी इन्सपेक्टर राजेन्द्र बस्नेत, असई राजेन्द्र चापागाई, हवल्दारहरू धनबहादुर लिम्बू, धनबहादुर विश्वकर्मा, धनबहादुर धिमाल, राजेन्द्र ढकाल, प्रेम श्रेष्ठ, पदम श्रेष्ठ, मंगलसिङ लिम्बू, धीरज यादव, श्री कुमार राई र जवानहरू रामसेन यादव, प्रकाश विश्वकर्मा, रमेश माझी, नवराज थापा, लालदेव मण्डल, ईश्वर पोखरेल, दलबहादुर सुनुवार, गोपाल घिमिरे, वीरेन्द्रकुमार यादव, निरबहादुर कार्की, थुनुवाहरू विशाल गुरुङ र बासुदेव राई घाइते भए। घाइतेहरूको काठमाडौंस्थित वीरेन्द्र प्रहरी अस्पतालमा उपचार भयो भने सामान्य घाइतेहरूको मेची अञ्चल अस्पतालमा उपचार भयो।

सुरुङ्गा गाविस-२ र ५ मा अवस्थित महेन्द्र राजमार्गमा एसएलसी परीक्षाको प्रश्नपत्र लिई सुरक्षार्थ गइरहेका सेनाको तीनओटा गाडीलाई ०६२ चैत २५ गते माओवादीले विस्फोटक पदार्थ विस्फोटनमा पारी आक्रमण गर्दा सेनाका लेफ्टिनेन्ट धनकुटाका भीमबहादुर कार्की, काठमाडौंका सैनिक जवान राजकुमार पोखरेल, सुनसरीका टोपसिंह खड्का, कास्कीका अमृत विश्वकर्मा, बैतडीका सैनिक जवान नरेन्द्र ठगुन्ना र सप्तरीका प्रहरी जवान रमेश चौधरीको माओवादीको गोली लागी मृत्यु भयो। घटनामा सैनिक जवानहरू कृष्ण महतरा र भेषबहादुर रानामगर घाइते भएकोमा उनीहरूको सैनिक अस्पताल छाउनीमा उपचार भयो। सोही घटनामा घाइते भएका सर्वसाधारण सुरुङ्गाका दिनेश ठाकुर र आरती दाहालको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। त्यस्तै स्थानीय बासिन्दाहरू नारायण कोइराला, शिव कोइराला, रीता पौडेल, पुष्कर भट्टराई र शिवलाल खतिवडाको घरमा गोली लाग्यो। घटनामा परी छ जना माओवादी घाइते भए पनि विवरण खुलेन।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	८	४	१३	७	३०		३०	३	५			५
घाइते	३	३		३	५	३१	३	३३	१	४		३००	३०४
गिरफ्तारी/यातना									३८	६९	४	७४	१४७
कुटपिट					१३	३३		३३	८	१५	१	९	३५
धम्की	१	१		१					१	१			१
भेला/संगठित हुने अधिकार									१३	३५		१७६	३११
महिलाअधिकार	६		६	६									
बालअधिकार	१५	५	१०	१५									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४	१	१			१
अमानवीय व्यवहार	५	७		७	४	५	७	१३					
अपहरण	१	१		१	५४	७३	७	८०					
जम्मा	४३	३४	३०	४४	८६	१५६	१६	१७३	५४	१३०	५	४५९	५९४

गैरकानुनी गिरफ्तारी

खुदुनाबारी-१ निवासी १७ वर्षीय कृष्ण मिश्र, शनिश्चरे गाविस-२ निवासी २७ वर्षीय कुवेर कट्टेल र पाँचगाछी गाविस-२ निवासी ४५ वर्षीय विजय घिमिरेलाई ०६२ पुस २२ गते जवरजङ्ग गण चारआलीका सादा पोसाकका सुरक्षाकर्मीले शनिश्चरे बजारबाट गिरफ्तार गरे। पीडितलाई कारागार शाखा, झापामा नजरबन्दमा राखिएकोमा कृष्ण मिश्र र कुवेर कट्टेललाई फागुन ७ गते र विजय घिमिरेलाई चैत २४ गते रिहा गरियो।

बाहुनडाँगी गाविस-४ निवासी राजन दुलाललाई माओवादीको आरोपमा ०६२ पुस २६ गते सादा पोसाकका सुरक्षाकर्मीले घरैमा सुतिरहेको अवस्थामा गिरफ्तार गरी जिल्ला कारागारमा नजरबन्दमा राखेकोमा ०६३ जेठ २९ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका राजन गिरी

इलाम जिल्ला कोलबुङ्ग गाविस-९ निवासी २१ वर्षीय भरत राई माओवादी भएको आरोपमा ०६२ माघ १७ गते उनलाई काठमाडौबाट घर जाँदा सुरक्षा जाँचको क्रममा चारआली सैनिक ब्यारेक अगाडि सेनाले गिरफ्तार गरी कारागार शाखा, झापामा नजरबन्द राखेकोमा ०६३ जेठ ११ गते रिहा भए।

भद्रपुर नपा निवासी एमाले जिल्ला कमिटी सदस्य जीवन श्रेष्ठलाई ०६२ माघ १८ गते प्रहरीले भद्रपुर महपाल धर्मशालामा बसिरहेको अवस्थामा गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २९ गते रिहा गरियो।

काकडभिट्टा निवासी नेपाल महिला संघकी भद्रमाया बस्नेत र नेकाँकी सुन्दरी श्रेष्ठलाई नगर निर्वाचनविरुद्ध गतिविधि गरेको आरोपमा ०६२ माघ १८ गते प्रहरीले कालिखोलाबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २८ गते रिहा गरियो।

मेची बहुमुखी क्याम्पस अखिल (एकीकृत) का विकास वन माओवादी भएको आरोपमा ०६२ माघ २२ गते प्रहरीले उनलाई चन्द्रगढी अञ्जनी मोडबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २९ गते रिहा गरे।

मेची नपा-४ निवासी डिल्ली भण्डारी, केदार भट्टराई, चिरञ्जीवी भट्टराई र बिर्तामोड निवासी युवराज चापागाईंलाई ०६२ फागुन १५ गते बिहान नेपाल बैंक धुलाबारी शाखामा चेक साट्न गएको अवस्थामा जवरजङ्ग गणका सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित मध्ये चिरञ्जवी भट्टराईलाई भोलिपल्ट र अन्य तीनजनालाई सोही दिन निर्दोष भन्दै रिहा गरियो।

गरामनी गाविस-८ निवासी माओवादी कार्यकर्ता ४२ वर्षीय रुद्र पौड्याललाई ०६२ चैत २ गते जवरजङ्ग गण चारआलीका सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरी कारागार शाखा झापामा नजरबन्दमा राखेकोमा ०६३ जेठ ११ गते रिहा गरियो।

मेची नपा-४ निवासी माओवादी कार्यकर्ता होमचन्द्र घिमिरे र मोरङ्ग जिल्ला मधुमल्ला गाविस निवासी दीपेन्द्र मोहरालाई ०६२ चैत ३१ गते प्रहरीले गिरफ्तार गरी कारागार शाखा झापामा राखेकोमा ०६३ जेठ ११ गते रिहा गरियो।

पुनः गिरफ्तारी

कुमरखोद गाविस-३ निवासी १७ वर्षीय कमल पौडेल र शिवगञ्ज गाविस-४ निवासी २६ वर्षीय डिल्लीराम आचार्यलाई माओवादी आरोपमा एक वर्ष अघि नजरबन्द राखियो। पीडित ०६२ माघ ९ गते म्याद भुक्तानी भई रिहा हुने बित्तिकै प्रहरीले पुनःगिरफ्तार गरी दुई दिनसम्म जिल्ला प्रहरी कार्यालयमा राखी पुनःनजरबन्दमा राखेकोमा सरकारको निर्णयमा ०६३ जेठ ११ गते रिहा भए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

घैलाडुब्वा गाविस-६ निवासी ८ वर्षीया एक बालिका ०६२ फागुन १ गते राति माओवादीले १० औँ वर्ष गाँठ मनाउने क्रममा पड्काएको बमको छर्रा लागी घाइते भएकीमा स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका सुरज विश्वास

जेल र बन्दी

यो वर्ष कारागारमा कैद तोकिएका १ सय ४५ पुरुष र ५ महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ९२ पुरुष र ११ महिला थुनुवा रहेका छन्। त्यस्तैगरी एक बालक र एक बालिका नाबालकहरू

पनि कारागारमा रहेका छन्। यसरी झापा कारागारमा जम्मा २ सय ५५ बन्दी तथा थुनुवा रहेका छन्। जसमा ४३ विदेशी पुरुष र ३ विदेशी महिला रहेका छन्। विदेशीहरूमा अधिकांश प्राय: भुटानी शरणार्थीहरू रहेका छन्।

करागारको क्षमता २ सय जना रहेपनि २ सय ५५ जना बस्नु पर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ। कैदी बन्दीहरूले आम माफी पाउनुपर्ने माग राखी ०६३ भदौ ६ गते गरेको आगजनीबाट कारागार भवन जीर्ण भएको छ।

माओवादी आरोपमा झापा कारागारमा थुनामा रहेका मध्ये १७ जना माओवादी कार्यकर्ताहरू डिल्लीराम घिमिरे, ढुण्डिराज गुरागाई, पुरुषोत्तम चुडाल, टंक अधिकारी, पुष्पा उप्रेती, डिल्लीराम आर्चायलगायतले सेवा सुविधा उपचारका लागि विभिन्न १६ सुत्रीय माग राखी ०६२ फागुन २ देखि ५ गतेसम्म आमरण अनशनमा बसे। प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद शिवाकोटीले उनीहरूको मागप्रति ध्यान पुऱ्याइने आश्वासन पछि अनशन तोडिएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

दमक नपा-१८ निवासी राप्रपा (कमल थापा) पक्षीय वडा सदस्य २४ वर्षीय चिरञ्जीवी अधिकारीलाई नगर निर्वाचनमा भाग लिएको आरोपमा ०६२ माघ २२ गते माओवादीले गौरादहबाट अपहरण गरी राजीनामा दिने सर्तमा माघ २९ गते मुक्त गरे।

पाँचगाछी गाविस-६ निवासी जयनारायण श्रेष्ठ, माहाभारा गाविस-२ निवासी अर्जुन राई, चकचकी गाविस-१ निवासी अनिल मियाँ र मोरङ्ग जिल्ला उर्लाबारी गाविस-६ निवासी पदमबहादुर लिङ्देनलाई नक्कली भारतीय नोटको कारोबार गरेको आरोपमा डेढ बोरा नक्कली नोट सहित ०६२ माघ २८ गते माओवादीले पाँचगाछीबाट अपहरण गरे। उनीहरूलाई गल्ती नगर्ने सर्तमा माघ २९ गते शिवगञ्ज बजारबाट मुक्त गरे।

बाहुनडाँगी गाविस-२ निवासी ४९ वर्षीय अशोक सुब्बालाई राजाको शासनमा मनोनित जिविस सदस्य भएको आरोपमा ०६२ फागुन १ गते बेलुका माओवादीले घरैबाट अपहरण गरी राजीनामा दिने सर्तमा फागुन ४ गते शान्तिनगरबाट मुक्त गरे।

टाघनडुब्बा गाविस-९ निवासी २८ वर्षीय रामनारायण राजवंशीलाई नक्कली माओवादी बनी चन्दा उठाउँदै गर्दा ०६२ फागुन २ गते माओवादीले पाँचगाछीको बुलुचोकबाट अपहरण गरी फागुन ४ गते पुन: गल्ती नगर्ने सर्तमा मुक्त गरे।

शान्तिनगर गाविस-१ निवासी ४९ वर्षीय ज्ञानबहादुर मगरलाई राजाको शासनमा मनोनित जिविस सदस्य भएको आरोपमा ०६२ फागुन २ गते बेलुका माओवादीले घरैबाट अपहरण गरी राजीनामा दिने सर्तमा फागुन ४ गते रिहा गरे।

खुदुनावारी गाविस-१ निवासी साइला भनिने दिलबहादुर बराइलीले इलाम जिल्ला शुक्रबारे गाविस-१ दानाबारी निवासी डम्बरबहादुर बराइलीलाई खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा ०६२ फागुन ५ गते बिहान माओवादीले उनलाई अपहरण गरे। पीडितलाई ०६३ असार १९ गते इन्सेक प्रतिनिधिको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

बुधबारे गाविस-६ निवासी कमल भट्टराई, देवीप्रसाद भट्टराई, अर्जुन तामाङ, चन्द्र श्रेष्ठ, गणेश गिरी र राजेन्द्र राईलाई बुधबारे गाविस-६ निवासी दमन्ता सिटौलालाई ०६२ फागुन १३ गते बलात्कार गरी हत्या गरेको आरोपमा ०६३ चैत १६ गते माओवादीले अपहरण गरी लगेकोमा हत्यामा संलग्न नरहेको भन्दै गणेश गिरीलाई ०६२ चैत १७ गते र राजेन्द्र राईलाई ०६३ वैशाख ४ गते मुक्त गरे। देवी भट्टराई, चन्द्र श्रेष्ठ, अर्जुन तामाङलाई ०६३ असार ४ गते र कलम भट्टराईलाई ०६३ असार १९ गते दुर्गापुरबाट मुक्त गरे।

गौरादह गाविस-४ निवासी २७ वर्षीय धर्म ताजपुरियालाई चोरीको आरोपमा ०६२ फागुन १५ गते दिउँसो माओवादीले महारानीझोडाबाट अपहरण गरी फागुन १७ गते तोपगाछी सारङ्गपाडाबाट मुक्त गरे।

चकचकी गाविस-७ निवासी १९ वर्षीय तीर्थराज खतिवडालाई माओवादी बनी चन्दा उठाउँदै गरेको अवस्थामा ०६२ फागुन २० गते माओवादीले बुधबारे बजारबाट अपहरण गरे। पीडितलाई पुन: गल्ती नगर्ने सर्तमा फागुन २३ गते जयपुरबाट मुक्त गरे।

चारपाने गाविस-७ घर भई घैलाडुब्बा गाविसका सचिव हरिप्रसाद श्रेष्ठलाई गाविसको पैसा हिनामिना गरेको आरोपमा ०६२ फागुन २४ गते साँझ माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई राजीनामा दिने सर्तमा फागुन २५ गते मुक्त गरे।

मेचीनगरस्थित टोकला टी स्टेटका मेनेजर विनोद राजपूरोहितलाई आफ्ना मागको वेवास्ता गरेको आरोपमा ०६२ फागुन २८ गते माओवादी निकट नेपाल चिया मजदुर संघका कार्यकर्ताले बगानबाटै अपहरण गरे। पडितलाई माग पूरा गर्ने सर्तमा ०६२ चैत १६ गते पथरिया बजारबाट इन्सेक प्रतिनिधि, आइसीआरसीका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

पथरियास्थित मित्तल टी स्टेटका मेनेजर कमला सिंह र हेड क्लर्क राजु देवानलाई आफ्ना मागप्रति वेवास्ता गरेको आरोपमा ०६२ फागुन २९ गते माओवादीको भातृ संगठन नेपाल चिया मजदुर संघका कार्यकर्ताहरूले बगानबाटै

अपहरण गरे। पीडितलाई चैत १६ गते आफ्ना माग पूरा गर्ने सर्तमा इन्सेक प्रतिनिधि र आइसीआरसीका प्रतिनिधिको रोहबरमा पथरियाबाट मुक्त गरे।

शनिश्चरे गाविस-९ निवासी ५८ वर्षीय लवकुश गिरीलाई मनोनित जिविस सदस्य भएको आरोपमा ०६२ चैत ४ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई इन्सेक प्रतिनिधिको रोहबरमा राजीनामा दिने सर्तमा चैत ७ गते खुदुनाबारीबाट मुक्त गरे।

अर्जुनधारा गाविस-५ निवासी ट्रक चालक ३५ वर्षीय हंश राजवंशीलाई ०६२ चैत ७ गते साँझ माओवादीले अपहरण गरे। उनलाई चैत ८ गते दहीझोडाबाट मुक्त गरे।

जिल्ला शिक्षा कार्यालाय दमक श्रोत केन्द्रका श्रोत व्यक्ति नेत्र खनाल र सूर्य सापकोटालाई आफ्नो संगठनले औचित्यहीन ठहराइसकेको अवस्थामा श्रोत व्यक्तिको पदमा रही काम गरिरहेको भन्दै ०६२ चैत ९ गते अखिल (क्रान्तिकारी) का कार्यकर्ताले कार्यालयबाटै अपहरण गरे। पीडितलाई राजीनामा दिने सर्तमा ०६२ चैत १० मुक्त गरे।

बैगुन्धुरा गाविस-८ निवासी ५० वर्षीय कालिचरण मण्डल र ४५ वर्षीय मानबहादुर श्रेष्ठलाई गाँउघरमा गोरु चोरीमा सक्रिय रहेको आरोपमा ०६२ चैत ११ गते माओवादीले बैगुन्धुराबाट अपहरण गरी लगेकोमा मानवअधिकारकर्मीको रोहबरमा ०६३ असार १९ गते दुर्गापुरबाट मुक्त गरे ।

बुधबारे गाविस-१ निवासी तीनतले सामुदायिक वनका अध्यक्ष भीमकुमार नेवार र सचिव विष्णु आचार्यलाई ०६३ वैशाख २० गते दिउँसो माओवादीले बुधबारे बजारबाट अपहरण गरी वैशाख २१ गते मुक्त गरे।

शनिश्चरे निवासी २८ वर्षीय प्रकाश अधिकारीलाई चोरीको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले शनिश्चरे बजारबाट अपहरण गरेकोमा इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि नारायण पराजुली र सञ्चारकर्मीको रोहबरमा ०६३ असार १९ गते दुर्गापुरबाट मुक्त गरे।

इलाम जिल्ला दानावारी गाविस-१ निवासी ४० वर्षीय नेत्रबहादुर कार्की र २४ वर्षीय रणबहादुर खड्कालाई स्थानीय सामुदायिक वन जनसरकारमा दर्ता नगरेको साथै आर्थिक अनियमितता गरेको आरोपमा ०६३ जेठ १८ गते झापातर्फ गइरहेको अवस्थामा खुदुनावारी चोकबाट माओवादीले अपहरण गरे। अपहरित दुवैलाई माओवादीले लक्ष्मीपुर गाविस-५ मा पर्ने दहालटारबाट भोलिपल्ट मुक्त गरे।

शनिश्चरे गाविस-८ निवासी विश्व राजवंशी र बाबुकृष्ण श्रेष्ठलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ जेठ ३० गते माओवादीले सोही ठाँउबाट अपहरण गरेकोमा इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा ०६३ असार १६ गते दुर्गापुरबाट मुक्त गरे।

कोहवरा गाविस-१ निवासी टेकबहादुर नेम्वाङलाई गाँजा व्यापारमा संलग्न रहेको आरोपमा ०६३ जेठ ३० गते माओवादीले घरैबाट अपहरण गरी पुन: गल्ती नगर्ने सर्तमा ०६३ जेठ ३१ गते जुरोपानीबाट मुक्त गरे।

जिल्ला हुलाक कार्यालय झापाका नासु महेश श्रेष्ठ, खरिदार विष्णु न्यौपाने र मुखियाहरू हीरन्य न्यौपाने, उपेन्द्र दहाल र मेघनाथ निरौलालाई रकम हिनामिना गरेको आरोपमा ०६३ जेठ ३० गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये विष्णु न्यौपाने, उपेन्द्र दहाल र मेघनाथ निरौलालाई दोषी ठहर गरी पुन: गल्ती नगर्ने सर्तमा र अन्य दुई जनालाई निर्दोष ठहराई इन्सेक प्रतिनिधि अर्जुन बस्नेत, हुरेक्ड प्रतिनिधि नारायण पराजुली र पत्रकार राजेन्द्र गौतमको रोहबरमा दुर्गापुरबाट ०६३ असार २ गते मुक्त गरे।

बिर्तामोड निवासी ३२ वर्षीय हुल्याहाहेण्डील राजवंशीलाई डकैती र बालबालिका अपहरणको आरोपमा ०६३ जेठ १६ गते माओवादीले बिर्तामोडबाट अपहरण गरे। उनलाई ०६३ जेठ ३१ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

जिल्ला हुलाक कार्यालय भद्रपुर शाखाका मुखिया कविराज कोइरालालाई पत्रबाट पैसा झिकेको आरोपमा ०६३ असार १ गते माओवादीले कार्यालयबाट अपहरण गरी लगेकोमा निर्दोष रहेको भन्दै ०६३ असार २ गते दुर्गापुरबाट मुक्त गरे।

चन्द्रगढी गाविस-७ घर भई नेपाली सेनाको चारआली वाहिनीमा कार्यरत सैनिक जवान २१ वर्षीय हेमराज निरौलालाई भद्रपुरमा एक महिलालाई दुर्व्यवहार गरेको आरोपमा ०६३ असार २ गते माओवादीले अपहरण गरेकोमा इन्सेक प्रतिनिधिलगायतका मानवअधिकारकर्मीको रोहबरमा ०६३ असार ३ गते भद्रपुरबाट मुक्त गरे।

सतासीधाम गाविस-४ निवासी तुलाराम राई र छविलाल गुरुङलाई डकैतीको आरोपमा ०६३ असार ४ गते माओवादीले सोही ठाँउबाट अपहरण गरेकोमा ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

बिर्तामोड शनिश्चरे रोडमा दीपा होटल सञ्चालन गरी बस्ने रेश्मा राई सोही होटलका कामदारहरू चम्पा राई र शिवानी राजवंशीलाई यौन व्यवसायमा संलग्न रहेको आरोपमा ०६३ असार ६ गते माओवादीले होटलबाट अपहरण गरी गल्ती नगर्ने सर्तमा ०६३ असार १३ गते अपहरण मुक्त गरे।

शनिश्चरे निवासी २० वर्षीय पंकज राजपुतलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३

असार ६ गते माओवादीले शनिश्चरेबाट अपहरण गरे। पीडितलाई ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

शनिश्चरे गाविस-९ निवासी ६२ वर्षीय डम्मर पुरीले उनकी बुहारी गौरी पुरीलाई दलित भएको कारण छुवाछूत गरेको र अंश नदिएको आरोपमा ०६३ असार ९ गते माओवादीले अपहरण गरी हेला नगर्ने र अंश दिने सर्तमा ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्ड प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

सुरुङ्गा गाविस-५ सुरुङ्गा बजारका सुवास विश्वकर्मा र पूर्णबहादुर दियालीबीच पैसा लेनदेन मिलाउने वहानामा ०६३ असार १३ गते माओवादीले दुर्गापुरस्थित जनअदालतमा बोलाई अपहरण गरे। पीडितलाई ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरियो।

बेलडाँगी गाविस-२ निवासी शान्तिराम आचार्यले नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ असार ६ गते माओवादीले दमकबाट अपहरण गरेकोमा ०६३ असार १९ गते मानवअधिकारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

बिर्तामोड निवासी २२ वर्षीय अनवर हुसेनलाई चोरीमा संलग्न रहेको आरोपमा ०६३ असार १३ गते बिर्तामोडबाट माओवादीले अपहरण गरेर लगेकोमा गल्ती नगर्ने सर्तमा ०६३ असार १९ गते मानवअधिकारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

घैलाडुब्बा गाविस-९ लक्ष्मीपुरका गोविन्द रिजाललाई चोरीको आरोपमा ०६३ असार १३ गते माओवादीले घरैबाट अपहण गरी असार १९ गते पुनः गल्ती नगर्ने सर्तमा इन्सेक प्रतिनिधि अर्जुन बस्नेत, हुरेक्डका प्रतिनिधि नारायण पराजुली र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

अर्जुनधार गाविस-२ निवासी गोपाल राजवंशीलाई चोरीको आरोपमा ०६३ असार १४ गते माओवादीले अपहरण गरेकोमा पुनः गल्ती नगर्ने सर्तमा असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

मेचीनगर नपा-८ निवासी १९ वर्षीया कौशिला श्रेष्ठलाई चोरी र अवैध धन्दामा संग्लन रहेको आरोपमा ०६३ असार १ गते अनारमनी गाविस-१ बुट्टाबारीबाट माओवादीले अपहरण गरेकोमा फेरि गल्ती नदोहोऱ्याउने सर्तमा असार १९ गते इन्सेक प्रतिनिधि हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

गोल्धाप गाविस-६ पिङ्गडाँडा निवासी १७ वर्षीया मीरा दर्जीलाई यौन व्यवसायमा संलग्न रहेको आरोपमा ०६३ साउन १८ गते माओवादीले बिर्तामोड चोकबाट अपहरण गरे। पीडितलाई ०६३ साउन १९ गते बिर्तामोडबाटै इन्सेक प्रतिनिधि र हुरेक्डका महासचिवको रोहबरमा मुक्त गरे।

सुरुङ्गा गाविस-७ टेक्रा घर भई सेनाको धनकुटास्थित कृष्ण दल गणमा कार्यरत २२ वर्षीय सुशीलप्रसाद प्रसाई विदामा घर आएको बेला सतासीधाममा माओवादी बनी धम्क्याउँदै गर्दा ०६३ साउन २१ गते दिउँसो गाउँलेले समाती माओवादीलाई जिम्मा लगाए। माओवादीले एकदिन राखेर भोलिपल्ट ०६३ साउन २२ गते इन्सेक प्रतिनिधि र हुरेक्डका प्रतिनिधिलाई रोहबरमा मुक्त गरे। उनलाई प्रहरीले गिरफ्तार गरी चारालीस्थित सैनिक ब्यारेकमा बुझायो।

पाँचगाछी गाविस-३ निवासी पूर्व वडाअध्यक्ष ६३ वर्षीय वीरबहादुर माझीलाई गैर नेपालीलाई किर्ते प्रमाणका आधारमा नागरिकता प्रमाण पत्र बनाई दिने गरेको आरोपमा ०६३ साउन २५ गते माओवादीले स्थानीय जनताचोकबाट अपहरण गरे। साउन २६ गते सोही गाविस निवासी सचिव अम्वेश्वर सिग्देललाई बुझाएकोमा पीडितलाई पुर्पक्षको लागि थुनामा राखियो।

तोपगाछी गाविस-७ निवासी २७ वर्षीय भूपाल राउतलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ साउन २९ गते माओवादीले सैनिक मोडबाट अपहरण गरेकोमा साउन २९ गते इन्सेक प्रतिनिधि अर्जुन बस्नेतको रोहबरमा मुक्त गरे।

अर्जुनधारा-३ भाङ्गबारी निवासी २५ वर्षीय अर्जुन दनुवारलाई नक्कली माओवादी भई समाजमा आतंक सिर्जना गरेको आरोपमा ०६३ साउन २७ गते माओवादीले शनिश्चरे चोकबाट अपहरण गरी ०६३ साउन ३० गते मुक्त गरेकोमा पीडितलाई पुनः प्रहरीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरियो।

कुमोरखोद गाविस-४ निवासी २५ वर्षीय मत्ला मिखालाई नक्कली माओवादी बनी समाजमा आतंक फैलाएको आरोपमा ०६३ साउन ३० गते माओवादीले स्थानीय गाँउबाट अपहरण गरे। पीडितलाई फेरि गल्ती नगर्ने सर्तमा सोही दिन मुक्त गरियो।

कोहवरा गाविस-७ निवासी २४ वर्षीय विपन पराजुलीले आफ्नै बुहारीलाई विवाह गर्न भगाएको भन्दै ०६३ भदौ ४ गते माओवादीले उनलाई अपहरण गरेकोमा पराजुलीलाई भदौ १६ गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरियो भने बुहारीलाई पनि सोही दिन अपहरण गरेकोमा उनलाई भने भदौ ७ गते मुक्त गरे।

सुर्खेत जिल्ला विद्यापुर गाविस-२ घर भई झापा सुरुङ्गा कोटीहोममा बसी श्री कन्काई माबि सुरुङ्गा कक्षा १० मा अध्ययनरत १४ वर्षीय भुवन ढकाललाई माओवादीको सेना भर्ना गर्न भनी ०६३ भदौ १३ गते माओवादीले

कोटीहोमबाट अपहरण गरी लगेकोमा इन्सेक प्रतिनिधिको पहलमा ०६३ असोज ३ गते झिलझिलेबाट मुक्त गरे ।

इलाम जिल्ला निवासी १७ वर्षीय प्रेम खालिङलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ भदौ २७ गते माओवादीले तोपगाछीबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ २९ गते तोपगाछीको केरखाबाट मानवअधिकारकर्मी डा. केपी सुवेदीको रोहबरमा मुक्त गरे।

पाठामारी गाविस-५ निवासी सोही गाविसका सचिव ५२ वर्षीय मसुरूद्दिन हकलाई ०६३ असोज २० गते साँझ माओवादीनिकट मधेशी मुक्ति मोर्चाका कार्यकर्ताले भद्रपुर नपा-२ बाट अपहरण गरी बेपत्ता पारे। पीडितलाई ०६३ असोज २६ गते राजगढ बजारबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

बिर्तामोडस्थित श्री देवी निमाविमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीया इन्दिरा भण्डारी र कक्षा-५ मा अध्ययनरत आरती शंकरलाई ०६३ कात्तिक २३ गते माओवादीले अग्रसेन भवन नजिक भएको माओवादी जनसभाबाट सेनामा लगाउन भनी अपहरण गरे। उनलाई ०६३ मंसिर २ गते बिर्तामोड ल्याई परिवारको जिम्मा लगाइयो।

धम्की /ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

कन्काई माबि सुरुङ्गामा एसएलसी परीक्षाको सुरक्षार्थ खटिएका सैनिकहरूले टाढाबाट परीक्षा हेरिरहेका सर्वसाधारणहरू प्रदीप ढुङ्गाना, शरद पोखरेल, अर्जुन ठटाल, मदन लिम्बू, मनोज श्रेष्ठ, ध्रुव तामाङ, तीर्थ बजगाई, रुद्र गौतम, लीला खड्का, मोहन कार्की, प्रकाश न्यौपानेलगायत १५ जनालाई ०६२ चैत १७ गते बिहान लाईन लगाई जवरजङ्ग चारआलीका सेनाले बुट तथा बन्दुकको कून्दाले हिर्काई घाइते पारे।

चन्द्रगढी गाविस-९ निवासी सन्तवीर खातीलाई छिमेकीसँग भएको झगडाको विषयमा ०६३ जेठ १ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा राखेकोमा ०६२ जेठ २ गते राति मुद्दा फाटका असई धर्म ढकालले मादक पदार्थ सेवन गरी कुटपिट गरी घाइते पारे।

माओवादीबाट

गरामनी गाविस-९ निवासी ७२ वर्षीय बिष्णुप्रसाद प्रसाईंलाई छिमेकीसँग भएको लेनदेन नमिलाएको आरोपमा माओवादीले ०६३ जेठ २७ गते घरमै गई कुटपिट गरी गम्भीर घाइते पारे। पीडितको बिर्तामोडको कञ्चनजङ्गा अस्पतालमा उपचार गरियो।

गरामनी गाविस-९ निवासी ३० वर्षीय कल्याण शिवाकोटीलाई थाल चोरेको आरोपमा ०६३ भदौ २५ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेकोमा सोही दिन माओवादीका सुरेन खालिङले ड्युटीमा रहेका प्रहरीलाई दबाब दिई हिरासतमै कुटपिट गरी घाइते पारे।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रतता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचनको विरोधमा ०६२ माघ १२ गते सात दलले निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाँका पूर्व सांसद डा. गोपाल कोइराला, एमालेका अम्बिका खनाल, हिमालय दाहाल, जनमोर्चाका हरि लामा, निरज खड्का, नेकाँका हुकुमसिंह राईलगायत १७ जनालाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय दमकको हिरासतमा राखिएकोमा ०६२ माघ १३ रिहा गरे।

नगर निर्वाचनको विरोधमा भद्रपुरमा विद्यार्थी र दलले ०६२ माघ १२ गते निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी मेची क्याम्पसका विद्यार्थी युवराज कार्की, असारु राजवंशी, नेकाँका मदन गुरुङ्ग र एमालेका मोहन रेग्मीलाई गिरफ्तार गरी हिरासतमा राखेकोमा ०६२ माघ १३ गते रिहा गरे।

जनसंसद राष्ट्रिय दैनिकका प्रकाशक तथा सम्पादक मोहन काजीलाई ०६२ माघ १३ दलहरूद्वारा गरिएको नगर निर्वाचन विरुद्धको नारा जुलुसको फोटो खिच्न लाग्दा काँकडभिट्टामा सुरक्षाकर्मीले कुटपिट गरे।

जिफन्टका विष्णु सिटौला र नेकाँका ढुण्डिराज घिमिरेलाई नगर निर्वाचनविरुद्ध नाराबाजी गरेको आरोपमा ०६२ माघ १३ गते प्रहरीले काँकडभिट्टाबाट गिरफ्तार गरी ईलाका प्रहरी कार्यालय काकडभिट्टामा राखेकोमा माघ १४ गते रिहा गरे।

नगर निर्वाचनको विरोधमा दलहरूद्वारा ०६२ माघ १३ गते गरिएको नेपाल बन्दको क्रममा चन्द्रगढीचोकमा नाराजुलुस गर्दा प्रहरीले जुलुसमा हस्तक्षेप गरी मुक्ति समाज नेपालका जीतु गौतम, नेकाँकी सुशीला ढकाल, उद्धव थापा, नवीन विमली जीतबहादुर पुरीलगायत ५५ जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा हिरासतमा राखेकोमा ४३ जनालाई सोही रात रिहा गरियो भने १२ जनालाई भोलिपल्ट रिहा गऱ्यो।

मोरङ्ग जिल्ला टाँडी गाविस-८ निवासी मेची बहुमुखी क्याम्पस भद्रपुरमा बीबीएसमा अध्ययनरत नेविसंघका प्रशान्त लुईंटेललाई माओवादीको आरोपमा ०६२ माघ १३ गते प्रहरीले चन्द्रगढीचौकमा भएको दलहरूको प्रदर्शनबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा माघ २८ गते चारआलीस्थित सैनिक

ब्यारेकमा आँखामा पट्टी बाँधेर ल्याई कुटपिट गरी पुनः चन्द्रगढी जिल्ला प्रहरी कार्यालयमा लगी कागज गराई रिहा गरे।

सालदलद्वारा शाही कदमको विरोधमा काँकडभिट्टामा निकालिएको जुलुसमा समाचार संकलन गर्न गएका विवेचना दैनिकका पत्रकार लक्ष्मी उप्रेती ०६२ माघ २१ गते प्रहरीले कुटपिट गर्दा गम्भीर घाइते भए।

मेची बहुमुखी क्याम्पस भद्रपुर बीबीएस तेश्रो वर्षका विद्यार्थी प्रकाश सुवेदीलाई दलहरूले गरेको विरोध प्रदर्शनमा सहभागी भएको आरोपमा ०६२ माघ १९ गते प्रहरीले क्याम्पस मोडबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २१ गते रिहा गरे।

दमक नपा-६ निवासी एमाले कार्यकर्ता ५० वर्षीय हिमालय दहाललाई ०६२ माघ १९ गते बिहान प्रहरीले घरैमा बसिरहको अवस्थामा गिरफ्तार गरी दमक प्रहरी कार्यालयमा नजरबन्दमा राखे। पीडित ०६२ माघ २८ गते रिहा भए।

अनेरास्वबियुका शिव ढुङ्गेल र बसन्त बाँनिया, अखिल (एकीकृत) का बेनोज भट्टराई र सन्तोष ढकाललाई नगर निर्वाचन वहिष्कार गरेको आरोपमा ०६३ माघ २६ गते अपरान्ह क्याम्पस मोडमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेकोमा माघ २७ गते रिहा गरे।

भद्रपुर नपा निवासी नेकाँका रुद्र भुर्तेललाई ०६२ माघ १६ गते प्रहरीले भद्रपुरको पुरानो हल नजिक हिँड्दै गर्दा गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा नजरबन्दमा राखेकोमा माघ २९ गते रिहा गरियो।

मेचीनगर नपाका पूर्व मेयर तथा एमालेका रविन कोइराला, डिल्ली घिमिरे, नेकाँका विमल आचार्य र मेची उद्योग वाणिज्य संघका विजय डालिमियाँलाई ०६२ माघ १८ गते प्रहरीले नगर निर्वाचनको विरोध कार्यक्रम अन्तर्गत नकलबन्दातर्फ गाडी चढी जाँदै गर्दा बाहुनडाँगी रोडबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा विजय डालिमियालाई अस्वस्थ भएको कारण माघ २० गते रिहा गरियो भने विमल आचार्य र डिल्ली घिमिरेलाई माघ २९ गते रिहा गरे। एमालेका रविन कोइराला भने माघ ३० गते रिहा भए।

दमक नपाको दमकचोकमा माघ १९ गतेको शाही कदमको विरोधमा ०६२ माघ १९ गते दलहरूद्वारा निकालिएको जुलुसमा प्रहरीले हस्तक्षेप गरी डा.गोपाल कोइराला, राजु तामाङ, पदम कोइराला, कृष्ण लुईंटेल, लक्ष्मीप्रसाद बराल, दुर्गा थापा, भवानी दाहाल, बोधराज न्यौपाने, हरि लामा, गजेन्द्र निरौला, सुमन दाहाल, निश्छलता लावती र आर्दश चेम्जोङ्गलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय दमकमा राखिएकोमा ०६२ माघ २८ र २९ गते रिहा भए।

काकडभिट्टामा नगर निर्वाचनको विरोधमा दलहरूद्वारा ०६२ माघ १९ गते निकालिएको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी विजय सुवेदी, टीकाराम मँग्राती, दीपक पोखरेल, चुडामणि शर्मा, तारावीर कटुवाललगायत ४० जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २८ र २९ गते रिहा गरे।

मेचीनगर नपाको धुलाबारी बजारमा शाही कदम र नगरनिर्वाचनको विरोधमा दलहरूद्वारा ०६२ माघ १९ गते निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी दीपक भण्डारी, राम कट्टेल, हर्कलाल गिरी, राधा कार्की, राम कार्की, कपिलमणि सिवाकोटीलगायत १७ जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यलय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २७, २८ र २९ गते गरी सबैलाई रिहा गरियो।

शाही कदम र नगरनिर्वाचनको विरोधमा दलहरूद्वारा भद्रपुर बजारमा ०६२ माघ १९ गते गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी सात दलका नेता तथा कार्यकर्ताहरू मोहनसिहं कार्की, कुलप्रसाद संग्रौला, क्षीतिज लावती, सन्तलाल मेचे, भगिरथ पोद्दार, डिल्ली सिटौला, मदन गुरुङ्गलगायत ३२ जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखिएकोमा ०६२ माघ २८ गते रिहा गरियो।

मेचीनगर नपा काकडभिट्टामा नगर निर्वाचनको विरोधमा शान्तिपूर्ण प्रदर्शन गरिरहेको बेला सोमनाथ खनाल र ज्ञाननाथ भट्टराईलाई ०६२ माघ २१ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २९ गते रिहा गरे।

एमालेका पूर्व सांसद पुष्प पोखरेललाई नगर निर्वाचनको विरुद्धमा लागेको आरोपमा ०६२ माघ २२ गते प्रहरीले भद्रपुर बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ ३० गते रिहा गरे।

काकडभिट्टा चोकमा उभिइरहेको बेला ०६२ माघ २६ गते प्रहरीले एमालेका गंगा कोइराला र यज्ञ मैनालीलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय काकडभिट्टामा हिरासतमा राखेकोमा कोइरालालाई माघ २७ गते र मैनालीलाई २८ गते रिहा गरे।

विभिन्न पेसाकर्मीहरूद्वारा निरंकुश राजतन्त्रको विरोधमा ०६२ चैत ३० गते चन्द्रगढीमा निकालिएको जुलुसमा प्रहरीले अन्धाधुन्द लाठीचार्ज गर्दा एमालेका डिल्ली पोखेल, जीवन श्रेष्ठ, नेकाँका लेखनाथ भट्टराई, सरकारी कर्मचारी तुलसी अधिकारी, महेन्द्र भट्टराई, विद्यार्थी नेताहरू असारु राजवंशी, बसन्त बानियाँ, नेकाँका भक्त खवास, मोहन

मर्हजनलगायत २१ जना गम्भीर घाइते भएकोमा स्थानीय मेची अञ्चल अस्पतालमा उपचार गरियो।

सुगम, निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जम्मा ४ सय ५८ ओटा मुद्दा दर्ता भए। तीमध्ये ८९ ओटा मुद्दा फैसला भए। जसमा २ सय ५३ ओटा फौजदारी मुद्दा दर्ता भएकोमा ५४ ओटा फैसला भए भने २ सय ३ ओटा देवानी मुद्दा दर्ता भएकोमा ३१ ओटा देवानी फैसला भए। दुईओटा बालबालिका सम्बन्धी मुद्दा दर्ता भएकोमा एउटा फैसला भए। मुद्दाको सुनुवाई प्रक्रियामा ढिलो भएको मुद्दाका पक्षहरूको गुनासो रहेको छ।

जिल्ला प्रहरी कार्यालय झापा र मातहतका निकायहरूबाट यस वर्ष झापा जिल्ला अदालतमा जम्मा ३ सय ८५ ओटा मुद्दा दर्ता भएका छन्।

बालअधिकार

भुटानी शरणार्थी शिविर खुदुनाबारी निवासी ७ वर्षीया एक बालिकालाई अर्जुनधारा गाविस-६ का ३५ वर्षीय राजेन्द्र बराईलीले चक्लेट खान दिएर ०६२ फागुन २ गते बेलुकी बलात्कार गरे। पीडक थुनामा छन्।

बुधवारे गाविस-५ की एक १० वर्षीया बालिकालाई छिमेकी ५५ वर्षीय राम राईले ०६२ फागुन ६ गते दिउँसो मादक पदार्थ सेवन गरी बलात्कार गरे। सोही आरोपमा पीडकलाई स्थानीयवासीहरूले मोसो दली गाउँ घुमाएपछि प्रहरीलाई बुझाए। प्रहरीले पीडिकलाई पुर्पक्षका लागी थुनामा राखेको जनायो।

बुधवारे गाविस-३ की १४ वर्षीया बालिकालाई ०६२ फागुन १३ गते राति घर नजिकैको बासघारीमा लगी अज्ञात समूहले बलात्कार गरी हत्या गरे। पीडकहरू फरार छन्।

नुवाकोट जिल्ला स्याम्राङ गाविसकी १५ वर्षीया एक बालिकालाई ०६३ वैशाख २५ गते सोही जिल्ला ओखेकी टीनु तामाङले बेच्न भनी काकडभिट्टाबाट भारततर्फ लाँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडितलाई प्रहरीले माइती नेपालमा बुझायो भने पीडकलाई चेलिबेटी बेचबिखन सम्बन्धी मुद्दा चलाई थुनामा राखिएको छ।

नुवाकोट जिल्ला घ्याङफेदी गाविस-५ निवासी १४ वर्षीया बालिकालाई ०६३ असार १४ गते सोही गाविस-७ निवासी ४० वर्षीय दावा तामाङ र ३० वर्षीय आइत तामाङले बेच्न भनी भारततर्फ बेच्न लाँदै गर्दा काकडभिट्टाबाट प्रहरीले गिरफ्तार गरे। प्रहरीले पीडितलाई माइती नेपालको जिम्मा लगाए भने पीडकउपर मुद्दा चलायो।

नुवाकोट जिल्ला निवासी १७ वर्षीया बालिकालाई ०६३ असार १४ गते नुवाकोट उर्लेनी गाविस-२ निवासी ४० वर्षीय सञ्जबहादुर तामाङ, सोही गाविस निवासी सम्मरबहादुर तामाङ, नुवाकोट राउतबेशी गाविस-७ निवासी ३९ वर्षीय श्यामजुङ तमाङ र सोही ठाँउकै रामबहादुर तामाङले फकाएर बेच्न लाँदै गर्दा काँकडभिट्टाको चेक पोस्टमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई माइती नेपालमा जिम्मा लगाइयो भने पीडकहरूलाई प्रहरीले मुद्दा चलायो।

बेलडाँगी गाविस-१ निवासी सात वर्षीया एक बालिकालाई सोही ठाउँ निवासी ८४ वर्षीय मानध्वज गुरुङ्गले ०६३ असार २२ गते साँझ शौचालयमा दिसा गरिरहेको बेला बलात्कार गरे। पीडक थुनामा छन्।

घैलाडुब्बा गाविस लक्ष्मीपुर निवासी ८ वर्षीया एक बालिकालाई ०६३ असार २७ गते सोही ठाउँका १४ वर्षीय नन्दराम राजवंशी र ११ वर्षीय सञ्जय राजवंशीले पीडितकै घरमा बलात्कार गरे। पीडक दुवैलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएकोमा ११ वर्षीय सञ्जयलाई ०६३ साउन १५ गते सरकारी वकिलको कार्यालयले नाबालक रहेको जनाउँदै मुद्दा नचलाउने निर्णय गरी रिहा गरे भने १४ वर्षीय नन्दरामलाई अदालतले ०६३ साउन २१ गते नाबालक रहेकोले कुनै कारबाही नहुने र अदालतले बोलाएको समयमा हाजिर हुने भनी रिहा गर्ने आदेश दियो।

भुटानी शरणार्थी शिविर बेलडाँगी-२ निवासी १५ वर्षीया एक बालिकालाई शरणार्थी शिविर बाहिर निस्केको बेला ०६३ असोज ३ गते बेलुकी दमकको बाघखोरमा रहेको बाँसघारीमा पाँचजनाले बलात्कार गरे। पीडित मरणासन्न भएपछि पीडकहरू भागे। घटनामा संलग्न पीडकलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

गरामनी गाविस-२ घर भई जनमोर्चा नेपालका ६० वर्षीय डिल्लीकुमार मैनालीले ०६३ पुस १४ गते साँझ मादक पदार्थ सेवन गरी छिमेकी १० वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेको जनायो। पीडकलाई स्थानीयवासीले मोसो दली जुत्ताको माला लगाएर घुमाई प्रहरीमा बुझाएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

ताप्लेजुङ्ग जिल्ला साब्लाखु गाविस-३ निवासी अनारमनी गाविस-३ बिर्तामोडमा दिदीको घरमा बस्दै आएकी १८ वर्षीया अमृता लिम्बूलाई ०६३ साउन १६ गते पृथ्वीनगर गाविस-५ निवासी २९ वर्षीय रमेश खड्काले फकाएर भारतको सिलगुढीमा लगी वेश्यालयमा बेचेकोमा ०६३ भदौ २२ गते पीडित घर फर्किन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राख्यो।

बलात्कार/बलात्कार प्रयास

सतासीधाम गाविस-१ डुडामारी निवासी ५० वर्षीया एक महिलालाई ०६२ माघ ९ गते राति विक्रम तामाङ शेरबहादुर लिम्बू र दिनेश सुब्बाले मादकपदार्थ सेवन गरी बलात्कार गरे। पीडकहरूमध्ये विक्रम तामाङलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही गरे भने अन्य फरार भए ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति

माओवादीबाट

मेचीनगर नपा-९ र १० को संयुक्त वडा कार्यालय र नक्कलबन्दा छोटी भन्सार कार्यालयमा ०६२ माघ ७ गते माओवादीले शक्तिशाली बम विस्फोट गराई क्षति पुऱ्याए।

सम्पत्ति क्षति/आगजनी

अर्जुनधारा गाविस-९ स्थित तत्कालीन शाही आयोगका अध्यक्ष भक्तबहादुर कोइरालाको पुरानो घरमा ०६२ फागुन २ गते राति माओवादीले बम विस्फोट गराए।

राजगढ गाविस-१ निवासी ६० वर्षीय विनेश्वर राजवंशीको को.२.प ४३३७ नं.को यामाहा मोटरसाइकल र २ थान साइकल ०६२ फागुन ३ गते बिहान माओवादीले घरमै आई जबरजस्ती लिएर गएका र हालसम्म फिर्ता गरेका छैनन्।

इलाका प्रहरी कार्यालय, बिर्तामोड आक्रमण गर्ने क्रममा ०६२ चैत ८ गते बिहान माओवादीले महेन्द्र राजमार्गको बुट्टाबारी चिया बगान सडक खण्डमा महोत्तरी जिल्ला बर्दिवासका कुमार भण्डारीको ना.३.ख २१ नं.को ट्रकमा आगजनी गरे।

मेची नपाका तत्कालीन नगरप्रमुख कल्याण खड्काको मेची नपा-२ धुलाबारी स्थित घरमा ०६३ वैशाख १२ गते बिहान माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

बुधवारे गाविस-२ घर भई तत्कालीन नारायणी अञ्चल प्रशासक प्रजापति कोइरालाको घरमा ०६३ वैशाख १२ गते माओवादीले बम विस्फोटन गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

अपहरण

माओवादीबाट

महाभारा गाविस-७ घर भई जुरोपानी गाविस-५ स्थित माइती घरबाट २४ वर्षीया अम्बादेवी राजवंशीलाई सुराकीको आरोपमा ०६२ जेठ १९ गते माओवादीले अपहरण गरी बेपत्ता पारेकोमा ०६३ भदौ २६ गते चारपानेस्थित माओवादीको झापा जनसरकारको कार्यालयबाट इन्सेक प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

झापा शरणामति गाविस-८ निवासी ४३ वर्षीय दीपकप्रसाद भट्टराईलाई सुराकी गरी आफ्ना कार्यकर्ता सेनाद्वारा हत्या गराएको आरोपमा ०६२ जेठ १९ गते माओवादीले घर नजिकैबाट अपहरण गरी बेपत्ता पारे। पीडितलाई ०६३ भदौ ३१ गते इन्सेक प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा माओवादीले जनसरकारको कार्यालय झापाबाट मुक्त गरे।

महाभारा गाविस-४ घर भई स्थानीय बालकल्याण माविका शिक्षक बलराम थपलियालाई सुराकी गरी आफ्ना कार्यकर्ता सेनाद्वारा हत्या गराएको आरोपमा ०६२ जेठ २० गते राति माओवादीले घरैबाट अपहरण गरी बेपत्ता पारेकोमा ०६३ असार १० गते पाँचथरको फिदिमबाट माओवादीले गल्ती स्वीकार गर्दै मुक्त गरे।

माहाभारा गाविस-४ का १८ वर्षीय सन्तोष सहनीलाई सुराकी गरी आफ्ना कार्यकर्ता सेनाद्वारा हत्या गराएको आरोपमा माओवादीले घरैबाट अपहरण गरी बेपत्ता पारेकोमा ०६३ असोज महिनामा माओवादी कार्यकर्ता घरमा गई अभिभावकलाई छोराको हत्या भइसकेको जानकारी गराए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका छजनामध्ये तीनजना महिला रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा हल्दिबारी गाविसका चतुरमान राजवंशी, बाहुनडाँगी गाविसकी धना सुवेदी, सुरुङ्गा गाविसकी सम्झना अधिकारी र सुरेश पोखरेल, अनारमनी गाविसका मिश्रिलाल धिमाल र गौरादहकी तारा रिजाल रहेका छन्।

१.२ इलाम



जनसंख्या :	३,०७,३२०
साक्षरता प्रतिशत :	६६.२३
महिला साक्षरता प्रतिशत :	३९.५
क्षेत्रफल (वर्ग कि. मि.) :	१७०३
गाविस/नपा संख्या :	४८/१
निर्वाचन क्षेत्र :	३
विद्यालय :	४७२
क्याम्पस/उच्च मा.वि. :	२/८
अस्पताल/स्वास्थ्य चौकी :	१/४८
टेलिफोन लाइन :	१४३१
मोटर सडक (कि. मि.) :	१२३
प्रहरी कार्यालय संख्या :	७
हुलाक संख्या :	४८
मानव विकास सूचकाङ्क :	०.५२१
प्रति परिवार सरदर संख्या :	५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

जमुना गाविस-२ निवासी २५ वर्षीय छत्रा राई ०६३ फागुन ३ गते माओवादी कार्यकर्ता पञ्च भनिने दुर्गा राई सहितको एक समूहले चरित्रहीन भएको आरोपमा उनलाई कुटपिट गरे। कुटपिटका कारण घाइते भएकी छत्रालाई माओवादीले उपचारका लागि अस्पताल जान दिएनन्। जस्का कारण फागुन ५ गते पीडितको मृत्यु भयो।

जीतपुर गाविस-४ स्थित नवमी भन्ने ठाउँमा रामनवमीको अवसरमा लागेको मेलामा ०६२ चैत २४ गते माओवादीको एक समूह चढेको ट्रयाक्टर आइपुग्दा आम हड्तालमा गाडी कुदाउने को हो भनी स्थानीय बासिन्दाले रोकेपछि भएको सामान्य भनाभनमा माओवादीले गोली प्रहार गर्दा जीतपुर गाविस-१ निवासी २१ वर्षीय तिलक मगरको मृत्यु भयो। छातीमा गोली लागेका मगरको लास घटनास्थलबाट करिब ५० मिटर दुरीमा गाउँलेहरूले भोलिपल्ट मकैबारीमा भेट्टाएका थिए। मृतक परिवारलाई जिल्ला प्रशासन कार्यालयले रू १ लाख ५० हजार क्षतिपूर्ति दियो।

इभाङ्ग गाविस-४ निवासी ४१ वर्षीय आशबहादुर राई स्थानीय रामकुमार राईको हत्यामा संलग्न रहेको आरोपमा ०६३ साउन ८ गते माओवादी एरिया इन्चार्ज सोनमसहितको समूहले उनलाई अपहरण गरेकोमा ०६३ साउन २५ गते बाँझो गाविस-५ को पञ्चमीबजार छेउमा पर्ने जंगलमा झुण्डिरहेको अवस्थामा उनको लास फेला पऱ्यो। माओवादीले कुटपिट गरी हत्यापश्चात् झुण्ड्याएको आशंकाको कारण दाहसंस्कार नगरी परिवारले प्रहरी प्रशासनमा उजुरी गरे। साउन २८ गते लासको मुचुल्का तयार गरेपश्चात् मृतकको दाहसंस्कार भयो।

दानाबारी गाविस-१ स्थित रामकुमार लिम्बूको घरमा बसेको माओवादी छापामारको समूहमा ०६३ मंसिर १० गते बेलुका लक्ष्मी भनिने उमेश शंकरले चलाएको गोली लागी घाइते भएका सुभाङ्ग गाविस-२ पाँचथर निवासी १९ वर्षीय रमेश खनालको उपचार गराउन लैजादै गर्दा सोही दिन साँझ मृत्यु भयो। माओवादीले सेनामा भर्ती गर्न जागिरको प्रलोभन देखाएर ०६३ मंसिर १ गते खनाललाई सुभाङ्गस्थित उनकै घरबाट अपहरण गरेका थिए।

दोहोरो भिडन्त

इलाम सदरमुकाममा ०६२ फागुन २१ गते बेलुकी माओवादीले एकैसाथ विभिन्न ठाउँबाट गरेको आक्रमण पश्चात् भएको भिडन्तमा तीनजना सुरक्षाकर्मी, दुई सर्वसाधारण र नौजना माओवादी सहित १४ जनाको मृत्यु भयो। घटनामा दुईजना सर्वसाधारण, १८ जना सुरक्षाकर्मी र कम्तीमा ६० जना माओवादी घाइते भए। भिडन्तमा



इलाम सदरमुकाम आक्रमणको क्रममा मृत्यु भएका माओवादी छापामार



इलाम सदरमुकाम आक्रमणको क्रममा मृत्यु भएका माओवादी कार्यकर्ता

सर्वसाधारण इलाम नपा-९ निवासी ३५ वर्षीय मनोज कोइरालाको आफ्नै घरमा मृत्यु भयो भने इलाम नपा-३ निवासी ८४ वर्षीय हर्कबहादुर राईको घरमा सुतिरहेकै अवस्थामा गोली लागी मृत्यु भयो। भिडन्तमा सुरक्षाकर्मीतर्फ भवानी दल गणका उपसेनानी ३१ वर्षीय विरोध वान्तावा, जिल्ला प्रहरी कार्यालयका हवल्दार ३७ वर्षीय मनवीर तामाङ र प्रहरी जवान २९ वर्षीय फरेन्द्र खवासको गोली लागी मृत्यु भयो। सोही घटनामा परी भवानी दल गणका सिपाही राजकुमार भुजेल, श्याम श्रेष्ठ, काजी परिवार, नारायण राउत र प्यूठ नवराज शर्मा, प्रहरी जवानहरू कालुप्रसाद राउत, फरिन्द्र कटुवाल, असई हरिश्चन्द्र चौधरी, हवल्दार नमे खड्का, कुमार खड्का, महेश निरौला र प्रहरी जवानहरू बलबहादुर भुजेल, सुरेन्द्र तुम्वाहाम्फे, विमल न्यौपाने, कृष्णलाल यादव, गोपाल राउत, फर्सबहादुर कार्की र डिकबहादुर न्यौपाने, सर्वसाधारण इलाम नपा-२ निवासी उत्तम राई र इलाम नपा-९ की ६० वर्षीय मेनुका अधिकारी घाइते भए। जिल्ला प्रशासन कार्यालयले घटनामा मृत्यु भएका सर्वसाधारणका परिवारलाई क्षतिपूर्तिस्वरुप १ लाख ५० हजारका दरले क्षतिपूर्ति रकम उपलब्ध गरायो।

दानाबारी गाविस-९ को घण्टे भन्ने स्थानमा सर्चकालागि गएका सुरक्षाकर्मी र माओवादीबीच ०६२ फागुन २५ गते दिउँसो दोहोरो भिडन्त हुँदा सेनाको गोलीद्वारा दुई जना माओवादी कार्यकर्ता र एकजना सर्वसाधारणको मृत्यु भयो। जितपुर गाविस-८ निवासी सर्वसाधारण ५६ वर्षीय डम्बरबहादुर तुम्वाहाम्फे, माओवादीको सी कम्पनी अन्तर्गतकी जमुना गाविस-८ निवासी १९ वर्षीया विष्णुमाया शेर्पा र पाँचथर घरभएका २४ वर्षीय बलबहादुर खड्काको घटनास्थलमै मृत्यु भयो। तुम्वाहाम्फेका आफन्तले घटनास्थलमै दुई दिनपछि दाहसंस्कार गरे।

विस्फोटनमा मृत्यु

पाँचथर जिल्ला घर भई माओवादीको कञ्चनजंगा सांस्कृतिक कम्पनी सदस्य १९ वर्षीया शारदा सुब्बाको ०६३ असार ५ गते लक्ष्मीपुर गाविस-३ स्थित एक पसल अगाडि भएको विस्फोटनबाट घटनास्थलमै मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मंगलबारे गाविस-३ तपेवा निवासी माओवादी एरिया नं. ७ का सेक्रेटरी विश्व भनिने २९ वर्षीय राम राईलाई ०६२ माघ ९ गते जीतपुर गाविस-१ स्थित जीतपुरे नजिकको चियाबारीमा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घाइते भए। कुरकुच्चा, तिघ्रा र खट्टामा गोली लागेका राईलाई माओवादीले आफ्नै स्वास्थ्य क्याम्पमा राखेर उपचार गराए।

इलाम नपा-१ स्थित चोकबजारमा रहेको ट्राफिक पोष्टमा कार्यरत प्रहरीले माओवादीले पोष्टमा आक्रमण गरेको भन्दै ०६२ चैत १६ गते दिउँसो लगातार आधा घण्टा चलाएको गोलीबाट इलाम नपा-१ का व्यापारी २५ वर्षीय मुकेश चौधरी खुट्टामा र सुलुवुङ्ग गाविस-८ निवासी २९ वर्षीय नवीन भनिने विश्वमणि खुलाल तिघ्रामा गोली लागी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	६	८	२		१०	२	१	१	९	११
घाइते					२	३०	१		३१	३	३		६०	६३
गिरफ्तारी/यातना										१८	६०	११		७१
कुटपिट	१	६		६	४	३	२		५	४	५	१		६
धम्की	१		१	१	३	११			११					
भेला/संगठित हुने अधिकार										२	३		१२	१५
महिलाअधिकार	१		१	१	१		१		१					
बालअधिकार	१		१	१										
अपहरण					३९	४९	८	१००००	१००५७					
जम्मा	८	९	४	१३	५५	९१	१४	१००००	१०१०५	३९	७२	१३	८१	१६६

घाइते भए। दुवैजना धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरी घर फर्किए।

जेल र बन्दी

माओवादीले ०६२ फागुन २१ गते इलाम सदरमुकाम आक्रमण गर्दा कारागार शाखा इलाममा बम विस्फोट र आगजनी गरी कारागारमा रहेका बन्दीहरूलाई अपहरण गरे। माओवादीले त्यहाँ रहेका माओवादी आरोपका ३२ जना र अन्य अपराधसँग सम्बन्धित गरी जम्मा १ सय ३ जनालाई अपहरण गरे। अन्य अपराधसँग सम्बन्धित १३ जना हाल जिल्ला प्रशासन कार्यालयमा रहेको कारागार शाखामा मासिक सम्पर्कमा रहेका छन् अन्य २५ जना केही समय आएर आउन छाडेका छन् भने १३ जना ०६२ फागुन २१ गतेबाटै सम्पर्क गर्न नआएको कारागार शाखाले जनाएको छ। माओवादीको आक्रमणपश्चात् 'घ' श्रेणीको कूल ५५ जनाको क्षमता रहेको इलाम कारागार पूर्णरूपमा क्षतिग्रस्त भएपछि पुन:निर्माण नभएका कारण भवनविहीन बनेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

चमैता गाविस-४ मा पर्ने राँके बजारको केसी होटलमा बसिरहेका सशस्त्र प्रहरी बल प्रधान कार्यालय , काठमाडौंमा कार्यरत पाँचथर चोकमागु गाविस-९ निवासी प्रहरी हवल्दार ३० वर्षीय राजेन्द्र लावतीलाई ०६२ पुस २३ गते माओवादीले अपहरण गरी माघ १५ गते चोकमागु गाविस-९ पाँचथरबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

मंगलबारे गाविस-९ निवासी स्थानीय रुद्र प्राबि धुसेनीका शिक्षक ४९ वर्षीय टंकप्रसाद पराजुलीलाई ०६२ माघ १८ गते माओवादीले उनकै घरबाट अपहरण गरी माघ २७ गते मुक्त गरे।

मंगलबारे गाविस-१ निवासी २२ वर्षीय तारा श्रेष्ठलाई ०६२ चैत १० गते ट्याक्सी चढेर आएका माओवादीले आफ्नै घरबाट अपहरण गरी ०६३ वैशाख २० गते अपहरण मुक्त गरे।

चमैता गाविस-७ स्थित मेची राजमार्गमा पर्ने धप्परबेसीमा माओवादीले झापाको बिर्तामोडबाट पाँचथरतर्फ गइरहेको मे. १ ज. १०१० नम्बरको निजी सवारी साधनमा यात्रा गरिरहेका ओयाम गाविस-२ पाँचथर निवासी पाँचथर जिल्ला विकास समितिका मनोनित सभापति ६० वर्षीय बमबहादुर योङ्या र मौवा गाविस-५ निवासी पाँचथरका मनोनित उपसभापति ५८ वर्षीय रणबहादुर खड्कालाई ०६२ चैत २१ गते माओवादीले अपहरण गरी ०६३ वैशाख २७ गते पाँचथरको फिदिमबाट मुक्त गरे।

पुवामझुवा गाविस-३ निवासी २२ वर्षीय इन्द्रबहादुर राईले स्थानीय ८६ वर्षीय पदमबहादुर सुनुवारलाई कुटपिट गरेको र सोही कारण उनको मत्यु भएको आरोपमा ०६३ वैशाख १ गते माओवादीले राईलाई घरबाटै अपहरण गरे। राई ०६३ वैशाख ५ गते भागेर भारतमा गएर बसेका छन्।

शान्तिपुर गाविस-७ निवासी २२ वर्षीय देवेन्द्र शिवा र नयाँबजार गाविस-१ निवासी १८ वर्षीया शोभा राईलाई पार्टीको निर्णयविरुद्ध विवाह गरी भागेर घर बसेको आरोपमा ०६३ वैशाख १९ गते माओवादीले दुवैलाई डोरीले बाँधेर शान्तिपुर गाविस-७ बरफल्याङ्गबाट अपहरण गरेकोमा वैशाख २० गते देवेन्द्र र शोभा २१ गते क्रमश: लक्ष्मीपुर र सिद्धिथुम्बाबाट भागे।

दानाबारी गाविस-१ सितलु निवासी २२ वर्षीय जीवन राईले स्थानीय ५ वर्षीया एक बालिकालाई दुर्व्यवहार गरेको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले घरबाटै अपहरण गरे। स्थानीय कन्काइ उच्च मावि कक्षा ८ मा अध्ययनरत राईलाई माओवादीले उनलाई भोलिपल्ट बजारको दिन पारेर मोसो र जुत्ताको माला लगाएर बलात्कारी भन्दै बजार घुमाए। पीडित राईलाई माओवादीले ०६३ वैशाख ३० गते मुक्त गरे।

चुलाचुली गाविस-९ निवासी ३२ वर्षीय सुमन राई काठको ठेक्का पट्टामा संलग्न रही अनियमितता गरेको आरोपमा ०६३ वैशाख ३१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी जेठ ३ गते मुक्त गरे।

प्याङ्ग गाविस-२ निवासी ३३ वर्षीय झलक राई उनकी पत्नीले आत्महत्या गरेको विषयमा दोषी भएको आरोपमा ०६३ जेठ ९ गते माओवादीले उनलाई घरबाट अपहरण गरी आरोप पुष्टि नभएको भन्दै इलाम सदरमुकामबाट ०६३ भदौ ३ गते मुक्त गरे।

इलाम नपा-८ निवासी कक्षा १० मा अध्ययनरत १६ वर्षीय लक्ष्मी दुलाल र १६ वर्षीय टुल्की वाइवा तामाङलाई



इलाम सदरमुकाम आक्रमणका क्रममा मृत्यु भएका सर्वसाधारण हर्कबहादुर राई



इलाम सदरमुकाम आक्रमणको क्रममा मारिएका माओवादी कार्यकर्ता पुरिएको अवस्थामा

०६३ जेठ १८ गते माओवादीले इलाम नपा-२ स्थित बजारबाट अपहरण गरी हालसम्म बेपत्ता बनाए।

झापा जिल्ला सुरुङ्गा गाविस-८ निवासी केशव ढकाल, दिनेश पोखेल, किशान राई, मिलन तामाङ, किरण तामाङ, कुमार गौली र नेत्र पराजुली लुटपाटमा संलग्न रहेको आरोपमा ०६३ जेठ २६ गते माओवादीले उनीहरूलाई सोयाक गाविस-९ निरफुकबाट अपहरण गरेकोमा उनीहरू हालसम्म मुक्त भएका छैनन्।

चमैता गाविस-५ निवासी २९ वर्षीय टीकाराम विश्वकर्माले माओवादी पार्टीमा रहँदा लुटपाट र ज्यादती मच्चाएको आरोपमा ०६३ जेठ २६ गते माओवादीले उनलाई घरबाट अपहरण गरी कुटपिट गरे। कुटपिटका कारण टाउकोमा चोट लागेका टीकारामलाई डोरीले बाँधेर विभिन्न गाउँमा घुमाई सोही दिन मुक्त गरे।

मंगलबारे गाविस-४ सुर्के निवासी १४ वर्षीय टेकवीर तामाङ र १६ वर्षीय पञ्चबहादुर तामाङलाई ०६३ जेठ ३० गते दिउँसो माओवादीले मंगलबारे गाविस-६ स्थित भानुभक्त उच्चमाविको प्राङ्गणबाटै अपहरण गरी चमैता गाविसमा बाटोमा श्रम गर्न लगाएर असार ८ गते मुक्त गरे।

सुम्बेक गाविस-५ निवासी २४ वर्षीय सुरेश देवानले माओवादीको नाममा ठगी गरेको आरोपमा ०६३ साउन ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी साउन २३ गते माओवादी नियन्त्रणबाट भागे।

कन्याम गाविस-६ निवासी ४५ वर्षीय चन्द्र पोखेलले स्थानीय एक बालिकालाई बलात्कारको प्रयास गरेको आरोपमा ०६३ साउन ४ गते माओवादीले उनलाई घरबाट अपहरण गरी त्यस्तो व्यवहार नदोहोऱ्याउने प्रतिबद्धता गराई सोही दिन मुक्त गरे।

इभाङ्ग गाविस-४ निवासी ३९ वर्षीया ललिता राई, १२ वर्षीया हेमन्ती राई र ९ वर्षीया बसन्ती राईले स्थानीय रामकुमार राईको हत्यामा संलग्न रहेको आरोपमा ०६३ साउन ७ गते माओवादीले उनकै बारीमा काम गरी रहेको अवस्थाबाट अपहरण गरी भोलिपल्ट स्थानीय मणिप्रसाद राईको घरबाट मुक्त गरे भने ललितालाई मानवअधिकार र सञ्चारकर्मीहरूको रोहबरमा इलामको बरबोटे गाविसबाट ०६३ साउन ३० गते मुक्त गरे।

साङ्गरुम्बा गाविस-८ निवासी ५० वर्षीया निङ्मा शेर्पाले मादक पदार्थ सेवन गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनकै घरबाट अपहरण गरी साउन २६ गते मुक्त गरे।

दानाबारी गाविस-९ निवासी ४५ वर्षीय तारावीर राई भै-झगडामा संलग्न रहेको आरोपमा ०६३ साउन २० गते माओवादीले उनलाई दानाबारी गाविस-१ मा पर्ने गरुवा भन्ने स्थानबाट अपहरण गरेकोमा भोलिपल्ट उनी माओवादीको कब्जाबाट भागे।

श्रीअन्तु गाविस-७ निवासी २४ वर्षीय यात्रु भनिने पूर्णसिंह गुरुङले पार्टीको आचरणविरुद्ध महिलामाथि दुर्व्यवहार गरेको आरोपमा ०६३ असोज २७ गते माओवादीले उनलाई अपहरण गरी कात्तिक २५ गतेबाट छ महिना श्रम गराउने फैसला गरे।

शान्तिनगर गाविस-१ निवासी २३ वर्षीय मनोज पौडेल नक्कली माओवादी बनेको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले विद्यालय परिसरबाट उनलाई अपहरण गरी कात्तिक २१ गते हर्कटेबजारबाट मुक्त गरे।

गोदक गाविस-६ निवासी २१ वर्षीय प्रतापबहादुर राई र सोही गाविस-९ निवासी २० वर्षीय रेलबहादुर राईलाई रोजगारको प्रलोभन देखाउँदै ०६३ कात्तिक २८ गते माओवादीले उनीहरूकै घरबाट अपहरण गरी तीन दिनपछि दानाबारीको सहायक शिविरमा पुऱ्याए। पीडितहरू मंसिर १० गते घरमा फर्किए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

इलाम नपा-२ स्थित महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा रातिको काममा खटिएका चौकीदारहरू इलाम नपा-३ निवासी ३५ वर्षीय गणेश थापा र ३८ वर्षीय दुर्गा सेडाईंलाई ०६२ माघ २४ गते राति गस्तीमा हिँडेका सुरक्षाकर्मीले कुटपिट गरी बन्दुक ताकेर ज्यान मार्ने धम्की दिए।

माओवादीबाट

नाम्सालिङ गाविस-८ निवासी ३० वर्षीय सुकमाया लिम्बू र ४० वर्षीय शर्मिला देवानले आफ्नो आधार क्षेत्रमा झगडा गरी वातावरण धमिल्याएको भन्दै ०६२ पुस १९ गते माओवादीले उनीहरूलाई भेला पारी बाँसले कुटपिट गरे।

फाकफोक गाविस-९ निवासी ३८ वर्षीय पारशमणि

शर्मा तिम्सिनालाई ०६२ चैत १६ गते माओवादीले कुटपिट गरे। भोलिपल्ट शर्माका सबै परिवारलाई घर बाहिर निकालेर माओवादीले तालाबन्दी गरे।

सुलुवुङ्ग गाविस-६ निवासी ५६ वर्षीय हरिकृष्ण खतिवडा र सुलुवुङ्ग गाविस-८ निवासी ४५ वर्षीय हरि लुंगेलीलाई चन्दाको विषयमा ०६३ जेठ ४ गते राति माओवादीले उनीहरूकै घरमा गएर ज्यानमार्ने धम्की दिए।

बरबोटे गाविस-८ निवासी १३ वर्षीय बालक नेत्रप्रसाद राईलाई ०६३ साउन २० गते माओवादी छिमेकीको घरको आगनमा कुटपिट गरी बेहोस पारे।

नयाँबजार गाविस-४ निवासी १७ वर्षीय मेनुका खरेल र २४ वर्षीय तिलक निरौलालाई ०६३ साउन २५ गते माओवादीको स्थानीय कार्यकर्ता झुलेन्द्र पौडेलसहितको एक समूहले उनीहरूकै घरबाट केही दिन अघि गाउँमा भएको विवाहमा उनीहरूले अवैध सम्बन्ध राखेको आरोपमा अपहरण गरी दुई दिनसम्म निरन्तर सोधपुछ भन्दै बाँसको भाटाले अचेत भइञ्जेल ढाड, तिघ्रा र हातले गालामा कुटपिट गरी ०६३ साउन ३० गते इलाम सदरमुकामबाट अशक्त अवस्थामा मुक्त गरे।

साखेजुङ्ग गाविस-२ निवासी ३० वर्षीय संदीप राईले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले उनलाई साखेजुङ्ग-७ स्थित बजारमा बोलाई गाउँलेहरूको भेला गराएर धम्की दिँदै बाँसले ढाड र तिघ्रामा कुटपिट गरे।

चुलाचुली गाविस-२ निवासी २२ वर्षीय कल्पना पाण्डेलाई ०६३ मंसिर १६ गते माओवादीले सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी घाइते बनाए।

गैरकानुनी गिरफ्तारी

जीतपुर गाविस-१ आमबोटे निवासी १७ वर्षीय सुनीता राई माओवादी भएको आरोपमा ०६२ माघ ५ गते इलाम बजार आएको अवस्थामा उनलाई सुरक्षाकर्मीले इलाम नपा-१ बजारबाट गिरफ्तार गरी माघ ११ गते रिहा गरे।

माओवादी कार्यकर्ता धुसेनी गाविस-९ निवासी २१ वर्षीया जुनु भनिने कमला पराजुली, चमैता गाविस-५ निवासी २५ वर्षीया आस्था भनिने कमला भट्टराई र पाँचथर जिल्ला थर्पु गाविस-३ निवासी सुमना भनिने २४ वर्षीया तारा मावोलाई ०६२ माघ ९ गते सुरक्षाकर्मीले मंगलबारे गाविस-४ स्थित पानीटारबाट गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रशासन कार्यालयले इलाम कारागार पठाए। ०६२ फागुन १ गते पीडितहरूलाई जेल सरुवा गरी विराटनगर कारागार शाखामा पठाइएकोमा ०६३ जेठ १ गते कारागारबाट रिहा भए।

जिर्मले गाविस-३ निवासी १६ वर्षीय अनीता दियाली, कोल्वुङ्ग गाविस-२ निवासी १७ वर्षीय भिष्मा लेप्चा, नयाँबजार गाविस-१ निवासी २१ वर्षीय विक्रम सुवेदी, १९ वर्षीय बालकुमारी खतिवडा, १८ वर्षीय राम भट्टराई र नयाँबजार गाविस-८ निवासी २१ वर्षीय सुलजा प्रधान, जिर्मले गाविस-३ निवासी ३२ वर्षीय नीरा राईलाई ०६२ माघ ९ गते सुरक्षाकर्मीले मंगलबारे गाविस-२ को पानीटार गाग्रेभञ्ज्याङ्ग मंगलबारे गाविस-४ को पानीटार र जीतपुर गाविस-१ को जीतपुरे बजारबाट गिरफ्तार गरे। पीडितहरू ०६२ माघ ११ गते रिहा भए।

ताप्लेजुङ्ग जिल्ला खेवाङ गाविस-३ निवासी २२ वर्षीय नेत्र आचार्य र नाम्सालिङ्ग गाविस-४ निवासी किरण लावर माओवादी भएको आशंकामा ०६२ माघ १४ गते सुरक्षाकर्मीले पञ्चकन्या गाविस-२ स्थित आइतबारे चेकपोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनसम्म सोही चेकपोष्टमा उनीहरूलाई राखी माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा पठाइएको थियो। पीडितहरू माघ १८ गते इलाम कारागार र ०६२ फागुन १ गते मोरङ कारागार विराटनगर पठाएकोमा उनीहरू ०६३ जेठ १ गते रिहा भए।

बरबोटे गाविस-७ धारापानी निवासी १२ वर्षीय संजिव लम्साल माओवादी भएको आरोपमा ०६२ माघ २० गते जिल्लास्थित सुरक्षाकर्मीले उनलाई घरबाट साग बेच्न बजार गएको अवस्थामा इलाम नपा-२ मा पर्ने बजार क्षेत्रबाट गिरफ्तार गरी प्रशासन कार्यालयले माघ २३ गते मानवअधिकार मञ्च इलामको रोहबरमा रिहा गरे।

महमाई गाविस-५ निवासी स्थानीय तमाखे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ३७ वर्षीय चन्द्र कुलुङ्ग र कोषाध्यक्ष ४१ वर्षीय पदमराज जवेगु माओवादी भएको आरोपमा ०६२ फागुन २६ गते २१ नं. बाहिनी चारआली झापाबाट सुरक्षाकर्मीले उनीहरूकै घरबाट गिरफतार गरी ०६२ फागुन २९ गते रिहा गरे।

साङ्गरुम्वा गाविस-९ निवासी १६ वर्षीय शिवकुमार तामाङ माओवादी कार्यकर्ता भएको आरोपमा ०६२ चैत ३



माओवादीको नियन्त्रणमै रहेको अवस्थामा मृत्यु भएका आशबहादुर राई

गते सादा पोसाकका सुरक्षाकर्मीले इलाम नपा-१ स्थित बजारबाट गिरफ्तार गरे। तामाङलाई सुरक्षा निकायले चैत २१ गते झापाको चन्द्रगढी कारागारमा पठाएकामा ०६३ वैशाख २५ गते रिहा गऱ्यो।

पुवामझुवा गाविस-३ निवासी २० वर्षीय मनमाया मुखिया माओवादी भएको आरोपमा ०६२ चैत ९ गते दिउँसो सुरक्षाकर्मीले औषधी किन्न इलाम सदरमुकाम आएको बेलामा इलाम नपा-२ स्थित बजारबाट गिरफ्तार गरे। पीडित ०६२ चैत २१ गते चन्द्रगढी स्थित कारागार शाखामा पठाइएकोमा ०६३ वैशाख २५ गते रिहा भइन्।



माओवादी शिविरमा गोली लागी मृत्यु भएका रमेश खनाल

साङ्गरुम्बा गाविस-३ निवासी १८ वर्षीय टेकबहादुर दर्जी र २२ वर्षीय उदय राई माओवादीका कार्यकर्ता भएको आरोपमा ०६२ चैत १४ गते दिउँसो सुरक्षाकर्मीले उनीहरूलाई इलाम सदरमुकाम गएका अवस्थामा इलाम नपा-१ स्थित बजारबाट गिरफ्तार गरी ०६२ चैत १६ गते राईलाई र चैत १७ गते दर्जीलाई रिहा गरे।

आमचोक गाविस-७ स्थित उत्तरे भन्ने ठाउँमा रविस्थित सैनिक बेसक्याम्पबाट गएका सादा पोसाकका सुरक्षाकर्मीले ०६२ चैत २१ गते बाटोमा हिँडिरहेकी अनेमसंघ (क्रान्तिकारी)की केन्द्रीय उपाध्यक्ष ३२ वर्षीया लक्ष्मी मुढवरीलाई गिरफ्तार गरी रबि बेसकयाम्पबाट चारआलीस्थित २१ नं. बाहिनी हुँदै ०६३ वैशाख ४ गते झापाको चन्द्रगढी कारागारमा पठाएकोमा ०६३ जेठ ११ गते कारागारबाट रिहा भए।

इलाम नपा-२ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय अम्बिका बराइलीलाई ०६३ वैशाख ६ गते अपरान्न सादा पोसाकमा आएका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी सातदल, मानव अधिकारकर्मी र सञ्चारकर्मीहरूको दबाबमा प्रशासनले ०६३ वैशाख ९ गते रिहा गरे।



सदरमुकाम आक्रमणको क्रममा गोली लागी घाइते भएका सर्वसाधारण उत्तम राई

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले आयोजना गरेको नगर निर्वाचन बहिष्कारकको प्रचारप्रसार गरिरहेका महेन्द्ररत्न बहुमुखी क्याम्पसका विद्यार्थीहरूले ०६२ माघ १२ गते साँझ इलामको रत्न चोकबाट निकालेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा इलाम नपा-२ स्थित सिंहवाहिनी खोल्साबाट नेविसंघ क्याम्पस इकाई सभापति महेले गाविस-८ ताप्लेजुङ निवासी २७ वर्षीय नरेन्द्र कटुवाललाई प्रहरीले गिरफ्तार गऱ्यो। तीन महिने थुनुवा पुर्जी दिएर जिल्ला प्रहरी कार्यालयको कवर्ड हलमा थुनिएका कटुवाललाई प्रशासनले ०६२ माघ २८ गते रिहा गऱ्यो।

सात दलको आयोजनामा ०६२ माघ १३ गतेको निस्किएको शान्तिपूर्ण प्रदर्शनमा इलाम नपा-२ स्थित बजार क्षेत्रमा प्रहरीले हस्तक्षेप गरी नेकाँ जिल्ला सभापति हिमालय कर्मचार्यसहित विभिन्न संगठनका १८ जना प्रदर्शनकारीहरूलाई गिरफ्तार गरे। सबैलाई तीन महिने थुनुवा पुर्जी दिएर जिल्ला प्रहरी कार्यालयमा राखेकोमा माघ २० गते सुरज भट्टराई, माघ १७ गते विष्णु कार्की र छवि काफ्ले, माघ २८ गते थरेन्द्र नेपाल, इश्वरी खतिवडा, राजेन्द्र कुरुङ्वाङ्, अञ्जानकुमार थेबे, बसन्त बस्नेत र तारा फागोलाई प्रहरीले रिहा गरे। अन्य नौजनामध्ये सुरक्षाकर्मीले नेकाँ जिल्ला सभापति हिमालय कर्मचार्यलाई ०६२ फागुन २ गते मुक्त गरे।

सात दलको आयोजनामा ०६२ माघ १९ गते लाई "कालो दिन" को घोषणा गर्दै निकालिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा दानाबारी गाविस-८ निवासी २९ वर्षीय नेविसंघका कार्यकर्ता विष्णु कार्की र नांगिन गाविस-२ पाँचथर निवासी २४ वर्षीय रुपेश बुढाथोकी घाइते भए । सोही घटनामा इलाम नपा-२ निवासी ४० वर्षीय उदय राई, ४५ वर्षीय डोरप्रसाद उप्रेती, इलाम नपा-९ निवासी २६ वर्षीय समीर पराजुली र इभाङ्ग गाविस-१ निवासी २७ वर्षीय अनेरास्वियुका कार्यकर्ता गणेश बस्नेतलाई प्रहरीले गिरफ्तार गरी ३/३ महिनाको थुनुवा पुर्जी दिएर जिल्ला प्रहरी कार्यालयको कवर्ड हलमा राखेकोमा उदय राई र डोरप्रसाद उप्रेतीलाई फागुन १ गते र अन्य दुईजनालाई माघ २७ गते प्रशासनले रिहा गऱ्यो।

सात दलको आयोजनामा ०६२ माघ २६ गते दिउँसो चोकबजार इलाम नपा-१ मा आयोजित शान्तिपूर्ण प्रदर्शनका क्रममा सुरक्षाकर्मीले हस्तक्षेप गरी जनमोर्चाकी विहानी

योञ्जन, इलाम नपा-३ निवासी ५५ वर्षीय पत्रकार धर्म गौतम र दमक नपा-१३ झापा निवासी ३६ वर्षीय जनमोर्चा नेपालका गगन पुरीलाई र इलाम नपा-२ निवासी एमाले नेता कृष्ण श्रेष्ठ, इलाम नपा-२ निवासी सञ्चारकर्मी धिरेन चेम्जोङ, इलाम नपा-२ निवासी नकाँ नेता वेनुपराज प्रसाई र इलाम नपा-२ का ईश्वर चिपालुलाई सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयबाट फागुन २ गते रिहा गरे।

सात दलको आयोजनामा ०६२ चैत २४ गते भएको आम हड्ताल शान्तिपूर्ण प्रदर्शनका क्रममा इलाम नपा-१ स्थित चोकबजारमा प्रहरीले हस्तक्षेप गरी १३ प्रर्दनकारी घाइते भए। पाँच पत्रकारलाई प्रहरीले गिरफ्तार गऱ्यो। सो प्रदर्शनको अनुगमनका लागि गएका मानवअधिकारकर्मी केशव धौराली, धर्म उप्रेती, भक्त केसी, अञ्जानकुमार थेबे, तारा फागो, बद्री खड्का र डोरप्रसाद उप्रेतीलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।



माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएकी कल्पना पाण्डे

महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलामका विद्यार्थीहरूले ०६२ चैत २६ गते क्याम्पसबाट नाराजुलुससहित इलाम चोकबजारतर्फ गइरहेको प्रदर्शनमाथि चोक बजारमा पुगेपछि प्रहरीले लाठीचार्ज गरी निर्मल उप्रेती, पुष्प भट्टराई र छवि निरौलालाई घाइते तुल्याए। उनीहरूको इलाम अस्पतालमा उपचार भयो। दोहोरो झडपमा प्रहरी हवल्दार बमबहादुर थापा जवानहरू मनोज शर्मा, रविन्द्र ठाकुर, अर्जुन गिरी र किशोर कार्कीलाई सामान्य चोटपटक लागेको जिल्ला प्रहरी कार्यालयले जनायो।



जनआन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका नेविसंघका तारा फागो

सुगम र निस्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत इलाममा गत वर्षबाट दुनियावादी देवानी ९२, सरकारवादी फौजदारी ८३, दुनियावादी फौजदारी ४३ र रिट २४ गरी जम्मा २ सय ४२ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दुनियावादी देवानी ५५, सरकारवादी फौजदारी ७६, दुनियावादी फौजदारी सात र रिट १ सय गरी जम्मा २ सय ३८ ओटा मुद्दा दर्ता भए। सरेका र परेका गरी जम्मा ४ सय ८० ओटा मुद्दा दर्ता भएकोमा यो वर्षभरिमा दुनियावादी देवानी ७८, सरकारवादी फौजदारी ६४, दुनियावादी फौजदारी ३६, र रिट १ सय गरी जम्मा २ सय ९७ ओटा मुद्दाको फैसला भयो। यस पुनरावेदन अदालतमा दुनियावादी देवानी ६९, सरकारवादी फौजदारी ९५, दुनियावादी फौजदारी १४, र रिट ५ गरी जम्मा १ सय ८३ ओटा मुद्दा फैसला हुन बाँकिरहेका छन्। यो वर्ष रिट अन्तर्गत ८२ ओटा बन्दीप्रत्यक्षीकरण मुद्दा दर्ता भएकोमा १६ ओटा रिट जारी भई बन्दीहरू मुक्त भए भने ६६ ओटा रिट खारेज भए। खारेज भएका रिट प्राय बन्दी मुक्त भइसकेका कारणवाट खारेज भएका हुन्। यस अदालतमा मुल्तवी रहेकाबाहेक देवानी पाँच र फौजदारी दुई गरी सातओटा दुई वर्ष नाघेका मुद्दा छन्। समयमा म्याद तामेल गर्न र नक्सा सर्जमिन गर्न नसकेका कारणवाट ती मुद्दाहरू बाँकी रहेका हुन्। अन्तरिम आदेश उपरमा परेका ५० ओटा निवेदन सबै फर्स्यौट भइसकेका छन्।

इलाम जिल्ला अदालतमा गत वर्षबाट देवानी ३२ र फौजदारी ९३ गरी १ सय २५ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष देवानी ४४ र फौजदारी ६४ गरी १ सय ८ ओटा मुद्दा दर्ता भए। सरेका र परेका गरी यो वर्ष २ सय ३३ ओटा मुद्दा दर्ता भएकामा यो वर्ष देवानी ४५ र फौजदारी ५८ गरी १ सय ३ ओटा मुद्दा फैसला भए। यस अदालतमा देवानी ६५ र फौजदारी ६५ गरी १ सय ३० ओटा फैसला हुन बाँकी छन्। यस अदालतम मुल्तवी रहेका बाहेक देवानी ११ ओटा र फौजदारी दुईटा गरी जम्मा १३ ओटा मुद्दा दुई वर्ष नाघेका छन्।

बालअधिकार

जिर्मले गाविस-३ निवासी पूर्व माओवादी कार्यकर्ता १५ वर्षीय मीनकुमार राईलाई सञ्चार सेट चोरी गरेको आरोपमा ०६३ साउन १७ गते माओवादीले अपहरण गरे।

मंगलबारे गाविस-४ निवासी भानुभक्त उच्च मावि कक्षा ८ मा अध्ययनरत संजय गुरुङ र सुवास शीवा, कक्षा



जनआन्दोलनका क्रममा प्रहरीद्वारा गिरफ्तार गरिएका सञ्चारकर्मीहरू

६ मा अध्ययनरत दावा तामाङ र सन्तोस मुखिया र अर्जुन खाती ०६३ साउन १८ गते स्कूलतिर जाँदै गर्दा माओवादीले अपहरण गरे। माओवादीले उनीहरू आफूसँग रहेको बताए।

आमचोक गाविस-४ निवासी श्री सिंहदेवी माध्यामिक विद्यालय आमचोकमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय विक्रम थापालाई ०६३ असोज १० गते दिउँसो माओवादीले उनकै घरबाट अपहरण गरे। माओवादीले पीडित पार्टीमा सामेल भएको जनायो।

गोदक गाविस-९ निवासी १७ वर्षीय केशव अधिकारीलाई मासिक रु. ७ हजार जागिर खान पाउने लगायतका विभिन्न प्रलोभन देखाई ०६३ कात्तिक २८ गते दिउँसो माओवादीले घरबाट अपहरण गरे। माओवादीको दानाबारीस्थित सहायक शिविरमा राखिएको छ।

बरबोटे गाविस-९ निवासी अमर मावि बरबोटेमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय निर्मल राईलाई ०६३ कात्तिक २९ गते माओवादीका स्थानीय कार्यकर्ता भीमबहादुर रसाइली सहितको समूहले अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

बरबोटे गाविस-९ निवासी १५ वर्षीय प्रकाश खनाल र पुष्प खनाललाई माओवादीले सेनामा भर्ती गर्ने भन्दै ०६३ मंसिर २ गते उनीहरूकै घरबाट अपहरण गरे। उनीहरू यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।



आन्दोलनकारीहरूमाथि प्रहरीद्वारा हस्तक्षेप

इलाम नपा-१ निवासी आदर्श उच्चमावि कक्षा ८ मा अध्ययनरत १७ वर्षीय गणेश मुखियालाई ०६३ मंसिर २ गते दिउँसो माओवादीले आफ्नै घरबाट सेनामा भर्ती गर्न भन्दै अपहरण गरे। माओवादीको दानाबारीस्थित अस्थायी शिविरमा मंसिर ३ गते पुऱ्याए। पीडितहरू भागेर ०६३ मंसिर ७ गते घर फर्किए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/यौन दुर्व्यवहार

इलाम नपा-५ निवासी ४३ वर्षीया मानसिक सन्तुलन ठीक नभएकी एक अविवाहित महिलालाई सोही वडाका २१ वर्षीय दिलीप तामाङ र २० वर्षीय बलवीर तामाङले ०६३ भदौ २० गते राति घरबाटै नियन्त्रणमा लिएर करिब ३० मिटर पूर्वतर्फ लगी पालैपालो बलात्कार गरे। जिल्ला प्रहरी कार्यालयमा ०६३ भदौ २४ गते दिएको किटानी जाहेरीका आधारमा पीडक दुवैलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। उनीहरूलाई जबर्जस्ती करणी मुद्दामा प्रहरीले गरेको अनुसन्धान पूरा गरी ०६३ असोज ४ गते जिल्ला अदालतमा पेश गरिएको छ। हाल दुवै पीडक थुनामा रहेका छन्।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

विस्थापित

माओवादीबाट

सोयाक गाविस-७ निवासी ४१ वर्षीय शेरबहादुर तामाङलाई माओवादीको स्थानीय कार्यकर्ता टेकबहादुर जिम्वा सहितको एक समूहले ज्यान मार्ने धम्की दिएका कारण ०६३ जेठ २२ गतेबाट पुनःविस्थापित भएका छन्। चन्दाको विषयमा ०६० सालमा माओवादीसँग भएको सामान्य भनाभनबाट जीवनको खतराका कारण विस्थापित भई इलाम सदरमुकाम डेरा गरी बसेका तामाङ सरकार र माओवादीले युद्धविराम गरी शान्तिवार्ता प्रारम्भ गरेपश्चात् घर फर्किएका थिए।

संरचना क्षति

माओवादीबाट

माओवादीले ०६२ फागुन २१ गते राति इलाम सदरमुकाम आक्रमण गर्दा भएको भिडन्तका कारण जिल्लाका जिल्ला हुलाक, कोष तथा लेखा नियन्त्रण कार्यालय, नापी शाखा, पुनरावेदन सरकारी वकिलको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, मालपोत कार्यालय, रेडक्रस सोसाइटीको भवन, कारागार शाखा, नेपाल बैङ्क लिमिटेड शाखा, नेपाल चिया विकास निगम, जिल्ला अस्पताल, पुनरावेदन अदालत रजिष्ट्रारको क्वाटर र राष्ट्रिय वाणिज्य बैङ्क शाखामा क्षति पुग्यो।



सदरमुकाम आक्रमणका क्रममा माओवादीद्वारा विस्फोट र आगजनी गरी क्षति पुऱ्याइएको इलाम कारागार

सम्पत्ति क्षति

इलाम नपा-७ निवासी ५२ वर्षीय इलाम नपाका निर्विरोध उपमेयर घोषित पूर्ण तिम्सिनाको घरमा माओवादीको एक समूहले ०६२ माघ २६ गते बेलुका शक्तिशाली बम विस्फोट गऱ्यो। बम विस्फोटनका कारण छिमेकी दुर्गा भट्टराईको घरमा पनि क्षति पुग्यो।

विगतको अनुगमन

हत्या

माओवादीबाट

लक्ष्मीपुर गाविस-८ निवासी २७ वर्षीय माओवादी कार्यकर्ता नारायण पौडेलको ०५८ वैशाख ९ गते गोदाक गाविस-४ मा आफ्नै साथी सुरेश ढकाल नामका माओवादी कार्यकर्ताले चलाएको गोली लागी घाइते भई उपचारको लागि लैजाने क्रममा मृत्यु भयो। माओवादीले ०६३ सालमा मृतकलाई सहिद घोषणा गरे।

बेपत्ता

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका छजनामध्ये एकजना महिला रहेका छन्। यसरी अपहरण गरी बेपत्ता पारिएकाहरूमा साङ्गरुम्बा गाविस-६ निवासी १६ वर्षीय अम्बरबहादुर खाती, जीतपुर गाविस-९ निवासी २५ वर्षीया लक्ष्मी निरौला, जीमेले गाविस-४ निवासी २२ वर्षीय सन्तोष गुरुङ, सामाल्बुङ गाविस-४ निवासी ५८ वर्षीय दिनेश खत्री, जमुना गाविस-९ निवासी ४० वर्षीय जयकुमार राई र ३५ वर्षीय भरत राईको अवस्था हालसम्म अज्ञात रहेको छ।

१.३ पाँचथर



जनसंख्या :	२१३८६४
साक्षरता प्रतिशत :	५५.३१
महिला साक्षरता प्रतिशत :	४४.०३
क्षेत्रफल (वर्ग कि. मि.) :	१२४१
गाविस/नपा संख्या :	४१/०
निर्वाचन क्षेत्र :	२
विद्यालय :	३७१
क्याम्पस/उच्च मा.वि. :	१/१०
अस्पताल/स्वास्थ्य चौकी :	१/४१
टेलिफोन लाइन :	५०२
मोटर सडक (कि. मि.) :	९१
प्रहरी कार्यालय संख्या :	४
हुलाक संख्या :	४६
मानव विकास सूचकाङ्क :	०.४८४
प्रति परिवार सरदर संख्या :	५.४२

जेल र बन्दी

पाँचथर कारागार शाखा 'घ' श्रेणी अर्न्तरगत रहेको छ। यसमा बन्दी क्षमता २५ जना रहेकोमा हाल २० जना बन्दीहरू रहेका छन्। जसमा कैदी नतोकिएका दुई महिला र कैद तोकिएका १८ जना पुरुष छन्।

खेलकूद सामग्री नभएको र खानेपानीको अभाव रहेको छ। कारागारभित्र विभिन्न माग राखी ०६३ जेठ २२ गतेदेखि असार ८ गतेसम्म आमरण अनसन र विरोध जुलुस कार्यक्रम गरेका थिए। शौचालय, विद्युत, स्वास्थ्य, पत्रपत्रिका, रेडियो, टिभी उपलब्ध छ। कैदी बन्दी बीचका समस्याबारे विनाभेदभाव नियमसंगत सेवा पुऱ्याएको जेल प्रमुख रेणुप्रसाद ओझाले बताए। कारागारभित्र महिला बस्ने वार्ड छुट्टै भए पनि पुरुष बन्दीहरूले असजिलो महसुस गरी अर्कै ठाउँमा महिला जेलको माग राखेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

रानीगाउँ गाविस-४ निवासी ४७ वर्षीय गौरीमान सम्बाहाम्फे ०६१ फागुन २५ गते माओवादीको सहिद दिवश मनाउन नगएको आरोपमा ०६२ पुस १९ गते माओवादीले उनलाई घरबाट बिनाकारण अपहरण गरी ०६२ पुस २७ गते घरमा पुऱ्याई मुक्त गरे।

लुम्फावुङ्ग गाविस-२ निवासी २७ वर्षीय रामबहादुर लावतीले पानीको विषयमा माओवादीसँग विवाद गरेको आरोपमा ०६२ पुस २० गते माओवादीले उनलाई घरबाट अपहरण गरी नागीन गाविस पुऱ्याई पुस २२ गते मुक्त गरे।

चोकमागु गाविस-९ निवासी ३० वर्षीय राजेन्द्र लावतीलाई ०६२ पुस २३ गते माओवादीले पाँचथरको राँके बजारबाट गाडी खानतलास गरी अपहरण गरी ०६२ माघ १५ गते नवमीडाँडाबाट मुक्त गरे। पीडित सशस्त्र प्रहरी गण कपिलवस्तुमा कार्यरत छन्।

रानीगाउँ गाविस-३ निवासी ३५ वर्षीय कमल चौलागाई "राजावादी" भएको आरोपमा ०६२ पुस २४ गते माओवादीले उनलाई अपहरण गरी पुस २७ गते घरमा पुऱ्याई मुक्त गरे। पीडितलाई गाउँबाट हिँड्दा माआवादीको स्वीकृती लिएर हिड्नुपर्ने बताएका थिए।

ललितपुर जिल्ला चापागाउँका ४० वर्षीय राजु बिष्ट स्याङबो ओभरसिज लागि गाउँमा वैदेशिक रोजगारमा विदेश जाने मानिस खोज्न जाँदा ०६२ पुस २८ गते माओवादीले उनलाई नागीन गाविसबाट अपहरण गरी माघ १२ गते स्थानीय बासिन्दाको रोहबरमा राँके बजारबाट मुक्त गरे।

रानीगाउँ गाविस-७ निवासी ५२ वर्षीय पदमकुमार खड्काले भाईसँग जग्गाको सम्वन्धमा विवाद गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा भोलिपल्ट यासोक गाविसबाट पीडित घर फर्किए।

रवि गाविस-९ थामथुम निवासी ४० वर्षीय वीरबहादुर बुढाथोकीले सुराकी गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनलाई अपहरण गरे। पीडित आङ्ना गाविसबाट चैत ७ गते भागेर घर फर्किए।

चिलिङदिन गाविस-७ निवासी ३४ वर्षीय पत्रकार विक्रम चेम्जोङ्गलाई ०६२ चैत १७ गते माओवादीले राँके इलाकाबाट अपहरण गरी १९ गते मुक्त गरे।

रानीगाउँ गाविस-१ तिल्के निवासी ४५ वर्षीय नर्दु तामाङले पार्टीलाई पैसा नदिएको आरोपमा ०६२ चैत २६ गते माओवादीले अपहरण गरी चैत ३० गते मुक्त गरे।

फलैचा गाविस-१ निवासी ३८ वर्षीय भीमबहादुर बानियाले सुराकी गरेको आरोपमा ०६३ वैशाख १७ गते माओवादीले उनलाई नागीन गाविसबाट अपहरण गरी ०६३ जेठ १४ गते नागरिक समाज र मानवअधिकारकर्मीको पहलमा मुक्त गरे।

वलने गाविस-३ निवासी ४२ वर्षीय धनप्रसाद सावाले जङ्गलमा शिकार खेलेको र राजनीतिक विवाद गरेको आरोपमा ०६३ वैशाख १९ गते माओवादीले घरबाट अपहरण गरी वैशाख २२ गते मुक्त गरे।

फिदिम गाविस-६ ओदिन निवासी ३० वर्षीय दिलकुमार तुम्वापोले व्यक्ति हत्या गरेको आरोपमा ०६२ वैशाख ३० गते माओवादीले उनलाई पञ्चमी गाविस-८ बाट अपहरण गरी छानबिनपछि जेठ १९ गते एक सार्वजनिक कार्यक्रम गरी फिदिमबाट पुनः श्रमजेलमा राख्ने भनी कब्जामा लिए।

झापा जिल्ला महाभारा गाविस-४ निवासी ३७ वर्षीय बलराम थपालियाले सुराकी गरेको आरोपमा ०६२ जेठ २० गते माओवादीले उनलाई अपहरण गरे। उनलाई श्रम गराई ०६३ असार १० गते फिदिम बजारबाट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते						१	१			१					
गिरफ्तारी/यातना											३	१	३		३
कुटपिट	३	३			३	१०	१३	३	३	१६	४	५			५
धम्की						३	३			३	१	१		९	१०
भेला/संगठित हुने अधिकार											३	३		५६	५९
जातीय विभेद	१	१			१										
महिलाअधिकार	१		१		१										
बालअधिकार	३	३	३	३४	३८										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	१			१					
अपहरण						३६	३१	१		३३					
जम्मा	८	५	३	३४	३३	४१	४८	४	३	५३	१०	१०	३	६५	६८

मानवअधिकारकर्मीको रोहबरमा पत्नी मीनालाई जिम्मा लगाई मुक्त गरे।

फिदिम गाविस-८ लालीखर्क निवासी १८ वर्षीय रविन चाम्लिङ्ग राई र २० वर्षीय रामकुमार राईले झगडा गरेको आरोपमा ०६३ भदौ ३१ गते माओवादीले उनीहरूलाई अपहरण गरी ०६३ असोज १ गते मुक्त गरे

फिदिम गाविस-५ निवासी ३३ वर्षीय भोजकुमार पोखरेलले पानीको टयाङ्की खोल्ने विषयमा विवाद गरेको आरोपमा ०६२ असोज २२ गते माओवादीले उनलाई जोरसाल बजारबाट अपहरण गरी सोही दिन भारपा गाविस-६ कुपोलीबाट मुक्त गरे।

चिलिङ्दिन गाविस-७ का राँके बजार निवासी १९ वर्षीय पदम सार्कीले राँके बजारका गोपाल बुढाथोकीको पसलबाट ४० हजार रुपैयाँ चोरी गरेको आरोपमा ०६३ कात्तिक ७ गते माओवादीले पीडितलाई बजारमा कुटपिटपछि अपहरण गरी पैसा फिर्ता गर्ने सर्तमा कात्तिक ९ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

फिदिम गाविस-२ पल्लोटार निवासी ३० वर्षीय राजु श्रेष्ठलाई ०६२ चैत ५ गते साँझ बटुक दलगणका सेनाले फिदिम गाविस-४ चारखम्बे भन्ने ठाउँमा अश्लील शब्द प्रयोग गरी कुटपिट गरे।

सात दलको शान्तिपूर्ण आन्दोलनमा आन्दोलन ०६२ चैत २९ गते फिदिम-१ बजारमा प्रहरीले लाठी चार्ज गर्दा पत्रकार लवदेव ढुंङगाना, प्राध्यापक लक्ष्मी ढुंङगाना, विद्यार्थी सन्तोष श्रेष्ठ, नेकाँ (प्रजातन्त्रिक) का राजु श्रेष्ठ, वाणीज्य संघका कोषाध्यक्ष याम काफ्ले, सदस्य चेतप्रसाद पोखरेल, शिक्षक कृष्ण पौडेल घाइते भए ।

माओवादीबाट

सुभाङ्ग गाविस-५ माझ गाउँ निवासी ३४ वर्षीय एकराज भण्डारीलाई ०६२ पुस २५ गते माओवादीले आफ्नो अनुमतिबिना कतै नजानु भनी माओवादीले लिखित धम्की दिए। धम्कीका कारण पीडित घर जान सकेका छैनन्।

पञ्चमी गाविस-७ निवासी ५२ वर्षीय लक्ष्मी गिरीले चन्दा नदिएको आरोपमा ०६२ फागुन १२ गते माओवादीले उनलाई सोही गाविस-८ सिबुवामा कुटपिट गरे।

लुङ्रुपा गाविस-९ निवासी ३५ वर्षीय दुर्गा नेम्वाङ्ग, ४५ वर्षीय कृष्ण दाहाल, ५० वर्षीय मधु दुलाल र ३६ वर्षीय युवराज दुलाल, ४५ वर्षीय धर्म दुलाललाई ०६२ चैत ७ गते



आन्दोलनको क्रममा प्रहरीले लाठीचार्ज गरी घाइते बनाएका पत्रकार लवदेव ढुंगाना र व्यापारी चेतप्रसाद पोखरेल

माओवादीले कुटपिट गरे। पीडित माओवादीको नियन्त्रणबाट चैत १० गते तारेखमा आउने गरी मुक्त गरे।

फिदिम गाविस-५ सालघारीका २८ वर्षीया मुना तामाङले मादक पदार्थ सेवन गरेको आरोपमा ०६३ साउन १८ गते साँझ माओवादीले उनलाई थापा होटल पछिल्तिर कुटपिट गरे। पीडितको उपचार पाँचथर अस्पतालमा भयो।

गैरकानुनी गिरफ्तारी

इलाम जिल्ला शान्तिडाँडा गाविस-९ निवासी ३२ वर्षीय रामप्रसाद राई माओवादी भएको आरोपमा ०६२ फागुन २८ गते लोब्रेकुटी टेलिफोन टावर सुरक्षा युनिटका सेनाले फिदिम गाविस-९ पौवाभञ्जाङ्ग इलाकाबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत ७ गतेदेखि हिरासतमा राखी इन्सेक प्रतिनिधि कृष्ण ओझाको रोहबरमा रिहा गरे।

अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय उपाध्यक्ष मीना भनिने लक्ष्मी मुडभरी र जिल्ला सदस्य सचिव वीरता भनिने बिनीता तामाङलाई ०६२ चैत १९ गते रवि गाविसमा रहेको सुरक्षा वेश क्याम्पबाट खटिएका सुरक्षाकर्मीले आरुबोटे गाविस-८ बजार इलाकाबाट गिरफ्तार गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फिदिम बजारमा ०६२ माघ १९ गते 'कालो दिवस' मनाउने क्रममा दलका कार्यकर्ता, नागरिक समाज, पेसागत संघ-संस्थाका प्रतिनिधिको जुलुसलाई प्रहरीले लाठीचार्ज गरी एमालेका राजकुमार भण्डारी, नेकाँका जयप्रकाश रिजाल, नेकाँ (प्रजातान्त्रिक) का राजु श्रेष्ठ, जनमोर्चाका भरत खड्का, विद्यार्थी सन्तोष श्रेष्ठ हुकोडेक नेपालका अध्यक्ष प्रेम ओझा, उपाध्यक्ष चन्द्र पोखरेल, नेकाँका भवानी खतिवडा, लालबहादुर न्यौपाने, पत्रकार महासंघका सचिव लेखनाथ



नागरिक समाज, गैससलगायतको नेतृत्वमा निकालिएको विरोध ज्याली

खतिवडा, कोषाध्यक्ष लक्ष्मी गौतम, मिलन राई, राम बास्कोटा घाइते भए भने भवेन्द्र न्यौपाने, इन्द्र घिमिरे, किरण थापा, उर्मीला विश्वकर्मा, विमला सुब्बा, प्रकाश दुलाल, केशव अधिकारीलाई प्रहरीले गिरफ्तार गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पाँचथर जिल्ला अदालतमा जम्मा १ सय २१ ओटा मुद्दा रहेका छन्। जसमध्ये गत वर्ष फैसला हुन नसकी जिम्मेवारी सरेका १ सयओटा र नयाँ दर्ता भएका २१ ओटा मुद्दा रहेकोमा ४० ओटा मुद्दा फर्स्यौट भए भने ८१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

यो वर्ष परेका दुनियावादी फौजदारी ३४ ओटा, सरकारवादी फौजदारी १५ ओटा तथा गत वर्ष जिम्मेवारी सरेका २८ ओटा दुनियावादी र नयाँ दर्ता छओटा मुद्दा छन्।

अदालतमा गत वर्ष जिम्मेवारी सरेका १४ ओटा र यस वर्ष दर्ता भएका छओटा सरकारवादी फौजदारी मुद्दामध्ये नौओटा मुद्दाको फैसला भयो भने छओटा मुद्दा बाँकी छन्। देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेका ४३ ओटा र यस वर्ष दर्ता भएका नौओटा गरी ५२ ओटा मुद्दामा २० ओटा मुद्दाको फैसला भएको छ भने ३२ ओटा बाँकी रहे।

यसैगरी, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत परेका दुईटा कर्तव्य ज्यान एउटा, एउटा गौवध गरी चार ओटा मुद्दा दर्ता भएकामा कुनै पनि मुद्दा फैसला भएका छैनन्। यिनीहरूमध्ये पाँच वर्ष नाघेको सरकारवादी फौजदारी मुद्दा एकथान हालसम्म फैसला भएको छैन।

बालअधिकार

याङनाम गाविस-९ निवासी १७ वर्षीय इन्द्र केरुङ्गलाई ०६३ साउन २२ गते फिदिम गाविस-२ डेराबाट माओवादीका जिल्ला जनमिलिसियाले जनसेनामा जानुपर्छ भनी धम्काएर भोलिपल्ट फिदिम बजारबाट मुक्त गरे। पीडितले इलाम पाँचथर इञ्चार्ज प्रभावसँग सम्पर्क गरी मुक्त भए।

इलाम जिल्ला फूँयतप्पा गाविस-३ निवासी विष्णु माबि कक्षा ७ गते अध्ययनरत् १३ वर्षीय मदनकुमार राईलाई ०६३ कात्तिक २८ गते माओवादीले जनसेनामा भर्तीका लागि पाँचथरको रवि गाविस-५ बजारबाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

भारपा गाविस-७ निवासी १५ वर्षीय भीम तामाङ, सोही गाविस-८ निवासी १५ वर्षीय भिष्म तामाङ, सोही गासिव-८ का १३ वर्षीय पुष्पलाल धमलालाई ०६३ कात्तिक २९ गते माओवादीले ८ हजार तलब पाइन्छ भनी फकाएर अपहरण गरे। पीडित बालकहरू सिद्धेश्वरी माबि भारपामा कक्षा ८ गते पढ्दै थिए। पीडितहरू ०६३ मंसिर २० गते घर फर्किए।

याङ्गनाम गाविस-५ निवासी १२ वर्षीय भुवन सुहाङ्गलाई ०६३ कात्तिक २९ गते माओवादीले जागिरको प्रलोभनमा फकाएर बालसैन्यमा भर्तीका लागि घरबाट अपहरण गरे। माओवादीले पीडितलाई इन्सेक प्रतिनिधिको पहलमा मंसिर ६ गते घर फर्काइदिए।

रानीटार गाविस-५ निवासी १५ वर्षीय मनि विश्वकर्मीलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरे। उनलाई जनमुक्ति सेनामा भर्ना भए तलब पाइन्छ भनी घरबाट फकाई अपहरण गरेकोमा मंसिर २० गते राँके बजारबाट फर्काइयो।

रानीगाउँ गाविस-१ निवासी १४ वर्षीय राम नेपालीलाई ०६३ मंसिर १ गते घरबाट बालसैन्यमा भर्तीको लागि अपहरण गरे। पीडितलाई राँकेबाट फर्काइएको थियो।

भारपा गाविस-८ निवासी १४ वर्षीय अग्नी थापा र १५ वर्षीय डिल्ली थापालाई ०६३ मंसिर २ गते माओवादीले जागिरको प्रलोभनमा फकाई बालसैन्यका लागि घरबाट अपहरण गरी मंसिर २० गते घर फर्काए। पीडितहरू सिद्धेश्वरी माबि कक्षा ६ गते र ८ गते पढ्दै थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सुभाङ्ग गाविस-९ निवासी ४८ वर्षीय टङ्क सुहाङले आफ्नै १५ वर्षीया छोरीलाई ०६३ कात्तिक १८ गते मादक पदार्थ सेवन गरी ललाई फकाई घरमा बलात्कार गरे। पीडितकी आमाले माओवादी पार्टी एरिया कार्यालयमा उजुरी



आन्दोलनकारीमाथि प्रहरीद्वारा लाठीचार्ज गरिदै

गरेपछि माओवादीले टङ्कलाई कानुनी कारवाहीको लागि ०६३ मंसिर २ गते सुरक्षा वेश क्याम्प जोरपोखरीमा बुझाए। जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी छानबिनपछि जिल्ला अदालतको आदेशले मंसिर १७ गते पुर्पक्षका लागि कारागर शाखामा थुनामा रहेका छन्। छोरीलाई जिल्ला प्रहरीको सक्रियतामा ०६३ मंसिर ८ गते माइती नेपालमा संरक्षणका लागि पठाइयो।

सिद्ध माविमा कक्षा ७ मा अध्ययनरत एक १५ वर्षीया बालिकालाई ०६३ पुस ४ गते बेलुका सिदिन गाविस-५ निवासी ४६ वर्षीय टेकनाथ रिजालले जण्डिसको उपचार गरिदिन्छु भनी सिदिन गाविस-७ मन्दिरमा बोलाई मन्दिरभन्दा केही पर लगी अलैंचीघारीमा बलात्कार गरे। पीडितले कानुनी कारवाहीका लागि प्रहरीमा उजुरी गरे।

सबै प्रकारका जातीय विभेद

नागीन गाविस-५ निवासी २५ वर्षीय खड्कबहादुर नेपाली दमाईलाई गैरदलितहरूको घरमा प्रवेश गरेको आरोपमा ०६३ कात्तिक ७ गते सोही गाविसका २२ वर्षीय प्रेमबहादुर तावा र २० वर्षीय गणेशबहादुर तावाले कुटपिट गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

विस्थापित

सरकार र माओवादी द्वन्द्वका कारण १ सय ७० ओटा घरपरिवारबाट ७ सय ८८ जना परिवारका सदस्य विस्थापित भए। ती मध्ये ७८ ओटा घरपरिवार घर फर्केका छन्। जसमा २ सय ७१ जना परिवार सदस्य रहेका छन्। घर फर्कन ९२ ओटा घर परिवार बाँकी रहेका छन्। जसमा क्षतिपूर्ति, विस्थापित भत्ता र मृतक आर्थिक सहायताको रूपमा राहत पाउने परिवार ३८ ओटा रहेका छन्। जिल्ला प्रशासन कार्यालयबाट राहत रकम १६ लाख ६४ हजार २ सय ८१ रुपैयाँ वितरण गरिएको थियो। मृतक तथा विस्थापित परिवारका विद्यालय जाने बालबालिकाहरूलाई छात्रवृत्ति राहत १२ जनालाई १ लाख २२ हजार रूपैयाँ वितरण गरिएको थियो। विधवा भत्ता ११ जनालाई १६ हजार ८ सय रूपैयाँ पाएका थिए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा प्राङबुङ गाविस-५ निवासी पदम राई र सिदिन गाविस-९ का अञ्जन भनिने सुरेन्द्र मगर रहेका छन्।

१.४ ताप्लेजुङ



जनसंख्या	१,४१,००२
साक्षरता प्रतिशत	५२.२१
महिला साक्षरता प्रतिशत	४१
क्षेत्रफल (वर्ग कि. मि.)	३६४६
गाविस/नपा संख्या	५०/०
निर्वाचन क्षेत्र	२
विद्यालय	२४४
क्याम्पस/उच्च मा.वि.	१/८
अस्पताल/स्वास्थ्य चौकी	१/५१
टेलिफोन लाइन	५१०
मोटर सडक (कि. मि.)	४५
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	५१
मानव विकास सूचकाङ्क	०.४६७
प्रति परिवार सरदर संख्या	५.६९

गोली/बम/विस्पोटक पदार्थद्वारा घाइते

राज्यबाट

फुडलिङ्ग गाविस-३ तोक्मेमा रहेको इन्द्र दल गुल्मले ब्यारकेको छेउमा राखेको माइन ०६३ वैशाख १५ गते राति अचानक विस्फोट हुँदा नजिकैको घरमा बसेका साँवा साइला घाइते भए। पीडितलाई सेनाले जिल्ला अस्पताल ताप्लेजुङ्ग पुऱ्याई उपचार गरे।

जेल र बन्दी

'ग' श्रेणीको यस जेलमा ११ जना कैदी र १३ जना थुनुवा गरी जम्मा २४ जना बन्दीहरू रहेका छन्। बन्दीहरूले पत्रपत्रिका हेर्ने सुविधाबाट वञ्चित हुनु परेको, बिरामी पर्दा समयमा उचित उपचार नपाएको गुनासो गरेका छन्। महिला राख्ने जेल नभएकाले महिला बन्दीहरूलाई लामो समयसम्म प्रहरी हिरासतमा नै राख्ने गरिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सीनाम गाविस-४ स्थित ज्ञानोदय प्राविका शिक्षक कुलबहादुर थेवेलाई ०६२ माघ १० गते माओवादीले विद्यालयबाट अपहरण गरी माघ २० गते मुक्त गरे।

रजा माबि आम्वेगुदिनमा सञ्चालन गरिएको सांस्कृतिक कार्यक्रममा सहभागी गराउन सरस्वती माबि सिकैचा, तेल्लोक, खेवाङ्ग, चाक्सिबोटे, थुम्बेदिनलगायत विभिन्न माविबाट १५ सय भन्दा बढी शिक्षक र विद्यार्थीलाई ०६२ फागुन १ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई कार्यक्रममा सहभागी गराई मुक्त गरे।

फुरुम्बु गाविस-६ निवासी २६ वर्षीय निकेस लिम्बू, २८ वर्षीय सुरज लिम्बू, फुरुम्बु गाविस-५ निवासी २१ वर्षीय चन्द्र लिम्बू र लिंखिम गाविस-५ निवासी प्रकाश लिम्बूले नगद र अन्य सामग्री लुटेको आरोपमा ०६३ असार ३१ गते माओवादीले उनीहरूलाई फुरुम्बू गाविस-६ बाट अपहरण गरे। पीडितहरूलाई १५ दिनपछि माओवादीले प्रहरीलाई बुझाए।

फुडिलङ्ग गाविस-४ निवासी पूर्व माओवादी कार्यकर्ता २० वर्षीय नेत्र पुरीले चन्दा उठाई भागेको आरोपमा ०६३ असार २० गते माओवादीले उनकै कोठाबाट अपहरण गरी असार ३० गते मुक्त गरे।

ढुंगेसाँगु गाविस-१ निवासी २८ वर्षीय रामप्रसाद ढुंगेललाई ०६३ साउन ८ गते माओवादी छापामार लक्ष्मी लिम्बूको नेतृत्वमा रहेका टोलीले घरबाट अपहरण गऱ्यो।

फावाखोला गाविस-८ निवासी २९ वर्षीय अम्रित सेम्बुलाई ०६२ मंसिर १५ गते माओवादीले अपहरण गरी ०६२ मंसिर ३० गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

लिंखिम गाविस-७ निवासी ३१ वर्षीय राजु रिजालले पार्टीलाई रकम नबुझाएको भनी माओवादीले अपहरण गर्ने धम्की दिए। पीडित ०६२ पुस २० गते देखि विस्थापित भई सदरमुकाममा बसेका छन्।

आम्वेगुदिन गाविसका सचिव ज्वाला राजवंशीलाई ०६३ वैशाख २७ गते आफ्नो पार्टीलाई रकम नबुझाएको र गाविसको बजेटमा भ्रष्टचार गरेको भन्दै माओवादीले घरमा गई कुटपिट गरी पार्टीलाई रकम बुझाउन धम्की दिए।

दोखु गाविसको गाउँ परिषद्को बैठक ०६३ पुस ७

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१	१			१									
घाइते											१	१		१
गिरफ्तारी/यातना											३	३		३
कुटपिट						३	३			३				
धम्की						४	३		३	४	३	३		३
भेला/संगठित हुने अधिकार											१	१	३९	३०
महिलाअधिकार	४		४		४									
बालअधिकार	३		३	१	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	३			३				
अपहरण						३४	५१	५	१५०३	१५५८				
जम्मा	८	१	६	१	८	३३	५८	५	१५०४	१५६८	६	८	३९	३६

गते दोखु गाविस भवनमा हुन लागेका बेला माओवादीले पार्टीको निर्देशन र सहमतिबिना बैठक गर्न खोजेको भन्दै बैठक बन्द गर्न लगाए। यसरी नै माओवादीले सिनाम, फुलबारी, निगुरादीन गाविसको परिषद पनि सञ्चालन हुन दिएनन्।

गैरकानुनी गिरफ्तारी

लिंखिम गाविस-७ निवासी २७ वर्षीय सुकबहादुर लिम्बूलाई माओवादीको आरोपमा ०६२ पुस २१ गते सुरक्षाकर्मीले सदरमुकाममा चामल लिन आएका बेला गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी एक हप्तापछि रिहा गरियो।

पापुङ्ग गाविस-७ निवासी २१ वर्षीय ग्याबु शेर्पालाई माओवादीको आरोपमा ०६२ माघ १० गते सुरक्षाकर्मीले दोभानबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी माघ ३० गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फुडलिङ्ग बजारमा सात दलले ०६२ माघ १९ गते कालो दिन भनी जुलुस निकाल्दा एमालेका कमिटी सचिव तथा निवर्तमान सांसद तिलकुमार मेयाम्बो, नेकाँ जिल्ला सचिव केशव दाहाल, पत्रकार खगेन्द्र अधिकारीसहित ३५ आन्दोलनकारीलाई प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

सुगम र निस्पक्ष अधिकार

यस वर्ष जिल्ला अदालतमा गत पुस १५ गतेदेखि देवानी ५५, फौजदारी २५, सरकारवादी फौजदारी ११ गरी जम्मा ९१ ओटा मुद्दा दर्ता भए। यी मुद्दाहरू मध्ये देवानी १५, फौजदारी २५, फर्स्यौट भए भने ५१ मुद्दा फर्स्यौट हुन बाँकी छन्। ६ महिनासम्म फैसला हुन बाँकी ३७ ओटा मुद्दा रहेका छन् भने एक वर्ष नाघेका ४९ ओटा मुद्दा रहेका छन्।

बालअधिकार

फुडलिङ्ग गाविस-१ निवासी १४ वर्षीय माधव गुरागाई, १४ वर्षीय खगेन्द्र गुरागाई, कक्षा ९ पढ्दै गरेका होमनाथ गुरागाई, १३ वर्षीय युवराज गुरागाईं र कक्षा ६ मा पढ्दै गरेका कविराज श्रेष्ठ, सरस्वती मावि हाम्पाङ्गमा अध्ययनरत हाम्पाङ्ग गाविस-७ निवासी ११ वर्षीय अशोक घिमिरे, १४ वर्षीय रामबहादुर बराइली, १३ वर्षीय खगेन्द्र बराईली, १४ वर्षीय टेकबहादुर बराइली, १२ वर्षीय हर्कबहादुर बराइली र खगेन्द्र खातीलाई माओवादीले ०६३



जनआन्दोलनका क्रममा सुरक्षाकर्मीले नियन्त्रणमा लिई हिरासतमा राखिएका आन्दोलनकारीहरू

कात्तिक २५ गते मासिक नगद ७ हजार २ सय रूपैयाँ दिने भनी फकाएर अपहरण गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

चाँगे गाविस-३ निवासी ६५ वर्षीय गंगा चुडालको ८० मुरी भन्दा बढी धान तथा अन्य सम्पूर्ण बाली ०६३ मंसिर ३० गतेसम्ममा माओवादीले लुटेर लानुको साथै अहिले पनि पीडितको घरमा ताला लगाई बेला बेलामा माओवादी आएर बस्ने गरेका छन्। उनको घर जग्गा तथा आम्दानी विगत पाँचवर्षदेखि माओवादीले उपभोग गरिरहेका छन्।

विस्थापित

ढुङ्गेसाँघु गाविस-३ निवासी ५७ वर्षीय रघुनाथ पौडेललाई आफ्नो घर आएका बेला ०६३ पुस ३ गते बिहान स्थानीय माओवादी कार्यकर्ता लक्ष्मी लिम्बूले कुटपिट गरी 'यहाँबाट तुरुन्त भाग' भनेर धम्क्याए। पीडित पौडेल विगत पाँचवर्ष अगाडि आफ्नो छोरा लक्ष्मीलाई माओवादीले हत्या गरेपछि उनलाईसमेत मार्ने धम्की दिएकाले विस्थापित भएका थिए।

विगतको अनुगमन

यातना

फुरुम्बु गाविस-३ निवासी ४२ वर्षीय श्रीप्रसाद राईलाई ०६० चैत १२ गते सुकेटार ब्यारेकका सुरक्षाकर्मीले गिरफ्तार गरी टाउको तथा शरीरको अन्य भागमा यातना दिए। पीडित सेनाले दिएको यातनाका कारण मानसिक रूपमा असन्तुलित भएका छन्।

विस्थापित

माओवादीबाट

थुम्वेदिन गाविस-५ निवासी ५५ वर्षीय प्रताप थेवेसँग मागे जति चन्दा नदिँदा ०६० फागुन १० गते माओवादीले घरमा चावी लगाए। घरमा ताला लागेपछि घर छाडेर काठमाडौ हिँडेका थेवे अहिलेसम्म फर्केका छैनन्। उनको घरमा माओवादीले लगाएको ताला खोलिएको छैन।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ढुङ्गेसाँघु गाविस-४ निवासी माओवादी कार्यकर्ता २१ वर्षीय भूपेन्द्र भट्टराई रहेका छन्।

१.५ मोरङ



जनसंख्या	९,२०,९८८
साक्षरता प्रतिशत	५६.७
महिला साक्षरता प्रतिशत	४६.६
क्षेत्रफल (वर्ग कि. मि.)	१८५५
गाविस/नपा संख्या	६५/१
निर्वाचन क्षेत्र	७
विद्यालय	६८२
क्याम्पस/उच्च मा.वि.	१४/३६
अस्पताल/स्वास्थ्य चौकी	३/७३
टेलिफोन लाइन	९१९४
मोटर सडक (कि. मि.)	९७६
प्रहरी कार्यालय संख्या	९
हुलाक संख्या	७०
मानव विकास सूचकाङ्क	०.५३१
प्रति परिवार सरदर संख्या	५.४८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

नाम ठेगाना नखुलेका एक माओवादी कार्यकर्ताको ०६२ चैत १७ गते टाँडी गाविसस्थित कटहरेमा सुरक्षाकर्मीको आक्रमणमा परी मृत्यु भयो। सो घटनाको सेनाको इटहरीस्थित पूर्वी पृतना मुख्यालयले पुष्टि गरे पनि उनको नाम ठेगाना सार्वजनिक गरेन। माओवादीले घटनाबारे कुनै प्रतिक्रिया सार्वजनिक गरेनन्।

केराबारी गाविस-९ भलुवामा स्थायी घर भई बेलबारी गाविस-३ मा डेरा गरी बसेकी २२ वर्षीया सपना गुरुङको ०६३ वैशाख १२ गते राति बेलबारी संयुक्त सुरक्षाकर्मी आधार शिविरबाट गस्तीमा गएको सेनाहरूले डेराबाट बोकेर लगी टेलिफोन टावर नजिक बलात्कार गरेपछि गोली हानी हत्या गरे। लासको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा पोष्टमार्टम गरियो। पीडितको लास १६ गते स्थानीय बेतना खोलामा पीडितका पति ज्ञानबहादुरको उपस्थितिमा दाहसंस्कार गरियो।

इन्द्रपुर गाविस-४ निवासी प्रभुनाथ भट्टराई, मृगौलिया गाविस-८ निवासी टेकनारायण चौधरी, बेलबारी गाविस-२ निवासी प्रसाद गुरुङ, बेलबारी-३ निवासी १७ वर्षीया सुनिता ऋषिदेव, इन्द्रपुर गाविस-३ निवासी २२ वर्षीय फुर्वा सेर्पा, इन्द्रपुर गाविस-२ निवासी ३६ वर्षीय खिने भनिने छत्रबहादुर परियारलाई ०६३ वैशाख १३ गते बेलबारीस्थित संयुक्त सुरक्षाकर्मी आधार शिविर अगाडि सडकमा सेनाद्वारा बलात्कारपछि सपना गुरुङको हत्या गरिएको विरोधमा प्रदर्शन गर्दा सेनाले गोली हानी हत्या गऱ्यो। सेनाको नेतृत्व सहायक सेनानी प्रल्हाद थापा मगरले गरेका थिए। घटनामा गोली लागेर बेलबारी गाविस-४ निवासी ३२ वर्षीय गोपाल गौतम, ५० वर्षीय गणेश दाहाल, सोही गाविस-२ निवासी २० वर्षीय दोर्ण श्रेष्ठ, केराबारी गाविस-९ निवासी २३ वर्षीय सन्तोष लिम्बू, सोही गाविस-९ निवासी टंक गुरुङ, इन्द्रपुर गाविस-७ निवासी २० वर्षीय दीपक दाहाल, बेलबारी गाविस-२ निवासी २१ वर्षीय फिरोज खाँ, बेलबारी गाविस-४ निवासी रामचन्द्र गौतम, बेलबारी गाविस-९ निवासी प्रकाश कोइराला, सुन्दरपुर गाविसका पूर्णबहादुर श्रेष्ठ गम्भीर घाइते भए। त्यस्तै इन्द्रपुर गाविस-६ निवासी अनील न्यौपाने, इन्द्रपुर गाविस-१ निवासी रनबहादुर श्रेष्ठ, बेलबारी गाविस-७ निवासी राम दनुवार, केराबारी गाविस-९ निवासी सुवास लिम्बू, तेह्रथुम जिल्ला बसन्तपुर गाविसकी गीता अधिकारी, बेलबारी गाविस-२ निवासी कृतन राई, बेलबारीकै बद्री आचार्य, केराबारी गाविस-९ निवासी गोविन्द दर्जी, बयरवन गाविस-९ निवासी भ्यान्टे तामाङ, इन्द्रपुर गाविस-४ निवासी

सत्यनारायण मण्डल, सोही गाविस-८ निवासी तारा घिमिरे, बेलबारी गाविस-३ निवासी मिसन विसुङ्खे, सोही गाविस-६ निवासी दुर्गा लामिछाने, सोही गाविस-२ निवासी बब्लुकुमार साह, सोही गाविस-४ निवासी यामकुमारी दाहाल, सुवास कँडेल, कृष्ण विसुङ्खे घाइते भए। घटनाको छानबिन गर्न नेपाली सेनाको पूर्वी पृतना मुख्यालय इटहरीले सहायक रथी पवनबहादुर पाण्डेको संयोजकत्वमा ०६२ चैत १४ गते चार सदस्यीय समिति गठन गऱ्यो। त्यस्तै प्रतिनिधिसभाले ०६३ वैशाख २७ गते सांसद परी थापाको संयोजकत्वमा सांसदहरू गोकर्ण विष्ट, रामनाथ अधिकारी, विजय सुब्बा, एनपी साउद संलग्न पाँच सदस्यीय छानबिन समिति बनायो। त्यस्तै जिल्ला प्रशासनले किरिया खर्चबापत मृतकका प्रतिपरिवारलाई १० हजार दिने जानकारी गरायो। घटनाको अनुगमनपछि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले सेनाले अधिक बल प्रयोग गर्नाले त्यति ठूलो मानवीय क्षति हुन पुगेको प्रतिवेदन सार्वजनिक गऱ्यो। समितिले दोषीलाई कारवाही गर्न र पीडित तथा पीडितका परिवारलाई राहत दिन सरकारसँग माग गऱ्यो।

माओवादीबाट

विराटनगर उमनपा-१५ का निवर्तमान वडाध्यक्ष ६५ वर्षीय त्रिवेणी माझी र सोही उमनपा-७ निवासी पूर्व सई ५० वर्षीय दीपक गुरुङको ०६२ माघ २० गते साँझ माओवादीले त्रिवेणीको घरमा गोली हानी हत्या गरे। गोली लाग्नासाथ दीपकको घटनास्थलमै र त्रिवेणीको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारको क्रममा सोही राति ११ बजे मृत्यु भयो।

दोहोरो भिडन्त

उर्लाबारी गाविस-४ स्थित उर्लाबारी बजारमा रहेको राष्ट्रिय वाणिज्य बैंकको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीमाथि ०६२ चैत ९ गते माओवादीले आक्रमण गर्दा ताप्लेजुङ जिल्ला निवासी प्रहरी जवान २३ वर्षीय वीरबहादुर लिम्बू, भोजपुर याकु गाविसका २२ वर्षीय कृष्णबहादुर खड्का, उर्लाबारी गाविस-४ का सब्जी व्यापारी ५७ वर्षीय हेमचन्द्र खनाल, माओवादी सेक्सन कमाण्डर विद्रोही शिव तथा प्लाटुन भाइस कमाण्डर विधानको मृत्यु भयो। त्यस्तै सर्वसाधारण उर्लाबारी गाविस-२ की ३५ वर्षीया निर्मला मोक्तान, उर्लाबारी गाविस-६ की मीना धिमाल, असई मनकुमार लिम्बू, सशस्त्रका प्रहरी हवल्दार २२ वर्षीय इन्द्र सिञ्जाली र पदम थेवे, २२ वर्षीय प्रहरी जवान टंकदत्त भट्ट , नेपाली सेनाका सिपाही २४ वर्षीय तीर्थराज पनेरु, सशस्त्रका हवल्दार भीम थेवे गोली लागी घाइते भए। घाइतेहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

बेवारिसे बमबाट मृत्यु

टाँडी गाविस-९ का १२ वर्षीय मनोज राई ०६२ चैत २५ गते बारीमा बेवारिसे अवस्थामा फालिएको सकेट बम खेलाउँदा विस्फोटन भई गम्भीर घाइते भए। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो। सो बम माओवादीले छाडेको स्थानीय बासिन्दा र सुरक्षा निकायले बताए। माओवादीले कुनै प्रतिक्रिया सार्वजनिक गरेनन्।

विराटनगर उमनपा-२२ निवासी १७ वर्षीया मुसनी धुनिया (खातुन) को ०६३ पुस ११ गते दिउँसो उर्लाबारी गाविस-४ महेन्द्र राजमार्गमा बेवारिसे घरेलु हाते ग्रिनेट बम

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२१	१६	७	२३	४	८	२	१०	४	९	२		११
घाइते	३	६	२	८	५	२१	२	२३	४	२८	४		३२
गिरफ्तारी/यातना									१९	७२	५	२९	१०६
बेपत्ता									१	१	१		२
कुटपिट	१	१		१	३३	६०	४	६४	७	२४	३		२७
धम्की					२	६	१	७					
भेला/संगठित हुने अधिकार									१६	६२	५	१४८	२१५
महिलाअधिकार	१२		१२	१२									
बालअधिकार	१९	१	३३	३४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					५	५	२	७					
अमानवीय व्यवहार	४	४		४	६	१२		१२					
अपहरण	१	१		१	७४	१४२	१०	१५२					
जम्मा	६१	२९	४४	७३	१३९	२५४	२१	२७५	५१	१९६	३०	१७७	३९३



बेलबारी घटनामा गोली लागी उपचारार्थ वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठानमा उपचारार्थ घाइते

विस्फोट हुँदा मृत्यु भयो भने ३० वर्षीया साहना (बबनी) धुनियाँ खातुन, मधुमल्ला गाविस-५ की १८ वर्षीया सुष्मा बोहोरा र झापा जिल्ला दमक नपा-५ बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरका ५७ वर्षीय डम्बरसिंह काफ्ले विस्फोटनमा परी घाइते भए। मुसनीले कवाडी सामान भुईंमा ठोक्काउँदा विस्फोटन भएको घाइते साहनाले बताइन्। पीडितहरूलाई प्रहरीले दमकस्थित लाइफलाइन अस्पताल उपराचारार्थ लगेको थियो। साहनाको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार हुन नसकी वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भर्ना गरियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

झापा जिल्ला दमक नपा-६ निवासी राम भुजेल र उर्लाबारी गाविस-२ निवासी ललन गोस्वामी (गिरी) लाई ०६२ फागुन २० गते साँझ उर्लाबारी गाविस-३ स्थित मोडल आवासीय माविं छेउमा सुरक्षाकर्मीको गस्ती टोलीले गोली प्रहार गरी घाइते बनाए। घाइतेहरूको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। इलाका प्रहरी कार्यालय, उर्लाबारीले पीडितहरू भागेपछि माओवादीको आशंकामा फायरिङ गरिएको जनायो।

रंगेली गाविसस्थित रंगेली संयुक्त सुरक्षा आधार शिविरमा बिच्छ्याइएको विस्फोटक पदार्थमा ०६३ जेठ ५ गते चट्याङ पर्दा विस्फोट भई आधार शिविरकै सिपाही मेघराज चौधरीकी पत्नी २० वर्षीय हरिकलादेवी, सोही ठाउँकी सुचिकार ४२ वर्षीय मो. फरमुल मिया र १८ वर्षीय मो. साउद्दिन मिया घाइते भए। घाइतेहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

माओवादीबाट

विराटनगर उमनपा-१५ स्थित जिल्ला शिक्षा कार्यालयमा माओवादीले ०६२ पुस २१ गते बम विस्फोट गराउँदा सो कार्यालयका लेखापाल विराटनगर-४ निवासी गोपाल रेग्मी, पियन दुर्गा चौधरी र अमाही इक्राई निमाविका शिक्षक मेघराज ओझा घाइते भए। घाइतेहरूको स्थानीय कोशी अञ्चल अस्पतालमा उपचार भयो। विस्फोटनबाट कार्यालयका दुई कोठा, झ्याल र ढोकाहरू नष्ट भए।

सिसवनी जहदा गाविस-१ निवासी मनोज महतो, कपिल महतो, १० वर्षीय मन्टुकुमार महतो, लक्ष्मण महतो, श्रीपद महतो, चन्दन सिंह, निर्मल श्रेष्ठ, विनोदकुमार साह, कदमाह गाविस-८ निवासी शंकर शर्मा र दाररवैरिया निवासी मानोजकुमार राजवंशी ०६२ माघ २१ गते बिहान सिसवनी र कटहरी गाविस सिमाना लोहन्द्रा पुलमा माओवादीले राखेका बम विस्फोटन हुँदा घाइते भए। घाइतेहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

मृगौलिया गाविस-८ निवासी मनमाया लिम्बू, माओवादी सेक्सन कमाण्डर पथरी गाविस निवासी कमल परियार र माओवादी कार्यकर्ता नीमा शेर्पाको ०६२ माघ २२ गते बम विस्फोटनमा परी मृत्यु भयो। मनमायाका छोरा १४ वर्षीय मोहनसिंह लिम्बू विस्फोटबाट घाइते भए। माओवादीले मनमायाको घरमा लोला बम बनाउँदै थिए।

नोचा गाविस-३ निवासी ४१ वर्षीय कलानन्द यादव र कदमहा गाविस-३ निवासी ३८ वर्षीय रिक्सा चालक डोमी सदारको ०६२ चैत ७ गते बिहान माओवादीले कटहरी र सिसवनी जहदाको सीमा लोहन्द्रा खोलाको पुलमा राखेको बम विस्फोट हुँदा मृत्यु भयो।

जेल र बन्दी

कारागार शाखा मोरङको बन्दी क्षमता ३ सयको छ। तर यो वर्ष सो क्षमताभन्दा बढी कूल ४ सय ९० बन्दीहरू कारागारमा राखिए। यो कारागारमा पुरुष महिला दुई छुट्टाछुट्टै बन्दी गृह छन्। जसमध्ये कैदीको संख्या १ सय ९५ र २९५ थुनुवा छन्। तीमध्ये पनि १ सय ८२ पुरुष र १३ महिला कैदी र २ सय ८० पुरुष र १५ महिला थुनुवा छन्। कारागारको महिला बन्दी गृहमा ३ बालिका र २ बालक आश्रित छन्। कूल बन्दीमध्ये पनि १६ कैदी र ३४ थुनुवा भारतीय र भुटानी नागरिक छन्।

कारागारमा यो वर्ष सुनसरी जिल्लाको धरान नपा-१५ का २५ वर्षीय अनिल भन्ने विकास राईको ०६३ मंसिर ८ गते बिहान मृत्यु भयो। उनी ०६२ असोज ६ गते लागू औषध मुद्दाअन्तर्गत बन्दी बनाइएका थिए। जेल पर्नु अघि अधिक लागू औषध प्रयोग गरेको कारण बिरामी परेका र उनको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको कारागार प्रमुख विश्वराज नेपालले बताए।

इलाम जिल्ला, साडरुम्बा गाविसका ३८ वर्षीय

राजकुमार कटुवालको कारागार शाखा मोरङमा स्वास्थ्य उपचार नपाएर ०६२ फागुन २० गते मृत्यु भयो। मृतकका परिवारले ०६३ वैशाख ९ गतेमात्र जानकारी पाए।

यातना

सुनसरी जिल्ला धरान नपा-९ निवासी सानाम, वडा-१७ निवासी पासाङ शेर्पा, वडा-१० का मिङ्मा शेर्पा र विकास लिम्बूलाई ०६३ जेठ १ गते सीमा सशस्त्र राजस्व प्रहरी बलका विनोद राई र विवेक गुरुङले लागू पदार्थ खाएको आरोपमा गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई अँध्यारो कोठामा लगेर उँधो मुन्टो र खुट्टा ठाडा पारेर लाठी र लात्तीले कुटपिट गरेका थिए। पीडितहरूले सशस्त्र प्रहरी बलको कंकालिनी गण टंकिसिनुवारीमा 'पीडकलाई कारवाही गरी पाउँ भनी' उजुरी दिएका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

आपगाछी गाविस-५ निवासी ३७ वर्षीय रुकुमलाल मण्डललाई ०६२ माघ २२ गते राति माओवादीले अपहरण गरी कुटपिटपश्चात ०६२ माघ ३० गते दर्वेशा गाविसबाट मुक्त गरे।

लेटाङ गाविस-६ निवासी ज्ञानु राई, सार्के लिम्बू, मनोज दर्जी, सन्तोष मगर तथा रमितेखोला गाविस-८ निवासी साजन राई र आशीष राईले चोरी तथा डकैतीको आरोपमा ०६२ माघ ९ गते माओवादीले सोही गाविसबाटै अपहरण गरे। पीडितहरू हालसम्म मुक्त भएका छैनन्।



माओवादीद्वारा कुटपिट गरिएका सुरज श्रेष्ठ

सर्लाही जिल्ला हजारिया गाविस-३ निवासी ट्रक चालक सोम लामालाई ०६२ फागुन ७ गते बयरवन गाविस-९ महेन्द्र राजमार्ग सडक खण्डस्थित कानेपोखरी नजिकबाट माओवादीले अपहरण गरे। पीडितलाई सात दिनपछि सिन्धुली जिल्लाबाट मुक्त गरियो।

सिरहा जिल्ला इनरुवा गाविस-८ निवासी सुरेन्द्रप्रसाद यादव, इटहरा गाविस-६ का हेमसागर न्यौपाने र इन्द्रपुर गाविस-४ का डिल्लीराम मिश्रलाई ०६२ फागुन १९ गते माओवादी कार्यकर्ताले जाँते गाविसको धानखेतीबाट अपहरण गरे। उनीहरूलाई मानवअधिकारकर्मीको रोहबरमा ०६२ फागुन २१ गते मधुमल्ला गाविसको लालमटीबाट मुक्त गरियो।

इटहरा गाविस-१ टिमटिमे निवासी पदमबहादुर प्रधानलाई ०६२ फागुन २६ गते बिहान घरबाटै माओवादीले अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

गोविन्दपुर गाविस-१ निवासी दुर्गा सुनारले नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा ०६२ चैत १ गते माओवादीले उनलाई अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएका छैनन्।

विराटनगर उमनपा-१८ जतुवा निवासी सुशील यादवले माओवादीको नाकाबन्दी अवज्ञा गरेको आरोपमा उनले चलाएको को २ प १५६ नं. को मोटरसाइकलसहित ०६२ चैत ४ गते दिउँसो पथरी गाविसको महेन्द्र राजमार्गस्थित जयचोकबाट माओवादीले अपहरण गरी कुटपिट गरी सोही दिन साँझ मुक्त गरे भने मोटरसाइकल तीन महिनापछि फिर्ता गरे।

दादरवैरिया गाविस-६ निवासी ४७ वर्षीय सर्वेलाल राजवंशी र २७ वर्षीय मनोज राजवंशीलाई ०६२ चैत २६ गते साँझ माओवादीले केही बुझ्नु छ भनी को ३ प २०९५ नम्बरको मोटरसाइकलसहित अपहरण गरे। पीडितद्वयलाई सोही रात कुटपिट गरी मुक्त गरे। मोटरसाइकल भने ०६३ वैशाख ८ गते फिर्ता गरे।

पथरी गाविस-१ निवासी हरिप्रसाद खतिवडा, देवेन्द्र पौडेल, सुनील खत्री, विक्रम सुब्बा, भेष मिश्र र सनम सुब्बाले मादक पदार्थ खाई बटुवाहरू कुटेको आरोपमा ०६२ चैत २९ गते माओवादीले घरघरबाटै उनीहरूलाई अपहरण गरी तीन दिनसम्म श्रम गराई मुक्त गरे।

उर्लाबारी गाविस-७ निवासी किरण सुब्बा, सोही गाविस-९ निवासी लाखमान राई, सोही गाविस-९ निवासी चन्द्रबहादुर लिम्बू र इन्द्रपुर गाविस-८ निवासी दुर्गा बास्कोटाले चोरी, डकैती गरेको आरोपमा ०६३ वैशाख १ गते माओवादीले शनिश्चरे गाविस-९ स्थित सुन्दर सामुदायिक वन उपभोक्ता समूहको भवनबाट अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

बयरवन गाविस-९ निवासी नेपाली सेनाका हवलदार ३३ वर्षीय दलबहादुर कटुवाललाई ०६३ वैशाख ३ गते साँझ माओवादीले केही बुझ्नु छ भनी घरबाटै अपहरण गरी भोलिपल्ट सोही गाविस-८ को बिहीबारेबाट मानवअधिकारकर्मीको पहलमा मुक्त गरे। पीडित खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा कार्यरत भई ०६२ चैत २३ गते घर बिदामा आएका थिए।

पथरी गाविस-३ निवासी २० वर्षीय प्रकाश तामाङ र तेजबहादुर तामाङले बलात्कार गरेको आरोपमा ०६३ वैशाख ३ गते माओवादीले उनीहरूलाई आफ्नै घरबाट

अपहरण गरी वैशाख १० गते मुक्त गरे।

डाइनियाँ गाविस-९ निवासी सुनीता शाह नक्कली माओवादी बनेर चन्दा संकलन गरेको आरोपमा ०६३ वैशाख ९ गते माओवादीले उनलाई अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

अमरदह गाविस-२ निवासी अभासु गुरागाईले आमा भागसरीलाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख १० गते माओवादीले उनलाई बाटो मर्मत गर्न भनी पाँच दिनसम्म श्रम गराए। पीडित सोही गाविसको सुगा बजारदेखि इटहरा गाविससम्म जाने कच्ची बाटो मर्मत गरी घर फर्किए।

केराबारी गाविस-९ निवासी रामकुमार लिम्बूलाई ०६३ वैशाख २५ गते माओवादीले दाजुभाउजूलाई कुटपिट गरेको आरोपमा अपहरण गरी यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्।

उर्लाबारी गाविस-२ निवासी ७३ वर्षीय इन्द्र गुरुङ, चन्द्र तामाङ, भद्र तामाङ, विनोद तामाङ, मिलन विक, विजय गुरुङ, १३ वर्षीय रोशन माझी, श्याम धिमाल, छत्र मगर र विकास गुरुङले एक बालिकालाई बलात्कार गर्न खोजेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले अपहरण गरी श्रम गराए। पीडितमध्ये रोशनले जेठ १२ गते श्रम थेग्न नसकेर घरैमा आत्महत्या गरे। इन्द्र हालसम्म मुक्त भएका छैनन्।



माओवादीद्वारा अपहरण गरिएका इन्द्र खतिवडा

केरौन गाविस-४ निवासी केसरिया ऋषिदेव, भारत बिहारका हकुमत मियाँ, मो. मुसी मियाँ झापा जिल्ला दमक नपा-१२ का लमिस महत, बिहारका रामलाल मण्डल र मुनाजिर आलमले जिल्लाका विभिन्न ठाउँमा चोरी डकैती गरेको आरोपमा ०६३ जेठ १० गते माओवादीले कानेपोखरी, विराटचोकलगायत विभिन्न ठाउँबाट अपहरण गरे। सात दिन कब्जामा राखी पीडितहरूलाई इलाका प्रहरी कार्यालय उर्लाबारीमा बुझाइयो।

अमरदह गाविस-१ निवासी धनेश्वर महतोलाई ०६३ जेठ १० गते नजिकको पसलबाट सामान किनेर घर फर्कने क्रममा माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

बरडंगा गाविस-६ निवासी एमालेका कार्यकर्ता ३६ वर्षीय बर्तलाल राजवंशीलाई ०६३ जेठ २१ गते माओवादीले गोविन्दपुर गाविस-६ स्थित झपडतलबाट अपहरण गरी उर्लाबारी गाविस पुऱ्याई कुटपिट गरेर जेठ २२ गते मुक्त गरे। घटनामा गल्ती भएको भनी माओवादी कार्यकर्ता चेतनले सार्वजनिक रूपमा आत्मआलोचना गरे।

पथरी गाविस-१ निवासी कृष्ण घिमिरेले चोरी गरेको आरोपमा ०६३ जेठ २४ गते माओवादीले उनलाई बयरवन गाविस-८ स्थित दही खोलाबाट अपहरण गरी श्रम गराए।

भातीगछ गाविस-९ निवासी २० वर्षीय सुरज राजवंशीलाई ०६३ जेठ २६ गते बिहान माओवादीले घरबाटै अपहरण गरे। पीडित कटहरी गाविसस्थित बबी बिस्कुट उद्योगको नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर युनियनका सचिव हुन्। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

शनिश्चरे गाविस निवासी दीपक मगरले पत्नी अनीताको हत्या गरेको आरोपमा ०६३ जेठ ३१ गते माओवादीले अपहरण गरी ०६३ असार २ गते मुक्त गरे।

कदमहा गाविस-७ निवासी नन्दलाल शर्मा र रामआशिष साहलाई ०६३ असार ११ गते माओवादीले को १ त २३६ नं. को ट्र्याक्टरमा ल्याएको डिएपी मलसहित मझारे गाविसबाट अपहरण गरे। पीडितलाई असार १५ गते मझारेको लक्ष्मीनियाबाट मुक्त गरियो। पीडितको रित्तो ट्र्याक्टर पनि सोही दिन फिर्ता गरियो। ट्र्याक्टरमा ल्याएको मल जनतालाई वितरण गरेको माओवादीले बताए।

विराटनगर उमनपा-६ निवासी २७ वर्षीय आवश्यक खतिवडा, मोहमद जान, गोविन्द सिंह, पुरुषोत्तम शर्मा र महेन्द्र राय नक्कली माओवादी बनेर चन्दा संकलन गरेको आरोपमा ०६३ असार १८ गते माओवादीले उनीहरूलाई घरघरबाटै अपहरण गरी कुटपिट गरे। कुटपिटबाट घाइते बनेका पुरुषोत्तमलाई माओवादीले नै कोशी अञ्चल अस्पतालमा उपचारका लागि भर्ना गरे। गोविन्द सिंह माओवादीको विराटनगर उमनपा-१४ बसपार्कस्थित जनसम्पर्क कार्यालयबाट सोही दिन भाग्न सफल भए। आवश्यक र मोहमदलाई रंगेली गाविसमा लगी माओवादीले श्रम गराई साउन २३ गते सोही गाविसबाट मुक्त गरे। महेन्द्रलाई भने अपहरण गरेकै दिन मुक्त गरे। पुरुषोत्तमलाई पनि अस्पताल भर्ना गरेकै दिन मुक्त गरेका थिए।

विराटनगर उमनपा-१ निवासी इन्द्रप्रसाद खतिवडालाई ०६३ असार १८ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरणपछि पीडितलाई माओवादीले रंगेली गाविस पुऱ्याए। त्यहाँ असार १९ गते बिहानदेखि बजारको नाला सफा गर्न लगाई सोही दिन साँझ मुक्त गरे।

सोराभाग गाविस-९ निवासी ५० वर्षीय मुनेश्वर यादवले चोरी-डकैती गरेको आरोपमा ०६३ साउन ८ गते माओवादीले उनलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई रंगेली गाविसस्थित रंगेली बजारमा रहेको माओवादी जनसम्पर्क कार्यालयले श्रम गराई साउन ११ गते मुक्त गरे।

विराटनगर उमनपा-१७ निवासी अर्जुन मण्डलले माओवादी जनअदालतको फैसला पालना नगरेको आरोपमा

०६३ साउन १४ गते बिहान माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरे। पीडितलाई ०६३ साउन १४ गते साँझ मुक्त गरिएको थियो। कुटपिटबाट घाइते बनाएपछि पीडितको माओवादीले उपचार गराएका थिए।

विराटनगर उमनपा-१ सरौचिया निवासी सुनसरी-मोरङ सिंचाई आयोजनामा कार्यरत अमिन राजेश्वर यादवलाई ०६३ साउन १३ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई ०६३ साउन १५ गते साँझमा सुनसरी जिल्लाको पकली गाविसबाट रामगञ्ज बेलगछिया गाविसमा रहेको तीन बिघा जग्गा र अढाई लाख नगद बुजुगुनिया थरुनीलाई दिनुपर्ने सर्तमा मुक्त गरे।

होक्लाबारी गाविस निवासी राजेन्द्र कार्कीलाई ०६३ साउन १३ गते माओवादीले विराटनगर उमनपा-११ मधुमारास्थित राजन कार्कीको डेराबाट सुतिरहेको अवस्थामा अपहरण गरी ०६३ साउन १५ गते आँपगाछी गाविसबाट मुक्त गरे।

डाइनियाँ गाविस-३ निवासी मोहमद अनाबरुल, आपगाछी गाविसका इस्ताज मियाँ र मुस्ताज मियाँले चोरी डकैती गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई अपहरण गरे। पीडितहरूलाई रंगेली गाविसस्थित माओवादी जनसम्पर्क कार्यालयअन्तर्गत श्रम गराई ०६३ साउन २० गते मुक्त गरे।

पथरी गाविस निवासी जीतबहादुर भुजेलले ठगी गरेको आरोपमा ०६३ साउन १८ गते माओवादीले पथरी बजारबाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

टकुवा गाविस-१ निवासी नेकाँका कार्यकर्ता जगदीश मण्डललाई ०६३ साउन २० गते माओवादीले घरबाटै अपहरण गरी साउन २२ गते मुक्त गरे।

बुधनगर गाविस-७ निवासी ५५ वर्षीय दयानन्द राजवंशीलाई ०६३ साउन २१ गते बिहान माओवादीले घरबाटै अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

संखुवासभा जिल्ला, जलजला गाविस-६ घर भई राजघाट गाविस-३ मा डेरा गरी बसेका कृष्ण बस्नेतले स्थानीय एक महिलालाई बेचविखन गरेको आरोपमा ०६३ साउन २१ गते माओवादीले उनलाई पथरी गाविस-१ बाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

बयरवन गाविस निवासी दिलबहादुर राईले नक्कली माओवादी बनेर चन्दा उठाएको आरोपमा ०६३ साउन २३ गते माओवादीले उनलाई पथरी गाविसस्थित विशाल चोकमा अपहरणपछि कुटपिट गर्नुका साथै कान समातेर उठबस गराई साउन २४ गते मुक्त गरे।

तेह्रथुम जिल्ला जिरीखिम्ती गाविस घर भई नेपाली सेनाको २ नं. बाहिनी धनकुटा जिल्ला हिले गाविसमा कार्यरत



बेवारिसे बम विस्फोटमा घाइते साहना खातुन

सैनिक जवान फूलकुमार लामाले चोरी गरेको आरोपमा ०६३ साउन २६ गते माओवादीले शनिश्चरे गाविस-६ बाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

सिजुवा गाविस-९ निवासी २२ वर्षीय लखन मरण्डीलाई ०६३ साउन ३० गते माओवादीले घरबाटै अपहरण गरी हालसम्म मुक्त गरेनन्।

झोराहाट गाविस-९ निवासी ३८ वर्षीय एकनाथ लम्साललाई ०६३ भदौ २ गते माओवादीले लेनदेनको विषयमा घरबाटै अपहरण गरे। पीडितलाई खाली कागजमा हस्ताक्षर गराएर भदौ ३ गते तेतरिया गाविसस्थित माओवादी एरिया जनसम्पर्क कार्यालयबाट मुक्त गरे।

कदमाहा गाविस-६ पोखरी निवासी सुदीपराज शर्माले सुराकी गरेको आरोपमा ०६३ भदौ ४ गते माओवादीले उनलाई अपहरण गरी डोरीले बाँधेर कुटपिट गरे। माओवादीको आदेश पालना नगरेको भनी ईंटामा सुताएर लाठीले शरीरमा प्रहार गरिएको उनको परिवारजनले बताए। पीडितलाई तीन दिनपछि सोराभाग गाविसस्थित कर्सिया बजारबाट मुक्त गरे।

हसन्दह गाविस-६ भातेगौंडा निवासी निरन मण्डलले गाउँलेहरूलाई कुटपिट गरेको आरोपमा ०६३ भदौ २६ गते माओवादीले उनलाई अपहरण गरी श्रम गराई ०६३ असोज १४ गते मुक्त गरे।

विराटनगर उमनपा-१८ निवासी मदनकुमार ऋषिदेवले स्थानीय एक महिलालाई बलात्कार गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनलाई अपहरण गरी असोज १८ गते मुक्त गरे।

झापा जिल्ला कोहबरा गाविस-८ निवासी दीपक दाहालले सुराकी गरेको आरोपमा ०६३ असोज २२ गते माओवादीले उनलाई आफन्तको घर मोरङ जिल्लाको झुर्किया गाविसबाट अपहरण गरी पीडितलाई पाँच दिनपछि सोही गाविसको झुर्किया बजारबाट मुक्त गरे।

सुन्दरपुर गाविस-२ सिर्जनशील सामुदायिक वन उपभोक्ता समूहका सदस्य उज्वल न्यौपाने, विज्ञान लुईंटेल र



कारागारको सुधारको माग राखी आन्दोलनरत आस्थाका बन्दीहरू

सचिव हेमचन्द्र घिमिरेले भ्रष्टाचार गरेको आरोपमा ०६३ असोज २८ गते स्थानीयवासीले कब्जा गरी माओवादीसमक्ष बुझाए। सबै जनालाई मृगौलिया गाविस-९ सलकपुरस्थित माओवादीको मेचीकोशी प्रथम डिभिजन कार्यालयमा नियन्त्रणमा राखी ०६३ कात्तिक १ गते मुक्त गरे।

इन्द्रपुर गाविस निवासी नवीन लिम्बूले रानीबाट लागू औषध सेवन तथा ओसार पसार गरेको आरोपमा ०६३ असोज २९ गते माओवादीले उनलाई विराटगर उमनपा-२१ अपहरण गरी मृगौलिया गाविस-९ सलकपुरस्थित माओवादीको मेची-कोशी प्रथम डिभिजन कार्यालयमा राखी ०६३ कात्तिक ६ गते मुक्त गरे।

झापा जिल्ला निवासी राकेश राईलाई ०६३ असोज ३१ गते माओवादीले अपहरण गरी माओवादीको पथरीस्थित आधार शिविरमा राखी सात दिनपछि पथरी बजारबाट मुक्त गरे।

बेलबारी गाविस-९ निवासी भाइकुमार राईले आफ्ना एक कार्यकर्ताको हत्या गरेको आरोपमा ०६३ कात्तिक ६ गते साँझ माओवादीले उनलाई सोही गाविसको बेतौना खोला नजिकबाट अपहरण गरे।

पथरी गाविस-७ आइतबारे निवासी कृष्णराम क्षेत्रीले साइकल चोरी गरेको आरोपमा ०६३ असोज २६ गते माओवादीले उनलाई लेटाङ गाविस-३ बाट अपहरण गरी कात्तिक २६ गते लेटाङ गाविस-३ मा एक कार्यक्रमबीच गरी मुक्त गरे।

शनिश्चरे गाविस-९ भुटानी शरणार्थी शिविरका सहवीर तामाङ र आइतसिंह राई चोरी डकैती र लुटपाटमा संलग्न भएको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले उनीहरूलाई अपहरण गरी इलाका प्रहरी कार्यालयमा कात्तिक १० गते बुझाए।

विराटनगर उमनपा-६ निवासी निरञ्जन रेग्मी र विश्वास अधिकारीलाई भोला थापाको हत्यामा संलग्न भएको आरोपमा ०६३ कात्तिक १२ गते माओवादीले विराटनगर उमनपा-३ स्थित तीनपैनीबाट अपहरण गरी कात्तिक १५ गते विराटनगरबाटै मुक्त गरे।

बबियाबिर्ता गाविस-३ निवासी विनोद बरालले एक युवतीलाई बलात्कार गरेको आरोपमा ०६३ कात्तिक १६ गते माओवादीले उनलाई अपहरण गरी सोरभाग गाविसको कर्सियास्थित माओवादी जनमुक्ति सेनाको अस्थायी क्याम्पमा राखे। पीडितलाई अपहरण गरिएको विरोधमा स्थानीयबासीले कर्सियामा चक्काजाम गरे। पीडित कात्तिक २२ गते माओवादी कब्जाबाट भागी मुक्त भए।

बाहुनी गाविस-६ निवासी कालुराम चौधरी र विजय चौधरी, सोही गाविस-२ का तुलाही भनिने तुलाराम चौधरीले स्थानीय बासिन्दालाई कुटपिट गरेको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले उनीहरूलाई अपहरण गरी कुटपिट गरे। पीडितहरूमध्ये विजयलाई सोही दिन र अन्य दुईलाई कात्तिक २० गते मुक्त गरे।

विराटनगर उमनपा-३ निवासी अनीता बस्नेतले सुन र पैसा चोरी गरेको आरोपमा ०६३ कात्तिक १८ गते माओवादीले उनलाई विराटनगरबाट अपरहण गरी कात्तिक २२ गते माओवादीले जिल्ला प्रहरी कार्यालयमा बुझाएर प्रहरीले अनीतालाई ठगीसम्बन्धी मुद्दामा कारबाही चलाएको जानकारी दिएको छ।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

विराटनगर उमनपा-१७ निवासी काजीबहादुर कार्की, विनोद श्रेष्ठ र दिलीप थापा माओवादी भएको आरोपमा ०६३ कात्तिक १५ गते क्षेत्रीय तालिम केन्द्र विराटनगर, रानीका प्रहरी जवान मीनकुमार भुजेल र टीकाराम दाहाललगायत १० जनाले कुटपिट गरे। स्थानीय बासिन्दाले पीडक भुजेल र दाहाललाई नियन्त्रणमा लिई प्रहरी कार्यालय रानीमा बुझाए। ती दुई प्रहरीसहित १० जनालाई निलम्बन गरी सार्वजनिक अपराध मुद्दाअन्तर्गत कारबाही गरियो।

माओवादीबाट

सुनसरी जिल्ला धरान नपा घर भई संजीवनी बसका चालक रामकुमार सिलवालले नाकाबन्दीमा बस चलाएको आरोपमा ०६२ चैत ६ गते माओवादीले बयरबन गाविस-९ स्थित महेन्द्र राजमार्गमा बाँसका भाटाले कुटपिट गरी बसमा आगो लगाई दिए।

मधुमल्ला गाविस-९ निवासी ध्रुवलाल माझी, विष्णुकुमारी मगर, रामबहादुर दर्जी र सोमबहादुर लिम्बूले मदिरा सेवन गरेको आरोपमा ०६३ वैशाख १४ गते राति माओवादीले उनीहरूलाई नियन्त्रणमा लिई स्थानीय बक्राहा

खोलामा पानीमा चोबल्दै बाँसका भाटाले कुटपिट गरे। पीडितहरूको उर्लाबारी गाविसस्थित मंगलबारे तथा अन्य ठाउँका अस्पतालमा उपचार भयो।

बयरवन गाविस-९ कानेपोखरीस्थित सिडखोला निवासी ३० वर्षीया शान्ति लिम्बू देहव्यापार र चेलीबेटी बेचविखनमा संलग्न भएको आरोपमा ०६३ जेठ ११ गते माओवादीले उनलाई सोही वडाको आइतबारेमा लगी बाँसको भाटाले कुटपिट गरे।

विराटनगर उमनपा-१५ निवासी रेष्टुरेन्ट व्यवसायी सुरज श्रेष्ठलाई युवतीसँग अनैतिक सम्बन्ध बढाएको आरोपमा ०६३ असार १६ गते राति माओवादी कार्यकर्ता प्रताप थापाले डोरीले बाँधेर कुटपिट गरी प्रहरीलाई जिम्मा लगाए।

इन्द्रपुर गाविस-४ निवासी ३७ वर्षीय केदार थापा र सोही गाविस-६ बेलेपुर निवासी ३२ वर्षीय धर्म पोखरेलले मोबाइल फोनबाट आफ्नो पार्टीका महिला कार्यकर्ताको फोटो खिचेको आरोपमा ०६३ असार ३० गते माओवादीका एरिया इञ्चार्ज विशालले उनीहरूलाई विराटचोकमा कुटपिट गरे।

जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान तीर्थ अधिकारी अपराध अनुसन्धानका लागि गस्तीमा गएको बेला ०६३ साउन २० गते माओवादीले उनलाई भाथिगछ गाविसमा कुटपिट गरे।

अमरदह गाविस-६ निवासी साइला सतार भनिने जसाई मरण्डीलाई ०६३ भदौ २१ गते साँझ माओवादीका स्थानीय कार्यकर्ता सहेब पासवानले अमरदह-३ स्थित गिदनियामा कुटपिट गरे।

अमरदह गाविस-६ निवासी षडानन्द भनिने सहदेव पासवान, शेरबहादुर राजवंशी, नुरसलाम मियाँ, सोही गाविस-३ निवासी बौका ऋषिदेव र सामुल सोरेनले गाउँमा चन्दा उठाएको, स्थानीयबासीलाई कुटपिट गरको आरोपमा ०६३ भदौ २२ गते माओवादीले उनीहरूलाई रंगेली शाखाका सचिव कुमार कार्की र जिल्ला जनमिलिसिया सहायक कमाण्डर सागरले कुटपिट गरे।

सुनसरी जिल्ला खनार गाविस-७ निवासी केशव मगर, दुलारी गाविसका गणेश मगर, खनार गाविस-७ का रामकुमार राई र उपेन्द्र राईलाई चोरीको आरोपमा ०६३ भदौ २५ गते माओवादीले उनलाई दुलारी गाविस-५ मा नियन्त्रणमा लिई बाँधेर पानीमा चोपल्दै बाँसका भाटाले कुटपिट गरी चारपाटा मुडेर बजार घुमाए। पीडितहरूलाई भदौ २७ गते इलाका प्रहरी कार्यालय इटहरीमा बुझाइयो।

नोचा गाविस निवासी नेकाँ सभापति मुबारक मियाँलाई ०६३ मंसिर २३ गते सोही ठाउँका माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते तुल्याए। पीडितको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार भयो।

विराटनगर उमनपा-१५ का एमएम प्लाष्टिक उद्योगका सञ्चालकहरू सुमनराज प्याकुरेल, सुयस प्याकुरेल र स्वागत प्याकुरेललाई ०६३ मंसिर २५ गते माओवादी निकट अखिल नेपाल मजदुर संघका केन्द्रीय सदस्य टीका प्रसाईंले कार्यालय परिसरमा दूर्व्यवहार गरे। पीडकले संघको जुलुसमा मजदुर नपठाएको आरोपमा ती सञ्चालकहरूलाई गालीगलौज गरेका थिए। जुलुशमा मजदुर पठाइ दिन अनुरोध गर्दा नमानेपछि विवाद उत्पन्न भएको हो दूर्व्यवहार गरेको होइन केन्द्रीय सदस्य प्रसाईंले बताए।

सिसवनी जहदा गाविस-५ निवासी ६५ वर्षीय नुनुलाल मण्डललाई ०६३ मंसिर २७ गते राति स्थानीय माओवादी कार्यकर्ता गोजु मण्डलले घरबाट अपहरण गरी कञ्चटमा पेस्तोल तेर्स्याएर मुक्का प्रहार गरी एउटा दाँत झारिदिए। पीडितको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।

अन्यबाट

रंगेली गाविस-८ का माओवादी मिलिसिया सहायक कमाण्डर सागर भनिने मदन मुर्मुले हतियार (पेस्तोल) प्रदर्शन गरेको आरोपमा ०६३ भदौ २२ गते स्थानीय बासिन्दाले कुटपिट गरे। पीडित टाउकोमा गहिरो चोट लागी बेहोस भए। उनलाई धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो।

गैरकानुनी गिरफ्तारी

हसन्दह गाविस-६ निवासी डन बस्को बोर्डिङ स्कूलका प्रिन्पिसल किरण थापा माओवादी भएको आरोपमा ०६२ पुस १७ गते बिहान सुरक्षाकर्मीले स्कूल जाँदै गर्दा बाटोबाटै गिरफ्तार गरी ०६२ पुस २१ गते तारेखमा रिहा गरे।

बाहुनी गाविस-४ निवासी धनीलाल माझी थारू, ननीलाल माझी थारू, सारथम माझी थारू, गोल्ठु माझी थारू, आशाराम माझी थारू, धनीया माझी थारू तथा दादरबैरिया गाविस-४ निवासी महादेव मण्डल र सोही गाविस-३ निवासी अमरलाल ऋषिदेव माओवादी भएको आरोपमा ०६२ माघ १० गते सुरक्षाकर्मीले घरघरबाट गिरफ्तार गरे। पीडितहरूमध्ये धनीलाल, ननीलाल, सारथम, गोल्ठु, आशाराम र धनियालाई ०६२ माघ १५ गते जिल्ला प्रहरी कार्यालय मोरङबाट रिहा गरियो। महादेव र अमरललालाई पुनरावेदन अदालत विराटनगरमा म्याद थप गरी आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत नजरबन्दमा राखियो। बाँकी रहेका सबै ०६३ जेठ १२ गते रिहा गरिए।

टाँडी गाविस-८ निवासी १८ वर्षीय ज्ञानेन्द्र निरौला र २० वर्षीय प्रकाश चौधरीले एसएलसी परीक्षाको तयारीका लागि गेस पेपर किन्न जाँदा ०६२ माघ २२ गते उर्लाबारी गाविसबाट उनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रशासन कार्यालय झापाले आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत ०६२ माघ २४ गते कारागारमा नजरबन्द गऱ्यो। पीडितहरू ०६३ वैशाख १२ गते रिहा गरिए।

माओवादी निकट थारूवान राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला सदस्यहरू कसेनी गाविस-७ निवासी ४८ वर्षीय मेनेजर भनिने कञ्चन चौधरी, बबियाविर्ता गाविस-५ का ५० वर्षीय जगनारायण खवास र दादरवैरिया गाविस-५ का विजय भनिने ३७ वर्षीय मागन चौधरीलाई ०६२ फागुन ५ गते सुरक्षाकर्मीले मोतिपुर गाविसबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पुनरावेदन अदालतमा म्यान थप गरी राखियो। पीडितहरू ०६३ जेठ २२ गते रिहा गरिए।

बयरवन गाविस-८ निवासी माओवादी कार्यकर्ता दीपेश भनिने देशबहादुर लिम्बू र सोही गाविस-८ का राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता देवेन्द्र थापा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरी घर फर्कने क्रममा ०६२ फागुन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये देवेन्द्रलाई ०६२ फागुन ७ गते जिल्ला प्रहरी कार्यालय मोरङले रिहा गऱ्यो भने देशवहादुरलाई विराटनगरको कोशी अञ्चल अस्पतालमा उपचार गरी मुद्दा दर्ता गरियो। पीडित ०६३ जेठ २९ गते रिहा गरिए।

टाँडी गाविस-८ निवासी उर्लाबारी बहुमुखी क्याम्पस स्नातक तहमा अध्ययनरत सुभाष कुँवर गणेश मगर माओवादी भएको आरोपमा ०६२ फागुन १९ गते कम्प्युटर कक्षा पढेर फर्कंदा उर्लाबारी गाविस आइतबारेबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ०६२ फागुन २५ गते इलाका प्रहरी कार्यालय उर्लाबारीबाट रिहा गरियो।

झुर्किया गाविस-९ का १७ वर्षीय सुवितनारायण महलीलाई ०६२ चैत ५ गते सुरक्षाकर्मीले सोही गाविसको घोक्रियामुनीबाट गिरफ्तार गऱ्यो। पीडित ०६३ वैशाख २९ गते रिहा गरिए।

उर्लाबारी गाविस-४ निवासी टाँडी गाविसस्थित देवकोटा प्राविका शिक्षक ४५ वर्षीय जनक आचार्यले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत १३ गते विहान उर्लाबारी गाविसस्थित उर्लाबारी चोकबाट सादा पोसाकका सुरक्षाकर्मीले को ३ प ५६३१ नम्बरको मोटरसाइकलसहित गिरफ्तार गरे। पीडितलाई ०६२ चैत १८ गते जिल्ला प्रशासन कार्यालयले जिल्ला कारागार शाखा, हाटखोलामा राख्यो। उनी ०६३ वैशाख १२ गते रिहा भए।

पुनः गिरफ्तार

पाँचथर जिल्ला एकतीन गाविस-४ घर भई मन्दीप बस्नेत र उदयपुर जिल्ला चौदण्डी गाविस-३ का युवराज तामाङलाई ०६२ पुस १७ गते पुनरावेदन अदालत विराटनगरले गैरकानुनी थुनामा राखेको भनी रिहा गर्न आदेश गरेलगत्तै सुरक्षाकर्मीले पुःन गिरफ्तार गरे। पीडितहरूलाई ०६२ पुस १९ गते आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेशअन्तर्गत नजरबन्दमा मोरङ कारागारमा चलान गरियो। पीडितहरू ०६२ जेठ १२ गते रिहा गरिए।

हसन्दह गाविस-१ निवासी यशोदा खतिवडा र इटहरा गाविस-३ की शान्ता राईलाई ०६२ माघ १० गते पुनरावेदन अदालत विराटनगरले गैरकानुनी थुनामा राखेको भनी थुनामुक्त गर्न आदेश गऱ्यो। बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत अदालतबाट रिहा भई निस्कनासाथ सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत ०६२ माघ १९ गते पुनः कारागार शाखा मोरङमा नजरबन्द गरियो। पीडितहरूलाई ०६२ चैत २५ गते पुनरावेदन अदालत विराटनगरको आदेशमा रिहा गरियो।

राजघाट गाविस-८ निवासी माओवादी कार्यकर्ता डिल्ली आपागाईंलाई ०६२ माघ २७ गते पुनरावेदन अदालत विराटनगरले बन्द्रप्रत्यक्षीकरणको रिटमा तारेखमा छाड्ने आदेश गरेलगत्तै सुरक्षाकर्मीले अदालतबाहिर निस्कनासाथ गिरफ्तार गऱ्यो। पीडितलाई पुनः कारागार नजरबन्द गरियो। उनलाई ०६२ मंसिर १२ गते पनि सोही अदालतले रिहा गर्न आदेश गरेकोमा गिरफ्तार गरियो। पीडित ०६३ जेठ ३१ गते रिहा भए।

सुनसरी जिल्ला धरान नपा-८ निवासी ५० वर्षीय प्रकाश बेगा राईलाई ०६२ फागुन ८ गते पुनरावेदन अदालत विराटनगरले बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत रिहा गर्ने आदेशलगत्तै अदालतबाहिरबाट सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। उनी यसअघि मोरङ कारागार शाखामा नजरबन्दमा थिए। पीडित ०६३ जेठ २९ गते रिहा भए।

तेह्रथुम जिल्ला हमरजुङ गाविस-९ निवासी १९ वर्षीय प्रकाश कार्कीलाई ०६२ चैत २० गते जिल्ला अदालतको रोहबरमा रिहा गर्नासाथ सुरक्षाकर्मीले अदालत परिसरबाटै गिरफ्तार गरे। उनी जिल्ला कारागार शाखामा आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत ०६२ भदौदेखि जिल्ला प्रशासन कार्यालय झापाले नजरबन्दमा राखिएका थिए। उनलाई सर्वोच्च अदालतले ०६२ चैत ११ गते बन्दीप्रत्यक्षीकरण रिटअन्तर्गत जिल्ला अदालतको रोहरमा छाड्न आदेश गरेको थियो। पीडित सोही दिन रिहा भए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका जिल्ला कमिटी सदस्यहरू महेश रेग्मी, रामलाल साह र हरि पोखरेल, सो पार्टीका कार्यकर्ताहरू दामोदर तिवारी, आमेश शर्मा, प्रायुसंघका नीमा बस्नेत, अनेरास्वियुका पारुल क्षेत्री, राजेन्द्र कार्की, रविशंकर झा, अभिजित दत्त, पेशल लुईटेल, कवि तिम्सिना, नवीन पौडेल, मनिष ढकाल, पारस ओझा, नेविसंघका दीपक कोइराला, रोहित कोइराला र कुमार सिंहलगायत ४२ जनालाई नगर निर्वाचनको विरोधमा विराटनगरका विभिन्न ठाउँमा प्रदर्शनका क्रममा ०६२ माघ १२ गते गिरफ्तार गऱ्यो। पीडितहरूमध्ये दीपक, नीमा, आमोदलाई सोही साँझ रिहा गरियो भने अन्यलाई माघ २८ गते जिल्ला न्यायाधीशको रोहबरमा रिहा गरियो।

एमालेका केन्द्रीय सदस्य विराटनगर उमनपा-१६ निवासी गुरु बराल, वैकल्पिक केन्द्रीय सदस्य लालबाबु पण्डित, जिल्ला सदस्य घनश्याम खतिवडा, पूर्व जिल्ला सदस्य राधेश्याम दली, नगर कमिटी सचिव बाबुराम कार्की, कार्यकर्ताहरू बासु थापा, गीरेन्द्र कार्की, केदार गुरागाईं र राजकुमार कार्की, नेकाँका कार्यकर्ताहरू गीता सिलवाल, दुर्गा बस्नेत, विजय श्रेष्ठ, नेकाँ (प्रजातान्त्रिक) का इन्दु कार्की, प्रायुसंघ जिल्ला अध्यक्ष राजेश बस्नेत र जिल्ला सदस्य राधेश्याम कट्टेललाई ०६२ माघ १३ गते घर तथा विराटनगरमा जुलुस प्रदर्शनका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। तीमध्ये गीरेन्द्र, राधेश्याम, दुर्गा, गीता, इन्दुलाई सोही दिन रिहा गरियो भने बाँकीलाई माघ २८ गते जिल्ला अदालतको रोहबरमा रिहा गरियो।

नेकाँ जिल्ला कार्य समितिका पूर्व सचिव गोपालमानसिंह राजभण्डारी, स्नातकोत्तर क्याम्पस स्ववियु सभापति शंकर भट्टराई, महेन्द्र मोरङ स्ववियु सभापति सागर थापा र सदस्य सीमा आभाष भनिने सजना दाहाल, अनेरास्ववियु (एकीकृत) की जिल्ला अध्यक्ष नीशा साह, नेविसंघका कार्यकर्ता पवनकुमार मण्डल र बटुवा सुमन सुब्बालाई नगर निर्वाचनको विरोध गरेको भनी बाटो र घरबाट ०६२ माघ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारमध्ये सागर, शंकर, सजना दाहाल र निशालाई सार्वजनिक सुरक्षा अपराध ऐनअन्तर्गत तीन महिने पूर्जी थमाई ०६२ माघ २८ गते जिल्ला अदालतको रोहबरमा रिहा गरियो। बाँकीलाई ०६२ माघ २० गते रिहा गरियो। सोही दिन विद्यार्थी, प्रहरीबीचको ढुंगा हानाहानमा अनेरास्ववियु एकीकृत केन्द्रीय सदस्य भोगेन्द्र यादव, नेविसंघ (प्रजातान्त्रिक)का कार्यकर्ता मनोजकुमार मण्डल, महेश मण्डल, टीकाराम सिटौला, सन्तोष नेपाल र युवराज बुढाथोकी तथा प्रहरीतर्फ डीएसपी प्रदीप खड्का, प्रहरी जवानद्वय महेन्द्रकुमार श्रेष्ठ र गंगा पौडेल घाइते भए। घाइतेहरूको स्थानीय कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

विराटनगर उमनपा-१६ निवासी एमाले जिल्ला कमिटी सदस्य रामेशचन्द्र पौडेल र बेलबारी गाविसका सोही पार्टीका जिल्ला कमिटी सदस्य दिलप्रसाद राई, एमाले कार्यकर्ताहरू युवनाथ ढकाल, तिलक ढकाल, शालिग्राम पाण्डे (गण्डकीपुत्र), अनेरास्ववियुका केन्द्रीय सदस्य राजकुमार ओझा, कार्यकर्ताहरू लोचन भट्टराई, कञ्चनमाला बर्मा, नेकाँका जिल्ला सदस्य सुधीर अर्याल, विद्यार्थीहरू पशुपति लुईंटेल, श्याम श्रेष्ठ, योगेन्द्र पोखरेल, बलराम न्यौपाने, अमितकुमार मेहता, राहुल गुप्ता, मनोज राजवंशी तीर्थ घिमिरेलगायत २२ जनालाई ०६२ माघ १९ गते विराटनगरका विभिन्न ठाउँबाट नगर निर्वाचनको विरोध गरेको भनी सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारमध्ये कञ्चनमालालाई सोही साँझ रिहा गरियो। रमेशचन्द्र, दिलप्रसाद, शालीग्राम, तिलक, बलराम, योगेन्द्र, राजकुमार, सुधीर, लोचन, युवनाथलाई सोही दिन नजरबन्दको पूर्जी थमाई मनोज, पशुपति, कञ्चनमाला, तीर्थ ०६२ माघ ३० गते र बाँकी माघ २८ गते पुनरावेदन अदालत विराटनगरको आदेशमा बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत रिहा भए।

नेपाल पत्रकार महासंघ मोरङ शाखाका सचिव डिल्ली पोखरेल, प्रेस चौतारी नेपाल, मोरङका अध्यक्ष महेन्द्र विष्ट र महासंघ शाखाका सदस्य, विजय पाठकलाई ०६२ माघ १९ गते सुरक्षाकर्मीले विराटनगरमा विरोध जुलुसबाटै गिरफ्तार गरे। उनीहरूलाई सोही दिन रिहा गरियो। महासंघ शाखाले माघ १९ लाई सरकारले प्रेस स्वतन्त्रताविरोध नीति अख्तियार गरेको कालो दिनका रुपमा विराटनगरमा मौन जुलुस प्रदर्शन गरेको थियो।

नेकाँका केन्द्रीय सदस्य महेश आचार्य, जिल्ला सभापति अमृत अर्याल, नगर सभापति कामक्ष पराजुली, केन्द्रीय सदस्य आमोदप्रसाद उपाध्याय, केन्द्रीय नेतृ नोना कोइराला, क्षेत्रीय सचिव दिलीप सापकोटा, जिल्लास्तरीय कार्यकर्ताहरू सुदनबहादुर कार्की र केदारबहादुर बस्नेत, एमालेका जिल्ला सचिव नरेश पोखरेल, जिल्ला सदस्यहरू चन्द्रबीर राई, मोहन उदास, जीवन घिमिरे, मीरा गुरुङ, अनेमसंघकी केन्द्रीय सदस्य यशोदा अधिकारीलगायत एकसय ३१ जनााई ०६२ माघ २६ गते सुरक्षाकर्मीले नगर निर्वाचनको विरुद्धमा जुलुस प्रदर्शन गरेको आरोपमा विराटनगरको पोखरिया, तीनपैनी, देवकोटा चोक, महेन्द्र चोक, बसपार्क, रोडशेष चोक गिरफ्तार गरी माघ २७ गते रिहा गऱ्यो।

नेकाँ जिल्ला कार्यसमितिका सभापति अमृत अर्याल र नगर सभापति कामक्ष पराजुलीलाई ०६२ माघ २२ गते नगर

निर्वाचन विरोधी जुलुस प्रदर्शनका क्रममा विराटनगर उमनपा-१४ स्थित ट्राफिक चोकमा सुरक्षाकर्मीले गोली प्रहार गऱ्यो। सो गोली पीडितद्वयलाई लागेन। सो घटनाको चारैतर्फबाट विरोध भएपछि ०६२ माघ ३० गते जिल्ला प्रहरी कार्यालयले सोही कार्यालयका सई रविन्द्रप्रसाद शर्माको नेतृत्वमा चार सदस्यीय छानबिन समिति बनायो। तर समितिले प्रतिवेदन सार्वजनिक गरेन र कसैलाई कारवाही गरेको जनाइएन। छानबिन समिति बन्नुअघि ०६२ माघ २३ गते सोही कार्यालयलले प्रहरी जवान लड्दा बन्दुक भूईंमा ठोक्किएर पड्किएको दुर्घटना हो भनेको थियो। पीडितहरूले सोको भोलिपल्ट पत्रकार भेटघाटमा आफूहरूलाई ताकेर गोली हानिएको दावी गरेका थिए।

टंकिसिनवारी गाविसका एमाले कार्यकर्ता राजकुमार खवास र सोही गाविसका मजदुर भेत्रा खवासले बजार तथा उद्योग बन्द गरेको आरोपमा ०६२ चैत २४ गते सुरक्षाकर्मीले उनीहरूलाई टंकिसिनवारी गाविसकै बाबा शिव प्लाष्टिक उद्योगबाट गिरफ्तार गरी ०६२ चैत २८ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

विराटनगर उमनपाका नेविसंघ जिल्ला उपाध्यक्ष मुक्ति न्यौपानेले आन्दोलनका क्रममा डिआईजीको बा १ च ३३२९ नं. को गाडीमा तोडफोड गरेको आरोपमा ०६२ चैत २५ गते बिहान बसपार्क विराटनगरबाट सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। उनलाई जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराध ऐनअन्तर्गत नजरबन्दमा राखी ०६२ चैत ३१ गते आन्दोलनकारी विद्यार्थीहरूले जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएपछि सोही दिन रिहा गरियो।

विराटनगर उमनपा निवासी नेविसंघका कार्यकर्ताद्वय देवचन्द्र घिमिरे र गोपाल खत्री, विराटनगर उमनपा-१५ निवासी मासु व्यापारीद्वय खुसुनी मिया र करिम मिया ०६२ चैत २७ गते विराटनगर बसपार्कमा प्रहरीले प्रदर्शनकारीमाथि लाठी प्रहार गर्दा घाइते भए। उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

विराटनगर एमालेका कार्यकर्ताहरू मुकेश बुढाथोकी, अजय परवेज, विवेक घिमिरे, पर्शुराम बस्नेत, अनेरास्वियुका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष पारुल क्षेत्री, मदन कार्की, सोमबहादुर तामाङ, उत्सव गिरी, रोशन थापा, विकास खड्का, रामेश्वर मण्डल र पप्पु मगरलाई ०६२ चैत २८ गते विराटनगरका विभिन्न ठाउँबाट लोकतन्त्रको पक्षमा जुलुस प्रदर्शन गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पारुलबाहेक सबैलाई सोही दिन र पारुललाई चैत ३१ गते रिहा गरियो।

विराटनगर उमनपा-१६ निवासी अन्नपूर्ण पोष्ट दैनिकका पत्रकार मनोज श्रेष्ठ, कान्तिपुर दैनिकका फोटो पत्रकार अर्जुन पोखरेल र दर्शन दैनिकका सुवास कार्कीलाई समाचार संकलन गर्दा ०६२ चैत २९ गते बसपार्कमा सुरक्षाकर्मीले लाठीचार्ज गरी घाइते तुल्याए। पीडितमध्ये मनोजको कोशी अञ्चल अस्पतालमा उपचार भयो।

नेविसंघका जिल्ला सचिव रविन राई, सो संघका कार्यकर्ताहरू सञ्जय मण्डल, सन्तनु मण्डल र किरण कार्कीलाई ०६३ वैशाख १० गते साँझ लोकतन्त्रको माग गर्दै मसाल जुलुस दर्शन गर्दा विराटनगर उमनपा-१४ स्थित तत्कालीन नगरप्रमुख प्रह्लाद साहको घर अगाडि सडकमा सुक्षाकर्मी र भिजिलान्तेले लाठी तथा ढुंगा प्रहार गरी घाइते तुल्याए। उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

खोटाङ जिल्ला निवासी नवीन ढुंगाना, सप्तरी जिल्ला निवासी सञ्जीव पोखरेल, झापा जिल्ला निवासी पुण्य रेग्मी, विरानगर उमनपा-१३ निवासी अशोक अग्रवाल, विराटनगर उमनपा-१६ का मुन्ना मिश्र र सञ्जीव भट्टराईलाई ०६३ वैशाख ११ गते लोकतन्त्रको पक्षमा जुलुस प्रदर्शन गरी घर फर्कने क्रममा विराटनगर उमनपा-१४ स्थित रोडशेष चोकमा सुरक्षाकर्मीले प्रहार गरेको लाठीले घाइते भए। उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालत मोरङमा कूल १ हजार ५ सय २७ मुद्दा परे। तीमध्ये ४ सय ९९ फर्स्यौट भई १ हजार २८ बाँकी रहे। तीमध्ये पनि देवानीतर्फ ८ सय ४७ र फौजदारीतर्फ ६ सय ८० मुद्दाहरू थिए। देवानीतर्फ २ सय ७६ फर्स्यौट भई ५ सय ७१ फौजदारीतर्फ २ सय २३ फर्स्यौट भई ४ सय २७ बाँकी रहे।

बिगो भराउनेतर्फ १ सय ७८ मध्ये फर्स्यौट भई १ सय २३, चलन चलाउनेतर्फ ६३ मध्ये आठ फर्स्यौट भई ५५ बाँकी रहे। त्यसैगरी बण्डा छुट्याउनेतर्फ ६४ मध्ये २० ओटा फर्स्यौट भई ४४ बाँकी रहे। यो वर्ष पनि २० ओटा देवानीतर्फ र ३३ ओटा फौजदारीतर्फ दुई वर्ष नाघेका मुद्दा छिन्न बाँकी नै रहे।

अदालतमा बाल इजलास पनि गठन भएको छ। बाल अदालतमा यो वर्ष चारओटा मुद्दा दर्ता भए पनि बाल मुद्दा फर्स्यौट भएनन्।

पुनरावेदन अदालत विराटनगरमा यो वर्ष ३ सय ८१ मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी परेका १ हजार ३ सय ७९ ओटा मुद्दा थिए। दुवै वर्षका गरी कूल ५ सय २८ मुद्दा फर्स्यौट भई १ हजार २ सय ५१ बाँकी रहे। गत वर्ष व्यक्तिवादी देवानीतर्फ ८ सय ४४ मुद्दा यो वर्ष २ सय ८ दर्ता भए र सरकारवादीतर्फ एउटा र यो वर्ष दुईओटा दर्ता भए। १ सय ५२ ओटा मुद्दा गते वर्षबाट जिम्मेवारी सरे भने यो वर्ष २४ ओटा मुद्दा र यो वर्ष ९२ ओटा मुद्दा दर्ता भए।

बालअधिकार

इन्द्रपुर गाविस-३ की ७ वर्षीया एक बालिकालाई ०६२ फागुन २४ गते सोही ठाउँका ७० वर्षीय भक्तबहादुर तामाङले बलात्कार गरे। पीडितलाई स्वास्थ्य परीक्षण तथा उपचारका लागि बिराटनगरस्थित कोशी अञ्चल अस्पतालमा ०६२ फागुन २५ गते भर्ना गरियो। पीडकलाई गाउँलेले कुटपिट गरी घटना भएकै दिन इलाका प्रहरी कार्यालय बेलबारीमा बुझाए। पीडक सात दिनपछि सोही कार्यालयबाट रिहा भए।

पथरी गाविस-१ निवासी एक नौ वर्षीया बालिकालाई नजिकको जंगलमा पिसाब फेर्न गएको बेला ०६३ जेठ ९ गते दिउँसो जिल्ला, हडिया बुधबारे गाविस-९ का हृदयचन्द्र भनिने हिरण्य कार्कीले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार भयो। पीडक असार २१ गते पुर्पक्षका लागि कारागारमा नजरबन्दमा रहेका छन्।

तेतरिया गाविसकी एक पाँच वर्षीया बालिकालाई ०६३ जेठ १६ गते सोही गाविसका ईश्वरलाल माझीले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार भयो। पीडकलाई मुलुकी ऐन जबजरस्तीकरणी महलअन्तर्गत कारागारमा राखिएको छ।

टंकिसिनवारी गाविसकी पाँच वर्षीय एक बालिकालाई ०६३ असार २ गते साँझ पोलस्टार बोर्डिङ स्कूल भवनमा काम गर्ने १२ वर्षीय लखन सरदारले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पताल विराटनगरमा उपचार भयो। पीडक फरार छन्।

मधुमल्ला गाविस-४ की ७ वर्षीया बालिकालाई ०६३ साउन १ गते सोही ठाउँका सुनील श्रेष्ठले नजिकैको जंगलमा गोठालो गएको बेला बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पताल विराटनगरमा उपचार गरियो। पीडकलाई साउन ३ गते इलाका प्रहरी कार्यालय उर्लाबारीले गिरफ्तार गरी कारबाही चलायो। पीडक मोरङ कारागारमा नजरबन्दमा छन्।

शनिश्चरे गाविस-९ स्थित शरणार्थी शिविरकी ९ वर्षीया बालिकालाई ०६३ साउन ५ गते सोही शिविरका ३२ वर्षीय मोती अधिकारीले बलात्कार गरे। पीडितलाई शिविरकै स्वास्थ्य केन्द्रमा तत्काल उपचार गरिएको थियो। पीडकलाई ०६३ साउन ५ गते प्रहरीले गिरफ्तार गऱ्यो।

शनिश्चरे गाविस-९ स्थित भुटानी शरणार्थी शिविरकी ५ वर्षीया एक बालिकालाई ०६३ साउन २९ गते सोही शिविरका १४ वर्षीय हरिचन्द सुवेदीले बलात्कार गरे। पीडितको राष्ट्रसंघीय शरणार्थी आयोगको सहयोगमा कोशी अञ्चल अस्पताल विराटनगरमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई साउन ३० गते इलाका प्रहरी कार्यालय, उर्लाबारीले गिरफ्तार गऱ्यो।

विराटनगर उमनपा-१६ दरैयाकी ९ वर्षीया एक बालिकालाई ०६३ असोज २३ गते साही ठाउँका १७ वर्षीय प्रदीप महतोले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार गरियो। पीडक सोही दिन गिरफ्तार भए।

सुन्दरपुर गाविस-२ घर भई पञ्चायत माबि गोठगाउँमा कक्षा-१० मा अध्ययनरत १५ वर्षीय राजदेव चौधरी, १२ वर्षीय कमल विश्वकर्मा, जुपिटर इङ्लिस स्कूल कक्षा-७ का रमेश चापागाईं, पञ्चायत माविका २० वर्षीय भरत लामा तामाङ, सानु मिजार र दुलारी गाविस-३ घर भई साजिलाल उच्चमाबि कक्षा-१० मा अध्ययनरत १५ वर्षीय राजु अधिकारीलगायतका विद्यार्थीहरूलाई ०६३ कात्तिक २८ गते माओवादीले जागिर लगाई दिने प्रलोभनमा पारी अपहरण गरे। तीमध्ये राजदेव कात्तिक २९ गते भागेर घर फर्किए, रमेशलाई २८ गते नै आमा पवित्राले फर्काइन्। कमल अधिकारकर्मीको पहलमा ०६३ मंसिर १ गते पञ्चायत माबि गोठगाउँबाट मुक्त गरिए। अन्य बाँकी वर्षको अन्त्यसम्ममा घर फर्किएनन्।

सुन्दरपुर गाविस-२ स्थित, पञ्चायत माबि गोठगाउँ कक्षा-१० का १६ वर्षीय सन्तोष लामिछाने, सोही गाविस-२ स्थित साजीलाल उच्चमाबि कक्षा-१२ का १७ वर्षीय मनोज गिरी, वडा-१ स्थित पञ्चायत माबि कक्षा-१० का २० वर्षीय सन्तोष खतिवडा, १५ वर्षीय प्रवीण सुवेदी, कक्षा-८ का १७ वर्षीय विष्णु दाहाल र १५ वर्षीय बिमल दाहाललाई ०६३ कात्तिक २९ गते माओवादीले ललाइफकाई घर, बाटो र विद्यालयबाट अपहरण गरी पीडितहरूमध्ये सन्तोष, मनोज, प्रवीण र विष्णु अभिभावकको दवाव र अधिकारकर्मीको पहलमा ०६३ मंसिर १ गते पञ्चायत माबि परिसरबाट मुक्त गरिए भने अन्य बाँकी यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

दुलारी गाविस-६ निवासी श्रीखण्ड निमाबि कक्षा-८ की १४ वर्षीया सृजना उराँव, कक्षा-८ का १४ वर्षीय रामप्रसाद उराँव, १४ वर्षीय मनोज उराँव, पञ्चायत माबि कक्षा-८ का १८ वर्षीय राजन ढकाल, १३ वर्षीय सन्तोष बाँस्तोला र माउण्ट मनास्लु बोर्डिङ स्कूल कक्षा-९ का १६ वर्षीय सन्तोष उराँवलाई ०६३ कात्तिक २९ गते माओवादीले ललाइफकाइ तथा झुक्याएर घर, स्कूल र बाटोबाट अपहरण गरे। पीडितहरूमध्ये राम र मनोजलाई कात्तिक ३० गते मुक्त गरियो भने अन्य बाँकी यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

अर्घाखाँची जिल्ला घर भई उर्लाबारी गाविस-३ स्थित लुम्बिनी फाष्टफुडमा कार्यरत १४ वर्षीय लोकबहादुर घर्ती मगर, झापा जिल्ला दमक नपा-८ ताराबारी घर भई उर्लाबारी गाविसस्थित सोही फाष्टफुडमा कार्यरत १५ वर्षीय गोपाल दर्जी, केरौन गाविस-३ का १५ वर्षीय तेजबहादुर राजवंशी, उर्लाबारी गाविस-३ स्थित राधिका माबि कक्षा-७

का १३ वर्षीय सुरेश परियार र कक्षा-७ मा अध्ययनरत १४ वर्षीय अर्जुन श्रेष्ठलाई ०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये लोक, गोपाल तेज ०६३ मंसिर ४ गते, सुरेश र अर्जुन कात्तिक ३० गते मधुमल्ला गाविसबाट मुक्त भए।

लेटाङ गाविस-८ कि ९ वर्षीया एक बालिकालाई ०६३ मंसिर २४ गते बजारबाट घर फर्कदै गर्दा सोही ठाउँका २३ वर्षीय दीपक ढकालले बलात्कार गरे। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडकलाई मंसिर २६ गते प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बेलबारीमा हिरासतमा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार

बरडंगा गाविस-६ निवासी ३५ वर्षीया एक महिलालाई ०६३ साउन २० गते डाइनियाँ गाविस-४ का गुनुवा ऋषिदेव र करण ऋषिदेवले बलात्कार गरी हत्या गरे। पीडकहरूलाई ०६३ भदौ २१ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। पीडकहरू कारागार शाखा मोरङ, विराटनगरमा नजरबन्दमा राखिएका छन्।

बेलबारी गाविस-२ लिलभित्ती निवासी एक ४५ वर्षीया विवाहित महिलालाई ०६३ साउन २२ गते खोटाङ जिल्ला फेदी गाविस-८ का २९ वर्षीय नरबहादुर दमाईले बलात्कार गरे। पीडकलाई साउन २९ गते इलाका प्रहरी कार्यालय बेलबारीले गिरफ्तार गऱ्यो। पीडकलाई भदौ १४ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा राखिएको छ।

पारिवारिक हिसा

आमगाछी गाविस-५ बाहुवान टोल निवासी २६ वर्षीया एक विवाहित महिलालाई ०६२ पुस २५ गते घरमै गई सोही ठाउँका २६ वर्षीय हिरालाल मण्डलले बलात्कार गरे। पीडितले उजुरी दिएपछि जिल्ला अदालतले पीडकलाई तारेख राख्ने फैसला गऱ्यो। पीडितले पुनरावेदन अदालतमा मुद्दा हालेकी छन्।

गोविन्दपुर गाविस-६ की पवित्रा उप्रेतीले रंगीन टीभी दाइजो नल्याएको आरोपमा ०६२ फागुन २९ गते सुसुरा सुसनारायण र नन्द लोककुमारीले कुटपिट गरे। पीडितले कुटपिट सहन नसकी विष सेवन गरिन्। उनको उपचार रंगेली अस्पतालमा गरियो।

डाँगीहाट गाविस-५ लक्ष्मीमार्गकी २२ वर्षीया नीशा दर्जीलाई ०६३ असोज ८ गते पति बालकृष्ण दर्जीले माइतबाट दाइजो नल्याएको आरोपमा कुटपिट गरे। चार वर्षअघि विवाह गरेकी पीडितका एक छोरा र एक छोरी रहेका छन्।

दुर्व्यवहार

कटहरी गाविस-९ नयाँ बजारकी ५५ वर्षीया आशोदेवी राय अमातलाई ०६३ मंसिर २० गते स्थानीय बासिन्दाले बोक्सीको आरोपमा कुटपिट गरी दिशा खुवाए। पीडितमाथि भएको अमानवीय व्यवहार रोक्न खोज्दा २० वर्षीय छोरा अर्जुनलाई पनि कुटपिट गरियो। पीडितद्वयलाई स्थानीयवासीले गाउँ निकालाको कागज गराए। उनीहरू विस्थापित भई विराटनगर उमनपा-३ स्थित जेठो छोराको घरमा बस्दै आएका छन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६३ मंसिर २७ गते पीडकहरूविरुद्ध उजुरी दिएकी छन्। पीडकहरू फरार छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता)

कदमहा गाविस-३, कर्सिया निवासी जोसेफ मरण्डीले सुराकी गरेको, जनतालाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख १६ गते माओवादीले उनको घरमा तालाबन्दी गरिदिए। तालाबन्दीका कारण पत्नी लउलम्मा, छोरी डार्लीलगायत पाँचजना विराटनगरमा विस्थापित भए।

कटहरी गाविस-६ का सुदेश राठीको तीन बिघा १८ कट्ठा ६ धुर खेतीयोग्य जग्गा ०६३ वैशाख १७ गते सोही ठाउँका माओवादी कार्यकर्ता पञ्चु पासवानले मोहियानी हक लाग्छ भनी कब्जामा लिएर खनजोत गरी खेती लगाए। पीडितले जिल्ला प्रशासनमा उजुरी गरे।

साराभाग गाविस-७ स्थित महेन्द्र माविको २० विघा र आदर्श उच्चमाविको १८ बिघा जग्गा ०६३ असार १३ गते माओवादीले कब्जामा लिए। सो जग्गा स्थानीय भानु मण्डलले ठेक्का लिई खेतीपाती गर्दै आएका थिए। खेतमा कालो झण्डा गाडेर माओवादी कार्यकर्ता विशालले अन्तरिम सरकारमा आफ्नो पार्टी संलग्न नभएसम्म कब्जामा लिएको जग्गा फिर्ता नगरिने बताए।

पथरी गाविस-१ स्थित पथरी बजारबाट प्रकाशित हुने मोफसल साप्ताहिक पत्रिकाको कार्यालयमा ०६३ भदौ ३० गते माओवादीले तालाबन्दी गरे। भदौ ३१ गते नागरिक अनुगमन समितिको पहलमा ताला खुल्यो। पीडितका अनुसार पत्रिकामा माओवादीले गरेका कार्यको गलत ढंगले समाचार प्रकाशित गरी बदनाम गरेको भन्दै तालाबन्दी गरिएको थियो।

संरचना क्षति

भातिगछ गाविस-५ स्थित सामान्य प्रशासन मन्त्री बद्रीप्रसाद मण्डलको घरमा ०६२ माघ २५ गते राति माओवादीले बम विस्फोटन गराई फ्रिज, दराजलगायतका सामानहरू क्षतिग्रस्त गराए। विस्फोटन गर्नुअघि सो घरमा

बसेका विजेन्द्र यादव र घनश्याम पासवानलाई घरबाहिर निकालिएको थियो।

विराटनगर उमनपा-४ बटुमार्गस्थित शाही सरकारद्वारा मनोनित जिविस सभापति बल्लभमणि दाहालको घरमा ०६२ माघ ९ गते माओवादीले बम विस्फोटन गराउँदा चारओटा कोठामा क्षति पुग्यो।

विगतका अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका पाँच जना पुरुष र एक जना महिलाको स्थिति अज्ञात छ।

यसरी बेपत्ता पारिएकाहरूमा शनिश्चरे गाविस-९ निवासी ३४ वर्षीय दाताराम तिम्सिना, इटहरा गाविस-६ निवासी २५ वर्षीय तिलक केसी, गोविन्दपुर गाविस-१ निवासी ३१ वर्षीय टंक लामा तामाङ, उर्लाबारी गाविस-२ निवासी माओवादीका जिल्ला कमिटीका सदस्य २३ वर्षीय कुवेर आपागाईं, इटहरा गाविस-६ दाम्राभिट्टा निवासी अखिल नेपाल महिला संघ(क्रान्तिकारी) को मोरङ जिल्ला समिति कोषाध्यक्ष २० वर्षीया मीना लिम्बू र गोविन्दपुर गाविस-१ घर भई विराटनगर उमनपा-१६ का २५ वर्षीय गोपाल दंगाल रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका चार जना पुरुषको स्थिति अज्ञात छ।

यसरी बेपत्ता पारिएकाहरूमा पथरी गाविस-९ का २६ वर्षीय राजन राई, विराटनगर उमनपा-१५ स्थित महेन्द्र चोकमा खुद्रा व्यापार गर्ने राजन राई, पथरी गाविस-३ निवासी ४० वर्षीय चन्द्र साही र डंग्राहा गाविस-५ कमलपुरका ४० वर्षीय कृषक पुण्यप्रसाद दाहाल रहेका छन्।

१.६ सुनसरी



जनसंख्या : ६,२५,६३३
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३०.३
क्षेत्रफल (वर्ग कि. मि.) : १२५७
गाविस/नपा संख्या : ४९/३
निर्वाचन क्षेत्र : ५
विद्यालय : ३०५
क्याम्पस/उच्च मा.वि. : ११/१८
अस्पताल/स्वास्थ्य चौकी : ३/५७
टेलिफोन लाइन : ८०००
मोटर सडक (कि. मि.) : ३१५
प्रहरी कार्यालय संख्या : ८
हुलाक संख्या : ५५
मानव विकास सूचकाङ्क : ०.५००
प्रति परिवार सरदर संख्या : ५.२१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या/गोली

राज्यबाट

पाँचथर जिल्ला एकतीन गाविस निवासी माओवादी कार्यकर्ता रक्तिम भनिने १९ वर्षीय रोशन राईलाई ०६२ माघ २० गते सुरक्षाकर्मीले इटहरी नपा-८ लक्ष्मी निमावि छेउमा गोली हानी हत्या गरे।

धरान नपा-१५ पुरानो खोरिया बस्तीका १८ वर्षीय ईश्वर तामाङ माओवादी भएको आशंकामा ०६२ फागुन ६ गते सुरक्षाकर्मीले उनलाई गोली हानी हत्या गरे। पीडित सर्वसाधारण हुन्।

इटहरी नपा-५ स्थित काव्यबाटिका छेउमा माओवादीका किरण भनिने श्यामकुमार राईलाई ०६२ फागुन १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

धरान नपा-६ भानुचौकस्थित वडा प्रहरी कार्यालयमा काममा खटिएको अवस्थामा प्रहरी जवान ३० वर्षीय हेम श्रेष्ठलाई ०६२ चैत ८ गते माओवादीले गोली हानी हत्या गरे।

भोक्राहा गाविस-७ घर भई नेपाल प्रहरीमा कार्यरत जवान २१ वर्षीय ईन्द्रदेव यादवलाई ०६२ माघ १९ गते इटहरी नपा-१ स्थित बजारमा काममा खटिएको अवस्थामा माओवादीले घाँटीमा गोली हानी घाइते पारे। पीडितको उपचारको क्रममा माघ २५ गते मृत्यु भयो।

गोली/बम /विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

धरान नपा-१४ निवासी ७ वर्षीय निरकाजी गिरी, १४ वर्षीया दीपा भुजेल र १३ वर्षीया मनिषा भुजेल ०६२ माघ २६ गते नगर निर्वाचनका बेला दन्तकाली निमाविमा रहेको बुथलाई लक्षित गरी माओवादीले बम विस्फोट गराउँदा छर्रा लागी घाइते भए।

माओवादीबाट

इटहरी नपा-१ निवासी ४ वर्षीय सुगम चौधरी नगर निर्वाचनको विरोधमा ०६२ माघ २२ गते माओवादीले गराएको बम विस्फोटमा परी घाइते भए। बम विस्फोटनमा परी चौधरीका नाति पनि घाइते भए।

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका परिचर बलबहादुर खड्का, धरान नपा-४ निवासी ३५ वर्षीय दीपक पौडेल र भेडेटार गाविस-४ धनकुटा निवासी निरज तामाङ धरान नपा-६ भानुचौकस्थित वडा प्रहरी कार्यालयमा ०६२ चैत ८ गते माओवादीले आक्रमण गर्दा चलाएको गोली लागी घाइते भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

बारा जिल्ला सिमरन गाविस-९ घर भई प्लान नेपालमा कार्यरत ५५ वर्षीय जयमगंल ठाकुरलाई ०६३ जेठ १० गते सत्तेरझोरा गाविस-१ मा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले टाउको र ढाडमा गोली हानी घाइते पारे।

बेपत्ता /अपहरण

माओवादीबाट

पाँचथर जिल्ला नागिन गाविस-४ निवासी ३० वर्षीय भीम सुब्बा, धरान नपा-८ बरगाछी निवासी २४ वर्षीय शम्भु दमाई, धरान नपा-१५ निवासी २३ वर्षीय ओम राई, धरान नपा-६ निवासी २६ वर्षीय पुरनध्वज राई, भरौल गाविस-३ निवासी १९ वर्षीय डम्बर मगर, सोही ठाउँ निवासी २७ वर्षीय विमल राई, २८ वर्षीय विष्णुकुमार लिम्बू, धरान नपा-८ निवासी २४ वर्षीय दीपेश राई, सोही नपा-१३ निवासी ३० वर्षीय दीपक लिम्बू, २३ वर्षीय नवराज राई, सोही नपा-८ निवासी २४ वर्षीय हेमन्त राई, २७ वर्षीय राजु श्रेष्ठ, सोही ठाउँका २० वर्षीय रामकुमार विश्वकर्मा र २१ वर्षीय लीलकुमार राईलाई लागू पदार्थको बिक्री वितरण र सेवन गरेको आरोपमा ०६२ चैत २६ गते माओवादीले अपहरण गरी शारीरिक यातना दिई वैशाख ३० गते मुक्त गरे।

डुम्राहा गाविस-३ निवासी ४० वर्षीय राजकुमार चौधरी, ३५ वर्षीय भोला चौधरी, ४२ वर्षीय श्यामदेव मण्डल, ३४ वर्षीय सत्यनारायण उराव, ३५ वर्षीय रामसेवक चौधरी र सोही गाविस-४ निवासी सिद्धीराम चौधरीलाई वन्यजन्तुको तस्करी आरोपमा ०६३ असार २ गते माओवादीले अपहरण गरी शारीरिक यातना दिई असार ४ गते मुक्त गरे।

श्रीपुरजब्दी गाविस-५ निवासी ३९ वर्षीय राजकुमार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	२	२	४	२	२		२	३	३			३
घाइते	३	६		६	३	५	२	७	३	३			३
गिरफ्तारी/यातना									९	१७			१७
कुटपिट					७	६	२	८	१		१		१
धम्की	२	२		२									
भेला/संगठित हुने अधिकार									१२	९	४	३२०२	३२१५
महिलाअधिकार	५		५	५									
बालअधिकार	१४		१४	१४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१					
अपहरण	३	५		५	१०	२८	१	२९					
जम्मा	३१	१५	२१	३६	३३	४२	५	४७	२८	३२	५	३२०२	३२३९

कुसियतलाई तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्तालाई सहयोग गरेको आरोपमा ०६३ भदौ १० गते घरमा बसिरहेको बेला माइक्रो बसमा आएका माओवादीले अपहरण गरी भदौ ११ गते मुक्त गरे।

कप्तानगञ्ज गाविस-३ निवासी ३९ वर्षीय बासुदेव मेहतालाई चौपाया चोरी, तस्करी तथा गुण्डागर्दी गरेको आरोपमा ०६३ असोज १० गते माओवादीले अपहरण गरी असोज २० गते मुक्त गरे।

धरान नपा-६ निवासी २५ वर्षीय गोवर्धन भनिने आकाश अग्रवाललाई लागू पदार्थ दुर्व्यसनी भएको आरोपमा ०६३ असोज २२ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे। पीडित एक महिनापछि मुक्त भए।

धरान नपास्थित जिल्ला हुलाक कार्यालयमा कार्यरत ३८ वर्षीय भीमप्रसाद प्याकुरेललाई ०६३ असोज २३ गते राति माओवादीले घरबाट अपहरण गरे। पीडितलाई कात्तिक २४ गते मुक्त गरे।

धरान नपा-६ निवासी ३० वर्षीय निमेश क्षेत्रीलाई रिक्सा मजदुरहरूको रकम हिनामिना गरेको आरोपमा ०६३ असोज ३० गते माओवादीले अपहरण गरे। पीडितलाई मंसिर ३ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

इटहरी नपा-५ निवासी ५५ वर्षीय रोमनाथ लम्साललाई ०६२ चैत २७ गते इटहरीमा राजतन्त्र विरोधी प्रदर्शन गरिरहेको अवस्थामा डीएसपी विभूतीराज पाण्डेले लाठ्ठी र बुटले कुटपिट गर्दा शरीर र अनुहारमा नीलडाम भएर शरीर सुन्नियो।

डम्बरुबल्लब भण्डारी, टंक पोखरेल, धिरज भट्टराई, अवधेशकुमार झा, रोश तिम्सिना, हरि भट्टराई, केशवबाबु खतिवडा, रमेश भट्टराई, सुकदेव चौधरी, राजन निरौला र वेदराज पौडेललाई लोकतन्त्रको माग गर्दै इनरुवामा ०६२ चैत २९ गते प्रदर्शन गर्दा प्रहरीको कुटपिटबाट घाइते भए।

कस्तुरी एग्रो प्रालि, दुहवीमा कार्यरत मजदुर ३२ वर्षीय शत्रुधन चौधरी, ३० वर्षीय प्रशान्त चौधरी, २५ वर्षीया आशा खाँ, ३५ वर्षीय मतुलाल राजवंशी, २८ वर्षीया प्रनीता चौधरी, ३० वर्षीया देवियान्ती चौधरीलगायत १० जना मजदुरलाई, स्थायी गर्नुपर्ने, ज्याला वृद्धि गर्नुपर्नेलगायतका माग राखी शान्तिपूर्ण प्रदर्शन गरी यातायात अवरुद्ध गरेपछि प्रहरीले ०६३ भदौ ३१ गते प्रहरीले कुटपिट गरी घाइते पारे।

पत्रकार सुमन पुरी, सोमनाथ बाँस्तोला खगेन्द्र उप्रेती, सन्तोष यादव र अमर खड्का तथा आन्दोलनकारी ओम कोइराला, दामोदर दाहाल, लक्ष्मी प्रधान, जीतकुमार राई, राजन कट्टेल, नवीन थापा, हरि राई र गोविन्द अधिकारी इटहरी नपा-१ मा लोकतन्त्रिक आन्दोलनमा संलग्न भएको बेला ०६३ वैशाख ४ गते प्रहरीले कुटपिट गर्दा घाइते भए।

२५ वर्षीय राजु झा, २७ वर्षीय देवराज लुईटेल, २७ वर्षीया इन्दिरा गिरी, २४ वर्षीया सकुन्तला सरदार, २८ वर्षीय हस्तबहादुर थापा, २७ वर्षीया कमला खतिवडा, ३० वर्षीय अर्जुन राई, २५ वर्षीया शीला सरदार, २४ वर्षीया रुद्रमाया, ३२ वर्षीय भुवन खतिवडा, २७ वर्षीया सीता श्रेष्ठ, २६ वर्षीया सुनीता श्रेष्ठ, २४ वर्षीय शेरबहादुर श्रेष्ठ, २६ वर्षीय महावीर यादव, २८ वर्षीय फणिन्द्र माझी र २९ वर्षीय टंकप्रसाद सिवाकोटी इटहरी नपामा ०६३ वैशाख ५ गते भएको लोकतान्त्रिक प्रदर्शनमा सुरक्षाकर्मीहरूले हस्तक्षेप गरी कुटपिट गर्दा घाइते भए।

इनरुवा नपा-७ निवासी २४ वर्षीय राजु थापामगरलाई ०६३ जेठ १८ गते सेनाका जवान २८ वर्षीय सिंहबहादुर भुजेलले जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा कोखामा छुरा प्रहार गरी घाइते पारे।

माओवादीबाट

प्रकाशपुर गाविस-२ निवासी एमालेका ४८ वर्षीय अच्युत पोखरेललाई सोही ठाउँ निवासी माओवादीका ३६ वर्षीय प्रकाश भनिने हरि बस्नेतले ०६३ जेठ २८ गते घरबाट घिसार्दै बाटोमा ल्याएर कुटपिट गरे।

धरान नपा-१९ निवासी टेम्पु चालक २८ वर्षीय विनोद विश्वकर्मालाई माओवादीले गरेको यातायात बन्द आह्वानको उल्लंघन गरी टेम्पु चलाएको आरोपमा ०६३ भदौ २८ गते माओवादीले कुटपिट गरी दायाँ हात भाँचिदिए।

धरान नपा-१९ निवासी ३३ वर्षीय राजेन्द्र र ३५ वर्षीय मिलन राईलाई लागू पदार्थको बिक्री वितरण गर्ने, आफ्नो घरलाई हिरासत जस्तो बनाई मान्छे ल्याएर थुन्ने, रुपैयाँ पैसा असुल गर्नेलगायतका अपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६३ असोज १६ गते माओवादीले रड र फलामको पाइपले शरीरको विभिन्न भागमा कुटपिट गरी करङ भाँचिदिए।

मधेली गाविस-८ निवासी ५९ वर्षीय कलिमुद्दिन मियाँलाई ०६३ असोज २५ गते माओवादीले बाबुछोराको घरायसी झगडामा हस्तक्षेप गरी भाटा, दाउरा र लात्तीले कुटपिट गरे।

भादगाउँ सिनुवारी गाविस-२ झुम्का निवासी ३५ वर्षीय तीर्थराज घिमिरेलाई ०६३ कात्तिक २ गते बेलुका माओवादीले झुम्का चौकमा बसिरहेको अवस्थामा किन राति चौकमा बसिस् भन्दै हात बाँधेर बुट र बन्दुकका कून्दाले कुटपिट गरे।

महेन्द्रनगर गाविस-१ निवासी ५१ वर्षीया सुभद्रा श्रेष्ठलाई ०६३ कात्तिक २ गते पतिसँग भएको घरायसी झगडाको निहुँमा आएका माओवादीले बाँसको भाटाले जीउ, तिघ्रा र टाउकोमा प्रहार गरी घाइते बनाए।

हरिपुर गाविस-९ निवासी २८ वर्षीया प्रेमा गुप्तालाई ०६३ मंसिर २० गते माओवादीले मदिरा पसल खोली वेश्यावृत्ति गर्छेस् भन्दै कुटपिट गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा

सत्तेरझोरा गाविस-२ निवासी ३६ वर्षीय तीलेश्वर चौधरीलाई मोर्चाविरुद्ध गतिविधि गरेको आरोपमा ०६३ भदौ ९ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए।

किराँत वर्कस पार्टीद्वारा

धरान नपा-१८ निवासी ६२ वर्षीय धर्मध्वज राईलाई राष्ट्रिय जनमुक्ति पार्टीका सक्रिय कार्यकर्ता बताउँदै लाखौं रुपैयाँ उठाएर ठगी गरेको आरोपमा ०६३ असोज ९ गते किराँत वर्कस पार्टीका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए।

गैरकानुनी गिरफ्तारी

भोजपुर जिल्ला निवासी ३० वर्षीय सुधन राईलाई माओवादीको आरोपमा ०६२ माघ २४ गते सुरक्षाकर्मीले इटहरी नपा-१ बाट गिरफ्तार गरी एक महिनापछि रिहा गरे।

पथरी गाविस-४ मोरङका माओवादी कार्यकर्ता ३० वर्षीय दीपेश भनिने देशबहादुर लिम्बू र बयरवन मोरङका सर्वसाधारण देवेन्द्र थापालाई माओवादी आरोपमा ०६२ फागुन ६ गते सुरक्षाकर्मीले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हाताबाट गिरफ्तार गरे। पीडितहरूमध्ये थापा एक साता र लिम्बू तीन महिनापछि रिहा भए।

केराबारी गाविस-७ निवासी माओवादीका कार्यकर्ता निर्मल भनिने थमनसिंह राई, खोटाङ जिल्ला विजयखर्क गाविस-८ का सौरभ भनिने होमकाजी ढकाल र नवीन भनिने ओम गुरुङलाई ०६२ फागुन १५ गते सुरक्षाकर्मीले इटहरी नपा-५ बाट गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

धरान नपा-१५ बाट एमाले निकट अनेरास्वियुका महेश राई, तेजमान राई, नरेन्द्र राई, सुन्दर राई, नवीन राई, अनिल कटुवाल, नारायण निरौला, बाबुराम खड्का, राकेश पोद्दार, हेमराज राईलाई माओवादीको आरोपमा ०६२ फागुन २४ गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन २५ गते रिहा गरे।

धरान नपा-१७ निवासी ३२ वर्षीय जसकुमार राई र मोरङ जिल्ला इन्द्रपुर गाविस-६ निवासी ४५ वर्षीय गणेश बासकोटालाई माओवादीको आरोपमा ०६२ चैत १२ गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले पाँचकन्या गाविस-१ पानबारीबाट गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

खनार गाविस-६ निवासी मजदुर ३४ वर्षीया अञ्जली मिश्रालाई लोकतन्त्रको पक्षमा आन्दोलन गरेको आरोपमा ०६२ चैत २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत २९ गते रिहा गरे।

इटहरी नपा-१ निवासी २४ वर्षीया मञ्जु भण्डारीलाई ०६२ चैत २६ गते सात दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमा सहभागी भएर घर फर्कंदा प्रहरीले गिरफ्तार गरी २८ गते रिहा गरे।

भोक्राहा गाविस-७ निवासी ३५ वर्षीय दीलिप उराँवलाई राजाको विरोधमा नारा लगाएको आरोपमा ०६२ चैत २९ गते प्रहरीले गिरफ्तार गरी ०६३ वैशाख १ गते रिहा गरे।

बयरवन गाविस-८ मोरङ निवासी ३६ वर्षीय बालकृष्ण निरौला, इटहरी नपा निवासी २४ वर्षीय ज्ञानबहादुर पौडेल, इटहरी नपा-५ निवासी ३० वर्षीय माधव विश्वकर्मा, भादगाउँ सिनुवारी गाविस-५ निवासी ३८ वर्षीय केदार भट्टराई र इटहरी नपा-५ निवासी २६ वर्षीय भुपाल लिम्बूलाई ०६३ वैशाख ४ गते इटहरी नपा-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख ६ गते रिहा गरे।

अभिव्यक्ति/भेला हुने र संगठन हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष निर्वाचन समेत)

सात दलका कार्यकर्ता दुलिचन्द चौधरी, बद्री सुवेदी, जगन्नाथ पौडेल, चेतनिस भट्टराई, पोष्टकुमार नेपाल, कालिप्रसाद सुवेदी, खेमराज पोखरेल, कृष्ण ढकाल, रामबहादुर बस्नेत, राजीव कोइराला, ऋषिराम सुवेदी, रामप्रसाद घिमिरे, इन्द्र पोखरेल, सुनिता साह, कृष्ण अधिकारी, मनोज यादव, छेतिस मेहता, सीताराम मेहता, बुद्धि कटुवाल, सदानन्द मेहता, अशोक मेहता, प्रताप मेहता, सुरैत यादव, सरोज मिश्र, भागवत मेहता, ऐयुव अन्सारी, उपेन्द्र मेहता, भग्लु मेहता, सबालाल मेहता, सन्तोष मेहता, र नवराज सिंहलाई ०६२ माघ १३ गते नगरनिर्वाचन वहिष्कारको प्रचारका क्रममा प्रहरीले इनरुवाबाट गिरफ्तार गरे। पीडितहरू अदालतको आदेशबाट माघ ३० गते रिहा भए।

धरान नपा-६ भानुचौकबाट ०६२ माघ १३ गते राजमणि निरौला, गोपाल खत्री, नवराज राई, सुरेन्द्र बस्नेत, विसन विष्ट, ओमन कटुवाल, विमल श्रेष्ठ, नरकुमारी लिम्बू, विकास आचार्य, बसन्त राई, इन्द्र राई, गोविन्द ढुंगाना, जगेन्द्र ढुंगाना र लक्ष्मी सम्बाहाम्फेलाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माघ २६ गतेको नगर निर्वाचन बिथोल्ने

काम गरेकाले गिरफ्तार गरेको प्रहरीले जनायो। अदालतको आदेशमा सबैलाई माघ २४ गते रिहा गरियो।

इटहरी नपा-१ वीरेन्द्रचौकबाट ०६२ माघ १३ गते मञ्जु भण्डारी, यम सुब्बा, मीना श्रेष्ठ, भविन्द्र भट्टराई, केवल फुँयाल, रुकमिणी कोइराला, मिथिना पोखरेल, राधा भट्टराई, पवित्रा कार्की, छविराम पोखरेल, श्याम बाँसकोटा, राजकुमार साह, ब्रिजकिशोर झा, रामकुमार कार्की, लक्ष्मी गौतम, ऋषि नेपाल, समिर भट्टराई, नवराज नेपाल, विष्णु भट्टराई, रमेश पोखरेल, विनोद त्रिताल, विकास त्रिताल, मनोज केसी र नारायणबहादुर श्रेष्ठलाई नगरनिर्वाचन बिथोलेको आरोपमा प्रहरीले गिरफ्तार गरे। बिरामीको कारणले नारायणबहादुर श्रेष्ठलाई दुई दिनपछि रिहा गरे पनि अन्य पीडितहरू अदालतको आदेशबाट माघ २४ गते रिहा गरियो ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी २ सय ६५ र दुनियाँवादी फौजदारी ३ सय ९८ मुद्दा गरी जम्मा ६ सय ६३ मुद्दा रहेकोमा ३ सय ४५ ओटा मुद्दा फर्स्यौट भए।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

धरान नपा-१५ पुरानो खोरिया बस्तीका १५ वर्षीय धर्मेन्द्र मादेनलाई माओवादीको आरोपमा ०६२ फागुन ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर मुखमा कपडा कोची घुँडामा बन्दुकको कुन्दाले हिर्काएर यातना दिए। पीडित फागुन ८ गते मुक्त भए।

बालअधिकार

इनरुवा नपा-१ निवासी १० वर्षीय सुरज श्रेष्ठ ०६२ माघ १३ गते सात राजनीतिक दलको आन्दोलनमा हस्तक्षेप गरी लाठी प्रहार गर्दा टाउकोमा गम्भीर चोट लागी घाइते भए।

खनार गाविस-४ निवासी ७ वर्षीया बालिकालाई ०६२ माघ १२ गते सोही ठाउँका २५ वर्षीय गोविन्द श्रेष्ठले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको प्रहरीले जनायो।

इटहरी नपा-४ बुढीखोला किनारामा १० वर्षीया बालिकालाई इटहरी नपा-४ निवासी २० वर्षीय टेकराज गिरीले ०६२ माघ १६ गते बलात्कार गरे। पीडक हाल थुनामा छन्।

हरिपुर गाविस-७ निवासी ११ वर्षीया बालिकालाई ०६२ फागुन १४ गते सोही ठाउँका २७ वर्षीय टीकाप्रसाद आचार्यले बलात्कार गरे। हाल पीडक थुनामा छन्।

महेन्द्रनगर गाविस-१ निवासी ८ वर्षीया बालिकालाई ०६३ वैशाख ६ गते सोही ठाउँका ४५ वर्षीय हीरा श्रेष्ठले बलात्कार गरे। पीडक फरार रहेका छन्।

धरान नपा-११ निवासी १७ वर्षीय युवतीलाई ०६३ वैशाख २३ गते दाजु नाता पर्ने सैनिक जवान २० वर्षीय दिनेश भट्टराईले बलात्कार गरे। पीडकलाई आन्तरिक कारवाही गर्ने भन्दै सेनाले लगे।

खोटाङ्ग जिल्ला डम्बरखु गाविस-६ निवासी १७ वर्षीया बालिका र सोही ठाउँको १६ वर्षीया दुई दलित युवतीलाई ०६३ जेठ ५ गते भरौल गाविस-३ निवासी २७ वर्षीय काजी लिम्बू र २८ वर्षीय भीम श्रेष्ठले जंगलमा दाउरा लिन गएको अवस्थामा कुटपिट गरी पालैपालो बलात्कार गरे। पीडकद्वय फरार छन्।

मधेशा गाविस-६ निवासी १२ वर्षीया बालिकालाई ०६३ जेठ १९ गते राति सोही ठाउँका ४५ वर्षीय लक्ष्मी नारायण चौधरीले बलात्कार गरे। पीडक थुनामा छन्।

डुम्राहा गाविस-३ निवासी १२ वर्षीया बालिकालाई ०६३ असार ३ गते सोही ठाउँका २९ वर्षीय उपेन्द्र मेहताले बलात्कार गरे। पीडक थुनामा छन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/दुर्व्यवहार

दुर्व्यवहार

सत्तेरझोरा गाविस-१ भवानीपुरकी ६५ वर्षीया पल्टीदेवी उराँवलाई ०६३ पुस ५ गते सोही ठाउँका ३२ वर्षीय विष्णु उराँव, २७ वर्षीया पत्नी भदवा उराँव, ३० वर्षीय रामप्रसाद उराँव, ३४ वर्षीय कुसुमलाल उराँव र ३८ वर्षीय रविलाल उराँवले बोक्सी गाउँमा बस्नु हुँदैन भन्दै कुटपिट गरी गाउँ निकाला गरिदिएको पीडितले बताइन्। पीडित इनरुवा नपा-५ मा दाजुको घरमा शरण लिएर बसेकी छन्। पीडकहरूलाई कुनै कानुनी कारबाही भएन।

धरान नपा-८ सुकुम्बासी टोल बस्ने २९ वर्षीया रञ्जना तामाङलाई ०६३ पुस ९ गते सोही ठाउँका ६० वर्षीय राम तामाङ र २३ वर्षीय विशाल तामाङले छिमेकमा चिन्ता बसेको बेला बोक्सी भन्दै पन्यू र हँसिया तताएर ढाँड र मुखमा डामेको पीडितले बताए। पीडकद्वयलाई आवश्यक कानूनी कारवाही भएको इलाका प्रहरी कार्यालय धरानले जनायो।

पारिवारिक हिंसा

बराहक्षेत्र गाविस-१ निवासी २३ वर्षीय कल्पना राई (श्रेष्ठ) लाई चरित्र खराब भएको आरोपमा ०६३ वैशाख १७ गते प्रहरीमा कार्यरत पति २५ वर्षीय भेषराज श्रेष्ठले १५ राउण्ड गोली प्रहार गरी हत्या गरे।

पाँचकन्या गाविस-५ मा घर भई इटहरी नपा-४ मा

डेरा गरी बस्ने २२ वर्षीय आकृति गुरुङ्ग (राई) लाई ०६३ जेठ १८ गते पति सैनिक जवान सन्तोष राई, सौता गीता राई र अर्की सहयोगी इन्दु राईले कोठामा लडाई मुखमा कपडा कोचेर अनुहारमा एसिड (तेजाब) खन्याई कुरुप बनाए। उपचारको खोजी र पीडकलाई कारवाहीको माग गर्दै पीडित माओवादीको सम्पर्कमा समेत पुगिन्। सैनिक पति सन्तोषबाहेक दुई महिला पीडकलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, इटहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

सम्पत्ति कब्जा

हाल काठमाडौंमा बसोबास गर्ने ६० वर्षीय दीपेन्द्रपुरुष ढकालको प्रकाशपुर गाविस-१ स्थित १२ विघा जमीन ०६२ चैत १५ गते माओवादीले कब्जा गरी स्थानीय भूमिहीन किसानलाई वितरण गरे।

अशक्त भत्ता

वृद्धा, विधवा, जेष्ठ र अशक्तका लागि १ करोड ६० लाख ४५ हजार ७० रुपैयाँ बजेट आएकोमा प्रथम चौमासिकमा ७० लाख वितरण गरेको जिल्ला विकास समितिले जनायो।

सुकुमबासी

यस जिल्लामा १० हजार मोही किसानले मोही हकको लागि निवेदन दर्ता गराए भने भूमिहीन सुकुमबासी करिब १५ हजारको संख्यामा रहेकोमा अधिकांशले यस पटक पनि जग्गा धनी प्रमाण पुर्जा पाएनन्।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएकाहरूमध्ये सातजना पुरुषको अवस्था अज्ञात रहेको छ।

यसरी बेपत्ता पारिएकाहरूमा महेन्द्रनगर गाविस निवासी ३४ वर्षीय हर्कबहादुर माझी, महेन्द्रनगर गाविस निवासी ३१ वर्षीय उत्तम लिम्बू, झुम्का गाविस निवासी ४८ वर्षीय चिरञ्जीवी गौतम, डुम्राहा गाविस निवासी ३२ वर्षीय रसिक भनिने उमेश साह, बक्लौरी गाविस निवासी २३ वर्षीय दीपक विश्वकर्मा, मधेशा गाविस निवासी ३० वर्षीय देवहरि रिजाल हालसम्म बेपत्ता रहेका छन्।

१.७ धनकुटा



जनसंख्या : १,७५,२३७
साक्षरता प्रतिशत : ६३.९८
महिला साक्षरता प्रतिशत : ४४.१३
क्षेत्रफल (वर्ग कि. मि.) : ८९१
गाविस/नपा संख्या : ३५/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३१५
क्याम्पस/उच्च मा.वि. : १/४
अस्पताल/स्वास्थ्य चौकी : १/३७
टेलिफोन लाइन : ८३४
मोटर सडक (कि. मि.) : २१७.२२
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३८
मानव विकास सूचकाङ्क : ०.५०७
प्रति परिवार सरदर संख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

मोरङ्ग जिल्ला हरैचा गाविस-४ निवासी सोम चौधरी माओवादी भएको आशंकामा ०६२ फागुन ३ गते सादा पोसाकका सुरक्षाकर्मीले धनकुटा नपा-१ हिले बजारस्थित पाखीबास जाने पुरानो बाटोमा गोली हानी उनको हत्या गरे। पीडित घोर्लीखर्कस्थित ससुराली जाँदै थिए।

माओवादी नियन्त्रणमा मृत्यु

पोखरा उमनपा घर भई पूर्वाञ्चल क्षेत्रीय प्रशासनका सह-क्षेत्रीय प्रशासक ५७ वर्षीय प्रेमप्रसाद शर्मा सापकोटालाई ०६२ माघ २५ गते माओवादीले अपहरण गरेकोमा फागुन ५ गते मैनावधुक गाविस-२ मा माओवादी

कब्जामा नै मृत्यु भयो। माओवादीले हुसाडेक नेपाल, मानव अधिकार आयोग, पत्रकार माहासंघ र मानवअधिकार सञ्जालको रोहबरमा फागुन ६ गते लास इन्सेक जिल्ला प्रतिनिधिको जिम्मा लगाएका थिए।

दोहोरो भिडन्त

धनकुटा सदरमुकाममा सुरक्षाकर्मी र माओवादीबीच ०६२ माघ २५ गते राति दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता दीपक लिम्बू र जाजरकोट जिल्ला निवासी कृष्णदल गुल्म सल्लेरीमा कार्यरत सैनिक जवान विराट शाहको मृत्यु भयो। माओवादीले एक दर्जनभन्दा बढी सरकारी कार्यालयमा विस्फोट र आगजनी गरी क्षति पुऱ्याए।

डाँडाबजार गाविस-२ र राजारानी गाविसको सिमानामा पर्ने लाप्चेटारको टुकुरेमा ०६२ फागुन २९ गते बिहानदेखि माओवादी र सुरक्षाकर्मीबीच पाँच घण्टा जति दोहोरो भिन्डन्त हुँदा ओखलढुङ्गा जिल्ला निवासी विकट भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। उनको लास चैत १ गते हात्तिटार इलाकामा फेला परेको थियो। माओवादीले लासको सोही दिन राजारानीमा सद्गत् गरे।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

घोर्लीखर्क गाविस-९ निवासी रामबहादुर विश्वकर्मा माओवादी भएको आरोपमा ०६२ फागुन ३ गते सादा पोसाकका सुरक्षाकर्मीले उनलाई धनकुटा नपा-१ हिले बजार नजिक पाखिवास जाने पुरानो बाटोमा गोली हानी घाइते पारे।

माओवादीबाट

धनकुटा नपा-८ खाम्मेला निवासी बालमन्दिर स्कूल कक्षा ४ मा अध्ययनरत १३ वर्षीय धनबहादुर राई ०६२ माघ २७ गते माओवादीले धनकुटा आक्रमण गरेर फर्कने क्रममा छाडेको बम विस्फोटन हुँदा सख्त घाइते भए।

डाँडाबजार गाविस-२ निवासी भानु मावि डाँडा बजारमा कक्षा-३ मा अध्ययनरत ९ वर्षीय शेखर लिम्बू ०६२ चैत ६ गते बिहान घाँस काट्न जाँदा जथाभावी छोडिएको बम विस्फोटन हुँदा सख्त घाइते भए। पीडितको शरीरमा बमका छर्रा लागी चोट लागेको थियो। अघिल्लो दिन माओवादी कार्यकर्ता सोही ठाउँमा बसेकोले सो बम उनीहरूले छोडेको स्थानीय बासिन्दाको भनाई थियो।

जेल र बन्दी

'घ' श्रेणीको धनकुटा जेलको बन्दी क्षमता २५ जनाका रहे पनि तीनजना महिलासहित १९ जना र १८ जना कैद नतोकिएका गरी जम्मा ३७ जना बन्दीहरू रहेका छन्।

पुरानो र अत्यन्त जीर्ण अवस्थामा रहेको यो जेलमा धेरै समयदेखि क्षमताभन्दा बढी बन्दीहरू रहेको कारण समस्याहरू देखिँदै आएको छ। जेलका कोठाहरू साँघुरो र ओसिलो रहेको छ। महिला बन्दीहरूलाई छुट्टै भवन नभएकाले माथिल्लो तल्लाको एउटा कोठामा राखिने गरेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

माओवादीले धनकुटाबाट संजयकुमार यादव र कृष्ण भट्टराईलाई ०६२ माघ २५ गते अपहरण गरी माघ २७ गते तेलियाबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयको शाखा अधिकृत फणिन्द्र पोखेल, शोभाकर रेग्मी, नासु दशरथ रुमदाली, कृषि विकास कार्यालयका प्रमुख सञ्जयकुमार यादव, पुनरावेदन अदालत धनकुटाका रजिष्टार पशुपति आचार्य र पियन तुलाराम पगरी, जिल्ला विकास कार्यालयका नासु कृष्ण भट्टराई, खरिदार द्रोर्ण राई, लोकेन्द्र कुँवर, गोविन्द महत, मालपोत धनकुटाका खरिदार खगेश्वर भट्टराई, जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी जवान हरिनारायण ढकाल, उपेन्द्रलाल तामाङ, भोजराज दनुवारलाई ०६२ माघ २५ गते माओवादीले धनकुटा नपा-४ बाट अपहरण गरे। पीडितहरूलाई ०६२ माघ २९ गते माओवादीले राजरानी बजारबाट स्थानीय मानवअधिकारकर्मीको रोहबरमा आईसीआरसीलाई बुझाए।

प्रहरी हरिनारायण ढकाल, उपेन्द्रलाल तामाङ र भोजराज दनुवारलाई ०६२ माघ २५ गते माओवादीले अपहरण गरी फागुन ११ गते इन्सेक प्रतिनिधिको रोहबरमा राजारानी गाविसबाट मुक्त गरे। यीमध्ये हरिनारायणले माओवादीसँग सम्बन्ध राखेको आरोपमा ०६२ चैत ९ गते प्रहरीले गिरफ्तार गरी कारागार शाखा धनकुटामा राखी ०६३ जेठ २५ रिहा गरे।

तङ्खुवा गाविस-२ निवासी एमाले इलाका नं. ८ का सदस्य विष्णु भुजेल, साधारण सदस्य प्रेमबहादुर पाचकोटी र भवानी कट्टेललाई ०६२ फागुन ७ गते माओवादीले अपहरण गरी फागुन ९ गते मुक्त गरे।

श्री न. २ हिले बाहिनीमा कार्यरत सेनाहरू संखुवासभा जिल्ला खाँदबारी नपा निवासी १९ वर्षीय डिल्लीराम श्रेष्ठ, दिदिङ्ग गाविस-४ संखुवासभा निवासी १८ वर्षीय कविराज राई, खाँदबारी नपा-२ निवासी १९ वर्षीय लालबहादुर राई, सितलपाटी गाविस-७ संखुवासभा निवासी १९ वर्षीय भक्तबहादुर विश्वकर्मा, याफु गाविस-५ संखुवासभा निवासी १९ वर्षीय डिल्लीराम राई, खोटामा गाविस-५

भोजपुरका १९ वर्षीय सिरकुमार तामाङ्ग, वाला गाविस-२ सिखुवा संखुवासभाका १९ वर्षीय आईतराज राई, पावाखोला गाविस-२ संखुवासभाका १८ वर्षीय रेसकुमार राईलाई घर जाँदै गर्दा लेगुवा गाविस-४ रामरिठ्ठा बजारबाट ०६३ वैशाख १४ गते माओवादीले अपहरण गरी वैशाख १६ गते अर्खौंले बजारमा एक कार्यक्रमको आयोजना गरी स्थानीय बासिन्दाको रोहबरमा मुक्त गरे।

संखुवासभा निवासी हाल श्री नं. २ हिले बाहिनीमा कार्यरत सैनिक टीकाराम राईलाई ०६३ वैशाख १४ गते माओवादीले रामरिठ्ठा बजारबाट अपहरण गरी भोलिपल्ट सोही ठाउँबाट मुक्त गरे।

घोर्लीखर्क निवासी हाल श्री न. २ हिले बाहिनीका भान्से भुवन थापालाई ०६३ असार १० गते माओवादीले उनलाई घर जाने क्रममा पाखिबास बजारबाट अपहरण गरी सोही दिन मुक्त गरे। उनलाई पुनः सोही राति माओवादीले माथिको आदेश भन्दै अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

धनकुटा नपा- १ निवासी २७ वर्षीय दीपेन राईलाई ०६३ असोज २३ गते माओवादीले पाखिबास गाविस-३ मा कुटपिट गरी हात भाँचिदिए। साथै २१ वर्षीय भूपेन राई र २६ वर्षीय संजिव तामाङ्गलाई अपहरण गरे। उनीहरू २८ गते मजदुर संगठनको पहलमा मुक्त भए।

वेलहारा गाविस-६ निवासी १६ वर्षीया कल्पना नेपालीलाई माओवादीका सांस्कृतिक समूहका कार्यकर्ताहरूले सांस्कृतिक कार्यक्रममा सहभागी गराएर ०६३ कात्तिक ३ गते अपहरण गरे। पीडित हाल कुरुले तेनुपा गाविसमा रहेकी छन्।

परेवादिन गाविस-५ निवासी १८ वर्षीय तोर्णबहादुर थापालाई ०६३ कात्तिक २९ गते माओवादीले विद्यालय समयमा अपहरण गरी पीडितलाई अभिभावकले मंसिर ९ गते मोरङ्ग जिल्लाबाट घर फर्काए।

धम्की / ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

हात्तिखर्क गाविस-३ निवासी असल शासन जिल्ला समन्वय समिति, धनकुटाका अध्यक्षसमेत रहेका २५ वर्षीय भरतमोहन अधिकारीलाई ०६२ फागुन १ गते हिले बाहिनीको चेकपोष्टमा रहेका सुरक्षागार्डले गालीगलौज गरी बन्दुकको कुन्दाले हिर्काइ दूर्व्यवहार गरे।

पत्रकार महासंघ केन्द्रीय उपसभापति संजयसन्तोषी राई, जिल्ला सभापति विजयसन्तोषी राई र जिल्ला उपसभापति जेवी घलेलगायतका पत्रकारहरूलाई ०६२ चैत २७ गते लोकतान्त्रिक जनआन्दोलनमा सहभागी भइरहेको अवस्थामा प्रहरीले धनकुटा बजारमा कुटपिट गरे। उक्त घटनाको पत्रकारहरूले प्रहरी कार्यालयमा गई भर्त्सना गरेपछि डिएसपी घनश्याम अर्यालले पत्रकारहरू सामु माफी मागेका थिए।

माओवादीबाट

परेवादिन गाविस-८ निवासी ४२ वर्षीय छत्रबहादुर दाहाललाई ०६३ वैशाख २४ गते माओवादीका २ नं. इलाका सचिव पासाङ्गले कुटपिट गरी घाइते बनाए। आफ्नो पार्टीले तोकेको ५० हजार रूपैयाँ चन्दा नदिएको र पार्टीको भेलामा सहभागी नभएको भनी कुटपिट गरेका थिए। पीडित दाहाललाई २४ हजार चन्दा दिने र सात/सात दिनमा उपस्थित हुने सर्तमा माओवादी सोही दिन मुक्त गरे।

बोधे गाविस-१ हमेला निवासी एमाले बोधे गाउँ

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	३	४	३	३			३	३	३			३
घाइते					३	५			५	३	३			३
गिरफ्तारी/यातना										१८	२७	६	१	३४
कुटपिट	१	१		१	१०	१९			१९	१	१			१
धम्की										१	१	१		३
भेला/संगठित हुने अधिकार										११	२६	३	३१३	३४०
महिलाअधिकार	४		४	४	१		१		१					
बालअधिकार	१		१	१										
अमानवीय व्यवहार					१	१			१					
अपहरण					३५	६१	५	४०३	४६९					
जम्मा	१०	३	७	१०	५३	८८	६	४०३	४९७	३६	६०	९	३१३	३८३

कमिटी सदस्य ५३ वर्षीय खड्ग गिरीलाई ०६३ जेठ ४ गते माओवादीले कुटपिट गरे।

२१ वर्षीय राजकुमार लिम्बू, १६ वर्षीय रेगन राई २० वर्षीय सुनिल श्रेष्ठ र २० वर्षीय हेमकुमार राईलाई ०६३ भदौ २९ गते माओवादीले धनकुटा नपा-५ मा भाटाले हानेर घाइते बनाए।

गैरकानुनी गिरफ्तारी

तांखुवा गाविस-८ याक्चास्थित घाटमा तमोर नदीमा पुल बनाउन ल्याएका खुवाफोक गाविस-४ निवासी ४९ वर्षीय दुर्गाबहादुर भुजेल, ४६ वर्षीय पूर्णबहादुर माझी, ६० वर्षीय रणबहादुर भुजेल, ५१ वर्षीय वलबहादुर माझी, ३९ वर्षीय सूर्यबहादुर अधिकारी, ३५ वर्षीय दुर्गाबहादुर अधिकारी, १४ वर्षीय दीपेन्द्र कार्की, ५६ वर्षीय खड्गबहादुर अधिकारी, १५ वर्षीय मनराज अधिकारी, ४५ वर्षीय चन्द्रबहादुर कार्की, ४५ वर्षीय दुर्गाबहादुर अधिकारी माओवादी भएको आरोपमा ०६२ माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ २७ गते रिहा गरे।

बोधे गाविस-४ खानिटार निवासी ३६ वर्षीय दुर्गाबहादुर न्यौपाने र धनकुटा नपा-७ निवासी हर्कबहादुर राईलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत १६ गते सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरी चैत १७ गते एमाले नेता राजेन्द्र राईको रोहबरमा रिहा गरे।

वेलाहारा गाविस-२ उत्तरपानी निवासी १८ वर्षीया बन्दना भट्टराई र १९ वर्षीया लक्ष्मी भट्टराई माओवादी भएको आरोपमा ०६२ चैत २० गते हिले बजारबाट श्री नं २ हिले वाहिनीले उनीहरूलाई गिरफ्तार गरी चैत २२ गते रिहा गरे।

संखुवासभा जिल्ला तांडखुवा गाविस-६ निवासी २८ वर्षीय डम्बर राई माओवादी भएको आरोपमा ०६२ फागुन ३ गते श्री नं. २ बाहिनी हिलेको गस्ती टोलीले पाखिवास जाने पुरानो बाटोबाट गिरफ्तार गरी हिलेबाट फागुन ५ गते रिहा गरे।

अभिव्यक्ति/भेलाहुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले केन्द्रीय लेखा समिति सदस्य गोपाल गुरागाईं, नेकाँ धनकुटाका उपसभापति केशर सुब्बा र एमाले जिल्ला कमिटी, धनकुटाका सदस्य चिन्तन तामाङ्गलाई ०६२ माघ ८ गते धनकुटा नपा-१ हिले बजारमा भएको दलहरूको नगर निर्वाचन बहिष्कार गर्ने कार्यक्रमबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ९ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

एमालेका वैकल्पिक केन्द्रीय सदस्य रकम चेम्जोङ्ग, केन्द्रीय लेखा समिति सदस्य गोपाल गुरागाईं, धनकुटा जिल्ला कमिटी सचिव टीकाराम चेम्जोङ्ग, सदस्य राजेन्द्र राई, दुर्गा लिखां, चन्द्र चोङवाङ्ग, नेकाँ केन्द्रीय समिति सदस्य आनन्द सन्तोषी राई, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति मनोहरनारायण श्रेष्ठ, सदस्य विकास प्रधान, जनमोर्चाका केन्द्रीय सदस्य केवी फुदुङ, जिल्ला अध्यक्ष गोपाल विश्वकर्मा, चन्द्र लोहरी, मदन अर्याल, सुरेस राई, विद्यार्थीहरू रिद्दी राई, शंखरहरि राईलाई ०६२ माघ १६ गते धनकुटा नपा-७ का विभिन्न ठाँउबाट नगर निर्वाचन बहिष्कार आन्दोलनमा सहभागी भइरहेको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

नगर निर्वाचन बहिष्कार गर्न भन्दै सात दलले निकालेको शान्तिपूर्ण विरोध प्रदर्शनबाट एमाले जिल्ला कमिटी सचिव टीकाराम चेम्जोङ्ग, नेकाँ धनकुटा जिल्ला सभापति हरि अधिकारी, एमालेका जिल्ला सदस्य दीपक बुढाथोकी, जनमोर्चाका जिल्ला सदस्य मदन अर्याल, तरुण दल धनकुटाका जिल्ला सदस्य युवराज बस्नेत र अनुगमन गर्न निस्किएका इन्सेक प्रतिनिधिलाई ०६२ माघ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सबैलाई पुनरावेदन अदालत धनकुटाको आदेशमा माघ २५ गते साँझ धनकुटाका जिल्ला न्यायाधीशको रोहबरमा रिहा गरे।

नगर निर्वाचन बहिष्कार गरौं भन्दै पोष्टर टाँस्दै जाने क्रममा धनकुटा नपा-७ बाट प्रायुसंघ धनकुटाका सभापति ईन्द्रमणि पराजुली, धनकुटा क्याम्पसका स्ववियु सभापति टीकाराम घिमिरे, जनसाँस्कृतिक मञ्चका केन्द्रीय सदस्य जेवी घले मगर, अनेरास्ववियु जिल्ला कमिटी धनकुटाका अध्यक्ष राजकुमार तेयूङ्गलाई ०६२ माघ २४ गते बिहान प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी माघ २७ गते रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धनकुटा जिल्लामा पुनरावेदन अदालत र जिल्ला अदालत गरी दुईटा अदालत रहेका छन्। यस वर्ष पुनरावेदन अदालत धनकुटामा मुद्दातर्फ २७ निवेदन परेकोमा २२ फर्स्यौट भएका छन् भने पाँचओटा बाँकी रहेका छन्। बन्दीप्रत्यक्षीकरणतर्फ ११ ओटा मुद्दा परेकोमा ११ ओटै फर्स्यौट भए। गत वर्षबाट सरेर आएका व्यक्तिवादी देवानीतर्फ ३६ सहित ६२ ओटा मुद्दा रहेकामा २२ ओटा फर्स्यौट भए। व्यक्तिवादी फौजदारीतर्फ १२ ओटा नयाँ सहित २३ मुद्दा रहेकोमा सातओटा फर्स्यौट भए। सरकारी फौजदारीतर्फ २६ सहित ३९ ओटा मुद्दा रहेकोमा १९ ओटा फर्स्यौट भए। यस अदालतमा तीन/चार वर्ष अघिदेखिका मुद्दा बाँकी छैनन् भने दुई वर्षबाट सरेर आएका पाँचओटा मुद्दामा पाँचओटै बाँकी छन्।

त्यसैगरी, जिल्ला अदालत, धनकुटामा यस वर्ष परेका जम्मा ७४ ओटा मुद्दामध्ये दुनियावादी देवानीतर्फ ३५ ओटा

दर्ता भएकोमा १२ ओटा फर्स्यौट भएका छन्। सरकारी फौजदारीतर्फ १७ ओटा रहेकामा दुईटा फर्स्यौट भएको छ। दुनियावादी फौजदारीतर्फ २२ ओटा मुद्दा दर्ता भएकामा १९ ओटा फर्स्यौट भएका छन्। गत वर्षदेखि जिम्मेवारी सरेर आएका जम्मा ८१ ओटा मुद्दामा ३० ओटा फर्स्यौट भए जसमा दुनियावादी देवानीतर्फ ४५ ओटामा १६ ओटा फर्स्यौट भए। सरकारवादी फौजदारीतर्फ चारओटा रहे भने दुनियावादी फौजदारीतर्फ ३२ ओटा मुद्दा परेकोमा १३ ओटा मुद्दा फर्स्यौट भए। दुई वर्ष पुगेका देवानी चारओटा र फौजदारीतर्फ दुईओटा मुद्दा बाँकी रहेका छन्।

बालअधिकार

परेवादिन गाविस-५ निवासी सरस्वती उच्चमाविमा अध्ययनरत १५ वर्षीय देवेन्द्र विश्वकर्मा, भीमबहादुर बिष्ट, १३ वर्षीय दीपक थापा र १२ वर्षीय कुमार तामाङलाई ०६३ भदौ २० गते, १५ वर्षीय डिकबहादुर गुरुङलाई ०६३ भदौ ८ गते, रत्नबहादुर गुरुङलाई र सीताराम गुरुङ्ग, हिरा गुरुङ्ग, तोर्ण सिंजाली र खीरबहादुर बिष्ट गुरुङ्गलाई ०६३ भदौ ९ गते माओवादीले विद्यालय र घरबाटै अपहरण गरे। तीमध्ये खिरबहादुर र भूमिराजबाहेक अन्य विभिन्न मितिमा घर फर्किए।

धनकुटा नपा-७ हुलाक टोल निवासी त्रिवेणी माविमा कक्षा ९ मा अध्ययनरत १५ वर्षीया श्रृजना राईलाई ०६३ भदौ २१ गते माओवादीले उनकै घरबाट अपहरण गरे। अभिभावकहरूले उनलाई इलामको माओवादी सैन्य वेस क्याम्पमा लगिएको बताए।

परेवादिन गाविस-६ निवासी १६ वर्षीय बोधमाया खड्का र कल्पना खड्कालाई ०६३ कात्तिक ९ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितहरूलाई परिवारले कात्तिक २१ गते घर फर्काए। तर कल्पनालाई पुन: माओवादीले २५ गते आफूसँगै लगे। पीडित हाल माओवादीको वेशक्याम्प इलाममा भएको परिवारले बताए।

बुधबारे गाविस-३ मा बस्दै आएका १५ वर्षीय पूर्णकुमार लिम्बूलाई माओवादीले ०६३ मंसिर १ गते आफ्नै घरबाट अपहरण गरे। पीडित इलामको माओवादी सैन्य वेश क्याम्पमा रहेका छन्।

पाख्रीवास गाविस-३ का १४ वर्षीय जयराज बस्नेत र १३ वर्षीय मेहरमान बस्नेतलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरे। मेहरमान कब्जाबाट भागेर घर फर्किए पनि भोलिपल्ट पुन: माओवादीले पीडितलाई अपहरण गरे।

बुधबारे गाविस-३ निवासी १७ वर्षीय यज्ञकुमार श्रेष्ठलाई ०६३ मंसिर २ गते माओवादीले उनकै घरबाट अपहरण गरे।

बोधे गाविस-१ हमेलाका १४ वर्षीय गोविन्द गिरी, मदन अर्याल, धनबहादुर जमरकट्टेल र खडानन्द तामाङ्गलाई परीक्षा दिएर घर फर्कंदै गरेको अवस्थामा सात हजार दिने भनेर ०६३ मंसिर २ गते माओवादीले अपहरण गरे।

मारेक कटहरे गाविस-७ का १४ देखि १९ वर्षसम्मका धनबहादुर बुढाथोकी, नवराज राया, बेगबहादुर खड्कालाई ०६३ मंसिर ७ गते, युवराज घिमिरे, गुणराज बुढाथोकीलाई मंसिर ८ गते र धनबहादुर बुढाथोकीलाई मंसिर ३ गते माओवादी अपहरण गरे। यीमध्ये युवराज घिमिरे र गुणराज बुढाथोकी सैन्य तालिम लिन नसकेर घर फर्किए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

वेलहारा गाविस-६ निवासी ४६ वर्षीया सलिना राईलाई बोक्सीको आरोपमा ०६२ मंसिर २५ गते देवी राई, तेजबहादुर राई चन्द्र राई र गोपाल राई माओवादीका अतित र अनमोलले कुटपिट गरे। माओवादीले अतित र अनमोललाई पार्टीबाट कारवाही गरिएको जनाए।

१.८ तेह्रथुम



जनसंख्या : १,१७,४७१
साक्षरता प्रतिशत : ५९.०२
महिला साक्षरता प्रतिशत : ३९.१५
क्षेत्रफल (वर्ग कि. मि.) : ६७९
गाविस/नपा संख्या : ३२/०
निर्वाचन क्षेत्र : १
विद्यालय : ३६७
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/३१
टेलिफोन लाइन : ४६४
मोटर सडक (कि. मि.) : २६
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ५१
मानव विकास सूचकाङ्क : ०.५२३
प्रति परिवार सरदर संख्या : ५.६८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

खामलालुङ्ग गाविस-६ निवासी माओवादी कार्यकर्ता ५० वर्षीय रामबहादुर फम्बोको ०६२ माघ ७ गते बिहान गस्तीमा गएको संयुक्त सुरक्षाकर्मीले ओखे गाविसस्थित भगवती उच्चमावि नजिकै भागिरहेको अवस्थामा गोली हानी हत्या गरे।

साब्ला गाविस-८ निवासी २८ वर्षीय श्रीप्रसाद लिम्बूको ०६२ चैत २ गते गस्तीमा गएका सुरक्षाकर्मीले जिरीखिम्ती बजार नजिकै भागिरहेको अवस्थामा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले लास बाँसमा बाँधेर घिसाँदै बजारमा ल्याई रेडक्रसको एम्बुलेन्समा राखेर जिल्ला सदरमुकाम लगे। पोष्टमार्टम नगरी सुरक्षाकर्मीले परिवारलाई दोश्रो दिन लास बुझाए।

बेवारिसे बमबाट

संक्रान्ति गाविस-७ सोदनका ९ वर्षीय रुपन कन्दङ्वा लिम्बू, ७ वर्षीय रस्मिता कन्दङ्वा र ५ वर्षीय सुसन फम्बोको ०६३ कात्तिक २३ गते माओवादीले संक्रान्ति गाविस-७ मा बेवारिसे अवस्थामा रहेको सकेट बम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो। घरभित्र रहेको बम बालबालिकाले फेला पारी खेलाउँदा विस्फोट भएको थियो।

जेल र बन्दी

'ख' श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको रहेको छ। हाल नौजना पुरुष र पाँचजना महिला गरी कूल १४ जना बन्दीहरु छन्। यस जेलमा महिला र पुरुषका लागि छुट्टाछुट्टै भवन छ। जेलमा खानेपानी र जीर्ण अवस्थाको शौचालय छ।

बेपत्ता/अपहरण
माओवादीबाट

जलजले गाविस-१ शंकर उच्चमाविका तत्कालीन प्रधानध्यापक ४० वर्षीय रामकुमार अधिकारी र सोही विद्यालयका प्राचार्य ३८ वर्षीय प्रेमप्रसाद भट्टराईले आर्थिक अनियमितता गरेको आरोपमा ०६२ फागुन १४ गते माओवादीले अपहरण गरी सम्दु गाविस फागुन १६ गते मुक्त गरे।

तम्फुला गाविस-३ निवासी जिल्ला हुलाक कार्यालयका तत्कालीन नासु तथा कर्मचारी संगठनका अध्यक्ष ३७ वर्षीय दधिराम गुरागाँईले चन्दा नदिएको आरोपमा ०६२ फागुन १४ गते माओवादीले उनलाई साब्ला गाविसको टुकुरे बजारबाट अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

म्याङ्गलुङ्ग गाविस-३ निवासी श्रीदल गण इटहरीमा कार्यरत भएका सैनिक जवान २५ वर्षीय टंकबहादुर मगर र धनकुटा जिल्ला चुडवाङ गाविस निवासी २ नं. बाहिनी हिलेमा कार्यरत सैनिक जवान रेणु कुथुमी राई घर बिदामा जिल्ला सदरमुकाम तेह्रथुम आउँदै गर्दा ०६२ फागुन १५ गते माआवादीले सोल्मा गाविसको काँडे इलाकाबाट अपहरण गरे। पीडितहरू चैत २ गते राति एक माओवादी गार्डसहित भागेर जिल्ला सदरमुकाम फर्किए।

चुहानडाँडा गाविस-२ निवासी शारदा उच्चमाविका प्रधानाध्यापक तथा नेपाल शिक्षक संगठनका केन्द्रीय पार्षद् ५२ वर्षीय रामचन्द्र थपलियाले आन्दोलनमा असहयोग गरेको, माओवादी गतिविधिको विरोध गरेको र माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ चैत ९ गते बिहान माओवादीले उनलाई अपहरण गरी चैत १० गते बेलुका खामलालुङ्ग गाविसबाट मुक्त गरे।

ओखे गाविस-२ निवासी भगवती उच्चमाविका शिक्षक तथा नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष ५० वर्षीय भीम निवासीत र सोही ठाउँ निवासी नेकाँका कार्यकर्ता भुवनजित लिम्बूलाई ०६२ चैत १२ गते बिहान माओवादीले अपहरण गरी चैत १४ गते दिउँसो आम्बुङ्ग गाविसबाट मुक्त गरे।

सोल्मा गाविस-५ निवासी 'शाही सरकार' द्वारा मनोनित जिविस, तेह्रथुमका सदस्य ४० वर्षीय मनबहादुर सोदेम्बा लिम्बूलाई ०६२ चैत १२ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी सदस्य पदबाट राजिनामा दिने सर्तमा चैत १५ गते मुक्त गरे।

जलजले गाविस शंकर उच्चमावि कक्षा ११ का विद्यार्थीहरु २० वर्षीय दीपक ढुङ्गाना, १९ वर्षीय कुमार कार्की, १९ वर्षीय सविन लिम्बू २० वर्षीय दुर्गा लिम्बू र २१ वर्षीय देउमान लिम्बूलाई ०६२ चैत १६ गते माओवादीले विद्यालयबाटै अपहरण गरी चैत २० गते चुहानडाँडा गाविसबाट मुक्त गरे।

फुलेक गाविस-८ दाँगपा गाविस सचिव मणिकुमार राईले भ्रष्टाचार गरेको आरोपमा ०६२ चैत १६ गते माओवादीले उनलाई दाँगपा गाविस-८ बाट अपहरण गरी ०६३ वैशाख ८ गते तारेखमा मुक्त गरे।

म्याङलुङ्ग गाविस-१ निवासी ३८ वर्षीय मानबहादुर लिम्बूले प्राध्यापकमाथि आक्रमण गरेको आरोपमा ०६३ जेठ १८ गते माओवादीले उनलाई म्याङ्लुङ्ग बजारबाट अपहरण गरी २४ घण्टापछि प्रहरीलाई बुझाए। प्रहरीले उनलाई हिरासतमा राखेर तीन साता पछि रिहा गरे।

ओयाक्जुङ्ग गाविस-१ निवासी २२ वर्षीया रेणुका कार्कीले आत्मसमर्पण गरेको आरोपमा ०६३ जेठ २२ गते

माओवादीले उनलाई घरबाटै अपहरण गरी श्रम गराए। पीडित हालसम्म मुक्त भएकी छैनन्।

ईवा गाविस-९ निवासी २१ वर्षीया लक्ष्मी दर्नालले पार्टीको काम गर्न नमानेको आरोपमा ०६३ भदौ १० गते माओवादीले उनलाई संक्रान्ति बजारबाट अपहरण गरी मोराहाङ गाविससम्म पुऱ्याई वैशाख १३ गते मुक्त गरे।

म्याङ्गलुङ्ग गाविस-३ निवासी सिंहबाहिनी माबि कक्षा १० का १७ वर्षीय कमल पराजुली र सोही ठाउँ निवासी कक्षा १० कै १६ वर्षीय रमेश कार्कीलाई ०६३ कात्तिक २४ गते माओवादीले अपहरण गरी १३ दिनपछि मुक्त गरे।

पिप्ले गाविस-२ निवासी १७ वर्षीय युवराज गड्तौला, सोही ठाउँ निवासी १५ वर्षीय रमेश गड्तौला, १९ वर्षीय गोपाल दाहाल र १६ वर्षीय रोशन निरौलालाई जागिरको प्रलोभन देखाई ०६३ मंसिर २ गते बेलुकी माओवादीले अपहरण गरे। पीडितहरु हाल माओवादीको सहायक शिविर मोरङको याङ्गशिलामा छन्।

पिप्ले गाविस-१ निवासी २० वर्षीय बद्री बजगाइँ, २५ वर्षीय अनिल खत्री, १८ वर्षीय योगेन्द्र विक, डोलेश्वर निरौला, प्रवीण तामाङ र छविलाल दर्जीलाई ०६३ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरूमध्ये छविलाल मंसिर १३ गते माओवादीको शिविरबाट भाग्न सफल भए भने अन्यलाई माओवादीले यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्।

संक्रान्ति गाविस-९ कृष्ण उच्चमावि डाँडागाउँका कक्षा १० मा अध्ययनरत १६ वर्षीय दीपक भुजेल र सोही ठाउँ निवासी १७ वर्षीय गणेशबहादुर लिम्बूलाई जागिर दिलाउने सर्तमा ०६३ मंसिर ७ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। पीडितहरु यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

म्याङ्गलुङ्ग गाविस-२ निवासी १४ वर्षीया सुष्मा श्रेष्ठलाई जनसेनामा भर्ती गर्न भनी ०६३ मंसिर ९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएकी छैनन्।



माओवादीद्वारा अपहरण गरिएकी सुष्मा श्रेष्ठ

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

अनेरास्ववियुका जिल्ला सचिव कृष्ण योगी, सोही संगठनका जिल्ला सदस्य विशाल खड्का, गीता कोइराला, जनमोर्चा केन्द्रीय सदस्य कालिबहादुर फुदोङ्ग र राजेन्द्र बरााललाई ०६२ चैत २८ गते लोकतान्त्रिक जनआन्दोलनमा जिल्ला सदरमुकाम तेह्रथुममा आठ विद्यार्थी संगठनद्वारा आयोजित मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी कुटपिट गरे।

माओवादीबाट

ओयाक्जुङ गाविस-१ निवासी २१ वर्षीय नरेशकुमार नेपालीले सुराकी गरेको आरोपमा ०६२ पुस १९ गते माओवादीले उनलाई साब्ला गाविसको हलिमेला बजारबाट अपहरण गरी ओयाक्जङ-लगुवाको जङ्गलमा लगेर कुटपिट गरी घाइते बनाए।

इशिबु गाविस-६ निवासी देउराली प्राविका शिक्षक ४१ वर्षीय आनन्दप्रसाद सेलेवालले बहुविवाह गरेको आरोपमा ०६२ चैत ५ गते माओवादीले उनलाई अपहरण गरी ओयाक्जुङ गाविससम्म पुऱ्याई चैत ८ गते घाइते अवस्थामा मुक्त गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो।

इशिबु गाविस-१ निवासी सोही गाविसका अध्यक्ष

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	३	३	१		३	३	३			३
गिरफ्तारी/यातना										११	३१			३१
कुटपिट					१०	१०			१०					
धम्की					१			१	१					
भेला/संगठित हुने अधिकार										३	८	१	१५	३४
महिलाअधिकार	३		३	३										
बालअधिकार	१		१	१						१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार	१	५		५										
अपहरण					३३	६३	६	३१	९०					
जम्मा	६	८	३	११	४६	७६	७	३३	१०५	१६	३१	३	१५	४८

रविन्द्र फम्बो लिम्बूले गाउँको झगडा मिलाउँदा सही न्याय नगरेको आरोपमा ०६२ चैत ६ गते माओवादीले उनलाई कुटपिट गरे।

ओयाक्जुङ्ग गाविस-१ निवासी शिक्षक ३३ वर्षीय दुर्गाप्रसाद ढकाललाई ०६२ चैत १९ गते जलजले गाविसका माओवादी कार्यकर्ता गणेश भण्डारीसहितको टोलीले कुटपिट गरे।



प्रहरीद्वारा गिरफ्तार गरिएका उद्धव तिम्सिना

गैरकानुनी गिरफ्तारी

सिम्ले गाविस-१ निवासी २० वर्षीय कर्णबहादुर आम्बोहाङ लिम्बू माओवादी भएको आरोपमा ०६२ पुस १८ गते प्रहरीले उनलाई सदरमुकामबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई प्रहरीले एक महिनासम्म हिरासतमा राखी जेल चलान गरेकोमा ०६३ जेठ ११ गते रिहा भए।

संखुवासभा जिल्ला मुडेशनिश्चरे गाविस-८ निवासी २१ वर्षीय प्रेमछिरिङ शेर्पा माओवादी भएको आरोपमा ०६२ पुस २२ गते प्रहरीले उनलाई जिल्ला सदरमुकामस्थित बसपार्कबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई प्रहरीले एक महिनासम्म हिरासतमा राखेर जेल चलान गऱ्यो। पीडित ०६३ जेठ ११ गते रिहा भए।

जलजले गाविस-६ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ५० वर्षीय ओमप्रसाद लम्साल, सोही ठाउँका ४५ वर्षीय ओमप्रसाद रिमाल, ४२ वर्षीय बलबहादुर सार्की र ५६ वर्षीय बमबहादुर तुम्बाहाम्फे माओवादी भएको आरोपमा ०६२ माघ २ गते सुरक्षाकर्मीले उनीहरूलाई घरबाटै गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरूमध्ये तीनजनालाई माघ ६ गते तारिखमा रिहा गरे भने गाजस प्रमुख लम्साललाई जेल चलान गरी ०६३ जेठ ११ गते रिहा गरे।

खामलालुङ गाविस-६ निवासी माओवादी कार्यकर्ता ५२ वर्षीय अग्नि भनिने भैरवपाईम लिम्बूलाई ०६२ माघ २ गते बिहान गस्तीमा गएका सुरक्षाकर्मीले ओखे गाविसस्थित भगवती उच्चमाविबाट गिरफ्तार गरे। पीडितलाई अनुसन्धानको लागि भनेर एक महिनासम्म हिरासतमा राखे। प्रशासनले पीडित माओवादी भएको ठहर गरेर जेल चलान गरेकोमा उनी ०६३ जेठ ११ गते रिहा भए।

इवा गाविस-३ निवासी ४२ वर्षीय गंगाराम मगर माओवादी भएको आरोपमा ०६२ फागुन २८ गते प्रहरीले उनलाई जिल्ला प्रशासन कार्यालयमा छोराको नागरिकता बनाइदिन आएको अवस्थामा गिरफ्तार गरे। पीडितलाई १० दिन हिरासतमा राखी जेल चलान गरिएकोमा ०६३ जेठ ११ गते रिहा भए।

उदयपुर जिल्ला सिद्धिपुर गाविस-४ निवासी १९ वर्षीय सुरेशचन्द्र राई र सोही ठाउँ निवासी १७ वर्षीय रविनकुमार राई माओवादी भएको आरोपमा ०६२ चैत ५ गते गस्तीमा गएको सुरक्षाकर्मीले म्याङलुङ्ग गाविस-६ बाट गिरफ्तार गरे। दुवैलाई सात दिनसम्म प्रहरी हिरासतमा राखी जेल चलान गरे। पीडितहरूलाई प्रशासनले ०६३ जेठ ११ गते रिहा गऱ्यो।

ताप्लेजुङ्ग जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३६ वर्षीय मानबहादुर भण्डारी माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६२ चैत ९ गते प्रहरीले गिरफ्तार गरी १५ दिन हिरासतमा राखी जागिरबाट बर्खास्त गरी जेल चलान गरे। पीडित ०६३ जेठ ११ गते रिहा भए।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक, स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

एमालेका जिल्ला सचिव भवानी खापुङ्ग, उपसचिव किशोरचन्द्र दुलाल, नेकाँ जिल्ला सभापति रामनारायण ढुङ्गाना र नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति गोविन्द ढुंगानालाई सात दलद्वारा आयोजित ०६२ माघ १३ गते एकदिने नेपाल बन्द कार्यक्रम अनुसार बजार बन्दको आह्वान गर्दै हिँडेको आरोपमा स्थानीय प्रशासनको निर्देशनमा प्रहरीले टुँडिखेलबाट उनीहरूलाई गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

लोकतान्त्रिक आन्दोलनका क्रममा जिल्ला सदरमुकाम तेह्रथुममा आठ विद्यार्थी संगठनद्वारा आयोजित कार्यक्रममा अनुगमनका लागि गएका इन्सेक जिल्ला प्रतिनिधि छत्रप्रसाद रिमाल, पत्रकारहरू सप्तकोशी एफएमका प्रतिनिधि



प्रहरीद्वारा गिरफ्तार गरिएका एमाले जिल्ला सचिव भवानी खापुङ्ग र उपसचिव किशोरचन्द दुलाल

भरत इङ्नाम, कञ्चनजंघा एफएम तथा ब्लाष्ट दैनिकका प्रतिनिधि उद्धव तिम्सिना, पत्रकार राजेन्द्र बराल र मोहन सुब्बालाई ०६२ चैत २९ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। प्रशासनले दोश्रो दिन पत्रकारलाई सुरक्षा ऐन अन्तर्गत नजरबन्द राख्ने गरी ९० दिने पक्राउ पूर्जी थमाए। पीडितहरूलाई ०६३ वैशाख ३ गते जिल्ला अदालतको रोहबरमा रिहा गरियो।



आन्दोलनका क्रममा प्रहरीको लाठीबाट घाइते भएका कृष्ण योगी

सुगम र निष्पक्ष न्यायिक आधिकार

यस वर्ष जिल्ला अदालतमा गत सालको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ५० थान र सरकारवादी फौजदारी ४१ थान गरी मुद्दाको ९१ थान रहे। यस वर्ष दर्ता भएका दुनियावादी देवानी ४५ र सरकारवादी फौजदारी २२ गरी ६७ थान मुद्दा दर्ता भए। यसवर्ष दुनियावादी देवानी १६ थान र सरकारवादी फौजदारी १२ थान गरी २८ थान मुद्दा फर्स्यौट भए। दुई वर्ष भन्दा बढी म्याद नाघेका दुनियावादी देवानी सात थान र सरकारवादी फौजदारी दुई गरी नौथान मुद्दा रहेका छन्। एक वर्षदेखि दुई वर्षसम्म म्याद नाघेका दुनियावादी देवानी १३ थान र सरकारवादी फौजदारी सातथान गरी २० मुद्दा रहेका छन्। एक वर्ष भित्रका दुनियावादी देवानी मुद्दाहरु २१ थान र सरकारवादी फौजदारी १३ गरी कूल ३४ थान मुद्दा रहेका छन्।



प्रहरीद्वारा गिरफ्तार गरिएका भरत इङ्नाम

बालअधिकार

पिप्ले गाविस-२ निवासी १६ वर्षीय सरोज बजगाईंलाई ०६३ कात्तिक २५ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्न भन्दै अपहरण गरे। पीडित माओवादीको इलामको बेशक्यामका छन्।

म्याङ्लुङ्ग गाविस-३ निवासी त्रिचोक निमावि कक्षा ३ का १० वर्षीय कुलबहादुर कुँवर र सोही ठाउँ निवासी कक्षा ५ का १२ वर्षीय मानबहादुर बुढाथोकीलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरी नौ दिनपछि मुक्त गरे।



प्रहरीद्वारा गिरफ्तार गरी हिरासतमा राखिएका इन्सेक प्रतिनिधि छत्र रिमाल

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा माओवादीबाट

हवाकु गाविस-१ निवासी ५२ वर्षीय मोहन भट्टराईको सात बोरा अलैंची ०६३ मंसिर ७ गते माओवादीले कब्जा गरे। विगतका वर्षमा उनको बगानमा उत्पादन भएको पूरै अलैची माओवादीले नै लैजाने गरेका थिए।

खानेपानीअवरुद्ध

जिल्ला सदरमुकाम म्याङ्लुङ्ग बजार र आसपासका गाविसका लागि ८ किमी पर रहेको उत्तरश्रदले मुहानबाट ल्याइएको खानेपानी ०६२ फागुन २३ गतेदेखि पानीको रकममा अनियमितता भएको भनी माओवादीले पटक-पटक अवरुद्ध गरे। माओवादी र खानेपानी उपभोक्ताबीच सम्झौता भएपछि २० दिनपछि मात्र खानेपानी सुचारू भयो।

सञ्चार अबरुद्ध

जिरीखिम्ती बजारमा सञ्चालित ७५ लाइन टेलिफोन माओवादीले प्रयोग गरेको आरोपमा ०६२ फागुन १६ गतेदेखि जिल्ला प्रशासन कार्यालय तेह्रथुमले अवरुद्ध गरेकोमा स्थानीय बासिन्दाको पहल र दबाबमा फागुन २६ गतेदेखि माओवादी पक्षलाई फोन गर्न नदिने सर्तमा जडान गरियो।

सरकारी कार्यालय कब्जा माओवादीबाट

जिल्ला सदरमुकाम तेह्रथुमको खानेपानी सरसफाई तथा सव-डिभिजन कार्यालयमा ०६३ असोज २६ गतेदेखि माओवादीले कार्यालय प्रमुखको कोठा, स्टोर कोठा र अतिथि गृह कब्जा गरेर बसोबास गरे। यो वर्षको अन्त्यसम्म भवनहरू छाडेनन्।

१.९ भोजपुर



जनसंख्या :	२,०४,७२९
साक्षरता प्रतिशत :	५४.५२
महिला साक्षरता प्रतिशत :	४३.२
क्षेत्रफल (वर्ग कि. मि.) :	१५०७
गाविस/नपा संख्या :	६३
निर्वाचन क्षेत्र :	२
विद्यालय :	३६७
क्याम्पस/उच्च मा.वि. :	१/४
अस्पताल/स्वास्थ्य चौकी :	१/६३
टेलिफोन लाइन :	४
मोटर सडक (कि. मि.) :	०
प्रहरी कार्यालय संख्या :	१
हुलाक संख्या :	३६
मानव विकास सूचकाङ्क :	०.४७२
प्रति परिवार सरदर संख्या :	५.१८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

देवानटार गाविस-७ निवासी २० वर्षीय देवेन्द्र राई माओवादी भएको आरोपमा ०६२ पुस २१ गते रानीबास गाविसको हतुवागढीमा रहेका सेनाले कब्जामा लिएर कुटपिट गरी उनको सोही दिन हत्या गरे। सेनाले छानबिन समिति गठन गरेर दोषी सैनिकलाई कारवाही गरेको जनायो। घटनामा सेनाका अधिकारी दोषी भएको जनाउँदै मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चआयोगले सो घटनाको छानबिन गरी दोषीमाथि कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति दिन माग गरेका थिए।

यूँ गाविस-७ को दावुराडमा सेनाले ०६२ माघ १५ गते गरेको हवाई आक्रमणमा परी चारजना माओवादी कार्यकर्ताको घटनास्थलमा मृत्यु भयो। सेनाले हेलिकप्टरबाट प्रहार गरेको बम लागेर अन्य करिब १२ जना माओवादी कार्यकर्तासमेत घाइते भए। सो घटनामा मारिएकामध्ये सीमा भनिने माओवादी कार्यकर्ताको मात्र नाम खुले पनि अन्य बारे माओवादीले जानकारी दिएनन्।

दोहोरो भिडन्त

रानीबास गाविसको हतुवागढीमा रहेको सेना र प्रहरीको क्याम्पमा ०६२ माघ १४ गते माओवादीले प्रहार गरेको गोली लागी चितवनका अमलदार रेशम थापा र रामेछापका प्युठ केदार सुवेदीको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा सुरक्षाकर्मीको गोली लागी रानीबास गाविसका माओवादी बटालियन सह-कमाण्डर जमिन भनिने निशाम शिवाहाङ खम्वुसहित ४६ जना भन्दा बढी माओवादीको मृत्यु भयो। भिडन्तका क्रममा मारिएका १२ जना माओवादीका लास सैन्य पोसाकमै सुरक्षाकर्मीको क्याम्प वरिपरि छरिएको थियो। ती लासलाई सर्वसाधारणले बोकेर गाडेका थिए। बाँकी लासलाई माओवादीले नै बोकेर लगेको स्थानीय बासिन्दाहरूले बताए।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

ओखे गाविस-४ निवासी ४२ वर्षीय सोमकुमार राई र ओखे गाविस-४ निवासी इन्द्रकुमार राई ०६२ माघ १५ गते वासिङ्थर्पू गाविसको धिन्ताङडाँडामा सेनाले हेलिकप्टरबाट प्रहार गरेको बम लागी गम्भीर घाइते भए। माओवादीले ०६२ माघ १४ गते रानीबास गाविसको सुरक्षाकर्मीको बेस क्याम्पमा आक्रमण गर्दा घाइते भएका माओवादी लडाकुको लास बोकेर फर्कने क्रममा सेनाले हानेको बम उनलाई लागेको हो।

रानीबास गाविसको हतुवागढीमा रहेको सुरक्षाकर्मीको संयुक्त क्याम्पमा ०६३ जेठ १५ गते बम विस्फोट हुँदा सैनिक जवान गोरखा जिल्लाका भीमबहादुर कुमाल गम्भीर घाइते भए। घाइतेको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा थियो।

बेवारिसे बमबाट

भैंसीपंखा गाविस-२ धापखर्क निवासी ३३ वर्षीया निम्दिकी शेर्पा ०६३ वैशाख १ गते घरैमा बेवारिसे बम विस्फोट हुँदा गम्भीर घाइते भइन्। घरभित्र विस्फोट भएको बमले उनका दुवै खुट्टामा गहिरो चोट लाग्यो। घाइतेको जिल्ला अस्पताल भोजपुरमा डेढ महिना उपचार गरेर काठमाडौं लगियो। सो बम माओवादीले प्रयोग गर्ने सकेट बम

भएको जिल्ला प्रहरी कार्यालय, भोजपुरले जनायो।

जेल र बन्दी

"ख" श्रेणीको भोजपुर कारागारको क्षमता २५ जनाको रहेको छ। हाल सो कारागारमा २१ जना पुरुष र चारजना महिला गरी कूल २५ जना बन्दी छन्। हाल कारागार शाखा भोजपुरमा राजनीतिक बन्दी छैनन्। यो जेलमा महिला र पुरुषका लागि छुट्टाछुट्टै कोठा बनाइएको छ।

बेपत्ता/अपहरण

राज्यबाट

वासिङ्थर्पू गाविसको धिन्ताङ डाँडाबाट माओवादी सेनाका सदस्यहरू १४ वर्षीय वीरबहादुर तामाङ र १५ वर्षीय चन्द्रबहादुर खड्कालाई ०६२ माघ १७ गते सेनाले गिरफ्तार गरे।

माओवादीबाट

सिद्धेश्वर गाविस-३ दावाँका १३ वर्षीय बालक दीपेश प्रधानलाई ०६२ पुस १८ गते माओवादीले घरबाटै अपहरण गरी केही हप्तापछि मुक्त गरे।

नागी गाविस-७ का ३२ वर्षीय सुमन बान्तावालाई ०६२ माघ ५ गते माओवादीले बास्तिम गाविसको मानेडाँडाबाट अपहरण गरे। शाही नेपाली सेनामा कार्यरत उनलाई घरबाट हेटौंडा जाने क्रममा अपहरण गरेका थिए। माओवादीले पीडितलाई पूर्णकालीन कार्यकर्ता बनाएको घोषणा गरे तर पीडितले आफूलाई माओवादीमा क्रियाकलापमा संलग्न गराउन माओवादीले जबरजस्ती गरिरहेको बताए।

ओखे गाविस-३ निवासी मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब ओखेका अध्यक्ष मानवअधिकार कार्यकर्ता २२ वर्षीय विष्णु कार्कीलाई ०६२ माघ १६ गते माओवादीले घरबाटै अपहरण गरी माघ १४ गते रानीबास गाविसको हतुवागढीमा रहेको सेना र प्रहरीको क्याम्प आक्रमणको क्रममा युद्ध सामग्री बोक्न लगाए। कार्कीलाई ०६२ माघ १६ गते मुक्त गरियो।

केउरेनीपानी गाविस-४ का कूलबहादुर श्रेष्ठले प्रहरीमा जागिर खाएको आरोपमा ०६२ चैत ११ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरी एक महिनापछि मुक्त गरे।

छिनामखु गाविस निवासी जिल्ला विकास समिति, भोजपुरका मनोनित सदस्य ६० वर्षीय जयप्रसाद राई 'शाही सत्ता'को मान्छे भएको आरोपमा ०६२ चैत १४ गते माओवादीले भोजपुर गाविस-१ देउरालीबाट अपहरण गरी ओढारे खोलासम्म पुऱ्याएर तीन घण्टापछि सो पदबाट राजीनामा दिने सर्तमा मुक्त गरे।

मूलपानी गाविस-६ निवासी इश्वर भट्टराई र शान्ता भट्टराईले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असार १२ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी दुवै जनालाई श्रम गराई केही महिनापछि मुक्त गरे।

मुलपानी गाविस-७ दिंला बजार निवासी व्यापारीहरू लालबहादुर श्रेष्ठ र जीवन श्रेष्ठले गाउँमा भएको झगडा चर्काएको आरोपमा ०६३ साउन १६ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी घटना नदोहोऱ्याउने सर्तमा केही घण्टापछि मुक्त गरे।

कुदाककाउले गाविस-४ निवासी नारायण बस्नेतले रुद्राक्षको कर नतिरेको तथा माओवादीका ज्यादती मानवअधिकारकर्मीलाई सुनाएको आरोपमा ०६३ भदौ ६ गते माओवादीले उनलाई अपहरण गरी तीन महिना श्रम गराए।

श्यामसिला गाविस-४ निवासी वीरबहादुर तामाङले गाउँमा चोरी गरेको आरोपमा ०६३ भदौ १४ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	८	१	९	१	३			३	३	३	१	४८	५१
घाइते	४	४		४	१	१			१	३	४			४
गिरफ्तारी/यातना										७	७	४		११
कुटपिट	६	७	१	८	८	११	३		१३	५	६	१		७
धम्की					३	५			५	१	१			१
भेला/संगठित हुने अधिकार										५	३४			३४
महिलाअधिकार	४		४	४										
बालअधिकार	३		३	३										
अमानवीय व्यवहार					३	३			३					
अपहरण	१	१		१	१७	१७	१	१५०	१६८					
जम्मा	३४	३०	९	३९	३३	३८	३	१५०	१९१	३४	४४	६	४८	९८



सुरक्षाकर्मीद्वारा हत्या गरिएका देवेन्द्र राई

उनलाई अपहरण गरी तीन महिना श्रम गराई मुक्त गरे।

मूलपानी गाविस-६ का २६ वर्षीय गोपाल राईले स्थानीय एक किशोरीलाई बलात्कार गरेको आरोपमा ०६३ कात्तिक ११ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दिंला बजारमा श्रम गराए। पीडित हालसम्म माओवादी कब्जामै छन्।

कुलुङ गाविस-७ निवासी ४६ वर्षीय खड्गबहादुर गिरीले ठोट्नेरी निमावि कुलुङको भत्याङ भत्काएको आरोपमा ०६३ कात्तिक १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। आरोप स्वीकार गराउन माओवादीले गिरीलाई कुटपिटसमेत गरी कात्तिक २४ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

श्यामसिला गाविस-४ निवासी १६ वर्षीय नारायण तामाङले गाउँका अन्य युवालाई चोरी गर्न सघाएको र झुठो बोलेको आरोपमा ०६३ वैशाख २१ गते माओवादीले उनलाई राधाकृष्ण मावि श्यामसिलामा कुटपिट गरे।

याङपाङ गाविस-८ निवासी २५ वर्षीय धनबीर राई र ७० वर्षीय जीतबहादुर राईले मनिला राईको हत्या गरेको आरोपमा ०६३ असार २३ गते माओवादीले उनीहरूलाई लाठी, मुक्का र लात्तीले कुटपिट गरे।

श्यामसिला गाविस-४ निवासी युवा बीरबहादुर तामाङले गाउँमा चोरी गरेको आरोपमा ०६३ भदौ १४ गते माओवादीले उनलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई हाल माओवादी श्रमशिविरमा छन्।

पञ्चकन्या उच्चमावि च्याङ्ग्रेका शिक्षक नवराज ढकालले सोही विद्यालयका विद्यार्थीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १० गते माओवादीले कुटपिट गरे।

गैरकानूनी गिरफ्तारी

यूँ गाविस-४ निवासी २५ वर्षीय अर्जन राई र २२ वर्षीया दिकु शेर्पा (राई) माओवादी भएको आरोपमा ०६२ पुस २० गते सुरक्षाकर्मीले रानीबास गाविसको घोडेटार बजारबाट गिरफ्तार गरे। पीडितहरूलाई कारागार शाखा भोजपुरमा पाँच महिना नजरबन्दमा राखी ०६३ जेठ १२ गते मानवअधिकारकर्मीको रोहबरमा रिहा गरियो।

ताप्लेजुङ जिल्लाको ढुंगेसाँघु गाविस निवासी माओवादी कार्यकर्ताहरू १४ वर्षीया विमला विक र दलगाउँ गाविस-५ निवासी २४ वर्षीया रीता राईलाई ०६२ माघ १७ गते सेनाले होम्ताङ गाविसबाट गिरफ्तार गरे। दुवैजना चार महिना कारगार शाखा भोजपुरमा नजरबन्दमा राखी ०६३ जेठ दोस्रो साता मानवअधिकारकर्मीको रोहबरमा रिहा गरे।

खैराङ गाविस-६ निवासी विमला कार्की माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६२ माघ १७ गते सेनाले उनलाई होम्ताङ गाविसबाट गिरफ्तार गरी माघ २४ गते मानवअधिकारकर्मीको पहलमा जिल्ला प्रहरी कार्यालय भोजपुरबाट रिहा गरे।

तिम्मा गाविस-७ निवासी २५ वर्षीय मनकुमार राईले माओवादीको नाममा चन्दा उठाइरहेको अवस्थामा ०६२ फागुन १५ गते प्रहरीले उनलाई भोजपुर बजारबाट गिरफ्तार गरी भोजपुर कारागारमा तीन महिना नजबन्दमा राखी ०६३ जेठ ४ गते रिहा गरे।

छिनामखु गाविस-१ निवासी प्रेम राई माओवादी भएको आरोपमा ०६२ फागुन २५ गते प्रहरीले जिल्ला अस्पताल भोजपुर परिसरबाट गिरफ्तार गरी तीन महिना कारागार शाखा भोजपुरमा नजरबन्दमा राखी ०६३ जेठ १२ गते मानवअधिकारकर्मीको रोहबरमा गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भोजपुर सदरमुकामको डाँडागाउँमा ०६२ माघ १९ गते राजनीतिक दलहरूद्वारा आयोजित शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरी कार्यक्रम बिथोल्यो। सुरक्षाकर्मीले कार्यक्रममा ल्याइएका ब्यानर, पम्प्लेट र माइक खोसे।



दोहोरो भिडन्तमा मारिएका माओवादी सह-कमान्डर निशाम भनिने शिवाहाङ खम्बु



प्रहरीद्वारा कुटपिट गरिएका प्रेम किराँत

भोजपुर गाविस-३ मा ०६२ चैत २९ गते सात दलले गरेको शान्तिपूर्ण प्रदर्शन र सभामा प्रहरीले हस्तक्षेप गर्दा एमालेका जिल्ला सचिव शेरधन राई, विद्यार्थी नेता मकरबहादुर खड्का, नेविसंघका जिल्ला नेता सरोज बस्नेत, नेकाँका सभापति नन्दमणि राई, भोजपुर क्याम्पसका स्ववियु सभापति ध्रुवराज राई, मानवअधिकार कार्यकर्ता नेत्रविनोद लुईंटेल, पिवन्त न्यौपाने र पर्शुराम तिवारीलगायत गम्भीर घाइते भए। तीमध्ये एमाले नेता शेरधनको काठमाडौं र मकरबहादुरको धरानमा उपचार भयो भने अन्य सबैको उपचार स्थानीय अस्पतालमा भयो।

भोजपुर गाविस-३ डाँडागाउँमा ०६३ वैशाख २ गते आन्दोलनरत दलहरूले गरेको शान्तिपूर्ण प्रदर्शन र सभामा प्रहरीले हस्तक्षेप गर्दा अनेरास्ववियुका अध्यक्ष प्रेम किराँत, प्रायुसंघका सचिव दुर्गा योञ्जन, नेविसंघका उपाध्यक्ष बिष्णुराज राई, एमाले जिल्ला सदस्य भूलानाथ राई, नेकाँका जिल्ला सभापति नन्दमणि राई, अनेरास्ववियुका जिल्ला सदस्य यदचन्द्र खड्का, एमाले जिल्ला सदस्य भरत तामाङ र तरुण दलका पाविहाङ राईलगायतका घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भोजपुरमा गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १९ ओटा र यस वर्ष दर्ता भएका दुनियावादी देवानी १४ ओटा गरी जम्मा १८ ओटा मुद्दा रहेका छन्। त्यसैगरी जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी २३ ओटा र यो वर्ष दर्ता भएका दुनियावादी फौजदारी छओटासहित जम्मा २९ ओटा मुद्दा रहेका छन्।

यसैगरी, सरकारी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका आठओटा र यो वर्ष दर्ता भएका १४ गरी जम्मा २२ ओटा मुद्दा रहेका छन्।

०६२ पुस मसान्तसम्म जिल्ला अदालत भोजपुरमा दुनियावादी देवानीतर्फ २१ ओटा मुद्दा फर्स्यौट भए। यसैगरी दुनियावादी फौजदारीतर्फ यो वर्ष १२ ओटा मुद्दा फर्स्यौट भए। जसमा सरकारवादी फौजदारीतर्फ पनि १२ ओटा मुद्दा फर्स्यौट भएका छन्।

बालअधिकार

भोजपुर गाविस-७ निवासी विद्यालय माबि टक्सारमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय सन्तोष बस्नेतलाई ०६३ कात्तिक ५ गते माओवादीले घरबाटै अपहरण गरी जनमुक्ति सेनामा भर्ती गरे।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

मुलपानी गाविस-६ निवासी १४ वर्षीया एक बालिकालाई ०६३ कात्तिक ८ गते सोही गाविसका २६ वर्षीय गोपाल राईले बलात्कार गरे। घरमा एक्लै रहेको समयमा पीडितलाई हाल माओवादीले पूर्णकालीन कार्यकर्ता बनाएको छ। पीडकलाई माओवादीले अपहरण गरी श्रम शिविरमा राखेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

जिल्ला विकास समिति भोजपुरले आर्थिक वर्ष ०६२/०६३ मा अशक्त भत्ता अन्तर्गत करिब ३ हजार वृद्धवृद्धालाई भत्ता वितरणको लागि ३७ लाख रुपैयाँ निकासा गरे पनि सो रकम वितरण गरिसकेको विवरण जिल्ला विकास समितिमा छैन। जिल्ला विकास समितिले आर्थिक वर्ष २ हजार ५ सय वृद्धवृद्धा भत्ता र २ हजार ९ सय ८५ जनालाई विधवा भत्ता तथा ५० जनालाई अपाङ्ग भत्ता वितरण गऱ्यो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका नेपालेडाँडा गाविस-६ निवासी २९ वर्षीय रामबहादुर कार्की, बोया गाविस-६ का ४० वर्षीय धनबहादुर तामाङ र खार्तम्छा गाविस-२ निवासी २४ वर्षीया माओवादी कार्यकर्ता आशा राईको अवस्था अज्ञात छ।

माओवादीबाट

यसैगरी माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका बोखिम गाविस-८ निवासी १३ वर्षीय प्रकाश तामाङ, सिद्धेश्वर गाविस-३ निवासी २७ वर्षीय डिकबहादुर प्रधानको अवस्था अज्ञात छ।

१.१० संखुवासभा



जनसंख्या : १,६६,६५४
साक्षरता प्रतिशत : ६१.५
महिला साक्षरता प्रतिशत : ३४
क्षेत्रफल (वर्ग कि. मि.) : ३४८६.१६
गाविस/नपा संख्या : ३३/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३५४
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : २/७
टेलिफोन लाइन : ३३३
मोटर सडक (कि. मि.) : ६३
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३६
मानव विकास सूचकांक : ०.४८१
प्रति परिवार सरदर संख्या : ५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

खराङ्ग गाविस-५ निवासी ५५ वर्षीय नरबहादुर बराईलीले मादकपदार्थ सेवन गरेको आरोपमा ०६३ साउन ३१ गते माओवादीले उनकै घर नजिक कुटपिट गरे। पीडितलाई ०६३ भदौ ५ गते उपचारको लागि खाँदबारी अस्पताल ल्याउँदै गर्दा तुम्लिङ्गटारमा मृत्यु भयो।

जेल र बन्दी

संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीमा रहेको जिल्ला कारगार २५ जनाको क्षमता भएको 'ग' श्रेणीको कारगारमा हो। कारागारमा चारजना महिलासहित जम्मा २६ जना कैद तोकिएका बन्दीहरु रहेका छन्। जसमध्ये ९ जना बन्दी छन् भने १७ जना कैद नतोकिएका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

मादी राम्बेनी गाविस-६ निवासी २९ वर्षीय सुशीला रिजाललाई देवरलाई विष खुवाई मारेको आरोपमा ०६२ माघ १८ गते माओवादीले अपहरण गरे। पीडितलाई शान्ति सम्झौता भएपछि जिल्ला प्रहरी कार्यालयमा बुझाउन ल्याउँदा पनि प्रशासनले उजुरी नआएको भन्दै बुझ्न नमाने पछि पुन: माओवादीले नै लगे।

वाना गाविस-८ निवासी २९ वर्षीय खड्गराज पुरीलाई ०६२ चैत १३ गते माओवादीले आफ्नै घरबाट काठ तस्करी गरेको आरोपमा अपहरण गरी ०६२ चैत १६ गते मुक्त गरे।

सित्तलपाटी गाविस-१ निवासी हिमालय मावि आँलाको शिक्षक ४० वर्षीय नन्दलाल गौतमलाई ०६३ वैशाख १९ गते माओवादीले सित्तलपाटी गाविस-८ आलाबाट अपहरण गरी ०६३ वैशाख २१ गते मुक्त गरे।

खाँदबारी नपा-१३ का ४१ वर्षीय सोमबहादुर कुमाललाई मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६३ जेठ २ गते माओवादीले आफ्नै घरनजिक कुटपिट गरी ४ दिनसम्म चैनपुर जाने बाटो खन्न श्रमशिविरमा राखी जेठ ६ गते मुक्त गरे।

माम्लिङ्ग गाविस-१ निवासी ४० वर्षीय पृथ्वीबहादुर लिङ्गथेपले आफ्नै भाञ्जालाई खुकुरी प्रहार गरी घाईते बनाएको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई अपहरण गरी श्रमशिविरमा राखे।

दिदिङ्ग गाविस-३ निवासी ५० वर्षीय कुमार राईलाई आफ्नै दाजुलाई खुकुरी प्रहार गरेको आरोपमा ०६३ भदौ २ गते माओवादीले अपहरण गरी ०६३ भदौ २५ गते प्रहरीलाई जिम्मा लगाए।

दिदिङ्ग गाविस-३ निवासी ५२ वर्षीय लवहाङ्ग राईले पूर्व जिविसका सदस्य काजीबहादुर राईलाई खुकुरी प्रहार गरेको आरोपमा ०६३ भदौ १८ गते माओवादीले अपहरण गरी ०६३ कात्तिक ११ गते मुक्त गरे।

खाँदबारी नपा-१ टुँडिखेल निवासी १९ वर्षीय अर्जुन नेउपाने र सोही स्थानका १७ वर्षीय राजन लिम्बूलाई झगडा गरेको आरोपमा ०६३ असोज २० गते माओवादीले अपहरण गरे। पीडितहरू कात्तिक २ गते माओवादी कब्जाबाट भागे।

तामाफोक गाविस-७ निवासी ५० वर्षीय भीमबहादुर राईले खुकुरी प्रहार गरी आफ्नै छोरीको हत्या गरेको आरोपमा ०६३ असोज १९ गते माआवादीले अपहरण गरी श्रमशिविरमा राखे।

आँखीभूई गावि-५ निवासी २८ वर्षीय बलबहादुर कार्कीलाई ०६३ असोज २३ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी हालसम्म मुक्त गरेका छैनन्।

खराङ्ग गाविस-८ निवासी १९ वर्षीय देवबहादुर कटुवाल, २१ वर्षीय चन्द्रबहादुर कटुवाल, २३ वर्षीय मदन श्रेष्ठ र १८ वर्षीय विक्रम सुब्वाले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ असोज २६ गते माओवादीले उनीहरूलाई अपहरण गरी असोज २८ गते मुक्त गरे।

मत्स्यपोखरी गाविस-२ निवासी १८ वर्षीय गुन्जबहादुर गुरुङलाई ०६३ कात्तिक २५ गते माओवादीले अपहरण गरे। पीडित ०६३ कात्तिक २७ गते माओवादीको कब्जाबाट भागे।

धम्की/ ज्यानमार्ने धम्की/ कुटपिट

राज्यबाट

मभातेवा गाविस-४ निवासी ४१ वर्षीय लीलाराम राईलाई ०६२ चैत २३ गते साँझपख खाँदबारी आउँदै गर्दा खाँदबारी नपा-१० को नयाँबजारमा सादा पोसाकका सुरक्षाकर्मीले कुटपिट गरे।

खाँदबारी नपा-३ निवासी २६ वर्षीय गाडी ड्राइभर अशोक गुरुङलाई ०६२ चैत २८ गते साँझ मानेभञ्ज्याङ्गबाट खाँदबारी आउँदै गर्दा निरौला गाउँमा गस्तीमा रहेको सुरक्षाकर्मीले गाडी रोकी कुटपिट गरे।

खाँदबारी नपा-९ निवासी गाडी चालकहरु २७ वर्षीय सरोज विक, खार्ताम्छा गाविस-५ भोजपुरका डेन्डी शेर्पा, खाँदबारी नपा-१२ निवासी इन्द्र अर्जी र सुनिलब श्रेष्ठलाई गाडी नरोकेको आरोपमा ०६३ वैशाख १ गते सादा पोसाकका सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरूमध्ये सरोज नेपालीको खाँदबारी अस्पतालमा उपचार भयो।

इलाम जिल्ला घर भई सशस्त्र प्रहरी कार्यालय चैनपुरमा कार्यरत प्रहरी हवल्दार सोमकुमार थापाले राजनीतिक दललाई आन्दोलनमा सहयोग गरेको आरोपमा ०६३ जेठ २० गतेदेखि डिएसपीले कुटपिट गरी गिरफ्तार गरे। पीडित जेठ २५ गते रिहा भए।

माओवादीबाट

सित्तलपाटी गाविस-६ निवासी २१ वर्षीय सुमन राईलाई केटी जिस्काएको आरोपमा ०६३ वैशाख २९ गते माओवादीले आफ्नै घरमा कुटपिट गरे।

खराङ्ग गाविस-८ निवासी निगुरे साना जलविद्युत आयोजनाका पाले ५५ वर्षीय मीनबहादुर दाहाललाई ०६२ माघ २६ गते माओवादीले निगुरेमा कुटपिट गरे। कुटपिटको कारण थाहा हुन सकेन।

गैरकानुनी गिरफ्तारी

खाँदबारी नपा-१२ निवासी नेपाल पत्रकार महासंघका सभापति ४५ वर्षीय मातृका तिम्सिना र वरुण बहुमुखी क्याम्पसका विद्यार्थी सरोज दाहाललाई निरंकुश राजतन्त्रको विरोध गेरेको आरोपमा ०६२ माघ १८ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी माघ २१ गते रिहा गरे।

खाँदबारी नपा-१ निवासी बरुण बहुमुखी क्याम्पसका अध्यापनरत ४० वर्षीय कल्पना अधिकारी र ताप्लेजुङ्ग जिल्ला घर भई सोही क्याम्पसमा अध्यापनरत ३१ वर्षीय लोकचन्द्र सुब्वालाई विद्यार्थीलाई उक्साई आन्दोलन गर्न लगाएको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले खाँदबारीको पोखरी बजारबाट गिरफ्तार गरी प्रहरी कार्यलयमा राखी ०६२ माघ २० गते रिहा गरे।

बानेश्वर गाविस-७ निवासी माओवादीका कार्यकर्ता ३२ वर्षीय फूलमाया तामाङलाई ०६२ चैत २० गते चैनपुरबाट गएका सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					१	१		१				
घाइते	३	३		३								
गिरफ्तारी/यातना									६	११	३	१३
कुटपिट	३	३		३	५	४	१	५	८	१३		१३
धम्की					१	१		१				
भेला/संगठित हुने अधिकार									३	५	३	८
बालअधिकार	१	३		३								
अमानवीय व्यवहार	१		१	१								
अपहरण					३५	३०	८	३८				
जम्मा	८	८	१	९	३३	३६	९	४५	१६	३९	५	३४

०६३ जेठ १२ गते रिहा गरे।

चैनपुर गाविस-३ निवासी नेकपा एमालेका अञ्चल कमिटी सचिव ५० वर्षीय राजेन्द्र गौतम, बाना गाविस-२ का एमाले जिल्ला कमिटी उपसचिव डम्बर खड्का र नेकाँका कुमारबाबु अधिकारीलाई नगर निर्वाचनको विरोधमा आन्दोलन गरेको आरोपमा ०६२ माघ १३ गते सुरक्षाकर्मीले खाँदबारीको पोखरीबाट गिरफ्तार गरी ०६२ चैत २ गते रिहा गरे।

खाँदबारी नपा-३ निवासी एमालेका पार्टी सचिव डेडराज खड्का, मादी गाविस-३ निवासी नेकाँ केन्द्रीय सदस्य गोपालराज पाहाडी र मकालु गाविस-८ निवासी नेकाँ जिल्ला कार्यसमिति सभापति तारामान गुरुङलाई नगर निर्वाचनको विरुद्धमा आन्दोलन गरेको आरोपमा ०६२ माघ १३ गते सुरक्षाकर्मीले खाँदबारी बजारबाट गिरफ्तार गरी ०६२ चैत ४ गते रिहा गरे।

खाँदबारी नपा-१ निवासी नेकाँका नेताहरु ३२ वर्षीय दीपनकुमार श्रेष्ठ र ४५ वर्षीय उषा कार्कीलाई ०६२ माघ १३ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी ०६२ चैत २ गते रिहा गरे।

खाँदबारी नपा-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ५२ वर्षीय मुरारी खतिवडालाई ०६२ माघ १३ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी भेटनरी कार्यालयमा राखी ०६२ चैत २ गते रिहा गरे।

अभिव्यक्ति/ भेला हुने संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वन्तन्त्र र निष्पक्ष चुनावसमेत)

खाँदबारी नपा-१० का विद्यार्थीहरु झलकमणि मगर, डम्बरु निरौला र पर्शुराम निरौलालाई ०६२ माघ १९ गते शाही घोषणाको विरोधमा जुलुस लगाउँदै पोखरी बजार आइपुगेपछि प्रहरीले गिरफ्तार गरी ०६२ माघ २० गते रिहा गरे।

सभापोखरी गाविस-६ निवासी २५ वर्षीय सिलिचुङ्ग ल्कबमा कार्यरत गंगा राईलाई जुलुसमा हिँडेको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले आरती होटल अगाडि बसिरहेको अवस्थामा उनलाई कटबाँसको लट्ठीले कुटपिट गर्दै गिरफ्तार गरी ०६२ माघ २० गते रिहा गरे।

खाँदबारी नपा-२ निवासी सर्दन अधिकारी, वाला गाविस-३ निवासी लोकविक्रम राई, स्यावुन गाविस-४ का सविता राई, खाँदबारी नपा-३ निवासी सुशीला ओझा र सुशीला घिमिरेलाई राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले खाँदबारीको पोखरीबाट गिरफ्तार गरी ०६२ माघ २० गते साँझ रिहा गरे।

खाँदबारी नपा-१० निवासी दर्शन दैनिकका समाचारदाता किसोर बुढाथोकी, इन्सेक जिल्ला प्रतिनिधि लीलाप्रसाद श्रेष्ठ र कान्तिपुर दैनिकका समाचारदाता रमेशचन्द्र अधिकारीलाई बम पड्काएको आरोप लगाई ०६२ माघ १९ गते हिमालय क्याम्पसबाट राजतन्त्रको विरुद्धमा विद्यार्थीहरूले निकालेको जुलुसको अनुगमन गरिरहेको बेला सोही दिन इन्स्पेक्टर महेश भट्टराईको नेतृत्वमा आएको सुरक्षाकर्मीको टोलीले पोखरीबजारबाट गिरफ्तार गरी बेलुका रिहा गरे।

सुगम तथा निस्पक्ष न्यायिक अधिकार

यस वर्ष संखुवासभा जिल्ला अदालतमा नियम बदर तथा हकदाबी सम्बन्धी तीनओटा, जग्गा खिचलो सम्बन्धी तीन, अंशदावी दर्ता सम्बन्धी आठ ओटा, लिखत सम्बन्धी चार, लेनदेन नौ, बालीविगो आठ, फैसला बदर एक, सम्बन्ध बिच्छेद चार, करकाप दुई, जालसाज किर्ते छ, हाडनाता करणी एक, लुटपाट आठ, आगोलागी एक, बनहानी तीन, ठगी दुई, डाँका एक, कर्तव्यज्यान सात, गौहत्या एक, ज्यानमार्ने उद्योग एक, चोरी एक, जबरजस्ती करणी एक, जीउ मास्ने बेच्ने एक, हकदावी एक र बेइज्जती एक गरी जम्मा ७८ ओटा मुद्दा परेकोमा जम्मा पाँचओटा मात्र फैसला भयो भने ७२ ओटा बाँकी रहेको छ।

बालअधिकार

खाँदबारी नपा-७ निवासी १७ वर्षीय शिला शिवालाई ०६३ असोज २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्नका लागी अपहरण गरे।

दिदिङ्ग गाविस-२ निवासी विद्यार्थी १४ वर्षीय नवीन राईलाई ०६३ कात्तिक २४ गते माओवादीले जबरजस्ती अपहरण गरी जनमुक्ति सेनामा भर्ना गरे।

दिदिङ्ग गावि-३ निवासी १७ वर्षीय जीतेन्द्र राई र १५ वर्षीय जुजे राईलाई ०६३ कात्तिक २५ गते माओवादीले आफ्नै घरबाट जनमुक्ती सेनामा भर्ना गर्न अपहरण गरी लगे।

दिदिङ्ग गाविस-२ निवासी १४ वर्षीय मनकुमार गुरुङ, १३ वर्षीय सानु राई, १५ वर्षीय निमलाई राईलाई ०६३ कात्तिक २६ गते माओवादीले आफ्नै घरबाट मासिक ८ हजार दिने प्रलोभन देखाई जनमुक्ति सेनामा भर्ना गर्न लगे। पीडितहरु मध्ये निर्मला राई ०६३ मंसिर १५ गते भागेर घर आई पुगिन्।

दिदिङ्ग गाविस-२ निवासी १५ वर्षीय माईला राई, १६ वर्षीय जीवन राई, १५ वर्षीय शम्भु राई र १३ वर्षीय मोहन दर्जीलाई ०६३ कात्तिक २६ गते माओवादीले विद्यालय जाँदै गरेको अवस्थामा सित्तलपाटी गाविस-७ बाट अपहरण गरी सेनामा भर्ना गर्न लगे।

दिदिङ्ग गाविस-२ निवासी १३ वर्षीय विद्यार्थी अञ्जली राईलाई ०६३ कात्तिक २६ गते माओवादीले आफ्नै घरबाट

अपहरण गरी सेनामा भर्ना गर्न लगे।

मांतेवा गाविस-६ घर भई सरस्वती माध्यमिक विद्यालय ताम्कुमा अध्ययनरत १७ वर्षीय विकन राई, १८ वर्षीय रमेश कार्की, १५ वर्षीय मोहनसिंह राई र १५ वर्षीय सुरेन्द्र राईलाई ०६३ कात्तिक २६ गते मओवादीले जनमुक्ती सेनामा भर्ना गर्नका लागि अपहरण गरे।

दिदिङ्ग गाविस-२ निवासी १३ वर्षीय ज्यामु भोटिय, १३ वर्षीय लमु शेर्पा र १३ वर्षीय उर्मिला श्रेष्ठलाई ०६३ कात्तिक २५ गते माओवादीले विद्यालय नजिकैबाट अपहरण गरी लगेकोमा ०६३ कात्तिक २७ गते सदरमुकाम खाँदबारीबाट भागेर घर फर्किए।

मभातेवा गाविस-८ निवासी १४ वर्षीय शम्भु राईलाई ०६३ कात्तिक २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्नको लागि आफ्नै घरबाट अपहरण गरी लगे।

मांतेवा गाविस-१ निवासी १७ वर्षीय माहन तिम्सिनालाई ०६३ कात्तिक २५ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्नको लागी अपहरण गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

बाह्रविसे गाविस-४ निवासी पृथ्वीबहादुर लिम्बूलाई सुरक्षाकर्मीले खाँदबारीको पोखरीबाट ०५९ पुसमा गिरफ्तार गरी बेपत्ता बनाएकोमा जिल्ला प्रशासन कार्यालयले खाँदबारीको चेवामा भिडन्तमा मरेको भनी रेकर्ड राखेका छ।

माओवादीबाट

खाँदबारी नपा-११ निवासी पुस्करमणि कार्कीलाई ०५८ सालमा माओवादीले काठमाडौं जाँदै गर्दा धनकुटाको चानुवाबाट अपहरण गरी लगेकोमा हाल पीडितको परिवारले सार्वजानिक गर्न माग गर्दा माओवादीले सफाया गरिसकेको बताए। परिवारले आफ्नो छोराको चिहान नदेखाएसम्म विश्वास गर्न नसकिने भनी किरिया गरेका छैनन्।

१.११ सप्तरी



जनसंख्या	६,१८,०१८
साक्षरता प्रतिशत	४९.२८
महिला साक्षरता प्रतिशत	२२
क्षेत्रफल (वर्ग कि. मि.)	१३६३
गाविस/नपा संख्या	११४/१
निर्वाचन क्षेत्र	५
विद्यालय	३१४
क्याम्पस/उच्च मा.वि.	२/९
अस्पताल/स्वास्थ्य चौकी	१/१२१
टेलिफोन लाइन	३४२०
मोटर सडक (कि. मि.)	३३०
प्रहरी कार्यालय संख्या	८
हुलाक संख्या	११६
मानव विकास सूचकाङ्क	०.४५३
प्रति परिवार सरदर संख्या	६.११

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्ने अधिकार

हत्या/गोली

राज्यबाट

मलेकपुर गाविस-५ निवासी ५० वर्षीय दर्शनलाल यादव ०६२ चैत २३ गते एमाले सप्तरीले आयोजना गरेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा राजविराज-१ स्थित सडकमा ढले। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गर्दा गर्दै ०६२ चैत २३ गते मृत्यु भयो। सरकारले यादवलाई सहिद घोषणा गरी उनका परिवारलाई १० लाख क्षतिपूर्ति उपलब्ध गरायो।

नकटीरायपुर गाविस-९ निवासी ३५ वर्षीय बच्चाराम चौधरीलाई ०६३ असोज २१ गते रायपुर गाविस-८ रुपनी हटियामा प्रहरी जवान राम अवतार यादवले गोली प्रहार गरी घाइते पारे। चौधरीको उपचारको क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भोलिपल्ट मृत्यु

भयो। प्रहरीले पीडित परिवारलाई ५० हजार क्षतिपूर्ति दिई दोषी प्रहरीलाई हिरासतमा लिई विभागीय कारवाही चलायो।



जनआन्दोलनको क्रममा मृत्यु भएका दर्शनलाल यादव

माओवादीबाट

मल्हनिया गाविस-५ निवासी ३५ वर्षीय सुरज भनिने सूर्यनारायण साहलाई सुराकी गरेको आरोपमा ०६२ चैत ९ गते माओवादीले घर नजिकैको खेतमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितको लास पोष्टमार्टम गराई प्रहरीले परिवारलाई बुझायो।

पिप्रापूर्व गाविस-८ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता ३२ वर्षीय जागिर मन्सुरी, ३८ वर्षीय सरिफ मन्सुरी र सर्वसाधारण ४२ वर्षीय चन्द्रशेखर साहलाई सामाजिक सद्भाव खल्बल्याएको र लुटपाटमा संलग्न भएको आरोपमा ०६२ चैत २६ गते माओवादीले चन्द्रशेखरको घरमा गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गराई पीडितहरूका परिवारलाई बुझायो।

लोहजारा गाविस-६ निवासी २८ वर्षीय कुलानन्द भिण्डवारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चामा लागेको आरोपमा ०६३ असार ३२ गते बलराम महतोको नेतृत्वमा रहेको माओवादी सेनाले उनकै घरमा गोली हानी हत्या गरे। भिण्डवारको लास प्रहरीले पोष्टमार्टम गराई परिवारलाई बुझायो। प्रहरीले घटनामा संलग्न महतोविरुद्ध ज्यान मुद्दा चलाएको बताए पनि गिरफ्तार गरी कारवाही चलाउन सकेन।

हर्दिया गाविस-७ निवासी ३५ वर्षीय फूलोदेवी यादवले किशुन महतोसँग दोश्रो विवाह गरेको आरोपमा ०६३ भदौ ७ गते सोही ठाउँका माओवादी कार्यकर्ता शुभनारायण यादव र बद्रीनाथ अधिकारीले अपहरण गरे। फूलोदेवीको भदौ ९ गते शुभनारायणको घरमा मृत्यु भयो। उनले विष सेवन गरी आत्महत्या गरेको माओवादीले जनाए पनि माओवादी कार्यकर्ताले दिएको शारीरिक तथा मानसिक यातनाका कारण मृत्यु भएको यादवका पति किशुनदेव महतोले बताए। माओवादीले यादवको लास परिवारलाई थाहै नदिई खोलामा गाडे। मानवअधिकारकर्मीको सहयोगमा १० दिनपछि उत्खनन गरी प्रहरीले लासको पोष्टमार्टम गराई पति किशुनदेव महतोलाई बुझायो। माओवादीविरुद्ध प्रहरीले कर्त्तव्य ज्यानअन्तर्गत मुद्दा दायर गरेको बताए पनि गिरफ्तार गरी कारवाही अघि बढाउन सकेन। माओवादीले शुभनारायण यादव र हर्दिया बद्रीनाथ अधिकारीलाई पार्टीबाट निलम्बन गरी कारवाही सुरु गरेको जनायो।

सिरहा जिल्ला लहान नपा-२ पडोरियाका २८ वर्षीय महेश चौधरीलाई ०६३ असोज १ गते माओवादीले सप्तरी जिल्ला पटेर्वा गाविस-७ महेशपुरमा गोली हानी हत्या गरे। पूर्व माओवादी कार्यकर्ता समेत रहेका चौधरीको हत्या नगरेको माओवादीले बताए। प्रहरीले लास पोष्टमार्टम गरी परिवारलाई बुझाए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता हरिशचन्द्र भनिने श्रीप्रसाद यादवलाई ०६३ असोज ४ गते माओवादीले तिलाठी गाविस-८ बेल्हीमा गोली हानी हत्या गरे। प्रहरीले लास पोष्टमार्टम गरी पीडितका परिवारलाई बुझायो।

रम्पुरा मल्हनियाँ गाविस-३ निवासी ४३ वर्षीय बेलाल मियाँलाई ०६३ मंसिर २ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	१३	१	१३	८	८	१		९	३	३			३
घाइते	३	५		५	३	५			५					
गिरफ्तारी/यातना										३३	११५	३	१५३	२६०
कुटपिट	११	१८	६	२४	८	१३	१	१	१४	६	८			८
धम्की	४	४		४	३	३			३					
भेला/संगठित हुने अधिकार										१३	३९		११५	१४४
महिलाअधिकार	१३		१५	१५										
बालअधिकार	५		५	५						१	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३			३					
अमानवीय व्यवहार	३	३		३	१	१			१					
अपहरण	३३	३१		३१	४३	६८	१		६९					
जम्मा	७३	७३	२८	१००	६६	९९	३	१	१०३	५४	१५४	३	३६८	४२४



माओवादीद्वारा हत्या गरिएका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता जागिर मन्सुरी

मोटरसाइकल चढेर भारततर्फ जाँदै गर्दा कोइलाडी बर्साइन गाविसको बनरझुल्ला टोलमा गोली हानी हत्या गरे। प्रहरीले लास पोष्टमार्टम गराई पीडितका परिवारलाई बुझायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

उदयपुर जिल्ला बसहा गाविस-८ निवासी २५ वर्षीय राजु घिसिङ माओवादी भएको आरोपमा ०६२ चैत ३० गते मोर्चाका कार्यकर्ताले उनलाई तिलाठी गाविसको नेपाल भारत सीमा नजिकै गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गरी पीडितको परिवारलाई बुझायो।

उदयपुर जिल्ला बसहा गाविस-८ निवासी २८ वर्षीय दिनेश राउतलाई ०६३ वैशाख २ गते काम विशेषले भारतको कुनौली पुगेर फर्कदै गर्दा माओवादी कार्यकर्ता भएको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरी जोगिनियाँ गाविस-५ को सडक नजिकै गोली हानी हत्या गरे। पीडितलाई चार दिनअघि अपहरण गरिएको थियो। प्रहरीले लासको पोष्टमार्टम गराई पीडित परिवारलाई बुझायो।

रम्पुरा मल्हनियाँ गाविस निवासी निवर्तमान गाविस अध्यक्ष ५० वर्षीय बद्री यादवलाई ०६३ जेठ २० गते मोर्चाका कार्यकर्ताले नेपाल भारत सीमा कुनौली बोर्डर नजिकै गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गराई पीडितका परिवारलाई बुझायो।

छिन्नमस्ता गाविस-१ निवासी २३ वर्षीय गुल्टेन भन्ने विजयकुमार झा र सोही गाविसका महेन्द्र यादवलाई माओवादीलाई गाउँमा ल्याएको आरोपमा ०६३ असार २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले छिन्नमस्ता गाविस-२ तरही पोखरीनजिक गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गरी पीडितका परिवारलाई बुझायो।

हनुमाननगर गाविस-६ निवासी ३५ वर्षीय शम्भु यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता हरिशचन्द्रको हत्यामा संलग्न भएको आरोपमा ०६३ असोज ४ गते मोर्चाका कार्यकर्ताले उनलाई रम्पुरा मल्हनियाँ गाविस-३ डल्बामा गोली हानी हत्या गरे। प्रहरीले लास पोष्टमार्टम गरी पीडितका परिवारलाई बुझायो।

काठमाडौंबाट झापाको मधुमल्लातर्फ जाँदै गरेको चन्द्रसूर्य ट्राभल्सको ना. २ ख. ३९७१ नं. को रात्री बसलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाले आह्वान गरेको बन्द कार्यक्रमको अवज्ञा गरेको आरोपमा ०६३ पुस १३ गते मोर्चाका कार्यकर्ताले भारदह गाविस-१ कोशी ब्यारेज खण्डमा आगजनी गरे। सोही बसमा यात्रा गरिरहेका दोलखा जिल्ला च्यामा गाविस-६ निवासी १८ वर्षीय अर्जुन फुयाँलको गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गराई परिवारका सदस्य बोलाई जिम्मा लगायो। सोही घटनामा बसमा सवार सुनसरी महेन्द्रनगर गाविस-४ निवासी १७ वर्षीय शेखर गिरी, झापा मधुल्ला गाविस-२ निवासी २१ वर्षीय रमेशप्रसाद निरौला र भारत कानपुर निवासी २४ वर्षीय सनोज शर्मालाई बन्दुकको कुन्दाले हिर्काएर घाइते पारे। घाइतेहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

दोहोरो भिडन्त

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) र माओवादीबीच ०६३ कात्तिक १ गते रम्पुरा मल्हनियाँ गाविस-२ डल्वामा कोशी नदीको किनारामा दुई घण्टा भिडन्त भयो। भिडन्तमा मोर्चाका सैन्य प्रमुख रणवीर सिंहलगायत तीन घाइते भए। मोर्चाले एक माओवादी मारिएको बताए पनि लास प्राप्त भएन।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

लोहजारा गाविस-६ निवासी देवानन्द यादवलाई ०६३ असार २३ गते माओवादीको मिलिसिया बलराम महतोको नेतृत्वमा लोहजारामा कुलानन्द भिण्डवारलाई गोली हान्न खोज्दा नमार्न आग्रह गर्दा बन्दुकको कुन्दाले टाउकोमा हिर्काई घाइते पारे। पीडितको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो।

माओवादी कार्यकर्ता शिवु मण्डल ०६३ साउन ५ गते आफैंले बोकेको बन्दुक अचानक पड्कँदा दाहिने खुट्टामा गोली लागी घाइते भए। उनको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार भयो।

शम्भुनाथ गाविस-३ निवासी १८ वर्षीय शिवकुमार चौधरी ०६३ मंसिर २५ गते शम्भुनाथ गाविस-५ मा सूर्यकान्त गुप्ताको पेट्रोल पम्पमा माओवादी चढेको मारुती भ्यानमा पेट्रोल हालेको पैसा नदिएको कारण विवाद हुँदा माओवादीले चलाएको गोली लागी घाइते भए। बाटो हिंडिरहेका चौधरीलाई दाँहिने कुहिनामा गोली लागेको थियो।

उनको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार गरियो। घटनामा आफ्ना कार्यकर्ताले गोली चलाएको स्वीकार्दै माओवादी सेक्रेटरी अमरले माफी मागी घाइतेको सम्पूर्ण उपचार गर्ने बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

गम्हरिया प्रवाह गाविस-४ निवासी ६५ वर्षीय गुनेश्वर मण्डलले माओवादीलाई गाउँमा ल्याई सर्च गराएको आरोपमा ०६३ भदौ ४ गते मोर्चाका कार्यकर्ता प्रभु मण्डलसहितको पाँचजनाको समूहले उनलाई गोली हानी घाइते पारे। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

मानअधिकार तथा समाज सेवा केन्द्र, राजविराजको कार्यालय रहेको एमाले सगरमाथा अञ्चल सचिव सुमनराज प्याकुरेलको राजविराज नपा-४ मा रहेको घरको छतमाथि ०६३ पुस १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले भौतिक तथा मानवीय क्षति पुऱ्याउने गरी शक्तिशाली ग्रिनेड बम प्रहार गरे। बम नपड्केका कारण कुनै क्षति भएन। बम राखिएको खबर जनतान्त्रिकका कार्यकर्ता विवश विद्रोहीले फोन मार्फत दिए। सुरक्षाकर्मीले भोलिपल्ट बम निस्क्रिय पारेको थियो।

जेल र बन्दी

राजविराज कारागार शाखा १ सय २५ जनाको क्षमता भएको 'ग' श्रेणीको कारागार हो। यस कारगार शाखामा जम्मा एक महिला सहित ८६ जना बन्दी रहेका छन्। जस मध्ये २५ जना कैद नतोकिएका र एक जना महिला सहित ६१ जना कैद तोकिएका बन्दी रहेका छन्। अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको रहेको छ। जेल भवन जिर्णोद्धार गर्नुपर्ने र आधुनिक सूचना प्रविधिबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने जेलका लेखापाल पुष्प बस्नेतले बताए।

'आतंककारी ऐन' खारेज गरी बन्दी रिहा गर्नुपर्ने माग राख्दै माओवादी बन्दीहरूले ०६३ जेठ १ गते विमर्शराज कार्कीको नेतृत्वमा जेलभित्रै अनसन बसे। आममाफीको माग गर्दै राजविराजका १ सय ११ जना बन्दीहरूले ०६३ जेठ २९ गतेदेखि रिले अनसन शुरु गरे। माग माथिल्लो निकायमा पुऱ्याई दिने सहमति भएपछि १० दिनपछि उनीहरूले अनसन स्थगित गरे। यसैगरी उनीहरूले ०६३ असार ८ गते मसाल जुलुस प्रदर्शन गरे। राजविराज कारागारका बन्दीहरूले आममाफीको माग गर्दै राजविराज नपा-७ कारागारभित्र ०६३ असार २४ गते तोडफोड गरी बन्दीहरूको लागि राखिएको चामलमा समेत आगो लगाए। आधा कैद माफीका लागि सिफारिस गर्ने सहमति भएपछि कैदीहरूको आन्दोलन स्थगित भएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

औरही गाविस-३ निवासी सतीश यादव, पुनित यादव, रामलखन पण्डित समेतलाई सार्वजनिक पोखरीमा माछा मार्ने विषयमा ०६३ असार १८ गते माओवादीले कुटपिट गरी सतीश यादव र जिवछ यादवलाई अपहरण गरे। माओवादी ज्यादती विरुद्ध स्थानीय जनताले माओवादी कार्यालय घेराउ गरेपछि पीडितहरू मुक्त भए।

मलेकपुर गाविस-१ निवासी २८ वर्षीय तेतर सदालाई ०६२ माघ २६ गते माओवादीले शम्भुनाथ गाविस सखुवा चौकबाट अपहरण गरी लगे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

कल्याणपुर गाविस-८ निवासी जिल्ला ट्राफिक प्रहरी कार्यालय, सप्तरीमा कार्यरत ट्राफिक हवल्दार ३४ वर्षीय ज्ञानेन्द्र दाहाललाई ०६२ फागुन २८ गते माओवादीले मल्हनियाबाट अपहरण गरे। मोबाइल खोसेर पीडितलाई भोलिपल्ट मुक्त गरियो।

सर्लाही जिल्ला ईश्वरपुर गाविस-१ फूलजोर निवासी ट्रक चालक इन्द्रप्रसाद घिमिरे र खलासी श्याम कार्कीलाई बन्दको अवज्ञा गरेको आरोपमा ०६३ चैत १ गते माओवादीले कुशाहामा ट्रकमा आगजनी गरी अपरहण गरे। पीडितहरूलाई भोलिपल्ट मुक्त गरियो।

धरमपुर गाविस-५ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४२ वर्षीय विनोद खतिवडालाई ०६२ चैत ४ गते माओवादीले अपहरण गरी लगेकोमा गाउँलेको प्रतिकारमा उनी जङ्गलबाट भागे।

कुशाहा गाविस-६ निवासी १७ वर्षीय सूर्यनारायण चौधरी र १६ वर्षीय धीरेन्द्रप्रसाद गुप्ताले स्थानीय बासिन्दालाई कुटपिट गरेको आरोपमा ०६२ चैत ४ गते



माओवादीद्वारा हत्या गरिएका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता सरिफ मन्सुरी

माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी लगे। पीडितहरू छ दिनपछि मुक्त भए।

धरमपुर गाविस-१ निवासी पूर्व माओवादी कार्यकर्ता ३० वर्षीय मनोज यादव र पिप्रापूर्व गाविस-२ निवासी २८ वर्षीय विजय चौधरीलाई माओवादीको नाममा बदमासी गरेको आरोपमा माओवादीले ०६३ वैशाख १५ गते बक्धुवाको महुलीबाट अपहरण गरी लगे। पीडितहरू तीन दिनपछि मुक्त भए।

घोघनपुर गाविस-३ निवासी मनटुन सिंह, जवाहिर गुप्ता, धरमपुर गाविस-१ निवासी दीपक चौधरी र देवेन्द्र चौधरीलाई लुटपाटमा संलग्न भएको आरोपमा ०६३ जेठ ३ गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

धरमपुर गाविस-१ निवासी ३० वर्षीय मनोज यादव र अर्नाहा गाविस-७ निवासी राजेन्द्र चौधरीले नक्कली माओवादी बनी चन्दा असुलेको आरोपमा ०६३ जेठ ३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। माओवादीले पीडितहरूलाई चार दिनपछि मुक्त गरे।

लोहजारा गाविस-१ निवासी २३ वर्षीय ईनर महतोलाई माओवादीलाई कुटेको आरोपमा ०६३ जेठ २४ गते माओवादीले लोहजारा गाविस-३ धनकी चौकबाट अपहरण गरे। पीडित पाँच दिनपछि मुक्त भए।

कञ्चनपुर गाविस-३ निवासी २३ वर्षीय पवन मण्डल र मझरा मण्डललाई आफ्नो पार्टीविरुद्ध गतिविधि गरेको आरोपमा ०६३ जेठ २६ गते माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

घोघनपुर गाविस-३ निवासी ३२ वर्षीय रामदेव रामलाई व्यक्तिगत रिसिइवीका कारण ०६३ जेठ २७ गते माओवादीले घरबाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

बथनाहा गाविसको मावि बथनाहामा कार्यरत प्रधानाध्यापक सत्यनारायण झालाई आर्थिक हिनामिना गरेको आरोपमा ०६३ जेठ २८ गते माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितलाई दुई दिनपछि मुक्त गरिए पनि १० दिन विद्यालय जान रोक लगाए।



जनआन्दोलनको दमनमा उत्रिएका प्रहरीहरू

कविलासा गाविस-७ निवासी १९ वर्षीय धर्मदेव साहलाई व्यक्तिगत लेनदेनको विषय उजुरी परेको भन्दै ०६३ जेठ ३१ गते माओवादीले घरबाट अपहरण गरी लगे। पीडितलाई तीन दिनपछि मुक्त गरियो।

उदयपुर जिल्ला बसाहा-८ निवासी विक्रम राई, सन्तोष तामाङ, रामकुमार राई र नानु राईलाई लागू औषध सेवन गरेको आरोपमा ०६३ असार ७ गते माओवादीले कञ्चनपुर गाविस-४ बेरियरबाट अपहरण गरी लागू औषध सेवन नगर्ने सर्तमा दुईदिनपछि मुक्त गरियो।

हरिपुर गाविस-५ वसनपट्टी निवासी शिक्षक बन्धुलाल चौधरी र मल्हनमा गाविस-३ शम्सेरपुर निवासी सुखीलाल चौधरीलाई माओवादीविरुद्ध बोलेको आरोपमा ०६३ असार २२ गते माओवादीले उनलाई अपहरण गरे। गाउँलेहरूले विरोध जनाएपछि दुवैलाई भोलिपल्ट मुक्त गरियो।

बेल्ही चपेना गाविस-९ निवासी ३६ वर्षीय रामप्रसाद यादवलाई सुराकीको आरोपमा ०६३ असार २६ गते माओवादीले नगर प्रहरी राजविराजको हाताबाट अपहरण गरी लगे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

पोर्ताहा गाविस-४ निवासी ३० वर्षीय ऋषि बरबरियालाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ साउन २ गते माओवादीले भारदहबाट अपहरण गरे। पीडित दुई दिनपछि मुक्त भए।

राजविराज नपा-१ निवासी ६० वर्षीय नन्दकिशोर काबरालाई चन्दाको विषय लिएर ०६३ साउन ४ गते माओवादीले कठौनास्थित काबरा राइस मीलबाट अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

राजविराजबाट प्रकाशित हुने कृष्णा दैनिकका हकर बेल्ही चपेन गाविसा-८ निवासी ३८ वर्षीय हरिकिसुन साहलाई उजुरी परेको भनी ०६३ साउन ५ गते माओवादीले राजविराज नपा-१ स्थित जय प्रिन्टिङ्ग प्रेस अगाडिबाट अपहरण गरे। पीडितलाई पुनः उपस्थित हुने सर्तमा भोलिपल्ट मुक्त गरे।

कमलपुर गाविस ६ निवासी २४ वर्षीय इन्द्रदेव सरदार र २३ वर्षीय राजकुमार मण्डललाई लुटपाटमा संलग्न भएको आरोपमा ०६३ साउन ५ गते माओवादीले कमलपुर गाविस-६ भगनीचौकबाट अपहरण गरे। पीडितहरू तीन दिनपछि मुक्त भए।

सिस्वा बेल्ही गाविस निवासी एमालेका बृजनारायण साहलाई जग्गा कब्जा गरेर फिर्ता नगरेको आरोपमा ०६३ साउन ७ गते माओवादीका जिल्ला जनसरकार उपप्रमुख गोविन्द चौधरीको नेतृत्वमा रहेका माओवादीले घरबाट अपहरण गरे। पीडितलाई जग्गा विवाद मिलाउने सर्तमा तीन

दिनपछि मुक्त गरियो।

छिन्नमस्ता गाविस-२ निवासी ३० वर्षीय देवेन्द्र राम मोचीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ साउन २७ चन्देश्वर मण्डलको नेतृत्वमा गएका माओवादीले सखडा हटियाबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको दबाबमा पाँच दिनपछि मुक्त गरियो।

शिस्वाबेल्ही गाविस-१ घर भई उदयपुर जिल्ला प्रहरी कार्यालयका हवल्दार देवप्रसाद साह र उनका भाइ तारणीप्रसाद साहले महिलालाई कुटेको आरोपमा ०६३ भदौ ४ गते माओवादीले उनीहरूलाई अपहरण गरे। हवल्दार साह १० दिनपछि माओवादीको पञ्जाबाट भागेर जिल्ला प्रहरी कार्यालय आए भने उनका भाइलाई एक महिनापछि मुक्त गरियो।

हरिपुर गाविस-१ निवासी कैलु मण्डल र शिवु गुप्तालाई जग्गा विवादमा ०६३ भदौ ४ गते माओवादीले राजविराज-कञ्चनपुर सडकमा रहेको कृषि विकास बैंकबाट अपहरण गरे। दुवै पाँच दिनपछि मुक्त भए।

बक्धुवा गाविस-२ निवासी ३४ वर्षीय तफेजुल मियाँलाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६३ भदौ ९ गते माओवादीले घरबाट अपहरण गरे। पीडित दुई दिनपछि माओवादी कब्जाबाट भागेर घर फर्किएका थिए।

भारदह गाविस-१ निवासी ३२ वर्षीय जीवनज्योति झालाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६३ असोज १४ गते माओवादीको भारदह सैन्यक्याम्पका जनसेनाले घरबाट अपहरण गरे। पीडित १६ दिनपछि मोर्चा छोड्ने सर्तमा मुक्त भए।

घोघनपुर गाविस-५ किशोर श्रेष्ठ, कृष्ण बस्नेत र कृष्ण खतिवडालाई बसका यात्रुसँग झगडा गरेको आरोपमा ०६३ असोज १६ गते माओवादी भारदह क्याम्पका जनसेनाले कुटपिट गरी अपहरण गरे। माओवादी ज्यादतीविरुद्ध गाउँलेहरू उत्रेपछि उनीहरूलाई मुक्त गरी माओवादीले माफी मागे।

जगतपुर गाविस-४ निवासी अमरनाथ विश्वास, कमलपुर गाविस-४ निवासी १३ वर्षीय मन्नुप्रसाद राउत, १४ वर्षीय राजकुमार मुखिया, १३ वर्षीय बिनोद पण्डित, श्रवण मुखिया तथा डिमन-४ निवासी १६ वर्षीय शंकर मुखियालाई जनतान्त्रिकको सेनामा भर्ती हुन जान लागेको आरोपमा ०६३ असोज २२ गते माओवादीले कञ्चनपुर गाविस-४ बेरियरबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रामनगर कोदरकट्टी गाविस-८ निवासी देवनारायण यादवलाई माओवादी कार्यकर्ता डम्बर यादवको हत्यामा सुराकी गरेको आरोपमा ०६३ असोज २८ गते माओवादीले घरबाट अपहरण गरे। उनलाई २० दिनपछि मुक्त गरे।

मदिरा बोकेर आएको को. १ च. ३४९३ नं.को भारतीय जीप तथा त्यसका चालक श्याम मण्डल तथा ना.१.ख. ९३०४ नं. को मिनी ट्रक र त्यसका चालक हरिलाई ०६३ कात्तिक २ गते माओवादीले फत्तेपुर बजारबाट अपहरणमा लिए। पीडितबाट नगद रकम लिएर दुई दिनपछि मुक्त गरे।

पकरी गाविस-४ निवासी २१ वर्षीय अताउल्लालाई चोरीको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

कञ्चनपुर गाविस-३ निवासी ५० वर्षीय विजुली मण्डललाई ०६३ कात्तिक १३ गते माओवादीले घरबाट अपहरण गरी सादा कागजमा सही गर्न लगाई चार दिनपछि मुक्त गरे।

बनरझुल्ला गाविस-८ राप्रावि कचिराका शिक्षक रामकुमार चौधरीलाई आर्थिक अनियमितता गरेको आरोपमा ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरे। पीडितलाई पाँच दिनपछि मुक्त गरे।

बदगामा गाविस-३ निवासी शिवचरण यादवलाई जग्गा विवादमा ०६३ मंसिर ३ गते माओवादीले घरबाट नियन्त्रणमा लिई ७१ हजारको तमसुकमा सही छाप गराई दुई दिनपछि मुक्त गरे।

धनगढी गाविस-७ निवासी लक्ष्मण मण्डल र शुभनारायण मण्डललाई जनतान्त्रिक तराई मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ मंसिर ९ गते माओवादीले मौहुवा गाविस-३ बाट अपहरण गरे। मोर्चा छोड्ने सर्तमा पीडितलाई तीन दिन पछि मुक्त गरियो।

रम्पुरा मल्हनियाँ गाविस-५ निवासी २५ वर्षीय भागवत यादवलाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६३ मंसिर २० गते माओवादीले त्रिभुवनचौकबाट अपहरण गरे। पीडितलाई दुई दिनपछि मुक्त गरियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कञ्चनपुर गाविस-२ घर भई जगतपुर गाविसका सचिव खीलानाथ पोखरेललाई ०६२ माघ ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले गाविसबाट अपहरण गरे। पोखरेललाई १० लाख फिरौती लिई १० दिनपछि मुक्त गरे।

पोर्ताहा गाविस-२ का २५ वर्षीय शिवनारायण यादवलाई जग्गा विवादमा उजुरी परेको भन्दै ०६२ माघ २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरी १५ दिनपछि मुक्त गरे।

कञ्चनपुर गाविस-९ निवासी ६० वर्षीय जीतेन्द्रकुमार श्रेष्ठलाई ०६२ माघ २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। श्रेष्ठलाई २ लाख ५० हजार फिरौती लिएर १४ दिनपछि मुक्त गरे।

पीप्रापूर्व गाविस-४ निवासी ४५ वर्षीय गणेश श्रेष्ठ र ५५ वर्षीय दुर्गाबहादुर पाण्डेलाई पहाडियाले तराई छोड्नु पर्छ भन्दै ०६२ चैत २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। पीडितलाई ४ घण्टापछि मुक्त गरे पनि श्रेष्ठलाई मधेश छाड्न र नगद बुझाउने सर्तमा २ दिनपछि मुक्त गरे।

रुपनगर गाविस-५ निवासी विद्युत प्राधिकरण प्रशाखा कञ्चनपुरमा कार्यरत मिटर रिडर महेश बस्नेतलाई ०६२ चैत २४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले मिटर रिडिङ गर्न गएको अवस्थामा पीप्रापूर्व गाविस-७ बाट अहरण गरे। अपहरण मोर्चाका कार्यकर्तालाई माओवादीले गोली हानी मारेपछि पीडित तीन दिनपछि मुक्त भए।

उदयपुर जिल्ला बसाहा-८ निवासी २८ वर्षीय दिनेश राउत र फत्तेपुर गाविस-३ निवासी दिनेश साहलाई ०६२ चैत ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले तिलाठी गाविसको नेपाल भारत सीमा नजिकैबाट अपहरण गरे। सँगै गएका पीडितका राजु घिसिङलाई हत्या गरेपछि दुईजनालाई अपहरण गरे। अपहरित दुईमध्ये राउतको चार दिनपछि हत्या गरी साहलाई आठ दिनपछि मुक्त गरे।

खोटाङ जिल्ला घर भएका जिल्ला वन कार्यालय पर्सा, वीरगञ्जमा वन सहायक पदमा कार्यरत टंक चाम्लिङलाई बन्दका कारण यातायात बन्द भएकोले भारतको कुनौली हुँदै विरगञ्ज जान लाग्दा ०६३ वैशाख १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले कुनौली सडकबाट अपहरण गरे। पीडितबाट एक लाख फिरौती लिई मुक्त गरे।

फत्तेपुर गाविस-४ निवासी डीमन माविमा कार्यरत शिक्षक ५५ वर्षीय शिवधन राईलाई ०६३ जेठ १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले विद्यालय जाँदै विद्यालय नजिकबाट मोटरसाइकलसहित अपहरण गरे। पीडित चार दिनपछि मुक्त भए।

बेल्ही भन्सार कार्यालयका निमित्त प्रमुख पदमा कार्यरत विराटनगरका तीर्थराज खतिवडालाई ०६३ असार २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले राजविराज नपा-८ कार्यालयबाट अपहरण गरे। पीडितलाई ३ लाख फिरौती लिई पाँच दिनपछि मुक्त गरियो।

नेपाल टेलिकम पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरमा कार्यरत इन्जिनियरद्वय दमक नपा-१ झापाका ज्ञानेश दंगाल र विराटनगर ननपा-१० निवासी प्रशान्तबाबु तिवारीलाई सीडीएमए टेलिफोनको सर्भे गर्न गएको समयमा सप्तरीको तिलाठी गाविस-८ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले ०६३ साउन १६ गते अपहरण गरे। इन्जिनियरद्वय सात लाख फिरौती दिएर अपहरण मुक्त भए।

चितवन जिल्ला देवघाट निवासी ६५ वर्षीय गौरीप्रसाद सापकोटालाई देवाटन बनाउन भिक्षा मागेर हिँडेको अवस्थामा ०६३ कात्तिक ४ गते जनतान्त्रिकका कार्यकर्ताले कोशी ब्यारेज खण्डबाट अपहरण गरे। सापकोटालाई १ लाख २५ हजार फिरौती लिई १० दिनपछि मुक्त गरे।

राजविराज नपा-७ निवासी ४२ वर्षीय राजकुमार तामाङलाई ०६३ मंसिर ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले पीडितको मोटरसाइकलसहित कुनौलीबाट अपहरण गरी लगे। पीडितको अवस्था अज्ञात छ।

रामनगर कोदरकट्टी गाविस-५ निवासी माओवादी कार्यकर्ता सुवकलाल ठाकुरलाई ०६३ मंसिर ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाले मधुपट्टी गाविसको कदमाहा चौकबाट अपहरण गरे। ठाकुरलाई माओवादी पार्टी छोड्ने सर्तमा पाँच दिनपछि मुक्त गरियो।

उदयपुर जिल्ला पञ्चावती निवासी स्वाबलम्वन विकास बैंक, महुलीमा कार्यरत प्रबन्धक मणिराज खड्का र धनुषा जिल्ला ढल्केवर गाविस-३ निवासी सोही कार्यालयमा फिल्ड सहायक शिवप्रसाद तिमिल्सिनालाई ०६३ मंसिर १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले बचत संकलन गर्न गएको बेला डीमन गाविस-१ बाट अपहरण गरे। दुवैलाई तीन लाख नगद फिरौती लिएर पाँच दिनपछि मुक्त गरे।

राजविराज नपा-४ निवासी ५५ वर्षीय प्रयागराज उपाध्याय र सोही ठाउँ बस्ने ६० वर्षीय निर्मल पोखरेललाई ०६३ मंसिर २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले नर्घो गाविसबाट अपहरण गरे। पीडितहरूलाई दुई लाख फिरौती लिई मुक्त गरियो।

डीमन गाविस-८ निवासी ३५ वर्षीय तेजु साहलाई ०६३ पुस १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। साहलाई माओवादी छोड्ने सर्तमा चार दिनपछि मुक्त गरियो।

झुटकी गाविस-५ निवासी ३२ वर्षीय माओवादी कार्यकर्ता सुकदेव मण्डललाई ०६३ पुस ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। पीडित पाँच दिनपछि माओवादी कब्जाबाट भागेर घर फर्किए।

धनकुटा जिल्ला साउने गाविस-४ निवासी गोल्छा अर्गनाइजेशनमा कार्यरत २८ वर्षीय उमेश लामा मगरलाई ०६३ पुस ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। पीडितलाई पाँच दिनपछि भारतको सीमावर्ती क्षेत्र न्यौरबाट मुक्त गरियो।

सुनसरी जिल्ला, इटहरी नपा-६ निवासी पशुपति नर्सरीका माधव अधिकारी, कर्मचारी सीताराम घिमिरे, ट्रक

चालक दिलीप विश्वकर्मा र खलासी प्रकाश दर्नाललाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको आह्वानलाई अवज्ञा गरेको आरोपमा ०६३ पुस ९ गते मोर्चाका कार्यकर्ताले अपहरण गरी विरुवा लिन लगेको को.१ख. ७१३ नं. ट्रकमा आगो लगाई क्षति पुऱ्याए। सबैजना तीनदेखि १२ दिनभित्र फिरौती नगद बुझाई मुक्त भए।

मोरङ जिल्ला विराटनगर उपमनपा-१ पोखरियाका ४२ वर्षीय भरत अधिकारी र सोही ठाउँका ३८ वर्षीय किरण प्याकुरेललाई ०६३ पुस १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले सप्तरीको कल्याणपुरबाट अपहरण गरे। अपहरित दुवैलाई दुई लाख फिरौती लिई मुक्त गरियो भने उनीहरू चढेर गएको बा. १५ प. ४८५७ नं. को मोटरसाइकल मोर्चाले कब्जामा लियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्य पक्षबाट

जिल्ला विकास समिति सप्तरीका लेखापाल गणेश घिमिरेलाई नगर निर्वाचनमा उम्मेदवारले खर्च गरेको रकम भुक्तानी गर्न चेकमा सही नगरेको आरोपमा ०६२ माघ २४ गते जिविस सप्तरीका उपसभापति गंगाप्रसाद यादवले टेलिफोनले टाउकोमा प्रहारी गरी कुटपिट गरे। घटनाको प्रशासनले वेवास्ता गरेको पीडितले बताए।

राजविराजबाट प्रकाशित वातावरण दैनिकका सम्वाददाता अवधेश झा र राजविराज टुडेका समाचारदाता श्रवण देवलाई ०६३ वैशाख ८ गते प्रहरीले राजविराज टुडेको कार्यालयमा पसेर कुटपिट गरे। प्रहरीले पीडितमाथि अन्जानमा कुटपिट भएको स्वीकार्दै माफी मागे।

राजविराज नपा-५ निवासी व्यापारी राजेन्द्र साहलाई उधारो रकम चुक्ता गर्न भनेको आरोपमा ०६३ जेठ १७ गते अञ्चल प्रहरी कार्यालयका प्रहरी जवान रवीन नेवाङले पसलमा कुटपिट गरे। प्रहरीलाई घटनाका बारे जानकारी गराउँदा पनि वास्ता नगरेको गुनासो पीडितले गरे।

अर्नाहा गाविस-५ निवासी रायपुर मावि कक्षा-९ मा अध्ययनरत रायपुर गाविस-८ बस्ने १४ वर्षीय सरोजकुमार चौधरीलाई बसमा ढुंगा हानेको आरोपमा ०६३ असार ५ गते बस कन्डक्टरले रुपनी वेसक्याम्पमा बुझाएपछि वेसक्याम्पका सैनिक जमदार जयप्रताप लामाले निर्घात कुटपिट गरे। घाइतेको सगरमाथा अञ्चल अस्पतालमा उपचार गराइयो। पीडकलाई कारवाही गरिने कर्नेलले जानकारी गराए।

माओवादीबाट

कटैया गाविस-८ निवासी भोगीलाल साहलाई सुराकी गरेको आरोपमा ०६३ जेठ २६ गते माओवादीले राजविराज नपा-६ खरसालमा समातेर निर्घात कुटपिट गरी साइकल समेत खोसे।

बेल्ही चपेना गाविस-५ बस्ने नेकपा (मार्क्सवादी) का शत्रुधनप्रसाद ठाकुरलाई ०६३ कात्तिक ६ गते माओवादीले ज्यान मार्ने धम्की दिई निजी पोखरीको माछा लुटे।

कटैया गाविस-४ निवासी ५० वर्षीय तेजनारायण इसर र ४० वर्षीय दुर्गानन्द इसरलाई जग्गा विवादमा ०६३ मंसिर २ गते माओवादी कार्यकर्ता मिलनको नेतृत्वमा आएका १२ जनाले अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरे। घाइतेको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

जिल्ला प्राविधिक कार्यालय सप्तरीमा कार्यरत सबओभरसियर उमेश यादवलाई घुस मागेको आरोपमा ०६३ मंसिर ७ गते माओवादी कार्यकर्ता डम्बर यादवको नेतृत्वमा गएको समूहले कार्यालय हाताभित्र पसी कुटपिट गरे। प्रहरीको टोलीले पीडितलाई माओवादीको कार्यालबाट उद्धार गरे।

जिल्ला विकास समितिको आन्तरिक ठेक्कासम्बन्धी टेण्डर माओवादीको सहमति वेगर खोलेको आरोपमा माओवादी कार्यकर्ता महेश यादव लगायतका तीन दर्जन कार्यकर्ताले ०६३ मंसिर २२ गते जिविस सप्तरी कार्यालयमा तोडफोड गरी स्थानीय विकास अधिकारी राममणि भट्टराई, प्रशासकीय अधिकृत केशव भट्टराई, डीईं दीपककुमार दास, सुब्बा सुभाष मण्डल, सहलेखापाल श्यामसुन्दर यादव, तथा कर्मचारी मलेश विराजी लगायतलाई कुटपिट गरे।

राजविराजबाट प्रकाशित हुने वातावरण दैनिकका कुशाहा सम्वाददाता दीपेन्द्र पासवानलाई माओवादीविरुद्ध समाचार लेखेको आरोपमा ०६३ पुस ३ गते माओवादीका सप्तरी सह इन्चार्ज दिनकरले त्यस्ता खाले समाचार नलेख्न धम्की दिए।

राजविराज नपा-६ निवासी ५० वर्षीया सुमित्रा पाण्डेलाई छोराछोरीको झगडाका कारण रेखा यादवको उजुरीको आधारमा ०६३ पुस २ गते माओवादीले डेरामा गई मरणासन्न हुने गरी कुटपिट गरे। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो। प्रहरीमा उजुरी गर्न जाँदा उजुरी नलिएको उनले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

उदयपुर जिल्ला हडिया गाविस-६ निवासी १८ वर्षीय बुद्धकुमार खड्का, भोजपुर जिल्ला बालङखा गाविस-३ निवासी २० वर्षीय राजकुमार खत्री र खोटाङ जिल्ला साउने गाविस-२ निवासी राजकुमार मगरसहित मविव क्याम्पस राजविराजमा अध्ययनरत तीनजना विद्यार्थीलाई ०६२ चैत ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले पहाडीलाई तराईमा बस्ने अधिकार छैन भन्दै घर नजिकैको बाँसविट र वरही वीरपुरचौकमा लगी निर्घात कुटपिट गरे। उनीहरूलाई तराई छाड्ने सर्तमा मुक्त गरे।

पिप्रापूर्व गाविस-४ निवासी ४४ वर्षीय चतुरमान तामाङ, ४५ वर्षीय जगतबहादुर निरौला, ४२ वर्षीय खामेली तामाङ, ४५ वर्षीय जगतबहादुर निरौला, ४४ वर्षीय सानकेली तामाङ समेतलाई मोर्चाका कार्यकर्ताले 'पहाडियाले तराई छोड्नु पर्ने' बताउँदै ०६२ चैत २० गते घरमै आई कुटपिट गरी ज्यान मार्ने धम्की दिए।

गोइठी गाविस-५ निवासी २२ वर्षीय विजय महतो र १९ वर्षीय अजय महतोलाई माओवादी कार्यकर्ता भएको आरोपमा ०६३ असार ३२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरम आई कुटपिट गरे।

छिन्नमस्ता गाविस-२ निवासी उपेन्द्र यादव र कृष्णकुमार यादवलाई सुराकी गरेको आरोपमा ०६३ साउन ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए।

राजविराजबाट प्रकाशित हुने माओवादीको मुखपत्र जनक्रान्ति साप्ताहिकका सम्पादक देवराम यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको विरुद्धमा समाचार लेखेको भन्दै ०६३ पुस १६ गते सो मोर्चाका अध्यक्ष ज्वाला सिंहले अपहरण गर्ने र ज्यान मार्ने धम्की दिए।

गैरकानुनी गिरफ्तारी

इन्सेक सप्तरी जिल्ला प्रतिनिधि प्रकाश खतिवडालाई बन्दीको अवस्थाबारे अनुगमन गरी फर्किरहेको अवस्थामा ०६२ माघ १४ गते प्रहरीले जिल्ला हुलाक कार्यालय अगाडिबाट गिरफ्तार गरी पाँच घण्टापछि रिहा गरे।

राजविराज नपा-१ निवासी ३२ वर्षीय नेविसंघ सप्तरी जिल्ला अध्यक्ष अर्जुनप्रसाद साहलाई ०६२ माघ २५ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिएको भन्दै साहले ०६२ माघ २९ गते क्षतिपूर्ति पाउन जिल्ला प्रहरी कार्यालय सप्तरीका तत्कालीन डिएसपी विश्वनिरन्जन प्रधान, इन्सपेक्टर गोविन्द काफ्ले र असई जीवन निरौलाविरुद्ध क्षतिपूर्ति ऐन अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गरे।

अर्नाहा गाविस-५ घरभै रायपुर गाविस-८ बस्ने १५ वर्षीय सरोजकुमार चौधरीलाई नेपाली सेनाका जमदार जयप्रताप लामाले कुटपिट गरी यातनासमेत दिएको भन्दै सो विरुद्ध यातना क्षतिपूर्तिको माग गर्दै चौधरीकी आमा लछुवती देवी चौधरीले ०६३ असार १९ गते सप्तरी जिला अदालतमा मुद्दा दायर गरेकी छिन्। दायर मुद्दामा लछुवतीले यातना क्षतिपूर्ति ऐन २०५३ को दफा ६ (१) बमोजिम रू. एक लाख क्षतिपूर्ति भराई दोषी सैनिकलाई कारबाहीको माग गरेकी छिन्।

तिलाठी गाविस-६ बेल्हीका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता सफिर रहमानलाई ०६२ फागुन २३ गते प्रहरीले राजविराजबाट गिरफ्तार गरे। तीन महिनापछि उनी मुक्त भए।

पुनः गिरफ्तारी

पुनरावेदन अदालत राजविराजको आदेशले रिहा भएका मविव क्याम्पस स्वियू सभापति समीर झा, तरुण दल सप्तरी अध्यक्ष अनिल देव, नेपाल विद्यार्थी मञ्चका जिल्ला अध्यक्ष किशोरकुमार यादव केसी र नेविसंघ (प्रजातान्त्रिक) का सचिव शैलेन्द्र साहलाई प्रहरीले ०६२ माघ २५ गते अदालत परिसरबाट गिरफ्तार गरे। अदालतको आदेशले चारैजना माघ २७ गते रिहा भए।

पुनरावेदन अदालत राजविराजको आदेशले रिहा भएपछि पुनः पक्राउ गर्ने सम्भावना देखेर पुनरावेदन अदालत बार इकाई राजविराजमा शरण लिएर बसेका एमाले अञ्चल सदस्य शंकर देवकोटा, कार्यकर्ता नर्मदेव यादव, रामदेव यादव, राजविराज नपाका पूर्व मेयर जगरनाथ दास, नेकाँ जिल्ला सचिव सुशील सेवा लगायत २४ जनालाई सशस्त्र प्रहरीको टोलीले ०६२ माघ २५ गते बार भवनबाटै गिरफ्तार गरे। पुनः गिरफ्तार परेका सबै माघ २७ गते रिहा गरिए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला कमिटी उपसचिव मानपुर चौधरी, सदस्य देवनारायण चौधरी, नगर कमिटी सचिव भोगेन्द्र चौधरी सल्लाहकार प्रतापनारायण चौधरी, कार्यकर्ताहरू शत्रुघन आजाद, मौजेलाल यादव, मोतीलाल चौधरी, नागेश्वर यादव, मालेका जिल्ला सचिव केदार देव, पूर्व प्राध्यापक अमरकान्त झा तथा विद्यार्थीहरू जयप्रकाश यादव र तेजनारायण यादवलाई नगर निर्वाचन बहिष्कार जुलुसमा सहाभागी भएको आरोपमा ०६२ माघ २ गते प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै २७ गते रिहा गरिए।

अनेरास्वियुका जिल्ला सदस्य योगेन्द्र यादव, नेविमञ्चका शम्भु यादव र विद्यार्थी सूर्यनारायण मंडललाई तत्कालीन मन्त्री टंक ढकाललाई कालो झण्डा देखाएको आरोपमा ०६२ माघ ७ गते राजविराज नेता चौकबाट प्रहरीले गिरफ्तार गरी साँझ रिहा गरे।

एमाले अञ्चल सचिव सुमनराज प्याकुरेल, जिल्ला सचिव दिवाकर देवकोटा, नेसपा (आनन्दीदेवी) केन्द्रीय सदस्य महेश यादव लगायत ५२ जनालाई मसाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ माघ १२ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार मध्ये सुमनराज प्याकुरेल लगायत १० जनालाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत मुद्दा चलाई बाँकीलाई रिहा गरियो। बाँकी १० जनालाई पनि अदालतको आदेशले रिहा

भए। यसैगरी, सोही दिन नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, मविव क्याम्पस स्वयिु सचिव रामचन्द्र यादव, अनेरास्वयिु जिल्ला सचिव देवनारायण प्रमाणी लगायत ६ जनालाई बन्दको प्रचार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै अदालतको आदेशले रिहा भए।

पूर्व राज्यमन्त्री एवम् नेकाँका नेता अनिस अन्सारी, नेविसंघका नेता फिदा हुसेन र सचिव घनानन्द यादवलाई ०६२ माघ १३ प्रहरीले घरबाट गिरफ्तार गरे। गैरकानुनी थुना भनी अदालतमा रिट दिएपछि अदालतको आदेशमा माघ १८ गते रिहा भए।

नेकाँका जिल्ला सभापति रामकुमार चौधरी, सचिव सुशील सेवा, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविसंघ (प्रजातान्त्रिक) जिल्ला सचिव शैलेन्द्र साह, नेकाँका कार्यकर्ताहरू पवनप्रसाद सिंह, रामकुमार यादव, सरोज विराजी, अमरकान्त झा, पूर्वमेयर जगरनाथ दास, तरुणदल सप्तरी अध्यक्ष अनिल देव, नेका कार्यकर्ताहरू विणा पोखरेल, ज्ञानु भट्टराई र अरुण सिंह लगायत १८ जनालाई प्रहरीले जुलुसमा सहभागी भएको आरोपमा ०६२ माघ १३ गते राजविराज नपा-१ सडकबाट गिरफ्तार गरे। गिरफ्तार परेका रामकुमार चौधरी लगायत १० जनालाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत पूर्जी थमाायो। सबै अदालतको आदेशले रिहा भए।

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का जिल्ला अध्यक्ष धर्मनारायण राय, नेसपा केन्द्रीय कोषाध्यक्ष दिलिप सिंह तथा कार्यकर्ताहरू प्राणनाथ चौधरी, दिनेशकुमार यादव तथा शम्भुकुमार यादव लगायत १२ जनालाई कथित नगर निर्वाचन बिथोल्न प्रयत्न गरेको आरोपमा ०६२ माघ १३ गते प्रहरीले राजविराज नपा-१ सडकबाट गिरफ्तार गरी धर्मनारायण राय लगायत चारजनालाई तीन महिने पुर्जी थमायो। अदालतको आदेशले सबै रिहा भए।

एमाले जिल्ला सदस्य देवनारायण चौधरी र रामेदव शर्मा, एमाले कार्यकर्ताहरू जयप्रकाश ठाकुर, श्यामसुन्दर यादव, सुरेन्द्रकुमार साह तथा नेसपा (आनन्दीदेवी) का जागेश्वर रायलाई निर्वाचन बहिष्कार गर्न आह्वान गर्दै जुलुस निकालेको आरोपमा ०६३ माघ १३ गते प्रहरीले जिल्ला अदालत अगाडिबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई साँझ रिहा गरियो।

मविव क्याम्पस स्वयवियु सभापति समिर झा, नेविसंघका फिदा हुसेन र नेविसंघ (प्र.) का सचिव शैलेन्द्र साहलाई ०६२ माघ १९ गते प्रहरीले घरबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै अदालतको आदेशले माघ २७ गते रिहा भए।

एमाले जिल्ला कमिटी सदस्य हरिनारायण चौधरी, हरिशंकर इसर, विश्वनाथ यादव, मनोहर पोखरेल, नेकाँ कार्यकर्ता वीणा पोखरेल, ज्ञानु भट्टराई, उस्मान मियाँ, नरेन्द्र सिंह, मुरलीधर खिडहरी, नेकाँ (प्रजातान्त्रिक) का मालती चौधरी, मनोरमा देव, गीता यादव लगायत २१ जनालाई नगर निर्वाचन विरुद्ध नाराबाजी गरेको आरोपमा ०६२ माघ १६ गते प्रहरीले गिरफ्तार गरी साँझ रिहा गरे।

अनेरास्वयिुका जिल्ला सदस्य महानन्द यादव, नेविसंघका राजेन्द्र साह र दिनेश यादव तथा नेविमञ्चका जिल्ला उपाध्यक्ष रामअवतार यादवलाई नगर निर्वाचनको विरुद्ध जुलुसमा सहाभागी भएको आरोपमा ०६२ माघ १७ गते प्रहरीले त्रिभुवन चौकबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेपाल बार एसोसिएसन जिल्ला इकाई राजविराजका अध्यक्ष रामचन्द्र सुवेदी, सचिव दिलीपकुमार चौधरी तथा अधिवक्ताहरू श्यामप्रसाद शर्मा, रमेश थापा, सुजीत पोखरेल, सुरेन्द्र यादव, अशोककुमार चौधरी, सन्तोष राज ढकाल, लक्ष्मी चौधरी, डोमन साह र पत्रकारहरू अवधेश झा, अशोक शर्मा तथा गैसस महासंघ सप्तरीका सदस्य ध्रुव देवसहित ४१ जनालाई माघ १९ लाई कालोदिवस भन्दै जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ माघ १९ गते प्रहरीले गिरफ्तार गरी डोमन साह र ध्रुव देवलाई तीन महिने पुर्जी थमाई बाँकी सबैलाई हिरा गरे। साह र देव पनि अदालतको आदेशले रिहा भए।

राजविराज नपाका पूर्वमेयर जगरनाथ दास, नेकाँका जिल्ला सचिव सुशील सेवा, कार्यकर्ताहरू सरोज विराजी, नरेन्द्र सिंह, उस्मान मियाँ, अनिल देव, नेपाल विद्यार्थी मञ्चका जिल्ला अध्यक्ष किशोरकुमार यादव केसी, तरुण दल सप्तरीका अध्यक्ष अनिल देव लगायत ३१ जनालाई कालो झण्डा प्रदर्शन गरेको आरोपमा ०६२ माघ १९ गते प्रहरीले त्रिभुवन चौकबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले सबै रिहा भए।

एमाले अञ्चल कमिटी सदस्य शंकर देवकोटा, रायपुर गाउँ कमिटी सचिव नर्मदेव यादव, प्रसवनी गाविसका पूर्व अध्यक्ष रामदेव यादव, जनमोर्चा जिल्ला सदस्य सूर्यनारायण चौधरीलाई माघ १९ गतेलाई कालो दिन भन्दै प्रदर्शन गरेको आरोपमा प्रहरीले ०६२ माघ १९ गते अदालत अगाडिबाट पक्राउ गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले सबै २७ माघमा रिहा भए।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता बहालीको माग गर्दै शान्तिपूर्ण प्रदर्शन गरिरहेका नेपाल पत्रकार महासंघ सप्तरीका उपसभापति प्रकाश खतिवडा, कोषाध्यक्ष धिरेन्द्र साह, केन्द्रीय प्रतिनिधि वैधनाथ झा र मनोहर पोखरेल, प्रेस चौतारी सहसचिव राजु विश्वकर्मा, वातावरण दैनिकका समाचारदाता अवधेश झा र कमानन्द माझी, प्रशिक्षार्थी

पत्रकार दीपक चिन्तक र सामाजिक कार्यकर्ता जंगबहादुर र श्याम प्रकाश यादवलाई ०६२ माघ २२ गते प्रहरीले राममन्दिर चौकबासट गिरफ्तार गरी साँझ रिहा गऱ्यो।

नेकाँका क्षेत्रीय सभापति बद्री महात्मान यादव तथा कार्यकर्ताहरू रामदेव साह, महिला नेतृ वीणा पोखरेल र ज्ञानु भट्टराई तथा एमाले कार्यकर्ता श्यामसुन्दर यादवलाई नगर निर्वाचन बहिष्कारको प्रचार गरेको आरोपमा ०६२ माघ २४ गते प्रहरीले राजविराज नेता चौकमा आयोजित ऱ्यालीबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै माघ २७ गते अदालतको आदेशले रिहा भए।

नेकाँ (प्रजातान्त्रिक) का सप्तरी सभापति दिनेश यादवलाई ०६२ माघ २२ गते प्रहरीले आफ्नै घर राजविराज नपा-१ बाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। यादवलाई माघ २८ गते रिहा गरिएको थियो।

नेकाँका विकेश्वरप्रसाद विमल र नेसपा (आनन्दीदेवी) का जिल्ला सदस्य मनोज देवलाई नगर निर्वाचन बहिष्कारका लागि सक्रिय रहेको आरोपमा ०६२ माघ २३ गते प्रहरीले राजविराज नपा-१ बाट गिरफ्तार गरी तीन महिने पुर्जी थमाई जेल चलान गरे। दुवै अदालतका आदेशले २८ गिते रिहा भए।

नेविसंघ (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य विनोद देव तथा कार्यकर्ताहरू प्रदीप यादव र घनश्याम साहलाई विनाकारण ०६२ माघ २४ गते प्रहरीले अन्सारी मिनी मार्केट अगाडिबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गऱ्यो।

नेकाँ (प्रजातान्त्रिक) का सप्तरी उपाध्यक्ष फत्ते महम्द, नेपाल तरुण दल (प्रजातान्त्रिक) केन्द्रीय सदस्य शशी माझी, नेका (प्रजातान्त्रिक) का कार्यकर्ता दिनेश सिंह, लिला यादव, कौशलकुमार यादव र रामनरेशलाई नगर निर्वाचन बहिष्कारको जुलुसमा सहभागी भएको आरोपमा ०६२ माघ २५ गते प्रहरीले राजविराज नपा-३ अंसारी मिनी मार्केट अगाडिबाट गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा अनेरास्वियुका केन्द्रीय सदस्य दिनेश यादव, जिल्ला अध्यक्ष निरञ्जन झा, केन्द्रीय पार्षद केदार यादव, सहसचिव अखिलेश झा, सचिव देवनारायण प्रमाणी, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविसंघ (प्रजातान्त्रिक) का सबीर आजम, जनमोर्चा नेपालका सप्तरी जिल्ला अध्यक्ष निर्मल बराल, एमाले जिल्ला कमिटी सदस्य विश्वनाथ यादव, कार्यकर्ताहरू दशरथ गुप्ता, रालगन सरदार, नेसपा (आनन्दीदेवी) का जंगबहादुर सिंह, राजेन्द्र साह, विनोद साह र पत्रकार राजु विश्वकर्मा थिए। गिरफ्तार सबै माघ २७ गते रिहा गरिए।

नेपाल सदभावना पार्टी (आनन्ददेवी) का केन्द्रीय सदस्य महेश यादव, नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, मविव क्याम्पस स्वयिु सचिव रामचन्द्र यादव र नेका कार्यकर्ता कपलेश्वर साहलाई विनाकारण प्रहरीले ०६२ माघ २६ गते नेता चौकबाट गिरफ्तार गरी साँझ रिहा गरे।

एमाले अञ्चल सचिव सुमनराज प्याकुरेल र दिवाकर देवकोटालाई ०६२ माघ २६ गते प्रहरीले अदालत अगाडिबाट गिरफ्तार गरी साँझ रिहा गरे।

यसैगरी नेकाँ सप्तरीका सभापति रामकुमार चौधरी, पूर्व राज्यमन्त्री अनिस अन्सारी, कार्यकर्ताहरू उमेश मिश्र, प्रभावकुमार ललन, रामकुमर यादव, ग्रगारम यादव, मनोज साह, शम्भु नन्दन चौधरी, पवनप्रसाद सिंह, शंकर गुप्ता लगायत २५ जनालाई प्रहरीले नेता चौकबाट गिरफ्तार गरे। गिरफ्तार सबै माघ २७ गते रिहा भए।

नेपाल विद्यार्थी मंचका केन्द्रीय सदस्य दिनेश यादव, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविमञ्च जिल्ला अध्यक्ष किशोरकुमार यादव केसी, नेविसंघ (प्रजातान्त्रिक) सचिव शैलेन्द्र साह, राजविराज क्याम्पसका पूर्व स्वयिु सभापति समिर झा र पूर्व सचिव घनानन्द यादवले तत्कालिन मन्त्री केशवबहादुर विष्टलाई कालो झण्डा देखाएको आरोपमा ०६२ फागुन १९ गते प्रहरीले नेता चौकबाट गिरफ्तार गरी साँझ रिहा गरे।

मविव क्याम्पस स्वयिु सभापति केदार यादव, उपसभापति अखिलेश झा, नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, जिल्ला सदस्य दिनेश यादव, पूर्व स्वयिु सभापति समीर झा लगायत विद्यार्थी नेताहरूले तत्कालीन राज्यमन्त्री श्रीसमशेर राणालाई कालो झण्डा देखाएको आरोपमा ०६२ चैत ६ गते प्रहरीले गिरफ्तार गरी साँझ रिहा गऱ्यो।

डाढा गाविस-९ निवासी नेसपा (आनन्ददेवी) समर्थित युवा मञ्चका केन्द्रीय अध्यक्ष राजनारायण साहलाई काठमाडौं सभामा जान लागेको आरोपमा ०६२ चैत २१ गते प्रहरीले राजविराज नपा-५ रुपनी रोडबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले साह १० दिनपछि रिहा भए।

एमाले जिल्ला कमिटी सचिव दिवाकर देवकोटा, उपसचिव मानपुर चौधरी, नगर कमिटी सदस्य दशरथ गुप्ता, इन्दुलाल झा, रायपुर गाउँ कमिटी सचिव नर्मदेव यादव र कार्यकर्ता रामलगन सरदारलाई मसाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २३ गते प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी थमाई जेल चलान गऱ्यो। सबैजना अदालतको आदेशले चैत २८ गते रिहा भए।

एमाले अञ्चल सचिव सुमनराज प्याकुरेललाई ०६२ चैत २६ गते प्रहरीले घरबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले पीडित चैत २८ गते रिहा भए।

नेविसंघ (प्रजातान्त्रि) का केन्द्रीय सदस्य विनोद देव, नेपाल विद्यार्थी मंचका जिल्ला अध्यक्ष किशोरकुमार यादव र अनेरास्वियु सुरेशकुमार रायलाई बजार बन्द गराउँदै हिँडेको अरोपमा ०६२ चैत २५ गते राम मन्दिर अगाडिबाट प्रहरीले

गिरफ्तार गरी तीन महिने पुर्जी थमाई जेल चलान गरे। अदालतको आदेशले १० दिनपछि रिहा भए।

एमाले राजविराज नगर सचिव भोगेन्द्र चौधरी, मविव क्याम्पस स्ववियु सभापति केदार यादव, अनेरास्ववियुका अरबिन्द झा, डोमन साह, जिल्ला अध्यक्ष निरञ्जन झा, सचिव देवनारायण प्रमाणी, सदस्य योगेन्द्रप्रसाद यादव तथा एमाले कार्यकर्ताहरू शिवनारायण परियार, जयप्रकाश ठाकुर, देवकिशुन यादव, वासुदेव यादव, जयप्रकाश यादव, शम्भु यादवलाई जनआन्दोलनमा बजार बन्द गराएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले नेता चोकबाट गिरफ्तार गरे। सोही दिन नेपाल सद्भावना पार्टी (आनन्ददेवी) का केन्द्रीय कोषाध्यक्ष दिलीपकुमार सिंह, केन्द्रीय सदस्य मनिषकुमार समुन, केन्द्रीय सदस्य महेश यादव लगायत १३ जनालाई पार्टी कार्यालयबाट गिरफ्तार गरे। सोही दिन गिरफ्तार हुनेहरूमा नेपाली कांग्रेसका कार्यकर्ताहरू जगरनाथ दास, नरेन्द्र सिंह, ध्रुवनारायण चौधरी, शिवनारायण चौधरी, अरुण सिंह, सुरेन्द्र सिंह, श्यामसुन्दर झा र रामप्रसाद ऋषिदेव रहेका छन्। नेविसंघ (प्रजातान्त्रिक) का सचिव शैलेन्द्र साह, नेता समिर झा, कार्यकर्ता जावेद अन्सारी, आसुतोष झा, मिथिलेश मिश्र तथा नेका (प्रजातान्त्रिक) का प्रदीप यादव र घनश्याम साहलाई पनि जुलुसमा सहभागी भएको आरोपमा प्रहरीले गिरफ्तार गरे। गिरफ्तारीमा परेका सबै अदालतको आदेशमा रिहा भए।

एमाले जिल्ला कमिटी सदस्य राजाराम यादव तथा कार्यकर्ताहरू शत्रुधन आजाद, असनरुद्धप्रसाद सिंह, अनेरास्ववियुका केन्द्रीय सदस्य दिनेशकुमार यादव, जल्ला सहसचिव अखिलेश झा, नेकाँका कार्यकर्ताहरू उमेश मिश्र, रमेश यादव, मनिसकुमार सिंह लगायतलाई लोकतान्त्रिक आन्दोलनमा जुलुसमा सहाभगी भएको आरोपमा ०६२ चैत २७ गते प्रहरीले त्रिभुवन चौकबाट गिरफ्तार गरी दिनेश यादव, अखिलेश झा र उमेश मिश्रलाई तीन महिने पुर्जी थमाई बाँकी सबै साँझ रिहा गरियो। बाँकी तीनजना पनि अदालतको आदेशले पाँच दिनपछि रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरी जिल्ला अदालतमा दर्ता भएका ९ सय २३ र गत वर्षबाट जिम्मेवारी सरेर आएका २ हजार ३ सय ८ ओटा मुद्दा गरी ३ हजार २ सय ३१ ओटा मुद्दा रहेकामा ६ सय ७९ ओटा मुद्दा फर्स्यौट भई २ हजार ५ सय ५२ ओटा मुद्दा मात्र बाँकी रहेको छ। जसमध्ये १ वर्षदेखि २ वर्षसम्मको ७ सय ३२ ओटा मुद्दा र दुई वर्ष नाघेका ३ सय ५६ ओटा मुद्दा रहेका छन्।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

शाही सत्ताको विरुद्ध संघर्षमा उत्रेको आरोपमा गिरफ्तार गरिएका नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साहलाई ०६२ माघ २५ गते डिएसपी विश्व निरञ्जन प्रधान, इन्सपेक्टर गोविन्द काफ्ले र असई जीवन निरौलाले अञ्चल प्रहरी कार्यालयको हिरासतमा निर्घात कुटपिट गरी हात भाँची दिए। पीडितले क्षतिपूर्ति ऐन अन्तर्गत अदालतमा मुद्दा दायर गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

जमुनी मधेपुरा गाविस-८ निवासी एक १५ वर्षीया बालिकालाई दाउरा लिन गएको समयमा मलेठका २६ वर्षीय रमेश यादव र २८ वर्षीय रामचन्द्र यादवले ०६२ माघ ६ गते जमुनी मधेपुरा गाविस-९ मा पर्ने नदीमा बलात्कार गरे। घटनामा संलग्न पीडकलाई गाउँलेले समातेर तत्कालीन मनोनित गाविस सदस्यलाई बुझाए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडक उपर कुनै कारवाही नभएको पीडितले गुनासो गरे।

मलेठ गाविस-७ निवासी १४ वर्षीया एक बालिकालाई ०६२ फागुन १५ गते सोही ठाउँ बस्ने महम्मद जाबुलले पसलमा नुन किन्न गएको सयममा जबर्जस्ती उठाएर गहुँ खेतमा लगी बलात्कार गरे। घटनाका सम्बन्धमा प्रहरीमा उजुरी गरे पनि कारवाही नभएको पीडितका अभिभावकले बताए।

ओद्रहा गाविस-७ निवासी एक महिलालाई ०६३ साउन २३ गते कमलपुर गाविस-६ निवासी दिनेश मण्डलले आफूलाई माओवादीको एरिया कमाण्डर भएको बताउँदै घरको ढोका खोल्न लगाई घरमै बलात्कार प्रयास गरे। प्रहरीमा उजुरी गरे पनि कुनै कारवाही भएन।

फत्तेपुर गाविस-६ सखुवनी निवासी २६ र २८ वर्षीया दुईजना महिलालाई ०६३ साउन २५ गते राति सोही ठाउँ बस्ने १९ वर्षीय गोपाल थापाले फत्तेपुर सोही गाविसको सखुवनी खेतमा जबजरस्ती बलात्कारको प्रयास गरे। प्रहरीले थापालाई गिरफ्तार गरी सार्वजनिक मुद्दा दर्ता गरे। थापा ५ हजार धरौटी बुझाई १० दिनपछि तारेखमा रिहा भए।

बसविट्टी गाविस-२ निवासी १७ वर्षीय एक बालिकालाई ०६३ कात्तिक २७ गते सोही ठाउँ बस्ने इब्राहिम मियाँले चक्कु देखाएर घरमा आई बलात्कार गरे। पीडितले प्रहरीमा उजुरी दिएपनि कुनै कारबाही भएन।

नकटीरायपुर गाविस-९ निवासी एक युवतीलाई ०६३ मंसिर ३ गते इलाका प्रहरी कार्यालय रुपनीमा कार्यरत टपबहादुर सार्कीले रायपुर गाविस-९ बाँसघारीमा लगी

बलात्कार प्रयास गरे। पीडकलाई गिरफ्तार गरी कारवाही सुरु गरिएको प्रहरीले जनायो।

सकरपुरा गाविस-९ निवासी एक महिला, उनकी १५ वर्षीया छोरी र सोही ठाउँ बस्ने ३४ वर्षीय अर्की महिलालाई उनीहरूको पतिले छोटी मुखियाको हत्या गरेको आरोपमा ०६३ मंसिर १६ गते सोही ठाउँ बस्ने युगल किशोर मुखिया, सुनिल मुखिया, तपेश्वर मुखिया, नारायण मुखिया, राम मुखिया, बौवालाल मुखिया लगायतकाले घरबाट निकालेर नजिक खेतमा लगी बलात्कार गरे। घटनाको सम्बन्धमा प्रहरीमा उजुरी परेपछि युगलकिशोर मुखियालाई गिरफ्तार गरी अदालतमा पेश गरे। मुखिया अदालतको आदेशले १२ हजार धरौटी राखेर तारेखमा रिहा भए।

फत्तेपुर गाविस-३ निवासी २७ वर्षीया एक अपाङ्ग महिलालाई ०६३ मंसिर २४ गते सोही ठाउँ बस्ने ५० वर्षीय भीमबहादुर पोखरेलले सोही गाविसको जङ्गलमा बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले ५ हजार जरिवाना गरी माफी मगाई घटनालाई मिलायो।

दुर्व्यवहार

बक्धुवा गाविस-९ निवासी धनमाया परियारलाई बोक्सी भएको आरोपमा ०६२ फागुन ४ गते सोही ठाउँ बस्ने धनदेवी परियारले घरमै गएर कुटपिट गरिन्। घटनाको सम्बन्धमा तत्कालै स्थानीय महिला संस्थाले हस्तक्षेप गरी पीडकलाई माफी मगाई मिलापत्र गराए।

जगतपुर गाविस-५ निवासी ४५ वर्षीय सुरजीदेवी सरदारलाई आफ्नी छोरीलाई बोक्सी लगाएर बिरामी पारेको आरोपमा ०६३ साउन १ गते राति सोही ठाउँका लक्ष्मण सरदारले सुतिरहेको ठाउँमा गई कुटपिट गरी नांगो पारी घिसार्दै धामी बसिरहेको ठाउँमा पुऱ्याई धामीले बोक्सी प्रमाणित गर्न नसकेपछि छाडे। प्रहरीले पीडकलाई गिरफ्तार गरी १ हजार जरिवाना गराई मिलापत्र गराए।

धरमपुर गाविस-३ निवासी अमरिकादेवी सरदार बोक्सी भएको आरोप लगाउँदै ०६३ असोज ६ गते कथित 'धामी' रबि सरदारको नेतृत्वमा गाउँलेले नाकाबन्दी गरे।

शिस्वा गाविस-१ धनगढी निवासी सुकनीदेवी साह बोक्सी भएको आरोपमा ०६३ मंसिर २ गते सोही ठाउँ बस्ने रामप्रसाद साहसमेतले घरबाट निकालेर बाँधेर कुटपिट गरे। पीडितले प्रहरीमा उजुरी गरे पनि कुनै कारबाही भएन।

लौनियाँ गाउँ गाविस-६ निवासी ३५ वर्षीया डोमनीदेवी खत्वे बोक्सी भएको आरोपमा ०६३ मंसिर ७ गते सोही ठाउँ बस्ने ललन खंग, बुधन खंग लगायतका गाउँलेले कुटपिट गरी देब्रे हातसमेत भाँचिदिए। पीडितले प्रहरीमा उजुरी परे पनि कुनै कारबाही भएन।

कल्याणपुर गाविस-२ निवासी ६० वर्षीया चन्द्रादेवी चौधरीले बोक्सी मन्त्रले भुत लगाएर दुःख दिएको आरोपमा ०६३ मंसिर २१ गते उनलाई सोही ठाउँ बस्ने भुटनीदेवी चौधरी, उनका छोरा रमादल चौधरी र बुहारी निलमसमेतले निर्घात कुटपिट गरे। उनको कल्याणपुर स्वास्थ्य चौकीमा उपचार गरियो। प्रहरीमा उजुरी गरे पनि प्रहरीले कारवाही गरेन।

महिला हिंसा

पत्थरगाडा गाविस-६ निवासी ३२ वर्षीय महिलाले परपुरुषसँग अवैध सम्बन्ध राखेको आरोप लगाई ०६३ साउन १० गते सोही ठाउँ बस्ने बलराम महतो, देवनारायण महतो लगायतले कुटपिट गरी घाइते पारे। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीमा उजुरी गरे पनि पीडकलाई कारवाही भएन।

विषहरिया गाविस-७ भेल्ही टोल निवासी २५ वर्षीया सुमित्रादेवी यादवले ससुरालाई जवाफ फर्काएको आरोपमा ०६३ कात्तिक २३ गते ससुरा सूर्यनारायण यादव र जेठाजु बिन्दी यादवले कुटपिट गरी एउटा आँखा फुटाइ दिए। घाइतेको राजविराजमा उपचार हुन नसकेपछि लहान आँखा अस्पतालमा उपचार गरियो। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले बताए।

टिकुलिया गाविस-५ निवासी अनीतादेवी चौधरीलाई दिदीलाई कुटपिट गरेको विषयमा चासो लिएको आरोपमा ०६३ मंसिर २४ गते उनका भिनाजु कुशहा गाविस-९ बस्ने कृषि विकास बैंक शाखा, राजविराजमा कार्यरत इन्जिनियर ध्रुवप्रसाद चौधरीले कुटपिट गरे। अनीताले प्रहरीमा उजुरी गरे पनि कारबाही भने भएन।

सबै प्रकारका जातीय भेदभाव

बदगामा गाविस-४ निवासी १६ वर्षीया शनिचरीदेवी खंग, २२ वर्षीया भवानी खंग, १५ वर्षीया सीताकुमारी खंग र २८ वर्षीया शकुन्तला खंगलाई बाखाले बाली खाएको आरोपमा ०६२ माघ १९ गते जगतपुर गाविस-१ का गजेन्द्र साह, देवेन्द्र साह, नागेन्द्र साह र राजकुमार साहले जगतपुर गाविस-१ खेतमा लगी मरणासन्न हुने गरी कुटपिट गरे। प्रहरीले पीडितलाई सामान्य क्षतिपूर्ति दिलाई मिलापत्र गरायो।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुम्बासी समस्या, वृद्ध भत्ता आदि)

सप्तरी जिल्लामा २४ हजार ४ सय ६० सुकुम्बासी तथा अव्यवस्थित बसोबास अन्तर्गत निवेदन परेको जिल्ला भूमि सुधार कार्यालयले जनायो। जसअनुसार २ सय ३७ सुकुम्बासी परिवारलाई ३५ विघा ८ कठ्ठा तीन धुर र ४ सय ९९ अव्यवस्थित बसोवास परिवार अन्तर्गत १ सय ४

विघा ५ कठ्ठा १५ धुर जग्गा वितरण भइसकेको छ।

दलित छात्रवृत्ति पाउनेको संख्या १६ हजार ३ सय ८१ जना रहेको छ भने ५० प्रतिशत छात्रा छात्रवृत्ति पाउनेको संख्या १३ हजार ५ सय ९५ मासिक छात्रवृत्ति पाउने ९ हाजर १८ जना र सीमान्त छात्रवृत्ति ८० जनाले पाए। जस अनुसार दलित र ५० प्रतिशत छात्रा छात्रवृत्ति वितरण भइसकेको र अरु वितरण गर्न बाँकी रहेको जिल्ला शिक्षा कार्यालय सप्तरीले जनाएको छ।

जिविस सप्तरीका अनुसार यस वर्ष जेष्ठ नागरिक ३ हजार ६ सय ७६ जना, असहाय विधुवा ७ हजार ४ सय ४ जना र असक्त १ सय ५० जना रहेका छन्।

आर्थिक अधिकार

जिल्ला विकास समिति सप्तरीले लगाउँदै आएको ढुंगा, गिट्टी, बालुवा कर सम्बन्धी ठेक्का माओवादीले हस्तक्षेप गरी आ.व. ०६३।०६४ का लागि भनी जिल्ला जनसरकारका नाममा ०६३ असोज १ गतेदेखि ठेक्का लगाई रकम असुल गरे।

महेन्द्र राजमार्गमा चल्ने सवारी साधनसँग माओवादीले भारदह गाविस-२ भारदह चौकमा ०६३ असोज ६ गतेदेखि बेरियर खडा गरेर रकम असुली शुरु गरे।

जिविस सप्तरीको आन्तरिक ठेक्का लागि माओवादीको अनुमति बेगर टेण्डर फारम दर्ता गरेको भन्दै माओवादी सप्तरी सिरहा इन्चार्ज रमेशको नेतृत्वमा आएको एक समूहले ०६३ मंसिर र १७ गते जिविसको कार्यालयमा तोडफोड गरी दर्ता रजिष्टर तथा रसिद लुटी कर्मचारी उपर हातपाट समेत गरे।

विस्थापित

रम्पुरा मल्हनियाँ गाविस-३ निवासी ७० वर्षीय सत्यदेव यादवको घरमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले लुटपाट गरी ज्यान मार्ने धम्की दिएपछि यादव ०६३ असोज २६ गते देखि विस्थापत भई राजविराजमै बस्दै आएका छन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चाको धम्कीका कारण माओवादीको अखिल नेपाल किसान संघ (क्रान्तिकारी) केन्द्रीय सदस्य दशरथ ठाकुर परिवारसहित प्रसवनी गाविसस्थित घरबाट, दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष कपिलेश्वर सरदार गोइठीस्थित घरबाट, एरिया कमिटी सदस्य नारायण सेठ गोइठी गाविस-३ घरबाट तथा एरिया सदस्य लखन सरदार मधवापुर गाविस-९ घरबाट ०६३ पुस १ गतेदेखि विस्थापित भई राजविराज बस्दै आएका छन्।

माओवादी र राज्यबीचमा स्थायी युद्धविराम हुनुभन्दा अघिसम्म ३९ जना नागरिक माओवादी धम्कीको कारण विस्थापित भएकोमा चारजना बाहेक सबै पुनर्स्थापित भइसकेका छन्। यस वर्षको अन्त्यसम्ममा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कारण चारजना माओवादी कार्यकर्ता विस्थापित भई राजविराज बस्दै आएका छन्।

संरचना क्षति/सम्पत्ति कब्जा/आगजनी/लुट

भारदह गाविस-१ का शुभनारायण यादवले भारदहमा संचालन गर्दै आएको सार्वजनिक टेलिफोन बुथमा ०६२ माघ ३ गते माओवादीले आगजनी गरी क्षति पुऱ्याए। आगजानीका कारण दुई लाइन टेलिफोन घर र फर्निचर जलेर नष्ट भयो।

गाईघाट लहानतर्फ फर्कदै गरेको नेपाल टेलिकम कार्यालय लहानको ना. १ न. ९०१ नं. को सवारी साधान (जीप) लाई ०६२ फागुन २२ गते माओवादीले सप्तरी जिल्लाको पिप्रा पश्चिम गाविसको लालपत्ता भन्ने ठाउँमा पेट्रोल छर्केर आगो लगाई दिए। आगजनीका कारण जीप जलेर नष्ट भयो।

बन्द र चक्काजामको अवज्ञा गरेको अरोपमा माओवादीले काठमाडौंबाट विराटनगरतर्फ जाँदै गरेको सूर्य नेपाल गार्मेन्ट लिमिटडेको ना. २ ख ३३१५ नं. को ट्रकलाई जण्डौलमा काँकडभिट्टाबाट काठमाडौ जाँदै गरेका ना. २ ख ५४१९ नं. बसलाई कल्याणपुरमा र झापाबाट काठमाडौंतर्फ जाँदै गरेको ना. २ ख २१५० नं. को मेची राजधानी बस र इलामको पशुपति नगरबाट काठमाडौ जाँदै गरेको १२०४ नं. को उग्रचण्डी बसलाई कुशहा गाविस-१ कडरबोनामा ०६२ चैत १० गते आगो लगाएर नष्ट पारी दिए। आगजनीबाट ट्रकमा रहेको ५० लाख बारबको तयारी पोशाक, कल्याणपुरमा केरा तरकारी तथा ७ ओटा वंगुर र यात्रुका सामान जेलर नष्ट भएको थियो।

माओवादीको दुईदिने सप्तरी बन्दको दोश्रो दिनको फिर्ता भएको समाचार सुनेपछि चलाएको त्रियुगा सहकारी फत्तेपुरको दूध बोक्ने टाटा मोबाइललाई ०६२ चैत ११ गते माओवादीले घोघनपुर गाविस-४ फत्तेपुरमा आगो लगाई क्षति पुऱ्याए। आगजनीका कारण १५ लाख बराबरको गाडी, दूध हाल्ने क्यान डढेर पूर्ण रुपले नष्ट भयो।

माओवादी आमसभामा गाडी दिनुपर्छ भनेर गाडी बिग्रेको बहाना गरेको आरोपमा राजरिवाज नपा-४ को सिन्हा ग्यारेजमा राखिएको को.ज्ञ ख ७४६ र को. १ ख ७७४ नं. को विद्यार्थी बोक्ने युनिक एजुकेशन एकेडेमीको मिनी बस ना. २ ख. २००३ को विजय ट्राभल्स ना. १ ख ४६४८ र ना. १ ख. ५१३२ नं. को राजभर ट्राभल्स र ना. १ ख. ८४५६ नं. को श्री निवास ट्राभल्स बसलाई ०६३ जेठ १३ गते माओवादीले तोडफोड गरी क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट सातजना पुरुष र एकजना महिला बेपत्ता पारेकोमा उनीहरूको स्थिति अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा मलेकपुर गाविस-६ निवासी ३२ वर्षीय तेतर सदा, राजविराज नपा-७ निवासी ४५ वर्षीय राजकुमार तामाङ, खडकपुर गाविस-४ निवासी ३३ वर्षीय राजेन्द्र चौधरी, मधवापुर गाविस-५ निवासी ३५ वर्षीय वेदनप्रसाद साह, खोजपुर गाविस-१ निवासी नरसिंह चौधरी, फुल्काहीका अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष रमाकान्त साह र सदस्य विनोद तथा जोगिनिया गाविस-४ निवासी अनिता श्रेष्ठ रहेका छन्।

१.१२ सिरहा



जनसंख्या	:	६,२३,७२४
साक्षरता प्रतिशत	:	४०.३१
महिला साक्षरता प्रतिशत	:	२६.८०
क्षेत्रफल (वर्ग कि. मि.)	:	११८८
गाविस/नपा संख्या	:	१०६/२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३६४
क्याम्पस/उच्च मा.वि.	:	३/६
अस्पताल/स्वास्थ्य चौकी	:	२/११२
टेलिफोन लाइन	:	२५००
मोटर सडक (कि. मि.)	:	१४४
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	९८
मानव विकास सूचकाङ्क	:	०.४२७
प्रति परिवार सरदर संख्या	:	६.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

माओवादीबाट

लहान नपा-६ स्थित नापी कार्यालयमा कार्यरत लक्ष्मी साहको ०६३ वैशाख १२ गते राति माओवादीले गराएको प्रेसरकुकर बम विस्फोटबाट घटनास्थलमै मृत्यु भयो। उक्त घटनामा सोही कार्यालयका देवनारायण साह गम्भीर घाइते भए। घाइते भएका देवनारायण साहको उपचार धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडितको एउटा आँखा नदेख्ने र एउटा खुट्टा काम नलाग्ने भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सिरहाका सांसद तथा राप्रपाका केन्द्रीय सदस्य कृष्णचरण श्रेष्ठ र बेल्हा गाविस-५ का ३० वर्षीय रामवृक्ष महराको ०६३ असोज ७ गते बिहान खेत घुमेर फर्किरहेको बेला बाटोमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरू रुदल भनिने मनिकलाल महतो र बिहारी महतोले गोली प्रहार गरी हत्या गरे। सोही घटनामा सारस्वर गाविसका राजकुमार यादव र धनुषास्थित मरान भन्ने ठाउँका रामलोचन पासवान गोली लागी घाइते भए। घाइते दुवैजना वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरी घर फर्किए। गोली हानी भागेका दुवै पीडिकहरूलाई गाउँलेले समाती कुटेर मारेका थिए।

आफ्नै बम विस्फोटबाट मृत्यु

बरियारपट्टी गाविस-८ स्थित शिवचौकमा ०६२ माघ १३ गते साँझ माओवादीको आफ्नै प्रेसर कुकर बम विस्फोट भई जिल्लास्तरीय नेताहरू विकास भनिने महेन्द्र सदा, शिवु यादव, राजेन्द्र महतो, हरिशचन्द्र यादव र रुदल यादवको घटनास्थलमै मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

सिरहा नपास्थित प्रमुख जिल्ला अधिकारीको निवासमा ०६२ फागुन १४ गते सुरक्षार्थ बसेका प्रहरीले बोकेको बन्दुक पड्किँदा प्रमुख जिल्ला अधिकारीका गाडी चालक रामप्रसाद मण्डलका १२ वर्षीय छोरा संजीव मण्डल घाइते भए। प्रहरीले बन्दुक सफा गर्दा गर्दै अचानक पड्किएको सुरक्षाकर्मीले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

पिप्रा प्रपि गाविस-६ स्थित जमुवा टोलका माओवादी कार्यकर्ता ३६ वर्षीय लटल भनिने राजकुमार सिंहलाई ०६३ साउन १२ गते राति घरमा सुतिरहेको बेला जनतान्त्रिक

तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले कुटपिट गर्दै घरबाट बाहिर निकालेर गोली प्रहार गरी घाइते तुल्याए। पीडित लहान अस्पतालमा उपचार गरी घर फर्किए।

पिप्रा प्रपि गाविस-४ निवासी ४० वर्षीय माओवादी कार्यकर्ता रामउदगार यादवलाई सुतिरहेको बेला ०६३ साउन १२ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले गोली हानी घाइते तुल्याए। पीडितको दाहिने पाखुरामा गोली लागेको थियो। पीडित लहान अस्पतालबाट उपचार गरी घर फर्किए।

जेल र बन्दी

१ सय ५० जनाको क्षमता रहेको सिरहा जेल 'घ' श्रेणीको छ। यस वर्षको अन्त्यमा यस जेलमा कूल ६६ जना बन्दीहरू छन्। २० जना थुनुवाहरूमध्ये १८ जना पुरुष र दुईजना महिला रहेका छन्। ४६ जना बन्दीहरूमध्ये ४५ जना पुरुष र एकजना महिला रहेका छन्।

लोकतन्त्रपछि पुरानो मुद्दामा रहेका बन्दीहरूले आममाफी हुनुपर्ने जस्ता माग राखी रिले अनसन गरे। जिल्ला कारागार शाखा, सिरहामा जेलभित्रको आन्तरिक सुधार सम्बन्धी १२ सूत्रीय माग राखी १० जना बन्दीहरूले ०६३ जेठ १७ गतेदेखि रिले अनसन गरे।

जिल्ला कारागार शाखामा आममाफीको माग राखी तोडफोडमा उत्रिएका बन्दीहरूमाथि ०६३ साउन १० गते प्रहरीले लाठीचार्ज गरे। लाठीचार्जबाट १८ जना बन्दीहरू गम्भीर घाइते भए। जसमध्ये अताबुल मियाँलाई धरानस्थित स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो। त्यसैगरी सीताराम चौधरी, मुक्तिनाथ हिम्ले र सुरज दासलाई जिल्ला अस्पताल सिरहामा उपचारार्थ लगिएको थियो। बन्दीहरूले



जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका सांसद कृष्णचरण श्रेष्ठ

प्रहार गरेको इटा र ढुङ्गाबाट असई विश्वेश्वर विश्वकर्मा, हवल्दार धर्मदेव मण्डल र प्रहरी जवान बाबुराम बाँस्तोला घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनायो। जेलभित्र बन्दीहरूले तोडफोड गरेपछि सुरक्षाकर्मीद्वारा पटक-पटक हवाई फायर गरिनुका साथै अश्रुग्याँस र पानीको फोहोरासमेत प्रयोग गरिएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

लालपुर गाविस-६ स्थित गुरुधाम निवासी २४ वर्षीय नैन लामालाई ०६२ माघ १५ गते साँझ माओवादीले घरबाटै अपहरण गरे। पीडित फागुन १ गते राति भागेर घर फर्किए।

सरस्वती मावि जम्दहका प्रधानाध्यापक मोहम्मद सनउल्ला खाँलाई आर्थिक अनियमितता गरेको आरोपमा ०६२ माघ १८ गते माओवादीले उनलाई विद्यालयबाटै अपहरण गरी माघ २५ गते मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११	१०	४	१४	३	६		६					
घाइते	५	६		६	१	१		१	१	१			१
गिरफ्तारी/यातना									१०	३३	३	१०	३६
कुटपिट	५	६	१	७	११	१७		१७	४	६		८३	८८
धम्की					३	३		३	१	९		६	१५
भेला/संगठित हुने अधिकार									८	३४		७३	९६
जातीय विभेद	१	१		१									
महिलाअधिकार	४		४	४									
बालअधिकार	३		३	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१	१	१		१					
अमानवीय व्यवहार	१	१		१	१	१		१					
अपहरण	६	६	१	७	१८	३३	७	३९					
जम्मा	३६	३१	१३	४३	३६	६१	७	६८	३४	६३	३	१७०	३३६



जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका रामवृक्ष महरा

लहान नपा-९ निवासी पूर्व वडाअध्यक्ष ५१ वर्षीय ईश्वरदेव साहलाई ०६२ चैत २४ गते माओवादीले घरबाट काम छ भनी बोलाई अपहरण गरे। पीडितलाई इन्सेक जिल्ला प्रतिनिधिलगायत मानवअधिकारकर्मीहरूको पहलमा पीडितलाई ०६३ वैशाख ७ गते गोविन्दपुर गाविसको मानिकदहबाट मुक्त गरे।

इनर्वा गाविस-९ निवासी नेकाँका कार्यकर्ताहरू ३१ वर्षीय शिवशंकर यादव, ३५ वर्षीय देवनारायण यादव र ३८ वर्षीय बिन्दी यादवलाई ०६३ वैशाख १२ गते साँझ माओवादीले सोही गाविसस्थित बाटोबाटै अपहरण गरी वैशाख १५ गते मुक्त गरे।

मझौरा गाविस-१ फूलबरिया टोल निवासी वीरेन्द्र यादवलाई चन्दा नदिएको आरोपमा ०६३ वैशाख १६ गते माओवादीले घरबाटै अपहरण गरी मागे बमोजिम चन्दा बुझाउने सर्तमा वैशाख १७ गते मुक्त गरे।

पडरिया गाविस-२ निवासी ४५ वर्षीय रासबिहारी चौधरीलाई ०६३ वैशाख २८ गते माओवादीले जम्दहको मुसहर्निया भन्ने ठाउँबाट अपहरण गरी जेठ ८ गते मुक्त गरे।

सन्हैठा गाविसका शम्भुकुमार यादव, रञ्जीतकुमार यादव, मोम्हम्मद साफी, बस्तीपुर गाविस-३ निवासी जीवछ विश्वकर्मा र रामचन्द्र यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको र राजमार्ग अन्तर्गत गागनखोला पुलमा यात्रुबाहक बसमा आगजानी गरेको आरोपमा ०६३ साउन १ गते राति माओवादीले उनलाई अयोध्यानगर गाविसस्थित कसहा नजिकबाट तीनओटा मोटरसाइकलसहित अपहरण गरे। चारैजनालाई माओवादीले साउन ४ गते इलाका प्रहरी कार्यालय लहानमा प्रहरीलाई जिम्मा लगाए। पीडितहरू जिल्ला अदालत सिरहाबाट साउन २३ गते तारेखमा रिहा भए।

नहरारिगौल गाविस-४ निवासी नेकाँका सक्रिय कार्यकर्ता ५० वर्षीय जगदेव यादवलाई ०६३ साउन २ गते माओवादीले घरबाटै अपहरण गरी केही दिनपछि मुक्त भए।

गौरीपुर गाविस-९ निवासी ४५ वर्षीय सोनेलाल यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ साउन २ गते साँझ माओवादीले उनलाई घरबाटै अपहरण गरी केही दिनपछि मुक्त गरे।

फुल्काहाकट्टी गाविस-६ निवासी रामविलास यादव र लालपुर गाविसका रुदल भनिने मनिकलाल महतो जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता भएको आरोपमा ०६३ साउन ३१ गते राति माओवादीले इटाटार गाविसको वैशखा भन्ने ठाउँबाट अपहरण गरे। पीडित भदौ १९ गते दिउँसो मानवअधिकारकर्मीको रोहबरमा मिर्चैयास्थित माओवादीको कार्यालयबाट मुक्त भए।

रामनगर मिर्चैया गाविसस्थित अरुणोदय आवासीय माविका शिक्षक २५ वर्षीय भोलाकुमार साहलाई जग्गा सम्बन्धी विवादका कारण ०६३ भदौ ८ गते माओवादीले दिउँसो विद्यालय हाताबाट अपहरण गरी केही दिनपछि मुक्त गरे।

चन्द्रोउदयपुर गाविस-८ घुर्मीखोला निवासी ५० वर्षीय रंजीतसिंह र उनका ३० वर्षीय छोरा संजय सिंहलाई ०६३ भदौ १५ गते दिउँसो मिर्चैया गाविसस्थित आफ्नै होटलबाट माओवादीले कुटपिट गरी अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

अर्नमा प्रपि गाविस-३ निवासी राजिन्द्र सदाय, प्रमेशी सदाय, रामकुमारी सदायलाई सेनामा जागीर पाइने प्रलोभनमा ०६३ कात्तिक २१ गते साँझ माओवादीले अपहरण गरे। पीडितहरू घर फर्किसकेको माओवादीले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

इन्द्रेणी सेवा समाज (इन्सेस) गोलबजारमा कार्यरत लहान नपा-८ निवासी २५ वर्षीय राजेश्वरलाल कर्ण र धनगढी गाविस-२ र श्यामपुर निवासी ३५ वर्षीय चन्द्रकुमार राईलाई ०६२ फागुन १६ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले लगडी गदियानी गाविसस्थित बाटोबाटै अपहरण गरे। अपहरितहरूमध्ये राजेश्वरलाल कर्णलाई सोही दिन साँझ र चन्द्रकुमार राईलाई फागुन १७ गते मुक्त गरियो।

खरुक्याही गाविस-८ गाविस निवासी ३० वर्षीय बालकृष्ण यादवलाई ०६३ वैशाख १ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरेकोमा गाउँलेहरूले वैशाख २ गते मुक्त गराए।

माडर गाविसस्थित खैटोका भन्सार कार्यालयका प्रमुख उद्धव ढुङ्गानालाई ०६३ असार २४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले डेराबाटै अपहरण गरी असार २६ गते राति सन्हैठा गाविसको एकान्तस्थलबाट सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

सिरहास्थित एक्का प्रोजेक्टका जिल्ला संयोजक ढल्केवर गाविस-३ धनुषा निवासी ३२ वर्षीय दीपक लामा मोटरसाइकल चढी अनुगमनका लागि गाउँमा पुगेका बेला ०६३ मंसिर ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले उनलाई सन्हैठा गाविसस्थित बाटोबाट अपहरण गरे। पीडितलाई आँखामा पट्टी बाँधेर एकान्त स्थानमा राखी सोही दिन अपहरण मुक्त गरेका थिए। मोर्चाका कार्यकर्ताले एकथान मोटरसाइकल र मोबाइल सेट लगेको पीडितले बताए।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

माओवादीबाट

लहान नपाबाट प्रकाशित हुने नवजागृति साप्ताहिक पत्रिकाका कार्यकारी सम्पादक रामप्रसाद भट्टराई र उपसम्पादक राजकुमार राउतले माओवादी जनसरकारको अनुमतिबिना सामुदायिक वनको बारेमा समाचार संकलन गर्न गएको आरोपमा ०६२ फागुन १० गते माओवादीले उनीहरूलाई एक पत्रमार्फत धम्की दिए। पत्रकारहरूले लेखेको समाचारको कारण उपभोक्ता र जनता समस्यामा परेमा पत्रकार दण्डित हुनुपर्ने कुरा पत्रमा उल्लेख गरिएको थियो।

लहान नपा-१ निवासी व्यापारी सुरेन्द्र गुप्तालाई ०६३ वैशाख २ गते दिउँसो भारतीय सीमा क्षेत्रमा पर्ने ठाडी बजारबाट मोटरसाइकलमा लहानतर्फ फर्किरहेको बेला माओवादी कार्यकर्ताले अपहरण गरकोमा सोही दिन मुक्त गरे।

खरुक्याही गाविस-८ स्थित पत्थरगाढा निवासी ४८ वर्षीय रामअशिष दास तत्मालाई गाउँको झगडाको निवेदन प्रहरीमा हाल्न गएको आरोपमा ०६३ वैशाख १९ गते स्थानीय माओवादी कार्यकर्ताले घर नजिक कुटपिट गरे। पीडित उपचारपछि घर फर्किए

धनगढी गाविस-२ निवासी ४० वर्षीय कर्णबहादुर श्रेष्ठलाई ०६३ भदौ ३० गते राति हिमाल उपनामका माओवादी कार्यकर्ताले घरमै कुटपिट गरे।

लहान नपा-२ निवासी २९ वर्षीय देवेन्द्र यादवलाई ०६३ असोज २१ गते साँझ माओवादी कार्यकर्ताले पार्टी सम्पर्क कार्यालयमा लगी लाठी र दाउराले कुटपिट गरे।

अर्नमा प्रपि गाविस निवासी सोही गाविस सचिव हरिदेव यादवले विवाह दर्ताको सिफारिस नदिएको आरोपमा ०६३ असोज ३० गते माओवादी कार्यकर्ता शिवकुमार यादवले जिल्ला विकास समितिको कार्यालयमा कुटपिट गरे।

लहान नपा-८ निवासी रिक्सा मजदुर रमेशकुमार मण्डललाई ०६३ असोज २९ गते राति जहर भनिने माओवादी कार्यकर्ताले भाडा सम्बन्धी विवादका कारण कुटपिट गरे। सो घटनाको विरोधमा रिक्सा मजदुर युनियनले असोज ३० गते राजमार्गमा रिक्सा तेर्स्याएर सडक अवरुद्ध गरे।

गैरकानुनी गिरफ्तारी

नेपाल तरुण दलका जिल्ला अध्यक्ष सुनिल कोइरालालाई ०६२ माघ १९ गते बिहान लहान नपा-६ स्थित आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडित फागुन २ गते पुनरावेदन अदालत राजविराजको आदेशपछि रिहा भए।

बस्तीपुर गाविसका ३५ वर्षीय कमल यादवलाई ०६२ माघ १९ गते दिउँसो प्रहरीले एमालेको लहान नपास्थित क्षेत्रीय पार्टी कार्यालयबाट गिरफ्तार गरे। पीडित फागुन २ गते पुनरावेदन अदालत राजविराजको आदेशमा रिहा भए।

एमाले लहान नगर कमिटीका उपसचिव प्रदीप चौधरी, सदस्य किशोर कोइराला, कार्यकर्ताहरू श्रीचन पासवान र मो. हुसेनलाई ०६२ माघ १९ गते दिउँसो प्रहरीले लहान नपा-७ स्थित बाटोबाट गिरफ्तार गरे। पीडितहरू ०६२ फागुन २ गते पुनरावेदन अदालतको आदेशबाट रिहा भए।

अनेमसंघ (क्रान्तिकारी) जिल्ला सदस्य बोधमाया यादव, दलित मुक्ति मोर्चाका सिरहा जिल्ला संयोजक रामनारायण दास तत्मा र कार्यकर्ता सरमान तामाङलाई ०६२ चैत २८ गते बिहान सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ कारागार पठायो। पीडितहरूमध्ये बोधमाया ०६३ जेठ १ गते र सरमान तामाङ र रामनायायण दास जेठ ४ गते जिल्ला कारागार शाखा सिरहाबाट रिहा भए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिरहा सदरमुकामस्थित सिरहा बजारमा आन्दोलनरत सात दलद्वारा ०६२ माघ ११ गते साँझ आयोजना गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी



सांसद कृष्णचरण श्रेष्ठका हत्या गरी भागिरहेको अवस्थामा गाउँलेले समाती कुटपिट गरी हत्या गरिएका रुदल भनिने मनिकलाल महतो र बिहारी महतो



माओवादीले गराएको बम विस्फोटबाट मृत्यु भएका लक्ष्मी साह

नेकाँका अमर रेग्मी, सोही कृष्णचन्द्र यादव, अजय मण्डल, रामदयाल यादव, राजकपुर यादव, अशिषलाल यादव, शियाराम यादव, एमालेका सम्झना थपलिया, कल्पना थपलिया, तेजीलाल चौधरी, असनारायण मण्डल, सहदेव यादव, रामप्रसाद सढोक, अर्जुन महतो, सरोजकुमार यादव, बुधनी महरा र जनमोर्चाका बतहु महतो, जीवछ यादव, ज्ञानकुमार सिह, महेशकुमार मण्डल, रामचन्द्र महतो, काँग्रेस (प्रजातान्त्रिक) का जयकुमार यादव र रामकिशोर मण्डललगायतलाई गिरफ्तार गरी सोही राति रिहा गरे।

सात दलद्वारा लहान नपामा ०६२ माघ ११ गते दिउँसो आयोजना गरिएको संयुक्त विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा एमाले लहान नगर कमिटीका सदस्य निरज सापकोटा, मो. सलिम, रामकुमार कार्की र प्ररायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव घाइते भए। साथै जनमोर्चाका केन्द्रीय कोषाध्यक्ष विश्वनाथ साह, यादव, जिल्ला अध्यक्ष राममणी मिश्र, अनेरास्वबियुका केन्द्रीय सदस्य अशोक यादव, एमालेका जिल्ला सदस्यहरू उत्तरबहादुर मगर, सरियार चौधरी, नेकाँ (प्रजातान्त्रिक) का विमला भूर्तेल र दुर्गाबहादुर कार्कीलाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

सिरहा नपास्थित सिरहा बजारमा सात राजनीतिक



जनतान्त्रिक तराई मुक्ति मोर्चाको गोलीबाट घाइते भएका माओवादी कार्यकर्ता रामउद्गार यादव

दलद्वारा नगर निर्वाचनको विरोधमा ०६२ माघ १२ गते साँझ आयोजना गरिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेविसंघका कार्यकर्ताहरू कृष्णचन्द्र यादव, अमोदकुमार मण्डल र अनेरास्वबियु (एककृत) का महादेव यादव र महेश यादवलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा थुनामा राखी माघ १६ गते रिहा गरे।

सात दलले ०६२ माघ १३ गते आयोजना गरेको संयुक्त विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा प्रायुसंघका जिल्ला सदस्य देवेन्द्र गोहिबार, एमालेका कार्यकर्ताहरू सकलदेव यादव, कप्लेश्वर यादव, लटु मण्डल, महेन्द्र मुखिया, जितेन्द्र कर्ण, झल्कु यादव, भोलामान लामालगायत १५ जना घाइते भए।

सिरहा नपास्थित चन्द्र माविमा एमालेद्वारा ०६२ माघ १९ गते आयोजना गरिएको सांसद स्वर्गीय हेमनारायण यादवको तेस्रो वार्षिक स्मृति सभामा प्रहरीले हस्तक्षेप गरी सगरमाथा अञ्चल समन्वय कमिटीका सदस्य धर्मनाथ साह, जिल्ला कमिटी सिरहा सचिव रामचन्द्र यादव, उपसचिव लीलानाथ श्रेष्ठ, जिल्ला कमिटी सदस्यहरू प्रमोद यादव, सीता साह, नेकाँका जिल्ला सचिव जीवछ गुप्ता, एमालेका सम्झना थपलिया, कप्लेश्वर यादव, रामप्रताप मण्डल, सुधन कुसैत, रविन्द्र साह, शिवशंकर झा, अर्जुन महतो, धनप्रसाद यादव, महेन्द्र मुखिया, सकलदेव यादव, महेशकुमार यादव, शिक्षक रामभजन यादव र सर्वसाधारण राजकुमार त्यागीलाई गिरफ्तार गरी तीन महिने पुर्जी दिई थुनामा राखियो। पीडितहरू पुनरावेदन अदालतको आदेशमा फागुन २ गते रिहा भए।

लहान नपा-१० निवासी नेकाँका कार्यकर्ता धनिकलाल मण्डललाई ०६२ माघ १९ गते बिहान प्रहरीले लहान नपा-६ स्थिति बाटोबाट गिरफ्तार गरी ०६२ माघ २० गते दलहरूको विरोध कार्यक्रममा सहभागी नहुने सर्तमा रिहा गरियो।

एमाले जिल्ला कमिटीका सदस्य गंगाप्रसाद यादव, प्रायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव र एमाले लहान नगर कमिटी सदस्य दिनेश देवलाई लहान नपा-१ स्थित एक प्राथमिक विद्यालयबाट ०६२ माघ २५ गते मसाल जुलुस प्रदर्शन गर्न लागेको बेला प्रहरीले गिरफ्तार गरी भोलिपल्ट इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा रिहा गरे।

सिरहा नपास्थित सिरहा बजारमा संयुक्त जनआन्दोलन समन्वय समितिद्वारा ०६३ वैशाख ६ गते दिउँसो आयोजना गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा सिरहा क्याम्पसका स्वबियु कोषाध्यक्ष दिनेश यादव, १६ वर्षीय विद्यार्थी रामभरोस महतो, स्वबियू सदस्य भोगेन्द्र साह लगायत रामचन्द्र मण्डल, मोतिलाल यादव, सर्वनारायण झा, महेन्द्र मुखिया र विरेन्द्र यादव घाइते भए।



आन्दोलनको क्रममा प्रहरीको लाठीचार्जबाट घाइते सिरहा क्याम्पसका स्ववियु कोषाध्यक्ष दिनेश यादव

सिरहाका सांसद हेमनारायण यादवको हत्या सम्बन्धमा संसदीय छानबिन समितिद्वारा आरोपित व्यक्तिहरूलाई कारवाहीको माग गर्दै ०६३ मंसिर १६ गते दिउँसो जिल्ला प्रहरी कार्यालय अगाडि नारा जुलुस गरेका एमाले कार्यकर्ताहरूमाथि प्रहरीले हस्तक्षेप गर्दा सिरहा नपाका अर्जुन महतो, चुनचुन यादव, हरिदेव महरालगायत घाइते भए। पीडितको जिल्ला अस्पताल सिरहामा उपचार गरियो।

बालअधिकार

अर्नमा प्रपि गाविस-४ निवासी १५ वर्षीया इन्दिलाकुमारी यादव, सोही गाविस- ५ निवासी १४ वर्षीय प्रताप महतो र सोही गाविस-६ निवासी १० वर्षीया दयाकुमारी पाललाई मासिक छ हजार तलब पाउने गरी सेनामा जागिर दिने प्रलोभनमा ०६३ कात्तिक २७ गते बिहान माओवादीले अपहरण गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बस्तीपुर गाविस-४ स्थित घलेटोल बस्ने दलित संरक्षण अभियान मञ्चकी अध्यक्ष ३५ वर्षीया रिक्मा विश्वकर्मालाई सोही गाविसका ३० वर्षीय रिते भनिने खड्कबहादुर विष्टले गाउँका केही व्यक्तिहरूको मिलेमतोमा ०६३ कात्तिक २३ गते बिहान अश्लील गाली गर्दै सम्वेदनशील अङ्गमा लाठीले कुटपिट गरे। उक्त घटनाप्रति विरोध जनाउँदै जिल्लाका दर्जनौं संघ संस्थाका प्रतिनिधिहरूले पीडकलाई कारवाही गर्न माग गरे। पीडितले कात्तिक २४ गते प्रहरी कार्यालय लहानमा कारवाहीको लागि निवेदन दिँदा प्रहरीले उक्त घटना सामान्य भन्दै पीडितलाई गाउँमै गएर मिल्न दबाब दिएका थिए। प्रहरी कारवाहीअघि नबढाएपछि कात्तिक २७ गते दिउँसो मानवअधिकारकर्मी र सामाजिक संघ संस्थाका प्रतिनिधिलगायत सयौं व्यक्तिहरूले प्रहरी विरुद्ध प्लेकार्डसहित विरोध प्रदर्शन गरे।

हत्या अन्यबाट

हनुमाननगर गाविस-६ निवासी १५ वर्षीया एक बालिकालाई ०६३ मंसिर १३ गते साँझ सारस्वर गाविसका फुल्गेन खत्वेसहित तीन जनाले बेल्हा गाविसको एकान्त चौरमा बलात्कारपछि घाँटी थिची हत्या गरे। पीडित खेतबाट धानको बोझा बोकेर एक्लै घरतर्फ फर्किरहेकी थिइन्। पीडकहरूलाई कारवाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

माओवादीबाट

अर्नमा गाविस-४ निवासी कानुन व्यावसायी मनोज श्रेष्ठको घरबाट २५ बोरा धान र गहुँ ०६३ वैशाख २१ गते माओवादीले कब्जा गरी लुटेर लगे। पीडितको ९० विघा जमीन र घरसमेत माओवादीले कब्जा गरेका कारण विस्थापित भए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध शुरु भएयता राज्यबाट बेपत्ता पारिएका जम्मा सात जना पुरुषको स्थिति अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा बडहरामाल गाविस-६ निवासी ६० वर्षीय रामशरण नायक, सन्हैठा गाविस निवासी ३० वर्षीय सोवरी यादव, लक्ष्मीनिया गाविसस्थित तारापट्टी टोल निवासी २८ वर्षीय श्रीनारायण यादव, फूलबारिया गाविस-९ निवासी ४२ वर्षीय गौरीप्रसाद साह, मोहनपुर कमलपुर गाविस निवासी सुजितनारायण यादव, ब्रम्हान गोर्छारी गाविस निवासी रामखेलावन महतो र रामनगर मिर्चैया गाविस-२ निवासी रामखेलावन साह रहेका छन्।



कारागारभित्र आन्तरिक सुधारको माग गर्दै अनसनमा बसेका बन्दीहरू

१.१३ उदयपुर



जनसंख्या	: ३१९१६९
साक्षरता प्रतिशत	: ५३
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि.मी.)	: २०६३
गाविस/नपा संख्या	: ४४/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३५९
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: ७७८
मोटर सडक (कि.मी.)	: २५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४७
मानव विकास सूचकाङ्क	: ०.४८८
प्रति परिवार सरदर संख्या	: ६.१९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

दोहोरो भिडन्त

नन्दा बक्स गण, गाईघाटमा कार्यरत जम्दार ३८ वर्षीय बालकुमार पौड्याल, सिपाही २५ वर्षीय टुकराज अधिकारी र माओवादीका दिनेशको त्रियुगा नपा-१ करमगाछीमा सुरक्षाकर्मी र माओवादीबीच ०६२ माघ २४ गते राति भएको भिडन्तमा मृत्यु भयो। सोही घटनामा घाइते भएका ३० वर्षीय सिपाही भीमबहादुर श्रेष्ठ, सशस्त्र प्रहरीका जवानहरू ३५ वर्षीय नेत्रबहादुर बुढाथोकी र २५ वर्षीय सञ्जीव बस्नेतको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भयो।

गोली/विस्फोटक पदार्थबाट घाइते

राज्यबाट

त्रियुगा नपा-२ निवासी २५ वर्षीय सुवास खड्का ०६३ वैशाख ५ गते लोकतन्त्रको माग गर्दै विद्यार्थीले गरेको प्रदर्शनमा प्रहरीले चलाएको गोली दाहिने खुट्टामा लागी घाइते भए। पीडितलाई जिल्ला अस्पतालमा प्राथमिक उपचार गराई थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगियो।

माओवादीबाट

त्रियुगा नपा-१७ निवासी ३६ वर्षीय कामदार बुद्धिमाया दनुवार ०६२ चैत २८ गते मनोनित जिविस सभापति बोधराजसिंह बस्नेतको घरमा माओवादीले विस्फोट गराउँदा बमको छर्रा लागी घाइते भइन्। सुरक्षाकर्मीको सहयोगमा पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो। विस्फोटबाट बस्नेतको घर क्षतिग्रस्त भएको थियो।

ताम्लिछा गाविस-२ निवासी १३ वर्षीय हेमनारायण कार्की ०६३ असार २ गते माओवादीले छाडेको सुतली बम हातमा लिएर खेलाउँदा विस्फोट भई घाइते भए। दाँहिने हात र पेटमा चोट लागेका पीडितको जिल्ला अस्पताल, उदयपुरमा उपचार गरियो।

दोहोरो भिडन्त

त्रियुगा नपा-१ निवासी १५ वर्षीया सुस्मीता श्रेष्ठ, १४ वर्षीय रोशन थापा र ३५ वर्षीया सीता थापा त्रियुगा नपा-१ करमगाछीमा सुरक्षाकर्मी र माओवादीबीच ०६२ माघ २४ गते राति भएको भिडन्तमा घरभित्र सुतिरहेकै ठाउँमा छातीमा गोली लागी गम्भीर घाइते भइन्। पीडितको देब्रे छाती र देब्रे हातको पातामा गोली लागेको थियो। पीडितलाई सेनाको सहयोगमा जिल्ला अस्पताल ल्याई प्राथमिक उपचार गरी सघन उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पुऱ्याइयो। सोही भिडन्तमा बर्दिया जिल्ला सूर्यपटुवा गाविस-५ निवासी सशस्त्र प्रहरी बेसक्याम्प, गाईघाटमा कार्यरत प्रहरी जवान २२ वर्षीय चीजमान चौधरी, सुनसरी जिल्ला सिङ्गिया गाविस-२ निवासी शम्भु भुजेल र सुर्खेत जिल्ला साटाखानी गाविस निवासी १९ वर्षीय प्रेम नेपाली र नाम नखुलेका दुईजना सैनिक जवान माओवादीले चलाएको गोली लागी घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि सघन उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र वीरेन्द्र सैनिक अस्पताल छाउनी, काठमाडौं लगियो।

बेवारिसे बमबाट

त्रिवेणी गाविस-१ निवासी १९ वर्षीय मोहनबहादुर

सापकोटा ०६३ कात्तिक २६ गते घर नजिकैको खरबारीमा खर काट्ने क्रममा बेवारिसे सकेट बम विस्फोट भई घाइते भए। सापकोटाको दाँहिने हातको हत्केलादेखि तल सबै खसेर छाती, तिघ्रा, पेट र अनुहारमा बमको छर्रा लागेको थियो। उनको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा आफन्तले उपचार गराए।

जेल र बन्दी

कूल ५० जना क्षमता भएको उदयपुर जेलमा यस वर्ष ५३ जना थुनुवा र बन्दी रहे। हाल यस जेलमा २० जना पुरुष र १ महिला कैद नतोकिएका तथा ३० पुरुष र २ महिला कैद तोकिएका थुनुवा बन्दी छन्। ४५ वर्षभन्दा माथिका ६ जना पुरुष बन्दी र ५ जना कैदी छन्। जेलको भौतिक अवस्था जीर्ण भएपनि भित्र र बाहिर गरी ८ ओटा शौचालय र खानेपानीको धारा चालु अवस्थामा छन्।

जेलभित्र जिविस, नपा र सामाजिक संघ-संस्थाहरूको पहलमा टिभी, क्यारिमबोर्ड, चेस जस्ता खेल सामग्री र विभिन्न पत्रपत्रिका उपलब्ध गराइएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

त्रिवेणी गाविस-३ कालिखोला निवासी ५६ वर्षीय भोलाजित विश्वकर्मालाई घरायसी विवादमा ०६२ पुस २५ गते माओवादीले घरबाट अपहरण गरी ०६२ माघ २ गते मुक्त गरे।

चिलाउने गाविस-४ धौरी निवासी सामुदायिक वनका अध्यक्ष दिलबहादुर तामाङले सामुदायिक सम्पति हिनामिना गरेको आरोपमा ०६२ फागुन ५ गते माओवादीले उनलाई घरबाट अपहरण गरी सामुदायिक वनको हिसाब सार्वजनिक गर्ने सर्तमा फागुन ७ गते मुक्त गरे।

बसाहा गाविस-४ आमसाल निवासी १७ वर्षीय एकराज राईलाई ०६२ फागुन २७ गते माओवादीले अपहरण गरी बुधबारे बजारमा पुऱ्याएर अबिर जात्रा गरी माओवादीमा प्रवेश गरेको घोषणा गरे। पीडित हालसम्म माओवादी गतिविधिमै संलग्न छन्।

त्रियुगा नपा-१३ निवासी निवर्तमान वडाध्यक्ष ४६ वर्षीय सार्कीराम दनुवारलाई ०६२ चैत ५ गते माओवादीले घर नजिकैबाट अपहरण गरी नजिकैको जंगलमा पुऱ्याई कुटपिट गरे। पीडितलाई घटनास्थलबाट पत्नी सुकमाया दनुवार र साली सार्कीमाया दनुवारले उद्दार गरी जिल्ला अस्पताल उदयपुरमा उपचार गराए।

सिन्धुली जिल्ला लदाभीर गाविस-२ निवासी २१ वर्षीय राजेश दाहाल नक्कली माओवादी बनी चन्दा संकलन गरेको आरोपमा ०६३ जेठ ६ गते माओवादीले उनलाई त्रियुगा नपा-७ भुल्केबाट अपहरण गरी गाईघाटस्थित सम्पर्क कार्यालय राखे।

चौदण्डी गाविस-७ निवासी ३४ वर्षीय पृथ्वीबहादुर राईले विद्यालयमा अनियमितता गरेको आरोपमा ०६३ असोज ५ गते घरबाट किराँत वर्कस पार्टीका कार्यकर्ताले उनलाई अपहरण गरी असोज ८ गते दिउँसो बेल्टार गाविस-१ बेल्टार बजारबाट मुक्त गरे।

बेल्टार गाविस-१ निवासी १८ वर्षीय दीप श्रेष्ठले बस तोडफोड गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनलाई अपहरण गरी सोही दिन मुक्त गरे।

बसाहा गाविस-६ निवासी २० वर्षीय मदन राईले मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले शनिबारेबाट अपहरण गरी उनीहरूकै ट्याक्टरमा राखेर अस्थायी क्याम्प बेल्टारमा लगी भोलिपल्ट मुक्त गरे।

बसाहा गाविस-९ निवासी २२ वर्षीय निरज तामाङले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						१	५		५	१	१			१
घाइते	३	३			३	४	६	४	१०	२	२			२
गिरफ्तारी/यातना										१३	६९	६	५	८०
कुटपिट	१	२	१		३	५	११		११	१३	३८	१		३९
धम्की						४	८		८	१		४		४
भेला/संगठित हुने अधिकार										४	८	१०	९	३६
जातीय विभेद	२	१	१	८	९									
महिलाअधिकार	५		५		५									
बालअधिकार	१		१		१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	२		२					
अपहरण	२	१	१		२	३८	४४	१	४५					
जम्मा	१४	८	९	८	३३	४२	८५	५	८०	३४	१०८	३१	१४	१४२



दोहोरो भिडन्तमा मारिएका सुरक्षाकर्मीहरूमा भीमबहादुर श्रेष्ठ, नेत्रबहादुर बुढाथोकी र सञ्जिव बस्नेत

गाउँमा अशान्ति मच्चाएको आरोपमा ०६३ असोज १५ गते माओवादीको जनमुक्ति सेनाले उनलाई स्थानीय नारदचोकबाट अपहरण गरी सञ्चारकर्मी र मानवअधिकारकर्मीको रोहबरमा भोलिपल्ट मुक्त गरे।

बेल्टार गाविस-८ निवासी २८ वर्षीय शीला मगर र ३३ वर्षीय गोविन्द मगरलाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज १८ गते माओवादीले उनीहरूलाई अपहरण गरी एक महिना श्रम गराए।

बेल्टार गाविस-८ निवासी २२ वर्षीय प्रेम विश्वकर्मा र ३३ वर्षीय कमल भुजेलले सांस्कृतिक अपराध गरेको आरोपमा ०६३ असोज १८ गते माओवादीले उनीहरूलाई अपहरण गरी बेल्टारमा रहेको अस्थायी क्याम्पमा राखी असोज १९ गते मुक्त गरे।

बेल्टार गाविस-१ निवासी विनायक बन्जाराले गाडीमा तोडफोड गरेको आरोपमा ०६३ असोज २८ गते माओवादीले उनलाई मध्यरातमा घरबाट अपहरण गरी चार दिनसम्म माओवादी सेनाको अस्थायी क्याम्पमा राखी पीडितले १७ हजार ५ सय रुपैयाँ बुझाएपछि असोज ३१ गते बाबुको जिम्मामा मुक्त गरे।

नन्दाबक्स गण गाईघाटमा सैन्य तालिम लिइरहेको सेना जवान १९ वर्षीय कृष्णहरि कटुवाललाई गणमा आउने क्रममा ०६३ कात्तिक ८ गते माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे।

बेल्टार गाविस-९ घर निवासी ज्योति उच्चमावि बेल्टारमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय बालकुमार कटुवाल र सोही विद्यालयको ११ कक्षामा अध्ययनरत १८ वर्षीय कृष्ण थापालाई ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरे।

त्रियुगा नपा-११ निवासी २७ वर्षीय गणेश परियार, २९ वर्षीय मदन परियार र ४० वर्षीय पुष्पराज परियारलाई ०६३ मंसिर ७ गते माओवादीले अपहरण गरी १८ दिनसम्म सप्तरीको भारदहमा राखी उनीहरूसँगै घुमाए। सोही क्रममा पुष्पराज जिल्ला प्रहरी कार्यालय उदयपुरमा पुगे र अन्य दुईजनालाई ०६३ मंसिर २५ गते माओवादीले प्रहरीलाई बुझाएकोमा प्रहरी अनुसन्धानपछि पुष्पराज र मदन छुटे भने गणेश पुर्पक्षका लागि थुनामा रहेका छन्।

रामपुर ठोक्सिला गाविस-९ खयरबनी निवासी १७ वर्षीय कुलबहादुर बस्नेतलाई ०६३ मंसिर २० गते माओवादीले घरबाट अपहरण गरी २४ घण्टासम्म बन्दोबस्तीका सामग्री बोकाएर विभिन्न गाविसहरू घुमाई मंसिर २१ गते मुक्त गरे।

रिस्कु गाविस-९ स्थित आँपटार सामुदायिक वनका उपाध्यक्ष ४५ वर्षीय बलबहादुर विश्वकर्माले रकम हिनामिना सम्बन्धी मुद्दा दिएको आरोपमा ०६३ पुस ११ गते माओवादीले अपहरण गरी पुस १४ गते राति पञ्चावती गाविसको नेपालटारबाट मुक्त गरे। पीडितलाई रिस्कु गाविस-९ का भीमबहादुर विश्वकर्माको घरमा छलफलका लागि बोलाइएको बेला सोही ठाउँबाट माओवादीले कुटपिट गर्दै अपहरण गरेका थिए।

किराँत वर्कस पार्टीबाट

बेल्टार गाविस-२ निवासी ४६ वर्षीय श्यामकुमारी राईले ०६३ साउन २४ गते किराँत वर्कसका कार्यकर्ताले उनलाई घरबाट अपहरण गरी छोराछोरीको रोहबरमा आफ्नो पार्टी कार्यालयमा दैनिक हाजिर हुने सर्तमा साउन २५ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

०६२ माघ १२ गते सात दलले निकालेको मसाल जुलुसको अनुगमन गरिरहेका इन्सेकका उदयपुर प्रतिनिधि कुसलबाबु बस्नेत र गैर सरकारी संस्था महासंघ, उदयपुरका अध्यक्ष युवराज पराजुलीलाई सुरक्षाकर्मीले कुटपिट र अभद्र व्यवहार गरे। सुरक्षा निकायले भने अन्जानबस घटना हुन गएको बतायो।

त्रियुगा नपा-६ निवासी ४० वर्षीय सिकर्मी घुरन राजधामीलाई ०६२ चैत २ गते त्रियुगा नपा-७ मोतिगडा चोकमा होली मनाइरहेका बेला १८ नं बाहिनीका सेनाले मुक्काले हानी कुटपिट गरे। कुटाईबाट भुईमा ढलेका पीडितलाई छिमेकीहरूले उठाएर स्थानीय स्वास्थ्य संस्थामा उपचार गराए।

नेपाल रेडक्रस सोसाईटी, उदयपुर शाखाका कर्मचारी ३३ वर्षीय खिलाप्रसाद गुरागांई र स्वयमसेवक अंगत पौडेललाई ०६३ वैशाख ५ गते सुरक्षाकर्मीले शिविरमा प्रवेश गरी कुटपिट गरे। उनीहरूको उपचार जिल्ला अस्पताल उदयपुरमा गरियो।

त्रियुगा नपा-८ का टंकप्रसाद दाहाल, सोही नपा-९ निवासी नजबुल खान (निलम), हीराप्रसाद पराजुली, बासुदेव खड्का र गणेशप्रसाद दाहाललाई ०६३ वैशाख ५ गते सुरक्षाकर्मीले गाईघाट बजारमा कुटपिट गरे। कुटपिटबाट बेहोस भएकी निलम खानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र अन्यको जिल्ला अस्पताल तथा स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

माओवादीबाट

त्रियुगा नपा-१४ निवासी ४० वर्षीय जुद्धसिंह दनुवारलाई छोरालाई भगाएको आरोपमा ०६३ भदौ १५ गते माओवादीले उनलाई गाईघाटस्थित आफ्नै सम्पर्क कार्यालयमा बोलाई कुटपिट गरे।

कान्तिपुर संवाददाता रमेशचन्द्र अधिकारी, इन्सेक प्रतिनिधि कुशलबाबु बस्नेत, स्वतन्त्र समाचार सेवाका बाबुराम भण्डारी, पत्रकार मोहन गोले तथा शिक्षक र बुद्धिजीवीलाई ०६३ असोज ३० गते माओवादीका जिल्ला इन्चार्ज सन्तोष र बटालियन कमिसार संगमले सरकार माओवादीबीचको आचारसंहिता सहमति र माओवादीले गरेका मानवअधिकार उल्लंघनका घटनाको बारेमा जिज्ञासा राख्दा इन्चार्च सन्तोषले धम्की दिए।

ट्याक्सी चालक राजकुमार चौधरी र खलासी १५ वर्षीय नवराज राईलाई बेल्टार गाविस-१ बेल्टार बजारमा ०६३ पुस १६ गते माओवादीले ढाड, टाउको तथा शरीरमा फलामको रड र बाँसको भाटाले कुटपिट गरे। घटनाको विरोधमा १७ गते बेल्टार बजार बन्दको आह्वान गरियो। माओवादीले सार्वजनिक माफी मागी घाइते दुवैलाई उपचारार्थ वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगे।



दोहोरो भिडन्तका क्रममा घरमै सुतिरहेको अवस्थामा गोली लागेकी सुस्मीता श्रेष्ठ

किराँत वर्कस पार्टीद्वारा

सिद्धिपुर गाविस-३ निवासी ७२ वर्षीय टंकबहादुर राईलाई ०६३ असोज २१ गते घरैमा सुतिरहेको ठाउँमा खुकुरी प्रहार गरी किराँत वर्कसका चट्याङ्ग भनिने डीवी तामाङसहितको समूहले घाइते पारे। पीडितका छोरा देवेन्द्रलाई खोज्दै गएको उक्त समूहले बिहान चार बजे बृद्ध राईलाई खुकुरी प्रहार गरी कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार गरियो।

बेल्टारका व्यापारी दैवकेशर राई, सीता राई र जोख्ना गुप्तालाई ०६३ कात्तिक २६ गते किराँत वर्कस पार्टीका उपसमिति संयोजक उमेश राईको समूहले कुटपिट गरे। घटनाको विरोधमा बेल्टार व्यापार संघले बेल्टार बजार ०६३ कात्तिक २७ गतेबाट अनिश्चित कालको लागि बन्दको घोषणा गऱ्यो।



खर काट्ने क्रममा बेवारिसे बम विस्फोट भई घाइते भएका मोहनबहादुर सापकोटा



दोहोरो भिडन्तमा मारिएका माओवादीका फ्रन्टगार्ड लिडर दिनेश

गैरकानुनी गिरफ्तारी

नेकाँ (प्रजातान्त्रिक) का बलदेब विश्वकर्मा र नेकाँका अर्जुन खड्का र एमालेकी अम्बिका थापालाई ०६२ माघ १६ गते प्रहरीले बाटैबाट गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तर्गत माघ १८ गते थुनुवा पुर्जी दिइएकोमा माघ २० गते पुनरावेदन अदालत राजविराजको आदेशमा माघ २४ गते रिहा भए।

अभिव्यक्ति/भेला हुने र संगठित अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्रत र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचनको बहिस्कार गर्दै गाउँ जागरण अभियानमा हिँडेका एमाले केन्द्रीय सदस्य सुरेशकुमार कार्की, जिल्ला सचिव मणिराज पौड्याल, नेकाँका जिल्ला सभापति विदुर बस्नेत, जनमोर्चाका केपी बराल, अम्मर परियार, मार्सवादीका रामहरि पोखरेल, गम्भीरबहादुर कार्की, एमालेका नारदराज थापा, बलदेब चौधरी, भीमप्रसाद पराजुली, नारायण बुर्जा, गोविन्द ढकाल, सन्तोष कोइराला, माया भण्डारी, बलदेब विश्वकर्मा, खुशीलाल चौधरी, खड्ग परियार, मोहनसिंह तमाङ र शशी राई, विलट चौधरी, मदन खड्का, विष्णुबहादुर राउत, तीर्थ परियार, लीलबहादुर



दोहोरो भिडन्तमा घाइते भएका सुरक्षाकर्मीहरू चिजमान चौधरी, शम्भु भुजेल र प्रेम नेपाली जिल्ला अस्पतालमा उपचार गराउँदै

विश्वकर्मा, राजेन्द्र चौधरी आसाराम चौधरी, मुकेश राई, सुरेश राउत, दीपक खनाल र सुमन्त कोइराला, भुपेन्द्र थापा, कैलाश बस्नेत, लेखादेबी पोखरेल, धनपति आचर्य र महेन्द्र राईलाई त्रियुगा नपा-२ गाईघाट बजारबाट प्रहरीले ०६२ माघ १९ गते गिरफ्तार गरे। गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै पुनरावेदन अदालत राजविराजमा बन्दीप्रत्यक्षीकरणको निवेदन परेपछि अदालतको आदेशले पीडितलाई माघ २५ गते उदयपुर जिल्ला अदालतमा हाजिर गराएर रिहा गरे।

लोकतन्त्रको माग गर्दै शान्तिपूर्ण प्रदर्शनमा उत्रेका महिलाहरूमाथि प्रहरीले ०६२ चैत २९ गते लाठीचार्ज गर्दा त्रियुगा नपा-१ का ५० वर्षीय श्यामप्रसाद ढुङ्गाना, सोही नपा-२ निवासी ४० वर्षीय बलदेब चौधरी र सोही नपा-४ निवासी ४५ वर्षीय गीता रेग्मी घाइते भए। उनीहरूको प्रारम्भिक उपचार जिल्ला अस्पतालमा गरी थप उपचारको लागि काठमाडौं लगियो।

शान्तिपूर्ण आन्दोलनको अनुगमन गरिरहेका मानवअधिकारकर्मीहरू हुरेण्डेकका सचिव भरत खड्का, नेस्पेक उदयपुरका अजय शाह, पत्रकार शान्ता राई र इन्सेकका प्रतिनिधि कुशलबाबु बस्नेत शान्ति समाजका अध्यक्ष मोहन गोले, एड्भोकेसी फोरमका गोपाल खत्री, हुरेण्डेककी गीता थापा र सीएलआरसीका रविन्द्र चौधरीलाई ०६२ चैत २९ गते प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गरी घाइते पारे। पीडितहरूले जिल्ला अस्पताल, उदयपुरमा उपचार गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालत उदयपुरमा दर्ता भएका १ सय ६० र गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ५२ गरी कूल ४ सय १२ ओटा मुद्दा रहे। जसमा दुनियावादी देवानी २ सय २४ ओटा र दुनियावादी फौजदारी १ सय २३ ओटा तथा सरकारवादी फौजदारी ६५ ओटा रहेको अदालतले जनाएको छ। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल १ सय ४७ ओटा मुद्दा फर्स्यौट भए। अदालतमा २ वर्ष नाघेको चारओटा मुद्दा रहेको छ भने एकदेखि दुई वर्ष भित्रका ४० ओटा र बाँकी एक वर्षभित्रका रहेका छन्।

यो वर्ष आसय करणी सम्बन्धी चार र सम्बन्ध विच्छेद सम्बन्धी १४ मुद्दा अदालतमा दर्ता भए। सरकारी वकिल कार्यालयमा यो वर्ष २ सय २९ ओटा अपराध दर्ता सम्बन्धी मुद्दा आए। जसमा प्रहरीबाट अनुसन्धान भई निर्णयार्थ प्राप्त मध्ये ५८ ओटा मुद्दा चलाउने र ७९ ओटा मुद्दा नचलाउने निर्णय भए। जसमध्ये आतंककारी तथा विध्वंसात्मक अपराध ऐन अन्तर्गत ३५ ओटा मुद्दा रहेकोमा तीनओटा मुद्दा चलाउने र ३२ ओटा नचलाउने निर्णय भयो। सरकारी वकिल कार्यालयका अनुसार जिल्ला प्रशासन कार्यलय उदयपुरमा यस वर्ष नौओटा सरकारवादी मुद्दा परे। गत वर्ष जिम्मेवारी सरेर आएका १२ समेत कूल २१ मुद्दा रहे। जसमा ११ ओटा फैसला भयो भने १० ओटा बाँकी रहेका छन्।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बेल्टार गाविस-७ निवासी २५ वर्षीय बाबुराम परियार र सोही गाविस-८ सुगारे निवासी २५ वर्षीय पर्वत राईले गाउँघरमा गल्ती गरेको भन्दै ०६३ असार २ गते माओवादीले उनीहरूलाई सोही गाविसको आँपडाँडा अपहरण गरेको भोलिपल्ट रामपुर गाविस-९ शिखरमाडी पुऱ्याए। पीडितलाई दाम्लोले बाँधी घाँस खुवाएर कुटपिट गरी असार १० गते मुक्त गरियो।

बालअधिकार

तपेश्वरी गाविस-४ निवासी १४ वर्षीय मुकेश विश्वकर्मालाई ०६३ साउन ६ गते माओवादीले औषधि किन्न गएको ठाउँबाट ललाई फकाई साथै लगे। माओवादी ड्रेसमा रहेका तीनजनाले छोरालाई सँगै लगेको देखेपछि पीडितका बाबुले छाडिदिन आग्रह गर्दासमेत नछाडी हालसम्म माओवादीमै संलग्न गराउँदै आएका छन्।

जोगीदह गाविस-३ निवासी १६ वर्षीय प्रदिप पौडेललाई ०६३ कात्तिक ११ गते माओवादीले त्रियुगा नपा-४

असारीमा रहेको माओवादी सेनाको अस्थायी शिविरमा शैन्य भर्नाका लागि लगे। घटनाको भोलिपल्ट छोरालाई लगिएको थाहा पाई त्यहाँ पुगेकी पीडितकी आमा बिन्दा पौडेलले पटक-पटक छोरालाई छोडिन आग्रह गर्दा समेत माओवादीले नछाडेपछि पुन: ल्याइदिने सर्तमा १३ गते पौडेल मुक्त भए। स्थानीय एक विद्यालयमा अध्ययनरत बालक माओवादी डरका कारण हाल पढाई छोडेर काठमाडौ मै बस्दै आएका छन्।

जोगीदह गाविस-१ निवासी १६ वर्षीय राजकुमार तिवारी, १६ वर्षीय मनोज चौधरी, १७ वर्षीय बसन्त कार्की र १६ वर्षीय ईश्वर राईलाई ०६३ मंसिर १ गते माओवादी नेता मोहन कार्कीले पाँच दिने गोष्ठीमा सहभागी गराउन भनी लगे। उनीहरू मध्ये बसन्त कार्की र ईश्वर राईलाई मंसिर ११ गते घर फर्काए। अन्य दुईजनालाई माओवादीको विशालकुमार स्मृति ब्रिगेडमा राखिएको पीडितका अभिभावकले बताए।

महिलाविरुद्ध हुने सबै खाले भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

हडिया गाविस-३ निवासी ३५ वर्षीय गोरिदेवी चौधरी (थारु)लाई सोही ठाउँ बसी बैदाङ काम गर्ने माता भनिने सफदेवी चौधरी थारुले ०६२ फागुन ५ गते बोक्सीको आरोप लगाई गाउँ छिमेकलाई जम्मा गरी बोक्सी बकाएर प्रमाणित गरिदिने भनी अमानवीय व्यवहार गरिन्। घटनाको बारेमा पीडितले कतै उजुरी दिइनन्।

हडिया गाविस-३ ज्यामिरेकी शान्तिदेवी चौधरीलाई सोही ठाउँ निवासी प्रभा चौधरीले ०६३ पुस ४ गते बोक्सीको आरोप लगाउँदै दुर्व्यवहार गरिन्। प्रभाले 'तँ बोक्सी होस्' भन्दै गालीगलौज गरेपछि शान्तिदेवीले गाउँको पारालिगल समितिसमक्ष निवेदन दिएकी थिइन। सोही निवेदन बमोजिम बसेको गाउँ भेलाले प्रभालाई सम्झाउने प्रयत्न गरेपनि उनले गाउँलेको कुरा सुन्न नमानेको पीडितले बताइन्।

बलात्कार/बलात्कार प्रयास

त्रियुगा नपा-१० स्थित सुकुम्बासी बस्ती निवासी २० वर्षीय एक महिलालाई सोही ठाउँ निवासी विनोद चौधरी र बब्लु शेर्पाले ०६३ भदौ १८ गते राति पीडितकै घरमा यातना दिँदै बलात्कार गरे। मादक पदार्थ सेवन गरी गएका दुवै युवाले पीडित महिलाको सम्वेदनशील अंगमा चोट लाग्ने गरी टोकेको र चुरोटले डामे। घटना सम्बन्धमा महिला मानवअधिकार रक्षक सञ्जाल, उदयपुरले नि:शुल्क कानुनी सेवा उपलब्ध गराए पनि प्रहरीले पीडकहरूलाई गिरफ्तार गर्न निस्क्रियता देखायो।

सबै प्रकारका जातीय विभेद

त्रियुगा नपा-१ बोक्सेकी २२ वर्षीय रन्जना मोतेलाई ०६३ भदौ १२ गते बोक्सेस्थित एक सार्वजनिक स्थानमा श्रीपञ्चमीको सामूहिक ब्रत गर्न पुरोहित सूर्यप्रसाद ढकाल र अन्य भक्तजनले रोक लगाए। उनीहरूले छुवाछूत हुने भन्दै रोक लगाएका थिए। मानवअधिकारकर्मी र दलित सरोकार राख्ने संघसंस्थाहरूले घटनाको विरोध जनाएपछि भदौ १३ गते पुरोहित ढकाल र केही भक्तजनले अन्जानवबस यस्तो घटना भएको भन्दै माफी मागे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

जोगिदह गाविस-३ स्थित बटियादारबाट सप्तरीका हंसराज तातेड र गजरात तातेडको ०६३ मंसिर २३ गते माओवादीले धान लुटेर लगे। माओवादीले तातेडको १८ बिघा जग्गा आफूहरूले कब्जामा लिएकोले धान लगेको सार्वजनिक गरे।

सम्पत्ति क्षति

माओवादी

उदयपुर जिल्ला विकास समितिका मनोनित सभापति बोधराजसिंह बस्नेतको त्रियुगा नपा-१७ स्थित रातमाटेमा रहेको चारकोठे पक्का घर ०६२ चैत २८ गते राति माओवादीले प्रेसरकुकर बम विस्फोट गराई पूर्णरूपमा क्षतिग्रस्त पारे। घर क्षतिग्रस्त भएपछि बस्नेत परिवार सोही नपा-२ स्थित घरमा बसोबास गर्दै आएका छन्।

सुन्दरपुर गाविस-४ शिवाईका ४५ वर्षीय पाँचु चौधरीले वन पैदावार चोरी गरेको अभियोगमा ०६३ भदौ ३ गते वन रक्षकहरूले गिरफ्तार गर्ने क्रममा यातना दिए। यातनाका कारण चौधरीको दुवै कान नसुन्ने भयो। जिल्ला वन कार्यालयका निमित्त अधिकृत गजेन्द्र ठाकुरले



जनआन्दोलनका घाइतेहरूलाई सम्मान गरिँदै

गिरफ्तारीको क्रममा बलजफ्ती गर्ने क्रममा कर्मचारीले सामान्य यातना दिएको स्वीकारे। पीडितको जिल्ला अस्पताल उदयपुरमा उपचार गरियो। उनलाई जिल्ला अदालत उदयपुरको आदेशले सामान्य तारिखमा छाडियो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुषको अवस्था अज्ञात रहेको छ। त्यसरी बेपत्ता पारिएका ओख्ले गाविस-७ का रमेशकुमार सेन ठकुरी, कटुन्जे बबला गाविस-९ का प्रकाशकुमार तामाङ रहेका छन्।

१.१४ खोटाङ



जनसंख्या	:	२,३७,८३८
साक्षरता प्रतिशत	:	४९.८७
महिला साक्षरता प्रतिशत	:	३८.२९
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५९१
गाविस/नपा संख्या	:	७६ /०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	५७१
क्याम्पस/उच्च मा.वि.	:	१/११
अस्पताल/स्वास्थ्य चौकी	:	१/७१
टेलिफोन लाइन	:	२१०
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	७६
मानव विकास सूचकांक	:	०.४४२
प्रति परिवार सरदर संख्या	:	५.५५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

मातिम गाविस-३ निवासी अनेकिसंघ (क्रान्तिकारी) का २५ वर्षीय विश्व भनिने शम्भुप्रसाद ढकालको ०६२ चैत २९ गते दिक्तेलबाट गएको सुरक्षाकर्मीले चिउरीडाँडा गाविस-५ कैदले धारा नजिकै गोली हानी हत्या गरे। पीडित निर्मलीडाँडाबाट चिउरीडाँडातर्फ आउँदै गर्दा सादापोसाकका सुरक्षाकर्मीसँग जम्काभेट भई केहीबेर कुराकानी गरी सँगै खाजा खाएर छुट्टिन लाग्दा सुरक्षाकर्मीले लखेटेर गोली हानेका थिए। हत्यापछि तमाह खोलाको किनारमा खाल्डो खनी लास गाडियो। पीडितले ग्रिनेट प्रहार गर्न खोजेपछि गोली प्रहार गरेको मेजर भरत कार्कीले जनाए।

दोहोरो भिडन्त

भोजपुर जिल्लाको घोडेटारमाा आक्रमण गरी फर्कदै गरेका माओवादी कार्यकर्ताहरू लिकुवापोखरी गाविस-४ अँधेरीमा खाना पकाउँदै गर्दा धनकुटाबाट हेलिकप्टरबाट गस्तीमा आएको सुरक्षाकर्मीको ०६२ माघ १५ गते जम्काभेट हुँदा अजित र माहान भनिने दुई माओवादी कार्यकर्ता सामान्य घाइते भए। घटनास्थलबाट सुरक्षाकर्मीले ७ कुईन्टल चामाल ५० के.जी चिउरा ५० के.जी. चिनी, ३० लिटर तेल ५० के.जी दाल,एक सय ५० थान सैन्य पोसाक, एक सय ५० थान झोला, कम्बल ,औषधी, विष्फोटक पदार्थ, प्रेसर कुकर बम, सुल्ली बम, सकेट बम नियन्त्रणमा लिई आगो लगाई नष्ट गरे। सुरक्षाकर्मीले सर्वसाधारणहरूका घरमा आड लिई गोली चलाउदा लक्ष्मण बस्नेतको घर गोठ सामान्य क्षति भयो। सुरक्षाकर्मीले एक दर्जन बढी माओवादीको मृत्यु भएको बताए पनि दुईजना माओवादीको मृत्यु भएको माओवादी कार्यकर्ता पुष्पले बताए।

गोली/बम विस्फोट/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

फाक्टाङ्ग गाविस-५ निवासी २१ वर्षीय कृष्णबहादुर राई सुन्तले गाविसको सुनापातल रिपिटर टावर नजिक घाँस काट्दै गर्दा ०६२ माघ ७ गते सेनाले राखेको माइन विस्फोट हुँदा घाइते भए। पीडितको देब्रे खुट्टाको घुँडा मुनीको भाग चुँडियो भने शरीरका विभिन्न भागमा चोटपटक लाग्यो। उनको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

डीकुवा गाविस निवासी उज्वल भनिने माओवादी कार्यकर्ता घनबहादुर रहपाललाई दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ चैत २९ गते

चिउरीडाँडा-५ तमाह खोलामा गोली प्रहार गरे। पीडित सामान्य घाइते भए।

सुन्तले गाविस-१ निवासी ३० वर्षीया सीता विश्वकर्मा ०६३ वैशाख ९ गते सुनापातल रिपिटर टावर नजिक घाँस काट्दै गर्दा सुरक्षाकर्मीले विच्छ्याएको माइन विस्फोट हुँदा गम्भीर घाइते भईन। विस्फोटमा परी पीडितको देब्रे हातको चारओटा औला चुँडिए। पीडितको उदयपुर जिल्ला अस्पतालमा उपचार भयो।

माओवादीबाट

बाराहापोखरी गाविस-४ निवासी १८ वर्षीय विष्णु तामाङ ०६३ साउन १२ गते सोही गाविस कमानसिंह तामाङको घरमा माओवादीले राखेको सकेट बम झिकेर खेलाउँदै गर्दा विस्फोट भई गम्भीर घाइते भए। पीडितको धरानस्थित घोपाक्याम्पमा उपचार भयो।

डाँडागाउँ ओखे गाविस-१ निवासी ४ वर्षीय डिल्ली परियार र सोही गाविस निवासी ९ वर्षीय प्रदीप परियार विद्यालयबाट घर फर्कने क्रममा ०६३ भदौ २२ गते छिमेकीको घरमा माओवादीले छोडेको बेवारिसे हाते ग्रिनेट खेलाउँदा विष्फोट भई गम्भीर घाइते भए। विस्फोटमा परी डिल्लीको आन्द्रा बाहिर निस्कियो भन्यो भने प्रदीपको दायाँ खुट्टामा गम्भीर चोट लाग्यो। पीडितको जिल्ला अस्पताल खोटाङमा सामान्य उपचारपछि इन्सेकको सहयोगमा डिल्लीको कान्ति बाल अस्पताल र प्रदीपको त्रिविवि शिक्षण अस्पताल, काठमाडौंमा उपचार गरिएको थियो। माओवादीले विस्फोटक पदार्थ छोडिएको स्वीकार्दै उपचार गर्न पीडितका परिवारलाई ५ हजार नगद र २५ किलो चिउरा उपलब्ध गराए।

जेल र बन्दी

कूल ३० जनाको क्षमता भएको खोटाङ जिल्ला कारागार शाखा 'घ' श्रेणीको हो। हाल यस कारागारमा २५ जना बन्दीहरू छन्। कैद तोकिएका १२ पुरुष र दुई महिला छन्। सात पुरुष र दुई महिला गरी नौजना थुनुवा रहेका छन्। यस बाहेक एकजना नाबालक पनि आश्रित छन्।

०६२ असार ५ गते माओवादीले कारागार आगजनी गरी सबै कैदी र थुनुवालाई भगाएका थिए। कारागारको सम्पर्कमा आएका २५ बन्दीहरूलाई कारागार नभएको भन्दै कारागार शाखाले मासिक तारेखमा छाडिदिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

महेश्वरी गाविस-७ निवासी १८ वर्षीया ज्ञानु राई, १७ वर्षीया मञ्जु राई र रीता राईलाई विद्यालय जाँदै गर्दा र अन्य चारजनालाई स्थानीय हाटबाट घर फर्कदै गर्दा माओवादीले ०६२ फागुन ४ गते सल्ले गाविसको टिम्मुरेबाट अपहरण गरे। पीडित १४ दिनपछि मुक्त भए। अपहरणको कारण माओवादीले सार्वजनिक गरेनन्।

सावा कटहरे गाविस-३ निवासी साकेला उच्च मावि रतन्छामा कक्षा ८ मा अध्ययनरत १८ वर्षीय किशोर राईलाई रतन्छा गाविस-१ निवासी रिकशोभा राईको हत्या गरेको आरोपमा ०६२ फागुन ११ गते माओवादीले अपहरण गरे। अपहरणको चार दिनपछि आफ्नो कब्जाबाट पीडित भागेको माओवादीले बताए पनि उनको अवस्था अज्ञात छ।

मात्तिम गाविस-३ निवासी रतन्छा गाविस सचिव ढुण्डिराज दुलाललाई ०६२ फागुन १३ गते माओवादीले तपाईंसँग केही बुझ्नु छ भनी घरबाट अपहरण गरे। पीडितलाई माओवादीले दुई दिनपछि मानेभञ्ज्याङबाट मुक्त गरे।

बुईपा गाविस-२ निवासी ४४ वर्षीय डीएस राई ६८, वर्षीया गंगादेवी राई, ४० वर्षीया शिवकला राई, बोल्न नसक्ने ४५ वर्षीया गोकुली राई, १० वर्षीय अपाङ्ग एडिसन

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३		३	३						३	१		३	३
घाइते					३	३			३	३	३	१		३
गिरफ्तारी/यातना										६	८	१		९
कुटपिट	१३	७	८	१५	४	३	४	५	१३	११	१५	३		१७
धम्की	३	३	१	४	१०	१७	५	६	३८	७	७	३		९
जातीय विभेद	३	३		३										
महिलाअधिकार	३		३	३										
बालअधिकार	४		४	४										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३			३					
अपहरण					३३	४०	१८	३	६०					
जम्मा	३५	१३	१८	३१	३९	६५	३७	१३	१०५	३९	३३	६	३	४१

राई, खाल्ले गाविस-१ निवासी ७० वर्षीया मम्मासेरी राई, १२ वर्षीया पार्वती खत्री, बतासे गाविस-२ निवासी २७ वर्षीय कुमार श्रेष्ठलाई ०६३ वैशाख १२ गते राति सुतिरहेको ठाउँबाट पेस्तोल देखाई गाउँमा बस्न नपाउने बताउँदै माओवादीले अपहरण गरे। पीडितहरूलाई सोही गाविसको पञ्चकन्या प्रावि कट्टीमा थुनेर राखियो । पीडितहरूलाई ०६३ वैशाख १३ गते बिहान मुक्त गरे।

खोटाङ गाविस-३ निवासी ५० वर्षीय टंकबहादुर विश्वकर्मा उनका छोरा भीमबहादुर विश्वकर्मा र उद्धव विश्वकर्माले आमाको हत्या गरेको आरोपमा ०६३ वैशाख १९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। धारिलो हतियार प्रयोग गरी आमाको हत्या गर्ने टंकबहादुर,उद्धव र भीमलाई प्रहरीलाई बुझाउन माओवादीलाई नागरिक समाज, राजनीतिक दल, मानवअधिकारकर्मीले समेत पटक पटक अनुरोध गर्दा श्रम शिविरमा राखेको भन्दै पीडितको अवस्था सार्वजनिक गरिएन।

बराहापोखरी गाविस-४ निवासी विष्णुबहादुर तामाङले माओवादीले राखेको बम पड्काएको आरोपमा ०६३ असोज ५ गते सान्केश्वर मावि बराहापोखरीबाट माओवादीले अपहरण गरे। पीडित असोज ५ गते नै भागेको माओवादीले बताए पनि १५ दिनपछि उनी गाउँ फर्के।

इन्द्रध्वज गण मुडेमा कार्यरत सैनिक जवान दिनेश राईलाई ०६३ कात्तिक ७ गते चिउरीडाँडा गाविसको दुम्लीबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीको प्रथम ब्रिगेड कमाण्डर धीरेन बुढाथोकीले सेनाको जागिर छोड्न भन्दै तिहार मनाउन घर गएका बेला अपहरण गरेकोमा ०६३ कात्तिक ९ गते मुक्त गरे।

खार्पा गाविस-२ निवासी चन्द्र राई र सोही गाविसका इन्द्र राईलाई ०६३ कात्तिक २० गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरुलाई राम्रो तलब भत्ता दिने र जागिर लगाई दिने भन्दै सिन्धुलीमा रहेको माओवादी शिविरमा लगे।

दुर्छिम गाविस-६ निवासी १९ वर्षीय देवेन्द्र राई र १७ वर्षीय हमेश राईलाई बडहरे गाविसका कनक दाहालको हत्या गरेको आरोपमा ०६३ कात्तिक २३ गते माओवादीले अपहरण गरे। उनीहरुलाई दुई दिन राखेर कात्तिक २४ गते मुक्त गरे।

डाँडागाउँ गाविस-४ निवासी दीपक अधिकारीलाई ०६३ कात्तिक २३ गते माओवादीले घरबाट अपहरण गरी चिसापानी गाविसमा एक हप्ता सैन्य तालिम दिई मंसिर ७ गते दिक्तेल बजारबाट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

छिंतापोखरी गाविस-५ पानीटारस्थित जनचेतना प्राविकी शिक्षिका जीना राई र सम्झना राईलाई ०६२ माघ १७ गते पिटी खेलाइरहेको समयमा माओवादी खेल किन खेलाइस् भन्दै दिक्तेलबाट गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

छिंतापोखरी गाविस-५ पानीटार निवासी ४० वर्षीय जीवा शेर्पालाई दिक्तेलबाट गस्तीमा गएका सुरक्षाकर्मीले माओवादीलाई खाना खान दिएको आरोपमा ०६२ माघ १७ गते दुई घण्टासम्म नियन्त्रणमा लिई कुटपिट गरे।

छिंतापोखरी गाविस-५ निवासी सार्के कामीको घरमा माओवादीलाई खाना खुवाएको आरोपमा सोही ठाउँ निवासी सार्के कामी, ३६ वर्षीय सेते कामी, १५ वर्षीय पर्शुराम कामी, काले कामीसमेतलाई दिक्तेलबाट गएका सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ माघ १८ गते कुटपिट गऱ्यो। पीडितहरुलाई सुरक्षाकर्मीले जनचेतना आधारभूत प्राविसम्म लगी तीन घण्टा राखी सोही दिन रिहा गरे।

छिंतापोखरी गाविस-४ निवासी वीरबल खड्कालाई दिक्तेलबाट गएको सुरक्षाकर्मीले ०६२ माघ १८ गते छिंतापोखरी उपस्वास्थ्यचौकीनजिक कुटपिट गरे। सुरक्षाकर्मीलाई गाली गलौज गरेकाले सोधपुछ गरिएको तर कुटपिट नगरेको सुरक्षाकर्मीले जनायो।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा खोटाङका सभापति डम्बरसिंह राईलाई जिल्ला प्रहरी कार्यालयमा बोलाई डीएसपी प्रदीपकुमार श्रेष्ठ र प्रमुख जिल्ला अधिकारी किशोरबहादुर केसीले ०६२ माघ १९ गते सरकारका गतिविधि विरुद्ध समाचार नलेख्नु भनी धम्की दिए। पीडितलाई समाचार लेखेमा कारबाही हुने चेतावनी दिए। पीडित राईले राजा जिल्ला भ्रमणमा खोटाङ आउँदा सर्वसाधारणले 'भ्रष्टाचार बढ्यो महाराज' भनी गुनासो गरेपछि उक्त गुनासो सम्बन्धी लेख लेखेको आरोपमा प्रशासनले मानसिक यातना दिएको पीडितले बताए।

दिक्तेल गाविस-४ निवासी नेपाल समाचारपत्र खोटाङका प्रतिनिधि रत्नप्रसाद आचार्यलाई ०६२ चैत १९ गते बिहान डीएसपी प्रदीपकुमार श्रेष्ठले जिल्ला प्रहरी कार्यालयमा बोलाई सेना र प्रहरीको विरुद्धमा समाचार प्रकाशन गरी सुरक्षाकर्मीको मनोबल घटाउने काम गरेकोले त्यस्तो समाचार नलेख्न चेतावनी दिए। पीडितलाई डीएसपीले १२ बजेसम्म कार्यालयभित्रै राखेर अपशब्द बोल्दै पुनः यस्ता समाचार लेखेमा कारबाही गर्ने धम्की दिए।

सप्तकोशी एफएम खोटाङका समाचारदाता गोपालचन्द्र राईलाई ०६३ असोज २९ गते प्रहरीले दुर्व्यवहार गरे। समाचार सङ्कलनको क्रममा जिल्ला प्रहरी कार्यालय पुगेका पीडितलाई गेटमा ड्युटीमा रहेका प्रहरी जवानले लछारपछार पार्दै 'पत्रकार धेरै देखेका छौं, हानी दिउँ' भन्दै डायरी खोसे। डीएसपी रामचन्द्र भण्डारीले घटना दुःखद

भएको भन्दै आगामी दिनहरूमा त्यस्ता घटना दोहारिन नदिने बताए।

माओवादीबाट

सिम्पानी गाविस-५ निवासी काशीबहादुर राईलाई ०६२ माघ ८ गते माओवादीले भौतिक कारबाही गर्ने धम्की दिए। सिम्पानी बजारमा सर्वसाधारणलाई उक्साई माओवादीविरुद्ध जनमत प्रदर्शन गरेको आरोपमा कारबाही गर्ने धम्की दिएका थिए।

सिम्पानी गाविस-१ निवासी दीपबहादुर थापा र सुनसरी इनरुवा घर भई सिम्पानी उमाविका शिक्षक बमप्रसाद पोखरेललाई ०६२ माघ ८ गते माओवादीका ६ नम्बर एरिया इञ्चार्ज ज्ञानु तामाङले भौतिक कारबाही गर्ने धम्की दिएपछि पीडित चार महिना विस्थापित भई जेठमा घर फर्किए।

सप्तेश्वर गाविस-४ निवासी १८ वर्षीया नैनाकुमारी गिरीलाई ०६२ माघ १७ गते दिउँसो दाउरा खोज्न फेदी गाउँको जङ्गलमा पुग्दा तीनजना माओवादी कार्यकर्ताले कुटपिट गरे। पीडितको अनुहारमा गम्भीर चोट लागेपछि उपचारको लागि सेनाले काठमाडौं लगे। पीडितका पति प्रकाश गिरी फूलबारी ब्यारेक पोखरामा रहँदा सुराकी गर्ने गरेको आरोपमा कुटपिट गरेको माओवादीले बताए। पीडितले भने पतिलाई जागिरबाट छुटाउन माओवादीले दबाब दिन कुटपिट गरेको बताइन्।

अर्खौंले गाविस-३ निवासी ५५ वर्षीया भोजकुमारी राईलाई ०६३ वैशाख २८ गते राति घरमा सुतिरहेका बेला माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख हैकमसिंह राईको निर्देशनमा दलजीत राई, प्रकाश राई, काली राईले कुटपिट गरे। पीडितलाई कहीं उजुरी गरेमा ज्यान मार्ने धम्की दिए।

सुन्तले गाविस-४ निवासी युवराज मगरलाई ०६३ साउन ४ गते माओवादीका एरिया सेक्रेटरी राजेशले कुटपिट गरे। धाप्लाङ-धर्तुङ मोटरबाटो निर्माणका लागि जिविसले दिएको ७ लाखको १० प्रतिशत रकम माओवादीलाई नदिएको आरोपमा कुटपिट गरे। पीडितलाई नियन्त्रणमा राखेर सँगै सुतेको ठाउँबाट पीडित भागेको राजेशले सार्वजनिक गरे। पीडित भागेपछि माओवादीका नेता राजेशले उपभोक्ता समितिका अन्य सदस्यलाई जम्मा गरी साउन २५ गते सम्ममा ५० हजार पार्टीलाई नबुझाए युवराजको लागि एउटा गोली खर्च गर्ने धम्की दिए।

गैरकानुनी गिरफ्तारी

दोर्पा चिउरीडाँडा गाविस निवासी २१ वर्षीय सोमप्रसाद आचार्य माओवादी भएको आरोपमा ०६२ पुस १९ गते उनलाई घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माओवादीको बारेमा सोधपुछ गर्न कुटपिट गर्दै सुरक्षाकर्मीले दिक्तेल ल्याएपछि ०६२ पुस २६ गते प्रशासनले मासिक तारेखमा रिहा गऱ्यो।



सुनापातल रिपिटर टावरमा सुरक्षाकर्मीले राखेको विस्फोटक पदार्थ विस्फोट भई घाइते भएका कृष्णबहादुर राई

बाप्लुखा गाविस-४ बागपचा निवासी १८ वर्षीय देविका राईलाई ०६२ माघ १९ गते उनकै घरबाट माओवादीको आशंकामा दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गरे। पीडितलाई धनकुटा ब्यारेकमा एकहप्ता राखी धनकुटा कारागार पठाएको बताए।

बाप्लुखा गाविस-४ भीरखर्क निवासी ४४ वर्षीय जीतबहादुर तामाङलाई माओवादीलाई संरक्षण गर्न खाद्य गोदाम राखेको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितले छोराको विवाहको तयारीका लागि राखेको दाल, चामलसमेत सेनाले लगेको बताए। पीडितलाई भोजपुर जिल्लाको पाँचधारेबाट ०६२ माघ २० गते रिहा गरियो।

बाप्लुखा गाविस-४ निवासी सिंहराज तामाङलाई माओवादी कहाँ छन् देखा ? यत्रो चामल स्टोर गरी माओवादी पाल्छस् भन्दै ०६२ माघ १९ गते सुरक्षाकर्मीले उनकै घरबाट ५० केजी चामल बोकाई भोजपुर जिल्लाको पाँचधारे पुऱ्याए। पीडितलाई ०६२ माघ २१ गते पाँचधारेबाट रिहा गरे।

बाप्लुखा गाविस-४ निवासी ४० वर्षीय हर्कबहादुर राईलाई ०६२ माघ १९ गते तपाईंसँग केही बुझ्नु छ भन्दै दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले उनकै घरबाट गिरफ्तार गरे। पीडितलाई एक दिनपछि रिहा गरियो।

खार्मी गाविस-९ निवासी पञ्च मावि दिक्तेलमा कक्षा-१० मा अध्ययनरत १८ वर्षीय राजन राई, १७ वर्षीय धनकेशर राईलाई एस एल सीको सेन्टअप परीक्षा दिइरहेको बेला माओवादीद्वारा लिखित चिठीपत्र ओसारपसार गर्ने गरेको आरोपमा ०६२ माघ १७ गते परीक्षा केन्द्र घेराउ गरी प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०६२ माघ १८ गते खार्मीका पूर्व

गाविस अध्यक्ष बलराम राईको रोहबरमा रिहा गरियो।

खार्मी गाविस-३ निवासी २० वर्षीय जयकुमार राईले माओवादीलाई सूचना दिने गरेको आरोपमा ०६२ माघ १७ गते जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले उनलाई दिक्तेल बजारबाट गिरफ्तार गऱ्यो। पीडितलाई पूर्व गाविस अध्यक्ष बलराम राई र विद्यार्थी संगठनका प्रतिनिधिको रोहबरमा ०६२ माघ १८ गते रिहा गरियो।

च्यानडाँडा गाविस-४ निवासी ३४ वर्षीय निरकुमार कटुवाललाई माओवादी गाजस प्रमुख भई काम गरेको आरोपमा ०६२ माघ २१ गते दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले घरबाट गिरफ्तार गऱ्यो। पीडितले आफू गाजस प्रमुख भएको स्वीकार गर्दासमेत इन्द्रध्वज गण मुढे ब्यारेकमा लगी शारीरिक र मानसिक यातना दिएको बताए। पीडितलाई राष्ट्रिय मानवअधिकार आयोग खोटाङका प्रमुख लोकनाथ बास्तोला र इन्सेक प्रतिनिधि लोकनाथ घिमिरेको उपस्थितिमा ०६२ माघ २६ गते पीडितकी पत्नीको जिम्मामा रिहा गरियो।

दोर्पा देबेला गाविस-६ निवासी निर्मला श्रेष्ठ, सोही गाविस-७ निवासी विश्वकला राई, सोही गाविस-९ निवासी वीरमान तामाङ र जयमान तामाङलाई ०६२ फागुन ४ गते जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले माओवादीको आरोपमा खाल्डे गाविसको मनमाया विमानस्थलबाट गिरफ्तार गरे। पीडित एसएलसी परीक्षा तयारीका लागि दिक्तेलस्थित अम्बिका श्रेष्ठको घरमा डेरा गरी बस्ने गरेकोले घरबेटी अम्बिका श्रेष्ठको रोहबरमा प्रहरीले सात घण्टापछि रिहा गरे।

चिउरीडाँडा गाविस-७ निवासी १७ वर्षीया लीला खड्का, १७ वर्षीया मुगासरा राई, सोही गाविस-९ निवासी बलराम कटुवाललाई माओवादीको आरोपमा ०६२ फागुन ४ गते खाल्डे गाविस भवन नजिकबाट जिल्ला प्रहरीको गस्ती टोलीले गिरफ्तार गऱ्यो। पीडितलाई शारीरिक र मानसिक यातनासमेत दिई छ घण्टापछि रिहा गरियो।



माओवादीले छाडेको सकेटबम बिस्फोट भई घाइते भएका बालक प्रदिप परियार

सुगम र निष्पक्ष न्यायिक अधिकार

खोटाङ जिल्ला अदालतमा दुनियावादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका २३ थानमध्ये यो वर्ष फर्स्यौट भएका १४ थान, नभएका ९ थान रहेका छन्।

दुनियावादी फौजदारी मुद्दामा यो वर्ष दर्ता भएका २२ थानमध्ये फर्स्यौट भएका सात थान र नभएका १५ थान मुद्दा रहेका छन्।

यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा जम्मा २४ थान रहे।

सरकारीवादी फौजदारी मुद्दामा गत वर्षको बाँकी र फर्स्यौट नभएका ११ थान, फर्स्यौट हुन बाँकी ९ थान मुद्दा रहेका छन्।

सरकारवादी फौजदारी मुद्दामा यो वर्ष दर्ता भएका सात थान फर्स्यौट नभएका संख्या एक थान, फर्स्यौट हुन बाँकी छ थान मुद्दा रहेका छन।

देवानी मुद्दामा यो वर्ष दर्ता भएका नौ थान फर्स्यौट भएका दुई थान, फर्स्यौट हुन बाँकी सात थान मुद्दा रहेका छन्।

देवानी मुद्दामा जम्मा फर्स्यौट भएका नौ थान फर्स्यौट हुन बाँकी १७ थान मुद्दा रहेका छन्।

यो वर्षको अन्त्यसम्म जिल्ला अदालतमा रहेका जम्मा मुद्दामा ५६ थान मुद्दा रहेका छन्।

दुनियाँवादी फौजदारी मुद्दा रहेका छैनन्।

सरकारीवादी फौजदारी मुद्दामा दुई थान मुद्दा छन्।

बालअधिकार

दिक्तेल गाविस-१ निवासी ९ वर्षीया बालिकालाई ०६३ जेठ १४ गते बेलुकी दिसा बस्न बाहिर गएको बेला वुईपा गाविस-२ का १५ वर्षीय दीपक श्रेष्ठले बलात्कार गरे। घटनापछि पीडितले कारबाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा दिएको निवेदन बमोजिम प्रहरीले पीडक श्रेष्ठलाई गिरफ्तार गरी कारबाही चलाएपछि जिल्ला अदालतले पीडक नाबालक र अपाङ्ग भएको ठहर गर्दै सामान्य तारेखमा रिहा गऱ्यो।

दिक्तेल गाविस-६ निवासी एक ११ वर्षीया बालिकालाई सोही गाविस-६ निवासी ५५ वर्षीय ईश्वरमान राईले ०६३ साउन ६ गते घरमा खाना पाकाइरहेको ठाउँमा गई बलात्कार गरे। पीडितका दाजु उद्धव आचार्य अचानक घरमा पुग्दा पीडक राई भागे। पीडक फरार रहेकाले गिरफ्तार गर्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

दिक्तेल गाविस-५ निवासी ५ वर्षीया बालिकालाई ०६३ भदौ ७ गते डाँडागाउँ गाविस-५ निवासी मुक्तिप्रसाद गुरागाईंले फकाएर पीडितको घर नजिकै लगी बलात्कार गरे। प्रहरीले पीडक गुरागाईंलाई सरकारी वकिल

कार्यालयमार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गरेपछि अदालतको आदेशमा पुर्पक्षका लागि विराटनगर कारागार चलान गरियो।

दिक्तेल गाविसस्थित सरस्वती उच्च मावि दिक्तेल कक्षा ९ मा अध्ययनरत १४ वर्षीय अम्बरबहादुर श्रेष्ठलाई ०६३ भदौ २७ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख रत्न राईले भने पीडित बालक स्वेच्छाले कार्यक्रममा सहभागी भएको बताए। माओवादी सैन्य तालिममा सहभागी गराइएका पीडितलाई ०६३ असोज ५ गते बुईपा गाविसबाट माओवादीले मुक्त गरे।

डुम्रे धारापानी गाविस-१ निवासी डीकाकुमारी रिजाल, १४ वर्षीया कुमारी मगर, १५ वर्षीय दीपक अधिकारीलाई एक सय ५० अमेरिकी डलर तलब दिने लोभ देखाई ०६३ कात्तिक २० गते माओवादीले अपहरण गरे। माओवादीले बिदामा घर गएका आफ्ना कार्यकर्ता पुनः पार्टीमा आएकाले अपहरण गरेको भन्न नमिल्ने बताए।

भोजपुर जिल्ला गोगने गाविस निवासी भई सरस्वती उच्च मावि दिक्तेलमा कक्षा ९ मा अध्ययनरत १७ वर्षीय श्याम लुईंटेल, सोही विद्यालयमा कक्षा ९ मा अध्ययनरत दिक्तेल गाविस-१ निवासी १६ वर्षीय ईन्द्रबहादुर खड्का र १६ वर्षीय गंगाबहादुर खड्कालाई माओवादी सेनामा भर्ती भए राम्रो तलब भत्ता दिने लोभ देखाई ०६३ कात्तिक २१ गते माओवादीले अपहरण गरे। पीडित विद्यार्थीलाई हलेसीमा १५ दिन सैन्य तालिममा सहभागी गराई सिन्धुली लगेको स्थानीय बासिन्दाले बताए।

डुम्रे धारापानी गाविस-१ निवासी स्थानेश्वर रिजाल देउराली मावि डुम्रे धारापानी कक्षा ५ मा अध्ययनरत ज्ञानीमाया श्रेष्ठ, कक्षा ६ की पार्वती भट्टराई र १६ वर्षीय गेले नेपालीलाई ०६३ कात्तिक २२ गते माओवादीले अपहरण गरे।

जनता मावि सल्लेमा अध्ययनरत सल्ले गाविस-२ निवासी माया थापा, ललिता राना, सोही गाविस-३ निवासी फणिन्द्र थापा र सुमन विश्वकर्मालाई ०६३ कात्तिक २२ गते माओवादीले अपहरण गरी सिन्धुलीमा रहेको माओवादी शिविरमा लगे। पीडित हालसम्म मुक्त भएका छैनन्।

चिउरीडाँडा गाविस-४ निवासी १४ वर्षीय डिल्लीप्रसाद आचार्यलाई ०६३ कात्तिक ३० गते माओवादीले घरबाट अपहरण गरे। उनलाई जागिर लगाईदिने भन्दै अपहरण गरेको पीडितका बुबा ध्रुवप्रसाद आचार्यले बताए।

सीमपानी गाविस-१ निवासी १६ वर्षीय भुवन राईलाई सेनामा जागिर लगाउने प्रलोभन देखाई ०६३ मंसिर १ गते माओवादीले सिम्पानी उच्च माविबाट अपहरण गरे। पीडितलाई चिसापानी पुऱ्याई सात दिने सैन्य तालिम दिएपछि ०६३ मंसिर १० गते मुक्त गरे।



माओवादीले छाडेको सकेट बम विस्फोट हुँदा घाइते भएका बालक डिल्ली परियार

सुन्तले गाविस-१ निवासी १६ वर्षीय युवराज बाँस्तोलालाई ०६३ मंसिर १ गते जागिर दिने प्रलोभनमा माओवादीले घरबाट अपहरण गरे। माओवादीले पीडितलाई डाँडागाउँ गाविसमा सैन्य तालिम दिए। पीडितले माओवादीसँग जनसेनाको तालिम र जागिर मन नपरेको भन्दै घर फर्कन आग्रह गरेपछि ०६३ पुस ११ गते चिसापानीबाट मुक्त गरे।

साउनेचौर गाविस निवासी बालकन्या मावि धर्तुडमा अध्ययनरत कक्षा ९ की सुनीता तामाङ, कक्षा १० का लोकबहादुर मगर, उर्मिला खत्री, कक्षा ८ का आशिष राई, कक्षा ६ का टंक मगर, कक्षा ७ का सुमन राईलाई ०६३ मंसिर ६ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले डाँडागाउँ ओखे गाविसमा पुऱ्याई सैन्य तालिममा सहभागी गराए। उनीहरुलाई सांस्कृतिक कार्यक्रम सम्बन्धी तालिम दिई ०६३ मंसिर २५ गते मुक्त गरे।

सुन्तले गाविस-६ निवासी १४ वर्षीय कविता दाहाललाई जागिर दिने प्रलोभनमा ०६३ मंसिर ९ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले डाँडागाउँ ओखे गाविसमा सैन्य प्रशिक्षणमा सहभागी गराई पुस १ गते दिप्लुङ गाविसको हलहलेमा भएको सांस्कृतिक शिविरमा सहभागी गराएर ०६३ पुस १४ गते दिप्लुङबाट मुक्त गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि)

धार्मिक स्वतन्त्रता

माओवादीबाट

अर्खौले गाविस-३ निवासी ६० वर्षीया मसिनमाया राई, २९ वर्षीय ललिता राई, मनलक्ष्मी राई, छम्मर राई, भलशोभा राई, दिक्तेल गाविस-७ निवासी भीमप्रसाद दाहाल, दिक्तेल गाविस-९ निवासी मोहन पुरी, अर्खौले गाविस-३ निवासी सहरमान राईसहित ११ जनालाई ०६३ वैशाख २८ गते ब्याप्टिस्टभुण्ड अर्खौले चर्चमा प्रार्थना गरिरहेको बेला



जनआन्दोलनका क्रममा निकालिएको विरोध जुलुस

माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख हैकमसिंह राईको निर्देशनमा सात जनाको समूहले चर्चभित्र प्रवेश बाइबल, धर्मशास्त्रका पुस्तक, झोला जलाई भीमप्रसाद दाहाललाई खुट्टा बाँधेर उँधो मुन्टो पारी झुण्डयाई कुटपिट गरे।

अर्खौंले गाविस-३ निवासी राजेश राई, मसिनमाया राई, ललिता राई, अम्बिका राई, सहरमान राईसहित ६ घर परिवारलाई माओवादीद्वारा घोषित गाउँ जनसरकार कार्यकर्ता प्रकाश राई, सागर राई, तीर्थसिंह राई, नैनकुमार राई, दलबहादुर राईले ०६३ वैशाख २ गते क्रिश्चियन धर्म परिवर्तन नगरे विस्थापित गर्ने, भन्दै कुटपिट र दुर्व्यवहार गरे। माओवादी खोटाङ जिल्ला सेक्रेटरी विप्लवले जनताको आत्मनिर्णयको अधिकार छ, धर्म परिवर्तन गर्न पाइन्छ गाजसले कसैलाई कारबाही गर्ने अधिकार छैन भन्दै उक्त घटनाको छानबिन गरी पीडकमाथि कारबाही गर्ने बताए। तर पीडकमाथि कुनै कारबाही भएन।

सम्पत्ति आगजनी

माओवादीबाट

बुइपा गाविस-२ निवासी मनोनित जिविस सभापति रत्न राईको घरमा ०६३ वैशाख १२ गते राति माओवादीले घरमा सुतिरहेका गंगादेवी राईलगायत सबै परिवारलाई बाहिर निकाली मट्टितेल छर्केर आगो लगाइदिए। आगजनीमा ४० लाख बराबरको धनमाल क्षति भएको पीडितले बताए।

चिसापानी गाविस-८ निवासी तेजबहादुर रोइलाको घर ०६३ साउन १५ गते माओवादी एरिया कमिटी सदस्य ओक्केले ५० हजारमा बिक्री गरे। पीडितको घर ०६० मंसिर २९ गतेबाट माओवादीले कब्जा गरी उपभोग गर्दै आएका थिए। पीडित सेनामा कार्यरत रहँदा हरि भट्टराईसहित तीन जनाको सुराकी गरी हत्या गराएको आरोपमा माओवादीले घरजग्गा कब्जा गरेको थिए।

लुटपाट

सप्तेश्वर गाविस-६ निवासी नरमाया निरौलाको घरमा ०६३ जेठ १९ गते माओवादी कार्यकर्ता चन्द्रसहित ५ जनाको समूहले नरमाया र उनका दुई छोरीलाई नियन्त्रणमा लिई पेस्तोल देखाउँदै 'हल्ला गरे मारिदिन्छौं' भन्दै १० मुरी धान, २५ पाथी कोदो, सोलार प्यानल सेट, ट्युबलाइट र अन्य सामग्री लुटेर लगे।

संरचना क्षति

दिक्तेल गाविस-४ स्थित जिल्ला कृषि विकास कार्यालयको भवनमा ०६३ पुस १९ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कार्यालयको झ्याल ढोकामा सामान्य क्षति पुग्यो।

तालाबन्दी

अखिल (क्रान्तिकारी) ले समुदायमा हस्तान्तरण गरिएका रतन्छा उमावि, शारदा उमावि, विश्वज्योति मावि, जाल्पा उमाविलगायत ४२ तहका ३६ ओटा विद्यालय ०६३ वैशाख ११ गतेबाट तालाबन्दी गरे। अभिभावक, राजनीतिक दल, माओवादी, नागरिक समाज, प्रशासनबीच छलफल गरी समुदायलाई हस्तान्तरण गरिएका ४२ तहका ३६ ओटा विद्यालय सरकारलाई नै फिर्ता गर्ने सर्तमा ०६३ असार १५ गतेबाट खोल्ने सहमति भयो।

रतन्छा गाविसस्थित साकेला उच्च मावि सामुदायिक विद्यालय सहयोग कार्यक्रमअन्तर्गत विद्यालय व्यवस्थापन समितिले जिम्मा लिएको भन्दै अखिल (क्रान्तिकारी) ले ०६२ फागुन ५ गते तालाबन्दी गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा हौचुर गाविस-५ निवासी प्रतापलाल दर्जी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका तीनजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा लिच्की राम्चे गाविस-९ निवासी गोपिलाल सार्की, सावा कटहरे गाविस-३ निवासी किशोर राई र सप्तेश्वर छितापोखरी गाविस-४ निवासी बद्री भुजेल रहेका छन्।

१.१५ ओखलढुंगा



जनसंख्या	१,६४,१६९
साक्षरता प्रतिशत	४९.१२
महिला साक्षरता प्रतिशत	२२.८
क्षेत्रफल (वर्ग कि. मि.)	१०७४
गाविस/नपा संख्या	५६/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३४८
क्याम्पस/उच्च मा.वि.	१/५
अस्पताल/स्वास्थ्य चौकी	२/५५
टेलिफोन लाइन	९२
मोटर सडक (कि. मि.)	०
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	५६
मानव विकास सूचकाङ्क	०.४८१
प्रति परिवार सरदर संख्या	५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

रुम्जाटार गाविस-६ निवासी ३० वर्षीया चिनीमाया सार्कीको ०६२ चैत ५ गते राति जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको तारवार वरिपरि हिँडिरहेको अवस्थामा ड्युटीमा रहेका प्रहरीले गोली हानी हत्या गरे। लासको सनाखत गरी पीडितको आफन्तलाई जिम्मा लगाइयो।

जेल र बन्दी

कूल ५० जना बन्दी क्षमता रहेको ओखलढुंगा जेल 'घ' श्रेणीको हो। हाल यस जेलमा तीनजना महिला, ११ जना पुरुष र एकजना नाबालक गरी १५ जना रहेकोमा कैद तोकिएको एकजना महिला र दुईजना महिला कैद नतोकिएका साथै ३ पुरुष कैद तोकिएको र ८ जना नतोकिएका रहेका छन्।

आस्थाका बन्दी रिहा

ओखलढुंगा जिल्ला कारागार शाखामा रहेका माओवादीका कार्यकर्ताहरु क्रमश: भेषकुमारी बास्तोला, तुलसी श्रेष्ठ, भगवती राई, छत्रबहादुर दर्जीलाई ०६३ जेठ १२ गते जिल्ला प्रशासन कार्यालय ओखलढुंगामा ल्याई इन्सेक वर्ष पुस्तक प्रतिनिधिको रोहवरमा रिहा गरे।

बेपत्ता/अपहरण

माओवादीबाट

उवुँ गाविस-६ निवासी ६५ वर्षीय जयबहादुर राईले सुराकी गरेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनलाई सदरमुकाम ओखलढुंगाबाट घर फर्कदै गर्दा केत्तुकेको भुसुने भन्ने जंगलबाट अपहरण गरे। पीडितसँग रकम लिई तथा सदरमुकाम नजाने चेतावनी दिँदै सोही दिन मुक्त गरे।

तनहुँ जिल्ला घाँसीकुवा गाविस-१ निवासी जिल्ला कृषि कार्यालय ओखलढुंगाका निमित्त वरिष्ठ अधिकृत ४५ वर्षीय धनबहादुर राना मगरलाई ०६२ चैत १ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

ठूलाछाप गाविस-८ निवासी १७ वर्षीय रामकाजी कार्की सेनामा भर्ना भई घर फर्कदै गर्दा ०६२ चैत ६ गते माओवादीले उनलाई अपहरण गरे। पीडित सोही दिन राति माओवादी कब्जाबाट भागी सैनिक सम्पर्कमा पुगे।

ठूलाछाप गाविस-८ का १८ वर्षीय राजु बस्नेतलाई सेनामा नोकरी गर्न गएको आरोपमा ०६२ चैत ६ गते माओवादीले अपहरण गरी जागिर छाड्ने सर्तमा भोलिपल्ट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

उद्योग वाणिज्य संघका अध्यक्ष ४६ वर्षीय केशवकुमार उदासलाई ०६३ जेठ २९ गते डिएसपी रामकृष्ण कार्कीले मादक पदार्थ सेवन गरी बजारमा अभद्र व्यवहार गरे। सात दलले जिल्ला प्रशासन घेराउ गरी डिएसपीले माफी माग्नुको साथै २ हजार ५ सय जरिवाना तिर्ने भएपछि स्थिति सामान्य भयो।

माओवादीबाट

ठूलाछाप गाविस-९ निवासी ६९ वर्षीय भीमबहादुर बस्नेत र ६५ वर्षीय भीमकुमारी बस्नेतले नातिलाई सेनामा भर्ना हुन पठाएको आरोपमा ०६२ चैत ६ गते माओवादीले

उनलाई मरणासन्न हुने गरी कुटपिट गरे।

ठूलाछाप गाविस-५ का ७९ वर्षीय जंगबहादुर तामाङले चन्दा नदिएको आरोपमा ०६३ वैशाख २६ गते माओवादीले उनलाई कुटपिट गरे।

विगुटार गाविस-७ निवासी ५९ वर्षीय विष्णुप्रसाद दाहालले भ्रष्टाचार गरेको आरोपमा ०६३ जेठ १ गते माओवादीले उनलाई कुटपिट गरे।

श्री सिंदहेवी प्रावि श्रीचौरका शिक्षक ३० वर्षीय अशोक कटुवाललाई ०६३ कात्तिक १७ गते माओवादीले श्रीचौर गाविसमा कुटपिट गरे।

नेकाँ जिल्ला समिति सदस्य ५३ वर्षीय हेमप्रसाद दाहाललाई ०६३ मंसिर १४ गते राति माओवादी कार्यकर्ता काजी भुजेलले वरुणेश्वर गाविस-३ मा मरणासन्न हुने गरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

वरुणेश्वर उच्चमाविका १७ वर्षीय देवधन राई माओवादी भएको आरोपमा उनी एसएलसीको परीक्षामा समावेश भएको बखत उनलाई ०६२ चैत २० गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दलहरूले ०६२ फागुन ६ गते ओखलढुंगा मिलनचोकबाट सुरु गरेको ऱ्याली र विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरी एमालेका सचिव किशोर अधिकारी, नेत्रप्रसाद भट्टराई, विष्णुबहादुर थापा, हर्कबोल राई, मेखबहादुर खड्का, टुकराज निरौला, रुपेश शाक्य, रामबहादुर मगर, रोशन शाक्य, भक्तबहादुर गुरुङ, चौधबहादुर राई, नरबहादुर कटुवाल, कृष्ण कटुवाल, दिपबहादुर श्रेष्ठ, नेकाँका चन्द्रबहादुर कार्की, ढुण्डिराज दाहाल, हेमप्रसाद दाहाल, कुलप्रसाद कोइराला र नेकाँ (प्रजातान्त्रिक) का सुरेन्द्र भट्टराई (गायत्रा) लाई गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

जिल्ला सदरमुकाममा सात दलले ०६३ वैशाख ३ गते दिउँसो शान्तिपूर्ण ऱ्याली निकाल्ने क्रममा प्रहरीले अश्रुग्याँस, लाठीचार्ज र हवाई फायर गर्दा ४३ वर्षीय विष्णुबहादुर थापा, २७ वर्षीय महेश राजभण्डारी, रुपेश शाक्य र राजेश श्रेष्ठ घाइते भए। घाइतेको मिसन अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी ५२ ओटा, यस वर्ष १४ ओटा भई ६६ ओटा रहेकोमा छओटा फर्स्यौट भई ५८ ओटा बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दा गतवर्ष जिम्मेवारी सरेर आएका १८ ओटा, यस वर्ष १७ ओटा गरी ३५ ओटा रहेकोमा ११ ओटा फर्स्यौट भई २४ ओटा बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका दुईओटा यस वर्ष छओटा गरी आठओटा रहेकोमा दुईओटा फर्स्यौट भई छओटा बाँकी रहे। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ३ सय ५० ओटा निवेदन परेकोमा सबै सुनुवाई भइसकेको पाइयो भने दुईओटा हातहतियार खरखजाना मुद्दा गतवर्ष जिम्मेवारी सरेर आएका र यसवर्ष एक केही सार्वजनिक अपराध मुद्दा गरी तीनओटा रहेकोमा तीनओटै मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहिन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ सय ३४ भूमिहीन सुकुम्बासीहरुले आफ्नो नाम दर्ता गराएकोमा हालसम्म जग्गा वितरण भएको छैन। त्यसैगरी जिविसबाट वितरण हुने विधवा भत्ता २ हजार ५ सय १० जनालाई, जेष्ठ नागरिक २ हजार १ सय १ जना र अपाङ्ग भत्ता ७५ जना गरी जम्मा ४ हजार ६ सय ८६ जनाले पाए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	३	४						१		१		१
गिरफ्तारी/यातना										१	१			१
कुटपिट	१		१	१	६	६	१		७	३	३			३
धम्की					३	३			३					
भेला/संगठित हुने अधिकार										३	५		३१	३६
महिलाअधिकार	३		३	३										
अपहरण					६	६		९	१५					
जम्मा	६	१	६	७	१५	१५	१	९	३५	७	८	१	३१	३०

संरचना र सम्पत्ति क्षति

माओवादीले सदरमुकामस्थित जिल्ला वन कार्यालयमा ०६२ माघ ३ गते राति बम विस्फोटन तथा आगजनी गरी ध्वस्त पारे।

जिल्ला कृषि कार्यालय ओखलढुंगाका दुईओटा भवनमा ०६२ चैत १ गते बेलुका माओवादीले प्रेसर कुकर बम विस्फोट गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध शुरु भएयता राज्यबाट बेपत्ता पारिएका एक जना पुरुषको स्थिति अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा कुइभिर मावि कुइभिरका प्रधानाध्यापक ४८ वर्षीय चक्रबहादुर कटवाल हुन्।

माओवादी जनयुद्ध भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना पुरुषको अवस्था अज्ञात रहेको छ। त्यसरी बेपत्ता पारिएकाहरू ओखलढुंगा जिल्ला भदौरे गाविस-४ निवासी ३० वर्षीय हिमाल कार्की, सोही जिल्ला ठूलाछाप गाविस-१ डाँडागाउँ निवासी ३२ वर्षीय शम्भु कटुवाल र सोही गाविस-२ निसंखे निवासी प्रचण्ड कटुवाल रहेका छन्।

१.१६ सोलुखुम्बु



जनसंख्या	: १०७६८६
साक्षरता प्रतिशत	: ४५.८१
महिला साक्षरता प्रतिशत	: ३५.४१
क्षेत्रफल (वर्ग कि.मी.)	: ३३१२
गाविस/नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस/उच्च मावि	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकाङ्क	: ०.४७९
प्रति परिवार सरदर संख्या	: ४.९७

जेल र बन्दी

सोलुखुम्बु जेल 'ग' श्रेणीको रहेको छ। तीन वर्षयता जिल्ला सदरमुकामको जेलको निर्माण कार्य सम्पन्न नहुँदा भाडाको घरलाई जेलको रूपमा प्रयोग गरिएको छ। उक्त जेलमा कैद तोकिएको छ जना पुरुष र कैद नतोकिएको १४ पुरुष गरी जम्मा २० कैदीलाई अति साँघुरो दुईओटा कोठामा राखिएको छ। जिल्ला खानेपानी कार्यालयको भवन प्रयोग गरिएको जिल्ला प्रहरी कार्यालयको अति साँघुरो एक कोठामा कैद तोकिएको एक महिला र कैद नतोकिएको दुई महिला रहेका छन्। तीनजना आश्रित बालिकाहरूसमेत रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

वासा गाविस-२ निवासी २८ वर्षीय रामकुमार कार्की

र २२ वर्षीया सीता कार्कीबीच अवैध सम्बन्ध रहेको आरोपमा ०६३ भदौ १५ गते माओवादीले उनीहरूलाई सल्लेरी गाविस-५ बाट अपहरण गरे। रामकुमार कार्कीलाई वाकु गाविसमा र सीतालाई सोताङ्ग गाविसमा श्रम कैदमा राखी तीन महिनापछि मुक्त गरे।

तिङ्गला गाविस-५ निवासी १४ वर्षीया तीलमाया कार्कीले नेले बजारमा कुर्था सुरवाल चोरेको आरोपमा ०६३ भदौ २७ गते माओवादीले उनलाई नेले बजारबाटै अपहरण गरी भदौ ३० गते मुक्त गरे।

सल्लेरी गाविस-५ निवासी २७ वर्षीय डिमा दोर्जी तामाङले चोरी गरेको आरोपमा ०६३ भदौ ३० गते चौरीखर्क गाविस-७ ताते भन्ने स्थानमा स्थानीय व्यक्तिले समातेर माओवादीलाई बुझाए। तामाङलाई माओवादीले असोज ८ गते गाउँलेहरुकै जिम्मामा बेनी गाविस-८ बाट मुक्त गरे।

नेले गाविस-३ निवासी २० वर्षीया दापुटी शेर्पालाई ०६३ कात्तिक ८ गते बिहान माओवादीले घरबाटै अपहरण गरी कात्तिक २३ गते केरुङ गाविसबाट बाबुको जिम्मामा मुक्त गरे।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्वबियुका जिल्ला कोषाध्यक्ष सीताकला राई र सदस्य गुणराज बास्तोलाले निरंकुश राजतन्त्रको पुत्ला जलाई कोणसभा गरेको आरोपमा ०६२ चैत २६ गते दिउँसो प्रहरीले उनीहरूलाई सल्लेरी गाविस-७ त्रिभुवन बजारबाट गिरफ्तार गरी हिरासतमा राखी सोही दिन बेलुका रिहा गरे।

अनेरास्वबियु र नेविसंघको संयुक्त आयोजनामा ०६३ वैशाख ८ गते 'निरंकुश राजतन्त्र'को विरुद्धमा गरिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा नेविसंघ र अनेरास्वबियुका चन्द्रप्रसाद आचार्य, चन्द्रकला बस्नेत, कर्मा शेर्पा र एक नाम नखुलेको भरिया घाइते भए। उक्त घटनामा चन्द्रप्रसाद आचार्यको हात भाँचियो। पीडितहरूको जिल्ला अस्पताल फाप्लुमा उपचार भयो। त्यसैगरी वैशाख ९ गतेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा दूधकुमार थापा, पेशल थापा, मंगल सिंह तामाङ, जिन्दा राई, सीताकला राई, दीपक राजभण्डारी र जुद्धबहादुर कार्की घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यो जिल्ला अदालतमा जम्मा ४० ओटा मुद्दाहरु दायर भएका छन् जसमध्ये १० ओटा मुद्दा फर्स्यौट भई ३० ओटा मुद्दा बाँकी रहेका छन्। जसमा देवानी नौओटा मुद्दामा दुई फर्स्यौट भई सातओटा बाँकी, फौज्दारी छओटा मुद्दामा एक ओटा फैसला भई पाँचओटा बाँकी, फौज्दारी सरकारवादी ११ मुद्दामा सबै बाँकी, संक्षिप्त तीन मुद्दामा एक फर्स्यौट भई दुई बाँकी, विशेष अदालतमा ११ मुद्दामा छ फर्स्यौट भई पाँच बाँकी रहेका छन्।

बालअधिकार

जनजागृति माविमा अध्ययनरत १६ वर्षमुनिका कञ्चन राई, वर्षीय छितिज तामाङ, बोधराज श्रेष्ठ, दावा तामाङलगायत सल्लेरी गाविस-२ निवासी एकता विक, ग्याल्जे शेर्पा, रामकुमारी राई, विपना राई, विकास राईलाई ०६३ असार २८ गते माओवादीले घरबाटै अपहरण गरी सेनामा भर्ती गरे। जसमध्ये हाल विकास राई, ग्याल्जे शेर्पा र विपना राई माओवादी मिलिसिया छाडी आफ्नो घर फर्किसकेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना सम्पत्ति क्षति

नेचा बेतघारी गाविस-१ मा पर्ने भुपाल किराँती र भीमराज राईको घर ०६३ भदौ १४ गते माओवादीले कब्जा गरी तीन महिनासम्म आफ्नो चेकपोष्ट एवम् कार्यालय बनाए। पीडितका सपरिवार विस्थापित भई जिल्लाबाहिर रहेका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	४	४		४									
धम्की					३	४			४				
भेला/संगठित हुने अधिकार										३	३	४४	४६
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३			३				
अपहरण					८	७	५	८६	९८				
जम्मा	८	४	४	८	११	१३	५	८६	१०४	३	३	४४	४६



मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जनसंख्या	७,२९,,८४६
साक्षरता प्रतिशत	४८.७३
महिला साक्षरता प्रतिशत	२६.०३
क्षेत्रफल (वर्ग कि. मि.)	११८०
गाविस/नपा संख्या	१०१/१
निर्वाचन क्षेत्र	५
विद्यालय	३५६
क्याम्पस/उच्च मा.वि.	२/१८
अस्पताल/स्वास्थ्य चौकी	३/१०२
टेलिफोन लाइन	१०४००
मोटर सडक (कि. मि.)	५९७
प्रहरी कार्यालय संख्या	१२
हुलाक संख्या	८९
मानव विकास सूचकाङ्क	०.४४९
प्रति परिवार सरदर संख्या	६.२२

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

जनकपुर नपा-४ निवासी राप्रपा कार्यकर्ता ६० वर्षीय रामचन्द्र यादवको ०६२ चैत ११ गते जनकपुर नपा-२ मा प्रहरीले चलाएको गोलीबाट मृत्यु भयो। इन्सपेक्टर प्रकाशराज शर्माको नेतृत्वमा रहको प्रहरी टोलीले जथाभावी गोली चलाउँदा चिया खाइरहेका यादवलाई गोली लागेको थियो। सोही घटनामा गोली लागी घाइते भएका राष्ट्रिय मानव अधिकार आयोग सम्पर्क कार्यालय जनकपुरका मानव अधिकार सहायक सुनसरी हाँसपोसा गाविस-२ निवासी २१ वर्षीय दयाराम परियारको ०६२ चैत १५ गते त्रिविवि शिक्षण अस्पताल, काठमाडौंमा उपचारका क्रममा मृत्यु भयो। पीडितका दाजु प्रकाशचन्द्र परियारले घटनाका दोषीलाई कारवाहीको माग गर्दै प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी प्रमुखलाई विपक्षी बनाई सर्वोच्च अदालतमा ०६३ कात्तिक २८ गते मुद्दा दायर गरे। न्यायाधीश रामप्रसाद श्रेष्ठको इजलासले मुद्दालाई अग्राधिकार प्रदान गर्दै कात्तिक २९ गते विपक्षीको नाममा कारण देखाउ आदेश जारी गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगले घटनाको स्थलगत अध्ययन गरी ०६२ चैत २१ गते गोली चलाउने इन्स्पेक्टर प्रकाशराज शर्मा सहित चारजना प्रहरीलाई दोषी ठहर गरी फौजदारी अभियोगमा कारबाही गर्न पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई पत्राचार गरेको थियो। आयोगको ऐनमा आयोगको सिफारिसलाई तीन महिनाभित्र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ तर सरकारले आयोगको सिफारिसलाई अहिलेसम्म कार्यान्वयन गरेको छैन।

माओवादीबाट

जनकपुर नपा-४ निवासी नेसपाका ४७ वर्षीय विजयलाल दासको ०६२ माघ ९ गते माओवादीले गोली हानी हत्या गरे। उनलाई नगर निर्वाचनमा उम्मेदवारी दिने घोषणा गरको आरोपमा जनकपुर नपा-२ स्थित पार्टी कार्यालय अगाडि पत्रिका पढेर बसिरहेको अवस्थामा दुईजनाको संख्यामा आएका सशस्त्र माओवादीले गोली हानी गम्भीर घाइते पारेकोमा उपचारका लागि अस्पताल लाँदै गर्दा उनको बाटैमा मृत्यु भयो।

ढल्केवर गाविस-३ निवासी होटल सञ्चालक ४२ वर्षीय बेदबहादुर लामा सुराकी भएको आरोपमा ०६२ फागुन २७ गते बिहान उनलाई माओवादीले गोली हाने। पाँचजनाको संख्यामा आएका माओवादीले गोली हानी गम्भीर घाइते



सुरक्षाकर्मीको गोलीद्वारा धनुषामा मारिएका राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियार

पारेकोमा उपचारका क्रममा सोही दिन दिउँसो सैनिक अस्पताल छाउनी काठमाडौंमा उनको मृत्यु भयो।

बरमझिया गाविस-७ निवासी नेकाँका ३४ वर्षीय दीपनारायण यादवको ०६३ साउन २१ गते माओवादीले हत्या गरे। आफ्ना नेता तथा कार्यकर्ताको हत्यामा प्रत्यक्ष संलग्न रहेको आरोपमा बरमझिया गाविस-६ बाट अपहरण गरी कुटपिट गर्दै गाउँभन्दा करिब दुई किलोमिटर पूर्व पुऱ्याई हत्या गरे। पीडितको लास नभेटिएकोले कसरी हत्या गरियो भन्ने खुल्न सकेन। माओवादीले आक्रोशित स्थानीय बासिन्दाको कुटपिटबाट यादवको मृत्यु भएको जनायो। पीडित द्वन्द्वका कारण विस्थापित भई जनकपुरमा बस्दै आएका थिए।

लवटोली गाविस-९ निवासी ट्रयाक्टर चालक ३२ वर्षीय मगरा भनिने फुलगेन कुँवरको ०६३ असोज ९ गते माओवादीका कार्यकर्ता रघुनाथपुर गाविस-३ निवासी प्रताप भन्ने रामप्रताप साह र पर्टेवा निवासी बसिम मियाँ लगायतले कुटपिट गरी अन्तिममा धारिलो हतियारले काटी हत्या गरे। पीडितले स्थानीय एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा रघुनाथपुर-६ स्थित प्रेमपुर टोलमा हत्या गरियो। माओवादीले सो घटनामा संलग्न रामप्रताप साह र बसिर मियाँलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने क्रममा बसिर मियाँ भागेका र साह भने नियन्त्रणमै रहेको जनायो।

अन्यबाट

ठेराकचुरी गाविस-२ निवासी पूर्व प्रहरी जवान ३३ वर्षीय शम्भु झालाई अज्ञात समूहले ०६२ पुस २ गते धारिलो हतियारले घाँटी रेटी हत्या गरे। पीडितको लास भोलिपल्ट ०६२ पुस २२ गते जनकपुर धनुषा सडक खण्डमा भेटिएको थियो। प्रहरीले सो घटना माओवादीको संलग्नता रहेको बताए पनि माओवादीले त्यसलाई अस्वीकार गरे।

शान्तिपुर गाविस-५ निवासी नेकाँका ५२ वर्षीय विन्देश्वर यादवको ०६२ फागुन १० गते अज्ञात समूहले बन्चरो प्रहार गरी हत्या गरे। करिब १५ जनाको संख्यामा आएको सो समूहले पीडितलाई घरबाट बोलाई नियन्त्रणमा लिई घाँटीमा बन्चरो प्रहार गरी हत्या गरे। प्रहरीले सो घटनामा माओवादीको संलग्नता रहेको जनाए पनि माओवादीले भने घटनामा आफ्नो संलग्नता नरहेको जनाएको छ।

दोहोरो भिडन्त

माओवादीले वडा प्रहरी कार्यालय मुजेलियामा आक्रमण गरेपछि भएको दोहोरो भिडन्तमा परी ०६२ चैत ११ गते बारा कचरवा गाविस-१ निवासी प्रहरी हवल्दार २८ वर्षीय रामनाथ यादव र २४ वर्षीय प्रहरी जवान प्रेम स्याङ्बोको मृत्यु भयो। यादवलाई प्रहरी चौकी भन्दा करिब १ सय मिटर दक्षिणतर्फ गोली लागी ढलेको अवस्थामा माओवादीले थप गोली हानी हत्या गरे। सोही घटनामा प्रहरी जवान २७ वर्षीय अनिलकुमार पटेल, २१ वर्षीय राजकुमार बुढाथोकी तथा सर्वसाधारण विसुन यादव घाइते भए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

जनकपुर नपा-१६ निवासी ४५ वर्षीया रामपरीदेवी साह, तारापट्टी सिर्सिया गाविस निवासी ५५ वर्षीया पानोदेवी साह र सखुवा महेन्द्रनगर गाविस-३ निवासी ३० वर्षीय लखेन्द्र साह ०६२ माघ २५ गते राति माओवादीले गराएको प्रेसरकुकर बम विस्फोटमा परी घाइते भए। नगर निर्वाचनमा उमेदवारी दिएका पीडितको जनकपुर नपा-१६ स्थित घरमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	८	४	१२	५	६		६	१	२			२
घाइते	१	१	१	२	३	४	२	६					
गिरफ्तारी/यातना									१८	३३	३		३६
कुटपिट					४	९	२	११	२	६			६
भेला/संगठित हुने अधिकार									३	६२		७६	१३८
जातीय विभेद	१	२	१	३									
महिलाअधिकार	१५		१५	१५									
बालअधिकार	१		१	१									
अपहरण	१	१		१	१६	१९		१९					
जम्मा	३९	१२	३३	३४	३९	३८	४	४२	३४	१०३	३	७६	१८२

माओवादीले प्रेसरकुकर बम विस्फोट गराएका थिए। घटनामा परी साहकी पत्नी, दिदी र ज्वाई घाइते भएका थिए। पीडितहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

बघचौडा गाविस-३ निवासी रिक्साचालक २५ वर्षीय बुधन साह ०६२ माघ २९ गते जनकपुर नपा १६ स्थित पुलचौक बसपार्कमा बम विस्फोटमा परी घाइते भए। माओवादीले ०६२ माघ २५ गते राति बेचन साहको घरमा विस्फोट गराउने क्रममा छोडेर गएको सकेट बम विस्फोट हुँदा साह घाइते भएका थिए। उनको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। सो बम पाँच दिनसम्म बेवारिसे अवस्थामा रहेको बेला प्रहरीलाई खबर गर्दा प्रहरीले वास्ता गरेन।

बेवारिसे बमबाट

जनकपुर नपा-१ निवासी ४ वर्षीया ओमकुमारी सहनी र ५ वर्षीय सुरेन्द्र दास बेवारिसे सकेट बम खेलाउँदा विष्फोट भई घाइते भएकोमा ०६२ चैत २५ गते मृत्यु भयो। सो घटनामा परी सोही ठाउँ निवासी सात वर्षीय अर्जुन सहनी तथा ४ वर्षीया मेघा सहनी गम्भीर घाइते भए। घाइतेहरूको उपचार भारतको दरभंगामा भयो।

बेपत्ता/ अहरण

माओवादीबाट

अन्दुपटीकटरैत गाविस-७ निवासी शिक्षक २९ वर्षीय विन्देश्वर यादवलाई ०६२ फागुन ५ गते माओवादीले सरस्वती निमाविको प्राङ्गणबाट अपहरण गरी ०६२ फागुन १० गते मिथिलेश्वर महुवाहीबाट मुक्त गरे।

सुगामधुकरही गाविस ७ निवासी ३५ वर्षीय विशुनदेव यादवले सुराकी गरेको आरोपमा ०६३ वैशाख १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले कुटपिट गरी सोही दिन मुक्त गरे।

पटेर्वा गाविस-७ निवासी ४८ वर्षीय लट्टु यादवलाई अन्तरजातीय विवाहमा केटा पक्षलाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख १३ गते माओवादीले सत्तोखोर गाविस-८ बाट अपहरण गरी ०६३ वैशाख १७ गते तारापट्टिसिर्सियाबाट मुक्त गरे।

सर्लाही जिल्ला नेत्रगञ्ज गाविस निवासी १९ वर्षीय प्रहरी जवान सन्तोषकुमार पासवानलाई लुटपाटको आरोपमा ०६३ जेठ ११ गते माओवादीले उनलाई जनकपुर नपा-१० बाट अपहरण गरी ०६३ जेठ १२ गते जनकपुरस्थित पागलाबाबा धर्मशालाबाट मुक्त गरे।

इनर्वा गाविस-३ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय कमलेश यादवलाई राजनीतिक प्रतिशोधका कारण ०६३ असार ५ गते माओवादीले बनरझुल्ला टोलबाट अपहरण तथा कुटपिट गरे। उनलाई ०६३ असार ९ गते उनकै बुवा भोला यादव, ससुरा जामुनप्रसाद गोइत, स्थानीय देवलाल यादव र जनकलाल यादवको रोहबरमा बनरझुल्ला गाविसबाट मुक्त गरियो।

चक्कर गाविस-९ निवासी एमाले कार्यकर्ता २७ वर्षीय मिथिलेशकुमार मण्डलले पत्नी छाडेको आरोपमा ०६३ असार १९ गते माओवादीले उनलाई जनकपुर नपा-१ बाट अपहरण गरी ०६३ असार २१ गते जनकपुरबाट मुक्त गरे।

बालाबाखर गाविस-७ निवासी ५५ वर्षीय रामचन्देश्वर यादवलाई जग्गा सम्बन्धी विवादमा ०६३ असार १७ गते माओवादीले अपहरण गरी ०६३ असार २० गते सबैलाबाट मुक्त गरे।

खरियानी गाविस-६ निवासी ३२ वर्षीय फुल्गेन पासवानलाई घरायसी विवादमा ०६३ असार २० गते माओवादीले अपहरण गरी सोही साँझ मुक्त गरे।

सतोखोर गाविस-४ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४२ वर्षीय विजयशंकर साह तथा सोही गाविस २ निवासी नेविसंघ (प्रजातान्त्रिक) का ५५ वर्षीय खटरु यादवलाई माओवादी कार्यकर्ताको हत्यामा संलग्न रहेको र गाविसको रकम हिनामिना गरेको आरोपमा ०६३ असार २० गते दिउँसो माओवादीले सतोखोर गाविस ८ भठिहन बजारबाट अपहरण तथा कुटपिट गरी ०६३ असार २१ गते मुक्त गरे। उनलाई माओवादीले लात्तले हिर्काउने तथा अभद्र व्यवहार गरेका थिए। पीडितमध्येका साहले जनकपुर अञ्चल अस्पतालमा उपचारपछि पुनः काठमाडौं त्रिविवि शिक्षण अस्पतालमा उपचार गराएका थिए। सो घटनापछि उनी गाउँ फर्केका छैनन्।

खजुरीचन्हा गाविस-२ निवासी २३ वर्षीय सूर्यनारायण राउतलाई माओवादीको अनुमतिविना रकम उठाएको आरोपमा ०६३ साउन २ गते माओवादीले भरतपुर गाविस-४ बाट अपहरण गरी वीरेन्द्रबजार ल्याई करका नाममा रकम नउठाउने शर्तमा मुक्त गरे। पीडित जिल्ला विकास समितिले खटाए अनुसार कर उठाउन गएका थिए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

बिसरभोरा गाविस निवासी नेकाँ (प्रजातान्त्रिक) का रामअशिष रोहिता, प्रवीण रोहिता, प्रदीप रोहिता, विनोद रोहिता, जीवक्ष रोहिता, सत्यनारायण रोहिता र कारी रोहिता, समन्तीदेवी रोहिता चन्दा नदिएको निहुँमा ०६२ फागुन ५ गते माओवादीले उनीहरूलाई घरमै कुटपिट गरे। पीडितमध्ये गम्भीर घाइते भएका प्रदीप रोहिताको भारतको दरभंगामा तथा अन्य घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

भुतहीपटेर्वा गाविस-२ निवासी ३२ वर्षीय रामस्वार्थ मण्डललाई ०६३ भदौ १९ गते राति माओवादीले घर फर्कदै गर्दा सोही गाविस ६ मा खुकुरी प्रहार गरी घाइते पारे। खुकुरी प्रहारबाट टाउको र नाकमा गहिरो चोट लागेकोमा उनको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो ।

गैरकानूनी गिरफ्तारी

मिथिलेश्वर महुवाही गाविस-९ निवासी २० वर्षीय इसराइल नदाफलाई माओवादीको आरोपमा ०६२ पुस १७ गते सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरी जलेश्वर जेल चलान गरे।

मिथिलेश्वर महुवाही गाविस-४ निवासी २५ वर्षीय वीरेन्द्र मण्डल माओवादी भएको आरोपमा ०६२ माघ १७ गते सुरक्षाकर्मीले उनलाई सोही गाविसबाट गिरफ्तार गरी ०६२ माघ २५ गते रिहा गरे।

मिथिलेश्वर महुवाही गाविस-२ निवासी ४८ वर्षीय सत्यनारायण मण्डल माओवादी भएको आरोपमा ०६२ माघ २० गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरे। पीडित पुनरावेदन अदालतको आदेशमा नजरबन्दबाट ०६३ वैशाख ३१ गते रिहा भए।

बरमझिया गाविस-९ निवासी २२ वर्षीय रामउद्गार मुखियालाई माओवादीको आरोपमा ०६२ माघ २२ गते प्रहरीले मानसिंहपट्टीबाट गिरफ्तार गरी ०६२ माघ २४ गते रिहा गऱ्यो।

गोदार गाविस-९ निवासी २३ वर्षीया उर्मिला बोगटीलाई ०६२ फागुन ५ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी नजरबन्दमा राखेकोमा ०६३ वैशाख २२ गते जलेश्वर जेलबाट रिहा गरियो।

मिथिलेश्वर निकास गाविस-९ निवासी ४५ वर्षीय रामपुकार मण्डललाई माओवादीको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले तारपटीसिर्सियाबाट गिरफ्तार गरे। पुनरावेदन अदालत जनकपुरको आदेशमा ०६३ वैशाख २२ गते रिहा भए।

अन्दुपट्टीकटरैत गाविस-१ निवासी ३५ वर्षीय गजदीश यादवलाई माओवादीको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले जनकपुर नपा-२ बाट गिरफ्तार गरी नजरबन्दमा राखेकोमा पुनरावेदन अदालतको आदेशमा ०६३ वैशाख १८ रिहा भए।

रामेछाप जिल्ला देउराली गाविस-१ निवासी २१ वर्षीय रामकुमार बस्नेतलाई माओवादीको आरोप ०६२ फागुन २५ गते सुरक्षाकर्मीले बेङ्गाडावर गाविसबाट गिरफ्तार गरे। पीडितलाई इन्सेक प्रतिनिधिको रोहवरमा ०६३ जेठ ४ गते रिहा गरियो।

सोनिगामा गाविस-४ निवासी ४० वर्षीय गुल्टेन सदालाई सुरक्षाकर्मीले ०६२ फागुन २७ गते माओवादीको आरोपमा गिरफ्तार गरे। उनी पुनरावेदन अदालतको आदेशमा वैशाख १ गते भए।

ठेराकुचुरी गाविस-४ निवासी ४० वर्षीय सुवरन यादवलाई माओवादीको आरोपमा ०६२ चैत ४ गते प्रहरीले बेङ्गाशिवपुर गाविस-८ बाट गिरफ्तार गरे। आतंककारी तथा विध्वंसात्मक अपराध अर्न्तगत जेल चलान गरिएकोमा पीडित पुनरावेदन अदालतको आदेशमा ०६३ वैशाख ३० गते गते रिहा भए।

सिन्धुली जिल्ला हत्पते गाविस-७ निवासी १९ वर्षीया कल्पना पोखेललाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ चैत २५ गते उमाप्रेमपुर गाविसको नौसय टोलबाट गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएकोमा इन्सेक प्रतिनिधिनिको पहलमा ०६३ वैशाख २२ गते जलेश्वर जेलबाट रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सर्लाही जिल्ला कर्मैया गाविस-७ निवासी २४ वर्षीय ललनकुमार साहलाई प्रहरीले विद्यार्थी संगठनलाई सघाएको आरोपमा ०६२ पुस १९ गते जनकपुर नपा-२ बाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

सात दलद्वारा नगर निर्वाचन वहिष्कार गरौं भन्दै निकालिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६२ माघ १२ गते सात दलका उमेश साह, मनोज झा, अजयकुमार सिंह, शत्रुहन मण्डल, रामउद्गार यादव, दीपक कार्की, सुरेश कोइराला, अंजीनी पौडेल, प्रवीण यादव, विजयकुमार यादव लगायत २५ जनालाई जनकपुर नपाका विभिन्न वडाबाट गिरफ्तार गरी सोही साँझ रिहा गऱ्यो।

बेङ्गाडावर गाविस-९ निवासी ३८ वर्षीय मानवअधिकारकर्मी नवराज बस्नेतलाई प्रहरीले राजनीतिक चलखेल गरेको आरोपमा ०६२ माघ १३ गते जनआन्दोलनको अनुगमन गरिरहेको बेला जनकपुर नपा-२ बाट गिरफ्तार गरी सोही साँझ रिहा गरे।

जनकपुर नपा-२ निवासी ३८ वर्षीय केशव ढुंगेल, ३० वर्षीय गौरीप्रसाद साह, ४५ वर्षीय बृखेषचन्द्र लाल, सोही नपा १ निवासी २६ वर्षीय जितेन्द्र मिश्र लगायत ६६ राजनीतिक कार्यकर्तालाई बजार बन्द गराएको आरोपमा ०६२ माघ १३ गते प्रहरीले जनकपुर नपा-१ बाट गिरफ्तार गरी अधिकांशलाई सोही साँझ रिहा गरे। गिरफ्तार गरिएकाहरूमा एमालेका २९ जना, नेकाँका आठजना, नेकाँ (प्रजातान्त्रिक) २२ जना र जनमोर्चा नेपालका सातजना रहेका छन्। गिरफ्तार गरिएकामध्ये बृशेषचन्द्र लाल, स्मृतिनारायण चौधरी, रामसरोज यादव, योगनारायण यादव, रामदयाल यादव र श्यामविहारी यादवलाई २४ घण्टापछि तीन महिने पूर्जी दिई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा माघ २८ र

३० गते जिल्ला न्यायाधीश एकराज आचार्यको रोहबरमा रिहा गरियो।

जनकपुर नपा-२ स्थित गोपाल धर्मशालाबाट माघ १९ को दिनलाई कालो दिनको रूपमा विरोध जनाइरहेको बेला नेकाँका शिवधारी यादव, तुलसा आचार्य, परमेश्वर साह, श्यामनरायण यादव, शम्भुनाथ झा, सन्तोषकुमार यादव, महेशकुमार यादव, महेशकुमार बस्नेत, विसुनदेव साह, भरतप्रसाद साह, भगतबहादुर लामा, किशोरी साह, सुदेशकुमार चौधरी, श्रीराम साह, धिरेन्द्र मिश्र, कोमलकान्त झा, राजकुमर महन्त, सञ्जिव यादव, ठक्कु यादव, विजय यादव, रोशनकुमार झा, रामप्रगास यादव, सत्रुहन पटेल, दीपककुमार झा, उमेश यादव, रामचन्द्र साह, नेसपा (आनन्दीदेवी) का सञ्जयकुमार चौधरी, रामगोविन्द यादव, मनोज चौधरी, विवेक कर्ण, सीताराम यादव, नेकाँ (प्रजातान्त्रिक) का दिगम्बर राय, सरस्वती चौधरी, मिनाक्षी झा लक्ष्मी भण्डारी, किशोर साह, विजयकुमार कार्की, देवानारायण झा, भुपनारायण यादव, रामउदय यादव, सञ्जयप्रसाद साह, प्रवेश चौधरी, सत्यदेव साह, रामचन्द्र मण्डल, राजकिशोर साह, नेहरू मण्डल, झगरु महतो, परमेश्वर साह, रामप्रकाश सराउत, रघुनाथ दास, र एमालेका रामचरित्र साह, राजकुमार गुप्ता, टंकप्रसाद बराल, गणेश राउत, शिवकुमार कापर, सत्यनारायण यादव, तुलसा दाहाल र प्रेममाया श्रेष्ठलाई ०६२ माघ १९ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार मध्ये ५१ जनालाई सोही दिन साँझ रिहा गरियो भने परमेश्वर साह, सन्तोषकुमार यादव, किशोर साह, विजयकुमार यादव, दिगम्बर राय, श्रीराम साह, टंकप्रसाद बराल, रामचरित्र साह र राजकुमार साहलाई तीन महिने पूर्जी दिई थुनामा राखी ०६२ माघ २८ गते र ३० गते जिल्ला न्यायधीश एकराज आचार्यको रोहबरमा रिहा गरियो।

जनकपुर नपा-१ स्थित स्टेशनबाट नगर निर्वाचन बहिष्कारका क्रममा नेकाँका शिवधारी यादव, श्यामनारायण यादव, पुष्पलता लामा, भक्तबहादुर लामा, महेश बस्नेत, केशव दुडगेल, एमालेका सुधिरप्रसाद साह, श्याम पुर्वे, नेसपा (आनन्दीदेवी)का रामगोविन्द यादव, जितेन्द्र मिश्र, नेकाँ (प्रजातान्त्रिक) का प्रफुल्लराज घिमिरे, सञ्जय साह, राघव राउत र कुवरकान्त झालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तारमध्ये शिवधारी यादव, सुधिरप्रसाद साह, भगतबहादुर लामा, श्यामकुमार यादव , प्रफुल्लराज घिमिरे र राघव राउतलाई ०६२ माघ २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई तीन महिने नजरबन्दको पूर्जी दिई थुनामा राखी ०६२ माघ २८ गते र ३० गते जिल्ला न्यायाधीश एकराज आचार्यको रोहबरमा रिहा गरियो।

सर्लाही बलरा गाविस-१ निवासी २६ वर्षीय जितेन्द्र मिश्रलाई ०६२ माघ २४ गते प्रहरीले जनकपुर नपा-१ बाट गिरफ्तार गरी माघ २८ गते रिहा गऱ्यो।

जनकपुर नपा-४ निवासी मानवअधिकारकर्मी थीरवहादुर कार्कीलाई प्रहरीले नगर चुनाव भाँडेको आरोपमा ०६२ माघ २६ गते गिरफ्तार गरी सोही दिन रिहा गरे। पीडित निर्वाचनमा मानवअधिकार उल्लंघनको अनुगमनमा खटिएको थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत जनकपुरमा यस वर्ष जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी २ सय ३ मुद्दामध्ये यस वर्ष ९६ ओटा फर्स्यौट भई १ सय ७ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी ६३ ओटा मुद्दा मध्ये दुई ओटा फर्स्यौट भई ६१ ओटा बाँकी रहे। यस वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका समेत गरी १ सय ६८ मुद्दा फर्स्यौट हुन बाँकी रहे ।

सरकारवादी फौजदारीमा जिम्मेवारी सरेर आएका १ सय ५२ मध्ये ५२ ओटा फर्स्यौट भई १ सय ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी ६९ ओटामध्ये पाँच ओटा फर्स्यौट भई ६४ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका समेत गरी १ सय ६४ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

दुनियाँवादी देवानी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी ८ सय ३३ मुद्दामध्ये ३ सय ५१ ओटा फर्स्यौट भई ४ सय ८२ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी देवानी २ सय २८ मध्ये ६ ओटा फस्यौट भई २ सय २२ ओटा बाँकी रहे। यो वर्षका अन्त्यसम्ममा जम्मेवारी सरेर आएका सहित ७ सय ४ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे । गतवर्षको अन्य जिम्मेवारी सरेर आएका ७१ ओटा मुद्दामध्ये ५६ फर्स्यौट भई १५ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका ६९ मध्ये १७ ओटा फर्स्यौट भई ५२ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका सहित ६७ ओटा बाँकी रहे।

जिल्ला अदालत धनुषामा जिम्मेवारी सरेर आएका देवानी १ हजार ३५ मुद्दामध्ये ३ सय ९१ फर्स्यौट भई ६ सय ४४ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका ६ सय ३२ मध्ये १ सय ६४ फस्यौट भई ४ सय ६८ बाँकी रहे।

यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका सहित १ हजार १२ ओटा मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारीमा जिम्मेवारी सरेर आएका १ सय ७ मुद्दा मध्ये ३१ फस्यौट भई ७६ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका ४२ मध्ये ४ ओटा फस्यौट भई ३८ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका सहित १ सय १४ ओटा मुद्दा बाँकी रहे।

दुनियावादी फौजदारीमा जिम्मेवारी सरेर आएका २

सय २५ मुद्दा मध्ये ५१ फर्स्यौट भई १ सय ७४ बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ३२ मध्ये ३५ फस्यौट भई ९७ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म २ सय ७१ ओटा मुद्दा बाँकी रहे। अन्यमा गतवर्षको जिम्मेवारी सरेर आएको एउटा मुद्दा बाँकी रहेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषामा खुन डाकाका एक, खुन १३ ओटा, ज्यान मार्ने उद्योगका चार, डाका १२, चोरी १० र सडक दुर्घटनासम्बन्धी २४ ओटा उजुरी परे।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

जटही गाविस-८ निवासी २५ वर्षीया इन्दिलादेवी यादवलाई ०६२ माघ १४ गते उनकै पति २७ वर्षीय सरोजकुमार यादव, ससुरा ५० वर्षीय राजेन्द्र यादव, सासु ४५ वर्षीया सिरपोलिया देवीले ०६२ माघ ४ गते कुटपिट गरी घरबाट निकाले। पीडितले प्रहरीमा ०६२ माघ १६ गते उजुरी दिएपछि प्रहरीले दुवै पक्षलाई बोलाई छलफल गर्दा कुरा नमिलेपछि केटा पक्षबाट महिलालाई ७१ हजार तथा बच्चाको पालनका लागि ४१ हजार गरी जम्मा १ लाख १२ हजार क्षतिपूर्ति भराई अदालतबाट सम्बन्ध विच्छेद गरायो।

सबै प्रकारका जातीय विभेद

बनिनियाँ गाविस-९ निवासी ४० वर्षीया सागरदेवी महरा, २७ वर्षीय ज्ञानेन्द्र महरा तथा ७० वर्षीय पलट महरालाई सिनो नफालेको भन्दै ०६२ चैत ३१ गते सोही वडा निवासी ४५ वर्षीय बेचन यादव, २५ वर्षीय सुनिल यादव, ३० वर्षीय जमुनीदास, २५ वर्षीय विन्देश्वर दास, ३० वर्षीय प्रमोद साह लगायत १२-१३ जनाले कुटपिट गरे। प्रहरी तथा संघ संस्थाको पहलमा दुवै पक्षलाई इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा बोलाई छलफलबाट जबरजस्ती सिनो फ्याँक्न नलागाउने सहमतिमा ०६३ वैशाख २० गते समस्या समाधान भयो।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्लामा द्वन्द्वका कारण विगत वर्षमा विस्थापित भएका १ सय २ परिवार गाउँ फर्किन सकेका छैनन्।

विगतको अनुगमन

राज्यबाट

माओवादी जनयुद्ध शुरु भए यता यो वर्षको अन्त्यसम्म राज्यबाट बेपत्ता पारेका छजनाको अवस्था अज्ञात रहेकोमा ०६० साल असोज २१ गते नै मारिएको राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गऱ्यो। मारिएकाहरूमा जनकपुर नपा-१० निवासी दिपु भनिने सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, सोही नपा-४ निवासी जतेन्द्र झा, कुर्था गाविस १ निवासी प्रमोद नारायण मण्डल र दुहवी गाविस-७ निवासी शैलेन्द्र यादव रहेका छन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा बेंगाडाबर गाविस-९ निवासी अमर विश्वकर्मा रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा एकजना पुरुषलाई अपहरण गरी बेपत्ता पारिएको छ। यसरी बेपत्ता पारिएकामा एकराही गाविस निवासी कामेश्वर ठाकुर रहेका छन्।

२.२ महोत्तरी



जनसंख्या	:	६,१६,८०४
साक्षरता प्रतिशत	:	३४.७
महिला साक्षरता प्रतिशत	:	२२.४
क्षेत्रफल (वर्ग कि. मि.)	:	१००२
गाविस/नपा संख्या	:	७६/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२५३
क्याम्पस/उच्च मा.वि.	:	२/५
अस्पताल/स्वास्थ्य चौकी	:	१/८१
टेलिफोन लाइन	:	७९६
मोटर सडक (कि. मि.)	:	२३८
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	७४
मानव विकास सूचकाङ्क	:	०.४०७
प्रति परिवार सरदर संख्या	:	६.४३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

सप्तरी जिल्ला निवासी माओवादी कार्यकर्ता २८ वर्षीय गुणानन्द चौधरी र २६ वर्षीय रामेश्वर चौधरी सम्मेलनमा सहभागी हुन महोत्तरी आएको बेला ०६२ फागुन २६ गते खयरमारा गाविस-६ स्थित धानबारीमा बर्दिबासबाट गस्तीमा गएका सेनाले घेरा हालेर नियन्त्रणमा लिई गोली हानी उनीहरूको हत्या गरे। पीडितहरूको लास सेनाले नै जनकपुर अञ्चल अस्पतालमा पोष्टमार्टम गरी जलायो।

माओवादीबाट हत्या

सर्लाही जिल्ला अत्रौली गाविस-१ निवासी ३५ वर्षीय रामेश्वर महतो डाँका भएको आरोपमा ०६३ साउन १४ गते राति उनलाई माओवादीका जनमुक्ति सेनाले महेन्द्र राजमार्गस्थित माईस्थान गाविस-८ को जंगलमा उनलाई गोली हानी हत्या गरे। माओवादीले पीडितको लास प्रहरीलाई बुझाएकाले जिल्ला प्रहरी कार्यालयले लासलाई जलेश्वर जिल्ला अस्पतालमा पोष्टमार्टम गरी जलायो।

अन्यबाट

जलेश्वर नपा-१३ धवौलीटोल निवासी ३५ वर्षीया नसिरा खातुनलाई ०६३ साउन २४ गते उनकै पति ३५ वर्षीय नजाम साफी, ससुरा ६० वर्षीय रहमत साफी र सासु ५५ वर्षीया मैमुन खातुनले आफ्नै घरमा झुण्ड्याएर हत्या गरे। मृतकका पिताले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि प्रहरीले पीडकलाई गिरफ्तार नगरेकाले मृतकका आफन्त र नागरिक समाजले आवश्यक कारवाहीको माग गर्दै सदरमुकाममा जुलुस प्रदर्शन गरे। यो दबाबपछि प्रहरीले पीडकमध्येका नजाम साफीलाई गिरफ्तार गऱ्यो। पीडक हाल जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि जलेश्वर कारागारमा रहेका छन्।

गोली/ बम /विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

सर्लाही जिल्ला लालबन्दी गाविस-९ निवासी ४६ वर्षीय तेजबहादुर घिमिरे, सुनसरी जिल्ला धरान नपा-१५ निवासी ३८ वर्षीय गोविन्द क्षेत्री, धरान नपा-८ निवासी ३५ पूर्णबहादुर श्रेष्ठ, सर्लाही जिल्ला वरहथवा गाविस-७ निवासी ३२ वर्षीय मिथिलाविहारी राउत, सर्लाही जिल्ला जब्दी गाविस निवासी ४० वर्षीया जानुका पौडेल र ३१ वर्षीया सरस्वती खनाल ०६२ फागुन २७ गते माओवादीले राजमार्गको मडाहा खोला नजिकको सडकमा राखेको बम विस्फोट हुँदा घाइते भए। पीडितले महेन्द्र राजमार्गमा ढुङ्गामाथि कुल्चिएपछि सो बम विस्फोट भएको थियो। घाइतेहरूको नारायणी क्षेत्रीय अस्पताल, वीरगञ्जमा उपचार गरियो ।

अन्यबाट

मटिहानी गाविस-८ निवासी ३८ वर्षीया चन्दादेवी दास ०६२ चैत २० गते सोही ठाउँको आँप बगैचामा सुकेका पतकर संगाल्ने क्रममा सुतली बम खेलाउँदा विस्फोट भई घाइते भइन्। बमको छर्रा शरीरभरि लागेर घाइते भएकी पीडितलाई तत्काल उपचारका लागि जनकपुर अञ्चल अस्पताल लगियो। घटनास्थल भारतीय सीमासँग जोडिएको हुनाले भारतीयहरूले नै सो बम राखेको प्रहरीले आशंका गरेको छ।

धीरापुर गाविस-१ निवासी १३ वर्षीय पल्टु मण्डल

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	३	५		८	१		१	१	१	३			३
घाइते	३	१	१		३	१	४	३	६					
गिरफ्तारी/यातना										५	३१			३१
कुटपिट	१	१			१	१	१		१	३	४			४
भेला/संगठित हुने अधिकार										४	६		३७	३३
जातीय विभेद	३	५		३०	३५									
महिलाअधिकार	३७		३७		३७					१		१		१
बालअधिकार	५	१	३	१९	३३					१	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	३		३					
अमानवीय व्यवहार	१	१			१									
अपहरण	१	१			१	३०	३१	१	३३					
जम्मा	५८	१३	४६	३९	९८	३४	३८	४	४३	१४	३४	१	३७	६३



माओवादीद्वारा अपहरित स्थानीय विकास अधिकारी दीर्घनारायण पौडेल र खरिदार राजेन्द्र श्रेष्ठ

०६३ साउन १८ बिहान सार्वजनिक सडकमा छरिएको पान परागको डीब्बा कुल्चदाँ विस्फोट भई घाइते भए। दाहिने पैतालाको माथिल्लो भाग र सोही खुट्टाको पिडुँलामा चोट लागेका पीडितलाई जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो। सो डीब्बा बम डाँकाले राखेको प्रहरीको दाबी छ ।

जेल र बन्दी

"ख" श्रेणीको जलेश्वर कारागारको कूल कैदी क्षमता १ सय ३५ को हो। सँधै क्षमता भन्दा बढी कैदी हुने यस कारागारमा अहिले १ सय ९६ कैदी छन्। जसमध्ये १ सय ८२ पुरुष र १३ महिला रहेका छन्। ती मध्ये पनि ६७ पुरुष र नौ महिला कैद तोकिएका छन् भने अन्य पुर्पक्षकै क्रममा छन्। ज्यान मार्ने उद्योग मुद्दामा पुर्पक्षकै क्रममा रहेकी एक महिला कैदीले आफ्नो तीन वर्षीय छोरालाई आफूसँगै राखेकी छन्।

खानेपानी संस्थानद्वारा वितरण गरिएको खानेपानीको धारा बाहेक जेलभित्र पुरुषका लागि चार र महिलाका लागि दुई चापाकल रहेका छन्। त्यस्तै पुरुषका लागि छ ओटा र महिलाका लागि दुई ओटा शौचालय रहेका छन्। पुरुष कारागारमा एउटा २२ इञ्चको रंगीन र एउटा १४ इञ्चको सादा टेलिभिजन रहेको छ। उता महिलाका लागि एउटा १४ इञ्चको सादा टेलिभिजन छ। यसबाहेक दुई पुरुष कैदीले दुईओटा आठ इञ्चको निजी सादा टेलिभिजन राखेका छन्। जेलभित्र विद्युतीय बत्ती र पंखाको व्यवस्था भएको जेल प्रशासनले जनाए पनि गर्मीमा क्षमता भन्दा बढी कैदी भएकाले पंखा अपुग भएको छ।

जलेश्वर जेलमा पत्रपत्रिकामा कान्तिपुर र गोरखापत्र दैनिक रूपमा कैदीहरूले पढन पाएका छन् भने कारागारभित्र पुस्तकालय समेत स्थापित छ। जेलमा चेस, क्यारमबोर्ड र ब्याडमिन्टन लगायतका खेल सामग्री उपलब्ध छन्।

जलेश्वर कारागारका कैदीले जनआन्दोलन सकिएलगत्तै आम माफीको माग गर्दै ०६३ वैशाख ३१ देखि सात जना कैदीले आमरण अनसन सुरु गरेका थिए। सो अनसन जिल्लास्थित सात दलले संसदमा आवाज उठाएर सरकारको ध्यानाकर्षण गराउने आश्वासन दिएकाले १६ औँ दिनमा तोडिएको थियो। आफ्नो मागको सुनुवाई नभएको जनाउदै कैदीहरूले ०६३ असार ७ गते जेल प्रशासनमार्फत प्रधानमन्त्रीलाई एक ज्ञापनपत्र पठाउदै पाँच दिनभित्र आफ्ना मागलाई सरकारले सम्बोधन नगरे कडा आन्दोलनमा उत्रने चेतावनी दिएका थिए।

सोही बमोजिम असार १३ गतेदेखि दैनिक छतमा नाराबाजी, मसाल जुलुस र २४ घण्टे रिले अनसनमा ओर्लिएका कैदीले असार २१ गते दिउँसो जेलभित्र आगजनी गर्नुका साथै तोडफोड गरी पर्खालको तीन ठाँउमा प्वाल पारेका थिए। सो क्रममा कैदीलाई भाग्न नदिन प्रहरीले दुई दर्जन भन्दा बढी हवाई फायर र एक दर्जन जति रबरका गोली प्रहार गरे पनि मानवीय क्षति भएन। जिल्लास्थित सुरक्षा निकायका प्रमुख, राजनीतिक दल, सञ्चारकर्मी र मानवअधिकारकर्मीले कैदीसँग संयुक्त वार्ता गरेपछि सो घटना टुङ्गिएको थियो। समस्या समाधान नभएपछि ०६३ साउन ११ गते कारागारभित्र आगजनी शुरूपछि प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेले कैदीसँग वार्ता गरेका थिए। सो वार्ता विफल भएपछि जेलभित्र लगाइएको आगो निभाउन र स्थिति नियन्त्रणमा लिन प्रहरीले बारुणयन्त्र, अश्रुग्याँस र रबरका गोली साथै ठूलो संख्यामा प्रहरी कारागार भित्र प्रवेश गरी कैदीहरू उपर अन्धाधुन्द लाठीचार्ज गरेका थिए। लाठीचार्जबाट २४ भन्दा बढी कैदी घाइते भए।

बेपत्ता / अपहरण

माओवादीबाट

खुट्टापिपराढी गाविस-७ निवासी ४५ वर्षीय देवचन्द्र यादवले एक वर्षअघि होलीको दिन सोही ठाउँको मुसहर बस्तीमा आगो लगाएको आरोपमा ०६२ चैत २४ गते माओवादीले उनलाई अपहरण गरी चार लाख रूपैयाँ क्षतिपूर्ति लिएर ०६३ वैशाख ७ गते मुक्त गरे।

किसाननगर गाविस-५ निवासी १९ वर्षीय जयविन्द्र महतोले एक बालिकालाई गर्भवती बनाएको आरोपमा ०६२ चैत २५ गते उनलाई माओवादीले अपहरण गरी सोही बालिकासँग विवाह गर्ने सर्तमा वैशाख १२ गते मुक्त गरे।

श्रीपुर गाविस-३ निवासी २५ वर्षीय संजितकुमार यादव र सोही ठाँउका २५ वर्षीय विनयकुमार यादवले डकैती गरेको आरोपमा ०६३ जेठ १९ गते माआवादीले उनीहरूलाई अपहरण गरी परिवारकै जिम्मामा २७ गते मुक्त गरे।

बर्दिबास गाविस-६ निवासी ३१ वर्षीय कमल हमाल र सोही ठाँउका १८ वर्षीय निशेष मल्ल नक्कली माओवादी

बनेर बोलपत्र दर्ता गराएको आरोपमा ०६३ साउन ११ गते माओवादीले उनीहरूलाई जलेश्वरस्थित भूमिगत जलश्रोत कार्यालय हाताबाटै कुटपिट गर्दै अपहरण गरी सामाजिक कार्यकर्ता कुर्महरि सुवेदीको रोहबरमा ०६३ भदौ २१ गते मुक्त गरे।

सर्लाही जिल्ला अत्रौली गाविस-१ घर भई महोत्तरी जिल्लाको माईस्थान गाविस-८ को जंगलबाट ३२ वर्षीय प्रमोद नुनिया, ३४ वर्षीय हीतलाल दमाई, ३२ वर्षीय जितलाल दमाई र २९ वर्षीय कमल नसनियालाई डाँकाको आरोपमा ०६३ साउन १४ गते माओवादीले अपहरण गरी लगेकामा यो वर्षको अन्त्यसम्म उनीहरूको अवस्था अज्ञात छ।

जलेश्वर नपा-१३ धवौली टोल निवासी ६० वर्षीय रहमत साफी र उनकी पत्नी ५५ वर्षीया मैमुन खातुनले आफ्नी बुहारीको हत्या गरेको आरोपमा ०६३ साउन २९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी हाथिलेट गाविसस्थित माओवादी सेनाको क्याम्प राखे। पीडितहरू ०६३ भदौ २० गते स्थानीय बासिन्दाले सो क्याम्पमा आक्रमण गर्दा मुक्त भई परिवारको सम्पर्कमा आए।

धमौरा गाविस-६ निवासी ३७ वर्षीय ईसराइल अन्सारीले सोही ठाँउकी एक युवतीको हत्या गरेको आरोपमा ०६३ साउन २७ गते माओवादीले उनलाई अपहरण गरी बेपत्ता पारेकोमा ०६३ भदौ २० गते हाथिलेटस्थित माओवादीको जनमुक्ति सेनाको क्याम्पबाट भागेर परिवारको सम्पर्कमा आए।

सीतापुर भंगाहा गाविस-४ निवासी २१ वर्षीय केशव बरालालाई सेनामा भर्ती गर्न भनी ०६३ भदौ १ गते माओवादीले अपहरण गरी भदौ १२ गते दाजु भरत बरालको जिम्मामा मुक्त गरे।

जिल्ला विकास समिति, महोत्तरीका स्थानीय विकास अधिकारी ३८ वर्षीय दीर्घनारायण पौडेल र सोही कार्यालयका खरिदार ४२ राजेन्द्र श्रेष्ठले बोलपत्र दर्तामा पक्षपात गरेको आरोपमा ०६३ भदौ १५ गते माओवादीले कार्यालय हाताबाटै उनीहरूलाई अपहरण गरी सोही दिन तीन घण्टापछि इन्सेक प्रतिनिधि इश्वरी काफ्लेको रोहबरमा जलेश्वरस्थित माओवादीको कार्यालयबाट मुक्त गरे।



बोक्सीको आरोपमा कुटपिट गरिएकी रामप्यारीदेवी महतो

सुन्दरपुर गाविस-४ घर भई गौशालाबजार निवासी ठेकेदार ३२ वर्षीय शम्भु यादवले आफ्ना कार्यकर्तालाई लक्षित गरी गोली चलाएको आरोपमा ०६३ भदौ २२ गते माओवादीले अपहरण गरे। पीडितलाई सोही दिन साँझ सर्लाही जिल्लाको रानीगञ्जबाट मुक्त गरिएको माओवादीका एरिया इन्चार्ज अजयले



जलेश्वर जेल तोडफोड गरेको आरोपमा प्रहरीद्वारा कुटपिट गरिएका एक कैदी

बताए पनि उनी ०६३ असोज ९ गते मात्र घर आई पुगेका थिए।

भारतको बिहारको मधवापुर नगर निवासी ४१ वर्षीय चन्देश्वर साहले नेपाल-भारत व्यापारिक कारोबार गर्दा आफ्नो पार्टीलाई रकम नबुझाएको आरोपमा ०६३ भदौ २२ गते माओवादीले उनलाई नेपालको मटिहानी बजारबाट अपहरण गरे। पीडित भ्रमरपुरा गाविसबाट भदौ २६ गते राति भागेर परिवारको सम्पर्कमा आए।

खयरमारा गाविस-८ निवासी २५ वर्षीय रामु पौडेललाई बलात्कार, चोरी जस्ता आरोप लगाउदै ०६३ भदौ २६ गते माओवादीले अपहरण गरी कुटपिट गरेर सोही दिन प्रहरीलाई बुझाए। प्रमाणको अभावमा मुद्दा चलाउन नसक्ने भएकाले २८ गते पीडित रिहा भए।

गोनरपुरा गाविस-९ हिर्दुवाटोल निवासी ३० वर्षीय सुखराम यादवलाई जग्गा विवादमा आफ्नो जनअदालतमा उजुरी परेको छ भन्दै ०६३ भदौ २६ गते माओवादीले उनलाई अपहरण गरे। इन्सेक प्रतिनिधिको पहलमा भदौ ३० गते एकडारावेला गाविसबाट पीडित मुक्त भए।

धनुषा जिल्ला भूचक्रपुर गाविस-१ निवासी २५ वर्षीय श्रवणकुमार सिंहले बलात्कार गरेको आरोपमा महोत्तरीको भंगाहा गाविसबाट ०६३ असोज २५ गते माओवादीले अपहरण गरी श्रमकैदमा राखेकोमा ५० हजार रूपैयाँ लिई इन्सेक प्रतिनिधिको रोहबरमा ०६३ कात्तिक २३ गते बर्दीबास गाविसबाट माओवादीका जिल्ला उपसेक्रेटरी सामनाले मुक्त गरिन्।

हाथिलेट गाविस-४ निवासी ट्र्याक्टर चालक ३५ वर्षीय विन्दे साह, सोही ठाँउका ४५ वर्षीय तेजमान लामा, २५ वर्षीय रमेश लामा, २२ वर्षीय बद्री लामा र २८ वर्षीय जीवन लामालाई दाउरा तस्करी गर्न लागेको आरोपमा रामगोपालपुर चोकबाट ०६३

कात्तिक ४ गते माओवादीले ट्रयाक्टरसहित अपहरण गरेर दाउरा जफत गरे पीडितहरूलाई रामगोपालपुरबाट कात्तिक ६ गते मुक्त गरे।

डाम्हीमडै गाविस-१ निवासी १५ वर्षीय गणेश राउतले बलात्कार गरेको आरोपमा ०६३ कात्तिक १२ गते माओवादीले उनलाई घरबाट अपहरण गरी सरपल्लो गाविसका पीडितका आफन्तका जिम्मा लगाई बोलाएका बेला उपस्थित हुने सर्तमा कात्तिक २४ गते मुक्त गरे।

भारत सीतामढी जिल्ला डुमरागाँउका ३६ वर्षीय विन्देश्वर मुखियालाई डाँकाको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले रामगोपालपुर गाविस-७ बाट अपहरण गरे। वर्षको अन्त्य सम्ममा पीडितको स्थिति अज्ञात छ।

रामगोपालपुर गाविस-२ निवासी ४५ वर्षीय रामचन्द्र मुखिया र ५१ वर्षीय राजदेव मुखियालाई छिमेकीको हत्या गरेको आरोपमा ०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरी ०६३ मंसिर ३ गते रामगोपालपुरमै आफन्तको जिम्मामा मुक्त गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जलेश्वर नपा-४ स्थित महेन्द्रचोकबाट नगर निर्वाचन वहिष्कारको आव्हान गर्दै शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा ०६२ माघ १३ गते प्रहरीले नेकाका सांसद रामचन्द्र तिवारी, नेकाँका बजरंग नेपाली, लल्लनकुमार राय, मुनेश्वर चौधरी, विनयकुमार यादव, प्रविन्द्रकुमार पाठक, हरिनारायण यादव र रामदयाल यादवलाई गिरफ्तार गरे। पीडितलाई तीन महिने नजरबन्दको पूर्जी दिई थुनामा राखिएकामा सबैलाई ०६२ माघ २७ गते जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा रिहा गरियो।

जलेश्वर नपा-४ स्थित महेन्द्रचोकबाट नगर निर्वाचन बहिष्कारको आव्हान गर्दै शान्तिपूर्ण प्रदर्शन गरिरहेका नेसपा (आनन्दीदेवी) का सुनिल रोहित, एमालेका शुरेस सिंह, कालिचरण साह, रामप्रगास मण्डल, प्रायुसंघका श्यामसुन्दर सिंह, नेकाका अन्जनीकुमार सिंह र नेकाँ (प्रजातान्त्रिक) निकट तरुण दलका कृष्णशंकर साहलाई ०६२ माघ १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई तीन महिने नजरबन्दको पूर्जी दिई जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा माघ २७ गते रिहा गरियो।

जलेश्वर नपा-२ निवासी एमालेका बालकृष्ण ढकालले नगर निर्वाचनका उम्मेदवारलाई धम्की दिएको आरोपमा ०६२ माघ १५ गते प्रहरीले सोही वडाको सार्वजनिक सडकबाट गिरफ्तार गरे। पीडितलाई तीन महिने पुर्जी दिई नजरबन्दमा राखिएकोमा ०६२ माघ २७ गते जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा रिहा गरियो।

एमालेका गणेश नेपाली र नेकाँ (प्रजातान्त्रिक) का सांसद महेन्द्र मिश्रलाई नगर निर्वाचन हुन नदिन मतदातालाई डर त्रास देखाएको आरोपमा ०६२ माघ १७ गते प्रहरीले जलेश्वर नपा-२ को सार्वजनिक सडकबाट गिरफ्तार गरे। माघ १८ गते तीन महिने पूर्जी दिई नजरबन्दमा राखिएका पीडितलाई ०६२ माघ २७ गते जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा रिहा गरियो।

एमालेका सौखिलाल यादव र तपेश्वर साह र प्रायुसंघका रामकिनकिन चौधरीलाई मतदातालाई त्रास देखाएको आरोपमा ०६२ माघ २१ गते प्रहरीले जलेश्वर नपा-१ स्थित सडकबाट गिरफ्तार गरे। सोही दिन तीन महिने पूर्जी दिई नजरबन्दमा रहेका पीडितलाई जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा ०६२ माघ २७ गते रिहा गरियो।

जलेश्वर नपा-१ मा शान्तिपूर्ण रूपले नगर निर्वाचन वहिष्कारमा जुलुस प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा नेकाँका राधारमण मिश्र, शम्भु पाठक, विनोद यादव, प्रमोद सिंह, रोशन यादव, रुद्रकिशोर कुँवर तथा नेकाँ (प्रजातान्त्रिक) का मन्दीप भारती, मोहन मिश्र, ललन सिन्हा, रामसिंहासन पाण्डे, विरेन्द्रकुमार यादव र दिपनारायण सिंहलाई ०६२ माघ २५ गते प्रहरीले गिरफ्तार गरी २७ घण्टापछि इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरे।

जलेश्वर नपा-२ को सडकबाट नगर निर्वाचन विरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी जनमोर्चाका शम्शेरसिंह लामा, मोहनराज तामाङ्ग, अनेरास्वियुका शम्भु महतो, नेसपा (आनन्दी देवी) का सरोज शर्मा, कोमल यादव, रामदिनेश यादव, वाल्मिकी सिंह, अन्तुकुमार झा, नेकाँका शुरेस पाण्डे र राजकिशोर पासवानलाई ०६२ माघ २५ गते गिरफ्तार गरी २५ घण्टापछि इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरे।

जलेश्वर नपा-४ स्थित महेन्द्रचोकमा ०६२ चैत ३१ गते जनआन्दोलनका क्रममा प्रहरीले हस्तक्षेप गरी अश्रुग्यास फायर गरी अन्धाधुन्द लाठीचार्ज गर्दा नेकाँका जितेन्द्र महतो, नेविसंघ (प्रजातान्त्रिक) का मन्दिप भारतीको टाउको फुटेर घाइते भए भने एमालेका राजकुमार बैठाको दुवै खुट्टा भाँचिएर घाइते भए। घाइतेलाई तत्काल महोत्तरी रेडक्रस सोसाईटीको एम्बुलेन्सद्वारा उपचारका लागि जनकपुर अञ्चल अस्पताल लगियो।

गौशालाबजारमा गौशाला बेसक्याम्पका नेपाली सेनाका लेफ्टिनेन्ट भीमबहादुर गोदार र सशस्त्र प्रहरीका इन्सपेक्टर किशोर श्रेष्ठले ०६३ पुस ३ गते महिला माओवादीका कार्यकर्तालाई राति अभद्र व्यवहार गरेका थिए। विरोधमा माओवादीले सोही दिन आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा सेना र सशस्त्र प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा माओवादीका भरतपुर गाविस-६ निवासी ३२

वर्षीय ईन्दल महतो, सोही ठाँउका ३५ वर्षीय किशोरी मण्डल, ५० वर्षीया फुलेश्वरीदेवी यादव, सुन्दरपुर गाविस-५ निवासी ३२ वर्षीय राजदेव यादव, फुल्काहा गाविस-७ निवासी ३१ वर्षीय राघो साह र ३० वर्षीय संजय साह घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत महोत्तरीमा जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी १ हजार ५६ मुद्दा मध्ये यस वर्ष ३ सय ७६ फर्स्यौट भई ६ सय ८० बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी देवानी ४ सय ४८ मुद्दा मध्ये ७८ फर्स्यौट भई ३ सय ६९ बाँकी रहे। जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी २ सय २७ मुद्दा मध्ये ५६ फर्स्यौट भई १ सय ७१ बाँकी रहे भने यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी ७४ मुद्दा मध्ये आठ ओटा फर्स्यौट भई ६६ बाँकी रहे।

सरकारवादी फौजदारीमा जिम्मेवारी सरेर आएका ५२ मुद्दामध्ये १८ ओटा फर्स्यौट भई ३४ बाँकी रहे भने यस वर्ष दर्ता भएका २४ मध्ये पाँचओटा फस्यौट भई १९ बाँकी रहे। यस अदालतमा सरकारवादी देवानी मुद्दा छैनन्।

यसरी महोत्तरी जिल्ला अदालतमा जम्मा दुनियाँवादी देवानी १ हजार ४९, दुनियाँवादी फौजदारी २ सय ३७ र सरकारवादी फौजदारी ५३ मुद्दा बाँकी रहेका छन्। जसमध्ये दुई वर्ष नाघेका दुनियाँवादी देवानी १ सय १०, दुनियाँवादी फौजदारी १८ र सरकारवादी फौजदारी नौ ओटा रहेका छन्।

यस अदालतमा रहेको कैद लगत १ हजार ९ सय ४७ वर्ष दुई महिना २७ दिन छ घडी मध्ये यस वर्ष २ सय ४० वर्ष ७ महिना १२ दिन फर्स्यौट भई १ हजार ७ सय ६ वर्ष ७ महिना १५ दिन ६ घडी बाँकी रहेको छ। त्यसैगरी जरिवानाको लगततर्फ ३ करोड १० लाख ४८ हजार ४ सय ८७ रूपैयाँ ७२ पैसा मध्ये १२ लाख ५३ हजार २ सय २६ रूपैयाँ ९५ पैसा फर्स्यौट भई २ करोड ९७ लाख ९५ हजार २ सय ६० रूपैया ७७ पैसा बाँकी रहेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

राज्यबाट

जलेश्वर नपा-४ निवासी २६ वर्षीय गोविन्द ठाकुर र २१ वर्षीय सुशील झालाई ०६३ कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा चोरीको आरोप स्वीकार गराउन पोलिथिनका पाइपले प्रहरीले कुटपिट गरी यातना दिए। पीडितलाई प्रहरीले नै जिल्ला अस्पताल जलेश्वरमा उपचार गराए। पीडितद्वय जिल्ला अदालतको साधारण तारेखमा मंसिर ५ गते रिहा भए।

माओवादीबाट

बर्दिबास गाविस-५ निवासी २८ वर्षीय यातायात मजदुर ज्ञानु अधिकारीले सुराकी गरेको आरोपमा ०६३ भदौ २० गते औरही बजारबाट फर्क्दै गर्दा हाथिलेट गाविस-४ कर्मटोकीटोलमा उनलाई माओवादी जनमुक्ति सेनाले रातभरि ब्यारेकमा राखेर यातना दिए। भोलिपल्ट ०६३ भदौ २१ गते स्थानीय बासिन्दाको प्रयासमा मुक्त भएका पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो।

अन्यबाट

रामनगर गाविस-३ निवासी माआवादीका ज्ञानेन्द्र महतोलाई जबरजस्ती रकम संकलन गरेको आरोपमा ०६३ भदौ १८ गते सोनामाई गाविस-३ का बासिन्दाले समातेर कुटपिट गर्दै कोठामा थुनेर राखे। भदौ १९ गते माओवादीद्वारा घोषित जनसरकार प्रमुख राजेन्द्र साहले स्थानीय बासिन्दासँग माफी मागी पीडित महतोलाई मुक्त गराए।

श्री भेरुखी माबि लोहारपट्टीका प्रधानाध्यापक ५२ वर्षीय चन्देश्वर कापरलाई विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६३ भदौ २१ गते एमाले र नेकाँका अब्दुल रहिम शेष, करिमन सिकलागढ, तथा नजामुद्दिन नदाफको नेतृत्वको समूहले चारपाटा मुडेर मासो दली गाविसको घुमाएको बेला माओवादीका जिल्ला सेक्रेटरी सुमनले हस्तक्षेप गरी मुक्त गराए। पीडितले जिल्ला प्रहरी कार्यालयमा पीडकविरुद्ध सार्वजनिक अपराध मुद्दाको जाहेरी दर्ता गराए पनि पीडकलाई कारबाही गरिएन।

बालअधिकार

सोनामाई गाविस-५ निवासी १० वर्षीया एक बालिकालाई ज्याला माग्न जाँदा ०६२ माघ २९ गते साँझ सोनामाई मन्दिरका पुजारी ५० वर्षीय जयमंगल झाले यौन दुर्व्यवहार गरे। पीडितलाई माआवादीले अपहरण गरी सोही दिन मुक्त गरे पीडकलाई कारबाही भएन।

भारतको मुम्बई शहरमा यातनापूर्ण बालश्रममा लगाइएका महोत्तरी जिल्ला धमौरा गाविस-७ निवासी १० वर्षीय नदिमकुल शेष, खुट्टापिपराढी गाविस-५ निवासी १० वर्षीय रजाबुल नदाफ, वसपिट्टी गाविस-९ निवासी ११ वर्षीय मो. निद खान, धमौरा गाविस-७ निवासी १२ वर्षीय रंजित कवाडी, सोही ठाँउ निवासी ९ वर्षीय समसुल शेष, ११ वर्षीय पर्सादेवाड गाविस-६ निवासी १२ वर्षीय नजामुद्दिन अन्सारीलाई सोही गाविस-६ निवासी ६५ वर्षीय शेष इनुस र उनका छोरा ४० वर्षीय शेष नाजिरले जागिरमा लगाइदिन्छु भनी भारतको मुम्बई पुऱ्याएर बेपत्ता पारेको भन्दै पीडितका बाबुले ०६३ कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयमा

उजुरी गरे। पीडक भारतको मुम्बई भएकाले कारबाही भएन।

महिला विरूद्धहुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सीमावर्ती भारतीय गाँउ कन्हमा घर भई फुल्काहा गाविस-४ स्थित मामा घर निवासी १४ वर्षीया एक बालिकालाई ०६३ असार ७ गते बर्दिबास गाविस-५ का तीलक विश्वकर्माले माईस्थान गाविस-२ स्थित जङ्गलमा बलात्कार प्रयास गरे। पीडक जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

बगडा गाविस-३ निवासी ५२ वर्षीया एक महिलालाई उनको छोराले छिमेकीको छोरीसँग प्रेम गरेको आरोपमा ०६३ असार २४ गते सोही ठाउँका ४५ वर्षीय शियाशरण यादव, ५१ वर्षीय रामबाबु यादव, ३८ वर्षीय रामपुकार यादव, ४६ वर्षीय मानबहादुर यादव, २८ वर्षीय शोभित यादव र २९ वर्षीय दिनेश यादव लगायतका १३ जनाले सर्वाङ्ग नाङ्गै पारेर गाँउ घुमाए। पीडक मध्येका शियाशरण यादवले सार्वजनिक रूपमा बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि प्रहरीले पीडक रामबाबु र रामपुकारलाई मात्र गिरफ्तार गरी अन्य फरार रहेको जनायो। गिरफ्तार गरिएका पीडकद्वय जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि जलेश्वर कारगारमा रहेका छन्।

धमौरा गाविस-४ निवासी २७ वर्षीया बेचनी सदा मुसहरको ०६३ साउन ९ गते अज्ञात समूहले सोही ठाउँको आँप बगैचामा बलात्कार गरेर आँपको रुखमा झुण्ड्याएर हत्या गरे। जिल्ला प्रहरी कार्यालयले लासको पोष्टमार्टम गरी आफन्तलाई बुझायो। मृतकका पिताले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि जाहेरीमा किटान भएका व्यक्तिलाई माओवादीले अपहरण गरेको जनाउँदै प्रहरीले कारबाही गरेन।

गौशाला गाविस-२ निवासी १२ वर्षीय बालिकालाई ०६३ मंसिर २ गते सप्तरी जिल्ला सीतापुर गाविस-९ निवासी संयुक्त सुरक्षावेसक्याम्प गौशालामा कार्यरत २२ वर्षीय सशस्त्र प्रहरीका सहायक हवल्दार मनोजकुमार चौधरीले बलात्कार गरे। सोही समयमा प्रहरीद्वारा गिरफ्तार गरिएका पीडक जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि जलेश्वर कारागारमा रहेका छन्।

पर्सादेवाड गाविस-५ निवासी ४० वर्षीया एक महिलालाई ०६३ मंसिर ११ गते सोही ठाँउका ३८ वर्षीय भजन महतोले बलात्कार गरे। पीडितले मंसिर १४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि पीडक फरार भएकाले कारबाही भएन।

पारिवारिक हिंसा, बहुविवाह समेत

कोल्हुवा बगेया गाविस-२ निवासी १९ वर्षीया महमुदा खातुनलाई दाईजो कम ल्याएको भन्दै ससुरा ४५ वर्षीय इनुस लहेरीले माइत जान रोक लगाए। पीडितका पिता मटिहानी गाविस-८ निवासी युसुफ लहेरीले ०६२ फागुन १६ गते पीडकविरुद्ध जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि कारबाही भएन।

नैन्ही गाविस-३ निवासी १८ वर्षीया रानीदेवी साहको विवाह गरेको वर्ष दिनसम्म सन्तान नभएको भन्दै ०६२ फागुन २० गते उनका पति २१ वर्षीय दयाराम साहले बहुबिबाह गरे। पीडितले बहुबिबाहको नभई खानलाउन नदिई कुटपिट गरेको जनाउँदै फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि कारबाही भएन।

भटौलिया गाविस-२ निवासी ३२ वर्षीया सुरजदेवी साहलाई भारतमा रोजगारीका लागी गएका पतिले उतै अर्की बिवाह गरेकाले उसलाई घर ल्याउन बाधा नहोस् भनेर ०६३ जेठ १७ गते उनकी सासु ५० वर्षीया लक्ष्मीनियाँ देवी र देवर २० वर्षीय अञ्चल महासेठले कुटपिट गरी घर निकाला गरे। पीडितले जेठको १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएकोमा प्रहरीले पीडकद्वयसँग सोधपुछ गर्दा पीडितसँगको नाता नै अस्वीकार गरेकाले नाता कायम र बहुविवाह मुद्दाका लागि अदालत जान सल्लाह दिएको प्रहरी महिला सेलले जनायो।

सबै प्रकारका जातीय विभेद

मनरा गाविस-१ निवासी सोन्फी दशैं मावि मनरामा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय विश्वनाथ पण्डित, सोही कक्षामा अध्ययनरत सोही ठाँउ निवासी १५ वर्षीय चिन्टु रजक, सोही माविमा ७ कक्षमा अध्ययनरत १४ वर्षीय बीरेन्द्र माली र सोही गाविस-६ निवासी सोही माविमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय छविल रामलाई कथित उपल्लो जातका विद्यार्थीसँग जातीय विभेद गरी घातक हतियार लिएर झगडा गरेको भन्दै ०६२ माघ १० गते सोही माविका शिक्षकहरू ललन सिंह, वैद्यनाथ सिंह, विजय सिंह र रामकैलाश सिंहको सक्रियतामा शिक्षकहरूको बैठकले निर्णय गरी सो विद्यालयमा अध्ययन गर्न नपाउने गरी निष्काशन गरे। इन्सेक प्रतिनिधि र सामाजिक कार्यकर्ताको प्रयासमा एक महिनापछि ती दलित विद्यार्थीलाई फेरि सो विद्यालयमा भर्ना गरियो।

सहसौला गाविस-४ निवासी २० घर चमारहरूले ज्याला बढाउने माग गर्दै सिनो फाल्न अस्वीकार गर्दा ०६३ साउन २० गते सोही ठाँउ निवासी नेकाँका क्षेत्रीय सभापति राजाराम यादव, एमालेका पूर्व गाविस अध्यक्ष नरेश यादव, राप्रपाका विलास दाहाको नेतृत्वमा गाँउलेहरूले धारा पँधेराबाट बञ्चित गरे। सो घटनाबारे पीडित पक्षले कतै उजुरी गरेन।

श्रीपुर गाविस-२ निवासी ५१ वर्षीय श्यामकिशोर महराले सिनो फाल्न नसकेको भन्दै ०६३ कात्तिक ६ गते सो गाविसका कथित उपल्लो जातका राजाराम रायको सक्रियतामा गाँउमा बसेको भेलाले महरालाई ३० हजार जरिवाना गरे। बैदेशिक रोजगारीबाट फर्केका आफ्ना ज्वाँईसँग मासिक पाँच प्रतिशत ब्याज कबोल गरेर सो जरिवाना तिरेको बताउने पीडितले न्यायिक तथा प्रशासनिक निकायमा उजुरी भने गरेनन्।

सहसौला गाविस-४ निवासी २० घर चमारले सिनो नफालेको आरोपमा पुन: दोश्रो पटक ०६३ कात्तिक १७ गतेदेखि सोही ठाँउका कथित उपल्लो जातका रामएकवाल यादव, राजाराम यादव, फुलबाबु यादव, मनोहर यादव, राजकिशोर चौधरी, गंगा चौधरी, सहदेव यादव र रामपुकार यादवलगायतले खानेपानीबाट उनीहरूलाई वञ्चित गरे। कात्तिक २० गते पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे पनि निर्णय हुन सकेको छैन। सोही गाविसका एक एमाले नेताले आफ्नो निजी धारामा दलितलाई पानी खान दिएकाले पानीको समस्या तत्कालका लागि समाधान भएको छ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा २७ हजार ७ सय ९९ परिवार निजी भूमिबाट वञ्चित रहेका छन्। जसमध्ये जिल्लाका सुदुर उत्तरी गाविसहरू खयरमारा, माईस्थान, गौरीबास र बर्दिबासका २ हजार ७ सय ९९ परिवारले जोत भोगका आधारमा जमिन दर्ता गराई पाँउ भन्दै ०६१ भदौ ८ गते जिल्ला प्रशासन कार्यालय महोत्तरीमा निवेदन दर्ता गराए पनि यो वर्षको अन्त्यसम्ममा कुनै कारबाही भएन।

विगतको अनुगमन

बेपत्ता/अपहरण

राज्यबाट

बेपत्ता पारिएका भनिएका सरपल्लो गाविस-६ निवासी मनोज साह, रघुनाथपुर गाविस-६ निवासी राम चलित्तर यादव, रामदेव यादव, सिंहेश्वर यादव, भाग्यनारायण यादव, राजी मण्डल र विन्देश्वर यादव दोहोरो भिडन्तमा मारिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

माओवादीबाट

यसअघि माओवादीद्वारा बेपत्ता पारिए भनिएका हाथिलेट गाविस-३ निवासी पूरे जर्घा मगर माओवादी नियन्त्रणमै ग्रिनेड विस्फोट गराई आत्महत्या गरेको माओवादीका जिल्ला इन्चार्ज लोचनले जनाए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना रहेका छन्। यसरी बेपत्ता पारिएकामा खोपी गाविस-८ गोठवनौलीटोल निवासी विस्फोट भनिने सुरेन्द्र यादव रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा फुल्काहा गाविस-२ निवासी लालबाबु यादव रहेका छन्।

२.३ सर्लाही



जनसंख्या	:	६,३५,७०१
सासाक्षरता प्रतिशत	:	४२.१३
महिला साक्षरता प्रतिशत	:	३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	:	१२५९
गाविस/नपा संख्या	:	९९/१
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३२१
क्याम्पस/उच्च मा.वि.	:	३/७
अस्पताल/स्वास्थ्य चौकी	:	१/१०३
टेलिफोन लाइन	:	२३१७
मोटर सडक (कि. मि.)	:	२१५
प्रहरी कार्यालय संख्या	:	७
हुलाक संख्या	:	८९
मानव विकास सूचकाङ्क	:	०.४०८
प्रति परिवार सरदर संख्या	:	६.३३

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

काभ्रे जिल्ला कानपुर गाविस-१ निवासी माओवादी कार्यकर्ता ४० वर्षीय वासुदेव मैनालीको ०६२ फागुन १६ गते सुरक्षाकर्मीले पत्थरकोट गाविस-८ हीरापुरमा नियन्त्रणमा लिई गोली हानी हत्या गरे। पीडितको लास मलङ्गवा अस्पतालमा पोष्टमार्टम गरी आफन्तलाई जिम्मा लगाई सद्गद गरियो।

माओवादीबाट

पर्सा जिल्ला विन्दावासिनी गाविस-४ निवासी २७ वर्षीय प्रहरी जवान लालबाबुप्रसाद यादवको ०६२ फागुन २८ गते माओवादीले त्रिभुवननगर गाविस-४ स्थित अस्थायी प्रहरीपोष्टमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडितको लास प्रहरीले आफन्तलाई जिम्मा लगाए।

संग्रामपुर गाविस-९ निवासी सर्वसाधारण ४० वर्षीय विन्देश्वर रायको ०६२ फागुन २९ गते माओवादीले संग्रामपुर गाविसस्थित अस्थाई प्रहरीपोष्ट नजिक बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडितको लास आफन्तलाई जिम्मा लगाइयो।

मोहनपुर गाविस-२ निवासी ३५ वर्षीय रामबाबु साहले माओवादीविरुद्ध जथाभावी बोलेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनलाई राति नौकेल्लावा गाविसस्थित ईटा भट्टामा सुतिरहेको अवस्थामा हात बाँधी गोली हानी हत्या गरे। पीडितको लास आफन्तको जिम्मा लगाइयो।

हरिपुर गाविस-९ निवासी ५५ वर्षीय श्रीकृष्ण रौनियार, भारत घर भएका होटल मजदुर ३५ वर्षीयराम सोगारथ साहको ०६२ चैत २३ गते राति माओवादीले नेत्रगञ्ज गाविस-६ स्थित एक होटलमा खानाको विषयमा सामान्य विवाद हुँदा सकेट बम प्रहार गरी हत्या गरे। सोही घटनामा भारतीय नागरिक होटल साहु ५० वर्षीय राम सेवक सहनी, उनका छोरा १८ वर्षीय दिनेश सहनी र कविलासी गाविस-९ निवासी ३५ वर्षीय मजदुर रामबाबु साह गम्भीर घाइते भए। घाइते तीनजनालाई भोलिपल्ट सेनाको हेलिकप्टरबाट उपचारका लागि सैनिक अस्पताल छाउनी लगियो। घाइते तीनजना तीन महिनासम्म उपचार गरेपछि घर फर्किए।

रौतहट जिल्ला हर्दियापल्टुवा गाविस-७ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चाका १८ वर्षीय जोतनारायण यादवलाई ०६३ वैशाख २९ गते साँझ माओवादीले हजरिया गाविस-७ स्थित एकादशी खोलामा अपहरण गरी दुवै हात बाँधी गोली हानी हत्या गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

हजरिया गाविस-४ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय भानुभक्त न्यौपानेलाई सुराकीको आरोपमा ०६३ पुस १६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरी २ सय मिटर उत्तरतर्फ उखुबारी नजिकै सडकमा पुऱ्याइ गोली हानी हत्या गरे। माओवादीद्वारा हत्या गरिएका मोर्चाका कार्यकर्ता जोतनारायण यादवको हत्यामा सुराकी गरेको आरोपमा पीडितको हत्या गरिएको मोर्चाका राजनीतिक कमिसार अर्जुनले जनाए।

दोहोरो भिडन्त

झापा जिल्ला बुधवारे गाविस-१ निवासी सशस्त्र प्रहरीका सहायक हवल्दार ३० वर्षीय विष्णु रिजाल र पाँचथर जिल्ला घर भएकी माओवादी कार्यकर्ता १८ वर्षीया दीपाको ०६२ फागुन १८ गते कर्मैया गाविस-२ स्थित महेन्द्रराजमार्गमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। सोही घटनामा सुरक्षाकर्मीतर्फ दुईजना र माओवादीतर्फ एकजना गम्भीर घाइते भए। घाइतेको नाम खुलेन।

झापा जिल्ला निवासी सशस्त्र प्रहरी जवान ३० वर्षीय कमल राना, २२ वर्षीय मानबहादुर अधिकारी र उदयपुर जिल्ला बसाहा गाविस बर्खेडाँडा निवासी १८ वर्षीय माओवादी कार्यकर्ता निश्चलको ०६२ चैत १७ गते कर्मैया गाविस-६ र ७ को बीचको महेन्द्रराजमार्गमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। अधिकारी र निश्चलको घटनास्थलमा मृत्यु भयो भने रानाको उपचारको क्रममा काठमाडौंमा मृत्यु भयो। सोही घटनामा तीनजना सुरक्षाकर्मी र दुईजना माओवादी गम्भीर घाइते भए।

धनुषा जिल्ला लग्मागढागुठी गाविस-६ निवासी सई सोनेलाल मण्डल, नवलपरासी सुनवल-६ निवासी असई सुकबहादुर गुरुङ्ग, प्रहरी जवानहरू सिरहा लालपुर-९ अर्नाहा निवासी लक्ष्मण साह, बारा कवहीगोठ-४ निवासी रामप्रित यादव, मकवानपुर चुरियामाई रातमाटे-३ निवासी दिलबहादुर सुनुवार, बारा दहियार-९ निवासी रामनरेश सहनी र माओवादीका कमल, वीरेन, समर्पण र जोशिलाको ०६३ चैत २३ गते राति सदरमुकाम मलंगवामा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। सोही घटनामा सेनाको नाइटभिजन हेलिकोप्टर मलंगवा नपा २ स्थित खेतमा दुर्घटनाग्रस्त हुदाँ सेनाका अशोक के.सी., सुवासचन्द्र राई, आशिष गोर्खाली सहित १० जनाको घटनास्थलमै मृत्यु भयो। माओवादीले हेलिकोप्टर आफूले खसालेको दावी गऱ्यो भने सेनाले प्राविधिक त्रुटीका कारण दुर्घटनाग्रस्त भएको जनायो।

गोली/बम/विष्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मलगंवा नपा-९ निवासी १५ वर्षीया रीनाकुमारी साह, १३ वर्षीया पवनकुमारी र ११ वर्षीया मञ्जु साह, मलंगवा नपा-१० निवासी ३५ वर्षीय दिनेश्वरलाल, २४ वर्षीया सुनिता, ४ महिनाकी शिला कर्ण र ३१ वर्षीय रसिलाल पण्डित ०६२ चैत २३ गते राति सदरमुकाम मलगंवा आक्रमणमा सेनाले नाइटभिजन हेलिकोप्टरले हानेको बमबाट घाइते भए। पीडितहरूको जिल्ला अस्पताल, मंलगवामा उपचार गरियो। सो घटनामा सुरक्षाकर्मीको गोलीबाट ११ जना माओवादी घाइते भए। उनीहरूको माओवादीले नै उपचार गरे। राधेश्याम प्रसाद, किशोरी साह, जितप्रसाद राय, बैजु साह र दिनेश मिश्रको घर नाइटभिजन हेलिकोप्टरबाट खसालेको बमले क्षतिग्रस्त भएकोमा उनीहरूले सरकारबाट १ लाख ६० हजार ४ सय ७० रुपैंया क्षतिपूर्ति प्राप्त गरे।

माओवादीबाट

कर्मैया गाविस-२ स्थित महेन्द्रराजमार्गभन्दा दक्षिणको नहरमा राखिएको सकेट बम बिस्फोट हुदाँ ०६२ फागुन २० गते नाम नखुलेकी तथा मानसिक सन्तुलन ठीक नभएकी ३५ वर्षीया महिला घाइते भइन्। पीडितको तत्काल सुरक्षाकर्मीको सहयोगमा स्थानीय उपस्वास्थ्य चौकीमा उपचार गरियो।

संग्रामपुर गाविस-९ निवासी २६ वर्षीय जयराम मण्डल र एक भारतीय महिलालाई ०६२ फागुन २९ गते संग्रामपुर गाविसस्थित अस्थायी प्रहरी पोष्टमा माओवादीले गोली हानी घाइते पारे। पीडित दुवैको भारतको सोनवर्षामा उपचार गरियो।

प्रहरी असई पदमबहादुर गुरुङ, विश्वराज अधिकारी, प्रहरी हवल्दारहरू कृष्णबहादुर खड्का, रामगोपाल सुवाल, सुरेशकुमार थापा, प्रहरी जवानहरू नवराज गौतम, दिनेशराय यादव, मनोजकुमार साह, प्रभुप्रसाद साह, प्रदिप रामीजाल, विनोद बोगटी र प्रभुप्रसाद कुर्मी ०६२ चैत २३ गते राति माओवादीले सर्लाही सदरमुकाम आक्रमण गर्दा गम्भीर घाइते भए। आक्रमणमा परी असई श्यामसुन्दर यादव, प्रहरी हवल्दार पवनकान्त मिश्र, राजकुमार कार्की, फनबहादुर विश्वकर्मा, प्रहरी जवानहरू ईश्वरीप्रसाद गैरापिप्ली, धर्मेन्द्रप्रसाद साह, सुवेश सिंह र गुल्जारीराय यादव सामान्य घाइते भए। घाइतेको जिल्ला अस्पताल सर्लाही र सैनिक अस्पताल छाउनी, काठमाडौं उपचार गरियो।

लालबन्दी गाविस-५ निवासी २६ वर्षीया सरस्वती पोखरेल ०६३ वैशाख २२ गते स्थानीय समुदायिक वन गएको अवस्थामा सकेट बम विष्फोट हुदाँ गम्भीर घाइते भईन्। उनको नारायणी उपक्षेत्रीय बीरगञ्ज अस्पतालमा उपचार गरियो।

जेल र बन्दी

"ग" श्रेणीको सर्लाही जेलको बन्दी क्षमता महिला २५ र पुरुष ७५ गरी सय जनाको छ। यस जेलमा कैद तोकिएका २६ पुरुष र कैद नतोकिएका २५ पुरुष र तीन महिला गरी कूल बन्दी ५४ जना छन्। कैद तोकिएका चार जना भारतीय नागरिक रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो, टीभी, पुस्तकालय, खेलकुद सामग्री, लुगा सिलाउने मेसिनको व्यवस्था गरिएको जेलर अनिलकुमार आचार्यले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१५	१०	५	१५	७	१८		७	३५	३	६	१		७
घाइते	६	६	३	८	४	३६	१	३	३०	३	३	५	३	१०
गिरफ्तारी/यातना										१३	४०	१		४१
कुटपिट					३	३			३	३	८	१	५	१४
धम्की					१	१			१					
भेला/संगठित हुने अधिकार										१			३९	३९
महिलाअधिकार	९		९	९										
बालअधिकार	३		३	३										
अमानवीय व्यवहार	१	१		१										
अपहरण	१	१		१	३१	९१			९१					
जम्मा	३५	१८	१९	३७	४६	१३९	१	१०	१५०	३३	५६	८	३७	१०१

अपहरण/बेपत्ता

माओवादीबाट

किसनपुर गाविस-२ निवासी ३५ वर्षीय रामसेवक महरा चमारले चोरी गरेको आरोपमा ०६२ फागुन २६ गते विहान माओवादीले उनलाई घरैबाट अपहरण गरी निर्ममतापूर्वक कुटपिट गरे। पीडितलाई ०६२ चैत १ गते मुक्त गरियो।

सीमरा गाविस-१ निवासी प्रहरी जवान २८ वर्षीय उमेश राय भूमिहारलाई ०६२ फागुन २८ गते माओवादीले त्रिभुवननगर गाविस-४ स्थित अस्थायी प्रहरीपोष्टबाट अपहरण गरे। पीडितलाई ०६२ चैत २९ गते इन्सेक जिल्ला प्रतिनिधि बिदुरकुमार प्याकुरेल र सञ्चारकर्मीको रोहबरमा श्रीनगर गाविस-७ बाट मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका वासुदेव मैनाली

मकवानपुर जिल्ला ज्यामिरे गाविस-९ निवासी ५२ वर्षीय प्रहरी सई जयबहादुर तामाङलाई ०६२ फागुन २९ गते माओवादीले संग्रामपुर गाविसस्थित अस्थायी प्रहरीपोष्ट नजिकै बसिरहेको अवस्थामा अपहरण गरे। पीडितलाई ०६२ चैत २९ गते इन्सेक जिल्ला प्रतिनिधि बिदुरकुमार प्याकुरेल र सञ्चारकर्मीको रोहबरमा श्रीनगर गाविस-७ बाट मुक्त गरियो।

ईश्वरपुर गाविस-४ निवासी २५ वर्षीय विदुर मैनालीलाई सेनाको सुराकी गरेको आरोप तथा शंकास्पद गतिविधि गरेको आशंकामा ०६२ चैत १४ गते माओवादीले उनलाई ईश्वरपुर गाविस-२ बाट अपहरण गरे। पीडितलाई ०६३ वैशाख २ गते मुक्त गरियो।

काठमाडौं निवासी तत्कालीन प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारी, सिन्धुली निवासी प्रहरी सई बालकृष्ण कार्की, रामेछाप निवासी असई बुद्धिलाल दंगाली र देवराज बुढाथोकी, महोत्तरी निवासी प्रहरी हवल्दार शत्रुधन पाण्डे, धनुषा निवासी राजु परियार, सर्लाही निवासी भरत झा, बारा निवासी रामधुव सहनी, रुपन्देही निवासी भेषराज भुषाल र गोविन्द अहिर, नवलपरासी निवासी जिल्ला कारागार शाखा प्रमुख अनिलकुमार आचार्य, सिन्धुपालाञ्चोक निवासी प्रहरी असई पदमनाथ सापकोटा, प्रहरी हवल्दारहरू ओखलढुंगा निवासी मिनराज गिरी, बारा निवासी रामआदेश यादव, पर्सा निवासी विद्यासागर ठाकुर, दोलखा निवासी कृष्णवहादुर श्रेष्ठ, काठमाडौं निवासी किशोर हर्सनं, प्रहरी जवानहरू चितवन निवासी गोपाल खाती र चुमन महतो, प्रहरी हवल्दारद्वय गोरखा निवासी टीका आले र चितवन निवासी तुलाराम चापागाईंलाई ०६२ चैत २३ गते राति माओवादीले सदरमुकाम आक्रमण गरी अपहरण गरे। अपहरितमध्ये कारागार शाखाका प्रमुख अनिलकुमार आचार्यलाई ०६२ चैत २९ गते इन्सेक जिल्ला प्रतिनिधि बिदुरकुमार प्याकुरेल र सञ्चारकर्मीको रोहबरमा माओवादीले श्रीनगर गाविस-७ बाट मुक्त गरे भने १९ जना सुरक्षाकर्मीलाई ०६३ वैशाख ६ गते सिन्धुली जिल्लाको सिर्थौली गाविस-८ बाट सञ्चारकर्मी र मानवअधिकार रक्षकको रोहबरमा मुक्त गरियो। त्यस्तै प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारीलाई ०६३ वैशाख २८ गते उदयपुर जिल्ला लेखानी गाविस-२ घुर्मीबजारबाट मानवअधिकारककर्मीको रोहबरमा मुक्त गरियो।

सिरहा जिल्ला लहान नपा-५ निवासी वन अधिकृत ४७ वर्षीय प्रकाशनाथ प्याकुर्याललाई ०६३ वैशाख २ गते राति माओवादीले लालबन्दी गाविस-१ स्थित डेराबाट अपहरण गरे। पीडितलाई ०६३ वैशाख ६ गते सञ्चारकर्मीको रोहबरमा परवानीपुर गाविसबाट मुक्त गरियो।

ब्रम्हपुरी गाविस-५ निवासी २२ वर्षीय गोविन्द पासवान, २० वर्षीय बैजु पासवान, २७ वर्षीय बेचु पासवान र १८ वर्षीय मोहरलाल पासवानलाई ०६३ वैशाख ३ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितहरूमध्ये गोविन्द र बैजुलाई ०६३ वैशाख ५ गते र बेचु र मोहरलाललाई ०६३ वैशाख ७ गते मुक्त गरियो।

अत्रौली गाविस-९ खोरगाउँ निवासी ५२ वर्षीय ताराबहादुर विश्वकर्मालाई ०६३ वैशाख ५ गते विहान माओवादीले घर नजिकै चौतारामा बसिरहेको अवस्थामा अपहरण गरे। पीडितलाई ०६३ वैशाख ९ गते मुक्त गरियो।

कर्मैया गाविस-९ निवासी रामसुन्दर महत्तो, खुशीलाल महत्तो र छैसङ लामाले काठ तस्करी गरेको आरोपमा ०६३ वैशाख ९ गते माओवादीले उनीहरूलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई रकम असुलेर माओवादीले ०६३ वैशाख ११ गते मुक्त गरे।

सक्रौल गाविस-६ निवासी नेकाँका ३५ वर्षीय विजयप्रसाद यादवले जग्गा विवादमा ०६३ वैशाख १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित ०६३ जेठ १३ गते माओवादी कब्जाबाट भागेर फर्किए।

हरिऔन गाविस-६ निवासी ४५ वर्षीय शंकर रायमाझीले चन्दा नदिएको आरोपमा ०६३ वैशाख २५ गते माओवादीले उनलाई हरिऔन गाविस-४ दनुवारीबाट अपहरण गरे। पीडितलाई ०६३ जेठ २ गते मुक्त गरियो।

कालिन्जोर गाविस-५ निवासी ३१ वर्षीय राजन विश्वकर्माले निरङ्कुश राजतन्त्रलाई सहयोग गरेको आरोपमा ०६३ वैशाख २५ गते माओवादीले उनलाई परवानीपुरबाट अपहरण गरे। पीडितलाई माओवादीको श्रमशिविरमा राखी ०६३ जेठ १२ गते मुक्त गरियो।

गम्हरिया गाविस-२ निवासी २५ वर्षीय रामबाबु रायलाई घरायसी झगडाको आरोपमा ०६३ वैशाख ३१ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६३ जेठ ६ गते मुक्त गरियो।

पत्थरकोट गाविस-९ निवासी पूर्व माओवादी कार्यकर्ता २७ वर्षीय मातृका राउतलाई ०६३ जेठ ३ गते दिउँसो माओवादीले रानीगञ्ज गाविस-२ बाट अपहरण गरे। पीडितलाई कुटपिट गरी माओवादी कब्जामै राखेकोमा ०६३ जेठ ११ गते माओवादी कब्जाबाट भागेको माओवादीले जनाए। पीडित भारत गएका छन्।

हरिवन गाविस-१ निवासी ४३ वर्षीय रुद्रबहादुर विश्वकर्मालाई सोही गाविस-३ निवासी एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६३ जेठ १७ गते माओवादीले हरिवन गाविस-९ बाट अपहरण गरे। पीडितलाई हात गोडा बाँधी लाठी र लात्ताले हिर्काएर गम्भीर घाइते पारे। पीडितलाई ३१ हजार दण्ड जरिवाना गरी ०६३ जेठ १८ गते मुक्त गरियो। पीडित गम्भीर बिरामी भएकाले काठमाडौंमा उपचार गरियो।

भेल्ही गाविस-५ निवासी कानून व्यवसायी ३७ वर्षीय ईन्दल बैठालाई स्थानीय पोखरीमा विष हालेको आरोपमा ०६३ जेठ २० गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ०६३ जेठ २२ गते मुक्त गरियो।

गडैया गाविस-३ निवासी बरहथवा उमाविका प्रधानाध्याक ४५ वर्षीय राजकुमार ठाकुर र ४२ वर्षीय लेखापाल रामप्रसाद मण्डललाई ०६३ असार ३१ गते माओवादीले बरहथवा गाविस-४ स्थित विद्यालय हाताबाटै दुवैको हात बाँधी अपहरण गरे। पीडितमध्ये ठाकुरलाई आर्थिक हिनामिना तथा यौनदुराचार र मण्डललाई आर्थिक हिनामिनाको आरोपमा अपहरण गरेका थिए। पीडित दुबैलाई सोही दिन साँझ मुक्त गरियो।

जब्दी गाविस-५ निवासी ३२ वर्षीय रबिन खड्कालाई चोरी गरेको आरोपमा ०६३ साउन १८ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई निर्मम रुपमा कुटपिट गरी ०६३ भदौ २ गते मुक्त गरियो।

जब्दी गाविस-५ निवासी ३५ वर्षीय शेखर खड्कालाई बिनाकारण ०६३ साउन १८ गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई ०६३ भदौ २ गते मुक्त गरियो।



दोहोरो भिडन्तमा मारिएका माओवादी कार्यकर्ता

बेलही गाविस-७ निवासी ६५ वर्षीय मनरुप राय, ५० वर्षीय रामप्रीत राय, २० वर्षीय रामप्रवेश राय, २८ वर्षीय विन्देश्वर राय, १६ वर्षीय अरुणकुमार राय, २७ वर्षीय सञ्जयकुमार राय र २२ वर्षीय उमेश रायलाई सार्वजनिक जग्गा अतिक्रमण गरी बनेका घरहरू भत्काएको आरोपमा ०६३ साउन २८ गते माओवादीले अपहरण गरे। सोही घटनामा स्थानीय ३६ जनालाई माओवादीले निर्घात रुपमा कुटपिट गरे। अपहरित सात जनालाई राति स्थानीय विद्यालयको कोठाभित्र राखी निर्ममतापूर्वक कुटपिट गरी भोलिपल्ट २९ गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरियो। माओवादीले सो घटनामा आफ्नो कमजोरी भएको स्वीकारे। घटनापछि माओवादीको ज्यादतीको डरले केही युवाहरू भारत पलायन भएको स्थानीय जनताले बताए।

हरिपुर गाविस-५ निवासी शिक्षक ३२ वर्षीय जयनारायण चौधरीलाई मादकपदार्थ सेवन गरी आफूलाई गाली गरेको आरोपमा ०६३ साउन २९ गते माओवादीले अपहरण गरे। पीडितलाई सडकदेखि कुटपिट गरी स्थानीय हरिपुरकै साझा सहकारीको कोठामा थुनेका थिए। पीडितलाई दुई घण्टापछि मुक्त गरियो। माओवादीको ज्यादतीको विरुद्धमा स्थानीय हरिपुरवासीले एक घण्टा सडक अवरुद्ध गरेका थिए।

पिपरीया गाविस-४ निवासी ४० वर्षीय नेवाज अहमदलाई जग्गा सम्बन्धी विषयलाई लिएर ०६३ भदौ ४ गते माओवादीले खेतबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ ७ गते मुक्त गरियो।

बाराउद्योरण गाविस-७ निवासी ५५ वर्षीय बिसुनदेव साहलाई ०६३ भदौ १२ गते दिउँसो माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ १९ गते मुक्त गरियो। अपहरणको कारण थाहा हुन सकेन।

भगवतीपुर गाविस-१ निवासी ४० वर्षीय जोगेन्द्र महतोलाई जग्गा विवादमा ०६३ असार ६ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

मधुवनगोठ गाविस-६ निवासी ५० वर्षीय रामचन्द्र महतोलाई लेनदेन सम्बन्धी विवादमा ०६३ भदौ २० गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ २२ गते मुक्त गरियो।

कबिलासी गाविस-८ निवासी ३५ वर्षीय रामप्रीत महतो सुँडीलाई जग्गा विवादमा ०६३ भदौ २१ गते माओवादीले मंलगवाबाट अपहरण गरे। पीडितलाई मोहनपुर गाविस-२ स्थित पोखरीयामा कोठामा थुनेर निर्मम रुपमा कुटपिट गरेका थिए। पीडितलाई ०६३ भदौ २३ गते मुक्त गरियो।



जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका भानुभक्त न्यौपाने

गोडैता गाविस-७ निवासी २५ वर्षीय दिलिप यादवलाई माओवादीको विरोध गरेको आरोपमा ०६३ भदौ ३१ गते माओवादीले बरहथवा गाविस-४ बाट अपहरण गरे। पीडितलाई निर्ममतापूर्वक कुटपिट गरी ५० हजार लिई ०६३ असोज ५ गते मुक्त गरियो।

भक्तिपुर गाविस-४ निवासी २२ वर्षीय नेपाली सेनाका जवान सुवास कार्कीलाई एक महिलालाई जिस्काएको आरोपमा ०६३ कात्तिक ९ गते बिहान माओवादीले ईश्वरपुर गाविस-१ फुलजोरबाट अपहरण गरे। अर्जुन वाणगण नवलपुरमा कार्यरत उनलाई माओवादीले कुटपिट गरी सोही साँझ मुक्त गरे।

सीमरा गाविस-५ निवासी ३४ वर्षीय मदनमडर खत्वेलाई जग्गा सम्बन्धी विवादमा खेतमा काम गरिरहेको अवस्थामा ०६३ कात्तिक १४ गते माओवादीले अपहरण गरे। माओवादी कार्यकर्ता ठगाराम चमारले पार्टीकै कार्यकर्ता अकलेश मण्डलको नाममा पीडित र उनकी पत्नी राजकली देवीको नाममा रहेको ११ कट्ठा जग्गा जबरजस्ती रजिष्ट्रेशन गराएका थिए। पीडकले आवश्यक कागजपत्र मालपोत कार्यालयबाट मगाई ज्यान मार्ने धम्की दिदै पीडित दुवैलाई जबरजस्ती सहीछाप गराएका थिए। पीडितलाई ०६३ कात्तिक १६ गते माओवादीले मंलगवाबाट मुक्त गरे।

भक्तिपुर गाविस -६ शंकरगञ्ज निवासी ३० वर्षीय कृष्ण मण्डललाई जग्गा सम्बन्धी विवादमा ०६३ पुस ९ गते माओवादीले अपहरण गरे। पीडितलाई शरीरभरि निलडाम हुने गरी कुटपिट गरी ५० हजार दिने सर्तमा ०६३ पुस १० गते मुक्त गरियो।

सोहड्वा गाविस-७ निवासी २२ वर्षीय दरोगा भनिने भाग्यनारायण रायलाई मधेशी टाईगरका कार्यकर्ता भएको आरोपमा ०६३ वैशाख २९ गते घरबाट माओवादीले अपहरण गरे। उनी ०६३ असार ४ गते मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सुन्दरपुर चुहडवा गाविस-९ निवासी ६० वर्षीय गोविन्दप्रसाद उप्रेतीलाई ०६३ पुस १६ गते साँझ घरमा खाना खान लगिरहेको अवस्थाबाट जनतान्त्रिक तराई मुक्तिमोर्चा (गोइत) का कार्यकर्ताले अपहरण गरे। पीडितलाई ०६३ वैशाख २९ गते माओवादीद्वारा हत्या गरिएका मोर्चाका कार्यकर्ता जोतनारायण यादवको हत्यामा सुराकी गरेको आरोपमा अपहरण गरिएको मोर्चाका राजनीतिक कमिसार अर्जुनले जानकारी गराए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

हरिऔन गाविस-२ निवासी ३५ वर्षीय नवपरिचर्चा साप्ताहिकका सम्पादक चुडामणि वाग्लेलाई ०६२ माघ ११ गते फोटो खिच्दै गर्दा प्रहरीले लछारपछार गर्नुका साथै प्रहरी इन्सपेक्टर राजकुमार सिलवालले जिल्ला प्रहरी कार्यालयमा प्रवेश नगर्न धम्की दिए।

माओवादीबाट

हरिपुर्वा गाविस-८ निवासी ३५ वर्षीय जुगेश्वर बरहीलाई व्यक्तिगत विवादमा ०६३ साउन ५ गते राति माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे।

किसनपुर गाविस-४ निवासी १६ वर्षीय श्रवणकुमार चौधरीलाई चारित्रिक आरोपमा ०६३ साउन २० गते माओवादीका गोविन्द ठाकुर र राजेश महतोले मरणासन्न हुने गरी कुटपिट गरे।

रानीगञ्ज गाविस-२ निवासी २५ वर्षीय विजय श्रेष्ठलाई ०६३ कात्तिक ७ गते राति माओवादीले देउसी खेल्दै गर्दा निर्ममतापूर्वक कुटपिट गरी घाइते पारे। पीडितलाई देउसी खेल्दै गर्दा माओवादीले मादल नबजाउन भनेपछि विवाद चर्किएको थियो। माओवादीले पीडितलाई घिसारेर आफ्नो कार्यालयमा लगी दुई हात बाँधी पानी खन्याएर कुटपिट गरे। पीडितको शरीरभरि निलडाम थियो। घटनाको भोलिपल्ट माओवादीको ज्यादतीको विरुद्धमा स्थानीय जनताले नाराबाजी गर्दै पैसा उठाउन राखेको ढाट तथा टहरामा आगो लगाई तीन घण्टा महेन्द्र राजमार्ग अवरुद्ध गरे। माओवादीले आफ्नो कमजोरी स्वीकार गरी घाइतेको उपचार गरे।

गैरकानुनी गिरफ्तारी

अत्रौली गाविस-३ निवासी १७ वर्षीय रोशन कँडरीयालाई माओवादीको आरोपमा ०६२ पुस २० गते

विहान उनकै घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ पुस २१ गते तारेखमा रिहा गरे।

अत्रौली गाविस-५ निवासी माओवादी कार्यकर्ता २३ वर्षीय जगदेव महत्तोलाई ०६२ माघ १३ गते सुरक्षाकर्मीले मूर्तिया गाविस-३ बाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ २२ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखामा आक्रमण गरी भगाए।

जानकीनगर गाविस-३ निवासी माओवादी कार्यकर्ता सन्तबहादुर बस्नेतलाई ०६२ माघ २० गते सुरक्षाकर्मीले घर नजिकै सडकबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ २२ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखा आक्रमण गरी भगाए।

जानकीनगर गाविस-३ निवासी माओवादीका २५ वर्षीय लक्ष्मण रायलाई ०६२ माघ २० गते बिहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ २२ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखामा आक्रमण गरी भगाए।

सिन्धुली जिल्ला अमले गाविस-५ निवासी १७ वर्षीया कमला मगरलाई ०६२ फागुन १३ गते कर्मैया गाविसस्थित सैनिक चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन १७ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति सर्लाही आक्रमण गर्दा माओवादीले कारागारबाट भगाए।

सिन्धुली जिल्ला ठूलदमार मरिनखोला निवासी ४० वर्षीय शंकर विश्वकर्मा माओवादी भएको आरोपमा ०६२ चैत ६ गते सुरक्षाकर्मीले उनलाई लालबन्दी गाविस-१ बसपार्कबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत ८ गते रिहा गरियो।

लालबन्दी गाविस-१ निवासी व्यापारी ५२ वर्षीय विन्देश्वर साहले माओवादीका लागि खाद्यान्न बिक्री गरी सहयोग गरेको आरोपमा ०६२ चैत १९ गते सुरक्षाकर्मीले उनलाई घरैबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २१ गते रिहा गरियो।

महोत्तरी जिल्ला निवासी माओवादी कार्यकर्ता लक्ष्मण मण्डल, जनक सदा र सुरेन्द्र मुखियालाई ०६३ जेठ ३ गते सुरक्षाकर्मीले हतियार बोकी मोटरसाइकलमा हिंडिरहेको अवस्थामा अर्जुन वाण गण नवलपुरको चेकप्वाईन्टबाट गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालय, मलंगवा लगी खोजेको समयमा उपस्थित हुने सर्तमा ०६३ जेठ ४ गते रिहा गरियो।



जनप्रदर्शनको क्रममा सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका केशव ढुंगाना

मानपुर गाविस-३ निवासी ६० वर्षीय रामबहादुर सहनीले चोरी गरेको आरोपमा ०६३ असोज २९ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयका असई महेन्द्र साहले कुटपिट गरी ०६३ कात्तिक ५ गते रिहा गरे। पीडित निर्दोष थिए।

पुन: गिरफ्तारी

महोत्तरी जिल्ला फूलकाहा गाविस-३ निवासी २६ वर्षीय विजयकुमार साहलाई माओवादी भएको आरोपमा ०६२ भदौ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ भदौ २१ गतेदेखि नजरबन्दमा राखियो। पीडित सर्वोच्च अदालतको आदेशमा ०६२ फागुन १७ गते रिहा भएकोमा प्रहरीले पुन: गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखामा आक्रमण गरी भगाए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका मोहम्मद रिजवान अन्सारी, केशव ढुंगाना, गणेश प्रसाई, रेवती पन्त, बसन्तराज भट्टराई, भाग्यनारायण राय, राजकुमार उप्रेती, उत्तम परियार, रामनारायण ठाकुर, नेकाँका नेता रामहरि जोशी, केशवप्रसाद मैनाली, शुभद्रा मैनाली, बासु अधिकारी, लक्ष्मण राय, शिवचन्द्र तिवारी, विश्वनाथ आँसु, शेषसाह दुल्लाह, उपेन्द्र राय, प्रदीप राय, अनिलकुमार मिश्र, शम्भु शर्मा, सद्भावना (आनन्दीदेवी) का रामनरेश राय, जीतेन्द्र मिश्र, चन्देश्वरप्रसाद साह, राधाकृष्ण, जनमोर्चा नेपालका प्रल्हाद बुढाथोकी, नेमकिपाका गोविन्द महत नेकाँ (प्रजातान्त्रिक)का सुरेन्द्र न्यौपाने र वामोर्चाका विष्णुदेव सिंह कुश्वाहालाई ०६२ माघ ११ गते प्रहरीले मंलगवाबाट नगर निर्वाचन विरोध जुलुस प्रदर्शन गरिरहेको समयमा गिरफ्तार गरे। पीडित सबैलाई सोही दिन साँझ रिहा गरियो।

नगर निर्वाचन विरुद्धमा सात दलले ०६२ माघ १२ गते मलंगवामा प्रदर्शन गरेको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका बसन्तराज भट्टराई, राजकुमार उप्रेती र उपेन्द्र ठाकुरलाई निर्ममतापूर्वक लाठ्ठी प्रहार गरी घाइते पारे। घाइतेहरूको वीरगञ्जमा उपचार भयो।

नेकाँका लक्ष्मण राय, केशव मैनाली, बासु अधिकारी, अखलाख मियाँ, गजेन्द्र राय, जनमोर्चाका प्रल्हाद बुढाथोकी र नेमकिपाका गोविन्द महतलाई ०६२ माघ

१२ गते साँझ प्रहरीले मलंगवामा नगर निर्वाचनको विरोधमा जुलुस प्रदर्शन गर्दा हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितहरू सबैलाई ०६२ माघ १४ गते रिहा गरे।

कर्मैया गाविस-१ निवासी ३५ वर्षीय एमालेका रेवती पन्तलाई तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री नारायणसिंह पुनलाई कालो झण्डा देखाएको आरोपमा ०६२ माघ १२ गते दिउँसो प्रहरीले मलंगवामा गिरफ्तार गरे। पीडितलाई ०६२ माघ १४ गते रिहा गरियो।

एमालेका महेन्द्रराय यादव, लक्ष्मण पौडेल, रिजवान अन्सारी, गणेश प्रसाँई, रेवती पन्त, रामचन्द्रप्रसाद चौधरी, वसन्तराज भट्टराई, राजकुमार उप्रेती, प्रकाश थापा, कृष्णमान श्रेष्ठ, रामनारायण ठाकुर, हरिश्चन्द्र महतो, नेकाँकाका रामहरि जोशी, बासुदेवशरण कोइराला, बेनीबहादुर कार्की, बासु अधिकारी, अजितकुमार सिंह, अखलाख हुँसैन मिकरानी, नेकाँ (प्रजातान्त्रिक) का भिखारी मन्सुर र सीताराम महतोलाई ०६२ माघ १९ गते प्रहरीले नगर निर्वाचन बहिष्कार गर्न सात दलले मलंगवामा प्रदर्शन गरेको जुलुसबाट गिरफ्तार गरे। पीडितहरू मध्ये रामहरि जोशी, बासुदेवशरण कोइराला, अजित सिंह, महेन्द्रराय यादव, रामनारायण ठाकुर, हरिश्चन्द्र महतो, बेनीबहादुर कार्की र सीताराम महतोलाई सोही दिन साँझ रिहा गरियो। जिल्ला प्रशासन कार्यालयले तीन महिने पूर्जी दिई जिल्ला कारागार शाखामा राखिएका लक्ष्मण पौडेल, गणेश प्रसाई, बसन्तराज भट्टराई, प्रकाश थापा, राजकुमार उप्रेती, कृष्णमान श्रेष्ठ, बासु अधिकारी र अखलाख मियाँलाई ०६२ फागुन १ गते, रेवती पन्तलाई ०६२ फागुन ३ गते तथा भिखारी मन्सुर, मो.रिजवान अन्सारी र रामचन्द्रप्रसाद चौधरीलाई पुनरावेदन अदालत, जनकपुरको आदेशमा ०६२ फागुन ९ गते रिहा गरियो।

कर्मैया गाविस-८ निवासी एमालेका ४२ वर्षीय केशव ढुंगाना, हरिऔन गाविस-४ निवासी ४५ वर्षीय खडगबहादुर उप्रेती र नेत्रगंज गाविस-३ निवासी ४५ वर्षीय ज्वालाप्रसाद पोखरेल र नेत्रगंज गाविस-७ निवासी नेकाँका ३५ वर्षीय रामजी बस्नेतलाई ०६२ चैत ३० गते सुरक्षाकर्मीले मलगंवामा जनप्रदर्शनको क्रममा साईकल च्यालीबाट जादै गर्दा कविलासी गाविस-१ स्थित अगर्वा चौकमा बन्दुकको कुन्दा र बुटले निर्ममतापूर्वक कुटपिट गरी गम्भीर घाइते पारे। पीडितहरू मध्ये ढुंगानाको दाहिने हात भाँचिएको, बस्नेत, उप्रेती र पोखरेलको शरिरभरि नीलडाम र चोटहरू लागेको थियो। सोही घटनामा एमालेका चित्रबहादुर विश्वकर्मा, सीताराम पोखरेल, मीरा कार्की, उत्तम परियार, ईश्वर भट्टराई, अच्यूत घिमिरे, नेकाँका बद्री न्यौपाने र नेकाँ (प्रजातान्त्रिक) का मो. कमरुदिनलाई समेत सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत मंलगवामा गत वर्षको जिम्मेवारी सरेर दुनियाँवादी फौजदारी मुद्दा १ सय ४ ओटा रहे। जसमध्ये यो वर्ष ५० ओटा फर्स्यौट भए भने ५४ ओटा बाँकी रहे। त्यसैगरी दुनीयाँवादी फौजदारी मुद्दा अर्न्तगत यस वर्ष १ सय ११ ओटा दर्ता भए। जसमध्ये ९० ओटा फस्यौट भए भने २१ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्ममा बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दा २१ ओटा रहे। गत वर्षको सरकारवादी फौजदारी मुद्दा ३८ ओटा रहेकोमा १३ ओटा फर्स्यौट भए भने २५ ओटा बाकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा यो वर्ष ३२ ओटा दर्ता भए। जसमध्ये १५ ओटा फर्स्यौट भए भने १७ ओटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा ६९ ओटा दर्ता भएकोमा ३७ ओटा फर्स्यौट र ३२ ओटा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष देवानी मुद्दा ४ सय १५ मध्ये २ सय ५२ ओटा फर्स्यौट भए भने १ सय ६३ ओटा बाँकी रहे। त्यसगरी यस वर्ष ३ सय ५८ ओटा देवानी मुद्दा दर्ता भए। जसमध्ये ६३ ओटा फर्स्यौट भए भने २ सय ९५ ओटा बाँकी रहे। साथै कूल ७ सय ७३ ओटा देवानी मुद्दामध्ये ३ सय १५ ओटा फर्स्यौट भए भने ४ सय ५८ ओटा फर्स्यौट हुन बाँकी रहे । दुई वर्ष नाघेको सरकारवादी मुद्दा एउटा रहेको छ। यो वर्षको अन्त्यसम्म जम्मा ६ सय ३ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको देखिन्छ ।

यो वर्ष जिल्लामा कर्तव्य ज्यान सम्बन्धी १२ ओटा, भवितव्य ज्यान सम्बन्धी १३ ओटा, अत्माहत्या सम्बन्धी १८ ओटा, सवारी दुर्घटनाका छ ओटा, बालबिबाह एउटा, केही सार्वजनिक अपराध तीनओटा, चोरी डकैतीका १७ ओटा घटना भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

लक्ष्मीपुर सुकचैना गाविस-७ निवासी ३० वर्षीया कुमरीयादेवी मण्डल बोक्सी भएको आरोपमा ०६२ चैत १५ गते सोही स्थानका ३५ वर्षीय शुभकरण मडण्ल र उनकी पत्नी ३० वर्षीया इन्दलदेवीले कुटपिट गरी गम्भीर घाइते पारे। पीडितले कतै उजुरी गरिनन्।

हजरीया गाविस-९ निवासी ४० वर्षीया उर्मिलादेवी दास बोक्सी भएको आरोपमा ०६२ चैत २१ गते छिमेकी जोगीन्द्र सरोज, भुट्टा र हरिकान्त दासले तथानाम गालीगलौज गरी मानव मलमुत्र खुवाउने प्रयास गरे। पीडितले कतै उजुरी दिइनन्।

बवरगञ्ज गाविस-९ निवासी ५२ वर्षीया रसुला खातुन बोक्सी भएको आरोपमा ०६३ साउन २७ गते उनलाई छिमेकी योगेन्द्र ठाकुर, रेणु चौधरी, राम एकवाल ठाकुर, रामचन्द्र चौधरी र राजेन्द्र ठाकुरले पशु र मानव मलमुत्र जबरजस्ती खुवाए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए तर पीडकहरूलाई कारवाही भएको छैन।

सेखौना गाविस-८ निवासी ३० वर्षीया मन्जुदेवी महतो बोक्सी भएको आरोपमा ०६३ भदौ २६ गते उनलाई छिमेकी कपलेश्वर महतो र उनको परिवारले मानव मलमुत्र खुवाउने प्रयास गरे। पीडितले ०६३ भदौ २७ गते जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिईन। पीडकहरूलाई कुनै कारवाही भएन।

बलात्कार/बलात्कार प्रयास

कविलासी गाविस-५ निवासी २५ वर्षीया एक महिलालाई ०६२ चैत ५ गते सोही स्थानका २७ वर्षीय विकास मण्डलले खेतमा घाँस काँटिरहेको अवस्थामा बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडक फरार छन्।

बत्रौल गाविस-२ निवासी ३० वर्षीया एक महिलालाई स्थानीय गोडैता बजारबाट चिउरा बेचेर घर फर्कदै गर्दा ०६३ जेठ २७ गते साँझ बत्रौल गाविस-५ निवासी नबल राय, बग्दह गाविस-५ निवासी २८ वर्षीय सिकिन्दर राय, राजमोहन राय र ईजरायल अन्सारीले पालैपालो बलात्कार गरे। पीडकहरूमध्ये सिकिन्दरलाई पूर्पक्षका लागी भोलिपल्ट प्रहरीले गिरफ्तार गरी थुनामा राख्यो भने अन्य तीनजना फरार भए। पीडित पक्षले पीडकको स्पष्ट किटानी साथ जाहेरी दिएकी थिइन्।

ईश्वरपुर गाविस-१ निवासी १२ वर्षीया एक बालिकालाई ०६३ साउन १० गते छिमेकी ४५ वर्षीय सहदेव महतोले घाँस काट्न गएको बेला खेतमा बलात्कार गरे। पीडक फरार भए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए।

हरिऔन गाविस-२ निवासी ८ वर्षीया एक बालिकालाई ०६३ कात्तिक २३ गते सोही स्थानका २५ वर्षीय गणेशबहादुर श्रेष्ठले हरिऔन गाविस-१ स्थित बोरिडटोलको उँखुबारीमा बलात्कार गरे। पीडितपक्षले जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिए। पीडकलाई भोलिपल्ट स्थानीय जनताले समाती प्रहरीसमक्ष बुझाए। पीडकलाई जिल्ला कारगारमा ०६३ कात्तिक २१ गतेदेखि पुर्पक्षका लागि थुनामा राखियो।

आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार

आर्थिक अधिकार

संरचना क्षति

०६२ चैत २३ गते राति माओवादीले सदरमुकाम मलगंवा आक्रमण गरी जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, जिल्ला कारागार शाखा, कोष तथा लेखा नियन्त्रण कार्यालय र जिल्ला अदालत पूर्ण तथा आंशिक रुपमा बम विस्फोट तथा आगलागी गराई क्षति पुऱ्याए।

२.४ सिन्धुली



जनसंख्या	:	२,९४,८१३
साक्षरता प्रतिशत	:	३९.२८
महिला साक्षरता प्रतिशत	:	२६.४
क्षेत्रफल (वर्ग कि. मि.)	:	२४९१
गाविस/नपा संख्या	:	५३/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४७८
क्याम्पस/उच्च मा.वि.	:	२/१२४
अस्पताल/स्वास्थ्य चौकी	:	१/५५
टेलिफोन लाइन	:	५६२
मोटर सडक (कि. मि.)	:	१५०
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	६
मानव विकास सूचकाङ्क	:	०.४६९
प्रति परिवार सरदर संख्या	:	५.७४

गोली/बम / विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी जवान सर्वजीत सिंहलाई ०६३ वैशाख १ गते बिहान कमलामाई नपाको कार्यालयमा काममा खटिएको बेला बसेको बेला माओवादीले गोली हानी घाइते पारे। पीडितको बायाँ खुट्टाको गोलीगाँठामा गोली लागेको थियो। पीडितको स्थानीय अस्पतालमा उपचार गरियो।

सिर्थौली गाविस-६ बाढीगाउँ राजाबास निवासी २२ वर्षीय कृष्णप्रसाद भण्डारी, १५ वर्षीय नारायणप्रसाद भण्डारी र ११ वर्षीय पवन काफ्ले ०६३ वैशाख २९ गते अरुणठाकुर गाविस-२ खनियाखर्कमा माओवादीले बोकाएको विष्फोटक पदार्थ विष्फोट हुँदा घाइते भए। कृष्णप्रसाद भण्डारीको शरीरमा बमका छर्राहरू गाडिएका तथा आगोले पोलेको, नारायणप्रसाद भण्डारीको तिघ्रामा बमका छर्रा गाडिएको र

पवन काफ्लेको हातमा छर्रा गाडिएको पीडितले बताए। पीडितहरूलाई धरानस्थित बी.पी कोइराला स्वास्थ विज्ञान प्रतिष्ठानमा उपचारका लागि लगिएकोमा कृष्णप्रसादलाई मात्र अस्पतालले भर्ना गरी दुईजनालाई सामान्य उपचार गरी घर फर्कायो। कृष्णप्रसाद पनि उपचारपछि घर फर्किए। तर पीडितको शरीरमा अझै छर्रा बाँकी रहेका कारण दुखेपछि अस्पताल जाने गरेका छन्। माओवादीले पीडितसहित सो गाउँका करिब ४५ जना सर्वसाधारणलाई विष्फोटक पदार्थ राखिएका बोरा र झोला जबरजस्ती बोकाएर लगेका थिए। माओवादीले घटनामा आफ्नो गल्ती स्वीकार्दै घटना नदोहोरिने जनाए।

जेल र बन्दी

सिन्धुली कारागारको क्षमता २५ जनाको भए पनि ३० जना बन्दी राखिएको छ। बन्दीहरूमध्ये कैद नतोकिएका एक महिला र नौ पुरुष तथा कैद तोकिएका दुई महिला र १८ जना पुरुष रहेका छन। यस जेलमा माओवादीको आरोपमा राखिएका तीनजना पुरुष र एक महिला गरी चारजनामध्ये एक जनालाई ०६३ वैशाख १५ गते दुईजनालाई वैशाख २६ गते र एक जनालाई जेठ १२ गते रिहा गरियो।

जेलभित्र पानीको पर्याप्त सुविधा छैन। स्थानीय ग्वाङ्खोलाको पानी मोटर लगाएर तान्ने गरिएको र खान पनि धौधौ हुने गरी मात्र छाड्ने गरेकोले नुहाउन र लुगा धुन समस्या हुने गरेको बन्दीले बताए। जेलभित्र तीन र बाहिर दुई गरी पाँच ओटा धारा रहेका छन। जेलभित्र शौचालय तीन र बाहिर दुई गरी पाँचओटा रहेका छन। बन्दीहरूका आफन्तसँग हप्तामा तीन दिन भेटघाट गर्न दिने गरिएको छ। बन्दीहरूलाई टेलिफोनको सुविधा छैन। जेलभित्र रेडियो र टेलिभिजनको व्यवस्था छ। आइसीआरसीको पहलमा स्थापित पुस्तकालय सञ्चालनमा रहेको छ। बन्दीहरूले आफ्नो पहलमा मुढा, ढाकाको टोपी, पर्स, स्वीटर, बाँसबाट बन्ने सामानहरू घडी, पेनदानी बनाउने गरेको तर बजारको अभावका कारण राम्रोसँग चलेको छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

झाँगाझोली रातमाटा गाविस-१ निवासी नेकाँका कृष्णकिशोर श्रेष्ठ, सोही ठाउँका व्यापारी राजशरण प्रधान, सोही गाविस-२ निवासी शिक्षकहरू पुण्डरी अधिकारी, मणीराम आचार्य, सोही गाविस-३ गुठबजार निवासी कमलराज गिरी, नारायणकुमार श्रेष्ठ, मीरा श्रेष्ठ, लिलानाथ गिरी, बाबुराम पुरी, ईन्द्रबहादुर श्रेष्ठ, सोही गाविस-५ निवासी शिक्षक अमन्तिनाथ चौलागाई, हरि धिमाल, सोही गाविस-४ निवासी गोविन्दबहादुर धिमाल, अर्जुनबहादुर धिमाल, देविप्रसाद चौलागाई, पुरानो झाँगाझोली गाविस-४ निवासी अच्युतप्रसाद दाहाल, बद्रीनाथ दाहाल, ईन्द्रप्रसाद दाहाल, पुष्मान श्रेष्ठ, हेडबहादुर श्रेष्ठ, दिलबहादुर श्रेष्ठ, शिवलाल श्रेष्ठ, सोही गाविस-६ निवासी रेवतीप्रसाद दाहाल, चिरन्जीवि दाहाल, सुशीलप्रसाद दाहाल, सोही गाविस-५ निवासी शान्तबहादुर कालीकोटे, धनबहादुर कालीकोटे, कुशेश्वर दुम्जा गाविस-४ निवासी शिक्षकहरू बच्चु कोइराला, बद्री मैनाली, निमावि परेवाडाँडाका शिक्षक बैजु चौधरी लगायत सिन्धुली जिल्लाका उत्तरी क्षेत्रका छ ओटा गाविसका करिब ७ सय जनालाई ०६२ माघ ९ गते आ-आफ्नै घर तथा विद्यालयबाट माओवादीले अपहरण गरे। उनीहरूलाई काभ्रे जिल्लाको लौरीभन्ज्याङ्गमा आयोजित माओवादीको कार्यक्रममा सहभागी गराई माघ ११ गते मुक्त गरियो।

कमलामाई नपा-३ निवासी ५० वर्षीय जितबहादुर गोलेलाई नगरपालिकाको निर्वाचनमा सोही वडाको अध्यक्षमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३			३										
घाइते						३	४	१		५	१			१	१
गिरफ्तारी/यातना											९	३०			३०
कुटपिट	४	६	१		६	६	६	१		६	४	६	१		६
भेला/संगठित हुने अधिकार											६	५		६६५	६६०
जातीय विभेद	१	१			१										
महिलाअधिकार	१५		१५		१५										
बालअधिकार	३		३	१	४						१		१		१
अमानवीय व्यवहार	१	१			१	१	१			१					
अपहरण						१८	२८	३८	३५३९	३६५५					
जम्मा	**३६**	**११**	**१९**	**१**	**३१**	**३८**	**९९**	**३०**	**३५३९**	**३६६८**	**३१**	**४१**	**३**	**६६६**	**८०९**

निर्विरोध निर्वाचित भएको आरोपमा ०६२ माघ १८ गते माओवादीले उनलाई घरबाट अपहरण गरी जिल्लाका विभिन्न गाउँ घुमाई माघ २१ गते पदबाट राजीनामा दिनु पर्ने सर्तमा मुक्त गरे।

महादेवस्थान गाविस-४ निवासी नेपाल समता पार्टीका ३५ वर्षीय ईश्वरीलाल थिङ्गलाई नगरपालिकाको निर्वाचनमा उम्मेदवार उठाउन सक्रिय भएको, गाउँलेहरूलाई झुठा मुद्दा लगाएको, डीआरएसपीको काममा भ्रष्टाचार गरेको आरोपमा ०६२ माघ १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी उनको पार्टीले उठाएका उम्मेदवारी फिर्ता गराउनु पर्ने सर्तमा माघ २२ गते मुक्त गरे।

हर्षाही गाविस-७ निवासी नेपाल समता पार्टीका केन्द्रीय सदस्य ४५ वर्षीय हेमबहादुर लामालाई नगरपालिकाको निर्वाचनमा उम्मेदवार उठाएको र विभिन्न ठेक्कामा अनियमितता गरेको आरोपमा ०६२ माघ २० गते माओवादीले जिल्ला सदरमुकामबाट घर तर्फ जादै गर्दा बसबाट झारेर रानीबास गाविस-५बाट अपहरण गरे। पीडितलाई पार्टीबाट राजीनामा दिनु पर्ने र पार्टीका उम्मेदवारलाई फिर्ता बोलाउनु पर्ने सर्तमा माओवादीले कमलामाई नपा-१४ काउछेबाट सोही दिन बेलुका मुक्त गरे।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातामाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका शिक्षकहरू रामहरि दाहाल, पुण्डरी आचार्य, कृष्णप्रसाद निरौला, प्रेम बस्नेत, शत्रुधन यादव, बिनोद गोइत, बिष्णुप्रसाद दाहाल, श्यामप्रसाद भट्टराईसमेत १४ जना शिक्षक, झाँगाझोली रातमाटा गाविस-१ निवासी काँग्रेसका कृष्णकिशोर श्रेष्ठ, सोही ठाउँका व्यापारी विश्वनाथ सूर्यबंशी, भरत राजबंशी, बैजनाथ सूर्यबंशी, यादव बैध, नारायण मुनाकमी, महेन्द्र कायस्थ, अम्बिका धिमाल, चन्द्रकुमारी श्रेष्ठ, उमा बैध, गोमा श्रेष्ठ, बिन्दा राजबंशी, भोजनाथ आचार्य, बद्री माझी, दोर्जे माझी, सोही गाविस-२ निवासी हरिप्रसाद आचार्य, बाबुराम आचार्य, सोही गाविस-३ निवासी दयाराम रंजित, उद्धबराज गिरी लगायत सिन्धुली जिल्लाका उत्तरी क्षेत्रका तीन गाविसका करिब ४ सय जनालाई ०६२ फागुन ४ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराउन आ-आफ्नै घर तथा विद्यालयबाट अपहरण गरे। पीडितहरूलाई काभ्रे जिल्लाको वालटिङ्गमा आयोजित माओवादीको काभ्रे जिल्ला जनसरकार घोषणा कार्यक्रममा सहभागी गराउन लगिएको थियो। माओवादीको कार्यक्रम सञ्चालन भइरहेको बेला फागुन ५ गते आकाशमा सेनाको हेलिकप्टर घुमेको र माओवादीले भाग्न आदेश दिएपछि आफूहरू भाग्दै सोही दिन घर आइपुगेको पीडितले जनाए।

पीपलमाडी गाविस-१ झनझने निवासी ५० वर्षीय टंकबहादुर राई र सोही गाविस-९ बखफर निवासी ४५ वर्षीय हस्तबहादुर मोक्तानलाई सरकारी योजनाका काम गर्न आएको, सरकारद्वारा मनोनित गरिने गाविस अध्यक्ष हुन लागेको आरोपमा ०६२ फागुन ५ गते माओवादीले अपहरण गरे। आफूहरू ०६२ चैत १ गते पीपलमाडी-७ गुरुजीटोलबाट माओवादीको कब्जाबाट उम्किएर चैत २ गते जिल्ला सदरमुकाम आएको पीडितहरूले बताए।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातामाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष बद्रीनाथ दाहाल, पुरानो झाँगाझोली गाविस-१ स्थित गणेश मावि थापाथुम्काका प्रधानाध्यापक तेजबहादुर थापा, सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष रोशन थापा, कुशेश्वर विद्यापीठ दुम्जाका प्रधानाध्यापक विनोद कोइराला, सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष शम्भु दाहाल लगायत छ गाविसका करिब २५ जनालाई काभ्रे जिल्लाको चोपटारमा राखेको अनेरास्ववियु (क्रान्तिकारी) को कार्यक्रममा सहभागी गराउन ०६२ फागुन १३ गते उनीहरूकै घर तथा विद्यालयबाट माओवादीले अपहरण गरी फागुन १६ गते मुक्त गरे।

पुरानो झाँगाझोली गाविस-४ निवासी शिक्षक रामहरि दाहाल, सोही गाविस-६ निवासी शिक्षक रेवतीप्रसाद दाहाल, झाँगाझोली रातमाटा गाविस-२ निवासी शिक्षक देबकुमार आचार्य, सोही गाविस-१ निवासी काँग्रेसका कृष्णकिशोर श्रेष्ठ, सोही गाविस-३ गुठबजार निवासी शिक्षक कमलराज गिरी, निरराज गिरी, उद्धबराज गिरी, सोही गाविस-५ निवासी शिक्षक अमन्तीनाथ चौलागाई, बिनोद न्यौपाने, कुशेश्वर दुम्जा गाविस-४ निवासी शिक्षक बच्चु कोइराला, सोही गाविस-७ निवासी मोहनकुमार पुलामी, बिष्णु सिन्जाली, लगायत १९ जनालाई माओवादी निकट शिक्षकहरूको पूर्वाञ्चल ब्यूरोको क्षेत्रीय सम्मेलनमा सहभागी गराउन ०६२ फागुन १७ गते आ-आफ्नै घर तथा विद्यालयबाट माओवादीले अपहरण गरे। सबैलाई सिन्धुपाल्चोकको जलविरेमा पुऱ्याएर कार्यक्रममा सहभागी गराई फागुन २२ गते मुक्त गरे।

हत्पते गाविस-५ निवासी ३० वर्षीय पार्वती दाहाल, सोही ठाउँकी बिन्दा कार्की लगायत उक्त गाविसका नौ जना महिलाहरूलाई आठ मार्चको कार्यक्रममा सहभागी गराउन ०६२ फागुन २२ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। फागुन २३ गते माओवादी र सुरक्षाफौजबीच महोत्तरी जिल्लाको खयरमारामा भिडन्त भएपछि अपहरित सबैलाई ज्यान बचाओ भनी माओवादीले मुक्त गरेको पीडित पार्वती दाहालले बताइन्।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातामाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका शिक्षकहरू रामहरि दाहाल, पुण्डरी आचार्य, सोही

विद्यालयका विद्यार्थीहरू चन्द्रदीप न्यौपाने, अनन्तराज चौलागाई, सरिता भट्टराई, रोशनी श्रेष्ठ, सजना श्रेष्ठ, सबिना श्रेष्ठ, नबिना प्रधान, पुरुषोतम धिमाल र रोजप्रसाद गौतम समेत १२ जनालाई काभ्रे र सिन्धुलीको अनेरास्ववियु (क्रान्तिकारी) को सम्मेलनको घोषणा सभामा सहभागी गराउन ०६२ फागुन २८ गते घर तथा विद्यालयबाट माओवादीले अपहरण गरी कार्यक्रम सकिए पछि सोही दिन बेलुकी मुक्त गरे।



माओवादीले बोकाएको बम विस्फोट भई घाइते भएका कृष्णप्रसाद भण्डारी

कमलामाई नपा-१८ निवासी निरबहादुर पौडेललाई नगरपालिकाको निर्वाचनमा सोही वडाको अध्यक्षमा निर्विरोध निर्वाचित भएको भन्दै ०६२ चैत ४ गते माओवादीले अपहरण गरे। उनीलाई घर नजिकै रहेको काठे पुलको पुर्ननिर्माण गर्नुपर्ने सर्तमा चैत ७ गते मुक्त गरे।

बेलघारी गाविस-२ निवासी ३३ वर्षीय मेघराज घिमिरेलाई ०६२ चैत १६ गते पर्साको बिरुवागुठी गएको बेला माओवादीले अपहरण गरी ०६३ वैशाख ३० गते मुक्त गरे।

पुरानो झाँगाझोली गाविस-३ स्थित श्री पञ्चकन्या प्रावि कालापानी सिम्लेका शिक्षिका २८ वर्षीया सुमन्ता थापा र सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर रानालाई पूर्व सहमति अनुसार मासिक तलब नदिएको आरोपमा ०६३ असार ६ गते माओवादीले सोही विद्यालय हाताबाट अपहरण गरे। उक्त विद्यालयमा विगत दुई वर्षअघिदेखि शिक्षिकाहरू सुमन्ता थापा र निर्मला ठकुरीबीच विवाद रहेको थियो। जिल्ला शिक्षा कार्यालयले सो विद्यालयलाई वार्षिक ५३ हजारको राहत कोटा दिएको र उक्त रकम दुई जनाले आधा आधा लिने सहमति भएको थियो। तर सम्पूर्ण तलब सुमन्ता एक्लैले लिएको कारण माओवादीको जनअदालतमा निर्मलाले उजुरी गरेकी थिइन्। पीडितलाई सुमन्ता थापाले लिएको तलब आधा निर्मला ठकुरीलाई दिनु पर्ने सर्तमा माओवादीले असार ७ गते झाँगाझोली रातमाटा-३ गुठबजारबाट सकुशल मुक्त गरेको स्थानीय विनोद दाहालले बताए।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातमाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका शिक्षकहरू रामहरी दाहाल, देवकुमार आचार्य, कृष्णप्रसाद निरौला, प्रेम बस्नेत, प्रकाश थापा मगर, विष्णुप्रसाद दाहाल, श्यामप्रसाद भट्टराई, झाँगाझोली रातमाटा गाविस-१ निवासी नेकाँका कृष्णकिशोर श्रेष्ठ, सोही ठाउँका व्यापारी विश्वनाथ सूर्यबंशी, विष्णु श्रेष्ठ, भरत राजबंशी, बैजनाथ सूर्यबंशी, यादव बैध, नारायण मुनाकमी, महेन्द्र कायस्थ, अम्बिका धिमाल, चन्द्रकुमारी श्रेष्ठ, उमा बैध, गोमा श्रेष्ठ, बिन्दा राजबंशी, भोजनाथ आचार्य, बद्री माझी, दोर्जे माझी, सोही गाविस-२ निवासी हरिप्रसाद आचार्य, बाबुराम आचार्य सोही गाविस-३ निवासी दयाराम रंजित, उद्धबराज गिरी लगायत सिन्धुली जिल्लाका उत्तर तर्फका तीन ओटा गाविसहरू पुरानो झाँगाझोली, झाँगाझोली रातमाटा र कुशेश्वर दुम्जाका शिक्षक र सर्वसाधारण गाउँले गरी करिब ३ सय जना तथा विद्यार्थीहरू पुरानो झाँगाझोली गाविस-६ निवासी १५ वर्षीय दीपेन्द्र कोईराला, सोही गाविस-४ निवासी बिप्लब दाहाल, पवन प्याकुरेल, अजय दाहाल, सजना श्रेष्ठ, रोशनी श्रेष्ठ, उद्धब श्रेष्ठ, सोही गाविस-२ निवासी भुपाल राई, पदम राई, कपिल थापा, झाँगाझोली रातमाटा गाविस-२ निवासी अशोक राना, सरिता भट्टराई, बिरबहादुर श्रेष्ठ, सबिना श्रेष्ठ, सोही गाविस-७ निवासी रामकुमार श्रेष्ठ, गणेश अधिकारी, पुरुषोतम धिमाल, तारावहादुर श्रेष्ठ, सोही गाविस-५ निवासी रोजप्रसाद गौतम, अनन्त चौलागाई, रामचन्द्र श्रेष्ठ लगायत जनजाति उमावि खुर्कोट, प्रस्तावित मावि खाल्टे, गणेश मावि थापाथुम्का, निमावि परेवाडाडा, प्रगतिशील मावि रातमाटा, कुशेश्वर उमावि दुम्जा लगायतका विद्यालयहरूबाट करिब ५ सय जना विद्यार्थीहरूलाई ०६३ जेठ १८ र १९ गते माओवादीले काठमाडौंको खुलामञ्चमा आयोजना गरेको आमसभामा सहभागी गराउन आ-आफ्नो घर तथा विद्यालयबाट अपहरण गरी लगे। उनीहरूलाई जेठ १९ गतेको आमसभामा सहभागी गराई भोलिपल्ट घर फर्काई दिएको पीडितहरूले बताए।



माओवादीले बोकाएको बम विस्फोटमा परी घाइते भएका पवन काफ्ले र नारायणप्रसाद भण्डारी

पुरानो झाँगाझोली गाविस-६ निवासी १९ वर्षीय ढुण्डीराज दाहाल, मिलन दाहाल, मातृकाप्रसाद दाहाल, तुलबहादुर राई, हिराबहादुर राई, कृष्णबहादुर राई, जुना राई, मिठु राई, लक्ष्मी ढुङ्गाना, फुलमाया रम्तेल, कमला राई, बिमला राई, निर्मला चालिसे, उर्मिला दाहाल, बालकृष्ण दाहाल, सर्मिला दाहाल, मंगलबहादुर विश्वकर्मा, जयराम गिरी, होमराज गिरी, दिपेन्द्र कोइराला,



जनआन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकाहरू क्रमशः खड्ग खत्री, यमकुमार देवकोटा, गुणविक्रम कुँवर, नारायण बराल र रामेश्वर दाहाल

ओमप्रकाश गिरी, महाबिर विश्वकर्मा, कमलबहादुर विश्वकर्मा, राजन रम्तेल, मेघराज दाहाल, कृष्णबहादुर दाहाल, गणेशराज दाहाल, ओमबहादुर राई, योगेश दाहाल, रामकुमार नेपाली, भोजबहादुर राई, रन्दीप रम्तेल, श्यामकुमार बसेल, सोही गाविस-४ निवासी पुष्मान श्रेष्ठ, हेडबहादुर श्रेष्ठ, दिलबहादुर श्रेष्ठ, सोही गाविस-७ निवासी दीर्घबहादुर थापा, मातृका थापा, भैरबबहादुर थापा, कल्याण थापा, करुणा थापा लगायत पुरानो झाँगाझोली, झाँगाझोली रातमाटा र कुशेश्वर दुम्जा गाविसबाट शिक्षक, विद्यार्थी, महिला र सर्वसाधारण गरी करिब ५ सय जनालाई ०६३ जेठ २७ गते माओवादीले आ-आफ्नो घरबाट अपहरण गरे। उनीहरूलाई जेठ २८ गतेको बनेपामा आयोजना गरेको आमसभामा सहभागी गराई भोलिपल्ट घर फर्काई दिएको पीडितहरूले बताए।

तोश्रामखोला गाविस-६ सल्ले निवासी २७ वर्षीय मोहनबहादुर सार्की र उनकी पत्नी बोजकुमारी सार्कीलाई ०६३ साउन १६ गते माओवादीले आफ्नै बाबु काले सार्कीको हत्या गरेको आरोपमा अपहरण गरे। काले सार्कीको साउन १४ गते हत्या भएको थियो। हत्या भएको तीनदिनपछि माओवादी इलाका सचिव सावित्री र डुङभन्ज्याङ गाजस प्रमुख पूर्णबहादुर विश्वकर्माले लास गाड्ने आदेश दिई सार्की दम्पतीलाई डोरीले हात बाँधेर लगेको स्थानीय बासिन्दाले जनाए। माओवादीले दम्पतीमध्ये बोजकुमारीलाई तत्काल छाडी उनका पतिलाई दश वर्षको श्रम कैदको फैसला गरी श्रमशिविरमा राखेका थिए। तर मोहनबहादुर मंसिरमा घर जान्छु भनी आफ्नो श्रमशिविरबाट हिँडेको र त्यसपछि श्रमशिविरमा नफर्केको माओवादी जिल्ला इन्चार्ज दीर्घराज श्रेष्ठले बताए।

रानीबास गाविस-५ तल्लो रानीबास निवासी ३९ वर्षीय नेकाँ (प्रजातान्त्रिक)का कार्यकर्ता वीरभद्र राउतलाई ०६३ भदौ ५ गते माओवादीले मादकपदार्थ सेवन गरेको आरोपमा अपहरण गरी भदौ ६ गते मुक्त गरेको स्थानीय बासिन्दाले बताए।

धम्की / ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

डाडीगुराँसे गाविस-१ जखनी निवासी अखिल (एकीकृत) का २० वर्षीय गंगा खड्कालाई ०६२ माघ २२ गते कमलामाई नपा-६ स्थित हाटबजारमा नगर निर्वाचन बहिष्कारको पर्चा बाँडदै गर्दा प्रहरीले पर्चा खोसी कुटपिट गरे।

कमलामाई नपा-४ निवासी चन्द्रबहादुर कार्कीलाई ०६३ वैशाख ११ गते आमाको मृत्यु दर्ता र जग्गा नामसारीको सिफारिस बनाउन जाँदा कमलामाई नपाका प्रमुख उमेश पोखरेलले सात दलको मान्छे भनी घोक्रयाउँदै कुटपिट गरे।

कमलामाई नपा-७ निवासी अनेरास्वियुका महेन्द्रदेव श्रेष्ठ र मदन काफ्ले, हत्पते गाविस-८ निवासी नेविसंघका गोविन्द पहाडी र तरुण दलका पुस्कर बराललाई ०६३ वैशाख १२ गते बिहान बिजय जुलुस निस्केपछि जनआन्दोलनका विरुद्ध लागेका कमलामाई नपाका प्रमुख तथा अन्य पदाधिकारीलाई मोसो लगाउन जाँदा सेनाले गिरफ्तार गरी प्रतीक्षालयमा राखी कुटपिट गरे। पीडितहरूलाई लिन गएका राजनीतिक दलका नेता, पत्रकार, मानवअधिकाकर्मी र वकिललाई समेत सेनाले गाली गरेका थिए। उनलाई केहीबेरपछि छाडिएको थियो। सेनाको कुटाईबाट गोविन्द पहाडी बेहोस भएका थिए। पीडितको सोही दिन जिल्ला अस्पतालमा उपचार गरियो।

माओवादीबाट

डाडीगुराँसे गाविस-३ चौराई निवासी ५८ वर्षीय श्रीमान विश्वकर्मालाई जिविसको मनोनित सदस्य भएको आरोपमा ०६३ वैशाख १९ गते आफ्नो घरबाट जिल्ला सदरमुकामतर्फ आउदै गर्दा कमलामाई नपा -१ कुडुलेमा माओवादीका एरिया सचिव बिमल र अर्का कार्यकर्ता देविदत्त देवकोटाले कुटपिट गरी मोसो समेत दले। पीडितलाई माओवादीले गाउँमा एउटा चौतारो बनाउनु पर्ने तथा ६ हजार

५ सय नगद दिनुपर्ने निर्णय सुनाए। माओवादीले कुटपिटपछि कमलामाई नपा-२ खट्टारको सार्वजनिक स्थलमा स्थानीय बासिन्दा जम्मा गरी कार्यक्रम समेत गरेर सार्वजनिक रुपमा अपमानित गरेका थिए। माओवादीले पीडितसँग सुरुमा ५० हजार रुपैयाँ समेत मागेका थिए ।

झाँगाझोली रातमाटा गाविस-७ जैसीथुम्का निवासी ४३ वर्षीय सीताराम श्रेष्ठ र उनकी पत्नी ३८ वर्षीया कमला श्रेष्ठले सुराकी गरेको आरोपमा ०६२ चैत १९ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे। घटनापछि पीडित घर छाडेर हिँडे। उनी १५ दिन सदरमुकाममा बसी गाउँ फर्किएपछि पनि माओवादीले कुटपिट गरेका थिए।

रानीबास गाविस-६ चन्दनपुर निवासी ३५ वर्षीय गोरेबहादुर अधिकारी दनुवारलाई ०६३ वैशाख २६ गते बाटोमा हिंडिरहेको बेला आफूलाई बाटो नछोडेको भन्दै माओवादीले कुटपिट गरे। साइकलमा गएका दुई माओवादीले पीडितलाई साइकलले ठक्कर दिएर किन बाटो छोडिनस भनी कुटपिट गरेका थिए।

कुशेश्वर दुम्जा गाविस-५ निवासी जनक गुर्माछानलाई आफूहरूसँग आर्थिक विषयमा विवाद गरेको आरोपमा ०६३ असार २० गते माओवादीले कुटपिट गरे।

पुरानो झाँगाझोली गाविस-६ टारीगाउँ निवासी श्री सहस्रधारा निमावि नागेडाँडा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४४ वर्षीय तुलाबहादुर राईले दलितलाई कुटपिट गरेको आरोपमा ०६३ असोज २६ गते विद्यालय हाताभित्रै उनलाई माओवादीले कुटपिट गरे। माओवादीले सोही दिनदेखि उनीलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सामुदायिक बनको अध्यक्षबाट समेत हटाएको घोषणा गरेका थिए।

गैरकानुनी गिरफ्तारी

बाहुनतिल्पुङ्ग गाविस-५ निवासी दानकाजी मगर माओवादी भएको आरोपमा ०६२ माघ १ गते प्रहरीले जिल्ला सदरमुकाम आएको बेला उनलाई कमलामाई नपा ६ बाट गिरफ्तार गरे। उक्त दिन जिल्ला सरकारी वकिलको कार्यालयमा माओवादीले बम विष्फोट गराएपछि पीडितलाई सोही आशंकामा प्रहरीले गिरफ्तार गरी माघ ४ गते रिहा गरेको थियो।

कमलामाई नपा-१० निवासी एमाले कार्यकर्ता करिब ३५ वर्षीय बुद्धिलाल श्रेष्ठलाई ०६२ माघ १३ गते सुरक्षाफौजले आन्दोलनरत सात दलको आह्वानमा भएको नेपाल बन्दको शान्तिपूर्ण कार्यक्रम गरिरहेको अवस्थामा कमलामाई नपा-१० बाट गिरफ्तार गरे। पीडितलाई केहीबेर गाली गलौज गरी रिहा गरियो।

अमले गाविस-५ निवासी २० वर्षीया कमला तामाङ माओवादी भएको आशंकामा ०६२ फागुन १३ गते काठमाडौंबाट सिन्धुलीतर्फ जाँदै गर्दा सर्लाहीको कर्मैयामा सुरक्षाकर्मीले झोला जाँच गर्ने क्रममा उनलाई गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २३ गते माओवादीले सर्लाहीको सदरमुकाम मलङ्गवा आक्रमणका क्रममा कारागारबाट छुटाई लगे।

सीतलपाटी गाविस-९ निवासी २२ वर्षीय सीताराम रम्तेललाई माओवादीको आशंकामा ०६२ चैत १० गते प्रहरीले जिल्ला सदरमुकाम आएको बेला जिल्ला प्रशासन कार्यालय अगाडिबाट गिरफ्तार गरे। पीडितलाई चैत १५ गतेबाट छ महिनाको पूर्जि दिएर कारागारमा नजरबन्दमा राखिएकोमा ०६३ वैशाख २६ गते रिहा गरियो।

कमलामाई नपा -६ निवासी एमालेका ४० वर्षीय खडगबहादुर खत्री र सोही नपा-४ राजपानी निवासी अनेरास्ववियु (एकीकृत) का २३ वर्षीय यमकुमार देवकोटालाई ०६२ चैत २९ गते प्रहरीले धुराबजारबाट गिरफ्तार गरे। पीडितलाई गिरफ्तारपछि प्रहरीले लाठी, बुट, बन्दुकको कुन्दाले कुटपिट गर्दै गाडीमा हालेका थिए। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा विनापूर्जि हिरासतमा राखी ०६३ वैशाख १० गते रिहा गरियो।

रानीचुरी गाविस-५ बेसारेखोला निवासी २५ वर्षीय गुणविक्रम कुँवर र बेलघारी गाविस-२ निवासी रामेश्वर दाहाललाई ०६२ चैत ३० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरू दुवै जना यूएनडीपीद्वारा सञ्चालित लघु उद्यम विकास कार्यक्रमका सामाजिक परिचालक हुन्। उनीहरूमाथि नगरपालिकाको कार्यालयमा ढुङ्गा हानेको आरोप लगाइएको थियो। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा बिनापूर्जी हिरासतमा राखी ०६३ वैशाख १० गते रिहा गरियो।



जनआन्दोलनका क्रममा प्रहरीको कुटपिटबाट घाइते भएका एमालेका भोजराज ढुंगेल

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका मोहन बराल, अनेरास्ववियुका नारायण बराल, नेविसंघका सुमन कोइराला र एमालेका प्रकाश कोइरालालाई ०६२ माघ २५ गते सात राजनीतिक दलद्वारा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी कमलामाई नपा-६ एक नम्बर बजारबाट

गिरफ्तार गरे। पीडितमध्ये नारायण बराल र प्रकाश कोइरालालाई माघ २७ गते रिहा गरियो भने मोहन बराल र सुमन कोइरालालाई माघ २७ गते ९० दिनको पूर्जी दिएर नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत जनकपुरको आदेशमा फागुन ३ गते रिहा गरियो। इन्स्पेक्टर वीरेन्द्रकुमार कार्कीको नेतृत्वमा रहेका प्रहरीहरूले गिरफ्तार गरेका थिए।

कमलामाई नपा-६ निवासी नेकाँका दिनेश अधिकारी, सोही नपा-५ निवासी नेकाँका चिरञ्जीवि ढकाल, प्रदिप ढकाल, प्रशान्त ढकाल र बिमल बराललाई ०६२ माघ २६ गते बिहान प्रहरीले मिलनचोकबाट गिरफ्तार गरे। पीडितलाई सोही दिन भइरहेको नगरपालिकाको निर्वाचनको बहिष्कार गर्न आएको आरोपमा गिरफतार गरिएको थियो। पीडितहरूमध्ये चिरञ्जीवि ढकाल, प्रदिप ढकाल र प्रशान्त ढकाललाई सोही साँझ र बिमल बराललाई माघ २७ गते रिहा गरियो। दिनेश अधिकारीलाई माघ २७ गते ९० दिनको पूर्जी दिएर नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत जनकपुरको आदेशमा ०६२ फागुन ३ गते रिहा गरियो।

कमलामाई नपा-९ ढुंग्रेबास निवासी एमालेका सांसद शंकरनाथ शर्मा, सोही नपा-५ निवासी जनमोर्चाका हरि बस्नेत, सोही नपा -९ ढुंग्रेबास निवासी पोष्टराज चौलागाई, कृष्ण दाहाल र झाँगाझोली रातमाटा गाविस-५ निवासी कृष्ण चौलागाईलाई नगर निर्वाचन विथोल्ने आशंकामा ०६२ माघ २६ गते संयुक्त सुरक्षाफौजले कमलामाई नपा -९ स्थितबाटोबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई दुर्गन्धित सानो कोठामा राखिएको थियो। पीडितहरूमध्ये हरि बस्नेत, पोष्टराज चौलागाई, कृष्ण दाहाल र कृष्ण चौलागाईलाई माघ २७ गते रिहा गरियो। शंकरनाथ शर्मालाई ०६२ माघ २७ गते ९० दिनको पूर्जी दिएर नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत जनकपुरको आदेशमा ०६२ फागुन ३ गते रिहा गरियो।

०६२ माघ १९ गतेलाई कालो दिवस मनाउने क्रममा सात राजनीतिक दलद्वारा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी कमलामाई नपा-६ धुराबजारबाट १३ जना, खम्बेचौरीबाट नौ जना र एक नम्बर बजारबाट पाँच जना गरी जम्मा २७ जनालाई गिरफ्तार गऱ्यो। यसरी गिरफ्तार गरिएकाहरूमा नेकाँका विपिन कोइराला चिरन्जीवी ढकाल, उज्वल बराल, मोहन बराल, मिनबहादुर श्रेष्ठ, महेन्द्र ढकाल, राजन अधिकारी र रंगराज खतिवडा, एमालेका केशव देवकोटा, प्रदिप कटुवाल, रामहरी पोखरेल, चुडामणी श्रेष्ठ, विनोद खडका, नेकाँ (प्रजातान्त्रिक)का अन्जेश खतिवडा, जनमोर्चाका मिथिला फुँयाल, अनेरास्वविyुका महेन्द्रदेव श्रेष्ठ, नेविसंघका विनोद कोइराला र गोविन्द पहाडी, अखिल (एकीकृत) का यमकुमार देवकोटा र गंगा खडका, माधव बराल, शंकर श्रेष्ठ, विनोद काफ्ले, ध्रुव देवकोटा, फडिन्द्र बराल, निर्मल रम्तेल र रामहरी थापा समेत जम्मा २७ जना थिए। समाचार संकलन गरी रहेका रेडियो बीरगञ्जका सम्वाददाता रेखराज दाहाललाई मोटर साइकल समेत गिरफ्तार गरिएको थियो। इन्स्पेक्टर विरेन्द्रकुमार कार्कीको नेतृत्वमा रहेका प्रहरीहरूले गिरफ्तार गरेका थिए। यसरी गिरफ्तार गरिएकामध्ये एमालेका केशव देवकोटा, प्रदिप कटुवाल, रामहरी पोखरेल र चुडामणी श्रेष्ठ, नेकाँका विपिन कोइराला, रंगराज खतिवडा, महेन्द्र ढकाल, अनेरास्वविyुका महेन्द्र श्रेष्ठ, नेविसंघका बिनोद कोइराला र अखिल (एकीकृत) का यमकुमार देवकोटा समेत १० जनालाई सोही दिन तीन महिने पूर्जी दिएर नजरबन्दमा राखियो भने १५ जनालाई सोही दिन तथा नेकाँका उज्जल बराल र मोहन बराललाई माघ २० गते रिहा गरियो। नजरबन्दमा राखिएका १० जनाले बन्दी प्रत्यक्षीकरण अन्तरगत ०६२ फागुन १ गते पुनरावेदन अदालत जनकपुरमा रिट दायर गरेपछि अदालतको आदेशमा फागुन ३ गते सबैलाई रिहा गरियो।

कमलामाई नपा-१४ काउछे निवासी एमालेका ५३ वर्षीय भोजराज ढुंगेल, कनपा-६ रातमाटा निवासी अनेरास्वविyुका ३० वर्षीय नारायण बराल, सोही नपा ६ दुई नम्बर बजार निवासी शिक्षक बुद्धिराज श्रेष्ठ र सोही नपा-१५ भँडार निवासी नेकाँका ५२ वर्षीय हर्कबहादुर खडका ०६२ चैत २९ गते बिहान प्रहरीको लाठीचार्जबाट घाइते भए। आन्दोलनकारीहरूले नगरपालिकाको कार्यालयमा ढुङ्गा हानेपछि प्रहरीले लाठीचार्ज गरेका थिए। घाइतेमध्ये भोजराज ढुंगेल र नारायण बराल सोही दिन उपचारार्थ जिल्ला अस्पताल भर्ना भए। नारायण बराल ०६२ चैत ३१ गते र भोजराज वैशाख ७ गते उपचार गराएर फर्किए। अन्य दुई घाइतेले घरमै सामान्य उपचार गरे। भोजराज ढुंगेलको तिघ्रामा गहिरो चोट लागेकोले अहिले पनि हिंडडुल गर्न कठिनाई हुने गरेको, देब्रे हातको पाखुरा दुखेर अत्यन्तै पीडा हुने गरेको पीडितले बताए। घाइते उपचार कोषलेसहयोग नगरेको र व्यक्तिगत खर्चमा उपचार गर्न आफूसँग रकमको अभाव रहेको पीडितले जनाए। सो घटनामा आन्दोलनकारीले हानेको ढुङ्गाले लागी ११ जना प्रहरीहरू सामान्य घाइते भएका थिए। यसरी घाइते हुनेहरूमा जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी हवल्दार रमेशप्रसाद यादव, कुलबहादुर अधिकारी, प्रहरी जवानहरू कमल भण्डारी, राजीनन्द यादव, प्रमोद साह, सुरेश योन्जन, जगत योन्जन, ऋषी राउत, बोजकुमारी आले, नागेन्द्र मलाहा, सर्वजीतकुमार सिंह रहेका थिए।

गैरसरकारी संस्था महासंघ, आदिवासी तथा जनजाति समन्वय समिति, दलित सेवा संघ, अपाङ्ग संघ र रिलेक सिन्धुलीको संयुक्त आयोजनामा ०६३ वैशाख ६ गते जुलुसको लागि तयार पारिएका लोकतन्त्र जिन्दावाद लेखिएका प्लेकार्ड

कमलामाई नपाका प्रमुख उमेश पोखरेलको आदेशमा प्रहरीले खोसे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २२ ओटा र यसवर्ष १३ ओटा गरी ३५ ओटा दर्ता भएकोमा पुरानाबाट १४ र यस वर्षका तीन गरी १७ ओटा फर्स्यौट भई १८ ओटा बाँकी छन। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका नौ ओटा र यस वर्ष दर्ता भएका १२ ओटा गरी २१ ओटा परेकोमा आठ ओटा फर्स्यौट भई १३ बाँकी रहेका छन। देवानी मुद्दा अघिल्लो वर्षबाट ४४ ओटा जिम्मेवारी सरेर आए भने यो वर्ष १२ ओटा परे। जसमा पुरानाबाट २१ ओटा र नयाँ तीन गरी २४ ओटा फर्स्यौट भई ३२ ओटा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा यस अदालतमा जम्मा ६३ ओटा मुद्दा फर्स्यौट हुन बाकी छन। तीमध्ये तीन वर्ष नाघेका सरकारवादी फौजदारी एउटा तथा दुई वर्ष नाघेका दुनियाँवादी फौजदारी नौ ओटा, सरकारवादी फौजदारी एउटा, देवानी नौ ओटा गरी जम्मा २० ओटा पुराना मुद्दा बाँकी छन।

जिल्ला प्रहरी कार्यालयमा १४ प्रकारका ४७ ओटा जाहेरी परेकोमा १४ ओटा फर्स्यौट भई ३३ ओटा बाँकी रहे।

बालअधिकार

कपिलाकोट गाविस-८ भुताहा निवासी १३ वर्षीया एक बालिकालाई ०६३ मंसिर १४ गते राति घरमा सुतिरहेको ठाउँमा दुईजना अज्ञात व्यक्तिले सामूहिक बलात्कार गरे। ईलाका प्रहरी कार्यालय कपिलाकोटले मंसिर १६ गते कपिलाकोट गाविस-९ निवासी मदन माझी, रामकुमार माझी र युवराज प्रसाई तथा १७ गते कपिलाकोट गाविस-४ निवासी गुणबहादुर पुलामी, प्रकाश गुर्माछान गरी सोही ठाउँका पाँचजनालाई गिरफ्तार गरेकोमा ०६३ पुस ९ गते अदालतको आदेशमा रामकुमार माझी र युवराज प्रसाईंलाई पुर्पक्षको लागी थुनामा राखी अन्यलाई रिहा गरिएको छ।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव /दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

कमलामाई नपा-११ भीमान शिक्षक टोल निवासी एक १५ वर्षीया बालिकालाई ०६३ जेठ २० गते दिउँसो भीमान नजिकै सुकेखोलाको जङ्गलमा सेनाका जवान सरोज थापा र अर्का नाम थाह नभएका दुई जना सुरक्षाकर्मीले बलात्कार गरे। बालिकालाई थाकलको डोरीले हात बाँधेर मुखमा रुमाल कोची आँखामा पट्टी बाधेर लगातार बलात्कार गरेको पीडितले बताइन्। बलात्कारपछि पीडक संयुक्त सुरक्षा बेसक्याम्पको कम्पाउण्डभित्र गएको र गाउँमा हल्ला गरे मार्ने धम्की दिएको पीडितले बताइन्। जिल्ला प्रहरी कार्यालयमा ०६३ असार २१ गते मुद्दा दर्ता भएकोमा प्रहरीले साउन २१ गते जिल्ला अदालतमा पेश गरेको छ।

पारिवारिक हिंसा

कमलामाई नपा-५ निवासी ७३ वर्षीया सुकुमाया सार्कीलाई ०६३ जेठ १६ गते आफ्नै छोरी ३५ वर्षीया सकुन्तला सार्की र ज्वाई ३८ वर्षीय कृष्णबहादुर सार्कीले सम्पति आफ्नो नाममा सारेपछि घर निकाले। छोरी ज्वाईले पहिले पालनपोषण गर्छौं भनी फकाएर जग्गा बिक्रीबाट आएको एक लाख एक हजार रकम लिएको पीडितले बताइन्। पीडितले जेठ १६ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरे पनि पीडकहरूलाई पटक पटक पत्र पठाउँदा नआएकोले मुद्दा मिलाउन नसकिएको र पछि सो केन्द्रमा पीडक उपस्थित भई गाउँमै मिलाउने भनी गएको सो केन्द्रले जनायो।

दुर्व्यवहार

कमलामाई नपा-९ केराबारी निवासी २७ वर्षीया सञ्जीमाया मोक्तानलाई ०६३ साउन २५ गते सोही ठाउँका ३५ वर्षीय रामलाल लो तामाङ र उनकी पत्नी फुलमाया लो तामाङले बोक्सी लागी छोरा बिरामी पारेको आरोप लगाए। पीडकहरूले सोही दिन राति घरमा आई 'तैले के टुना मुना लगाएर बिरामी पारिस बिसेक पार हैन भने तेरो हात खुट्टा भाँचिदिन्छौ' भनी धम्की समेत दिएको पीडितले बताए। पीडितले साउन २६ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरेकोमा पीडकलाई पटक पटक बोलाउदा नआएकोले मुद्दा मिलाउन नसकेको र पछि पीडकको छोरा मरेकोले पीडक आई गाउँमै मिलाउँछौ भनी गएको सो केन्द्रले जनायो।

बोक्सीको आरोपमा हत्या

क्यानेश्वर गाविस-७ राँगेचुली निवासी २५ वर्षीया कामीमाया पाखिनलाई ०६३ मंसिर १३ गते ढुंग्रेखोला गाविस ३ केराबारी सर्लाहीका २५ वर्षीय मानबहादुर पाखिन र सोही ठाउँका ४० वर्षीय लोकबहादुर मोक्तानले बोक्सी लागेको आरोपमा खुकुरीले काटेर हत्या गरे। पीडकहरू हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

सबै प्रकारका जातीय विभेद

कमलामाई नपा-९ ढुंग्रेबास निवासी ४४ वर्षीय खडगबहादुर विश्वकर्मालाई ०६३ भदौ २६ गते सोही ठाउँका तीलकबहादुर बुढाथोकी र उनकी पत्नीले होटलमा चिया खान जाँदा क्षेत्रीको होटलमा किन भित्र पसिस ? यो दलितको लागि खोलिएको होटल हैन, तँलाई हिजै यहाँ नआइज भनेको होइन ? भनी होटल भित्रबाट घोक्याउँदै निकाले। पीडितले आफूमाथि बुढाथोकी र उनकी पत्नीबाट छुवाछूत गरिएकोले

क्षतिपूर्ति सहित उचित न्यायका लागी सोही दिन जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा उजुरी गरे। जिल्ला प्रशासन कार्यालयले सामुदायिक सेवा केन्द्रमा मुद्दा मिलापत्रका लागि पठाएपछि सो केन्द्रले असोज ३ गते दुवै पक्षबीच छुवाछूत नगर्ने सर्तमा मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष वृद्ध, असहाय र अपाङ्ग गरी ६ हजार ३९ जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध २ हजार ९ सय ९१ जना, विधवा तथा असहाय २ हजार ९ सय ७८ जना र अपाङ्ग-अशक्त ७० जना रहेका छन्। जेष्ठ र अपाङ्गलाई ०६३ कात्तिकसम्मको र विधवालाई असोजसम्मको भत्ता वितरण गरिएको जिविसले जनायो।

संरचना क्षति

माओवादीबाट

कमलामाई नपा-६ स्थित जिल्ला सरकारी वकिलको कार्यालयमा ०६२ माघ १ गते साँझ माओवादीले सकेट बम विष्फोट गराए। विस्फोटबाट कार्यालयको १ लाख २४ हजार बरबर भवनमा क्षति भयो भने फर्निचर, पुस्तक र अन्य सामाग्री गरी कूल २ लाख ५२ हजार बराबरको क्षति भएको सो कार्यालयले जनायो।

कमलामाई नपा-६ स्थित सोही नगरपालिकाको कार्यालय भवनमा ०६२ माघ १३ गते बिहान माओवादीले सकेट बम विष्फोट गराए। नगरपालिका निर्वाचनको मनोनयन पत्र दर्ता गर्ने दिन उक्त विष्फोट गराएका थिए। विष्फोटबाट कार्यालयका १९ ओटा झ्यालका सिसा फुटेका र बाहिरी पर्खाल भत्किएको थियो। विष्फोटबाट कार्यालयको कुल १ लाख ३५ हजार बराबरको क्षति भएको सो कार्यालयले जनायो।

विगतको अनुगमन

माओवादीको आरोपमा ०६१ फागुन १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन २१ गतेदेखि जेलमा नजरबन्दमा राखिएका हत्पते गाविस-८ निवासी उद्धव पहाडी ०६३ जेठ १ गते, ०६१ चैत १८ गते कमलामाई नपा-११ भीमान चेकपोष्टबाट गिरफ्तार गरी ०६२ वैशाख ७ गतेदेखि जेलमा नजरबन्दमा राखिएकी महोत्तरी जिल्ला खयरमारा गाविस-२ निवासी इन्द्रिरा गौतम ०६३ वैशाख १५ गते र ०६२ मंसिर ६ गते कमलामाई नपा-११ भीमान चेकपोष्टबाट गिरफ्तार गरी ०६२ मंसिर १४ गतेदेखि जेलमा नजरबन्दमा राखिएका सीपापोखरे गाविस-४ सिन्धुपाल्चोक निवासी छक्कबहादुर तामाङलाई ०६३ जेठ १२ गते रिहा गरियो।

बितिजोर गाविस-५ निवासी बीरबहादुर भुजेल र रतनचुरा गाविस-९ हिर्दिङ निवासी चन्द्रबहादुर भुजेललाई माओवादीको आरोपमा ०६२ कात्तिक १३ गते डुँडभन्ज्याङ गाविसबाट गिरफ्तार गरी रामेछाप जेलमा राखिएकोमा यस वर्ष रिहा गरियोयो।

माओवादीबाट हत्या


माओवादीले ०६० असोज २७ गते अपहरण गरी स्थिति अज्ञात रहेका बाशेश्वर गाविस १ निवासी ४५ वर्षीय बशिष्ठ कोइरालाको अपहरण गरेको तीन दिनपछि मृत्यु भएको माओवादीले जनाए। मृतकको लास र घटनास्थलबारे जानकारी दिएनन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र छजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कमलामाई नपा-९ ढुंग्रेबास निवासी ५२ वर्षीय चित्रनारायण श्रेष्ठ, मरिण निवासी श्यामबिर माझी र बिष्णु माझी, डाडीगुराँसे गाविस-५ निवासी ३७ वर्षीय रामचन्द्र काफ्ले, हत्पते गाविस-४ निवासी तेजमान विश्वकर्मा, तिनकन्या गाविस-८ रानीखोला निवासी २८ वर्षीय रितबहादुर गुरुङ्ग र सिर्थौली गाविस-१ निवासी सन्तोषी कुँवर दनुवार रहेका छन्।

२.५ रामेछाप



जनसंख्या	: २,२२,९६५
साक्षरता प्रतिशत	: ४६
महिला साक्षरता प्रतिशत	: २९.७१
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस/नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४११
क्याम्पस/उच्च मा.वि.	: २/७
अस्पताल/स्वास्थ्य चौकी	: ३/५३
टेलिफोन लाइन	: १८९
मोटर सडक (कि. मि.)	: २००
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ५५
मानव विकास सूचकाङ्क	: ०.४३४
प्रति परिवार सरदर संख्या	: ५.५२

गोली/बम/विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

वाम्ती गाविस-८ निवासी १६ वर्षीय तालबहादुर बस्नेतको ०६३ पुस ५ गते माओवादीले छाडेको बेवारिसे डिटोनटर खेलाउँदा विष्फोट भई आफ्नै घरमा मृत्यु भयो। बारीमा फेला परेको सो डिटोनेटर घरमा ल्याएर रेडियोको ब्याट्री निकालेर जोड्न लाग्दा अकस्मात विष्फट भई उनको घटनास्थलमा नै मृत्य भएको थियो।

जेल र बन्दी

जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको रामेछाप कारागार अत्यन्त पुरानो र जीर्ण बन्दै गएको छ। जेलमा महिला र पुरुषको लागि छुट्टै कम्पाउण्ड छैन। महिला बन्दी बाहिर आउँदा पुरुष र पुरुष बाहिर आउँदा महिलाहरू कोठाभित्रै थुनिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा अहिले कुल १२ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद नतोकिएका पाँचजना पुरुष रहेका छन्। यसबाहेक कैद सजाय तोकिएका दुईजना महिला तथा पाँचजना पुरुष रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

पकरवास गाविस-६ निवासी १९ वर्षीय देवकुमार श्रेष्ठलाई ०६२ पुस २३ गते माओवादीले घरैबाट अपहरण गरी लगे। माओवादी बनाउन लगिएका श्रेष्ठले पार्टीमा लाग्न अस्वीकार गरेपछि माओवादीले माघ ३ गते मुक्त गरे।

प्रयागेश्वर उमावि पकरवासका शिक्षक ४६ वर्षीय हरि ढुङ्गेललाई ०६२ पुस २३ गते माओवादीले घरैबाट केही बुझ्नु छ भनी अपहरण गरे। उनलाई सोही दिन बेलुका मुक्त गरे।

फुलासी गाविस-५ निवासी ६८ वर्षीय चन्द्रबहादुर श्रेष्ठले ज्यान मारेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनी माघ २ गते भागेर सदरमुकाम आई विस्थापित भए।

गेलु गाविस-१ निवासी ५० वर्षीय पर्शुराम बुढाथोकी र ४८ वर्षीय कर्णबहादुर पाण्डेलाई सडक निर्माणमा अनियमितता गरेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनीहरूलाई सिक्राल स्कूलबाट अपहरण गरी सोही गाविस-५ को एउटा घरमा रातभरि थुनेर कुटपिट गरे। पीडितलाई माओवादीले भोलिपल्ट मुक्त गरे। घटनापछि पीडितहरू सदरमुकाम मन्थलीमा विस्थापित भए।

प्रयागेश्वर उमावि पकरबासका प्राचार्य ५८ वर्षीय हरिबहादुर श्रेष्ठ, शिक्षकहरू-४० वर्षीय नारायणहरि ढुङ्गेल, ४० वर्षीय हरिनारायण श्रेष्ठ, ४५ वर्षीय चन्द्रप्रसाद गौतम, ४६ वर्षीय हरि ढुङ्गेललगायतका आठ जना शिक्षकहरूलाई ०६२ माघ ७ गते माओवादीले विद्यालयबाट अपहरण गरे। अपहरित सबैलाई काभ्रेको लौरीभञ्ज्याङमा आयोजित माओवादी कार्यक्रमबाट माघ १३ गते मुक्त गरियो। सो घटनामा माओवादीले कार्यक्रमका लागि स्थानीय ४० जना गाउँलेलाईसमेत लगेका थिए। पडितहरूलाई कार्यक्रमपछि मुक्त गरियो।

गागल गाविस-२ निवासी शिक्षक ३५ वर्षीय गणेशबहादुर खड्कालाई ०६२ माघ ७ गते माओवादीले घरैबाट अपहरण गरी १० दिनपछि मुक्त गरे। माओवादीले उनलाई पार्टीमा लाग्न दबाब दिएका थिए।

हिमगंगा गाविसकी ३६ वर्षीया सीता खड्कालाई ०६२ माघ १३ गते माओवादीले उनकै घरबाट अपहरण गरे। अपहरित महिला भोलिपल्ट बिहान बास बसेको ठाउँबाट भागिन्। स्थानीय एक माओवादी कार्यकर्तासँगको जग्गा विवादमा माओवादीले पीडितलाई एक महिनासम्म श्रमशिविरमा काम गराए। त्यसपछि पुनः तीन महिनासम्म

पार्टीमा हिड्नु पर्ने भनी माओवादीले अपहरण गरेपछि उनी भागेकी थिइन्।

सालु गाविस-२ निवासी ५८ वर्षीय लिलानाथ अधिकारी, दीपक बस्नेत, रामचन्द्र राय, मिनबहादुर तामाङ् लगायत ६० जनालाई ०६२ माघ १८ गते माओवादीले घर घरबाट अपहरण गरी आफ्नो पार्टीको कार्यक्रममा सहभागी गराउन लाँदा सेनाले पिछा गर्दै गएपछि सालु गाविस-८ को कुकुरकाटेभञ्ज्याङमा पुऱ्याएर मुक्त गरे।

प्रयागेश्वर उमावि पकरबासमा कक्षा ९ मा अध्ययनरत छात्र १९ वर्षीय रमेश श्रेष्ठलगायत १३ जना विद्यार्थीलाई ०६२ माघ २९ गते माओवादीले अपहरण गरे। अपहरित सबैलाई माओवादीले लखनपुर गाविसमा आयोजित भलिबल प्रतियोगितामा सहभागी गराई चार दिनपछि मुक्त गरे।

प्रयागेश्वर उमावि पकरबासका शिक्षक ४५ वर्षीय चन्द्रप्रसाद गौतमलाई ०६२ फागुन १७ गते माओवादीले कक्षा कोठाबाटै अपहरण गरे। पीडितलाई काभ्रेमा आयोजित माओवादीको कार्यक्रममा सहभागी गराई फागुन २४ गते मुक्त गरे।

भीमेश्वर रुद्रमावि चिसापानीका १० जना शिक्षक र कक्षा छ, सात, आठ र नौमा अध्ययन गर्ने विद्यार्थीलाई ०६२ फागुन २१ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरूलाई पुरानागाउँमा आयोजित कार्यक्रममा सहभागी गराई साँझ मुक्त गरियो।

सेतीदेवी मावि सालुकी शिक्षिका ३६ वर्षीया ईश्वरी बस्नेत र जनकल्याण सेवा समिति सालुकी अनमी २२ वर्षीया शान्ति तामाङलाई ०६२ फागुन २२ गते माओवादीले अपहरण गरी ओखलढुङ्गा पुऱ्याएर दुई दिनपछि मुक्त गरे। सोही दिन अपहरण गरिएकी साँघुटार स्वास्थ्य चौकीकी अनमी ३० वर्षीया यशोदा अधिकारीलाई पनि तामाङसँगै मुक्त गरे।

बेथान गाविस-३ निवासी ३६ वर्षीय शिवलाल खड्का र माकादुम गाविस-५ की २१ वर्षीया राधिका बुढाथोकी हत्याको घटनामा सामेल भएको आरोपमा ०६२ चैत २ गते माओवादीले उनीहरूलाई अपहरण गरे। माओवादीले उनीहरूलाई बोलाएको बेला उपस्थित हुने सर्तमा चैत १० गते मुक्त गरे।

टोकरपुर गाविस-६ निवासी जनभावना युवा क्लब टोकरपुरका सामाजिक परिचालक २८ वर्षीय मोहन थापा मगरलाई ०६२ चैत ९ गते माओवादीले संस्थाको काममा गएको बेला गौश्वारा गाविसको खर्सुबथानबाट अपहरण गरे। मगरसँग माओवादीले चन्दा मागेका थिए। क्लबका अध्यक्ष कुमार कँडेलसँग सम्झौता गरी माओवादीले उनलाई चैत १७ गते मुक्त गरे।

चनखु गाविस-५ निवासी ६६ वर्षीय टंक बोहोरा र ५५ वर्षीय बलबहादुर बोहोराले छोरालाई सेना र प्रहरीमा जागिर लगाएको आरोपमा ०६२ चैत १९ गते माओवादीले उनलाई घरबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे।

मन्थली गाविस-७ करमबोटका व्यापारी ३० वर्षीय प्रकाश श्रेष्ठ, ३१ वर्षीय जंगवीर माझी सहित २४ जनालाई ०६२ चैत २१ गते दिउँसो माओवादीले पीडितका आ आफ्नै घरबाट अपहरण गरे। उनीहरूलाई कठजोर गाविसमा पुऱ्याई माओवादीले घोषणा गरेको जनसरकारमा व्यवसाय दर्ता गराउने सर्तमा सोही दिन मुक्त गरियो ।

ठोसे गाविसका पूर्वउपाध्यक्ष ३१ वर्षीय महेशलाल प्रधान तथा बाम्ती गाविसका बाबुकाजी शेर्पा, दडसर्की शेर्पा र अनन्त खड्कालाई स्थानीय सडक र बजार व्यवस्थापनको कमिशन माग गर्दै ०६३ वैशाख १ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितहरूलाई वैशाख १६ गते मुक्त गरे।

फुलासी गाविस-३ निवासी ४३ वर्षीय गोपाल भुजेलले छिमेकीसँग जग्गाको सीमा विवाद तथा छोराले दुई ओटी पत्नी ल्याएको आरोपमा ०६३ वैशाख २० गते माओवादी कार्यकर्ता प्रदीपको नेतृत्वमा आएको टोलीले उनलाई घरबाट अपहरण गरी हात बाँधेर कुटपिट गरे। माओवादीले हात बाँधेर राखेको ठाउँबाट पीडित राति ११ बजे भागेर सदरमुकाम आए। पीडित घटनापछि सदरमुकामै विस्थापित भए।

रुद्राक्षेश्र मावि मुगिटारका शिक्षक ५० वर्षीय यादव दाहाल, २५ वर्षीय गजेन्द्र राईलगायत कक्षा ९ र १० मा पढ्ने सबै विद्यार्थीलाई ०६३ जेठ १७ गते माओवादीले विद्यालयबाट नै अपहरण गरी दुई दिनको बाटो हिंडाएर काठमाडौंको खुलामञ्चमा आयोजना गरेको माओवादी कार्यक्रममा सहभागी गराए। पडितहरूलाई जेठ २० गते मुक्त गरियो।

पकरबास गाविस-६ निवासी १९ वर्षीया कल्पना ढुङ्गेल, १६ वर्षीया रीता ढुङ्गेल र १७ वर्षीया सुनिता कार्कीलाई ०६३ असार १९ गते माओवादीले घरबाट अपहरण गरी लगेकामा दुईजनालाई एक हप्तापछि काभ्रेको बनेपाबाट मुक्त गरे। अपहरितमध्ये सुनिता कार्की माओवादी मै लाग्न चाहेका कारण मुक्त नगरिएको माओवादीले जनाए। माओवादीले सुनितासँग आफूलाई भेट गर्न नदिएको आरोप उनका आफन्तहरूले बताए।

पकरबास गाविस-४ निवासी १५ वर्षीया सुरक्षा मैनाली र १९ वर्षीया शोभा मैनालीलाई ०६३ साउन १० गते माओवादीले भटौली गाविसबाट अपहरण गरे। माओवादीले उनीहरू आफूखुसी पार्टीमा लागेको बताए पनि आफन्तले आफूहरूसँग भेट गर्न नदिई माओवादीले जबरजस्ती लगेको बताए। पीडितहरू अझै घर फर्किएका छैनन्।

टोकरपुर गाविस-८ निवासी २४ वर्षीय किरण खड्का र ओखलढुङ्गा जिल्ला चण्डेश्री गाविस-२ निवासी २६ वर्षीय सरोज सुनुवारले लुटपाट गरेको आरोपमा ०६३ भदौ २५ गते माओवादीले उनीहरूलाई हिलेदेवी गाविस-७ बाट अपहरण गरे। उनीहरूबाट नगद १ लाख ७४ हजार रुपैयाँ फेला परेको माआवादीले दाबी गरेको छ। पीडित अझै माओवादी नियन्त्रणमा छन्।

दिमीपोखरी गाविस-३ निवासी २२ वर्षीय रणबहादुर थापा मगरले स्थानीय लालुमाया थापा मगरको हत्या गरेको आरोपमा ०६३ असोज १९ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। सोही घटनामा संलग्न भएको आरोपमा ०६३ असोज २४ गते २५ वर्षीय दुर्गाबहादुर थापा मगरलाई पनि उनीहरूले अपहरण गरे। दुवैलाई माओवादीले ५ देखि १० वर्षसम्म माओवादीको श्रमशिविरमा काम गुर्न पर्ने सजाय तोके।

मझुवा गाविस-आपँचौर निवासी १९ वर्षीय मोतिलाल घिसिङले हाडनाताभित्र यौन सम्पर्क राखेको आरोपमा ०६३ असोज २० गते माओवादीले उनलाई अपहरण गरे। सोही अभियोगमा १९ वर्षीया सुष्मिता घिसिङलाई पनि असोज २४ गते अपहरण गरी दुवैलाई श्रम सजाय सुनाए।

दोरम्बा गाविस-४ निवासी ४० वर्षीय कृष्णबहादुर श्रेष्ठ र २८ वर्षीय धनबहादुर श्रेष्ठले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ कातिक १८ गते माओवादीले उनीहरूलाई दोरम्बाबाट अपहरण गरे। पीडितहरू दिमीपोखरी गाविसबाट भाग्न सफल भए।

कुभुकास्थली गाविस-९ निवासी ४० वर्षीय लालबहादुर कार्की र सोही गाविस-७ निवासी ४५ वर्षीय ढालबहादुर कार्की हत्याको घटनामा संलग्न भएको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितलाई विभिन्न ठाउँ घुमाएर कात्तिक २७ गतेबाट मंसिर ७ गतेसम्म सदरमुकाम मन्थलीमा माओवादी नियन्त्रणमा राखी मंसिर ७ गते ढालबहादुरलाई प्रहरीमा बुझाए भने लालबहादुरलाई मुक्त गरे।

भुजी गाविस-९ निवासी पूर्व निर्वाचित वडाअध्यक्ष ५३ वर्षीय फुर्बाग्यल्बु शेर्पालाई ०६३ मंसिर ९ गते माओवादीका गाउँ जनसरकार प्रमुख भुजी गाविस-६ निवासी चन्द्रबहादुर कालिकोटे, माओवादीका उद्धव पौडेल र अर्का एक जना माओवादीले बिहान १० बजे घरबाट अपहरण गरी २० हजार रुपैयाँ दिनु पर्ने माग राखी दिनभरि राखे। मंसिर १४ गतेसम्म रकम नबुझाए घर छाड्नु पर्ने धम्की दिएका कारण पीडितले १४ गते माओवादीलाई ४ हजार रुपैयाँ बुझाए। तर, माओवादीले पूरै रकम दिनु पर्ने भनेपछि पीडित रकम बुझाउन नसकेर पुस ९ गते काठमाडौंमा विस्थापित भए। उनलाई माओवादीले ०५९ सालमा घर जग्गा कब्जामा लिई गाउँबाट विस्थापित गराएका थिए। पछिल्लो पटक पीडित ०६३ कात्तिक २७ गते गाउँ फर्किएका थिए।

धम्की / ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

गुम्देल गाविसका सचिव २८ वर्षीय यादव पहाडीलाई आफूले भनेको नटेरेको भन्दै ०६२ पुस २२ गते जिल्ला विकास समिति ईलाका नं १ का मनोनीत सदस्य आडनिमा शेर्पाले कुटपिट गरे। पीडकलाई सार्वजनिक रूपमा माफी मगाई छाडियो।

एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय केशव फुयाँल र मन्थली गाविस-६ निवासी व्यापारी ३१ वर्षीय रामशरण श्रेष्ठलाई राजाविरोधी आन्दोलनमा लागेको भनी ०६२ चैत ४ गते नारायण दल गणका क्याप्टेन सोमबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६	१	१			१				
घाइते	१	१		१						१	१		१
गिरफ्तारी/यातना										३	१	१	३
कुटपिट	१	३		३	७	८	८		१६	३	४		४
धम्की					३	६			६				
भेला/संगठित हुने अधिकार										३	९		९
महिलाअधिकार	५		५	५									
बालअधिकार	१		३	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	७			७				
अपहरण					४८	८३	३३	३४८	४५३				
जम्मा	१४	८	९	१७	५९	१०४	३०	३४८	४८३	९	१५	१	१६

कार्कीले मन्थली बजारमा कुटपिट गरे। कार्कीलाई कुनै कारबाही भएन।

रामेछाप-देउराली रुटका ट्याक्टर चालक २६ वर्षीय सोभित चौधरीलाई ट्र्याक्टरले गेटमा छोएको भनी ०६३ साउन १२ गते नारायण दल गण रामेछापको गेटमा ड्युटीमा बसेका सैनिकले कुटपिट गरे। उनलाई सेनाले भाँचिएको गेट समेत बनाउन लगायो। पीडकलाई कुनै कारबाही भएन।

माओवादीबाट

चिसापानी गाविसका पियन ३२ वर्षीय बद्रिकुमार श्रेष्ठलाई ०६२ चैत १ गते माओवादीले धम्क्याएर गाविस-कार्यालयको साँचो खोसी गाविसको सूचना केन्द्रमा रहेको कम्प्युटर, टेलिफोनसेटलगायतका सामग्रीहरू लुटेर लगे।

गेलु गाविस-२ निवासी २३ वर्षीय दानबहादुर खड्का र ३५ वर्षीया मैना खत्रीलाई घरायसी विवादमा ०६३ वैशाख १२ गते माआवादीका विनोद चौलागाईंलगायतले कुटपिट गरी दानबहादुरलाई ६ हजार जरिवाना र एक महिना श्रम गर्नुपर्ने र मैनालाई नौ हजार रुपैयाँ जरिवाना र ४५ दिन श्रम गर्नु पर्ने निर्णय सुनाए।

फुलासी गाविस-३ निवासी ८४ वर्षीय नरबहादुर भुजेल, २२ वर्षीय विष्णु भुजेल, ३५ वर्षीया सीता भुजेल, ३० वर्षीय अर्जुन भुजेल, ४० वर्षीया मानकुमारी भुजेल र १७ वर्षीया सरिता भुजेलले माओवादीद्वारा अपहरित गोपाल भुजेललाई लुकाएको आरोपमा ०६३ वैशाख २२ गते राति माओवादीले उनलाई कुटपिट गरे।

भटौली गाविस-७ निवासी ३६ वर्षीया गोमा कार्की र ३४ वर्षीया कान्छी लामालाई जाँड बनाएको आरोपमा ०६३ वैशाख २५ गते माओवादीले थला पर्ने गरी कुटपिट गरे। पीडितहरूले घर बनाउने खेतालालाई खाजाको लागि जाँड बनाएका थिए।

गेलु गाविस-घर भएका अनेरास्वियुका २५ वर्षीय प्रकाश कार्कीलाई गाविस-५ मा सडक निर्माण गर्न आयोजित छलफलमा माओवादीको भनाईप्रति असहमति जनाएको भन्दै ०६३ असार २२ गते गेलुका माओवादी कार्यकर्ता प्रदीप लगायतले कुटपिट गरे। गाउँलेहरूले त्यसको प्रतिवाद गरेपछि माओवादी भागेका थिए। माओवादीका ईलाका इन्चार्ज सचेतले पीडकमाथि कारबाही गर्ने बताए भए पनि कुनै कारबाही भएन।

गौश्वारा गाविस-४ निवासी २२ वर्षीया एकुमाया थापा, २५ वर्षीय बज्रबहादुर थापा, २५ वर्षीय खम्बबहादुर थापा र २० वर्षीय गंगबहादुर थापा मगरलाई विद्युत पोलबारे उत्पन्न विवादमा ०६३ भदौ १ गते माओवादी गाजस प्रमुख विक्रम थापा मगरको निर्देशनमा गौश्वार-८ को ताम्चेतमा कुटपिट गरी सामान्य घाइते पारे।



माओवादीले छाडेको डेटोनेटर विस्फोटमा परी मारिएका तालबहादुर बस्नेत

गैरकानुनी गिरफ्तारी

ओखलढुङ्गा जिल्ला सिंहदेवी गाविस-८ निवासी १९ वर्षीया तारा भण्डारी माओवादी भएको आरोपमा ०६२ पुस १८ गते नारायणदल गणका सेनाले उनलाई रामेछाप बजारबाट गिरफ्तार गरे। उनलाई माओवादी भएको अभियोगमा तीन महिनासम्म रामेछाप कारागार नजरबन्दमा राखी रिहा गरियो।

गौश्वारा गाविस-६ निवासी माओवादीका गाजस प्रमुख ३५ वर्षीय विक्रम थापा मगरलाई ०६२ पुस २७ गते दोरम्बा ब्यारेकबाट गस्तीमा गएको शेर गणको सेनाको टोलीले गौश्वारा गाविस-७ बाट गिरफ्तार गऱ्यो। उनलाई सेनाले माघ ७ गते प्रहरीसमक्ष बुझायो। सोही दिनबाट उनलाई ३ महिनासम्म रामेछाप जेलमा नजरबन्दमा राखियो।

अभिव्यक्ति/ भेलाहुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राज्यबाट

नेकाँ रामेछापका ४६ वर्षीय कृष्णबहादुर महत र तरुण दल (प्रजातान्त्रिक) का ३० वर्षीय लेखबहादुर कार्कीलाई ०६२ पुस २३ गते नारायण दल गणका क्याप्टेन सोमबहादुर कार्कीले राजनीतिक पार्टीले मन्थलीमा निकालेको जुलुसको नेतृत्व गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयमा बोलाई पुनः त्यस्तो कार्य गरेमा नगरकोट घटना दोहोऱ्याई दिने धम्की दिए। पीडकलाई कुनै कारबाही भएन।

लखनपुर गाविसका जनमोर्चाका कार्यकर्ता ३६ वर्षीय रेमबहादुर थापा मगर ०६२ माघ १९ गते ७ दलले मन्थलीमा निकालेको विरोध जुलुसमा प्रहरीले गरेको लाठीचार्जमा घाइते भए। लौराले लाग्दा उनको दाहिने हातको एउटा औला भाँचियो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

सात दलले ०६२ चैत २४ गतेदेखि सञ्चालन गरेको विरोध कार्यक्रम विथोल्न ०६२ चैत २२ र २३ गते स्थानीय प्रशासनले मन्थलीबाट काठमाडौं जाने अरनिको यातायातको सम्पूर्ण बसहरू बन्द गर्न लगायो। यातायात नचलेको कारण सर्वसाधारणको आवत जावत ठप्प भयो।

सात राजनीतिक दलले मन्थलीमा निकालेको विरोध जुलुसमा ०६३ वैशाख ४ गते जिविसको गेट अगाडि सादापोसाकमा रहेका सुरक्षाकर्मीले हानेको ढुङ्गाले लागी नेविसंघका कोषाध्यक्ष २३ वर्षीय रामहरि पौडेलमा टाउको चोट लाग्यो। उनको काठमाडौं मोडल अस्पतालमा लगी उपचार गरियो।

माओवादीबाट

भुजी, प्रिती, गुप्तेश्वर, दुरागाउँ, गेलु, चनखु र लखनपुर गाविसमा ०६३ वैशाख १ गतेबाट मतदाता नामावली सङ्कलन गर्न गएका मतदाता नामावली संकलकहरूलाई माओवादीले गर्न दिएनन्। उनीहरूले राज्यको नयाँसंरचना नभएसम्म नामावली सङ्कलन गर्न नदिने बताएर नामावली संकलकहरूलाई फिर्ता पठाए।

हिमगंगा रेन्जपोष्ट अर्न्तगतका सातओटा गाविसका सामुदायिक वनका उपभोक्ताहरूको सालु गाविसमा ०६३ असार ६ गते सम्पन्न अधिवेशनमा आफूलाई नबोलाएको भन्दै माओवादीले सो समिति अवैध भएको भन्दै कुनै पनि काम नगर्न धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा जिम्मेवारी सरेर आएका सहित कूल ८४ ओटा मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छन्। जसमध्ये सरकारवादी फौजदारी १३ ओटा, दुनियाँवादी साधारण फौजदारी १८, गाली बेइज्जती तीन, संक्षिप्त फौजदारी पाँच र देवानी मुद्दा ४५ ओटा रहेका छन्। त्यस्तै यसवर्ष अदालतमा नौओटा सरकारवादी फौजदारी तथा २३ ओटा साधारण फौजदारी सातओटा, गाली बेइज्जती, १३ ओटा संक्षिप्त फौजदारी र ४२ ओटा देवानी मुद्दा दर्ता भए। यस अवधिमा दुई ओटा सरकारवादी फौजदारी, १२ ओटा संक्षिप्त फौजदारी, ११ ओटा साधारण फौजदारी, चारओटा गाली बेइज्जती र २९ ओटा देवानी मुद्दा फर्स्यौट भए। अदालतमा पाँच वर्ष नाघेका मुद्दाहरू भने छैनन्।



जनआन्दोलनमा सहभागी भइरहेको अवस्थामा सुरक्षाकर्मीले ढुङ्गाले हानी घाइते पारिएका होमनाथ पौडेल

बालअधिकार

बाङ्गेसल्ला मावि पुरानागाउँका एकदेखि तीन कक्षासम्म अध्ययन गर्ने छात्राहरूलाई सोही विद्यालयका शिक्षक ४२ वर्षीय राजेन्द्र श्रेष्ठले हस्तमैथुन, मुखमैथुन गर्न लगाउने तथा छात्राहरूको संवेदनशील अंगहरूमा चलाएर यौन शोषण गर्ने गरेको ०६३ असार ८ गते सार्वजनिक भयो। सो थाहा पाएपछि माओवादीले असार ८ गते अभिभावक बोलाई ती शिक्षकलाई एक वर्षको तलब माओवादीलाई बुझाउनु पर्ने र सरुवा भएर अन्यत्र जानु पर्ने निर्णय सुनाए।

सिद्धेश्वर प्राबि दुरागाउँ, वृषेश्वर प्राबि बिजुलीकोट, रूपादेवी प्राबि बिजुलीकोट, भृङ्गेश्वरी प्राबि बिजुलीकोट र क्षेरिङ्गेश्वरी प्राबि बिजुलीकोटले ०६२ फागुन महिनाको पौष्टिक आहार सामग्री तथा छात्राहरूले पाउने तेल समेत पाएनन्। जिल्ला शिक्षा कार्यालयको धोवी बितरण केन्द्रले चैत ३ गते बितरण गर्नु पर्ने सो सामाग्री ०६३ वैशाख ३ गते दिने भनिएको भए पनि सो महिनामा समेत नदिएपछि करिब ६ सय विद्यार्थीहरू एक महिना पौष्टिक आहारबाट वञ्चित भए।

माओवादीबाट

आखेनी गाविस-९ निवासी १४ वर्षीय देवराज तामाङ, १६ वर्षीय घनश्याम तामाङ, १५ वर्षीया भक्ती तामाङ र १६ वर्षीया जालीमाया तामाङलाई ०६३ साउन २७ गते माओवादीले गाउँबाट अपहरण गरे। अपहरितका आफन्तहरूले छोराछोरीलाई पटक-पटक भट्न खोज्दा पनि माओवादीले भेट गर्न दिएनन्।

टोकरपुर गाविस-३ निवासी १४ वर्षीय हरिकृष्ण बसेल र १७ वर्षीय माहिला बसेललाई ०६३ भदौ २५ गते माओवादीले कण्ठेश्वर मावि टोकरपुरबाट अपहरण गरी लगे। जनमोर्चाको दबाबको कारण हरिकृष्णलाई असोज ११ गते र माहिलालाई असोज १४ गते माओवादीले मुक्त गरे।

गोठगाउँ गाविस-३ निवासी १४ वर्षीया सानू तामाङ र १३ वर्षीया सम्झना बुढाथोकीलाई ०६३ कात्तिक १५ गते माआवादीले १ सय डलर तलब दिने भनी सालु गाविसको सालुबजारबाट अपहरण गरे। माओवादीले उनीहरू आफूखुसी पार्टीमा आएको बताए। पीडितलाई आफन्तहरूसँग भेट गर्न दिइएन।

दुरगाउँ गाविस-४ निवासी १४ वर्षीय चम्पक नेपाली, १६ वर्षीय रविन नेपाली र १५ वर्षीय विनोद

विश्वकर्मालाई ०६३ कात्तिक १९ गते माओवादीले १ सय अमेरिकी डलर तलब दिने भनी सेनामा माओवादीको जनसेनामा भर्ती गराउन लगे। पीडितहरू घर फर्किएका छैनन्।

सुनारपानी गाविस-१ निवासी सेतीदेवी मावि सालुमा ८ कक्षामा अध्ययन गर्ने छात्रहरू १४ वर्षीय गणेशबहादुर श्रेष्ठ, १४ वर्षीय पर्शुराम नेपाली, १४ वर्षीय महेश्वर नेपाली र १६ वर्षीय शिव भुजेललाई विद्यालयमा पढ्न गएको बेला सेनामा जागिर लगाई दिने भनी ०६३ कात्तिक २१ गते माओवादीले विद्यालयबाट अपहरण गरी लगे। पीडितहरू मंसिर २१ गते घर फर्किए।



माओवादीको कुटपिटबाट घाइते भएका गोपाल भुजेल

देउराली गाविस-९ निवासी ८ कक्षामा अध्ययनरत १३ वर्षीय शिवराज पौडेललाई तलब दिने प्रलोभनमा ०६३ कात्तिक २६ गते माओवादीले अपहरण गरे। उनलाई खोज्न गएका उनका दाजु १५ वर्षीय विनय केसीलाई पनि कात्तिक २८ गते माओवादीले आफूसँगै लगे। पीडितहरू घर फर्किएका छैनन्। उनीहरू सेनाद्वारा हत्या गरिएका रामेछापका पत्रकार राजकुमार केसीका छोराहरू हुन्।

देउराली गाविस-८ निवासी १४ रामचन्द्र खत्री, १३ वर्षीय राजन खत्री र देउराली ९ निवासी १४ वर्षीय रमेश खत्रीलाई ०६३ कात्तिक २७ गते माओवादीले सेनामा जागिर लगाउने प्रलोभनमा फकाएर लगे। पीडितहरू मंसिर २७ गते घर फर्किए।

सालु गाविस-५ निवासी १५ वर्षीय रमेश घिमिरेलाई ०६३ कात्तिक २८ गते १ सय डलर तलब दिने प्रलोभनमा माओवादीले लगेकोमा उनीहरू फर्किएका छैनन्।

महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव/दुर्व्यवहार

बहुविवाह

मन्थली गाविस-४ निवासी ४० वर्षीया सन्तमायाँ खत्रीलाई अवैध यौन सम्पर्क राखेको भन्दै ०६३ वैशाख ५ गते आफ्नै पति ४५ वर्षीय लोकबहादुर खत्रीले गुप्ताङ्गमा छाताले घोचेर गम्भीर घाइते पारे। पीडकलाई प्रहरीले तत्काल गिरफ्तार गरी कागज गराएर छाडिदियो। पीडकले ०६३ जेठ ३१ गते दोश्रो बिवाह गरे। पीडितले बहुविवाहको मुद्दा दायर गरिन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

माओवादीबाट

गुराँसे-चौरी-दोलालघाट सडकमा चल्ने यातायातका साधनहरूलाई कर नतिरेको भनी ०६२ माघ ९ गतेबाट माओवादीले सो रुटमा चल्न रोक लगाए। माओवादी र यातायात व्यावसायिहरूबीच समझदारी भएपछि यातायात सञ्चालन भयो।

पकरबास गाविस-४ निवासी व्यापारीहरू कृष्णप्रसाद पौडल, अर्जुन मैनाली, खेम खत्री, हरिबहादुर पौडेल, र कृष्णबहादुर कार्कीलाई ०६३ जेठ १० गते बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म माओवादीले एउटा घरमा थुनेर विभिन्न करका नाममा नगद ४ हजार ६ सय रुपैयाँ असुले।

रामेछापमा क्रियाशील सम्पूर्ण सरकारी र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई ०६३ कात्तिक २ गते माओवादीका जिल्ला जनसकार प्रमुख डिल्लीमान तामाङले एक विज्ञप्ति प्रकाशन गरी कुनै पनि काम नगर्न धम्की दिए। सरकार माओवादीबीचको सहमति कार्यान्वयन नभएको भन्दै माओवादीले सामाजिक काममा रोक लगाएका थिए।

भटौली गाविस-४ निवासी शिक्षक मुकुन्दप्रसाद प्रसाई, रामेश्वर ढुङ्गेल, अहेव रामप्रसाद प्रसाईं, भटौली गाविस-२ निवासी बद्रि प्रसाईं, हर्क माझी, भटौली ५ निवासी बिचारी माझीलाई ०६३ कात्तिक ४ गते माओवादीले जुवा खेलेको आरोपमा उनीहरुको नगद १४ हजार रुपैयाँ लुटे। स्थानीय बासिन्दाले त्यसको विरोधमा माओवादीको सम्पर्क कार्यालय घेराउ गरेपछि भोलिपल्ट माओवादीले १२ हजार मात्र रुपैयाँ फिर्ता गरे।

मन्थली-सलु-देउराली रुटमा चल्ने सम्पूर्ण यातायात साधनलाई ०६३ कात्तिक १७ गतेदेखि माओवादीले सालुपाटी बजारमा ढाट राखी सवारी कर भन्दै प्रति टिप ५० देखि १ सय रुपैयाँसम्म असुल गरे। यातायात व्यावसायीले कडा विरोध जनाएपछि माओवादीले एक सातापछि सो कार्य बन्द गरे।

अघिल्लो वर्ष तिल्पुङ गाविस-३ निवासी ४५ वर्षीया सीता मगर, कठजोर गाविस-३ निवासी गाविस सचिव तारणिशंकर अधिकारी, शिक्षक रामचन्द्र अधिकारी, बिजुलिकोट गाविस-१ निवासी गाविस-सचिव केदार तिमल्सेना, तिल्पुङ गाविस-४ निवासी काजी पाण्डे, देउराली गाविस-८ निवासी टहलबहादुर कार्की, तिल्पुङ गाविस-७ निवासी जीतमान तामाङ, ओखेनी गाविस-२ निवासी कर्मराज तामाङ, बिजुलीकोट गाविस-१ निवासी वीरबहादुर खड्का, दुर्गाबहादुर खड्का, उक्तबहादुर खड्का, हिमगंगा गाविस-३ निवासी यमबहादुर जोगी, ओखेनी गाविसका गाविस-सचिव गेहेन्द्र दर्लामीको घरबाट लुटेको धनमाल माओवादीले फिर्ता गरेका छैनन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका नौजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा गुन्सी गाविस-३ निवासी दिनेश चौलागाईं, पुरानागाउँ गाविस-६ निवासी पुष्पकुमार गिरी र राकाथुम गाविस-६ निवासी ईश्वरकुमार लामा, भीरपानी गाविस निवासी दीर्घबहादुर श्रेष्ठ, चुचुरे गाविस निवासी किरण लामा, प्रकाश लामा, हिलेदेवी गाविस-२ निवासी राजकुमार मगर, हिमगंगा गाविस-६ निवासी टीकाराम विश्वकर्मा, हिमगंगा गाविस-४ निवासी दिलबहादुर थापा र लखनपुर गाविस-३ ढाँडे निवासी डुण्डु तिवारी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी एकजना बेपत्ता पारिएका छन्। यसरी बेपत्ता पारिएकामा प्रिती गाविस-६ निवासी उपेन्द्रप्रसाद गुरागाईं रहेका छन्।

अज्ञात समूहबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म अज्ञातसमूहबाट विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सैपु गाविस-१ पोकु निवासी खड्गबहादुर राउत, भटौली गाविस-५ निवासी प्रसुन कँडेल, नामाडी गाविस निवासी लोकबहादुर खड्का, रमेशबहादुर खड्का र रामजी खड्का रहेका छन्।

२.६ दोलखा



जनसंख्या	: २,१८,०४५
साक्षरता प्रतिशत	: ५४.१
महिला साक्षरता प्रतिशत	: ३३.४७
क्षेत्रफल (वर्ग कि. मि.)	: २१९१
गाविस/नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७६
क्याम्पस/उच्च मा.वि.	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/५४
टेलिफोन लाइन	: ४७६
मोटर सडक (कि. मि.)	: १४९.७
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५४
मानव विकास सूचकाङ्क	: ०.४५०
प्रति परिवार सरदर संख्या	: ५.०५

गोली / बम/ विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

सुनखानी गाविस-७ निवासी १६ वर्षीय सन्तोष सार्की र सोही स्थानकी ३५ वर्षीया भगवती सार्की ०६३ भदौ ३ गते माओवादीले सुनखानी गाविस-७ मा छाडेको सकेट बम विष्फोट भई घाइते भए। बाटो सफा गर्ने क्रममा खुकुरीले विष्फोटक पदार्थ छुँदा पड्किन गई पीडितहरू घाइते भएका थिए। पीडितमध्ये सन्तोष सार्कीको अनुहारभरि चोट लागेको र भगवती सार्कीको भने नङ मात्र झरेको थियो। उक्त घटनामा १३ जना स्थानीयवासी आधाघण्टासम्म बेहोस भएका थिए। पीडितको चरिकोटस्थित च्छोरोल्पा पोलिक्लिनिकमा उपचार गरियो।

जेल र बन्दी

भीमेश्वर नपा-१ स्थित ३८ जना क्षमताको जीर्ण जिल्ला कारागार ०६१ चैत २७ गते माओवादीले जलाएपछि जिल्ला प्रहरी कार्यालयको साँघुरो कोठामा सरेको छ। जेलको नाम दिइएको सो साँघुरो कोठामा पाँचजना कैद नतोकिएका पुरुष मात्र रहेका छन्। उक्त कोठामा पाँच इन्चको टीभी रहेको छ। थुनुवाले घाम ताप्न, पत्रिका पढ्न नपाएको गुनासो गरे। कैद तोकिएकाहरूलाई कारागार नभएको कारण काठमाडौं पठाउने गरिएको जिल्ला कारागार शाखाले जनायो।

बेपत्ता/अपहरण

माओवादीबाट

भीमेश्वर नपा-७ निवासी राप्रपा कार्यकर्ता ३८ वर्षीय विष्णु श्रेष्ठलाई नगर निर्वाचनमा उम्मेदवार हुन नदिन ०६२ माघ १० गते माओवादीले लामीडाँडा गाविस-६ सिँगटीबजारबाट अपहरण गरे। पीडितलाई माघ १६ गते सुन्द्रावतीबाट मुक्त गरे।

जिल्ला वन कार्यालय, दोलखामा कार्यरत सिरहा जिल्ला इनर्वा गाविस-१ निवासी ३० वर्षीय प्रदीप चौधरी र सोही कार्यालयमा कार्यरत सर्लाही जिल्ला नेत्रगञ्ज गाविस-१ निवासी ३४ वर्षीय वीरेन्द्र पासवानलाई अनुमति नलिई कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई जफे गाविस-६ स्थित सडकमा बसबाट ओराली अपहरण गरिएकोमा फागुन २१ गते इन्सेक प्रतिनिधि उद्धव पोखरेलको रोहबरमा जफे गाविस-७ बाट मुक्त गरियो।



बेवारिसे बम विस्फोटमा परी घाइते भएका भगवती सार्की र सन्तोष सार्की

भीमेश्वर नपा-८ निवासी ६८ वर्षीय रामबहादुर कुँवर र सोही स्थानका ५४ वर्षीय अम्बरबहादुर कार्की नगर निर्वाचनमा उम्मेदवार बनेको आरोपमा ०६२ चैत ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितहरूलाई चैत १० गते गते इन्सेक प्रतिनिधि र हुराडेक नेपालका प्रतिनिधिको रोहबरमा काटाकुटीबाट मुक्त गरियो।

खारे गाविस-९ निवासी १५ वर्षीय नेत्रबहादुर मगर, १८ वर्षीय सन्तु मगर र १४ वर्षीया निर्मला मगरलाई उनीहरूका अभिभावकले भालु मारेको आरोपमा ०६३ वैशाख २४ गते माओवादीले मार्बु गाविस-४ बाट अपरहण गरे। पीडितहरू ०६३ वैशाख १० गते परिवारको जिम्मामा मुक्त भए।

भीमेश्वर नपा-४ निवासी १४ वर्षीय अजय तामाङलाई ०६३ असार १२ गते माओवादीले घरबाटै अपहरण गरे। स्थानीय भीम उमाविमा अध्ययरत पीडितलाई ०६३ असोज १० गते मुक्त गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते				३	५	१	६					
गिरफ्तारी/यातना								७	१०	६		१६
कुटपिट								३	४			४
भेला/संगठित हुने अधिकार								७	९		८७	९६
महिलाअधिकार	१	१	१									
बालअधिकार	३	३	३									
अपहरण				११	३७	३	३०					
जम्मा	३	३	३	१३	३३	४	३६	१६	३३	६	८७	११६



सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका पुस्कर दाहाल

फस्कू गाविस-२ निवासी १६ वर्षीया सरीता तामाङलाई ०६३ साउन २८ गते माओवादीले कालिका माबि फस्कूबाट अपहरण गरे। तर माओवादीले भने पीडित राजीखुशीले माओवादीमा लागेको जनाए।

भीमेश्वर नपा-९ निवासी १७ वर्षीय रमेश गिरी र १३ वर्षीय विनोद बस्नेतलाई ०६३ भदौ ५ गते बेलुकी ५ बजे खेलिरहेको ठाउँबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई ०६३ असोज १० गते मुक्त गरियो।

गैरकानुनी गिरफ्तारी

भीमेश्वर नपा-११ निवासी ३८ वर्षीय भरतप्रसाद चौलागाईंलाई माओवादी भएको आरोपमा ०६२ माघ १९ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन ४ गते रिहा गरियो।

चिलङ्खा गाविस-९ निवासी होटल व्यवसायी २० वर्षीय किरण खड्का र सोही गाविसका होटल व्यवसायी २२ वर्षीय देवराज खड्कालाई माओवादी भएको आरोपमा ०६२ माघ २२ गते उनीहरूलाई प्रहरीले गिरफ्तार गरे। नागरिकता बनाउन सदरमुकाम आएका पीडितलाई गिरफ्तार गरिएकोमा ०६२ माघ २४ गते रिहा गरियो।

घ्याडसुकाठोकर गाविस-५ निवासी २१ वर्षीय रामबहादुर लामालाई माओवादी भएको आरोपमा ०६२ माघ २३ गते प्रहरीले उनलाई चरिकोटबाट गिरफ्तार गरी चैत १९ गते रिहा गरे।

भेड्पु गाविस-१ निवासी २६ वर्षीय रविन्द्र अधिकारीलाई माओवादीको आशंकामा ०६२ फागुन १ गते प्रहरीले चरिकोटबाट गिरफ्तार गरेकोमा चैत २३ गते रिहा गरे।

भेड्पु गाविस-४ निवासी ७७ वर्षीय डम्बरबहादुर गोलेलाई ०६२ चैत ३१ गते प्रहरीले भीमेश्वर नपा-१ स्थित सभाहलबाट गिरफ्तार गरे। नेपाल रेडक्रस सोसाइटीको चुनावमा मतदान गर्न आएको बेला माओवादीको आशंकामा गिरफ्तार गरिएका पीडितलाई ०६३ वैशाख ३ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मिर्गे गाविस-५ निवासी नेकाँका ४४ वर्षीय कृष्ण दहाल, खारे गाविस-४ निवासी अनेरास्वबियुका २१ वर्षीय देवराम बुढाथोकी, काब्रे गाविस-६ निवासी ४४ वर्षीय पर्शुराम दहाल, जिल्ला प्रहरी कार्यालय दोलखाका इन्सपेक्टर ४६ वर्षीय गोविन्द झा ०६३ माघ १३ गते प्रहरीसँग भीमेश्वर नपा-१० स्थित चरिकोट बजारमा भएको झडपमा परी घाइते भए। शान्तिपूर्ण जुलुसलाई प्रहरीले रोक्न खोज्दा झडप भएको थियो। घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भएको थियो।

काब्रे गाविस निवासी एमालेका सांसद ४८ वर्षीय पशुपति चौलागाईं, झुले गाविस-३ निवासी एमालेका ४३ वर्षीय बाबुकाजी कार्की, क्षेत्रपा गाविस-५ निवासी ३२ वर्षीय ताराबहादुर खड्का, काब्रे गाविस-४ निवासी ४९ वर्षीय ऋषिकेश उप्रेती, भीमेश्वर नपा-१० निवासी एमालेका ४१ वर्षीय भरत केसी, भीमेश्वर नपा-१ निवासी ५६ वर्षीय प्रदीप मानन्धर, नाम्दु गाविस-३ निवासी नेकाँका ३७ वर्षीय किरण लामा, झुले गाविस-३ निवासी अनेरास्वबियुकी १८ वर्षीया दुर्गा कार्की, मागापौवा गाविस-२ निवासी अनेरास्वबियुका १८ वर्षीय नेत्र मोक्तान, सुनखानी गाविस-२ निवासी २६ वर्षीय राजेन्द्र खरेल, भीमेश्वर नपा-१३ निवासी विद्यार्थी १७ वर्षीय टायमपास लामालाई ०६२ माघ १३ गते प्रहरीले भीमेश्वर नपा-१० चरिकोट बजारबाट गिरफ्तार गरे। शान्तिपूर्ण रूपमा नेपाल बन्द आह्वान गर्दा उनीहरूलाई गिरफ्तार गरिएकोमा ०६२ माघ १४ गते रिहा गरियो।

भीमेश्वर नपा-९ निवासी गौरीशङ्कर क्याम्पस चरिकोटका सहायक क्याम्पस प्रमुख ३९ वर्षीय कृष्ण बस्नेत, सुनखानी गाविस-३ निवासी हुराडेक-नेपाल, दोलखाका अध्यक्ष ३८ वर्षीय होम पाठक, भीमेश्वर नपा-१ निवासी पत्रकार महासंघ, दोलखाका सभापति ३६ वर्षीय चिरञ्जीवी मास्के, पत्रकारहरू ३५ वर्षीय राजेन्द्र मानन्धर, ३५ वर्षीय शम्भु गौतम, फोटो पत्रकार ३८ वर्षीय राजेन्द्र श्रेष्ठ, नाम्दु गाविस-३ निवासी नेकाँका ३७ वर्षीय किरण लामा, घ्याडसुकाठोकर गाविस-५ निवासी अनेरास्वबियुका २२ वर्षीय

विश्वास भण्डारी, पवटी गाविस-६ निवासी अनेरास्वियुका २१ वर्षीय सन्तोष विमली, जफे गाविस-९ निवासी नेविसंघका २२ वर्षीय चन्द्रगणेश काफ्लेलाई ०६२ माघ १९ गते भीमेश्वर नपा-१० चरिकोट बजारबाट प्रहरीले गिरफ्तार गऱ्यो। शान्तिपूर्ण जुलुसमा सहभागी भएको अवस्थामा उनीहरूलाई गिरफ्तार गरिएकोमा सोही दिन साँझ रिहा गरियो।

घ्याडसुकाठोकर गाविस-२ निवासी एमालेका ५२ वर्षीय शिव भण्डारी, जफे गाविस-१ निवासी ४५ वर्षीय ईश्वरचन्द्र पोखरेल, झुले गाविस-३ निवासी ४३ वर्षीय बाबुकाजी कार्की, बोच गाविस-३ निवासी ३८ वर्षीय भुवन केसी, च्यामा गाविस-८ निवासी अनेरास्वियुकी २० वर्षीया सुनीता शर्मालाई ०६२ चैत २३ गते प्रहरीले भीमेश्वर नपा-१० स्थित सातदोबाटेमा कुटपिट गरे। शान्तिपूर्ण जुलुस निकाल्दा प्रहरीले कुटपिट गरेका थिए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

भीमेश्वर नपा-८ निवासी नेकाँका ५२ वर्षीय शङ्कर बस्नेत, सुनखानी गाविस-२ निवासी २१ वर्षीय काजी आचार्य र जिल्ला प्रहरी कार्यालय दोलखामा कार्यरत प्रहरी जवान २६ वर्षीय ईन्द्रबहादुर खड्का ०६२ चैत २७ गते प्रहरीले भीमेश्वर नपा-१० स्थित चरिकोट बजारमा जथाभावी गरेको लाठीचार्जबाट घाइते भए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

काब्रे गाविस-४ निवासी एमालेका ५७ वर्षीय पुष्कर दाहाल, बोच गाविस-३ निवासी ३८ वर्षीय भुवन केसी, लाँकुरी गाविस-५ निवासी नेकाँका ५२ वर्षीय वेदबहादुर केसी, भीमेश्वर नपा-१ निवासी तरुण दलका ३१ वर्षीय जयराम श्रेष्ठ, काब्रे गाविस-५ निवासी जिविसका कर्मचारी ३२ वर्षीय राम्जिप्रसाद दाहाल, जिल्ला प्रहरी कार्यालय दोलखामा कार्यरत प्रहरी हवल्दार ३१ वर्षीय इन्द्रबहादुर थापा ०६२ चैत ३१ गते प्रहरीले भिमेश्वर नपा-१ स्थित पुरानो बजारमा गरेको लाठीचार्जबाट घाइते भए। पीडितहरूको सामान्य उपचार गरियो ।

झुले गाविस-३ निवासी एमालेका ४३ वर्षीय बाबुकाजी कार्कीलाई ०६३ चैत २४ गते प्रहरील भीमेश्वर नपा-१० चरिकोटबजारबाटै गिरफ्तार गरे। शान्तिपूर्ण जुलुसमा भाग लिएको अवस्थामा पीडितलाई गिरफ्तार गरिएकोमा तीन महिने थुनुवा पूर्जी दिई ०६३ वैशाख ३ गते गते



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका इश्वर कार्की



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका पुस्करनाथ पोखरेल

रिहा गरियो।

जफे गाविस-१ निवासी एमालेका ४५ वर्षीय इश्वरचन्द्र पोखरेल, झुले गाविस-३ निवासी अनेमसंघकी २८ वर्षीया सिर्जना कार्की, भीमेश्वर नपा-१० निवासी अनेरास्वियुका १९ वर्षीय रोशन केसी, झुले गाविस-५ निवासी २० वर्षीया कोपिला कार्की, च्यामा गाविस-४ निवासी २० वर्षीय पारशमणी फुयाँल, च्यामा गाविस-८ निवासी २० वर्षीया सुनिता शर्मा, काब्रे गाविस-६ निवासी २५ वर्षीय मेघराज खतिवडा, मागापौवा गाविस-३ निवासी १९ वर्षीय नेत्र मोक्तान, झुले गाविस-५ निवासी २० वर्षीया भवानी कार्की र सोही गाविस निवासी २२ वर्षीया दुर्गा कार्कीलाई ०६२ चैत २५ गते प्रहरीले चरिकोट बजारबाट गिरफ्तार गरे। पीडितहरूलाई गिरफ्तार गरिएकोमा तीन महिने थुनुवा पूर्जी दिइयो। पीडितमध्ये कोपिला, भवानी, दुर्गा, सुनिता र सिर्जनालाई चैत २७ गते, रोशन, पारशमणि, मेघराज र नेत्र मोक्तानलाई चैत २९ गते र ईश्वरचन्द्र पोखरेललाई ०६३ वैशाख ३ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत दोलखामा गत वर्षको जिम्मेवारी सरेका पाँचमध्ये दुईओटा मुद्दा फर्स्यौट भई तीनओटा बाँकी रहे। यसवर्ष दर्ता भएका ३९ ओटामा ११ फर्स्यौट भई २८ ओटा बाँकी रहेका र गत वर्षका बाँकी तीन गरी ३१ ओटा दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहे। सरकारवादी फौजदारीमा



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका शिवप्रसाद भण्डारी

गत वर्षको जिम्मेवारी सरेर आएका ११ मध्ये आठ ओटा फर्स्यौट भई तीन ओटा र यसवर्ष दर्ता भएका १३ ओटामा दुईओटा फर्स्यौट भई ११ ओटा गरी १४ र देवानीमा गतवर्षको जिम्मेवारी सरेका ६१ मा ३० ओटा फर्स्यौट भई ३१ र यसवर्ष दर्ता भएका ५८ ओटामा सातओटा फर्स्यौट भई ८२ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालत दोलखाले जनाएको छ।

बालअधिकार

सुस्पाक्षमावती गाविस-४ निवासी १४ वर्षीय मधुकर थामी, १८ वर्षीय पुस्कर थामी, सुस्पाक्षमावती गाविस-८ निवासी १४ वर्षीय गणेशबहादुर दुलाल, सुस्पाक्षमावती गाविस-७ निवासी १४ वर्षीय सूर्यबहादुर थामी, सोही ठाउँ निवासी १५ वर्षीय राजेश थामी, १५ वर्षीय कृष्ण थामी, १५ वर्षीय भीमबहादुर थामी, सुस्पाक्षमावती गाविस-५ निवासी १४ वर्षीय केदार थामी र सोही ठाउँ निवासी १५ वर्षीय मोहन थामी र रमेश थामीलाई ०६३ भदौ ११ गते माओवादीले सुस्पाक्षमावती गाविस-४ स्थित क्षमावती माविबाट अपहरण गरे। क्षमावती माविमा थामी मुक्ति मोर्चाको अधिवेशन भइरहेको समयमा अधिवेशन स्थलबाटै अपहरण गरिएको पीडितका अभिभावकले बताए। पीडितमध्ये सूर्य, मधुकर, मोहन, केदार, गणेश, कृष्ण, पुस्कर, राजेशलाई ०६३ असोज ६ गते संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालयका प्रतिनिधिको रोहबरमा चरिकोटबाट मुक्त गरे। अपहरितमध्ये रमेश शैलुङ्गेश्वरबाट भागी घर फर्के भने भीमलाई युनिसेफका प्रतिनिधिले मागा देउरालीबाट बुझी काठमाडौंतर्फ लगेको सो कार्यालयले जनायो।

सुस्पाक्षमावती गाविस-४ निवासी १६ वर्षीय नारायण थामी, सोही गाविस-८ निवासी १४ वर्षीय राजु थामी, १७ वर्षीय श्याम थामी, सुस्पाक्षमावती गाविस-७ निवासी विनोद थामी, १४ वर्षीय रामकृष्ण थामी र पूर्णबहादुर थामीलाई ०६३ भदौ १२ गते माओवादीले सुस्पाक्षमावती गाविस-४ स्थित क्षमावती माविबाट अपहरण गरे। क्षमावती माविमा थामी मुक्ति मोर्चाको अधिवेशन भइरहेको अवस्थामा अधिवेशन स्थलबाट पीडितहरूलाई अपहरण गरिएको थियो। अपहरितमध्ये पूर्णबहादुर थामी र रामकृष्ण थामी ०६३ भदौ १८ गते शैलुङ्गेश्वरबाट भागी घर फर्के भने राजु, नारायण र विनोदलाई ०६३ असोज ६ गते संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालयका प्रतिनिधिको रोहबरमा चरिकोटबाट मुक्त गरियो। त्यस्तै श्यामलाई भने युनिसेफका प्रतिनिधिले मागापौवा गाविसमा बुझी काठमाडौं लगेको युनिसेफले जनायो।

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव/दुर्व्यवहार दुर्व्यवहार

गैरीमुदी गाविस-१ निवासी नारायणी मावि भीरकोटका शिक्षक ४२ वर्षीय देवदास श्रेष्ठ, भीरकोट गाविस-९ निवासी पशुपति कन्या माविका शिक्षक ५० वर्षीय दुर्गा काफ्ले र भीमेश्वर नपा-१० निवासी गाडी चालक २८ वर्षीय निर्मल थापालाई ०६२ पुस २५ गते शेर गणका सेनाले भीमेश्वर नपा-१ स्थित सडकमा कुटपिट गरे। अस्पतालमा बिरामी भर्ना गरी फर्केको अवस्थामा पीडितलाई गाडी रोकी सेनाले कुटपिट गर्दै सडकमा सुतेर घिस्रन लगाएका थिए। जिल्ला प्रशासन कार्यालय दोलखालाई नागरिक समाज, पत्रकार र मानवअधिकारकर्मीले घटना बारे जानकारी गराउँदा घटना नदोहोरिने जनाइयो। तर पीडकलाई कारवाही भने भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

विस्थापित

दोलखामा माओवादी जनयुद्ध सुरु भएयता ५१ परिवार विस्थापित भएको जिल्ला प्रशासन कार्यालयको अभिलेख रहेको छ।

मालापोत कार्यालय, दोलखा अनुसार अनुसार ३ सय ६८ परिवार सुकुम्बासी रहेका छन्।

२.७ रौतहट



जनसंख्या : ५,४५,१३२
साक्षरता प्रतिशत : ३३.४
महिला साक्षरता प्रतिशत : २१.६६
क्षेत्रफल (वर्ग कि. मि.) : ११२६
गाविस/नपा संख्या : ९६/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३९९
क्याम्पस/उच्च मा.वि. : ३/५
अस्पताल/स्वास्थ्य चौकी : १/९३
टेलिफोन लाइन : १२६५
मोटर सडक (कि. मि.) : १३८०
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ८५
मानव विकास सूचकाङ्क : ०.४०९
प्रति परिवार सरदर संख्या : ६.८९

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

बीरगञ्ज नपा-१४ रानीघाट निवासी माओवादी कार्यकर्ता २३ वर्षीय सिजनराज पाण्डेको ०६२ माघ २४ गते दिउँसो जिल्ला प्रहरी कार्यालय गौर र बराह दल गुल्म पुरेन्वा गौरबाट गएका सुरक्षाकर्मीले पचरुखी गाविसको छतौनाटोलमा गोली हानी हत्या गरे। पीडित दोहोरो भिडन्तमा मारिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाए पनि माओवादीलाई देख्ने वित्तिकै सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरेको प्रत्यक्षदर्शीले जनाए। मृतकको साथबाट सुरक्षाकर्मीले एक थान सिक्सर बन्दुक, छ राउण्ड गोली र तीन ओटा सकेट बम बरामद गरेको थियो। मृतकको लासलाई गौर अस्पतालमा पोष्टमार्टम गरी स्थानीय लालबकैया नदीको किनारामा गाडिएकोमा सात दिनपछि परिवारका सदस्यहरूले उत्खनन गरी सद्गत् गरे।

दिपही गावि-६ निवासी माओवादी कार्यकर्ता ४८ वर्षीय भोलाराय यादव, भसेडवा गाविस-६ निवासी महाराजजी भनिने कमलदेवराय यादव, पारसमणिराय यादव, तेजापाकड गाविस निवासी दिपेन्द्र र डुमरिया गाविस-१ निवासी काठ ठेकेदार २५ वर्षीय सुरेन्द्र ठाकुरको ०६२ फागुन २५ गते संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट सहसेनानी प्रदीप श्रेष्ठको नेतृत्वमा गएको सुरक्षाकर्मीले कनकपुर गाविस-५ को बलुवा जङ्गलमा गोली हानी हत्या गरे। मृतकहरूको लास प्राथमिक स्वास्थ केन्द्र, चन्द्रनिगाहपुरमा पोष्टमार्टम गरी राखिएकोमा मृतकमध्ये सुरेन्द्र ठाकुरको लास आफन्तले बुझी दाहसंस्कार गरे भने अन्य चारजनाको लास स्थानीय चाँदी नदीमा गाडियो।

माओवादीबाट

धादिङ्ग जिल्ला घर भएका प्रहरी जवान गमबहादुर गुरुङ्ग र रौतहट जिल्ला औरैया गाविस घर भएका प्रहरी जवान उमेश बाँनियाको ०६२ चैत १९ गते माओवादीले गौर नपा-८ स्थित बीपी चोकमा डिउटीमा रहेको बेला गोली हानी हत्या गरे। सो समयमा प्रहरी र माओवादीबीच करिब २० मिनेट दोहोरो भिडन्त भएको थियो।

काठमाडौं जिल्ला घर भई जिल्ला ट्राफिक कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत इन्सपेक्टर श्यामसुन्दर विष्टको ०६३ वैशाख ३ गते माओवादीले उनको चन्द्रनिगाहपुरस्थित डेराबाट अपहरण गरी सात सय मिटर उत्तरतर्फ पुऱ्याई गोली हानी हत्या गरे। इन्सपेक्टर विष्टले जिल्ला प्रहरी कार्यालय, तेह्रथुमका रहँदा माओवादी कार्यकर्ताको हत्या गरेको र केन्द्रीय कारागारमा असई रहँदा महिला बन्दीमाथि दूर्व्यवहार गरेको कारणले उनको हत्या गरिएको माओवादीले जनाए।

बसन्तपट्टी गाविस-६ निवासी ३२ वर्षीय शम्भु सहनी र उनका भाइ ३० वर्षीय श्यामसुन्दर सहनीलाई ०६३ जेठ ८ गते बिहान माओवादीले घरबाट अपहरण गरी इनर्वा गाविसमा पुऱ्याई साँझ कोदालोले घाँटीमा हानी उनीहरूको हत्या गरे। माओवादीले पीडितलाई मुक्त गर्न इन्सेक प्रतिनिधि बिपीन गौतम र रेडियो बीरगञ्जका सम्वाददाता फणिन्द्र महतलाई बोलाएकोमा माओवादी आफैं जनताको भेषमा प्रस्तुत भई अपहरण मुक्त गराउन गएका प्रतिनिधिलाई समेत हातपात गरी फिर्ता पठाएर पीडितको हत्या गरे। मृतकको लास बकैया नदीको किनारामा गाडेको अवस्थामा सात दिनपछि फेला पारिएको थियो।

दोहोरो भिडन्त

सिन्धुली जिल्ला खोलागाँउ निवासी माओवादी कार्यकर्ता ३० वर्षीय रामबहादुर तामाङको ०६२ पुस २२ गते चन्द्रनिगाहपुरमा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट गस्तीमा गएका सुरक्षाकर्मीलाई सडक भन्दा उत्तरतर्फ लुकेर बसेका माओवादीले आक्रमण गरेपछि दोहोरो भिडन्त भएको थियो। लासको पोष्टमार्टम नगरी चाँदी नदीमा गाडियो।

रोल्पा जिल्ला निवासी माओवादी कार्यकर्ता ४० वर्षीय रबिनको ०६२ चैत ४ गते लमाहा जंगलमा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। सडकमा माओवादीले राखेको अवरोध हटाउन जाँदा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले बम विष्फोट गराएपछि भएको दोहोरो भिडन्तमा उनको मृत्यु भएको थियो।

गोली/बम/विष्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

डुमरिया मटिऔन गाविस-२ निवासी ४५ वर्षीय बसन्त भनिने हरिबहादुर सापकोटालाई ०६२ फागुन १८ गते सुरक्षाकर्मीले रंगपुर गाविस-५ कटानीमा गोली हानी घाइते पारे। उनलाई स्थानीय बासिन्दाले तोरीको कुनिउमा लुकाएर राखेपछि माओवादीले अज्ञात स्थानमा उनको उपचार गराएका थिए। सापकोटालाई दोहोरो मुठभेडमा मारिएको भनी सरकारी सञ्चार माध्यमले समाचार प्रसारण गरेका थियो। मारिएका भनिएका सापकोटालाई चैत ३ गते माओवादीले इन्सेक प्रतिनिधि र सञ्चारकर्मीसमक्ष भेट गराए।

माओवादीबाट

बडहर्वा गाविस-३ निवासी ६० वर्षीय अनुठा साह ०६२ माघ ७ गते गौरीपिपरा सडकखण्डमा माओवादीले राखेको गाग्री बम विष्फोट भई घाइते भए। सडक छेउमा माओवादीले जमिनमुनि बम राखी सोमाथि लौरो गाडेकोमा सो लौरो उखेल्दा विष्फोट भई घाइते भएका साहको गौर अस्पतालमा उपचार भयो।

बडहर्वा गाविस-३ निवासी मालपोत कार्यालय गौरका पियन ४८ वर्षीय महेश साह ०६२ माघ ७ गते माओवादीले सो कार्यालयमा प्रेसरकुकर बम विष्फोट गराउँदा घाइते भए। कार्यालयको सुरक्षार्थ राति पालोमा रहेका पीडितलाई माओवादीले कार्यालयमा विष्फोट गराउन लाग्दा भाग्न चेतावनी दिएकोमा भाग्दै गर्दा बम विष्फोट भई घाइते भएका थिए। पडितको गौर अस्पतालमा उपचार भयो।

बारा निवासी गौर बीरगञ्ज चल्ने दार्जलिङ्ग बस सेवाका कण्डक्टर सोनेलाल पटेल, रौतहट जिल्ला हजमिनीया गाविस निवासी तेजारथ मिँया र नुवाकोट निवासी जिल्ला प्रहरी कार्यालय गौरमा कार्यरत प्रहरी जवान मदन घलेलाई ०६२ चैत १९ गते माओवादीले गौर नपा-८ स्थित बीपी चोकमा गोली हानी घाइते पारे। घाइतेहरूलाई तत्काल हेलिकप्टरबाट काठमाडौं उपचारको लागि लगियो।

बसन्तपट्टी गाविस-६ निवासी नेकाँका जोगिन्द्र सहनीको घरमा ०६३ जेठ ८ गते माओवादीले बम विष्फोट गराई ५५ वर्षीया अनारकलीदेवी सहनी, ७५ वर्षीया बुधियादेवी सहनी, प्रभु सहनी, गीतादेवी सहनी र शर्मिलादेवी सहनी समेतलाई कुटपिट गरी घाइते पारे। घाइतेमध्ये अनारकलीदवीको भारतको सीतामढीमा उपचार गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट										
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा		घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	५		५	३	५			५		४	८			८
घाइते	३	४		४	४	६	४		१०		१	१			१
गिरफ्तारी/यातना											७	१६			१६
कुटपिट					१	१	१		२						
धम्की					१	१३			१३		१	२			२
भेला/संगठित हुने अधिकार											२			६८	६८
महिलाअधिकार	३		३	३	१			१४	१४		१		१		१
बालअधिकार	१		१	१	१		१		१		१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१						
अमानवीय व्यवहार					२	३			३						
अपहरण	६	५	४	९	१९	३३	१		३३						
जम्मा	१७	१४	८	३२	३३	५१	७	१४	७२		१७	२७	२	६८	९७

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

भूमिसुधार कार्यालय रौतहटका भूमिसुधार अधिकारी मदनकृष्ण उप्रेतीलाई ०६३ कात्तिक १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले सो कार्यालयमा पाइप बम विष्फोट गराई घाइते पारे। उप्रेतीको गौर अस्पतालमा उपचार हुन नसकी काठमाडौंमा उपचार गरियो।

जेल र बन्दी

'ग' श्रेणीको रौतहट जिल्ला कारागारको कूल बन्दी क्षमता ७५ जनाको रहेकोमा ०६३ मंसिर मसान्तसम्म ५५ जना कैदी तथा थुनुवाहरू रहेका छन्। जसमा थुनुवा एक महिला र ३२ पुरुष समेत ३३ जना र कैदी एक महिला र २१ पुरुष समेत २२ जना रहेका छन्। जसमध्ये भारतीय नागरिक चारजना छन्। कर्तव्य ज्यान मुद्दामा थुनुवा र कैदी २४ जना, डाँकामा १४ जना, केही सार्वजनिक अपराधमा एकजना, जीउ मास्ने बेच्नेमा दुईजना, ज्यान मार्ने उद्योगमा एकजना, हातहतियार खरखजानामा एकजना, लागू औषधमा पाँचजना, चोरीमा तीनजना, र जबरजस्ती करणीमा चारजना रहेका छन्।

यस कारागारमा पुरुष बन्दी गृह र महिला बन्दी गृह छुट्टाछुट्टै छन्। पहिलादेखि सञ्चालनमा आएको बाँसको मुढा, फूलदानी र फर्निचर बनाउने व्यवसाय कारागारभित्र सञ्चालन गरिएको छ। मनोरञ्जनको साधनमा टेलिभिजन पाँचओटा, खेल सामग्रीमा क्यारेमबोर्ड, लुँडो, चेस तथा केही पत्रपत्रिकामा उपलब्ध गराइएको कारागार प्रशासनले जनायो। कारागारभित्र सरकारद्वारा सञ्चालित प्राथमिक विद्यालय छ, जसमा ३० जना बन्दी अध्ययन गरिरहेका छन्। कारागारभित्र घरेलु तथा साना उद्योग कार्यालयबाट तीनमहिने सिलाइ कटाई तालिम सञ्चालन गरिएको छ। पुरुष बन्दी गृहतर्फ दुईतले भवनमा १० कोठा रहे पनि भवन जीर्ण भएकाले माथिल्लो तलामा बन्दीलाई जान दिइएको छैन। कारागारमा स्थानीय समाजसेवी सुष्मा मुडभरीले स्थापना गरेको पुस्तकालयमा आइसीआरसीले दिएका पुस्तक रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

मलाही गाविस-३ निवासी ४० वर्षीय जाकिर हुसैन आफ्नो ईलाकामा बिना अनुमति प्रवेश गरेको आरोपमा ०६२ पुस २१ गते माओवादीले उनलाई कनकपुरबाट अपहरण गरी पुस २९ गते सोही ईलाकाबाट मुक्त गरे।

जुडिबेला गाविस-३ निवासी २५ वर्षीय दीपक कुँवर योगीलाई काँचो काठ काटेको आरोपमा ०६२ फागुन ९ गते माओवादीले घरबाट अपहरण गरे। उनलाई स्थानीय



सुरक्षाकर्मीद्वारा हत्या गरिएका माओवादी कार्यकर्ता सिजनराज पाण्डे

बासिन्दाको रोहबरमा आइन्दा त्यस्तो कार्य नगर्ने सर्तमा फागुन २३ गते मुक्त गरियो।

सोनरनिया-४ निवासी दामोदरराय यादवलाई ०६२ फागुन १५ गते बिहान माओवादीले पथरा बुधराम गाविसको सगैयाटोलबाट अपहरण गरे। नेकाँका यादव विस्थापित भई सदरमुकाम गौरमा बस्दै आएकोमा घरमा खाद्यान्न लिन गएका अवस्थामा माओवादीले अपहरण गरेका थिए। अपहरणपछि उनको हात बाँधेर रातभरि जंगल हिंडाएको र यातना दिएको पीडितले बताए। मार्ने योजना बनाएको थाहा पाई खुट्टामा बाँधेको सिक्री खोलेर सोही राति माओवादी कब्जाबाट भागेर सदरमुकाम आई पुगेको पीडितले बताए।

जुडिबेला-९ निवासी ३२ वर्षीय जोगनारायण चौधरीलाई ०६२ फागुन २५ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई फागुन २८ गते मुक्त गरे। ।

बारा जिल्ला कबहीगोठ गाविस-६ निवासी जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रहरी हवल्दार सुरेशकुमार यादव र सोही कार्यालयमा कार्यरत उनकी पत्नी महिला प्रहरी मेनुका राईलाई ०६२ चैत ३ गते माओवादीले पौराई जङ्गलबाट अपहरण गरे। आफनो घरबाट मोटरसाइकलमा कार्यालय जादै गरेका प्रहरी दम्पत्तीलाई माओवादीले बाटोबाटै अपहरण गरेका थिए। अपहरितहरूलाई माओवादीले कुटपिट गरी यातना दिएका थिए। पीडितलाई चैत ६ गते जुडिबेला गाविसमा एक कार्यक्रमको आयोजना गरी इन्सेक प्रतिनिधि बिपीन गौतम र सञ्चारकर्मीको जिम्मामा मुक्त गरियो।

पौराई गाविस-८ निवासी ४० वर्षीय होमबहादुर कार्कीले एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६२ चैत ११ गते बिहान उनलाई माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई स्थानीय बासिन्दाको रोहबरमा चैत १५ गते मुक्त गरे।

डुमरिया मटिऔन गाविस-१ निवासी ४० वर्षीय तेजाबी मियाँलाई डकैती गरेको आरोपमा ०६२ चैत १८ गते

माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले बाँधेर यातना दिई राखेकोमा चैत २५ गते राति माओवादी कब्जाबाट भागेर फर्किए।

धरमपुर गाविस-२ निवासी ३५ वर्षीय राजाराय यादवलाई लेनदेन विवादमा ०६२ चैत २४ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई चैत २८ गते मुक्त गरे।

बसन्तपट्टी गाविस ६ निवासी मनोनित जिविस सदस्य अरुणकुमार जयसवाललाई ०६३ वैशाख १९ गते दिउँसो माओवादीले सखुअवाधमौरा गाविसको हर्षाहा चोकबाट अपहरण गरे। जयसवालले आफ्नो पार्टीको आमसभामा आउने मानिसलाई रोकेको भन्दै अपहरण गरिएको माओवादीले जनाए। उनलाई इन्सेक प्रतिनिधि बिपीन गौतमको रोहबरमा वैशाख २० गते देवाहीबाट मुक्त गरियो।

गमहरिया पर्सा गाविस निवासी चन्देश्वरप्रसाद साहलाई ०६३ असार ५ गते बिहान माओवादीले गरुडा बजार आउँदै गर्दा बाटोबाट अपहरण गरे। प्रहरीको सहयोगीको काम गर्दै आएका साहलाई अपहरणपछि केही घण्टा नियन्त्रणमा लिएर सोही दिन मुक्त गरे।

सखुअवाधमौरा गाविस-५ निवासी ५० वर्षीय गनी महमद र रघुनाथपुर गाविस-५ बिर्तोटोलका ४० वर्षीय भरत सहनीलाई डकैतीको आरोपमा ०६३ साउन ३० गते माओवादीले अपहरण गरी चन्द्रनिगाहपुरस्थित माओवादीको अस्थायी बेसक्याम्पमा राखे। उनीहरूलाई भदौ १२ गते डकैती नगर्ने सर्तमा सोही दिन बेसक्याम्पबाट मुक्त गरे।

मकवानपुर जिल्ला रायगाँउ गाविस-१ निवासी ३२ वर्षीय राजु लामालाई ०६३ भदौ १८ गते माओवादीले रौतहट जिल्लाको पौराईबाट अपहरण गरी माओवादीको चन्द्रनिगाहपुरस्थित अस्थायी बेसक्याम्पमा राखे। पीडित लामा भारतको दिल्लीमा काम गर्ने भएकाले उनकी भान्जी मसिन लामालाई भारतमै जागिर लगाइदिएकोमा उनी भागेकाले



माओवादीद्वारा अपहरणपछि हत्या गरिएका शम्भु सहनी र श्यामसुन्दर सहनी

केटीका परिवारले बिक्री गरेको भनी उजुरी गरेपछि उनलाई अपहरण गरेको माओवादीले जनाए। अपहरित लामालाई प्रहरीलाई बुझाउन खोज्दा जिम्मा लिन नमानेकाले कारवाहीको लागि असोज १० गते माओवादीको मकवानपुर जिल्ला संगठनमा बुझाएको माओवादीले जनाए। पीडितको स्थिति अज्ञात छ।

चन्द्रनिगाहपुर-१ निवासी ३५ वर्षीय अनिलकुमार राईलाई ०६३ भदौ ३१ गते माओवादीले घरबाटै अपहरण गरी माओवादीको चन्द्रनिगाहपुरस्थित अस्थायी बेसक्याम्पमा राखे। राईले आफ्नै पत्नीलाई बाराम्बार कुटपिट गर्ने गरेकोले अपहरण गरिएको माओवादीले जनाए। अपहरित राईलाई असोज ९ गते इन्सेक प्रतिनिधि बिपीन गौतम र सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

इनर्वा गाविस निवासी ५५ वर्षीय बिहारी पटेललाई ०६३ असोज ७ गते माओवादीले अपहरण गरे। असोज ५ गते सोही गाविसका मौजेलाल साहलाई गोली हानी घाइते पारेको भन्दै उनलाई नियन्त्रणमा लिइएको माओवादीद्वारा घोषित जनसरकार उपप्रमुख राजेन्द्र पटेलले जानकारी गराए। पीडित असोज १० गते मुक्त भए।

करुनिया गाविस-५ निवासी ४५ वर्षीय जवाहिर राउत कुर्मी, ३२ वर्षीय रामनरेश राउत कुर्मी र ३५ वर्षीय कृष्णनन्दनराय यादवलाई ०६३ कात्तिक १३ गते माओवादीले अपहरण गरी चन्द्रनिगाहपुरस्थित उनीहरूको अस्थायी बेसक्याम्पमा राखे। गाँउघरमा चोरी डकैती गर्ने गरेकाले उनीहरूलाई अपहरण गरिएको माओवादीले जनाए। अपहरित तीनैजनालाई इन्सेक प्रतिनिधि बिपीन गौतम र सञ्चारकर्मीको रोहबरमा कात्तिक १४ गते माओवादीको अस्थायी बेसक्याम्पबाट मुक्त गरे।

हथियाही गाविस-२ निवासी पूर्व माओवादी कार्यकर्ता रामाकान्त चौरसिया बरैलाई ०६३ कात्तिक १७ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। पहिला माओवादी कार्यकर्ता रहेका उनी पछि आत्मसर्मपण गरी जिल्ला सदरमुकाम गौरमा बस्दै आएकोमा युद्धविराम भएपछि घरमा गएका थिए। पीडित मंसिर २ गते माओवादीको चन्द्रनिगाहपुरस्थित अस्थायी बेसक्याम्पबाट मुक्त भए।

धरमपुर गाविस-१ निवासी २२ वर्षीय रघुनीराय यादवलाई ०६३ कात्तिक १७ गते माओवादीले उनकै गाँउबाट अपहरण गरे। स्थानीय गाँउलेहरूले उनलाई डकैतीमा संलग्न भएको बताएपछि अपहरण गरिएको माओवादीले जनाए। पीडित मंसिर २ गते मुक्त भए।

मकवानपुर जिल्ला हेटौडा-४ आधुनिक माविमा कक्षा ५ मा अध्ययन गर्ने १३ वर्षीय प्रकाश फुँयाललाई ०६३ मंसिर १ गते माओवादीले चन्द्रनिगाहापुरबाट अपहरण गरी मंसिर ७ गते मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

बिश्रामपुर गाविस-९ निवासी ८१ वर्षीय रिपुमोहन भण्डारीलाई ०६२ चैत ४ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले विश्रामपुर गाविस-५ स्थित बजारबाट अपहरण गरे। उनलाई चैत ७ गते सर्लाही जिल्लाबाट मुक्त गरे।

डुमरिया मटिऔन गाविस-७ चेतनगरटोल निवासी ६० वर्षीय गोपाल श्रेष्ठलाई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले ०६३ मंसिर २१ गते घरबाटै अपहरण गरे। उनलाई जिल्लाको हर्दियापल्टुवा ईलाकामा राखी ६ लाख फिरौती माग गरिएकोमा परिवारले ४९ हजार रुपैंया बुझाएपछि मंसिर २४ गते मुक्त गरे।

विश्रामपुर गाविस-९ निवासी ५० वर्षीय प्रेममोहन भण्डारीलाई ०६३ पुस ३ गते बिहान तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई दिनभरि जङ्गलैजङ्गल हिंडाएर सोही साँझ मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

सोनरनिया गाविस-८ स्थित श्री जनता माविका १४ जना विद्यार्थीहरूलाई ०६३ भदौ ७ गते माओवादीले ज्यान मार्ने धम्की दिएपछि विद्यार्थी विद्यालय छाडी विस्थापित भए। सो विद्यालयका प्रधानाध्यापक पुरुषोतम मिश्र र शिक्षक नागेन्द्रप्रसाद जयसवाललाई विद्यार्थीहरूले भदौ ५ गते मोसो दली गाउँ घुमाएको विषयलाई लिएर माओवादीले शिक्षकका पक्षमा लागी विद्यार्थीलाई मार्ने धम्की दिएका थिए । इन्सेक प्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि बसी छलफल गरेपछि असोज २२ गतेदेखि विद्यार्थीलाई विद्यालयमा फर्किने वातावरण तयार गरियो।

सोनरनिया गाविस-८ निवासी ५५ वर्षीय गौरीनन्दन साह र उनकी पत्नी ५० वर्षीया इन्द्रवतीदेवी साहलाई ०६३ भदौ १५ गते साँझ माओवादीले कुटपिट गरे। कुटपिटबाट गोरिनन्दन गम्भीर घाइते भए भने ईन्द्रावतीदेवीको खुट्टा भाँचियो। पीडितहरूको गौर अस्पतालमा उपचार भयो।

पतौरा गाविस-५ निवासी ठगादास तत्मालाई ०६३ कात्तिक १६ गते माओवादीले कुटपिट गरी घाइते पारे। सो गाविसमा रहेको ऐलानी जग्गामा रहेको सिसौ र आँपको रुख माओवादीले काटेर लैजान थालेपछि गाउँलेहरूले प्रतिकार गर्दा माओवादीले पीडितलाई कुटपिट गरेका थिए। सो समयमा आक्रोशित गाउँलहरूले माओवादीका राकेश श्रीवास्तवलाई नियन्त्रणमा राखी दुई दिनपछि मुक्त गरे।



दोहोरो भिडन्तमा मारिएका रामबहादुर तामाङ

गैरकानुनी गिरफ्तारी

जुडिबेला गाविस-३ निवासी ३० वर्षीय कमलबहादुर कँडेललाई माओवादीको आशंकामा ०६२ माघ १८ गते संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट सहायक सेनानी प्रदिप श्रेष्ठको नेतृत्वमा गएको सुरक्षाकर्मीले सन्तपुर गाविस-६ बनबहुअरीबाट गिरफ्तार गरी सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरमा राखिएकोमा मानवअधिकारकर्मीको अनुरोधमा माघ २० गते साप्ताहिक तारेखमा रिहा गरियो।

एमालेका रामकुमार भट्टराई, रेवन्त झा, राजेन्द्र पटेल र नेकाँका महम्मद अफताव आलमलाई ०६२ माघ १९ गते प्रहरीले घरबाट विनापूर्जि गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय गौरमा थुनामा राखी सोही साँझ ९० दिनको थुनुवा पूर्जि दिई ०६२ फागुन २ गते रिहा गरे।

हर्दिया पल्टुवा गाविस-९ निवासी २९ वर्षीय रामदेवराय यादवलाई ०६२ फागुन २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बराह दल गुल्म गौरमा थुनामा राखे। मधेशी टाईगरका कार्यकर्ता रही हाल तराई जनतान्त्रिक मुक्ति मोर्चामा आबद्ध रहेका यादवलाई असोज १७ गते सुरक्षाफौजसमक्ष आत्मसर्मपण गरेका लक्ष्मीराय यादवको हत्यामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको थियो । उनलाई ०६२ चैत २२ गते रिहा गरियो।

रङ्गपुर गाविस-५ निवासी २८ वर्षीय शक्तिराज काफ्ले र भसेडवा गाविस-६ निवासी ३२ वर्षीय नागेन्द्रदास तत्मालाई माओवादीको आशंकामा ०६२ फागुन २५ गते संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट सहसेनानी प्रदीप श्रेष्ठको नेतृत्वमा गएका सुरक्षाकर्मीले कनकपुर गाविस-५ को बलुवा जङ्गलबाट गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये शक्तिराज काफलेलाई संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरमा राखी फागुन २७ गते रिहा गरियो भने नागेन्द्रदास तत्मालाई बराह दल गुल्म गौरमा राखी चैत ३ गते रिहा गरे।

सिन्धुली जिल्ला मजुवा गाविस-२ निवासी ३१ वर्षीय



माओवादीद्वारा अपहरण गरी मुक्त गरिएकी प्रहरी जवान मेनुका राई

ध्रुव दाहाललाई ०६२ चैत ४ गते सुरक्षाकर्मीले लमाहा जङ्गलबाट गिरफ्तार गरे। भारतको कलकत्ताबाट घर आउँदा बाटामा पैसा चोरी भएकाले पैदलै आएका उनलाई जङ्गलबाट माओवादीको आशंकामा गिरफ्तार गरिएको थियो। सो दिन माओवादी र सुरक्षाकर्मीबीच लमाहा जङ्गलमा दोहोरो भिडन्त भएको समयमा उनी सो स्थानमा आइपुगेकाले गिरफ्तार गरिएको थियो। उनलाई चैत ५ गते रिहा गरियो।

लक्ष्मीपुर गाविस-१ निवासी माओवादी कार्यकर्ता ६० वर्षीय आजाद भनिने सेखरसिद अलीलाई ०६२ चैत २८ गते सुरक्षाकर्मीले जुडिबेला गाविसबाट गिरफ्तार गरे। उनलाई संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरमा राखी वैशाख १२ गते जिल्ला प्रहरी कार्यालय गौरमा पुऱ्याएपछि वैशाख १८ गते इन्सेक प्रतिनिधि बिपीन गौतम र कान्तिपुरका सम्वाददाताको रोहबरमा रिहा गरियो।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका तुलसीराज गिरी, सच्चिदानन्द साह, नेकाँका दिनेशप्रसाद केसरी र ट्रेड युनियन काँग्रेसका बिन्दा सहनीलाई ०६२ माघ १६ गते प्रहरीले विना पूर्जि गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय गौरमा हिरासतमा राखे। गिरफ्तार गरिएका चारै जनालाई सोही दिन ९० दिनको थुनुवा पूर्जि दिई जिल्ला प्रहरी कार्यालय गौरमा राखी ०६२ फागुन २ गते रिहा गरे।

नेकाँका गम्भीराप्रसाद निराला, ब्रजकिशोर सिंह, देवप्रसाद तिमल्सिना, हृदयनारायण यादव, अनिरुद्र यादव, श्यामचन्द्र झा, कृष्णचन्द्र मिश्र, अजयकुमार साह, अजयकुमार सिंह, नवराज देवकोटा, महम्मद हारुन रसिद, भुपेन्द्रप्रसाद यादव, ब्रम्हदेवराय यादव, राजेश्वरराय यादव, र सेख मुनिफ, एमालेका महेन्द्र चौलागाईं, कमलराय यादव, मणिलाल सहनी, राजकिशोरराय यादव, विश्वनाथ साह, किसोरी साह, अनिलकुमार लालदास, सुरज ठाकुर, मुकेश पटेल, सोनेलाल भगत, जगरनाथ सहनी, मुस्लिम अन्सारी, रुपनारायण चौधरी, हरेन्द्रप्रसाद साह, रामेश्वर साह र युवराज ज्ञवाली, वाममोर्चाका उदयनारायण झा, राजदेव चौधरी र माधव गौतम, नेकाँ (प्रजातान्त्रिक) का सेख लालबाबु, सज्जन साह, मनोज शर्मा, चिरञ्जिवी सिंह, उपेन्द्र यादव, पासपत पासवान, सेख फुलबाबु, कैलाश चौधरी, नेमकिपाका दिनेशप्रसाद साह, नेसपा(आ.) का अशोककुमार सिंह सहित ४४ जनालाई ०६२ माघ १९ गते प्रहरीले कालो दिवस मनाउने क्रममा बिन पूर्जि गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय गौरमा राखे। गिरफ्तार गरिएका मध्ये ४१ जनालाई सोही साँझ रिहा गरियो भने ब्रजकिशोर सिंह, उदयनारायण झा र सेख लालबाबुलाई ९० दिनको थुनुवा पूर्जि दिई जिल्ला प्रहरी कार्यालय गौरमा राखी फागुन २ गते रिहा गरे।

एमालेका सदस्य नागेन्द्र चौधरी, रजिउद्धिन आलम, कमलराय यादव, राजकिशोर राय यादव, ऋषिराम तिमल्सिना, मणिलाल सहनी, बिनोदकुमार पटेल, अमरकान्त मिश्र, चन्देश्वर राउत, अनिलकुमार लाल दास, अनेरास्वियुका दीपक रेग्मी, अनेकिसंघका रामनरेशराय यादव, नेकाँका गम्भिराप्रसाद निराला, हृदयनारायण यादव, रमेश खरेल, देवप्रसाद तिमल्सिना, श्रीरामराय यादव, श्यामचन्द्र झा, रामकृपाल यादव, बिनोदकुमार यादव, सुरज श्रेष्ठ, मनोज क्षेत्री, उपेन्द्र यादव, मिथिलेशप्रसाद यादव, वाममोर्चाका माधव गौतम, राजदेव चौधरी, नेकाँ (प्रजातान्त्रिक) का मनोज शर्मा समेत २७ जनालाई ०६२ माघ २६ गते सुरक्षाकर्मीले कुटपिट गरी सेनाको बराह दल गुल्म गौरमा राखे। प्रहरीको कुटपिटबाट एमालेका श्यामसुन्दर पटेलको हात भाँचियो तर उपचार गरिएन। गिरफ्तार गरिएका २७ जनालाई नगर निर्वाचन सोही साँझ रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६३ मंसिर मसान्तसम्मको अभिलेख अनुसार गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय २० ओटा मुद्दा रहेका छन। जसमध्ये देवानी ६ सय ९८, दुनियाँवादी फौजदारी १ सय ७५ र सरकारवादी फौजदारी ४७ र यस वर्षको समेत जम्मा १ हजार ५ सय ९३ मुद्दा रहेका छन्। ०६३ मंसिर मसान्तसम्म दुनियाँवादी देवानी ४ सय ४९, सरकारवादी फौजदारी १३, र दुनियाँवादी फौजदारी १ सय ३३ सहित ५ सय ९५ मुद्दा फर्स्यौट भए। यस अदालतमा दुई वर्ष नाघेका दुनियाँवादी देवानी आठ र सरकारवादी फौजदारी एक समेत गरी नौ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन।

यातना तथा अन्य क्रुर/अमानवीय र अपमानजनक व्यवहार र दण्ड

माओवादीबाट

मालपोत कार्यालय रौतहट गौरमा कार्यरत खरिदारद्वय विनोदकुमार श्रीवास्तव र शंकर साह कानुलाई घुस लिएको आरोपमा ०६३ भदौ १५ गते माओवादीले कार्यालयबाट समातेर मोसो दली गौर नगर घुमाए। सीतलपुर गाविसकी शिवकलीदेवीको जग्गा नामसारी गर्ने विषयमा खरिदारद्वयले २० हजार घुस मागेको आरोपमा अमानवीय व्यवहार गरिएको स्थानीय बासिन्दाले जनाए।

सन्तपुरदोस्तीया गाविस-४ निवासी २० वर्षीय सेख फजीले हकलाई ०६३ कात्तिक १९ गते माओवादीले जुत्ताको माला लगाई मोसो दली चारपाटा मुडेर गाँउ घुमाए। मानसिक सन्तुलन ठीक नभएकी स्थानीय एक महिलासँग यौन सम्पर्क गरिरहेको अवस्थामा उनलाई फेला पारी कारवाही गरिएको माआवादीले जनाए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

प्रेमपुरगोनाही गाविस-५ निवासी १४ वर्षीया एक बालिकालाई ०६३ पुस ७ गते कर्कचकर्मैया गाविस-३ निवासी प्रमोद वैठा, दीपही गाविस-८ निवासी डोमीराय यादव, करुनीया गाविस-५ निवासी जोदालाल पासवान र हथियाही गाविस-५ निवासी रामनाथ साहले सामुहिक बलात्कार गरे। प्रेमपुरगोनाही गाविसमा लागेको मेला हेरी घर फर्कने क्रममा बाटोमा बसेका उनीहरूले 'माओवादी हौं बोलिस् भने मारिदिन्छु' भन्दै रातभरि बलात्कार गरेको बालिकाले प्रहरीसमक्ष बयान दिइन्। बलात्कार गर्नेमध्ये प्रमोद बैठा र डोमीराय यादवलाई स्थानीय बासिन्दाले पुस ११ गते समातेर प्रहरीलाई बुझाए भने दुईजना फरार भए। पीडकविरुद्ध मुद्दा दायर गरियो।

डुमरिया मटिऔन गाविस-२ निवासी जीतपुर सैनिक क्याम्पमा कार्यरत सैनिक जवान हरिप्रसाद हुमागाँईले सोही ठाउँकी १७ वर्षीया एक छात्रालाई ०६३ पुस ११ गते बलात्कार गर्ने प्रयास गरे। सन्तपुरस्थित ॐ कलेजमा बिहान पढन आएको अवस्थामा बाटो ढुकेर बसेका हुमागाँईले ती छात्रालाई जर्बरजस्ती उठाएर खेतमा लगी बलात्कार गर्न लाग्दा छात्रा उम्केर भागी हल्ला गरेपछि सैनिक जवानलाई समातिएको थियो। पीडकलाई विद्यार्थी, माओवादी र स्थानीय बासिन्दाले छात्राको खुट्टामा ढोग्न लगाई मोसो दलेर जुत्ताको माला लगाएर गाँउ घुमाए।

दुर्व्यवहार

चन्द्रनिगाहपुर गाविस-५ निवासी ५५ वर्षीया लक्ष्मीदेवी ठाकुरलाई बोक्सीको आरोपमा ०६३ कात्तिक १७ गते सोही ठाँउ निवासी बिजुलीयादेवी धामी र उनकै छोरी बिनिताकुमारी धामीले कुटपिट गरी घाइते पारे। पीडकउपर उजुरी गर्दा दर्ता प्रहरीले नगरेको पीडितले बताइन्।

गौर नपा-५ मचकुटिया टोल निवासी ६५ वर्षीया शारदादेवी पटेललाई बोक्सीको आरोपमा ०६३ मंसिर १७ गते उनकै छिमेकी योगेन्द्र पासवान र उनको पत्नीले मलमुत्र खुवाए। पीडकलाई कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्दा माओवादी र प्रहरीको दबाबमा उजुरी दर्ता नगरी छाडिएको पीडित पक्षले जनायो। सो मुद्दा दर्ता गर्न हिमराइट्सले पहल गरेपछि हाल उजुरी दर्ता गरी मुद्दा चलिरहेको छ।

पारिवारिक हिंसा

पिपरारजबाडा गाविस-८ निवासी २० वर्षीया रमुनीदेवी महतो नुनियाको उनकै पति रामविनय महतो र ससुरा देवधारी महतोले दाईजो कम ल्याएको भन्दै ०६३ मंसिर ४ गते कुटपिट गरी हत्या गरी लास जलाए। सो सम्बन्धमा उजुरी गर्दा प्रहरीले दर्ता नगरेको पीडित महिलाका बाबु बेलदार महतो नुनियाले जनाए।

बालअधिकार

डुमरिया मटिऔन गाविस-२ निवासी १४ वर्षीय सदरे आलमलाई ०६३ असोज २७ गतेदेखि माओवादीले आफ्नो सैन्य अभियानमा जर्बरजस्ती लगे। उनलाई गाँउमा माओवादीको जनअभियान सञ्चालन भएको समयमा माओवादीले फकाई सैन्य अभियानमा लगेकाले फिर्ता गराई दिन उनका बाबु ऐनुल आलमले कात्तिक १ गते इन्सेक प्रतिनिधि बिपीन गौतमसमक्ष निवेदन दिए। पीडित कात्तिक ३ गते माओवादीबाट भागेर परिवारको सम्पर्कमा आए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति/आगजनी/लुटपाट

माओवादीबाट

गौर नपाका उपमेयर पदका उम्मेदवार राजिवनयन सिंहको वडा नं १३ स्थित घरमा ०६२ माघ २० गते राति माओवादीले बम विष्फोट गराई क्षति पुऱ्याए।

राजाद्वारा मनोनित कृषि तथा सहकारी सहायकमन्त्री गोविन्द चौधरीको सीमराभवानीपुरस्थित घरमा ०६२ चैत ३० गते साँझ माओवादीले सम्पूर्ण सामान लुटपाट गर्नुका साथै बम विष्फोट गराए।

माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले ०६३ भदौ १४ गते जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र बुझाउन जाने क्रममा कार्यालयमा तोडफोड गरी ५० हजार बराबरको क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र चारजना पुरुषमा डुमरिया मटिऔन गाविस २ निवासी रुपा सापकोटा, मेनुका सापकोटा, जेठरहिया गाविस २ निवासी रामजनम राउत पटेल, प्रतापपुर पल्टुवा ९ निवासी उतिचन मुखिया, हथियाही गाविस ३ निवासी गम्भिरा साह कानु र जेठरहिया गाविस ८ निवासी रामजनम राउत पटेल रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका तीनजनामा पिपरियापरोहा गाविस-५ निवासी किशोरी राय यादव, बेलबा भनिने नगिना राय यादव र डुमरिया मटिऔन गाविस १ निवासी राजवंशी चौधरी रहेका छन्।

२.८ बारा



जनसंख्या	: ५,५९,१३५
साक्षरता प्रतिशत	: ४२.३५
महिला साक्षरता प्रतिशत	: २८.९८
क्षेत्रफल (वर्ग कि. मि.)	: ११९०
गाविस/नपा संख्या	: ९८/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २९१
क्याम्पस/उच्च मा.वि.	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: १/९८
टेलिफोन लाइन	: २५००
मोटर सडक (कि. मि.)	: १३७
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ३७
मानव विकास सूचकाङ्क	: ०.३०९
प्रति परिवार सरदर संख्या	: ६.३८

नागरिक तथा राजनीतिक अधिकार
(सम्मानितरूपले बाँच्ने अधिकार)

हत्या/गोली

राज्यबाट

निजगढ गाविस-२ निवासी २५ वर्षीय हिरालाल गौतमको ०६३ वैशाख ४ गते सात दलको शान्तिपूर्ण लोकतान्त्रिक जुलुसमा सहभागी हुँदा संयुक्त बेसक्याम्पका सेनाले चलाएको गोलीबाट मृत्यु भयो। संगमचौक नजिक कृषि विकास बैंकमाथि बसेका सेनाले बिना चेतावनी जुलुसलाई लक्षित गरी अन्धाधुन्ध गोली चलाएका थिए। पीडितको वैशाख ५ गते निजगढमै दाहसंस्कार गरियो। गौतमलाई सरकारले लोकतान्त्रिक आन्दोलनका सहिद घोषणा गर्दै परिवारलाई १० लाख क्षतिपूर्ति उपलब्ध गरायो।

माओवादीबाट

कलैया नपा-९ निवासी ११ वर्षीय बालक सदरे आलमको ०६२ चैत ४ गते आफ्नै खल्तीमा रहेको सकेट बम कलैया अस्पताल अगाडि सडकमा विस्फोट भई गम्भीर घाइते भएकोमा उपचारार्थ बीरगञ्ज अस्पताल लाँदै गर्दा बाटोमा मृत्यु भयो। पीडित बालकलाई माओवादीले सो बम ओसार्न प्रयोग गरेको जाहेरी जिल्ला प्रहरी कार्यालयमा दिइएको छ। पीडितको सद्गत् चैत ५ गते गरियो।

नुवाकोट जिल्ला गोर्खु गाविस-४ निवासी जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान ३५ वर्षीय शिव थापाको ०६३ चैत १० गते बिहान श्रेष्ठ पत्रिका पसलअगाडि मानिसहरूको भीडलाई हटाउँदै गरेको अवस्थामा माओवादीले गोली हानी घाइते पारे। गम्भीर घाइते भएका उनलाई उपचारको लागि नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्ज लगेकोमा त्यहाँबाट थप उपचारका लागि काठमाडौं पठाइएकोमा अस्पताल नपुग्दै उनको मृत्यु भयो।

अन्यबाट

कलैया नपा-५ निवासी २० वर्षीय विजय राम र भारत चम्मापुर निवासी रवीन्द्र यादवको माओवादी नियन्त्रणमा रहेको अवस्थामा ०६३ वैशाख २० गते गञ्जभवानीपुरका बासिन्दाले हत्या गरे। पीडितहरूलाई वैशाख ९ गते कोल्हवी बजारमा माओवादीको कार्यक्रम हेर्न जाँदा माओवादीले अपहरण गरेका थिए। मृतकहरूलाई माओवादीले चोरी, डकैती तथा बलात्कारको आरोप लगाएका थिए। विजय रामको लास परिवारले सद्गद् गरे भने रवीन्द्र यादवको लास नगरपालिकाले सद्गत् गऱ्यो।

हर्दिया गाविस-४ निवासी पूर्व गाविस अध्यक्ष ६० वर्षीय धुपलालप्रसाद यादवलाई ०६३ जेठ १८ गते राति अज्ञात समूहले कन्चटमा र कोखामा गोली प्रहार गरी हत्या

गरे। पीडितको लास एम्बुलेन्समा राखी घर पठाए। पीडितलाई सोही दिन बिहान बेलबा चोकमा चिया खाँदै गरेको अवस्थामा अज्ञात व्यक्तिहरू आई अपहरण गरी लगेका थिए। पीडितसँग जग्गाका रिसइवीका कारण केही व्यक्तिले माओवादीको सहयोग लिई हत्या गरेको आशंका गरिएको बताइयो। उनको लासको जेठ १९ गते कलैया अस्पतालमा पोष्टमर्टम गरी परिवारले दाहसंस्कार गरे।

देवापुरटेटा गाविस-१ निवासी माओवादीका २८ वर्षीय आसमहम्मद मन्सुरको महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६३ भदौ २२ गते राति स्थानीय बासिन्दाले उनलाई कुटपिट गरी हत्या गरे। पीडितको लास परिवारले सद्गत् गरे।



सुरक्षाकर्मीद्वारा मारिएका हिरालाल गौतम

दोहोरो भिडन्त

अन्यबाट

देवापुर गाविस-१ निवासी १७ वर्षीय रामनरेश यादवको ०६३ भदौ २३ गते राति स्थानीय बासिन्दा र माओवादीबीच भएको दोहोरो झडपमा गोली लागी मृत्यु भयो। उनको स्थानीय बासिन्दा र माओवादीमध्ये कसको गोलीबाट मृत्यु भएको हो थाहा भएन। लासको परिवारले सद्गत गरे।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

निजगढ निवासी विशाल लामा तमाङ, सुदर्शन अर्याल, रामकुमार सिग्देल, दीपक उप्रेती, किशोर लम्साल, कृष्णप्रसाद तिमल्सेना ०६३ वैशाख ४ गते सात दलको शान्तिपूर्ण जुलुसमा बिना चेतावनी सेनाले अन्धाधुन्द गोली चलाएका कारण घाइते भए। निजगढ स्थित कृषि विकास बैंकमाथि बसेका संयुक्त सुरक्षा बेसक्याम्पका सेनाले अन्धाधुन्द १ सय राउण्ड गोली प्रहार गरिएको थियो। घाइतेहरूको प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरियो।

माओवादीबाट

बंजरीया गाविस-६ निवासी ३५ वर्षीय कैलाश राउत, ३२ वर्षीय मुनीलाल महतो, कलैया नपा-२ निवासी शारदा देवी र भागीरती देवी ०६२ माघ ७ गते साँझ माओवादीले कलैया नपा-४ स्थित भूमिसुधार कार्यालयमा प्रेसरकुकर बम विस्फोट गराउँदा छर्रा लागी घाइते भए। घाइते मुनिलाल महतोको बमको छर्रा लागेको खुट्टा निको भएको छैन। पीडितको जिल्ला अस्पताल कलैयामा उपचार भयो। विस्फोटबाट कार्यालयको झ्याल, ढोका, फर्निचर र कागजात नोक्सान भयो।

कलैया नपा-१ निवासी गाडी चालक २६ वर्षीय महमदजवार आलम, कलैया नपा-६ निवासी बसन्ती चौधरी, आयुर्वेदिक अस्पताल कलैयाका कर्मचारी ४५ वर्षीय विश्वबन्धु झा, जिल्ला प्रहरी कार्यालयका हवल्दार ३५ वर्षीय मानबहादुर आले र प्रहरी जवान २२ वर्षीय चक्रबहादुर खड्का ०६२ फागुन २६ गते माओवादीले कलैया नपा-५ स्थित व्यापारी विनोद साहको उद्योगमा गराएको बम

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	८	१	९	३	३		३	१	१			१
घाइते	४	३	३	६	४	९	३	१३	१	९			९
गिरफ्तारी/यातना									१३	८३	१		८३
कुटपिट	३	३		३	१	३		३	१	३			३
धम्की					३	३६		३६					
भेला/संगठित हुने अधिकार									४	३५		६	४१
महिलाअधिकार	४		४	४					१		१		१
बालअधिकार	३		३	३									
अपहरण	९	११		११	१६	३८		३८					
जम्मा	३०	३४	११	३५	३६	८८	३	९१	३०	१३०	३	६	१३८

विस्फोटमा परी घाइते भए। पीडितहरूको कलैया जिल्ला अस्पतालमा उपचार गरियो।

कलैया नपा-४ निवासी पत्रकार ५० वर्षीय सत्यप्रसाद श्रेष्ठ र ग्रामीण स्वास्थ्य कार्यकर्ता ४२ वर्षीय भिखारी साह कलैयाको भरतचौकमा ०६२ चैत १० गते बिहान माओवादीले प्रहरीलाई लक्षित गरी हानेको गोली लागी घाइते भए। श्रेष्ठको घुडाँमा र साहको दुवै घुँडा तथा खुट्टामा गोली लागेको थियो। पीडितहरूको जिल्ला अस्पताल बारामा प्रारम्भिक उपचारपछि थप उपचार बीरगञ्ज अस्पतालमा गरियो।

बेवारिसे बम/विस्फोटक पदार्थबाट घाइते

ठेगाना नखुलेका मदन तुराहा ०६३ वैशाख ९ गते बिहान बीरगञ्ज पथलैया सडक खण्डको जीतपुर नजिक अज्ञात समूहले डावर नेपाल उद्योगको नजिक राखेको बम विस्फोट हुँदा घाइते भए। पीडितको टाउकोमा चोट लागेकोले नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार भयो।

भतौडा गाविस-३ ब्रम्हपुरी निवासी २७ वर्षीया चनरावतीदेवी साह, २६ वर्षीया तेतरीदेवी राउत र उनकी छोरी ८ वर्षीया पूजाकुमारी राउत ०६३ कात्तिक १८ गते घाँसमा रहेको सुतली बम विस्फोट भई घाइते भए। पीडितले घाँस काट्ने क्रममा सो बम विस्फोट भएको थियो। पीडितको कलैया अस्पतालमा उपचार भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

सूर्य नेपालका ज्ञानेन्द्र ढकाल, हुलास स्टीलका हरिशंकर ठाकुर, जगदीश साह, अनिल ठाकुर, नेपाल बोर्ड्सका दीपक नेपाल र दीपक ठाकुर, नन्दन घ्युका सुनिल पुरी, जगदम्बा केमिकल्सका नवीन यादव, शालिमार सिमेन्टका प्रेम श्रेष्ठ, गणपति घ्युका गजेन्द्र चौधरीले मजदुरको शोषण गरेको आरोपमा ०६२ माघ १७ गते



आफ्सँगै रहेको सकेट बम विस्फोट भई मृत्यु भएका सदरे आलम



अज्ञात समूहद्वारा हत्या गरिएका धुपलाल प्रसाद यादव

उनीहरूलाई माओवादीले अपहरण गरे। पीडितहरूलाई माघ १८ गते भरतगञ्ज सिंगौलबाट मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूको रोहबरमा मुक्त गरियो।

सूर्य नेपाल, सीमरामा कार्यरत प्रभाकरविक्रम शाह, डम्बर लिम्बु र सर्वजित रानाले बिनाकारण ०६२ माघ २१ गते माओवादीले जीतपुरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी तथा पत्रकारको रोहबरमा ०६२ फागुन ५ गते मकवानपुरको फुर्केचौरबाट मुक्त गरियो।

बरियारपुर गाविस-५ निवासी ४० वर्षीय शिवमंगलप्रसाद चौरसियालाई डकैतीको आरोपमा ०६३ वैशाख १७ गते माओवादीले बरियारपुर बजारबाटै अपहरण गरे। पीडितलाई ०६३ जेठ ६ गते इन्सेक प्रतिनिधि रोशनराज अर्याल तथा हरेक बाराको प्रतिनिधिको रोहबरमा माओवादी जनसरकार उपप्रमुख शम्भु मण्डलले परिवारजनको जिम्मा लगाए।

इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी जवान ईन्द्रबहादुर लामा र बबुआइन गाविस-५ निवासी सर्वसाधारण एकवाल गिरीलाई ०६३ जेठ ८ गते बिहान माओवादीले नरही गाविस-५ औनियाबाट अपहरण गरे। अपहरित दुवैजनालाई आफ्नो इलाकामा अनुमति नलिई नआउने सर्तमा सोही दिन साँझ ७ बजे गडहल हाईस्कुलबाट मुक्त गरे।

कलैया नपा-९ निवासी गडहल गाविस सचिव हरिनारायण साहले गाविसको रकम हिनामिना गरेको आरोपमा ०६३ जेठ १६ गते दिउँसो माओवादीले उनलाई कलैया भरत चौकको नजिकको चिया पसलबाट अपहरण गरे। पीडितलाई इन्सेक तथा हरेक बाराको पहलमा जेठ १८ गते गडहलबाट मुक्त गरियो।

पतरहटी गाविस-२ मैनीटोल निवासी ३९ वर्षीय विनोद कुशवाहाले माओवादी जिल्ला सचिव जमिन विरुद्ध जुलुस प्रदर्शन गरेको आरोपमा ०६३ भदौ ८ गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई भदौ १२ गते मुक्त गरियो।

सीमरा गाविस-३ निवासी २१ वर्षीय उमेश श्रेष्ठलाई छिमेकीसँगको विवादमा ०६३ भदौ १७ गते माओवादीले मोसो दली जुत्ताको माला लगाई सीमरा बजार घुमाए। पीडितलाई मानवअधिकारकर्मी तथा पत्रकारको दबाबमा भदौ २३ गते धर्मनगर गाविसको सीतलपुरबाट मुक्त गरियो।



गाउँलेद्वारा कुटपिट गरी मारिएका माओवादी कार्यकर्ता आसमहम्द मन्सुर र माओवादी नियन्त्रणमा मरेका विजय राम

बतरा गाविस निवासी राजेश मुखिया विन, शिवपुजनप्रसाद, चोकट हजरा, सन्तोष मुखिया, राधा महतो र विनोद ठाकुर लोहारलाई डकैतीको आरोपमा ०६३ असोज १ गते माओवादीले बतरा गाविसबाट अपहरण गरे। माओवादीले पीडितहरूलाई डकैती नगर्ने सर्तमा असोज २ गते मुक्त गरेका थिए।

देवापुरटेटा गाविस-१ निवासी शिक्षक ३८ वर्षीय जोशी साहलाई स्थानीय बासिन्दा र माओवादीबीच झडप गराउन संलग्न रहेको आरोपमा ०६३ भदौ २४ गते माओवादीले कलैयाबाट अपहरण गरे। सबैको दबाबमा पीडितलाई माओवादीले असोज ३ गते साँझ कलैयाबाट मुक्त गरे।

कलैया नपा-५ निवासी ४५ वर्षीय भोला साह तेलीलाई जग्गा विवादामा ०६३ कात्तिक ११ गते साँझ माओवादीले कलैयाबाट अपहरण गरे। पीडितको स्थिति अज्ञात रहेको छ।

इनरवासिरा गाविस-७ निवासी २५ वर्षीय कन्हैया साह कानु र २८ वर्षीया रामजी पासवानलाई जबरजस्ती रकम असुलेको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले अपहरण गरेकोमा कानुलाई इन्सेक प्रतिनिधि रोशनराज अर्याल लगायतका मानवअधिकारकर्मीको रोहबरमा कातिक ३० गते मुक्त गरे भने रामजीलाई मंसिर ३ गते मुक्त गरियो।

श्रीनगरबैरीया गाविस-२ निवासी ५७ महेन्द्रप्रसाद साहले आफ्नो भाइको अपहरणमा सघाएको आरोपमा ०६३ पुस २ गते दिउँसो माओवादीले उनलाई चौधरी कम्युनिकेशन कलैयाबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको पहलमा पुस ९ गते मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

कलैया श्रोत केन्द्रका नारायणप्रसाद शर्मा, बरियारपुर श्रोत केन्द्रका सच्चितानन्द तिवारी, पिपरपातीका रामसुन्दर यादव, सपहीका जनार्दन चौधरी, च्युटाहाका कैलाशप्रसाद साह, सिम्रौनगढका युगलकिशोर सिंह, रामपुरटोकनीका दीवराज सुब्वा, उमजनका रामएकवाल चौधरी, डुमरवानाका गणेश पौडेल, दोहरीका बैधनाथ यादव, निजगढका सुदर्शन कोइराला, पथलैयाका ज्ञानहरि निर्मल, बतराका बंकालाल चौहान, प्रसौनीका विश्वनाथप्रसाद साहले अनेरास्ववियु (क्रान्तिकारी) ले दिएको धम्कीका कारण ०६२ माघ ६ गते जिल्ला शिक्षा कार्यालयमा सामूहिक राजीनामा दिए। राजिनामा अस्वीकृत भयो।

गैरकानुनी गिरफ्तारी

डुमरवाना गाविस-८ निवासी भीमप्रसाद चौलागाई र रामशरण बर्तौलालाई माओवादीको आरोपमा ०६२ माघ ७ गते प्रहरीले घरनजिकको चियापसलबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ ९ गतेको सुरक्षा समितिको निर्णय अनुसार तीन महिनाको लागि बीरगञ्ज कारागार चलान गरिएकोमा पुनरावेदन अदालत हेटौंडाको आदेशमा ०६३ जेठ १ गते रिहा गरियो।

कलैया नपा-३ निवासी माओवादीका उमेश यादवलाई ०६३ फागुन १२ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। उनलाई ३ महिने पूर्जी दिई बीरगञ्ज कारागार चलान गरिएकोमा ०६३ वैशाख २१ गते रिहा गरियो।

सीमरा गाविस-२ निवासी २२ वर्षीय प्रमोद सिम्खडा, ३४ वर्षीय रामचन्द्र लामा, २५ वर्षीय श्यामबाबु गुप्ता र सोही गाविस-४ निवासी २६ वर्षीय हरि चौधरीलाई हतियार र बम राखेको आरोपमा ०६२ फागुन २५ गते आधाभार ब्यारेकबाट गस्तीमा गएका सेनाले घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय बारामा बुझाए। पीडितलाई मानवअधिकार रक्षक तथा नागरिक समाजका प्रतिनिधिको रोहबरमा वैशाख २६ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रहरीले ०६२ पुस १७ गते दिउँसो गरेको लाठीचार्जबाट सिसहनिया निवासी चान्सी पासवानको टाउको फुटी टाँका लगाउनु परेको थियो भने कलैया निवासी भागिरथ गिरी, पंकज पाण्डे, दीपेन्द्र पटेल, जवाहिर अन्सारी, रविन्द्र सिंह, पप्पुकुमार सिंह, ध्रुव यादव, मोहित अधिकारी, हरिसुन्दर साह, राजेश पटेल, अख्तर मन्सुर, विष्णु पौडेल लगायत घाइते भए। घाइतेको जिल्ला अस्पताल कलैयमा उपचार भयो। वन तथा भू-संरक्षण मन्त्री सलिममियाँ अन्सारी कलैया आउँदा भरतचोकमा आन्दोलनरत सात दलका कार्यकर्ताले कालो झण्डा देखाएका थिए। सोही क्रममा प्रहरी असई पन्नालाल साह पनि घाइते भए।

नेकाँका केन्द्रीय सदस्य फरमुल्लाह मंसुर र एमालेका अख्तर मन्सुर, रामबाबुप्रसाद यादव, रामप्रसाद चौधरी, दुर्गा पटेल, रामानन्दप्रसाद यादव, प्यारेलाल साह कानु, पति राउत, शशिभूषण सिंह, श्यामप्रसाद तिवारी, मदनकुमार सिंह, विनोद साह, कामेश्वर पटेल, रामनाथ सिंह, फुलमहम्मद मन्सुर, लोकेश सिंह, सञ्जय गुप्ता, नारायणप्रसाद बर्तौला, चन्देश्वरमणि शर्मा र पंकज पाण्डेलाई ०६२ माघ १९ गते कलैयामा सात दलले गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितलाई ९० दिनको पूर्जी दिई सुरक्षा समितिले बीरगञ्ज कारागारमा नजरबन्दमा राखिएकोमा ०६२ फागुन ३ गते रिहा गरियो। प्रहरीले गरेको अन्धाधुन्द लाठीचार्जबाट कलैया टुडे साप्ताहिकका सम्पादक निलेश तिमल्सेना र सर्वसाधरणहरू गनिफ हवारी, राकेश कुशवाहा सामान्य घाइते भए। घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार गरियो।

एमालेका सुन्दर विश्वकर्मा, पलट चौधरी, मनोज पौडेल, विनय श्रेष्ठ, रामचन्द्र प्यासी, बच्चा यादव, महमद एम. समिउल्ला, सद्भावना (आनन्दीदेवी) का प्रकाश चौलागाईं काँग्रेसका मनोज भट्ट, योगेन्द्र कुशवाहा, प्रभुनाथ पटेल, मधु शाही, सूर्यप्रसाद भट्टराई, जितेन्द्र सिंह, श्यामप्रसाद गुप्ता, हरिशंकर यादव, सुरेन्द्र जैसवाल, कृष्ण चौधरी, ललनप्रसाद साह, पुण्यदेव साह, सोहन शर्मा, कृष्ण खनाल, नारायणदत्त खनाल, राजकुमार थपलियालाई ०६२ माघ २४ गते प्रहरीले कलैयामा भएको सात दलको शान्तिपूर्ण आन्दोलनबाट गिरफ्तार गरे। पीडित सबैलाई तीन महिने पूर्जी दिई बीरगञ्ज कारागार चलान गरिएकोमा फागुन ३ गते रिहा गरियो।

नारायणी टुडे परवानीपुर सम्वाददाता शम्भु महतो, एमालेका अच्युत मैनाली, भरत खड्का, सीताराम लामिछाने, राजमहम्मद राय, महमुद आलम, राजेन्द्र जैसवाल, ध्रुव यादव, विनोद कार्की, अरुण खनाल, नेकाँ (प्रजातान्त्रिक) का शिवनाथ शर्मालगायत ३६ जनालाई ०६२ माघ २६ गते प्रहरीले कलैयबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखेकोमा फागुन ३ गते रिहा गरियो ।

साहित्यकार निर्मोही व्यास र उसमान अन्सारीको ०६३ वैशाख ४ गते भएको शान्तिपूर्ण जुलुसमा प्रहरीले लाठीचार्ज गर्दा टाउकोमा गम्भीर चोट लागेकोले छ ओटा टाँका लगाइयो। सोही घटनामा अख्तरमन्सुर हुसेन, बीरेन्द्रप्रसाद यादव, रविकरण साह, पप्पुकुमार सिंह, विजय गुप्ता, प्रदीपकुमार गुप्ता, चन्द्रिका गुप्ता, धर्मराज प्रसाद, मिथुर मन्सुर, दिव्यनाथ श्रेष्ठ, गोपी मेहता, चन्देश्वर दुवे, इन्द्रासन मण्डल, श्रीप्रसाद पासवान र त्रिलोकी चौधरी घाइते भए। घाइतेको जिल्ला अस्पताल कलैयामा उपचार गरियो। त्यसक्रममा डीएसपी राजु मानन्धरको हातमा सामान्य चोट लागेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गतसालको जिम्मेवारी सरेर आएको २ सय ८ ओटा र यस वर्ष दर्ता भएका १ सय ३७ ओटा दुनियावादी फौजदारी मुद्दा रहेका छन्। यसमध्ये यसवर्ष १ सय २८ ओटा फर्स्यौट भई २ सय १७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १९ ओटा र यसवर्ष दर्ता भएका ३५ ओटा मध्ये यसवर्ष ३८ ओटा मुद्दा फर्स्यौट भई १ सय १६ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय २७ ओटा र



जनआन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली लागी घाइते भएकाहरू

यसवर्ष दर्ता भएका ३ सय २० ओटा मध्ये यस वर्ष ३ सय ४८ ओटा मुद्दा फर्स्यौट भई ८ सय ९९ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा हत्या १८ ओटा, आत्महत्या १२ ओटा, कुटपिट ६ ओटा, चोरी डकैतीमा २० ओटा, सडक दुर्घटनामा ३२ ओटा, सडक दुर्घटनामा मृत्यु ३८ ओटा र घाइतेमा ४० ओटा, बहुविवाह दुईओटा तथा घरेलु हिंसामा दुई ओटा उजुरी दर्ता भए।

बालअधिकार

रहुवाई गाविसस्थित नेपाल राष्ट्रिय प्राविमा कक्षा एकमा अध्ययनरत छात्र शिवधारी यादवलाई ०६३ असोज २२ गते आफ्नो विद्यालय छाडी अर्को विद्यालयमा नाम लेखाएको आरोपमा शिक्षक महेन्द्र सहनीले कुटपिट गरे। बालकका अभिभावकले कलैया अस्पतालमा जाँच गरी सोही आधारमा पीडकलाई कारवाहीको माग गर्दै असोज २७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। पीडकलाई माफी मगाएर मिलापत्र गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

भगवानपुर गाविस-४ निवासी एक दलित बालिकालाई ०६२ फागुन १० गते दिउँसो खेतमा साथीसँग घाँस काट्न गएको बेला सोही ठाउँका २३ वर्षीय विल्टु पण्डित र धमेन्द्र राउतले बलात्कार गरेका थिए। बालिकाको स्थिति सामान्य रहेको छ भने पीडक फरार रहेका छन्।

अमलेखगञ्ज गाविस-३ निवासी ६ वर्षीया एक नाबालिकालाई ०६३ जेठ ३१ गत सोही ठाउँका १७ वर्षीय सुरेश श्रेष्ठले चकलेट दिएर बलात्कार गरे। पीडक हाल बीरगञ्ज कारागारमा थुनामा छन्।

सपही गाविस-४ निवासी एक महिलालाई ०६३ पुस १४ गते घाँस काट्न गएको अवस्थामा जंगलमा इलाका प्रहरी कार्यालयका प्रहरी जवान राजनारायण चौधरी र भगिरथ पनुहरले जर्बजस्ती बलात्कार गरे। पीडकलाई स्थानीयबासीले मोसो दली चारपाटा मुडेर जुत्ताको माला लगाई बजार घुमाए। पीडकलाई कारवाहीको प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बारालेे जनायो।

दुर्व्यवहार

प्रष्टोका गाविस-४ निवासी ६० वर्षीय वृद्धा गाजमतीदेवी तेलिनलाई बोक्सीको आरोपमा ०६३ असोज १९ गते अशोक साह, श्रीराम, राधेश्याम, सन्तोष, गोपाल, जवाहिर, कपिलदेव, नथुनीले गम्भीर रूपमा कुटपिट गरे। पीडितको उपचार साह क्लिनिक कलैयामा गरियो। पीडकहरूलाई सार्वजनिक अपराध मुद्दामा जिल्ला प्रशासन कार्यालयले धरौटी लिई तारेखमा छाडेको छ।

भरतगञ्ज सिंगौल गाविस-१ सान्नानीटोल निवासी ५५ वर्षीय लिलावतीदेवी थापालाई बोक्सीको आरोपमा ०६३ असोज १९ र २० गते स्थानीयबासीले कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएको छैन।

पारिवारिक हिंसा

रघुनाथपुर गाविस-६ निवासी ३० वर्षीया सुनिता भगतलाई छोरीको जुठो पानी प्रयोग गरेको निहुँमा ०६३ असोज २९ गते उनका पति शिवचन्द भगतले शरीरमा डामेका थिए। पीडितको कलैया अस्पतालमा उपचार गराएपछि माइतीले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

जिल्ला विकास समिति बारालेे उठाउँदै आएको कवाडी कर ०६३ भदौ १६ गतेदेखि माओवादीले रसिद काटी उठाउन सुरु गरे। माओवादीले भदौ १९ गतेदेखि बाराका सम्पूर्ण ढाटमा कवाडी कर असुली कार्य शुरु गरेका थिए। माओवादीको सो कार्य यो वर्षको अन्त्यसम्म नरोकिएको जनाइयो।

विस्थापित

बारा जिल्लामा सशस्त्र द्वन्द्वका कारण ४८ परिवार विस्थापित भए। विस्थापितमध्ये १० परिवारलाई इन्सेक प्रतिनिधि रोशनराज अर्याल र इन्सेक सहकर्मी मानव अधिकार जागरण केन्द्र (हरेक) बाराको पहलमा गाउँमा पुनर्स्थापन गराइएको छ।

संरचना/सम्पत्ति क्षति

०६२ माघ २ गते राति माओवादीले जिल्ला विकास समिति बारा कलैयाको सभाकक्षमा बम विस्फोट गराए। बम विस्फोटबाट सभाकक्षका फर्निचर, झ्यालढोका र भवनका भित्तामा क्षति पुगेको छ ।

कलैया नपा-४ स्थित भूमिसुधार कार्यालय बसेको घरमा ०६२ माघ ७ गते साँझ माओवादीले प्रेसरकुकर बम विस्फोट गराए। विस्फोटबाट कार्यालयको झ्याल, ढोका, फर्निचर, कागजातहरू नोक्सान हुनुका साथै भवनको छतमा क्षति पुगेको छ।

२.९ पर्सा



जनसंख्या	५,५७,२३८
साक्षरता प्रतिशत	४२.४
महिला साक्षरता प्रतिशत	२६.००
क्षेत्रफल (वर्ग कि. मि.)	१३५३
गाविस/नपा संख्या	८२/१
निर्वाचन क्षेत्र	४
विद्यालय	२९१
क्याम्पस/उच्च मा.वि.	३/१०
अस्पताल/स्वास्थ्य चौकी	२/३८
टेलिफोन लाइन	१५०००
मोटर सडक (कि. मि.)	१७९
प्रहरी कार्यालय संख्या	१०
हुलाक संख्या	१०२
मानव विकास सूचकाङ्क	०.४४८
प्रति परिवार सरदर संख्या	७.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्न पाउने अधिकार

हत्या/गोली

माओवादीबाट

बागवन्ना गाविस-४ निवासी ३३ वर्षीय भोला सुनारको ०६२ फागुन ४ गते माओवादीले मधुवन मथौल इलाका सडक खण्डमा सुरक्षाकर्मीलाई लक्षित गरी राखेको माईन विस्फोटमा परी मृत्यु भयो। पीडित बागवना बजारबाट साइकल चढेर घर फर्किरहेको बेला बम विस्फोटन भएको थियो।

वैरियावर्ता गाविस-२ जगतपुर निवासी ५२ वर्षीय सेठ साहको ०६३ असोज ११ गते माओवादीले "केही कुरा बुझ्न छ" भनी घरबाट बोलाई परवानीपुरस्थित धावामा माओवादी जनमुक्ति सेनाका मुकेशले कुटपिट गरी हत्या गरे। माओवादीले पीडितको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पुऱ्याई छाडेर भागे। आफन्तले असोज १२ गते अस्पतालबाट लास बुझी गाउँमा लगेर दाहसंस्कार गरे। माओवादीले पीडितलाई अपहरण सम्बन्धी घटनामा गलत सूचना दिएको आरोप लगाएका थिए।

गोली/बम विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

बीरन्चिवर्वा गाविस-७ निवासी २७ वर्षीया रितादेवी मलाह ०६२ पुस २५ गते माओवादीले घरमा प्रहार गरेको सकेट बम विष्फोट हुँदा घाइते भइन्। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार गरियो।

बगवाना गाविस-३ निवासी २५ वर्षीया मोहिनी देवी ०६३ असोज ३ गते माओवादी छापामारले बन्दुकको कुन्दाले कुकुरलाई हिर्काउँदा पड्किएको गोली लागी घाइते भइन्। पीडितलाई माओवादीले नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार गराए।

जेल र बन्दी

'क' श्रेणीमा पर्ने जिल्ला कारागारको कूल बन्दी क्षमता १ हजार ५ सय रहेको छ। यो जेल जीर्ण भएर भवन काम नलाग्ने अवस्थामा पुगेको छ। यस जेलमा कैद नतोकिएका २ सय ६८ पुरुष र १६ महिला तथा कैद तोकिएका ३ सय २६ र १६ महिला गरी कूल ६ सय २६ बन्दीहरू छन्। यस बाहेक नौ महिना, १८ महिना र दुई वर्षका तीन बालिकाहरू छन्। यस वर्ष बन्दीहरू सञ्जय पाठक, मनोहर मिया शेष र भोला सहनीको उपचारका क्रममा नारायणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भयो। माओवादी बन्दीहरूले ०६२ पुस ९ गतेदेखि कारागारभित्रै गरेको आमरण अनसन इन्सेक प्रतिनिधि प्रेम कार्की र नेशनल युनियन अफ जर्नालिष्ट बीरगञ्जको पहलमा ०६२ पुस १८ गते तोडियो। माओवादी बन्दी सरह अन्य कैदी तथा बन्दीहरूलाई पनि आममाफी दिनु पर्ने माग राखी कारागार परिसरमा ०६३ असार १ गतेदेखि बन्दीका आफन्तहरू कलावती, शिवकली र चम्पादेवी लगायत नौजना आमरण अनसनमा बसे। प्रमुख जिल्ला अधिकारी नवीनकुमार घिमिरेले मागहरू सम्बन्धित निकायमा पुऱ्याउने आश्वासन दिएपछि ०६३ असार ५ गते अनसन तोडियो। कारागारका लागि कान्तिपुर तथा स्थानीय पत्रपत्रिका उपलब्ध गराइएको छ। मनोरञ्जनका लागि पुरुषतर्फ २१ इन्चको रंगिन टीभी तथा महिलातर्फ १४ इन्चको सादा टिभीको व्यवस्था गरिएको छ। त्यस्तै जेलमा सानो पुस्तकालयको पनि व्यवस्था गरिएको छ। खेलुकदका लागि भलिबल, टेनिस र क्यारम्बोर्डको व्यवस्था गरिएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

विश्रामपुर गाविस-३ निवासी २४ वर्षीय मुन्ना कलवारले चन्दा नदिएको आरोपमा ०६२ चैत ७ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई चैत ९ गते घरमा पुऱ्याएर मुक्त गरियो।

इलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुरमा कार्यरत इन्सपेक्टर ३७ वर्षीय राजकुमार थेउजी ३२ वर्षीय प्रहरी हवल्दार मेघराज घिमिरे, व्यापारीहरू श्यामकृष्ण खतिवडा र केदार पुडासैनीलाई ०६२ चैत १७ गते माओवादीले बिरुवागुठी गाविस-३ बाट आफन्त भेट्न गएको बेला अपहरण गरे। पीडितहरूलाई माओवादीले मकवानपुरको झुरझुरेमा राखी ०६३ वैशाख १४ गते बाराको कोल्हेबीबाट इन्सेक बारा र पर्साका प्रतिनिधि रोहवरमा आइसीआरसीका प्रनिनिधिको जिम्मा लगाए।

महुवन गाविस-७ बलुवा निवासी ३७ वर्षीय प्रमोद गिरीले सुराकी गरेको आरोपमा ०६३ वैशाख २२ गते माओवादीका शक्ति र शम्भुले उनलाई माईस्थानबाट अपहरण गरे। माओवादीले पीडितलाई कुटपिट गरे। वैशाख २३ गते ना १ ज १७४० नम्बरको मोटरमा राखी गाउँतर्फ लिएर जाँदा पीडितले श्रीपुरान पुगेपछि चालकको हात पक्रिएर बचाऊ बचाऊ भनी कराउन थालेपछि स्थानीय जनता जम्मा हुँदा गाडीमा रहेका चारजना माओवादी भागेपछि पीडित मुक्त भए।

बीरगञ्ज उमनपा-१५ मुर्ली निवासी ३३ वर्षीय जीतेन्द्रकुमार मण्डलले सुखचैना गाविस-८ निवासी सुरेन्द्र मण्डलको हत्या गर्ने प्रयास गरेको आरोपमा ०६३ असार २९ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६३ साउन ५ गते बीरगञ्ज श्रीपुरस्थित अनेरास्ववियु (क्रान्तिकारी) को कार्यालयबाट मुक्त गरे।

रौतहट जिल्ला विश्रामपुर गाविस-९ निवासी ३५ वर्षीय छट्टु पासवानलाई लुटपाट र डकैती गरेको आरोपमा ०६३ भदौ ६ गते माओवादीले उनलाई बीरगञ्ज उमनपा-१९ नगवाबाट अपहरण गरे। माओवादीले गल्ती सुधार्ने शर्तमा मधेशी मुक्ति मोर्चाको कार्यालयबाट भदौ १३ गते पीडितलाई मुक्त गरे।

बीरगञ्ज उमनपा-१९ नगवा निवासी ३५ वर्षीय रामप्रसाद वरै अपहरणमा संलग्न रहेको आरोपमा ०६३ भदौ १७ गते बिहान खेत घुम्न गएको बेला उनलाई माओवादीले अपहरण गरे। माओवादीले भदौ २४ गते पीडितलाई मुक्त गरे।

बीरगञ्ज उमनपा-१६ श्रीपुरस्थित वडा प्रहरी कार्यालयका ३३ वर्षीय प्रहरी हवल्दार बच्चालाल साह र २८ वर्षीय प्रहरी जवान गणेश यादवलाई ०६३ भदौ १८ गते माओवादीले गाउँमा झगडा भइरहेको छ भनी टेलिफोनबाट बोलाएर रामगढवाबाट अपहरण गरे। पीडितहरूलाई भदौ १९ गते विन्धवासिनीबाट मुक्त गरे।

बीरगञ्ज उमनपा-१४ निवासी २७ वर्षीय सुधिरकुमार गुप्तालाई ट्रक बिक्री सम्बन्धी विवादमा ०६३ भदौ १९ गते माओवादीले श्रीपुर डीआर सप्लायर्सबाट अपहरण गरी ५३ हजार नबुझाएसम्म कसैसँग भेटघाट गर्न दिएनन्। पीडितका पिता युगलकिशोर गुप्ताले कृष्णप्रसाद भट्टराईलाई बिक्री गरेको र सो लेनेदनमा खरिदकर्ता ले नै १ लाख ४३ हजार तिर्न बाँकी रहेकोमा माओवादीले उल्टै ५३ हजार माग गरेको पीडित पक्षको दाबी छ। पीडितलाई अनेरास्ववियु (क्रान्तिकारी) को कार्यालयबाट भदौ २२ गते मुक्त गरियो।

बीरगञ्ज उमनपा-१३ आदर्शनगरस्थित प्रकाश लजका सञ्चालक दीपक गुप्ताले लजमा वेश्यावृति गराएको आरोपमा ०६३ भदौ २३ गते विपिनको नेतृत्वमा आएका माओवादीले उनलाई अपहरण गरे। पीडितलाई गल्ती नदोहोऱ्याउने शर्तमा भदौ २४ गते मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५		५	३	३			३					
घाइते	५	६	१	७	३		३		३					
गिरफ्तारी/यातना										१८	६१	१०	३८	१०९
कुटपिट	३	५		५						१	१	१		३
धम्की										१	१			१
भेला/संगठित हुने अधिकार										१३	३५	३	४०	६८
महिलाअधिकार	१		१	१										
अपहरण	८	९		९	१३	३०	४	८००	८३४					
जम्मा	३३	३५	३	३७	१६	३३	६	८००	८३८	३३	८८	१४	७८	१८०

पुनः गिरफ्तारी

बीरगञ्ज कारागारमा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत ९० दिनको नजरबन्दको म्याद समाप्त भई रिहा गरिएकी माओवादीका सीता पुलामी मगर र सुनिता कार्कीलाई ०६२ फागुन १६ गते प्रहरीले दुर्गा चलचित्र मन्दिरबाट पुनः गिरफ्तार गऱ्यो। पीडितलाई दुई दिनसम्म वडा प्रहरी कार्यालय बिर्ताको हिरासतमा राखी फागुन १८ गते रिहा गरियो ।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्वियूका उमेश गुप्ता र नेविसंघका अन्जु आलम ०६२ माघ १० गते प्रहरीले हस्तक्षेप र लाठीचार्ज गर्दा टाउकोमा गम्भीर चोट लागी घाइते भए। बीरगञ्ज उमनपा-१३ मा सात विद्यार्थी संगठनले गरेको नगर निर्वाचन वहिष्कारको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको थियो। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

ठाकुरराम बहुमुखी क्याम्पस स्वियू सभापति मनोज यादव विद्यार्थीहरू रामनारायण मिश्र, बृजकुमार श्रीवास्तव, मनोजकुमार कुशवाहा, ललन यादव, विश्वजित चौरसिया र नवीन सिंह ०६२ माघ ११ गते प्रहरीले बीरगञ्ज उमनपा-१३ आदर्शनगरमा लाठीचार्ज गर्दा घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

एमालेका प्रभु हजरा, सद्भावना (आनन्दीदेवी)का निजामुद्दिन समानी र शिव पटेललाई नगर निर्वाचन वहिष्कारको आरोपमा ०६२ माघ १२ गते राति १ बजे प्रहरीले बीरगञ्ज उमनपा-१८ लक्ष्मणवाबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी माघ १३ गते शान्ति सुरक्षा ऐन अन्तरगत जेल चलान गरिएकोमा माघ २७ गते रिहा गरियो।

बीरगञ्ज उमनपा-१३ आदर्शनगरमा नगर निर्वाचनको विरोध गर्दै नारा लगाउँदा ०६२ माघ १३ गते प्रहरीले हस्तक्षेप गरी नेकाँ (पजातान्त्रिक) का रमेश रिजाल, एमालेका इन्द्रदेव यादव लगायतका ४४ जनालाई गिरफ्तार गऱ्यो। प्रहरीले सोही दिन नेकाँ (प्रजातान्त्रिक)का रमेश रिजाल, शान्ति कार्की, बृहस्पतिकृष्ण श्रेष्ठ, रामरुप कुर्मी, ओम लामिछाने, लालचन महतो, ज्ञानेन्द्र मिश्र, भिखारीप्रसाद कलवार, अमित पण्डित, शिवशंकर साह, बद्रि कँडेल, संजिवकुमार साह, हुकुम सिंह, सावुद्दिन अन्सारी र नेकाँका देवनाथ उपाध्याय, किशोरी साह, रोशन लामिछाने, सुनिल यादव, विकास उपाध्याय, कृष्णकुमार कुशवाहा, अगेन्द्र चर्तुवेदी, बृजलाल पासवान, उमेश गुप्ता, हीरा गिरी, शंकर राउत सुदिप लामा सहित २१ जनालाई शान्ति सुरक्षा ऐन अन्तरगत जेल चलान गरी माघ २७ गते रिहा गरियो। बाँकीलाई माघ १४ गते रिहा गरियो।

सर्वसाधारण नविन गुप्ता, धिरेन्द्रप्रसाद सहनी र शेष समिम बीरगञ्ज उमनपा-१३ आदर्शनगरमा सात दलले नगर निर्वाचन वहिष्कारको कार्यक्रममा ०६२ माघ १३ गते प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। त्यसक्रममा प्रहरी असई लक्ष्मी श्रेष्ठ र प्रहरी जवान नरहरि पुडासैनी र दीलिप पुडासैनी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

ठाकुरराम बहुमुखी क्याम्पसका स्वियु सभापति मनोज यादव, अनेरास्वियूका मनोज चौधरी र प्रायुसंघका अध्यक्ष अनिरुद्र रावलाई नगर निर्वाचन वहिष्कारको आरोपमा ०६२ माघ २२ गते प्रहरीले बीरगञ्ज उमनपा-८ महाविरस्थानबाट गिरफ्तार गरे। पीडितलाई ९० दिनको पूर्जी दिएर जेल चलान गरिएकोमा माघ ३० गते रिहा गरियो।

तरुण दलका सदस्य सावुद्दिन अन्सारी, नेविसंघ (प्रजातान्त्रिक)का प्रमोद यादव र महमद इम्त्राइमलाई नगर निर्वाचन वहिष्कार गरेको आरोपमा ०६३ माघ २३ गते बीरगञ्ज उमनपा-३ बिर्ताबाट प्रहरीले गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तरगत ३ महिने पूर्जी दिई जेल चलान गरेकोमा ०६२ माघ ३० गते रिहा गरियो।

नेकाँका सुरेन्द्र चौधरीलाई नगर निर्वाचन बिथोल्ने योजनाकार भन्दै ०६२ माघ २५ गते राति प्रहरीले बीरगञ्ज उमनपा-४ बिर्ताघरबाट गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तरगत ९० दिनको थुनुवा पूर्जी दिई बीरगञ्ज कारागार चलान गरिएकोमा ०६२ माघ ३० गते रिहा गरियो।

एमालेका अर्जुन शर्मा, हीरा गिरी र तरुण दलका बीरेन्द्र पटेललाई ०६३ चैत २३ गते प्रहरीले बीरगञ्ज उमनपा-१४ मुर्लीचोकमा निरंकुशताको विरोधमा सात दलले आयोजना गरेको मसाल जुलुसबाट गिरफ्तार गरी चैत २४ गते तीन महिने पूर्जी दिई जेल चलान गरिएकोमा पुनरावेदन अदालत होटौडाको आदेशमा अनुसार ०६३ वैशाख १० गते रिहा गरियो।

नेपाल पत्रकार महासंघका सभापति शत्रुघ्न नेपाल, के.सी. लामिछाने, दीपेन्द्र चौहान, कृष्ण खनाल, धुर्व साह, गया यादव, शिव पटेल, श्रीराम रायमाझी, सञ्जय साह, मनोज मिश्र, कपिलदेव यादव, सुदिप श्रेष्ठ र वैद्यनाथ ठाकुर समेत १३ जनालाई ०६२ चैत २४ गते प्रहरीले बीरगञ्ज उमनपा-१३ आर्शनगरमा पर्सा शाखाले गरेको विरोधमा हस्तक्षेप गरी गिरफ्तार गरेकोमा साँझ रिहा गरियो।

एमालेका नागेन्द्र चौधरी, चिरञ्जिवी आचार्य, विजय महतो, नेकाँका प्रकाशकुमार उपाध्याय, राजकृष्ण अमात्य, वीरेन्द्र महतो, नेपाली कांग्रेस (प्रजातान्त्रिक)का जनार्दनसिंह क्षेत्री, रामनारायण कुर्मी, दिनेश पन्त, सदभावना (आनन्दीदेवी)

का सुरेन्द्रप्रसाद कुर्मी, बीरलाल साह लगायत ३६ जनालाई ०६२ चैत २४ गते प्रहरीले बीरगञ्ज उमनपा-८ महाविरस्थानमा सात दलले गरेको विरोध प्रदर्शनबाट गिरफ्तार गरे। गरी २३ जनालाई चैत २५ गते तीन महिने पर्जी दिई जेल चलान गरिएकोमा ०६२ वैशाख १० गते पुनरावेदन अदालत हेटौडाको आदेशा रिहा गरियो भने बाँकी १३ जनालाई सोही दिन रिहा गरियो।

नेकाँका दिनाप्रसाद गुप्तालाई ०६२ चैत २७ गते प्रहरीले बीरगञ्ज उमनपा-८ माईस्थानबाट गिरफ्तार गरी चैत २८ गते तीन महिने पूर्जी दिई जेल चलान गरे। पीडितलाई ०६३ वैशाख १० गते पुनरावेदन अदालतको आदेशमा रिहा गरियो।

भवानी घिमिरे, बद्रि जोशी, शंकर चौधरी र शिवनारायण चौरसिया ०६२ चैत २८ गते प्रहरीले बीरगञ्ज उमनपा-१३ पशुपतिघोष चौकमा सात दलले निकालेको ञ्यालीमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा गम्भीर घाइते भए। पीडितहरूमध्ये भवानी घिमिरे र बद्रि जोशीको टाउको र ढाडमा गम्भीर चोट लागेकोले नारायणी उपक्षेत्रीय अस्पतालमा प्राथमिक उपचार गरी काठमाडौमा उपचार गरियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २ यस ८१ ओटा मध्ये २ सय ३ ओटा फर्स्यौट भए भने ७८ ओटा फर्स्यौट हुन बाँकी रहे। यो वर्ष दर्ता भएका ४ सय २१ मध्ये १ सय ५५ फर्स्यौट भई २ सय ६६ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३ सय ४४ ओटा फर्स्यौट हुन बाँकी रहेका छन्। सरकारवादी फौजदारी मुद्दा गत वर्ष बाँकी रहेका ५३ ओटामध्ये ३३ ओटा फर्स्यौट भई २० ओटा बाँकी रहे। यो वर्ष दर्ता भएका १ सय ८ ओटामध्ये ४४ ओटा फर्स्यौट भई ६४ ओटा फर्स्यौट हुन बाँकी रहे । यो वर्षको अन्तसम्म सरकारवादी फौजदारी मुद्दा ८४ ओटा फर्स्यौट हुन बाँकी छन्। देवानी मुद्दा गत वर्षको बाँकी ८ सय १२ ओटामध्ये ५ सय ७६ ओटा फर्स्यौट भई २ सय ३६ ओटाबाँकी रहे। यो वर्ष १ हजार १ सय ८८ मुद्दा दर्ता भएकोमा ४ सय ७४ ओटा फर्स्यौट भई ७ सय १४ ओटा फर्स्यौट हुन बाँकी रहे। वर्षको अन्तसम्म देवानी मुद्दा १ हजार ५० फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्तसम्म रहेका मुद्दाको संख्या १ हजार ४ सय ७८ छ।

यातना तथा क्रुर अमानविय र अपमानजनक व्यवहार वा दण्ड

ठोरी गाविस-५ जानकी नगरको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षक ४१ वर्षीय कृष्ण तामाङ्ग र शिक्षिका मेनुका ढकाललाई घरायसी लेनदेनको विषयमा ०६२ फागुन १७ गते बगहीपोष्टका उपसेनानी राजनसिंह अधिकारीको आदेशमा सेनाले कुटपिट गरी गम्भीर घाइते पारे। पीडित लामाको शरीरभरि निलडाम र देब्रे कान नसुन्ने भएको थियो भने शिक्षिकाको दाहिने आँखामा रगत जमेको थियो। सेनाको कुटपिटपछि विस्थापित भई बीरगञ्जमा बसेका शिक्षक शिक्षिकालाई इन्सेक प्रतिनिधि प्रेम कार्की र सञ्चारकर्मीको पहलमा चैत ६ गते ठोरी पुऱ्याई पुर्नस्थापित गरियो। निकुञ्जले पोष्टका सबै सेनालाई सरुवा गऱ्यो।

बालअधिकार

वगवाना गाविस-८ को नेपाल राष्ट्रिय माविमा अध्यनरत ११ देखि १६ उमेरका अन्जना थापा, अशोक कार्की, नारायणी अधिकारी, विनिता मोक्तान, विकास अधिकारी, श्याम मोक्तान, कान्छा लामा, रुपमाला लामा, मसलीमाया लामा र लालमाया लामालाई ७ देखि १० हजार तलब दिने आश्वासन दिँदै ०६३ मंसिर १ गते माओवादीले जनसेनामा भर्तीका लागि लगेका थिए। पीडितहरू फर्किएका छैनन्।

आर्थिक समाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको उत्तर पश्चिम भेगका ११ वटा गाविसमा १५ हजार भन्दा बढी संख्यामा सुकुम्बासीहरू छन्।


बिगतको अनुगमन

बेपत्ता

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका चारजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा वागवाना गाविस-४ छतिवन निवासी विमल घिमिरे, सोनवर्षा गाविस-३ का रमाकान्त गिरी, विरुवागुठी गाविस-१ झवराहका प्रभु दास थारु, र पोखरीया गाविस-१ निवासी नकटुवाका दीपेन्द्र गिरी रहेका छन्।

२.१० चितवन



जनसंख्या	:	५,२८,४११
साक्षरता प्रतिशत	:	७०.७६
महिला साक्षरता प्रतिशत	:	५२
क्षेत्रफल (वर्ग कि. मि.)	:	२२१८
गाविस/नपा संख्या	:	३६/२
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	४८३
क्याम्पस/उच्च मा.वि.	:	११/३२
अस्पताल/स्वास्थ्य चौकी	:	५/४२
टेलिफोन लाइन	:	१६१५७
मोटर सडक (कि. मि.)	:	५७७.४२
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४०
मानव विकास सुचकाङ्क	:	०.५१८
प्रति परिवार सरदर संख्या	:	५.६९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

पीठूवा गाविस-९ माधवपुर निवासी २२ वर्षीय ऋषिराम लामिछाने भाग्न लागेको आरोपमा ०६२ माघ १८ गते सेनाले भनपा-१२ मुनालचोकमा गोली हानी हत्या गरे। हात उठाएर गोली नहान्न अनुरोध गर्दा गर्दै सेनाले गोली हानेको उनीसँगे रहेका रामप्रसाद गडेरीले बताए। उनलाई पहिलो गोली हात र दोश्रो गोली टाउकोमा हानिएको थियो। स्थानीय प्रशासनले हत्याको भोलिपल्ट परिवारबाहेक कसैलाई पनि सद्गदमा नलाने शर्तमा पीडित माओवादीको अञ्चल कमाण्डर भएको र भीडन्तमा मारिएको भनी उनको बाबु टंकप्रसादलाई कागजमा दस्तखत गराई लास जिम्मा लगायो।

भरतपुर नपा-११ पारिजातचोक निवासी २२ वर्षीय तुलसी डुम्राकोटीको जनआन्दोलनको क्रममा घरमाथिबाट आन्दोलनकारीहरूलाई पानी दिइरहेको समयमा ०६२ चैत २६ गते प्रहरीले दुई सय मिटर टाढाबाट चलाएको गोली लागी घाइते भइन्। उपचारको क्रममा मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा ०६३ चैत २७ गते उनको मृत्यु भयो। उनलाई सरकारले सहिद घोषणा गर्दै परिवारलाई १० लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गरायो।

माओवादीबाट

फष्टराईफल गण, भरतपुरका दुई सैनिकहरुको कृषि विकास बैंक भरतपुर शाखाको सुरक्षा गरिरहेको बेला ०६२ फागुन २४ गते जन्तीको अभिनय गरी माईक्रोबसमा भण्डारादेखि आएका एक दर्जन माओवादीले भरतपुर नपा-१२ जिल्ला हुलाक कार्यालय अगाडि गोली हानी हत्या गरे। त्यसपछि माओवादी र सेनाबीच ७ मिनेट दोहोरो भिडन्त भयो। माओवादीले सेनाको एक थान इन्सास राइफल र मेगेजिन खोसेर अन्नपूर्णपोष्टका बजार व्यवस्थापक अनिल रेग्मीको र भरतपुर नपा-८ गौरीगञ्जका नन्दराम विश्वकर्माको मोटरसाईकलमा चढी भागे। मृतकको लास र घाइतेलाई सेनाले लगे। माओवादीले नन्दरामको मोटरसाइकल भोलिपल्ट खैरहनी गाविसबाट मानवअधिकारकर्मी, कानुन व्यवसायी र पत्रकारको जिम्मा लगाए भने अनिलको मोटरसाइकल सेनाले खैरहनी माविको चौरबाट फिर्ता लगे।

जगतपुर गाविस निवासी प्रेमबहादुर ठोकरले सुराकी गरेको आरोपमा ०६३ जेठ ९ गते माओवादीले सोही ठाउँको मधुपरी कृष्ण चौकमा हत्या गरे। माओवादीले मृतकको लासलाई उनकै घरदेखि ५ सयमिटर पर बाटोमा फालेर भागे। ठोकरको हत्यामा संलग्न आफ्ना कार्यकर्ता जगतपुर गाविस निवासी राजेश लामालगायत पाँचजनालाई माओवादीले श्रमशिविरमा राखे।

दोहोरो भिडन्त

दाहखानी गाविस-६ को आहालडाडा निर्सिटार दारेचौकमा ०६२ चैत ८ गते बिहान नौ बजे माओवादी खान खान लागेको समयमा सेनाले आक्रमण गर्दा सेना र माओवादीबीच १५ मिनेट दोहोरो भिडन्त भयो। दोहोरो भिडन्तमा परी २० जना माओवादीको मृत्यु भयो। तीनजना सेना घाइते भएको सुरक्षास्रोतले जनायो। भिडन्तमा मारिएका माओवादी कार्यकर्ताहरूमा दोलखा जिल्ला निवासी विश्वास दाहाल, काभ्रे जिल्ला निवासी धनकुमारी लेप्चन, सोही जिल्लाको ठूलो वाङ्थली निवासी पम्फौ विश्वकर्मा, नाग्रेगगर्चे गाविस निवासी सोनाम मुक्तान, रोल्पा जिल्ला जैमकसलम

गाविस-३ निवासी सतु विश्वकर्मा, रूकुम जिल्ला आठबीसकोट गाविस निवासी मने बुढा, उदयपुर जिल्ला गोकुले गाविस-१ निवासी प्रेमकुमारी श्रेष्ठ, मकवानपुर जिल्ला छतिवन गाविस-४ निवासी दोर्जे घलान, सोही जिल्ला रायगाउँ निवासी प्रकाश राईलगायत रहेका थिए।



सुरक्षाकर्मीद्वारा मारिएकी तुलसी डुम्राकोटी

गोली/बम/बिष्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

भरतपुर नपा-१२ पारिजातचोकस्थित तुलसी क्षेत्रीको घरमा बसेका प्रमिला के.सी. र प्रतीक्षा अधिकारी जनाआन्दोलनको क्रममा आन्दोलनकारीलाई पानी दिइरहेको अवस्थामा ०६२ चैत २६ गते प्रहरीले मालपोतचोकबाट चलाएको गोली लागी गम्भीर घाइते भए। घाइतेहरूलाई भरतपुर अस्पतालमा प्रारम्भिक उपचारपछि मेडिकल कलेज शिक्षण अस्पतालमा लगियो। उनीहरूलाई थप उपचारको लागि काठमाडौंको वीएण्डवी अस्पताल पठाइयो।

गीतानगर गाविस निवासी टेम्पो व्यवसायी संघका अध्यक्ष डोलनारायण श्रेष्ठ निषेधित घेरा तोडी अगाडि बढेको जुलुसमा सहभागी भएको अवस्थामा ०६३ चैत २७ गते प्रहरीले नारायणगढमा चलाएको गोली देब्रे कुममा लागि घाइते भए। उनको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

पीठूवा गाविस-६ निवासी १९ वर्षीय जीवन नेपाली र सोही गाविस-२ निवासी ४१ वर्षीय भरत कट्टेल, शक्तिखोर गाविस-७ निवासी २० वर्षीय गणेश श्रेष्ठ, पीठूवा गाविस-७ निवासी १७ वर्षीय सुरेश लामा र सोही गाविस-६ निवासी १९ वर्षीय सुजन गुरुङलाई आन्दोलनको क्रममा ०६३ बैशाख ४ सेनाले रत्ननगर नपा-२ टाडीचोकमा गोली हानी घाइते पारे। खुट्टामा गोली लागि गम्भीर घाइते भएका जीवन नेपालीको शुरुमा महेन्द्रआदर्श चिकित्सालय र पछि वीएण्डवी अस्पतालमा उपचार भयो। अन्यको महेन्द्रआदर्श चिकित्सालय र मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालका सशस्त्र प्रहरी टेकबहादुर सुनार ०६४ फागुन २४ गते माइक्रोबसमा आएका माओवादीले चलाएको गोली लागि घाइते भए। उनको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो। घाइते सुनारलाई कृषि विकास बैंक भरतपुर शाखाको सुरक्षार्थ जिल्ला प्रहरी कार्यालयबाट खटाइएको थियो।

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको कूल बन्दी क्षमता ९५ रहेको छ। जसमा ९८ जना पुरुष कैदी र सात जना महिला जम्मा १ सय ५ जना कैदी रहेका छन्। यस कारागारमा १ सय ४८ पुरुष र १ महिला गरी जम्मा १ सय ४९ जना थुनुवा राखिएको छ। यसरी यो कारागारमा कैदी र थुनुवा गरी कुल २ सय ५४ बन्दी रहेका छन्। जसमा तीन जना बालक छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						३	३		३	३	७	४	११	३३
घाइते	१	१			१	१	१		१	१७	३३	५		३८
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										६	३३	३		३५
कुटपिट	१	५		८	१३	१	३		३	३४	३८	६		३४
धम्की						५	१०		१०	४	३	१		४
भेला/संगठित हुने अधिकार										३९	९६	१	४५८	५५५
महिलाअधिकार	७		८		८									
बालअधिकार	१३		१३		१३									
अमानवीय व्यवहार	१	१			१									
अपहरण						६	१६	३	१८					
जम्मा	३३	७	३१	८	३६	१५	३३	३	३५	८४	१९०	३०	४६९	६७९



माओवादीद्वारा हत्या गरिएका सुरक्षाकर्मी

कारागारमा पानीको राम्रो व्यवस्था छ। चार ओटा शौचालयमा दुईटा बिग्रेकोले शौचालयमा लाम लागेर बस्नुपर्ने बाध्यता बन्दीको छ। बिरामी भएमा बन्दी आफैले औषधी किनेर खाने गरेका छन्। पत्रपत्रिका बन्दी आफैले किनेर पढ्ने गरेका छन्। टीभी निकै पुराना भएकोले बिग्रेर हेर्न नपाएको बन्दीको भनाई छ।

पचास प्रतिशत कैद भुक्तान गरिसकेका बन्दीले कैद मिनाहा पाउनु पर्ने, परिवारका सबैले भेटघाट गर्न पाउनु पर्ने, थुनुवा पूर्जी बाहिर लैजान पाउनु पर्ने, खानेपानीको समस्या समाधान हुनु पर्ने लगायतका १५ सुत्रीय माग पुरा गराउन ०६२ चैत १२ गतेबाट बन्दीले आन्दोलन गरे। माओवादीद्वारा घोषित तात्कालीन पूर्वोत्तर इलाका जनसरकार प्रमुख शुदर्सन पौडेललाई ०६२ चैत ११ गते केन्द्रीय कारागार तथा विभिन्न मुद्दामा रहेका ३१ जना बन्दीलाई ०६२ चैत १४ गते वीरगञ्ज कारागार सरुवा गरेपछि आन्दोलन स्थगित भयो।

हिरासतमा मृत्यु

दिव्यनगर गाविस निवासी ६२ वर्षीय शिखाराम चौधरीको ०६३ वैशाख २९ गते चितवन राष्ट्रिय निकुञ्जको हिरासतमा दिइएको यातनाका कारण मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भयो। गैंडा चोरी शिकारी अभियोगमा वैशाख २० गते गिरफ्तार गरिएका उनलाई अनुसन्धानको क्रममा बुटले हिर्काइ यातना दिदाँ छातीको सात ओटा करङ भाँचिएको थियो। घटना भएको तीनदिनपछि निकुञ्जका प्रमुख संरक्षक टीकाराम अधिकारी, सहायक संरक्षक अधिकारी कमलङ्ग कुँवर र रेन्जर रितेश बस्नेतलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी हिरासतमा राखी दुई हप्तापछि अधिकारीलाई तारेखमा रिहा गरियो भने अन्य दुईलाई पुर्पक्षका लागि नवलपरासी कारागार चलान गरियो। पीडितको परिवारलाई सरकारले छ लाख क्षतिपूर्ति उपलब्ध गरायो।

बेपत्ता/अपहरण

माओवादीबाट

चैनपुर गाविस-२ ज्यामीरे निवासी ४५ वर्षीय डिल्लीप्रसाद छत्कुलीले इलाका नं २ को जिल्ला विकास समिति सदस्यमा मनोनित भएपछि पदबाट राजीनामा नदिएको भन्दै ०६२ चैत ५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनलाई मानवअधिकारकर्मी र नागरिक समाजको पहलमा भोलिपल्ट वीरेन्द्रनगर गाविसको ब्रम्हनगरबाट मुक्त गरियो।

पटिहानी गाविस-१ निवासी २१ वर्षीय नवराज ढुंगानाले सुराकी गरेको आरोपमा ०६३ वैशाख १६ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीहरूको पहलमा ०६३ वैशाख १९ गते चैनपुर गाविस-७ लदरीबाट मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बेसो केवल टीभी च्यानलका कार्यकारी निर्देशक कोमल भगतलाई जनआन्दोलनको समाचार प्रसारण गरेको भनी ०६२ माघ १९ गते पछि सुरक्षाकर्मीले जनआन्दोलनको समाचार प्रसारण नर्गन धम्की दिए।

भरतपुर नपा-८ गौरीगञ्ज निवासी ३३ वर्षीय राजीव न्यौपाने, गंगादत्त कडेल, ध्रुवराज खनाल, रामचन्द्र पोखरेल, ठाकुर पौडेल, काशी श्रेष्ठ, गीतानगर ५ निवासी पुष्पराज पौडेल र खेमराज पौडेल निर्वाचन बिथोल्न खोजेको आरोपमा ०६२ माघ २६ गते सेनाले भनपा-८ गौरीगञ्जको चौतारोमा उनलाई कुटपिट गरी घाइते पारे। पीडितको उपचार मेडिकल उपचार गरियो।

चितवनपोष्ट दैनिकका केशव भट्टराई र वर्गीकृत राष्ट्रिय दैनिकका नारायण ढुंगानालाई समाचार संकलन गर्न गरिरहेको अवस्थामा ०६२ चैत २८ गते संयुक्त बेसक्याम्पका सुरक्षाकर्मीले रत्ननगर नपा-१ बकुलहरमा कुटपिट गरे। त्यस्तै कालिका एफएमका बिष्णु पौडेललाई समाचार



सुरक्षाकर्मीको गोली लागी घाइते भएका जीवन नेपाली

संकलनमा प्रहरीले हस्तक्षेप गरी उनको साइकल जलाए। सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका भट्टराई र ढुंगानाको भरतपुर अस्पतालमा उपचार भयो।

माओवादीबाट

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा अध्ययनरत नेविसंघका वीरेन्द्रकुमार चौधरी, अनन्तराज देवकोटा, भेषबहादुर भण्डारी, प्रमोद गौतम, आशीष लम्साल, गेहेन्द्र भट्टराई, दीपेश न्यौपाने, बसन्त आचार्य, अर्जुन पाण्डे, प्रवीन तमाङ, गणेश चापागाई, लक्ष्मण अधिकारी र शन्देश न्यौपाने लगायत २५ जनालाई आफ्ना दुई साथीहरुलाई कुटपिट गरेको आरोपमा ०६३ पुस ३ गते अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थीहरूले कुटपिट गरे। पीडितहरूलाई आइन्दा हामी यस्तो ज्यादती गर्दैनौं भनेर जबर्जस्ती दस्तखत गराएको कुरा नेविसंघले ०६३ पुस ४ गते पत्रकार सम्मेलन गरी जनाए। घाइतेहरूमध्ये १३ जनाको उपचार मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा भयो।

गैरकानुनी गिरफ्तारी

धनुषा जिल्ला निवासी २३ वर्षीय रामप्रसाद गडेरीलाई माओवादीको आरोपमा ०६२ माघ १८ गते सुरक्षाकर्मीले भरतपुर नपा-१२ मुनालचोकबाट गिरफ्तार गरी फष्ट राइफल गण भरतपुरमा हप्ता राखी जिल्ला कारागार भरतपुर चलान गरियो। पीडितलाई कारागार शाखाले ०६२ चैत ७ पत्राउ पूर्जीको प्रतिलिपि दिएकोमा वैशाख २५ गत रिहा भए।

पिप्ले गाविस-९ निवासी २४ वर्षीय नवराज पाठकलाई अस्पतालमा घाइते माओवादीको कुरुवा बसेको आरोपमा ०६२ चैत १२ गते प्रहरीले वीपी मेमोरियल क्यान्सर अस्पताल भरतपुरबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत १६ गतेदेखि जिल्ला कारागार भरतपुरमा नजरबन्दमा राखी वैशाख ३० गते रिहा गरियो।

भरतपुर नपा-४ लंकु निवासी ४५ वर्षीय माओवादीका यदुमणि खरेललाई माओवादीको आरोपमा ०६३ वैशाख १४ गते सादापोशाकका सेनाले सोही नपा-१४ कल्याणपुरबाट गिरफ्तार गरे। पीडितलाई सात दलको नेताको पहलमा वैशाख १५ गते रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

एमालेका हरि सापकोटा, देवीप्रसाद ज्ञवाली, पूर्व सांसद जेपी भेटवाल, केशव रेग्मी, विजय सुवेदी, अरुण पीडित भण्डारी, दामोदर अधिकारी, पवन रेग्मी, रामचन्द्र न्यौपाने, तारानाथ रेग्मी, कांग्रेसका रामकृष्ण घिमिरे,



प्रहरीद्वारा गिरफ्तार गरिएका जे. पी. भेटुवाल

भानुभक्त सुवेदी, बामदेव खनाल, श्यामकला वाग्ले, बोधनाथ गौतम, भक्ति तिमिल्सिना, रघुनाथ अधिकारी, तुलसी पौडेल, नन्दराम कँडेल, जनमोर्चाका ठाकुर ढकाल, रणेन्द्र बराली, सन्देश पौडेल, द्रोणबाबु शिवाकोटी, मीरा केसी, मालेका भगवती घिमिरे लगायत २३ जनालाई नगर निर्वाचन बहिष्कारको प्रचार जुलुस गर्ने क्रममा ०६२ माघ २५ गते प्रहरीले लायन्सचोकबाट गिरफ्तार गरे। सबैलाई ०६२ माघ २६ गते राति जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

पूर्व सहायकमन्त्री सावित्री बोगटी, जिविस महासंघका पूर्व सभापति कृष्णलाल सापकोटा, एमालेका कृष्णप्रसाद खनाल, जनमोर्चाका गोपीलाल देवकोटा, भरतपुर नपाका पूर्वप्रमुख मुक्तिलाल चुके, शैलेन्द्र पिया, कृष्णभक्त पोखरेल, रामलाल महतो, हरिराज पौडेल, प्रायुसंघका जिल्ला अध्यक्ष कमलराज पाठक, नेविसंघका अरुणेश्वर खनाल, निरञ्जन सुवेदी, सूर्य अर्याल, उमेश अधिकारी, श्यामलाल महतो, सुमीत्रा केसी, दानवहादुर विश्वकर्मा, बुद्धिकान्त सिम्खडा, पुष्कर त्रिपाठी, यदु पोखरेल, बद्री अधिकारी, बासु पौडेल, दीपेन्द्र अधिकारी, राम जमरकट्टेल, आनन्द राउत, सुरज तिवारी, एकनारायण सापकोटा, ईश्वरी तिमिल्सिना, बालचन्द्र वाग्ले, प्रदीप पण्डित, मिलन पोखरेल, पशुपति खनाल, गणेश पौडेल, केशव न्यौपाने, तीर्थ न्यौपाने, देवेन्द्र केसी, राजेन्द्र डोटेल, विदुर केसी, चन्द्रकान्त न्यौपाने, राजेश्वर खनाल, बलराम पौडेल, रामकृष्ण घिमिरे, श्यामकला वाग्लेसमेत १ सय १० जनालाई नगर निर्वाचन बहिष्कार गर्ने क्रममा शन्तिपूर्ण प्रदर्शनबाट ०६२ माघ २६ गते प्रहरीले भरतपुर नपाका विभिन्न ठाउँबाट गिरफ्तार गरी सोही साँझ रिहा गरियो।

भरतपुर नपा-१० लाहुरेटोल निवासी ३३ वर्षीय डोलनाथ घिमिरेलाई नगरनिर्वाचन बहिष्कारको क्रममा ०६२ माघ २६ गते प्रहरी असईले लखेट्दै सोही ठाउँ निवासी हरिकला अधिकारीको घर अगाडी ताकेर गोली हाने। गोली उनको टाड्मुनीबाट छिरेर गयो। उनलाई त्यहाँबाट प्रहरीले गिरफ्तार गरी कन्चटमा बन्दुकको नाल तेर्स्याउँदै जिल्ला

प्रहरी कार्यालयमा लगी सोही राति छोडियो।

एमालेका रामप्रसाद न्यौपाने, अनेरास्वियुका रुद्र सुवेदी, प्रायुसंघका श्रीप्रसाद दुवाडी, सप्तगण्डकी क्याम्पसका प्रकाश बराल, दयाराम घिमिरे र दाताराम घिमिरेलाई स्थानीय विकासमन्त्री टंक ढकाललाई कालो झण्डा देखाउने क्रममा ०६२ चैत १० गते प्रहरीले हस्तक्षेप गरी भरतपुर विमानस्थलबाट गिरफ्तार गरे। प्रहरीले लाठीचार्ज गर्दा गम्भीर घाइते भएका उमेश अधिकारीको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालय भरतपुरमा राखी सोही दिन रिहा गरियो।

जनमोर्चाका ठाकुर ढकाल, ईश्वरी तिमिल्सिना, विजय ओझा, सुमन सुवेदी, मिलन अधिकारी, चन्द्रकान्त न्यौपाने, मानवअधिकारकर्मी अनन्त ढुंगाना, रामपुर कृषि क्याम्पसका उप-प्राध्यापक सूर्यकान्त घिमिरे र कानून व्यवसायी बद्री गौतमलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २५ गते प्रहरीले भरतपुर नपा शहिदचोकबाट कुटपिट गरी गिरफ्तार गरे। सबैलाई सोही दिन रिहा गरियो।

भरतपुर नपा-१० निवासी गोविन्दराम शर्मा, काठमाडौं जिल्ला कामनपा ४ घर भई भरतपुर नपा-९ निवासी प्रायुसंघका केदार सुवेदी, भरतपुर नपा-९ शरदपुर निवासी वीरेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक सूर्यनारायण पौडेल, एमालेका पीडित भण्डारी, नेकाँका दिनेश कोइराला, जिल्ला बालकल्याण समितिका ईश्वरी तिमिल्सिना, कल्याणपुर गाविस निवासी जिल्ला गैसस महासंघका महासचिव रामप्रसाद न्यौपाने, जनमोर्चाका हीरा बराइली, बिष्णुबहादुर घिमिरे, भरतपुर नपा-४ निवासी सूर्य श्रेष्ठ, विजयराज ओझा, बोधनाथ गौतम, रामकुमार श्रेष्ठ, गोपाल देवकोटा, रामबाबु ढकाल, दीपक सिलवाल, नरबहादुर खाँड, मानबहादुर भट्ट, बिष्णुलाल श्रेष्ठ, बिष्णुहरि ढकाल, होटल



प्रदर्शनकारीलाई गिरफ्तार गर्दै सुरक्षाकर्मीहरू

सम्राट तन्दुरीका सञ्चालक वेदराज पोखेरल र माया पंगेनीलाई जनआन्दोलनको क्रममा ०६३ चैत २५ गते प्रहरीले भरतपुर नपा नारायणगढ सहिदचोकमा कुटपिट गरे। कुटपिटबाट घाइते भएका सबैको उपचार महेन्द्रआदर्श चिकित्सालय, मेडिकल कलेज शिक्षण अस्पताल र स्थानीय मेडिकलमा गरियो। सोही घटनामा आन्दोलनकारीको ढुंगा तथा ईटाको प्रहारबाट असई यदु न्यौपाने, हेमराज खराल, इन्स्पेक्टर गोविन्द पुरी र सोमबहादुर थापा घाइते भए। घाइते प्रहरीहरुको महेन्द्रआदर्श चिकित्सालय भरतपुरमा उपचार भयो।

खैरहनी गाविस-४ निवासी टेकबहादुर थापा, चैनपुर गाविस-५ निवासी अमर कार्की ,सोही गाविस-३ निवासी चिरञ्जीवी अर्याल, भरतपुर नपा-१० निवासी अरुण पौडेल, बछौली गाविस-५ निवासी बाबुराम पुरी, सोही गाविस-८ निवासी सुरेश रेग्मी, चन्द्रप्रसाद कँडेल भरतपुर नपा-१० निवासी रामकुमार श्रेष्ठ, सोही ठाउँ निवासी शिव काष्ठ उद्योगका अब्दुल आलम, भरतपुर निवासी चन्द्रप्रसाद पोखरेल, ज्ञानु थापा, भनपा-९ शरदपुर निवासी मोतिराम कुईकेल, माडी निवासी काशीराम अधिकारी, भरतपुर नपा-१० निवासी शालिकराम बर्तौला, श्याम थापा, गीतानगर निवासी कमल रिजाल, बाग्लुङ निवासी सप्तगण्डी बहुमुखि क्याम्पसका किशोर पौडेल, रत्ननगर नपा निवासी राजु गुरुङ, भरतपुर नपा-४ बेलचोक निवासी जीत क्षेत्री, भरतपुर नपा-६ निवासी टेकनारायण सापकोटा, चैनपुर गाविस-८ निवासी भीमसेन खनाल, सप्तगण्डकी बहुमुखि क्याम्पसका हिमाल पाण्डे, भरतपुर नपा-१० निवासी ओमप्रकाश ढकाल, मेघबहादुर पौडेल, भरतपुर नपा-७ निवासी दीपेन्द्र पौडेल, रामचन्द्र थापा, ओमप्रसाद सापकोटा, खड्गप्रसाद पौडेल, महेन्द्र वाग्ले, छविलालप्रसाद काफ्ले, महेन्द्र वाग्ले, छविलाल भण्डारी, ज्योतिप्रसाद काफ्ले र नाम नखुलेका ६ जनालाई लायन्सचोकबाट चौबीसकोठीतर्फ गएको विरोध जुलुशमा सहभागी हुँदा ०६२ चैत २६ गते प्रहरीले भरतपुरमा कुटपिट गरी घाइते पारे। प्रदर्शनकारीसँगको दोहोरो झडपमा इन्स्पेक्टर गोविन्द पुरी र केदार खड्का, असई हुमराज खनाल, सुरेश कार्की, नवराज जोशी, सुमन परियार, प्रहरी जवानहरु जगदिश धामी र रमेश बुढाथोकी घाइते भए। घाइतेको भरतपुरमा उपचार भयो।

लोकतान्त्रिक आन्दोलनको क्रममा भरतपुर नपा नारायणगढबाट प्रहरी घेरा तोड्दै जिल्ला प्रशाशन कार्यालय जान लागेको दशौं हजारको जुलुशलाई शहिदचोक, लायन्सचोक र भरतपुरको ओरालोमा निषेधित घेरा तोडेर अगाडि बढेको आरोपमा ०६२ चैत २७ गते प्रहरी र सेनाले प्रदर्शनकारीलाई निर्मम कुटपीट गरे। यसरी कुटपिटबाट घाइते हुनेहरुमा गैडाकोट निवासी १३ वर्षीय प्रभु पौडेल,

भरतपुर नपा-१ लिलाचोक निवासी ३० वर्षीय श्याम परियार, सोही ठाउँ निवासी २३ वर्षीय खडानन्द भुषाल, सोही नपा-१ रामनगर निवासी अर्जुन पोखरेल र रामकृष्ण सापकोटा, भारत घर भएका मधुशुदन शर्मा, खैरहनी गाविस-४ निवासी प्रेमराज रिमाल, नवराज श्रेष्ठ, झापा जिल्ला दमक घर भई हाल रामनगर होटलमा काम गर्ने भरत देउजा, भरतपुर नपा-१० निवासी मानवअधिकार संरक्षण मञ्चका शेखर अर्याल, भरतपुर नपा-१० निवासी एमालेका केशवप्रसाद रेग्मी, पार्वतीपुर निवासी फूलबहादुर तामाङ, पटिहानी गाविस-७ ब्रम्हपुरी निवासी प्रकाश दुवाडी, रामप्रसाद ढकाल, श्रीराम देवकोटा, पार्वतीपुर गाविस-६ निवासी मदन घिमिरे, पटिहानी गाविस निवासी रामप्रसाद ढकाल, भरतपुर नपा-१ निवासी श्याम खाती, भरतपुर नपा-१३ निवासी सुदिप बराल, सोही नपा-१० निवासी गोपाल अधिकारी, नवलपरासी जिल्ला गैंडाकोट गाविस निवासी जगन्नाथ आचार्य, गोविन्द पौडेल, भरतपुर नपा-७ निवासी बिष्णु धिताल, गोपाल सापकोटा, यदुनाथ पोखरेल, किशोर रानाभाट, केशरबहादुर भुजेल, गीतानगर गाविस-२ निवासी कृष्ण तिमिल्सिना, सोही गाविस-४ निवासी चण्डीप्रसाद न्यौपाने, सोही गाविस-७ निवासी डोलनारायण श्रेष्ठ, बलराम बाँस्तोला, नवलपरासी जिल्ला गैंडाकोट गाविस निवासी भुमीश्वर सापकोटा, टंकप्रसाद सापकोटा, खडानन्द ढकाल, शंकर पौडेल, अर्जुन पोखरेल, टीकाराम सापकोटा, अमृतमान श्रेष्ठ, कावासोती निवासी अर्जुन पाण्डे, भरतपुर नपा-१ लिलाचोक निवासी श्याम परियार, रत्ननगर नपा-८ पर्सौनी निवासी बिष्णु चापागाँई, गीतानगर गाविस-४ निवासी विजय पौडेल, लेखनाथ वन, गीतानगर गाविस निवासी झिल्लु तिवारी, भरतपुर नपा-७ निवासी हरि सापकोटा, दिलबहादुर थापा, यदुनाथ पोखरेल, निरु थापा, किशोर रानाभाट, भरतपुर नपा-४ निवासी राजकुमार गुरुङ, शीर कोइराला, जीतबहादुर चौधरी, मानबहादुर गुरुङ, भरतपुर नपा-१० निवासी धर्मराज घिमिरे, सुवास रेग्मी, सोही नपा-२ निवासी दलबहादुर परियार, ऋषि अधिकारी, सहवीर शाह, सञ्जय कुशवाहा, सुरज तिवारी, जीवन रिमाल, भरतपुर नपा नपा-६ निवासी बलराम अधिकारी, केशव सापकोटा, दीपक सापकोटा, हरि सापकोटा, पिप्ले गाविस-९ निवासी अर्जुन चेपाङ, भरतपुर नपा-५ निवासी पूर्णकान्त पोखरेल, सोही नपा-४ निवासी श्यामबहादुर लामा, भजन चौधरी, रामचन्द्र थापा, भरतपुर नपा-९ निवासी महाप्रसाद सिलवाल, रामकृष्ण सापकोटा, सहवीर शाह, संजय कुशवाहा, सुरज तिवारी, नारायणगढ निवासी रामबहादुर लामा, दिपेन्द्र रसाईली, सुवास गुरुङ, प्रकाश कुमाल, मोहनदत्त रिजाल, पदमपाणी सुवेदी, मदन घिमिरे, पटिहानी गाविस निवासी श्रीराम देवकोटा, रामपुर



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका गोविन्द आचार्य

क्याम्पसका प्रमोद गौतम, रामप्रसाद ढकाल, जगतपुर गाविस निवासी दुरणप्रसाद पौडेल, मंगलपुर गाविस निवासी बलराम कंडेल, मकवानपुर जिल्ला हेटौडा नपा निवासी आले लामा, धादिङ जिल्ला निवासी शंकर भट्टराई, बिनोद पौडेल, सागर गौतम, नवराज श्रेष्ठ, तारानाथ सिग्देल, विश्वनाथ भट्टराई, अर्जुन पोखरेल, बीरगञ्ज निवासी हनुमान तमाङ, सन्तोष शाह, भरतपुर नपा-कामनाचोक निवासी भोजबहादुर, १३ वर्षीय सन्तोषकुमार ढकाल, भरतपुर नपाका कर्मचारी भूमीदेव सुवेदी रहेका छन्। घाइते सबैको उपचार भरतपुर अस्पतालमा भयो। सोही घटनामा प्रदर्शनकारीले हानेको ईटा ढुगांले लागी इन्स्पेक्टर सोमबहादुर थापा, प्रहरी जवान श्रीबहादुर प्रजा, श्रीकृष्ण राना, सुरज परियार, कमल कुँवर, रामबहादुर मोक्तान, दीपक अधिकारी, सुरेश थापामगर, भानु भट्ट, पुन्यभक्त जोशी, सुरेश शाही धामी र हेमकुमार धामी समेत १२ जना घाइते भए। पीडितहरूको भरतपुर अस्पतालमा उपचार भयो।

बछौली गाविस-९ निवासी सिनर्जी एफएमका शुरेश रेग्मीलाई समाचार संकलनको क्रममा ०६२ चैत २७ गते प्रहरीले भरतपुर नपा-१० मा परिचय पत्र देखाउँदा पनि लाठीले टाउको र शरिरमा निर्मम तरिकाले कुटपिट गरी घाइते पारी हिरासतमा राखियो। पीडितलाई साँझ भरतपुर अस्पतालमा उपचारको लगी रिहा गरियो।

चैनपुर गाविस-४ निवासी आनन्द दराई, भरतपुर नपा-१२ निवासी विश्व भट्टराई, बिष्णु खतिवडा, सुखिराम चौधरी, गुल्मी जिल्ला निवासी हाल न्यूरेनी माविका शिक्षक होमनाथ खरेल, नवलपरासी जिल्ला गैडाकोट गाविस निवासी गैसस महासंघका करुणासागर सुवेदी, सोही ठाउँ निवासी रवि कडेंल, कमल विश्वकर्मा, रामप्रसाद सापकोटा, ३८ वर्षीय केशव ढकाल, उत्तम जोशी, प्रमोद लामा, भरतपुर नपा-८ गौरीगञ्ज निवासी वरुण बस्नेत, समर पन्त र हीरालाल न्यौपानेलाई शान्तिपूर्ण विरोध जुलुसमा सहभागी भएको अवस्थामा ०६२ चैत २८ गते प्रहरीले भरतपुर नपामा कुटपिट गरी घाइते पारे। घाइते सबैलाई आन्दोलनकारीले भरतपुर मेडिकल कलेज शिक्षण अस्पतालमा उपचारको लागि लगे।

भरतपुर नपा-१ रामनगर निवासी २२ वर्षीय खडानन्दप्रसाद ढकाल, थर नखुलेका समर, भरतपुर नपा-४ बेल्चोक निवासी बामदेव खनाल र खमानन्द कँडेललाई विरोध जुलुशमा सहभागी भएको अवस्थामा ०६२ चैत २८ गते प्रहरीले भरतपुर नपामा कुटपिट गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालयम राखी साँझ रिहा गरियो।

भरतपुर नपा-९ हाकिमचोक निवासी बृहस्पति कडेंल, रत्ननगर नपा-१ बकुलहर निवासी ३० वर्षीय नेत्रप्रसाद चौधरीलाई लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको अवस्थामा ०६३ चैत २९ गते प्रहरीले भरतपुर नपा-९ हाकिमचोकमा कुटपिट गरे। घाइते सबैको उपचार भरतपुर अस्पतालमा भयो।

लमजुङ जिल्ला दुराडाँडा घर भएका वीरेन्द्र बहुमुखि क्याम्पसका स्वयिु सदस्य २१ वर्षीय रामचन्द्र न्यौपाने, सुरज श्रेष्ठ, कमल गुरुङ, शिवनगर गाविस-६ राधापुर निवासी २१ वर्षीय घनश्याम सुवेदी, नवलपरासी जिल्ला गैडाकोट गाविस-७ निवासी होमनाथ सापकोटा, रमाकान्त कँडेल, सोही गाविस-४ निवासी ज्ञानप्रसाद तिमिल्सिना, सोही गाविस-८ निवासी ३० वर्षीय खुमनाथ पौडेल, यदुनाथ सिग्देल, सोही गाविस-२ निवासी कलाधर विश्वकर्मा, विश्वप्रकाश घिमिरे, सोही गाविस-५ निवासी लक्ष्मीप्रसाद दवाडी, सोही गाविस-८ निवासी करुणासागर सुवेदी, शारदानगर गाविस-२ निवासी चन्द्रध्वज गुरुङ, गीतानगर गाविस-६ निवासी तीर्थ बानियाँ, गुञ्जनगर गाविस-५ निवासी शम्भु मगराति, सोही गाविस-२ निवासी भरतप्रसाद ढकाल, मंगलपुर गाविस-५ निवासी ध्रुवप्रसाद मिश्र, भरतपुर नपा-४ बेल्चोक निवासी कृष्णबहादुर श्रेष्ठ, उमेश अधिकारी, अनिता रिमाल, भरतपुर नपा-१४ निवासी शंकर गौतम, काभ्रे जिल्ला बनेपा नपा निवासी रामशरण श्रेष्ठ, भरतपुर नपा-१ निवासी खडानन्द भुषाल र लक्ष्मण श्रेष्ठलाई जनआन्लदोलनको क्रममा ०६३ चैत २९ गते प्रहरीले भरतपुर नपा-४ मा कुटपिट गरी घाइते पारे। प्रदर्शनकारीसँगको दोहोरो झडपमा परी प्रहरीहरु सर्लाही जिल्ला निवासी गणेश दास, सन्तबहादुर भट्ट, खैरहनी डडौली निवासी विनोद सुवेदी र रत्ननगर बेस याम्पका प्रमोद यादव लगायतका घाइते भए। घाइते सबैको उपचार भरतपुर अस्पतालमा भयो।

भरतपुर नपा-९ हाकिमचोक निवासी महाप्रसाद सिलवाललाई लोकतान्त्रिक आन्दोलनको क्रममा ०६२ चैत २९ गते प्रहरीले भरतपुर नपा-९ हाकिमचोकमा कुटपिट गरी गरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा राखी साँझ रिहा गरियो। पीडितले भरतपुर अस्पतालमा उपचार गराए।

रत्ननगर नपा-१ बकुलहर निवासी हरिप्रसाद पौडेल, नवराज पाठक, सोही नपा-२ निवासी नेकाँ (प्रजातान्त्रिक) का समरबहादुर मल्ल, ईश्वरी रेग्मी, कविराज बुर्लाकोटी र छविलाल पोखरेललाई ०६३ बैशाख ४ गते प्रहरीले रत्ननगर नपा मन्दिरचोकमा हस्तक्षेप गरी लाठीचार्ज र अश्रुग्याँस प्रहार गर्दा घाइते भए। घाइते मध्ये पौडेल र मल्लको भरतपुरमा उपचार गरियो।

रत्ननगर नपा-२ निवासी १७ वर्षीय राजेन्द्र पट्टेल, धनबहादुर सोही ठाउँ निवासी काँग्रेसका महेश रौनियार, राजेन्द्र कानु, पीठूवा गाविस-२ निवासी शेरमान गुरुङ र सोही गाविस-३ निवासी ईश्वरी लामिछानेलाई सडकमा सुतेर बाटो रोकिरहेको अवस्थामा बस तथा ट्रकलाई स्कर्टिङ गर्न अवरोध गरेको भन्दै ०६३ बैशाख ४ गते सेनाले भरतपुर नपा टाँडी चोकमा कुटपिट गरे। कुटपिटबाट रौनियारको देब्रे आँखामा चोट लाग्यो। बख्तरबन्द गाडी आएपछि प्रदर्शनकारी तितरबितर भए।

जगतपुर गाविस-१ निवासी ३५ वर्षीया गीता पौडेल, भरतपुर नपा-१० निवासी डा.सूर्यकान्त घिमिरे, मेघौली गाविस निवासी नारायणभक्त जोशी, शुक्रनगर गाविस निवासी ५५ वर्षीय टीकाराम भट्टराई, सोही गाविस निवासी प्रेम काफ्ले, थमप्रसाद बस्याल, गोपाल न्यौपाने, तुलसी घिमिरे, प्रेम चालिसे, हरिश्चन्द्र पोखरेल, देवीलाल अर्याल, पटिहानी गाविस-३ निवासी ज्ञान घिमिरे, थानप्रसाद सुवेदी, मीनराज सुवेदी र ढुण्डिराज अधिकारीलाई सातदलले आयोजना गरेको शान्तिपूर्ण विरोध सभामा ०६३ बैशाख ६ गते सेनाले जगतपुर गाविस-१ जगतपुर चोकमा हस्तक्षेप गरी कुटपिट गर्दा घाइते भए। घाइते सबैको उपचार भरतपुर अस्पातालमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत चितवनमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय १९ र यो वर्ष दर्ता भएका २ सय ९१ गरी जम्मा ५ सय १० ओटा फौजदारी मुद्दा रहेका छन्। जसमा यो वर्ष ३ सय १८ ओटा मुद्दा फर्स्यौट भई १ सय ९२ ओटा फौजदारी मुद्दा बाँकी रहे। त्यसैगरी देवानीतर्फ गत वर्षका २ सय ३२ र यो वर्षका २ सय २० गरी जम्मा यो वर्ष ४ सय ५२ मुद्दा रहे। जसमध्ये २ सय २३ ओटा मुद्दा फर्स्यौट भई २ सय २९ बाँकी रहे।

जिल्ला अदालतमा भरतपुरमा पाँच वर्ष र तीन वर्षसम्म फैसला नभएका मुद्दाहरु छैनन्। दुई वर्षसम्म फैसला नभएका मुद्दाको संख्या ११ रहेको छ। यस अदालतमा बाल इजालस छैन। यस वर्ष बालबालिकासँग सम्बन्धित जबर्जस्ती करणीमा एक, दुनियाँवादी देवानी एक र दुनियाँवादी फौजदारी एक गरी तीनओटा मुद्दा परेकोमा दुई मुद्दा फर्स्यौट भए।

यस वर्ष जिल्ला प्रहरी कार्यालय चितवनमा कुल २

सय १४ ओटा मुद्दाहरु दर्ता भए। चोरीमा १२ ओटा डाकामा पाँच ओटा, कर्तव्य ज्यानमा ८ ओटा, ज्यान मार्ने उद्योगमा दुई ओटा मुद्दा दर्ता भए।

बालअधिकार

भरतपुर नपा-११ नौरंगेटोल निवासी कोपिला परियार, रोहित विश्वकर्मा, १७ वर्षीय प्रकाश थापा, यम कुमाल, भरत दराई, सन्तोष थापा, १७ वर्षीय सन्तोष थापा, १७ वर्षीय गणेश कुमाललाई प्रति महिना २ हजार ६ सयका दरले तलब दिने भनी ०६३ कात्तिक २९ गते माओवादीले भरतपुर नपा-११ र १२ बाट लगे। जसमध्ये रोहित विश्वकर्मा, प्रकाश थापा, भरत दराई, यम कुमाल र प्रकाश थापा एक हप्तापछि घर फर्के।

चैनपुर गाविस-१ तरकारीचोक निवासी १५ वर्षीय नविन दराई ०६३ कात्तिक १० गतेदेखि माओवादी जनसेनामा भर्ना भए। उनी अस्वीकृत भएर कार्तिक २० गते फर्काइए।

भण्डारा गाविस-३ निवासी वीरेन्द्रआदर्श मावि कक्षा ९ मा अध्ययन गर्ने १५ वर्षीया सुनिता चौधरीलाई ०६३ कात्तिक २८ गते माओवादीले जनसेनामा भर्ती गरे। त्यसैगरी भण्डारा गाविस निवासी १५ वर्षीय किशोर चौधरी, १५ वर्षीय रामकुमार चौधरी, १४ वर्षीय सञ्जय चौधरीलाई पनि कामीडाँडा लान लागेकोमा मानवअधिकारकर्मी र पत्रकार कृष्ण गिरीको पहलमा उनीहरू घर फर्किए।

रत्नगर नपा-६ मोहना निवासी मोहना माविमा कक्षा ६ मा पढ्ने दीपक राउत, सोही ठाउँ निवासी १५ वर्षीय विनोद चौधरी, सोही स्थान निवासी मोहना माविमा कक्षा ८ मा पढ्ने किशोर चौधरीलाई ०६३ कात्तिक २८ गते माओवादीले जनसेनामा भर्ना गरी कामीडाँडा लागे। पीडितहरू हालसम्म फर्किएका छैन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

भण्डारा गाविस-४ निवासी १७ वर्षीय सानुमाया परियारलाई ०६२ माघ १२ गते सोही ठाउँका दलबहादुर परियार, उनकी पत्नी गंगा परियार, शेखरबहादुर लोप्चन र सोही ठाउँ निवासी तमाङले भारतमा लगी बिक्री गरे। गंगा र दलबहादुरलाई ०६३ असार १५ गते र शेखरलाई साउन २६ देखि पूर्पक्षका लागि जिल्ला कारागारमा राखियो। पीडितको अवस्था अहिले सम्म अज्ञात छ।

बलात्कार/बलात्कार प्रयास

पिठूवा गाविस-७ निवासी ५ वर्षीय एक बालिकालाई ०६२ फागुन २० गते सोही स्थानका चुनबहादुर गुरुङले खेल्न जाँदा गोठ नजिकै बारीमा लगि बलात्कार गरे। पीडितको महेन्द्रआदर्श चिकित्सालय भरतपुरमा उपचार भयो। पीडक गुरुङलाई भोलिपल्ट गाउँलेले प्रहरीमा बुझाएकोमा ०६२ चैत २३ जिल्ला कारागारमा पुर्पक्षको लागि थुनामा राखियो।

मंगलपुर गाविस-८ निवासी १५ वर्षीय बालिकालाई ०६३ वैशाख ९ गते मेघौली गाविस-८ निवासी २३ वर्षीय भरतबहादुर बानियाँले आफ्नै घरमा बलात्कार गरे। पीडकलाई ०६३ वैशाख ३१ गते पूर्पक्षका लागि कारागारमा राखियो।

शुक्रनगर गाविस घर भई भरतपुर नपा-४ निवासी ११ वर्षीय बालिकालाई ०६३ वैशाख २९ गते उनी बसेकै घरमा डेरा गरी बस्ने दुई जना अज्ञात व्यक्तिहरुले बलात्कार गरे। पीडकहरु फरार छन्।

अयोध्यापुरी गाविस-७ कृष्णनगर निवासी ११ वर्षीय बालिकालाई ०६३ साउन १ गते सोही गाविस-८ निवासी १७ वर्षीय शिवराम पराजुलीले घरमा कोही नभएको बेला प्रलोभन दिई आफ्नै गोठमा बोलाएर बलात्कार गरे। पीडितको भोलिपल्ट मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार गरियो। पीडितको तर्फबाट उनको आमा हरिमायाले ०६३ साउन ८ गते जिल्ला प्रहरी कार्यालय र भदौ ४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्। पीडक पराजुलीलाई हाल पूर्पक्षको लागि कारागारमा राखिएको छ।

भरतपुर नपा-७ कृष्णपुर निवासी ३६ वर्षीय एक महिलालाई ०६३ साउन १६ गते राति खाना खाई डेरामा फर्कन लागदा मुनाल रेष्टुर नजिक बन्दै गरेको घरको बाथरुम भित्र मुख थुनेर भरतपुर नपा-१३ निवासी २६ वर्षीय सुमन पराजुली, २१ वर्षीय सन्तोष तमाङ र २६ वर्षीय पुष्प गुरुङले पालै पालो बलात्कार गरे। पीडकहरुलाई ०६३ साउन १७ गते प्रहरीले गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएकोमा जिल्ला अदालतको आदेशमा मसिर ११ गतेदेखि जिल्ला कारागारमा थुनामा राखियो।

भण्डारा गाविस-१ निवासी चौकीडाडाँकी ११ वर्षीय बालिकालाई ०६३ साउन १८ गते भरतपुर नपा-११ निवासी १८ वर्षीय सुदन रम्तेल र सोही नपा-१२ निवासी १८ वर्षीय युकुमार गुरुङले सोही नपा-१० को नहर नजिक बलात्कार गरे। पीडकहरुलाई माइती नेपालको सहयोगमा घटना भएको एक घण्टापछि प्रहरीले गिरफ्तार गरे। पीडकलाई ०६३ भदौ १२ गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागार भरतपुरमा राखियो।

भरतपुर नपा-११ घर भई भण्डारा गाविस- ८ डडुवास्थित मामाघर बसेर पढ्दै आएकी १२ वर्षीय एक बालिकालाई ०६३ कात्तिक १९ गते छमेकी १८ वर्षीय शन्तलाल रुम्बाले आफ्नै घरम टीभी हेरिरहेको अवस्थामा

गोठमा लगी मुख थुनेर बलात्कार गरे। पीडितको भोलिपल्ट नारायणी सामुदायिक अस्पताल भरतपुरमा उपचार भयो। पीडकलाई ०६३ मसिर १४ गते गिरफ्तार गरी हिरासतमा राखी अनुसन्धान भएको प्रहरीले जनायो।

जुटपानी गाविस-१ गुरौ चौर निवासी ५ वर्षीय बालिकालाई ०६३ असोज २६ गते सोही ठाउँ निवासी १७ वर्षीय विकास परियारले चौरमा लगी बलात्कार गरे। पीडितको सोही दिन महेन्द्रआदर्श चिकित्सालय भरतपुरमा उपचार गरियो। पीडकलाई तत्काल गिरफ्तार गरी हिरासतमा राखिएकोमा अदालतको आदेशले सोही दिनै थुनामा पठाइयो।

दुर्व्यवहार

पिठूवा गाविस-२ की निवासी २७ वर्षीया राधा परियारलाई बोक्सीको आरोपमा ०६३ असार १५ गते सोही ठाउँ निवासी उद्धब थापाले कुटपिट गरे। पीडक थापाकी पत्नी जानुले बोक्सी भनी पीडित राधालाई दुर्व्यवहार गरेपछि पीडकले खेतमा काम गरिरहेको अवस्थामा कुटपिट गरेका थिए। पीडक थापाले राधाका बाबु तीलक र आमा मन्जुलाई गाली बेइज्जती गरे। पीडित राधाले कारबाहीको लागि इलाका प्रहरी कार्यालय टाँडीमा ०६३ असार १८ गते उजुरी दिइन्। पीडित राधालाई ०६३ पुस २० गते सोही ठाउँ निवासी २८ वर्षीया बिन्दा परियारले पनि बोक्सीको आरोपमा गाली गरेकी थिइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

गीतानगर गाविस-६ केशरवागमा ऋण असुली गर्न गएका कृषि बिकास बैंकको टोलीलाई ०६३ गते माओवादीले चोकमा रोकेर रकम असुल नगर्न धम्की दई उनीहरुले चढेर आएको बैंकको बा ५ च ३६३० नम्बरको जीप परालले छोपेर आगो लगाए।

विगतको अनुगमन

जिल्ला प्रशासन कार्यालय भरतपुरमा कार्यरत राष्ट्रिय अनुसन्धान विभागका प्रहरी जवान केशव महतो घेरा तोडेर भाग्न लाग्दा ०६३ असार २६ गते माओवादीले हत्या गरेको जिल्ला सेक्रेटरी अविनासद्वार हस्ताक्षर विज्ञप्तिमा जनाइयो। पीडितलाई माओवादीले ०६० फागुन २१ गते साँझ भनपा-१० स्याउली बजारस्थित एक होटलमा खाना खादै गर्दा अपहरण गरी लगेका थिए।

बेपत्ता/अपहरण

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना महिला र २० जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा शारदानगर निवासी डम्बरबहादुर गुरुङ, कठार गाविस- निवासी दिपेन्द्र शर्मा, सर्लाहीबाट गिरफ्तार भएका चितवन निवासी हरकसिंह बडाल, पिठूवा गाविस निवासी दण्डपाणी सिम्खडा, सोही गाविस निवासी रुपक अधिकारी, पिप्ले गाविस निवासी राजन कँडेल, शान्तबहादुर गुरुङ, कुमार श्रेष्ठ, हरिबहादुर तामाङ, कर्णबहादुर तामाङ, रत्नकुमार तमाङ, मंगलपुर गाविस निवासी राजन न्यौपाने, पटिहानी गाविस निवासी खेम विश्वकर्मा, भरतपुर नपा निवासी भोजराज गिरी, ललितबहादुर गुरुङ, कविलास गाविस निवासी आस्था प्रजा, बछौली गाविस निवासी जुना ढकाल, जुटपानी गाविस निवासी ताराबहादुर गोले, राजकुमार दुलाल, ज्ञानु खरेल, काठमाडौंबाट गिरफ्तार भएका रत्ननगर निवासी ज्ञानेन्द्र त्रिपाठी र गीतानगर निवासी दण्डपाणी न्यौपाने, कास्की पोखराबाट गिरफ्तार भएका चैनपुर गाविस निवासी ऐर थापा रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका पाँचजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा रामप्रसाद जोशी, पारस पौडेल, डम्बरबहादुर धरेल, कृष्णबहादुर अधिकारी र कठार गाविस-४ निवासी गोपिबहादुर क्षेत्री रहेका छन्।

चितवन राष्ट्रिय निकुञ्जबाट

चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका आठ जना पुरुषको अवस्था अज्ञात रहेको छ। यसरी बेपत्ता पारिएकामा पदमपुर गाविस-२ निवासी श्यामबहादुर लोप्चन, धनबहादुर वाइवा, झलेन्द्र गुरुङ, रामबहादुर प्रजा, टंक चौधरी, जुटपानी गाविस निवासी अनिल घिसिङ, रत्ननगर नपा निवासी प्रेमबहादुर लामा र नवलपरासी कावासोती निवासी हेरालाल महतो रहेका छन्।

२.११ मकवानपुर



जनसंख्या	:	४,२८,६४५
साक्षरता प्रतिशत	:	६३.४
महिला साक्षरता प्रतिशत	:	५३.७
क्षेत्रफल (वर्ग कि. मि.)	:	२४२६
गाविस/नपा संख्या	:	४३/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४४६
क्याम्पस/उच्च मा.वि.	:	२/११
अस्पताल/स्वास्थ्य चौकी	:	१/४४
टेलिफोन लाइन	:	४६९३
मोटर सडक (कि. मि.)	:	३५०
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४४
मानव विकास सूचकाङ्क	:	०.४७९
प्रति परिवार सरदर संख्या	:	६.०३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

फापरवारी गाविस-१ निवासी ८५ वर्षीय प्रताप सिंह बजु, ३४ वर्षीय मानबहादुर बजु र ४ वर्षीय बालक रमेश भ्लोनको ०६२ माघ ८ गते राति सेनाले चलाएको गोली र बमबाट मृत्यु भयो। माओवादी र सैनिकबीच फापरवारीको झुरझुरेमा दोहोरा भिडन्त हुने क्रममा स्थानीय सर्वसाधारण बजुद्वय सेनाले चलाएको गोली लागेर मारिए भने बालक भ्लोनको सेनाले हेलिकोप्टरबाट खसालेको बम लागेर मृत्यु भयो। भिडन्तको क्रममा सर्वसाधारणको दुई ओटा घर, एउटा गोठ र १४ ओटा गाई गोरु मरे। भिडन्तको क्रममा सैनिकको गोली लागेर मारिएका तीनै जनाका परिवारलाई सरकारले एक/एक लाख रुपैया क्षतिपूर्ति दिएको छ। घटनामा परी २६ जना माओवादी मारिएको माओवादी केन्द्रीय सदस्य सुनीलले पुष्टि गरे। त्यसैगरी पाँचजना सेना र एकजना प्रहरी सहित छजना सुरक्षाकर्मी मारिएको सेनाले जनायो।

गोरखा जिल्ला आँबुखैरिनी गाविस निवासी माओवादी कार्यकर्ता अशोक थापामगरको ०६२ माघ २४ गते सुरक्षाकर्मीले हेटौंडा नपा-९ स्थित पशुपतिनगरमा गोली हानी हत्या गरे। उक्त दिन राति माओवादीले हेटौंडा स्थित सुरक्षा निकायका कार्यालयहरूमा आक्रमण गरेका थिए।

फापरवारी गाविस-५ निवासी माओवादीका रामसिंह दर्लामीको ०६२ फागुन १६ गते सेनाले हेलिकोप्टरबाट प्रहार गरेको गोली लागेर घटनास्थलमै हत्या भयो। घटनामा पाँचजना घाइते भए।

कालिकाटार गाविस-९ निवासी २८ वर्षीय माइला मुक्तानको ०६३ असोज ५ गते राति प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो। राजमार्गमा लुटपाटको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चलाएको गोली लागेर उनको मृत्यु भएको हो।

माओवादीबाट

सरिखेत गाविस-४ निवासी २८ वर्षीय भक्त मुक्तान ०६२ फागुन ७ गते माओवादीले राखेको विस्फोट हुँदा घाइते भए। घाइतेको उपचार भरतपुरमा गरियो। सो घटनामा एकजना नाम नखुलेका माओवादीको मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

छतिवन गाविसका-४ निवासी १७ वर्षीय सूर्य तितुङ माओवादी भएको आशंकामा ०६२ फागुन १० गते दिउँसो हटियामा सेनाले प्रहार गरेको गोली खुट्टामा लागेर घाइते भए। सेना देख्ने बितिकै भागेकाले सेनाले गोली चलाएको थियो। पीडितको उपचार नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्जमा गरियो।

जेल र बन्दी

जिल्लाको पुरानो सदरमुकाम भीमफेदी कारागारमा छ महिला र ५५ जना पुरुष गरी ६१ जना बन्दीहरू रहेका छन्। "घ" श्रेणीको उक्त कारागारमा चार महिला र ३७ जना गरी ४१ जनाको कूल क्षमता रहेको छ। उक्त कारागारमा दुई महिला र १७ जना पुरुषको कैद तोकिएको छ भने चार महिला र ३८ जना पुरुष थुनुवा छन। कारागार बन्दीहरूले रेडियो सुन्न पाएका छन् भने पत्रपत्रिकाहरू पढने अवसर पनि पाएका छन। पुरुष र महिला दुवै कोठामा टीभी रहेको छ तर महिला वार्डका टीभी बिग्रेकाले उनीहरूले टीभी हेर्न पाएका छैनन्। पानी, शौचालयको र बिजुलीको व्यवस्था

रहेको छ। बन्दीहरूलाई पढन, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ । कारागार नै सानो र साँघुरो भएकाले बन्दीहरूले जीउ फुकाएर खेल्ने स्थानको अभाव छ। खेल्नका लागि चेस, लुँडो र क्यारमबोर्ड छ। क्षमता भन्दा बढी बन्दी राखिएका कारण सुत्न समस्या भएको बन्दीहरूले बताए । मुलुकमा लोकतन्त्र स्थापना भएपछि अदालतमा मुद्दा पेशीको दिन सम्बन्धित बन्दीलाई उपस्थित गराउन थालिएको छ। विगतमा असुरक्षाका कारण बन्दीहरूलाई मुद्दा पेशीका दिन कारागार शाखाले अदालतमा उपस्थित गराउँदैनथ्यो।

बेपत्ता/अपहरण

माओवादीबाट

बेतिनी गाविस-४ निवासी ३९ वर्षीय अमानसिंह तामाङलाई गाविसको पूर्व गाविस अध्यक्ष धनसिंह पाखिनको हत्या गरेको आरोपमा ०६२ चैत २० गते अपहरण गरी हर्नामाडी गाविसस्थित श्रमशिविरमा राखे।

हेटौंडा नपा -१ निवासी ४८ वर्षीय श्याम घिसिङलाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६३ साउन २४ गते माओवादीले अपरहण गरे। पीडित घिसिङलाई हर्नामाडीका स्थानीयबासीको रोहवरमा ०६३ कातिक १ गते मुक्त गरियो।

हेटौंडा नपा-६ निवासी माओवादीका २३ वर्षीय सरोज उप्रेतीलाई पार्टी विरोधी काम गरेको आरोपमा ०६३ साउन २७ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

मनहरी गाविस-४ निवासी २२ वर्षीय सन्तोष पौडेललाई माओवादीले हतियार लिएर भागेको आरोपमा ०६३ साउन २८ गते अपहरण गरी श्रमशिविरमा राखे। उनलाई माओवादीले ०६३ पुस २ गते आफन्तको रोहबरमा मुक्त गरे।

घियाल गाविस-५ निवासी २६ वर्षीय प्रेमबहादुर घलानलाई चोरी गरेको आरोपमा ०६३ साउन २९ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे। पीडित ०६३ मंसिर २८ गते राति श्रमशिविरबाट भागेर फर्किए।

कालिकाटार गाविस-३ निवासी २३ वर्षीय केशव भुजेललाई पत्नीको हत्या गरेको आरोपमा ०६३ भदौ ३ गते माआवादीले अपहरण गरी श्रमशिविरमा राखे।

कालिकाटार गाविस-९ निवासी २६ वर्षीय मदनकुमार मुक्तानलाई लुटपाट गरेको आरोपमा ०६३ असोज ८ गते माओवादीले हर्नामाडी गाविसस्थित श्रमशिविरमा राखे।

हर्नामाडी गाविस-७ निवासी १९ वर्षीय दीपक आचार्यलाई महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा ०६३ असोज ९ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

मकवानपुरगढी गाविस- ७ निवासी २२ वर्षीया लक्ष्मण श्रेष्ठलाई चोरी गरेको आरोपमा २०६३ असोज ९ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

हेटौंडा नपा-८ निवासी २२ वर्षीय विजय ग्यावा, २० वर्षीय सूर्य बल, १७ वर्षीय विमल लामा र २१ वर्षीय विनोद लामालाई चोरी र लुटपाटको आरोपमा ०६३ असोज १३ गते माओवादीले अपहरण गरी ३१ दिन श्रमशिविरमा राखेर कातिक १४ गते हर्नामाडीका स्थानीयबासीको रोहबरमा मुक्त गरे।

वसामाडी गाविस-७ निवासी माओवादीका २४ वर्षीय अशोक लामालाई पार्टी विरोधी काम गरेको आरोपमा ०६३ असोज १४ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

हटिया गाविस-१ निवासी ४० वर्षीय शंकर राईलाई कर नदिएको आरोपमा ०६३ असोज २४ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	६	४	१०	२	७		७	४	३०	२		३२
घाइते					१	१		१	१	१			१
गिरफ्तारी/यातना									११	३९	१	३९	५९
धम्की									१	२			२
भेला/संगठित हुने अधिकार									४	३		२०८	२११
महिलाअधिकार	२		२	२									
बालअधिकार	७		७	७									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१					
अपहरण	१	१		१	२०	२४	२	२६					
जम्मा	१८	७	१३	२०	२४	३३	२	३५	२१	६५	३	३३७	३०५

अपहरण गरी असोज २७ गते मुक्त गरे।

फापरवारी गाविस-७ निवासी ३९ वर्षीय उमेश रेग्मीलाई मादकपदार्थ सेवन गरी विद्यालयमा पढाउन गएको आरोपमा ०६३ असोज २९ गते माओवादीले अपहरण गरी कातिक ८ गते मुक्त गरे।

मनहरी गाविस-७ निवासी २२ वर्षीय सहदेव गिरी, २३ वर्षीय सोम घिमिरे, २० वर्षीय राजु शाह र भारतीय नागरिक २४ वर्षीय पप्पु साहलाई राजमार्गमा लुटपाट, बलात्कार गरेको आरोपमा ०६३ कातिक २० गते स्थानीयबासीले समातेर माओवादीलाई बुझाएकोमा माओवादीले श्रमशिविरमा राखे। पीडितलाई माओवादीले ०६३ पुस २ गते आफन्तको जिम्मामा मुक्त गरे।

हेटौंडा नपा-४ निवासी २५ वर्षीय दीपक लामालाई गुण्डागर्दी गरेको आरोपमा ०६३ कातिक २२ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

छतिवन गाविस-४ निवासी ५९ वर्षीय जयबहादुर थिङलाई ०६३ कातिक २५ गते छोरालाई विष खुवाएर हत्या गरेको आरोपमा माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

हेटौंडा नपा -४ निवासी २४ वर्षीय चुडा उप्रेतीलाई रकम हिनामिना गरेको आरोपमा ०६३ मंसिर ११ गते माओवादीले अपहरण गरी कुटपिट गरेर मंसिर १२ गते मुक्त गरे।

हर्नामाडी गाविस-३ निवासी २३ वर्षीय जयराम सुर्खेतीलाई माओवादीले पत्नी बिक्री गरेको आरोपमा ०६३ मंसिर १५ गते घरबाट अपहरण गरी श्रमशिविरमा राखे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

हेटौंडा नपा-४ निवासी एमालेका ३५ वर्षीय बद्री लम्साल र हेटौंडा नपा-५ निवासी प्रायुसंघका २६ वर्षीय माधव तिमल्सिनालाई ०६२ पुस १८ गते शान्तिपूर्ण आन्दोलनको प्रसार-प्रसार गरिरहेको अवस्थामा सेनाको गस्ती टोलीले आन्दोलनको प्रचार नगर्न धम्की दिए। सेनाले आन्दोलनको प्रचारका निम्ति छापिएका प्रर्चा च्यातेका थिए।

गैरकानुनी गिरफ्तारी

हेटौंडा नपा-९ निवासी २६ वर्षीय दीपक राउत र २४ वर्षीया गीता राउत सुवेदीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत १४ गते सेनाले उनीहरूलाई गिरफ्तार गरी बिनापूर्जी २६ घन्टा सैनिक हिरासतमा राखी रिहा गरे।

हटिया गाविस-३ निवासी २० वर्षीय ध्रुवप्रसाद तिमल्सिना र हटिया गाविस-५ निवासी १७ वर्षीय राजकुमार



दोहोरो भिडन्तमा मारिएका सर्वसाधधारण प्रतापसिंह बजु

मुक्तानलाई माओवादीको आरोपमा ०६२ चैत १८ गते सेनाले गिरफ्तार गरी तीन दिन थुनामा राखेर ०६२ चैत २१ गते रिहा गरियो।

मकवानपुर गढी गाविस-५ निवासी माओवादी कार्यकर्ता ४५ वर्षीय गोकर्ण पराजुलीलाई ०६२ चैत १९ गते फापरवारी गाविस-५ बाट सुरक्षाफौजले गिरफ्तार गरी तीन दिनपछि थुनुवा पूर्जी दिएर बीरगञ्ज कारागारमा चलान गऱ्यो। पीडित ०६३ वैशाख २८ गते रिहा भए।

हेटौंडा नपा-९ निवासी २६ वर्षीय दीपक अधिकारीलाई ०६२ चैत ३० गते शान्तिपूर्ण आन्दोलनको क्रममा हेटौडा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनसम्म थुनुवा पूर्जी नदिई वैशाख २ गते रिहा गरे।

हेटौंडा नपा-९ निवासी ३४ वर्षीया अमृता थापालाई ०६२ चैत ३० गते सुरक्षाकर्मीले शान्तिपूर्ण अन्दोलनको क्रममा हेटौंडाबाट गिरफ्तार गरी चार दिनसम्म प्रहरी हिरासतमा राखेर थुनुवा पूर्जी नदिई वैशाख २ गते रिहा गरियो।

हेटौंडा नपा-४ निवासी २७ वर्षीय कमल थापालाई ०६२ चैत ३० गते शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरेर थुनुवा पूर्जी नदिई हिरासतमा राखी ०६३ वैशाख २ गते मुक्त गरे।

हेटौंडा नपा-९ निवासी २५ वर्षीय राजकुमार भुजेललाई ०६२ चैत ३० गते शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरेर थुनुवा पूर्जी नदिई हिरासतमा राखेर ०६३ वैशाख २ गते रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हेटौंडा नपा-८ निवासी १८ वर्षीया तारा लामालाई २०६२ चैत ३० गते सुरक्षाकर्मीले शान्तिपूर्ण आन्दोलनलाई विथोल्नका लागि प्रहार गरेको अश्रुग्याँसबाट दुई दिन बेहोस भइन्। सन्चो नभएर घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले घरभित्र प्रहार गरेको अश्रुग्याँसका कारण उनी



जनआन्दोलनको क्रममा प्रहरीले प्रहार गरेको अश्रुग्यास लागी बेहोस भएकी तारा लामा

बेहोस भएकी हुन्। उनको भरतपुर अस्पतालमा उपचार गरियो।

हेटौंडा नपा-४ निवासी ४८ वर्षीय सांसद विरोध खतिवडा, हेटौंडा नपा-१ निवासी ४६ वर्षीय मानबहादुर लामा, हेटौंडा नपा-९ निवासी ३६ वर्षीया कमला पौडेल, हेटौंडा नपा-८ निवासी ४६ वर्षीय रघुनाथ खुलाल र हेटौंडा नपा-५ निवासी २५ वर्षीय अच्युत लामिछानेलाई ०६२ माघ १९ गते प्रहरीले सात दलले हेटौंडामा निकालेको जुलुसमा हस्तक्षेप गरी गिरफ्तार गरे पीडितलाई तीन महिने थुनुवा पूर्जी दिएर भीमफेदी कारागारमा राखियो। पीडितलाई माघ २६ गते रिहा भए।

हेटौंडा नपा-११ निवासी डोरमणि पौडेल, रामेश्वर राना, गोकर्ण पराजुली र किरण पौडेललाई चुनाव बहिष्कारको आरोपमा ०६२ माघ २३ गते प्रहरीले गाउँबाट गिरफ्तार गरे। चारै जनालाई सात दिने थुनुवा पूर्जी दिएर प्रहरी कार्यालयमै राखिएकोमा माघ २६ गते रिहा गरियो।

हेटौंडा नपा-४ निवासी एमालेका साँसद विरोध खतिवडा, राष्ट्रिय सभाका सांसद ५४ वर्षीय ललित बस्नेत, हेटौंडा नपा-२ निवासी ४० वर्षीय काँग्रेस (प्रजातान्त्रिक) का विष्णुप्रसाद दाहाल, आमभन्ज्याङ गाविस-१ निवासी ४२ वर्षीय नेकाँका नारायण तिमल्सिना, हेटौंटा नपा-९ निवासी जनमोर्चा नेपालका ४४ वर्षीय मीनबहादुर लामा र वाममोर्चाका ५६ वर्षीय माननाथ तिमल्सिनासहित ६४ जनालाई ०६२ चैत २४ गते शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेको थियो। पीडितमध्ये ५० जनालाई सोही दिन रिहा गरियो भने १४ जनालाई थुनुवा पूर्जी दिएर कारागार चलान गरिएकोमा चैत ३१ गते रिहा गरियो।

हेटौंडा नपा-४ निवासी सञ्चारकर्मी २४ वर्षीय खेम बोलखे, हेटौंडा नपा-९ निवासी सञ्चारकर्मी गोकर्ण सुवेदी, शिक्षक युनियनका अध्यक्ष पुरुषोत्तम बाँनिया, हेटौंडा नपा-४ निवासी अधिकारकर्मी राजन मैनाली, सञ्चारकर्मीहरू गिरिजा अधिकारी, हरि हुमागाँई र सुनिल खडकालगायत २८ जनालाई ०६२ चैत २५ गते हेटौडामा बजारमा निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेकोमा सोही साँझ रिहा गरियो।

हेटौंडा नपा-९ निवासी सञ्चारकर्मी २४ वर्षीय दीपक अधिकारी, मकवानपुरगढी निवासी कृष्ण सन्जेल, हेटौंडा नपा-९ निवासी ३४ वर्षीया अमृता थापा, राजकुमार भुजेल, गोमा तिमल्सिनालगायत २४ जनालाई ०६२ चैत ३० गते हेटौंडा नपा-९ मा निकालेको शान्तिपूर्ण जुलुसमा हस्तक्षेप गरी संयुक्त सुरक्षाफौजले गिरफ्तार गरे। पीडितलाई विना पूर्जी तीन दिनसम्म राखेर ०६३ वैशाख २ गते इन्सेक मकवानपुरका प्रतिनिधि प्रताप विष्टको रोहबरमा रिहा गरियो।

हेटौंडा नपा-५ निवासी ४७ वर्षीय हरिबहादुर महत, सोही नपा-४ निवासी श्रीधर पोखेल, मानबहादुर लामा, अच्युत अर्याल, राजकुमार कायस्थसहित १ सय १६ जनालाई ०६३ वैशाख २ गते शान्तिपूर्ण धर्नामा हस्तक्षेप गरी प्रहरीले गिरफ्तार गरे। पीडितलाई इन्सेक प्रतिनिधि प्रताप विष्टको रोहबरमा सोही दिन साँझ रिहा गरियो।

गोरखा जिल्ला मकवानपुर फापरवारी निवासी माओवादीका २४ वर्षीय तीर्थ आचार्यलाई ०६३ वैशाख ३१ गते सकेट बमसहित हेनपा-५ स्थित सुरक्षा वेसक्याम्पका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा इन्सेकको रोहबरमा सोही साँझ रिहा गरियो भने सकेट बम भने प्रहरीले नै राख्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई ओटा अदालत रहेका छन। पुनरावेदन अदालतमा गत वर्ष दुनियाँवादी देवानी जिम्मेवारी सरेर आएका ८ सय ११ र यस वर्ष दर्ता भएका २ सय ९५ गरी १ हजार १ सय ६ रहेकोमा ४ सय १४ फर्स्यौट भए भने ६ सय ६३ फस्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी रहेकामध्ये २८ ओटा मुद्दा दुई वर्ष नाघेका छन। दुनियावादी फौजदारीमा २ सय ४७ ओटा जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका ५९ मुद्दा गरी ३ सय ६ ओटा मुद्दा छन। जसमध्ये १ सय ४३ फर्स्यौट भएका छन भने १ सय ६३ ओटा फर्स्यौट हुन बाँकी रहेका छन। पाँच ओटा दुई वर्ष नाघिसक्दा पनि फर्स्यौट नभएका छन। सरकारीवादी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका दुई ओटा र यस वर्ष दर्ता भएका दुई गरी पाँच ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको देखिन्छ। सरकारवादी फौजदारीमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय १६ र यस वर्ष दर्ता भएका १ सय २४ गरी ३ सय ४० मुद्दामा १ सय ९ ओटा फर्स्यौट भए भने २ सय ३१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन। दुई वर्ष नाघेका १९ ओटा मुद्दा छन्

बन्दीप्रत्यक्षीकरणमा अघिल्लो वर्षको एक र यस वर्षको कात्तिकसम्म दर्ता भएका सात गरी आठ ओटा मुद्दा दर्ता भए। जसमध्ये ७ ओटा फर्स्यौंटा भए भने एउटा बाँकी छ। आव ०६३/०६४ को कात्तिक मसान्तसम्म १ हजार ७ सय ९७ मुद्दा दर्ता भएकोमा ७ सय ७२ ओटा मुद्दा फैसला भए भने ९ सय ६३ ओटा फर्स्यौंट हुन बाँकी रहे। दुई वर्ष नाघेका ५२ ओटा मुद्दा छन्। आव ०६२/०६३ मा पुनरावेदन अदालत हेटौडामा जिम्मेवारी सरेर र दर्ता हुन आएका गरी २ हजार ५ सय ९६ ओटा मुद्दा रहेका थिए। जसमा एक हजार १ सय ७६ ओटा फर्स्यौंट भएका थिए भने १ हजार ४ सय २० ओटा फर्स्यौंट हुन बाँकी रहेका थिए।

यसैगरी जिल्ला अदालत मकवानपुरमा सरकारवादी र देवानी गरी ०६३ कातिक मसान्तसम्म २ सय ५७ ओटा मुद्दा रहेकोमा ६३ ओटा फर्स्यौंट भए भने १ सय ९४ ओटा फर्स्यौंट हुन बाँकी रहे। नौ ओटा दुई वर्ष नाघेका मुद्दा छन। पाँच वर्षका मुद्दा छैनन्। गत वर्षका १ सय ७ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यस वर्ष १ सय ५० ओटा मुद्दा दर्ता भए। दर्ता भएकामध्ये सरकारवादी फौजदारी १ सय ६३ रहेका छन भने देवानी ९४ ओटा छन । फौजदारीमा ४० मुद्दा फैसला भए भने १ सय २३ बाँकी रहे। यसैगरी देवानीतर्फ २३ ओटा फैसला भए भने ७१ ओटा फैंसला भए।

मकवानपुरमा जिल्ला अदालतमै बाल इजलाश राखिएको छ तर मुद्दा छैन।

जिल्ला प्रहरी कार्यालयमा यस चालु आबको कात्तिक मसान्तसम्म-चोरी मुद्दा ९३, डकैती पाँच, ज्यान छ, सडक दुर्घटना १९, आगो लगाउने चार, ज्यान मार्ने उद्योगमा तीन ओटा उजुरी दर्ता भए।

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक दण्ड राज्यबाट

ठीगन गाविस-४ निवासी २५ वर्षीय हिदम लामालाई ०६३ वैशाख २ गते शान्तिपूर्ण जुलुसमा हस्तक्षेप गरी सुरक्षाकर्मीले गिरफ्तार गरेर प्रहरी कार्यालयमा ल्याएपछि सुपारीटार ब्यारेकका नाम थाहा नभएका मेजरले पाता कसेर पिट्ने काम गरे। पीडितलाई सेनाले हेटौडा नपा-१० मा रहेको सैनिकपोष्टमा लगेर कुटपिट गरेका थिए। कुटपिटबाट पीडितको दाहिने आँखा सुनिएको थियो। दिनभर कुटपिट गरेर उनलाई प्रहरी हिरासतमा पठाए। पीडितलाई ०६३ वैशाख ३ गते रिहा गरियो।

बालअधिकार

हेटौडा नपा-४ निवासी २२ महिने साहिर दास बनियाँलाई ०६३ असार २ गते दिउँसो ठेगाना नखुलेका प्रेमा पासवानले अपहरण गरी ३५ दिनपछि फिरौती रकम लिएर फिर्ता गरिन्। ७५ हजार रूपैयाँ अपहरितका आफन्तले रकम दिएपछि ०६३ साउन ५ गते बालकलाई मुक्त गरे। पीडक पासवान पीडितकै घरमा एक सातादेखि डेरा लिएर बस्दै आएका थिए।

भैंसे गाविस-१ निवासी १४ वर्षीया सपना देउलालाई ०६३ कातिक ३० गते माओवादीले माओवादी सैन्यमा भर्ती गराउन लगे। देउलाको स्थिति अज्ञात छ।

मनहरी गाविस-३ निवासी १३ वर्षीया कल्पना गिरीलाई ०६३ मंसिर २ गते घरबाटै माओवादीले जनसेनामा भर्ती गराए । उनका अभिभावकले पीडितलाई घर पठाई दिन माओवादीसँग आग्रह गरे पनि उनलाई फर्काइएको छैन।

शिक्षाको अधिकार

मकवानपुर जिल्लाका करिब २२ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित छन। अर्थात १२ हजार बालबालिकाले विद्यालय देख्ने अवसर पाएका छैनन्। मुख्य गरिबी, अज्ञानता र विद्यालय नजिक नभएकाले यतिका बालबालिका पढने अवसरबाट वञ्चित हुनु परेको हो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

महिला किनबेच

पदमपोखरी गाविस-४ निवासी १६ वर्षीया सुन्तली परियारलाई ०६२ माघ ८ गते हाडीखोला गाविस-४ निवासी २५ वर्षीय कुमार लामाले मुम्बुईको वेश्यालयमा बिक्री गरे। पीडितका बाबु गणेश परियारले ०६३ वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडक हालसम्म फरार छन।

मनहरी गाविस-२ रुपाचुरी निवासी १७ वर्षीया तीर्थमाया जिम्बालाई ०६३ जेठ १६ गते लोथर गाविस-६ निवासी २७ वर्षीय राजु मुक्तानले बिबाहको नाटक गरेर मुम्बईको वेश्यालयमा बिक्री गरे। पीडित ०६३ कातिक २० गते भागेर घर फर्किइ पीडकलाई कारबाहीका लागि प्रहरी



बसामाडीमा माओवादीले आगजनी गरेको यात्रुवाहक बस

कार्यालय हेटौंडामा ०६३ मंसिर १ गते उजुरी दिइन्। पीडक फरार रहेका छन्।

बलात्कार/बलात्कार प्रयास

वसामाडी गाविस-८ निवासी १८ वर्षीया विवाहित एक महिलालाई ०६२ पुस १७ गते सोही ठाँउ बस्ने ३९ वर्षीय ईन्द्रबहादुर तितुङले बलात्कार गरे। पीडकलाई स्थानीयवासीले प्रहरीमा बुझाए। पीडक अहिले भीमफेदी कारागारमा छन्।

हटिया गाविस-६ निवासी १२ वर्षीया एक बालिकालाई ०६३ असार २३ गते दिउँसो सोही ठाउँका २१ वर्षीय सुनिल देवकोटाले बलात्कार गरे। पीडक फरार रहेका छन्।

परिवारिक हिंसा

कालिकाटार गाविस-१ निवासी १८ वर्षीया गंगा भुजेललाई ०६२ चैत १० गते २२ वर्षीय पति केशव भुजेलले धारिलो हतियारले टाउकामा हिर्काएर हत्या गरे । हत्या गरेर भुजेल फरार भए । पीडितले कानमा लगाएको गहना नदिएको निहुँमा पीडकले हत्या गरेका थिए।

आमभन्ज्याङ गाविस-९ निवासी ४३ वर्षीया भगवती तिम्लसिनालाई ०६३ भदौ १० गते ४६ वर्षीय पति अर्जुन तिम्लसिनाले नसोधी माइत गएको भन्दै कुटपिट गरी दाँत झारे। पीडितको हेटौडा अस्पतालमा उपचार गरियो। पीडक विरुद्धमा पीडितले उजुरी दिए पनि कारवाही भएन।

चुरियामाई गाविस-९ निवासी २९ वर्षीय सानुकान्छा पाखिन र सोही ठाउँ निवासी २६ वर्षीया रमादेवी थापाले ०६३ पुस २ गते बहुबिबाह गरेकाले दुवै जनालाई आमा समूहले मोसो दलेर बजार घुमाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

दैवी प्रकोपको कारण मकवानपुरमा यसवर्ष कोही सुकुम्वासी भएनन्। दुई वर्षअघि सरकारले गरेको एक सर्वेक्षण अनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले वर्षेनी आउने बाढीपहिरोबाट थप ३ सय ६१ परिवार विस्थापित हुने क्रम छ। चार वर्षअघि सुकुम्वासी आयोगले २ हजार ८ सय परिवार सुकुम्वासी रहेको जनाएको थियो। मकवानपुरका परम्परागत रूपमा बस्दै आएका र बाढी पहिरोबाट घरवारविहीन सुकुमबासी संख्या करिब १० हजारको हाराहारीमा रहेको छ। ती सुकुम्बासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जंगलमा बसेका छन्।

सम्पत्ति कब्जामा

माओवादीबाट

माओवादीले तीन वर्षअघिदेखि फापरवारी गाविसका लोकबहादुर थापा, धियाल गाविसका तेजप्रसाद चौलागाँईको घर र खेतबारी कब्जामा लिए। जिल्ला विकास समितिले ठेकेदारमार्फत ढुङ्गा बालुवा निकासीमा उठाउँदै आएको करमा माओवादीले हस्तक्षेप गरेर साउनदेखि कातिकसम्म उठाउन थाले।

संरचना/सम्पत्ति क्षति

हेटौडा नगरपालिका-९ लामसुरेस्थित नेपाल टेलिभिजनको रिले स्टेशनमा ०६२ माघ ५ गते माओवादीले बाल्टिन बम विस्फोट गराएर करिब ७५ लाखको क्षति पुऱ्याए।

हेटौंडाबाट काठमाडौंतर्फ गइरहेको वा १ ख ९७४४ नम्बरको यात्रुवाहक बसलाई ०६३ वैशाख १३ गते माओवादीले कब्जामा लिई आगो लगाए जलाए। महेन्द्र राजमार्गस्थित वसामाडी गाविस-५ मा माओवादीले बस रोकेर आगो लगाएका थिए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका सातजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मकवानपुरगढी गाविस-२ निवासी सन्तबहादुर वाइबा, सोही स्थानका देशी भ्लोन, मनहरी गाविस-३ रमनटार निवासी ६० वर्षीय कृष्ण घलान, मनहरी गाविस- ४ निवासी ज्ञानेन्द्र कालाखेती, हेटौडा नपा-६ निवासी चौघडा निवासी माओवादीका श्रीराम लामिछाने, हटिया गाविस-४ निवासी २४ वर्षीय रञ्जित दर्नाल र सोही गाविस-४ निवासी २१ वर्षीय अमृत दर्नाल रहेका छन्।

२.१२ ललितपुर



जनसंख्या : ३,७६,२०९
साक्षरता प्रतिशत : ७०.७७
महिला साक्षरता प्रतिशत : ६०.२६
क्षेत्रफल (वर्ग कि.मी.) : ३८५
गाविस/नपा संख्या : ४१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४१५
क्याम्पस/उच्च मावि : ११/१३
अस्पताल/स्वास्थ्य चौकी : ४/३५
टेलिफोन लाइन : ३४००८
मोटर सडक (कि.मी.) : ३८५
प्रहरी कार्यालय संख्या : २५
हुलाक संख्या : ४६
मानव विकास सूचकाङ्क : ०.५८८
प्रति परिवार सरदर संख्या : ५.४६

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

धादिङ जिल्ला सल्यानटार गाविस-७ निवासी ट्याक्सी चालक २४ वर्षीय जीतेन्द्र श्रेष्ठको ०६२ माघ २४ गते साँझ ६ बजे माओवादीले ललितपुर उमनपा-१७ ग्वार्कोस्थित बी एण्ड बी अस्पताल अगाडि गोली हानी हत्या गरे। पीडितको छातीमा गोली लागेको थियो। पीडितलाई नेपाल बन्दको बेला ट्याक्सी चलाएको आरोपमा माओवादीले गोली हानेका थिए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

गोदामचौर गाविस-८ निवासी सामान्य प्रशासन मन्त्रालयका पियन ५४ वर्षीय कृष्णबहादुर थापा ०६२ चैत २४ गते पाटनढोकामा प्रहरीले चलाएको अश्रुग्याँस लागी बेहोस भए। पीडितलाई कार्यालयबाट घर फर्कदै गर्दा आमहड्तालको क्रममा अश्रुग्याँसले लागेको थियो। पीडितले स्थानीय क्लिनिकमा उपचार गराए।

दाङ जिल्ला गोवरडिहा गाविस निवासी सुरज सोनाम ०६२ चैत २५ गते पाटनमा लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले हानेको अश्रुग्याँस लागी घाइते भए। पीडितको उपचार पाटन अस्पतालमा भयो।

ललितपुर उमनपा-१२ मंगलबजार निवासी ३२ वर्षीय रवि महर्जन, कामनपा विशालनगर निवासी नेविसंघका २९ वर्षीय अनिल खनाल र मोरङ जिल्ला डाँगीहाट गाविस-५ निवासी नेविसंघका ३२ वर्षीय शिवराज फाँगो ०६२ चैत २५ गते पाटनढोकामा प्रहरीले चलाएको अश्रुग्याँस खुट्टामा लागी घाइते भए। सोही घटनामा तनहुँ घर भई शंकरदेव क्याम्पस, काठमाडौंमा अध्ययनरत २२ वर्षीय प्रकाश पौडेल प्रहरीको कुटपिटबाट घाइते भए। घाइते सबैको उपचारको पाटन अस्पताल भयो। घाइते पौडेललाई प्रहरी आफैंले उपचारको लागि पाटन अस्पताल लगे। सोही घटनामा प्रहरीहरू खड्गबहादुर पहाडी, गोरखा जिल्ला बुडकोट गाविस-३ निवासी प्रहरी जवान २८ वर्षीय इन्द्र श्रेष्ठ, ज्ञानचन्द्र श्रेष्ठ घाइते भए। घाइते प्रहरीहरूलाई मानवअधिकारकर्मीले उपचारका लागि पाटन अस्पताल पुऱ्याए।

चितवन जिल्ला भरतपुर नपा-७ निवासी विकास क्षेत्री, फूलबारी गाविस-६ निवासी फणिन्द्र सापकोटा, म्याग्दी सिङ्गा गाविस-९ निवासी रुपकराज बानियाँ, कास्की जिल्ला पोखरा उमनपा-१८ निवासी सुदीप केसी, बारा जिल्ला तेलकुवा गाविस-१ निवासी अरविन्द साह, काभ्रे जिल्ला पनौती नपा-११ सुन्थान निवासी सञ्जिव केसी र झापा धाइजन गाविस-१ निवासी विशाल बानियाँ ०६२ चैत २७ गते पुल्चोकमा प्रहरीले हानेको अश्रुग्याँस लागी घाइते भए। पीडितहरूलाई प्रहरीले कुटपिट समेत गरे। पीडितहरूको पाटन अस्पतालमा उपचार भयो।

सिद्धार्थनगर नपा-१३ भैरहवा निवासी सन्तोष अधिकारी, दैलेख जिल्ला नारायण नपा-५ निवासी लक्ष्मीप्रसाद उपाध्याय ०६३ चैत २८ गते प्रहरीले पुल्चोकस्थित पुल्चोक इन्जिनियरङि क्याम्पस हाताभित्रै चलाएको अश्रुग्याँस लागी सामान्य घाइते भए। पीडितलाई कर्फ्यू उल्लङघन गरेको भन्दै प्रहरीले अश्रुग्याँस हानेको थियो।

काभ्रे जिल्ला उग्रचण्डीनाला गाविस निवासी २५ वर्षीय श्रीराम दाहाल, धादिङ जिल्ला भुमेस्थान गाविस निवासी २५ वर्षीय बैकुण्ठ अर्याल, मोहनचन्द्र अधिकारी, लालबहादुर विश्वकर्मा, राधादेवी विश्वकर्मा, सन्तोष पुन, यमलाल

लामिछाने, ४६ वर्षीय सावित्री बोगटी, २० वर्षीय मंगलसिंह तामाङ, २२ वर्षीय जर्नादन फूँयाल, २७ वर्षीय नवराज नेपाल, अनुजा रेग्मी, २१ वर्षीय भगवती रिजाल, उत्तम लामा, खिमानसिंह रायमाझी, २० वर्षीय उमेश वड्तौला, ४७ वर्षीय नेत्रबहादुर बस्नेत, ३० वर्षीया इन्दिरा न्यौपाने र २५ वर्षीय उत्तम बस्नेत ०६३ वैशाख २ गते प्रहरीले सानेपामा चलाएको गोली लागी घाइते भए। पीडितहरूको उपचार मोडेल अस्पताल र रेडक्रसको घुम्ती शिविरमा गरियो ।

ललितपुर उमनपा निवासी नारायणप्रसाद रेग्मी, नवराज दाहाल र दिनेश दीक्षित ०६३ वैशाख ३ गते मंगलबजारमा प्रहरीले हानेको अश्रुग्याँसबाट घाइते भए। पीडितलाई लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले अश्रुग्याँस हानेको थियो। पीडितको उपचार रेडक्रसको घुम्ती टोलीले गरेको थियो।

सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा ०६३ वैशाख ७ गते ललितपुर उमनपा-१७ ग्वार्कोमा प्रहरीले अन्धाधुन्ध गोली र अश्रुग्याँस प्रहार गर्दा धापाखेल गाविस निवासी थान माली, उदयपुर जिल्ला निवासी २५ वर्षीय अर्जुन राई, विजय माली, विजय शाक्य, दीपेन्द्र चाम्लिङ, मिहार चौधरी, लामाटार गाविस निवासी ३३ वर्षीय विष्णु खत्री, प्रेम श्रेष्ठ, इमाडोल गाविस निवासी श्रीप्रसाद कोइराला, ३३ वर्षीय टाँसी शेपा, कुमार श्रेष्ठ, टीकाथली गाविस निवासी कृष्णबहादुर रानामगर, ठूलादुर्लुङ गाविस निवासी २१ वर्षीय कर्णप्रसाद दाहाल, भक्तपुर जिल्ला बालकोट गाविस-७ निवासी २१ वर्षीय निमेश श्रेष्ठ, लुभु गाविस निवासी १६ वर्षीय मुकेश मर्हजन, सुरेशबहादुर चन्द, सन्तोष विष्ट, शान्ति रोक्का, रामगोविन्द महर्जन, रामबहादुर महर्जन, टीकाथली गाविस-३ निवासी ३० वर्षीय विमल खत्री, प्रेम श्रेष्ठ, पदम थापा, वीरबहादुर बलायर, प्रल्लाद विष्ट, सञ्जय विष्ट र इमाडोल गाविस निवासी २३ वर्षीय बसन्त थापा घाइते भए। पीडितहरूको उपचार पाटन अस्पताल, बी एण्ड बी अस्पताल र रेडक्रसको घुम्ती शिविरमा भयो।

सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा ०६३ वैशाख ७ गते ललितपुर उमनपा-१४प्रहरीले सातदोबाटोमा अन्धाधुन्ध गोली, अश्रुग्याँस प्रहार गर्दा चापागाउँ निवासी एमालेका ४० वर्षीय रामकृष्ण हुमागाई, संखु गाविस निवासी हरि न्यौपाने, दीप चाम्लिङ, खोकना गाविस निवासी २४ वर्षीय श्रीभक्त महर्जन, सुनाकोठी गाविस-८ ढोलाहिटी निवासी २३ वर्षीय उद्धव थापा, काठमाडौं नयाँ बानेश्वर निवासी २५ वर्षीय हरिभक्त खड्गी, हरिसिद्धी गाविस-९ निवासी १४ वर्षीय रामबहादुर विश्वकर्मा, सोही गाविस-८ निवासी २२ वर्षीय नरेन्द्र महर्जन, ३८ वर्षीय धनेश्वर महर्जन, १६ वर्षीय प्रेम लामा, सोही गाविस-१ निवासी २२ वर्षीय रमन महर्जन, ठेचो गाविस-९ निवासी २५ वर्षीय श्याम माली, घुसेल गाविस-५ निवासी २४ वर्षीय पूर्ण लामा, भरुवाराशी गाविस-६ निवासी ललित सन्देश साप्ताहिकका २२ वर्षीय सविन शर्मा, ठूलादुर्लङ गाविस-४ निवासी २५ वर्षीय गणेश केसी, सप्तरी जिल्ला बद्गमा गाविस-२ निवासी २५ वर्षीय राजेन्द्रप्रसाद यादव, धादिङ जिल्ला बैरेनी गाविस-६ निवासी २० वर्षीय दिनेश राई, चापागाँउ निवासी १६ वर्षीय सञ्जय देसार, धापाखेल गाविस-४ निवासी एमालेका पूर्वसासंद ४४ वर्षीय मिठाराम शर्मा घाइते भए। घाइतेमध्ये प्रहरीको गोलीबाट राजेन्द्रप्रसाद यादव, रामबहादुर विश्वकर्मा र श्याम मालीको एउटा आखाँको ज्योति गुम्यो। सो घटनामा छम्पी गाविस निवासी १७ वर्षीय जोसेफ महर्जन, कुसुन्ती निवासी २७ वर्षीय टीकेन्द्र लिम्बू, सातदोबाटो निवासी २० वर्षीय रमेश राई, ४१ वर्षीय पुष्प भण्डारी, ५५ वर्षीय गोरखबहादुर थापा १४ वर्षीय मनिकुमार तामाङ, आशा श्रीवास्तव, विशाल तामाङ, शंखु गाविस निवासी १९ वर्षीय सुरेश तामाङ, २० वर्षीय दिनेश लामा, विक्रम चौधरी,

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	१	१			१					
घाइते					३	३			३	३६	१०४	१३		११६
गिरफ्तारी/यातना										१०	१९	४	५	३८
बेपत्ता										१	१			१
कुटपिट	४	१०	४	१४	१	३	३		४	३	४			४
धम्की					१	३	१	३१	३४					
भेला/संगठित हुने अधिकार										९	१३		१६६	१८०
जातीय विभेद	१	३	३	४										
बालअधिकार	४		४	४										
अपहरण	१	१		१	३	६			६					
जम्मा	१३	१६	१०	३६	६	१५	३	३१	४९	५०	१४१	१६	१६३	३३९

लक्ष्मणबहादुर लिम्बू, देविचौर गाविस-४ निवासी एकराज बजगाईं, दिपेन्द्र जिसी, जीतमान लामा, ३५ वर्षीय ध्रुव केसी, २५ वर्षीय सरोज सिलवाल, दीलिप भण्डारी, धापाखेल गाविस निवासी २६ वर्षीय नेत्रबहादुर थिङ, रामकृष्ण कालिमाटी, कास्की जिल्ला पोखरा निवासी २५ वर्षीय सृजन कोइराला, ताप्लेजुङ जिल्ला ढुंगेसाँघु गाविस निवासी ३० वर्षीय प्रेम लिम्बू, चापागाँउ गाविस-४ निवासी कृष्णचन्द्र महर्जन, महोत्तरी जिल्ला गौरीवास गाविस निवासी १६ वर्षीय जगत थापा, तेह्रथुम जिल्ला सुम्नाम गाविस निवासी ३० वर्षीय नेहा सुब्बा, सप्तरी जिल्ला भगवतपुर निवासी शिवकुमार खङ, ओखलढुंगा जिल्ला मोली गाविस निवासी ३९ वर्षीय कर्णबहादुर राई, चन्दनपुर गाविस निवासी २७ वर्षीय दीपक घिमिरे, ऋषिराम घिमिरे, ३७ वर्षीय रविन देसार, खोटाङ जिल्ला सत्यपुर गाविस निवासी चन्द्रकला राई र उदयपुर जिल्ला रुपाटार गाविस निवासी १५ वर्षीय दीपेन्द्र राई पनि घाइते भए। घाइते सबैको उपचार पाटन अस्पताल, बी एण्ड बी अस्पताल, वीर अस्पताल, त्रिविवि शिक्षण अस्पताल र रेडक्रसको घुम्ती शिविरमा गरियो।

कपिलवस्तु जिल्ला पीपरा गाविस-६ निवासी मनोज पाठकको ०६३ वैशाख १२ गते पुल्चोकमा लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले चलाएको अश्रुग्याँस लागी हात भाँचियो। पीडितको उपचार घरमै भयो।

माओवादीबाट

ललितपुर उमनपा-१४ मानभवन निवासी नगरप्रमुख पदका उम्मेदवार ५७ वर्षीय दलबहादुर राईलाई ०६२ माघ १७ गते माओवादीले रातो नम्बरको ५४२० नम्बरको मोटरसाइकलमा आएका ललितपुर उमनपा-१४ मानभवनमा गोली हानी घाइते पारे। पीडितको उपचार पाटन अस्पतालमा भयो। उनलाई भेट गर्न ०६२ माघ १८ गते गएको मानवअधिकारकर्मीको टोलीलाई अस्पताल प्रशासनले भेट गर्न र फोटो खिच्नबाट बञ्चित गऱ्यो।

सिन्धुपाल्चोक जिल्ला सेलाङ गाविस- ९ निवासी महेन्द्र प्रकृति संरक्षण कोषका सुरक्षा गार्ड ४५ वर्षीय मदन सिलवाल र भक्तपुर जिल्ला चाँगुनारायण गाविस-९ निवासी सैनिक जवान २४ वर्षीय दीपक खत्री ०६२ चैत ८ गते माओवादीले जावलाखेलस्थित महेन्द्र प्रकृति संरक्षण कोषमा राखेको बम विस्फोट भई घाइते भए। पीडित सिलवालको पाटन अस्पतालमा र खत्रीको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार गरियो।

जेल र बन्दी

पुरानो राणाकालीन भवनलाई प्रयोग गरिएकोले नख्खु कारागार जीर्ण बन्दै गएको छ। 'ग' श्रेणीको यस



जनआन्दोलनको क्रममा सातदोबाटोमा प्रहरीको गोली लागी आँखा गुमाएका राजेन्द्रप्रसाद यादव

कारगारको कूल बन्दी क्षमता १ सय ५० रहेकोमा कैद तोकिएका १ सय ९५ र नतोकिएका थुनुवा ९५ जना रहेका छन्। यसरी यस कारागारमा जम्मा २ सय ९० जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, खेलकुद सामाग्री, विद्युत, पत्रपत्रिका, रेडियो, टीभीको व्यवस्था रहेको छ। माओवादीका नेता मातृकाप्रसाद यादव र कृष्ण केसी ०६२ पुस १९ गतेदेखि ०६२ पुस २२ गतेसम्म माओवादी बन्दीहरु रिहा गर्नुपर्ने माग राखी आमरण अनशन बसे। त्यसैगरी ०६३ भदौ २१ गतेदेखि असोज १ गतेसम्म ५ जना बन्दीहरूले आममाफीको माग राखी आमरण अनशन बसे।

बेपत्ता / अपहरण

माओवादीबाट

काभ्रे जिल्ला गोकुले गाविस- ३ निवासी २६ वर्षीय श्रीदास योञ्जन र २२ वर्षीय देवराज योञ्जनलाई ०६३ भदौ १३ गते माओवादीले खोकना दोबाटोबाटे अपहरण गरे। पीडितहरूलाई आँखामा कालोपट्टी र हात बाँधेर कुटपिट गरे। पीडकले २४ घण्टाभित्र बसेको ठाउँ नछोडे "बोरामा हाली खाल्टोमा पुर्ने" धम्की दिए। अपहरित दुवैलाई सोही दिन बिहान ८ बजे मुक्त गरियो। पीडितहरू सो दिनदेखि भैसेपाटीको आफ्नो डेरामा जान नसकी विस्थापित भएर भक्तपुरमा बस्न थाले।

ललितपुर उमनपा-५ निवासी ३३ वर्षीय वीरेन्द्र महर्जन, सोही उमनपा-१५ निवासी ३३ वर्षीय बमप्रसाद लिम्बू, मकवानपुर जिल्ला हेटौडा नपा-४ निवासी ३० वर्षीय श्यामसिंह भण्डारी, ललितपुर उमनपा पूर्णचण्डी निवासी ३५ वर्षीय रत्न महर्जन र कुमारीपाटी निवासी ३३ वर्षीय वीरेन जोशीलाई गुण्डागर्दीको आरोपमा ०६३ असोज १७ गते माओवादीको भातृ संगठन नेवा मुक्ति मोर्चाले ललितपुर उमनपा महालक्ष्मीस्थानस्थित महर्जन सप्लायर्सबाट अपहरण गरे। माओवादीले पीडित रत्न महर्जन र वीरेन जोशीलाई ०६३ असोज १८ गते ग्वार्कोबाट मुक्त गरे। त्यसैगरी वीरेन्द्र

महर्जन, श्यामसिंह भण्डारीलाई ०६३ कार्तिक ४ गते गोदावारीबाट र बमप्रसाद लिम्बूलाई ०६३ कार्तिक २५ गते काठमाडौं बालाजुबाट मुक्त गरियो।

अन्यबाट

भारत जयपुर घर भई ललितपुर सानेपामा डेरा गरी बस्ने ५६ वर्षीय लक्ष्मीकान्त शर्मालाई हरिसिद्धि गाविस- १ स्थित माउण्टभ्यू रेसिडेन्ट्सको २९ नम्बरको घरमा ०६३ असार ११ गतेदेखि ०६३ भदौ ४ गते चौधरी ग्रुपले ५७ दिनसम्म गोप्य रुपमा बन्धक बनाए। बन्धक बनाउने क्रममा चौधरी ग्रुपले उनको ४० हजार रूपैयाँ, डेरा र पसलको सम्पूर्ण समान कब्जा गरी लग्यो। उनलाई कोलनीका बासिन्दाले ०६३ भदौ ५ गते उद्धार गरी जिल्ला प्रहरी कार्यालय, जावलाखेलमा बुझाए। जिल्ला प्रहरी कार्यालयबाट ०६३ भदौ ७ गते पीडितलाई श्रीनन्दन झाको जिम्मा लगाई भारतको जयपुर पठाइयो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

भट्टेडाँडा गाविस-८ निवासी १५ वर्षीय अमृतकुमार चौरेल, सोही गाविस ८ निवासी ३० वर्षीय मैया थापा, इकुडोल गाविस ७ निवासी ४४ वर्षीय रुपानन्द घिमिरेसहित भट्टेडाडाँ गाविस ८ निवासी ३१ घरका एक एक जनालाई ०६३ साउन २१ र २२ गते माओवादीले त्रास देखाई श्रम गर्न बाध्य पारे। माओवादी त्रासका कारण इकुडोल गाविसमा रहेको माओवादीको स्पेसल टास्कफोर्सलाई गाउँले खाद्यान्न र बन्दोवस्तीको समान पुऱ्याए।

ललितपुर उमनपा-१४ सातदोबाटो निवासी नेपाल डेरीका कार्यकारी अध्यक्ष ७४ वर्षीय डा. हेरम्बबहादुर राजभण्डारी, ३१ वर्षीय अरनिको राजभण्डारी, ६६ वर्षीय स्नेहा राजभण्डारी, र २७ वर्षीय अंगीराज भण्डारीलाई ०६३ भदौ ३१ गते माओवादीका रमेश पन्त लगायतले कुटपिट गरे। डेरीमा मजदुरलाई २३ घण्टा काम लगाएको र माओवादीको ट्रेड यूनियन खोल्न नदिएका आरोपमा माओवादी दुईओटा माइक्रोबसमा गएका माओवादीले पीडितलाई कुटपिट गरेका थिए। कुटपिटबाट घाइते भएका डा. हेरम्बबहादुर राजभण्डारीको वीर अस्पतालमा उपचार गरियो।



माओवादीले अपहरण गरी २४ घण्टाभित्र बसेको स्थान नछोडे बोरामा हाली पुर्ने धम्की दिएका श्रीदास योञ्जन

सुनसरी जिल्ला इटहरी निवासी ४० वर्षीय दानबहादुर विष्ट, गोरखा जिल्ला पृथ्वीनारायण नपा निवासी ४५ वर्षीय रामकुमार श्रेष्ठ, ललितपुर उमनपा-१३ निवासी ३५ वर्षीय लक्ष्मण थापा र भक्तपुर जिल्ला मध्यपुर थिमी नपा-८ निवासी ३५ वर्षीय मंगल प्रजापतिलाई नगर निर्वाचनमा उम्मेवार बनेको आरोपमा ०६३ पुस १० गते अखिल (क्रान्तिकारी) का विद्यार्थीहरूले पुल्चोकमा कुटपिट गरी मोसो दले।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार.

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कामनपा-६ बौद्ध सरस्वतीनगर निवासी २७ वर्षीया टिनम राई, २४ वर्षीया शान्ता राई, चितवन रनपा-१३ निवासी ३५ वर्षीया शर्मिला राई, बाग्लुङ नपा-२ निवासी ३३ वर्षीया दुर्गा के.सी. लगायत ११ जनालाई राष्ट्रिय मानवअधिकार आयोग परिसर पुल्चोकबाट ०६२ फागुन २१ गते मध्यरात ११ बजे प्रहरीले भ्यानमा राखी कुपण्डोल पुलमा लगी छोडिदिए। उनीहरू सबै राज्यद्वारा बेपत्ता पारिएका नागरिक सार्वजनिक गर्न माग राख्दै आयोग परिसरमा धर्नामा दिइरहेका थिए। पीडितहरू राज्यद्वारा बेपत्ता पारिएका नागरिक परिवार समाजसँग आबद्ध छन्।

ओखलढुंगा जिल्ला पोखरे गाविस-२ निवासी ईन्द्रकुमार थापालाई ०६२ चैत २४ गते ललितपुर उमनपा पाटनमा शान्तिपूर्ण आन्दोलनको क्रममा प्रहरीले कुटपिट गरे। कुटपिटबाट पीडितको हातमा चोट लाग्यो। पीडितको त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो।

काठमाडौं धापासी गाविस-८ निवासी नरेन्द्र महर्जन, रुपन्देही जिल्ला सिद्धार्थ नपा-३ भैरहवा निवासी विश्वरञ्जन मिश्र र महोत्तरी जिल्ला हात्तिसरुवा गाविस-६ निवासी लक्ष्मणकुमार यादवलाई ०६२ चैत २६ गते प्रहरीले ललितपुर उमनपा पुल्चोकमा कुटपिट गरी घाइते पारे। पीडितहरूको उपचार आ-आफ्नै घरमा भयो।

दार्चुला जिल्ला भगवती गाविस-९ निवासी शंकरसिंह धामीलाई ०६२ चैत २८ गते प्रहरीले ललितपुर उमनपा पुल्चोकमा लाठीचार्ज गरी घाइते पारे। कुटपिटबाट हातमा चोट लाग्यो। उनलाई लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले कुटपिट गरेको थियो। पीडितको उपचार घरमै भयो।

लामाटार गाविस-६ निवासी ललितपुर जिविसका पूर्वसभापति, ४५ वर्षीय माधव पौडेल, चापागाउँ गाविस-६ निवासी ललितपुर जिविसका पूर्वउपसभापति, ४२ वर्षीय सुरेन्द्रमोहन शर्मा, इमाडोल गाविसका पूर्वअध्यक्ष नन्दकुमार न्यौपाने, बालकृष्ण खड्का, दीपक श्रेष्ठ, विजेन्द्र रिमाल,

कृष्णप्रसाद दाहाल, सरोज ठकुरी, प्रल्लाद मर्हजन, प्रणय मर्हजन, बारा जिल्ला कोल्भी गाविस निवासी २४ वर्षीय सागर अधिकारी ११ वर्षीय विशाल मर्हजन ०६३ चैत ३० गते ललितपुर उमनपा-१८ पाटनसुन्धारामा प्रहरीको लाठी चार्जबाट घाइते भए। पीडितलाई लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले कुटपिट गरेको थियो। पीडितको उपचार रेडक्रसको घुम्ती शिविर र पाटन अस्पतालमा भयो।

धापाखेल गाविस-३ निवासी उद्धव बस्नेत र बुङ्मती गाविस निवासी गुणराज शाक्यलाई ०६२ चैत ३० गते पाटनमा प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा कुटपिट गरी घाइते पारे। पीडितमध्ये पाटन अस्पताल र शाक्यको मोडेल अस्पतालमा उपचार भयो।



कर्नेल रोमियोजंग राणा र उनकी पत्नी सिद्धार्थ राणाद्वारा यातना दिइएकी लक्ष्मी पुन

स्याङजा जिल्ला निवासी ३० वर्षीया सरस्वती तिवारी र ७० वर्षीय आस्थाबहादुर कोञ्जुलाई २०६३ वैशाख ४ गते कुपण्डोलमा शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी घाइते पारे।

रौतहट जिल्ला राजपुर गाविस निवासी ३६ वर्षीय पैगम मियाँ मन्सुर र ५२ वर्षीय बालचन्द्र मर्हजनलाई ०६३ वैशाख ४ गते मंगलबजारमा प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा कुटपिट गरी घाइते पारे। मन्सुरको मोडेल अस्पतालमा र महर्जनको रेडक्रसको घुम्ती टोलीमा उपचार भयो।

कास्की जिल्ला पोखरा उमनपा-१ निवासी रामचन्द्र बरालको ०६३ वैशाख ५ गते प्रहरीले पुल्चोकमा लाठीचार्ज गर्दा खुट्टा भाँचियो। पीडितको पाटन अस्पतालमा उपचार गरियो।

निरंकुशता विरुद्ध सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनमा ०६३ वैशाख ७ गते प्रहरीले ललितपुर उमनपा-१४ सातदोबाटोमा अन्धाधुन्द लाठीचार्ज गर्दा लेले गाविस-७ निवासी ४३ वर्षीय मिठाराम केसी, ललितपुर उमनपा-१४ नख्खिपोट निवासी ५६ वर्षीय रत्न राई, धापाखेल गाविस निवासी ३० वर्षीय नारायण रेग्मी, चापागाउँ गाविस-९ निवासी २८ वर्षीय कृष्णचन्द्र महर्जन, सोही ठाउँ निवासी मीनकृष्ण श्रेष्ठ, बुद्धिबहादुर श्रेष्ठ, गोटीखेल गाविस-२ निवासी ३० वर्षीय भीमसेन घिमिरे, चापागाउँ गाविस-५ निवासी ३१ वर्षीय निरञ्जन आचार्य, ललितपुर उमनपा-१५ निवासी ३० वर्षीया बबी थापा, ललितपुर उमनपा-१ निवासी ३० वर्षीय उदयशम्सेर राणा, हरिसिद्धी गाविस-२ निवासी ३२ वर्षीय सुकदेव तामाङ, सोही गाविस-२ निवासी २४ वर्षीय जीतकुमार श्रेष्ठ, सिन्धुली जिल्ला दुधौली गाविस निवासी महिन्द्र चौधरी र काभ्रे जिल्ला पुरानोगाउँ निवासी १७ वर्षीया मीना उदास घाइते भए। घाइतेको रेडक्रसको घुम्ती शिविर र पाटन अस्पतालमा उपचार गरियो।

गोरखा आँपपिपल-२, राउटेपानी निवासी २० वर्षीय विष्णुप्रसाद देवकोटा, नुवाकोट कल्याणपुर-१ निवासी २६ वर्षीय नवराज ढुंगाना, कञ्चनपर त्रिभुवनवस्ती-५ निवासी २७ वर्षीय नकुलदेव जिसी, रौतहट पौराही गाविस निवासी १५ वर्षीय राजन राई र चितवन निवासी ३५ वर्षीय सूर्यप्रसाद रेग्मीलाई ०६३ साउन १८ गते पुल्चोकमा प्रधानसेनापति प्याराजंग थापालाई कारवाहीको माग राखी नारा लगाउँदा प्रहरीले गिरफ्तार गरी महेन्द्र पुसिलक्लबमा राखियो। गिरफ्तार सबैलाई सोही दिन बेलुका ४ बजे रिहा गरियो।

अछाम जिल्ला बाटुलासेन-३ निवासी माओवादी पीडित संघका ५२ वर्षीय धर्मराज न्यौपाने, कैलाली जिल्ला गेटा गाविसा निवासी ३० वर्षीय अनुप भट्ट, रामेछाप जिल्ला चनखु गाविस निवासी २८ वर्षीय कपिल कार्की, लमजुङ जिल्ला चक्रतिर्थ गाविस-५ निवासी ५० वर्षीय पदम्लाल कँडेल, दोलखा जिल्ला जुगु गाविस निवासी ६० वर्षीय कुलबहादुर कार्की, सिन्धुपाल्चोक जिल्ला खाप्पाल गाविस-९ निवासी ३० वर्षीया शर्मीला तामाङ, रामेछाप जिल्ला गेलू गाविस-१ निवासी ४४ वर्षीय शिवबहादुर बुढाथोकी, सोही जिल्ला खिम्ती गाविस-४ निवासी ७७ वर्षीय डम्बरबहादुर भुजेल, राकाथुम गाविस-९ निवासी ६७ वर्षीय पूर्ण लामा लगायत ४२ जना माओवादी पीडितलाई ०६३ भदौ ४ गते ललितपुर उमनपा पुल्चोकस्थित मन्त्री निवासबाट प्रहरीले गिरफ्तार गरे। माओवादीले बेपत्ता पारेका नागरिकको अवस्था सार्वजनिक गर्न दबाब सिर्जना गर्न मन्त्री निवास घेराउ गरिरहेको अवस्थामा उनीहरू गिरफ्तार गरिए। पीडितहरू सबैलाई जिल्ला प्रहरी कार्यालय जावलाखेलमा राखी सोही दिन रिहा गरियो।

कास्की जिल्ला पोखरा उमनपा-१५ रामबजार निवासी १५ वर्षीय किरण थापा र ओखलढुंगा जिल्ला फेदीकोट गाविस-९ निवासी ३३ वर्षीय छत्रबहादुर बोगटीलाई ०६३ मंसिर ७ गते प्रहरीले ललितपुर उमनपा-१४ सातदोबाटोमा कुटपिट गरे। ट्राफिक प्रहरीले ट्रक ड्राइभरलाई कुटेको विषयमा दोहोरो भडप हुँदा पीडितलाई प्रहरीले

कुटपिट गरेका थिए। त्यसक्रममा प्रहरीले १० राउण्ड अश्रुग्याँस समेत प्रहार गरे।

गैरकानुनी गिरफ्तारी

संखुवासभा जिल्ला वाना गाविस-९ निवासी माओवादीका २१ वर्षीय वद्री भनिने दिनेश भण्डारी र मोरङ गोविन्दपुर गाविस-२ निवासी माओवादीद्वारा घोषित मोरङ जिल्ला जनसरकार प्रमुख १९ वर्षीय सर्वण ऋषिदेवलाई ०६२ फागुन ११ गते साँझ प्रहरीले ललितपुर उमनपा-१७ ग्वार्कोस्थित बी एण्ड बी अस्पतालबाट गिरफ्तार गरे। गिरफ्तार दुवैलाई ०६२ फागुन १२ गते पुनरावेदन अदालत विराटनगरसमक्ष पेश गरियो।

सैंबु गाविस-५ निवासी ४६ वर्षीय जीवन सापकोटा र सोही गाविस-८ निवासी ४९ वर्षीय दामोदर खड्कालाई लोकतान्त्रिक आन्दोलनमा सहयोग गरेको आरोपमा ०६२ चैत २२ गते प्रहरीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। गिरफ्तार दुवैलाई भक्तपुर जिल्ला दुवाकोटस्थित सशस्त्र प्रहरी गणमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

सर्लाही जिल्ला कर्मैया गाविस-५ निवासी काँग्रेसका ५५ वर्षीया मीना पाण्डे, ललितपुर उमनपा- १२ निवासी नेपाल महिला संघका ५५ वर्षीया शारदा चित्रकार, ललितपुर उमनपा- १३ निवासी ४२ वर्षीया गंगा केसी, झापा जिल्ला अर्जुनधारा गाविस-४ निवासी ४५ वर्षीय अजय शिवाकोटी, ललितपुर उमनपा-७ निवासी ६३ शम्भुबहादुर श्रेष्ठ र भोजपुर जिल्ला नाङगी गाविस-८ निवासी प्रायुसंघका ३७ वर्षीय अजम्बर काड्वाड्लाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २४ गते प्रहरीले ललितपुर उपमनपाको कार्यालय नजिकबाट बिना पूर्जी गिरफ्तार गरे। गिरफ्तार सबैलाई महेन्द्र पुलिसक्लब भृकुटीमण्डपमा राखी सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख ४ गते रिहा गरियो।

गोदावरी गाविस-५ निवासी एमालेका सचिव ३९ वर्षीय मधुसुदन पौडेल र सप्तरी जिल्ला पोतराहा गाविस-८ निवासी अखिल नेपाल किसान संघका ५८ वर्षीय जगदेव यादवलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले ललितपुर उमनपा-१८ पाटन सुन्धारबाट विना पूर्जी गिरफ्तार गरे। पीडितलाई महिला प्रशिक्षण केन्द्र जावलाखेलमा राखी ०६३ वैशाख ४ गते रिहा गरियो।

ठैब गाविस-८ निवासी जनमोर्चाका ४२ वर्षीय दीपेन्द्र श्रेष्ठ, ५२ वर्षीय श्रीगोविन्द महर्जन, पाँचथर जिल्ला जिलिङगे गाविस-१ निवासी अखिल नेपाल ट्रेड यूनियन महासंघका ५२ वर्षीय लालध्वज नेम्वाङ र ललितपुर उमनपा-१२ बगंलामुखी निवासी एमालेका २५ वर्षीय धर्मसिंह कार्कीलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले मंगलबजारबाट बिना पूर्जी गिरफ्तार गरे। गिरफ्तार सबैलाई जावलाखेलस्थित महिला प्रशिक्षण केन्द्रमा राखी ०६३ वैशाख ४ गते रिहा गरियो।

चापागाउँ गाविस-९ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४० वर्षीय रबिन्स शर्मा, ललितपुर उमनपा-१५ निवासी ४० वर्षीय शशी थापा र ललितपुर उमनपा निवासी ५६ वर्षीय गणेश केसीलाई ०६२ चैत २६ गते प्रहरीले विरोध प्रदर्शनको क्रममा मंगलबजारबाट गिरफ्तार गरे। पीडितलाई ०६३ वैशाख १२ गते महिला प्रशिक्षण केन्द्र जावलाखेलबाट रिहा गरियो।

गुल्मी जिल्ला मेलपोखरी गाविस-१ निवासी अनेरास्वावियुका २८ वर्षीया रामकुमारी झाँक्रीलाई ०६२ चैत २७ गते प्रहरीले ललितपुर उमनपा-१८ पाटन सुन्धाराबाट निंरकुशताको विरोधमा शान्तिपूर्ण प्रर्दशनबाट गिरफ्तार गरे। पीडितलाई महेन्द्र पुलिसक्लबमा राखी सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख ५ रिहा गरियो।

झापा घैलाडुब्वा गाविस घर भई सातदोबाटो ताल्छिखेल निवासी कान्तिपुर इन्जिनियरिङ कलेजका विद्यार्थी २२ वर्षीय राजन कडरियालाई ०६२ चैत ३० गते प्रहरीले कलेज जाने क्रममा ललितपुर उमनपा-१४ सातदोबाटोबाट विना पूर्जी गिरफ्तार गरे। उनलाई हिरासतमा कुटपटि गरी भोलिपल्ट रिहा गरियो।

काठमाडौं छैमले गाविस-६ घर भई ललितपुरको कुसुन्तीमा बस्दै आएका माओवादीका २१ वर्षीय रमेश तामाङ र देविचौर गाविस-५ निवासी ३६ वर्षीय कृष्ण घिमिरेलाई ०६३ वैशाख ४ गते सादा पोसाकमा आएका सुरक्षाकर्मीले कुसुन्तीस्थित कोठाबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा राखी ०६३ वैशाख ६ गते रिहा गरियो।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पाल्पा जिल्ला सोमादी गाविस-५ निवासी माओवादीका २७ वर्षीय राजेन्द्र गौतमलाई ०६३ वैशाख ४ गते राति सादा पोशाकमा आएका प्रहरीले ललितपुर तिखिदेवलस्थित डेराबाटै सामानसहित गिरफ्तार गरी वैशाख ९ गतेसम्म बेपत्ता पारे। पीडितलाई त्यसक्रममा प्रहरीले आखाँमा कालोपट्टी बाँधी कुटपिट गरे। पीडितलाई ०६३ वैशाख १० गते जिल्ला प्रहरी कार्यालय जावलाखेलमा लगी ११ गते नख्खु कारागार चलान गरिएकोमा ०६३ वैशाख २० गते कारागारबाट रिहा गरियो।

भारतको जयपुर घरभई ललितपुर उमनपा सानेपा बस्ने चौधरी ग्रुपका वरिष्ठ क्याशियर २९ वर्षीय शशिकान्त शर्मालाई रकम हिनामिना गरेको आरोपमा ०६३ साउन ८

गते चौधरी ग्रुपका मोहन ओझाले भारतको जयपुरबाट फकाएर नेपाल ल्याई जिल्ला प्रहरी कार्यालय जावलाखेलको जिम्मा लगाए। उनलाई जिल्ला प्रहरी कार्यालय जावलाखेलमा ९ दिन राखी उपत्यका अपराध अनुसन्धान शाखा काठमाडौंमा पठाइयो। पीडितलाई उपत्यका अपराध अनुसन्धान शाखामा बिना पूर्जी १८ दिन राखी ०६३ भदौ ४ गते पूर्जी सहित जिल्ला प्रहरी कार्यालय ललितपुरमा पठाइयो। हिरासतमा शशिकान्तलाई प्रहरीले कुटपिट गरे। यतानाको कारण उनको दायाँ हातको चोर औंलो फ्याक्चर भयो। पीडितलाई वैधानिक रुपमा ०६३ भदौ ४ गते देखिमात्र मुद्दा चलाइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी दुई ओटा अदालत छन्। पुनरावेदन अदलतमा देवानी, फौजदारी, परामादेश, निषेधाज्ञा गरी विभिन्न शीर्षक अन्तर्गत जिम्मेवारी सरेर आएका ३ हजार ५ सय ८४ र यो वर्ष दर्ता भएका १ हजार ११ गरी कुल ४ हजार ५ सय ९५ वटा मुद्दा रहे। जसमध्ये १ हजार ४ सय ८९ ओटा फर्स्यौट भए भने ३ हजार १ सय ६ बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका ३ सय ५९ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका र यो वर्ष परेका जम्मा १ हजार १ सय ९९ ओटा देवानी मुद्दामा २ सय ६१ ओटा मुद्दा फर्स्यौट भई ९ सय ३८ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यो वर्ष परेका गरी जम्मा ६ सय ५७ फौजदारी मुद्दामा १ सय ६९ फस्यौट भई ४ सय ८८ ओटा मुद्दा बाँकी रहे। यस अदालतमा २ वर्ष नाघेका ४५ ओटा मुद्दा फस्यौट हुन बाँकी रहे।

यस वर्ष महानगरीय प्रहरी परिसर ललितपुरमा चोरी डकैतीका ४२ ओटा, सवारी ज्यानका ३२ ओटा, ज्यान मार्ने उद्योगका छ ओटा, आत्महत्याका ७० ओटा, सार्वजनिक अपराधका ९५ ओटा मुद्दा दर्ता भए।

बालअधिकार

सुर्खेत जिल्ला छिञ्चु गाविस घर भई ललितपुर उमनपा-१५ खुमालटारस्थित सैनिक कर्णेलको घरमा घरेलु कामदारको रुपमा बस्दै आएकी १२ वर्षीया बालिका लक्ष्मी पुनलाई एक वर्षदेखि घरका मालिक सैनिक कर्णेल रोमियोजंग राणा, उनकी पत्नी सिद्धार्थ राणा र घरमा रहेका सिपाहीले बोरामा हाली कुटपिट गर्ने, चिमोट्ने गरी ०६३ भदौ १९ गतेसम्म चरम यातना दिए। बालिका पुनलाई कुकुर सुत्ने स्थानमा सुताउने गरिएको थियो। जिल्ला प्रहरी कार्यालय ललितपुरको महिला सेलमा ०६३ भदौ २३ गते पीडक सेनाका कर्णेल रोमियोजंग राणाको परिवारले बालिका पुनलाई यताना दिएको स्वीकार गर्दै क्षतिपूर्तिबापत दुई लाख दिए। बालिकालाई स्थानीय बासिन्दा र मानवअधिकारकर्मीको सहयोगमा उद्धार गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लुभु गाविस-९ निवासी ९ वर्षीया एक बालिकालाई ०६३ असार १५ गते साँझ ७ बजे सोही गाविस-९ निवासी नरसिंह राजथलाले सोही गाविस-३ नारायणलाल श्रेष्ठको घरको शौचालयमा जबर्जस्ती बलात्कार गरे। जिल्ला प्रहरी कार्यालय जावलाखेलले जिल्ला अदालत लगनखेलमा मुद्दा दायर गरी पीडक राजथलालाई अदालतको आदेशमा पुर्पक्षको लागि कारगार चलान गरियो।

ललितपुर उमनपा-२ सानेपा निवासी एक ४ वर्षीया बालिकालाई ०६३ असार २२ गते सप्तरी दौलतपुर गाविस-४ घर भई हाल ललितपुर उमनपा-२ सानेपा निवासी १८ वर्षीय रञ्जित चौधरीले ललितपुर उमनपा-२ सानेपा स्थित रुपेन्द्र विष्टको घरमा जबर्जस्ती बलात्कार गरे। जिल्ला प्रहरी कार्यालय जावलाखेलले जिल्ला अदालत लगनखेलमा मुद्दा दायर गरी पीडकलाई अदालतको आदेशमा पुर्पक्षको लागि कारागार चलान गऱ्यो।

डुकुछाप गाविस-१ कार्यविनायक निवासी ८ वर्षीया बालिकालाई सोही ठाउँका ३३ वर्षीय अर्जुन थिङले ०६३ भदौ १३ गते फकाएर आफ्नै घरमा लगी बलात्कार गरे। स्थानीय महिलाको समूहले पीडकलाई ०६३ असोज ५ गते ईलाका प्रहरी कार्यालय भैंसेपाटीमा बुझाए। पीडकलाई जिल्ला अदालत लगनखेलमा मुद्दा चलाइयो।

सबै प्रकारका जातीय विभेद

बुडमती गाविस-८ चुनीखेल निवासी ३० वर्षीया नानीमैया नेपाली, ३५ वर्षीया शोभा नेपाली, काठमाडौं मातातीर्थ गाविस-९ निवासी ३१ वर्षीय दिनेश परियार र मकवानपुर जिल्ला हेटौडा नपा-४ निवासी २८ वर्षीय नरेन्द्रराज लगुवालाई ०६२ फागुन २० गते बुडमती-८ चुनीखेल निवासी ३५ वर्षीय मिलन के.सी., ४० वर्षीय बालमुकुन्द विष्ट, २२ वर्षीय दीलिप विष्ट र २० वर्षीय सुमन विष्टले कुटपिट गरे। नानीमैया नेपालीले बुडमती गाविस-८ चुनीखेलमा रहेको सार्वजनिक इनारमा ०६२ माघ २४ गते पानी भर्न लाग्दा तल्लो जातको भनी कथित उपल्लो जातकाले पानी भर्न दिएका थिएनन्। सोही घटनालाई लिएर वास्तविकता बुझ्न गएको समयमा पीडितहरूलाई कुटपिट

गरिएको थियो। दुवै पक्षका बीचमा ०६३ फागुन २४ गते जिल्ला प्रशासन कार्यालयमा छुवाछुतको व्यवहार नगर्ने र सार्वजनिक इनारको पानी प्रयोग गर्न दिने सहमति भयो।

आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या आयोग छैन। भूमिसुधार कार्यालयले भूमिहीन तथा सुकुम्बासीहरूको तथ्याकं राख्न सकेको छैन। यस जिल्लामा बागमती, विष्णुमती लगायत अन्य खोलाको किनारमा भूमिहीन तथा सुकुम्बासीहरू अस्थायी झुप्रा बनाई बसोबास गरेका पाइन्छ। यसरी बसोबास गर्नेहरूमा भारतीय तथा उपत्यका बाहिरका नागरिकहरू छन्।

संरचना, सम्पत्ति क्षति

ललितपुर उमनपा पाटनढोकामा ०६२ चैत २४ गते प्रहरीले अश्रुग्याँस प्रहार गर्दा स्थानीय बासिन्दा हरि महर्जनको घर, केबी साइकल ट्रेडर्स, हिमाल एसोसिएसन रहेको भवनको सिसा फुट्यो। सात दलको जुलुसलाई तितरबितर पार्न प्रहरीले अश्रुग्याँस प्रहार गरेको थियो।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा ०६३ भदौ ४ गते प्रदर्शनकारीले ललितपुर उमनपा-१७ ग्वार्कोको उज्जवल आयल, ललित आयल, युनिक फ्युल, नमस्ते आयल, पिसफुल रेष्टुरेण्ट, सुरज रेष्टुरेण्ट, मोनालिसा रेष्टुरेण्ट, विशाल रेष्टुरेण्ट र लालिगुराँस रेष्टुरेण्टमा तोडफोड गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका छजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा खोकना गाविस निवासी धीरज डंगोल, कुसुन्ती मुक्तिनाथ कार्पेटमा काम गर्ने गोपाल नगरकोटी, ठेचो गाविस-६ निवासी नन्द गोपाल माली, बुडमती गाविस-३ निवासी पदम नारायण नकर्मी, ठेचो गाविस-६ निवासी राजेन्द्र माली, ठेचो गाविस-६ निवासी बाबुराजा माली रहेका छन्।

२.१३ काभ्रे



जनसंख्या : ४,१३,०६१
साक्षरता प्रतिशत : ६३.७५
महिला साक्षरता प्रतिशत : ५२.५३
क्षेत्रफल (वर्ग कि.मि.) : १३९६
गाविस/नपा संख्या : ८७/३
निर्वाचन क्षेत्र : ३
विद्यालय : ६४२
क्याम्पस/उच्च मावि : ८/१६
अस्पताल/स्वास्थ्य चौकी : ७/९४
टेलिफोन लाइन : ४३५०
मोटर सडक (कि.मी.) : ८०२
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ८२
मानव विकास सूचकाङ्क : ०.५४३
प्रति परिवार सरदर संख्या : ५.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

वाल्टिङ गाविस-७ तारे निवासी २० वर्षीय शिवहरि कुँवरको ०६२ चैत २७ गते बेलुकी प्रहरीले बनेपा नपा-६ स्थित सुन्दरकाजी मानन्धरको घरको छतबाट सडकमा हेरिरहेको अवस्थामा गोली हानी हत्या गरे। गोली लागेपछि बेहोस भएको आशङ्कामा हतारहतार शिर मेमोरियल अस्पताल लैजाँदा बाटैमा पीडितको मृत्यु भयो। मृतकको देब्रे पाताबाट गोली पसेर दाहिने पाताबाट निस्किएको थियो। बन्द र कर्फ्यूका कारण मृतकको तत्काल दाहसंस्कार गर्न नसकी चैत २९ गते सात दलको अगुवाइमा बनेपास्थित उग्रतीर्थ घाटमा अन्त्येष्टि गरियो।

माओवादीबाट

पनौती नपा-५ निवासी ३५ वर्षीय सर्वसाधारण धर्मदास श्रेष्ठ र ललितपुर निवासी २२ वर्षीय प्रहरी जवान रामकुमार सिलवालको ०६२ माघ २४ गते राति माओवादीले पनौती मानेश्वरीचौरमा रहेको नगरपालिका भवनमा आक्रमण गर्दा मृत्यु भयो। घटनामा बाराका १९ वर्षीय प्रहरी जवान हृदयकुमार यादव, ओखलढुङ्गाका ३७ वर्षीय असई खड्गनारायण श्रेष्ठ, प्रहरी जवान अनीलकुमार यादव र सेनाका नौ जना घाइते भए। घाइतेहरूको धुलिखेल अस्पतालमा सामान्य उपचारपछि थप उपचार काठमाडौँमा गरियो।

माओवादीका २० वर्षीय कैलाशको ०६२ माघ २४ गते राति माओवादीले धुलिखेलस्थित शिक्षा कार्यालय नजिकै राखेको प्रेसरकुकर बम विस्फोट भएर मृत्यु भयो। कार्यालयभन्दा सय मिटर पर भएको विस्फोटमा कैलाशको कम्मरभन्दा माथिको शरीरका अङ्ग टुक्र-टुक्रा भई नजिकैको रूखमा समेत टाँसियो।

दैलेख जिल्ला विन्दवासिनी गाविस-४ काडाँगाउँ निवासी सैनिक जवान पदमबहादुर बिष्ट, खोटाङ जिल्ला अर्खौले गाविस-२ बिजुलीगाउँ निवासी सैनिक जवान चेतनाथ पुरी र धादिङ जिल्ला तसपुर गाविस-७ निवासी सैनिक जवान रामभगत आलेमगरको ०६२ फागुन १५ गते बिहान काभ्रे नित्यचण्डेश्वरी गाविस-४ स्थित भन्ज्याङको चेकपोस्टमा माओवादी आक्रमणमा परी मृत्यु भयो। घटनामा सेनाका रुद्रध्वज गण धुलिखेलमा कार्यरत धादिङ जिल्ला साङ्कोष गाविस-३ निवासी सैनिक जवान २५ वर्षीय राजेन्द्र श्रेष्ठ, काभ्रे गाविस-१ निवासी सर्वसाधारण २५ वर्षीय विकास कार्की र काभ्रे गाविस-८ निवासी सर्वसाधारण केशव फुँयाल घाइते भए। घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचार गरियो।

आफ्नै गोलीद्वारा मृत्यु

दोलखा जिल्ला बाबरे गाविस निवासी २२ वर्षीय माओवादी कार्यकर्ता सुवास बुढाथोकीको काभ्रे जिल्ला सर्स्यूखर्क गाविसस्थित जनचेतना माविमा ०६३ असोज १९ गते आफैले बोकेको एमएमजी पड्किँदा मृत्यु भयो।

दोहोरो भिडन्त

पनौती नपा-५ मा ०६२ माघ २४ गते राति सेना र माओवादीबीच भएको दोहोरो भिडन्तमा परी सिंहनाथ गण पनौतीमा कार्यरत दोलखा जिल्ला निवासी सैनिक जवान रविन्द्रलाल श्रेष्ठ र माओवादीका २० वर्षीय प्रदीप र सिन्धुपाल्चोक जिल्ला निवासी च्याङ्वा, कालिकोट जिल्ला निवासी २० वर्षीय अभिमत भनिने मानबहादुर बोहराको मृत्यु भयो। त्यसैगरी भिडन्तमा परी आले भनिने माओवादी कार्यकर्ताको उपचारका लागि कामीडाँडामा पुऱ्याएपछि मृत्यु भयो। घटनामा परी सेनातर्फ रसुवा जिल्ला धुन्चे निवासी १९ वर्षीय महाप्रसाद ठाकुर, धादिङ जिल्ला निवासी १९ वर्षीय सीताराम अधिकारी, दैलेख जिल्ला निवासी १८ वर्षीय जीवन खड्का, पनौती निवासी १८ वर्षीय ठूलोबाबु श्रेष्ठ, नुवाकोट जिल्ला निवासी २५ वर्षीय पद्मराज थापा, गोकर्ण निवासी २० वर्षीय रामकुमार गिरी, पोखरा निवासी २५ वर्षीय गोविन्द केसी, तनहुँ निवासी २० वर्षीय गोपाल खत्री र दुर्गा रानामगर घाइते भए। माओवादीका सातजना घाइतेको नाम सार्वजनिक भएन। घाइते सुरक्षाकर्मीको धुलिखेल अस्पतालमा सामान्य उपचार गरी थप उपचार काठमाडौंमा गरियो। भिडन्तमा परी पनौती प्राविधिक शिक्षालयका सुरक्षा गार्ड भीमबहादुर खत्रीलाई खुट्टामा गोली लाग्यो।

छत्रेबाँझ गाविस-६ दारेगौंडामा ०६२ चैत ७ गते बिहान भएको भिडन्तमा ९ नम्बर बाहिनी भकुन्डेमा कार्यरत जमदार सोमबहादुर लामा, हवलदार प्रेमबहादुर दमाईं, सैनिक जवानहरू श्रीराम पौडेल, दिलीपबहादुर सु.म, भक्तबहादुर कार्की, रामु थापा, मीनबहादुर थापा, हरिश्चन्द्र बस्नेत, पद्मबहादुर अधिकारी, दानबहादुर थापा, बेगमबहादुर खत्री, भागीरथ केसी र सिपाही केदारकुमार कार्की तथा माओवादीका भोटेचौर गाविस-२ चिसापानी, सिन्धुपाल्चोक निवासी २६ वर्षीय अनिश भनिने चतुरमान तामाङको मृत्यु भयो। करिब डेढ घण्टा भएको भिडन्तमा परी सेनाका तीनजना र माओवादीका मोहनलागयत पाँचजना घाइते भए। घटनामा स्थानीय २८ वर्षीय अर्जुन तिमिल्सिनाको दाहिने हातको हत्केलामा गोलीको छर्रा लागी घाइते भए। पीडितलाई उपचारका लागि वीरेन्द्र सैनिक अस्पताल छाउनी लगियो। माओवादीले स्थानीय हरिप्रसाद तिमल्सिना, अर्जुन तिमल्सिना र हरि घिमिरेको घरबाट सुरक्षाकर्मीमाथि आक्रमण गरेका थिए।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

बनेपा नपा-६ निवासी १५ वर्षीय मुकेश कायस्थ ०६२ चैत २७ गते बनेपा तीनदोबाटोमा प्रहरीको गोलीबाट गम्भीर घाइते भएकाले वीर अस्पतालमा उपचारका लागि भर्ना गरियो। कृष्णमान र मीरा कायस्थका १५ वर्षीय कान्छा छोरा मुकेशको होश नआएकाले अर्धचेत अवस्थामा कृत्रिम श्वास दिएर आईसीयूमा राखियो। नेपाल सरकारले सुरुमा ७५ हजार र ०६३ असोज ३ गतेको निर्णयले एकमुष्ठ ९ लाख ५० हजार सहयोग गऱ्यो। सरकारी बेवास्ता र अस्पतालको लापर्वाहीले ०६३ जेठ १९ बाट उनको गम्भीर उपचार हुनसकेको छैन।

बनेपा नपा-५ निवासी २२ वर्षीय विक्रम कपाली र

उग्रचण्डी नाला गाविस-५ निवासी पूर्णबहादुर श्रेष्ठ ०६२ चैत २७ गते तीनदोबाटोमा प्रहरीको गोली प्रहारबाट गम्भीर घाइते भए। कपालीको टाउको र श्रेष्ठको दायाँ कुममा गोली लागेर जिल्लामा उपचार हुन नसकी काठमाडौँ पठाइयो। श्रेष्ठलाई अस्पतालले ०६३ वैशाख ६ गते डिस्चार्ज गऱ्यो। सरकारको ०६३ असोज ३ गतेको निर्णय अनुसार घाइते कपालीले ४ लाख ५० हजार क्षतिपूर्ति पाए।

ललितपुर कालेश्वर-६ निवासी २२ वर्षीय राजकुमार दाहाल ०६२ चैत २८ गते सुरक्षाकर्मीले आईटी पार्कअगाडि हानेको गोली लागी घाइते भएकोमा स्थानीय अस्पतालमा उपचार गरियो। पनौतीबाट आएका प्रदर्शनकारीलाई रोक्न सुरक्षाकर्मीले गोली हानेका थिए।



जनआन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा मारिएका शिवहरि कुँवर

विस्फोटमा घाइते

चलाल गणेशस्थान गाविस-१ डाँडागाउँ निवासी ११ वर्षीय हरिशरण श्रेष्ठ ०६२ माघ २७ गते दिउँसो मलखादमा माओवादीले छाडेको बेवारिसे सकेट बम विस्फोट हुँदा घाइते भए। सरस्वती निमावि पार्थलीमा कक्षा १ मा अध्ययनरत श्रेष्ठ मल लिएर बारीमा खन्याउँदा विस्फोटमा परेका थिए। घाइतेको पेटमा गम्भीर चोट पुगेकाले शिरमेमोरियल अस्पतालमा उपचार गरियो। पीडितसँग माओवादी सेक्रेटरी सूर्यमान दोङले माफी मागे।

नाग्रेगगर्चे गाविसको खाँडदेवी मावि किल्पुमा चार कक्षामा अध्ययनरत १४ वर्षीय पुलकाजी प्रधान र तिमाल बोल्देफेदिचे गाविस-२ निवासी १४ वर्षीय कार्साङ लामा ०६२ माघ २९ गते बनेपा नपा-१० स्थित रातो पुलमुनि माओवादीले छाडेको प्रेसर कुकरबम विस्फोट हुँदा गम्भीर घाइते भए। घाइतेको बनेपास्थित शिरमेमोरियल अस्पतालमा उपचार गरियो।

बेखसिम्ले गाविस-५ निवासी ३६ वर्षीय हरिबहादुर पहरीको ०६३ असार ९ गते आफ्नै बारीको बुट्यान उखेल्दा बेवारिसे बम विस्फोट भई देब्रे आँखा फुट्नुका साथै खुट्टामा चोट लाग्यो। ०६२ चैत २४ गते सिन्धुपाल्चोकको ठोकर्पा भिडन्तमा भाग्दै गरेका माओवादीले घाँसको बुट्यानमा सकेट बम फ्याँकी हिँडेका थिए। विस्फोटले उनको देब्रे आँखाको नानीमा चोट लागी ज्योति गुम्नुका साथै दाहिने पिडुँलामा चोट लाग्यो। घाइतेको काठमाडौँमा उपचार गरियो।

छत्रेबाँझ गाविस-६ दारेगौँडा निवासी ११ वर्षीया अष्मिता तिमल्सिना, ८ वर्षीया सुष्मिता तिमल्सिना र फूलबारी गाविस-३ निवासी १५ वर्षीय दीपक लामिछाने ०६३ वैशाख २० गते माओवादीले बारीमा गाडेको प्रेसरकुकर बम विस्फोट हुँदा घाइते भए। घाइतेहरूको सैनिक अस्पताल छाउनीमा उपचार गरियो।

सिपालीचिलाउने गाविस-७ निवासी १२ वर्षीय विजय उप्रेती ०६३ असोज १५ गते सिसाखानी गाविस-४ स्थित लामाबगरमा माओवादीले बेवारिसे अवस्थामा छोडेको सकेट बम विस्फोटमा परी घाइते भए। उप्रेतीलाई काठमाडौँ लगेर उपचार गरियो। उनको आँखा र गालामा बमको छर्रा लागेको थियो।

जेल र बन्दी

धुलिखेलमा रहेको जिल्ला कारागार शाखा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	५	१	६	६	३१			३१	३	५			५
घाइते					८	३१	३	६	३०	४	१०			१०
गिरफ्तारी/यातना										१५	३३			३३
कुटपिट	५	३	३	५	१०	१३			१३	१३	३६			३६
धम्की	१	१		१	५	५		३९	४४	३	६			६
भेला/संगठित हुने अधिकार										३	१		५०	५१
महिलाअधिकार	५		६	६						१		१		१
बालअधिकार	३		३	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					५	५			५					
अपहरण	१		१	१	३०	३४	६		३१					
जम्मा	३०	८	१३	३१	५४	८८	९	४६	१४३	४०	६३	१	५०	१३३

राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तवेलाको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। सम्वत १९६० मा जेलको रूप दिइएको यो कारागार 'घ' श्रेणीमा पर्दछ। बन्दी क्षमता ६१ रहेको यस कारागारमा हाल कैदी ४१ जनासहित ७७ जना बन्दी छन्।

जेलका कूल १७ ओटा कोठामध्ये १५ ओटा साना छन्। बन्दीहरूका लागि सात ओटा शौचालयको व्यवस्था छ। बाहिर र भित्र गरी चारओटा धारा छन्। कारागारमा चर्पीको मर्मत र भवन जिर्णोद्धार गर्नुपर्ने देखिन्छ। जेलमा नियमित स्वास्थ्यपरीक्षणको व्यवस्था छैन तर बिरामी भएको अवस्थामा डाक्टरद्वारा परीक्षण हुने र डाक्टरको सिफारिसमा जेलरले औषधीहरू ल्याइदिने गरेको पाइन्छ। गम्भीर अवस्थाको बिरामी हुँदा काठमाडौँको बीर अस्पताल, शिक्षण अस्पताल र धुलिखेल अस्पतालमा उपचारका निम्ति पठाइने गरिएको छ। बन्दीहरूलाई कारागार शाखाले रेडियो, पत्रपत्रिका, खेलकुद सामग्री र तीन ओटा टीभी उपलब्ध गराएको छ। बन्दीहरूका लागि वर्षमा दुई जोर कपडा, दुई वर्षमा एकपटक सिरक, डस्ना, तकिया, तन्ना, गुन्द्री उपलब्ध गराइन्छ।

बन्दीहरूले ०६३ वैशाख २५ गते प्रधानमन्त्रीलाई पत्र लेखी आफूहरूलाई सामुहिक रुपमा मुक्त गर्न आग्रह गरे। पत्रमा झूटा मुद्दा खारेज गरी सामूहिक रूपमा राजबन्दीको रिहाइ गर्नुपर्ने र नजरबन्दमा रहेकाहरूलाई गिरफ्तार गर्दा सेना र प्रहरीले जफत गरेका नगद तथा जिन्सी फिर्ता गर्नुपर्ने माग थियो। बन्दीहरूले ०६३ जेठ ७ गते प्रधानमन्त्री र माओवादीका अध्यक्ष प्रचण्डलाई पत्र लेखी नेपाल राज्यभित्रका सम्पूर्ण कारागार खाली गराई जेलका ठाँउमा विद्यालय खोल्न आग्रह गरे। ०६३ असार ५ गतेबाट दिनको दुई पटक गरी एक घण्टा नाराजुलुस गर्दै आममाफीको माग गर्दै आएका बन्दीहरूले ०६३ असार १३ गते पत्रकार सम्मेलन गरी आफ्ना भनाई राखे।

बेपत्ता/अपहरण

माओवादीबाट

ओखलढुङ्गा जिल्ला रातमाटे गाविस-३ निवासी रुद्रध्वजगण पनौती बेसक्याम्पमा कार्यरत १९ वर्षीय सैनिक जवान शिव राउतलाई ०६२ माघ २४ गते माओवादीले पनौतीबाट अपहरण गरेकोमा ०६२ फागुन ५ गते इन्सेकको पहलमा बिनाशर्त मुक्त भए। पीडितलाई फागुन ५ गते साँझ रुद्रध्वज गणका कर्णेल विनोदजङ राणालाई बुझाइयो।

कटुञ्जे गाविस-४ निवासी २० वर्षीय दावा घलान र सिपालीचिलाउने गाविस-२ निवासी १७ वर्षीया सानुमाया लोप्चनबीच ०६२ माघ १८ गते प्रेमविवाह भएकोमा माओवादीले उमेर नपुगेको केटीसँग विवाह गरेको भनी माघ २९ गते रोशीपुलको लास्कोटबेसीमा लुगा धोइरहेको



दोहोरा भिडन्तमा मारिएकका सर्वसाधारण धर्मदास श्रेष्ठ

अवस्थामा दुवैलाई अपहरण गरे। दावा घलान फागुन ५ गते भागेकाले फागुन २२ गते माओवादीले महिलालाई घरमा लगी बुझाए। दावा केही समयपछि परिवारको सम्पर्कमा आए।

भक्तपुर जिल्ला नगरकोट गाविस-९ गड्गडे निवासी ३१ वर्षीय पञ्चमाया स्याङ्तानलाई ०६२ फागुन ३ गते माओवादीले पनौती बसपार्कबाट अपहरण गरी लगेकोमा फागुन १४ गते मुक्त गरे। तामाङ परम्पराअनुसार रक्सी बोकेर भुमेडाँडास्थित आफन्तको घरमा जाँदै गर्दा माओवादीले अपहरण गरेका थिए। पीडित दाप्चाबाट भागेर परिवारको सम्पर्कमा पुगिन्।

साल्मेचाकल गाविस-८ निवासी कृष्ण खुलाललाई ०६२ चैत १ गते माओवादीले घरबाट अपहरण गरेकोमा वैशाख २० गते मुक्त भए। एमालेका खुलाललाई बाबुको जीउनी खाएको आरोपमा माओवादीले अपहरण गरेका पीडितलाई कुटपिट गरी दुई महिना श्रमशिविरमा राखियो।

पोखरीनारायणस्थान गाविस-५ ठूलोगिम्दी निवासी ४५ वर्षीय दीर्घसिंह लामालाई बलात्कार गर्न खोजेको आरोपमा ०६२ चैत १७ गते माओवादीले अपहरण गरेकोमा वैशाख १८ गते मुक्त गरे। पीडितलाई चैत २३ गते माओवादीले गाउँमा ल्याएर जुत्ताको माला लगाई मोसो दलेर गाउँ घुमाएका थिए।

नाल्दुम गाविस-५ निवासी ५४ वर्षीय अर्जुन बस्ताकोटीलाई ०६३ वैशाख २३ गते माओवादीले अपहरण गरेकोमा ०६३ वैशाख २८ गते मुक्त गरियो।

खहरेपाँगु गाविस-३ पाँगुबेसी निवासी ३६ वर्षीय कृष्णसिं तामाङलाई माओवादीले ०६३ वैशाख २७ गते काठमाडौँबाट अपहरण गरी काभ्रे ल्याएकोमा इन्सेक प्रतिनिधिको पहलमा ०६३ पुस १६ गते मुक्त भए। पीडितलाई घरबाट हिँडडुल गर्न नपाउने गरी माओवादीले नौ महिनासम्म घरमै राखेका थिए।

मङ्गलटार गाविस-८ रजबास निवासी २७ वर्षीय केशवप्रसाद रेग्मीलाई ०६३ जेठ ८ गते माओवादीले अपहरण गरी नार्केबजारमा ल्याएर कुटपिट गरे। रेग्मी ०६३ जेठ ११

गते माओवादीबाट फुत्किएर सदरमुकाम आए। माओवादी छाडी बसेका रेग्मीका अनुसार गत वर्ष रजबासमा सेनाले माओवादी मारेको घटनामा सुराकी गरेको, माओवादी कार्यकर्तालाई पार्टी त्याग्न प्रेरित गरेको र नार्केको बाटो बनाउँदा स्थानीय जनसरकारको अनुमति नलिएको जस्ता आरोप लगाइयो।

भक्तपुर जिल्ला चितापोल गाविस-४ कार्कीगाँउ निवासी २६ वर्षीया शिक्षिका नगिना कार्कीलाई ०६३ जेठ २४ गते माओवादीले लोटस बोडिङ स्कुलबाटै अपहरण गरी ०६३ जेठ २६ गते पनौतीबाट मुक्त गरे । अपहरणमा संलग्न मोरङ जिल्ला राजघाट गाविस-७ भाटेपुल निवासी ३२ वर्षीय सुन्दर श्रेष्ठ र उनकी पत्नी विमला श्रेष्ठलाई स्थानीय व्यक्तिहरूको अगाडि माफी माग्न लगाई आइन्दा यस्तो गतिविधि नगर्ने सर्तमा छाडियो।



सेनाको गोलीद्वारा मारिएका माओवादी कार्यकर्ता चतुरमान तामाङ

मङ्गलटार गाविस-५ निवासी २९ वर्षीय जगदीश बडाल र कुरुवास चापाखोरी गाविस-४ निवासी २७ वर्षीय शान्तदेव पन्तलाई नक्कली माओवादीको आरोपमा ०६३ असार १ गते माओवादीले अपहरण गरी चरम यातना दिए। यातनाबाट घाइते बडाललाई असार ५ गते माओवादीले नै बनेपाको शिरमेमोरियल अस्पतालमा छाडी हिँडे भने शान्तदेवलाई तीनमहिने श्रमशिविरपछि असोज १ गते मुक्त गरे।

उग्रतारा जनागाल गाविस-१ निवासी १९ वर्षीया सुमी खड्कालाई विकास खड्कासँग बहुविवाह गरेको आरोपमा ०६३ असार ७ गते माओवादीले अपहरण गरी साउन २ गते मुक्त गरे। माओवादीले सुमीलाई अपहरण गरी उनकी सौता जानुकाको माइतीघर रविओपीमा राखे। माओवादीले जानुकालाई आधा अंश दिलाएर छुट्टै राख्ने निर्णय सुनाए।

खनालथोक गाविस-५ निवासी ४६ वर्षीय जनक मावि भकुन्डेबेसीका शिक्षक टीका खनाललाई ०६३ साउन १० गते साँझ माओवादीले अपहरण गरेकोमा इन्सेक प्रतिनिधिको पहलमा भोलिपल्ट दिउँसो मुक्त भए। खनालको घरमा काम गरी बस्ने सिन्धुलीका ४७ वर्षीय रामबहादुर रायमाझीलाई चोरीको आरोपमा थुनाएको भनी माओवादीले अपहरण गरेका थिए। मानवअधिकारकर्मी र पत्रकारको टोली भोलिपल्ट पीडितको घरमा पुगेपछि माओवादीले शिक्षक खनाललाई घरमै ल्याए भने रायमाझीलाई प्रहरीले रिहा गरे।



दोहोरो भिडन्तमा गोली लागी घाइते भएका सर्वसाधारण विकास कार्की

च्यासीङ्खर्क गाविस-८ निवासी नेपाली सेनाका सिपाही सुवर्ण लामालाई घर जाँदै गर्दा सुराकीको आरोपमा ०६३ भदौ १४ गते माओवादीले ढुङ्खर्क गाविस-९ को पार्थलीबाट अपहरण गरेकोमा भोलिपल्ट स्थानीय व्यक्तिहरूको रोहबरमा मुक्त गरे।

मादनकुँडारी गाविस-३ निवासी २५ वर्षीय चन्द्र लामा र २३ वर्षीय रूपलाल लामालाई चोरीको आरोपमा ०६३ भदौ २७ गते माओवादीले घरबाट अपहरण गरेकोमा एक हप्तापछि मुक्त भए।

पाँचखाल गाविस-६ तामाघाट निवासी ३५ वर्षीय नारायण दनुवारलाई नक्कली माओवादीको आरोपमा ०६३ असोज ८ गते विहान माओवादीले अपहरण गरी गोडा बाँधेर पैताला, तिघ्रा र पिठ्युँमा लौराले कुटपिट गरे। पीडितलाई माओवादीले तीनपिप्ले बजारमा ल्याई कुटपिट गरेका थिए। चार दिनपछि 'निर्दोष देखिएको' भन्दै अन्तिममा माफी माग्दै माओवादीले पत्नीको जिम्मामा मुक्त गरे।

डराउनेपोखरी गाविस-८ निवासी ६८ वर्षीय बद्रीप्रसाद हुमागाँई, उनको पत्नी सावित्रा हुमागाईं र शिक्षिका कल्पना दाहाललाई रकम हिनामिना गरेको आरोपमा ०६३ कात्तिक २९ गते विहान माओवादीले घरबाटै अपहरण गरेकोमा महिलाहरूलाई भोलिपल्ट र बद्रीलाई मङ्सिर १ गते दिउँसो अधिकारकर्मीहरूको रोहबरमा मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की र कुटपिट

राज्यबाट

बनेपा नपा-४ निवासी २८ वर्षीय प्रकाश दाहाललाई ०६२ चैत २५ गते दिउँसो बनेपा पुलबजारमा इलाका प्रहरी कार्यालय बनेपाका इन्स्पेक्टर रामप्रसाद घर्तीमगरसहितको टोलीले मजदुरहरूलाई कुट्दै गरेको तस्विर लिएको भनी धम्की दिए। प्रहरीले आन्दोलनमा देखेको खण्डमा गोली हानी मारिदिन्छु भन्ने धम्की दिएकाले राति असुरक्षित महसुस गरी घर छाडेर अन्यत्र बसेको पीडितको भनाइ छ।

बिर्तादिउरालीका १७ वर्षीय मानबहादुर तामाङ ०६२ चैत २७ गते प्रहरीले धुलिखेल सरस्वतीबजारमा गरेको लाठीचार्जबाट घाइते भएकोमा धुलिखेल अस्पतालमा उपचार गरियो।



बम विस्फोटमा परी घाइते भएका हरिशरण श्रेष्ठ, कर्साङ लामा, पुलकाजी प्रधान र हरिबहादुर पहरी

सिन्धुली जिल्ला खनियापानी गाविस निवासी ३५ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई बनेपा नपा-६ स्थित डेरामा ०६२ चैत २७ गते दिउँसो प्रहरीहरू पसेर कुटपिट गरे। स्थानीय राधाकृष्ण मानन्धरको घरमा डेरा गरी बस्ने श्रेष्ठपरिवार फुटपाथमा मकै-भटमास बेची जीविकोपार्जन गर्छन्। प्रहरी आएको देखेर घरबेटीको कोठामा लुक्न गएका उनलाई प्रहरीले त्यहीँ गएर कुटेका थिए।

पनौती नपा-५ निवासी २५ वर्षीय अनन्त रञ्जित र घर्तीछाप गाविस-८ निवासी २२ वर्षिय रमेश मगरलाई ०६२ चैत २७ गते बनेपा नपा-६ को चैतन्य क्याम्पसपरिसरमा प्रहरीले लाठी प्रहार गर्दा हात भाँचियो। जनआन्दोलन उपचार सहयोग समितिको सहयोगमा उनीहरूको उपचार भयो।

श्यामपाटी गाविस-३ निवासी ३० वर्षीय रामशरण भण्डारी र शारदाबतासे गाविस-७ निवासी ३२ वर्षीय हरिशरण धिमाल ०६२ चैत २७ गते धुलिखेलको सरस्वतीबजारमा भएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट सामान्य घाइते भए।

धुलिखेल नपा-६ निवासी कानुन व्यवसायी विष्णुप्रसाद सापकोटा ०६२ चैत २७ गते धुलिखेलको प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट सामान्य घाइते भए।

सर्लाही जिल्ला घर भई बनेपामा मजदुरी गर्ने १७ वर्षका सुनील मुस्लिम, १८ वर्षका अनवर मुस्लिम, १३ वर्षका चमरूद्दीन मुस्लिम, १५ वर्षका सदाम मनसुर र २१ वर्षका इसराइल मनसुरलाई ०६२ चैत २९ गते प्रहरीले कुटपिट गरे।

दोलखा जिल्ला नाम्दु गाविस-७ निवासी २३ वर्षीय प्रेमराज श्रेष्ठ, २९ वर्षीय युवराज घिमिरे, फूलबारी गाविस-६ निवासी १९ वर्षीय शिवहरि कुइँकेल, महेश्वर पराजुली र कटुञ्जे गाविस-२ निवासी १८ वर्षीय श्रीकृष्ण प्याकुरेललाई ०६२ चैत २९ गते प्रहरीले बिहान बनेपा, गोदामचोकस्थित चित्रबहादुर बस्नेत र ज्ञानकाजी श्रेष्ठको घरभित्रै पसेर कुटपिट गरे।

माओवादीबाट

बनेपाको प्रर्दशनमा विद्यार्थी नेताहरूलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय लगेपछि ०६२ माघ ७ गते तस्बिर खिच्न गएका कान्तिपुर दैनिकका संवाददाता खुमानसिं तामाङ र अन्नपूर्ण पोष्ट दैनिकका संवाददाता राजकुमार पराजुलीलाई प्रहरीले दुर्व्यवहार गर्नुका साथै छातीमा बन्दुक तेर्साएर ज्यानमार्ने धम्की दिए। सञ्चारकर्मीहरूले विरोध गरेपछि इन्सपेक्टर रामप्रसाद घर्तीमगरले माफी मागे पनि कारवाही भएन।

माओवादी धम्कीका कारण काभ्रेका ३९ गाविस सचिवले स्थानीय विकास मन्त्रालयमा ०६२ माघ १४ गते संयुक्त राजीनामा दिए। माओवादीले ०६२ माघ ४ गते प्रेसविज्ञप्तिमार्फत् जिविस र गाविसका सम्पूर्ण पदाधिकारीलाई राजीनामा गर्न १० दिनको अल्टिमेटम दिए। संयुक्त रूपमा दिएको राजीनामापत्रमा ३९ गाविसका सचिवले हस्ताक्षर गरे। राजीनामा दिएपनि उनीहरूले काम गरिरहे।

मध्यमार्ग साप्ताहिकका सम्पादक प्रदीप केसीलाई जिविस सभापति यदुमन शाहले ०६२ चैत १८ गते ज्यान मार्ने धम्की दिए।

पनौती नपा निवासी मनोज ताम्राकारलाई रक्सी खाएको आरोपमा ०६३ जेठ २१ गते माओवादीले दिनभर बाँधेर कुटपिट गरी ७ हजार ५ सय रुपैयाँ असुले।

बनेपा नपा-५ निवासी जनआन्दोलनमा घाइते २२ वर्षीय विक्रम कपालीलाई ०६३ साउन १५ गते बेलुकी माओवादीले कुटपिट गरे। कुटपिटको समाचार प्रकाशमा आएपछि साउन १७ गते दिउँसो पिछा गर्दै कपालीलाई माओवादीले 'कुटेको होइन' भन्न दबाब दिए। कपालीसँगै माओवादीले बनेपाका रुसब केसी, अनीश प्रजापति र कृष्णमान मानन्धरलाई पनि कुटपिट गरे।

काभ्रेबाट प्रकाशित चेष्टा साप्ताहिकका कार्यकारी सम्पादक रामशरण बजगाईंलाई ०६३ साउन १७ गते राति १० बजे माओवादीका भोला अर्यालले पत्रिकामा प्रकाशित समाचार जनअदालतमा पुष्टि गर्न फोन गरेर धम्की दिँदै बयानका लागि बोलाए।

शङ्खुपाटीचौर गाविस-४ दाहालटारस्थित जनजागृति प्राविबाट गोली हान्ने धम्की दिँदै माओवादीका सन्च तामाङ शिक्षक राजेन्द्र श्रेष्ठसँग ०६३ साउन १९ गते तीस हजार रुपैयाँ चन्दा लिए। टेलिफोनमार्फत् गाउँदेखि पन्ध्र किलोमिटर टाढा कामीडाँडामा पैसा पुऱ्याउन नआए गोली

हान्ने धम्की दिएकाले स्थानीय शिवप्रसाद आचार्य रुँदै इन्सेक प्रतिनिधिको कार्यालयमा आए। पत्रकार र मानवअधिकारकर्मीलाई घटनाको जानकारी गराएको भन्दै माओवादीले स्थानीय केशवप्रसाद आचार्यलाई धम्क्याएपछि उनी भागेर एक महिनासम्म काठमाडौँमा विस्थापित भए।

इन्सेक काभ्रेका प्रतिनिधि भोजराज तिमल्सिनालाई रिपोटिङका क्रममा ०६३ असोज २९ गते बेलुकी माओवादीका जिल्ला जनसरकार उपप्रमुख सुरेश भनिने सानुलीला श्रेष्ठले दुर्व्यवहार गरे। दुर्व्यवहारको विरोध गर्दै अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) का अध्यक्ष सुबोधराज प्याकुरेलद्वारा ०६३ कात्तिक १ गते जारी विज्ञप्तिमा शान्ति प्रक्रिया बिथोल्ने यस्ता क्रियाकलापको भर्त्सना गर्दै घटनामा संलग्न कार्यकर्तालाई तत्काल कारवाही गरी त्यसको सार्वजनिक जानकारी गराउन माओवादी नेतृत्वलाई आग्रह गरियो। माओवादीका नेता अग्नि सापकोटाले घटनाले आफूहरू दु:खित भएको बताए।

गैरकानूनी गिरफ्तारी

नारायणस्थान गाविस-४ निवासी २३ वर्षीय पञ्चक लामालाई नागरिकता हराएकाले प्रतिलिपि लिन आउँदा माओवादीको आरोपमा ०६२ माघ ४ गते सुरक्षाकर्मीले बिनापूर्जी गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन २ गते रिहा गरियो।

दोलखा जिल्ला सुस्पाक्षमावती गाविस-७ निवासी २६ वर्षीय रवि थामीलाई माओवादीको आरोपमा ०६२ माघ ५ गते सुरक्षाकर्मीले धुलिखेल बसपार्कबाट बिना पूर्जी गिरफ्तार गरेकोमा ०६३ जेठ १ गते धुलिखेल कारागारबाट रिहा भए।

सिन्धुपाल्चोक जिल्ला कर्थली गाविस-१ दुरुमथली निवासी २० वर्षीय अमृत भनिने विष्णु तामाङ ०६२ फागुन २२ गते सुरक्षाकर्मीद्वारा धुलिखेलको आस्था गेस्टहाउसबाट बिना पूर्जी गिरफ्तारीमा परेकोमा इन्सेक प्रतिनिधिको पहलमा ०६३ जेठ ३ गते रिहा भए।

सिपालीचिलाउने गाविस-१ निवासी १७ वर्षीय अभय भनिने जीतबहादुर तामाङलाई ०६२ फागुन २७ गते सेनाले पाँचखाल केराघारीबाट बिनापूर्जी गिरफ्तार गरेकोमा इन्सेक प्रतिनिधिको रोहबरमा ०६३ जेठ ७ गते रिहा भए। जीतबहादुरलाई सेनाले विभिन्न ब्यारेकमा राख्दै ०६२ चैत १७ गतेबाट धुलिखेल जेलमा नजरबन्दमा राखिएको थियो।

ढुङ्खर्क गाविस-४ निवासी अकिला भनिने १७ वर्षीय परमेश्वर थापामगरलाई ०६२ चैत १२ गते सुरक्षाकर्मीले पनौती बसपार्कबाट बिना पूर्जी गिरफ्तार गरे। धुलिखेल कारागारमा नजरबन्दमा राखिएका मगरलाई वैशाख १७ गते रिहा गरियो।

बुढाखानी गाविस-७ निवासी १७ वर्षीय सुशील मगरलाई ०६२ चैत १२ गते सुरक्षाकर्मीले बिनापूर्जी गिरफ्तार गरेकोमा चैत २३ गते धुलिखेल कारागारबाट मुक्त भए।

गोठपानी गाविस-८ निवासी २० वर्षीय दीपक गौतम, बल्थली गाविस-६ निवासी २२ वर्षीय विपिन लामा, वालुवा-७ निवासी २२ वर्षीय गणेश लुइँटेल, उग्रचण्डी गाविस-९ निवासी १८ वर्षीय सञ्जीव दहाल, मेथिनकोट गाविस-५ निवासी १८ वर्षीय रवीन्द्र भुर्तेललाई ०६२ चैत २४ गते सुरक्षाकर्मीले बनेपा नपा-५ स्थित डेराबाट गिरफ्तार गरे। गिरफ्तार गरिएका विद्यार्थीलाई तीन महिने पुर्जी दिएर धुलिखेल कारागार चलान गरिएकोमा गौतम र लामा ०६३ वैशाख ७ गते, दाहाल र भुर्तेल ०६२ चैत ३१ गते र लुइँटेल ०६३ वैशाख ३ गते रिहा भए।

काभ्रे गाविस-१ निवासी २३ वर्षीय विनोद बस्नेतलाई जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले परिवार नियोजन हल नजिकैबाट गिरफ्तार गरेकोमा ०६३ वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयबाट धरौटीमा रिहा भए। अनेरास्ववियू काभ्रेका कोषाध्यक्ष बस्नेतलाई गिरफ्तारपछि बनेपाका इन्सपेक्टरले मुखबाट रगत आउने गरी कुटेको बताए।

कात्तिकेदेउराली गाविस-९ निवासी १८ वर्षीय नवीन चौँलागाईंलाई माओवादीको आरोपमा ०६२ चैत २६ गते सेनाले बनेपा नपा-१० चारदोबाटोबाट गिरफ्तार गरी धुलिखेल कारागारमा राख्यो। पीडित माओवादी नभएको भन्दै अधिकारीहरूले विरोध गरेपछि ०६३ वैशाख ८ गते रिहा भए। उनलाई सेनाले कुटपिट गरेको थियो।






सुरक्षाकर्मीको लाठी प्रहारबाट घाइते भएका विक्रम कपाली, कान्छो भण्डारी, मानबहादुर तामाङ, मुकेश कायस्थ

बनेपा नपा-६ निवासी ४५ वर्षीय राधाकृष्ण मानन्धर र २५ वर्षीय सिद्धार्थ मानन्धरलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा भए।

काठमाडौँ जिल्ला भीमढुङ्गा गाविस-६ नाम्दु निवासी २८ वर्षीय देवराज लुइँटेललाई ०६२ वैशाख २९ गते सेनाले मङ्गलटार गाविस-८ रजबासबाट बिना पूर्जी गिरफ्तार गरेकोमा सर्वोच्च अदालतको आदेशमा ०६३ जेठ १२ गते धुलिखेल कारागारबाट रिहा भए। सर्वोच्च अदालतले जेठ ११ गते 'नजरबन्दमा रहेको व्यक्तिलाई छोडेको भनी अदालतलाई झूटो विवरण दिएर हातहतियार खरखजना मुद्दा लगाएर बदनियतपूर्ण काम गरेकाले बन्दीलाई जिल्ला अदालतको रोहबरमा रिहा गर्न' आदेश दिएको थियो।

दोलखा जिल्ला झ्याकु गाविस-५ फलाटे निवासी २२ वर्षीय शङ्कर भनिने मीनबहादुर तामाङलाई ०६२ फागुन २७ गते सेनाले बिना पूर्जी गिरफ्तार गरेकोमा ०६३ जेठ ७ गते इन्सेक प्रतिनिधिको रोहबरमा रिहा भए। पाँचखाल केराघारीबाट गिरफ्तार गरी सेनाले पीडितलाई विभिन्न ब्यारेकमा राख्दै ०६२ चैत १७ गतेदेखि धुलिखेल कारागारमा नजरबन्दमा राखेको थियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

काङ्ग्रेसका शिव हुमागाईं, दीपक पौडेल, भोला नेपाल, केशव तिमल्सिना, रमेश घिमिरे, एमालेका दीपक गौतम, नविन चौलागाईं, हीरामान लामा, यादव कोइराला, काङ्ग्रेस (प्रजातान्त्रिक) का राममणि तिमल्सिनालाई ०६२ माघ १३ गते प्रहरीले विरोध प्रदर्शन र निषेधित क्षेत्र अवज्ञा कार्यक्रमबाट बिना पूर्जी गिरफ्तार गरे। प्रहरीले धरपकड गर्दा काङ्ग्रेसका रमेश घिमिरे घाइते भएर प्रहरीले धुलिखेल अस्पतालमा उपचार गरायो। सोही दिन एमालेका रामहरि सुवेदी, काङ्ग्रेसका केदारबहादुर भण्डारी, विष्णुप्रसाद बन्जारा र श्रीप्रसाद बन्जारालाई बिना पूर्जी गिरफ्तार गरी हिरासतमा लियो। पनौतीमै दिउँसो भएको प्रदर्शनमा काङ्ग्रेस (प्रजातान्त्रिक) का निवर्तमान जिल्लासभापति इन्द्रमणि अधिकारी, एमालेका भीम न्यौपाने र तुयुकाजी ताम्राकार, काङ्ग्रेसकी चन्द्रलक्ष्मी ताम्राकार र विश्वेश्वर बन्जारालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गऱ्यो।

मेथिनकोट गाविस-२ निवासी दुर्गा चिमौरिया, खनालथोक गाविस-७ निवासी विमल खनाल, कृषिविकास बैङ्कका कर्मचारी फूलबारी गाविस-६ निवासी ४२ वर्षीय देवीप्रसाद शर्मा, खनालथोक गाविस-५ का आत्मराम खनाललाई सेनाले ०६३ वैशाख ३ गते कठालोमा समातेर दुर्व्यवहार गरे।

मेथिनकोट गाविस-८ निवासी एमालेका ४७ वर्षीय उद्धव काफ्लेलाई ०६३ वैशाख ४ गते ९ नम्बर बाहिनी भकुन्डेका मेजर कृष्णध्वज थापाले दिउँसो बजार आएका बेला समातेर दुर्व्यवहार गरे।

कुशादेवी गाविस-४ निवासी एमालेका २० वर्षीय दीपक सापकोटा ०६२ चैत २८ गते बनेपा र पनौतीबीचको आईटीपार्कअगाडि सुरक्षाकर्मीले गरेको लाठीचार्जबाट घाइते भएकाले शिरमेमोरियल अस्पतालमा उपचार गरियो।

कुशादेवी गाविस-७ निवासी २३ वर्षीय सुमन हुमागाईं, कुशादेवी गाविस-८ निवासी ४० वर्षीय रामकृष्ण हुमागाईं र पनौती नपा-१ निवासी २१ वर्षीय गगन प्रधान ०६२ चैत २८ गते प्रहरीले आइटीपार्क नजिक गरेको लाठीचार्जबाट घाइते भए। पीडितको स्थानीय मेडिकलमा उपचार गरियो।

भूमेडाँडा गाविस-१ निवासी ४६ वर्षीय कुमार लामिछाने ०६२ चैत २८ गते बनेपा आउने क्रममा आईटीपार्कअगाडि प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए। लामिछानेको देब्रे हातका औँलाहरू फुटेकाले पनौतीको मेडिकलमा उपचार गरियो।

पनौती नपा-१० निवासी कान्छो भण्डारीको ०६२ चैत २८ गते बनेपा र पनौतीबीचको आईटीपार्कअगाडि प्रहरीको कुटपिटबाट टाउको फुट्यो। यही घटनामा कुशादेवीका भीम न्यौपाने, इन्दिरा भुजू, सन्देश भुजू, उद्धव अधिकारी, सियम अधिकारी, विवेक अधिकारी, ध्रुव हुमागाईं, गोकुल सापकोटा, साधुराम हुमागाईं, राजन अधिकारी, पशुपति घिमिरे, बाबुराम गौतम, पनौतीका सप्तकाजी बुद्धाचार्य, विश्वेश्वर बन्जारा, रञ्जित श्रेष्ठ, बद्रीप्रसाद भट्टराई, पुष्कर सुवेदी, रत्नमुनि शाक्य, गोपालबहादुर केसी, गोपाल तिमल्सिना, सालधाराका भुपाल रानामगर, चलाल गणेशस्थान-९ निवासी सन्देश प्रधान, बल्थलीका मुकुन्द अर्याल, खोपासीका उत्तम महत र शारदाबतासेका विदुर हुमागाईंले प्रहरीको कुटाइमा परे।

बनेपा नपा-११ बुडोल निवासी राजु केसी ०६२ चैत २९ गते प्रहरीको लाठीप्रहारबाट घाइते भएकाले शिरमेमोरियल अस्पताल बनेपामा उपचार गरियो। सोही घटनामा प्रहरीले घरभित्रै पसेर कुटपिट गर्दा बनेपा नपा-२ निवासी सरोज धौभडेल सामान्य घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा यस वर्ष दर्ता भएका १ सय ३५ ओटा र गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी १ सय ५१ ओटा देवानी मुद्दा फस्यौट भए। फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका ७८ ओटा समेत गरी ८४ ओटा फर्स्यौट भए। सरकारवादी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएको ३७ ओटा मध्ये ४६ ओटा फर्स्यौट भए। यसरी गत

वर्षको जिम्मेवारी सरेर आएका र यो वर्ष दर्ता भएका २ सय ५० ओटा मुद्दामा कूल २ सय ८१ ओटा मुद्दा फस्यौट भए । यो वर्षको अन्त्यसम्म ५ सय ९५ ओटा मुद्दा फस्यौट हुन बाँकी रहे। तीमध्ये पाँच वर्ष नाघेका देवानी १२ ओटा र दुई वर्षभन्दा बढी समयका २ सय १० ओटा छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सर्स्यूंखर्क गाविस-४ निवासी अनेरास्ववियुका हीरामान लामाको ०६२ माघ १३ गते बनेपामा भएको सात दलको प्रदर्शनमा प्रहरीको कुटपिटबाट मेरुदण्ड भाँचियो। लामालाई उपचारका लागि ३९ दिन बनेपाको शिरमेमोरियल अस्पतालमा राखे पनि केही सुधार नभएपछि सिभिक्टको सहयोगमा काठमाडौँ जोरपाटीस्थित अपाङ्ग अस्पतालमा उपचार गरियो। ढाडको कारण उनको दायाँ खुट्टा चल्दैन। लामालाई नेपाल अर्थोपेडिक अस्पतालमा दुई महिना उपचार गरेपछि आरामका लागि घरमा लगियो। प्रदर्शनका बेला लामालाई प्रहरीले बनेपास्थित काभ्रे क्याम्पसपरिसरबाट गिरफ्तार गरी पिट्दै इलाका प्रहरी कार्यालय बनेपा लगेका थिए। यस विषयमा यातना तथा क्षतिपूर्ति ऐन-०५३ अन्तर्गत उपचारखर्चसहित क्षतिपूर्तिको माग गर्दै जनअधिकार संरक्षण मञ्च नेपालले जिल्ला अदालत धुलिखेलमा मुद्दा दायर गऱ्यो।

पनौती नपा-६ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४६ वर्षीय सुवर्णमान गोच्छे ०६२ माघ १३ गते नेपाल बन्दको दिन पनौती नपाको कार्यालयअगाडि प्रहरीले लखेट्दा छतबाट खसेर घाइते भए। पीडितको काठमाडौँ शिक्षण अस्पतालमा उपचार भयो।

चलाल गणेशस्थान गाविस-७ तिप्चोक निवासी ३२ वर्षीय मकरध्वज तामाङलाई माओवादीको आरोपमा ०६२ फागुन १२ गते दिउँसो सेनाले कुटपिट गरे। कुटपिटबाट गम्भीर घाइते मकरध्वजको बनेपास्थित शिरमेमोरियल अस्पतालमा पाँच दिनसम्म उपचार गरियो।

बालअधिकार

महादेवटार गाविस-१ निवासी माओवादीको सैन्यमा कार्यरत १२ वर्षीय सुजन श्रेष्ठ कायस्थ ०६२ फागुन २१ गते मङ्गलटारबाट माओवादीबाट मुक्त भए। उनी पाँच कक्षा पढ्दा पढ्दै छ महिनाअघि माओवादीको जनसेनामा लागेका थिए । माओवादीबाट मुक्त गरेर पीडितलाई इन्सेकमार्फत सिविनको बाल विकास केन्द्रमा राखियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

साँगा नासिकास्थान गाविसस्थित महेन्द्र माविको कक्षा ७ मा अध्ययनरत १५ वर्षीया छात्रा भावना भुजेलालाई बोक्सी लागेको भनी ०६३ भदौ २० गते लक्ष्मी सुवेदीले भक्तपुरको चितापोलस्थित आफ्नै घरमा चार घन्टासम्म सिस्नुपानी लगाएर त्रिशूलले हिर्काई यातना दिइन्। काम्ने रोगबाट पीडित भावनालाई परिवारले गाउँमै रहेकी गङ्गा माताकोमा पुऱ्याएपछि उनले बालिकालाई यातना दिएकी हुन्। पीडक मातालाई कुनै कारवाही भएन।

ढुङ्खर्क गाविस-६ निवासी ५४ वर्षीय रेवप्रसाद बास्तोलाले घरमा दुई पत्नी हुँदाहुँदै ०६३ असार १९ गते सोही ठाँउ बस्ने शिवप्रसाद तिमल्सिनाकी पत्नी २५ वर्षीया विन्दा तिमल्सिनालाई भगाएर बूढानीलकण्ठको नारायणस्थानमा लगी विवाह गरे। बास्तोलाका ४४ वर्षीया राधाकुमारी र ४२ वर्षीया कर्णकुमारी नाम गरेका पत्नी छन्। बास्तोलालाई युवाहरूले लुकेर बसेको ठाउँबाटै समाएर गाउँमा लगी मोसो दले। बास्तोलाले आफ्नो सम्पत्ति कानुनअनुसार सरोकारवालालाई दिने र आइन्दा गाउँमा नआउने घोषणा गरे।

जनागाल गाविस-९ निवासी २५ वर्षीय प्रदीप केसीले ०६३ कात्तिक ३० गते १८ वर्षीया सुशीला कुँवरसँग दोस्रो विवाह गरेको भनी जेठी पत्नी २४ वर्षीया चण्डिका थापाले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरी हिरासतमा २३ दिन राखेपछि उनीहरू धरौटीमा रिहा भए।

काभ्रे गाविस-९ निवासी ४० वर्षीया एक दलित महिलालाई ०६३ पुस ८ गते दिउँसो घरमा कोही नभएको अवस्थामा धुलिखेलस्थित देवीस्थान टावरमा सुरक्षार्थ खटिएका नेपाली सेनाका रुद्रध्वज गणमा कार्यरत दैलेख निवासी भक्तबहादुर शाहीले बलात्कार गरे। सुस्तमनस्थितिकी ती महिलालाई सादा पोसाकमा आएका सेनाले नजिकैको चिहानडाँडामा घिस्याएर लगी बलात्कार गरेका थिए। पीडितले पीडकलाई कारवाहीको माग गर्दै पुस १२ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरिन्। पीडकलाई हिरासतमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खरेलथोक गाविस-३ शिखरकटेरी घर भई देवभूमि बालुवा गाविस-९ सिम्ले निवासी ७८ वर्षीय ज्ञानीमान लामाको देवभूमि बालुवा गाविस-६ कर्केटारस्थित साबिक मोहनशमशेर जबराको नाममा मालपोत कार्यालय काभ्रेमा दर्ता भएको १ सय ५० रोपनी जग्गा ०६३ भदौ १७ गतेदेखि माओवादीले कब्जामा लिए। लामो समयदेखि कमाउँदै आएको उक्त जग्गाको जोताहा अस्थायी प्रमाणपत्रसमेत भएको अवस्थामा जग्गा मोही हकको स्थायी प्रमाणपत्रका लागि उनले जिल्ला भूमिसुधार कार्यालयमा निवेदन दिएका थिए।

देवभूमि बालुवा गाविस-९ जरेटार निवासी ४८ वर्षीय भीमबहादुर दनुवारले २१ वर्ष अघिदेखि कमाइ आएको

सोही गाविस-६ कर्केटारस्थित श्रीधरशमशेर राणा र मोहनशमशेर राणाको नाममा रहेको आँप बगैँचा माओवादीले ०६३ भदौ १७ गतेदेखि कब्जामा लिए।

संरचना क्षति

बनेपा नगरपालिका-२ मा रहेको वडा नम्बर १ र २ को संयुक्त वडा कार्यालय भवनमा ०६२ माघ ११ गते बेलुकी सवा ६ बजे माओवादीले बम विस्फोट गराउँदा कार्यालय तथा झ्यालका सिसाहरू फुट्यो।

विगतको अनुगमन

हत्या

राज्यबाट

पोखरीचौरी गाविस-४ रैकरटोल निवासी कर्णबहादुर रसाइलीले आफ्नी छोरी रीना रसाइलीलाई बलात्कार गरी हत्या गर्ने नौ नम्बर बाहिनी भकुन्डेका उपसेनानीसहितलाई कारवाहीको माग गरी ०६३ जेठ ११ गते जिल्ला प्रहरी कार्यालय काभ्रेमा मुद्दा दर्ता गरे। यस मुद्दामा सेनाले शेरगणका भगुवा अमल्दार काजी कार्कीले नमार्न भन्दाभन्दै पनि मारेको भनी प्रहरीलाई उत्तर दियो। जागृति माविमा कक्षा ७ मा पढ्ने वर्ष १७ कि रीना रसाइलीलाई सेनाले ०६० फागुन १ गते बिहान घरपछाडि लगेर गोली हानी हत्या गरेका थिए।

पोखरीचौरी गाविस-३ निवासी १७ वर्षीया सुभद्रा चौलागाईंलाई ०६० फागुन १ गते बिहान सेनाले सुतेको अवस्थामा उठाएर बलात्कार गरी हत्या गरेकाले दोषी सैनिकहरूलाई कर्तव्य ज्यानसम्बन्धी सजायको माग गरी मृतकका बाबु केदारनाथ चौलागाईंले ०६३ जेठ २५ जिल्ला प्रहरी कार्यालय काभ्रेमा मुद्दा दर्ता गरे। यस मुद्दामा सेनाले प्रहरीलाई देवान थापामगरको कमान्डमा गएको टोलीले हत्या गरेको उत्तर दियो। कात्तिकेदेउराली गाविस-७ को प्रभा उच्चमावि को कक्षा ९ मा अध्ययनरत सुभद्रालाई उठाएर आँगनमा ल्याई बलात्कार र यातनापछि गोली हानिएको थियो। स्थानीय प्रशासनले उनी माओवादी भन्दै वास्ता नगरेपछि गाउँलेको सहयोगमा सद्गद् गरिएको थियो।

फूलबारी गाविस-८ लकाइने निवासी ३५ वर्षीय हरि बोलखेलाई ०६० फागुन ४ गते हिरासतमा रहेको अवस्थामा सेनाले सर्चटोलीमा लगेर चलाल गणेशस्थान गाविस-१ मूलखोला मसानघाटनजिकैको पाखोमा गाडेकोमा ०६३ असार २१ गते राष्ट्रिय मानवअधिकार आयोगले लास उत्खनन गऱ्यो। आफ्नो छोरालाई हिरासतमा रहेको अवस्थामा सर्चटोलीमा लगेर मारेको भनी मृतकका बाबु पुष्पप्रसादले ०६३ कात्तिक १ गते सर्चटोलीका प्रमुख सेनानी बाबुराम थापा, तत्कालीन शत्रुमर्दन गुल्मका प्रमुख मेजर कृष्णध्वज थापा, सीआईडी प्रहरी खड्ग लामा र सर्चटोलीमा खटिएका सुरक्षाअधिकारी तथा जवानमाथि कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय काभ्रेमा मुद्दा दर्ता गरे। गृहमन्त्रालयले ०६१ असोज २५ गते सार्वजनिक गरेको एक सय २६ जनाको नाममा बोलखे वैशाख ८ गते छुटेकोमा मासिक तारेखमा नआएकाले ०६० पुस २४ गते समाती 'थुनामा रहेको' उल्लेख थियो।

माओवादीबाट

बनेपा नपा-६ निवासी माओवादीका ४१ वर्षीय राजभाइ रञ्जितलाई श्रमशिविरमा रहेको अवस्थामा ०६२ मङ्सिर १५ गते माओवादीले मकवानपुर जिल्लाको हात्तीसुँढेस्थित सेभी जङ्गलमा लगी यातना दिएर हत्या गरे। रञ्जितलाई सिन्धुपाल्चोकका शिव श्रेष्ठ भनिने माओवादी कमान्डरको नेतृत्वमा छ जनाले यातना दिएर हत्या गरेका थिए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक महिला सहित १६ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा डाँडागाउँ गाविस-२ निवासी २४ वर्षीय विशाल भनिने केनामसिं तामाङ, मङ्गलटार गाविस-७ निवासी २३ वर्षीय गौरव भनिने दावा लामा, खहरेपाँगु गाविस-३ निवासी ३४ वर्षीय रूपक भनिने तारामान तामाङ, पाँचखाल गाविस-९ तीनपिप्ले निवासी ३५ वर्षीय बिके भनिने बाबुकाजी श्रेष्ठ, मेच्छे गाविस-८ निवासी २६ वर्षीय लालकुमार भनिने कान्छामान तामाङ, पोखरीचौरी गाविस-९ निवासी २३ वर्षीय चन्द्रकुमार ढकाल, धुलिखेल नपा-३ निवासी २७ वर्षीय सगुन श्रेष्ठ, बितंदिउरालीका ३० वर्षीय उमेश सेढाई, मादनकुडारी निवासी ३३ वर्षीय बुद्धिबहादुर तामाङ र उग्रतारा जनागाल गाविस-६ निवासी २५ वर्षीय प्रकाश घिमिरे होक्से गाविस-५ निवासी २७ वर्षीय पाल्साङ तामाङ पोखरीचौरी गाविस-५ निवासी २४ वर्षीय नवीन गौतम, पोखरीचौरी गाविस-७ निवासी ३२ वर्षीया कमला शर्मा, श्यामपाटी गाविस-९ निवासी च्याङ्वा भनिने बखतबहादुर ब्लोन तामाङ, मेथिनकोट गाविस-२ निवासी २२ वर्षीय कृष्णनाथ चिमोरिया र उग्रचण्डी नाला गाविस-९ निवासी ३२ वर्षीय कुमार दाहाल रहेका छन्।

२.१४ भक्तपुर



जनसंख्या : २,५०,२२७
साक्षरता प्रतिशत : ७०.००
महिला साक्षरता प्रतिशत : ५५.००
क्षेत्रफल (वर्ग कि.मी.) : ११९
गाविस/नपा संख्या : १६/२
निर्वाचन क्षेत्र : २
विद्यालय : ३००
क्याम्पस/उच्च मावि : ९/६
अस्पताल/स्वास्थ्य चौकी : ५/२६
टेलिफोन लाइन : ८९००
मोटर सडक (कि.मी.) : १३४
प्रहरी कार्यालय संख्या : १६
हुलाक संख्या : २२
मानव विकास सूचकांक : ०.५९५
प्रति परिवार सरदर संख्या : ६.०७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

गुण्डु गाविस-२ निवासी सई ४६ वर्षीय हरिप्रसाद शर्मा वाग्लेको ०६२ माघ १ गते माओवादीले दधिकोट गाविस-५ मा रहेको इलाका प्रहरी कार्यालयमा आक्रमण गर्दा मृत्यु भयो। यस घटनामा सोही इलाका प्रहरी कार्यालयका प्रहरी र स्थानीयबासी एक महिलासमेत आठजना घाइते भए। घाइते हुनेहरूमा प्रहरी जवान नितिनकुमार श्रेष्ठ, रामकाजी पौडेल, नारायण गिरी, भरतबहादुर कार्की, युवराज खत्री, राजु वाडा, पाण्डव कार्की र स्थानीय महिला संगिता महत रहेका थिए। घाइतेहरूको भक्तपुर अस्पताल र त्रिविवि शिक्षण अस्पतालमा उपचार भएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

दधिकोट गाविस-५ मा रहेको इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय विक्रम कालिका, गुण्डु गाविस-३ निवासी १९ वर्षीय चित्रबहादुर तामाङ, गुण्डु गाविस-३ निवासी २१ वर्षीय पद्मबहादुर तामाङ, काठमाडौं जिल्लाको मच्छेनारायण गाविस-१ निवासी ४० वर्षीय लालबहादुर तामाङलाई ०६२ माघ १ गते माओवादीले अपहरण गरे। अपहरित प्रहरी जवान विक्रम कालिकालाई इलाका प्रहरी कार्यालयबाट र अन्य तीनजनालाई बाटोबाट अपहरण गरियो। आइसीआरसी र इन्सेक काभ्रेका प्रतिनिधि भोजराज तिमिल्सेनाको पहलमा काभ्रे जिल्लाको च्याले गाविसबाट पीडितहरूलाई ०६२ माघ ९ गते मुक्त गरे।

भक्तपुर नपा-१७ निवासी अनु शाही र १४ वर्षीय उडिसा शाहीलाई ०६० असार १ गते माओवादीले अपहरण गरे। पीडितको स्थिति अज्ञात रहेको छ।

भक्तपुर नपा-८ निवासी ३० वर्षीय उमेश श्रेष्ठ लुटपाट र अपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६३ असोज २३ गते माओवादीको भातृ संगठन नेवा राष्ट्रिय मुक्ति मोर्चाले उनलाई अपहरण गऱ्यो। पीडितलाई एक महिनासम्म मोर्चाका कार्यकर्ताले ललितपुर जिल्लाको गोदावरीमा राखी ०६३ कातिक २४ गते सोही ठाउँबाट मुक्त गरे। पीडितको एउटा मोटरसाइकल भने माओवादीले फिर्ता गरेनन्।

भक्तपुर नपा-१७ निवासी ४० वर्षीय बद्री कोजु राजधानीमा लुटपाट र अपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६३ कात्तिक २ गते माओवादीको भातृसंगठन नेवा राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरी मध्यपुरथिमी नपा-१३ स्थित ब्राइटर उद्योगमा राखे। उनलाई ०६३ कात्तिक ३ गते परिवार बोलाएर जिम्मा लगाइएको थियो। अपहरित कोजुको एक थान कार, एक थान मोबाइल सेट फिर्ता गरियो।

मध्यपुरथिमी नपा-१७ स्थित शिक्षा क्याम्पस सानो थिमीका स्ववियु सभापति २६ वर्षीय अनिल थापा, सचिव २६ वर्षीय पुस्तक चन्द, पूर्व स्ववियु सभापति ३७ वर्षीय बिमल पुनलाई शुल्क निर्धारणको विवादमा ०६३ मंसिर १२ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई काठमाडौंको कोटेश्वर राखी दुई घण्टापछि भक्तपुर जिल्लाको दुवाकोट गाविसबाट मुक्त गरे। पीडितलाई माओवादीले अपहरण गरेलगतै कुटपिट गरेका थिए।

भक्तपुर नपा-४ निवासी ५५ वर्षीय लक्ष्मीभक्त मारीखुलाई ठगीको आरोपमा ०६३ पुस १० गते माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट पाँच जना छोराको जिम्मा लगाई मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

चाँगुनारायण गाविस-५ निवासी १९ वर्षीय रामकृष्ण श्रेष्ठलाई ०६३ जेठ १० गते दिउँसो ३ बजे सोही गाविस-३ मा रहेको सशस्त्र प्रहरी बेसक्याम्पका इन्सपेक्टर केशव थापा र प्रहरी जवान रमेश उप्रेतीले कुटपिट गरे। घाइतेको भक्तपुर अस्पतालमा उपचार भयो। पीडकको अन्यत्र सरुवा भयो।

गैरकानुनी गिरफ्तारी

भक्तपुर नपा-९ निवासी नेमकिपाका ४५ वर्षीय प्रेम सुवाललाई ०६२ माघ ६ गते प्रहरीले भक्तपुर नपा-९ स्थित निवासबाट गिरफ्तार गरे। पीडितलाई सर्वोच्च अदालतको आदेशमा ०६२ चैत ६ गते रिहा गरियो।

भौखेल गाविस-४ निवासी नेविसंघका ३१ वर्षीय किरण न्यौपानेलाई ०६२ माघ ६ गते प्रहरीले सात दलको प्रदर्शनबाट भौखेल गाविस-४ स्थित निवासबाट गिरफ्तार गरे। पीडितलाई सर्वोच्च अदालतको आदेशमा ०६२ फागुन ४ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बालकोट गाविस-९ निवासी एमाले स्थायी कमिटी सदस्य ५८ वर्षीय केपी ओलीलाई सात दलको विरोध प्रदर्शन विथोल्न ०६२ माघ ६ गते बालकोट गाविस-९ स्थित आफ्नै निवासमा प्रहरीले नजरबन्दमा राखे। ओलीलाई ०६२ माघ ९ गते नजरबन्दबाट मुक्त गरियो।

भक्तपुर नपा-८ निवासी नेमकिपाका अध्यक्ष ५९ वर्षीय नारायणमान विजुक्छेलाई सात दलको विरोध प्रदर्शन विथोल्न ०६२ माघ ६ गते प्रहरीले भक्तपुर नपा-८ स्थित आफ्नै निवासमा नजरबन्दमा राखे। उनलाई ०६२ माघ ९ गते नजरबन्दबाट मुक्त गरियो।

दधिकोट गाविस-५ निवासी नेकाँका लेखनाथ न्यौपानेलाई ०६२ माघ ६ गते प्रहरीले सात क्रममा भक्तपुर दधिकोट गाविस-५ स्थित निवासबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ १३ गते रिहा गरियो।

मध्यपुरथिमी नपा-१७ निवासी नेकाँका ४० वर्षीय सन्तोष भट्टराईलाई ०६२ माघ ६ गते प्रहरीले मध्यपुरथिमी नपा-१७ स्थित आफ्नै निवासबाट गिरफ्तार गरे। उनलाई सर्वोच्च अदालतको आदेशमा ०६२ फागुन २० गते रिहा गरियो। ०६२ माघ ७ गते काठमाडौंमा सात दलले आयोजना गर्न लागेको बृहद जनसभालाई विथोल्न प्रहरीले गिरफ्तार गरेको थियो।

मध्यपुरथिमी नपा-१३ निवासी नेकाँका महेश श्रेष्ठलाई ०६२ माघ ६ गते प्रहरीले मध्यपुरथिमी नपा-१३ स्थित आफ्नै निवासबाट गिरफ्तार गरिएकोमा सवोच्च अदालतको आदेशमा ०६२ फागुन १७ गते रिहा गरियो।

मध्यपुरथिमी नपा-१२ निवासी जनमोर्चाका ५५ वर्षीय कृष्णलाल गोजा श्रेष्ठलाई सात दलको विरोधलाई विथोल्नका लागि ०६२ माघ ६ गते प्रहरीले मध्यपुरथिमी नपा-१२ बाट गिरफ्तार गरे। पीडितलाई सवोच्च अदालतको आदेशमा ०६२ फागुन ५ गते रिहा गरियो।

चाँगुनारायण गाविस-३ निवासी नेविसंघ (प्रजातान्त्रिक) का २४ वर्षीय रोशन पौडेललाई ०६२ माघ १६ गते प्रहरीले भक्तपुर नपा-१७ दुधपाटीबाट गिरफ्तार गरे। पीडितलाई नगर निर्वाचन बहिष्कार गर्न सहयोगी भूमिका निर्वाह गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो। उनलाई ०६२ फागुन ५ गते रिहा गरियो।

चाँगुनारायण गाविस-७ निवासी नेकाँका ५० वर्षीय प्रवीण बुढाथोकीलाई ०६२ माघ २४ गते भक्तपुरबाट प्रहरीले गिरफ्तार गरेकोमा ०६२ माघ २६ गते साँझ रिहा गरियो।

मध्यपुरथिमी नपा-८ निवासी ३० वर्षीय ओम श्रेष्ठलाई ०६२ माघ २४ गते प्रहरीले मध्यपुरथिमीबाट गिरफ्तार गरेकोमा सोही दिन रिहा गरियो।

ताथली गाविस-२ निवासी एमालेका ४६ वर्षीय सोमप्रसाद मिश्रलाई ०६२ चैत २३ गते प्रहरीले घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखे। पीडितलाई ०६३ बैशाख १२ गते रिहा गरियो।

भक्तपुर नपा-११ निवासी एमालेका २४ वर्षीय बाबुरत्न द्यौलालाई ०६२ चैत २३ गते प्रहरीले भक्तपुर नपा ११ स्थित घरबाट गिरफ्तार गरे। पीडितलाई भक्तपुर जिल्लाको दुवाकोट गाविसमा रहेको सशस्त्र प्रहरीको गुह्येश्वरी गणमा राखिएकोमा ०६३ बैशाख १२ गते रिहा गरियो।

चाँगुनारायण गाविस-३ निवासी नेविसंघ (प्रजातान्त्रिक) का २४ वर्षीय रोशन पौडेललाई ०६२ चैत २३ गते प्रहरीले भक्तपुर नपा १७ दुधपाटीबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखे। उनलाई ०६३ बैशाख १२ गते रिहा गरियो।

भक्तपुर नपा-११ का जनमोर्चा नेपालका ३६ वर्षीय विष्णुप्रसाद न्हिसुतुलाई ०६२ चैत २३ गते प्रहरीले भक्तपुर नपा-११ आफ्नै घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखिएकोमा ०६२ चैत ३१ गते रिहा गरियो।

भक्तपुर नपा-९ निवासी नेमकिपाका २१ वर्षीय अशोकराम कोजुलाई ०६२ चैत २५ गते प्रहरीले भक्तपुर नपा-४ कमलविनायकबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २९ गते रिहा गरियो।

भक्तपुर नपा-४ निवासी २० वर्षीय सुशील श्रेष्ठ र

सोही नपा १ निवासी २८ वर्षीय लक्ष्मीप्रसाद कोजुलाई ०६२ चैत २६ गते प्रहरीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई सेना र प्रहरीले कुटपिट गरेको आफन्तले बताए। पीडितलाई ०६२ चैत २९ गते रिहा गरियो।

दधिकोट गाविस-९ निवासी ३० वर्षीय टीका पोखरेल, दधिकोट गाविस-८ निवासी २४ वर्षीय अनील राजथलालाई ०६२ चैत २६ गते प्रहरीले दधिकोट गाविस-९ बाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २९ गते रिहा गरियो।

भक्तपुर नपा-२ निवासी २८ वर्षीय पुण्यराम बासी, भक्तपुर नपा-७ निवासी कृष्णराम शिल्पकार, सोही नपा-३ निवासी राजकिरण श्रेष्ठ , सोही नपा-१४ निवासी श्रीकृष्ण गौतम, सोही नपा-७ निवासी राजेश प्रजापति, दधिकोट गाविस-८ निवासी २४ वर्षीय सागर प्रजापति, डोल्पा जिल्ला निवासी भक्तपुर नपा-४ डेरा गरी बस्ने राजन मगर र नाम नखुलेकी एक महिलासहित २१ जनालाई ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये राजन मगर र एक महिला, एक पुरुषको समेत तीन जनालाई ०६२ चैत २८ गते प्रहरीले रिहा गरियो भने अन्य १८ जनालाई ०६२ चैत २९ गते रिहा गरियो।

काभ्रे जिल्लाको काव्रे गाविस-२ निवासी भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने २६ वर्षीय अर्जुन थापा, झापा जिल्लाको दमक नपा-१५ निवासी भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने २२ वर्षीय पूर्ण धिमाल, खोटाङ जिल्लाको रतन्छा गाविस-३ निवासी मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने १९ वर्षीय देवराज राईलाई कर्फ्यू तोडेको आरोपमा ०६२ चैत २७ गते प्रहरीले मध्यपुरथिमी नपा-१५ सागबारीको एक चिया पसलको ढोका फोरेर गिरफ्तार गरे। पीडितलाई एक महिना कैद र १ हजार जरिवाना गरी केन्द्रीय कारागार काठमाडौंमा राखिएकोमा ०६३ बैशाख १२ गते रिहा गरियो।

मध्यपुरथिमी नपा-१५ निवासी नेकाँका (प्रजातान्त्रिका) का ५५ वर्षीय रुद्रमणी भण्डारी र सोही नपा-१२ निवासी नेकाँ (प्रजातान्त्रिकका) का ४० वर्षीय मदन कृष्ण श्रेष्ठलाई ०६२ चैत २७ गते प्रहरीले भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ बाट जुलुस प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखिएकोमा ०६३ बैशाख १२ रिहा गरियो

बारलुङ जिल्ला पैंयुपाटा गाविस ९ निवासी भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ गट्ठाघर डेरा बस्ने ३२ वर्षीय मनबहादुर रोका ०६२ चैत २६ गते प्रहरीले भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ गट्ठाघरमा गरेको कुटपिटबाट घाइते भए। पीडितको टाउको फुटेको र खुट्टामा गम्भीर चोट लागेकोमा काठमाडौंको वीर अस्पतालमा उपचार भयो।

झापा जिल्ला निवासी मध्यपुरथिमी नपा-१५ गट्ठाघर डेरा गरी बस्ने नविन आर्चाय ०६२ चैत २६ गते मध्यपुरथिमी नपा-१५ गट्ठाघरमा प्रहरीको कुटपिटबाट घाइते भए। उनको खुट्टा भाँचियो। उनको काठमाडौं मोडेल अस्पतालमा उपचार गरियो।

झापा जिल्ला निवासी मध्यपुरथिमी नपा-१५ गठ्ठा घर डेरा बस्ने दिनेश दाहाल ०६२ चैत २६ गते मध्यपुरथिमी नपा-१५ गट्ठाघरमा प्रहरीको कुटपिटबाट घाइते भए। उनको खुट्टा भाँचियो। पीडितको काठमाडौं मोडेल अस्पतालमा उपचार गरियो।

खोटाङ जिल्ला निवासी मध्यपुरथिमी नपा-१५ गट्ठाघर डेरा गरी बस्ने २३ वर्षीय अमर सापकोटा ०६२ चैत २६ गते बेलुका मध्यपुरथिमी नपा १६ लौहकिल्थलीस्थित अरनिको राजमार्गमा मशाल जुलुस प्रदर्शनका क्रममा प्रहरीले कुटपिट गर्दा घाइते भए। पीडितको टाउकोमा गहिरो चोट लाग्दा १३ टाका लगाइयो। उनको काठमाडौंमा उपचार गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					१	१		१				
घाइते					१	६	१	८	६	१९		१९
गिरफ्तारी/यातना									३५	६४	१	६५
बालअधिकार	१		१	१								
अपहरण	३	३		३	६	१३		१३				
जम्मा	३	३	१	३	८	३०	१	३१	३३	८३	१	८४

भक्तपुर नपा-१२ निवासी २२ वर्षीय सरोज प्रजापति ०६२ चैत २६ गते प्रहरीले मध्यपुर नयाँथिमीमा गरेको लाठी प्रहारबाट घाइते भए। उनको खुट्टाको हाड भाँचियो। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

भक्तपुर नपा-६ निवासी ३८ वर्षीय शिवराम साँध ०६२ चैत २७ गते प्रहरीले भक्तपुर नपा-४ मा जुलुस प्रर्दशनका क्रममा फालेको अश्रुग्याँस लागी घाइते भए। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

भक्तपुर नपा-१० निवासी ४८ वर्षीय कृष्णबहादुर प्रजापति ०६२ चैत २७ गते प्रहरीले मध्यपुरथिमी नपामा गरेको लाठीचार्जबाट घाइते भए। उनको खुट्टटा भाँचियो। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

मध्यपुरथिमी नपा-१६ डेरा गरी बस्ने २७ वर्षीय नवराज बाँस्कोटा ०६२ चैत २७ गते प्रहरीले आइतवार बेलुका मध्यपुरथिमी नपा-१६ अरनिको राजमार्गमा लाठीचार्ज गरी घाइते भए। उनको दाहिने खुट्टामा गहिरो चोट लागेकोमा स्थानीय मेडिकलमा उपचार गरियो।



माओवादीद्वारा हत्या गरिएका सई हरिप्रसाद शर्मा वाग्ले

मध्यपुरथिमी नपा-१६ लौहकील्थली डेरा बस्ने ४० वर्षीय कृष्ण गौतम कर्फ्यू तोडेको आरोपमा ०६२ चैत २७ गते प्रहरीले गरेको कुटपिटबाट घाइते भए। उनको दाहिने हात भाँचिएको थियो। पीडितको वीर अस्पतालमा उपचार गरियो।

मध्यपुरथिमी नपा-१६ निवासी इन्सेक आवद्व संस्था जनहीत समाज नेपालका अध्यक्ष ५७ वर्षीय विष्णु सुवेदी मसाल जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ चैत २८ गते प्रहरीले भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा १६ अरनीको राजमार्गमा गरेको कुटपिटबाट घाइते भए।

मध्यपुरथिमी नपा-१५ कौशलटार निवासी ४० वर्षीय सरोज भट्टराईको ०६२ चैत २८ गते बेलुका मध्यपुरथिमी नपा-१५ कौशलटारमा मसाल जुलुसका क्रममा प्रहरीले गरेको लाठीचार्जबाट टाउकोमा गम्भीर चोट लागेको थियो। पीडितको काठमाडौंमा उपचार गरियो।

रसुवा जिल्लाको सरमथली गाविस-१ निवासी भक्तपुर नपा २ जगाती डेरा बस्ने २२ वर्षीय रेशमकुमार डंगोलको ०६२ चैत २९ गते प्रहरीले भक्तपुर नपा-१७ सल्लाघारीमा गरेको लाठीचार्जबाट कुमको हाँड भाँचिएको थियो। घाइतेको प्राथमिक उपचार भक्तपुर अस्पतालमा र थप उपचार त्रिविवि शिक्षण अस्पताल महाराजगंजमा भयो।

कटुन्जे गाविस-७ निवासी नेविसंघका २४ वर्षीय धर्मराज कार्की, झापा जिल्ला बुधवारे गाविस-२ निवासी मध्यपुर नपा-१५ डेरा गरी बस्ने २० वर्षीय राजनोभास, सिन्धुपाल्चोक जिल्ला ठूलो धादिङ गाविस-२ निवासी भक्तपुर डेरा गरी बस्ने १७ वर्षीय बुद्व तामाङ, दोलखा जिल्ला विगु गाविस-५ निवासी भक्तपुर डेरा गरी बस्ने २१ वर्षीय दीपेन्द्र बुढाथोकी, भक्तपुर नपा-१५ निवासी तुल्सीराम खर्बुजा, सिन्धुपाल्चोक जिल्ला बलेफी गाविस-६ निवासी २६ वर्षीय विलबहादुर श्रेष्ठ, भक्तपुर डेरा बस्ने १५ वर्षीय मिलन खड्कालाई भक्तपुर नपाका मेयर सुमित्रा मधिकर्मीको घर तोडफोडको आरोपमा ०६२ चैत २९ गते प्रहरीले भक्तपुर नपा-१७ सल्लाघारी र मध्यपुरथिमी नपा-१५ बाट गिरफ्तार गरे। गिरफ्तार गरेकामध्ये मिलन खड्कालाई सोही दिन रिहा गरियो भने बाँकी सबैलाई ०६२ चैत ३० गते गरियो।

गुण्डु गाविस-६ निवासी २१ वर्षीय दीपेन्द्र बुढाथोकी ०६२ चैत २९ गते प्रहरीले भक्तपुर नपा-१७ सल्लाघारीमा गरेको लाठीचार्जबाट घाइते भए। उनको खुट्टामा चोट लागेको थियो। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

मध्यपुरथिमी नपा-१६ निवासी ४० वर्षीय राधेश्याम बुढाथोकीलाई प्रहरीमाथि ढुंगामुडा गरेको आरोपमा ०६३ बैशाख ४ गते सोमबार बेलुका ७ बजे प्रहरीले कुटपिट गरे। प्रहरीको कुटपिटबाट बेहोस भएका घाइतेको ललितपुर जिल्लाको ग्वार्कोस्थित वीएण्डवी अस्पतालमा उपचार गरियो।

बालकोट गाविस-९ निवासी सुनिल ठकुरी ०६३ वैशाख ९ गते सेना भक्तपुर जिल्ला मध्यपुरथिमी नपा १५ कौशलटारमा मसाल जुलुस प्रदर्शनमा गरेको कुटपिटबाट घाइते भए। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत भक्तपुरमा दुनियाँवादी देवानीतर्फ गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका जम्मा १ एक हजार २ सय १ मध्ये ३ सय ४६ ओटा मुद्दा फर्स्यौट भए। अदालतमा यस वर्षको अन्त्यसम्ममा ८ सय ५५ ओटा मुद्दा बाँकी रहे। यसैगरी दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका ४ सय ७९ ओटा रहेकोमा ७० ओटा मुद्दा फर्स्यौट भई ४ सय ९ ओटा बाँकी रहे। यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्ष बाँकी र यस वर्ष परेका जम्मा मुद्दा १ सय ४ ओटा मध्ये २७ ओटा मुद्दा फर्स्यौट भई ७७ ओटा मुद्दा रहे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

भक्तपुर नपा-६ चोरचा निवासी १४ वर्षीय एक बालिकालाई ०६२ चैत १३ गतेसाँझ सोही ठाउँका २२ वर्षीय दिलबहादुर कुसमालाई प्रहरीले बलात्कार गरेर पीडकलाई गिरफ्तार गरी प्रहरीले मुद्दा चलायो।

पारिवारिक हिंसा

सीपाडोल गाविस-३ निवासी १९ वर्षीया अनिता भुजेल ०६३ पुस ५ गते नगरकोट गाविस-१ स्थित मोहन पोखरीमा डुबेर आत्महत्या गरिन्। बागेश्वरी गाविस ४ माइती भएकी अनिताको विवाह ०६३ मंसिर २० गते सीपाडोल गाविस-३ निवसी हरिशरण भुजेलसँग भएको थियो। विवाहका क्रममा उनले दाइजो कम ल्याएको भनी उनकी जेठानी र ससुराले दुर्व्यवहार गरेको कारण उनले आत्महत्या गरेको पीडितका परिवारले प्रहरीसमक्ष दिएको उजुरीमा उल्लेख गरिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

मध्यपुरथिमी नपा-१ बोडेस्थित वडा कार्यालय भवनमा ०६२ माघ १ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट भवनमा सामान्य क्षति पुगेको भए।

विगतको अनुगमन

सुडाल गाविस ६-निवासी ३९ वर्षीय लक्ष्मण तिमिल्सेनालाई ०६२ साउन २३ गते सेनाले घरबाट गिरफ्तार गरे। पीडितलाई एक दिन बागेश्वरी गाविस-२ को लप्टनडाँडास्थित सेनाको क्याम्पमा राखिएकोमा साउन २४ गतेदेखि २६ गतेसम्म सूर्यविनायक ब्यारेकमा राखियो। पीडितलाई पत्नी अप्सरा तिमिल्सेनाले सूर्यविनायक ब्यारेकबाट ०६२ साउन २६ गते साँझमा जिम्मा लिइन।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र सातजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा भक्तपुर नपा-१ निवासी ३७ वर्षीय सत्यनारायण प्रजापति, भक्तपुर नपा-१३ निवासी बद्री त्वाएना र ठाकुरप्रसाद लामिछाने, भक्तपुर नपा-१७ निवासी १८ वर्षीय गंगाराम श्रेष्ठ, कटुञ्जे गाविस-६ निवासी ३० वर्षीय बासुदेव चौवाल र कटुञ्जे गाविस-७ निवासी ३० वर्षीया दुर्गा विसुडखे रहेका छन्। त्यसैगरी माओवादीबाट छालिङ गाविस निवासी रामबहादुर खड्कालाई बेपत्ता पारिएको छ।

२.१५ काठमाडौं



जनसंख्या	१३,००,५२२
साक्षरता प्रतिशत	७७.७
महिला साक्षरता प्रतिशत	६०
क्षेत्रफल (वर्ग कि. मि.)	३९५
गाविस/नपा संख्या	५७/२
निर्वाचन क्षेत्र	७
विद्यालय	९४५
क्याम्पस/उच्च मा.वि.	६३/१११
अस्पताल/स्वास्थ्य चौकी	३७/६८
टेलिफोन लाइन	३३५०००
मोटर सडक (कि. मि.)	८१०
प्रहरी कार्यालय संख्या	१९
हुलाक संख्या	७१
मानव विकास सूचकाङ्क	०.६०३
प्रति परिवार सरदर संख्या	६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

चितवन जिल्ला घरभई कामनपा-३१ बागबजारमा होटल व्यवसाय गरी बस्दै आएका २४ वर्षीय भुवन खरेललाई ०६२ चैत ४ गते राति अपराध अनुसन्धान शाखा, हनुमानढोकाका सई विधानचन्द्र शाहीले गेष्ट हाउसमै गोली हानी हत्या गरे। पीडक सई उक्त गेष्ट हाउसमा आइ पैसा माग्ने, धम्की दिने, शाही खानदानको हुँ भन्ने जस्ता क्रियाकलाप गर्ने गरेको गेष्ट हाउसमा कार्यरत कामदारले बताए। पीडकलाई ०६२ फागुन ५ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोका राखियो।

काभ्रे जिल्ला नाँग्रेगर्चे गाविस-४ निवासी ४३ वर्षीय अनिलकुमार लामाको ०६३ वैशाख ४ गते प्रहरीले निषेधाज्ञा

अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा चावहिल चुच्चेपाटीमा चलाएको अश्रुग्याँस लागी घाइते भएकोमा मेडिकेयर अस्पतालमा उपचारको क्रममा ०६३ वैशाख २३ गते मृत्यु भयो। सरकारले उनलाई सहिद घोषणा गरी परिवारलाई १० लाख क्षतिपूर्ति दियो।

मकवानपुर जिल्ला आमभञ्ज्याङ गाविस-३ निवासी ३० वर्षीय बासु घिमिरे, काभ्रे जिल्ला जिल्ला पनौती नपा-७ निवासी १९ वर्षीय सगुन ताम्राकार, सोलुखुम्बु जिल्ला नेचा घर भई काठमाडौंमा बस्दै आएका दीपक कामीको ०६३ वैशाख ७ गते सशस्त्र प्रहरीका एसपी दुर्जकुमार राईले सात दललको विरोध प्रदर्शनका क्रममा कलंकीमा गोली हानी हत्या गरे । प्रहरीको गोली लागेर ढलेपछि पीडितलाई इन्सेकको गाडीमा राखी काठमाडौं मोडल अस्पताल लगिएको थियो। पीडितको लास त्रिविवि शिक्षण अस्पतालमा पोस्टमार्टम गरी परिवारलाई जबरजस्ती बुझाई दाहसंस्कार गरियो। सोही घटनामा घाइते भएका स्यूचाटार गाविस-४ निवासी ३१ वर्षीय प्रद्युम्न खड्काको भारतको नयाँ दिल्लीमा उपचारका क्रममा ०६३ वैशाख १३ गते मृत्यु भयो। उनको लास काठमाडौंमा ल्याई परिवारको जिम्मा लगाइयो। सरकारले कलंकी घटनाका चारैजनालाई पीडितलाई सहिद घोषणा गरी प्रत्येक परिवारलाई दश लाख क्षतिपूर्ति स्वरूप प्रदान गऱ्यो।

नुवाकोट जिल्ला विदुर नपा-७ निवासी एमाले कार्यकर्ता ४० वर्षीय चन्द्र बयलकोटीको ०६३ वैशाख ९ गते प्रहरीले निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा त्रिपुरेश्वरमा गरेको अश्रुग्याँस प्रहार र कुटपिटबाट घाइते भएपछि पीडितको उपचारको क्रममा जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा मृत्यु भएको थियो। सरकारले पीडितलाई सहिद घोषणा गरी परिवारलाई १० लाख क्षतिपूर्ति स्वरूप प्रदान गऱ्यो।

भारत सीतामढी घरभई कामनपा नयाँबानेश्वरमा राजाधानी टेलर्स सञ्चालन गर्दै आएका २८ वर्षीय मोहमद जहाँगिरको ०६३ वैशाख ९ गते प्रहरीले निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा कुटपिट गरी घाइते भएकोमा उपचारको क्रममा उनको काठमाडौं मोडेल अस्पतालमा ०६३ वैशाख १८ गते मृत्यु भयो। सरकारले उनलाई सहिद घोषणा गरी परिवारलाई १० लाख क्षतिपूर्ति दियो।

कामनपा-३३ ज्ञानेश्वर निवासी करांते खेलाडी १९ वर्षीय राकेश गुरुङलाई सवारी साधन रोकी आक्रमण गर्ने प्रयास गरेको आरोपमा ०६३ साउन १६ गते सई मानबहादुर अधिकारीले कामनपा गौशालामा गोली हानी घाइते पारेकोमा उनको उपचारको क्रममा त्रिविवि शिक्षण अस्पतालमा मृत्यु भयो। पीडितको टाउकोमा तीनओटा गोली लागेको थियो।

माओवादीबाट

थानकोट प्रहरी चेकपोष्टमा कार्यरत इन्स्पेक्टर महेश रावलसहित ११ जना प्रहरीको ०६२ माघ १ गते माओवादीको आक्रमणमा परी थानकोट प्रहरी कार्यालयमा मृत्यु भयो। मृत्यु हुनेमा असई प्रकाश केसी, रत्नबहादुर सुवेदी, डीएसपी यादवराना केसी, प्रहरी जवान बाबुराम अधिकारी, मिठुराज कार्की, रामहरि दाहाल, डिकेन्द्र कुमाल, रविन कार्की, सूर्यमान तामाङ र ट्राफिक प्रहरी दीपेन्द्र निरौला छन्। माओवादीले प्रहरी चौकीलाई घेरा हाली साँझ ६ बजेदेखि आधाघण्टा आक्रमण गरेका थिए।

अन्यबाट

कामनपा-३५ निवासी ८ वर्षीय विवेक शर्मा लुईटेलले ०६३ भदौं २४ गते महोत्तरीका पप्पु मण्डलले अपहरण गरे। विवेकको लास ०६३ असोज १४ गते कामनपा-७ धोवीखोलीको पुल नजिक झाडीमा फेला पऱ्यो। पीडक वकिल अन्सारी, भिखारी अन्सारी र पटेनी लामा विरुद्ध प्रहरीले काठमाडौं जिल्ला आदालतमा मुद्दा चलायो।

गोठाटार गाविस-८ निवासी सई २८ वर्षीय कुवेर कार्कीलाई ०६३ मंसिर २१ गते दुईजना अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। खुकुरी प्रहरबाट घाइते भएका सईको काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा बाटोमा मृत्यु भएको थियो। पीडकले राति पर्खालबाट कोठाभित्र पसेर सुतिरहेको अवस्थामा पीडितलाई कोठाबाट बाहिर ल्याई खुकुरी प्रहार गरेका थिए। सई कार्की पूर्वमन्त्री तथा नेकाँका नेता खुमबहादुर खड्काका नीजि सुरक्षा गार्डका रुपमा कार्यरत थिए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

कपन गाविस-३ साप्रेढुङ्गा निवासी गोवर्धन श्रेष्ठ र सोही गाविस-४ निवासी प्रकाश कार्की ०६२ चैत ९ गते सशस्त्र प्रहरीले चलाएको गोली लागी घाइते भए। सशस्त्र प्रहरीले लुटपाट गर्दा होटल मालिक र स्थानीयबासीसँग झडप भएको अवस्थामा सशस्त्र प्रहरीले चलाएको गोली लागी उनीहरू घाइते भएका थिए। स्थानीय बासिन्दाले गोली हान्ने सशस्त्र प्रहरीलाई पक्राउ गरी बौद्ध वडा प्रहरी कार्यालयमा बुझाउन खोज्दा प्रहरीहरूले लाठीर्चाज गर्दा १२ जना स्थानीय बासिन्दा सामान्य घाइते भए।

कामनापा-७ चावहिल निवासी रेस्टुरेण्ट सञ्चालक विक्रम लामा ०६२ चैत १० गते प्रहरीले चलाएको गोली लागी घाइते भए। लामा र प्रहरीहरूबीच विवाद हुँदा प्रहरीले चलाएको गोली पेटमा लागेकामो ओम अस्पतालमा उपचार भयो।

कामनपा घट्टेकुलोमा अल्जु श्रेष्ठ, विजय लामा र सुरेश राई ०६२ चैत २७ गते प्रहरीले निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा चलाएको गोली लागी घाइते भए। पीडितहरूको मोडेल अस्पतालमा घाइतेहरूको उपचार भयो।

कामनपा कलंकीमा दीपक कार्की, कमल थापा मगर र जीवन भट्टराईलाई ०६२ चैत २७ गते प्रहरीले विरोध प्रदर्शन गरिरहेको अवस्थामा गोली हानी गम्भीर घाइते पारे। घाइतेहरूको उपचार मोडेल अस्पतालमा गरियो।

नरबहादुर मुक्तान, अमर गौतम, विटुकुमार दास, रामप्रसाद शर्मा र कृष्ण खड्का विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६३ चैत २७ गते प्रहरीले कामनपा शंखमुलमा चलाएको गोली लागी घाइते भए। घाइते पाँचै जनाको उपचार वीर अस्पतालमा गरियो।

रामेछाप जिल्ला निवासी कानुन व्यवसायी टंकप्रसाद चौलागाईं र कामनपा वनस्थली निवासी रामचन्द्र सिम्खडा ०६२ चैत ३१ गते सशस्त्र प्रहरीले नेपाल बार एसोसिएसनले रामशाहपथबाट निकालेको शान्तिपूर्ण विरोध प्रदर्शनमा चलाएको गोली टाउकोमा लागी घाइते भए। घाइतेहरूको उपचार काठमाडौं मोडेल अस्तपतालमा गरियो।

ललितपुर जिल्ला पाटन निवासी सुष्मा खत्रीलाई ०६३ वैशाख ५ गते प्रहरीले सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा कामनपा बुद्धनगरमा चलाएको गोली लागी घाइते भए। उनको उपचार एभरेष्ट नर्सिङ होममा गरियो।

मकवानपुर जिल्ला निवासी विमल ढकाल, नुवाकोट जिल्ला निवासी माधव नेपाल, दोलखा जिल्ला निवासी खेमराज गिरी, मोरङ जिल्ला निवासी दीलिप राजवंशी, विश्वविद्यालयका क्याम्पस कीर्तिपुरका स्वयिु सदस्य आशा राई, स्युचाटार गाविस-निवासी विवेक ढुंगाना, भीमराज राई, कृष्ण लामा, पुष्पराज दवाडी, लोकेशकुमार राई र स्वास्थ्यकर्मी शोभा गौतमलगायत ५० जनाभन्दा बढी प्रदर्शनकारीहरू ०६३ वैशाख ७ गते प्रहरीले विरोध प्रदर्शन गरिरहेको अवस्थामा कलंकीमा अन्धाधुन्ध चलाएको गोली लागी घाइते भए। घाइतेको उपचार मोडेल अस्पतालमा गरियो।

ठेगाना नखुलेका १५ वर्षीय प्रेमबहादुर साउद ०६३ वैशाख ९ गते सुरक्षाकर्मीले विरोध प्रदर्शनको क्रममा कामनपा बानेश्वरमा चलाएको गोली लागि घाइते भए। साउदको कानमा रबरको गोली लागेकोमा एभरेष्ट नर्सिङहोममा उपचार भयो।

रौतहट जिल्ला चन्द्रनिगाहपुर गाविस-निवासी ३० वर्षीय मधुसुदन ठोडारी र ठेगाना खुल्न नसकेका ३९ वर्षीय टीकाप्रसाद ढकाल शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा ०६३ वैशाख १० गते प्रहरीले कामनपा कोटेश्वरमा चलाएको गोली लागि घाइते भए। ठोडारीको घाँटी र ढाडमा गोली लागेको थियो। घाइतेको ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा उपचार गरियो।

नुवाकोट जिल्ला त्रिशुली निवासी च्यामना मिजार र डम्बरकृष्ण थापालाई ०६३ वैशाख १० गते प्रहरीले विरोध प्रदर्शन गर्ने क्रममा कामनपा कलंकीमा लाठी र अश्रुग्याँस प्रहार गरी घाइते पारे। घाइतेको उपचार काठमाडौं मोडेल अस्पतालमा गरियो।

अन्यबाट

कामनपा घट्टेकुलो निवासी सर्वोच्च अदालतका न्यायधीश केदार गिरीलाई ०६३ मंसिर १४ गते बीरगञ्ज निवासी प्रभातकुमार गुप्ताले छुरी प्रहार गरी घाइते पारे। घाइते भएका गिरीको तत्काल वीर अस्पतालमा उपचार भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	७	१	८	१	११		११	७	१०			१०
घाइते	३	४	३	७	१	६		६	१९६	१०९८	६३	१३	११७३
गिरफ्तारी/यातना									४४	३७९	५७	१४	४५०
बेपत्ता									४	५			५
कुटपिट	३	१४	४	१८	१	७	१	८	१०	१३			१३
धम्की					१	१		१					
भेला/संगठित हुने अधिकार									४३	१३५	४	३३९५	३४३४
महिलाअधिकार	१		१	१									
अमानवीय व्यवहार					१	१		१					
अपहरण					३०	४७		४७					
जम्मा	१३	३५	९	३४	३५	७३	१	७४	३०३	१६३९	१३३	३३३१	४०७३

उनको हातमा छ ओटा टाँका लगाएको थियो। छुरा प्रहार गर्न लाग्दा न्यायधीश गिरी जोडले काराएपछि परिवारका सदस्यले प्रतिवाद गरी उनको ज्यान जोगाएका थिए। छुरा प्रहार गर्ने गुप्तालाई गिरीका छोरा प्रहरी नायव उपरीक्षक सुदिप गिरीले तत्काल प्रहरीलाई फोन गरी बोलाई प्रहरीको जिम्मा लगाएका थिए। गुप्तालाई महानगरीय प्रहरीपरिसर हनुमानढोकामा पुर्पक्षका लागि हिरासतमा राखिएको छ।

जेल र बन्दी

देशकै सबैभन्दा बढी क्षमता र सुविधा सम्पन्न मानिने केन्द्रीय कारागारमा ७ सय ८८ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका ४ सय ११ र कैद नतोकिएका ३ सय ७७ जना बन्दी रहेका छन्। जसमध्ये ५५ जना विदेशी र पाँचजना आश्रीत नाबालक रहेका छन्। त्यसैगरी केन्द्रीय कारागार अन्तर्गतको महिला कारागार शाखामा कैद तोकिएका ६० जना र कैद नतोकिएका ४४ जना गरी कूल १ सय ४ जना बन्दी रहेका छन्। जसमध्ये तीनजना विदेशी छन्।

केन्द्रीय कारागार अर्न्तगत भद्रबन्दी गृहमा कैद तोकिएका २ सय ३५ जना र कैद नतोकिएका २ सय ३५ जना गरी कुल ४ सय ७० जना बन्दी रहेका छन्। जसमध्ये ४० जना विदेशी रहेका छन्। जेल भवनहरू पुरानो र जीर्ण भएकाले बन्दीहरू आफूलाई असुरक्षित महसुस गर्छन्। विभिन्न समयमा जेलका भवनहरूको निमार्णको कुरा उठे पनि पुनः निमार्ण कार्य सञ्चालन हुन सकेको छैन।

चारखाल अड्डा सदरखोरमा कैद तोकिएका १ सय ३ र कैद नतोकिएका २ सय १३ गरी कुल ३ सय १६ जना बन्दी रहेका छन्। जसमध्ये विदेशी कैदी १८ जना र बन्दी १८ जना गरी कुल २४ जना रहेका छन्। सदरखोरमा महिला कैदी र बन्दी भने छैन। यहाँ २ जना महिला नाबालिका र तीन जना परुष नबालक गरी पाँच जना रहेको र पाँचै जना यनिसेफको सहयोगमा बाल सुधार गृहमा पढदै गरेका छन्। बाल विज्याक कैदी राजु न्हेमाफुकीलाई जबरजस्ती करणी गरेको आरोपमा राखिएको र बाल सुधार गृह सानोठीमीमा पढ्दै गरेको आन्तरिक प्रशासन बैधदार केदार केसीले जानकारी दिए। सो खोरबाट ०६३ जेठ ३१ गते १० जना माओवादी बन्दी रिहा भए। सदरखोरमा धारा र विद्युत सविधा रहे पनि भवन पुरानो जीर्ण रहेको छ। तर सदरखोरमा १ सय ५० जना कैदी क्षमता भएको तर ३ सय १६ कैदी र बन्दी रहेको जेल प्रशासनले जनायो। प्रति कैदी र बन्दीलाई ७ सय ग्राम चामल, दिनको ३० रुपैया नगद दिने गरेको उनले बताए।

हिरासतमा मृत्यु

भारत रक्सौल घर भई काठमाडौं बस्दै आएका ३५ वर्षीय मनोज दासको ०६३ कात्तिक १ गते जनसेवा प्रहरी कार्यालय विशाल बजारको हिरासतमा मृत्यु भयो। दासलाई चोरीको आरोपमा इन्स्पेक्टर नान्तीराज गुरुङको आदेशमा असई नारायण पण्डित र प्रहरी जवान सुरेन्द्र अधिकारीले प्लाष्टिकको पाइपले पैतला र शरीरको विभिन्न भागमा कुटपिट गरी चरम यातना दिदाँ मृत्यु भएको मानवअधिकारकर्मीको अनुगमनले देखायो। पीडित दासलाई ०६३ असोज २९ गते ३ बजे बैक अफ काठमाडौं नयाँसडकबाट प्रहरीले गिरफ्तार गरेको थियो। घटनामा संलग्न इन्स्पेक्टर गुरुङ सहित सबैलाई निलम्बन गरिएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

सिन्धुली जिल्ला निवासी एमालेका हरिकृष्ण ठकुरीलाई ०६३ साउन ९ गते प्रचण्डको फोटोअंकित भेष्ट लगाएर आएका करिब १५ जना माओवादीले केही कुरा गर्नु छ भनी कामनपा-६ तीनचुलेस्थित एमाले सिन्धुली काठमाडौं सम्पर्क कार्यालयबाट अपहरण गरे। उनलाई बौद्धमा लागि माओवादीले निर्घात कुटपिट गरे। कुटपिटबाट घाइते भएका उनलाई उपचारका लागि काठमाडौ मोडल अस्पताल भर्ना गरियो।

माले निकट अनेरास्वबियुका महासचिव भाष्कर काफ्लेलाई सोधपुछको बहानामा ०६३ भदौ ५ गते माओवादीले पुतलीसडकस्थित होटेल क्यानरीबाट बाहिर निस्कदा अपहरण गरे। पीडित काफ्लेलाई रातभर पुरानो बसपार्कको एक होटेलमा राखेर ०६३ भदौं ६ गते मुक्त गरियो।

कामनपा-३४ जागृतिनगर निवासी राजु राई, सुमन श्रेष्ठ, राजु माझी, मणिकुमार राई, भानु बुढाथोकी र अमृत राईलाई गुण्डा गर्दीको आरोपमा ०६३ भदौ ९ गते माओवादीले काठमाडौंबाट अपहरण गरे। अपहरित सबैलाई ०६३ भदौ १३ गते मुक्त गरियो।

धादिङ जिल्ला केवलपुर गाविस-८ निवासी एमालेका ३८ वर्षीय रामकुमार आचार्यलाई केही कुरा बुझ्नु छ भनी ०६३ भदौ २५ गते माओवादीले कामनपा जोरपाटीस्थित आफ्नै कोल्डस्टोरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको रोहबरमा ०६३ भदौ २६ गते हेटौडाबाट मुक्त गरियो। पीडित आचार्य माओवादी धम्कीका कारण विस्थापित भएर लामो समयदेखि काठमाडौंको जोरपाटीमा बस्दै आएका थिए।

कामनपा-४ सीतापाईला निवासी २५ वर्षीय सुधिरमान सिंहलाई गोली चलाएको आरापमा ०६३ कात्तिक

११ गते पेस्तोलसहित आएका माओवादीले कामनपा सीतापाइलास्थित मन्जु फिड्स पोल्ट्रीबाट अपहरण गरे। पीडितलाई ०६३ मंसिर २५ गते संयुक्त राष्ट्रसंघको रोहबरमा बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

सिन्धुपाल्चोक जिल्ला घर भई कामनपा सुकेधारा प्रहरी विटमा कार्यरत ४२ वर्षीय सई रामबहादुर कार्कीलाई ०६३ कात्तिक २९ गते माओवादी निकट किराँत मुक्ति मोर्चाले कामनपा सुकेधाराबाट अपहरण गरी ललितपुर उमनपा कुपण्डोलस्थित किराँत मुक्ति मोर्चाको कार्यालयमा पुऱ्याए। उनलाई सानेपा वडा प्रहरी कार्यालयका इन्स्पेक्टर शरदकुमार तामाङको रोहबरमा ललितपुर उमनपा कुपण्डोलबाट सोही दिन मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका वासुदेव घिमिरे

काठमाडौं बस्दै आएका बमबहादुर लिम्बुलाई गुन्डागर्दीको आरोपमा ०६३ असोज १७ गते माओवादीले सुब्वा महर्जन सप्लायर्स महाँकालबाट अपहरण गरे। लिम्बुलाई ०६३ मंसिर २५ गते पत्रकार सम्मेलन गरी बालाजु औद्योगिक क्षेत्रबाट संयुक्त राष्ट्रसंघको रोहबरमा मुक्त गरियो।

कामनपा महाँकालबाट २८ वर्षीय सुशील थापा र २६ वर्षीय दीपक लामालाई सोधपुछ गर्नु छ भनि ०६३ असोज ३० गते माओवादीले अपहरण गरी लगे। उनीहरूलाई ०६३ कात्तिक २५ गते पत्रकार सम्मेलन गरी बालाजु औद्योगिक क्षेत्रबाट संयुक्त राष्ट्रसंघको रोहबरमा मुक्त गरियो।

कामनपा नयाँबानेश्वर निवासी मेघराज श्रेष्ठलाई गुन्डागर्दी गरेको आरोपमा ०६३ असोज ३१ गते माओवादीले बसपार्कबाट अपहरण गरे। श्रेष्ठलाई ०६३ मंसिर २५ गते पत्रकार सम्मेलन गरी बालाजु औद्योगिक क्षेत्रबाट संयुक्त राष्ट्रसंघको रोहबरमा मुक्त गरियो।

नवलपरासी जिल्ला प्रगतिनगर-१ निवासी ४० वर्षीय लालकुमार श्रेष्ठलाई सोधपुछ गर्नु छ भनी ०६३ कात्तिक १ गते माओवादीले कामनपा महराजगञ्ज चोकबाट अपहरण गरी लगे। अपहरित श्रेष्ठलाई ०६३ कात्तिक ३ गते बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

कामनपा महराजगञ्ज चक्रपथबाट तारणीप्रसाद ठाकुरलाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक १ गते माओवादीले बन्दुक देखाई अपहरण गरे। पीडितकी पत्नीले ०६३ कात्तिक ९ गते इन्सेक केन्द्रीय कार्यालयमा सकुशल रिहाइको लागि निवेदन दिइन। ठाकुरलाई ०६३ मंसिर २५ गते संयुक्त राष्ट्रसंघको रोहबरमा बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

कामनपा बसुन्धरा निवासी २६ वर्षीय राजेश श्रेष्ठलाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक १ गते माओवादीले कामनपा महाराजगञ्ज चक्रपथस्थित नारायण गोपाल चोकबाट अपहरण गरे। अपहरित श्रेष्ठलाई ०६३ मंसिर २५ गते पत्रकार सम्मेलन गरी संयुक्त राष्ट्रसंघको रोहबरमा बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो। पीडितलाई माओवादीको गोदावरी थुनुवा केन्द्रमा राखिएको थियो।

सुनसरी जिल्ला घरभई हाल काठमाडौं बस्दै आएका भीम गुरुङ, भुवन गुरुङ र नारायणथान निवासी राजु श्रेष्ठलाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक २ गते नारायणथानबाट ५० जना माओवादीले कुटपिट गरी अपहरण गरे। अपहरित तीनै जनालाई ०६३ कात्तिक ३ गते बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

मोरङ जिल्ला विराटनगर-१० निवासी हाल गोंगबु-६ बस्दै आएका २३ वर्षीय नितेश अर्याल र सुनसरी जिल्ला धरान नपा निवासी २५ वर्षीय प्रल्लाद लिम्बुलाई गुण्डागर्दीको आरोपमा ०६३ कार्तिक ११ गते ५० जना भन्दा बढी माओवादीले गोंगबुस्थित ढोरपाटन दोहोरी साँझबाट अपहरण गरे। अपहरित दुवैजनालाई ०६३ कात्तिक १८ गते माओवादीले थुनुवा केन्द्र बनाएको गोदावारीस्थित हिमालयन ब्रुअरीबाट मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका सगुन ताम्राकार

कामनपा-३३ मैतिदेवी निवासी २५ वर्षीय श्यामराज दाहाल र सिन्धुपाल्चोक जिल्ला सिम्वल गाविस-२ बसेरी निवासी २८ वर्षीया डबली लामालाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक ११ गते माओवादीले कामनपा बानेश्वरस्थित सेतोपुलबाट अपहरण गरे। उनलाई आँखामा कालोपट्टीले बाँधी कुटपिट गरेको पीडितले बताए। पीडितलाई युद्धविराम अचारसंहिता राष्ट्रिय अनुगमन समितिको पहलमा ०६३ कात्तिक १५ गते मुक्त गरियो।

भक्तपुर जिल्ला भक्तपुर नपा-८ निवासी २९ वर्षीय विश्वराम माक र

कामनपा -३३ ज्ञानेश्वर निवासी राजेन्द्र श्रेष्ठलाई विदेश पठाइदिन्छु भनी ०५८ सालमा ८ लाख खाएको उजुरीको आधारमा ०६३ कात्तिक १४ गते माओवादीले कामनपा-३३ ज्ञानेश्वरबाट कुटपिट गरी अपहरण गरे। पीडितलाई युद्धविराम अचारसंहिता राष्ट्रिय अनुगमन समितिको पहलमा ०६३ कात्तिक १५ गते थिमी स्थित ब्राइटरको कार्यालयबाट मुक्त गरियो।

सुकाजोर गाविस-२ निवासी २४ वर्षीय कुमार श्रेष्ठ लुटपाटमा संलग्न भएको आरोपमा ०६३ मंसिर १ गते माओवादीले उनलई काठमाडौबाट अपहरण गरी सदरमुकाम मन्थली हुँदै गाउँतिर लगे। प्रहरीमा लुटपाटको मुद्दा चलिरहेका उनलाई प्रहरीले आफूलाई बुझाउन आग्रह गर्दा माओवादीले आफ्नै अदालतमा कारवाही गर्ने भनी जबरजस्ती लगेका थिए। पीडित माओवादीकै नियन्त्रणमा छन्।



सुरक्षाकर्मीद्वारा मारिएका दीपक कामी

रौतहट जिल्ला ब्रहमदुरी गाविस-४ निवासी बिजय सिंह, प्रविण सिंह, दिपु सिंहलाई पेप्सीकोला कारखानामा कार्यरत अस्थायी मजदुरहस्लाई कामबाट निष्काशन गरेको आरोपमा ०६३ मंसिर २८ गते माओवादीनिकट मजदुरहरूले कामनपा बानेश्वरस्थित पेप्सीकोला गोदामबाट अपहरण गरे। पीडितलाई ०६३ मंसिर २९ गते मुक्त गरियो।

रामेछाप जिल्ला निवासी दिनेशकुमार कडेंल, दीपकबहादुर मोक्तान, काशिराज बुढाथोकी, दिनेश कार्की, मकवानपुर जिल्ला निवासी प्रेम लामा, दोलखा जिल्ला निवासी रत्नबहादुर मगर, नुवाकोट जिल्ला निवासी हेमबहादुर अधिकारी, दीपकराज अर्याल र काभ्रेपलाञ्चोक जिल्ला निवासी विनोद लामालाई रविशंकर शाहसँग १० लाख रुपैया मागेको आरोपमा ०६३ पुस ६ गते माओवादीले कामनपा बानेश्वरबाट अपहरण गरे। उनीहरूलाई ०६३ पुस ९ गते अनेरास्वियुको केन्द्रीय कार्यालय बागवजारबाट मानवअधिकारकर्मीको रोहबारमा काठमाडौं जिल्ला सेक्रेटरी अमरले प्रहरी इन्स्पेक्टर सानुराम भट्टराईलाई बुझाए।



सुरक्षाकर्मीद्वारा मारिएका प्रद्युम्न खड्का

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

अनेरास्वियुका सन्तोष तिमिल्सिनालाई ०६२ चैत ३० गते सरकार सादापोशाकका प्रहरीले भोटाहिटीमा खुकरी प्रहारी गरी गम्भीर घाइते पारे। पीडितलाई इन्सेकका मानवअधिकारकर्मीले बोकेर वीर अस्पतालमा लगी उपचार गराए ।

संसद सचिवालयमा कार्यरत चालक गोपाल खड्कालाई ०६३ साउन २ गते पहरागणमा कार्यरत प्रहरी जवान सन्तकुमार राईले कामनपा सिंहदरबार मुलगेटमा कुटपिट गरे।

माओवादीबाट

जिफण्टका दीपक पौडेल, ललितपुर उमनपा-५ लगनखेल निवासी ३४ वर्षीय सुनिता थापा, कामनपा चावहिल निवासी ३८ वर्षीय विदुर कार्की, नुवाकोट बेलकोट गाविस-४ निवासी २३ वर्षीय रामेश्वर ढुंगाना, नरनाथ लुईटेल, बालगोपाल थापा, गोविन्द मगर, ठाकुर श्रेष्ठ, गायत्री चौलागाई, खेम दाहाल, कृपा कार्कीलाई सवारी साधनबाट चन्दा संकलन सम्बन्धी विवादमा ०६३ असोज ३० गते माओवादी निकट मजदुरहरूले सुन्धरास्थित टेम्पो स्टेशनमा कुटपिट गरी घाइते पारे। घाइते सबैको उपचार वीर अस्पतालमा भयो।

राप्रपाका पर्वत निवासी २६ वर्षीय किशोर गुरुङ, नुवाकोट निवासी २४ वर्षीय नानीमैया आचार्य, कामनपा-३४ निवासी ३५ वर्षीय डम्बर शिवाकोटी, उदयपुर निवासी २२ वर्षीया कोपिला मल्ल ठकुरी, दैलेख निवासी २६ वर्षीया कुन्ती शाहीलाई राजालाई सक्रिय बनाउन खोजेको आरोपमा ०६३ मंसिर २९ गते अनेरास्वियु (क्रान्तिकारी) का विद्यार्थीहरूले प्रधानमन्त्री निवास बालुवाटारमा आक्रमण गरी घाइते पारे। घाइते सबैको त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो।

नेपाल सुरक्षा श्रमिक ट्रेड युनियन महासंघसम्बद्ध मदनबहादुर पोखरेल, कैलाश थापा, रविन्द्र बुढाथोकी, जयबहादुर थामी, यमबहादर लावती, दीपक राईलाई महासंघ सम्बन्धी विवादमा ०६३ पुस ७ गते माओवादी निकट अनेट्रेडयुनियन महासंघका कार्यकर्ताले कामनपा लैनचौरमा कुटपिट गरी सामान्य घाइते पारे। उनीहरूले कार्यालयकाको कागजपत्र तथा बोर्डसमेत बाहिर ल्याई जलाए।

अन्यबाट

कामनपा-७ मैजुबहाल निवासी ५६ वर्षीय गोपाल पण्डित र १९ वर्षीय सुरज पण्डितलाई ०६३ वैशाख ४ गते शाही सरकारका भिजिलान्ते विष्णु थापा, रोजन

थापा र राजु थापाले कामनपा कुमारीगालमा कुटपिट गरे। सो समूहले पीडितलाई पटक पटक धम्की दिएका थिए। घाइते पण्डितको उपचार त्रिविवि शिक्षण अस्पतालको गरियो।

गैरकानुनी गिरफ्तारी

नगर निर्वाचन बहिष्कारको तयारीमा लागेका सात राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई नगर निर्वाचनको पूर्वसन्ध्यामा शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने भनी ०६२ माघ ६ गते बिहानैदेखि सरकारले राजधानीका विभिन्न स्थानबाट गिरफ्तार गऱ्यो। यसरी गिरफ्तार हुनेहरूमा काँग्रेसका रामचन्द्र पौडेल, मीना पाण्डे, शशांक कोइराला, सुजाता कोइराला, चक्रप्रसाद बाँस्तोला, खुमबहादुर खड्का, बलदेव मजगैयाँ, लक्ष्मण घिमिरे, डा. रामवरण यादव ओमकार श्रेष्ठ, लेखनाथ न्यौपाने, चन्द्रलाल महर्जन, महेश श्रेष्ठ, बालकृष्ण दाहाल, विनयध्वज चन्द, कुन्दनराज काफ्ले, लम्मण अर्याल, भीम श्रीस, टीका गुरुङ, गणेश भट्ट, युवराज सिंह, किरण न्यौपाने, जगतराज शाक्य, गोकुल खड्का, प्रेमकृष्ण महर्जन, राजेन्द्रकुमार महर्जन, राजेन्द्रकुमार राजथला, डा. रामशरण महत, भूपेन्द्रबहादुर थापा, बलदेव तिमिल्सिना, रामनाथ अधिकारी, रवीन्द्र लामा, अनन्त शर्मा, हरि आचार्य, प्रकाश रावल, दीपकविक्रम शाह, महेश, श्रेष्ठ, सन्तोष भट्टराई, एमालेका प्रदीप नेपाल, भीम रावल, ईश्वर पोखरेल, सुवास नेम्वाङ, युवराज कार्की, सिद्धिलाल सिंह, त्रिलोचन ढकाल, सुरेश कार्की, केशव बडाल, प्रदीप ज्ञावली, विद्या भण्डारी, महेन्द्र पाण्डे, कृष्णगोपाल श्रेष्ठ, युवराज ज्ञावली, गोकर्ण विष्ट, मुकुन्द न्यौपाने, रघुजी पन्त, राजेन्द्र श्रेष्ठ, कृष्णलाल महर्जन, माधव पौडेल, विजय राई, रामकुमारी झाँक्री, गोविन्द गौतम, सुरेन्द्र बस्नेत, नवीन लामा, मीठाराम शर्मा बजागाईं, विदुर मैनाली, ईश्वरी तिमल्सिना, विनोद श्रेष्ठ, योगेन्द्र संग्रौला, विद्यासुन्दर शाक्य, ओम राजबाहक, विमल पुन, दीपक शाह, अष्टलक्ष्मी शाक्य, रामचन्द्र लामिछाने, राजकुमार राई, दिनेश गौतम, सुदर्शन तिमिल्सिना, पुरुषोत्तम प्याकुरेल, बाबुराम थापा, अनिल भण्डारी, कलाधर भण्डारी, श्यामसुन्दर बस्नेत, गोपाल केसी, उमेश कुईकेल, राजेन्द्र खनाल, पीताम्बर तिमिल्सिना, सुरेन्द्र भण्डारी, प्रकाश न्यौपाने, दामोदर घिमिरे, बद्रीविक्रम थापा, ओम थपलिया, राम बलामी, नेकाँ (प्रजातान्त्रिक)का गोपालमान श्रेष्ठ, प्रदीप गिरी, विमलेन्द्र निधि, डा. प्रकाशशरण महत, उमाकान्त चौधरी, कृष्णबहादुर राई, खेमराज भट्ट मायालु, दुर्लभ थापा, सागर भट्टराई, डेकराज भट्टराई, नेपकिपाका प्रेम सुवाल, जनमोर्चाका परी थापा, गाविन्द महर्जन, दीपेन्द्र श्रेष्ठ, रामलाल महर्जन, दीपराम महर्जन, हरि महर्जन, तलसी महर्जन, विविन्द्र श्रेष्ठ, सद्भावना (आनन्दीदेवी) का राजेन्द्र महतो, अनिल झा नागरिक समाजका डा. देवेन्द्रराज पाण्डे, कृष्ण पहाडी, श्याम श्रेष्ठ, नीलाम्बर आचार्य, डा. मथुरा श्रेष्ठ, प्रदीप भट्टराई, मुकुन्द बस्नेत र पत्रकार द्वारिका उप्रेती रहेका छन्। गिरफ्तार सबैलाई तीन महिने थुनुवा पूर्जी दिएर विभिन्न थुनुवा केन्द्रहरूमा राखी माघ १४ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका महम्मद जहागिर

लोकतान्त्रिक स्रष्टाहरू डा. तुलसी भट्टराई, सुधा त्रिपाठी, रामप्रसाद ज्ञवाली, अर्जुन पराजुली, नन्दकृष्ण जोशी, कुसुम ज्ञवाली, हरिगोविन्द लुइँटेल, जगदीश भण्डारी, आनन्ददेव भट्ट, रमेश भट्टराई, अनुभव अजित, निर्मल अर्याल, भाष्कर गौतम, रुद्र खरेल र मुक्त श्रेष्ठ सहित १६ जनालाई लोकतन्त्र र शान्तिको पक्षमा कविता बाचन गरिहेका अवस्थामा सरकारद्वारा घोषीत निषेधाज्ञा अवज्ञा गरेको आरोपमा ०६२ माघ ७ गते प्रहरीले कामनपा नयाँ बानेश्वरबाट गिरफ्तार गरे। उनीहरूलाई जावलाखेलस्थित स्थानीय विकासको तालिम केन्द्रमा राखी पटक पटक गरी रिहा गरियो।

सात दलले नगरनिर्वाचन बहिष्कार गर्ने क्रममा ०६२ माघ ७ गते सरकारद्वारा घोषित निषेधाज्ञा तोड्दै विरोध प्रदर्शन गर्ने क्रममा बसन्तपुरमा सेना र प्रहरीले व्यापक धरपकड गरे। पचाँस जनाभन्दा बढी सेना बाहिर निस्केर बन्दुक देखाउदै आन्दोलनकारीलाई खेदेका थिए। बसन्तपुरको विरोध प्रदर्शनबाट प्रहरीले २ सय ३६ जनलाई गिरफ्तारी गरे। गिरफ्तार मध्ये १ सय ३६ लाई सोही दिन रिहा गरियो भने ७३ जनालाई दशरथ रगंशालामा राखियो। यसरी गिरफ्तारीमा पर्नेहरूमा नेकाँका महन्त ठाकुर, सहमहामन्त्री डा. रामशरण महत, महेश आचार्य, शेखर कोइराला, अर्जुनप्रसाद जोशी, सुप्रभा घिमिरे, दीपक गिरी, काँग्रेस नुवाकोटका जगदीशनरसिंह केसी, रामनाथ अधिकारी, तरुण दलका विनोद कायस्थ, नेविसंघका महेन्द्र शर्मा, उपाध्यक्ष क्षितिज भण्डारी, बद्री अर्याल,



सुरक्षाकर्मीद्वारा मारिएका चन्द्रबहादुर बयलकोटी

विष्णु पन्थी र लेखनाथ पोखरेल, एमालेका युवराज ज्ञवाली, गोपाल शाक्य, अखिलका गोकुल घर्ती, बिमला खनाल, शोभा सापकोटा, सोम मिश्र, रत्न गुरुङ, सुनिता रोक्का, जनमोर्चाका घनश्याम शर्मा पौडेल, शशि श्रेष्ठ, जीवन गौतम, नरेन्द्र राई, अरुण राई, नेकाँ (प्रजातान्त्रिक) का उमा अधिकारी, बसन्त गुरुङ, होमनाथ दाहाल, रमेश लेखक, कृष्णकिशोर घिमिरे, डिल्ली सिटौला, रुद्रमणी शर्मा, मञ्जु खाँड, कमल पँगेनी, केशव बुढाथोकी, आत्मराम पौडेल, भक्तध्वज बोहरा, सञ्जय यादव, संयुक्त बाममोर्चाका अध्यक्ष एनके प्रसाइँ, सीताराम तामाङ, प्रभुनारायण चौधरी, मालेका भुपेन्द्र लिम्बु, राधा तिमिल्सिना, रामकृष्ण देउला, रमा बाँस्तोला, सुशील पन्त, डिल्ली बोहरालगायतका रहेका छन्।



सुरक्षाकर्मीद्वारा मारिएका अनिलकुमार लामा

एमालेका गुरु बुर्लाकोटीलाई कलंकीबाट, यंगाल इकुवहालबाट एमालेका विद्यासुन्दर साक्य र सुरेन्द्र मानन्धरलाई किर्तिपुरबाट नगर निर्वाचन बहिष्कार गर्ने क्रममा ०६२ माघ २६ गते प्रहरीले गिरफ्तार गरी वडा प्रहरी कार्यालय कालिमाटीमा राखे। उनीहरूलाई सोही दिन साँझ छोडियो।

काग्रेसका नरहरि आचार्य, तीर्थमान डंगोल, नेकाँ (प्रजातान्त्रि) का एनपी साउद, एमालेका योगेश भट्टराई, रुपनारायण श्रेष्ठ, आलापोट गाविस-१ निवासी ४४ वर्षीय रामेश्वर फुयाँल, शम्भु अधिकारी, निरन्जन सापकोटा, बद्री आचार्य, रमेश केसी, रघुनाथ तिमिल्सिना, पुण्य चौलागाई, गजेन्द्र केसीलाई शान्ति सुरक्षा खल्बल्याएको आरोपमा ०६३ माघ ४ गते प्रहरीले काडमाण्डौको विभिन्न स्थानबाट गिरफ्तार गरे। गिरफ्तार गरिएका नरहरी आचार्य, एनपी साउद, शम्भु श्रेष्ठ, निरन्जन सापकोटा, रमेश केसी, रघुनाथ तिमिल्सिना र गजेन्द्र श्रेष्ठ(मानन्धर)लाई ०६२ फागुन ८ गते र योगेश भट्टराई, रमेश फुयाँल, रुपनारायण श्रेष्ठ, बद्री आचार्य र पुण्य चौलागाईलाई ०६२ फागुन ९ गते रिहा गरियो।

गोरखा जिल्ला आश्रङ्ग गाविस-५ मोहोरिया निवासी अनेमसंघ (क्रान्तिकारी) की २५ वर्षीय पुष्पा भनिने पार्वती थापामगरलाई माओवादीको आरोपमा ०६२ माघ १४ गते सादा पोसाकका सुरक्षाकर्मीले आफ्ना जेठाजुको घरबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय तीनकुनेमा राखे। उनलाई ०६२ माघ १६ गते जिल्ला प्रहरी कार्यालय हनुमान ढोका लगी माघ १७ गते आतंककारी अध्यादेश अन्तर्गत थुनुवा पूर्जी दिएकोमा ०६३ जेठ २८ गते रिहा गरियो।

रुपन्देही जिल्ला पर्वाहा गाविस-९ निवासी ३५ वर्षीय खिमलाल भट्टराई र धादिङ जिल्ला कुम्पुर गाविस-७ निवासी २९ वर्षीय गुणराज आचार्यलाई नगर निर्वाचनको बहिस्कारको लागि निकालिएको विरोध जुलुस सकिएपछि ०६२ माघ १७ गते नीजि भ्यानमा आएका सुरक्षाकर्मीले कामनपा ठमेलबाट गिरफ्तार गरे। भट्टराईलाई वडा प्रहरी कार्यालय दरबारमार्ग र प्रहरी प्रशिक्षण प्रतिष्ठन महाराजगञ्जमा राखी ०६२ फागुन ४ गते र आचार्यलाई वडा प्रहरी कार्यालय अनामनगरमा राखी सर्वोच्चको बन्दी प्रत्यक्षीकरण आदेशमा ०६२ फागुन १ गते रिहा गरियो।

रुकुम जिल्ला विजेश्वरी गाविस-५ निवासी ४३ वर्षीया एमालेकी तीर्था गौतम, रत्नशोभा महर्जन, कविता पौडेल थममाया थापा, ललितपुर उपमनपा-१५ खुमल्टार निवासी ३९ वर्षीया एमालेकी सुशीला नेपाल, शोभा सापकोटा, शिवकुमारी खनाल, लीलादेवी सेढाईं, सरिता सापकोटा, राधा हुँमागाई, रत्नशोभा गुरुङ, शान्ति श्रेष्ठ, पवित्रा पौडेल, विमला खनाल, चन्द्र थानी, कल्याणी शाह, अन्जा गिरी, द्वारिका कुइँकेल, गंगा केसी, प्रज्ञादेवी राई, बन्दना पौडेल, जीवन डंगोल, बिष्णु इङनाम, हरिमाया भेटवाल, शीला कतिला र मञ्जु भट्टराईलाई नगर निर्वाचन



सुरक्षाकर्मीको दमनबाट घाइते भएकाहरू

विरुद्ध प्रदर्शन गर्ने क्रममा ०६२ माघ १८ गते प्रहरीले हस्तक्षेप गरी कामनपा गौशालाबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय गौशाला राखे। गिरफ्तार तीर्था गौतम, रत्नशोभा महर्जन, कविता पौडेल, थममाया थापा र शुशिला नेपाललाई महेन्द्र पुलिस क्लबमा राखी सर्वोच्च आदालतको आदेशमा ०६३ फागुन २ गते र कविता पौडेललाई ०६३ फागुन ३ गते काठमाडौं जिल्ला आदालतको आदेशमा रिहा गरियो भने अन्यलाई गौशाला वडा प्रहरी कार्यालयबाट सोही दिन रिहा गरियो।

धुम्बाराही-४ निवासी ५४ वर्षीय चन्द्र सुवेदी, सोही ठाउँ निवासी २८ वर्षीय ध्रुव त्रिपाठी कामनपा महाँकाल निवासी ३२ वर्षीय कुशकुमार कार्की, कामनपा-४ निवासी ५२ वर्षीय रामजी आचार्य, सोही ठाउँ निवासी ५२ वर्षीय रत्न जोशीलाई जनआन्दोलनको पर्चा वितरण गर्ने क्रममा ०६२ माघ १८ गते प्रहरीले कामनपा-४ चप्पल कारखाना चण्डोलबाट गिरफ्तार गरे। पीडितहरूलाई महाराजगंज वडा प्रहरी कार्यालयमा राखी पुनरावेदन आदालतको आदेशमा ०६३ फागुन २५ गते रिहा गरियो।

मोरङ जिल्ला राजघाट गाविस-३ निवासी ३१ वर्षीय रुपेश खतिवडा, राजन खतिवडा, वासु पौडेल, गंगा चौधरी, अच्युत र सरोज यादव सहित ६ जना विद्यार्थीहरूलाई विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६२ माघ २० गते प्रहरीले त्रिविवि केन्द्रीय क्याम्पस कीर्तिपुरबाट गिरफ्तार गरी महिला प्रशिक्षण केन्द्र जावलाखेलमा राखे। पीडितलाई काठमाडौं जिल्ला आदालतको आदेशमा ०६२ माघ २९ गते रिहा गरियो। प्रहरीले पीडितमध्ये रुपेश खतिवडालाई चर्को यातना दिएका कारण शरीरभरि निलडाम थियो भने प्रहरीको कुटपिटबाट लक्ष्मी सङग्रौलाको दुवै हात भाँचियो।

स्याङजा जिल्ला फाफर गाविस-५ पातीखोला निवासी नेपाल प्रध्यामक संघका सभापति भूपति ढकाल, महासचिव रामेश्वर उपाध्याय, नेपाल पत्रकार महासंघ सभापति विष्णु निष्ठुरी,, त्रिविवि उपकुलपति नविनप्रकाशजंग शाही, वरिष्ठ पत्रकार हरिहर विरही, रामेश्वर गौतम, सुधा त्रिपाठी, आशा वस्याल, बसन्त गौतम, कृष्ण हुमागाई, सुशील भट्टराई, रामप्रसाद अधिकारी, इन्सेक कार्यसमिति सदस्य नजिर मियाँ, भरत झा, पमराज लामिछाने, सन्जय सन्तोषी राईलाई आफ्नो पेशागत माग राखेर शान्तिपूर्ण प्रदर्शन गरिरहेको अवस्थामा ०६२ माघ २१ गते प्रहरीले त्रिपुरेश्वरबाट गिरफ्तार गरी पुरुषलाई जनसेवा प्रहरी कार्यालयमा र महिलालाई महेन्द्र पुलिस क्लवमा राखेका थिए। गिरफ्तार भुपति ढकाल र रामेश्वर उपाध्यायलाई काठमाडौं जिल्ला आदालतको आदेशमा ०६२ फागुन १० गते रिहा गरियो। अरुलाई विभिन्न मितिमा रिहा गरियो।

झापा जिल्ला अनारमुनी गाविस-४ घर भई कामनपा-८ चावहिल निवासी ५५ वर्षीय मालेका महासचिव सीपी मैनाली, दोलखा जिल्ला निवासी ५२ वर्षीय जीतवीर लामा, ओखलढुङग जिल्ला निवासी ४३ वर्षीय रामहरि कार्की, सोही जिल्ला निवासी ३२ वर्षीय गुरु दाहाल, कामनपा-२५ धर्मस्थली निवासी २५ वर्षीय कृष्णहरि भट्ट, भीम वान्तावा, कामनपा डिल्लीबजार निवासी रिता बस्नेतलाई नगर निर्वाचन वहिष्कार गर्न आहवान गर्दै निस्किएको जुलुशमा ०६२ माघ २५ गते प्रहरीले हस्तक्षेप गरी कामनपा असनबाट गिरफ्तार गरे। गिरफ्तार रिता बस्नेतलाई महेन्द्र पुलिस क्लबमा र अरुलाई वडा प्रहरी कार्यालय जनसेवा विशालबजार राखी ०६२ माघ २७ गरे रिहा गरियो।

कामनपा-१५ डल्लु निवासी ५३ वर्षीय एमालेका प्रदीप नेपाललाई शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने आरोपमा ०६२ फागुन ८ गते घरबाटै प्रहरीले गिरफ्तार गरी दुवाकोट सशस्त्र प्रहरी गणमा तीन महिने थुनुवा पुर्जी दिएर राखियो। थुनामा अस्वस्थ भएपछि नेपाललाई अदालतको आदेशमा ०६२ फागुन १२ गते रिहा गरियो।

कामनपा-७ चवाहिल निवासी एमालेका ५८ वर्षीय केशव वडाललाई माघ १९ को शाही कदमको विरोध गरिरहेको अस्वस्थामा ०६२ चैत ८ गते प्रहरीले हस्तक्षेप गरी कामनपा विशाल बजारबाट गिरफ्तार गरे। बडाललाई १० दिन सिंहदरवार वडा प्रहरी कार्यालयमा र ६७ दिन भक्तपुर खरिपाटी विद्युत प्राधिकरणको भवनमामा राखी सर्वोच्च आदालतको आदेशमा ०६३ वैशाख १२ गते रिहा गरियो।

कामनपा-१५ डलु क्षेत्र निवासी तरुण दलका ४० वर्षीया जीवन डंगोल, गोंगबु गाविस-६ निवासी ३५ वर्षीया अमला श्रेष्ठ, कामनपा-७ सिफल निवासी ३६ वर्षीय रमेश महर्जन र खड्काभद्रकाली गाविस-निवासी ३० वर्षीय तोकमान नगरकोटीलाई विरोध प्रदर्शन गर्ने क्रममा ०६२ चैत २२ गते प्रहरीले कामनपा बानेश्वरबाट गिरफ्तार गरी तीनकुने वडा प्रहरी कार्यालयमा राखे। पीडितहरूलाई भोलिपल्ट पुर्जी दिएर २ नं गणमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

नेसपा (आनन्दीदेवी) का महासचिव ५० वर्षीय हृदेश त्रिपाठी, सर्लाही निवासी ४८ वर्षीय राजेन्द्र महतो, रामचन्द्र यादव र सिरहा निवासी ४२ वर्षीया सरिता गिरी, सर्लाही निवासी एमालेका महेन्द्रराय यादव, सुरेशकुमार यादव, रामचन्द्र झा, रमाकान्त चौधरी, जितेन्द्र सोनल, सरोजकुमार यादव, विजयकुमार यादव, रामपूजन चौरसिया, रामबाबु यादव, सेवल राम, रमेशप्रसाद ओझैया, दीपककुमार गुप्ता, दिनेशकुमार यादव, विष्णुनारायण यादव, कमलेन्द्र यादव, रमाकान्त ओझैया, अभिनवकुमार सिंह, खुशीलाल मण्डल, एमालेकी उर्मिला पाण्डे, आशा चतुर्वेदी, राजेशकुमार झा, रामकिशोर सिंह, अमरेशकुमार सिंह, मुरलीप्रसाद सिंहलाई

मधेशी समुदायले निरंकुशता विरुद्ध आयोजना गरेको विरोध प्रदर्शनमा ०६२ चैत २२ गते प्रहरीले हस्तक्षेप गरी कामनपा नयाँ बानेश्वरबाट गिरफ्तार गरी २ नं. गण महाराजगञ्जमा राखे। गिरफ्तार भएका हृदेश त्रिपाठी, राजेन्द्र महतो र रामबाबु यादवलाई ०६३ वैशाख ४ गते र अन्यलाई ०६२ चैत ३१ गते रिहा गरियो।

अर्घाखाँची जिल्ला धनचोर गाविस-८ निवासी ४१ वर्षीय बोमबहादुर विश्वकर्मा, नवलपरासी जिल्ला बरहरा दुवौलिया गाविस-७ निवासी ३६ वर्षीय रामलखन हरिजन र कामनपा-३५ कोटेश्वर निवासी नवराज पराजुलीलाई शान्ति सुरक्षामा आँच पुऱ्याउन खोजेको आरोपमा ०६२ चैत २३ गते प्रहरीले कोटेश्वरस्थित एमाले कार्यालयबाट गिरफ्तार गरे। गिरफ्तार सबै जनालाई वडा प्रहरी कार्यालय नयाँबानेश्वरमा राखी ०६३ वैशाख ४ गते सर्वोच्चको आदेशमा रिहा गरियो।

ओखलढुङगा जिल्ला डीएलए गाविस-निवासी २५ वर्षीय राजकुमार ढुंगाना, संखुवासभा जिल्ला खाँदवारी नपा-१३ तुम्लिङटार निवासी २२ वर्षीय जीवन राई, सिन्धुली जिल्ला निवासी १९ वर्षीय सुदीप आचार्य, लक्ष्मण घिमिरे र ताप्लेजुङ जिल्ला निवासी २७ वर्षीय सन्तोष तिमिल्सिनालाई सरकारद्वारा घोषीत निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरेको अवस्थामा ०६२ चैत २३ गते प्रहरीले कामनपा चावहिल पशुपति क्याम्पसबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय गौशाला राखे। पीडितलाई सोही दिन तीन महिने थुनुवा पुर्जी दिई महिला प्रशिक्षण केन्द जावलाखेलमा राखियो। गिरफ्तार सबैलाई ०६३ वैशाख १२ गते र सन्तोष तिमिल्सिनालाई गौशालाबाट तीन दिन पछि रिहा गरियो।

एमालेका केशव बडाल, गोपाल शाक्य, नेकाँका सुनीलकुमार भण्डारी, उपेन्द्र भट्टराईलाई आमड्तालका दिन अप्रिय घटनाहरू गराउन कृयाशील रहेको भन्ने जानकारी प्राप्त भएको जनाउँदै ०६२ चैत २३ गते प्रहरीले आफ्नै घरबाट गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन, ०४६ को दफा ५ को उपदफा १ बमोजिम नजरबन्दमा राखियो। पीडितलाई महिला प्रशिक्षण केन्द्र जावलाखेलमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

मोरङ जिल्ला निवासी नेकाँकी सुजाता कोइराला, कामनपा चावहिल गंगाहिटी निवासी एमालेकी विद्यादेवी भण्डारी, जीवन घिमिरे, हरिमाया भेटवाल, प्रेम डंगोल, गोपाल सुवेदी र चन्द्र भट्टराईलाई सरकारद्वारा घोषित निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरेको अवस्थामा ०६२ चैत २४ गते प्रहरीले कामनपा चावहिलबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय बौद्ध र गौशालामा राखी सर्वोच्चको आदेशमा ०६३ वैशाख ६ गते काठमाडौं जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

कामनपा कलंकीबाट एमालेका मोहनचन्द्र अधिकारी



प्रदर्शनमाथि प्रहरी ज्यादती

र जागृतप्रसाद भेटवाल, इन्सेक कार्यसमिति सदस्य नजिर मियाँ, टीकाराम रिजाल, देविप्रसाद ज्ञवाली, माधव गौतम, चितवन जिल्ला निवासी विजय सुवेदी, धादिङ जिल्ला निवासी काँग्रेसका गोकुल सुवेदी, शेषकान्त अर्याल, कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती गाविस-८ निवासी ५३ वर्षीय एमालेका लालबहादुर विश्वकर्मा, भागवत विश्वासी, माधव गौतम, आनन्द अधिकारी, नेकाँका उत्सव गौतम, मकवानपुर जिल्ला हेटौंडा नपा निवासी अर्जुन कार्की, विजय दोङ, सुमन नेपाली, प्रल्हाद तामाङ, विष्णु बस्नेत, विष्णु पोखरेललगायत २२ जनालाई निषेधाज्ञा निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरेको अवस्थामा ०६२ चैत २४ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई जावलाखेलस्थित महिला प्रशिक्षण केन्द्रमा तीन महिने पुर्जी सहित राखि सर्वोच्च अदालतको आदेशमा ललितपुर जिल्ला आदालतको रोहबरमा ०६३ वैशाख ६ गते रिहा गरियो।

नुवाकोट जिल्ला निवासी ५६ वार्षीय महेन्द्र पाण्डे, दोलखा जिल्ला जफे गाविस-३ निवासी एमालेका ४८ वर्षीय आनन्द पोखरेल, ४६ वर्षीय पशुपति चौलागाईं, विष्णु आडदम्बे, झडप भण्डारी, दोलखा जिल्ला लादु गाविस-७ निवासी ५२ वर्षीय लालकुमार केसी, विमला मानन्धर, छत्र कार्की र कमला पराजुलीलाई सात दलको विरोध प्रदर्शनका क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा कोटेश्वरबाट गिरफ्तार गरी कोटेश्वर वडा प्रहरी कार्यालयमा दिनभरि राखे। गिरफ्तार सबैलाई सोही दिन राखि ८ बजे महिला प्रशिक्षण केन्द्र जावलाखेलमा लगी तीन महिने पुर्जी दिइयो। गिरफ्तार सबैलाई सर्वोच्च अदालतको आदेशमा काठमाडौं जिल्ला अदालतको रोहबरमा ०६३ वैशाख ६ गते रिहा गरियो।

कामनपा-३२ घट्टेकुलो निवासी ५२ वर्षीय बलराम बाँस्कोटा, अघाखाँची जिल्ला सन्धीखर्क गाविस-६ निवासी ३८ वर्षीय श्रीकृष्ण भुसाल, आनन्ददेव भट्ट, कमला गिरी, नरेन्द्र बस्नेत, प्रदीप साह, नारायण सिलवाल, नरेन्द्र सापकोटा, शिवकुमार श्रेष्ठ, रमा गुरागाईं, बीना पौडेल, राधा

शर्मालगायत २५ जनालाई विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६२ चैत २४ गते प्रहरीले कामनपा मैतीदेवीबाट गिरफ्तार गरी महेन्द्र पुलिस क्लवमा राखी तीन महिने थुनुवा पूर्जी दिई महिला प्रशिक्षण केन्द्र जावलाखेल पठाइयो। गिरफ्तार सबैलाई सर्वोच्चको आदेशमा ललितपुर जिल्ला अदालतको रोहबरमा ०६३ वैशाख ६ गते रिहा गरियो।

ओखलढुङगा जिल्ला मोली गाविस-२ निवासी ५७ वर्षीय नेकाँका गोपाल राई, राजेन्द्र बस्नेत, कामनपा ३२ निवासी ४६ वर्षीया शान्ता ढकाल, कामनपा ३२ घट्कुलो निवासी ४६ वषीर्या अम्बिका सुवेदी, निरञ्जन सापकोटा, काभ्रे जिल्ला निवासी सुन्दरमणि आचार्य, सदुर्शन ढकाल, राजकुमार राई, ओखलढुंगा जिल्ला निवासी पुरुषोत्तम लुईंटेल, चितवन जिल्ला निवासी कमल आचार्यलाइ विरोध प्रदर्शनको क्रममा ०६२ चैत २४ गते प्रहरीले काठमाडौंबाट गिरफ्तार गरे। गिरफ्तार सवैलाई महेन्द्र पलिस क्लवमा राखिएको थियो भने अम्वीका सुवेदीलाई ०६२ चैत २८ गते रिहा गरियो भने अरु सवैलाई ०६३ वैशाख ३ गते रिहा गरियो।

लमजुङ जिल्ला निवासी काँग्रेसका हरिभक्त अधिकारी, विष्णुप्रसाद सापकोटा, रत्न जोशी र शिवराम विष्टललाई विरोध प्रदर्शनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा बसुन्धाराबाट गिरफ्तार गरे। पीडितलाई वडा प्रहरी कार्यालय कमलपोखरीमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

उदयपुर जिल्ला बसहा गाविस-९ निवासी ४९ वर्षीय एमालेका अशोक राई, जाजरकोट जिल्ला निवासी ४५ वर्षीय डम्बरबहादुर सिंह, पूर्वसांसद कमल कोइराला, राष्ट्रियसभा पूर्व सदस्य वीरबहादुर सिंह, नेकाँका स्मृतिनारायण चौधरी, पुरञ्जन आचार्य, केशव अधिकारी, तारा कोइराला, राजन पन्त, ललन चौधरी र यमलाल तिमिल्सिना, अछाम जिल्ला ओलगाउँ गाविस-९ निवासी २४ वर्षीय भीम रावललाई विरोध प्रदर्शनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा नयाँबानेश्वरबाट गिरफ्तार गरी तीनकुने वडा प्रहरी कार्यालय राखे। गिरफ्तार सबैलाई सोही दिन राती महिला प्रशिक्षण केन्द्र जावलाखेलमा लगी ०६२ चैत २५ गते तीन महिने थुनुवा पुर्जी थमाइयो। प्रहरीको कुटपिटबाट घाइते भएका रावललाई तीनकुनेबाट उपचारको लागि प्रहरीलले मोडेल अस्पताल पुऱ्याई रिहा गरियो। अन्यलाई सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख ५ गते रिहा गरियो।



शान्तिपूर्ण प्रदर्शनमा प्रहरी दमन

खोटाङ जिल्ला सत्तेश्वर सीतापोखरी गाविस-८ निवासी ३६ वर्षीय राजकुमार राईलाई नगरनिर्वाचनको विरोध प्रदर्शनको क्रमा ०६२ चैत २४ गते कामनपा बागबजारस्थित अनेरास्वियुको केन्द्रीय कार्यालयबाट प्रहरीले गिरफ्तार गरी सिंहदरवार वडा प्रहरी कार्यालयमा राखे । राई विरामी भएपछि ०६२ चैत ६ गते रिहा गरियो।

बर्दिया जिल्ला ताराचल गाविस-७ निवासी २५ वर्षीय कमल बस्नेतलाई आन्दोलनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा क्षेत्रपाटीबाट गिरफ्तार गरी जनसेवा प्रहरी कार्यालय विशालबजारमा राखे। उनलाई चैत २५ गते कामनपा स्रोहखुट्टे प्रहरी कार्यालयमा परिक्षाको लागि पुऱ्याए र उनलाई पुन प्रहरी तालिम केन्द्र महाराजगञ्जमा लगियो। प्रहरीको कुटपिटबाट अस्वस्थ्य भएका पीडितलाई ०६३ वैशाख ८ गतेसम्म त्रिविवि शिक्षण अस्पताल उपचार गराएर ०६३ वैशाख ९ गते रिहा गरियो।

कामनपा-१५ सोभाभगवती निवासी ४३ वर्षीय देवरत्न डंगोललाई आन्दोलनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कमनपा महाबौद्धबाट गिरफ्तार गरी विशालबजारस्थित जनसेवा प्रहरी कार्यालयमा राखे। पीडितलाई चैत २५ गतेदेखि प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखी ०६३ वैशाख १२ गते काठमाण्ठौ जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

कास्की जिल्ला पोखरा उमनपा-१७ निवासी ४० वर्षीय हरि केसी र भक्तध्वज बोहरालाई विरोध जुलुशको प्रदर्शनका क्रममा ०६२ चैत २४ गते प्रहरीले गोंगबुबाट गिरफ्तार गरी महेन्द्र पुलिसक्लबमा राखे। पीडितलाई सोही दिन बेलुका महिला प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा पुऱ्याई तीन महिने थुनुवा पुर्जी दिइयो। उनलाई ०६३ वैशाख १२ गते रिहा गरियो।

काँग्रेसका डा. टीका पोखरेल, डा. केदारनरसिंह के.सी लगायतलाई आमहड्तालको क्रममा ०६२ चैत २४ गते प्रहरीले माछापोखरीबाट हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई बालाजु चौकीमा पाँच दिन राखी प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा पुऱ्याई तीन महिने थुनुवा पुर्जी दिइयो। उनीहरू सबैलाई ०६३ वैशाख ९ गते काठमाडौं जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

नेकपा (एमाले) का नेता गोरखा जिल्ला पालुङटार गाविस-५ निवासी ६२ वर्षीय बाचस्पति देवकोटा र नेकाँका



प्रदर्शनकारीहरूको बाटो छेक्दै प्रहरीहरू

शुक्रराज शास्त्रीलाई विरोध जुलुशको क्रममा ०६२ चैत २५ गते प्रहरीले कामनपा कलंकीबाट गिरफ्तार गरे। उनीहरूलाई कालिमाटी वडा प्रहरी कार्यालयमा राखी सोही दिन महेन्द्र पुलिस क्लबमा राखेर राती प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगेर तीन महिने थुनुवापुर्जी दिइयो। उनीहरूलाई ०६३ वैशाख १२ गते रिहा गरियो।

कामनपा मैतीदेवीबाट प्याब्सनका उपाध्यक्ष भोजबहादुर शाही, बालिका गिरी, गोपाल जोशी, प्रमोद बाँस्कोटा, अधिवक्ता मोहन केसी, कृष्ण प्रजापतिलाई सात दलको आमहड्तालको क्रममा ०६२ चैत २५ गते प्रहरीले गिरफ्तार गरे। उनहरूलाई महेन्द्र पुलिस क्लबमा लगी सोही दिन प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगी ०६२ चैत २८ गते रिहा गरियो।

खड्काभद्रकाली गाविस-८ निवासी ४१ वर्षीय उद्धव खरेल, सोही गाविस-निवासी ३५ वर्षीय गोविन्द भट्टराई, धापासी गाविस-३ निवासी ३७ वर्षीय रामकृष्ण श्रेष्ठ, ओखलढुङगा जिल्ला घरभई हाल बुढालिलकण्ठ-३ निवासी ४७ वर्षीय बद्रीनाथ दहाल, महाँकाल गाविस-निवासी ४० वर्षीया कुसुम कार्की, सोही गाविस-३ निवासी ४३ वर्षीय जनार्दन दाहाल सोही ठाउँ निवासी राधिका खतिवडा र राम थापासहित १२ जनालाई सात दलले आयोजना गरेको विरोध जुलुशको क्रममा ०६२ चैत २५ गते प्रहरीले बसुन्धराबाट हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई महाराजगञ्ज वडा प्रहरी कार्यालय र महेन्द्र पुलिस क्लबमा राखी सोही दिन राती प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगेर तीन महिने थुनुवा पूर्जी थमाइयो। गिरफ्तार सबैलाई ०६३ वैशाख १२ गते रिहा गरियो।

ताप्लेजुङ जिल्ला निवासी धर्म बराल, बुटवल निवासी कृष्ण सिँह, राजु नेपाली, निर्मल देवकोटा र प्रकाश देवकोटालाई सात दलको विरोध जुलुशका क्रममा ०६२ चैत २५ गते प्रहरीले कामनपा नयाँबानेश्वरबाट हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई गिरफ्तार गरी तीनकुने वडा प्रहरी कार्यालय बानेश्वरमा राखेका थिए। उनीहरूलाई पटकपटक गरेर रिहा गरियो। यसैगरी, ऋषि आनन्ददेवसहित छजनालाई सात दलको आह्वानअनुरूप आमहड्तालको दोस्रो दिन ०६२ चैत २५ गते कामनपा बालाजुबाट प्रहरीले गिरफ्तार गरियो। पीडितलाई सोही दिन महाराजगञ्ज वडा प्रहरी कार्यालयबाट रिहा गरियो।

कामनपा कलंकी चोकबाट एमालेका जगन्नाथ खतिवडालाई विरोध प्रदर्शको क्रममा ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। उनलाई महिला प्रशिक्षण केन्द्र जावलाखेलमा लगी तीन महिने थुनुवा पूर्जी दिई ०६३ वैशाख १२ गते रिहा गरियो।

कामनपा सरस्वतीखेल-६ निवासी ४५ वर्षीय नेपाल बार एसोसीएसन महासचिव माधव बाँस्कोटा, अध्यक्ष शम्भु थापा, उपाध्यक्ष शेरबहादुर थापा, हरिहर दाहाल, युवराज संग्रौला, रविन्द्रलाल जोशी, मानअधिकार अनुगमन गर्न गएका फोरिडका महासचिव राजकुमार शिवाकोटीलाई विरोध प्रदर्शनको क्रममा ०६२ चैत २९ गते प्रहरीले माइतीघर मण्डलामा गिरफ्तार गरे। गिरफ्तार सबैलाई दशरथ रंगशालामा पुऱ्याई सोही दिन साँझ सशस्त्र प्रहरी गण हलचोकमा सारियो। गिरफ्तार सबैलाई ०६३ वैशाख १ गते रिहा गरियो।

गुल्मी जिल्ला बले टक्सार गाविस-२ निवासी ४५ वर्षीय एमालेका प्रदीप ज्ञवाली, उदयपुर जिल्ला त्रियुगा नपा-७ निवासी ४९ वर्षीय सुरेश कार्की, सुनिल मानन्धर, श्याम कार्की, मधु वि.सी., पद्मनारायण चौधरी, प्रभुनारायण चौधरी, परशुराम प्याकुरेल, नन्दकिशोर त्रिपाठी र दिनेश वि.सी.लाई ०६२ चैत ३० गते कामनपा कोटेश्वर महादेवस्थानबाट विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीनकुने वडा प्रहरी कार्यालयमा दुई दिन राखेर महाराजगञ्ज दुई नम्बर गणमा सारी ०६३ वैशाख ११ गरे रिहा गरियो।

एमाले स्थायी कमिटी सदस्य झलनाथ खनाल र एमाले स्थायी कमिटी सदस्य ५९ वर्षीय बामदेव गौतमलाई शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने आरोपमा ०६३ वैशाख ८ गते प्रहरीले त्रिभुवनविमास्थालबाट गिरफ्तार गरे। खनाल दिल्लीबाट र गौतम भैरहवाबाट दुई महिने भारत बसाईपछि काठमाडौं आएका थिए। दुवैजनालाई प्रहरी पहरागण त्रिपुरेश्वरमा राखी ०६२ वैशाख ९ गते रिहा गरियो।

पूर्व गृहमन्त्री कमल थापा, पररा्ष्ट्र मन्त्री रमेशनाथ पाण्डे स्थानीय विकास मन्त्री टंक ढकाल, स्वास्थ्य तथा वातावरणमन्त्री नीक्षेशम्शेर राणा र श्रीषशम्शेर राणालाई रायमाझी आयोगको आग्रहमा जाँचबुझमा प्रभाव पार्न सक्ने र प्रमाण नष्ट पार्न सक्ने आरोपमा ०६३ वैशाख २९ गते प्रहरीले गिरफ्तार गरी । गिरफ्तार सबैलाई तीन दिने पूर्जी दिई महाराजगञ्जस्थित प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्रमा



पत्रकारहरूलाई गिरफ्तार गर्दै प्रहरी

राखियो। सर्वोच्चको आदेशमा सबैलाई ०६३ असार ४ गते रिहा गरियो।

बाजुरा जिल्ला रुगीन गाविस-२ निवासी ३३ वर्षीय नेविसंघका महामन्त्री बद्री पाण्डेलाई ०६२ माघ १४ गते साँझ सादापोसाकका प्रहरीले शंकरदेव क्याम्पस अगाडिबाट गिरफतार गरेका थिए। गिरफ्तारपछि उनलाई रत्नपार्कस्थित उपत्यका प्रहरी कार्यालयमा राखी सोही दिन बेलुका सिंहरदरबार वडाप्रहरी कार्यालय राखियो। भोलिपल्ट प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगी राखिएकोमा सर्वोच्चको आदेशमा ०६२ फागुन १ गते रिहा गरियो।

नेकाँका केन्द्रीय सदस्य महन्त ठाकुर, नेकपा एमालेका केन्द्रीय सदस्य रघुजी पन्त र विरोध खतिवडा, नेकाँका विजुल विश्वकर्मा, नेपाल पत्रकार महासंघका अध्यक्ष विष्णु निष्ठुरी, चरण प्रसाई, हरिहर विरही, विदुर मैनाली, कमला थापा, लोकराम क्षेत्री, सुरेन्द्र तिमिल्सिना, कोमल पौडेल, भरत भट्ट, मनबहादुर लामा, सुनबहादुर मल्ल, प्रकाश बराकोटी, नारायणदत्त कँडेल, रघुनाथ खुलाल, राज्यलक्ष्मी श्रेष्ठ, जानु घिमिरे, शान्ता प्रधान, नन्दकृष्ण जोशी, रमेसजंग सिजापति, विक्रमबन्धु पाण्डे, लालसेन लामा, ठाकुर सिंह नेम्वाङ, कमल यादव, सप्तसिंह कार्की, कृष्ण हुमागाँई, बिन्दुकान्त घिमिरे, विरेन्द्र राई, अरुण राई, वेदनिधि अधिकारी, सुनसरी जिल्ला घर भएकी ८६ वर्षीया छाँयादेवी पराजुली नेकाँका, राजाराम पुडासैनी, सुमन मल्ल, रमेश विष्ट, महेन्द्र पाण्डे, भरत भट्ट, कनकमणी दीक्षित, अमर ढकाल, ऋषी धमला, गंगाधर पराजुली, बलराम बाँनिया, हेमन्त काफ्ले, सूर्य थापा, विनोद पहाडी, रामजी दाहाल, किशोर श्रेष्ठ, सञ्जय सन्तोषी राई, नन्दऋसी न्यौपाने, रुपक अधिकारी, रोशन कार्की, तीर्थ न्यौपाने, नरेन्द्र साउद, विशाल नेपाल, यादव देवकोटा, भरत पोखरेल, दिनेश कार्की, लीला घिमिरे, अमरनाथ ढकाल, लव ढुंगाना, उजीर मगर, रोजन राई, केदार कोइराला, कृष्ण ढुंगाना, गोपाल खनाल, सरला गौतम, रमेश केसी, सन्तोष पाण्डे लगायतलाई राजधानीमा कालो दिवस भन्दै विरोध पर्दशन गर्ने क्रममा ०६२ माघ १९ गते प्रहरीले गिरफ्तार गरेका थिए। सबैलाई सोही दिन रिहा गरियो।

सूर्यबहादुर थापालाई सात दलले आह्वान गरेको आमहड्तालको चौथो दिन ०६३ चैत २७ गते कलंकीमा प्रहरीले गम्भीर कुटपिट गरी घाइते पारे। पीडितलाई प्रहरीले हिरासतमा यातना दिएर ज्यान मार्ने धम्की दिएको थियो। पीडितलाई कालिमाटी वडा प्रहरी कार्यालयबाट सोही दिन रिहा गरियो। कंलकी घटनामा प्रहरीले हस्तक्षेप गर्दा महोत्तरीका अशोक मगरको देब्रे हात भाँचिएको थियो भने प्रहरीले ९ जनालाई गिरफ्तार गरेकोमा सोही दिन रिहा गरियो।

पुनः गिरफ्तारी

काभ्रे जिल्ला नयाँगाउँ गाविस-८ निवासी २१ वर्षीय रामप्रसाद तिमिल्सिनालाई माओवादीको आरोपमा ०६२ पुस २० गते सुरक्षाकर्मीले कामनपा डिल्लीबजारस्थित सदरखोरबाट अदालतको आदेशमा रिहा भएलगतै गिरफतार गरे। पीडितलाई ०६१ असार १४ गते ललितपुर मंगलबजारबाट पहिलोपल्ट गिरफ्तार गरिएको थियो। यसअघि पीडितलाई ०६१ माघमा केन्द्रीय कारागारबाट रिहा हुन साथ सुरक्षाकर्मीले गिरफ्तार गरेका थियो। उनलाई छुटाउन पगेमा मानवअधिकारकर्मी तथा अधिवक्ता मोहन पोखरेललाई सुरक्षाकर्मीले कुटपिट गरे।

झापा जिल्ला घर भई हाल काठमाडौं बस्दै आएका नेकाँका कृष्णप्रसाद सिटौलालाई शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने आरोपमा ०६२ फागुन १० गते प्रहरीले उहाँकै निवासबाट गिरफ्तार गरे। सिटौलालाई सर्वोच्च आदालतको आदेशमा ०६२ फागुन १२ गते रिहा भए। यसअघि पीडितलाई माघ २८ गते व्यक्तिगत कामको सिलसिलामा झापा जाने क्रममा त्रिभुवन विमानस्थलबाटै गिरफ्तार गरिएको थियो। पीडितलाई ०६२ फागुन ८ गते रिहा गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार.

(राजनीतिक स्वतन्त्रता,स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कामनपा-३५ कोटेश्वरस्थित बालकुमारी निवासी एमाले महासचिव माधवकुमार नेपाललाई ०६२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालय काठमाडौं नजरबन्दीको पूर्जी काटी घरमै नजरबन्दमा राखे। महासचिव नेपाललाई ०६२ चैत १० गते दिउँसो साढे तीन बजे एसपी माधव थापाको नेतृत्वमा आएका सशस्त्र प्रहरीको टोलीले तीन महिने थुनुवा पूर्जी दिई ककनीस्थित सशस्त्र प्रहरीको तालिम केन्द्रमा हिरासतमा राखे। महसचिव नेपालको घरमा ०६२ चैत ९ गते अपरान्ह प्रहरीले छापामारी कम्प्युटर लगायतका सञ्चार

सामाग्री कब्जा गरी लगेका थिए। नेपाललाई ०६३ वैशाख ६ गते अपरान्ह काठमाडौं जिल्ला अदालतको रोहबरमा मुक्त गरियो। महासचिव नेपालका भाइहरू विनोद र सरोजको घरमा सशस्त्र प्रहरीको एक टोलीले ०६२ चैत १० गते बिहान छापा मारेका थिए। इन्सेक लगायत आधा दर्जन मानवअधिकारवादी संस्थाका प्रतिनिधि नेपाललाई भेट गर्न गएको अवस्थामा प्रहरीले भेट गर्न रोक लगायो।

नेकाँका सभापति गिरिजाप्रसाद कोइराला, नेमकिपा अध्यक्ष नारायणमान विजुक्छे र एमाले स्थायी कमिटी सदस्य केपी शर्मा ओलीलाई ०६२ माघ ७ गतेबाट सरकारले आ-आफ्नै घरमा ९० दिनको स्थानहद पुर्जी दिएर घरमै नजरबन्दमा राख्यो। कोइराला, विजुक्छे, ओलीलाई ०६२ माघ ९ गते काठमाडौं जिल्ला अदालतको रोहबरमा मुक्त गरियो।

पदमकन्या क्याम्पसका सभापति विनिता अधिकारी र उपसभापति दीपा सिवाकोटी, सचिव टीका चैधरी, कोषाध्यक्ष लाकुमारी पोखरेल, रुपा पोखरेल, रश्मीप्रिया सिंह, उमा गौतमलाई ०६२ माघ ९ गते प्रहरीले विरोध प्रदर्शन गरिरहेको अवस्थामा कामनपा बागबजारस्थित पद्मकन्या क्याम्पस हाताभित्र प्रवेश गरी कुटपिट गरी घाइते पारे। कुटपिटबाट गम्भीर घाइते भएकी अधिकारीको मितेरी अस्पतालमा उपचार भयो।

धनकुटा जिल्ला निवासी २४ वर्षीय भक्त गौतम, काभ्रे जिल्ला निवासी २२ वर्षीया प्रतिभा लामालाई ०६२ फागुन २१ गते प्रहरीले मैनवत्ती जुलुस निकाल्ने क्रममा पद्मोदय मोडमा कुटपिट गरे। कुटपिटबाट घाइते भएका दुवैलाई प्रहरीले नै उपचारको लागि अस्पताल लगे। घाइते दुवै दृष्टिविहीन हुन्।

गोर्खा जिल्ला पृथ्वीनारायण नपा-४ निवासी २८ वर्षीय पूर्ण श्रेष्ठ, डिल्लीप्रसाद गिरी, चुडामणी खनाल, शशी आचार्य, अनु झा गुरुङ, भीम आचार्य, काभ्रे जिल्ला निवासी २२ वर्षीया प्रतिभा लामा, ज्ञानेन्द्र नेपाल, दीपक सापकोटा, नेत्र राई, सुदिप चौधरी, वृन्दा भुर्तेल, निर्मला दंगाल, विमला तामाङलगायत ६० जना बेराजगार दृष्टिविहीनहरूलाई आफ्ना मागहरूप्रति सरकारले वेवास्ता गरेको भन्दै मैनवती जुलुश निकाल्ने क्रममा ०६२ फागुन २१ गते प्रहरीले पद्मोदयमोड पुतलीसडकबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी सोही दिन साँझ रिहा गरियो।

गोर्खा जिल्ला पृथ्वीनारायण नपा -४ का २८ वर्षीय पूर्ण श्रेष्ठ, काभ्रेका २२ वर्षीया प्रतिभा लामा, ज्ञानेन्द्र नेपाल, दीपक सापकोटा, नेत्र राई, सुदिप चौधरी, बृन्दा भुर्तेल, निर्माला दंगाल, बिमला तामाङ, डिल्लीप्रसाद गिरी, चुडामणी खनाल, शसी आचार्य, अनु झा गुरुङ, भीम आचार्य सहित ५५ जना दृष्टिवीहीनहरूलाई ०६२ फागुन २३ गते माइतीघरबाट श्रम तथा यातायात मन्त्रालयमा आफ्ना मागहरू पुरा गराउन ज्ञापन पत्र बुझाउन जानेक्रममा प्रहरीले कुटपिट गरी गरिफ्तार गरे। उनीहरूलगायत ट्रकमा राखेर सिंहदरवारस्थित वडा प्रहरी कार्यालय राखि सोही दिन साँझ रिहा गरियो।

कामनपा पुतलिसडकमा सुदिप चौधरी, राजेश चापागाई, निर्मला दंगाल, प्रतिभा लामा, छिटुप लामा, मनोज शर्मा, दीपक सापकोटा, भक्त गौतम, कुमार पौडेललाई ०६२ फागुन २४ गते प्रहरीले श्रम तथा उद्योग मन्त्रालयमा तालिमका प्रमाणपत्रहरू बुझाउन जाने क्रममा कुटपिट गरी सामान्य घाइते पारे।

माइतीघर मण्डलामा सुदर्शन सत्याल, सीता ज्ञवाली, टेकबहादुर मगराती, डिल्लीप्रसाद गिरीलगायतका दृष्टिविहीनहरूलाई ०६२ फागुन २६ गते प्रदर्शन गर्ने क्रममा प्रहरीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका सबैको वीर अस्पतालमा उपचार भयो।

नेपाल प्राध्यापक संघका सभापति प्रा. डा. भूपति ढकाल, नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा, उपाध्यक्ष शेरबहादुर केसी, महासचिव माधव बाँस्कोटा, नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, खोटाङ जिल्ला डम्बरकुरशिवालय गाविस-३ निवासी हाल कामनपा-१६ गल्खुपाखा बस्ने महासचिव महेन्द्र विष्ट, पत्रकारहरू हरिहर विरही, गोपाल थपलिया, ऋषि धमला, उजीर मगर, विनोद पहाडी, सुदर्शन आचार्य, पोषराज कोइराला, प्राध्यापक कृष्ण खनाल, महेन्द्रभूषण थापा, कुस्माकर न्यौपाने, डा. मधु घिमिरे, डा. शशाङ्क कोइराला, डा. केदार नरसिंह केसी, डा. महेश मास्के, केशव भट्टराई, नीलहरि काफ्ले, होम सुवेदीलगायतलाई पापडको आयोजनामा भएको शान्ति पूर्ण विरोध जुलुसमा सहभागि भएको अवस्थामा ०६२ चैत २३ गते प्रहरीले कामनपा वानेश्वरबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वानेश्वर वडा प्रहरी कार्यालय र महेन्द्र पुलिस क्लबमाबाट सोही दिन रिहा गरियो। शम्भु थापा, शेरबहादुर केसी, माधव बाँस्कोटालाई तीनकुने प्रहरी कार्यालयबाट सोही दिन साँझ रिहा गरियो भने मीनभवन क्याम्पसका महासचिव भीम रावललाई प्रदर्शनको क्रममा ०६२ चैत २३ गते प्रहरीले मीनभवनबाट गिरफ्तार गरी कुटपिट गर्दै वडा प्रहरी कार्यालय सविधानगरमा राखी सोही दिन रिहा गरियो।

ललितपुर उमनपा-१५ खुमल्टार निवासी ३८ वर्षीय नेपाल पत्रकार महासंघ उपाध्यक्ष शिव गाउँले, कोषाध्यक्ष पूर्ण बस्नेत, सदस्य हेमन्त काफ्ले, कनकमणि दीक्षित, लक्ष्मण कार्की, बालकुमार नेपाल, देवराज रिमाल, नवीन पौडेल, बाबुराम ढकाल, उज्वल आचार्य, दामोदरप्रसाद दवाडी, धर्मेन्द्र झा, राजेन्द्र अर्याल, विमल गौतम, गोविन्द चौलागाँई,

लीलाराज खनाल, निर्मला शर्मा, शकंरलाल मल्ल, इन्द्र बाँनिया, रोजन राई, किरण पोखरेल, ज्ञानराम श्रेष्ठ, प्रकाश सिलवाल, भोजराज श्रेष्ठ, हरि न्यौपाने, रुक्मागत न्यौपाने, गोविन्द आचार्य र दीपक कोइरालालाई ०६२ चैत २३ गते कामनपा नयाँसडक क्षेत्रमा विरोध प्रदर्शनको क्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय विशाल बजारबाट सोही दिन रिहा गरियो।

एमालेका सुवास नेम्वाङ्ग, भीम रावल, रघु पन्त र काँग्रेसका विमलेन्द्र निधि, डा.मिनेन्द्र रिजाल, मञ्जु भट्टराईलाई ०६२ चैत २३ गते प्रहरीले आफ्नै घरबाट गिरफ्तार गरे। उनीहरूलाई गुहेश्वरी दुवाकोट सशस्त्र प्रहरी गणमा लगरे सोही दिन काठमाडौं जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

कामनपा चाबहिलबाट नेकाँका रामचन्द्र अधिकारी, रामेछाप जिल्ला गोठगाउँ गाविस-४ निवासी २९ वर्षीय नेविसंघका राजु कोइराला, बलदेव तिमिल्सिना, मीन विश्वकर्मालाई सात दलको आह्वानमा भएको विरोध जुलुशको क्रममा ०६२ चैत २५ गते प्रहरीले गिरफ्तार गरी गौशाला वडा प्रहरी कार्यालयमा राखे। पीडितलाई सोही दिन राति प्रहरी भ्यानमा राखेर डेरा-डेरामा लागि छाडियो।

इन्चङगुनारायण गाविस-४ निवासी ५२ वर्षीया एमालेकी अष्टलक्ष्मी शाक्य, कामनपा-१४ बल्खु निवासी ४८ वर्षीय कृष्णगोपाल श्रेष्ठ, रविन्द्र अधिकारी, सलाही जिल्ला परवानीपुर गाविस-निवासी जनमोर्चाका प्रल्हाद बुढाथोकी, मेदनी ओली, तरुण दलका विन्दा राणा, नरेन्द्र शिवाकोटी, कृष्ण केसी, लक्ष्मीनाथ शिवाकोटी, जनमोर्चाका झल्कु यादव, होमबहादुर चन्द, काँग्रेसकी उर्मिला थापा, नन्दराम थापालाई सात दलको विरोध प्रदर्शनको क्रममा ०६२ चैत २५ गते प्रहरीले कामनपा असनबाट गिरफ्तार गरे। गिरफ्तारमा परेका अष्टलमी शाक्य, विन्दा राणा र उर्मीला थापालाई महेन्द्र पुलिस क्लबमा र अन्यलाई महाराजगञ्ज २ नं गणमा राखी सोही दिन रिहा गरियो।

सिरहा जिल्ला गोलबजार गाविस-निवासी उमेश बरालको ०६२ चैत २५ गते प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा कामनपा लगनटोलमा गरेको कुटपिटमा दाहिने हात भाँचिएकोमा मोडेल अस्पतालमा उपचार भयो।

कीर्तिपुरमा विक्रम पौडेल, निराजन बन्जारा, हिमाल पंगेनी, महेश मर्हजन, अर्जुन गैरे, कालीबहादुर बुढा, कमल अधिकारी, रमन श्रेष्ठ, खगेन्द्र कोइराला र ११ वर्षीय बटुकृष्ण थापालाई ०६२ चैत २७ गते सात दलको आमहड्ताको क्रममा प्रहरीले घर घरमा प्रवेश गरी कुटपिट गरे। कुटपिटबाट गम्भीर घाइते पौडेलको मोडल अस्पतालमा र अन्यको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

चितवन जिल्ला भण्डारा गाविस-८ निवासी २७ वर्षीय विनोद विरही सुवेदीलाई ०६२ चैत २७ गते सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनको अनुगमन गरिरहेको अवस्थामा प्रहरीले कीर्तिपुरमा कुटपिट गरी घाइते पारे।

कामनपा-१४ निवासी एमालेकी सोभा सापकोटा, कामनपा-१४ कलंकी निवासी ३९ वर्षीय एमालेका ओम थपलिया, एमालेकी पवित्रा पौडेल, राजकुमार कटुवाल, बुद्धिमान तामाङ, सविता अधिकारी र महेश क्षेत्री सात राजनीतिक दलको विरोध प्रदर्शनका क्रममा ०६२ चैत २८ गते प्रहरीले कामनपा कलंकीमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइतेको इन्सेकको सहयोगमा उपचारार्थ त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचार गरियो।

गोंगबुचोकका प्रभुराम थापा, सरोज शाही र समाचार संकलनका लागि गएकी एक जना कोरियन पत्रकारलाई ०६२ चैत २८ गतेसुरक्षाकर्मीले कुटपिट गरी घाइते पारेका थिए।

झापा जिल्ला वीर्तामोड घरभई हाल कानपा जोरपाटी बस्ने ४४ वर्षीय जीतु गौतम, ओखलढुंगा जिल्ला पखरे गाविस १ निवासी २६ वर्षीय बलवहादुर राईलाई सात पार्टीले गरेको विरोध प्रर्दशनको क्रममा ०६२ चैत २८ गते चावहिल चुच्चेपाटीमा प्रहरीले कुटपिट गर्दा घाइते भए। उनीहरूलाई घाइते अवस्थामा पनि प्रहरीले गिरफ्तार गरी गौशाला वडा प्रहरी कार्यालयमा राखि ०६२ चैत ३१ गते महाराजगञ्ज २ नं गणमा सारियो। उनीहरूको उपचार विरेन्द्र प्रहरी अस्पतालमा भयो। उनीहरूलाई ०६३ वैशाख १२ गते जनआन्दोलन पश्चात रिहा गरियो। रिहा पछि उनीहरूको उपचार नेपाल मेडिकल कलेज सिंनामंगल, वीर अस्पताल र काठमाडौं मोडेल अस्पतालमा भयो। गौतमलाई यस भन्दा पहिले पनि जनआन्दोलनकै क्रममा जोरपाटीबाट ०६२ चैत २४ गते प्रहरीले गिरफ्तार गरी बैद्ध वडा प्रहरी कार्यालयमा राखि ०६२ चैत २६ गते रिहा गरिएको थियो।

कामनपा बबरमहलमा कानुन व्यवसायी सन्तोष सिग्देल, सीताराम अधिकारी, नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा, अधिवक्ताहरू हरिहर दाहाल, नन्दु आचार्य, प्रेमबहादुर खड्का, भरतमणी गौतम, पूर्णप्रसाद दंगाल, कमलबहादुर खत्री, कमल इटानी, नविन श्रेष्ठ, राजेन्द्र न्यौपाने र गोविन्द खड्कालाई ०६३ चैत २९ गते प्रहरीले विरोध प्रदर्शनका क्रममा कुटपिट गरे। कुटपिटबाट सन्तोष सिंग्देल र सीताराम अधिकारीको हात भाँचियो। सोही प्रदर्शनको पर्यवेक्षण गर्न गएका इन्सेकका विमलचन्द्र शर्मा र विद्यानाथ भुर्तेललाई समेत प्रहरीले कुटपिट गरे।

एमालेका होमराज गौतम, विजय रिजाल र कामनपा कलंकी निवासी स्थानीय व्यापारी २० वर्षीय दिनेश कार्कीलाई ०६२ चैत २९ गते प्रहरीले सात दलको प्रदर्शनको क्रममा

कामनपा कलंकीमा कुटपिट गरी घाइते पारे। घाइतेहरूलाई इन्सेकको सहयोगमा मोडेल अस्पताल उपचार गरियो।

कामनपा गोंगबु चोकस्थित एआईजी रुपसागर मोक्तानको घरमा रहेका सुरक्षागार्ड र सशस्त्र प्रहरी जवानबीच ०६२ चैत २९ गते दोहोरो गोली हानाहान हुँदा फोटो पत्रकार कुमार श्रेष्ठ घाइते भए। घाइते श्रेष्ठलाई मानवअधिकारकर्मीहरूले उपचारको लागि शिक्षण अस्पताल महाराजगञ्जमा उपचारका लागि लगे। मोक्तानको घरभित्रबाट प्रदर्शनकारीहरूमाथि गोली हान्ने सात जनामध्ये एक जना प्रहरी नन्दप्रसाद तामाङलाई प्रदर्शनकारीले बाहिर निकालेर गम्भीर कुटपिट गरेका थिए। उनलाई इन्सेकका कृष्ण गौतम, रुपेश नेपाल, विमलचन्द्र शर्मा र बाबुराम विश्वकर्माले उद्धार गरी उपचार गराएका थिए।

एक्सन एड नेपालका निर्देशक शिवेशचन्द्र रेग्मीलगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका दुईसयभन्दा बढी कर्मचारीहरूलाई सात राजनीतिक दलले घोषणा गरेको आन्दोलनको समर्थनमा सहभागी भएको अवस्थामा ०६२ चैत ३१ गते प्रहरीले माइतीघर मण्डलाबाट प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। सबैलाई सोही दिन रिहा गरियो।

कामनपा गौशलामा बुधवार साप्ताहिकका सम्पादक सूर्य थापा, टीकाराम यात्री, समाचारपत्रका दीपक दाहाल र फणिन्द्र दाहाल लगायतका पत्रकारलाई ०६३ वैशाख २ गते प्रेसमाथि भएको राज्यको दमनको विरोधमा विरोध जुलुश धर्नामा परिणत भएको अवस्थामा डीएसपी श्याम खड्का र सुशील भण्डारीको नेतृत्वमा रहेका प्रहरीले धरपकड गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई खाना बहिष्कार गरेपछि सोही दिन साँझ रिहा गरियो।

मीन बस्नेत, भगवती तिमिल्सिना, भोला भट्टराई, ठाकुर भण्डारी, शान्ति अधिकारी, नेत्र तिमिल्सिना, शर्मिला कार्की, गजाधर सुनार, हरि न्यौपाने, सरोज गुरुङ, राजेश लामिछाने, मोहन ओली, रुबिन गन्धर्व, सन्तोष विश्वकर्मा लगायत विभिन्न गैर सरकारी संस्थासँग आवद्ध सदस्यहरूलाई सात राजनीतिक दलले घोषणा गरेको आन्दोलनको समर्थन तथा पूर्णलोकतन्त्रको माग गर्दै विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६३ वैशाख २ गते प्रहरीले कामनपा बानेश्वरबाट हस्तक्षेप गरी सोही दिन राति रिहा गरियो।

प्रायुसंघका ममता गिरी, भीम केसी, गरिमा साह, माधव अर्याल, विमला खड्गी र मञ्जु यादव लगायतलाई ०६३ वैशाख २ गते कामनपा भोटाहिटीमा भएको विरोध प्रदर्शनको त्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई दरशरथ रंगशालामा राखी साँझ रिहा गरियो।

प्रेस चौतारीका अध्यक्ष बालकृष्ण चापागाईं, महासचिव गणेश बस्नेत, गगन विष्ट, पूर्व उपाध्यक्ष भरत पोखरेल, पूर्व अध्यक्ष शम्भु श्रेष्ठ र पत्रकारहरू भीमसेन राजवाहक, रोहित दाहाल, देवराज रिमाल, बालकुमार नेपाल, पूण्य भण्डारी, गोविन्द चौलागाईं, प्रकाश सिलवाल, किरण पोखरेल, देवराज अर्याल, दीपक ओली, सुशील अर्याल, ओमप्रकाश आचार्य, राजेन्द्र फुयाँल, ईन्द्र बाँनिया लगायतलाई प्रेस चौतारी नेपालले गरेको शान्तिपूर्ण प्रदर्शनका क्रममा ०६३ वैशाख ३ गते प्रहरीले कामनपा भोटाहिटीमा हस्तक्षेप गरी गिरफ्तार गरे । उनीहरूलाई दशरथ रंगशालामा राखी तीन महिने थुनुवा पुर्जी दिएर वैशाख ८ गते रिहा गरियो।

भुँडी प्रकाशनका रौतहट निवासी माधव पराजुलीलाई बागबजार क्षेत्रमा टायर बाल्न प्रयास गरेको भन्दै ०६३ वैशाख ३ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

कामनपा बानेश्वरबाट जनजाति महासंघका अध्यक्ष डा. ओम गुरुङ, रविन गुरुङ, योगराज लिम्बु, सुकबहादुर तामाङ, राजभाइ जकमी, विलोस मुक्तान, नरसिंह धिमाल, पुष्पराज लिङदेल, मनबहादर सिंजाली, नरेश आले, ज्ञानराज आले, मनोज गर्जा मगर, दिल गुरुङ, यमचन्द्र चेम्जोङ, विजयसिंह लोप्चन, हेमचन्द्र राई र शेरबहादुर भुजेललाई ०६३ वैशाख ३ गते जनजाति महासंघले गरेको विरोध जुलुशका क्रममा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

कामनपा चाबहिलमा नेपाल भारती, बालकुमारी सुनुवार, कल्पना नेपाल, केशव ढकाल, भीम गिरी, बलराम खड्का, रचना केसी, बिमला राई, विष्णु खतिवडा, सुवर्ण डंगोललगायत ३४ जनालाई ०६३ वैशाख ४ गते प्रहरीले शान्तिपूर्ण धर्नामा बसिरहेको अवस्थामा अन्धाधुन्द गोली, अश्रुग्याँस तथा लाठी प्रहार गरी घाइते पारे। घटनामा प्रहरी रघुनन्दन यादव समेत घाइते भए। घाइतेहरूको ओम, मेडिकेयर र त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो।

सिंहदरबारस्थित गृह मन्त्रालयमा सोही मन्त्रालयका शाखा अधिकृत शेखर पौडेल, नायब सुब्बाहरू रामप्रसाद कोइराला, ईन्दुकुमार पौडेल, कमला रेग्मी, कमला शेर्पा, राधा गौतम (कार्की) र लक्ष्मी ढुङ्गाना र समाचार संकलनका गर्न गएका तनहुँ जिल्ला विर्लुङ गाविस-७ निवासी पत्रकार ३६ वर्षीय बलराम बाँनिया, बाग्लुङ जिल्ला निवासी पत्रकार विमल गौतम, मकवानपुर जिल्ला निवासी कान्तिपुर टेलिभिजनका क्यामरामयान राजु तिमिल्सिना र सवारी चालक शिवराम थापालाईलाई आन्दोलनलाई समर्थन गरेको र समाचार संकलन गरेको आरोपमा ०६३ वैशाख ५ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

महेन्द्र रत्न क्याम्पस ताहाचलमा अध्ययनरत गुल्मी निवासी २१ वर्षीय कृष्ण खनाललाई लोकतन्त्रको सर्मथनमा आयोजना गरिएको मुकुण्डो जुलुसबाट ०६२ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरे। उनलाई गिरफ्तार गरेर वडा प्रहरी

कार्यालय कालिमाटीमा १२ घण्टा राखी सोही दिन राति रिहा गरियो। सोही दिन सुकदेव पौडेल, दीपक कोइराला, जगदीशप्रसाद तिवारी, मदन पौडेल, रुकमागत न्यौपाने, ओम पुन, भोजराज क्षेत्री, तारा ढकाल, तेजकुमारी र अनुपलाई ०६३ वैशाख ६ गते कामनपा नँयाबानेश्वरबाट लोकतन्त्रको समर्थनमा निस्केको अपाङ्गहरूको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरिएकोमा वडा प्रहरी कार्यालय बानेश्वरमा राखेर कुटपिट गरी सोही दिन रिहा गरियो। सोही दिन काँग्रेसका तारणीदत्त चटौत, सिद्धराज ओझा, हरिबोल भट्टराई, लक्ष्मी पाठक, निरा सिग्देल, ऋषिराज थपलिया, सत्यराज थापा, भीष्म अधिकारी, केशवराज जोशीलाई नयाँबानेश्वरमा सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनको क्रममा प्रहरीले गिरफ्तार गरे। सबैलाई तीनकुने वडा प्रहरी कार्यालयबाट रिहा गरियो।

फोटो पत्रकार विश्व खनाललाई सिंहदरबारबाट रेडियो नेपालका कर्मचारीहरूले लोकतान्त्रिक आन्दोलनको समर्थनमा कार्यालय हातामा गरेको विरोध प्रदर्शनको फोटो खिचेको आरोपमा ०६३ वैशाख ६ गते सशस्त्र प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

कामनपा-१० नयाँबानेश्वर निवासी ६१ वर्षीया शान्ता मानवीलाई जनआन्दोलनको क्रममा ०६३ वैशाख ७ गते प्रहरीले गिरफ्तार गरी तीनकुने स्थित बानेश्वर वडा प्रहरी कार्यालयमा राखि ०६३ वैशाख ८ गते रिहा गरियो। गिरफ्तार गर्ने क्रममा उनलाई कुटपिट समेत गरेको थियो।

कामनपा चावहिलमा लक्ष्मण अर्याल, नारायण सापकोटा, अर्जुन लामा, कमल घर्ती, निर्मल अधिकारी, होमबहादुर पौडेल, सावित्री जोशी, धर्मगोपाल क्षेत्री र शशीकला घिमिरेलाई ०६३ वैशाख ८ गते प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा सामान्य घाइते भए।

स्याङ्जा जिल्ला निवासी दुर्गा ढकाल, गोर्खा जिल्ला निवासी जीवन थापामगर, कामनपा बालाजु निवासी १५ वर्षीय अकबर लामा, कीर्तिपुर नपा निवासी रेशमबहादुर परियार र चितवन जिल्ला नारायणगढ निवासी प्रदीप खनाल ०६३ वैशाख १० गते शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा प्रहरीले कामनपा बालाजुमा लाठीचार्ज गर्दा घाइते भए। ढकालको शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भयो भने अन्य सामान्य घाइते भएका थिए।

निरंकुशता विरुद्ध सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा ५० वर्षीय मनमती तामाङ, २२ वर्षीय रोशन गुरुङ, २३ वर्षीय दीपक बस्नेत, १८ वर्षीय रोमलाल लामा, १६ वर्षीय राजबहादुर गुरुङ, ३१ वर्षीय नरबहादुर के.सी., २१ वर्षीय सुरेश पौडेल र नवराज सापकोटा ०६३ वैशाख ११ गते प्रहरीले कामनपा बसुन्धारामा अन्धाधुन्ध लाठीचार्ज गरी शान्तिपूर्ण विरोध प्रदर्शनमा हस्तक्षेप गरे। प्रहरीले सर्वसाधारणको घर घरमा प्रवेश गरी निर्ममरुपमा लाठीचार्ज गरे। सोही क्रममा प्रहरीले धापासीमा दीपक गौतमलाई लाठी तथा बुट प्रहार गर्दै भीरबाट खसाले। सो घटनामा आन्दोलनकारीको प्रहारबाट २४ वर्षीय प्रहरी शेखर कार्की घाइते भए। घाइतेको विभिन्न अस्पतालमा उपचार भयो।

जनआन्दोलन सहिद परिवार तथा घाइते कल्याण मञ्च नेपालका अध्यक्ष कैलाश तिमिल्सिना र सचिव सुदर्शन केसी सहितको समूहलाई १३ बुँदे मागसहित सभामुखलाई ज्ञापन पत्र बुझाउन सिंहदरबार जान लाग्दा ०६३ जेठ १७ गते प्रहरीले पद्मोदय मोडबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई अनामनगरस्थित वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी सोही दिन साँझ रिहा गरियो।

सर्लाही जिल्ला कर्मैया गाविस-निवासी काँग्रेसकी मीना पाण्डे, सद्भावना पार्टी आनन्दीदेवीकी सरिता गिरी लगायतलाई अन्तरिम विधान मस्यौदा समितिमा महिला सहभागिता नभएको भन्दै विरोध प्रदर्शनमा उत्रिएको अवस्थामा ०६३ असार ४ गते प्रहरीले सिंहदरबारबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी सोही दिन साँझ रिहा गरियो।

डिकोन्टका उपमहासचिव ऋषभदेव घिमिरे, केन्द्रीय सदस्य विमला गैरे, नेपाल भन्सार तथा विमानस्थल मजदुर संघका सचिव भीमसेन ओलीलगायत १ सय २० जनालाई त्रिभुव विमानस्थाल मुलगेट अगाडि धर्नामा बसेको अवस्थामा ०६३ असार ४ गते प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। नेपाल भन्सार तथा विमानस्थल मजदुर संघ तथा भन्सार क्षेत्रमा कार्यरत श्रमिकहरूलाई राजनीतिक आस्थाको कारण देखाई सरकारको भन्सार प्रशासनले निष्कासन गरेकोले पुनर्वाहालीको माग राखी मजदुरहरू धर्नामा बसेका थिए। उनीहरूलाई महेन्द्र पुलिस क्लबमा राखी सोही दिन रिहा गरियो।

माइतीघरस्थित मण्डलाबाट मुक्त कमैयाका नेता डिल्ली चौधरी, सोम चौधरी लगायतका सयौं कमैयाहरूलाई आफ्ना मागहरू पुरा गराउन सिंहदरबारमा धर्ना दिनका लागि तयारी गरिरहेको अवस्थामा ०६३ साउन २ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई वडा प्रहरी कार्यालय सिंहदरबार, वडा प्रहरी कार्यालय कालिमाटी र २ नं प्रहरी गण महाराजगञ्जमा राखी सोही दिन साँझ रिहा गरियो।

सुकमेली चौधरी, दीपक चौधरी, कलावती चौधरी, लक्ष्मी चौधरी, गुल्फी चौधरी, पुस्कर चौधरी, भीमकुमारी लगायत कमैयाहरूलाई सरकारले आश्वासन दिए अुनसार जमिन उपलब्ध नगराएको भनी विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६३ साउन ३ गते प्रहरीले सिंहदरबार अगाडि कुटपिट गरी घाइते बनाए। प्रहरीको कुटपिटबाट बेहोस

भएकी भीमकुमारी र एकजान नाम नखुलेका व्यक्तिलाई मोडेल अस्पतालमा उपचारको लागि लगियो।

राष्ट्रिय अपाङ्ग महासंघका महासचिव रामप्रसाद ढुंगाना, अर्जुन तिमिल्सिना, बालकृष्ण गैरे सहित ३३ जनालाई अन्तरिम संविधान मस्यौदा समितिमा अपाङ्गहरूको सहभागिता हुनुपर्ने लगायतका माग राखी धर्नामा बसेको अवस्थामा ०६३ साउन ८ गते प्रहरीले सिंहदरबार पश्चिम गेटमा गिरफ्तार गरी सोही दिन रिहा गरियो।

माध्यमिक विद्यालय स्रोत केन्द्रका निलम्बित कर्मचारी नरेन्द्र भट्टराई, विष्णुप्रसाद कायस्थसमेत १० जनालाई पुनर्वहालीको माग राख्दै धर्नामा बसिरहेको अवस्थामा ०६३ साउन ९ गते प्रहरीले शिक्षा मन्त्रालय केशरमहल अगाडिबाट गिरफ्तार गरी सोही दिन रिहा गरियो।

त्रिभुवन विश्वविद्यालयका आंशिक प्रध्यापकहरू यज्ञप्रसाद ज्ञवाली, लालबहादुर ओली, देवीप्रसाद भट्टराई, ढाकाराम सापकोट लगायत १ सय पचास जनालाई त्रिभुवन विश्वविद्यालयमा एक वर्ष शैक्षिक सत्र प्राध्यापन गरिसकेका आंशिक प्रध्यापकहरूलाई करारमा नियुक्ति दिनु पर्ने माग राख्दै चक्काजाम गर्ने क्रममा ०६३ भदौं ६ गते रत्नपार्कबाट प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई महाराजगञ्ज २ नं. गणमा राखी सोही दिन रिहा गरियो।

रमेश थापा, दामोदर घिमिरे, ओम भुषाल, प्रकाश न्यौपाने लगायतका विद्यार्थीहरूलाई ०६३ भदौं ११ गते ज्ञापनपत्र प्रधानमन्त्रीलाई बुझाउन जाने क्रममा पुतलीसडकबाट सशस्त्र प्रहरीले हस्तक्षेप गर्दा घाइते भए। घाइते सबैको उपचार मोडेल अस्पतालमा भयो।

माओवादी पीडित संघका अध्यक्ष धर्मराज न्यौपाने, अनुप भट्ट, कूलबहादुर कार्की, शर्मिला तामाङ, शिवबहादुर बुढाथोकी, कपिल कार्की, रमेश बगाले, शंकर बुढाथोकी लगायतलाई धर्ना बसिरहेको अवस्थामा ०६३ भदौं १५ गते प्रहरीले सिंहदरबार मूलढोकाबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई सोही दिन रिहा गरियो।

खानेपानी तथा ढल निकास विभागका कर्मचारीहरू देवकृष्ण मगर, कृष्णबहादुर राउत, विजयकुमार महतो, उर्मिला चौधरी, लेखबहादुर बस्नेत, दुर्गानन्द झा, सुनिल श्रेष्ठ, विद्या सुवेदी लगायत ५४ जनालाई स्वत: स्थायीको माग राख्दै धर्नामा बसिरहेको अवस्थामा ०६३ भदौ १८ गते प्रहरीले सिंहदरबारको मूलढोकाबाट गिरफ्तार गरे। उनीहरूलाई वडा प्रहरी कार्यालय बानेश्वरमा राखी सोही दिन रिहा गरियो।

माओवादी पीडित संघका अध्यक्ष धर्मराज न्यौपाने, अनुप भट्ट, कपिल कार्की, पदमलाल कडेल, कूलबहादुर कार्की, शर्मिला तामाङ, शिवबहादुर बुढाथोकी, रमेश बगाले लगायत ४१ जनालाई १० सूत्रीय मागप्रति सरकारले बेवास्ता गरेको भन्दै धर्ना बसिरहेको अवस्थामा ०६३ भदौं १९ गते प्रहरीले सिंहदरबार मुलढोकाबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये आठ जनालाई तीनकुनेस्थित वडा प्रहरी कार्यालय, १३ जनालाई वडा प्रहरी कार्यालय कमलपोखरी र २० जनालाई प्रहरी प्रशिक्षण प्रतिष्ठान महराजगञ्जमा राखी सोही दिन रिहा गरियो।

धनुषा जिल्ला निवासी सोमनाथ भट्टराई, विनोद साह, लक्ष्मी सत्याल, आशाराम यादव, खोटाङ जिल्ला निवासी हीरावहादुर निरौला, सप्तरी जिल्ला निवासी लक्ष्मण मेहता, अरुणकुमार चौधरी, नवराज सापकोटा, भवानी सिंह र शिवशंकर बस्याल लगायत ८० जना अस्थायी शिक्षकहरूलाई ०६३ भदौं १९ गते प्रहरीले स्थायीको माग राखी सिंहदरबार मुलगेटमा धर्ना दिन जाने क्रममा भद्रकालीमा अन्धाधुन्द लाठीचार्ज गर्दा घाइते भए। घाइते सबैको उपचार वीर अस्पतालमा भयो।

नेवा मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ, महासचिव सुरेश श्रेष्ठ, चन्द्र महर्जन, नरेन्द्र महर्जन र अर्का एक जना नाम नखुलेका व्यक्तिले राजा र राजपरिवारका अन्य सदस्यलाई कालो झण्डा देखाउन खोज्दा ०६३ भदौ २१ गते सुरक्षाकर्मीले कामनपा बसन्तपुरमा हस्तक्षेप गरी लाठी प्रहार गरी घाइते पारे। घाइतेलाई सुरक्षाकर्मीले उपचारको लागि शिक्षण अस्पताल लगे भने चन्द्र महर्जन र नरेन्द्र महर्जनको वीर अस्पतामा उपचार भयो।

माओवादी पीडित संघका धर्मराज न्यौपाने, कपिल कार्की, गणेश भण्डारी, शिव बुढाथोकी, प्रेमकुमारी तामाङ लगायतलाई विभिन्न माग राखि सिंहदरबार मुलढोकामा धर्ना बसेको समयमा ०६३ भदौं २३ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई महाराजगञ्ज प्रहरी प्रशिक्षण प्रतिष्ठान दुई नं. गणमा एक घण्टा राखी रिहा गरियो ।

खानेपानी तथा ढल निकास विभाग संघर्ष समितिका केन्द्रीय अध्यक्ष नवीन थापा, सत्यनाराढयण बजु, नवीन थापा, सन्तोष साह, शंकर चौलागाई, रत्नेश्वर श्रेष्ठ, लोकबहादुर बस्नेत, हिम शर्मा, नुरमान डंगोल, पदमसिंह धामी, नरबहादुर तामाङ लगायत २ सय ४८ जना अस्थायी कर्मचारीहरूलाई स्वत: स्थायीको माग राखी धर्ना दिने क्रममा ०६३ भदौं २३ गते प्रहरीले सिंहदरबार दक्षिण ढोकामा गिरफ्तार गरी बानेश्वरमा राखी सोही दिन छोडियो।

रामशाहापथस्थित स्वास्थ्य मन्त्रालयबाट सुर्वण श्रेष्ठ, पाल्पा जिल्ला निवासी यज्ञराज पाण्डे, दीपककुमार मण्डल, सरदचन्द्र थापा, पृथ्वी शाही, विनोदकुमार स्याङजाली, बालकृष्ण शाही, रामप्रसाद उपाध्याय डिल्ली केसी, थानेश्वर काफ्ले, नारायण आचार्य, दीलकुमार दुलाल, विनोद पौडेल, भागिरथ बाँनीया, अजय केशरी, पृथ्वी शाही, चन्द्र

किशोरलगायत २ सयजना स्वास्थ्यकमीहरूलाई ०६३ भदौ २६ गते स्तरवृद्धिको माग गर्दै धर्ना दिनेक्रममा प्रहरीले स्वास्थ्य मन्त्रालयबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय बानेश्वर र वडा प्रहरी कार्यालय गौशालामा राखी सोही दिन साँझ रिहा गरियो।

कामनपा बिजुलीबजारमा स्वास्थ्यकर्मीहरू भवानी पौडेल, लक्ष्मणकुमार श्रेष्ठ, रामचन्द्र पण्डित, जयमुद ठाकुर, कृष्णकुमार श्रेष्ठ, जगत नेपाली, लालुप्रसाद जैसलवाल, फैराज तामाङ, नारायण तामाङ, धनेश्वर शाहलाई स्तरवृद्धिको माग राख्दै विरोध प्रदर्शन गर्ने क्रममा ०६३ भदौ २८ गते प्रहरीले हस्तक्षेप गरी कुटपिट गरे। घाइतेहरूको उपचार वीर अस्पताल र मोडल अस्पतालमा भयो।

कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती गाविस-८ निवासी ५३ वर्षीय लालबहादुर विश्वकर्मा, झापा जिल्ला अनारमनी गाविस-३ निवासी ४४ वर्षीय जीतु गौतम, जीवन परियार, वीरगञ्ज निवासी शम्भुहजरा पासवान, ललितपुर जिल्ला सानेपा निवासी दुर्गा सोव, अर्घाखाँची जिल्ला हंसपुर गाविस-५ निवासी ३७ वर्षीय तेज सुनार, इलाम चुलाचुली गाविस-निवासी ३२ वार्षीय भोजमान लाम्गादे, रेम विश्वकर्मा, ललितपुर जिल्ला पाटनढोका चाकुपाट-२२ निवासी ४० वर्षीय रत्न बागचन्द लगायतलाई ०६३ असोज ४ गते प्रहरीले दलितमाथि डोटीमा भएको घटनाका दोषीहरूलाई कारवाही गर्नुपर्ने र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइनुपर्ने माग राखी प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन जाने क्रममा बालुवाटारबाट गिरफ्तार गरे। उनीहरूलाई महाराजगञ्ज २ नं. गणमा राखी सोही दिन छोडियो।

अन्जान लामा, प्रदिप शाह र निराजन शाहलाई ०६३ मंसिर १७ गते प्रहरीले अस्थायी शिक्षकलाई खुला प्रतिस्पर्धाबाट नै स्थायी गर्नुपर्ने भनी विरोध प्रदर्शन गर्ने क्रममा कीर्तिपुरमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइते तीनैजनाको वीर अस्पतालमा उपचार गरियो।

रमेश विष्ट, राजेन्द्र विष्ट, हेरम्बराज बास्तोला, मेजन कोइराला, प्रकाश शाही, धिरेन चन्द लगायत १२ जना विद्यार्थीहरू ०६३ मंसिर १८ गते प्रहरीले विरोध प्रदर्शनका क्रममा कामनपा ताहचलमा लाठीचार्ज गर्दा घाइते भए। डोटी निवासी २२ वर्षीय गणेश उपाध्याय, बाजुरा निवासी २० वर्षीय चन्द्र राउत, २० वर्षीय निर्मल एनसी, बझाङ जिल्ला निवासी २१ वर्षीय अम्मराज भट्ट, २२ वर्षीय तीलक राउत, जुम्ला जिल्ला निवासी २३ वर्षीय वाग्ली बस्नेत, रोल्पा जिल्ला निवासी २१ वर्षीय कुमार पोखरेल र २४ वर्षीय शिवल सोही दिन प्रहरीले भृकुटीमण्डपमा कुटपिट गर्दा घाइते भए।

रुपन्देही जिल्ला निवासी १७ वर्षीय संगीता विश्वकर्मा, कामनपा टेकु निवासी ४० वर्षीय विरेन्द्र विश्वकर्मा, समाज विकास छात्रवासका २६ वर्षीय राम नेपाली, सल्यान जिल्ला निवासी २२ वर्षीय प्रेम गन्दर्भ, कामनपा टेकु निवासी ३० वर्षीय पम्फा विश्वकर्मा, चितवन जिल्ला निवासी १७ वर्षीय सुनिल परियार र शम्भु विश्वकर्मालाई ०६३ पुस ४ गते प्रहरीले सरकारले दलित विद्यार्थीहरूलाई उपलब्ध गराउदै आएको दश प्रतिशत छात्रवृत्ति कटौती गरेको भन्दै शिक्षा मन्त्रालयको मूल ढोकामा ताला बन्दी गर्ने क्रममा दरबारमार्ग केशरमहलमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइते सबैको मोडेल अस्पतालमा उपचार भयो। यसैक्रममा पम्पा विश्वकर्मा, विरेन्द्र विश्वकर्मा लगायत तीन जना विद्यार्थीहरूलाई प्रहरीले गिरफ्तार गरी सोही रिहा गरियो।

कामनपा-३५ पेप्सीकोला जडीबुटी निवासी २२ वर्षीय दिनेश कार्की, ५० वर्षीय भक्तबहादुर राउत, ३५ वर्षीय रमेश खनाल, सुदर्शन लामिछाने, रमशे खनाल ०६३ पुस ७ गते प्रहरीले त्रिभुवन विमानस्थलले अतिक्रमण गरेको जग्गाको मुआब्जा नपाएको भन्दै विमानस्थलको मूल ढोकामा धर्ना दिने क्रममा सिनामंगलमा लाठीचार्ज गर्दा घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष यस जिल्ला अदालतमा जम्मा ११ हजार ७ सय ७१ ओटा मुद्दा रहेकोमा ४ हजार १ सय २२ ओटा मुद्दा फर्स्यौट भई ७ हजार ६ सय ४९ ओटा बाँकी रहेका छन्। जसमा दुनियावादी देवानी तर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका ३ हजार ९ सय ६४ ओटा मुद्दामा १ हाजर ४ सय ४२ ओटा मुद्दा फर्स्यौट भई २ हजार ५ सय २२ ओटा मुद्दा बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका २ हजार १ सय ३० ओटा मुद्दामा ४ सय ८५ ओटा मुद्दा फर्स्यौट भई १ हजार ६ सय ४५ ओटा बाँकी रहेका छन्।

यसैगरी, दुनियावादी फौजदारी तर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका २ हजार १ सय ५ ओटा मुद्दामा ८ सय ४६ ओटा मुद्दा फर्स्यौट भई १ हजार २ सय ५९ ओटा मुद्दा बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका १ हजार ४ सय ३२ ओटा मुद्दामा ६ सय ३१ ओटा मुद्दा फर्स्यौट भई ८ सय १ ओटा बाँकी रहेका छन्। सरकारवादी फौजदारी तर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार १ सय ८० ओटा मुद्दामा ४ सय २९ ओटा मुद्दा फर्स्यौट भई ७ सय ५१ ओटा मुद्दा बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका ९ सय ६० ओटा मुद्दामा २ सय ८९ ओटा मुद्दा फर्स्यौट भई ६ सय ७१ ओटा बाँकी रहेका छन्। यस जिल्लामा पाँचवर्ष नाघेका दुनियावादी देवानीका ५० ओटा, दुनियावादी फौज्दारीका ८ ओटा र सरकारवादी फौज्दारीका ३ ओटा रहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

केन्द्रीय प्रहरी ब्यान्ड गुल्म महाराजगंजमा कार्यरत

प्रहरी सई होमबहादुर बगालेलाई ०६२ चैत ८ गते प्रहरी प्रधान कार्यालय नक्सालमा विभागीय कारवाही गरिएको भन्दै बर्खास्त गरिएको पत्र बुझ्न बोलाई प्रहरीले कुटपिट गरी यातना दिए। सिभिक्टका टीका पोखरेलसँग मोबाइलमा पीडित बगालेको कुराकानी नसकिदैं प्रहरीले बगालेको मोबाइले खोसेको थियो। बगालले पोखरेललाई आफूलाई यातना दिएर मार्न लागेको बताएपछि ०६२ चैत ८ गते प्रहरी प्रधान कार्यालय नक्साल पुगेको मानवअधिकारकर्मीको टोलीलाई पीडित बगालेसँग भेट गर्नबाट प्रहरीले रोक लगायो। यसअघि प्रहरीले यातना दिएको भन्दै पीडितले यातनाको विरुद्ध क्षतिपूर्तिको माग गर्दै पुनरावेदन अदालत पाटनमा मुद्दा दिएका थिए। उनलाई ०६२ चैत १५ गते सर्वोच्च अदालतको आदेशमा रिहा गरियो।

बालअधिकार

कामनपा-९ डेफोडिल पब्लिक स्कुलमा कक्षा ३ मा अध्ययनरत सौरभ खकुरेल, हुकाम अवस्थी, पुकार शर्मा, शोभित गौतम, विकास प्रधान, रिमिसा गोपर्मा, आकांक्षा आचार्य, आस्मा पराजुली, प्रज्ञा साह, उज्वलविक्रम अधिकारी, सौरभ मैनाली, विनय अग्रवाल, विक्की राणा, आदित्य चौधरी, वैभव चौधरी, वैभवराज पाण्डे, सौगात तिवारी र सागर भुषाललाई ०६३ साउन २ गते कक्षा शिक्षकलाई नटेरेको आरोपमा सो विद्यालयका अनुशासन इन्चार्ज विनोद क्षेत्रीले कुटपिट गरे। विद्यालयका प्रधानाध्यापक उद्धव लामाको आदेशमा ती विद्यार्थीाई कुटपिट गरिएको थियो।

रोल्पा जिल्ला भावाङ गाविस-३ निवासी १० वर्षीय बालक अनिल डाँगीलाई ०६३ मंसिर १५ गते दिउँसो इन्सेक, सिविन हेल्पलाइन तथा कोटेश्वर सामुदायिक प्रहरीको सहयोगमा उद्धार गरियो। पीडित बालकलाई गत आठ महिनादेखि कमनपा-३५ मनोहरा पुलनजिक हिमालाल श्रेष्ठको घरमा घरेलु कामदारको रुपमा घर भित्रै ताला मारेर काम गराइएको थियो। सोको जानकारी कोटेश्वर सामुदायिक प्रहरीको सहयोगमा हिमाललाल श्रेष्ठको घरबाट ल्याएर सिविन हेल्पलाइनलाई बुझाएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

विस्थापन

काठमाडौं जिल्ला प्रशासन कार्यालयले यस जिल्लामा विस्थापनका घटना नभएको जनाएको छ। तर, बाहिरी जिल्लाबाट विस्थापित भएकाहरूको संख्या भने ६ सय ५० जना रहेको जनायो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र ३२ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा स्युचाटार गाविस-३ बुढाथोकी टोल निवासी ३० वर्षीय सानोबाबु भण्डारी, कामनपा-११ कीर्तिपुर निवासी अजय शाही, कामनपा-५ कीर्तिपुर निवासी अर्जुन महर्जन, कामनपा बुढानिलकण्ठ-३ निवासी अशोक सुनार अकेला, कामनपा बालाजु निवासी बासुदेव खनाल, कामनपा-१ काभ्रेश्थली भक्तराम लामिछाने, कामनपा ३ गोंगबु निवासी भीमराज महर्जन, कामनपा नाङलेभारे निवासी विक्रम फुयाँल, कामनपा ६ सरस्वतीनगर निवासी दिलबहादुर राई, कामनपा महादेवस्थान निवासी दिनेश लामिछाने, कामनपा निवासी दीपेन्द्र पन्त, कामनपा सतुङ्गल निवासी हरिशरण महर्जन, कामनपा-७ निवासी माधव दाहाल, कामनपा-६ नैकाप निवासी मीना श्रेष्ठ, कामनपा-१ काभ्रेश्थली निवासी मुकुन्द फुँयाल, कामनपा-९ नाङ्गलेभारे निवासी निमनुर्पु लामा (आईते), कामनपा-५ महादेवस्थान निवासी निश्चल नकर्मी, कामनपा-१५ निवासी राजन योञ्जन, कामनपा ५ हटिया तीनथाना निवासी रेनुका दुलाल, कामनपा कीर्तिपूर निवासी सविरनन्द महर्जन, कामनपा ७ महांकाल निवासी शम्भुप्रसाद भण्डारी, कामनपा धापासी गाविस निवासी मिलन नेपाली, कामनपा निवासी रामहरि रुपाखेती, कामनपा-१ गोलढुङ्गा निवासी विपिन भण्डारी, कामनपा-८ नाङ्गलेभारे निवासी देवराज दंगाल, कामनपा-७ नाङ्लेभारे निवासी ध्रुव नेपाल, कामनपा सतुङ्गल निवासी सुचेन्द्र श्रेष्ठ, कामनपा मूलपानी-७ निवासी तीर्थ विश्वकर्मा, कामनपा निवासी रण दुलाल, कामनपा निवासी चेतनाथ दंगाल, कामनपा मूलपानी निवासी बुद्धिप्रसाद पोखरेल, कामनपा निवासी धर्मराज महर्जन, कामनपा झोरमहांकाल निवासी ठाकुरप्रसाद लामिछाने कामनपा निवासी चेतनाथ दंगाल, कामनपा बौद्ध निवासी बुद्धि लामा रहेका छन्। यसैगरी पूर्वाञ्चलका झापा जिल्ला दमक नपा-१ निवासी धिरेन्द्र बस्नेत, सोही जिल्ला सुरङ्गा गाविस-९ निवासी रमेशकुमार ढुंगेल, सोही जिल्ला बैगनधारा निवासी शान्तिराम भट्टराई, इलाम जिल्ला फाकफोक गाविस-१ निवासी हरिबहादुर खड्का, भोजपुर जिल्ला नेपालडाँडा गाविस-७ निवासी देशभक्त चापागाईं, सोही गाविस-६ निवासी रामबहादुर कार्की, सोही जिल्ला दिल्पानागी निवासी नविन राई, उदयपुर जिल्ला बसाहा गाविस-२ निवासी यामकुमार राई, रामकुमार राई, सञ्जिवकुमार राई, ओखलढुंगा जिल्ला विलन्दु गाविस-५ निवासी दिपक पोखरेल, सोही जिल्ला कालिकादेवी गाविस-२ निवासी खड्गबहादुर कार्की, खोटाङ जिल्ला बुइपा गाविस-७ निवासी सन्देश राई र मैना राई काठमाडौंबाट बेपत्ता रहेका छन्।

२.१६ धादिङ



जनसंख्या : ३,६६,१४३
साक्षरता प्रतिशत : ४३.४८
महिला साक्षरता प्रतिशत : ३३.८१
क्षेत्रफल (वर्ग कि. मि.) : १९२४.६
गाविस/नपा संख्या : ५०/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५३९
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : १/४९
टेलिफोन लाइन : ५५१
मोटर सडक (कि. मि.) : ४८५
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ५०
मानव विकास सूचकाङ्क : ०.४१०
प्रति परिवार सरदर संख्या : ५.८४

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

रज्यबाट

बुडाथुम गाविस-४ ढोडेनी निवासी ३२ वर्षीय काले सार्कीको माओवादीको आरोपमा ०६२ माघ २४ गते बिहान आरुघाटस्थित सुरक्षा बेसक्याम्पबाट आएका सादापोशाकका सुरक्षाकर्मीले सोही गाविस -५ को स्थानीय बजारबाट गिरफ्तार गरी गोली हानी हत्या गरे। आफन्तको घरबाट मादकपदार्थ सेवन गरी फर्केका पीडितले सेनाले लालसलाम भनेपछि उनले पनि लालसलाम फर्काएकोमा उनलाई माओवादी भएको आशंकामा हत्या गरिएको थियो। पीडितका छिमेकी भोलिपल्ट सैनिक ब्यारेकमा खोजी गर्न जाँदा एउटा कागजमा सही गर्न लागाएर लास बुझाइयो। सुरक्षा निकायले दोहोरो भिडन्तमा माओवादी मारिएको जनायो।

माओवादीबाट

नलाङ गाविस-६ निवासी माओवादी कार्यकर्ता १५ वर्षीय विष्णु कसाईको ०६२ चैत १७ गते आफैंले ल्याएको सकेट बम खेलाउन लाग्दा पड्किएर मृत्यु भयो।

जेल र बन्दी

'ङ' श्रेणीमा रहेको कारागार शाखा, धादिङको बन्दी क्षमता २५ जनाको रहेको छ। तर प्राय क्षमता भन्दा दोब्बर बन्दी राखिने गरिएको छ। यस वर्षको अन्त्यसम्म यस कारागारमा ५१ जना बन्दीहरू रहेका थिए। जसमा महिला २ जना रहेका छन्। बन्दीहरूमध्ये कैद तोकिएका १२ पुरुष र एक महिला र कैद नतोकिएका थुनुवा ३७ पुरुष र १ महिला रहेका छन्।

०३८ सालमा निर्मित धादिङ कारागार कच्ची रहेको छ। जहाँ पुरुष बन्दीहरू पालो गरेर सुत्न बाध्य छन्। महिला कक्षमा बन्दीको संख्या कम भए पनि पुरुष कक्षमा भएका बन्दीहरू वर्षभरि नै सानो कोठामा धेरैजना बस्नुपर्ने भएकोले कष्टपूर्ण जीवन बिताउन बाध्य छन्। भवन जीर्ण भएर ढल्ने अवस्थामा पुगेको भए पनि सरकारले चासो दिएको छैन। भित्रको ढल र दुर्गन्धले बन्दीहरू बिरामी पर्ने गरेका छन्।

०६३ असार १ गते देखि ९ गतेसम्म जेलका बन्दीहरूले आन्दोलन गरे। जेल सुधारको माग गर्दै भएको आन्दोलनमा सिदा बहिष्कार, अनसन र धर्ना गरेका थिए। क्षमताभन्दा बढी बन्दी राख्न नपाईने, सिदामा दिइएको चामलको गुणस्तर बढाई चामल र दैनिक भत्ता बढाउनु पर्ने, जेलमा परेकै बेलामा ओड्ने र कपडा दिनुपर्ने, जेलको मर्मत तथा नयाँ निर्माण गर्नुपर्ने, वाईरिङ गर्नुपर्ने, जेलभित्र व्यवसायिक सीपका लागि अवसर हुनुपर्नेलगायतका माग बन्दीहरूले राखेका थिए। बन्दीका माग पूरा गर्न तयार रहेको प्रमुख जिल्ला अधिकारी रामशरण चिमोरियाले बताएपछि आन्दोलन रोकिएको थियो। तर पनि बन्दीका माग पूरा गरिएको छैन।

बेपत्ता/अपहरण

राज्यबाट

मकवानपुर जिल्ला पालुङ गाविस-५ अंडारे निवासी २० वर्षीया सुनिता कार्कीलाई माओवादीको आरोपमा ०६२ फागुन ९ गते सेनाले थाक्रे गाविसबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितको अवस्था अज्ञात छ।

माओवादीबाट

धादिङ बोर्डिङ स्कूलका १ सय ५० जनालाई ०६३ भदौ ४ गते, महाकाली उच्च मावि, भुमेस्थान गाविस-६ का १ हजार जनालाई ०६३ भदौ २१ गते, ससाह देउराली मावि,

मुरलीभञ्ज्याङ गाविस-३ का २ सय ५० जनालाई ०६३ असोज २६ गते, माओवादीले अपहरण गरी जबरजस्ती आफ्नो कार्यक्रममा सहभागी गराई मुक्त गरे। उनीहरू १० देखि १६ वर्ष उमेरका थिए।

खाल्टे गाविस- ४ डाँडागाउँ निवासी शिक्षक ५३ वर्षीय रामहरी नेपाललाई माओवादी विरुद्ध लागेको र सामाजिक कुसंस्कार गरेको आरोपमा ०६२ माघ ९ गते माओवादीले महेन्द्रोदय कालिका निमाविबाट अपहरण गरे। उनलाई चार दिनपछि मुक्त गरियो।

धुवाँकोट, बसेरी, कटुन्जे, मूलपानी लगायतका २० भन्दा बढी गाविसबाट ०६२ माघ ११ गते माओवादीले तीन सय भन्दा बढी शिक्षक, विद्यार्थी र सर्वसाधारणलाई आफ्नो कार्यक्रममा सहभागी गराउन अपहरण गरी लगे। उनीहरूलाई तीन दिनपछि मुक्त गरियो।

खाल्टे गाविस–६ निवासी पञ्चकन्या निमाविका शिक्षक भीमबहादुर मगर, विष्णु ढुङ्गाना, सोही गाविस–७ स्थित कन्यादेवी प्राविका भीमबहादुर गुरुङ र महेन्द्रोदय कालिका निमाविका दुईजना शिक्षकसहित पाँचजना र २२ जना विद्यार्थी गरी २७ जनालाई ०६२ फागुन ११ गते माओवादीले विद्यालयबाट अपहरण गरेकोमा तीन दिनपछि मुक्त गरे।

खरी गाविस-१ निवासी २१ वर्षीया शोभा सिम्खडा थापालाई ०६२ फागुन २१ गते माओवादीले घर नजिकै सभा गरेको बेला अपहरण गरे। विवाह गरेको ४० दिनपछि घर छाडेर माओवादी प्रवेश गरेको उनका परिवारले जनाए पनि माओवादीले सम्पर्क गर्न दिएको छैन। पीडितका पति सेनामा कार्यरत छन्।

गजुरी गाविस-२ निवासी ३५ वर्षीय अणुराज पाण्डेलाई माओवादी विरूद्ध सुराकी गरेको आरोपमा ०६३ भदौ १९ गते बिहान माओवादीले अपहरण गरी भदौ २० गते बेलुका मुक्त गरे। घर नजिकै चामबासबाट अपहरण गरिएका पाण्डेलाई अपहरणपछि ट्रकमा हाली मलेखुसम्म लगी हात बाँधेर सोही गाविस-४ बेलटार लागिएको थियो। पीडितलाई माओवादीले कुटपिट गरेका कारण करङ ढाँड, हात, आँखा तथा घाँटीमा नीलडाम र घाउ लागेको थियो। उनको गजुरी प्राथमिक स्वास्थ्य केन्द्र र काठमाण्डौमा उपचार भयो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सल्यानकोट गाविस २ गणेस्थान निवासी ३३ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई बाटोमा धुलो उडाएको आरोपमा ०६२ पुस २३ गते दिउँसो मुरलीभज्याङ गाविस-३ बगैंचामा मोटरसाईकलमा पछिपछि आएका सेनाले कुटपिट गरी घाइते पारे। कच्ची सडकमा गाडी लिएर सदरमुकामतर्फ आउँदै गर्दा श्रेष्ठलाई बाटैमा गाडी रोकेर कुटिएको थियो। पीडितको उपचार जिल्ला अस्पतालमा भयो। पीडितले उजुरी गर्न खोज्दा थुनिदिने धम्की दिएपछि उजुरी गर्न सकेनन्।

बैरेनी गाविस-९ निवासी ५७ वर्षीय विष्णुप्रसाद अधिकारीलाई ०६३ जेठ १६ गते बैरेनी प्रहरीचौकीका प्रहरीले छलफल गर्न बोलाएर कुटपिट गरे। जग्गा सम्बन्धी विषयमा चौकीमा बोलाइएपछि उनलाई मरणासन्न हुने गरी कुटिएको थियो। त्यसपछि मिलापत्र गराउन प्रहरीले कोसिस गरी जिल्ला प्रहरी कार्यालयसम्म भोलिपल्ट पुऱ्याएको थियो। उनलाई जबरजस्ती मिलापत्र गर्न धम्कीसमेत दिइयो।

चितवन जिल्ला निवासी बेनीघाट प्रहरी चौकीका प्रहरी जवान कृष्णप्रसाद अधिकारीलाई सेनासँग मुखमुखै लागेको आरोपमा ०६३ असार १४ गते सेनाका जमदार भरत ऐर, हवल्दार भोजबहादुर गुरूङ लगायत ५ जनाले कुटपिट गर्दा सख्त घाइते भए। पीडितको उपचार काठमाण्डौमा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला		जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१		४	१	१			१	१	१			१
घाइते						१		१		१					
गिरफ्तारी/यातना											३	३	१		३
बेपत्ता											३	१	१		३
कुटपिट	३	११			११	६	६	३		८	३	५			५
धम्की						३	१४			१४	१	१			१
भेला/संगठित हुने अधिकार											३	३		१८	३०
जातीय विभेद	४	५	१	१००	१०६										
महिलाअधिकार	४		९		९										
बालअधिकार	५		५	६०	६५										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१४	१५										
अपहरण	१	१			१	१०	१०	१	३३३३	३३३३					
जम्मा	३३	३१	१६	१६४	२११	३१	३१	४	३३३३	३३५६	११	१३	३	१८	३३



सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका तरुण दलका विनोद तिमल्सिना

मैदी गाविस-२ निवासी पत्रकार ४७ वर्षीय राजेन्द्रप्रताप शाहलाई फूलपाती बडाई गरेको तस्वीर खिच्न लागेको आरोपमा ०६३ असोज १३ गते सेनाका कर्णेल कृष्णदेव भट्टले नीलकण्ठ गाविस -५ धादिङबेसीमा रोक लगाउँदै धम्की दिए। फूलपाती बडाई गर्ने क्रममा सेनालाई नसोधी तस्विर खिच्न लागेका भनी कर्णेलले पत्रकार शाहलाई धम्की दिएका थिए।

मोओवादीबाट

गोगनपानी गाविस -४ चकमके निवासी व्यापारी ३८ वर्षीय चक्रबहादुर तामाङलाई माओवादीलाई नसघाएको आरोपमा ०६२ पुस २३ गते माओवादीले चाउचाउ पकाउन लगाई खाएर नगद र पसलको सामान समेत लुटी लगे। २५ हजार नगदसहित लुटेपछि उनलाई कुटपिट गरी पसलको सामान र ट्याङ्का नजिकै डाडाँमा लगेर फालिए।

नौबिसे गाविस-७ तोप्लाङ निवासी ४० वर्षीय चन्द्रबहादुर तामाङलाई खाजाखाएको पैसा मागेको आरोपमा ०६२ पुस २३ गते माओवादीले कुटपिट गरी भागे। पसलमा खाएपछि खाजाको पैसा माग्दा माओवादीले उनलाई कुटपिट गरेका थिए।

छत्रेदेउराली गाविस -३ सिरानचौर निवासी ४५ वर्षीय नवराज लुँइटेलले माओवादीलाई नसघाएको आरोपमा ०६२ पुस २५ गते बेलुका माओवादीले उनको दश हजार नगद, गहना, सुनचाँदी गरी १ लाख २५ हजार बराबरको सामान लुटेर लगे भने घरका मानिसलाई कुटपिट गरे।

गोगनपानी गाविस -२ निवासी ४२ वर्षीय पम्फा श्रेष्ठ र ७० वर्षीय ठूलिमायाँ श्रेष्ठले उनलाई नसघाएको आरोपमा ०६२ पुस २७ गते माओवादीले बाँधेर ८० हजार नगद र १५ हजारको गहना लुटे।

केवलपुर गाविस-१ पाटेचौर निवासी ४० वर्षीय कृष्णबहादुर अधिकारीले सुराकी गरेको आरोपमा ०६२ फागुन २५ गते माओवादीले ताला लगाई घर निकाला गरे। पीडित परिवार काठमाडौमा विस्थापित भए।

री गाविस निवासी रामबहादुर तामाङ, लापा निवासी सिंहबहादुर तामाङ, तिप्लिङ निवासी फैसिङ घले, झार्लाङ निवासी डिलबहादुर तामाङ, ज्ञान लामा, सेमजोङ निवासी मानबहादुर तामाङ, फुलखर्क निवासी तुलसी सिम्खडा, मुलपानी निवासी केदार सिम्खडा, केदार थापा, नुरबहादुर नेपाली, गणेशबहादुर अधिकारी र मार्पाक निवासी धनबहादुर तामाङलाई माओवादी विरूद्ध सुराकी गरेको अरोपमा ०६२ चैत २७ गते माओवादीद्वारा घोषित जिल्ला जनसरकारले सार्वजनिक सूचना जारी गरी माओवादीको सत्तामा हाजिर हुन उर्दी जारी गरे।

सलाङ गाविस-९ निवासी ४० वर्षीय डीलबहादुर मगरले आफ्नो जनसरकार भएको क्षेत्रमा सरकारी काम गरेको आरोपमा ०६३ असार ११ गते मओवादीले धम्की दिए। माओवादीले जग्गाको सीमाना छुट्याउन ल्याएको अमिनलाई समेत जग्गा छुट्याउन नदिई त्यसै फर्काएको थियो।

मुरलीभञ्ज्याङ गाविस-६ पाल्पामुखियाथोक निवासी खेलाडी २५ वर्षीय राजकुमार विश्वकर्मालाई ०६३ असार २९ गते बेलुका माओवादीले कुटपिट गरे। घरायसी झगडाका कारण दुईजना माओवादीले कुटपिट गरेको पीडितले जनाए। कुटपिटका कारण उनको देब्रे आँखा र निधारमा चोट लागेको थियो। घटनास्थल पुगेका पीडितका साथी गणेश श्रेष्ठलाईसमेत कुटपिट गरे। पीडितहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरियो।

खाल्टे गाविस-४ डाँडागाउँ निवासी ५३ वर्षीय रामहरि नेपाललाई 'सेरेमोनियल किड' तर्फ लागेको आरोपमा ०६३ मंसिर १३ गते माओवादीले ज्यान मार्ने धम्की दिए। माओवादीको धम्कीका कारण सोही दिनदेखि घर छाडेर भागेका नेपाल आफूले पढाउने सोही गाउँको महेन्द्रोदय कालिका निमाविमा समेत जान सकेनन्। यस सम्बन्धमा नेपालले ०६३ मंसिर २२ गते प्रधानमन्त्री तथा नेकाँ सभापति गिरिजाप्रसाद कोइरालालाई निवेदनमार्फतसमेत जानकारी गराए। माओवादी पार्टीले भने उनलाई धम्की नदिएको जनायो।

गैरकानुनी गिरफ्तारी

छत्रेदेउराली गाविस–१ निवासी ४२ वर्षीय प्रगति भन्ने माइली तामाङलाई माओवादीको आरोपमा ०६२ फागुन २३ गते सुरक्षाफौजले केवलपुर गाविस-१ पाटेचौरबाट गिरफ्तार गरे। पीडितलाई वैशाख १५ गते रिहा गरियो।

बैरेनी गाविस-९ निवासी ५० वर्षीय शेषकान्त अधिकारीलाई पुनरावेदन अदालत ललितपुरले दिएको आदेश विपरीत ०६३ असार ५ गते प्रहरीले गिरफ्तार गरे। २२ वर्ष अघिको जग्गा विवादको मुद्दा अदालतमा चलिरहेको बेला

गिरफ्तार गरी अदालतको आदेशको अवज्ञा गरियो। कानुन व्यवसायीले अदालत आदेश प्रहरीलाई देखाएर प्रतिवाद गरेपछि अधिकारीलाई जबरजस्ती कागजमा सही गराई दुई दिनपछि छाडिएको थियो। अदालतले पीडितलाई गिरफ्तार नगर्न ०६३ जेठ २९ गते आदेश दिएको थियो।

अभिव्यक्ति/ भेला हुने तथा संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वन्त्र र निष्पक्ष चुनावसमेत)

आन्दोलनरत दलद्वारा नीलकण्ठ- ५ धादिङबेसीमा आयोजना गरिएको मसाल जुलुसमा ०६२ माघ १२ गते प्रहरीले हस्तक्षेप गर्दा एमालेका जगन्नाथ शर्मा, कृष्ण अर्याल सहित ६ जना प्रदर्शनकारी घाइते भए।

इन्सेकका सीताराम अधिकारी, गैसस महासंघका केशव दुवाडी, रिलेक नेपालका केशव अधिकारी, पत्रकार नवराज छत्कुली र दीपक कोइरालालाई लोकतान्त्रिक आन्दोलनमा लागेको आरोपमा ०६२ माघ १३ गते डीएसपीले स्पस्टिकरण सोधे। मानवअधिकार कार्यकर्ता एवं पत्रकारलाई जिविस सभापतिको गाडी जलाउने प्रयास गरेको आरोप पनि लगाइएको थियो।

माओवादी र सात दलबीच भएको सहमतिपछि भएको १९ दिने आन्दोलनको क्रममा धादिङ सदरमुकाममा प्रशासनले निषेधाज्ञा लगायो। प्रत्येक दिन हुने प्रदर्शनमा ब्यारीगेटल गाएर छेकिएको थियो। यसक्रममा ०६३ वैशाख ७ गते धादिङबेंसीमा जिल्लाभरका शिक्षकहरूले गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा शिक्षक नरहरि लम्साल, व्यापारी बद्री दुवाडी, उद्धारमा गएकी मानवअधिकारकर्मी राधिका सापकोटा, शिक्षकहरू अर्जुन नगरकोटी, लक्ष्मी आचार्य, विष्णु अधिकारी, सविता अर्याल, विनोकुमार राना, नरबहादुर लम्साल, शिवराज रेग्मी, विद्यार्थी रामचन्द्र रिजाल लगायत एक दर्जनभन्दा बढी घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धादिङ जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ५५ ओटा देवानी र ५८ ओटा फौजदारी मुद्दा रहेका छन्। जिल्ला अदालतमा ०६३ साउनदेखि पुस १६ गतेसम्म ५७ ओटा देवानी र ५६ ओटा फौजदारी मुद्दा परे। यस अवधिमा जिम्मेवारी सरेका मध्येबाट ३४ ओटा र यस वर्ष दर्ता भएका मध्येबाट २७ ओटा मुद्दा फर्स्यौट भए। यसरी २ सय २६ ओटा मुद्दा रहेको धादिङ जिल्ला अदालतमा यस वर्ष ५१ ओटा मुद्दा फर्स्यौट हुँदा १ सय १७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।



प्रदर्शनकारीमाथि प्रहरीद्वारा लाठीचार्ज

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सल्यानकोट गाविस-९ निवासी २५ वर्षीय केशव ढुङ्गाना र गुम्दी गाविस-७ निवासी २२ वर्षीय सुवास रिजाललाई निलकण्ठ गाविस-५ मिलनटोलबाट मोओवादीको आरोपमा ०६२ माघ ९ गते सेनाले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई सात दिनपछि घाइते अवस्थामा रिहा गरियो। पीडितको उपचार काठमाडौंमा भयो।

बालअधिकार

जोगीमारा गाविस-५, कोस्राङ् निवासी १२ वर्षीय सानु चेपाङलाई २०६३ कात्तिक १८ गते सोही ठाउँका ३२ वर्षीय च्यौराङ चेपाङले बाल विवाह गरे। जेठी पत्नीले घर छाडेपछि उनले बालिकालाई विवाह गरे।

बालबालिका अपहरण

नलाङ गाविस-६ निवासी १६ वर्षीय शिव नेपाली र १५ वर्षीय विष्णु शाहीलाई आफ्नो पार्टीमा भर्ना गराउन ०६२ चैत ५ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा मुक्त भएका छैनन्।

महाकाली उच्च मावि भुमेस्थान गाविस-६ का कक्षा-१० मा अध्यायनरत १७ वर्षीय ईन्द्रबहादुर कार्कीलाई ०६३ जेठ १० गते विद्यालयबाट, आदर्श उच्च मावि गजुरी कक्षा-९ मा अध्यायनरत पीडा गाविस-२, धारापानी निवासी १४ वर्षीय रामभक्त मगरलाई ०६३ साउन १७ गते घरबाट, पीडा गाविस-२, गलौंदी निवासी १६ वर्षीय सुरेश तामाङलाई ०६३ साउन १७ गते घरबाट, कर्णेश्वर माविबाट कक्षा-८ मा अध्ययनरत सुनौलाबजार गाविस-८ निवासी १४ वर्षीया इन्दिरा विश्वकर्मा र १२ वर्षीय दीपेश विश्वकर्मालाई ०६३ साउन २८ गते विद्यालयबाट, सुनकन्या प्राविमा कक्षा-४ मा अध्यायनरत सुनौलाबजार गाविस-८ निवासी १५ वर्षीया बाटुली विश्वकर्मालाई ०६३ साउन २८ गते विद्यालयबाट, ज्योति माविबाट कक्षा-९ मा अध्यायनरत केवलपुर गाविस-१ निवासी १६ वर्षीया पवित्रा सुवेदीलाई ०६३ भदौ ५ गते विद्यालयबाट, केवलपुर गाविस-१ निवासी १३ वर्षीया राधा

गुरूङलाई ०६३ भदौ ५ गते सोही विद्यालयबाट, महाकाली उच्च मावि भुमेस्थान गाविस-६ निवासी कक्षा ८ मा अध्ययनरत भुमेस्थान गाविस-७ निवासी १३ वर्षीय रामचन्द्र बानियाँ, गोगनपानी गाविस-८ निवासी १४ वर्षीया अप्सरा अर्याल, गोगनपानी गाविस-८ निवासी १५ वर्षीया पार्वती लुईटेललाई सोही विद्यालयबाट, आदर्श उच्च मावि गजुरी गाविस-१ निवासी कक्षा-१० मा अध्यायनरत पीडा गाविस-८ निवासी १५ वर्षीया राधिका न्यौपानेलाई ०६३ भदौ २६ गते पीडा गाविस-२ घाटबेसीबाट विद्यालय जानलागदा, महाकाली उच्च मावि भुमेस्थान गाविस-६ कक्षा-८ मा अध्यायनरत थाक्रे गाविस-३ की १३ वर्षीया दुर्गा विडारीलाई ०६३ भदौ २१ गते घरबाट, कुम्पुर प्राबि कुम्पुर गाविस निवासी कक्षा-६ मा अध्यायनरत पीडा गाविस-२ निवासी १२ वर्षीय राजु नेपालीलाई ०६३ भदौ १० गते घरबाट, पीडा गाविस-२ निवासी १५ वर्षीय रमेश अगस्ती, १५ वर्षीय लुरे अधिकारीलाई ०६३ भदौ १० गते घरबाट, मछिन्द्र उमावि खानीखोला नौविसे-७ कक्षा १० मा अध्यायनरत नैविसे गाविस-६ निवासी १७ वर्षीया शर्मिला कार्कीलाई ०६३ भदौ १८ गते नौविसे गाविस-६ ठाँटीबाट, आदर्श उच्च मावि कक्षा-९ मा अध्यायनरत पीडा गाविस-२ निवासी१५ वर्षीय ऋषिराम अधिकारीलाई ०६३ साउन १७ गते घरबाट, सोही विद्यालय कक्षा-४ मा अध्यायनरत पीडा गाविस-२ निवासी १४ वर्षीय जुठे सुनारलाई ०६३ कात्तिक २० गते घरबाट, साङकोष गाविस– ३ का शान्त पयिार, अप्सरा श्रेष्ठ, माधव पाण्डे, सुकु माया पाण्डेलाई ०६३ कात्तिक २८ गते बेलुका ८ बजे माओवादीले अपहरण गरे। पशुपति माविमा अध्यायनरत ती बालबालिका अझै घर फर्केका छैनन्। उनीहरूलाई माओवादी सेनामा भर्ना गरिएको छ।

सत्यवती उच्च मावि आदमटारका कक्षा ९ मा अध्यायनरत कुम्पुर -७ निवासी भगवान गिरी, राजेन्द्र पुरी, कुम्पुर -५ निवासी लक्ष्मी विश्वकर्मा, सोविता भण्डारी र कक्षा ८ का प्रमोद श्रेष्ठलाई ०६३ कात्तिक २८ गते माओवादीले अपहरण गरे। बालबालिका अझै घर फर्केका छैनन्। सबैलाई माओवादीले सेनामा भर्ना गरेको छ।

कल्लेरी मावि कक्षा ८ मा अध्यायनरत १७ वर्षीय विक्रम सिजापति र कल्लेरी-८ निवासी विष्णु खतिवडालाई ०६३ कात्तिक २८ गते माओवादीले अपहरण गरे। दुबैलाई माओवादी सेनामा भर्ना गरियो।

महाकाली निमावि पीपलटारमा अध्यायनरत कुम्पुर-७ पीपलटार निवासी १७ वर्षीय दिनेश गिरी, ममिता मिजार र विद्यालयबाहिर रहेका राजु पुरी, सीता मिजार, कान्छी मिजार, रामकुमार मिजारलाई ०६३ कात्तिक २८ गते माओवादीले अपहरण गरी सेनामा भर्ना गरे।

साङकोष मावि कक्षा ८ मा अध्यायनरत १५ देखि १८ वर्षका साङकोष ५ निवासी चन्द्रबहादुर गुरुङ, खड्गबहादुर गुरङ, रिमबहादुर गुरुङ, टीकाबहादुर गुरुङलाई ०६३ कात्तिक २९ गते बेलुका माओवादीले अपहरण गरे।

दशरथचन्द मावि छत्रेदेउराली-१ कुखुरेचौरका कक्षा ५ का दिनेश भेटवाल, कक्षा ८ का रविन्द्र लामा, सुजन लामा, लक्ष्मण थापा, द्वारिका भण्डारी, राजेन्द्र सापकोटा, श्यामकुमार भेटवाल, कक्षा ९ का शिव लुईटेल, राजेश रोक्का, रमेश रन्जितकार, दिपेन्द्र बस्नेत, शिवराम कार्की र अदिप लामालाई २०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरे। विद्यालयबाट अपहरण गरेका सबै बेलुका मुक्त भए पनि कक्षा ८ का १५ वर्षीय दिपेन लामा र कक्षा ९ का १६ वर्षीय रामकुमार बयलकोटी भने घर फर्किएका छैन।

नलाङ गाविस-६ निवासी हरिप्रसाद अधिकारी, गणेश राना, नलाङ-१ निवासी निरबहादुर श्रेष्ठ, रामकृष्ण सिमल, दीपक गुरुङ, नलाङ-५ निवासी रामकृष्ण ठकुरी, रोशन गुरुङ, नलाङ-३ निवासी रेशमबहादुर बराम, धनबहादुर गुरुङ, बलबहादुर बरामलाई ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरी माओवादी सेनामा भर्ना गरियो।

मिन्दुका मावि नलाङ कक्षा ९ मा अध्यायनरत कुम्पुर गाविस-८ निवासी १७ वर्षीय सानु नेपालीलाई ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरे। माओवादी सेनामा भर्ना गरिएका नेपाली अझै घर फर्केका छैनन्।


नौबिसे २ निवासी भवानी खकुराल, ज्यामरुङ २ निवासी चेतनाथ थापामगर, नीलकण्ठ ३ निवासी कल्पना विश्वकर्मा, धुवाँकोट १ निवासी अमिता तामाङ, नुवाकोट निवासी सुभद्रा परियार, कुम्पुर–५ सेरा निवासी सोभिता भण्डारी, राजकुमार बस्याल र लक्ष्मी विश्वकर्मा, तिप्लिङ ७ निवासी चच्छी तामाङ, मुरली भञ्ज्याङ २ निवासी विष्णु विश्वकर्मा, बमबहादुर विश्वकर्मा, योगेन्द्र श्रेष्ठ र विपिन श्रेष्ठ, ढोला ८ निवासी शंकर विश्वकर्मा, ज्यामरुङ ५ निवासी राजकुमार परियार, सेमजोङ ८ निवासी डिलबहादुर तामाङ, सांकोष ५ निवासी चन्द्र गुरुङ, चितवन पर्सा-४ निवासी विनोद दराई, सुनौलाबजार १ निवासी प्रकाश पोखेल, खाल्टे ३ निवासी ओमबहादुर बरामलाई ०६३ मंसीर ५ गते माओवादीले अपहरण गरी पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरियो। माओवादीले पीडितलाई अपहरण गरेको मिति खुलेन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

मुरलीभज्याङ गाविस - ४ निवासी २३ वर्षीय भगवती अधिकारी भट्टलाई छाडेर ०६२ माघ २१ गते उनका पति बेदनीधि भन्ने विन्तीराज अधिकारीले दोस्रो बिवाह गरी घर छाडी भागे। पाँच वर्षअघि बिवाह गरेकी भट्टको सुत्केरी भएको बेला न्वारन समेत समयमा हुन सकेन। पीडितलाई पतिले सम्पति समेत नदिएका कारण भट्टको अहिलेसम्म

विवाह दर्ता नभएकोले नागरिकता बन्न सकेको छैन।

महादेवस्थान गाविस-५ जोगीडाँडा निवासी ४८ वर्षीय विष्णुमाया भुजेलले ०५४ सालदेखि पति हराएर बेपत्ता भएको आरोपमा ०६३ मंसिर १८ गते बेलुका ससुरा ६६ वर्षीय डाँडे भुजेल, देवरहरू ३८ वर्षीय डम्बर भुजेल, २८ वर्षीय सुब्बा भुजेल, ३० वर्षीय विष्णु भुजेल र २५ वर्षीय चुच्चे भुजेलले घरमा ताल्चा लगाई घर निकाला गरे। आफ्नो सम्पत्ति भोग चलन गर्न नदिएपछि पीडित विस्थापित भई मजदुरी गर्न बाध्य भएकी छिन्। पीडितका पति सानुबहादुर भुजेल ०५४ सालदेखि घरबाट निस्केर गई हालसम्म पनि फर्केर आएका छैनन्।



माओवादीद्वारा विस्थापित गराइएका रामहरि नेपाल

सबै प्रकारका जातीय विभेद

सुनौलाबजार गाविस-३ मैदानटोल निवासी विन्दा परियारलाई धारामा पानी छोएको आरोपमा ०६२ पुस २९ गते छिमेकीहरू डम्बर श्रेष्ठ, इन्द्रबहादुर श्रेष्ठ र तुलाबहादुर श्रेष्ठले कुटपिट गरी घाइते पारे। पटक पटक धारामा पानी छोइएको आरोपमा कुटिएकी विन्दाले सार्वजनिक रूपमा अपमानित भएको भन्दै न्यायका लागि जिल्लास्थित सुरक्षा निकाय र मानवअधिकार संस्थामा आग्रह गरिन। उनको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो। तर पीडकलाई कारवाही भएन।

गजुरी गाविस-८ डुडेठाँटी निवासी ५२ वर्षीय कृष्णबहादुर मगराति सार्कीलाई होटेलमा चिया छोएको आरोपमा ०६२ माघ १७ गते गजुरी गाविस २ मलेखुबजारमा सोही स्थानमा होटेलव्यवसाय गरी बसेकी ३५ वर्षीया रञ्जना धरेलले कुटपिट गरी घाइते पारिन्। घटनापछि १८ गते पीडितले प्रहरीमा उजुरी गरे। सार्वजनिक स्थानमा बस्दा भएको जातीय छुवाछुतको घटनाबारे पत्रपत्रिकामा समाचार छापिएको विषयलाई लिएर पीडक पक्षले २० गते सार्कीको घरमा गई ज्यान मार्ने धम्की दियो। ३० गते पीडक पक्षको आग्रहमा प्रहरीमा मिलापत्र गरियो।

कुम्पुर गाविस ३ हटिया इर्जुबेलकोट निवासी केशर विश्वकर्मा, श्याम विश्वकर्मा, कृष्णबहादुर नेपाली र बुधे सुनारलाई होटेलमा खाजा खाएर भाडा नमाझेको आरोपमा ०६३ असार ३२ गते होटल साहू धर्मलाल श्रेष्ठ र छिमेकी गंगाबहादुर घलेले गाली बेइज्जती गर्दै भाडा नमाझे हातखुट्टा भाँचिदिने धम्की दिए। आफूहरूलाई दूरव्यवहार गरेपछि प्रहरीमा उजुरी गरेका पीडितसँग पीडकले माफी मागेपछि प्रहरीमा ०६३ साउन ३ गते मिलापत्र गरियो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

कल्लेरी गाविस-६ विरुवाटार निवासी कृष्णबहादुर मिजारको परिवारलाई उनले कमाई आएको जग्गा सामुदायिक वनभित्र परेको अरोपमा ०६३ जेठ १० गते स्थानीयबासीले गाउँ निकाला गरे। सामुदायिक वनभित्र घरजग्गा परेको भन्दै गाउँ निकालेपछि सो परिवार विचल्लीमा परेको छ।

बेनीघाट गाविस निवासी बेनीघाट इराङ सडकका १५ जना मजदुरले ०६३ असार ७ गतेसम्म सडक खनेको ज्याला पाएनन्। कृष्णराज कमर, चन्द्रराज विश्वकर्मा सहित ११ जनाले सरकारी दर अनुसारको रकम नपाउँदा उनीहरूले चार महिनासम्म काम रोकेका थिए।

संरचना/सम्पत्ति क्षति

पथ्वीराजमार्गको जोगीमारा गाविसको हुग्दी खोला नजिकै रोकेर राखिएको बा १ ख ६४०० नं.को बसलाई ०६२ माघ २२ गते राति बन्दको पूर्वसन्ध्यामा मोओवादीले जलाएर ध्वस्त पारे। यसपछि सडक अवरुद्ध भएको थियो।

पृथ्वीराजमार्गको जोगीमारा गाविस-१ जवाडखोला नजिकै काठमाडौंतफ जाँदै गरेको बा २ च ६४८७ न को त्रिविवि शिक्षण अस्पतालको सव बहानलाई ०६२ माघ २२ गते राति १२ बजे मोओवादीले जलाएर ध्वस्त पारे। सो शव बहानमा रहेका मानिसलाई सडकमा झारेर जलाइएको थियो।

नीलकण्ठ गाविस-५ पुलबजारको सुरक्षाचेकपोष्टमा ०६२ माघ २४ बेलुका बम विस्फोट गराउँदा स्थानीय हरिकुमार श्रेष्ठ, गंगा श्रेष्ठको घरमा क्षति पुग्यो। सो प्रेसरकुकुर बम विस्फोटमा सुरक्षाचेकपोष्ट ध्वस्त भएको छ। गजुरी गाविस -२ डुम्रेगैरीमा मुग्लीनबाट काठमाडौंतर्फ जादै गरेको बा १ ख ६०४३ को मालबाहाक ट्रकलाई ०६२ चैत १६ गते बिहान माओवादीले सडकमा रोकी जलाए। सो ट्रकमा कार्पेट सहित अन्य सामाग्री रहेको थियो।

विगतको अनुगमन

ज्यामरुङ गाविस-७ का १८ वर्षीय शिरिश भन्ने सुवास बसेललाई माओवादीको आरोपमा ०६२ कात्तिक २२ गते त्रिपुरेश्वर गाविस-६ चरङगेखोलाबाट सुरक्षाफौजले गिरफ्तार गरी कात्तिक २८ गते शान्ति सुरक्षा ऐन अन्तर्गत कारागारमा राखिएकोमा ०६२ फागुन ९ गते तारेखमा रिहा गरियो।

माओवादीको आरोपमा कारागारमा नजरबन्दमा



धादिङ कारागारका बन्दीहरू प्रमुख जिल्ला अधिकार समक्ष माग प्रस्तुत गर्दै

राखिएका बलबहादुर विश्वकर्मा, धनबहादुर आले मगर, अनिशा बुढामगर, विमला तामाङ र माईली तामाङ ०६३ जेठ ११ गते प्रशासनले रिहा गऱ्यो।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र ३३ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मकवानपुर जिल्ला पालुङ गाविस-५ निवासी २० वर्षीया सुनिता कार्की, केवलपुर-४ निवासी केदारनाथ रूपाखेती, छत्रेदेउराली गाविस-५ निवासी दिवाकर लुइटेल, जीवनपुर गाविस -१ निवासी कृष्णबहादुर मिजार, बेनीघाट गाविस-५ निवासी अमृत कँडेल, मुरलीभञ्ज्याङ गाविस-१ निवासी बुद्धिमान कुमाल, थाँक्रे गाविस-३ निवासी ईन्द्रबहादुर अर्याल, जीवनपुर गाविस-४ निवासी केदार कुँवर, नौविसे गाविस निवासी रामबहादुर तामाङ, खाल्टे गाविस-९ निवासी पञ्चबहादुर तामाङ, बैरेनी गाविस-४ निवासी ओपबहादुर तामाङ, नौविसे गाविस-१ निवासी रामप्रसाद आर्चाय, जीवनपुर गाविस-६ निवासी मुकुन्द सेडाईं, केवलपुर गाविस-१ निवासी रामशरण श्रेष्ठ, थाँक्रे गाविस-२ निवासी नवराज थापा प्राम्बा गाविस-१ ओखलढुङ्गा जिल्ला निवासी रामकृष्ण फुयाँल, नौविसे गाविस-१ निवासी नानीराम काफ्ले, बेनीघाट गाविस-२ निवासी राजेन्द्र बराम, नौविसे गाविस-२ निवासी हरिप्रसाद लुईटेल, गजुरी गाविस-२ निवासी लिलाबहादुर पाण्डे, जीवनपुर गाविस-१ निवासी शिव सापकोटा, धुवाकोट गाविस-१ निवासी खीलप्रसाद पौडेल, पीडा गाविस ४ निवासी रामहरि रूपाखेती, नौविसे गाविस-१ निवासी हरि आचार्य, जीवनपुर गाविस-९ निवासी बैकुण्ठ भुजेल, जीवनपुर गाविस-२ निवासी बिदुर रेग्मी, थाँक्रे गाविस-९ निवासी हरिशरण थापा, धुषा गाविस-२ निवासी डोरबहादुर रेग्मी, जीवनपुर गाविस-९ निवासी राजकुमार मनन्धर, केवलपुर गाविस-४ निवासी श्याम रुपाखेती, आगिञ्चोक गाविस-१ निवासी सुचन्द्र भण्डारी, सुवास भण्डारी र मार्पाक गाविस-६ निवासी माधव अधिकारी र केवलपुर गाविस-८ निवासी गोपाल मिजार रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरुभएयता यो वर्षको अन्त्यसम्ममा माओवादीले विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका दुईजना महिला र दुईजना पुरुष गरी चारजनाको अवस्था अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा केवलपुर गाविस २ निवासी गोमा कोइराला, किरानचोक गाविस -५ निवासी मानबहादुर तामाङ र बालकृष्ण तामाङ, खरी गाविस-१ निवासी २१ वर्षीया शोभा सिम्खडा थापा रहेका छन्।

२.१७ सिन्धुपाल्चोक



जनसंख्या : ३,२५,७७८
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २५४२
गाविस/नपा संख्या : ७९/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९६
क्याम्पस/उच्च मा.वि. : ३/८
अस्पताल/स्वास्थ्य चौकी : १/७८
टेलिफोन लाइन : ३००
मोटर सडक (कि. मि.) : २५०.५
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ७९
मानव विकास सूचकाङ्क : ०.४१४
प्रति परिवार सरदर संख्या : ५.३९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

तातोपानी गाविस-४ निवासी ४० वर्षीया तारादेवी तामाङको ०६३ साउन १४ गते तातोपानी सीमा सुरक्षार्थ रहेको सशस्त्र प्रहरीले तातोपानी भन्सार नजिकै गोली हानी हत्या गरे। पीडितलाई प्रहरी चौकीमाथि ढुङ्गा हानेको आरोपमा तातोपानी बजार आउदै गर्दा सशस्त्र प्रहरीका डीएसपी ज्ञानप्रसाद भूर्तेल र सीमा प्रहरी चौकी तातोपानीका इन्स्पेक्टर जगतबहादुर कार्कीको आदेशमा गोली हानिएको थियो। गोली हान्न आदेश दिने दुवैलाई गृह मन्त्रालयले साउन १६ गते सेवाबाट निलम्बन गऱ्यो भने पीडितको परिवारलाई १० लाख क्षतिपूर्ति दिइयो। साउन १७ गते घटनास्थलमा पीडितको लास पोष्टमार्टम गरी परिवारजनले सद्गद् गरे।

ठोकर्पा गाविस-४ निवासी सर्वसाधारण ६३ वर्षीय बमबहादुर खत्री, कदमबास गाविस पहरी निवासी माओवादी कार्यकर्ताहरू उज्वल, बाह्रबिसे गाविस निवासी हरि तामाङ र दोलखा जिल्ला निवासी रक्तिम नाम गरेका माओवादीको ०६३ चैत १४ गते काठमाडौंबाट हवाई गस्तीमा गएका सेनाले हवाई आक्रमण गरी हत्या गरे। माओवादीले ठोकर्पा गाविस-२ स्थित वाघभैरव उच्च माविमा सभा गर्न खोज्दा हवाई आक्रमण गरेको थियो।

माओवादीबाट

ठूलोपाखर गाविस-३ निवासी श्री ककलिङ्ग हरिसिद्धि माविका विद्यार्थी १८ वर्षीय विशाल तामाङले माओवादीसँग झगडा गरेको आरोपमा ०६३ जेठ २७ गते माओवादीले लिसंखु गाविस-५ स्थित नारगाउँमा कुटपिट गरी हत्या गरे। पीडितलाई लिसंखु गाविस-३ स्थित घ्याङमा जात्रा गएको बेला जेठ २६ गते माओवादीले अपहरण गरे। घटनाको छानविन गर्न गठित स्थानीय छानविन समितिको प्रतिवेदन अनुसार हत्यामा माओवादीका भारत दार्जलिङ्ग लिम्बुबस्ती निवासी २८ वर्षीय अमर सुब्बा, सिपापोखरे गाविस निवासी २६ वर्षीय रामप्रसाद शर्मा, सिन्धुली जिल्ला कपिलाकोट गाविस-२ निवासी २२ वर्षीय देवराज लामा, बारा जिल्ला निजगड गाविस-९ निवासी साजन श्रेष्ठ, सिन्धुली जिल्ला गढी गाविस-६ निवासी १९ वर्षीय रमेश थापा, दोलखा जिल्ला ओराङ गाविस-४ निवासी २५ वर्षीय ईश्वर बुढाथोकी, स्थानीय लिसंखु गाविस-१ निवासी पासाङ लामा, लिसंखु-४ निवासी शम्भु तामाङ संलग्न रहेका थिए। पीडितको लास खोजतलासमा गएका आफन्तहरूले असार १ गते लिसंखु गाविस-५ नारगाउँको जङ्गलमा गाडेको अवस्थामा फेला पारी सोही दिन ठूलोपाखर ल्याइ विरोध प्रर्दशन गरे। असार ३ गते लासको पोष्टमार्टम गरी परिवारजनले लासको सद्गद् गरे। माओवादीले पीडित परिवारलाई क्षतिपूर्ति बापत १ लाख ५० हजार उपलब्ध गरायो।

विस्फोटक पदार्थबाट मृत्यु

कदमबास गाविस-५ निवासी माओवादी कार्यकर्ता २० वर्षीय प्रकाश पहरीको ०६२ माघ २८ गते फुलिङ्गडाँडा गाविस बेलेफी बजारमा माओवादीले राखेको विस्फोट पदार्थ विस्फोट भई मृत्यु भयो। पीडितको लास माओवादीले फुलिङ्गडाँडामा गाडे।

दोहोरो भिडन्त

पाङग्रेटार गाविस स्थित १ किलोमा ०६२ चैत २३ गते श्री बाल शिक्षा मावि खाडीचौरमा एसएलसी परीक्षा केन्द्रको उत्तर पुस्तिका लिएर गएको सेना र माओवादीबीच दोहोरो भिडन्त भयो। भिडन्तमा सैनिक जवान मधुसुधन सापकोटाको गोली लागी मृत्यु भयो भने सातजना सैनिक घाइते भए। घाइतेहरूको काठमाडौमा उपचार भयो।

जिल्ला सदरमुकाम चौतारामा ०६३ वैशाख १० गते राति माओवादीले आक्रमण गरेपछि सेना, प्रहरी र माओवादीबीच रातभर दोहोरो भिडन्त भयो। भिडन्तमा दुवै पक्षबाट जिल्ला अस्पताललाई युद्धभूमिमा परिणत गराउँदा अस्पतालमा उपचार गराइरहेका कदमवास गाविस-९ निवासी ३० वर्षीय डम्बरबहादुर श्रेष्ठ र विरामी कुरुवा ६३ वर्षीय सूर्यबहादुर श्रेष्ठको अस्पतालमा मृत्यु भयो भने चौतारा-८ निवासी ४५ वर्षीय भक्तबहादुर श्रेष्ठको आफ्नै घरमा बसिरहेको बेला गोली लागी मृत्यु भयो। दोहोरो भिडन्तको क्रममा सेनाका केशव कँडेलको मृत्यु भयो भने सातजना घाइते भए। माओवादीका मादनकुडारी गाविस-७ काभ्रेपलाञ्चोक निवासी किरण लामासहित चारजनाको पनि भिडन्तमा मृत्यु भयो। भिडन्तमा मारिएका र घाइते भएका माओवादीका संख्या यकिन हुन सकेको छैन।

गोली/बम / विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

कुन्चोक गाविस-४ निवासी १२ वर्षीया पवित्रा भारतीको ०६२ चैत २१ गते माओवादीले राखेको सकेट बम सोही ठाउँको देउरालीमा विस्फोट भई मृत्यु भयो। घटनापछि माओवादीले क्षमायाचना गरी पीडितको परिवारलाई क्षतिपूर्ति दिने बताए पनि क्षतिपूर्ति उपलब्ध भएको छैन। सोही घटनामा परी कुन्चोक गाविस-४ निवासी १३ वर्षीय अशोक थापामगर र सोही ठाउँका २५ वर्षीया पातली भारती घाइते भए। पीडितहरूलाई सोही दिन उपचारको लागि चौतारा अस्पतालमा लगिएकोमा उपचारपछि घर फर्किए।

तातोपानी गाविस-४ निवासी २२ वर्षीय सुकलाल तामाङले प्रहरी विरुद्ध बोलेको आरोपमा ०६३ साउन १४ गते तातोपानी भन्सार सुरक्षार्थ रहेका सशस्त्र प्रहरीले उनलाई गोली हानी घाइते पारे। पीडितको तिघ्रामा गोली लागेको थियो। पीडितको उपचार सैनिक अस्पताल छाउनीमा भयो।

जेल र बन्दी

जिल्ला सदरमुकामस्थित चौतारा जेलमा ३४ जना बन्दीहरू रहेका छन्। जसमध्ये सात जना पुरुष पुर्पक्षको लागि र एकजना महिलासहित २७ जना कैद तोकिएका बन्दीहरू छन्। "घ"श्रेणीको यस जेलको बन्दी क्षमता ४० जनाको रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

चौतारा गाविस-८ निवासी २० वर्षीय सुरज तामाङ र भोटसिपा गाविस-१ निवासी १९ वर्षीय कृष्ण भनिने भैरब थिङ्गलाई ०६३ माघ २० गते माओवादीले चौतारा गाविस-स्थित प्रेसचोकबाट अपहरण गरे। पीडितलाई माआवादीले माघ १९ गते जलबीरे बजारबाट इन्सेक जिल्ला प्रतिनिधि नानिबाबु धिताल, प्रत्रकार महासंघ जिल्ला शाखाका सभापति ऋषिराम पौड्याल र नेपाल बार एसोसियसनका जिल्ला शाखाका सचिव भेषराम ढकालको रोहबरमा सेनामा जागिर नखाने शर्तमा मुक्त गरे। पीडितहरूमध्ये सुरज तामाङ श्री कृष्ण रत्न गंगा उमाविका विद्यार्थी हुन भने कृष्ण भनिने भैरव थिङ्ग सेनामा तालिम गरिरहेका व्यक्ति हुन।

माम्खा गाविस-३ ओखलढुंगा जिल्ला निवासी जिल्ला प्रहरी कार्यालय चौतारामा कार्यरत २६ वर्षीय पवनजङ्ग कार्कीलाई ०६२ फागुन १७ गते माओवादीले काठमाण्डौ जानलाग्दा साँगाचोक भञ्ज्याङबाट अपहरण गरी भोलिपल्ट ठूलोसिरुवारी गाविसस्थित डडुवाबाट इन्सेक जिल्ला प्रतिनिधि नातीबाबु धितालललगायतका मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे। अधिकारकर्मीले जिम्मा लिदा पीडितको टाउको फुटेको थियो र उपचारको लागि चौतारा अस्पताल पुऱ्याई सोही दिन काठमाण्डौ लगियो।

पाल्पा जिल्ला निवासी महिला विकास कार्यालय, लामो साँघु इलाकामा कार्यरत ३० वर्षीय मञ्जु आचार्यलाई बिना अनुमति गाउँ प्रवेश गरेको आरोपमा ०६२ फागुन १३ गते माओवादीले कार्यालयको कामको सिलसिलामा पेड्कु गाविस पुग्दा अपहरण गरी दुई दिनपछि सोही ठाउँबाट मुक्त गरे। पीडितको साथमा रहेको ५० हजार रुपैयाँसमेत माओवादीले लगेको पीडित पक्षले जनायो।

ठोकर्पा गाविस-२ निवासी सोही गाविसका सचिव ५२ वर्षीय ठाकुरप्रसाद भण्डारीलाई सुराकीको आरोपमा ०६२ चैत २० गते माओवादीले घरबाटै अपहरण गरी ०६२ जेठ ३ गते घरमा ल्याई मुक्त गरे।

धादिङ जिल्ला सलाङ गाविस निवासी जिल्ला अनुसन्धान कार्यालय चौतारामा कार्यरत ३० वर्षीय ओम थापालाई ०६३ बैशाख १० गते राति माओवादीले चौतारा गाविस-८ स्थित पीडितको आफ्नै कोठाबाट अपहरण गरी बैशाख २३ गते जलबीरे बजारबाट इन्सेक जिल्ला प्रतिनिधि नातीबाबु धिताल र प्रत्रकार युवराज पुरीको रोहबरमा मुक्त गरे।

ठोकर्पा गाविस-२ निवासी ३० वर्षीय माधव खनाललाई सुराकीको आरोपमा ०६३ वैशाख २४ गते माओवादीले घरैबाट अपहरण गरी जेठ ३ गते घरमा ल्याई मुक्त गरे।

भोटेनाम्लाङ गाविस-९ निवासी २४ वर्षीय मदन गुरुङ र उनकी पत्नी कुमारी श्रेष्ठले बहुबिबाह गरेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी पत्नीलाई दुई दिनपछि र पतिलाई जेठ ३० गते मेलम्ची बजारबाट मुक्त गरे।

सीपापोखरे गाविस-१ निवासी सोही ठाउँमा रहेको श्री कालिका प्राविका शिक्षक ३६ वर्षीय माधवप्रसाद

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३	५	८	१	८	३	८	१	९
घाइते					३	१६	१	१७	३	३९	३	३१
कुटपिट					३	३		३	३	१३	१	१३
धम्की					३	३		३	१	१		१
महिलाअधिकार	३		३	३								
अपहरण					१६	१७	३	३०				
जम्मा	५	३	३	५	३८	४४	५	४९	९	५०	४	५४

न्यौपानेलाई व्यक्ति हत्यामा संलग्न रहेको आरोपमा ०६३ जेठ ३१ गते माओवादीले विद्यालयबाटै अपहरण गरी ०६३ असार ३ गते कुभिण्डेबाट मुक्त गरे।

साँगाचोक गाविस-१ निवासी २६ वर्षीय सीताराम खड्का र सोही ठाउँका २८ वर्षीय प्रेम महतलाई नक्कली माओवादी बनेर रकम उठाएको आरोपमा ०६३ साउन १२ गते माओवादीले उनलाई घरबाट अपहरण गरी साउन १४ गते चौतारमा पत्रकार सम्मेलन गरी मुक्त गरे।

सल्ले गाविस-५ काभ्रेपलाञ्चोक निवासी २८ वर्षीय देवेन्द्र गिरी र हेटौडा नपा-७ मकावानपुर निवासी २५ वर्षीय रमेश गिरीलाई नक्कली माओवादी बनेर रकम उठाएको आरोपमा ०६३ साउन १३ गते माओवादीले उनीहरूलाई साँगाचोक भञ्ज्याङबाट अपहरण गरी साउन १४ गते चौतारामा पत्रकार सम्मेलन गरी मुक्त गरे।

फुल्पीङकोट गाविस-८ निवासी ५१ वर्षीय सुब्बा लामालाई व्यक्ति हत्यामा संलग्न रहेको आरोपमा ०६३ असोज १८ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित माओवादीको श्रमशिविरमा रहेको माओवादीले जनाए।

फूल्पीङडाँडा गाविस-५ निवासी श्री बालशिक्षा उमावि खाडीचौरमा अध्ययनरत १५ वर्षीय सरला सुवेदीलाई ०६३ असोज २६ गते माओवादीले सभा हेर्न खाडीचौर गएको बेला अपहरण गरी असोज ३१ गते सागाचोक गाविसस्थित सुकुटे बजारबाट आफन्तको जिम्मा लगाई मुक्त गरे।

ठोकर्पा गाविस-२ निवासी ६५ वर्षीय निलप्रसाद भण्डारीलाई सुराकीको आरोपमा ०६३ मंसिर २२ गते माओवादीले घरबाटै अपहरण गरी संविधानसभाको चुनावअघि गाउँमा आउन नपाउने गरी गाउँ निकाला गरेको घोषण गरी आफन्तको जिम्मामा मुक्त गरे। पीडित राजाको प्रत्यक्ष शासनकालमा मनोनित जिविस सभापति थिए।

ठोकर्पा गाविस-९ निवासी ६३ वर्षीय गोपालचन्द्र भण्डारीले सुराकी गरेको आरोपमा ०६३ मंसिर २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी संविधानसभाको चुनावअघि गाउँमा आउन नपाउने गरी गाउँ निकाला गरेको घोषणा गर्दै मंसिर २८ गते साँगाचोक गाविस-१ स्थित सुकुटे बजारबाट आफन्तको जिम्मा लागाई मुक्त गरे। पीडित काठमाडौंमा विस्थापित भए।

ठोकर्पा गाविस-९ निवासी श्री कालीदेवी प्राविका शिक्षक ४५ वर्षीय रामशरण सुवेदीले सुराकी गरेको आरोपमा ०६३ मंसिर २३ गते माओवादीले स्थानीय मिलडाँडाबाट अपहरण गरी मानसिक यातना दिएर मंसिर २७ गते सोही ठाउँबाट आफन्तको जिम्मा लगाई मुक्त गरे। माओवादीले पीडितलाई कुटपिट नगर्ने, तुरुन्तै नमार्ने तर बाच्न पनि नदिने धम्की दिएर मुक्त गरेको पीडितले बताए।



सेनाद्वारा गरिएको हवाई आक्रमणमा मारिएका सर्वसाधारण बमबहादुर खत्री

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

नेपाल पत्रकार महासंघ जिल्ला शाखाका पार्षद तथा श्री अभिलेख साप्ताहिकका प्रबन्ध सम्पादक ३८ वर्षीय पवित्रकुमार खड्कालाई आफ्नो पक्षमा समाचार नलेखेको तथा आतंककारीको आरोपमा ०६३ फागुन २४ गते तातोपानी भन्सार सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीका डीएसपी दीपक थापाले मार्ने धम्की दिए। पीडकलाई कुनै कारवाही भएन।

पाङताङ्ग गाविस-६ निवासी २८ वर्षीया नानिमैया लामीछानेलाई गैरकानुनी व्यापरमा संलग्न भएको आरोपमा ०६२ फागुण १७ गते तातोपानी भन्सारको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले भन्सार छेउ आइपुग्दा कुटपिट गरी बेहोस पारे। पीडितलाई तातोपानी हेल्थपोष्टमा उपचार गराए भने पीडकलाई कुनै कारवाही भएन।

मालबहाक कन्टेनर ट्रकका परिचालक सूर्यबहादुर कार्कीलाई ०६३ असार १६ गते काठमाण्डौबाट खासातर्फ जादै गर्दा फूल्पीङकट्टी गाविसस्थित भीर्पुमा रहेको भोटेकोशी पावर कम्पनीको सुरक्षार्थ खटिएका सेनाका उप-सेनानी किशोर सिंहले सुरक्षा जाँचको नाममा कुटपिट गरी घाइते पारे। पीडित बाह्रबीसे अस्पतालमा उपचार गयो। यातायात मजदुरले पीडकलाई कारवाहीको माग राख्दै यातायात अवरुद्ध पारेपछि सेनाले गल्ती स्वीकार गर्दै माफी मागे। पीडकलाई कानुनी कारवाही भने भएन।

बाँडेगाउँ गाविस-४ निवासी रामबाबु आचार्य, सोही ठाउँका सूर्यनाथ आचार्य, खगोलनाथ आचार्य, सहदेव गौतम, विदुर तिमल्सिना, नित्यनाथ आचार्य, हरि तिमल्सिना, नवराज गजुरेल, रामप्रसाद आचार्य, सुदर्शन आचार्य र तोकबहादुर माझीलाई ०६३ वैशाख ६ गते सात दलले मेलम्चीमा गरेको जुलुश र आमसभाबाट फर्किरहेको अवस्थामा मेलम्ची सैनिक ब्यारेकका सेनाले कुटपिट गरी घाइते पारे। घाइतेले



प्रहरीद्वारा हत्या गरिएकी तारादेवी तामाङ

मेलम्चीको स्वास्थ्य केन्दमा उपचार गरी घर फर्के।

तातोपानी गाविस-३ स्थित लिपिङ बजारमा ३० जना पुरुषलाई प्रहरीका गलत कामको विरोध गरेको आरोपमा ०६३ साउन १४ गते सीमा सुरक्षार्थ रहेको सशस्त्र प्रहरी र सीमा प्रहरी चौकीका प्रहरीले लट्ठी, मुक्का, बुट प्रहार गरी घाइते पारे। घाइते हुनेमा तातोपानी गाविस-१ निवासी २८ वर्षीय टासी शेर्पा, सोही ठाउँ निवासी २३ वर्षीय समुन्द्र गुरुङ, १९ वर्षीय सेते गुरुङ, २४ वर्षीय दावा शेर्पा, ३३ वर्षीय प्रेमबहादुर खड्का, १९ वर्षीय कल तामाङ, २३ वर्षीय अमृत गुवाजु, सोही गाविस-३ निवासी २७ वर्षीय पेङग्याल्साङ लामा, सोही ठाउँ निवासी ३० वर्षीय चन्द्रेश्वर तामाङ, १९ वर्षीय सन्तोष गुरुङ, विरेन्द्र ठाकुर, अर्जुन विश्वकर्मा, २३ वर्षीय लाक्पा शेर्पा, १८ वर्षीय कर्णबहादुर श्रेष्ठ, २० वर्षीय राजकुमार श्रेष्ठ, सोही गाविस-४ निवासी २२ वर्षीय सूर्य श्रेष्ठ, सोही ठाउँ निवासी ५ वर्षीय जयबहादुर खड्का, सोही गाविस-६ निवासी १९ वर्षीय पासाङ शेर्पा, घुम्थाङ गाविस-४ निवासी २४ वर्षीय काजी लामा, सोही गाविस-१ निवासी २० वर्षीय तेजबहादुर श्रेष्ठ, सोही गाविस-८ निवासी २७ वर्षीय सीताराम नेपाली, लिस्ती गाविस-१ निवासी २३ वर्षीय डवाङ लामा, सोही ठाउँ निवासी १९ वर्षीय चेमा लामा, सोही गाविस-४ निवासी ४२ वर्षीय दोर्जे लामा, १८ वर्षीय स्याङबो शेर्पा, गोल्चे गाविस-३ निवासी ३५ वर्षीय देवीबहादुर श्रेष्ठ, चौतारा गाविस-४ निवासी ३० वर्षीय निरबहादुर श्रेष्ठ, हगाम गाविस-५ निवासी रामबहादुर कार्की, मालु गाविस-३ दोलखा निवासी ३७ वर्षीय भोजबहादुर खड्का, घ्याङसुखाठोकर गाविस-१ दोलखा निवासी ५० वर्षीय विष्णु पराजुली रहेका छन्। घाइतेहरूको तातोपानी हेल्थपोष्टमा उपचार गरियो।

माओवादीबाट

बाह्रबिसे बजारस्थित सिलौन बैंकमा ०६२ फागुन २६ गते माओवादीले पाँच लाख रुपैयाँ नदिए आक्रमण गर्ने धम्की दिए।

धुस्कुन गाविस-८ निवासी सोही ठाउँस्थित श्री बुद्ध प्राविका शिक्षक ४१ वर्षीय कृष्णबहादुर बस्नेतलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६२ चैत २४ गते माओवादीले निर्घात कुटपिट गरी मार्ने धम्की दिए।

सेलाङ गाविस-९ निवासी ५२ वर्षीय पदमबहादुर सिलवाललाई छलफलमा नआएको आरोपमा ०६३ साउन १३ गते माओवादीले कुटपिट गरी घाइते पारे। पीडितको चौतारा अस्पताल उपचार गरियो।

स्याउले गाविस-५ निवासी ४६ वर्षीय छविलाल अधिकारीलाई रकम नदिएको आरोपमा ०६३ भदौ १२ गते माओवादी मार्ने धम्की दिए।



माओवादीद्वारा हत्या गरिएका विशाल तामाङ

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जम्मा १ सय १ ओटा मुद्दा विचाराधीन छन् जसमध्ये दुनियाँवादी देवानी ५९, सरकारवादी फौजदारी २१, र दुनियाँवादी फौजदारी २१ ओटा छन्। यस वर्ष देवानी १८, सरकारवादी फौजदारी आठ र दुनियाँवादी फौजदारी ११ गरी ३७ ओटा मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेर आएका देवानी ८३, सरकारवादी फौजदारी २५ र दुनियावादी फौजदारी ३७ गरी १ सय ४५ पुराना र नयाँ केही गरी ८१ ओटा मुद्दा फर्स्यौट भए। दुई वर्ष पूराना १० ओटा मुद्दा विचाराधीन रहेको जिल्ला अदालतको रेकर्डले देखायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

कुविण्डे गाविस-९ निवासी ४० वर्षीया चेतकुमारी सुवेदीलाई बोक्सीको आरोपमा ०६३ जेठ १३ गते सोही ठाउँकी जुना सुवेदीले कुटपिट गरिन। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कारवाही भएन।

आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकार

यस वर्ष माओवादीले सुराकी गरेको आरोप लगाएर दुई घर परिवारलाई गाउँ निकाला गरी घर बस्न नदिएर विस्थापित गराए। विस्थापित हुनेमा ठोकर्पा-२ निवासी निलप्रसाद भण्डारीको १६ जनाको परिवार र सोही गाविस-९ निवासी गोपालचन्द्र भण्डारीका १४ जनाको परिवार रहेको छ ।

संरचना/सम्पत्ति क्षति

राज्यबाट

ठोकर्पा गाविस-२ स्थित श्री बाघभैरव उमाविको छात्रवास प्रांगणमा माओवादीले गर्न लागेको सभा बिथोल्न ०६२ चैत १४ गते दिउँसो सेनाले गरेको हवाइ आक्रमणबाट श्री बघभैरव उमाविको भवन, सोही विद्यालयको छात्रवास भवन, आयुर्वेदिक औषधालयको भवनमा क्षति पुग्यो भने आक्रमण मारिएका बमबहादुर खत्रीको घर, मतान, कुखुरा, बाखा, गाई, भैसीलाई गोली लागी क्षति भयो। त्यसैगरी हवाई आक्रमणवाट सोही गाविस-२ निवासी सूर्य न्यौपानेको घर, गणेश भण्डारी, पुष्कर भण्डारी, ठाकुर भण्डारी, रामहरी पौड्याल, रामप्रसाद भण्डारी, अच्युत भण्डारी र शुक्र लामाका घरहरूमा सेनाले प्रहार गरेको बम तथा गोली लागी क्षति पुग्यो। पीडितले क्षतिपूर्ति पाएनन्।

माओवादीबाट

जिल्ला सदरमुकाम चौतारामा माओवादीले ०६३ बैशाख १० गते राति आक्रमण गरी दोहोरो भिडन्त हुँदा चौतारा अस्पताल, जिल्ला हुलाक कार्यालय पूर्ण रुपमा क्षति भयो भने जिल्ला शिक्षा कार्यालयको भवन र स्थानीय विकास कोषको कार्यालयमा आंशिक क्षति भयो। दोहोरो भिडन्तको क्रममा ५२ ओटा सर्वसाधारणको घरमा बम र गोली लागेर क्षति भयो। पीडितले क्षतिपूर्ति पाएनन्।

विगतको अनुगमन

हत्या

माओवादीबाट

पिपलडाँडा गाविस-२ निवासी कृष्णबहादुर बस्नेतलाई ०६१ फागुन १३ गते माओवादीले सागाचोक भञ्ज्याङबाट अपहरण गरी बेपत्ता पारेकोमा माओवादी जिल्ला नेतृत्वले ०६३ असार १९ गते घटनाबारे सार्वजनिक गर्दै पीडितलाई जनताले कुटपिट गर्दा मृत्यु भएको जानकारी गराए। पीडितलाई कहिले, कहाँ, कसरी मारिएको हो ? त्यसबारे माओवादीले केही खुलाएका छैनन्।

पेटकु गाविस-६ निवासी रामबहादुर खड्कालाई ०६२ असार २७ गते माओवादीले व्यक्ति हत्यामा संलग्न भएको आरोपमा अपहरण गरी बेपत्ता पारेकोमा पाँच



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका सर्वसाधारणहरू

महिनापछि माओवादीले खोजेको बेला आउने शर्तमा मुक्त गरे। पीडित काठमाण्डौ विस्थापित भए।

बेपत्ता


राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र आठजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा जेठल गाविस-६ निवासी नक्कली श्रेष्ठ, राम्चे गाविस-४ निवासी दुर्गाबहादुर तामाङ, ठूलोसिरुवारी गाविस-२ निवासी गोरेबहादुर पुरकोटी, बाढेगाउँ गाविस-५ निवासी टोपबहादुरतामाङ, नवलपुर गाविस-६ निवासी चीनबहादुर तामाङ, भोटेचौर गाविस निवासी स्वतन्त्र चौलागाई, कुभिण्डे गाविस निवासी अखिल नेपाल, सिन्धुकोट गाविस-८ निवासी केशव भट्टराई र सिन्धुपाल्चोक जिल्ला निवासी ३० वर्षीय दीपक राउतरहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कुविण्डे गाविस-३ निवासी कृष्णबहादुर श्रेष्ठ, साँगाचोक गाविस-९ निवासी रामशरण गिरी रहेका छन्।

२.१८ नुवाकोट



जनसंख्या	: ३,०७,६३१
साक्षरता प्रतिशत	: ५१.७
महिला साक्षरता प्रतिशत	: ४०.७
क्षेत्रफल (वर्ग कि. मि.)	: ११२१
गाविस/नपा संख्या	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५०१
क्याम्पस/उच्च मा.वि.	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	: ११००
मोटर सडक (कि. मि.)	: २३८
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६४
मानव विकास सूचकाङ्क	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ५.७९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

भद्रटार गाविस-७ बुडीसेरा निवासी माओवादी कार्यकर्ता विश्वास भन्ने ३८ वर्षीय रामप्रसाद पाण्डेको ०६२ माघ १३ गते भद्रटार गाविस-२ शिवालयमा सेनाको गस्ती टोलीले गोली हानी हत्या गऱ्यो। पीडितको लास सोही ठाउँमा गाडेको स्थानीय बासिन्दाले बताए।

बेलकोट गाविस-७ निवासी माओवादी कार्यकर्ता ३८ वर्षीय पार्वती पौडेलको ०६२ फागुन १५ गते सेनाको गस्ती टोलीले बेलकोट गाविस-६ को बेतीनी जंगलमा गोली हानी हत्या गरे।

नर्जा गाविस-८ निवासी माओवादीका विकास भनिने ४५ वर्षीय समरबहादुर तामाङलाई ०६२ चैत २७ गते संयुक्त सुरक्षाकर्मीको गस्ती टोलीले काउले गाविस-६ को जधुममा गोली हानी हत्या गऱ्यो।

माओवादीबाट

धादिङ जिल्ला सल्यानकोट गाविस निवासी तारादल गण देवीघाटमा कार्यरत सेनाका सुवेदार दुर्गाप्रसाद तिमल्सिनाको ०६२ फागुन ३ गते बेलकोट गाविस-७ अमारेमा माओवादीले राखेको प्रेसरकुकर बमलाई निस्क्रिय पार्न लाग्दा विष्फोट भई घटनास्थलमा मृत्यु भयो। पीडितको लास राजधानी लगिएको थियो। यस घटनाको माओवादीका शीतलले जिम्मेवारी लिए।

भाल्चे गाविस-९ निवासी २५ वर्षीय लोकबहादुर विश्वकर्माले सुराकी गरेको आरोपमा ०६२ फागुन १८ गते माओवादीले भाल्चे गाविस–८ ठूलोखेतमा कुटपिट र खुकुरी प्रहार गरी उनको हत्या गरे। पीडितलाई माओवादीले रसुवा जिल्ला लहरेपैवा गाविसको पैरेवेशीबाट ०६२ फागुन १६ गते अपहरण गरेका थिए। पीडितको लास भाल्चे गाविस–८ ठूलोखेतमा खाल्टो खनी पुरिएको स्थानीयबासिन्दा बताए। माओवादीद्वारा गठित रसुवा जिल्ला जनसरकार प्रमुख प्रतिक भनिने प्रेमबहादुर तामाङले ०६२ चैत ११ गते नुवाकोट जिल्ला काउले गाविस–३ मा माओवादीको एक कार्यक्रममा विश्वकर्माको हत्या गरेको स्वीकारे।

अन्यबाट

कल्याणपुर-७ निवासी ५५ वर्षीय सूर्यबहादुर तामाङलाई ०६२ फागुन ६ गते राति आफूलाई माओवादी बताउने एक समूहले घरबाट अपहरण गरी ०६२ फागुन ७ हत्या गरे। पीडितको लास घर नजिकैको जंगलमा भेटिएको थियो। माओवादीका जिल्ला सेक्रेटरी जगतजङ्गले ०६२ फागुन १४ गते एक विज्ञप्ति प्रकाशित गरी उक्त हत्यामा माओवादीको संलग्नता नरहेको र घटनाका दोषीको खोजी भइरहेको जनाए। तर, जिल्ला प्रशासन कार्यालय, नुवाकोटले भने तामाङको माओवादीले हत्या गरेको जनायो। पीडितको लास त्रिशुली अस्पतालमा पोष्टमार्टम गरी परिवारलाई बुझाइयो।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

भाल्चे गाविस-६ निवासी १३ वर्षीय काले तामाङ ०६२ चैत १ गते घरनजिकैको बाटोमा माओवादीले छाडेको बेवारिसे सकेट बम विष्फोट भई घाइते भए। घाइतेलाई उपचारको लागि काठमाण्डौ लगियो। पीडितको अवस्था सामान्य रहेको छ।

जेल र बन्दी

जिल्लाको कारागारमा कैद तोकिएका चार पुरुष, कैद नतोकिएका तीन महिला र ११ पुरुष बन्दी समेत गरी कूल १८ जना बन्दी रहेका छन्। कर्तव्य ज्यानमा तीन महिला र पाँच पुरुष , जर्बरजस्ती करणी प्रयासमा एक जना, जीउ मास्ने बेच्नेमा दुई जना, सैनिक ऐन अनुसार एक जना र चोरी गरेकोमा सात जना बन्दी रहेका छन्।

जिल्लाको पुरानो जेल बिदुर नपा-२ नुवाकोटबाट असुरक्षाको कारण दर्शाई ०५८ सालमा बिदुर नगरपालिकामा रहेको सहकारी सघंको भवन भाडामा लिई बन्दी तथा थुनुवालाई राखियो। ९६ वर्ग फिटको एउटा कोठामा १७ जना पुरुष कैदीहरु राखिएको छ। यस बन्दी गृहमा सानो कोठा भएको र बस्न समेत असुविधा भएको बन्दीहरु बताउँछन्। नुवाकोट कारागार "ङ" वर्गमा पर्ने र यहाँका बन्दीले "ख" श्रेणीको सिदा पाउने गरेको बन्दीले बताए। उक्त बन्दीगृहको कोठामा प्रकाश नर्छिने भएकोले बन्दीले जाडोयाममा कष्ट भोग्नु पर्ने बाध्यता रहेको छ। बिरामी परेको बेला मात्र डाक्टर ल्याउने गरेको र अस्पताल लाने गरेको तर नियमित स्वास्थय परीक्षण नगरिएको दुखेसो बन्दीहरुले गरे। खानेपानी , टेलिभिजन र पत्रपत्रिका पढ्न पाउने व्यवस्था गरिएको छ। महिला बन्दीहरुलाई भने जिल्ला प्रहरी कार्यलयमा राखिने गरिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

फिकुरी-३ निवासी ज्ञानज्योति माविका शिक्षक ३८ वर्षीय नारायण सिंह लामालाई ०६२ फागुन २३ गते माओवादीले विद्यालय विद्यालयबाट अपहरण गरी ०६२ चैत ११ गते इन्सेक प्रतिनिधि केशव मिश्र र नेपाल बार एसोशियसन, नुवाकोटका सचिव गणेश खनालको रोहबरमा काउले गाविस-३ मुक्त गरे। पीडितलाई विवेक भन्ने रमेश लामिछानेको हत्या गर्न सुराकी गरेको आरोप लगाए।

लच्याङ्ग गाविस-३ निवासी २७ वर्षीय भरत थापालाई ०६३ असार १७ गते माओवादीले घरैबाट अपहरण गरी लगेकोमा ०६३ असार २४ गते मुक्त गरे। पीडितलाई माओवादीले नक्कली माओवादी बनी गाउँमा चोरी, बलात्कार गरेको र माओवादीविरुद्ध लागेको आरोपमा अपहरण गरेका थिए।

कल्याणपुर गाविस-७ रीप निवासी ३१ वर्षीय हरेराम पाण्डे र २९ वर्षीय रामचन्द्र श्रेष्ठलाई हत्याको आरोपमा ०६३ भदौ २८ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा ०६३ असोज ११ गते मुक्त गरे।

सूर्यमति गाविस-९ निवासी १७ वर्षीय विक्रम सेढाईलाई ०६३ कात्तिक २७ गते माओवादीले ढाडफेदी बजारबाट अपहरण गरी लगेकोमा ०६३ कात्तिक २९ गते मदानपुर गाविसको दाङ्गवैबाट अपहरितका दाजु विनोद सेडाईको जिम्मामा लगाई मुक्त गरे। पीडितलाई माओवादीको जनसेनामा भर्ना गर्न लगिएको पीडितका दाजु विनोदले बताए।

धम्की/ ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

जिलिङ गाविस-२ निवासी २० वर्षीय विरोध पुडासैनी र खड्गभञ्न्याङ गाविस-५ निवासी १९ वर्षीय ऋषी रिमाललाई जनआन्दोलनका क्रममा ०६३ वैशाख १० गते सेनाले कुटपिट गरी घाइते पारे। पीडितलाई नेपाल रेडक्रस सोसाइटीमा प्राथमिक उपचार गरियो।

माओवादीबाट

विदुर नपा-३ निवासी नेपाल पत्रकार महासंघ जिल्ला शाखा सचिव तथा गतिशील समयका प्रकाशक २६ वर्षीय ध्रुवकुमार रावल र नयाँ रुपरेखाका उपसम्पादक तथा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	१	३	३	३		३	३	३	१	३
घाइते	१	१		१	१	१		१	१	३		३
गिरफ्तारी/यातना									१	३३	३	३५
कुटपिट					१	१		१				
धम्की					१	३		३				
महिलाअधिकार	१		१	१								
अपहरण					५	५	१	६				
जम्मा	४	३	३	४	१०	११	१	१३	५	३७	३	३०

गोरखापत्रका प्रतिनिधि २७ वर्षीय राजुमित्र खनाललाई परेड खेलेको फोटो खिच्न अनुमति नलिएको भन्दै ०६३ भदौ १० गते माओवादीले केही समय नियन्त्रणमा लिए। पत्रकार संघको कडा विरोधपछि माओवादीले घटनाप्रति माफी माग्दै पीडितहरूलाई मुक्त गरे।

कल्लेरी गाविस-२ कल्लेरीटार निवासी ४२ वर्षीय श्यामबहादुर कार्कीलाई दशैंको टीका लगाएर घर जाँदै गरेकी एक महिलाको बच्चा बोकेको आरोपमा ०६३ असोज १७ गते सोही गाविसको सीमानामा पर्ने नुवाकोट जिल्ला दुईपिपल गाविस ८ केउरिनीमा माओवादीले कुटपिट गरे। त्यसदिनदेखि बेपत्ता कार्की बारे असोज २१ गते नुवाकोट प्रहरीमा उजुरी गरेको भएपनि छानविन भएको छैन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

"नगर निर्वाचन बहिष्कार गरौं" भन्दै सात दलले ०६२ माघ १९ गते प्रहरीले घरदैलो कार्यक्रम गर्दा विदुर नपा-४ बाट २५ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई ९० दिनको थुनुवा पूर्जी दिई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएकोमा विभिन्न मितिमा रिहा गरियो। गिरफ्तार गरिएकाहरुमा एमालेका नारायण खतिवडा, गोविन्द नेपाली, रामकुमार बस्नेत, श्रीकृष्ण खतिवडा, ईन्द्रप्रसाद अधिकारी, हरि अधिकारी, श्रीमाया तामाङ, अनेमसंघका विन्दा ढुंगाना, अनेरास्वियुका राजेन्द्र अधिकारी, विष्णु चित्रकार, नविन प्रधान, राजेन्द्रप्रसाद पाण्डे, दीपक कार्की, सदस्य ईश्वर श्रेष्ठ, कांग्रेसका राजु थापा, हरिकृष्ण श्रेष्ठ, नेविसघंका जगदीश कुईंकुल, अच्युत गिरी, राजाराम अधिकारी जविन घिमिरे, नेकाँ (प्रजातान्त्रिक) का ध्रुव अधिकारी, नेकाँ (प्रजातान्त्रिक) का उपेन्द्र ओझा, विनोदप्रसाद पाठक, विष्णुप्रसाद अधिकारी, बासु साप्कोटा रहेका छन्। अनेरास्वियुका राजेन्द्र अधिकारी, विष्णु चित्रकार, नविन प्रधान, राजेन्द्रप्रसाद पाण्डे, दीपक कार्की, ईश्वर श्रेष्ठ, नेविसघंका जगदीश कुईंकुल, अच्युत गिरी, राजाराम अधिकारी , जविन घिमिरेलाई फागुन १ गते रिहा गरियो। अनेमसंघका विन्दा ढुंगाना, एमालेका श्रीमाया तामाङ र नेकाँ (प्रजातान्त्रिक) का उपेन्द्र ओझालाई फागुन ३ गते, नेकाँ (प्रजातान्त्रिक) का विनोदप्रसाद पाठक फागुन ९ गते, एमालेका गोविन्द नेपाली, नेकाँका राजु थापा, नेकाँका (प्रजातान्त्रिक) का विष्णुप्रसाद अधिकारी फागुन १० गते, एमालेका रामकुमार बस्नेत, श्रीकृष्ण खतिवडा, ईन्द्रप्रसाद अधिकारी, हरि अधिकारी, नेकाँका हरिकृष्ण श्रेष्ठ, नेकाँ (प्रजातान्त्रिक) का बासु सापकोटा फागुन ११ गते र एमालेका नारायण खतिवडा र नेकाँ (प्रजातान्त्रिक) का ध्रुव अधिकारी ०६२ फागुन १२ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला अदालत मात्र रहेको र एकजना जिल्ला न्यायाधीश रहेका छन। यस जिल्लामा दुनियावादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरी आएका २४ र यस वर्ष दर्ता भएका १२ ओटा मुद्दा गरी जम्मा ३६ ओटा मुद्दा रहेकोमा गत वर्षको जिम्मेवारी सरेर आएका दुई ओटा र यस वर्षका छ ओटा गरी जम्मा आठ ओटा मुद्दा फर्स्यौट भई जम्मा २८ ओटा मुद्दा बाँकी रहे। यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेको आएका १८ र यस वर्ष दर्ता भएका ११ ओटा गरी जम्मा २९ ओटा मुद्दा रहेकोमा गत वर्षको जिम्मेवारी सरेर आएका सात ओटा र यस वर्षका दुई ओटा गरी जम्मा नौ ओटा मुद्दा फर्स्यौट भई जम्मा २० ओटा मुद्दा बाँकी रहे। यसैगरी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ५६ र यस वर्ष दर्ता भएका १४ ओटा मुद्दा गरी जम्मा ७० ओटा मुद्दा रहेकोमा गत वर्षको जिम्मेवारी सरेर आएका १३ ओटा र यस वर्षका दुई ओटा गरी जम्मा १५ ओटा मुद्दा फर्स्यौट भई जम्मा ५५ ओटा देवानी मुद्दा बाँकी रहे। यो वर्षको अन्त्यसम्म रहेका २८ ओटा दुनियावादी फौजदारी मुद्दा, २० ओटा सरकारवादी फौजदारी मुद्दा र ५५ ओटा देवानी मुद्दा गरी जम्मा १ सय ३ ओटा मुद्दा रहे। जिल्ला प्रसासन कार्यालयमा यस वर्ष पाँच ओटा सार्वजनिक मुद्दा दर्ता भएकोमा एउटा फर्स्यौट भई चार ओटा मुद्दा बाँकी रहे। जिल्ला प्रहरी कार्यालयमा चोरी एक डाका एक, जर्बजस्ती करणी एक, सरकारी कागजपत्र किर्तेमा दुई , सार्वजनिक अपराध छ, कतर्व्य ज्यानमा चार, ज्यान मार्ने उद्योगमा दुई, जीउ मास्ने बेच्नेमा चार ओटा उजुरी दर्ता भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

ककनी गाविस-२ हिलेखर्क निवासी ५५ वर्षीया गौरीमाया तामाडलाई बोक्सीको आरोपमा ०६३ साउन २ गते सोही ठाउँको हिलेचौरमा काजीमान तामाङ, निर्मला तामाङ र उनको परिवारले हिलेखर्कस्थित सार्वजनिक चौरमा लगी मलमुत्र कोच्याउदै कुटपिट गरे। पीडितले ०६३ साउन २६ गते इन्सेक मध्यमाञ्चल क्षेत्रीय कर्यालयमा उजुरी गरेपछि ०६३ भदौ १८ गते इन्सेक प्रतिनिधि केशव मिश्र लगायतका मानवअधिकारकर्मीको पहलमा पीडकले पीडितसँग माफी मागे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

विदुर नगरपालिका कार्यालय, जिल्ला भूसंरक्षण कार्यालय र जिल्ला शिक्षा कार्यालय नुवाकोटमा ०६२ माघ ८ गते बजे माओवादीले बम विष्फोट गराई क्षति पुऱ्याए।

विष्फोटबाट नगरपालिकाको भवनमा क्षति पुग्यो। शिक्षा कार्यालय भवनको मुख्य प्रवेशद्वारमा क्षति पुगेको छ। यसैगरी जिल्ला भूसंरक्षण कार्यालयको कोठमा क्षति पुगेको छ। यसरी विष्फोटबाट लगभग पाँच लाख बराबर क्षति पुगेको जिल्ला प्रसाशन कार्यालयले जनायो ।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक जना महिला र २१ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सुन्दारादेवी गाविस-१ निवासी अर्जुनलाल श्रेष्ठ, थानसाँङ गाविस-२ निवासी रामचन्द्र भण्डारी, भट्टार गाविस-३ निवासी राजेन्द्र लामिछाने, चाउथे गाविस-४ निवासी राजन बजगाई, कुभरी गाविस-४ निवासी देविप्रसाद ढुङ्गेल प्रकाश ढुङ्गेल, महाकाली गाविस-१ निवासी कान्छा तामाङ, नर्जा गाविस-८ निवासी अर्जुनबहादुर परियार रामबहादुर परियार, तारूका गाविस-२ निवासी हरि नेपाली, केदार नेपाली, थानापति गाविस-९ निवासी अर्जुन पोखरेल, सोही गाविस-९ निवासी रामप्रसाद रिमाल, अर्जुनप्रसाद न्यौपाने, कुभरी गाविस-४ निवासी रामेश्वर मुडभरी, समरी गाविस-१ निवासी राजन डंगोल, बागेश्वरी गाविस निवासी नवराज तामाङ, थानापति गाविस-९ निवासी कौशल्या पोखरेल, ककनी गाविस-८ निवासी हिरावहादुर रोक्का, लिखु गाविस निवासी राजेन्द थापा, लिखु र बेलकोट गाविस निवासी पूर्णबहादुर तामाङ, बेलकोट र ईश्वर भनिने लेखनाथ पौडेल श्यामकृष्ण श्रेष्ठ रहेका छन्।

मओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ककनी गाविस निवासी मगले तामाङ र दुईपिपल गाविस निवासी तारादल गण देवीघाटमा कार्यरत सिपाही सरोज तामाङ रहेका छन्।

२.१९ रसुवा



जनसंख्या : ४९,३०१
साक्षरता प्रतिशत : ३४
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.) : १५१४
गाविस/नपा संख्या : १८/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १०७
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१९
टेलिफोन लाइन : भिस्याट ६
मोटर सडक (कि. मि.) : १७०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १८
मानव विकास सूचकाङ्क : ०.३९४
प्रति परिवार सरदर संख्या : ५.५६

गोली/बम/विस्फोट पदार्थद्वारा घाइते

माओवादीबाट

सेनाका उपसेनानी २१ वर्षीय सोजित सिलवाल खत्री र सैनिक जवान २४ वर्षीय दुर्गा बडुवाल ०६२ फागुन १३ गते दिउँसो माओवादीले धैबुङ्ग गाविस-७ स्थित कालिकास्थानको घुम्तीबजारमा गोली प्रहार गर्दा गम्भीर घाइते भए। सो घटनामा प्रहरी जवान राजु बम्जन घाइते भए। घाइतेलाई तत्काल हेलिकोप्टरबाट काठमाडौं पुऱ्याई उपचार गरियो।

जेल र बन्दी

'ङ' श्रेणीमा पर्ने २५ जना बन्दी क्षमता भएको जिल्ला कारागार शाखाको भवन जीर्ण बन्दै गएको छ। यस कारागारमा कैद तोकिएका १३ जना र नतोकिएका ५ जना पुरुष बन्दी छन्। यस वर्ष महिला बन्दी रहेका छैनन्। गत

वर्ष चेलीबेटी बेचबिखनको आरोपमा बन्दी जीवन बिताई रहेकी एकमात्र महिला बन्दी कैली विश्वकर्मालाई ०६३ पुस १५ गते केन्द्रीय कारागार पठाइयो। दैनिक ७ सय ग्राम खाद्यान्न र ३० रुपैयाँ बन्दीलाई सुविधा दिने गरिन्थ्यो। कारागारमा पानी तथा शौचालयको व्यवस्था रहेको छ। एउटा रेडियो र एउटा टीभीको व्यवस्था बन्दी आफैले गरेका छन्। खेलकुद सामग्रीमा क्यारेमबोर्ड र चेस तथा पत्रपत्रिकाको व्यवस्था गरिएको छ। बिरामी बन्दीलाई जिल्ला अस्पतालमा उपचार गराए पनि नियमित उपचारको उचित व्यवस्था छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

धैबुङ्ग गाविस-५ निवासी २५ वर्षीय हस्तबहादुर श्रेष्ठले गुण्डागर्दी तथा ठगी गरेको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले उनलाई काठमाडौं जान लागेका बेला लहरेपौवा गाविस-१ को बोगटीटारबाट अपहरण गरे। पीडितलाई कातिक १५ गते इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाको रोहबरमा मुक्त गरियो।

धैबुङ्ग गाविस-७ निवासी २२ वर्षीय सुरेन्द्र आचार्यलाई गुण्डा गर्दी र ठगी गरेको आरोपमा माआवादीले ०६३ कातिक ८ गते अपहरण गरे। पीडितलाई २० दिनपछि कात्तिक २८ गते उनलाई आईन्दा त्यस्तो गतिविधिमा नलाग्ने सर्तमा चेतावनी समेत दिएर इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाको रोहबरमा मुक्त गरियो।

धैबुङ्ग गाविस-५ निवासी ३१ वर्षीय माईला श्रेष्ठलाई गुण्डागर्दी र ठगी गरेको आरोपमा ०६३ कात्तिक ९ गते माआवादीले लहरेपौवा गाविसबाट अपहरण गरे। पीडितलाई आईन्दा त्यस्तो गतिविधिमा नलाग्ने सर्तमा कात्तिक २४ गते मुक्त गरे।

माओवादीले ०६३ कातिक ९ गते सरमथली गाविस-५ निवासी ३२ वर्षीय प्रेम लामालाई चोरीको आरोपमा अपहरण गरे। पीडितलाई आईन्दा त्यस्तो नगर्न चेतावनी दिएर कात्तिक १५ गते इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाको रोहबरमा मुक्त गरे।

धादिङ जिल्ला बैरेनी गाविस-२ निवासी काले तामाङलाई सुन दलालीको आरोपमा ०६३ कात्तिक ९ गते माओवादीले रसुवाको धारापानीबाट अपहरण गरे। पीडितलाई आइन्दा गल्ती नगर्ने सर्तमा इन्सेक प्रतिनिधिको रोहबरमा मंसिर २७ गते धैबुङको धारापानीबाट मुक्त गरियो।

धुन्चे गाविस-५ निवासी रसुवा उच्च माविका प्राचार्य समेत रहेका तीरबहादुर गुरुङलाई तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धुन्चे गाविस निवासी दावाफिन्जो तामाङसँगको मिलेमतोमा भ्रष्टाचार गरेको आरोपमा ०६३ कात्तिक १६ गते माओवादीले अपहरण गरी १० लाख ३९ हजार रुपैयाँ बुझाउने सर्तमा कात्तिक १९ गते मुक्त गरे।

डाडागाँउ गाविस-१ निवासी १९ वर्षीय सन्तोष अधिकारीलाई सुराकीको आरोपमा ०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरे। कालिका हिमालय माविमा कक्षा १० मा अध्ययनरत अधिकारीलाई भोलिपल्ट गाउँ नछाड्ने सर्तमा मुक्त गरे। पीडितलाई सुराकी गरेको आरोपमा माओवादीले गत वर्ष पनि अपहरण गरी आईन्दा सुराकी नगर्ने चेतावनी दिएर मुक्त गरेका थिए।

लहरेपौवा गाविस-१ बेत्रावतीबजार निवासी २४ वर्षीय व्यापारी दिनेश अधिकारीलाई उनका भाई २१ वर्षीय रामशरण अधिकारी समेतले नुवाकोट जिल्ला गेर्खु गाविस-३ निवासी बलराम प्याकुरेल, बिनोद केसी र शर्मिला थापा समेतलाई बैदेशिक रोजगारीका लागि पठाई दिने सर्तमा ९ लाख ६० हजार रुपैयाँ ठगी गरेको आरोपमा ०६३ पुस १२ गते माआवादीले अपहरण गरे। अपहरितलाई दुई दिनपछि १४ गते इन्सेक प्रतिनिधि हेमनाथ खतिवडको रोहबरमा मुक्त गरे। पीडितले २ लाख ७५ हजार रुपैयाँ ३ महिनाभित्र बुझाउने सर्तमा मुक्त गरिएको थियो।

हाकु गाविस-१ मैलुङ्गबेशी निवासी ३७ वर्षीय राप्रपाका आशावीर तामाङलाई विद्यालयको आर्थिक हिनामिना गरेको तथा जनआन्दोलनको दमन गरेको आरोपमा ०६३ पुस १२ गते माओवादीले अपहरण गरे। अपहरितलाई पुस १५ गते मुक्त गरे।

डाडाँगाउँ गाविस-५ निवासी नेकाँ (प्रजातान्त्रिक) का ३६ वर्षीय मंगल तामाङलाई ०६३ पुस १२ गते माओवादीले अपहरण गरे। तामाङलाई मैलुङ्ग सडक निर्माणका क्रममा भ्रष्टाचार गरेको आरोपमा अपहरण गरिएकोमा पुस १४ गते भागेको माओवादले जनाए। पीडित परिवारको सम्पर्कमा आएका छैनन।

यार्सा गाविस-५ निवासी २९ वर्षीय कृपा लामालाई ठगीको आरोपमा ०६३ पुस १३ गते माओवादीले अपहरण गरे। पीडितलाई ४० हजार रुपैयाँ बुझाएपछि थप रकम बुझाउने सर्तमा पुस १७ गते रिहा गरे।

गैरकानुनी गिरफ्तारी

यार्सा गाविस-१ निवासी ३६ वर्षीय सुकबहादुर तामाङलाई सेनाले माओवादीको आरोपमा ०६२ फागुन ९ गते गिरफ्तार गरे। पीडितलाई फागुन १६ गते कारागारमा बन्दी अवस्थामा राखेकोमा ०६३ वैशाख २४ गते रिहा भए।

भोर्ले गाविस-३ सर्च्युं निवासी २५ वर्षीय सन्तबहादुर तामाङ माओवादी भएको आरोपमा ०६२ फागुन १४ गते

संयुक्त सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरेकोमा ०६३ वैशाख २७ गते रिहा गरियो।

भोर्ले गाविस-३ सर्च्युं निवासी एमालेका २९ वर्षीय पूर्णबहादुर तामाङलाई माओवादीको आरोपमा ०६२ फागुन १५ गते संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनलाई ०६३ वैशाख १८ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रसुवा जिल्ला अदालतमा कमै मात्रामा मुद्दा पर्दछ। यस वर्ष अदालतमा सरकारी फौजदारी, दुनियाँवादी फौजदारी र देवानी फौजदारी गरी जम्मा आठओटा मुद्दा परेकोमा सबै मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे। जसमध्ये दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका दुईमध्ये दुवै फर्स्यौट भए। दुनियाँवादी फौजदारी मुद्दामध्ये यो वर्ष दर्ता भएका दुई ओटा फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा जम्मा २ ओटा छन्।

सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारीसमेत सरेर आएकासमेत गरी दुई ओटा फर्स्यौट भए भने एउटा फर्स्यौट हुन बाँकी रहेको छ। सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका तीनओटा समेत गरी दुईओटा फर्स्यौट भए भने एउटा फर्स्यौट हुन बाँकी रहेको छ।

देवानी मुद्दामा गत वर्षको बाँकी एउटा र यो वर्ष दर्ता भएका दुई ओटा मध्ये एउटा फर्स्यौट भयो भने दुई ओटा बाँकी रहे।

जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग ,जीउमास्ने उद्योग, कुटपिट, आत्महत्या, सार्वजनिक अपराध, भवितव्य, बलात्कार, चेलीबेटी बेचबिखन, खर्क विवाद सम्बन्धी १४ ओटा उजुरी परेका छन्।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला वन कार्यालयका नासु ३५ वर्षीय हीमलाल लामिछानेले राजाको विरोधमा आन्दोलन गरेको आरोपमा ०६२ चैत ३१ गते प्रहरीले उनलाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। उनलाई प्रहरीले कुटपिट गरेका थिए। उनले रसुवामा जनआन्दोलनको पहिलो दिन राँके जुलुस प्रदर्शन गरेका थिए।

धुन्चे गाविस-७ निवासी ३२ वर्षीय बुद्धिबहादुर विश्वकर्मालाई आन्दोलन गरेको आरोपमा ०६२ चैत ३१ गते प्रहरीले गिरफ्तार कुटपिट पारे। पीडितलाई भोलपल्ट रिहा गरियो।

धुन्चे गाविस-७ निवासी ३७ वर्षीय टेकबहादुर विश्वकर्मालाई आन्दोलन गरेको आरोपमा प्रहरीले ०६२ चैत ३१ गते गरी कुटपिट गरी भोलिपल्ट रिहा गरे।

भोर्ले गाविस-६ रुप्सेपानी निवासी ३२ वर्षीय चित्रप्रसाद पौडेललाई आन्दोलनमा लागेको आरोपमा ०६३ वैशाख ४ गते प्रहरीले आन्दोलनमा नलाग्न धम्की दिए।

धुन्चे गाविस-५ निवासी ३१ वर्षीय एमालेका कैशाङनूर्पू तामाङ जनआन्दोलनका क्रममा ०६३ वैशाख ६ गते प्रहरीले गरेको लाठी प्रहारबाट घाइते भए। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

हाकु गाविस-२ निवासी ३९ वर्षीय एमालेका सङतेम्पा तामाङ ०६३ वैशाख ७ गते आन्दोलन रोक्न प्रहरीले गरेको लाठी प्रहारबाट घाइते भएका थिए ।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

हाकू गाविस-९ को गोगनेबाट चेलीबेटी मुम्बई लैजान लागेको अवस्थामा ०६३ पुस ५ गते माओवादीले लहरेपौवाको पैरेबेंशीमा कमान तामाङ र तावा सिङगी तामाङलाई नियन्त्रणमा लिए। तावा सिङकी तामाङ भने पुस

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित				राज्यपक्षबाट पीडित		
	माओवादीबाट						
	घटना संख्या	पुरुष		जम्मा	घटना संख्या	पुरुष	जम्मा
घाइते	१	३		३	४	४	४
गिरफ्तारी/यातना					३	३	३
कुटपिट					१	१	१
धम्की					१	१	१
अपहरण	१४	१४	३	१६			
जम्मा	१५	१६	३	१८	९	९	९

७ गते माओवादी नियन्त्रणबाट लहरेपौवा गाविस-९ को उपल्लोपौवाबाट भागेका थिए। उनीहरूले पुरिग्याल्मो तामाङ र सुनियाल्मो तमाङलाई २०-२० हजार भारतीय रुपैयाँ दिने सर्तमा फकाएर लगेका थिए।

रसुवाको एक गैरसरकारी संस्थाको सर्वेक्षण अनुसार यार्सा, सरमथली, हाकु, लहरेपौवा राम्चे गाविसबाट ३ सय ५० जना भन्दा बढी महिला बेचिएको देखिएको छ।

बलात्कार/बलात्कार प्रयास

लहरेपौवा गाविस-३ बनुवाँ निवासी आठ वर्षीया एक बालिकालाई ०६३ मंसिर १३ गते सोही गाउँका २१ वर्षीय रामहरि लामिछानेले बलात्कार गरे। चिकित्सकले गरेको स्वास्थ्य परीक्षणबाटमा समेत बलात्कारबाट बालिकाको स्वास्थ्य नाजुक भएको जानकारी दिएपछि माओवादीले पीडकसँग ४० हजार २ सय ५० रुपैयाँ रकम लिएर कारबाहीका लागि प्रहरीसमक्ष बुझाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

नारा हिमालयन स्प्रिङवाटर कम्पनीले सदरमुकाम धुन्चेमा स्थापना गरेको उद्योग रुग्ण बनेपछि त्यहाँ कार्यरत कर्मचारीहरू सुविधा पाउनबाट वञ्चित रहेका छन्। कम्पनीमा कार्यरत २३ जना कर्मचारीहरू साँढे २ वर्षदेखि तलब पाउनबाट वञ्चित भएका छन्। कतिपय कर्मचारी तथा मजदुर भने तलब नपाएपछि काम छाडेर अन्यत्र गएका छन्।

विगतको अनुगम

बेपत्ता

राज्यबाट


माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा पधैबुङ्ग गाविस-३ धारापानी निवासी २४ वर्षीय माओवादीका नरेन्द्रबहादुर तामाङ रहेका छन्।



पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसंख्या	: ३,३६,१६६
साक्षरता प्रतिशत	: ६१.६८
महिला साक्षरता प्रतिशत	: ५५.६
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस/नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५३४
क्याम्पस/उच्च मावि	: ४/१६
अस्पताल/स्वास्थ्य चौकी	: २/४६
टेलिफोन लाइन	: २५९५
मोटर सडक (कि. मि.)	: ६८४
प्रहरी कार्यालय संख्या	: ९
हुलाक संख्या	: ५२
मानव विकास सूचकाङ्क	: ०.५२४
प्रति परिवार सरदर संख्या	: ५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या /गोली

राज्यबाट

अरुणोदय गाविस-२ आम्बोटेमा ०६२ पुस २८ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा माओवादी कार्यकर्ता श्रीकृष्ण थापालाई सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे। सोही ठाउँमा नाम खुल्न नसकेकी एकजना महिला माओवादी कार्यकर्ताको पनि मृत्यु भयो। गस्तीमा गएका सुरक्षाकर्मीसँग जम्काभेट भएपछि दुईपक्षबीच दोहोरो भिडन्त भएको थियो। सुरक्षाकर्मीले सोही ठाउँमा खाल्डो खनी पीडितहरूको लास गाडे।

माओवादीबाट

दुलेगौंडा गाविस-७ दुलेगौडा बजार निवासी ट्याक्सी चालक २५ वर्षीय बलराम श्रेष्ठलाई ०६२ फागुन १५ गते माओवादीले गोली प्रहार गरेकोमा उपचारार्थ सोही दिन पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरातर्फ लैजाँदै गर्दा उनको बाटोमा मृत्यु भयो। माओवादीले उनको घाँटी र कञ्चटमा दुईटा गोली प्रहार गरेका थिए। अपस्तालमा उनको लासको पोष्टमार्टम गरियो।

गोली/बम विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

सात दलले आह्वान गरेको देशव्यापी आमहड्तालका क्रममा ०६३ वैशाख ३ गते सशस्त्र प्रहरीले दमौली बजारमा गोली चलाउँदा व्यास नपा-२ निवासी १८ वर्षीय विकास थापा घाइते भए। तिघ्रामा गोली लागेका थापाको तत्कालै दमौली अस्पतालमा उपचार गरियो। सोही दिन प्रहरीले जुलुसमा हस्तक्षेप गरी लाठी प्रहार गर्दा व्यास नपा-११ का टीकाराम सिग्देल, पत्रकार महासंघ, तनहुँका सभापति प्रदीप काफ्ले, विद्यार्थी निराजन पौडेल र व्यास नपा-१ का थमन मिश्र घाइते भए। पीडितहरूको दमौली अस्पतालमा उपचार गरियो।

माओवादीबाट

भानु गाविस-८ तुरतुरे निवासी ६० वर्षीय रामबहादुर रानालाई ०६२ चैत १ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए। गोर्खा सामुदायिक पोलिक्लिनिकको ग.१.ज. २३१५ नम्बरको एम्बुलेन्समा आफ्नो बिरामी नातिलाई पोखरातर्फ लैजाँदै गर्दा दुलेगौंडा गाविस-३ कोत्रेमा राति माओवादीले एम्बुलेन्समाथि गोली प्रहार गर्दा उनको कम्मरमा गोली लागेको थियो। पीडितलाई तत्कालै सोही एम्बुलेन्समा राखी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा पुऱ्याई उपचार गरियो। पीडितको कम्मरमा गोली लागेको थियो।

आफ्नै बम विस्फोटबाट

बन्दीपुर गाविस-१ डुम्रे बजारमा ०६२ माघ २४ गते साँझ बम विस्फोट गराउन खोज्ने महेन्द्र भनिने माओवादी कार्यकर्ता आफैले बोकेको बम विस्फोट भई घाइते भए। माओवादीले आह्वान गरेको नेपाल बन्दको समयमा राजमार्ग अवरुद्ध गर्न बम राख्दै गर्दा बम विस्फोट भएको थियो। घाइतेलाई उनकै साथीले मोटरसाइकलमा राखी अज्ञात स्थलतर्फ लगेका थिए।

बेवारिसे बम विस्फोटबाट

मनपाङ्ग गाविस हर्कपुर निवासी १६ वर्षीय सोमबहादुर थापा र ८ वर्षीय सजीव थापा ०६३ वैशाख ३०

गते सोही ठाउँस्थित सरस्वती प्राविको प्राङ्गणमा माओवादीले छाडेको बम विस्फोट भई घाइते भए। विद्यालयको चौरमा खेल्दै गर्दा सकेट बम विस्फोट भएको थियो। उक्त ठाउँमा सोही दिन विहान माओवादी कार्यकर्ताहरूले खाना पकाएर खाँदा बम छाडेर गएका थिए। घाइते बालकद्वयलाई गाउँलेहरूले दमौली अस्पतालमा उपचार गराए। हाल पीडितहरूको अवस्था सामान्य छ।

जेल र बन्दी

०२५ सालमा निर्मित कूल २५ जनाको क्षमता रहेको कारागार शाखा, तनहुँमा यस वर्षको अन्त्यसम्ममा जम्मा ३५ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये कर्तव्य ज्यान मुद्दामा कैद नतोकिएका तीनजना र तोकिएका सातजना गरी १० जना, लागु औषध ओसार-पसार मुद्दामा कैद नतोकिएका एकजना, डाँकाचोरी मुद्दामा कैद नतोकिएका दुईजना र कैद तोकिएका आठजना गरी १० जना, चोरी मुद्दामा कैद नतोकिएका दुईजना र कैद तोकिएका तीनजना गरी पाँचजना, चोरी मुद्दामा कैद तोकिएका एकजना, नकावजनी चोरी मुद्दामा कैद तोकिएका एकजना र जबरजस्ती करणी मुद्दामा कैद नतोकिएका तीनजना र तोकिएका चारजना गरी जम्मा सातजना बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

बन्दीपुर गाविस-३ पार्चे घर भई सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंमा कार्यरत प्रहरी हवल्दार २५ वर्षीय तिलकबहादुर कार्कीलाई घर बिदामा आएको समयमा ०६२ पुस २० गते घरबाटै माओवादीले अपहरण गरी जागिर छाड्ने सर्तमा पुस २२ गते मुक्त गरे।

रुपाकोट गाविस-३ स्थित त्रिभुवन उच्च माविमानेचौकाका ३० जना विद्यार्थी र दुईजना शिक्षक गरी ३२ जनालाई ०६२ माघ ५ गते विद्यालयबाट माओवादीले अपहरण गरी लमजुङ्ग जिल्लामा पुऱ्याई ०६२ माघ ७ गते विद्यालयमा नै फर्काएर मुक्त गरे।

नेपाल शिक्षक युनियनका केन्द्रीय प्रतिनिधि रमानाथ बजगाईं, नेपाल शिक्षक संघका केन्द्रीय प्रतिनिधि सुधीरकुमार झालगायत तनहुँसुर, घासिकुवा र बरभञ्ज्याङ्ग गाविसका विभिन्न विद्यालयका ३ सयजना शिक्षक शिक्षिकालाई ०६२ माघ १९ गते माओवादीले अपहरण गरी तनहुँसुरको ज्यामिरे पुऱ्याई जनवादी शिक्षाको प्रशिक्षण दिई सोही साँझ मुक्त गरे।

कास्की जिल्ला पोखरा घर भई व्यास नपा-१ भादगाउँमा बस्ने ३० वर्षीय राजु शाही र दोरफिर्दी घर भई भादगाउँमा नै बस्ने ३१ वर्षीय प्रेम भुजेललाई ०६३ जेठ २२ गते भादगाउँबाट माओवादीले अपहरण गरे। नक्कली माओवादी बनी लुटपाटमा संलग्न रहेको आरोपमा छानबिनका लागि भनी माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरूलाई ०६३ असार १० गते मुक्त गरियो।

कास्की जिल्ला पोखरा घर भई व्यास नपा-१ भादगाउँस्थित माइतीघरमा बस्दै आएकी २७ वर्षीया उमा शाही नक्कली माओवादी बनी लुटपाटमा संलग्न रहेको आरोपमा ०६३ जेठ २५ गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई ०६२ असार १० गते मुक्त गरियो।

धादिङ्ग जिल्ला निवासी २१ वर्षीय पूर्णबहादुर नेपालीलाई ०६३ असार ५ गते माओवादीले दमौलीको भोर्लेटार चोकबाट अपहरण गरे। चोरी कार्यमा संलग्न भएको आरोपमा उनलाई अपहरण गरेका थिए। पीडितलाई ०६३ असार १० गते मुक्त गरे।

माझकोट गाविस-८, जलौदी निवासी ४५ वर्षीय खिमबहादुर सेन ठकुरी र ४० वर्षीय माया कुमाललाई ०६३ साउन २५ गते सोही ठाउँबाट माओवादीले अपहरण गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	१	३	४	१	१			१	१	१	१	२
घाइते	१		१	१	३	४			४	१	५		५
गिरफ्तारी/यातना										७	३०		३०
कुटपिट	१	१		१						२	४		४
धम्की					३	३			३				
महिलाअधिकार	१		१	१									
बालअधिकार	१		१	१									
अपहरण	१	१		१	१७	३३५	५	३३	३६३				
जम्मा	९	३	६	९	३४	३३३	५	३३	३७०	११	४०	१	४१

०६३ असोज २५ गते सोही ठाउँबाट मुक्त गरे।

क्यामिन गाविस-२ माझफाट निवासी यातायात व्यवसायी ३५ वर्षीय पप्पु बानिया र लमजुङ्ग जिल्ला तान्द्राङ्गटक्सार गाविस-९ सोतीपसल निवासी यातायात मजदुर १८ वर्षीय हरिबहादुर पौडेललाई ०६३ भदौ २१ गते माओवादीले क्यामिन गाविस-३ छापथोकबाट अपहरण गरी ०६३ भदौ २७ गते व्यास नपा-२ स्थित माओवादी जिल्ला सम्पर्क कार्यालयबाट मुक्त गरे।



माओवादीद्वारा हत्या गरिएका बलराम श्रेष्ठ

पर्वत जिल्ला घर भई मनकामना सशस्त्र प्रहरी गण, भानुमा कार्यरत प्रहरी जवान २३ वर्षीय सूर्य सापकोटालाई ०६३ भदौ २८ गते बन्दीपुर गाविस-१, डुम्रे बजारस्थित लक्ष्मी अस्पतालको प्राङ्गणबाट माओवादीले अपहरण गरी सात घण्टापछि सोही दिन साँझ डुम्रे बजारबाट नै मुक्त गरे।

ब्यास नपा-६ पतेनीटारका नौजना युवा युवतीलाई सेनामा भर्ती गराउने भन्दै ०६३ कात्तिक २६ गते माओवादीले अपहरण गरे अपहरण हुनेहरूमा डिलकुमारी दरै, दिलमाया दरै, शोभा दरै, अनिता दरै, होमबहादुर दरै, सत्य दरै, डिलबहादुर दरै, खड्गबहादुर दरै र विकासबहादुर कुमाल रहेका छन्। सेनामा जागीर खाएपछि मासिक सात हजार रूपैयाँ तलब पाइन्छ भन्दै प्रलोभन देखाएर माओवादीले अपहरण गरेको अभिभावकले बताए।

अरुणोदय गाविस-२ कोटथोक निवासी ३५ वर्षीय प्रदीपकुमार गहतराजले गर्भपतन गर्न सहयोग गरेको आरोपमा ०६३ असोज १२ गते उनलाई घरबाटै माओवादीले अपहरण गरी ०६३ कात्तिक १४ गते भिमाद बजारबाट मुक्त गरे।

किहुँ गाविस-६ दरकाङ निवासी ३५ वर्षीय कूलबहादुर आलेमगर र भिमाद गाविस-१ शान्तिनगर निवासी ४० वर्षीय तिलमाया रानामगरलाई ०६३ असोज १४ गते भिमाद बजारबाट माओवादीले अपहरण गरी ०६३ कात्तिक १४ गते सोही ठाउँबाट मुक्त गरे।

छाङ्ग गाविस-३ थर्पुबजार निवासी २५ वर्षीय मिलन शाहीलाई ०६३ असोज २० गते माओवादी कार्यकर्ताले आफ्नै घरबाट अपहरण गरी ०६३ असोज २१ गते मानवअधिकारकर्मीको उपस्थितिमा इलाका प्रहरी कार्यालयसमक्ष बुझाए। माओवादीले उनलाई हीरा थापा नामकी महिलालाई अपहरण गरेको आरोप लगाएका थिए। प्रहरीले उनलाई ०६३ असोज २५ गते रिहा गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

मनपाङ्ग गाविस-८ निवासी नेपाली काँग्रेसका क्रियाशील सदस्य सुदीप काफ्लेलाई ०६३ असार २६ गते माओवादीले निर्घात रुपमा कुटपिट गरी ज्यानमार्ने धम्की दिए। जग्गाको विषयलाई लिएर माओवादीले कुटपिट गरेको पीडितले बताए। पीडितको दमौली अस्पतालमा उपचार भयो।

व्यास नपा-८ निवासी आँबुखैरेनी गाविसका सचिव ४० वर्षीय कृष्णकुमार श्रेष्ठलाई ०६३ साउन ३० गते माओवादीले गाविस कार्यालय छाडी सदरमुकाम जान धम्की दिए। धम्कीपछि पीडित भदौ १ गतेदेखि जिविसमा हाजिर भए।

पुर्कोट गाविस निवासी सोही गाविसका सचिव ४० वर्षीय चामनारायण श्रेष्ठलाई ०६३ भदौ २८ गते माओवादीले गाविस कार्यालय छाडी जान धम्की दिए। धम्कीपछि पीडित ०६३ भदौ ३० गते जिविसमा हाजिर हुन गए।

भानु गाविस निवासी सोही गाविसका सचिव अर्जुन बोहरालाई ०६३ कात्तिक १३ गते माओवादीले गाविस कार्यालय छोडी सदरमुकाम जान धम्की दिए। माओवादी धम्कीपछि पीडित ०६३ कात्तिक १५ गते जिविसको कार्यालयमा हाजिर हुन गए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला कमिटीका सचिव प्रतापलाल श्रेष्ठ, सोही दलका जिल्ला सदस्य शंकरनारायण श्रेष्ठ, हरिराज कँडेल, सिताराम बजगाईं, नगर कमिटीका सदस्य विष्णु तिमिल्सेना, वडा कमिटी सदस्य प्रेमलाल श्रेष्ठ, प्ररायुसंघका अञ्चल सदस्य विष्णु ढकाल, एमाले माझकोट गाउँ कमिटी सदस्य पदमराज सेन, नेकाँ (प्रजातान्त्रिक) का सभापति धुव्र वाग्ले, नेकाँका महासमिति सदस्य रामचन्द्र अधिकारी र कार्यालय सचिव दयानिधि नरालालाई ०६२ माघ १२ गते दमौली बजारबाट प्रहरीले गिरफ्तार गरे। सरकारले गर्न लागेको नगर निर्वाचन बहिष्कारको आह्वान गदै सातदलले दमौली बजारमा निकालेको मशाल जुलुसका क्रममा उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थिए। गिरफ्तार गरिएकामध्ये प्रेमलाललाई सोही दिन साँझ रिहा गरियो। विष्णु, पदमराज, दयानिधि र हरिराजलाई माघ २७ गते, शंकरनारायण, सिताराम, विष्णु ढकाल र रामचन्द्रलाई माघ ३० गते तथा प्रतापलाल र धुव्रलाई फागुन ४ गते रिहा गरियो।

नेकाँ जिल्ला कार्य समिति सभापति रघुनाथ पौडेल, सो पार्टीका महासमिति सदस्य रामचन्द्र पोखरेल, जिल्ला सदस्य लक्ष्मी आचार्य, नेविसंघका जिल्ला अध्यक्ष हिरा थापा, नेविसंघ (प्रजातान्त्रिक) का जिल्ला सचिव लक्ष्मीभक्त खनाल र जनमोर्चा, नेपालका गाउँ कमिटी सदस्य शुक्रकुमार श्रेष्ठलाई ०६२ माघ १३ गते प्रहरीले दमौली बजारबाट गिरफ्तार गरे। नगर निर्वाचन बहिष्कारका क्रममा सात दलले आयोजना गरेको नेपाल बन्द सफल बनाउने क्रममा प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएकामध्ये लक्ष्मीलाई माघ २७ गते, हिरा, शुक्रकुमार र लक्ष्मीभक्तलाई माघ ३० गते तथा रघुनाथ र रामचन्द्रलाई फागुन ४ गते रिहा गरियो। गिरफ्तारीका क्रममा प्रहरीसँग झडप हुँदा अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्ष भानुभक्त पोखेल, नेविसंघका जिल्ला सदस्य अमरराज गिरी र एमाले कार्यकर्ता तिलबहादुर थापा घाइते भए।

व्यास नपा-१० निवासी जनमोर्चा नेपालका जिल्ला सचिव गणेश बराइलीलाई ०६२ माघ २५ गते प्रहरीले व्यास नपा-१० बाट गिरफ्तार गऱ्यो। बराइलीलाई माघ ७ गते जेल सरुवा गरिकोमा माघ ९ गते पुनरावेदन अदालत, पोखराको आदेशमा कारागार शाखा, दमौलीबाट रिहा गरियो।

एमाले जिल्ला सचिव प्रतापलाल श्रेष्ठ, श्रीराम कार्की र भूपेन्द्र कोइरालालाई ०६२ चैत २३ गते प्रहरीले दमौली बजारबाट गिरफ्तार गरे। सात दलले आह्वान गरेको आम हड्तालको प्रचार प्रसार गर्न मशाल जुलुस निकाल्ने क्रममा उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो। गिरफ्तारपछि जिल्ला प्रहरी कार्यालयमा राखी तीन महिने थुनुवा पुर्जी दिइयो। उनीहरूलाई पुनरावेदन अदालत पोखराको आदेशमा वैशाख ३ गते साँझ तनहुँ जिल्ला अदालतको प्राङ्गणबाट रिहा गरियो।

एमाले गण्डकी अञ्चल कमिटी सदस्य टुकराज सिग्देल, अञ्चल सदस्य एकबहादुर राना, कार्यालय सचिव नारायण खनाल, रमेश आचार्य, नेपाली काँग्रेस नगर समिति सदस्य पूर्णचन्द्र खनाल, विनोद भट्टराई र जुलुस अनुगमन गर्न गएका इन्सेक वर्षपुस्तक प्रतिनिधि प्रकाशचन्द्र भट्टराईलाई ०६२ चैत २४ गते प्रहरीले दमौली बजारबाट गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये इन्सेक प्रतिनिधिलाई रिहा गरियो भने सोही दिन साँझ ५ घण्टापछि बाँकीलाई पुनरावेदन अदालत, पोखराको आदेशमा वैशाख ३ गते रिहा गरियो।

नेविसंघका जिल्ला सह-सचिव बसन्त गिरी र सदस्य निर्मल काफ्लेलाई ०६२ चैत २६ गते दमौली बजारबाट प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखी चैत २८ गते रिहा गरियो।

एमालेका जिल्ला उपसचिव चित्र थापा र सदस्य रामचन्द्र उपाध्यायलाई ०६२ चैत ३१ गते जिल्ला प्रहरी कार्यालयको गेट अगाडीबाट प्रहरीले गिरफ्तार गरे। उनीहरू दुवैलाई जिल्ला प्रहरी कार्यालयमा राखी दुई घण्टापछि रिहा गरियो।

एमाले जिल्ला कमिटी सदस्य राजेश्वर ढकाललाई ०६३ वैशाख १ गते दमौलीबजारबाट प्रहरीले गिरफ्तार गरि वैशाख ४ गते रिहा गरे।

जामुने निवासी नेविसंघका कार्यकर्ता २५ वर्षीय दिनेश खनाललाई ०६३ वैशाख ३ गते साँझ घर फर्कदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय अगाडीबाट प्रहरीले गिरफ्तार गरे। उनलाई वैशाख ४ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ सय ५९ र सरकारवादी, दुनियावादी फौजदारी १ सय ४४ ओटा छन्। यसवर्ष दर्ता भएका देवानी मुद्दा ५२ र सरकारवादी तथा दुनियावादी फौजदारी ५६ ओटा छन्। जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा ४ सय ११ रहेकोमा यस वर्ष देवानी ६५ र फौजदारी अर्न्तगत सरकारवादी २३ र दुनियावादी ४६ थान फर्स्यौट भए। यसप्रकार कूल १ सय ३४ मुद्दा फर्स्यौट भई २ सय ७७ ओटा बाँकी रहे।

बालअधिकार

विद्यालयमा तालाबन्दी

भिभादको धर्म प्राविमा ०६२ फागुन ४, ढोरफिर्दीको बाराही प्राविमा फागुन ७ गते, क्यामिनको छापथोक प्राविमा फागुन २१ गते, केशवटारको अमर ज्योति प्राबि र सरस्वती प्राविमा फागुन २२ गते, फागुन २२ गते, भिर्कोटको शहवीर निमाविमा फागुन २४ गते, गजरकोटको सरस्वती निमाविमा फागुन २८ गते र काहुँको अमर प्राविमा फागुन २२ गते माओवादीले तालाबन्दी गरिदिए। ०६३ वैशाख २५ गतेसम्ममा ती सबै विद्यालयको ताला खुलाइएको थियो।

बालसैन्य भर्ना

तनहुँ जिल्लाका विभिन्न स्थानबाट बालबालिकालाई ०६३ कात्तिक र मंसिर महिनामा माओवादीले अपहरण आफ्नो सेनामा भर्ना गर्न भनी गरे। भानु गाविस-६ निवासी १३ वर्षीय नवीन कार्की, १६ वर्षीय कमला विक, १६ वर्षीय हरि खड्का र १६ वर्षीय कृष्ण नेपालीलाई ०६३ मंसिर १ गते बिहान क्यामिन गाविस-१ बाट ०६३ मंसिर २० गते संगिता विक भन्ने, व्यास नपा-६ स्थित उदय माविमा अध्ययनरत १६ वर्षीय विक्रम थापा, १७ वर्षीय विकास कुमाल र १७ वर्षीय

जुक्तबहादुर कुमाललाई ०६३ कात्तिक २५ गते तथा मिन मावि थर्पुमा अध्ययनरत १६ वर्षीय सरस्वती विक, १७ वर्षीय प्रवेश थापा र १६ वर्षीय बसन्त राजबंशीलाई ०६३ मंसिर ५ गते माओवादीले अपहरण गरे। तीमध्ये नवीन मंसिर ३ गते र विक्रम, विकास र जुक्तबहादुर कात्तिक ३० गते घर फर्किए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

जामुने गाविस-१ गुणदी निवासी ४८ वर्षीय एक महिलालाई ०६३ जेठ २५ गते घाँस काट्न जङ्गल गएको अवस्थामा सोही ठाउँ निवासी १८ वर्षीय चन्द्रबहादुर रानाले बलात्कार गरे। पीडक फरार छन्। उनको खोजी भइरहेको प्रहरीले जनाएको छ। पीडकलाई कारबाही गरिपाउँ भनी महिलाहरूले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गर्न खोज्दा प्रहरीले नमानेपछि महिलाहरूले प्रहरीविरुद्ध नाराबाजीका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

माओवादी जिल्ला संयुक्त जनसमितिले जिल्लामा कार्यरत सामाजिक संघसंस्था, व्यापारिक प्रतिष्ठान र यातायातसमेतलाई आफ्नो समितिमा दर्ता गर्न ०६३ भदौ १८ गते एक महिने अल्टिमेटम दिए। माओवादी जिल्ला जनसरकार प्रमुख रामबहादुर थापाले भदौ १६ गते सूचना जारी गरी असोज १५ गतेभित्र जिल्ला सदरमुकामबाहेक अन्य सबै क्षेत्रमा संचालन हुने सामाजिक संघसंस्थालाई संयुक्त क्रान्तिकारी जनपरिषद्मा दर्ता गर्न निर्देशन दिए। समितिमा दर्ताको लागि ५ सयदेखि १० हजार रूपैयाँसम्म शुल्क निर्धारणसमेत गरे।

संरचना क्षति/आगजनी

माओवादीबाट

व्यास नपा-१० स्थित दमौली अस्पतालको शव गृहमा ०६२ माघ १९ गते राति ७ बजे माओवादी कार्यकर्ताले बम विस्फोट गराए। विस्फोटका कारण शवगृह क्षतिग्रस्त भयो। साथै अस्पतालको झ्यालका शिशाहरूसमेत फुटे। सोही दिन साँझ अस्पतालनजिकै रहेको जिल्ला प्राविधिक कार्यालयमा माओवादीले छाडेको बम भोलिपल्ट सुरक्षाकर्मीले निस्क्रिय गराए।

व्यास नगरपालिकामा निर्विरोध निर्वाचित नगर प्रमुख सुन्दरबहादुर गुरुङ्गको व्यास नपा-११ स्थित घर र तत्कालीन महिला मन्त्री दुर्गा श्रेष्ठको घरमा ०६२ माघ २७ गते राति एकै समयमा माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

दुलेगौंडा गाविस-६ गाछेपानीस्थित पृथ्वी राजमार्गमा रहेको पक्की पुल ०६२ चैत १ गते राति माओवादीले बम विस्फोट गराई क्षतिग्रस्त बनाए।

कास्की जिल्ला पोखराबाट दूध लिनका लागि चितवनतर्फ गई रहेको सुजल फुड्स प्रा.लि.को ग.१.क ६६८ र ग.१.क ६९६ नम्बरको ट्याक्टरमा घासिकुवा गाविसको बेलभञ्ज्याङ्गमा ०६२ चैत ६ गते माओवादीले आगो लगाई क्षति पुऱ्याए। साथै ग.१.क ६९५ नम्बरको ट्याङ्कर तोडफोड गरी क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र आठजना पुरुष गरी जम्मा १० जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा घाँसीकुवा गाविस बेलभञ्ज्याङ्ग निवासी अनेमसंघ (क्रान्तिकारी) जिल्ला सचिव सरस्वती अधिकारी र घाँसीकुवा गाविस बेलघारी निवासी सोही संगठनकी जिल्ला सदस्य कल्पना पन्थ, माझकोट गाविस चन्द्रकोट निवासी कामराज थापा, खैरेनीटार गाविस खैरेनीटार निवासी अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष श्रीराम घिमिरे, मिर्लुङ गाविस रतनपुर निवासी सोही संगठनका नारायण पण्डित र किहुँ गाविस थिदुँ निवासी सोही संगठनकी जिल्ला सदस्य मधुमालती लम्साल, जामुन्ने गाविस-६ निवासी अरुण नेपाली, व्यास नपा-१ निवासी दिलिपचन्द्र हड्ख, रिस्ती गाविस निवासी चिजा विक, तनहुँ निवासी रामचन्द्र मिश्र रहेका छन्।

३.२ गोरखा



जनसंख्या	: ३,०३,६५१
साक्षरता प्रतिशत	: ५३.८५
महिला साक्षरता प्रतिशत	: ५३.२४
क्षेत्रफल (वर्ग कि. मि.)	: ३६१०
गाविस/नपा संख्या	: ६६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९६
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: २/७४
टेलिफोन लाइन	: १२००
मोटर सडक (कि. मि.)	: २४
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ६९
मानव विकास सूचकाङ्क	: ०.४५४
प्रति परिवार सरदर संख्या	: ५.१५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

खोप्लाङ्ग गाविस-६ लेडीखोलामा ०६२ माघ २७ गते सुरक्षाकर्मी र माओवादीबीच जम्काभेट भई माओवादी भाग्न खोज्दा रोल्पा जिल्ला निवासी माओवादी वासुस्मृति ११ नम्बर बटालियनका प्लाटुन कमाण्डर २२ वर्षीय भिषण भनिने श्याम बुढामगर र लमजुङ्ग जिल्ला निवासी वासुस्मृति चौथो विग्रेडका प्लाटुन कमाण्डर २४ वर्षीय रामसिंह मगरलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षास्रोतले उनीहरू दोहोरो भिडन्तमा मारिएको जनायो। दुवै लासको पोष्टमार्टम भएन।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

नारेश्वर गाविस-१ निवासी ३५ वर्षीय पम्फा बानियाँ ०६३ कात्तिक १८ गते बेवारिसे बम विस्फोटमा परी घाइते भइन्। बेलुका भान्साकोठामा मकै भुटिरहेको अवस्थामा अचानक पड्किएको बममा परी घाइते भएकी बानियाँको दुवै खुट्टाको घुडामुनी ५/७ ठाँउमा चोट लाग्यो। पीडित महिलाको गोरखा जिल्ला अस्पतालमा उपचार भयो।

जेल र बन्दी

कूल ५५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको गोरखा जेलमा हाल २६ पुरुष र ६ महिला गरी ३२ जना बन्दी छन्। बन्दीहरूमध्ये १७ जना कैद तोकिएका र नौजना नतोकिएका गरी २६ जना पुरुष तथा कैद तोकिएका पाँच र कैद नतोकिएका एक गरी छजना महिला बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

पृथ्वीनारायण नपा-१० वीरेन्द्रचोक निवासी १४ वर्षीय ममता दवाडीलाई ०६३ साउन ११ गते उनका नाता पर्ने एक माओवादी कार्यकर्ताले चप्पल किनेर घर पठाइदिन्छु भनी अपहरण गरेकोमा कब्जाबाट भागेर ०६३ भदौ १ गते घर आइपुगेकी दवाडीले बताइन्। उनको अपहरण गरेको नभई उनी परिवारसँग विद्रोह गरेर स्वेच्छाले माओवादीद्वारा सञ्चालित बृहत गणतान्त्रिक अभियानमा सहभागी भएको र उनकै इच्छाअनुसार पार्टीले नै घर फिर्ता पठाएको माओवादीले जनायो। अपहरणको समाचार सम्प्रेषण गरेबापत् जिल्लामा कार्यरत मानवअधिकारकर्मी र पत्रकारहरूलाई माओवादीले धम्कीसमेत दिए।

नाम्जुङ्ग गाविस-७ सेप्राक निवासी १५ वर्षीय प्रकाश लामिछानेले चोरी गरेको आरोपमा ०६३ कात्तिक ३ गते उनलाई माओवादीले अपहरण गरे। जनशक्ति मावि नाम्जुङ्गमा कक्षा ६ मा अध्ययनरत लामिछानेलाई स्थानीय माओवादी कार्यकर्ता सिरमला बस्नेतको नेतृत्वमा गएका दुईजनाले अपहरण गरी लगेको र फुजेल गाविस-२ स्थित एक घरमा कुटपिट गरी सिस्नु लगाउने प्रयास गरिरहेको बेला ०६३ कात्तिक ५ गते उनका आफन्तले माओवादी कब्जाबाट जबरजस्ती छुटाएर ल्याएको पीडितले बताए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सात दलले आह्वान गरेको आमहड्तालको क्रममा बन्दको अनुगमन गरिरहेका इन्सेक जिल्ला प्रतिनिधि भीमलाल श्रेष्ठलाई ०६२ चैत २४ गते प्रहरीले सदरमुकामको

हरमटारीमा "तँजस्ता मानवअधिकारवादीलाई ठीक पार्न जानेका छौँ" भनी धम्की दिए।

पाल्पा जिल्ला निवासी ४० वर्षीय बस चालक जोगलाल कालीराज, दीपक सुनार, होमबहादुर गुरुङ्ग र दीपक परियारलगायत्का यातायात मजदुरहरूलाई ०६३ साउन ३१ गते पृथ्वीनारायण नपा-२ नयाँ बसपार्कमा यातायात मजदुर र प्रहरीबीच विवाद हुँदा प्रहरीले कुटपिट गरी घाइते बनाए।

गैरकानुनी गिरफ्तारी

एमाले गोरखाका सचिव बाबुराम थापा, अनेरास्ववियु गोरखाका अध्यक्ष विपिनचन्द्र ढकाल र नेकाँका सभापति चिनकाजी श्रेष्ठलाई ०६२ माघ १२ गते बिहान "केही कुरा सोध्नुछ" भनी प्रहरीले गिरफ्तार गरे। एमाले सचिव थापा, विद्यार्थी नेता ढकाललाई हरमटारीस्थित उनीहरूकै डेराबाट र काँग्रेस सभापति श्रेष्ठलाई बाटोमा हिँडिरहेको बेला प्रहरीले गिरफ्तार गरेका थिए। तीनैजनालाई ९० दिने पुर्जी दिई नजरबन्दमा राखेकोमा श्रेष्ठलाई ०६२ माघ १७ गते तथा थापा र ढकाललाई ०६२ माघ ३० गते रिहा गरियो।

पृथ्वीनारायण नपाको बराहमा ०६२ माघ १२ गते एमाले गोरखाका उपसचिव सुरेन्द्र थापालाई प्रहरीले गिरफ्तार गरे। सो क्षेत्रमा प्रहरीले घरहरूमा छापा मारेपछि उपसचिव थापा अन्यत्र जान लाग्दा प्रहरीले नभाग्न आदेश दिँदै बन्दुक तेर्साएका थिए। थापालाई नजरबन्दमा राखिएकोमा ०६२ माघ ३० गते रिहा गरियो।

एमाले जिल्ला सदस्य यादव बस्नेतलाई पृथ्वीनारायण नपा-३ हरमटारीमा उभिइरहेको बेला ०६२ माघ १६ गते दिउँसो सादा पोसाकका प्रहरीले "यो माओवादी हो" भनी पेस्तोल तेर्साएर गिरफ्तार गरे। सो कार्यको प्रत्यक्षदर्शीले प्रतिवाद गरेका थिए। बस्नेतलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत तीन महिने पुर्जी दिई नजरबन्दमा राखिएकोमा ०६२ माघ ३० गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला कमिटी सदस्य विकल श्रेष्ठ, बुद्धि दवाडी र अनेरास्ववियु गोरखाका सचिव द्रोणाचार्य तिमिल्सिनालाई ०६२ माघ ४ गते दिउँसो पृथ्वीनारायण नपाको खोलखोलेमा नगर निर्वाचन वहिष्कारको भित्तेलेखन गरिरहेको बेला नेपाली सेनाले गिरफ्तार गरी प्रहरीलाई बुझाएकोमा सोही दिन दुई घण्टापछि जिल्ला प्रहरी कार्यालय गोरखाबाट रिहा गरियो।

सात दलद्वारा नगर निर्वाचन बहिष्कारको आह्वान गर्दै ०६२ माघ १३ गते सदरमुकाममा आयोजित शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमाले केन्द्रीय सदस्य वाचस्पति देवकोटासहित २८ जनालाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरूमध्ये सिताराम थपलियालाई सोही दिन रिहा गरियो। बाँकी २७ जनालाई तीन महिने पुर्जी दिई नजरबन्दमा राखिएकोमा नेकाँका इन्द्रबहादुर गुरुङ्ग, देवानन्द न्यौपाने, नुर्बुछुदेन गुरुङ्ग, घिरन थापा र केशरी ढकाललाई ०६२ माघ १७ गते रिहा गरियो। त्यसैगरी एमालेका शिव श्रेष्ठ र नेकाँका दुर्गा गुरुङ्ग भने ०६२ माघ १८ गते रिहा भए। एमालेका वाचस्पति देवकोटा, प्रेम गुरुङ्ग, विकल श्रेष्ठ, बुद्धि दवाडी, कृष्ण कुँवर, सम्झना देवकोटा, प्रदीप सिंखडा, गंगा श्रीमल, नेकाँका जनार्दन अर्याल, निर्मल पोखरेल, कुमारी गुरुङ्ग, ठाकुर पुडासैनी, रविकला खनाल, नन्दप्रसाद न्यौपाने, वासुदेव भट्ट, राजनराज पन्त, बलराम खड्का, श्रीकृष्ण पौड्याल र नेकाँ (प्रजातान्त्रिक) का चन्द्रप्रसाद पोखरेललाई ०६२ माघ २३ गते रिहा गरियो। साथै अनेरास्ववियु गोरखाका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१		१	१					१	१			१
घाइते	१	३		३									
गिरफ्तारी/यातना									५	३४	१		३६
कुटपिट									३	५			५
भेला/संगठित हुने अधिकार									१	१		१८	१९
बालअधिकार	१	१	१	१									
अमानवीय व्यवहार	१	१		१									
अपहरण					४	३	१	४					
जम्मा	६	६	३	९	४	३	१	४	९	४१	१	१८	६१

सचिव द्रोणाचार्य तिमल्सिनालाई ०६२ माघ ३० गते रिहा गरियो।

आन्दोलनरत दलहरूद्वारा ०६२ चैत २३ गते साँझ आयोजित मशाल जुलुसको क्रममा एमालेका बुद्धिप्रसाद दवाडी, विकलकुमार श्रेष्ठ, दिलमान श्रेष्ठ, नेकाँ (प्रजातान्त्रिक) का सिपी पोखरेल र ईश्वर पाण्डेलाई जुलुसमाथि हस्तक्षेप गरी प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा ०६२ चैत २४ गते साँझ रिहा गरियो।

सात दलका कार्यकर्ताहरूले ०६२ चैत २९ गते सदरमुकामको हरमटारी चोकमा निकालेको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा एमालेका विकलकुमार श्रेष्ठ, प्रदीप सिंखडा, नेकाँका निर्मल पोखरेल, नेकाँ (प्रजातान्त्रिक)का सन्तोष गुरुङसहित करिब १८ जना घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गोरखा जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ५६ देवानी र ४८ फौजदारी गरी कूल १ सय २ ओटा मुद्दा रहेका छन्। यसवर्ष १० ओटा देवानी र २१ फौजदारी गरी ३१ मुद्दा दर्ता भएकोमा ५९ मुद्दा फर्स्यौट भई ७६ ओटा मुद्दा बाँकी रहे। फर्स्यौट भएकोमा २७ फौजदारी र ३२ देवानी मुद्दा रहेका छन् भने ३४ देवानी र ४२ ओटा फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस अदालतमा बालबालिकासम्बन्धी तीनओटा मुद्दा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि सुदूर उत्तरी गोरखाका बासिन्दाले नेपाल खाद्य संस्थानबाट समयमा चामल ढुवानी हुन नसक्दा खाद्यान्न संकटको सामना गर्नुपऱ्यो। साथै, साल्टट्रेडिङ्ग कर्पोरेसनबाट सो क्षेत्रलाई प्राप्त हुने सरकारी अनुदानको आयोडिनयुक्त नुन वितरण पारदर्शी नहुँदा निर्धारित कोटा अनुसारको नुन प्राप्त नभएको स्थानीय बासिन्दाको भनाई रह्यो।

गाँखु गाविसको नयाँसाघुस्थित गाविस कार्यालयबाट ०६३ पुस ६ गते माओवादीले कार्यालयको कागजात कब्जा गरी लगे।

बालअधिकार

पृथ्वीनारायण नपा-९ छेवेटारस्थित मुक्ति बाल आश्रम नामक अनाथालयमा बस्दै आएकी १६ वर्षीय एक बालिकालाई सोही आश्रमका सञ्चालक हर्मी गाविस-६ निवासी ४२ वर्षीय कृष्ण घिमिरेले ०६२ चैत १० गते राति आश्रममै कुटपिट गर्दै बलात्कार गरेको पीडितले बताइन्। पीडितलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा ०६३ असार २२ गते जिल्ला अदालतका न्यायाधीश काशीनाथ पोखरेलको इजलासबाट रिहा गर्न आदेश भयो। मुद्दा हाल पुनरावेदन अदालतमा दर्ता भएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति/ सम्पत्ति क्षति

पृथ्वीनारायण नपाको दुई र चार नम्बरको संयुक्त वडा कार्यालयमा ०६२ माघ ४ गते राति माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। सोक्रममा नजिकै रहेको ठाकुरसिंह थापा र किरण श्रेष्ठको घरमा पनि सामान्य क्षति पुग्यो।

पृथ्वीनारायण नपा-२ नयाँबजारमा पृथ्वीनारायण नपाको स्वामित्वमा रहेको तरकारी बजार तथा रेष्टुरेन्ट रहेको भवनमा ०६२ माघ १९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

गत वर्षको जेल र बन्दी शीर्षकमा चारजना माओवादी आस्थाका बन्दीहरू आतंककारी तथा विश्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत गोरखा जेलमा रहेको भनी उल्लेख गरिएको थियो। उनीहरूमा रोल्पा जिल्लाको जेल्बाङ गाविस-४ निवासी जानबहादुर पुन र दिलकुमार रोकामगर ०६२ कात्तिक २३ गते, स्याङ्जा जिल्लाको बालिङ नपा-७ निवासी नारायण काफ्ले ०६३ वैशाख २१ गते र नुवाकोट जिल्लाको बेलकोट गाविस-१ निवासी पार्वती कँडेल ०६२ वैशाख २४ गते इन्सेक जिल्ला प्रतिनिधिलगायत् मानवअधिकारकर्मीहरूको रोहबरमा रिहा भए।

वर्षपुस्तक २००६ को ४०१ पृष्ठमा प्रकाशित *अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार शीर्षकको पाँचौ अनुच्छेदमा दलको कोणसभामा ०६२ असोज ११ गते प्रहरीले हस्तक्षेप गरेपछि आन्दोलनकारी र प्रहरीबीच ढुङ्गा हानाहान हुने क्रममा प्रहरी नायव निरीक्षक कूलप्रसाद पौडेल हुन पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ।*

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना महिला र १७ जना पुरुष गरी जम्मा २० जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा गाइखुर गाविस निवासी रामबहादुर घिमिरे, आँपपिपल गाविस निवासी निर्मला मरहट्ठा, च्याङ्गली गाविस-४ निवासी मिजा कुमाल, खोप्लाङ् गाविस निवासी राजु गुरुङ,

श्रीनाथकोट गाविस निवासी कुमार ढकाल, वगुवा गाविस-७ निवासी सञ्जय ढकाल, बुंकोट गाविस निवासी लिला खनाल, घैरङ्ग गाविस निवासी गीता थापा, खोप्लाङ्ग गाविस-२ निवासी तोयानाथ न्यौपाने, घ्यालुचोक गाविस-५ निवासी ज्ञानबहादुर तमु, पालुङ्गटार गाविस निवासी सुवर्ण पौड्याल, वोर्लाङ्ग गाविस-७ निवासी अशोक विक, आँपपिपल गाविस निवासी पुष्पराज देवकोटा, खोप्लाङ्ग गाविस निवासी दिपक न्यौपाने, पृथ्वीनारायण नपा-१० निवासी जमुना कुमाल, छोप्राक गाविस-४ निवासी बाबुराम कुमाल, पन्द्रुङ्ग गाविस-७ निवासी भीमसेन धिताल, गाइखुर गाविस निवासी दिपेन्द्र पन्त, खोप्लाङ्ग गाविस निवासी सन्तोषराज पाण्डे र राजेन्द्र ढकाल रहेका छन्।

३.३ लमजुङ



जनसंख्या : १,९५,३९०
साक्षरता प्रतिशत : ५६.६१
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १६९२
गाविस/नपा संख्या : ६१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३८०
क्याम्पस/उच्च मावि : ५/१५
अस्पताल/स्वास्थ्य चौकी : १/६१
टेलिफोन लाइन : १७
मोटर सडक (कि. मि.) : ११९
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ६१
मानव विकास सूचकाङ्क : ०.४९२
प्रति परिवार सरदर संख्या : ५.१३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

ईशानेश्वर गाविस-१ निवासी ३० वर्षीय सन्तबहादुर विकले हतियार चोरेर भागेको आरोपमा ०६३ भदौ २२ गते इशानेश्वर गाविस-४ स्थित रामकृष्ण घिमिरेको घरमा राति माओवादीले कुटपिट गरी उनको हत्या गरे।

कास्की जिल्ला निवासी १६ वर्षीय कुमार परियारले हतियार चोरेको आरोपमा ०६३ भदौ २६ गते मोहन भनिने माओवादी कार्यकर्ताले श्रीमञ्ज्याङ गाविस-२ हाँडीखोलामा कुटपिट गरी उनलाई भीरबाट खसालेर हत्या गरे। हत्यापश्चात् माओवादीले उनको लास उक्त खोलामा नै पुरेर छोडे। माओवादी जिल्ला कमिटीले भने कुमार परियार हतियार देखाउन भिरमा जाँदा भीरबाट आफै लडेर मरेको दाबी गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

गाउँशहर गाविस-८ निवासी कार्यदल गण, बेंसीशहरमा कार्यरत सैनिक २७ वर्षीय अनिल थापालाई ०६२ फागुन २८ गते दिउँसो नि:शस्त्र अवस्थामा चण्डीस्थान गाविसको मालेबगरमा माओवादीले गोली हानी घाइते पारे। उपचार गर्न तत्काल पोखरा पुऱ्याएपछि उनी बाँच्न सफल भएको सेनाले जनायो। पीडितको दायाँ पिठ्यूँ र दायाँ कुहिनामा गोली लागेको थियो।

जेल र बन्दी

लमजुङ जिल्लाको जेल 'घ' श्रेणीको हो। जेलको क्षमता २५ जनाको छ। बन्दीहरूमध्ये कर्तव्य ज्यानमा पाँचजना कैद तोकिएका र पाँचजना नतोकिएका गरी १० जना छन्। लागु औषधमा कैद नतोकिएका एकजना, डाँका-चोरीमा कैद तोकिएका तीनजना र नकबजनी चोरीमा कैद तोकिएका तीनजना बन्दी छन्। त्यसैगरी जबरजस्ती चोरीमा कैद नतोकिएका तीनजना, ज्यान मार्ने उद्योगमा कैद तोकिएका एकजना, जबरजस्ती करणीमा दुईजना र चोरीमा एकजना कैद नतोकिएका छन्। सबै बन्दी पुरुष छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

नवलपरासी जिल्ला रामपुरवा गाविस-६ निवासी जिल्ला प्रहरी कार्यालय, मनाडमा कार्यरत प्रहरी जवान ३५ वर्षीय मनोज तिवारी र लमजुङ तार्कु गाविस-४ निवासी २४ वर्षीय पूर्व सैनिक लक्ष्मण श्रेष्ठलाई ०६२ चैत २४ गते

ताप्लिङ गाविसको जगतबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई जागीर छाड्ने शर्तमा ०६३ वैशाख ३ गते चिती गाविसको तिलाहरबाट इन्सेक प्रतिनिधि कृष्णप्रसाद अधिकारी र पत्रकार कृष्णभगवान श्रेष्ठको जिम्मामा मुक्त गरे।

परेवाडाँडा गाविस निवासी १७ वर्षीय शम्भु कुमाललाई ०६२ चैत २५ गते मनाङ जिल्लाबाट एसएलसी परीक्षा दिएर फर्कंदै गर्दा सेना भएको शंकामा ताप्लिङ गाविस-१ जगतबाट माओवादीले अपहरण गरे। पीडितलाई चैत २६ गते सोही गाविस-३ बाट मुक्त गरे।

कास्की जिल्लाको माझठाना गाविस-२ निवासी लमजुङ जिल्ला ताप्लिङ गाविस सचिव २६ वर्षीय रमानाथ आचार्यलाई अनुमतिबिना गाविसमा काम गर्न गएको आरोपमा ०६२ चैत २३ गते ताप्लिङ् गाविस-१ जगतबाट माओवादीले अपहरण गरे। उनलाई ताप्लिङ गाविस-३ बाट ०६२ चैत २६ गते मुक्त गरे।

अर्चलबाट गाविस-९ निवासी राष्ट्रिय प्रजातन्त्र पार्टी संस्थापन पक्षका जिल्ला सदस्य ४२ वर्षीय गोपाल लामिछानेलाई ०६२ साल चैत ३० गते माओवादीले अपहरण गरी चैत ३१ गते मुक्त गरे। आफूलाई माओवादीले कुटपिटसमेत गरेको पीडितले बताए।

चिती गाविस-३ निवासी ६० वर्षीय जंगबहादुर विष्ट र सोही गाविस-९ निवासी ५५ वर्षीय शंकर कमलीलाई आन्दोलनविरोधी भएको आरोपमा ०६३ वैशाख ३ गते तिलाहरबाट माओवादीले अपहरण गरे। पीडितहरू वैशाख ४ गते मुक्त भए। आफूहरूलाई माओवादीले कुटपिट गरेको पीडितहरूले बताए।

रम्घा गाविस-२ निवासी ४६ वर्षीय रामप्रसाद पौडेलले चोरी गरेको आरोपमा ०६३ वैशाख १७ गते माओवादीले उनलाई अपहरण गरी ०६३ वैशाख २२ गते मुक्त गरे। आफूलाई माओवादीले कुटपिटसमेत गरेको पीडितले बताए।

भोटेओडार गाविस-८ निवासी ४७ वर्षीय राप्रपा जिल्ला अध्यक्ष मोहनलाल श्रेष्ठलाई प्रतिगमनकारी भएको आरोपमा ०६३ जेठ ११ गते माओवादीले अपहरण गरे। उनलाई ०६३ जेठ २१ गते पाँच लाख रूपैया दिने शर्तमा मुक्त गरियो। आफूलाई माओवादीले घाइते हुने गरी कुटपिट गरेको पीडितले बताए।

मञ्ज्याङ गाविस-९ निवासी जिल्ला विकास समितिका इलाका नं. ९ का मनोनित पूर्व सदस्य ४५ वर्षीय माधव वाग्लेलाई प्रतिगमनकारी भएको आरोपमा ०६३ जेठ २८ गते माओवादीले मञ्ज्याङबाट अपहरण गरे। माओवादीले जुत्ताका माला, मोसो लगाएर माओवादीलाई दुई लाख रूपैयाँ दिने सर्तमा ०६३ असार ७ गते उनलाई मुक्त गरे।

चितवन जिल्ला गितानगर इन्द्रपुर गाविस-८ निवासी व्यापारी ३५ वर्षीय तोयानाथ आर्चायलाई ०६३ जेठ २९ गते माओवादीले अपहरण गरी श्रम शिविरमा राखी काम लगाएकोमा ०६३ असोज १ गते चिती गाविसको तिलाहरबाट बालअधिकार चेतना समूहकी संरक्षक शिक्षिका शोभादेवी पन्तको रोहबरमा मुक्त गरे।

दुधपोखरी गाविस-१ निवासी ५६ वर्षीय कुलबहादुर सार्कीले भाइसँग झगडा गरेको आरोपमा ०६३ साउन ४ गते माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरे। पीडितलाई ०६३ साउन २० गते मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बेसीशहर गाविस-२ स्थित एभरेष्ट होटलमा ०६२ फागुन २७ गते पर्यटक गाइड रमेश पनेरुसहित तीनजना भरियालाई प्रहरीले कुटपिट गरे। मनाङ जान लागेका पर्यटक

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	३		३	३	३		३				
घाइते					१	१		१				
गिरफ्तारी/यातना									३	८		८
कुटपिट					१	१		१	६	७	३	१०
भेला/संगठित हुने अधिकार									३	३	४७	४९
जातीय विभेद	१	१		१								
बालअधिकार	३		३	३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१				
अपहरण					१३	१३	७१	८४				
जम्मा	६	३	३	६	१७	१८	७१	८९	१०	१७	५०	६७

कुटपिटपछि असुरक्षाका कारण बेसीशहरबाट फर्किए।

बेसीशहर गाविस-२ निवासी अनेरास्वियुका कार्यकर्ता १९ वर्षीय गोविन्द बस्नेतलाई मशाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २५ गते राति प्रहरीले कुटपिट गरे।

बेसीशहर गाविस-९, सेराबजार निवासी ४७ वर्षीय बुद्धिबहादुर खत्रीलाई मशाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते साँझ प्रहरीले कुटपिट गरे।



माओवादीद्वारा हत्या गरिएका कुमार परियार

माओवादीबाट

सिम्पानी गाविस-३ निवासी ३० वर्षीय नन्दराम विकलाई घरायसी झगडा गरेको आरोपमा ०६३ असार २९ गते सिम्पानी गाविस-४ मा माओवादीले कुटपिट गरी घाइते बनाए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्रता र निष्पक्ष चुनावसमेत)

एमालेका मायानाथ अधिकारी, महेन्द्र लाल श्रेष्ठ, वामदेव अधिकारी, भरत विष्ट, वासु बराल, नेकाँका गणेश नेउपानेलगायत् १७ जनालाई ०६२ चैत २५ गते शान्तिपूर्ण प्रदर्शन गरिरहेको बेला बेसीशहर गाविसको विभिन्न ठाउँबाट प्रहरीले गिरफ्तार गरे। तीमध्ये भरत, बासु, गणेश, भरत, गोपाल, दीपेन्द्र, नारायण, पूर्णलाल सोही दिन साँझमा र अरु सबै चैत २७ गते रिहा भए।

नेकाँका अर्जुन पराजुली, कुशुमराज बराल, दामोदर अधिकारी, मन्दिरा नेउपाने, तिर्थ नेउपाने, रामबहादुर रिमाल, प्रकाश श्रेष्ठ, लक्ष्मीप्रसाद तिमिल्सिना, साजन परियार, एमालेका लिलाबहादुर रिमाल, बलबहादुर श्रेष्ठ, वासुदेव थापा कृष्ण थापा, फूलबहादुर थापा, बसन्त अधिकारी, नेकाँ (प्रजातान्त्रिक)का अम्बिका घिमिरे, कृष्णबहादुर अधिकारी, स्यानीदेवी गुरुङ उद्योग वाणिज्य संघका धर्मराज श्रेष्ठ र व्यापारी प्रेम सुवेदीलाई सात दलद्वारा आयोजित शान्तिपूर्ण प्रदर्शनबाट ०६२ चैत २६ गते प्रहरीले गिरफ्तार गरे। तीमध्ये अम्बिका, धर्मराज र अर्जुनलाई चैत २७ गते रिहा गऱ्यो भने अन्य सबैलाई सोही दिन साँझ रिहा गरियो।

बेसीशहर बजारमा विभिन्न पेशागत संघ-संस्थाको अगुवाइमा आयोजित शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २९ गते इन्सेकका जिल्ला प्रतिनिधि कृष्णप्रसाद अधिकारी, शान्ति समाजका जिल्ला अध्यक्ष दामोदर अधिकारी, पत्रकार कृष्णराज ओलिया, कृष्ण केसी, कृष्णभगवान श्रेष्ठ, एमालेका पार्टी सचिव मायानाथ अधिकारीलगायत्का २९ जनालाई कुटपिट गरे। पीडितहरूमध्ये रेशम खड्का र मनमोहन अधिकारीलाई गम्भीर चोट लागेका कारण उपचार गर्न काठमाडौं लगियो।

बाँझाखेत गाविस-१ खासुर निवासी अनेरास्वियु जिल्ला कमिटीका अध्यक्ष २२ वर्षीय दुधप्रसाद घले र बेंशीशहर गाविस-२ निवासी ३० वर्षीय वासु बरााललाई शालिक तोडफोड गरेको आरोपमा ०६३ असार २ गते बिहान प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ९६ ओटा मुद्दा दर्ता भए गत वर्षबाट जिम्मेवारी सरेर आएका ६० मुद्दा गरी १ सय ५६ मुद्दा रहे। १ सय ५६ मुद्दामध्ये ८४ ओटा फर्स्यौट भए भने ७२ ओटा बाँकी रहे। दुनियावादी फौजदारीमा ३१ मुद्दा परेकोमा १८ फर्स्यौट भई १३ बाँकी रहे। सरकारवादी फौजदारीमा २७ मध्ये १४ फर्स्यौट भई १३ बाँकी रहे। देवानीतर्फ ८२ मुद्दा परे ४२ फर्स्यौट भई र ४० बाँकी रहे। विशेष फौजदारीमा १२ मुद्दा परेकोमा सात फर्स्यौट भई पाँच बाँकी रहे।

बालअधिकार

उदिपुर गाविस निवासी ११ वर्षीय एक बालिकालाई उनका भिनाजु कृष्ण परियारले ०६२ चैत २४ गते राति मादक पदार्थ सेवन गरेको बेला बेंशीशहर गाविस-९ सेराबजारमा बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।



माओवादीद्वारा कुटपिट गरी हत्या गरिएका सन्तबहादुर विक

विचौर गाविस-२ निवासी ज्ञानज्योति माबि गोर्खामा १० कक्षामा अध्ययनरत १५ वर्षीय कुलचन्द्र दवाडीलाई ०६३ साउन २३ गते माओवादीले उनकै घरबाट अपहरण गरे। अपहरणपछि उनीसँग भेट्न नदिएको परिवारले बताए। पीडित हाल आफ्नो कार्यकर्ता भएको माओवादीले जनायो।

तनहुँ जिल्ला पुर्कोट गाविस-१ निवासी कालिका उच्च माबि कक्षा ८ मा अध्ययनरत १४ वर्षीय एक बालिकालाई ०६३ भदौ ४ गते बेंशीशहर सामुदायिक अस्पतालका एक्सरे सहायक रामकुमार यादवले उपचार कक्षमा नै बलात्कार गरे। पीडकलाई केही दिन प्रहरी हिरासतमा राखेपछि हाल जेल चलान गरिएको छ।

सबै प्रकारका जातीय विभेद

गाउँशहर गाविस-३ निवासी २० वर्षीय लालबहादुर दुलाललाई विवाह भोज छोएको आरोपमा ०६३ असार २७ गते सोही गाविस-४ निवासी झपेन्द्र अधिकारीले कुटपिट गरी दुर्व्यवहार गरे। उक्त घटनाको मानवअधिकार र दलित संघ-संस्थाहरूले विरोध गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति /घरजग्गा कब्जा

माओवादीबाट

घनपोखरा गाविस निवासी जिल्ला विकास समिति लमजुङका पूर्व सभापति हेमजंग गुरुङको बेंशीशहर गाविस-२ त्रिवेणीटोलस्थित घर ०६३ असार ६ गते माओवादी निकट अखिल (क्रान्तिकारी) ले कब्जा गरी माओवादीको सम्पर्क कार्यालय खोले। उनको घर ०६३ असार १३ गते राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक प्रतिनिधि, पत्रकार, नागरिक समाज र तमु छोंज धींको रोहबरमा फिर्ता गरेको घोषणा गर्दै माओवादीले छोडिदिए।

विगतको अनुगमन

बेपत्ता भनिएकाको हत्या

इशानेश्वर गाविस-४ निवासी चोतनाथ घिमिरे र शेखरनाथ घिमिरेलाई भोंलेटारस्थित सुरक्षाकर्मीले ०५८ माघ २० गते उनीहरूको आफ्नै घरबाट गिरफ्तार गरे। बेपत्ता सार्वजनिक गर्नेक्रममा नेपाल सरकारले ०६० साल वैशाख ५ गतेसम्म चोतनाथ घिमिरे र शेखरनाथ घिमिरे भोंलेटार बेस क्याम्पमा नै रहेको जानकारी दिएपछि परिवार र आफन्तले ०६३ कात्तिक ८ गतेबाट रिले अनसन शुरु गरे। उनीहरू दुवैलाई कास्की जिल्लाको हंसपुर र थुम्की गाविसको बीचमा पर्ने सौरबास जङ्गलमा सेनाले हत्या गरेर गाडेको स्थानीय बासिन्दाले बताए। गिरफ्तार गरिएको ५४ दिनसम्म कसैसँग पनि भेट्न नदिइएका घिमिरेद्वयलाई सरकारले पाँच वर्षदेखि बेपत्ता नागरिकको सूचीमा राखेको थियो। प्रत्यक्षदर्शी महिलाको सूचनाको आधारमा स्थानीय बासिन्दा र पीडितका आफन्तले सौरबासको जङ्गलमा गाडिएको अवस्थामा मृतकहरूले लगाएका लुगा, घडी, जुत्ता आदिको आधारमा ०६३ कात्तिक १७ गते उनीहरूको पहिचान गरे। ०६३ कात्तिक १८ गते पोखराबाट इन्सेकलगायत् विभिन्न मानवअधिकार संघ-संस्थाहरूले घिमिरेद्वयको हत्या गरिएको स्थानको अनुगमन गरे। सोही दिन नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकार, स्थानीय बासिन्दा, पीडितका आफन्त र कास्की जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरूको रोहबरमा मृतकहरूको अस्थिपञ्जर उत्खनन् गरी डीएनए परीक्षणका लागि राष्ट्रिय मानवअधिकार आयोगको जिम्मा लगाइयो।

अपहरण

माओवादीबाट


चिती गाविस-९ निवासी जिल्ला विकास समितिका सदस्य ५६ वर्षीय श्यामबाबु तिवारीलाई ०६२ मंसिर ३० गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६२ फागुन २ गते उनको परिवार र पत्रकार महासंघको रोहबरमा मञ्ज्याङ गाविसको लामाबगरबाट मुक्त गरे।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका आठजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सूर्यपाल गाविस-५ निवासी ४० वर्षीय कृष्णबहादुर बस्नेत, बेंशीशहर गाविसको सेराबजार निवासी बाबुकाजी श्रेष्ठ, चिती गाविस निवासी माओवादी कार्यकर्ता ध्रुवबाबु तिवारी, चक्रतीर्थ गाविस निवासी राजेन्द्र कट्टेल, भलायखर्क गाविस निवासी तोयानाथ पोखरेल, तीर्थराज अधिकारी, भलायखर्क निवासी विष्णु अधिकारी र भोर्लेटार गाविस-७ निवासी सूर्यकुमार श्रेष्ठ रहेका छन्।

३.४ स्याङ्जा



जनसंख्या : ४,२२,००१
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ५७.३
क्षेत्रफल (वर्ग कि. मि.) : ११६४
गाविस/नपा संख्या : ६०/२
निर्वाचन क्षेत्र : ३
विद्यालय : ८०९
क्याम्पस/उच्च मावि : ४/३४
अस्पताल/स्वास्थ्य चौकी : १/६०
टेलिफोन लाइन : १०००
मोटर सडक (कि. मि.) : ३७५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ६६
मानव विकास सूचकाङ्क : ०.५३५
प्रति परिवार सरदर संख्या : ४.९६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

रोल्पा जिल्ला निवासी स्वीकृति भनिने अन्दाजी २६ वर्षीया माओवादी महिला कार्यकर्तालाई ०६२ पुस २८ गते बिहान चित्रेभञ्ज्याङ गाविस-३ स्थित गिरेकोट डाँडाको तल्लो भागमा साधारण पोशाक लगाएको अवस्थामा सुरक्षाकर्मी देखेर भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमास्थित स्थानीय व्यक्तिको बारीमा सुरक्षाकर्मीले गाडेर छोडेका थिए।

चित्रेभञ्ज्याङ गाविस-४ मा ०६२ पुस २८ गते दिउँसो नाम र ठेगाना नखुलेका करिब ३० वर्षीय एकजना माओवादी कार्यकर्तालाई पोखराबाट विन्दबासिनी अप्रेसनका नाममा खटिएका सुरक्षाकर्मीको टोलीले गोली हानी हत्या गऱ्यो। पीडितको लास स्थानीय बासिन्दा टेकबहादुर थापाको बारीमा सुरक्षाकर्मीले गाडेर गए।

मनकामना गाविस-२ सपाउदेमा भारतीय पूर्वसैनिक ६० वर्षीय रेलबहादुर गुरुङलाई माओवादीको शंकामा ०६२ पुस २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार, हेलिकप्टरबाट हानिएको गोली रेलबहादुरको बायाँ कोखमा लागेको थियो। पीडित माघे संक्रान्ति मनाउनका लागि छिमेकीको बारीमा भेला भएका थिए।

दोहोरो भिडन्त

किचनास गाविस-६ खैरिकोटस्थित थानपती प्राविमा ०६२ पुस २८ गते पठनपाठन सञ्चालन भइरहेको बेला माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा कक्षा ३ को कक्षाकोठामै सुरक्षाकर्मीको गोलीबाट नाम र ठेगाना नखुलेको करिब ३० वर्षीय माओवादी कार्यकर्ताको मृत्यु भयो।

मनकामना गाविस-१ गहते र २ र सपाउदे भन्ने गाउँमा ०६२ पुस २९ गते दिउँसो पोखराबाट विन्दबासिनी अप्रेसनको नाममा गस्ती गएको सुरक्षाकर्मीको टोली र माओवादीबीच भएको दोहोरो भिडन्तमा नाम र ठेगाना नखुलेका एक सुरक्षाकर्मी र पाँचजना महिलासहित १९ जना माओवादी गरी २० जनाको मृत्यु भयो। उक्त भिडन्तमा प्रकृति, नरेश, विप्लव, उज्ज्वल, प्रज्ज्वल भनिने माओवादी छापामारहरूको घटनास्थलमा नै मृत्यु भएको थियो। उनीहरूका लास घटनास्थलको यत्रतत्र छरिएर रहेका थिए। घटना भएको पाँच दिनपछि स्थानीय बासिन्दाको सहयोगमा सुरक्षाकर्मीले दुईओटा खाडलमा लास गाडेका थिए।

गोली /बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

वालिङ नपा-७ निवासी ३५ वर्षीय केदार काफ्ले र वालिङ नपा-२ निवासी ५२ वर्षीय केशरबहादुर कुँवर ०६२ चैत २ गते राजनीतिक दलहरूद्वारा निकालिएको जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी गोली चलाउँदा घाइते भए।

जेल र बन्दी

यस जिल्लामा ३५ जना बन्दी राख्ने क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागार शाखा छ। बालबालिकाका राख्नका लागी जेलमा ठाउँ छैन। विभिन्न छओटा मुद्दामा ३२ जना बन्दीहरू रहेका छन्। जसमा डाँकामा १४ जना, चोरीमा तीन, कर्तव्यज्यान मार्ने उद्योगमा सात, जबरजस्ती करणीमा चार, सवारी ज्यानमा एक, जीउ बेच्ने मास्ने उद्योगमा तीनजना गरी कूल पाँचजना महिला र २८ जना पुरुष छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

चण्डीभञ्ज्याङ गाविस-९ निवासी डिलबहादुर राना, हुमबहादुर राना, टुकप्रसाद पाण्डे, चामबहादुर राना, मनबहादुर घर्ती थापा र सोही गाविस-३ निवासी लालबहादुर राना, गणेशबहादुर चितैरे, खेमबहादुर राना, यामबहादुर सोमै, चोकबहादुर श्रेष्ठ र रेमलाल घर्तीमगरलाई कृष्णबहादुर विकको ०६२ फागुन १७ गते हत्या गरेको आरोपमा ०६२ फागुन १८ गते माओवादीले अपहरण गरे। उनीहरू सबैलाई ०६२ चैत १२ गते गुल्मीबाट मुक्त गरियो।

चण्डीभञ्ज्याङ गाविस-९ निवासी डिलबहादुर राना, हुमबहादुर राना, टुकप्रसाद पाण्डे, चामबहादुर राना, मनबहादुर घर्ती थापा र सोही गाविस-३ निवासी लालबहादुर राना, गणेशबहादुर चितैरे, खेमबहादुर राना, यामबहादुर सोमै, चोकबहादुर श्रेष्ठ र रेमलाल घर्तीमगरलाई ०६२ फागुन १८ गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरू सबैलाई ०६२ चैत १२ गते गुल्मीबाट मुक्त गरे। हाल उनीहरू घरमानै छन्।

छाङछाडदी गाविस-१, बुटवल निवासी ३७ वर्षीय चन्द्रबहादुर दमै, वालिङ नपा-८ निवासी ४८ वर्षीय मित्रलाल विकलगायत् १० जनालाई माओवादीको नाममा चोरी गरेको आरोपमा ०६३ असार ७ गते माओवादीले अपहरण गरी आसार २१ गते चारपाटा मुडेर वालिङ नपा परिक्रमा गराए। माओवादीले उनीहरूमध्ये अर्जुन रिजाललाई जिल्ला प्रहरीको जिम्मा लगाई अन्य व्यक्तिहरूलाई असार २३ गते छाडेका थिए।

छाङछाडदी गाविस-१ निवासी ३७ वर्षीय लालबहादुर दमै, वालिङ नपा-८ निवासी ४० वर्षीय मित्रलाल विक, वालिङ नपा-७ निवासी ३७ वर्षीय झपटबहादुर सार्की, छाङछाडदी गाविस-१ निवासी ४५ वर्षीय पिताम्बर दमै, वालिङ नपा-८ निवासी ४२ वर्षीय एकबहादुर दमै र मनकामना गाविस-१ निवासी ३० वर्षीय केअरसिङ विकलाई ०६३ असार ७ गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरूलाई असार २३ गते मुक्त गरे।

खिलुङदेउराली गाविस-१ निवासी ३८ वर्षीय धनबहादुर विकलाई माओवादीको नाममा चोरी गरेको आरोपमा ०६३ असार १० गत माओवादीले अपहरण गरे। माओवादीले उनलाई असार २३ गते मुक्त गरे।

वालिङ नपा-८ निवासी ३८ वर्षीय अब्दुलमियाँलाई चोरी गरेको आरोपमा माओवादीले ०६३ असार १८ गते घरबाट अपहरण गरे। माओवादीले उनलाई असार २३ गते मुक्त गरे।

दासिङदहथुम गाविस-४ निवासी ३६ वर्षीय रहमद मियालाई चोरी गरेको आरोपमा ०६३ असार १४ गते घर नजिकैबाट माओवादीले अपहरण असार २३ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मनकामना गाविस-२ निवासी १३ वर्षीय मनवीर गुरुङलाई माओवादीको आरोपमा ०६२ पुस २९ गते सुरक्षाकर्मीले कुटपिट गरे।

मनकामना गाविस-१ निवासी १५ वर्षीय पानमाया गुरुङ र १७ वर्षीय तौमाया गुरुङलाई माओवादीको आरोपमा ०६२ माघ १ गते सुरक्षाकर्मीले कुटपिट गरे।

मनकामना गाविस-१ गहते निवासी ५५ वर्षीय थुमबहादुर गुरुङ र उनकी पत्नी ४० वर्षीया डिलमाया गुरुङलाई माओवादी पालेको भन्दै ०६२ माघ २ गते सुरक्षाकर्मीले उनीहरूलाई कुटपिट गरे।

मनकामना गाविस-२ सपाउदे निवासी २३ वर्षीय यामबहादुर विकलाई ०६२ माघ ३ गते सुरक्षाकर्मीले कुटपिट गरे।

मनकामना गाविस-१ निवासी ६७ वर्षीय राजविराज

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२		२	२	१	१	१	५	१६	६		२३
घाइते	१	३		३	१	१	१	६	६	१	३००	३०६
गिरफ्तारी/यातना								१४	६६	३		८०
कुटपिट	१	१		१				११	१३	८		३१
धम्की					३	३	३					
भेला/संगठित हुने अधिकार								४	१३		३८	४०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३	३	१	१			१
अपहरण					६	३१	३१					
जम्मा	४	४	३	६	१३	३६	३६	४१	१३६	१८	३३८	३६३

गुरुङलाई माओवादी पालेको आरोपमा ०६२ माघ ४ गतेसुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

मनकामना गाविस-१ निवासी २१ वर्षीय तौमती गुरुङ, २० वर्षीय केशमाया गुरुङ, ५० वर्षीय माया गुरुङ र २१ वर्षीय गौमाया गुरुङलाई ०६२ माघ २ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा कुटपिट गरे।

भाटखोला गाविस-३ निवासी १७ वर्षीय राजेश सुनामलाई ०६३ कात्तिक ३० गते माओवादीले जनमिलिसियामा संलग्न नभए खुट्टा भाँचिदिने धम्की दिए।

बालिङ नपा-९ निवासी ५० वर्षीय मानबहादुर आलेसँग ०६३ मंसिर १५ गते माओवादीले एक लाख रूपैयाँ नदिए घरको एकजना जनमिलिसियामा जानुपर्छ भनी धम्की दिए।

गैरकानुनी गिरफ्तारी

मग्यामचिसापनी गाविस-३ निवासी २१ वर्षीय जीतबहादुर थापा र २० वर्षीय प्रदिप थापालाई माओवादीको आरोपमा ०६२ पुस २८ गते पोखराबाट गएको सुरक्षाकर्मीको एक टोलीले घर नजिकबाट गिरफ्तार गरी कुटपिट गर्दै चित्रेभञ्याङ गाविस-३ मा पुऱ्याएर मार्ने धम्की दिदै खुलाचौरमा राखेर ०६२ माघ ५ गते दुवैजनालाई पाँच-पाँच दिनमा माओवादी ब्यारेकमा हाजिर हुने गरी तारेख दिई रिहा गरे। हाल उनीहरू घरमानै छन्।

मनकामना गाविस-२ निवासी भारतीय पूर्व सैनिक ६९ वर्षीय प्रितमबहादुर गुरुङलाई माओवादी भएको आरोपमा ०६२ माघ १ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी मनकामना मन्दिरमा लगी शारीरिक र मानसिक यातना दिए। उनलाई माओवादीलाई गास बास दिएमा पुन गिरफ्तार गर्ने धम्की दिदै २ गते दिउँसो ४ बजे रिहा गरे। गुरुङ घरमा पुगेपछि बिरामी परेर ०६२ माघको १५ गते मृत्यु भयो।

मनकामना गाविस-२ सपाउदे निवासी ५६ वर्षीय पूर्णबहादुर गुरुङ, ५९ वर्षीय जम्बबहादुर गुरुङ, ४९ वर्षीय मिलबहादुर गुरुङ, ७० वर्षीय श्यामबहादुर गुरुङ र ३० वर्षीय डम्मरबहादुर गुरुङलाई ०६२ माघ १ गते सुरक्षाकर्मीले कुटपिट गरी १७ घण्टा कब्जामा राखि माओवादीलाई खाना र वस्त्र दिए पुन: लैजान्छौ भन्दै माघ २ गते रिहा गरे।

चिसापानी गाविस-१ निवासी वीरबहादुर थापाको घरमा बिरामी भएर बसेकी रोल्पा निवासी माओवादी कार्यकर्ता करिब २४ वर्षीयसृजना बुढाथोकीलाई ०६२ माघ ३ गते साधारण पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी किचनासबाट हेलिकप्टरमार्फत् पोखरा पुऱ्याएकोमा ०६३ जेठ ३० गते रिहा गरे।

चित्रेभञ्याङ गाविस-४ छिपुङ निवासी ३३ वर्षीय टोपबहादुर चन्दलाई माओवादीको आरोपमा ०६२ माघ ३ गते बिहान १० बजे बिरामी भेट्न छिमेकीको घरमा गएको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। मेजर नारायण श्रेष्ठको कमाण्डमा गएको सुरक्षाकर्मीको गस्ती टोलीले माओवादीलाई भेटियो भन्दै उनलाई कुटपिट गरी शारीरिक यातना दिएर माघ ५ गते रिहा गरे।

रोल्पा जिल्ला निवासी करिब २६ वर्षीय शेरसिंह (विक) बन्दिसुरेलाई ०६२ माघ ४ गते सुरक्षाकर्मीले क्याक्मी गाविसको दग्दीबाट गिरफ्तार गरी ०६३ जेठ ३० गते पोखराबाट रिहा गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचन बहिष्कार गरौ भन्ने नारासहितको शान्तिपूर्ण जुलुसमाथि ०६२ माघ ७ गते बालिङ भकुण्डेमा सुरक्षाकर्मीले हस्तक्षेप गरी बालिङ नपा-७ निवासी ३५ वर्षीय नेकाँ जिल्ला कार्य समितिका सदस्य केदार काफ्ले, जगत्रादेवी गाविस निवासी एमाले जिल्ला कमिटी सदस्य महेन्द्र थापा, पुतलीबजार नपा-११ निवासी ५० वर्षीय ध्रुवराज अधिकारी र बालिङ नपा-५ मिर्दी निवासी ४५ वर्षीय उदयराज श्रेष्ठलाई गिरफ्तार गरी ०६२ फागुन २ गते रिहा गरे।

नगर निर्वाचन बहिष्कारको आह्वान गर्दै निकालिएको शान्तिपूर्ण जुलुसमाथि स्याङ्जा सदरमुकाममा ०६२ माघ १८ गते सुरक्षाकर्मीले हस्तक्षेप गरी सेतीदोभान गाविस-४ निवासी ३२ वर्षीय धनबहादुर विक, आलमदेवी गाविस-४ निवासी ३० वर्षीय शालिकराम शर्मा, धनबहादुर विक, २३ वर्षीय नवीन तिमिल्सिना र कास्की निवासी विष्णु बरललाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

स्याङ्जा बजारमा सोही दिन निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६२ माघ १८ गते अर्जुनचौपारी गाविस-१ निवासी एमालेका केन्द्रीय अनुशासन



सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरिएका सर्वसाधारण रेलबहादुर गुरुङ



माओवादी र सुरक्षाकर्मी बीचको भिडन्तमा मारिएका माओवादी कार्यकर्ता विप्लव

समितिका सदस्य ५४ वर्षीय प्रेमनारायण पौडेल, एमाले जिल्ला कमिटी सदस्यहरू तीनदोबाटे गाविस-३ निवासी ४५ वर्षीय ढाकाराम अर्याल, पुतलीबजार नपा-४ निवासी ५२ वर्षीय लोकराज शर्मा, वालिङ नपा-८ निवासी ५० वर्षीय ऋषिराम काफ्ले, पुतलीबजार नपा-९ निवासी नेकाँ जिल्ला कार्य समितिका सदस्य विष्णु गुरुङ, थुमपोखरा गाविस-६ निवासी चक्र पराजुलीलाई सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन २ गते रिहा गरे।

सात दलले नगर निर्वाचन बहिष्कारको आह्वान गर्दै ०६२ माघ १८ गते पुतलीबजारमा निकालेको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी पुतलीबजार नपा-१ निवासी ४८ वर्षीय विष्णुप्रसाद उपाध्याय, पिडिखोला गाविस-३ निवासी २५ वर्षीय दिपकप्रसाद पाण्डे, पेलाकोट गाविस-८ निवासी २८ वर्षीय गणेश पाठक र २३ वर्षीय जगन्नाथ भट्टराई, थुमपोखरा गाविस-२ निवासी २२ वर्षीय थीरलाल न्यौपाने, पुतलीबजार नपा-४ निवासी २८ वर्षीय पृथ्वीप्रसाद पोखेल, २५ वर्षीय सुरेशप्रसाद पोखल, पुतलीबजार नपा-१२ निवासी २३ वर्षीय केदार अर्याल, २२ वर्षीय चिरञ्जीवी भण्डारी, २० वर्षीय दुतप्रसाद पंगेनी, तीनदोबाटे गाविस-४ निवासी २० वर्षीय नारायण अर्याल स्वरेक गाविस-३ निवासी २० वर्षीय सुमन अर्याल, मनकामना गाविस-२ निवासी ५२ वर्षीय प्रेमबहादुर गुरुङलाई गिरफ्तार गरे। जिल्ला प्रशासन कार्यालयले माघ २८ गते १३ जनालाई रिहा गऱ्यो।

नगर निर्वाचन बहिस्कार गर्ने उद्देश्यले सदरमुकाम स्याङ्जामा सात दलले निकालेको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६३ माघ १८ गते निवुवाखर्क गाविस-१ निवासी २५ वर्षीय परिस्वर न्यौपाने, तीनदोबाटे गाविस-४ निवासी २८ वर्षीय बुद्धिसागर अर्याल, पुतलीबजार नपा-१ निवासी २२ वर्षीय अर्जुन सुवेदी र २७ वर्षीय इन्द्र रानालाई गिरफ्तार गरी माघ ३० गते रिहा गरे।

ठूलाडिही गाविस-९ निवासी ६७ वर्षीय दुर्गाबहादुर आले र ३६ वर्षीय विशेश्वरप्रसाद रेग्मीलाई ०६२ चैत २६ गते स्याङ्जा सदरमुकाममा सात दलद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई गिरफ्तार गरेकै दिनमा कागज गरी रिहा गरिएको थियो।

पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २६ गते विभिन्न दलका १४ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा पुतलीबजार नपा-३ निवासी ४५ वर्षीय जयनारायण शर्मा, विचारी चौतारा गाविस-३ निवासी ४६ वर्षीय ध्रुवराज पौडेल, मनकामना गाविस-९ निवासी ३० वर्षीय नवीन आले, ठूलाडिही गाविस-९ निवासी ३१ वर्षीय रुद्र रेग्मीलगायत्का थिए। उनीहरूलाई चैत २८ गते रिहा गरियो।

स्याङ्जा सदरमुकाममा सात दलहरूले आयोजना गरेको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २६ गते विभिन्न दलका २८ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा ५४ वर्षीय अर्जुनचौपारी गाविस-१ निवासी एमालेका केन्द्रीय अनुशासन समितिका सदस्य प्रेमनारायण पौडेल, ५२ वर्षीय थुमपोखरा गाविस-६ निवासी चक्रबहादुर पराजुली, रापाकोट गाविस-७ निवासी ३७ वर्षीय पद्मा अर्याल, पुतलीबजार नपा-११ निवासी ध्रुवराज अधिकारी, पुतलीबजार नपा-४ निवासी लोकराज शर्मा, पुतलीबजार नपा-३ निवासी सिमा क्षेत्री, विचारीचौतारा गाविस-३ निवासी विष्णु उपाध्याय, ओरष्टे गाविस-१ निवासी ४६ वर्षीय चुनप्रसाद शर्मा, पञ्चमुल गाविस-१ निवासी खड्गबहादुर नेपालीलगायत्का थिए। उनीहरूलाई जिल्ला अदालतले पुनरावेदन अदालतको आदेशमा वैशाख १० गते रिहा गऱ्यो।

पुतलीबजार नपा-४ बाडखोलाबाट सात दलको आयोजनामा ०६२ चैत ३० गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरी प्रशासनले हस्तक्षेप गर्दा फापरथुम गाविस-४ निवासी ३५ वर्षीय राधा सापकोटाको दायाँ हात भाँचियो। सापकोटाले पोखरास्थित गण्डकी अस्पतालमा उपचार गराए। सोही दिन पुतलीवजार नपा-४ निवासी ३२ वर्षीय रवीन्द्र श्रेष्ठलाई प्रहरीले कुटपिट गरी दायाँ खुट्टा भाँचिएको थियो। श्रेष्ठले पोखरास्थित गण्डकी अस्पतालमा उपचार गराए।

स्याङ्जा सदरमुकाममा सात दलले आयोजना गरेको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २८ गते पुतलीबजार नपा-१ निवासी नारायणप्रसाद मरासिनी, पुतलीबजार नपा-३ निवासी भीमप्रसाद शर्मा, पुतलीबजार नपा-५ निवासी अमृतप्रसाद श्रेष्ठ थिए। उनीहरूलाई पुनरावेदन अदालतको आदेशमा जिल्ला अदालतबाट ०६३

वैशाख १० गते रिहा गरियो। ०६२ चैत २८ गते नै सदरमुकामबाट प्रहरीले विरुवाअर्चले निवासी ६५ वर्षीय युधीष्ठिर रायमाझी, पुतलीबजार नपा-४ निवासी ३५ वर्षीय मोतीप्रसाद पौडेल, ४५ वर्षीय प्रेमप्रसाद क्षेत्री, पुतलीबजार नपा-१० निवासी ५३ वर्षीय श्यामप्रसाद अर्याललगायत् आठजनालाई गिरफ्तार गरिएकोमा सोही दिन रिहा गरियो। प्रहरीले सोही दिन ठूलाडिही गाविस-८ निवासी सन्तोष नेपाली र पुतलीबजार नपा-१० निवासी मिना अर्याललाई गिरफ्तार गरिएकोमा चैत २९ गते रिहा भए।

पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमाथि ०६२ चैत ३० गते सिुरक्षाकर्मीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा पुतलीबजार नपा-४ निवासी ३२ वर्षीय रवीन्द्र श्रेष्ठको दायाँ खुट्टा भाँचियो। सोही दिन प्रहरीको लाठी प्रहारबाट फापरथुम गाविस-४ निवासी ३५ वर्षीय राधा सापकोटाको दाहिने हात भाँचिएको छ। दुवैजनाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

ठूलाडिही गाविस-९ निवासी ३२ वर्षीय पवन नेपाल, सोही नपा-८ निवासी २८ वर्षीय माधव पौडेल, २९ वर्षीय श्याम नेपाली र सोही ठाउँ निवासी नेमबहादुर रानालाई माओवादीको आरोपमा ०६२ चैत ३१ गते पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसबाट घर फर्कदै गर्दा पुतलीबजार नपा-४ स्थित बाडखोलामा सुरक्षाकर्मीले चैत ३१ गते गिरफ्तार गरी कुटपिटपश्चात् शारीरिक यातना दिई ०६३ वैशाख ११ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

स्याङ्जा सदरमुकाममा सात दलहरूद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसमाथि ०६२ चैत ३१ गते प्रहरीले हस्तक्षेप गरी विभिन्न दलका २१ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार हुनेमा खिलुङदेउराली गाविस-९ निवासी नेकाँ जिल्ला कार्य समितिका अध्यक्ष ५६ वर्षीय खगेन्द्रराज रेग्मी, पुतलीबजार नपा-११ निवासी ५० वर्षीय शिवकुमार अधिकारीलगायत् थिए। उनीहरू सबैलाई सोही दिन रिहा गरियो।

पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमाथि ०६२ चैत ३१ गते प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा ठूलाढिही गाविस-९ निवासी ईश्वरबन्धु रेग्मी, सोही गाविस-८ निवासी ३० वर्षीय माधव पौडेल, २८ वर्षीय पवन नेपाल, २९ वर्षीय श्याम नेपाल र ३५ वर्षीय नेमबहादुर राना घाइते भए। उनीहरूको स्थानीय अस्पतालमा उपचार भयो।

स्याङ्जा बजारमा सात दलको आयोजनामा ०६३ वैशाख २ गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी १२ सेल अश्रुग्यास प्रहार तथा लाठी चार्ज गर्दा मल्याङकोटका २९ वर्षीय अजित क्षेत्री, पुतलीबजार नपा-१ निवासी केशव लम्साल घाइते भए। उनीहरूलाई स्थानीय मेडिकलमा उपचार गराएका थिए।

स्याङ्जा बजारमा सात दलको आयोजनामा ०६३ वैशाख ६ गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा खिलुङ देउराली गाविस-९ निवासी ५२ वर्षीय खगेन्द्रराज रेग्मी, पुतलीबजार नपा-१ निवासी ३५ वर्षीय भरतप्रसाद लम्साल, स्वरेक गाविस-९ निवासी ५० वर्षीय छायाराम खनाल र विर्घा गाविस-८ निवासी ४० वर्षीय दुर्गाप्रसाद पाण्डे घाइते भए । उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत स्याङ्जामा साधारण देवानीतर्फ नयाँ १ सय २ र जिम्मेवारी सरेका गरी १ सय ८६ मुद्दामध्ये ३६ ओटा फर्स्यौट भए। १ सय ३९ ओटा बाँकी रहे। साधारण फौजदारीतर्फ नयाँ दर्ता २४ र जिम्मेवारी सरेका गरी ३५ मध्ये पाँचओटा फर्स्यौट भई ३० ओटा बाँकी रहे। साधारण फौजदारीतर्फ नयाँ दर्ता ५२ र जिम्मेवारी सरेका ८१ ओटामध्ये ३० ओटा फर्स्यौट भए भने ५१ ओटा बाँकी रहे विशेष फौजदारीतर्फ नयाँ दर्ता १३ र जिम्मेवारी सरेका गरी २१ ओटा मुद्दामध्ये नौओटा फर्स्यौट भई १२ ओटा बाँकी रहे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार

मनकामना गाविस-१ निवासी ३० वर्षीय ओमबहादुर गुरुङ र १९ वर्षीय हस्तबहादुर गुरुङलाई माओवादीको आरोपमा ०६२ पुस २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिएर ०६२ माघ ०३ गते रिहा गरे।

चिन्नेबास गाविस-८ कुरुम्फा निवासी ३३ वर्षीय कृष्णबहादुर कुँवरलाई वैदेशिक रोजगारीमा जानको लागि घरबाट निस्केको बेला ०६२ माघ २ गते माओवादीको आरोपमा चित्रेभञ्ज्याङ गाविस-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी राईफलको कुन्दाले घोच्दै बुटले प्रहार गर्दै रातभरि उभ्याएर शारीरिक यातनापश्चात् माघ ३ गते रिहा गरे।

चिन्नेबास गाविस-८ निवासी २३ वषीय राजेन्द्र कुँवरलाई ०६२ माघ ३ गते माओवादीको आशंकामा सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी हरीनासको वनमा पुऱ्याएर रातभरी दुईओटा खुट्टाको बीचबाट कान समात्न

लगाई शारीरिक र मानसिक यातना दिई माघ ४ गते तारेखमा रिहा गरे। पीडित हाल उनी घरमा नै छन्।

आर्थिक अधिकार

भूमिहिन तथा सुकुमवासी समस्या असक्त भत्ता आदि सम्पति कब्जा

माओवादीबाट

पुतलीबजार नपा-७ रजस्थल निवासी ५५ वर्षीय मेघबहादुर शाहको १५ जनाको परिवारलाई नगर निर्वाचनमा भाग लिएको आरोपमा ०६२ माघ १५ गते माओवादीले घरबाट बाहिर निकाली उनको ताला लगाए। घरमा ताला लगाएपछि शाहका परिवार छिमेकीको भरमा शरण लिएका थिए। निर्विरोध निर्वाचित शाहले वडाध्यक्षको पदबाट राजिनामा दिएपछि इन्सेक स्याङ्जा जिल्ला प्रतिनिधिको पहलमा माघ २२ गते ताला खोलिएको थियो।

पुतलीबजार नपा-११ निवासी ३५ वर्षीय राजेन्द्र कोइरालाको घरमा नगर निर्वाचनमा भाग लिई वडाध्यक्ष पदमा उठेको भन्दै ०६२ माघ १७ गते माओवादीले उनकी पत्नी र छोराछोरीलाई घरबाट पनि उनले बाहिर निकाली ताला लगाए। सोही दिन पुतलीबजार नपा-६ निवासी ३७ वर्षीय लोकबहादुर क्षेत्रीको घरमा नगर निर्वाचनमा भाग लिई वडाध्यक्ष पदमा उठेको भन्दै माओवादीले उनकी आमा, पत्नी र छोराछारीलाई घरबाट बाहिर निकाली ताला लगाएका थिए। उनीहरू दुवैजनाले वडाध्यक्षको पदबाट राजिनामा दिएपछि माघ २४ गते ताला खोलिएको थियो।

राज्यबाट

तत्कालीन शाही नेपाली सेनाले चित्रेभञ्ज्याङ्ग गाविस-३ निवासी ३५ वर्षीय उजेली विकलाई उनको पति माओवादी भएको र परिवारले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ माघ ३ गते उनको पसलबाट चार लाख रूपैयाँ बराबरको भौतिक सामाग्री कब्जा गरी लगे। उक्त सामान सेनाको पश्चिम पृतना, पोखराबाट ०६३ जेठ ८ गते उजेली विकको जिम्मामा फिर्ता गरे।

भूमिहीन सुकुमवासी

यस जिल्लामा मुख्य गरी माझी जातीको भूमि छैन। परम्परागत ढंगले माछा मारी जीवन यापन गर्दछन्। बाँके, सुर्खेत, दाङ, सल्यान घर बताउने मुक्त कमैयाहरू बेला बेलामा आँधीखोलाको किनारमा १०-१५ दिन पाल टागी बस्ने गर्दछन्। यस जिल्लामा समान काममा कामदार पुरुष र महिलाको ज्यालादारीमा भिन्नता छ। पुरुषले भवन निर्माणका कामहरूमा दैनिक १८० रूपैया दिइन्छ भने महिलाले १४० रूपैया मात्र पाउँछिन्।

विगतको अनुगमन

सुरक्षाकर्मीले माओवादीको आरोपमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी की जिल्ला सचिव थुमपोखरा गाविस -८ निवासी २४ वर्षीय कल्पना अर्याल र जिल्ला कोषाध्यक्ष आरुखर्क गाविस-७ निवासी २३ वर्षीय लक्ष्मी पौडेललाई फापरथुम गाविस-२ जीवन गुरुङको घरबाट सुरक्षाकर्मीले ०६० भदौ १२ गते गिरफ्तार गरेकोमा ०६३ वैशाख २१ गते कास्की कारागार शाखाबाट रिहा गरे।

निबुवाखर्क गाविस-३ निवासी ४९ वर्षीय रामचन्द्र ढकालले सुराकी गरेको आरोपमा ०६१ साउन २८ गतेदेखि माओवादीले उनको घरमा तालाबन्दी गरेकोमा ०६२ फागुन २६ गते खुला गरे।

चिसापानी गाविस-६ निवासी ३२ वर्षीय माओवादी जिल्ला कार्य समितिका सदस्य ओम भनिने परशुराम शर्मालाई सुरक्षाकर्मीले सोही गाविस-५ बाट ०६० चैत ६ गते बिहान गिरफ्तार गरेकोमा ०६२ चैत १७ गते रिहा भए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कालिकाकोट गाविस-१ निवासी १७ वर्षीय हरि डुम्रे, चाङ्गसिङ गाविस निवासी टीकाराम आले, श्रीकृष्णगण्डकी गाविस-९ निवासी १४ वर्षीय रमेश भट्टराई रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना रहेका छन्। यसरी बेपत्ता पारिएकामा फापरथुम गाविस-३ निवासी सशस्त्र प्रहरी हवल्दार राजेन्द्र ढकाल रहेका छन्।

३.५ कास्की



जनसंख्या	: ४,२२,४९९
साक्षरता प्रतिशत	: ७१.९
महिला साक्षरता प्रतिशत	: ६१.५
क्षेत्रफल (वर्ग कि. मि.)	: २०१७
गाविस/नपा संख्या	: ४३/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५५९
क्याम्पस/उच्च मावि	: १३/४८
अस्पताल/स्वास्थ्य चौकी	: ५/५०
टेलिफोन लाइन	: २२५५६
मोटर सडक (कि. मि.)	: ४०५
प्रहरी कार्यालय संख्या	: ११
हुलाक संख्या	: ५१
मानव विकास सूचकाङ्क	: ०.५५०
प्रति परिवार सरदर संख्या	: ४.९६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपमा बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

तनहुँ जिल्ला पुर्कोट गाविस निवासी माओवादी कम्पनी कमाण्डर अटल भनिने मदन पौडेल र सिद्ध गाविस निवासी माओवादी कम्पनी कमाण्डर नरेश भनिने २४ वर्षीय तीर्थ भुजेललाई ०६२ माघ २८ गते राति सुरक्षाकर्मीले पोखरा उमनपा वैदामस्थित स्पोर्टस होटलमा गोली हानी हत्या गरे।

दोलखा जिल्ला निवासी माओवादी कार्यकर्ता विप्लव भनिने ३२ वर्षीय बद्री खड्काको लेखनाथ नपा-७ सिशुवाचोक स्थित ज्यामीरे कुनामा ०६२ फागुन २१ गते दिउँसो सादा पोसाकका सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते बनाएकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचारका क्रममा उनको फागुन २२ गते बिहान मृत्यु भयो।

काभ्रे जिल्ला निवासी पोखरा उमनपा-९ पृथ्वीचोकमा साइबर सञ्चालन गरी बस्ने ३६ वर्षीय भीमसेन दाहाललाई ०६२ चैत २६ गते दिउँसो पोखरा उमनपा-९ स्थित महेन्द्रपुलमा सेनाले गोली हानी हत्या गरे। सातदलले आह्वान गरेको आमहड्तालको तेस्रो दिन शान्तिपूर्ण जुलुस प्रर्दशनका क्रममा नेपाल टेलिकम पोखराको सुरक्षार्थ सेन्ट्रीमा बसेका सैनिक प्यूठ रविराज बुढाथोकीले प्रर्दशनकारीमाथि एक्कासी प्रहार गरेको गोली दाहालको टाउकोमा लागेर उनको घटनास्थलमै मृत्यु भएको थियो। दाहालको लास हेलिकोप्टरबाट काभ्रे पुऱ्याई दाहासंस्कार गरिएको थियो। उक्त घटनामा सेनाले प्रहार गरेको गोलीबाट अनेरास्ववियु कास्कीका सचिवालय सदस्य गंगाधर बराल, विद्यार्थी रोशन गुरुङ्ग, मिलन लम्साल घाइते भए। उनीहरूको टाउको, खुट्टा र पिठ्यूँमा गोली लागेको थियो । पीडितहरूको स्थानीय अस्पतालमा उपचार भयो।

गोली /बम/ विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

पोखरा उमनपा-९ सभागृहचोकमा नगरनिर्वाचनको विरोध गर्दै सडकमा उत्रिएका आन्दोलनकारीमाथि ०६२ माघ १३ गते दिउँसो सुरक्षाकर्मीले प्रहार गरेको गोली र ढुङ्गाबाट एक सर्वसाधारणसहित चारजना घाइते भए। पोखरा उमनपा-५ मासबार निवासी २५ वर्षीय सर्वसाधारण वासुदेव बराल दायाँ खुट्टाको पैतलामा एउटा गोली लागि घाइते भए। उक्त घटनामा सुरक्षाकर्मीले प्रहार गरेको ढुङ्गाबाट एमाले कार्यकर्ता ४६ वर्षीय वासुदेव त्रिपाठी, पर्वत जिल्ला निवासी २५ वर्षीय अनमोल क्षेत्री र लामाचौर निवासी २० वर्षीय अर्जुन अधिकारी घाइते भए। घाइतेमध्ये त्रिपाठीको टाउकोमा गहिरो चोट लागेको थियो भने अन्यको घुँडा र तिघ्रामा चोट लागेको थियो। पीडितहरूको फेवासिटी अस्पतालमा उपचार भयो।

पोखरा उमनपा-६ हलनचोक निवासी २८ वर्षीय शान्ति पहारी र ३५ वर्षीय रुद्रनाथ पहारी ०६२ चैत २७ गते प्रहरीले हल्लनचोक स्थित खहरेमा चलाएको गोली लागि घाइते भए। पीडितहरूको स्थानीय अस्पतालमा उपचार भयो।

पोखराको चिप्लेढुङ्गामा ०६२ चैत २९ गते बिहान प्रहरीले गोली चलाउँदा शिवालयचोक निवासी ३० वर्षीया पार्वती पौडेल र ३२ वर्षीय विष्णु भट्टराई घाइते भए। पौडेलको बाँया पिठ्यूँमा एक गोली र भट्टराईको बायाँ हातको नाडिमा गोली लागेको थियो। पीडितहरूको पोखरास्थित फिस्टेल अस्पतालमा उपचार भयो।

माओवादीबाट

पोखरा उमनपा-१७ निवासी ४ वर्षीय बालक

खेमराज बराल, सोही ठाउँ निवासी २० वर्षीया तारा शाही, ४० वर्षीय दिलकुमारी कार्की, ३५ वर्षीया शान्ति गुरुङ्ग र पुम्दीभुम्दी गाविस-१ निवासी ५९ वर्षीय रुद्रबहादुर विक ०६२ फागुन १३ गते साँझ माओवादीले पोखरा उमनपा-१७ छोरेपाटन स्थित बेलघारीचोकमा बम विस्फोट गराउँदा घाइते भए। घाइतेमध्ये बालक बरालको दायाँ खुट्टाको गोलीगाँठोमा गहिरो चोट लागेको थियो भने रुद्रबहादुरको टाउको र काँधमा, शान्तिको दुवै खुट्टा तथा ताराको पिठ्यूँ र बायाँ खुट्टामा र दिलकुमारीको बायाँतर्फ घाँटीमा चोट लागेको थियो। घाइतेहरूमध्ये चारजनाको फेवासिटी अस्पताल र रुद्रबहादुरको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

लेखनाथ नपा-११ मोहोरियामा ०६२ माघ २० गते माओवादीले गराएको बम विस्फोटबाट सोही ठाउँ निवासी डायमण्ड आवासीय माविका कर्मचारी ३६ वर्षीय भीम सुवेदी घाइते भए। घाइते सुवेदीको स्थानीय लेखनाथ लायन्स अस्पतालमा उपचार भयो।

पोखरा उपमनपा- ६ राष्ट्रबैकचोकस्थित पश्चिम क्षेत्रीय प्रहरी गण अगाडि सडकमा ०६२ फागुन २० गते दिउँसो माओवादीले प्रहार गरेको गोलीबाट स्याङ्जा जिल्ला ओरष्टे निवासी सई २५ वर्षीय कमलकान्त पोखरेल घाइते भए। उनको छातीमा गोली लागेकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचारपश्चात् थप उपचारका लागि काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पतालमा लगियो। गण अगाडि मोटरसाइकलमा आएका दुई माओवादीले पोखरेलमाथि गोली प्रहार गरेका थिए। उक्त घटनापछि नेपाल राष्ट्रबैंकको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले अन्धाधुन्ध गोली प्रहार गर्दा बैंक अगाडि रहेको विमला होटलका सञ्चालक ४६ वर्षीय रामकुमार श्रेष्ठ र पोखरा उमनपा-९ निवासी २१ वर्षीया वृन्दा गुरुङ्ग घाइते भए। घाइते श्रेष्ठको दायाँ हात भाँचियो भने गुरुङ्गको पेटमा गोली लागेको थियो। पीडितहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

सार्दीखोला गाविस-१ स्थित बाँझखेत निवासी केशव गौतमको घरमा माओवादीले भण्डार गरिराखेको बम ०६३ कात्तिक ७ गते दिउँसो अचानक विस्फोट हुँदा छजना घाइते भए। घाइते हुनेहरूमा सार्दीखोला गाविस-१ निवासी १८ वर्षीय रामचन्द्र विक, पुरनचौर गाविस-१ निवासी २३ वर्षीय विष्णुप्रसाद गौतम, सोही ठाउँ निवासी २३ वर्षीय यामप्रसाद गौतम, १३ वर्षीय भरतराज गौतम, ३४ वर्षीय पुष्पराज गौतम र १२ वर्षीय खगराज गौतम थिए। घाइते सबैजनाको खुट्टामा चोट लागेको थियो। घाइते हुनेमध्ये बालक खगराज बाहेक अन्य सबै माओवादी जनमिलिसिया हुन्। पीडितहरूको मणिपाल अस्पताल पोखरामा माओवादीको आर्थिक सहयोगमा उपचार भयो।

जेल र बन्दी

कास्की जिल्लामा रहेको जेल 'ग' श्रेणीमा पर्दछ। महिला तथा पुरुष गरी कूल ६० जना बन्दीहरूको क्षमता रहको कास्की जेलमा यस वर्षको अन्त्यसम्म १९ जना महिला, १ सय ४० जना पुरुष र २ आश्रित नाबालक गरी १ सय ६१ जना विभिन्न फौजदारी अभियोगका बन्दीहरू थुनामा छन्। माओवादी भएको आरोपमा गिरफ्तार गरी आस्थाका बन्दीका रूपमा बन्दी जीवन बिताइरहेका बन्दीहरूलाई ०६२/०६३ को जनआन्दोलनपछि सरकारले रिहा गऱ्यो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१					३	४			४
घाइते					६	३३	७	३०	७	१५	४		१९
गिरफ्तारी/यातना									४३	१२४	१३		१३७
बेपत्ता									१	१			१
कुटपिट	१	१		१	३	६	१	७	३	३			३
धम्की					३	३		३					
भेला/संगठित हुने अधिकार									१५	१७		७५७	७७४
महिलाअधिकार	३		३	३									
बालअधिकार	३		५	५									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३		३					
अपहरण					१४	३५	८	४३					
जम्मा	७	३	७	९	३९	७०	१६	८६	७२	१६४	१७	७५७	९३८

बेपत्ता/अपहरण

माओवादीबाट

मकवानपुर जिल्ला हटिया चिसापानी गाविस-९ निवासी डोजर चालक २६ वर्षीय राजकुमार विक र सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-६ निवासी हेल्पर २० वर्षीय केशव कार्कीलाई लेखनाथ नपा-१५ स्थित कोत्रेबाट ०६२ माघ २१ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई ०६२ माघ २९ गते माओवादीले मानवअधिकारकर्मीको रोहबरमा लेखनाथ नपाबाट मुक्त गरे ।

कालिका गाविस-१ लामाश्वारा निवासी २६ वर्षीय नारायणराज तिमिल्सिना र उनकी २२ वर्षीय पत्नी कोपिला तिमिल्सिनालाई ०६२ चैत ६ गते बिहान माओवादीले कालिका गाविस-१ घरबाटै अपहरण गरे। माओवादीले कोपिलालाई सोही दिन मुक्त गरे भने नारायणराजलाई ०६२ चैत १० गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे ।

उदयपुर जिल्ला निवासी २४ वर्षीय पासाङ्ग तामाङ र स्याङ्जा जिल्ला बयरघारी निवासी २१ वर्षीय राहुल केसीलाई ०६३ जेठ १३ गते बेलुका माओवादीले पोखरा उमनपा-३ तेर्सापट्टिबाट अपहरण गरे। नक्कली माओवादी बनी सर्वसाधारण जनतालाई दु:ख दिँदै धम्कीपूर्ण तरिकाले चन्दा संकलन गर्दै हिँडेको आरोपमा अपहरित दुवैजनालाई माओवादीले तीन महिनाको श्रम शिविरमा पठाएकोमा उनीहरू ०६३ भदौ १३ गते मुक्त भए।

ल्वाङघलेल गाविस-९ निवासी पश्चिम क्षेत्रीय प्रहरी गणमा कार्यरत प्रहरी परिचर ३० वर्षीय प्रेमबहादुर गुरुङलाई ०६३ असार ६ गते माओवादीले पोखरा उमनपा-९ बसपार्कबाट अपहरण गरे। नक्कली माओवादी बनी चन्दा संकलन गर्दै सर्वसाधारणलाई धम्क्याउँदै हिँडेको आरोपमा अपहरित गुरुङलाई असार ७ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा मुक्त गरे।

पोखरा उमनपा-६ लेकसाइड निवासी नमस्ते डान्स क्लबका सञ्चालक ३५ वर्षीय ईश्वर गुरुङलाई ०६३ कात्तिक १५ गते बेलुका माओवादी निकटको अनेमसंघ (क्रान्तिकारी) र अखिल नेपाल ट्रेड युनियन महासंघका कार्यकर्ताले यौन दुराचार र मजदुरको श्रम शोषण गरेको आरोपमा नमस्ते क्लबबाट अपहरण गरे। गुरुङलाई ०६३ कात्तिक १६ गते माओवादीले पोखरा उमनपा-६ हल्लनचोक लेकसाइडमा सार्वजनिक गरी मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

हंसपुर गाविस-४ निवासी आठजना युवालाई ०६३ कात्तिक ३० गते माओवादीले घरबाटै अपहरण गरे। अपहरणमा परेका रामबहादुर विक, अर्जुन विक, सन्तबहादुर विक, यमबहादुर विक, सन्तोष कुमार विक, भीम नेपाली सुरेश विक र अंगत विक रहेकोमा उनीहरू ०६३ मंसिर ३ गते माओवादीको नियन्त्रणबाट भागेर घर फर्किए।



सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरिएका भिमसेन दाहाल

थुमाकोडाँडा गाविस निवासी नेकाँ थुमाकोडाँडा गाउँ इकाई सभापति ४० वर्षीय मनबहादुर गुरुङलाई ०६३ पुस १३ गते माओवादीले याङ्जाकोटस्थित घरबाट अपहरण गरे। आर्थिक अनियमितता र भ्रष्टाचार गरेको आरोपमा माओवादीले गुरुङलाई ०६३ पुस १७ गते अनुसन्धानपछि परिवारको जिम्मामा भाचोक भन्ने स्थानबाट मुक्त गरे।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

राज्यबाट

हंसपुर गाविस-६ धारापानी निवासी ४१ वर्षीय वामदेव सुवेदीलाई ०६२ फागुन १६ गते सादा पोसाकका सुरक्षाकर्मीले सुवेदीकै घरमा आई कुटपिट गरे ।

पोखरा उमनपा-६ हल्लनचोक खहरे निवासी अनेरास्वविyुका जिल्ला सदस्य २१ वर्षीय सूर्य भण्डारीलाई ०६३ वैशाख १० गते राति सेनाका जवानले कुटपिट गरे।

माओवादीबाट

सराङ्कोट गाविस-९ सुकुमबासीटोल निवासी ६५ वर्षीय खुसीमाया गुरुङलाई ०६३ जेठ १८ गते राति माओवादीले घरमै आई कुटपिट गरी दायाँ खुट्टा भाँचिदिए। पीडितको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

कालिका गाविस-३ विमिरापानी निवासी ४६ वर्षीय कृष्णप्रसाद पौडेलले चोरी गरेको आरोपमा ०६३ साउन १ गते बिहान माओवादीले उनलाई स्थानीय जनज्योति माध्यमिक विद्यालयको नवनिर्मित भवनको कक्षाकोठामा लगि चरम यातना दिए। माओवादीको यातना र कुटपिटबाट पौडेलको दायाँ कानको जालीसमेत फुट्यो।

गैरकानुनी गिरफ्तारी

स्याङ्जा जिल्ला मर्‍यामचिसापानी गाविस-५ निवासी विशाल भनिने ४० वर्षीय राम क्षेत्री भण्डारीलाई ०६२ पुस

२४ गते शाही नेपाली सेनाले पोखरा उमनपा-९ सभागृहचोकबाट गिरफ्तार गऱ्यो। माओवादीको आरोपमा गिरफ्तार भण्डारीलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ वैशाख १३ गते रिहा गरियो।

चितवन जिल्ला जगतपुर निवासी पोखरा उमनपा-२ मोहोरियाटोलमा सुनचाँदी व्यवसाय गरी बस्ने ३२ वर्षीय भीमबहादुर विकलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ पुस २५ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। विक ०६२ माघ ३ गते साँझ अनुसन्धानपछि आफन्त डम्बरबहादुर विकको जिम्मामा तारेखमा रिहा भए।

चितवन जिल्ला टाँडी निवासी २० वर्षीय राजकुमार गुरुङलाई ०६२ पुस २४ गते सुरक्षाकर्मीले ग १ ज २५११ नं. ट्याक्सी सहित पोखरा उमनपा-९ सभागृहचोकबाट गिरफ्तार गरे। माओवादीलाई सहयोग गरेको अभियोगमा गिरफ्तार परेका गुरुङलाई अनुसन्धानपछि ०६२ पुस २९ गते जिल्ला प्रहरी कार्यालयबाट आफन्तको जिम्मामा रिहा गरियो।

चितवन जिल्ला गितानगर गाविस निवासी पोखरा उमनपा-१ बगरमा किराना पसल गरी बस्ने ४१ वर्षीय हरिबहादुर भुजेललाई ०६२ माघ ६ गते राति घरमा सुतिरहेको अवस्थामा सशस्त्र सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई माओवादीको आशंकामा गिरफ्तार गरी कारागारमा थुनामा राखिएकोमा ०६२ फागुन ४ गते रिहा गरियो।

स्याङ्जा जिल्ला थुमपोखरा गाविस निवासी २२ वर्षीय शिव भनिने हरिप्रसाद पौडेल र तनहुँ जिल्ला भिर्कोट गाविस निवासी २४ वर्षीय निशान भनिने विनोद घिमिरेलाई पोखरा उमनपा-१० बुद्धचोकबाट ०६२ माघ ६ गते साझ सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार दुवैजनालाई कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

पोखरा उमनपा-१ बगर निवासी सराङकोट गाविस-९ स्थित सृजना प्राथमिक विद्यालयका शिक्षक ४० वर्षीय डिल्लीराम अधिकारीलाई ०६२ माघ ७ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार अधिकारीलाई कारागारमा थुनामा राखिएकोमा ०६२ फागुन ४ गते रिहा गरियो।

धादिङ जिल्ला निवासी ट्याक्सी चालक २५ वर्षीय रामचन्द्र पाण्डेलाई ०६२ माघ १० गते प्रहरीले पोखरा उमनपा-१७ महतगौडाबाट उनले माओवादीलाई सहयोग गरेको आरोपमा ग १ ज २३८६ नम्बरको ट्याक्सीसहित गिरफ्तार गरे। ट्याक्सी चालक पाण्डेलाई वडा प्रहरी कार्यालय, बगरमा थुनामा राखिएकोमा उनका दाजु राजन पाण्डेको जिम्मामा ट्याक्सीसहित ०६२ फागुन ९ गते तारेखमा रिहा गरियो।



प्रहरीद्वारा गोली हानी घाइते पारिएका रुद्रनाथ पहारी

चितवन जिल्ला भरतपुर निवासी २४ वर्षीय गीता भनिने शर्मिला विकलाई ०६२ माघ १६ गते पोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार विकलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए ।

गोरखा जिल्ला करौजा गाविस निवासी २५ वर्षीय सरोज भनिने नीमा गुरुङलाई ०६२ माघ १७ गते पोखरा उमनपा-१७ विरौटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार गुरुङलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भइन्।

लमजुङ्ग जिल्ला भोर्लेटार गाविस निवासी २४ वर्षीय विवेक भनिने रामचन्द्र पौडेल र रोल्पा जिल्लाको जंगकोट गाविस-२ निवासी २८ वर्षीय ज्वाला भनिने देवबहादुर बुढालाई ०६२ माघ १८ गते पोखरा उमनपा-८ एयरपोर्ट स्थित होटल अन्नपूर्णबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशङ्कामा गिरफ्तार दुवैजनालाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

गोरखा जिल्ला आँपपिपल निवासी ३४ वर्षीय रेशमबहादुर बल्कुटीलाई ०६२ माघ २४ गते राति पोखरा उमनपा- १५ नयाँगाँउबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार बल्कुटीलाई शाही नेपाली सेनाको ३ नं. बाहिनी विजयपुर व्यारेकमा राखिएकोमा अनुसन्धानपछि ०६२ माघ २६ गते जिल्ला प्रहरी कार्यालय, कास्कीबाट रिहा भए ।



सुरक्षाकर्मीद्वारा गोली हानी घाइते पारिएका शान्ति पहारी

तनहुँ जिल्ला राइपुर गाविस-२ अलैची निवासी कृष्णप्रसाद रेग्मीलाई ०६२ माघ २६ गते लेखनाथ नपा-१३ सैनिकबस्तीबाट सुरक्षाजाँचका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। रेग्मीलाई छानबिनपछि ०६२ माघ २७ गते दिउँसो उनका दाजु टीका रेग्मीको जिम्मामा रिहा गरियो।

तनहुँ जिल्ला कोटा गाविस निवासी माओवादी कार्यकर्ता आनन्द भनिने २४ वर्षीय गुमबहादुर विकलाई ०६२ माघ २७ गते बिहान पोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार विकलाई कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए ।

लम्जुङ जिल्ला चक्रतीर्थ गाविस निवासी माओवादी कायकर्ता २७ वर्षीय दिलबहादुर अछामीलाई ०६२ माघ २७ गते पोखरा उमनपा-१७ विरौटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि सेनाको पश्चिम पृतना, पोखरामा राखिएका अछामीलाई गस्तीका क्रममा सेनाले माओवादीलाई सर्च गर्न लगेको बेला भरतपोखरी गाविसको बहुमाराबाट सोही दिन सुरक्षा घेरा तोडी फरार भए । अछामी पार्टीको सम्पर्कमा रहेको माओवादीले जनायो।

हुम्ला जिल्ला मिमी गाविस-५ निवासी रतनबहादुर बुढा र सुर्खेत जिल्ला निवासी नवेन्द्रबहादुर शाहीलाई ०६२ फागुन ३ गते दिउँसो सुरक्षाकर्मीले भरतपोखरी गाविसको बहुमारा भन्ने स्थानबाट गिरफ्तार गरे। दुवैजनालाई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा ०६२ चैत २२ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहबर रिहा गरियो ।

सिद्ध गाविस-३ फैचोक निवासी २० वर्षीय अमरदीप पराजुली, २० वर्षीय प्रतिभा पराजुली र गोरखा जिल्ला निवासी विष्णु प्रधानलाई माओवादीको भए आरोपमा पोखरा उमनपा-९ न्यूरोडस्थित पद्म नर्सिङ होमबाट सुरक्षाकर्मीले ०६२ फागुन १८ गते साँझ गिरफ्तार गरे। उनीहरूलाई पद्म नर्सिङ होममा उपचार गराइरहेको अवस्थामा शाही नेपाली सेनाले गिरफ्तार गरेको हो। गिरफ्तारमध्ये प्रतिभालाई ०६२ चैत १३ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो भने अन्य दुईजनालाई थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

हंसपुर गाविस-७ निवासी २१ वर्षीय रमेश न्यौपानेलाई ०६२ फागुन १६ गते सर्चमा गएको संयुक्त सुरक्षाफौजको टोलीले माओवादीको आशंकामा हंसपुर गाविस-६ धारापानी भन्ने स्थानबाट गिरफ्तार गरे। गिरफ्तारपछि शाही नेपाली सेनाको पश्चिम पृतना, पोखरामा राखिएका न्यौपाने अनुसन्धानपछि फागुन १७ गते रिहा भए।

सल्यान जिल्ला माझकोट गाविस निवासी २३ वर्षीय कैलाश भनिने नरबहादुर पुन: स्याङ्जा जिल्ला ओरप्टे निवासी १६ वर्षीय छितिज उपनामका आनन्द पोखरेल र सोही जिल्ला विरुवाअर्चले गाविस निवासी शीतल भनिने २१ वर्षीय करणकुमार वाग्लेलाई ०६२ फागुन १६ गते हंसपुर गाविसको तालवेसी भन्ने स्थानबाट सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। गिरफ्तार पछि पोखरेललाई शाही नेपाली सेनाको पश्चिम पृतना, पोखरामा राखिएकोमा ०६३ वैशाख १९ गते आफन्तको जिम्मामा र अन्य दुईजनालाई जिल्ला कारागार शाखा कास्कीमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए ।

पर्वत जिल्ला धाइरिङ्ग गाविस निवासी पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा प्रविणता प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययनरत २० वर्षीय लोकनाथ आचार्यलाई ०६२ फागुन २५ गते सुरक्षाकर्मीले क्याम्पसगेटबाट गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार गरिएका आचार्य ०६२ चैत ३० गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भए।

दैलेख जिल्ला नौमुले गाविस निवासी माओवादी कार्यकर्ता २५ वर्षीय रितु भनिने जसबहादुर सलामीमगरलाई ०६२ चैत ९ गते कास्कीको पुम्दीभुम्दी गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार मगर ०६३ जेठ ३० गते कारागारबाट रिहा भए।

सराङकोट गाविस निवासी २१ वर्षीय टेकराज पौडेललाई ०६२ चैत १५ गते बिहान पोखरा उमनपा-२ मिरुवाबाट सुरक्षाकर्मीले माओवादीको आशङ्कामा बाटोमा हिडिरहेको अवस्थामा गिरफ्तार गरे। गिरफ्तार पछि जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा अनुसन्धान पछि सोही दिन साँझ रिहा भए ।

सुर्खेत जिल्ला दोल्लीगडी गाविस निवासी हेमन्त भनिने गणेशबहादुर पौडेललाई ०६२ चैत १७ गते पोखरा उमनपा-३ नदीपुरबाट सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। गिरफ्तारपछि कारागारमा थुनामा राखिएका पौडेल ०६३ जेठ ३० गते प्रशासनको आदेशमा रिहा भए।

घान्द्रुक गाविस-२ निवासी १४ वर्षीय कमल विकलाई ०६२ चैत ३१ गते सुरक्षाकर्मीले पोखरा उपत्यकाबाट गिरफ्तार गरे। माओवादीको आशंकामा भन्दै गिरफ्तार गरिएका विक जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान पछि ०६३ वैशाख ३ गते बाबुको जिम्मामा रिहा भए।

भाचोक गाविस-७ मकैखोला निवासी १६ वर्षीय कुमार परियारलाई ०६३ वैशाख ३ गते पोखरा १४ चाउथे भन्ने स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। परियारलाई सेनाले माओवादीको आशंकामा गिरफ्तार गरेकोमा जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धानपछि ०६३ वैशाख २५ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा रिहा गरियो।



माओवादीले गराएको बम विस्फोटमा परी घाइते भएकी दिलकुमारी कार्की

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पुम्दीभुम्दी गाविस-१ कालिमाटी निवासी २३ वर्षीय प्रकाशबहादुर बरााललाई ०६२ पुस २१ गते बिहान सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार बरााललाई छ महिनाको पुर्जी दिएर जिल्ला प्रशासन कार्यालयले नजरबन्दमा राखेकोमा ०६२ चैत २१ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

धम्पुस गाविस-३ निवासी २५ वर्षीय टेकराज भण्डारीलाई ०६२ पुस २२ गते पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पस गेट अगाडिबाट सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार भण्डारीलाई जिल्ला प्रशासन कार्यालयले छ महिनाको पुर्जी दिएर नजरबन्दमा राखेकोमा ०६२ फागुन २ गते रिहा भए।

कपिलवस्तु जिल्ला गजेहदा गाविस-१ निवासी पृथ्वीनारायण क्याम्पसमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत नेत्रहीन विद्यार्थी चिरञ्जीवी पौडेललाई ०६२ पुस २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पौडेललाई माओवादी भएको आरोपमा गिरफ्तार गरिएकोमा पुस २३ गते सेनाको पश्चिम पृतनाबाट रिहा भए।

गोरखा जिल्ला निवासी अखिल क्रान्तिकारी कास्कीका उपाध्यक्ष २१ वर्षीय पवन भनिने कुमार तिवारीलाई पोखरा उमनपा-९ सभागृहचोकबाट ०६२ पुस २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि तिवारीलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

नगर निर्वाचन विरुद्ध राजनीतिक दल तथा विद्यार्थी संगठनहरूले ०६२ माघ १२ गते पोखरा उमनपा-९ स्थित सभागृहचोकमा गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी एमालेका वैकल्पिक केन्द्रीय सदस्य तुलबहादुर गुरुङ्ग, नगर सचिव मदनकाजी श्रेष्ठ, गण्डकी अञ्चल सदस्य रामराज रेग्मीलगायत् २३ जनालाई गिरफ्तार गरे। गिरफ्तारमध्ये वेदहरि सुवेदी हरिप्रसाद पौडेल, हितेन्द्र गुरुङ, भेषराज पराजुली, कृष्ण कार्की र अर्जुन सुनार ०६२ माघ १४ गते रिहा भए। अन्यलाई तीन महिने पुर्जी दिएर थुनामा राखिएकोमा तुलबहादुर गुरुङ ०६२ फागुन १० गते पोषनाथ शर्मा ०६२ फागुन १६ गते, रामराज रेग्मी, राजेन्द्र अधिकारी र शंकर बराल ०६२ फागुन ४ गते हरि केसी र अन्य ०६२ माघ ३० गते रिहा भए।

नेपाल तरुण दलका केन्द्रीय सदस्य बिन्दा रानालाई ०६२ माघ १२ गते सुरक्षाकर्मीले पोखरा उमनपा-९ सभागृहचोकबाट गिरफ्तार गरे। तत्कालीन गृहमन्त्री कमल थापासहितका चारजना मन्त्रीलाई विरोधस्वरुप कालो झण्डा देखाएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखेकोमा राना ०६२ माघ १३ गते रिहा भइन्।

पोखरा उमनपा-९ पृथ्वीचोकमा आयोजित प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी ०६२ माघ १३ गते एमालेका उपसचिव श्रीनाथ बराल, नेकाँ (प्रजातान्त्रिक)का सभापति सोभियतबहादुर अधिकारी, प्रारायुसंघका केन्द्रीय सदस्य राजीव पहारीलगायत्का २६ जना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरे। थुनामा राखिएकामध्ये वेदबहादुर गुरुङ ०६२ माघ १५ गते पुनरावेदन अदालतको आदेशमा बन्दीप्रत्यक्षीकरणको रिटबाट रिहा भए भने राजीव पहारी, आकाश गौतम ०६२ माघ ३० गते स्थानीय प्रशासनको आदेशमा, ऋषिराम काफ्ले, रामप्रसाद अधिकारी, इमानसिंह गुरुङ, नरबहादुर केसी, रोमबहादुर कार्की, लिलाधर पौडेल, श्रीनाथ बराल, सोभियतबहादुर अधिकारी ०६२ फागुन ४ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

एमाले कास्की जिल्ला कमिटी सचिवालय सदस्य रवीन्द्र अधिकारीलाई ०६२ माघ १५ गते साँझ सादा पोसाकका प्रहरीहरूले पोखरा उमनपा-६ मालेपाटन स्थित घरबाट गिरफ्तार गरे। गिरफ्तारपछि तीन महिने पुर्जी दिएर थुनामा राखिएका अधिकारी ०६२ फागुन ४ गते पुनरावेदन अदालत, पोखराबाट रिहा भए।

अनेमसंघ केन्द्रीय सदस्य सिर्जना शर्मा, मित्रकुमारी सुवेदी, विष्णु कोइराला, शारदा पराजुली, नेपाल महिला संघकी केन्दीय सदस्य शारदा पौडेल र प्रजातान्त्रिक राष्ट्रिय युवा संघका जिल्ला सदस्य पद्मा बरााललाई पोखरा उमनपा-९ सभागृहचोकबाट ०६२ माघ १६ गते साँझ सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि प्रशासनले तीन महिने पुर्जी दिई थुनामा राखेकोमा ०६२ फागुन २ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए।

नेपाल तरुण दल, कास्कीका सचिव वेदहरि तिमिल्सिनालाई ०६३ माघ १५ गते पोखरा उमनपा-१ स्थित टुँडिखेलबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तारपछि तिमिल्सीनालाई तीन महिने पुर्जी दिई थुनामा राखिएकोमा ०६२ फागुन ४ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए।

पुम्दीभुम्दी गाविस निवासी नेकाँ (प्रजातान्त्रिक) का निवर्तमान जिल्ला सभापति खेमराज पौडेललाई ०६२ माघ १६ गते सुरक्षाकर्मीले महेन्द्रपुलमा औषधि लिन गएको बेला गिरफ्तार गरे। उनलाई ०६२ माघ १७ गते रिहा गरियो।

नेकाँ क्षेत्र नं ३ का सदस्य भवानीप्रसाद पौडेललाई ०६२ माघ १६ गते पोखरा उमनपा-१ बगरबाट साँझ सुरक्षाकर्मीले गिरफ्तार गरे। पौडेललाई आन्दोलनमा सहभागी भएको आरोपमा गिरफ्तार गरी थुनामा राखिएकोमा ०६२ फागुन २ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

नेकाँ पोखरा इकाई समिति-१२ का सभापति ३३ वर्षीय रामबहादुर कार्कीलाई ०६२ माघ १६ गते पोखरा

उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसगेट अगाडिबाट सुरक्षाकर्मीले साँझ गिरफ्तार गरे। गिरफ्तार कार्कीलाई तीन महिने थुनुवा पुर्जी दिएर थुनामा राखिएकोमा ०६२ फागुन २ गते बन्दीप्रत्यक्षीकरणको रिट मार्फत पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भए।

लेखनाथ नपा-३ निवासी नेकाँका सभापति यज्ञबहादुर थापालाई ०६२ माघ १७ गते बिहान लेखनाथ नपा-३ विजयपुरस्थित आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि तीन महिने पूर्जी दिई थुनामा राखिएका थापा ०६२ फागुन २५ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

सात दलद्वारा ०६२ माघ १९ गते पोखरा उमनपा-९ सभागृहचोक र पृथ्वीचोकमा आयोजित विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेकाँका नेता तथा पूर्व राज्यमन्त्री महादेव गुरुङ, नेपाल ट्रेड युनियन काँग्रेसका पश्चिमाञ्चल क्षेत्रीय उपाध्यक्ष रामजी कुँवर, एमालेका जिल्ला सदस्य शालिकग्राम पौडेललगायत २६ जना नेता तथा कार्यकर्ता गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीन महिने थुनुवा पूर्जी दिएर थुनामा राखिएकोमा नेपाल विद्यार्थी संघका नवराज वाग्ले, हेमराज अधिकारी, शालिकराम सापकोटा, लेखनाथ पौडेल, मोहन बन्जरा, सूर्य घिमिरे बीरबहादुर शाही ०६२ माघ ३० गते रिहा भए। यसैगरी एमालेका डण्डपाणि आचार्य, हेमकुमार श्रेष्ठ, कृष्ण नेपाली, डम्बर रानाभाट, शालिग्राम पौडेल, गोविन्द पौडेल, नेकाँका नवीनबाबु पौडेल, माधव बाँस्तोला, रामजी कुँवर, कृष्ण कार्की, विष्णुहरि बराल, नेकाँ (प्रजातान्त्रिक) का नन्दप्रसाद तिवारी, मुक्तिराम अधिकारी, रामप्रसाद अधिकारी पुनरावेदन अदालतको आदेशमा ०६२ फागुन ४ गते रिहा भए। नेकाँका नेत्रपाणी न्यौपाने ०६२ फागुन २, मुक्ति केसी, टेकबहादुर कार्की र हरि लामिछाने ०६२ फागुन ११ गते स्थानीय प्रशासको आदेशमा रिहा भए। त्यसैगरी महादेव गुरुङ ०६३ वैशाख ११ गते स्थानीय प्रशासनको आदेशमा जिल्ला कारागारबाट रिहा भए।

एमालेका केन्द्रीय सदस्य एवम् गण्डकी अञ्चल इन्चार्ज त्रिलोचन ढकाललाई ०६२ माघ २० गते साँझ सादा पोसाकका सुरक्षाकर्मीले पोखरा-९ नयाँबजारबाट गिरफ्तार गरे । गिरफ्तारपछि तीन महिने पुर्जी दिई थुनामा राखिएकोमा ०६२ फागुन १० गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

गिरफ्तार गरिएका दलका नेता तथा विद्यार्थीहरूको रिहाइको माग गर्दै ०६२ माघ २१ गते दिउँसो अनेरास्वियुले पोखरामा निकालेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी पोखरा उमनपा-२ विन्ध्यवासिनीबाट सुधीरकुमार पौडेल, शिवजी गुरुङलगायत ११ जना विद्यार्थीलाई गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीन महिने पुर्जी दिएर थुनामा राखिएकोमा



माओवादीद्वारा भण्डार गरी राखिएको बम विस्फोट हुँदा घाइते भएका रामचन्द्र विक

०६२ माघ ३० गते स्थानीय प्रशासनको आदेशमा जिल्ला अदातलबाट रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ५८ मुद्दा तथा यस वर्ष दर्ता १ सय ३६ गरी ४ सय ९४ देवानी मुद्दा मध्ये ९२ मुद्दा फर्स्यौट भई ४ सय २ ओटा मुद्दा बाँकी रहे। यसैगरी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका २ सय ३८ र नयाँ दर्ता १ सय ८० गरी ४ सय १८ मुद्दा मध्ये १ सय १९ फर्स्यौट भई २ सय ९९ ओटा मुद्दा बाँकी रहे।

पुनरावेदन अदालत, पोखरामा गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ९१ र यस वर्ष दर्ता ४८ गरी २ सय ३९, देवानी मुद्दामध्ये १ सय १६ फर्स्यौट भई १ सय २३ ओटा मुद्दा बाँकी रहे। त्यसैगरी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका ८८, नयाँ दर्ता ८५ गरी १ सय ७३ मुद्दामध्ये ८५ फर्स्यौट भई ८८ मुद्दा बाँकी रहे। त्यसैगरी विविध मुद्दातर्फ जिम्मेवारी सरेर आएका २०, नयाँ दर्ता १२ गरी कूल ३२ मध्ये २१ मुद्दा फर्स्यौट भई ११ ओटा मुद्दा बाँकी रहे।

बालअधिकार

लमजुङ जिल्ला घेर्मी गाविस-६ घर भई लेखनाथ नपा-१ नौबिसे निवासी ९ वर्षीया एक बालिकालाई ०६२ फागुन २४ गते दिउँसो धादिङ जिल्ला निलकण्ठ गाविस-६ घर भई लेखनाथ नपा-८ शिशुवा बस्ने २२ वर्षीय नानीराम श्रेष्ठले बलात्कार गरे। दिउँसो घरमा कोही नभएको समयमा पीडकले बालिकालाई २० रुपैयाँ दिएर जबरजस्ती बलात्कार गरेको पीडितकी आमाले बताइन्। पीडक जिल्ला प्रहरी कार्यालय कास्कीमा थुनामा छन् भने पीडित बालिकाको उक्त घटनापछि मानसिक सन्तुलन बिग्रँदै गएको पीडित पक्षले बताए।

पोखरा उमनपा-६ वैदाम निवासी ८ वर्षीया एक

बालिकालाई ०६३ असोज २२ गते स्याङ्जा जिल्ला एलादी गाविस-५ निवासी २३ वर्षीय जलबहादुर गुरुङले पोखरा उमनपा-१५ मा बलात्कार गरे। बालिकालाई ललाई फकाई लिएर गएका जलबहादुरले बलात्कार पछि सेती नदीमा फ्याँकेकोमा भीरमा अल्झिएर बालिका बाँच्न सफल भइन्। सोही घटनामा पीडित बालिकाका दाजुलाई पनि खोलामा फ्याँकिएकोमा पछि लास फेला परेको थियो। पीडक हाल जिल्ला प्रहरी कार्यालय कास्कीमा थुनामा छन्।

घाहाचोक गाविस-६ दौतरीपाटन निवासी १६ वर्षीय प्रकाश नेपालीलाई ०६३ कात्तिक २४ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादी सेनामा भर्ती गर्ने भनी अपहरण गरिएका सुस्त मनस्थितिका बालक नेपालीलाई ०६३ मंसिर २ गते माओवादीले पाल्पाको शिविरबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

घाहाचोक गाविस-६ निवासी मेघराज निमावि कक्षा ७ मा अध्ययनरत १५ वर्षीय कौशिला नेपाली र १२ वर्षीय गंगा नेपालीलाई ०६३ कात्तिक २८ गते माओवादीले घरबाट अपहरण गरे। माओवादीको सेनामा भर्ती गर्ने भनी अपहरण गरिएका बालिकालाई यो वर्षको अन्त्यसम्म मुक्त गरिएको छैन्।

घाहाचोक गाविस-८ निवासी १७ वर्षीया लालकुमारी नेपाली, १४ वर्षीया देवी नेपाली र १५ वर्षीया सुकमाया नेपालीलाई ०६३ कात्तिक २९ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादी सेनामा भर्ती गर्ने भनी अपहरण गरिएका बालबालिकालाई माओवादीको पाल्पास्थित शिविरतर्फ लगिएको बताइएको छ।

लेखनाथ नपा-१ सैनिकबस्ती निवासी जनप्रकाश उच्चमाविमा अध्ययनरत १७ वर्षीय प्रकाश पौडेललाई ०६३ कात्तिक २९ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले पौडेललाई अखिल क्रान्तिकारीले आफ्नो संगठनको सक्रिय कार्यकर्ता भएको जनाउँदै स्वत:स्फूर्तरुपमा पार्टीमा प्रवेश गरेको जनायो ।



माओवादीद्वारा भण्डार गरी राखिएको बम विस्फोट हुँदा घाइते भएका यामप्रसाद गौतम



माओवादीद्वारा भण्डार गरी राखिएको बम विस्फोट हुँदा घाइते भएका पुष्पराज गौतम

हंसपुर गाविस-५ र सोही गाविस-९ निवासी १६ जना युवा, विद्यार्थी र सर्वसाधारणलाई ०६३ मंसिर १ गते माओवादीले घरबाट अपहरण गरे। अपहरणमा पर्नेहरूमा राजकुमार विक, अशोक भुजेल, होमबहादुर विक, पूर्ण विकलगायत् १६ जना थिए। अभिभावकले जनमुक्ति सेनामा भर्ती गर्ने भनी जबरजस्ती अपहरण गरेको जनाए पनि माओवादीले भने उनीहरू स्वेच्छाले पार्टीमा प्रवेश गरेको जनायो।

आर्वाविजय गाविस-८ निवासी रतन पाण्डे माविमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीया मनसुवा नेपाली र १६ वर्षीय मैता नेपालीलाई ०६३ कात्तिक ३० गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्ने भनी घरबाटै अपहरण गरे। अपहरणमा परेका बालिकाहरूलाई यो वर्षको अन्त्यसम्म मुक्त गरिएको छैन्। माओवादीले भने उनीह रू स्वेच्छाले पार्टीमा प्रवेश गरेको र हाल पार्टीमा सक्रिय रहेको जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

माओवादीबाट

मिजुरे गाविसका पूर्व अध्यक्ष मीनबहादुर गुरुङको गहतेस्थित घरबाट ०६३ असार २२ गते राति माओवादीले सम्पूर्ण सामान कब्जामा लिए। झण्डै १ सय ५० जनाको संख्यामा गएका माओवादीले लत्ताकपडा, भाडा कुँडा, नगद सुन गरी झण्डै चार लाख रूपैयाँ बराबरको सामान लुटपाट गरेको गुरुङले बताए।

विगतको अनुगमन

विगतको अनुगमन

गुल्मी जिल्ला छापहिले गाविस-६ निवासी बमबहादुर कार्की र सोही जिल्ला हरेवा गाविस-४ निवासी सूर्यकुमार बस्याल ०६२ माघ ६ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए। कार्कीलाई ०६१ चैत १९ गते र

बस्याललाई ०६१ असोज १६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा आफ्नै निवासबाट गिरफ्तार गरेका थिए।

गुल्मी जिल्ला दोहली गाविस-७ चैया निवासी ४१ वर्षीय निरचन्द्र बस्नेत, ३७ वर्षीया खिमादेवी बस्नेत र दोहली गाविस-६ हुल निवासी ४८ वर्षीय भुवनसिंह कुवँर सर्वोच्च अदालतको आदेशमा ०६२ माघ २० गते जिल्ला अदालतबाट रिहा भए। उनलाई ०६१ चैत १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

रुकुम जिल्ला शोभा गाविस-६ निवासी २४ वर्षीया रुपा विश्वकर्मा र गुल्मी जिल्ला दोहली गाविस-९ निवासी २२ वर्षीया गीता रिजाल ०६२ फागुन २९ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए। माओवादीको आरोपमा ०६१ पुस ८ गते लमजुङ्ग जिल्लाबाट गिरफ्तारीमा परेकी रुपा र ०६१ चैत १९ गते गुल्मीबाट गिरफ्तार भएकी गितालाई जिल्ला कारागार कास्कीमा थुनामा राखिएको थियो।

तनहुँ जिल्ला मनपाङ्ग गाविस-६ निवासी ४० वर्षीय डिलबहादुर सार्की ०६२ फागुन ५ गते सर्वोच्च अदालतको आदेशमा जिल्ला अदालतबाट रिहा भए । माओवादीको आरोपमा पोखरा उमनपा-१३ कुडहरबाट ०६१ मंसिर १ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका डिलबहादुर बन्दी प्रत्यक्षीकरणको रिटबाट रिहा भएका थिए।

रिभान गाविस-१ घडेरीटोल निवासी १९ वर्षीय सम्झना विक ०६३ वैशाख ११ गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भइन्। माओवादीको आरोपमा ०६१ पुस २७ गते पोखरा उमनपा-१ सिम्पानी चेकपोष्टबाट गिरफ्तार विक बन्दीपत्यक्षीकरणको रिटमाथि सुनुवाई भई रिहा भइन्।

बाग्लुङ जिल्ला अर्गल गाविस-८ निवासी २४ वर्षीया शिला घर्तीमगर र सोही गाविस-७ निवासी २२ वर्षीया कल्पना पुन ०६३ वैशाख ११ गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भए । उपचारका क्रममा ०६२ वैशाख २ गते मणिपाल शिक्षण अस्पताल, फूलबारीबाट गिरफ्तार दुवैजनालाई बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाई भई रिहा गरियो।


बेपत्ता

राज्यबाट

लेखनाथ नपा-२ अर्घौं निवासी शिवप्रसाद पराजुलीलाई ०५९ पुस १८ गते सुरक्षाकर्मीले पुम्दीभुम्दी गाविसबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात रहेकोमा गृहमन्त्रालयले पराजुली ०५८ माघ १० गते स्याङ्गजा जिल्ला भालु पहाड र नौ डाँडाको विचमा दोहोरो भिडन्तमा मृत्यु भएको भनी प्रतिवेदन सार्वजनिक गरेको छ।

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका ११ जना पुरुष र एकजना महिला गरी जम्मा १२ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा रिभान गाविस-७ पाथ्रे निवासी १८ वर्षीय ऋषिराम लामिछाने, सार्दीखोला गाविस-१ निवासी आनन्द आर्चाय, कास्कीकोट गाविस-२ निवासी हरिप्रसाद पौडेल, लेखनाथ नपा-२ अर्घौं निवासी २६ वर्षीय नेत्रप्रसाद बराल, पोखरा उमनपा-१३ कुँडहर निवासी चमनलाल बराल, लेखनाथ नपा-१३ राजाकाचौतारा निवासी २७ वर्षीय सोमबहादुर, कालिका गाविस-२ निवासी सन्तोष रानाभाट, थुम्की गाविस-५ निवासी प्रदीप खनाल, लेखनाथ नपा-४ राँखीडाँडा निवासी ४१ वर्षीय देवराज बस्ताकोटी, लामाचौर गाविस-५ निवासी रिता नेपाली, मिजुरेडाँडाँ गाविस-३ निवासी ३२ वर्षीय नरजंग गुरुङ र २३ वर्षीय छिमबहादुर गुरुङ रहेका छन्।

३.६ मनाङ



जनसंख्या : ९,४९५
साक्षरता प्रतिशत : ४७.१
महिला साक्षरता प्रतिशत : ३०.१
क्षेत्रफल (वर्ग कि. मि.) : २२४६
गाविस/नपा संख्या : १३/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २९
क्याम्पस/उच्च मावि : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
टेलिफोन लाइन : ५९
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १४
मानव विकास सूचकाङ्क : ०.५०२
प्रति परिवार सरदर संख्या : ६.७७

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

चीन निवासी यार्सागुम्बा सङ्कलक ३५ वर्षीय तेन्डुव ध्यावालाई ०६३ जेठ २४ गते थोचे गाविस-५ स्थित तिल्चेगाउँनजिक माओवादीले गोली प्रहार गरी घाइते बनाए। उपचारपछि उनको अवस्था सामान्य भयो।

जेल र बन्दी

यस जिल्लाको कारागार भाडामा लिइएको घरमा छ। कारागारमा एकजना पनि बन्दी छैनन्।

बेपत्ता/अपहरण

माओवादीबाट

काठमाडौं मनपा-१४ कलंकी घर भई हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मनाङमा कार्यरत ३१ वर्षीय नरेन्द्र बज्राचार्यलाई ०६३ वैशाख ७ गते धारापानी गाविस-५ बाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले सोही दिन लमजुङ्ग जिल्लाको सोतीपसलबाट आफन्तको रोहबरमा मुक्त गरे।

चीन निवासी ३९ वर्षीय हिसी छेपे र नाम ठेगाना नखुलेका अर्का एकजना गरी दुईजनालाई ०६३ जेठ २४ गते यार्सगुम्बा संकलनको क्रममा माओवादीले थोचे गाविस-५ तिल्चेबाट अपहरण गरे। पीडितहरू ०६३ जेठ ३१ गते मुक्त भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा रहेका तीनओटा मुद्दामध्ये दुईओटा फर्स्यौट भए भने एउटा फर्स्यौट हुन बाँकी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति


माओवादीबाट

यस वर्ष माओवादीले विभिन्न गाविसमा जबरजस्ती चन्दा सङ्कलन गरी जनजीवन आतङ्कित तुल्याए। माओवादीले धारापानी गाविस-५ निवासी तिवेट होटलका सञ्चालक ६८ वर्षीय शेरबहादुर गुरुङबाट उनले तमु गणतन्त्रको विरुद्ध शाही सत्ताको पक्षमा सक्रियता साथ आफ्नो काम कारबाही गरेको आरोपमा ०६३ जेठ १३ गते ५ लाख रूपैया नगद जबरजस्ती असुल गरे। त्यसैगरी माओवादीले सदरमुकाम चामेबाट ०६२ जेठ ५ गते उद्योग वाणिज्य संघ एवम् व्यापारीबाट १ लाख ५० हजार रूपैयाँ र होटल व्यवसायीबाट १ लाख रूपैया असुल गरे।

यार्सागुम्बा सङ्कलन गर्न आएका चीनिया नागरिकहरूबाट ०६३ जेठ २५ गते धारापानी गाविस-५ धारापानीमा माओवादीले १२ लाख रूपैया, सुनको औँठी सात तोला, घडी र चक्कुसमेत गरी १३ लाख ३० हजार रूपैयाँ बराबरको धनमाल लुटे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित		
	माओवादीबाट		
	घटना संख्या	पुरुष	जम्मा
घाइते	१	१	१
धम्की	३	३	३
अपहरण	३	३	३
जम्मा	५	६	६

३.७ नवलपरासी



जनसंख्या : ६,२२,५१६
साक्षरता प्रतिशत : ६२.२
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २१६२.२
गाविस/नपा संख्या : ७३/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ५४१
क्याम्पस/उच्च मावि : ७/१८
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
टेलिफोन लाइन : ४५३७
मोटर सडक (कि. मि.) : ३९०.६
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ७४
मानव विकास सूचकाङ्क : ०.४८२
प्रति परिवार सरदर संख्या : ५.९९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

चितवन जिल्ला शुक्रनगर गाविस-१ निवासी अहृदमनगण परासीमा कार्यरत प्रहरी हवलदार २८ वर्षीय हरि रानाभाटलाई ०६२ माघ २२ गते साँझ रामनगर गाविस-१ स्थित भूमही पुगेको बेला सशस्त्र प्रहरी महाविद्यालय युक्ति तालिम केन्द्र, बर्दघाटबाट खटिएको गस्ती टोलीले माओवादीको आशङ्कामा गोली हानी हत्या गरे।

बुलिङटार गाविस-३ चनटार निवासी ३२ वर्षीय ऋषिराम कुमाललाई ०६२ फागुन २५ गते तनहुँस्थित पुखौंली घरबाट फर्कदै गर्दा अर्खला गाविस-९ कोखे भन्ने स्थानमा तनहुँबाट गस्ती गर्दै आएको सैनिक टोलीले गोली हानी हत्या गऱ्यो। हत्यापछि सुरक्षाकर्मीले घटनास्थलमै खाल्डो खनेर लास गाडेका थिए।

स्वाठी गाविस-५ बनकट्टी निवासी एमाले कार्यकर्ता २९ वर्षीय विष्णुप्रसाद पाण्डेलाई ०६२ चैत ३० गते सात दलद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनको क्रममा जिल्ला सदरमुकाम रामग्राम नपा-५ परासीस्थित जिल्ला अस्पतालको गेट अगाडि प्रहरीले गोली हानी हत्या गरे।

माओवादीबाट

रूपन्देही जिल्ला देवदह गाविस-२ खैरेनी निवासी कक्षा १२ मा अध्ययनरत २१ वर्षीय अस्मिता चापागाईंको ०६२ माघ २७ गते सुनवल गाविस-३ नयाँबस्तीस्थित सुनवल-परासी सडकमा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले राखेको विस्फोटक पदार्थ विस्फोट भई मृत्यु भयो।

वैदौली गाविस-५ निवासी माओवादी प्रतिकार समितिका सदस्य ४० वर्षीय नारायण भेडियारलाई जमुनिया गाविस-४ जमुनिया बजारमा ०६२ फागुन २३ गते पाँचजनाको समूहमा आएका माआवादीले गोली हानी हत्या गरे।

रुपौलिया गाविस-६ निवासी माओवादी प्रतिकार समितिका सदस्य ५६ वर्षीय शंकर मल्लाहलाई ०६२ फागुन २५ गते माओवादी प्रतिकार समितिमा बसी पार्टीका कार्यकर्ता एवम् सर्वसाधारणलाई सताएको आरोपमा रुपौलिया गाविस-५ स्थित हाटबजारमा माओवादीले गोली हानी हत्या गरे।

गुठीसूर्यपुरा गाविस-५ निवासी माओवादी प्रतिकार समितिका सदस्यहरू ३२ वर्षीय वकिल अन्सारी र सोही ठाउँ निवासी ५५ वर्षीय मुर्तुजा देवानलाई ०६२ चैत ४ गते पार्टीका कार्यकर्ता गिरफ्तार गराउने, हत्या गर्ने र जनता सताउने गरेको आरोपमा माओवादीले सोही ठाउँमा रहेको विद्युत पावर हाउस नजिक गोली हानी हत्या गरे।

ग्रेमी गाविस-९ निवासी माओवादी प्रतिकार समितिका सदस्य मुन्ना भनिने २७ वर्षीय अमिताव आलम अन्सारीलाई ०६२ चैत ४ गते ग्रेमी गाविस-७ स्थित गुप्ता किराना पसलमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

सुनवल गाविस-४ रमवापुरस्थित पृथ्वी राजमार्गमा ०६२ माघ २७ गते दिउँसो ३ परासीबाट गस्तीमा निस्केका सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान रामविनोद शाह, हवल्दार मिठ्ठु नेपाली, युनिफाइड कमाण्डका प्रहरी जवान सुमन श्रेष्ठ, अरिदमन गण परासीमा कार्यरत सैनिक जवानहरू नवराज पकल, पूर्णबहादुर स्याङताङ, पुरुषोत्तम दाहाल, आशिष बस्नेत, हुकुम थापा, गंगा थापा, रमेश घिमिरे, जयबहादुर स्याङताङ र सशस्त्र प्रहरी महाविद्यालयमा कार्यरत असई सुनिल मगर र हवल्दार राजन ढुगांनाको मृत्यु भयो। सोही भिडन्तमा माओवादीतर्फ नाम, ठेगाना नखुलेका चारजनाको मृत्यु भयो। सो घटनामा २३ जना सैनिक र पाँचजना माओवादी घाइते भए। सोही भिडन्तमा परी छजना सर्वसाधारण घाइते भए। भिडन्तमा अरिदमनगण, परासीमा कार्यरत सैनिकहरू २३ वर्षीय घमण्ड पुन, २२ वर्षीय भक्तराज महतो र २५ वर्षीय ओमप्रकाश शाक्य घाइते भएकोमासामान्य उपचारपछि काठमाडौंस्थित सैनिक अस्पताल छाउनी पुऱ्याइएको थियो। सोही घटनामा सुनवल गाविस-४ रमवापुर निवासी ४६ वर्षीय पवित्रा ढकाल र सोही ठाउँ निवासी ४० वर्षीया चन्द्रकला नेपाली गोली लागी घाइते भएकोमा उनीहरूको जिल्ला अस्पताल, परासीमा उपचार गराइएको थियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

रामनगर गाविस-१ स्थित भुमहीमा लु. १ ज २५ नं का जीप चालक स्वाठी गाविस-५ निवासी २४ वर्षीय दिलिप थापा र सोही गाडीका हेल्फर सुनवल गाविस-३ कीर्तिपुर निवासी २१ वर्षीय ठाकुर रानालाई ०६२ माघ २२ गते सुरक्षाकर्मीले गाडीमै गोली चलाएर घाइते पारे। दुवैजनाको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भएको थियो।

रामनगर गाविस-१ भुमही निवासी २५ वर्षीय नारायण न्यौपाने, स्वाठी गाविस-४ निवासी तुलबहादुर पचमैया, माकर गाविस-४ वर्दघाट निवासी २२ वर्षीय सुरज

सुनार, माकर गाविस-४ निवासी ५० वर्षीय लालबहादुर विक, माकर गाविस-४ निवासी तिलबहादुर कार्की, सुक्रौली गाविस-२ निवासी सहदेव गुप्ता, प्रगतिनगर गाविस-४ निवासी मोहन आचार्य, रामग्राम नपा-११ निवासी २० वर्षीय धनिराम महतो र रामनगर गाविस-१ निवासी २१ वर्षीय कौशल न्यौपाने सात दलद्वारा ०६१ माघ १९ गतेको शाही घोषणाको विरोधमा ०६२ चैत ३० गते परासीमा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले गोली चलाउदा घाइते भए। घाइतेहरूमध्ये नारायण न्यौपानेको मेडिकल कलेज, भैरहवामा उपचार हुन नसकी काठमाडौं लगिएको थियो भने अरु सबैको जिल्ला अस्पताल, परासीमा उपचार भयो।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका विष्णुप्रसाद पाण्डे

जेल र बन्दी

यस जिल्लामा रहेको 'घ' श्रेणीको जेल ३५ जना बन्दी क्षमताको भएकोमा हाल ३१ जना बन्दीहरू छन्। सबै पुरुष बन्दी छन्। थुनामा रहेका सबै बन्दी फौजदारी अभियोगका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

पञ्चनगर गाविस-३ ध्रुवटोल निवासी जिल्ला प्रहरी कार्यालय गुल्मीमा कार्यरत प्रहरी हवल्दार पूर्ण भन्ने २८ वर्षीय पुनाराम गिरीलाई घर विदामा आई हाजिर हुनजाने क्रममा ०६२ चैत १४ गते बीच बाटोबाटै माओवादीले अपहरण गरेकोमा चैत २८ गते पोखरा पुऱ्याई मुक्त गरे।

गाविस-४ बर्दघाटस्थित सशस्त्र प्रहरी युक्ति तालिम महाविद्यालय माकरमा कार्यरत सई २९ वर्षीय बमबहादुर कुँवर, प्रहरी हवल्दार २४ वर्षीय कृष्णप्रसाद रिजाल, प्रहरी जवानरू २० वर्षीय नवराज श्रेष्ठ, २३ वर्षीय धर्मराज जैसी र २१ वर्षीय भरत थापालाई ०६३ वैशाख २६ गते माओवादीले रामनगर गाविस-१ भुमहीबाट उनीहरूको हतियारसहित अपहरण गरेकोमा मानवअधिकारकर्मीको प्रयासमा ०६३ वैशाख २८ गते हतियार जनताले राखेको भन्दै विना हतियार मुक्त गरे।

शिवमन्दिर गाविस रिठेपानी निवासी १५ वर्षीय गोपाल विकलाई सुनवल गाविस-१ मा बिजुलीको तार चोरी गरेको आरोपमा ०६३ जेठ २६ गते सोही ठाउँबाट माओवादी कार्यकर्ताले अपहरण गरी उत्तरतर्फको जंगलमा पुऱ्याई शारीरिक र मानसिक यातना दिई जेठ २९ गते सुनवल गाविस-१ स्थित अनेकिसंघ (क्रान्तिकारी) को कार्यालयबाट इन्सेक प्रतिनिधिको रोहबरमा मुक्त गरे।

रामग्राम नपा-४ सण्डा निवासी १८ वर्षीय रमेश सिंहलाई नक्कली माओवादी बनी विभिन्न ठाउँबाट रकम असुलेको आरोपमा ०६३ जेठ २८ गते माओवादीले घरबाटै अपहरण गरी लगेकोमा ०६३ जेठ २९ गते सुनवल गाविस-१ बाट मोसो दली मुक्त गरे।

माकर गाविस-४ दिव्यनगर निवासी ६० वर्षीय ॐ शान्ति बाल विकासकी अध्यक्ष गौमाया गिरीलाई ०६३ असार ७ गते घरबाटै अपहरण गरी तिलकपुर गाविसमा रहेको मधेशी राष्ट्रिय मुक्ति मोर्चाको कार्यालयमा राखी ०६३ असार ८ गते इन्सेक जिल्ला प्रतिनिधि नारायण पराजुली र पत्रकार केशव पराजुलीको रोहबरमा मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	६	४		१०	६	३३	१		३३	४	३		३	६
घाइते	१	१	५		६	१	३		३०	३३	४	१३	४		१७
गिरफ्तारी/यातना											१८	५१	३		५४
कुटपिट	९	१०	१	३	१४	१३	३७	१		३८	३	४	१		५
धम्की	१	६			६	५	५			५					
भेला/संगठित हुने अधिकार											७	५	१	३५४	३६०
महिलाअधिकार	४		४		४	१		१		१					
बालअधिकार	९	१	१२		१३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	५	४	१		५					
अमानवीय व्यवहार						३	३			३					
अपहरण	३	३			३	३९	१११	१६		१२७					
जम्मा	३७	३७	३६	३	५६	७१	१७४	३०	३०	२१४	३६	७६	९	३५७	३४३

पञ्चनगर गाविस-६ विजयपुर निवासी लु. १ ख १२०७ नं. को ट्रक चालक ३५ वर्षीय नन्दलाल चौधरीलाई ०६३ असार २ गते माकर गाविस-४ मा ठक्कर दिई १ महिलाको हत्या गरेको आरोपमा सुनवलबाट माओवादीले आफ्नो नियन्त्रणमा लिई ०६३ असार २६ गते रामनगर गाविसको जर्गाहाबाट मुक्त गरे।

रामग्राम नपा-१ निवासी ४५ वर्षीय रोहित भरलाई ०६३ असार १५ गते माओवादीले घरबाट अपहरण गरी यातना दिँदै जिल्ला सुनवलस्थित अनेकिसंघ (क्रान्तिकारी) को कार्यालयमा लगी कुटपिट गरेर असार १६ गते मुक्त गरे।

रामग्राम नपा-१ निवासी शाही सरकारका पालामा जिल्ला विकास समितिका मनोनित सदस्य ३५ वर्षीय विजय यादवलाई ०६३ असार ५ गते माओवादीले रामग्राम नपा-५ बुद्धचोकबाट अपहरण गरे। माओवादीले उनलाई ०६३ असार ६ गते रामनगर गाविसको जर्गाहाबाट मुक्त गरे।

पञ्चनगर गाविस-४ अलावल निवासी २२ वर्षीय पुष्पराज चौधरीलाई ०६३ असार २३ गते फुटबल खेल्ने क्रममा साथीहरूलाई कुटपिट गरेको आरोपमा तिलकपुर गाविस-६ बासाबसईबाट माओवादी कार्यकर्ताले अपहरण गरी माकर गाविस-४ मा पुऱ्याई कुटपिट गरी सोही दिन राति मुक्त गरे।

नवल गाविस-४ निवासी ४१ वर्षीय रामप्रसाद पाण्डेलाई काठ तस्कर गरेको आरोपमा ०६३ असोज २ गते राति माओवादी जनमिलिसियाले घरबाटै अपहरण गरे। उनलाई सोही गाविस-२ मछेडमारा भन्ने स्थानमा पुऱ्याई लठ्ठीले प्रहार गरी खुट्टा सुन्निने गरी नीलडाम गराएर ०६३ असोज ३ गते सोही ठाउँबाट मुक्त गरे। पीडितको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

वेनिमणिपुर गाविस-९ पिडारी निवासी ३६ वर्षीय वीरबहादुर चौधरी, सोही ठाउँ निवासी ३१ वर्षीय केवल थारु र १६ वर्षीय भानुप्रसाद चौधरीलाई ०६३ असोज २० गते मादकपदार्थ सेवन गरी माओवादी कार्यकर्तामाथि हातपात गरेको आरोपमा घरबाटै अपहरण गरी नयाँ बेलहानी गाविस-८ स्थित आरुडखोलामा पुऱ्याई विद्युत कार्यालयको एक कोठामा थुनेर ०६३ असोज २१ गते सोही ठाउँबाट मुक्त गरे।

तनहुँ जिल्ला रामजाकोट गाविस-७ निवासी २८ वर्षीय शिलबहादुर डिचुवा मगर, नन्दु लंकापती, सोही ठाउँ निवासी २२ वर्षीय तुलबहादुर हितमगर र टेकबहादुर मगरलाई ०६३ कात्तिक १५ गते आफन्तको घरमा भेटघाटको लागि आएको अवस्थामा अर्खला गाविस-४ अर्खलाबजारबाट माओवादीले अपहरण गरी शारीरिक यातना दिएर ०६३ कात्तिक १६ गते मुक्त गरे।



सुरक्षाकर्मीद्वारा लाठी प्रहार गरी घाइते पारिएका टुकप्रसाद शर्मा

जहदा गाविस-९ भटौलिया निवासी २८ वर्षीय वचन क्षेत्रीलाई नक्कली माओवादी बनी सर्वसाधारणसँग चन्दा असुल्दै हिँडेको आरोपमा ०६३ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले उनलाई घर नजिकबाट ०६३ मंसिर ८ गते मुक्त गरे।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

गैंडाकोट गाविस-७ निवासी २८ वर्षीया मीना कुमाललाई ०६३ जेठ १० गते राति फस्ट राइफल गण चितवनमा कार्यरत सैनिक जवान २५ वर्षीय वेगबहादुर परियारले उनकै घरमा आई मादक पदार्थ सेवन गरी कुटपिट गरे।

माओवादीबाट

माकर गाविस-४ बर्दघाट निवासी ४० वर्षीय हिमलाल गिरीलाई मादक पदार्थ सेवन गरी जथाभावी गरेर घर परिवारलाई सताएको आरोपमा ०६३ असार १८ गते माओवादीले माकर गाविस-४ स्थित रुखको आडमा सुतेको अवस्थामा कुटपिट गरी शरीर भरी नीलडाम गराएर छाडे।

हकुइ गाविस-५ निवासी ४२ वर्षीय धर्मराज यादवलाई ०६३ भदौ ३१ गते माओवादीले घरबाटै जिल्ला सदरमुकामस्थित माओवादी पार्टी कार्यालयमा ल्याई कुटपिट गरे।

दुवौलिया गाविस बडसारे निवासी ४८ वर्षीय कलाममिया र उनका छोराहरू ३० वर्षीय जाहिर मुवारक खाँ र जमिल खाँलाई ठेक्कापट्टामा अनियमितता गरेको आरोपमा ०६३ असार १५ गते माओवादीले लाठीले प्रहार गरी घरमै कुटपिट गरे। पीडितहरूको स्थानीय मेडिकलमा उपचार भयो।

सरावल गाविस-६ निवासी ३८ वर्षीय रमानन्द यादव र देवगाव गाविस-५ निवासी २८ वर्षीय बैजनाथ चौधरीलाई ०६३ असार २० गते माओवादीले यादवको घर नजिक डोरीले बाँधेर मरणासन्न हुनेगरी कुटपिट गरे। उनीहरूको जिल्ला अस्पतालमा उपचार भयो।

माओवादी प्रतिकार समूहबाट

बैदौली गाविस-५ निवासी ३५

वर्षीय कैलाशसिंह कुर्मीलाई ०६२ फागुन ६ गते माओवादी प्रतिकार समूहका व्यक्तिहरूले कुडियास्थित नहरको बाँधबाट बेलाटारी लगी पक्लिहवा गाविस-४ पुऱ्याई बन्दुकको कुन्दा, लाठी र मुक्का प्रहार गरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

भुजहवा गाविस-५ मजगावा निवासी माओवादी कार्यकर्ताहरू अनिता भनिने उषा हरिजन र श्रृजना भनिने २३ वर्षीय धारण सुनारलाई ०६२ माघ २ गते सुरक्षाकर्मीले देवचुली मुण्डेबाट गिरफ्तार गरेकोमा श्रृजनालाई पोखरा कारागार र अनितालाई भैरहवा कारागारमा नजरबन्दमा राखिएकोमा दुवैजना ०६३ वैशाख २२ गते रिहा भए।

माकर गाविस-४ निवासी मानसिक रोगका विरामी ३८ वर्षीय रामश्रे हरिजनलाई उपचार गरेर घर फर्कदै गर्दा माओवादीको आशङ्कामा ०६२ माघ २७ गते सशस्त्र प्रहरीले अस्पतालको गेटबाटै गिरफ्तार गरी चार दिनसम्म यातना दिएर ०६२ माघ ३० गते रिहा गरे।

जहदा गाविस-१ निवासी माओवादी कार्यकर्ता ५४ वर्षीय बृजदेव पाण्डेलाई ०६२ फागुन २८ गते सुरक्षाकर्मीले रुचाङ गाविसस्थित एक घरबाट गिरफ्तार गरे। उनलाई नजरबन्दमा राखिएकोमा ०६२ चैत २८ गते पोखरा चलान गरी ०६३ जेठ ३० गते पोखराबाटै रिहा गरियो।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रतता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रामग्राम नपा-३ निवासी नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला अध्यक्ष ३६ वर्षीय राधेश्याम पाठकलाई ०६२ माघ ६ गते राति प्रहरीले घरबाटै गिरफ्तार गरी दोस्रो तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा भए।

रामग्राम नपा-५ निवासी नेपाल मानवअधिकार संगठनका जिल्ला अध्यक्ष ४२ वर्षीय कैलाश ठाकुरलाई विभिन्न ठाउँमा लोकतन्त्रको पक्षमा अभिव्यक्ति दिएको आरोपमा ०६२ माघ ६ गते राति खाना खाई सुत्ने तयारी गरिरहेको बेला घरबाटै प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा गरियो।

रामग्राम नपा-५ निवासी नेकाँ (प्रजातान्त्रिक) निकट तरुण दलका केन्द्रीय सदस्य ३८ वर्षीय सञ्जय यादवलाई ०६२ माघ २६ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडितलाई माघ ७ गते तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा गरियो।

शिवमन्दिर गाविस निवासी नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष २४ वर्षीय नरेश भण्डारीलाई ०६२ माघ ७ गते शाही घोषणाको विरोधमा प्रदर्शन गर्ने क्रममा इलाका प्रशासन र इलाका प्रहरी कार्यालय अगाडिबाट प्रहरीले गिरफ्तार गरे। उनलाई तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा गरियो।

रामग्राम नपा-२ निवासी प्रायुसंघ जिल्ला सदस्य २५ वर्षीय लोकनाथ पौडेललाई नगर निर्वाचन वहिष्कारको क्रममा ०६२ माघ ११ गते नगर निर्वाचनको उम्मेदवारको रूपमा पाडालाई अभिनन्दन गर्ने क्रममा परासी बजारबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई माघ १६ गते रिहा गरियो।

गैंडाकोट गाविसमा जनआन्दोलनको क्रममा ०६२ चैत २६ गते भएको प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा गैंडाकोट गाविस-४ निवासी ३८ वर्षीय शोभाखर घिमिरे, ३५ वर्षीय ज्ञानप्रसाद तिमिल्सिना र गैंडाकोट गाविस-९ निवासी पुरुषोत्तम घिमिरे सख्त घाइते भए। तिमिल्सिनाको टाउकोमा तीनओटा टाका लगाउनु परेका थियो भने अरू दुईजनाको टाउको र हातमा चोट लागेको थियो। उनीहरूको सामुदायिक औषधी पसल गैडाकोटमा उपचार भयो। सोही दिन सोही ठाउँमा भएको प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा भवानीप्रसाद कँडेल, रामु सापकोटा, बलबहादुर केसी, करुणसागर, खेमबहादुर क्षेत्री, श्यायकृष्ण राई, नन्दप्रसाद तिमिल्सिना र माधव देवकोटा घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार गरियो।

गैंडाकोटमा भएको शान्तिपूर्ण जनप्रदर्शनमा ०६२ चैत ३० गते प्रहरीले लाठी प्रहार गर्दा गैंडाकोट गाविस-६ निवासी १३ वर्षीय राजु क्षेत्री, गैंडाकोट गाविस-९ निवासी २८ वर्षीय मिनबहादुर थापा, श्रीराम रिमाल, शुकलाल तामाङ, रामराज पोखेल, टोलकान्त तिवारी, भजनाथ कँडेल, मोतीराम घिमिरे, देवी गौडेल, नन्दप्रसाद तिमिल्सिना, कृष्ण गौडेल, गाथनी घिमिरे, सञ्चारकर्मीहरू हरिलाल सापकोटा र नारायणप्रसाद शर्मा घाइते भए।

रामग्राम नपा-५ निवासी नेकाँ जिल्ला सभापति ५७ वर्षीय कृष्णचन्द्र नेपाली र संगठन विभाग प्रमुख ६५ वर्षीय केशरमणि पोखेललाई ०६२ चैत २८ गते सुरक्षाकर्मीले जनआन्दोलन संयोजन समितिको बैठकमा जाँदैगर्दा रामग्राम नपा-५ स्थित बाटोबाट गिरफ्तार गरे। दुवैजना ०६३ वैशाख ६ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

रामग्राम नपा-५ निवासी नेपाल मानवअधिकार संगठनका जिल्ला सभापति ४२ वर्षीय कैलाश ठाकुर, उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विमल पौडेल र देवकोटा उच्च माध्यमिक विद्यालयका प्रमुख श्रवणकुमार कुशवाहालाई ०६२ चैत २९ गते सदरमुकाम परासीबजारमा भएको प्रदर्शनबाट प्रहरीले कुटपिट र लछारपछार गर्दै गिरफ्तार गरे। उनीहरू दुवैजनालाई जेल चलान गरिएकोमा ०६२ वैशाख ६ गते रिहा गरियो।

परासीबजारमा ०६२ चैत ३० गते आयोजित

शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीले गोली र लाठी प्रहार गरी उमानाथ पोखेल, इन्द्रप्रसाद सुवेदी, दिपक पोखेल पदममणि पाण्डे, कुलप्रसाद सापकोटा, रामराज यादव, विनोद विक, प्रेमजंग लामा, बुद्धि लामा, सन्तोष कुवँर, इन्द्र सापकोटालगायत ११ जनालाई गिरफ्तार गरेकोमा ०६२ चैत ३१ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी ४ सय १७, संक्षिप्त देवानी एक, सरकारवादी फौजदारी ९४, संक्षिप्त फौजदारी ४८, दुनियावादी फौजदारी ९८, विविध फौजदारी २१ गरी ६ सय ७९ ओटा मुद्दा दर्ता भएकोमा कूल २ सय १९ ओटा मुद्दा फर्स्यौट भए। गत वर्षको जिम्मेवारी सरेका र यस वर्षका गरी अदालतमा ७ सय २८ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

बलात्कार

रुपौलिया गाविस-६ निवासी १० वर्षीय एक बालिकालाई ०६३ फागुन १५ गते माओवादी प्रतिकार समितिका सदस्य कुडिया गाविस-३ निवासी ३८ वर्षीय इन्दल भरले बालिकाको घर नजिकको खेतमा लगी बलत्कार गरे। पीडकलाई कुनै कारबाही भएन।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीन महिला र तीनजना पुरुष गरी जम्मा छजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा प्रगतिनगर निवासी कृष्ण श्रेष्ठ, रुचाङ गाविस-९ निवासी २३ वर्षीय धर्मराज पराजुली, प्रगतिनगर-३ निवासी १३ वर्षीय जानकी रानाभाट, १४ वर्षीय टीका रानाभाट, दुम्कीबास गाविसस्थित ज्यमिरे निवासी ३८ वर्षीय जीतबहादुर विक र दुम्कीबास गाविस-५ निवासी माओवादी कार्यकर्ता सरला भनिने २३ वर्षीय गंगा केसी रहेका छन्।

माओवादीबाट

धुर्कोट गाविस-८ निवासी २३ वर्षीय जुना सोतीलाई ०६१ मंसिर ३ गते दुम्कीबास गाविस-२ सुनटाँडीबाट माओवादीले अपहरण गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

३.८ रूपन्देही



जनसंख्या : ७,९८,८८१
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा संख्या : ६९/२
निर्वाचन क्षेत्र : ५
विद्यालय : ४९८
क्याम्पस/उच्च मावि : ३/३०
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
टेलिफोन लाइन : २२७९९
मोटर सडक (कि. मि.) : ११००
प्रहरी कार्यालय संख्या : १३
हुलाक संख्या : ४५
मानव विकास सूचकाङ्क : ०.५००
प्रति परिवार सरदर संख्या : ६.७८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

सिद्धार्थनगर नपा-१ बेलहीया भन्सार गेटमा खटिएका गुल्मी जिल्ला मलागिरी गाविस-३ निवासी सशस्त्र प्रहरी हवल्दार २६ वर्षीय ईश्वर थापा, स्याङ्जा जिल्ला ठूलाडिही गाविस-६ निवासी सशस्त्र प्रहरी जवान २५ वर्षीय ईश्वर गुरुङ, संखुवासभा जिल्ला खाँदबारी गाविस-५ निवासी सशस्त्र प्रहरी जवान २५ वर्षीय प्रकाश श्रेष्ठलाई ०६२ पुस २२ गते माओवादीले गोली हानी उनको हत्या गरे। उक्त घटनामा सशस्त्र प्रहरी हवल्दार आइतबहादुर प्रजा घाइते भए।

मानपकडी गाविस-१ निवासी ६० वर्षीय चिनक थारूले चोरी गर्ने गरेको र रुपबहादुरको हत्यामा संलग्न भएको आरोपमा ०६२ फागुन २९ गते माओवादीले कम्हरिया गाविस-१ मा पुऱ्याई गोली हानी उनको हत्या गरे।

सूर्यपुरा गाविस-२ निवासी ३० वर्षीय सूर्य थापा र मानमटेरीया गाविस-९ निवासी ३३ वर्षीय विक्रम रानाले चोरीको घटनामा संलग्न भएको आरोपमा ०६२ चैत २ गते माओवादीले मैनहीया गाविस-५ मा गोली हानी उनको हत्या गरे।

कम्हरीया गाविस-८ निवासी ३५ वर्षीय रामनरेश हरिजनले माओवादीविरूद्ध सुराकी गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले हत्या गरे।

बेवारिसे बम विस्फोटबाट मृत्यु

देवदह गाविस-७ निवासी १२ वर्षीय गोपाल थापाको ०६३ वैशाख ३१ गते देवदह गाविस-७ घोडाहा जंगलमा बेवारीसे अवस्थामा छोडिएको बम विस्फोट हुँदा मृत्यु भयो। सोही घटनामा सोही ठाउँका ९ वर्षीय पप्पु थापा र ८ वर्षीय रम्बे कुमाल घाइते भए।

बुटवल नपा-९ दिपनगर निवासी ११ वर्षीय कुलबहादुर थापामगरको ०६३ जेठ २३ गते बेवारिसे बम खेलाउँदा विष्फोट भई मृत्यु भयो।

माओवादी प्रतिकार समूहबाट

भगवानपुर गाविस-३ निवासी २२ वर्षीय बाबुलाल चमारलाई थुमुवा पिप्रहवा गाविस-४ मा ०६२ फागुन ९ गते माओवादी प्रतिकार समूहले माओवादी भएको आरोपमा गोली हानी हत्या गऱ्यो।

आमा गाविस-५ निवासी ३५ वर्षीय माओवादी कार्यकर्ता प्रल्लाद मुरावलाई ०६२ चैत ७ गते माओवादी प्रतिकार समूहले लखेट्दै भगवानपुर गाविस-८ मा पुऱ्याई गोली हानी हत्या गऱ्यो।

दोहोरो भिडन्त

देवदह गाविस-९ निवासी १७ वर्षीया मञ्जु ढकाल ०६२ माघ २७ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा घाइते भइन। माओवादीतर्फ सनाखत नभएका दुईजना र सेनातर्फ दुइजनाको मृत्यु भयो।



सुरक्षाकर्मीद्वारा गोली प्रहार गरी घाइते पारिएका टोपबहादुर थापा

मधुवनी गाविस-६ महीलबारमा ०६२ चैत ५ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा माओवादी कार्यकर्ता अर्जुन यादवको मृत्यु भयो। सोही घटनामा मधुवनी गाविस-३ निवासी ४० वर्षीय हरिहर कहार, इलाका प्रहरी कार्यालय लुम्बिनीका सई घनश्याम पराजुली र सैनिक जवान गुमबहादुर आले घाइते भए।

माओवादी र सुरक्षाकर्मीबीच ०६२ चैत २५ गते दोहोरो भिडन्त हुँदा बुटवल नपा-५ निवासी २७ वर्षीय अशोक थापाको घटनास्थलमै मृत्यु भयो भने सोही घटनामा घाइते भएकी बुटवल नपा-१२ निवासी ६० वर्षीया दयाकुमारी थापाको गोरखपुरमा उपचार गर्दा गर्दै ०६३ वैशाख २ गते मृत्यु भयो। सोही घटनामा माओवादीतर्फ सनाखत नभएका सातजनाको मृत्यु भएको र चारजनालाई सुरक्षाकर्मीले गिरफतार गरेकोमा चारैजनालाई ०६३ जेठ ३० गते रिहा गरियो। उक्त घटनामा सेनातर्फ १२ जना सामान्य घाइते भए। सोही घटनामा परी सर्वसाधारण बुटवल नपा-५ निवासी ३० वर्षीया सम्झना वाग्ले, बुटवल नपा-१२ निवासी ४० वर्षीय शेरबहादुर गुरुङ्ग, बुटवल नपा-१३ निवासी ३२ वर्षीय विद्याप्रसाद ज्ञवाली, बुटवल नपा-१२ निवासी १७ वर्षीया सरीता न्यौपाने र बुटवल नपा-८ निवासी २५ वर्षीया कमला थापा घाइते भए। घाइतेहरूको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

जनआन्दोलनका क्रममा भैरहवा र बुटवलमा भएको प्रदर्शनमा ०६२ चैत २७ गते सुरक्षाकर्मीको गोली लागी बुटवल नपा-११ निवासी सागर गुरुङ्ग, बुटवल नपा-१३ निवासी कुमार थापा, बुटवल नपा-९ निवासी अञ्जान श्रेष्ठ, कपिलवस्तु जिल्ला गजेडा गाविस-६ निवासी रोशन भट्टराई र स्याङ्जा जिल्लाको दहथुम गाविस-३ निवासी टोपबहादुर थापा घाइते भए।

माओवादीबाट

परौंहा गाविस-५ निवासी १५ वर्षीया पार्वती विकको दुधराक्ष गाविस-५ स्थित तुलबुलिया पुलमा माओवादीले राखेको बम ०६२ माघ ३० गते विस्फोट हुँदा मृत्यु भयो। उक्त घटनामा परौंहा गाविस-५ निवासी १६ वर्षीया कली थापा र दुधराक्ष गाविस-५ निवासी ३१ वर्षीय धनीराम चौधरी घाइते भए।

जेल र बन्दी

यस जिल्लामा ६० जना बन्दी क्षमता भएको ख श्रेणीको जेल छ। हाल यहाँ १ सय ९८ बन्दी छन्। जस

मध्ये ७७ जना कैद तोकिएका र १ सय २१ जना कैद नतोकिएका छन्।

गैरकानुनी गिरफ़्तारी

बुटवल नपा-६ निवासी ३५ वर्षीय जगतबहादुर पोखरेलले माओवादीलाई सघाएको आरोपमा ०६२ माघ १४ गते प्रहरीले उनलाई गिरफ्तार गऱ्यो। पीडित ०६३ वैशाख २७ गते सर्वोच्च अदालतको आदेशमा रिहा भए।

बुटवल नपा-६ निवासी ४० वर्षीय दिपक विक र दाङ्ग जिल्ला पवननगर निवासी पत्रकार हुमप्रसाद बस्याललाई ०६२ फागुन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६२ चैत २५ गते र बस्याल ०६३ जेठ ३० गते रिहा भए।

बेपत्ता/अपहरण

माओवादीबाट

मक्रहर गाविस-३ निवासी ७० वर्षीय अष्टभुजा चौधरीलाई ढिकुलीगढ गाविस-१ बाट ०६२ पुस २३ गते माओवादीले अपहरण गरी पुस २४ गते मुक्त गरे।

केरवानी गाविस-४ निवासी २६ वर्षीय प्रहरी जवान कृष्ण गिरीलाई ०६२ फागुन २७ गते विदामा घर आएको अवस्थामा ०६२ चैत १३ गते माओवादीले अहपरण गरी चैत २७ गते मुक्त गरे।

तेनुहवा गाविस-२ निवासी ३२ वर्षीय योगेन्द्र कहाँरलाई विभिन्न हत्याका घट्नामा संलग्न भएको आरोपमा ०६३ असार ४ गते माओवादीले अपहरण गरे। उनी सोही दिन माओवादी कब्जाबाट भागे।

रोहिणीहवा गाविस-६ निवासी ४० वर्षीय अष्टभूजा पाठकलाई ०६३ असार २० गते माओवादीले आफूकहाँ उजुरी परेकोले केही बुझ्न भनि लगेकोमा सोही दिन साँझ मुक्त गरे।

करौता गाविस-४ निवासी प्रभात भनिने सचिन्द्रनाथ शुक्लालाई आफ्नो पार्टीविरुद्ध लागेको आरोपमा ०६३ साउन ७ गते माओवादीले अपहरण गरी साउन १० गते मुक्त गरे।



सुरक्षाकर्मीद्वारा गोली प्रहार गरी घाइते पारिएका रोशन भट्टराई

माओवादी प्रतिकार समूहबाट

करौता गाविस-९ निवासी १२ वर्षीय अनुपम श्रीवास्तवलाई ०६३ जेठ २९ गते घरमा बसिरहेको अवस्थामा माओवादी प्रतिकार समूहले अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/ कुटपिट

राज्यबाट

बुटवल नपा-१० मा सोही नपा-११ का पत्रकार ३३ वर्षीय महेन्द्र थापालाई ०६२ माघ १० गते समाचार सङ्कलन गर्न गएको अवस्थामा प्रहरीले कुटपिट गरे।

सिद्धार्थनगर नपा-१ निवासी मजदुर ३० वर्षीय घनश्याम धवलले आफूलाई पैसा नदिएको भनी ०६३ जेठ २ गते प्रहरीले कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१७	१७	३	३०	५	६	१	३	९	३	८		३	१०
घाइते	६	६	६	१२	४	५	१	१२	१८	१	५			५
गिरफ्तारी/यातना										१०	२४	१	४	३९
कुटपिट	३	३		३	४	१०	१		११	३	३			३
धम्की					१	१			१					
भेला/संगठित हुने अधिकार										८	११५		९८	२१३
महिलाअधिकार	१		१	१										
बालअधिकार	३		३	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार	१	१		१	१	१			१					
अपहरण	४	३	१	४	५	५			५					
जम्मा	३३	३९	१३	४२	३१	३९	३	१४	४६	३३	१५४	१	१०४	३५९

माओवादीबाट

मानपकडी गाविस-१ मा सुब्वा यादव, विचारी यादव, ओमनाथ यादव, दीपक कुर्मी, खडवा वनगाईका बसन्त चौधरी र प्रकाश कुँवरले माओवादीको नाममा बदमासी गरेको आरोपमा ०६२ फागुन २९ गते माओवादीले उनीहरूलाई कुटपिट गरे।

मर्यादपुर गाविस-२ निवासी पत्रकार ३७ वर्षीय राजकुमार धवलले माओवादी विरुद्ध समाचार लेखेको आरोपमा ०६३ पुस ९ गते माओवादीले उनलाई धम्की दिए।

माओवादी प्रतिकार समूहबाट

आमा गाविस-६ निवासी ४० वर्षीय जिट्ठू लोधलाई आफूहरूलाई चन्दा नदिएको आरोपमा ०६२ चैत १९ गते माओवादी प्रतिकार समूहले कुटपिट गऱ्यो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बुटवल नपा-१० स्थित बुटवल वाणिज्य क्याम्पसका विद्यार्थी विष्णु पोखरेल, निर्मल न्यौपाने, सुरेश भुसाल र गणेश श्रमिकलाई ०६२ माघ १० गते नगरनिर्वाचनको विरोध गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी माघ ११ गते रिहा गरे।

सिद्धार्थनगर नपा-८ निवासी ३१ वर्षीय जीवलाल अर्याल र सिद्धार्थनगर नपा-१२ निवासी १९ वर्षीय सुधिरमानसिंह विकलाई नगर निर्वाचनको विरोधमा मशाल जुलुश प्रदर्शन गरेको आरोपमा सिद्धार्थनगर नपा-६ बाट ०६२ माघ १२ गते प्रहरीले गिरफ्तार गरी ०६२ माघ १७ गते रिहा गऱ्यो।

बुटवल-१० निवासी ४५ वर्षीय कृष्ण न्यौपाने, सिद्धार्थनगर नपा-८ निवासी ४२ वर्षीय भरत पोखरेल, सिद्धार्थनगर नपा-७ निवासी ५० वर्षीय रामप्रसाद बस्याल र बेतकुइया गाविस-९ निवासी ४० वर्षीय बाबुलाल यादवलाई निर्वाचन भाङ्न लागेको आरोपमा ०६२ माघ २४ गते प्रहरीले सिद्धार्थनगर नपा-११ बाट गिरफ्तार गरी माघ २७ गते रिहा गरे।

रोहिणीहवा गाविस-६ निवासी ४० वर्षीय अष्टभुजा पाठक र सिद्धार्थनगर नपा-७ निवासी नेकाँका ४५ वर्षीय दिपक क्षेत्री न्यौपानेलाई नगर निर्वाचन भाङ्न लागेको आरोपमा ०६२ माघ २६ गते प्रहरीले सिद्धार्थनगर नपा-३ बाट गिरफ्तार गरी ०६२ माघ २७ गते रिहा गरे।

बुटवल नपामा ०६२ चैत २७ गते आयोजित शान्तिपूर्ण प्रदर्शनबाट सुरक्षाकर्मीले डीआर घिमिरे, कर्णबहादुर कार्की, कमला कुँवर, दिपेन्द्र कुँवर, श्यामबहादुर पाठक, सिद्धिचरण भट्टराई, प्रकाश श्रेष्ठ, खगराज शर्मा, गोपाल पाण्डे, पुष्कर सापकोटा, चन्द्रबहादुर केसी, नारायण शर्मा, नेत्र पन्थी, कमल गौतम लगायत करिब ९५ जनालाई गिरफ्तार गरेकोमा चैत २८ गते रिहा गरियो।



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका महेन्द्र थापा

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत बुटवलमा गत वर्षबाट जिम्मेवारी सरि आएका ६ सय २ र यस वर्ष दर्ता भएका २ सय ६४ गरी ८ सय ६६ ओटा मुद्दा रहेका छन्। जसमध्ये ४ सय १७ फर्स्यौट भए भने ४ सय ४९ ओटा मुद्दा बाँकी रहे।

रूपन्देही जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरि आएका ७ सय ८ र यो वर्ष दर्ता भएका ४ सय २१ ओटा मुद्दा मध्ये ३ सय ७ फर्स्यौट भई ८ सय २२ ओटा मुद्दा बाँकी रहे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सालझण्डी गाविस-२ निवासी २० वर्षीया एक युवतीलाई ०६३ मंसिर २ गते सोही ठाउँका ३२ वर्षीय कमल नेपालीले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

संरचना क्षति

माओवादीबाट

सिद्धार्थनगर नपा-८ स्थित जिल्ला शिक्षा कार्यालय र बुटवल नपाको ५ नम्बर वडाकार्यालयमा ०६२ पुस १८ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

बुटवल नगरपालिकाको २ नं. वडा कार्यालयमा ०६२ माघ ७ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। यसैगरी बुटवल नपा-७ स्थित टक्सार विभाग भवनमा ०६२ माघ २९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याएका थिए।

सिद्धार्थ नपा-७ स्थित जिल्ला भू-संरक्षण कार्यालयमा ०६२ फागुन १९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

मसिना गाविस-४ निवासी ५० वर्षीय गंगाराम यादव र साडी गाविस-९ निवासी २९ वर्षीय हरिराम लोधलाई ०६२ कात्तिक २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनीहरूलाई ०६३ वैशाख २५ गते रिहा गरियो।

बोधवार गाविस-७ निवासी ४५ वर्षीय घनश्याम यादवलाई ०६२ असार २ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६३ जेठ ३० गते रिहा भए ।

गंगोलिया गाविस-१ निवासी सिपाई यादवलाई माओवादीको आरोपमा ०६२ जेठ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल रिहा गरेका छन्। रिहापश्चात् यादव भारततर्फ गए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा बोधवार गाविस-३, बुची निवासी २९ वर्षीय रामलवट पासी भनिने लौटु पासी, दुधराक्ष गाविस-५, बाँसगढी निवासी २४ वर्षीय युवराज पाण्डे रहेका छन्।

३.९ पाल्पा



जनसंख्या : २,८२,५७४
साक्षरता प्रतिशत : ६५.९६
महिला साक्षरता प्रतिशत : ४१
क्षेत्रफल (वर्ग कि. मि.) : १३६६
गाविस/नपा संख्या : ६५/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ४५६
क्याम्पस/उच्च मावि : ५/२१
अस्पताल/स्वास्थ्य चौकी : २/६५
टेलिफोन लाइन : ३३४०
मोटर सडक (कि. मि.) : ४८१
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ६६
मानव विकास सूचकाङ्क : ०.४८६
प्रति परिवार सरदर संख्या : ५.६६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

देवीनगर गाविसस्थित जंगलमा ०६२ माघ ७ गते निःशस्त्र अवस्थामा रहेका दुईजनालाई माओवादीको आशङ्कामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरे। मृतकहरूको परिचय खुल्न सकेन।

झडेवा गाविसको छाप निवासी २३ वर्षीय मानबहादुर पुनलाई माओवादीको आशंकामा ०६२ माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही ठाउँमा हत्या गरे।

पश्चिम पाल्पाको छहरा र अर्घाखाँचीको पणेनाको सिमाना पर्ने सल्लाघारीमा ०६२ फागुन १७ गतेसुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तपछि सुरक्षाकर्मीबाट गरिएको खोजतलासका क्रममा ०६२ फागुन १८ गते जुठापौवा गाविस-१ स्थित गुराँसधारामा दुई माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली चलाउँदा एक जनाको घटनास्थलमा नै मृत्यु भयो। उक्त घटनामा परि मारिने माओवादी कार्यकर्ताको परिचय खुल्न सकेन। सोही घटनामा माओवादीहरूलाई खाद्यान्न बेचेको र सहयोग गरेको आरोपमा स्थानीय स्वास्थ्य चौकीमा कार्यरत विमला पौडेललाई सुरक्षाकर्मीले अपमानजनक व्यवहार गरे। सुरक्षाकर्मीले स्थानीय व्यापारीहरू २२ वर्षीय देउमान सिंजाली, ३० वर्षीय नुनबहादुर रास्कोटी, ३७ वर्षीय डुमबहादुर घर्ती, २९ वर्षीय हुमबहादुर छहारी, ३६ वर्षीय राधादेवी सारु र कालिका प्राविकाशिक्षक शंकर डंगासेलाई कुटपिट गरी ज्यानमार्ने धम्की दिए। सो घटनामा सुरक्षाकर्मीले स्थानीय सत्यवती माविमा कक्षा ९ मा अध्ययनरत १५ वर्षीय इन्द्रबहादुर गाहा, कक्षा ८ मा अध्ययनरत १४ वर्षीय विकास सारु र कक्षा ९ मा अध्ययनरत १७ वर्षीय भिमा सारुलाई कुटपिट गर्दा विद्यालयको पठन-पाठन पाँच दिनसम्म बन्द रह्यो। घटनापछि सुरक्षाकर्मीले गरेको सर्चका क्रममा जुठापौवाको नेपानेका धनसिंह पुन, तारा बलाल र रेमबहादुर नेपालीलाई सुरक्षाकर्मीले कुटपिट गरे।

दोहोरो भिडन्त

ज्यामिरे गाविस-८ स्थित पिङ्गदी भुटुकेमा ०६२ माघ ११ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको क्रममा एकजना माओवादीको मृत्यु भयो भने एकजना सुरक्षाकर्मी घाइते भए। सुरक्षाकर्मीले हेलिकप्टरबाट खसालेको बमबाट स्थानीय बासिन्दा पविसरा सारुको घर पूर्णरूपमा क्षति भयो भने वीरबहादुर सारु, रणबहादुर सारु, यामबहादुर सारु, छविलाल सारु र नरमति सारुको घरमा सामान्य क्षति पुग्यो। सुरक्षाकर्मीले गाउँलाई कब्जामा

लिएपछि सोधपुछको क्रममा स्थानीय बासिन्दाहरू ३२ वर्षीय टोकबहादुर सारु, २८ वर्षीय वमबहादुर सारु, ४१ वर्षीय कूलबहादुर राना, ३० वर्षीय धनबहादुर सारु र १८ वर्षीय टोपबहादुर सारुलाई कुटपिट गरे।

माओवादीले ०६२ माघ १८ गते राति करिब १०:४५ बजेदेखि पाल्पाको सदरमुकाम तानसेनका प्राय: सबै सरकारी कार्यालयहरूलाई निशाना बनाई एकैसाथ आक्रमण गर्दा सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा परी २४ जनाको मृत्यु भयो। शाही नेपाली सेनाका चार जनासहित १४ जना सुरक्षाकर्मीको मृत्यु भएको स्थानीय बासिन्दाले बताए। तर सुरक्षा निकायले ११ जनाको मृत्यु भएको जनायो। भिडन्तका क्रममा माओवादीतर्फ नौ जनाको मृत्यु भयो। माओवादी आक्रमणका क्रममा प्रमुख जिल्ला अधिकारीको भान्सेका रूपमा कार्यरत गैरसैनिक व्यक्ति बोधराज ज्ञवालीको मृत्यु भयो। मृत्यु हुने सुरक्षाकर्मीहरूमा असई भीमबहादुर कुमाल, प्रहरी हवल्दार हेमबहादुर सुमै, प्रहरी जवानहरू हुमबहादुर नेपाली, मनबहादुर नेपाली, लालबहादुर बस्नेत, लोकबहादुर सुनार, शाही नेपाली सेनाका सिपाहीहरू हिरासिंह विष्ट, सेनकुमार महतो, थर नखुलेका इन्द्रबहादुर र रामबहादुर थिए। सो भिडन्तमा परी ७५ जना माओवादी, २१ जना सुरक्षाकर्मीहरू र एकजना सर्वसाधारण गरी ९७ जना घाइते भए। सुरक्षाकर्मीको नाइटभिजन हेलिकोप्टरबाट प्रहार गरिएको बमको छर्रा लागी सर्वसाधारण तानसेन नपा-१ मेहलधार निवासी १७ वर्षीय सुमित्रा अधिकारी घाइते भइन्। नाइटभिजन हेलिकोप्टरबाट प्रहार गरिएको बमबाट भुसलडाँडा प्राथमिक विद्यालय तथा सर्वसाधारणहरूको घरमा क्षति भयो। घटनामा घाइते हुने सुरक्षाकर्मीहरूमा जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर शिव शर्मा आचार्य, खाती थरका एकजना प्रहरी हवल्दार, प्रहरी जवानहरू कृष्ण घर्ती, जुद्ध सेन, रामबहादुर चन्द, नारायण थापा, प्रेम आचार्य, नारायण भण्डारी, आनन्दबहादुर कुमाल, किशोरबाबु अधिकारी, चित्रबहादुर मगर, प्रेम चौधरी, रमेश केसी, खिमबहादुर भण्डारी, लालबहादुर कार्की, रामबहादुर मगर, बुद्धमान श्रेष्ठ, महिला प्रहरीहरू यज्ञकुमारी गुरूङ्ग, कल्पना राई, मीना पन्थी, लीलादेवी सारू थिए। सो भिडन्तपश्चात् माओवादीले पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापा, जिल्ला जनसम्पर्क अधिकारी यमप्रसाद पराजुली, जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा हुमनाथ पाण्डेलगायत १ सय ४ जना सुरक्षाकर्मीलाई अपहरण गरेका थिए, जसमध्ये ७५ जनालाई आक्रमणको भोलिपल्ट बिहान मुक्त गरियो। माओवादीले ०६२ माघ २१ गते राष्ट्रिय अनुसन्धान विभागका इन्सपेक्टर यमप्रसाद पराजुलीलगायत् २१ जना सुरक्षाकर्मीलाई मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट सो आक्रमणको स्थलगत अध्ययन गर्न घटनास्थल पुगेका लुमासिंह विश्वकर्मा, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका मानवअधिकार प्रलेख अधिकृत लक्ष्मणदत्त पन्तलगायत् स्थानीय सञ्चारकर्मीको पहलमा इन्सेक जिल्ला प्रतिनिधि कृष्णप्रसाद बस्यालको जिम्मा लगाई मुक्त गरे। त्यसैगरी माओवादीले प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापासहित अन्य कर्मचारी र सुरक्षाकर्मीलाई ०६३ माघ २४ गते इन्सेक प्रतिनिधिलगायत् अन्य मानवअधिकारकर्मी र पत्रकारहरूको जिम्मा लगाई मुक्त गरे।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विष्फोटबाट

बन्दिपोखरा गाविस-७ जोगीपानीका ५ वर्षीय सचिन गहतराज र ६ वर्षीय पार्वती गहतराज ०६३ जेठ २९ बिहान बेवारिसे बम खेलाउँदा बम विष्फोट भई घाइते भए। घाइतेमध्ये सचिन सामान्य उपचारपछि घर फर्केका थिए भने पार्वतीलाई दुवै खुट्टा, घाँटी र छातीमा गम्भीर चोट लागेले युनाइटेड मिशन अस्पतालमा एक सातासम्म उपचार गरेपछि घर फर्किन्। उनको खुट्टामा गडेको बमको छर्रा आर्थिक अभावका कारण यो वर्षको अन्त्यसम्म निकालिएको छैन।

जेल र बन्दी

तानसेन आक्रमणको क्रममा ०६२ माघ १८ गते माओवादीले जिल्ला कारागार शाखासमेत ध्वस्त पारी १ सय ३९ जना बन्दीहरू भगाएका थिए। आक्रमणपछि ०६३ असारसम्म जेल सञ्चालनमा आउन सकेन। सो समयमा दुईजना महिलासहित १० जना बन्दीहरू प्रशासनको सम्पर्कमा रही घरमै बन्दी जीवन व्यतित गरे भने तीनजना थप बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयमा नै राखिएको थियो। मर्मतपछि गत साउनबाट पुन: सञ्चालनमा आएको छ। कूल १ सय ७५ जना बन्दी क्षमता रहेको यस जेलमा हाल ४५ जना बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान धनबहादुर अधिकारीलाई ०६३ वैशाख ७ गते माओवादीले बाँसटारीबाट अपहरण गरी वैशाख ८ गते दमकडाबाट मुक्त गरे।

गुल्मी जिल्ला घर भई तानसेन नगरपालिका भीमसेन टोल निवासी २६ वर्षीय लक्ष्मी बज्राचार्य कुमालले दोस्रो विवाह गरेको आरोपमा ०६३ जेठ ६ गते माओवादीले उनलाई

अपहरण गरी इन्सेकको पहलमा जेठ २३ गते मुक्त गरे।

तानसेन नपा-९ पद्मेटारी निवासी तानसेन नपाका मनोनित मेयर २५ वर्षीय धातानन्द भट्टराईलाई नगर निर्वाचनमा उम्मेदवार भई राजतन्त्रलाई सहयोग गरेको आरोपमा ०६३ असार ८ गते माओवादीले उनलाई अपहरण गरी असार १९ गते मुक्त गरे।

दोभान गाविसस्थित दोभान उच्च मावि कक्षा ८ मा अध्ययनरत १८ वर्षीय सृजना पुन र कक्षा ९ मा अध्ययनरत १८ वर्षीय सामला केसीलाई माओवादीले ०६३ कात्तिक २७ गते अपहरण गरे। हाल उनीहरू माओवादी पार्टीमा संलग्न भएको जनाइयो।

तानसेन नपा-८ भगवतीटोल निवासी २३ वर्षीय विक्रम रणपाल, १९ वर्षीय सुजन रणपाल, १७ वर्षीय कृष्ण गौतम, १८ वर्षीय सुशील गौतम र १७ वर्षीय लोकबहादुर चौहानलाई माओवादीले ०६३ कात्तिक २८ गते अपहरण गरी मंसिर ८ गते मुक्त गरे।

चित्तुङ्गधारा गाविसस्थित घोरवन्दाबाट०६३ कात्तिक २२ गते १८ वर्षीया सुशीला कुमाल, १८ वर्षीय मिनीसरा कुमाललाई ०६३ कात्तिक २४ गते र सोही गाविसका २१ वर्षीय पदमबहादुर राईकुमाल, २४ वर्षीय देवबहादुर कुमाल, २० वर्षीय भोटे कुमाल, २७ वर्षीय थमन कुमाल र २० वर्षीय कान्छा कुमाललाई आर्थिक प्रलोभन देखाई माओवादीले अपहरण गरे। हाल उनीहरू माओवादीमै संलग्न रहेको बताइयो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सातदलले ०६२ माघ १२ गते तानसेनमा आयोजना गरेको विरोध जुलशमा समाचार सङ्कलन गर्न गएका पत्रकार माधव अर्याल र तुल्सीराम पाण्डेलाई सुरक्षाकर्मीले कुटपिट गरी गम्भीर घाइते बनाए। तुल्सीरामको टाउकोमा चोट लागेकोले अस्पताल भर्ना गर्नु परेको थियो भने अर्यालको खुट्टा र शरीरमा लागेको लाठीले गर्दा पाँच दिन आराम गर्नु परेको थियो।

जुठापौवास्थित स्थानीय स्वास्थ्य चौकीमा कार्यरत विमला पौडेलले माओवादीलाई खाद्यान्न बेचेको र सहयोग गरेको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले उनीहरूलाई गुरांसधारामा अपमानजनक व्यवहार गरे भने स्थानीय व्यापारीहरू २२ वर्षीय देउमान सिंजाली, ३० वर्षीय नुनबहादुर रास्कोटी, ३७ वर्षीय डुमबहादुर घर्ति, २९ वर्षीय हुमबहादुर छहारी, ३६ वर्षीय राधादेवी सारु र कालिका प्राविका शिक्षक शंकर डंगासेलाई कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

राजा ज्ञानेन्द्रको तानसेन सवारीको क्रममा त्रिभुवन बहुमुखी क्याम्पसका विद्यार्थीहरूले ०६२ चैत २१ गते कालो झण्डा देखाउँदा अनेरास्वियुमा तुलबहादुर अधिकारी र नोकबहादुर थापा, नेविसंघका बालकृष्ण भण्डारी, अनेरास्वियु (एकीकृत) का विद्यार्थी नेता मनु विकलाई क्याम्पसभित्रै प्रहरी र सैनिक प्रवेश गरी मरणासन्न हुनेगरी कुटपिट गरे।

माओवादीबाट

बराङ्गदी गाविस-२ निवासी ६३ वर्षीय लिला रेश्मीलाई ०६३ कात्तिक २२ गते राति घरमै सुतिहेको बेलामा माओवादी कार्यकर्ता डिफेन्सलगायत विश्व रेश्मी, सावित्रा रेश्मीले घरबाट बाहिर निकाली घरायसी झगडाको कारण कुटपिट गरे। माओवादीको कुटपिटबाट आफ्नो अनुहारको हड्डी फुटेको र खुट्टा दुख्ने गरेको पीडितले बताइन्।

एमाले समर्थित प्रायुसंघ जिल्ला कमिटी सदस्य कर्णबहादुर तरामुलाई ०६३ कात्तिक २८ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१		१	१	१	१३			१३	५	१४			१४
घाइते	१	१	१	३	१	१९	३		३१	३	३	३	७५	८०
गिरफ्तारी/यातना										३	६			६
कुटपिट					६	८	१		९	४	१९	४		३३
धम्की					१	३			३					
महिलाअधिकार	१		१	१										
बालअधिकार	३	३	३	५										
अपहरण					१८	३६	१५	१०३	१५४					
जम्मा	६	४	५	९	३६	७९	१८	१०३	१९९	१३	४१	७	७५	१३३



सात दलद्वारा आयोजित विरोध प्रदर्शनमा लाठी प्रहार गर्दै प्रहरी

कुटपिट गरे। कचल गाविसमा माओवादीहरूले आफ्नो सेनामा भर्ती गर्न लैजान लाग्दा तरामुले प्रतिवाद गरेपछि माओवादीले उनलाई घरमै कुटपिट गरेका थिए। स्थानीय स्वास्थ्य चौकीमा पीडितको उपचार भयो।

वौघगुम्बा निवासी श्रीनगर एफएममा कार्यरत प्रकाश घिमिरेलाई ०६३ मंसिर १५ गते विहान तानसेनस्थित अशोक होटल अगाडिबाट माओवादीले कब्जामा लिई दुईघण्टाभन्दा बढी मानसिक यातना दिए। पीडितलाई होटलको कोठामा थुनी घाटी रेटेर मार्ने धम्की दिइएको थियो।

पत्रकार माधव अर्यालले रुपन्देहीको सैनामैनामा माओवादी बेसक्याम्पको फोटो खिचेको आरोपमा ०६३ पुस १५ गते माओवादीले उनीसँग दुर्व्यवहार गरे।

अभिव्यक्ति, भेला र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका जिल्ला नेताहरू झपेन्द्रबहादुर जिसी र यादवबहादुर रायमाझीलाई ०६२ माघ ६ गते डिएसपी उत्तम सुवेदी र प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापाको आदेशमा सुरक्षाकर्मीले तानसेन दरबार हाताभित्रबाट



तानसेन आक्रमणपछि माओवादीद्वारा अपहरित सुरक्षाकर्मीहरू इन्सेकको पहलमा मुक्त गरिएपछि मानवअधिकारकर्मीको साथमा

गिरफ्तार गरे। उनीहरूलाई तीन महिने थुनुवा पूर्जी दिई जेल चलान गरियो। पीडितहरूलाई ०६२ फागुन १ गते रिहा भए।

नेकाँका जिल्ला नेता देवराज ढकाल र जनमोर्चाका यज्ञ आचार्यलाई पार्टीको कार्यक्रम सकी घर फर्कदै गर्दा तानसेन गैरागाउँबाट र नेकाँ (प्रजातान्त्रिक) का जिल्ला नेता गम्भीरजंग कार्कीलाई घरबाट बजारतर्फ आउँदै गर्दा मेहल्धाराबाट ०६२ माघ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई शान्ति सुरक्षाऐनअन्तर्गत तीन महिने थुनुवा पूर्जी दिई जेल चलान गरिएकोमा तीनैजना ०६२ फागुन १ गते रिहा भए।

बालअधिकार

हुंगी गाविस, निवासी ४ वर्षीय एक बालिकालाई ०६२ चैत १४ गते सोही ठाउँ निवासी ३७ वर्षीय हुमबहादुर सारुले बलात्कार गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति

राज्यबाट

ज्यामिरे गाविस-८ स्थित पिङ्गदी भुटुकेमा ०६२ माघ ११ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको क्रममा सुरक्षाकर्मीले हेलिकप्टरबाट प्रहार गरेको बमबाट जनप्रिय प्राथमिक विद्यालयको भवन क्षतिग्रस्त भयो।

माओवादीबाट

माओवादीले ०६२ माघ १८ गते तानसेन आक्रमण गर्दा तानसेन दरबार र सो दरबारमा रहेका जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, स्थानीय विकास कोष कार्यालय, क्षयरोग निवारण संघ, जिल्ला कारागार र सरकारी कर्मचारीहरूको निवास क्षेत्र पूर्णरूपमा ध्वस्त भए। कृषि विकास बैंक, नेपाल टेलिकम, बालमन्दिर प्राविमा आंशिक क्षति भयो। त्यसैगरी भुसालडाँडा प्राविको भवनसमेत क्षतिग्रस्त भयो। तानसेनको कैलाशनगरमा सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा पश्चिमाञ्चल एफएम र श्रीनगर होटल क्षतिग्रस्त भए।

३.१० कपिलवस्तु



जनसंख्या : ५,३४,०९१
साक्षरता प्रतिशत : ४१.५
महिला साक्षरता प्रतिशत : २९.३
क्षेत्रफल (वर्ग कि. मि.) : १७३८
गाविस/नपा संख्या : ७७/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३५५
क्याम्पस/उच्च मावि : २/८
अस्पताल/स्वास्थ्य चौकी : ३/७८
टेलिफोन लाइन : १७३६
मोटर सडक (कि. मि.) : १५०७
प्रहरी कार्यालय संख्या : ६४
हुलाक संख्या : ७४
मानव विकास सूचकाङ्क : ०.४३७
प्रति परिवार सरदर संख्या : ७.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपमा बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

गोटिहवा गाविस-५ निवासी ४० वर्षीय मुडफुटे भनिने शिवलखन यादवलाई ०६२ फागुन २१ गते भारतबाट नेपाल आउने क्रममा सीमाक्षेत्र सोमडी गाविसस्थित मर्जादपुर भन्ने स्थानबाट ७/८ जनाको संख्यामा हतियारसहित बसेका माओवादीले अपहरण गरी लगेकोमा उनको लास चार दिनपछि फागुन २४ गते तिलौराकोट गाविस-८ निगालिकोट नजिकै तौलिहवा ४ न. जीतपुर सडकखण्डमा छातीमा गोली लागेको अवस्थामा फेला पऱ्यो। उनको हत्या माओवादीले गरेको पुष्टि गर्न माओवादीले सो स्थानमा छोडेको एउटा हस्तलिखित कागजमा मृतक प्रतिकार समूहको अगुवा भई सर्वसाधारण जनतालाई हत्या गर्न र लुटपाटमा संलग्न भएको उल्लेख गरिएको थियो।

आफ्नै बमबाट मृत्यु

तौलिहवा स्थित शाही नेपाली सेनाको शिवदल गणमा ०६३ वैशाख ४ गते दिउँसो बाल्टिन बम विस्फोट हुँदा दुईजना सैनिकको मृत्यु भयो भने आठजना घाइते भए। गणपति बाबुराम श्रेष्ठका अनुसार सो विस्फोट आईडिका कारण भएको बताए। विस्फोटमा सैनिक जवान कृष्ण विष्टको घटनास्थलमै मृत्यु भयो भने अर्का एकजनाको नाम खुल्न सकेन। घाइते हुने सैनिकहरूमा प्रेम भाट, पवन तिवारी, राजु सुनुवार, यम केसी, सूर्य खड्का, कृष्ण केसी, कमला सिंह धामी, दिलबहादुर प्रेमी र सशस्त्र प्रहरीका खड्कनारायण श्रेष्ठ रहेका छन्। घाइतेहरूको मेडिकल कलेज भैरहवामा उपचार गरियो।

माओवादी प्रतिकार समूहबाट

फुलिका गाविस-३ ठूलोखैरिया निवासी ३ वर्षीय मन्जिल बरईलाई ०६३ जेठ १८ गते राति तीनजनाको संख्यामा आएका माओवादी प्रतिकार समूहका व्यक्तिले खुकुरीले टाउकोमा प्रहार गरी हत्या गरे। सोही समूहले सोही दिन मन्जिलका ५ वर्षीय दाजु सोनु वरइ र १८ वर्षीय दिदी भगवती बरईलाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएका थिए। घाइतेहरूको भैरहवा मेडिकल कलेजमा उपचार भयो। मञ्जिलको हत्या गरेको आशङ्कामा एकजना पप्पु भनिने सलाउद्धिन मुसलमानलाई माओवादीले ०६३ जेठ २४ गते अपहरण गरी ०६३ असार २१ गते प्रहरीलाई बुझाएकोमा उनलाई ज्यानमुद्दाअन्तर्गत पुर्पक्षका लागि थुनामा राखिएको छ।

हथिहवा गाविस-३ निवासी ३० वर्षीय राजेन्द्र कुर्मी र सोही गाविस-७ निवासी ३८ वर्षीय केशव भरलाई ०६३ असार १३ गते राति माओवादी प्रतिकार समूह बताउने १४-१५ जनाको संख्यामा आएका नकाब लगाएका हतियारधारीले घरबाट अपहरण गरी घरदेखि पश्चिम बाटोमा पुऱ्याई हत्या गरे।

दोहोरो भिडन्त

तौलिहवामा ०६२ चैत २५ गते राति माओवादीले आक्रमण गर्दा सुरक्षाकर्मीसँग भएको दोहोरो भिडन्तमा नौजना माओवादी तथा सुरक्षाकर्मीतर्फ चितवन जिल्ला निवासी २५ वर्षीय राजन ढकाल, गुल्मी जिल्ला निवासी २४ वर्षीय तेजमान गिरी र कास्की जिल्ला निवासी २३ वर्षीय राजनकुमार श्रेष्ठको मृत्यु भयो। घटनामा मारिएका नौजना माओवादी छापामारका लासको भने सनाखत हुन सकेन। दोहोरो भिडन्तका क्रममा कपिलवस्तु नगरपालिका

हाटबजारलाइन निवासी सर्वसाधारण मुस्तफा अलि मुसलमानको पनि मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

बरकलपुर र बुडढी गाविसको बीचमा स्थित इमिलिया पुलमा माओवादीले नेपाल बन्दको क्रममा ०६२ माघ २४ गते बाटो अवरुद्ध पारी बिस्फोटक पदार्थ राखेकोमा बाटो खुलाउन गएका सुरक्षाकर्मीले बाटोमा हिँड्दै गरेका यात्रुहरूलाई अवरोध हटाउन पठाउँदा त्यहाँ रहेको विस्फोटक पदार्थ विस्फोट भई हरिहरपुर गाविस-७ निवासी ३५ वर्षीय शिब्बड चौधरी गम्भीर घाइते भए भने बरकलपुर गाविस-२ निवासी १७ वर्षीय सुनिल भुसाल सामान्य घाइते भए।

जेल र बन्दी

कुल १ सयजना बन्दी क्षमता भएको 'ङ' श्रेणीको कपिलवस्तु जेलमा यस बर्षको अन्त्य सम्ममा २५ जना कैद तोकिएका र २८ जना कैद नतोकिएका गरी ५३ जना बन्दी रहे। माओवादीले ०६२ चैत २५ गते सदरमुकाम आक्रमणको क्रममा १ सय ४ जना बन्दी भगाउनुका साथै जेलमासमेत आगजनी गरेका थिए।

बेपत्ता/अपहरण

राज्यबाट

जिल्ला कारागार शाखा, कपिलवस्तुमा रहेका चनई गाविस-१ निवासी मुस्फा दर्जी मुसलमान र खुरहुरिया गाविस-५ निवासी नन्दलाल चौहानलाई ०६२ चैत २५ गते राति शाही नेपाली सेनाले जेलबाटै गाडीमा राखेर लगेकोमा हालसम्म उनीहरूको अवस्था अज्ञात छ।

माओवादीबाट

कपिलवस्तु जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी भवानीप्रसाद पराजुली, प्रशासकीय अधिकृत विमलराज आचार्य र जिल्ला अदालतका श्रेस्तेदार कृष्णराम कोइरालालाई ०६२ माघ २९ गते भारतको अयोध्याबाट नेपाल फर्कने क्रममा सोमडी गाविसबाट माओवादीको एक समूहले अपहरण गऱ्यो। माओवादीले कृष्णरामलाई ०६२ फागुन १ गते र अन्य दुईजनालाई मानवअधिकारकर्मी र सञ्चारकर्मीको रोहबरमा ०६२ फागुन ४ गते हथौसा गाविसबाट मुक्त गरे।

महाराजगञ्ज गाविस गैडहवा निवासी ५६ वर्षीय फरहाज चौधरीकुर्मीलाई ०६२ चैत १६ गते माओवादीले अपहरण गरी चैत १७ गते मुक्त गरे।

तिलौराकोट गाविस-६ निवासी २० वर्षीय नरबहादुर सुनारलाई ०६३ जेठ २१ गते माओवादीले अपहरण गरेकोमा जेठ २८ गते मुक्त गरे।

सिंहखोर गाविस-६ निवासी ४८ वर्षीय जानकी दुलारी र ५५ वर्षीय हरिराम पासीलाई ०६३ जेठ २२ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरणपछि दुवैजनालाई कुटपिट गरी जेठ २८ गते मुक्त गरियो।

सिंहखोर गाविस-६ निवासी ५० वर्षीय तिरथ अहिर र उनका भाइ ४६ वर्षीय जग्गु अहिरलाई ०६३ जेठ २३ गते माओवाादीले घरबाट अपहरण गरी कुटपिट गरे। पीडितहरूलाई जेठ २९ गते मुक्त गरियो।

पतेरीया गाविस-८ निवासी ३८ वर्षीय मुन्निराम यादवलाई ०६३ असार १७ गते माओवादीको एक समूहले प्रतिकार समूहमा लागेको आरोपमा अपहरण गऱ्यो। पीडितलाई असार १९ गते मुक्त गरियो।

धनकौली गाविस-७ लोरौला निवासी ४५ वर्षीय वोमबहादुर सुनार, उनका छोरा २२ वर्षीय गोपालबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	६		६	३	६		६	१	९			९
घाइते	३	३	३	६	४	४५		४५					
गिरफ्तारी/यातना									७	१४	७		२१
कुटपिट	४	१६	२	१८	२	६		६	१		२		२
धम्की	३	१०	१	११									
भेला/संगठित हुने अधिकार									३	७		१३	२०
महिलाअधिकार	३		३	३					१		१		१
बालअधिकार	३		७	७									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१		२	२					
अपहरण	१		१	१	१८	३५	८	४३					
जम्मा	३३	३५	१७	५३	३८	९३	१०	१०३	१३	३०	१०	१३	५३

सुनार र भाई ४० वर्षीय चक्रबहादुर सुनारलाई छिमेकीसँगको झगडाको कारण ०६३ साउन २ गते माओवादीले धनकौली गाउँबाट अपहरण गरे। माओवादीले उनीहरूलाई कुटपिट गरी साउन ४ गते मुक्त गरे।

खुरुहुरीया गाविस-४ निवासी ३५ वर्षीय लक्ष्मीकुमार उपाध्यायलाई ०६३ साउन २२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई साउन २६ गते मुक्त गरियो।

डुमरा गाविस-८ निवासी २३ वर्षीय महेन्द्र पासी, अभिराव गाविस-१ निवासी २२ वर्षीय मल्लु पासी, हर्नामपुर गाविस निवासी ३० वर्षीय वर्षादी पासी, बलुहवा गाविस-५ निवासी ३५ वर्षीय मिठ्ठु पासी र डुमरा गाविस-८ निवासी ३० वर्षीय दशरथ चमारलाई विभिन्न स्थानमा चोरी डकैतीमा संलग्न भएको आरोपमा ०६३ साउन २४ गते माओवादीले अपहरण गरी कुटपिट गरे। अपहरित सबैलाई ०६३ साउन २७ गते जिल्ला प्रहरी कार्यालयका एसपी जयबहादुर चन्दसमक्ष माओवादीले हस्तान्तरण गरे। प्रहरीले स्वास्थ्य जाँच गर्दा पिठ्यूँ, खुट्टाका पैताला, हातलगायत शरीरका विभिन्न ठाउँमा नीलडाम तथा घाउसमेत रहेको पाइएको बतायो। हाल उनीहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

हथिहवा गाविस-८ बिचवापुर निवासी ४० वर्षीय श्रीराम लोधलाई ०६३ वैशाख २५ गते दिउँसो माओवादीको एक समूहल बजारबाट घरदेखि केहीपर लगि धारिलो हतियार प्रयोग गरी घाइते बनायो। पीडितको टाउकोमा गम्भीर चोट लागेका कारण जिल्ला अस्पतालमा उपचार गरियो।

माओवादी प्रतिकार समूहबाट

गुगौली गाविस निवासी विष्णुप्रसाद सुवेदी, लोकबहादुर गुरुङ्ग, ४६ वर्षीय नारायण सापकोटा, ४० वर्षीय विष्णुहरि सापकोटा, २५ वर्षीय कुमार यादव, ८० वर्षीय वासुदेव भट्टराई, ४० वर्षीय हरिलाल बस्याल, ६२ वर्षीय श्रीवल्लव भट्टराई, १५ वर्षीय चीनिलाल तेली, ७ वर्षीय रेणु यादव, ६५ वर्षीय बलबहादुर रोकालगायत्लाई ०६२ माघ ७ गते माओवादी प्रतिकार समूहले कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

गजेहडा गाविस-३ निवासी २२ वर्षीय प्रेमबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६२ माघ १६ गते बाणगंगाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १९ गते रिहा गरे।

पकडी गाविस-६ बाट माओवादी निकट मधेसी मुक्ति मोर्चाका जिल्ला अध्यक्ष राजेन्द्र तिवारी, सदस्य सुरेन्द्र तिवारी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का कार्यकर्ता भैयालाल चमारलाई ०६२ माघ २० गते तौलिहवा र लबनीबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरी गोरुसिङगेस्थित शिवदलगणको सैनिक हिरासतमा राखिएकोमा भैयाललालाई माघ २४ गते थुनुवा पुर्जी दिई जेल चलान गरियो भने ०६२ फागुन २४ गते जिल्ला प्रशासनको आदेशमा तारेखमा रिहा गरियो। अन्य दुईजनालाई ०६३ जेठ ३० गते रिहा गरियो।

मोतिपुर गाविस-३ बनगाइमा अनेमसंघ (क्रान्तिकारी) को कार्यक्रमबाट फर्कने क्रममा ०६२ माघ २० गते शिवदलगण गोरुसिङ्गेबाट गएका सुरक्षाकर्मीले २६ जना महिलालाई गिरफ्तार गरे।

गिरफ्तारमध्ये १९ जनालाई माघ २१ गते रिहा गरियो भने मोतिपुर गाविस-३ निवासी १६ वर्षीय कमला परियार, १७ वर्षीय उजेली परियार, नन्दनगर गाविस-९ निवासी ३८ वर्षीय लक्ष्मी भट्टराई, हथौसा गाविस-५ निवासी १८ वर्षीय शारदा सेन, वरकलपुर गाविस-३ निवासी चम्फा अधिकारी, फुलिका गाविस-४ निवासी १६ वर्षीय सुविधा चौधरी, शिवगढी-४ निवासी सिता पुन, पटना गाविस-९ निवासी फूलमति थारुलगायत सातजनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत तीन महिनाको थुनुवा पुर्जी दिई ०६२ माघ २२ गते जेल चलान गरियो। सातजना महिलाहरूलाई इन्सेक प्रतिनिधिलगायत् अन्य मानवअधिकारकर्मीको रोहबरमा १५ दिनपछि फागुन ५ गते रिहा गरियो।

मोतिपुर गाविस-७ भर्तापुर निवासी ३५ वर्षीय सन्तोष केसीलाई ०६२ फागुन २९ गते तौलिहवाबाट मोटरसाइकलसहित सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६२ चैत १ गते रिहा गरियो।

राजपुर गाविस-४ निवासी ३८ वर्षीय नारायण बस्नेतलाई ०६२ माघ २४ गते गोरुसिङगेबाट सर्चमा गएका सुरक्षाकर्मीले वरकलपुर गाविस-१ बाट गिरफ्तार गऱ्यो। उनलाई ०६३ जेठ ३० गते रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका जिल्ला सभापति सुधाकर पाण्डे, उपसभापति ललितसिंह बास्कोटा, एमाले जिल्लासदस्य बाबुराम खनाल र नेत्रज्योति गिरी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य रमेश शर्मा र किरण सिंह, तरुणदलका अध्यक्ष विश्वराज रेग्मीलगायतलाई जिल्ला सदरमुकाम तौलिहवामा सात दलद्वारा आयोजित नगर चुनाव बहिष्कार अभियानका क्रममा

०६२ माघ ८ गते जिल्ला प्रहरी कार्यालयबाट इन्सपेक्टरको अगुवाइमा आएको प्रहरीले जिल्ला प्रशासन कार्यालय अगाडिबाट गिरफ्तार गरे। गिरफ्तार सातजनालाई शान्ति सुरक्षा ऐनअन्तर्गत तीन महिनाको थुनुवा पुर्जी दिई जेल चलान गरिएकोमा १७ दिनपछि माघ २४ गते जिल्ला अदालतबाट रिहा गरियो।

सात दलद्वारा ०६२ चैत २३ गते सदरमुकाम तौलिहवामा आयोजित शान्तिपूर्ण विरोध प्रर्दशनको बेला प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी उपसचिव डम्बर शर्मा, सचिवालय सदस्य कृष्ण पौडेल, भोजराज खनाल र पत्रकार नारायण पौडेललाई गिरफ्तार गरेकोमा पौडेल र खनाललाई सोही दिन एक घण्टापछि र अरू दुईजनालाई २४ गते साँझ रिहा गरियो।

जनआन्दोलनको क्रममा ०६२ चैत २४ गते साँझ सदरमुकाम तौलिहवाको आन्दोलन चोकमा कोणसभा गरिरहेको अवस्थामा नेपाल प्रहरीका एसपी विजय भट्टको आदेशमा प्रहरीले शिक्षक युनियनका अध्यक्ष खुमप्रसाद आचार्य, तरुण दलका अध्यक्ष विश्वराज रेग्मी, नेकाँका सचिव दिपेन्द्र शुक्लालाई कोणसभा स्थलबाट तथा एमालेका डम्बर शर्मा र कृष्ण पौडेललाई मिडियाचोकबाट गिरफ्तार गरे। उनीहरूलाई २४ घण्टासम्म खानसमेत नदिइकन चैत २५ गते साँझ रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नमुना जिल्ला अदालत कपिलवस्तुमा यस वर्ष ९ सय ४९ मुद्दा दर्ता भएकामा ५ सय ८६ मुद्दा फर्स्यौट भई ४ सय ६३ ओटा बाँकी रहे। जसमा देवानी ५ सय ७५ ओटा मुद्दा परेकोमा २ सय ६३ ओटा फर्स्यौट भई ३ सय १२ ओटा बाँकी रहे। फौजदारी ३ सय ७४ ओटा मुद्दा परेकोमा २ सय २३ ओटा फर्स्यौट भई १ सय ५१ ओटा बाँकी रहे।

बालअधिकार

गजेहडा गाविस-९ निवासी वाणगंगा माविमा अध्ययनरत १३ वर्षीय देवी सुनार, सोही गाविस-७ निवासी १४ वर्षीय यशोधा सिंह र १३ वर्षीय मनु सेनलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरूलाई मासिक सात हजार रूपैयाँ तलब पाउने प्रलोभन देखाएका थिए। हाल उनीहरू माओवादीसँगै रहेको बुझिएको छ।

महिला विरुद्ध हुने सबै प्कारको भेदभाव /दुर्व्यवहार

बलत्कार/बलात्कार प्रयास

कञ्जहवा गाविस-२ निवासी ४० वर्षीय एक महिलालाई ०६३ असार २८ गते भैंसी चराउन जङ्गल गएको बेला सोही गाविस निवासी ३५ वर्षीय जुगुल यादवले बलात्कार गरे। पीडितले ०६३ कात्तिक २ गते जिल्ला प्रशासनमा उजुरी दिइन्। प्रशासनले आवश्यक कारवाही अगाडि बढ्न प्रहरीलाई निर्देशन दिएको भए पनि प्रहरीले ३५ दिन नाघेको मुद्दा नहेर्ने भनी फिर्ता पठाएको थियो।

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

फुलिका गाविस-३ बड्की खैराटी निवासी ३५ वर्षीय बरसौनी यादव र ३६ वर्षीय कृष्ण यादवको ०६३ मंसिर १६ गते माओवादी नेता रामलौटन तिवारीको उपस्थितिमा खेतमा जम्मा गरी भित्र्याउन लागेको करिब आठ बिगाहा खेतको धानवाली माओवादी कार्यकर्ताले कब्जामा लिए।

३.११ अर्घाखाँची



जनसंख्या : २,२०,४८२
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ११९३
गाविस/नपा संख्या : ४२/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ४२४
क्याम्पस/उच्च मावि : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : ५८
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ४२
मानव विकास सूचकाङ्क : ०.४७१
प्रति परिवार सरदर संख्या : ५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

खिदिम गाविस-६ हटिया निवासी कक्षा ८ मा अध्ययनरत १४ वर्षीय पवन गौतम ०६२ फागुन १६ गते सुरक्षाकर्मीको हवाई आक्रमणमा परी गोली लागी मृत्यु भयो।

पोखराथोक गाविस-६ सिस्नेयार निवासी ३४ वर्षीय ओमप्रकाश घर्तीको क्युरेनीमा मकैको ढोड लिन जाँदा सेनाले हवाई आक्रमण गर्दा छाडिएको बम विस्फोट हुँदा ०६२ फागुन १७ गते मृत्यु भयो।

दोहोरो भिडन्त

माओवादी र सुरक्षाकर्मीबीच पणेना गाविस-५ स्थित कोप्चाखोलामा ०६२ फागुन १६ गते भएको भिडन्तमा १३ जना सुरक्षाकर्मी र आठजना माओवादीको मृत्यु भयो। पाल्पा आक्रमणपछि फर्किएको माओवादीको समूह पणेनाको पाणिनी मन्दिर क्षेत्रमा रहेको सूचनाका आधारमा उक्त स्थानमा सेनाले चारैतिरबाट घेरा हाली आक्रमण गरेको थियो। सो घटनामा परी हरिहर संस्कृत उच्च माविमा अध्ययनरत् विद्यार्थीहरू ठाकुर गौतम, शिवहरि पौडेल, रमा गौतम र गोमा मरासिनी घाइते भए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

खिदिम गाविस-६ निवासी २५ वर्षीय हरि गौतम, १६ वर्षीय ठाकुर गौतम, २७ वर्षीया भूमिका मरासिनी, १७ वर्षय सरोज पौडेल र २५ वर्षीय शिव पौडेल, सोही गाविस-३ निवासी प्रकाश मरासिनी र ९ महिनाकी पुष्पा मरासिनी ०६२ फागुन १६ गते सेनाले माओवादीविरुद्ध हवाई आक्रमण गर्दा घाइते भए। घाइते हरि र भूमिकाको वीरेन्द्र सैनिक अस्पताल, काठमाडौंमा उपचार भयो भने अन्यको स्थानीय हेल्थपोष्टमा उपचार गरियो।

पणेना गाविस-८ गोनपानी निवासी १८ वर्षीया गीता विक ०६२ फागुन १६ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा परी घाइते भइन्। उनलाई सुरक्षाकर्मीले मलमपट्टी गरी औषधी प्रदान गरे।

सन्धिखर्क गाविस-६ मा लोकतान्त्रिक आन्दोलनको समर्थनमा ०६३ वैशाख ३ गते निकालिएको जुलुसमाथि तात्कालीन शाही नेपाली सेनाले अन्धाधुन्ध गोली चलाउँदा धारापानी गाविस-५ निवासी २८ वर्षीय विष्णु भुसाल, सन्धिखर्क गाविस-९ निवासी २४ वर्षीय सुमित्रा पौडेल, डिभर्ना गाविस-६ निवासी २१ वर्षीय नारायण कुँवर र नरपानी गाविस-६ निवासी १८ वर्षीय निरज दमासे गोली लागि घाइते भए। उनीहरूको मेडिकल कलेज, भैरहवामा उपचार भयो। घाइते निरजको मोडल अस्पताल, काठमाडौंमा उपचार भयो। सो जुलुसमा प्रहरीले चलाएको अश्रुग्यासबाट सन्धिखर्क गाविस-६ निवासी कृष्ण श्रेष्ठ, सोही गाविस-९ निवासी पदमबहादुर नेपाली, खाँचीकोट गाविस-९ निवासी ऋषिराम घिमिरे, वाडला गाविस-४ निवासी रुकबहादुर थापा, खन गाविस-८ पुष्पा खनाल, वाडला गाविस-५ निवासी विपिन श्रेष्ठ, वाड्ला गाविस-२ निवासी विष्णुप्रसाद भुसाल, किमडाँडा निवासी अशोक भुसाल, हंसपुरका केदार सिंह, बाँगी गाविस-५ निवासी बसन्ता खनाल, सन्धिखर्क गाविस-६ निवासी बाबुराम भुसाल, किमडाँडा गाविस-२ निवासी धर्मराज पराजुली, बाँगी गाविस-४ निवासी जुना विक, सन्धिखर्क गाविस-६ निवासी आनन्द टण्डन, नुवाकोट गाविस-३ निवासी रमेश परियार, प्युठान जिल्ला निवासी बलराम क्षेत्री, डिभर्ना गाविस-६ निवासी शिवकला आचार्य, अर्घा गाविस-३ निवासी कमला अधिकारी, अर्घातोष गाविस-८ निवासी अस्मिता भुसाल, किमडाँडा गाविस-२ निवासी मीनबहादुर नेपाली, पत्रकार सहयोगी बीसी गम्भीर घाइते भए। उनीहरूको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो।

बेवारिसे बमबाट

सिमलपानी गाविस-१ तोरीवारी निवासी १६ वर्षीया धनकुमारी थापा जङ्गलमा घाँस काटिरहेको बेला बेवारिसे अवस्थामा रहेको बम विस्फोट हुँदा ०६३ कात्तिक १४ गते घाइते भइन्। पीडितको मिसन अस्पताल पाल्पामा उपचार गरियो।

बेपत्ता/अपहरण

माओवादीबाट

भगवती गाविस-३, हटिया निवासी ६८ वर्षीय रणप्रसाद भनिने तेजकुमार श्रेष्ठले सुराकी गरेको आरोपमा ०६२ फागुन २८ गते माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६२ चैत ११ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा मुक्त गरे।

मरेङ्ग गाविस-७ काफलखर्क निवासी २५ वर्षीय कृष्णप्रसाद बन्जाडेलाई स्थानीय व्यक्तिको घर र थारोमा आगो लगाइदिएको आरोपमा ०६२ चैत १५ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६२ चैत २९ गते स्थानीय अर्घातोष गाविस-६ स्थित ठुलढुङ्गावाट मुक्त गरे।

खाँचीकोट गाविस-५ निवासी ४० वर्षीय टानबहादुर क्षेत्री र अड्गुरी गाविस-७, भन्ज्याङ्ग निवासी २५ वर्षीय कृष्ण भट्टराईलाई ०६३ वैशाख ५ गते नक्कली माओवादी बनी चन्दा उठाइरहेको अवस्थामा माओवादीले अपहरण गरे।

पीडितहरूलाई ०६३ वैशाख २१ गते मुक्त गरियो।

हंसपुर गाविस-२ निवासी २७ वर्षीय दामोदार अधिकारीलाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असार ८ गते माओवादीले ठाडाखोलाबाट अपहरण गरे। माओवादीले पीडितलाई ०६३ मंसिर ५ गते मुक्त गरे।

सिमलपानी गाविस-५ निवासी ३६ वर्षीय टोमलाल घिमिरे, ३० वर्षीय गंगाबहादुर कार्की र २५ वर्षीय खिमबहादुर दर्लामीलाई कपिलवस्तुको गजेहडामा रक्सी सेवन गरी हतियार देखाएको आरोपमा ०६३ साउन २० गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६३ साउन ३१ गते मुक्त गरे।

मरेङ्ग गाविस-३ निवासी १७ वर्षीय झवीन्द्र भुसाल, मरेङ्ग गाविस-८ निवासी १६ वर्षीय दिपेन्द्र बराल, सोही ठाउँ निवासी १६ वर्षीय विनोद परियारलाई ०६३ कात्तिक २५ गते माओवादीले जनुमक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। उनीहरूलाई मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरियो।

ठाडा गाविस-४ निवासी १४ वर्षीय रमेशबहादुर थापा, सोही ठाउँ निवासी १५ वर्षीय रामचन्द्र आचार्य, ठाडा गाविस-६ निवासी १६ वर्षीय पुष्पा आचार्य, सोही ठाउँ निवासी १५ वर्षीय पूजा राउत, ठाडा गाविस-९ निवासी १७ वर्षीय रजीना रजाली र ठाडा गाविस-८ निवासी १६ वर्षीय आकाश सारुलाई ०६३ कात्तिक २६ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। अपहरित रामचन्द्रलाई तीन दिनपछि ०६३ कात्तिक २९ गते रानीवगियाबाट आफ्नै बाबुको जिम्मामा मुक्त गरे भने अरुलाई ०६३ मंसिर ११ सन्धिखर्कबाट मुक्त गरे।

ज्योति मावि ठाडामा कक्षा-९ मा अध्ययनरत १६ वर्षीय वासुदेव पाण्डे, कक्षा-९ मा अध्ययनरत १५ वर्षीय जगबहादुर भाट, कक्षा-९ मा अध्ययनरत १६ वर्षीय खडकबहादुर बस्नेत, कक्षा १० मा अध्ययनरत १६ वर्षीया गुमा रजली, १५ वर्षीय गोलबहादुर घर्ती, कक्षा ९ मा अध्ययनरत १५ वर्षीया राधा बस्नेत, कक्षा ९ मा १५ वर्षीय कृष्णबहादुर घर्ती, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय चन्द्रबहादुर घर्ती, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय मधु पौडेल, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय रमेश थापा र कक्षा ९ मा अध्ययनरत १५ वर्षीय विष्णु परियारलाई०६३ कात्तिक २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्ने भनी अपहरण गरे। अपहरितमध्ये वासुदेव पाण्डे तीन दिनपछि कात्तिक ३० गते मुक्त भए भने अरु माओवादी क्याम्पमा छन्।

सन्धिखर्क गाविस-९ निवासी १५ वर्षीय ईश्वरी विक, १७ वर्षीय बसन्त राना, १६ वर्षीय उमा विक र डिभर्ना गाविस-१ निवासी १५ वर्षीय देवबहादुर थापालाई ०६३ कात्तिक २७ गते माओवादीले अपहरण गरे। माओवादीले ईश्वरी विकलाई ०६३ मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरे। अरु सबै माओवादी क्याम्प रानीवगियामा रहेका छन्।

ढिकुरा गाविस-१ निवासी १६ वर्षीय कृष्ण केसी, अर्घातोष गाविस-७ निवासी १५ वर्षीय मोहन बन्जाडे, सुवर्णखाल गाविस-५ निवासी १६ वर्षीय वेदे थापा, पणेना गाविस-१ निवासी ३५ वर्षीय हस्तबहादुर विक र हंसपुर गाविस-२ निवासी १४ वर्षीय गोमबहादुर परियारलाई ०६३ कात्तिक २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। माओवादीले कृष्ण केसीलाई कात्तिक २९ गते र अरुलाई ०६३ मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरे।

वाङ्गला गाविस-१ निवासी १६ वर्षीय टंक विक, १६ वर्षीय हरिबहादुर विक र ठाडा गाविस-३ निवासी १६ वर्षीय मीनबहादुर जिसीलाई ०६३ कात्तिक २८ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। माओवादीले टंक विक र हरिबहादुर विकलाई मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरे भने मीनबहादुर जिसी माओवादीको रानीवगिया क्याम्पमा छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१	२	१	१३		१३	३	२		८	१०
घाइते	१		१	१					४	६	६		१२
गिरफ्तारी/यातना									४	७	८		१५
कुटपिट					२	२	१	३					
भेला/संगठित हुने अधिकार									३	३		५१	५४
अपहरण	१	१		१	१२	३५	५	४०					
जम्मा	४	२	२	४	१५	५०	६	५६	१४	१८	१४	५९	९१

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

बल्कोट गाविस-२ निवासी ३३ वर्षीय दुर्गा भुसाल र सोही ठाउँ निवासी नेकाँ गाउँ सभापति विष्णु भुसाललाई चन्दा नदिएको आरोपमा ०६३ भदौ २५ गते माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। माओवादीले भने भ्रष्टाचारको रकम फिर्ता गर्न दबाब दिएको तर कुटपिट नगरेको बतायो।

खिदिम गाविस-३ फर्सवा निवासी ३५ वर्षीय लक्ष्मी गौतमलाई राजनीतिक प्रतिशोधका कारण ०६३ असोज ३० गते साँझ माओवादीले र कुटपिट गरी ज्यान मार्ने धम्की दिए। पीडित एमाले इलाका कमिटी सदस्य हुन्।

गैरकानुनी गिरफ्तारी

रुकुम जिल्ला घर भई कपिलवस्तु जिल्लामा कार्यरत २८ वर्षीय कमल भनिने मणिकर्ण केसीलाई माओवादीको आरोपमा ०६२ माघ ९ गते ठाडा इलाका प्रहरी कार्यालयबाट गस्तीमा गएको सुरक्षाकर्मीले सिद्वारा गाविस-३, बर्रेबाट गिरफ्तार गरे। उनलाई ०६३ वैशाख ३० गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

रुकुम जिल्ला वस्ती गाविस-७ निवासी १८ वर्षीय कालु विक, डडेल्धुरा जिल्ला मणिलेख गाविस-२ निवासी १७ वर्षीय तेजबहादुर राउत, सोही जिल्ला वगरकोट गाविस-४ निवासी १७ वर्षीय सानु राउत, कैलाली जिल्ल निवासी १८ वर्षीय धनिश्वर परियार, अछाम जिल्ला ठाटी गाविस-५ निवासी भूमा बुढामगर, वझाङ जिल्ला कपासे गाविस-४ निवासी १५ वर्षीय दिविका बोहरा, दार्चुला जिल्ला भगवती गाविस-५ निवासी १६ वर्षीया संगीता धामी, हुम्ला जिल्ला हिम्का गाविस-१ निवासी १७ वर्षीय कर्मा लामा, बाजुरा जिल्ला ऋषिदेव गाविस-१ निवासी भनीकुमारी धामी, अछाम जिल्ला निवासी १६ वर्षीया नन्दा धामी, डोटी जिल्ला पन्दुम गाविस-५ निवासी सरस्वती शाही, डडेल्धुरा जिल्ला वगरकोट गाविस-६ निवासी १८ वर्षीया पार्वती भट्ट र सोही जिल्ला बगरकोट गाविस-२ निवासी १६ वर्षीय ललिता भट्टलाई ०६२ फागुन १७ गते खिदिम गाविस-१ र खुलौटेबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई ०६२ चैत २९ गते मानवअधिकारकर्मीको रोहबरमा रिहा गरियो।

पकले गाविस-२ गोलखाडा निवासी १६ वर्षीय चिरञ्जीवी खत्रीलाई माओवादी भएको आरोपमा ०६२ फागुन १९ गते सुरक्षाकर्मीले सन्धिखर्क गाविस-६ बसपार्कबाट गिरफ्तार गरे। उनलाई सोही दिन रिहा गरियो।

अछाम जिल्ला पायल गाविस-१ निवासी २० वर्षीय झंकर खत्रीलाई माओवादी भएको आरोपमा ०६२ फागुन २९ गते ठाडा इलाका प्रहरी कार्यालयबाट गस्तीमा गएका सुरक्षाकर्मीले सिमलपानी गाविस-५ स्थित वौरीबाट गिरफ्तार गरे। उनलाई ०६३ वैशाख ३० गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सन्धिखर्क गाविस-६ मा जनआन्दोलनको क्रममा प्रशासनद्वारा निषेधित घेरा तोड्दा एमाले सचिव चेतनारायण आचार्य, जिल्ला कमिटी सदस्य नरेन्द्रकुमार क्षेत्री, नेकाँ उपसभापति विष्णु मुस्कान, जनमोर्चा अध्यक्ष सागर केसीलगायत १९ जनालाई ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई सोही दिन दुई घण्टापछि रिहा गरियो।

विभिन्न राजनीतिक दलहरूद्वारा ०६२ चैत २७ गते सन्धिखर्क गाविस-६ मा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा चेतनारायण आचार्य, चोबबहादुर खत्री, गणेश भुसाल, शेरबहादुर बिसी, सुशीला खनाल, नरेन्द्रकुमार क्षत्री, पिताम्बर भुसाल, नारायण खनाल, प्रेमनारायण गैरे, ओमप्रकाश विक, पवित्रा पौडेल, ईश्वरा पोखेल, शान्ता खनाल, केशव खनाल, श्यामप्रसाद भुसाल चिरञ्जीवी गैरे, भुमबहादुर महत, कुशल भुसाल, सिद्धिप्रसाद भट्टराई, नारायण पौडेल, सुमित्रा केसी, कमला आचार्य, कमला भुसाल र नीमबहादुर रिजाल घाइते भए।

सात दलद्वारा ०६३ वैशाख ७ गते सन्धिखर्क गाविस-६ मा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा जनमोर्चाका केन्द्रीय सदस्य सागर केसी, एमालेका जिल्ला सचिव चेतनारायण आचार्य, सचिवालय सदस्य नरेन्द्रकुमार क्षेत्री, नेकाँका उपसभापति विष्णु मुस्कान, ओमप्रकाश विक, मणी पौडेल, पवित्रा पौडेल, पिताम्बर भुसाल, दामोदर भुसाल, ठाकुर आचार्य, बाबुराम कुवँर, नेत्र पौडेल, गोविन्द बिसी, सरल भुसाल, गिरिराज भुसाल र प्रकाश बन्जाडे घाइते भए।

तालाबन्दी


माओवादीले पुरानो सत्ताका कार्यालय गाउँमा राख्न नहुने भन्दै डिभर्ना गाविस भवनमा ०६३ साउन २९ गते तालाबन्दी गरे। हालसम्म ताला खोलिएको छैन।

माओवादीले पुरानो सत्ताको कार्यालय गाउँ राख्न नपाउने भन्दै खन गाविस भवनमा ०६३ साउन २९ गते तालाबन्दी गरे। दुई महिनापछि माओवादीले ताला खोले।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत अर्घाखाँचीमा गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दा देवानी ८८ र फौजदारी ४१ गरी जम्मा १ सय २९ ओटा रहेकोमा गत वर्षका ३६ ओटा देवानी र २१ ओटा फौजदारी २१ गरी जम्मा ५७ ओटा मुद्दा फर्स्यौट भए। त्यसैगरी यस वर्षका देवानी २९ र फौजदारी २० गरी जम्मा ४९ ओटामध्ये देवानी दुई र फौजदारी सात गरी जम्मा नौ ओटा मुद्दा फर्स्यौट भए। यस वर्षका ४० ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। जिल्ला अदालतमा गत वर्षका जिम्मेवारी सरेर आएका ७२ र यस वर्ष ४० गरी जम्मा १ सय १२ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। दुई वर्ष नाघेका फर्स्यौट हुन बाँकी छ ओटा मुद्दा रहेका छन् भने थुनुवा मुद्दा तीन ओटा रहेका छन्।

३.१२ गुल्मी



जनसंख्या : ३,०९,६७९
साक्षरता प्रतिशत : ५७.४८
महिला साक्षरता प्रतिशत : ५४.५
क्षेत्रफल (वर्ग कि. मि.) : ११४९
गाविस/नपा संख्या : ७९/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५४५
क्याम्पस/उच्च मावि : २/१६
अस्पताल/स्वास्थ्य चौकी : १/ १६
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : ५१
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ७२
मानव विकास सूचकाङ्क : ०.४६७
प्रति परिवार सरदर संख्या : ५.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

आफ्नै बम विस्फोटबाट मृत्यु

नेपाली सेनाको भैरवप्रसाद गणमा पेरिमिटर निर्माण गर्नका लागि खाडल खनिरहेको अवस्थामा ०६३ वैशाख १६ गते बिहान जमिन मुनी राखिएको माइन विष्फोट हुँदा सैनिक जवानहरू तम्घास गाविस-२ निवासी २० वर्षीय कर्ण थापा, अर्खबाङ गाविस निवासी २० वर्षीय गुञ्ज बुढा, भ्यालपोखरीका २० वर्षीय गणेश खड्का, परालमी गाविस निवासी १९ वर्षीय विष्णु सोमई र २० वर्षीय श्रीप्रसाद रजाली, पुर्कोटदह गाविस निवासी २० वर्षीय सुवास थापा, नयाँगाउँ गाविस-९ निवासी २० वर्षीय मानबहादुर राना र अर्खले गाविस-८ निवासी १९ वर्षीय कर्ण सार्कीको मृत्यु भयो। सोही घटनामा परी अर्खले गाविस-८ निवासी २० वर्षीय चक्रबहादुर खत्री, जैसिथोक गाविस-६ निवासी १९ वर्षीय विनोद श्रेष्ठ, वस्तु गाविस-२ निवासी १९ वर्षीय राजु केसी, दोहोली गाविस निवासी १९ वर्षीय मानबहादुर बस्नेत, कुर्घा गाविस निवासी २० वर्षीय लालबहादुर पछाईं, दर्लिङ गाविस निवासी १९ वर्षीय बाबुराम श्रीस, तमघास गाविस-७ निवासी २० वर्षीय विष्णु पन्थी, दुविचौर गाविस-१ निवासी १९ वर्षीय रामबहादुर बस्नेत र सिमिचौर गाविस-३ निवासी २० वर्षीय फर्सबहादुर राना घाइते भए। घाइतेहरूलाई हेलिकप्टरबाट काठमाडौं लगि उपचार गरिएको थियो भने मृतकहरूको लास तम्घास अस्पतालमा पोष्टमार्टम गराई उनीहरूका आफन्तलाई बुझाइएको थियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

तम्घास गाविस-२ धागिथुमस्थित नेपाली सेनाको भैरवप्रसाद गणको तारबारमा राखिएको बम ०६३ असार ९ गते साँझ विस्फोटन हुँदा सोही ठाउँका २७ वर्षीय बसन्त कुँवर घाइते भए। घरमा काम गरिरहेका कुँवरको बायाँ खुट्टाको घुँडामाथिको पछिल्लो भागमा सिसाको छर्रा लागेको थियो। पीडितलाई तत्काल तम्घास अस्पत्तालमा उपचार गरी भोलिपल्ट मिसन अस्पताल, पाल्पामा लगेर खुट्टामा लागेको छर्रा निकालिएको थियो।

जेल र बन्दी

कूल २५ जना बन्दी क्षमता भएको तम्घास जेलमा हाल कैद तोकिएका १९ पुरूष र दुई महिलासहित २१ जना र कैद नतोकिएका एकजना पुरूष र एकजना महिलासहित दुई गरी जम्मा २३ जना बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

न्यूएरा लिमिटेड, काठमाडौंबाट विद्यालयहरूको शैक्षिक कार्यक्रम अन्तर्गत गुल्मी गएका फिल्ड सुपरभाइजर डडेलधुरा जिल्ला देवलपुर-९ निवासी २९ वर्षीय हिमांशु पन्त र काठमाडौं मनपा-६ बौद्ध निवासी २३ वर्षीय रामेश्वर चौलागाईंलाई माओवादीसँग सल्लाह नगरी गाउँ आएको आरोपमा ०६२ माघ २५ गते माओवादीले ग्वाघा गाविस-५ बाट अपहरण गरे। पीडितका अनुसार माओवादीले त्यस दिन साँझ उनीहरूलाई कब्जामा राखेर दुईओटा स्लिपिङ ब्यागसमेत खोसेका थिए। माओवादीले पीडितहरूलाई ०६२ माघ २६ गते ग्वाघाबाटै मुक्त गरे।

हर्दीनेटा गाविस-२ निवासी ६५ वर्षीय चक्रपाणि पन्तविरुद्ध छिमेकीहरूले माओवादीमा उजुर गरेको कारण ०६२ माघ २८ गते तीनजनाको संख्यामा आएका माओवादीले उनलाई घरबाटै अपहरण गरी आँखामा पट्टी बाँधेर अज्ञातस्थलतर्फ लगे। उजुरीको विषयमा उजुरवालासँग बसेर समस्या समाधान गर्ने शर्तमा उनलाई माओवादीले ०६२ फागुन ३ गते रूरू गाविसको रिडी बजारबाट मुक्त गरे।

पौंदीअमराई गाविस-५ केन्द्रटोल निवासी ३३ वर्षीय दुर्गा श्रेष्ठलाई ०६२ फागुन २२ गते साँझ १०-१२ जनाको संख्यामा आएका माओवादीले तपाईसँग केही बुझ्नु छ भनी पसलबाट अपहरण गरी अज्ञातस्थलतर्फ लगे। माओवादीले उनलाई ०६२ फागुन २४ गते नेटाबाट मुक्त गरे।

दोहली गाविस-८ निवासी ३५ वर्षीय मिनबहादुर बस्नेत र २५ वर्षीय टोपली बस्नेतलाई ०६३ साउन २८ गते माओवादीले घरबाट अपहरण गरे। माओवादीले दोहली-८ निवासी २८ वर्षीय विष्णु खत्रीलाई टोपली बस्नेतका पति भीमबहादुर बस्नेतको हत्या गरेको आरोपमा विगत २ वर्षदेखि श्रमशिविरमा राख्दै आएका थिए। उनी माओवादीको श्रमशिविरबाट मुक्त भई घरमा आएपछि मिनबहादुर र टोपलीले हत्यारा घरमा आई बसेको भनी प्रहरीमा उजुरी गरेका आधारमा प्रहरीले विष्णु खत्रीलाई हिरासतमा राखेको थियो। माओवादीले एक व्यक्तिलाई दुईओटा कारबाही हुन नसक्ने बताउँदै उनीहरूलाई अपहरण गरेका थिए। माओवादीले टोपलीलाई साउन ३० गते र मिनबहादुरलाई भदौ ४ गते मुक्त गरे।

नयाँगाउँ माविका शिक्षक नयाँगाउँ गाविस-९ निवासी ४४ वर्षीय दुर्गाप्रसाद आचार्यले राजनीति गरेको आरोपमा ०६३ भदौ १ गते दिउँसो माओवादी कार्यकर्ता टानबहादुर जिसीले उनलाई सोही विद्यालयबाट अपहरण गरे। पीडित कक्षा कोठामा पढाइरहेको अवस्थामा पीडकले बोलाई कहीं जानुछ भनेर मोटरसाइकलमा राखेर नयाँगाउँ गाविस-३ स्थित तोर्त भन्ने ठाउँमा पुऱ्याई एमालेको राजनीति गरेमा कारबाही गर्ने धम्की दिएर तीन घण्टापछि मुक्त गरे।

दुर्गाभवन उच्च मावि आँपचौरमा कक्षा १० मा अध्ययनरत आँपचौर गाविस-१ बाँसपाटा निवासी १८ वर्षीय लालमणि गौतमलाई ०६३ भदौ २ गते माओवादीले सोही विद्यालयबाट अपहरण गरे। माओवादीले ०६३ साउन ३० गतेदेखि भदौ १ गतेसम्म उक्त विद्यालय बन्द गराई राजनीतिक प्रशिक्षण सञ्चालन गरी उनलाई पनि सहभागी गराएका थिए। अभिभावक र शिक्षकका अनुसार, उनलाई सोही कार्यक्रमबाट माओवादीले लिएर गएका थिए। माओवादीले उनी स्वेच्छाले आफ्नो पार्टीमा लागेको बताए।

सिमिचौर गाविस-१ निवासी ३३ वर्षीय बेगम कुँवरले चोरी गरेको आरोपमा ०६३ असोज ४ गते बिहान चारजनाको संख्यामा आएका माओवादीले उनलाई घरबाट अपहरण गरी छिमेकी तुलबहादुर कुँवरको घरमा लगी आँखामा पट्टी बाँधी कोठामा थुनेर कुटपिट गरे। उनलाई माओवादीले सोही दिन साँझ मुक्त गरे।

जिल्ला कृषि विकास कार्यालयका सहायक हस्तिचौर गाविस-१ निवासी ४२ वर्षीय शोभाखर घिमिरेलाई छिमेकी लक्ष्मी घिमिरेको हत्या गरेको आरोपमा ०६३ असोज ८ गते माओवादीले हस्तिचौर गाविस-२ हर्पुकोटबाट अपहरण गरे। उनलाई माओवादीले नियन्त्रणमा राखी निर्मम यातना दिए। उनी ०६३ असोज १० गते भागेर सदरमुकाम तम्घास फर्किए।

धम्की/ज्यानमार्ने धम्की/ कुटपिट

राज्यबाट

वामी गाविस-९ निवासी ६६ वर्षीय कृष्णप्रसाद काफ्लेलाई ०६२ फागुन १८ गते वामी सुरक्षा बेसक्याम्पमा कार्यरत सई २६ वर्षीय नवीन सिंहले झुञ्जलाल सापकोटाको घरमा पूजाको निम्ता नभनेको आरोपमासाँझ वामी गाविसको भेंदी खोलामा कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा क्षतिपूर्ति र कारबाहीको माग गरेपछि सो कार्यालयले पीडकलाई उपस्थित गराई पीडितलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो।

छापहिले गाविस-६ निवासी माओवादीका पूर्व कार्यकर्ता २७ वर्षीय बोमबहादुर कार्कीलाई ०६२ चैत ३१ गते इश्मा बेस क्याम्पका सादा पोशाकका सुरक्षाकर्मीहरूले छापहिले गाविस-३ स्थित देउरालीको चौतारीमा बसीरहेको अवस्थामा कुटपिट गरे। सदरमुकाम तम्घासबाट आफ्नो घरतर्फ जाँदै गरेका कार्की सुरक्षाकर्मीहरूले कुटपिट गरेपछि आफ्नो झोला र सामान छोडी भागेका थिए। सुरक्षाकर्मीको कब्जामा रहेका उनका सामान इन्सेक प्रतिनिधिको पहलमा फिर्ता गरियो। यसअघि ०६२ वैशाखदेखि कारागार शाखा

कास्कीमा थुनामा रहेका कार्की ०६२ माघ ६ गते रिहा भएका थिए।

माओवादीबाट

खर्ज्याङ गाविस-४ चण्डीस्थान निवासी नेकाँका कार्यकर्ता ३२ वर्षीय श्रीधर गौतमले माओवादीको विरोध गरेको आरोपमा ०६३ जेठ १३ गते बिहान माओवादीले उनलाई घरदेखि १५-२० मिनेट टाढा बाटोमाा पुऱ्याई कुटपिट गरे। गौतमलाई माओवादीले उक्त वडाको वडा जनसरकार उपप्रमुखमा राखेका थिए। माओवादीहरूले गाउँघरमा हुने विवादहरू एकतर्फी हिसाबले फैसला गरेकोमा आफूले विरोध गरेको हुँदा माओवादीले कुटपिट गरेको पीडितले बताए।

ठूलोलुम्पेक गाविस-२ निवासी पूर्व वडाध्यक्ष ४५ वर्षीय मानबहादुर राहाडीमगरले आफूहरूलाई खान-बस्न नदिएको आरोपमा ०६३ असार ९ गते उनलाई विकासको नेतृत्वमा तीनजनाको संख्यामा आएका माओवादीले छिमेकी नगेन्द्र त्रामुको घरमा कुटपिट गरे।

अग्लुङ्ग गाविस-९ निवासी ७२ वर्षीय तिलबहादुर विष्टले चन्दा नदिएको आरोपमा ०६३ असार १६ गते माओवादीले उनलाई घरमा आई लछारपछार गरे। पीडितका अनुसार माओवादीले उनका छोराहरू सेनामा रहेको कारण उनीबाट पाँच हजार रूपैया चन्दा मागेका थिए।

सिमिचौर गाविस-४, भेंडिखोर निवासी ४४ वर्षीय नित्यबहादुर विकले मदिरा सेवन गरी घरमा पत्नी र छोरीसँग झगडा गरेको आरोपमा ०६३ साउन १६ गते माओवादीका स्थानीय कार्यकर्ता डिल्लीराम पाण्डेले घरमै कुटपिट गरे। पीडितलाई पुन: साउन १७ गते पनि डिल्लीरामको पसलमा बोलाई कुटपिट गरेको पीडितले बताए।

अमरअर्वाथोक गाविस-९ निवासी ४६ वर्षीय कविराज कँडेलले सार्वजनिक ठाउँमा रहेको रूख काटेको आरोपमा ०६३ पुस १ गते माओवादी कार्यकर्ता कुमारको नेतृत्वमा आएको तीनजनाको संख्यामा आएका माओवादीले ०६३ माघ १४ गते १४ हजार रूपैयाँ दिनुपर्ने भनी जबरजस्ती कागज गराए। उक्त रकम नदिए थप कारबाही गर्ने घम्की माओवादीले दिएको र आफू अन्यायमा परेको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दिगाम गाविस-१ श्रृंगा निवासी २० वर्षीय दीपेन्द्र कँडेल, तम्घास गाविस-४ निवासी ३५ वर्षीय लोकबहादुर नेपाली, सोही गाविस-८ निवासी ३५ वर्षीय रामबहादुर विक र पत्रकार ईश्वर अर्यालले ०६२ चैत २८ गते प्रहरीले लाठी प्रहार गरी घाइते बनाए। जनआन्दोलनको क्रममा जिल्ला विकास समितिको मूल गेटमा प्रदर्शनकारीरूले टायर बाल्दा प्रहरीले लाठी प्रहार गरेको थियो। घाइतेहरूको तम्घास अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गुल्मी जिल्ला अदालतमा दुई वर्षभित्र नछिनिएका पाँच र एक वर्षभित्र नछिनिएका ६१ गरी ६६ ओटा मुद्दाहरू रहेका छन्। जसमा देवानीतर्फका ५१ र फौजदारीतर्फका १५

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	४	३	७						१	८		८
घाइते										३	१०		१०
कुटपिट	५	६	२	८	५	६			६	३	३		३
धम्की					३	३			३				
भेला/संगठित हुने अधिकार										१	३		३
जातीय विभेद	२	१	१	२									
महिलाअधिकार	१२		१२	१२						१		१	१
बालअधिकार	२	१	१	२									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अमानवीय व्यवहार					१	२			२				
अपहरण					११	१६	६	११	३३				
जम्मा	२८	१२	१९	३१	२१	२८	६	११	४५	८	२४	१	२५

ओटा मुद्दाहरू छन्। जिल्ला प्रहरी कार्यालयमा २९ मुद्दा दर्ता भएकोमा छओटा फर्स्यौट भए।

बालअधिकार

तुराङ गाविस-७ निवासी १७ वर्षीय तारा राना, १७ वर्षीय भुण्टु राना, १२ वर्षीय चन्द्र विक, १५ वर्षीय विष्णु विकसहितका १५ जना युवाहरूलाई ०६३ वैशाख ७ गते माओवादीले घरबाटै अपहरण गरी अज्ञात स्थलतर्फ लगे। माओवादीले उनीहरूलाई आफ्नो कार्यक्रममा सहभागी बनाई वैशाख ९ गते घर फर्काएका थिए।

भगवती माबि कक्षा १० मा अध्ययनरत सिमिचौर गाविस-६ निवासी १६ वर्षीय लोकबहादुर गमाल, कक्षा ९ मा अध्ययनरत सिमिचौर गाविस-४ निवासी १७ वर्षीय विष्णुमाया पाण्डे, कक्षा ६ मा अध्ययनरत सिमिचौर गाविस-४ निवासी १३ वर्षीय मञ्जु परियार र कक्षा ८ मा अध्ययनरत १८ वर्षीय मीना परियारलाई ०६३ जेठ २८ गते माओवादीले सोही विद्यालयबाट अपहरण गरे। उनीहरूमध्ये लोकबहादुर असार ७ गते सिमिचौरबाटै भागेर फर्किए। मीना बिरामी भएको कारण माओवादीले असार १३ गते तम्घास गाविस-६ देउरालीबाट उनलाई मुक्त गरेका थिए। विष्णुमाया र मञ्जु माओवादीसँगै रहेका छन्।

भगवती माबि कक्षा १० मा अध्ययनरत सिमिचौर गाविस-२ निवासी गीता न्यौपाने, कक्षा ९ मा अध्ययनरत सिमिचौर गाविस-६ निवासी दिपक कुँवर, सिमिचौर ब्राइटर बोर्डिङ स्कुल कक्षा ७ मा अध्ययनरत सिमिचौर गाविस-४ निवासी १४ वर्षीय बाबुराम भण्डारी र उपल्लो तम्घास माबि कक्षा ९ मा अध्ययनरत तम्घास गाविस-६ निवासी १६ वर्षीय शान्ता भण्डारीलाई माओवादीले ०६३ जेठ ३० गते दुविचौर गाविस-९ स्थित रानीपोखरीबाट अपहरण गरे। माओवादीले उनीहरूमध्ये गीतालाई असार १ गते र बाबुरामलाई असार ३ गते मुक्त गरे। दीपक कुँवरलाई माओवादीले कुटपिट गरीसाउन २२ गते गौंडाकोट गाविस-७ बाट आमा छमकला कुँवरको जिम्मामा मुक्त गरे। शान्ता माओवादीसँगै छिन्।

सबै प्रकारका जातीय विभेद

देवीस्थान गाविस-३ बागलुङ्ग निवासी ७ वर्षीय मानबहादुर परियारलाई तम्घास गाविस-३ धागीथुम निवासी ४२ वर्षीय विष्णुकुमारी ठकुरीले धारामा पानी छोएको आरोपमा ०६३ असार १९ गते बिहान कुटपिट गरिन्। पीडितले उक्त घटनाका बारेमा पीडक विरूद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे। भोलिपल्ट जिल्ला प्रहरी कार्यालयले दुवै पक्षलाई उपस्थित गराएर पीडकबाट पीडितलाई तीन हजार रूपैयाँ उपचार खर्च दिलाएर सार्वजनिक माफी मगाई मिलापत्र गरायो।

परालमी गाविस-३ पैरी निवासी २८ वर्षीय गोमा नेपालीलाई सोही ठाउँ निवासी ४८ वर्षीय इन्द्रबहादुर घर्तीमगरले ०६३ साउन २४ गते बिहान पानी छोइयो भनेर कुटपिट गरे। पीडितका अनुसार आफ्नो घर नजिकै पाइप खोलेर पानी थाप्दा तलको धारामा पनि पानी छोइन्छ भनेर पीडकले उनलाई कुटपिट गरी पानी भर्ने घडा फुटाइदिएका थिए। पीडितले ०६३ साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले पटक-पटक ताकेता गर्दा पनि पीडक उपस्थित नभएका कारण कुनै कारबाही हुन सकेन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

धुर्कोटरजस्थल गाविस-७ निवासी ३२ वर्षीय विष्णु थापाको घरमा उनी आफ्नो कब्जाबाट भागेको आरोपमा ०६३ असार ५ गते माओवादीले तालाबन्दी गरे। थापालाई माओवादीले सोही ठाउँका नरबहादुर खत्रीको हत्या गरेको आरोपमा ०६२ चैत २८ गते कब्जामा लिएकोमा उनी सोही राति माओवादी कब्जाबाट भागेका थिए। असार मसान्तमा माओवादीसमक्ष उपस्थित भएपछि उनको घरको ताला खोलिएको थियो।

संरचना क्षति


माओवादीबाट

तम्घास गाविस-८ उपल्लो तम्घासमा रहेको जिल्ला पशु सेवा कार्यालयको भवनमा ०६२ माघ १७ गते साँझ माओवादीले बम विस्फोट गराए। छ कोठा रहेको उक्त भवनमा बम विस्फोटबाट चारओटा कोठाहरू पूर्ण रूपमा क्षतिग्रस्त भए भने बाँकी दुई कोठाहरूमा सामान्य क्षति भयो। बम विस्फोटबा १ लाख ४० हजार रूपैयाँ बराबरको सामग्री र चार लाख रूपैयाँ बराबरको भवन क्षति भएको कुरा जिल्ला पशु विकास अधिकृत तुल्सीराम भण्डारीले बताए।

विगतको अनुगमन

अर्घाखाँची जिल्ला निवासी माओवादी कार्यकर्ता सम्झना भनिने विष्णु पोखरेललाई ०६१ असोज २४ गते शिवदल गुल्मबाट गएको सैनिक गस्तीले पुर्कोटदह गाविस-४ स्थित सौतामारेबाट गिरफ्तार गरेकोमा ०६१ पुसमा रिहा गरेको थियो।

३.१३ वाग्लुङ



जनसंख्या : २,८४,९९०
साक्षरता प्रतिशत : ६१.४
महिला साक्षरता प्रतिशत : ४६.२५
क्षेत्रफल (वर्ग कि. मि.) : १७८४
गाविस/नपा संख्या : ५९/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९६
क्याम्पस/उच्च मावि : १/१९
अस्पताल/स्वास्थ्य चौकी : ३/६६
टेलिफोन लाइन : १२६०
मोटर सडक (कि. मि.) : ३५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ६२
मानव विकास सूचकाङ्क : ०.४९२
प्रति परिवार सरदर संख्या : ५.३२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

बोवाङ गाविस निवासी माओवादी एरिया सदस्य प्रेम भनिने प्रेम रामजाली मगर र सेक्रेटरी अबिर भनिने हरिबहादुर हमाललाई ०६२ चैत ८ गते भीमगिठेबाट गस्तीमा गएका सुरक्षाकर्मीले पाण्डवखानी गाविसमा गोली हानी हत्या गरे।

माओवादीबाट

धम्जा गाविस-८ माझकटेरा निवासी ४२ वर्षीय भद्रबहादुर खड्कालाई ०६२ माघ १३ गते दिउँसो माओवादी जिल्ला सदस्य विकीरणको नेतृत्वमा रहेको एक समूहले गोली हानी हत्या गऱ्यो। मृतकको पोस्टमार्टम गरी माघ १५ गते दाहसंस्कार गरियो। पीडितलाई ०६२ मंसिर १० गते माओवादीले सामाजिक अपराधको आरोपमा अपहरण गरेकोमा माघ १ गते उनी भागेर सदरमुकाम आएपछि सुराकीका रूपमा गएको भन्दै माओवादीले घरमा आई गोली प्रहार गरेका थिए।

आफ्नै बम विस्फोटनमा

तारा गाविस-५ तोग्धी निवासी माओवादी कम्पनी कमाण्डर विलक्षण भनिने लालबहादुर घर्तीको भीमापोखरा गाविस-९ कोलतास्ने जङ्गलमा आफैले बोकेको बम विस्फोट हुँदा ०६२ माघ १४ गते दिउँसो मृत्यु भयो।

जेल र बन्दी

१९ जना पुरुष र छजना महिला गरी जम्मा २५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको कारागारमा क्षमताभन्दा बढी बन्दीहरू राखिनाले उनीहरूको दैनिक जीवनयापन कष्टकर बनेको छ। वाग्लुङ जिल्ला ३९ जना बन्दी रहेका छन्। जसमा कैद नतोकिएका २० जना र कैद तोकिएको १९ जना बन्दी थिए। चारजना महिला र १६ पुरुष तथा तोकिएका मध्ये तीनजना महिला र १६ जना पुरुष रहे।

बेपत्ता/अपहरण
माओवादीबाट

पैंयुपाटा गाविस-९ निवासी दमेक गाविसका सचिव शालिकराम शर्मालाई ०६२ पुस १८ गते बिहान सोही गाविसमा काम गरिरहेको अवस्थामा माओवादीका सोनीकुमार कान्छाको नेतृत्वमा रहेको समूहले बड्डाँडाबाट अपहरण गऱ्यो। नगर निर्वाचनलाई सहयोग नगर्ने र माओवादीको अनुमतिले गाउँ परिषद् गर्ने शर्तमा कुश्मिसेरा गाविसबाट पुस २१ गते उनलाई मुक्त गरियो।

राङ्खानी गाविस-१ निवासी राङखानी गाविसका सचिव देवेन्द्र थापा र पैंयुथन्थाप गाविस-३ निवासी सोही गाविसका सचिव हरिकृष्ण पौडेललाई ०६२ पुस १९ गते राङखानी गाविस-१ देउराली बजारबाट माओवादीले अपहरण गरी पुस २१ गते कुश्मिसेरा गाविसको शेराबजारबाट मुक्त गरे।

ग्वालीचौर गाविस-३ स्थित उर्जा विकास परियोजना साना जलविद्युत कार्यक्रमका व्यवस्थापक २४ वर्षीय रुद्रहरि आचार्यले विद्युत महशुल उठाई अनियमितता गरेको आरोपमा ०६२ फागुन २१ गते माओवादीले उनलाई अपहरण गरे। माओवादीले उनलाई उठाएको शुल्क सात दिनभित्र बुझाउने शर्तमा ०६२ चैत ५ गते मुक्त गरे।

दर्लिङ गाविस-१ निवासी भीमगिठे सुरक्षापोष्टका पेटी ठेकेदार तेजीन्द्रबहादुर केसीलाई ०६२ चैत १ गते

माओवादीले भीमगिठे सुरक्षा चेकपोष्टका लागि सामान ढुवानी गरी लैजाने क्रममा ग्वालीचौर गाविस-३ स्थित सडकबाट अपहरण गरे। माओवादीले केसीलाई ०६२ चैत ५ गते ग्वालीचौर गाविसबाटै मुक्त गरे।

रायडाँडा गाविस-६ निवासी रामबहादुर थापा, रामबहादुर केसी, लोकनाथ आचार्य र रत्नबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ चैत ६ गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरूलाई चैत ९ गते मुक्त गरियो।



माओवादीद्वारा हत्या गरिएका भद्रबहादुर खड्का

नारायणस्थान गाविस-५ कैया निवासी ३३ वर्षीय यामबहादुर पौडेलले भाउजुलाई कुटपिट गरेको आरोपमा ०६२ चैत ८ गते माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरे। पीडितलाई चैत ११ गते मुक्त गरियो।

सल्यान गाविस-४ निवासी ५० वर्षीय यमबहादुर खत्रीको हत्या गरेको आरोपमा उनकी पत्नी ५० वर्षीय मानकुमारी खत्री र कान्छो छोरा २० वर्षीय राजु भनिने खलबहादुर खत्रीलाई ०६३ असार ८ गते माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६३ मंसिर २७ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए।

बुङ्गादोभान गाविस-९ निवासी केयरसिंह बोहोराका छोरा कुमबहादुर बोहोरालाई ०६३ कात्तिक १ गते माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६३ मंसिर १२ गते बुङ्गादोभानबाट मुक्त गरे।

खुङ्गा गाविस-६ निवासी ६५ वर्षीय अमरबहादुर विकलाई ०६३ मंसिर २ गते माओवादीले अपहरण गरे। माओवादीको निर्देशन नमानेको र माओवादी कार्यकर्ताहरूले गरेका कार्यको विरोध गरेको भन्दै उनलाई घरबाट अपहरण गरी लगेको उनका भाइ दुरप्रसाद विकले विज्ञप्ति मार्फत् जनाए। अपहरित विकलाई मंसिर ९ गते माओवादीले मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यपक्षबाट

जनमोर्चा नेपाल वाग्लुङका सह-सचिव चित्र सापकोटालाई ०६२ चैत २६ गते प्रहरीले कुटपिट गरे। सापकोटाको वाग्लुङ अस्पतालमा उपचार भयो। उनको टाउकोमा ४० टाँका लगाइएको थियो।

वाग्लुङ नपा-५ निवासी इन्सेक वाग्लुङ जिल्ला प्रतिनिधि गोविन्द गौतम र महेन्द्र बहुमुखी क्याम्पसका स्वयिु सभापति कमल अधिकारीलाई ०६३ वैशाख ४ गते प्रहरीले जनआन्दोलनको क्रममा कुटपिट गरी घाइते बनाए। उनीहरूको वाग्लुङ अस्पतालमा उपचार भयो।

विभिन्न राजनीतिक दलद्वारा ०६३ वैशाख ७ गते वाग्लुङ सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा वाग्लुङ नपा निवासी तेजबहादुर हमाल र भिमापोखरा गाविस निवासी लालबहादुर सुनारको हात भाँचियो भने एमालेका वैकल्पिक केन्द्रीय सदस्य रामजीप्रसाद शर्मा र नेकाँका जिल्ला सहसचिव जगदिशचन्द्र उपाध्याय घाइते भए।

नेपाली सेनाको २३ नं बाहिनीबाट गएका हवल्दार भुपेन्द्रसिंह कुँवर र विष्णुबाबु थापाले ०६३ साउन ३० गते साँझ मदिरा सेवन गरी वाग्लुङ नपा-२, श्रीनगर टोलका होटल व्यवसायी बालकुमारी थापा र सोही स्थानका करण केसीलाई कुटपिट गरे। छुट्याउन गएकी करणकी पत्नी लक्ष्मीलाई समेत उनीहरूले कुटपिट गरे। कुटपिटबाट घाइते बालकुमारीको इन्सेकको पहलमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो। सर्वसाधारणमाथि कुटपिट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	२	२		२	१	२			२
गिरफ्तारी/यातना									३३	५०	१		५१
कुटपिट									९	११	३		१३
भेला/संगठित हुने अधिकार									२	२		११३	११५
जातीय विभेद	१		१	१									
अपहरण	१	१		१	१३	१६	४	२०					
जम्मा	५	४	१	५	१४	१८	४	३३	३४	६५	३	११३	१८१

गर्ने दुवैजनालाई सेनाले ०६३ मंसिर १२ गते एकतह घटुवा गरी कारवाही गरेको जनायो।

देविस्थान गाविस-७ निवासी २५ वर्षीय रोशन छन्त्यालले आफूहरूसँग प्रतिवाद गरेको आरोपमा ०६३ मंसिर २५ गते भीमगिठे चेकपोष्टबाट गएका प्रहरीले घरमा गई कुटपिट गरे। पीडितको शरीरभरी नीलडाम भएको थियो। पीडितको बुर्तिवाङ इलाका स्वास्थ्य चौकीमा उपचार भयो।

गैरकानुनी गिरफ्तारी

धम्जा गाविस-८ माझकटेरा निवासी ५८ वर्षीय रणबहादुर खड्कालाई ०६२ माघ ५ गते घोडाबाँधे चेकपोष्टमा सम्पर्क गर्न बोलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीलाई सहयोग गरेका आरोपमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश अन्तर्गत मुद्दा चलाएर थुनामा राखिएकोमा ०६२ फागुन २५ गते धरौटीमा रिहा भए।

वाग्लुङ नपा-१ निवासी एमाले केन्द्रीय अनुशासन कमिटीका सदस्य ऋषिराम शर्मालाई ०६२ माघ ७ गते बेलुकी प्रहरीले वाग्लुङ नपा-१ स्थित उनको घरबाट गिरफ्तार गरे। शर्माको तर्फबाट अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट परेपछि ०६२ फागुन २ गते रिहा भए।

पैयुपाटा गाविस-१ निवासी नेकाँ जिल्ला सचिव ४५ वर्षीय प्रकाश पौडेललाई ०६२ माघ ९ गते नगर निर्वाचन बहिष्कार अभियानमा सहभागी भएको आरोपमा प्रहरीले बाग्लुङ नपा-११ उपल्लाचौरबाट गिरफ्तार गरे। पौडेल ०६२ फागुन ३ गते रिहा भए।

जैदी गाविस-३ निवासी नेविसंघ जिल्ला सह-सचिव हरिहर शर्मालाई नगर निर्वाचन बहिष्कार अभियानमा लागेको आरोपमा ०६२ माघ १० गते बिहान वाग्लुङ नपा-२ क्याम्पस रोडबाट प्रहरीले गिरफ्तार गरी ३ महिने पुर्जी दिएकोमा ०६२ फागुन १ गते रिहा भए।

म्याग्दी जिल्ला ताकम गाविस निवासी एमाले



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका हरिनारायण गौतम



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका चित्र सापकोटा

धौलागिरी अञ्चल सचिव नवराज शर्मालाई ०६२ माघ १० गते अञ्चल कार्यालयबाट कोठातर्फ जाँदै गर्दा वाग्लुङ नपा-२ जीपपार्कबाट प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी दिइएकोमा ०६२ फागुन ४ गते रिहा गरियो।

वाग्लुङ नपा-५ निवासी १९ वर्षीय सञ्जीव तिवारी र मालिका गाविस-१ निवासी १८ वर्षीय तुलसी सापकोटालाई महेन्द्र बहुमुखी क्याम्पस, वाग्लुङका विद्यार्थी र प्रहरी बीच झडप भइरहेको अवस्थामा क्याम्पस जाँदै गर्दा ०६२ माघ ११ गते प्रहरीले गिरफ्तार गरे। पीडितद्वयलाई माघ १४ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा रिहा गरियो।

विहुँ गाविस-६ निवासी पूर्व सांसद तथा नेकाँ जिल्ला कार्य समिति सदस्य ६७ वर्षीय गोविन्दप्रसाद शर्मा कँडेललाई ०६२ माघ २० गते बाग्लुङ नपा-२ क्याम्पस रोडबाट प्रहरीले गिरफ्तार गरेकोमा ०६२ फागुन ४ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष निर्वाचनसमेत)

अमलाचौर-३ निवासी एमालेका कार्यालय सचिव कृष्ण पाठक, सर्कुवा गाविस-६ निवासी लक्ष्मी पौडेल, जैदी गाविस-६ निवासी याम केसीलगायत १६ जनालाई माघ १९ को शाही कदमको विरोध गरी कालो दिवस मनाएको आरोपमा ०६२ माघ १९ गते जिल्ला प्रहरी कार्यालय, वाग्लुङबाट गएको सुरक्षाकर्मीको टोलीले जिल्ला सदरमुकामबाट गिरफ्तार गरे। पक्राउ परेकामध्ये जीवनलाई सोही दिन बेलुकी, हरिप्रसाद शर्मा, रघुनाथ सुवेदी, बद्री के.सी., लक्ष्मी पौडेल, दीपेन्द्र थापा र सूर्य थापालाई २० गते, जीतबहादुर सुनारलाई २४ गते र अरू सबैलाई ०६२ फागुन ४ गते रिहा गरियो।

जनमोर्चा नेपालका उपाध्यक्ष परी थापा, पूर्व सांसद गोविन्द शर्मा कँडेल, राष्ट्रिय दलित आयोगका पूर्व अध्यक्ष पदमसिंह विश्वकर्मा, जनमोर्चा नेपालका केन्द्रीय

सदस्य लीलाबहादुर थापामगर, जिल्ला अध्यक्ष कृष्ण थापा, एमालेका जिल्ला सदस्य खगेन्द्र पौडेल, पार्टी कार्यालय सहसचिव याम केसी, महेन्द्र बहुमुखी क्याम्पसका स्ववियु उपसभापति कृष्णप्रसाद सुवेदी र नेपाल विद्यार्थी संघका जिल्ला सचिव हरिहर शर्मालाई ०६२ चैत २५ गते प्रहरीले पार्टी कार्यालय र सडकबाट गिरफ्तार गरे। सबैलाई तीन महिने पुर्जी थमाइए गरेमा पदमसिंह विश्वकर्मा र हरिहर शर्मालाई चैत २९ गते, कृष्णप्रसाद सुवेदीलाई ०६३ वैशाख ११ गते र अन्यलाई वैशाख १२ गते रिहा गरियो।

अनेरास्ववियुका केन्द्रीय सदस्य गोविन्द नेपाली, नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सचिव डिल्लीराज गौतम, नेकाँ (प्रजातान्त्रिक) का सुमन शाक्य, अनेरास्ववियुका ओम केसी, बद्री ढुंगाना, शेखर शर्मा, प्रकाश आचार्य, श्याम खत्री, अमरबहादुर खत्री, तेजबहादुर बाँनिया, कपिल केसी, सन्तोष गौतम, विकास शर्मा, अशोक सुवेदी, गणेश केसी, निरज खड्का, नरबहादुर घर्ती, चन्द्रबहादुर विक र राजु खड्कालाई सात दलको आह्वानमा भएको आम हड्तालका क्रममा ०६२ चैत २६ गते गिरफ्तार गरे। गोविन्द नेपालीलाई तीन महिने पुर्जी थमाएर ०६३ वैशाख ११ गते, डिल्लीराज गौतम, राजु खड्का र निरज खड्का सोहीदिन साँझ र अन्य चैत २९ गते रिहा भए।

नेपाल पत्रकार महासंघका सचिव हरिनारायण गौतमलाई ०६२ चैत २७ गत बिहान एसपीचोकबाट प्रहरीले गिरफ्तार गरे। गौतमलाई सार्वजनिक अपराधको मुद्दा लगाइएकोमा ०६३ वैशाख ७ गते एक हजार रूपैयाँ धरौटीमा रिहा गरियो। सोही दिन जुलुसमा गएर फर्कदै गरेकी जनमोर्चा समर्थित अनेमसंघको केन्द्रीय सदस्य कमला थापा, विद्यार्थी प्रकाश मल्ल, विक्रम खड्का, अभिषेक केसी, सुरेन्द शाक्य, देवेन्द्र राना, प्रकाश विक, युवराज सापकोटा, कृष्ण केसी र गजेन्द्र क्षेत्रीलाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये थापालाई ०६२ चैत २८ गते र अन्यलाई चैत २९ गते रिहा गरियो।

नेपाल मानवअधिकार संगठनका केन्द्रीय सदस्य रत्ना श्रेष्ठ, वाग्लुङ उद्याग वाणिज्य संघका अध्यक्ष युगेश्वर ओझा, नेपाल पत्रकार महासंघका सभापति राजेशचन्द्र राजभण्डारी, धौलागिरी एफएमका अध्यक्ष किशोर राजभण्डारी, वाग्लुङ जेसिजका अध्यक्ष बसन्तकुमार श्रेष्ठ, ढोरपाटन दैनिकका प्रतिनिधि अञ्जु लामिछानेलगागत् १ सय ९ जनालाई ०६३ वैशाख १ गते वाग्लुङ सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैजनालाई सोही दिन साँझ रिहा गरियो।

एमालेका वैकल्पिक केन्द्रीय सदस्य रामजी शर्मा, नेकाँका जिल्ला सहसचिव जगदीशचन्द्र उपाध्याय, नवराज गौतम, बाबुलाल शाक्यलगायत्लाई ०६३ वैशाख ७ गते



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका जगदीशचन्द्र उपाध्याय

जिल्ला प्रशासन कार्यालय वाग्लुङले बिहान १० बजे कर्फ्यू लगाउने घोषणा गर्नासाथ सोही दिन बिहानै सदरमुकामबाट निस्किएको जुलुस दमन गरी प्रहरी नायव उपरिक्षक शिवहरी बाँस्कोटाको नेतृत्वमा रहेको प्रहरीको टोलीले लाई कुटपिट गर्नुका साथै जगदीशचन्द्र उपाध्याय र नवराज पौडेललाई गिरफ्तार गऱ्यो। गाउँ-गाउँबाट आएका प्रर्दशनकारीहरूलाई बजारका चोक-चोकमा रोक्ने क्रममा प्रहरीले अश्रुग्याँस र लाठी प्रहार गरी दर्जनौंलाई घाइते बनायो। सो क्रममा दुईजना प्रहरीसमेत घाइते भएका थिए। प्रहरीको लाठी प्रहारबाट तेजबहादुर हमाल र लालबहादुर सुनारको हात भाँचिएको थियो। पक्राउ परेकामध्ये नवराज पौडेल सोही दिन रिहा भने जगदीशचन्द्र उपाध्याय ०६३ वैशाख १२ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी १ सय १ र फौजदारी ४४ गरी जम्मा १ सय ४५ तथा यस वर्ष परेका देवानी १ सय ८७ र फौजदारी ८७ गरी कूल ४ सय १९ ओटा मुद्दा रहेकोमा कूल १ सय ७० ओटा मुद्दा फर्स्यौट भए। यसरी यस वर्षको अन्तसम्ममा देवानी १ सय ८१ र फौजदारी ६८ गरी जम्मा २ सय ४९ मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी पुनरावेदन अदालत, वाग्लुङमा जिम्मेवारी सरेर आएका देवानी २८, फौजदारी व्यक्तिवादी सात,



सात राजनीतिक दलद्वारा आयोजित प्रदर्शनबाट गिरफ्तार गर्दै प्रहरी

फौजदारी सरकारवादी १४, निषेधाज्ञा एक, परमादेश एक र बन्दीप्रत्यक्षीकरण एक गरी जम्मा ५२ ओटा मुद्दा थिए। वर्षको अन्त्यसम्ममा देवानी २८, फौजदारी व्यक्तिवादी छ, फौजदारी सरकारवादी २७, निषेधाज्ञा आठ र परमादेश छ गरी जम्मा ७५ ओटा मुद्दा फैसला हुन बाँकी रहे।

बालअधिकार

वाग्लुङ नपा-५ छरिखोला निवासी १२ वर्षीय अनिता विक, १६ वर्षीय रामकृष्ण परियार, १७ वषिय डम्बर नेपाली र १९ वर्षीय राजेश नेपालीलाई ०६३ साउन २४ गते माओवादीले आ-आफ्नो घरबाट अपहरण गरे। उनीहरूलाई माओवादी वाग्लुङ ११ नं एरिया सेक्रेटरी उज्वल र वाग्लुङ जनसरकार उपप्रमुख धनवहादुर विकको नेतृत्वमा आएको समूहले अपहरण गरेको थियो। अपहरितमध्ये डम्बर माओवादी सेनामा क्रियाशील रहेको माओवादी जिल्ला सदस्य अनिलले बताए। अरू सबै साउन २९ गते मुक्त भए।

नारायणस्थान गाविस-२ निवासी १४ वर्षीय लक्ष्मी नेपाली र १५ वर्षीय निर्मला नेपालीलाई ०६३ भदौ १९ गते माओवादीले सोही गाविसको जनता उच्च माविबाट अपहरण गरे। अपहरित दुवैजना हाल आफ्नो पार्टीमा क्रियाशील रहेको माओवादीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित


सशस्त्र युद्धका क्रममा जिल्लाबाट विस्थापित संख्या ७० ओटा घर परिवारका २ सय १ जना रहेका छन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना पुरुष र एकजना महिला गरी जम्मा चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ताराखोला गाविस-३ निवासी २७ वर्षीय वाजेन्द्र घर्तीमगर, वाग्लुङ नपा-६, ढिकीचौर निवासी २३ वर्षीय सूर्य विक, नरेठाटी गाविस-१ निवासी ३८ वर्षीय ढकबहादुर बस्नेत, ताराखोला गाविस निवासी ४५ वर्षीय भीमकुमारी घर्तीमगर रहेका छन्।

३.१४ पर्वत



जनसंख्या : १,६३,९०९
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.) : ४९४
गाविस/नपा संख्या : ५५/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३२७
क्याम्पस/उच्च मावि : ३/१२
अस्पताल/स्वास्थ्य चौकी : २/५३
टेलिफोन लाइन : ५३०
मोटर सडक (कि. मि.) : २३५
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ५६
मानव विकास सूचकाङ्क : ०.५०४
प्रति परिवार सरदर संख्या : ५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या /गोली

राज्यबाट

शिवालय गाविस-८ निवासी ५२ वर्षीय गोविन्दनाथ शर्मालाई ०६३ वैशाख ८ गते जिल्ला सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएको अवस्थामा जनपथ प्रहरी निरीक्षक राजेन्द्र खनालको नेतृत्वमा रहेको सुरक्षाकर्मीले गोली प्रहार गरेकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार गराउँदा गराउँदै वैशाख १२ गते उनको मृत्यु भयो। सुरक्षाकर्मीले प्रहार गरेको गोली शर्माको दायाँ छातीबाट भित्र पसी पिठ्युँबाट बाहिर निस्किएको थियो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार १५ जना पुरुष र १० जना महिला क्षमताको हो। हाल यस कारागारमा १४ पुरुष र एक महिला गरी कूल १५ जना बन्दी छन्।



प्रहरीद्वारा गोली प्रहार गरी हत्या गरिएका गोविन्दनाथ शर्मा

बेपत्ता/अपहरण

माओवादीबाट

भगरा गाविस-५ स्थित स्वास्थ्य चौकीका अहेव बुद्धिराज तिवारीले काममा लापरवाही गरेको र मादक पदार्थ सेवन गरी सेवा उपलब्ध नगराएको आरोपमा ०६२ चैत २८ गते माओवादीले अपहरण गरे। पीडित चैत ३१ गते मुक्त भए।

सुर्खेत जिल्ला घर भई शिवालय गाविस-४ मा देउती इलेक्ट्रिकल पसल गरी बस्ने ३० वर्षीय गोविन्द गौतमलाई माओवादीका नाममा पसलेलाई धम्की दिएको आरोपमा ०६३ भदौ २८ गते माओवादीले अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा असोज ४ गते मुक्त गरे।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

राज्यबाट

शिवालय गाविस-४ निवासी शिवालय उच्च माविमा कक्षा १२ मा अध्ययनरत १८ वर्षीय प्रकाश तिमिल्सिनालाई सादा पोशाकमा आएका सुरक्षाकर्मीले ०६२ फागुन १० गते कुटपिट गरी घाइते बनाए। तिमिल्सिनालाई होटल टप इन टाउनमा सञ्चालित कोचिङ्ग कक्षाबाट निस्कदै गर्दा सेनाका जवानले "तँसँग केही सल्लाह गर्नु छ" भनी घाँटीमा समाएर करिब दुई सय मिटर टाढा बान्द्रेबिडी चौरमा पुऱ्याई कुटपिट गरेका थिए। कुटपिटबाट पीडितको एउटा दाँत भाँचियो।

माओवादीबाट

दुर्लुङ्ग गाविस-९ निवासी राप्रपा जिल्ला सदस्य ६६ वर्षीय खड्कबहादुर गुरुङ्गले आफूहरूलाई चन्दा नदिएको र बन्दुक प्रशासनलाई दिएको आरोपमा ०६२ माघ १५ गते राति माओवादीले घरमा गई उनलाई बोलाएर एक सय मिटर पर पुऱ्याई उनको दायाँ खुट्टा भाँचिदिए।

ठूलीपोखरी गाविस-३ निवासी राप्रपा गाउँ समितिका अध्यक्ष ७७ वर्षीय होमप्रसाद सुवेदीलाई ०६२ माघ २१ गते केही काम छ भनी माओवादीले घरदेखि केही पर लगेर बञ्चरो प्रहार गरी दुवै खुट्टा भाँचिदिए।

पाङराङ गाविसस्थित सिद्ध माविका प्रधानाध्यापक चित्रबहादुर पाठकलाई ०६२ चैत २ गते माओवादीले घरमा गई कुटपिट गरे।

सुर्खेत जिल्ला घर भएकी शिवालय गाविस-४ मा देउती इलेक्ट्रिकलकी प्रोपाइटर २४ वर्षीया सुशीला गौतमलाई चोरी गरेको आरोपमा ०६३ भदौ ३० गते माओवादीले कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	३	३		३					१	१	१
घाइते									३	८	८
गिरफ्तारी/यातना									१	१	१
कुटपिट					४	३	१	४	४	११	११
धम्की					३	३		३			
भेला/संगठित हुने अधिकार									३	१७	१७
महिलाअधिकार	१		१	१							
बालअधिकार	३		५	५							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४			
अमानवीय व्यवहार					३	३		३			
अपहरण					१६	३१	११	३३			
जम्मा	५	३	६	८	३९	३४	१३	४६	११	३८	३८

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलद्वारा ०६२ चैत २८ गते जिल्ला सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले जथाभावी लाठी प्रहार गर्दा पत्रकार ओमप्रसाद उपाध्याय, सुन्दरप्रसाद जोशी, एमालेका जिल्ला सचिव मोतिप्रसाद पौडेल, नेकाँका सोमलाल आचार्य र एमालेका नारायण सुवेदी घाइते भए।

कार्कीनेटा गाविस-५ निवासी अनेरास्ववियुका जिल्ला अध्यक्ष २५ वर्षीय पदमपाणि पौडेललाई ०६२ चैत २३ गते मशाल जुलुस प्रदर्शन गरिरहेको अवस्थामा शिवालयचोकबाट गिरफ्तार गरी सशस्त्र प्रहरी गणमा राखियो। उनलाई ९० दिनको पूर्जीसहित प्रहरी हिरासतमा राखिएकोमा ०६३ वैशाख १० गते रिहा गरियो। सोही प्रदर्शनमा सशस्त्र प्रहरीले आक्रमण गरी नेकाँका जिल्ला सभापति अर्जुनप्रसाद जोशी, तरुण दलका दयाराम गौडेल र एमालेका कार्यकर्ता अमर गुरुङ्गलाई घाइते बनाए। गौडेलको बायँ खुट्टा भाँचिएकोले जिल्ला अस्पतालमा उपचार भयो।

नेकाँका जिल्ला सभापति अर्जुनप्रसाद जोशी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति नवराज गुरुङ्ग, एमालेका उपसचिव विकास लम्साल, कार्यालय सचिव शान्त पौडेल, जिल्ला सदस्य मेघनाथ सुवेदी र जनमोर्चाका तेजेन्द्र पौडेल, नेपाल शिक्षक संगठनका सदस्य टुकप्रसाद शर्मा, एमाले कार्यकर्ता दिपुबाबु गिरी, अम्मर गुरुङ्ग, स्वास्थ्य कार्यकर्ता मीनप्रसाद शर्मा, तरुण दलका जिल्ला उपाध्यक्ष हरिप्रसाद न्यौपाने र नेविसंघका जिल्ला अध्यक्ष लेखनाथ पौडेललाई ०६२ चैत २८ गते सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनबाट चण्डिका सशस्त्र प्रहरी गणका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा सबैलाई सोही दिन साँझ रिहा गरियो।

विभिन्न दलद्वारा ०६३ वैशाख ८ गते कुश्माबजारमा आयोजित शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा शिवालय गाविस-५ निवासी ३२ वर्षीय नेत्र पराजुलीको बायाँ हातको पाखुरामा, लुंखु गाविस-७ निवासी उमानाथ अधिकारीको टाउकोमा र शिवालय गाविस-३ निवासी बसन्त गुरुङको टाउकोमा लागी लाग्यो। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ४८ ओटा र परेका ३४ ओटामध्ये २३ ओटा मुद्दा फर्स्यौट भई ५९ ओटा बाँकी रहे। फौजदारी दुनियावादी जिम्मेवारी सरेर आएका १२ ओटा र यस वर्ष परेका १३ गरी २५ ओटा मध्ये पाँच ओटा फर्स्यौट भई २० ओटा बाँकी रहे। सरकारवादी मुद्दा जिम्मेवारी सरेर आएका सात र यस वर्ष परेका आठ गरी १५ ओटा मध्ये छ ओटा फर्स्यौट भई नौओटा बाँकी रहे।

बालअधिकार

पकुवा गाविस-१ स्थित ज्योति माविमा कक्षा ६ मा अध्ययनरत १५ वर्षीय लेखबहादुर नेपाली, कक्षा ४ मा अध्ययनरत १४ वर्षीय पदम नेपाली र कक्षा ८ मा अध्ययनरत १६ वर्षीय सुवास नेपालीलाई ०६३ असोज ८ गते माओवादीले अपहरण गरे। अपहरणमा परेकामध्ये लेखबहादुर र पदम नेपाली असोज १५ गते मुक्त भए। सुवास माओवादीसँगै रहेका छन्।

चित्रे गाविस-४ निवासी सिद्ध माविका कक्षा ७ मा अध्ययनरत १४ वर्षीय कृष्ण परियारलाई माओवादी सेनामा भर्ती गर्न ०६३ कात्तिक २६ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। परियार स्थानीय व्यक्तिको सहयोगमा ०६३ मंसिर ६ गते पाल्पाबाट मुक्त भए।

धाइरिङ्ग गाविस-९ स्थित कृष्णभवन माविका विद्यार्थीहरू कक्षा ८ की १५ वर्षीय पार्वती दर्जी, कक्षा ६ का १४ वर्षीय रामु दर्जी र कक्षा ७ की १५ वर्षीय सरस्वती दर्जीलाई माओवादीले ०६३ कात्तिक २९ गते विद्यालयबाट अपहरण गरे। उनीहरू हालसम्म मुक्त भएका छैनन्।

पकुवा गाविस-१ स्थित स्यानी पोखरी प्राथमिक विद्यालयका छात्रहरू कक्षा ५ का १४ वर्षीय शोभा नेपाली, कक्षा ४ का १४ वर्षीय मुना नेपाली, कक्षा ३ का १३ पशुराम नेपाली र कक्षा ५ का १४ वर्षीय पदम नेपालीलाई प्रलोभन देखाई माओवादी सेनामा भर्नाका लागि विद्यालयबाटै माओवादीले ०६३ कात्तिक २९ गते अपहरण गरे। उनीहरू हाल माओवादीको सांस्कृतिक फाँटमा काम गर्दै आएका छन्।

ठूलीपोखरी गाविस-४ निवासी जनता सुदर्शन माविका छात्रहरू कक्षा १० का १६ वर्षीय सिजन सुवेदी र कक्षा ९ का १५ वर्षीय रामचन्द्र परियारलाई सेनामा भर्ती गर्न माओवादीले ०६३ कार्तिक २९ गते विद्यालयबाटै अपहरण गरे। उनीहरू हाल माओवादी सैन्य शिविरमा छन्।

विश्वज्योति माविका कक्षा ६ का १५ वर्षीय लेखबहादुर नेपाली, कक्षा ८ का १५ वर्षीय नारायण नेपाली र कक्षा ६ का १४ वर्षीय नारायण नेपालीलाई माओवादीको सेनामा भर्ती गर्न माओवादीले ०६३ कात्तिक २९ गते अपहरण गरे। अपहरणमा परेकामध्ये लेखबहादुर मंसिर ९ गते र कक्षा ६ का नारायण मंसिर ५ गते पाल्पाबाट स्थानीय व्यक्तिको सहयोगमा मुक्त भए। लेखबहादुर माओवादीसँगै रहेका छन्।

आर्थरडाँडाखर्क गाविस-९ स्थित पञ्चकोशी माविमा अध्ययनरत कक्षा ६ की १२ वर्षीय गंगा गुरुङ्ग र कक्षा ९ की १५ वर्षीय अम्बिका गुरुङ्गलाई माओवादी सेनामा भर्ती गर्न माओवादीले ०६३ कात्तिक २९ अपहरण गरे। हाल उनीहरू सबै माओवादीको सैन्य शिविरमा छन्।

देउपुर गाविस-८ स्थित जननेत्र माविमाा कक्षा ८ मा अध्ययरनत १५ वर्षीय झलकबहादुर क्षेत्री र सोही गाविस-३ निवासी सोही विद्यालयमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय कमला पौडेललाई प्रलोभन देखाई माओवादी सेनामा भर्तीका लागि ०६३ कात्तिक २९ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। हाल उनीहरू माओवादीको नियन्त्रणमा छन्।

खौलालाकुरी गाविसस्थित खौलालाकुरी माविका छात्र कक्षा ४ का १४ वर्षीय अशोक परियार, कक्षा ५ का १५ वर्षीय देउबहादुर विक र कक्षा ८ का १५ वर्षीय दुर्गाबहादुर विकलाई प्रलोभन देखाई माओवादीको सेनामा भर्ती गर्न माओवादीले ०६३ कात्तिक २९ गते अपहरण गरे। उनीहरू हालसम्म माओवादीको नियन्त्रणमा छन्।

ठानामौला गाविस-९ स्थित जनज्योति माध्यमिक विद्यालयका कक्षा १० का १६ वर्षीय गोविन्द जिसी र कक्षा १० का १६ वर्षीय हरि रिजाललाई माओवादीको सेनामा भर्ती गर्न ०६३ मंसिर ९ गते माओवादीले अपहरण गरे। उनी सैन्य शिविरबाट भागेर मंसिर १६ गते घरमा आई हाल विद्यालयमा अध्ययनरत छन्।

विगतको अनुगमन

विस्थापित/सम्पति कब्जा

माओवादीबाट


रानीपानी गाविस-१ निवासी ६९ वर्षीय बखतबहादुर कुँवरलाई मोटर बाटो निर्माण र हेल्थपोष्टको हिसाबकिताब हिनामिना गरेको तथा नेपाली सेनालाई सहयोग गरेको आरोपमा ०६१ पुस १५ गते माओवादीले उनको घरमा तालाबन्दी गरेपछि बखतबहादुर र उनको परिवार हालसम्म विस्थापित छन्।

चित्रे गाविस-५ निवासी ८१ वर्षीय धनबहादुर गुरुङ्गले सुराकी गरेको आरोपमा ०५८ सालमा उनको घरमा रहेको सम्पूर्ण सम्पति माओवादीले कब्जामा लिएर छोरी पवित्रा गुरुङ्गको कपालमुण्डन गरी घर निकाला गरेकोमा हाल बाबु छोरी सदरमुकाममा विस्थापित जीवन बिताइरहेका छन्।

कार्कीनेटा गाविस-५ निवासी नेपाल प्रहरीका डिएसपी रवीन्द्र पौडेलको घरमा ०५९ भदौ २३ गते माओवादीले ताला लगाएकोमा यस वर्षको अन्तसम्म खुलाइएको छैन।

वाच्छा गाविस-२ निवासी सोही गाविसका पूर्व उपाध्यक्ष ५७ वर्षीय भोलाप्रसाद शर्माले नेपाली सेनालाई सहयोग गरेको आरोपमा उनको घरमा ०६० सालमा माओवादीले तालाबन्दी गरेकोमा हालसम्म खोलिएको छैन। पीडित हाल चितवनमा बस्दै आएका छन्।

३.१५ म्याग्दी



जनसंख्या	१,२०,४८८
साक्षरता प्रतिशत	५६
महिला साक्षरता प्रतिशत	३९.८२
क्षेत्रफल (वर्ग कि. मि.)	२,२९७
गाविस/नपा संख्या	४०/०
निर्वाचन क्षेत्र	१
विद्यालय	२०६
क्याम्पस/उच्च मावि	१/४
अस्पताल/स्वास्थ्य चौकी	१/४२
टेलिफोन लाइन	५१०
मोटर सडक (कि. मि.)	४५
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	३८
मानव विकास सूचकाङ्क	०.४९८
प्रति परिवार सरदर संख्या	४.९३

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम बिस्फोटबाट

बाबियाचौर गाविस-६ सल्यान निवासी २१ वर्षीय सुरेन्द्र खत्री ०६३ असार १२ गते घर नजिकैको जङ्गलमा फेला पारेको विस्फोटक पदार्थ चलाउँदा विस्फोटनमा परी घाइते भए। विस्फोटनबाट खत्रीको दुवै हातको कुहिना चुँडिएको छ। दुई वर्ष अघि सोही गाविस-५ ताराखेतमा माओवादी-सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा माओवादीहरू त्यही बाटो भएर भागेका थिए। सोही क्रममा माओवादीले उक्त विस्फोटक पदार्थ जङ्गलमा फालेको अनुमान गरिएको छ।

जेल र बन्दी

कूल २५ जना बन्दी क्षमता भएको कारागार शाखा, म्याग्दीमा हाल तीन महिला समेत १७ जना बन्दी छन्। जसमध्ये छजना कैद तोकिएका र ११ जना पुर्पक्षका लागि

थुनामा रहेका छन्। तीन महिलामध्ये एक ज्यान सम्बन्धी र दुईजना बहुविवाहको घटनामा पुर्पक्षका लागि थुनामा रहेका छन्। माओवादीले ०६० चैत ७ आक्रमण गरी जेलमा रहेका सबै ३३ जना बन्दी भगाएकोमा चारजना बन्दी पुन: सम्पर्कमा आएका थिए। कारागार ०६३ साउन १ गतेदेखि पुन: सञ्चालन भएको हो।

बेपत्ता/अपहरण

माओवादीबाट

मराङ्ग गाविस-७ निवासी जिविसका मनोनित सदस्य लीला गुरुङ्गलाई ०६२ माघ २५ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६३ बैशाख १५ गते मुक्त गरे।

दग्नाम गाविस-४ निवासी २० वर्षीय प्रेम गर्बुजा, २२ वर्षीय अमृत गुर्वजा र १९ वर्षीय पदम बुद्धुजालाई छिमेकी बुद्धिमाया र लालबहादुर गर्बुजाको हत्या गरेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितहरूलाई असोज १२ गते मुक्त गरे।

पुलाचौर गाविस-८ भीरमुनी निवासी सदरमुकाम बेनीमा लेखापढी व्यवसाय गर्दै आएका ४५ वर्षीय योगेन्द्र बानियाँलाई ०६२ चैत २४ गते राति उनकै घरबाट माओवादीले अपहरण गरी ०६३ जेठ २४ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

गस्तीमा रहेको सेनाको एक समूहले ०६२ फागुन ५ गते राति खड्गदल गुल्मका लेफ्टीनेन्ट हरि अधिकारीको कमाण्डमा रहेको सैनिक समूहले बेनीका सबै घरहरूमा ढुङ्गा हान्दै करिब १२ ओटा घरमा तोडफोड गऱ्यो। प्रमुख जिल्ला अधिकारी गंगासागर ढकालले दोषी सैनिकलाई गस्तीमा नपठाउने र आन्तरिक कारबाही थाल्ने वचन दिएपछि स्थिति शान्त भएको थियो। घट्नाको न्यायिक छानबिन र दोषीलाई कारबाहीको माग गर्दै इन्सेकलगायत् विभिन्न मानवअधिकारकर्मी संघ संस्था र नागरिक समाजले विरोध जनाए।

माओवादीबाट

विद्यालय व्यवस्थापनको जिम्मेवारी सरकारलाई फिर्ता नगरे भौतिक कारबाही गर्ने धम्की दिँदै ०६२ माघ ७ गतेदेखि जिल्लाका ९० ओटा सामुदायिक विद्यालयको प्रशासन कक्षमा माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले तालाबन्दी गरे। ताला एक महिना पछि ०६२ फागुन ९ गते खोलिएको थियो।

यसरी अनेरास्ववियु (क्रान्तिकारी) ले विद्यालय व्यवस्थापन सम्झौता भङ्ग नगरे भौतिक कारबाही गर्ने धम्की दिएको थियो। धम्कीपछि जिल्लाका ५७ प्राथमिक, २० निम्न माध्यमिक र १६ माध्यमिक ९३ सामुदायिक विद्यालयहरूले व्यवस्थापन सम्झौता भङ्ग गरे।

जिविसका मनोनित सभापतिलगायत पदाधिकारीलाई ०६२ फागुन २० गते माओवादीले एक पत्र पठाई एक हप्ता भित्र राजीनामा नदिए भौतिक कारबाही गरिने धम्की दिए।

जिल्लाका सबै ४१ गाविस सचिवहरूलाई ०६३ कात्तिक १२ गते माओवादीले पत्र लेखी तत्काल गाविस अध्यक्षको भूमिका लिएर गाउँ नफर्कन धम्की दिए। जिविसले सचिवहरूलाई गाउँ फर्कन दिएको निर्देशनको दोस्रो दिन माओवादीले यस्तो धम्की दिएका थिए।

गैरकानुनी गिरफ्तारी

देविस्थान गाविस-८, रुन्मा निवासी ३० वर्षीय कूलबहादुर फगामी र सोही गाविस-४ निवासी डेकबहादुर पुनलाई माओवादी आरोपमा ०६२ फागुन २५ गते प्रहरीले राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय आएको अवस्थामा उनीहरूलाई पक्राउ गरे। प्रहरीले पुनलाई ०६२ फागुन ३०

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	३	१	३									
घाइते	१	१		१									
गिरफ्तारी/यातना										३	८		८
धम्की					३	३		४०	४३				
भेला/संगठित हुने अधिकार										१	१	३०	३१
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३			३				
अपहरण					५	४	३	३००	३०६				
जम्मा	८	३	५	८	९	९	३	३४०	३५१	४	९	३०	३९

गते रिहा गऱ्यो। पीडित ०६३ असार ३ गते पुनरावेदन अदालत, बाग्लुङ्गको आदेशमा रिहा भए।

अभिव्यक्ति, भेलाहुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विभिन्न राजनीतिक दलहरूद्वारा ०६२ चैत २६ गते सदरमुकाम बेनीमा निकालिएको जुलुसले प्रशासनले लगाएको निषेधाज्ञा तोड्न लाग्दा भएको झडपमा प्रहरीले दुई राउण्ड हवाई फायर र करिब १२ पटक अश्रुग्यास प्रहार गऱ्यो। झडपमा डिएसपी योगेश्वर रोमखामी, प्रहरी निरीक्षक गोगेन्द्रसिंह थापासमेत १४ जना प्रहरी र त्यति नै प्रर्दशनकारीहरू सख्त घाइते भए। घाइते प्रर्दशनकारीमध्ये याम किसानको खुट्टा भाँचियो भने कपडा व्यापारी दुर्गा सुवेदीको टाउकोमा चोट लाग्यो। सोही दिन दिउँसो प्रहरी-प्रर्दशनकारी झडप हुँदा एमाले जिल्ला कमिटी उपसचिव नरदेवी पुनसमेत १४ जना नेता-कार्यकतालाई बिनापूर्जी पक्राउ परे। उनीहरू सबैलाई सोही दिन साँझ रिहा गरियो।

बालअधिकार

भगवती गाविस-७ निवासी ८ वर्षीय एक बालिकालाई ०६३ असार २५ गते उनको नाता पर्ने १८ वर्षीय जयराम रिजालले बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
सम्पत्ति क्षति

माओवादीबाट

दाना गाविस-७ दुवाडीखोला स्थित जिल्ला विकास समितिका मनोनित सभापति चक्रप्रसाद तुलाचनको घरमा ०६२ माघ १८ गते राती माओवादीले प्रेसर कुकर बम विस्फोट गराए। विस्फोटपछि आगलागी हुँदा अन्नपात समेत अन्दाजी २५ लाख रूपैयाँ बराबरको क्षति पुगेको पीडितले बताए।

सम्पत्ति कब्जा

माओवादीबाट

जलवायु तथा मौसम विज्ञान विभाग पोखरामा कार्यरत कमलभाई लुईंटेल र भीमप्रसाद पौडेललाई ०६२ चैत २४ गते भगवती गाविस-६ बाट माओवादीले कब्जामा लिई साथमा रहेको ३७ हजार नगद रुपैयाँ र कागजपत्र लिई मुक्त गरे। माओवादीले ०६३ बैशाख २७ गते रकमवाहेक कागजपत्र फिर्ता गरे।

दरवाङ्ग गाविस-४ निवासी ५२ वर्षीय भीमेन्द्र गौचनको खेतमा लगाई राखेको धानबाली ०६३ कात्तिक १८ गते माओवादीले काटेर लगे। दुई वर्षअघि माओवादीले गौचनको सम्पूर्ण सम्पत्ति लुटेर लगेका थिए। पीडितले २९ रोपनी खेतमा लगाएको झण्डै ४० मुरी धान लुटिएको बताए।

विगतको अनुगम

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएकामा लुलाङ्ग गाविस-६ निवासी ३८ वर्षीय रणबहादुर पुर्जा रहेका छन्। रणबहादुर पुर्जाका बाबु नरबहादुर पुर्जाले भने आफ्नो छोरा रणबहादुरको मृत्यु सुरक्षाकर्मीको गोलीबाट ०६० चैत १० गते बिहान कालीप्रसाद गणको मुलगेटनेर भएको जिकिर गर्दै क्षतिपूर्तिको दाबी गरेका छन्।

३.१६ मुस्ताङ



जनसंख्या	१५,२६५
साक्षरता प्रतिशत	५६
महिला साक्षरता प्रतिशत	५०
क्षेत्रफल (वर्ग कि. मि.)	३५७३
गाविस/नपा संख्या	१६। ०
निर्वाचन क्षेत्र	१
विद्यालय	६५
क्याम्पस/उच्च मावि	० / १
अस्पताल/स्वास्थ्य चौकी	२/१७
टेलिफोन लाइन	१८०
मोटर सडक (कि. मि.)	२५
प्रहरी कार्यालय संख्या	४
हुलाक संख्या	१६
मानव विकास सूचकाङ्क	०.४८२
प्रति परिवार सरदर संख्या	४.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

एमालेका तर्फबाट प्रतिनिधिसभामा निर्वाचित पूर्व सांसद ६८ वर्षीय ओमविकास गौचन तथा उनकी पत्नी ५७ वर्षीया देउकुमारी गौचनलाई ०६२ चैत ३० गते राति कोबाङ गाविस-९ स्थित आफ्नै घरमा केही व्यक्तिहरूले झ्याल-ढोका फोडेर लट्ठीले हिर्काई हत्या गरे। गौचन दम्पत्तिको ०६३ वैशाख १ गते बिहान जिल्ला अस्पतालमा पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार गरियो। जिल्ला अदालतले ०६३ असोज २५ गते गौचन दम्पतिको हत्यामा संलग्न इन्द्रसिंह थकाली, धनप्रसाद तुलाचन तथा कृष्णबहादुर गुरुङलाई सर्वश्वहरणसहित आजन्म कैद तथा प्रकाश गुरुङ र अशोक थकालीलाई आजन्म कैदको फैसला सुनायो।

जेल र बन्दी

जिल्ला सदरमुकाममा ढुङ्गाको कच्ची गारो तथा माटोको छानो भएको करिब ३५ वर्ष पुरानो जेलमा ८ ओटा साँघुरा र अँध्यारा कोठा छन्। पर्याप्त खानेपानी नुहाउने, शौच गर्ने, घाम ताप्ने सुविधा छैन। यस जेलमा एउटा सानो र चिसो कोठामा कर्तव्य ज्यान मुद्दामा छजना पुरुषमध्ये हाल तीनजना विरामी, बृद्ध तथा अशक्त बन्दीहरूलाई कास्की जिल्ला पोखरास्थित जेलमा स्थानान्तरण गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष कर्तव्य ज्यानको एक ओटा, भवितव्य ज्यानको एक ओटा र ज्यान मार्ने उद्योगअन्तर्गत एकओटा मुद्दा गरी तीनओटा मुद्दा दर्ता भई फर्स्यौट भए। जिल्ला प्रशासन कार्यालयमा यो वर्ष पनि कुनै मुद्दा दर्ता भएन। जिल्ला प्रहरी कार्यालयमा भने भवितव्यबाट मृत्यु भएका तीन ओटा घटना दर्ता भए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित			
	अन्यबाट			
	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	३
जम्मा	१	१	१	३



मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रुकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ



जनसंख्या	: ५,१३,५७५
साक्षरता प्रतिशत	: ५७.७
महिला साक्षरता प्रतिशत	: ४६.९
क्षेत्रफल (वर्ग कि. मि.)	: २९५५
गाविस/नपा संख्या	: ३९/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ४२३
क्याम्पस/उच्च मा.वि.	: ५/११
अस्पताल/स्वास्थ्य चौकी	: ५/४०
टेलिफोन लाइन	: ४०००
मोटर सडक (कि. मि.)	: ६३०
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ४५
मानव विकास सूचकाङ्क	: ०.४०९
प्रति परिवार सरदर संख्या	: ६.२२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

त्रिभुवननगर नपा-११ निवासी एमाले जिल्ला परिषद् सदस्य उमेशचन्द्र थापाको 'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कार गर्न प्रचार प्रसारको लागि सात दलले निकालेको शान्तिपूर्ण जुलुसमा सहभागी भइरहेको बेला ०६२ माघ २६ गते दिउँसो त्रिभुवननगर नपा-१० सुपरलज रोडमा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घटनास्थलमै मृत्यु भयो। धर्ना गाविस धर्ना निवासी नेकाँका क्षेत्रीय प्रतिनिधि कृष्ण गिरी गम्भीर घाइते भए। त्यसैगरी प्रहरीले शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप गरी ११ जनालाई बन्दुकको कून्दा र लाठी प्रहार गरी गम्भीर घाइते बनाए। त्यसरी घाइते हुनेमा अखिल नेपाल किसान संघकी केन्द्रीय सदस्य सुष्मा शर्मा घिमिरे, एमाले केन्द्रीय सल्लाहकार सदस्य शालिकराम भण्डारी, एमाले अञ्चल कमिटी सदस्य रीमा नेपाली, जनमोर्चा दाङका सदस्य जीतेन्द्रमान नेपाली, एमाले जिल्ला कमिटी सदस्य देवी पोखेल, सरस्वती गौतम र लीला शाह, अनेमसंघ जिल्ला कमिटी सदस्य अम्बिका पोखेल, नेपाल ट्रेड यूनियनका उपाध्यक्ष बमबहादुर डिसी, नेकाँका दिलिप पोखेल, एमाले रोल्पा जिल्ला कमिटी सदस्य मानबहादुर बाठा, नेपाल महिला संघकी पुष्पा श्रेष्ठ, अखिल नेपाल किसान संघका जगजुलाल चौधरी, नेकाँ क्षेत्रीय सचिव कृष्णप्रसाद सुवेदी, नेपाल महिला संघकी केन्द्रीय सदस्य अनीता देवकोटा, नेकाँका क्षेत्रीय प्रतिनिधि जोगराज शर्मा, नेविसंघका जिल्ला सदस्य रमेशकुमार पाण्डे, दीपक पोखेल र बासुदेव जङ्गली रहेका थिए। घाइतेहरूको घोराहीस्थित महेन्द्र अस्पतालमा उपचार भयो।

चैलाही गाविस-२ कोलहीका सर्वसाधारण २२ वर्षीय रामप्रसाद चौधरीको ०६३ असार २० गते लमहीस्थित संयुक्त सुरक्षा बेसक्याम्प अर्जुनखोलाको ढोका अघिल्तिर अवस्थित प्रतिक्षालयको काठको खम्बामा सुरक्षाकर्मीले झुण्डाएर राखेको बाकस बम विस्फोट हुँदा मृत्यु भयो। सोही प्रतिक्षालयमा बसेका चौलाही गाविस-२ कोलहीका सर्वसाधारण प्रभु चौधरी र जयराम चौधरी, दैलेख घर भई बेसक्याम्प अर्जुनखोलामा कार्यरत नेपाल प्रहरीका प्रहरी जवान २२ वर्षीय होमेन्द्र रावल र सशस्त्र प्रहरीका सहायक प्रहरी हवल्दार राजबहादुर चौधरी बमको छर्रा लागी घाइते भए। प्रभुको लमहीस्थित स्वास्थ्य शिविरमा र अन्य बाँकीको नेपालगञ्जमा उपचार गरियो। प्रतिक्षालयमा सरसफाइ गर्ने क्रममा बम विस्फोट भएको सुरक्षा अधिकारीले बताए।

माओवादीबाट

त्रिभुवननगर नपा-४ भैसाहीका २५ वर्षीय हल्लु चौधरीले आफ्नो घर अगाडिको सडकमा माओवादीले यातायात अवरुद्ध गर्नका निम्ति गाडेको बाँस निकाल्न खोज्दा ०६२ फागुन १५ गते साँझ बम विस्फोट भई उनको घटनास्थलमै मृत्यु भयो। विस्फोटबाट उनको शरीर तीन टुका भएको प्रहरीले बतायो। ०६२ फागुन ११ गते रातिदेखि उक्त स्थानका सडकमा माओवादीले बाँस गाडेर बम राखेका थिए।

हेकुली गाविस-६ डाँडाचिस निवासी राष्ट्रिय अनुसन्धान विभागका सिपाही पुष्कर चौधरीलाई ०६२ फागुन १९ गते माओवादीले अपहरण गरेकोमा भोलिपल्ट तुलसीपुर नपा-११ बसन्तपुरमा हत्या गरी फालिएको अवस्थामा उनको लास फेला पऱ्यो। उनको घाँटी रेटेर हत्या गरिएको जिल्ला प्रहरी कार्यालय, दाङले जनायो।

घोराहीस्थित पूर्व एसपी निवास नजिकैको चौरमा माओवादीले राखेको बम ०६२ फागुन २५ गते विस्फोट हुँदा



घोराही कारागारमा रहेका बन्दीहरू

रोल्पा जिल्ला निवासी विक्रम घर्ती, रामेछाप जिल्ला निवासी प्युठद्वय विमल बुढाथोकी र शान्तबहादुर बस्नेतको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा घाइते भएका दोलखा जिल्ला निवासी युनिफाइड कमाण्डका यादव चौलागाईको उपचारकै क्रममा काठमाडौंमा मृत्यु भयो। सो घटनामा सिन्धुली दरबन्दी भएका प्रहरी जवान रामबहादुर दाहाल, कपिलवस्तु दरबन्दी भएका प्रितम घर्ती, नेपाली सेनाका प्युठ बुद्धिप्रताप चौधरी र सिपाही सन्तोष धामी र एकजना सर्वसाधारण घाइते भए। पीडितहरूकको उपचार काठमाडौं भयो।

सल्यान जिल्ला श्रीनगर गाविस स्थायी घर भएका त्रिभुवननगर नपा-११ निवासी ना ३ ख ६०५ नम्बरको गाडीधनी फत्तेबहादुर बिष्टको ०६२ चैत १७ गते बिहान घोराहीस्थित दीपशिखा रोडमा माओवादीले गोली हानी हत्या गरेको पीडित परिवारले बताए। गोली प्रहार गरी पीडकहरू हातमा पेस्तोल समाती पश्चिमतर्फ भागेका थिए। सो घटनाका सम्बन्धमा माओवादीले कुनै जानकारी दिन चाहेन। पीडित पूर्व प्रहरी हवल्दार हुन्। उनको हत्याको कारण खुल्न सकेन।

दोहोरो भिडन्त

त्रिभुवननगर नपा-१० मिलनचोकस्थित बालमन्दिर नजिक ०६२ माघ ४ गते साँझ माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीले चलाएको गोली लागी माओवादी कम्पनी कमान्डर रञ्जितको घटनास्थलमै मृत्यु भयो भने श्रीनाथ गण घोराहीमा कार्यरत लेसनायक २३ वर्षीय धावा वालेन लामाको टाउकोमा गोली लागेकोमा उपचारको लागि हेलिकोप्टरबाट काठमाडौं लग्ने क्रममा बाटैमा मृत्यु भयो। रञ्जित प्युठान जिल्ला तिराम गाविसका र लामा पर्सा जिल्लाको निर्मलवस्ती गाविस-२ बुद्धनगरका हुन्।

अन्यबाट

त्रिभुवननगर नपा-४ चौघेरा निवासी नेकाँ (प्रजातान्त्रिक) का त्रिभुवननगरका सभापति श्रीधर सुवेदी ०६३ भदौ २ गते घरबाट बाहिर निस्केकोमा भोलिपल्ट दिउँसो कटुवा खोलाको पुलमुनी हत्या गरिएको अवस्थामा उनको लास फेला पऱ्यो। गाउँलेहरूले लास खेतको कुलोमा घोप्टो परेको अवस्थामा देखेका थिए। प्रहरीले हालसम्म हत्याराहरू पत्ता लगाउन सकेको छैन। हत्याराहरूले उनको घाँटी रेटेर हत्या गरेको र अण्डकोष निकालिएको प्रहरीले जनायो।

गोली/ बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

त्रिभुवननगर नपा-८ बडहराका १५ वर्षीय बालक दीपक घर्तीले कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६२ चैत २४ गते राति सुरक्षाकर्मीले घोराहीस्थित सुपर लज अगाडि बिनाचेतावनी गोली हानी उनलाई घाइते तुल्याए। पीडितको कम्मरमा लागेको गोली छेडेर अगाडिबाट निस्किएको थियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	४	३	७	४	७			७	३	३			३
घाइते	३	३		३	४	८			८	३	३०	५		३५
गिरफ्तारी/यातना										३८	९३	८		१०१
कुटपिट	१	१		१	३	५			५					
धम्की										१	१			१
भेला/संगठित हुने अधिकार										१	१		११	१३
महिलाअधिकार	४		४	४										
बालअधिकार	३		३	३										
अपहरण	४	३	१	४	३७	४८	६	३३	७६					
जम्मा	३०	१०	१०	३०	३८	६८	६	३३	९६	३६	११८	१३	११	१४३

उनलाई महेन्द्र अस्पताल, घोराहीमा प्रारम्भिक उपचार गराई इन्सेकको आर्थिक सहयोगमा नेपालगञ्जमा थप उपचार गरियो। पीडित हालसम्म पूर्ण स्वस्थ हुन सकेका छैनन्।

माओवादीबाट

तुलसीपुरबाट गस्तीमा गएका सुरक्षाकर्मीको गाडी ०६२ माघ १५ गते दिउँसो हेकुली गाविसको पोटलीमा माओवादीले राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा एक सुरक्षाकर्मी घाइते भए। घाइतेको नेपालगञ्जमा उपचार भयो। घाइतेको नाम खुल्न सकेन।



सुरक्षाकर्मीद्वारा मारिएका उमेशचन्द्र थापा

श्रीनाथ गण घोराहीमा कार्यरत सेनाका नायक डम्बर लिम्बू ०६२ चैत १२ गते माओवादीले त्रिभुवननगर नपा-११ घोराहीको ट्राफिक कार्यालयको चेकपोष्टमा राखेको बम विस्फोट हुँदा घाइते भए। घाइतेको महेन्द्र अस्पताल, घोराहीमा उपचार भयो।

बेवारिसे बमबाट

श्रीगाउँ गाविस-८ बोगटीका १० वर्षीय अनिल केसी ०६२ माघ १६ गते साँझ घर नजिकै बाटामा रहेको बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भए। उनको दाहिने खुट्टाको तिघ्रामा तीनओटा छर्रा लागेको थियो। घाइतेको तुलसीपुरस्थित सौरभ मेडिकलमा उपचार भयो। हाल उनको स्वास्थ्य स्थिति सामान्य छ।

पवननगर गाविस-४ मिलनचोकका ६ वर्षीय प्रकाश खनालले ०६२ चैत २८ गते बेवारिसे अवस्थामा रहेको सकेट बम भेट्टाई घरमा खेलाउँदा विस्फोट भई गम्भीर घाइते भए। बालकको खुट्टा, छाती, गाला र आँखामा बमको छर्रा लागेको थियो। पीडितको घोराहीमा उपचार गरियो।

जेल र बन्दी

'ङ' श्रेणीको घोराही जेलको बन्दी क्षमता ५० जनाको छ। यस जेलमा हाल ५० जना बन्दी रहेका छन् जसमध्ये १७ पुरुष र दुई महिला गरी १९ जना थुनुवा र ३१ जना पुरुष कैदी छन्। यस जेलमा पानी, पत्रपत्रिका, रेडियो, टिभी तथा खेलकुदका सामग्रीको समस्या रहेको छ।

'घ' श्रेणीको तुलसीपुरको कारागारको बन्दी क्षमता १०० जनाको छ। यस जेलमा हाल ७४ जना बन्दी रहेका छन् जसमध्ये ४० पुरुष र चार महिला गरी ४४ जना कैदी तथा २८ जना पुरुष र दुई महिला गरी ३० जना थुनुवा छन्। खानेपानी, नुहाउन, लुगा धुनसमेत पानीको अभाव रहेको बन्दीहरू बताउछन्। खेलकुदको सामग्रीमा क्यारेमबोर्ड तथा टेवलटेनिस बोर्ड उपलब्ध गराइएको छ। इन्सेकको सहयोगमा जेलमा विभिन्न पुस्तक तथा खेलकुद सामग्रीहरू उपलब्ध गराइएको छ।



सुरक्षाकर्मीले राखेको बम विस्फोट हुँदा मारिएका रामप्रसाद चौधरी

बेपत्ता/अपहरण

माओवादीबाट

तुलसीपुर नपा-३ निवासी 'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनमा तुलसीपुर नपा-३ को वडाध्यक्ष पदका उम्मेदवार ढुण्डीराज राणालाई सोधपुछ गर्नुछ भनी ०६२ फागुन १६ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरित राणाले ०६२ फागुन १९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी आफूलाई झुक्याएर उम्मेदवारी दिन लगाएको र आफूले उक्त पदबाट राजीनामा दिएको सार्वजनिक गरेपछि भोलिपल्ट घरमै पुऱ्याई माओवादीले मुक्त गरे।

सोनपुर गाविस-४ का भिखू चौधरीले गाउँकै एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनलाई उनकै घरबाट अपहरण गरी तीन दिनपछि सोनपुरबाट मुक्त गरे।

त्रिभुवननगर नपा-१ भगवानपुर सर्राका ३१ वर्षीय रामबहादुर बस्नेतले माओवादी विरुद्ध सुराकी गरेको आरोपमा ०६२ फागुन २३ गते साँझ माओवादीले उनलाई मोटरसाइकलबाट घर फर्कदै गर्दा सौडियार गाविस-५ जबरपुरबाट अपहरण गरी तीन दिनपछि सौडियारबाटै मुक्त गरे।

सोनपुर गाविस-५ कौडियाकी १४ वर्षीया सरीता चौधरीलाई माओवादी पार्टीमा संलग्न गराउने उद्देश्यले ०६२ चैत ६ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडित चैत २० गते केरुनियाबाट माओवादीको कब्जाबाट भागेर घर फर्किइन्।

नारायणपुर गाविसका बुद्धि चौधरीले माओवादीको नाममा गाउँका जनतालाई धम्काएर जबरजस्ती चन्दा उठाउँदै हिंडेको आरोपमा ०६२ चैत १८ गते माओवादीले उनलाई बुधौरा गाविसबाट



सुरक्षाकर्मीले राखेको बम विस्फोट हुँदा घाइते भएका प्रभु चौधरी

अपहरण गरी चैत २० गते बुधौरा भन्ने ठाउँबाट मुक्त गरे।

काभ्रे गाविस-९ बचेनीका डोमबहादुर विक र कृष्णबहादुर नेपाली, रामपुर गाविस बुकाका कमरा परियार र चैलाही गाविसका श्याम चौधरीले चोरी गरेको आरोपमा ०६३ वैशाख २ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी वैशाख ७ गते काभ्रेबाट मुक्त गरे।

स्यूजा गाविस-३ का चुमान विकले सुराकी गरेको आरोपमा ०६३ वैशाख ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी एक हप्तापछि घरैमा पुऱ्याई मुक्त गरे।

सर्मजीत गुल्मका हवल्दार एवम् बा. ५ च. ४१६४ नम्बरको सेनाको गाडी चालक जगत खनालले ०६३ वैशाख १४ गते हलवार गाविस-१ पर्सेनीबजारमा तुलसीपुरतर्फ जाँदै गर्दा गाडीले १० वर्षीय सितल न्यौपानेलाई कुल्ची घाइते बनाएकोमा माओवादीले खनाललाई अपहरण गरे। स्थानीय बासिन्दाहरूले सो गाडीमाथि आगजनी गरेका थिए। खनाललाई वैशाख १५ गते मानवअधिकारकर्मीको पहलमा मुक्त गरियो।

टरिगाउँ गाविस-१ नयाँबस्तीका गेहेन्द्र चौधरी नक्कली माओवादी बनी लुटपाटमा संलग्न रहेको आरोपमा ०६३ वैशाख २४ गते माओवादीले उनलाई गाउँबाट अपहरण गरी जेठ १२ गते सोही गाउँमा एक कार्यक्रमकाबीच उनको परिवारको जिम्मा लगाए।

सिसहनिया गाविस-५ का कल्लु चौधरी, चन्द्रेश्वर चौधरी र काशिराम परियारले सोही ठाउँकी मानसिक सन्तुलन गुमाएकी एक महिलालाई बलात्कार गरेको र विभिन्न स्थानमा चोरी गरेको आरोपमा ०६३ जेठ १२ गते माओवादीले उनीहरूलाई सोही ठाउँबाट अपहरण गरी पुनः त्यस्ता घटना नदोहोऱ्याउने सर्तमा भोलिपल्ट गाउँमा ल्याई मुक्त गरे।

चैलाही गाविस-१ बेलडाँडाका पूण्यप्रसाद शर्मा र गिरिराज सुवेदीले माओवादीको नाममा छिमेकीसँग अभद्र व्यवहार गर्दै हिंडेको र आइ.एन.एफ. नामक संस्थाको सेवामूलक काममा बाधा पुऱ्याएको आरोपमा ०६३ असार ५ गते माओवादीले उनीहरूलाई बेलडाँडाबाट अपहरण गरे। पीडितहरूलाई माओवादीले एक भेला आयोजना गरी पुनः त्यस प्रकारका क्रियाकलाप नगर्ने सर्तमा सोही दिन बेलडाँडाबाट मुक्त गरे।

बाँके जिल्ला नेपालगञ्ज नपा-१६ का डायमण्ड श्रेष्ठ र ढिकपुर गाविसकी २८ वर्षीया नीमा परियारले गाउँका चेलिबेटीहरूलाई विदेश पठाउने बहानामा बेचबिखन गर्ने गरेको आरोपमा ०६३ असार १० गते माओवादीले उनीहरूलाई नारायणपुरबाट अपहरण गरी सात दिनपछि इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा ढिकपुरबाट मुक्त गरे। उनीहरू निर्दोष रहेको माओवादीको अनुसन्धानबाट फेला परेको कारण उनीहरूलाई मुक्त गरिएको माओवादीले जनाए।

हलवार गाविस-१ खाद्रेका मोहन नेपाली, पार्वती नेपाली, गोल्टाकुरी गाविस-१ फुर्सेसल्लीका चुडामणि पुन र हेकुली गाविस-९ शुकदेवाका शोभाराम परियारले चोरी गरेको आरोपमा ०६३ असार ११ गते उनीहरूलाई माओवादीले पसेर्नीबाट अपहरण गरे। चोरी गरेको रकमसमेत माओवादीलाई बुझाई असार १४ गते सबैजना सोही ठाउँबाट मुक्त भए।

चैलाही गाविस-४ खैरीका बुद्धिप्रकाश चौधरी नक्कली माओवादी बनी रकम असुल्ने गरेको आरोपमा ०६३ असार ३० गते माओवादीले उनलाई लमहीबाट अपहरण गरी साउन ५ गते खैरीबाट मुक्त गरे।

बाग्लुङ जिल्लास्थित वीरगणमा कार्यरत सैनिक जवानहरू बिजौरी गाविस-३ बर्लेनिडाँडाका मदन नेपाली र शान्तिनगर गाविस-१ चिराघाटका ज्ञानबहादुर रायमाझीले महिलासँग अभद्र व्यवहार गरेको आरोपमा ०६३ साउन ३ गते माओवादीले उनीहरूलाई बिजौरीबाट अपहरण गरी पुनः त्यसप्रकारका गल्ती नगर्ने सर्तमा भोलिपल्ट नागरिक समाजका प्रतिनिधिहरूको रोहबरमा बिजौरीबाट मुक्त गरे।

पुरन्धारा गाविस-३ का ४० वर्षीय भीमबहादुर वली माओवादीको क्षेत्रीय कमिटीमा रहेको बेला आर्थिक हिनामिना गरेको आरोपमा ०६३ साउन ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक ७ गते परिवारजनको रोहबरमा मुक्त गरे।

सोनपुर गाविस-५ टिकलीगढका ३२ वर्षीय मानबहादुर चौधरीले महिलासँग अभद्र व्यवहार गरेको आरोपमा ०६३ साउन १४ गते माओवादीले उनलाई गाउँबाट अपहरण गरी पुनः त्यस प्रकारका क्रियाकलाप नगर्ने सर्तमा भोलिपल्ट सोनपुरबाट मुक्त गरे।

धनौरी गाविस धनौरीका १७ वर्षीय द्रोण परियारलाई ०६३ असोज २ गते माओवादीले घरबाटै आफ्नो कार्यक्रममा संलग्न गराउन अपहरण गरी एक हप्तापछि घरमै पुऱ्याई

मुक्त गरे।

बेला गाविस-१ मटेरीयाकी १३ वर्षीया स्मृति चौधरीलाई ०६३ असोज ८ गते माओवादीले बेलाबाट पार्टी कार्यक्रममा जबरजस्ती लगेकोमा पीडितको बुबाले माओवादीसँग छोरी फिर्ता गर्न आग्रह गरेपछि माओवादीको ११ नं. एरिया कमिटीले बालिकालाई ०६३ असोज २० गते सोनपुरको केरुनियाबाट मुक्त गऱ्यो।

त्रिभुवननगर नपा-५ निवासी 'शाही सरकार'द्वारा मनोनित पूर्व मेयर ३७ वर्षीय बलिभद्र रानालाई लोकतान्त्रिक आन्दोलनका सहिद उमेश थापाको हत्यामा संलग्न रहेको आरोपमा ०६३ असोज १५ गते दिउँसो माओवादीले रानालाई अम्बिकेश्वरी मन्दिरबाट घर फर्किने क्रममा अपहरण गरे। माओवादीले ०६३ कात्तिक २९ गते १० लाख रूपैयाँ लिई पीडितलाई घोराहीबाट मुक्त गरे।

सौंडियार गाविस-९ कनरीयाका २९ वर्षीय कमल केसी नक्कली माओवादी बनी अन्यलाई ठगी गरेको आरोपमा ०६३ असोज २३ गते माओवादीले उनलाई घोराही बजारबाट अपहरण गरी असोज २५ गते नारायणपुर बजारबाट इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा मुक्त गरे।

फूलबारी गाविस-५ ढकनाका गिरीजा विक र दीपक विक नक्कली माओवादी बनी चन्दा असुलेको आरोपमा ०६३ असोज २४ गते माओवादीले उनीहरूलाई गोल्टाकुरी गाविस-९ सीमताराबाट अपहरण गरी पुनः त्यस प्रकारको कार्य नगर्ने सर्तमा असोज २९ गते परिवारजनको रोहबरमा सोही ठाउँबाट मुक्त गरे।

सिसहनिया गाविस-९ का गंगाराम चौधरी र मुनराम चौधरी नक्कली माओवादी बनी लुटपाट गरेको आरोपमा ०६३ कात्तिक १३ गते माओवादीले उनीहरूलाई सिसहनियाबाट अपहरण गरी कात्तिक १४ गते सोही ठाउँबाटै मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

दाङस्थित राप्ती सञ्चार सेवाद्वारा सञ्चालित रेडियो तुलसीपुर एफएमका समाचार सम्पादक भीमार्जुन रेग्मीलाई समाचारको विषयलाई लिएर ०६२ माघ २५ गते बिहान सुरक्षाकर्मीले कार्यालयभित्र प्रवेश गरी गिरफ्तार गरे। गिरफ्तारपछि पीडितलाई इलाका प्रहरी कार्यालयमा राखी सुरक्षाकर्मीले रेडियोबाट प्रसारित समाचारमा सुरक्षाकर्मीलाई लक्षित गरी समाचार प्रसारण नगर्न भन्दै धम्की दिए। करिब तीनघण्टा नियन्त्रणमा लिइसकेपछि समाचार ख्याल गरेर प्रशारण गर्न धम्की दिँदै पुनः सोधपुछ गर्ने सर्तमा रिहा गरे। उक्त घटनाको विरोधमा नेपाल पत्रकार महासंघ, प्रेस चौतारी, मेचिकाली मिडिया सेन्टर, युवा पत्रकार मञ्च, महिला पत्रकार मञ्चलगायत अन्य संघसंस्थाहरूले विज्ञप्तिमार्फत् सुरक्षाकर्मीको व्यवहारको विरोध गरे।

माओवादीबाट

पवननगर गाविस-९ कुइरेपानीका द्रोणप्रसाद न्यौपानेले घरायसी विवाद गरेको आरोपमा ०६३ साउन २२ गते माओवादीले उनलाई घरमा गई मरणासन्न हुने गरी कुटपिट गरे।

लक्ष्मीपुर गाविस-६ वरगदुवाका ५२ वर्षीय श्रीधर घर्तीलाई बिनाकारण ०६३ भदौ ३० गते माओवादीले गोग्ली बजारमा लाठी र खुट्टाले निर्घात कुटपिट गरे।

एमालेका डुरुवा गाउँ पार्टी सचिव मनोहर बुढाथोकी, अनेरास्ववियुका जिल्ला अध्यक्ष विवेक श्रेष्ठलगायत तीनजनालाई ०६३ पुस १३ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले डुरुवा गाविस-८ स्थित बालमितेरी माविको सञ्चालक समितिको सभापति पदमा विवाद हुँदा कुटपिट गरी घाइते तुल्याए। घाइतेहरूको काठमाडौंमा उपचार भयो।

गैरकानुनी गिरफ्तारी

लक्ष्मीपुर गाविस-३ बेलुवाका १६ वर्षीया संगीता चौधरी माओवादी भएको आरोपमा ०६२ पुस २५ गते साँझ घोराही बजारबाट घरतर्फ जाँदा सुरक्षा चेकजाँचमा खटिएका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडित पुनरावेदन अदालतको आदेशबाट ०६३ वैशाख २४ गते रिहा भइन्। उनलाई तुलसीपुर कारागारमा राखिएको थियो।

त्रिभुवननगर नपा-३ की २० वर्षीया स्यानी चौधरी माओवादी भएको आरोपमा ०६२ माघ ३ गते सर्चमा गएका सुरक्षाकर्मीले उनलाई लक्ष्मीपुर गाविस-८ लमडरुवामा सिलाइकटाई सिक्दै गरेको अवस्थामा गिरफ्तार गरी तुलसीपुर



बेवारिसे बम विस्फोटबाट घाइते भएका प्रकाश खनाल

कारागारमा चलान गरे। पीडित पुनरावेदन अदालत तुलसीपुरको आदेशमा ०६३ वैशाख २४ गते रिहा भइन्।

अनेरास्ववियु (क्रान्तिकारी) की जिल्ला सदस्य रीमा वली र महिला कार्यकर्ता जीविका चौधरीलाई ०६२ माघ ६ गते बिहान सुरक्षाकर्मीले लक्ष्मीपुर गाविस-४ बन्जाडीबाट गिरफ्तार गरी तुलसीपुर कारागार चलान गरे। दुवै पुनरावेदन अदालत, तुलसीपुरको आदेशबाट ०६३ वैशाख ६ गते रिहा भए।

हापुर गाविस बिजैरीका २० वर्षीय बसन्त सुनार माओवादी भएको आरोपमा ०६२ माघ ६ गते सर्चमा गएका सुरक्षाकर्मीले उनलाई हापुर गाविस-५ निघुवारबाट गिरफ्तार गरी तुलसीपुर कारागारमा चलान गरे। पीडित पुनरावेदन अदालत, तुलसीपुरको आदेशमा ०६२ चैत १३ गते तुलसीपुर कारागारबाट रिहा भए।

हेकुली गाविस-४ मौलीका १९ वर्षीय रामबहादुर चौधरी माओवादी भएको आरोपमा ०६२ माघ १२ गते सुरक्षाकर्मीले उनलाई घोराहीको ट्राफिकचोकबाट गिरफ्तार गरी तुलसीपुर कारागारमा राखे। पीडितलाई पुनरावेदन अदालतको आदेशमा तुलसीपुर कारागारबाट ०६२ चैत १३ गते रिहा गरियो।

लक्ष्मीपुर गाविस-३ बन्जाडीका १७ वर्षीय खिमबहादुर चौधरी माओवादी भएको आरोपमा ०६२ माघ १२ गते सुरक्षाकर्मीले चौधरी कामको सिलसिलामा घोराही बजार गएको बेला घोराहीस्थित ट्राफिक चेकपोष्टबाट साइकलसहित गिरफ्तार गरे। पीडितलाई घोराही कारागारबाट जेठ ११ गते रिहा गरियो।

माओवादी कार्यकर्ता सूचना भनिने सुधा रेग्मी र गीता चौधरीलाई ०६२ माघ १५ गते सर्चमा गएका सुरक्षाकर्मीले श्रीगाउँ गाविसबाट गिरफ्तार गरी तुलसीपुर कारागार चलान गरे। पुनरावेदन अदालतको आदेशमा सुधा ०६३ वैशाख २५ गते र गीता ०६३ जेठ ११ गते रिहा भए।

गोवरडिहा गाविस-८ का २४ वर्षीय भरत चौधरी माआवादी भएको आशंकामा ०६२ माघ १६ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरी सोधपुछपछि एक हप्तापछि गढवा बेस क्याम्पबाट रिहा गरे।





माओवादीद्वारा अपहरण गरिएका बलिभद्र राना र जगत खनाल

पुरन्धारा गाविस-८ का २५ वर्षीय सेतुराम नेपाली र ३० वर्षीय देवीराम विक माओवादी भएको आरोपमा ०६२ माघ २० गते सुरक्षाकर्मीले उनीहरूलाई घरबाट तुलसीपुर बजार आएको बेला गिरफ्तार गरी तुलसीपुर कारागारमा चलान गरे। पीडितहरू पुनरावेदन अदालत तुलसीपुरको आदेशमा ०६२ चैत १७ गते रिहा भए।

नेकाँ क्षेत्र नं. ४ का प्रतिनिधि गंगाधर गैरेलाई ०६२ माघ २५ गते सुरक्षाकर्मीले सात दलको विरोध कार्यक्रमको समापन लगत्तै तुलसीपुर बजारबाट गिरफ्तार गरी केही समय बेपत्ता पारे। पीडित पुनरावेदन अदालत तुलसीपुरमा दायर भएको बन्दीप्रत्यक्षीकरणको रिटमाथिको सुनवाइपछि अदालतको आदेशबाट ०६३ वैशाख ११ गते रिहा भए। पीडितलाई तुलसीपुर कारागारमा राखिएको थियो।

पुन: गिरफ्तारी

पुनरावेदन अदालत तुलसीपुरको आदेशमा रिहा भएका तुलसीपुर नपा-९ दुधेनाका ३१ वर्षीय कुमारनाथ योगीलाई ०६२ चैत ९ गते दाङ देउखुरी जिल्ला अदालत परिसरबाट सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी सोहीसाँझ रिहा गरे। पीडितलाई माओवादीको आरोपमा ०६२ पुस २५ गते सुरक्षाकर्मीले घोराहीबाट गिरफ्तार गरी तुलसीपुर कारागारमा राखेकोमा पीडितकी पत्नी पुनादेवी योगीले पुनरावेदन अदालत तुलसीपुरमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्।

पुनरावेदन अदालत तुलसीपुरको आदेशमा तथा जिल्ला अदालतको रोहबरमा तुलसीपुर कारागारमा थुनामा रहेका रुकुम जिल्ला साँख गाविस-१० निवासी १५ वर्षीय कमलबहादुर रावललाई ०६२ फागुन २३ गते जिल्ला अदालतबाट रिहा गर्दा प्रहरीले जिल्ला अदालतबाट पुन: गिरफ्तार हुन सक्ने संभावना रहेकोले मानवअधिकारकर्मी तथा पत्रकारहरूको पहलमा जिल्ला अदालत बाहिर पुऱ्याइएका उनलाई सशस्त्र प्रहरीका दुई जवानले १० राउण्ड गोली प्रहार गरे। मानवअधिकारकर्मी तथा पत्रकारहरूको पहलमा मोटरसाइकलमा राखी अदालत बाहिर लग्नेक्रममा उनीमाथि गोली प्रहार गरिएको थियो। उनलाई माओवादीको आरोपमा ०६१ पुस महिनामा रुकुम जिल्लाबाट गिरफ्तार गरी ०६२ वैशाख १५ गतेदेखि तुलसीपुर कारागारमा राखिएको थियो। जिल्लास्थित विभिन्न संघसंस्थाहरूले विज्ञप्तिमार्फत सो घटनाको भर्त्सनासमेत गरेका थिए।

त्रिभुवननगर नपा-८ बडहराकी १५ वर्षीया सुन्तली चौधरी बन्दीप्रत्यक्षीकरण मुद्दामा पुनरावेदन अदालत तुलसीपुर दाङको आदेशमा ०६३ जेठ ७ गते घोराहीबाट रिहा भई घरतर्फ जान लाग्दा घोराहीको तुलसीपुर चोकबाट सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी सोही दिन रिहा गरे।

उनलाई माओवादीको आशंकामा ०६२ माघ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तुलसीपुर कारागारमा राखेका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

त्रिभुवननगर नपा-१० घोराहीको दामोदरचोकमा ०६२ माघ ७ गते दिउँसो सात दलले आयोजना गरेको सभामा सुरक्षाकर्मीले हस्तक्षेप गरी एमालेका उपेन्द्र खड्का, ठाकुल वली, यमराज वली, लिलामणि गौतम, नेकाँका खगराज पाण्डे, दीपक न्यौपाने, जनमोर्चाका सूर्य पौडेल, बाममोर्चाका गणेश केके र कार्यकर्ताहरू राजु न्यौपाने, अमृत बुढा र केशव भुसाललाई गिरफ्तार गरे। सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखी दुई दिनपछि रिहा गरियो।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कार गर्न प्रचार प्रसारको दौरानमा रहेका नेकाँ दाङका सचिव शंकर गिरी, नेकाँ क्षेत्र नं.४ का सभापति टोपबहादुर केसी, नेकाँ दाङका महासमिति सदस्य केशवकुमार आचार्य, एमालेका सल्लाहकार ढुण्डीराज लामिछाने, एमालेका जिल्ला परिषद् सदस्य मेघराज भुसाल र नेत्रमणि लामिछाने, नेकाँ (प्रजातान्त्रिक) दाङका उपसभापति जनार्दन शर्मा र व्यापारी बलदेव शर्मालाई ०६२ माघ १८ गते सुरक्षाकर्मीले तुलसीपुरस्थित उनीहरूकै घरघरबाट गिरफ्तार गरी सबैलाई दूरसञ्चार कार्यालय, तुलसीपुरमा राखे। बलदेवलाई दुई दिनपछि रिहा गरियो, मेघराजलाई ९० दिनको थुनुवापुर्जी र अन्य बाँकीलाई १५ दिने थुनुवापूर्जी दिई ०६२ माघ २७ गते तुलसीपुरबाट रिहा गरियो।

सात दलको आयोजनामा ०६२ माघ १८ गते तुलसीपुर बजारबाट निस्केको मोटरसाइकल ज्यालीबाट नेविसंघ दाङ जिल्लाका सचिव दिपक पाण्डे र आन्दोलन समर्थक शान्ति नेपाललाई प्रहरीले गिरफ्तार गरी १५ दिने थुनुवापूर्जी थमायो। दुवै माघ २७ गते रिहा भए। त्यसैगरी नेकाँ दाङका क्षेत्रीय सदस्य बसन्तकुमार देवकोटा, मानपुरगाउँ इकाईका सभापति भागवत आचार्य, नेकाँ दाङका सक्रिय सदस्य दीपक शर्मा, एमाले तुलसीपुर नगर कमिटीका सदस्य यमकान्त पाण्डे र एमाले पार्टी सदस्य माधव भुसाललाई तुलसीपुर बजारबाट गिरफ्तार गरे। सबैलाई १५ दिने पूर्जीसहित माघ २७ गते रिहा गरियो। सबैलाई इलाका प्रहरी कार्यालयमा राखिएको थियो।

सात दलको आयोजनामा ०६२ माघ १९ गते त्रिभुवननगर नपाको घोराहीमा निस्केको विरोध ज्यालीबाट प्रहरीले नेकाँका महाधिवेशन प्रतिनिधि राजु खनाल, नेकाँका महासमिति सदस्य भरत न्यौपाने, नेपाल तरुण दलका पाण्डव खनाल, नेकाँ क्षेत्रीय नं. २ का सदस्य दामोदर शर्मा, एमाले



अनेरास्ववियु (क्रान्तिकारी) द्वारा कुटपिट गरी घाइते बनाइएका मनोहर बुढाथोकी र विवेक श्रेष्ठ

क्षेत्र नं. ३ का सचिव रणबहादुर भण्डारी, एमाले जिल्ला कमिटीका वीरबहादुर केसी र मोहन गिरी, लालटिया गाउँ कमिटीका उपसचिव टोपबहादुर झाक्री, अनेरास्ववियुका केशव भुसाल, अनेरास्ववियुका ठाकुर वलीलगायत सूर्यप्रकाश राना, एमवि केसी, किरण न्यौपाने र राजकुमार धितललाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा १५ दिने थुनुवा पूर्जीसहित राखी माघ २७ गते रिहा गरे।

सात दलको आन्दोलनमा अनुगमन गरिरहेका दाङस्थित इन्सेक आबद्ध संस्थाका सचिव केशवकुमार शर्मालाई ०६२ माघ २१ गते सुरक्षाकर्मीले तुलसीपुरबाट लछारपछार गर्दै गिरफ्तार गरी चारघण्टा नियन्त्रणमा लिई रिहा गरे। त्यसैगरी सोही समयमा एमाले संगठन विभाग प्रमुख शम्भु गौतमलाई तुलसीपुरको विरोधसभामा जाँदै गर्दा बाटैबाट गिरफ्तार गरी बिनापूर्जी इलाका प्रहरी कार्यालय तुलसीपुरमा राखी ०६२ माघ २७ गते रिहा गरे।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनको विरोध गर्न ०६२ माघ २४ गते तुलसीपुरमा सात दलले आयोजना गरेको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी नेकाँका महेन्द्र धिताल, मदन रसिक, महेश देवकोटा, टीका घर्ती, जोगेन्द्र विक, दुर्गा बुढाथोकी, टोपेन्द्र तन्नेरी, कृती खड्का, यानप्रसाद सुवेदी, घनश्याम सेपाइली, नेविसंघका परिणयविक्रम शाह, एमालेका श्रीमणि आचार्य, कृष्ण भुसाल, टोपेन्द्र गौतम, नेकाँ (प्रजातान्त्रिक) का प्रकाश देवकोटा, जनमोर्चाका नारायण भण्डारीसहित २८ जना नेता कार्यकर्तालाई गिरफ्तार गरे। तुलसीपुरको गणेशमानचोकमा जुलुस आइपुग्दा प्रहरीले हस्तक्षेप गरी दलका नेता तथा कार्यकर्ताहरूलाई छानीछानी गिरफ्तार गरेको थियो। सबैलाई माघ २७ गते रिहा गरियो।

स्वर्गद्वारी एफएमबाट प्रसारण हुने अखबार कार्यक्रम ०६३ वैशाख ४ गतेदेखि स्थानीय प्रशासनले प्रसारण गर्न रोक लगाएकोमा वैशाख ६ गेतदेखि पुन: सञ्चालनमा आयो। सगरमाथा एफएमबाट प्रसारण हुँदै आएको अखबार कार्यक्रम स्वर्गद्वारी एफएमले प्रत्येक दिन बिहान टेलिफोनमार्फत रिले

प्रसारण गर्दै आएको थियो। यसअघि प्रशासनले सोही एफएमको ५६०१६४ नम्बरको टेलिफोन लाइनसमेत काटेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६२ पुस १७ गतेदेखि ०६३ पुस १६ गतेसम्म जिल्ला अदालतमा व्यक्तिवादी देवानी १ सय ३३ ओटा, दुनियावादी फौजदारी ८८ ओटा र सरकारीवादी फौजदारी ५६ ओटा मुद्दा दर्ता भयो।

गत वर्ष जिम्मेवारी सरेर आएका व्यक्तिवादी देवानी २ सय १४ ओटामध्ये ९७ फर्स्यौट भई १ सय १७ बाँकी रहे। त्यस्तै दुनियावादी फौजदारी १ सय ४० ओटामध्ये ९४ ओटा फर्स्यौट भई ४६ ओटा बाँकी रहे। र सरकारवादी फौजदारी ६९ ओटामध्ये ३४ ओटा फर्स्यौट भई ३५ ओटा बाँकी रहे।

यो वर्ष पुनरावेदन अदालत तुलसीपुरमा सरकारवादी फौजदारी १४ ओटा दर्ता भए भने तीमध्ये तीनओटा फर्स्यौट भए। देवानी १० ओटा दर्ता भएकोमा तीनओटा फर्स्यौट भए। गतवर्षबाट सरेर आएका सरकारवादी फौजदारी १० थानमध्ये तीनओटा फर्स्यौट भए। देवानी १५ ओटामध्ये पाँचओटा फर्स्यौट भए। यो वर्षको अन्त्यसम्म ३५ ओटा मुद्दा बाँकी रहे।

बालअधिकार

तुलसीपुर नपा-५ का १४ वर्षीय आशीष गुप्तालाई ०६३ साउन ७ गते तुलसी बोर्डिङ्ग स्कुलका प्रिन्सिपल भिष्मा केसीले कुटपिट गरे। सो घटनापछि आशिषको परिवारले घोराहीमा पत्रकार सम्मेलन गरी घटनाको जानकारी दिदै प्रिन्सिपल केसीको अमानवीय व्यवहारको जानकारी गराए। सोही विषयलाई लिएर विद्यालय अभिभावक संघ, दाङका अध्यक्ष मोतीलाल न्यौपाने र महासचिव अजित आचार्यले संयुक्तरूपमा विज्ञप्ति जारी गर्दै दोषीलाई कारवाही र उचित क्षतिपूर्तिको मागसमेत गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लालमटिया गाविस-४ की ५० वर्षीया एक विधवालाई ०६२ फागुन २३ गते सोही ठाउँकै २८ वर्षीय मधुसुदन थापाले बलात्कारको प्रयास गरे। पीडकलाई स्थानीय बासिन्दाले नियन्त्रणमा लिई इलाका प्रशासन कार्यालय, भालुवाङमा जिम्मा लगाए। तरकारी बारीमा लसुनको पात टिप्न लागेको महिलालाई जबरजस्ती गर्न खोजेको गाउँलेहरूले बताए। हाल पीडकलाई कारवाहीको सिलसिलामा इलाका प्रहरी कार्यालयमा राखिएको छ।

चैलाही गाविस-१ बयलडाँडाका ५२ वर्षीय भक्तबहादुर सुनारले ०६२ चैत २१ गते सोही ठाउँकी ६ वर्षीया एक बालिकालाई बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाउँलेले चारपाटा मुडेर गाउँ घुमाए।

तुलसीपुर नपा-१० दमारगाउँका २१ वर्षीय चित्रबहादुर विकले ०६३ वैशाख ३ गते सोही ठाउँकी एक महिलालाई बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाएकोमा जिल्ला अदालत दाङले ०६३ जेठ १ गते पीडकलाई पूर्पक्षको लागि जेल चलान गर्न आदेश दियो।

फूलबारी गाविस-१ का ८२ वर्षीया एक महिलालाई ०६३ जेठ ६ गते सोही गाविस-३ का ६० वर्षीय लिलाधर डाँगीले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राख्न अदालतले आदेश दिएपछि कारागार चलान गरिएको छ।

राजपुर गाविस-२ दुलैयाका नखनौवा भण्डारी र हिरे नाम गरेका युवाले ०६३ असार ४ गते सोही गाउँकी दुई सन्तानकी आमा भइसकेकी मानसिक सन्तुलन गुमाएकी एक युवतीलाई बलात्कार गरे। पीडकहरूलाई गाउँलेले कुटपिटसमेत गरेका थिए।

बोक्सीको आरोप

शान्तिनगर गाविस-३ निवासी २३ वर्षीया दीपा गिरीलाई उनकै जेठाजुको मिलोमतोमा ०६२ चैत १० गते बोक्सीको आरोपमा निर्घात कुटपिट गरे। केही समय अगाडि पीडितकै देवर इन्द्रलाल गिरी अचानक बिरामी परेपछि दाजु शोभाराम गिरीले बिरामीलाई अस्पताल नलगी स्थानीय धामीझाँक्रीको रूपमा काम गर्ने जीवलाल पौडेललाई बोलाई धामी बसाली बुहारीलाई बोक्सीको आरोप लगाएका थिए। साथै जेठाजु र धामी मिलेर उनलाई कुटपिट गरिएको थियो। हाल उनको अवस्था सामान्य रहेको छ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

विस्थापित

राज्यपक्षबाट

लालमटीया गाविस-३ भालुवाङमा ४६ घरपरिवारका २ सय ५५ जसमा १ सय ५१ पुरुष र महिला १ सय ४ रहेका छन्। ०६० वैशाख १५ गते सशस्त्र प्रहरी ज्वालामाई गणको ब्यारेक लालमटिया गाविसमा स्थापना गरिएपछि सो क्षेत्रका मानिसहरू विस्थापित भई भालुवाङमा बस्दै आएका हुन् ।

माओवादीबाट

जनयुद्ध सुरु भएयता माओवादीका कारण दाङ जिल्लामा २ सय ६१ घरपरिवारका १ हजार ६३ जना विस्थापित जीवन बिताएका छन्। जसमा पुरुष ५ सय ७३ र महिला ४ सय ९० रहेका छन्। उनीहरू दाङ जिल्लाको

घोराही, तुलसीपुर, लमही तथा जिल्ला बाहिर विस्थापित जीवन बिताइरहेका छन्।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति
माओवादीबाट

तुलसीपुर नपा-२ रक्षाचौर निवासी 'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनमा तुलसीपुर नगरपालिकाका मेयर पदका उम्मेदवार डिल्लीबहादुर खड्काको दुईटा घर ०६२ माघ १४ गते राति माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। माओवादीले खड्काका परिवारजनलाई घरबाट बाहिर निकाली छिमेकीको घरमा बस्न लगाई बम विस्फोट गराएको पीडितका छोरा लिलाबहादुर खड्काले बताए।

त्रिभुवननगर नपा-७ निवासी 'शाही सरकार'का तत्कालीन भूमिसुधार राज्यमन्त्री यज्ञबहादुर बुढाथोकी, नरबहादुर घर्ती र श्रीधर गिरीको त्रिभुवननगर नपा-७ स्थित घरमा ०६२ माघ २२ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

घोराहीबाट बिरामी लिएर नेपालगञ्जतर्फ गइरहेको एम्बुलेन्सलाई बिजौरी पेट्रोलपम्प नजिक ०६२ माघ २३ गते राति माओवादीले फायरिङ गरी एम्बुलेन्समा क्षति पुऱ्याए। द रेयूकाई दाङको रा १ च. ७७ नम्बरको उक्त ऐम्बुलेन्स माओवादीको आक्रमणमा परेको एम्बुलेन्स चालक रेशम डाँगीले बताए। एकपटक मात्र भएको फायरिङले एम्बुलेन्सको इमरजेन्सी लाईट फुट्यो। उक्त कार्यको द रेयूकाई दाङले माघ २४ गते विज्ञप्तिमार्फत् विरोध जनायो।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनमा तुलसीपुर नपा-२ बाट निर्विरोध निर्वाचित भएका वडाध्यक्ष खुसीराम खत्रीको घरमा ०६२ माघ २४ गते राति माओवादीको एक समूहले बम विस्फोट गराई क्षति पुऱ्यायो। खत्रीका परिवारजनलाई अर्को घरमा थुनी विस्फोट गरिएको थियो।

विगतको अनुगमन

गिरफ्तार

बर्दिया जिल्ला पाताभार गाविसकी २१ वर्षीया सीमा चौधरी, दाङ जिल्ला त्रिभुवन नपा-३ बर्गढीकी १८ वर्षीया आशा चौधरी र पञ्चकुले गाविस-१ का २१ वर्षीय पूर्णबहादुर वली पुनरावेदन अदालत तुलसीपुर, दाङको आदेशमा दाङ कारागारबाट ०६२ फागुन ३ गते रिहा भए। सीमालाई ०५९ फागुन ५ गते कैलाली जिल्लाबाट तथा आशा र पूर्णबहादुरलाई ०६१ चैत २ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले उनीहरूकै घरबाट गिरफ्तार गरी आतंककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत थुनामा राखिएको थियो।

त्रिभुवननगर नपा-३ का २६ वर्षीय खुशीराम चौधरी र २९ वर्षीय गोबर्धन घर्ती पुनरावेदन अदालत तुलसीपुरको आदेशमा देउखुरी जिल्ला अदालतको रोहबरमा ०६२ चैत १७ गते रिहा भए। खुशीरामलाई ०६१ कात्तिक १८ गते र गोबर्धनलाई ०६१ चैत २ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा उनीहरूकै घरबाट गिरफ्तार गरी आतंककारी तथा विध्वंसात्मक ऐन अन्तर्गत थुनामा राखिएको थियो।

तुलसीपुर नपा-८ कटकुईयाका कविराम खड्का पुनरावेदन अदालत तुलसीपुरको आदेशमा जिल्ला अदालत, दाङको रोहबरमा ०६२ फागुन ५ गते रिहा भए। उनलाई माओवादीको गतिविधिमा संलग्न रहेको आंशकामा ०६२ असोज १२ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी तुलसीपुर कारागारमा राखेका थिए।

डडेल्धुरा जिल्ला बगरकोट गाविस-८ घर भई ०५८ मंसिर १७ गते माओवादीको आरोपमा गिरफ्तार परेका २४ वर्षीय प्रकाश साउदलाई ०६३ जेठ १८ गते पुनरावेदन अदालत कञ्चनपुरको आदेशमा इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा दाङबाट मुक्त गरियो। उनलाई पुर्पक्षको लागि थुनामा राखेकोमा कञ्चनपुर पुनरावेदन अदालतले जेठ १७ गतेको फैसला बमोजिम सफाई पाउने ठहर गरी थुना मुक्त गरिएको हो। ०५८ सालमा गिरफ्तारपछि साउद डडेल्धुरा, कञ्चनपुर, जाजरकोट, चौरजहारी हुँदै दाङको घोराही कारागारमा सारिएको थियो।

अपहरण
माओवादीबाट

काभ्रे गाविसका पदम डाँगी, द्रोर्ण डाँगी, तिलक डाँगी, नेत्रबहादुर डाँगी, भुपेन्द्र डाँगी, शिवलाल डाँगी, फनाधर डाँगी, नारायण डाँगी, खगेश्वर डाँगी, रामु डाँगी, गोरे डाँगी, निमलाल खत्री र भोजराज खत्रीलाई माओवादीले आफ्नो नियन्त्रणमा श्रम गराई राखेकोमा उनीहरू सबैलाई ०६३ वैशाख २९ गते मुक्त गरे। उनीहरूलाई माओवादी जनअदालतको निर्णयनुसार भन्दै छ महिना श्रम गराई मुक्त गरिएको माओवादीले बताए। माओवादीका अनुसार काभ्रे गाविसका ३४ जनालाई माओवादीले नियन्त्रणमा लिई माओवादी जनअदालतमा पुऱ्याएका थिए। तीमध्ये १३ जनालाई छ महिना, सातजनालाई तीन महिना, १४ जनालाई एक महिनाको श्रम गराउने निर्णय माओवादीले गरेका थिए। ती सबैलाई काभ्रे गाविस-९ मूलाबारीदेखि स्यालापानीसम्म ७ किमी बाटो खन्ने काममा लगाइएको थियो। सबैलाई काभ्रे गाविसका विभिन्न ठाउँहरूबाट विभिन्न आरोपमा ०६३ पुस महिनामा अपहरण गरी बाटो खन्ने काममा लगाइएको थियो।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका १० जना महिला र ६० जना पुरुष गरी ७० जनाको अवस्था अज्ञात छ। त्यसरी बेपत्ता पारिएकाहरूमा बेला गाविस-२ निवासी १८ वर्षीया ज्ञानी चौधरी, २४ वर्षीय किरण गिरी, पवननगर गाविस-५ निवासी ३६ वर्षीय खिमप्रसाद गैरे, २१ वर्षीय मनराखु चौधरी, ३६ वर्षीय कालिचरण चौधरी, २४ वर्षीय शुकराम चौधरी, हापुर गाविस-६ निवासी २८ वर्षीय बलबहादुर योगी, सोही गाविस-७ निवासी १८ वर्षीया सीता चौधरी, २० वर्षीया बबिता चौधरी, २० वर्षीय रामदास चौधरी, १७ वर्षीय सुनिल चौधरी, सोही गाविस-२ निवासी ३० वर्षीया शोमा चौधरी, गौवरडिहा गाविस-९ निवासी २८ वर्षीय निर्मल रावत, २३ वर्षीया कल्पना रावत, २३ वर्षीया मीना घर्ती, ३० वर्षीय नन्दबहादुर के.सी., २९ वर्षीय लवदेव चौधरी, २३ वर्षीया माया चौधरी, बिजौरी गाविस-८ निवासी १८ वर्षीय विरबहादुर थापा, ४० वर्षीय कोदलाल चौधरी, सोही गाविस-६ निवासी २४ वर्षीय शरद चौधरी, सोही गाविसका ४५ वर्षीय रेशम घर्ती मगर, राजपुर गाविस-६ निवासी २४ वर्षीय अमृत चौधरी, सोही गाविस-९ निवासी ३५ वर्षीय निमलाल विक, टेकबहादुर विक, ढिकपुर गाविस-९ निवासी ३० वर्षीय धनविर चौधरी, सतपरिया गाविस-८ निवासी २३ वर्षीय गणेश परियार, त्रिभुवननगर नपा-३ निवासी २६ वर्षीय विरजु चौधरी, सोही नपा-८ निवासी १८ वर्षीय रामपरा घर्ती, २२ वर्षीय दिलबहादुर घर्ती, सोही नपा-९ निवासी छितिज, सोनपुर गाविस-८ निवासी २२ वर्षीय प्रकाश शर्मा, हेकुली गाविस-८ निवासी नारायण चौधरी, सोही गाविस-३ निवासी १६ वर्षीय रामबहादुर चौधरी, २० वर्षीय हरिराम चौधरी, गंगापरस्पुर गाविस-१ निवासी ३५ वर्षीय मानबहादुर बोगटी, रामपुर गाविस निवासी १८ वर्षीया मेनका नेपाली, मानपुर गाविस-३ निवासी २७ वर्षीय रघुपति चौधरी, श्रीगाउँ गाविस-६ निवासी २४ वर्षीय लक्ष्मण चौधरी, तुलसीपुर नपा-५ निवासी १८ वर्षीय उत्तमकुमार श्रेष्ठ, उरहरी गाविस-३ निवासी २२ वर्षीय सिताराम चौधरी, सोही गाविस-४ निवासी झग्गुप्रसाद चौधरी, सिसहनिया गाविस निवासी २५ वर्षीय बेदबहादुर पुन, झिनाम गाविस-४ निवासी खड्कबहादुर बोहरा, हेमनगर निवासी ओवीराज डाँगी, डुरूवा गाविस-२ निवासी १८ वर्षीया निसा केसी, सोही गाविस-७ निवासी २२ वर्षीय लक्ष्मण चौधरी, ४५ वर्षीय लेबबहादुर बिष्ट, २५ वर्षीय श्याम चौधरी, डुरूवा गाविस-५ निवासी २४ वर्षीय कुइरा चौधरी, २० वर्षीय जागी चौधरी, ३२ वर्षीय चनकलाल चौधरी, ४० वर्षीय सोहनलाल चौधरी, २५ वर्षीय सोमराज चौधरी, १६ वर्षीय खुशीराम चौधरी, १९ वर्षीय श्यामलाल चौधरी, बेला गाविस-२ निवासी ३२ वर्षीय केदार चौधरी, २६ वर्षीय खीमबहादुर पुन, २६ वर्षीय प्रेमलाल नेपाली, २० वर्षीय उदय चौधरी, १६ वर्षीय हरिलाल चौधरी, २० वर्षीय गणेश चौधरी, हासिपुर गाविस निवासी २५ वर्षीय हिराबहादुर सारू, काभ्रे गाविस-६ तापाका १९ वर्षय दुर्गाबहादुर पुन, सोही गाविस-९ कात्तिकेका २२ वर्षीय होताराम विक, सोनपुर गाविस-४ सुनडवरीका २४ वर्षीय विकास शर्मा, त्रिभुवननगर नपा-१० सगरमाथाटोलका ५२ वर्षीय जीतबहादुर घर्ती र हेकुली गाविस-४ निवासी १९ वर्षीय राहुल डिसी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा पाँचजना पुरुष माओवादीले विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिए। त्यसरी बेपत्ता पारिएकाहरूमा तुलसीपुर नपा-११ निवासी ४२ वर्षीय भीमसेन शाह, २४ वर्षीय प्रताप शाह, हेकुली गाविस-४ निवासी ४५ वर्षीय युवराज शर्मा, स्यूजा गाविस-३ निवासी ३० वर्षीय लिलाधर पुन र पवननगर गाविस-६ तकियापुरका ३० वर्षीय टेकबहादुर वली रहेका छन्।

४.२ प्युठान



जनसंख्या	: २,२९,१८९
साक्षरता प्रतिशत	: ४६.५७
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि. मि.)	: १३०९
गाविस/नपा संख्या	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३०७
क्याम्पस/उच्च मा.वि.	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/११
टेलिफोन लाइन	: २३९८
मोटर सडक (कि. मि.)	: १५०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: १/५०
मानव विकास सूचकाङ्क	: ०.४१६
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार शाखा प्युठानको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हाल १७ जना बन्दीहरू रहेका छन् जसमध्ये १२ जना पुरुष र एक महिला गरी १३ जना कैदी तथा चारजना पुरुष थुनुवा छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका र रेडियो टिभीको सुविधा उपलब्ध छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जिल्ला वन कार्यालयका रेञ्जरद्वय राजेन्द्रकुमार श्रीवास्तव र पंकजकुमार ठाकुरलाई ०६२ फागुन २३ गते राति रस्पुरकोट गाविसअन्तर्गत धारापानी सामुदायिक वनको काममा जाँदा धारापानी सामुदायिक वनका अध्यक्ष दशरथ केसीको घरबाट माओवादीले अपहरण गरी दुवैलाई फागुन २७ गते देवीस्थानबाट मुक्त गरे।

तोरवाङ गाविस-७ घुम्ने ठाँटी निवासी स्याउलीवाङ गाविसका ग्रामीण स्वास्थ्य कार्यकर्ता ४४ वर्षीय कृष्णबहादुर केसीले महिलामाथि हातपात गरेको आरोपमा ०६३ जेठ २९ गते माओवादीले उनलाई स्याउलीवाङ गाविस-३ बाट अपहरण गरे। पीडित आफन्त तथा मानवअधिकारकर्मीको पहलमा ०६३ साउन २६ गते स्याउलीवाङबाट मुक्त भए।

तुषारा गाविस-३ रोटेपानीका २७ वर्षीय गोपाल गिरीले बहुविवाह गरेको आरोपमा ०६३ साउन २५ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। गोपालकी जेठी पत्नीले आफू कहाँ उजुरी दिएपछि गिरीलाई अपहरण गरिएको माओवादीले जनायो। पीडित यो वर्षको अन्त्यसम्म माओवादीको नियन्त्रणमा रहेका छन्।

हंसपुर गाविस-९ निवासी तारा सारूलाई ०६३ असोज १३ गते र सोही गाविसका खीमा राना, डिलसरा सोमै, हुमीसरा सारू र हंसपुर गाविस-४ का निमसरा रानाले असोज १९ गते छिमेकीलाई हातपात गरेको आरोपमा माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरू हाल माओवादीको नियन्त्रणमा रहेका छन्।

पकला गाविस-७ अर्जामका ५३ वर्षीय टोपबहादुर घर्ती र उनकी पत्नी डीलाकुमारी जिसीले हत्या गरेको आरोपमा ०६३ असोज १७ गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरे। टोपबहादुरको जेठी बुहारीको ०६३ असोज १५ गते हत्या भएको घटनाको विषयमा उनीहरूलाई अपहरण गरी पीडितहरूलाई हाल श्रम कैदमा राखिएको माओवादीले जनाए।

रजावारा गाविस-६ का २२ वर्षीय धनबहादुर पुन र रजवारा गाविस-५ की ३७ वर्षीया तुलसी बुढामगरले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १४ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। यो वर्षको अन्तसम्म दुवै मुक्त भएनन्। दुवैलाई माओवादीको नियन्त्रणमा रहने गरी एक/एकवर्षको श्रम गराउने फैसला गरेको माओवादीले जनाए।

दाखाक्वाडी गाविस-३ का ६३ वर्षीय डिलानाथ योगी, बिजुवारका गाविस-६ का ५० वर्षीय पुष्पराज श्रेष्ठ, ५५ वर्षीय हिरानाथ योगी र बिजुवार गाविस-४ का ५६ वर्षीय मीननाथ योगीले बिजुवारस्थित कालिका मन्दिरबाट मूर्ति चोरी गरेको आरोपमा ०६३ कात्तिक २३ गते बिजुवारवासीहरूले उनीहरूलाई घरबाटै नियन्त्रणमा लिई सोही दिन साँझ माओवादीलाई बुझाए। त्यसैगरी दाङ जिल्ला, त्रिभुवननगर नपा-४ का २८ वर्षीय प्रेम योगी र २३ वर्षीय श्रीधर योगीलाई कात्तिक २४ गते सोही आरोपमा बिजुवारबासीहरूले उनीहरूकै घरबाट नियन्त्रणमा लिई सोही

दिन साँझ माओवादीलाई बुझाए। उनीहरूलाई माओवादीले यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्। पीडितहरू माओवादीको नियन्त्रणमा रहेका छन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

ओखरकोट गाविस मच्छी निवासी व्यापारी ३० वर्षीय नुमबहादुर रसाईलीलाई ०६३ मंसिर ९ गते मादक पदार्थ सेवन गरेका स्वर्गद्वारी ब्यारेकका क्याप्टेन उपदेश शाह, सर्जन हमाल, लक्ष्मण विक, सुमन थापा र सविन बस्नेतले बिजुवार गाविस-७ जुम्री बसपार्कमा लु. १ ख. १२२६ को बसभित्र कुटपिट गरे। पीडकहरूलाई स्थानीय बासिन्दाहरूले कब्जामा लिई खलंगा सदरमुकामस्थित चण्डीप्रसाद गणका क्याप्टेन राजेश बस्नेतलाई मानवअधिकारकर्मी, पत्रकार, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको रोहबरमा बुझाएका थिए। पीडकहरूमध्ये सविन बस्नेत फरार रहेको र अन्यले आफूहरूद्वारा गल्ती भएको स्थानीय बासिन्दा, बुद्धिजिवी, पत्रकार, मानवअधिकारकर्मीसमक्ष स्वीकार गर्दै माफी मागेको कागज गरे।

बिजुवार गाविस-६ निवासी ना.२ ख. ७७४१ नम्बर बसका चालक दिनेश थपलिया र मरण्ठाना निवासी ना.२ ख ३९०४ नम्बर बसका चालक सुरज विकलाई ०६३ मंसिर १५ गते लमजुङ जिल्लास्थित ब्यारेकमा कार्यरत नेपाली सेनाका जवान खलंगा गाविसका विष्णु नेपाली, खलंगा गाविस-७ कै खेमराज नेपाली, अशोक नेपाली र दशरथ नेपाली बसमा सवार भइरहेको अवस्थामा प्युठानको सदरमुकाम खलंगास्थित चण्डीप्रसाद गणको नजिक गाडिमालिकले गाडीमा भाडा माग्दा "हामीलाई चिनेका छौं हामी को हौं ?" भन्दै कुटपिट गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी उनीहरूसँग घाइतेको उपचार गर्न धरौटी स्वरूप १० हजार लिई रिहा गरे।

जनमोर्चाबाट

रस्पुरकोट गाविस परिषद् बैठकमा गाविसको बजेट बाँडफाँडको क्रममा ०६३ पुस २ गते सोही गाविसका जनमोर्चाका नेता गोपालराज शर्मालगायत केही व्यक्तिहरूले सोही एरियाका माओवादी सेक्रेटरी नरेश र माओवादी जिल्ला सदस्य जागृतिमाथि हातपात गरे। सोही घटनालाई लिएर आफ्ना कार्यकर्तामाथि हातपात भएको भन्दै माओवादीले विज्ञप्तिमार्फत् आपत्ति प्रकट गरे। माओवादीका संयुक्त जनपरिषद्, प्युठानका प्रमुख नारायणप्रसाद अधिकारीले माओवादी जिल्ला सदस्य जागृति र एरिया सेक्रेटरी नरेशमाथि जनमोर्चाका नेता गोपालराज शर्मासहितको टोलीले हातपात गरेको र एकपक्षीय रूपमा गाउँपरिषद् बैठक गरेको भन्दै तत्काल माफी माग्न माग गर्दै गाउँ परिषद्को बजेटसमेत रोक्न अनुरोध गरेका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले अञ्चल कमिटी सदस्य रमेशप्रसाद राजभण्डारी, नेकाँका जिल्ला सभापति श्रीकृष्ण प्रपन्न सुवेदी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	४	१	३	४							
घाइते	१	१		१							
गिरफ्तारी/यातना									३	४	४
कुटपिट	१	१	१	३					३	३	३
धम्की	१	१		१							
भेला/संगठित हुने अधिकार									५	३१	३१
महिलाअधिकार	१		१	१							
बालअधिकार					१		१	१			
अमानवीय व्यवहार					३	३	१	४			
अपहरण	३	६		६	७	५	८	१३			
जम्मा	१०	१०	५	१५	११	८	१०	१८	९	३८	३८

र जनमोर्चा प्युठानका जिल्ला सचिव पीतबहादुर एमसीलाई ०६२ माघ १९ गते बिहान प्रहरीले सदरमुकामस्थित सपना होटल र घरबाटै गिरफ्तार गरी भोलिपल्ट साँझ जिल्ला प्रहरी कार्यालय प्युठानबाट रिहा गरे। त्यसैगरी जिल्ला बार एशोसियसनका सचिव चुडामणि भुसाल जिल्ला प्रहरी कार्यालयभित्र रहेका थुनुवालाई खाना पुऱ्याउन गएका बेला ०६२ माघ १९ गते बिहान उनलाई प्रहरीले कार्यालय परिसरबाटै गिरफ्तार गरी भोलिपल्ट साँझ रिहा गऱ्यो। उनी आन्दोलनका क्रममा गिरफ्तार भएका रमेशप्रसाद राजभण्डारी, श्रीकृष्ण प्रपन्न सुवेदी र पीतबहादुर एमसीको लागि खाना पुऱ्याउन जिल्ला प्रहरी कार्यालय गएका थिए।

माघ १९ लाई 'कालो दिन' को रूपमा मनाउने क्रममा आयोजित विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा नेपाल पत्रकार महासंघ, प्युठानका सभापति इमानसिंह भारती, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य नुमराज खनाल, प्रेस चौतारीका जिल्ला अध्यक्ष मोहन केसी र प्रेस युनियन, प्युठानका उपाध्यक्ष देवेन्द्र वर्मा ०६२ माघ १९ गते प्रहरीको लाठीबाट घाइते भए। त्यसैगरी सोही दिन सात दलले निकालेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा जनमोर्चा प्युठानका अध्यक्ष कृष्णबहादुर खड्का, अनेरास्वियुका जिल्ला अध्यक्ष विजयविराज बिष्ट र टोपराम केसी घाइते भए। पीडितहरूको उपचार जिल्ला अस्पतालमा भयो।

'प्रतिगमन विरोधी' आन्दोलनको क्रममा ०६२ माघ १९ गते दिउँसो जिल्ला सदरमुकाम खलंगाबाट एमाले जिल्ला सचिव धनबहादुर रायमाझी, उपसचिव हरिप्रसाद रिजाल, नेकाँ (प्रजातान्त्रिक) का शालिकराम पण्डित र नेकाँका सदस्य सुभाष केसीलाई प्रहरीले गिरफ्तार गरी माघ २० गते साँझ रिहा गरे। त्यसैगरी सोही दिन जिल्ला सदरमुकाम खलंगामा माघ १९ लाई 'कालो दिवस' मनाउने क्रममा प्रहरीले आन्दोलनकारीहरू नुमराज खनाल, इमानसिंह भारती, कृष्णबहादुर खड्का, रामबहादुर थापा, विजयविराज बिष्ट, प्रमोद अधिकारी र अम्मर भण्डारीलाई थापा होटलमा दुई घण्टा राखी छाडेका थिए।

सात दलको आयोजनामा ०६२ चैत २६ गते खलंगामा भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी कुटपिट गर्दा एमालेका रमेशप्रसाद राजभण्डारी, हरिप्रसाद रिजाल र नेकाँ (प्रजातान्त्रिक) का शालिकराम पण्डित सामान्य घाइते भए। प्रहरीको लाठीचार्जबाट रिजालको बाँया हातको औंलासमेत फुटेको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पतालमा भयो। त्यसैगरी सात दलको आयोजनामा सोही दिन जिल्ला सदरमुकाम खलंगामा भएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेपछि भएको दोहोरो झडपमा प्रहरी जवान भेषराज गिरी सामान्य घाइते भए। उनको खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा देवानी २७ र फौजदारी १७ गरी ४४ ओटा मुद्दा दर्ता भए। ०६३ मंसिर मसान्तसम्म प्युठान जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएको २७ र यो वर्ष दायर भएको २७ ओटा गरी ५४ ओटा देवानी मुद्दा मध्ये आठओटा फस्यौट भई ४६ ओटा बाँकी रहे। त्यस्तै गत वर्षको जिम्मेवारी सरेर आएको १७ र यो वर्ष दायर भएको २५ ओटा गरी ४२ ओटा फौजदारी मुद्दामध्ये तीन ओटा फस्यौट भई ३९ ओटा मुद्दा बाँकी रहे। यो वर्षको अन्त्यसम्म ८५ ओटा मुद्दा फस्यौट हुन बाँकी रहेको छ। यो वर्षसम्म फस्यौट नभएका देवानी ४६ थानमध्ये दुई वर्ष नाघेको एउटा, एकदेखि दुई वर्षभित्रको छओटा, एक वर्षभित्रको ३९ ओटा रहेका छन्। त्यस्तै फस्यौट हुन बाँकी ३९ ओटा फौजदारीमध्ये दुई वर्ष नाघेका पाँचओटा, एकदेखि दुई वर्ष भित्रका छओटा र एक वर्षभित्रका २८ ओटा छन्।

यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समिति सदस्य तथा धर्मावती गाविस-२ निवासी अन्दाजी ६५ वर्षीय डोरबहादुर केसीलाई ०६३ जेठ ३ गते धर्मावती गाविस-१ बाग्दुलामा पुऱ्याई माओवादीले मोसो दली जुत्ताको माला लगाई बाग्दुला बजारमा घुमाए। केसीको खेतसमेत माओवादीले कब्जा गरी पार्टीको झण्डा गाडेका थिए।

'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समितिका उपसभापति तथा खलंगा गाविस-५ निवासी बुद्धबहादुर जिसी र क्षेत्र नं. १० का क्षेत्रीय सदस्य तथा स्याउलीवाङ गाविसका वीरेन्द्र मल्ललाई ०६३ जेठ ३ गते दिउँसो माओवादीले जिल्ला विकास समितिको कार्यालय अगाडि मञ्चमा मोसो दली दुर्व्यवहार गरे। त्यसपछि सदरमुकाममै रहेको जिसीको एग्रोभेट पसलमा तालाबन्दी गरिदिएका थिए। सो तालाबन्दी माओवादीले स्थानीय व्यक्तिहरू, बुद्धीजिवी, पत्रकार, मानवअधिकारकर्मीहरूको रोहबरमा ०६३ असार ७ गते खोलिदिए। तर माओवादी ११ नं. एरीया इन्चार्ज रोशनले जिसीको सबै सम्पति फिर्ता नगरेको भन्दै उनको पत्नी र छोराहरूको अंशमात्र फुकुवा गरिदिएको जनाए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव /दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लुङ्ग गाविस-६ का १५ वर्षीया एक बालिकालाई ०६३ असार १८ गते राति माओवादीको जनमुक्ति सेनामा कार्यरत जय बोहराले बालिकाको घरमा गई बलात्कार गर्ने

प्रयास गरे। बालिका एक्कासी चिच्याएपछि बालिकाका बुबाले समातेका पीडकलाई माओवादीलेनै नियन्त्रणमा लिई २० दिनको श्रम गर्न लगाई अपहरण मुक्त गरेका थिए। पीडक माओवादीको मंगलसेन फष्ट बटालियन ए डिभिजनमा आबद्ध छन्।

रोल्पा जिल्ला उवा गाविस घर भएकी २२ वर्षीया एक महिलालाई माओवादी पार्टी नीति विपरीत विभिन्न व्यक्तिहरूसँग अवैध सम्बन्ध राख्दै हिँडेको भन्दै ०६३ असोज २५ गते अनेमसंघ (क्रान्तिकारी) ले बिजुवार बजारको मित्रमणिचोकमा मोसो दली दुर्व्यवहार गरे।

विगतको अनुगमन

माओवादीबाट


स्याउलीवाङ गाविसका ग्रामीण स्वास्थ्य कार्यकर्ता तथा तोरवाङ गाविस-७ घुम्नेठाटीका ४४ वर्षीय कृष्णबहादुर केसीले महिलामाथि हातपात गरेका आरोपमा ०६२ जेठ २९ गते माओवादीले उनलाई स्याउलीवाङ गाविस-३ बाट अपहरण गरेकोमा केसी ०६२ साउन ७ गते माओवादीको कब्जाबाट भागेर औषधि उपचारको लागि भारतको पञ्जाब गए। उनी उपचारपछि ०६२ फागुन २० गते घर फर्की ०६३ वैशाख १४ गते पुनः माओवादीको सम्पर्कमा गएकोमा हाल माओवादीको कब्जामा रहेका छन्। पीडितले ०६१ चैतदेखि ०६३ जेठ महिनासम्मको तलब नपाएको र माओवादीले अपहरण गरेदेखि काम गर्न नपाएको बताएका छन्। उनले माओवादीको कब्जामा माओवादीको लागि खाना पकाउने काम गरिरहेको बताए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र दुईजना पुरुष गरी तीनजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा तिराम गाविस-२ निवासी २७ वर्षीया राधा घिमिरे, कोचिवाङ गाविस-२ निवासी ५५ वर्षीय जोखबहादुर पुन र उदयपुरकोट गाविस-३ निवासी ६२ वर्षीय दिनु पुन रहेका छन् ।

४.३ रोल्पा



जनसंख्या : २,२३,४१८
साक्षरता प्रतिशत : ५२.८४
महिला साक्षरता प्रतिशत : २२.८८
क्षेत्रफल (वर्ग कि. मि.) : १८७९
गाविस/नपा संख्या : ५१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ४०२
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/५१
टेलिफोन लाइन : ३७
मोटर सडक (कि. मि.) : ९५
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ५१
मानव विकास सूचकाङ्क : ०.३८४
प्रति परिवार सरदर संख्या : ५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

बेवारिसे बमबाट

जुगार गाविस-५ नेर्पास्थित उच्चमावि जुगारमा कक्षा ३ मा अध्ययनरत ११ वर्षीय देवलाल भण्डारीले ०६२ माघ ९ गते दिउँसो विद्यालयबाट घर फर्कने क्रममा जुगार गाविस-५ नेर्पा बजारमा बेवारिसे अवस्थामा रहेको बम फेला पारी खेलाउँदा विस्फोट भई उनको घटनास्थलमै मृत्यु भयो। उक्त बम माओवादीले छाडेको आशंका गरिएको छ।

राडसी गाविस-८ का ८ वर्षीय ओमप्रकाश डाँगी र उनका दाजु ११ वर्षीय नोखीराम डाँगीले आफ्नै घर नजिकको गोठमा बेवारिसे बम फेला पारी घरमा ल्याएर खेलाउँदा ०६२ फागुन १८ गते विस्फोट भई सख्त घाइते भए। घाइतेहरूलाई उपचारका लागि काठमाडौं लगिएकोमा

उपचारको क्रममा ओमप्रकाशको ०६२ फागुन २७ गते वीर अस्पतालमा मृत्यु भयो भने नोखीराम डाँगी उपचारपछि घर फर्किए।

गोली / बम / विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

शिर्प गाविस-१ नरडाँडाका ४२ वर्षीय धनबहादुर खड्काले माओवादीको कार्यक्रममा जाने विषयमा विवाद गरेको आरोपमा ०६३ भदौ १४ गते माओवादीले उनलाई उनकै घरमा गोली हानी घाइते बनाए। पीडितको घाँटीमा गोली लागेको थियो। उनको काठमाडौंस्थित त्रि.वि. शिक्षण अस्पतालमा उपचार भयो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखाको बन्दी क्षमता ५० जनाको छ। यस कारागारमा छजना बन्दी रहेका छन्। जसमध्ये कैदी चार पुरुष र दुई महिला छन्। अग्लो पर्खाल भएको हुँदा हिउँदमा घाम नपस्ने भएकोले आफ्नो कक्ष चिसो हुने गरेको महिला बन्दीहरूले बताए। बन्दीहरूको लागि रेडियो, टिभी र केही पत्रपत्रिका उपलब्ध छ।

बेपत्ता / अपहरण

माओवादीबाट

मिझिङ गाविस-५ उपल्लोथर निवासी मावि मिझिङका शिक्षक ५५ वर्षीय तीलबहादुर वलीले भ्रष्टाचार गरेको आरोपमा ०६२ चैत ३ गते माओवादीले उनलाई मिझिङ गाविस-७ सुलिचौरबाट अपहरण गरे। पीडित ०६३ वैशाख ६ गते मिझङ गाविस-७ सुलीचौरबाट मुक्त भए।

गैरीगाउँ गाविस-९ राम्मीका ३० वर्षीय शुविराम झाँक्रीले माओवादी पार्टी त्यागी नेपाली सेना र प्रहरीसँग मिलेर सुराकी गरी माओवादी कार्यकर्ताको हत्या गराएको तथा दाङ जिल्लाको महेन्द्र राजमार्गस्थित रिहार जङ्गलमा बस लुटपाट गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनलाई नुवागाउँ गाविस-८ त्रिवेणीबाट अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

खुङग्री गाविस-३ धारापानीका ७१ वर्षीय लालीबाबु भन्ने मेगेन्द्रबहादुर सिंहले माओवादीलाई खुकुरी प्रहार गरी भागेको आरोपमा ०६३ कात्तिक २४ गते बिहान माओवादीले उनलाई सोही गाउँस्थित उनकै भतिजा दीपेन्द्र सिंहको घरबाट अपहरण गरे। माओवादीले उनलाई घाइतेको उपचार गर्न लाग्ने खर्च बापत ५० हजार रूपैयाँ तिर्ने सर्तमा मंसिर ५ गते हरीगाउँबाट मुक्त गरे। खुङग्री गाविस-९ हरीगाउँ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ४६ वर्षीय रामचन्द्र थापालाई ०६३ असोज ८ गते बेलुका खुकुरी प्रहार गरी सख्त घाइते बनाई मेगेन्द्रबहादुर सदरमुकाममा विस्थापित भएका थिए। उनी विस्थापित भएकै समयमा ०६३ असोज १९ गते माओवादीले उनको घर र गोठमा आगजनी गर्नुका साथै सम्पूर्ण सामानहरू लुटेका थिए।

डुब्रिङ गाविस-१ सरेचौरका २४ वर्षीय डोले विकले रक्सी सेवन गरी एक महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६३ पुस २ गते राति माओवादीले उनलाई आफ्नो अपहरण गरी मंगलसेन बटालियनमा राखे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०६२ माघ २६ गते दाङमा उमेश थापाको सुरक्षाकर्मीले हत्या गरेको विरोधमा ०६२ फागुन ९ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्यपक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	३	३							
घाइते	१	१	१	१	१	१				
गिरफ्तारी/यातना							१	१		१
भेला/संगठित हुने अधिकार							३	४	५००	५०४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१		१				
अमानवीय व्यवहार				१	३	३				
अपहरण				५	५	५				
जम्मा	३	३	३	८	८	९	३	५	५००	५०५

सदरमुकाम लिवाङ्गमा जिल्लास्थित सात दलहरूले निकालेको विरोध ऱ्यालीपछिको कोणसभा बिथोल्नको लागि 'शाही सरकार'बाट मनोनित तत्कालीन जिल्ला विकास समिति सदस्य खुडग्री गाविस-५ माडीचौरका देवविक्रम शाह र मिझिङ गाविस-९ कोइरालखर्कका गिरबहादुर महराले टुँडिखेलमा ठूलो माइक लगाएर नेताहरूले सम्बोधन गरेको नसुनिने गरी राजभक्तिका गीत बजाएर कार्यक्रममा अवरोध श्रृजना गरे।

रोल्पा जिल्ला परिषद् उद्घाटनका लागि ०६२ फागुन २२ गते तत्कालीन शाही सरकारका गृहमन्त्री कमल थापा सदरमुकाम लिवाङ्गमा आएको विरोध गर्दै सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरे। कालो झण्डासहित नारा जुलुस गर्दै नेकाँ जिल्ला सभापति माधवप्रसाद आचार्य, एमाले जिल्ला सचिव शान्तकुमार वली, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति कृष्णबहादुर घर्ती मगर, जनमोर्चाका जिल्ला अध्यक्ष राजकुमार कक्षपतिलगायतको नेतृत्वमा नेता तथा कार्यकर्ताहरू जिल्ला विकास समिति कार्यालयतर्फ जान लाग्दा प्रहरीले हस्तक्षेप गरी कालोझण्डा खोसेको थियो। हस्तक्षेप भए पनि दलहरूकोतर्फबाट माधव आचार्यले मन्तव्य व्यक्त गर्न लागेको समयमा माइक खोस्दै बोल्न नदिई प्रहरीले प्रदर्शनकारीहरूलाई तितरबितर गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रोल्पा जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा १३ वर्षसम्म फर्स्यौट नभएको छओटा, १२ वर्षसम्मका तीनओटा, ११ वर्षसम्मका पाँचओटा, १० वर्षसम्मका २२ ओटा, नौं वर्षसम्मका ११ ओटा, आठ वर्षसम्मका छओटा, सात वर्षसम्मको एउटा, तीन वर्षसम्मका एउटा, दुई वर्षसम्मका १० ओटा, एक वर्षसम्मका एउटा गरी जम्मा ६७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

देवानी मुद्दा तीन वर्षसम्म फर्स्यौट नभएका एउटा, दुई वर्षसम्मका एउटा, एक वर्षसम्मका १२ ओटा गरी १५ ओटा, साधारण फौजदारी मुद्दा तीन वर्षसम्मका एक गरी चारओटा, संक्षिप्त फौजदारी मुद्दा दुई वर्षसम्म फर्स्यौट नभएको मुद्दा एक गरी जम्मा ९५ वटा मुद्दा फस्यौट हुन बाँकी छन्।

यस वर्ष सरकारवादी फौजदारी मुद्दा एउटा, देवानी मुद्दा छओटा, दुनियावादी फौजदारी मुद्दा आठओटा गरी जम्मा १५ ओटा मुद्दा दर्ता भयो। सरकारवादी फौजदारी एउटा, देवानी मुद्दा एउटा, दुनियावादी फौजदारी चारओटा मुद्दा गरी छओटा मुद्दा फर्स्यौट भए।

यस जिल्लामा धेरै जसो मुद्दा माओवादी सम्बन्धी छन्। कतिपय मुद्दा २०५० सालदेखि गाउँमा म्याद तामेल गर्न नसकेका कारण मुद्दा फर्स्यौट हुन सकेका छैनन्।

जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराध मुद्दा १३ वर्षसम्मका १० ओटा, १२ वर्षसम्मका छओटा, ११ वर्षसम्मका १० ओटा, नौं वर्षसम्मका सातओटा, आठ वर्षसम्मका एउटा, छ वर्षसम्मका एउटा, दुई वर्षसम्मका एउटा गरी जम्मा ३५ ओटा मुद्दा छन्। भ्रष्टाचार मुद्दा १४ वर्षसम्मका दुईटा, १३ वर्षसम्मका एउटा, ११ वर्षसम्मका नौंओटा, नौं वर्षसम्मका एउटा गरी छओटा, विस्फोटक पदार्थ मुद्दा ११ वर्षसम्मका पाँचओटा, १० वर्षसम्म एउटा, आठ वर्षसम्मका एउटा, छ वर्षसम्मका एउटा गरी जम्मा आठओटा, हातहतियार खरखजाना मुद्दा ११ वर्षसम्मका दुईटा, १० वर्षसम्मका पाँचओटा, नौं वर्षसम्मका तीनओटा, आठ वर्षसम्मका तीनओटा, सात वर्षसम्मका एउटा गरी जम्मा १४ ओटा छन्। जम्माजम्मी ६३ ओटा मुद्दा फर्स्यौट हुँन बाँकी छन्। ०५२ सालअगाडि संयुक्त जनमोर्चा र अन्य वामपन्थी पार्टीमा संलग्न धेरैजसो व्यक्तिहरू फरार भएका र तारेखमा नआएको हुँदा अन्य वामपन्थी पार्टीमा लागेका व्यक्तिहरूको मुद्दा स्थगित भई फैसला नभएको देखिन्छ। यो वर्ष कुनै पनि मुद्दा फैसला भएको छैन। यसवर्ष कुनै पनि मुद्दा दायर भएका छैनन्।

यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

घर्तीगाउँ गाविस-२ गल्सुकाका २२ वर्षीय कमल दमाई र कोर्चावाङ्ग गाविस-६ की २६ वर्षीया असरा घर्तीबीच अवैध सम्बन्ध रहेको आरोपमा ०६३ मंसिर ८ गते माओवादीको नेतृत्वमा माओवादी कार्यकर्ता र स्थानीय बासिन्दाले सहिद मार्ग निर्माणमा आएका सर्वसाधरणहरूको उपस्थितीमा कोर्चवाङ्ग गाविस-७ मा जुत्ताको माला लगाई सहिद मार्गस्थल र आसपासका गाउँमा घुमाए। मोसो दल्ने क्रममा दुवैलाई कुटपिटसमेत गरिएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बारलुङ जिल्ला घर भएका लालबहादुर विकले माओवादीको कम्ब्याट ड्रेस लगाई विभिन्न समयमा स्थानीय महिलाहरूलाई बलात्कार गरेको आरोपमा ०६३ पुस १ गते पीडित महिलाहरू र स्थानीमा बासिन्दाहरूले उनलाई डुब्रिङ गाविस-१ सरेचौरमा कुटपिट गरे। मंगलसेन विग्रेडमा रहेका लालबहादुरले डुब्रिङ गाविस-२ सापडाँडाकी २० र २२ वर्षीया दुई महिला र सोही गाविस-१ सरेचौरकी ३८ वर्षीया एक महिलालाई ०६३ मंसिर २९ गते फरक-फरक ठाउँ र समयमा बलात्कार गर्ने प्रयास गरेका थिए। स्थानीय

बासिन्दाहरू र माओवादी सेना भेला भई सोधपुछ गर्दा लालबहादुरले बलात्कार गर्ने प्रयास गरेको कुरा स्वीकार गरे। माओवादीले लालबहादुरलाई नियन्त्रणमा लिएको जनाए। साथै लालबहादुर माओवादीको मंगलसेन विग्रेडसँग आबद्ध नभएको तर उनलाई पहिलेदेखिनै विभिन्न आरोपमा सो विग्रेडभित्र नियन्त्रणमा राखिएको मंगलसेन कम्पनी कमिसार आसिरले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दलित गैरसरकारी संस्था महासंघ क्षेत्रीय कार्यालय, नेपालगञ्जद्वारा सञ्चालित माला परियोजना, रोल्पाले ओत गाविसका द्वन्द्वपीडित बालबालिकाहरूलाई वितरण गर्न लगेको शैक्षिक सामग्रीहरू माओवादी पार्टीको अनुमतिविना वितरण गर्न लागेको भन्दै ०६३ भदौ २६ गते माओवादी कार्यकर्ताले ओत गाविस-५ भिताबाडबाट सम्पूर्ण सामग्री लुटे। ती सामग्री यसवर्षको अन्त्यसम्म फिर्ता गरिएन।

बृद्ध/विधवा/अपाङ्ग भत्ता

यस जिल्लामा जेष्ठ नागरिक महिला ५ सय २४ जना र पुरुष ४ सय ९५ जना गरी जम्मा १ हजार १९ ले बृद्ध भत्ता, असाय विधवा महिला १७ सय ७८ जनाले विधवा भत्ता र अपाङ्ग महिला २२ जना र पुरुष ५१ जना गरी जम्मा ७५ जना अपाङ्ग भत्ता पाउनुपर्ने भएता पनि गाविस सचिवहरू सदरमुकाम लिवाङ्गमा बस्ने र गाउँमा जान नसकेर गाउँबाट बृद्ध, विधवा र अपाङ्गहरू सदरमुकाम आउन कठिन भएका कारण भत्ता सहज तरिकाले प्राप्त गर्न सकेका छैनन्। कतिपय भत्ताबाट बञ्चित भएका छन्।

विस्थापित

सशस्त्र द्वन्द्वका कारण गाउँमा बस्न नसकी ३ सय ७ घरपरिवारका १ हजार २ सय ४४ जना व्यक्तिहरू विस्थापित भएकोमा जिल्ला सदरमुकाम लिवाङ्गमा २ सय ५१ घरपरिवारका ९ सय ९७ जना, दाङ जिल्लामा २२ घरपरिवारका ९३ जना, काठमाडौंमा २५ घरपरिवारका ८७ जना, बाँके जिल्लामा दुई घरपरिवारका १० जना, कपिलवस्तु जिल्लामा तीन घरपरिवारका १२ जना, गुल्मी जिल्लामा एक घरपरिवारका पाँचजना, अर्घाखाँची जिल्लामा एक घरपरिवारका एकजना, बर्दिया जिल्लामा एक घरपरिवारका एकजना, चितवन जिल्लामा दुई घरपरिवारका १० जनालगायत विदेशमा २८ जना विस्थापित भएको तथ्यांङ्क प्राप्त भएको छ। सदरमुकाममा बसेका अधिकांश विस्थापितहरू मजदुरी गरेर जीवन गुजारा गरिरहेका छन्। केही व्यापार गरेर बसेका छन् भने केही आफ्नो घर बनाएर बसेका छन्। विस्थापितहरूको तथ्याङ्क जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपछि मान्यता दिइएको छ।

विगतको अनुगमन

नयाँ गोरख गण रोल्पाका सेनाका जवान २२ वर्षीय राजु कुँवरले सोही गणका सशस्त्र प्रहरी बलका प्रहरी जवान २१ वर्षीय देवबहादुर चन्दलाई गत वर्ष मंसिर १८ गते गोली हानी हत्या गरेको अभियोगमा नयाँ गोरख गणले कुँवरलाई ०६३ भदौ १३ गते जिल्ला कारागार शाखा रोल्पामा चलान गऱ्यो। कुँवरलाई कारागार चलान गर्नु भन्दा पहिले सेनाले आठ महिना सोही गणमा राखेको थियो। सैनिक अदालतले कुँवरलाई नोकरीका लागि अयोग्य भएको फैसला गरेको छ।

तर मानवअधिकार वर्षपुस्तक ००६ मा चन्दको मृत्यु ०६२ मंसिर १८ गते लिवाङ्ग गाविस-७ मा गस्ती गई फर्किरहेको बेला माओवादी र सुरक्षाकर्मीको दोहोरो भिडन्तमा भएको उल्लेख गरिएको थियो। वर्षपुस्तक २००६ मा सो घटना छापिएपछि कुँवरलाई कारागार चलान गरिएको हो।

बेपत्ता

राज्यबाट


माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीन महिला र ४० पुरुष गरी ४३ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ओत गाविस-५ निवासी ४० वर्षीया मनकुमारी बुढामगर, लिवाङ गाविस-१ हरिगातिनाका ४१ वर्षीय हर्कलाल थापामगर, इरिवाङ गाविस-१ निवासी ५० वर्षीय खड्कबहादुर पुनमगर, ओत गाविस-५ भित्तावाडका ३८ वर्षीय मनबहादुर पुनमगर, जिनावाङ गाविस-३ कुएपानीका ३१ वर्षीय दुर्गाप्रसाद वली, मिरूल गाविस-७, माझगाउँका श्यामप्रसाद बुढामगर, खुमेल गाविस-३ बेदधाराका २३ वर्षीय मरिराम रोका, पाछावाङ गाविस-२ सल्लाबोटका २२ वर्षीय जंगबहादुर विक, हार्जङ गाविस-२ हार्जङका ५० वर्षीय लिलारम पुन, २५ वर्षीय धनराम पुन, कोटगाउँ गाविस-६ दार्बोटा २८ वर्षीय नरबहादुर पुनमगर, दिलबहादुर पुन, झेनाम गाविस-४ सतिमका खड्गबहादुर बोहरा, सोही गाविस-८ झेनामका १८ वर्षीय दौलत विक, कोर्चावाङ गाविस-७ दशघरका २७ वर्षीय रुद्रबहादुर घर्तीमगर, सोही गाविस-५ तल्लोधापाकी २७ वर्षीय भूमिसरा पुनमगर, फगाम गाविस-४ फगामका कमानसिङ पुनमगर, मिरूल गाविस-६, तागाका १९ वर्षीय लाने बुढामगर, कोटगाउँ गाविस-८ दाङवाडका ३० वर्षीय वीरबहादुर बाठामगर, फगाम गाविस-३ फगामका ५० वर्षीय लालमनि रोका, मिरूल गाविस-६ तागाका १७

वर्षीय जयमान बुढामगर, जेलवाङ गाविस-२ ऐसेलुखर्कका रघ रोकामगर, जंकोट गाविस-१, माडीचौरका १६ वर्षीय मनलाल घर्तीमगर, राङ्सी गाविस-१ झ्यामखोलाका ४५ वर्षीय मनराज डाँगी, नुवागाउँ गाविस-६ ह्याङकी २० वर्षीय मीना विक, धवाङ गाविस-५ थामका अम्मर रोकामगर, सोही गाविस-४ धाडसीका १४ वर्षीय अम्मरजित रोकामगर, सोही गाविस-६ धाडसीका २५ वर्षीय शेरबहादुर रोका, राङसी गाविस-४, रकेका २५ वर्षीय बलजित डाँगी (सरोज), तेवाङ गाविस-५, तेवाङका २१ वर्षीय लिवराज घर्तीमगर, बडाचौर गाविस-१ सानो नम्जाका २७ वर्षीय बुद्धिलाल घर्ती (शक्तिमान), भगवाङ गाविस-७ सरूवाका २३ वर्षीय गंगाराम घर्ती (रकेट), कुरेली गाविस-८ कुनाबाराका ३५ वर्षीय कमानसिंह रोका, कोर्चावाङ गाविस-३ घापाका २७ वर्षीय दलबहादुर गुरुङ, तालावाङ गाविस-५ धनठान हिलेका २३ वर्षीय गनबहादुर घर्ती, सेरम गाविस घुस्वाङका टेकबहादुर परियार, सेरम गाविस घुस्वाङका बहादुर घर्तीमगर, रामपुरा घर्तीमगर र उवा गाविस सुरवाङका सुकबहादुर घर्तिमगर, जुगार गाविस-७ जावलका २१ वर्षीय हिरा घर्तीमगर, कुबिडाँडा गाविस-२ बाइजनाका ३२ वर्षीय डुमरा विक र बडाचौर गाविस-८ सेवारका धनबहादुर सुनार रहेका छन् ।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना महिला र १७ जना पुरुष गरी १८ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा घर्तीगाउँ गाविस-१ घर्तिगाउँका ३९ वर्षीय तिर्सन घर्तीमगर, मिरुल गाविस-२ निवासी ३१ वर्षीय धनबहादुर रोका मगर, धवाङ गाविस-३ माझिगाउँका ४२ वर्षीय डोरबहादुर वली, तेवाङ गाविस-३ तेवाङका ४२ वर्षीय चिन्तबहादुर रोका, ४२ वर्षीय रामचन्द्र थापा, सोही गाविस-२ तेवाङका ४५ वर्षीय बुदे कामी र जैमकसला गाविस-१ नारवाङका ३० वर्षीय नन्दबहादुर बुढा, कोटगाउँ गाविस-६ झिङ्सिलका ५३ वर्षीय कमानसिंह घर्तीमगर, सोही गाविसका ५५ वर्षीय लाटा दमाई, कोर्चावाङ गाविस-७ का ४१ वर्षीय दलबहादुर बुढा, जुँगार गाविस-४ तावाङका २८ वर्षीय खुसबहादुर खड्का, धवाङ गाविस-८ राङा जुघेका १८ वर्षीय रेगबहादुर वली, सोही गाविस-६ का ४५ वर्षीया इन्द्रमाला घर्तीमगर, जेलवाङ गाविस-८ रूलवाङका १५ वर्षीय मुले पुन र १७ वर्षीय सुरज पुन, सोही गाविस(४ का १३ वर्षीय नले बुढा र गजुल गाविस-१ दलङ्गाका ४० वर्षीय पूर्णबहादुर थापा रहेका छन् ।

४.४ सल्यान



जनसंख्या : २,२७,५८५
साक्षरता प्रतिशत : ४८.१५
महिला साक्षरता प्रतिशत : ४०.७७
क्षेत्रफल (वर्ग कि. मि.) : १९५१
गाविस/नपा संख्या : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३६१
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : २/४७
टेलिफोन लाइन : २६८
मोटर सडक (कि. मि.) : १२५
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४४
मानव विकास सूचकाङ्क : ०.३९९
प्रति परिवार सरदर संख्या : ५.९८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

धनवाङ्ग गाविस-१ कपुरकोटस्थित श्री सवुज गण 'ख' गुल्मको पेरिमिटर भित्र बिछ्याइएको विस्फोटक पदार्थ विस्फोटन हुँदा ०६२ फागुन १३ गते धनवाङ्ग गाविस-१ किमुचौरकी ९ वर्षीया पूर्णा चन्द र सोही ठाउँकी ४० वर्षीया गौसरी थापा घाइते भएकोमा घाइते चन्दको काठमाडौं छाउनीमा उपचार हुँदाहुँदै भोलिपल्ट मृत्यु भयो। पीडितहरू घाँस काट्नका लागि पेरिमिटरभित्र पसेका थिए।

माओवादी नियन्त्रणमा मृत्यु

कोटबारा गाविस-५ का ५८ वर्षीय भक्ते सुनारलाई माओवादीले खरिबोट-बाँफुखोला मोटर बाटो खनाउन

लगेकोमा ०६२ माघ ३ गते सोही गाविसको १ र ५ को सिमानामा गाउँलेले मृत अवस्थामा फेला पारे। पीडितको टाउको र अण्डकोषमा गहिरो चोट लागेको प्रत्यक्षदर्शीले बताए। पीडितको मृत्यु भिरबाट लडेर भएको आशंका गरिएता पनि खास कारण भने खुल्न सकेन।

काभ्रा गाविस-३ का ३६ वर्षीय बमबहादुर विकले सोही ठाउँकी ३२ वर्षीया एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक ४ गते माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख नेत्रप्रकाश पुनको नेतृत्वमा गएका माओवादीले बमबहादुरलाई ती महिलाको घरबाट भाग्दै गरेको बेलामा अपहरण गरे। त्यसको भोलिपल्ट बमबहादुरको मृत्यु भएको कुरा सार्वजनिक भयो। बमबहादुर माओवादीको कब्जाबाट फुत्केर भाग्ने क्रममा काभ्रा गाविस-३ स्थित एक छाङ्गेबाट लडेर मृत्यु भएको भनी माओवादीले मृतकका आफन्तहरूलाई लास बुझ्न बाध्य पारे। तर स्थानीय बासिन्दाहरूले भने मृतकको मृत्यु भीरबाट लडेर नभई माओवादीको कुटपिट र यातनाका कारण भएको बताए।

गोली/ बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

दार्माकोट गाविस घर भई थारमारे गाविस-७ चौरपानी बस्ने ११ वर्षीय खुमप्रकाश रोकाय माओवादीद्वारा बेवारिसे रूपमा फालिएको सकेट बम खेलाउँदै गरेको अवस्थामा विस्फोट हुँदा ०६२ चैत १७ गते घाइते भए। पीडितलाई रेडक्रसको एम्बुलेन्सबाट उपचारका निम्ति दाङ लगिएकोमा उपचारपछि ठिक भएर घर फर्किए।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा सल्यानको बन्दी क्षमता २० जनाको छ। कारागारमा हाल १३ जना बन्दीहरू रहेका छन् जसमध्ये नौजना पुरुष र दुई महिला गरी ११ जना कैदी तथा दुई पुरुष थुनुवा छन्। जेलमा खानेपानी, शौचालय, टिभी, रेडियो, खान बस्न सबै कुराको राम्रो व्यवस्था रहेको बन्दीहरूले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

कोटबारा गाविस-१ का प्रेमबहादुर वलीले सोही ठाउँकी २६ वर्षीया लाली वलीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनीहरूकै घरबाट अपहरण गरी सोही दिनदेखि श्रम गराई राखेकोमा चैत २७ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

कोटबारा गाविस-१ का ३५ वर्षीय भैरव परियारले सोही गाविस-१ की २६ वर्षीया धनमाया विकसँग अवैध सम्बन्ध राख्दा रहन गएको गर्भ पतन गराएको आरोपमा धनमायालाई ०६२ पुस २७ गते माओवादीले अपहरण गरी ०६३ जेठ १० गते मुक्त गरे भने भैरवलाई ०६३ साउन ८ गते अपहरण गरी ०६३ भदौ २७ गते मुक्त गरे। धनमायाको गर्भपतन गराउन सहयोग गरेको आरोपमा कोटबारा गाविस-५ का ४० वर्षीय हिरालाल विकलाई ०६२ फागुन ८ गतेदेखि श्रम गराई राखेर ०६३ असार ६ गते मुक्त गरे। माओवादीले अपहरित सबैलाई थारमारे गाविस-४ बागचौरबाट मुक्त गरेका थिए।

झिम्पे गाविस-६ पिरवैखोलाका १९ वर्षीय टीकाराम वली आत्मसमर्पण गरी विस्थापित भई खलंगा बसेको आरोपमा ०६२ माघ ७ गते माओवादीले उनलाई खलंगा गाविस-२ श्रीनगरस्थित सगरमाथा होटलबाट अपहरण गरे। पीडित केही समयपछि माओवादीको कब्जाबाट भागेर भारत गई हाल घरमै आई बसेका छन्।

कोटबारा गविस-१ का ४३ वर्षीय गोपाल चन्दले सोही ठाउँका ४२ वर्षीय गोरे वलीलाई कुटपिट गरेको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३			३	१	१			१	१		१		१
घाइते	३	३			३	१	१			१	१		१		१
गिरफ्तारी/यातना											३	६			६
कुटपिट						३	४			४	३	३		१५	१८
धम्की						४	६			६					
भेला/संगठित हुने अधिकार											१	१		३४	३५
महिलाअधिकार	१३		१५		१५										
बालअधिकार	१			१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	१		४	५					
अमानवीय व्यवहार						१	१			१					
अपहरण						६०	८९	३४		११३					
जम्मा	१८	४	१५	१	२०	७३	१०३	३४	४	१३१	८	९	३	३९	५०


आरोपमा ०६२ माघ ९ गते माओवादीले चन्दलाई घरबाटै अपहरण गरे। पीडितलाई माघ ११ गतेदेखि तीन महिना श्रम गराई मुक्त गरे।

जिमाली गाविस-६ का ५६ वर्षीय खर्कबहादुर शाही र सोही ठाउँकी ४७ वर्षीया कुरुमकुमारी शाहीले अवैध सम्बन्ध राखेको आरोपमा ०६२ माघ १० गते माओवादीले घरबाटै अपहरण गरी श्रम गराई फागुन १० गते दुवैलाई थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

फालावाङ गाविस-९ का ३५ वर्षीय मंगलनाथ योगीले अर्काको घरमा आगो लगाएको आरोपमा ०६२ माघ १३ गते माओवादीले उनलाई घरबाट अपहरण गरी श्रम गराए। पीडित हालसम्म माओवादी नियन्त्रणमै रहेका छन्।

सुइकोट गाविस-१ कैनकाँडा निवासी काल्चे गाविसका कार्यालय सचिव २८ वर्षीय अम्मर बुढाथोकीले गाविस सचिव भई सरकारलाई सहयोग गरेको आरोपमा ०६२ माघ २७ गते माओवादीले उनलाई जिल्ला सदरमुकामबाट घरतर्फ जाँदै गरेको अवस्थामा सिद्धेश्वरी गाविसको डाँडाकटेरीबाट अपहरण गरे। पीडित माओवादीको नियन्त्रणबाट ०६२ फागुन २ गते भागेर खलंगा पुगे।

सेजवालटाकुरा गाविस-५ घर भई हाल कजेरी गाविस-६ बरला बस्ने २३ वर्षीय हिमबहादुर बस्नेत, कजेरी गाविस-६ बरलाका १८ वर्षीय चुडामणि शर्मा, १९ वर्षीय भरत गिरी र १६ वर्षीय प्रकाश बस्नेत नक्कली माओवादी बनेको आरोपमा ०६२ माघ २८ गते साँझ माओवादीले हिमबहादुरलाई खलंगा गाविस-३ स्थित माइती घरबाट र अन्यलाई उनीहरूकै घर घरबाट अपहरण गरे। पीडितहरू सबैलाई चैत ३० गतेदेखि श्रम गराई ०६३ असार ७ गते कजेरी गाविसबाट मुक्त गरे।



माओवादीद्वारा अपहरण गरिएका नोखिराम भण्डारी

हिवल्चा गाविस-७ मदानाका ४४ वर्षीय टेकबहादुर बुढाथोकीले उपभोक्ता समितिको सचिव भई बाटो मर्मतको काम सुरु गरेको आरोपमा ०६२ फागुन ११ गते माओवादीले उनलाई सोही गाविस-१ पैयाखर्कस्थित बाटो खन्न लागेकै ठाउँबाट अपहरण गरी करिब डेढ महिनापछि मुक्त गरे।

कजेरी गाविस-७ का ३६ वर्षीय प्रेमबहादुर खत्रीले बिनाअनुमति सोही गाविस-५ स्थित श्रीबालसखा निमाविको भवन निर्माण कार्य सुरु गरेको आरोपमा ०६२ फागुन १६ गते माओवादीले उनलाई निर्माणस्थलबाटै अपहरण गरे। पीडितले भवन निर्माणको सम्पूर्ण आर्थिक विवरण माओवादीलाई बुझाउने सर्तमा फागुन २३ गते मुक्त भए।

सिद्धेश्वरी गाविस-९ का २६ वर्षीय जितबहादुर बुढाथोकीले भारतमा आफ्नै साथीको हत्या गरेको आरोपमा ०६२ फागुन २९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार महिना श्रम गराई थारमारेबाट मुक्त गरे।

कजेरी गाविस-६ हलचौरका २८ वर्षीय भीमबहादुर बुढाथोकी, २० वर्षीय भीकबहादुर बुढाथोकी, २० वर्षीय प्रेमबहादुर बुढाथोकी, २१ वर्षीय घनश्याम बुढाथोकी र २० वर्षीय कमल भण्डारीले छिमेकीलाई कुटपिट गरेको आरोपमा ०६२ चैत २ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरूमध्ये घनश्यामसँग ४ हजार रूपैयाँ कुटेकालाई औषधि खर्च बापत र ८ हजार रूपैया धरौटीबापत माओवादीले लिए भने अन्य चारजनासँग ४-४ हजार रुपैयाँ औषधि खर्च बापत र ५-५ हजार धरौटीबापत लिई चैत २० गते सिद्धेश्वर गाविसबाट मुक्त गरे।

बाँझकाँडा गाविस-१ निवासी श्री शिवजन उच्चमाविको कक्षा १० मा अध्ययनरत १७ वर्षीय टेकबहादुर बस्नेतले होलीको दिन केटीका कपडा लगाई उश्रृंखल व्यवहार गरेको भन्दै ०६२ चैत ६ गते माओवादीले उनलाई खलंगा गाविस-२ श्रीनगरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको पहलमा चैत ९ गते श्रीनगरबाट मुक्त गरे।

कजेरी गाविस-६ हल्चौरकी १८ वर्षीया पार्वती बुढाथोकी गत वर्ष आफ्नो कब्जाबाट भागेर खलंगा गइबसेको आरोपमा ०६२ चैत ८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई ०६२ चैत ३१ गतेसम्म श्रम गराई ०६३ वैशाख १ गतेदेखि माओवादीको जनमुक्ति सेनामा समाहित गरेको कुरा माओवादीले बताए।

चाँदे गाविस-३ का ३१ वर्षीय दिलबहादुर चलाउनेले ०५३ सालमा आफ्ना कार्यकर्तालाई कुटेर हत्या गरेको आरोपमा ०६२ चैत २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा उनी १५ दिनपछि माओवादी कब्जाबाट भागेर भारततर्फ गए। पीडित हाल घर फर्किसकेका छन्।

लक्ष्मीपुर गाविस-८ का २६ वर्षीय रामबहादुर थापाले बहुविवाह गरेको आरोपमा ०६२ चैत २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत २५ गतेदेखि श्रम गराई राखेकोमा उनी त्यसको केही दिनपछि लक्ष्मीपुर गाविसबाट भागे।

कोटबारा गाविस-९ सानागाँराकोटका १८ वर्षीय दीपक चन्दले प्रहरीमा जागिर खाएको आरोपमा ०६२ चैत ३० गते माओवादीले उनी घर गएको अवस्थामा अपहरण गरी जागीर खान नजाने सर्तमा ०६३ वैशाख ५ गते

थारमारेबाट मुक्त गरे।

लक्ष्मीपुर गाविस-४ बयालेका ४८ वर्षीय भुपबहादुर खत्रीलाई बाटो खन्न रोल्पा नगएको आरोपमा ०६३ वैशाख ४ गते माओवादीले उनकै घरबाट अपहरण गरी वैशाख ५ गते रोल्पाको सहिद मार्गमा बाटो खनाउन लगे। रोल्पाको सहिद मार्गमा १० दिनसम्म बाटो खनी पीडित घर फर्किए।

कोटबारा गाविस-१ का ३८ वर्षीय डिल्लीबहादुर वली र ढाकाडाँम गाविस-५ की १९ वर्षीया एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ वैशाख ११ गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरी जेठ ७ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

कजेरी गाविस-१ का ३६ वर्षीय पोस्कर थापाले सोही ठाउँकी एक महिलाको घरमा गई करणी गर्ने आशय गरेको आरोपमा ०६३ वैशाख १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा थापाकी पत्नी पार्वती थापाले ०६३ वैशाख १९ गते धरौटी स्वरूप १० हजार रूपैया माओवादीलाई बुझाएपछि सिद्धेश्वरी गाविस-९ ढोरचौरबाट मुक्त गरे।

शिवरथ गाविस-५ का २५ वर्षीय नन्दराम बुढाथोकीले घरमा पत्नी हुँदाहुँदै ढाँकाडाम गाविस-५ की कल्पना केसीसँग बहुविवाह गरेको आरोपमा ०६३ वैशाख २१ गते नन्दराम र जेठ ८ गते माओवादीले उनीहरूलाई कल्पनाको घरबाट माओवादीले अपहरण गरी श्रम गराएकोमा उनीहरू चार महिनापछि माओवादी कब्जाबाट भागेर मुक्त भए।

कोटबारा गाविस-६ का २५ वर्षीय लिलमान खड्का र सोही ठाउँकी २० वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ वैशाख २२ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरूमध्ये लिलमान भोलिपल्ट भागेर मुक्त भए। महिलालाई केही समयपछि सोही ठाउँस्थित माओवादीद्वारा घोषित गाउँ जनसरकार उपप्रमुखको घरबाट मुक्त गरिदिए। तर पीडित महिलालाई उनका पतिले घरमा बस्न नदिएकाले उनी ०६३ जेठ १५ गतेदेखि माइती घरमा गई बसेकी छन्।

काल्चे गाविस-६ का ३८ वर्षीय तर्कबहादुर थापा मगरले पार्टीमा आर्थिक हिनामिना गर्नुका साथै पार्टी छोडेको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले मगरलाई उनकै घरबाट अपहरण गरी श्रम गराए। पीडित करिब सात महिनापछि उनकै गाउँबाट मुक्त भई पुनः माओवादी पार्टीको काममा लागे।

भल्चौर गाविस-७ का २२ वर्षीय रत्नबहादुर थापा, १८ वर्षीय इन्द्र भनिने केशरबहादुर थापा र २१ वर्षीय टेकबहादुर थापाले सोही ठाउँकै एक १७ वर्षीया युवतीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ १ गते माओवादीले सबैजनालाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितलाई माओवादीले करिब तीन महिना श्रम गराई साउन ८ गते थारमारेबाट मुक्त गरे।

कोटबारा गाविस-१ का १९ वर्षीय केशव वलीले सोही ठाउँकी २० वर्षीया एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरी जिल्ला भित्रै विभिन्न ठाउँहरूमा श्रम गराई ०६३ असार २ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

कोटबारा गाविस-६ का २२ वर्षीय टीकाराम पुनले सोही ठाउँकी २१ वर्षीया एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरूमध्ये टीकाराम करिब तीन महिनामै भागेर मुक्त भए भने महिलालाई असोज ११ गते मुक्त गरे।

सिनवाङ गाविस-१ का १७ वर्षीय डम्बर खड्का र सोही ठाउँकी १६ वर्षीया एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ १३ गते माओवादीले उनीहरूकै घरबाट अपहरण गरे। माओवादीले पीडितलाई सात महिनासम्म श्रम गराई पुस ९ गते थारमारेबाट मुक्त गरे।

रिम गाविस-९ का १८ वर्षीय महेन्द्र रोका, २३ वर्षीय रामबहादुर बुढाथोकी, नारायण बुढाथोकी र दुर्गाबहादुर बुढाथोकीले चोरी गरेको आरोपमा ०६३ असार ३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरूलाई माओवादीले एक महिनाको श्रम गराई थारमारेबाट मुक्त गरे।

त्रिवेणी गाविस-७ लुहामका २३ वर्षीय कमल केसी, २० वर्षीय जगत केसी, २४ वर्षीय विनोद केसी, १७ वर्षीय गणेश भण्डारी, १८ वर्षीय चित्रबहादुर गुरुङ्ग, २२ वर्षीय हरिप्रसाद बुढाथोकी, १९ वर्षीय शेरबहादुर भण्डारी, २४ वर्षीय प्रकाश केसी, २९ वर्षीय हरिप्रसाद केसी र कालावाङ गाविस-७ का गणेशबहादुर शाहीले मानसिक असन्तुलन भएकी एक महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा र सोही ठाउँका १७ वर्षीय जनक केसी, १९ वर्षीय मनोज शाह, १७ वर्षीय धिरेन्द्र श्रेष्ठ, १७ वर्षीय गणेश श्रेष्ठ, अनमोल श्रेष्ठ र खलंगा गाविस-३ का ३६ वर्षीय भीमबहादुर श्रेष्ठले बलात्कार गर्न प्रयास तथा सहयोग गरेको आरोपमा ०६३ असार ११ गते सोही गाविसका विभिन्न ठाउँबाट उनीहरूलाई माओवादीले अपहरण गरेकोमा बलात्कार प्रयास गर्नेहरूलाई एकहप्तापछि सोही गाविसबाट मुक्त गरे भने बलात्कार गर्नेहरूलाई ०६३ साउन ३० गतेदेखि श्रम गराएर ०६३ भदौ १२ गते थारमारेबाट मुक्त गरे।

सिवरथ गाविस-१ का २२ वर्षीय खिमबहादुर पुन माओवादी कार्यकर्ता जयबहादुर खड्काको हत्यामा संलग्न भएको आरोपमा ०६३ असार ३० गते माओवादीले पुनलाई

घरबाटै अपहरण गरी भोलिपल्टदेखि जिल्ला भित्रै श्रम गराईरहेका छन्। माओवादीले पीडितलाई हालसम्म मुक्त गरेका छैनन्।

छायाँ क्षेत्र गाविस-३ का कृष्णबहादुर थापाले घरमा पत्नी हुँदाहुँदै दाङ जिल्ला फूलबारी गाविस-३ की टोपा खड्कासँग बहुविवाह गरेको आरोपमा जेठ २७ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरू तीन महिनापछि भागेर मुक्त भए।

लक्ष्मीपुर गाविस-८ का ३३ वर्षीय टोपबहादुर रावत माओवादी पार्टी छोडी एमालेमा गएको र मदिरा सेवन गरी मातेको आरोपमा ०६३ असार ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई ०६३ असार ११ गते तारेखमा थारमारेबाट मुक्त गरियो। तर असार १५ गते तारेखमा गएका पीडित दिनभरि माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुखको खेतमा काम गरेर बिना कुनै निर्णय साँझ घर फर्किए।

त्रिवेणी गाविस-५ का ४० वर्षीय मानबहादुर पुनले सोही ठाउँकी एक दलित महिलासँग अवैध सम्बन्ध राखेको र सोही कारणले ती महिलाले आत्महत्या गरेको आरोपमा ०६३ असार १२ गते माओवादीले पुनलाई उनकै घरबाट अपहरण गरी श्रम गराए। पीडित हालसम्म पनि माओवादीको नियन्त्रणमै छन्।

ढाँकाडाम गाविस-५ निवासी उपस्वास्थ्य चौकी दार्माकोटमा कार्यरत मुखिया ५३ वर्षीय झुपबहादुर खत्रीले एक विधवासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ७ गते माओवादीले उनकै डेराबाट अपहरण गरी श्रम गराई भदौ ९ गते थारमारेबाट मुक्त गरे।

काभ्रा गाविस-३ का ४४ वर्षीय मेघराज थापा र उनकी ४१ वर्षीया पत्नी शोभी थापा दुवैजना मिली साँडुभाइको हत्या गरेको आरोपमा ०६२ माघ ४ गते माओवादीले दुवैजनालाई उनीहरूकै घरबाट अपहरण गरे। माओवादीले पीडितहरू सल्यान जिल्ला भित्रका विभिन्न ठाउँहरूमा श्रम गराई रहेका छन्।

कोटमौला गाविस-२ का ४० वर्षीय कविराम बस्नेतले हत्या गरेको आरोपमा ०६२ चैत ३० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई हालसम्म सल्यान जिल्लाभित्रै श्रम गराइराखेको कुरा माओवादीका जिल्ला सचिव टीकाराम वलीले बताए।

भल्चौर गाविस-४ का ४० कुलबहादुर बुढाथोकीले हत्या गरेको आरोपमा ०६२ माघ ५ गते माओवादीले उनलाईलाई घरबाटै अपहरण गरे। माओवादीले पीडितलाई एक अज्ञातस्थानमा श्रम कैदमा राखेको माओवादीका जिल्ला सचिव टीकाराम वलीले बताए।

जिमाली गाविस-२ का २८ वर्षीय ममबहादुर बुढाथोकीले बहुविवाह गरी पहिली पत्नीको धन सम्पति हिनामिना गरेको आरोपमा ०६३ कात्तिक १३ गते माओवादीले उनलाई कान्छीपत्नीसहित घरबाटै अपहरण गरी कात्तिक १७ गते माझकाँडा गाविसमा पुऱ्याई दुवै जनालाई अलग अलग कोठामा बन्द गरी कुटपिट गरे। पीडितहरू कात्तिक १८ गते तारेखमा मुक्त भएकोमा दुवैजना ०६३ मंसिर ४ गते भारततर्फ लागे।

ढाँकाडाम गाविस-८ का ४४ वर्षीय डम्बरबहादुर विकले एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असार ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी साउन ८ गतेदेखि श्रम गराई ०६३ मंसिर ६ गते थारमारे गाविस-४ बाघचौरबाट मुक्त गरे।

दमाचौर गाविस-८ का कमल दमाई र सोही गाविस-९ की पार्वती परियारले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन १० गते माओवादीले उनीहरूलई घरबाटै अपहरण गरे। माओवादीले दुवैलाई श्रम गराई राखेकोमा एक हप्तापछि माओवादी नियनत्रणबाट भागेर भारततर्फ गए।

मुलखोला गाविस-१ का ३६ वर्षीय गगन राना र सोही गाविस-९ की एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन १२ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी साउन २९ गतेदेखि श्रम गराई राखेकोमा रकम लिई ०६३ भदौ २४ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

पिपलनेटा गाविस-८ दुवेरीचौरका २६ वर्षीय भागीराम बटालाले ग्रामीण विकास संस्थामा जागिर खाई अनुमतीबिना कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई धनवाङ गाविस-१ कपुरकोटबाट अपहरण गरे। पीडित भदौ ३० गते छनवाङ गाविसबाट मुक्त भए।

फालावाङ गाविस-४ का १८ वर्षीय लालबहादुर साहू र सोही ठाउँकी २२ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन २० गते दुवैलाई माओवादीले उनीहरूकै घरबाट अपहरण गरी ०६३ साउन २८ गतेदेखि हालसम्म जिल्ला भित्रै श्रम गराइरहेका छन्।

सिद्धेश्वरी गाविस-५ का ५० वर्षीय मणिराम बुढाथोकीले सोही ठाउँकी एक महिलालाई जबरजस्ती करणी गरेको आरोपमा ०६३ साउन २५ गते माओवादीले बुढाथोकीलाई घरबाटै अपहरण गरी ०६३ साउन ३० गतेदेखि श्रम गराई राखेकोमा हालसम्म मुक्त गरिएको छैन।

डाँडागाँउ गाविस-६ का १२ वर्षीय रणबहादुर नेपाली, १३ वर्षीय कैलाश बुडाथोकी, ११ वर्षीय पदम बुढाथोकी र १६ वर्षीय बुद्धिराम नेपालीले चोरी गरेको आरोपमा ०६३ साउन ३१ गते माओवादीले उनीहरूलाई

घरबाटै अपहरण गरे। अपहरित सबै सोही दिन राति कजेरी गाविस-६ बरलाबाट भागेको भोलिपल्ट पुनः माओवादीले नियन्त्रणमा लिई कुटपिट गर्नुका साथै रणबहादुर र कैलाशसँग ५/५ हजार, बुद्धिसँग ३ हजार ५ सय र पदमसँग १ हजार ५ सय रूपैया माओवादीले लिए। जसमध्ये ९ हजार रूपैया चोरी भएको घरका खीमबहादुर खत्रीलाई दिए भने ६ हजार रूपैया माओवादीले लगे।

कोटबारा गाविस-८ डिम्बरखोलाकी ३० वर्षीया कमला चन्दले सोही गाविस-८ टाट्केमा औषधि पसल गरी बस्ने थारमारे गाविस-५ का ३२ वर्षीय घनश्याम डाँगी र कोटबारा गाविस-९ का यज्ञबहादुर डाँगीसँग एक वर्ष पहिले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ भदौ ३ गते माओवादीले चन्दलाई घरबाटै अपहरण गरे। कडा निगरानीका साथ ०६३ भदौ ३ गते पुनः आफ्नै घरमा फर्किएकी चन्दले घरभित्रै झुन्डिएर आत्महत्या गरिन्। सोही दिन घनश्याम डाँगी र यज्ञबहादुर डाँगीलाई आ-आफ्नै औषधि पसलबाट माओवादीले अपहरण गरी १५ /१५ हजार रकम लिई ०६३ भदौ १३ गते सोही गाविसबाट मुक्त गरे।

ढाँकाडाम गाविस-५ का १८ वर्षीय कमल केसी र सोही ठाउँकी २८ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ भदौ ८ गते माओवादीले दुवै जनालाई घरबाटै अपहरण गरी ०६३ भदौ ९ गतेदेखि श्रम गराई राखेकोमा पीडितहरू मंसिर ९ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त भए।

चाँदे गाविस-३ का ४२ वर्षीय रामबहादुर चलाउनेले कजेरी गाविस-२ र सिद्धेश्वरी गाविस-९ मा विद्युत लाइन विस्तार गर्नका लागि जिल्ला विकास समिति र गाविसबाट रकम निकासा गरी हिनामिना गरेको आरोपमा ०६३ भदौ २६ गते माओवादीले उनलाई सिद्धेश्वरी गाविस-९ स्थित घरबाट अपहरण गरी ०६३ कात्तिक ६ गते ढोरचौरबाट मुक्त गरे।

जिमाली गाविस-२ घर भई श्री जनता प्राविका शिक्षक ३४ वर्षीय नोखिराम भण्डारीले विद्यालय भवन निर्माण गर्नको लागि गाविसको बजेट ल्याएको र जलविद्युत् योजना माग गर्न सक्रिय भूमिका निर्वाह गरेको आरोपमा ०६३ असोज १७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी रकम माओवादीलाई बुझाउने शर्तमा पीडितलाई असोज २१ गते मुक्त गरे।

रिम गाविस-२ का २२ वर्षीय टङ्कराज बुढाथोकी र दमाचौर गाविस-८ की १८ वर्षीया एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज २० गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरी ०६३ असोज २५ गतेदेखि श्रम गराई राखेकोमा टङ्कराज भागेर भारत गए भने युवतीलाई अझै जिल्लाभित्रै श्रम गराइरहेका छन्।

त्रिवेणी गाविस-७ का २२ वर्षीय लक्ष्मण श्रेष्ठ र फलावाङ गाविस-५ की २६ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज २० गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरी ०६३ असोज २५ गतेदेखि श्रम गराई राखेकोमा उनीहरू हालसम्म पनि मुक्त भएनन्।

त्रिवेणी गाविस-४ का २४ वर्षीय बुद्धिराम बोहराले सोही ठाउँकी २५ वर्षीया एक महिलालाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज २२ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरी असोज २५ गतेदेखि श्रम गराई राखेकोमा मंसिर ९ गते महिलालाई थारमारे गाविस-४, बागचौरबाट मुक्त गरे भने बुद्धिरामलाई जिल्ला भित्रै श्रम गराइरहेका छन्।

थारमारे गाविस-८ का २३ वर्षीय डिल्लीबहादुर विकले सोही ठाउँकी १७ वर्षीया निर्मला विकसँग बहुविवाह गरेको आरोपमा ०६३ कात्तिक ११ गते दुवैलाई माओवादीले उनीहरूकै घरबाट अपहरण गरी ०६३ कात्तिक १२ गतेदेखि श्रम गराई राखेकोमा माओवादीलाई केही रकम बुझाई मंसिर ४ गते थारमारे गाविस-४ बागचौरबाट उनीहरू मुक्त भए।

झिम्पे गाविस-१ का १८ वर्षीय डिल्ली विक र सोही ठाउँकी १७ वर्षीया एक बिवाहित युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी कात्तिक २२ गतेदेखि जिल्लाभित्रै श्रम गराई राखी मंसिर १० गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

भलचौर गाविस-३ का देवबहादुर रोकाय र सोही ठाउँकी एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १६ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट आपहरण गरी एक महिनासम्म श्रम गराई मुक्त गरे।

फालावाङ गाविस-४ का २८ वर्षीय हरिप्रसाद भण्डारीले सोही ठाउँका शेरबहादुर महताराको हत्या गरेको आरोपमा ०६३ मंसिर १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी मंसिर १८ गतेदेखि जिल्लाभित्रै विभिन्न ठाउँहरूमा श्रम गराई राखेकोमा हालसम्म मुक्त गरिएको छैन।

डाँडागाउँ गाविस-८ का ५४ वर्षीय हुमलाल धिताल सोही ठाउँकी खिम गिरीको हत्या गर्नमा संलग्न भएको आरोपमा ०६३ पुस १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ पुस ९ गतेदेखि श्रम गराई राखेकोमा हालसम्म मुक्त गरिएको छैन।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

ढाँकाडाम गाविस-९ भुर्तिवाङका १६ वर्षीय दीपक वलीलाई बोलाउँदा नसुनेको झैं गर्दै भागेको भन्दै ०६२ चैत

२० गते खलंगा गाविस-५ लुहापिडस्थित एसएससी परीक्षा केन्द्रको सुरक्षाका लागि श्री सवुज गण "क" गुल्म खलंगाबाट खटिएका एक सैनिक जवानले कुटपिट गरे। पीडक सैनिक जवानलाई विभागीय कारवाही अन्तर्गत नसिहत दिइयो।

देवस्थल गाविस-७ सल्ली बजारका ३० वर्षीय व्यापारी नरबहादुर शाही, यातायात मजदुरहरू, जाजरकोटका शिक्षकहरू र सोही स्थानका विभिन्न होटलमा बास बसेका बटुवाहरू गरी १६ जनालाई कर्फ्यूको समयमा अबेरसम्म कुराकानी गरेर बसेको आरोपमा ०६३ वैशाख १९ गते राति श्री सवुज गण "ग" गुल्म सल्लीबजारमा कार्यरत लेप्टिनेन्ट विदुर थापाले कुटपिट तथा धडपकड गरे। पीडितपक्षले भोलिपल्ट विरोध प्रदर्शन गरेकाले पीडक लेफ्टिनेन्टले सार्वजनिक रूपमा माफी मागे।

माओवादीबाट

नेपाल रेडक्रस सोसाइटी काभ्रा काँरागिठी उपशाखा समितिका सचिव ३२ वर्षीय बालकृष्ण महरलाई अनुमति विना एकतर्फी रूपमा समिति गठन गर्नुका साथै कार्यालयसमेत खोलेको आरोपमा ०६३ जेठ ३१ गते काभ्रा गाविस-७ स्थित घरमा गई माओवादीका ४ नम्बर एरियाका इन्चार्ज लक्ष्मीपुर गाविस-१ का हिमाल डोग्रा भनिने डम्बरबहादुर भण्डारीले तुरुन्त समिति विघटन गर्न दबाब दिनुका साथै विघटन नगरेमा पछि खतरा हुन सक्ने धम्की दिई ०६३ असार २ गते कार्यालयका सम्पूर्ण सामान लुटेर लगे।

सिविन नेपाल, सल्यानको आयोजनामा र सिविन हेल्पलाइन, नेपालगञ्जको आर्थिक तथा प्राविधिक सहयोगद्वारा थारमोर गाविस-४ थारमोरमा सञ्चालित दुईदिने बाल स्वास्थ्य शिविर अनुमतिबिना सञ्चालन गरेको भन्दै ०६३ साउन २७ गते माओवादीले बन्द गरिदिए। जसका कारण औषधि गराउनका लागि टाढा टाढाबाट बच्चा बोकी थारमारे पुगेका सर्वसाधारणहरू उपचार नगराई घर फर्किए।

डाँडागाँउ गाविस-४ चौरगाउँका ३८ वर्षीय कुष्ण योगी र उनको आमाले माओवादीलाई खाना खुवाउन अस्वीकार गरेको आरोपमा ०६३ भदौ २२ गते माओवादीले घरमा गई उनीहरूलाई गाली गलोज गर्दै कुटपिट गरे।

मर्के गाविस-६ सानीगारेका कलबहादुर पुन र डिलबहादुर पुन ०६३ कात्तिक ८ गते देउसीभैलो खेल्न उनीहरूकै गाउँतिर जाँदै गरेको अवस्थामा माओवादीको जनमुक्ति सेनाका सेक्सन कमाण्डर चिन्तन वियोगले उनीहरूलाई कुटपिट गर्नुका साथै भैली खेलिरहेको घरमा गएर त्यहाँ उपस्थित सबैजनालाई जथाभावी गाली गलौज गरे। त्यसको विरोधमा स्थानीय बासिन्दाहरूले पीडकलाई ३६ घण्टा आफ्नो नियन्त्रणमा राखी सम्बन्धित पक्षसँग कडा कारवाहीको माग गर्दै छोडिदिए।

लक्ष्मीपुर गाविस-८ पातिटाकुराका ४७ वर्षीय गुमानसिंह खत्रीलाई सोही ठाउँका ढोली भनिने रामबहादुर घर्तीले दिएको उजुरीका आधारमा ०६३ कात्तिक १६ गते बिहान उनकै घरमा गई माओवादीको एरिया कमिटी सदस्य भविष्य भनिने हरिबहादुर पूर्जाले कुटपिट गर्नुका साथै कही गएपनि नछोड्ने धम्की दिएकाले छ जनाको परिवार सोही दिन घर छाडी बाँकेमा हालसम्म बिस्थापित जीवन बिताइरहेका छन्।

सेजवालटाकुरा गाविस-९ सुन्टाकुराका २४ वर्षीय रिमबहादुर रेउलेले बहुविवाह गरेको आरोपमा ०६३ पुस १० गते माओवादीद्वारा घोषित गाउँ जनसरकार इन्चार्ज प्रताप भनिने इन्द्रबहादुर कुमाईले उनलाई सोही गाविस-२ मा बोलाई कुटपिट गर्नुका साथै मार्ने धम्की दिएर जेठी पत्नी पनि छोड्नु पर्ने र छोडे बापत १५ हजार रूपैया पनि दिनुपर्ने भनी कागज गराए। तर पछि इन्सेक जिल्ला प्रतिनिधि रोमप्रकाश थापाको पहलमा माओवादीले पीडितबाट सो रकम भने असुल गरेनन् ।

गैरकानुनी गिरफ्तारी

कालागाउँ गाविस-८ का २१ वर्षीय मनवीर कुमाई माओवादी भएको आरोपमा ०६२ चैत २० गते सल्लीबजार ब्यारेकका सेनाले देवस्थल गाविस-७ सल्लीबजारबाट गिरफ्तार गरी ०६३ वैशाख १३ गतेसम्म सोही ब्यारेकमा राखी ०६३ वैशाख १५ गते खलंगाबाट रिहा गरे।

कालागाउँ गाविस-२ का १८ वर्षीय रामबहादुर शाही र मर्मा गाविस-८ का १९ वर्षीय डिल्ली रावतलाई माओवादी भएको आरोपमा ०६२ चैत २३ गते सेनाले उनलाई देवस्थलस्थित एसएलसी परीक्षा केन्द्रबाट गिरफ्तार गरे। पीडितलाई श्री सवुज गण "ग" गुल्म सल्लीबजारको हिरासतमा वैशाख १० गतेसम्म राखी ०६३ वैशाख ११ गते जिल्ला सदरमुकाम खलंगाबाट रिहा गरियो।

झिम्पे गाविस-५ का ३१ वर्षीय संजीव भनिने देवबहादुर केसी, धवाङ्ग गाविस-४ का ३३ वर्षीय प्रकाश भनिने खड्कबहादुर सेन र ३५ वर्षीय रामबहादुर महतरा माओवादी भएको आशंकामा ०६२ चैत २८ गते सेनाले उनलाई सोही गाउँस्थित बारीकाघारीबाट गिरफ्तार गरे। पीडितहरूलाई १६ दिनसम्म श्रीसवुज गण "ख" गुल्म कपुरकोटमा राखी १७ दिनमा सोही ठाउँबाट रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राजनीतिक दलहरू एमाले, नेकाँ र नेकाँ (प्रजातान्त्रिक) ले माघ १९ लाई 'कालो दिन' भन्दै विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६२ माघ १९ गते दिउँसो

खलंगा गाविस-६ भीमसेनस्थानमा प्रहरीले जुलुसमाथि हस्तक्षेप गरी कालोझण्डा तथा पार्टीका झण्डा खोसे र वाड नं. ७ गणेशस्थानमा जुलुस पुग्नासाथ लाठी प्रहार गरी एमाले अञ्चल सदस्य ६० वर्षीय हरिशरण आचार्यका करङ्ग भाँचिदिए भने एमाले जिल्ला कमिटी सचिव धिरेन्द्रबहादुर श्रेष्ठ, उपसचिव लोकबहादुर डाँगी, कार्यालय सचिव दामोदर शर्मा, सदस्यहरू टोपबहादुर थापा, भूमबहादुर वली, कार्यकर्ताहरू विशाल खड्का, शिवराज डाँगी, जगत न्यौपाने, रामचन्द्र रेग्मी, जिल्ला बार एसोसिएसन सचिव सीपि वली, नेकाँका कार्यकर्ता कृष्ण उपाध्याय, लालबहादुर बिष्टसहित २५ जनालाई कुटपिट गरे। कुटाईबाट घाइते भएका हरिशरणको प्राथमिक उपचार जिल्ला अस्पताल सल्यानमा गरियो भने थप उपचार काठमाडौंमा गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा छथान र यो वर्ष दायर भएका चारथान गरी १० थानमध्ये पुराना तीनथान फर्स्यौट भई सातथान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यो वर्ष दायर भएका दुनियावादी फौजदारी मुद्दा फर्स्यौट भएनन्। गत वर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा छथान र यो वर्ष दायर भएका दुईथान गरी आठमध्ये पुरानो दुईथान फर्स्यौट भई छथान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान देवानी मुद्दा र यो वर्ष दायर भएका १४ थान गरी २७ थानमध्ये पुराना चारथान मुद्दा फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। यो वर्षको अन्त्यसम्म ३६ थान मुद्दा रहेका छन्। पाँच वर्ष नाघेको सरकारवादी फौजदारी एकथान मुद्दा मात्र बाँकी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

माओवादीबाट

देवस्थल गाविस-५ का ५५ वर्षीय बुद्धिसिंह बिष्टको घाँजरीपीपल गाविस-८ स्थित १७ रोपनी जग्गामा छरेको मास वाली ०६३ भदौ ३१ गते सोही ठाँउका माओवादी कार्यकताहरूले जबरजस्ती काटेर लगे।

थारमारे गाविस-३ ठिनवाडस्थित लालिगुराँस सामुदायिक वन समूहका अध्यक्ष २० वर्षीय गोविन्द बस्नेत र सचिव ४० वर्षीय प्रेमबहादुर डाँगीलाई माओवादीको जनसत्तालाई कर बापत दिनुपर्ने सामुदायिक वन उपभोक्ता समूहको रकम नदिएको आरोपमा पहिलो पटक ०६३ कात्तिक २ गते र दोश्रो पटक ०६३ कात्तिक ११ गते माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख तुलाराम बस्नेत र एरिया इन्चार्ज रामचन्द्रले नियन्त्रणमा लिई रकम नदिएमा कडा कारवाही गर्ने धम्की दिएर जबरजस्ती २ लाख रूपैयाको चेक काट्न लगाई चेक माओवादीले लगे।

कजेरी गाविस-३ स्थित तिलपोखरी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ६२ वर्षीय बलबहादुर रेउले र ३२ वर्षीय गौरी बुढाथोकीलाई ०६३ पुस १० गते मध्यरातमा उनकै घरमा गई माओवादीका एरिया इन्चार्ज पिलन र माओवादीद्वारा घोषित गाउँ जनसरकार इन्चार्ज सूर्य भनिने कालिराम वादीले पिस्तोल देखाएर धम्काई सो सामुदायिक वनको ५१ हजार रूपैयाको चेक काट्न लगाई चेक लगे।

संरचना/सम्पति कब्जा/आगजनी/अन्य क्षति

माओवादीबाट

स्वीकोट गाविस-९ का ६० वर्षीय बलबहादुर बुढाथोकीको सोही गाविस-४ स्थित पसल गर्नका लागि बनाएको घरमा व्यक्तिगत रिसइवीका कारण सोही ठाँउका माओवादी कार्यकर्ताले ०६३ भदौ २१ गते बम विस्फोट गराई क्षतिग्रस्त पार्नुका साथै बुढाथोकीलाई मार्ने धम्की दिए।

दमाचौर गाविस-७ का मोहनलाल वलीले माओवादीलाई चन्दा नदिएको आरोपमा उनको सोही गाविस-८ दहखोलास्थित घरमा ०६३ कात्तिक १६ गते साँझ माओवादी कार्यकर्ता २३ वर्षीय गणेश वलीले बम विस्फोट गराई ध्वस्त पारे।

बृद्ध भत्ता

यस जिल्लाका बृद्ध, विधवा र अपाङ्गहरूका लागि भनेर आर्थिक वर्ष ०६२/०६३ सामाजिक सुरक्षा भत्ता वितरणका लागि केन्द्रबाट ४२ लाख ५२ हजार २ सय रूपैयाँ निकासा भएकोमा वितरण गर्नका लागि जिल्ला विकास समितिबाट ४१ लाख ९ हजार ६ सय रूपैयाँ पेश्की स्वरूप गाविसले निकासा लगे तर २३ लाख ५८ हजार ७ सय रूपैयाँ वितरण गर्न नसकी बाँकी रकम फिर्ता आएको जिल्ला विकास समितिको तथ्याङ्कले देखाउँछ। जसका कारण बामे, सुइकोट, ढाँकाडाम, कोटवारा, काल्चे, काप्रेचौर, चाँदे कालागाउँ र बाँफुखोला गाविसका बृद्ध, विधवा र अपाङ्गहरू सबै भन्दा बढीरूपमा उक्त सुविधा पाउनबाट बञ्चित भए।

बालअधिकार

यस वर्ष माओवादीले जिल्लाका विद्यालयहरूबाट सेना तथा साँस्कृतिक टोली भर्ना गर्नका लागि शिक्षक तथा अभिभावकको सहमतिविना करिब ५० जना बालबालिकालाई लगेको जानकारीमा आयो। यसरी माओवादीले महेन्द्र रत्न मावि पिपलनेटाबाट नौंजना, जीवनज्योति माविबाट पाँचजना, जनता मावि काब्राबाट पाँचजना, त्रिभुवन जनता निमाविबाट लक्ष्मीपुरबाट आठजना, बालसखा निमावि मदमकाँडाबाट छजना, त्रिभुवन जनता मावि डाँडागाउँबाट छजना, बालकल्याण मावि कोटवाराबाट चारजना र त्रिभुवन जनता मावि खलंगाबाट एकजना, जनकाल्याण मावि थारमारेबाट

एकजना, महेन्द्र आदर्श माबि बाझकाँडाबाट तीनजना रहेका छन्।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव /दुर्व्यवहार

बहुविवाह

हिवल्चा गाविस-७ का २७ वर्षीय खेमराज थापाले एउटी पत्नी हुँदाहुँदै ०६३ जेठ १४ गते दाङ जिल्ला पञ्चकुले गाविसकी २२ वर्षीया जानकी डागीसँग बहुविवाह गरे। पीडित सुनीताले आफ्ना पतिले विवाह गरेको कुरा करिब तीन महिनापछि मात्र थाहा पाएकीले थाहा पाउन साथ जिल्ला प्रहरी कार्यालय सल्यानमा जाहेरी दिएकीले हाल जिल्ला अदालत सल्यानमा मुद्दा चलिरहेको छ।


बिगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका २७ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कुपिण्डे गाविस-४ निवासी ३३ वर्षीय हरिलाल परियार, सिद्धेश्वरी गाविस-६ निवासी ३० वर्षीय गौरीलाल परियार, २२ वर्षीय अर्जुन परियार, सोही गाविस-३ निवासी २४ वर्षीय रत्नबहादुर परियार, बाँझकाँडा गाविस-५ निवासी २२ वर्षीय बेदबहादुर बुढाथोकी, सोही गाविस-६ निवासी २५ वर्षीय मेगीराम बुढाथोकी, दमाचौर गाविस-८ निवासी २० वर्षीय दलबहादुर विक, थारमारे गाविस-४ लामाडाँडाका २० वर्षीय चोवे सार्की, निसवाङ गाविस-२ निवासी २६ वर्षीय राजकुमार बुढाथोकी, सोही गाविस-६ डिवाङका ३३ वर्षीय बेदबहादुर बोहोरा, सिनवाङ गाविस-६ रातामाटाका १४ वर्षीय रेशम बोहरा, वडागाउँ गाविस-५ सेरागाउँका ५४ वर्षीय प्रेमबहादुर भडेल, थारमारे गाविस-७ रातपहराका २३ वर्षीय विजय भण्डारी, कजेरी गाविस-३ निवासी १६ वर्षीय ज्ञानप्रकाश नेपाली, कालागाउँ गाविस-९ निवासी बुद्धि बुढाथोकी, पीपलनेटा गाविस-९ निवासी दिलबहादुर केसी, कोटबारा गाविस-६ निवासी केशरबहादुर वली, पिपलनेटा गाविस-९ निवासी पोखरराज बुढाथोकी, बामे गाविस-४ निवासी तिलक खत्री, राज भण्डारी, थारमारे गाविस-४ बागचौरका विपिन भण्डारी, जिमाली गाविस-६ निवासी शेरबहादुर बोहरा, दमाचौर गाविस-९ निवासी हिरालाल भण्डारी, सोही गाविस-१ निवासी २९ वर्षीय तेजबहादुर कुँवर, मर्मा गाविस-१ कोट (दमाईगाउँ) का ३५ वर्षीय धनबहादुर परियार, ४० वर्षीय घनबहादुर परियार, ४० वर्षीय जितबहादुर परियार रहेका छन् ।

४.५ रूकुम



जनसंख्या : २,०३,३३२
साक्षरता प्रतिशत : ३९.७५
महिला साक्षरता प्रतिशत : २८.६०
क्षेत्रफल (वर्ग कि. मि.) : २८७७
गाविस/नपा संख्या : ४३/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३१०
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/४४
टेलिफोन लाइन : १५
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४३
मानव विकास सूचकाङ्क : ०.३८६
प्रति परिवार सरदर संख्या : ६.०६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

हुकाम गाविस-७ काजरजङका ९ वर्षीय ढाँटे बुढा र १२ वर्षीय रमेश घर्तीले घर नजिकै माओवादीले छोडेको बेवारिसे सकेट बम खेलाउँदा विस्फोट भई उनीहरूको ०६२ चैत १ गते घटनास्थलमै मृत्यु भयो।

बेवारिसे बमबाट

काँक्री गाविस-२ का २५ वर्षीय रूपचन्द्र नेपाली र उनका पत्नी २३ वर्षीया लाटी भन्ने पुस्ता नेपालीको ०६३ वैशाख २९ गते घरमै रहेको बम विस्फोट भई घटनास्थलमै मृत्यु भयो। पीडित रूपचन्द्रकी बहिनी माओवादी कार्यकर्ता हुन्। उक्त बम मृतकको बहिनीले नै ल्याएको स्थानीय बासिन्दाहरूको भनाइ छ।

जेल र बन्दी

सुरक्षाको कारण पाँच वर्षअघि रूकुम कारागारका बन्दीहरूलाई दाङ तुलसीपुर कारागार स्थानान्तरण गरिएपछि अहिले रूकुम जेल खाली रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जाङ गाविस-२ का २१ वर्षीया चित्रा मल्ललाई ०६२ पुस २० गते र प्वाङ गाविस-३ का २१ वर्षीया डम्बरी खड्का र २५ वर्षीया चन्दकला खड्कालाई ०६२ माघ २२ गते माओवादीले उनीहरूको घरबाटै अपहरण गरी एक महिनापछि चीत्रालाई जाङ गाविस-२ तथा डम्बरी र चन्दकलालाई प्वाङ गाविसबाट मुक्त गरे। उनीहरूलाई महिला साक्षरता कक्षाको तालिम लिएको आरोपमा माओवादीले अपहरण गरेका थिए।

प्वाङ गाविस-७ का २४ वर्षीय घनसिंह खड्काले प्रावि ओखरबोटमा रिक्त रहेको राहत कोटाको शिक्षक दरबन्दीमा पढाएको आरोपमा ०६२ चैत १३ गते माओवादीले खड्कालाई घरबाटै अपहरण गरी सबै पारिश्रमिक माओवादीलाई बुझाउने सर्तमा ०६३ वैशाख १० गते प्वाङ गाविस-८ बाट मुक्त गरे।

बाँफिकोट गाविस-२ का एमएसएफ आठबीसकोटमा कार्यरत सुरक्षा गार्ड २४ वर्षीय धर्मभक्त मल्लले माओवादीका कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ जेठ ३ गते माओवादीले उनलाई आठबीसकोटबाट अपहरण गरी १३ दिनपछि बाँफिकोट गाविस-२ बाट मुक्त गरे।

सल्यान जिल्ला कोटमौला गाविस घर भई रूकुम झुल्नेटामा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता ४२ वर्षीय कविराम बस्नेतले एक महिलाको गर्भपतन गराएको आरोपमा ०६३ असार ६ गते माओवादीले उनलाई मुरु गाविस-१ झुरनेटाबाट अपहरण गरे। पीडितलाई यो वर्षको अन्त्यसम्ममा माओवादीले सल्यान जिल्लामा श्रम गराई रहेका छन्।

खारा गाविस-४ निवासी जिल्ला विकास समिति रूकुमका स्थानीय विकास कोषका सामाजिक परिचालक २५ वर्षीय लालबहादुर ओलीले सरकारी जागीर खाएको र माओवादी पार्टीलाई रकम नतिरेको आरोपमा ०६३ साउन २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी पाँच दिनपछि खारा गाविसबाट मुक्त गरे।

बिजयश्वरी गाविसस्थित बिजयश्वरी प्राविका शिक्षक ४५ वर्षीय चिरन्जीवी शर्मा, प्रावि अमला टाकुराका शिक्षक ३८ वर्षीय कालीबहादुर नेपाली र निमावि स्यालखोलाका शिक्षक ४२ वर्षीय चक्रबहादुर शाहीले जिल्ला विकास समितिको योजना विद्यालयमा ल्याएको आरोपमा ०६३ साउन २५ गते माओवादीले उनीहरूलाई प्रावि स्यालखोलाबाट अपहरण गरे। योजनाको पैसा फिर्ता गर्ने शर्तमा पीडितहरूलाई पाँच दिनपछि विजयश्वरी गाविसबाट मुक्त गरे।

गरायला गाविस-८ निवासी प्रावि ज्यामिरेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४५ वर्षीय लोकबहादुर पुनले राहत कोटाको शिक्षक दरबन्दीमा आफ्नो मान्छेलाई भर्ना गरी तलब भत्तासमेत उपलब्ध गराएको आरोपमा ०६३ भदौ १४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी १३ दिनपछि गरायला गाविस-८ बाट मुक्त गरे।

शोभा गाविस-९ निवासी जनमोर्चाका सक्रिय सदस्य ४१ वर्षीय तेजबहादुर नेपालीले माओवादी पार्टी विरुद्ध काम गरेको आरोपमा ०६३ कात्तिक १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कात्तिक २३ गते शोभा गाविस-९ बाट मुक्त गरे।

घटना को प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	१	३	३	१	३		३				
घाइते	१	१		१								
गिरफ्तारी/यातना									४	१०		१०
कुटपिट					४	५		५	१	१		१
धम्की									३	३		३
भेला/संगठित हुने अधिकार									४	७	३१	३८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	११		११				
अपहरण					१३	१४	३	१७				
जम्मा	३	३	३	४	३१	३३	३	३५	११	३१	३१	५३

विजयश्वरी गाविस-४ निवासी प्रायुसंघ रूकुमका जिल्ला कमिटी सदस्य ३२ वर्षीय यज्ञबहादुर बटालाले माओवादी पार्टीविरुद्ध काम गरेको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कात्तिक २१ गते बिजयश्वरी गाविसबाट मुक्त गरे।

झुला गाविस-९ का ३२ वर्षीय युवराज चन्द र २४ वर्षीय चक्रबहादुर चन्दले माओवादी ज्यादतीको विरोध गरेको आरोपमा ०६३ मंसिर १५ गते राति छिमेकीको विवाहमा सामेल भइरहेको बेला माओवादीले उनीहरूलाई खुकुरी र चक्कु प्रहार गरी घाइते बनाए। घाइते युवराज घटनास्थलबाट भागेर सदरमुकाम गए भने अर्का घाइते चक्रबहादुरलाई माओवादीले अपहरण गरे। पीडितलाई पाँच दिनपछि झुला गाविसबाट मुक्त गरे।



माओवादीद्वारा छुरी प्रहार गरी घाइते पारिएका युवराज चन्द

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

खलंगा गाविस-१ का व्यापारी ३५ वर्षीय पलबहादुर खड्का र २५ वर्षीय भीमबहादुर विकलगायत आठजनाले माओवादीद्वारा प्रसारित रेडियो भेरी कर्णाली एफएम सुनेको आरोपमा ०६२ माघ २४ गते प्रहरीले उनीहरूको रेडियो खोसी दुई घण्टापछि एफएम नसुन्ने सर्तमा रेडियो फिर्ता दिए।

इन्सेक रूकुम जिल्ला प्रतिनिधि जीवन खड्काले खलंगामा जनआन्दोलनको अनुगमन गरिरहेको अवस्थामा ०६३ वैशाख २ गते असई मानबहादुर बिष्टले खड्कालाई गोली हानी मारी दिने धम्की दिए। सोही बेला प्रहरी जवान हर्कबहादुर घर्ती र असई बिष्टले अश्लील गाली गर्दै "तलाई एक दिन म गोलीले नउडाई छाड्दिन" भनेर धम्काए।

श्री त्रिभुवन जनता उच्चमावि खलंगामा कक्षा १२ मा अध्ययनरत २० वर्षीय दिनेश खड्कालाई परिचयपत्र नलिई विद्यालय आएको आरोपमा ०६३ वैशाख २९ गते सोही विद्यालयमा ब्यारेक बनाई बसेका सेनाले ५० पटक उठबस गर्न लगाई घर फर्काए। सो घटनाको विरोधमा सात दल निकट विद्यार्थी संगठन र माओवादी निकट विद्यार्थी संगठनले विद्यालयको हाताभित्र रहेको सेनाको ब्यारेक त्यहाँबाट अन्यन्त्र स्थानान्तरण गर्नुपर्ने भन्दै छुट्टाछुट्टै विज्ञप्ति जारी गरे।

माओवादीबाट

सिरहा जिल्ला घर भई श्री बालकल्याण माबि आठबीसकोटका शिक्षक ४२ वर्षीय फूलेश्वर यादव लामो समय घरबिदामा बसेको आरोपमा ०६२ फागुन ७ गते माओवादीले उनलाई डेरामै गएर कुटपिट गरे।

झुला गाविस-८ का ४२ वर्षीय शशिराम नेपाली र ४५ वर्षीय थलवीर नेपालीले माओवादीलाई चन्दा नतिरेको आरोपमा ०६३ वैशाख ६ गते माओवादीले उनीहरूलाई घरमै कुटपिट गरे। माओवादीले उनीहरूसँग क्रमशः चार र तीनहजार रूपैयाँ लिए।

बिजेश्वरी गाविस-३ निवासी श्री शितल उच्चमावि बिजेश्वरीका शिक्षक ४८ वर्षीय हरिबहादुर शाहले आर्थिक हिनामिना गरेको आरोपमा ०६३ असोज १ गतेदेखि १५ गतेसम्म माओवादीले उनलाई घरमा कडा निगरानीमा राखे।

चौखाबाङ्ग गाविस-५ का ३२ वर्षीय कर्णबहादुर बुढाले मादक पदार्थ सेवन गरेको आरोपमा ०६३ पुस ४ गते उनलाई रूघा गाविस-२ सिम्रुतुका माओवादी जनमिलिसियाहरूले सो स्थानमा मरणासन्न हुनेगरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

एसएलसी परीक्षा दिन सदरमुकाम गएका मान्मा गाविस-८ का १८ वर्षीय दिनेश खनाल र झुला गाविस-७ का १९ वर्षीय मानबहादुर बिष्ट माओवादी भएको आरोपमा ०६२ चैत २४ गते सेनाले उनीहरूलाई सदरमुकामबाट गिरफ्तार गरी मानबहादुरलाई तीन घण्टापछि र दिनेशलाई चार दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। त्यसैगरी सोही दिन एसएलसी परीक्षा दिन चौरजहारी गएका आठबीसकोट गाविसका विद्यार्थी हरिभक्त खड्कालगायतका चारजनालाई तत्कालीन शाही नेपाली सेनाले बिजयश्वरीबाट गिरफ्तार गरी १० दिनपछि आत्मसमर्पण गराएर बिजयश्वरीबाटै रिहा गरे। पीडितहरू परीक्षा सकी घर फर्कने तयारीमा थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले आयोजना गरेका प्रदर्शनहरूलाई प्रभावित गर्न स्थानीय प्रशासनले ०६२ मंसिर १६ गतेदेखि ०६३ वैशाख ११ गतेसम्म खलंगा बजारलाई निषेधित क्षेत्र घोषणा गऱ्यो।

नेकाँ (प्रजातान्त्रिक) रूकुमका सचिव ३८ वर्षीय कृष्णबहादुर रोकाय र नेकाँ रूकुमका सदस्य ३३ वर्षीय नन्द बिष्टलाई ०६२ माघ १९ गते बिहान उनकै कोठाबाट प्रहरीले गिरफ्तार गरी साँझ इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

एमाले रूकुमका सचिवालय सदस्य ठगेन्द्रप्रकाश पुरी, नेकाँ रूकुमका सदस्यद्वय मानबहादुर नेपाली, नन्द बिष्ट र नेकाँ (प्रजातान्त्रिक) का सचिव कृष्णबहादुर रोकायलाई

०६२ चैत २३ गते बिहान प्रहरीले खलंगाबाट गिरफ्तार गरी छ दिनपछि इन्सेकलगायत स्थानीय संघसंस्थाका प्रतिनिधिहरूको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जनमोर्चा रूकुमका नेता ३३ वर्षीय रामप्रकाश पुरीलाई ०६२ चैत २६ गते बिहान खलंगा गाविस-१ बाट प्रहरीले बिना पूर्जी गिरफ्तार गरी तीन दिनपछि इन्सेक प्रतिनिधिलगायतको रोहबरमा रिहा गरे। सोही दिन दिउँसो आन्दोलनरत दलहरूद्वारा निषेधाज्ञा तोड्ने क्रममा नेकाँका जिल्ला समिति सदस्यहरू पञ्चबहादुर बुढा, वीरबहादुर ओली, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला समिति सदस्यहरू लालबहादुर महत, डम्बर गौतम र टेकबहादुर बस्नेत, जनमोर्चाका जिल्ला सल्लाहाकार सत्यनारायण श्रेष्ठ, शिक्षक युनियन, रूकुमका अध्यक्ष हरिप्रसाद खनाल, युनियनकै कोषाध्यक्ष रमेशकुमार शर्मा, शिक्षक संगठनका नन्दराम देवकोटा, अनेरास्वयिुका जिल्ला कमिटी सदस्य डम्बर बिष्ट, टिका बिष्ट र रमेश पुन, एमाले कार्यकर्ता कमल पुन, नेपाल बार एशोसियसन रूकुमका अध्यक्ष नवराज गौतम र जन्तिधारा साप्ताहिकका सम्वाददाता थलवीर कशेरालाई प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

एमालेका जिल्ला उपसचिव ५१ वर्षीय नन्दलाल शर्मा, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला समिति सदस्य ३५ वर्षीय टेकबहादुर बस्नेत, नेकाँ जिल्ला समिति सदस्यद्वय ५२ वर्षीय पञ्चबहादुर बुढा र ४८ वर्षीय गङ्गसिंह बुढा आन्दोलनरत दलहरूले ०६२ चैत ३१ गते खलंगा बजारमा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट घाइते भए। पीडितहरूको उपचार नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, रूकुमले गरेको थियो।

आन्दोलनरत दलहरूले ०६३ वैशाख ६ गते खलंगामा आयोजना गरेको शान्तिपूर्ण सिट्टी जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा नेकाँका कार्यकर्ता श्रीधन बुढा, शिक्षक युनियन रूकुमका सदस्य लालबहादुर केसी, एमाले कार्यकर्ता वीरबहादुर खड्का, धनबहादुर खड्का, महेश केसी, पूर्व स्वयिु सभापति परमेश्वर भण्डारी, वन उपभोक्ता महासंघका दलबहादुर रेउले, नेविसंघका कृष्ण नेपाली, नेकाँ (प्रजातान्त्रिक) का लालबहादुर महत, प्रेस चौतारी, रूकुमका अध्यक्ष सुरजकुमार परियार, एमालेका मस्तबहादुर समाल र जन्तिधार साप्ताहिकका सम्वाददाता धनवीर दाहाल घाइते भए। इन्स्पेक्टर लडेर हात काटिएपछि प्रदर्शनकारीले उनलाई छुरी हानेको भनेर प्रहरीले चर्को दमन गरेको थियो।

राजदुत नियुक्तिको विरोधमा माओवादी जिल्ला कमिटी, रूकुमले ०६३ पुस ५ गते खलंगामा गरेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गर्दा भएको दुई पक्षबीच झडपमा माओवादी १५ नम्बर एरिया इन्चार्ज रोशन भनिने चिन्ताराम ओली, सोही एरिया कमिटी सदस्य केदार भनिने लालबहादुर विक, विद्यार्थी कार्यकर्ता सुमन बोहरा, ओपेन्द्र ओली र दलित मुक्ति मोर्चा, रूकुमका सदस्य फलबहादुर विक सामान्य घाइते भए। उक्त जुलुसले खलंगास्थित श्री त्रिभुवन जनता उच्चमाविको नाम जनता उच्चमावि बनायो। सोही क्रममा विद्यालय जाने बाटो, जिल्ला प्रशासनबाट जिल्ला प्रहरी कार्यालय हुँदै पीपलनेटा झर्ने बाटो र जिल्ला प्रहरी कार्यालयबाट खलंगा बजार आउने बाटोमा पर्ने तीनवटा साँघुरो ढोकाहरू र दुईओटा फलामको ठूला ढोकाहरू फालेका थिए। जिल्ला प्रहरी कार्यालय अगाडि ढोका भत्काउँदा प्रहरी र माओवादीबीच झडप भएको थियो। सोही जुलुसले जिल्ला प्रशासन कार्यालयबाट जिल्ला प्रहरी कार्यालय हुँदै बराहटाकुरा जाने बन्द बाटो सर्वसाधारणको लागि खुल्ला गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रूकुम जिल्ला अदालतमा पाँच वर्षसम्म फर्स्यौट नभएका देवानी तीनथान, तीन वर्षसम्म फर्स्यौट नभएका देवानी एक थान, दुई वर्षसम्म फर्स्यौट नभएका दुनियावादी फौजदारी एकथान, एक वर्षसम्म फर्स्यौट नभएका सरकारवादी फौजदारी दुईथान, दुनियावादी फौजदारी दुई र देवानी आठथान रहेका छन्। यो वर्ष देवानी २१, सरकारवादी फौजदारी चार र दुनियावादी फौजदारी आठ गरी ३३ थान मुद्दा दर्ता भयो भने चार देवानी र चार फौजदारी गरी जम्मा आठथान मात्र मुद्दाहरू फैसला भए। अब बाँकी जम्मा ४३ थान मुद्दाहरू रहेका छन्। दुई वर्ष भन्दा पुराना मुद्दाहरू फर्स्यौट नहुनुको कारण म्याद तामेल गर्न नसकेर बाँकी रहेको श्रेस्तेदार हरिहर केसीले बताए। यो वर्ष जिल्ला प्रहरी कार्यालयमा एउटा मात्र कर्तव्यज्यानको मुद्दा दायर भयो।

बालअधिकार

रूकुम जिल्ला विकास समितिको तेह्रौ जिल्ला



सात दलद्वारा आयोजना गरिएको विरोध कार्यक्रममाथि प्रहरीद्वारा लाठीचार्ज गरिँदै

परिषद्को उद्घाटन गर्न तत्कालीन गृह र स्थानीय विकास मन्त्रीहरू आउने बेला सो परिषद् उद्घाटनमा जनसहभागिता बढी देखाउन जिल्ला विकास समितिका मनोनित सभापति लोकेन्द्रबहादुर शाहको आदेशमा ०६२ फागुन २२ गते खलंगाका १० भन्दा बढी विद्यालयका ५०० विद्यार्थीहरूलाई दिनभर दिशापिसाबसमेत गर्न नदिएर प्रयोग गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

राज्यबाट

दाङ र डोल्पा जिल्लाबाट सरूवा भई जिल्ला प्राविधिक कार्यालय रूकुममा हाजिर हुन गएका खानेपानी तथा सरसफाई प्राविधिकहरू दाङका फर्साराम बस्नेत र सुर्खेतका गणबहादुर बुढाक्षेत्रीलाई जिल्ला विकास समिति, रूकुमका मनोनित सभापति लोकेन्द्रबहादुर शाहले सम्बन्धित कार्यालयमा हाजिर हुन नदिई ०६२ फागुन २८ गते फिर्ता पठाए। पीडितहरू मन्त्रालय पुगेर पुनः रूकुममै हाजिर भएर कार्य थाले।

माओवादीबाट

शोभा गाविस-२ निवासी जिल्ला शिक्षा कार्यालयका श्रोतकेन्द्रका श्रोतव्यक्ति ३५ वर्षीय केशव हमालले एक चौमासिक तलब माओवादीलाई उपलब्ध नगराएसम्म ०६२ माघ ३० गतेदेखि त्यो क्षेत्रमा उनलाई काम गर्न नदिने माओवादीले घोषणा गरे।

जिल्ला शिक्षा कार्यालय, रूकुमबाट नियुक्ति लिएर चुनबाङ्ग गाविसस्थित श्री नेपाल राष्ट्रिय माविमा हाजिर हुन गएका शिक्षकहरू राजदेव यादव र कालिबहादुर बाँठालाई ०६३ मंसिर ४ गते माओवादीले हाजिर हुन दिएनन्। पीडितहरू ०६३ पुस १६ गतेसम्म हाजिर हुन सकेनन्।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति

खलंगा गाविस-२ सल्लेमा रहेको जिल्ला सिंचाई कार्यालय, रूकुमको भवनमा ०६३ वैशाख ६ गते माओवादीले तोडफोड गर्नुका साथै कागजातहरू जलाए।

विगतको अनुगमन

साँख गाविस-९ का अनेरास्वविु (क्रान्तिकारी) का कार्यकर्ता १५ वर्षीय कमल रावल र नुवाकोट गाविस-१ का माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ३८ वर्षीय भरत पुनलाई ०६२ जेठ ७ गते, खलंगा गाविस-१ का २१ वर्षीय गेदलाल नेपालीलाई ०६२ जेठ २२ गते र साँख गाविस-१ का २२ वर्षीय नरसिंह घर्तीलाई ०६२ मंसिर २० गते रूकुम जिल्लाबाट दाङ जिल्लाको तुलसीपुर कारागार चलान गरेकोमा उनीहरू यो वर्ष दाङबाटै रिहा भए।

खलंगा गाविस-१ स्थित माओवादीद्वारा घोषित पूर्व जिल्ला जनसरकार उपप्रमुख नरेन्द्र बुढाको घर ०६१ फागुन २१ गतेदेखि स्थानीय प्रशासनले तालाबन्दी गरेकोमा ०६२ फागुन २५ गते विभिन्न संघसंस्थाको दबाबमा ताल्चा खोलियो।

बेपत्ता/अपहरण

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक महिला र २२ पुरुष गरी २३ जना रहेका छन्। त्यसरी बेपत्ता पारिएकाहरूमा रूघा गाविस-४ बेदखोलाका नन्दराम बोहरा, विजयश्वरी गाविस-३ घारीगाउँका छविलाल नेपाली, सोही गाविस-८ निवासी गोविन्द केसी, कोटजहारी गाविस-२ निवासी कमल थापा, शेरबहादुर डाँगी, विजयश्वरी गाविस-१ निवासी शान्तबहादुर पुन, कोटजहाडी गाविस निवासी पूर्णप्रसाद शर्मा, खोलागाउँ गाविस निवासी यज्ञबहादुर हमाल, स्याँलापाखा गाविस-८ निवासी चन्द्रकला पुन (सरिता), सोही गाविस-१ निवासी नन्दराम परियार, खलंगा गाविस-६ निवासी भुग्ले दमाई, झुला गाविस-२ पुरानोगाउँका परविक विक, बाँफिकोट गाविस-३ निवासी जितबहादुर बुढा, चनुवाङ्ग गाविस-६ निवासी देविलाल घर्ती, हर्कबहादुर बुढा, सोही गाविस-३ निवासी भैरम छिनाङ्ग, सोही गाविस-४ निवासी कृतबहादुर ओली, आठबीस डाँडागाउँ गाविस-९ निवासी भरत घर्तीमगर, नुवाकोट गाविस-१ निवासी गंगाराम पुन, आठबीस डाँडागाउँ गाविस निवासी नेत्रबहादुर गिरी, खलंगा गाविस-८ निवासी नरवीर विक र खोलागाउँ गाविस-४ निवासी कृष्णबहादुर शाह रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता माओवादीबाट यस वर्षको अन्त्यसम्म विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका छजना पुरुषहरूको अवस्था हालसम्म अज्ञात रहेको छ। त्यसरी अपहरणपछि घर नफर्केकाहरूमा रन्मामैकोट गाविस-१ निवासी छकबहादुर बुढा, महत गाविस-१ निवासी कृषु बुढा, सोही गाविस-२ निवासी सुनबहादुर बुढा, चौखावाङ्ग गाविस-५ निवासी शशिराम केसी, पिपल गाविस-९ निवासी दशरथ पौडेल र चन्वाङ्ग गाविस-१ निवासी चुडामणि सुनार रहेका छन्।

४.६ बाँके



जनसंख्या : ४,३४,४३५
साक्षरता प्रतिशत : ५७.३६
महिला साक्षरता प्रतिशत : ४८.३६
क्षेत्रफल (वर्ग कि. मि.) : २३३७
गाविस/नपा संख्या : ४६/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : २७२
क्याम्पस/उच्च मा.वि. : २/१५
अस्पताल/स्वास्थ्य चौकी : ३/४७
टेलिफोन लाइन : ६९८१
मोटर सडक (कि. मि.) : ४८०
प्रहरी कार्यालय संख्या : १६
हुलाक संख्या : ४७
मानव विकास सूचकाङ्क : ०.४७९
प्रति परिवार सरदर संख्या : ६.४६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

माओवादी जिल्ला नेता समर भनिने धनीराम न्यौपानेको ०६२ माघ २ गते सर्चमा गएका सुरक्षाकर्मीले कोहलपुर नजिकै चपरगौडीमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले सो क्षेत्रमा साँझ झण्डै दुई घण्टा सर्च गरेको थियो। सोही क्रममा सुरक्षाकर्मीले ५ सय मिटरसम्म न्यौपानेलाई लखेटी गोली हानी हत्या गरेको स्थानीय बासिन्दाहरूले बताए। तर सुरक्षानिकायले भने न्यौपानेको मृत्यु दोहोरो भिडन्तमा भएको बतायो।

नेपालगञ्ज नपा-४ निवासी जेसी बाल संसारका प्रिन्सिपल ५० वर्षीय सहदीप शर्माको ०६२ चैत २ गते दिउँसो सादा पोसाकमा रहेका सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी मृत्यु भयो भने सोही स्थानका होटल व्यवसायी हिराबहादुर बुढामगर हातमा गोली लागी घाइते भए। होली पर्व मनाइरहेका युवाहरू र सादा पोसाकमा रहेका तीनजना सुरक्षाकर्मीबीच विवाद भएपछि सुरक्षाकर्मीले हवाई फयरिङ गर्दा घरको छतमा फूल टिपिरहेका शर्मा गोली लागी छतबाट तल खसेपछि उपचारको लागि अस्पताल लैजाँदालैजाँदै उनको बाटोमै मृत्यु भएको थियो। अर्का घाइतेको उपचार भेरी अञ्चल अस्पतालमा भयो। घटनामा संलग्न पीडकहरू असई रमेश रोका क्षेत्री, प्रहरी हवल्दार खडग बुढा र प्रहरी जवान सुनिल सिग्देललाई प्रहरी हिरासतमा राखिएकोमा असई क्षेत्री र हवल्दार बुढालाई अदालतको आदेशमा एक हप्तापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो भने प्रहरी जवान सिग्देललाई नेपालगञ्ज कारागार चलान गरियो।

महेन्द्र बहुमुखी क्याम्पस प्राध्यापक संघका अध्यक्ष ४८ वर्षीय हरिराज अधिकारीको ०६२ चैत २६ गते सात दलले घोषणा गरेको जनआन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै पेसागत संस्थाको सञ्जाल पापड तथा प्राध्यापक संघको आयोजनामा निस्केको ऐक्यबद्धता ञ्यालीमा सहभागी हुँदा बिरामी भई उपचार गर्दागर्दै अस्पतालमा मृत्यु भयो। ऐक्यबद्धता ञ्याली नेपालगञ्ज नगर परिक्रमापश्चात् नेपालगञ्ज नपा-१६ स्थित विपीचोकमा पुगी सभामा परिणत भएको सभामा 'शाही सत्ताको अन्त्य' तथा लोकतन्त्रको स्थापनाको लागि आफ्नो धारणा व्यक्त गर्दागर्दै अधिकारीको मुटु दुख्न सुरु भएको थियो। नेपालगञ्ज मेडिकल कलेजमा उपचारकोलागि भर्ना गरेको झण्डै डेढ घण्टापछि उनको मृत्यु भएको थियो।

सात दलको आयोजनामा सक्रिय राजतन्त्रविरुद्ध भएको प्रदर्शनलाई ०६३ वैशाख ५ गते नेपालगञ्जस्थित ज्ञानेन्द्रचोकमा प्रहरीले हस्तक्षेप गर्दा प्रहार गरेको अश्रुग्याँस छातीमा लागी घाइते भएकी बागेश्वरी गाविस-३ बाँकेकी सेतु विकको उपचारको लागि भारतको लखनऊ लैजाँदा बाटैमा सोही रात मृत्यु भयो। सो प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी हवाई फायरिङ, लाठी तथा अश्रुग्याँस प्रहार गर्दा करिब ५७ जना प्रदर्शनकारी घाइते भएका थिए। घाइतेहरूमध्ये केहीको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो भने केहीको नेपालगञ्ज मेडिकल कलेजमा भयो।

भवानियापुर गाविस-८ का कमल गिरीको ०६३ पुस ११ गते सुरक्षाकर्मीले त्रिभुवनचोकस्थित टाँगा स्टेशनमा चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो। सो घटनामा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी नेपालगञ्ज नपा-३ त्रिवेणीमोडका २२ वर्षीय सुधीर लखेर र नेपालगञ्ज नपा-१५ की १४ वर्षीया मानसी लखेरलगायत १० जना घाइते भएका थिए। घाइतेहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल

अस्पताल र नेपालगञ्ज मेडिकल कलेजमा भयो। घाइतेमध्ये सुधीरको थप उपचार इन्सेकको सहयोगमा काठमाडौंमा भएको थियो।

माओवादीबाट

विमान सुरक्षा बेस, राँझा विमानस्थलमा कार्यरत उदयपुर जिल्ला, इमाने गाविस-१ निवासी सशस्त्र प्रहरी सहायक हवल्दार कृष्ण श्रेष्ठ, बाँके जिल्ला पुरैनी गाविस-२ नहरपुरवाका सशस्त्र प्रहरी सहायक हवल्दार अजय सहनी र प्युठान जिल्ला खैरा गाविस-२ सराङ्गकोटका प्रहरी जवान खेमबहादुर सुनारको ०६२ पुस २१ गते दिउँसो रत्न मनिकापुर गाविस-८ स्थित विमानस्थल जाने राँझाचोकबाट आफ्नो काम सकी बेसक्याम्पतर्फ फर्कदै गर्दा माओवादीले पछाडिबाट एक्कासी गोली हानी हत्या गरे। सशस्त्र प्रहरी जवानहरू दानबहादुर बिष्ट र श्यामबहादुर बिष्ट गोली लागी गम्भीर घाइते भए। माओवादीको आक्रमणपछि विमानस्थल सुरक्षा बेस, राँझा विमानस्थलबाट गएका थप सुरक्षाकर्मी र माओवादीबीच करिब एक घण्टासम्म दोहोरो भिडन्तसमेत भएको थियो। सो भिडन्तमा परी सर्वसाधरणहरू आदर्श मावि, राँझामा कक्षा ८ मा अध्यनरत १६ वर्षीय अजयकुमार गुप्ता, राँझा निवासी अन्दाजी ३५ वर्षीय जमुना गुप्ता, बर्दिया जिल्ला बेलुवा गाविस-६ निवासी ३५ वर्षीय भोदु थारु र ५० वर्षीय चन्द्रमोहन गुभाजू गोली लागी घाइते भए। घाइतेहरूको भेरी अञ्चल अस्पतालमा उपचार भयो। घाइते प्रहरी जवानहरू दानबहादुर र श्यामबहादुरलाई भेरी अञ्चल अस्पतालमा सामान्य उपचारपछि थप उपचारको लागि काठमाडौं लगियो।

सल्यान जिल्ला काभ्रेचौर गाविस-४ का ३५ वर्षीय टोपबहादुर राजकोटीको ०६२ फागुन १ गते कोहलपुरमा माओवादीले गोली हानी हत्या गरे। मोटरसाइकलमा रहेका दुई माओवादी कार्यकताले कोहलपुर गाविसको भवनतर्फ हिँडिरहेका पीडितलाई कन्चटमा दुई राउण्ड गोली हानेका थिए। घटनापश्चात् माओवादीले गल्ती भएको भन्दै पीडितका परिवारलाई क्षतिपूर्ति स्वरूप घर निर्माण गरिदिएका छन् भने केही आर्थिक सहयोग पनि गरेका छन्।

कालाफाँटा गाविस महिटिनिया गाउँका ४० वर्षीय बड्डे खाँको ०६३ साउन २८ गते बिहान माओवादीले घरमै गोली हानी हत्या गरे। बड्डे खाँलगायतका व्यक्तिहरूले ०६२ असार मसान्तमा पाँचजना माओवादी कार्यकर्ताहरूलाई विभत्स तरिकाले हत्या गरेको घटनाको छानबिन गर्ने भन्दै सो दिन सोही गाविस पुगेका ३५ जनाको संख्यामा रहेका माओवादीका जनमुक्ति सेनाले खाँलाई घरमै गोली हानी हत्या गरेका थिए। माओवादीले भने खाँको मृत्यु माओवादी जनमुक्ति सेना र डाँकाको बीचमा भएको दोहोरो झडपमा भएको जनायो।

दोहोरो भिडन्त

माओवादीको सशस्त्र समूहले ०६२ माघ ७ गते साँझ नेपालगञ्जस्थित विपीचोकमा खटिएका प्रहरी र नेपाल भारत सिमानास्थित जमुनाहा प्रहरीचौकीमा एकै समयमा आक्रमण गरे। ती दुवै घटनामा परी पाँचजना प्रहरी र एकजना माओवादीको मृत्यु भयो र एकजना सर्वसाधरणसहित छजना घाइते भए। साँझ १५–१६ जनाको सङ्ख्यामा रहेका सशस्त्र माओवादीले विपीको सालिकमा सेन्ट्री बनाई सुरक्षार्थ खटिएका प्रहरीहरूमाथि एक्कासी आक्रमण गरेका थिए। सो आक्रमणमा प्रहरी जवानहरू सतमान पुन, कृष्ण चन्द्र र विनोदबहादुरको घटनास्थलमै मृत्यु भएको थियो। सो घटनामा परी एक माओवादी कमाण्डरको मृत्यु भयो भने सर्वसाधरणतर्फ भक्तपुर जिल्ला बागेश्वरी गाविस-२ निवासी एम.आर. धर्मराज केसी र सुरक्षाकर्मीतर्फ असई विष्णु

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६	४		१०	५	१३			१३	६	८	२		१०
घाइते	३	४			४	८	३५	२		३७	३	५	२		७
गिरफ्तारी/यातना											३३	४९	२	३८	८९
कुटपिट	२	२			२	१०	१५	२		१७	१०	३३			३३
धम्की	१	१			१	६	५	१		६	३	६			६
भेला/संगठित हुने अधिकार											९	३२	१	८५	११८
जातीय विभेद	१		१		१										
बालअधिकार	४		३	१	४										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						६	४		२	६	१	१			१
अपहरण	४	४			४	३९	५८	१२		७०					
जम्मा	३१	१७	८	१	३६	७४	१३०	१७	२	१३९	५४	१३३	७	१३३	३५३

चौधरी, हवल्दार पोष्टबहादुर थापा, जवान सन्तकुमार चौधरी र ज्ञानबहादुर डाँगी घाइते भएका थिए। घाइते सर्वसाधरणको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भएको थियो भने घाइते प्रहरीहरूको भेरी अञ्चल अस्पतालमा सामान्य उपचारपश्चात् काठमाडौंमा उपचार भएको थियो।

यसैगरी सोही साँझ माओवादीको सशस्त्र समूहले भारत-नेपाल सिमानामा अवस्थित जमुनाहा प्रहरी चौकीमा आक्रमण गर्दा प्रहरी हवल्दारहरू इन्द्रबहादुर थापा र देवीलाल केसीको घटनास्थलमै मृत्यु भयो भने असई शिवदत्त पन्थ तथा प्रहरी जवानहरू टोपबहादुर रोकाय र सन्तबहादुर पुन घाइते भए। झण्डै ४० जनाको सख्यामा रहेका सशस्त्र माओवादीले सो चौकीको चारैतिरबाट आक्रमण गरेका थिए। सो क्रममा माओवादीले चौकीभित्र प्रवेश गरी दुईटा प्रेसर कुकर बम विस्फोट गराई भवन पूर्णरूपमा ध्वस्त पारे। सो क्षेत्रमा झण्डै आधा घण्टासम्म दोहोरो भिडन्त भएको थियो।



सुरक्षाकर्मीद्वारा मारिएकी सेतु विक

नेपालगञ्जस्थित वडा प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला कारागार शाखा, नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय र फुल्टेक्रा सैनिक ब्यारेकमा ०६२ माघ ११ गते राति सयौंको संख्यामा रहेका माओवादीले गरेको आक्रमणपछि भएको दोहोरो भिडन्तमा दुईजना सुरक्षाकर्मी, एकजना सर्वसाधारण र दुईजना माओवादी सेना गरी पाँचजनाको घटनास्थलमै मृत्यु भयो। मृत्यु हुनेहरूमा असई हर्कबहादुर कार्की, प्रहरी जवान कडेल चौधरी, भारत बहराइच घर भएका सर्वसाधारण सिकन्दर अली बागवान र माओवादी जनमुक्ति सेना सदस्य रोशन र विजय रहेका थिए। सोही घटनामा प्रहरी हवल्दार विष्णु थापा, प्रहरी जवानहरू मधुसुदन खड्का, मकर राना र खडकबहादुर खड्का घाइते भए। घाइते प्रहरीहरूको उपचार नेपालगञ्जस्थित वीरेन्द्र प्रहरी अस्पतालमा भयो। सो घटनामा सुरक्षास्रोतले माओवादीतर्फ ठूलो क्षति भएको दाबी गरे पनि माओवादीले भने उनीहरूतर्फ दुईजनाको मृत्यु भएको बताए।

धम्बोझीस्थित खजुरारोडमा रहेको जिल्ला प्रहरी कार्यालयमा ०६२ माघ १७ गते बेलुका माओवादीले आक्रमण गरेपछि प्रहरी र माओवादीबीच करिब आधा घण्टासम्म भएको दोहोरो भिडन्तमा परी खजुरारोडका २२ वर्षीय ममता कुर्मीको छातीमा गोली लागी मृत्यु भयो भने सोही ठाउँकी ३० वर्षीय भीमादेवी सुनार घाइते भइन्। घाइतेको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भएको थियो।



जनआन्दोलन–२ का क्रममा मृत्यु भएका हरिराज अधिकारी

मनिकापुर गाविसको राँझाचोकमा ०६२ फागुन १३ गते बिहान माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा परी कैलाली जिल्ला, जानकीनगर गाविस-७ का कर्णबहादुर तारामी मगरको मृत्यु भयो। पीडित नेपालगञ्जस्थित क्षेत्रीय प्रहरी तालिम केन्द्रमा काजमा रहेका जुम्लामा कार्यरत प्रहरी थिए। नेपालगञ्जबाट जुम्ला जाने क्रममा राँझास्थित विमानस्थलतर्फ जाँदै गर्दा उनी दोहोरो भिडन्तमा परेका थिए।

कोहलपुर गाविसको भरैयामा ०६२ चैत २९ गते बिहान करिब डेढ घण्टासम्म माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा एक माओवादी जनसेना सहायक कमाण्डर शिशिर भनिने सन्तोष रानामगरको घटनास्थलमै मृत्यु भयो भने युनिफाईड कमाण्डका प्रहरी जवान घनश्याम तिवारी घाइते भए। घाइतेको उपचार कोहलपुर शिक्षण अस्पतालमा भयो।

अन्यबाट

नेपालगञ्ज नपा निवासी दीप ज्वेलर्स पसल धनी ५५ वर्षीय जगदीश हेमकार, उनकी आमा ८५ वर्षीय गुलाब हेमकार, पत्नी ४५ वर्षीय सीता हेमकार, छोरा २८ वर्षीय दीपक हेमकार र कामदार २२ वर्षीय हरिशचन्द्र चौधरीलाई ०६२ फागुन २३ गते अज्ञात समूहले घरमै गई हत्या गरे। मृतकहरू सबैको घाँटी रेटेर हत्या गरिएको थियो। जिल्ला प्रहरी कार्यालय, बाँकेका अनुसार हेमकार परिवारको हत्यारा हालसम्म पत्ता लाग्न नसकेको, अनुसन्धान जारी नै रहेको साथै सो घटनामा कुनै लुटपाट नभएको कारण घटनाको उद्देश्य हत्या गर्नुमात्र रहेको देखिएको जनायो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

नौबस्ता प्रहरी तालिम केन्द्र परिसरमा सुरक्षाको लागि बिछ्याइएको ल्याण्डमाइन ०६२ चैत १ गते बिहान विस्फोट हुँदा तालिम केन्द्रका प्रहरी जवानहरू २६ वर्षीय गगन शाही, २० वर्षीय भीमबहादुर मण्डल, ३० वर्षीय गगनसिंह रसाइली र १८



सुरक्षाकर्मीद्वारा मारिएका माओवादी जिल्ला नेता समर भनिने धनीराम न्यौपाने

वर्षीय जग्गुलाल चौधरी घाइते भए। घाइतेहरू सबैको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

माओवादीबाट

पूर्व-पश्चिम महेन्द्र राजमार्गस्थित बनकटवाको मैटहवामा माओवादीले राखेको विस्फोटक पदार्थ ०६२ माघ ११ गते विस्फोटन हुँदा एभरेष्ट हेल्थ होम सर्भिसद्वारा सञ्चालित बा ४ च ७७९ नम्बरको एम्बुलेन्स क्षतिग्रस्त भयो भने एम्बुलेन्समा सवार दुई स्वास्थ्यकर्मी हेमराज वर्मा र खेम अधिकारी घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा गरियो।

नेपालगञ्ज नपा-१६ स्थित बाँके यातायात व्यवस्था विभागमा ०६२ फागुन २६ गते राति माओवादीले बम विस्फोट गराउँदा सो कार्यालयका पियन नेपालगञ्ज नपा-८ का ३४ वर्षीय शंकरबहादुर पुन घाइते भए। उनको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

बागेश्वरी गाविस-२ पेडारीमा माओवादीले राखेको विस्फोटक पदार्थ ०६२ चैत ७ गते दिउँसो विस्फोट हुँदा सोही गाविस-४ का रणबहादुर सुनार घाइते भए। घाइते सुनारको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

गनापुर गाविसको पिप्रहवाचोकमा माओवादीले राखेको बम विस्फोट हुँदा ०६२ चैत १० गते दिउँसो भे.१ ख.७९८ नम्बरको यात्रुबाहक बसका सह-चालक बर्दिया हापुर गाविस-१ का १७ वर्षीय बिष्णु चौधरी र सर्वसाधारण जुम्लाकी २६ वर्षीया दीलमाया पौडेल घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज शिक्षण अस्पताल कोहलपुरमा भयो।

नेपालगञ्जस्थित पारसचोकमा माओवादीले ०६२ चैत २३ गते दिउँसो बम विस्फोट गराउँदा सल्यान घर भई हाल कारकाँदोमा पसल गरी बसेका ५० वर्षीय गणेश बिष्ट घाइते भए। पीडितको हात, खुट्टा र गालामा चोट लागेको थियो। उनको उपचार भेरी अञ्चल अस्पतालमा भयो।

बेवारिसे बमबाट

चिसापानी गाविस जङ्गलमा ०६३ भदौ १३ गते दिउँसो बेवारिसे बम विस्फोट हुँदा चिसापानी गाविस-५ करेलीका २६ वर्षीय चन्द्रबहादुर सुनार र सोही गाविस निवासी चिसापानी माविमा कक्षा ७ मा अध्ययनरत १५ वर्षीय दुर्गाबहादुर सुनार घाइते भए। घाइते दुवैजना घरदेखि करिब दुई घण्टा पैदल दुरीमा रहेको जङ्गलमा गाई चराउन जाँदा चन्द्रबहादुरले भुईंमा सुतलीको डल्लोजस्तो देखी हातले चलाउँदा विस्फोट भई घाइते भएका थिए। विस्फोटबाट चन्द्रबहादुरको दाहिने आँखा नदेखिने भएको छ भने दाहिने हातको हत्केला गुमेको छ। पीडितहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भएको थियो।

जेल र बन्दी

'ख' श्रेणीको नेपालगञ्ज कारागार शाखाको बन्दी क्षमता २ सय जनाको छ। यस जेलमा हाल २ सय २४ बन्दीहरू रहेका छन् जसमध्ये १ सय २५ पुरुष र १५ महिला गरी १ सय ४० कैद तोकिएका तथा ७१ पुरुष र आठ महिला गरी ७९ जना कैद नतोकिएका छन्। यस कारागारमा पाँचजना नाबालक अभिभावकहरूसँग छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्रीको सुविधा रहेको बन्दीहरूले बताए। यस वर्ष कारागारमा एकजनाको मृत्यु भयो। ज्यान मुद्दामा अदालतबाट ०६० असोज २३ गते फैसाला भई कारगार चलान गरिएका बनकटुवा गाविसका ४५ वर्षीय भीमबहादुर पुनको मृत्यु भएको थियो। रोगको कारण उनको मृत्यु भएको कारागार शाखाले जनायो।

बेपत्ता / अपहरण

माओवादीबाट

गंगापुर गाविसका ओमकार पासी, सप्तु पासी, शाखिर साई, जुम्मन साई, गुठे साई, दिनेश साहु, छमानी राठ र विकउ दर्जीले चोरी गरेको आरोपमा ०६२ माघ २२ गते माओवादीले उनीहरूलाई सोही गाविसबाट अपहरण गरी भोलिपल्ट गंगापुर गाविसबाट मुक्त गरे।

सीतापुर गाविस-४ का १९ वर्षीय पदमलाल सार्कीलाई ०६२ माघ २९ गते बिहान केही सोधपुछ गर्नुछ भन्दै माओवादीले सीतापुर गाविसबाटै अपहरण गरे। माओवादीको कब्जामा रहेका अपहरित सार्की फागुन २ गते सीतापुर गाविसबाट भागे। पीडितलाई माओवादीले सुराकी गरेको आरोपमा ०६२ माघ २५ गते अपहरण गरेकोमा माघ २६ गते भागेर आएपछि पुन: माघ २९ गते अपहरण गरेका थिए। पीडित हाल घरमै रहेका छन्।

मनिकापुर गाविस-२ का १४ वर्षीय माहागु भुजवा

रिक्सा चलाउन उदयपुर गाविस गएको समयमा ०६२ फागुन ४ गते माओवादीले उनीसँग 'केही कुरा गर्नुछ' भन्दै अपहरण गरे। पीडित ०६२ फागुन ७ गते उदयपुर गाविसबाटै मुक्त भए।

टिटहरिया गाविस निवासी जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी जवान दामोदर खवासलाई ०६२ फागुन ६ गते दिउँसो माओवादीले सोही गाविसबाट अपहरण गरी सोही दिन बेलुका सामान्य सोधपुछपश्चात् सोही स्थानबाट मुक्त गरे।

नौबस्ता गाविस-९ का २५ वर्षीय राज बुढा क्षेत्रीले चोरी गरेको आरोपमा ०६२ फागुन ९ गते बिहान माओवादीले उनलाई नौबस्ताबाट अपहरण गरी सोही दिन दिउँसो सामान्य सोधपुछपश्चात् सोही ठाउँबाट मुक्त गरे।

कैलाली जिल्ला टीकापुर नपा-५ की १६ वर्षीया ज्योति शाही, नेपालगञ्ज नपा-७ का भरत शाही र नारायण शाहीलाई ०६२ चैत १४ गते माओवादीले उढरापुर गाविस-२ बाट अपहरण गरेकोमा उनीहरूलाई चैत १७ गते बर्दिया जिल्लाको बासगढीबाट मुक्त गरे। पीडितहरूलाई आपसी झगडाको कारण अपहरण गरिएको माओवादीले जनाए।

जनमोर्चाका कार्यकर्ताहरू कधेलाल कुर्मी, विक्रम कुर्मी र नन्दराम खरेललाई ०६२ चैत २० गते दिउँसो माओवादीले होलिया गाविस समतलीयाबाट अपहरण गरे । माओवादीले ती सबैलाई राप्तीपारी भएको माओवादीको कार्यक्रममा सहभागी गराई कार्यक्रमपश्चात् सोही दिन मुक्त गरे।

फत्तेपुर गाविस-९ का ४० वर्षीय रामलाल चौधरी र उनकी कान्छी पत्नी सुनीता चौधरीलाई बहुविवाहको आरोपमा ०६२ चैत २१ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरित दुबैलाई माओवादीले छ महिनासम्म श्रम गराई राख्ने फैसला गरेकोमा उनीहरू अपहरण गरेको भोलिपल्ट फत्तेपुर गाविसबाट भागेर नेपालगञ्ज गएका थिए। उनीहरू कब्जाबाट भागेपछि माओवादीले ०६३ वैशाख ६ गते पीडितको घरमा गई भे.१ प. ७३६४ नम्बरको मोटरसाइकल कब्जामा लिए। उक्त मोटरसाइकल ०६२ असार १४ गते फत्तेपुरबाट फिर्ता गरियो। हाल अपहरित दुबै फत्तेपुरस्थित घरमै रहेका छन्।

कम्दी गाविस-८ की ३० वर्षीया डम्मरी बेहना र उनका भाई २० वर्षीय बकरीदी बेहनाले चोरी गरेको आरोपमा ०६३ वैशाख ७ गते माओवादीले उनीहरूलाई सोही गाविसबाट अपहरण गरी एक हप्तापछि कम्दी गाविसबाट मुक्त गरे।

पिपरहवा गविस-९ सुँइयाका २५ वर्षीय बढ्कौ कबडियालाई ०६३ जेठ ७ गते बिहान माओवादीका एरिया सदस्य पप्पु, पूर्णकालीन सदस्य अयुब र कयुबले घरमा सुतिरहेको अवस्थाबाट अपहरण गरी सोही गाविसस्थित जङ्गलमा लगी १० हजार रूपैया माग गर्दै पैसा नदिएपछि कुटपिट गरी सोही दिन मुक्त गरे।

पुरैना गाविस-७ का ५५ वर्षीय रफिक खानलाई सामान्य सोधपुछ गर्नुछ भन्दै ०६३ जेठ ८ गते बेलुका माओवादीले फुल्टेक्राबाट अपहरण गरी भोलिपल्ट बिहानै फुल्टेक्राबाटै मुक्त गरे।

मटहिया गाविस-५ का ७० वर्षीय आँधी मुकेरी, ४५ वर्षीय सत्तार बेहना, ७० वर्षीय रामखेलावन यादव र १६ वर्षीय फरिद मुकेरीलाई ०६३ जेठ १३ गते राति स्थानीय माओवादीले मटहिया गाविस-५ बाट अपहरण गरे। स्थानीय माओवादी कार्याकर्ताले अपहरित सबैलाई आपसी रिसइबीको कारण अपहरण गरेका थिए। इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जका प्रतिनिधिको रोहबरमा उनीहरूलाई जेठ १७ गते मटहियाबाट मुक्त भए।

भवानियापुर गाविस-८ का ३० वर्षीय मनोज खटिकले चोरी गरेको आरोपमा ०६३ जेठ १३ गते माओवादीले उनलाई अपहरण गरी भोलिपल्ट बिहान बेतहनी गाविसबाट मुक्त गरे।

महादेवपुर गाविस-२ का २५ वर्षीय कर्णबहादुर विकले सोही गाविसकी ६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ०६३ जेठ २६ गते स्थानीय माओवादी दशरथ पराजुलीले विकको घरबाटै अपहरण गरे। बलात्कारी विक हाल पनि बाँके जिल्लास्थित माओवादी नियन्त्रणमै रहेका छन्। विकले ०६३ वैशाख २६ गते राति बालिका उनको घरमा टिभी हेर्न गएको बेला बलात्कार गरेका थिए।

भारत घर भई हाल नेपालगञ्जमा मजदुरी गरी बस्ने परशुराम चौहानले चोरी गरेको आरोपमा ०६३ जेठ २७ गते माओवादीले उनलाई नेपालगञ्जबाट अपहरण गरी असार १० गते कम्दी गाविसस्थित मिलनचोकबाट मुक्त गरे।

पुरैना गाविसमा स्थायी घर भई हाल नेपालगञ्ज नपा-८ मा किराना पसल गरी बस्ने ३४ वर्षीय अफजल खाँलाई ज्यानमुद्दाको सोधपुछको लागि भन्दै ०६३ असार १०



माओवादीद्वारा मारिएका सल्यान जिल्लाका टोपबहादुर राजकोटी



अज्ञात समूहद्वारा हत्या गरिएका एकै परिवारका जगदीश हेमकार, गुलाब हेमकार, सीता हेमकार, दीपक हेमकार र हरिशचन्द्र अधिकारी

गते बेलुका छजनाको संख्यामा गएका माओवादीले पसलबाट अपहरण गरी बेतहनीस्थित माओवादी पार्टी कार्यालयमा लगेकोमा १० दिनपछि उनी त्यहींबाट फर्किए। पीडित माओवादीका पूर्व कार्यकर्ता हुन्।

खजुराखुर्द गाविस-५ का ३३ वर्षीय भीमबहादुर रानालाई ज्यानमुद्दाको सोधपुछको लागि भन्दै ०६३ असार १२ गते राति माओवादीले उनलाई घरबाटै उनलाई सुतिरहेको बेला अपहरण गरे। माओवादीले असार २४ गते उनलाई जिल्ला प्रहरी कार्यालयमा बुझाएकोमा उनी साउन १७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

नेपालगञ्ज नपा-१६ का २३ वर्षीय मेराज मनिहारले पारिवारिक झैझगडा गरेको आरोपमा ०६३ असार १३ गते दिउँसो माओवादीले उनलाई नेपालगञ्ज नपा-१४ बाट अपहरण गरी छ दिनपछि बन्जारे गाउँबाट मुक्त गरे।

खजुराखुर्द गाविस-३ का २३ वर्षीय रमेश सिंहलाई ०६३ असार १३ गते राति माओवादीले उनलाई घरमै सुतिरहेको बेलामा अपहरण गरी असार २४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनी साउन १७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

हिरमिनिया गाविस-२ का ४० वर्षीय हेमन्तकुमार थापालाई ज्यानमुद्दाको आरोपमा सोधपुछको लागि भन्दै ०६३ असार १४ गते बेलुकी माओवादीले नेपालगञ्ज नपा-८ बाट अपहरण गरी असार २४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनी साउन १७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

रनियापुर गाविस-३ का १७ वर्षीय कान्छा खाँले चोरी गरेको आरोपमा ०६३ असार १६ गते बेलुका माआवादीले उनलाई सोधपुछको लागि भन्दै घर नजिकैबाट अपहरण गरे। पीडित भोलिपल्ट माओवादीको कब्जाबाट भागेर घर फर्किए। माओवादीले पीडितलाई रनियापुर माविमा राखेका थिए।

बेतहनी गाविस-५ निवासी माओवादीका पूर्व कार्यकर्ता ३० वर्षीय होलीराम केवटसँग भएको बन्दूक मारदै ०६३ असार २५ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित एक हप्तापछि बर्दिया जिल्लाबाट भागी घर फर्किए। अपहरणपश्चात् माओवादीले पीडितलाई बर्दिया जिल्ला पुऱ्याएका थिए।

बैजापुर गाविस-३ बनभुसरीका २८ वर्षीय सुरज भनिने जोगप्रसाद थारुले साँस्कृतिक अधिकार उल्लंघन गरेको आरोपमा ०६३ असार ३२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी साउन २८ गते बैजापुर गाविसबाट मुक्त गरे।

बेतहनी गाविस-२ जाफरपूर्वाका ४५ वर्षीय युनुस खाँनलाई ०६३ साउन ८ गते स्थानीय माओवादीले उनकै घरबाट घरायसी रिसइवीको कारण अपहरण गरी तीन दिनपछि बेतहनी गाविसबाटै मुक्त गरे।

बसुदेवपुर गाविस-७ निवासी जनमोर्चाका कार्यकर्ता घनश्याम बर्मालाई आपसी रिसइवीको कारण ०६३ साउन १० गते स्थानीय माओवादी नेता नन्दकिशोर पाण्डेको नेतृत्वमा रहेका विमल शर्मा, सफिउल्ला खाँ र गणेश बर्माले अपहरण गरी बेतहनीस्थित माओवादी कार्यालयमा लगी कुटपिट गरे। पीडितलाई कसैलाई केही नभन्ने सर्तमा साउन ११ गते बेतहनीबाट मुक्त गरियो।

शमशेरगञ्ज गाविस-९ उढरपुरुवाका ४५ वर्षीय किशोरी गडेरियाले झैझगडा गरेको आरोपमा ०६३ साउन २३ गते बिहान माओवादीले उनलाई गनापुरबाट अपहरण गरी दिनभरी माओवादी नियन्त्रणमा राखी सोही दिन बेलुका मुक्त गरे।

मटेहिया गाविस-७ का ४० वर्षीय इन्द्रजीत यादवले चोरी गरेको आरोपमा ०६३ साउन २३ गते राति माओवादी कार्यकर्ता साबिर खाँको नेतृत्वमा माओवादी जनमिलिसियाका कार्यकर्ताहरूले उनलाई गाउँबाट अपहरण गरी असोज २८ गते गंगापुर गाविस-३ बाट मुक्त गरे। पीडित सोही गाविस-४ का माओवादीद्वारा घोषित वडा जनसरकार समितिका पूर्व प्रमुख हुन्।

बृहत् शान्ति सम्झौतापछि गाउँमा पुर्नस्थापित भएका नरैनापुर गाविस-२ जयरामपुरका ३० वर्षीय कवेल खाँ र सोही गाविस-२ जयरामपुरकै ४० वर्षीय थेमन खाँलाई ०६३ मंसिर १८ गते स्थानीय माओवादी कार्यकर्ता विराटको नेतृत्वमा गएको एक समूहले घरबाटै अपहरण गरेकोमा थेमनलाई भोलिपल्ट र कवेललाई पर्सीपल्ट मटहिया गाविसबाट मुक्त गरे। दुवै करिब पाँच वर्ष अगाडि गाउँमा स्थानीय माओवादी कार्यकर्तासँग झगडा परेको कारणले ज्यान सुरक्षाको निम्ति विस्थापित भई भारतको मल्दीपुरमा बस्दै आएका थिए र कात्तिक २२ गतेको नेपाल सरकार र माओवादीबीच भएको बृहत शान्ति सम्झौतापछि स्थिति सामान्य भएको देखेर केही दिन यता बाँकेको नरैनापुरस्थित

आफ्नै घर बस्दै आएका थिए।

कोहलपुर गाविस-४ की १५ वर्षीया पुष्पा पुन र १४ वर्षीया कालिका गिरी विभिन्न प्रलोभनमा परी ०६३ कात्तिक २७ गते माओवादी जनमुक्ति सेनामा भर्ना हुन भन्दै कोहलपुर गाविसबाट गएकोमा उनीहरू यो वर्षको अन्त्यसम्म घर फर्केनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बागेश्वरी गाविसका धनबहादुर आचार्यले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ पुस २६ गते नेपालगञ्जबाट स्वास्थ्य लेखेको गाडीमा सादा पोसाकमा गएका सुरक्षाकर्मीले उनलाई खजुराबजारमा बुटै बुटले कुटपिट गरे।

बागेश्वरी गाविस-२ का स्थानीय बासिन्दाहरू २२ वर्षीय विकास सापकोटा, केबुल लाईनका सञ्चालक २४ वर्षीय प्रकाश थापा र ५० वर्षीय गोपाल लोहारलाई ०६२ माघ १२ गते दिउँसो सर्चमा गएका सुरक्षाकर्मीले घरघरमा गई सोधपुछको क्रममा कुटपिट गरी मार्ने धम्की दिए। सोही क्रममा प्रकाशलाई सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पुऱ्याई चार घण्टापछि रिहा गरे।

शमशेरगञ्ज गाविसका स्थानीय बासिन्दाहरू १८ वर्षीय दुःखीराम चौधरी, १६ वर्षीय दीपक चौधरी, २० वर्षीय प्रदीप चौधरी, १५ वर्षीय बाबुराम चौधरी, ४० वर्षीय बजारी चौधरी र ४८ वर्षीया कालिका चौधरीलाई ०६२ माघ २३ गते सुरक्षाकर्मीले पीपरी नजिकै कुटपिट गरे। सुरक्षाफौजको गाडी एम्बुसमा परेपछि डराएर लुकेको अवस्थामा उनीहरूलाई सुरक्षाकर्मीले कुटपिट गरेका थिए। शमशेरगञ्ज गाविस-८ स्थित माछापोखरीमा ज्यालादारी काम गरिरहेका थिए।

नौबस्ता गाविस-२ का ४० वर्षीय चन्द्रबहादुर बस्नेत घर नजिकै बाटोमा बसिरहेको बेला ०६२ फागुन २८ गते गस्तीमा गएका सेनाले उनलाई कुटपिट गरे। सुरक्षाकर्मीले पीडितलाई बन्दुकको कून्दाले छाती र खुट्टामा कुटपिट गरी घाइते बनाएका थिए। पीडितको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भएको थियो।

रुभेना गाविस-८ का १५ वर्षीय चित्रप्रसाद खनाललाई ०६२ चैत २ गते होली पर्वका दिन कोहलपुर गाविस-३ मा होली मनाइरहेको बेला सुरक्षाकर्मीले बिनाकारण कुटपिट गरे। पीडितको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

नेपालगञ्ज नपा-१३ स्थित महेन्द्र बहुमुखी क्यापसको छात्रवासका विद्यार्थीहरू हिकमत ढकाल, केशव रावल, जगत तिमिल्सिना, कमल कुसाडी र भीमराज खरेललाई ०६२ चैत २८ गते बिहान सुरक्षाकर्मी छात्रवासमै प्रवेश गरी कुटपिट गरे।

नेपालगञ्ज नपा-१६ का १५ वर्षीय विक्रम खरेल र पर्वत जिल्लाका ३० वर्षीय यानबहादुर जिसी विपीचोकमा बाटोमा हिँडिरहेको बेला ०६३ वैशाख ३ गते सुरक्षाकर्मीले उनीहरूलाई बिनाकारण कुटपिट गरी घाइते बनाए। पीडितहरूको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

माओवादीबाट

नेपालगञ्ज नपा-८ का २५ वर्षीय दुर्गाप्रसाद तिवारी लक्ष्मणपुर गाविस-९ स्थित आफ्नो खेतमा काम गर्न जाँदा ०६२ फागुन १ गते स्थानीय माओवादीले उनलाई कुटपिट गरे। कुटपिटको क्रममा फलामे छडले पीडितको दाहिने खुट्टामा हिर्काएको हुँदा उनको खुट्टा भाँचिएको थियो। पीडितको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

बेतहनी गाविस निवासी जनमोर्चा बाँकेका जिल्ला सदस्य २४ वर्षीय दीपराज बर्मालाई सात दलद्वारा आयोजित विरोध सभामा सहभागी हुँदा ०६२ फागुन ११ गते माओवादीले एकछिन काम छ भन्दै केही पर लगी कुटपिट गरे। कुटपिटबाट सख्त घाइते भएका बर्माको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भई पीडित फागुन १६ गते घर फर्किए।

मटहिया गाविस-५ की शान्ति गुप्तालाई ०६३ वैशाख २९ गते राति स्थानीय माओवादीले उनको घरमा गई "२५ हजार नगद दे, होइन भने तेरो पतिलाई मारी दिन्छौं" भनी धम्क्याउँदै हातपात गरे। यसअघि शान्तिकी पति जवाहरलाल गुप्तालाई ०६३ वैशाख २३ गते माओवादीले मार्ने धम्की दिएपछि घर छाडेका थिए। जेठ १९ गतेदेखि पीडितहरू विस्थापित भई भारतमा गएका छन्।

बेतहनी गाविस-३ का ५५ वर्षीय लक्षु यादव, उनकी



माओवादीले पारसचोकमा बम विस्फोट गराउँदा घाइते भएका गणेश विष्ट

पत्नी ४५ वर्षीया राजकली यादव, छोरा २५ वर्षीय कैलाश यादव र छोरी २० वर्षीया ज्ञानमती यादवले घरायसी झगडा गरेको आरोपमा ०६३ जेठ ३ गते माओवादी कार्यकर्ता पप्पु यादवसहितको समूहले उनीहरूलाई घरमै कुटपिट गऱ्यो। घाइते सबैको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

नेपालगञ्ज नपा-१३ का ५५ वर्षीय भगवती मिश्रलाई ०६३ जेठ ६ गते चारजनाको संख्यामा गएका माओवादीले घरबाटै बिहान १० बजेदेखि दिनभर कब्जामा लिई १० दिनभित्रमा ५० हजार नगद रूपैयाँ उपलब्ध गराउने सर्तमा सोही दिन बेलुकी मुक्त गरे। माओवादीले पीडितलाई उक्त रकम चन्दा स्वरूप नदिएमा मार्ने धम्कीसमेत दिएका थिए।

नेपालगञ्ज नपा-१६ का ४४ वर्षीय हरिबहादुर रावललाई ०६३ जेठ २३ गते माओवादीले घरमै गई मार्ने धम्की दिए। उनका छोरा टीकाराम रावलले ०६३ जेठ २३ गते उनकै घरमा बस्ने एक महिलालाई बलात्कार गरी फरार भएपछि माओवादीले हरिबहादुरले छोरालाई माओवादीसमक्ष नबुझाए मार्ने धम्की दिएका थिए।

बैजापुर गाविस-१ निवासी अन्नपूर्ण राष्ट्रिय दैनिकका संवाददाता २२ वर्षीय दामोदर भण्डारीलाई ०६३ जेठ २५ गते नेपालगञ्जमा माओवादी र काठ ठेकेदारहरूले उनीहरूको विरुद्ध समाचार लेखेको आरोपमा मार्ने धम्की दिए। तर थारुवान मुक्ति मोर्चा बाँकेका अध्यक्ष प्रदीपले पत्रकार भण्डारीलाई कुनै पनि धम्की नदिएको जनाए।

नेकपा (मार्क्सवादी) इन्द्रपुर गाउँ समिति सदस्य पदमुक्त चमारलाई घरमा बसिरहेको अवस्थामा ०६३ जेठ २८ गते राति माओवादीले आपसी रिसइवीका कारण कुटपिट



जनआन्दोलन-२ का क्रममा आन्दोलनकारी र प्रहरीबीच भएको झडपका क्रममा घाइते भएका असई नरबहादुर अधिकारी



बेवारिसे बम विस्फोट हुँदा घाइते भएका चन्द्रबहादुर सुनार

गरे।

रनियापुर गाविस-१ का ६० वर्षीय मैफू साँई र उनका भाई ४५ वर्षीय गोधरा साँई, मुजिम अलि साँई र नुरअली साँईलाई ०६३ साउन १८ गते स्थानीय माओवादी कार्यकर्ता लल्लन खाँको समूहले घरमा गई कुटपिट गऱ्यो। कुटपिटको क्रममा टाउको र शरीरमा गम्भीर चोट लागी घाइते भएका ती सबैको उपचार नेपालगञ्जस्थित प्राइभेट क्लिनिकमा भएको थियो।

नेकाँका कार्यकर्ताहरू मटेरिया गाविस-५ का ४८ वर्षीय मुनवर अली मुकेरी र ३५ वर्षीय दिलदा हुसेनलाई ०६३ भदौ ११ गते स्थानीय माओवादी नेता विर्जलाल यादवको नेतृत्वमा गएका समूहले घरमै बन्चरो र लाठीले शरीरका विभिन्न भागहरूमा अन्धाधुन्ध प्रहार गरी सख्त घाइते बनायो। दुवैको टाउको र हात तथा खुट्टामा गम्भीर चोट लागेको थियो। माओवादीको कुटपिटबाट घाइते भएका दुवैलाई स्थानीय बासिन्दाहरूको सहयोगमा भदौ ११ गते बिहान भारतको एक मेडिकलमा र पछि नेपालगञ्जमै उपचार गरिएको थियो। घटनापछि माओवादीले उनीहरूको घरमा लुटपाटसमेत गरेका थिए।

खासकुश्मास्थित कुशुमेश्वर माविका प्रधानाध्यापक रामेश्वरूप मण्डललाई ०६३ साउन १० गते दिउँसो माओवादीले करिब डेढ घण्टा नियन्त्रणमा लिई कुटपिट गरे। तलबको पाँच प्रतिशत रकम माग गर्दै दुईजनाको संख्यामा गएका स्थानीय माओवादी कार्यकर्ताले उनलाई विद्यालयबाटै नियन्त्रणमा लिई कुटपिट गरेका थिए।

उढरापुर गाविस-४ निवासी नेकपा (मार्क्सवादी) का जिल्ला कमिटी सदस्य ३१ वर्षीय गंगाराम गुप्तालाई ०६३ असोज २० गते दुईजनाको संख्यामा मोटरसाईकलमा गएका माओवादीले खजुरास्थित एक चिया पसलमा चिया पिउँदै गर्दा कुटपिट गरे। उनको स्थानीय मेडिकलमा उपचार भयो। माआवादीले पीडितलाई माओवादी पार्टीमा जबर्जस्ती प्रवेश गराउन खोजेको बेला इन्कार गरेपछि कुटपिट गरेका थिए।

सोनपुर गाविस-२ निवासी नेकपा (मार्क्सवादी) का गाउँ कमिटी सदस्य ३० वर्षीय रामलखन तेलीलाई ०६३ असोज २३ गते राति माओवादीले घरमै गई कुटपिट गरी मार्ने धम्की दिए। माओवादीले पीडितलाई राजनीति नै गर्ने हो भने माओवादीमा पुनः प्रवेश गरी राजनीति गर्नु भन्दै कुटपिट गरेका थिए। पीडित माओवादीका पूर्व कार्यकर्ता हुन्।

गनापुर गाविस-५ कपासीका ३६ वर्षीय ओमप्रकाश शर्मालाई जग्गाको विवादको विषयलाई लिएर ०६३ असोज ३१ गते बिहान माओवादीले सोही गाविसस्थित खेतमा काम

गरिरहेको बेला कुटपिट गरे। माओवादीको ज्यादतीको प्रतिकार गर्न खोज्दा माओवादीले शर्मालाई लाठी र चक्कुले प्रहार गरेका थिए। कुटपिटबाट पीडितको शरीरभरी नीलडाम र चक्कुले हातको पाखुरा काटिएको थियो।

अन्यबाट

कारकाँदो गाविस-१ का २५ वर्षीय रमेश विकलाई ०६२ पुस १९ गते नेपालगञ्जबाट धनगढी जाने क्रममा बस व्यवसायी संघले चक्काजाम गरेको बेला गाडी चलाएको भनी सो संघ आवद्ध युवाहरूले कुटपिट गरे। टाउको र हातमा गहिरो चोट लागी घाइते भएका विकको उपचार नेपालगञ्ज मेडिकल कलेजमा भएको थियो। उनले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले भाडामा लिएको जीप चलाएका थिए। सो समूहले जीपमासमेत क्षति पुऱ्याएको थियो। सो घटना अज्ञानताका कारण भएको भन्दै बन्द आह्वानकर्ताले माफी मागी पीडितलाई राहतसमेत उपलब्ध गराएका थिए।

नेपालगञ्ज नपा-१६ का ३६ वर्षीय शोभाराम बर्मालाई ०६२ फागुन ८ गते आफूलाई माओवादी बताउने एक समूहले एक पत्रमार्फत ५ लाख रूपैया चन्दा स्वरूप नदिएमा उनको जेठा छोरा रामउदेश बर्मालाई मार्ने धम्की दिए। माओवादीले सो धम्की आफूहरूले नदिएको बताए।

माओवादी कार्यकर्ता विषराम चौधरीलाई ०६३ मंसिर १७ गते फत्तेपुर गाविसको नन्कौपुरका स्थानीय बासिन्दाहरूले करिब एक घण्टासम्म नियन्त्रणमा लिई कुटपिट गरे। फत्तेपुर गाविसको नन्कौपुरमा चलिरहेको मेलामा चौधरीले हतियार देखाई मेलामा आएका सर्वसाधारणलाई धम्क्याइ रहेको बेला स्थानीय गाउँलेहरूले चौधरीलाई कुटपिट गरेका थिए।

गैरकानुनी गिरफ्तारी

बगनाहा गाविस-१ की १७ वर्षीया सुमित्रा चौधरी माओवादी भएको आशंकामा ०६२ पुस २२ गते सुरक्षाकर्मीले उनलाई नेपालगञ्जस्थित पुष्पलाल चोकबाट गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन ३ गते नेपालगञ्ज कारागारबाट रिहा गरियो।

कोहलपुरस्थित गोर्खा युनाइटेड बोर्डिङ्ग स्कूलमा अध्ययनरत विकास शाहीसहित पाँचजनालाई ०६२ माघ ५ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट एयरपोर्टस्थित सशस्त्र बेसक्याम्पबाट रिहा गरे। गस्तीमा गएका सुरक्षाकर्मीले माओवादीको आशंकामा विद्यार्थीलाई गिरफ्तार गरेका थिए।

सल्यान जिल्ला रामपुर गाविस-८ का १९ वर्षीय अर्जुन सत्याल भनिने शालिकराम सार्की र सागर भनिने मित्र



माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा घाइते भएका भक्तपुर जिल्लाका धर्मराज के.सी.

चौधरी माओवादी भएको आरोपमा ०६२ माघ ८ गते सुरक्षाकर्मीले उनीहरूलाई बाँकेको कोहलपुर-महादेवपुरी क्षेत्रबाट गिरफ्तार गरी तीन महिने थुनुवा पूर्जी दिएर ०६२ चैत ३ गते नेपालगञ्ज कारागार चलान गरे। उनीहरू ०६३ जेठ ३० गते नेपालगञ्ज कारागारबाट रिहा भए।

साईगाउँ गाविस पञ्चमक्राका २० वर्षीय जगदीशप्रसाद वर्मा माओवादी भएको आशंकामा ०६२ फागुन १ गते साँझ सशस्त्र प्रहरीले उनलाई जमुनाहबाट गिरफ्तार गरे। पीडितलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ ३० गते रिहा गरियो।

जाजरकोट जिल्ला डाँडागाऊँ गाविस-३ का तेजबहादुर परियार, उनकी पत्नी बासमती परियार र एक वर्षीय छोरासहित अर्का एकजना ५५ वर्षीय मोती परियार माओवादी भएको आशंकामा ०६२ फागुन ४ गते बाँकेको चिसापानीमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा मोति परियारलाई छोरासहित फागुन १० गते रिहा गरे। अन्यलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ १ गते रिहा गरियो।

माओवादी कार्यकर्ता कोहलपुर गाविस-३ का ५५ वर्षीय दशरथ पराजुलीलाई बाटोमा हिँडिरहेको बेला ०६२ फागुन १२ गते बिहान गस्तीमा गएका सुरक्षाकर्मीले कोहलपुर सिमरहवाबाट गिरफ्तार गरे। उनलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ १ गते रिहा गरियो।

जाजरकोट जिल्ला पैंक गाविस-४ घर भई अध्ययनको सिलसिलामा नेपालगञ्ज नपा-५ मा डेरा लिई बस्दै आएका २३ वर्षीय पदम रोकायलाई ०६२ चैत २ गते राति सुरक्षाकर्मीले उनलाई डेराबाट सोधपुछको लागी भन्दै गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट चैत ९ गते रिहा गरियो।

चिसापानी गाविस निवासी एमालेका इलाका नं १० का उपसचिव ३५ वर्षीय सर्वराज खत्री माओवादी भएको आरोपमा ०६२ चैत १२ गते बिहान चिसापानी ब्यारेकबाट

गएका सुरक्षाकर्मीले घरबाटै पार्टीका कागजातसहित गिरफ्तार गरे। पीडितलाई चिसापानी ब्यारेकबाट भोलिपल्ट रिहा गरियो।

माओवादी निकट मधेसी मुक्ति मोर्चाका जिल्ला सदस्य ३० वर्षीय दयाराम यादवलाई ०६२ चैत २१ गते दिउँसो सुरक्षाकर्मीले कम्दी गाविस-८ बाट गिरफ्तार गरे। पीडितलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ २ गते रिहा गरियो।



सुरक्षाकर्मीको गोली लागी घाइते भएकी भीमा सुनार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कार गर्ने अभियानमा घरदैलो कार्यक्रम गरिरहेका एमालेका जिल्ला सचिव देवराज भार, नेकाँका डा.अरुण कोइराला, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति गजेन्द्र हमाल र नेविसंघका जिल्ला सभापति टेकनारायण भुसाल, ट्रेड युनियनका जिल्ला सदस्य उपेन्द्र कुँवर, ट्रेड युनियनका जिल्ला अध्यक्ष अगवर खाँ र ट्रेड युनियनका कार्यकर्ता साविर अलि जासुनलाई ०६२ माघ ११ गते बिहान प्रहरीले नेपालगञ्ज नपा-२ घरबारीटोलबाट गिरफ्तार गरी माघ ३० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जनमोर्चाको नेपालगञ्जस्थित कार्यालयभित्र प्रवेश गरी सुरक्षाकर्मीले ०६२ माघ १३ गते दिउँसो कार्यालयमा तोडफोड गर्नुका साथै जनमोर्चाका केन्द्रीय सदस्य देवप्रकाश आर्चाय, जनमोर्चाका कार्यकर्ताहरू चुमानसिंह केसी, दीपराज वर्मा, रमेश वर्मा, अवधेशकुमार पाण्डे, पवनकुमार मिश्र, हनुमान पासीलगायत सातजनालाई गिरफ्तार गरी ०६२ फागुन ३ गते रिहा गरे। यसैगरी सोही दिन बजार बन्द सफल पार्न सडकमा प्रदर्शन गरिरहेका नेकाँका केन्द्रीय सदस्य दिनबन्धु श्रेष्ठ, जिल्ला उपसभापति बादसाह कुर्मी, महासमिति सदस्य निरञ्जनसिहँ सिजापती, नेविसघंका जेन्टील गौचन, भूमि भण्डारी र तरुण दल जिल्ला सदस्य प्रदीप गुप्तालाई सुरक्षाकर्मीले भूमिसुधार कार्यालय नजिकबाटै गिरफ्तार गरी फागुन ११ गते नेपालगञ्ज कारागारबाट रिहा गरे।

आन्दोलनरत विद्यार्थीहरूले गधालाई मेयरको प्रतिक बनाएर बजार परिक्रमा गराउँदा नेपालगञ्ज बजारबाट सुरक्षाकर्मीले ०६२ माघ १८ गते दिउँसो आठजना विद्यार्थीलाई गिरफ्तार गरी ०६२ फागुन १ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। यसरी गिरफ्तारपछि रिहा हुनेहरूमा महेन्द्र बहुमुखी क्याम्पसका स्वबियु सचिव खगेन्द्र खनाल, विद्यार्थी नेताहरू किरण अधिकारी, कमल केसी, मुकुन्द शर्मा, दिनेश केसी, पंकज कठायत, भद्रबहादुर थापा र रामकृष्ण ढकाल थिए।

सात दलद्वारा घोषित आम हड्तालले सफल पार्न ती दलका नेता कार्यकर्ता, नागरिक समाज र उद्योग व्यापार संघद्वारा संयुक्त रूपमा कोहलपुर चौराहामा निकालिएको जुलुस प्रदर्शनमा सुरक्षाकर्मीले ०६२ चैत २५ गते बिहान हस्तक्षेप गरी कुटपिट गर्दै नेकाँका भानुभक्त उपाध्याय, खडकबहादुर भण्डारी, केसुनन्द उपाध्याय र जनमोर्चा निकट अनेरास्वबियुका वरुणध्वज मल्ल र व्यापारी शंकर शाह र आनन्द काफ्लेलाई गिरफ्तार गरी सोही दिन पाँच घण्टापछि इलाका प्रहरी कार्यालय, कोहलपुरबाट रिहा गरे।

सात दलले ०६२ चैत २७ गते कोहलपुरमा आयोजना गरेको च्यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी प्रदर्शनकारीहरूलाई निर्ममतापूर्वक कुटपिट गरे। कोहलपुर पीपलचौतारा हजारौँको संख्यामा निस्केको जुलुस नाराबाजीसहित प्रदर्शन गर्दै अञ्चल प्रशासन कार्यालय अघिल्तिर पुग्नासाथ सुरक्षाकर्मीले हस्तक्षेप गरी अन्धाधुन्ध लाठी प्रहार गर्दा नेकाँका नारायण गौडेल, एमालेका टीकाराम सुवेदी, यदु वाग्ले, बुद्धि खत्री, कृष्ण कार्की, लुटबहादुर केसी, प्याबसनका नारायण सिग्देल, जनामोर्चाका ओमकार, नेविसंघका टेकनारायण भुसाल, शिक्षक रिक खड्का र लोकबहादुर सिंह ठकुरी घाइते भए।

'निरंकुश राजाको प्रत्यक्ष शासनको' विरोध र लोकतन्त्रको माग गर्दै नेपालगञ्जको धम्बोझीचोकमा ०६२ चैत २९ गते दिउँसो शान्तिपूर्ण प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरूमाथि सुरक्षाकर्मीले हस्तक्षेप गरी कुटपिट गरे। कुटपिटबाट नेपालगञ्ज नपा-५ का २४ वर्षीय विष्णुप्रसाद मरासनी र शर्मा प्लाष्टिकका प्रोपराइटर शिवशंकर पोखरेल घाइते भए। टाउकोमा गहिरो चोट लागी घाइते भएका मरासीनीको नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्जमा उपचार भयो। सुरक्षाकर्मीले प्रदर्शनकारीहरूलाई मार्ने धम्कीसमेत दिएको कुरा पीडितहरूले बताए।

मधेसी नागरिक अधिकार मञ्चद्वारा ०६३ भदौ २ गते जिल्ला प्रशासन कार्यालय घेराउ तथा तालाबन्दी कार्यक्रममा प्रदर्शनकारीहरूले कार्यालयको ढोकामा ताला लगाउन खोज्दा प्रहरीको लाठीचार्जबाट नेपालगञ्ज नपा-५ का ६० वर्षीय मुखब्बर रङ्गरेज र नेपालगञ्ज नपा-६ का ५२ वर्षीय नानु बेहना घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

माओवादीबाट

बर्दिया जिल्ला घर भई हाल नेपाल ट्रेड युनियन महासंघ बाँकेमा आबद्ध नेपाल रिक्सा चालक युनियन, बाँकेका सदस्य २५ वर्षीय वीरबहादुर थापालाई ०६३ मंसिर १९ गते दिउँसो माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासंघ, बाँकेका पप्पु, नोसार अलीलगायत १०/१५ जनाले नेपालगञ्जस्थित पुष्पलालचोकबाट नियन्त्रणमा लिई चार घण्टापछि मुक्त गरे। माओवादीले नियन्त्रणको क्रममा पीडितलाई बलजफ्ती गरी माओवादी निकट अखिल नेपाल ट्रेड युनियनमा प्रवेश गरेको प्रतिबद्धता जाहेर गर्न लगाई अबिर लगाउनुका साथै पीडित आबद्ध युनियनको कागजपत्र सबै जलाई नष्ट गरिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत नेपालगञ्जमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा ५३ ओटार यो वर्ष दायर भएका ४० ओटा गरी रहेको ९३ थान मुद्दामध्ये १५ ओटा फस्यौट भई ७८ बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ५६ ओटा र यो वर्ष दायर भएका ४५ ओटा गरी रहेको १ सय १ ओटा मुद्दामध्ये २३ फस्यौंट भई ७८ बाँकी रहे। त्यस्तै गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ सय ३५ ओटा र यो वर्ष दायर भएका १ सय ११ थान गरी रहेको २ सय ४६ ओटा मुद्दामध्ये ३० थान फस्यौंट भई २ सय १६ बाँकी रहे। यो वर्षको अन्त्यसम्म ३ सय ७२ ओटा मुद्दा रहेका छन्। पाँच वर्ष नाघेका कुनै पनि मुद्दा यस पुनरावेदन अदालतमा रहेको छैन।

बाँके जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा २ सय २३ ओटा र यो वर्ष दायर भएका १ सय ७५ ओटा गरी रहेको ३ सय ९८ ओटा मुद्दामध्ये १ सय ५७ ओटा फस्यौट भई २ सय ४१ बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ९२ ओटा र यो वर्ष दायर भएका ८५ ओटा गरी रहेको १ सय ७७ ओटा मुद्दामध्ये ५३ फस्यौट भई १ सय २४ बाँकी रहे। त्यस्तै गतवर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ६ सय १ ओटा र यो वर्ष दायर भएका ३ सय २३ ओटा गरी रहेको ९ सय २४ ओटा मुद्दामध्ये १ सय ७६ ओटा फस्यौट भई ७ सय ४८ बाँकी रहे। यो वर्षको अन्त्यसम्म १ हजार १ सय १३ ओटा मुद्दा रहेका छन्। पाँच वर्ष नाघेका कुनै पनि मुद्दा यस अदालतमा रहेका छैनन्।

जिल्ला प्रहरी कार्यालयमा यस वर्षमा आतंककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत २३ ओटा मुद्दा, ३१ ओटा डकैतीको तथा १२ ओटा ज्यानमार्ने अभियोगका निवेदन परे।

बालअधिकार

कोहलपुर गाविस-४ सुन्दरबस्तीका १३ वर्षीय झुम्का बस्नेत, सोही गाविस-५ नयाँबस्तीकी १३ वर्षीया रामसरी चदारा, सोही गाविस-४ का १६ वर्षीय भक्तबहादुर बाठा र १५ वर्षीय जयबहादुर बाठा सरकारी जागिर पाउने प्रलोभनमा परी ०६३ कात्तिक २६ गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी गए। तर माओवादी क्याम्पमा माओवादीले भनेको जस्तो खान, बस्नलगायतका केही सुविधा नभएको र कठोर शारीरिक व्यायाम गर्नुपर्ने भएकोले माओवादीको पेडारीस्थित अस्थायी क्याम्पबाट फर्किआए।

कोहलपुर गाविस-४ की १३ वर्षीया विर्मा तिरुवा र कोहलपुर गाविस-५ का १७ वर्षीय कालु खड्का ०६३ कात्तिक २५ गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी गए। तिरुवा कात्तिक ३० गते माओवादीको पेडारीस्थित अस्थायी शिविरबाट फर्की आइन् भने खड्का यो वर्षको अन्तसम्म घर फर्केनन्।

रुभेना गाविस-४ वर्दहवाका १७ वर्षीय सन्तोष थारु, १५ वर्षीया श्रीमाया चौधरी र १६ वर्षीय गोविन्द चौधरी ०६३ कात्तिक २९ गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी घरबाट गए। छोराको शीघ्र खोजीका लागि पीडित सन्तोषका बाबु लहारी थारुले ०६३ मंसिर ४ गते इन्सेक क्षेत्रीय कार्यालयमा निवेदनमार्फत् अनुरोध गरे।

कोहलपुर गाविस-८ का १५ वर्षीय गुड्डु विक र सोही गाविस-८ कै १७ वर्षीय निमबहादुर लुहार ०६३ कात्तिक ३० गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी गएकोमा पेडारीस्थित माओवादीको अस्थायी शिविरबाट ०६३ मंसिर ३ गते घर फर्किए।

आदर्श माबि खजुरामा कक्षा १० मा अध्ययनरत १५ वर्षीय सुशासन पोखरेल, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय कमलप्रसाद घिमिरे र ज्ञानोदय माबि खजुरामा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय हरिबहादुर थापा मगर र धनबहादुर



माओवादीद्वारा कुटपिट गरी घाइते पारिएका नेकाँका मुनवरअली मुकेरी र दिलदा हुसेन



आन्दोलनकारीलाई तितरबितर पार्न लाठी चार्ज गर्दै प्रहरी

थापा ०६३ भदौ १६ गते नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसमा भएको अनेरास्ववियु (क्रान्तिकारी) को १६ औं सम्मेलनमा सहभागी हुन भनी गएका बेला माओवादीले फकाई फुल्याई उनीहरूसँगै लगे। जसमध्ये कमल र हरिबहादुर भदौ १९ गते र सुशान्त असोज १३ गते बर्दिया जिल्लाबाट घर फर्किए। धनबहादुर भने यो वर्षको अन्त्यसम्म घर फर्किएनन्।

कारकाँदो गाविस-९ की ७ वर्षीय बालिकालाई सोही गाविस-८ का ५१ वर्षीय बराती बढहीले ०६२ फागुन ४ गते बिहान बारीमा लगी बलात्कारको प्रयास गरे। पीडित बालिकाको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

नौबस्ता गाविस-५ घर भई हाल कोहलपुर गाविसस्थित मुक्त कमैया शिविरमा बस्दै आएकी ९ वर्षीया एक बालिकालाई सोही शिविरमा बस्ने ७० वर्षीय चमारी थारुले ०६३ भदौ १६ गते बेलुकी पीडकै घरमा बलात्कार गरे। बालिकाको उपचार भेरी अञ्चल अस्पतालमा गरिएको थियो। पीडित पक्षले पीडकको विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेता पनि कुनै कारबाही भने भएन।

सबै प्रकारका जातीय विभेद

कोहलपुर गाविस-७ रजघरवा सल्यान टोलकी वीरमा बुढाथोकीलाई देवबहादुर कुँवरले बिबाह गर्छु भनी गर्भवती बनाई ०६२ पुस २७ गते बच्चा जन्मिएपछि बास्ता गर्न छाडे। विरमालाई देवबहादुरले जातीयताको कारण छाडेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

नेपालगञ्ज नपा-८ का ३० वर्षीय दीपेन्द्र श्रेष्ठको भे १ प ६९९६ नम्बरको काइनेटिक मोटरसाइकल ०६२ माघ ८ गते माओवादीले विपिचोकबाट कब्जामा लिएकोमा इन्सेक क्षेत्रीय कार्यालयका प्रतिनिधिको रोहबरमा ०६२ माघ ११ गते खजुराबाट फिर्ता गरे।

पेट्रोलियम पदार्थ सहित भे १ ख २६२, भे १ ख १५४, ना २ ख ६१३४, ना २ ख ६८२१, ना २ ख ६८२६, ना २ ख ४३६८, ना १ ख ३९४०, ना १ ख ४८५२ र ना १ ख ७७२७ नम्बरका ट्यांकर ०६२ फागुन १३ गते माओवादीले अगैयाबाट कब्जामा लिए। उक्त ट्यांकरहरूमा १ लाख ८ हजार लिटर पेट्रोलियम पदार्थ रहेको थियो। ती कब्जामा रहेका नौ वटै ट्यांकर फागुन १७ गते राप्तीपारी बैजापुरबाट फिर्ता गरियो भने ट्यांकरका ड्राइभर तथा मजदुरहरूलाई भने पहिले फागुन १५ गतेनै इन्सेककर्मी र अन्य मानवअधिकारकर्मीको रोहबरमा बैजापुर गाविसबाट मुक्त गरिएको थियो।

नेपालगञ्ज नपा-१६ स्थित कर्णाली विकास बैंकबाट ०६२ फागुन २९ गते बिहान हतियारसहितका माओवादीले १६ लाख ६४ हजार नगद रूपैया लुटे। माओवादीले बैंकको भित्र रहेका कम्प्युटर, कुर्ची र अन्य सामानहरूसमेत तोडफोड गरेका थिए।

कोहलपुर गाविस घर भई हाल एमाले प्रचार विभाग प्रमुख ४५ वर्षीय अशोक कोइरालाको भे.१ ख. ३८२६ नम्बरको मोटरसाईकल ०६२ फागुन २६ गते माओवादीले नेपालगञ्ज नपा-१३ स्थित जिल्ला वन कार्यालय अगाडिबाट कब्जामा लिए। उक्त मोटरसाईकल इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जका प्रतिनिधिको पहल र रोहबरमा चैत १ गते फिर्ता गराइयो।

विराटनगरदेखि नेपालगञ्जतर्फ गइरहेका विश्व खाद्य संस्थान कार्यक्रमको सामानसहितका ना २ ख ९४५८, ७१९१, ७१९२, ७१९५, ७३९९ र को १ ख ३९० नम्बरका ट्रकहरू ०६२ चैत ९ गते माओवादीले माहादेवपुरी गाविसको ढकेरीबाट कब्जामा लिए। माओवादीले उक्त ट्रक सामानसहित चैत ११ गते सोही स्थानबाट फिर्ता गरे।

नेपालगञ्ज नपा-१३ स्थित जिल्ला स्वास्थ्य कार्यालय बाँकेको बा.१ ब. ६६१३ नम्बरको मोटरसाईकल ०६२ चैत १० गते साँझ माओवादीले कार्यालय परिसर भित्रबाटै कब्जामा लिएकोमा यो वर्षको अन्त्यसम्म फिर्ता गरेनन्।

नेपालगञ्जबाट दाङको लमहीतर्फ लैजाँदै गरेका ना.१ ख. ७७२७ र भे.१ ख. १५४ नम्बरका २४ हजार लिटर मट्टितेलसहितका दुई ट्यांकर ०६२ माघ ३० गते बेलुकी माओवादीले अगैयाबाट कब्जामा लिई फागुन १ गते मट्टितेलसहित सोही क्षेत्रबाट फिर्ता गरे।

खास कारकाँदो गाविस-१ का ३७ वर्षीय माधवराम कुर्मीको भे १ त १२९५ नम्बरको ट्याक्टर ०६३ वैशाख ११

गते बिहान माओवादीले गनापुर गाविसस्थित खेतमा काम गर्न गएको बेला कब्जामा लिए। ट्र्याक्टर हाल माओवादी कब्जामै उढरापुरमा रहेको छ।

कम्दी गाविस-६ का सलिम बागवाको घर ०६३ असार ९ गते राति माओवादीले भत्काई दिए। सलिम बागवा र उनको भाई मुन्ने बागवाको जग्गा सम्बन्धी झगडा रहेको हुँदा माओवादीले सो घर भत्काई दिएको कुरा स्थानीय बासिन्दाहरूले बताए ।

जिल्ला विकास समिति बाँकेका पूर्व सभापति पशुपतिदयाल मिश्रको हिरमनिया गाविस-१ भघोटनास्थित दुईतल्ले पक्की घरमा माओवादीले ०६२ चैत २६ गते राति एक शक्तिशाली बम विस्फोट गराई ध्वस्त पारे। साथै पीडित मिश्रका भाई युद्धराज मिश्रको भे १ त ६२६ नम्बरको ट्र्याक्टर र भे १ प १३८५ नम्बरको मोटरसाईकल नियन्त्रणमा लिएकोमा मोटरसाइकल पाँच दिनपछि र ट्र्याक्टर ०६३ असार १९ गते बेतहनीबाट फिर्ता गरे।

मटहिया गाविसस्थित गणपति सामुदायिक वन उपभोक्ता समूहबाट ०६३ मंसिर १८ गते माओवादीले १ लाखको चेक लुटी लगे। माओवादी कार्यकर्ता उदित चौधरी, सागर चौधरी र अमिन चौधरीले समूहका अध्यक्ष राजेन्द्रकुमार दिक्षित, उपाध्यक्ष ढोढे राढ र कोषाध्यक्ष विकाउलाल गोडियाको हस्ताक्षरबाट बैंकको खाता सञ्चालन रहेकोमा तीनैजनालाई नियन्त्रणमा लिई मार्ने तथा घर बम विस्फोट गराई ध्वस्त पारिदिने लगायतका विभिन्न किसिमको धम्की दिई चेक लगेका थिए।

विस्थापित

बेतहनी गाविस घर भएका जनमोर्चाका जिल्ला सदस्य दीपराज बर्मालाई माओवादीले घर फर्केमा मार्ने धम्की दिएपछि बर्मा ०६२ फागुन ११ गतेदेखि भारतको रूपइडिहामा विस्थापित भए। ०६२ फागुन ११ गते सात दलको विरोधसभाको क्रममा माआवादीले जिल्ला सदस्य बर्मालाई सांघातिक आक्रमण गरी सख्त घाइते बनाएका थिए। साथै सोही गाविस घर भएका जनमोर्चाका जिल्ला उपाध्यक्ष कमल अधिकारीलाई पनि माओवादीले मार्ने धम्की दिएपछि पीडित अधिकारी पुस महिनादेखि नेपालगञ्जमै विस्थापित भई बस्दै आएका थिए। उनीहरू वैशाखदेखि पुनस्थापित भैसकेको जनमोर्चाका केन्द्रीय सदस्य आइपी खरेलले बताए।

संरचना/ सम्पति कब्जा/आगजनी/अन्य क्षति

नेपालगञ्ज नगरपालिका भवनमा ०६२ पुस २४ गते बिहान माओवादीले दुईओटा शक्तिशाली बम विस्फोट गराई क्षतिग्रस्त बनाए। सो विस्फोटबाट कार्यालयका कागजपत्र तथा फर्निचर नष्ट हुनुका साथै भवनको तल्लो तल्ला पूर्ण रूपामा ध्वस्त भयो। सो विस्फोटमा कुनै मानवीय क्षति भने भएन।

नेपालगञ्ज नपा-१३ सुर्खेत रोडस्थित नापी शाखामा ०६२ माघ १ गते बिहान माओवादीले प्रेसर कुकर बम विस्फोट गराए। नापी शाखाको कार्यालय प्रमुखको कोठामा राखिएको उक्त बम विस्फोट हुँदा कोठा क्षतिग्रस्त हुनुको साथै त्यहाँ रहेका सम्पूर्ण कागजपत्रहरू पूर्णरूपमा ध्वस्त भएका थिए।

नेपालगञ्ज नपा-१३, सुर्खेत रोडस्थित २ नम्बर नापी गोश्वारा कार्यालयमा ०६२ फागुन ११ गते राति माओवादीले दुईओटा बम विस्फोट गराउँदा कार्यालयको तल्लो तल्लाका दुईओटा कोठामा क्षति पुग्यो। विस्फोटका कारण दुई कोठाका झ्याल, ढोका तथा भित्ताहरू क्षतिग्रस्त भए।

नेपालगञ्ज नपा-२ मा रहेको भेरी सहकारी वित्तीय संस्थाको भवनमा ०६२ चैत २ गते बिहान माओवादीले गराएको बम विस्फोटबाट सोही सडक छेउमा रहेको भवनका झ्यालका सिसाहरू फुट्नुका साथै कागजातहरू नष्ट भए। विस्फोटबाट करिब ५० हजार बराबरको क्षति भएको अनुमान कार्यालयले गऱ्यो।

नेपालगञ्ज नपा-१३ स्थित जिल्ला वन कार्यालयको भवनमा ०६२ चैत ९ गते राति माओवादीले एक शक्तिशाली प्रेसर कुकर बम विस्फोट गराउँदा भवनको छत तथा भित्ताहरू भत्के भने झ्याल, ढोका र फर्निचरहरू भाँचिनुका साथै भवनमा रहेका कागजातहरू पूर्ण रूपमा नस्ट भए। सो विस्फोटबाट करिब ४ लाख बराबरको क्षति भएको अनुमान सो कार्यालयले गरेको छ।

नेपालगञ्ज नपा-१३ मा रहेको जिल्ला कृषि विकास कार्यालयमा ०६२ चैत १४ गते बिहान माओवादीले दुईओटा



माओवादीले गराएको बम विस्फोटबाट क्षतिग्रस्त भएको जमुनाहा प्रहरी चौकी



माओवादीले नापी शाखामा गराएको बम विस्फोटबाट भएको क्षति

शक्तिशाली बम विस्फोट गराउँदा उक्त भवनको झ्याल ढोका भाँचिनुको साथै भित्ता चर्किए। विस्फोटबाट करिब ५० हजार बराबरको क्षति भएको अनुमान गरिएको छ। दुईओटा बम कार्यालय परिसरभित्रै राखिएको थियो।

विगतको अनुगमन

गिरफ्तार

पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा ०६३ जेठ ३० गते केन्द्रीय कारागार शाखा, नेपालगञ्जबाट २४ जना माओवादी बन्दीहरू रिहा भए। यसरी रिहा हुने माओवादी बन्दीहरूमा कृष्णप्रसाद थारु, बालकृष्ण केसी, ओमप्रसाद विसी, खडकबहादुर घर्ती, सुब्बाराम थारु, भीमबहादुर नेपाली, रमेशकुमार थारु, जैनुल अजविन खाँ, मनसा वली नाउँ, अंगत पाण्डे, विक्रम चौधरी, फत्तेसिंह चौधरी, विरबहादुर चौधरी, होमनारायण चौधरी, भवीलाल विक, प्रतिमा शर्मा, नन्दबहादुर थापा, शालिकराम सत्याल, भीमलाल चौधरी, रमेशबहादुर महत, पुष्करनाथ कुर्मी, विकाउ वर्मा, विक्कु वर्मा र जगदिश वर्मा रहेका छन्। यी माओवादी बन्दीहरूलाई सुरक्षाकर्मीले विभिन्न मिति र स्थानबाट गिरफ्तार गरी कारागार चलान गरेको थियो।

बेपत्ता

राज्यबाट


माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका आठजना महिला र ८० जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा चिसापानी गाविस निवासी २१ वर्षीय धनकुमारी चौधरी, ४५ वर्षीय चोगाली थारू, जमुनाहा गाविस निवासी २८ वर्षीय धनश्याम थारू, बैजापुर गाविस निवासी २६ वर्षीय जोगीराम थारू, कोहलपुर गाविस निवासी ३० वर्षीय देविप्रसाद अधिकारी, विनौना गाविस निवासी २९ वर्षीय कमल खड्का, कोहलपुर गाविस निवासी ३२ वर्षीय प्रोमिस श्रेष्ठ, नेपालगञ्ज नपा निवासी ५० वर्षीय जंगबहादुर गिरी, महादेवपुरी गाविस निवासी २७ वर्षीय घनश्याम शाही, कचनापुर गाविस निवासी ३३ वर्षीय चुलुवा थारू, २३ वर्षीय हरिभक्त भट्टराई, नौस्ता गाविस निवासी १७ वर्षीय सूर्य शाह, बागेश्वरी गाविस निवासी २४ वर्षीय ईश्वरी सुवेदी, नेपालगञ्ज नपा निवासी १८ वर्षीय निर्मल चौधरी, १८ वर्षीय महेन्द्र वली, ३८ वर्षीय ताराबहादुर थापा, ४३ वर्षीय लालबहादुर थापा, कोहलपुर गाविस निवासी २४ वर्षीय भगवती चौधरी, २१ वर्षीय राजेश चौधरी, १८ वर्षीय चिकना थारू, १६ वर्षीय पेन्टा विक, २४ वर्षीय योगन्द्र ढकाल, २१ वर्षीय गोपाल चौधरी, ४२ वर्षीय दीपक, २८ वर्षीय जुगराम थारू, सोही गाविस-३ निवासी ४८ वर्षीय धनबहादुर विक, ३१ वर्षीय रामप्रसाद पोखरेल, १९ वर्षीय हिक्मत विष्ट, २८ वर्षीय राममिलन बालमिकी, नौबस्ता गाविस-८ निवासी १८ वर्षीय राजबहादुर थारू, २५ वर्षीय फुलराज चौधरी, रम्भेना गाविस-२ मैठुवागाउँका १७ वर्षीय टेकबहादुर विक, १६ वर्षीय पवन थारू, सितापुर गाविस-४ निवासी २२ वर्षीया प्रतिमा गौतम, नौबस्ता गाविस-८ निवासी २२ वर्षीय सिताराम थारू, कोहलपुर गाविस-६ लखनाका २९ वर्षीय यज्ञबहादुर बुढामगर, रम्भेना गाविस-६ निवासी २१ वर्षीय गोपाल चौधरी, बनकटुवा गाविसका ४३ वर्षीय रामप्रसाद थारू, नेपालगञ्ज नपा-१ निवासी ३८ वर्षीय उपेन्द्र उप्रेती, नौबस्ता गाविस निवासी २५ वर्षीय फलु थारू, फत्तेपुर गाविस निवासी १८ वर्षीय सावितराम थारू, नेपालगञ्ज नपा-१६ निवासी २६ वर्षीय प्रविन शाही, बेभार गाविस निवासी निराजन चौधरी, रम्भेना गाविस निवासी २८ वर्षीय जगत ढुंगाना, सानेपुर गाविस निवासी ३२ वर्षीय विनोद, ३२ वर्षीय अग्रीम, बेलहरी गाविस निवासी ३५ वर्षीय रामसरन यादव, बनकटुवा गाविस वीगाउँका ३४ वर्षीय कमल दाहाल, कचनापुर गाविस-७ निवासी २१ वर्षीय धीरेन्द्र खड्का, कोहलपुर गाविस-३ निवासी ३१ वर्षीय रामप्रसाद पोखरेल, बागेश्वरी गाविस-२ निवासी १९ वर्षीया दमयन्ती पुन, शम्शेरगञ्ज गाविस-३ निवासी २५ वर्षीय पहाडिया थारू, नौस्ता गाविस-८ निवासी २७ वर्षीय राजाराम थारू, कोहलपुर गाविस-६ निवासी १८ वर्षीय गगन घर्ती बुढा, सोही गाविस-८ निवासी विद्रोही चौधरी, विनौना गाविस-४ चिनरियाका वीरबहादुर बुढामगर, कोहलपुर गाविस-४ निवासी जितबहादुर बुढामगर, रञ्जित विक, नौबस्ता गाविस-८ निवासी मिलनी चौधरी, महादेवपुर गाविस-२ निवासी १५ वर्षीय पवित्रा वली, फत्तेपुर गाविस-९ निवासी २१ वर्षीय जुनकुमारी घर्तीमगर, कोहलपुर गाविस-४ निवासी १४ वर्षीय प्रेमबहादुर विक, महादेवपुर गाविस-५ निवासी ३२ वर्षीय मोहन वली, नौबस्ता गाविस-८ निवासी २२ वर्षीय कर्ण चोधरी, बेलभार

गाविस-२ निवासी २४ वर्षीय रमेश घर्ती, इन्द्रपुर गाविस निवासी १७ वर्षीय दिलबहादुर बागवान, रम्फेना गाविस निवासी २१ वर्षीय युवराज गिरी, रनियापुर गाविस-३ निवासी ३८ वर्षीय जमिल अहमद खान, कोहलपुर गाविस-३ निवासी गोपाल विक, बनकटुवा गाविस-४ निवासी २० वर्षीय क्रान्ति देवकोटा, कोहलपुर गाविस-४ निवासी १६ वर्षीय चन्द्रबहादुर विक, नौबस्ता गाविस निवासी २६ वर्षीय राजाराम थारू, कोहलपुर गाविस मसुरीका जगवीर पुन, जीतबहादुर पुन, सोही गाविस-४ निवासी १८ वर्षीय कमलसिंह पुन मगर, बैजापुर गाविस-१ निवासी लालवीर चौधरी, सोही गाविस-३ निवासी हरिलाल थारू, कोहलपुार गाविस-३ कालिकानगरका २४ वर्षीय यामबहादुर कामी, २७ वर्षीय चन्द्रबहादुर राणा, रम्फेना गाविस निवासी ३४ वर्षीय दलबहादुर थापा, ३२ वर्षीया पार्वती थापा, गंगापुर गाविस-४ डोडरागाउँका ५२ वर्षीय पार्वती बिहारी गोडिया, २० वर्षीय अतितिया गोडिया, मटहिया गाविस-४ महादेवनगरकी २१ वर्षीया सितला राणा र रनियापुर गाविस निवासी ३७ वर्षीय महोम्मद जाकिर शेष रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता माओवादीबाट यस वर्षको अन्त्यसम्म विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका एकजना महिला र १४ जना पुरुष गरी १५ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा खासकुश्मा गाविस-१ निवासी ४५ वर्षीय पारस खड्का, कोहलपुर गाविस-८ पिपरीका ४० वर्षीय भोजराज ढकाल, सोही गाविस-५ खरगबारका ४२ वर्षीय प्रेमबहादुर वली, खासकुश्मा गाविस-४ सिक्टागाउँका १५ वर्षीय धनकुमारी डाँगी, नरैनापुर गाविस-३ निवासी ५० वर्षीय सागर अली, होलिया गाविस-८ निवासी परशुराम शुक्ल, नौवस्ता गाविस-३ निवासी २५ वर्षीय रामबहादुर विक र कृष्णबहादुर सुनार, गनापुर गाविस-८ निवासी ३९ वर्षीय सेवकराम लोनिया, कोहलपुर गावस-४ निवासी ध्रुव श्रेष्ठ, कचनापुर गाविस-१ का ४८ वर्षीय लालबादुर डाँगी, भवानीपुर गाविस-८ निवासी राधे खटिक, कम्दी गाविस-९ निवासी बलबहादुर बुढाथोकी, बनकट्टी गाविस-४ निवासी शिवकुमार शर्मा र कटकुँईया गाविस-५ निवासी रसिक खाँ रहेका छन्।

४.७ बर्दिया



जनसंख्या : ४,२६,६७५
साक्षरता प्रतिशत : ४५.४१
महिला साक्षरता प्रतिशत : ३५.६४
क्षेत्रफल (वर्ग कि. मि.) : २०२५
गाविस/नपा संख्या : ३१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : २७४
क्याम्पस/उच्च मा.वि. : १/८
अस्पताल/स्वास्थ्य चौकी : १/३३
टेलिफोन लाइन : १६२०
मोटर सडक (कि. मि.) : १८५
प्रहरी कार्यालय संख्या : ९
हुलाक संख्या : ३३
मानव विकास सूचकाङ्क : ०.४२९
प्रति परिवार सरदर संख्या : ७.१६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

गुलरिया नपा-२ निवासी एमाले कार्यकर्ता ५५ वर्षीय यमलाल लामिछाने ०६३ वैशाख ७ गते सात दलद्वारा आयोजित लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको समयमा गुलरिया नपा-८ मा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घाइते भए। घाइते भएका यमलालको सोही दिन राति भारतको लखनउमा उपचार गर्दागर्दै मृत्यु भयो। सोही दिन सुरक्षाकर्मीको गोलीबाट आन्दोलनकारीहरू जयराम न्यौपाने, शालिकराम भुषाल, चिरिन्जीवि ज्ञवाली, लल्लुराम थारू, फूलुवा थारू, चन्द्रबहादुर थारू, मङ्गल थारू, दीवाकर थारू, कृष्ण भण्डारी, धनबहादुर थारू, फुलराम थारू र दीपक शर्मा घाइते भएका थिए। सुरक्षाकर्मीको लाठी र

अश्रुग्याँसबाट सो दिन अन्य १२ जना प्रदर्शनकारी पनि घाइते भएका थिए। घाइतेहरूको जिल्ला अस्पताल, बर्दिया र नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

माओवादीबाट

मोतिपुर गाविस-५ मदाहा निवासी नेकाँ कार्यकर्ता ३८ वर्षीय सुशिल ज्ञवालीको ०६३ भदौ १ गते राति घरमा सुतेको अवस्थामा सोही ठाँउका माओवादीका कार्यकर्ता धनबहादुर थारूको नेतृत्वमा गएको एक समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो भने उनको पत्नी ३५ वर्षीय रेखा ज्ञवालीलाई सख्त घाइते तुल्याए। धनबहादुरले स्थानीय सामुदायिक वनमा भ्रष्टाचार गरेको कुरा ज्ञवालीले सार्वजनिक गरिदिने डरमा धनबहादुरले उनको हत्या गरेको स्थानीय बासिन्दाले बताए। हत्याराहरूले मृत लास घरदेखि एकसय पचास मिटरसम्म घाँटीमा डोरीले बाँधेर लत्तार्दै पश्चिम मकैबारीमा पुऱ्याएर फालेका थिए। पीडकहरूको खुकुरी प्रहारबाट रेखाको दाहिने हात भाच्चिनुका साथै शरीरका अन्य भागमा गम्भीर चोट लागेको थियो। घाइतेको भेरी अञ्चल अस्पतालमा प्रारम्भिक उपचार गरी थप उपचारको लागि काठमाडौं लगियो। यस घटनाको विरोधमा स्थानीय बासिन्दाले दुई दिन पूर्व-पश्चिम राजमार्ग बन्द गरे भने तेस्रो दिन बर्दिया जिल्ला बन्द गरेका थिए। माओवादीले यस घटनामा संलग्न धनबहादुर पूर्व माओवादी कार्यकर्ता भएको बताए। सो हत्यामा संलग्न धनबहादुर, सोही ठाँउका प्रभु चौधरी र बेरू चौधरीलाई प्रहरीले पक्राउ गरी हाल बर्दिया कारागारमा राखेको छ। यस घटनाका सम्बन्धमा सत्य तथ्य बुझ्न इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जबाट मानवअधिकारकर्मी र पत्रकार चढी गएको बा ५ प ६०४० नम्बरको इन्सेकको गाडीलाई ०६३ भदौ २ गते उच्छृङ्खल तत्वहरूले तोडफोडसमेत गरेका थिए।

अज्ञात समूहबाट

गुलरिया नपा-१ निवासी माओवादी निकट मधेसी मुक्ति मोर्चा बर्दियाका अध्यक्ष ४९ वर्षीय नन्कौ गोडियाको ०६३ जेठ १५ गते दिउँसो अज्ञात समूहले सोही नपा-३ मा गोली र धारिलो हतियार प्रहार गरी हत्या गरे। गोडिया आमसभाको तयारीका लागि मञ्चमा बसेका बेला भारतको सिमानातर्फबाट तीनओटा मोटरसाईकलमा नौजनाको संख्यामा हतियारसहित गएका अज्ञात व्यक्तिले कार्यक्रमस्थल भन्दा पर उनलाई बोलाई गोली प्रहार गरेका थिए। त्यसपछि धारिलो हतियारले घाँटी र शरीरका अन्य भागमा हिर्काइ हत्या गरेका थिए। माओवादीले उक्त हत्या प्रतिकार समूहद्वारा भएको भन्दै तीनजनाको नाम सार्वजनिक गऱ्यो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय, बर्दियाका असई स्याङजा जिल्ला विरुवा अर्चेले गाविस-८ निवासी ३८ वर्षीय भरत मल्ल, प्रहरी हवल्दार रूकुम जिल्ला बिजेश्वरी गाविस-३ का ३३ वर्षीय कालिबहादुर बिष्ट र सिपाही डेउढाकला गाविस-१ का २१ वर्षीय सन्तोष थारूलाई ०६२ चैत ८ गते बिहान माओवादीले जिल्ला विकास समितिको कार्यालयको सुरक्षार्थ जाँदै गर्दा सो कार्यालय नजिकै गोली हानी घाइते तुल्याए। माओवादीले गोली चलाएपछि १० मिनेटसम्म चलेको दोहोरो गोली हानाहानबाट जिल्ला विकास समिति अघिल्तिर पसल गर्ने सर्वसाधरण ४० वर्षीय टोपबहादुर कार्की र उनकी पत्नी ३० वर्षीया लक्ष्मी कार्की पनि घाइते भएका थिए। घाइतेहरुको उपचार नेपालगञ्ज र काठमाडौंमा भयो।

बेवारिसे बमबाट

डेउढाकला गाविस-८ घर भई श्री दशरथ चन्द प्राबि गौरीपारामा कक्षा ५ मा अध्ययनरत १० वर्षीय राधेश्याम चौधरीले ०६३ असोज ९ गते दिउँसो कालिका गाविस-७ जङ्गलमा बेवारिसे अवस्थामा फालिएको सुतली बम खेलौनाको रूपमा बोकी घर नजिक ल्याई हातले थिच्दा विस्फोट हुँदा घाइते भए। विस्फोटबाट उनको देब्रे हातको कान्छी औंलाबाहेक अन्य चारओटै औंलाहरू गुमेका छन्। पीडितको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भएको थियो।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागार शाखा, तुलापुर बर्दियाको क्षमता १ सय जनाको छ। यस जेलमा हालसम्म ६९ जना बन्दीहरु रहेका छन्। जसमध्ये चार महिला र ३२ पुरुष गरी ३६ कैदी र दुई महिला र ३३ पुरुष गरी ३५ थुनुवा छन्। कारागारमा एक नाबालक छन्। जेलभित्र पाँचओटा ट्युबवेलमध्ये दुईटा चालु छन् भने तीनओटा बिग्रेका छन्। आर्सेनिक बढी पाइने यस जिल्लामा जेलभित्र खानेपानीको पानी अझै पुग्न सकेको छैन्। विद्युत, पत्रपत्रिका, रेडियो, टिभीको केही मात्रामा भए पनि उपलब्ध छ।

विरोध, आमरण अनसन

कारागार शाखा तुलापुर, बर्दियाका ५७ जना थुनुवा र बन्दीले ०६२ चैत ३० गते कारागारको मूल ढोका भित्रबाट तालाबन्द गरे। असुरक्षाका कारण देखाई प्रशासनले सबै थुनुवा र बन्दीलाई ०६२ चैत २४ गतेदेखि सेनाको ब्यारेक र प्रहरी कार्यालयमा साँझ लाने र बिहान ल्याउने गरेपछि त्यसको विरोधमा थुनुवा र बन्दीले उक्त विरोध कार्यक्रम गरेका थिए। ब्यारेक र प्रहरी कार्यालयमा बस्दा एउटा कोठामा २५ जनासम्म सुत्नु पर्ने भएकोले आफूहरूलाई ज्यादै

पीडा भएपछि तालाबन्दी गरेको बन्दीले बताए। ताला लगाएको दिनदेखि प्रशासनले थुनुवा र कैदीलाई ब्यारेकमा र प्रहरी कार्यालयमा लान छाडेको थियो।

माओवादीको आरोपमा विभिन्न मितिमा गिरफ्तार भई कारागार शाखा तुलापुर बर्दियामा नजरबन्दमा रहेका कालिका गाविस-३ का ५३ वर्षीय बलराम काफ्ले, मोतीपुर गाविस-७ की २४ वर्षीया रूपा चौधरी, सूर्यपटुवा गाविस-४ का २० वर्षीय ओमकुमार चौधरी र गुलरिया नपा-१ का ४३ वर्षीय लक्षीराम यादव ०६३ वैशाख २३ गते आफूहरूलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै थुनामुक्त नहुँदासम्मकालागि भोकहड्ताल सुरु गरेका थिए। भोकहड्तालमा सहभागी सबैजनालाई ०६३ वैशाख ३१ गते कारागार शाखाले जिल्ला न्यायाधीशको रोहबरमा रिहा गऱ्यो।

बेपत्ता/अपहरण

माओवादीबाट

गुलरिया नपा-६ का २५ वर्षीय रामु पौडेल नक्कली माओवादी बनेको आरोपमा ०६२ पुस २३ गते माओवादीले उनलाई बगनाह गाविसस्थित बनवीरबाट अपहरण गरी ०६२ पुस २८ गते इन्सेक आबद्ध संस्था हुरिकोकका अध्यक्ष लोकनाथ खरेल र कार्यक्रम संयोजक राजकुमार थारूको रोहबरमा ढोढरीबाट मुक्त गरे।

महेन्द्र प्रकृति संरक्षण कोष, ठाकुरद्वाराका जीप चालक कृष्णकुमार चन्दलाई सोही कोषको स्वामित्वमा रहेको बा.३ च १८८९ नम्बरको जीपसहित ०६२ माघ ५ गते माओवादीले मोतिपुर गाविस-५ बाट सोधपुछको लागि भन्दै अपहरण गरी चालकलाई सोही दिन साँझ मुक्त गरे भने जीप ०६२ फागुन ६ गते सर्चमा गएको सुरक्षाकर्मीको टोलीले मोतिपुर गाविसबाट फिर्ता ल्यायो।

मोतिपुर गाविस-९ का २४ वर्षीय केशव थारूलाई चामल ओसार्नु छ भनी ०६२ माघ ११ गते दिउँसो माओवादीले घरबाट उनको भे १ प ११२४ नम्बरको ट्रयाक्टरसहित अपहरण गरे। माओवादी र सुरक्षाकर्मीबीच सो दिन राति बाँकेको नेपालगञ्जमा दोहोरो भिडन्त भएको र घटनास्थलमा उक्त ट्रयाक्टर फेला परेको थियो। भिडन्तमा केशवको ट्रयाक्टर माओवादीले प्रयोग गरेका थिए। घटनास्थलमा गोली लागेर लडेको बेवारिसे लास पनि भेटिएको थियो र त्यो लास उनको हो भनेर आशंका गरियो तर लासको सनाखत पनि भएन। सो लास केशवकै हो भन्ने ठहर नभएका कारण घरपरिवारले उनी जिउँदै रहेको आस गरेका छन्।

गुलरिया नपा-६ का ५० वर्षीय नेपाल सदभावना पार्टी (मण्डल) का केन्द्रीय सदस्य रामकुमार थारूले 'निरंकुश राजसंस्था'लाई टेवा पुऱ्याएको र 'शाही सरकार'द्वारा घोषित नगर चुनावमा मेयर पदमा उम्मेदवार दिने भएको आरोपमा ०६२ माघ १२ गते साँझ माओवादीले उनलाई घरबाट अपहरण गरी ०६२ माघ २४ गते इन्सेक जिल्ला प्रतिनिधि नारायण सुवेदी, पत्रकार मेघराज सिग्देल र बालकृष्ण ओलीको रोहबरमा कालिका गाविसबाट मुक्त गरे।

महम्मदपुर गाविस-८ का ३७ वर्षीय भगतराम थारू, सोही ठाँउका ३० वर्षीय धनबहादुर बिक, २० वर्षीय जयराम थारू र २३ वर्षीय हरिप्रसाद थारूले चोरी गरेको आरोपमा ०६२ फागुन १५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी सबैलाई ०६३ जेठ २२ गते मानवअधिकारकर्मीको रोहबरमा मैनापोखर गाविसबाट मुक्त गरे।

वदालपुर गाविस-८ का २८ वर्षीय वासुदेव चौधरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	६	२	८	१	१			१	१	१			१
घाइते	३	२	१	३	२	४			४	१	१	१	१२	१४
गिरफ्तारी/यातना										१७	३७	४	४०	८१
कुटपिट	२	३		३	१	४			४	५	४	७	६	१७
धम्की	१	१		१	१	१			१					
भेला/संगठित हुने अधिकार										३	१	१	३४	३६
महिलाअधिकार	७		७	७										
बालअधिकार	५	२	३	५										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२	१	३	७	६		४२	४८	२		२		२
अमानवीय व्यवहार	१		१	१										
अपहरण	१	१		१	४९	६९	९		७८					
जम्मा	३०	१७	१५	३२	६१	८५	९	४२	१३६	२९	४४	१५	९२	१५१

र सोही ठाँउका २६ वर्षीय गोविन्द चौधरी नक्कली माआवादीको बनेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी ०६२ फागुन २४ गते नयाँगाउँ गाविस-७ गुहारीबाट मुक्त गरे।

कालिका गाविस-५ का २६ वर्षीय रामबाबु रेग्मी प्रतिकार समितिमा बसेको आरोपमा ०६२ फागुन १८ गते माओवादीले उनलाई घर नजिक विद्यालयबाट अपहरण गरी श्रम गराए। रेग्मीलाई ०६३ असोज १३ गते वनियाभार गाविसबाट दशै बिदामा सात दिनका लागि मुक्त गरिएकोमा उनी माओवादीको सम्पर्कमा गएनन्। हाल पीडित कामको सिलसिलामा बिदेश गएका छन्।

राजापुर गाविस-५ का ३८ वर्षीय जितला थारूले घरमा पत्नी हुँदाहुँदै पाँचौ पटक विवाह गरेको आरोपमा ०६२ फागुन १९ गते बिहान माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडित ०६२ चैत ५ गते माओवादीको कब्जामा भएको अवस्थामा वदालपुर गाविस-९ चितैनपुरबाट भागेर घर फर्किए।

कालिका गाविस-५ का २१ वर्षीय नारायण भुषाल र सोही ठाँउका २२ वर्षीय केदारप्रसाद खनाल माओवादी प्रतिकार समितिमा बसेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी ०६३ जेठ २२ गते मानवअधिकारकर्मीको रोहबरमा मैनापोखरबाट मुक्त गरे। माआवादीले भुषालको घरबाट चारओटा पेस्तोल र पाँच राउण्ड गोली फेला पारेको बताएका थिए। उक्त हतियार नेपाल समता पार्टीका शिव बुर्लाकोटीमार्फत उनीहरूले सिद्धिबक्स गुल्मबाट माओवादीलाई मार्न लिएको भुषाल र खनालले मुक्त हुँदा गरिएको सार्वजनिक कार्यक्रममा बताएका थिए।

राजापुर गाविस-३ का २५ वर्षीय विजय चौधरी र सोही ठाउँका २६ वर्षीय गणेश चौधरी नक्कली माओवादी बनेको आरोपमा ०६२ फागुन २० गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरी फागुन २३ गते मानपुरटपरा गाविसबाट मुक्त गरे।

कालिका गाविस-७ का ३४ वर्षीय उद्धव न्यौपानेलाई ०६२ फागुन २३ गते साँझ माओवादीले सोधपुछका लागि भन्दै उनको घरबाट अपहरण गरी धधवार गाविसको वैदी जङ्गलमा पुऱ्याई भोलिपल्ट सोही गाविसस्थित पञ्चबजारबाट मुक्त गरे।

कालिका गाविस-५ का २४ वर्षीय राजेन्द्र पन्त माओवादी प्रतिकार समितिमा बसेको आरोपमा ०६२ फागुन २४ गते माओवादीले पीडितलाई घर नजिकबाट अपहरण गरे। उनलाई माओवादीले चार महिनासम्म श्रम गराई ०६३ जेठ २२ गते मानवअधिकारकर्मीको रोहबरमा मैनापोखरबाट मुक्त गरे। माओवादीको नियन्त्रणमा रहँदा शरीरमा निलडाम हुने गरी कुटपिट गरेको र माओवादी कार्यकर्ताको घर बनाउने काममा लगाएको पीडितले बताए।

क्षेत्रीय मेडिकल स्टोर, नेपालगञ्जबाट नि:शुल्क प्रदान गरिएको करिब ११ लाख बराबरको औषधि छोड्न नेपालगञ्जबाट गुलरिया जाँदै गरेको ना २ ख ५३०६ नम्बरको बस चालकसहित मेडिकल स्टोरका कर्मचारी ३० वर्षीय कृष्णगोपाल चौधरी र सोही कार्यालयका पियनका छोरा १६ वर्षीय रमेश कुवँरलाई ०६२ फागुन २८ गते माओवादीले मैनापोखर गाविस-१ बाट अपहरण गरी औषधिबाहेक अन्यलाई सोही दिन साँझ मुक्त गरे। केही औषधि सुरक्षाकर्मीले भोलिपल्ट जमुनी गाविसबाट फिर्ता गरे भने बाँकी औषधि माओवादीले एक हप्तापछि बर्दिया अस्पतालका डाक्टरलाई फिर्ता गरे।

नेपालगञ्ज नपा-१ का ३५ वर्षीय शेरबहादुर बोहोरा र ४० वर्षीय बलबहादुर सोडारीलाई ०६२ फागुन २८ गते माओवादीले जमुनी गाविस-१ बाट अपहरण गरी चैत १ गते सोही गाविसबाट मुक्त गरे।

खैरिचन्दनपुर गाविस-५ का दुई दाजुभाई ३० वर्षीय खिमराज रिजाल र २६ वर्षीय तीर्थराज रिजाल आपसमा झगडा गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी चैत १३ गते इन्सेकको रोहबरमा कोठियाघाटबाट मुक्त गरे।

मगरागाडी गाविस-८ की २९ वर्षीया गीता चौधरीले सुराकी गरेको आरोपमा ०६२ चैत ५ गते माओवादीले उनलाई सोही गाविस-४ मानपुरबाट अपहरण गरी चैत १० गते सोही गाविस-१ बाट मुक्त गरे।

पदनाहा गाविस-७ का ४० वर्षीय कुकुरा थारू र सोही ठाँउकी १७ वर्षीया सन्चुरिया थारूले अनमेल विवाह गरेको आरोपमा ०६२ चैत १३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। माओवादी नियन्त्रणमा सम्बन्ध बिच्छेद गराई गर्भ रहेको खण्डमा कुकुराले पालनपोषण गर्ने सर्तमा दुवैलाई चैत ३१ गते सोही गाविस-७ घोरपिट्टाबाट मुक्त गरे।



सुरक्षाकर्मीद्वारा मारिएका यमलाल लामिछाने

राजापुर गाविस-७ का २५ वर्षीय पुरन चौधरीले सोही ठाँउकी एक विवाहित महिलासँग अवैध सम्पर्क गरी गर्भ बोकाएको आरोपमा ०६२ चैत २३ गते माओवादीले चौधरीलाई गाँउबाट अपहरण गरी ०६३

वैशाख २३ गते राजापुर गाविस-७ राजपुरुवाबाट मुक्त गरे।

दौलतपुर गाविस-२ का २७ वर्षीय तीर्थ चौधरी, सोही ठाँउका २६ वर्षीय गोविन्द घर्ती र सोही गाविस-१ घर भई कालिका निमाविका शिक्षक २८ वर्षीय कृष्णप्रसाद थारूलाई ज्यानमुद्दाको आरोपमा ०६३ वैशाख १९ गते बिहान माओवादीले उनीहरूकै घरबाट अपहरण गरी कृष्ण गोपाललाई वैशाख २८ गते पशुपतिनगरबाट मुक्त गरे भने अन्य दुईजनालाई भदौ २४ गते नयाँगाउँ गाविसको ग्वाटी गाँउबाट मुक्त गरे।

धधवार गाविस-५ का ३६ वर्षीय रामबहादुर पाण्डे, सोही ठाँउका ३८ वर्षीय भोकारी थारू र ४० वर्षीय चुन्का थारू गाँउमा झगडा गरेको आरोपमा ०६३ वैशाख ३० गते माओवादीले उनीहरूलाई सोही गाविस-८ बाट अपहरण गरी पुन: झगडा नगर्ने सर्तमा जेठ ४ गते सोही गाविसबाट मुक्त गरे। सामुदायिक वनको काठको विषयमा ०६३ वैशाख ३० गते सो गाविसका लम्की फाटा र जब्दी गाउँको मानिसबीच झगडा भएको थियो।

मगरागाडी गाविस-४ का २५ वर्षीय कालिराम थारूले घरायसी झगडा गरेको आरोपमा ०६३ वैशाख ३० गते माओवादीले उनलाई घरबाट अपहरण गरी पुन: झगडा नगर्ने सर्तमा जेठ २ गते सोही गाविसबाट मुक्त गरे।

धधवार गाविस-५ का ३५ वर्षीय पहाडी थारूले दुई गाउँका जनतालाई उक्साएर झगडा गराएको आरोपमा ०६३ जेठ ४ गते माओवादीले उनलाई सोही गाउँबाट अपहरण गरी दुईमहिना आफ्नो निगरानीमा श्रम गराई मुक्त गरे। उक्त कुरा मोओवादीले सोही गाविसका वेलभार गाँउका स्थानीय बासिन्दाहरूलाई भेला गराई सार्वजनिक गरेका थिए। हाल पहाडी घरमै छन्।

ठाकुरद्वारा गाविस-२ का २५ वर्षीय दुर्गा राजकोटीले चोरी गरेको आरोपमा ०६३ जेठ ६ गते माओवादीले उनलाई नेउलापुर गाविस-९ बाट अपहरण गरे। स्थानीय गाँउले र स्थानीय मानवअधिकारकर्मीको पहलमा पीडितलाई माओवादीले सोही दिन साँझ सोही गाविसबाट मुक्त गरे।

मगरागाडी गाविस-९ का रोइना थारूले अंश सम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गराएको अरोपमा ०६३ असार १६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी असार १९ गते सोही गाविसबाट मुक्त गरे।

बनियाभार गाविस-३ का ४४ वर्षीय कृष्ण थारूले माओवादीको नियन्त्रणबाट भागेर घर फर्किएको छोरालाई लुकाएको आरोपमा ०६३ वैशाख १५ गते माओवादीले उनलाई घरबाट अपहरण गरी वैशाख ३० गते मगरागाडी गाविसबाट मुक्त गरे।

खैरीचन्दनपुर गाविस-९ का ७२ वर्षीय काशीप्रसाद संज्यालले ठगी गरेको आरोपमा ०६३ भदौ २६ गते माओवादीले संज्याललाई एकछिन काम छ भनी घरबाट अपहरण गरी यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मोतिपुर गाविस-५ का २५ वर्षीया मञ्जु विक र सोही ठाउँका १७ वर्षीया तुल्सी विकलाई ०६२ माघ १८ गते बाँके चिसापानीबाट गएका सुरक्षाकर्मीको टोलीले माओवादीद्वारा केही दिनअघि कब्जा गरेको महेन्द्र प्रकृति संरक्षणकोषको जीप घरनजिकै देखेपछि उक्त जीपको साँचो माग्दै खुट्टा र हातले कुटपिट गरे। सुरक्षाकर्मीले पीडितहरूलाई पाँच घण्टासम्म हात बाँधेर राखेका थिए। पीडितहरूको स्थानीय औषधी पसल र नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा उपचार गर्दासमेत सन्चो नभएपछि सिभिक्टमार्फत् काठमाडौंमा उपचार गरियो।

राजापुर गाविस-१ का ४५ वर्षीय कालुराम थारू माओवादी भएको आरोपमा ०६२ माघ ३० गते राजापुरबाट सर्चमा गएका सुरक्षाकर्मीले उनलाई घर नजिकै कुटपिट गरे। पीडितको स्थानीय औषधि पसलमा उपचार गरियो।

धधवार गाविस-८ निवासी गुलरिया नपा-६ स्थित माछापोखरीमा कार्यरत चौकिदार ३० वर्षीय शेरबहादुर राजीले तीन सेलको लाइट बालेको आरोपमा ०६२ चैत ४ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनको खुट्टा र शरीरको अन्य भागमा कुटपिट गरे।

मगरागाडी गाविस-४ का ३४ वर्षीय चिम्बा थारू, सोही ठाँउका ५५ वर्षीय ठाकुरराम थारू, १७ वर्षीया रमाकुमारी चौधरीलगायत् नौजनाले माओवादीलाई भात खुवाएको आरोपमा ०६२ चैत १५ गते बिहान रम्भापुरबाट गएका सुरक्षाकर्मीले उनीहरूलाई घरमै गई लाठी, हात र खुट्टाले ढाँडमा र शरीरका अन्य भागमा कुटपिट गरे। सुरक्षाकर्मीको कुटाईका कारण ठाकुरराम र चिम्वा एक हप्तासम्म हिँड्डुल गर्न सकेनन्।

बेलवा गाविस-७ की २४ वर्षीया गीता शर्मालाई



माओवादी कार्यकर्ताद्वारा हत्या गरिएका सुशील ज्ञवाली

०६३ कात्तिक ६ गते घरबिदामा आएका सोही ठाउँ निवासी गुल्मीमा कार्यरत प्रहरी जवान लोकबहादुर वीसीले सामान्य विवाद हुँदा बुटले हिर्काउँदै "त जस्ता महिलालाई त मारेर फालिदिन सक्छु," भनी धम्की दिए। शर्माको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

माओवादीबाट

गुलरिया नपा-९ की ४५ वर्षीया भोजकुमारी श्रेष्ठलाई ०६२ माघ २ गते माओवादीले फोनबाट श्रेष्ठको घरमा भाडामा रहेको कृषि विकास बैंकको कार्यालय सो घरबाट हटाउन धम्की दिए। त्यसपछि घर खाली गरिदिन ०६२ माघ ४ गते श्रेष्ठले कृषि विकासमा निवेदन दिइन्।

गुलरिया नपा-२ का ३२ वर्षीय बालेराम यादवलाई ०६२ फागुन २८ गते साँझ हतियारसहित ७/८ जनाको संख्यामा गएका माओवादीले नाम सोधी धारिलो हतियारले दुवै खुट्टाको घुडादेखि तल हिर्काई घाइते बनाए। घाइतेको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो।



अज्ञात समूहद्वारा हत्या गरिएका माओवादी नेता नन्कौ गोडिया

दौलतपुर गाविस-४ का २३ वर्षीय सुन्दर चौधरी, सोही गाविस-५ का २६ वर्षीय नन्कु चौधरी, २६ वर्षीय गणेश चौधरी र गोला गाविसका ३० वर्षीय दिनेश चौधरीले झैझगडा गरेको आरोपमा ०६३ कात्तिक १ गते माओवादीले उनीहरुको शरीरमा नीलडाम हुने गरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

नेउलापुर गाविस-३ निवासी ३५ वर्षीय मुक्त कमैया भौना थारू माओवादी भएको आरोपमा ०६२ पुस १८ गते सुरक्षाकर्मीले उनलाई नेउलापुर गाविस-७ बाट गिरफ्तार गरी ०६२ माघ २ गते आतकंकारी ऐन अन्तर्गत कारागार चलान गरे। पीडितलाई ०६२ असार ३१ गते बर्दिया कारागारबाट रिहा गरियो।

सानोश्री गाविस-३ का व्यापारी ३० वर्षीय रिपुबहादुर गुरुङ माओवादी भएको आरोपमा ०६२ पुस २९ गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरी ०६२ माघ १ गते सिद्धिबक्स गुल्म गुलरियाबाट रिहा गरे।

मगरागाडी गाविस-२ का २५ वर्षीय कृष्णप्रसाद थारू माओवादी भएको आरोपमा ०६२ माघ २१ गते बिहान प्रहरीले उनलाई पदनाहा गाविस-३ बाट गिरफ्तार गरी ०६३ जेठ ३० गते बाँके कारागारबाट रिहा गरे।

गुलरिया नपा-१ का दुई दाजुभाई ४३ वर्षीय लच्छीराम यादव र २६ वर्षीय रामनरेश यादव माओवादी भएको आरोपमा ०६२ फागुन २० गते राति सुरक्षाकर्मीले उनीहरूलाई घरबाटै गिरफ्तार गरी फागुन २४ गते कारागार चलान गरे। रामनरेशलाई ०६३ वैशाख २५ गते र लच्छीरामलाई ०६३ वैशाख ३० गते बर्दिया कारागारबाट रिहा गरियो।

बदालपुर गाविस-४ का १६ वर्षीय रामकरण थारू र कैलाली जिल्ला निवासी सुपर र शिवु भनिने माओवादी कार्यकर्ताहरूलाई ०६२ फागुन २४ गते दिउँसो दौलतपुर गाविस-७ बाट माओवादीको आरोपमा कैलाली टीकापुरबाट गएका सशस्त्र प्रहरीको टोलीले गिरफ्तार गऱ्यो। सबैलाई कैलाली टीकापुरस्थित सशस्त्र प्रहरी कार्यालयबाट रिहा गरियो।

सूर्यपटुवा गाविस-४ का २० वर्षीय ओमकुमार चौधरी माओवादी भएको आरोपमा ०६२ चैत १९ गते सुरक्षाकर्मीले उनलाई गुलरिया नपा-७ बाट गिरफ्तार गरी ०६२ चैत २१ गते कारागार चलान गरे। पीडित ०६३ वैशाख ३१ गते बर्दिया कारागारबाट रिहा भए।

पुनः गिरफ्तार

सोरहवा गाविस-२ का २९ वर्षीय सुवराम थारूलाई पुनरावेदन अदालतमा उपस्थित गराउन भनेकोमा प्रहरीले थारूलाई कारागारबाटै ०६२ माघ ११ गते पुनः गिरफ्तार गरी ०६३ जेठ ३० गते रिहा गरे। माओवादीको आरोपमा बगनाहा गाविस-६ बाट ०६२ असार ९ गते गिरफ्तार सुबरामलाई ०६२ माघ २ गते कारागार पठाइएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गुलरिया नपा-७ निवासी एमाले भेरी अञ्चल सचिव ४७ वर्षीय लक्ष्मणराज ज्ञवाली, मोतिपुर गाविस-८ निवासी जनमोर्चा कार्यकर्ता ४१ वर्षीय केशवराज पौडेल, गुलरिया नपा-६ घर भएकी अनेमसंघ जिल्ला सदस्य ३८ वर्षीया कल्पना ज्ञवाली, नेकाँ (प्रजातान्त्रिक) का विद्याप्रसाद खनाल, नेकाँकी नेतृ राधा शर्मा र मालती सोडारीलगायत सात दलका २५ जना कार्यकर्तालाई निर्वाचन कार्यालय घेराउ गर्ने क्रममा नारा जुलुससहित निस्केको प्रदर्शनबाट प्रहरीले ०६२ माघ १५ गते गिरफ्तार गरे। गिरफ्तारमध्ये नेकाँ (प्रजातान्त्रिक) का विद्याप्रसाद, जग्गाप्रसाद, एमालेका लक्ष्मणराज, गोविन्द, प्रेमप्रसाद, बीना, खगराज, जनमोर्चाका केशवप्रसाद, नेकाँका राधा र मालती भोलिपल्ट रिहा भए भने अन्य सोही दिन रिहा भए।

माघ १९ गते कालो दिवसको रूपमा मनाउने क्रममा कालो झण्डा बोकेर ०६२ माघ १९ गते दिउँसो गुलरिया बजारमा शान्तिपूर्ण रूपमा निकालेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका भेरी अञ्चल सचिव लक्ष्मणराज ज्ञवाली, जिल्ला सचिव श्याम ढकाललगायत २२ जना, नेकाँका जिल्ला सभापति संजय गौतमसहित १२ जना, नेकाँ (प्रजातान्त्रिक) का सभापति अरुणसिङ राठोरसहित आठजना, सदभावना (आनन्दीदेवी) का जिल्ला सभापति बिल्दु श्रीवास्तवसहित ४३ जना दलका नेता तथा कार्यकर्तालाई गुलारिया नपा-८ स्थित हुलाक कार्यालय अगाडिबाट गिरफ्तार गरी ०६२ माघ २० गते इन्सेक जिल्ला प्रतिनिधि नारायण सुवेदी र जिल्ला बार एसोसिएसनका अध्यक्ष उमानाथ ज्ञवालीको रोहबरमा रिहा गरे।

गुलरिया नपा-९ निवासी सदभावना (आनन्दीदेवी) का ५५ वर्षीय केन्द्रीय सदस्य कासिम अली सिद्धिकीलाई शान्ति सुरक्षामा खलल् पुऱ्याएको आरोपमा ०६३ माघ १९ गते बिहान प्रहरीले घरबाट गिरफ्तार गरी माघ २१ गते सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कारागार चलान गरे। उनी पुनरावेदनको आदेश अनुसार ०६२ फागुन १० गते रिहा भए।

नेउलापुर गाविस-८ घर भई नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता ३७ वर्षीय विद्याप्रसाद खनाललाई निर्वाचन कार्यालयमा उम्मेदवारी नामावली फिर्ता फारम लिन गएको बेला ०६२ माघ १५ गते सुरक्षाकर्मीले निर्वाचन कार्यालयको गेटबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

राजाद्वारा गरिएको संसद पुनर्स्थापनाको विरोध गर्दै माओवादीद्वारा ०६३ वैशाख १२ गते गुलरियामा गरिएको विरोध कार्यक्रमबाट सुरक्षाकर्मीले माओवादीका जिल्ला नेता तथा कालिका गाविस-३ का ५३ वर्षीय बलराम काफ्ले, मोतिपुर गाविस-७ की २४ वर्षीया रूपा चौधरी र सोरहवा गाविस-२ का ४८ वर्षीय भेषराज सुवेदीलाई गिरफ्तार गरे। सुवेदीलाई भोलिपल्ट रिहा गरियो भने अन्य दुईलाई वैशाख ३० गते बर्दिया कारागारबाट रिहा गरियो।

गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारको मागसहित मुक्तकमैया तथा भूमिहीन सुकुम्बासीहरूले ०६३ भदौ ३० गते नारासहित गुलरियामा निकालेको जुलुस जिल्ला प्रशासन कार्यालयभित्र प्रवेश गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरेपछि भएको दोहोरो झडपमा आन्दोलनकारीतर्फ गुलरिया नपा-६ का ४० वर्षीय लोकबहादुर थारूसहित १४ जना र प्रहरीतर्फ इन्स्पेक्टर बसन्त थापासहित नौ जना प्रहरी घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल र नेपालगञ्जस्थित प्रहरी अञ्चल अस्पतालमा भयो।



माघ १९ गतेलाई 'कालो दिवस'का रूपमा मनाउँदा प्रहरीद्वारा गिरफ्तार गरिएकी मालती सोडारी र विन्दु श्रीवास्तव

सुगम र निष्पक्ष न्यायिक अधिकार

बर्दिया जिल्ला अदालतको ०६२ पुस १५ देखि ०६३ पुस १२ सम्मको तथ्याङ्क अनुसार यस अदालतमा दुनियावादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २८ ओटामध्ये फर्स्यौट भएका १५ ओटा नभएका १३ ओटा छन् भने यो वर्ष दायर भएका ७४ थानमध्ये फर्स्यौट भएका २९ ओटा र नभएका ४५ ओटा रहेका छन्। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएको ४३ ओटामध्ये यो वर्ष फर्स्यौट भएका २५ ओटा र फर्स्यौट नभएका १८ ओटा रहेका छन्। यो वर्ष दर्ता भएका ४३ ओटामध्ये फर्स्यौट भएका ११ ओटा र फर्स्यौट नभएका ३२ ओटा रहेका छन्। दुनियावादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २२ ओटामध्ये यो वर्ष फर्स्यौट भएका ६१ ओटा र फर्स्यौट नभएका ६१ ओटा रहेका छन्। यस वर्ष दर्ता भएका १ सय १९ ओटामध्ये फर्स्यौट भएका २० ओटा र फर्स्यौट नभएका ९९ ओटा रहेका छन्। यो वर्षको अन्त्यसम्ममा जम्मा मुद्दा ४ सय २९ रहे।

बालअधिकार

गुलरिया नपा-१४ की ३ वर्षीया एक बालिकालाई सोही ठाउँका २२ वर्षीय अमृत थारूले ०६२ माघ १ गते बिहान घर नजिक खेल्न लागेको बेला समातेर घर पछाडि बारीमा लगी बलात्कार गरे। शरीर र कपडा भरी रगतै रगत भएको बेहोस अवस्थामा पीडितलाई उचालेर पीडकले नै घर ल्याइदिएका थिए। पीडितको तत्काल जिल्ला अस्पतालमा उपचार गरे पनि एक हप्तासम्म दिसा पिसाब गर्दा रगत आएको पीडितको आमाले बताईन्। पीडकलाई प्रहरीले पक्राउ नगरेपछि माघ १५ गते गाउँलेले समातेर जिल्ला प्रहरी कार्यलयमा बुझाएका थिए। पीडक हाल बर्दिया कारागारमा छन्।

दौलतपुर गाविस-१ निवासी श्री कालिका निमावि चनौरामा अध्ययनरत १५ र १७ वर्षीय बालकलाई ०६३ भदौ

२१ गते माओवादीमा लागेपछि जागिर र पैसा पाइन्छ भनी माओवादीले अभियानमा लगे। बालकका बाबु छोराको खोजी गर्दै वनियाभार गाविसमा जाँदा छोरा माओवादीको जनमुक्ति सेनासँग तालिम गर्दै गरेको देखेपछि सोधेर दुवैजनालाई ०६३ असोज २ गते घर ल्याए। दुई बालकमध्ये एक बालक विद्यालय पढन जान थालेका छन् भने एक बालक पुन: माओवादीले लैजान्छन् भनी पढन् छोडी भारत गए।

दौलतपुर गाविस-१ घर भई श्री कालिका निमावि चनौरामा ०६३ भदौ २५ गते माओवादीद्वारा आयोजित साँस्कृतिक कार्यक्रमपछि सोही विद्यालयमा अध्ययनरत दुईजना बालक अभियानमा गए। अभियानमा गएका एक १४ वर्षीय बालक ०६३ असोज १ गते बनियाभार गाविसबाट भागेर घर फर्किए भने अर्का १५ वर्षीय बालक असोज ६ गते घर फर्किए। घर फर्किएका बालकमध्ये एक बालक विद्यालय पढ्न जान थालेका छन् भने एक बालक पुन: माओवादीले लैजान्छन् की भनी डरले भारत काम गर्न गएका छन्।

ढोढरी गाविस-५ घर भई श्री नेपाल राष्ट्रिय माविमा अध्ययनरत १३, १५ र १७ वर्षीय बालकलाई ०६३ भदौ ३ गते माओवादीले "पढेर के हुन्छ, देशको लागि केही गर्नुपर्छ" भन्दै अभियानमा लगे। जसका कारण ती बालकहरूले पहिलो त्रैमासिक परीक्षा दिन पाएनन्। अभियानमा गएकामध्ये ०६३ असोज २ गते दुईजना बालक कालिका गाविसबाट भागेर घर फर्किए भने एकजना यो वर्षको अन्त्यसम्म घर फर्किएका छैनन्।

डेउढाकला गाविस-३ घर भई श्री त्रिभुवन मावि ककौरामा कक्षा ६ मा अध्ययनरत १५ वर्षीय बालकलाई माओवादीको सेनामा भर्ती गराइदिने भन्दै ०६३ असोज ३ गते माओवादीले अभियानमा लगेकोमा असोज ६ गते धधवार गाविसबाट घर फर्किए।

डेउढाकला गाविस-३ का क्रमश १६, १७, १५, र १६ वर्षीय बालकलाई ०६३ भदौ २३ गते माओवादीद्वारा लालीगुराँस प्रविमा आयोजित साँस्कृतिक कार्यक्रम हेर्न गएको बेला "जागिर पाईन्छ" भन्दै माओवादीले अभियानमा लगे।



विद्यार्थी नेता नुतनकुमार चौधरीलाई गिरफ्तार गर्दै प्रहरी

पिलीस्मृति बिग्रेड पल्टन नम्बर सी. ले प्रयोग गरेका ती बालकहरूमध्ये दुई बालक असोज ७ गते धधवारबाट घर फर्किए भने दुईजना यस वर्षको अन्त्यसम्ममा घर फर्किएका छैनन्।

मोतिपुर गाविस-७ निवासी श्री एकप्रिय प्रस्ताविक मावि दमौलीमा कक्षा ७ मा अध्ययनरत १६ वर्षीय एक बालकलाई ०६३ वैशाख ४ गतेदेखि माओवादीले बालसैन्यको रूपमा प्रयोग गरे। पिलीस्मृति ९ नम्बर बटालियनमा कार्यरत बालक ०६३ साउन १२ गते बाँके जिल्लाको कोहलपुरबाट भागेर घर फर्किए।

मोतिपुर गाविस-३ निवासी श्री आदर्श प्रस्ताविक मावि मोतिपुरमा कक्षा ४ मा अध्ययनरत १४,१४ वर्षीया दुई बालिकालाई ०६३ असोज २५ गते माओवादीले अभियानमा लगे। अभियानमा गएका दुवै बालिका हाल घर फर्किएका छन्।

दौलतपुर गाविस-१ का १४ वर्षीय बालकलाई ०६३ असोज ४ गते माओवादीले गुलरियामा आयोजना गरेको आमसभामा जाँउ भनी लगी माओवादीले आफ्नो अभियानमा सहभागी गराए। असोज १३ गते ती बालक दौलतपुर गाविस-२ का १६ वर्षीय एक बालकलाई ०६३ भदौ १३ गते पाताभार गाविस शान्तिबजारमा माओवादीद्वारा आयोजित साँस्कृतिक कार्यक्रम हेर्न गएको बेला माओवादीले तलब पाईन्छ भन्दै फकाएर अभियानमा लगे। ती बालक ०६३ भदौ २३ गते वनियाभार गाविसको रामपुरबाट घर फर्किए।

मोतिपुर गाविस-३ का १६ वर्षीय एक बालकलाई ०६३ भदौ २८ गते माओवादीले अभियानमा प्रयोग गरे। ती बालक भदौ ३१ गते बेलवा गाविसबाट घर फर्किए।

मोतिपुर गाविस-९ का १६ वर्षीय एक बालकसहित १४ र १६ वर्षीया दुई बालिकालाई ०६३ भदौ १ गते माओवादीले घर घर गई अभियानमा लाग्न अनुरोध गरेपछि ती बालबालिका अभियानमा गए। यस वर्षको अन्त्यसम्म ती बालबालिका घर फर्किएका छैनन्।

मोतिपुर गाविस-९ निवासी श्री आदर्श प्रस्तावित मावि मोतिपुरमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय एक बालकलाई ०६३ भदौ १ गते माओवादीले पढेर काम छैन्, क्रान्ति गर्नुपर्छ भन्दै फकाई अभियानमा लगी पिली स्मृति बिग्रेड ९ नम्बर बटालियन सर्पोट कम्पनीमा लेखापाल सेक्सन भीसी पदमा काम लगाएका थिए। ती बालक ०६३ कात्तिक ४ गते बिदामा घर फर्किए। माओवादीले ती बालकलाई तलब स्वरूप एक महिनाको ६ सयका दरले दुई महिनाको १२ सय उपलब्ध गराएका थिए।

दौलतपुर गाविस-५ निवासी श्री कालिका निमावि चनौरामा कक्षा ७ मा अध्ययनरत १३ वर्षीय एक बालकलाई ०६३ असोज १६ गते माओवादीले अभियानमा लगे। यस

वर्षको अन्त्यसम्ममा ती बालक घर फर्केका छैनन्।

भिम्मापुर गाविस-४ निवासी श्री बुद्ध प्राबि भिम्मापुरमा कक्षा ४ मा अध्ययनरत १६ वर्षीय एक बालिकालाई ०६३ मंसिर ११ गते माओवादीले अभियानमा लगे। अभियानमा गएकी बालिका यस वर्षको अन्त्यसम्ममा घर फर्किएकी छैनन्।

भिम्मापुर गाविस-८ निवासी श्री नेपाल राष्ट्रिय माबि गोडियानामा कक्षा ८ मा अध्ययनरत १७ वर्षीया एक बालिकालाई माओवादीले ०६३ कात्तिक २८ गते सेनामा जागिर पाईन्छ भनी अभियानमा लगे। अभियानमा गएका बालक यसवर्षको अन्त्यसम्ममा घर फर्किएका छैनन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

मोतिपुर गाविस-१ की १७ वर्षीया एक महिलालाई ०६३ साउन १७ गते सोही ठाँउका २७ वर्षीय टोपनाथ योगीले बलात्कार गरे। बलात्कारपछि फरार योगीलाई ०६३ साउन ३० गते माओवादीले स्थानीय गाँउलेको सहयोगमा अपहरण गरी ०६३ भदौ ४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। योगी हाल बर्दिया कारागारमा छन्।

बनियाभार गाविस-१ की १४ वर्षीया एक बालिकालाई ०६३ साउन ३० गते राति मगरागाडी गाविस-४ का २८ वर्षीय शालिकराम परियारले मगरागाडी गाविस-४ मा तीजको नाच हेरिसकेपछि राति साथीको घरमा सुत्न जान लागेको बेलामा बाटोमा समाती बलात्कार गरे। बलात्कारपछि बेहोस बालिकालाई बनियाभार गाविसको जङ्गलमा लगेर फालिदिए। घटनापछि पीडक फरार छन्। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले यस घटनामा संलग्न भएको आशंकामा मगरागाडी गाविस-४ की भुमा खड्कालाई पक्राउ गऱ्यो।

बनियाभार गाविस-७ की ३५ वर्षीय एक महिलालाई ०६३ भदौ २५ गते दिउँसो १ बजे घरमा कोही नभएको समयमा सुर्खेत डाँडापोखरी गाविस-२ घर भई हाल सोही ठाँउमा बस्ने राजबहादुर कठायतले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०६३ भदौ २६ गते स्थानीय बासिन्दाले मुखमा मोसो र महिलाको पेटिकोट लगाएर गाँउ घुमाई माओवादीसमक्ष बुझाए। माओवादीले पीडक कठायतलाई ०६३ भदौ ३१ गते मुक्त गरे।

बगनाहा गाविस-२ की २८ वर्षीय एक महिलालाई ०६३ असोज १५ गते भारत उत्तर प्रदेश बहराइच जिल्लाको गिरिजापुरीमा कार्यरत सिपाही गोपाल सिंहले दशै मान्न सानोश्री गाविस गाँउ नम्बर ११ स्थित माईत गएको बेला बलात्कार गर्ने प्रयास गरे। स्थानीय बासिन्दा पीडकलाई सोही दिन पक्राउ गरी माओवादीसमक्ष बुझाए। माओवादीले असोज १६ गते पीडकलाई जिल्ला प्रहरी कार्यालयमा बुझाए। जिल्ला प्रहरी कार्यालयले पनि पीडकलाई असोज १८ गते भारतको मुर्तिहास्थित सुरक्षा क्याम्पमा बुझाए।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहिन तथा सुकुमवासी समस्या, अशक्त भत्ता आदि

बनियाभार गाविस-१ का ३५ वर्षीय नरबहादुर छिनालसहित सयौं मुक्त कमैया सुकुमबासीले कमैयाहरूलाई मुक्त गरेको सात वर्ष बितिसक्दा पनि मुक्त कमैया सुकुमबासीहरूलाई गाँस, बाँस, कपास र स्वास्थ्य, शिक्षा र रोजगारको वास्ता नगरेको भन्दै सातौ कमैया मुक्ति दिवसको सन्दर्भमा ०६३ साउन २ गते भूमिसुधार कार्यालयको मुल ढोकामा अनिश्चितकालीन ताला लगाए। काठमाडौंमा भएको वार्ता अनुसार सरकारले एक महिनाभित्र उच्चस्तरीय आयोग बनाउनेलगायतका विषयमा सहमति भएपछि ०६३ साउन ८ गते प्रहरीको रोहबरमा मुक्त कमैयाहरूले ताला खोलेका थिए।

भूमिहीन, नागरिकताविहीन र मोही हकबाट बञ्चित करिब ५ सयको संख्यामा ०६३ भदौ २५ गते गुलरियामा निस्केको जुलुसले हदबन्दी जग्गालाई वितरण हुनबाट रोक्न, भूमिको समान र न्यायोचित पुर्नवितरणको लागि दबाब दिन, बाझो तथा ऐलानी जग्गा दर्ता हुने प्रक्रियालाई रोक्न र मोहीयानी हकको संरक्षण गर्ने लगायतका ११ बुँदे मागसहित मालपोत कार्यालयमा तालाबन्दी तथा धर्नासमेत गरे। नेपाल सरकारले सम्झौता अनुसारको काम नगरेको भन्दै मुक्त कमैया सुकुमबासीहरूले ०६३ भदौ ९ गतेदेखि भूमिसुधार कार्यालयमा अनिश्चितकालिन तालाबन्दी गरे। भूमिसुधारमा लगाइएको सो ताला भदौ २९ गते खोलियो।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति

गुलरिया नपा- ८ की ३२ वर्षीया शारदा घिमिरेको घर नजिक रहेको निर्वाचन कार्यालयलाई ०६२ पुस २५ गते माओवादीले निशाना बनाई बम विस्फोट गराउँदा घिमिरेको पाँच कोठाको एक तल्ले पक्की भवन पूर्णरूपमा क्षति भयो। घिमिरेको घरसँग जोडिएको मानबहादुर गुरुङको घरमा निर्वाचन कार्यालय भाडामा बसेको थियो। माओवादीले निर्वाचन कार्यालय र घिमिरेको घरकोबीचमा बम राखी विस्फोट गराउँदा निर्वाचन कार्यालय बसेको घर पनि क्षतिग्रस्त भएको थियो।

गुलरिया नपा-९ का ३७ वर्षीय विपिन पोखरेलको घरमा भाडामा बसेको भूमिसुधार कार्यालयमा ०६२ माघ २२ गते राति माओवादीले बम विस्फोट गराई दुई तल्ले १४ कोठाको पक्की भवन ध्वस्त पारे। उक्त विस्फोटका कारण वरपरका शिवप्रसाद पोखरेल, सुभाष पोखरेल र महेश

घिमिरेको घरमा पनि क्षति भयो।

गुलरिया नपा-८ का गल्ला व्यापारी ३० वर्षीय राजु मनिहारले बेच्न लगेको १ सय ५० बोरा मोटा धान ०६२ फागुन ७ गते माओवादीले कालिका गाविस-७ बाट मनोनित उपसभापतिको धान भनी ट्रकसहित कब्जा गरी ट्रक सोही दिन साँझ फिर्ता गरे भने धान फिर्ता गरेनन्। राजु मनिहारले उक्त धान उपसभापतिको गल्ला पसलबाट किनेर नेपालगञ्ज बेच्न लग्न लागेका थिए।

गुलरिया नपा-९ का वीरबहादुर शाहको घरमा भाडामा रहेको शिक्षा कार्यालयमा ०६२ फागुन ८ गते साँझ माओवादीले एकै समयमा दुईटा बम विस्फोट गराई १२ कोठाको दुई तल्लले पक्की भवन पूर्णरूपमा ध्वस्त पारे। सो विस्फोटबाट कार्यालयका चार कम्प्युटर, कागजपत्र र फर्निचर नष्ट भयो।

गुलरिया नपा-८ का २६ वर्षीय माइला मिस्त्रीको नाममा रहेको चादनी टायर्स सर्विस रहेको घुम्टी पछाडि ०६२ चैत २७ गते साँझ माओवादीले बम विस्फोट गराउँदा घुम्टी र घुम्टीभित्र रहेका सामान क्षतिग्रस्त भयो। सो विस्फोटबाट घटनास्थल नजिक रहेको केशव पाण्डेको घरको सिसासमेत फुटेको थियो।

महम्मदपुर गाविस-६ का ३५ वर्षीय रईस अहमद शेषको घरबाट ०६३ वैशाख १ गते राति तीनओटा ट्रयाक्टरमा गएका माओवादीले घरका मानिसलाई नियन्त्रणमा लिई दाजुभाईका नाममा रहेका दुई राईस मिल (किदवाई राईस मिल र न्यु केदवाई राईस मिल) का सम्पूर्ण सामग्री, एक थान डलप, दुई राँगा, दुई लैना भैसी, हेन्ड पम्पसमेत गरी करिब १२ लाख रूपैया बराबरको सामान लुटे। उक्त सामान हालसम्म फिर्ता गरिएको छैन। घटनापछि पीडित परिवार विस्थापित भई गुलरिया बसेका छन् ।

सोरहवा गाविस-६ का ३५ वर्षीय राधेश्याम कुर्मीको कित्ता नम्बर ५१८ को जग्गामा रहेको पाँचओटा आँपका रुख र १ बिगाहा ६ कट्ठाको धान ०६३ मंसीर १७ गते माओवादीका स्थानीय कार्यकर्ता जमुनी गाविस-४ का विस्तार भनिने कर्णबहादुर थापा र सोरहवा गाविस-६ का नरेश यादवले काटेर लगे। पीडितले ०६३ मंसिर १९ गते रुख कटान रोकी पाँउ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन्।

मनाउ गाविस-८ का ७८ वर्षीय त्रिलोकमान श्रेष्ठको १० कट्ठा जग्गामा २० वर्षअघि लगाएको करिब २ सय ५० सिसौका विरुवा माओवादीले ०६३ मंसिर २० गते काटेर बेचे। श्रेष्ठले सो जग्गामा ४ सय ५० सिसौका विरुवा लगाएका थिए। तीमध्ये करिब २ सय रुख माओवादीले नै गत वर्ष काटेर बेचेका थिए। श्रेष्ठ ०५८ सालदेखि विस्थापित भई बाँके नेपालगञ्ज नपा-३ मा बस्दै आएका छन्। माओवादीले श्रेष्ठको घरपरिवारको नाममा रहेको १९ बिगाहा जमिन पनि ०५८ सालदेखि कब्जामा लिई आफै अन्नबाली लगाउँदै आएका छन्। यस वर्षको अन्त्यसम्म सो जग्गा फिर्ता गरेनन्।

डेउढाकला गाविस-६ का ३५ वर्षीय सुभाष पोखरेल र उनको आमा ६१ वर्षीया इन्दिरा पोखरेलको अलग अलग नाममा रहेको ५ बिगाहा जमिनमा खेती लगाउनका लागि ०६३ जेठ २४ गते जाँदा माओवादीले खेती लगाउन दिएनन्। माओवादीले आमा छोराको ५ बिगाहा जमिन ०५८ सालदेखि कब्जा गरी खेती लगाएका छन्। हाल पोखरेल परिवार विस्थापित भई गुलरिया नपा-९ मा बसेका छन्।

विस्थापित

राजापुर गाविस-२ का दमनध्वज चन्दको घर परिवारको नाममा रहेको ४४ बिगाहा १८ कट्ठा ९ धुर जग्गा र सोही ठाँउमा रहेको घर माओवादीले यस वर्ष पनि उपभोग गर्न नदिएको भन्दै ०६३ साउन २१ गते पीडित परिवारले इन्सेकसमक्ष जग्गा फिर्ता गर्नको लागि पहल गरी दिनका लागि भनी निवेदन दिए। माओवादीले ०५६ सालदेखि चन्दको घर जग्गा उपभोग गर्दै आएका छन्। चन्द परिवार हाल काठमाडौं बसेका छन्।

मानपुरटपरा गाविस-६ का रामध्वज चन्दको घरपरिवारको नाममा रहेको ५८ बिगाहा ९ कट्ठा ३ धुर जग्गा माओवादीले यस वर्षको अन्त्यसम्म पनि फिर्ता गरेनन्। जग्गा फिर्ता नगरेपछि नीजका छोरा प्रबोध चन्दले उक्त जग्गा उपभोग गर्ने व्यवस्था मिलाईदिन ०६३ साउन १५ गते इन्सेकसमक्ष निवेदन दिएका छन्। माओवादीले चन्द परिवारको सो जग्गा ०५६ सालदेखि कब्जामा लिएका थिए। चन्द परिवार हाल विस्थापित भई काठमाडौं बसेका छन्।

विगतको अनुगमन

राज्यबाट

गुलरिया नपा-६ की ४२ वर्षीया विष्णु सुवेदीको नाममा रहेको १ कट्ठा १४ धुर जग्गामा सिद्दिबक्स गुल्ममा कार्यरत नेपाली सेनाले ५ वर्ष अघिदेखि लगाएको तारवार युद्धविराम हुँदा पनि सेनाले हटाउन नमानेको भनी पीडितले ०६३ साउन २३ गते इन्सेकसमक्ष तारवार हटाउन पहल गरिदिन निवेदन दिइन्। सुवेदीको नाममा रहेको सो जग्गामा बनेको २ कोठे पक्की घरमाथि सेनाको पोष्ट तीन वर्ष अघिदेखि लगाइएको थियो। सो समस्याबाट सो गुल्म वरपरका १२ घरपरिवार पीडित छन्।

अपहरण

बनियाभार गाविस-३ का १७ वषीय सन्तोषकुमार थारूलाई ज्यानमुद्दाको आरोपमा ०६१ माघ ५ गते

माओवादीले घरबाट अपहरण गरे। श्री युवक मावि जोगिगाँउमा कक्षा ८ मा अध्ययनरत सन्तोषलाई माओवादीले निगरानीमा चामल ओसार्ने, हतियार ओसार्ने, ढुङ्गा फुटाउने काममा लगाएका थिए। बाँके जिल्ला, खजुरास्थित कपास विकास फारमबाट सन्तोषलाई माओवादीले ०६३ कात्तिक ५ गते मुक्त गरे।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भयएता यस वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका २३ जना महिला र १ सय ६० जना पुरुष गरी १ सय ८३ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मोतिपुर गाविस-५ निवासी २५ वर्षीय लक्ष्मीराम थारू, २२ वर्षीय दरवारी थारू, २३ वर्षीय तुल्सिराम थारू, २३ वर्षीय कालिराम चौधरी, २० वर्षीय वाधु थारू, सोही गाविस-७ निवासी २२ वर्षीय भवनकुमार चौधरी, २३ वर्षीय लहानु थारू, २२ वर्षीय बुद्धि थारू, २८ वर्षीय पतिराम थारू, २५ वर्षीय भुखलाल थारू, २३ वर्षीय शेरवहादुर चौधरी, २६ वर्षीया गीता चौधरी, सोही गाविस-२ निवासी २३ वर्षीय कालराम थारू, २० वर्षीय बाबुराम थारू, ३५ वर्षीय कलापति थारू, ५३ वर्षीय हरिचरण थारू, २३ वर्षीय लालविहारी थारू, २२ वर्षीय भगराम थारू, ठाकुरद्वारा गाविस-४ निवासी ४२ वर्षीय अमरवहादुर बुढाक्षेत्री, ३० वर्षीय भुपेन्द्र के.सी., ३८ वर्षीय हुकुम शाही, १९ वर्षीय मञ्जु चौधरी, सोही गाविस-६ निवासी ४५ वर्षीय टोपवहादुर चौधरी, सोही गाविस-९ निवासी १८ वर्षीय तेङनी थारू, सोही गाविस-३ निवासी १९ वर्षीय महेश थारू, ठाकुरद्वारा गाविसका जीउलाल चौधरी, सोही गाविस-१ निवासी २४ वर्षीय हिरामणि थारू, धधवार गाविस-३ निवासी ४३ वर्षीय भिमवहादुर चौधरी, सोही गाविस-७ निवासी २३ वर्षीय धनिराम चौधरी, १४ वर्षीय तेजवहादुर चौधरी, ४५ वर्षीय चमारी थारू, २८ वर्षीय राजवहादुर चौधरी, सोही गाविस-८ निवासी २७ वर्षीय चैतेलाल चौधरी, २० वर्षीय राजन कुमार चौधरी, २२ वर्षीय सीता जानकी चौधरी, चैतु थारू, सोही गाविस-९ निवासी सगुनलाल चौधरी, धधवार गाविस निवासी ३१ वर्षीय चमारी थारू, धधवार गाविस-४ निवासी २३ वर्षीय राजकुमार थारू, तारातल गाविस-७ निवासी २६ वर्षीय दिपक रोका, बनियाभार गाविस-९ निवासी १८ वर्षीय पुन्नी थारू, सोही गाविस-७ निवासी ३० वर्षीय सुरेशकुमार ओली, महम्मदपुर गाविस-८ निवासी २० वर्षीय बलिराम थारू, २२ वर्षीय शिवप्रसाद थारू, १७ वर्षीय प्रेमलाल थारू, १७ वर्षीय बलिराम थारू, डेउढाकला गाविस-३ निवासी २६ वर्षीय जनकप्रसाद उपाध्याय, २५ वर्षीय बमबहादुर शाही, २२ वर्षीय हिरासिंह बाठाँ, २५ वर्षीय श्रीराम थारू (क), २६ वर्षीय श्रीराम थारू (ख), २२ वर्षीय तीर्थबहादुर थापा मगर, सुखलिया थारू, सोही गाविस-९ निवासी ३४ वर्षीय फिरू थारू, मगरागाडी गाविस-१ निवासी १८ वर्षीय श्रीराम थारू, ३५ वर्षीय चुलहवा थारू, २२ वर्षीय रामकिसुन थारू, २५ वर्षीय जिल्ला सन्देश थारू, ४० वर्षीय राजदेव मण्डल, २६ वर्षीय रामप्रसाद थारू, सोही गाविस-२ निवासी ४३ वर्षीय नरवहादुर राना, सोही गाविस-९ निवासी ३८ वर्षीय वाल किसान थारू, सोही गाविस-५ निवासी ३९ वर्षीय टाटेराम थारू, ४१ वर्षीय जगतराम थारू, २३ वर्षीय हरिराम चौधरी, ३३ वर्षीय वसन्तप्रसाद चौधरी, ४९ वर्षीय जग्गु थारू, ३० वर्षीय रामभरोसे थारू, २३ वर्षीय जग्गन थारू, २५ वर्षीय राजु थारू, सोही गाविस-८ निवासी २२ वर्षीय जितबहादुर चौधरी, बगनाहा गाविस-९ निवासी २८ वर्षीय अजित शाहा, सोही गाविस-६ निवासी खुसिराम थारू, दशराम थारू, सोही गाविस-८ निवासी मसुहुर थारू, सोही गाविस-१ निवासी शेरसिंह थारू, सोही गाविस-७ निवासी धामु थारू, बलुवा थारू, पाताभार गाविस-६ निवासी २४ वर्षीय सोमप्रसाद चौधरी, ३५ वर्षीय डिलाराम वन, २१ वर्षीय योगेन्द्र चौधरी, सोही गाविस-९ निवासी २९ वर्षीय सञ्जय चौधरी, ३४ वर्षीय कुलप्रसाद थारू, भिमवहादुर थारू, २० वर्षीय जोख्खनलाल थारू, १९ वर्षीय ओमकार चौधरी, २६ वर्षीय लक्ष्मण थारू, सोही गाविस-७ निवासी २७ वर्षीय सिताराम थारू, सोही गासिव-१ निवासी २६ वर्षीय दयाराम वैद्य, शिवपुर गाविस निवासी २१ वर्षीय शिवराज चौधरी, सोही गाविस-२ निवासी २७ वर्षीय जगत भण्डारी, सोही गाविस-९ निवासी २२ वर्षीय चन्द्रवहादुर थारू, सोही गाविस-८ निवासी २० वर्षीय शिव चौधरी, सायिते चौधरी नेउलापुर गाविस-४ निवासी ३१ वर्षीय केशर बस्नेत, २७ वर्षीय बन्धु चौधरी, १५ वर्षीय लल्लु चौधरी, सोही गाविस-९ निवासी महाविर थारू, सोही गाविस-७ निवासी सालिकराम अधिकारी, सोही गाविस-१ निवासी ३३ वर्षीय भोकरा थारू, खैरिचन्दनपुर गाविस-८ निवासी ३५ वर्षीय छुनुवा चौधरी, सोही गाविस-३ निवासी २४ वर्षीय भागीराम थारू, सोही गाविस-२ निवासी १६ वर्षीय केशवकुमार चौधरी, ४० वर्षीय भगौती चौधरी, ३५ वर्षीय पतिराम चौधरी, खैरिचन्दनपुर गाविस-५ निवासी २४ वर्षीय किरिम चौधरी, बेलवा गाविस-३ निवासी २६ वर्षीय यज्ञवहादुर रावल, सोही गाविस-४ लखनाका २८ वर्षीय रामप्यारे चौधरी, सोही गाविस-७ बेतहनीका २७ वर्षीय आनन्द परिवार, १६ वर्षीय पल्टु थारू, ३२ वर्षीय

सर्जुप्रसाद थारू, ३८ वर्षीय राइना थारू, सूर्यपटुवा गाविस-४ निवासी १९ वर्षीय दिलराज योगी, बदालपुर गाविस-३ निवासी ४० वर्षीय मोतिलाल थारू, सोही गाविस-४ निवासी २८ वर्षीय मंगरू थारू, सोही गाविस-९ निवासी २६ वर्षीय वसन्तु थारू, २० वर्षीय लौटन थारू, २० वर्षीय बगाले थारू, २१ वर्षीय फरारे थारू, १६ वर्षीय गोपाल चौधरी, सोही गाविस-४ निवासी १६ वर्षीय रामकरण थारू, भिम्मापुर गाविस-७ निवासी १५ वर्षीय नेपाली चौधरी, ३८ वर्षीय रामकरण थारू, मनाउ गाविस-८ निवासी १८ वर्षीय राधुलाल थारू, १९ वर्षीय कमली चौधरी, १९ वर्षीय धनीराम थारू, १९ वर्षीय लौटी कुमारी थारू, ३२ वर्षीय घनश्याम चौधरी, १६ वर्षीय चिल्लुराम थारू, २३ वर्षीय प्रेमप्रकाश चौधरी, १९ वर्षीय मोहनलाल थारू, १४ वर्षीय सोनिराम थारू, सोही गाविस-९ निवासी २४ वर्षीय निर्मल चौधरी, ३६ वर्षीय जगतप्रसाद थारू, सोही गाविस-५ निवासी २६ वर्षीय विष्णु थारू, मनाउ गाविस-७ निवासी १४ वर्षीय आशाराम थारू, मानपुरटपरा गाविस-९ निवासी ३० वर्षीय अतिराम थारू, सोही गाविस-८ निवासी ३१ वर्षीय राधेश्याम चौधरी, ३० वर्षीय राजकुमार थारू, २८ वर्षीय रून्चया थारू, २३ वर्षीय फुलराम थारू, २१ वर्षीय रामकरण थारू, सोही गाविस-२ निवासी ४५ वर्षीय सिताजानकी चौधरी, २४ वर्षीय फकल थारू, पशुपतिनगर गाविस-८ निवासी २० वर्षीय रामनारायण चौधरी, गोला गाविस-८ निवासी १८ वर्षीय सरस्वती थारू (तारा), सोही गाविस-५ निवासी २५ वर्षीय दयाराम थारू, २८ वर्षीय राजेन्द्र थारू, २६ वर्षीय टेकलाल थारू, सोही गाविस-१ निवासी २६ वर्षीय चैनराम थारू, सूर्यपटुवा गाविस-४ निवासी ४५ वर्षीय वेदप्रसाद चौधरी, ४५ वर्षीय निलप्रसाद योगी, १७ वर्षीय वसन्ती चौधरी, १७ वर्षीय गोहनी थारू, ४५ वर्षीय दुसपति योगी, २६ वर्षीय खड्कबहादुर सापकोटा, ५५ वर्षीय दुर्गाबहादुर सापकोटा, ५५ वर्षीय धनबहादुर विक, २७ वर्षीय रूपलाल थारू, ३५ वर्षीय उत्तरभरिया थारू, सोही गाविस-९ निवासी १८ वर्षीय भरतकुमार थारू, ढोढरी गाविस-८ निवासी शोभाराम चौधरी, सोही गाविस-९ निवासी करण थारू, पदनाहा गाविस निवासी कालिचरण थारू, सोरहवा गाविस-२ निवासी शिवचरण, १८ वर्षीय बुद्धिमाया सापकोटा, सोरहवा गाविस-५ निवासी सिजापति चौधरी, गुलरिया नपा-४ निवासी रामरति चौधरी, हिक्मत चौधरी, दौलतपुर गाविस-६ निवासी २८ वर्षीय बालकृष्ण चौधरी, नयागाउँ गाविस-१ निवासी २५ वर्षीय जयराम थारू, ३२ वर्षीय लौटन थारू, २६ वर्षीय कालुराम थारू, सूर्यपटुवा गाविस-४ निवासी १५ वर्षीय रजनी थारू, मोतिपुर गाविस-७ निवासी त्रिभुवन गिरी, सिता कुमारी चौधरी, कृष्ण चौधरी र सोही गाविसका जगतप्रसाद चौधरी, बनियाभार गाविस-७ निवासी सुरेशकुमार ओली, सोही गाविस-५ निवासी जनकबहादुर थारू, सोही गासिव-९ निवासी कृष्ण चौधरी र जानकी चौधरी, पातभारा गाविस-४ निवासी १७ वर्षीय जनकिया चौधरी र मगरागाडी गाविस-२ निवासी २६ वर्षीय विखल थारू रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना महिला र १५ पुरुष गरी १६ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा धधवार गाविस-४ वैदीका २२ वर्षीय राजेन्द्र चोधरी, डेउढाकला गाविस-७ निवासी ३४ वर्षीय रोजन अली, मगरागाडी गाविस-३ निवासी २० वर्षीय रामकुमार थारू, डेउढाकला गाविस-९ निवासी २० वर्षीय उत्तमप्रसाद थारू, २० वर्षीय प्रेम थारू, २६ वर्षीय कृष्णप्रसाद अधिकारी, जमुनि गाविस-४ निवासी ४८ वर्षीय भिमराज श्रीवास्तव, वेलवा गाविस-७ बेतनीका ५३ वर्षीय कालिबहादुर बिष्ट, २७ वर्षीय भिमबहादुर बिष्ट, गुलरिया नपा-२ निवासी २१ वर्षीय निरज यादव, तारातल गाविस-५ निवासी १९ वर्षीय अतीता विक, डेउढाकला गाविस-९ निवासी २७ वर्षीय धमेन्द्र अधिकारी, कालिका गाविस-४ निवासी ३३ वर्षीय नारायण सापकोटा, ३६ वर्षीय दिलु खड्का, मोतिपुर गाविस-९ निवासी २४ वर्षीय केशव थारू र ४२ वर्षीय मोहरसिंह बज्जारा रहेका छन्।

४.८ सुर्खेत



जनसंख्या : ३,१७,८५९
साक्षरता प्रतिशत : ६२.४८
महिला साक्षरता प्रतिशत : ५०.१०
क्षेत्रफल (वर्ग कि. मि.) : २४५१
गाविस/नपा संख्या : ५०/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९७
क्याम्पस/उच्च मा.वि. : २/६
अस्पताल/स्वास्थ्य चौकी : १/५०
टेलिफोन लाइन : २८७०
मोटर सडक (कि. मि.) : ३०८
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ५१
मानव विकास सूचकाङ्क : ०.४८६
प्रति परिवार सरदर संख्या : ५.८८

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

अवलचिङ्ग गाविस-२ निवासी माओवादी कार्यकर्ता २५ वर्षीय अमृत भनिने मेघराज रानालाई ०६२ चैत १६ गते गस्तीमा खटिएका सुरक्षाकर्मीले लाटिकोइली गाविस-७ अलायचौरबाट गिरफ्तार गरी तत्कालै सोही स्थानमै गोली हानी हत्या गरे। सुर्खेत अस्पतालमा पोस्टमार्टमपछि चैत १८ वीरेन्द्रनगर नगरपालिकाले लास सदगत गरेको थियो।

माओवादी कार्यकर्ताहरू रामघाट गाविस-८ निवासी २६ वर्षीय सन्दर्भ भनिने वीरेन्द्र थापा र काप्रीचौर गाविस-८ का ३२ वर्षीय चिराग भनिने वकिल शाहीलाई ०६३ वैशाख ५ गते सुरक्षागस्तीमा खटिएका सेनाले लाटिकोइली गाविस-७ बाट गिरफ्तार गरेको लगत्तै गोली हानी हत्या गरे। स्थानीय बासिन्दाहरूका अनुसार सुरक्षाकर्मीले सन्दर्भलाई टाउको, छाती र कञ्चटमा र चिरागलाई पिठ्यूँ र टाउकोमा गोली प्रहार गरी हत्या गरेका थिए। मारिने दुवैजना माओवादीको सुर्खेत जिल्ला समिति सदस्य हुन्।

माओवादीबाट

हरिहरपुर गाविस-६, पाग्माका १२ वर्षीय होमबहादुर राना र सेना नायक २१ वर्षीय शेरबहादुर कार्कीको ०६३ असार ६ गते माओवादीले बेवारिसे अवस्थामा छोडेको बम विस्फोटमा परी मृत्यु भयो। होमबहादुरले घर नजिकैको एक जंगलमा सो बम फेला पारी घरमा ल्याई खेलाउँदा विस्फोट भएको थियो। सो घटनामा सोही स्थानका २७ वर्षीय राजेश राना र २८ वर्षीया मनसरा राना सख्त घाइते भईन्। घाइतेहरूको वीरेन्द्रनगरस्थित जिल्ला अस्पतालमा प्रारम्भिक उपचारपछि नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

माओवादी नियन्त्रणमा मृत्यु

लेखगाँउ गाविस-४ का ३१ वर्षीय मानबहादुर कार्कीले बहुविवाह गरेको आरोपमा ०६३ जेठ २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरी उनको हत्या गरे। प्रत्यक्षदर्शीहरूका अनुसार माओवादीले स्थानीय रत्नबहादुर गौतमको घरमा कार्कीको २७ गते राति नै हातखुट्टा बाँधेर कुटपिट गरी हत्या गरेका थिए। यस घटनाका सम्बन्धमा माओवादीले भने गौतमले माओवादी हिरासतमा आत्महत्या गरेको प्रतिक्रिया दियो। पीडितका परिवारले उनको हत्या माओवादीले गरेको र आत्महत्याको हल्ला फिजाएको आरोप लगाए। लासको पोस्टमार्टम भएन्।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

वीरेन्द्रनगरस्थित सुर्खेत शिक्षा क्याम्पसमा अध्ययनरत २२ वर्षीय उदय सिंह ०६२ माघ १९ गते आन्दोलनलाई दबाउन प्रहरीले वीरेन्द्रनगरमा चलाएको गोली लागी घाइते भए। खुट्टामा गोली लागेका सिंहको सुर्खेत अस्पतालमा उपचार गरिएको थियो। हाल पीडितको अवस्था सामान्य छ।

माओवादीबाट

छिन्चु गाविस-७ पाँडुलेका १२ वर्षीय थामबहादुर सुनार, ११ वर्षीय पीटर राम्जाली र १८ वर्षीय शेरबहादुर खड्का माओवादीले बेवारिसे अवस्थामा घरनजिकै जंगलमा छोडेको सकेट बम ०६३ साउन १० गते विस्फोट हुँदा सख्त घाइते भए। राम्जाली र खड्काको सुर्खेत अस्पतालमा र

सुनारको भेरी अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

लाटिकोइली गाविस-२ का ३५ वर्षीय दुर्गा न्यौपाने ०६२ पुस २८ गते माओवादीले देउती बज्यै मन्दिर परिसरमा गराएको बम विस्फोटमा परी घाइते भइन्। बम विस्फोटबाट खुट्टा तथा शरीरमा छर्रा लागी घाइते भएकी न्यौपानेको सुर्खेत अस्पतालमा उपचार गरिएको थियो।

आफ्नै बम विस्फोटबाट

लेखफर्सा गाविस-६ स्थित हरिमान घलेको घरमा सेल्टर लिई बसेका घोराही सतबरिया ब्रिगेडका माओवादी जनमुक्ति सेनाले बनाउँदै गरेको डेटोनेटर बम बिस्फोटमा हुँदा ०६३ मंसिर २९ गते सो ब्रिगेडअर्न्तगतको सेक्सन कमाण्डर वीरषा र सदस्य झलकसहित नौजना घाइते भए पनि अन्यको नाम भने खुल्न सकेन।

जेल र बन्दी

'घ' श्रेणी रहेको जिल्ला कारागार शाखाको बन्दी क्षमता २५ जनाको रहेको छ। तर क्षमता भन्दा बढी बन्दी रहेको यस कारागारमा कूल बन्दीको संख्या ३८ जना रहेकोमा दुईजना महिला बन्दी छन्। जसमा कैद नतोकिएका बन्दीहरुको संख्या दुईजना महिलासहित २७ जना र कैद तोकिएका ११ जना बन्दी रहेका छन्। यस जेलमा बन्दीहरूका आश्रित नाबालक छैनन्।

जेल प्रशासन, बन्दीहरु र विभिन्न संस्थाको सहयोगमा यस जेलमा खाने पानी, शौचालय, बिजुली, पत्रपत्रिका, रेडियो, टिभी तथा खेलुकदका सामग्रीको व्यवस्था रहेको छ।

माओवादी आस्थाका बन्दीहरूले ०६३ वैशाख २८ गते बिना सर्त रिहाई गर्नुपर्ने माग राखी चरणवद्ध आन्दोलन गरे। त्यस्तै आफ्नै मागहरू पूरा नभएको भनी ०६३ भदौ ९ गते आस्थाका बन्दीहरूले जेल तोडफोड गर्नुका साथै कारागार भवनभित्र आगलागी गरे।

बेपत्ता / अपहरण

माओवादीबाट

वावियाचौर गाविस-३ का ६२ वर्षीय भाने धिताल र २२ वर्षीय मनप्रसाद कञ्चना छिमेकी जंगबहादुर खड्काको हत्यामा संलग्न भएको आरोपमा ०६२ पुस १७ गते माओवादीले उनीहरुलाई अपहरणपछि कुटपिट गरे। घरबाटै अपहरण गरिएका धिताल सोही दिन सोही गाउँबाटै र कञ्चना सात दिनपछि विधापुर गाविसबाट मुक्त भए।

रानीबास गाविस-४ का रुद्रबहादुर खड्काले सुराकी गरेको आरोपमा ०६२ पुस २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनी दुई दिनपछि रानीबास गाविसकै एक विद्यालयबाट मुक्त भए।

मेहेलकुना गाविस-६ का शिव वलीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२ पुस २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी पाँच दिनपछि मेहलकुना गाविसको नाङ्गीबाट मुक्त गरे।

धारापानी गाविस-१ का ४३ वर्षीय भक्तबहादुर पुनले सुराकी गरेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सात दिनपछि साहारे गाविसबाट मुक्त गरे।

दहचौर गाविस-९ का ५२ वर्षीय वीरबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ माघ १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन गुमी गाविसबाट मुक्त गरे।

डाँडाखाली गाविस-२ का ६२ वर्षीय जंगबहादुर मल्लले पार्टीलाई चन्दा नदिएको आरोपमा ०६२ माघ ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन डाँडाखाली गाविसबाट मुक्त गरे।

मेहेलकुना गाविस-२ का ४४ वर्षीय वीरबहादुर खत्रीले सुराकी गरेको आरोपमा ०६२ माघ ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मेहेलकुना गाविस-१ पवित्रबजारबाट मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	१	३	३	३			३	३	३			३
घाइते					५	८	१	७	१६	१	३		३४	३६
गिरफ्तारी/यातना										३६	६६	३	१५०	३१८
कुटपिट	१	१		१	१६	१५	४		१९	१५	३१	३		३३
धम्की	१	१		१	५३	७५	७		८३	१४	१८	३	३६७	३८८
भेला/संगठित हुने अधिकार										७	१९		३	३३
अपहरण					९६	१५५	३९		१८४					
जम्मा	४	३	१	४	१७१	३५६	४१	७	३०४	७५	१३९	७	४४४	५८०

गुमी गाविस-१ घर भएका आनन्द उच्चमावि गुमीका विद्यार्थी १४ वर्षीय रोहित रावतले सुराकी गरेको आरोपमा ०६२ माघ १० गते माओवादीले उनलाई गाँउबाटै अपहरण गरी इन्सेकको पहलमा १० दिनपछि सोही गाविसको शिवनगरबजारबाट मुक्त गरे।

मैनतडा गाविस-२ निवासी २८ वर्षीय जीतबहादुर कामीले सुराकी गरेको आरोपमा ०६२ माघ १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि गुमी गाविसबाट मुक्त गरे।

घुमखहरे गाविस-९ का ५१ वर्षीय थिरबहादुर रानाको छोरा सेनामा भएको आरोपमा ०६२ माघ २१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन सोही गाउँबाटै मुक्त गरे।

गढी गाविस-४ का शिक्षक ४० वर्षीय नगेन्द्रप्रसाद न्यौपाने नक्कली माओवादी बनी विद्यालयलाई पत्र लेखेको आरोपमा ०६२ माघ २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि गढी गाविस-२ बाट मुक्त गरे।

वावियाचौर गाविस-९ निवासी राप्रपा कार्यकर्ता ६२ वर्षीय भाने धितालले छिमेकी जंगबहादुर खड्काको हत्याको घटनालाई घुस लिएर मिलाउन खोजेको आरोपमा ०६२ फागुन १ गते माओवादीले धिताललाई घरबाटै अपहरण गरे। पीडित सोही दिन गाउँबाटै मुक्त भए।

अवलचिङ्ग गाविस-८ का ३९ वर्षीय हर्षबहादुर रानालाई सुराकीको आरोपमा ०६२ फागुन ३ गते माओवादीले घरबाटै अपहरण गरी सोही दिन गाउँबाटै मुक्त गरे।

गुमी गाविस-२ का ३८ वर्षीय विजय गिरीले सुराकी गरेको आरोपमा ०६२ फागुन ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपछि दहचौर गाविसबाट मुक्त गरे।

कल्याण गाविस-४ का २५ वर्षीय सर्वसाधरण नरबहादुर सलामी नक्कली माओवादी बनी चन्दा असुली गरेको आरोपमा ०६२ फागुन ११ गते माओवादीले उनलाई गाँउबाटै अपहरण गरी छ दिनपछि दशरथपुर गाविसबाट मुक्त गरे।

दशरथपुर गाविस-८ का ७० वर्षीय कर्णबहादुर सुनारको छोरा सेनामा भएको आरोपमा ०६२ फागुन १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीद्वारा तोकिएको रकम बुझाउने सर्तमा सुनार दुई दिनपछि दशरथपुर गाविस-६ बाट मुक्त भए।

मालारानी गाविस-४ का व्यापारी ३४ वर्षीय लीलाराम पाण्डेले छिमेकीको पसलमा आगजनी गरेको भन्ने आरोपमा ०६२ फागुन १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीको नियन्त्रणमा रहँदा कुटपिट गरिएका पाण्डे एक महिनापछि मालारानी गाविसबाट भागी वीरेन्द्रनगरमा बस्दै आएका थिए। उनलाई इन्सेकको पहलमा ०६३ जेठ १४ गते घरमा पुनःस्थापित गरियो।

बाबियाचौर गाविस-२ निवासी प्रावि बाबियाचौरका शिक्षक ५६ वर्षीय गोविन्द अधिकारीले माओवादीद्वारा घोषित जनसत्ताविरुद्ध बोलेको आरोपमा ०६२ फागुन १४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन वावियाचौर गाविस-५ बाट मुक्त गरे।

बाबियाचौर गाविस-५ निवासी मावि बाबियाचौरमा कार्यरत शिक्षकद्वय २६ वर्षीय हिरामणि पौडेल र २७ वर्षीय ओमप्रसाद अधिकारीलाई माओवादीद्वारा घोषित जनसत्ता विरुद्ध उत्रेको आरोपमा ०६२ फागुन १४ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरू तीन दिनपछि विद्यापुर गाविसबाट मुक्त भए।

रानीबास गाविस-५ का ३६ वर्षीय तुलबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ फागुन २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपछि रानीबास गाविस-३ बाट मुक्त गरे।

घुमखहरे गाविस-५ का २८ वर्षीय किशोर खत्रीले सुराकी गरेको आरोपमा ०६२ फागुन २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि घुमखहरे गाविस-९ बाट मुक्त गरे।

पाम्का गाविस-६ का ३९ वर्षीय जीतबहादुर रानाले सुराकी गरेको आरोपमा ०६२ चैत ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि पाम्का गाविस-५ बाट मुक्त गरे।

खानीखोला गाविस-५ का ४२ वर्षीय रवीन्द्र आरसीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२ चैत १३ गते माओवादीले आरसीलाई घरबाटै अपहरण गरी दुई दिनपछि डाँडाखाली गाविसबाट मुक्त गरे।

मेहेलकुना गाविस-६ का ३७ वर्षीय दिलबहादुर खत्रीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२



आन्दोलनकारीलाई गिरफ्तार गर्दै प्रहरी

चैत १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनी चार दिनपछि मेहेलकुना गाविस-५ बाट मुक्त भए।

तरंगा गाविस-४ का ३७ वर्षीय भीमबहादुर बुढाले सुराकी गरेको आरोपमा ०६२ चैत २६ गते माआवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन तरंगा गाविस-२ बाट मुक्त गरे।

बिजौरा गाविस-७ निवासी बिजौरा माविका शिक्षक ४२ वर्षीय डिल्लीबहादुर वीसीलाई अनुमतिविना सर्टिफिकेट वितरण गरेको आरोपमा ०६२ चैत ३० गते माओवादीले विद्यालयबाटै अपहरण गरे। शिक्षकसँग ३० हजार रूपैयाँ लिई माओवादीले सोही दिन बिजौरा गाविस-६ बाट मुक्त गरे।

बिजौरा गाविस-८ का ५४ वर्षीय पूर्णबहादुर बुढाले विद्यालयको सम्पत्ति हिनामिना गरेको आरोपमा ०६२ चैत ३१ गते माओवादीले उनलाई बिजौरीबाट अपहरण गरी सोही दिन बिजौरा गाविस-२ बाट मुक्त गरे।

साटाखानी गाविस-८ निवासी चौरासे माविका विद्यार्थी २१ वर्षीय ललितबहादुर वृकट्टाले सुराकी गरेको आरोपमा ०६३ वैशाख ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ असार २१ गते मानवअधिकारकर्मीको रोहबरमा वीरेन्द्रनगरबाट मुक्त गरे।

हरिहरपुर गाविस-६ का ३२ वर्षीय दलबहादुर नेपालीले सुराकी गरेको आरोपमा ०६३ वैशाख ४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन हरिहरपुर गाविस-२ बाट मुक्त गरे।

साटाखानी गाविस-८ का ३८ वर्षीय लालबहादुर ताम्लाङ्गीले सुराकी गरेको आरोपमा ०६३ वैशाख १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी १० दिनपछि साटाखानी गाविस-९ बाट मुक्त गरे।

सालकोट गाविस निवासी ३२ वर्षीय ल्याटे खत्रीले चोरी गरेको आरोपमा ०६३ वैशाख १३ गते माओवादीले उनलाई साटाखानीबाट अपहरण गरे। अपहरणपछि चरम कुटपिट गरी राखिएका खत्री सात दिनपछि साटाखानी गाविस-९ बाट भागी घर फर्किए।

जर्बुटा गाविस-१ धुलियावीटका रेशमप्रसाद देवकोटाले चोरी गरेको आरोपमा ०६३ वैशाख २२ गते माओवादीले उनलाई साटाखानीबाट अपहरण गरे। अपहरणपछि कुटपिट गरिएका देवकोटा १० दिनपछि माओवादीको हिरासतबाट भागेर घर फर्किए।

लेखपराजुल गाविस-५ स्थित श्री सामुदायिक प्रस्तावित निमाविका प्रधानाध्यापक ४० वर्षीय टोपबहादुर अधिकारी, शिक्षक २३ वर्षीय बलबहादुर खत्री, २६ वर्षीय रोशन वली, २९ वर्षीय रवीन्द्र केसी, ४१ वर्षीय इष्टकुमार श्रेष्ठ, ३५ वर्षीय गंगाबहादुर अधिकारी तथा सोही स्थानका ३८ वर्षीय रत्ना थापा र लक्ष्मी कार्कीबीच अनैतिक सम्बन्ध भएको आरोपमा ०६३ जेठ २ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। अपहरणपछि कुटपिट गरिएका सबैजना १४ दिनपछि इन्सेकको पहलमा मुक्त गरिए। प्रधानाध्यापक अधिकारी भने अपहरण भएकै दिन हरिहरपुर गाविसबाट भागेर मुक्त भएका थिए।

लेखपराजुल गाविस-५ का व्यापारी ३३ वर्षीय दीपक वली, ३६ वर्षीय पार्वती बुढा र ३७ वर्षीय मैनकला बुढालाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ३ गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरे। उनीहरू सबै जना १३ दिनपछि इन्सेकको पहलमा लेखपराजुल गाविस-५ मोहटीबाट मुक्त भए।

जर्बुटा गाविस-६ लामीडाँडाका ३५ वर्षीय डिलाराम आचार्यले बहुविवाह गरेको आरोपमा ०६३ असार ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी आठ दिनपछि वीरेन्द्रनगर नपाबाट मुक्त गरे।

पोखरीकाँडा गाविस-४ का ४२ वर्षीय चन्द्रबहादुर विकले चन्दा नदिएको आरोपमा ०६३ असार २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। अपहरणपछि माओवादीद्वारा कुटपिट गरिएका विक दुई दिनपछि बाबियाचौर गाविसबाट मुक्त भए।

मैनतडा गाविस-९ का १६ वर्षीय टेकेश घर्ती, १३ वर्षीय कृष्ण विक, १३ वर्षीया लक्ष्मी राना र १५ वर्षीया पार्वती खत्रीलाई माओवादी जनमुक्ति सेनामा भर्ती गर्न भन्दै ०६३ साउन २१ गते माओवादीले मैनतडा गाविस-४ बाट अपहरण गरे। घर्ती जनमुक्ति सेनामा भर्ती भैसके भने राना, खत्री र विकलाई उनीहरूका अभिभावकहरूले दुई दिनपछि आन्नद उच्चमावि गुमीबाट मुक्त गराए।

कुनाथरी गाविस-९ कुम्भीकोटका ३५ वर्षीय ठेकेदार लालबहादुर शाही र ३३ वर्षीय विमल शाहीले चन्दा नदिएको आरोपमा ०६३ साउन २१ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी दुवैजना सोही दिन माओवादीद्वारा तोकिएको रकम तिर्ने सर्तमा बङ्गीचौर बजारबाट मुक्त गरे।

कुनाथरी गाविस-९ कुम्भीकोट निवासी कोइरालपानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष ४० वर्षीय लालबहादुर विकले सामुदायिक उपभोक्ता समितिबाट माओवादीलाई चन्दा नदिएको आरोपमा ०६३ साउन २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि बङ्गीचौर बजारबाट मुक्त गरे।

मैनतडा गाविस-१ घारीबन निवासी माओवादी २८ वर्षीय कर्णबहादुर विक पार्टी विरोधी क्रियाकलापमा लागेको आरोपमा ०६३ भदौ ११ गते माओवादीले उनलाई मैनतडा गाविस-३ जरेघाटबाट अपहरण गरे। माओवादीले अपहरणपछि मरणासन्न हुने गरी कुटपिट गरी तीन दिनपछि

गुमी गाविसबाट मुक्त गरे।

तरंगा गाविस-७ डोक्पाका २२ वर्षीय प्रेमप्रसाद लामिछानेले चन्दा नदिएको आरोपमा ०६३ भदौ १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि हरिहरपुर गाविसबाट मुक्त गरे।

धारापानी गाविस-६ का ३० वर्षीय रामबहादुर पुनले पार्टीलाई चन्दा नतिरेको आरोपमा ०६३ भदौ २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन साहारे गाविसको भुर्केबाट मुक्त गरे।

तरंगा गाविस-४ का कृषक ३९ वर्षीय मायाराम थापा माओवादी विरोधी क्रियाकलापमा लागेको आरोपमा ०६३ भदौ ३० गते माआवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि तरंगाबाटै मुक्त गरे।

वावियाचौर गाविस-२ का २२ वर्षीय ओमबहादुर सिंजालीलाई ०६३ असोज ११ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित ०६२ असोज १८ गते बाबियाचौर गाविस-५ बाट मुक्त भए।

मैनतडा गाविस-३ का २५ वर्षीय लालबहादुर गुरुङ्गले छिमेकीलाई खुकुरी प्रहार गरेको आरोपमा ०६३ असोज १४ माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक २५ गते मैनतडा गाविसबाट मुक्त गरे।

लाटिकोइली गाविस-१ चौकेढुङ्गाका मजदुर १९ वर्षीय यामबहादुर खत्रीलाई माओवादी जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २६ गते माओवादीले लाटिकोइली गाविसको धुलियाविटबाट अपहरण गरे। खत्री दशरथपुरस्थित माओवादी शिविरमा माओवादीको जनमुक्ति सेनामा आवद्ध भएको केही दिनपछि भारततर्फ गए। उनका परिवारले उनको मुक्तिको लागि पहल गरिदिन भन्दै इन्सेक सुर्खेतमा निवेदन दिएका थिए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

गुटु गाविस-४ का ३० वर्षीय शिव सोनीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ माघ ७ गते र वीरेन्द्रनगर नपा-६ घर निवासी व्यापारी ३० वर्षीय सूर्यबहादुर बयकले माओवादीलाई सहयोग गरेको भन्दै ०६२ माघ ९ गते राति प्रहरीले उनीहरुलाई वीरेन्द्रनगरमा कुटपिट गरे।

लाटिकोइली गाविस-८ निवासी अनेरास्ववियुका केन्द्रीय सदस्य ३२ वर्षीय टेकेन्द्र बस्नेतलाई प्रतिगमनकाविरुद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६२ माघ १० गते प्रहरीले सुर्खेत शिक्षा क्याम्पस अगाडि कुटपिट गरे। प्रहरीको कुटपिटबाट सख्त घाइते भएका बस्नेतको इन्सेकको पहलमा उपचार गरिएको थियो।

जनआन्दोलनको रिर्पोटिङ्ग गर्ने क्रममा भेरी एफएम सुर्खेतका संवाददाता २५ वर्षीय प्रकाश लामिछाने र नेपाल समाचारपत्र राष्ट्रिय दैनिकका संवाददाता २३ वर्षीय कमल न्यौपानेलाई सशस्त्र प्रहरीले ०६२ माघ १९ गते वीरेन्द्रनगर बजारमा लिई कुटपिट गरे।

वीरेन्द्रनगर नपा-६ घर भएका यातायात व्यावसायी ३२ वर्षीय श्रवण श्रेष्ठले आन्दोलनरत दलहरूलाई सहयोग गरेको आरोपमा ०६२ माघ १६ गते प्रहरीले उनलाई घरमा गई मार्ने धम्की दिए।

रामघाट गाविस-८ निवासी शिक्षक ४२ वर्षीय प्रेमबहादुर थापाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ फागुन ११ गते सेनाले उनलाई घरमै कुटपिट गरे।

साटाखानी गाविस-४ निवासी खाडादेवी माविका विद्यार्थी १७ वर्षीय खुमप्रसाद ढकाल, १८ वर्षीय हरि पोखेल, १८ वर्षीय भुवन आचार्य र १७ वर्षीय चन्द्रप्रसाद आचार्य माओवादी भएको आरोपमा ०६२ चैत ३ गते सेनाले उनीहरुलाई वीरेन्द्रनगर नपा-११ मा कुटपिट गरे।

उत्तरगंगा गाविस-१ का ३६ वर्षीय हर्कबहादुर सुनारले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत २० गते सशस्त्र प्रहरीले उनलाई घरमै गई मार्ने धम्की दिए।

इन्सेकका मानवअधिकार सहजकर्ताद्वय ३६ वर्षीय हेमराज शर्मा र २५ वर्षीय लोकबहादुर खड्का र पत्रकार चित्रसिंह गाउँलेलाई 'प्रतिगमन विरुद्ध'को आन्दोलनको अनुगमन गरिरहेको समयमा र विद्यार्थी २३ वर्षीय वेदप्रसाद रिजाल, मजदुर २२ वर्षीय रवीन्द्र आरसी तथा ४६ वर्षीय नन्दा शर्मालाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २३ गते प्रहरीले वीरेन्द्रनगर नपामा कुटपिट गरे।

बुलबुले दैनिकका पत्रकारद्वय २७ वर्षीय लक्ष्मण भण्डारी र २५ वर्षीय जीवन शाहीलाई आन्दोलनको अनुगमन गरिरहेको समयमा ०६२ चैत २७ गते वीरेन्द्रनगरमा प्रहरीले कुटपिट गरे।

लाटिकोइली गाविस-७ का ४२ वर्षीय गगनबहादुर बुढाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६३ वैशाख ८ गते सेनाले उनलाई मंगलगढी सेना क्याम्पमा बोलाई मार्ने धम्की दिए।

माओवादीबाट

दशरथपुर गाविस-७ का कृषक २२ वर्षीय वीरेन्द्र थापालाई ०६३ भदौ १९ गते, गढी गाविस-४ का ३१ वर्षीय कमल पौडेललाई ०६३ भदौ २२ गते, दहचौर गाविस-२ सुवाघाटका कृषक ४५ वर्षीय लालबहादुर थापालाई माओवादीद्वारा घोषित जनसत्ता विरोधी क्रियाकलापमा लागेको आरोपमा ०६३ साउन १८ गते माओवादीले उनीहरूलाई घरमै कुटपिट गरे।



जनआन्दोलन-२ का सहभागीलाई गिरफ्तार गर्दै सादा पोसाकका प्रहरीहरू

वीरेन्द्रनगर नपा-७ निवासी जीप चालक ३२ वर्षीय हरि पौडेलले पार्टीलाई चन्दा नदिएको आरोपमा ०६३ भदौ २० गते माओवादीले उनलाई जर्वुटा गाविस-१ धुलियाविटमा मार्ने धम्की दिए।

गुमी गाविस-४ निवासी आन्नद उच्चमाविका पियन ६१ वर्षीय मानबहादुर बिष्टलाई सो विद्यालयमा सेल्टर जमाई बस्न गएका माओवादीले विद्यालयको साँचो माग्दा इन्कार गरेपछि ०६३ असार २८ गते माओवादीले उनलाई विद्यालयमै मार्ने धम्की दिए।

गुमी गाविस-४ स्थित आन्नद उच्चमाविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५८ वर्षीय हस्तबहादुर पुनले सो विद्यालयमा सेल्टर जमाई बसेका जनसेनालाई त्यँहाबाट हटाउनु पर्ने माग गरेकोमा ०६३ असार २९ गते माओवादीले उनलाई विद्यालयमै मार्ने धम्की दिए।

छिन्चु गाविस-२ की ४७ वर्षीया चन्दकला वली र ५२ वर्षीया मनकला खड्काले माओवादीद्वारा अपहरित छोरीहरूको घटना सम्बन्धमा मानवअधिकारकर्मीलाई जानकारी दिएकोमा ०६३ असोज २२ गते माओवादीले उनीहरूको घरमै गई मार्ने धम्की दिए। छिन्चु गाविस-२ का १६ वर्षीय भीमकला माँझी र १६ वर्षीया देवकला माँझीलाई ०६३ भदौ २९ गते माओवादीले अपहरण गरेकोमा उनीहरूको अवस्था हालसम्म अज्ञात रहेको छ।

लेखफर्सा गाविस-६ मा भएको बम विस्फोटनको घट्नाको स्थलगत अनुगमन गर्न पुगेका इन्सेक सुर्खेत जिल्लाका प्रतिनिधि दुर्गा थापा, प्रोपब्लिकका हरि अधिकारी र चक्र घर्ती, इन्सेकका सहजकर्ता लोकेन्द्र थापा र पत्रकार प्रकाश पन्तलाई ०६३ मंसिर २ गते माओवादी जनमुक्ति सेनाका कमाण्डर सेवकले घट्नास्थललाई अवलोकन गर्नमा अवरोध गर्नुको साथै तत्काल स्थान छोड्नु भनी धम्की दिए।

मैनतडा गाविस-५ निवासी व्यापारी ३३ वर्षीय धनबहादुर खड्का र सोही गाविस-६ की ३२ वर्षीया दुर्गा खत्रीलाई ०६३ मंसिर १६ गते राति सोही स्थानका माओवादी कार्यकर्ता निशान भनिने कर्णबहादुर अधिकारीले दुर्गा खत्रीको घरमा हतियार देखाई मरणासन्न हुनेगरी कुटपिट गरे। खड्काको नेपालगञ्जमा उपचार भयो।

लाटिकोइली गाविस-४ का ४० वर्षीय रामबहादुर चौधरीले तटबन्ध निर्माण गर्ने विषयमा विवाद गरेको आरोपमा ०६२ चैत्र १ गते माओवादीले उनीहरुलाई घरमै गई मार्ने धम्की दिए।

मेहेलकुना गाविस-१ पवित्रबजारका ३३ वर्षीय भुपाल पुनले सेनालाई कार्यक्रममा बोलाएको आरोपमा ०६३ वैशाख १८ गते माओवादीले पुनलाई मेहेलकुनामा मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-१० का ३६ वर्षीय टीकाराम चपाईले बहुविवाह गरेको आरोपमा ०६३ वैशाख २६ गते माओवादीले उनलाई वीरेन्द्रनगर नपास्थित माओवादीको जनअदालतमा बोलाई तोकिएको रकम नदिए जे पनि गर्न सकिने भनी धम्की दिए।

जर्वुटा गाविस-१ धुलीयाविटका ३० वर्षीया डीलकुमारी देवकोटाले माओवादीको नियन्त्रणमा रहेका आफ्ना पतिको बारेमा सोधपुछ गर्न जाँदा ०६३ वैशाख २९ गते माओवादीले उनलाई साटाखानीमा मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ निवासी शिक्षक युनियन सुर्खेतका अध्यक्ष ४० वर्षीय धनसिंह खड्कासहितका शिक्षकहरू माओवादीद्वारा केही दिनअघि अपहरण गरी बेपत्ता पारिएका शिक्षकहरूको स्थिति बुझ्न जाँदा ०६३ जेठ १० गते माओवादीले शिक्षकहरूलाई लेखपराजुल गाविस-५ मोहटीमा मार्ने धम्की दिए।

मटेला गाविस-८ निवासी पूर्व माओवादी कार्यकर्ता एवंम् शिक्षक ३९ वर्षीय चक्रबहादुर घर्तीले आर्थिक हिनामिना गरेको आरोप स्वीकार नगरेको भनी ०६३ जेठ १३ गते माओवादीले उनलाई रानीबास गाविसमा कुटपिट गरे।

वीरेन्द्रनगर नपा-१० निवासी लेखपराजुल गाविस-५ मोहटीका सामुदायिक प्रनिमाविका प्रधानाध्यापक ४० वर्षीय टोपबहादुर अधिकारीले विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६३ जेठ १५ गते माओवादीले उनलाई विद्यालयमै मार्ने धम्की दिए।

मेहेलकुना गाविस-१ पवित्रबजारका सुकुलाल बस्नेतलाई ०६३ वैशाख २६ गते र रतु गाविस-४ का ४८ वर्षीय लालबहादुर खत्रीलाई सुराकी गरेको आरोपमा ०६३ जेठ २२ गते माओवादीले उनलाई घरमै गई मार्ने धम्की दिए।

हरिहरपुर गाविस-६ पाग्माका ५४ वर्षीय कालू पुरीले माओवादीद्वारा घोषित जनसत्ता विरोधी क्रियाकलाप गरेको आरोपमा ०६३ जेठ २३ गते माओवादीले उनलाई घरमै कुटपिट गरे।

साहारे गाविस-८ निवासी राप्रपाका कार्यकर्ता ६२

वर्षीय खिमबहादुर रोकालाई ०६३ असार ७ गते माओवादीले तत्काल घरमा नफर्किए सर्वस्वहरण गर्ने र मार्ने धम्की दिए। उनी ०५३ मंसिरदेखि वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका छन्।

बिजौरा गाविस-९ निवासी एमाले कार्यकर्ता ५० वर्षीय धनीराम जैसीले माओवादीलाई ५० हजार चन्दा नदिएको आरोपमा ०६२ चैत ११ गते माओवादीले उनको घरमा तालाबन्दी गरे। दलहरुको दबाबमा ०६२ चैत ३१ गते माओवादीले ताला खोलिदिएका थिए।

लेखपराजुल गाविस-५ का ४८ वर्षीय शिक्षक कर्णबहादुर बुढाले सुराकी गरेको आरोपमा ०६३ असार १० गते माओवादीले उनलाई घरमा गई मार्ने धम्की दिए। पीडित ०५८ चैत २६ गतेदेखि वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका छन्। पीडित घरमा गएको समयमा माओवादीले २ लाख रकम नदिए फाँसी दिने धम्की दिएको पीडितले बताए।

बाबियाचौर-५ का कृषक ४६ वर्षीय बलबहादुर सार्कीले सुराकी गरेको आरोपमा ०६३ असोज ३ गते माओवादीले उनलाई घरमै कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

वीरेन्द्रनगर नपा-६ निवासी पत्रकार ३४ वर्षीय मोती पौडेल र २६ वर्षीय कमल पन्तलाई समाचार संकलन गर्न गएको समायमा ०६२ पुस १७ गते प्रहरीले पुनरावेदन अदालत नजिकैबाट गिरफ्तार गरी कुटपिट गरे। पीडितहरू सोही दिन रिहा भए।

जाजरकोट जिल्ला ढिमे गाविस-७ का २७ वर्षीय रामबहादुर खड्कालाई माओवादीको आशंकामा ०६२ पुस २९ गते सशस्त्र प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जुम्ला जिल्लाका शिरीष भनिने २६ वर्षीय बालकृष्ण तिमिल्सेना र कालिकोट जिल्लाका रक्तिम भनिने मनबहादुर विक माओवादी भएको आरोपमा ०६२ पुस २७ गते प्रहरीले उनीहरूलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। माओवादीको साँस्कृतिक क्षेत्रमा कार्यरत दुवैजना चार महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

खानीखोला गाविस-६ का ३५ वर्षीय दीलिपकुमार खत्री माओवादी भएको आरोपमा ०६२ माघ ७ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी चार महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा गरे।

वीरेन्द्रनगर नपा-१० मा पिसीओ सञ्चालक गरी बसेका ४५ वर्षीय नारायण भट्टराई र उनका छोरा २० वर्षीय विनोद भट्टराईले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ माघ २२ गते प्रहरीले उनीहरूलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। विनोद सोही दिन र नारायण एक महिनापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

वीरेन्द्रनगर नपा-६ का भीमबहादुर विश्वकर्मा, १८ वर्षीय सीपरान वन, १५ वर्षीय कृष्ण गुरुङ र लाटिकोइली गाविस-८ का १९ वर्षीय लोकबहादुर रोकाय माओवादी भएको आरोपमा ०६२ माघ २६ गते सेनाले उनीहरुलाई इत्रामबाट गिरफ्तार गरे। पीडितहरू सबैजना ०६२ फागुन २ गते इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापाको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

गढी गाविस-४ का ३० वर्षीय अम्मरबहादुर कुमाल माओवादी भएको आरोपमा ०६२ माघ ३० गते सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरे। प्यारालाईसिसको रोगबाट ग्रसित पीडित इन्सकेको पहलमा तीन महिनापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

पाम्का गाविस-६ का १९ वर्षीय विमल बुढामगर, १८ वर्षीय सुरथ चलाउने, २० वर्षीय ज्ञानबहादुर वराल, २६ वर्षीय माथवरसिंह भण्डारी र साटाखानी गाविस-४ का भीमाबहादुर कसेरा माओवादी भएको आरोपमा ०६२ फागुन १ गते सेनाले उनीहरूलाई धुलियाबीटबाट गिरफ्तार गरे। पीडितहरु इन्सेक प्रतिनिधिको रोहबरमा दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

लगाम गाविस-३ का १८ वर्षीय नरबहादुर बुढा माओवादी भएको आरोपमा ०६२ फागुन १३ गते सशस्त्र प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित सात दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

लाटिकोइली गाविस-१ निवासी माओवादी पूर्व कार्यकर्ता २८ वर्षीय यामबहादुर थापा माओवादी भएको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी तीन दिनपछि इन्सेकको पहलमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

माओवादी कार्यकर्ताहरू जुम्ला जिल्ला कुडारी गाविसका २२ वर्षीय चट्टान भनिने मनप्रसाद भट्टराई र सुर्खेत जिल्ला, लगाम गाविसका १८ वर्षीय दुर्गम भनिने दीर्घसिंह धामी माओवादी भएको आरोपमा ०६२ फागुन १८ गते सेनाले उनीहरूलाई लाटिकोइली गाविस-४ घुस्राबाट गिरफ्तार गरे। पीडितहरु तीन महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

दैलेख जिल्ला पिपलबोट गाविस-२ का ४० वर्षीय हिमबहादुर शाहीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ फागुन २६ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

कालिकोट जिल्ला, राँचुली गाविस-५ निवासी वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा अध्ययनतर विद्यार्थी २६

वर्षीय जीवनकुमार शाही माओवादी भएको आरोपमा ०६२ चैत ४ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

डोल्पा जिल्लका २० वर्षीय हिमाल भनिने माओवादी कार्यकर्तालाई ०६२ चैत ५ गते सेनाले लाटिकोइली गाविस-४ घुस्राबाट गिरफ्तार गरे। पीडित दई महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

बर्दिया जिल्लको ढोढरी गाविस-२ का चरण भनिने २६ वर्षीय बलबहादुर चौधरीलाई ०६२ चैत ६ गते सेनाले लाटिकोइली गाविस-३ बाट गिरफ्तार गरे। गिरफ्तारपछि कुटपिट गरिएका पीडित डेढ महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

रामघाट गाविस-६ का ३२ वर्षीय शिवराम वली माओवादी भएको आरोपमा ०६२ चैत ८ गते सुरक्षाकर्मीले उनलाई छिन्चुबाट गिरफ्तार गरी दुई दिनपछि इलाका प्रहरी कार्यालय छिन्चुबाट रिहा गरे।

जाजरकोट जिल्ल थालारैकर गाविस-५ निवासी थालारैकर प्राविका शिक्षक २८ वर्षीय भीमबहादुर विसी माओवादी भएको आरोपमा ०६२ चैत १९ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित दुई दिनपछि जिल्ल प्रहरी कार्यालयबाट रिहा भए।

छिन्चु गाविस बबई निवासी माओवादी कार्यकर्ता २१ वर्षीय लालबहादुर विकलाई ०६३ वैशाख २ गते सेनाले मेहेलकुना गाविस-९ बाट गिरफ्तार गरे। गिरफ्तारपछि चरम यातना दिइएका पीडित २० दिनपछि जिल्ल प्रहरी कार्यालयबाट रिहा भए।

तरंगा गाविस-७ निवासी तातापानी माविका विद्यार्थी १४ वर्षीय लालबहादुर शाही माओवादी भएको आरोपमा ०६३ वैशाख १२ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि जिल्ल प्रहरी कार्यालयबाट रिहा गरे।

पुन: गिरफ्तार

पुनरावेदन अदालतको सुर्खेतको आदेशमा रिहा भएका कालिकोट जिल्ला, कोटवाडा गाविसका २६ वर्षीय मनरूप खत्री, सुर्खेत जिल्ला गढी गाविस-१ का २५ वर्षीय भीमबहादुर विक, लेखगाँउ गाविस-९ का २८ वर्षीय गौरी विश्वकर्मा र कुनाथरी गाविस-५ ३२ वर्षीय लिलबहादुर बोगटीलाई माओवादीको आरोपमा प्रहरीले ०६२ पुस १७ गते पुनरावेदन अदालतको परिसरबाटै पुन: गिरफ्तार गरे। सुरक्षाकर्मीले उनीहरूलाई माओवादीको आरोपमा विभिन्न समय र स्थानबाट गिरफ्तार गरी कारागार शाखा, सुर्खेतमा थुनामा राखेका थिए। पुन: गिरफ्तारीका क्रममा सुरक्षाकर्मीले अदालत परिसरमा रहेका मानवअधिकारकर्मी तथा पत्रकारहरूलाई कुटपिट गर्दै नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका सभापति तथा कान्तिपुर दैनिकका सम्वाददाता मोतिलाल पौडेल र कान्तिपुर टेलिभिजनका सम्वाददाता कमल पन्तलाई गिरफ्तार पनि गरेका थिए। यो घटनाको मानवअधिकारकर्मी र पत्रकारमाथि गरिएको अभद्र व्यवहार र गिरफ्तारको सुर्खेतस्थित मानवअधिकारकर्मी तथा पत्रकारहरूले विज्ञप्तिमार्फत् भर्त्सना गरेका थिए। बन्दीप्रत्यक्षीकरणको रिट निवेदन उपर पुनरावेदन अदालत सुर्खेतको आदेशबमोजिम उनीहरूमध्ये बोगटी एक महिनापछि र अरु सबै पाँच महिनापछि रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरेन्द्रनगर नपा-८ इत्राम निवासी काँग्रेस (प्रजातान्त्रिक) का कार्यकर्ता ४८ वर्षीय शिवप्रसाद गौतमलाई शाही सरकारद्वारा घोषित नगर निर्वाचनको विरुद्ध प्रचार प्रसार गरेको आरोपमा ०६२ माघ ५ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। उनी सोही दिन सुर्खेतस्थित जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

अनेरास्ववियु सुर्खेतका अध्यक्ष २८ वर्षीय घनश्याम पाण्डेसहित २० जना विद्यार्थीहरूलाई प्रतिगमनका विरुद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६२ माघ १० गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पाण्डे दुई दिनपछि र अन्य सबै विद्यार्थीहरू सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भएका थिए।

वीरेन्द्रनगर नपा-६ घर भएका पूर्व सांसद ४७ वर्षीय हृदयराम थानी, वीरेन्द्रनगर नपा-१० का नेकाँका कार्यकर्ता ४० वर्षीय कमलराज रेग्मी र वीरेन्द्रनगर नपा-८ का नेकाँ (प्रजातान्त्रिक) का ४८ वर्षीय शिवप्रसाद गौतमलाई ०६२ माघ १५ गते, वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा अध्ययनरत २८ वर्षीय विनी शाहीसहित १४ जना विद्यार्थीलाई ०६२ माघ १८ गते, वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा अध्ययनरत २० वर्षीय छत्रबहादुर केसी, २० वर्षीय नेत्र भण्डारी, २२ वर्षीय विनोद शाही र २१ वर्षीय रोशन भण्डारीलाई ०६२ माघ २० गते, वीरेन्द्रनगर नपा-६ निवासी एमालेका कार्यकर्ता ४८ वर्षीय दलबहादुर खड्का, नेकाँ (प्रजातान्त्रिक) का ५० वर्षीय कालिप्रसाद शाक्य र काँग्रेसका अनन्त पौडेललाई प्रतिगमनको विरुद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६२ माघ २२ गते, वीरेन्द्रनगर नपा-६ घर भएका कपडा व्यापारी ३६ वर्षीय मानबहादुर खड्का र वीरेन्द्रनगर नपा-४ घर भई नेशनल कोअपरेटिभ स्कुलका शिक्षक ३९ वर्षीय डिल्ली लम्सालेलाई ०६२ चैत २२ गते 'प्रतिगमनको विरुद्ध'को आन्दोलनमा उत्रेको आरोपमा सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी सबैलाई गिरफ्तार भएकै दिन जिल्ला प्रहरी

कार्यालयबाट रिहा गरे।

वीरेन्द्रनगर नपा-४ निवासी पूर्व सांसद् ५२ वर्षीय यामलाल कँडेल, पूर्व सांसद ४७ वर्षीय हृदयराम थानी, नेकाँ (प्रजातान्त्रिक) का ४६ वर्षीय धर्मप्रसाद आचार्य, जनमोर्चाका केन्द्रीय सदस्य ३८ वर्षीय रत्नविक्रम प्यासी र नेमकिपा सुर्खेतका अध्यक्ष ४८ वर्षीय बमबहादुर शाहीसहित ५७ जना आन्दोलनकारीलाई ०६२ माघ १९ गते विरोध प्रदर्शनका क्रममा विरेन्द्रनगरबाट गिरफ्तार गरी १३ दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

'प्रतिगमनको विरुद्ध' जीपबाट माइकिङ गर्दै प्रचार प्रसारमा हिडेको आरोपमा विद्यार्थी १९ वर्षीय भरत सुनार, २१ वर्षीय मुकुन्द सुनार, २० वर्षीय नरबहादुर बस्नेत, २० वर्षीय हिरा वली, २१ वर्षीय गौतम विसी र जीप चालक ४६ वर्षीय टीकाराम पन्तलाई ०६२ चैत २३ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे भने प्रचार प्रसार सामाग्री तथा जीपलाई कब्जामा लिए। पन्त तीन दिनपछि तथा अन्य सबै विद्यार्थीहरू सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भएका थिए।

एमालेका ५४ वर्षीय बालकृष्ण विसी, ४५ वर्षीय गणेश वली, ४३ वर्षीय मेघबहादुर बाहोरा, ४५ वर्षीय अम्मरबहादुर बाहोरा, नेकाँका ३६ वर्षीय अनन्त पौडेल, ३२ वर्षीय देवकुमार सुवेदी, नेकाँ (प्रजातान्त्रिक) का ५२ वर्षीय टोपबहादुर ताम्लाङ्गी, जनमोर्चाका ३७ वर्षीय रत्नविक्रम प्यासी र नेकाँका ६० वर्षीय पीएस उपाध्यायलाई प्रतिगमनको विरुद्धमा आन्दोलनमा उत्रेको आरोपमा ०६२ चैत २३ गते प्रहरीले वीरेन्द्रनरबाट गिरफ्तार गरे। गिरफतारपछि कुटपिट गरी सशस्त्र प्रहरी रक्तकाली गण बाङ्गेसिमलमा राखिएका सबैजना सात दिनपछि रिहा भए।

एमाले सुर्खेतका सचिव ४३ वर्षीय ऋषिप्रसाद शर्मा, काँग्रेस (प्रजातान्त्रिक) का कार्यवाहक जिल्ला सभापति ४८ वर्षीय कालीप्रसाद शाक्य, ४१ वर्षीय विष्णु खड्का, ५४ वर्षीय पदमदेव गिरी, ५७ वर्षीय मायाराम कँडेल र अनेरास्वियुका २६ वर्षीय तेजविक्रम बस्नेतलगायत ६७ जनालाई प्रतिगमनको विरुद्धमा आन्दोलनमा उत्रेको आरोपमा ०६२ चैत २७ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। सबैजना इन्सेकको पहलमा सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएको समेत गरी देवानी मुद्दा १४३१ ओटा र फौजदारी मुद्दा १ हजार ५ सय ५६ ओटा मुद्दा गरी जम्मा २९ सय ८७ ओटा मुद्दामध्ये देवानीतर्फ ४५ ओटा र फौजदारीतर्फ ५१ ओटा गरी ९६ ओटा मुद्दा फर्स्यौट भए। यसरी यो वर्षको अन्त्यसम्ममा जम्मा २८ सय ९१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

पाँच वर्ष नाघेको देवानी मुद्दा संख्या २ सय ८७ ओटा र फौजदारी मुद्दा ३ सय २१ ओटा गरी जम्मा ६ सय ८ ओटा छन्। यसैगरी, आतंककारी तथा विध्वंसात्मक ऐन अर्न्तगत १३ ओटा मुद्दा परेका थिए।

पुनरावेदन अदालदमा गतवर्षको जिम्मेवारी सरेर आएको समेत गरी जम्मा ८० ओटा मुद्दा रहेकामा यो वर्ष ६१ ओटा मुद्दा फर्स्यौट भए। जसमा देवानी फौजदारीका सातवटा मुद्दामा चारओटा, सरकारवादी फौजदारी नौओटामा पाँचओटा विविध फौजदारी १२ ओटामा फर्स्यौट १२ ओटा, देवानी दुनियावादी सातओटामा तीनओटा, निषेधाज्ञा सातओटामा तीनओटा बन्दीप्रत्यक्षीकरणका ३० ओटामा ३० ओटा र अन्य विविधका दुईटामा एउटा मुद्दा फर्स्यौट भएका छन्।

बालअधिकार

लाटिकोइली गाविस-३ की १४ वर्षीया लक्ष्मी गिरी र सोही गाविस-४ की १६ वर्षीया रञ्जना चौधरी, १५ वर्षीया वालकुमारी चौधरी र १६ वर्षीय विष्णु चौधरीलाई माओवादी पार्टीमा प्रवेश गराउन ०६२ चैत २५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरूमध्ये गिरी हाल माओवादी पार्टीमा प्रवेश गरेको जनाइयो भने चौधरी एक महिनापछि रुकेनाबाट घरमा फर्किसकेकी छन्।

मैनतडा गाविस-९ लक्ष्मी टोलका १३ वर्षीय बलबहादुर विक र १३ वर्षीय धनबहादुर विकलाई माओवादीको जनमुक्ति सेनामा भर्ती गर्न भन्दै ०६३ साउन २३ गते माओवादीले घरबाटै अपहरण गरे। दुबैजना छिमेकी गाविस गुमीबाट दुई दिनपछि मुक्त भए।

वीरेन्द्रनगर नपा-११ स्थित अम्मरज्योति माविमा कक्षा ८ मा अध्ययनरत १७ वर्षीय यज्ञराज खत्री र कक्षा १० मा अध्ययनरत १८ वर्षीय नवीन कडेललाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक १९ गते माओवादीले वीरेन्द्रनगरबाट अपहरण गरे। उनीहरूलाई अभिभावकहरूको आग्रहमा मंसिर ४ गते मैनतडा गाविसबाट मुक्त गरियो।

अमरज्योति मावि नेवारेमा कक्षा १० मा अध्ययनरत वीरेन्द्रनगर नपा-११ की १७ वर्षीया सुनीता राना र मावि ढोडेखालीमा कक्षा ९ मा अध्ययनरत १७ वर्षीय अजय थानीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २१ गते माओवादीले वीरेन्द्रनगरबाटै अपहरण गरे। दुवैजना तीन दिनपछि कल्याणबाट मुक्त भए।

शारदा मावि छिन्चुमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय ललित वलीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना

गर्न भन्दै ०६३ कात्तिक २३ गते माओवादीले छिन्चुबजारबाट अपहरण गरे। पीडित तीन दिनपछि कल्याण गाविसबाट मुक्त भए।

शारदा मावि छिन्चुमा अध्ययनरत छिन्चु गाविस-४ का १७ वर्षीय काँशीराम खत्री, १६ वर्षीय टोपबहादुर वली र १८ वर्षीय नरबहादुर खड्कालाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २४ गते माओवादीले छिन्चु बजारबाट अपहरण गरे। सबैजना तीन दिनपछि गुमी गाविसबाट मुक्त भए।

मैनतडा गाविस-४ स्थित जनज्योति मावि झिङ्गनीमा कक्षा ८ मा अध्ययनरत १६ वर्षीया मीना खत्रीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २६ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित पाँच दिनपछि लेखफर्सा गाविसबाट मुक्त भईन्।

कुनाथरी गाविस-१ निवासी विद्यार्थी १७ वर्षीय निरक थापालाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर २ गते माओवादीले अपहरण गरे। पीडित कुनाथरी गाविसको बङ्गीचौर बजारबाट तीन दिनपछि मुक्त गरिए।

तातापानी गाविस-३ का १६ वर्षीय मिलन विक, १६ वर्षीय वलबहादुर विक, १६ वर्षीय नरेन्द्र विक, १५ वर्षीय धर्मेन्द्र विक र १५ वर्षीया निर्मला विकलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ३ गते माओवादीले मावि तातापानी नजिकैबाट अपहरण गरे। सबैजना विद्यार्थी पाँच दिनपछि बाबियाचौरबाट मुक्त भए।

मेहेलकुना गाविस-९ का १५ वर्षीया याममाया वली, १६ वर्षीया कमला खड्का र १६ वर्षीय नरेन्द्र वलीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरे। सबैजना गुमी गाविसबाट सात दिनपछि मुक्त भए।

तातापानी माविमा अध्ययनरत तातापानी गाविस-४ का १४ वर्षीय मदन जैसी र १५ वर्षीय अम्मर माझीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ५ गते माओवादीले घरबाटै अपहरण गरे। दुबैजना चार दिनपछि बङ्गीचौरबाट मुक्त भए।

बाबियाचौर माविमा अध्ययनरत बावियाचौर-५ का विद्यार्थी १४ वर्षीय कृष्ण सिँजालीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ५ गते माओवादीले घरबाटै अपहरण गरे। सिँजाली नौं दिनपछि कुनाथरीबाट मुक्त भए।

मेहेलकुना गाविस-९ का १४ वर्षीय गोपाल विक र १६ वर्षीय प्रेम विकलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ६ गते माओवादीले घरबाटै अपहरण गरे। दुबैजना गुमीबाट पाँच दिनपछि मुक्त भए।

विद्याज्योति माविमा अध्ययनरत विद्यापुर गाविस-२ का १५ वर्षीय विद्यार्थी गंगाराम घिमिरेलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ७ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित पाँच दिनपछि बाबियाचौरबाट मुक्त भए।

मेहेलकुना गाविस-९ का १४ वर्षीय विद्यार्थी खिमबहादुर बुढा, १७ वर्षीय वीरबहादुर वली, १७ वर्षीय वीरेन्द्र वलीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ८ गते माओवादीले घरबाटै अपहरण गरे। सबैजना पाँच दिनपछि दशरथपुरबाट मुक्त भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सशस्त्र प्रहरी रणसुर गुल्म बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी हवल्दार २७ वर्षीय परशुराम विकले हतियार देखाई छिन्चु गाविस-४ की २६ वर्षीया मानसिक सन्तुलन गुमाएकी एक महिलालाई ०६३ असार ७ गते सारदा मावि छिन्चुमा बलात्कार गरे। पीडित हाल आवाज संस्थाको संरक्षणमा रहेकी छिन्। पीडकलाई कुनै कारबाही भएको छैन।

कुनाथरी गाविस-७ ग्वालेकाँडाका ३५ वर्षीया र १८ वर्षीय आमाछोरीलाई सशस्त्र प्रहरी रक्तकाली गण बाङ्गेसिमलमा कार्यरत सशस्त्र प्रहरी जवानद्वय चित्रबहादुर तारी मगर र पदम विसीले ०६३ कात्तिक २३ गते राति घरमै बलात्कारको प्रयास गरे। सोही दिन स्थानीय बासिन्दाहरूले पीडकहरूमध्ये चित्रबहादुरलाई कब्जामा लिई प्रहरीलाई बुझाई। पीडक जिल्ला अदालत सुर्खेतको आदेशमा ०६३ मंसिर २७ गते धरौटीमा रिहा भए भने पदम हालसम्म फरार छन्।

तातापानी गाविस-५ की ४२ वर्षीया जैसरा जैसीलाई उनकी १४ वर्षीया छोरी इन्द्राकुमारी जैसीलाई बलात्कारपछि हत्या गरेको घट्नालाई मृत्यु भएको हो भन्नुपर्ने भनी माओवादी जनसेना जगत साउदले ०६३ मंसिर १० गते धम्की दिए। इन्द्रालाई सोही स्थानका जगत साँवदका भाई पदम साउदसहितका तीनजना युवाले ०६३ मंसिर ६ गते बलात्कारपछि हत्या गरेका थिए।

दशरथपुर गाविस-५ का २७ वर्षीय दुर्गबहादुर नेपालीले आफ्नी छोरी बलात्कृत भएको घट्नाको बारेमा आवाज नउठाउन भनी ०६३ मंसिर २० गते माओवादीले उनलाई धम्की दिए। उनकी ६ वर्षीया बालिका गत कात्तिक २७ गते अज्ञात समूहद्वारा बलात्कृत भएकी थिइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमवासी समस्या अशक्त भत्ता आदि

सुर्खेत जिल्लामा ५५ हजार भन्दाबढी भूमिहीन छन्।

यसवर्ष पनि ती भूमिहीनहरूले विभिन्न माग राखी भूमिसुधार र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए। तर सुनुवाई भएन। यसवर्ष सुरुको ३/४ महिनाको अवधिमा माओवादी अवरोधको कारण अपाङ्ग, विधवा, वृद्ध तथा अशक्त भत्ता वितरणमा कठिनाई आएपनि त्यसयता भने नियमित प्राप्त गर्दै आएका छन्।

विस्थापित

जुम्ला जिल्लाका २०, मुगुका दुई, जाजरकोटका पाँच, दैलेखका २२, हुम्लाको पाँच, कालिकोटका १४ तथा सुर्खेतका १६ घरपरिवारका गरी झण्डै पाँच सयजना हाल पनि वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका छन्।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति

माओवादीले ०६२ चैत ३ गते क्षेत्रीय हुलाक निर्देशनालय सुर्खेतको डाँक भवनमा बम विस्फोटन गरी ८० हजार भन्दा बढीको क्षति गरे।

विगतको अनुगमन

राज्यबाट

कल्याण गाविस-५ का २८ वर्षीय होमबहादुर सिंजाली ०६२ चैत २ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा भए। सिंजालीलाई माओवादीको आरोपमा ०६१ चैत ६ गते सुरक्षाकर्मीले साताखानी गाविसबाट गिरफ्तार गरेका थिए।

कालिकोट जिल्ला गेला गाविसका २६ वर्षीय हेमराज शाही र २८ वर्षीय नमराज शाही ०६३ वैशाख २६ गते सुर्खेत कारागारबाट रिहा भए। दुवै जनालाई माओवादीको आरोपमा ०६१ फागुन ९ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरेका थिए।

हरिहरपुर गाविस-६ का पूर्व माओवादी कार्यकर्ता ३२ वर्षीय दिलबहादुर नेपाली, दैलेख जिल्ला लालिकडा गाविसका रवीन्द्र थापा र जाजरकोट जिल्लाका २८ वर्षीय वीरबहादुर सिंह ०६३ वैशाख २३ गते सुर्खेत कारागारबाट रिहा भए। माओवादीको आरोपमा सुरक्षाकर्मीले नेपालीलाई ०६३ चैत २१ गते, थापालाई ०६३ चैत ७ गते र सिंहलाई ०६२ वैशाख २१ गते वीरेन्द्रनगरबाट गिरफ्तार गरेका थिए।

माओवादीबाट

सल्यान जिल्ला कालिमाटीकी २२ वर्षीया असिना शाह ०६२ माघ २६ गते वीरेन्द्रनगरबाट मुक्त भइन्। बहुबिबाहको आरोपमा माओवादीले शाहलाई साताखानी गाविस-५ का ३६ वर्षीय शिक्षक मित्रप्रसाद पौडेलसँगै ०६२ वैशाख ६ गते अपहरण गरेका थिए।

गर्पन गाविस-३ का ३२ वर्षीय यमलाल ढकाल र ३५ वर्षीय श्यामलाल आचार्य ०६३ फागुन १२ गते दैलेखको लालिकाँडाबाट मुक्त भए। ज्यान मुद्दामा दुवैजनालाई माओवादीले ०६२ वैशाख १० गते घरबाटै अपहरण गरे।

तातोपानी गाविस-१ का २१ वर्षीय वीरबहादुर शाही ०६२ चैत १ गते बाबियाचौर गाविसबाट मुक्त भए। शाहीलाई सुराकीको आरोपमा माओवादीले ०६२ असार १ गते अपहरण गरेका थिए।

छिन्चु गाविस-४ मुरली खोलाका ४८ वर्षीय हर्कबहादुर खड्का ०६२ माघ २ गते गाउँबाटै मुक्त भए। सुराकीको आरोपमा माओवादीले खड्कालाई ०६२ पुस १५ गते अपहरण गरेका थिए।

बेपत्ता


राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका पाँचजना महिला र १३ जना पुरुष गरी १८ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा वीरेनद्रनगर नपा निवासी शान्ता पोखरेल, पाम्का गाविस-८ निवासी जगत चुनार, गढी गाविस-५ निवासी टेकबहादुर खत्री, दशरथपुर गाविस-२ निवासी धिरबहादुर थापा, लेखफर्सा गाविस-६ निवासी कौशिला घिमिरे, अवचलिङ्ग गाविस निवासी डम्बरकुमार गैरे, विजौरा गाविस-५ निवासी विरबहादुर विक, रामघाट गाविस-७ निवासी प्रेमबहादुर रसाईली, लाटिकोइली गाविस निवासी दिपा वली, रामघाट गाविस-२ निवासी हस्ते सार्की, छिन्चु गाविस-१ बबई निवासी प्रेम परियार, बाबियाचौर गाविस निवासी मदन खनाल, दशरथपुर गाविस-५ निवासी गीता बोहोरा, गंगा केसी, साटाखानी गाविस-८ निवासी मानबहादुर दर्लामी, दशरथपुर गाविस-५ निवासी कर्णबहादुर दमाई, कुनाथरी गाविस-४ निवासी श्यामबहादुर हिसी मगर र सोही गाविस बड्डीचौर निवासी ओमबहादुर पुन रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरुभएयता यो वर्षको अन्त्यसम्ममा दुईजना पुरुष माओवादीले विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका छन्। यसरी बेपत्ता पारिएकाहरूमा काप्रेचौर गाविस-१ निवासी ३८ वर्षीय बलबहादुर रावत, रतु गाविस-३ निवासी पुनबहादुर पुन रहेका छन्।

४.९ जाजरकोट



जनसंख्या : १,४४,१६२
साक्षरता प्रतिशत : ३९.३६
महिला साक्षरता प्रतिशत : २८.९३
क्षेत्रफल (वर्ग कि. मि.) : २२३०
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : २
विद्यालय : २३८
क्याम्पस/उच्च मा.वि. : १/१
अस्पताल/स्वास्थ्य चौकी : २/३२
टेलिफोन लाइन : २
मोटर सडक (कि. मि.) : १०७
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : १
मानव विकास सूचकाङ्क : ०.३४३
प्रति परिवार सरदर संख्या : ५.९८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

खगेनकोट गाविस निवासी माओवादी सतबरिया छैठौं डिभिजन कमाण्डर २५ वर्षीय कमल खत्रीको ०६३ असोज २२ गते बिहान ढिमे गाविस-२ ठिमेस्थित माओवादीको सैन्य शिविरमा प्रशिक्षणको समयमा अर्का माओवादी कार्यकर्ताले गोली चलाउँदा गोली लागी घटनास्थलमै मृत्यु भयो।

आफ्नै बमबाट

पजारू गाविस-७ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार वडा प्रमुख ३५ वर्षीय जयलाल गिरीको उनकै घरमा राखेको सकेट बम विस्फोटन हुँदा ०६२ चैत २ गते दिउँसो मृत्यु भयो। पीडितले बमलाई सुरक्षित स्थानतर्फ सार्न खोज्दा विस्फोट भएको थियो।

माओवादी नियन्त्रणमा मृत्यु

खगेनकोट गाविस-३ का १८ वर्षीय ढुक्कली दमाईसहित अर्की एक महिलाले चोरी गरेको आरोपमा ०६३ असार २० गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरे। माओवादीले छानविन गर्ने क्रममा स्थानान्तरण गर्न खोज्दा ढुक्कलीले माओवादी नियन्त्रणमै ०६३ असार २१ गते सोही ठाँउमा पर्ने बीच बाटोबाटै भेरी नदीमा हाम्फालेर आत्महत्या गरिन्। साथै सोही घटनामा अर्की एक महिलाले पनि हाम फालेकोमा उनलाई माओवादीलेनै उद्धार गरी बचाएका थिए।

गोली / बम / विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

खगनकोट गाविस-२ दल्लीकी ३२ वर्षीया गुलाबी विकको माओवादीले खगनकोट गाविसस्थित स्थानीय एक गाउँलेको घरमा भण्डारण गरी राखेको बम ०६३ साउन २७ गते दिउँसो विस्फोट हुँदा उनी गम्भीर घाइते भइन्। पीडितको स्थानीय मेडिकल हलमा उपचार भयो। सो विस्फोटनमा परी पीडितको दाहिने हात गुम्यो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा जाजरकोटको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हालसम्म तीनजना बन्दीहरू रहेका छन्। जसमध्ये एक पुरुष कैदी तथा दुई पुरुष थुनुवा छन्।

जेल बाहिर साँगुरो कम्पाण्ड रहेको छ। कम्पाण्ड भित्र बन्दीहरूलाई बिहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म छोडिने गरिएको छ। जेलभित्र टिभी तथा खेलकुद सामग्री नभएको बन्दीहरूले बताए।

जिल्ला कारागार जाजरकोटमा बन्दी जीवन बिताइरहेका माओवादी कार्यकर्ता कल्चु चौधरी र मोहन चौधरी आफ्नो रिहाईको माग राख्दै ०६३ असार १६ गतेदेखि आमरण अनसनमा बसी असार १७ गते अनसन तोडे।

बेपत्ता / अपहरण

माओवादीबाट

गर्खाकोट गाविस-५ मैपका चक्रबहादुर शाहीले आफ्नी बुहारीको हत्या गरेको आरोपमा ०६२ पुस १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित एक हप्तापछि माओवादीको कब्जाबाट सोही ठाँउको मैपबाट भागेर भारततर्फ गए।

गर्खाकोट गाविस-५ मैपका हरिबहादुर शाही र

रत्नबहादुर शाही स्थानीय एक महिलाको हत्यामा संलग्न भएको आरोपमा ०६२ पुस १९ गते माओवादीले उनीहरू घरमै रहेको अवस्थामा अपहरण गरे। पीडितहरू एक महिनापछि सोही ठाँउबाट मुक्त भए।

लक्ष्मी प्राबि खुर्पाका प्रधानाध्यापक भरतविक्रम शाही र सोही विद्यालयमा अध्ययनरत १५ वर्षीय एक छात्रालाई ०६२ माघ १५ गते माओवादीले ढिमे गाविस-५ पुर्खाबाट अपहरण गरे। उनीहरूलाई अवैध सम्बन्ध राखेको आरोपमा अपहरण गरेको माओवादीले जनायो। पीडितहरू माघ १८ गते सोही ठाउँबाट मुक्त भए।

खलंगा गाविस-७ डिङ्गाका धनबहादुर पुनले माओवादी पार्टीको अनुमतिबिना खानेपानी योजना सञ्चालन गरेको आरोपमा ०६२ फागुन ५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले फागुन १० गते घरमा पुऱ्याई मुक्त गरे।

सुवानाउली गाविसका मन्दिर नेपालीले माओवादीको अनुमतिबिना गाउँमा खानेपानी योजना सञ्चालन गरेको आरोपमा ०६२ फागुन २० गते उनलाई माओवादीले घरबाटै अपहरण गरे। माओवादीले अपहरण गरी १७ दिनसम्म दह गाविसमा श्रम गराई उनलाई घरमै पुऱ्याई मुक्त गरे।

खलंगा गाविस-६ बाहुनथान निवासी बाहुनथान माविका प्रधानाध्यापक हर्कबहादुर खड्काले विद्यालयमा भ्रष्टाचार गरेको आरोपमा ०६२ फागुन २५ गते बिहान माओवादीले उनलाई घरबाटै अपहरण गरी भोलिपल्ट सोही गाविसबाट मुक्त गरे।

भूर गाविस-७ भूरचौरका ३९ वर्षीय महेन्द्रबहादुर शाहीले नदी नियन्त्रणको लागि तारजाली योजना गाउँमा सञ्चालन गरेको आरोपमा ०६२ चैत १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत १७ गते पुन्मा गाविसबाट मुक्त गरे।

खलंगा गाविस-८ पिपेका २८ वर्षीय भीमबहादुर रानाले मदिरा सेवन गरेको आरोपमा ०६३ वैशाख ३ गते माओवादीले उनलाई अपहरण गरी शरीरमा मुक्का तथा लात्तीले जथाभावी हिर्काउदै कुटपिट गरे। पीडित वैशाख ५ गते बिहान खलंगा गाविस-७ स्थित डिङ्गा भन्ने ठाउँबाट माओवादीको कब्जाबाट भागेर घर फर्किए।

खलंगा गाविस-२ का देवबहादुर नेपालीले बहुबिबाह गरेको आरोपमा ०६३ जेठ १४ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरी एक महिनासम्म लहँ गाविसमा श्रम गराई असार ८ गते लहँ गाविसबाटै मुक्त गरे।

कार्कीगाउँ गाविस-२ आलाबरलेका ३७ वर्षीय विष्णु रोकायले माओवादी विरुद्ध बोलेको आरोपमा ०६३ भदौ ३ गते राति माओवादीले उनलाई अपहरण गरे। माओवादीले पीडितलाई स्थानीय गाउँलेहरूको पहलमा सोही दिन तीन घण्टापछि कार्कीगाउँ गाविस थानबडाबाट मुक्त गरे।

खलंगा गाविस-४ बोरागाउँ निवासी ४२ वर्षीय हरिबहादुर मल्लले माओवादी विरुद्ध बोलेको आरोपमा ०६३ साउन १० गते बिहान माओवादीले उनलाई अपहरण गरी साँझ खलंगा गाविस-२ बाट मुक्त गरे।

लहँ गाविस-१ पीउलीका ३९ वर्षीय कुइरो कामीलाई ०६३ भदौ १२ गते माओवादीले घरमै रहेको अवस्थाबाट अपहरण गरी कुटपिट गरे। पीडित भदौ १४ गते ५० हजार रूपैयाँ माओवादीलाई बुझाई गाउँबाटै मुक्त भए। पीडितले स्थानीय माओवादीको विषयलाई लिएर जिल्लास्तरमा जाहेरी गरेको आरोपमा अपहरण गरेको माओवादीले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या					२	२		२			
घाइते					१		१	१			
गिरफ्तारी/यातना									४	४	४
कुटपिट					२	१	१	२	१२	१६	१६
भेला/संगठित हुने अधिकार									१	३	३
महिलाअधिकार	२		३	३							
बालअधिकार	११	१४	४	१८							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४			
अपहरण					१६	१८	१	१९			
जम्मा	१३	१४	६	२१	२६	२५	३	२८	१६	२४	२४

दशेरा गाविस-३ दशेरा निवासी माओवादी कार्यकर्ता ४२ वर्षीय कृतिबहादुर थापाले आफ्नै पार्टीको छापामारको हतियार खोस्न लागेको आरोपमा ०६३ भदौ २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक ४ गते खलंगा गाविसबाट मुक्त गरे।

कार्कीगाउँ गाविस-७ का थानबाडाका २३ वर्षीय नरेश सार्की र सोही ठाउँका २१ वर्षीय मने सार्कीले स्थानीय गाउँलेहरूलाई कुटपिट गरेको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी कात्तिक १७ गते भूर गाविसबाट मुक्त गरे।

डाँडागाउँ गाविस-२ कल्पतका ३६ वर्षीय लीलाबहादुर नेपालीलाई ०६३ मंसिर ८ गते राति माओवादीले घरबाट अपहरण गरी शरीरमा मुक्का हिर्काइ कुटपिट गरे। पीडित सोही दिन डाँडागाउँस्थित जङ्गलबाट भागे। पीडित हाल जिल्ला सदरमुकाममा विस्थापित जीवन बिताई रहेका छन्।



माओवादीद्वारा अपहरण गरिएका देवबहादुर नेपाली



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका अमरबहादुर खत्री



सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका पत्रकार महासंघ जिल्ला सदस्य वीरबहादुर गिरी

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति जाजरकोटका सदस्य एवंम् दृष्टि साप्ताहिकका जिल्ला सम्वाददाता वीरबहादुर गिरीलाई कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६२ फागुन २७ गते राति नरसिंह दल गणबाट खटिएका लेफ्टिनेन्ट सुरेन्द्र काफ्लेले डेराबाट कब्जामा लिई कुटपिट गरी सोही दिन राति १० बजे हिरासतमा राखी भोलिपल्ट दिउँसो जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

नायकबाडा गाविस-५ तोलखानका २७ वर्षीय ज्ञानबहादुर खड्का माओवादी भएको आरोपमा ०६२ चैत ४ गते बिहान नरसिंह दल गणबाट खटिएका सेनाले खलंगा गाविस-२ ठाँटीमा कुटपिट गरे। कुटपिटबाट पीडितको टाउकोमा चोट लागेको थियो।

खलंगा गाविस-२ तल्लो थाप्लेका ३३ वर्षीय पूर्णबहादुर खत्री र खलंगा गाविस-७ का ६० वर्षीय खड्कबहादुर नेपालीले कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६२ चैत ५ गते बेलुकी नरसिंह दल गणबाट खटिएका सुरक्षाकर्मीले दुवैलाई घरमै गई कुटपिट गरे।

सीमा गाविस-३ ताङ्ग्रा घर भई खलंगा गाविस-१ गैरीखालीमा डेरा गरी बस्ने १८ वर्षीय नरबहादुर रावतलाई ०६२ चैत ५ गते राति नरसिंह दल गणबाट गस्तीमा गएका सुरक्षाकर्मी उनकै डेराभित्र पसी कुटपिट गरे।

माओवादीबाट

दशेरा गाविस-८ निवासी नेकाँका केन्द्रीय प्रतिनिधि महेन्द्रबहादुर शाहीलाई जग्गा विवादको विषयलाई लिएर ०६२ माघ १९ गते राति माओवादीले नजिकैको एक स्थानीय गाउँलेको घरमा पुऱ्याई कुटपिट गरे।

लहँ गाविस-४ लहँकी २८ वर्षीया कालीका सार्कीले सासूसँग खाद्यान्नको विषयमा विवाद गरेको आरोपमा ०६३ साउन १४ गते माओवादीले उनलाई घरमै गई कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

जिल्ला कृषि विकास कार्यालय, जाजरकोटमा कार्यरत जेटीए अमरबहादुर खत्री माओवादी भएको आरोपमा ०६२ फागुन ३ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका सुरक्षाकर्मीले उनलाई कार्यालयबाटै गिरफ्तार गरे। पीडितलाई चैत २० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जगतीपुर गाविस निवासी भगवती निमावि कुदुका शिक्षक भक्तबहादुर बटाला माओवादी भएको आरोपमा ०६२ चैत ९ गते जिल्ला प्रहरी कार्यालयले उनलाई बोलाई थुनामा राखी चैत १३ गते रिहा गऱ्यो।

जनविकास प्रावि सुवानाउलीका शिक्षक भक्तबहादुर खड्का माओवादी भएको आरोपमा ०६२ चैत १६ गते सुरक्षाकर्मीले उनलाई खलंगा गाविस-१

बाट गिरफ्तार गरी ०६३ वैशाख २ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

खलंगा गाविस-८ पिपेका भीमबहादुर राना माओवादी भएको आरोपमा ०६३ वैशाख ७ गते बिहान सदरमुकामबाट गएका सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरी वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु अञ्चल कमिटी सदस्य नवीन केसी, जिल्ला सदस्य भागीराम जैसी र नेविसंघका कालिबहादुर थापाले राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६२ फागुन २२ गते सुरक्षाकर्मीले उनीहरूलाई सदरमुकामबाट गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत जाजरकोटमा नयाँ मुद्दा दायर भएनन्। अघिल्लो वर्षबाट सरेर आएका २८ ओटा मुद्दामध्ये १३ ओटा फर्स्यौट भई १५ ओटा मुद्दा बाँकी रहेका छन्। जसमध्ये दुनियावादी ११ वटा मुद्दामा चारओटा, संक्षिप्त कार्यविधि फौजदारी तीनओटा मुद्दामा दुईटा र साधारण देवानी ११ वटामा चारओटा मुद्दा फर्स्यौट भए। यसैगरी विशेष अदालतमा जम्मा दुईटा र साधारण फौजदारीमा एउटा मुद्दा गरी तीनवटा मुद्दामा तीनओटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समिति सदस्यहरू डाँडागाउँ गाविस-४ का कौसीबहादुर खड्काको छेप्कास्थित मिलघरमा ०६२ फागुन १ गतेदेखि, डाँडागाउँ गाविस-२ चिउरीका धनवीर सुनारको डाडाँगाउँ गाविस-२ चिउरीस्थित घरजग्गा ०६२ फागुन २ गतेदेखि, पुन्मा गाविस-५ सालटाकुरा कटु चन्दको पुन्मा गाविस-५ सालटाकुरास्थित घरमा ०६२ फागुन २१ गतेदेखि र महेश्वर शर्माको अर्छानी गाविस-२ डाडाभौतामा रहेको घर जग्गा ०६२ चैत ६ गतेदेखि माओवादीले तालाबन्दी गरे। पीडितहरू यो वर्षको अन्त्यसम्म सदरमुकाम विस्थापित जीवन बिताउँदै छन्।

सदरमुकाम खलंगास्थित बिजेश्वरी हाइड्रोपावर कम्पनीको चालु विद्युतलाई माओवादीले ०६३ साउन २१ गतेदेखि अनिश्चितकालीन बन्द गरेकोमा भदौ १० गते पुनःसञ्चालनमा आयो। माओवादीले मागेको रकम कम्पनीले उपलब्ध नगराएपछि सो विद्युत बन्द गरिएको थियो।

बालअधिकार

नारायणी मावि कार्कीगाउँ, वीरेन्द्र ऐश्वर्य मावि रोकायगाउँ, शिवशंकर मावि जगतीपुर, मान्तेढुङ्गा मावि रालेगाउँ, सरस्वती मावि पुन्मा, बिजय मावि काफलचौर, बाल मावि झाप्रा, दिपेन्द्र निमावि भूरका जिल्लास्तरीय परीक्षाका प्रश्नपत्रहरू माओवादीले ०६२ चैत १४ गते लुटेर परीक्षा अवरुद्ध पारे। यसका कारण झण्डै १ हजार भन्दा बढी विद्यार्थीहरू प्रभावित भए।

बालविवाह

खलंगा गाविस-१ भगवतीटोलकी १४ वर्षीया भगवती विकसँग नरसिंहदल गण जाजरकोटमा कार्यरत सिपाही लोकबहादुर विकले ०६३ असार १२ गते बालबिबाह गरे।

बर्दिया जिल्ला घर भई नरसिंहदल गण जाजरकोटमा कार्यरत सिपाही मानोज चौधरीले ०६३ साउन २१ गते गर्खकोट गाविस-१ गर्खाकोटकी १५ वर्षीया हेमा विकसँग बालबिबाह गरे।

विगतको अनुगमन

बेपत्ता


राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका १४ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा जगतीपुर गाविस-१ बाहुनगाउँका २६ वर्षीय रत्नप्रसाद आचार्य, खलंगा गाविस-९ कालेगाउँका २३ वर्षय भुमीलाल बस्नेत, सोही गाविस-५ का ३८ वर्षीय परजित पुन, सोही गाविस-८ पिपेका १५ वर्षीय अर्जुन राना, सोही गाविस-६ दारनेटाका २४ वर्षीय दलबीर परियार र २६ वर्षीय रतीवन विक, खलंगा गाविस-५ पोर्खा निवासी २४ वर्षीय कालिबहादुर विक, २६ वर्षीय रुद्रबहादुर विक, २२ वर्षीय मकदुल विक, २३ वर्षीय भिमबहादुर वली, खलंगा गाविस-६ निवासी १९ वर्षीय मनबहादुर कार्की, २३ वर्षीय शिवप्रसाद शर्मा, २० वर्षीय दिपक बटाला र खलंगा गाविस-८ निवासी २८ वर्षीय गुमानसिंह राना रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका तीनजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा खलंगा गाविस-६ निवासी ५८ वर्षीय रामप्रसाद खनाल, सोही गाविस-८ निवासी ३४ वर्षीय आर्हतुराम राना र दह गाविस-७ निवासी रामबहादुर शाही रहेका छन्।

४.१० दैलेख



जनसंख्या	: २,४२,२३९
साक्षरता प्रतिशत	: ४७.४
महिला साक्षरता प्रतिशत	: ३१.८
क्षेत्रफल (वर्ग कि. मि.)	: १५०२
गाविस/नपा संख्या	: ५५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३५५
क्याम्पस/उच्च मा.वि.	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: १/६२
टेलिफोन लाइन	: २००
मोटर सडक (कि. मि.)	: १६८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५६
मानव विकास सूचकाङ्क	: ०.३८१
प्रति परिवार सरदर संख्या	: ५.८८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

छिउडीपुसाकोट गाविस-२ निवासी नागरिक समाज डुल्लूका सदस्य ५० वर्षीय देवीराम खड्काले माओवादी पार्टी नीति विपरीत गातिविधि गरेको आरोपमा ०६२ माघ ६ गते माओवादीले उनको घरमै गोली हानी हत्या गरे।

रोल्पा जिल्ला निवासी डुल्लु संयुक्त बेस क्याम्पका प्रहरी जवान नन्दकिशोर पुनको ०६२ फागुन १२ गते माओवादीले भैरवकालिकाधुम गाविस-२ मा राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा मृत्यु भयो। घटनामा सोही क्याम्पका एक प्रहरी जवान घाइते भए।

अन्यबाट

सल्लेरी गाविस-९ का माओवादी कार्यकर्ता ४५ वर्षीय मालिका भनिने दलबहादुर बस्नेत र सोही गाविस-२ का कर्मठको ०६२ चैत २२ गते नौमूले बजारमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। माओवादीले उक्त घटना सुरक्षा निकायद्वारा परिचालित भिजिलान्ते समूहले गरेको बताए। सुरक्षा निकायले माओवादीद्वयको मृत्यु सुरक्षा कारबाहीमा भएको दाबी गऱ्यो।

जेल र बन्दी

करिब १ सय वर्ष पुरानो र कूल १६ जना बन्दी क्षमता भएको यस जिल्लाको जेल 'घ' श्रेणीको हो। यो वर्षको अन्त्यसम्म १२ जना बन्दीहरूमा ११ जना कर्तव्यज्यान र एकजना भ्रष्टाचार मुद्दाका बन्दीहरू छन्। छजना कैदीहरूमा पाँचजना कर्तव्यज्यान मुद्दाका कैदी र एकजना भ्रष्टाचार मुद्दाका कैदी रहेका छन्। त्यसैगरी छजना थुनुवामा सबै कर्तव्यज्यान मुद्दाका थुनुवा छन्। यसमा एकजना महिला थुनुवा छिन्। बन्दीहरूका लागि खानेपानीको समस्या, शौचालयको समस्या छ भने बन्दीहरूका लागि पत्रपत्रिका, रेडियो, टिभी तथा पर्याप्त मात्रामा खेलकुद सामग्री उपलब्ध नगराइएको अनुगमनको क्रममा पाइयो।

बेपत्ता/अपहरण

माओवादीबाट

रानीवन गाविस-५ का लक्ष्मीप्रसाद पाण्डेले सुराकी गरेको आरोपमा ०६२ चैत २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत २७ गते सोही गाविसबाट मुक्त गरे।

परनाथ गाविस-९ निवासी माओवादी पीडित संघका जिल्ला अध्यक्ष ५४ वर्षीय रत्नबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ चैत २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादी नियन्त्रणकै अवस्थामा डाँडापराजुल गाविसबाट चैत २९ गते पिसाव गर्ने निहूँमा उनी माओवादीको कब्जाबाट भागी दैलेख सदरमुकाममा विस्थापित भएका छन्।

कट्टी गाविस-१ की २१ वर्षीया मीना खड्काले माओवादी पार्टी विपरीत गतिविधि सञ्चालन गरेको आरोपमा ०६३ जेठ १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी जेठ २४ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा इम गाविसबाट मुक्त गरे।

सिगौडी गाविस-६ का कमलबहादुर शाही, पदमबहादुर शाही, देवबहादुर शाही, नमबहादुर शाही, पदमबहादुर शाही, अछाम जिल्लाको भैरवस्थान गाविसका गोरखबहादुर बुढा, अछाम जिल्लाको धमाली गाविस-३ का

बलबहादुर शाही र धर्मबहादुर शाहीले हत्या गरेको आरोपमा ०६३ साउन २५ गते माओवादीले उनीहरूलाई सिगौडी गाविस-६ टुनिबगर बजारबाट अपहरण गरे। माओवादीले अपहरित सबैलाई साउन ३१ गते इलाका प्रहरी कार्यालय डुल्लुमा बुझाए। सात्तला गाविस-९ का ३२ वर्षीय दलबहादुर शाहीको हत्या गरेको आरोपमा उनीहरूलाई अपहरण गरिएको माओवादीले जनाए।

कुनाथरी गाविस-५ का व्यापारी ३० वर्षीय यज्ञबहादुर खड्का र १३ वर्षीय चन्द्रा गौतमलाई बहुविवाहको आरोपमा ०६३ भदौ १८ गते माओवादीले दैलेख जिल्लाको तल्लो डुङ्गेश्वर बजारबाट अपहरण गरे। उनीहरू दुवैजना पाँच दिनपछि कुनाथरीबाटै मुक्त भए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

नारायण नपा-६ मुर्तीका ६२ वर्षीय टीकाराम न्यौपानेलाई छिमेकीसँग विवाद गरिरहेको बेला ०६२ माघ ५ गते भवानीबक्स गणमा कार्यरत सेनाका जवानले न्यौपानेको घर नजिक कुटपिट गरे।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन असफल पार्ने अभियानमा दैलेख नारायण नपा-७ बिजौरा पुगेका एमालेका पार्टी सचिव तेजबहादुर चन्द र नेकाँ (प्रजातान्त्रिक)का जिल्ला कार्यसमिति सदस्य प्रेमप्रकाश शाहीलाई नगर निर्वाचन बहिष्कार गरेको भन्दै ०६२ माघ २२ गते जिल्ला प्रहरी कार्यालयबाट गएका प्रहरीले कुटपिट गरे।

इन्सेकका जिल्ला प्रतिनिधि नमनकुमार शाहीलाई ०६२ फागुन ७ गते दलद्वारा गरिएको विरोध कार्यक्रमको पवित्रा मेडिकलमा बसी अनुगमन गरिरहेको बेला प्रहरीले कुटपिट गरे।

सात दलद्वारा आयोजित आन्दोलनमा सहभागी भएको आरोपमा अनेरास्ववियु दैलेख जिल्ला कमिटी सदस्य सीताराम जैसीलाई ०६२ चैत २९ गते सादा पोसाकका प्रहरीले सदरमुकामको नयाँबजारमा कुटपिट गरे।

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी जवान नरबहादुर सुनारलाई ०६२ जेठ २३ गते साँझ भवानी बक्स गण दैलेखमा कार्यरत जवानले दैलेखबजारको गणेशस्थानमा कुटपिट गर्नुका साथै खुकुरी प्रहार गरी घाइते बनाए। सुनारको टाउकोमा गम्भीर चोट लागेको थियो। घाइतेको दैलेख सदरमुकाममा उपचार भयो। पीडकलाई कुनै कारबाही भएन।

माओवादीबाट

जम्बुकाँध गाविस-३ का ४५ वर्षीय दलबहादुर शाहीले मदिरा सेवन गरेको आरोपमा ०६२ पुस २९ गते माओवादीले उनलाई जुम्बुकाँधस्थित बजारमा कुटपिट गरे।

डाँडापराजुल गाविस-५ का ४५ वर्षीय भक्तबहादुर शाहीले माओवादी पार्टीको नीति विपरीत काम गरेको आरोपमा ०६३ भदौ ३ गते माओवादीले उनलाई पीपलडाँडा भन्ने स्थानमा कुटपिट गरे। कुटपिटका कारण पीडितका दुईटा खुट्टा भाँचिएको छ। पीडितको उपचार सुर्खेत जिल्लामा भयो।

गैरकानुनी गिरफ्तारी

दार्चुला जिल्ला राप्ला गाविस-६ निवासी माओवादी छापामार भिषण भनिने अमरबहादुर बुढाथोकीलाई ०६२ पुस २० गते नारायण नपा-६ काँडाचौरबाट सेनाले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी भदौ महिनामा रिहा गरे।

नारायण नपा-६ खुर्सानीबारी निवासी माओवादी इलाकास्तरीय नेता जोश भनिने मोहन धमलालाई ०६२ माघ ३ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसर्मपणपछि सेनाले गिरफ्तार गरी भवानी बक्स गणबाट माघ ७ गते रिहा गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५	२	७	२	२		२					
गिरफ्तारी/यातना									४	९			९
कुटपिट	१	१		१	४	३	१	४	१२	२२			२२
धम्की					२	१	१	२					
भेला/संगठित हुने अधिकार									१५	३३	३०	४१७	४८०
बालअधिकार	२	१	२	३									
अपहरण					५	८	१	९					
जम्मा	८	७	४	११	१३	१४	३	१७	३१	५४	३०	४१७	४९१

नेपाल पत्रकार महासंघ दैलेख शाखाका सदस्य अमर सुनारलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६२ फागुन १७ गते सादा पोसाकका दुईजना प्रहरीले दैलेख बजारको राजन होटलबाट गिरफ्तार गरी सोही दिन नेपाल पत्रकार महासंघका केन्द्रीय प्रतिनिधि र इन्सेक प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले ०६२ माघ १२ गते सदरमुकाम दैलेख बजारमा आयोजना गरेको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमालेका गाउँ कमिटी सचिव कर्णबहादुर शाही, नेकाँका गणेश उपाध्याय, नेक्राविसंघका बासुदेव बुढा, अनेरास्वियुका जिल्ला कमिटी सदस्य कृष्ण आचार्य, सीताराम जैसी, जनक न्यौपाने, एमाले गाउँ कमिटी सदस्य नरबहादुर शाही, नेकाँका सक्रिय सदस्य गोलू उपाध्यायलाई कुटपिट गरे। साथै गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूलाई जिल्ला प्रहरी कार्यालयकै चिसो बङ्करमा राखिएको थियो। साँझ बङ्करबाट बाहिर निकाल्दा प्रहरीले बाटोको बत्ती निभाई बाटोको दुईतिर बसी पालैपालो आन्दोलनकारीलाई कुटपिट गर्दै रिहा गरे। हिरासतमा कुटिनेमा एमालेका सचिव तेजबहादुर चन्द, उपसचिव राजबहादुर बुढा, जिल्ला कमिटी सदस्य टेकबहादुर खाण, नेकाँ जिल्ला कमिटी सदस्य गणेशप्रसाद उपाध्यायलगायत ५० जना थिए।

सात दलले आयोजना गरेको विरोध कार्यक्रममा ०६२ माघ १२ गते प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरिएका नेता तथा कार्यकर्तालाई हिरासतमा राखी निर्ममतापूर्वक प्रहरीले कुटपिट गरे। प्रहरीले सो क्रममा करिब २ सयभन्दा बढी नेता कार्यकर्तालाई कुटपिट गरेका थिए। साथै सो घटनामा इन्सेक जिल्ला प्रतिनिधि नमनकुमार शाही, पत्रकारहरू यज्ञराज थापा, जनक न्यौपाने, सिताराम जैसी र मानवअधिकार तथा शान्ति प्रतिष्ठानका केन्द्रीय सदस्य भुपालसिंह थापालाई पनि प्रहरीले दैलेखबजार देवकोटाचोकबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयभित्र सादा पोसाकका प्रहरीले कुटपिट गर्दै अभद्र व्यवहार गरेका थिए।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कारको प्रचार प्रसार गर्न हिँडेका एमाले जिल्ला सचिव तेजबहादुर चन्द र नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य प्रेमप्रकाश शाहीलाई नारायण नपा-७ बिजौराबाट ०६२ माघ २३ गते प्रहरीले गिरफ्तार गरी तीन महिने थुनुवा पुर्जी थमाई माघ २७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञाको अवज्ञा गर्दै सात दलले ०६२ फागुन ७ गते सदरमुकामको विभिन्न ठाउँबाट निकालेको विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका अञ्चल सदस्य अमरबहादुर थापा, सचिव तेजबहादुर चन्द, उपसचिव राजबहादुर बुढा, नेकाँका जिल्ला सभापति गणेशबहादुर खड्का, नेकाँ (प्रजातान्त्रिक) का उपसभापति कर्णबहादुर शाही, जनमोर्चाका सचिव मायाराम अधिकारीलगायत २५ जना नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। प्रहरीले हिरासतमा गाली तथा धम्की दिएको पीडितहरूले बताए।

सात दलले दैलेख सदरमुकाममा ०६२ चैत २६ गते निकालेको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी एमालेका अञ्चल सदस्य अमरबहादुर थापा, नेकाँका सभापति गणेशबहादुर खड्का, एमालेका उपसचिव राजबहादुर बुढा, नेकाँ (प्रजातान्त्रिक) का उपसभापति कर्णबहादुर शाही र जनमोर्चाका अध्यक्ष जगतप्रसाद रेग्मीलाई गिरफ्तार गरी सोही दिन रिहा गरे। साथै नारायण क्याम्पस स्वावियुको आयोजनामा गणेशचोकमा निकालिएको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी स्वावियु सभापति विनोद श्रेष्ठलगायत १० जना विद्यार्थीलाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

नारायण क्याम्पस स्वावियुद्वारा निकालिएको विरोध कार्यक्रममा ०६२ चैत २७ गते भवानी बक्स गण दैलेखका सेनाले हस्तक्षेप गरी स्वावियु सभापति विनोद श्रेष्ठलगायत विद्यार्थीहरू आशाराम आचार्य, तेजबहादुर खत्री, बलराम जैसी र धर्मराज रेग्मीलाई कुटपिट गर्दै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयबाट सोही दिन रिहा गरे।

सात दलले ०६२ चैत २८ गते सदरमुकामको दैलेख बजारमा निकालेको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी प्रदर्शनकारीले कुटपिट गर्नुका साथै एमाले अञ्चल सदस्य अमरबहादुर थापा, उपसभापति राजबहादुर बुढा, नेकाँका रामप्रसाद जैसी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य प्रेमप्रकाश शाहीलाई गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सदरमुकामको पुरानोबजारस्थित नेकाँ (प्रजातान्त्रिक) को पार्टी कार्यालय अगाडि आन्दोलनरत दलले ०६२ चैत ३० गते गर्न लागेको सहिद श्रद्धान्जली सभामा प्रहरीले हस्तक्षेप गरी एमाले अञ्चल सदस्य अमरबहादुर थापा, उपसचिव राजबहादुर बुढा, नेकाँ सभापति गणेशबहादुर खड्का, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य चक्रनाथ योगी, जगतजंग थापा र प्रेमप्रकाश शाहीलाई गिरफ्तार गरी ०६२ वैशाख ८ गते रिहा गरे। धरपकडकाक्रममा आन्दोलनकारीमाथि सुरक्षाकर्मीले कुटपिटसमेत गरेका थिए।

आन्दोलनरत दल समर्थक अगुवा महिलाहरूको आह्वानमा ०६३ वैशाख ३ गते भएको विरोध जुलुस सदरमुकामको नयाँ बाजरबाट पुरानो बजार घुम्नेक्रममा

सदरमुकामस्थित देवकोटाचोकमा पुगनासाथ सुरक्षाकर्मीले हस्तक्षेप गरी करिब २० जना अगुवा महिलाहरूलाई गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। सोहीक्रममा एमाले जिल्ला प्रचार विभाग सदस्य दीर्घबहादुर थापालाई प्रहरीले लाठीले कुटपिट गर्दा बायाँ खुट्टा भाँचियो। उनको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

सात दल निकट महिलाहरूको आह्वानमा ०६३ वैशाख ४ गते सदरमुकाममा निकालिएको विरोध जुलुस बजार परिक्रमा गर्ने क्रममा देवकोटाचोकमा पुगेपछि आन्दोलनकारी माथि प्रहरीले लाठी प्रहार गर्दै कार्यक्रम विफल पार्ने प्रयास गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सन् २००६ को अवधिमा दैलेख जिल्ला अदालतमा सरकारवादी फौजदारीतर्फ ११ वटा मुद्दा दायर भएकोमा एक फर्स्यौट भई १० वटा अङ्ग नपुगी फर्स्यौट हुन सकेनन्। त्यसैगरी दुनियावादी फौजदारी अन्तरगत ३५ मुद्दा दायर भएकोमा १० फर्स्यौट भई २५ फर्स्यौट हुन बाँकी छन् र दुनियावादी देवानी अन्तरगत जम्मा नौवटा मुद्दा दायर भएकोमा एक फर्स्यौट भई आठ अङ्ग नपुगी फर्स्यौट हुन बाँकी रहेका छन्। त्यसैगरी एक वर्ष नाघेका दुईटा सरकारवादी फौजदारी र दुईटा दुनियावादी देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहेको पाइयो। दुई वर्ष नाघेका कुनै पनि मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेको पाइएन।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका छजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कासिबाँध गाविस राकुरीकका भक्तबहादुर दर्लामी (दीपेन्द्र), पिलाडी गाविस-४ निवासी हेम्नत, रानिवन गाविस निवासी लक्ष्मी अधिकारी, नेपा गाविस-६ निवासी अमरबहादुर रावल (सूर्य), चामुण्डा गाविस निवासी प्रभात, पादुका गाविस निवासी रविन्द्रनाथ योगी (सूर्य) रहेका छन्।

४.११ डोल्पा



जनसंख्या : ३१,५६९
साक्षरता प्रतिशत : ३४.६६
महिला साक्षरता प्रतिशत : १९.६१
क्षेत्रफल (वर्ग कि. मि.) : ७८८९
गाविस/नपा संख्या : २३/०
निर्वाचन क्षेत्र : १
विद्यालय : ११३
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : ०/२४
टेलिफोन लाइन : १५२
मोटर सडक (कि. मि.) : २
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : १८
मानव विकास सूचकाङ्क : ०.३७९
प्रति परिवार सरदर संख्या : ५.४३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

सूँ गाविस-९ निवासी माओवादी कार्यकर्ता १९ वर्षीय इतिहास भनिने देवीलाल बुढालाई ०६२ पुस २६ गते जुफाल र दुनैबाट गस्तीमा गएका सुरक्षाकर्मीले लिकू गाविस-४ बाट नियन्त्रणमा लिई सोही ठाउँमा गोली हानी हत्या गरे।

आफ्नै बमबाट

लिकू गाविस-२ चूँ निवासी माओवादी कार्यकर्ता २२ वर्षीय आइते विकले ०६२ पुस १९ गते राति लिकू गाविस-९ घोराखोरको एक घरमा बम खेलाउँदा विस्फोट भई उनको घटनास्थलमै मृत्यु भयो भने विक नजिकै रहेका साल्दाङ्ग गाविस-५ की ४ वर्षीया पुटी घले र छ महिनाको बालक टेछिरे घलेको पनि मृत्यु भयो। बालबालिकाकी आमा



जनआन्दोलन-२ का क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै

कार्माछुइकी घले पनि सख्त घाइते भइन्। घाइतेको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा डोल्पाको बन्दी क्षमता २० जनाको छ। यस जेलमा हालसम्म तीन पुरुषहरु बन्दी रहेका छन्। जेलमा पानी, शौचालय र विद्युतको सुविधा उपलब्ध छ भने समय समयमा स्वास्थ्य परीक्षण गरिन्छ। पत्रपत्रिका, रेडियो, टिभी र खेलसामग्री छैनन्। ०५७ मा माओवादी आक्रमणबाट क्षति भई बन्द अवस्थामा रहेको यो जेल देशमा बृहत् शान्ति सम्झौता भएलगत्तै छ वर्षपछि ०६३ मंसिर ६ गतेदेखि सञ्चालनमा आएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सूँ गाविस-४ निवासी 'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समिति सदस्य ४४ वर्षीय शिवधन डाँगीले राजाको शासनलाई सहयोग गरेको र माओवादी पार्टीविरुद्ध लागेको आरोपमा ०६२ फागुन ८ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। इन्सेक जिल्ला प्रतिनिधि, मानवअधिकारकर्मी र पत्रकारको पहल र रोहबरमा उनी ०६३ वैशाख ६ गते कालिकाबाट मुक्त भए।

कालिका गाविस-९ का १७ वर्षीय सरोज थापा, सोही ठाँउका परीलाल सिंह र दत्तबहादुर बोहराले आत्मसमर्पण गरेको र पार्टीमा हुँदा रकम हिनामिना गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरूलाई स्थानीय बासिन्दाहरू र मानवअधिकारकर्मीहरूको पहलमा असोज १८ गते कालिकाबाट मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

दुनै गाविस-१ का ३० वर्षीय भीमबहादुर थापालाई ०६२ चैत ४ गते साँझ बजारबाट आफ्नो डेरातर्फ जाँदै गर्दा बीच बजारको झोलुङ्गे पुलमा ड्यूटीमा रहेका प्रहरीहरूले माओवादीको आरोपमा मरणासन्न हुनेगरी कुटपिट गरे। घाइतेको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार गरेपछि निको भयो।

माओवादीबाट

नर्कू गाविस-३ का ३५ वर्षीय लोकेन्द्रबहादुर शाहीले पार्टीको विरोध गरेको आरोपमा ०६३ भदौ १५ गते माओवादी कार्यकर्ता कन्ने सार्कीले उनलाई घरमा गई कुटपिट गर्नुका साथै घर तोडफोड गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले ०६२ माघ २४ गते जुफालस्थित आदर्श माविको परिसरमा गर्न लागेको आमसभा सुरक्षाकर्मीले गर्न दिएनन्। सभास्थलतर्फ अगाडि बढेको करिब तीन सयजनाको सहभागिता रहेको ज्यालीलाई सुरक्षाकर्मीले बीच बाटोबाट अगाडि बढ्न दिएनन्। सुरक्षाकर्मीको आदेश नमानी अटेर गरेर ज्याली अगाडि बढेमा गोली हान्नसमेत सक्ने भनी धम्की दिए।

सात दलले ०६२ माघ २६ गते जिल्ला सदरमुकाम दुनैको खुल्लामञ्चमा गर्ने भनेको विरोधसभालाई जिल्ला प्रशासन कार्यालयले निषेध गऱ्यो। सदरमुकाम आउने सबै नाकाहरूबाट सुरक्षाकर्मीले मानिसहरूलाई सदरमुकाम आउन नदिएर त्यतैबाट फिर्ता पठाइदिए।

त्रिपुराकोट गाविस-२ निवासी नेकाँ जिल्ला कार्यसमितिका सचिव ३१ वर्षीय गौरीशंकर उपाध्यायलाई लोकतान्त्रिक आन्दोलनमा लागेको आरोपमा ०६२ चैत ३० गते जिल्ला शिक्षा कार्यालयमा विद्यालयको काम गरिरहेको अवस्थामा 'शाही सरकार'द्वारा मनोनित तत्कालीन जिल्ला विकास समिति सभापति धनबहादुर बुढाको नेतृत्वमा १०-१२ जनाको जत्थाले लछारपछार गर्दै जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडितलाई आन्दोलनमा पुनः लागेमा तीन टुक्रा पारी भेरी नदीमा फाल्ने धम्की सो जत्थाले दिएको थियो। सोही जत्थाले एमाले र काँग्रेसको झण्डा र साइनबोर्ड तोडफोड गरी नदीमा फ्याँकी दिएको थियो।

त्रिपुराकोट गाविस-२ का ४६ वर्षीय टङ्कप्रसाद उपाध्याय, ४४ वर्षीय दिलबहादुर बिष्ट, ३१ वर्षीय गौरीशंकर उपाध्याय, ३१ वर्षीय पूर्णकेशर न्यौपाने, नर्कू गाविस-२ का एमाले जिल्ला सचिव ३२ वर्षीय हशंबहादुर शाही र ल्हाँ गाविस-४ का २७ वर्षीय मदन न्यौपानेले राजाको विरोधमा आन्दोलन गरेको र आन्दोलन गर्न अरुलाई उस्काएको आरोपमा ०६२ चैत २७ गते सुरक्षाकर्मीले उनीहरुलाई

दुनैबाट गिरफ्तार गरी चार घण्टापछि रिहा गरे। जिल्ला प्रशासनले सदरमुकाम दुनै आउने सम्पूर्ण नाकामा आवत जावतमा रोक लगायो।

प्रमुख जिल्ला अधिकारी शंकरप्रसाद कोइरालाले ०६२ चैत ३१ गते एक सूचना जारी गरी अर्को सूचना नभएसम्मका लागि सदरमुकाम दुनैको दुई सय मिटर वरिपरि सभा, जुलुस, धर्ना, पर्चा पोस्टरिङ्ग, पम्पलेटिङ्ग गर्न २४ सै घण्टा निषेधाज्ञा जारी गरे। सो निषेधाज्ञा राजाको ०६३ वैशाख ११ गतेको घोषणापछि बिना सूचना निष्कृय भयो।

सात दलको आयोजनामा ०६३ वैशाख ४ गते दुनैबजारमा राजाको प्रत्यक्ष शासनकोविरुद्ध विरोध प्रदर्शन भइरहेको बेला सुरक्षाकर्मीले प्रदर्शनमा हस्तक्षेप गरी त्रिपुराकोट गाविस-२ का ४४ वर्षीय दिलबहादुर बिष्ट, ४६ वर्षीय टङ्कप्रसाद उपाध्याय, नर्कू गाविस-२ का ३२ वर्षीय हंशबहादुर शाही, दुनै गाविस-१ का ४८ वर्षीय श्रीबहादुर शाही, दुनै गाविस-५ का ४७ वर्षीय चन्द्रबहादुर शाही, त्रिपुराकोट गाविस-६ का ४८ वर्षीय तुलाचन्द बुढा, सूँ गाविस-९ का ४३ वर्षीय रामबहादुर बुढा, ल्हाँ गाविस-४ का २७ वर्षीय मदन न्यौपाने, त्रिपुराकोट गाविस-५ का ५२ वर्षीय हस्तबहादुर बुढा, जुफाल गाविस-३ की ४१ वर्षीय इन्द्रकुमारी शाही, जुफाल गाविस-४ का ४९ वर्षीय मैनबहादुर शाही र जुफाल गाविस-५ का ४५ वर्षीय कर्णबहादुर शाहीलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये १० जनालाई दुई घण्टापछि र अन्यलाई आठ घण्टापछि जिल्ला प्रहरी कार्यालय, डोल्पाबाट रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डोल्पामा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी १७ ओटा र यो वर्ष नयाँ दायर भएका १५ गरी ३२ ओटामध्ये गतवर्षका १३ ओटा र यस वर्षका चार गरी १७ थान मुद्दा फर्स्यौट भए। गतवर्षको



'राजावादी'द्वारा एमाले पार्टी कार्यालयको बोर्डलाई निकालेर भेरी नदीमा फालिएको

जिम्मेवारी सरेर आएका दुनियावादी देवानी आठओटा र यो वर्ष दायर भएका तीन गरी ११ ओटा मुद्दामध्ये गत वर्षका पाँचओटा र यस वर्षको एउटा मुद्दा फर्स्यौट भए। त्यसैगरी गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी सातओटा र यो वर्ष दायर भएको एउटा मुद्दा गरी आठओटा मुद्दामध्ये एउटा पनि फर्स्यौट भएन। यो वर्षको अन्त्यसम्ममा दुनियावादी फौजदारी १५ थान, दुनियावादी देवानी पाँचओटा, सरकारवादी फौजदारी आठओटा गरी २८ ओटा मुद्दा बाँकी रहेका छन्। तीमध्ये पाँच वर्ष नाघेका चारओटा र तीन वर्ष नाघेका दुइटा गरी छओटा छन्।

यो वर्ष जिल्ला प्रहरी कार्यालयमा ज्यानसम्बन्धी मुद्दा तीन, सार्वजनिक अपराध सम्बन्धी एउटा र कुटपिटसम्बन्धी चार गरी आठओटा मुद्दा दायर भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दुनै गाविस-१ मा रहेको परिवर्तन फोटो स्टूडियोका प्रोपाइटर ४३ वर्षीय भुवनमान श्रेष्ठले सरकारी सेवा दिन सञ्चालन हुन लागेको घुम्ती सेवा शिविर फोटो खिची सहयोग गरेको आरोपमा ०६२ फागुन १९ गते बिहान

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या				१	३	१	३	१	१		१
घाइते				१	१		१				
कुटपिट				१	१		१	३	३		३
भेला/संगठित हुने अधिकार								४	५	३१८	३२३
बालअधिकार	१	१	१								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१		१				
अपहरण				३	४		४				
जम्मा	१	१	१	६	९	१	१०	८	८	३१८	३२६

माओवादीले फोटो खिच्ने सबै उपकरणहरू लुटेर लगे। माओवादीले यो वर्षको अन्त्यसम्म लुटेका सामानहरू फिर्ता गरेनन्।

जिल्ला विकास समितिको योजनाबाट वितरण गरिएका सर्मी गाविस- ४, ५ र ६ का गारापारीमा बस्ने २५ दलितहरूको घरका सबै सोलार सेटहरू आफ्नो सहमतिबिना ल्याएको भन्दै ०६३ वैशाख १४ गते माओवादीले कब्जा गरे। ती सोलार सेटहरू माओवादीले तीन महिनापछि इन्सेकको पहलमा फिर्ता गरे।

विगतको अनुगमन

त्रिपुराकोट गाविसका २२ वर्षीय बलबहादुर सार्की र जुफाल गाविसका १८ वर्षीय जनक सार्कीले माओवादीको नाममा चन्दा उठाउन लागेको अवस्थामा ०६२ साउन १५ गते सुरक्षाकर्मी गस्तीमा गएको बेला जुफाल गाविसबाट गिरफ्तार गरी छ महिना त्रिपुराकोट र ६ महिना जुम्ला प्रहरी कार्यालयमा राखिएकोमा गिरफ्तार दुबै ०६३ असार १८ गते जिल्ला प्रहरी कार्यालय जुम्लाबाट रिहा भए।

राज्यबाट बेपत्ता

विगतका मानवअधिकार वर्ष पुस्तकहरूको अनुगमन गर्दा राज्यबाट बेपत्ता भनिएका नन्दप्रसाद न्यौपाने र प्रसाद बुढाको हत्या भएको र उनीहरूको सब माओवादीले भेटाएको जानकारी माओवादीले दियो।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा त्रिपुराकोट गाविस-४ निवासी २५ वर्षीय विश्वचन्द्र बुढा, सर्मी गाविस-७ निवासी १९ वर्षीय मानबहादुर सार्की, कालिका गाविस-२ निवासी ३३ वर्षीय रामबहादुर बोहोरा, जुफाल गाविस-८ निवासी २५ वर्षीय लोकबहादुर डाँगी रहेका छन्।

४.१२ जुम्ला



जनसंख्या : ९५,४२७
साक्षरता प्रतिशत : ३४.४५
महिला साक्षरता प्रतिशत :१८.२०
क्षेत्रफल (वर्ग कि. मि.) : २५३१
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १२७
क्याम्पस/उच्च मा.वि. : १/०
अस्पताल/स्वास्थ्य चौकी : १/३८
टेलिफोन लाइन : ३
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३१
मानव विकास सूचकाङ्क : ०.३४८
प्रति परिवार सरदर संख्या : ६.०२

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा जुम्लाको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हालसम्म छजना बन्दीहरू रहेका छन्। जसमध्ये एकजना पुरुष कैदी तथा दुई महिला र तीन पुरुष गरी पाँचजना थुनुवा छन्। जेलमा पानी, शौचालय तथा विद्युतको सुविधा उपलब्ध छ भने पत्रपत्रिका, रेडियो, टिभी तथा खेल सामग्री उपलब्ध छैन। बन्दीहरूको महिनाको एकपटक स्वास्थ्य परीक्षण गर्ने गरिन्छ।

बेपत्ता / अपहरण

माओवादीबाट

विराट गाविस-२ बुडुका १८ वर्षीय धनलाल बुढाले सुराकी गरेको आरोपमा ०६२ पुस २४ गते माओवादीले उनलाई तातोपानी गाविस-४ जर्मी गाउँबाट अपहरण गरे। धनलाल पूर्व माओवादी कार्यकर्ता हुन्। उनी माओवादीको जनमुक्ति सेनामा एक वर्ष काम गरेर आत्मसर्मपण गरी

जिल्ला सदरमुकाममा बसिरहेका थिए। पाउरोटी बिक्री गर्न गएको बेला माओवादीले उनलाई अपहरण गरेका थिए। हाल उनी पुनः माओवादीमा प्रवेश गरी सेनाको रूपमा काम गरिरहेको माओवादीले जनाए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बाजुरा जिल्ला जुकोट गाविसका ३५ वर्षीय जयवीर रोकायलाई ०६२ चैत १४ गते अञ्चल प्रशासक उत्तर टमटाका सुरक्षा गार्ड सशस्त्र प्रहरी जवानले भारती वाडास्थित स्थानीय होटलमा समातेर कुटपिट गरे। पीडितको जिल्ला अस्पताल जुम्लामा उपचार भयो।

तातोपानी गाविस-२ का ३२ वर्षीय नरेन्द्रबहादुर महत, ३४ वर्षीय कर्णबहादुर नेपाली र कालो नेपाली, सोही गाविस-६ का ३५ वर्षीय हरिवहादुर रावल र गाविस-७ का ३६ वर्षीय विउरी खत्रीले खाद्य संस्थान जुम्लामा आफ्नो चामलको बोरा गनेर लिन खोज्दा दादागिरी गरेको आरोपमा ०६२ चैत १५ गते सशस्त्र प्रहरीले उनीहरूलाई सख्त घाइते हुनेगरी कुटपिट गरे। कुटपिटको विरोधमा सर्वसाधारणले विरोध जुलुस प्रदर्शन गरेका थिए।

महत गाविस-१ छिना निवासी पत्रकार महासंघ जिल्ला शाखा जुम्लाका सभापति ४४ वर्षीय नरेन्द्रनाथ योगी सूचना सङ्कलन गर्न सदरमुकामस्थित विमानस्थलभित्र जाँदा ०६३ असार ८ गते सशस्त्र प्रहरी गणका एक सुरक्षाकर्मीले हातपात गरी समाचार प्रकाशन गरेको खण्डमा मार्ने धम्की दिए। सो गणका एक सुरक्षाकर्मीले बालबिबाह गरेको घटना सार्वजनिक भएपछि सो सूचना सङ्कलन गर्न योगी विमानस्थलभित्र गएका थिए। यस सम्बन्धमा प्रहरी प्रमुखले सामान्य भनाभन मात्र भएको कुरा बताए।

तातोपानी गाविस-३ का ३२ वर्षीय पुरीचन्द्र धराला खाद्य संस्थानमा चामल निकाल्न गएको बेला चोरी गरेको भन्दै ०६३ असार ९ गते विमानस्थलमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले उनलाई विमानस्थलभित्रै कुटपिट गरे।

माओवादीबाट

पटमारा गाविस-३ पटमारागाउँका ३५ वर्षीय लालबहादुर बुढाले छोरालाई सेनामा भर्ती गराएको आरोपमा ०६२ फागुन २७ गते बेलुकी माओवादीले उनलाई घरमै कुटपिट गरी छोरालाई पुनः घर नफर्काए मार्ने धम्की दिए।

तलिउम गाविस–५ का ३२ वर्षीय रून रोकायले लाम्रा गाविस–१ का ४९ वर्षीय कुम्म डाँगीलाई मारेको आरोपमा ०६३ मंसिर ३ गते माओवादी सशस्त्र समूहले रोकायलाई तरिम गाविस-२ उमगाडस्थित तिला नदीको किनारमा सख्त घाइते हुने गरी कुटपिट गरे। माओवादीले घाइतेलाई उपचारको लागि बाहिर जान रोक लगाए।

गैरकानुनी गिरफ्तारी

तातोपानी गाविस-२ राँकाका २५ वर्षीय टोपेन्द्रराज कठायतले माओवादीको चिठी बोकी हिँडेको बेलामा ०६२ माघ ३ गते महत गाविस-४ महतगाउँस्थित सुरक्षा चेकपोष्टका सुरक्षाकर्मीले खानतलाासी गर्दा चिठी फेला पारेपछि माओवादीको चिठी ओसारपोसार गरेको आरोपमा उनलाई चेकपोष्टबाट गिरफ्तार गरी एक दिन थुनामा राखी भोलिपल्ट तारेखमा उपस्थिति हुने गरी जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

गर्ज्याङकोट गाविस-३ घर भई कर्णाली बोर्डिङ स्कुलका शिक्षक १९ वर्षीय धर्मराज रावल माओवादीसँग संलग्न रहेको आरोपमा ०६२ माघ ४ गते सुरक्षाकर्मीले उनलाई स्कूलबाटै गिरफ्तार गरे। उनलाई सोधपुछपछि भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो। सदरमुकाममा रहेका विद्यार्थीहरूलाई ट्यूसन पढाइरहेको अवस्थामा सो कक्षा बन्द गर्न माओवादीले लेखेको चिठी सुरक्षाकर्मीले फेला पारेपछि उनलाई गिरफ्तार गरिएको थियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
गिरफ्तारी/यातना							३	७			७
कुटपिट				३	३	३	३	३	१		३
भेला/संगठित हुने अधिकार							५	५		९६	१०१
महिलाअधिकार	१	१	१								
अपहरण				१	१	१					
जम्मा	१	१	१	३	३	३	११	१४	१	९६	१११

चन्दननाथ गाविस-१ तलिचौरका ७२ वर्षीय परिमल दमाई, ३२ वर्षीय उम्मेर दमाई, कनवीर दमाई, हरि दमाई, घनसिंह दमाई र देपालगाउँ गाविस-३ का २६ वर्षीय गोरबहादुर दमाईले माओवादीको कार्यक्रममा गई दमाहा बजाएको आरोपमा ०६२ माघ ७ गते सुरक्षाकर्मीले उनीहरूलाई घरबाटै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। उनीहरू सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

तातोपानी गाविस लिताकोटका ३४ वर्षीय रामहरि अधिकारी माओवादीको कार्यक्रममा गएको आरोपमा ०६२ फागुन १० गते प्रहरीले उनलाई चन्दननाथ गाविस भवनबाट सोधपुछ गर्ने भनी गिरफ्तार गरे। पीडित सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गर्ज्याङकोट गाविस-२ निवासी एमाले जिल्ला कमिटीका उपसचिव ४५ वर्षीय तीर्थबहादुर बुढा, कार्तिकस्वामी गाविस-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ३२ वर्षीय धीरेन्द्रराज गिरी, सोही गाविस-४ का ३१ वर्षीय राजबहादुर खत्री, महत गाविस-३ छिनाका २७ वर्षीय रतननाथ योगी, २९ वर्षीय रामदत्त रावल, सोही गविस-६ महतगाउँका ३३ वर्षीय महेन्द्रबहादुर महतलगायत २१ जना राजनीतिक नेता र विद्यार्थीलाई ०६२ माघ १३ गते प्रतिगमन विरोधी आन्दोलनको ऱ्यालीमा सहभागी भई नेपाल बन्दलाई सफल बनाउन बजारमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू सबै सोही दिन रिहा भए।

महत गाविस-३ छिनाका २७ वर्षीय रतननाथ योगी, २९ वर्षीय रामदत्त रावल, कार्तिकस्वामी गाविस-३ का ३२ वर्षीय धीरेन्द्रराज गिरी, सोही गाविस-४ का ३१ वर्षीय राजबहादुर खत्री, ताम्रा गाविस-९ का २६ वर्षीय आदिप्रसाद न्यौपानेलाई 'प्रतिगमन विरुद्ध' निकालिएको आमसभामा राजालाई गालीगलोज गरेको आरोपमा ०६२ माघ २० गते खलंगा बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखे। योगी र खत्रीलाई तीन महिने थुनुवा पुर्जी दिई थुनामा राखी २० दिनपछि रिहा गरियो भने अन्य तीनजनालाई गिरफ्तार भएको भोलिपल्टनै रिहा गरिएको थियो।

शाही घोषणाको विरोधमा ०६२ चैत ५ गते चन्दननाथ गाविस-७ बजारमा सात दलको नेतृत्वमा निस्केको विरोध ऱ्यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी जनमोर्चाका जिल्ला अध्यक्ष ३४ वर्षीय महेन्द्र महत, प्रायुसंघका जिल्ला अध्यक्ष २८ वर्षीय रामदत्त रावल, एमालेका गोबी रावल, अनेरास्वबियुका सुशील देवकोटालगायत ५२ जनालाई गिरफ्तार गरी सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जुम्ला जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म २८ ओटा मुद्दा रहेका छन्। जसमा अंशका पाँच, लेनदेनका दुई, जग्गा खिचलो एक, कुटपिटका तीन, गाली बेइज्जती एक, लिखत वदर एक, कर्तव्यज्यान एक, बाली विगो एक, फैसला बदर एक, हक कायम एक, नाप नक्सा वदर एक, जालसाजी एक, सम्बन्ध बिच्छेद तीन, बहुबिबाह एक र विविध दुई रहेका छन् भने फर्स्यौटतर्फ लेनदेन एक, कुटपिट दुई, गाली बेइजती एक, अंश दुई, सम्बन्ध बिच्छेद दुई र बहुविवाह एक गरी जम्मा नौं मुद्दा फर्स्यौट भयो भने १९ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। पहिलो वर्षबाट सरेर आएका अंश मुद्दा दुई ओटा कुनै फर्स्यौट भएनन्।

यो वर्ष पुनरोवदन अदालतमा एक मुद्दामात्र दर्ता भयो। यो अदालत एक वर्षअघि स्थापना गरिएको हो।

बालअधिकार

गर्ज्याङकोट गाविस-३ का ८ वर्षीय रूपेश जैसीलाई ०६३ असार ११ गते बालककै फुपु शिव लक्ष्मी न्यौपाने (देवकोटा), लालबहादुर मगर र गणेश पण्डितले घरबाट अपहरण गरी सोही गाविसको बिहारे गाउँ नजिकको तिला नदीमा कुटेर मारे। बालकको लास सोही नदीको किनारमा गाडेको अवस्थामा घरपरिवारले आठ दिनपछि फेला पारे। पीडकहरूलाई ०६३ असार २८ गते प्रहरीले उनीहरूको घरघरबाट गिरफ्तार गरेको थियो। बालकलाई अपहरण गरेकै दिन साँझ आठबजे हत्या गरेको पीडकहरूले जिल्ला प्रहरी कार्यालयमा बयान गरे। पीडकलाई छानविनका लागि कारागार चलान गरिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

कर्णाली प्राविधिक शिक्षालय, जुम्लाबाट स्थलगत भ्रमणमा गइरहेको बेला टोली नेता शिक्षक ४१ वर्षीय डा. किशोर श्रेष्ठले कालिकोट जिल्ला घर भई हाल कर्णाली प्राविधिक शिक्षालयमा अध्ययनरत २२ वर्षीय एक छात्रालाई ०६२ चैत ६ गते पातरास्वी गाविस-१ मा बलात्कार गरी फरार भए। पीडकलाई शिक्षालय प्रमुख दीपक नेपाली क्षेत्रीले सोही रात भगाएका थिए।

ताम्ती गाविस–४ का २८ वर्षीय वीर्खबहादुर शाहीले बुर्मरमाडीचौर गाविस–३ का हर्कबहादुर बुढाकी पत्नी हरिशोभा बुढासँग ०६३ कात्तिक ५ गते बहुबिबाह गरेको आरोपमा ०६३ मंसिर ३ गते शाहीले १ लाख रूपैयाँ जारी तिरे।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

खाद्यान्न संकट

जुम्ला जिल्लाका कुडारी, ताम्ती, तातोपानी र घोडे महादेव गाविसमा ०६३ जेठ १८ गते परेको असिनाले त्यहाँको सम्पूर्ण बालिनाली नष्ट पार्दा उक्त गाविसमा भोकमरी पऱ्यो। स्थानीय प्रशासन, जिल्ला विकास समिति, अन्य गैरसरकारी संघ संस्थाहरूमा स्थानीय बासिन्दाहरूले राहतको लागि निवेदन दिए। तर पीडित परिवारले यस वर्षको अन्त्यसम्ममा कुनै राहत पाएनन्।

चन्दननाथ गाविस-५ स्थित नेपालको सबैभन्दा पुरानो प्राविधिक शिक्षालय खाद्यान्नको अभावमा ०६३ भदौ २२ गतेदेखि बन्द भई दुई महिनापछि पुन सञ्चालनमा आयो। शिक्षालयस्रोतका अनुसार २ सय ५६ जना विद्यार्थी संख्याका लागि मासिक ३५ क्विन्टल चामल चाहिन्छ। यसैगरी स्थानीय बासिन्दा र कर्मचारीहरूले पनि चामलको अभावमा भोकभोकै दिन काट्नुपर्ने अवस्था भयो। खाद्य संस्था जुम्लाको गोदाम खाली भएपछि सो समस्या आएको थियो। "स्थानीय बजारमा चामलप्रति किलो ९० देखि १ सय रूपैयाँ पर्न जान्छ, त्यो पनि भनेको बेला पाइँदैन" एक स्थानीयबासीले बताए।


विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कालिकाखेतु गाविस-४ निवासी २४ वर्षीय दुर्गबहादुर शाही, २१ वर्षीय रामबहादुर शाही, तातोपानी गाविस-५ निवासी २३ वर्षीय पृथ्वीबहादुर रावल र गर्जाडकोट गाविस-२ निवासी ३४ वर्षीय हरिप्रसाद पाण्डे रहेका छन्।

४.१३ कालिकोट



जनसंख्या : १,१३,०७८
साक्षरता प्रतिशत : ३७.५
महिला साक्षरता प्रतिशत : १६.९६
क्षेत्रफल (वर्ग कि. मि.) : १७४१
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २५६
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १
टेलिफोन लाइन : ७
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : १
मानव विकास सूचकाङ्क : ०.३२२
प्रति परिवार सरदर संख्या : ६.१२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/बम

बेवारिसे बमबाट

दाँहा गाविस-९ का १५ वर्षीय नयाँबहादुर मल्ल ०६२ माघ ३० गते पिली सैनिक बेसक्याम्प नजिकैको जङ्गलमा गाई चराउन गएको बेला जङ्गलमा भेटिएको बेवारिसे सकेट बम खेलाउन खोज्दा हातैमा बम विस्फोटन भई गम्भीर घाइते भएकोमा उनको फागुन १ गते मृत्यु भयो। विस्फोटपछि घाइते भएका मल्ललाई सोही दिन उपचारका लागि सदरमुकामस्थित जिल्ला अस्पतालमा पुऱ्याइयो। त्यहाँ उपचार हुन नसकेपछि फागुन १ गते हेलिकप्टरमा नेपालगञ्ज लैजान खोज्दा हेलिप्याडमै उनको मृत्यु भएको थियो। सो बम ०६२ साउन २३ गते माओवादी र सेनाबीच

पिलीमा भएको भिडन्तको बेला छाडिएको हुनसक्ने आशंका गरिएको छ।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बमबाट

चिल्खाया गाविस-२ का १२ वर्षीय देवेन्द्र उपाध्याय घरनजिकै फेला परेको बेवारिसे बम खेलाउँदा विस्फोट भई ०६२ माघ २२ गते घाइते भए। पीडितको दायाँ आखाँमा गम्भीर चोट लाग्नुका साथै दायाँ हातमा समेत चोट लागेको थियो। उनको उपचार जुम्ला जिल्ला अस्पतालमा भयो।

बदालकोट गाविस-८ का १४ वर्षीय तारासिंह कठायत ०६३ साउन २२ गते घरबाट विद्यालय गइरहेको बेला सोही गाविसस्थित घरतोली इलाकामा बेवारिसे अवस्थामा रहेको सकेट बम विस्फोट भई गम्भीर घाइते भए। पीडितको सोही दिन जिल्लास्थित महत मेडिकलमा एमएसएफको सहयोगमा प्रारम्भिक उपचार गरियो। इन्सेकको पहल तथा सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा नेपालगञ्जस्थित मेडिकल कलेजमा उपचारपछि सिविन नेपालगञ्जको पहलमा काठमाडौंमा थप उपचार भयो।

लालु गाविस-८ का १२ वर्षीय डम्मर बोहरा र १२ वर्षीय अग्र बोहरा ०६३ भदौ १४ गते घर नजिकै फालिएको बेवारिसे बम खेलाउँदा विस्फोटन भई गम्भीर घाइते भए। घाइते अग्र बोहराको उपचार स्थानीय मेडिकलमा गरिएको थियो भने डम्मर बोहराको उपचार नेपालगञ्जमा गरिएको थियो।

जेल र बन्दी

'ङ' श्रेणीको जेल रहेको भए पनि असुरक्षाका कारण कैदीहरूलाई नेपालगञ्ज र सुर्खेत चलान गरेपछि ०५७ सालदेखि यस जेलमा बन्दीहरू छैनन्। जेलको अवस्था जीर्ण छ।

बेपत्ता / अपहरण

माओवादीबाट

रकु गाविस-७ का मनराज देवकोटा, सोही गाविसका कुलमान देवकोटा, जनक संज्याल, सोही गाविस-२ का मनसा संज्याल, सोही गाविस-८ का अविराम देवकोटा र सोही गाविस-४ का अम्मर गिरीलाई सदरमुकाम मान्मामा भएको रकु गाउँपरिषद्को बैठकमा सहभागी भएको आरोपमा ०६२ माघ ७ गते माओवादीले सबैलाई उनीहरूकै घरबाट अपहरण गरी मेहलमुडी गाविसस्थित माओवादी जनअदालतमा पुऱ्याई तीन दिनपछि मुक्त गरे।

दाँहा गाविस-५ का २८ वर्षीय गणेशबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ माघ २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही गाउँमै श्रम गराई फागुन २४ गते मुक्त गरे।

दाँहा गाविस-४ निवासी शिक्षक ३६ वर्षीय मीनबहादुर शाहीले विभिन्न व्यक्तिलाई ठगी गरी मान्मा बसेको र सुराकी गरेको आरोपमा ०६२ चैत १३ गते माओवादीले उनलाई अपहरण गरी तिसेली पुलसम्म पुऱ्याई सोही दिन स्थानीय समाजसेवी कमल शाहीको रोहबरमा मुक्त गरे।

छाप्रे गाविस-८ घर भई जनज्योति मावि पाखामा कक्षा ९ मा अध्ययनरत १७ वर्षीया एक किशोरी र सोही विद्यालयका शिक्षक सप्तरी जिल्लाका खुविलाल साहबीच अबैध सम्बन्ध रहेको आरोपमा ०६३ असार ६ गते माओवादीले शिक्षकलाई विद्यालय र किशोरीलाई घरबाटै अपहरण गरी तीन महिना श्रम गराई पाँखा गाविसबाट मुक्त गरे।

मान्मा गाविस-७ की १६ वर्षीया एक बालिकालाई रकु गाविसका ३५ बर्षीय रवी देवकोटाले अवैध यौन सम्पर्क राखी गर्भवती बनाएको आरोपमा ०६३ असार ७ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी छ महिना श्रम गराए। माओवादीले देवकोटासँग १० हजार लिने निर्णय गरे भने बालिका एक महिनापछि माओवादी नियन्त्रणबाट भागेर घर फर्किन्।

फोईमहादेव गाविस निवासी नेमकिपा जिल्ला कमिटीका उपाध्यक्ष ४५ वर्षीय ऐनबहादुर शाहीले भ्रष्टाचार गरेको आरोपमा ०६३ भदौ २५ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरी भदौ २८ गते गेला गाविसबाट मुक्त गरे।

कोटबाडा गाविस-४ का ३३ वर्षीय कर्णबहादुर बिष्ट, सोही गाविस-१ का २३ वर्षीय रमेश बिष्ट, २५ वर्षीय सुरेश बिष्ट, ४१ वर्षीय नरबहादुर बिष्ट, २५ वर्षीय जोरासिंह बिष्ट, २१ वर्षीय छत्र बिष्ट र ३४ वर्षीय लालबहादुर बिष्टले मदिरा सेवन गरी गाउँमा हल्ला गरेको आरोपमा ०६३ असोज १६ गते माआवादीले उनीहरुलाई कोटबाडा गाविसबाट अपहरण गरी असोज १७ गते रुप्सा गाविसबाट मुक्त गरे।

नेकाँको गाउँ मिलन अभियान कार्यक्रमअन्तर्गत मेहलमुडी गाविस पुगेका जिल्ला कार्यकर्ताले मदिरा निषेधित क्षेत्रमा मदिरा सेवन गरेको भन्दै माओवादी समर्थकहरुले नेकाँको ०६३ कात्तिक ११ गतेको आमसभामा आक्रमण गरे। सो आक्रमणपछि नेकाँ कार्यकर्ता र स्थानीय बासिन्दाहरुबीच सामान्य झडप भयो। सो विषयलाई लिएर नेकाँ केन्द्रीय कार्यालयले विज्ञप्ति प्रकाशित गरेपछि माओवादीले ०६३ कात्तिक १५ गते नेकाँ महासमिति सदस्य ५१ वर्षीय दुर्गाबहादुर शाही, ५० वर्षीय सुरजिम बम र ३५ वर्षीय

कर्णध्वज बमलाई मेहलमुडी गाविस-३ बाट अपहरण गरे। अपहरणपछि घटनास्थल पुगेका पत्रकार महासंघ जिल्ला शाखा सभापति तुलराम पाण्डे, इन्सेक प्रतिनिधि कालिबहादुर मल्ल, पत्रकार चित्रेसिंह गाँउले र विश्वराज बोगटीको रोहबरमा अपहरितहरुलाई कात्तिक १६ गते धामीगाउँबाट मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

पाँखा गाविस-४ निवासी इन्सेक कालिकोट जिल्लाका प्रतिनिधि एवम् पत्रकार २३ वर्षीय कालिबहादुर मल्ल र दाँहा गाविस-५ निवासी पत्रकार एवम् गैसस महासंघ जिल्ला अध्यक्ष २४ वर्षीय रवीन्द्र शाहीलाई ०६२ फागुन १ गते मदिरा सेवन गरी हतियारसहित बजारमा गएका रणदल गुल्मका सेनाको समूहले 'सबै मानवअधिकारकर्मी र पत्रकार माओवादी हुन्', भन्दै कुटपिट गरे। पीडितहरूमध्ये शाहीले स्थानीय मेडिकलमा उपचार गरे भने मल्लको नेपालगञ्ज मेडिकल कलेजमा उपचार गरियो। सो घटनाको इन्सेक केन्द्रीय कार्यालय तथा जिल्लाका विभिन्न निकायहरूले विज्ञप्तिमार्फत भर्त्सना गरे भने जिल्ला प्रशासन कार्यालयमा जिल्लाका विभिन्न निकायका ६० प्रतिनिधिहरूले दोषीमाथि तत्काल कारवाहीको माग गर्दै हस्ताक्षर गरेको ज्ञापनपत्र बुझाए।

छाप्रे गाविस-१ की ३३ वर्षीया मीमकोषा शाहीलाई रणदल गुल्म कालिकोटबाट गस्तीमा गएका सेनाले मदिरा सेवन गरी ०६२ फागुन १ गते राति उनको घरमा गई ढोका फोडेर घरभित्र पसी कुटपिट गरे।

स्यूना गाविस-४ निवासी नागरिक समाज जिल्ला संयोजक ३१ वर्षीय अमलराज शाहीले जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरीसँग विवाद गरेपछि ०६२ फागुन ८ गते प्रहरीले शाहीलाई सदरमुकाम मान्मामा कुटपिट गरे।

सुकाटिया गाविस-१ घर भई जिल्ला बार इकाइका सदस्य एवम् जिल्ला बालकल्याण अधिकृत ३३ वर्षीय जनकबहादुर शाहीले जिल्ला प्रहरी कार्यालयका प्रहरीसँग वादविवाद गरेको आरोपमा ०६२ फागुन २२ गते प्रहरीले शाहीलाई मान्मा बजारबाट कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालय पुऱ्याए। उनलाई दुई दिनसम्म त्यहाँ राखी रिहा गरियो। कुटपिटबाट घाइते भएका शाहीको स्थानीय मेडिकलमा उपचार भयो।

दाहाँ गाविस-८ का २० वर्षीय रजबहादुर मल्ललाई ०६३ जेठ १९ गते मदिरा सेवन गरेका सैनिक बेसक्याम्प पिलीका सेनाले आफ्नो हित विपरीत कार्य गरेको भन्दै पीडितकै घरमा कुटपिट गरे।

दाहाँ गाविस-८ का २५ वर्षीय जनकबहादुर शाहीलाई सेनाले भनेको नमानेको आरोपमा ०६३ जेठ ३० गते सैनिक बेसक्याम्प पिलीका सेनाले पिली गाउँमा कुटपिट गरे।

दाँहा गाविस-८ का २२ वर्षीय अलिबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६३ असार १० गते मदिरा सेवन गरी गएका पिली सैनिक क्याम्पका सेनाले उनकै घर नजिकै छिमेकीको आगँनमा बोलाई कुटपिट गरे। पीडित माओवादीको आरोपमा जेलमा परी ०६३ जेठ ३० गतेमात्र रिहा भए।

दाँहा गाविस-८ का १९ वर्षीय कृष्णबहादुर मल्ल सेनाको प्रतिकारमा उत्रेको आरोपमा ०६३ असार १० गते पिली क्याम्पबाट सशस्त्र हतियारसहित गस्तीमा गएका सेनाले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३									
घाइते	३	४		४									
गिरफ्तारी/यातना									१	६			६
कुटपिट	३	४		४	३	३	१	३	९	९	१		१०
धम्की					१	१		१					
भेला/संगठित हुने अधिकार									३	४	१	१३४	१३९
जातीय विभेद	३	१	१	३									
महिलाअधिकार									३		३		३
बालअधिकार									१		१		१
अपहरण					१०	३४	३	३६					
जम्मा	९	११	१	१३	१४	३६	४	३१	१६	१९	६	१३४	१४९


दाँहा गाविस-८ कै कार्कीवाडा इलाकानजिकै उनलाई कुटपिट गरे। कुटपिटको क्रममा पीडितको दाँत झरेको थियो। पीडितलाई पत्रकार र मानवअधिकारकर्मीको दवावपछि सेनाले क्षतिपूर्ति पनि दिएको थियो। सोही दिन पिलीका गाउँलेहरूले सैनिक ज्यादतीका विरुद्ध प्रतिकार गरेका थिए।

माओवादीबाट

दाँहा गाविस-४ की ४० वर्षीया ऐनकला शाहीले झुटा प्रचार गरेको आरोपमा ०६२ फागुन २८ गते दाँहा गाविसका स्थानीय माओवादी कार्यकर्ताले उनलाई घरनजिकै कुटपिट गरी सख्त घाइते बनाए। पीडितको सदरमुकाममा उपचार भयो।

गेला गाविस-९ का ३८ वर्षीय जयचन्द्र अधिकारीले सुराकी गरेको आरोपमा ०६३ भदौ २१ गते राति माओवादीले





बेवारिसे बम विस्फोट हुँदा घाइते भएका बालकहरू डम्बर बोहरा र अग्र बोहरा

उनकै घरमा गई धम्की दिए। पीडित ०५८ जेठ २८ गतेदेखि सदरमुकाममा विस्थापित थिए। शान्ति सम्झौतापछि गाउँ फर्किएका पीडित हाल पुन: सदरमुकाममा विस्थापित भएका छन्।

मेहलमुडी गाविस-८ का ६६ वर्षीय नयाराम सञ्ज्यालले माओवादी सत्ताको अवज्ञा गरेको आरोपमा ०६३ भदौ ३० गते माओवादीले मेहलमुडी गाविस-५ स्थित आफन्तको घरबाट उनलाई अपहरण गरी माओवादी जनअदालत नजिकै लगी कुटपिट गरी घाइते बनाए। पीडितलाई उपचारका लागि सदरमुकाम जान रोक लगाएपछि घाइते संज्यालको उपचार स्थानीय मेडिकलमा गरियो।

सुकाटिया गाविस-१ का २१ वर्षीय जगतबहादुर शाहीले मदिरा भित्र्याएको आरोपमा ०६३ असोज २७ गते माओवादी कार्यकर्ताले ओदानकु गाविसस्थित पात्मघाटमा उनलाई कुटपिट गरी सख्त घाइते बनाए। पीडितको उपचार स्थानीय मेडिकलमा गरिएको थियो।

ओदानकु गाविस-७ का ५७ वर्षीय रूपदल सिंहले मदिरा ओसार पोसारको आरोपमा ०६३ कात्तिक ८ गते उनलाई माओवादीद्वारा घोषित गाउँ जनसरकार इन्चार्ज खडकबहादुर शाहीसहितको एक टोलीले सोही गाविसमा रहेको माओवादी सहकारी पसल नजिकै लगी कुटपिट गरे। साथै पीडितसँग रहेको ३ हजार रूपैयाँ पनि माओवादीले लगे।

अन्यबाट

माओवादी जिल्ला मिलिसिया कमाण्डर २२ वर्षीय प्रभात भनिने भानु पाण्डेलाई आफूलाई धम्काएको आरोपमा ०६३ असोज २९ गते हतियारसहितका स्थानीय पूर्व माओवादी कार्यकर्ताहरूको एक समूहले सुकाटिया गाविसमा कुटपिट गरी सख्त घाइते बनाए। पीडितको दायाँ खुट्टा भाँचियो भने छाती र पाखुरामासमेत गम्भीर चोट लाग्यो। घाइतेको नेपालगञ्ज उपचारपछि हाल स्थिति सामान्य रहेको छ।

दाहाँ गाविस-७ का ३७ वर्षीय बाँचे विक, सोही गाविस-४ का ३५ वर्षीय जनक शाही र ३३ वर्षीय रगु विक माओवादी कार्यकर्ता रहेको बेला उनीहरुले आफूहरूलाई धम्काएको आरोपमा ०६३ असार १३ गते नेकाँ र एमाले समर्थक युवाहरूको एक समूहले दाहाँगाउँमा कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

दाँहा गाविस-४ का १५ वर्षीय विष्णुबहादुर शाही, पाँखा गाविस-४ का १८ वर्षीय दानबहादुर मल्ल, मुग्राहा गाविस-३ का २२ वर्षीय नमराज शाही, जुविथा गाविस-७ का चन्द्रबहादुर शाही र ओदानकु गाविस-२ का १५ वर्षीय पदमबहादुर सिंहले बजारमा होहल्ला गरेको आरोपमा ०६३ पुस ८ गते प्रहरीले बजारबाट गिरफ्तार गरी प्रहरीले उँधोमुन्टो पारी बुट र लाठीले छाती र टाउकोमा कुटपिट गरी भोलिपल्ट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०६२ चैत १७ गते सञ्चालन भएको एसएलसी परीक्षामा सुरक्षाकर्मीले गरेको हस्तक्षेप र परीक्षाकेन्द्रमा जिल्ला शिक्षा कार्यालयका कर्मचारीले गरेको अनियमितताको विरोधमा एसएलसी परीक्षाका परीक्षार्थीले चैत १८ गते सदरमुकाममा गरेको प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा महेलमुडी गाविस-४ की १६ वर्षीया सविना बम, मुग्राहा

गाविसका १७ वर्षीय ऐनबहादुर शाही, ओदानकु गाविसका दीपेन्द्र सिंह, स्युनाका जीवन शाही, रूपसा गाविस-५ का नवीन बुढासहित ९० जना घाइते भए। घाइतेहरूको उपचार स्थानीय मेडिकलमा भयो। घाइते परीक्षार्थी सविनाले परीक्षा दिन नसकी सहयोगीले परीक्षा दिएका थिए। सविनाको उपचार नेपालगञ्जमा भयो।

सात दलको आयोजनामा सदरमुकाम मान्मामा ०६३ वैशाख ५ गते भएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा मानवअधिकारकर्मी रत्नबहादुर शाही, एमालेका जिल्ला सचिव तुलाराज बिष्ट, नेमकिपाका जिल्ला अध्यक्ष नन्दबहादुर शाही, नेकाँका उपसभापति अम्मबहादुर शाही, नेमकिपाका जिल्ला उपाध्यक्ष ऐनबहादुर शाही, नेकाँका दुगंबहादुर शाही, नेकाँका (प्रजातान्त्रिक) का जिल्ला सचिव सुरथबहादुर शाही, जनमोर्चाका मिनबहादुर शाही र एमालेका कार्यालय सचिव धीरबहादुर बमसहित ३६ प्रदर्शनकारी घाइते भए। घाइतेहरूको उपचार स्थानीय मेडिकलमा भयो।

सात दल निकट विद्यार्थीहरूले ०६३ वैशाख ७ गते सदरमुकाम मान्मामा निकालेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा अनेरास्वीयुका कीर्तराज बिष्ट, नेविसंघ (प्रजातान्त्रिक) का मनराज शाही र नेक्राविसंघका महेन्द्र शाही घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत कालिकोटमा सरकारवादी फौजदारी मुद्दा गत वर्षको तीन ओटा बाँकीमध्ये एउटा फर्स्यौट भई दुइटा फर्स्यौट हुन बाँकी रहे। दुनियावादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका नौ ओटामध्ये एउटा पनि फर्स्यौट भएन। यस वर्ष दायर भएका दुनियावादी फौजदारी पाँच ओटामध्ये एक ओटा फर्स्यौट भई फर्स्यौट हुन चार ओटा बाँकी रहे। देवानी मुद्दा गत वर्षको बाँकी १४ ओटामध्ये एउटा फर्स्यौट भई १३ ओटा बाँकी रहे। यस वर्ष दायर भएका चारओटा देवानी मुद्दामध्ये एउटा पनि फर्स्यौट भएनन्। यस वर्षको जम्मा मुद्दा ३२ रहेका छन्।



सेनाद्वारा कुटपिट गरिएका इन्सेक प्रतिनिधि कालिबहादुर मल्ल

बालअधिकार

कोटवडा गाविस-४ की १५ वर्षीया एक बालिकालाई ०६३ भदौ १४ गते कोटवडा क्याम्पबाट गएका सशस्त्र प्रहरीका हवल्दारहरू अमर विक र ताराबहादुर विकले कोटवाडास्थित मकैबारीमा सामूहिक बलात्कारको प्रयास गरे। पीडित चिच्याएपछि गाउँलेले पीडकहरूलाई जुत्ताको माला लगाई क्याम्प भित्र बुझाए। पीडकहरूलाई कुनै कारबाही भएन्।

मान्मा गाविस-९ का ८ वर्षीय खगेन्द्र पाण्डे र सोही गाविस-८ का ९ वर्षीय महेन्द्र पाण्डेलाई जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरीले रकु गाविसका खडक देवकोटाको ज्यानसम्बन्धी मुद्दामा बुझ्न भन्दै ०६३ पुस ११ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी पुस १२ गते रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

दाँहा गाविस-८ की २० वर्षीया र १९ वर्षीया दुई युवतीलाई ०६३ असार ३ गते सुरक्षा गुल्मबाट अत्याधिक मदिरा सेवन गरी गएका सेनाको समूहले अश्लील शब्द बोल्नुका साथै यौन दुर्व्यवहारको प्रयास गरे।

मान्मा गाविस-५ की ३० वर्षीया विवाहित एक महिलालाई ०६३ साउन १६ गते सदरमुकाम मान्मा बजारमा जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान दीपेन्द्र पासाङ्ग र दानबहादुर केसीले बलात्कार प्रयास गरे। पीडकहरूलाई सदरमुकामका स्थानीय बासिन्दाले सोही दिन पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा बुझाए।



सेनाद्वारा कुटपिट गरिएका पत्रकार रविन्द्र शाही

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

स्युना गाविस-५ का ४० वर्षीय रनसिके नेपालीले स्यूना गाविसको आरसीपी बजारमा रहेको होटलमा राँगाको मासु बेचेको आरोपमा ०६२ फागुन ३० गते त्यहाँको बजार व्यवस्थापन समितिले उनको होटलमा तालाबन्दी गरे। पत्रकार र मानवअधिकारकर्मीको पहलमा पीडितको होटल एक दिनपछि खोलियो।

जिल्ला सदरमुकाम मान्मा नजिकै रहेको मेग्र प्राविका शिक्षक सुमन शाहीले दलित बालबालिकामाथि छुवाछुत गरेपछि त्यहाँका दलित बालबालिकाहरूले ०६३ कात्तिक २८ गतेदेखि एक हप्तासम्म विद्यालयमा तालाबन्दी गरे। सो तालाबन्दी मंसिर ३ गते खोलियो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक महिला र १६ पुरुष गरी १७ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सिपखाना गाविस-९ निवासी ४० वर्षीय गणेशबहादुर शाही, मान्मा गाविस-५ निवासी ३० वर्षीय भद्रबहादुर बोगटी, बदलकोट गाविस-२ निवासी १८ वर्षीय किस्मात शाही, गेला गाविस-६ निवासी १८ वर्षीय कर्णबहादुर शाही, रूपसा गाविस निवासी १४ वर्षीय अमरबहादुर सहकारी, १५ वर्षीय दानबहादुर सहकारी, मान्मा गाविस-६ निवासी २८ वर्षीय निर्मल बोगटी, फुकोट गाविस-७ निवासी २७ वर्षीय पर्वुलाल धमला, ठेगाना नखुलेका ३१ वर्षीय जीवन्त शाही, राम्नकोट गाविस-४ निवासी २३ वर्षीय रगुजन शाही, कोटबारा गाविस-३ निवासी २२ वर्षीय नौले कठायत, मुम्रा गाविस-७ निवासी २२ वर्षीय दीर्घबहादुर बुढा, हेमलमडी गाविस-७ निवासी २९ वर्षय धनसुरे सार्की, २७ वर्षीय रामे लुहार, २५ वर्षीय दले लुहार र लालु गाविस-८ निवासी २५ वर्षीय परेकबहादुर शाही रहेका छन्।

४.१४ मुगु



जनसंख्या : ४७,३५४
साक्षरता प्रतिशत : २७.७९
महिला साक्षरता प्रतिशत : ९.१९
क्षेत्रफल (वर्ग कि. मि.) : ३५३५
गाविस/नपा संख्या : २४/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १२४
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/२५
टेलिफोन लाइन : १३
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : २
मानव विकास सूचकाङ्क : ०.३०४
प्रति परिवार सरदर संख्या : ५.७३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

आफ्नै बमबाट

श्रीकोट गाविस-१ निवासी माओवादीका पूर्व कार्यकर्ता २३ वर्षीय दीपबहादुर बुढा आफ्नै घरमा राखेको सकेट बम बोकी गम्था गाविसस्थित खोलामा माछा मार्दै गर्दा ०६३ वैशाख १ गते हातमा सकेट बम विस्फोट भई घाइते भएकोमा उपचारको क्रममा उनको नेपालगञ्जस्थित भेरी अस्पतालमा ०६३ वैशाख ४ गते मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

रारा गाविसस्थित कालिदत्त गुल्ममा कार्यरत सैनिक जवान २५ वर्षीय बिर्खबहादुर बोहोरा ०६३ वैशाख ६ गते सैन्य तालिमको क्रममा आफ्नै साथीको गोली लागी घाइते

भए। उनको दाँहिने खुट्टामा गोली लागेको थियो। पीडितको उपचार नेपालगञ्जमा भयो।

माओवादीबाट

माँग्री गाविस-६ का १० वर्षीय तोर्चे कामी घर नजिकै जङ्गलमा गाईगोरु चराउन जाँदा ०६२ चैत ८ गते माओवादीले छोडेको बेवारिसे बम भेट्टाई खेलाउँदा विस्फोट भई उनको दाहिने आँखा गुम्नुका साथै र दाहिने हातमा छर्रा लागी घाइते भए। उनको उपचार सिविनको सहयोगमा काठमाडौंमा भयो।

जेल र बन्दी

कूल १५ जना क्षमता भएको 'घ' श्रणीको जिल्ला कारागार हाल बन्दीबिहीन अवस्थामा छ। कारागारको आफ्नो भवन नभएको भन्दै दुई वर्षदेखि जिल्ला सिँचाई कार्यालयको भवनमा कारागार शाखा सारिएको छ भने कर्मचारीहरू जिल्ला प्रशासन कार्यालयमा हाजिर गर्छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

पुलु गाविस-३ का ३० वर्षीय पेमातोर्चे तामाङले माओवादी पार्टीको अनुमतिविना जडीबुटी व्यापार गरेको र जागिर खाएको आरोपमा ०६२ फागुन ४ गते माओवादीले उनलाई माँग्री गाविसको माग्रीगाँउबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी तीन दिनपछि माग्रीगाउँबाटै मुक्त गरे।

श्रीनगर गाविस निवासी पुलू स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी ४० वर्षीय बखत्या मल्लले माओवादी पार्टीलाई लेवी नतिरेको र स्वास्थ्य चौकीमा लामो समय उपस्थित नभएको आरोपमा ०६२ फागुन १८ गते माओवादीले उनलाई माँग्री गाविसको माँग्रीगाँउबाट अपहरण गरी सोही गाविसबाट एक दिनपछि मुक्त गरे।

श्रीकोट गाविस-१ का ५५ वर्षीय चैते बाबिया राजाको शासनकालमा अनुगमन समितिको सदस्य भएको र विभिन्न योजनाको रकम भ्रष्टाचार गरेको आरोपमा ०६३ जेठ २ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही गाविसको खर्क स्कूलमा २ सय जना सर्वसाधारणको उपस्थितिमा दूर्व्यवहार गरी कुटपिट गर्नुका साथै गाउँ भन्दा बाहिर जान रोक लगाए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

पुलू गाविस-७ का ४० वर्षीय गुरुछेवाङ्ग लामा उनकै घरको मान्छेसँग सदरमुकाम गमगढीमा घरायसी कुरा गरिरहेको अवस्थामा ०६२ फागुन ८ गते बजारमा गस्तीमा गएका सुरक्षाकर्मीले घरभित्र पसी लात्ती र बन्दुकको कून्दाले घाइते हुनेगरी कुटपिट गरे।

श्रीनगर गाविस-२ का २० वर्षीय गोकर्ण नेपालीले आफ्नो चिनेको प्रहरीलाई नमस्कार गर्दा किन लालसलाम गरेको भनी गस्तीमा रहेका अर्का प्रहरीले गोकर्णलाई ०६२ चैत ५ गते सदरमुकाम गमगढीमा मुखबाट रगत बग्ने गरी कुटपिट गरे।

श्रीनगर गाविस-३ का ३४ वर्षीय जङ्गबहादुर मल्ललाई ०६३ वैशाख २७ गते गमगढीस्थित खानेपानी ट्याङ्कीमा पानी खोल्न जाँदा कालिदत्त गुल्म मुगुका सह-सेनानी यमबहादुर कार्कीले बिनाकारण कुटपिट गरे। पीडक हाल सरूवा र बढुवा भई सप्तरी जिल्लामा कार्यरत छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१	१		१					
घाइते				१	१		१	१	१			१
गिरफ्तारी/यातना								१	३			३
कुटपिट	१	१	१	३	३	१	३	४	५			५
भेला/संगठित हुने अधिकार								४	९	१	६	१६
बालअधिकार								१		१		१
अपहरण				३	३		३					
जम्मा	१	१	१	८	६	१	८	११	१८	३	६	३६

माओवादीबाट

माँग्री गाविस-८ का ४० वर्षीय राप्के लामाले सुराकी गरेको आरोपमा ०६२ फागुन ८ गते माओवादीले उनलाई कुटपिट गर्नुका साथै लामाकै घरमा सोही दिनदेखि तीन महिनासम्म नजरबन्दमा राखे। पीडित नजरबन्दबाट मुक्त भइसकेका छन्।

माँग्री गाविस-४ निवासी माओवादी कार्यकर्ता २२ वर्षीया विष्णुमाया रोकाया माओवादी पार्टीमा सामेल हुन नमानेको आरोपमा ०६२ फागुन ९ गते माओवादीले उनलाई घरमा कुटपिट गरी घर ध्वस्त पार्ने धम्की दिए।

श्रीकोट गाविस-४ का ३० वर्षीय जयनन्द रावतले माओवादीको पार्टी कार्यालय तोडफोड गरी माओवादी नेतालाई कुटपिट गर्न लगाएको आरोपमा ०६३ मंसिर २५ गते माओवादीले उनलाई जिल्ला विकास समितिबाट काम छ भनी माओवादी पार्टी कार्यालयमा लगी कुटपिट गरी छ घण्टापछि मुक्त गरे।

अन्यबाट

माओवादीका जिल्ला सेक्रेटरी प्रशान्तलाई माओवादीका कारण गाउँबाट विस्थापित भई जिल्ला सदरमुकाममा बस्दै आएका श्रीकोट गाविस-४ का ३५ वर्षीय गगन बुढा, ३० वर्षीय जयनन्द रावत र सोही गाविस-५ का ४३ वर्षीय मनसुर थापाले ०६३ मंसिर २१ गते गमगढीस्थित माओवादी पार्टी कार्यालयमा गई कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

माँग्री गाविस-४ निवासी माओवादी कार्यकर्ता २२ वर्षीय रणबहादुर ऐडी, सोही गाविस-४ का साम्मु लामा र रोवा गाविसकी २१ वर्षीया प्रजमती बुढालाई ०६२ फागुन १८ गते सुरक्षाकर्मीले माँग्री गाविसको माँग्रीगाँउबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कार्कीवाडा गाविस-९ निवासी नेकाँ जिल्ला कार्यसमिति, मुगुका उपसभापति ५५ वर्षीय लालबहादुर रोकाया र पीडितका छोरा धिरज रोकायालाई ०६२ फागुन ७ गते सदरमुकाम गमगढीमा 'कालो प्रजातन्त्र' दिवस मनाउने क्रममा प्रहरीले लाठीचार्ज गरी घाइते तुल्याइ गिरफ्तार गरे। पीडितहरूलाई पाँच घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। उपसभापति रोकायको देब्रे हातमा गम्भीर चोट लागेको थियो। प्रहरीले सो प्रदर्शनमा एक राउण्ड गोली पनि चलाएको थियो।

श्रीनगर गाविस-२ निवासी तरूण दल जिल्ला कार्यसमिति सदस्य २५ वर्षीय खगेन्द्र मल्ल र सोही गाविस-२ निवासी नेविसंघ जिल्ला कार्यसमिति, मुगुका अध्यक्ष २२ वर्षीय गजेन्द्र मल्ललाई आन्दोलनमा नाराबाजी गरेको आरोपमा ०६२ चैत २४ गते प्रहरीले सदरमुकाम गमगढीबाट गिरफ्तार गरी छ घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

महाकाली उच्चमाविबाट ०६३ चैत २५ गते निकालिएको शान्तिपूर्ण जलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी एमाले जिल्ला उपसचिव ४८ वर्षीय दर्जबहादुर भार, एमाले कार्यालय सचिव ३५ वर्षीय धर्मबहादुर शाही, नेकाँका सचिव ४० वर्षीय बोचे महत्तरा, नेकाँका जिल्ला सभापति ५५ वर्षीय हस्तबहादुर मल्ल, नेकाँ (प्रजातान्त्रिक) का ४५ वर्षीय लोकबहादुर शाही, अनेरास्ववियु जिल्ला कमिटीका संयोजक दानसिंह परियार, नेविसंघ जिल्ला कार्यसमितिका अध्यक्ष २२ वर्षीय गजेन्द्र मल्ल, तरूण दलका सदस्य २५ वर्षीय खगेन्द्र मल्ललाई गिरफ्तार गरे। पीडितहरूलाई प्रहरीले जिल्ला प्रहरी कार्यालयबाट छ घण्टापछि रिहा गरे।

संसद पुनःस्थापनाको स्वागत गर्दै सात दलको आयोजनामा ०६३ वैशाख १२ गते बिहान जिल्ला सदरमुकाम गमगढीस्थित महाकाली उच्चमाविबाट निस्केको विजय जुलुसमा सुरक्षाकर्मीले हवाईफायर गर्नुका साथै लाठीचार्ज गरे। लाठीचार्जबाट कम्तीमा दशजना प्रदर्शनकारीहरू घाइते भए। घाइते सबैको स्थानीय मेडिकलमा उपचार भयो। राजाद्वारा मनोनित जिल्ला विकास समिति सदस्य धनमल कार्की नेपालगञ्ज जाने सिलसिलामा विमानस्थलतर्फ जाँदै गर्दा प्रदर्शनकारीले कार्कीलाई देख्नासाथ चर्काचर्का नाराबाजी गर्दै कार्कीतर्फ बढेपछि सो जुलुसलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीले हवाईफायर गरेको र लाठीचार्ज गर्दै प्रदर्शनकारीहरूलाई तितरवितर पारेका थिए। सुरक्षाकर्मीको लाठीबाट राष्ट्रिय वाणिज्य बैंकका ४५ वर्षीय अजिरबहादुर शाही, श्रीनगर गाविस-५ की ४१ वर्षीया रमादेवी न्यौपाने, २८ वर्षीय मेलबहादुर शाही, २५ वर्षीय प्रेमप्रकाश थापा, २७ वर्षीय अमर शाही, ३० वर्षीय रूपबहादुर बुढा घाइते भएका थिए। त्यसैगरी श्रीनगर गाविस-२ का २५ वर्षीय खगेन्द्र मल्ल र सोही गाविस-२ का ३८ वर्षीय रत्नराज मल्ललाई सुरक्षाकर्मीले लाठीले टाउको र हातमा हानी गम्भीर घाइते बनाएपछि उनीहरूलाई उपचारको लागि नेपालगञ्ज लगिएको थियो भने अन्यको उपचार स्थानीय मेडिकलमा भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका देवानी छओटा र दुनियावादी दुईओटा तथा गत वर्षबाट जिम्मेवारी सरी आएका देवानी १५ ओटा, दुनियावादी छओटा, दुनियावादी संक्षिप्त चारओटा, दुनीयावादी देवानी तीनओटामध्ये फर्स्योट हुन सातओटा मुद्दा बाँकी छन्।

जिल्ला प्रहरी कार्यालयमा उजुरी भएका आतंककारी तथा विध्वंशकात्मक दुई, लुटपिट एक, बम विस्फोट एक, कर्तव्यज्यान एक, सरकारी कागज किर्ते एक, सार्वजनिक अपराध एक, भवितव्य ज्यान तीन, चोरी चार, मादक पदार्थ सेवन गरी झैझगडा ८६, कुटपिट १७ उजुरी दर्ता भएका छन् भने ०६३ पुस ८ सम्म १ सय ४५ झैझडा मिलापत्र भैसकेका छन्।

बालअधिकार

श्रीनगर गाविस-५ की ८ वर्षीया एक बलिकालाई ०६३ असार ३० गते २५ रूपैयाँको प्रलोभन देखाई पीडितकै घरमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी भरत शाहीले बलात्कार गरे। पीडकलाई दुई दिनसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार


आर्थिक अधिकार

जिल्लाका २४ गाविसका ४ सय ७० जना बृद्ध, ६ सय २८ जना विधवा, ६६ जना अपाङ्गमध्ये जिल्ला सदरमुकाम नजिकका गाविसहरू बाहेक अन्य गाविसले आर्थिक वर्ष ०६२/०६३ को पाउनु पर्ने भत्ता पाएनन्।

संरचना क्षति

मुगु जिल्लास्थित जिल्ला वन कार्यालयको भवनमा ०६२ फागुन १८ गते माओवादीले कुकर बम विस्फोट गराइ कार्यालय भवनमा क्षति पुऱ्याए।

४.१५ हुम्ला



जनसंख्या	४३,७८६
साक्षरता प्रतिशत	२६.६२
महिला साक्षरता प्रतिशत	११.५२
क्षेत्रफल (वर्ग कि. मि.)	५६५५
गाविस/नपा संख्या	२७
निर्वाचन क्षेत्र	१
विद्यालय	११२
क्याम्पस/उच्च मा.वि.	०/१
अस्पताल/स्वास्थ्य चौकी	१/२६
टेलिफोन लाइन	१५०
मोटर सडक (कि. मि.)	०
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	१
मानव विकास सूचकाङ्क	०.३६७
प्रति परिवार सरदर संख्या	६.३०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/बम

माओवादीबाट

श्रीनगर गाविस-४ की ११ वर्षीया माला सुनारको ०६२ चैत १८ गते दिउँसो माओवादीले उनको घरमा राखेको सकेट बम फेला पारी खेलाउँदा विस्फोट भई घटनास्थलमै मृत्यु भयो।

माओवादी नियन्त्रणमा मृत्यु

ठेहे गाविस-२ का २८ वर्षीय मनवहादुर बोहरालाई उनकी पत्नीले आत्महत्या गरेको विषयमा सोधपुछ गर्न भन्दै ०६२ चैत १५ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले पीडितलाई बयान गराउन कुटपिट गरे। उनी चैत १८ गते खार्पूगाउँबाट घरतर्फ माओवादीसँगै आउँदै गर्दा यातना सहन नसकी कर्णाली नदीमा हाम फाली आत्महत्या

गरेको उनका पारिवारले बताए। माओवादीले भने बोहराले आत्महत्या गरेको बताए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

हेप्का गाविस-२ का १८ वर्षीय पदम लामा ०६३ असोज २१ गते लेखधिगा भन्ने ठाउँमा स्थानीय माओवादीले ग्रिनेट विस्फोट गराउँदा छर्रा लागी घाइते भए। पीडितको जिल्ला अस्पताल, हुम्लामा उपचार भयो। गाउँलेबीच आपसी बिबाद हुँदा झगडा साम्य गर्न गएका माओवादीले ग्रिनेट विस्फोट गराएका थिए।



माओवादीद्वारा कुटपिट गरिएका प्रेमबहादुर शाही

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा हुम्लाको बन्दी क्षमता २५ जनाको छ। यस कारागारमा एकजना पुरुष कैदी रहेका छन्। कारागार भवन जीर्ण अवस्थामा छ। कारागारमा पानी उपलब्ध छ भने शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो तथा टिभीको सुविधा उपलब्ध छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

डाँडाफया गाविस-८ का धारापोरी गाउँका ४५ वर्षीय गोर्खबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ पुस २० गते माओवादीले उनलाई घरबाटै अपरहण गरे। पीडितलाई एक हप्तापछि राया गाविसबाट मुक्त गरे।

श्रीनगर गाविस-५ की १९ वर्षीया सुशिला पार्कीलाई सदरमुकामबाट घरमा गएको बेला ०६३ जेठ ५ गते माओवादीले अपहरण गरी माओवादीको निगरानीमा श्रम गराई कात्तिक १० गते मुक्त गरे। पूर्व माओवादी कार्यकर्ता रहेकी पीडित पतिसहित ०६२ असोज महिनामा सुरक्षाफौजसमक्ष आत्मसमर्पण गरी सदरमुकाममा बस्दै आएकी थिइन्।

दार्म गाविस-१ का ४० वर्षीय टीकाबहादुर शाहीले माओवादी पार्टीमा लागेको बेला भ्रष्टाचार गरेको आरोपमा ०६३ जेठ २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सर्केगाउँ पुऱ्याए। उनलाई जेठ ३० गते सर्केगाउँबाट घर फिर्काई घरमै नजरबन्द गरे। पीडितलाई ०६३ असार १० गते घर नजरबन्दबाट मुक्त गरियो।

मदना गाविस-६ का २० वर्षीय गोर्ख टमटा र सोही गाउँकी विजया टमटाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ २९ गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरे। माओवादीले पीडितलाई कृषि विभागमा श्रम गराई ०६३ भदौ ११ गते मदना गाविसबाट मुक्त गरे।

कालिका गाविस-८ का २५ वर्षीय मनप्रसाद जैसीले बहुविवाह गरेको आरोपमा ०६३ साउन १० गते माओवादीले उनलाई गल्लागाउँबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ २० गते कालिका गाविसबाटै मुक्त गरे।

मिमी गाविस-४ निवासी मानवअधिकार संरक्षण मञ्च, हुम्लाका अध्यक्ष एवंम् भोक विरुद्धको अभियानका सहजकर्ता २८ वर्षीय ज्ञानबहादुर बुढाले माओवादी महिला कार्यकर्तासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१		१	१					
घाइते				१	१		१					
गिरफ्तारी/यातना								४	९			९
कुटपिट				३	५	१	६	३	३			३
धम्की	१	३	३									
भेला/संगठित हुने अधिकार								४	१९	३	१८	४०
जातीय विभेद	१	१	१									
महिलाअधिकार								१		१		१
बालअधिकार								१		१		१
अपहरण				१७	१८	६	२४					
जम्मा	३	३	३	३१	३४	८	३३	१३	३०	५	१८	५३



जनआन्दोलन-२ का क्रममा सादा पोसाकका प्रहरीद्वारा गिरफ्तार गरिँदै

११ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले सर्केगाडमा श्रम गराई साउन २९ गते सोही ठाउँबाटै मुक्त गरे।

कालिका गाविस-२ घर भई सल्लाघारी निमाविका शिक्षक २५ वर्षीय खड्कबहादुर शाहीले माओवादीको आधार इलाकामा बहुविवाह गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई अपहरण गरी श्रम गराउन खोज्दा पीडित सोही दिन भागेर सदरमुकाममा विस्थापित भए। हाल उनी जिल्ला सदरमुकाम सिमिकोटमा काजमा रहेका छन्।

मदना गाविस-७ की २२ वर्षीया औंसा बुढा, सोही गाविस-५ की माओवादी कार्यकर्ता व्याउका रोकाया, सोही गाविस-६ की संगीता बैजी, सोही गाविस-४ का तेजबहादुर बुढा र कालिका गाविस-३ का माओवादी कार्यकर्ता कमला रावललाई पार्टीबाट भागेर भारत जान खोजेको आरोपमा ०६३ साउन २५ गते माओवादीले भारततर्फ जान लागेको अवस्थामा उनीहरूलाई मदना गाविसबाट अपहरण गरे। पीडितहरू साउन ३२ गते सर्केगाउँबाट मुक्त भए।

गोठी गाविस-५ का ३६ वर्षीय पारस शाही र सोही गाउँका २९ वर्षीय देवी शाहीले मेलामा व्यक्तिगत झगडा गरेको आरोपमा ०६३ भदौ २२ गते माओवादीले दुबैलाई सोधपुछका लागि भन्दै गोठीबाट अपहरण गरे। माओवादीले दुबैलाई भदौ ३० गते मिलापत्र गरी सर्केगाउँबाट मुक्त गरे।

कालिका गाविस-५ का २४ वर्षीय नरजित बुढाले सोही गाउँकी एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले उनलाई लाली गाविसबाट अपहरण गरी पुस ५ गते सर्वघाटबाट मुक्त गरे।

कालिका गाविस-७ का ३८ वर्षीय सेरे टमटाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १२ गते माओवादीले उनलाई गाउँबाट अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्। पीडितलाई माओवादी श्रम शिविरमा राखिएको माओवादीले जनायो।

कालिका गाविस-७ का ३८ वर्षीय पोर्से टमटाले अवैध सम्बन्ध राख्ने गरेको आरोपमा ०६३ कात्तिक १५ गते माओवादीले उनलाई गाउँबाटै अपहरण गरे। पीडितलाई माओवादीले श्रम गराई मंसिर १० गते गाउँबाटै मुक्त गरे।

साँया गाविस-८ का ३१ वर्षीय भीमबहादुर शाहीले बहुविवाह गरेको आरोपमा ०६३ कात्तिक २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। यो वर्षको अन्त्यसम्म उनी मुक्त भएनन्। उनलाई माओवादीले सर्केगाडमा श्रम गराई राखेका छन्।

सिमिकोट गाविस-९ का १५ वर्षीय लोकराज शाही र सोही गाउँका शुकराज शाहीलाई सेनामा भर्ती गर्न भन्दै ०६३ मंसिर ३ गते माओवादीले सिमिकोटबाट अपहरण गरे। यो वर्षको अन्त्यसम्म पीडितहरु मुक्त भएनन्।

मदना गाविस-६ का १८ वर्षीय मोहनलाल लुवारलाई जनसेनामा भर्नाको लागि भन्दै ०६३ मंसिर ५ गते माओवादीले प्रलोभन देखाउँदै घरबाटै लगे। उनलाई माओवादीले सुर्खेतबाट मंसिर २८ गते घर फर्काए ।

कालिका गाविस-५ की १५ वर्षीया करी लुहारलाई जनसेनामा भर्नाको लागि भन्दै ०६३ मंसिर ८ गते माओवादीले प्रलोभन देखाउँदै घरबाटै अपहरण गरे। पीडित मंसिर २८ गते सुर्खेतबाट घर फर्किइन्।



जनआन्दोलन-२ का क्रममा सादा पोसाकका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिँदै



आन्दोलनका क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै अनेरास्वियुका नेता पृथ्वी शाही र राजबहादुर रोकाया

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सात दलको आन्दोलनलाई समर्थन गरेको आरोपमा ०६२ चैत २६ गते पर्वत जनरल स्टोरका सर्वजीत गौचन र रामचन्द्र बस्ताकोटीलाई जिल्ला विकास समिति, हुम्लाका मनोनित सभापति कालीबहादुर शाहीले पसलमा गई राजनीति नगर्नु भनी धम्की दिए।

गोर्खा जिल्ला निवासी गोर्खा-हुम्ला सेवा समाजका अध्यक्ष ३४ वर्षीय चुडामणि पोखरेलले शुभ-कामना कार्डमा लोकतन्त्र शब्द प्रयोग गरेको आरोपमा ०६२ चैत ३० गते जिल्ला विकास समितिका सभापति कालिबहादुर शाहीले पोखरेललाई कार्यालयमै बोलाई लात्ती र मुक्काले कुटपिट गरे।

स्याडा गाविस-१ निवासी सदरमुकाम सिमिकोट बजारका होटल व्यवसायी २३ वर्षीय ऐटन शाहीले जिल्ला प्रहरी कार्यालय, हुम्लाका प्रहरी जवान हरिबहादुर शाहीसँग होटलमा खाना खाएको पैसा माग्दा ०६३ मंसिर १ गते जवान शाहीले कुटपिट गरे। पीडितको कुटपिटबाट देब्रे आँखामा गम्भीर चोट लागेको छ।

माओवादीबाट

साँया गाविस-९ का विस्थापित ४७ वर्षीय प्रेमबहादुर शाहीले माओवादी सम्पर्क कार्यालयमा ढुङ्गा हानेको आरोपमा ०६३ साउन २६ गते माओवादीले उनलाई माओवादी सम्पर्क कार्यालयमा बोलाई कुटपिट गरे। कुटपिटबाट उनको शरीरका विभिन्न भागमा नीलडाम र आखाँमा चोट लागेको थियो।



माओवादीद्वारा अपहरण गरिएका शेरे टमटा

रासस सम्वाददाता नवराज महतारा र जनादेश सम्वाददाता डबल महतारासहित ३० जना भन्दा बढीलाई ०६३ साउन २७ गते सदरमुकाम सिमिकोटमा मेला लागिरहेको बेला प्रहरी र सिमिकोटवासीबीच केटीको विषयलाई लिएर भएको झडपको समाचार संकलन गर्न जाँदा प्रहरीले पत्रकारहरुको साथमा रहेको दुइटा क्यामरा खोस्दै कुटपिट गरे। घाइतेहरुको उपचार खर्च स्वरुप ५ हजार रुपैयाँ प्रहरीले जरिवाना दिए र फोडिएको क्यामराको सट्टामा नयाँ क्यामरा दिए।

अन्यबाट

छिप्रा गाविस-२ का २० वर्षीय देवजङ्ग हमाल, सोही गाविस-४ का २५ वर्षीय जुनराज हमाल ३० वर्षीय लोकजन हमाल, उनकी २४ वर्षीया पत्नी वीजा हमाल र २५ वर्षीय जय हमाललाई ०६३ भदौ २२ गते राति गाउँकै घरमा सुतिरहेको बेला माओवादी सेनाको पोसाकमा गएको समूहले लाठी र दाउराले कुटपिट गरे। पीडितहरूलाई माओवादी कार्यकर्तामाथि सामान्य झगडा भएको दिन साँझ कुटिएको थियो। सो कुटपिट सम्बन्धमा माओवादीले आफ्नो संलग्नता नरहेको बताए पनि पीडितपक्षले माओवादीमाथि आरोप लगाए।

गैरकानुनी गिरफ्तारी

ठेहे गाविस-३ का ३० वर्षीय रेशम बोहरा माओवादी भएको आरोपमा ०६२ माघ १८ गते सदरमुकाम सिमिकोटमा घरायसी कामले जाँदै गर्दा जिल्ला प्रहरी कार्यालय, हुम्लाका प्रहरीले उनलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, हुम्लामा राखे। पीडितलाई माओवादी पार्टीको नाममा सदरमुकामभित्र चन्दा सङ्कलन गर्न लगाएको आरोप लगाइयो। पीडित इन्सेक जिल्ला प्रतिनिधि रमेश ऐडीको रोहबरमा ०६३ वैशाख २ गते रिहा भए।

रोडीकोट गाविस-१ निवासी माओवादी एरिया कमिटी सदस्य २५ वर्षीय बृहस्पति भनिने धनबहादुर रोकाय पार्टीको कामले ठेहे गाउँमा जाँदै गर्दा ०६२ चैत ८ गते सुरक्षाकर्मीले बाटोमा घेरा हाली गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी ०६३ वैशाख ५ गते माओवादीकै रोहबरमा जिल्ला प्रहरी कार्यालयबाटै रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला उपसचिव कुलबहादुर हमाल, कार्यालय सचिव दलबहादुर फडेरा, कार्यकर्ता जगत मल्ल, प्रेमबहादुर बुढा, नेकाँका जिल्ला सचिव

प्यारीलाल शाही, जनमोर्चाका जिल्ला अध्यक्ष सुनामसिं गुरुङ, नेकाँ (प्रजातान्त्रिक) का कैलाश भण्डारीलाई 'कालो दिवस' मनाउने क्रममा ०६२ माघ १९ गते लोकतन्त्रमार्गको कालीञ्चोरबाट प्रहरीले गिरफ्तार गरे। दिनभरि जिल्ला प्रहरी कार्यालयमा थुनेपछि साँझ ६ बजे मानवअधिकारकर्मीको रोहबरमा सबैलाई रिहा गरियो।

सात दलले ०६२ चैत २६ गते सदरमुकाम सिमिकोटमा बजार बन्दको आयोजना गरी लोकतन्त्रकको पक्षमा कालिर्ग्याकबाट जुलुससहित नाराबाजी गरिरहँदा सुरक्षाकर्मीले नेकाँ (प्रजातान्त्रिक) का १३, एमालेका १०, र नेकाँका तीन गरी २६ जनालाई गिरफ्तार गरे। सबै सोही दिन साँझ इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीले धरपकड गरी नेता कार्यकर्ता गिरफ्तार गरेको घटनाको विरोधमा ०६२ चैत २६ गते दिउँसो सदरमुकाम सिमिकोटमा महिलाद्वारा गरिएको प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरी श्रीनगर गाविस-४ की २० वर्षीया पवित्रा फडेरा, ठेहे गाविस-७ की दाडोल लामा र डौडाफया गाविस-७ की डोल्मा शाहीलाई कुटपिट गरे।

अनेरास्वियुका जिल्ला अध्यक्ष २१ वर्षीय जनक फडेरा, नेविसंघका अध्यक्ष २२ वर्षीय अदान भण्डारी, धनबहादुर रावत, जुनराम हमाललाई लोकतान्त्रिक आन्दोलनको क्रममा विद्यालय बन्द र तालाबन्दी गराउँदा ०६३ वैशाख ६ गते प्रहरीले एकताचोकबाट गिरफ्तार गरे। पीडितलाई दिनभर जिल्ला प्रहरी कार्यालयमा थुनी साँझ जिल्ला प्रशासन कार्यालयमा बयान गराई रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा दुईटा र यो वर्ष दायर भएका चारओटामध्ये यो वर्ष एउटा पनि फर्स्यौट भएन। यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा छओटा रह्यो। गत वर्षको बाँकी सरकारवादी फौजदारी मुद्दा पाँचओटामध्ये चारओटा फर्स्यौट भयो। यो वर्ष एउटा दायर भएकोमा सो फर्स्यौट भयो। यो वर्षको अन्त्यसम्म बाँकी रहेका सरकारवादी फौजदारी मुद्दा एउटा रह्यो। गत वर्षको बाँकी देवानी मुद्दा चार ओटामध्ये एउटा फर्स्यौट भयो। यो वर्ष दायर भएको आठओटा देवानी मुद्दामध्ये कुनै पनि फर्स्यौट भएन। यो वर्षको अन्त्यसम्म देवानी ११ ओटा मुद्दा बाँकी रह्यो। यो वर्षको अन्त्यसम्म १८ ओटा मुद्दा बाँकी रहे। ती मध्ये पाँच वर्ष नाघेका कुनै पनि मुद्दा छैन। आतंककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत परेका मुद्दाहरुको संख्या १ सय ३ छ।

जिल्ला प्रहरी कार्यालय, हुम्लामा ५२ सालदेखि हालसम्म चोरीडकैती सम्बन्धी १० र कर्तव्यज्यान सम्बन्धी तीनओटा मुद्दा दायर भएका छन्।



प्रहरीद्वारा कुटपिट गरिएका ऐटन शाही

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बर्दिया जिल्ला पथलैया गाविस पशुपतिनगरकी २२ वर्षीया एक महिलालाई विजय होटल एण्ड रेष्टुरेन्टमा ०६३ जेठ १५ गते दिउँसो हतियारधारी सैनिकले बलात्कारको प्रयास गरे। पीडितले कराएपछि पीडकहरू कोठा बाहिरबाट बन्द गरी भागे। घटना एक हप्तापछि सार्वजनिक भयो र घटनामा संलग्न सैनिक जवानले १२ हजार नगदसहित महिलासँग माफीसमेत मागे।

सिमिकोट गाविस-४ की १३ वर्षीया एक बालिकालाई ०६३ साउन २५ गते राति मेलामा देउडा खेलिरहेको समयमा जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी जवान मोहनबहादुर सिंहले बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याएपछि पीडितका आफन्तले पीडकलाई मुक्का र लाठी हान्दा हान्दै पीडक भागेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

कालिका गाविस-३ घर भएका सल्लाघारी निमावि वारीगाउँका शिक्षक २६ वर्षीय खड्कबहादुर शाहीले बहुविवाह गरेको आरोपमा माओवादीले उनलाई नियन्त्रणमा गर्न खोज्दा ०६३ साउन १४ गते घरबाट भागेर विस्थापित भए। हाल उनी सदरमुकाममा काजमा रहेका छन्।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। त्यसरी बेपत्ता पारिएकाहरूमा रोडिकोट गाविस-१ रादेउँ निवासी ४७ वर्षीय धर्मजित बुढा (अजय) र सकिंदेउ गाविस-६ उनापानीका ३० वर्षीय प्रेमबहादुर कार्की (एमेचर) रहेका छन्।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ


५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली



जनसंख्या	: ७,१६,४६७
साक्षरता प्रतिशत	: ५२
महिला साक्षरता प्रतिशत	: ३६
क्षेत्रफल (वर्ग कि. मि.)	: ३२३५
गाविस/नपा संख्या	: ४२/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ६३५
क्याम्पस/उच्च मा.वि.	: ३/४
अस्पताल/स्वास्थ्य चौकी	: २/४९
टेलिफोन लाइन	: २५३६
मोटर सडक (कि. मि.)	: ३५०
प्रहरी कार्यालय संख्या	: २९
हुलाक संख्या	: ५७
मानव विकास सूचकाङ्क	: ०.४१३
प्रति परिवार सरदर संख्या	: ७.५९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

धनगढी नपा-१० घुइयाघाट निवासी २५ वर्षीय होरिलाल राना माओवादी भएको आरोपमा ०६२ माघ २६ गते विहान मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मीले वीपी स्मृति प्राबि नजिकै गोली हानी उनको हत्या गरे। सुरक्षाकर्मीले रानाको लास सेती अञ्चल अस्पतालमा पोष्टमार्टम गराई पीडितको परिवारलाई जिम्मा लगाए।

मोरङ जिल्ला सुन्दरपुर गाविस-२ निवासी सैनिक हवल्दार २४ वर्षीय कृष्णबहादुर गुरुङको ०६२ चैत २ गते सुख्खडमा रहेको संयुक्त सुरक्षा बेस क्याम्पमा माइन राख्ने क्रममा विस्फोट हुँदा मृत्यु भयो। सोही विस्फोटमा परी सैनिक जवान रत्नबहादुर नेम्वाङ्ग घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भयो।

माओवादीबाट

जिल्ला कारागार कैलालीमा कार्यरत प्रहरी हवल्दार ३२ वर्षीय खेमराज पनेरूलाई ०६२ फागुन १९ गते माओवादीले जिल्ला कारागार कैलालीमा आक्रमण गर्ने क्रममा गोली हानी उनको हत्या गरे। सोही घटनामा प्रहरी जवान मीनबहादुर रावल र धर्मराज थापा माओवादीले प्रहार गरेको गोली लागी घाइते भए। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो।

फूलबारी गाविस-४ ई गाउँ निवासी ४५ वर्षीया शिवमाया भुसालको ०६३ साउन ११ गते माओवादीमा छापामार रहेका आफ्नै छोरा २३ वर्षीय राजु भुसालले हसिया प्रहार गरी हत्या गरे। पीडकलाई स्थानीय बासिन्दाहरूले नियन्त्रण लिएका थिए। नियन्त्रणपश्चात् माओवादीले पीडक भुसाल र मृतकको लास आफैले लिएर गएका थिए। माओवादीले पीडकलाई कारबाही गरिने बताएको भए पनि कारबाही भयो भएन सार्वजनिक गरिएन्।

बसौटी गाविस-९ निवासी १२ वर्षीया सवीना चौधरी, १२ वर्षीय परशुराम चौधरी र २१ वर्षीय निराजन चौधरीको ०६३ असोज २० गते क्षेत्रबहादुर चौधरीको मिलगोठमा खेलिरहेको अवस्थामा माओवादीद्वारा छोडिएको बम बिस्फोट हुँदा मृत्यु भयो। बिस्फोटमा सोही ठाउँ बस्ने ३२ वर्षीय रामकुमार चौधरी र हसुलीया गाविस-१ के गाँउ घर भई मामा घर आएका ८ महिनाका बालक किरण चौधरी घाइते भए। पीडितहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भयो।

अन्यबाट

फूलबारी गाविस-३ खेडा निवासी २६ वर्षीय मदन चौधरी र ३५ वर्षीय बिपता चौधरीको ०६३ असोज २९ गते फूलबारीका स्थानीय बासिन्दाहरूको एक भीडले कुटपिट गर्दा मृत्यु भयो। फूलबारी गाविस-३ निवासी सिद्ध जेठारा र फूलबारी गाविस-१ निवासी राजेन्द्रबहादुर बोहराको ०६३ असोज ९ गते फूलबारी स्थित खेडामा हत्या गरेको आरोपमा छलफल चलिरहेको अवस्थामा आक्रोशित भीडले उनीहरूमाथि आक्रमण गरेको थियो। सोही घटानामा स्थानीय रामबहादुर चौधरी सख्त घाइते भए। पीडितको उपचार सेती अञ्चल अस्पतालमा भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

सात दलले सञ्चालन गरेको आन्दोलनमा सेनाले हस्तक्षेप गरी ०६२ चैत २८ गते दिउँसो गोली चलाउँदा बाटोमा हिडिरहेका सर्वसाधरण भोजराज भट्ट, रमेश भट्ट र विनोद भट्टलाई खुट्टामा पलास्टिको गोली लागी घाइते भए।

घाइतेहरूको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

बलिया गाविस-८ निवासी पदम भण्डारी र दोर्णराज क्षेत्री ०६३ वैशाख ६ गते सात दलले सञ्चालन गरेको शान्तिपूर्ण आन्दोलनमा सहभागी भएको अवस्थामा सेनाले हस्तक्षेप गरी गोली चलाउँदा खुट्टामा पलास्टिकको गोली लागी घाइते भए। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

माओवादीबाट

हसुलिया गाविस-८ निवासी ६० वर्षीय मनिकलाल चौधरी, उनकै छोरा २० वर्षीय रामचन्द्र चौधरी र गदरिया-८ बनकनरी निवासी २५ वर्षीय चुन्नु चौधरी ०६२ माघ ३० गते माओवादीले धनगढी नपा-७ बेली जङ्गलमा राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। घाइतेहरूको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

उर्मा गाविस-७ घुरही निवासी ५५ वर्षीय कूलप्रसाद चौधरी, ४५ वर्षीय रामदैया चौधरी, २५ वर्षीय परदेशी चौधरी, २३ वर्षीय रूपादेवी चौधरी, २० वर्षीय अलीसा चौधरी, १८ वर्षीय परदेशनी चौधरी, १४ वर्षीय माधुरी चौधरी, घरभित्र बसिरहेको अवस्थामा ०६२ फागुन ४ गते बिहान माओवादीले झोलामा बोकी ल्याएको बम विस्फोटन हुँदा घाइते भए। उक्त बम विस्फोटबाट घरसमेत पूर्णरूपमा क्षति भएको थियो। सोही बम विस्फोटमा चौधरी थर भएकी एक माओवादी महिला छापामारसमेत घाइते भएकी थिइन्। पीडित परिवारका अनुसार, माओवादी महिला छापामारले झोलामा बोकेर ल्याएको सामान घरभित्र राखी खाना खान लागेको अवस्थामा अचानक विस्फोटन भएको थियो। घाइतेहरू सबैको उपचार माओवादीले नै भारतको लखनऊँमा गराए।

कन्चनपुर जिल्ला बाइसेबिचुवा गाविस-९ अमरबस्ती निवासी २२ वर्षीय केशव सापकोटा ०६२ चैत ३ गते माओवादीको गोली लागी घाइते भए। धनगढी नपा-३ स्थित त्रिनगर प्रहरी चौकीमा कार्यरत प्रहरीहरूलाई लक्षित गरी माओवादीले गोली प्रहार गर्दा बाटोमा हिंडिरहेको अवस्थामा उनको घाँटीमा गोली लागेको थियो। पीडितको उपचार भारतको लखनऊँमा गरिएको पीडित परीवारले बताए। पीडित हालसम्म पनि पूर्ण रूपमा स्वस्थ हुन सकेका छैन्।

बलिया गाविस-७ लम्की बजार निवासी ३६ वर्षीय हेमन्त बीसी ०६२ चैत ११ गते बलीयाबाट लम्कीतर्फ मोटरसाइकलमा गइरहेको अवस्थामा माओवादीले भोल्का चोक नजिकै गोली हानी घाइते बनाए। पीडितको उपचार नेपालगञ्जमा भएको थियो।

सुगुरखाल गाविस-९ पितमारी निवासी मनिराज जैशीको घरमा माओवादीले राखेर गएको विस्फोटक पदार्थ विस्फोट हुँदा ०६३ असार १६ गते बिहान उनकी ४ वर्षीया छोरी जागृती जैशी र उनकै छिमेकका ४ वर्षीया सुस्मीता धमला, ४ वर्षीय कैलाश रावल र २ वर्षीय अमृत विक घाइते भए। पीडितहरूको उपचार चिसापानीस्थित स्वास्थ्य चौकीमा भएको थियो। घरमा राखिएको बम विस्फोट हुँदा पीडित जैशीको घर क्षतिग्रस्त भएको थियो। पीडित परिवारकाअनुसार ०६३ वैशाख महिनाको पहिलो साता माओवादीले दुई दिनका लागि राखी दिनु पर्‍यो भनी केही समान घरको माथिल्लो तलामा राखेर गएका थिए। धेरै समयसम्म उक्त समान लिन कोही आएन। ०६३ असार १६

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	४	२		६	२	३	२		५	२	२			२
घाइते	७	९	१		१०	८	१४	८		२२	४	५		२	७
गिरफ्तारी/यातना											१५	४९	३	२	५४
कुटपिट	३	२	१		३	५	४	१		५	२	२			२
धम्की	२	२			२	३	३			३	२	१	१		२
भेला/संगठित हुने अधिकार											८	२४	३	३८	६५
जातीय विभेद	२	१	२		३										
महिलाअधिकार	६		६		६						१		१		१
बालअधिकार	४		४		४	१		१		१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	३		१	४	२	२			२	१			८०	८०
अमानवीय व्यवहार	२	२			२						१	१			१
अपहरण	१	१			१	१९	४८	१	१	५०					
जम्मा	३५	३४	१६	१	४१	४०	७४	१३	१	८८	३६	८४	८	१२२	३१४

गते बिहान घरमा अकस्मात ठूलो आवाज आयो र घरको तला भत्किएर भुईंमा खस्यो, सो समयमा चारजना बच्चाहरू र अन्या छिमेकीहरूसमेत घरभित्र बसेका थिए। माथिल्लो तलाबाट ढुङ्गा, माटो र टिनका पाताहरू बच्चाको टाउको र अन्य भागमा लागी घाइते भएका थिए।

बेवारिसे बम विस्फोटबाट

धनगढी नपा-१ शिवनगर निवासी ७ वर्षीय नकुल मौनाल ०६२ चैत १० गते धनगढीस्थित अपी बिद्यानिकेतन स्कुलबाट परीक्षा दिई घर फर्किने क्रममा धनगढी नपा-१ शिवनगरस्थित पुलनजिकै बेवारिसे अवस्थामा छोडिएको बम विस्फोटनमा परी घाइते भए। पीडितको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भएको थियो।

बलीया गाविस-८ लम्की निवासी ३६ वर्षीया मन्धरा भण्डारी ०६३ जेठ २४ गते बिहान लक्कीस्थित आफ्नै चिया पसलसँग जोडिएको अर्को सानो पसल अगाडि सुतली बम विस्फोटन हुदा घाइते भए। पीडितको उपचार लक्की स्थित स्वास्थ्य चौकीमा भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

बर्दिया जिल्ला शिवपुर-३ वनखेत घरभई कुमारीदल गुल्म दिपायलमा कार्यरत २१ वर्षीय सैनिक जवान भागीराम चौधरीलाई ०६२ माघ १२ गते माओवादीले कैलालीको सहजपुर गाँउबाट अपहरण गरे। पीडितलाई आफ्नो कार्यक्षेत्र दिपायल गइरहेको अवस्थामा अपहरण गरिएको थियो। पीडितलाई ०६२ फागुन ८ गते डोटीको जुनीचौतारावाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

पथरैया गाविस-५ निवासी लक्ष्मीनारायण चौधरी, बर्खुलाल चौधरी,पुरन चौधरी, रामलाल चौधरी र जुनु चौधरीलाई काठ तस्करीमा सलंग्न भएको आरोपमा ०६२ माघ २९ गते माओवादीले पथरिया वनक्षेत्रबाट उनलाई अपहरण गरे। सशक्त महिला वन उपभोक्ता समूहका महिलाहरूले काठ तस्करी गरिरहेको अवस्थामा उनीहरूलाई समातेपछि माओवादीले अपहरण गरेका थिए। पीडितहरू एक महिनापछि मुक्त भए।

पथरिया गाविस अमरावती निवासी ४० वर्षीय हर्कबहादुर रावलले गाउँमा झगडा गरेको आरोपमा ०६२ माघ २९ गते दिउँसो माओवादीले उनलाई घर छेउबाटै अपहरण गरी ०६२ फागुन ३ गते सोही ठाउँबाट मुक्त गरे।

पथरैया गाविस घर भई मालपोत कार्यालय, बर्दियामा कार्यरत खरिदार ४१ वर्षीय हर्कबहादुर रावललाई झगडा गरेको आरोपमा ०६२ माघ २९ माओवादीले कैलालीस्थित घरबाटै अपहरण गरी ०६२ फागुन २ गते सोही ठाउँबाट मुक्त गरे।



माओवादीद्वारा राखिएको बमद्वारा मृत्यु भएकी सविना चौधरी

धनगढी नपाको कार्यालयमा कार्यरत दमकल चालक कलेस चौधरी र चन्द्रसिंह पार्कीलाई ०६२ फागुन ६ गते दिउँसो धनगढी नपा-७ बेलीबाट माओवादीले अपहरण गरी फागुन ७ गते साँझ पत्रकारहरूको रोहबरमा बेलीबाट मुक्त गरे। धनगढी नपा-७ बेलीस्थित एक घरमा आगो निभाई नगरपालिकाको से १ त ५३ नम्बरको दमकल लिएर फर्किरहेको अवस्थामा दमकलसहित पीडितहरूलाई अपहरण गरिएको थियो। माओवादीले ०६३ पुस ३ गते मात्र दमकल फिर्ता गरे। दमकल बिग्रिएको अवस्थामा भएकोले चालु हालतमा ल्याउनका करिब दुई लाख रूपैयाँ बराबर खर्च लाग्ने नगरपालिका प्रमुखले बताए।

धनगढी नपा-३ स्थित जिल्ला भन्सार कार्यालय, कैलालीका कर्मचारीहरू लक्ष्मण गौतम, बमबहादुर खवास, महादेव भट्ट, हरिलाल शहा र परिचर राजेन्द्र बोहरालाई ०६२ फागुन १६ गते माओवादीले अपहरण गरे। सोही दिन कार्यालयमा चारओटा शक्तिशाली बम विस्फोटन गराएपछि पीडितहरूलाई अपहरण गरिएको थियो। अपहरितमध्ये मुखिया हरिलाल साह र परिचर राजेन्द्र बोहरालाई सोही राति माओवादीले धनगढी नपास्थित घुइयाघाँटबाट अपहरण मुक्त गरे भने अन्य तीन जनालाई इन्सेकको पहलमा फूलबारी गाविस-५ डिफूबजारबाट फागुन १९ गते मुक्त गरे।

धनगढी नपा निवासी नरबहादुर मल्ल, अछाम जिल्ला घर भई नेपालगञ्जमा अध्ययनरत चेतमान बुढा र बर्दियाका पलबहादुर केसीलाई ०६२ चैत १३ गते बिहान माओवादीले मसुरिया बजारबाट अपहरण गरी सोही दिन साँझ मसुरियाबाट मुक्त गरे। हँसुलिया गाविसस्थित सुरक्षा बेस क्याम्पमा कार्यरत आफन्तहरूलाई भेटघाट गरी घर फर्कने क्रममा पीडितहरूलाई अपहरण गरिएको थियो।

बर्दिया जिल्ला श्रीपुर गाविस-७ निवासी २३ वर्षीय सैनिक जवान चन्द्रबहादुर खत्री र श्रीपुर गाविस-३ निवासी १९ वर्षीय उदयराज पौडेललाई ०६२ चैत १४ गते माओवादीले कैलालीको गुलाराबाट अपहरण गरी एक



माओवादीद्वारा राखिएको बम विस्फोटबाट घाइते भएका बालक किरण चौधरी

हप्तापछि मुक्त गरे। मालाखेती गाविस-८ बस्दै आएका आ-आफ्ना बुबालाई भेटघाट गरी फर्कने क्रममा पीडितहरूलाई माओवादीले अपहरण गरेका थिए।

धनगढी नपा-३ मिलन चोक निवासी १४ वर्षीय विनोद लामा, १४ वर्षीय दीपक अवस्थी, धनगढी नपा-२ निवासी १४ वर्षीय सुशील खड्का र १४ वर्षीय प्रितम बिसीलाई ०६३ जेठ १० गते बिहान माओवादीले सोही ठाउँबाट अपहरण गरे। पीडितहरूमध्ये पृतम बिसी ०६३ जेठ १३ गते माओवादी नियन्त्रणबाट भागे। बाँकी तीनजनालाई ०६३ जेठ १७ गते माओवादीले कैलालीको फूलबारीबाट पीडितका आफन्तहरूको जिम्मा लगाए।

चुहा गाविस-५ बसेला निवासी २७ वर्षीय भीम बुढाले बलात्कार गरेको आरोपमा ०६३ भदौ १८ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित विगतमा माओवादीमा रहँदा बलात्कारको आरोप लागेपछि माओवादी पार्टी परित्याग गरी भारततिर गएका थिए। युद्धविरामपछि घर फर्किएको समयमा उनलाई अपहरण गरिएको थियो। पीडित ०६३ भदौ १९ गते माओवादीको नियन्त्रणबाट भागे।

दोदोधारा गाविस-७ निवासी २२ वर्षीय मिठ्ठू भूल, २५ वर्षीय यकेन्द्र मल्ल र २० वर्षीय दीपेन्द्र बुढाले माओवादीको झन्डा र कार्यालय तोडफोड गरेको आरोपमा ०६३ भदौ १८ गते राति उनीहरूलाई माओवादीले उनीहरूकै घरबाट अपहरण गरी कुटपिट गरे । पीडितहरूलाई ०६३ भदौ १९ गते उनीहरूकै घरमा पुऱ्याएर मुक्त गरे।

डोटी जिल्ला बुडर गाविस-३ निवासी मिनिवस व्यवसायी समिति, कैलालीका बस स्टाफसमेत रहेका २६ वर्षीय पूर्णबहादुर मल्ल, २२ वर्षीय किशोर साउद र २० वर्षीय अनिल मल्लले हुम्ला घर भएकी एक महिलालाई धनगढी आएको बेलामा बलात्कार गरेको अरोप लागाई ०६३ भदौ २० गते माओवादीले उनीहरूलाई धनगढीबाट अपहरण गरे। पीडितहरूलाई ०६३ कात्तिक २२ गते बस तथा मिनिवस व्यवसायी कैलालीका अध्यक्ष टेकराज जोशी र सञ्चारकर्मीको रोहबरमा अत्तरियाबाट मुक्त गरे।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणी को करागार रहेको छ। ७० जनाको क्षमता रहेको यस जेलमा कैद तोकिएका ४१ जना पुरुष र तीनजना महिला छन्। कैद नतोकिएका थुनुवाहरूमध्ये २७ पुरुष र १ महिला गरी जम्मा २८ जना छन्। कैद तोकिएका र नतोकिएका गरी जम्मा संख्या ७२ रहेको छ। जेलको क्षमता भन्दा दुई जना बढी बन्दीहरू रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टिभि र खेलकुदका सामग्री उपलब्ध छन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

धनगढी नपा-३ बोराडाडी निवासी रिक्सा चालक युनियन कैलालीका जिल्ला उपाध्यक्ष घनश्याम चौधरी आफ्नो घरतर्फ गइरहेको अवस्थामा ०६२ फागुन ३ गते साझा धनगढी नपा-३ बोराडाडी स्थित सैन्य चेकपोष्टमा खटिएका सैनिक जवानहरूले रिक्सा नरोकेको अरोपमा कुटपिट गरी घाइते बनाए। घाइते चौधरीको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

माओवादीबाट

मुनुवा गाविस-७ घरभई धनगढीमा रिक्सा चलाउदै आएका २० वर्षीय बुधराम चौधरीले बन्दको अवज्ञा गरेको आरोपमा ०६२ माघ २४ गते माओवादीले धनगढी नपा-३ भान्सार रोडमा कुटपिट गरी उनको खुट्टा भाँचे। पीडितको उपचार नेपालगञ्जमा भएको थियो।

धनगढी नपा-४ पुरानो भन्सार रोड निवासी ४० वर्षीय रघुनाथ साँउदलाई ०६३ जेठ ६ गते माओवादीले पत्रमार्फत, माओवादीको जनअदालतमा अनिवार्य उपस्थित हुन धम्की दिए।

टिकापुर नपा-९ निवासी ३५ वर्षीया चन्द्रकला देवकोटाले एक कामदार बालिकाको पारिश्रमिक नदिएको आरोपमा ०६३ साउन १९ गते उनलाई माओवादीले आफ्नो कार्यालयमा बोलाई बेहोस हुने गरी कुटपिट गरे। पीडितको उपचार टिकापुर अस्पतालमा भयो।

डडेल्धुरा जिल्ला भद्रपुर गाविस-५ जुनपालका ट्रक चालक ४० वर्षीय कृष्णबहादुर मल्लले माओवादीले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६३ पुस ४ गते माओवादीले कैलाली जिल्लाको सहजपुरमा उनलाई कुटपिट गरे। पीडित से १ ख ३३१ नम्बरको ट्रक चलाएर

डडेल्धुराबाट धनगढीतर्फ आइरहेको अवस्थामा कैलालीको सहजपुरमा माओवादीले कुटपिट गरेका थिए।

गैरकानुनी गिरफ्तारी

मानपुरटपरा गाविस-४ निवासी २५ वर्षीया सुमी चौधरी माओवादी भएको आरोपमा ०६२ पुस २४ गते सुरक्षाकर्मीले कैलाली जिल्लाको रामपुरबाट उनलाई गिरफ्तार गरे। हाल उनी रिहा भएकी छन्।

खैलाड गाविस-१ धनौरा निवासी १९ वर्षीय बिनिता चौधरी माओवादी भएको आरोपमा ०६२ पुस २४ गते दिउँसो टीकापुर नपा-६ बाट सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडित ०६३ जेठ २ गते जिल्ला कारागार, कैलालीबाट रिहा भइन्।

हसुलीया गाविस हरिनगर निवासी साथी भनिने २७ वर्षीय बुद्धिराम चौधरी, बसौटी गाविस निवासी रमेश भनिने २० वर्षीय सुरज चौधरी र उदासीपुर गाविस निवासी १८ वर्षीया रीता चौधरी माओवादी भएको आशंकामा ०६२ चैत ६ गते सर्चमा गएका सुरक्षाकर्मीहरूले उर्मा गाविसको उर्मा गाउँबाट उनीहरूलाई गिरफ्तार गरी कारागार चलान गरे। पीडितहरू ०६३ जेठ २ गते जिल्ला कारागार कैलालीबाट रिहा भए।

फूलबारी गाविस-३ नकुलीपुर निवासी १६ वर्षीय रामकरण चौधरी, २२ वर्षीय शिवकुमार चौधरी र दरख गाविस-७ निवासी २२ वर्षीय मुन्सीराम चौधरीले माओवादी भएको आशङ्कामा ०६२ फागुन २४ गते टीकापुर नपा-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ फागुन २९ गते इलाका प्रहरी कार्यालय टीकापुरबाट मानवअधिकरकर्मी र पत्रकारको रोहबरमा रिहाई गरी आफन्तको जिम्मा लगाइयो।

गदरिया गाविस-९ देवीगञ्ज निवासी २४ वर्षीय बुद्धिराम चौधरीलाई ०६२ माघ ३ गते धनगढी नपा-५ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले हसनपुरबाट गिरफ्तार गरे। उनलाई ०६२ माघ १० गते जिल्ला कारागार, कैलालीमा राखियो। पीडित ०६३ जेठ २ गते जिल्ला कारागार कैलालीबाट रिहा भए।

माओवादीका दयाराम बैद्यलाई सुरक्षाकर्मीले ०६२ फागुन १ गते बिहान धनगढी नपा-७ बेलीबाट गिरफ्तार गरी जेल चलान गरे। उनलाई ०६३ जेठ २ गते जिल्ला कारागार, कैलालीबाट रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चौमाला गाविस-७ कुचौनी निवासी नेविसंघ (प्रजातान्त्रिक) का २४ वर्षीय लोकेन्द्र शाहीलाई जनआन्दोलनमा सहभागी भई राजतन्त्रको विरोध गरेको आरोपमा ०६२ चैत २५ गते पार्क मोड नजिकै प्रहरीले लाठी चार्ज गरी घाइते बनाए। घाइतेको उपचार सेती अञ्चल अस्पतालमा गरिएको थियो।

बझाङ जिल्लाको मटेला गाउँ घर भई धनगढीस्थित ऐश्वर्य विद्यानिकेतनमा आइ.एस.सी. दोस्रो वर्षमा अध्ययनरत १९ वर्षीय सिंहराज जोशी ०६२ चैत २९ गते आन्दोलनमा लागेको आरोपमा प्रहरीले धनगढी बजारबाट गिरफ्तार गरी हिरासतमा राखे। मानवअधिकारकर्मी र पत्रकारहरूको पहलमा पीडित ०६२ चैत ३१ गते मुक्त भए। कुटपिटबाट गम्भिर घाइते भएका पीडितको उपचार भारतको लखनऊँमा भएको थियो।

सात दलले सञ्चालन गरेको शान्तिपूर्ण आन्दोलनमा सहभागी भएका लोकनाथ सिंग्देल, राजु पन्त, लक्षीराम कुँवर, टेकेन्द्र बम, रमेश शिवाकोटी, निर्मल कार्की, महेशकुमार सिंह, रामस्वरूप चौधरी, प्रदीप उप्रेती, पदमकुमार सिंह,अनिल चौधरी, शिवराज मैनाली, दीपक बुढाथोकी, सन्तोष गैरे, तीर्थबहादुर रोकाय, सोमेश केसी, हर्कबहादुर विष्ट, झिलेन्द्र ढुंगेल, रमेश बिष्ट, दल भट्टराई र बिष्णु सार्कीलाई ०६२ चैत ३० गते प्रहरीले गिरफ्तार गरी ०६३ वैशाख ११ गते जिल्ला कारागार कैलालीबाट रिहा गऱ्यो।

'निरंकुशता' विरुद्धको शान्तिपूर्ण आन्दोलनमा ०६२ चैत २९ गते बिहान जनमोर्चाका ५० वर्षीय चन्द्रवदन श्रेष्ठ, नेकाँका गौरी मल्ल र कल्पना बरााललाई ०६२ चैत २९ गते प्रहरीले सात दलले सञ्चालन गरको आन्दोलनको क्रममा धनगढी नपाबाट गिरफ्तार गरी सोही दिन जेल चलान गऱ्यो। पीडितहरूलाई ०६३ वैशाख ११ गते कारागारबाट मुक्त गरीयो।

जनमोर्चा कैलालीका अध्यक्ष ओमप्रकाश पुनलाई ०६२ चैत २४ गते शान्तिपूर्ण आन्दोलनमा सहभागी भइरहेको अवस्थामा प्रहरीले धनगढीको एल.एन.चोकबाट गिरफ्तार गरी सोही दिन जिल्ला कारागार चलान गऱ्यो।



कारागार आक्रमणको क्रममा माओवादीको गोली लागी घाइते भएका धर्मराज थापा



कारागार आक्रमणमा माओवादीको गोली लागी घाइते भएका मीनबहादुर रावल

पीडितलाई ०६३ वैशाख १० गते कारागारबाट रिहा गरियो।

धनगढी नपा-२ शान्तिनगर निवासी २३ वर्षीय प्रयागराज जोशीले नगरनिर्वाचनको विरोध गरेको आरोपमा ०६२ माघ २६ गते प्रहरीले उनलाई गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

फूलबारी गाविस-५ ई गाउँ निवासी अनेरास्ववियु कैलालीका जिल्ला कोषाध्यक्ष भुवन रिजाल र सोही ठाउँ निवासी लोकबहादुर खत्रीले शाही घोषणाको विरुद्धमा जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ माघ १९ गते प्रहरीले धनगढीस्थित सेती अञ्चल अस्पताल अघिल्तिरबाट गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

बाजुरा जिल्ला कुलदेवमाडौं गाविस-१ खेटालवाडा निवासी नेविसंघ (प्रजातान्त्रिक) का २१ वर्षीय कृष्ण रावतलाई ०६२ माघ १७ गते साँझ, नगर निर्वाचनको विरोधमा जुलुस प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय राखी पीडितलाई भोलिपल्ट रिहा गरे।

एमाले अञ्चल कमिटी सचिव दिनेशचन्द्र सुवेदी, एमालेकै रणबहादुर चन्द, नेकाँका केन्द्रीय सदस्य सुनिल भण्डारी, नेकाँकै लोकबहादुर खत्री, प्रेम जोशी, विरबहादुर हमाल, प्रायुसंघका भरत जिसी र अनेरास्वियुका केशव रावलले नगर निर्वाचनको विरोध गरेको आरोपमा ०६२ माघ १३ गते बिहान उनीहरूलाई प्रहरीले गिरफ्तार गरी जिल्ला कारागार चलान गऱ्यो। पीडितहरू ०६३ वैशाख ११ गते जेल रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियावादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका जम्मा मुद्दा ४७ ओटा, यो वर्ष दर्ता भएका १४ ओटा, जसअनुसार जम्मा ६१ रहे। यीमध्ये यो वर्ष फर्स्यौट भएका १३ ओटा मुद्दा र फर्स्यौट नभएका ४८ मुद्दा रहेका छन्।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६८ ओटा, यो वर्ष दर्ता भएका १३ ओटा समेत गरी जम्मा ८१ ओटा मुद्दा, तीमध्ये यो वर्ष फर्स्यौट भएका जम्मा १५ ओटा, यस अनुसार यो शिर्षकमा बाँकी मुद्दा जम्मा ६६ ओटा रहेका छन्।

यसैगरी देवनीतर्फ गत वर्षको जिम्मेवारी सरेर अएका १ सय ३३ ओटा मुद्दा, यो वर्ष दर्ता भएका २७ ओटा मुद्दा, जम्मा गरेर १ सय ६० छन्। जसमध्ये फर्स्यौट भएका १६ र फर्स्यौट नभएका १ सय ४४ बाँकी रहेका छन्।

यस वर्षको अन्त्य सम्ममा फर्स्यौट हुन बाँकी रहेका जम्मा मुद्दा २ सय ५८ ओटा छन्। तीमध्ये पाँच वर्ष नाघेका मुद्दाको संख्या दुनियावादी फौजदारी एउटा, सरकारवादी फौजदारी ११ ओटा, देवानी एउटा गरी जम्मा १३ ओटा छन्।

बालअधिकार

धनसिंहपुर गाविसको झुंगा गाउँ निवसी १५ वर्षीया एक बालिकालाई ०६३ भदौ १० गते राति माओवादीका अशोक चौधरीले बलात्कार प्रयास गरे। पीडकलाई धनसिंहपुर गाविस र नारायणपुर गाविसका स्थानीय बासिन्दाहरूले ०६३ भदौ ११ गते नियन्त्रणमा लिई मोसो लगाई गाउँ परिक्रमा गराई सोही दिन माओवादीसमक्ष बुझाए।

बझाङ्ग जिल्ला सुनकाडा गाविस-३ निवासी १७ वर्षीय कमल अधिकारी, १६ वर्षीय उमेश अवस्थी र १५ वर्षीय विकम अवस्थीले ०६३ मंसिर ४ गते माओवादीले अपहरण गरे। अपहरणपछि उनीहरूलाई मसुरीया-२ स्थित माओवादी सेनाको अस्थायी शिविरमा पुऱ्याईएको थियो। पीडितहरू ०६३ मंसिर ७ गते मुक्त भए।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

गदरिया गविस भगतपुर निवासी ५१ वर्षीय एक महिलालाई सोही ठाउँ बस्ने गरुवा गौरीलाल चौधरी, धनीराम चौधरी, तिहारलाल चौधरी, तुल्सीराम चौधरी र गोमाबहादुर चौधरीले बोक्सीको आरोप लगाई ०६३ भदौ ३० गते दिसा खुवाए। पीडकहरूलाई माओवादीले नियन्त्रणमा लिई पीडित चौधरीको खुट्टा ढोग्न लगाई माफ मगाए। साथै पीडकहरूलाई श्रम कारवाहीका नाममा गदरिया र फूलबारी गाविसको बीचमा पर्ने पुलमा माटो पुर्न लगाए।

बलात्कार/बलात्कार प्रयास

अत्तरिया स्थित रेन्जपोष्टको पछाडि रहेको मुक्त कमैया शिविरमा बस्ने २६ वर्षीय एक महिलालाई ०६२ चैत ११ गते राति अत्तरिया स्थित गोरखनाथ गणका २२ वर्षीय

सैनिक जवान दिपेन्द्र ऐरले बलात्कार गर्ने प्रयास परे। पीडकले महिलालाई बलात्कार गर्न खोज्दा मुक्त कमैयाहरूले आफ्नो नियन्त्रणमा लिएर रातभर रुखमा बाधेर राखेका थिए। भोलिपल्ट पीडकलाई अत्तरियास्थित अञ्चल प्रशासन कार्यालयमा बुझाइएको थियो। तत्कालीन अञ्चल प्रशासकले पीडकलाई कारवाही गर्ने बताएका थिए। तर कारवाही भए नभएको सार्वजनिक भएन।

मसुरिया गाविस-७ शंकरपुरकी ६० वर्षीया एक महिलालाई सोही ठाउँ बस्ने २३ वर्षीय बीरबहादुर विकले ०६३ कात्तिक ३० गते राति पीडितकै घरनजिकै बलात्कार गरे। बलात्कारपश्चात् स्थानीय व्यक्तिहरूले पीडकलाई समातेर मोसो दली जुत्ताको माला लगाई मसुरीया बजार परिक्रमा गराएका थिए। पीडकलाई स्थानीय बासिन्दाहरूले आम आफी दिएका थिए।

सबै प्रकारका जातीय विभेद

धनगढी नपा-१२ जुगेडा निवासी ७० वर्षीया बेलुदेवी विकलाई सोही ठाउँ बस्ने धनबहादुर शाही, नरबहादुर शाही र चन्द्रबहादुर कोइरालाले ०६२ फागुन ४ गते आफूहरूलाई चोरीको आरोप लगाएको भन्दै कुटपिट गरे। पीडकहरूले विगत लामो समयदेखि पीडितलाई डूम भनेर वेइज्जत गर्दै आएको पीडितले बताइन्। कुटपिटबाट घाइते भएकी बेलुदेवीको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

गेटा गाविस-३ सृजनसिल टोल निवासी २४ वर्षीया सरिता विक र ३३ वर्षीया गोमादेवी विक (बुढाथोकी)ले बोरिङ्गको धाराको पानी छोएको आरोपमा ०६३ साउन २३ गते सोही ठाउँ बस्ने ४५ वर्षीया कुश्मादेवी यादवले प्रेसर कुकरले टाउकोमा प्रहार गरी घाइते बनाईन्। पीडकले डूम भन्दै गाली गलौज गरिन्। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो। पीडकलाई कुनै कारवाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

धनसिंहपुर गाविस-४ झुंगा निवासी ६५ वर्षीय गोबिन्द प्रसाद श्रेष्ठको घरमा ०६३ कात्तिक ९ गते माओवादीले लुटपाट गरे। माओवादीले पीडितको घरबाट से.१.तं नम्बरको रसियन टेक्टर, काठका दराज, टेबुल, कुर्सी, पलङ्ग, तखता र भाँडाकुँडा लुटेर लगे। इन्सेक तथा स्थानीय पत्रकारहरूको पहलमा ०६३ कात्तिक १० गते माओवादीले श्रेष्ठको सामान टुटफुट भएको अवस्थामा पीडितकै घर पुराइ दिए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र १५ जना पुरुष गरी जम्मा १७ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा नारायणपुर गाविस-८ निवासी जानकी चौधरी, रामशिखरझाला गाविस-१ निवासी नारायण चौधरी, बिनोद चौधरी, ज्ञानेन्द्र हमाल, मसुरीया गाविस-१ कुमारी दमाई, भजनी गाविस निवासी कुसम चौधरी, धनगढी नपा-१२ सरस्वतीटोल निवासी यज्ञराज अवस्थी, कोटातुल्क्षीपुर गाविस-४ बाधुराम डरौरा, धनगढी नपा-८ निवासी खुशीराम चौधरी, महुन्याल गाविस-५ निवासी करन सिंह घर्तीमगर, जोशीपुर गाविस निवासी देशराज चौधरी, पण्डौन गाविस-५ निवासी मिनबहादुर बुचामगर, बलिया गाविस-५ निवासी भुपेन्द्र मल्ल, रतनपुर गाविस-६ निवासी धर्मबहादुर चौधरी, रतनपुर गाविस-६ निवासी हनुमान चौधरी, बृजलाल चौधरी र पवेरा गाविस-६ वैसपुर निवासी आशाराम चौधरी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा रामशिखरझाला गाविस-८ दवकलिया निवासी २५ वर्षीय मानबहादुर बम रहेका छन्।

५.२ अछाम



जनसंख्या : २,४५,८६५
साक्षरता प्रतिशत : ३८
महिला साक्षरता प्रतिशत : १९
क्षेत्रफल (वर्ग कि. मि.) : १६८०
गाविस/नपा संख्या : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७७
क्याम्पस/उच्च मा.वि. : २/४
अस्पताल/स्वास्थ्य चौकी : २/७६
टेलिफोन लाइन : २३
मोटर सडक (कि. मि.) : ८६
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ७९
मानव विकास सूचकाङ्क : ०.३५०
प्रति परिवार सरदर संख्या : ५.५९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

आफ्नै बमबाट

जुपु गाविस-३ स्थित कालिका माबि व्यवस्थापन समितिका अध्यक्ष टङ्क रावल, जुपु स्वास्थ्य चौकीका अहेव धर्मराज धिताल, माओवादीका ध्रुव भण्डारी, हिरण्य भण्डारी र वान्नातोली गाविस निवासी बजिरसिंह टमटाको ०६२ फागुन १६ गते मङ्गलसेन गाविसको नागातोलामा ध्रुव भण्डारीले बोकेको बम विस्फोट हुँदा घटनास्थलमा नै मृत्यु भयो। सोही घटनामा जुपु गाविस-३ निवासी हेमराज रावल र रमेश रावल घाइते भए।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको जिल्ला कारागार छ। ०५८ सालमा माओवादीले आक्रमण गरेपछि कारागार भत्केको अवस्थामा भएका कारण बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयको बङ्करमा राखिने गरिएको छ। हाल यस कारागारमा नौ पुरुष र एक महिला गरी जम्मा १० जना थुनुवाहरू मात्र रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री उपलब्ध छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जनालीवडाली गाविस-१ निवासी २३ वर्षीय मोतीराम भण्डारी, ३० वर्षीय मोती भण्डारी र २२ वर्षीय भोज भण्डारी र गोरखा जिल्ला लाप्राक गाविस-९ निवासी ३५ वर्षीय रवीन्द्र गुरुङ्गले मदिरा विक्री वितरण गरेको आरोपमा ०६२ माघ २४ गते माओवादीले उनलाई जनालीवडाली गाविसको ठूलासैन बजारबाट अपहरण गरी १० हजार रूपैयाँ लिई ०६२ चैत २ गते मुक्त गरे।

चण्डिका गाविस-३ निवासी ठेकदार ललित कुँवरले भ्रष्टाचार गरेको आरोपमा ०६२ माघ २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरे। यस अघि पनि पीडितलाई माओवादीले पटक-पटक अपहरण गरेका थिए।

नाडा गाविस-४ बुदे निवासी कालिकेश्वरी माबि कक्षा ९ मा अध्ययनरत छात्र १७ वर्षीय डिलेन्द्र सेनामा भर्ना हुन गएको आरोपमा ०६२ फागुन ६ गते माओवादीले उनलाई वीरपथ गाविसको गैरीटाढ बजारबाट अपहरण गरी एक महिनापछि मुक्त गरे।

मष्टावडाली गाविस-२ जाल्पादेवी प्राविका शिक्षक टंकप्रसाद जैशीले भ्रष्टाचार गरेको आरोपमा ०६३ वैशाख ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितबाट ४० हजार रूपैयाँ लिई सोही दिन मुक्त गरे।

चाल्सा गाविस-४ निवासी जगनाथ जैशीले पहल साउदको हत्या गरेको आरोपमा ०६३ असार १६ गते माओवादीले उनलाई वीरपथ गाविसको खानीडाँडाबाट अपहरण गरे। पीडित माओवादीको श्रम शिविरबाट भागे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मङ्गलसेन गाविस-१ निवासी २२ वर्षीय चक्रबहादुर साउदले आफ्नै विद्यार्थीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ माघ ११ गते जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर उपेन्द्रपुरुष तिमिल्सेनाले मार्ने धम्की दिए।

नेपाल बालवालिका तथा महिला सहकार्य नेपाल, अछामका कार्यक्रम संयोजक ३० वर्षीय चेतराज

उपाध्यायलाई जनआन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ९ गते प्रहरीले थुन्ने धम्की दिए।

माओवादीबाट

विनायक गाविस-२ निवासी नवराज शाही र सोही गाविस-१ निवासी रणबहादुर धामीले भ्रष्टाचार गरेको आरोपमा ०६२ माघ २३ गते माओवादीले उनीहरूलाई कुटपिट गरी मुखमा मोसो दली गाउँ घुमाए।

माओवादी एरिया इन्चार्ज ममता भण्डरी र बीरबहादुर खड्काबीच अवैध सम्बन्ध रहेको आरोपमा ०६३ वैशाख १३ गते माओवादीले उनीहरूलाई विन्ध्यवासिनी गाविसको मेल्लेख बजारमा कुटपिट गरे।

बस्ती गाविस-९ निवासी एमालेका लालबहादुर थापालाई ०६३ जेठ ७ गते र बस्ती गाविस-२ निवासी दुर्गाप्रसाद जैशीलाई ०६३ वैशाख १८ गते सात दलको कार्यक्रममा गएको आरोपमा माओवादीले घर छोड्नुपर्ने तथा राजनीति गर्न नपाउने भनी धम्की दिए।

कुइका गाविस-४ निवासी २६ वर्षीय शेरबहादुर चलाउनेले शाहीको छोरी विहे गर्न लागेको आरोपमा ०६३ मंसिर १६ गते बीरपथ गाविसका माओवादी गाजस प्रमुख दान शाही र नेत्र शाहीलगायत ४० जनाको एक समूहले चलाउनेलाई धारिलो हतियार प्रहार गरे। पीडितको उपचार मङ्गलसेन जिल्ला अस्पतालमा भएको थियो।

अन्यबाट

माओवादी कार्यकर्ताहरू कुस्कोट गाविस निवासी २० वर्षीय डम्बर साउद, धमेन्द्र साउद र दर्ना गाविसका आजातले मदिरा नियन्त्रण गर्न जाँदा चन्दा मागेको आरोपमा ०६३ जेठ २० गते मङ्गलसेनगाविसका स्थनीय बासिन्दाले उनीहरूलाई कुटपिट गरे।

कुइका गाविस-१ निवासी चाल्साका माओवादी गाजस प्रमुख रंगप्रसाद तिमिल्सेनाले मदिरा खोसी खाएको र पैसा नदिएको आरोपमा ०६३ मंसिर १६ गते चाल्सा गाविस-२ निवासी तुले विकले उनलाई चाल्सा गाविसमा कुटपिट गरे। पीडितले दुई महिना अघि खाएको २४० रूपैयाँ बराबरको रक्सीको पैसा तिरेका थिएनन्।

मष्टावडाली गाविस-९ निवासी माओवादी गाजस प्रमुख कृष्ण रावत र गोविन्द रावतलाई ०६३ मंसिर १७ गते सोही गाविसका गोपी स्वाँर, रंग स्वाँर, बलराम स्वाँर, रतन भण्डारीलगायत को एक समूहले मदिरा सेवन गरी कुटपिट गरे। पीडितहरूको उपचार मङ्गलसेन जिल्ला अस्पतालमा भयो।

गैरकानुनी गिरफ्तारी

चण्डिका गाविस-७ निवासी २३ वर्षीय वीरेन्द्र कुँवर र सोही गाविस निवासी २३ वर्षीय तेजबहादुर बोहरा माओवादी भएको आरोपमा ०६२ चैत २३ गते सशस्त्र प्रहरीले साँफेबगरबाट गिरफ्तार गरे । तेजबहादुर सोही राति र वीरेन्द्र ०६३ वैशाख १६ गते रिहा भए।

सदरमुकाम मङ्गलसेनमा एसएलसी परीक्षा दिन आएका विद्यार्थीहरू चिरञ्जीवी न्यौपाने, खगेन्द्र न्यौपाने, हस्ते भण्डारी, शेरबहादुर भूल, तेजबहादुर ढकाल, शेरबहादुर बुढा, केशव न्यौपाने र नवराज जोशीलाई ०६२ चैत २३ गते सुरक्षाकर्मीले जनालीवडाली गाविसको ठूलासैन बजारबाट गिरफ्तार गरे। शेरबहादुर बुढा र केशव न्यौपाने चैत २७ गते, अन्यलाई ०६२ चैत २४ गते नै रिहा भइसकेका थिए।

दर्ना गाविस पानीखाला निवासी लल्त्या साउद माओवादी भएको आरोपमा ०६२ चैत २३ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडितलाई सदरमुकाम मङ्गलसेन पुऱ्याएर भोलिपल्ट रिहा गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					१	५			५					
घाइते					१	३			३					
गिरफ्तारी/यातना										४	१३			१३
कुटपिट	३	४		४	४	५	३		७	१	१			१
धम्की					३	३			३	३	३			३
भेला/संगठित हुने अधिकार										६	५८	१	३८	९७
महिलाअधिकार	३		३	३										
बालअधिकार	१		१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३			३	३					
अमानवीय व्यवहार	१	१	१	३										
अपहरण					५	८			८					
जम्मा	७	५	५	१०	१६	३३	३	३	३७	१३	७३	१	३८	११३

कालिका गाविस-३ निवासी २७ वर्षीय नारायणप्रसाद उपाध्याय र दर्ना गाविस निवासी विन्दवासिनी माविका शिक्षक नैनबहादुर शाह माओवादी भएको आरोपमा ०६३ वैशाख ६ गते सुरक्षाकर्मीले उनीहरूलाई मङ्गलसेनबजारबाट गिरफ्तार गरे। पीडित उपाध्याय ०६३ वैशाख १० गते र शाह वैशाख १३ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला बार इकाइका अध्यक्ष चंख साउद, लाईफ नेपालका अध्यक्ष वलबहादुर कुँवर ,मदन कुँवर, कृष्ण शाही, प्रेमबहादुर शाही, पुष्पराज शर्मा, यज्ञराज ढुंगाना, गणेश ढुँगाना, नरेन्द्र रावल, लक्ष्मी सोव, शिवराज ढुंगाना, एमालेका शेरबहादुर कुँवर, पदम बोहरा, ध्रुर्व कुँवर, नेकाँका डण्डी भाट ,अनेरास्ववियु केन्द्रीय सदस्य चन्द्र बोहरा, जिल्ला अध्यक्ष लीला केसी, प्रायुसंघ जिल्ला कमिटी सचिव हिरण्यप्रसाद भट्टराई र नेकाँ(प्रजातान्त्रिक) का पदमबहादुर शाहीलाई ०६२ माघ १९ गते विरोध कार्यक्रममा गरिरहेको अवस्थामा सुरक्षाकर्मीले सदरमुकाम मङ्गलसेन बजारबाट गिरफ्तार गरी सोही दिन दुई घण्टापछि रिहा गरे।

एमाले जिल्ला कमिटी सचिव शेरबहादुर कुँवर, उपसचिव पदम बोहरा, सदस्य भरत साउद कमलराज तिमिल्सेना, कटक साउद, भीम जनाला, नरराज अधिकारी, मना अधिकारी, चन्द्र बोहरा, लीला केसी, हिरा केसी, कृष्ण साउद, हर्क बीसी, यज्ञ बोगटी, हिरण्य भट्टराई, नेकाँका डण्डी भाट, वीरेन्द्र स्वाँर, रण रावल, नेकाँ(प्रजातान्त्रिक)का नैनसिंह बोगटीलाई प्रजातन्त्र दिवसको अवसरमा विरोध कार्यक्रममा संलग्न रहेको आरोपमा ०६२ फागुन ७ गते सुरक्षाकर्मीले मङ्गलसेन बजारबाट गिरफ्तार गरे। सबैजना सोही दिन वेलुका रिहा भए।

पूर्ण प्रजातन्त्रका लागि निकालिएको विरोध जुलुसमा प्रदर्शनकारीहरू शेरबहादुर कुँवर, पदम बोहरा, भरत साउद, कमलराज तिमिल्सेना, कटक साउद, भीम जनाला, नरराज अधिकारी, मना अधिकारी, चन्द्र बोहरा, लीला केसी,हिरा बोहरा, कृष्ण साउद, हर्क वीसी, यज्ञ बोगटी, हिरण्य भट्टराई, पुष्प शाही, डण्डी भाट, वीरेन्द्र स्वाँर, रण रावल र नैनसिंह बोगटीलाई ०६२ चैत ७ गते सुरक्षाकर्मीले सदरमुकाम मङ्गलसेनबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

जनआन्दोलनका क्रममा गोविन्द्र शाह, शेरबहादुर कुँवर, ध्वजबहादुर कुवँर, टीकाराम खनाल, पदम बोहरा, नयनसिंह केसी, बलबहादुर कुँवर, नन्द कडायत, भरत साउद, ध्रुर्वा कुँवर, नम शाही, अर्जुन ताम्राकार, गोन्द्रि कुँवर,चेतमान रावल, प्रेमप्रसाद तिमिल्सेना, कालु कुमाल, लिला केसी, छत्र बोगटी, कम्मान चलाउने, विष्णु थ्यात, विरेन्द्र स्वाँर, डण्डी भाट, भीम जनाला, पुष्प शाह, चन्द्र बोहरा, कटक साउद, लक्ष्मण स्वाँर, सहदेव ढुंगाना, प्रेमप्रसाद बुढा, नृप कुँवर, शिव उपाध्याय र जनक रावललाई ०६२ चैत २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू सोही दिन रिहा भए।

जनआन्दोलनका क्रममा प्रदर्शनकारीहरू गोविन्द शाह, राजन कुँवर, हर्षप्रसाद भट्ट, लक्ष्मण खड्का, नृप कँवर, चेतराज खड्का र जंग विक, तर्कराज भण्डारी, रूपराज भट्ट, चेतराज महत्ता, प्रेम रावल, लोग बहादुर बोगटी, टक्कर कडायत, मीन कुँवर, गंगा कुँवर, महेश कुँवर, मक कुँवर, बासुदेव सुवेदी, अम्मर खड्का, रेवन्त भूललाई ०६२ चैत ३० गते सुरक्षाकर्मीले साफेवगरबाट गिरफ्तार गरे। सोही घटनामा प्रहरीले कुटपिट गर्दा १४ जना घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा एक रहेकोमा सो फर्स्यौट भयो। यो वर्ष दर्ता भएको एउटा गरी यो वर्षको अन्त्यसम्म बाँकी रहेको दुनियावादी फौजदारी मुद्दा दुईटा। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको बाँकी रहेका दुईटा र यो वर्ष दर्ता भएका पाँचओटा गरी जम्मा सातओटा बाँकी रहे। देवानी मुद्दा यस अदालतमा छैनन्। पाँच वर्ष नाघेका सरकारवादी एउटा र देवानी एउटा गरी दुईओटा रहेका छन्।

बालअधिकार

मङ्गलसेन-५ निवासी १६ वर्षीया एक विद्यार्थीलाई ०६२ माघ १० गत शोडषा उच्चमाविका शिक्षक चक्रबहादुर साउदले घुम्न जाउँ भन्दै विराल्तोली भन्ने ठाउँमा लगेर बलात्कार गरे। पीडक जेलमा छन्।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

कालिकास्वटा गाविस-१ निवासी मना माझीलाई ०६३ मंसिर १ गते पति नरबहादुर माझीले कुटपिट गरे। पीडितलाई पडित बिगत २० वर्षदेखि कुटपिट गदै आएको भन्दै पीडितले स्थानीय पारालिगल कमिटीमामार्फत उजुरी हालेकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या असक्त भत्ता आदि संरचना क्षति

सशस्त्र प्रहरीवल बेश क्याम्प साफेबगर, तारबाडभित्र ०६२ माघ २३ गते माओवादीले प्रेसरकुकर बम विस्फोट गराए। विस्फोटबाट कुनै मानवीय क्षति भएन।

शोडषा उच्च माविको प्राङ्गणमा ०६२ माघ २३ गते माओवादीले बम विस्फोट गराउँदा विद्यालय भवनमा क्षति भयो। माओवादीले आयोजना गरेको विद्यालय बन्द कार्यक्रममा विद्यालय खुल्ला गरेको आरोपमा बम विस्फोट गराइएको थियो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका पाँचजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा भागेश्वर गाविस-७ निवासी दिपेन्द्र बोहरा, ठाटी गाविस निवासी शैलेन्द्र शाह, विरपथ गाविस-६ निवासी भीम बहादुर शाही, विरपथ गाविस-५ निवासी छत्रबहादुर शाही र लुग्रा गाविस-३ पुडासैनका चन्द्रराज पाण्डे रहेका छन्।

५.३ डोटी



जनसंख्या : २,२५,३६८
साक्षरता प्रतिशत : ४३
महिला साक्षरता प्रतिशत : २०
क्षेत्रफल (वर्ग कि. मि.) : २०२५
गाविस/नपा संख्या : ५०/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३२६
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : ४/५१
टेलिफोन लाइन : ५००
मोटर सडक (कि. मि.) : २३५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ५३
मानव विकास सूचकाङ्क : ०.४२०
प्रति परिवार सरदर संख्या : ६.१८

गोली / बम / विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

लक्ष्मीनगर गाविस-३ सिराड निवासी १७ वर्षीय प्रवीन रोका मगर ०६२ चैत १२ गते घरमा माओवादीले छोडेको विस्फोटक पदार्थ चलाउँदा विस्फोट भइ घाइते भए। विस्फोटबाट पीडितको दाहिने हातको बुढी औँला छुट्टिनकासाथै हात, छाती, मुख र खुट्टामा छर्रा लागेको थियो। पीडितको उपचार स्थानीय स्वास्थ्य संस्थामा भयो।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। यस कारागारको क्षमता १ सय जनाको छ। यस जेलमा हाल एक महिला र १० पुरुष बन्दी रहेका छन्। जेलमा खानेपानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री उपलब्ध छ।

बेपत्ता / अपहरण

माओवादीबाट

दुर्गामाडौ गाविस-९ निवासी दुर्गा प्रावि काफलीका शिक्षक २५ वर्षीय डबलबहादुर बिष्ट र रानागाउँ गाविस-१ जमलकटिया निवासी ४८ वर्षीय चक्रराज जोशीलाई ०६२ फागुन ३ गते माओवादीले आफ्नो पार्टीको जनअभियानका लागि अपहरण गरी ०६३ फागुन ६ गते मुक्त गरे।

भूमिराजमाडौं गाविस डोटीस्थित भूमिराज प्रस्तावित माविका शिक्षकहरू ४१ वर्षीय गुणाकर भट्ट, ३६ वर्षीय हर्कबहादुर सिंहलगायत नौजनालाई ०६२ फागुन ५ गते माओवादीले विद्यालय सञ्चालन भइरहेको समयमा आफ्नो जनसाँस्कृतिक कार्यक्रमका लागि भन्दै विद्यालयबाटै अपहरण गरे। पीडितहरू तीन दिनपछि मुक्त भए।

मुगु जिल्ला कोटडाँडा गाविस-८ लुई निवासी जिल्ला विकास समिति, डोटीका ओभरसियर दानबहादुर कार्की र बासुदेवी गाविस-७ निवासी जिल्ला सिंचाई उपभोक्ता समिति सदस्य नेत्रबहादुर बमलाई ०६२ फागुन २३ गते साँझ कार्यक्षेत्रबाट फर्कने क्रममा बासुदेवी गाविस-३ स्थित टुडे चिया पसलबाट अपहरण गरी भोलिपल्ट बिहानै मुक्त गरे।

गैरकानुनी गिरफ्तारी

बाजुरा जिल्लाको मानकोट गाविस निवासी २० वर्षीय बसन्त रोकाय, दहकोट गाविस निवासी १९ वर्षीय समित रोकाय, २० वर्षीय लोकबहादुर रोकाय र १७ वर्षीया हिमाकुमारी रोकायलाई ०६२ पुस २१ गते डोटी जिल्लाको सदरमुकामस्थित चेकपोष्टमा खटिएका सुरक्षाकर्मीले बिना कारण गिरफ्तार गरे। पीडितलाई पाँच दिनसम्म भीमदल गुल्ममा राखी ०६२ पुस २७ गते रिहा गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका जिल्ला कमिटी सदस्य प्रेम आले मगर, नेकाँका भूपु मेयर घनश्याम पाठक, भूपु सभापति भरतबहादुर खड्का, सभापति यज्ञराज पाठक, जिल्ला समिति सदस्य डिलबहादुर बम, नरबहादुर ढाट, जनमोर्चा नेपालका सदस्य रमेश अवस्थी र माधव जोशीलाई ०६२ माघ १० गते शान्तिपूर्ण आन्दोलनमा सहभागी भइरहेको अवस्थामा दिपायल सिलगढी नपा-७ स्थिति विमानस्थल नजिकबाट प्रहरीले गिरफ्तार गरी सोही दिन जिल्ला कारागार, डोटी चलान गरे। ०६२ माघ १९ गते कानुन व्यवसायीहरूले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिटपछि पुनरावेदन अदालतको आदेशमा ०६२ माघ २० गते पीडित रिहा भए।

जुलुसमा सहभागी सात दलद्वारा सञ्चालित शान्तिपूर्ण आन्दोलनमा बझाङ्ग जिल्ला कोइरालाकोट गाविस-८ निवासी ३० वर्षीय श्याम सुनारलाई ०६२ माघ १२ गते प्रहरीले कुटपिट गर्दा सुनारको दाँया हात भाँचियो। पीडितको उपचार डोटी जिल्ला अस्पताल र डोटीस्थित सुजुङ्ग अस्पतालमा भयो।

कपल्लेकी गाविस-९ निवासी नेकाँ जिल्ला समिति सदस्य दीपकबहादुर शाही ०६२ माघ १२ गते साँझ लोकतान्त्रिक आन्दोलनको क्रममा दिपायल सिलगढी नपामा विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। दाहिने खुट्टामा लागेको चोटका कारण पीडित हालसम्म पनि अपाङ्ग अवस्थामै रहेका छन्।

नेकाँका जिल्ला समितिका सचिव रामप्रसाद उपाध्याय, एमालेका कृष्ण मलासी, जनमोर्चाका चन्द्रदेव ओझा, प्रेमबहादुर शाह, प्रेम आलेलगायत १९ जनालाई ०६२ माघ १३ गते डोटी जिल्ला सदरमुकाम सिलगढीमा नगर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते	१	१			१	१	१		१	३	३			३
गिरफ्तारी/यातना										१६	४३	१	३५	७८
कुटपिट	९	१०		८०	९०					४	३	१		४
धम्की	३	३			३									
भेला/संगठित हुने अधिकार										५	१८	५		२३
जातीय विभेद	४	८	५		१३									
महिलाअधिकार	६		६		६									
अमानवीय व्यवहार										२	१		१	२
अपहरण						५	१३	६	१८					
जम्मा	३३	३२	११	८०	११३	६	१३	६	१९	३०	६७	७	३६	११०

निर्वाचनको विरोधमा नारा जुलुस गरिरहेको अवस्थामा प्रहरीले पार्टीका झण्डाहरू खोसी गिरफ्तार गरे। गिरफ्तारपछि १६ जनालाई सोही दिन रिहा गरियो। चन्द्रदेव ओझा, प्रेमबहादुर शाह, प्रेम आलेलाई भने सोही दिन जेल चलान गरी ०६२ माघ २० गते रिहा गरे।

दुर्गामाण्डौ गाविस-७ बायल निवासी जनमोर्चा डोटीका जिल्ला अध्यक्ष मनोज भट्टलाई ०६२ माघ १९ गते पार्टीको लोकजागरण अभियानका क्रममा दिपायल सिलगढी नपा-७ मा भाषण गरिरहेको अवस्थामा क्षेत्रीय प्रहरी कार्यालय, दिपायलका सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। कुटपिटबाट गम्भीर घाइते भएका भट्टलाई प्रहरीले नै आफ्नो गाडीमा राखेर उपचारका लागि लगेका थिए। पीडितलाई उपचारपछि प्रहरीले सोही दिन रिहा गरे।

पत्रकार योगेन्द्र बलायरलाई ०६२ चैत २४ गते जनआन्दोलनको क्रममा सूचना सङ्कलन गर्न गएको अवस्थामा प्रहरीले जिल्ला प्रशासन कार्यालयको ढोकाबाट गिरफ्तार गरे। पीडितको रिहाईको माग राख्दै पत्रकारहरूले विरोध जुलुस र धर्ना दिएपछि दुई घण्टापछि बलायरलाई प्रहरीले रिहा गरे।

जनमोर्चा डोटीका चन्द्रदेव ओझा, नरेन्द्र बिष्ट, केशवनाथ योगी र नरेन्द्र बलायरलाई ०६२ चैत २४ गते आमसभा चलिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये चन्द्रदेवलाई भोलिपल्ट रिहा गरियो भने अन्य तीनजनालाई सोही दिन साँझ रिहा गरियो।

जिल्ला बार एकाई, डोटीका उपाध्यक्ष शंकर डिपमडैं, जिल्ला वन महासंघकी अध्यक्ष मञ्जु मलासी, अपाङ्ग संघका अध्यक्ष महादेव भारती, सरिता रायमाझी र विद्यार्थी नेताहरू हरिशचन्द्र उपाध्याय, बमबहादुर कुवँर, भोजसिंह लुहार र रणबहादुर ऐर ०६२ चैत २४ गते जिल्ला प्रशासन कार्यालय अगाडि गैरसरकारी संस्था महासंघ र जिल्ला अदालत बार एकाइको नेतृत्वमा निस्किएको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले लाठीचार्ज गर्दा घाइते भए।

एमाले जिल्ला कमिटी सचिव हर्कबहादुर सिंह, राष्ट्रिय सभाका पूर्व सांसद मोहन बम, नेकाँ जिल्ला सभापति यज्ञराज पाठक, डोटी क्याम्पसका इकाई सभापति केशव उपाध्याय र जनमोर्चा डोटीका कोषाध्यक्ष नरेन्द्र बिष्टलाई ०६२ चैत २५ गते सात दलले आयोजना गरेको देशव्यापी आमहड्तालमा सहभागी भइरहेको अवस्थामा प्रहरीले स्थानीय टुडिखेल नजिकबाट गिरफ्तार गरी जेल चलान गरे। पीडितहरूलाई ०६३ वैशाख ८ गते रिहा गरियो।

दिपायल सिलगढी नपा-७ पिपल्ला बजारबाट नेकाँ जिल्ला समिति सदस्य नरबहादुर ढाट, नेविसंघ (प्रजातान्त्रिक) का उपाध्यक्ष नरेन्द्र बिष्ट, जनमोर्चाका सिद्धराज भट्टराई र नेकाँ (प्रजातान्त्रिक) का सदस्य जितबहादुर खड्कालाई



जिल्ला बारद्वारा आयोजित जुलुसमा प्रहरीद्वारा गरिएको लाठी चार्जबाट बेहोस भएका बार इकाइका उपाध्यक्ष शंकर डिपमडैं

लोकतान्त्रिक आन्दोलनमा भाग लिएको अवस्थामा ०६३ चैत २६ गते दिउँसो प्रहरीले गिरफ्तार गरी सोही दिन जेल चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

दिपायल सिलगढी नपा-७ स्थित ट्राफिक प्रहरी पोष्ट नजिकबाट नेविसंघका केन्द्रीय सदस्य २९ वर्षीय रामबहादुर रोकाया, डोटी क्याम्पसका विद्यार्थी २१ वर्षीय प्रकाशबहादुर सिंह र दिपायल सिलगढी नपाका ३८ वर्षीय प्रदीप देउवालाई ०६२ चैत ३० गते गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन जेल चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

दिपायल सिलगढी नपा-१ निवासी १९ वर्षीय प्रदिन श्रेष्ठलाई ०६२ चैत २७ गते प्रहरीले शैलेश्वरी मन्दिर नजिकै रहेको अफसेट प्रेस अगाडिबाट शान्तिपूर्ण जुलुसमा सहभागी भएको अवस्थामा कुटपिट गरी घाइते पारे। घाइतको उपचार जिल्ला अस्पताल डोटीमा भयो।

दिपायल सिलगढी नपा-७ निवासी ३५ वर्षीय यज्ञराज जोशीलाई लोकतन्त्रको पक्षमा आवाज उठाएको आरोपमा ०६२ चैत २९ गते बिहान दिपायल सिलगढी नपा-१ स्थित टुँडिखेलबाट उनलाई प्रहरीले गिरफ्तार गरी सोही दिन जेल चलान गरे। पीडित ०६३ वैशाख ८ गते रिहा भए।

काडामाडौं गाविस-९ काँडा निवासी सिलगढीमा बस्दै आएका नेपाल तरुण दलका सचिव ३४ वर्षीय बमबहादुर कठायत र नेकाँ जिल्ला समिति सदस्य ३२ वर्षीय दीर्घबहादुर कठायतलाई लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा ०६३ चैत २९ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन साँझ जिल्ला कारागार चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

दिपायल सिलगढी नपा-१ निवासी २० वर्षीय कृष्ण मलासीलाई ०६२ चैत ३१ गते जुलुसमा नारा लगाइरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयका प्रहरीले भीमदल गणको ढोका अघिल्तिरबाट गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट जेल चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

डोटी क्याम्पसका स्ववियु उपसभापति हर्कबहादुर

रावत, विद्यार्थीहरू हिमालय पुरी र देवबहादुर बमलाई ०६३ चैत ३० गते शान्तिपूर्ण विरोध जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले दिपायल नपाबाट गिरफ्तार गरी सोही दिन जेल चलान गरियो। पीडितहरू ०६३ जेठ ८ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारी सरेर आएका ४७ ओटा दुनियावादी फौजदारी मुद्दामध्ये ११ ओटा फर्स्यौट भई ३६ ओटा बाँकी रहे। यो वर्ष दर्ता भएका १४ ओटा दुनीयावादी फौजदारी मुद्दामध्ये दुईओटा फर्स्यौट भई १२ ओटा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका ८८ ओटा सरकारवादी फौजदारी मुद्दामध्ये १३ ओटा फर्स्यौट भई ७५ ओटा बाँकी रहे। यो वर्ष दर्ता भएका १३ ओटा सरकारवादी फौजदारी मुद्दामध्ये दुईओटा फर्स्यौट भई ११ ओटा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १३ ओटा देवानी मुद्दामध्ये १४ ओटा फर्स्यौट भई ९९ बाँकी रहे। यो वर्ष दर्ता भएका २७ ओटा देवानी मुद्दामध्ये दुईओटा फर्स्यौट भई २५ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म २ सय ५८ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। तीमध्ये पाँच वर्ष नाघेका एकओटा दुनियावादी फौजदारी, ११ ओटा सरकारवादी फौजदारी र एकओटा देवानी गरी १३ ओटा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

दिपायल सिलगढी नपा-४ निवासी अधिराज बिसी, सोही नपा-१ निवासी राजु नेपाली र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका संयोजक गोरख सार्की दलित भएकै कारण ०६२ चैत ९ गते बिहान शैलेश्वरी मन्दिरका पुजारी डमरू भट्टले सिलगढी मन्दिरमा पूजाआजा गर्नबाट वञ्चित गरे। पीडितहरूले आफूप्रति दूर्व्यवहार गरिएको र अन्याय भएको भन्दै दोषीउपर कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय, डोटीमा ०६२ चैत १० गते निवेदन दर्ता गराएका थिए। तर पीडितको निवेदनको कुनै सुनुवाइ भएन।

कलेना गाविस-३ निवासी ३२ वर्षीय मानबहादुर कामीलाई सोही गाविस-४ निवासी इन्द्रबहादुर साउदले ०६३ असार ६ गते राति दलित भन्दै अमानवीय व्यवहार र कुटपिट गरे।

समाज विकास केन्द्र, डोटीका मदन वागचन्द, दलित महिला संघ, फेडाका धर्मसिहं विश्वकर्मालगायत ८१ जनालाई मन्दिरमा प्रवेश गरेको आरोपमा ०६३ असोज ३ गते दिउँसो सदरमुकाम सिलगढीका केही गैरदलित व्यक्तिहरूले कुटपिट गरी घाइते पारे। दलितहरूलाई शैलेश्वरी मन्दिर प्रवेशमा रोक लगाइएकोमा सोही दिन पीडितहरू मन्दिर प्रवेश गरेकोले उनीहरूमाथि कुटपिट गरिएको थियो।

वारापाटा गाविस-७ निवासी ४५ वर्षीय चन्द्रमान नेपालीले बाजा नबजाएको आरोपमा ०६३ कात्तिक १५ गते सोही गाविस-९ निवासी भगवती निमाविका शिक्षक दीपकबहादुर बोहरा र अन्य गाउँलेहरूले नेपालीलाई कुटपिट गरे। पीडित दलित भएको कारण बाजा बजाउनु पर्ने भन्दै उनलाई कुटपिट गरिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

माओवादीबाट

दिपायल सिलगढी नपा-१४ स्थित श्रीखालीसैनका ४३ वर्षीय प्रेमबहादुर साउदले नगर निर्वाचनमा उम्मेदवारी दिएको अरोपमा ०६२ माघ २५ गते माओवादीले उनको घरमा बम विस्फोट गराई पूर्णरूपमा क्षति पुऱ्याए। विस्फोटपछि पीडित परिवारहरू सदरमुकाम सिलगढीमा विस्थापित भई एक हप्तापछि सोही ठाउँमा फर्किए।

सदरमुकामस्थित जिल्ला भू-संरक्षण कार्यालयमा ०६२ माघ २३ गते राति तीनजनाको संख्यामा रहेका माओवादीले कार्यालयका पियनलाई कार्यालय बाहिर निकाली प्रेसर कुकर बम विस्फोटन गराए।

५.४ बाजुरा



जनसंख्या : १,१७,७५१
साक्षरता प्रतिशत : ३५
महिला साक्षरता प्रतिशत : १९
क्षेत्रफल (वर्ग कि. मि.) : २११८
गाविस/नपा संख्या : २७/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २०१
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/२७
टेलिफोन लाइन : १२९
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : २
मानव विकास सूचकाङ्क : ०.३१०
प्रति परिवार सरदर संख्या : ५.७१

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

माओवादी नियन्त्रणमा मृत्यु

आटीचौर गाविस-४ ओलीगाउँ निवासी २० वर्षीय भवीन्द्र ओलीलाई ०६२ फागुन २५ गते माओवादीले जबरजस्ती आफ्नो सभामा लिएर गएकोमा सोही दिन घर फर्कने क्रममा कुल्देवमाडौंको सारेदेउमा उनको मृत्यु भयो।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। यस कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यहाँ कैद तोकिएका चारजना पुरुष कैदी छन्। कारागारमा खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। महिला पुरषका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था छ। विद्युत सेवा उपलब्ध छ। कैदीहरू बिरामी परे प्राथमिक उपचारका लागि औषधी दिईने गरेको जेलरले बताए । कहिले काहीं स्थानीय पत्रपत्रिका उपलब्ध गराइने गरेको छ। कैदीका लागि एउटा टिभी र एउटा क्यारेमबोर्ड उपलब्ध गराइएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

बाह्रबीस गाविसस्थित त्रिशक्ति माविबाट १५, शारदा निमाविबाट सात र डोगडी गाविस स्थित मष्टेश्वरी माविबाट २१ जना विद्यार्थीहरूलाई ०६२ फागुन ११ गते आफ्नो पार्टीको अभियानका लागि माओवादीले अपहरण गरे। पीडितहरू गुदुखातीस्थित भवानी निमाविबाट सोही दिन मुक्त भए।

बाह्रत्रीस, बुल्देवमाण्डौं, तोली, कैलाशमाण्डौका गरी १५ विद्यालयका शिक्षक, विद्यार्थी र ती गाँउका सर्वसाधारण गरी तीन सयभन्दा बढीलाई ०६२ फागुन २५ गते अपहरण गरी मौरेमा आयोजित आफ्नो पार्टीको कार्यक्रममा सहभागी गराए। पीडितहरू सोही दिन मुक्त भए।

जिल्ला प्रहरी कार्यालय, बाजुरामा कार्यरत प्रहरी जवान कृष्ण अवस्थी, राजेन्द्र नाथ र चन्द्रदेव भट्टलाई ०६३ वैशाख २० गते माओवादीले उनीहरू घर बिदामा जान लागेका बेला ब्रम्तोला गाविसको सेराबाट नियन्त्रणमा लिई दुई घण्टापछि सोही स्थानबाट मुक्त गरे।

पाण्डुसैन गाविस-८ निवासी १५ वर्षीया सितलपुरा खड्का र कासिपुरा सिंहलाई माओवादीले ०६३ असोज २२ गते घरबाटै अपहरण गरी असोज २६ गते अभिभावकको रोहबरमा पाण्डुसैनबाटै मुक्त गरे।

गोत्री गाविस-५ थारेकाँडा निवासी २४ वर्षीय दलबहादुर खत्रीले पार्टीको पैसा हिनामिना गरेको आरोपमा ०६३ कात्तिक ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक ९ गते काभ्रिबाट मुक्त गरे। माओवादीले आफूसँग १ लाख ५० हजार माग गरेको पीडितले बताए।

मानकोट गाविस-२ विजयढुङ्गा निवासी १५ वर्षीय भुपाल रोकायाले आफ्नो पार्टीविरुद्ध षडयन्त्र गरेको आरोपमा ०६३ कात्तिक १० गते माओवादीले उनलाई गाउँबाटै अपहरण गरे। दशैं बिदाको समयमा घर गएका रोकायालाई माओवादीले कुटपिट गर्नुका साथै मानसिक यातना दिएर विभिन्न गाउँ घुमाएका थिए। मानवअधिकारकर्मी र स्थानीय बासिन्दाको चर्को दबाबपछि माओवादीले पीडितलाई ०६३ कात्तिक २६ गते जुगाडाबाट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सदरमुकाम मार्तडीस्थित मालिका उच्च माविका शिक्षक डिल्लीसिंह बोगटी र व्यापारी हस्त कुँवरलाई ०६३

वैशाख २४ गते हनुमानध्वज गुल्मका सैनिक जवान वीरेन्द्र शाहीले मदिरा सेवन गरी मार्तडीमा कुटपिट गरे। कुटपिटपछि सदरमुकामका व्यापारी, विद्यार्थी र सर्वसाधारणले ब्यारेक घेराउ गरेका थिए। गुल्मका प्रमुख रामबहादुर थापाले सैनिक जवान शाहीलाई सैनिक ऐन अनुसार कारवाही हुने बताए। तर, कारवाही भए नभएको बारे कुनै कुरा सार्वजनिक गरिएन।

माओवादीबाट

मार्तडी-२ निवासी पत्रकार महासंघ बाजुराका सभापति २८ वर्षीय दयाराम पण्डित लाई ०६३ कात्तिक ७ गते भाइ टीका लगाउन घर गएको समयमा माओवादीका मार्तडी गाउँ जनसरकार प्रमुख नन्दराम पण्डितले ज्यान मार्ने धम्की दिँदै गाली गरे। यसअघि पीडकले ०६३ असोज ८ गते पीडितसँग १० हजार रुपैया माग गर्दै धम्क्याएका थिए।

गैरकानुनी गिरफ्तारी

गोत्री गाविस महती निवासी माओवादी कार्यकर्ता १६ वर्षीय राकेश भण्डारीलाई ०६२ चैत १० गते सुरक्षाकर्मीले पाण्डुसैन गाविसबाट गिरफ्तार गरे। पीडित जिल्ला कारागार मार्तडीबाट ०६३ जेठ १६ गते रिहा भए।

पाण्डुसैन गाविस-५ जौलाखेल निवासी माओवादी कार्यकर्ता १९ वर्षीय भीमबहादुर थापालाई ०६२ चैत ९ गते सुरक्षाकर्मीले पाण्डुसैनबाट गिरफ्तार गरे। पीडित ०६३ जेठ १६ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुनेअधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कुल्देवमाण्डौ गाविस-१ कोट निवासी ४१ वर्षीय मेघराज जोशीलाई ०६२ चैत २४ गते जनआन्दोलन-२ लाई सघाउन मार्तडी बजारका पसलहरू बन्द गर्न आह्वान गरिरहेका बेला प्रहरीले मार्तडीमा गिरफ्तार गरी दोस्रो दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

मार्तडी बजार निवासी चन्द्र शाहलगायतका १८ जनालाई जनआन्दोलनको क्रममा ०६२ चैत २६ गते प्रहरीले हस्तक्षेप गरी कुटपिट गरे।

नेकाँका पदम बढुवाल, एमालेका नरेश शाही नेकाँ(प्रजातान्त्रिक) का धनराज पण्डित, लगायत १० जनालाई ०६२ चैत २६ गते शान्तिपूर्ण जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले मार्तडीबाट गिरफ्तार गरी पाँच घण्टापछि रिहा गरे।

एमाले कार्यकर्ता तेजबहादुर शाह, काँग्रेसका देवबहादुर रोकाया र नेकाँ (प्रजातान्त्रिक) का चेतमान सिंहलगायत ११ जनालाई ०६२ चैत २७ गते शान्तिपूर्ण जुलुस गरिरहेका बेला मार्तडीमा प्रहरीले गिरफ्तार गरी सात घण्टापछि रिहा गरे।

पत्रकार महासंघका सभापति दयाराम पण्डित, पत्रकारहरू हरिनारायण सञ्ज्याल , सर्पलाल गिरी र इन्सेक जिल्ला प्रतिनिधि अर्जुन शाहलाई ०६२ चैत २८ गते जनआन्दोलनका क्रममा अनुगमन गर्न जाँदा डिएसपी कञ्चन थापा तथा निमित्त प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले नारा जुलुस नगर्नु भनी धम्काए। प्रजिअले केही अप्रिय घटना भए आफूहरू जिम्मेवार नहुने पनि बताए।

मार्तडीमा ०६३ वैशाख २ गते भएको शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीले हस्तक्षेप गरी नेकाँ(प्रजातान्त्रिक)का धनराज पण्डित र नेकपा एमालेका धीरेन विकलगायत १० जनालाई कुटपिट गरे।

जनआन्दोलन-२ का क्रममा शान्तिपूर्ण रूपमा विरोध जुलुस गर्न लागेका राजनीतिक दल, पेशाकर्मी लगायतलाई०६३ साल वैशाख ४, ७, ८ र ९ गते प्रशासनले सभा गर्नमा प्रतिबन्ध लगाए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते										१	५			५
गिरफ्तारी/यातना										४	४			४
कुटपिट					१	१			१	४	११	२		१३
धम्की					५	३	१	१९९	३०३	३	१		५	६
भेला/संगठित हुने अधिकार										८	१७		३४	४१
महिलाअधिकार	३	३		३										
बालअधिकार	१		१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३			३					
अपहरण					९	८	३	१३१	१४१					
जम्मा	३	३	१	३	१६	१३	३	३३०	३४६	३०	३८	२	३९	६९

जुगाडा गाविस-५ स्थायी घर भई मार्तडी-५मा बसोबास गर्दै आएका ३६ वर्षीय लालबहादुर कार्कीलाई जनआन्दोलन-२ का क्रममा मार्तडीमा शान्तिपूर्ण रूपमा नारा लगाइरहेका बेला ०६३ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरी दुई घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

मार्तडीका व्यापारी रोशन श्रेष्ठ र सिंह बोहरालाई जनआन्दोलन-२ को क्रममा जुलुसमा सहभागी भएको आरोपमा ०६३ वैशाख ७ गते प्रहरीले मार्तडी बजारबाट गिरफ्तार गरी एक घण्टापछि रिहा गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा २७ ओटा, तीमध्ये यो वर्ष फर्स्यौट भएका १७ ओटा देवानी र १५ फौजदारी नभएका नौ ओटा यो वर्ष दर्ता भएका दुनियावादी फौजदारी मुद्दा छओटा, ती मध्ये फर्स्यौट भएका तीनओटा नभएका तीनओटा। यो वर्ष परेका दुनियावादी फौज्दारी मुद्दा नौओटा यो वर्षको अन्त्यमा बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा जम्मा ३ ओटा र देवानी ३ ओटा रहेका छन्।


आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति कब्जा, आगजनी

माओवादीबाट

काँडा गाविस-५ काँडा निवासी भुपाल सिंहको घरमा ०६२ चैत ३ गते माओवादीले लुटपाट गरी सुन-चाँदीलगायत लाखौंको पैतृक सम्पत्ति लिएर गए। पीडित पूर्व गृहमन्त्री प्रकाशबहादुर सिंहका छोरा भएको कारण सामन्त भएको आरोप माओवादीले लगाए।

५.५ बझाङ



जनसंख्या : १,७९,५२९
साक्षरता प्रतिशत : ३५
महिला साक्षरता प्रतिशत : २०
क्षेत्रफल (वर्ग कि. मि.) : ३४२२
गाविस/नपा संख्या : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय : २८८
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : १/४५
टेलिफोन लाइन : १२६
मोटर सडक (कि. मि.) : ६०
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : १५
मानव विकास सूचकाङ्क : ०.३४३
प्रति परिवार सरदर संख्या : ६.२८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

खिरातडी गाविस-६ मटेला गाउँ निवासी ११ वर्षीय शिव ताम्राकारको माओवादीले झोलामा राखेको बम ०६३ वैशाख २९ गते बिहान विस्फोट हुँदा मृत्यु भयो। माओवादीले पीडितकै घरमा राखेको झोला चलाउँदा बम विस्फोट भएको थियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

नेपाल खाद्य संस्थानमा विस्फोट गराउने उद्देश्यले माओवादीले राखेको बम ०६२ फागुन २३ गते बिहान निष्क्रिय गराउन खोज्दा दार्चुला जिल्ला घर भई दुर्गाभञ्ज्याङ ब्यारेकका सैनिक जवान २८ वर्षीय जयबहादुर बोहरा घाइते

भए। उनको उपचार वीरेन्द्र सैनिक अस्पताल काठमाडौंमा भयो।

जेल र बन्दी

यस जिल्लामा 'ङ' श्रेणीको कारागार रहेको छ। कारागारको क्षमता २५ जनाको छ। कारागारमा कैद तोकिएका सात पुरुष र एक महिला गरी जम्मा आठजना कैदी छन् भने थुनुवा छैनन्। जेलमा शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री उपलब्ध छ। पानीको सुविधा पर्याप्त छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

कडेल गाविस-७ निवासी ३२ वर्षीय गगन एडी र २८ वर्षीय कमल ऐडीले माओवादीका नाममा चन्दा मागेको आरोपमा ०६२ माघ १६ गते राति माओवादीले उनीहरूलाई अपहरण गरी ०६२ माघ २६ गते रकमसहित हाजिर हुने सर्तमा भोलिपल्ट मुक्त गरे।

लामातोला गाविस-२ निवासी २८ वर्षीय धनबहादुर सिंहले एक महिलालाई गर्भवती बनाएको अरोपमा ०६२ चैत २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ वैशाख ११ गते सुनकुडा गाविसबाट मुक्त गरे ।

मटेला गाविस-२ निवासी १८ वर्षीय बलराम गिरीले सोही गाविस-२ निवासी ३१ वर्षीय कृष्ण गिरीको ४३ हजार नगद रूपैया चोरी गरेको आरोपमा ०६३ भदौ २९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई ०६३ असोज ४ गते मुक्त गरे।

लेकगाऊँ गाविस-८ थलिनोबीस निवासी १९ वर्षीय अम्मरबहादुर पूजारा र सोही ठाउँ निवासी २४ वर्षीय ऐनबहादुर पुजारालाई दीपक जप्रेलको हत्या गरेको आशंकामा ०६३ कात्तिक ११ गते राति माओवादीले घरबाटै अपहरण गरे। पीडितहरू हालसम्म पनि मुक्त भएका छैनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

हेमन्तवाडा गाविस-१ पडेश निवासी २८ वर्षीय रोशनबहादुर खड्कालाई ०६२ पुस २१ गते दुर्गाभन्जाङ्ग ब्यारेकका लेफ्टिनेन्ट खिलबहादुर रानाले सैनिकहरू सदरमुकाममा बाटो सरसफाई गरिरहेको अवस्थामा बाटोमा जबरजस्ती काम गर्न लगाई कुटपिट गरे।

लुयाटा गाविस-१ गोलाई निवासी जिल्ला शिक्षा कार्यालयका पियन ३० वर्षीय गोरखबहादुर खातीलाई ०६२ फागुन १ गते राति आफ्नो कार्यालयमा खटिएको समयमा जिल्ला प्रहरी कार्यालयका असई प्रतापसिंह रावलले बाँया हात भाँचिने गरी कुटपिट गरे। पीडितको उपचार नेपालगञ्ज अस्पतालमा भएको भए पनि पूर्ण रूपमा निको हुन सकेको छैन्।

रिठापाटा गाविस-४ सिमखेतका २४ वर्षीय पंकजबहादुर जोशीले सुरक्षाकर्मीलाई झुठा खबर दिएको आरोपमा ०६२ फागुन २३ गते सुरक्षाकर्मीले उनलाई कुटपिट गरे। पीडितको उपचार जिल्ला अस्पतालमा भएको थियो।

रिठापाटा गाविस-६ निवासी २५ वर्षीय केशव खड्का, सोही ठाउँ निवासी २८ वर्षीय दीपक कठायत र २५ वर्षीय नरेन्द्र खड्का जनआन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ७ गते सुरक्षाकर्मीले उनीहरूलाई सदरमुकामको बाउली खोलाको नाकामा कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					१	१			१					
घाइते	३	३	४	६	३	१		१	३					
गिरफ्तारी/यातना										३	५		१९	३४
कुटपिट	८	८		८	४	८			८	७	१३			१३
धम्की	१	१		१	३			६	६	३	१		६००	६०१
भेला/संगठित हुने अधिकार										३	३	३	६१	६६
जातीय विभेद	१	१		१										
महिलाअधिकार	३		५	५										
बालअधिकार	१		१	१	४			१	१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१	१	३	१	१			१					
अमानवीय व्यवहार	३	३		३	३	३			३	१	१			१
अपहरण					१९	३८	६	५०	८४					
जम्मा	३३	१६	११	३७	३६	४१	६	५८	१०५	१५	३३	३	६८०	७०५

माओवादीबाट

कोइरालकोट गाविस-३ घोडादाउना निवासी ६५ परिवारले सामाजिक कामकालागि जम्मा गरेको १ लाख ५० हजार रूपैयाँ माओवादीले ०६३ जेठ १८ गते लुटेर लगे।

सुर्मा गाविस-२ निवासी ३६ वर्षीय कृष्ण पुजारा २८ वर्षीय जंग पुजारा, ३० वर्षीय गोरख पुजारा र ४२ वर्षीय टीका पुजाराले काठमाडौंमा जडीबुटी व्यापार गर्ने ३८ वर्षीय राप्तेन लामाको १८ किलो यार्चागुम्बा र अघिल्लो वर्ष २ लाख ५० हजार चोरी गरेको आरोपमा ०६३ साउन १२ गते माओवादीले उनीहरूलाई कुटपिट गरे। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो।

लामातोला गाविस-२ निवासी जय पृथ्वी क्याम्पसका स्ववियु सचिव २८ वर्षीय लोकेन्द्रबहादुर सिंहलाई आफ्नो कार्यक्रममा आमन्त्रण गर्दा उपस्थित नभएको आरोपमा ०६३ असोज ३ गते माओवादीका एरिया न. १० का इन्चार्ज प्रवीणले कुटपिट गरे। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका कार्यालय सचिव जन्मजय जोशी, पाउसरा थापा, खडकबहादुर खड्का, देवी ऐडीलगायत ४० जनालाई ०६२ फागुन ७ गते सात दलले प्रजातन्त्र पुनर्स्थापनाका लागि गरिरहेको विरोध च्यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी कुटपिट गरे। सोही समयमा पाटादेवल गाविसका अध्यक्ष गणेश थापालाई गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो। घाइतेहरूको उपचार जिल्ला जनस्वास्थ्य कार्यालयमा गरिएको थियो।

एमालेका मानप्रसाद खत्री, अर्जुन थापा, नेकाँका मोहनराज बजाललगायत २० जनालाई ०६२ फागुन १९ गते सदरमुकाममा सात दलका नेता तथा कार्यकर्ताहरूले संयुक्तरूपमा नारा जुलुस गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

भैरबनाथ गाविस-३ झोता निवासी ४८ वर्षीय कलकबहादुर धामीलाई जनआन्दोलनमा भाग लिन गएको आशंकामा ०६३ चैत ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालय, बझाङबाट रिहा गरे।

कँडेल गाविस-७ निवासी ३५ वर्षीय शिवु सार्की र सोही गाविस-७ निवासी ३८ वर्षीय कर्ण मण्डेललाई ०६३ वैशाख १० गते जनआन्दोलनमा नारा जुलुस गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ६ घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा यस वर्ष देवानी मुद्दा २७ ओटा रहेका छन्। जसमध्ये सातओटा मुद्दा फर्स्यौट भएका छन् भने २० ओटा मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छन्। यसैगरी १६ ओटा फौजदारी मुद्दाहरू दर्ता भएका छन् जस अन्तर्गत आठओटा मुद्दाहरू फर्स्यौट भएका छन् भने आठओटा फर्स्यौट हुन बाँकी छन्।

बाल अधिकार

लामातोला गाविस-६ निवासी १५ वर्षीय खगेन्द्र जोशीलाई बजारमा चोरी गरेको आरोपमा ०६३ साउन ११ गते सुरक्षाकर्मीले स्थानीय सीमखेत बजारबाट गिरफ्तार गरी ०६३ साउन १८ गते जिल्ला कारागार चलान गरे। पीडित बालक हाल कारागारमा छन्।

माओवादीबाट

चैनपुर गाविस-१ निवासी स्थानीय नमुना प्राविको ५ कक्षामा अध्ययनरत १३ वर्षीया अनिता नेपालीलाई ०६३ जेठ १० गते माओवादीले अपहरण गरी अभियानमा संलग्न गराए। पीडितलाई ०६३ जेठ २२ गते मुक्त गरे।

दौलीचौर गाविस-५ घोगाडा निवासी-१६ वर्षीय श्यामबहादुर विकलाई ०६२ जेठ १३ गते माओवादीले अपहरण गरी कैलाली जिल्लाको सहजपुरमा रहेको माओवादीको सातौँ डिभिजनमा राखे।

खिरातडी गाविस-८ बिजगडाकी ६ कक्षामा अध्ययनरत १४ वर्षीया बृहस्पती जोशीले श्री सरस्वती उच्चमाविको दश कोठे भवनमा आगो लगाई कम्तीमा १ करोड ६५ लाख बराबरको क्षति पुऱ्याएको आरोपमा ०६३ जेठ १६ गते माओवादीले अपहरण गरे। पीडितलाई ०६३ असार १५ गते मुक्त गरे।

चैनपुर गाविस-१ निवासी श्री बालमन्दिर प्राबि कक्षा चारमा अध्ययनरत १३ वर्षीया पूजा रसाइली , नमुना प्राबि ५ कक्षामा अध्ययनरत १२ वर्षीया बेगमती रसाइली र सत्यवादी माबि कक्षा आठमा अध्ययनरत १४ वर्षीया शर्मिला रसाइलीलाई ०६३ जेठ ११ गते माओवादीले अपहरण गरे। पीडितलाई ०६३ जेठ १८ गते माओवादीले पीडितका आमाबुबालाई जिम्मा लगाई देउलेखबाट मुक्त गरे।

रिठापाटा गाविस-६ रिठास्थित श्री जालपा माविको ८ कक्षामा अध्ययनरत १४ वर्षीय अनन्तराम खड्कालाई ०६३ असार १८ गते माओवादीले अपहरण गरी आफ्नो अभियानमा संलग्न गराए। पीडित ०६३ असार २८ गते माओवादी नियन्त्रणबाट भागेर घर फर्किए।

सुबेडा गाविस-१ निवासी सुनिपिपल चौर माविको ५ कक्षामा अध्ययनरत १३ वर्षीय सुरेश नेपालीलाई ०६३ भदौ १ गते माओवादीले अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

रिठापाटा गाविस-५ निवासी कक्षामा आठमा अध्ययनरत १५ वर्षीय दीपकबहादुर बम र सोही गाविस-६ निवासी १४ वर्षीय उद्धबबहादुर खड्कालाई ०६३ साउन १७ गते माओवादीले अपहरण गरी अभियानमा लगाए। पीडितहरू ०६३ भदौ १५ गते भागेर घर फर्किए।

रिठापाटा गाविस-५ पैयातोला निवासी १४ वर्षीय विमल जोशीलाई ०६२ फागुन ५ गते, रिठापाटा गाविस-५ पानीपाटा निवासी १४ वर्षीय मने सार्कीलाई ०६३ जेठ १३ गते, रिठापाटा गाविस-८ निवासी १५ वर्षीय ९ कक्षामा अध्ययनरत विमला दमाईलाई ०६३ भदौ १३ गते, रिठापाटा गाविस-४ घोडादाउने निवासी १३ वर्षीय स्याने जोशीलाई ०६३ कात्तिक १० गते, रिठापाटा गाविस-४ निवासी १४ वर्षीय सुरेश नेपालीलाई ०६३ कात्तिक १३ गते माओवादीले अपहरण गरी कैलाली जिल्लाको मसुरियास्थित क्याम्पमा भर्ना गरे।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

प्रमुख जिल्ला अधिकारी दुर्गादत्त पौडेलले ०६३ वैशाख २९ गते महिला विकास अधिकृत प्रबला श्रेष्ठसँग बहुविवाह गरे। जिल्लाको जिम्मेवार व्यक्तिले कानुन विपरीत कार्य गरेको भन्दै स्थानीय नागरिक समाजका व्यक्तिहरूले कारबाहीका लागि जिल्ला अदालत, बभाङ्गमा मुद्दा दायर गरे। जिल्ला अदालत, बभाङ्गले २ हजार ५ सय धरौटी राखी पौडेललाई तारेखमा रिहा गर्ने आदेश दियो।

दौलीचौर गाविस-७ गजौना निवासी २६ वर्षीया एक महिलालाई ०६३ असार ३१ गते राति सोही गाउँकै विष्णुबहादुर बोहाराले कुटपिट गरी कपडा च्याती बजारमा नाङ्गै छोडे। पीडित महिलाले न्यायका लागि प्रहरी बिट बभाङ्गमा उजुरी हाले पनि पीडकलाई कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

रिठापाटा गाविस-८ देवला निवासी ३० वर्षीय रमेश नेपालीलाई ०६३ असोज १७ गते राति सोही ठाउँ निवासी ३२ वर्षीय दीपक धामीले आफूलाई गाली बेइज्जती गरेको भनी आफ्नै घरको आगनमा डोरीले हात खुट्टा बाँधी कुटपिट गर्नुका साथै 'डुम' भन्दै गाली बेइज्जत गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

अञ्चल प्रहरी कार्यालय, धनगढीबाट जिल्ला प्रहरी कार्यालय, बभाङ्गको लागि पठाइएका कपडाहरू ज्याकेट , राइफल, भिड नियन्त्रणका सामान र बन्दोबस्तीका सामानहरू ०६३ असोज २८ गते माओवादीले बभाङ्गको भाँडेबगरबाट कब्जामा लिई झोता ठाउँमा ०६३ असोज ३१ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा छोडे।

संरचना क्षति


माओवादीबाट

रिठापाटा गाविसको गाविस भवन ०६२ फागुन २२ गते राति माओवादीले प्रेसरकुकर बम विस्फोट गराई पूर्ण रूपमा ध्वस्त गरे। गाविस भवनभित्र रहेका कागजात टेबुल, कुर्सीलगायत भवन पूर्ण रूपमा जलेर नष्ट भए।

विस्थापित

बभाङ्ग जिल्लामा विगत दश वर्षको समयमा विभिन्न आरोपमा माओवादी र सरकारपक्षबाट हाल सम्म १६ परिवारका ४० जना विस्थापित भए। त्यसमध्ये तीन जना आफ्नो घर फर्किसकेका छन्। बाँकी ३७ जना अझै पनि घर फर्किएका छैनन्। हालसम्म पुनर्स्थापित भएकाहरूमा ब्यासी गाविस-५ निवासी ऐनबहादुर दर्जी, रिलु गाविस-२ निवासी मिनबहादुर बोहरा र पिपलकोट गाविस-८ निवासी धनबहादुर सिंह रहेका छन्।

५.६ कञ्चनपुर



जनसंख्या	: ४,३९,०३६
साक्षरता प्रतिशत	: ६०
महिला साक्षरता प्रतिशत	: ४५
क्षेत्रफल (वर्ग कि. मि.)	: १६१०
गाविस/नपा संख्या	: १९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३१४
क्याम्पस/उच्च मा.वि.	: ८/१७
अस्पताल/स्वास्थ्य चौकी	: २/२१
टेलिफोन लाइन	: ४०००
मोटर सडक (कि. मि.)	: २१५
प्रहरी कार्यालय संख्या	: १४
हुलाक संख्या	: २३
मानव विकास सूचकाङ्क	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ७.३०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सुडा गाविस-५ सुन्दरपुरमा नाम, ठेगान नखुलेका दुईजना माओवादीलाई ०६२ माघ २५ गते सुरक्षाकर्मीले गोली हानी उनीहरूको हत्या गरे। स्थानीय एक घरमा सेल्टर लिई बसेका दुवैजनालाई भाग्ने क्रममा सुरक्षाकर्मीले गोली प्रहार गरेको प्रत्यक्षदर्शीहरूले बताए।

सुडा गाविस-३ सिसैयामा ०६२ माघ २४ गते राति भएको सुरक्षा कारबाहीमा एक माओवादी कार्यकर्ता मारिए। सुरक्षाकर्मीलाई लक्षित गरी सोही ठाउँमा विद्युतीय धराप थाप्ने क्रममा सुरक्षा कारबाही गरिएको सेनाले जनायो। पीडितको नाम ठेगाना खुल्न सकेन।

माओवादीबाट

नेपाली सेनाको सिंहपुर पोष्टमा कर्यरत हवल्दार रमेश विष्ट सुराकी भएको आरोपमा ०६२ चैत १० गते घरायसी काममा गएका बेला माओवादीले उनलाई रौतेली गाविस-७ इमिलियामा गोली हानी उनको हत्या गरे।

गोली /बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

शैलेश्वरी गण अर्जुनीका प्रहरी जवान देवराज कठायतको माओवादीले दैजी गाविसस्थित महेन्द्रराजमार्गको चौधर पुलमा राखेको अवरोध हटाउने क्रममा ०६२ माघ २४ गते भएको बम विस्फोटमा परी मृत्यु भयो। सोही विस्फोटमा सशस्त्र प्रहरीका जवानहरू अनन्त बस्नेत, रामबहादुर सावद, अनिल ठाकुर र रञ्जीत रिजाल घाइते भए। पीडतहरूको नेपालगञ्ज अस्पतालमा उपचार भयो।

कञ्चनपुर जिल्लाको दोधारा निवासी प्रहरी जवान प्रेम सारूमगर र बैतडी घर भएका प्रहरी जवान मोहनदेव जोशी ०६२ माघ ६ गते माओवादीको गोलीबाट घाइते भए। महेन्द्रनगर नपाका-६ स्थित ट्राफिक चोकमा यात्रु चेक जाँचमा खटिएको प्रहरी टोलीमाथि माओवादीले गोली प्रहार गरेका थिए। पीडितहरूको उपचार नेपालगञ्जमा भयो।

प्रहरी जवानहरू कैलाली जिल्ला निवासी थमन ओली, डोटी जिल्ला निवासी कृष्ण खड्का र महेन्द्रनगर नपा-६ निवासी ६२ वर्षीय दुर्गा जोशी ०६२ पुस २१ गते दिउँसो माओवादीले महेन्द्रनगर नपा-६ स्थित ट्राफिक चोकनजिक प्रहार गरेको गोलीबाट घाइते भए। पीडित जोशीको उपचार भारतको बरेली र बाँकी दुईजनाको उपचार नेपालगञ्जमा भयो।

बेवारीसे बमबाट

कृष्णपुर गाविस-९ बालुवाफाँटा निवासी १८ वर्षीय रामबहादुर चौधरी ०६३ असार २० गते आफ्नै घर छेउमा छाडिएको बेवारिसे बम विस्फोट हुँदा घाइते भए। पीडितको बायाँ हातको तीनओटा औंलामा चोट लाग्यो।

अन्यबाट

झलारी गाविस-२ शान्तिपुर निवासी ५५ वर्षीय लक्ष्मीदेवी भट्ट, उनकी बुहारी २५ वर्षीय नन्दा भट्ट र २५ वर्षीय लक्ष्मी भट्ट ०६२ फागुन ८ गते राति अज्ञात व्यक्तिले गरेको बम विस्फोटमा परी घाइते भए। आफ्नै घरमा सुतिरहेको अवस्थामा घरछेउमा गराईएको विस्फोटबाट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६		६	३	३		३	३	१		३	३
घाइते	३	३	३	५	४	१०		१०					
गिरफ्तारी/यातना									३४	६३	६		६९
कुटपिट	१	१	१	३	३	५		५	५	३१	१०	१३३	१६३
धम्की									१	१			१
भेला/संगठित हुने अधिकार									१३	११७	७	६०	१८४
जातीय विभेद	१		१	१									
भूमिहीन/सुकुम्बासी समस्या									३			६५०	६५०
महिलाअधिकार	३		३	३					१		१		१
बालअधिकार	१	१		१					१	४			४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार									१	४			४
अमानवीय व्यवहार	७	७		७	१	३		३					
अपहरण					१७	३८	९	४७					
जम्मा	३१	१७	७	३४	३७	५८	९	६७	५०	३११	३४	८४४	१०७९



इन्सेक जिल्ला प्रतिनिधि युवराज घिमिरेलाई आन्दोलन अनुगमनको क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै

घरको भित्ता भत्किएर बमको छर्रा लागी उनीहरू घाइते भएका थिए। पीडितहरूको उपचार नेपालगञ्ज अस्पतालमा गरियो।

बर्दिया जिल्लाको देउडाकला गाविस-३ निवासी ४० वर्षीय दलबहादुर विक ०६३ असोज ३१ गते महेन्द्रनगर नगरपालिका-१० सुकासाल चौराहमा अज्ञात व्यक्तिहरूले चलाएको गोली लागी घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भएको थियो।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको जिल्ला कारागार छ। ७५ जना क्षमता रहेको यस कारागारमा ३० जना पुरुष कैदी रहेका छन्। १३ जना पुरुष र दुई महिला गरी १५ जना थुनुवाहरू छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री आदि उपलब्ध छ। कारागारका कैदीहरूले आममाफीको माग गरी समय समयमा विरोध कार्यक्रम गर्दै आएका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

सर्लाही जब्दी घर भई शुक्लाफाँटा आरक्षमा माउते काम गर्ने ३५ वर्षीय प्रकाश चौधरीलाई अनमेल विवाह गरेको आरोपमा ०६३ भदौ २९ गते माओवादीले शुक्लाफाँटा आरक्षको हात्तिसारबाट अपहरण गरी १५ दिनपछि चाँदनी गाविसबाट मुक्त गरे। पीडितले दोधारा गाविस-३ निवासी १८ वर्षीय एक युवतीसँग ०६३ साउन २७ गते गरेको विवाह माओवादीले बदर गराए।

भारतको चण्डीगढ निवासी लखमिरसिंह सिन्ध, राजीवकुमार र दोधारा गाविस-३ घर भई बारमा काम गर्ने एक महिलालाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन ३० गते माओवादीले महेन्द्रनगर नपा-१० गड्डाचौकीको मोनालिसा बियर एण्ड बार रेष्टुराँबाट अपहरण गरे। पीडितहरूलाई भोलिपल्ट महेन्द्रनगरको मदनचोकमा सार्वजनिक गरी मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा मुक्त गरे।

देखतभुली गाविस-७ निवासी शेरबहादुर ऐर, मन्त्री राना, शेरबहादुर राना, ज्ञानसिंह राना, धौलसिंह कुँवर र विरखु रानाले चोरी गरेको आरोपमा ०६३ असार २२ गते माओवादीले अपहरण गरी ०६३ असार २९ गते मुक्त गरे।

कृष्णपुर गाविस-४ वाणीघर निवासी एमाले जिल्ला सदस्य महेशदत्त जोशीलाई विद्यालय निर्माण सम्बन्धी विवादलाई लिएर ०६३ असार ६ गते माओवादीले अपहरण गरी ७ घण्टापछि सोही गाविसको पहरियाबाट मुक्त गरे।

महेन्द्रनगर नपा-३ निवासी १८ वर्षीय रतन सावद, महेन्द्रनगर नपा-९ निवासी १९ वर्षीय प्रवीण कार्की, महेन्द्रनगर नपा-१० निवासी २० वर्षीय महेश टमटा, महेन्द्रनगर नपा-१८ निवासी १९ वर्षीय टेकराज जैशी र सुडा गाविस-६ निवासी १८ वर्षीय खगेन्द्रसिंह भाटले सुराकी गरेको आरोपमा ०६२ चैत १५ गते धनगढी जाने क्रममा माओवादीले अपहरण गरे। पीडितहरूमध्ये टेकराज जैशी र महेश टमटालाई ०६३ वैशाख २ गते डडेल्धुराको जोगबुडाबाट मुक्त गरे। बाँकी तीनजना ०६३ वैशाख २ गते कब्जाबाट माओवादीले भागेको जनाए।

कालिका गाविस-४ आइविआरडीमा व्यापार गरी बस्ने राकेश खडायत, रामहरि लोहनी र भारतीय नागरिक पप्पु खानले सुराकी गरेको आरोपमा ०६२ चैत ७ गते माओवादीले सोही ठाउँबाट अपहरण गरे। खडायत र लोहनीलाई भोलिपल्ट सोही गाविसको मोती बस्तीबाट मुक्त गरे। भारतीय नागरिक पप्पुखान ०६२ चैत १७ गते माओवादी कब्जाबाट भागे।

रामपुरबिलासीपुर गाविस-९ निवासी ३८ वर्षीय चमरु रानाले सामुदायिक वनमा भष्टाचार गरेको आरोपमा ०६२ फागुन २२ गते माओवादीले घरबाटै अपहरण गरे। उनी चैत १३ गते माओवादी कब्जाबाट भाग्न सफल भए।

श्रीपुर गाविस-६ शान्तिपुर निवासी २६ वर्षीय सुरेन्द्र विष्टले स्थानीय एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ माघ १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ वैशाख २० गते मुक्त गरे। पीडितका परिवारले भने व्यक्तिगत रिसइवीका कारण अपहरण गरिएको बताए ।

महेन्द्रनगर नगरपालिका-९ मटैना निवासी प्रधानाध्यापक खडकसिंह विष्टले विद्यालय सम्बन्धी तथ्याङ्क माग्न आएका माओवादी समर्थित शिक्षक संगठनका प्रतिनिधिसँग दुर्व्यवहार गरेको आरोपमा ०६३ पुस १३ गते माओवादीले उनलाई विद्यालयबाट अपहरण गरी भोलिपल्ट

शिक्षा कार्यालय उपस्थित हुने शर्तमा सोही दिन महेन्द्रनगर बजारबाट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

रौतेलीबिचवा गाविस-७ इमिलिया निवासी ५७ वर्षीय मोहन राना, ३९ वर्षीय सुख डगौरा र ४९ वर्षीय चमरु रानाले माओवादीलाई सघाएको आरोपमा ०६३ चैत १० गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। भोलिपल्ट सोही घटनालालाई लिएर गाउँका ३५ वर्षीया पार्वती राना, ३३ वर्षीया विष्ना चौधरी, ४२ वर्षीय सुदामा राना, ४८ वर्षीया वतीदेवी राना, ४५ वर्षीय मधोवर राना, ४० वर्षीया डुन्डीदेवी राना, ४० वर्षीय मधोवन राना, ३८ वर्षीया बिन्दरा राना, ३६ वर्षीया दुलारी राना, ५८ वर्षीया गोमती टमटा, ४२ वर्षीया मञ्जु राना, ४३ वर्षीय चेतराझ राना, ४० वर्षीय रामझनक राना, ४० वर्षीय रामचन राना, ६० वर्षीय दानसिंह राना,४० वर्षीय रतिराम राना, १२ वर्षीय धुम्मन राना, १४ वर्षीय मुलचन रानालगायत करिब डेढ सय सर्वसाधारणलाई नेपाली सेनाको सिंहपुर पोष्टमा बोलाएर कुटपिट गरे। दुई दिनअघि माओवादीले सेनाका एक जवानको हत्यामा सहयोगी भएको आरोपमा सेनाले उनीहरूलाई पोष्टमा बोलाएको थियो। पोष्टमा पुगेपछि सबैलाई घोप्टो पर्न लगाई शरीरको पछाडि भागमा कुटपिट गरिएको पीडितहरूले बताए। सेनाले घटनामा दोषी पाइएका क्याप्टेन सहित १३ जनालाई कारबाही गरेको जनायो। तर कारबाही परेकाहरूको नाम सार्वजनिक गरिएन।

माओवादीबाट

इलाका प्रहरी कार्यालय गुलरियामा कार्यरत सई शरद भट्टराई र जवान धर्मराज पाठकलाई पुर्नस्थापित प्रहरी चौकी हटाउन आएका माओवादीले ०६३ पुस १० गते कुटपिट गरे।

कृष्णपुर गाविस-६ गुलरिया निवासी २७ वर्षीय गोकर्णराज जोशी प्रतिकारमा उत्रेको आरोपमा ०६३ पुस ११ गते प्रहरी चौकी हटाउन आएका माओवादीले उनलाई कुटपिट गरी घाइते तुल्याए। पीडितको उपचार महाकाली अञ्चल अस्पतालमा भयो। सोही दिन झलारी गाविसको झलारी बजारमा रहेको इलाका प्रहरी कार्यालय हटाउन आएका माओवादीले सदरमुकाम फिर्ता हुन नमानेको आरोपमा प्रहरीका सई मीनबहादुर धामी र जवान अकबरबहादुर चन्दलाई कुटपिट गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चाँदनी गाविस-७ निवासी १७ वर्षीय परमानन्द भट्टको ०६३ वैशाख ७ गते निरङ्कुशताविरुद्ध गरिएको प्रर्दशनमा प्रहरीले हस्तक्षेप गर्दा एउटा आँखा फुट्यो। उनको उपचार काठमाडौंमा भयो। सोही घटनामा प्रहरीले गरेको लाठी चार्जबाट नेविसंघका जिल्ला अध्यक्ष गोपी उपाध्यायको हात भाँचियो।

महेन्द्रनगर नपा-४ मा रहेको तत्कालीन अञ्चल प्रशासकको निवास घेराउ गरिरहेका प्रदर्शनकारीहरूमाथि ०६३ वैशाख १२ गते प्रहरीले हस्तेक्षप गरी लाठीचार्ज गर्दा पुनरावेदन बारको मानवअधिकार परियोजनाका कार्यालय सहायक पुष्पराज भट्टको हात भाँचियो, पत्रकार लक्ष्मण तिवारी, सुरेश धामी, राजेन्द्र विष्ट र कानुनी व्यवसायी दलबहादुर बोहरा घाइते भए।

नेपाल बारको केन्द्रीय कार्यक्रम अनुसार पुनरावेदनबार इकाइको आयोजनामा महेन्द्रनगरमा शान्तिपूर्ण प्रदर्शन गरिरहेका कानुन व्यवसायीहरूलाई ०६३ चैत ३१ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे। गिरफ्तारपछि रिहा हुनेहरूमा बारका अध्यक्ष भुपेन्द्र विष्ट, उपाध्यक्ष भोजराज पाठक, सचिव टेकबहादुर कठायत, कानुन व्यवसायीहरू प्रकाशराज पाठक, सुर्दशन भट्ट, यज्ञराज जोशी, पदमराज भट्ट, शिवराज पाण्डेय, तिर्थराज पन्त, आनन्दप्रसाद जोशी, शान्तिप्रसाद भट्ट, सुमित्रा कार्की, पुनम चन्द, जयबहादुर चौधरी, नेत्रबहादुर तामाङ्ग, अर्जुनसिंह कार्कीलगायत थिए। सोही दिन पेशागत महासंघ पापडले आयोजना गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी पत्रकार खेम भण्डारी, राजेन्द्र विष्ट, धरणी भट्ट, हरिश भट्ट, इन्सेक प्रतिनिधि घिमिरे, शिक्षकहरू लालमती पाण्डेय, चन्द्रकला पन्त, लक्ष्मी ऐर, अकंबीरे बोहरा लगायत् थिए। गिरफ्तार गरिएकामध्ये शिक्षकहरू लालमणि पाण्डेय, अंकबीरे बोहरा, चन्द्रकला पन्त, लक्ष्मी ऐर, मन्धु बोहरा र गोमती भट्टलाई ९० दिनको थुनुवा पुर्जी दिइएकोमा ०६३ वैशाख ७ गते पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा रिहा भए। सोही दिन युनिफाइड कमाण्डका सुरक्षाकर्मीहरूले चुरे टाइम्स दैनिकको कार्यालयमा प्रवेश गरी व्यापारीहरू गणेश पाण्डेय र मदन चन्दलाई कुटपिट गरी घाइते बनाए। सोही घटनामा प्रहरीले गरेको लाठी प्रहारबाट मानवअधिकारकर्मी चम्फासिंह भण्डारी, पत्रकार अम्बा तिवारीलगायत ६० जना भन्दा बढी घाइते भए। घाइतेमध्ये महेन्द्रनगर नपा-१८ निवासी निलम जोशीको तीन महिनाको गर्भ पतन भयो भने चाँदनीका तीर्थराज भट्ट घाइते भए। पीडितको उपचार भारतमा भए पनि पूर्ण रूपमा स्वथ्य हुन सकेका छैनन्।

नागरिक आन्दोलन कञ्चनपुरले आयोजना गरेको

शान्तिपूर्ण प्रर्दशनपछि ०६२ चैत ३० गते प्रहरीले बजारमा हिँडिरहेका महेन्द्रनगर नपा-१८ निवासी विद्यार्थी डम्बर पन्त र सर्वसाधारण भैरव चन्दलाई गिरफ्तार गरी दुई दिनपछि रिहा गरे। सोही दिन प्रहरीले गरेको लाठी प्रहारबाट महेन्द्रनगर नपा-१८ निवासी आरआरएनका भानु पराजुली र महेन्द्रनगर नपा-१८ निवासी जिफन्टका कर्णबहादुर नेगी घाइते भए।

सिद्धनाथ विज्ञान क्याम्पसका स्वयिु सचिव पदमराज शर्मा, नेविसंघ(प्रजातान्त्रिक)का दीपक भारती र पशुपति ओझालाई ०६२ चैत २८ गते महेन्द्रनगरको अलग-अलग स्थानबाट प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरे। प्रहरी इन्स्पेक्टर शारदा चौधरीले हिरासतमा आफूलाई कुटपिट गरेको पीडितहरूले बताए।

सात दलले ०६२ चैत २८ गते महेन्द्रनगरमा निकालेको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाँका जिल्ला सभापति यज्ञराज जोशी र तरुण दलका केन्द्रीय सदस्य कृष्णदत्त पनेरुलाई गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दिएकोमा ०६३ वैशाख १० गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशमा रिहा गरे।

सात दलले महेन्द्रनगरमा ०६२ साल चैत २६ गते गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी ३० जनालाई गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये एमाले जिल्ला सचिव राजेन्द्रसिंह रावल, ट्रेड यूनियनका केन्द्रिय सदस्य धर्मानन्द पन्त, जनमोर्चाका केन्द्रिय सल्लाहकार खगेन्द्र जोशी, नेका (प्रजातान्त्रिक)का जिल्ला सचिव पदम बोगटी, अनेरास्वयिुका जिल्ला अध्यक्ष बचनबहादुर सिंह, नेविसंघका जिल्ला अध्यक्ष गोपी उपाध्याय, सिद्धनाथ बहुमुखी क्याम्पसका स्वयिु उपसभापति माधव पन्त, एमाले नगर कमिटी सदस्य शेरबहादुर चन्द र नेकाँ महासमितिका सदस्य भुपेन्द्र भण्डारीलाई ९० दिनको थुनुवा पुर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा ०६३ वैशाख ६ गते रिहा भए।

सात दलको आन्दोलनका क्रममा ०६२ चैत्र २४ गते गरिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी जनमोर्चाका जिल्ला अध्यक्ष जयबहादुर मल्ल, नेकाँका जिल्ला सदस्य गोपाल गुरुङ्ग र अनेरास्वयिुका गणेश ऐरीलाई महेन्द्रनगर बजारबाट गिरफ्तार गरे। पीडित मल्ल र गुरुङ्गलाई ९० दिनको पूर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा ०६३ वैशाख ६ गते रिहा भए।

महेन्द्रनगर नपा-९ निवासी नेपाल तरुण दलका जिल्ला अध्यक्ष केशव चन्द र नेकाँ वडा समिति सदस्य भवानी जोशीलाई नगर निर्वाचन विफल पार्न प्रचार गरेको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ९० दिनको थुनुवा पूर्जी दिएकोमा ०६२ फागुन १ गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशमा रिहा भए।

सात दलको आह्वानमा ०६२ माघ १९ गते महेन्द्रनगरमा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमाले केन्द्रीय सल्लाहाकार भोजराज जोशी, मुक्ति समाजका केन्द्रीय अध्यक्ष लालबहादुर विक, एमाले जिल्ला सदस्य रामदत्त जोशी, महेश जोशी, प्रराय संघका जिल्ला अध्यक्ष अक्कल विष्ट, सदस्य रामसिंह धामीलाई गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको अदेशमा ०६२ फागुन १ गते रिहा भए।

सात विद्यार्थी संगठनले महेन्द्रनगरमा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी अनेरास्वयिूका अर्जुन ढकाल, आनन्द पन्त, अखिल सिंह, नेविसंघका तर्कराज भट्ट, र ज्ञानेन्द्र पन्तलाई ०६२ माघ १८ गते गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा ०६२ फागुन १ गते रिहा भए।

गैरकानुनी गिरफ्तारी

बैतडी निवासी माओवादी कार्यकर्ता 'उमाकान्त' भनिने मदन विष्टलाई ०६२ चैत ११ गते कृष्णपुर गाविस-२ बांणीबाट सुरक्षाफौजले गिरफ्तार गरी थुनामा राखेकोमा ०६३ जेठ २९ गते रिहा भए।

दार्चुलाको खन्डेश्वरी निवासी माओवादी कार्यकर्ता ज्वाला भनिने जयदेव जोशीलाई ०६२ चैत १० गते महेन्द्रनगर नपा-१ राजीपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६३ वैशाख २५ गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशमा रिहा भए।

महेन्द्रनगर नगरपालिका-१९ निवासी २५ वर्षीय हरिश सावदलाई ०६२ फागुन ९ गते दैजी गाविस-६ बाट माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६३ जेठ ४ गते रिहा भए।

बैतडी जिल्ला निवासी १८ वर्षीय केशव चन्द, १७ वर्षीय रमेश सिंह, १८ वर्षीय रामसिंह भट्ट र डडेल्धुरा निवासी ३० वर्षीय जनार्दन शाहीलाई माओवादीको आशंकामा महेन्द्रनगर नपा-४ बाट ०६३ वैशाख ९ गते प्रहरीले गिरफ्तार गरी ०६३ वैशाख १५ गते रिहा गरे।

महेन्द्रनगर नपा-१० निवासी माओवादी कार्यकर्ता विजय कुँवर र राजाराम चौधरीलाई ०६२ माघ ३० गते कैलालीबाट गएका सुरक्षाकर्मीले कृष्णपुर गाविस-५ मालुमेलाबाट गिरफ्तार गरे। पीडितहरू ०६३ जेठ २ गते कैलाली कारागारबाट रिहा भए।

कालिका गाविस-५ मोती बस्ती निवासी २८ वर्षीय

शोभा विकलाई ०६२ माघ ५ गते थुनामा रहेका आफ्ना पति लक्ष्मण बिकलाई भेट्न कारागार गएका बेला कारागारको मूल गेटबाटै माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। माओवादीको चिठ्ठी बोकेको आरोपमा थुनामा राखिएकी पीडितलाई ०६२ फागुन १९ गते रिहा गरियो।

महेन्द्रनगर नपा कर्मचारीहरू दुखीराम चौधरी, भोजराज पनेरु, शंकर विक, गणेश चन्द, खगेन्द्र रावल, सुन्दर चन्द, कविराज थापा र पूर्ण कुँवरलाई माओवादीले महेन्द्रनगर नगरपालिकाको कार्यालयमा बम बिष्फोट गराउँदा रोक्न नसकेको आरोपमा ०६२ माघ ५ गते प्रहरीले नगरपालिका कार्यालयबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

महेन्द्रनगर नपा-१९ निवासी माओवादी कार्यकर्ता वीरेन्द्र चन्द र रामबहादुर चौधरीलाई ०६२ पुस २८ गते सुरक्षाकर्मीले सुडा गाविस-९ गैल नदीबाट गिरफ्तार गरी थुनामा राखे। पीडितहरू ०६३ जेठ २९ गते रिहा भए।

कृष्णपुर गाविस-३ मालुमेला निवासी कृष्ण उच्चमाविको व्यवस्थापन समिति अध्यक्ष लक्ष्मीदत्त भट्टलाई माओवादी भएको आरोपमा ०६२ पुस २३ गते घुम्ती शिविर सञ्चालनका लागि गएका सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे। पीडित ०६३ वैशाख १७ गते रिहा भए।

डडेलधुरा जिल्ला निवासी माओवादीका तत्कालीन नगर इन्चार्ज ३९ वर्षीय नवराज पाण्डेयलाई ०६२ माघ २० गते सुरक्षाकर्मीको गिरफ्तार गरे। उनी ०६३ जेठ २९ गते रिहा भए।

पुनः गिरफ्तारी

देखतभुल गाविस-९ निवासी माचिन डगौरालाई ०६२ माघ ३० गते कारागारले रिहा गरे लगत्तै उनलाई कारागार परिसरबाट सुरक्षाकर्मीले पुनः गिरफ्तार गरे। पीडित सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख १९ गते रिहा भए। विगत पाँच महिनादेखि माओवादीको आरोपमा कारागारमा रहेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेबारी सरेर आएका ८९ ओटा फौजदारी मुद्दा र यो वर्ष दर्ता भएका ७५ ओटा गरी १ सय ६४ ओटामध्ये ५४ ओटा फर्स्यौट भई १ सय १० बाँकी रहे।देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३८ ओटा र यो वर्ष दर्ता भएका ८७ ओटा गरी २ सय २५ ओटा मध्ये ६० ओटा फर्स्यौट भइ १ सय ६५ ओटा बाँकी रहे।

पुनरावेदन अदालत गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा

१० ओटामध्ये छओटा फर्स्यौट भई बाँकी चारओटा र यो वर्ष दर्ता भएका नौओटा गरी १३ ओटा बाँकी रहे। गत वर्षको जिम्मेबारी सरेर आएका सरकारवादी मुद्दा ३७ ओटा मध्ये २९ ओटा फर्स्यौट भइ आठओटा बाँकी रहे। यस वर्ष दर्ता भएका २४ ओटा सरकारवादी मुद्दामध्ये

पाँचओटा फर्स्यौट भइ २७ ओटा मुद्दा बाँकी रहेका छन्। गत वर्षको जिम्मेबारी सरेर

आएका देवानी मुद्दा ५७ ओटा मध्ये २४ ओटा फर्स्यौट भइ ३३ रहे। यो वर्ष दर्ता भएका ४२ मध्ये सबै बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति/सम्पति क्षति/आगजनी/सम्पति कब्जा माओवादीबाट

नगर निर्वाचनमा भाग लिएको आरोपमा सो निर्वाचनमा निर्विरोध घोषित महेन्द्रनगर नगरपालिका-७ का अध्यक्ष प्रजापति जोशी, वडा-९का शेरबहादुर महरा वडा-३ का मोहनसिंह खत्री र वडा-१९ का सदस्य नरबहादुर बमको घरमा ०६२ माग १७ गते माओवादीले बम विस्फोटन र आगजनी गराए।

बालअधिकार

दोधारा गाविस-८ आमभोज निवासी १५ वर्षीय सुशील जोशीलाई ०६३ असोज २३ गते माओवादीले कृष्णपुर गाविस-१ वाणीबाट अपहरण गरी श्रमकैदमा राखे। ०६३ जेठ २६ गते सुशीलले चलाएको ट्याक्टरले किचेर सोही ठाउँ निवासी १२ वर्षीय बीरबहादुर सिंहको मृत्यु भएको थियो। मृतकका आफन्तलाई क्षतिपूर्ति नदिएको आरोपमा श्रमकैदमा राखिएका सुशीललाई ०६३ कात्तिक ४ गते पिपलाडी गाविसबाट मुक्त गरे।

बेल्डाँडी गाविस-४ रतनपुर निवासी १५ वर्षीया भुखली चौधरी, १४ वर्षीय रामकृष्ण चौधरी, १६ वर्षीय रतनी चौधरी र १७ वर्षीय उमा चौधरीलाई ०६३ कात्तिक २६ गते राति माओवादीले अपहरण गरे। माओवादीको विरोधमा करिब ३ सयजना स्थानीय बासिन्दाले जुलुस प्रदर्शन गरेपछि पीडितहरूमध्ये तीनजनालाई माओवादीले छिमेकी रामपुरविलासीपुर गाविसको सडकघाटबाट ०६३ कात्तिक २८ गते मुक्त गरे। उमा चौधरीले आफू माओवादीमै लाग्ने बताएपछि उनलाई माओवादीले आफूसँगै लिएर गएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

कृष्णपुर गाविस-५ निवासी ३५ वर्षीया नहरी चौधरीलाई बोक्सीको आरोपमा ०६३ साउन २४ गते सोही गाविस-६ निवासी मानबहादुर चौधरीले कुटपिट गरे। पीडितको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो। पीडकलाई कुनै प्रकारको कारवाही भएन।

बलात्कार/बलात्कार प्रयास

महेन्द्रनगर नपाका-१६ निवासी ६५ वर्षीय एक वृद्धालाई ०६३ वैशाख १६ गते नेपाली सेनाको चण्डीदल गुल्म मझगाँउमा तालिमरत सैनीक जवान दीपेन्द्र धानुकले बलात्कारको प्रयास गरे। पीडकलाई सैनिक अदालतले जागिरबाट निकाली कञ्चनपुर कारागारमा राखेको छ।

सबै प्रकारका जातीय विभेद

सुडा गाविस-५ मा रहेको आरक्ष पीडितको शिविरमा बस्ने हेमा औजीले सार्वजनिक धारा छुन दलितहरूलाई उक्साएको आरोपमा ०६३ असोज ४ गते उनलाई स्थानीय गैरदलितहरूले कुटपिट गर्ने धम्की दिए। गैरसरकारी संस्था जातीय समता समाजकी सहजकर्ता रहेकी हेमालाई गरिएको दुर्व्यवहारका विरुद्ध जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा उजुरी दिएपछि स्थानीय गैरदलितहरूले एक कार्यक्रममा ०६३ असोज ८ गते सार्वजनिक माफी मागे।

माओवादी जनयुद्ध शुरुभएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका पाँच जना पुरुषको अवस्था अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूको नाम निम्नानुसार रहेको छ।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका १५ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा श्रीपुर गाविस-२ मैनाह निवासी जंगबहादुर चौधरी, नत्थुराम चौधरी, छोटेलाल चौधरी, कृष्णपुर गाविस-९ बालुवाफांटा निवासी जुगराम चौधरी, पुनाराम चौधरी, कृष्णपुर गाविस-८ मौरीफांटा निवासी तारानाथ चौधरी, देखतभूली गाविस-८ निवासी राजु राना, कृष्णपुर गाविस-५ निवासी राजाराम चौधरी, श्रीपुर गाविस-७ निवासी निमबहादुर चौधरी, श्रीपुर गाविस-५ मोतीवस्ती निवासी धनिराम चौधरी, बेल्डाडी गाविस-२, वैवाह निवासी बहादुर डगौरा, बेल्डाडी गाविस-२, वैवाह निवासी जीउधन डगौरा, श्रीपुर गाविस-५, मोतिवस्ती निवासी भागिराम चौधरी, दैजी गाविस-९ निवासी सुरेश राना, दैजी गाविस-९ निवासी सर्जन राना रहेका छन्।

५.७ डडेल्धुरा



जनसंख्या : १,३५,८६७
साक्षरता प्रतिशत : ५१.६२
महिला साक्षरता प्रतिशत : ३३.०६
क्षेत्रफल (वर्ग कि. मि.) : १५३८
गाविस/नपा संख्या : २०/१
निर्वाचन क्षेत्र : १
विद्यालय : २२६
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : २/२५
टेलिफोन लाइन : ३७०
मोटर सडक (कि. मि.) : २१०
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ३०
मानव विकास सूचकाङ्क : ०.४३४
प्रति परिवार सरदर संख्या : ६.१८

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। २५ जनाको क्षमता रहेको यस कारागारमा हाल कैद तोकिएका १३ जना र नतोकिएका १४ जना गरी जम्मा २७ जना पुरुष बन्दीहरू छन्। चारैतर्फ पर्खालले घेरिएको चारओटा बस्ने कोठा, एक भान्सा र दुईओटा शौचालय रहेको छ। खानेपानीको अभाव रहेको बन्दीहरूले बताए। इन्सेकले कारागारमा एक दैनिक पत्रिकाको व्यवस्था गरिदिएको छ। बन्दीहरूलाई एउटा रेडियो, एउटा टिभी र एउटा क्यारेमबोर्ड उपलब्ध गराइएको छ। कारागारमा कुनै पनि किसिमको सिपमूलक तालिम दिने व्यवस्था छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

मष्टमाडौं गाविस-६ सकायल निवासी १९ वर्षीय ऐनबहादुर बिष्ट, सोही गाविस-७ निवासी २० वर्षीय भीमबहादुर देउवा, १९ वर्षीय टेकबहादुर देउवा र नवदुर्गा

गाविस-१ कनेडी निवासी २० वर्षीय मानबहादुर धामीले स्थानीय व्यक्तिलाई कुटपिट गरेको आरोपमा ०६२ फागुन ८ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी ०६२ फागुन १५ गते मुक्त गरे।

आलीताल गाविस-३ सिराडी निवासी ३० वर्षीय करन सार्की, ३५ वर्षीय दानबहादुर सार्की, तिलक सार्की, राम सार्की र अन्तराम सार्कीलाई ०६२ चैत ६ गते माओवादीले अपहरण गरी माओवादीको भातृसंगठन दलित मुक्ति मोर्चाको प्रशिक्षण कार्यक्रममा सहभागी गराई ०६३ चैत ९ गते मुक्त गरे।

गणेशपुर गाविस-४ मैलोडास्थित गणेश माविमा अध्ययनरत १३ वर्षीया सीता टमटा, १४ वर्षीया कमला टमटा, १७ वर्षीया इश्वरी टमटा, १७ वर्षीया पानकुमारी टमटालगायतका छजनालाई ०६२ चैत १४ गते माओवादीले विद्यालयबाट अपहरण गरी ०६२ चैत २१ गते मुक्त गरे।

आलीताल गाविस-५ डोला निवासी ४३ वर्षीय जगतबहादुर ठगाली, ४२ वर्षीय भवानसिंह राना, ४२ वर्षीय टेकबहादुर राना, ४५ वर्षीय जितबहादुर बोगटी, ४० वर्षीय भक्तबहादुर थापा, ५० वर्षीय प्रतिमान रानालाई ०६२ चैत १४ गते माओवादीले अपहरण गरी आफ्नो अभियानमा संलग्न गराई ०६२ चैत १६ गते मुक्त गरे।

जोगबुडा गाविस-३ कराली निवासी ४५ वर्षीय कृष्णसिंह धामी सशस्त्र डाकाको समूहसँग संलग्न रहेको आरोपमा ०६३ चैत २० गते माओवादीले धामीलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई सोही ठाउँबाट ०६३ चैत २४ गते मुक्त गरे।

जोगबुडा गाविस-४ लामीडाँडा निवासी १६ वर्षीया शान्ति भण्डारले माओवादी पार्टी परित्याग गरेको आरोपमा ०६३ वैशाख ८ गते माओवादीले उनलाई अपहरण गरी ०६३ वैशाख २२ गते कन्चनपुरको बाइसे बिचुवाबाट मुक्त गरे।

जोगबुडा गाविस-४ धुम्टेगाडा निवासी २० वर्षीय उद्धव बम, १६ वर्षीय राजेन्द्र साउद र २० वर्षीय केशव भट्टलाई माओवादी पार्टी परित्याग गरेको आरोपमा ०६३ वैशाख १० गते माओवादीले उनीरूलाई घरबाटै अपहरण गरी ०६३ वैशाख २२ गते कन्चनपुरको बाइसे बिचुवाबाट मुक्त गरे।

मष्टामाडौं गाविस-६ सकायल निवासी २३ वर्षीय राजेश शाही, नवदुर्गा गाविस-४ निवासी ३८ वर्षीय पदम खाती मष्टमाडौ गाविस-६ निवासी २६ वर्षीय केशव शाही, ११ वर्षीय सुरेन्द्र शाही, ४० वर्षीय दीपक शाही, ३२ वर्षीय टेकबहादुर बोहरा, ४० वर्षीय दलबहादुर भाट, ३५ वर्षीय ठगी लुहार, २५ वर्षीय कृष्ण शाही, १९ वर्षीय राकेश शाही, १६ वर्षीय मोहन दमाई, १९ वर्षीय लोकेन्द्र देउवा, नरबहादुर दियाल, अमरगढी नपा-१ निवासी ४५ वर्षीय प्रेम



प्रहरीद्वारा गरिएको लाठी चार्जबाट घाइते भएका शिक्षा क्याम्पस स्वयिु सह-सचिव दिनेश चन्द

दियाललगायतका १६ जनालाई माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले उनीहरूलाई सदरमुकामबाट अपहरण गरे। पीडितहरूलाई ०६३ वैशाख २९ गते बगरकोट गाविसको परछेटाबाट मुक्त गरे।

जोगबुडा गाविस-३ खालीगडा निवासी २८ वर्षीय करन पुन र २७ वर्षीय गोरे पुनमगरलाई छिमेकीसँग झगडा गरेको आरोपमा ०६३ जेठ ३० गते माओवादीले उनीहरूलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई सोही दिन सोही गाविस-४ सादनीबाट मुक्त गरे।

असीग्राम नपा-९ भेटा निवासी २२ वर्षीय दीपक कामीले चोरी गरेको आरोपमा ०६३ साउन ५ गते माओवादीले अपहरण गरी श्रमशिवरमा राखे। पीडित ०६३ साउन २० गते अमरगढी नपा-२ आइतमा रहेको माओवादीका श्रमशिविरबाट भागे।

अमरगढी नपा-२ आइत निवासी २८ वर्षीय लोकबहादुर साउद र १७ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा उनीहरूलाई ०६३ साउन १९ गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरी अमरगढी नपा-२ आइतमा श्रम कैदमा राखे। पीडितहरूलाई ०६३ भदौ २० गते अमरगढी नपा-२ आइतबाट मुक्त गरे।

अमरगढी नपा-४ जैसिना निवासी ३० वर्षीय भोजबहादुर सार्की र सोही ठाउँकी ३६ वर्षीया एक महिलाले अवैद्य सम्बन्ध राखेको आरोपमा उनीहरूलाई ०६३ साउन १९ गते माओवादीले घरबाट अपहरण गरी श्रम कैदमा राखे। पीडितहरूलाई ०६३ असोज ५ गते अमरगढी नपा-२ आइतबाट मुक्त गरे।

शीर्ष गाविस-७ कटालगोजा निवासी ४० वर्षीय हरिसिंह धामी र शीर्ष गाविस-८ सलौन निवासी २१ वर्षीया जानकी धामी साउदले दोस्रो विवाह गरेको आरोपमा ०६३ साउन ३१ गते माओवादीले दुवैलाई अपरहण गरे। अपहरितमध्ये धामीलाई भागेश्वर निमावि सलौनमा ५० ट्रली

ढुङ्गा बोक्ने सर्तमा ०६३ भदौ ५ गते मुक्त गरे भने जानकीलाई ०६३ मंसिर ५ गते मुक्त गरे।

सिद्धनाथ मावि चन्दनी कक्षा नौमा अध्ययनरत १७ वर्षीय कर्णबहादुर भण्डारी र कक्षा ७ मा अध्ययनरत १५ वर्षीया धनमती अवस्थीले आपसी झगडा गरेको आरोपमा ०६३ भदौ २३ गते माओवादीले उनीहरूलाई अपहरण गरी भदौ २५ गते मुक्त गरे।

अमरगढी नपा-२ जैसीना निवासी १६ वर्षीया माओवादी कार्यकर्ता गीता सार्की र अमरगढी नपा-२ मौरडा निवासी २० वर्षीय मोहन सार्कीले माओवादी पार्टीको निर्णय विपरित विवाह गरेको आरोपमा ०६३ असोज २१ गते माओवादीले उनीहरूलाई घरैबाट अपहरण गरे। माओवादीले पीडितहरूमध्ये मोहनलाई ०६३ असोज २५ गते बगरकोट गाविस-७ बाट र गीतालाई ०६३ मंसिर १६ गते डडेल्धुरा सदरमुकामबाट परिवारको रोहबरमा मुक्त गरे।

कन्चनपुर जिल्ला झलारी गाविस-९ कलुवापुर निवासी २१ वर्षीय अमीन दिलिप नाथ र २२ वर्षीय जगदीश अवस्थीलाई माओवादीको अनुमतिबिना जग्गा नाप नक्सा गरेको आरोपमा ०६३ कात्तिक २१ गते माओवादीले उनीहरूलाई डडेल्धुरा जोगबुडा गाविस-४ घुम्टेगाडाबाट अपहरण गरी भोलिपल्ट सोही गाविस-२ कुडाँबाट मुक्त गरे।

जोगबुडा गाविस-८ सालघारी निवासी ४० वर्षीय गणेश कुँवर गोवरिया लिपना हत्याकाण्डमा संलग्न रहेको आरोपमा ०६३ कात्तिक २६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ मंसिर १ गते सोही ठाउँबाट मुक्त गरे।

गाडखेत गाविस-८ बुडिचाल निवासी ४५ वर्षीय भोजबहादुर खड्काले गाउँकै एक महिला सँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ मंसिर ४ गते माओवदीले उनलाई घरबाटै अपहरण गरी सोही गाविस-४ गाडखेतमा श्रम गराई राखे। पीडितलाई ०६३ मंसीर ११ गते सोही ठाउँबाट मुक्त गरे।

मणिलेक गाविस-२ निवासी १७ वर्षीय गणेश राउतले र १५ वर्षीया एक बालिकासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ मंसिर १ गते घरबाटै माओवादीले अपहरण गरी ०६३ मंसिर १५ गते सदरमुकामबाट पत्रकार दीपेन्द्र सिंहको रोहबरमा मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

जोगबुडा गाविस-१ लालढुङ्गा निवासी २४ वर्षीय लालबहादुर थापाले सेनाद्वारा स्थानीय महिलालाई बलात्कारको प्रयास गरेको घटनाको संगठितरूपमा बिरोध गरेको आरोपमा ०६२ फागुन ४ गते सेनाले थापालाई मार्ने धम्की दिए। सेनाको धम्कीपछि पीडित भारतमा विस्थापित भई हालसम्म पनि घर फर्किएका छैनन्।

अमरगढी नपा-५ बागबजार निवासी ४० वर्षीय भवानी पन्तले आमहड्तालको बेलामा पसल नखोलेको भन्दै ०६२ चैत २७ गते प्रहरीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको उपचार डडेल्धुरा टिम अस्पतालमा भयो।

माओवादीबाट

मष्टमाण्डौ गाविस-६ आरा निवासी जनता मावि सकायलका शिक्षक ५१ वर्षीय कर्णबहादुर बिष्टले एक स्थानीय व्यापारीको पैसा नदिएको अरोपमा ०६२ माघ २ गते माओवादीले उनलाई कुटपिट गरे। पीडितको उपचार डडेल्धुरा मष्टमाडौं स्वास्थ्य चौकीमा भयो।

मष्टमाडौं गाविस-६ चोरेलाका ४५ वर्षीय खड्का शाहीले माओवादीलाई गाली गरेको आरोपमा ०६३ वैशाख

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	२		२										
गिरफ्तारी/यातना										९	२९		१	३०
कुटपिट					५	५	१		६	३	३			३
धम्की					५	५			५	१	१			१
भेला/संगठित हुने अधिकार										२	१०		१८	२८
जातीय विभेद	१		१	१										
महिलाअधिकार	२		२	२						२		२		२
बालअधिकार	२		२	२										
अमानवीय व्यवहार	२	२	१	३										
अपहरण					३१	४८	१०	४२	१००					
जम्मा	८	४	६	१०	३१	५८	११	४२	१११	१६	४३	२	१९	६४

२७ गते माओवादीले उनलाई कुटपिट गरे।

अजयमेरु गाविसस्थित सहश्रलिङ्ग उच्चमावि चमडाका शिक्षकहरूलाई ०६३ भदौ २७ गते माओवादीले धम्काएर ५० हजार रकम माग गरे। तर शिक्षकहरूले रकम दिएनन्।

अभिव्यक्ति , भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचन बहिष्कार गर्दै भन्दै डडेल्धुरा सदरमुकाम बागबजारमा सात दलद्वारा ०६२ माघ १२ गते निकालिएको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा एमालेका धनबहादुर शाही लगायत २० जना आन्दोलनकारी घाइते भए भने २४ जनालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा एमाले अञ्चल कमिटी सदस्य बिक्रम शाही, जिल्ला कमिटी उपसचिव नरबहादुर बिष्ट, तारा जोशी, यज्ञराज अवस्थी, डम्वर साउद, नेकाँ महासमिति सदस्य रामचन्द्र चटौत, नवराज मडै, नेकाँ (प्रजातान्त्रिक) का रघुवर भट्ट, डिल्लीराज जोशी, जनमोर्चाका लालबहादुर जाग्री, दिलबहादुर ऐर थिए। गिरफ्तार भएकाहरूमध्ये १२ जना ०६२ माघ १३ गते रिहा भए। बाँकी सबै ०६२ फागुन २ गते जिल्ला कारागार डडेल्धुराबाट रिहा भए।

एमाले जिल्ला कमिटी सदस्य गजेन्द्र शाहीले 'शाही सरकार'द्वारा घोषणा गीरएको नगर निर्वाचनको विरोध गरेको आरोपमा ०६२ माघ २४ गते उनलाई प्रहरीले गिरफ्तार गरी माघ २५ गते रिहा गरे।

एमाले आलीताल गाउँ कमिटी सदस्य प्रकाश बोहरा र सोही गाविसका गाविस पूर्व उपाध्यक्ष दलबहादुर कार्कीलाई ०६२ माघ १९ गते सात दलले सञ्चालन गरेको 'निरंकुशता विरुद्ध'को जुलुसबाट प्रहरीले गिरफ्तार गरी ०६२ माघ २० गते रिहा गरे।

डडेल्धुराको बागबजारमा शाही घोषणाकोविरुद्धमा सात दलले आह्वान गरेको शान्तिपूर्ण आन्दोलनमा हस्तक्षेप गरी नेकाँ (प्रजातान्त्रिक) का रघुवर भट्ट, हरिप्रसाद भट्ट, एमालेका गजेन्द्र शाही र यज्ञराज अवस्थीलाई ०६२ चैत २३ गते गिरफ्तार गरी ०६३ वैशाख १२ गते रिहा गरे।

'निरकुशतन्त्रको विरुद्ध'मा सात दलले सञ्चालन गरेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाँका जिल्ला सभापति शेरबहादुर ढाट र एमालेका जिल्ला कमिटी सदस्य धनबहादुर शाहीलाई ०६२ चैत २६ गते प्रहरीले गिरफ्तार गरी भेलिपल्ट रिहा गरे।

अमरगढी नपा-५ तुफानडाँडामा सात दलले आह्वान गरेको शान्तिपूर्ण जुलुसमा ०६२ चैत २८ गते प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा पत्रकार महासंघका केन्द्रीय उपसभापति डीआर पन्त, हरमस डडेल्धुराका कार्यसमिति सदस्य ज्ञानेन्द्र जोशी, ४५ वर्षीय व्यापारी इश्वरी जोशी, अमरगढी नपा-४ सुनेडाका गणेश विष्ट, एमाले जिल्ला कमिटी सदस्य धनबहादुर शाही, नेपाल बार एसोसिएसनको डडेल्धुरा शाखा अध्यक्ष गणेशराज भट्ट, शिक्षा क्याम्पस स्वयिु सहसचिव दिनेश चन्द, ७ वर्षीया अनीता थापा र दलजित निदाललगायतका २१ जना घाइते भए। सोही घटनामा एमाले जिल्ला कमिटी सचिव पठानसिंह बोहरा, एमाले जिल्ला कमिटी सदस्य अनिल विक, अनेरास्वयिु (एकिकृत) का केन्द्रीय सदस्य धनबहादुर पार्की, शिक्षा क्याम्पस सभापति डम्वर साउँदलाई गिरफ्तार गरी सोही दिन कारागार चलान गरे। पीडितहरू ०६३ वैशाख ११ गते कारागारबाट भए।

बगरकोट गाविस-४ नुवागाउँ निवासी उद्योग वाणिज्य संघ डडेल्धुराका अध्यक्ष प्रकाश साउदले सात दलको आम हड्तालले सहयोग गरेको आरोपमा ०६२ चैत २९ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेपाल ट्रेड युनियनका क्षेत्रीय अध्यक्ष राजेन्द्र जोशी सात दलले आह्वान गरेको आन्दोलनमा संस्थानका कर्मचारीलाई सहभागी गराउन नेतृत्व गरेको आरोपमा ०६२ चैत २९ गते प्रहरीले जोशीलाई डडेल्धुरा सदरमुकामबाट गिरफ्तार गरी ०६२ चैत ३० गते रिहा गरे।

अमरगढी नपा-८ खुल्लेक निवासी २३ वर्षीय रामप्रसाद ओझा, २६ वर्षीय धर्मराज पाण्डे र अमरगढी नपा-५ खनमडा निवासी ३० वर्षीय लोकराज पाण्डेले सात दलद्वारा आह्वान गरेको आमहड्तालका क्रममा सरकारी कार्यालयमा तालबन्दी गरेको आरोपमा ०६२ चैत ३० गते प्रहरीले उनीहरूलाई अमरगढी नपा-५ कीर्तिपुरबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

इन्सेक जिल्ला प्रतिनिधि केशव बोहरालाई जनआन्दोलनको क्रममा ०६३ वैशाख १ गते प्रहरीले अमरगढी नपा-५ तुफानडाडाबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे ।

कैलपालमाण्डा गाविस-२ रेल निवासी ज्ञानोदय इङलिस बोडिङ्गका प्रिन्सिपल कृष्ण ओझा, अमरगढी नपा-५ मल्ले खलंगा निवासी महेन्द्र उच्चमावि खलंगाका प्राचार्य प्रेमराज बोहरा, अमरगढी नपा-८ निवासी उग्रतारा उच्चमाविका सिद्धराज जोशी र अमरगढी नपा-८ झुकालगाउँ निवासी कमल झुकालाई सात दलको आन्दोलनमा शिक्षकहरू सहभागी गराउन प्रमुख भूमिका खेलेको आरोपमा ०६३ वैशाख ३ गते प्रहरीले डडेल्धुरा बागबजारबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

डडेल्धुरा खानेपानी उपभोक्ता समिति खलंगाका

अध्यक्ष प्रकाश जैरूले सार्वजनिक मञ्चबाट राजाको विरोध गरेको आरोपमा ०६३ वैशाख ३ गते प्रहरीले उनलाई डडेल्धुरा बागबजारबाट गिरफ्तार गरी सार्वजनिक मुद्दामा थुनामा राखी ०६३ वैशाख १३ गते रिहा गरे।

अमरगढी गाविस-८ झडीगाउँ निवासी २५ वर्षीय वीरबहादुर ढाँट सात दलको आन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ४ गते दिउँसो प्रहरीले उनलाई गिरफ्तार गरी चार घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष जिम्मेवारी सरेर आएका एक ओटा दुनियावादी फौजदारी मुद्दामध्ये यो वर्ष एउटा पनि फर्स्यौट भएनन्। यो वर्ष दर्ता भएका छओटा मध्ये पाँचओटा फर्स्यौट भई एकओटा बाँकी रह्यो। यो वर्षको अन्त्यसम्म दुईओटा दुनियावादी फौजदारी मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी आठओटा मुद्दामध्ये पाँचओटा फर्स्यौट भई तीनओटा बाँकी रहे। यो वर्ष दर्ता भएका सातओटा मध्ये एकओटा फर्स्यौट भई छओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म नौओटा मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका दुईओटा देवानी मुद्दामध्ये दुईओटानै फर्स्यौट भए। यो वर्ष दायर भएका चारओटामध्ये कुनैपनि फर्स्यौट भएनन्। यो वर्षको अन्त्यसम्म चारओटा देवानी बाँकी रहे। यो वर्षको अन्त्यसम्म २८ ओटा मुद्दा बाँकी रहे।

यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीका जिल्ला कमिटी सदस्य नवीन भनिने ३४ वर्षीय रमेश कुवँरलाई ०६२ पुस २० गते संयुक्त सुरक्षाफौजको गस्ती टोलीले गिरफ्तार गरी बुडर ब्यारेकमा राखी पैतलामा लाठीले हिर्काएर यातना दिई ०६३ जेठ ११ गते डडेल्धुरा कारागारबाट रिहा गरे।

अमरगढी नपा-८ लटाउली निवासी जिल्ला वन कार्यालयका वन पाले ३५ वर्षीय छविलाल सार्कीले माओवादीलाई सहयोग गरेको अरोपमा ०६२ माघ २१ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी ०६२ फागुन ७ गते जेल चलान गरे। पीडितलाई ०६३ चैत १९ गते डडेल्धुरा कारागारबाट रिहा गरे।

आलीताल गाविस-१ मल्लेक निवासी १६ वर्षीय गणेश बोहरा माओवादी भएको आरोपमा ०६३ वैशाख ५ गते बुडरबाडमा सुरक्षाकर्मीले गिरफ्तार गरी ०६३ वैशाख १८ गते डडेल्धुरा कारागार चलान गरे। पीडित ०६३ वैशाख २२ गते डडेल्धुरा कारागारबाट रिहा भए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

नवदुर्गा गाविस-५ घर भई डडेल्धुराको बागबजारमा डेरा गरी बस्दै आएकी २० वर्षीया एक महिलाई जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा कार्यरत प्रहरी हवल्दार ४० वर्षीय अमर चन्दले कोठामा पसी बलात्कारको प्रयास गरे। स्थानीय बासिन्दाले पीडकलाई कारबाहीको माग राख्दा पीडकलाई महेन्द्रनगर सरुवा गरियो।

भद्रपुर गाविस-५ गुनपाल निवासी २६ वर्षीय एक महिलालाई ०६३ पुस १ गते राति घरमै सुतिरहेको अवस्थामा घरभित्र पसी सोही ठाउँ निवासी ३२ वर्षीय तेजबहादुर मल्लले बलात्कारको प्रयास गरे। ०६३ पुस ४ गते गाउँलेले पीडकलाई डडेल्धुरा जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडक यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा छन्

सबै प्रकारका जातीय विभेद

असीग्राम गाविस-९ भेटा धुलौना गाउँ निवासी ४५ वर्षीय तुलक्षी कामीलाई ०६२ माघ १९ गते सोही ठाउँका ४५ वर्षीय दामोदर भनिने किडे अवस्थीले स्थानीय दत्तराज अवस्थीको छोराको न्वारनका बेला छुवाछुत गऱ्यो भनी डुम भन्दै कुटपिट गरे। पीडितको उपचार जिल्ला अस्पतालमा भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षतिमा

माओवादीबाट

अजयमेरु गाविस-४ निवासी ४५ वर्षीय धनबहादुर महराले २५ जना मजदुरलाई कैलपालमाण्डौस्थित कोरालखोला नहरमा काम गराई पारिश्रमिक नदिएको अरोपमा ०६३ साउन २३ गते माओवादीले उनको से.१.ख १५७ नम्बरको ट्रक कब्जा गरे । पीडितको ट्रक ०६३ भदौ १५ गते अमरगढी नपा-५ तुफानडाँडाबाट फिर्ता गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका ठेगाना नखुलेका माओवादी कार्यकर्ता २२ वर्षीय मानबहादुर बिष्ट रहेका छन्।

५.८ बैतडी



जनसंख्या	: २,४९,२९३
साक्षरता प्रतिशत	: ५१.५५
महिला साक्षरता प्रतिशत	: ३३.४३
क्षेत्रफल (वर्ग कि. मि.)	: १५१९
गाविस/नपा संख्या	: ६२/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७५
क्याम्पस/उच्च मा.वि.	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/७०
टेलिफोन लाइन	: १९७
मोटर सडक (कि. मि.)	: १५५
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: १३
मानव विकास सूचकाङ्क	: ०.३९१
प्रति परिवार सरदर संख्या	: ६.१७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

नार्गाजुन गाविस-३ बरतोली निवासी ३८ वर्षीय बलबहादुर भण्डारी माओवादी भएको आरोपमा ०६२ माघ २२ गते सुरक्षाकर्मीले दशरथचन्द नपा-५ मार्कन्डगाउँमा गोली हानी उनको हत्या गरे। उनको लास पोष्टमार्टम गरी आफन्तहरूलाई बुझाइयो। पीडितका आफन्तहरूले लास महाकाली नदीमा दाहसंस्कार गरे।

माओवादीबाट

दुर्गास्वटा गाविस-९ ढणैन निवासी प्रहरी जवान २५ वर्षीय प्रेमबहादुर चन्दको ०६२ पुस २९ गते माओवादीले दशरथचन्द नपा गोठलापानीस्थित दिलखुश होटल पछाडि बम विस्फोट गराउँदा मृत्यु भयो। साथै सोही विस्फोटमा परी नगार्जुन गाविस-१ बट्टाका सैनिक २२ वर्षीय मानबहादुर चन्द घाइते भएका थिए। घाइते चन्दले सेनाको जागिर छोडी भागेर भारतमा गई उपचार गराए। पीडित हालसम्म पनि भारतमै बसिरहेका छन्।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

दशरथचन्द नपा-१ निवासी ५८ वर्षीय भवानीसिंह ठगुन्नाको घरमा ०६२ माघ १९ गते माओवादीले बम विस्फोट गराउँदा उनी विस्फोटमा परी घाइते भए। पीडित सरकारद्वारा घोषित नगर निर्वाचन ०६२ मा मेयर पदका उम्मेदवार थिए। पीडितको उपचार काठमाडौं भयो।

जेल र बन्दी

यस जिल्लामा कूल २५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको कारागार छ। हाल १३ जना बन्दीहरू छन्। तीमध्ये एक महिला र आठ पुरुष गरी नौजना कैदी र चार पुरुष थुनुवा छन्। कारागारमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्रीको सुविधा उपलब्ध छ। कारागारभित्र महिला बन्दीहरूका लागि छुट्टै कोठाको व्यवस्था छ।

बेपत्ता/अपहरण

माओवादीबाट

भूमिराज गाविस-५ तिरगाली निवासी ४८ वर्षीय रामसिंह साउदले माओवादी पार्टीको विरोध गरेको आरोपमा ०६२ चैत ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित गाउँलेहरूको सहयोगमा भोलिपल्ट चौखाम गाविसको श्री भावरबाट माओवादी कब्जाबाट भागेर घर फर्किए।

कटौजपानी गाविस निवासी प्राविधिक सहायक ३२ वर्षीय तेजबहादुर बिष्टलाई गाविस कार्यालयको काम सम्बन्धमा बुझ्न भन्दै ०६२ चैत १७ गते माओवादीले उनलाई गाविस कार्यालयबाट अपहरण गरी ०६२ वैशाख १ गते सोही गाविसबाट मुक्त गरे।

मठैराज गाविस-४ चौसाल निवासी २८ वर्षीय पदमबहादुर बिष्टले सोही ठाउँको झोलुङ्गे पुल निर्माणको रकम अनियमितता गरेको आरोपमा ०६२ चैत १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६२ चैत ३१ मा सोही गाविसबाट मुक्त गरे।

पाटन गाविस-४ लोखा निवासी २० वर्षीय दीपक चन्द नक्कली माओवादी बनी सर्वसाधारणलाई दु:ख दिएको आरोपमा ०६३ भदौ १८ गते माओवादीले उनलाई सोही ठाउँबाट अपहण गरी यो वर्षको अन्त्यसम्म श्रम कैदमा राखेका छन्।

बाशुलिङ्ग गाविस-३ ग्वानी निवासी शिक्षक ४० वर्षीय जितबहादुर बिष्टले सोही ठाउँको श्री नेपाल राष्ट्रिय निमाविको रकममा अनियमितता गरेको आरोपमा ०६३ असोज ५ गते माओवादीले उनलाई अपहरण गरी रौलेश्वर गाविससम्म पुऱ्याई तीन दिनपछि मुक्त गरे।

न्वाली गाविस-१ गोवडा निवासी प्रहरी जवान २३ वर्षीय नरबहादुर चन्दलाई ०६३ असोज १७ गते माओवादीले घरबाटै अपहरण गरी गोकुलेश्वर गाविस पुऱ्याए। अघिल्लो दिन उनकी पत्नी र छोरीले आत्महत्या गरेको विषयमा अनुसन्धान गर्न उनलाई अपहरण गरेको माओवादीले बताए। पीडितले पत्नी र छोरीको हत्या गरेको आरोप स्वीकार गरेको भनी दुई हप्तापछि माओवादीले पीडितलाई कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय, बैतडीलाई बुझाए।

भूमिराज गाविस-५ तिरगाली निवासी २९ वर्षीय पुटके साउद माओवादी पार्टी विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा ०६३ मंसिर ४ गते माओवादीले दशरथचन्द नपा-१ गोठलापानीबाट अपहरण गरी पुर्चौडीतर्फ लगेकोमा पीडित सोही रात माओवादी कब्जाबाट भागेर भारत गए। पीडित हालसम्म पनि भारतबाट घर फर्केका छैनन्।

दुर्गास्वटा गाविस-१ रौतगाउँ निवासी २४ वर्षीय उमापति भट्टले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ मंसिर २७ गते माओवादीले उनलाई दशरथचन्द नपा-१ शाहीलेकबाट अपहरण गरी यो वर्षको अन्त्यसम्म श्रम कैदमा राखेका छन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

इन्सेक बझाङ जिल्ला प्रतिनिधि शेरबहादुर चन्द र हुसेक बैतडीका नारदसिंह बिष्टलाई ०६२ फागुन २७ गते राजाद्वारा मनोनित दशरथचन्द नगरपलिकाका तत्कालीन उपमेयर दानसिंह रावलले धम्की दिए।सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ माघ २२ गते हत्या गरिएका नार्गाजुन-३ बरतोलीका बलबहादुर भण्डारीको हत्याको घटनाको अनुगमन प्रतिवेदनको विषयमा पीडितहरूलाई धम्की दिइएको थियो।

सात दलले आयोजना गरेको आन्दोलनमा सहभागी भएका एमालेका लक्ष्मण भट्ट, तिलकसिंह धामी र नेकाँ (प्रजातान्त्रिक) का पूर्णबहादुर बोहरालाई ०६२ चैत २६ गते प्रहरीले कुटपिट गरे। कुटपिटबाट लक्ष्मण भट्टको खुट्टा भाँचियो। पीडित भट्टको उपचार भारतमा भयो।

माओवादीबाट

कूलाउँ गाविस-३ चौकुने निवासी ३८ वर्षीय तारा चन्दले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ फागुन १६ गते माओवादीले उनलाई मेलौली गाविसको काडाबजारमा कुटपिट गरे। यसअघि पनि पीडितबाट चन्दा असुल गरी पञ्चेश्वरमा रहेको उनको पसलसमेत लुटपाट गरेका थिए।

मेलौली गाविस केशरपुर काँडास्थित श्री मणिलेक उच्चमाविका शिक्षक दशरथ जोशी, तारादत्त जोशी र धर्मराज जोशीले अन्य शिक्षकहरूकाबारेमा माओवादीलाई गलत विवरण दिएको आरोपमा ०६२ चैत ४ गते माओवादीले तीनैजनालाई मेलौली गाविसको देही बजारमा कुटपिट गरे।

उदयदेव गाविस-३ निवासी ४५ वर्षीय भगिराम सिहं साउदलाई ०६२ चैत १२ गते माओवादीले कुटपिट गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित		
	अन्यबाट					माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	३	३			३	१	१			१	१	१	१
घाइते						३	३			३			
गिरफ्तारी/यातना											६	१०	१०
बेपत्ता											१	१	१
कुटपिट	१	३	१		४	१८	३६			३६	३	५	५
धम्की	१	१			१	८	८		१	९			
भेला/संगठित हुने अधिकार											३	८	८
जातीय विभेद	५	४	१	३	८								
महिलाअधिकार	५		५		५								
बालअधिकार	३		३		३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	३			३			
अमानवीय व्यवहार						४	५		४	९			
अपहरण						१६	३०	३	१००	१३३			
जम्मा	१६	११	९	३	३३	५३	६५	३	१०५	१६३	१४	३५	३५

उनीसँग रहेको १० हजार रूपैयाँसमेत लुटे।

पञ्चेश्वर गाविस-१ पलाडी निवासी ४५ वर्षीय शुक्राम सार्कीले घरायासी झगडा गरेको आरोपमा ०६३ जेठ २० गते माओवादीले उनलाई कुटपिट गरी घाइते तुल्याए। माओवादीको कुटपिटबाट घाइते भएका सार्कीलाई उपचारको लागि गाउँ बाहिर जान दिएनन्।

पञ्चेश्वर गाविस-३ सेरी निवासी २८ वर्षीय पुरनसिंह घटाल र सोही ठाउँका २६ वर्षीय पुष्करसिंह घटालले कुलाउ माविको र्कंकटपाता ढुवानीमा आर्थिक अनियमितता गरेको आरोपमा ०६३ असार १८ गते माओवादीले उनीहरूलाई कुटपिट तथा अमानवीय व्यवहार गरे।

सलेना गाविस-२ निवासी २२ वर्षीय हरिराम दमाईले दलितहरूबीचमै जातीय विभेद गरेको आरोपमा ०६३ साउन ८ गते माओवादीले कुटपिट गरे।

सिद्धपुर गाविस निवासी सरकारद्वारा मनोनित जिल्ला विकास समिति, बैतडीका सदस्य ४५ वर्षीय प्रेमसिंह बिष्टलाई ०६३ भदौ २७ गते माओवादीले मोसो दली गाउँ घुमाए।

रौलेश्वर गाविस-६ निवासी २३ वर्षीय लालुराम विकलाई ०६३ आसोज ३ गते माओवादीले घर नजिकै कुटपिट गर्नुका साथै दुर्व्यवहार गरी गाउँ घुमाए। सो घटनापछि पीडित केही दिन सदरमुकाममा विस्थापित भए। इन्सेक प्रतिनिधिको पहलमा उनी असोज १२ गते पुनर्स्थापित भए। पीडितलाई यस अघि पनि ०६३ जेठ १६ माओवादीले गाउँमै कुटपिट गरेका थिए।

श्रीकोट गाविस निवासी सरकारद्वारा मनोनित जिल्ला विकास समिति सदस्य ३८ वर्षीय विष्णुदत्त भट्टलाई ०६३ आसोज १५ गते माओवादीले कुटपिट गरी मुखमा मोसोदली गाउँ घुमाए।

न्वाली गाविस-४ निवासी ४० वर्षीय मोहनसिंह कार्कीले आफ्नो भाइलाई सुरक्षाकर्मीको जागिरबाट फिर्ता नबोलाएको र दशैंमा घर गएको समयमा पार्टीलाई सहयोग नगरेको आरोपमा ०६३ असोज २५ गते माओवादीले कार्कीलाई कुटपिट गरे। पीडितको बाँया आँखामा चोट लागेको थियो।

काँग्रेस (प्रजातान्त्रिक) जिल्ला कार्यसमितिका सहसचिव घनश्याम भट्टले सुराकी गरेको आरोपमा ०६३ पुस ४ गते माओवादी नेता विजय सुन्दर भनिने नरेन्द्र कुँवरले उनलाई दशरथचन्द नपा-१ गोठलापानीमा कुटपिट गरे। पीडक पूर्व जनसरकार प्रमुख हुन्।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका बलबहादुर भण्डारी

गैरकानुनी गिरफ्तारी

न्वाली गाविस-३ निवासी २७ वर्षीय हर्कसिंह कार्की माओवादी भएको आरोपमा ०६२ माघ ११ गते सुरक्षाकर्मीले उनलाई दशरथचन्द नपा-१ गढीबाट गिरफ्तार गरे। कार्कीबाट एउटा पेस्तोल र केही गोलीहरू बरामद गरेको सुरक्षाकर्मीले जनायो। उनलाई आतंककारी ऐन अर्न्तगत जिल्ला कारागार, बैतडी चलान गरियो। पीडित ०६३ वैशाख २२ गते कञ्चनपुर जिल्ला कारागारबाट रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दशरथचन्द नपा निवासी एमालेका नगर कमिटी सचिव ५८ वर्षीय देवदत्त भट्टलाई नगर निर्वाचन असफल पार्न प्रचार प्रसार गरेको आरोपमा ०६२ माघ १२ गते सुरक्षाकर्मीले दशरथचन्द नपा-१ गोठलापानीबाट गिरफ्तार गरी माघ १६ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

काँग्रेस (प्रजातान्त्रिक) का जिल्ला सह-सचिव २८ वर्षीय घनश्याम भट्ट माओवादीसँग मिलेको आरोपमा ०६२ माघ १३ गते प्रहरीले उनलाई दशरथचन्द नपा-१ शाहीलेकबाट गिरफ्तार गऱ्यो। पीडितलाई ०६२ माघ १६ मा जिल्ला प्रहरी कार्यालय, बैतडीबाट रिहा गरियो ।

अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष २५ वर्षीय गौरीशंकर भट्ट र श्री जगन्नाथ बहुमुखी क्याम्पस गोठलापानीका स्ववियु सभापति २४ वर्षीय दीपेन्द्रबहादुर चन्दले आन्दोलनरत सात दलका पर्चाहरू बजारमा वितरण गरेको आरोपमा ०६२ चैत २२ प्रहरीले उनीहरूलाई दशरथचन्द नपा-१ गोठलापानीबाट गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालय, बैतडीबाट रिहा गऱ्यो।

एमालेका जिल्ला कमिटी सचिव दामोदर भण्डारी, सोही पार्टीका कार्यकर्ता प्रेमसिंह रावल, नेकाँका जिल्ला सभापति नरेन्द्रसिंह बिष्ट, नेकाँ (प्रजातान्त्रिक) का कार्यवाहक जिल्ला सभापति प्रतापसिंह ठगुन्ना र सोही पार्टीका जिल्ला सदस्य प्रेमबहादुर चन्द सात दलको आन्दोलनमा सहभागी भएको अवस्थामा ०६२ चैत २६ गते प्रहरीले सदरमुकाम गोठलापानीबाट गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट जिल्ला प्रहरी कार्यालय बैतडीबाट रिहा गरियो।

मेलौली गाविस-२ काडा निवासी ३० वर्षीय शेरसिंह भाट र दार्चुला जिल्ला बोहरी गाविस निवासी १९ वर्षीय वीरेन्द्रप्रसाद जोशी ०६२ चैत २६ गते सात दलद्वारा सदरमुकाममा आयोजित विरोध जुलुसमा सहभागी भएको अवस्थामा सेनाका क्याप्टेनले उनीहरूलाई माओवादीको

आरोपमा सदरमुकाम गोठलापानीबाट गिरफ्तार गरी इन्सेक जिल्ला प्रतिनिधि शेरबहादुर चन्द र कान्तिपुरका संवाददाता राजेन्द्र नाथको रोहबरमा सोही दिन रिहा गरे।

नेपाल राष्ट्रिय शिक्षक युनियनका जिल्ला अध्यक्ष ४३ वर्षीय गोरखबहादुर चन्द जनआन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ४ गते प्रहरीले उनलाई सदरमुकाम गोठलापानीबाट गिरफ्तार गऱ्यो। पीडित भोलिपल्ट जिल्ला प्रहरी कार्यालय, बैतडीबाट रिहा भए।

माओवादीबाट

अनेरास्ववियु बैतडीका भुवनराम लुहार र बलभद्र दयाल ०६३ जेठ १७ गते श्री धर्मघर माबि सलेनामा आफ्नो सगंठनको विद्यालयस्तरीय कमिटी गठन गर्न जाँदा सो क्षेत्रका माओवादी एरिया इन्चार्जले रोक लगाए।

कोटपेटरा गाविस-८ निवासी २२ वर्षीय राजेन्द्र घरेडी र सोही ठाउँका १८ वर्षीय धनमती घरेडी ०६३ पुस ३ गते माआवादी परित्याग गरी एमालेमा प्रवेश गरेको आरोपमा माओवादीले उनीहरूलाई ०६३ पुस ४ गते दशरथचन्द्र नपा-१ गोठलापानीस्थित शिवम होटलमा केहीसमय नियन्त्रणमा राखे। पीडितहरूलाई एमाले कार्यकर्ताहरूको रोहबरमा सोही दिन मुक्त गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष बैतडी जिल्ला अदालतमा फौजदारी तर्फका जम्मा १० ओटा मुद्दा रहेका छन्। जसमध्ये पाँच ओटा मुद्दा फैसला हुन बाँकी रहेका छन् भने तीन ओटा मुद्दा खारेज भएका छन्। एउटा मिलापत्र र एउटा मुद्दा फैसला भएको थियो। देवानीतर्फ नौओटा मुद्दाहरू दर्ता भएका छन्। लेनदेन सम्बन्धी नौ ओटा मुद्दाहरूमध्ये एउटा मात्रै फैसला भएको छ भने अंश दावीअन्तर्गत दर्ता भएका चारओटा मुद्दाहरू फैसला हुन बाँकी रहेका छन्।

बालअधिकार

कोटपेटरा गाविस-१ नानारा निवासी १६ वर्षीय धनबहादुर रानालाई ०६३ कात्तिक २८ गते माओवादीले घरबाटै अपहरण गरी कैलाली जिल्लाको मसुरियामा रहेको जनसेना शिविरमा भर्ती गरे। पीडित हालसम्म पनि सोही शिविरमा रहेका पीडितका बाबु विसन सिंहले बताए।

भूमिराज गाविस-४ कुएली निवासी १६ वर्षीय मनबीर साउद, सोही ठाउँका १७ वर्षीया जुइली साउद, सोही गाविस-६ निवासी १७ वर्षीय जयलाल साउदलाई ०६३ कात्तिक ३० गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्न भनी कैलाली जिल्लातर्फ लगेको पीडितका आफन्तहरूले बताए। उनीहरू हालसम्म घर फर्किएका छैनन्।

उदयदेव गाविस-७ सोलपाला निवासी १५ वर्षीय महेश नेपालीलाई माओवादीले अपहरण गरी ०६३ कात्तिक ३० गते माआवादीले जनमुक्ति सेनामा भर्ना गराउन भनी घरबाट लगे।

भूमिराज-५ तिरगाली निवासी १७ वर्षीय मनवीर साउद, १५ वर्षीय डम्मरे साउद र १४ वर्षीय जयदेव साउदलाई ०६३ मंसिर २ गते माआवादीले अपहरण गरी जनमुक्ति सेनामा भर्ना गर्न कैलाली जिल्लातर्फ लगे। उनीहरू हालसम्म पनि घर फर्केका छैनन्।

कुलाउ गविस-१ द्वारी निवासी १५ वर्षीय समशेरसिंह जोशीलाई ०६३ मंसिर ३ गते माओवादीले अपहरण गरी जनमुक्ति सेनामा भर्ना गर्न कैलाली पुऱ्याए। पीडित ०६३ मंसिर १० गते घर फर्किए।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

दशरथचन्द नपा-१० निवासी २८ वर्षीया कमला बिष्टलाई ०६३ साउन-१५ गते उनका पति त्रिलोकसिंह बिष्ट र ससुराले कुटपिट गरी घरबाट निकाले। पीडित हाल धनगढीमा बसिरहेकी छन्। उनका पति सेनाका जवान रहेको र उनले दोस्रो विवाहसमेत गरेका छन्। पीडितसँग नेपाली नागरिकताको प्रमाणपत्र नहुँदा अंश पाउन सकेकी छैनन्।

सबै प्रकारका जातीय विभेद

दशरथचन्द नपा- ६ भोडा निवासी ३२ वर्षीय करनराम महरलाई ०६३ असार ३२ गते सोही ठाउँका ३० वर्षीय प्रकाश पन्तले जातीय विभेदका कारण थाचोरमा कुटपिट तथा अमानवीय व्यवहार गरे। कुटपिटबाट पीडित घाइते भएको र उपचार खर्च स्वरूप पीडकले १ हजार रूपैयाँ पीडितलाई बुझाए।

दशरथचन्द नपा-१ तोली निवासी ५० वर्षीय कृष्णराम ओडलाई ०६३ भदौ २२ गते जातीय विभेदका कारण सोही ठाउँका गैरदलितहरूले कुटपिट गरे। धम्कीका कारण पीडितले पीडकहरूको नाम भन्न चाहेनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

माओवादीबाट

हठैराज गाविस गुरकेली निवासी २५ वर्षीय कलसबहादुर चन्दको बाशुलिङ्ग गाविस-७ सतबाज चौराहमा रहेको पसल घर माओवादीले ०६३ भदौ २७ गते कब्जा गरे।

सम्पत्ति क्षति

सरकारद्वारा घोषित नगर निर्वाचन असफल पार्न भनी ०६२ पुस २२ गते माओवादीले राष्ट्रिय वाणिज्य बैंक

गोठलापानीमा बम विस्फोटन गराए।

दशरथचन्द नपा-१ शाहीलेक निवासी ३५ वर्षीय हरि भण्डारीको घरमा ०६२ माघ १० गते माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट मानवीय क्षति नभएपनि घरको दुई कोठामा क्षति पुगेको थियो।

सरकारद्वारा घोषित नगर निर्वाचनमा निर्विरोध निर्वाचित मेयर कृष्णसिंह ठगुन्नाको घरमा ०६२ माघ २२ गते माओवादीले बम विस्फोटन गरी क्षतिग्रस्त बनाए।

५.९ दार्चुला



जनसंख्या : १,३१,१२३
साक्षरता प्रतिशत : ५०.२१
महिला साक्षरता प्रतिशत : ३३
क्षेत्रफल (वर्ग कि. मि.) : २३२२
गाविस/नपा संख्या : ४१/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २६५
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : १८
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४३
मानव विकास सूचकाङ्क : ०.४११
प्रति परिवार सरदर संख्या : ६.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

माओवादी कार्यकर्ता संग्राम र विवशको ०६२ फागुन १६ गते राति सुरक्षाकर्मीले खलङ्गा गाविस-२ गल्फैमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीलाई सकेट बम प्रहार गरी भाग्ने क्रममा सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। माओवादीले प्रहार गरेको सकेट बम विस्फोट हुँदा सई उत्तमसिंह धामी र प्रहरी जवान गणेश बम समान्य घाइते भए। घाइतेहरूको उपचार काठमाडौंमा भएको थियो।

माओवादी नियन्त्रणमा मृत्यु

उकु गाविस-७ डिन्सी निवासी १७ वर्षीया तारा मह, २४ वर्षीय दिनेशराम कामी र सोही ठाउँ निवासी मदनराम लुहारले एक स्थानीय महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६३ भदौ ३१ गते माओवादीले उनीहरूलाई डिन्सी भन्ने ठाउँबाट अपहरण गरी तीनैजनाको चारपाटा मुडी मोसो दलेर सात दिनसम्म गाउँ घुमाए। ०६३ असोज ८ गते तीनैजनालाई आफन्त कहाँ बुझाउन ल्याइरहेको अवस्थामा मदनराम लुहारले महाकाली नदीमा हाम फाली आत्महत्या गरे। अन्य दुईजना महाकाली नदी तरेर भारततर्फ लागे।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। यस कारागारको क्षमता ४० जना छ। हाल जम्मा १२ जना बन्दीहरू रहेका छन्। तीमध्ये ११ जना पुरुष कैदी र एक महिला थुनुवा छन्। यस कारागारमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी तथा खेलकुद सामग्री आदिको समस्या रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

शिवालिङ्ग प्रावि पथ्थरकाँडाका शिक्षक रामसिंह धामीलगायतका शिक्षक तथा स्वास्थ्य चौकीका कर्मचारीसमेत सातजनालाई जनसाक्षरता तथा जनसंकल्प अभियानका नाममा ०६२ फागुन २५ गते माओवादीले अपहरण गरी सात दिनसम्म घुसा, शितलालगायतका गाविसहरूमा घुमाई ०६२ चैत ३ गते गुल्जरबाट मुक्त गरे।

सिप्टी गाविस-२ निवासी ३५ वर्षीय लालसिंह ठगुन्ना र उनकै २५ वर्षीय भाइ झुपुरसिंह ठगुन्नालाई शिक्षक रामसिंह साहुको हत्याका सम्बन्धमा सोधपुछ गर्न भन्दै ०६३ वैशाख ३ गते माओवादीले घरबाटै अपहरण गरे। झुपुरसिंह ठगुन्नालाई पाँच दिनपछि र लालसिंहलाई एक महिनापछि मुक्त गरे।

श्रीकृष्ण मावि डाँडाकोटका करिब ८० जना विद्यार्थीलाई ०६३ वैशाख १८ गते माओवादीले अपहरण गरी रातामाटामा पुऱ्याई सोही दिन मुक्त गरे।

सर्मोली गाविस-४ निवासी २७ वर्षीय लक्ष्मण

सार्कीलाई स्थानीय एक महिलाले उजुरीको दिएको आधारमा ०६३ कात्तिक १ गते माओवादीले उनलाई घरमै कुटपिट गरी अपहरण गरे। पीडित माओवादी कब्जाबाट भागेर हालसम्म पनि फरार छन्।

खलङ्गा गाविस-५ निवासी १८ वर्षीय ध्रुव निरौला, महेश सदाशंकर, मनोज निरौला, सन्तोष दमाई, विनोद निरौला, चन्द्र निरौला र सुरज निरौलाले सेवन मादक पदार्थ सेवन गरी माओवादीलाई गाली गरेको आरोपमा ०६३ कात्तिक ९ गते राति माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी गल्ती नदोहऱ्याउने सर्तमा भोलिपल्ट मुक्त गरे।

धम्की /ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

धाप गाविस-५ निवासी ३८ वर्षीय देवसिंह धामीलाई ०६२ चैत २४ गते दिउँसो खलङ्गा गाविस-२ गल्फैमा सादा पोसाकमा गएका प्रहरीले बिना कारण कुटपिट गरे।

खलङ्गा गाविस-५ बाङ्गाबगर निवासी व्यापारीहरू हरकसिंह कुँवर, ललित ठगुन्ना, मंगल ठगुन्नालगायत केही व्यापारी तथा बाटोमा हिड्ने सर्वसाधरण गरी १९ जनालाई ०६३ जेठ ७ गते बेलुका ड्यूटीमा रहेका सैनिक हवल्दारले बन्दुकको कून्दाले कुटपिट गरे। कुटपिटको विरोधमा ०६३ जेठ ८ गते व्यापारी तथा सर्वसाधरणले प्रशासन घेराउ गरेपछि प्रमुख जिल्ला अधिकारी, सेनाका क्याप्टेन र पीडकले माफी मागेका थिए।

खलङ्गा गाविस-१ निवासी राजधानी दैनिकका संवाददाता ३० वर्षीय हिरासिंह धामीले कालोसूची प्रकाशित गरेको आरोपमा ०६३ असार ६ गते प्रहरी हवल्दार दानसिंह रावतले धामीलाई कुनै पनि समयमा कारबाही गर्न सक्ने भनी धम्की दिए।

माओवादीबाट

व्यास गाविस-६ निवासी ३४ वर्षीय बहादुर तिकरीले छिमेकीसँग झगडा गरेको अरोपमा ०६३ असार २७ गते राति माओवादीले उनलाई घरमै गई कुटपिट गरी घाइते पारे। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

गोकुलेश्वर गाविस-३ निवासी ३८ वर्षीय केशव साउदले माओवादीविरुद्ध सुराकी गरेको अरोपमा ०६३ भदौ १० गते माओवादीले ६० हजार रकम माग गर्दै धम्क्याए।

गुल्जर गाविस-४, सनवासी निवासी १६ वर्षीया कविता महरले माओवादी पार्टी परित्याग गरेको अरोपमा ०६३ भदौ १० माओवादीले उनलाई सदरमुकाम खलङ्गामा अपहरण गर्ने धम्की दिए। पीडित विस्थापित भई सदरमुकाममा बस्दै आएकी छन्।

मालिकाअर्जुन गाविस-१ निवासी ३५ वर्षीय मोहनसिंह धामीले खानेपानीको योजना सञ्चालन गर्दा पाँच प्रतिशत चन्दा नदिएको आरोपमा ०६३ कात्तिक ७ गते माओवादीले कारवाही गर्ने धम्की दिए। पीडितलाई माओवादीले अनुमतिबिना गाउँ प्रवेश गर्नमा रोक लगाए।

गोकुलेश्वर गाविस-४ निवासी २५ वर्षीय रूपेश साउदले माओवादी विरुद्ध षडयन्त्र गरेको र माओवादी नेताहरूलाई कुटपिट गर्न खोजेको आरोपमा ०६३ मंसिर २७ गते माओवादीले उनलाई कुटपिट गरी घाइते पारे। पीडितको उपचार भारतको बरेलीमा भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

खलङ्गा गाविस-४ तल्लोबजार निवासी व्यापारीहरू पदम ठगुन्ना, अनिल थापा, मोहन जोशी, श्याम धामी, कृष्ण भट्ट, हरिश ठगुन्ना, पदम अवस्थी र केशव वडुलगायतका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१	१		१						१	३		३
कुटपिट					३	३			३	३	५	१५	३०
धम्की					५	४	१		५	१	१		१
भेला/संगठित हुने अधिकार										३	५		५
जातीय विभेद	३	३		३									
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१									
अमानवीय व्यवहार					३	४			४	१	१		१
अपहरण					९	१३		६८४	६९६				
जम्मा	६	३	३	६	१८	३३	१	६८४	८०८	६	१४	१५	३९

१४ जनाले ०६२ माघ २३ गते माओवादीले आह्वान गरेको नेपाल बन्दकाक्रममा आफ्ना पसलहरू बन्द गरेकोमा प्रशासनले संयुक्त सुरक्षाकर्मी लगाएर घनले ताल्चा तोडेर जबरजस्ती पसल खुलाए।

खार गाविस-८ निवासी ३२ वर्षीय धनसिंह ठगुन्ना, शिखर गाविस-६ निवासी २७ वर्षीय प्रमानन्द भट्ट र बोहरी गाउँका ३७ वर्षीय रामदत्त जोशी सदरमुकाम बजारमा शान्तिपूर्ण रूपमा आन्दोलनमा सहभागी भइरहदा सुरक्षाकर्मीले ०६२ चैत २६ गते लाठीचार्ज गर्दा घाइते भए। त्यसैगरी खलङ्गा गाविस-८ निवासी २५ वर्षीय अनेरास्ववियु जिल्ला अध्यक्ष खडक बडाल र ग्वानी गाविस-५ निवासी २६ वर्षीय जनकसिंह डाँगीलाई ०६२ चैत २६ गते कोणसभामा सहभागी भइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालय, दार्चुलाबाट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दार्चुला जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा ३८ ओटा दर्ता भएकोमा ११ ओटा फर्स्यौट भई २७ ओटा बाँकी रहे। यस वर्ष दुनियावादी फौजदारी मुद्दा ५१ दर्ता भएकोमा १९ मुद्दा फर्स्यौट भई ३१ ओटा मुद्दा बाँकी रहे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

लाली गाविस-९ खप्तड निवासी २० वर्षीया भागरतीदेवी पन्तले झगडा गरेको आरोपमा ०६३ साउन १० गते उनका पति ४९ वर्षीय लालसिंह पन्तले तरवारले काटी उनको हत्या गरे। पीडितको लास घरमै आगो लगाई जलाए। पीडक हालसम्म फरार छन्।

सबै प्रकारका जातीय विभेद

उकु गाविस-५ निवासी ४९ वर्षीय गमिराम पार्कीलई ०६३ साउन १० गते सोही ठाउँ बस्ने गोपाल क्षत्रीले दूर्व्यवहार गर्दै कुटपिट गरे। पीडितले जिल्ला अदालतमा मुद्दा दायर गरे। जिल्ला अदालतले ०६३ पुस ३ गते दुवैबीच मिलापत्र गरायो।

उकू गाविस-३ निवासी ४८ वर्षीय दानीराम तिरुवालाई ०६३ वैशाख ६ गते सोही ठाउँ निवासी ८५ वर्षीय प्रेमसिंह सामन्तले होटेलमा दुध हालेको चिया नदिएर जातीय विभेद गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

दार्चुला जिल्लामा ०५७ र ०५८ देखि विभिन्न आरोपमा माओवादीबाट हालसम्म विस्थापित हुनेहरूको संख्या जम्मा ५९ जना रहेको छ। त्यसमध्ये ५३ जना आफ्नो घर फर्किसकेका छन् भने छ जना अझै घर फर्कन सकेका छैनन्। घर नफर्केकाहरूमा हिकिला गाविस-४ निवासी दीलिपसिंह बडाल, सोही ठाउँ निवासी जनकसिंह बडाल, सुनसेरा गाविस-६ निवासी दिलिपसिंह कुवँर, शिखर गाविस-९ निवासी बमबहादुर पाल, खरकडा गाविस-६ निवासी दशरथ गिरी र तपोवन गाविस-३ निवासी रणबहादुर सिंह रहेका छन्।

संरचना/सम्पत्ति क्षति

खलङ्गा गाविस-२ स्थित जिल्ला खानेपानी कार्यालयमा ०६२ माघ ११ गते राति माओवादीले पालेसँग साँचो मागी कार्यालयका कुर्सी र टेबुल आगो लगाई नष्ट गरे। माओवादीले कार्यालयको एक सेट टेलिफोनसमेत लुटेर लगे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका सातजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा गुल्जर गाविसका चन्द्रसिंह धामी, देथला गाविसका नदेन्द्र जागरी, नैनाथ गाविस-९ निवासी शुरेन्द्रसिंह धामी, गुहानी गाविस निवासी कल्याणसिंह धामी, गुल्जर गाविस-५ निवासी दिपेन्द्रसिंह ठगुन्ना, हुनैनाथ गाविस-६ निवासी मानसिंह धामी र हुनैनाथ गाविस-९ निवासी पदमसिंह धामी रहेका छन्।

अनुसूची २

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००६

परिशिष्ट १.१ : नेपाल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यपक्षबाट				
	अन्य					माओवादी									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या															
घाँटी रेटेर	१४	९	९		१८	१	१			१					
घाँटी थिचेर	१०	४	६		११										
घाँटी काटेर	३	२	१		३										
दुँगाले किचेर	४	३	२		५										
बम विस्फोटनबाट	९	८	३		११	३१	३३	६		४०	३	२	१	३	६
बलात्कारपटि	६		६		६										
दोहरो भिडन्तमा	२	३	१		४	१८	१३०		९	१३९	३०	१०३	११	३५	१४९
अश्रुग्यासँबाट											१	१			१
भीर वा डाँडाबाट खसालिएको						१	१			१					
झुण्डाएर	२	१	१		२										
अन्य विस्फोटन पादर्थबाट	१	४			४	३	२	१		३	१		१		१
विष खुवाएर	३		३		३	१	१			१					
लठ्ठी प्रहारबाट	१९	१४	६		३०										
यातना दिई						२	२			२	२	२			२
कुटपिट गरी	६२	४६	१९		६६	१३	१३	१		१३	२	२			२
गोली हानी	५१	५६	४		६१	४४	६३	१		६४	६५	६९	११	४६	१३६
खुकुरी प्रहारबाट	१३	११	३		१४										
धारिलो हतियार प्रहारबाट	५६	४३	१६		५९	२	१	१		२					
घन प्रहारबाट	१	१			१										
हत्याको प्रकृति नखुलेको	३६	३९	१०		३९	५	४	१		५					
हवाइ आक्रमण											३	६			६
जम्मा	२९३	३३६	९१		३३६	११०	३५०	१३	९	३६१	९६	१९५	३४	८५	३०४
आफ्नै बम विस्फोटनबाट मृत्यु						९	१३	२		१५	१	१			१
आफ्नै विस्फोटक पदार्थमा परी											१	८			८
जम्मा						९	१३	२		१५	२	९			९
घाइते															
बम विस्फोटबाट	३३	३१	१८		४९	६५	१२४	३८	१	१६३	६	११	६		१६
अश्रुग्यासँबाट धाइते											८	१३			१३
आफ्नै गोलीबाट						१	१			१					
आफ्नै बम विस्फोटनबाट						५	११	२	६	२०	१	१			१
आफ्नै विस्फोटक पदार्थबाट											१	९			९
भिडन्तमा घाईते	३	४	१०		१४	३२	१६५	६	४२	२२४	६	८	१	२६४	२६३
अन्य विस्फोटन पादर्थबाट						६	१०			१०	५	८	२		१०
कुटपिटबाट	९	१३	४		१६	२	६			६	२३८	१२०६	६६	३६	१३१८
गोलीबाट	३४	४३	३		४६	३८	६६	६		६४	४६	१३५	१६	२८९	४४१
धारिलो हतियार प्रहारबाट	१८	३०	४		३४	२	२			२	१	१			१
हवाइ आक्रमण											४	५	४		९
हवाई फायरका क्रममा गोलीद्वारा											१३	६८	१२		९०
जम्मा	९६	१११	३९		१५०	१३१	३९६	५४	५०	५०१	३३०	१४६५	११८	५८९	३१८२
हिरासत/थुनामा मृत्यु गिरफ्तारी /यातना											१	१			१
											६२६	३३१२	२०१	६४६	३१६०
बेपत्ता /अपहरण															
बेपत्ता											१०	१०	२		१२
अपहरण	९०	१०२	१०		११२	१४३६	३६५८	३६४	१९६३४	३२८६६					
जम्मा	९०	१०२	१०		११२	१४३६	३६५८	३६४	१९६३४	३२८६६	१०	१०	२		१२
कुटपिट/धम्की															
कुटपिट	१३८	१९०	३९	९१	३३०	३१०	४५२	५८	८	५१८	३०२	५१०	६१	२६६	८३८
ज्यॅन मार्ने धम्की	११	११	२		१३	४८	६१	५	३१	९६	१९	२४	२	८४८	८६४
चन्दाको लागी धम्की	२	२			२	३३	४४	२	६४	११०					
धम्की	१५	३६	१		५८	१०४	१९२	११	३३०	४३३	४१	५३	१०	३९	१०२
जम्मा	१५६	३३०	४२	९१	३६३	४९५	६४९	६६	३३३	११५८	३६२	५८६	६३	११५४	१८१४
भेला/संगठित हुने अधिकार															
भेला/संगठित हुने अधिकार											२९६	९६२	६४	१०१९५	११३३१
लाठी चार्ज											८८	३६१	१५	१५३६	१८१२
जम्मा											३८५	१३३३	७९	११६३१	१३०३३

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यपक्षबाट				
	अन्य					माओवादी									
	घटना	पुरुष	महिला	नखुलेको	जम्मा	घटना	पुरुष	महिला	नखुलेको	जम्मा	घटना	पुरुष	महिला	नखुलेको	जम्मा
जातीय विभेद															
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित	३	५	३	१	९										
अन्तरजातीय विवाह	३	३		६	९										
जागिरबाट निष्काशन	१	१			१										
जातीय छुवाछूत	३४	३३	१५	१३३	१६०										
जम्मा	४०	४१	१८	१३०	१८९										
महिलाअधिकार															
बोक्सीको आरोपमा	३४		३४		३४	१		१		१					
बलात्कार	४३		४४		४४	१		१४		१४	४		४		४
बलात्कारको प्रयास	१९		३०		३०	१		१		१	६		६		६
बहुविवाह	३३		३४		३४										
महिला बेचबिखन	११		१६		१६										
महिला भएकै कारण यातना	४		४		४										
पारिवारीक हिंसा	११६		११६		११६										
यौन दूर्व्यवहार	६		९		९	१		१		१	३		३		३
कुटपिट	४		४		४										
जम्मा	३६९		३८३		३८३	४		१६		१६	१३		१४		१४
बालअधिकार															
बालश्रम	११	१५	३	१९	३६										
बालबालिका बेचबिखन	१६	३	३५		३६										
बालविवाह	९	५	६		११										
बलत्कार	११३		११६		११६	१		१		१	४		४		४
नवजात शिशुको हत्या	९	१	३	५	९										
शिक्षाबाट बञ्चित	३	१		६०	६१	४			१	१					
यौन दुर्व्यवहार	३४		३४		३४	३		३		३	४	१	३		४
कुटपिट	९	१०	३	३४	३६						१	४			४
जम्मा	१९४	३४	१८९	१०८	३३१	६		३	१	४	९	५	६		१३
आर्थिक/सामाजिक/सांस्कृतिकअधिकार															
ज्यालाबाट बञ्चित	४	३	१	१४	१८										
अन्य	३	१	१	१	३	६	३		४	६	३	४		८०	८४
आफ्नो सम्पत्तिको अधिकार	१	३			३	६६	९१	५	४६	१४३	५	३	३		५
धार्मिक स्वतन्त्रता	१	३			३										
जम्मा	९	९	३	१५	३६	८३	९४	५	५१	१५०	६	६	३	८०	८९
अमानवीय व्यवहार															
बोक्साको आरोपमा	३	३			३										
अन्य	४	४			४	८	८	६	४	१९	५	४		१	५
अनुहारमा मोसो लगाएको	३५	३०	३		३३	३०	३६	१		३६					
जुत्ताको माला लगाएको	४	४			४	३	४			४					
उपलब्ध नभएको	१		१		१										
कपाल खौरिएको	३	३			३	८	१६			१६					
जम्मा	३८	४३	४		४६	३९	५५	८	४	६६	५	४		१	५
कुल जम्मा	११८६	८०५	६६८	३४४	१८३६	३३०३	४३१६	५५१	३०१८३	३५०४९	१९४६	५८३८	५३०	१४१६६	३०६३५

घटनाको प्रकार	गैर राज्यपक्षबाट				राज्यपक्षबाट	
	अन्य		माओवादी			
	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा
भौतिक संरचनामा क्षति						
स्वास्थ्य केन्द्र			१	१		
सरकारी सवारी साधानहरू			३	३		
सरकारी कार्यालयहरु			१४	१५		
सञ्चार क्षेत्र			१	१		
एम्बुलेन्स			१	१		
बैंक			३	४		
दूरसञ्चार टावर			१	१		
भन्सार कार्यालय			१	३		
नीजि घर	३	३	३१	४०	३	३
नीजि सवारीसाधन			१३	२४		
नीजि कार्यालयहरु			१	१		
नगरपालिका भवन			६	९		
पुल			१	१		
निजी सम्पत्ति			३	३		
जिल्ला वन कार्यालय			४	४		
जिल्ला शिक्षा कार्यालय			४	४		
विद्यालय			१	१		
कृषि उपकेन्द्र			३	३		
गाविस भवन			३	३		
खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना			१	१		
हुलाक कार्यालय			१	१		
जम्मा	३	३	९३	११९	३	३

परिशिष्ट १.२ : नेपाल - हत्याको संख्या पेशाको आधारमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	१४०	१०४	४३	१४७	३९	३३	५	३८	११	१४	३		१६
उद्योग व्यवसायी	१५	१४	३	१६	४	५		५	९	९	१		१०
जागिरे/कर्मचारी	११	१३	१	१३	४	६		६	३	३			३
मजदुर	३०	३३	९	३३	७	८		८	९	११	१		१३
सेना	३	५		५	१५	७६		७६	१	८			८
प्रहरी	५	४	१	५	१९	७७		७७	१	१			१
राजनीतिक कार्यकर्ता	८	१३	१	१३	१६	३३	३	३५	४७	१३३	१६	८१	३३९
सुरक्षाकर्मी					३	१८		१८					
विद्यार्थी	१५	११	४	१५	९	६	४	१०	३	३	१		३
शिक्षक									३	३			३
नखुलेको	६९	५१	३०	८१	१७	३०	३	३३	१६	३३	३	४	३९
जम्मा	३९५	३३६	९१	३३७	१३३	२७२	१४	२८६	१०१	२०४	३४	८५	३१३

परिशिष्ट १.३ : नेपाल - अपहरणको संख्या पेशाको आधारमा

पेशा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	५३४	७८३	८५	६	८७३
उद्योग व्यवसायी	७३	१३३	१९		१५३
जागिर/कर्मचारी	६७	१३०	१		१३१
स्वास्थ कार्यकर्ता	४	५	३		७
मानवअधिकारकर्मा	१	१			१
पत्रकार	१	१			१
मजदुर	६१	१३५	८		१३३
कानुन व्यवसायी	३	३			३
सेना	१९	३५			३५
प्रहरी	३१	६७	१		६८
राजनीतिक कार्यकर्ता	३५	४७	१		४८
शणरार्थी	३	३	१		४
सामाजिक कार्यकर्ता	७	७	१		८
विद्यार्थी	२६३	४५०	१५९	२५३७	३१४६
शिक्षक	५९	४३१	६	९३३	१३६०
नखुलेको	२८३	५५८	९०	१६२५८	१६९०६
जम्मा	१४३२	२७५८	३७४	१९७३४	२२८६६

परिशिष्ट १.४ : नेपाल - बालबालिका (१८ वर्ष मुनिका) को हत्याको संख्या र प्रकार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
घाँटी रेटेर	१		१	१								
घाँटी थिचेर	२		२	२								
बम विस्फोटनबाट	७	६	२	८	११	११	६	१७				
बलात्कारपछि	४		४	४								
दोहरो भिडन्तमा									१	१		१
आफ्नै बम विस्फोटनबाट मृत्यु					१	१		१				
भीर वा डाँडाबाट खसालिएको					१	१		१				
झुण्डाएर	१	१		१								
अन्य विस्फोटन पदार्थबाट									१		१	१
कुटपिट गरी	५	२	३	५								
गोली हानी	४	३	१	४					१		१	१
धारिलो हतियार प्रहारबाट	५	३	२	५								
हत्याको प्रकृति नखुलेको	७	३	४	७								
हवाइ आक्रमण									१	१		१
जम्मा	३६	१८	१९	३७	१३	१३	६	१९	४	२	२	४

परिशिष्ट १.५ : नेपाल - घाइते बालबालिकका (१८ वर्ष मुनिका) को संख्या र प्रकार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
बम विस्फोटबाट	१५	१७	५	२२	३४	३४	९	४३	१		४	४
आफ्नै बम विस्फोटनबाट					२	१	१	२				
भिडन्तमा घाईते	१		३	३	१		२	२				
अन्य विस्फोटन पादर्थबाट					१	१		१				
कुटपिटबाट	१	१		१	१	१		१	४	७	१	८
गोलीबाट	२	२		२	१		१	१	६	६	२	८
धारिलो हतियार प्रहारबाट	२	३		३								
हवाइ आक्रमण									२	३	१	४
हवाई फायरका क्रममा गोलीद्वारा									३	३	१	४
जम्मा	२१	२३	८	३१	३०	३७	१३	५०	१६	१९	९	२८

परिशिष्ट १.६ : नेपाल - पीडित हुनेहरूको संख्या, घटनाको प्रकार र महिना

घटना को प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	२१६	१४६	१६३	१३८	४१	३२	२३	३९	४०	३६	२४	१६	९३६
घाइते	३६६	२१५	२३४	१६८५	४२	२४	४८	१४	१६	१५	१०	५२	३८३३
हिरासत वा थुनामा मृत्यु					१								१
गिरफ्तारी/यातना	११३६	८६९	१६६	८८६	२३	६	६	२	२४	१०	११	९	३१६०
बेपत्ता			३	६			१					१	१२
कुटपिट	१३८	१०४	३०४	२५१	१३६	८१	२००	६२	१६५	६८	३९	१०६	१६६६
धम्की	१०९	३६९	१६५	६०८	५८	३९	६१	९४	३०	६४	४३	३९	१६५९
भेला/संगठित हुने अधिकार	११२३	१६३९	३१४	८८९५	२३	४६	४२३	३९३	११०८	३६		४६	१३०३३
जातीय विभेद	१०	१	१०	४	४	१	१०८	३८	८	१२	१	२	१८९
भूमिहीन/सुकुम्बासी समस्या											६५०		६५०
महिलाअधिकार	१६	२२	३३	१६	२५	३८	३६	३४	१९	२५	४०	३८	३१४
बालअधिकार	१२	१९	३३	९	२२	१२३	६०	३१	१६	८	१५	८	३४६
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१६	१५	१४	११	१	३०	१३९	१३	१०	१०	१५	११	३६५
अमानवीय व्यवहार	२	३	९	१०	२५	१८	१३	१९	६	४	६	४	११८
अपहरण	११८९९	३५३४	९९०	८३८	५८८	१५६४	१५६	६३८	१६३१	३३६	१५४३	१८३	३३९६८
जम्मा	१५०५६	५८१६	३४४९	१३५४९	९९०	१९८३	१३६३	१४६५	३१५५	५३५	३३९६	४९५	४८१६१

परिशिष्ट १.७ : पूर्वाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८६	६०	२६		९६	३३	६४	६		७०	३३	३९	५	५९	९३
घाइते	३५	३४	२		३६	३०	९९	११		११०	२२	५०	५	३६०	३१५
गिरफ्तारी/यातना											१६९	५०३	४६	२६२	८२१
बेपत्ता											१	१	१		२
कुटपिट	४४	५३	१८		६१	१३२	१९९	३०	८	३३६	६४	१२६	१०	९१	३३८
धम्की	१०	१०	२		१२	३८	६३	६	९	६८	१५	३३	६	१५	४५
भेला/संगठित हुने अधिकार											९३	२४३	३५	४१११	४३६९
जातीय विभेद	६	६	१	६	१४										
महिलाअधिकार	६९		६१		६१	२		२		२					
बालअधिकार	६३	११	६०	३५	१०६						२	१	१		२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	३३	३५	२		३६	१	१			१
अमानवीय व्यवहार	१५	३०	१		३१	१५	३३	६		३९					
अपहरण	३६	४६	२		४८	४५५	६४३	८४	१३१६३	१३९९९					
जम्मा	३६६	३५१	१९४	३२	४६६	६२६	१३१४	१३८	१३१९०	१३५४३	४१०	९६८	१००	४८०८	५८८६

परिशिष्ट १.८ : मध्यमाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९०	७४	३४		९८	४०	८८	३	७	९७	३३	८३	९	११	१०३
घाइते	३७	३८	११		३९	४१	११६	३१	१०	१४७	३६३	१३१३	८६	१६	१४१५
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी/यातना											३०५	८५७	९१	८६	१०३४
बेपत्ता											७	७	१		८
कुटपिट	३७	५८	१३	८	७८	४५	६३	१७		८०	७३	१३५	१०	५	१४०
धम्की	१	१			१	३५	९३	१	७०	१६४	१३	१८	१		१९
भेला/संगठित हुने अधिकार											१३०	३९१	८	४३९४	४६९३
जातीय विभेद	१०	१५	४	१३०	१३९										
महिलाअधिकार	११३		१३०		१३०	१			१४	१४	४		४		४
बालअधिकार	५१	१	५१	८०	१३३	१		१		१	३	१	३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१४	१५	९	१६			१६					
अमानवीय व्यवहार	४	४			४	४	५			५					
अपहरण	३३	३३	५		३८	३१०	५९४	७७	५९०९	६५८०					
जम्मा	३५६	३१५	३३७	३३३	६६४	४७६	९७५	१११	६०१०	७१०४	७३०	३७९५	३१३	४४१३	७४१९

परिशिष्ट १.९ : पश्चिमाञ्चल- घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६०	४६	३१		६७	३१	६५	३	३	६९	३५	७१	७	१३	९१
घाइते	१५	१८	१७		३५	३०	१०३	१०	३३	१४४	३८	७०	१८	३७५	३६३
गिरफ्तारी/यातना											१३५	४३४	३८	४	४७६
बेपत्ता											१	१			१
कुटपिट	३३	३७	५	३	४५	३९	६९	६		७५	४९	८३	१७	३	१०३
धम्की	४	१६	१		१७	३५	३७		४०	६७					
भेला/संगठित हुने अधिकार											४९	१८५	१	१४०९	१५९५
जातीय विभेद	४	३	३		४										
महिलाआधिकार	३८		३८		३८	१		१		१	३		३		३
बालअधिकार	३१	६	४०		४६										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	३०	१९	३		३३	१	१			१
अमानवीय व्यवहार	३	३			३	६	८			८					
अपहरण	१०	८	३		१०	१९१	६८०	८१	५१६	१३७७					
जम्मा	१७९	१३७	११६	३	३५६	३३३	९७०	१०३	५९०	१६६३	३९०	८४४	८३	१७०४	३६३१

परिशिष्ट १.१०: मध्य पश्चिमाञ्चल- घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३९	३०	१८		४८	२०	३४	२		३६	१३	१६	३		१९
घाइते	१६	१८	१		१८	३४	५०	४	८	६१	९	३९	९	३६	८४
गिरफ्तारी/यातना											१३८	३०४	१६	३३८	५४८
कुटपिट	११	१४	१		१५	५४	६४	११		७५	८८	११३	११	३१	१४४
धम्की	५	६			६	६५	८९	९		९८	२०	३८	३	३६८	३९८
भेला/संगठित हुने अधिकार											६५	१५४	३८	१६६८	१८४९
जातीय विभेद	४	२	१	१	४										
महिलाअधिकार	३८		३१		३१						३		४		४
बालअधिकार	३६	१८	१५	२	३४	१		१		१	३		३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२	१		३	३३	३८		४९	८६	३	१	२		३
अमानवीय व्यवहार	१		१		१	५	६	१		८					
अपहरण	११	१४	१		१५	३५१	५१९	१०२	३२	६४३					
जम्मा	१४३	१०२	६९	३	१८४	५४३	८८९	१३०	८८	९९८	३३१	६४४	८८	३३३०	३९४२

परिशिष्ट १.११: सुदूर पश्चिमाञ्चल- घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१८	१६	२		१८	६	१२	२		१४	६	६		२	८
घाइते	१४	१४	८		३३	१६	३०	८	१	३९	८	१३		२	१५
गिरफ्तारी/यातना											८०	३१४	१०	५८	३८१
बेपत्ता											१	१			१
कुटपिट	३४	३८	३	८०	१११	४२	५८	४		६१	३०	६४	१३	१४८	३३४
धम्की	८	८			८	३२	३५	२	३०६	३३३	१२	८	१	६०५	६१४
भेला/संगठित हुने अधिकार											४८	३६०	१८	३३९	५१८
जातीय विभेद	१६	१६	१०	२	३८										
भूमिहीन/सुकुम्बासी समस्या											२			६५०	६५०
महिलाअधिकार	३१		३३		३३						४		४		४
बालअधिकार	१३	१	११	१	१३	५		१	१	२	१	४			४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	४	४	१	१	६	८	८		२	९	२	४		८०	८४
अमानवीय व्यवहार	१५	१५	२		१८	९	१४		४	१८	५	४		१	५
अपहरण	१	१			१	१२०	३३३	३०	१११४	१३६८					
जम्मा	१४२	१०२	८०	८४	३५६	३३८	३६८	४८	१३३८	१८४३	१९९	५८८	४६	१८८३	३४०८

अनुसूची ३

सन् २००६ को मानवअधिकार स्थितिबारे राजनीतिक दलको धारणा

नेपाली काँग्रेस
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
नेपाली काँग्रेस (प्रजातान्त्रिक)
राष्ट्रिय प्रजातन्त्र पार्टी
जनमोर्चा, नेपाल
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
नेपाल मजदुर किसान पार्टी
संयुक्त बाममोर्चा, नेपाल
जनमोर्चा नेपाल, राष्ट्रिय सम्मेलन केन्द्रीय कार्यसमिति

नेपाली काँग्रेस

विगत केही वर्षहरू नेपालमा मानव अधिकारको अत्यधिक उल्लङ्घनका वर्षहरू थिए। ती अवधिमा अत्यन्त बर्बर र अति हृदयविदारक रुपमा मानव अधिकारको अपहेलना गरेर भएका हत्या, हिंसा र आतङ्कका घटनाहरू हाम्रो देशका अति अमानुषिक एवम मानव अधिकार उल्लङ्घनको कलङ्कका घटनाहरू भएर रहेका छन्।

नेपालमा केही पहिलेदेखि श्रृखलाबद्ध रुपमा थालिएका मानव अधिकारको उल्लङ्घनमा- सन् २००६ को प्रारम्भका करीव चार महिना मानिसको नृशंस हत्याको उत्कर्ष स्थिति थियो। मानिसलाई पशुवत व्यवहारसम्म नगर्नु, निर्दोष र निहत्था जनतालाई गोलीले क्षतविक्षत पार्नु यी चार महिनाका प्रत्येक दिनका अति क्रूर र अति अमानवीय घटनाहरू थिए। अब त्यस्ता जघन्य घटनाहरू फेरि कहिल्यै नदोहरिउन् भन्नेमा हमेशा सचेत र संवेशनशील रहन नेपाली काँग्रेस सबैसित आग्रह गर्दछ।

नेपाली जनताको उत्सर्ग र बलिदानपूर्ण संघर्षले देशमा लोकतान्त्रिक पद्धतिको स्थापना गऱ्यो। त्यसपछि समग्र रुपमा राज्य आतङ्क बन्द भएको छ। व्यक्तिका प्रतिशोधमूलक छिटफुट केही घटनाहरूले मानव अधिकारमा दक्खल पुऱ्याए पनि, सन् २००६ को मे महिनादेखि यता, नेपालमा मानव अधिकारको स्थितिमा आमूल परिवर्तन आएको यथार्थका प्रति नेपाली काँग्रेस सन्तोष व्यक्त गर्न चाहन्छ।

नेपालमा अकल्पनीय रुपमा मानव अधिकारको उल्लङ्घन भएको बेला इन्सेक र अरु कतिपय मानव अधिकारवादी संघ-संस्थाहरूले त्यसको रोकथाम गर्न, त्यसको विरोधमा विश्व जनमत तयार पार्न तथा त्यसबाट पीडितहरूको उद्धार गर्न, उपचारमा सहयोग पुऱ्याउन गरेका कार्यहरू निसन्देह, अति प्रशंसनीय छन् । नेपाली काँग्रेस ती सबैको हार्दिक सराहना गर्दछ।

पुरुषोत्तम बस्नेत
आमन्त्रित केन्द्रीय सदस्य

नेकपा (एमाले)

१. विषय प्रवेश:

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मानवअधिकार अभियन्ता, अनुगमनकर्ता र अभिलेखकर्ताको रूपमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल रहेको छ। यस संस्थाद्वारा प्रत्येकवर्ष प्रकाशित हुने मानवअधिकार वर्षपुस्तक नै नेपालको मानवअधिकार स्थितिको सबैभन्दा भरपर्दो र विस्तृत अभिलेख हो। मानवअधिकार वर्षपुस्तकमा समावेश गरिने मानवअधिकार उल्लङ्घनका घटनाहरू स्थलगत रूपमा नै सङ्कलन गरिने भएका कारणले वस्तुपरक र यथार्थ समेत रहने गरेका छन्। मानवअधिकार सङ्कलनकर्ताका रूपमा रहेका मानवअधिकार वर्षपुस्तक प्रतिनिधिहरू नेपालको सन्दर्भमा सर्वाधिक सकृय र प्रभावकारी मानवअधिकार रक्षकका रूपमा स्थापित भएका छन्। सशस्त्र विद्रोहको समयमा राज्य पक्ष र विद्रोहीपक्षबाट हुने गरेका मानवअधिकारको उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गर्न, मानवअधिकारकर्मीको हैसियतमा कव्जामा परेका व्यक्तिहरूको स्थिति सार्वजनिक गराउन र उनीहरूलाई सुरक्षित ढङ्गले मुक्त गराउने काममा समेत मानवअधिकार वर्षपुस्तक प्रतिनिधिहरूको महत्वपूर्ण भूमिका स्थापित भएको देखिन्छ। राजाको सक्रिय शासनका कालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका विरुद्धमा आवाज उठाउनेदेखि लिएर निरङ्कुश राजतन्त्रका विरुद्धको लोकतान्त्रिक आन्दोलनमा मानवअधिकार रक्षकका रूपमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले निकै नै महत्वपूर्ण र नेतृत्वकारी भूमिका खेल्न सकेको छ। मानवअधिकारको आन्दोलनका माध्यमबाट नेपालको लोकतान्त्रिक आन्दोलनमा मानवअधिकार वर्षपुस्तकले पुऱ्याएको सकारात्मक योगदान प्रति हाम्रो पार्टी नेकपा (एमाले) सदैव अनुग्रहित रहदै आएको छ। मानवअधिकार वर्षपुस्तक २००७ को प्रकाशनका अवसरमा नेकपा (एमाले) नेपालका मानवअधिकारकर्मीहरू, मानवअधिकार संस्थाहरू र विशेष गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानवअधिकार वर्षपुस्तक प्रतिनिधिहरूलाई ऐतिहासिक जनआन्दोलन र मानवअधिकार रक्षाको आन्दोलनमा पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

मानवअधिकार आन्दोलन, मानवअधिकार अभियन्ताहरू, अनौपचारिक सेवा केन्द्र (इन्सेक) मानवअधिकार वर्षपुस्तक र वर्षपुस्तक प्रतिनिधिहरूले गएको वर्ष सन् २००६ मा मानवअधिकारको रक्षा र लोकतान्त्रिक आन्दोलनको सफलताका सन्दर्भमा पुऱ्याएको विशिष्ट योगदानका लागि हार्दिक अभिनन्दन गर्दै सन् २००६ मा मानवअधिकारको अवस्थाका बारेमा हाम्रो पार्टी नेकपा (एमाले) का धारणाहरू सुत्रवद्ध रूपमा चर्चा गर्न चाहन्छु। ?

२. समग्रतामा सन् २००६

सन् २००६ को मानवअधिकार स्थितिको चर्चागर्दा मानवअधिकार उल्लङ्घनका घटनाहरूको सन्दर्भलाई मात्रै अघि सारेर पुग्दैन। यसलाई युद्ध र शान्ति, प्रतिगमन र लोकतन्त्रको आन्दोलन, मानवअधिकारको उल्लङ्घन र

त्यसको रक्षाका लागि गरिएका प्रयासहरू तथा नेपाली समाजमा विद्यमान आर्थिक र समाजिक विभेद र त्यसका विरुद्धको जागरणका परिपेक्षमा सामग्रीक रूपमा नै हेर्नु र विश्लेषण गर्नुपर्ने हुन्छ। यस हिसाबले हेर्न हो भने सन् २००६ को मानवअधिकारको अवस्थाको द्वन्द्वात्मक चित्र देखिन्छ। विगतको वर्ष नेपालको इतिहासमा नै उथल पुथलपूर्ण रहृयो। युद्धको विभिषिकादेखि शान्तिको "रोलमोडेल" सम्मको अनुभव नेपाली समाजले विगत वर्षमा गर्न पायो।

राजाको प्रत्यक्ष शासनको हुङ्कारदेखि राजा निलम्वनको अवस्था समेत नेपाली जनताले यसै वर्षमा देख्न पाए। जनक्रान्तिको स्वरूप ग्रहण गर्न पुगेको ऐतिहासिक जनआन्दोलनको प्रत्यक्ष अनुभव समेत यसै अवधिमा नेपाली जनताले गर्न पाए। इतिहासलाई नै बदल्ने सामर्थ्य बोकेको जनआन्दोलनलाई निस्तेज बनाउनका लागि राज्यले प्रयोग गरेका मानव सभ्यतालाई नै कलङ्कित बनाउने दमनचक्रलाई पनि नेपाली जनताले देख्न र भोग्न पाए। मानवअधिकार उल्लङ्घनका विरुद्धमा मानवअधिकार रक्षकहरू फलामे किल्लाका रूपमा प्रकट भए। मानवअधिकार रक्षकहरू एकै साथ मानवअधिकार रक्षक, अनुगमनकर्ता, शान्ति सेवक र लोकतान्त्रिक आन्दोलनका सेनानीका रूपमा देखिए। यस अवधिमा मानवअधिकारको उल्लङ्घनका घटनाहरू जति धेरै भए त्यो भन्दा धेरै उल्लङ्घनका घटनाहरू र मानवीय क्षतिका सम्भावनाहरूलाई रोक्नका लागि मानवअधिकार रक्षकहरू सामर्थ्यवान रहे।

मानवअधिकारको अनुगमनका लागि नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालय र त्यसको भूमिका र संरक्षणको प्रयास पनि मानवअधिकारको दृष्टिले निकै नै महत्वको घटना हो। नेपालको मानवअधिकारको विग्रदो अवस्थाका सन्दर्भमा नेपालभन्दा बाहिरका मानवअधिकार प्रति सजग विभिन्न प्रकृतिका संघसंस्थाहरू र मित्र राष्ट्रहरूको योगदान समेत उल्लेखनीय रहृयो। यि सबै कारणले गर्दा विगत वर्षको मानवअधिकार अवस्था घटनाका हिसाबले अत्यन्त गम्भीर र त्यसको विरुद्धको संघर्षका हिसाबले अत्याधिक उपलब्धिपूर्ण रहृयो। एक हिसाबले भन्ने हो भने अध्यारोको बीचबाट नै उज्यालो जन्म हुन्छ भन्ने भनाई सन् २००६ मा नेपालमा सही साबित भयो।

३. घटना र प्रवृत्तिका हिसाबले सन् २००६

सन् २००६ को मानवअधिकार स्थितिलाई सर्वाधिक रूपमा प्रभाव पार्ने प्रमुख घटना र प्रवृत्तिलाई यस रूपमा उल्लेख गर्न सकिन्छ।

३.१ मानवअधिकार उल्लङ्घनका घटनाहरू

विगतमा जस्तै गएको वर्ष पनि नेपालमा राजनीतिक द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रचुरता रहृयो। राजनीतिक प्रकृतिसँग जोडिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूले नै नेपाली समाजलाई प्रभावित बनायो। नेकपा (माओवादी) द्वारा सञ्चालित सशस्त्र विद्रोह तथा निरङ्कुश राजतन्त्रका विरुद्धका ऐतिहासिक जनआन्दोलनसँग जोडिएर राज्यले मानवअधिकारको उल्लङ्घन गर्ने काम गऱ्यो। मानवअधिकार उच्चायुक्तको कार्यालयको स्थापनाका बावजुत राज्यपक्ष र विद्रोही माओवादी मानवअधिकारको पालनामा उदासिन नै देखिए। युद्ध विराम पूर्वको अवस्थामा सशस्त्र युद्धमा परेर मारिनेहरूको संख्यामा केही सुधार आएको देखिए पनि अपरण, कुटपिट, जबरजस्ती चन्दा असुली र विस्थापनका समस्याहरू यथावत नै रहे।

जनआन्दोलनका विरुद्धमा राज्यको बल प्रयोग अत्यधिक नै भयो। एउटै घटनामा परेर हजारौको सख्यामा मानिसहरू घाइते हुने अवस्था सृजना गरियो। शान्तिपूर्ण जनआन्दोलनका क्रममा नै झण्डै दुई दर्जन आन्दोलनकारीले जीवन गुमाउनु पऱ्यो। जनआन्दोलका घाइते र अपाङ्गहरूका सन्दर्भमा विभिन्न निकायले सङ्कलन गरेको अभिलेखबाट नै जनआन्दोलनका क्रममा भएको अत्यधिक बल प्रयोगको घटनालाई पुष्टि गर्दछन्। यस बाहेक जनआन्दोलनको समय र जनआन्दोलनपछिको शक्ति सुन्यताको समयमा समेत गैर राजनीतिक चरित्रका अपराधिक क्रियाकलाप र मानव उत्पीडनका घटनाहरू उल्लेख भएका छन्। यस्ता घटनाहरू राजनीतिक द्वन्द्वको परिस्थितिका कारणले समेत ओझेलमा परेका हुन सक्छन्। मानवअधिकार वर्षपुस्तकले ओझेलमा परेका त्यस्ता तथ्यहरूलाई समेत महत्वका साथ समेट्न सक्नु पर्छ। यस वर्षको मानवअधिकार उल्लङ्घनका घटनाबाट मानवअधिकार रक्षकहरू समेत प्रभावित भएका छन्।

मानवअधिकार अनुगमनकर्ताहरू, सञ्चारकर्मीहरू, चिकित्सकहरू, पेशागत बौद्धिकहरू नागरिक आन्दोलका अगुवाहरू जसले मानवअधिकारको रक्षाका लागि सकृय भूमिका निर्वाह गर्दै आएका छन्। उनीहरू समेत यातना, दमन र हतोत्साहनको शिकार बने। तर दमन, उत्पीडन र दुरुत्साहनका घटनाले मानवअधिकार उल्लङ्घनका विरुद्धको अभियान भने कमजोर भएन। जसको परिणाम स्वरूप नै भन्न पर्छ व्यापक मानवअधिकारको उल्लङ्घनपछि मानवअधिकारको उल्लङ्घनकर्ता निरङ्कुश राजतन्त्रवादी शक्तिहरू नै जनआन्दोलनबाट पराजित हुनु पऱ्यो। मानवअधिकार उल्लङ्घनका दृष्टिले निरासाजनक नै रहे पनि मानवअधिकार उत्पीडकको हार र उत्पीडितहरूको जीत

भएको उत्साहप्रद वर्षसमेत सन् २००६ रह्यो।

३.२ ऐतिहासिक जनआन्दोलन

गएको वर्षको आरम्भ देखिनै निरङ्कुश राजतन्त्रका विरुद्धको आन्दोलन विस्तारित रूपमा अघि बढ्यो। माघ १९ गते २०६१ पछि पर्ख र हेरको मनस्थितिमा रहेकाहरू समेत सात दल र माओवादी सहमतिपछि जनआन्दोलनको पक्षमा उभिने क्रमसँगै जनआन्दोलनले तिव्रता पाउँदै गयो। जनआन्दोलनले तिव्रता लिँदै जाने क्रममा राज्य हिंश्रक र बर्वर ढङ्गले प्रस्तुत भयो। शान्तिपूर्ण प्रदर्शन रोक्नका लागि कर्फ्युको सहारा लिइयो। कर्फ्युको समेत बेवास्ता गर्दै जनताले प्रदर्शन जारी राखेपछि त्यसका विरुद्धमा सेना र सशस्त्र प्रहरी बल प्रयोग गरियो। एउटै घटनामा हजारौ व्यक्तिहरू घाइते र अङ्गभङ्ग हुने र ज्यानसमेत जाने गरी हिंश्रक दमन गरियो। दमनको क्रममा पत्रकार र मानवअधिकार अनुगमनकर्ताहरूलाई समेत बाँकी राखिएन। घाइतेहरूलाई अस्पताल लैजानका लागि एम्बुलेन्सलाई समेत पास नभएको नाममा रोक लगाइयो। तर यि सबै दमनका हतकण्डालाई सामना गरेर आन्दोलन विस्तारित हुँदै गएपछि आन्दोलनमा लाखौलाख जनताको सहभागिता बढ्दै जान थाल्यो। के गाउँ के सहर सबै तिर यतिसम्म कि सरकारको केन्द्र रहेको सिंहदरवार भित्रसमेत आन्दोलनको प्रभाव विस्तार हुँदै गयो।

कर्मचारीहरूले असहयोग आन्दोलनलाई तिव्र बनाए। विभिन्न ठाउँका जनताले आफ्नो क्षेत्रलाई मुक्त क्षेत्रका रूपमा घोषणा गर्न सुरु गरे। राज्य हरेक हिसाबले ठप्प भयो। राजा ज्ञानेन्द्रले सम्वादका लागि पहल अघि बढाए। आन्दोलरत राजनीतिक दलहरूले राजाको चालवाजीलाई पूर्णत: अस्वीकार गरी आन्दोलनलाई थप चर्काउने अठोट गरे। यसरी जनआन्दोलनको माग अनुरूप सार्वभौमसत्ता, राजकियसत्ता र शासनाधिकार नेपाली जनतामा रहेको घोषणा गर्न राजा ज्ञानेन्द्र बाध्य भए र मुलुक लोकतन्त्रका नयाँ युगमा प्रवेश गर्न सफल भयो।

ऐतिहासिक जनआन्दोलनको सफलतापछि ९० को दसकमा स्थापित उदार प्रजातन्त्र सहितको सम्वैधानिक राजतन्त्र सहितको बहुदलीय संसदिय प्रजातन्त्रको ठाउँ संघीयतामा आधारित समावेशी लोकतान्त्रिक गणतन्त्रले लिने सम्भावना बढेर गएको छ। कागजमा सिमित बनाईएको जनताका सार्वभौमसत्ता जनताको हातमा आइपुगेको छ। राजकियसत्ता र कार्यकारी अधिकार समेत जनआन्दोलको नेतृत्वकर्ता शक्ति सात राजनीतिक दल र नेकापा (माओवादी) का तर्फबाट प्रयोग हुनथालेको छ।

प्रतिनिधि सभाको जेठ ४ को घोषणाले राजा अधिकार विहीन बन्न पुगेका थिए। नेपाललाई धर्म निरिपेक्ष राज्यको घोषणा गरिएको थियो। हरेक तहमा ३३ प्रतिशत महिला सहभागिताको नीति अघि सारिएको छ। अन्तरिम संविधान जारी भएपछि राजतन्त्र निलम्वनको अवस्थामा पुगेको छ। माओवादी युद्धको बाटो छोडेर शान्ति वार्ताका माध्यमबाट मुलधारको राजनीतिमा प्रवेश गरेका छन्। माओवादी समेतको सहभागितामा अन्तरिम व्यवस्थापिका संसद गठन भएको छ। सेना र हतियारको व्यवस्थापनपछि माओवादी सहितको अन्तरिम सरकार गठन हुने भएको छ। संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको भविष्यको निरूपण हुने भएको छ। नेपालको लोकतान्त्रिक आन्दोलनले प्राप्त गरेका यि उपलब्धि र अवसरहरू सहजै प्राप्त भएका होइनन्। यसमा जनताको निकै ठूलो वलिदान र सौर्यको गाथा जोडिएको छ। जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलका प्रमुख विशेषता निम्न अनुसार रहेका छन्।

(क) सुरुदेखि जनआन्दोलन राजतन्त्रका विरुद्धको आन्दोलनका रूपमा विकास भयो। सामन्तवादको प्रतिकको रूपमा रहदै आएको राज संस्थाकै विरुद्धमा आन्दोलनको अवधिभरि चरम घृणा र आक्रोश देखियो। यो आन्दोलनको क्रममा देखापरेको १९ दिने जनआक्रोशले राजनीतिक सुनामीको रूप लियो। संयुक्त जनआन्दोलन देशव्यापी रूपमा नै लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ अघि बढ्यो। जनआन्दोलनलाई नयाँ उचाईमा पुऱ्याउन यसलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउनु आवश्यक छ भन्ने हाम्रो पार्टीको निष्कर्ष सही साबित भयो। जनआन्दोलनको सफलतापछि अहिले मुलुक संविधानसभाको प्रक्रियाबाट लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने दिशामा अग्रसर छ।

(ख) विगतमा केही समयदेखि क्रमश: गति पक्रदैँ गएको राज्यको पुन:संरचनाको विषयलाई जनआन्दोलनले उत्कर्षमा पुऱ्याई दियो। परम्परागत राज्य सत्तामाथि आमजनताले हस्तक्षेप गर्ने ऐतिहासिक कार्यको थालनीसमेत यस आन्दोलनको क्रममा भयो। सामन्ती अधिराज्यको संरचनागत आधारलाई यस आन्दोलनले अस्वीकार गरिदिएको छ र त्यसका ठाउँमा नेपाली विशेषता अनुरूपको नयाँ संरचनागत आधार निर्माणको प्रक्रिया सुरु भएको छ। संसदको जेठ ४ को ऐतिहासिक घोषणाबाट उक्त प्रक्रियाले ठोस आकार लिन सफल भएको छ।

(ग) ०४६ सालको ऐतिहासिक जनआन्दोलन विश्वव्यापी रूपमा सुरु भएको उदार प्रजातन्त्रको लहरबाट प्रभावित थियो। जनआन्दोलनको एउटा घटकको रूपमा नेकपा (एमाले) ले ०४६ सालको उपलब्धिलाई सामाजिक न्याय सहितको शासन प्रणालीको रूपमा विकास गर्न चाहेको भए पनि मुलुक उदार प्रजातन्त्रको सीमामा सीमित रह्यो। तर यसपटकको जनआन्दोलनले

सामाजिक न्याय र समानता सहितको लोक कल्याणकारी राज्यको मान्यतालाई राजनीतिक र वैचारिक रूपमा स्थापित गरिदिएको छ।

(घ) यसै जनआन्दोलनको पृष्ठभूमिमा नै दीर्घकालीन जनयुद्धलाई क्रान्तिको एकमात्र बाटो भएको ठहर गर्दै सशस्त्र संघर्षको बाटोमा अघि बढेका माओवादी एक्काइसौ शताब्दीको जनवादको कुरा गर्दै बहुदलीय प्रतिस्पर्धाको राजनीतिका पक्षमा उभिन आइपुगेका छन्। उनीहरू निरङ्कुश राजतन्त्रको अन्त्यका साथै सामाजिक अग्रगमनका लागि शान्तिपूर्ण जनआन्दोलन र जनपरिचालनको महत्वलाई बुझ्ने अवस्थामा आइपुगेका हुन्। "म दाजुजस्तो होइन" भनेर जनअधिकारका विरुद्धमा उभिएका राजा ज्ञानेन्द्रलाई वैशाख ११ को घोषणा गर्न बाध्य बनाउने शान्तिपूर्ण चरित्रको ऐतिहासिक जनआन्दोलनको सामर्थ्य वास्तवमै उल्लेखनीय रहृयो।

(ङ) शक्तिका लागि राजा र जनताका बीचमा चलेको संघर्षको निकै लामो इतिहास छ। जनताले पटक-पटक संघर्षका माध्यमबाट निरङ्कुश राजतन्त्रलाई झुक्न बाध्य बनाए पनि राजाबाट सम्पूर्ण अधिकार खोस्न सक्षम भएको यो पहिलो सफल जनआन्दोलन हो। यस आन्दोलनका माध्यमबाट परम्परागत रूपमा राजाले प्रयोग गर्दै आएको राजकीयसत्ता, सार्वभौमसत्ता र शासनाधिकार नेपाली जनताले आफ्नो हातमा लिन सफल भएका छन्। जनआन्दोलनको बलमा पुन:स्थापित प्रतिनिधिसभाले आज जे-जस्ता ऐतिहासिक फैसलाहरू गर्न सकेको छ र सरकारलाई जनअधिकारका पक्षमा उभिन मार्ग निर्देशन गर्न सफल भएको छ, त्यसको आधार पनि यही नै हो। जनताले आफ्नो त्यो अधिकारको उच्चतम् प्रयोग संविधानसभाको चुनावमार्फत गर्ने ऐतिहासिक अठोट प्रकट गरेका छन्। मानवअधिकार, मौलिक अधिकार र नागरिक स्वतन्त्रताका दृष्टिले ऐतिहासिक जनआन्दोलन नेपालको इतिहासकै सबैभन्दा उल्लेख्य पक्ष हो।

३.३ शान्तिवार्ता र शान्ति सम्झौता

गएको वर्ष मानवअधिकार क्षेत्रमा भएका उल्लेख्य कामहरू मध्येको अत्यन्त महत्वपूर्ण काम विद्रोही नेकपा (माओवादी) सँगको शान्तिवार्तालाई सफलतापूर्वक सम्पन्न गर्नु हो। निरङ्कुश राजतन्त्रका विरुद्धमा सञ्चालित संयुक्त जनआन्दोलनका क्रममा नेकपा (माओवादी) सँग भएको १२ बुँदे सहमतिको जगमा नै सात दल तथा सरकार र माओवादीको बीचको ऐतिहासिक वार्ता सम्पन्न भएको छ। विभिन्न चरणमा भएका छलफलहरू पश्चात सरकार र माओवादीका बीचमा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको छ। सेना र हतियारको व्यवस्थापनका सन्दर्भमा संयुक्त राष्ट्रसंघ समेतको संलग्नतामा त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ र संयुक्त राष्ट्रसंघको सुपरीवेक्षणमा सेना र हतियारको व्यवस्थापनका प्रक्रिया अघि बडी रहेको छ। सात दल र माओवादीबीचको राजनीतिक सहमतिका आधारमा नेपालको अन्तरिम संविधान जारी भएको छ र माओवादी समेतको सहभागितामा अन्तरिम व्यवस्थापिका संसद गठन भएको छ। द्वन्द्व समाधानको आफ्नै खाले नमुनाका रूपमा विकास हुँदै गएको नेपालको शान्ति प्रक्रियाका निम्न लिखित विशेषताहरू रहेका छन्।

क) शक्तिका लागि राजा र जनताका बीचमा चलेको संघर्षको निकै लामो इतिहास छ। जनताले पटक-पटक संघर्षका माध्यमबाट निरङ्कुश अहिले शान्ति प्रक्रियाले जुन प्रकारको मोड प्राप्त गरेको छ त्यसलाई निरन्तरता दिन सकिएको खण्डमा आजभन्दा १२ वर्ष पहिले सुरु भएको नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित सशस्त्र संघर्षको शान्तिपूर्ण समाधान हुनेछ। सशस्त्र विद्रोहलाई समाधान गर्ने नेपाली अनुभव अन्तर्राष्ट्रिय समुदायका लागि समेत अनुभव र शिक्षाको विषय बन्नेछ। संयुक्त राष्ट्र संघको सहयोग र संलग्नताको विशिष्ट मोडलको सफल प्रयोग हुनेछ। सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानका लागि यस प्रकारको विशिष्ट अवस्थाको सृजना जनआन्दोलनको पृष्ठभूमिमा नै तयार भएको हो। यो सहमतिलाई सफलतापूर्वक कार्यान्वय गर्न सकिएको अवस्थामा मानवअधिकार स्थितिको बिग्रदो अवस्थामा समेत गुणात्मकरूपले नै सुधार हुने कुरामा विश्वास गर्न सकिने छ।

ख) शान्ति वार्ताप्रक्रियाका सफलता सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानसँग मात्रै सीमित छैन। शान्ति प्रक्रियाको सफलताले नेपाली राजनीतिमा २००७ सालदेखि प्रतिगामी षडयन्त्रको शिकार बनेर थाती रहेको संविधानसभाको निर्वाचनलाई सुनिश्चित तुल्याएको छ। संविधानसभाको निर्वाचनद्वारा जनआन्दोलनको भावना अनुरूप लोकतान्त्रिक गणतन्त्र, दिगो शान्ति र अग्रगमनतर्फ अघि बढ्न सकिने सुनिश्चित आधार तयार गरेको छ।

ग) जनआन्दोलको नेतृत्वकर्ता सात राजनीतिक दल र विद्रोही नेकपा (माओवादी) का बीचमा १२ बुँदे ऐतिहासिक सहमति कायम गरिँदाको अवस्थामा प्रक्रियागत प्रश्नमा गम्भीर असहमति देखिएको थियो। त्यसैगरी वैशाख ११ गतेको राजाको घोषणापछि सात राजनीतिक दलहरू आफ्नो मार्गचित्रका आधारमा अघि बढ्न खोज्दा पनि

नेकपा (माओवादी) को गम्भीर असहमति रहेको थियो। शान्ति प्रक्रियाको सफलताले सात दलले अघिसारेको प्रतिनिधि सभालाई प्रस्थानबिन्दु बनाउने र संविधानसभालाई निकास बिन्दु बनाउने भन्ने निर्णयको सार्थकतालाई पुष्टि गरेको छ। सम्झौताले १२ बुंदे सहमतिमा टुङ्गो लाग्न नसकेको प्रक्रियागत प्रश्नलाई समेत समाधान गरिदिएको छ।

घ) अन्तरिम संविधानबाट नेपालको राजनीतिमा राजाको राजनीतिक भूमिका विधिवत रूपमा समाप्त भएको छ। कात्तिक २२ गतेको शिखर बैठकको निर्णयमा उल्लेख भए झैं अब "मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन" भन्ने मान्यतालाई अन्तरिम संविधानले संस्थागत गरेको छ। अब राजा वीरेन्द्रको परिवारको सम्पत्तिलाई ट्रष्ट बनाएर राष्ट्रहितमा सदुपयोग गर्ने र राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त सम्पत्तिलाई राष्ट्रियकरण गरिने छ। राजतन्त्र कायम राख्ने वा नराख्ने भन्ने बारेमा संविधानसभाको पहिलो बैठकको साधारण बहुमतले टुङ्गो लगाइने छ। गत जेठ ४ गतेको प्रतिनिधि सभाको बैठकले राजाका अधिकारहरू कटौती गरी अधिकार विहीन बनाउँदै जनताको कठघरामा उभ्याउने प्रक्रियालाई यसले अझ बिस्तारित गरिदिएको छ। शिखर बैठकको उक्त निर्णयपछि राजसंस्था विधिवत रूपमा जनताको कठघरामा उभिएको छ।

ङ) ऐतिहासिक जनआन्दोलनको पृष्ठभूमिमा सात राजनीतिक दलहरूका बीचमा कायम भएको सहमति, ऐतिहासिक जनआन्दोलनको सफलता र अन्तरिम संविधानले आत्मसात गरेका विषयहरू र मुलधारको राजनीतिमा नेकपा (माओवादी) को संलग्नता मूलत: नेकपा (एमाले) को राजनीतिक कार्यदिशासँग जोडिएका विषयहरू हुन्। अन्तरिम संविधानले आत्मसात गरेका राजनीतिक अन्तरवस्तुहरूको विश्लेषण गर्ने हो भने नेकपा (एमाले) को आत्मसात गर्दै आएको जनताको बहुदलीय जनवादको वैचारिक र राजनीतिक कार्यदिशाको जीत भएको छ। जनआन्दोलनले विस्तारित गरिदिएको राजनीतिक चेतनाको जगमा नयाँ नेपालको निर्माणको प्रक्रिया अघि बढ्ने हो भने शान्ति प्रक्रियाका सफलताले नेपालको मानवअधिकारको अवस्थामा सबल हुने कुरामा पूर्णत: आशावादी हुन सकिन्छ।

३.४ अन्तरिम संविधानको निर्माण सात दल र माओवादीका बीचमा सम्पन्न पहिलो शिखर बैठकपछि सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको अध्यक्षतामा अन्तरिम संविधान मस्यौदा समिति गठन गरिएको थियो। उक्त समिति समावेशी राजनीतिक र सामाजिक हिसाबले समेत समावेशी हुन नसकेको कारणले पछि त्यसमा सदस्यहरू थप गरी समावेशी स्वरूप प्रदान गरिएको थियो। समितिले लामो समय लगाएर अन्तरिम संविधानको मस्यौदा तयार पारेको थियो।

तर, राजनीतिक सहमतिबाट निरूपण गर्ने विषयहरूमा टुङ्गो नलागेका कारणले मस्यौदा समितिले अपूर्ण मस्यौदा बुझाउने काम गरेको थियो। अन्तरिम संविधानमा टुंगो लगाउनुपर्नेलगायतका राजनीतिक प्रश्नहरूलाई मंसिर २२ गतेका दिन सम्पन्न भएको सात र माओवादी नेतृत्वको शिखर बैठकले महत्वपूर्ण निर्णय गरी त्यसलाई टुङ्गो लगाउने काम गरेको थियो। यसरी मूल राजनीतिक प्रश्नहरूको निरूपणपछि सात राजनीतिक दल र माओवादीले अन्तरिम संविधानलाई अन्तिम रूप दिने काम पुस १ गतेका दिन सम्पन्न गरको थिए। उक्त अन्तरिम संविधान जनआन्दोलनको भावना अनुरूपको छ। मानवअधिकारका दृष्टिले पनि उक्त संविधान महत्वपूर्ण रहेको छ। तर पनि उक्त संविधानमा केही कमजोरीहरू देखिएका छन्। शक्ति सन्तुलनका दृष्टिले संविधान कमजोर रहेको र प्रधानमन्त्रीको चयनको व्यवस्था उल्लेख भएको हटाउने व्यवस्था छुट्न गएको जस्ता प्राविधिक कमजोरीहरू समेत देखिएका छन्। निर्वाचन प्रणाली, संघीयता र समावेशी स्वरूपका सन्दर्भसमा अन्तरिम संविधान नकारात्मक रहेको टिप्पणीहरू समेत सार्वजिक भएका छन्। हाम्रो पार्टीले पनि अन्तरिम संविधानमा कतिपय गम्भीर प्रकृतिका कमजोरीहरू रहन गएको महसुस गरी त्यसलाई सहमतिका आधारमा सच्याउनु पर्दछ भन्ने विचार अघि सारेको छ। अन्तरिम संविधान जारी भएपछि मधेसी समुदायमा देखिएको विरोध र आदिवासी जनअसन्तुष्टिलाई समयमै सम्बोधन गरिनु पर्छ भन्ने मान्यताको पक्षमा पार्टी रहेको छ।

नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानवअधिकारका दृष्टिले नेपालको अन्तरिम संविधान २०६३ निकै नै समृद्ध रहेको छ। संविधानका भाग ३ मा स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण र स्वास्थ सम्बन्धी हक, शिक्षा र संस्कृति सम्बन्धी हक, रोजगारी र सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक र न्याय सम्बन्धी हक उल्लेख गरिएका छन्। यसरी नै संविधानमा निवारक नजरबन्दको हक, यातना विरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धी हक, देश निकालाका विरुद्धको हक र संवैधानिक उपचारको हक प्रत्याभूत गरिएको छ। संविधानले प्रत्याभूति गरेका उपर्युक्त हकहरूलाई व्यवहारमा उतार्न सक्ने हो भने नेपाल भविष्यमा

नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानवअधिकारका दृष्टिले निकै नै समृद्ध मुलुक हुनेछ। नेकपा (एमाले) आगामी दिनमा संविधानमा व्यवस्था गरिएका मौलिक हकको प्रत्याभूतिका पक्षमा निरन्तर क्रियाशील रहने छ।

३.५ दण्डहीनताको अन्त्यको सन्दर्भ

नेपालको मानवअधिकारको अवस्थामा नकारात्मक प्रभाव पार्ने पक्षहरू मध्ये दण्डहीनताको अवस्था एउटा महत्वपूर्ण कारकका रूपमा रहँदै आएको छ। ऐतिहासिक जनआन्दोलनका समयमा भएका मानवअधिकार उल्लङ्घनका घटनाका सन्दर्भमा राजनीतिक दलहरूले विगतमा मल्लिक आयोगको जस्तो अवस्था न दोहोरिने प्रतिवद्धता व्यक्त गरेका थिए। त्यही प्रतिवद्धताका आधारमा जनआन्दोलनको सफलतापछि जनआन्दोलनका क्रममा भएका मानवअधिकार उल्लङ्घन र राज्यको कोषको दुरूपयोगका सन्दर्भमा छानबिन गरी दोषी उपर कारवाहीका लागि सिफारिस गर्नका लागि सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा उच्चस्तरिय आयोग गठन गरिएको थियो। उक्त आयोगले सरकार समक्ष प्रतिवेदन बुझाई सकेको छ। सरकारले उक्त प्रतिवेदनलाई अहिलेसम्म पनि कार्यान्वयनमा ल्याउन सकिरहेको छैन। हाम्रो पार्टी रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरी यथाशीघ्र दोषी उपर कारवाही गरिनु पर्छ भन्ने पक्षमा रहेको छ।

ऐतिहासिक जनआन्दोलनको सफलता पछि भ्रष्टाचार विरुद्धको अभियानसमेत तिव्रता पाउने अपेक्षा गरिएको थियो। तर जनआन्दोलको लगतैपछि अख्तियार दुरूपयोग अनसुन्धान आयोग नेतृत्व विहीन बन्न पुग्यो। कतिपय भ्रष्ट व्यक्तिहरूले सत्ता र शक्तिको आडमा न्यायालयबाट उन्मुक्ति पाउने दुःखद अवस्थासमेत देखियो। त्यसरी नै तस्कर र विभिन्न अपराधिक तत्वहरूको मुद्दा फिर्ता लिइएका घटनाहरू सुनिनु पनि मानवअधिकारका दृष्टिले नकारात्मक अवस्था हो। हाम्रो पार्टीले यस्ता विषयहरू प्रति गम्भीर असहमति जनाउँदै सरकार र सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउँदै आएको छ।

विगतमा लोकतन्त्र र मानवअधिकारका दृष्टिले नकारात्मक भूमिका खेलेका व्यक्तिहरूलाई राज्य सञ्चालनको महत्वपूर्ण जिम्मेवारीमा राखिनु हुँदैन भन्ने मान्यताका पक्षमा पार्टी रहेको छ। यस बीचमा सरकारबाट भएको कतिपय नियुक्तीले उक्त मान्यतालाई पालना गर्न सकेको देखिँदैन। भविष्यमा मानवअधिकारको अवस्थामा सुधार ल्याउन र जनतालाई सुशासनको प्रत्यभूति दिलाउनका लागि लोकतन्त्र र मानवअधिकार प्रति प्रतिवद्ध व्यक्तिहरूलाई नै महत्वपूर्ण भूमिकामा स्थापित गरिनु पर्छ।

विगतको सशस्त्र संघर्षका क्रममा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूका सन्दर्भमा छानबिन गरी पीडितलाई न्याय दिलाउने सन्दर्भमा विस्तृत शान्ति सम्झौतामा शान्ति र मेलमिलाप आयोग गठनगर्ने कुरामा सहमति भएको छ। विगतको सशस्त्र द्वन्द्वका क्रममा भएको मानवअधिकार उल्लङ्घनका घटनाबाट पीडित पक्षलाई न्यायको प्रत्याभुति नदिइकन शान्ति प्रक्रियाले सार्थकता प्राप्त गर्न सक्तैन। शान्ति तथा मेलमिलाप आयोगलाई पीडितलाई न्याय दिलाउने र युद्धको असरबाट मुक्त मेलमिलाप पूर्ण समाज व्यवस्थाका विकास गर्ने प्रभावकारी संयन्त्रका रूपमा विकास गरिनु पर्छ भन्ने नेकपा (एमाले) को धारणा रहेको छ।

४. मानवअधिकार संस्था र रक्षकको बढ्दो भूमिका

नेपालको मानवअधिकार आन्दोलनको संस्थागत विकास र सामर्थ्यमा निकै धेरै विस्तार भएको प्रत्यक्ष अनुभव नेपाली समाजले गएको वर्ष नै गर्न पायो। मानवअधिकार रक्षाका लागि प्रजातान्त्रिक शक्तिहरूले निर्माण गरेको मानवअधिकार आयोगलाई शाही सरकारले आफ्नो अनुकूल हुने गरी नियुक्ती गरेपछिको अवस्थामा वैकल्पिक निकायका रूपमा रहेका गैरसरकारी क्षेत्रमा क्रियाशील मानवअधिकार संघसंस्थाहरूले नै आफूलाई मानवअधिकार अनुगमनकर्ताको अधिकारिक निकायको हैसियतमा विकास गर्न सफल भए। राजनीतिक दल, नागरिक आन्दोलन र अन्तर्राष्ट्रिय समुदाय समेतको सहयोगमा नेपालका मानवअधिकार संस्था र मानवअधिकारकर्मीहरूले मानवअधिकार रक्षाका लागि खेलेको भूमिका निकै नै महत्वपूर्ण रहृयो। ऐतिहासिक जनआन्दोलनपछिको राजनीतिक परिवर्तनको महत्वपूर्ण हकदारका रूपमा रहेका मानवअधिकार रक्षकहरूले नयाँ लोकतान्त्रिक व्ययस्थामा आफूलाई अझ बलियो भएको महसुस गर्न पाउनु पर्छ। राज्य र समाजले मानवअधिकार रक्षकको सुरक्षा र सम्मानको जिम्मेवारी वहन गर्न सक्नुपर्छ।

५. अपेक्षा र विश्वास

अहिले मुलुक ऐतिहासिक जनआन्दोलको भावना अनुरूपको नयाँ संवैधानिक व्यवस्थाको स्थापनाका लागि संविधानसभाको निर्वाचनको प्रक्रियातर्फ अघि बढिरहेको छ। संविधानसभा पूर्वको संक्रमणकाल नेपालको लोकतन्त्रको संस्थागत विकासका लागि निकै नै चुनौतिपूर्ण अवस्था हो। ऐतिहासिक जनआन्दोलनको सफलता पछि पुनःस्थापित प्रतिनिधिसभाले ऐतिहासिक कार्यभारहरू पूरा गरेर मुलुकमा नयाँ संविधान जारी गरेको छ र नयाँ संविधान अनुरूपको अन्तरिम व्यवस्थापिका संसदको गठन समेत भएको छ। तर पनि मुलुक अझै पनि संविधानसभामा प्रवेश गरी सक्यो भनेर भनि हाल्न सक्ने विश्वस्त अवस्था सृजना हुन सकेको छैन।

अहिले पनि सेना र हतियारको व्यवस्थापनका काम प्रभावकारी ढङ्गले अघि बढ्न सकिरहेको छैन।

अन्तरिम व्यवस्थापिका संसदमा सहभागी भएका माओवादी अझै पनि अन्य लोकतान्त्रिक दलहरू झैं पूर्ण निसस्त्र हुन सकिरहेका छैनन्। आत्मसुरक्षाका नाममा माओवादी नेता र कार्यकर्तासँग रहेका साना हतियारहरू अहिले पनि माओवादी इतरका लागि त्रासको विषय बनिरहेको अवस्था छ। जनआन्दोलनबाट पराजित भएको तर समाप्त भई नसकेको राजतन्त्र र उसको संरक्षणमा रहेका निरङ्कुशतावादी तत्वहरू मुलुकमा अशान्ति सृजना गरी आफ्नो स्वार्थ सिद्धको अवसर आउँछ भन्ने ध्याउन्नमा जुटिरहकै छन्। अन्तरिम संविधानले समेट्न नसके वा विश्वस्त बनाउन नसकेको क्षेत्रले आफ्नो कुरा सुनाउनका असमान्य तरिका प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ। सामान्य सुधारका लागि सहजै तयार नहुने सत्ताको मानसिकता र आदर्शवादको तहमा परिवर्तनलाई पुऱ्याई छोड्ने राजनीतिक र समाजिक अगुवाहरूको चाहनाबीचको द्वन्द्वले पनि भविष्यको यात्रालाई अनिश्चित जस्तै बनाउने अवस्था छ। यस्तो अवस्थामा मुलुकलाई जनआन्दोलनको भावना र नेपाली समाजको वस्तुगत यथार्थताका आधारमा सही बाटोमा अघि बढाउने कुरा निकै नै चुनौतीपूर्ण र आवश्यक काम हो। भयरहित वातावरणमा स्वतन्त्र र निस्पक्ष ढङ्गले संविधानसभाको निर्वाचन सम्पन्न गरी लोकतन्त्रको संस्थागत विकास गर्ने महाअभियानमा राष्ट्रले मानवअधिकार आन्दोलन र अभियानहरूबाट निकै ठूलो अपेक्षा गरेको छ। मानवअधिकार आन्दोलन र मानवअधिकार अभियन्ताहरूबाट उपरोक्त अभिभारा गम्भीर दायित्ववोधका साथ सम्पन्न गरिने कुरामा नेकपा (एमाले) पूर्णत: विस्वस्त रहेको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ।

नेपाली काँग्रेस (प्रजातान्त्रिक)

नेपाली काँग्रेस (प्रजातान्त्रिक) लगायत सात दल पूर्ण लोकतन्त्र प्राप्तिका लागि शान्तिपूर्ण रूपमा सुरु गरिएको संयुक्त जनआन्दोलन-२ शाहीसत्ताको व्यापक बर्बर दमनका बावजुद पनि सफल भयो र त्यसपश्चात् सात दलका शीर्षस्थ नेताहरू, नेपाल सरकार र माओवादीबीच शान्ति कायम गर्नको लागि चरणबद्ध रूपमा बुँदागत सम्झौताहरूमा हस्ताक्षर भए र मुलुक संविधानसभाको निर्वाचनतर्फ उन्मुख भएको अवस्था रहेको छ।

सन २००६ वर्ष गत वर्षभन्दा मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सन्तोषजनक वर्षका रूपमा रह्यो भन्न सकिएन। गत वर्षको मानवअधिकार उल्लङ्घनमा राज्य र विद्रोही दुवैपक्षको संलग्नता झै २००६ मा पनि राज्य र विद्रोही नै मानवअधिकार उल्लङ्घनमा जिम्मेवार रहे। विद्रोहीपक्षबाट गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको घनत्व सन् २००५ मा बढी नै रह्यो भने सन् २००६ को वर्षमा विद्रोहीपक्षको संलग्नताको मात्रा घटेको भने देखिएन।

सन २००६ को प्रारम्भको वर्षको सुरुवातमा नै निरङ्कुशतन्त्रद्वारा पुऱ्याइएको अनेक बाधा र व्यवधानका बावजुद पनि हाम्रो पार्टीको ऐतिहासिक एघारौं राष्ट्रिय महाधिवेशन काठमाण्डौमा भव्यतापूर्वक सम्पन्न भयो। एकातिर निरङ्कुशतन्त्र विरुद्धको शान्तिपूर्ण जनआन्दोलनमा पार्टीको नेतृत्वदायी भूमिकालाई राख्नु पर्ने र अर्कोतर्फ पार्टीको राष्ट्रिय महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्नु पर्ने चुनौतिलाई पार्टीले सहजतापूर्वक वहन गर्न सफल भयो।

विद्रोहीपक्षद्वारा हत्या, हिंसा, अपहरण, जबरजस्ती सैन्य भर्ना, घर सम्पत्ति कब्जाका घटना सन् २००६ को वर्षमा पनि जारी रहे। १२ बुँदे समझदारीको पटक पटक उल्लङ्घन गर्ने अनेक कार्य गरिए। एस.एल.सि. परीक्षा केन्द्रमा (दैलेख) बम विस्फोटन गराई बालबालिकालाई घाइते र भयभित बनाउने कार्य भयो। बर्दियामा निर्दोष सुशील ज्ञवालीको हत्या गरियो। कालिकोटका पार्टी सदस्य भीमबहादुर शाहीका छोरा देवेन्द्रबहादुर शाही, नेविसंघका मानबहादुर शाही, रत्नबहादुर शाहीलाई अपहरण गरियो। काठमाण्डौका विभिन्न स्थानबाट स्थानीय पार्टीका युवा कार्यकर्ताहरूलाई जबरजस्ती कब्जामा लिई अनेक यातमा दिने कार्य माओवादी पक्षबाट भयो।

निरङ्कुश तन्त्रका विरुद्ध जारी शान्तिपूर्ण आन्दोलनमा वर्वर दमन गरी लगभग दुई दर्जन निर्दोष प्रदर्शनकारीहरूको हत्या गरियो। नेपाली काँग्रेस (प्रजातान्त्रिक) का कार्यकर्ता होरीलाल राना थारुलाई कैलालीमा नीजको घरमा गई गोली हानि हत्या गरियो। निरङ्कुशतन्त्रका विरुद्ध शान्तिपूर्ण आन्दोलनमा सहभागी राजनीतिक दलका नेता, कार्यकर्ता एवं आम नागरिकहरूलाई बन्दीगृहमा दुषित खाना, पानी दिएर सामुहिक रूपमा विरामी बनाउने कार्य समेत भयो। स्वास्थ्योपचारका लागि अस्पतालमासमेत भर्ना हुन दिइएन। राजनीतिक दलका नेताहरूको घरमा आक्रमण गरी गराई त्रसित बनाउने कार्य भयो भने शीषर्थ नेताहरूलाई तथाकथित स्थानहदको आदेश जारी गरी घरमा नै बन्दी बनाइने काम भयो। स्वतन्त्र पत्रकारमाथि सांघातिक हमला (वृजकुमार यादव) गर्ने कार्य भयो।

देशमा निरङ्कुश तन्त्रको बिगबिगी चलिरहेको अवस्था र राजनीतिक दलहरूउपर अघोषित प्रतिबन्धको अवस्थासँगै विश्व परिदृष्यमा नेपाल सन् २००५ को तुलनामा सन

२००६ को वर्षमा अझ बढी चर्चित र विश्व समाचारको विषय बन्न पुग्यो। देशमा प्रमुख सात राजनीतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण विरोध प्रदर्शनमा बर्बरतापूर्वक सत्ताद्वारा गरीएको दमनका कारण हजारौंको सख्यामा प्रदर्शनकारीहरू घाइते र अङ्गभङ्ग हुनुका साथै दर्जनौको ज्यानसमेत गएको घटनाहरू छर्लङ्ग नै छन्।

निरङ्कुशतन्त्र विरुद्धको शान्तिपूर्ण जनआन्दोलनमा नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सयौं कार्यकर्ता तथा नेताहरूघाइते हुनुका साथै उनीहरूको अङ्गभङ्ग समेत भयो। राजनीतिक दलका अलावा प्राध्यापक, वकिल, चिकित्सक, पत्रकार, कर्मचारी, शिक्षक, उद्योगी व्यापारीलगायत सबै पेशा र वर्गहरूलगायत नागरिक समाज तथा स्वयम् मानवअधिकारकर्मीद्वारा सञ्चालित निरङ्कुशतन्त्र विरुद्धको शान्तिपूर्ण विरोध प्रदर्शनमा शाही सत्ताद्वारा व्यापक दमन र मानवअधिकार माथि ठाडो हस्तक्षेप गर्ने कार्य गरियो। असंवैधानिक तवरले राजाकै अध्यक्षतामा गठित शाही सत्ताद्वारा राजनीतिक दलका नेता एवम् राष्ट्रसेवकहरूउपर समेत झुठा अभियोग लगाई प्रतिशोध लिने अनेक कार्यहरू गरिए। शाही सत्ताको पक्षमा समाचार सम्प्रेषण नगर्ने स्वतन्त्र सञ्चार माध्यमहरूउपर अनेक प्रकारले आतंकित पार्ने कार्य गरियो। कथित नगर निर्वाचनको नाटक रचेर शाही सत्तालाई वैधता प्रदान गर्ने असफल प्रयत्नहरू भए। राजनीतिक दलका गतिविधिलाई प्रतिबन्ध लगाउने उद्देश्यले कर्फ्युको आदेश जारी गर्ने, नेताहरूको घर डेरामा प्रवेश गरी मध्यरातमा गिरफ्तार गर्नेलगायतका दमनकारी गतिविधिहरू निरन्तर जारी रहे।

संक्षेपमा, सन २००६ को वर्षमा मानवअधिकार उल्लङ्घनमा तुलनात्मक रूपमा शाही शासनकालमा राज्यपक्ष नै बढी जिम्मेवार रहयो भने शान्ति सम्झौतामा हस्ताक्षर हुने समयसम्म पनि विद्रोहीपक्षलेसमेतले आफूलाई मानवअधिकार उल्लङ्घनका घटनाबाट अछुतो राख्न सकेन।

जीवनप्रेम श्रेष्ठ
मुख्य सचिव

राष्ट्रिय प्रजातन्त्र पार्टी

आम नेपाली जनताले विगत १० वर्षदेखि गृहयुद्धको कंटकाकिर्ण र तममय पथलाई छलाङ मार्दै लोकतन्त्र पक्षधरहरूको एकतालाई मूर्तरूप दिन बहुप्रतिशत सफलता हासिल गरेको घटना आजको ताजा शाश्वत हो, र यो इतिहासमा कसरी लिपिवद्ध हुनेछ त्यो हेर्न बाँकी नै छ। अपितु सरकार र माओवादीको साझेदारीमा शान्ति र अग्रगमनप्रति प्रतिवद्ध हुँदै सम्पन्न भएको २५ बुंदे युद्धविराम आचारसंहिता एवम् अनुगमन समिति र २०६३ साल मंसिर ५ गते प्रधानमन्त्री र स्वघोषित प्रचण्डबाट संयुक्त रूपमा हस्ताक्षरित "विस्तृत शान्ति सम्झौता" ले २०५२ साल फागुन १ गतेदेखि सुरु गरिएको सशस्त्र विद्रोह र द्वन्द्व को युगको समाप्त भएको नगरा बजाएको छ भने शान्तिपूर्ण सहकार्य प्रारम्भ भएको युगान्तकारी घटनाको रूपमा प्रस्तुत भएको छ। माओवादीले हिजोको अवस्थाको क्रमभङ्ग भएको उद्घोष गरे पनि कार्य शैलीमा विश्वसनीयता र इमान्दारिताको खाँचो चाही ठ्याम्मै नभएको कोलाहल छ। नेपाली समाजमा घरीघरी थोपरिने यस्ता दारुण दरारहरू अझै पनि दुर्निवार छ। तथापि माओवादी सेनाहरू निश्चित शिविरमा सिमित राख्ने र संयुक्त राष्टसंघबाट प्रमाणिककरण एमव् अनुगमन गर्ने दृढताले नेपाली जनताको विहानी न्यानो हुन खोजेको जस्तो चाहीं अवश्य छ। शिशीर पछि बसन्त चाहीं स्वभाविक छ।

माघ १९, २०६१ को शाही अख्तियारीलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले रैती झैं हुकुम तलब नगर्दा तात्कालीन शाही सत्ताले उसलाई नेस्तोनाबुद गर्न भरमग्दुर तल्लीन रहयो। उता घरबाहिर भेला भइसकेको असंख्य भिडबारे उसलाई पत्तै भएन। उ कुकुर मरेको बिलौनामा बाँसुरी बजाएर मस्त रहयो। उसका गुप्तचरहरू उसैका रिपू साबित भए। उसले दर्ज्यानी चिह्न दिएका जर्नेलहरूले दुवैतिर डकारे र चोखिए। फगत जनतालाई शास्ति यथावत रहिरयो। राजधानी भरदिन सिमेण्ट र कंक्रिटको जङ्गलमा परिणत भयो। यता राज्यकोषको भरपूर उपयोग गर्दा पनि राप्रपा भष्मिभूत हुन सकेन। पार्टी संस्कारले दैहिक भइसकेका कार्यर्ताहरूले त्यो झिनो प्रयासलाई तन्नम पारिदिए। लोकतन्त्रको लागि स्वस्फूर्त भएको आन्दोलनमा राप्रपालाई पाखा लगाउने कार्य सार्थक हुन सकेन।

सर्वोच्च अदालतबाट तत्कालीन शाही सत्ताले निर्वाचन आयोगलाई वशिभूत गरेर पार्टीको निर्वाचन चिह्न हरण गरेको सन्दर्भमा राष्ट्रिय मान्यता प्राप्त पार्टीको अहरणीय अधिकारको कुनै पनि हालतमा निर्वाचन आयोगले सिमित गर्न, निलम्बन गर्न र अर्को चुनाव चिह्न रोज्न लगाउन पाउँदैन भन्ने फैसला भएपछि राप्रपा पुरा जोश र जाँगरसहित आन्दोलनमा होमिन खोजेकै हो। सोही क्रममा आफूलाई अन्तरिम विधान मस्यौदा समितिमा समावेश नगरे तापनि राप्रपाले इमान्दारितापूर्वक मस्यौदा समितिसमक्ष एघारसूत्रीय अवधारण प्रस्तुत गरेको थियो। समावेशी प्रजातन्त्र र व्यापक सहभागिताको रट लगाइरहने माओवादी र सातदलको सरकारले व्यवहारमा नपच्ने कुज्जुस्याँई गरेकोले हामी उदेक परेका थियौं। त्यतिबेलै संविधानसभाको चुनाव हुने र त्यो पनि निष्पक्ष र धाँधलीरहित भन्ने कुरा हामीलाई कतै मृगतृष्णा त साबित हुने हैन भन्ने शंका उब्जिएको थियो। जनताको चाहनाबाट पुर्नस्थापना भएको

संसदबाट सात राजनीतिक दलको सरकार बनेको १० महिना शान्तिपूर्वक र भयरहित भएर बाँच्न पाउने जनताको मौलिक मानवअधिकारको प्रत्याभूत हुन सकेको छैन। हिंसा, अपहरण र जबरजस्ती चन्दा असुलीको प्रकोपले करकापको संस्कृतिलाई बढावा दिएको छ भने सरकार यस्तो दुस्सहासलाई रोक्ने भूमिका निर्वाह गर्न बिलकुलै असक्षम र निरीह देखिएको छ।

विद्रोह र द्वन्द्वका कारण आज हजारौँ राजनीतिक कार्यकर्ताहरू जन्मथलो छोडी अन्यत्र विस्थापित हुन पुगेका छन्। बाँकेको कोहलपुरमा मात्रै २ सय परिवार छाप्रोमा विस्थापित जीवन बिताइरहेका छन् भने द्वन्द्वपीडितलाई राहत सामग्री वितरणमा पनि सरकार बिल्कुलै पक्षपातपूर्ण रहेको पाइएको छ। सात राजनीति दलहरू आफै सत्तामा पनि बस्ने र विपक्षको भूमिका पनि गर्ने गैरजिम्मेवार अभिव्यक्तिहरूले जनतामा थप निराशा पैदा गरिरहेको छ। आफै झाँक्री आफै बोक्सी भन्ने उखान चरितार्थ भएको छ। सात राजनीतिक दलहरूको सत्ता उन्माद र हैकम छरपष्ट रूपमा देखापरिरहेको छ।

यिनै सेरोफेरोमा राप्रपा केन्द्रीय सदस्य एवम् सिरहा जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित सांसद था संसदीय दलका सचेतक कृष्णचरण श्रेष्ठ र कार्यकर्ता रामवृक्ष यादवको नृशंस हत्या गरिकोमा नेपाल सरकारले हत्यामा प्रयोग भएको हतियार र मोटरसाइकलबारे यथार्थ छानबिन नै नगरी हत्यालाई नै ढाकछोप गर्ने बदनियत राखेको देखिन्छ। यसैबीच राप्रपाले दूरदृष्टि राखी अन्तरिम संविधान २०६३ माथि २०६३ असार २७ गते पेश गरेको संशोधन प्रस्ताव प्रचण्ड बहुमतको आधारमा लत्याएको मसी पनि सुक्न नपाउँदै केन्द्रीकृत राज्य प्रणालीबाट ठगिएको महसुस गरिरहेका संपूर्ण जातजाति समुदाय र भौगोलक रूपले पिछडिएका क्षेत्रका बासिन्दालाई संघीय शासन प्रणलीको अवधारणा नअपनाई सन्तुष्ट पार्न सकिन्न, सबै क्षेत्रमा समान राजनीतिक सहभागिताको लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउनु पर्छ भन्ने सुझावलाई लत्याइयो। आठ दलले त्यसलाई शरमको विषय ठानी स्वीकार गर्ने धृष्टता गरेन।

अब सबै मिलेर संघीय शासन र समानुपातिक निर्वाचनको व्यवस्थलाई अभिषेक गरेर राष्ट्रलाई समुन्नत दिशानिर्देश गरौं। हामीले बिर्सनु हुन्न, संविधानसभाद्वारा संविधान निर्माण भएका र निर्माण गर्ने तयारी गरेका ४० ओटा मुलुकहरूमध्ये धेरैमा संविधानसभा असफल भएको छ। यस्ता असफलताहरूको कारण मूलत: संविधानसभा पूर्वको तयारी र संक्रमणकालीन व्यवस्थापनमा भएका त्रुटी र कमजोरीहरू रहेका छन्। जस्तो आज संविधानसभा नहुँदै संविधान संशोधन गर्नुपर्ने भएको छ। यो सबै आठदललाई चेतना भया। हैन भने विषोदर पयो मुखम् भने झैं एकाबिहानै अपवित्र गठबन्धनको संकुचित स्वार्थको हाँडी छताछुल्ल भएर फुट्नेछ। यसमा कुनै शंका छैन।

अन्त्यमा क्षत क्षक मवलनभचयगक तय जबखभ ब अयगकष्ल बक लभष्नजदयगचक भन्ने उखान कतै चरितार्थ नहोओस् भन्ने शंकाले नेपाली मनमा बास नगरोस्। किनभने नेपाल रहेमात्र तपाईं र हामी हुनेछौं। शेष साधुवाद।

शिवहरि पौड्याल
कार्यालय प्रमुख

जनमोर्चा नेपाल

बाँच्न पाउने र बाच्न सक्ने परिस्थिति नै मानवअधिकारको प्रस्थान बिन्दु हो। नेपालमा मानवअधकारको स्थितिमा २००५ को तुलनामा २००६ मा मूलमूल कुराहरूमा सुधारका लक्षणहरू देखिए पनि सन्तोषजनक अवस्था बन्न सकेको छैन। यस अवधिमा सशस्त्र द्वन्द्वरत नेकपा (माओवादी) आवधिक युद्धविराम, १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, हतियार एवम् सेनाको व्यवस्थापन र अन्तरिम व्यवस्थापिका-संसदमा सहभागी हुँदै शान्तिपूर्ण राजनीतिक निकासमा निरन्तर अगाडि बढ्नुले मुलुक प्रत्यक्ष युद्धको स्थितिबाट बाहिर निस्केको छ। त्यसै गरी ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले राजा ज्ञानेन्द्रद्वारा प्रत्यक्ष नेतृत्व गरिएको फासीवादी शैलीको राज्यसत्ताको अन्त भएको छ र वाक, प्रकाशन र संगठन स्वतन्त्रता बहाली भएको छ। तर अझै पनि नेपालीले भोक, रोग, भय, भेदभाव र शोषण-उत्पीढनबाट मुक्ति पाउने कुरा धेरै टाढा छ भन्ने लाग्दछ।

सन् २००६ जनवरी १ देखि डिसेम्बरको अन्तसम्म मानवअधिकार उल्लंघनको दृष्टिले उल्लेख्य रहेका घटना र प्रवृतिहरूलाई निम्न प्रकार उल्लेख गर्न सकिन्छ।

१) **राज्य पक्षबाट**

- विस २०६१ माघ १९ को शाही घोषणासँगै खोसिएका सबै आधारभूत अधिकारहरू २०६३ वैशाख ११ गतेभन्दा अघिसम्म यथावत् रहे। सञ्चारमाथिको नाङ्गो आक्रमण रहिरहयो।
- यस अवधिमा निषेधाज्ञा, कर्फ्यु, निजी घर र शरीरको खानतलासी, धरपकड, गैर कानुनी थुनुवा, यातना जस्ता असंख्य अधिकार हननका घटनाहरू घटाइए।
- हजारौं नागरिकहरू गैर कानुनी राज्य दमनका शिकार भए। ०६२ चैत २४ देखि ०६३ वैशाख ११ गतेसम्मको

शान्तिपूर्ण जनआन्दोलनको क्रममा काठमाण्डौ, काभ्रे, पोखरा, दाङ, चितवन, बाँके आदि स्थानमा शान्तिपूर्ण जनप्रदर्शनमा अन्धाधुन्ध गोली चलाई राज्यले १८ जनाको ज्यान लियो र करिब ७ हाजार जनालाई घाइते तुल्यायो।

- ०६३ वैशाख १२ गते मोरङको बेलबारीमा सपना गुरुङलगायत निर्दोश ७ जना नागरिकको हत्या गर्ने काम सत्ताको सैन्य उन्मादको चरम अभिव्यक्ति हो।
- ०६३ वैशाख ११ गतेभन्दा पहिले समग्रतामा राज्य झण्डै एक आतङ्कवादी संस्थामा परिवर्तित भएको आभास भएको थियो।

२) **नेकपा (माओवादी) को पक्षबाट**

- सन् २००६ को प्रारम्भसँगै सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासमा अग्रसर भएको नेकपा (माओवादी) बाट पनि यस पछिका दिनमा हत्या, अपहरण, जबरजस्ती चन्दा असुली, आदी युद्धकालीन गतिविधिलाई कतिपय स्थानमा कायम राख्ने काम पछिसम्म पनि रह्यो। युद्धविराम र शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि पनि चितवन, सिन्धुपाल्चोक, धनुषा, मोरङ, रौतहट, सुर्खेत, ललितपुर आदि स्थानमा अपहरण र हत्याका घटना दोहरिए। माओवादीको तल्लो पंक्तिमा रहेको अराजक र बल प्रयोगद्वारा मतपरिवर्तन गर्न सकिन्छ भन्ने चिन्तन नेतृत्व पंक्तिको लागि पछिसमम पनि समस्या बनिरहन सक्छ।

३) **सामाजिक दायित्वका क्षेत्रमा राज्य**

- संसदबाट नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरियो, तर त्यसलाई राज्यले दायितवको रुपमा लिएर लागु गराउने काम अलिकति पनि भएन।
- जनतालाई सार्वभौम भनी घोषणा गरियो, तर राज्यका अङ्गहरूले आज पनि जनतालाई सम्मानजनक व्यवहार गर्ने गरेको कतै पाईदैन।
- राज्यमा भ्रष्टचार, नातावाद, कृपावाद र भनसुन कायम छ। निर्धा, निमुखा र असक्तहरूले राज्यबाट नागरिक अधिकारको समान ढङ्गले भोग गर्न पाएका छैनन्।
- गरीब र तल्लो वर्गको लागि शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा कल्याणकारी राज्यले गर्नुपर्ने प्राथमिक कार्य पनि गर्न सकेको छैन। अपहरण लुटपाट, हत्या, चोरी-डकैती सामान्य बन्दै गएको छ। जे अपराध गरे पनि कुनै शक्तिको आड लिएपछि उन्मुक्ति पाइन्छ भन्ने दण्डहीनताको घातक प्रवृत्ति बढेर गएको छ।
- जनआन्दोलन ०६२/०६३ का दमनकारीहरूमाथि कुनै कारवाही नहुँदा सेना, प्रहरी, प्रशासन र सबै शक्ति केन्द्रहरूमा कानुनले छुन नसक्दो रहेछ भन्ने नकारात्मक प्रभाव जनतामा परेको छ।
- महिला, दलित, बाल, वृद्ध र अपाङ्ग आदि बारे अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिवद्धताहरू तथा सन्धि-महासन्धि र संविदाहरूको पालना गर्ने-गराउने दिशामा नयाँ कदमहरू केही चालिएका छैनन्।
- सदनबाट राज्यका अङ्गहरूमा ३३ प्रतिशत महिला आरक्षणको कुरा गरिए पनि त्यसको लागि महिलाहरूको पूर्वतयारीको निम्ती महिला जागरणका होस कार्यक्रम राज्यले ल्याएको छैन। महिलामाथि बोकसीको आरोपमा कुटपिट गर्ने र घरेलु हिंसाजन्य व्यवहारहरू कायम छन्।

४) **पुनरावृत्तिको खतरा**

- ऐतिहासिक जनआन्दोलनद्वारा अधिकारबाट च्युत गरिएको राजतन्त्रले अहिले पनि फासीवादी प्रकारको पुनरुत्थानको षड्यन्त्रपूर्ण तानावाना बुनिरहेको आभास छ। राजनीतिक दलहरूले ठीक ढङ्गले नेतृत्व निर्वाह गर्दै मुलुकलाई शान्ति र अग्रगमनको दिशामा लैजान सकेनन् भने राज्यआतङ्ग, दमन र हिंसा-प्रतिहिंसा दोहोरिने खतरा कायम छ।
- यतिबेला शताब्दियौंदेखि दबिएका जनताका आवाजहरू प्रस्फुटन भइरहेका छन्। विभिन्न जाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायहरू स्वपहिचान र स्वअधिकारको लागि शान्तस्वरमा वा विद्रोही स्वरमा व्यक्त भइरहेका छन्। राजनीतिक, सामाजिक रुपान्तरणको संक्रमणकालमा यस्तो हुनु स्वभाविक छ। तर, यसलाई राज्यले ठीकसँग बेलैमा सम्मानपूर्वक सुन्न र सम्बोधन गर्न सकेन भने जातिय, क्षेत्रीय एवम् साम्प्रदायिक भड्काउ वैस हुनसक्ने र त्यसले हिंसा-प्रतिहिंसा र विखण्डन-विभाजन समेत ल्याउन सक्ने खतरालाई नजर-अन्दाज गर्न सकिन्न।
- अन्तरिम संविधानमा शिक्षा, स्वास्थ्य एवम् राजेगारीलाई आधारभूत अधिकारको रुपमा उललेख गर्नु ठूलो प्रतिवद्धता हो। तर, यसलाई व्यवहारमा ढाल्न अलिकति पनि योजना वद्ध काम गरिएन भने यसको निम्ती समेत राज्यले ठूलो-ठूला आनदोलनको सामना गर्नु पर्नेछ।
- ०६४ जेठसम्म संविधानसभाको निर्वाचन गरिएन भने मुलुक अराजकता र अनिश्चियको खाडलमा भासिने खतरा छ। त्यति बेला मानवअधिकार संधै धरापमा पर्ने छ।

केही सुझावहरू

- यही व्यवस्थापिक-संसदबाटै राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको घोषण गरिनु पर्छ। सामन्तवादको अन्त्यको घोषणा गर्दै जमीन जोत्नेको हातमा भनने आधारमा भूमिसुधार गरिनु पर्छ।
- ०६४ जेठभित्रै शान्तिपूर्ण र निष्पक्ष संविधानसभाको निर्वाचन गर्नु पर्छ। त्यसको लागि सम्पूर्ण जनतलाई दुबाब रहित र भय रहित वातावरणमा स्वविचार र स्वमत प्रयोग गर्न सक्ने वातावरण बनाउनु पर्छ। समानुपातिक निर्वाचन प्रणालि अवलम्बन गर्नु पर्छ।
- महिला बालक, वृद्ध आपाङ्ग, दलित, आदिवासी, जनजाति आदिबारे गरिएको प्रतिवद्धताहरूलाई कानुन र कार्यक्रम बनाई लागू गर्नु पर्छ।
- द्वन्द्वपीडित परिवारहरूको पुन:स्थापन र सामाजिक सुरक्षाको कामलाई राज्यले तत्काल जिम्मेवारी पूर्वक लिनुपर्छ।
- अन्तमा सबै अधिकारको जग आर्थिक-सामाजिक विभेदको अन्त भएको राज्य व्यवस्था हो भन्ने कुरा मनन् गरी क्रान्तिकारी आर्थिक सामाजिक रुपान्तरण सहितको राज्यको पुनसंरचना गर्न्नु नै मानवअधिकारको वास्तविक प्रतयाभूति हो भन्ने कुरा मनन गर्नु पर्छ।

घनश्याम शर्मा पौड्याल
महासचिव

नेपाल सद्भावना पार्टी (आ.)

यस देशको सन् २००६ को मानवअधिकार स्थितिबारे यस पार्टीको अवधारणा मानवअधिकार वर्षपुस्तक २००७ मा प्रकाशनका लागि इन्सेकद्वारा माग गरेकोमा पार्टीकोतर्फबाट र मेरो व्यक्तिगततर्फबाट म धन्यवाद दिन चाहन्छु। नेपाल एउटा बहुभाषी, बहुजातीय र बहुसाँस्कृतिक देश हो। तर, देशको हालसम्मको संविधानहरूले आत्मसात गर्न सकेको थिएनन्। जसले गर्दा राज्यको बनावट भेदभावकारी तथा यसको चरित्र शोषणकारी रहेको छ। कुनै पनि देशको मानवअधिकारको अवस्था र स्थिति त्यस देशको राजनीतिले ग्यारेण्टी गरेको हुन्छ र त्यसको संरक्षण राज्यले गरेको हुन्छ। राज्यको बनावट र चरित्र नै भेदभावकारी तथा शोषणकारी तथा शोषणकारी भएपछि त्यस देशको मानवअधिकारको अवस्था र स्थितिका बारेमा सहजै अनुमान गर्न सकिन्छ।

जनआन्दोलन-२ को सफलतापछि हरेकको जातजाति, भाषाभाषी र समुदायहरूले राज्य संरचनामा समानुपातिक सहभागिता र नीति निर्माणमा समानुपातिक स्वामित्वका लागि आवाज मुखरित गरिरहेका छन्। यसले नै मानवअधिकारको धेरै पक्षहरूमा यसको अवस्थाबारे औला ठड्याई रहेको प्रष्ट छ। यो देशमा व्यवस्था धेरै पटक परिवर्तन भयो। मानवीय मूल्यको अवस्था परिवर्तन भएन। राणाहरूको चरित्र राजाहरूमा र राजाहरूको चरित्र नेताहरूमा पजनी भएर आयो। सबैको सम्मिश्रित चरित्र यो देशको समग्र प्रशासन संयन्त्रमा स्थान्तरित भएर अयो। अर्थात समग्रमा भन्ने हो भने यो देशको राजनीतिक जगत, प्रशासनिक जगत, न्यायिक जगत र सञ्चारजगत उपनिवेशवादी सोच र चिन्तनले ग्रसित रहेको छ। जसले मानवअधिकारको सबै क्षेत्रहरूमा नकारात्मक असर पारिरहेको छ राज्यको संघात्मक ढाँचामा पुर्नसंरचना भई हरेक अङ्गमा पार्टीको विश्वास रहेको छ।

मानवअधिकरको अवस्था भविष्यमा सुधार हुने छ भन्ने हाम्रो पार्टीको विश्वास रहेको छ। मानवअधिकर वर्षपुस्तक २००७ मा हाम्रो पार्टीको अवधारणा प्रकाशन गरेकोमा इन्सेकलाई पुन: एक पटक धन्यवाद दिन चाहन्छु।

गोविन्द चौधरी
महासचिव

नेपाल मजदुर किसान पार्टी

समाजमा वर्ग रहेसम्म वर्ग संघर्ष भइरहन्छ। जहाँ वर्ग संघर्ष हुन्छ, त्यहाँ हत्या हिंसाका घटनाहरू घट्छन्। मानवअधिकारको परिभाषा वर्गीय दृष्टिकोणअनुसार फरक-फरक हुन्छन्। शोषकवर्ग गरिब जनतामाथि विनाछेकबार शोषण गर्न पाउने अधिकारलाई नै आफ्नो मानवअधिकार सम्झन्छ भने श्रमजीवी वर्ग मानिसले मानिसलाई गर्ने शोषणलाई मानवअधिकार उल्लङ्घन ठान्दछ।

शोषणमा आधारित समाज रहुन्जेल अत्यधिक बहुमत जनताले मानवअधिकारको उपभोग गर्न पाउने छैनन्। बहुमत जनताको मानवअधिकारको पूर्ण सुनिश्चितता शोषणविहीन, वर्गविहीन, आर्थिक समानता भएको र राज्यविहीन समाजमा मात्रै हुनेछ।

नेपाल मजदुर किसान पार्टीले व्यक्तित्व विकासमा समान अवसर, नि:शुल्क शिक्षा र स्वास्थ्य सेवा, काममामको सुनिश्चिता, 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को बन्दोबस्त, मुख्य-मुख्य उत्पादनका साधनहरू राष्ट्रियकरण वा सामाजिकीकरण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमाङ्कन गर्ने जस्ता व्यवस्था हुने समाजवादी गणतन्त्रको प्रचार अभियानलाई जोड दिदै आएको छ। बहुसंख्यक जनताको मानवअधिकारको सुनिश्चितता

समाजवादी गणतन्त्रमा मात्रै हुन्छ।

सन् २००६ को प्रारम्भसँगै चार वर्षदेखि सञ्चालित प्रतिगमन विरोधी आन्दोलनले उचाइ प्राप्त गर्दै गयो। प्रजातन्त्रको पुनः स्थापना नहुञ्जेल निरन्तर आन्दोलन चालू राख्ने प्रतिवद्धता व्यक्त गर्दै आन्दोलनमा उत्रेका दलहरूले एकपछि अर्को आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गर्दै गयो भने त्यसलाई दबाउन निरङ्कुश राजतन्त्रका पक्षधरहरूले कुनै उपाय बाँकी राखेनन्।

जहाँ बढी दमन हुन्छ, त्यहाँ प्रतिरोध हुनु अस्वभाविक होइन। दमन र प्रतिरोधको संघर्षमा ज्यान जानु, अङ्गभङ्ग हुनु, नजरबन्द र थुनुवामा पर्नु पनि नौलो कुरा होइन। आन्दोलन वा नयाँ-नयाँ संघर्षले देशमा परिवर्तनहरू ल्याउँछ। समाज परिवर्तनको लागि कार्यरत दलहरू त्याग, तपस्या र वलिदानलाई सहज ढङ्गले लिन्छन्।

प्रतिगमनविरोधी आन्दोलनकै सिलसिलामा बरोबर सरकारमा पुगेका दलका नेताहरूमा पद लोलुपता, अवसरवादी र स्वार्थी चरित्र प्रस्ट हुँदै गयो। दलहरूबीच फुट ल्याउन सकेमा आफ्नो शासनसत्ता लम्ब्याउन सक्ने सम्भावना प्रतिगामीहरूले देखेका थिए। २०६२ माघ २६ गते नगरपालिकाको निर्वाचन प्रतिगामीहरूले आफ्नो सपना साकार पार्न चालिएको एउटा नयाँ कदम थियो।

सत्ता र बन्दुकको बलमा गर्न खोजिएको नगरपालिकाको निर्वाचन आठ पार्टीको बहिस्कारको निर्णयले सफल हुन सकेन। नेपाली जनताको मानवअधिकारको हनन निर्वाचनको सिलसिलासँगै भयो। २०६२ माघ ६ गतेदेखि राजनैतिक दलका नेताहरू नेकांका सभापति गिरिजाप्रसाद कोइराला, नेमकिपाका अध्यक्ष का. नारायणमान विजुक्छें (रोहित), एमालेका महासचिव माधव कुमार नेपाललगायत स्थान हदको पुर्जी दिई घरमै नजरबन्दमा राखिए। सरकारले कैयौं नेता तथा कार्यकर्ताहरूलाई पक्राउ गऱ्यो। पक्राउमा परेका दलका नेता र कार्यकर्ताहरूलाई परिवारसँग भेटघाट गर्न, पत्रपत्रिकाहरू पढ्न तथा सञ्चारमाध्यमबाट समेत बञ्चित रहे। निर्वाचन एउटा प्रजातान्त्रिक प्रक्रिया हो। यसलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तरीकाले सम्पन्न गर्नु पर्दथ्यो। तर प्रतिगामी सरकारले नेताहरूलाई जेलमा थुनेर, प्रहरी प्रशासनको बलमा अत्यन्त सन्त्रासपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गऱ्यो। सबै प्रमुख राजनैतिक दलहरूले बहिस्कार गरेको बेला सम्पन्न त्यो निर्वाचनको एउटा नाटक थियो। जनता त्यसको विरोधमा शान्तिपूर्ण आन्दोलनमा उत्रे। शान्तिपूर्ण आन्दोलनमाथि जथाभावी गोली चलाउँदा दाङमा उमेशचन्द्र थापाको मृत्यु भयो। धेरै जना घाइते भए। तत्कालीन सत्ता पक्षले गरेको यो मानवअधिकारको घोर उल्लङ्घनको एउटा उदाहरण हो।

निर्वाचन बहिस्कारको सिलसिलामा नेमकिपा केन्द्रीय सदस्य प्रेम सुवाल घरबाटै गिरफ्तार पर्नुभयो तथा माघ ६ गतेदेखि चैत ६ गतेसम्म २ महिना जेलमा थुनिनुभयो भने त्यस आन्दोलनमा नेमकिपाका ३४ जना नेता तथा कार्यकर्ताहरू गिरफ्तार परेका थिए।

शान्तिपूर्ण रुपमा आन्दोलनरत सात राजनैतिक दल र दश वर्षदेखि सशस्त्र संघर्षरत माओवादीबीच १२ बुँदे समझादारीपछि आन्दोलन नयाँ ढङ्गले अगाडि बढ्यो। निरङ्कुश राजतन्त्रको अन्त्य गरेर देशमा प्रजातन्त्र पुनः स्थापना गरी देशलाई प्रगति उन्मुख दिशातिर अगाडि बढाउने आन्दोलनको उद्देश्य थियो। दलहरूको आन्दोलनलाई निस्तेज पार्न सरकारले ठाउँ-ठाउँमा कर्फ्यु आदेश जारी गऱ्यो। तर नेपाली जनताले कर्फ्युको समेत हाकाहाकी अवज्ञा गरे। कर्फ्युको अवज्ञा गर्दै देशको विभिन्न भागमा निस्केको शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीहरूले हस्तक्षेप गरी दुई दर्जनभन्दा बढीको ज्यान लिए तथा हजारौंको संख्यामा घाइते बनाइए। १९ दिनसम्म निरन्तर चलेको आम-हडतालले निरङ्कुश राजालाई झुक्न बाध्य पाऱ्यो। आन्दोलनमा उठेको जन लहरले आन्दोलनको निर्णय नयाँ-नयाँ हतियारले होइन जनताले नै गर्ने कुरा प्रमाणित गऱ्यो र चार वर्ष अगाडि शेरबहादुर देउवाद्वारा विघटन गरिएको प्रतिनिधिसभा पुनःस्थापना भयो। त्यस आन्दोलनको क्रममा नेमकिपाका १ सय ७ जना नेता तथा कार्यकर्ताहरू घाइते भए।

सात दल र माओवादीबीच १२ बुँदे समझदारी भै अघोषित रुपमा कार्यगत एकता भएर निरङ्कुश राजतन्त्रको विरुद्ध आन्दोलन चलिरहँदा पनि माओवादी कार्यकर्ताहरूले सात दलका नेता, कार्यकर्ताहरूलाई कुटपिट गर्ने, अपहरण गर्ने, जबरजस्ती चन्दा लिने जस्ता कार्यहरू बन्द गरेनन्।

२०६३ भादौ ५ गते माओवादी नेता गजेन्द्र महतको नेतृत्वमा आएका १४ जनाको सशस्त्र समूहले नेमकिपा कालीकोटका उपाध्यक्ष ऐनबहादुर शाहीलाई अपहरण गरी मानसिक यातना दिएका थिए। देशभर माओवादीले विभिन्न दलका नेता तथा कार्यकर्ताहरूलाई अपहरण गरी विभिन्न खाले शारीरिक र मानसिक यातना दिने काम चालू राखे। माओवादी अफ्नो दलको बाहेक अन्य दलको कुरासम्म पनि सुन्न चाहँदैनथे। त्यस्ता कार्यकर्ताहरूको कारण देशका ठाउँ-ठाउँमा सात दल र माओवादी कार्यकर्ताबीच विवाद र झडपहरू भए।

अन्य दलका घटकहरूका कार्यक्रमहरूमा बाधा पुऱ्याउने जस्ता कार्यलाई निरन्तर जारी राखे। यो क्रम सन् २००६ को अन्तिमसम्म पनि कायमै थियो।

सन् २००६ मा नेपाली जनताले लामो समयदेखि चलाउँदै आएको प्रजातान्त्रिक आन्दोलनले एक चरणको सफलता प्राप्त गऱ्यो। त्यस आन्दोलनले 'श्री ५ को सरकार'लाई 'नेपाल सकार'मा परिणत गऱ्यो, सेनाको नाम

'शाही सेना' बाट 'नेपाली सेना' मा रुपान्तरण गऱ्यो र सेनामा परमाधिपत्तिको व्यवस्था खारेज गऱ्यो।

साथै राजाको सम्पत्तिमाथि कर लाग्ने र राजाको अन्य व्यवस्थाबारे प्रतिनिधिसभाको निर्णयअनुसार गर्ने घोषणा २०६३ जेठ ४ गते सार्वभौम प्रतिनिधिसभाले गऱ्यो। संयुक्त जनआन्दोलनको यो एक ऐतिहासिक उपलब्धि हो।

नेपालगञ्जमा २०६३ पुस १० गतेदेखि १२ गतेसम्म भएको घटना नै सन् २००६ को मानवअधिकार उल्लङ्घनको पछिल्लो घटना हो।

त्यो घटना नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को आह्वानमा तराई बन्दको सिलसिलामा भएको थियो। समानुपातिक निर्वाचन, संघीय राज्य र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तोकिनु पर्ने मागलाई लिएर नेसपा (आ) ले आफै संलग्न सरकारविरुद्ध तराई बन्दको आह्वान गरेको थियो। त्यस घटनामा कमल गिरीको मृत्यु भयो भने दुई दर्जन भन्दा बढी मानिसहरू घाइते भए। सयौंको संख्यामा पसलहरू र घरहरू तोडफोड भए। फलफूल पसलदेखि कलकारखाना, मठमन्दिरहरूमा पनि आक्रमण गरी तोडफोड र आगजनीका घटनाहरू भए। त्यस घटनामा प्रहरी हस्तक्षेपबाट धेरै संख्यामा मानिसहरू घाइते भए। नेपालगञ्जमा लागेको आगोसँगै अहिले तराईका विभिन्न भागमा आन्दोलन चल्यो। यस्ता घटनाहरूले भविष्यमा जातीय दंगाको रुप लिन सक्ने सम्भावना बढ्दै गयो।

मानवअधिकारको हनन सरकार, सत्तामा गएका पार्टीहरू, मन्त्रीहरूबाट हुने कुराको यो वर्ष पनि पुष्टि भयो।

सन् २००६ नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनको सफलताको एक वर्षको रुपमा इतिहासमा रहनेछ।

सुनिल प्रजापति
सचिव

संयुक्त बाममोर्चा, नेपाल

मानवअधिकरको स्थितिको दृष्टिले मूल्याङ्कन गर्दा सन् २००६ को वर्षलाई दुई खण्डमा बाँडेर हेर्नुपर्छ। अघिल्लो चार महिनाको अवधि राजाको स्वेच्छाचारी निरङ्कुश शासन सञ्चालन गर्ने प्रयत्नको उत्कर्षको अवधि हो भने पछिल्ला आठ महिनाहरू नेपालको इतिहासमा ऐतिहासिक विराट जनआन्दोलनले विजयको पहिला खुड्किला पार गरी उपलब्धीहरूलाई संस्थागत गर्ने प्रक्रियाको संक्रमणकालीन अवस्था हो। यी दुवै अवधिका आफ्ना विशेषता अनुसार देशमा मानवअधिकारको स्थिति प्रभावित रह्यो।

यस वर्षको सुरुदेखि अप्रिल आन्दोलनसम्मको अवधिमा राजा ज्ञानेन्द्रकले अघिल्ला वर्षहरूदेखि नै सुरु गरेको निरङ्कुश सत्ताको निरन्तरताको अवधि हो। यस अवधिमा शान्तिपूर्ण विरोध प्रदर्शन, प्रेस स्वतन्त्रता र जनताका मौलिकहकहरूमाथि दमन गरेर आधारभुत मानवअधिकारको घोर उल्लङ्घन भयो। त्यति बेला राज्यशक्तिको दुरुपयोग गर्दै आधारभुत मानवअधिघकार र संवैधानिकहकलाई नै कुल्चेर स्वच्छाचारी राजनीतिक संस्था खडा गर्ने, राजनीतिककर्मी नेता तथा कार्यकर्ताहरूलाई समेत धरपकड, दमन र गैर न्यायिक हिरासतमा राख्ने काम भयो। त्यस अवधिमा न्यायिक निकायहरूलाई न्याय सम्पादनमा प्रभावित गर्ने, लोकतन्त्र र नागरिक अधिकर प्राप्तिको आन्दोलनमा लागेका जनता उपर सेना प्रयोग गरी निरङ्कुश सत्ता टिकाउने जस्ता कामहरू भए। त्यस बाहेक अप्रिल आन्दोलनका क्रममा सैनिक, प्रहरी र राष्ट्रकोष लगायत राज्यका अन्य श्रोतसाधानहरू समेत जनदमनमा प्रयोग गरी निहत्था जनताको हत्या, बेपत्ता, चर्को यातना, भौतिक मानसिक दबाब दिने जस्ता कार्यहरूको निरन्तरता रह्यो। यी समग्र घटनाक्रमबाट सो अवधिमा देशको मानवअधिकारको स्थिति अत्यन्त दयनीय र तल्लो स्तरको रहेको सहजै बुझ्न सकिन्छ।

यस अवधिमा देशको मानवअधिर आयोग जस्ता संस्थाको कतिपय पदाधिकारीहरूका अभिव्यक्तिहरू पनि मानवअधिरका आधारभुत मूल्यमान्यता विपरीत राजाको दमनकारी निरङ्कुश सत्ताको पक्षमा प्रकट भएका तथ्यहरू सर्वविदितै छ। तर, यस अवधिमा नागरिक स्तरका विभिन्न मानवअधिकार संस्थाहरू र संयुक्त राष्ट्रसंघीय मानवअधिकार अयोगका प्रयत्न र गतिविधिहरू भने सन्तोष जनका रहे। ती संस्थाहरूले राज्य स्तरबाट भइरहेका मानवअधिकार हननका घटना र कृयाकलापहरूको अध्ययन अनुसन्धान गर्ने, तत्यहरू सार्जजनिक गर्ने र अन्तर्राष्ट्रिय स्तरमै मानवअधिकार रक्षाका लागि दबाब सिर्जना गर्ने प्रशंसनिय कार्यहरू गरे। यी कार्यहरूबाट तत्कालीन राज्यपक्षलाई अझ बर्बर बन्नमा अवरोध खडा भएको थियो।

अप्रिल आन्दोलनको सफलता पछिको संक्रमणकालीन अवस्था मानवअधिकारका दृष्टिले सुधारोन्मुख अवस्था हो। जनताले सामान्ती राजतन्त्रलाई पराजित गरी सार्वभौम सत्ता सम्पन्न स्थिर राजनीतिक व्यवस्था तर्फको बाटोमा लागेको हुँदा राज्यस्तरबाट यस अवधिमा मानवअधिकार हनन्का ठूला घटनाहरू भएनन्। तर नयाँ राजनीतिक परिवेशमा देशका सबै वर्ग, जाति, क्षेत्र, भाष र संस्कृतिका जनताहरूले राज्यबाट समान अधिकार मान्यता प्राप्तिका लागि नयाँ मुद्दाकासाथ मागहरू अगाडि सारेर आउनु स्वभाविक थियो। राज्यले यी समग्र विषयहरूलाई लागु गर्ने सैद्धान्तिक स्वीकृति दिए पनि प्रक्रियागत व्यवस्थापन समेत पूरा गर्नुपर्ने हुँदा व्यवहारमा लागु गर्न भने सकिएको छैन।

यी विषयहरूलाई यथोचित प्रक्रियाबाट समाधान गर्नुपर्ने नयाँ चुनौति यो अवधिको मुख्य विशेषता हो। अप्रिल क्रान्तिको सफलता पछि बनेको लोकतान्त्रिक सरकाले राष्ट्रिय मानवअधिकार आयोगको पुनर्गठन गर्न र प्रतिगामी शासनकालका एवम् दोस्रो जनआन्दोलनलाई दमन गर्ने जिम्मेवार दोषीहरूमाथि कारवाही गर्न ढिलाई गर्नाले यस क्षेत्रको काममा स्वभाविक बाधा पुग्न गएको देखिएकै हो। साथै, यसै कारणले राज्यको परमपरागत दमनकारी संरचना परिवर्तित परिवेश अनुरुपको हुन नसकी जायज जनअपेक्षा र सोसँग सम्बन्धित संघर्षहरूमा पनि परम्परागत ढंगले नै सरकारको तर्फबाट अनुचित बल प्रयोगका हर्कतहरू हुनसक्ने सम्भावना अझै विद्यमान रहेको महसुस गरिएको छ। यसैले, बदलिएको परिवेशमा समेत राष्ट्रिय मानवअधिकार आयोग, स्वतन्त्र मानवअधिकारवादी संस्थाहरू र नेपाल स्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले यी चुनौतीहरूको सामना गर्न थप सिर्जनात्मक रुपले कृयाशील हुनु जरुरी हुन्छ।

सी.पी. मैनाली
अध्यक्ष

जनमोर्चा नेपाल राष्ट्रिय सम्मेलन केन्द्रीय कार्यसमिति

सन् २००६ जनवरीदेखि ३१ डिसेम्वरसम्को देशको मानवअधिकरको स्थितिको समिक्षा वा मूल्याङ्कनबारे अनौपचारिक क्षेत्र सेवा केन्द्रले हाम्रो पार्टीको धारण माग गरेकोमा अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) लाई सर्वप्रथम धन्यवाद दिन्छौं।

भर्खरै उल्लेख गरिएको अवधि मानवअधिकरका दृष्टिले नेपालका निम्ति अत्यन्तै कठिनका साथै चुनौतिपूर्ण अवधि पनि हो। नेपालमा २३७ वर्षदेखि कायम हिन्दू एकात्मक सामन्ति राजतन्त्रात्मक व्यवस्था र त्यसका विरुद्धको निर्णयक संघर्ष यसै अवभिमा भएको छ। ११ वर्ष लामो नेकपा (माओवादी) को सशस्त्र कारवाही र त्यसद्वारा उत्पन्न जटिलता हिंसा र अनेकौं उचार चढावको पनि मूख्यत अन्त्य भई विस्तृत शान्ति सम्झौता, युद्धविराम र हातहतियार सम्बन्धी सम्झौता र झण्डै आढाइसय वर्ष देखि कायम एकात्मक सामन्ति राजतन्त्रात्मक व्यवस्थाको अघोषित अवधिसम्म आइपुग्ने जनताको विभिन्न तह र तप्काले अनेकौं क्षति, कष्ट र पीडा भोगेको छ। हजारौंको बलिदानी, अरबौंको विभिन्न रुपको क्षति, सयौंको अङ्गभङ्ग एवम हजारौंको विस्थापनको समस्या पनि मुलुकले भोगेको छ। स्वभाविक रुपले एक वा अर्को कोणबाट मानवअधिकार उल्लङ्घनका व्यापक घटनाहरू यस बीचमा घटेनका छन्।

राजाको प्रत्यक्ष शासन, कठपुतली सरकारहरूद्वारा दमन, प्रेस स्वतन्त्रताको उल्लङ्घन हाम्रो पाटी जनमोर्चा नेपाल लगायत अन्य राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको गिरफ्तारी, यातना, सेना-प्रहरीहरूमा ज्यादती, कर्फ्यु र निषेधाज्ञाको स्वेच्छाचारी आदेश, बेपत्ता र अनेकौं गोली काण्डहरूद्वारा राजनीतिक नेता, कार्यकर्ता र आन्दोलनमा सहभागी सर्वसाधारण जनताको हत्या वा अङ्गभङ्ग यो वर्षको सुरुदेखि नै बढ्दै आन्दोलनको एक चरणको सफलता नहुन्जेल (वैशाख ११ गते) सम्म निरन्तर बढी रहेको पाइन्छ।

सुरुमा शाही सत्तालै संकटकाल, राजनीतिकर्मीको गिरफ्तारी र यातना जस्ता कदम चाल्दै गएपछि माघ २६ गतेलाई नगरपालिकाको प्रायोजित निर्वाचन घोषणा गरेपछि त्यसका विरुद्धको आन्दोलनकारी राजनीतिक दल (सात दल) को बहिस्कार कार्यक्रम सशक्त हुँदै गयो। खास गरेर त्यतिखेर सत्ताद्वारा आतंककारी घोषित भएको माओवादी पक्षलाई तेर्साउँदै माओवादीलाई बल पुऱ्याउने भन्ने बहानामा निषेधाज्ञा, कर्फ्यु बढाउँदै राजनीतिक र प्रेस सम्बन्धी स्वतन्त्रतालाई व्यापक हनन गरियो। त्यही बहिस्कार अभियान अन्तर्गत शाही सत्ताले शान्तिपूर्ण जुलुस प्रदर्शनीमा चलाएको गोलीद्वारा दाङमा उमेशचन्द्र थापाको हत्यासँगै आन्दोलन अझ तेज गतिमा वृद्धि हुन पुग्यो तर सत्तालै जतिजति दमन गऱ्यो। कथित नगर निर्वाचनलाई बहिस्कार गर्ने दौराजमा शाही सत्ताद्वारा देशका मुख्यत: सहरी क्षेत्रहरूमा व्यापक दमन र धरपकड तिव्र बनाइयो। यसैबेला देखि शाही सत्तालै माओवादी विरुद्धका प्रतिकार समूहहरू बनाई स्वत:स्फूर्ताको नाउँबाट विशेषत: तराईका क्षेत्रहश्ररुमा ज्यापक जनहत्याहरू बढाउँदै गयो।

तर सातदल र माओवादी बीच शाही सत्ता विरुद्ध संयुक्त प्रहारको समझदारीका बाजजुद देशका कतिपय क्षेत्रहरूमा माओवादी पक्षद्वारा अपहरण, कुटपिट र व्यक्ति हत्या जारी रहे। खासगरी बारा, मकवानपुर, काठमाण्डौ, नवलपरासी, पाल्पा लगायतका जिल्लाहरूमा त्यस अवधिमा माओवादी पक्षद्वारा अपहरण हत्या जस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू घटाइयो। यी घटनालाई आन्दोलनकारीको मनोवल घटनउन शाही सत्तले उपयोग गर्ने मौका प्राप्त गऱ्यो। यद्यपि यी घटनालाई आधार बनाएर सातदललाई दमन गर्न र आन्दोलनलाई निष्तेज बनाउन खोजे पनि शाही सत्ताको हथकण्डा सफल हुन सकेन।

सहरी क्षेत्रहरूमा सातदलद्वारा आह्वान र विभिन्न क्षेत्रबाट समर्थित आन्दोलन बढ्दै गए पनि ग्रामिण क्षेत्रहरूमा राज्यले व्यापक आतङ्क मच्चाउने र सातदल र माओवादी दुवै पक्षलाई एउटै कित्तामा उभ्याएर दमन जारी राख्यो। त्यस

दौरानमा स्याङ्जा र तनहुँको मनकामना र किहुँमा सेनाद्वारा बमवारी गरी माओवादी कार्यकर्ता सहित व्यापक सर्वसाधारणको हत्या गरियो।, त्यसै गरी पाल्पा, अर्घाखाँची र सिन्धुपाल्चोकमा पनि व्यापक आतङ्क मच्चाइयो। यसै अवधिमा माओवादीद्वारा पनि पाल्पा, काठमाण्डौको थानकोट, सर्लाही र कालिकोटमा सशस्त्र आक्रमण भयो। पाल्पा र कालिकोटको पिलिमा सर्वसाधारण समेत हातहत भए। त्यसरी राजनीतिक विषयसँग आन्दोलन जोडिए पनि कयौं निर्दोष निहत्था सर्वसाधारण पनि मारिनु बिल्कुलै गलत थियो।

गतवर्षको माघ-फागुनबाट व्यापक ढङ्गले विकशित जन प्रदर्शन, सभा र राजतन्त्रको अन्त्यको माग गर्दै भएको प्रदर्शनहरूले व्यापक जनसमर्थन पाउँदै जाँदा चैत २४ गतेदेखि सुरु भएको आमहड्ताल र प्रदर्शनमा शाही सत्ताद्वारा मेचीको चन्दगढी, कास्कीको पोखरा, चितवनको नारायणघाट, काठमाण्डौको कलंकी, गोगंबु र कोटेश्वर, बाराको निजगढ, पर्वतको कुस्मा, बाँकेको नेपालगञ्ज लगायत स्थानमा निर्मममता पूर्वक गोली चलाईंदा २४ जना भन्दा बढी आनदोलनकारीको मृत्यु भयो। २०० जना भन्दा बढीको अङ्गभङ्ग र हजारौं प्रदर्शनकारी घाइते भए। काठमाण्डौको घटनामा प्रेसले रुपसागर मोक्तान, माधव थापमा र दुर्जकुमार राई जस्ता प्रहरी उच्चअधिकृतहरूको गोलीकाण्डमै प्रत्यक्ष हात रहेको फोटोसहित उल्लेख गरे पनि जनआन्दोलन पछि बहाल लोकतान्त्रिक सरकारद्वारा पनि त्यस किसिमका ज्यादती गर्नेहरू माथि कारबाही गर्न नसक्नुले सरकारको जिम्मेवारीबारे गम्भीर प्रश्न उठिरहको छ। निश्चयनै त्यस्तो प्रश्न काठमाण्डौ बाहेक अन्यत्रका गोलीकाण्डबारे पनि समानरुपले उठेको छ।

देशमा घटेनका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई हेर्दा वा मूल्याङ्कन गर्दा समग्रतामा हेरिनु पर्छ र त्यसको उपचार खाजिनु पर्छ। मानवअधिकारको उल्लङ्घन राजनीतिक वा सत्ताको दुरुपयोग गर्ने ढङ्गले होस्, चरम आर्थिक विच्छृंखलता वा ओहोदाको दुरुपयोग गरेर होस् वा विद्रोही वा अरु कसैका पनि गैरजिम्मेवारीपूर्ण नीतिबाट होस् सबै घटनाको छानबिन गरिनु पर्छ र दोषी उपर जवाफदेही बनाई सजाय गरिनु पर्छ। त्यसो नगरेमा दण्हीनतटा बढ्ने र मुलुक चरम अराजकता तिर फस्नेछ। यस सन्दर्भमा रायमाझी आयोगले दोषी ठहऱ्याएका आइजीपी र मुख्य सचिवहरूलाई : पुन गृह सल्लाहाकार र योजना आयोगको विशेष सचिव राख्नु र तत्कालीन प्रधानसेनापतिलाई कुनै कारबाही नगरी निर्वत्त गराउनुले चरम दण्डहीनतालाई प्रोत्साहित गरेको छ। त्यसै कारणले हाम्रो पार्टी जनमोर्चा, नेपालले रायमाझी आयोगको प्रतिवेदन यथाशीघ्र कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छ। त्यतिमात्र होइन सेनाद्वारा घटाइएको मोरङको बेलवारी काण्डमा संलग्न सेनाका अधिकारी वा जवानमाथि छानबिन गरी कारवाही गर्ने कुराको हाम्रो पार्टीले विशेष पहल लिई रहेको छ। विगतमा शाही सेनाले व्यापक मात्रमा गिरफ्तार व्यक्तिहरूलाई बेपत्ता पार्ने, मार्ने र हिरासतमा चरम यातना दिने गरेको छ। त्यस्ता कुराहरूको सम्बन्धमा भैरवनाथ गणले कयौं व्यक्तिहरू बेपत्ता पारेको र शिवपुरी जङ्गलमा मारिएको भन्ने बारे संयुक्त राष्ट्र संघको मानवअधिकार उच्चायुक्तको कार्यालयले ठहर गरी सक्ता पनि त्यसबारे सत्य तत्थ्य कुरालाई आत्मसात गरी दोषी सैनिक अधिकृत र जवानहरू माथि कारबाही गर्नुको सट्टा ढाक्छोपको प्रयत्न गरिएको छ। यस प्रकारको कदम निश्चयनै निन्दनिय कदम हो। हाम्रो पार्टीले १० वर्षे सशस्त्र द्वन्द्वमा राज्य र माओवादी दुवै पक्षबाट मार्रिकाको नाम एकिन गर्न र मृतकका परिवारहरूलाई उचित क्षतिपूर्ति र जीविकोपार्जनको व्यवस्थाका लागि जोडदार माग गर्दछ।

मानवअधिकारको उल्लङ्घन राज्यपक्षबाट मात्र भएो होइन, स्वयम नेकपा (माओवादी) बाट पनि हुँदै आएको छ। माओवादीका विगतका कैयौं सशस्त्र कारबाहीमा निर्दोष र निहत्या जनता परेका छन्। पाल्पाको सदरमुकम आक्रमणमा होस वा चितवनको माडीको यात्रुबस माथिको आक्रमण होस नेकपा (माओवादी) ले आफ्जना जिम्मेवार कमाण्डरहरू माथि छानबिन गरेर कारबाही गरेको पाइएको छैन। यस्तो स्थितिले मानवअधिकार उल्लङ्घनकर्ताहरू सँधै जवाफदेहीबाट उम्कने छन् र राजनीतिक सम्झौतामा जनताका बाँच्न पाउने अधिकारसँधै हनन् हुने छन्। त्यसैले हाम्रो पार्टीले मानवअधिकरको समग्र पक्षको मूल्याङ्कन गरिनु पर्ने आवश्यकतामा जोड दिन्छ। साथै विगतमा द्वन्द्वका क्रममा विस्थापितहरूको तत्काल पुन:स्थापना गर्न माग गर्दछ।

मानवअधिकारको उल्लङ्घन विगतको शाही शासनको कालमा मात्रै भएको छ भन्ने होइन, स्वयम् २०६३ वैशाखमा प्रतिनिधिसभा बहाली भई सकेपछि पनि मानवअधिकारको विभिन्न रुप र तरिकाले उल्लङ्घन भएको छ। देशमा लोकतन्त्रको स्थापनामा सबै वर्ग र क्षेत्रको अमूल्य योगदान रह्यो। राजनीतिक दल, वद्धिजिवी, शिक्षक, मजदुर, किसान, सुकुमबासी, महिला, आदिवासी, जनजाति, दलित अन्य अपाङ्गहरू सबैले लोकतन्त्र बहालीका लागि योगदान गरेका छन्। तर तीनै नागरिक समाज, अस्थायी शिक्षक, मजदुर, कर्मचारीहरू, दलित, अन्धाअपाङ्ग, आदिवासी, जनजातिले आयोजना गरेको शान्तिपूर्ण कार्यक्रमहरू माथि सत्ताले हस्तक्षेप गरी दमन, धरपकड गर्ने र उनीहरूका न्यायपूर्ण माग छानबिन गरी पुरा गर्नेतर्फ कुनै ध्यान दिएको छैन।

आज मानवअधिकारको उल्लङ्घन केवल राजनीतिक माग वा प्रत्यक्ष आन्दोलनका प्रश्नबारे मात्र नभई सत्ता

सम्झौताका माध्यमबाट पनि भइरहेको छ। जून दृढता र तत्परताका साथ जनताको सबै क्षेत्र र तप्काबाट परिवर्तनका लागि साथ मिल्यो आज ती सबैको विश्वास जीतेर वा तिनिहरूको भावनाको कदर गरेर संविधानसभाको चुनाव सम्पन्न गर्न वा सत्ता सरकार सञ्चालन हुनुको सट्टा अत्यन्त सर्किण ढङ्गबाट सत्ता सञ्चालन भएको छ। अन्तरिम संविधान २०६३ सबैको आवश्यक सुझाव र सहभागितामा जारी गर्नु पर्नेमा लामो अवधिसम् संविधान जारी गर्ने काम टार्न खोज्दै र त्यसमा अनिच्छा दर्शाएर अन्त्यमा हतार हतारमा जारी गरेर आठ दलले सम्झौता र भागवण्डाका आधारमा आफ्नो सर्वसत्तावादी चरित्रको प्रदर्शन गरेका छन्। अन्तरिम संविधान जारी लगत्तै देशका जनजाति, तराई मूलका जनता र उपेक्षित क्षेत्रबाट आएको असन्तुष्टिले त्यस प्रकारको सर्वसत्तावादको तत्काल अन्त्यको माग गरेको छ। त्यसरी कनै समयमा सामान्य राजनीतिक वा सामाजिक मागका रुपमा आएका विषयलाई समयमै संविधान नहुँदा त्यसले भविष्यमा चरम असन्तुष्टि वा विद्रोहको रुप लिन सक्दैन भन्ने छैन। सत्ता वा सरकारले त्यस्ता मागको उपेक्ष गर्दा असंख्य मानवअधिकार हननको घटना हाम्रो अगाडि पुन:दोहरिने छन्। त्यसैले त्यस्तो हुन नदिन विगतमा मात्र होइन, वर्तमान र भविष्यमा पनि सरकार सर्वसत्तावादी ढङ्गले नभई जिम्मेवारी र जवाफदेही-पूर्ण तवरले सञ्चालन हुनपर्छ। विगतमा मानवअधकार उल्लङ्घन गर्न जिम्मेवार सबै राजनीतिक नेतृत्व, सेना प्रहरी वा विद्रोही सबैलाई लोकतान्त्रिक मूल्य, विधी, पद्धति र जवाफदेही बनाएर मात्र मानवअधिकारको रक्षा हुनसक्नेछ।

नवराज सुवेदी
महासचिव

अनुसूची ४

सन् २००६ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गृहमन्त्रालय

परराष्ट्र मन्त्रालय

राष्ट्रिय मानव अधिकार आयोग

नेपाल बार एशोसिएशन

नेपाल पत्रकार महासंघ

नेपाली सेना

सशस्त्र प्रहरी बल

नेपाल प्रहरी

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत रहेको मानवअधिकार प्रवर्द्धन महाशाखाले मानवअधिकार सम्बन्धमा नेपाल सरकारका निकायहरूबीच समन्वयसमेत गर्दै आएको छ। मानवअधिकार उल्लङ्घन समेतका घटनाको अभिले राखी अध्यावधिक गर्न यस महाशाखा अन्तर्गत मिति २०६२ माघ ६ मा "मानवअधिकार सम्बन्धी केन्द्रीय अभिलेख इकाई" को स्थापना भई सञ्चालन हुँदै आएको छ। हाल उपर्युक्त महाशाखालाई कानुन महाशाखासँग गाभी "कानुन तथा मानवअधिकार महाशाखा" नामकरण गरिएको छ।

मानवअधिकारसम्बन्धी उल्लङ्घनको घटनामा कारवाहीको लागि राष्ट्रिय मानवअधिकार आयोगको निर्णयले गरेको सिफारिसहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने, राष्ट्रिय मानवअधिकार अयोग, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी संघ संस्थाबाट मानवअधिकार उल्लङ्घनका घटनामा माग भएको जानकारी उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेस गर्नुपर्ने प्रतिवेदन सम्बन्धित निकायहरूसमेतको संलग्नतामा तयार गर्न कार्य समेत यस कार्यालयबाट हुँदै आएको छ। नियमिति प्रक्रियामा रहेका बाहेक सबै कामहरू यथासमयमै सम्पन्न हुँदै आएका छन्। त्रिवर्षीय मानवअधिकार सम्बन्धी, राष्ट्रिय कार्ययोजना सम्बद्ध मन्त्रालयहरूबाट कार्यान्वयन भइरहेको छ र यसको अवधि यही असार मसान्तमा समाप्त हुँदैछ। तत्पश्चात कार्यान्वयनको स्थिति अनुगमन गरेर नेपाल सरकारले पुनः राष्ट्रिय कार्ययोजना लागू गर्नेछ।

युद्ध अपराध तथा मानवता विरुद्धको अपराधका सम्बन्धमा कानुनी हदम्याद लागु नहुने सम्बन्धमा व्यवस्था भएको महासन्धि र रोम विधानको नेपाल पक्ष बन्ने सम्बन्धमा प्रक्रिया अगाडि बढाइएको। संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक महासन्धि, १९६६ अन्तर्गत नेपालले पेस गर्नुपर्ने दोस्रो आवधिक प्रतिवेदन (जेनेभा) पठाइसकिएको छ।

सन् २००६ को सुरुका केही महिनाहरूलाई छाडेर हेर्ने हो भने जनआन्दोलन २ ले दिएको निकास बमोजिम द्वन्द्वको व्यवस्थापनसँगै देशको शान्ति व्यवस्था सुदृढ हुँदै गरेको र सोही अनुपातमा मानवअधिकारको स्थिति पनि राम्रो हुँदै गएको मान्न सकिन्छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदनबाट नेपालको मानवअधिकारको कार्यान्वयन र पालना गर्ने संस्कृतिको विकास गर्न योगदान पुऱ्याउने कुरामा यो महाशाखा विश्वस्त रहेको छ।

डा. त्रिलोचन उप्रेती
सह-सचिव

गृहमन्त्रालय

कानुनी शासनको पूर्ण पालना गर्दै राज्यको स्रोत र साधनको परिधिभित्र रही नागरिकको राजनीतिक, आर्थिक, सामाजिक अधिकारलाई सुनिश्चित गर्दै शान्ति सुव्यवस्था कायम गरी जनताको जिउधनको सुरक्षा गर्न गृह मन्त्रालय र मातहतका सुरक्षा निकायहरू प्रभावकारी रूपमा परिचालन भएका छन्।

मानवअधिकारका सम्बन्धमा नेपालले हस्ताक्षर गरेका विभिन्न सन्धि, अभिसन्धिहरूमा प्रतिवद्धता जनाए अनुसार प्रचलित ऐन नियमहरू परिमार्जन गरी वा नयाँ ऐन नियमहरूको निर्माण गरी कार्य पद्धतिहरू समेत तदनुकूल परिस्कृत गरिँदै आएका छन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, राष्ट्र संघीय मानवअधिकार आयोग, एम्नेष्टी इण्टरनेशनल जस्ता संघ संस्थाहरूले प्रस्तुत् गरेका सुझावलाई मार्गदर्शनको रूपमा लिने गरिएको छ।

सुरक्षा निकायबाट कसैलाई अनाहकमा दुःख दिने वा हिरासतमा राखिएका व्यक्तिलाई यातना दिने जस्ता कार्य हुन नदिन विशेष सतर्कता अपनाइएको छ। मानवअधिकारको अभिवृद्धि र वकालत गर्न विभिन्न सुरक्षा निकायहरूमा मानवअधिकार सेलको गठन भएको छ। गृह मन्त्रालय अन्तर्गत मानवअधिकार इकाई स्थापना भई मानवअधिकार उल्लङ्घन हुन नदिने तर्फ सजगता र सतर्कता अपनाइनुका साथै विभिन्न गोष्ठीहरूबाट र मानवअधिकार संघ संस्थाहरूबाट औल्याइएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका सम्बन्धमा गर्नुपर्ने आवश्यक कारवाही भइरहेको छ। दलित, अन्धा, अपाङ्ग, असहाय सहिद परिवार, विस्थापित परिवार आदिलाई राहत पुग्ने गरी विभिन्न कार्यक्रमहरू सचालन गरिँदै आएको छ। विगतमा द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई आर्थिक सहयोग, मृतकका सन्ततीलाई छात्रवृत्ति, घाइतेलाई उपचार खर्च र धनसम्पत्ति क्षति भएका व्यक्तिलाई आर्थिक सहयोग जस्ता कार्यक्रम सञ्चालन भएका छन्।

कैदीहरूको हक हित संरक्षणका लागि जेल सुधार आयोजना सञ्चालन गरी सुधारको काम भैरहेको छ। बालबन्दीहरूलाई छुट्टै बालसुधार गृहमा राख्ने व्यवस्थाका लागि केन्द्रमा भक्तपुर बाहेक क्षेत्रीयस्तरमा पनि बालसुधार गृह थप गर्ने कार्यक्रम रहेको छ।

विगतका वर्षहरूमा मुलुकमा जारी द्वन्द्वका कारण

मानवअधिकारमा पर्न गएको जोखिम नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३ मंसीर ५ गते भएको विस्तृत शान्ति सम्झौतापछि न्यून हुँदै गएको छ। शान्ति सम्झौता पश्चात शान्ति सुव्यवस्था कायम गराई जनताको जीउधनको सुरक्षाको प्रत्याभूति गराउन तथा मानवअधिकार उल्लङ्घन हुन नदिन विस्थापित प्रहरी चौकीहरू पुन:स्थापना गर्ने काम सुरु भएको छ। राज्यपक्ष र माओवादी पक्षबाट द्वन्द्वको समयमा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न दुवैपक्षबाट प्रतिवद्धता जाहेर भई विभिन्न मितिमा राज्य पक्षबाट समितिहरूको गठन भई बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गरिएको छ।

स्थानीय निकाय लगायत अन्य विस्थापित कार्यालयहरू पनि पुन:स्थापना गरी जनतालाई सहज सेवा पुऱ्याउन पहल भैरहेको र द्वन्द्वको समयमा विस्थापित परिवारहरूलाई फर्काउन र पुन:स्थापना गराउन सरकार, नेकपा (माओवादी) र अन्य दलहरू, नागरिक समाज तथा गैरसरकारी संस्थाहरूका तर्फबाट पहल भई कार्य अगाडि बढिरहेको छ। समष्टिगत रूपमा सन् २००६ को पहिलो कालखण्डमा मानवअधिकारमा देखिएको असहज स्थितिमा क्रमिक सुधार भइरहेको र भविष्यमा अझ बढी सुधार हुने अपेक्षा राखिएको छ।

अन्तमा लोकतन्त्रिक प्रजातन्त्रको संस्थागत विकास र मानवअधिकारको संरक्षण तथा वकालतमा नेपाल सरकार गृह मन्त्रालय सम्पूर्ण मानवअधिकारवादी, गैह्र सरकारी संस्थासँग हातेमालो गरी संयुक्त रूपमा काम गर्न प्रतिवद्ध छ।

वामनप्रसाद न्यौपाने
प्रवक्ता

परराष्ट्र मन्त्रालय

नेपालले संयुक्त राष्ट्र संघको सदस्य भएदेखि नै संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लिखित मानवअधिकारको आधारभुत सिद्धान्त र मान्यतालाई अङ्गिकार गर्दै आएको छ। नेपाल मानवअधिकार सम्बन्धी १८ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष राष्ट्रको रूपमा रही आउनुले पनि यस तथ्यलाई पुष्टि गर्दछ। मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू तथा अभिसन्धिहरूबाट सिर्जित दायित्वहरूलाई कार्यान्वयन गरी मानवअधिकारको संरक्षण गर्ने क्रममा नेपालले धेरै कानुनहरूलाई समयानुकूल बनाएको छ भने कतिपय क्षेत्रमा नयाँ कानुनहरू निर्माण गरी लागू गरेको छ। अर्कोतर्फ मानवअधिकारलाई थप सुनिश्चितता प्रदान गर्नको लागि देशको अर्थतन्त्रले भ्याएसम्म शिक्षा, स्वास्थ्य, रोजगारी तथा विकासका अन्य क्षेत्रहरूमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

२०५२ सालयता नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा सुरु गएिको जनयुद्ध र शान्तिपूर्ण जनआन्दोलन मार्फत लोकतन्त्र पुनर्स्थापना हुनु पूर्वको अवधि मानवअधिकार उल्लङ्घनको दृष्टिकोणले अन्तर्राष्ट्रिय जगतमा चर्चित रह्यो।

लोकतन्त्र पुनर्स्थापना पश्चात २०६३ मंसिर ५ (21 November 2006) मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको छ। यो सम्झौता मानवअधिकारको संरक्षणको लागि उल्लेख्य दस्तावेजको रूपमा रहेको तथ्यलाई सबैतिरबाट स्वीकार गरिनुका साथै स्वागत गरिएको छ।

यस सम्झौता मार्फत सम्झौताका पक्षले कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गरेका छन्। सम्झौतारत पक्षले नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन् नहुने वातावरण बनाउने प्रतिवद्धता व्यक्त गरेका छन्। त्यसैगरी, दण्डहीनताको अवस्थाको अन्त गर्न र द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएका परिवारको राहत प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने घोषणा गरेका छन्। साथै सम्झौताका प्रावधानहरूले मानिसको बाँच्न पाउने अधिकार, वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवात जावतको अधिकार, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक तथा सामाजिक अधिकार, महिला तथा बालबालिकाको अधिकार, वैयक्तिक स्वतन्त्रताको अधिकारहरूलाई प्रत्याभूत गर्ने प्रतिवद्धता जनाएका छन् भने उल्लेख गरिएका सहमतिको कार्यान्वयन गर्ने तथा अनुगमन गर्नसमेत सहमति व्यक्त गरिएका छन्। यसबाट देशमा मानवअधिकार संरक्षणको दिशामा अनुकूल स्थिति सिर्जना भइरहेको तथ्य स्पष्ट हुन्छ।

भर्खरै मिति २०६३ माघ १ गते बसेको प्रतिनिधिसभाको बैठकद्वारा पारित तथा विधायिका संसदद्वारा अनुमोदित **नेपालको अन्तरिम संविधान, २०६३** मानवअधिकार संरक्षणको क्षेत्रमा महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। यसले आधारभूत मानवअधिकारहरूको पहिचान गरी नागरिकका मौलिक हकको हनन् हुन नपाउने गरी स्थापित गरेको छ।

जस अन्तर्गत स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी

तथा सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, यातनाविरुद्धको हक, सूचनाको हक, गोपनियताको हक, शोषणविरुद्धको हक, श्रमसम्बन्धी हक, देश निकाला विरुद्धको हक तथा संवैधानिक उपचारको हकलाई प्रत्याभूत गरिएको छ। अर्कोतिर **राष्ट्रिय मानवअधिकार आयोग**लाई झन् सशक्त बनाउन संवैधानिक अङ्ग बनाएको छ। जसबाट मानवअधिकार उल्लङ्घनका घटनाहरूको पारदर्शी ढङ्गले निष्पक्ष छानबिन भई मानवअधिकार संरक्षणको क्षेत्रमा अर्थपूर्ण सुधार आउने कुरामा विश्वास लिन सकिन्छ।

हाल देशमा विद्यमान शसस्त्र द्वन्द्वको अन्त्य हुन गई देश ऐतिहासिक रूपान्तरणको संघारमा रहेको छ। यो युगान्तकारी परिवर्तनलाई जनहित र कल्याणका लागि प्रयोग गरेर एक शान्तिपूर्ण, प्रजातान्त्रिक, स्थिर र समृद्ध नयाँ नेपाल निर्माण गर्ने प्रक्रिया सम्पूर्ण नेपाली जनताको मानवअधिकारको संरक्षण र विधिको शासनको प्रवर्द्धनबाट नै अगाडि बढाउन सकिन्छ भन्नेमा नेपाल सरकार दृढ रूपमा विश्वस्त र प्रतिवद्ध छ।

राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार आयोगमा पर्न आएका उजुरीहरू र आयोगले विभिन्न समयमा गरेको अनुगमन/अनुसन्धानको आधारमा सन २००६ मा पनि मानवअधिकारको अवस्थामा पछिल्लो अवस्थामा केही सुधार भएको पाइए पनि समग्रमा सन्तोषजनक पाइएन। देशमा विगत ११ वर्षसम्म चलेको सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनको विरोधमा सात प्रमुख राजनीतिक दलको आन्दोलन र सो आन्दोलन दवाउनको लागि सरकारबाट गरिएको दमनको कारण मानवअधिकारको अवस्था ज्यादै नाजुक हुन पुगेको थियो। सात दल र नेकपा (माओवादी) बीच २०६२ मंसिरमा भएको १२ बुंदे सहमतिपश्चात विभिन्न चरणमा भएका सहमतिहरू देशमा चलेको सशस्त्र द्वन्द्वको अन्त्य गर्न र जनताको सार्वभौम सत्ता र राजकीय अधिकार जनतामा फिर्ता गरी शान्ति स्थापना गर्न सार्थक रहे। यस वर्षको सुरुको अवधिमा राज्यपक्ष र नेकपा (माओवादी) दुवैपक्षबाट मानवअधिकारको हनन तथा ज्यादतीका घटनाहरू घटाएका थिए। राज्य पक्ष र नेकपा (माओवादी) दुवै पक्षले युद्धविराम गरेको अवधिमा पनि मानवअधिकारको अपेक्षा गरेअनुरूप सम्मान र रक्षा हुन सकेन। नागरिकहरू स्वतन्त्र रूपले आवतजावत गर्ने, पेशा व्यवसाय गर्न तथा आफ्ना मौलिक हकको निर्वाध उपभोग गर्नबाट वञ्चित हुनु पऱ्यो।

यसैगरी, विगत वर्षहरूमा झैं यस वर्ष पनि द्वन्द्वरत पक्षबाट व्यक्ति हत्याका घटनाहरू घटाइए। राज्यपक्षबाट व्यक्तिहरूलाई कब्जामा लिने, बेपत्ता पार्ने, यातना दिने जस्ता कार्यहरू भएका थिए। राज्यपक्षबाट नागरिकहरूलाई समाप्त वा गिरफ्तार गर्न सक्ने परिस्थिति हुँदाहुँदै पनि सुरक्षाकर्मीबाट विभिन्न व्यक्तिहरूको हत्या गरिएको थियो। यस अवधिमा राज्यले सूचना तथा सञ्चारको अधिकार तथा सभासम्मेलन गर्न पाउने अधिकारमाथि अङ्कुश लगाउने कार्य गरेको थियो। नागरिकहरूले शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्न पाउने अधिकारमाथि प्रतिबन्ध लगाइएको थियो। राजनैतिक दलहरूको कार्यक्रमलाई लक्षित गरी निषेधाज्ञा तथा कर्फ्यु लगाउने कार्यहरू भएका थिए। आफ्ना मागहरू राखी शान्तिपूर्ण विरोध प्रदर्शनमा उत्रिएका प्रदर्शकारीमाथि सुरक्षाकर्मीहरूले अत्याधिक शक्तिको प्रयोग गरी धेरै व्यक्तिहरूको बाँच्न पाउने अधिकारको हनन गरेको थियो।

सात राजनैतिक दल तथा नेकपा माओवादीको असहमतिका बावजुद पनि ज्यादै न्यून सहभागितामा राज्यले नगरपालिकाको निर्वाचन गरेको थियो। जुन निर्वाचनलाई प्रमुख राजनैतिक दलहरूले अमान्य घोषणा गरेका थिए।

राज्यद्वारा मोबाइल, टेलिफोनमा पटकपटक लगाएको रोकबाट पनि सूचना तथा सञ्चारको अधिकार प्रभावित भएको थियो। मानवअधिकार रक्षक तथा सञ्चारकर्मीहरूको अधिकार सम्बन्धमा यो वर्ष ज्यादै चुनौतीपूर्ण रहृयो। सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूमाथि पनि विभिन्न समयमा राज्यपक्षबाट स्वतन्त्रतापूर्वक व्यवसाय सञ्चालन गर्नमा अवरोध पुऱ्याएको, शान्तिपूर्ण विरोध प्रदर्शनमा सहभागी पत्रकार तथा मानवअधिकारकर्मीलाई गिरफ्तार गरी थुनामा राखिएको, कुटपिट गर्ने गरेको पाइएको थियो। समाचार सङ्कलन गरी रहेका पत्रकारहरूमाथि दुर्व्यवहार गर्नुको साथै क्यामेरा समेत खोसिएको थियो। मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरूलाई शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा र निवासबाट नै गिरफ्तार गरी लामो समयसम्म हिरासतमा राख्ने कार्य भएको थियो।

राष्ट्रिय मानवअधिकार आयोग सम्पर्क कार्यालय जनकपुरका मानवअधिकार सहायक दयाराम परियारलाई जनकपुरको जनकचोकमा २०६२ चैत ११ गते प्रहरीद्वारा गोली हानी गम्भीर घाइते बनाइएकोमा उनको उपचारको क्रममा चैत १५ गते निधन भएको थियो।

यसैगरी, नेकपा (माओवादी) ले सर्वसाधरणहरूलाई विभिन्न कार्यक्रममा जबरजस्ती सहभागी गराउन, आफ्नो पार्टीको पूर्णकालीन कार्यकर्ता बनाउन र विभिन्न आरोपमा कारवाही गर्नको लागि अपहरण तथा कब्जा गर्ने कार्यहरू निरन्तर रूपमा गरेका थिए। त्यसरी कब्जा गरिएका

व्यक्तिहरू कब्जामा रहेकै अवस्थामा मारिएको समेत पाइयो। नागरिकहरूलाई विस्थापित गराउने, सम्पत्ति कब्जा गर्ने, जबरजस्ती चन्दा असुल उपर गर्ने र व्यक्तिहरूलाई धम्की दिने, विकास निर्माणका कार्यमा अवरोध पुऱ्याउने, बालबालिकाहरूलाई विभिन्न बहानामा बाल सैन्यमा प्रयोग गर्ने, विद्यालय तथा सार्वजनिक सम्पत्तिमा तोडफोड गर्ने, विद्यालय बन्द गर्न धम्की दिने, जनअदालतको नाममा विभिन्न व्यक्तिहरूलाई दुख दिने जस्ता कार्यहरू गरी नेकपा (माओवादी) ले विभिन्न समयमा व्यक्त गरेका प्रतिवद्धताको विरुद्धमा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गरेको पाइयो। नेकपा (माओवादी) ले विभिन्न समयमा विभिन्न स्थानमा रहेका सुरक्षा क्याम्पमाथि आक्रमण गरेका थिए। त्यसैगरी, विभिन्न स्थानमा नेकपा (माओवादी) द्वारा विछ्याइएको बम विष्फोटनमा परी सर्वसाधरणको समेत मृत्यु भएको थियो।

सात दलहरू, नागरिक समाज, नेकपा माओवादीलगायत आम जनसमुदायको पहलमा चैत २४ गतेबाट सुरुवात गरिएको आम हडताल जनआन्दोलनमा परिणत भई सोको परिणाम स्वरूप २०६३ वैशाख ११ गते राजाबाट सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको उल्लेख गर्दै प्रतिनिधिसभाको पुनःस्थापना गर्ने घोषणा भयो। उक्त घोषणापछि नेकपा (माओवादी) ले २०६३ वैशाख १३ गतेबाट तीन महिने र नेपाल सरकारले २०६३ वैशाख २० गतेबाट युद्धविरामको घोषणा गरेपछि मानवअधिकारको स्थितिमा सुधार आएको पाइयो। सरकार र नेकपा (माओवादी) बीच विभिन्न समयमा भएको सहमतिपश्चात् देशमा शान्ति सम्झौता भएपश्चात मानवअधिकार उल्लङ्घनमा अझ कमी आएको छ।

राज्य पक्षबाट पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिका परिवारहरूले अवस्था अज्ञात पारिएका व्यक्तिको अवस्था यकिन गर्नको लागि विभिन्न समयमा विभिन्न निकायलाई दबाब दिँदै आए तापनि सरकारले हालसम्म सबै व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न सकेको छैन। त्यसैगरी, नेकपा (माओवादी) पक्षबाट अपहरण गरी अवस्था अज्ञात बनाएका भनिएका व्यक्तिहरूको अवस्थाको सम्बन्धमा पनि नेकपा (माओवादी)ले अवस्था सार्वजनिक गर्न सकिरहेको छैन। अवस्था अज्ञात पारिएका भनिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न दुवैपक्ष तत्पर हुनु पर्छ।

राष्ट्रिय मानवअधिकार आयोगले यस जटिल परिस्थितिमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनको लागि आफ्ना क्रियाकलापहरूलाई निरन्तरता दिएको थियो। मानवअधिकारको उल्लघन तथा ज्यादतीका सम्बन्धमा परेका उजुरीहरूको आधारमा र आयोगको स्वविवेकीय अधिकारको प्रयोग गरी अगाडि बढाइएका उजुरीहरूको सम्बन्धमा आयोगले अनुगमन तथा अनुसन्धान गरी सरकारलाई विभिन्न सिफारिस गरेको भएतापनि सरकारबाट यसको पालना हुन सकिरहेको छैन। मानवअधिकार उल्लङ्घनको सम्बन्धमा आयोगबाट गरिएका सिफारिसको कार्यान्वयनको अवस्था ज्यादै नाजुक रहेको छ। आयोगले हालसम्म १ सय ४७ ओटा सिफारिश सरकारलाई पठाएकोमा जम्मा ४४ ओटा सिफारिस मात्र कार्यान्वयन हुन सकेका छन्। आयोगबाट गरिएका सिफारिस कार्यान्वयनको यस्तो स्थितिले राज्यपक्षले दण्डहीनताको अवस्थालाई निरन्तरता दिएको देखिन्छ। त्यसैगरी, नेकपा (माओवादी) लाई गरिएको आह्वानको पनि पूर्ण रूपमा पालना हुन सकेको छैन। देशमा लोकतन्त्रको बहाली भएको र शान्ति सम्झौता समेत भई सकेको अवस्थामा मानवअधिकारको सम्मान र संरक्षणको लागि आयोगबाट गरिएका सिफारिसको सरकारबाट कार्यान्वयन हुनु पर्छ।

यस अवधिमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रचलनको स्थिति सन्तोषप्रद रहेन। यस अवधिमा आन्तरिक रूपमा विस्थापित नेपाली नागरिहरूलाई पुनर्स्थापना तथा उनीहरूको घर फर्कन पाउने वातावरण सिर्जना गर्नेतर्फ खासै पहल भएन। २०६२ चैतमा ल्याएको आन्तरिक रूपमा विस्थापितसम्बन्धी राष्ट्रिय नीति, २०६२ ले तय गरेका कार्यक्रमहरू पनि लागू हुन सकेनन्। पूर्व कमैयाहरूको स्थितिमा खासै सुधार आउन सकेको पाइएन। मुक्त भएको आठ वर्ष बितिसक्दा पनि कमैयाहरूले आफ्नो आधारभूत मानवअधिकारको प्रयोग गर्न पाएका छैनन्।

वर्षायाममा नदीमा आउने बाढीका कारण आफ्ना सबै धनमाल, खाद्यान्न तथा जीउधनसमेत गुमाएका नागरिकलाई तत्काल उद्धार गर्ने र पुनर्स्थापना गर्ने कार्यमा राज्यले पर्याप्त पहल गरेको पाइएन। कर्णाली अञ्चलका केही जिल्लामा खाद्यान्नको अभाव भई भोकमरीको स्थिति उत्पन्न हुँदासमेत राज्यबाट खाद्यान्न वितरण र पहुँचका सम्बन्धमा पर्याप्त कार्य भएको पाइएन।

त्यस अवधिमा नेकपा (माओवादी) बाट नेपाल बन्द, नाकाबन्दी, उद्योगधन्दा बन्द गर्ने, बन्द गर्न धम्की दिनेजस्ता कार्यले पेशा र रोजगार गर्ने अधिकारबाट वञ्चित तुल्याउने कार्य भयो। सामुदायिक औषधी कार्यक्रमहरूमा अवरोध पुऱ्याउने, परिवार नियोजन कार्यक्रम हुन नदिने, औषधी बोकेका सवारी साधनलाई जलाउने तथा औषधीसमेत लुट्नेजस्ता कार्यबाट सर्वसाधारणको स्वास्थ्यको अधिकारमाथि गम्भीर आघात पुग्यो। जबरजस्ती चन्दा असुलउपर गर्ने, सार्वजनिक तथा निजी विद्यालय बन्द गर्ने, ताला लगाउने कार्य गरी बालबालिकाको शिक्षासम्बन्धी अधिकार तथा "विद्यालय शान्तिक्षेत्र हो" भन्ने सर्वव्यापी मानवअधिकारका सिद्धान्त विपरीत कार्य गरेको पाइयो। जिल्लामा सञ्चालित

विभिन्न आयोजना सञ्चालन गर्न अवरोध पुऱ्याइएको पाइयो।

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूले असार २५ गते सामुहिक रूपमा राजिनामा दिएको भए पनि वर्षको अन्त्यसम्म (डिसेम्बर ३१, २००६ तदनुसार १६, पुस २०६३) आयोगका पदाधिकारीहरूको नियुक्ति हुन सकेन। मानवअधिकारको अवस्था दयनीय रहेको अवस्थामा आयोग जस्तो संस्थामा लामो समयसम्म पदाधिकारीहरूको नियुक्ति नगरी खाली राखिनुले व्यक्तिका मानवअधिकारको रक्षा गर्नमा समेत बाधा पुगिरहेको अवस्था विद्यमान रहेको छ।

नेपाल बार एसोसिएसन

नेपालमा मानवअधिकारको हनन् र त्यसका कारण एवम् निराकरणका उपाय सम्बन्धमा नेपाल बार एसोसिएसन विभिन्न प्रकारले सहभागी रही आएको छ। नेपालमा मानवअधिकारको स्थिति कानुनी राज्यको स्थापना र सवलतामा सकारात्मक देखिने र सोको अभावमा नकरात्मक देखिने गरेको प्रष्टै छ। कानुनी राज्यको पूर्वाधार र जग पनि लोकतन्त्र नै भएको हुँदा नेपालमा सन् २००६ को मानवअधिकारको स्थितिलाई दुई भागमा विभाजित गरेर मूल्याङ्कन गर्नु उपयुक्त हुनेछ।

सन् २००६ को सुरुवात नेपालमा राजाको प्रत्यक्ष शासन हुँदा एकातर्फ लोकतन्त्रको आन्दोलनलाई निर्ममतापूर्वक दमन गर्ने कार्य भएको थियो भने अर्को तर्फ नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट पनि हिंसात्मक आन्दोलनका क्रममा वा राजाको प्रत्यक्ष शासनको प्रतिकार समेतको क्रममा मानवअधिकारको उल्लङ्घन भएको थियो। मानवअधिकारको उल्लङ्घनमा मुलभूत रूपमा गैह्र न्यायिक हत्या, निहत्था व्यक्तिहरूको हत्या, उनीहरूमाथि अमानवीय यातना, शान्तिपूर्ण रूपमा राजनीतिक क्रियाकलाममा भाग लिनेहरूमाथि बर्वरातापूर्ण आक्रमण र हत्या, गैह्र न्यायिक थुना सरकारबाट बढी र माओवादीबाट समेत नागरिकहरूलाई बेपत्ता पार्ने जस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू अत्याधिक रूपमा भएका थिए।

जनआन्दोलन भाग २ को सफलतापछि र माओवादी पक्षबाट मानवअधिकार उल्लङ्घन घटनामा उल्लेख्य कमी आएको छ तर पूर्ण रूपमा निराकरण हुन सकेको भने देखिँदैन। सरकार र माओवादी दुबैले पूर्ण रूपमा कानुनी राज्यतर्फ प्रतिवद्धता जनाए पनि त्यसअनुरूप आफूलाई ढाल्न अझै प्रयास गर्नुपर्ने र मानवअधिकरसँग सम्बन्धित सबै पक्षहरूले सुझाव र त्यस्ता कार्यहरू हुन नदिने उपाय समेतको जानकारी तत् तत् पक्षलाई दिई व्यवहारिक रूपमा पूर्ण रूपमा मानवअधिकरको संरक्षणको लागि जोड दिन अझै आवश्यक देखिएको छ।

अर्को सबैभन्दा महत्वपूर्ण पक्ष भनेको जनआन्दोलन भाग २ पछि सुरक्षा निकायहरूले लोकतन्त्रको मर्म अनुसार आफैलाई समायोजित गर्न नसक्दा निस्क्रियता बढेको देखिएको छ। जसले गर्दा शान्ति सुरक्षाको अभावको कारणले देशमा असामाजिक तत्वले हत्या, लुट, डकैती, अपहरण जस्ता घटना बढाएको महसुस हुन्छ। जनताले असामाजिक तत्वबाट असुरक्षित महसुस गर्न नपरोस भन्नाका लागि सुरक्षा बल र नागरिक समाजको समायोजनबाट शान्ति सुरक्षाको कार्यलाई प्राथमिकता दिन आवश्यक हुन्छ। राज्यको अनुपस्थितिको महसुस भएर जनताले दु:ख पीडा पाउनु पनि मानवअधिकारको उल्लङ्घन हो। लोकतन्त्रको पुन:स्थापना भएपछि राज्यपक्ष र माओवादीपक्षबाट हुने मानवअधिकारको उल्लङ्घनमा कमी आए पनि परम्परावादी र अशिक्षित जनसमुदायमा मानवअधिकारको बारेमा उचित जानकारी नहुनाले मानवअधिकारको उल्लङ्घनमा कुनै न कुनै प्रकारले मानवअधिकारको जानकारी नभएको अशिक्षित र विपन्नता कायम तह र तप्कामा मानव अधिकरको उल्लङ्घनले पनि औपचारिकता प्राप्त गर्न सकेको छैन।

सकारात्मक पक्ष के देखिएको छ भने पूर्णरूपमा सफल नभए पनि वर्तमान अवस्थामा राज्य मानवअधिकार उल्लङ्घन हुनुहुँदैन भन्नेतर्फ वैचारिक रूपमा प्रतिवद्ध देखिन्छ।

माधव बास्कोटा
महासचिव

नेपाल पत्रकार महासंघ

माघ १९, २०६१ को शाही 'कु' बाट स्थापित निरङ्कुश राज्यसत्तालाई नेपाली जनताले ऐतिहासिक जनआन्दोलमार्फत् परास्त गरेपछि वैशाख ११, २०६३ मा मुलुकमा लोकतान्त्रिक सरकारको बहाली भयो। राज्यका सम्पूर्ण वर्ग र क्षेत्रको व्यापक सहभागिता, त्याग र बलिदानीपूर्ण ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप जनताका सामु निरङ्कुश राजतन्त्रले घुँडा टेकेपछि मुलुक दिगो शान्ति, लोकतन्त्र र मानवअधिकार बहालीको दिशामा अग्रसर भयो। यस हिसाबबाट सन् २००६ नेपालको इतिहासमा अत्यन्त उपलब्धिपूर्ण वर्षको रुपमा रहेको छ।

सन् २००६ को समग्र विश्लेषण गर्दा वैशाख ११ अघि र लोकतन्त्र स्थापनापछिको अवधिको विश्लेषण गर्नुपर्ने हुन्छ। सुरुका चार महिनामा शाही सरकारको शासन अवधिमा राज्यसत्ताले नागरिक अधिकार र लोकतान्त्रिक मान्यताको ठाडो उपहास गर्दै निरङ्कुशता लाद्ने प्रयास जारी राख्यो। यस अवधिमा राज्यले सम्पूर्ण संयन्त्र र उपायहरूको प्रयोगद्वारा निरङ्कुशतालाई संस्थागत गर्ने दूराशयबाट मौलिक

अधिकारको चरम उल्लङ्घन गऱ्यो। मानवअधिकारको दृष्टिकोणले सो अवधि अत्यन्त त्रासदीपूर्ण रहृयो। पत्रकारहरूमाथि आक्रमण, धम्की, गैरकानूनी थुनाजस्ता प्रेस स्वतन्त्रता विरोधी कार्यहरू निरन्तर जारी रहे। राज्यको शासन शैली मानवता विरोधी एवम् संविधान, प्रचलित कानून र नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धिहरू समेतको विरुद्ध रहृयो। मानवअधिकार, राजनीतिक तथा विचार र अभिव्यक्तिको स्वतन्त्रता एवम् प्रेसको अधिकारमाथि ठाडै उपहास र दमनको श्रृङ्खला चलाइयो। तर, नेपाली प्रेसले राज्य दमनका बावजूद आफ्नो दायित्व दृढतापूर्वक निर्वाह गरिरहृयो। सन् २००६ को प्रथम चार महिनामा मात्र ४ सय ५६ जना पत्रकारहरूले आक्रमण, यातना, धम्की, प्रशासनिक एवम् कानुनी दबाव र सूचना प्रवाहमा बाधालगायतका मानवअधिकार एवम् प्रेस स्वतन्त्रता विरोधी गतिविधिको शिकार हुनुपऱ्यो।

लोकतन्त्रको पुनर्स्थापनापछि बनेको सरकारले प्रेस स्वतन्त्रताको विकासका निम्ति केही सकारात्मक कदमहरू चाल्यो। शाही सत्ताद्वारा नेपाली प्रेसलाई धरासायी तुल्याउने उद्देश्यका साथ जारी गरिएका प्रेस स्वतन्त्रताविरोधी सम्पूर्ण कानुन/अध्यादेश एवम् नीतिहरूलाई खारेज गरियो। शाही सत्ताको समयमा गिरफ्तार गरिएका पत्रकारहरूको रिहाइ तथा पत्रकारहरू विरुद्ध चलाइएका मुद्दाहरू फिर्ता लिने काम प्रारम्भ गरियो। त्यसैगरी अन्तरिम संविधानमा पूर्ण प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धतालाई प्रस्तावनामै उल्लेख गरियो र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरियो। यी कुराहरूलाई प्रेस स्वतन्त्रताको दृष्टिकोणले राज्यको सकारात्मक कदमको रुपमा लिन सकिन्छ। सरकारले प्रेस स्वतन्त्रताको सम्वर्द्धन र विकासका लागि उच्चस्तरीय मिडिया सुझाव आयोग पनि गठन गऱ्यो।

लोकतन्त्रको स्थापनापश्चात प्रेस स्वतन्त्रतामाथि राज्यद्वारा गरिने सुनियोजित आक्रमणका घटनाहरूमा अहिले उल्लेखनीय कमी आएको छ। पत्रकारहरूले सुरक्षाकर्मीहरूबाट विगतमा जस्ता धम्की, अपहरण, दुर्व्यवहार र आक्रमणको सामना गर्नुपरेको छैन। स्वतन्त्ररुपमा समाचार सङ्कलन र सम्प्रेषण गर्ने वातावरणमा पनि केही सुधार भएको छ। यद्यपि सरकारका यस्ता सकारात्मक कदमहरूका बावजूद पनि नेपाली प्रेसले पूर्णतः प्रेस स्वतन्त्रताको अनुभूति भने गर्न पाएको छैन। लोकतन्त्रको स्थापनापछि पनि पत्रकारहरूलाई सूचना दिने संस्कृति राज्यले विकास गर्न सकेको छैन। शाही शासनका बेला मानवधिकार एवम् प्रेस स्वतन्त्रताको चरम उल्लङ्घन गर्नेहरूमाथि कारबाहीको पक्रिया सुरु नहुँदा मुलुकमा दण्डहीनताको संस्कृति अन्त्य पनि हुन सकेको छैन।

लोकतन्त्रको पुनर्स्थापना पछिको आठ महिनामा पत्रकारहरूमाथि सयवटाभन्दा बढी आक्रमण, धम्की, सूचना सङ्कलनमा अवरोध, दुर्व्यवहार एवम् दबाबका घटनाहरू भएको पाइएका छन्। खासगरी, मुलुकमा विद्यमान संक्रमणकालीन अवस्थाका कारण सिर्जित कमजोर सुरक्षा व्यवस्थाको फाइदा उठाउँदै विभिन्न असामाजिक तत्व र गिरोहहरूले पत्रकारहरूमाथि आक्रमण जारी राखेका छन्। कतिपय स्थानहरूमा माओवादीका स्थानीय कार्यकर्ताहरू, माओवादीबाट छुट्टिएका विद्रोहीहरू एवम् विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरूबाट आफ्नो पक्षमा समाचार लेख्न दबाब दिने, उनीहरूको गतिविधिको नकारात्मक समाचार लेखेको अवस्थामा धम्की दिने र आक्रमण गर्ने जस्ता घटनाहरू कायमै छन्। यी तथ्यहरूले प्रेस स्वतन्त्रताको पूर्णबहाली हुन नसकेको कुरालाई पुष्टि गर्दछन्। पत्रकारहरूको सुरक्षाको प्रत्याभूति गर्न सरकार सफल हुन सकेको छैन। पत्रकारहरूको सामाजिक सुरक्षा र प्रेस स्वतन्त्रताको संस्थागत विकासका निम्ति नेपाली प्रेसको पुनर्संरचनाका लागि नेपाल पत्रकार महासंघले निरन्तर संघर्ष जारी राखेको छ तर सरकारले अझै पनि यसतर्फ पर्याप्त कदमहरू चाल्न सकेको छैन। श्रमजीवी पत्रकार ऐन र सूचनाको हकसम्बन्धी कानूनलाई पूर्णता दिएर कार्यान्वयन गर्नेतर्फ पनि अझै शिथिलता देखिएको छ।

निष्कर्षमा लोकतन्त्रको स्थापना र त्यसपछि सम्पन्न सरकार र माओवादीबीचको ऐतिहासिक शान्ति-सम्झौताले मुलुकलाई मानवअधिकारको विकास र प्रवर्द्धनको बाटोमा अघि बढाए पनि मानवअधिकार र प्रेस स्वतन्त्रताको स्थिति सन् २००६ को अन्तसम्म पनि सन्तोषजनक देखिएको छैन। शान्ति-सुरक्षाको कमजोर अवस्था र मुलुकमा बढिरहेको दण्डहीनताको संस्कृति साथै सरकारको कमजोर राजनीतिक इच्छशक्तिले मानवअधिकार र प्रेस स्वतन्त्रताको दिशामा ठोस उपलब्धि हासिल हुन सकेको छैन। मुलुक अहिले संविधानसभाको माध्यमबाट लोकतन्त्र र मानवअधिकार बहालीको दिशामा अग्रसर छ। जसलाई नेपाल पत्रकार महासंघले अत्यन्त सकारात्मक रुपमा लिँदै मुलुकलाई शान्ति र पूर्ण लोकतन्त्रको दिशामा अग्रसर गराउने अभूतपूर्व अवसरको रुपमा मूल्याङ्कन गरेको छ।

स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा समयमै संविधानसभाको निर्वाचन गराई नयाँ संविधानमार्फत् मुलुकमा प्रेस स्वतन्त्रता एवम् मानवअधिकारको संस्थागत विकासमा अघि बढ्ने कार्यमा अब कुनै कसर बाँकी राख्नु हुँदैन भन्ने नेपाल पत्रकार महासंघको स्पष्ट दृष्टिकोण रहेको छ। राज्यको पुनर्संरचना र पूर्ण लोकतान्त्रिकरणको प्रक्रियामा अन्य नागरिक अधिकारका अतिरिक्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मुद्दाले उच्च प्राथमिकता पाउनुपर्छ। सूचनाको पहुँच र सूचनाको हकको कानूनी प्रत्याभूति हुनुपर्छ।

महेन्द्र विष्ट
महासचिव

नेपाली सेना

१. नेपाली जनताद्वारा २०६२ चैत/२०६३ वैशाखमा गरिएको जनआन्दोलनको परिणाम स्वरूप पुनस्थापित प्रतिनिधि सभाले सैनिक ऐन २०१६ लाई खारेज गरी सैनिक ऐन २०६३ जारी गरेको छ। "मानवअधिकार तथा मानवीय कानुन" लाई नेपाली सेनाको अभिन्न अङ्ग तुल्याउने उद्देश्यले नेपाली सेनामा भर्ना भएका कुनै पनि दर्जाका सैनिक व्यक्तिहरूलाई मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी आधारभूत तालिम प्रदान गरिनु पर्ने अनिवार्य व्यवस्था गरेको छ। सैनिक अदालतको कारवाही पारदर्शी हुनपर्ने, अभियुक्तले सैनिक अदालतमा प्रतिरक्षा गर्न प्राड (कानुन) अधिकृत माग गर्न सक्ने लगायत सैनिक अदालतले प्रदान गरेको सजायँ उपर पुनरावेदन गर्न पाउने जस्ता मानवअधिकार सम्बन्धी विशेष व्यवस्था गरेको हुँदा मानवअधिकरसम्बन्धी विषयमा सैनिक ऐन २०६३ एउटा उपलब्धी पूर्ण भई मानवअधिकार तथा मानवीय कानुनको परिपूरक अङ्गको रूपमा नेपाली सेनालाई परिचित गराउने कार्यमा सैनिक ऐन २०६३ एउटा कोशेढुङ्गा सावित हुनेछ।

२. गैह्र सैनिक व्यक्तिहरूलाई बेपत्ता पार्ने, यातना दिने तथा उनिहरूको गम्भीर मानवअधिकार हनन् भए गरेको सम्बन्धमा सह-महान्यायधिवक्ताको अध्यक्षतामा छानबिन समिति गठन हुने र त्यस्तो मुद्दा पुनरावेदन अदालतका न्यायधीशको अध्यक्षतामा रक्षा सचिव एवम् प्रमुख सेना प्राड विवाक (कानुन) सदस्य रहेको सैनिक विशेष अदालतबाट भए गरिएका फैसला उपर पुनरावेदन सुन्ने व्यवस्था नयाँ सैनिक ऐन २)६३ मा उल्लेख भएकोले मानवअधिकारको क्षेत्रमा नयाँ आयाम थपिएको हुँदा नेपाली सेनाले अब कानुनी कारवाही सोही व्यवस्था बमोजिम गर्ने गराउने छ।

३. साथै, २०६२ पुसदेखि २०६३ वैशाख मध्यसम्म नेपाली सेना परिचालनको अवस्थामा होस् वा २०६३ वैशाखको युद्ध विराम पश्चात होस्, नेपाली सेनाले मानवअधिकार तथा मानवीय कानुनको क्षेत्रमा सजग तथा सतर्क भई आफ्ना कार्यहरू सञ्चालन गर्दै आएको र उक्त अवधिभर मानवअधिकार संरक्षण तथा सम्बर्धनमा उल्लेखनीय सुधार आएको पाइएको छ। यस अवधिमा नेपाली सेनाले विभिन्न प्रकारका मानवअधिकार तथा मानवीय कानुन सम्बन्धी तालिमहरू सञ्चालन गरी सबै तहका सैनिक जवानहरूलाई सुसूचित गराउने कार्यमा अझ तिव्रता दिएको छ। मानवअधिकार तथा मानवीय कानुन जस्तो संवेदनशील विषयमा नेपाली सेनाले सँधै उच्च सतर्कताको साथ कार्य गर्नका लागि मानवअधिकार शाखालाई मानवअधिकर महाशाखामा परिणत गरी दक्ष र तालिम प्राप्त अनुभवीबाट महाशाखा सञ्चालन गराउने व्यवस्था भएको छ। आउँदा दिनहरूमा "नेपाली जनताले दिगो शान्ति तथा मानवअधिकरको समुचित उपयोग गर्न अझ सक्षम हुन" भनी नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

दिव्यराज प्रसाई
सेनानी, मानवअधिकार महाशाखा

सशस्त्र प्रहरी बल

मानवअधिकार सम्बन्धी सदा चिन्तनशील रहने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नागरिकहरूको मानवअधिकार सम्बर्द्धनमा रहेको संवेदनशीलता अझ प्रभावकारी रूपमा आउँदा दिनहरूमा पनि विना भेदभाव स्वतन्त्रतापूर्वक कार्यान्वयन हुँदै जानेछ भन्ने दृढ विश्वासका साथ यस वर्ष प्रकाशित हुन लागेको "मानवअधिकर वर्षपुस्तक २००७" प्रकाशन सफलताको कामना गर्दछौं।

मुलुकमा भएको ऐतिहासिक एवम् युगान्तकारी परिवर्तनले निश्चय नै नेपली जनतालाई सर्वाभौमसत्ता सम्पन्न तुल्याई दिएको वर्तमान सन्दर्भमा राज्य सञ्चालन संयन्त्रका हरेक अङ्गहरू जनउत्तरदायी हुनु पर्छ भन्ने सिद्धान्त स्थापित भएको छ। विगत एक दशकदेखि देशले झेल्दै आएको आन्तरिक द्वन्द्व राष्ट्रमा आएको राजनीतिक परिवर्तनसँगै मानवअधिकारको प्रवर्धन र संरक्षणमा यसले सकारात्मक असर पार्ने कुरामा सशस्त्र प्रहरी बल विश्वस्त रहेको छ। आन्तरिक सुरक्षा संयन्त्रको महत्वपूर्ण अङ्गको रूपमा रहेको सशस्त्र प्रहरी बल स्थापना कालदेखि नै जनताको जीउधनको सुरक्षा र संरक्षण गर्ने सिलसिलामा मानवअधिकारको विषयलाई गम्भीर चासोको रूपमा लिदै मानवअधिकार संरक्षण र सम्बर्धनलाई सैद्धान्तिक आदर्श मात्र नभई चुनौती एवम् उद्देश्यका रूपमा लिएको छ।

सशस्त्र प्रहरी बलमा नयाँ भर्ना भई आउने अधिकृत तथा जवानहरूलाई मानवअधिकार र मानवीय कानुन सम्बन्धी ज्ञान दिलाई मानवअधिकार संरक्षणमा प्रभावकारिता ल्याउने लक्ष्यका साथ सबै दर्जाका आधारभूत तालिमहरूको पाठ्यक्रममा मानवअधिकार र मानवीय कानुन Use of Force, Rule of Engagement, पालना गर्नुपर्ने आचारसंहिता लगायतका विषयहरू समावेश गरी अध्यापन गराउने व्यवस्था गरिएको छ। यसबाट सबै व्यक्तिहरूमा मानवअधिकार र मानवीय कानुनको पालना गर्नमा बढी सजग र सतर्क रहन सहयोग पुगेको छ। साथै, सशस्त्र प्रहरी बलबाट जस्तोसुकै परिस्थितिमा पनि नागिकहरूको मानवअधकिरको हनन् नहोस तथा सशस्त्र प्रहरी बलका राष्ट्र सेवकहरूलाई मानवअधिकार सम्बन्धी शिक्षा प्रदान गर्ने उद्देश्यका साथ सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा

केन्द्रीयस्तरको मानवअधिकार सेल ०५९ सालदेखि नै क्रियाशील रही आएको र क्षेत्रीय स्तरमा समेत मानवअधिकर सेल गठन गरी मानवअधिकर सम्बन्धी विविध विषयमा कार्य सञ्चालन गर्ने लक्ष्य राखेको छ।

राष्ट्रमा विगत एक दशकदेखिको द्वन्द्वको स्थिति भर्खरै भएको राजनीतिक परिवर्तनसँगै समाधान हुने दिशा तर्फ उन्मुख भएको वर्तमान अवस्थामा विभिन्न राजनीतिक पार्टी, संघ संस्था एवं व्यक्तिहरूले विभिन्न प्रकारका राजनीतिक, आर्थिक, जातिय एवम् अन्य जनसरोकारका विषयहरूमा मागहरू राखी यातायत अवरुद्ध गर्ने, आगजनी तथा हिंसामा उत्रिने लगायतका क्रियाकलाप सर्वसाधारण जनताको स्वतन्त्रता पूर्वक आवत जावत गर्ने तथा अन्य मानव स्वतन्त्रताको हनन हुने कार्य बढ्दै भएको अवस्थामा सशस्त्र प्रहरी बल "शान्ति सुरक्षा प्रतिवद्धता" को मूलमन्त्रलाई आत्मसात गर्दै आफ्नो जिम्मेवारी निर्वाहमा सदा कटिवद्ध रही मानव प्रतिष्ठाको सम्मान र रक्षा गरी आधारभूत मानवअधिकारको संरक्षणमा कटिवद्ध रहेको छ। कार्य सम्पादनको क्रममा मानवअधिकारको उल्लङ्घनसम्बन्धी घटनाहरूमा संलग्न देखिएका सशस्त्र प्रहरी बलका राष्ट्र सेवकहरू उपर आवश्यक छानविन गरी दोषी उपर आवश्यक कारवाही गरी मानवअधिकार हननका घटना पुनः नदोहरियोस् भन्ने स्पष्ट धारणा सशस्त्र प्रहरी बलले लिएको छ र भविष्यमा पनि विगतमा जस्तै यसतर्फ सचेत भई कार्य गर्ने छ।

मानवअधिकर सम्बन्धी विषयहरूमा सशस्त्र प्रहरी बलमा सरकारी निकाय, मानवअधिकार सम्बन्धी संघ संस्था लगायत राजनीतिक पार्टीहरूले जानकारी माग गरेमा सत्य तथ्य सहितको जानकारी सम्बन्धित निकायलाई जानकारी गराउन सशस्त्र प्रहरी बल मानवअधिकार सेल सदैव क्रियाशील रहने छ।

मानवअधिकार र मानवीय कानुनको संरक्षण र प्रवर्द्धनको निमित्त संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षकज्युबाट सम्पूर्ण राष्ट्र सेवकहरूले कार्य सम्पादनको सिलसिलामा नागरिकको मानवअधिकारको रक्षा गर्न पटकपटक निर्देशन भए अनुसार मानवअधिकार संरक्षण र सम्वर्द्धनमा सशस्त्र प्रहरी बल कटिवद्ध रहेको छ।

अन्तमा, मानवअधिकारको संरक्षण र सम्वर्धन गर्ने हाम्रो प्रयास र प्रतिवद्धताहरूमा सहयोग र सद्भाव पुऱ्याउने सबै राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवअधिकार संघ संस्थाहरू प्रति सशस्त्र प्रहरी बल हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछ।

मानवअधिकार सेल

सशस्त्र प्रहरी बल प्रधान कार्यालय

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सदा झैं यस वर्ष पनि मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ। पुस्तकमा प्रस्तुत मानवअधिकारको क्षेत्रमा देशमा वर्षभरी भए गरेका काम कारवाही तथा घटनाहरूको यथार्थ चित्रणले सम्बन्धित सबै निकाय तथा व्यक्तिहरूलाई मानवअधिकारको महत्व, संरक्षण तथा सम्वर्द्धनतर्फ आगामी दिनहरूमा अझ बढी सजग एवं जागरुक बनाउने छ भन्ने हामीले विश्वास लिएका छौं।

मूलत अपराधको रोकथाम, नियन्त्रण र सफल अनुसन्धानको माध्यमबाट नागरिकहरूको जीउ, धन एवं स्वतन्त्रताको संरक्षण गर्दै समाजमा शान्ति व्यवस्था कायम गर्ने मुख्य उद्देश्यले नेपाल प्रहरी संगठनको स्थापना भएको हुनाले मानवअधिकारको संरक्षण एवं सम्बर्द्धन गर्नु नेपाल प्रहरीको प्राथमिक कर्तव्य हो।

सोही तथ्यलाई मध्यनजर राख्दै मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनलाई प्रहरी संगठनको कार्य योजनामा सांगठनिक प्राथमिकतामा राखिएको छ र सोही अनुरुप नेपाल प्रहरीका हरेक कृयाकलापहरूलाई मानवअधिकारको संरक्षण र सम्वर्द्धनतर्फ लक्षित एवं निर्देशित गर्न विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।

नेपाल प्रहरीले प्रहरी महानिरीक्षकज्यूको कार्यालयको प्रत्यक्ष मातहतमा रहने गरी एक छुट्टै तथा विशिष्टिकृत इकाईको रुपमा नेपाल प्रहरी मानवअधिकार सेललाई कृयाशील बनाई देशभर यसको विस्तार गरेको छ भने मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनका लागि (क) सम्बर्द्धन (ख) संरक्षण र (ग) समन्वयलाई मुख्य कार्यप्रणालीको रुपमा अवलम्बन गरेको छ।

मानवअधिकारको संरक्षण नै नेपाल प्रहरी संगठन र यसमा आबद्ध प्रत्येक सदस्यको आधाभुत कर्तव्य हो भन्ने कुराको आत्मबोध गराउन नेपाल प्रहरीमा सञ्चालन हुने प्रत्येक तहका प्रशिक्षणमा मानवअधिकार सम्बन्धी विषयलाई अनिवार्य रुपमा समावेश गराइएको छ। नेपाल स्थित संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय, अन्तराष्ट्रिय रेडक्रस लगायतका संस्थाहरूको सहयोगमा मानवअधिकार तथा मानवीय कानुन सम्बन्धी विशेष प्रशिक्षणहरू सञ्चालन भैरहेका छन् भने मानवअधिकार सम्बन्धी छुट्टै तीन तहका विशिष्टीकृत तालिम पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन भइरहेको छ। यस कार्यक्रम अन्तरगत आगामी एक वर्षमा कम्तीमा ६ हजार जना प्रहरी कर्मचारीहरलाई प्रशिक्षित गर्ने लक्ष्य लिइएको छ। त्यसैगरी हालैमात्र स्थापित काठमाण्डौ महानगरीय प्रहरी आयुक्तको कार्यालयमा कार्यरत सम्पूर्ण

प्रहरीहरूलाई मानवअधिकार सम्बन्धी प्रशिक्षण सञ्चालन भइरहेको छ।

मानवअधिकारको सम्बर्द्धन र संरक्षणका लागि नेपाल प्रहरीका प्रत्येक सदस्यले हरहमेशा आफूसाथ राख्नु, जान्नु तथा पालना गर्नुपर्ने गरी नेपाल प्रहरीले नेपाल स्थित संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयसँगको सहकार्यमा मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधान उल्लेखित नेपाल प्रहरी मानवअधिकार स्थायी आदेश पुस्तिका निकट भविष्य मै जारी गर्न लागि रहेको छ भने अन्तराष्ट्रिय रेडक्रससँगको सहकार्यमा मानवीय कानुन सम्बन्धी प्रशिक्षण निर्देशिकाको निर्माण भैरहेको छ। त्यसैगरी मानवअधिकारको संरक्षणमा विशिष्टीकृत निकायको रुपमा सामुदायिक प्रहरी र महिला तथा बालबालिका सेवा केन्द्र समेत क्रियाशील रही आएका छन्।

मानवअधिकारको संरक्षणतर्फ नेपाल प्रहरीले दण्डहीनतालाई पश्रय नदिने नीती अवलम्बन गरेको छ। जसअनुरुप नेपाल प्रहरीका कुनै पनि सदस्यबाट मानवअधिकारको उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटना उपर अनुसन्धान गरी दोषी पाइएमा आवश्यकता अनुसार कारबाही गरिदै आएको छ। यसका अतिरीक्त कारबाहीमा पर्ने प्रहरीहरू संयुक्त राष्ट्र संघीय मिशनहरूमा जान नपाउने व्यवस्था गरिएको छ।

त्यसैगरी मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनका लागि नेपाल प्रहरीले मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग विभिन्न पक्षहरूमा सहकार्य गर्दै आईरहेको छ।

मानवअधिकार लोकतान्त्रिक व्यवस्थाको आधारभूत मापदण्ड हो तर कानुनी राज्यको निश्चितता विना आधारभूत मानवअधिकारको संरक्षण र लोकतान्त्रिक पद्धतिको विकास हुन सक्दैन। अत: राज्यको कानुन कार्यान्वयन गर्ने निकायको हैसियतले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि नेपाल प्रहरी सदैव प्रतिवद्ध एवं क्रियाशील रहेको छ। तथापी यसका निमित्त मानवअधिकारसँग सम्बन्धित सबै निकायहरूको त्यतिकै महत्वपूर्ण भूमीका रहेको हुन्छ। नेपाल प्रहरीमा मानवअधिकारको क्षेत्रमा क्रियाशील विशिष्ट निकायको रुपमा मानवअधिकार सेल हुँदाहुँदै पनि कतिपय संघ संस्थाहरूले यस सेलमा सिधै उजुरी नदिई अन्तराष्ट्रिय संघसंस्थाहरू मार्फत उजुरी प्राप्त हुने गरेको छ। यसबाट एकातिर अन्तराष्ट्रिय क्षेत्रमा नेपालको छविमा नकारात्मक प्रभाव पार्ने देखिन्छ भने अर्कोतिर ढिलो उजुरी प्राप्त भई अनुसन्धान तथा कारवाही प्रक्रियामा असर पुरन जान्छ। तसर्थ नेपाल प्रहरीसँग सम्बन्धित कुनै पनि उजुरीहरू यथाशीघ्र यस सेलमा उपलब्ध गराईदिनुहुन नेपाल प्रहरी सम्पूर्ण जनसमुदाय तथा संघ संस्थाहरूमा हार्दिक अपील गर्दछ।

अन्तमा आगामि दिनहरूमा नेपालमा मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनतर्फ राज्यका सबै तप्का, निकायहरू एवं नागरिक समाज अझ बढी सजग र सर्तक हुन आवश्यक भएको परिप्रेक्ष्यमा इन्सेक जस्तो संस्थाको भूमीका थप गहन भएको छ र कुनै निश्चित अवधारणा एवम् आस्थाभन्दा माथि उठेर यस महत्वपूर्ण उद्देश्यमा थप योगदान दिन इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामनाका साथ मानवअधिकार वर्षपुस्तक २००७ को पूर्ण सफलताको लागि समेत शुभेक्षा व्यक्त गर्दछौं।

मानवअधिकार सेल
प्रहरी प्रधान कार्यालय

अनुसूची ५

शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको दोस्रो समझदारी

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समझदारी कायम भएको कुरा सर्वविदितै छ। सो १२ बुँदे समझदारीपछि देशमा तीव्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समझदारी आम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न। साथै सो समझदारीप्रति अन्तर्राष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ। यो स्थितिमा यो समझदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं।

यहाँ हामी पुनःस्मरण गराउन चाहन्छौं कि "आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिवद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।"

उक्त प्रक्रियागत आधारमा हुने संविधान सभाको निर्वाचनमार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरूमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरू, नागरिक समाज, पेसागत समूह, जनवर्गीय संगठनहरू, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरू र आमजनसमुदायमा हार्दिक अपील गर्दछौं।

त्यसरी नै नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरूको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं।

१. **सात दलका तर्फबाट हस्ताक्षरकर्ता**
गिरिजाप्रसाद कोइराला, सभापति, नेपाली कांग्रेस
अमृतकुमार बोहरा, का.वा. महासचिव, नेकपा (एमाले)
शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस (प्र.)
लिलामणि पोखरेल, उपाध्यक्ष, जनमोर्चा नेपाल
नारायणमान विजुक्छे, अध्यक्ष, नेपाल मजदूर किसान पार्टी
राजेन्द्र महतो, महामन्त्री, नेपाल सद्भावना पार्टी
नन्दकुमार प्रसाई, अध्यक्ष, संयुक्त बाममोर्चा
२. **नेकपा (माओवादी) का तर्फबाट हस्ताक्षरकर्ता**
प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)

मिति : ०६२ चैत ६ गते

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविराम आचार-संहिता

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३।२।१२ मा गोकर्णमा सहमती भई दुईपक्षीय सहमतिद्वारा लागु गरिएको युद्धविराम आचार-संहिता देहाय बमोजिम रहेको छ।

प्रस्तावना

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवम् नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारीलाई पूर्णरूपले पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत् लोकतान्त्रिक मूल्य

मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै,

नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभावविना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरूप देहायको आचार संहिता जारी गरिएको छ :

भयमुक्त नागरिक जीवनको सुनिश्चितता

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन बिछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने।

५. हातहतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने।

जनतामा विश्वासको वातावरण निर्माण

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्ब्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको बाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दबाब नदिने।

जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

८. युद्धविराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरू नगर्ने। तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरू गर्न सकिने।

९. जनताका आधारभूत सेवा र सुविधा निर्बाधरूपले सञ्चालन हुन दिने।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडि बढाउने कुरामा कुनै बाधा व्यवधान नपुऱ्याउने।

११. खाद्यान्न, औषधी, विकास निर्माणका सामग्रीहरू तथा दैनिक उपभोगका वस्तुहरू ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने।

शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसञ्चालन

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने।

सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने।

१४. सञ्चार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने।

बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१५. कसैको इच्छा विपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने।

रिहाइ र पुनर्स्थापन

१६. विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने।

१७. बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने।

१८. विस्थापित भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने।

१९. द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने। सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने।

वार्ता सहजीकरण

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने।

अनुगमन

२१. दुवैपक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने।

विविध

२२. आचारसंहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवैपक्षको सहमतिबाट समस्याको सामाधान गरिने।

२३. प्रस्तावनाको भावना अनुरूप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने।

२४. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने।

२५. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने।

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
नेकपा(माओवादी)का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा

मिति : ०६३/२/१२

नेपाल सरकार र नेकपा (माओवादी) बीच कुपण्डोलमा सम्पन्न चार बुँदे सहमति

नेपाल सरकार र नेकपा(माओवादी) बीच मिति २०६३ साल असार १ गते सम्पन्न दोश्रो वार्तामा निम्न लिखित निर्णय भएको छ :-

१. सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूको सहभागितामा नेपाल सरकार र नेकपा (माओवादी) बीच यथाशीघ्र वार्ताको आयोजना गरिनेछ।

२. सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र नेपाल सरकार र नेकपा (माओवादी) बीच मिति २०६३।२।१२ मा भएको युद्धविराम आचार संहिताको कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको छ -

१. संयोजक डा. बीरेन्द्र मिश्र*	२. सदस्य डा.अर्जुन कार्की
३. सदस्य डा.ओम गुरुङ्ग	४. सदस्य प्रा. कपिल श्रेष्ठ
५. सदस्य डा.के.वि. रोकाया	६. सदस्य केशव भट्टराई
७. सदस्य कृष्ण पहाडी	८. सदस्य गौरी प्रधान
९. सदस्य चण्डिराज ढकाल	१०. सदस्य चरण प्रसाई
११. सदस्य तारानाथ दाहाल	१२.सदस्य निलाम्बर आचार्य
१३. सदस्य पदमलाल वि.क.	१४. सदस्य प्रा. डा. भूपति ढकाल
१५. सदस्य मल्ल के. सुन्दर	१६. सदस्य डा.महेश मास्के
१७. सदस्य माधव वास्कोटा	१८. सदस्य रमन श्रेष्ठ
१९. सदस्य डा.राममान श्रेष्ठ	२०. सदस्य वाङ्छे शेर्पा
२१. सदस्य विष्णु निष्ठुरी	२२. सदस्य विष्णुपुकार श्रेष्ठ
२३. सदस्य शान्ता श्रेष्ठ	२४. सदस्य श्याम श्रेष्ठ
२५. सदस्य शिव गाउँले	२६. सदस्य सुशील प्याकुरेल
२७. सदस्य ई.सरोज देवकोटा	२८. सदस्य डा. सुधा शर्मा
२९. सदस्य सुबोधराज प्याकुरेल	३०.सदस्य सुशिलचन्द्र अमात्य

३. युद्धविराम आचार संहिताको अनुगमन गर्न गठित राष्ट्रिय अनुगमन समितिलाई मानव अधिकार सम्बद्ध विषयहरूको अनुगमनमा सहयोग पुऱ्याउन तथा मानव अधिकारको अनुगमन गर्न संयुक्त राष्ट्र संघीय मानवाधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयलाई अनुरोध गर्ने।

४. सरकार माओवादीबीच सम्पन्न हुने वार्तामा निम्न महानुभावहरू पर्यवेक्षकको रुपमा रहनु हुनेछ -
   १. लक्ष्मणप्रसाद अर्याल
   २. देवेन्द्रराज पाण्डे
   ३. पद्मरत्न तुलाधर
   ४. दमननाथ ढुङ्गाना
   ५. मथुराप्रसाद श्रेष्ठ

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
नेकपा (माओवादी) का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा

मिति : २०६३ असार १ गते

* यस अघि मिति २०६३ असार १ मा डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उपरोक्त समिति गठन गरिएकोमा मिति २०६३ असार १२ को सहमति अनुसार डा. वीरेन्द्र मिश्रलाई संयोजक तोकिएको।

सात दल र नेकपा (माओवादी) बीच सम्पन्न आठ बुँदे सहमति

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ। बैठकमा सहमति भएका बुँदाहरू निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताका साथ कार्यान्वयन गर्ने।

२. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरूप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरू विघटन गर्ने।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने।

६. नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावविना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने। निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने।

७. संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने। लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरूसँग सम्बन्धित सबै कार्यहरू अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ।

सात राजनीतिक दलको तर्फबाट
श्री गिरिजाप्रसाद कोइराला
अध्यक्ष प्रधानमन्त्री तथा सभापति, नेपाली कांग्रेस
श्री माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)
श्री शेरबहादुर देउवा
सभापति। नेपाली कांग्रेस (प्रजातान्त्रिक)
श्री अमिक शेरचन
उप-प्रधानमन्त्री तथा अध्यक्ष जनमोर्चा नेपाल**श्री नारायणमान विजुक्छे**
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी
श्री भरतविमल यादल
उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
श्री प्रभुनारायण चौधरी
मन्त्री तथा अध्यक्ष, बाममोर्चा नेपाल

नेकपा (माओवादी) को तर्फबाट
प्रचण्ड
नेकपा (माओवादी)

मिति : २०६३।०३।०२ गते

युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा नेकपा (माओवादी) बीच सहमति भई मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा नेकपा (माओवादी) सहमत भएका छन् :

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोली बीच सहमति भै तयार गरिएको २५ बुँदे आचार संहितामा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अन्तर्राष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र

कार्यान्वयन गर्न लगाउने।

२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कहीं कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने।

३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको आठ बूँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचार संहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानविन र अनुसन्धान गर्ने एवं आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने।

५. अनुसन्धान र छानविन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा विना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने। यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदनमाथि छलफल गर्न कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र नेकपा (माओवादी) को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने।

७. अनुसन्धान, छानविन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र नेकपा (माओवादी) का प्रतिनिधिहरु रहेको उक्त संयुक्त समितिसमक्ष प्रस्तुत गर्ने। यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिश तथा प्रतिवेदन अनुगमन समितिका संयोजक मार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने। अनुगमन सम्बन्धी आवधिक एवं अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरु रहने। यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने। संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरु कार्यान्वयन गराउने। संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरु तथा स्थानीय अनुगमन टोलीहरु गठन गर्न सक्ने।

१०. राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने। सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्ताटोलीले गर्ने।

११. राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने।

१२. सबै राजनीतिक दलहरुका स्थानीय निकायहरु र मानवअधिकारवादी, नागरिक समाज लगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने।

१३. मानवअधिकार सम्बद्ध विषयहरुको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने।

१४. संविधान सभाको निर्वाचन पछि बन्ने संविधान लागु हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने।

१५. राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाण्डौमा रहने र नेपाल सरहदभित्र आवश्यकतानुसार अन्य कार्यलय स्थापना गर्न सकिने।

१६. राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहहिरु अभिलेखका रुपमा सुरक्षित राखिने।

१७. यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने।

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
नेकपा (माओवादी) का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा

मिति : २०६३।३। १२

संयुक्त राष्ट्रसंघ सक्षम नेपाल सरकारद्वारा प्रेषित पाँच बुँदे पत्र

महामहिमज्यू,

नेपालमा जारी शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको सहयोगका लागि अनुरोधका साथ लेखिएको जुलाई २ को पत्रतर्फ इंगित गर्न चाहन्छु। यसै सन्दर्भमा एक हप्ताअघि काठमाण्डौंबाट फर्केको संयुक्त राष्ट्र संघको टोलीले नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित व्यक्ति तथा संस्थासँग व्यापक तर उपलब्धिपूर्ण छलफल गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। मेरो जानकारीमा रहेसम्म उक्त टोलीले आफ्नो प्रतिवेदन यहाँसामु पेश गर्नेछ।

महामहिमज्यू, यसक्रममा सात दल र नेकपा (माओवादी) बीच जुन १६ मा सम्पन्न आठ बुँदे समझदारी र नेपाल सरकारले सहमतिका लागि व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल सरकार र नेकपा (माओवादी) संयुक्त राष्ट्र संघलाई नेपालमासंविधानसभाको स्वतन्त्र र निष्पक्ष चुनावका लागि वातावरण तयार गर्न र सम्पूर्ण शान्ति प्रक्रियाका लागि नै देहाय बमोजिमका क्षेत्रमा सहयोग गर्न अनुरोध गर्दछौं।

(क) संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकार अनुगमन जारी राख्ने
(ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने
(ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्ने र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। त्यसपछि हतियारसहितको सबै व्यवस्थापन सरकार, माओवादी र संयुक्त राष्ट्र संघको सल्लाहबमोजिम गर्ने
(घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चितताका खातिर संयुक्त राष्ट्र संघले अनुगमन गर्ने। यससम्बन्धी कार्यन्वयन सम्बन्धित पक्ष र संयुक्त राष्ट्र संघको सल्लाह अनुसार गर्ने
(ङ) दलहरुको परामर्शमा संविधानसभा निर्वाचन पर्यवेक्षण गर्ने

महामहिम ज्यू कृपया मेरो सक्दो प्रयास प्रति विश्वस्त रहनुहोस्।

महामहिम कोफी ए अन्नान
महासचिव
संयुक्त राष्ट्र संघ
संयुक्त राज्य अमेरिका

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री

मिति : २०६३ साउन २४ गते
(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

संयुक्त राष्ट्रसंघ सक्षम नेकपा (माओवादी) द्वारा प्रेषित पाँच बुँदे पत्र

महामहिमज्यू,

नेपालमा जारी शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको सहयोगका लागि अनुरोधका साथ लेखिएको जुलाई २४ को पत्रतर्फ इंगित गर्न चाहन्छु। यसै सन्दर्भमा एक हप्ताअघि काठमाण्डौंबाट फर्केको संयुक्त राष्ट्र संघको टोलीले नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित व्यक्ति तथा संस्थासँग व्यापक तर उपलब्धिपूर्ण छलफल गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। मेरो जानकारीमा रहेसम्म उक्त टोलीले आफ्नो प्रतिवेदन यहाँसामु पेश गर्नेछ।

महामहिमज्यू, यसक्रममा सात दल र नेकपा (माओवादी) बीच जुन १६ मा सम्पन्न आठ बुँदे समझदारी र नेपाल सरकारले सहमतिका लागि व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल सरकार र नेकपा (माओवादी) संयुक्त राष्ट्र संघलाई नेपालमासंविधानसभाको स्वतन्त्र र निष्पक्ष चुनावका लागि वातावरण तयार गर्न र सम्पूर्ण शान्ति प्रक्रियाका लागि नै देहाय बमोजिमका क्षेत्रमा सहयोग गर्न अनुरोध गर्दछौं।

(क) संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकार अनुगमन जारी राख्ने
(ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने
(ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्ने र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। त्यसपछि हतियारसहितको सबै व्यवस्थापन सरकार, माओवादी र संयुक्त राष्ट्र संघको सल्लाहबमोजिम गर्ने
(घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चितताका खातिर संयुक्त राष्ट्र संघले अनुगमन गर्ने। यससम्बन्धी कार्यन्वयन सम्बन्धित पक्ष र संयुक्त राष्ट्र संघको सल्लाह अनुसार गर्ने
(ङ) दलहरुको परामर्शमा संविधानसभा निर्वाचन पर्यवेक्षण गर्ने

महामहिम ज्यू कृपया मेरो सक्दो प्रयास प्रति विश्वस्त रहनुहोस्।

महामहिम कोफी ए अन्नान
महासचिव
संयुक्त राष्ट्र संघ
संयुक्त राज्य अमेरिक

प्रचण्ड
अध्यक्ष
केन्द्रीय समिति
नेकपा (माओवादी)

मिति : २०६३ साउन २४ गते
(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको

जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति र २५ बुँदे आचारसंहिता लगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्राचार प्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्दै राज्यको अग्रगामी पुर्नसंरचना गर्नुपर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउँदै,

नेपाली जनताको भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने दुवै पक्षको प्रतिवद्धतालाई कार्यान्वयन गर्न आज मिति २०६३ साल कार्तिक २१ गते सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको बैठकबाट निम्न लिखित निर्णयहरू भएका छन्।

१. विगतका सहमतिहरूको कार्यान्वयन सम्बन्धमा

(क) विगतमा गरिएका सबै समझदारी, सहमति र आचारसंहितालाई पूर्ण रूपले, इमानदारितापूर्वक र कडाइका साथ कार्यान्वयन गर्ने, गराउने।

(ख) विगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकहरूका सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्च स्तरीय छानबिन आयोग गठन गर्ने।

(ग) कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीव्रता दिने। विस्थापितहरू घर फर्किने वातावरण सुनिश्चित गर्ने। यस निम्ति जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने। यी सबै कार्यलाई एक महिनाभित्र पूर्णता दिने।

(घ) राज्य र नेकपा (माओवादी) द्वारा राजनीतिक नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका सबै आरोप र अभियोगहरू फिर्ता भएको सार्वजनिक घोषणा गर्ने र दुवैतर्फका राजनीतिक बन्दीहरूलाई तुरून्त रिहा गर्ने।

२. सेना र हतियार व्यवस्थापन सम्बन्धमा

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, २५ बुँदे आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँच बुँदे पत्रको भावनाअनुरूप निम्न कामहरू गर्ने :

माओवादी सेनाका सम्बन्धमा :

१. २०६३ साल साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी) को तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकुहरू निम्नलिखित स्थानहरूमा अस्थायी शिविरहरूमा सीमित रहने र संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने :

मुख्य शिविरहरू निम्न स्थानहरूमा रहने छन् :

१. कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. पाल्पा, ५. काभ्रे, ६. सिन्धुली, ७. इलाम। मुख्य शिविरहरू वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरू रहने छन्।

२. माओवादी सेनाका लडाकुहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठाबाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइनसहितको संयन्त्र सम्मिलित गर्ने। भण्डारण गरिएका हातहितयारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमनलगायत यससम्बन्धमा अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेकपा (माओवादी) र नेपाल सरकारको सहमतिले तयार गर्ने।

३. माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने।

४. माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने।

५. माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने।

नेपाली सेनाका सम्बन्धमा:

६. संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने।

उसका हातहतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने। माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र नेकपा (माओवादी) को सहमतिले तयार गर्ने।

७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने। अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। यसअन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गर्ने।

८. नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षा लगायतका कामहरूलाई निरन्तरता दिने।

३. अन्तरिम संविधानको विषयवस्तुबारे

१. अन्तरिम संविधानबारे

(क) अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई आज भएका सहमतिका आधारमा पूर्णता दिने।

(ख) पुनर्स्थापित प्रतिनिधिसभाद्वारा अन्तरिम संविधान जारी गरिनेछ र नवगठित अन्तरिम विधायिकाले उक्त संविधानलाई अनुमोदन गर्नेछ।

२. राजतन्त्रबारे

(क) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन।

(ख) स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर ट्रष्ट हितमा प्रयोग गर्ने।

(ग) राजाका हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तैः विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने।

(घ) राजसंस्था कायम राख्ने वा नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने।

३. अन्तरिम व्यवस्थापिका संसद्बारे

(क) अन्तरिम व्यवस्थापिका निम्नप्रकार एक सदनात्मक संसद् हुनेछ :

(अ) सात राजनीतिक दल र अन्य दलका हाल प्रतिनिधिसभा र राष्ट्रियसभाका निर्वाचित सदस्यहरूसमेत गरी २०९ जना
(जनआन्दोलनको विपक्षमा रहेकाहरू बाहेक)। संयुक्त वाममोर्चाको वर्तमान संसद्मा प्रतिनिधि नभएको हुँदा सहमतिका आधारमा मनोनयन गरिने।

(आ) नेकपा (माओवादी) का तर्फबाट ७३ जना

(ई) जनवर्गीय तथा पेशागत संगठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरू र राजनीतिक व्यक्तित्वहरूबाट ४८ जना (सहमतिको आधारमा मनोनित गर्ने)
कूल संख्या ३३०
तर जनआन्दोलनको विपक्षमा रहेकाहरू अन्तरिम व्यवस्थापिकामा रहने छैनन्।

(ख) अन्तरिम व्यवस्थापिकाको गठन भएपश्चात् पुनर्स्थापित प्रतिनिधिसभा र राष्ट्रिय सभा भंग हुने।

(ग) अन्तरिम व्यवस्थापिका-संसद् गठन भएको दिनदेखि नेकपा (माओवादी) को नेतृत्वमा रहँदै आएका जनसरकार, जनअदालत लगायतका सत्तासम्बद्ध सबै निकाय भंग हुने।

(घ) अन्तरिम व्यवस्थापिका राजनीतिक सहमतिका आधारमा सञ्चालन गर्ने।

४. अन्तरिम सरकारबारे

(क) सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद् गठन गर्ने।

(ख) अन्तरिम मन्त्रिपरिषद्को संरचना र कार्यविभाजन आपसी सहमतिबाट तय गर्ने।

(ग) अन्तरिम सरकारको सञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृतिअनुरूप गर्ने।

५. न्यायपालिकाबारे

(क) स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्य मान्यतालाई अनुशरण गर्ने।

(ख) न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने।

(ग) संविधानसभासम्बन्धी विवादहरूको निरूपण गर्न संवैधानिक अदालतको गठन गर्ने।

६. संवैधानिक अंगहरूबारे

(क) प्रधानमन्त्री, प्रधानन्यायाधीश र अन्तरिम व्यवस्थापिकाका सभामुखसहितको नयाँ संवैधानिक परिषद्को व्यवस्था गरेर यसमार्फत् संवैधानिक अंगहरूको नियुक्ति लगायतका विषयहरूमा सिफारिस गर्ने व्यवस्था मिलाउने। नियुक्तिहरू गर्दा निश्चित मापदण्डलाई आधार बनाउने।

(ख) सहमतिको आधारमा निर्वाचन आयोगलाई पूर्णता दिने।

७. स्थानीय निकायहरूबारे

(क) सात दल र नेकपा (माओवादी) को सहमतिले जिल्ला, नगर र गाउँस्तरमा अन्तरिम स्थानीय निकाय गठन गर्ने।

८. नागरिकता समस्यासम्बन्धमा

(क) संविधानसभाको निर्वाचन अगावै नागरिकताबाट वञ्चित सबै नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने।

(ख) २०४६ साल चैत्र मसान्तलाई आधार वर्ष मानी त्यसभन्दा अगाडि नेपालमा जन्म भई निरन्तर स्थायी बसोबास गर्दै आएका सबै नेपाली नागरिकहरूलाई सरल ढंगले नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था गर्ने।

(ग) नागरिकता प्राप्तिसम्बन्धी अन्य व्यवस्था कानुनमा उल्लेख भए बमोजिम हुने।

९. संविधानसभा निर्वाचन सम्बन्धमा

क) आगामी २०६४ जेठभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गर्न अन्तरिम मन्त्रिपरिषद्लाई अधिकार प्रदान गर्ने।

(ख) संविधानसभाको निर्वाचन मिश्रित प्रणालीको आधारमा गर्ने। २०५ सदस्य उम्मेदवारलाई मत दिने "पहिलो हुने निर्वाचित हुने" प्रणालीअनुसार र २०४ सदस्य पार्टीलाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने। यससम्बन्धमा निर्वाचन आयोगसँग छलफल गरेर कानुन बनाउने।

(ग) दलहरूले उम्मेदवारहरूको सूचीकृत गर्दा उत्पीडित जाति, क्षेत्र, मधेसी, महिला, दलित लगायत अन्य वर्गसमेतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने।

(घ) राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिरिषद्बाट मनोननित हुने १६ जना।

(ङ) संविधानसभाको कूल संख्या ४२५ कायम गर्ने।

(च) अन्तरिम संविधान जारी हुँदाका बखत १८ वर्ष पुगेका नेपाली नागरिक मतदाता हुने।

(छ) संविधानसभाको निर्वाचनको अनुगमन संयुक्त राष्ट्रसंघद्वारा गराउने।

१०. राज्यको ढाँचाबारे

(क) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेद्भावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने।

(ख) राज्यको पुनर्संरचनाका लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गर्ने।

(ग) राज्यको पुनर्संरचनाको अन्तिम टुंगो संविधानसभाले लगाउने।

११. आर्थिक-सामाजिक रूपान्तरणबारे निर्देशक सिद्धान्तहरू :

(क) सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने।

(ख) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति तय गर्ने।

(ग) राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुशरण गर्ने।

(घ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने।

(ङ) सुकुम्बासी, कमैया, हलिया, हरूवाचरुवा लगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने।

(च) सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कारबाही गर्ने, दण्डित गर्ने नीति लिने।

(छ) देशको आर्थिक सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने।

(ज) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिको लागि

लगानी गरी रोजगारी एवं आयआर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुशरण गर्ने।

४. द्वन्द्वपीडितहरूको व्यवस्थापन सम्बन्धमा

(१) सशस्त्र द्वन्द्वका क्रममा मारिएकाहरूको परिवारलाई तथा त्यस क्रममा घाइते भई अपांग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने।

(२) छानबिन आयोगको प्रतिवेदनको आधारमा बेपत्ता भएकाहरूको पीडित परिवारलाई राहत उपलब्ध गराउने।

(३) सशस्त्र द्वन्द्वका क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

(४) सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने।

५. विविध

(१) सबै सहमति र सम्झौताहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्न सहमतिले एक उच्चस्तरीय संयुक्त अनुगमन समिति गठन गर्ने।

(२) आचारसंहिता, समझदारी-सहमति, सम्झौता तथा कानुन विपरीतका गतिविधि एवं कामकारवाही गर्ने जोकसैलाई पनि सरकारले कारवाही गरी दण्डित गर्नेछ।

(३) गणतन्त्र, आर्थिक-सामाजिक रूपान्तरण, जनमतसंग्रह, निर्वाचन प्रणाली लगायत अहिले साझा सहमति कायम हुन नसकेका विषयहरूमा पार्टीहरू संविधानसभाको निर्वाचनको क्रममा आ-आफ्ना नीति र मतअनुसार प्रस्तुत हुन स्वतन्त्र हुनेछन्।

६. समय तालिका

(१) नेपाल सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता २०६३ कार्तिक ३० गतेसम्म गर्ने।

(२) उल्लिखित २(१) बमोजिम २०६३ मंसिर ५ गतेभित्र माओवादी सेनाका लडाकुहरू हातहतियारसहित निर्धारित शिविरमा जम्मा भइसक्ने र हतियार भण्डारण गर्ने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।

(३) उल्लिखित २(५) बमोजिम २०६३ मंसिर ५ गतेभित्र नेपाली सेना ब्यारेकभित्र सीमित रहने, निर्धारित हातहतियार भण्डारण गर्ने र त्यसको अनुगमन संयुक्त राष्ट्रसंघले गर्ने।

(४) २०६३ मंसिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने।

(५) २०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिकाको गठन गर्ने र प्रतिनिधिसभा र राष्ट्रियसभाको विघटन गर्ने।

(६) २०६३ मंसिर १५ सम्म अन्तरिम मन्त्रिपरिषद्को गठन गर्ने।

गिरिजाप्रसाद कोइराला — **प्रचण्ड**
प्रधानमन्त्री — अध्यक्ष, नेकपा (माओवादी)
तथा सभापति, नेपाली कांग्रेस
माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)
शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस (प्रजातान्त्रिक)
अमिक शेरचन
उप-प्रधानमन्त्री
तथा अध्यक्ष, जनमोर्चा नेपाल
भरतविमल यादव
उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदूर किसान पाटी
सी.पी. मैनाली
अध्यक्ष, संयुक्त वाम मोर्चा

एमालेको भिन्न मत

मंगलवार राती भएको सहमतिमा एमालेले भिन्न मतसहित सहमति जनाएको छ। एमालेले छुट्टै लेखेको भिन्न मतमा भनिएको छ- 'माथिका निर्णयहरूमा अन्य सबै दलहरूको सहमति भएकाले कार्यान्वयन गर्ने कुरामा सहमत हुँदै हाम्रो पार्टीको निम्नबमोजिम भिन्न मत रहेको छ :

(१) राजसंस्था राख्ने वा नराख्ने भन्नेबारेमा संविधानसभाको निर्वाचनसँगसँगै जनमतसंग्रह गर्नुपर्छ भन्ने नेकपा (एमाले) को भिन्न मत रहेको छ।

(२) संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै अपनाउनु सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने नेकपा (एमाले) को भिन्न मत रहेको छ।

मिति : २०६३ कात्तिक २२

नेपालका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीले संयुक्त राष्ट्रसंघका महासचिवलाई पठाउनु भएको पत्र

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष प्रचण्डले संविधानसभाको निर्वाचनका लागी स्वतन्त्र र निष्पक्ष वातावरण तयार गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्दै तल उल्लिखित क्षेत्रमा सहयोग गर्न २००६ अगष्ट ९ तारिखमा तपाईलाई सम्बोधन गरी पठाउनु भएको पत्रको स्मरण गराउन पाउँदा गौरन्वान्वित भएको छु।

क) संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालमार्फत मानवअधिकार अनुगमन जारी राख्ने

ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने

ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्न र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। पछि हातहतियार लगायत सबै सम्झौताको ढाँचाका सम्बन्धमा सरकार, माओवादी र संयुक्त राष्ट्रसंघ बिच सहकार्य हुने

घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघले अनुगमन गर्ने। यसको ढाँचाका सम्बन्धमा सम्बन्धित पक्षहरु र संयुक्त राष्ट्र संघ बिच सहकार्य हुने

ङ) सम्बन्धित पक्षहरुसंगको परामर्श अनुरुप संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्ने

माथि उल्लेखित अनुरोधलाई सम्बोधन गर्दै आफ्नो विशेष प्रतिनिधि नियुक्त गर्नु भएकोमा नेपाल सरकार कृतज्ञता व्यक्त गर्दछ। त्यसयता नेपाल सरकार र नेकपा माओवादी तपाईको विशेष प्रतिनिधिसँग यी विषयमा काम गरिरहेका छन्। सात दल गठबन्धन र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच नोभेम्वर ८ तारेखमा तथा नेपाल सरकारद्धारा पछि अनुमोदन भएको सहमति बमोजिम ९ अगष्ट २००६ मा पठाइएको पत्रमा उल्लेख गरिएका पाँच बुँदाहरु बाहेक निम्न विशेष क्षेत्रहरुमा संयुक्त राष्ट्रसँघको सहयोगको खाँचो रहेको जानकारी गराउन पाँउदा म आफू सम्मानित भएको महसुश गर्दछु।

१. नेपाल सरकार र नेकपा (माओवादी)द्धारा २००६ अगष्ट ९ मा संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त गरिएको प्रतिवद्धता अनुसार माओवादी लडाकुहरु निम्नलिखित जिल्लाहरुमा स्थापना गरिने शिविरहरुमा पठाइने छन् : कैलाली, सुर्खेत, रोल्पा, काभ्रे, सिन्धुली र इलाम। प्रत्येक शिविरको समीप रहेर तीन उपशिविरहरु स्थापना गरिने छन्। संयुक्त राष्ट्रसंघले तिनको आवश्यक प्रमाणीकरण र अनुगमन गर्नेछ,

२. माओवादी लडाकुहरुलाई शिविरमा पठाइएपछि शिविर सुरक्षाकालागि चाहिने बाहेक नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सबै हतियार र विष्फोटक पदार्थ सुरक्षित रुपमा भण्डारण गर्ने। हतियार र विष्फोटक पदार्थलाई एकल ताल्चा लगाउने र यसको साँचो सम्बन्धित पक्षले राख्ने। संयुक्त राष्टसंघको अनुगमनकालागि साइरन र रेकर्डिङ्ग सुविधा जडान गरिने छ। संयुक्त राष्ट्रसंघले भण्डारण गरिएका हतियारहरु संवन्धित पक्षको उपस्थितिमा आवश्यक निगरानी गर्ने। अनुगमनकालागि क्यामेरालगायत सबै प्रविधि नेपाल सरकार, नेकपा माओवादी र संयुक्त राष्ट्रसंघबीच सम्झौताका आधारमा तयार गरिने

३. संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त गरिएको प्रतिवद्धता अनुसार नेपाली सेना व्यारेकमै सिमित रहनेछ। यसको हतियार कसैका लागि वा विरुद्धमा प्रयोग नगरिने पनि प्रत्याभूत गरिनेछ। समान संख्यामा नेपाली सेनाका हतियार एकल ताल्चा व्यवस्था अनुसार भण्डारण गरिने र साँचो सम्बन्धित पक्षले राख्न सक्नेछ। संयुक्त राष्टसंघको अनुगमनकालागि साइरन र रेकर्डिङ्ग सुविधा जडान गरिनेछ। संयुक्त राष्ट्रसंघले भण्डारण गरिएका हतियारहरु संवन्धित पक्षको उपस्थितिमा आवश्यक निगरानी गर्नेछ। अनुगमनकालागि क्यामेरालगायत सबै प्रविधि नेपाल सरकार, नेकपा माओवादी र संयुक्त राष्ट्रसंघबीच सम्झौताका आधारमा तयार गरिने

४. जेठमा हुने भनिएको संविधानसभाको निर्वाचनको अनुगमन संयुक्त राष्ट्र संघले गर्नेछ। संविधानसभाको निर्वाचनकालागि महत्वपूर्ण कार्यहरुलाई पूरा गर्न अनुरोध गरिएको सहयोग जतिसक्दो चाँडो उपलब्ध गराउनकालागि अनुरोध गर्न पाँउदा गौरन्वान्वित भएको महसुश गरेको छु। निर्वाचन सहयोगलगायत संयुक्त राष्ट्रसंघको कार्य तथा सहयोग क्षेत्रको विवरण नेपाल सरकार, नेकपा माओवादी र संयुक्त राष्ट्रबीच छलफल भइरहेको छ र त्यसको जानकारी तपाईलाई चाँडैनै गराइने छ। सम्झौता गरिए अनुसारको समय तालिका अनुसार, संयुक्त राष्ट्र संघले माओवादी शिविर र

लडाकुहरुको प्रमाणीकरण र अनुगमन नोभेम्बर २१ सम्ममा उनीहरु क्यापममा पुगे पश्चात सुरु गर्ने छ।

त्यसबेला सम्ममा नेपाल सेना पनि संयुक्त राष्ट्रसंघको अनुगमनकालागि तोकिएको संख्यामा हतियार भण्डारण गरी व्यारेकभित्र सिमिति हुनेछ। नोभेम्बर २६ सम्ममा अन्तरीम संविधान जारी गर्ने र अन्तरिम विधायिका गठन हने योजना रहेको छ र डिसेम्बर १ सम्म अन्तरिम क्याविनेट गठन गरिने छ। संयुक्त राष्ट्र संघद्धारा सचिवालय र तपाईंको विशेष प्रतिनिधिमार्फत प्राप्त तपाईंको व्यक्तिगत सहयोग प्रति नेपाल सरकारका तर्फबाट म धन्यवाद व्यक्त गर्न चाहन्छु।

(हस्ताक्षर)

के.पी. शर्मा ओली

मिति : २०६३ कात्तिक ३० गते

(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौता

प्रस्तावना

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, आठबुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २५ बुँदे आचारसंहिता, ०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू लगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुन:संरचना गर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा ०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै,

नेपाल सरकार र नेकपा (माओवादी) का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धताका साथ नेपाल सरकार र नेकपा (माओवादी) का बीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ।

१. **प्रारम्भिक**

१.१ यस सम्झौताको नाम विस्तृत शान्ति सम्झौता, २०६३ रहेको छ। छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिनेछ।

१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणामार्फत आजैका मितिदेखि लागू हुनेछ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने/गराउनेछन्।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्षबीच भएका सबै सहमति, समझदारी,आचारसंहिता र निर्णयहरू यस सम्झौताका अभिन्न अङ्ग मानिनेछन्।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकताअनुसार पछि गरिने सहमति र सम्झौताहरू पनि यसैका अंग मानिने छन्।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस

सम्झौतामा :

(क) '**युद्धविराम**' भन्नाले नेपाल सरकार तथा नेकपा (माओवादी) बीच एकअर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरूको परिचालन, सुदृढीकरण, आक्रामक एवम् हिंसात्मक कारबाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ।

(ख) '**अन्तरिम संविधान**' भन्नाले संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मका लागि जारी गरिने "नेपालको अन्तरिम संविधान २०६३" लाई जनाउँछ।

(ग) '**अन्तरिम मन्त्रिपरिषद्**' भन्नाले अन्तरिम संविधानबमोजिम गठन हुने "अन्तरिम मन्त्रिपरिषद्" लाई जनाउँछ।

(घ) '**दुवै पक्ष**' भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ।

(ङ) '**प्रचलित कानुन**' भन्नाले नेपालको अन्तरिम संविधान २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ। तर, यस परिभाषाले अन्तरिम संविधान ०६३ जारी हुनुअघिको कानुनी व्यवस्थालाई बाधा पुऱ्याउने छैन।

(च) '**प्रमाणीकरण**' भन्नाले संयुक्त राष्ट्र संघले सेना, लडाकू र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ।

३. राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन

दुवै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरणको नीति तथा कार्यक्रम अवलम्बन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढंगले व्यवस्थापन गर्न सहमत छन् :

३.१ २०६३ कात्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने।

३.२ अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका- संसद् गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी ०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने।

३.३ मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने। स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने। राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने। राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने।

३.४ विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने।

३.५ वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने।

३.६ सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने।

३.७ सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने।

३.८ राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुशरण गर्ने।

३.९ शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने।

३.१० सुकुम्वासी, कमैया, हलिया, हरूवाचरुवा लगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने।

३.११ सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने।

३.१२ देशको आर्थिक-सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटो, समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने।

३.१३ श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवम् आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुशरण गर्ने।

४. सेना र हतियार व्यवस्थापन

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुन:संरचना गर्न विगतमा भएका १२ बुँदे समझदारी, आठबुँदे सहमति, २५ बुँदे आचारसंहिता, संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँचबुँदे पत्र र कात्तिक २२ गते सम्पन्न शीर्षनेताहरूको बैठकका निर्णयहरू अनुरूप निम्न कामहरू गर्ने :

माओवादी सेनाको सम्बन्धमा

४.१ २०६३ साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी) का तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धता अनुसार माओवादी सेनाका लडाकूहरू (Combatants) निम्नलिखित स्थानहरूमा अस्थायी शिविरहरू (Cantonments) मा सीमित रहने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।

मुख्य शिविरहरू निम्न स्थानहरूमा रहने छन् : १. कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. नवलपरासी, ५. चितवन, ६. सिन्धुली, ७. इलाम।

मुख्य शिविरहरू वरिपरि तीन/तीनवटाका दरले सहायक शिविरहरू रहनेछन्।

४.२ माओवादी सेनाका लडाकूहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा बाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेकपा (माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने।

४.३ माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने।

४.४ माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने।

४.५ माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने।

नेपाली सेनाको सम्बन्धमा

४.६ संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धता अनुसार नेपाली सेना ब्यारेक भित्र सीमित रहने। उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने। माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र नेकपा (माओवादी) को सहमतिले तयार गर्ने।

४.७ नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने। अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गर्ने।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामहरूलाई निरन्तता दिने।

५. युद्धविराम

५.१ सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्य :

५.१.१ दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्दछन् :

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एकअर्काप्रति लक्षित कुनै पनि किसिमको हातहतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

(ख) दुवै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहितरूपमा अर्को पक्षको हातहतियार खानतलासी वा बरामदी गर्ने कार्य,

(ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दबाब पुऱ्याउने कार्य,

(घ) एकअर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

(ङ) हत्या तथा हिंसात्मक कारबाहीहरू

(च) अपहरण/पक्राउ/ थुनछेक/बेपत्ता पार्ने कार्य

(छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

(ज) हवाई आक्रमण वा बम्बारी,

(झ) जमिनमुनि बारुद बिछ्याउने कार्य (माइनिङ्) र विध्वंसात्मक कार्य (स्यावोटेज),

(ञ) एकअर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगट्ठा तथा विस्फोटक पदार्थ ओसारपसार वा एकअर्का विरुद्ध सैनिक हर्कत गर्ने छैनन्।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हातहतियार, विस्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थ जस्ता सामानहरू गैरकानुनी रूपमा ओसारपसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा बरामदी गर्न सक्नेछ।

५.१.३ कुनै पनि व्यक्ति वा समूह अवैध हातहतियार, गोलीगट्ठा र विस्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन्।

५.१.४ दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एकअर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्नेछन्।

५.१.५ कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोसाकसहित उपस्थित हुने छैनन्।

५.१.६ नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति संझौताको मर्म र भावनाअनुरूप तथा प्रचलित कानुन बमोजिम कानुन व्यवस्था र शान्ति सुव्यवस्था एवम् अपराध अनुसन्धानको कार्य चालू राख्नेछ।

५.१.७ एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई "शत्रु" भनी सम्बोधन गर्न र व्यवहार गर्नसमेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन्।

५.१.८ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरू लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्दछन्।

५.२ स्थिति सामान्यीकरणका उपायहरू

५.२.१ इच्छाविपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुली गर्न पाइने छैन।

५.२.२ आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन्।

५.२.३ दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन्।

५.२.४ दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन्।

५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्।

५.२.६ दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताका साथ देशमा विद्यमान सबै स्वरूपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन्। शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एकअर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ।

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले

आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुन:निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुनर्स्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन्।

५.२.९ उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरू आपसी सहमतिको आधारमा समाधान गर्न एवम् आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा सबै राजनीतिक दलहरू, नागरिक समाज र स्थानीय संघसंस्थाहरू समेतको सहयोगमा व्यक्तिगत तथा सामूहिक रूपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न/गराउन दुवै पक्ष सहमत छन्।

५.२.१० दुवै पक्ष परिवारका कुनै सदस्य एकअर्का पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरूमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाव नदिन प्रतिबद्धता जाहेर गर्दछन्।

५.२.११ नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रूपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्य सम्पादनको क्रममा तिनीहरूलाई कुनै पनि किसिमको वाधा-अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन्।

५.२.१२ संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ समुदाय लगायत नेपालस्थित कूटनीतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, प्रेस, मानवअधिकारवादीहरू, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरूलाई नेपाल राज्यभित्र कानुन बमोजिम निर्वाध आवतजावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन्।

५.२.१३ दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरू शिष्ट र मर्यादित ढङ्गले संचालन गर्न प्रतिबद्ध छन्।

६. युद्ध समाप्ति

६.१ २०६३ कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिका आधारमा सरकार-माओवादीबीच चालू युद्धविरामलाई स्थायी रूप दिदै ०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं।

६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको ०६३ कार्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरू दीर्घकालीन शान्तिका लागि मूल नीतिगत आधार हुनेछन्।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा आइसकेपछि सहमति, सम्झौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन गर्न, डरत्रास र कुनै पनि रूपमा हिंसा र हतियारको प्रयोग गर्न कानुनत: दण्डनीय हुनेछ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न र पक्ष-विपक्षमा लाग्न पाउने छैनन् तर, उनीहरूलाई मताधिकारबाट वञ्चित गरिने छैन।

७. मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै दुवै पक्ष देहायका विषयहरूमा आफ्नो सहमति जनाउँछन् :

७.१ मानवअधिकार

७.१.१ दुवै पक्षले मानवअधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धताको पुन:पुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जातजाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाका आधारमा भेदभाव हुनुहुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन्।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन् नहुने वातावरण बनाउन प्रतिबद्ध छन्।

७.१.३ दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार निष्पक्ष छानविन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबर्जस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारवाही समेत गर्नेछन्।

७.१.५ दुवै पक्षले धर्म निरपेक्षताको मूल्य-मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक

संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन्।

७.२ बाँच्न पाउने अधिकार :

७.२.१ दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन्। कसैलाई पनि यो आधारभूत अधिकारबाट वञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन।

७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

७.३.१ दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन्। यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन्। कानुनत: नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ।

७.३.२ दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन्। दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन्।

७.३.३ दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोवासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाउँमा बसोवास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन्।

७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१ दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषणविरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिबद्ध छन्।

७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन्।

७.४.३ दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्ध छन्।

७.५ आर्थिक-सामाजिक अधिकार

७.५.१ व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवन यापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिबद्ध छन्।

७.५.२ दुवै पक्ष सबै जनताको खाद्य सुरक्षासम्बन्धी हकको सम्मान एवम् प्रत्याभूति गर्न प्रतिबद्ध छन्। खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन्।

७.५.३ दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन्। दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधि उपचार गर्न एवम् पुनर्स्थापनाको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछन्।

७.५.४ दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिबद्ध छन्। दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन्। शिक्षण संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरूलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य व्यारेक नराख्न सहमति व्यक्त गर्दछन्।

७.५.५. कानुनबमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन्।

७.५.६ दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्वल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदाबाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरूलाई शान्तिपूर्ण रूपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन्।

७.६ महिला तथा बालबालिकाको अधिकार

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिका विरुद्ध हुने बालश्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रूपमा सहमत छन्। यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिने छन् र तिनीहरूको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ।

गिरिजाप्रसाद कोइराला	**प्रचण्ड**
प्रधानमन्त्री	अध्यक्ष
नेपाल सरकार	नेकपा (माओवादी)

०६३ मंसिर ५ गते

हतियार र सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता

प्रस्तावना

संयुक्त राष्ट्रसंघका महासचिवलाई ९ अगस्टमा पठाइएको पत्र र २१ नोभेम्बर २००६ को बृहत् शान्ति सम्झौतामा आधारित-

संविधानसभाको चुनावमा स्वतन्त्र र निष्पक्ष तथा बिना त्रास भाग लिने नेपाली जनताको आधारभूत अधिकारलाई प्रत्याभूति दिन्छ, संविधानसभामार्फत नेपाली जनताको सार्वभौमिकताको सुनिश्चितता, प्रगतिशील राजनीतिक निकास, मुलुकको लोकतान्त्रिक पुनर्संरचना र सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरण गर्ने उद्देश्यले भएको द्विपक्षीय बृहत् शान्ति सम्झौतामा आधारित भएर सन् १९९६ देखि देशमा विद्यमान सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण लोकतान्त्रिक उपस्थिति भएको द्विपक्षीय सम्झौताका बुँदाहरूलाई पूर्ण पालना गर्ने चाहना स्वीकार्दछ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार माओवादी लडाकूहरू र तिनका हतियारहरूलाई निर्धारित शिविर क्षेत्रहरूमा राख्ने र नेपाल सेनालाई ब्यारेकमै राखेर त्यसका हतियार कुनै पनि पक्षविरुद्ध प्रयोग नभएको सुनिश्चितता अनुगमनमा सघाउन र दुवै पक्षका हतियार र सेना व्यवस्थापनको अनुगमन गर्न संयुक्त राष्ट्रसंघका नागरिक अनुगमनकर्ताहरू तैनाथ गर्न दुवै पक्ष सहमत भएका छन्।

१. सम्झौताको प्रारूप

१.१ उद्देश्य

सामाजिक तथा जुक्तिपूर्ण परिणाम निस्किने खालको सैनिक पुनर्परिचालन गतिविधिमा कुनै पनि पक्ष सामेल हुने छैन।

यो सम्झौता उल्लंघन भएको कुनै पनि दावी चाहे प्रमाणित होस् वा नहोस्, त्यसको सूचना संयुक्त राष्ट्रसंघ अनुगमनकर्तालाई दिइनेछ र त्यसपछि नेपालस्थित राष्ट्रसंघीय नियोगका उचित प्रतिनिधिमार्फत सम्बधित पक्षहरूलाई त्यसको सूचना दिइनेछ।

अन्तरिम सरकारले परिचालन गर्ने सुरक्षाबललाई अवैध तवरमा हतियार र हतियार निर्माणमा प्रयोग हुने विस्फोटक पदार्थ र कच्चा पदार्थको ओसारपसार रोक्न र जफत गर्न अन्तर्राष्ट्रिय सीमा र नाकामा नियमित गस्ती गर्ने अधिकार हुनेछ।

नेपालको कानुनबमोजिम संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ संस्थाहरू, नेपालस्थित कूटनीतिक नियोगहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संगठनहरू, प्रेस, मानवअधिकारकर्मी, निर्वाचन पर्यवेक्षक र विदेशी पर्यटकलाई निर्बाध यात्रा गर्न दिन दुवै पक्ष सहमत भएका छन्। दुवै पक्ष संयुक्त राष्ट्रसंघ नियोग र त्यससँग सम्बन्धित कर्मचारी, सरसामान र सेवालाई नेपालको कुनै पनि भागमा सुरक्षा र सञ्चालन स्वतन्त्रतालाई सम्मान गर्दछ।

दुवै पक्ष हतियारको अवैध ओसारपसार र सशस्त्र समूहको घूसपैठलाई नियन्त्रण गर्ने कार्यमा आवश्यक कदम तत्कालै चाल्न आपसमा सहयोग गर्नेछ।

दुवै पक्ष सशस्त्र सेनामा १८ वर्षभन्दा मुनिका बालबालिकालाई समावेश नगराउन पूर्ण सहमत भएका छन्। यसउप्रान्त प्रभावित बालबालिकाहरूलाई तत्कालै उद्धार गरी उनीहरूको पुनर्वासका लागि आवश्यक र उचित सहयोग उपलब्ध गराइनेछ।

१.२ परिभाषा

निम्नअनुसारका परिभाषाहरू स्वीकार गरिएका छन्:

१. (माओवादी) सेनाको शिविर भनेको हतियार, गोलीगट्ठा र उपकरणसहितका माओवादी लडाकू एकाईलाई बास र सेवा व्यवस्थासहितका भौगोलिक रूपले स्पष्ट तोकिएको क्षेत्र र अस्थायी तवरमा बनाइएको शिविर हो।

२. (नेपाल सेना) को ब्यारेक भन्नाले नेपाल सेना एकाइलाई हतियार, गोलीगट्ठा र उपकरणसहित ब्यारेकमा राख्ने हो। कम्पनी स्तरभन्दा कमका एकाइलाई यो सम्झौतामा उल्लिखित गतिविधि वा सम्बद्ध पक्षबीच आपसी सहमतिमा बाहेक स्वतन्त्र रूपले परिचालन गरिने छैन।

३. सुरक्षित हतियार भण्डारण क्षेत्र भनेको नियमित हतियार

भण्डारका लागि प्रयोग हुने भण्डारसहितको सैनिक ब्यारेक वा जिम्मेवार एकाइको नियन्त्रण र सुरक्षामा रहेका शिविर क्षेत्रका भण्डारहरू हुन्।

४. 'पक्षहरू' भन्नाले नेपाल सरकार (नेपाल सेनासहित) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) (माओवादी सेनासहित) हुन्।

५. संयुक्त राष्ट्रसंघ अनुगमन भन्नाले यस सम्झौतामा रहेका सर्तहरूअन्तर्गत सम्बन्धित अनुरोधलाई पहिल्याउन र प्राप्त परिणामबारे सम्बद्ध सबै पक्षलाई जानकारी दिन संयुक्त राष्ट्रसंघले गर्ने सबै कार्यहरू हुन्।

६. संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) भनेको संयुक्त राष्ट्रसंघको अध्यक्षतामा सम्बन्धित पक्षहरू सदस्य रहेको अनुगमन, समन्वय र रिपोर्ट गर्ने निकाय हो। जेएमसीसीको जिम्मेवारी यस सम्झौतामा पार्टीहरूबीचको सहमति सुपरिवेक्षण गर्ने रहेको छ।

७. संयुक्त अनुगमन टोली (जेएमटी) भनेको युद्धविराम अनुगमन गर्न सहयोग पुऱ्याउने निकाय हो। जेएमटी, क्षेत्रीय र स्थानीय तह र घुम्ती टोलीमा सक्रिय हुनेछ।

८. माओवादी सैनिक लडाकूहरू यस सम्झौताका लागि २५ मे २००६ अघि माओवादी सेनामा भर्ती भएका नियमित सक्रिय सदस्यहरूलाई सामेल गरिएको छ।

१.३ प्रवर्द्धन

पार्टीहरूले आफ्ना कमान्डर, सदस्यहरू र सम्बद्ध समूहबीच यस सम्झौता र यसका प्रावधानप्रति जागरूकता बढाउनुपर्छ।

१.४ चरणहरू

यो सम्झौतामा हस्ताक्षर भएपछि लागू हुनेछ। यी चरणहरू निम्नअनुसार हुनेछ:

१. रिपोर्ट गर्नु र रुजु गर्नु।
२. सेनाको पुनर्परिचालन।
३. माओवादी सैनिक शिविर, नेपाल सेनालाई ब्यारेकमा राख्नु र हतियार नियन्त्रण गर्नु।
४. सम्झौताप्रति पूर्ण सहमति।

२. रिपोर्ट गर्नु र रुजु गर्नु

पार्टीहरूले तिनीहरूका सेनाबारे दिने विस्तृत सूचनालाई संयुक्त राष्ट्रसंघले गोप्य राख्नेछ। पार्टीहरूले वर्तमान व्यवस्थापनका नक्सा, चित्रहरू उपलब्ध गराउनेछन्। जसमा यी कुराहरू हुनेछन्:

१. युद्ध सेनाको संरचना, संगठन, परिचालन र सैनिक संख्या।
२. जमिनमुनिका बारुदी सुरुङ, विस्फोट नभएका गोलीगट्ठाहरू, विस्फोटक पदार्थहरू आदि।
३. शिविरसम्बन्धी सडक, बाटोसम्बन्धी सबै आवश्यक जानकारीहरू,
४. दुवै पक्षसँग काम गरिएका सशस्त्र र नि:शस्त्र समूह र तिनका दायित्वबारे सूचना।
५. हतियार र सेना व्यवस्थापनको उचित अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई चाहिने अरु सूचनाहरू।

३. सेनाको पुनः परिचालन र जमाव

नेपाल सेना र माओवादी सेनाको सैनिकहरूको पुन: परिचालन र जमावका लागि संयुक्त राष्ट्रसंघलाई समग्र योजना, समय र बाटो उपलब्ध गराउनुपर्नेछ।

ब्यारेकमा रहेका नेपाल सेना र शिविर क्षेत्रमा रहेका माओवादी सेना सबैलाई नेपालमा परिचालन र जमाव काम संयुक्त राष्ट्रसंघको परामर्शमा गर्नुपर्नेछ।

दुवै पक्षबाट सरकारी, सार्वजनिक र निजी भवन, भूमि र अन्य सम्पत्तिहरूको लागत राखी तत्कालै फर्काउने सहमति व्यक्त भएको छ।

पार्टीहरूले यस सम्झौतामा स्पष्टसँग स्वीकृति दिएर बाहेक) आफ्ना सबै सेना र अर्धसेनालाई जाँच नाकाहरूबाट फिर्ता गरी भयमुक्त वातावरण सिर्जना तथा निर्वाध गतिविधिलाई सुनिश्चित गर्नेछन्।

नेपाल प्रहरी र सशस्त्र बलले जनआन्दोलन र शान्ति सम्झौता र विद्यमान कानुनमुताविक शान्ति व्यवस्था कायम राख्ने र अपराधीविरुद्ध कारवाही जारी राख्नेछ। दुवै पार्टी देशको कुनै पनि भागमा र राज्यको कुनै पनि संयन्त्रमा समानान्तर वा अन्य प्रकारका संयन्त्र सञ्चालन नगर्न सहमत भएका छन्।

४. माओवादी सैनिक शिविर, नेपाली सेनालाई ब्यारेकमा राख्ने र हतियार नियन्त्रण

४.१ माओवादी सैनिक शिविर

संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा अभिव्यक्त वचनबद्धताअनुसार माओवादी सैनिक र तिनका हतियारहरू निर्धारित शिविर क्षेत्रमा राखिनेछन्। अस्थायी शिविरहरूमा माओवादी लडाकूहरू बस्न थालेपछि नेपाल सरकारले तिनीहरूलाई खाना र अन्य आवश्यकताहरूको व्यवस्था र पूर्ति गर्नेछ।

४.१.१ कमान्डरहरूको जिम्मेवारी

सामान्य माओवादी सेनाको कमान्ड नियन्त्रण, सञ्चार र सूचनालाई माओवादी सैनिक शिविर नियन्त्रणमा उपयोग गरिनेछ।

जम्मा सातवटा मुख्य शिविर हुनेछ र प्रत्येक

तीन-तीनवटा गरी २१ वटा सहायक शिविरहरू हुनेछन्। सहायक शिविरहरू मुख्य शिविरबाट दुई घण्टाभन्दा बढी यातायात दूरी नहुने गरी स्थापना गरिनेछ।

मुख्य सातवटा शिविरहरू माओवादी सैनिक क्षेत्र कमान्डरको निर्देशन, नियन्त्रण, सञ्चार र सूचनाअन्तर्गत तथा सहायक शिविरहरू निर्धारित सहायक कमान्डरअन्तर्गत रहनेछन्।

क्षेत्र कमान्डरहरूले प्रत्येक क्षेत्रबारे राष्ट्रसंघ नियोगलाई निम्न सूचनाहरू विस्तृतरुपमा दिनुपर्नेछ:

१. नक्सामा उल्लिखित एकाइ र उपएकाइका ढाँचा।
२. कम्पनी स्तरदेखिका कमान्डरका नामहरू।
३. सञ्चार प्रणाली।
४. कर्मचारीहरूको पूर्ण सूची।
५. हतियारको पूर्ण सूची।
६. गोली गट्ठाको प्रकार, लट नम्बर र संख्या।
७. शिविर सुरक्षा गार्डहरूको नामावली तथा हतियार तथा गोली गट्ठाको सम्पूर्ण सूची।

शिविर क्षेत्र कमान्डरका दायित्वहरू

१. शिविरको नियन्त्रणलगायत सुरक्षा।
२. राष्ट्रसंघ र सम्बद्ध कर्मचारी सुरक्षा, सामान र सेवाको सुरक्षा, स्वतन्त्रता र राम्रो स्थितिको सम्मान गर्ने।
३. राष्ट्रसंघीय प्रतिनिधिसँगको सहयोगमा सूचना उपलब्ध गराउने।
४. प्रत्यक्ष गोली हान्ने अभ्यासबाहेक बृहत् शान्ति सम्झौतामा भावनाअनुरूप अनुसन्धान नैतिक तथा सामान्य तालिम।
५. दैनिक कार्यक्रम र सेनाको नियन्त्रण।
६. बन्दोवस्ती तथा शिविर सेवा (नेपाल सरकार र अन्य सहयोगी निकायको सहयोगमा)

४.१.२ हतियार भण्डार तथा नियन्त्रण

दलहरूबीच राष्ट्रसंघको निरीक्षणका सातवटा प्रमुख क्यान्टनमेन्टमा सबै माओवादी हतियार तथा गोलाबारुद सुरक्षित भण्डार गर्न सहमत भएको छ। यसमा अत्यावश्यक सुरक्षाका लागि उपलब्ध गराइने हतियार समावेश हुने छैन। दुवै पक्षले सशस्त्र द्वन्द्वका बेला प्रयोग गरिएका धराप तथा बारुदी सुरुङका विषयमा ३० दिनभित्र एकले अर्कोलाई जानकारी दिएर चिनो लगाउने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ र त्यसलाई ६० दिनभित्र निष्क्रिय वा हटाउन र नष्ट गर्नुपर्नेछ। सबै विनाशकारी विस्फोटक पदार्थलाई प्रमुख शिविर क्षेत्रबाट सुरक्षित दूरीमा बनाइएको क्षेत्रमा संकलन गरिनेछ। असुरक्षित हुन सक्ने विस्फोटक सामग्रीहरू तत्काल नष्ट गरिनेछ। पक्काखालका पदार्थहरूलाई २४ घण्टा सशस्त्र पहरामा सुरक्षित राखिनेछ। राष्ट्रसंघको परामर्शमा दलहरूले सबै विनाशकारी विस्फोटक पदार्थ नष्ट गर्नका लागि समयतालिका र प्रक्रियाको निर्क्यौल गरिनेछ। अनुगमनकर्ता र माओवादी सेनाको सुरक्षा सुनिश्चित गर्न बिगारिएका विस्फोटक यन्त्र वा कच्चा बमहरू शिविर क्षेत्रभित्र ल्याउन दिनेछैन।

प्रमुख शिविर क्षेत्रमा हतियार तथा गोलाबारुद भण्डारको सुरक्षा निम्नलिखित तरिकाबाट गरिनेछ।

१. विशेष क्षेत्रलाई ताल्चासहितको ढोका राखिएको पर्खालले घेरिनेछ। पर्खालमा निषेधित क्षेत्र थाहा हुने संकेत राखिनेछ।
२. हतियार भण्डार डिपो सेतो पोतिएका बाकस र सुरक्षित हतियार भण्डारका लागि दराजबाट बनेको हुनेछ। यसमा हतियारको किसिम, सिरियल नं. सहितको सूची रहनेछ।
३. राष्ट्रसंघले उपलब्ध गराएको एकल ताल्चा भण्डार बाकसमा लगाइएको हुनेछ। उक्त ताल्चाको साँचो प्रमुख शिविरका कमान्डरसँग रहनेछ। भण्डारक्षेत्रको गतिविधिलाई २४ घण्टा निरीक्षण क्यामराले खिचिरहनेछ र त्यसलाई शिविरमा रहेका राष्ट्रसंघ कार्यालयले अनुगमन गर्नेछ। अँध्यारोमा स्वचालित रूपले फ्लडलाइटले प्रकाश दिनेछ।
४. राष्ट्रसंघले निरीक्षण यन्त्र उपलब्ध गराइनेछ। जसले कुनै पनि भण्डारण बाकसको ढोका खोलेमा संकेत दिनेछ।
५. राष्ट्रसंघको कार्यालय र शिविर कमान्डरका कार्यालय दुवै ठाउँमा बज्ने गरी सचेत घण्टी जडान गरिनेछ। उक्त प्रणाली बाकसको ढोका 'सेफबटम' प्रयोग नगरी खोलेमा सक्रिय हुनेछ।
६. राष्ट्रसंघीय अनुगमनकर्ताले हतियार भण्डारक्षेत्र र बाकसहरूको निरीक्षण माओवादी सैनिक प्रतिनिधिको उपस्थितिमा गर्नेछ।

हरेक शिविरको सुरक्षाका लागि एकै ठाउँमा बसेका तथा समान मोडलका ३० वटा हतियार उपलब्ध गराइनेछ। यो प्रयोग नभएको अवस्थामा यसको क्रम संख्यासँगै दर्ता गरी गार्ड हाउसमा ताल्चा मारेर राखिनेछ।

दुवै पक्षलाई खतरा बन्न सक्ने अवस्थामा शिविरको सीमा सुरक्षाका लागि आवश्यक हतियारका सम्बन्धमा दलहरूले राष्ट्रसंघको परामर्शमा पुनरावलोकन गर्न सकिनेछ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का नेताहरूका लागि सुरक्षाको व्यवस्था सरकारसँगको समझदारीमा गरिनेछ।

राष्ट्रसंघ मिसनले यी सबै प्रतिबद्धताहरूको पालना भएनभएको माओवादी सेनाको उपस्थितिमा स्थल भ्रमण तथा नियमित निरीक्षणका प्रक्रियाबाट अनुगमन गर्न सक्नेछ। यी निरीक्षण आकस्मिक र विभिन्न समयमा गर्न सक्नेछ।

४.१.३. शिविर क्षेत्रमा माओवादी सेनाको दर्ता

सबै माओवादी सेनाका सैनिकहरूको विवरण शिविरक्षेत्रमा दर्ता हुनेछ। दर्तामा उमेर, नाम, तह, एकाइमा दिएको जिम्मेवारी, सेनामा प्रवेश गरेको मितिसहित जवानहरूको सम्पूर्ण सूची तयार गरिनेछ। हतियार भएका वा नभएका सबै माओवादी लडाकूहरूको दर्ता गरिनेछ। यदि हतियार भएकाहरूको हतियारको प्रकार, अवस्थाबारे उल्लेख गरिनेछ। हतियारको संख्यालाई एकाइबाटै छुटचाइनेछ। सन् २००६ मे २५ अगाडिबाट माओवादी सेनाका सदस्य भएकाहरू मात्र शिविरमा बस्न पाउनेछन्। राष्ट्रसंघको परामर्शमा पार्टीहरूले यसको निर्णयमा सहमति गर्नुपर्नेछ।

दर्ता गर्ने क्रममा सबै माओवादी लडाकूहरूले माओवादी सेनाको राष्ट्रसंघको चिह्न भएको परिचयपत्र देखाउनुपर्नेछ। परिचयपत्रमा चिह्न राख्ने प्रक्रिया निर्क्यौल गर्नुपर्नेछ। यो दर्ता भएको परिचयपत्र माओवादी सेनाबाट लिने सेवाका लागि आधार हुनेछ। दर्ता नभएका व्यक्तिहरूलाई शिविरमा रहन र कुनै प्रकारको सहयोगका लागि उपयुक्त मानिने छैन।

शिविर क्षेत्रमा सही रूपमा दर्ता भएका माओवादी सेना मात्र सम्भावित एकीकृत सुरक्षाबलमा समावेश गर्न उपयुक्त मानिनेछ। अलग्गिएका वा छुट्टिसकेका कुनै पनि व्यक्ति सम्भावित समायोजनका लागि अयोग्य हुनेछ। एकीकृत सुरक्षाबलका लागि योग्य व्यक्तिका सम्बन्धमा बृहत् शान्ति सम्झौतामा सहमति भएअनुरूप विशेष समितिले तय गर्नेछ। यो एकीकृत प्रक्रियालाई दलहरूको सहमतिमा निर्णय गरिनेछ।

दर्ता भएका माओवादी लडाकू सेना सन् १९८८ मे २५ पछाडि जन्मेको पाएमा उसलाई सम्मानजनक र स्वत: मुक्त गरिनेछ।

मुक्त गरिएका माओवादी सैनिक लडाकूहरूले हतियार, युनिफर्म र अन्य सैनिक सामग्री छोड्नुपर्नेछ र राष्ट्रसंघ अनुगमनकर्ताहरूको परामर्शमा दलहरूबीच आपसी सहमति नबनेसम्म शिविरमा फर्कन पाउने छैन। स्वेच्छाले शिविरमा नबस्ने माओवादीहरूका लागि दलहरूको सहमतिमा विशेष व्यवस्था मिलाइनेछ।

अन्तरिम मन्त्रिपरिषद्ले माओवादी सेनाका लडाकूहरूको सुपरिवेक्षण, एकीकरण र पुन:स्थापनाका लागि विशेष समिति गठन गर्नेछ।

नेपाल सेनालाई ब्यारेकमा राख्नु

४.२.१ सामान्य नियम

राष्ट्रसंघलाई पठाएको पत्रमा व्यक्त गरिएका प्रतिबद्धताअनुसार नेपाल सेना ब्यारेकमै रहने र कसैको पक्ष वा विपक्षमा उसको हतियार प्रयोग हुनेछैन। राष्ट्रसंघका अनुगमनकर्ताहरू नेपाल सेना वा हतियार कुनै दलको पक्ष वा विपक्षमा प्रयोग भइरहेको छ वा छैन भन्ने विषयमा अनुगमन गर्न सबै नेपाली सेनाका ब्यारेकहरूमा प्रवेश गर्न सकिनेछ। नेपाली सेनाको कुनै पनि ब्यारेक निरीक्षणका क्रममा त्यस क्षेत्रका कमान्डरलाई नियमअनुसार सुसूचित गरिनेछ र राष्ट्रसंघीय निरीक्षण सेना र हतियारको व्यवस्थापनका विषयमा सम्बन्धित हुनेछ।

मन्त्रिपरिषद्ले सैनिक ऐन २०६३ का आधारमा नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन गरिनेछ। अन्तरिम मन्त्रिपरिषद्ले नेपाली सेनालाई लोकतानित्रकरण गर्न अन्तरिम संसद्बाट आवश्यक सुझाव लिएर गर्नुपर्नेछ। यसमा नेपाली सेनाको संख्या उपयुक्त बनाउनु, सेनालाई लोकतान्त्रिक र मानवअधिकारका मूल्यमान्यताका आधारमा तालिम दिदै लोकतान्त्रिक संरचनामा विकास गर्दै लानेजस्ता कार्यहरू हुनेछ।

४.२.२ कमान्डरको जिम्मेवारी

सामान्य नेपाली सेनाको कमाण्ड, नियन्त्रण, सञ्चार र सूचना नेपाली सेनाको ब्यारेकमा रहेको अवस्थाको अनुगमन गर्न प्रयोग गरिनेछ। कमान्डरहरूले निम्न सूचनाहरू राष्ट्र संघलाई विस्तृत रूपमा उपलब्ध गराउनुपर्नेछ।

१. नक्सांकन गरिएको एकाइ तथा उप एकाइका लागि माथिल्लो तहको ढाँचा
२. कम्पनीस्तरका कमान्डरहरूको नाम
३. सञ्चार प्रणाली
४. लडाकू सैन्य संरचना, संगठन, परिचालित सैनिक संख्या
५. विस्फोटक पदार्थ बिछ्याइएको क्षेत्र, बारुदी सुरुङ, विस्फोटन नभएका पदार्थ, स्तरीय विस्फोटक पदार्थ, खराबी विस्फोटक पदार्थ र यी पदार्थ राखिएको स्थान र
६. हतियार तथा सैनिक व्यवस्थापनको सही अनुगमनका लागि राष्ट्रसंघका लागि आवश्यक अन्य सूचना।

नेपाली सेनाले राष्ट्रसंघ सहयोगी कर्मचारी, सामान र सेवाको सुरक्षा, स्वतन्त्र परिचालनलाई सम्मान गर्नुपर्नेछ र राष्ट्रसंघ नियोगले यी प्रतिबद्धताको पालना भएनभएको अनुगमन नेपाली सेनाको ब्यारेकमा दैनिक उपस्थित भएर, स्थलगत भ्रमण तथा नियमित निरीक्षणबाट गर्न सकिनेछ।

४.२.३ हतियार भण्डार तथा नियन्त्रण

राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताका आधारमा नेपाली सेनाले तिनीहरूको हतियार कुनै दलको पक्ष वा विपक्षमा प्रयोग नभएको सुनिश्चित गर्नुपर्नेछ। नेपाली

सेनाले माओवादी सेनाको बराबर संख्यामा हतियार एकल ताल्चा लगाई भण्डार गरी साँचो सम्बन्धित पार्टीलाई सुम्पनुपर्नेछ। ताल्चामा राष्ट्रसंघलाई सूचित गर्ने साइरनको व्यवस्था हुनेछ। आवश्यक परेको बेला राष्ट्रसंघले सम्बन्धित पार्टीको उपस्थितिमा भण्डारन हतियारको जाँच गर्न सकिनेछ। हतियारहरू कन्टेनरमा भण्डार गरिनेछ।

४.२.४ सेनाको परिचालन र नेपाली सेनाद्वारा स्वीकृत गतिविधि

बृहत् शान्ति सम्झौताको भावनाअनुरूप सीमा सुरक्षा, आरक्षण स्थलहरूको सुरक्षा, सुरक्षित क्षेत्र, बैंक, विमानस्थल, विद्युत्गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय तथा विशिष्ट व्यक्तिहरूको सुरक्षामा नेपाल सेनाको कामले निरन्तरता पाइरहनेछ। यी संस्थाहरूमा गरिएको सुरक्षाव्यवस्थाका विषयमा राष्ट्रसंघका अनुगमनकर्ताहरूलाई उपलब्ध गराउनुपर्नेछ।

नेपाल सेनाबाट स्वीकृत गतिविधिमा समावेश भएका बुँदा

१. ब्यारेकभित्रका नियमित सैनिक गतिविधि ब्यारेक र शिविरभित्र नियमिता तालिम/जेएमसीसीलाई गोली प्रहार गरी गर्ने अभ्यासका विषयमा त्यसको विस्तार क्षमतासहित ४८ घण्टाअगाडि जानकारी दिइनेछ।
२. सरकारको निर्देशनमा औपचारिक समारोह, परेडहरूमा सहभागी हुनेछ।
३. सरकारको निर्देशनमा सीमासुरक्षाका प्रावधान बनाइनेछ।
४. यातायातलगायत उल्लेख गरिएका एक-एक गरी सेना बाहिर पठाइनेछ।
५. सवारीसाधनलगायत घातक नभएका उपकरणको प्रतिस्थापन र मर्मतसम्भार नियमित हुनेछ। घातक हतियारको मर्मतसम्भार तथा प्रतिस्थापन अन्तरिम सरकार वा दुवै पक्षबीचको सहमतिपछि मात्र गरिनेछ।
६. केन्द्रीय, क्षेत्रीय तथा स्थानीयस्तरका नागरिक निकायका निर्देशनमा विकास तथा निर्माण कार्य गरिनेछ।
७. सरकारको निर्देशनमा प्राकृतिक तथा अन्य प्रकोपका समयमा राहत कार्यको व्यवस्था गरिनेछ।
८. राष्ट्रसंघको आह्वानमा शान्ति सेनामा भाग लिनेछ।
९. अत्यन्त विशिष्ट तथा विशष्टि व्यक्तिहरूको सुरक्षा व्यवस्था हुनेछ।
१०. नेपाल राष्ट्र बैंकको कोषहरूको ढुवानी सुरक्षा व्यवस्था हुनेछ।

५. सम्झौतामा सहमति

५.१ निषेधित गतिविधि

बृहत् शान्ति सम्झौताको कर्म र यो सम्झौताको परिप्रेक्षमा, नेपाल सेनालाई ब्यारेकमा र माओवादी सैनिकलाई शिविरमा राखेपछि सबै दलले निम्न क्रियाकलापहरू कडाका साथ रोक्नुपर्छ।

१. हतियार बोक्नु र समाउनु कानुनको उल्लंघन हो। हतियार प्रदर्शन र कुनै पनि हिंसा निषेध हुनेछ।
२. एक अर्कामाथि कुनै प्रकारको हतियार प्रयोग गर्नु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आक्रमण हुनेछ।
३. मानवीय तथा विकास कार्य तथा अन्य गैरसैनिक व्यक्तिहरूलाई क्षति पुऱ्याउने र तिनीहरूको सामान तथा सम्पत्ति जफत गर्नु।
४. एम्बुस, हत्या वा हिंसा जन्य क्रियाकलाप।
५. अपहरण, गैरकानुनी हिरासत वा बन्दी बनाउनु, बेपत्ता गर्नु।
६. नेपालमा हुने सबै प्रकारका आक्रमक सैनिक उडानहरू।
७. सरकारी सेना वा राष्ट्रसंघीय सम्पत्ति कब्जामा लिनु वा कर्मचारीहरूलाई कब्जामा लिनु वा क्षति पुऱ्याउनु।
८. बारुदी सुरुङ बिछ्याउनु वा बिगारिएका विस्फोटक यन्त्रहरू वा सैनिक जासुस वा घातक हतियारको प्रयोग।
९. थप सशस्त्र फौजको भर्ती वा एकअर्काविरुद्ध सैनिक गतिविधि सञ्चालन गर्नुलगायत हातहतियार, गोलीगट्ठा र विस्फोटक पदार्थ ढुवानी गर्नु। पार्टीहरूबीच आपसी सहमति नभएमा यो सम्झौताअनुसार पूर्वसूचना दिनुपर्ने।
१०. प्रचलित कानुन र कुनै पनि व्यक्तिको इच्छाविपरीत सामान र सेवा वा कर सङ्कलन।
११. नागरिक संरक्षण वा मानवीय सेवा उपलब्धलाई ढिलाइ गर्न सक्ने कुनै पनि कार्य।
१२. अन्तरिम वा त्यसपछिका सरकारले अनुमोदन गरेको विकासनिकायद्वारा सञ्चालित गतिविधिहरू वा सुरक्षित, स्वतन्त्र र मानवीय उद्धारका गतिविधिमाथिका कुनै पनि प्रतिबन्ध।
१३. कुनै पनि प्रकारका लैगिंक हिंसात्मक गतिविधिहरू।
१४. जनता र सरसामानहरूको स्वतन्त्र विचरणमाथिको प्रतिबन्ध।
१५. संयुक्त राष्ट्रसंघीय नियोगको गस्ती र कुनै स्थानमा हुने झडपलगायत नियोगको प्रयासहरू तथा नियोगलाई प्रदान गरिने सहयोगलाई व्यवधान पुऱ्याउने सम्पूर्ण कार्यहरू।
१६. कुनै पनि पार्टीद्वारा आफ्नो स्रोत, साधन र जनशक्तिको तथा संयुक्त राष्ट्रसंघीय नियोग, संयुक्त राष्ट्रसंघका अन्य निकायहरू, रेडक्रस/क्रिसेन्ट वा त्यस्तै संघसंस्थाका अन्तर्राष्ट्रिय समितिका क्रियाकलापहरूको अवैधानिक प्रयोग।

१७. संयुक्त अनुगमन समन्वय समितिको अनुमतिबिना सैनिक फौज र हातहतियार तैनाथ वा आफ्ना सम्बन्धित तोकिएको स्थानबाट बाहिर कतै सैन्य अखडा खडा गर्ने कुनै पनि प्रयास।

१८. सशस्त्र फौजमा १८ वर्षभन्दा कम उमेरका बालबालिकाको प्रयोग।

१९. सैनिक कार्यका लागि उक्साउने तथा सम्पूर्ण अप्रिय तथा प्रतिकूल प्रचारबाजी। यस सम्झौतामा निषेधित सम्पूर्ण गतिविधिहरूबाट पार्टीहरूले आफूलाई टाढै राख्नेछन्।

५.२ अनुमतिप्राप्त क्रियाकलापहरू

दुवै पक्षलाई अनुमतिप्राप्त क्रियाकलापहरू निर्धारण गर्ने प्रमुख उद्देश्य युद्धग्रस्त क्षेत्र र नागरिकहरूमाथि सशस्त्र विद्रोहको असर रोक्ने तथा शान्तिलाई सुदृढ र सहयोग पुऱ्याउने खालको हुनेछ। अन्तरिम सरकारको निर्णयबमोजिम दुवै पक्षलाई अनुमतिप्राप्त क्रियाकलापहरू गर्न दिइनेछ।

सैन्य अभ्यास, हवाई प्रयोगजस्ता कार्यका लागि कम्तीमा ४८ घण्टाअगावै संयुक्त अनुगमन समन्वय समितिलाई राम्ररी जानकारी दिइनुपर्नेछ।

अनुमतिप्राप्त कार्यहरू निम्नलिखित छन्–

(१) बारुदी सुरुङ र घातक सैन्य वस्तुहरू निष्क्रिय वा नष्ट गर्नु,

(२) अन्तरिम सरकारको निर्णयअनुसार सडक सुधार र खुला पुल अन्य बाटो र धावनमार्गको मर्मतसम्भारजस्ता विकासका कार्यहरू।

(३) मानवीय उद्धारकार्य।

(४) सामाजिक, आर्थिक क्रियाकलापहरू जस्तै मानिस, सरसामान र सेवाको स्वतन्त्र विचरणका लागि सहयोग गर्नु।

(५) परिवार भेट्न र औषधोपचार गर्न सादा पोसाकमा निहत्था सेनालाई बिदा लिएर स्वतन्त्र रूपमा हिँड्न दिइने, तर पार्टीहरूको आपसी सहमतिबिना कुनै पनि शिविरमा राखिएका कुल फौज संख्याको १२ प्रतिशतभन्दा बढी संख्यालाई बिदा नदिइने।

(६) सैनिक एकाइलाई गैरघातक वस्तुहरू जस्तै खाद्यान्न, पानी, औषधि, पेट्रोल, तेल, लुब्रिकेन्ट्स, स्टेसनरी र पोसाक इत्यादि र

(७) स्वास्थ्योपचारका लागि वा चिकित्सकीय कारणवश शिविरबाट फैजलाई अन्यत्र सार्ने।

५.३ उल्लङ्घन

निम्नलिखित कार्यहरूबाट सम्झौता उल्लंघन भएको मानिनेछ–

(१) यस सम्झौताप्रति विरोधाभास हुने कुनै पनि कार्य,

(२) अनधिकृत फौजी गतिविधि,

(३) अनधिकृत फौजी भर्ती वा परिचालन,

(४) सैनिक सरसाधनको परिपूर्ति,

(५) मानवाधिकार र मानवीय कानुनको उल्लङ्घन वा मानिस, सेवा र सरसामानको स्वतन्त्र विचरणमाथिको व्यवधान,

(७) जासुसी, घातक हातहतियारको प्रयोग, हवाई अनुगमन र सत्यानाश पार्ने कार्यहरू तथा

(८) आपत्कालीन स्थिति वा स्वास्थ्योपचारका लागि शिविरबाट सेना खाली गर्नुपर्ने बेलाबाहेक युएन मिसन र पार्टीहरूलाई ४८ घण्टाअगावै जानकारी नदिई शिविरहरूमाथि सैनिक उडान गर्नु।

६. युनाइटेड नेसन मिसन

६.१ संयुक्त अनुगमन समन्वय समिति

संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) को अध्यक्षको नियुक्ति युएन मिसनबाट हुनेछ र त्यस समितिका सदस्यहरू पार्टीहरू आँफैले आफ्ना पार्टीबाट छान्नेछन्। नौ सदस्यीय जेएमसीसीमा संयुक्त राष्ट्रसंघ, नेपाल सेना र माओवादी सेनाका प्रतिनिधिहरू रहनेछन्। तटस्थ अध्यक्ष संयुक्त राष्ट्रसंघले नियुक्त गर्नेछ। माओवादी सेना र नेपाल सेनाका तर्फबाट १/१ जना उपाध्यक्ष रहनेछन्। बाँकी ६ जना सदस्यहरूमध्ये संयुक्त राष्ट्रसंघ, नेपाल सेना र माओवादी सेनाबाट २/२ जना रहनेछन्। तिनीहरू सबै पार्टीबाट छानिनेछन्।

जेएमसीसीले सर्वसम्मतमा निर्णयहरू गर्नेछ। तोकिएको समयभित्र संयुक्त राष्ट्रसंघका महासचिवका प्रतिनिधिसँग पार्टीहरूको यस सम्झौताको सहमतिमाथि महासचिव र अन्तरिम सरकारलाई कुनै पनि समस्याको समाधानका लागि रिपोर्टिङ गर्ने अन्तिम अधिकार रहनेछ। अध्यक्षले महासचिवका प्रतिनिधि र पार्टीहरूका प्रतिनिधिहरूलाई जेएमसीसीका गतिविधिहरूबारे नियमित रूपमा जानकारी दिनेछन्।

जेएमसीसीले निम्नलिखित तीनवटा मुख्य कार्य गर्नेछन्–

(१) पार्टीहरूलाई यो सम्झौताको कार्यान्वयनका लागि सहयोग गर्नु। यस सम्झौता, बुँदाहरूअनुसार जेएमसीसीले केन्द्रीय समन्वय निकायको रूपमा हातहतियार र सेनाको अनुगमन गर्नेछ।

(२) विवाद वा समस्याहरू समाधान गर्ने संयन्त्रको रूपमा काम गर्ने। जेएमसीसीले सम्पूर्ण विवादहरू र सैन्य वा परिचालन कठिनाइहरू, गुनासोहरू वा यस सम्झौतासम्बन्धी समस्याहरूको समाधान गर्नेछ।

(३) विश्वास निर्माण कार्यमा सहयोग पुऱ्याउनेछ।

जेएमसीसीले पार्टीहरूको विश्वास जित्ने र यस सम्झौताका सम्पूर्ण लक्ष्यहरूलाई नेपाली जनतामाझ प्रवर्द्धन गर्ने काम गर्नेछ।

यी लक्ष्यहरूको प्राप्तिका लागि जेएमसीसीले निम्नलिखित आधारभूत नीतिहरू सञ्चालन गर्नेछ–

(१) सम्पूर्ण समस्या र विवादहरूलाई सकेसम्म तल्लो तहमा समाधान गरिनेछ। उदाहरणका लागि संयुक्त अनुगमन टोलीहरूलाई अधिकार प्रत्यायोजन।

(२) संयुक्त रूपमा समस्या समाधान विधि प्रवर्द्धन र पार्टीहरूसँग सरोकार राख्ने सम्पूर्ण घटनाहरूमाथि राम्ररी अनुसन्धान र खबर दिन सक्रिय प्रयासबाट विश्वासको वातावरण निर्माण गर्ने।

(३) प्रक्रियाको क्रममा पाठहरू सिक्नु।

संयुक्त अनुगमन टोलीहरू (जेएमटी) ले स्थलगत भ्रमण गरी संयुक्त समन्वय समितिलाई स्थानीय स्तरमा सहयोग गर्नेछ। यस्ता टोलीको नेतामा एक अन्तर्राष्ट्रिय अनुगमनकर्ता रहनेछन् भने नेपाल सेना र माओवादी सेनाबाट १/१ जना अनुगमनकर्ता रहनेछन्। जेएमटीहरूको संख्या र तैनाथका बारे जेएमसीसीका अध्यक्षले जेएमसीसीभित्रै छलफल गरी तय गर्नेछन्।

जेएमटीका कार्यहरू :

(१) गाउँ र समुदायहरूको भ्रमण र नागरिक समुदाय सम्पर्क राख्नु।

(२) संयुक्त राष्ट्रका अन्य निकायहरूसँग सहयोग कायम राख्नु, अन्तर्राष्ट्रिय र गैरसरकारी संघसंस्थाहरूसँग सम्पर्क राख्नु।

(३) स्थानीय तनाव घटाउन र सूचना आदानप्रदान गरी युद्धविरामको आचारसंहिता पालन गर्न उपयुक्त वातावरण तयार पार्न पार्टीहरूलाई सघाउनु।

(४) स्थानीय स्तरमा द्वन्द्व व्यवस्थापनको पहलका लागि सकारात्मक धारणाको विकास गर्ने।

(५) अनुच्छेद ५.१ मा उल्लेखित सम्झौता उल्लंघन सम्बन्धित सम्भावित आरोपित गुनासोहरूको अनुसन्धान गर्ने र सहमति स्थापनाका लागि आवश्यक कदमहरूको सिफारिश गर्ने।

७. विविध

दुवै पार्टीहरूको अनुमतिमा यो सम्झौता कुनै पनि बेला संशोधन गर्न सकिनेछ। यदि सम्झौतामा कुनै परिवर्तन गर्न चाहेको खण्डमा दुवै पक्षले एक अर्कालाई लिखित जानकारीमार्फत सहमति दिनुपर्नेछ। यस्तो लिखित जानकारी प्राप्त भएपछि सम्झौतामा संशोधनहरू गर्न सकिनेछ, तर त्यस्तो संशोधन स्वीकार्य अन्तर्राष्ट्रिय मानवाधिकार र मानवअधिकार कानुनको न्यूनतम मापदण्डभन्दा तल पर्नु हुँदैन।

वर्तमान सम्झौताको कार्यान्वयनका लागि आवश्यकताअनुसार समझदारीमा हस्ताक्षर गर्न दुवै पक्ष सहमत छन्।

नेपाली र अंग्रेजी दुवै भाषामा तयार पारिएको यो सम्झौतामा दुवै पक्षको हस्ताक्षर हुनेछ। अंग्रेजी भाषामा लेखिएको यो सम्झौतामा संयुक्त राष्ट्रसंघले साक्षीको रूपमा हस्ताक्षर गर्नेछ। विवादको स्थितिमा अंग्रेजी भाषामा लेखिएको सम्झौताको प्रतिलाई आधिकारिक मानिनेछ।

सबै पार्टीद्वारा यो सम्झौतालाई कार्यान्वयन र व्याख्या गराउन विस्तृत शान्ति सम्झौताको भावनाले मार्गप्रशस्त गर्नेछ।

कृष्णबहादुर महरा	**कृष्णप्रसाद सिटौला**
संयोजक	संयोजक
वार्ताटोली	वार्ताटोली
नेकपा (माओवादी)	नेपाल सरकार

मिति : २०६३ मंसिर १२

(अंग्रेजीबाट अनौपचाकि रूपमा गरिएको अनुवाद)

*(**साभार : नेपाल समाचारपत्र, ०६३ मंसिर १३**)*

अनुसूची ६

क्रिया/प्रतिक्रिया

मानवअधिकारको संरक्षणका लागि इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले ज्यादै ठूलो भूमिका खेलेको छ। मानवअधिकार हननका सम्पूर्ण घटनाहरू सङ्कलन गरेर प्रकाशन गर्दा एकैसाथ धेरै परिणामहरू, समाजमा देखा परेका छन्। एकातिर यसमा प्रकाशनको त्रासले पीडकहरू सतर्क रहने गरेका छन्। सतर्कताबाट सकारात्मक परिणाम प्रवाह भएको छ। अर्कातिर पीडितहरूमा प्रतिरोधको क्षमता सृजना गरेको छ। सचेतना र साहसको अभिवृद्धि भएको छ।

लीला उदासी, अधिवक्ता, झापा

राजधानी काठमाडौं वरिपरि जे जस्ता घटना हुन्छन् तिनैलाई प्रमुखता दिने परम्परागत प्रचलनलाई त्यागेर पुस्तकमा मुलुकका सबै गाउँ ठाउँहरूमा भएका सानाभन्दा साना मानवअधिकार हनन्का घटनालाई समेटिएको छ। झापा जिल्लाका घटना कुनै पनि छुटेको छैनन्। मानवअधिकार वर्षपुस्तक मोटो रूपमा हुनुलाई मैले सकारातमक दृष्टिले लिएको छैन। यो वर्षपुस्तक जति मोटो हुन्छ मानवअधिकार हनन्का घटना त्यति नै बढी भइरहेको मानिन्छ। त्यसैले पुस्तकको आकार सानो हुनुपर्छ। मानवअधिकार वर्षपुस्तक प्रकाशित गरेर इन्सेकले ऐतिहासिक दस्तावेजको रूपमा विश्वसामू नेपालको मानवअधिकार अवस्थाको स्पष्ट चित्र देखाएको छ।


मदन ढकाल, प्रमुख सम्पादक
पूर्वाञ्चल दैनिक, झापा

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार विरोधी तथा संरक्षणकर्तालगायत पीडितहरूको समेत परिचय गराउने हुँदा आगामी दिनमा यसको संरक्षण र प्रवर्द्धनमा लाग्ने जोसुकैका लागि काम गर्न कार्य योजना बनाउन मद्दत पुग्ने कुरामा दुईमत छैन। सन् २००७ का लागि तयार पारिने वर्षपुस्तकले नेपालको लोकतान्त्रिक आन्दोलन, सशस्त्र द्वन्द्वको अन्त्य, शान्ति सम्झौता, अन्तरिम संविधान र संविधान सभाले विशेष ठाउँ पाओस् भन्ने शुभकामना दिन चाहन्छु।

जगतबहादुर थापा, अध्यक्ष
जिल्ला अदालत बार एकाई, मोरङ

मानवअधिकार वर्षपुस्तक २००६ पढ्ने मौका पाएँ। वर्षपुस्तकले जिल्लामा भएका घटनाको मोटा मोटी विवरण दिनुका साथै घटनाहरूको मानवअधिकारका सन्दर्भमा रहेको महत्व, सान्दर्भिकता र तादात्म्यता बारे टिप्पणी समेत गरेको छ।

विगतको द्वन्द्वलाई शान्तिपूर्ण रूपान्तरण गर्नेतर्फ भएका राष्ट्रिय प्रयासलाई यस्ता कार्यले सघाउ पुऱ्याउने विश्वासकासाथ मानवअधिकार उल्लङ्घन नहुने समाजको



निर्माणतर्फ सबैमा प्रेरणा प्राप्त हुन सकोस् भनी शुभकामना व्यक्त गर्दछु।

माधवप्रसाद रेग्मी, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, धनुषा

नेपाल मानवअधिकार वर्षपुस्तक २००६ पढ्ने मौका पाएँ। यो पुस्तक ज्यादै महत्वपूर्ण छ। राज्य तथा माओवादी पक्षबाट भएका मानवअधिकार हनन्का घटनाहरूको बारेमा यस पुस्तकमा उल्लेख गरिएको पाएँ। धनुषा जिल्लामा भएका मानवअधिकार हनन्का सबै महत्वपूर्ण घटनाहरूको उल्लेख गरिएको छ। वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घन सम्बन्धी घटना प्रकाशित हुनुबाट समाज तथा सरकारले यस तर्फ आवश्यक ध्यान देला। मानवअधिकारको रक्षा गर्नु सबैको दायित्व रहेको हो। भविष्यमा पनि कसैबाट मानवअधिकार हनन् सम्बन्धी घटना भए त्यस्ता घटनाहरूको सही रूपमा तथ्य प्रकाशित होस भन्ने चाहन्छु। यस पुस्तकले मानवअधिकारकर्मीहरू, सबै जिज्ञासुहरूलाई नेपालमा भएका घटनाहरूको बारेमा जानकारी प्रदान गर्ने छ भन्ने आशा लिएको छु।

नागेन्द्र लाभ कर्ण, अध्यक्ष
नेपाल बार एसोसिएसन, धनुषा

देशको असहज अवस्थामा मानवअधिकारको अवस्थालाई राज्यपक्ष र विद्रोहीपक्ष दुवैद्वारा मानवअधिकार

उल्लङ्घनका घटनाहरूलाई जिल्लागतरूपमा अपहरण, बेपत्ता, हत्या, राजनीतिक, सामाजिक, धार्मिक, जातीय लैगिंक अधिकार जस्ता विषयहरूको साथै मानवअधिकार सम्बन्धमा जारी भएको विश्वव्यापी घोषणा पत्रका कुराहरू सङ्कलन गरी तयार गरेको पुस्तक अत्यन्तै उपयोगी छ। इन्सेक जिल्ला प्रतिनिधिले निर्भिक, कुशलतापूर्वक मानवअधिकारको समबद्धन र प्रर्बद्धनको लागि कटिबद्ध भएकोमा धन्यवाद दिन चाहन्छु। मानवअधिकार वर्षपुस्तकमार्फत जनता सामु प्रस्तुत हुँदै आइरहेको इन्सेकले अझ तथ्यपरक विश्वसनीय रूपले प्रस्तुत हुन सकोस् भन्ने शुभकामना छ।

गजाधर यादव, कार्यवाहक जिल्ला सचिव
एमाले जिल्ला कमिटी, धनुषा

इन्सेकले देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तक २००६ मा जिवन्त रूपमा उर्तान सफल भएको छ, जसबाट नेपालमा मानवअधिकारको क्षेत्रमा सम्बद्ध पक्षलाई खबरदारी मात्र गरेको छैन, मानवअधिकार आन्देलनमा जनतालाई सजक र सर्तक बनाउन कोशेढुङ्गा सावित समेत भएको छ। वास्तवमा नेपालमा मानवअधिकार हननका घटनाहरूको विश्लेषण सहित समष्टिगत रूपमा भएको एउटै पुस्तकबाट कसैले जान्न चाहन्छ भने त्यो भनेको मानवअधिकार वर्षपुस्तक नै हो। यो पुस्तकले आगामी अंकहरूमा अझ व्यापक रूपमा बढीभन्दा बढी मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पाठक समक्ष उजागर गरी अझै बढी लोकप्रीयता कमाओस् भन्ने शुभकामना समेत दिन चाहन्छु।

लव बिष्ट, प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, धनुषा

जनताका सम्पूर्ण मौलिक हकहरूमा प्रतिबन्ध लगाई शाही सरकार र माओवादीले प्रतिस्पर्धात्मक रूपमा मानवअधिकार उल्लङ्घन गरेको घटना चक्रहरू मानवअधिकार वर्षपुस्तक २००६ ले अद्योपान्त समेटेको पाइयो। यस्तो विषम परिस्थितिमा पनि जिल्लामा रहेर इन्सेक प्रतिनिधिले निर्भिक भई मानवअधिकार उल्लङ्घनका घटना विवरण सङ्कलन गरी जनसमक्ष प्रस्तुत गरी मानवअधिकारकर्मीको उत्तरदायित्व पूरा गरेको वर्षपुस्तक २००६ को अध्ययनबाट मैले पाएँ।

जंगबहादुर राई, अधिवक्ता
जिल्ला बार इकाई, सिन्धुली

वर्षपुस्तक २००६ मा राज्य र गैरराज्य दुवैपक्षका मानवअधिकार उल्लङ्घनका घटनाहरू विश्वसनीय तथ्याङ्कसहित सार्वजनिक गरिएको छ। पुस्तक प्रकाशनमा इन्सेकले निष्पक्षता र मानवअधिकारप्रतिको धारणा स्पष्ट पारेको छ। समग्रमा यो पुस्तक भरपर्दो हुँदाहुदै पनि आगामी अंक अझ स्पष्ट रूपमा तथ्याङ्क सहित मानवअधिकारको स्थिति प्रति चासो राख्ने सबैका लागी भरपर्दो श्रोत बन्न सकोस्।

रामकुमार पौडेल, अध्यक्ष, जनमोर्चा, सिन्धुली

मानवअधिकार वर्षपुस्तक २००६ मा सिन्धुली जिल्लाको तत्कालीन अवस्थामा भएका विविध घटनाहरूको संक्षिप्त वर्णन गरेको पाँए। ०६३ साउन १४ गते तोश्रामखोला गाविस-६ मा मोहनबहादुर सार्कीले कर्तव्य गरी आफ्नै बाबुलाई मारेको घटनामा माओवादीको अवरोधका कारण अनुसन्धानको लागि घटनास्थलसम्म जान राजनीतिक दल, पत्रकार तथा इन्सेक प्रतिनिधि आनन्द दाहालले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गर्दछु।

भुपालकुमार भण्डारी, प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सिन्धुली

मानवअधिकार वर्षपुस्तक ऐतिहासिक दस्तावेज हो भन्नेमा कसैको विमती छैन। मानवअधिकार वर्षपुस्तक २००६ अध्ययन गर्दा पुस्तकमा राज्य र गैर राज्य दुवैपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनसमक्ष छर्लङ्ग पारेको पाईयो। आगामी दिनमा पनि पुस्तकले सत्य, तथ्य पत्ता लगाएर अगाडि बढोस्। यस पुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्दै उनीहरूलाई सजग गराउन मद्दत गर्नुका साथै दोषीहरूलाई कारबाही गराउन दबाब पनि दिने कार्य गरेको छ।

खड्ग खत्री, उपसचिव, एमाले जिल्ला संगठन कमिटी, सिन्धुली

मानवअधिकार वर्षपुस्तक सिङ्गो मुलुकमा सामाजिक न्याय र मानवअधिकार अभियानको रूपमा रहेको छ। यसले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरी हक अधिकारबाट वञ्चित भएका जनतालाई समेत सुसूचित पारेको छ। सत्यतथ्य कुराहरूको उत्खननबाट यो अहिलेसम्म अघि बढेको पाइन्छ।

रुद्रबहादुर खड्का, सल्लाहकार
रिलेक नेपाल जिल्ला शाखा, सिन्धुली

वर्षपुस्तक २००६ ले निश्पक्ष एवं तथ्यगत आधारमा राज्य तथा माओवादीबाट गरिएका मानवअधिकार विरोधी घटनाहरूलाई उजागर गरेको छ। साथै विगतका अंकहरू भन्दा अगाडि बढेर यस अंकले राजाको निरंकुश शासनकालमा भएका मानवअधिकार विरोधी घटनाहरूलाई

नङ्ग्याई जनतालाई आन्दोलनतर्फ अभिप्रेरित गरेको छ।

मोहनप्रसाद बराल, महाधिवेशन प्रतिनिधि
नेपाली कांग्रेस, सिन्धुली

वर्षपुस्तक २००६ अध्ययन गर्ने मौका प्राप्त भयो। मानवअधिकार अत्यन्त संवेदनशील विषय भएको हुँदा यस संस्थाले मानवअधिकार चेतनाको प्रचार प्रसार र पहरेदार गर्दै आएको कुरा प्रशंसनीय छ।

गोरे तामाङ, निमित्त जिल्ला न्यायाधिवक्ता, सिन्धुली

मानवअधिकारको क्षेत्रमा काम गर्दै आएको इन्सेकले विगतमा जस्तै मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा शुभकामना व्यक्त गर्दछु।

उद्धवबहादुर थापा, प्रमुख जिल्ला अधिकारी, दोलखा

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवं नैसर्गिक अधिकारहरू उपर भएका अतिक्रमणलाई न्युनीकरण गर्ने काममा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

नेत्रप्रसाद न्यौपाने, प्रमुख जिल्ला अधिकारी, मकवानपुर

वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घट्ना सम्बन्धमा चासो राख्ने र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज सावित भएको छ।

शिव लामिछाने, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैर राज्य दुवैपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्ने छन्। पुस्तक प्रकाशनको कामले निरन्तरता पाइरहोस्।

रामचन्द्र अर्याल "माइकल", सभापति नेकाँ (प्रजातान्त्रिक), मकवानपुर

वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई खवरदारी गर्नुको साथै पीडकहरूलाई कारवाही गराउन दवाबसमेत दिने गरेको छ। यो कामले निरन्तरता पाओस् भनी शुभकामना व्यक्त गर्दछु।

नरेन्द्र मिश्र, सभापति काँग्रेस, मकवानपुर

वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यसले निरन्तरता पाइरहोस्।

प्रल्हाद लामिछाने, जिल्ला सदस्य, नेकपा (माओवादी), मकवानपुर

वर्षभरिका मानवअधिकार उल्लङ्घनका घटना संकलित गरेर त्यसलाई देश विदेशसम्म फैलाउने कार्य निरन्तर रूपमा भएको छ। यस्तो कार्य गर्दा राजनीतिक पुर्वाग्रह तथा वैदेशिक एवम् दाताहरूको प्रभाववाट समेत मुक्त र चनाखो हुनुपर्ने कुरा इन्सेक जस्तो संस्थालाई हामीले स्मरण गराइरहनु पर्ने विषय होइन। इन्सेकले प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तकले निरन्तरता पाओस् यही शुभकामना छ।

रामनारायण विडारी, मध्यमाञ्चल क्षेत्रीय संयोजक, मानवअधिकार संरक्षण मञ्च, मकवानपुर

वर्षपुस्तकले समेटेका मानवअधिकारसम्बन्धी सबै विषयवस्तुहरू सह्रानीय छन्। यस पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू न्युनिरकण गर्न र पीडकहरूलाई सार्वजनिक गर्न र कारवाही गर्न गराउन दबाव दिने कार्य गरेको छ। यस कार्यले निरन्तरता पाइरहोस्।

केशव गौतम, अध्यक्ष, पुनरावेदन बार एसोसिएसन, मकवानपुर

मानवअधिकार उल्लङ्घनका घटना रोक्न वर्षपुस्तक आफै असमर्थ भएतापनि मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक गरी मुलुकको वास्तविक प्रवृति उजागर गर्न यो पुस्तक सफल भएको छ।

तेजबहादुर गोदार, सभापति, मानवअधिकार तथा शान्ति समाज, मकवानपुर

वर्षपुस्तक मुलुकको मानवअधिकार उल्लङ्घन घटनाको दस्तावेज हो। यसले उल्लंघकर्ताहरूलाई दण्ड गर्नका लागि बल पुऱ्याउने छ। यो कार्यले निरन्तरता पाइरहोस्।

बलराम बल, अध्यक्ष जनमोर्चा मकवानपुर

वर्षपुस्तकले समेटेका विषयवस्तुहरू सह्रनीयमात्र छैनन्, यसले मानवअधिकार उल्लघनकर्ताहरूलाई दण्डित गर्नका निम्ति वलप्रदान गर्नुका साथै मानवअधिकार उल्लङ्घनका घटनाहरू रोक्न योगदान पुऱ्याउदै आएको छ।

प्रेम दाहाल, हिमराइट्स, मकवानपुर

विगतका दिनमा इन्सेकले द्वन्द्वले अति प्रभावित क्षेत्रमा पुगेर तथ्य सङ्कलनका काम गर्दै तिनलाई अभिलेखीकरण गरेर ल्याउने वर्षपुस्तक वास्तवमै नेपालको मानवअधिकार ऐनाकै रूपमा रहेको छ। यसरी मानवअधिकार

अवस्थालाई छर्लङ्ग पार्ने क्रममा उसले गरेको निष्पक्षता कदरयोग्य छ। अझै खोजमूलक रूपमा घरेलु बाल तथा महिला हिंसा र सामाजिक अपराधका घटनालाई सार्वजनिक र निरुत्साहनका काममा सधैं प्रेरणा मिलिरहोस्।

अमृतनाथ तिमल्सिना, अध्यक्ष, रिलेक नेपाल, ललितपुर

पुस्तकमा यथार्थ परक मानवअधिकर उल्लङ्घनका घटनाहरू चाहे राज्य पक्षबाट होस् वा विद्रोहीपक्षबाट भएका घटनाहरू पाठक समक्ष ल्याउनु सह्रानीय छ। जुन आगामी दिनहरूमा पनि निरन्तरताको लागि आशा गर्दछु। साथै घरेलु हिंसाका घटनाहरू समेत समावेश भएमा अझ राम्रो हुने थियो।

प्रभाकार खनाल, अधिवक्ता, भक्तपुर

लोकतान्त्रिक आन्दोलनपछिको समयमा जिल्लामा मानवअधिकारको स्थितिमा परिवर्तन आएको छ। मान्छेका बाँच्न पाउने अधिकारमा केही सुधार भएको छ। मानवअधिकार वर्षपुस्तक, मानवअधिकारका सवालमा जनतामा मानवअधिकारप्रति सचेत बनाउन र दोषीलाई जनतामा उपस्थित गराउन अत्यन्त महत्वपूर्ण रहेको छ। संकलित घटनाहरू महत्वपूर्ण छन्। घटनाका सबै पक्षलाई समेटिने गरी प्रकाशित गर्नु उपयुक्त हुन्छ। मानवअधिकारको संरक्षण र अभिलेखमा इन्सेक वर्ष पुस्तकको भूमिका महत्वपूर्ण लागेको छ।

विदुर सापकोटा, सचिव, नेकपा (एमाले), काभ्रे

'जनमुक्ति सेना' मा १८ वर्षभन्दा मुनिका रहेछन् भने त्यो विषयलाई राष्ट्रसंघले हेरिरहेको छ। जर्वजस्ती कसैलाई लगेको छ भने त्यसरी लानेलाई पनि हामी कार्वाही गर्छौं। हाम्रा कमजोरी रहेछन् भने हामी माफी माग्न तयार छौं। मानवअधिकारको क्षेत्रमा इन्सेकले जिल्लामा महत्वपूर्ण काम गरेको हामीलाई लाग्छ। हामीले मानवअधिकारबाट कसैलाई बञ्चित गरेका छौं भने यहाँहरूले सुझाव दिन सक्नुहुन्छ। वर्षपुस्तकमा समेटिएका विषयमा मेरो केही भन्नु छैन। छापिनु भन्दा अगाडी सरसल्लाह गऱ्यो भने गलत कुरा छापिदैन। वर्षपुस्तकमा छापिने प्रतिवेदनका विषयमा काभ्रेमा सुझाव संकलनको कार्य मलाई राम्रो लाग्यो।

सूर्यमान दोङ (लालध्वज), सेक्रेटरी,
नेकपा (माओवादी), काभ्रे

मानवअधिकार स्थितिको अभिलेखको सवालमा मानवअधिकार वर्ष पुस्तकले महत्वपूर्ण भूमिका निर्भाह गरेको छ। जिल्लाका प्रतिबेदनहरू पूर्णरुपमा आँउदा राम्रो हुन्छ। ससर्ती हेर्दा सूचना समेटिएको जस्तो छ। राज्य र माओवादीलाई आफुले देखाएका प्रतिबद्धता पुरा गराउनका लागि पनि वर्ष पुस्तकको भुमिका महत्वपूर्ण रहोस् भन्ने मेरो सुझाव छ।

तिर्थबहादुर पसखल, सभापति, नेकाँ (प्र.), काभ्रे

मानवअधिकार वर्ष पुस्तक प्रकाशनको काम साह्रै सह्रानीय र गर्नैपर्ने काम हो। जनमानसमा मानवअधिकार उलंघनका विषयलाई उजागर गर्दा निश्चितरुपमा भविष्यमा घटनामा कमी आँउछ। महिलाअधिकार र बालअधिकार उलंघनका विषयलाई प्राथमिकता दिनुपर्छ। नागरिक तथा राजनीतिक अधिकारलाई मात्र जोड दिँदा अन्य विषयवस्तुलाई छाँयामा पार्नु हुन्न।

उद्धबप्रसाद तिमल्सेना, स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति, काभ्रे

वर्षपुस्तक मानवअधिकार सम्बन्धमा भएगरेका उपलब्धि, हालको अवस्था र विगतबारे तुलनात्मक अध्ययन गर्ने कोही पनि नागरिकका लागि अति उपयोगी रहेको कुरा म निर्विवाद देख्छु।

मातृकाप्रसाद दाहाल, जेलर, धुलिखेल कारागार

वर्षपुस्तक अधिकार उलंघनका घटना र त्यससम्बन्धी सूचनालाई व्यवस्थित गरेको छ। वर्षपुस्तकमा अधिकार उलंघनको स्थिति झल्काउनु पऱ्यो। सशस्त्र द्वन्द्व सकिए पनि मानवअधिकार उल्लंघनका घटनामा कमी छैन। मान्छे मारिएका घटनामा कमी आएपनि डर र त्रास उस्तै छ।

रामशरण बजगाई, पत्रकार

विगतका केही वर्ष नेपालमा मान्छेको बाँच्न पाउने अधिकार नराम्ररी कुण्ठित भयो। देशमा लोकतन्त्र बहालीपछि शान्तिको सास फेर्ने अवसर मिलेको छ। यस्तो अवस्थामा इन्सेकले मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा प्रवेश गरेर तथ्य सङ्कलन गर्ने र त्यसलाई दस्तवेजको रूपमा प्रकाशित गर्ने जुन कार्य गर्दै आएको छ त्यो प्रशंसनीय त छँदैछ आफैमा चुनौतिपूर्ण पनि। यस कार्यलाई अझ निर्भिकतापूर्व र निष्पक्षतापूर्वक प्रभावकारी बनाउन इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

बाबुराम लामिछाने, प्रमुख जिल्ला अधिकारी, भक्तपुर

वर्षपुस्तक विगतमा भएका घटनाका पीडित पक्षलाई राहत र न्याय दिलाउन तथा पीडकलाई कारवाही गर्न प्रमाणिक दस्तावेजको रूपमा रहँदै आएको छ। यस पुस्तकमा समावेश गरिएको सूचनाले धेरै पीडितले राहत पाएका छन् भने कतिपय दोषीहरू सजायको भागिदार भएको उदाहरण

प्रशस्त मात्रमा भेटिन्छन्। यति मात्र होइन यो दस्तावेज मानवअधिकार उल्लङ्घनका घटनाहरूको ऐना पनि हो।

कतिपय घटनाहरूको फ्लोअप भएको देखिँदैन। वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाहरूको संगालो बनोस्। यसले निरन्तरता पाउने आशा एवम् शुभकामना व्यक्त गर्दछु।

लोकराज अवस्थी, अध्यक्ष, रिलेक नेपाल राष्ट्रिय समिति, काठमाडौं

वर्षपुस्तकले मानवअधिकार उल्लंघनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उजागर गरेको छ। मानवअधिकार उल्लङ्घन जुनसुकै पक्षबाट भएको भएपनि दण्डहिनताको स्थितिमा पीडक पक्षलाई राख्नु हुँदैन। त्यसको पहरेदार दस्तावेजको रूपमा वर्षपुस्तक प्रमाणित भएको छ। राज्यको सुगमदेखि दुर्गम क्षेत्रमा हुने मानवअधिकार उल्लङ्घनका घटनालाई वर्षपुस्तकले समेट्न सक्नु यसको प्रमुख विशेषता हो।

नवराज छत्कुली, सचिव, प्रेस चौतारी, जिल्ला शाखा, धादिङ

वर्षपुस्तकले राज्य र माओवादीलाई युद्धकालमा तिनले गरेको मानवअधिकार उल्लङ्घनका घटनाको मूल्याङ्कन गरी कमिकमजोरीहरू सुधार गरी अघि बढ्नको लागि मद्दत गर्ने छ। यस पुस्तक देशको मानवअधिकार स्थितिको अवस्था बुझ्नको लागि उपयोगसिद्ध हुने विश्वास लिएको छु।

माधवप्रसाद घिमिरे, निमत्त जिल्ला न्यायधिवक्ता, सिन्धुपाल्चोक

वर्षपुस्तकले देशको मानवअधिकारको समग्र स्थितिलाई चित्रण गर्ने कोसिस गरेको छ।

महेशप्रसाद पुडासैनी, जिल्ला न्यायाधीश सिन्धुपाल्चोक

सशस्त्र द्वन्द्वको अवधिका घटनाक्रमको ऐतिहासिक विवरण कसैले खोज्न चाहेमा वर्षपुस्तक नै सबैभन्दा भरपर्दो र विश्वसनीय दस्तावेज बनेको छ। यस पुस्तकको अध्ययनबाट विगतका घटनाको समीक्षा गरी त्यसबाट देशमा सद्भावसहितको स्थिरता कायम गराउन मद्दत पुग्ने विश्वास लिएको छु। वर्षपुस्तकमा द्वन्द्वको विवरणले महत्व पाइरहेको अवस्थाबाट अब समाजमा हुने मानवअधिकार हनन्का अन्य घटना विवरणले बढी स्थान ओगट्ने अवस्था आएको छ। यी सवालहरूमा प्रयासरत रहन इन्सेकलाई शुभकामना छ।

जीवनप्रसाद ओली, प्रमुख जिल्ला अधिकारी सिन्धुपाल्चोक

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेत इन्सेकले क्रमबद्ध रूपमा प्रकाशन गर्दै आएको छ। यस पुस्तकले विगतको मानवअधिकारको अवस्थालाई प्रष्टसँग उल्लेख गरेको हुँदा यो पुस्तक पठनीय एवम् संग्रहनीय छ।

काशीनाथ मरासिनी, प्रमुख जिल्ला अधिकारी, तनहुँ

नेपालमा मानवअधिकार उल्लङ्घनका घटनामा उल्लेखनीय बृद्धि भएको कुरालाई तथ्यपरक ढङ्गले यस पुस्तकले समेटेको छ। यस्तो कठिन परिस्थिती र द्वन्द्वरत अवस्थामा पनि हत्या, अपहरण, ज्यादति, यातना जस्ता घटनालाई सचित्र प्रस्तुत गरी कुन-कुन निकायले के कस्तो तरिकाबाट मानवअधिकारको उल्लङ्घन गरेका छन् भन्ने कुरालाई यस पुस्तकले समेटी विस्तृत रूपमा राज्यका सबै निकाय र माओवादीलाई मानवअधिकारको संरक्षण गर्ने दिशामा घच्घच्याएको छ।

गोविन्दबहादुर कार्की, स्थानीय विकास अधिकारी, जिल्ला विकास कार्यालय, लमजुङ

वर्षपुस्तकले द्वन्द्व अवधिमा द्वन्द्वरत पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनालाई औंल्याई त्यस्ता घटना हुन नदिन सम्बन्धीत पक्षलाई मात्र नभई सम्पूर्ण जनमानसलाई सचेत पार्दै मानवअधिकारको पालना, सम्मान र कदर गर्न प्रेरित गरेकोमा इन्सेकको योगदान सह्रानीय छ।

बुद्धिराम तमु, प्रमुख, संयुक्त जिल्ला जन समिति, लमजुङ

इन्सेकले जोखिममा रही निर्भिक भई विभिन्न पक्षबाट भएका मानवअधिकार हनन्का घटनाहरूको सङ्कलन तथा सम्पादन गरी पाठक वर्ग समक्ष प्रस्तुत गरिएको वस्तुनिष्ठ प्रस्तुतिले सबैलाई सचेत, जागरुक र सर्तक गराउनुका साथै आफ्ना कमी कमजोरीहरूलाई पुन: दोहोरिन नदिई मानवअधिकारको सर्वमान्य मान्यताको संरक्षण गर्ने कार्यमा मार्गदर्शन गरेको छ। शान्ति स्थापनापछिको असीमित आकांक्षा परिपूर्ति निमित्त गरिने सडक बन्द, कार्यालय बन्द जस्ता कार्यबाट उपभोक्ता वर्गको नैसर्गिक मानवअधिकार हनन् हुने घटनाबारे कलम चाली दिगो शान्तिको लागि पहरेदारको भूमिकाको अपेक्षा गर्दै मावनअधिकार संरक्षणको प्रत्येक पक्षमा निरन्तर र सफलताको कामना व्यक्त गर्दछु।

मेदिनीप्रसाद शर्मा, क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय पोखरा, कास्की

इन्सेकले खेलेको भुमिकाका कारण सिंगो मानवअधिकारको प्रयायवाची बनेको छ। मानवअधिकाको उल्लङ्घनलाई न्युनीकरण गर्न सकेको तथ्य प्रमाणित भएको छ। घटनालाई यथार्थपूर्वक सार्वजनिक गरिदिने कार्यले

उल्लङ्घनकर्तालाई सचेत हुन बाध्य पुऱ्याउने यसको भूमिका रह्यो।

जनताको सर्वोच्चता, सामाजिक न्याय, नागरिक स्वतन्त्रता, कानुनी राज्य, विधिको शासन, लोकतन्त्र र दिगो शान्ति जस्ता सम्पूर्ण विषयहरू मावनअधिकारका अंगहरू हुन्। इन्सेकले निर्वाह गरेको विगतको भूमिकाको प्रशंसा गर्दै गत वर्ष प्रकाशित पुस्तकमा जिल्लाका केही घटनाहरू छुट्न पुगेका छन्। आगामी दिनहरूमा विगतका कमी कमजोरीलाई परिमार्जित गर्दै अझ बढी रचनात्मक भूमिकाको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

सोभियतबहादुर अधिकारी, सभापति, नेपाली काँग्रेस (प्रजातान्त्रिक) कास्की

मानवअधिकार जस्तो पवित्र विषयलाई आम नागरिकलाई सुसूचित पार्दै मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई जस्ताको तस्तै सर्वसाधारणमा पुऱ्याउने स्पष्ट दर्पण बनेको छ : मानवअधिकार वर्षपुस्तक। मानवअधिकार वर्षपुस्तकको सराहना गर्दै प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

सुशील सापकोटा, रिलेक नेपाल, क्षेत्रीय सदस्य पश्चिमाञ्चल

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको मूल्यमान्यता, सन्धि, अभिसन्धि, महासन्धि, सहमति, सम्झौता र प्रतिवद्धतालाई आत्मसात गरी बडो मिहेनत, कडा परिश्रम र चुनौतीलाई सामना गरी सन २००५ भरिका मानवअधिकार उल्लङ्घनका घटनाहरू समावेश गरी तयार पारिएको खोजमुलक, तथ्यगत, निष्पक्ष, निडर र पूर्वाग्रह रहित नेपाल मानवअधिकार वर्षपुस्तक २००६ लोकप्रिय, सार्थक अनि सफल भएको पाउदाँ आउँदा वर्षपुस्तकको सफलताको शुभकामना।

अम्बर नेम्वाङ्ग सुब्बा, वाहिनीपति, सशस्त्र प्रहरी नायब महानिरीक्षक,
पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी मुख्यालय, मुक्तिनाथ वाहिनी, पोखरा, कास्की

इन्सेकले मानवअधिकार उल्लङ्घनका घटना, घटनामा पीडक र पीडितको अवस्था प्रष्ट पार्ने र मानवअधिकारको पक्षमा भए गरेका अन्य रचनात्मक कामहरूलाई जनताबीच वर्षपुस्तक मार्फत सार्वजनिक गर्दै आएको छ। यसै सन्दर्भमा मानवअधिकार वर्षपुस्तक समग्र मुलुकको मानवअधिकार तस्विर देखाउन सफल छ। इन्सेकले आफ्नो अधिकारको क्षेत्रलाई अझ परिमार्जित गर्दै लगोस् भन्ने शुभ-कामना व्यक्त गर्दछौं।

रविन्द्र अधिकारी, सचिव, नेकपा (एमाले), कास्की

राज्य र द्वन्द्वरत पक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू बढिरहेको परिस्थितिमा पनि इन्सेकले निर्भिक भई राज्य र गैर राज्यपक्षबाट भएका मानवअधिकार हननका घटनाहरूलाई जनमानससमक्ष ल्याउने साहसिक कार्य गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

तिलक महत, कार्यालय सचिव, एमाले जिल्ला कमिटी, नवलपरासी

मानवअधिकार सम्बन्धमा सत्य तथा घटनाहरूलाई समेटेर निस्कने वर्षपुस्तकले मानवअधिकारका उल्लङ्घनकर्ताहरूलाई जनसमक्ष ल्याई सोच्न बाध्य बनाएको छ र यसले मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउने नै छ।

नरेन्द्र दहाल, प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

सुरक्षाकर्मीलाई यस पुस्तकले मार्गदर्शकको रूपमा सघाएको छ। देशभरिमा मानवअधिकारको घटनाहरू पढ्न पाइने यस पुस्तकले हामीलाई सचेत हुन निकै ठूलो मद्दत गरेको र यसका आगामी प्रकाशनहरू अझै बढी परिष्कृत हुँदै आउने छन् भन्दै यसमा संलग्न सबैको र पुस्तकको उत्तरोत्तर प्रगतिको कामना।

जयबहादुर चन्द, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

वर्षपुस्तक प्रकाशन गरी मानवअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएकोमा इन्सेक परिवार धन्य छ। तथ्याङ्क सङ्कलनमा यहाँहरूको परिश्रमले मानवअधिकार उल्लङ्घन गर्नेहरूको सजिव चित्रण प्रस्तुत गरेको छ।

राजनप्रसाद पन्त, सभापति, नेपाली काँग्रेस, पाल्पा

वर्षपुस्तक प्रकाशन गरी मानवअधिकार हननका घटनाहरूलाई जस्ताको तस्तै उतार गर्दै मानवअधिकार हनन् गर्नेलाई न्यायको कठघरामा समेत उभ्याउने भरपर्दो औजार प्रदान गरेको छ।

जनमोर्चा नेपाल, पाल्पा

वर्षपुस्तक वार्षिक रूपमा प्रकाशन गरी नेपालमा मानवअधिकार हनन भएको सम्बन्धमा यथार्थ विवरण प्रस्तुत गर्दै आएको छ। यस कार्यले मानवअधिकार हनन गर्न सक्ने सबै निकाय तथा पक्षहरूलाई झकझकाउने प्रयास गरेको पाएको छु।

गोपीमान श्रेष्ठ, प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, पर्वत

माओवादी र सरकारीबीच बृहत शान्ति सम्झौता भइसकेकोले त्यसको कार्यान्वयनमा हुने कमजोरीलाई खबरदारी गरी राखोस्। साथै यस वर्ष हुने संविधानसभाको निर्वाचनमा अरु थप जिम्मेवारी मानवअधिकारकर्मीको काँधमा आएको छ।

इमानसिंह भारती, अध्यक्ष, प्युठान उद्योग वाणिज्य संघ, प्युठान

यस वर्षपुस्तकले हरेक क्षेत्रका मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गरी मानवअधिकार संरक्षणमा टेवा पुऱ्याएकोमा वर्षपुस्तकमा प्रकाशित कुरा खोज, अनुसन्धान गर्ने र प्रकाश सबैमा सादर सम्मान गर्दै आगामी दिनमा देशको सबै ठाउँमा भएका मानवअधिकार उल्लङ्घनका घटना यथार्थपरकरूपमा समेट्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

चुडामणि भुसाल, सचिव, नेपाल बार एसोसिएसन, जिल्ला अदालत बार इकाई, प्यूठान

तत्कालीन शाही निरंकुशतावादी राज्य सत्ताद्वारा दमन, यातना दिँदै तमाम नेपाली जनसमुदायलाई तड्पाएको, यातना दिएको, हत्या गरिएको सबै तथ्यलाई शुक्ष्मरूपले खोज गरी राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा उक्त घटनालाई जनसमक्ष सार्वजनिक गर्दै मानवअधिकारको महत्वपूर्ण भूमिका निर्वाह गरको छ। त्यस्तै माओवादीतर्फबाट पनि गरिएका अमानवीय ढङ्गबाट मानवअधिकारको हननलाई तथ्यरूपमा अघि सारी मानवरक्षाको सवालमा विभन्नि लेख विज्ञप्ति सेमिनार, गोष्ठी, आलोचना, आग्रह गर्दै मानवीय मूल्य मान्यताको आधारमा अघि बढ्न उक्त क्रियाकलापबाट सुधार्दै आमनेपाली जनताको शान्तिमय चाहनालाई परिपूर्ति गर्दै नेकपा (माओवादी)लाई शान्ति सम्झौता गराउनको लागि उल्लेखनीय भूमिका निर्वाह गरेको श्रेय स्वभाविकरूपमा पनि इन्सेकमा छ भन्ने हामीलाई लाग्दछ।

हरिप्रसाद रिजाल, उपसचिव, नेकपा (एमाले), जिल्ला कमिटी, प्यूठान

वर्षपुस्तकले विगतमा भैँ विगतमा मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वस्तुपरक ढङ्गले उजागर गर्न सफल भएको छ। राज्यपक्ष या विद्रोहीपक्ष जो कसैलाई पनि मानवअधिकारको हनन गर्ने अधिकार हुँदैन। इन्सेकले आफ्ना सुरूका दिन देखिनै मानवअधिकारका सम्बन्धमा 'वाचडग' कोरूपमा काम गर्दै आएको छ, जुन प्रशंसनीय छ।

कमलराज पन्थी, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, प्यूठान

वीर जनमुक्ति सेना क्रान्तिकारी जनसमुदायको प्रत्यक्ष संलग्नता र समर्थनमा दुश्मनको प्रतिरोध र प्रत्याक्रमण गरी नेपाली जनतालाई विजयको शान्तिका लागि भिषण वर्ग संघर्षको अवधिमा सबै घटनाक्रमहरूलाई जस्ताको तस्तै सङ्कलन गर्न सम्भव थिएन तर पनि जसरी यो वर्षपुस्तकको रोल्पा जिल्ला प्रतिनिधिले घटनाहरूको सक्दो नजिक पुग्न सफल हुनु भयो त्यसप्रति उहाँलाई बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना।

ध्रुव, नेकपा (माओवादी), रोल्पा

हत्या, हिंसा र बलात्कारका घटनाहरू कम हुँदै गए पनि सामाजिक विकृति, विसंगति र भ्रष्टाचारजस्ता अपराधहरू झन मौलाउँदै गएको छ। बहुसंख्यक जनजाति भएको यो जिल्लामा सीमित जाति, वर्ग र व्यक्तिहरूले शोषण, दमन र श्रममा राखेको पाइन्छ। यसतर्फ पनि विशेष ध्यान दिन जरुरी छ। जनआन्दोलन २०६२/६३ भाग-२ मा महत्वपूर्ण भूमिका खेल्ने विभिन्न तह र तप्काका व्यक्ति, संघसंस्थाहरू र त्यसका बाधकहरूको बारेमा आगामी अंकमा प्रष्ट्याइनेछ भन्ने आशाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

कृष्णबहादुर घर्तीमगर, सभापति, नेकाँ (प्रजातान्त्रिक), रोल्पा

यो जिल्लाका कुना काप्चामा अझै पनि मानवअधिकारका घटनाहरू हुने गरेका छन् विगतमा भएका कमी कमजोरी औंलाउँदै व्यापकरूपमा यथार्थपरक भएर मूल्याङ्कन गरी समाचार (प्रेस) मा आउन जरुरी छ।

राजकुमार कक्षपती, अध्यक्ष, जनमोर्चा नेपाल, रोल्पा

हिंसा र प्रतिहिंसाको कालो बर्बर इतिहासलाई वर्षपुस्तक २००६ समेतले समेटेको छ। विगतको तीतो अनुभव लिएर परिमार्जित जीवन पद्धति सबै नेपालीहरूको नयाँ सरकार बन्ने छ। भविष्यमा कसरी हामी अगाडि बढ्नुपर्छ भन्ने कुरा वर्षपुस्तक २००६ ले बुझाउन सफल भएको छ।

माधवप्रसाद आचार्य, सभापति, नेकाँ, रोल्पा

इन्सेकले विगतमा झैं २००६ को वर्षपुस्तकमा राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकारको स्थितिबारे प्रशस्त ज्ञान दियो, यो खुशीको कुरा हो। अझ आगामी वर्षमा अधिकार, लोकतन्त्र, समावेशी, घरेलु हिंसा, चेलिबेटी बेचबिखन, भ्रष्टाचारलगायतका समस्याबारे थप गहन अनुसन्धान गरी प्रकाशमा ल्याउन इन्सेकले पहल गर्नुपर्ने कुरामा जोड दिन चाहन्छु।

काशीराम डाँगी, सभापति, नेपाल पत्रकार महासंघ, रोल्पा

निरंकुशतन्त्र र राज्य आतंकबाट र माओवादीको कथित जनयुद्ध र दुवै खाले हत्या हिंसाका घटनाक्रमलाई वर्षपुस्तकमार्फत सार्वजनिक गरेको छ।

हस्तमनि पुन मगर, सचिव, जनमोर्चा नेपाल तदर्थ समिति, रोल्पा

माओवादी जनयुद्धले देश आक्रान्त भएको बेला सरकार र माओवादीबाट मानवअधिकारको उल्लङ्घनका घटनाहरू वर्षपुस्तक २००६ मा आफ्नो जीवनको आहुति दिँदै मानवअधिकारको तथ्याङ्क सङ्कलन गर्ने इन्सेक सहकर्मीहरूको योगदानको कदरयोग्य छ। आजको बेला यस पुस्तकका घटनाहरूले मानवअधिकार विरोधी क्रियाकलापमा संलग्न भएकाहरूलाई दण्ड सजाय दिन मद्दत पुऱ्याउने लिखित नजिरकोरूपमा स्थापित भई दण्डहीनताको नीतिलाई सहयोग पुऱ्याउने छ भन्ने आशा लिएको छु।

केशवबहादुर जिसी, कार्यवाहक अध्यक्ष, नेपाल बार एसोसिएसन इकाई समिति, बर्दिया जिल्ला अदालत

वर्षपुस्तकले नेपाल अधिराज्यभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रकाशनमा ल्याई आमनागरिकलाई मानवअधिकारप्रति सचेत, सजक र जागरुक बनाउनतर्फ अहम् भूमिका निर्वाह गरेको छ।

श्यामबहादुर खड्का, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, गुलरिया बर्दिया

पुस्तकले हाम्रो मुलुकको मानवअधिकारको दयनीय स्थिति र दण्डहीनताको अवस्थालाई मुखरित गर्दै आएको छ। वर्षपुस्तक २००६ पनि नेपालमा मानवअधिकार, नागरिक हक र राजनीतिक अधिकारको बहालीको सशक्त औजार बन्यो।

हरि ज्ञवाली, उपसचिव, नेकपा (एमाले) जिल्ला कमिटी, बर्दिया

मानवअधिकारको क्षेत्रमा धेरै लामो समय अघिदेखि मानवअधिकार वर्षपुस्तक प्रकाशनको माध्यमबाट अधिराज्य भरिका गाउँ ठाउँ शहरमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी सत्य तथ्य घटनाहरू सार्वजनिक गरी आएको छ। यसमा समेटिएको घटना विषयवस्तुहरू सान्दर्भिक छन्।

गिरीशकुमार शर्मा, जिल्ला न्यायाधीश, जिल्ला अदालत, बर्दिया

सरकारी तथा गैरसरकारी पक्षहरूबाट भएका मानवअधिकारका घटनाहरू र पीडित पक्षले पाएको क्षतिपूर्ति एवम् न्यायको समेत उल्लेख गर्दै आगामी दिनमा प्रस्तुत पुस्तकले समेट्न सकोस् भन्ने अपेक्षा गर्दछु।

रामजीप्रसाद त्रिपाठी, मुख्य न्यायाधीश पुनरावेदन अदालत, सुर्खेत

विषम परिस्थितिमा इन्सेक अभियानका मित्रहरूले आफ्नो प्राणको बाजी लगाएर जुनसुकै पक्षबाट जुनसुकै नामबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई यस पुस्तकमा समेटेर आमरूपमा जानकारी गराउने कामको जति प्रशंसा गरे पनि पुग्दैन। मानव बचाउने यो कार्य निरन्तर हुनुपर्छ भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

कृष्णबहादुर हमाल, अधिवक्ता, सुर्खेत

राज्यमा द्वन्द्वबाट श्रृजित असहज परिस्थिति, राज्य र विद्रोही पक्षबाट भएका मानवअधिकार हननका घटना र त्यसबाट जनमानसमा परेको प्रभाव, भौतिक, मानवीय र आर्थिक क्षतिको अवस्थालाई मूलरूपमा समेटी सन् २००६ मा राज्य गहिरिँदै गएको संकट, प्रजातन्त्र र मानवअधिकारको तत्कालीन अवस्थालाई मानवअधिकार वर्षपुस्तकको रूपमा प्रकाशन गरी अध्ययन गर्ने अवसर दिएकोमा इन्सेकप्रति आभारी छु।

गोविन्दप्रसाद जिल्ला, नि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दैलेख

समाजमा हुने मानवअधिकारका स-साना घटनाहरू अभिलेख भई जनसाधारणको जानकारीमा आउने र यसले मानवअधिकारसम्बन्धी चेतना जनस्तरमा ल्याउने एवम् मानवअधिकार उल्लङ्घनकर्तालाई सचेतसमेत गराउने हुँदा विगत वर्षहरू झैं आगामी वर्ष २००७ को वर्षपुस्तक पनि मानवअधिकारसम्बन्धी चेतना अभिवृद्धिमा सहायक हुनेछ।

उमाकान्त अधिकारी, नि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्ला

वर्षपुस्तकको समग्र र जिल्लाको घटना समेतको अध्ययन गर्दा मानवअधिकार सशस्त्र द्वन्द्वको राज्य तथा विद्रोही पक्षले घटाएका घटनाको सुक्ष्म ढङ्गले सङ्कलन गरेको भेटिएको छ।

धिरेन्द्रराज गिरी, कार्यवाहक सचिव, एमाले जिल्ला कमिटी, जुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक २००६ लाई सरसर्ती अध्ययन गर्दा वर्षभरि मुलुकभर भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कहरू सविस्तार समावेश गरेकोपाइयो। सो वर्षपुस्तकले आमनागरिकलाई मानवअधिकारप्रति सचेत गराउँदै मानवअधिकार उल्लङ्घन गर्ने राज्य र गैरराज्य पक्षलाई समेत खबरदारी गरेको छ।

डम्बरबहादुर विष्ट, निमित श्रेस्तेदार शाखा अधिकृत, जिल्ला अदालत, कालिकोट

स्वतन्त्र एवम् पक्षपातरहित किसिमले घटनाको विवरण सङ्कलन गरी गहिरिएर अध्ययन गरी सत्य तथ्य घटनाको विवरण प्राप्त पश्चात, वर्षपुस्तकमा उल्लेख गरेमा अझ बढी प्रभावकारी र निष्पक्ष भूमिका निर्वाह गरेको कुरा स्पष्ट हुने कुरामा विश्वास गर्न सकिन्छ।

अम्बबहादुर शाही, उपसभापति, नेकाँ जिल्ला कार्य समिति, कालिकोट

नेपाली जनताका तमाम दुःख र कष्टलाई समेटी गहिरो अध्ययनका साथ तयार पारी वर्षेनी प्रकाशित वर्षपुस्तकमा व्यक्तिगत, सामाजिक एवम् सार्वजनिकरूपमा भएका मानवअधिकार हननसम्बन्धी घटनाको विवरण प्रकाशनद्वारा प्रकाशित हुँदा यसबाट अवश्य पनि अपराधीलाई सचेत गराउने कार्य भएको छ।

कालिबहादुर सहकारी, सभापति, नेपाली नेकाँ (प्रजातान्त्रिक) जिल्ला कार्यसमिति, कालिकोट

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गर्दा पीडकलाई प्रहार हुने तथा पीडितलाई सान्त्वना पाइने हुँदा यो अभियान ग्रामीण समुदायको अन्तर-कुन्तर भित्र पुग्न सफल होस् भन्ने चाहन्छु।

अमलराज शाही, संयोजक, नागरिक समाज, कालिकोट

विगतको दिनमा प्रकाशन भएका वर्षपुस्तकहरूमा जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटना, राजनीतिक घटनाक्रम सबै जस्तो प्रकाशमा नआएको भेटिए, अब भोलिको दिनहरूमा जिल्लाको समग्र विकासको लागि सार्वभौम जनअधिकार सम्पन्न जनताको लागि हितमा काम हुने छ भन्ने आशा राखेको छु।

तुलाराम विष्ट, सचिव, नेपाली (एमाले), कालिकोट

वर्षपुस्तकलाई अध्ययन गर्दा नेपाली जनताको साथै ग्रामीण क्षेत्रका जनसमुदायका लागि एउटा सूचना र सहयोगी साधनकारूपमा आएको छ। अधिकांश संघसंस्था र व्यक्तिहको मानसिकता र बुझाई शहर केन्द्रित हुन्छन्। तसर्थ २००७ को मानवअधिकार वर्षपुस्तक ग्रामीण समुदायको आशा र भरोसाको केन्द्र विन्दु बनोस्।

रविन्द्र शाही, अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल, कालिकोट

वर्षपुस्तक जसले विकट जिल्लामा मानवअधिकार उल्लङ्घनका घटनाको इतिहास बनाएको छ। जसले मानवअधिकार विपरीतका तत्वहरूको न्यूनिकरण गर्नुको साथै दण्डहीनताका पक्षधरहरूलाई दण्डहीनताको विरोधसमेत गरेको छ।

जयकृष्ण सञ्जाल, अध्यक्ष जनमोर्चा नेपाल, जिल्ला समिति, कालिकोट

छर्लङ्ग देख्दादेख्दै पनि बोल्न र लेख्न नसक्ने स्थितिका बावजुद पनि इन्सेक प्रतिनिधिमार्फत् एकै श्रोतको आधारमा मात्र घटनालाई यथार्थमा ल्याउने काम नगरी विभिन्न श्रोतको आधारमा मात्र घटनालाई वस्तुपरक बनाउने अपेक्षा गर्दछु। ताकि यसले गर्दा घटना छर्लङ्ग हुन गई लुकेका रहस्यहरू बाहिर आउने छन्।

कमलप्रसाद कोइराला, निमित्त जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, हुम्ला

वर्षपुस्तकमा अधिराज्यभरिका मानवअधिकारसम्बन्धी उल्लङ्घनका घटनाक्रमहरूको संगालो सङ्कलन गरी नेपाली जनता सामु र घटना उल्लङ्घन गर्ने सरोकारवाला पक्षलाई मानवअधिकार हननसम्बन्धी कानुनी उपचार दिन सहयोग पुऱ्याउनका लागि गहन जिम्मेवारी बोकेको छ।

सुरेन्द्रबहादुर कार्की, निमित्त पार्टी सचिव, नेकपा (एमाले), जिल्ला कमिटी, हुम्ला

सच्याइएको

यसै पुस्तकको पृष्ठ ८२ अनुच्छेद ५ को हरफ ५ मा ०६३ वैशाख ५ गते हुनु पर्नेमा, पृष्ठ ८७ को अनुच्छेद ५ को हरफ ४ मा ०६३ मंसिर ४ हुनुपर्नेमा, पृष्ठ ८३ को अनुच्छेद २ को हरफ ३ मा एसएसपी हुनुपर्नेमा, पृष्ठ ९८ को चौथो अनुच्छेदको तेस्रो हरफमा ०६३ भदौ २२ गते हुने पर्ने भएकोमा अन्यथा भएकोले सच्याइएको छ।

यसैगरी पृष्ठ २२० को बेपत्ता शीर्षक अन्तर्गत पाँच पुरुष र एकमहिला गरी छ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

अनुसूची ७

वर्षपुस्तक २००७ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद २ : नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल

लेखक: प्रेक्षा ओझा

परिच्छेद ३

३.१ **न्यायपालिका**

लेखक: विद्या चापागाईं

३.२ **कार्यपालिका**

लेखक: लुमासिं विश्वकर्मा

३.३ **व्यवस्थापिका**

लेखक: कृष्णप्रसाद सुवेदी

जिल्लागत प्रतिवेदन तथा तथ्याङ्क रूजु

१. गणेश भण्डारी

२. मदन पौडेल

जिल्ला प्रतिनिधिहरु

१. पूर्वाञ्चल

१.१	झापा	- अर्जुनकुमार बस्नेत
१.२	इलाम	- प्रकाश अधिकारी
१.३	पाँचथर	- कृष्ण ओझा
१.४	ताप्लेजुङ	- चन्द्रप्रकाश भट्टराई
१.५	मोरङ	- दीपेन नेउपाने
१.६	सुनसरी	- राम कोइराला
१.७	धनकुटा	- गीता अधिकारी/पर्शुराम नेपाल
१.८	तेह्रथुम	- छत्र रिमाल
१.९	भोजपुर	- ज्ञानेन्द्र खड्का
१.१०	संखुवासभा	- लीलाप्रसाद श्रेष्ठ
१.११	सप्तरी	- प्रकाश खतिवडा
१.१२	सिरहा	- देवराज पोखेल
१.१३	उदयपुर	- कुशलबाबु बस्नेत
१.१४	खोटाङ	- लोकनाथ घिमिरे
१.१५	ओखलढुंगा	- गुरूबहादुर बस्नेत
१.१६	सोलुखुम्बु	- वेदप्रसाद राई/आङगेलु शेर्पा

२. मध्यमाञ्चल

२.१	धनुषा	- रोशनदीप ढकाल
२.२	महोत्तरी	- ईश्वरी काफ्ले
२.३	सर्लाही	- विदुर प्याकुरेल
२.४	सिन्धुली	- आनन्दप्रसाद दाहाल
२.५	रामेछाप	- नवराज पथिक
२.६	दोलखा	- उद्धव पोखरेल
२.७	रौतहट	- विपिन गौतम
२.८	बारा	- रोशनराज अर्याल
२.९	पर्सा	- प्रेम कार्की
२.१०	चितवन	- मुकुन्द दाहाल
२.११	मकवानपुर	- प्रताप विष्ट
२.१२	ललितपुर	- गोपिकृष्ण भट्टराई
२.१३	काभ्रेपलान्चोक	- भोजराज तिमल्सिना
२.१४	भक्तपुर	- अकुर न्यौपाने
२.१५	काठमाडौं	- राजु पासवान
२.१६	धादिङ	- सीताराम अधिकारी
२.१७	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
२.१८	नुवाकोट	- केशव मिश्र
२.१९	रसुवा	- हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
३.२	गोरखा	- भीमलाल श्रेष्ठ
३.३	लमजुङ	- कृष्ण अधिकारी
३.४	स्याङ्जा	- निर्मला तिवारी
३.५	कास्की	- टंक खनाल
३.६	मनाङ	- कमानबहादुर गुरुङ
३.७	नवलपरासी	- नारायण पराजुली
३.८	रुपन्देही	- भीष्मराज पन्थी
३.९	पाल्पा	- दुर्गा न्यौपाने/कृष्णप्रसाद बस्याल
३.१०	कपिलवस्तु	- नन्दराम पौडेल
३.११	अर्घाखाँची	- खिमप्रसाद मरासिनी
३.१२	गुल्मी	- दिलशोभा पुन
३.१३	वाग्लुङ	- रामबहादुर जिसी/गोविन्द गौतम
३.१४	पर्वत	- माधवराज पाण्डेय
३.१५	म्याग्दी	- घनश्याम खड्का
३.१६	मुस्ताङ	- चन्द्रबहादुर गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१	दाङ	- विमलकुमार अधिकारी
४.२	प्युठान	- महेन्द्रप्रसाद श्रेष्ठ
४.३	रोल्पा	- घनश्याम आचार्य
४.४	सल्यान	- रोमप्रकाश थापा
४.५	रुकुम	- जीवन खड्का
४.६	बाँके	- शिप्रा श्रेष्ठ
४.७	बर्दिया	- नारायण सुवेदी
४.८	सुर्खेत	- दुर्गा थापा

४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - नमनकुमार शाही
४.११ डोल्पा - विष्णुलाल बुढा
४.१२ जुम्ला - राजेन्द्र महत
४.१३ कालिकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सिजवाल
४.१५ हुम्ला - रमेश ऐडी

५. **सुदूर पश्चिमाञ्चल**

५.१ कैलाली - कृष्ण विक
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कंचनपुर - युवराज घिमिरे
५.७ डडेलधुरा - केशव बोहोरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. सोमराज थापा २. भुवन अधिकारी

मध्यमाञ्चल

१. कृष्ण गौतम २. बाबुराम विश्वकर्मा

पश्चिमाञ्चल

१. जीवन्त वाग्ले २. लक्ष्मणदत्त पन्त

मध्य पश्चिमाञ्चल

१. भोला महत २. मधु पन्थी

सुदूर पश्चिमाञ्चल

१. खड्कराज जोशी २. दिपक तिवारी

सन्दर्भ सामग्री स्रोत

१. इन्सेक पुस्तकालय

फोटो स्रोत

१. विमलचन्द्र शर्मा, इन्सेक
२. मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरू

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरुप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ५०००।- र प्रशंसापत्र रहेको छ।

सर्वोत्कृष्ट


इश्वरी काफ्ले, महोत्तरी

उत्कृष्ट

प्रकाश अधिकारी, इलाम
रोशनराज अर्याल, बारा
खिमप्रसाद मरासिनी, अर्घाखाँची
शिप्रा श्रेष्ठ, बाँके
मदनसिंह धामी, दार्चुला

cg';Ґl *

;g\@))^ df /fHo kIfåf/f kll8t ePsfx?sf];¥of



/fHo kIfåf/f kll8t ePsfx?sf];¥of – hDdf @!@*(hgf

इन्सेक पुस्तक १२७ २०६३



राजाको प्रत्यक्ष शासन विरूद्ध उर्लेको देशव्यापी विरोधको लहरसँगै सन् २००६ प्रारम्भ भयो। वर्षको चौथो महिनामा जनआन्दोलनका सामू राजाले घुँडा टेके र लोकतन्त्र उदय भयो। लोकतन्त्रको बहालीसँगै नागरिक तथा राजनीतिक अधिकारहरूमाथिको बन्देज हटेपछि नेपालको मानवअधिकार अवस्थामा सुधार आयो। वस्तुतः जनआन्दोलनको सफलता राजनीतिक परिवर्तनको शान्तिपूर्ण प्रयासको सफलता थियो। जनआन्दोलनमा माओवादी समस्याको शान्तिपूर्ण समाधान हुनु पर्छ भन्ने आमजनताको आकांक्षासमेत प्रदर्शित थियो। सात दलको मोर्चा निर्माण भएपछि नेपाली राजनीतिमा नयाँ हलचल उत्पन्न भएको थियो। त्यसपछि सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीका कारण निरङ्कुशता विरोधी आन्दोलनले नयाँ उचाइ प्राप्त गरेको थियो। त्यसबीच राजाले नगरपालिका निर्वाचन गराएर आफ्नो अधिनायकवादी दुस्साहसलाई संस्थागत गर्न खोजेका थिए। तर उनको नौटङ्की अन्तर्राष्ट्रिय रूपमै पर्दाफास हुन गयो। दिगो शान्तिको स्थापनाका निम्ति सात दल र माओवादी समझदारीमा पुगेको पाँच महिना बित्दा नबित्दै राजाको अधिनायकवादी शासन व्यवस्थाको अन्त्य भयो। लोकतन्त्रको बहालीसँगै सात दल र माओवादीबीच भएका सहमति तथा सम्झौताहरू व्यवहारमा लागू हुनु पूर्व नै वर्षको अन्त्य हुन गयो। नेकपा (माओवादी) ले व्यक्त गरेको प्रतिबद्धता विपरीत त्यस पार्टीका कार्यकर्ताहरूबाट शान्तिपूर्ण रूपान्तरणप्रति अरूचि दर्शाइएको हो कि भन्ने शङ्का उत्पन्न गराउने किसिमका घटना लोकतन्त्र बहालीपछि समेत भए।

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेब साइट : www.inseconline.org

9 789994 690442



देविलाल पौडेल
०५९ चैत २५ गते



साहिरअलि अन्सारी
०६० वैशाख ५ गते



लालबहादुर बिष्ट
०६१ असार ७ गते



चक्रराज जोशी
०६१ मंसिर २७ गते



उमेशचन्द्र थापा
०६२ माघ २६ गते



हीरिलाल राना थारु
०६२ माघ २६ गते



दर्शनलाल यादव
०६२ चैत २३ गते



भिमसेन दाहाल
०६२ चैत २५ गते




हरिराज अधिकारी
०६२ चैत २६ गते



तुलसी डुम्राकोटी
०६२ चैत २७ गते



शिवहरि कुँवर
०६२ चैत २७ गते



विष्णु पाण्डे
०६२ चैत ३० गते



हिरालाल गौतम
०६३ वैशाख ४ गते



सेतु विक
०६३ वैशाख ५ गते



सुरज विश्वास
०६३ वैशाख ६ गते



राजन गिरी
०६३ वैशाख ६ गते



वासुदेव घिमिरे
०६३ वैशाख ७ गते



सगुन ताम्राकार
०६३ वैशाख ७ गते



दिपक कामी
०६३ वैशाख ७ गते



यमलाल लामिछाने
०६३ वैशाख ८ गते



गोविन्दनाथ शर्मा
०६३ वैशाख १२ गते



प्रद्युम्न खड्का
०६३ वैशाख १६ गते



मोहम्मद जाहाँगिर खाँ
०६३ वैशाख १८ गते



चन्द्रबहादुर बयलकोटी
०६३ वैशाख २१ गते



अनिलकुमार लामा
०६३ वैशाख २३ गते

जनआन्दोलन-II का सहिदहरू; जसको बलिदानले दिएको छ हामीलाई हाम्रा अधिकारका बारेमा बोल्ने यो अवसर ...

नेपाल सरकारको २०६३ जेठ २१ र भदौ १३ को निर्णय अनुसार

मानवअधिकार वर्षपुस्तक २००७

(नेपाली संस्करण)

(०६२ पुस १७ गतेदेखि ०६३ पुस १६ गतेसम्म अर्थात् सन् २००६ भरिका घटनाहरूको संकलन)

प्रधान सम्पादक

कुन्दन अर्याल

सम्पादक

योगीश खरेल

कार्यकारी सम्पादक

प्रकाश ज्ञवाली

सम्पादन मण्डल

रूपेश नेपाल

प्रशन्नता वस्ती

लक्ष्मणदत्त पन्त

मधु पन्थी

बाबुराम विश्वकर्मा

मदन पौडेल

भुवन अधिकारी

दीपक तिवारी

गणेश भण्डारी

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार

पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.inseconline.org

मानवअधिकार वर्ष पुस्तक २००७

संयोजक
प्रेक्षा ओझा
(प्रमुख, मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र)

प्रकाशन मिति
०६३ फागुन ७ गते

संख्या
तीन हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको श्रोत उल्लेख गरी पुर्नमुद्रण गर्न सकिनेछ।)

आवरण तथा ले-आउट
गोविन्दप्रसाद त्रिपाठी
गीता माली

तथ्यांक प्रशोधन
प्रमीन घिमिरे
सुवास अधिकारी

मूल्य
रू. २५०।-

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७०५३३, ४७७१४४८

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० ओटा आवद्ध संस्थाहरू मार्फत यसका कार्यक्रमहरू देशभर सञ्चालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरूलाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचओटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

०६२ मंसिर २९ गते सम्पन्न साधारण सभाले ३ वर्षका लागि चयन गरेको कार्यसमिति

निवर्तमान अध्यक्ष - डा. शिव शर्मा

अध्यक्ष - सुबोधराज प्याकुरेल

महासचिव - कुन्दन अर्याल

कोषाध्यक्ष - सुजिता शाक्य

सदस्यहरू

- नजिर मियाँ
- योगेन्द्र गुरूङ्ग
- पुष्पा कर्ण
- गंगादेवी कसजू
- लालबाबु यादव
- टीकाराम भट्टराई

निर्देशकहरू तथा निम्न केन्द्रहरू मार्फत् इन्सेकको दैनान्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार शिक्षा तथा तलिम केन्द्र (HRE)

साक्षरता संचेतना मार्फत् ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, मानवअधिकार सम्बन्धी तालिम, मानवअधिकारको सम्वर्द्धनमा स्थानीय क्षेत्रका मानवअधिकार संस्थाहरूसँग सहकार्य।

वञ्चित समुदायका लागि अभियान केन्द्र (DGC)

बालबालिका, महिला, दलित, कृषिमजदुर, शान्ति र विकासका लागि द्वन्द्व व्यवस्थापन, जनजाति तथा अन्य पिछडिएका समुदायको अधिकार प्राप्तिको लागि उनीहरूलाई नै सक्रिय बनाउदै विभिन्न अभियान कार्यक्रममार्फत् सशक्तिकरण कार्यक्रम, बाल अधिकार सचेतना समूह (२३५), महिला सचेतना समूह।

मानवअधिकार प्रलेख तथा प्रसारण केन्द्र (DDC)

मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरुको अध्ययन, अनुसन्धान र मानवअधिकार रक्षा कार्यक्रम, मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाका सम्बन्धमा स्थलगत अध्ययन, दैनिक रूपमा मानवअधिकार सम्बन्धी घटनाहरुको अध्यावधिक विभिन्न प्रकाशनहरू मानवअधिकार वर्ष पुस्तक, मानवअधिकार स्थिति सूचक (त्रैमासिक), प्राची (द्वैमासिक), इन्फर्मल (त्रैमासिक), इन्सेक अभियान (मासिक), वेव पेज, इन्सेक अनलाइन नियमित सञ्चालन, मानवअधिकार शिक्षा रेडियो कार्यक्रम (प्रत्येक शनिबार बिहान ८.१५ बजे रेडियो नेपालबाट) मार्फत प्रसारण एवं वितरण, रेडियो स्रोता क्लब ।

मानवअधिकार सन्धी अनुगमन केन्द्र (TMC)

मानवअधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम, नियमावली, सन्धि, सम्झौताको नियमित अध्ययन, अनुसन्धान, प्राथमिकता ६ महासन्धिहरू ICCPR, ICESCR, CAT, CRC, CEDAW, CERD यिनीहरूको सम्बन्धमा राज्य पक्षको दायित्व नियमित प्रतिवेदन पठाउने, जनवकालत, पठाइएका प्रतिवेदनको अनुगमन तथा वैकल्पिक एवम् छायाँ प्रतिवेदन पठाउन अन्य मानवअधिकार एवम् नागरिक समाजका विभिन्न संस्थाहरूसँग संयोजन, सहजीकरण, सञ्चारमाध्यमबाट राजनीतिक, नागरिक, सामाजिक, आर्थिक र साँस्कृतिक पक्षहरूबाट प्राप्त सूचना, अभिव्यक्ति एवम् लेख रचनाहरूको नियमित विश्लेषण।

व्यवस्थापन सहयोग केन्द्र

माथिका सबै कार्यक्रमहरूको व्यवस्थापनमा सहयोग।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८१२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलंकी, स्युचाटार, काठमाण्डौ। फोन नं. ०१- ४२८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नागढुंगा, पोखरा। फोन नं. ०६१- ५२६५१२/५३३७९२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेशनल ट्रेनिङ्ग रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** हसनपुर, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

लोकतान्त्रिक नेपालमा मानवअधिकारका सवाल

शान्ति प्रयासका विभिन्न चरणहरू पार गर्दै नेकपा (माओवादी) लाई पनि राजनीतिक मूल धारमा ल्याउन सात दल सफल भइसकेका छन्। तर राजनीतिक संक्रमणको आजको परिवेशमा राज्य र यसका सञ्चालक आठ दलले अघि सारेको दिगो शान्तिको मार्गचित्र कम चुनौतिपूर्ण छैन्। नयाँ चरणमा प्रवेश गरेको द्वन्द्वलाई आठ दलले संक्रमणकालीन न्यायको चेतनासहित उचित रूपमा व्यवस्थित गर्न सके भने मात्र दिगो शान्तिको परिकल्पना मूर्त हुनसक्ने छ।

राज्य व्यवस्थामा आएको परिवर्तनसँगै मानव गरिमाको रक्षा गर्दै विगतमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनलाई उजागर गर्नु र त्यस्ता ज्यादतीबाट पीडित भएकाहरूलाई न्याय दिलाउनु संक्रमणकालको प्रमुख कार्यसूची हुनुपर्दछ। विगतमा भएका अन्याय, शोषण, ज्यादती र अत्याचारलाई नियाल्ने, मतभेदहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्न वार्ताको वातावरण तयार गर्ने, राज्यप्रति जनताको विश्वास अभिवृद्धि गर्ने, कानुनी शासनको सिद्धान्तलाई तत्काल कार्यान्वयन गर्नेलगायतका सवालहरूमा सरकारको गम्भीरताको अपेक्षा गरिएको छ। तर, दिगो शान्तिको स्थापनाका निम्ति संक्रमणकालीन न्यायका यी विषयहरू वर्तमान सरकारको प्राथमिकतामा परेको छ त ?

दुःखका साथ भन्नुपर्दछ, उल्लेखित सवालहरूमा आठ दल अपेक्षाकृत रूपमा संवेदनशील भएको देखिदैन्। विगतमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनको छानबिन प्रक्रियालाई प्रभावकारी तुल्याउनु पर्ने माग हामी मानवअधिकारकर्मीहरूले गर्दै आएका छौं। सत्य प्राप्त गर्ने संयन्त्रहरू, कारबाहीको प्रक्रिया, पीडितको पुनर्स्थापना र राहत, पुनर्निर्माण अनि कानुनी र संस्थागत सुधार संक्रमणकालीन न्यायका आधारभूत सर्तहरू हुन्। हिजोका पीडित नेपाली यतिखेर लोकतन्त्रको सुदृढिकरणको आकांक्षा राख्दै न्यायको प्रतीक्षा गरिरहेका छन्।

बृहत् शान्ति सम्झौतामा स्थिति सामान्यीकरणका उपायहरू शीर्षकअन्तर्गत विगतको हिंसात्मक द्वन्द्वबाट पीडित र विस्थापित भएकाहरूलाई राहत उपलब्ध गराउन र उनीहरूको पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने जनाइएको छ। तर त्यस्तो आयोग कहिलेसम्म गठन गरिनेछ भन्ने सम्बन्धमा सम्झौता मौन छ।

बृहत् शान्ति सम्झौतामै विगतमा राज्य र सरकारबाट बेपत्ता पारिएका वा मारिएकाहरूका बारेमा विस्तृत सूचना ६० दिनभित्र सार्वजनिक गरिने उल्लेख गरिएको छ। विस्थापित व्यक्तिहरूको पुनर्स्थापना तथा पुनर्मिलन प्रभावकारी रूपमा गर्न सकिएन भने लोकतन्त्र स्थापनाको मूल ध्येय सार्थक हुन सक्दैन्। तर शान्ति सम्झौतामा समेटिएका विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनबाट पीडित भएकाहरूलाई न्याय दिलाउने विषयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन आठ दलको प्राथमिकतामा परेको देखिदैन्।

विगतमा सशस्त्र द्वन्द्वका कारण क्षतिग्रस्त हुन पुगेका ग्रामीण समुदायले दिनहूँ उपभोग गर्नु पर्ने भौतिक संरचनाहरूको पुनर्निर्माण प्रक्रिया प्रभावकारी रूपमा आरम्भ गर्न जरुरी छ। सशस्त्र द्वन्द्वका कारण शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चारलगायतका समस्या भोगिरहेका जनताको जीवनमा तत्काल परिवर्तन आउनु पर्दछ भन्ने हाम्रो माग छ।

नेपाली समाजमा जरो गाडेर रहेका संरचनागत समस्याहरूलाई संक्रमणकालीन अवस्थामा प्रभावकारी ढंगले सम्बोधन गरिनु पर्दछ। विगतका असमानता र वेवास्ताका कारण जनजाति, मधेशी, दलित र महिला सबै किसिमका अवसरहरूबाट वञ्चित हुँदै आएका छन्। द्वन्द्वको मूल कारणका रूपमा चिन्हित यस्ता संरचनागत हिंसालाई लोकतान्त्रिक नेपालमा नामेट गरिनु पर्दछ। देशमा अरू विद्रोहको जन्म हुन नदिने हो भने यो सवालमा सरकार विशेष संवेदनशील हुन आवश्यक छ। राज्यले उपेक्षित र उत्पीडित समुदायका आधारभूत आवश्यकताको परिपूर्ति गराउने लोककल्याणकारी नीतिहरू तत्कालै अवलम्बन गर्नु पर्दछ। लोकतान्त्रिक नेपालको लोकतान्त्रिक सरकार नागरिक तथा राजनीतिक अधिकारहरूको सम्मान र संरक्षणका निम्ति प्रतिबद्ध भएर मात्र पुग्दैन। अबको राज्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको परिपूर्ति गर्ने दिशामा इमान्दारीपूर्वक द्रूत गतिका साथ अग्रसर हुन जरुरी छ।

मानवअधिकारसम्बन्धी दायित्व पूरा गर्दै अब राज्यले जवाफदेहिताको संस्कृतिको सुरूआत गर्नैपर्छ। जबसम्म राज्य सञ्चालकहरू जवाफदेही हुँदैनन् तबसम्म दण्डहीनताको अन्त्य हुनसक्दैन। लोकतान्त्रिक सरकारहरूको सफलताको आधार नै जवाफदेहिता हो। विगतका क्रियाकलापहरूप्रति विगतका सत्ता सञ्चालकहरूलाई जवाफदेही ठहऱ्याउन र तद्अनुरूप दोषीहरूलाई न्यायको कठघरामा उभ्याउन जति जरुरी छ, आउँदा दिनहरूमा पनि जवाफदेहिताको संस्कृतिलाई सर्वव्यापी तुल्याउन त्यतिकै आवश्यक छ।

हाम्रा राजनीतिक नेताहरूले कैयन पटक दण्डहीनताविरुद्ध प्रतिबद्धता व्यक्त गरिसकेका छन्। उनीहरूले आफ्नो प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्ने हो भने अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनका सन्धिहरूको अविलम्ब अनुमोदन गर्नु पर्छ।

दोश्रो जनआन्दोलनको बलमा सत्तारोहण गर्ने आठ दल लोकतान्त्रिक नेपालको मानवअधिकारसम्बन्धी यी कार्यसूचीप्रति कति सचेत छन् ? यतिखेरको हाम्रो चिन्ता र सरोकारको विषय यही हो।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६३ फागुन ७, काठमाडौं

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १२९
१.२ इलाम १३९
१.३ पाँचथर १४७
१.४ ताप्लेजुङ १५१
१.५ मोरङ १५४
१.६ सुनसरी १६७
१.७ धनकुटा १७२
१.८ तेह्रथुम १७६
१.९ भोजपुर १८१
१.१० संखुवासभा १८५
१.११ सप्तरी १८८
१.१२ सिरहा २०२
१.१३ उदयपुर २०८
१.१४ खोटाङ २१४
१.१५ ओखलढुङ्गा २२१
१.१६ सोलुखुम्बु २२३

२. मध्यमाञ्चल

२.१ धनुषा २२७
२.२ महोत्तरी २३२
२.३ सर्लाही २३९
२.४ सिन्धुली २४७
२.५ रामेछाप २५६
२.६ दोलखा २६२
२.७ रौतहट २६७
२.८ बारा २७४
२.९ पर्सा २८०
२.१० चितवन २८४
२.११ मकवानपुर २९३
२.१२ ललितपुर २९९
२.१३ काभ्रे ३०६
२.१४ भक्तपुर ३१६
२.१५ काठमाडौं ३२०
२.१६ धादिङ ३४०
२.१७ सिन्धुपाल्चोक ३४६
२.१८ नुवाकोट ३५२
२.१९ रसुवा ३५५

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३६१
३.२ गोरखा ३६६
३.३ लमजुङ ३६९
३.४ स्याङ्जा ३७३
३.५ कास्की ३७९
३.६ मनाङ ३८७
३.७ नवलपरासी ३८८
३.८ रूपन्देही ३९३
३.९ पाल्पा ३९७
३.१० कपिलवस्तु ४०१
३.११ अर्घाखाँची ४०४
३.१२ गुल्मी ४०८
३.१३ बाग्लुङ ४१२
३.१४ पर्वत ४१६
३.१५ म्याग्दी ४१९
३.१६ मुस्ताङ ४२१

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४२५
४.२ प्युठान ४३५
४.३ रोल्पा ४३८
४.४ सल्यान ४४२
४.५ रूकुम ४५०
४.६ बाँके ४५५
४.७ बर्दिया ४६९
४.८ सुर्खेत ४८१
४.९ जाजरकोट ४९२
४.१० दैलेख ४९६
४.११ डोल्पा ४९९
४.१२ जुम्ला ५०२
४.१३ कालिकोट ५०५
४.१४ मुगु ५१०
४.१५ हुम्ला ५१३

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ५२१
५.२ अछाम ५२८
५.३ डोटी ५३१
५.४ बाजुरा ५३५
५.५ बझाङ ५३७
५.६ कञ्चनपुर ५४०
५.७ डडेलधुरा ५४६
५.८ बैतडी ५५१
५.९ दार्चुला ५५५

विषय सूची

पृष्ठ संख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १ सन् २००६ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन १

परिच्छेद २ नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल १७

परिच्छेद ३ राज्य र मानवअधिकार

३.१ न्यायपालिका ४७

३.२ कार्यपालिका ७३

३.३ व्यवस्थापिका १०१

अनुसूचीहरू

अनुसूची १ सन् २००६ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू

१. पूर्वाञ्चल १२७

२. मध्यमाञ्चल २२५

३. पश्चिमाञ्चल ३५९

४. मध्यपश्चिमाञ्चल ४२३

५. सुदूरपश्चिमाञ्चल ५१९

अनुसूची २ मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००६ ५५९

अनुसूची ३ सन् २००६ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीको धारणा ५७१

अनुसूची ४ सन् २००६ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा ५८९

अनुसूची ५ शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू ६०१

अनुसूची ६ क्रिया प्रतिक्रिया ६२७

अनुसूची ७ वर्षपुस्तक २००६ तयारीका क्रममा संलग्न व्यक्तिहरू ६३९

अनुसूची ८ सन् २००६ मा राज्यद्वारा पीडित भएकाहरूको संख्या ६४३

आभार :

मानवअधिकार वर्षपुस्तक २००७ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दुतावास, इको तथा इइडीप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लंघनका घटनाहरुको विवरण संकलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरु विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नु हुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००६ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत संघसंस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद १

सन् २००६ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

१. **निरंकुशताको पराजय : मानवअधिकारको प्रस्थान विन्दु**

राजाको प्रत्यक्ष शासनको विरूद्धमा उर्लेको देशव्यापी विरोधको लहरसँगै सन् २००६ प्रारम्भ भयो। वर्षको चौथो महिनामा जनआन्दोलनका सामु राजाले घुँडा टेके र लोकतन्त्रको उदय भयो। लोकतन्त्रको बहालीसँगै नागरिक तथा राजनीतिक अधिकारहरूमाथिको बन्देज हटेपछि नेपालको मानवअधिकार अवस्थामा सुधार आयो।

सन् २००६ मा राज्यबाट ३ सय १३ र माओवादीबाट २ सय ५६ जना मारिए। लोकतन्त्र बहालीपछि, सन् २००६ को अन्त्यसम्म गोली प्रहारका कारण राज्यबाट १० जना र माओवादीबाट सातजना मारिएको तथ्याङ्क अभिलेख गरिएको छ। त्यस्तै बम विस्फोटमा राज्यबाट एकजना र माओवादीबाट चारजना, माओवादीबाट धारिलो हतियार प्रयोग गरी दुईजना, कुटपिटबाट सातजना र नियन्त्रणमा राखी सातजनाको हत्या गरिएको तथ्याङ्क छ। त्यसअवधिमा प्रहरीको नियन्त्रणमा एकजना मारिएको तथ्य अभिलेख गरिएको छ।

यो वर्ष लोकतन्त्रको बहालीसँगै मानवअधिकार अवस्थामा सुधार आएको तथ्य पहिलो तीन महिनाको तथ्याङ्कबाट प्रष्ट हुन्छ। इन्सेकको अभिलेखअनुसार ०६३ वैशाख १२ गतेदेखि साउन १७ गतेसम्मको अवधिमा देशव्यापी रूपमा राज्यबाट नौजना मारिए र २६ जना गिरफ्तार गरिए। त्यही अवधिमा माओवादीबाट ११ जना मारिए भने ३ सय ६२ जना अपहरित भए।[१]

लोकतन्त्र बहालीपछिको अवधिमा हिंसात्मक द्वन्द्वका कारण मारिने क्रमको करिब-करिब अन्त्य नै भयो। लोकतन्त्रप्राप्ति पछिको सय दिनको अवधिमा राज्यबाट मोरङको बेलबारीमा ०६३ वैशाख १२ गते एकजना तथा वैशाख १३ गते ६ जना गरी सातजना, सिन्धुपाल्चोकमा एकजना र दाङमा एकजना गरी नौजना मारिए। यसैगरी माओवादीबाट पूर्वाञ्चलको सप्तरीमा एकजना र सिरहामा एकजना गरी दुईजना, मध्यमाञ्चलको बारामा दुईजना, चितवनमा एकजना, सर्लाहीमा एकजना, रौतहटमा दुईजना र सिन्धुपाल्चोकमा एकजना गरी सातजना, मध्यपश्चिमाञ्चलको जाजरकोटमा एकजना, सुर्खेतको एकजना गरी जम्मा ११ जना मारिए। त्यसपछिका दिनमा भने स्थितिमा अझ सुधार हुँदै गयो।

अघिल्लो वर्ष सन् २००५ मा चार महिना युद्धविराम भएको थियो भने बाँकी आठ महिना सशस्त्र युद्ध चलेको थियो। त्यस अवधिमा राज्यबाट ८ सय १५ जना र माओवादीबाट ७ सय ९ जना मारिएका थिए।

०६२ चैत २४ गतेदेखि ०६३ वैशाख ११ गतेसम्मको १९ दिनको जनआन्दोलनका क्रममा भएको दमनका कारण १९ जनाको मृत्यु भयो। तीमध्ये १० जनाको सुरक्षाकर्मीले चलाएको गोलीका कारण तत्काल ज्यान गएको थियो भने नौजनाको मृत्यु विभिन्न मितिमा अस्पतलालको शैय्यामा भएको थियो। जनआन्दोलनको सफलतापश्चात् सरकारले जनआन्दोलनका सहिदको सूचीमा कूल २५ जनाको नाम समावेश गऱ्यो। ०६१ सालदेखि विभिन्न मितिमा भएका आन्दोलनमा मारिएकाहरू सबैलाई राजाको निरङ्कुशता विरोधी आन्दोलनका सहिदको सम्मान प्रदान गरियो।

जनआन्दोलनको सफलता राजनीतिक परिवर्तनको शान्तिपूर्ण प्रयासको सफलता थियो। जनआन्दोलनमा माओवादी समस्याको शान्तिपूर्ण समाधान हुनुपर्छ भन्ने आमजनताको आकांक्षासमेत प्रदर्शित भयो। नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), वाममोर्चा, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र नेपाल मजदुर किसान पार्टीको सहमतिमा सात दलको संयुक्त मोर्चा निर्माण भएपछि नेपाली राजनीतिमा नयाँ हलचल उत्पन्न भएको थियो। सात दल र माओवादीबीच समझदारी कायम भएपछि निरङ्कुशता विरोधी आन्दोलनले नयाँ उचाई प्राप्त गऱ्यो।

त्यसबीच राजाले निर्वाचन गराएर आफ्नो अधिनायकवादी दुस्साहसलाई संस्थागत तुल्याउन खोजे। तर उनको नौटङ्कीको अन्तर्राष्ट्रिय रूपमै पर्दाफास हुन गयो।

सन् २००६ को सुरुवातदेखि नै देशका प्रबुद्ध वर्ग र आमजनसमुदाय लोकतन्त्रका निम्ति उल्लेखनीय उत्साहका साथ अग्रसर भए। त्यसक्रममा मानवअधिकार रक्षकहरू सर्वप्रथम नागरिक तथा राजनीतिक अधिकारको रक्षाका निम्ति सडकमै ओर्लिए। लोकतन्त्रको स्थापनाका निम्ति गरिएका प्रदर्शनमा राज्यबाट भएको अत्यधिक बल प्रयोगका विरूद्ध मानवअधिकार संस्थाहरूले सशक्त आवाज उठाए। लोकतन्त्रको बहालीपश्चात् पनि मानवअधिकार रक्षकहरूले नेकपा (माओवादी) को शान्तिप्रतिको प्रतिबद्धता र व्यवहारमा देखापरेको खाडलको कडा आलोचना गरिरहे। वर्षको अन्त्यसम्मै मानवअधिकार रक्षकहरूले विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनबाट पीडित भएकाहरूलाई न्याय प्रदान गर्नुपर्ने माग जोडतोडका साथ अघि बढाइरहे।

यद्यपि नेकपा (माओवादी) ले शान्तिपूर्ण राजनीतिप्रति पटकपटक आधिकारिकरूपमा प्रतिबद्धता व्यक्त गरिसकेको छ। तर त्यस पार्टीका स्थानीय कार्यकर्ताबाट शान्तिपूर्ण रूपान्तरणप्रति अरुचि दर्शाइएको

---

१. इन्सेक । *लोकतन्त्र प्राप्तिका सय दिन : मानवअधिकारको स्थिति* । काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र । ०६३ । पृ. १-२

हो कि भन्ने शङ्का उत्पन्न गराउने किसिमका घटनाहरू इन्सेकमा अभिलेख गरिएका छन्। सन् २००६ मा लोकतन्त्रको बहाली भइसकेपछिको समयमासमेत माओवादी कार्यकर्ताबाट भएका मानवअधिकार ज्यादतीका घटना वर्षपुस्तकमा समेटिएका छन्।

बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा नेपालमा व्यापक र गहन अध्ययन गर्न जरुरी छ। लोकतन्त्र बहालीपछिसमेत सयौं नागरिकको अवस्था अज्ञात रहनु उचित हुँदैन। मानवअधिकार संस्थाहरू आफ्नो साधन-स्रोत र पहुँचले भ्याएसम्म यस विषयमा खोजी गरिरहेका छन्। यसै सन्दर्भमा मानवअधिकार वर्षपुस्तक २००७ ले हिंसात्मक द्वन्द्वका क्रममा बेपत्ता पारिएकाहरूका सम्बन्धमा विस्तृत सूचना प्रस्तुत गर्ने प्रयास गरेको छ। तर यस विषयमा राज्यबाट गम्भीर प्रयत्नको थालनी हुन जरुरी छ। यसपटक, मानवअधिकार वर्ष पुस्तक २००७ को तयारीका क्रममा हामीले बेपत्ता पारिएकाहरूका सम्बन्धमा उनीहरूको परिवारलाई प्रारम्भिक स्रोत मानेर अध्ययन गर्‍यौं। यससम्बन्धमा अध्यावधिक जानकारी प्राप्त गर्न मानवअधिकार वर्षपुस्तकका प्रतिनिधिहरू बेपत्ता पारिएकाहरूको परिवारका सदस्यहरूसम्म पुगे।


खोजीका क्रममा आश्चर्यजनक तथ्यहरू फेला परे। राज्यद्वारा बेपत्ता घोषितहरूको उहिल्यै हत्या भइसकेको जानकारी समेत मानवअधिकार वर्षपुस्तक २००७ मा समेटिएका छन्।

राज्यद्वारा बेपत्ता पारिएकाहरूका सम्बन्धमा लोकतान्त्रिक सरकारद्वारा ०६३ असोज ६ गते सार्वजनिक गरिएको प्रतिवेदनसमेत अविश्वसनीय ठहरिएको छ। उक्त प्रतिवेदनमा ०५८ सालमा लम्जुङको भोर्लेटारस्थित संयुक्त बेसक्याम्पद्वारा पक्राउ गरी बेपत्ता पारिएका चेतनाथ घिमिरे सुरक्षा सम्पर्कमै रहेको उल्लेख गरियो। तर त्यसको एक महिनाभन्दा केही समयपछि नै ०६३ कात्तिक १७ गते चेतनाथ र उनीसँगै बेपत्ता पारिएका शेखरनाथ घिमिरेको कङ्काल आफन्त, स्थानीयवासी र मानवअधिकारकर्मीले कास्की जिल्लाको हंसपुर र थुम्की गाविसको बीचमा पर्ने सौरवासको जङ्गलमा फेला पारे। गाडिएको अवस्थामा फेला पारिएका लासहरूको घडी, जुत्ता आदिका आधारमा पहिचान गरिएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकमा लमजुङ जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरण)*

सन् १९९६ देखि सन् २००६ को अन्त्यसम्म नेपालमा राज्यबाट ७ सय ८३ र माओवादीबाट १ सय ५ व्यक्ति बेपत्ता पारिएको हाम्रो अध्ययनले देखाएको छ। बेपत्ता पारिएका कतिपय घटना हाम्रो अभिलेखमा नपरेका पनि हुन सक्छन्। *(हेर्नुहोस् तालिका : ८ तथा दश वर्षको अवधिमा राज्य र माओवादीबाट बेपत्ता पारिएकाहरूको जिल्लागत विवरण)*

हामीले यसपटक वर्षपुस्तकका सामग्रीलाई अन्तिम रूप दिनुभन्दा पहिले पूर्वसमीक्षा गर्ने प्रचलन सुरु गर्‍यौं। वर्षपुस्तक २००७ को तयारीका क्रममा हामीले पाँचै विकास क्षेत्रका पहाड र मधेशका गरी जम्मा १० जिल्लामा

तालिका नं. १ राज्य, माओवादी र अन्यबाट मारिएकाको सङ्ख्यात्मक विवरण (सन् २००६)



पूर्वसमीक्षा कार्यक्रम सम्पन्न गर्‍यौं। आउँदा वर्षहरूमा यो क्रमलाई अझ विस्तार गर्ने योजना छ।

२. देशले अंगिकार गरेको नयाँ मार्गचित्र

शान्ति प्रक्रियालाई अघि बढाउने क्रममा चालिएका कदमहरूका कारण नेपालको राजनीतिक इतिहासमा सन् २००६ सधैं उल्लेखनीय रहने छ। दिगो शान्तिको स्थापनाका निम्ति गत वर्षको अन्त्यतिर सात दल र माओवादी १२ बुँदे समझदारीमा पुगे। सात दल र माओवादीबीच समझदारी भएको पाँच महिना बित्दा नबित्दै राजाको अधिनायकवादी शासन व्यवस्थाको अन्त्य भयो। जनताले एक दशक लामो हिंसात्मक द्वन्द्वबाट मुक्त भएर शान्तिको सास फेर्न पाए। सात दल र माओवादीबीच विभिन्न सहमति र सम्झौताहरूमा हस्ताक्षर भए। तर तीमध्ये अधिकांश सम्झौताहरू व्यवहारमा लागू हुनुपूर्व नै वर्षको अन्त्य भयो।

नेकपा (माओवादी) ले दश वर्षे युद्धका क्रममा ०६२ चैत २५ गते तौलिहवा र बुटवलमा गरेको सशस्त्र आक्रमण नै अन्तिम ठहरिन गयो। ती दुई आक्रमणका घटनामा कूल तीन सुरक्षाकर्मी र १६ माओवादीको ज्यान गएको थियो। तौलिहवा र बुटवलका घटनाको दुई दिनअघि माओवादी सैन्यदलले सर्लाही सदरमुकाम मलंगवामा गुरिल्ला आक्रमण गरेको थियो। सर्लाही घटनामा चारजना माओवादी र १६ जना सुरक्षाकर्मीको ज्यान गएको थियो। *(यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस्: कपिलवस्तु, रुपन्देही र सर्लाही जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरण)* तर राजाको प्रत्यक्ष शासनको अन्त्यपछि माओवादीले त्यसरी आक्रमण गर्ने रणनीति परित्याग गर्‍यो।


सन् २००६ लाई शाही शासन र लोकतान्त्रिक शासन अर्थात् राजाद्वारा अध्यक्षता गरिएको सरकार र जनआन्दोलनको बलमा स्थापित संसदद्वारा अनुमोदित सरकारको शासन अवधिका रूपमा विभाजित गर्न सकिन्छ। यी दुई प्रकृतिका सरकारका चरित्र स्वभाविक रूपमा भिन्न देखिए। राजाको अध्यक्षतामा गठित सरकार विधिको शासन विरोधी, आदेशका आधारमा सञ्चालित र जनअनुमोदनविहीन थियो। शाही सरकार आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रवाह गर्न असफल मात्र होइन समता, सामाजिक न्याय र मानवअधिकारविरोधी पनि थियो। त्यसैले गैरजिम्मेवार, जनउत्तरदायित्वविहीन, अपारदर्शी, केन्द्रीकृत, असहिष्णु वा हिंस्रक शाही सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा अस्वीकृत र बदनाम हुन गयो।

शाही शासनको अन्त्य र लोकतन्त्र स्थापनाका लागि सञ्चालित आन्दोलनसँगै वर्ष २००६ सुरु भएको थियो। त्यसबेला सबैतिर निरङ्कुशताविरोधी स्वरहरू उर्लिरहेका थिए। तर राजाको अध्यक्षतामा गठित शाही सरकार आफ्नो शासनलाई निरन्तरता दिने मात्र होइन संस्थागत गर्ने योजनामा समेत तल्लिन थियो। सरकारको दुष्प्रयासको चरम रूप नगरपालिकाको चुनावका नाममा मञ्चन गरिएको नाटकका क्रममा देखियो। चौतर्फी विरोध र बहिष्कार हुँदाहुँदै सरकारले नगरपालिकाहरूको निर्वाचन सम्पन्न भएको घोषणा गर्‍यो। सरकारले लोकतन्त्र बहालीका लागि सुरुभएको आन्दोलनलाई अत्यधिक बल प्रयोग गरी दबाउन खोज्यो। तर राजाको प्रत्यक्ष शासनविरुद्धको जनआन्दोलन क्रमशः व्यापक हुँदै गयो। अन्ततः ०६३ वैशाख ११ गते करिब १५ महिने निरङ्कुश शासनको अन्त्य भयो।

३. राजाको चुनावः असन्तुष्टिको आगोमा थपिएको घ्यू

राजाले गराएको नगर निर्वाचन निरङ्कुशतालाई संस्थागत गर्ने दुष्प्रयत्न मात्र थियो। एमाले, कांग्रेसलगायत मुलुकका प्रमुख राजनीतिक दलसहितका सात दलले चुनावको सक्रिय बहिष्कार गर्न आह्वान गरेका थिए। मानवअधिकार संस्थाहरू र नागरिक समाजले उक्त चुनावको पर्यवेक्षण गर्नु अर्थहीन ठहर गरेका थिए।

कूल ५८ नगरपालिकामा भएको त्यस निर्वाचनमा २२ वटा नगरपालिकामा शून्य मतदान भएको थियो। २४ ओटा नगरपालिकामा मेयरको निर्विरोध निर्वाचन भएको घोषणा गरिएको थियो। ५८ नगरपालिकाका कूल १९ लाख ६ हजार ६ सय ७८ मतदातामध्ये ३ लाख १० हजार ८ सय ७६ ले मतदान गरेका थिए। प्रतिशतमा भन्नुपर्दा राजाको महत्वाकांक्षाका निम्ति प्रायोजित उक्त निर्वाचनमा १६ प्रतिशत मात्र मतदान भएको देखियो। चुनावको नाममा भएको नाटक यति भद्दा थियो कि दुईजना मात्र वा सो भन्दा बढी मेयर उम्मेद्वार भएका नगरपालिकाको संख्या मात्र ३४ पुग्यो। चुनावमा भाग लिने दलहरूको संख्या २२ देखाइएको थियो। तर वडाध्यक्ष पदमा एउटा पनि उम्मेदवार नभएको वा शून्य उम्मेदवार भएको नगरपालिकाको संख्या तीन थियो। वडा सदस्यको उम्मेद्वार एउटा पनि नभएको वा शून्य भएको नगरपालिकाको संख्या ८ थियो। इलाम, दमक, तानसेनमा एक-एक जना उम्मेदवार थिए। नवलपरासी, दशरथचन्द, अमरगढी, बुटवल, कपिलवस्तु, बाग्लुङ, वीरेन्द्रनगर, गुलरिया, नेपालगञ्ज, दिपायलगायत् २२ ओटा नगरपालिकामा शून्य मतदान भएको थियो। इलाम



नगरपालिकामा एकजनाबाहेक सबै पदमा कमल थापाको राप्रपाका उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो।[१]

४. छवि सुधार्ने न्यायपालिकाको प्रयास

राज्य संयन्त्र, व्यक्ति वा कुनै निकायको डर, धाक, त्रास, प्रलोभन वा अनुचित प्रभावबाट मुक्त न्यायपालिका नै वास्तविकरूपमा स्वतन्त्र हुन सक्छ। राज्यको कार्यकारिणीको व्यवहार र न्यायपालिकाले निर्वाह गर्ने भूमिकाबाट मात्र न्यायिक स्वतन्त्रताको वास्तविक परीक्षण हुने गर्दछ।

वर्ष २००६ मा नेपालको न्यायिक स्वतन्त्रताको अवस्थालाई यही कसीमा अध्ययन गर्ने जमर्को गरिएको छ। *(यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद :३.१ न्यायपालिका)* अघिल्लो वर्ष र यस वर्षको सुरुका केही महिना न्यायपालिकाका लागि परीक्षाको घडी रह्यो। त्यस समयमा अदालत असहज परिस्थितिमा अवश्य थियो। तर जस्तोसुकै परिस्थितिमा पनि सर्वोच्च अदालतले आफ्नो अधिकारको स्वतन्त्रतापूर्वक प्रयोग गर्न हिच्किचाउनु हुँदैन थियो भन्ने नेपाली जनमत बलशाली देखिन्छ। त्यसबीच न्यायाधीशमाथि शाही आयोगद्वारा कारबाही चलाईंदा प्रधानन्यायाधीशले समर्थन गरे र सरकारी पक्षबाट न्यायपालिकाको अपहेलनामा परेका मुद्दाहरूमा तदारुकताका साथ फैसला गरिएनन्। यही आधारमा न्यायपालिकाको स्वतन्त्रता प्रभावित हुन पुगेको निष्कर्ष निकालियो। त्यस्तै, न्यायाधीशहरूको नियुक्ति, महत्वपूर्ण मुद्दाहरूलाई पन्छाउने प्रवृत्ति, बार र बेञ्चबीचको विवाद र न्यायालयका क्रियाकलापहरूमा सरकारको अनावश्यक हस्तक्षेपले गर्दा जनतामाझ न्यायालयप्रतिको आस्था धुमिल हुन सक्ने अवस्था उत्पन्न भयो। त्यति हुँदाहुँदै पनि राजाले सत्ता सम्हालेपछि संवैधानिक सर्वोच्चतालाई निष्क्रिय तुल्याउन सत्तापक्षद्वारा गरिएको प्रहारको सामना गर्न सर्वोच्च अदालतद्वारा निर्वाह गरिएको भूमिका भने समग्रमा सकारात्मक नै रह्यो। असंवैधानिक कार्यकारिणीको गठनपछि निरङ्कुश शैलीमा नागरिकका मौलिक हकमाथि स्वेच्छाचारी बन्देज तथा राजनीतिक दलका शान्तिपूर्ण गतिविधिमाथि रोक लगाइयो। सार्वजनिक सञ्चारमाध्यमलगायत् टेलिफोन सेवासमेत अवरुद्ध पारिए। त्यस समयमा कानुनको चरम दुरूपयोग र बेवास्ता गरियो। त्यस्तो कार्यको विपक्षमा कतिपय बेला सर्वोच्च अदालतले एक कदम अघि बढेर मानवअधिकारको पक्षमा निर्णय गरेको थियो।

बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले गरेका फैसला प्रशंसनीय रहे। यस वर्षको सुरुमा शाही आयोग खारेजीको निर्णय गरेर कानुनी राजको सम्मान गर्नुका साथै जनतालाई आफूप्रति विश्वस्त पार्न पनि अदालत सफल भयो। न्यायपालिका पूर्णरूपमा न्याय सम्पादन गर्ने निकाय हो। न्याय सम्पादन गर्ने यसको प्रमुख कार्यअन्तर्गत जनताका राजनीतिक तथा नैसर्गिक हक-अधिकारको

१. निर्वाचन आयोग । *स्थानीय निकाय निर्वाचन- २०६२, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका निर्वाचनको अन्तिम परिणाम : निर्वाचित, निर्विरोध पदाधिकारीको नामावली* । काठमाडौं : निर्वाचन आयोग । ०६२

संरक्षण गर्ने जिम्मेवारी पनि अन्तर्निहित हुन्छ। नेपालको सन्दर्भमा राजनीतिक विवादहरूसमेत अदालतमा प्रवेश गर्ने र त्यहाँबाट भएका फरक-फरक निर्णयहरूबाट देशको समसामयिक राजनीतिक परिस्थितिमा व्यापक प्रभाव पर्ने गरेको छ। त्यसकारण पनि न्यायपालिका चर्चाको विषय बनिरहने गरेको छ। यस्तो अवस्था यस वर्ष पनि कुनै न कुनैरूपमा देखा पऱ्यो। जनआन्दोलनका समयमा बन्दीप्रत्यक्षीकरणको उजुरीमाथि शीघ्र निर्णय गर्ने गरिएको देखिन्थ्यो। साथै, नागरिक अधिकार संरक्षणमा न्यायिक सक्रियता देखिएको थियो। तर, स्थानीय चुनावलगायतका केही राजनीतिक विषयका मुद्दाका सम्बन्धमा भने न्यायपालिकाको भूमिका विवादास्पद रह्यो। त्यस्तै, सेना प्रमुखलाई निलम्बन गर्नुपर्ने मागसहित दायर गरिएको मुद्दालगायत् अन्य कतिपय सवालमा न्यायपालिकाले आफ्नो गरिमा जोगाएर राख्न नसकेको मूल्यांकन गरियो।

खासगरी राजाको प्रत्यक्ष शासनको अवधिमा न्यायपालिका कानुनी राजको सिद्धान्तअनुसार आफ्नो स्वतन्त्रता र सर्वोच्चता कायम राख्न नसकेर विवादमा मुछियो। तर, लोकतन्त्रको बहाली हुँदा-नहुँदै न्यायपालिका छवि आर्जन गर्ने दिशामा अग्रसर भएको पनि देखियो। लोकतन्त्रको स्थापनापछि, शक्ति पृथकीकरण, कानुनी राज्यसम्बन्धी सिद्धान्तको परिपालना, स्वतन्त्र न्यायपालिका तथा न्यायिक पुनरावलोकनका सम्बन्धमा न्यायपालिकाले प्रस्तुत गरेको अडानलाई सकारात्मक ठानियो।

५. पुनर्जीवित प्रतिनिधिसभा र जनताको उत्साह

ऐतिहासिक जनआन्दोलनले विघटित प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाको प्रत्यक्ष शासनको अन्त्य र राज्यको सार्वभौमसत्ता जनतामा हस्तान्तरण गऱ्यो। सार्वभौमसत्ता नेपाली जनतामा फर्काएर दिगो शान्ति र लोकतन्त्र स्थापनाको उद्देश्य पूरा गर्न नेपाली जनताको बलमा पुनर्स्थापित प्रतिनिधिसभाले राजनीतिक रूपान्तरणका निम्ति ऐतिहासिक भूमिका निर्वाह गऱ्यो। पुनर्स्थापना लगत्तै प्रतिनिधिसभा गम्भीर तथा दूरगामी प्रभाव पार्नसक्ने निर्णयहरू भए। सात दल र माओवादीद्वारा राज्यको समग्र अग्रगामी पुनर्संरचनाका लागि देशका साम् प्रस्तुत गरिएको मार्गचित्रलाई मूर्तरूप प्रदान गर्न प्रतिनिधिसभा जनआन्दोलनपछिको नेपाली राजनीतिमा प्रभावकारी सेतू साबित भयो। यसले समकालीन नेपालको शासन व्यवस्थामा जनप्रतिनिधिविहीन सन्नाटा समाप्त पारी लोकतन्त्र, शान्ति र अग्रगमनप्रति जनतामा नयाँ आशासमेत जगायो।

०६३ वैशाख ११ गतेको शाही सम्बोधनमार्फत् राजाले आन्दोलनरत् सात दलको मार्गचित्रलाई स्वीकार गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गरेका थिए। नेपाली राजनीतिले त्यही क्षणमा सशस्त्र द्वन्द्व र तानाशाही शासनबाट मुक्तिको दिशा तय गरेको मान्न सकिन्छ। राजा ज्ञानेन्द्रको वैशाख ८ गतेको घोषणाका बारेमा विश्व समुदायबाट व्यक्त गरिएका सकारात्मक कुटनीतिक धारणाविपरीत आन्दोलनरत् सात दलले लोकतान्त्रिक जनआन्दोलनलाई निरन्तर जारी राखे र प्रतिनिधिसभाको पुनर्स्थापना गराइछाडे। त्यसअघि देश करिब चार वर्ष प्रतिनिधिसभाविहीन अवस्थामा रहेको थियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राजाद्वारा ०५९ जेठ ८ गते प्रतिनिधिसभाको विघटन गरिएको थियो।

प्रतिनिधिसभा पुनर्स्थापनापछि विगतमा राजाले निष्क्रिय तुल्याएको नेपाल अधिराज्यको संविधान २०४७ पुन: क्रियाशील भयो। यसबाट एकातिर संवैधानिक शून्यता समाप्त भयो भने अर्कोतर्फ राजाको हुकुमी शासन अन्त्य भई विधिको शासन प्रारम्भ भयो। प्रतिनिधिसभाको पुनर्स्थापनामार्फत् नेपाली जनताको बहुप्रतिक्षित वैधानिक तथा जनउत्तरदायी सरकार गठन भयो।

प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाका सम्पूर्ण कदम गलत साबित भए। राजा गल्ती स्वीकारेर नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको वास्तविकता घोषणा गर्न बाध्य भए। प्रतिनिधिसभाको पुनर्स्थापनाबाट मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रको प्रतिगामी मार्गचित्र र माओवादी अध्यक्ष प्रचण्डको उग्रवामपन्थी मार्गचित्र अस्वीकृत भयो। सात दलले प्रतिनिधिसभाबाटै मुलुकलाई दिगो शान्ति र लोकतन्त्रको बाटोमा हिँडाउने कामको सुरुआत गरे। समस्याको निरूपण शान्तिपूर्ण आन्दोलन तथा शान्तिवार्ताबाट मात्र हुन सक्दछ भन्ने मान्यताको पुनर्स्थापित प्रतिनिधिसभाले पुर्नपुष्टि गऱ्यो। प्रतिनिधिसभाको ०६३ जेठ ४ गतेको घोषणामार्फत् सात दलले देशलाई युगान्तकारी परिवर्तनतर्फ डोऱ्याए। उक्त घोषणा र अन्य प्रस्तावहरूमार्फत् प्रतिनिधिसभाले मानवअधिकार र सामजिक न्यायसँग सम्बन्धित विषयहरूमा सरोकार दर्शायो। *(यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद : ३.३ "व्यवस्थापिका")*

६. संक्रमणकालीन न्याय : लोकतान्त्रिक नेपालमा मानवअधिकार कार्यसूची

विगतमा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्नेहरूमाथि कानुनी कारवाही चलाउनु पर्छ भन्ने माग जनआन्दोलनको सफलताको भोलिपल्टदेखि नै उठिरहेको छ। माओवादीको दश वर्षे "जनयुद्ध" का क्रममा


विस्थापित भएकाहरूको पुनर्स्थापना आजको नेपालको एउटा ज्वलन्त सवाल हो। विगतको हिंसात्मक द्वन्द्वका क्रममा राज्य वा माओवादीबाट बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गरिनु पर्छ भन्ने माग उत्तिकै महत्वपूर्ण छ। लोकतान्त्रिक नेपालमा हिजो मानवअधिकार वा मानवीय कानुनको उल्लंघनबाट पीडित भएकाहरूलाई न्याय दिलाउने प्रभावकारी व्यवस्था र संयन्त्रको आवश्यकता महसुस गरिनै पर्दछ।

जनआन्दोलनलगत्तै नेपालको प्रमुख मागलाई सम्बोधन गर्दै सरकारले ०६३ वैशाख २२ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो। ०६१ माघ १९ गतेपछिको अवधिमा भएका मानवअधिकार उल्लंघन र सत्ताको दुरुपयोगसम्बन्धी घटनाका सम्बन्धमा छानबिन गर्न गठित उक्त आयोगको प्रतिवेदन भने सरकारले यो वर्ष सार्वजनिक गरेन। सरकारले प्रतिवेदनको अध्ययन गरी कार्यान्वयनका लागि सिफारिस गर्न उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा एउटा समिति गठन गरिएको जनायो। तर वर्षको अन्त्यसम्म पनि समितिले प्रतिवेदनको अध्ययन पूरा गरेको जानकारी प्रकाशमा आएन।

दुख:का साथ भन्नु पर्दछ, संक्रमणकालीन न्यायसँग जोडिएका सवालहरूमा आठ दल वर्षभरि नै अपेक्षाकृत रूपमा संवेदनशील भएको देखिएन। विगतमा भएको मानवअधिकार र मानवीय कानुनको उल्लंघनको छानबिन प्रक्रियालाई राजनीतिक रूपान्तरणका क्रममा महत्व प्रदान गरिनु पर्दछ। सत्य प्राप्त गर्ने संयन्त्रहरू, कारवाहीको प्रक्रिया, पुनर्स्थापना र राहत, पुनर्निर्माण अनि कानुनी र संस्थागत सुधार संक्रमणकालीन न्यायका आधारभूत सर्तहरू हुन्। आमजनता वर्षभरि नै लोकतन्त्रको सुदृढीकरणको आकांक्षा राख्दै विगतका मानवअधिकार र मानवीय कानुनका उल्लंघनकर्ताहरूले कस्तो सजाय पाउँछन् र पीडितले कसरी न्याय पाउँछन् भन्ने सवालको उत्तरको प्रतिक्षामा रहे।

बृहत् शान्ति सम्झौतामा स्थिति सामान्यीकरणका उपायहरू शीर्षकअन्तर्गत विगतको युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने जनाइएको छ। तर त्यस्तो आयोग कहिलेसम्म गठन गरिने भन्ने सम्बन्धमा सम्झौता मौन छ। ०४६ सालको

तालिका नं. ३ राज्य र माओवादीद्वारा मारिएका महिलाहरूको संख्यात्मक विवरण



जनआन्दोलनको सफलतापश्चात् मल्लिक आयोगको प्रतिवेदनलाई रद्दीको टोकरीमा मिल्क्याउने राजनीतिक दलहरू नै ०६२-०६३ को जनआन्दोलनको सफलतापछि सत्तामा पुगे। तर, दोश्रो जनआन्दोलनका क्रममा भएको चरम मानवअधिकार उल्लंघनसम्बन्धी तथ्य औंल्याइएको रायमाझी प्रतिवेदनसमेत सन् २००६ भरि सार्वजनिक गरिएन। कतिपय अभिव्यक्ति र व्यवहारका आधारमा विश्लेषण गर्ने हो भने नेकपा (माओवादी) पनि विगतमा आफ्ना कार्यकर्ताबाट भएका ज्यादतीका घटनाहरूका सम्बन्धमा छानविन गराउन देखिँदैन। यस्तो परिप्रेक्ष्यमा प्रस्तावित आयोगको भविष्य अन्यौलपूर्ण बनेको छ।

विगतका ज्यादतीहरूको निष्पक्ष छानविन नगरी स्थायी शान्तिको मार्ग प्रशस्त हुन सक्दैन भन्ने तथ्य विभिन्न देशका अनुभवहरूबाट प्रमाणित भइसकेको छ। तसर्थ, हामी, हाम्रा राजनीतिककर्मीहरू यस सन्दर्भमा गम्भीर हुन सकून भन्ने कामना गरिरहेका छौं।

७. समावेशीकरणको नारा र मधेशको असन्तुष्टि

केही वर्षयता देशमा आवाज उठिरहेको थियो- "राज्यसत्ताका सम्पूर्ण अंगहरूमा मुलुकका सबै समुदायहरूको जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरिनुपर्दछ। नेपाल सबै जातजातिका मानिसहरूको साझा राष्ट्र हो भन्ने भावनाअनुरूप राज्यसत्तामा रहेको खस जातीय एकाधिकारको यथाशीघ्र अन्त्य हुनुपर्दछ।"[३] यससन्दर्भमा मधेशी समुदायको परिचय र मान्यताको समस्याका सम्बन्धमा उठेका "नेपालका मधेशीहरूलाई संस्कृति, भाषा र मूलको आधारमा जातीय विभेद गरिएको छ।" जस्ता आवाज पनि उल्लेखनीय छन्।

लोकतन्त्रको बहालीपश्चात्को खुला परिवेशमा जनजाति र मधेसीहरूको माग सशक्त रुपमा उठ्न थाले। आफ्ना मागहरू अघि बढाउन मधेशी समुदायका सचेत व्यक्तिहरूद्वारा विभिन्न गतिविधिहरू सञ्चालन गर्न थालियो। ०६३ साल साउन २० गते काठमाडौंमा मधेशका ३३ जना सांसदहरूले अन्तरिम संविधान र संविधानसभामा उचित प्रतिनिधित्व गराउन र मुलुकलाई एकताबद्ध गरेर लैजाने गरी मधेशका सवाल सशक्त ढंगले उठाउने घोषणा गरे। मधेशका समस्याबारे छलफल गर्न काँग्रेस (प्रजातान्त्रिक) का नेता विजयकुमार गच्छेदारको संयोजनमा भएको भेलामा "शान्ति र लोकतन्त्रलाई संस्थागत गर्ने, अन्तरिम संविधान तथा संविधानसभामा मधेशको उचित प्रतिनिधित्व र भावनाको कदर गराउने" सवालमा छलफल भएको बताइयो।[४]

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले संविधानसभा निर्वाचनमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने माग उठाउँदै आएको थियो। त्यसै सन्दर्भमा, सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको ०६३ कात्तिक २२ गतेको बैठकमा भएका बहुचर्चित निर्णयको पुछारमा नेकपा (एमाले) ले भिन्न मत प्रस्तुत गऱ्यो। "संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै अपनाउनु सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने नेकपा (एमाले) को भिन्न मत रह्यो।

जनआन्दोलनको सफलतापश्चात् मधेशका समस्याहरूका विषयमा व्यापक रूपमा सुरुभएको छलफलले वर्षको अन्त्यतिर गम्भीर रूप धारण गऱ्यो। मधेशमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तय गरिनुपर्ने र संविधानसभामा समानुपातिक ढंगले प्रतिनिधित्व हुनुपर्ने माग अन्तरिम संविधान जारी हुनुभन्दा पहिलेदेखि नै उठ्न थाल्यो। अन्तरिम संविधान जारी हुनुअघि नै त्यसको विरोधमा मधेशमा प्रर्दशनहरू हुन थाले।[५]

त्यही क्रममा संघात्मक राज्य, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण जस्ता मागहरूका आठ दलमध्येको एक नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले ०६३ पुस १० गते मधेश बन्दको आह्वान गऱ्यो। देशका अन्य भागमा त बन्दको भोलिपल्टदेखि जनजीवन यथावत भयो। तर नेपालगञ्जमा भने बन्दको दोश्रो दिन अघिल्लो दिन भएको केही तोडफोडको विरोध गर्ने नाममा भएको उपद्रवका कारण तनाव बढ्दै गयो। वर्षको अन्त्यसम्म पनि नेपालगञ्जको तनाव कम हुन सकेन। नेपालगञ्जको घटनाले मधेशी समुदायलाई गम्भीर चोट पुऱ्यायो।

८. माओवादीको रूपान्तरण प्रयास र समस्या

यो वर्ष "संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-साँस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा ०५२ देखि

---

३. गुप्ता, जयप्रकाश, र अन्य । "के हो मधेशको समस्या : कसरी गर्ने समाधान" । गुप्ता, जयप्रकाश, र अन्य (सं) । *नेपाली मधेशीका समस्या : चार विचार* । काठमाडौं : मधेशी मानवअधिकार संरक्षण केन्द्र । ०६० । पृ. ७

४. "मधेश समस्याबारे सांसद भेला" । *कान्तिपुर* ०६३ साउन २१: पृ. ४

५. "अन्तरिम संविधान मधेशी विरोधी"। *कान्तिपुर* ०६३ पुस १०: पृ. ३

चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै" विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। बहुप्रतिक्षित उक्त सम्झौताले माओवादीको एक दशक लामो "जनयुद्ध"को पटाक्षेप गऱ्यो।

सन् १९९६ देखि प्रारम्भ भएको माओवादी "जनयुद्ध" व्यवहारमा लोकतन्त्र बहालीसँगै समाप्त भएको देखिन्छ। इन्सेकको अभिलेखअनुसार त्यसक्रममा कूल १३ हजार २ सय ८४ नेपालीको ज्यान गयो। त्यस अवधिमा सन् २००२ मा सबैभन्दा बढी मानव क्षति भएको देखिन्छ। *(हेर्नुहोस् : तालिका ४, राज्य र माओवादीद्वारा मारिएकाहरूको संख्या)*

यो वर्ष नेकपा (माओवादी) राजनीतिक मूलधारमा समाहित भयो। तर नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ जेठ १२ गते सम्पन्न युद्धविराम आचारसंहिता माओवादी पक्षद्वारा गरिएको अपहेलनाका कारण विवादमा परिरहयो। लोकतन्त्र बहालीपश्चात् पनि माओवादीका तर्फबाट व्यक्त गरिएका प्रतिबद्धताहरू तोडिएका उदाहरणहरू देशव्यापी रूपमा देखा परे। लोकतन्त्र बहालीको एक महिनापछि नेपाल सरकार तथा नेकपा (माओवादी)द्वारा जारी गरिएको २५ बुँदे आचारसंहितामा भयमुक्त नागरिक जीवनको सुनिश्चितता शीर्षकअन्तर्गत एउटा बुँदामा प्रष्ट भनियो- "जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने।" आचारसंहिताको अनुगमन गर्नका लागि एउटा उच्चस्तरीय समिति पनि बन्यो। तर, समयान्तरमा माओवादीद्वारा भइरहेको आचारसंहिता उल्लङ्घनसम्बन्धी विषयका कारण आचारसंहिता अनुगमन समितिसमेत विघटन हुन पुग्यो। त्यसबेला माओवादी पक्षद्वारा आचारसंहिताको उल्लंघन भएको जानकारी देशका विभिन्न ठाउँहरूबाट आएका थिए।

इन्सेक अभिलेखअनुसार ०६३ वैशाख १२ गतेदेखि साउन १७ गतेसम्मको सय दिनको अवधिमा माओवादीका तर्फबाट भएका जबरजस्ती चन्दा असुलीका ५९ घटना जानकारीमा आएका थिए। माओवादी कार्यकर्ताहरूले लोकतन्त्रपछिको पहिलो दशैंताका राजमार्गका विभिन्न ठाउँमा गरालो तेर्स्याएर चन्दा संकलन गरेका थिए।

सरकार र माओवादीबीच आचारसंहितामा हस्ताक्षर भइसकेको अवस्थामासमेत माओवादी कार्यकर्ताबाट जनतामा भएको ज्यादतीको एउटा उदाहरणका रूपमा लम्जुङको घटनालाई लिन सकिन्छ।

माओवादीले हिरासतमा परिणत गरेको त्यो घरबाहिर बिहानैदेखि मानिसहरू जम्मा भइरहेका थिए। हतियारधारी माओवादी कार्यकर्ताहरू भन्दैथिए- "आज हामी यसलाई अन्यत्रै लैजादै छौं।" तर ताल्चा लगाइएको कोठामा कल्याङ्मल्याङकै बीचमा कसैले भेन्टिलेसनबाट चिहायो। तत्कालै चिच्याउँदै त्यो युवक ओर्लियो- "गोरेलाई लास पारिसकेछन्।" व्यग्र गाउँबासीहरू एकाएक निर्भय भएर अगाडि सरे। गाउँबासीको आक्रोश देखेर एक हुल माओवादी भागे। तैपनि त्यस दिन गाउँलेहरूले आँट गरेर १३ जनालाई समाते। समातिएका सबैलाई त्यही कोठामा थुनियो। त्यसपछि सन्तबहादुरको हत्यालाई माओवादीले बाध्य भएर सार्वजनिक गर्नुपऱ्यो। माओवादीका एक नेताले उसको काजकिरियाका लागि भनेर अलिकति रकम पनि दिए।

ईशानेश्वर गाविस-२, लम्जुङमा भदौ २१ गते रातभर माओवादी कार्यकर्ताहरूद्वारा सन्तबहादुरउपर प्रदर्शित बर्बरताको सुरुदेखि अन्त्यसम्मका एकजना प्रत्यक्षदर्शी घटनाको यसरी स्मरण गर्दछन्- "राति ११.०० बजेतिर म सुत्न ओछ्यानमा पल्टिएँ। तर, निन्द्रा कसरी लाग्न सक्थ्यो ? मेरो कोठाकै सामुन्नेमा रहेको घरको एउटा कोठामा त्यस युवकलाई निर्घात कुटपिट गरिँदै थियो। भदौ २२ गते राति १.०० बजेसम्म गोरे भनिने सन्तबहादुरलाई निर्घात कुटेको आवाज र ऐय्या, आत्था, मरेँ जस्ता हृदयस्पर्शी क्रन्दनले पोल्दै थियो, ती प्रत्यक्षदर्शीलाई। करिब एक घण्टापछि आवाज बन्द भयो। तर एक्कासि कोही कड्किएको उनले सुने-"ए यो त स्वाङ पो पार्दैछ।" त्यसपछि केही घण्टा जीवन मरणको दोसाँधमा संघर्ष गर्दा गर्दै बिहान सवापाँच बजे ईशानेश्वर-१ निवासी सन्तबहादुर विकले अन्तिम सास फेरेका थिए।

०६३ भदौ २६ गते, लामा गाउँ, केराबारीको जंगल। एउटा १६ वर्षीय बालक अन्तिम आशाका साथ दौड्दै थियो। उसको सास फुलेर छाती फुट्ला जस्तो भएको थियो। तर ऊ जीवनको आशमा दौडदैं थियो। भागाभागमा उसले भीर पनि देखेन। झण्डै सय मिटर तल ऊ ढुन्मुनियो र अधमरो भएर हाँडीखोलामा ढल्यो। तर त्यो अवस्थामा पनि माओवादीमा दया जागेन। कुटपिटको क्रम यति बढ्यो कि ऊ क्षणभरमै निर्जीव हुन पुग्यो। त्यसबेला बिहानको ९.०० बजेको थियो। लासलाई छेउमै बालुवा र ढुंगाले पुरेर माओवादी कार्यकर्ताहरू त्यहाँबाट हिँडे।

०६३ साल भदौ २२ र २६ गते लम्जुङमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले एकजना दलित युवक र दलित समुदायकै एकजना बालकको विभत्सतापूर्वक हत्या गरे। केवल पाँच दिनको अन्तरालको घटनाक्रमले रूपान्तरणको क्रममा रहेको दावी गर्ने माओवादीभित्र अटाएको अपराधी मनोवृत्ति नराम्रोसँग पर्दाफास भयो। इन्सेकको अभिलेख अनुसार लोकतन्त्र बहालीपछिको तीन

सय दिनको अवधिमा मात्र माओवादीद्वारा ११ जना मारिएका थिए।

१६ वर्षीय कुमार परियारको हत्याका सम्बन्धमा स्थलगत अध्ययन गरेपश्चात् मानवअधिकारकर्मीहरूले निष्कर्ष प्रस्तुत गरे- "पटक पटक हत्यामा संलग्न हुने आफ्ना कार्यकर्ताहरूलाई नेकपा (माओवादी) लम्जुङले कथित अनुसन्धानको नाममा संरक्षण प्रदान गरेर दण्डहीनतालाई प्रश्रय दिनु हुँदैन। कानुनी कारवाहीका निम्ति दोषीहरूलाई प्रशासनसमक्ष बुझाउनै पर्दछ। त्यसो हुन सक्यो भने मात्र दोषीहरूलाई संरक्षण नदिइएको ठहर्दछ र दण्डहीनताले प्रश्रय पाउँदैन। अपराधलाई कुनै व्यक्ति विशेषको चरित्रभन्दा पर संस्थागत स्वरूप ग्रहण गर्नबाट रोक्ने हो भने माओवादीले निकै गम्भीर हुन सिक्नै पर्दछ।"


वर्षभरि नै देशका विभिन्न जिल्लाहरूबाट माओवादी ज्यादतीका सम्बन्धमा जानकारी आए। तर बर्दियामा माओवादीका नाममा स्थानीय काँग्रेस नेता सुशील ज्ञवालीको हत्या गर्ने दुईजनालाई प्रशासनसमक्ष बुझाएर नेकपा (माओवादी) ले प्रसंशनीय काम गऱ्यो। त्यसक्रममा माओवादीले अपराधिक तत्वलाई पार्टीमा संरक्षण नदिने बताएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकमा बर्दिया जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरण)*

९. मानवअधिकार उच्चायुक्तको कार्यालय उपस्थितिको अर्थ

नेपालमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको स्थापना नागरिक तथा राजनीतिक अधिकारहरूको व्यापक उल्लंघन भइरहेका बेला भएको थियो। सन् २००५ मा कार्यालयले मानवअधिकारको अवस्था अझ बिग्रन नदिन निर्वाह गरेको भूमिकाका सम्बन्धमा अघिल्लो वर्षको वर्षपुस्तकमा चर्चा गरिसकिएको छ। सन् २००६ मा पनि कार्यालयले मानवअधिकारका सवालहरूलाई महत्वका साथ उठाइरहेयो। जनआन्दोलनका समयमा सरकारद्वारा आन्दोलनकारीउपर गरिएको अत्यधिक बल प्रयोगका सम्बन्धमा कार्यालयले आपत्ति जनाइरहेयो।

राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले ०६३ जेठ १२ गते काठमाडौंको महाराजगञ्जमा रहेको तत्कालीन शाही नेपाली सेनाको भैरवनाथ गणमा स्वेच्छाचारी रूपमा यातना दिएर थुनिएका बन्दीहरू सम्बन्धी प्रतिवेदन प्रकाशित गऱ्यो। यातना र बेपत्तासम्बन्धी त्यस महत्वपूर्ण प्रतिवेदनमा कार्यालयले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँग सम्बन्ध भएको आशङ्कामा तत्कालीन शाही नेपाली सेनाद्वारा सन् २००३ मा पक्राउ गरिएका व्यक्तिहरूलाई बेपत्ता पारिएको घटनाको छानबिन गरी ४९ जनाको नाम सार्वजनिक गरेको थियो।

सेनाको हिरासतमा यातनाकै कारण मैना सुनुवारको मृत्यु भएको घटनाका सम्बन्धमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले ०६३ पुस ६ गते विस्तृत प्रतिवेदन प्रकाशित गऱ्यो। त्यसअवसरमा कार्यालयले मानवअधिकारको रक्षाका सम्बन्धमा सरकारमा राजनीतिक इच्छाको अभाव देखिएको जनाउँदै मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई उनीहरूले गरेको कार्यप्रति जवाफदेही बनाउन जोड दिएको थियो। सरकार र सुरक्षाफौजलाई मानवअधिकारप्रतिको प्रतिवद्धता व्यवहारमा रूपान्तरण गर्ने अवसरका रूपमा लिई मैना सुनुवारको यातना र मृत्युसम्बन्धी घटनाका दोषीउपर विश्वसनीय ढंगले कानुनी कारवाही अघि बढाउन



कार्यालयले माग गर्दै आएको छ। सरकार र सुरक्षा निकायले यस मामिलामा नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायसमक्ष मानवअधिकार र मानवीय कानुनप्रतिको प्रतिबद्धताको पालना गरेको देखाउनु पर्ने कुरा कार्यालयले उठाउँदै आएको छ।

कार्यालयले अघिल्लो वर्ष झैं सन् २००६ मा पनि माओवादीबाट भएका ज्यादतीहरूका सम्बन्धमा समय-समयमा ध्यानाकर्षण गरायो।

१०. मानवअधिकार : लोकतान्त्रिक सरकारको व्यवहार

०६३ वैशाखमा प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि इन्सेकलगायतका मानवअधिकार संस्थाहरूले प्रतिनिधिसभा र राजनीतिक दलहरूलाई मानवअधिकार र मानवीय कानुनसँग सम्बन्धित विभिन्न सन्धिहरूको अनुमोदन गर्न आग्रह गरेका थिए। ती सन्धिहरूमध्ये एक अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान थियो।


नेपालले जेनेभा महासन्धिलाई अनुमोदन गरेको ४२ वर्ष भइसकेको छ। तर अहिलेसम्म त्यसको प्रभावकारी कार्यान्वयनका निम्ति कानुनको निर्माण गरिएको छैन। सर्वोच्च अदालतले २०६० पुस २५ गते जेनेभा महासन्धि अनुरूपको कानुन बनाउन सरकारलाई निर्देशात्मक आदेश दिएको थियो। लोकतन्त्रको बहालीपश्चात् प्रतिनिधिसभाले ०६३ साउन ९ गते अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने व्यहोराको संकल्प प्रस्ताव पारित गऱ्यो। त्यति हुँदाहुँदै पनि वर्षको अन्त्यसम्मै सरकारले यी आदेशहरूको कार्यान्वयन गरेन।

यसबीच सरकारले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) को इच्छाधीन आलेख १९९९ लाई आरक्षण वा बन्देजसहित अनुमोदन गरियोस् भनी राखेको प्रस्ताव प्रतिनिधिसभामा ०६३ पुस ३ गते सर्वसम्मतिबाट पारित भयो। ०६३ मंसिर ११ गते सरकारले, आलेखको धारा १० (१) को व्यवस्था अनुसार धारा ८ र ९ को प्रयोजनका लागि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिसम्बन्धी समिति (सिड समिति) को क्षेत्राधिकारलाई स्वीकार नगर्ने निर्णय गरेको थियो। तर आलेखको धारा ८ र ९ मा व्यवस्था गरिएको सिड समितिद्वारा छानबिन गर्न सकिने व्यवस्था नेपालका सन्दर्भमा लागू नहुने सर्त राखिनु लोकतान्त्रिक सरकारका निम्ति अस्वभाविक छ।

आलेखको धारा ८ र ९ मा राष्ट्रियस्तरमा महिलाअधिकारको गम्भीर र चरणबद्ध उल्लंघन भएको स्थितिमा महिला महासन्धि अन्तर्गतको समितिले जाँचबुझ गर्न पाउने कार्यविधिको व्यवस्था गरिएको छ। धारा ८ मा कुनै पक्ष राष्ट्रले सिडमा उल्लेखित अधिकारको गम्भीर अथवा चरणबद्ध किसिमले उल्लंघन गरेको छ भन्ने विश्वसनीय जानकारी प्राप्त भएको खण्डमा, सिड समितिले त्यस्तो पक्ष राष्ट्रलाई सो जानकारीबारे छानबिन अघि बढाउने अभिप्रायका साथ अनुरोध गर्न सक्दछ। समितिले सरकारसँग त्यस विषयमा धारणा माग गर्नसक्ने व्यवस्था आलेखको धारा ८ मा गरिएको छ। आलेखको धारा ९ त्यस्तो छानबिनपछि अवलम्बन गरिएका उपायको विवरण पक्षराष्ट्रले महिला महासन्धिका सम्बन्धी आवधिक प्रतिवेदनमा समावेश गर्नु पर्ने सवालसँग सम्बन्धित छ।


तालिका नं. ५

विस्फोटमा परेका पीडितको संख्या (१ जुनदेखि ३१ डिसेम्बर २००६)



तालिका नं. ६

सन् १९९६ देखि सन् २००६ सम्म राज्य र माओवादीद्वारा बेपत्ता पारिएकाहरूको संख्या



धारा ८ र ९ लागू नगर्ने सर्तमा आलेखको अनुमोदन गरेर लोकतान्त्रिक सरकारले मूल मर्मका रूपमा रहेको जाँचबुझ कार्यविधिलाई नै अस्वीकार गऱ्यो।

यस वर्ष नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र र नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी प्रतिज्ञापत्रको आवधिक प्रतिवेदन क्रमश: ०६३ असार १६ गते ०६३ साउन २८ गते संयुक्त राष्ट्रसंघका सम्बन्धित समितिहरूमा बुझाइनु पर्ने थियो। सरकारले आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको दोस्रो आवधिक प्रतिवेदन उल्लेखित मितिमै संयुक्त राष्ट्रसंघको सम्बन्धित सन्धिजनित निकायमा बुझायो। तर नेपाल सरकारले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको प्रतिवेदन संयुक्त राष्ट्रसंघमा यस वर्ष पनि प्रस्तुत गर्न सकेन।

११. नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल

समग्रमा, सन् २००६ अधिनायकवादको पराजय, नेपाली जनताप्रति अभिव्यक्त अन्तराष्ट्रिय ऐक्यबद्धता, सक्रिय राजाको अधिकारमा गरिएको व्यापक कटौतीका कारण नेपाली इतिहासमा उल्लेखनीय रहने भएको छ। सात राजनीतिक दल र माओवादीबीच विभिन्न चरणमा वार्ता भए। दुवै पक्षबीच भएका शिखर बैठकमा कैयन निर्णयहरू भए। नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न शान्ति सम्झौतापछि ऐतिहासिक दस्तावेजहरू जारी गरिए। तर त्यस्ता निर्णयहरू साँघुरो वृत्तमा गरिएको गुनासो सार्वजनिक भए। ती निर्णयहरूप्रति अभिव्यक्त असहमतिहरूलाई सम्बोधन गर्ने सवालमा आठ राजनीतिक दल गम्भीर भएको देखिएन्। बढ्दै गएको असन्तुष्टिप्रति ध्यान दिइएन। फलत: वर्षको अन्त्यमा नेपालगञ्जमा दुखद् दङ्गाका कारण जनधनको क्षति हुन पुग्यो।

मानवअधिकार वर्षपुस्तक २००६ मा "गहिरिँदो राष्ट्रिय संकट" लाई उल्लेख्य विषय बनाइएको थियो। तर वर्षपुस्तक २००७ मा जनआन्दोलन-२ को उपलब्धि, लोकतन्त्रको बहालीपछि सात राजनीतिक दल र नेकपा (माओवादी) द्वारा अवलम्बन गरिएको नयाँ मार्गचित्र र संक्रमणकालका चुनौतिका सम्बन्धमा चर्चा गरिएको छ।

लोकतन्त्र स्थापनापूर्व सरकार र माओवादी दुवैतर्फबाट गम्भीर मानवअधिकार उल्लंघनको क्रम यथावत् नै थियो। सात दल र माओवादीबीच ऐतिहासिक शान्ति प्रक्रियाको सुरुवात गराउने गरी गत वर्ष भएको १२ बुँदे समझदारीबाट विधिवत् सुरु भएको सहयात्राले माओवादीलाई अन्ततः युद्ध अन्त्यको घोषणासम्मको अवस्थामा पुऱ्यायो। संविधानसभाको चुनावमार्फत् नयाँ

संविधान निर्माणसँगै वर्गीय, जातीय, लैंगिक, क्षेत्रीयलगायत्का समस्याहरू समाधान र राज्यको अग्रगामी पुनर्संरचना गर्ने लक्ष्यसहित वर्षको मध्यमा आएर शान्ति र लोकतान्त्रिकरणको प्रक्रियाले द्रुत गति लियो। यस वर्षपुस्तकमा सन् २००६ लाई दुई मुख्य भागमा विभाजन गरी मानवअधिकारको दृष्टिकोणमा विश्लेषण गरिएको छ। मानवअधिकार वर्षपुस्तक २००७ मा यस वर्षको उल्लेख्यअन्तर्गत 'नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल' शीर्षकमा सन् २००६ को अन्त्यसम्ममा देखिएको मानवअधिकारका चुनौतिका सम्बन्धमा चर्चा गरिएको छ। परिच्छेद: २, यस वर्षको उल्लेख्यको पहिलो भागमा लोकतन्त्रपूर्वको शाही सरकारले जनतामाथि गरेको दमनसँग सम्बन्धित सवालहरूको विवेचना गरिएको छ। दोस्रो भागमा लोकतन्त्र स्थापना र त्यसपछि देखिएका मानवअधिकारसम्बन्धी मूलभूत प्रवृत्ति र सरोकारका विषयहरूलाई केलाइएको छ।


सन् २००६ शाही शासन र लोकतान्त्रिक शासन अर्थात् राजाद्वारा अध्यक्षता गरिएको सरकार र जनआन्दोलनको बलमा स्थापित संसदद्वारा अनुमोदित सरकारको शासनको अवधिका रूपमा रह्यो। स्वभाविकरूपमा यी दुई भिन्न प्रकृतिका सरकारका चरित्र पनि भिन्न थिए। राजाको अध्यक्षतामा गठित सरकार विधिको शासनको विरुद्ध देखा पऱ्यो। त्यसलाई संसारभरि नै आदेशका आधारमा सञ्चालित, जनसहभागिता र जनअनुमोदनविहीन, आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रवाह गर्न असफल, समता, सामाजिक न्याय र मानवअधिकारविरोधी सरकारका रूपमा चिनियो। राजाको प्रत्यक्ष नेतृत्वमा रहेको सरकार गैरजिम्मेर वा जनउत्तरदायित्वविहीन, अपारदर्शी, केन्द्रीकृत, असहिष्णु वा हिंस्रक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अस्वीकृत थियो।

लोकतन्त्र स्थापनापछि जनआन्दोलनका बाहक सात दल विधिको शासनको अवलम्बनको प्रतिवद्धता व्यक्त गर्दै सरकारमा पुगे। सात दल आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रदायकर्ताको भावना अभिव्यक्त गर्दै समता, सामाजिक न्याय र मानवअधिकारका स्थापित अवधारणाहरूप्रति सम्मान प्रकट गर्ने दृढताकासाथ सरकार सञ्चालन गर्न अग्रसर भए। जनउत्तरदायित्व, पारदर्शिता र विकेन्द्रित शासनका संयन्त्रहरूको स्थापना, जनसहभागिताको स्थान, प्रतिनिधित्वपूर्ण जनअनुमोदनको आवश्यकता, राष्ट्रको समग्र परिवर्तन तथा अग्रगमनप्रतिको औपचारिक प्रतिबद्धता सात दलको प्रष्ट परिचय थियो। लोकतान्त्रिक सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सर्वस्वीकृत हुनु स्वभाविक थियो। लोकतन्त्रको बहाली भएको परिप्रेक्ष्यमा विद्रोही माओवादीको समेत विश्वासमा सात दलद्वारा स्थापित सरकार जनउत्तरदायी हुनु पनि उत्तिकै स्वभाविकै थियो।

तर सहभागिता, विधिको अनुशरण, जनउत्तरदायित्वको वोध, मानवअधिकारका मान्यताहरूको पूर्ण कार्यान्वयन, जनआवाजको सुनुवाई, दण्डहीनताको

तालिका नं. ७

नगरपालिका निर्वाचन, २०६२ : मतदानको स्थिति



अन्त्य, न्यायको प्रत्याभूतिजस्ता सवालहरूमा सरकार अपेक्षाकृत रूपमा सक्रिय देखिएन। संक्रमणकालीन अवस्थामा देखिएका समस्याहरूको समुचित सम्बोधनका सम्बन्धमा सरकारप्रति गरिएको अपेक्षा भने वर्षको अन्त्यसम्मै अधुरो रह्यो। लोकतन्त्र स्थापनासँगै सरकार, सात दल र माओवादीबीच भएको युद्धविराम, शान्ति वार्ता र शान्ति सम्झौतासँगै दशकभन्दा लामो समयदेखिको द्वन्द्व र मानवअधिकार उल्लंघनको विकराल अवस्थाबाट जनताले मुक्ति पाए।

१२. छरिएका विस्फोटक अवशेषः सकिएको कथाको बाँकी रहेको व्यथा


एक दशकभन्दा लामो हिंसात्मक द्वन्द्व समाप्त भइसकेको छ। तर देशमा त्यसका अवशेष बाँकी नै रहेका छन्। जथाभावी छरिएका विस्फोटक वस्तु युद्धका त्यस्ता अवशेष हुन्, जो आजको शान्तिपूर्ण नेपालमा पनि जीउ-धनको क्षति गराइरहेका छन्। सरकारले आम नागरिकलाई यस त्रासदीबाट मुक्त गर्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय सहयोग नियोग एवम् देशका गैरसरकारी संस्थाहरूको समन्वयमा प्रभावकारी अभियान चलाउन सक्नु पर्दछ। हिंसाबाट शान्तितर्फको संक्रमणकालमा सेना तथा अस्त्रको अनुगमनसम्बन्धी कार्यअन्तर्गत सम्बोधन गरिनुपर्ने एउटा प्रमुख कार्य युद्धका विस्फोटक अवशेषको खोजी, पहिचान र विर्सजन हो। जसका लागि विगतको युद्धका दुवै पक्षले एकअर्कालाई छरिएका विस्फोटक वस्तुसम्बन्धी सूचनाका आदानप्रदान गर्न जरुरी हुन्छ। सरकार र नेकपा (माओवादी) बीच सम्पन्न हतियार र सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौतामा हतियार भण्डार तथा नियन्त्रण शीर्षक अन्तर्गत "दुवै पक्षले सशस्त्र द्वन्द्वका बेला प्रयोग गरिएका धराप तथा वारुदी सुरुङका विषयमा तीस दिनभित्र एकले अर्कालाई जानकारी दिएर चिनो लगाउने कार्यमा सहयोग पुऱ्याउनु पर्ने र साठी दिनभित्र त्यस्ता विस्फोटक पदार्थलाई हटाउनु वा निस्क्रिय तुल्याउनुपर्ने" प्रावधान राखिएको छ। उल्लेखित प्रावधानलाई कतिपयले सुरुमै अति महत्वाकांक्षी ठहऱ्याएका थिए। तर त्यस प्रावधानले विस्फोटक अवशेषको भयावह समस्यालाई सम्बोधन भने गरेको थियो।

संयुक्त राष्ट्रसंघीय बाल विकास कोष (युनिसेफ) का अनुसार नेपाल विस्फोटक पदार्थहरूबाट अति प्रभावित देशहरूको सूचीमा पर्दछ। तर, विगतको हिंसात्मक द्वन्द्वका अवशेष विस्फोटक वस्तुसिर्जित घटना वा समस्याको परिमाणका सम्बन्धमा भरपर्दो सूचनाको अभाव रहँदै आएको छ। जसले गर्दा समस्या निराकरणका निम्ति यथोचित पहल हुन सकेको छैन।

त्यसैले दशकभन्दा लामो समयदेखि मानवअधिकारसम्बन्धी सूचना संकलन र प्रस्तुतिमा संलग्न इन्सेक विगत एक वर्षदेखि विस्फोटक अवशेषसम्बन्धी सूचनाको खोजी तथा प्रसारमा समेत संलग्न भएको छ। इन्सेक अभिलेखमा रहेका सूचनाले प्रष्ट देखाएको छ- जथाभावी छरिएका विस्फोटक अवशेष शान्ति कायम भएको आजको नेपालमा गम्भीर समस्या हो।

०६३ जेठ १८ देखि इन्सेकले सुरु गरेको विस्फोटक अवशेषको सक्रिय अनुगमन र युनिसेफद्वारा गरिएको इन्सेक एवम् सञ्चार माध्यमबाट प्रसार गरिएका सूचनाको अनुगमनका आधारमा सन् २००६ को अन्त्यसम्म देशव्यापीरूपमा बेवारिसे विस्फोटकका कारण ९८ घटनामा १ सय ६९ जना सर्वसाधारण प्रभावित भए। सन् २००६ मा ३८ जना त्यसप्रकारको विस्फोटकबाट मारिए र १ सय ३१ जना घाइते भए। बेवारिसे अवस्थामा छाडिएका विस्फोटकबाट बालबालिका सबभन्दा बढी प्रभावित भएको देखिन्छ। त्यस्ता घटनामा घाइते भएका मध्ये ५४ प्रतिशत बालबालिका थिए। देशका पचहत्तरमध्ये

तालिका नं. ८ **छरिएका विस्फोटक अवशेष : विस्फोट भएका स्थान**



तालिका नं. ९

क्र.सं.	नेपालले तत्काल अनुमोदन गर्नुपर्ने अन्तर्राष्ट्रिय सन्धि–महासन्धि
१.	सशस्त्र संघर्षमा संलग्न बालबालिकाको अधिकार महासन्धिको ऐच्छिक आलेख, २०००
२.	यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार विरूद्धको महासन्धिको ऐच्छिक आलेख, २००२
३.	अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८
४.	गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्ष सम्बन्धी जेनेभा महासन्धिको अतिरिक्त आलेख, १९७७
५.	अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २०००
६.	सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०
७.	मानवविरूद्ध लक्षित वारूदी सुरूङ्को प्रयोग, भण्डारण, उत्पादन तथा ओसारपसारमाथि प्रतिबन्ध तथा तिनका विनाशसम्बन्धी महासन्धि १८ सेप्टेम्बर, १९९७

५१ जिल्ला विस्फोटबाट प्रभावित भएको देखिन्छ। संकलित सूचनाले विस्फोटका अधिकांश घटना घरभित्रै भएको देखाउँछ। *(हेर्नुहोस् तालिका ८)*

१३. निष्कर्ष र सुझाव

नेपालमा संविधानसभाको निर्वाचन गरिने चर्चा सर्वप्रथम ००७ फागुन ७ गते राजा त्रिभुवनको सम्बोधनमा भएको थियो। त्यसपछि समय-समयमा यसको चर्चा भइरह्यो। तर नेपालका राजनीतिक शक्तिहरू यसको आवश्यकताप्रति आश्वस्त हुन सकेका थिएनन्। पछिल्लो समयमा नेकपा (माओवादी) ले यो मुद्दा उठाउँदा ठूला र लोकप्रिय राजनीतिक दलहरू संविधानसभाको औचित्यप्रति सहमत हुन सकेका थिएनन्। यसपटक भने संविधानसभाको निर्वाचनमार्फत नयाँ नेपालको खाका तयार गर्ने सवालमा आठ दल सहमत भएपछि जनआन्दोलन सफल हुन सक्यो।

यसरी संविधानसभाको चुनावको माध्यमबाट नेपालमा दिगो शान्तिको मार्ग प्रशस्त हुने देखिएको छ। मानवअधिकार र सामाजिक न्यायको स्थापनाका निम्ति संविधानसभाको निर्वाचनलाई सफल तुल्याउनु पर्दछ भन्ने कुरामा सम्पूर्ण राष्ट्र एक हुन पुगेको छ। तर नयाँ संविधान सारभूत रूपमै समावेशी चरित्रको हुनु पर्दछ भन्ने आमधारणाको बेवास्ता गरिनु हुँदैन। तसर्थ, सरकारले समावेशी चरित्रको संविधान निर्माणका निम्ति संविधानसभाको निर्वाचन सफल हुनसक्ने वातावरण तयार गर्न ध्यान केन्द्रित गर्नु पर्दछ।

नेपालमा मानवअधिकारको संरक्षण र सम्वर्धन गर्न प्रभावकारी संयन्त्रहरूको व्यवस्था गरिनु पर्दछ। यतिखेर लोकतान्त्रिक सरकारको काँधमा प्रभावकारी राष्ट्रिय मानवअधिकार आयोगको गठन गर्नुपर्ने महत्वपूर्ण दायित्व रहेको छ। विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लंघनका घटनामा पीडित भएकाहरूलाई न्याय दिलाउन आवश्यक संयन्त्रहरू पनि तत्काल निर्माण गर्नु जरुरी छ। साथै, सरकारले मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी सातओटा संयन्त्रहरूको तत्काल अनुमोदन गर्नुपर्ने माग राष्ट्रिय-अन्तराष्ट्रिय मानवअधिकार संस्थाहरूले गर्दै आएका छन्। *(हेर्नुहोस्, तालिका : ९)* लोकतान्त्रिक सरकारसँग मानवअधिकार र मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूप्रतिको सम्मानको विश्वव्यापी रूपमै अपेक्षा गरिएको छ।

सरकारले दिगो शान्तिको मार्ग प्रशस्त गर्दै संक्रमणकालीन न्यायको प्रत्याभूति गर्नु आवश्यक छ। लोकतन्त्रलाई सुदृढ तुल्याउनका निम्ति लामो समयदेखिको संरचनात्मक हिंसाका जराहरू नामेट गर्नु जरुरी छ। लोकतन्त्रलाई साँचोअर्थमा समावेशी बनाउन जनजाति, मधेशी, दलित र महिलालाई राज्यले समेट्दै लैजान सक्नु पर्दछ। वञ्चित समुदायका निम्ति शान्ति र लोकतन्त्रको अर्थ सम्मान, पहिचान, अवसर र अधिकार हो। लोकतान्त्रिक सरकार यसतर्फ विशेष सचेष्ट हुनु जरुरी छ।

कुन्दन अर्याल
प्रधान सम्पादक

परिच्छेद २

नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल

१. पृष्ठभूमि

वर्ष सन् २००६ नेपालमा शान्ति स्थापनाका लागि चालिएका कदमहरूका कारण इतिहासमा उल्लेखनीय रहनेछ। वर्षको सुरुवातमै नेपालमा दिगो शान्ति स्थापनाका लागि सात दल र नेकपा (माओवादी) बीच सहकार्यको थालनी भयो। त्यसकै फलस्वरूप पहिलो चौमासिकको अवधिभित्रै राजाको अधिनायकवादी शासनको अन्त्य हुनसक्यो। यही वर्ष एक दशकभन्दा लामो सशस्त्र संघर्ष समाप्तिको घोषणाका कारण जनताले शान्तिको सास फेर्ने मौका पाए। शान्ति स्थापनाका लागि भएका विभिन्न चरणबद्ध कार्यक्रमहरूका साथै नेकपा (माओवादी) र सात दलबीच सम्पन्न विभिन्न सम्झौताहरूका माध्यमबाट देशमा स्थायी शान्ति स्थापनातर्फ उल्लेखनीय पहल सुरु गरियो। चरणबद्धरूपमा भएको शान्ति वार्तापछि नेपाल सरकार र नेकपा (माओवादी) बीच बृहद् शान्ति सम्झौता सम्पन्न भयो। तर, सम्झौता कार्यान्वयन हुँदा नहुँदै वर्षको अन्त्य हुन गयो।

समग्रमा, सन् २००६ अधिनायकवादको पराजय, नेपाली जनताप्रति अभिव्यक्त अन्तर्राष्ट्रिय ऐक्यबद्धता र सक्रिय राजाको अधिकारमा गरिएको व्यापक कटौतीका कारण नेपाली इतिहासमा उल्लेखनीय रहने भएको छ। तर सात दल र माओवादीबीच विभिन्न चरणमा भएका वार्ता, त्यसपछि शीर्ष बैठकमा भएका निर्णयहरू, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न शान्ति सम्झौता, सात दल र माओवादी बीच भएको अन्तरिम संविधानमा सहमतिलगायत्का ऐतिहासिक दस्तावेजहरूप्रति अभिव्यक्त असहमतिहरूलाई सम्बोधन गर्ने सवालमा सात दल र माओवादी गम्भीर देखिएनन्। फलत: वर्षको अन्त्यमा नेपालगञ्जमा दुखद् दंगाका कारण जनधनको क्षति हुन पुग्यो।

मानवअधिकार वर्ष पुस्तक २००६ मा राष्ट्र गहिरो संकटमा परेको विषयलाई वर्षको उल्लेख्यका रूपमा प्रस्तुत गरिएको थियो। तर, वर्ष पुस्तक २००७ को यस परिच्छेदमा जनआन्दोलन-२ को उपलब्धि, लोकतन्त्रको बहालीपछि सात दल र नेकपा (माओवादी) द्वारा अवलम्बन गरिएको नयाँ मार्गचित्र र संक्रमणकालका चुनौतिका सम्बन्धमा चर्चा गरिएको छ।

२.निरंकुशता विरोधी लहर

२.१ राजाको प्रत्युत्पादक रणनीति: कथित नगर निर्वाचन

वर्षको सुरुका चार महिनामा स्वतन्त्ररूपमा शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारमाथि शाही सरकारले बन्देज लगायो। राजाले प्रत्यक्ष शासनभार आफ्नो हातमा लिएको एक वर्ष पुग्न लागेको बेला त्यसको विरुद्धमा आयोजना गरिएका विरोध कार्यक्रमहरू सम्पन्न हुन नदिन सरकार दमनमा ओर्लियो। घोषित नगर निर्वाचनको विरोधमा उत्रिएका राजनीतिकर्मीहरूमाथि सरकार जाइलाग्यो। सात दलको पूर्व निर्धारित विरोध प्रदर्शन रोक्न शाही सरकार कर्फ्यू र निषेधाज्ञा जारी गर्न पछि परेन। ०६२ माघ ७ गते आयोजना गरिएको विरोध प्रदर्शन रोक्न जारी गरिएको कर्फ्यूको अवज्ञा गर्दै भएको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरी सयौं प्रदर्शनकारीहरूलाई गिरफ्तार गरे। दिनहुँ राजनीतिक दलका नेता/कार्यकर्ताहरू गिरफ्तार हुन थाले।

सरकारद्वारा घोषित नगर निर्वाचनलाई शान्तिपूर्णरूपमा सक्रिय बहिस्कार गर्ने घोषणा गर्दै दाङको घोराहीमा ०६२ माघ २६ गते सात दलले शान्तिपूर्ण प्रदर्शन गरिरहेका थिए। सुरक्षाफौजले झण्डै ५० देखि ६० राउण्ड गोली प्रहार गरे। सोही क्रममा हिँड्दै गरेका नेकपा (एमाले) का कार्यकर्ता उमेशचन्द्र थापाको गोली लागी मृत्यु भयो भने नेपाली काँग्रेसका क्षेत्रीय प्रतिनिधि कृष्ण गिरी घाइते भए।[१] शान्तिपूर्ण आन्दोलन दबाउने नाममा सरकारले मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमाथि नै कुठाराघात गऱ्यो। एसियाली मानवअधिकार आयोगले ०६३ पुस ६ गते एक प्रतिवेदन प्रकाशित गर्दै राजाद्वारा हत्याइएको शासनको एकवर्ष पुगेको अवस्था र नगर निर्वाचनका विरुद्ध गरिएको प्रदर्शनले कर्फ्यू, सामुहिक गिरफ्तारी, मानवअधिकार रक्षकहरूमाथि बढ्दो खतरा र हिंसात्मक दमनको सामना गर्नु परेको बतायो।[२]

निर्वाचनका नाममा संसारका सामू आफ्नो शासनलाई वैधता दिलाउने राजाको प्रयत्न विफल हुन पुग्यो। निर्वाचनको नौटंकीले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा सरकारको मुखुण्डो उघाऱ्यो।

---

१. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति। "घोराही गोली काण्ड : मानवअधिकार अनुगमन प्रतिवेदन (दाङ जिल्लाको घोराहीमा ०६२ माघ २६ गते सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट उमेशचन्द्र थापाको मृत्यु भएको घटनासम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन)"। अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ माघ २८

२. Asian Human Righs Commission. "NEPAL: The Human Rights Situation in 2006 (Impunity for Abuses as Country Undergoes Resolution)". *http://material.ahrchk.net/hrreport/2006/*. 21 December 2006

२.२ जनताको बज्रमुक्का: जनआन्दोलन-२

०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शेरबहादुर देउवाको सरकारलाई वर्खास्त गरी सम्पूर्ण शासन अधिकार आफ्नो हातमा लिएपछि देशमा प्रजातान्त्रिक अभ्यास औपचारिकरूपमै समाप्त भएको थियो। शासन अधिकार आफ्नो हातमा लिएपछि देशमा संकटकाल घोषणा गरियो र जनताका मौलिक हक अधिकारहरू निलम्बन गरियो। देशलाई निरंकुशताको खाडलतिर धकेल्दै लैजाने सक्दो प्रयास शाही सरकारले गऱ्यो। ०४६ सालका जनआन्दोलनकारीहरू र राजाको समझदारीका आधारमा निर्माण गरिएको संविधान २०४७ ले मौलिक अधिकारका रूपमा व्यवस्था गरेका मानवअधिकार र नागरिक स्वतन्त्रताहरू ०६१ माघ १९ पछि घोषितरूपमै अपहरित भए।[३] यो क्रम राजाले आफ्नो शासनकाल भरी नै जारी राखे।

सात दलले ०६२ चैत २४ देखि २७ गतेसम्मको आमहड्ताल आह्वान गरे। आमहड्तालालाई रोक्न प्रदर्शनको अघिल्लो दिनदेखि नै व्यापकरूपमा राजनीतिक कार्यकर्ताहरूको गिरफ्तारी सुरु गरियो। मध्यरातमा राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई घर-घरभित्र पसी गिरफ्तार गर्न थालियो। गिरफ्तार गरिएका सबैलाई शान्ति सुरक्षा बिथोलेको अभियोग लगाउँदै तीन महिने पक्राउ पूर्जी थमाइयो। सरकारले सर्वसाधारणलाई विभिन्न जिल्लाहरूबाट काठमाडौं प्रवेशमा समेत रोक लगाउन खोज्यो। गृहमन्त्रालयले सर्वसाधारणका नाममा अति आवश्यक कार्य पर्दाबाहेक काठमाडौं आउने योजना स्थगित गर्न गोरखापत्रमा एक सूचना नै जारी गऱ्यो।[४] उक्त सूचनामा भनिएको थियो- "आतंककारी समूहले गत चैत ६ गते एक वक्तव्य प्रकाशित गरी सात दल र आतकंकारीहरूका बीचमा सहमति र समझदारी कायम भई कथित आमहड्ताल र विरोध प्रदर्शनजस्ता जनविरोधी कार्यक्रम गर्ने भएको तथा ती कार्यक्रमहरूमा आतंककारीहरूले आफ्ना कार्यकर्ताहरूलाई सक्रियरूपमा सहभागी हुन आह्वान गरेको तथ्य जानकारी हुन आएको छ। प्रचलित कानुनले आतंककारीहरूलाई त्यस्ता क्रियाकलाप गर्न, गराउन पूर्णतया निषेध गरेको छ। कानुनद्वारा निषेध गरिएको विध्वंसात्मक एवम् आतंककारी क्रियाकलापलाई नियन्त्रण गर्न श्री ५ को सरकारले प्रभावकारी एवम् कडा सुरक्षा व्यवस्था मिलाएको छ। आतंककारीका गतिविधिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरूले आवश्यक कारवाही गर्ने हुँदा आतंककारीहरूले आयोजना

प्रकोष्ठ : १

श्री ५ को सरकार गृहमन्त्रालयको अनुरोध

आतङ्ककारी समूहले गत चैत ६ गते एक वक्तव्य प्रकाशित गरी सात दल र आतङ्ककारीहरूका बीचमा सहमति र समझदारी कायम भई कथित आमहड्ताल र विरोध प्रदर्शनजस्ता जनविरोधी कार्यक्रम गर्ने भएको तथा ती कार्यक्रमहरूमा आतङ्ककारीहरूले आफ्ना कार्यकर्ताहरूलाई सक्रियरूपमा सहभागी हुन आह्वान गरेको तथ्य जानकारी हुन आएको छ। प्रचलित कानुनले आतङ्ककारीहरूलाई त्यस्ता क्रियाकलाप गर्न, गराउन पूर्णतया निषेध गरेको छ। कानुनद्वारा निषेध गरिएको विध्वंसात्मक एवम् आतङ्ककारी क्रियाकलापलाई नियन्त्रण गर्न श्री ५ को सरकारले प्रभावकारी एवम् कडा सुरक्षा व्यवस्था मिलाएको छ। आतङ्ककारीका गतिविधिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरूले आवश्यक कारवाही गर्ने हुँदा आतङ्ककारीहरूले आयोजना गरेको वा आतङ्ककारीहरू संलग्न हुने सम्भावना रहेको कुनै पनि गतिविधिबाट अलग रहन श्री ५ को सरकार सर्वसाधारण जनतामा अनुरोध गर्दछ।

१. अति आवश्यक कार्य पर्दा बाहेक कथित कार्यक्रम अवधिमा उपत्यकाबाहिरबाट आउनु हुने व्यक्तिहरूले भरसक काठमाडौं आउन कार्यक्रम पर सार्ने।
२. कसैको धम्की, बहकाव वा होहल्लामा नलागी उद्योगधन्दा, शिक्षण संस्थाहरू, सार्वजनिक यातायातका साधनहरू, व्यवसाय तथा दैनिक कार्य निर्धक्क एवम् निर्भयका साथ सञ्चालन गर्ने।
३. सुरक्षा जाँच गर्ने क्रममा सुरक्षाकर्मीहरूबाट परिचय खुल्ने कागजपत्रको मागसमेत गर्ने भएको हुँदा आगावगमन गर्दा आफ्नो परिचय खुल्ने कागजपत्र साथमा राख्ने।
४. सार्वजनिकस्थल र छरछिमेकमा शङ्कास्पद व्यक्ति वा वस्तु वा अवाञ्छित गतिविधि देखिएमा तत्काल नजिकको सुरक्षा निकायमा खबर गर्ने।
५. आतङ्ककारीहरूद्वारा प्रलोभनमा पारी वा जबर्जस्ती निजी तथा भाडाका सवारी साधनहरू प्रयोग गर्ने गरेको देखिएको हुँदा यस किसिमको कार्य भएमा तत्काल नजिकको सुरक्षा निकायमा खबर गर्ने।
६. आतङ्ककारीहरू होटल, लज, धर्मशाला तथा छात्रावासमा लुकिछिपी बस्न सक्ने भएको हुँदा व्यवस्थापन पक्षले सजगता अपनाउने र शङ्कास्पद व्यक्तिहरू देखिएमा तुरून्त नजिकको सुरक्षा निकायलाई जानकारी गराउने।

श्री ५ को सरकार सर्वसधारणको जीउधनको सुरक्षा गर्ने वा शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा सबै क्षेत्रमा प्राप्त सकारात्मक सहयोग र सद्भावका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछ र यस प्रकारको सहयोग तथा सद्भाव सदैव प्राप्त हुने अपेक्षासमेत राख्दछ। *मिति : ०६२ चैत २३ गते*

३. इन्सेक। "गहिरिँदो राष्ट्रिय संकट"। *मानवअधिकार वर्ष पुस्तक २००६*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००६ । पृ. १९
४. "श्री ५ को सरकार गृह मन्त्रालयको अनुरोध" । *गोरखापत्र* ०६२ चैत २३: पृ. १

गरेको वा आतंककारीहरू संलग्न हुने सम्भावना रहेको कुनै पनि गतिविधिबाट अलग रहन श्री ५ को सरकार सर्वसाधारण जनतामा अनुरोध गर्दछ।"[५]

दमन बढाउँदै लैजाने क्रममा राजधानीलगायत् विभिन्न जिल्लाका प्रमुख सार्वजनिक स्थलहरूलाई प्रतिबन्धित क्षेत्र घोषणा गरियो। सरकारले सात दलको आन्दोलनमा माओवादी लडाकुहरूको घुसपैठ भइरहेको प्रचारबाजी गर्न खोज्यो। वास्तवमा सरकार शान्तिपूर्ण आन्दोलन बिथोल्नका लागि माओवादीको घुसपैठ भएको प्रचारबाजी गर्दै प्रदर्शनमा व्यापक बल प्रयोग गर्ने वातावरण बनाउन खोज्दै थियो।[६] ०६२ चैत १५ गते तत्कालीन गृहमन्त्री कमल थापाले एक पत्रकार सम्मेलनको आयोजना गरी सात दलले आह्वान गरेको चैत २४ देखि २७ सम्मको आमहड्ताल वास्तवमा विद्रोही माओवादीको कार्यक्रम भएको आरोप लगाए। थापाले सात दलको कुनै प्रष्ट माग नभएको भन्दै तत्कालीन आन्दोलनले ०४६ सालको आन्दोलनले जस्तो परिवर्तन ल्याउन नसक्ने बताए।[७]

सात दलले शान्तिपूर्ण भनिरहेको आन्दोलनमा सशस्त्र माओवादीको संलग्नता रहेको साबित गर्नका लागि शाही सरकार बहाना खोजिरहेको थियो। त्यही क्रममा सुरक्षा फौजले ०६३ चैत २९ गते काठमाडौंको गोंगबुमा एउटा घिनलाग्दो नाटक मञ्चन गऱ्यो। प्रदर्शनमा माओवादीको हतियारसहितको संलग्नता देखाउन एआइजी रूपसागर मोक्तानको घरबाट गोली चलाइयो र माओवादीले गोली चलाएको अफवाह फैलाइयो। पछि रूपसागर मोक्तानको घरबाट गोली हान्ने प्रहरी नै भएको साबित भयो।[८] नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधिलगायत् मानवअधिकार संघसंस्थाका प्रतिनिधिहरूका अगाडि नै सुरक्षा नियकाले त्यस्तो चरित्र प्रस्तुत गऱ्यो।

सरकारले आफूले सम्पूर्ण संयुक्त राष्ट्रसंघीय सन्धि-महासन्धिहरूलाई लत्याउँदै आन्दोलनकारीहरूमाथि सुरक्षाफौज परिचालन गरी अत्यधिक बल प्रयोग गऱ्यो। संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ का साथै मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र १९४८ ले प्रत्याभूत गरेको जनताको स्वतन्त्रतापूर्वक हिँडडूल र प्रदर्शन गर्न पाउने अधिकारमाथि व्यवधान उत्पन्न गर्न र आन्दोलन दबाउन राजधानीलगायत्का विभिन्न जिल्लाहरूमा कर्फ्यू लगाइयो। सरकारले आन्दोलनको सुरुदेखि अन्त्यसम्म अर्थात् १९ दिन भरी नै राजधानीमा कर्फ्यू जारी राख्यो। राजधानीमा पाँचदेखि २४ घण्टासम्म निरन्तर कर्फ्यू लगाइयो।[९] तर लोकतन्त्र प्राप्तिको जनचाहनालाई भने कर्फ्यूले रोक्न सकेन। सुरक्षाफौजले प्रदर्शनकारीहरूमाथि धातुका गोली, रबरका गोली, अश्रुग्यास प्रहार गर्नुका साथै व्यापक लाठीचार्ज गऱ्यो। अत्यधिक बल प्रयोगका कारण हजारौं व्यक्ति घाइते तथा अङ्गभङ्ग हुन पुगे। त्यसपछि सात दलले आन्दोलनलाई २७ गतेसम्म सीमित नपारेर निरन्तर अघि बढाए।

अत्यधिक बल प्रयोग गर्दागर्दै पनि जनता पछि नहटेपछि र व्यापकरूपमा अन्तर्राष्ट्रिय दबाब परेपछि राजाले ०६३ वैशाख ८ गते साँझ सञ्चार माध्यमबाट सम्बोधन गरी मन्त्रिपरिषद् गठन गर्नका लागि यथाशीघ्र प्रधानमन्त्री पदका निम्ति नाम सिफारिस गर्न सात दललाई आह्वान गरे।[१०] राजा ज्ञानेन्द्रले आफ्नो सम्बोधनमा राज्य शक्तिको श्रोत जनता नै भएकाले देश र जनताको हितमा सद्भावना र सहमति बनाएर, शान्ति सुव्यवस्था कायम गर्नु पर्दछ भन्दै बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याउन देशलाई समुन्नतीको बाटोमा अग्रसर गराउनु पर्छ भने। राजाले निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनुपर्दछ भन्दै प्रधानमन्त्रीको नाम सिफारिश गर्न आह्वान गरेका थिए।[११] तर सात दलले राजाको सम्बोधनलाई लोकतान्त्रिक आन्दोलनको लक्ष र एजेण्डा नसमेटेको भन्दै अस्वीकार गरे। प्रतिनिधिसभाको पुनर्स्थापना, सर्वदलीय सरकारको गठन, माओवादीसँगको वार्ता र माओवादी

---

५. पूर्ववत्

६. Aryal, Kundan, and Upendra Kumar Poudel, (eds.) *Jana Andolan-II: A Witness Account (A Report of Human Rights Violation by the King's Government during Nineteen Days of the Movement)*. Kathmandu: Informal Sector Service Centre. p. 5

७. पूर्ववत्

८. पूर्ववत् पृ. ६

९. पूर्ववत् पृ. २१७

१०. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=27* । ०६३ वैशाख ८

११. पूर्ववत्

प्रकोष्ठ : २

राजा ज्ञानेन्द्रबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा

वैशाख ८ , २०६३

प्यारा देशवासीहरू,

नेपालीहरूको संयुक्त विवेकको निर्क्यौल, सझदारी र संयुक्त प्रयासबाट शान्ति सुव्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा जननिर्वाचित निकायहरूलाई जीवन्त तुल्याएर बहुदलीय प्रजातन्त्रलाई सार्थक अभ्यासमा उन्मुख गराउन हामीबाट तत्कालीन परिस्थितिमा बाध्य भै २०६१ माघ १९ गते कदम चाल्नु परेको कुरा सर्वविदितै छ। हाम्रो यो कदममा साथ दिएर आमजनताले शान्ति र प्रजातन्त्र नै आफ्नो चाहना भएको पुष्टि गरे, राष्ट्र सेवकहरूले कर्तव्यपरायणता देखाए, हामी यसको सह्राना गर्दछौं। आफ्नो गौरवमय परम्परालाई अघि बढाउँदै सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी कदर गर्दछौं।

हामीबाट देशका सबै भागहरूमा गएर जनताको पीरमर्का र चाहना बुझी आँसु पुछ्ने प्रयास पनि गर्‍यौं। जनताको ढाढस बढाउन कोसिस पनि गरेकै हो। हत्या, हिंसा र आतंकबाट पीडित देश र जनताको हितमा सम्वादको बाटोमा आउन राजनीतिक दलहरूलाई आह्वान पनि गर्‍यौं। तर यो साकार भएन। प्रजातन्त्रको आदर्श प्राप्तिको लागि राजनीतिक दलहरूको सक्रिय संलग्नता र सहभागिता अनिवार्य हुन्छ। यसका साथै, देश र जनताको बृहत हित तथा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउने शाहवंशीय परम्परा रहेको तथा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा हाम्रो अटुट प्रतिबद्धता भएकोले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यकको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ बमोजिम हुने गरी जनताको नाशो जनतालाई नै फर्काएका छौं। राज्यशक्तिको श्रोत जनता नै भएकाले देश र जनताको हितमा सद्भावना र सहमति बनाए, शान्ति, सुव्यवस्था कायम गर्नु पर्दछ। बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याएर देशलाई शान्ति र समुन्नतिको बाटोमा अग्रसर गराउनु पर्दछ। यसैगरी निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू, क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनुपर्दछ। यसका लागि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्ने मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदको लागि यथाशिघ्र नाम सिफारिस गर्न सात राजनीतिक दलहरूको गठबन्धनलाई हामी आह्वान गर्दछौं। यसरी प्रधानमन्त्रीको नियुक्ति नभएसम्म मौजुदा मन्त्रिपरिषद्ले नै कार्यभार सम्हाली रहने छ।

श्री पशुपतिनाथले हामी सबैको कयाल्ण गरून् !

जय नेपाल !

वैशाख ११ , २०६३

प्यारा देशवासीहरू,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम् गर्दै वर्तमान जनआन्दोलन मार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत् समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत् पुनस्थापित गरिबक्सेका छौं। बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवं समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौं। पुनस्थापित प्रतिनिधिसभाको बैठक २०६३ साल वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसदभवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेकाछौं।

नेपाल र नेपालीको बृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ।

जन आन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवं आहत भएका सबैप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्णप्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कर्याण गरून् !

जय नेपाल !

सहितको संविधानसभाको चुनाव नै देशले भोगिरहेको समस्या समाधान गर्ने बाटो भएको पार्टीहरूले बताए।[१२] राजाको सम्बोधनको भोलिपल्ट जनता झन् आक्रोशित भएर प्रदर्शनमा ओर्लिए।

अन्ततः ०६३ वैशाख ११ गते राती साढे ११ बजे राजा ज्ञानेन्द्रले नेपाल अधिराज्यको राज्यशक्तिको श्रोत नेपाली जनतामा नै भएको र नेपालको सार्वभौम सत्ता एवम् राजकीयसत्ता नेपाली जनतामै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत् सात दलको मार्गचित्रको आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत् समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम ०५९ साल जेठ ८ गते विघटित प्रतिनिधिसभालाई पुनस्थापित गर्ने घोषणा गरी सम्पूर्ण अधिकार जनतामा नै फिर्ता गरे।[१३] अधिनायकवादी शासन र निरंकुशतन्त्र एक्काइसौं शताब्दीमा कुनै पनि शर्तमा मान्य नहुने दृष्टान्त नेपालको घटनाक्रमले विश्वसामू प्रस्तुत गऱ्यो।

२.३ राजालाई चुनौतिः अन्तर्राष्ट्रिय निगरानी

आन्दोलन दबाउन अख्तियार गरिएको दमनकारी कार्यहरूलाई रोक्न नेपालका विभिन्न मानवअधिकार संघसंस्थाहरूले अन्तर्राष्ट्रियरूपमा व्यापक विरोध गरे। सरकारले जतिसुकै बन्देज लगाए पनि संयुक्त राष्ट्रसंघका निकायहरूलगायत् अन्तर्राष्ट्रिय मनवअधिकार संस्थाहरूमा नेपालका सूचनाहरू पुगिरहे।

प्रदर्शन दबाउन गरिएको अत्यधिक बल प्रयोगको संयुक्त राष्ट्रसंघलगायत् विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संघसंस्थाहरूले व्यापक विरोध गरे। शाही सरकारलाई जनताको स्वतन्त्रतापूर्वक शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने अधिकारको सम्मान गर्न आह्वान गरियो। अन्तर्राष्ट्रिय स्तरबाट गरिएका कडा निन्दा र विरोधले मानवअधिकार उल्लंघन कम गर्न र नेपालमा लोकतन्त्र स्थापना गर्न अहम् भूमिका खेलेको थियो। अन्तर्राष्ट्रिय समुदायको यसप्रकारको दबाब तत्कालीन सरकारलाई नपरेको भए मानवअधिकार अवस्था अझ बिग्रने थियो भन्न सकिन्छ।

संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले नेपालको बिग्रँदो अवस्थाप्रति चिन्ता व्यक्त गरेका थिए। ०६२ चैत ३१ मा एक प्रेस विज्ञप्ति प्रकाशित गरी उनले नेपालका सबै राजनीतिक शक्तिहरूलाई समावेशीरूपमा वार्ता गर्न र राजा ज्ञानेन्द्रलाई समस्या समाधानको उपाय खोज्न अनि अगाडि हुनसक्ने हत्या-हिंसा रोक्नका लागि साहसिक कदम चाल्न आह्वान गरेका थिए।[१४] सोही दिन संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले पनि एक विज्ञप्ति प्रकाशित गरी नेपालमा प्रदर्शनकारीहरूमाथि भइरहेको अत्यधिक बल प्रयोगको घटनाप्रति आफू स्तब्ध भएको बताइन्। उनले तत्कालीन शाही सरकारलाई अन्तर्राष्ट्रिय प्रतिबद्धताको स्मरण गरेर शान्तिपूर्वक भेला हुन पाउने अधिकारको सम्मान गर्न आह्वान गरिन्। यसका साथै उनले प्रदर्शनमा अनावश्यक बल प्रयोग नगर्न सुरक्षाफौजलाई आग्रह गरिन्।[१५] बल प्रयोगका क्रममा अन्धाधुन्धरूपमा प्रदर्शनकारीहरू उपर गोली प्रहार गरिएको घटनाप्रति संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरूले सुरक्षाकर्मीहरूलाई सचेत गराइरहे।

त्यसबेलाको नेपालको गिर्दो मानवअधिकार अवस्थाका बारेमा गैरन्यायिक तथा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष संयुक्त राष्ट्रसंघीय समाधीक्षक फिलिप आल्स्टनले प्रदर्शनकारीहरूलाई "देख्नासाथ गोली हान्ने" नीति तत्काल त्याग्न सरकारलाई आग्रह गरे। ०६३ वैशाख ११ गते एक प्रेस विज्ञप्ति जारी गर्दै उनले सरकारको यस किसिमको नीतिले मानवअधिकार कानुनको ठाडो उल्लंघन भइरहेको बताए।[१६] त्यसैगरी फिलिप आल्स्टन, संयुक्त राष्ट्रसंघका

---

१२. पूर्ववत् ६ पृ. ४२

१३. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=28* । ०६३ वैशाख ११

१४. United Nations. "Secretary-General 'More than Ever' Concerned about Deteriorating Situation in Nepal". *www.un.org/News/Press/docs/2006/sgsm10421.doc.htm*. 14 April 2006

१५. United Nations High Commissioner for Human Rights. "High Commissioner for Human Rights Shocked by Excessive Use of Force in Nepal". *www.unhchr.ch/huricane/huricane.nsf/424e6fc8b8e55fa6802566b0004083d9/5769b88e305579b5c125714f00433729?OpenDocument*. 13 April 2006

१६. United Nations High Commissioner for Human Rights. "Human Rights Expert Condemns Nepal's "Shoot-On-Sight" Policies". *www.unhchr.ch/huricane/huricane.nsf/424e6fc8b8e55fa6802566b0004083d9/24dc074f981c6ffec125715a0037ddd3?OpenDocument.* 24 April 2006

महासचिवका मानवअधिकार रक्षकसम्बन्धी विशेष प्रतिनिधि हिना जिलानी, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि विशेष समाधीक्षक आमवेइ लिगावो, यातनासम्बन्धी विशेष समाधीक्षक म्यानफ्रेड नोवाक र स्वेच्छाचारी थुनासम्बन्धी कार्यसमूहका अध्यक्ष समाधीक्षक लेइला जेरोयुगुइले ०६३ वैशाख ७ गते एक संयुक्त विज्ञप्ति प्रकाशित गर्दै लोकतान्त्रिक आन्दोलनमाथि दमन गर्न बढ्दो परिमाणमा मानवअधिकार उल्लंघन भइरहेकोमा आफूहरूको गम्भीर ध्यानाकर्षण भएको बताएका थिए। उनीहरूले आन्दोलनकारीहरूलाई शान्तिपूर्णरूपमा प्रदर्शन गर्न आग्रह गर्दै प्रदर्शनमाथि भएको अत्यधिक बल प्रयोगको भर्त्सना गरेका थिए। विज्ञप्तिमा विज्ञहरूले सबैको मौलिक अधिकार सुनिश्चित गर्न शाही सरकारसँग आग्रह गरेका थिए।[१६]

संयुक्त राष्ट्रसंघीय निकायले मात्र नभई विभिन्न मुलुकहरूले समेत नेपालमा प्रदर्शन दबाउने नाममा गरिएको मानवअधिकार उल्लंघनको तीव्र विरोध गर्दै त्यस्ता गतिविधि तत्काल रोक्न शाही सरकारलाई दबाब दिए। शान्तिपूर्ण प्रदर्शन उपर बल प्रयोग नगर्न अमेरिका, भारतलगायत् एमनेष्टी इन्टरनेशनल, जेनेभास्थित मानवअधिकार संस्था ओएमसीटी, एसियाली मानवअधिकार आयोग, अमेरिकी सिनेटरहरू, फोरम-एसिया, अन्तर्राष्ट्रिय पत्रकार महासंघ, युरोपेली संसदलगायत्ले राजालाई व्यापक दबाब सृजना गरे। बढ्दो अन्तर्राष्ट्रिय दबाबले समेत राजा पछि हट्ने वातावरण सृजना हुन महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो।

लामो हिंसात्मक द्वन्द्वबाट थकित जनतालाई शान्तिको सास फेर्न दिन र हिंसाको कारक पहिचान गरी सबै राजनीतिक दलहरू एकजुट भई समाधानका निम्ति अग्रसर नभए युद्धले निकास नपाउने अनुभूत गरी सात दल र नेकपा (माओवादी) एक भए। यही तथ्यलाई आत्मसात गर्दै भारतको राजधानी नयाँ दिल्लीमा सात दल र नेकपा (माओवादी) बीच ०६२ मंसिरमा १२ बुँदे समझदारी भएको थियो। सात दल र माओवादीबीचको समझदारीपछि जनतामा दिगो शान्तिप्रतिको आशा तीव्र भएको थियो। १२ बुँदे समझदारीका माध्यमबाट दिगो शान्ति स्थापनाको प्रयास निरन्तररूपमा अगाडि बढ्यो। फलस्वरूप देश लामो हिंसात्मक द्वन्द्वबाट मुक्त भएको स्थितिसम्म आइपुग्यो।

२.४ मानवअधिकार अनुगमनका निम्ति राष्ट्रसंघको सक्रियता

नेपालमा सन् २००५ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापना भएपछि यसले मानवअधिकार अनुगमनमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ। उच्चायुक्तको नेपालस्थित कार्यालयले मानवअधिकार उल्लंघनमा बढी सक्रिय रहेका माओवादी र सरकार पक्षलाई सन् २००६ भरि पनि पटक–पटक सचेत गरायो। उच्चायुक्तको कार्यालयको सरोकारका कारण मानवअधिकार उल्लंघनमा कमी आएको महसुस गरियो र त्यस्ता घटना र प्रवृत्तिका विषयमा राष्ट्रसंघीय चासो बढ्न पुग्यो। ओएचसीएचआरको कार्यालय नेपालमा स्थापना भएपछि नेपालको मानवअधिकार स्थितिका बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षणमा पनि बृद्धि भएको महसुस गरियो।

०६२ माघ ४ मा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले एक विज्ञप्ति प्रकाशित गरी सरकारद्वारा सभा, जुलुस, धर्ना आदिमाथि लगाएको व्यापक बन्देजप्रति खेद प्रकट गर्नुका साथै स्पष्टीकरणको माग गरेको थियो।[१८] नगर निर्वाचनका बेला शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने अधिकारमाथि सरकारबाट भएको व्यापक उल्लंघनको विरोध गर्दै जनताको शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने अधिकारमाथि हस्तक्षेप नगर्न पटक-पटक शाही सरकारलाई सचेत गराउनुका साथै स्पष्टीकरणसमेत माग गरेको थियो। शाही सरकारले घोषणा गरेको कथित नगर निर्वाचनको विरोधमा उत्रिएका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई निर्वाचनभन्दा अगाडि नै पक्राउ गर्ने र जबरजस्ती सार्वजनिक सुरक्षा बिथोलेको भन्दै पूर्जी थमाउँदै थुनिएको कार्यको उच्चायुक्तको कार्यालयले विरोध गरेको थियो। उच्चायुक्तको कार्यालयले, शान्तिपूर्ण रूपले आफ्नो राजनीतिक अभिमत व्यक्त गरेबापत् सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनामा राखिएका सबै थुनुवाहरूको रिहाइका लागि आह्वान गरेको थियो।[१९]

---

१६. United Nations. "United Nations Human Rights Experts Express Grave Concern about Crackdown on Demonstrators in Nepal". *www.unog.ch/80256EDD006B9C2E/(httpNewsByYear_en)/B960CA2DAB241587C1257156004146E2?OpenDocument.* 20 April 2006

१८. ओएचसीएचआर-नेपाल । "सरकारद्वारा सभा, जुलुस, धर्ना आदिमाथि लगाइएको व्यापक बन्देजप्रति खेद प्रकट गर्नुका साथै स्पष्टीकरणको माग गर्दछ" । *प्रेस वक्तव्य* । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, १७ जनवरी २००६

१९. ओएचसीएचआर-नेपाल। "थुनुवाहरूको रिहाइको लागि आह्वान"। *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, ०६२ माघ २१

संयुक्त राष्ट्रसंघको साधारणसभाको प्रस्ताव नं. ६० /२५१ ले मानवअधिकार आयोगको ठाउँमा मानवअधिकार परिषद्लाई प्रतिस्थापना गरेपछि परिषदको ०६३ असोज १८ मा भएको दोस्रो सत्रले नेपालको मानवअधिकारको सुधँदो अवस्था र अगाडि बढेको शान्ति प्रक्रियालाई स्वागत गर्दै नेपालमा संयुक्त राष्ट्रसंघले आफ्नो सहयोग जारी राख्ने बताएको थियो।[३०] यसअघि मानवअधिकार उच्चायुक्त लुइस आर्बरले ०६२ फागुनमा नेपालमा आफ्नो कार्यालयको १ सेप्टेम्बर २००५ देखि जनवरी २००६ को अन्त्यसम्मको प्रतिवेदन संयुक्त राष्ट्रसंघ समक्ष मानवअधिकार आयोग प्रस्तुत गरेकी थिइन्। ०६३ असोजमा उच्चायुक्तले परिषदको बैठकमा नेपालस्थित उनको कार्यालय र नेपालको मानवअधिकारको अवस्थाका बारेमा मौखिक जानकारीसमेत गराएकी थिइन्।[३१] मानवअधिकार परिषदले नेपाल सरकार र उच्चायुक्तको कार्यालयबीच भइरहेको सहकार्य, उच्चायुक्तको कार्यालयको क्षेत्राधिकारको समयावधि नेपाल सरकारले बढाउन तयार रहेको र मानवअधिकार परिषदको विशेष कार्यविधिलाई गरेको सहयोगका सम्बन्धमा स्वागतसमेत गरेको थियो। उच्चायुक्त लुइस आर्बरलाई आफ्नो कार्यालयले नेपालमा गरेका गतिविधिका साथै प्राविधिक सहयोगका सम्बन्धमा मानवअधिकार परिषदको चौथो सत्रमा प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गरिएको थियो।[३२] त्यसपछि नेपालको मानवअधिकार अवस्थाका साथै शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको सहयोग जारी रह्यो।

उच्चायुक्तको नेपालस्थित कार्यालयले सात दलद्वारा चैत-वैशाखमा आयोजित जनआन्दोलन-२ को प्रदर्शनको अनुगमन गरेको थियो। त्यसक्रममा उच्चायुक्तको कार्यालयले पटक-पटक प्रेस विज्ञप्ति प्रकाशित गरी प्रदर्शन दबाउन गरिएको व्यापक बल प्रयोगको भर्त्सना गरेको थियो। ०६२ चैत २९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले अत्यधिक बलको प्रयोग, शान्तिपूर्ण सभा, जुलुसउपर लगाइएको बन्देज र स्वेच्छाचारी गिरफ्तारी प्रति खेद प्रकट गरेको थियो। विज्ञप्तिमा उक्त कार्यालयका प्रमुख इयान मार्टिनले सर्वसाधारणमाथि भएको हिंसाको स्तर स्वीकार्य नभएको र सरकारी निकायको त्यस्तो कार्य मानवअधिकारका सम्बन्धमा राज्यको अन्तर्राष्ट्रिय दायित्वविरुद्ध भएको कुरा सरकार तथा प्रदर्शन शान्तिपूर्ण गराउने कार्यमा संलग्न प्रहरी तथा अन्य सुरक्षाफौजका सबै कमाण्डरहरूले बुझ्नुपर्ने बेला आएको बताएका थिए। प्रदर्शनलाई शान्तिपूर्ण बनाउने कार्यमा एकदमै न्यूनतम बलमात्र प्रयोग गर्न सुरक्षाफौजलाई स्पष्ट निर्देशन दिन उनले सरकारलाई आग्रह गरेका थिए। उच्चायुक्तको कार्यालयले गरेको हस्तक्षेप र स्थलगत अनुगमनका कारण प्रदर्शनकारीहरूमाथि हुने गरेको दमन कार्यबाट सुरक्षाकर्मीहरू केही हदसम्म भएपनि पछि हटेको महसुस गरिएको थियो।

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले मे २००६ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँग सम्बन्ध भएको आशङ्कामा तत्कालीन शाही नेपाली सेनाद्वारा सन् २००३ मा पक्राउ गरिएका र काठमाडौँस्थित महाराजगञ्ज ब्यारेकमा राखिएका व्यक्तिहरूको पक्राउ, थुना, यातना र उनीहरूलाई निरन्तर बेपत्ता पार्ने कार्यसम्बन्धी छानबिन प्रतिवेदन प्रधानमन्त्रीलाई रक्षामन्त्रीको हैसियतमा र प्रधानसेनापतिसमक्ष पेश गऱ्यो।[३३]

मे २००५ मा आफ्नो कार्यालय स्थापना भएलगत्तै उच्चायुक्तको कार्यालयले यी गम्भीर आरोपहरूसम्बन्धी छानबिन सुरु गरेको थियो। दर्जनौंको सङ्ख्यामा आफन्तहरूले कार्यालयमा उजुरी दायर गरेपछि उच्चायुक्तको कार्यालयले अनुसन्धान सुरु गरेको थियो। त्यस क्रममा कार्यालयले बेपत्ता पारिएकाहरूका परिवार, पूर्वथुनुवा र प्रत्यक्षदर्शी तथा सूचना उपलब्ध गराउने अन्य व्यक्तिहरू गरी ५० भन्दा बढीसँग उनीहरूको थुना र यातनासम्बधी अन्तरवार्ता लिएको थियो।[३४]

शाही नेपाली सेनाद्वारा सन् २००३ मा पक्राउ गरिएका र विभिन्न समयमा महाराजगञ्ज ब्यारेकमा राखिएका सयौं व्यक्तिमध्ये अधिकांशलाई लामो समयसम्म

---

३०. United Nations Human Rights Council. "Cooperation with the Office of the United Nations High Commissioner for Human Rights". Second Session, Agenda Item 2. *http://dacessdds.un.org/doc/UNDOC/LTD/GO6/145/47/PDF/Go61454.pdf ? open element.* 2006

३१. United Nations Commission on Human Rights. "Report of the United Nations High Commissioner for Human Rights on the situation of human rights and the activities of her Office, including technical cooperation, in Nepal". (E/CN.4/2006/107). *www.ohchr.org/english/bodies/chr/docs/62chr/E.CN.4.2006.107.pdf.* 16 February 2006

३२. पूर्ववत् २०

३३. ओएचसीएचआर-नेपाल । *प्रेस वक्तव्य* । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, २६ मे २००६

३४. ओएचसीएचआर-नेपाल । "महाराजगञ्जस्थित नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना यातना र बेपत्ता सम्बन्धी प्रतिवेदन" । काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, २६ मे २००६

चरम यातना र दुर्व्यवहार गरेर राखिएको थियो र यसमा भैरवनाथ गणले प्रमुख भूमिका खेलेको कुरा आफ्नो छानबिनले पाएको कार्यालयले जनाएको थियो। त्यसरी बेपत्ता पारिएका ४९ जनाको नाम उच्चायुक्तको कार्यालयले सार्वजनिक गरेको थियो। उच्चायुक्तको कार्यालयले यससम्बन्धी प्रतिवेदन सरकारलाई बुझाए पनि न सरकारले कुनै चासो व्यक्त गऱ्यो नत सुरक्षा निकायले नै। यसैगरी उच्चायुक्तको कार्यालयले काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा फेब्रुअरी २००४ मा (शाही) नेपाली सेनाको हिरासतमा मृत्यु भएकी १५ वर्षीया मैना सुनुवारको यातना र मृत्युसम्बन्धी आफ्नो प्रतिवेदन ०६३ पुस ६ गते सार्वजनिक गऱ्यो। प्रतिवेदनले न्याय खोज्ने प्रयास र यो मुद्दामा प्रगतिको अभाव एवम् नेपाली सनाको तर्फबाट भएको पारदर्शिताको अभाव अभिलेख गरेको छ। यो मुद्दाले उपचार खोज्दा मानवअधिकार उल्लङ्घनका पीडितहरू वा तिनका आफन्तहरूले अझै सामना गर्नुपरेका धेरै अवरोध पनि चित्रित गरेको छ।[१५]

उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी) द्वारा भएका दुर्व्यवहार सरोकारहरूको संक्षेप पनि सार्वजनिक गऱ्यो। सेप्टेम्बर २००६ मा सार्वजनिक गरिएको उक्त सरोकारमध्ये बाँच्न पाउने अधिकार (अपहरित व्यक्तिहरूको हत्या र मृत्यु), स्वतन्त्रता र सुरक्षा तथा दुर्व्यवहार अनि यातना एवम् बालबालिका र आन्तरिकरूपले विस्थापित व्यक्तिहरूका अधिकारसँग सम्बन्धित मुद्दाहरूलाई उठाएको थियो।[१६] उच्चायुक्तको कार्यालयले उल्लंघनकर्ताहरूलाई बेलाबेला विभिन्न माध्यमद्वारा गराएको सचेतनका कारण मानवअधिकार उल्लंघनकर्ताहरू चाहे त्यो राज्य होस् वा माओवादी, उनीहरूलाई यस्ता कार्य गर्नबाट पछि हट्न थोरै मात्रामा भए पनि अहम् भूमिका खेल्यो। मानवअधिकार अवस्थाको निगरानी, मानवअधिकार उल्लंघनको निरन्तर अनुगमन र त्यसका विरुद्ध सम्बन्धित पक्षलाई गराइने सचेतता र स्पष्टीकरण माग नै उच्चायुक्तको कार्यालयद्वारा नेपालमा शान्ति स्थापनाका लागि भएको एउटा उल्लेख्य सहयोग मान्न सकिन्छ।

३. जनताको जीत, लोकतन्त्रको उदय

३.१ संसदका ऐतिहासिक निर्णयहरू

प्रतिनिधिसभाको पुनर्स्थापनाले देशमा शान्ति स्थापना हुने आशा जगायो। त्यस लगत्तै पुनर्स्थापित संसदले जनादेश अनुसार आफ्ना गतिविधि संचालन गरेको भन्दै केही साहसिक निर्णयहरू गऱ्यो।

निरंकुश शाही सरकारको अन्तिम समयतिर राजाको घोषणापछि सात दलद्वारा संघर्ष रोकिएपछि माओवादीले यसलाई धोकाको संज्ञा दिदै संघर्ष जारी राख्ने बताएका थिए। माओवादीहरूको उक्त भनाइले जनतामा पुनः एकपटक हिंसा भड्केला भन्ने संत्रास बढेका थियो। तर संसद पुनर्स्थापित हुने बित्तिकै यसले गरेको विभिन्न ऐतिहासिक घोषणासँगै संविधानसभाको चुनाव गर्ने घोषणा गरेपछि मात्र सात दल र नेकपा (माओवादी) बीच शान्तिका लागि पहलकदमी अगाडि बढ्यो। यसले शान्तिका मार्गहरू निर्धारण गऱ्यो। ०६३ जेठ ४ गतेको संसदको घोषणाले राजाको अधिकांश शक्तिहरू कटौति गर्नुका साथै युगान्तकारी परिवर्तन गरेको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")* घोषणामार्फत् नेपाल अधिराज्यको कार्यकारीणी अधिकार अब उप्रान्त मन्त्रिपरिषदमा निहित रहने र श्री ५ को सरकारलाई अब उप्रान्त नेपाल सरकार भन्ने निर्णय गरियो। घोषणामार्फत् शाही नेपाली सेनालाई नेपाल सेना नामाकरण गरियो। वर्षौंदेखि राजसंस्थालाई निरकुंश बनाउन टेवा पुऱ्याउने राजपरिषद्लाई घोषणामार्फत् खारेज गरिनुका साथै राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाउने घोषणा गरिएको थियो। उक्त घोषणामार्फत् गरिएको अर्को सशक्त र युगान्तकारी परिवर्तन भनेको नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिनु हो। यसले सदियौंदेखि विभिन्न धार्मिक समुदायमा परेको द्वेषलाई मेटाउन ठूलो भूमिका निर्वाह गऱ्यो। यो घोषणाले सम्पूर्ण धर्म मान्नेहरूको भावनालाई सम्मान र धर्मका आधारमा गरिने विभेदलाई अन्त्य गऱ्यो। यद्यपि हिन्दू धर्म नै घोषणा गरिनुपर्ने नेपाललाई धर्म निरपेक्ष राज्य बनाउन नमिल्ने भनी केही कथित हिन्दू धर्मावलम्बीहरूले यसको विरोध गरे। तर धर्म निरपेक्ष राज्यको पक्षमा ठूलो समूह भएकाले यसले उश्रृंखलता र विनास भने सृजना गर्न सकेन। यस हिसाबले हेर्दा पनि नेपालमा धर्म निरपेक्षताको पक्षमा ठूलो जनमत भएको अनुमान लगाउन सकिन्छ।

यसैगरी प्रतिनिधि सभामार्फत् पारित महिला आरक्षण तथा नागरिकताको सवालका साथै छुवाछूतमुक्त राष्ट्रको घोषणा उल्लेख्यनीय हुन्। तर प्रतिनिधिसभामार्फत् घोषणा गरी छुवाछूतमुक्तको सवाल व्यवहारमा कस्तो छ भन्ने विचार गर्ने हो भने घोषणाले मात्रै यस्ता समस्याहरू समाधान नहुने

---

१५. ओएचसीएचआर-नेपाल । "मैना सुनुवारको यातना र मृत्युसम्बन्धी प्रतिवेदन"। काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, २०६३ पुस ६

१६. ओएचसीएचआर-नेपाल । "नेकपा (माओवादी) द्वारा भएका दुर्व्यवहार सरोकारहरूको सङ्क्षेप"। काठमाडौं: नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, सेप्टेम्बर २००६

स्पष्ट छ। घोषणापछिका सात महिनासम्म पनि यसलाई सार्थकता दिनेतर्फ कसैको ध्यान गएको पाइएन। घोषणाबाटै समस्या समाधान हुने भए अहिलेसम्म मुक्त कमैयाहरूको समस्या ज्यूँका त्यूँ रहने थिएन। समस्यालाई जरैदेखि फाल्नका लागि चालिनु पर्ने कदम घोषणाभन्दा पनि उल्लेख्य हुन सक्दछ। त्यसतर्फ भने सांसदहरूका साथै सरकारको समेत ध्यान गएको देखिँदैन। यसैगरी सांसद विद्या भण्डारीले प्रस्तुत गर्नुभएको सार्वजनिक सरोकारको महत्वको प्रस्ताव राज्यको सम्पूर्ण तहमा महिलाहरूको ३३ प्रतिशत अनिवार्य प्रतिनिधित्वको सवाल, बाबु या आमामध्ये एकको नामबाट सन्तानले नागरिकता पाउनु पर्ने र घरेलु हिंसा अन्त्य गर्नुपर्ने प्रस्तावलाई प्रतिनिधिसभाले सर्वसम्मतिबाट पारित गरेको थियो।

तर प्रतिनिधित्वको सवाललाई भने घोषणा गरेको केही दिनमै ओझेलमा पारियो। एकातिर ३३ प्रतिशत सहभागिता गराइने भनियो अर्कातिर संक्रमणकालीन अवस्थामा गठन गरिएका विभिन्न समितिहरूका साथै मानवअधिकार आयोग गठनका लागि सिफारिस गरिएको नामावलीमा समेत घोषणा गरिएको महिला प्रतिनिधित्वको व्यवहारिक रूप भने अनुदित भएको पाइएन। यहाँसम्मकी समावेशीकरणको सिद्धान्त अलापिरहने माओवादीले समेत यसलाई नजरअन्दाज गऱ्यो। नीति एकातिर कार्यान्वयन अर्कातिर हुँदै जाने हो भने पुनः द्वन्द्व नबढ्ला भन्न सकिन्छ र ? तर आमा वा बाबुमध्ये कुनै एकको नामबाट नागरिकता पाउने सवालले भने व्यवहारमा औचित्य प्राप्त गऱ्यो। यहाँसम्मकी अन्तरिम संविधानमा समेत यो व्यवस्था गरिएको छ। नेपालमा सदियौँदेखि नागरिकता नपाएर अलपत्र परेका र राष्ट्रकै सेवा-सुविधाबाट वञ्चित हुनुपर्नेका समुदायका लागि यो व्यवस्थाले समुचित व्यवस्थापन गर्ने प्रबल सम्भावनाका आधारहरू तय गर्नेछ। यो व्यवस्था भोट प्राप्त गर्ने राजनीतिक उद्देश्यले मात्र लक्षित नभई निरन्तर व्यवहारमा उतारिएको प्रतिबद्धता बन्नु पर्दछ। अनिमात्र यसले सार्थकता प्राप्त गर्नेछ।

३.२ उच्चस्तरीय जाँचबुझ समिति : दण्डहीनताको अन्त्यका लागि आशलाग्दो प्रयास

दण्डहीनताको संस्कृतिले सँधै मानवअधिकार उल्लंघन र अपराधलाई प्रश्रय दिने गर्दछ। जबसम्म मानवअधिकार उल्लंघनकर्ताहरूलाई न्यायको कठघरामा उभ्याइँदैन, तबसम्म पीडितले सहीरूपमा न्याय पाएको मानिँदैन। दण्डहीनताको प्रश्न न्यायसँग जोडिने गर्दछ। देशमा दण्डहीनताको अन्त्य तथा शान्ति स्थापनाका लागि अपराधमा संलग्न दोषीहरूउपर छानबिन गरी दण्ड सजायको व्यवस्था गरेमा मात्र त्यस्ता अपराधमा कमी आउन सक्दछ। अपराध र मानवअधिकार उल्लंघनमा कमी आउनु भनेको स्थायी शान्ति स्थापनाको वातावरण सृजना हुनु हो।

लोकतान्त्रिक सरकारले जनआन्दोलनका क्रममा भएको व्यापक मानवअधिकार उल्लंघनका दोषीहरूका बारेमा छानबिन गरी दोषीहरूउपर कारवाही गर्नका लागि एक उच्चस्तरीय जाँचबुझ आयोगको गठन गऱ्यो।

पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा ०६३ वैशाख २२ गते गठित पाँच सदस्यीय उक्त जाँचबुझ आयोगलाई जनआन्दोलनका क्रममा शाही सरकारबाट आन्दोलनकारीहरूमाथि भएका दमनका घटनाहरूबाट देशका विभिन्न भागमा भएको धनजनको क्षति, त्यसक्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग, सत्ता, शक्ति र पदको दुरूपयोग तथा मानवअधिकार उल्लंघनको जाँचबुझ गरी दोषी पत्ता लगाई निजहरूउपर गर्नुपर्ने कारवाहीका सम्बन्धमा समेत राय, ठहर र सुझावसहितको प्रतिवेदन पेश गर्ने दायित्व सुम्पिएको थियो।[२७] जाँचबुझ आयोग ऐन २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जाँचबुझ आयोगको गठन गरिएको हो। जनआन्दोलनको मर्म र भावनाबमोजिम पारदर्शी, प्रभावकारी एवम् विधिसम्मत ढंगले छानबिन गरी दोषीहरूलाई न्यायको दायरामा ल्याउन सिफारिस गर्ने र दोषीहरू कुनै पनि अवस्थामा उम्कन नपाउने वातावरण तयार गर्नुपर्ने आयोगको प्रमुख दायित्व हुँदाहुँदै कतिपय अवस्थामा यसले सो अनुरूप कार्य नगरेको अनुभव भयो।

तर संक्रमणकालीन अवस्थामा गठित उक्त आयोग दोषीउपर कारवाही र पीडितलाई न्याय दिलाउनका लागि गरिएको अनुसन्धानमा भने प्रयत्नशील रहेको पाइयो। यद्यपि सरकारलाई प्रतिवेदन बुझाउने बेलामा आयोगभित्रैका सदस्यहरूबीच मतभेद भने नदेखिएको होइन। बयानका क्रममा दोषीहरूसँग के कुराकानी गरियो भन्ने तथ्य थाहा नभएपनि यसले आफ्नो छानबिनका क्रममा जनआन्दोलन-२ दबाउन सक्रिय रहेकाहरूसँग बयान लिने र आन्दोलनउपर चरम दमन प्रयास भएका काठमाडौंका कलंकी, गोंगबुलगायत्का ठाउँहरू र पाँचै क्षेत्रका अन्य ठाउँहरूको पनि भ्रमण गरी तथ्य संकलन गर्ने काम गऱ्यो। पटक-पटक म्याद थप गरिएको उक्त आयोगले ६ महिनाको छानबिनपछि राजा ज्ञानेन्द्रसहित २ सय २ जनालाई कारवाहीको सिफारिस गर्दै ०६३ मंसिर ४ गते नेपाल सरकारसमक्ष आफ्नो प्रतिवेदन पेश गऱ्यो।

सरकारले उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्नका लागि ०६३ मंसिर ११ गते उपप्रधानमन्त्री

---

२७. श्री ५ को सरकार । *नेपाल राजपत्र* । खण्ड ५६, अतिरिक्ताङ्क १०। काठमाडौं: मुद्रण विभाग । ०६३ वैशाख २२

तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा पाँचजनाको उच्चस्तरीय समिति गठन गऱ्यो। समितिमा गृहमन्त्री कृष्णप्रसाद सिटौला, कानुन तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्र विक्रम नेम्वाङ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री हृदयेश त्रिपाठी र भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठ रहेका छन्।[२८] सरकारलाई हस्तान्तरण गरिएको उक्त प्रतिवेदन सार्वजनिक हुन बाँकी नै छ। प्रतिवेदनले दोषी ठहऱ्याएका व्यक्तिहरूलाई सरकारले कुनै पनि हालतमा नछोड्ने र उनीहरूलाई दण्डको भागीदार बनाउनेमा सक्रियरूपमा काम गर्ने प्रतिबद्धता सरकारले प्रतिवेदन प्राप्त गरेका दिनदेखि दोहोऱ्याउँदै आएको छ। प्रतिवेदनमा उल्लेख भएअनुसार जनआन्दोलन दबाउने क्रममा लाखौं प्रदर्शनकारीहरूको जीवनसँग खेलवाड गर्नेहरूलाई सरकारले कानुन अनुसार कारवाही गरेमा मात्र यो प्रयास दण्डहीनताको अन्त्यको दिशामा महत्त्वपूर्ण खुड्किलो ठहरिन सक्छ। अन्यथा, रायमाझी आयोग पनि विगतको मल्लिक आयोगभन्दा कुनै फरक नहुने निश्चित छ।

३.३ बेपत्ता व्यक्तिका सम्बन्धमा एक सदस्यीय छानबिन समिति : विगतकै निरन्तरता

लोकतन्त्रको पुनर्स्थापनासँगै भएका विभिन्न निर्णयहरूका साथसाथै सरकारले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा खोजबिन गर्न एक सदस्यीय छानबिन समिति गठन गऱ्यो। सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने कार्यलाई प्राथमिकता दिई ०६३ जेठ ११ गतेको मन्त्रिपरिषदको निर्णयअनुसार गृहमन्त्रालयका सचिव वामनप्रसाद न्यौपानेको अध्यक्षतामा एक सदस्यीय समिति गठन गऱ्यो। सन् २००४ र सन् २००५ मा पनि यसैगरी एक सदस्यीय समिति गठन गरिएको थियो। त्यसबेला पनि यसको काम कारवाही र सार्वजनिक गरिएको नामावलीप्रति आशंका व्यक्त गरिएको थियो। अघिल्ला समितिजस्तै यस समितिले पनि सुरक्षा निकायबाट जस्तो सूचना प्राप्त गऱ्यो त्यसैलाई सार्वजनिक गऱ्यो। बेपत्ताहरूका बारेमा खोजबिन गर्ने केही निश्चित प्रक्रियाहरू हुन्छन। यस समितिले के-कस्तो प्रक्रिया अपनायो भन्नेबारे जनतालाई अनभिज्ञ पारियो। समितिले ०६३ साउन १ गते प्रतिनिधिसभाको परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिमा एक पत्र पठाई छानबिन प्रतिवेदन पेश गरेको थियो। उक्त प्रतिवेदनमा ६ सय २ जनाको स्थिति अझै अज्ञात रहेको र १ सय ७४ जनाको स्थितिका बारेमा जानकारी भएको उल्लेख गरिएको छ।[२९] विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले नेपाललाई बढी मानिस बेपत्ता पारिने देशहरूमा सूचीकृत गरेको र विभिन्न मानवअधिकार संघसंस्थाहरूसँग बेपत्ता पारिएका हजारभन्दा बढी मानिसहरूको तथ्याङ्क रहेको सन्दर्भमा प्रतिवेदन कत्तिको विश्वसनीय होला ? मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले ०६३ जेठ १२ गते सार्वजनिक गरेको, काठमाडौंको महाराजगञ्जस्थित नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदनउपर छानबिनका लागि समितिले कुनै पनि पहल गरेन। न सुरक्षा निकायले नै यस सम्बन्धमा कुनै आधिकारिक जवाफ उच्चायुक्तको कार्यालयलाई बुझायो न त सार्वजनिक जानकारी गरायो।

मन्त्रिपरिषद्को निर्णय अनुसार गठन गरिएको एक सदस्यीय उक्त समितिको कुनै कानुनी हैसियत प्रष्ट थिएन। एक सदस्यीय समिति कहिल्यै पनि पूर्ण हुँदैन। तर लोकतान्त्रिक सरकारले पनि यस सम्बन्धमा ध्यान नपुऱ्याएको देख्दा यो सरकार मानवअधिकारका यस्ता गम्भीर सवालहरूप्रति कति संवेदनशील छ भन्ने स्पष्ट हुन्छ। यस समितिले बेपत्ता व्यक्तिहरू फर्केर आउने आशामा बसेका उनीहरूका आफन्तको भावनाको सम्मान गर्न नसकेको अनुभव गरायो।

४. शान्ति प्रयास

४.१ विगतको असफल शान्ति प्रक्रिया

दिगो शान्तिको स्थापना हतियारबाट हैन वार्ताबाट सम्भव छ भन्ने तथ्यलाई नेपालको अनुभवले पनि साबित गरिसकेको छ। ०६३ वैशाख ११ गते राति देशमा लोकतन्त्र पुनर्स्थापित भएपछि भएका सबै राजनीतिक दलहरूबीचको सामुहिक र निरन्तर प्रयासबीच शान्ति प्रक्रियाले सकारात्मक दिशा निर्दिष्ट गरेको छ। योभन्दा अगाडि दुई पटकसम्म भएका वार्ताहरूमा विद्रोही र सरकार पक्षले देखाएको असहिष्णुता र हतियारको भरमा हिंसालाई दबाउने कार्यले दिगो शान्ति स्थापना हुन नसकेको वस्तुस्थितिलाई उजागर गरिसकेको छ। विगतमा भएका यी कमी-कमजोरीहरूलाई विश्लेषण गर्दै दुई पक्षबीच भएको वार्तामा दुवै पक्षले देखाएको लचकताका कारण नै अहिलेको शान्ति वार्ता सार्थक सिद्ध भएको छ। यसले विश्वसामू नै एउटा नौलो उदाहरण प्रस्तुत गरेको छ। यद्यपि यसका कमी

२८. "रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उच्चस्तरीय समिति गठन"। *www.inseconline.org*। ०६३ मंसिर ११ गते हेरिएको

२९. "गृह मन्त्रालयले राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सम्बन्धमा प्रतिनिधिसभाको परराष्ट्र तथा मानवअधिकार समितिमा पठाएको प्रतिवेदन" । काठमाडौं: नेपाल सरकार । ०६३ साउन १

कमजोरीहरू पनि नभएका होइनन्। वार्तामा राजनीतिक मुद्दाहरूका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई पनि महत्त्व दिइएको छ। तर शताब्दियौंदेखि जरो गाडेर रहेको जातीय भेदभाव, छुवाछूतलगायत्का सामाजिक समस्याहरूको निराकरणका निम्ति स्पष्ट मार्गचित्र प्रस्तुत गर्न भने शान्ति वार्ताले अपेक्षाकृतरूपमा सकेको देखिएन।

लोकतान्त्रिक जनआन्दोलन-२ को सफलताको पर्सीपल्ट अर्थात् ०६३ वैशाख १३ गते माओवादीले तीन महिनाका लागि युद्धविराम घोषणा गरेपछि शान्ति वार्ताको प्रक्रिया अघि बढ्यो। वार्ता मुख्यत: राजतन्त्र, सेनाको लोकतान्त्रिकरण र पुनर्संरचना, अन्तरिम संविधान, विधायिका र सरकार गठन तथा संविधानसभाको निर्वाचनका विषयमा बढी केन्द्रित भयो। सात राजनीतिक दल तथा माओवादीहरूबीच भएको वार्ताका माध्यमबाट तय गरिएको शान्ति सम्झौताको निर्णय, बृहद् शान्ति सम्झौतामा हस्ताक्षर, अन्तरिम संविधानमा हस्ताक्षरलगायत् हतियार व्यवस्थापनसम्बन्धी त्रिपक्षीय सम्झौताहरू महत्त्वपूर्ण परिणाम हुन्। सबै राजनीतिक दलहरूलाई यो निर्णयसम्म आइपुग्न यसक्रममा उठेका सवालहरूमा निकै बहस गर्नु पऱ्यो। राज्यको पुनर्संरचनाको सवालमा वार्ता हेर्दा माओवादी पक्ष सात राजनीतिक दलहरू वा सरकारप्रति बढी हावी भएको अनुभव भयो। माओवादीले राखेका सम्पूर्ण सर्तहरू नेपाल सरकारले मान्नुपर्ने अवस्था उनीहरूले खडा गरेको देखियो।

जनताका आधारभूत अधिकारका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रत्याभूति राज्यले गर्न सकेको अवस्थामा मात्रै देशमा स्थायी शान्तिको कल्पना गर्न सकिन्छ। त्यसकारण लोकतन्त्र सुदृढीकरणका लागि समस्याको जरो पत्ता लगाउन आवश्यक हुन्छ। अर्थात् द्वन्द्वको मूल कारणहरूलाई लोकतन्त्र प्राप्तिपछि बनेको सात दलको सरकार र नेकपा (माओवादी) स्वयम्ले विश्लेषण गरि त्यसको निराकरण गर्न सकेको खण्डमा मात्र स्थायी शान्ति कायम हुनसक्ने अवस्था सृजना हुन्छ। यो अवस्थालाई वार्तामा बस्ने सबै पक्षले पूर्णरूपमा आत्मसात गरेको भने देखिएन।

स्थायी शान्ति कायम गर्नका लागि देशमा जनताका हक-अधिकारहरूको समानुपातिकरूपमा प्रत्याभूति हुनुपर्दछ। संसारभरी नै आज सो नहुँदा हत्या, हिंसा र आतंक सृजना भएको छ। नेपालमा मात्र नभएर विश्वका जनता अहिले शान्तिको याचना गरिरहेका छन्।

जनयुद्ध सुरु भएयता भएका जघन्य मानवअधिकार उल्लंघनले मानव असुरक्षाको वातावरण अत्यधिक बढायो। युद्धमा असंलग्न सर्वसाधारण जनता सुरक्षाकर्मी र माओवादीबाट यति सताइएकी उनीहरूले आफ्नै अगाडि आफन्त मारिएको अवस्थामासमेत बोल्न पाएनन्। कतिपय अवस्थामा आफन्तको काजकिरियासमेत गर्न र कतिपयले आफन्त मारिएको हो वा जीउँदै छ भन्नेसम्म पनि जान्न पाएनन्। यस्तो अवस्थामा बेपत्ता पारिएको आफन्त भरे आउने हो कि भोली भनेर प्रतिक्षा गरिरहेकाहरूको संख्या पनि कम छैन।

युद्धरत पक्ष शान्ति स्थापनाका लागि प्रयासरत नभएका होइनन्। जनयुद्ध सुरु भएयता नेपालमा पहिलो पटक ०५८ साउनमा युद्धविराम भएको थियो। यसपछि वार्ताका प्रयासहरू भए तर दीर्घकालीन समस्या समाधानका उपायहरूको खोजी नगरिकन वार्तामा बसेका राज्य र माओवादीबीच देखिएको असमझदारी र अविश्वासका कारण शान्ति वार्ता सफल भने हुन सकेन। ०५८ भदौबाट सुरु भएको शान्ति वार्ता तीन चरणसम्म सम्पन्न भएको थियो। सो समयमा पहिलो चरणमा भएको वार्तामा दुवै पक्षद्वारा शान्तिपूर्ण वार्ताको माध्यमद्वारा समस्याको निकास खोज्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। दोस्रो चरणमा माओवादीहरूले सरकारी वार्ता टोलीसमक्ष तीन किसिमका प्रस्तावहरू पेश गरेका थिए।[३०] तेस्रो चरणमा भने माओवादीहरूले अघिल्ला वार्ताहरूमा उठाउँदै आएको गणतन्त्रको मागलाई वार्ताको एजेण्डाबाट हटाएर संविधानसभाको मागलाई प्रमुखरूपमा उठाए। तर माओवादीको यस मागप्रति सरकार भने असहमत थियो। यसकै कारण विना निष्कर्षमा वार्ता टुंगिएको थियो।

तेस्रो चरणको वार्ता सकिएको सात दिनपछि ०५८ मंसिर ६ गते माओवादी अध्यक्ष प्रचण्डले एक वक्तव्य जारी गरी वार्ताको औचित्य समाप्त भएको घोषणा गरी युद्धविराम भंग गरका थिए। वार्ताको क्रममा माओवादीहरूको माग अनुसार सरकारले सार्वजनिक सुरक्षासम्बन्धी नियमावली खारेज गर्ने, थुनामा रहेकाहरूको नामावली सार्वजनिक गर्नेलगायत् माओवादीका केही नेताहरूलाई थुनामुक्त गर्ने कार्यसमेत गरेको थियो।[३१] युद्धविरामकै अवस्थामा दुवै पक्षले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनलाई भने जारी नै राखेका थिए। युद्धविराम भंग गरेलगत्तै नेकपा (माओवादी) ले सैनिक क्याम्पहरूमा आक्रमण सुरु गर्नुका साथै व्यक्ति हत्यामा बढी केन्द्रित हुन पुगे। त्यसपछि तत्कालीन सरकारले देशमा पहिलोपल्ट संकटकालको घोषणा गरेको थियो। संकटकाल लागू गरी देशमा सेना परिचालन

३०. इन्सेक। "सरकार-माओवादी वार्ता : गोदावरीदेखि गोदावरीसम्म"। *मानवअधिकार वर्ष पुस्तक २००२*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००२ । पृ. ८

३१. पूर्ववत्

गरिएपछि हिंसाले व्यापक रूप लिएको थियो।

सरकार र माओवादीबीच ०६० वैशाखमा दोस्रो पटक औपचारिक वार्ता भएको थियो। ०६० वैशाख १४ गतेबाट सुरु भएको वार्तामा शान्ति स्थापनाका प्रयास र आवश्यक गम्भीर गृहकार्यको अभाव देखिएको थियो। दोस्रो पटकको वार्ता पनि तीन चरणसम्म सम्पन्न भयो तर चौथो पटक भने हुन सकेन। वार्ताकै अवस्थामा रामेछाप जिल्लाको दोरम्बामा सेनाले १९ जना निहत्था व्यक्तिको गैरन्यायिक हत्या गऱ्यो। सरकारको असहिष्णुताका कारण वार्तालि निरन्तरता पाउन नसकेको दोषारोपण गर्दै माओवादीले वार्ता भंग गरेको सार्वजनिक गरेका थिए।[३३] युद्धविरामपछि आचारसंहिता जारी गरी दुवै पक्षले हस्ताक्षर गरेका थिए। तर उक्त आचारसंहितालाई व्यवहारमा लागू नगरिंदा पुनः हिंसा भड्कियो र देश युद्धमा होमिन पुग्यो।

शान्ति स्थापनाका लागि भएका अघिल्ला वार्ताका प्रयासहरू विफल किन भए भनेर हेर्ने आधारहरू छन्। शान्ति भन्ने बित्तिकै त्यससँगसँगै मानवअधिकार र न्यायको सवाल अगाडि आउँछ। शान्ति वार्तामा बस्नेहरूले जनताका सवाल तथा समस्याका विषयमा भन्दा पनि आफ्ना राजनीतिक सरोकारहरूमा बढी छलफल गरे। राजनीतिक मुद्दाहरूमै दुवै तर्फका असमझदारी र अविश्वास पलाउन थालेपछि शान्ति वार्ताका प्रयासहरू विफल भए। ती प्रयासहरूमा समस्याको मूल कारणहरू सम्बोधन गर्नेभन्दा पनि राजनीतिक व्यवस्थापनलाई मात्र बढि ध्यान दिइएको थियो।

सही अर्थमा शान्ति स्थापना गर्ने हो भने हिंसात्मक द्वन्द्वको सुरुवात कसरी भयो भनेर विश्लेषण गर्नु जरुरी हुन्छ। यसका लागि जनता, देशको भू-राजनीतिक अवस्था, आर्थिक-सामाजिक र सांस्कृतिक परिस्थिति र सम्बन्धहरू तथा समग्र राज्य व्यवस्थालाई नियालेर हेरिनु पर्दछ। राज्य, जो जनताको प्रमुख संरक्षक मानिन्छ, यसले जनताका सवालका साथै आधारभूत आवश्यकतालाई कसरी सम्बोधन, संरक्षण वा परिपूर्ति गरिरहेको छ त्यसतर्फ ध्यान दिनु पर्दछ। देशमा हिंसाले लिएको रूप र त्यसको परिणामलाई दृष्टिगत गर्दा राज्यले जनताका नागरिक तथा आधारभूत अधिकारका सवाललाई झिना-मसिना मुद्दाको रूपमा हेरेका कारण यस्तो परिस्थिति सृजना भएको हो। जसका कारण लाखौं जनता पीडित हुनुपऱ्यो।

४.२ युद्धविराम र शान्ति वार्ता

राजाले वैशाख ११ गते राति संसद पुनर्स्थापनाको घोषणा गरेपछि वैशाख १२ गतेदेखि लोकतान्त्रिक जनआन्दोलन अन्त्य भयो। माओवादीहरूले यसको भोलिपल्टै अर्थात ०६३ वैशाख १३ गते तीन महिनाका लागि युद्धविराम घोषणा गऱ्यो भने सरकारले ०६३ वैशाख २० गतेबाट युद्धविरामको घोषणा गऱ्यो। माओवादीले उक्त युद्धविरामको अवधिलाई थप तीन महिनाका लागि ०६३ साउन १२ गते पुनः निरन्तरता प्रदान गऱ्यो।

माओवादी र सातदलबीच सम्पन्न विभिन्न सहमति अनुसार वार्ता टोली गठन भयो। ०६३ वैशाख ३० गते माओवादीका तर्फबाट कृष्णबहादुर महराको नेतृत्वमा देव गुरुङ र दीनानाथ शर्मा रहेको तीन सदस्यीय वार्ता टोली गठन भयो भने ०६३ जेठ ५ गतेको मन्त्रिपरिषदको बैठकद्वारा गृहमन्त्री कृष्ण सिटौलाको नेतृत्वमा सरकारका तर्फबाट वार्ता टोली गठन भयो। मन्त्रिपरिषदको ०६३ जेठ ११ गतेको बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रदीप ज्ञवाली र यातायात तथा श्रम राज्यमन्त्री रमेश लेखकलाई सदस्यका रूपमा थप्ने निर्णय गऱ्यो।

सरकार र माओवादीबीच शान्ति वार्ताका लागि वातावरण तयार गर्न मन्त्रिपरिषद्को ०६३ जेठ ११ गतेको निर्णयबाट सरकारले माओवादीमाथि लगाइएको 'आतंककारी' घोषणा र आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गतका मुद्दा फिर्ता गर्ने एवम् जेलमा रहेका माओवादी बन्दीहरू रिहा गर्ने निर्णय गऱ्यो। सोही निर्णय अनुसार अधिराज्यका सबै जेलमा रहेका बन्दीहरूलाई रिहा गरियो। सरकारी वार्ता टोलीले पूर्णता पाएपछि पहिलो चरणको वार्ता ०६३ जेठ १२ गते काठमाडौं, गोकर्णस्थित गोकर्ण गल्फ रिसोर्टबाट सुरु भयो । वार्ताको सुरुकै दिन दुवै पक्षले हस्ताक्षर गरी २५ बुंदे युद्धविराम आचार संहिता जारी गरे।

सरकार र माओवादीबीच भएको यो तेस्रो पटकको वार्ता हो। अघिल्ला वार्तामा माओवादीहरूको संविधानसभाको मागलाई दलहरूले स्वीकार गरेका थिएनन्। तर यसपल्टको वार्ताभन्दा अगाडि नै संविधानसभाको निर्वाचन गर्ने सम्बन्धमा निर्णय भइसकेकाले निर्वाचन प्रक्रिया तथा त्यसअघि सुल्झाउनु पर्ने सवालहरूको बारेमा छलफल भयो।

०६३ असार १ गते ललितपुरको कुपण्डोलमा भएको सरकार माओवादी वार्ताको सहमति अनुसार युद्धविराम आचारसंहिता अनुगमन समिति गठन गरियो। आचारसंहिता जारी गरेपछि पनि माओवादीहरू यसप्रति संवेदनशील नभएको देखियो। उनीहरूले आफ्ना क्रियाकलापहरू यथावत् नै राखेका थिए। चन्दा संकलन, अपहरण, जनअदालतका

३३. इन्सेक। "राज्य र मानवअधिकार : कार्यपालिका"। *मानवअधिकार वर्ष पुस्तक २००४*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । ०६० चैत २७ । पृ. ५२

कारवाहीहरू, हत्यालगायत्का मानवअधिकार उल्लंघनलाई निरन्तरता नै दिइरहेका थिए। विगतको तुलनामा मानवअधिकार उल्लंघनमा कमी आएपनि रोकिएको भने थिएन। यससम्बन्धमा व्यापक विरोध र माआवोदीहरू संवेदनशील नभएको आरोप पछि ०६३ असार १९ गते माओवादीका अध्यक्ष प्रचण्डले राजधानी, जिल्ला सदरमुकाम र मुख्य शहरहरूमा जनअदालत बन्द गर्न निर्देशन दिइएको सार्वजनिक गरे।[३३] यसबाट आम जनताले माओवादी शान्ति प्रक्रियामा सामेल हुन थालेको अनुभूत त गरे तर कतिपय ठाउँमा जनअदालतका कारवाही भने जारी नै थियो।[३४] नेपाली काँग्रेस, नेकपा (एमाले) र माओवादीका शीर्ष नेताहरूबीच ०६३ असार ३० गते ललितपुर जिल्लाको गोदावरीमा भएको अनौपचारिक वार्तामा अन्तरिम संविधानमार्फत् अन्तरिम संसद बनाउने सहमति भएको थियो।

शान्ति वार्ताका क्रममा, संविधानसभाको निर्वाचन गर्ने सवाल अगाडि नै टुंगो लागेको हुनाले यसको विधि र प्रक्रियाका बारेमा नै धेरै छलफल भयो। यसबाहेक राजसंस्था, सेनाको पुनर्संरचना, माओवादी सेनाको समायोजन, हतियार व्यवस्थापनलगायत्का प्रमुख मुद्दाहरूमा बहसहरू भए।

सशस्त्र विद्रोही शक्ति माओवादीलाई संवाद र सहमतिका माध्यमद्वारा शान्तिपूर्ण राजनीतिक मूलधारमा रूपान्तरण गर्न सरकारले देखाएको सहिष्णुताको मूल्यांकन गर्नै पर्दछ। यसैगरी ११ वर्षसम्म हिंसात्मक द्वन्द्वमा संलग्न माओवादीहरूले पनि आफ्ना कतिपय अडानहरूमा लचकता अपनाएका कारण शान्ति वार्ता सफल भयो। वार्ताका क्रममा पुनर्स्थापित संसद विघटनको सवालमा व्यापक बहस भयो। माओवादीहरूले अगाडि सारेको, तत्काल संसद विघटन गरी अन्तरिम सरकार गठन गर्ने प्रस्तावमा कुनै पनि दल सहमत भएनन्। उनीहरूले यसको चर्को प्रतिकार गरे। हतियार व्यवस्थापनका सवालमा पनि सहमति नभएका कारण केही समयका लागि वार्ता स्थगित भएको थियो। पछि आपसी सहमतिमा वार्ता सुरु भयो। हतियार व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघले सहयोग गर्ने सहमति भएपछि वार्ता प्रक्रिया पुनः सहज बन्यो।

वार्ता सुरु हुनुभन्दा अगाडि त्यसक्रममा आउने जटिलताहरूका बारेमा द्वन्द्वविदहरूले यसका सम्भावनाहरूको खोजी गरी त्यसतर्फ सतर्क हुन वार्ता टोलीहरूलाई संयमित गराइरहेका थिए। १२ बुँदे समझदारीको पालना अनुसार दुवै पक्षबीच सहमति भई वार्ता अगाडि बढेको हो। दुवैपक्षद्वारा आफूले गरेका प्रतिबद्धताहरूलाई पछ्याइनुले वार्ता प्रक्रियाले निरन्तरता पायो।

यदि आशंकाहरू उब्जिएर वार्ता नहुने स्थिति आयो भनेपनि आफूहरू जंगल नपस्ने र वार्ताद्वारा नै समाधान खोज्ने माओवादीहरूको दृढ संकल्पले पनि उक्त प्रक्रियालाई टुंगोमा पुऱ्यायो। वार्ताको सकारात्मक पक्षका बारेमा युद्धविराम आचारसंहिता अनुगमन समितिले पनि आफ्नो प्रतिवेदनमा शान्ति प्रक्रियालाई सफलिभूत पार्नेतर्फ केही प्रशंसनीय प्रयासहरू भएको जनाएको थियो। प्रतिवेदनले एकले अर्कालाई आरोप प्रत्यारोप लगाउँदा-लगाउँदै पनि प्रधानमन्त्री र नेकपा (माओवादी) का अध्यक्षबीच सम्पर्क र वार्ता जारी रहनुलगायत् पुनः युद्धमा नजाने निर्णय गर्नुलाई सकारात्मक पक्ष मानेको छ।[३५] अघिल्ला दुई पटक भएका वार्ताहरू र यस वर्ष भएको वार्तामा सबैले भिन्नता महसुस गरेको पक्ष पनि यहि नै हो।

०६३ असार १ गते सरकारले नेपाली काँग्रेसका महामन्त्री रामचन्द्र कोइरालाको संयोजकत्वमा आठ सदस्यीय शान्ति समिति गठन गऱ्यो। शान्ति समितिको सचिवमा विद्याधर मल्लिकलाई तोकियो। सात राजनीतिक दल, माआवादी र नेपाल सरकारबीच विभिन्न चरणमा भएका औपचारिक तथा अनौपचारिक वार्तापछि नेपाल सरकार र माओवादीबीच ०६३ असार २ गते प्रधानमन्त्री निवास बालुवाटारमा शिखर वार्ता सम्पन्न भयो। उक्त शिखर वार्ताले अन्तरिम संविधानको मस्यौदा तयार गर्न लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा छ सदस्यीय मस्यौदा समिति गठन गऱ्यो। विभिन्न चरणमा भएका वार्ताहरूपछि ०६३ कार्तिक २२ गते सात राजनीतिक दल र माओवादीका शीर्ष नेताहरूको बैठकबाट साझा निर्णयमा सहमति कायम गरियो।[३६]

सात दल र नेकपा (माओवादी) द्वारा गरिएको उक्त निर्णयमा सेना तथा हतियार व्यवस्थापन गर्ने, मुलुकको शासन व्यवस्थामा कुनै पनि अवस्थामा राजाको अधिकार नरहने, राजसंस्थाको निर्धारण संविधानसभाको पहिलो बैठकबाट टुंगो लगाउने, अन्तरिम व्यवस्थापिकाको गठन भएपछि प्रतिनिधिसभा र राष्ट्रियसभा भंग हुनेलगायत्का

३३. "जनअदालत बन्द गर्न निर्देशन"। *कान्तिपुर* । ०६३ असार २०: पृ. १

३४. www.inseconline.org मा विभिन्न मितिमा प्रेषित समाचारहरूका आधारमा

३५. एनएमसीसी। "युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको प्रतिवेदन दुई" । काठमाडौं: युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति, ०६३

३६. "सातदल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णयहरू" । *www.peace.gov.np/admin/doc/Decisions%20of%20SPA%20and%20Maoist%20on%20%20Kartik22.pd*। ०६३ कार्तिक २२

सवालहरू समेटिएका थिए। सात दल र नेकपा (माओवादी) ले अन्तरिम व्यवस्थापिकामा कस्तो प्रतिनिधित्व हुने भन्ने बारेमासमेत निर्णय गरेका थिए। उनीहरूले एक सदनात्मक व्यवस्थापिका हुने निर्णय गर्दै सात राजनीतिक दल र अन्य दलका प्रतिनिधिसभा र राष्ट्रिय सभाका निर्वाचित सदस्यहरूसमेत गरी २ सय ९ जना, नेकपा (माओवादी) का तर्फबाट ७३ जना र जनवर्गीय तथा पेसागत संगठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरू र राजनीतिक व्यक्तिहरूबाट ४८ जना सहमतिको आधारमा मनोनित गरी कूल ३ सय ३० जनाको अन्तरिम व्यवस्थापिका गठन गर्ने सहमति गरे।[३६] तर जनआन्दोलनको विपक्षमा रहेकाहरू अन्तरिम व्यवस्थापिकामा रहन नपाउने सहमति भयो। संविधानसभाको निर्वाचन अघि नै नागरिकताबाट वञ्चित सबै नागरिकहरूलाई नागरिकता वितरण गर्ने, संविधानसभाको निर्वाचन मिति अन्तरिम मन्त्रिपरिषदले तय गर्ने, वर्गीय, जातीय, लैंगिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने, द्वन्द्व व्यवस्थापनका सम्बन्धमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नेलगायत्का निर्णयहरू सात दल र नेकपा (माओवादी) ले गरेका थिए।[३८] तर राजतन्त्र राख्ने वा नराख्ने भन्ने सवालमा नेकपा (एमाले) ले भिन्न मत राखेको थियो। निर्णयमा नेकपा (एमाले) का तर्फबाट महासचिव माधवकुमार नेपालले राजसंस्था राख्ने वा नराख्ने भन्ने बारेमा संविधानसभाको निर्वाचनसँगै जनमतसंग्रह गर्नुपर्ने मत राखेका थिए। त्यसैगरी उनले संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने भिन्न मत अघि सारेका र निर्णयमा दुई बुँदे नोट अफ डिसेन्ट लेखेका थिए।[३९]

सात दल र नेकपा (माओवादी) बीच राजतन्त्रको भविष्य निर्धारण गर्ने सम्बन्धमा व्यापक बहस भएको थियो। मानार्थ राजतन्त्र बनाउने भन्ने नेपाली काँग्रेसको अडान शान्ति वार्ता जारी रहुञ्जेल यथावत् थियो। नेपाली काँग्रेसले कुनै पनि हालतमा राजाको तह मानार्थभन्दा पर नजाने कुरा बारम्बार दोहोऱ्याइरहेको थियो। अर्कातर्फ अन्य दलहरू विशेष गरी नेकपा (एमाले) र नेकपा (माओवादी) गणतन्त्रको पक्षमा थिए। नेपालको राजनीतिक इतिहासमा अब राजाको कुनै औचित्य नभएको र यो औचित्यलाई समाप्त पार्नुपर्ने कुरालाई एमाले र माओवादीले बारम्बार दोहोऱ्याइरहे। एमालेले राजतन्त्रको भविष्य जनमतसंग्रहबाट निर्धारण गरिनुपर्ने माग राखेको थियो भने नेपाली काँग्रेस र माओवादीले संविधानसभाको पहिलो बैठकबाट गर्ने अडान राखे। एमालेले जनमतसंग्रहबाट राजा छानिनुपर्ने आफ्नो अडान अन्त्यसम्मै कायम हुने भएपनि यसकै आधारमा शान्ति वार्ता भने नबिथोलिने आश्वासन बारम्बार दोहोऱ्याएको थियो।

यसपछि पनि वार्ता प्रक्रियालाई निरन्तरता दिई ०६३ मंसिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच बृहद् शान्ति सम्झौतामा हस्ताक्षर गरियो। उक्त शान्ति सम्झौताले ०५२ देखि सञ्चालित सशस्त्र द्वन्द्वलाई समाप्त गऱ्यो। बृहत् शान्ति सम्झौतामा हस्ताक्षर गरिएपछि पनि वार्ता जारी रहयो। यसपछिका वार्तामा अन्तरिम संविधानका साथै हतियार र सेना व्यवस्थापनका सम्बन्धमा टुंगो लगाउने विषयमा बढी छलफल भयो। जसअनुसार पुस १ गते सात दल र नेकपा (माओवादी) ले अन्तरिम संविधानमा हस्ताक्षर गरी प्रतिनिधिसभामा पठाए। हतियार व्यवस्थापनका सम्बन्धमा मंसिर २२ मा नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनबीच त्रिपक्षीय सम्झौता सम्पन्न भयो भने हतियार व्यवस्थापनको प्रक्रिया अगाडि बढ्यो।

४.३ आचारसंहिता अनुगमन समितिको गठन र अवसान

नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भई ०६३ जेठ १२ गते युद्धविराम आचारसंहितामा हस्ताक्षर भएपछि युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको गठन भयो। २५ बुँदे आचारसंहिताको २१ नं बुँदामा "दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टोलीद्वारा युद्धविरामको अनुगमन गराउने" उल्लेख गरिएको थियो।[४०] सोही अनुसार ०६३ असार १ गते सरकार र नेकपा (माओवादी) बीच सम्पन्न दोस्रो चरणको वार्ताबाट युद्धविराम आचारसंहितालगायत् १२ बुँदे समझदारी र ८ बुँदे सहमति एवम् भविष्यमा हुने अन्य सहमतिहरूसमेतको पालना भए-नभएकोबारे अन्तर्राष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिन र कार्यान्वयन गर्न लगाउन युद्धविराम आचारसंहिता राष्ट्रिययय अनुगमन समिति गठन भयो।

---

३६. पूर्ववत्

३८. पूर्ववत्

३९. पूर्ववत्

४०. एनएमसीसी। "नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३/२/१२ मा गोकर्णमा सहमती भएको युद्धविराम आचारसंहिता"। *शान्ति अनगुमन सँगालो* । काठमाडौं: युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति । ०६३ । पृ. २४-२८

असार १ गतेको वार्तापश्चात् दुवै पक्षबीच सहमति भई डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा ३० सदस्यीय आचारसंहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको सार्वजनिक गरिए पनि डा. पाण्डेले समितिमा बस्न अस्वीकार गरेपछि ०६३ असार १२ गतेको सहमति अनुसार डा. वीरेन्द्रपसाद मिश्रको संयोजकत्वमा अनुगमन समितिलाई निरन्तरता दिइयो। यसअघि ०६३ असार १ गतेको सरकार र माओवादीबीच सम्पन्न भएको दोस्रो वार्ताबाटै पर्यवेक्षकका रूपमा लक्ष्मणप्रसाद अर्याल, डा. देवेन्द्रराज पाण्डे, पद्मरत्न तुलाधर, दमननाथ ढुंगाना र मथुराप्रसाद श्रेष्ठ रहेको पाँच सदस्यीय वार्ता पर्यवेक्षण टोली गठन गरियो। वार्ता टोलीले असार १२ गतेको निर्णयबाट युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार तोकेको थियो। अनुगमन समितिको कार्यक्षेत्र र अधिकारलाई १७ वटा बुँदामा समेटिएको थियो। जसमा अनुगमनको क्रममा युद्धविराम र आचारसंहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानबिन र अनुसन्धान गर्ने एवम् आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्नेलगायत्का विषयहरू उल्लेख गरिएको थियो।[४१]

आचारसंहिता अनुगमन समितिले अनुगमन कार्यलाई प्रभावकारी बनाउन विभिन्न पाँचवटा उपसमितिहरू गठन गऱ्यो। समितिले सातवटा प्रारम्भिक स्थलगत अध्ययन टोलीहरूमार्फत् देशका १७ वटा जिल्लाहरूको भ्रमण गरी मानवअधिकार स्थितिको अध्ययन समेत गऱ्यो।[४२] यसले आफ्नो कार्यकालमा तीनवटा प्रतिवेदन सार्वजनिक गऱ्यो। समितिले युद्धविराम आचारसंहिता पालना गराउनेतर्फ सरकार-माओवादी समक्ष विभिन्न सुझावहरू पेश गरेको थियो।

आचारसंहिता अनुगमन समितिले विगतको तुलनामा मानवअधिकार उल्लंघनमा कमी आएपनि अपेक्षाकृत सुधार भने नआएको बताएको थियो। मानवअधिकार उल्लंघन सरकारभन्दा पनि माओवादीमा बढी क्रियाशील भएको आरोप समितिले तथ्य प्रस्तुत गरेको थियो। समितिले आचारसंहिता पालना गर्नेतर्फ दुवैपक्ष गम्भीर नभएको आरोप समेत लगाएको थियो। सरकार र माओवादी पक्षबाट भएका आचारसंहिता विपरीतका घटनाहरूका बारेमा समितिले आफ्नो प्रतिवेदनमार्फत् सम्बन्धित पक्षहरूलाई सचेत गराउँदै शान्ति स्थापनामा अग्रसर हुन पहल गरिरह्यो।

शान्ति वार्ताले प्रस्तुत गरेको बृहद् शान्ति सम्झौतामा नेपाल सरकार र नेकपा (माओवादी) दुवैले हस्ताक्षर गरी औपचारिकरूपमा युद्ध समाप्त भएको घोषणा गरिएपछि अनुगमन समितिका पदाधिकारीहरूले पनि समितिको अब औचित्य नरहेको भन्दै ०६३ मंसिर १० गते यसको काम औपचारिकरूपले स्थगित गरे।[४३] समितिका पदाधिकारीहरूले राजीनामा गरेपछि ०६३ मंसिर १४ गते दुवैतर्फका वार्ता टोलीका प्रमुखहरूले एक विज्ञप्ति प्रकाशित गरी सोही दिनबाट युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति विघटन भएको घोषणा गरे। नेकपा (माओवादी) वार्ता टोलीका संयोजक कृष्णबहादुर महरा र नेपाल सरकार वार्ता टोलीका प्रमुख कृष्णप्रसाद सिटौलाद्वारा संयुक्तरूपमा हस्ताक्षर गरिएको उक्त विज्ञप्तिमा नेपाल सरकार र नेकपा माओवादीबीच ०६३ जेठ १२ गते हस्ताक्षरित युद्धविराम आचारसंहिताको अनुगमन गर्न गठन गरिएको युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिले आफ्ना कामहरू मार्फत् मुलुकमा द्वन्द्व व्यवस्थापन गर्ने तथा दिगो शान्ति स्थापना गर्ने प्रक्रियामा खेलेको महत्वपूर्ण भूमिकाको उच्च मूल्याकंन गरिएको बताए।[४४]

---

४१. "युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार" । पूर्ववत् । पृ. ४-७

४२. पूर्ववत् ३५

४३. युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिका संयोजक प्रा. वीरेन्द्रप्रसाद मिश्रद्वारा ०६३ मंसिर १० गते जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ- "नेपाल सरकार र नेकपा (माओवादी) पक्षबाट विगतका समयमा गरिएको २५ बुँदे युद्धविराम आचारसंहितासहित विभिन्न सहमति र समझदारीहरूको कार्यान्वयन भए वा नभएको भन्ने विषयमा अनुगमन गर्न गठित युद्धविराम अचारसंहिता राष्ट्रिय अनुगमन समितिमा हामीहरूलाई सामूहिक जिम्मेवारी सुम्पिएकोमा हामी सामूहिक आभार व्यक्त गर्दछौं। मिति ०६३ मंसिर ५ नेपाल सरकार र नेकपा (माओवादी) बीच स्वागतयोग्य विस्तृत शान्ति सम्झौता सम्पन्न भई युद्धको अन्त्य भएको परिप्रेक्ष्यमा यस समितिको भूमिका रहेको महसुस नभएकोले समितिका सदस्यहरूले यस समितिबाट गरिँदै आएको काम औपचारिकरूपले स्थगित गरेको कुरा जानकारी गराउन चाहन्छौं। साथै, यस समितिसमक्ष नेपाली जनताले प्रस्तुत गरेका समस्याहरूका सम्बन्धमा समितिले यस अगाडि प्रस्तुत गरिसकेका तीनवटा प्रतिवेदनहरूबारे यहाँहरू नै विज्ञ हुनुहुन्छ। कारवाहीको क्रममा रहेका गुनासा, सूचना र उजुरीहरूको सम्बन्धमा आवश्यक कारवाही सम्पन्न हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास छ। हामीलाई पूर्ण विश्वासका साथ यो गहन जिम्मेवारी प्रदान गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दछौं।"

४४. नेपाल सरकार वार्ता टोली संयोजक कृष्णप्रसाद सिटौला र नेकपा (माओवादी) वार्ता टोलीका संयोजक कृष्णबहादुर महराद्वारा संयुक्तरूपमा हस्ताक्षर गरी जारी गरिएको प्रेस विज्ञप्ति। ०६३ मंसिर १४

४.४ मानवअधिकार उल्लंघनमा कमी

लोकतन्त्र बहालीपश्चात् मानवअधिकारको क्षेत्रमा उल्लेखनीय सुधार आएको तथ्य निर्विवाद छ। लोकतन्त्र बहालीपछि मानवअधिकार उल्लंघनको अन्त्य नभए पनि यसमा निकै कमी आएको तथ्याङ्कले सावित गर्दछ। लोकतन्त्र स्थापनापछि सरकार र माओवादीका तर्फबाट युद्धविराम घोषणा गरी शान्ति प्रक्रिया अगाडि बढाइएपछि मानवअधिकार उल्लंघनमा विगतको तुलनामा निकै कमी आएको देखियो। दुवै पक्ष शान्ति स्थापनातर्फ उन्मुख भएपछि मान्छेको सबैभन्दा महत्वपूर्ण स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमाथि हस्तक्षेप ज्यादै नै कम भयो। यद्यपि लोकतन्त्र प्राप्तिपछिको सय दिनको अवधिमा माओवादीका तर्फबाट बढी मानिस मारिए।[४५] माओवादीले कब्जामा लिएका व्यक्तिहरूलाई यातना दिएर मारेको इन्सेकको अभिलेखले देखाएको छ। यसबीच माओवादीले कुटपिट, जनअदालत र त्यसको नाममा यातना, जबरजस्ती चन्दा संकलन, अपहरण, जनसेनामा जबरजस्ती भर्ना, विस्थापितहरूलाई घर फर्कन नदिनेजस्ता कार्यलाई निरन्तरता दिएका थिए। विभिन्न मानवअधिकार संघ-संस्थालगायत् संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले व्यपक विरोध गरेपछि र शान्ति सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेपछि लगभग यस्ता खाले गतिविधि अन्त्य भएको पाइयो।

४.५ शान्ति स्थापनाको सार्थक थालनी : ऐतिहासिक सम्झौता

विश्वकै इतिहास हेर्ने हो भने शान्ति स्थापनाका लागि नेपालको जस्तो समझदारी भएको कमै पाइन्छ। विद्रोही पक्ष, सरकार र अन्य राजनीतिक दलहरू संयुक्तरूपमा शान्ति स्थापनाका लागि अगाडि बढेका छन्। यही दृष्टान्त अन्य हिंसात्मक द्वन्द्व चलेका विश्वका धेरै मुलुकहरूमा पाउन गाह्रो छ। कुनै बेला आतंककारी घोषणा गरिएका माओवादीहरूले शान्ति स्थापनाका लागि कतिपय मुद्दामा लचकता अपनाएका छन् भने सरकार र सात दलले पनि सोही नीति अवलम्बन गरे। प्रजातान्त्रिक सरकारकै बेला माओवादीमाथि लगाइएको आतङ्ककारीको उपाधी उपयुक्त होइन भन्ने तथ्य यसले पनि उजागर गरेको छ।

माओवादीहरू राजनीतिक शक्ति नै हुन् तर तत्कालीन सरकारहरूले उनीहरूको मागप्रति देखाएको असहिष्णुता र असंवेदनशीलताका कारण हिंसा भड्किएको थियो। यसको अर्थ माओवादीहरूले मानवअधिकार उल्लंघन गरेनन् भन्ने होइन। यसबीच उनीहरूले मानवअधिकारको अत्यधिक उल्लंघन गरे। गैरन्यायिक क्रियाकलापमा उनीहरू बढी संलग्न रहे। तर अहिले स्थिति परिवर्तन भएको छ। माओवादीहरूले साँच्चै नै आफूलाई राजनीतिक शक्तिका रूपमा चिनाउने हो भने उनीहरूले विगतमा आफूहरूले गरेका गल्ती, कमी-कमजोरीलाई मनन गर्दै जघन्य अपराधका घटनामा छानबिन र संलग्न दोषीहरू उपर कारवाही गर्नेतर्फ अगाडि बढ्नु पर्दछ। अन्यथा पीडितहरूले न्याय नपाएको ठान्नेछन्। त्यसैगरी तत्कालीन समयमा प्रजातान्त्रिक शक्तिको रूपमा सरकार संचालन गरेकाहरू, जो अहिले पनि सरकारमा छन्, उनीहरूले पनि विगतमा हिंसा चर्काउन आफूबाट भएका कमी-कमजोरीहरूमा आत्म समीक्षा गर्नै पर्दछ र आगामी दिनमा त्यस्तो हुन नदिन गम्भीर हुनु जरुरी छ।

शान्ति सम्झौतामा नेपाल सरकार र माओवादीबीच हस्ताक्षर गरिरहँदा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विश्व नै नेपालको शान्ति प्रयासबाट प्रभावित हुने र अन्य मुलुकका लागि पनि उदाहरण बन्ने बताएका थिए। उनले नयाँ नेपालको इतिहास सुरु भएको र नयाँ युगमा सम्पूर्ण नेपाली एक भएर एकताको भावना निर्माण गर्दै जानुपर्ने बताएका थिए। यसैगरी नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले २ सय ३८ वर्ष लामो शासनको निरन्तरतालाई समेत सम्झौताले भंग गरेको बताउँदै मुलुक निर्माणको यस महाभियानलाई अवरुद्ध पार्ने तत्व क्रियाशील हुनसक्ने उल्लेख गरेका थिए। सबैदल एकजुट भए कसैको पनि षड्यन्त्र हुन नसक्ने विश्वास उनले व्यक्त गरेका थिए। तर उनले विगतमा आफूबाट भएका कमी-कमजोरीहरूका सम्बन्धमा भने कुनै प्रतिक्रिया व्यक्त गरेनन्।

१० वर्ष लामो हिंसात्मक द्वन्द्वले शान्ति सम्झौताका माध्यमबाट निकास पाएको छ। सरकार र माओवादी बीच शान्ति सम्झौता नेपालको इतिहासमा हिंसात्मक द्वन्द्व अन्त्य गर्ने महत्वपूर्ण कडीका रूपमा स्थापित भएको छ। ०६३ मंसिर ५ गते सरकार र माओवादीबीच हस्ताक्षर गरिएको शान्ति सम्झौता वाचन गर्दै गृहमन्त्री कृष्णप्रसाद सिटौलाले औपचारिकरूपमा सशस्त्र द्वन्द्व अन्त्य भएको घोषणा गरे। शान्ति सम्झौताको छ नं बुँदाको युद्ध समाप्ति शीर्षक अन्तर्गत ६.१ मा ०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार र माओवादीबीच चालु युद्धविरामलाई स्थायी रूप दिँदै ०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं भनिएको छ।[४६] मानवअधिकार तथा मौलिक अधिकार र मानवीय कानुनको

४५. इन्सेक। *लोकतन्त्र प्राप्तिका सय दिन : मानवअधिकार स्थिति*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। ०६३ भदौ २१: पृ. ३

४६. "विस्तृत शान्ति सम्झौता २०६३" । *www.peace.gov.np/admin/doc/Comprehensive%20Peace%20Accord-21-nov,%202006.pdf* । ०६३ मंसिर ५

पालना गर्ने सम्बन्धमा पनि शान्ति सम्झौतामा उल्लेख गरी यसको रक्षाका लागि दुवै पक्ष सहमत भएका छन्। देशमा दिगो शान्ति स्थापनाका लागि यो एउटा महत्वपूर्ण पक्ष हो। तर यसको सार्थकता तब रहनेछ जब यसले व्यवहारिक रूप लिनेछ। शान्ति सम्झौताले मुलुकको शासन व्यवस्थामा राजाको अधिकार नरहने उल्लेख गरी सैयौं वर्षदेखि जकडिएको निरंकुश राजसंस्थालाई समाप्त पार्ने प्रयास गरेको छ।[४७]

शान्ति सम्झौताले गरेका प्रतिबद्धताहरू पूरा गर्न भने वर्षको अन्त्यसम्म उल्लेख पहल भएन। सम्झौताको बुँदा नं ५.२.२ मा आ-आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष सहमत भएका थिए।[४८] तर उक्त प्रतिबद्धतालाई वर्षको अन्त्यसम्मै कार्यान्वयन गरिएको पाइएन।

शान्ति सम्झौताको बुँदा नं ५.२.५ ले दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लघंन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न सहमत भए।[४९] सहमति अनुसार, कुन समयसम्म सो आयोग गठन हुन्छ भन्ने किटान भने भएको छैन। यसले दुवै पक्षलाई गरेका प्रतिबद्धताहरूलाई लागू गर्न बाध्य भने बनाउँदैन। अरु मुद्दाहरूमा बढी ध्यान दिइएपनि यसमा त्यति ध्यान दिएको पाइएन। अर्थात् दुवैपक्षले यो मुद्दालाई संवेदनशीलरूपमा हेरेका छैनन्। यसमा सत्यको पहिचान गर्ने र क्षमाको नीति अवलम्बन गरी मेलमिलाप गर्ने अभिप्राय प्रकट गरिएको छ, दण्डहीनतालाई प्रश्रय दिने निश्चित छ। दोस्रो, यसको मिति नतोकिएकाले अन्यौल सृजना हुने देखिएको छ। जो युद्धका कारण ठूलो आघात खेपिरहेका छन्, उनीहरूले आफूलाई परेको मर्म कसरी बिर्सन सक्छन् ? अर्को कुरा, यदि संविधानसभाको निर्वाचनभन्दा अगाडि यो प्रक्रिया अपनाइएन भने जनताले निर्भिकतापूर्वक कसरी मतदानमा भाग लिन सक्लान् ? ध्यान दिनुपर्ने विषय छ।

शान्ति सम्झौता उल्लेख्य भएपनि सशस्त्र संघर्षका क्रममा खडा भएका अन्य समूहहरूको संभावित आक्रमणको व्यवस्थापनका बारेमा सम्झौतामा कुनै पनि सहमति नहुँदा यस्ता समूहबाट हुने हिंसात्मक खतरा बढ्ने देखिन्छ। समावेशी राज्य संचालनको अवधारणाको प्रष्ट किटान शान्ति सम्झौताले गरेको देखिदैन। यी विषय अहिले झिना-मसिना देखिए पनि भविष्यमा यसको परिणाम भयाभय हुनसक्छ भन्ने कुरामा समयमै सचेत हुनु जरूरी छ।

४.६ हतियार व्यवस्थापनमा सहमति

ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतन्त्र र माओवादीसहितको आठदलीय सहमति र शान्ति प्रक्रिया हतियार व्यवस्थापनका महत्वपूर्ण विकास हुन्। हतियार व्यवस्थापनको सबैभन्दा प्रमुख पक्ष निःशस्त्रीकरण हो। हतियार व्यवस्थापनका विषयमा वार्ता टोलीबीच धेरैपटक छलफल भयो। जबसम्म हतियारधारीहरूले हतियार बुझाउँदैनन्, तबसम्म भयमुक्त वातावरण सृजना हुन सक्दैन। हतियार व्यवस्थापनका सम्बन्धमा संविधानसभाको निर्वाचन अघि माओवादी सेनालाई क्याम्पमा र नेपाली सेनालाई व्यारेकमा राख्ने र त्यसको अनुगमन राष्ट्रसंघले गर्ने सहमति भएको हो। किनभने हतियारको व्यवस्थापन नभइकन यदि संविधानसभाको निर्वाचन हुने हो भने जनताले भयमुक्त वातावरणमा मतदान गर्न सक्ने परिस्थिति निर्माण हुँदैन। हतियार व्यवस्थापन भनेको हतियारको अवाञ्छित प्रयोग हुन नदिनु वा कुनै व्यक्ति तथा संगठनविरुद्ध दुरूपयोग हुन नदिनु हो। अर्थात् दुवै थरी अतिवादको नियन्त्रणमा रहेका बन्दुकलाई नियन्त्रणमा ल्याउनु हो। यसैकारण संविधानसभाको निर्वाचनका लागि भयरहित परिस्थिति निर्माणमा माओवादी जनमुक्ति सेना र नेपाली सेनाको हतियार प्रयोगलाई व्यवस्थापन तथा नियन्त्रण गर्नु आवश्यक हुन्छ।[५०] हतियार व्यवस्थापनका सम्बन्धमा माओवादी खासगरी नेपाली काँग्रेससँग सौदाबाजीको स्थितिसम्म पुगेको थियो। नेपालमा सेना र राजतन्त्रलाई अलग्याएर समस्या समाधान नहुने सोचका साथ माओवादीका अध्यक्ष प्रचण्डले, यदि नेपाली काँग्रेस गणतन्त्रको पक्षमा जान तयार हुने हो भने मात्रै आफूहरूले सम्पूर्ण हतियार 'लकअप' गरिदिने प्रस्ताव राखेका थिए। यदि त्यो पनि हुन सक्दैन भने राजतन्त्रलाई टुंग्याउने गरी जनमतसंग्रहमा जानुपर्ने धारणा माओवादीले अगाडि सारेका थिए। तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भने राजा हटाउने पक्षमा थिएनन्। माओवादीहरूले यससम्बन्धमा राखेका विभिन्न सर्तहरूमा प्रधानमन्त्री सहमत नभएपछि केही समयका लागि वार्ता अवरुद्ध भएको थियो।

नेकपा (माओवादी) ले आफ्नो तर्फका सेना मात्र व्यवस्थापन गर्ने सम्बन्धमा असन्तुष्टि व्यक्त गर्दै हतियार व्यवस्थापन माओवादीको मात्र नभएर नेपाल सेनाको पनि

---

४७. पूर्ववत् बुँदा नं ३.३
४८. पूर्ववत् बुँदा नं ५.२.२
४९. पूर्ववत् बुँदा नं ५.२.५
५०. राई, प्रा. डा. इन्द्रजीत। "हतियार व्यवस्थापनका चुनौती" । *कान्तिपुर* ०६३ असार १९: पृ. ७

हुनुपर्ने बताउँदै आएको थियो। माओवादीहरूले नेपाल सेनाको हतियार नै लोकतन्त्रका लागि पटक-पटक बाधक भएको हुनाले हतियार व्यवस्थापनको कुरा संविधानसभाको निर्वाचन अगाडि नै गर्नुपर्ने बताएका थिए। "पटक-पटक लोकतन्त्रको विरुद्धमा प्रयोग भएको शाही सेनाको हतियार समस्या हो। त्यो हतियारको व्यवस्थापन नगरिकन लोकतन्त्रका लागि लडेको जनमुक्ति सेनाको हतियार मात्र व्यवस्थापन गर्ने भन्ने कुरा कति घातक होला ?"[५१] उनीहरूको धारणा थियो। माओवादीहरूले नेपाली सेनाको हतियार र पुनर्संरचनाको निर्णय गरेपछि त्यसका आधारमा जनमुक्ति सेनाको हतियार व्यवस्थापन गर्न तयार हुने धारणा दोहोऱ्याएका थिए।

शान्ति स्थापनामा विभिन्न देशको अनुभव संगालेको संयुक्त राष्ट्रसंघलाई हतियार व्यवस्थापनमा सहयोग गर्न सरकार र माओवादी दुवै पक्ष सहमत त भएका थिए तर हतियार व्यवस्थापनाका सम्बन्धमा बढेको मतभेदले राष्ट्रसंघलाई संयुक्त पत्र पनि पठाउन नसकिरहेको अवस्था रह्यो। यसले जनतामा अन्योल सृजना गऱ्यो। यसले सरकार र माओवादीबीच दुवै सेनालाई निर्धारित ठाउँमा सीमित गराउने तथा माओवादीका हतियार प्रमाणीकरण र अनुगमन गर्ने सहमति भएलगत्तै साउन २४ गते राष्ट्रसंघलाई औपचारिक पत्र पठाइयो। नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले र नेकपा (माओवादी) का तर्फबाट अध्यक्ष प्रचण्डले ०६३ साउन २४ मा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई छुट्टाछुट्टै पत्र पठाई नेपालको शान्ति प्रक्रियामा सहयोग गर्न अनुरोध गरेका थिए।[५२]

सेनाहरूको व्यवस्थापन गर्ने सम्बन्धमा सरकार र नेकपा (माओवादी) बीच उत्पन्न मतभेदका सम्बन्धमा लामो बहसपछि दुवै पक्ष माओवादी सेनाहरूलाई छुट्टै शिविरमा र नेपाली सेना ब्यारेक भित्रै सिमित हुने कुराको टुंगोमा पुगेपछि मात्रै दुई पक्षको समझदारीमा सहयोगका लागि संयुक्त राष्ट्रसंघलाई आग्रह गरिएको हो। नेपाल सरकार र माओवादीले सहयोगको अनुरोध गर्दै संयुक्त राष्ट्रसंघलाई पठाएको पत्रमा विभिन्न पाँचवटा विषयहरूमा सहमति कायम गरेका थिए। जसमा नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले गरिरहेको मानवअधिकार अनुगमनलाई निरन्तरता दिने, युद्धविरामको अवस्थामा आचारसंहिताको अनुगमनमा सहयोग गर्ने, दुवैतर्फका हतियार तथा सशस्त्र सेनाको व्यवस्थापन गर्न सहमतिका आधारमा तोकिएको ठाउँमा रहेको माओवादीका सशस्त्र सेनाको अनुगमन र प्रमाणीकरण गर्ने कार्य योग्य गैरसैनिक अधिकृतबाट गराउन संयुक्त राष्ट्रसंघको सहयोग लिने लगायत्का सवाल समावेश गरिएको थियो। त्यसैगरी हतियार व्यवस्थापनलगायत्का सम्बद्ध पक्ष र संयुक्त राष्ट्रसंघबीच आवश्यक सहमतिका आधारमा ढाँचा निर्माण गर्ने, नेपाली सेना ब्यारेकमै रहेको र उसका हतियार कोही विरुद्ध पनि प्रयोग भएका छैनन् भन्नेबारे अनुगमन गर्ने र संविधानसभाको निष्पक्ष निर्वाचनका लागि पर्यवेक्षण गर्ने रहेका थिए।[५३] संयुक्त राष्ट्रसंघको हतियार व्यवस्थापनको सिद्धान्त अन्तर्गत नि:शस्त्रीकरण, अपरिचालन र पुनर्एकीकरणको प्याकेजलाई दुवै पक्षले स्वीकार गरेका थिए। यसैगरी परराष्ट्र मन्त्री केपी शर्मा ओलीले पनि संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई ०६३ कार्तिक ३० गते एक पत्र पठाई नेपालको शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन अनुरोध गरेका थिए।[५४] संयुक्त राष्ट्रसंघले नेपालमा हतियार व्यवस्थापन र संविधानसभाको निष्पक्ष निर्वाचनको अनुगमनका सम्बन्धमा सहयोग गर्ने उद्देश्यले महासचिव अन्नानका स्वकीय प्रतिनिधिका रूपमा इयान मार्टिनलाई २००६ को जुलाईको अन्त्यतिर नियुक्त गऱ्यो। मार्टिन यसअघि नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुख थिए।

यसअघि संयुक्त राष्ट्रसंघको विशेष टोली स्टेफन डी. मिस्टुराको नेतृत्वमा ०६३ साउन १० गते काठमाडौं आई एक साता लामो अध्ययन गरेको थियो। मिस्टुराको टोलीले नेपालको भ्रमण गर्दासम्म सरकार र माओवादीबीच हतियार र सेनाको व्यवस्थापनका सम्बन्धमा सहमति कायम हुन सकेको थिएन। नेपालमा भइरहेको शान्ति प्रक्रियाको अध्ययनपश्चात् सो टोलीले राष्ट्रसंघले नेपालमा मुख्यतया चारवटा क्षेत्र, हतियार र सेना व्यवस्थापन, निर्वाचन प्रक्रियामा सहयोग, आचारसंहिता पालनासम्बन्धी अनुगमन र मानवअधिकारसँग सम्बन्धित गतिविधिको विस्तारका सम्बन्धमा सहयोग गर्नसक्ने निष्कर्ष निकालेको थियो। मिस्टुराले हतियार व्यवस्थापनका सम्बन्धमा सरकार र माओवादीलाई एउटै निष्कर्षमा पुग्न आग्रह गरेका थिए। उनले सरकार र माओवादीले संयुक्त राष्ट्रसंघमा बेग्लाबेग्लै पत्र पठाएर राष्ट्रसंघीय सहयोगमा कुनै समस्या नहुने बताउँदै

---

५१. भट्टराई, डा. बाबुराम । "वार्ता प्रधानमन्त्रीको अडानमा भरपर्छ"। *हिमाल खबरपत्रिका* ०६३ कार्तिक १-१५ पृ. ३५

५२. शान्ति सचिवालय । "संयुक्त राष्ट्रसंघसमक्ष नेपाल सरकारद्वारा प्रेषित पाँच बुंदे पत्र" । *विस्तृत शान्ति सम्झौता २०६३ (अनुसूचिहरु सहित)*। काठमाडौं: शान्ति समिति । ०६३ । पृ. ४६-४७

५३. "संयुक्त राष्ट्रसंघसमक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा प्रेषित पाँच बुंदे पत्र" । पूर्ववत् । पृ. ४८-४९

५४. "परराष्ट्रमन्त्री केपी शर्मा ओलीद्वारा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पठाइएको पत्र"। ०६३ कार्तिक ३०

हतियार व्यवस्थापन, संविधानसभालगायत्का विषयमा संयुक्त धारणा पठाउन अनुरोध गरेका थिए।

हतियार र सेना व्यवस्थापनअनुसार माओवादी सेनाहरूलाई सात वटा मुख्य शिविरहरू र २१ वटा उपशिविरमा व्यवस्थापन गरियो। माओवादी र सात दलबीच हतियार व्यवस्थापनका सम्बन्धमा शिविरहरू निर्माण गर्ने सम्बन्धमा ०६३ कार्तिक २२ मा सहमति भएपछि नेपाल सरकार, माओवादी र संयुक्त राष्ट्रसंघ सम्मिलित टोलीले प्रस्तावित क्षेत्रहरूको अवलोकन गरेको थियो। प्रस्तावित सात शिविरहरू कैलाली, सुर्खेत, रोल्पा, नवलपरासी, चितवन, सिन्धुली र इलाम जिल्लामा रहेका छन्। सम्झौताअनुसार एउटा शिविर काभ्रेमा राख्ने भनिएपनि पछि त्यहाँ नराखेर नवलपरासीमा राख्ने सहमति भएको हो। सात दल र माओवादीबीच भएको सम्झौतामा ०६३ मंसिर ५ भित्र माओवादीका सबै छापामार सातवटा प्रमुख अस्थायी शिविर र अन्य २१ वटा उपशिविरहरूमा राखिसक्ने उल्लेख भएको थियो, जसअनुसार शिविरहरू निर्माण गरिए।

नेपालको शान्ति प्रक्रियामा सघाउन आएको संयुक्त राष्ट्रसंघीय टोलीले हतियार तथा सेना व्यवस्थापनमा विस्तृत सम्झौता नभएसम्म आफूले अनुगमनको कुनै प्रक्रिया सुरु नगर्ने बताउँदै आएको थियो। सोही अनुसार हतियार व्यवस्थापनको सवालमा संयुक्त राष्ट्रसंघले सहयोग गर्ने भएपछि नेपाल सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच त्रिपक्षीय सम्झौताका सम्बन्धमा छलफल प्रक्रियाहरू अगाडि बढाइएको थियो। शान्ति सम्झौता अनुसार माओवादी सेनाहरू तोकिएका सातवटै शिविरहरूमा पुगिसकेका हुनाले तीनको व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता गर्न ०६३ मंसिर ७ गते पनि दुई चरणमा छलफल भएको थियो। माओवादी नेता डा. बाबुराम भट्टराई र गृहमन्त्री कृष्णप्रसाद सिटौलाबीच मंसिर ७ गते बिहान भक्तपुर गेष्टहाउसमा एकचरण वार्ता भएको थियो भने दिउँसो ललितपुरको हिमालय होटलमा संयुक्त राष्ट्रसंघीय प्रतिनिधिहरूसहितको टोलीले अर्को चरणको छलफल गरेको थियो।[५५]

सेना अस्थायी शिविरमा राखिएपछि अन्य गतिविधिमा सहभागी हुन पाउने या नपाउने भन्ने विवाद नसुल्झिदा मंसिर ७ गते भएको वार्तामा त्रिपक्षीय सम्झौता हुन सकेन। शान्ति सम्झौता अनुसार माओवादी सेनाहरू तोकिएको सात वटै शिविरमा पुगिसकेकाले तिनको व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता गर्न मंसिर ७ गते दुई चरण छलफल भएको थियो। शिविरमा राखिएका माओवादीका सेनाहरूको व्यवस्थापनका लागि सरकारले पहिलो चरणमा भन्दै माओवादीका नेता डा. बाबुराम भट्टराईलाई सात करोड रूपैयाँ हस्तान्तरण गरेको थियो। सरकारले शिविर निर्माण तथा सञ्चालनका लागि बाह्य सहयोग मागिने बताएको थियो।[५६]

बृहत् शान्ति सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेपछि संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले सरकार र नेकपा (माओवादी) लाई बधाइ दिएका थिए। ०६३ मंसिर ६ गते एक विज्ञप्ति जारी गरी सशस्त्र द्वन्द्वको समाप्तिसँगै नेपालका जनतालाई समावेशी लोकतन्त्र र स्थायी शान्ति स्थापनाका लागि मौका मिलेको बताए। दुवै पक्षबीच भएको सम्झौताले राष्ट्रसंघलाई ठूलो विश्वास र दायित्वबोध गराएको धारणा उनले विज्ञप्तिमार्फत् व्यक्त गरे। साथै, नेपाल सरकारले अनुरोध गरेअनुसार हतियार व्यवस्थापनलगायत् निष्पक्ष निर्वाचनका लागि सहयोग गर्ने जानकारी गराएका थिए।[५७]

नेपालबाट सरकार र माओवादीले सहयोगका लागि राष्ट्रसंघका महासचिव अन्नानलाई पत्र पठाएपछि तिनै पत्रका आधारमा अन्नानले नेपालमा शान्ति सम्झौता सम्पन्न भएको भोलिपल्ट ०६३ मंसिर ६ मै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदका अध्यक्षलाई पत्र पठाएका थिए। अन्नानले सात राजनीतिक पार्टीहरू, नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ कार्तिक २२ मा महत्त्वपूर्ण सहमतिमा हस्ताक्षर भएको र त्यो महत्त्वपूर्ण सम्झौताको टुंगोमा पुगी बृहद् शान्ति सम्झौतामा हस्ताक्षर भएको जानकारी गराएका थिए।[५८] पत्रमा उनले हतियार व्यवस्थापनका सम्बन्धमा साझा मत बनाउनका लागि सम्बन्धित राजनीतिक पार्टीहरूसँग छलफल गर्न आफूले इयान मार्टिनलाई आफ्नो प्रतिनिधि नियुक्त गरेको उल्लेख गरेका थिए। महासचिव अन्नानले नेपाल सरकारले संयुक्त राष्ट्रसंघसँग माग गरेको सहयोगका बारेमा सुरक्षा परिषदका अध्यक्षलाई पठाएको पत्रमा ३५ जना हतियार व्यवस्थापनका लागि अनुगमनकर्ताहरू र २५ जना निर्वाचन आयुक्तहरू नियुक्ति गरी नेपालको शान्ति प्रक्रियाका लागि

---

५५. "हतियार व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता प्रयास"। *राजधानी* ०६३ मंसिर ८: पृ. १

५६. पूर्ववत्

५७. United Nations. "Secretary-General congratulates Nepal parties on peace agreement, pledges quick United Nations aid in arms monitoring, electoral assistance". *www.un.org/News/Press/docs/2006/sgsm10753.doc.htm.* 22 November 2006

५८. United Nations. "Letter dated 22 November 2006 from the Secretary-General to the President of the Security Council". (S/2006/920). *http://daccessods.un.org/access.nsf/Get?Open&DS=S/2006/920&Lang=E.* 27 November 2006

सहयोग पुऱ्याउन अनुरोध गरेका थिए।[५९]

राष्ट्रसंघको बडापत्रअनुसार अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने जिम्मेवारी पाएको सुरक्षा परिषदले नेपालको शान्ति प्रक्रियालाई उच्च प्राथमिकतामा राख्यो। यस सम्बन्धमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले ०६३ मंसिर ६ मा सुरक्षा परिषदका अध्यक्षलाई पठाएको पत्रमा सुरक्षा परिषदको ०६३ मंसिर १५ गते भएको ५५७६ औं बैठकमा छलफल गरी नेपालको शान्ति प्रक्रियाका लागि हतियार व्यवस्थापनलगायत् निष्पक्ष निर्वाचनका लागि पनि सहयोग गर्ने सुरक्षा परिषदका अध्यक्षले सोही दिन एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै बताएका थिए। विज्ञप्तिमा महासचिव कोफी अन्नानले प्रस्तुत गरेको औपचारिक प्रस्तावलाई छिटोभन्दा छिटो पूरा गरिने पनि उल्लेख गरिएको थियो।[६०] नेपालको शान्ति प्रक्रियालाई सहयोग गर्ने सम्बन्धमा महासचिवले उल्लेख गरेअनुसारको सहयोगका लागि सुरक्षा परिषदले यसको व्यवहारिक आवश्यकता बुझ्न एक अध्ययन टोली नेपालमा पठाएको थियो।

हतियार र सेनाको व्यवस्थापनसम्बन्धमा धेरै पटक भएको त्रिपक्षीय वार्तापछि नेपाल सरकार र नेकपा (माओवादी) ले सो सम्झौतामा राष्ट्रसंघको रोहवरमा ०६३ मंसिर १२ मा हस्ताक्षर गरेका थिए। दुवै पक्षले हस्ताक्षर गरेपछि उक्त सम्झौतापत्र राष्ट्रसंघका कानुनविदहरूलाई जँचाउन मुख्यालय, न्यूयोर्क पठाइएको थियो। कानुनविद्ले आठ-दश ठाउँमा सामान्य हेरफेर गरेपछि ०६३ मंसिर २२ मा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानका स्वकीय प्रतिनिधि इयान मार्टिन, नेकपा (माओवादी) र नेपाल सरकारले त्यसमा संयुक्त हस्ताक्षर गरे। त्रिपक्षीय सम्झौतापछि हतियार र सेना व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघको सहयोग द्रुत गतिले अगाडि बढ्यो। सोहीअनुसार प्राविधिक टोली नेपाल आई आफ्ना गतिविधिहरू संचालन गऱ्यो। सम्झौता अनुसार माओवादीको बराबर नै सेनाको पनि हतियार एकल ताल्चा लगाएर भण्डारण गरिने उल्लेख छ। सरकार र माओवादी हतियार व्यवस्थापनका लागि पूर्वगोर्खा सैनिकको अस्थायी नियुक्ति गर्ने सहमतिमा पुगेका थिए। राष्ट्रसंघीय महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनको उपस्थितिमा १ सय ११ पूर्वगोर्खा सैनिक परिचालन गर्न पुस ६ गते माओवादी र नेपाल सरकार सहमत भएका थिए। सहमति अनुसार पूर्व गोर्खा सैनिकहरूलाई माओवादी शिविरमा चौबीस घण्टे तैनाथीको जिम्मेवारी दिइनेछ।[६१]

हतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनलाई नियुक्त गरि उनको संयोजकत्वमा आएको संयुक्त राष्ट्रसंघीय टोलीले नेपालमा हतियार व्यवस्थापनका पक्षमा प्रारम्भिक अनुगमन गरेको थियो। संयुक्त राष्ट्रसंघका महासचिव विशेष प्रतिनिधि इयान मार्टिनको संयोजकत्वमा सहयोग टोलीले ०६३ मंसिर २३ देखि पुस २ सम्म प्रारम्भिक अनुगमन गऱ्यो। उक्त अनुगमन प्रतिवेदन महासचिवलाई बुझाएको थियो।[६२] ०६३ पुस २ गते इयान मार्टिनले एक प्रेस सम्मेलनको आयोजना गरी आफ्नो टोलीले प्रारम्भिक अनुगमन कार्य पूरा गरेको बताएका थिए। उनले अध्ययन टोलीको प्रतिवेदनलाई संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले सुरक्षा परिषदमा पेश गर्ने र नेपालमा नयाँ टोली खटाउनका लागि अनुरोध गर्ने बताएका थिए। यो सबालमा २००७ को जनवरीको मध्यतिर सुरक्षा परिषदको बैठकबाट निर्णय हुने कुरामा आफू विश्वस्त रहेको पनि उनले उल्लेख गरेका थिए।[६३]

सहायक तथा उप शिविरहरूको प्रारम्भिक अनुगमन पूरा गरेपछि ०६३ पुस १३ गते ६ सदस्यीय राष्ट्रसंघीय हतियार अनुगमन टोली काठमाडौं आइपुग्यो। ०६३ पुस १४ गते इयान मार्टिनले एक प्रेस सम्मेलनको आयोजना गरी एक साताको सामान्य वस्तुस्थितिको जानकारी र तालिमपछि जनवरी २००७ को पहिलो साताबाट हतियार दर्ता प्रक्रिया प्रारम्भ हुने बताएका थिए। उनले हतियार व्यवस्थापन र अनुगमन गर्ने बताए। उनले ३५ सदस्यीय टोलीले राष्ट्रसंघीय टोलीले पूर्णकालिक काम थाल्दा बढीमा दुई सयसम्म विज्ञ सहभागी हुने उक्त सम्मेलनमा बताएका थिए। इयान मार्टिनले हतियार भण्डारणका लागि विभिन्न चार शिविरस्थलमा कन्टेनर पुऱ्याउने कामसमेत पूरा भएको र संयुक्त अनुगमन सहयोग समितिको सहमतिमा सबै प्रक्रिया अघि बढिरहेको बताए।[६४] हतियार व्यवस्थापनको संयुक्त अनुगमन गर्ने

५९. पूर्ववत्

६०. United Nations Security Council. "Statement by the President of the Security Council". (S/PRST/2006/49). *http://daccess-ods.un.org/TMP/1036224.html.* 1 December 2006

६१. "सबा सय पूर्व गोर्खा सैनिक राखिने"। *कान्तिपुर* ०६३ पुस ७: पृ. १

६२. ओपीआरएसजी । "संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनको प्रेस वक्तव्य"। काठमाडौं: संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधिको कार्यालय, १७ डिसेम्बर २००६

६३. पूर्ववत्

६४. ओपीआरएसजी । "संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनको प्रेस वक्तव्य"। काठमाडौं: संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधिको कार्यालय, २९ डिसेम्बर २००६

सम्बन्धमा नेपाली सेना, जनमुक्ति सेना र इयान मार्टिनको टोली सम्मिलित एक संयुक्त अनुगमन सहयोग समिति गठन गरिएको छ। यसको अध्यक्षता इयान मार्टिनको टोलीका तर्फबाट जनरल जान एरिक विलजेमिसनले गरेका छन्।

शान्ति स्थापनाका लागि प्रमुख शर्तको रूपमा देखापरेको हतियार व्यवस्थापनका सम्बन्धमा संयुक्त राष्ट्रसंघले नेपालका लागि पुऱ्याएको सहयोग र योगदान अमूल्य छ। राष्ट्रसंघले नेपालको शान्ति स्थापनाको मुद्दालाई प्राथमिकतामा राखी आफ्ना क्रियाकलाप अगाडि बढाएको छ।

सातदल र माओवादीबीच सम्पन्न सहमतिमा शान्ति प्रक्रियाको आधार मानवअधिकारको मूल्य र मान्यता स्वीकार गरेपनि व्यवहारमा यस्तो रूपान्तरण पाइएन। सबै दलहरू जनताका अधिकारहरू प्रत्यभूति गर्नेभन्दा पनि बढी सत्ता प्रप्तिका लागि अग्रसर भएको देखियो। हतियार व्यवस्थापन निश्चय पनि शान्ति स्थापनाका लागि एक प्रमुख मुद्दा हो तर सँगसँगै जनतासँग दैनन्दिन प्रत्यक्ष सरोकार राख्ने विषयमा भने कमै बहस भए। युद्धविराम आचारसंहिता अनुगमन समितिको दोस्रो प्रतिवेदनले पनि सरकार, सात दल र नेकपा माओवादीबीच भएका राजनीतिक सहमति, समझदारी तथा आचारसंहिताको कार्यान्वयनको प्राथमिकता निर्धारणमा फरक फरक विचारहरू देखा परेको उल्लेख गरेको छ। प्रतिवेदनले सरकारले हतियार र सैनिक व्यवस्थापनलाई प्राथमिकता दिएको, नेकपा (माओवादी) ले अन्तरिम विधान, व्यवस्थापिका र अन्तरिम सरकारको राजनीतिक मुद्दालाई प्राथमिकता दिएको बताएको थियो। यसबाट दुवै पक्षबीच आरोप-प्रत्यारोप बढेको र जनतामा शान्ति प्रक्रिया बिथोलिने हो की भन्ने चिन्ता छाएको पनि प्रतिवेदनले उल्लेख गरेको थियो।[६५]

शान्ति सम्झौताको बुँदा नं ४ ले सेना र हतियार व्यवस्थापनका सम्बन्धमा उल्लेख गरेको छ। सम्झौतामा यस अन्तर्गत नेपाली सेना ब्यारेकमा सीमित रहने, उनीहरूको हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने, माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने, भण्डारण गरिएका हतियारहरूको आवश्यक जाँचबुझ गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्नेलगायत्का व्यवस्था गरिएको छ।[६६]

माओवादी पनि जनताका अधिकारकालागिभन्दा पनि आफ्नो प्रतिनिधित्व र आफ्ना जनमिलिसिया सुरक्षा निकायमा समावेश गर्ने विषयमा केन्द्रित देखियो। यसैबीच नर्वेका प्रख्यात शान्तिवादी विद्वान योहन गाल्टुङले काठमाडौँमै आएर हतियार व्यवस्थापनभन्दा पनि द्वन्द्वका मूलकारणलाई व्यवस्थित गर्ने कार्य प्रमुख भएको धारणा व्यक्त गरे। उनले अहिले देखिएको प्रत्यक्ष हिंसाको मूल कारण नै संरचनागत हिंसा भएको बताएका थिए र द्वन्द्वको निराकरणका लागि संरचनागत हिंसालाई राज्यले प्रमुखरूपमा लिई त्यसको समाधान गरिनुपर्ने बताएका थिए।[६७] हतियार र सेना व्यवस्थापन सम्पूर्ण प्रक्रिया संविधानसभाको चुनाव अगाडि नै सकिएको अवस्थामा मात्रै संविधानसभाको निर्वाचन भयरहित र स्वतन्त्र हुन्छ भन्नेमा कसैको विमति नहोला। यसको व्यवस्थापनमा लागेका सम्बन्धित पक्षहरूले विशेष ध्यान पुऱ्याएका छन् भन्ने अनुमान गर्न सकिन्छ।

५. लोकतन्त्र र दिगो शान्तिका चुनौतिहरू

५.१ प्रतिबद्धता र कार्यान्वयनबीचको खाडल

आठ राजनीतिक दलहरूबीच विभिन्न मितिमा भएका ८ बुँदे, २५ बुँदे र ५ बुँदे सहमति पनि शान्ति प्रयासका लागि उल्लेख्य मानिन्छन्। यद्यपि यी प्रतिबद्धताहरू यी दलहरूले व्यवहारमा रूपान्तरित गर्ने सवालमा कत्तिको इमान्दार भए भन्ने कुरा पनि उत्तिकै महत्व राख्दछ शान्ति प्रयासमा। राजनीतिक दलहरू र माओवादीले संक्रमणकालीन अवस्थामा सतर्कता अपनाउनु अत्यन्त जरुरी हुन्छ।

लोकतान्त्रिक सरकार गठन लगत्तै माओवादी र सात राजनीतिक दलहरूबीच बालुवाटारमा ०६२ असार २ गते बसेको बैठकले पारित गरेको आठ बुँदे सहमतिमा संविधानसभाको निष्पक्ष निर्वाचन, दुवैतर्फको सेना र हतियार व्यवस्थापनलाई प्रमुखताका साथ उठाइएको छ।[६८] र, यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गरिने उक्त सहमतिमा उल्लेख गरिएको छ। यसैगरी संविधानसभाको निर्वाचनमार्फत् वर्गीय, जातीय, क्षेत्रीय, लैंगिकलगायत्का समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने सवालमा पनि उनीहरू सहमत भए। लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता,

---

६५. पूर्ववत् ३५ र ४२

६६. पूर्ववत् ४६-४९

६७. Galtung, Johan. "Nepal: A Transcend Perspective". *Speech at the Regional Conference on Sustaining. Peace in Nepal*. Kathmandu: Fredskorpset and INSEC. 31 October 2006

६८. "सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शीर्ष नेताहरुबीच भएको आठ बुंदे समझदारीको प्रेस वक्तव्य" । पूर्ववत् ५० र ५२ । पृ. ४३-४५

सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता पनि उनीहरूले आठबुँदे सहमतिमा व्यक्त गरेका थिए।[६९]

युद्धविराम आचारसंहिताको प्रस्तावनामा नेपाल सरकार र नेकपा (माओवादी) ले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत मान्यताहरूप्रति प्रतिबद्ध रहने कुरा व्यक्त गरेका थिए।[७०] युद्धविराम आचार संहिताले भयमुक्त नागरिक जीवनको सुनिश्चितता गर्ने, जनतामा विश्वासको वातावरण निर्माण गर्ने, जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा काम गर्ने, शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसंचालन, सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग, बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने, रिहाई र पुनर्स्थापना, वार्ता सहजीकरण युद्धविरामको अनुगमनलगायत्का विषयहरूको सुनिश्चितता गरेको थियो।[७१] सम्झौताअनुसार दुवै पक्षबीच भएको सहमति अनुरूप मानवअधिकार उल्लघनमा विगतको तुलनामा निकै कमी आए पनि त्यस्तो कार्य भने रोकिएन। विभिन्न मानवअधिकार संघ-संस्थाहरूका साथै आचारसंहिता अनुगमन समितिले पनि आफ्नो प्रतिवेदनमा यो सवाल उल्लेख गरेको छ।

५.२ समावेशीकरण र मधेशको सवाल

समावेशीकरणको सवाल जनआन्दोलन–२ को अवधिदेखि यो वर्षको अन्त्यसम्मै अत्यन्त चर्चामा रहिरह्यो। तर, वर्षको अन्त्यमा अन्तरिम संविधानले मधेश र मधेशीको पहिचान र प्रतिनिधित्वको सवाललाई बेवास्ता गरेको आवाज चर्कोरूपमा उठ्यो।

०६३ साउन २० गते काठमाडौंमा तराईका ३३ जना सांसदहरूले अन्तरिम संविधान र संविधानसभामा उचित प्रतिनिधित्व गराउन र मुलुकलाई एकताबद्ध गरेर लैजाने गरी मधेशका सवाल सशक्त ढंगले उठाउने घोषणा गरे। मधेशका समस्याबारे छलफल गर्न कांग्रेस प्रजातान्त्रिकका नेता विजयकुमार गच्छेदारको संयोजनमा भएको भेलाका सम्बन्धमा जानकारी गराउँदै उनले, "शान्ति र लोकतन्त्रलाई संस्थागत गर्ने, अन्तरिम संविधान तथा संविधानसभामा तराईको उचित प्रतिनिधित्व र भावनाको कदर गराउने" सवालमा छलफल भएको बताए।[७२]

संविधानसभा निर्वाचनअघि जनगणना गराउने प्रावधान अन्तरिम संविधानको मस्यौदामा नभएकोले निर्वाचनमा समानुपातिक प्रतिनिधित्व हुन नसक्ने धारणा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले अघि सारेको थियो। ०६३ भदौ १८ गते सम्पन्न राष्ट्रिय कार्यसम्पादन समितिको दुई दिने बैठकले मस्यौदालाई "संवैधानिक तथा प्राविधिक त्रुटीले भरिएको दिशाविहीन दस्तावेज"[७३] को संज्ञा दियो।

लोकतन्त्र प्राप्तिपछि पुनर्स्थापित प्रतिनिधि सभासँगै जारी भएका अनेकौं दस्तावेजहरूमा समावेशीकरणको सिद्धान्तलाई अवलम्बन त गरियो तर संधैंझैं व्यवहारिक प्रयोग भने शून्य बराबर रह्यो। यसका निम्ति सडकमा ओर्लिएका आवाजहरूका कारण केही समितिहरूमा महिलाहरूको वा अरु समुदायको प्रतिनिधित्व गराइए पनि प्रतिबद्धता व्यक्त गरिएको प्रतिशतलाई भने पुनः ख्याल गरिएन। शान्ति सम्झौतापछि पनि यस सवाललाई महत्त्वकासाथ लागू गरिएन। जस्तै, शिविर व्यवस्थापनका पक्षमा भएको सरकार माओवादी र संयुक्त राष्ट्र संघबीच भएको समझदारीअन्तर्गत बनेको एक समितिमा पनि महिलाहरूको प्रतिनिधित्वलाई स्वीकार गरिएन। माओवादीकै तर्फबाट पनि महिला प्रतिनिधित्व गराइएन। अन्ततोगत्वा माओवादी महिला लडाकुहरूको व्यवस्थापनका सम्बन्धमा उचित व्यवस्थापन हुनेमा आशलाग्दो प्रगति होला भन्नेमा शंका उब्जियो। यस समितिको प्रमुखमा एकजना सरकारी प्रतिनिधि र अरु भूतपूर्व उच्च तहका सैनिक अधिकृत र प्रहरी अधिकृत मात्रको प्रतिनिधित्व गराइयो। यसबाट पनि राज्यका हरेक अंग र तहमा महिलाहरूको ३३ प्रतिशत प्रतिनिधित्व गराइने प्रतिबद्धताको पालना हुन सकेन।

राजनीतिक अस्थिरताले शान्ति खल्वलाउँछ भन्ने तथ्य जगजाहेर छ। ०४६ सालको जनआन्दोलनपछि शासन गरेका प्रजातान्त्रिक सरकार भनिनेहरू राजनीतिकरूपमा मात्रै सक्रिय रहँदा र नागरिकका अधिकारहरू प्रत्याभूत गर्ने सन्दर्भमा टाढै रहेका हुनाले नै देशमा राजनीतिक अस्थिरताले भयावह रूप लिएको थियो। यसले माओवादी हिंसालाई बढाइराख्न पनि टेवा प्रदान गऱ्यो। यदि यस्ता क्रियाकलाप पुनः दोहोरिँदै जाने हो भने दिगो शान्तिको प्रयासमा गम्भीर

६९. पूर्ववत्
७०. पूर्ववत् ४०
७१. पूर्ववत्
७२. "मधेश समस्याबारे सांसद भेला"। *कान्तिपुर* ०६३ साउन २१: पृ. ४
७३. "मस्यौदामा मधेशीको बेवास्ता"। *कान्तिपुर* ०६३ भदौ १९: पृ. २

चुनौति सृजना हुनसक्छ। सबै राजनीतिक दलहरूले यो विषयलाई गहनताकासाथ लिनु आवश्यक छ। वर्तमान अवस्थामा दिगो शान्तिका लागि निकै प्रयासहरू भएका छन्। यदि यसलाई सही ढंगले अगाडि नबढाउने हो भने अस्थिरता सृजना हुने निश्चित छ। शान्ति सम्झौतालाई व्यवहारिकरूपमा लागू गर्ने हो भने पनि यसले शान्तिका सम्भावनाहरूलाई मजबुत गर्नेछ। तर शान्ति सम्झौताले समेट्न नसकेका सवालहरूलाई समयमै प्राथमिकताकासाथ नउठाउने हो भने दीर्घकालीन शान्ति प्राप्त हुन नसक्ने सम्भावना प्रवल देखिन्छ।

नेपाल सदभावना पार्टी (आनन्दीदेवी) ले जनसंख्याको आधारमा राजनीतिक नियुक्ति हुनुपर्दछ भन्ने मुख्य माग गर्दै ०६३ पुस १० गते तराई बन्द गरेकोमा नेपालगञ्ज पूर्णरूपमा प्रभावित भएको थियो। प्रदर्शनकारीहरूले नेपालगञ्जको विपिचोकस्थित केही पसलहरूमा तोडफोड गरेपछि स्थिति तनावग्रस्त भएको थियो। यसको विरोधमा प्रतिकारस्वरूप भोलिपल्ट अर्थात् ०६३ पुस ११ गते निस्केको जुलुसमा अवरोध सृजना भएपछि जिल्ला प्रशासनले अपरान्ह १ बजेदेखि ५ बजेसम्म कर्फ्यूसमेत लगाउनु परेको थियो। ०६३ पुस ११ गते निकालेको जुलुसमा मधेसीमूलका मानिसहरूले अवरोध खडा गरेपछि स्थिति साम्य पार्न कर्फ्यू लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको थियो।[६४] कर्फ्यूको उल्लंघन गर्दै दुवै पक्षले सडकमा प्रदर्शन गरे। यसक्रममा दुवै पक्षबीच पटक-पटक झडप भयो। यसक्रममा एकजनाको मृत्यु हुनुका साथै २६ जना प्रदर्शनकारी घाइते भएका थिए। पछि केही मन्त्रीहरू नेपालगञ्ज पुगे भने माओवादीको आह्वानमा सात राजनीतिक दल र नेकपा (माओवादी) को संयुक्त सदभाव जुलुस निस्किएपछि स्थिति सामान्य भएको थियो। मौकाको गलत फाइदा उठाएर उच्श्रृंखलता, तनाव र अस्थिरता सृजना गर्ने समूहले सदैव यस्ता अवसरहरूको खोजी गरिरहने हुनाले यस्तो अवस्था सृजना रहन नदिन सबै सजग नभएका कारण नेपालगञ्जमा हिंसा भड्कियो। यदि नेपालगञ्जमा भड्किएको हिंसा समयमै साम्य नपारेको भए अधिराज्यका अन्य भागमा समेत साम्प्रदायिक हिंसा भड्कने सम्भावनाहरू हुन्थे। यसैगरी पूर्वी तराईमा पनि पहाडी र मधेसी मूलको तनाव जारी नै छ। जनतान्त्रिक तराई मुक्ति मोर्चाले प्रेस विज्ञप्ति प्रकाशित गरी वार्ताका लागि पहल गर्न अनुरोध गरिएपनि वर्षको अन्त्यसम्मै सरकार र नेकपा (माओवादी) तथा सात दलले कुनै पाइला चालेको देखिएन। यदि यो समस्यालाई समयमै दृष्टिगत नगर्ने हो भने भविष्यमा अन्यौल सृजना गर्ने स्पष्ट छ।

बृहद् शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि पनि माओवादीहरूले बेला-बेला अन्यौलता सृजना गर्ने चेष्टा भने गरिनै रहेको पाइयो। संविधानसभाको निर्वाचन गरिने भनेर यसका खाकाहरू तयार भई निर्वाचनका लागि कार्यक्रमहरू तय भइरहेको अवस्थामासमेत गाविस सचिवहरूलाई गाउँ जान रोक लगाउने गरे। उनीहरूले सशस्त्र संघर्षका क्रममा विस्थापित भएका सुरक्षा चेकपोष्ट पुनर्स्थापित गर्ने सम्बन्धमा पनि रोक लगाए। संक्रमणकालीन घडीमा आतंक र लुटपाटको जुन अन्यौलता सृजना भएको छ त्यसबाट जनतालाई सुरक्षा दिने सवालमा माओवादीहरू बाधक बने। यसले पनि हिंसालाई खल्बलाउने अवसर मिलिरहयो।

५.३ संक्रमणकालीन न्याय

संक्रमणकालीन अवस्थामा वास्तविक शान्तिको कुरा गर्दा पीडितका सवालहरूलाई राज्यले सम्बोधन गर्नुपर्दछ। उनीहरूको भरण-पोषणको जिम्मेवारी राज्यले लिनुपर्दछ अनि पीडकलाई कारवाही गरिनु पर्दछ वा पीडितहरूका सामू माफी माग्न लगाउनु पर्दछ। अनि मात्र जनताले सही अर्थमा न्याय पाएको महसुस गर्नेछन्। देश संक्रमणकालीन अवस्थामा छ। यस अवस्थाबाट कसरी माथि आउने वा देशमा कसरी शान्ति स्थापना गर्ने भन्ने सम्बन्धमा अन्य देशका उदाहरण, जो हामीसँग मिल्दाजुल्दा छन्, तिनीहरूबाट शिक्षा लिनु पर्दछ। यस सन्दर्भमा दक्षिण अफ्रिकाको शान्ति प्रयास उल्लेख्य हुन सक्दछ। तर त्यही 'मोडल' नै यहाँ अपनाउनु पर्दछ भन्ने होइन। कतिपय अवस्थामा देशको भौगोलिक अवस्था र त्यहाँको रहनसहनले पनि यस्ता सवालमा प्रभाव पार्दछ। दक्षिण अफ्रिकामा युद्धमा संलग्न अपराधीहरूलाई जसरी आममाफी दिइएको थियो, त्यो सन्दर्भ यहाँ उचित हुँदैन। यदि त्यहाँको जस्तो यहाँ पनि आममाफी दिने हो भने दण्डहीनतालेसँधै प्रश्रय पाइरहन्छ।

यस अवस्थामा शान्ति स्थापना गर्ने अर्को प्रविधि भनेको संविधान हो। यस अवस्थामा बनाइएको संविधानले जनताका हक-अधिकार सुनिश्चित गरिनुपर्दछ । संविधान बनेर मात्रै हुँदैन सही अर्थमा त्यसको प्रत्याभूति अपरिहार्य हुन्छ। जनताको आधारभूत अधिकारलाई संविधानमार्फत् सुनिश्चित गर्न सकेको खण्डमा समस्या समाधानका लागि महत्त्वपूर्ण कार्य हुनसक्छ। दक्षिण अफ्रिकी राष्ट्र नाइजेरियाको संविधानमा जनताका आधारभूत अधिकारलाई सम्बोधन गर्न सकेको छ। विगतमा भएका अन्यायलाई सम्बोधन गर्न शान्तिपूर्ण समाधानको उपाय अवलम्बन गर्न, कानुनको शासनको पुर्स्थापना गर्न र भविष्यका लागि दिगो न्याय

६४. "बाँके प्रशासनद्वारा कर्फ्यूको आदेश" । *www.inseconline.org/Nepali/archive_show2.php?newsid=3533* । ०६३ पुस ११ गते हेरिएको

स्थापित गर्नका लागि संक्रमणकालीन न्याय आवश्यक पर्दछ।[६५]

देश संक्रमणको अवस्थामा रहँदा राज्य गर्नेहरूले धेरै नै संयमता अपनाउनु जरुरी हुन्छ। शान्ति स्थापनाका लागि संक्रमणकालीन न्याय उपयुक्त हुन्छ। भइरहेको सत्ता परिवर्तन वा पतनपश्चात् नयाँ सत्ताको निर्माण पूर्णरूपमा नहुन्जेलसम्मको समयावधि संक्रमणकालीन समय हो। र, उक्त समयको व्यवस्थापन कार्य संक्रमणकालीन समयको व्यवस्थापन हो। बदलिँदो परिस्थितिमा पीडितले अपेक्षा गर्ने भनेको उनीहरूमाथिको न्याय नै हो, तर त्यसलाई चाहे पीडकलाई कारवाही गरेर होस्, क्षतिपूर्ति प्रदान गरेर होस्, या उनीहरूका पीडालाई जनसमक्ष ल्याएर होस राज्यले सम्बोधन गर्नै पर्दछ। संक्रमणकालीन न्याय भनेकै पीडकलाई कारवाही गर्दै पीडितहरूको उचित व्यवस्थापन गर्नु हो। संक्रमणकालको अनुभव गरेका विभिन्न मुलुकहरू मध्ये धेरैजसोले विभिन्न जाँचबुझ समिति गठन गरी पीडकहरूलाई जनतासामू उभ्याएर उनीहरूले गरेका अपराधहरू सार्वजनिक गरेका थिए।

संक्रमणकालमा नयाँ संविधान निर्माण गर्ने प्रक्रिया अत्यन्त महत्वपूर्ण हुन्छ। परिवर्तनको अवस्थामा वैधानिकरूपमा राज्य सञ्चालनका लागि पनि यस्तो नयाँ संविधानको आवश्यकता पर्दछ। संविधान सभामार्फत् संविधान निर्माण गर्ने कार्यका लागि संक्रमणकालीन समयको सही व्यवस्थापन पहिलो र अनिवार्य शर्त हुनजान्छ। राज्य शून्यतामा वा कानुनी रिक्ततामा रहन सक्दैन र नयाँ सत्ताको पूर्ण निर्माण नभएसम्मका लागि कुनै निश्चित विधि र सिद्धान्तबमोजिम नै राज्य सञ्चालन हुनुपर्दछ भन्ने मान्यता संक्रमणकालीन विधिशास्त्रले राखेको हुन्छ।[६६]

नेपालको स्थिति भने अन्य देशको भन्दा केही भिन्न छ। नेपालमा लोकतन्त्र स्थापना भएको छ। निरंकुश शासननले जनताका सामु घुँडा टेकेको छ भने विद्रोही पक्ष पनि लोकतान्त्रिक सरकारसँगै शान्ति स्थापनाका लागि सहकार्य गर्दैछन्। युद्ध समाप्तिपछि देश नयाँ मोड र दिशातर्फ अगाडि बढेको छ।

संक्रमणकालीन अवस्थामा विगतमा भएका मानवअधिकार उल्लंघनकर्ताहरूका सम्बन्धमा खोजबिन गरी कारवाही प्रक्रिया अगाडि बढाइएको हुन्छ। तर नेपालको सन्दर्भमा यो अवस्था जटिल देखिएको छ। नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको बृहद् शान्ति सम्झौताले सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने निर्धारण गरेको छ। यसबाहेक शाति तथा पुनर्स्थापना आयोग पनि गठन गर्ने कुरा सम्झौतामा छ। शान्ति सम्झौताको बुँदा नं ५.२ ले स्थिति सामान्यीकरणका उपायहरू अपनाउन विभिन्न व्यवस्थाहरू गरिने उल्लेख गरेको छ। यसअन्तर्गत दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका कुरा बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत भएका छन्।[६७] मानवअधिकार उल्लंघनकर्ताहरूको पहिचान गर्ने र पीडित र पीडकबीच मेलमिलाप बढाउने सवालमा मात्र यो सम्झौताले जोड दिएको छ न कि न्याय स्थापित गर्ने सवालमा। जबसम्म पीडकलाई कारवाही गरिँदैन, तबसम्म पीडितले कसरी न्याय पाउन सक्छ ? मानवताविरोधी जघन्य अपराध गर्नेलाई जबसम्म न्यायको कठघरामा उभ्याइँदैन, तबसम्म हामीले भनिरहेको न्यायपूर्ण दिगो शान्ति स्थापित हुन सक्दैन। किनभने यस्ता तत्वहरूले सँधै नै टाउको उठाउने र त्यही प्रवृत्ति दोहोऱ्याइरने मौका पाउँदछन्। यसले दण्डहीनताको प्रवृत्तिलाई झन् बढावा दिन्छ।

शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएपनि काम कारवाही कसरी अगाडि बढाउने भन्ने प्रक्रिया उल्लेख गरिएको छैन। अर्कोतर्फ यससम्बन्धमा कुनै समयावधिसमेत तोकिएको छैन। विभिन्न सहमतिअनुसार जब माओवादीहरू सरकारमा सामेल हुन्छन्, त्यस अवस्थामा कारवाहीको कुरा कत्तिको अगाडि बढला ? चिन्ताको विषय छ। यो वर्षको अन्त्यसम्मै शान्ति सम्झौता सम्पन्न भएपछि आयोग गठनका लागि कुनै प्रक्रिया अगाडि बढाइएन। संविधानसभाको निर्वाचन ०६४ जेठमा गर्ने सहमति भएको छ। तर संविधानसभाको निर्वाचनभन्दा अगाडि नै सत्य निरूपण तथा मेलमिलाप आयोग र पीडकहरूलाई कारवाहीको प्रक्रिया अगाडि बढाइएन भने पीडितहरूले कसरी निर्भयकका साथ मतदानमा भाग लिन सक्छन् ? उनीहरूले भयमुक्त वातावरणमा मत खसाल्न पाउने अवस्था ज्यादै नै कम रहन्छ। त्यस अवस्थामा पनि विभिन्न किसिमका डर र धम्कीहरू यथावत् नै हुने अवस्था रहन्छ।

---

६५. Bhattarai, Dr. Ananda Mohan. "Justice for Democratic Transition and Sustainable Peace". *Presentation at the Regional Conference on Sustaining Peace in Nepal*. Kathmandu: Fredskorpset and INSEC. 30 October 2006

६६. आचार्य, भीमार्जुन। *संविधान सभा : प्रक्रिया र अनुभवहरू*। काठमाडौं: राष्ट्रिय शान्ति अभियान। ०६३ साउन। पृ. ६५

६७. पूर्ववत् ४६-४९ र ६६

५.४ अन्तरिम संविधान

लोकतन्त्र स्थापनापछि नेपाल अधिराज्यको संविधान २०४७ को सान्दर्भिकता समाप्त हुन पुग्यो। नेपाल सरकार र नेकपा (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा ०६३ असार २ मा सम्पन्न तेस्रो वार्ताको सहमति अनुसार सोही दिन अन्तरिम संविधान मस्यौदा समिति गठन भयो। शुरुमा एकजना संयोजकसहित ६ सदस्यीय समिति गठन भएको थियो। तर त्यसमा समावेशीकरणको सिद्धान्त अबलम्बन गरिएन। समितिमा महिला, जनजाति, दलित समुदाय आदि कसैको पनि प्रतिनिधित्व नगराइएपछि व्यापक जनविरोध भयो। ०६३ असार ३१ गते नेपाल सरकार र नेकपा (माओवादी) बीचमा भएको सहमति अनुसार नौजना सदस्यहरू थप गरी उक्त समितिलाई १५ सदस्यीय बनाइयो। सोही मितिमा भएको अर्को सहमति अनुसार शुरुमा तोकिएको १५ दिनको कार्या विधिमा १० दिन थप गरी ०६३ असार २१ गतेबाट २५ दिन कायम गरिएको थियो। साथै समितिमा एकजना दलित अधिवक्तासमेतको प्रतिनिधित्व गराइने नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ साउन १४ गते सम्पन्न बैठकको निर्णय अनुसार मस्यौदा समितिमा पुन: एकजना सदस्य थप गरी समितिलाई अन्ततः १६ सदस्यीय समिति कायम गरियो।[६८]

यस अवस्थामा १५ दिनको समय दिएर अन्तरिम संविधान बनाउने जिम्मेवारी पाएको अन्तरिम संविधान मस्यौदा समितिले पटक-पटक समय थप गरी दुई महिनापछि अन्तरिम संविधानको मस्यौदा ०६३ भदौ ९ गते सरकारलाई बुझायो। मस्यौदा बनाउने क्रममा अन्तरिम संविधान मस्यौदा समितिले विभिन्न संघसंस्था, राजनीतिकर्मीहरू, पेशाकर्मीहरूसँग छलफल गरि सुझावसमेत संकलन गरेको थियो। विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो तर्फबाट छुट्टाछुट्टै मस्यौदा समितिसमक्ष प्रस्तुत गरेका थिए।

मानवअधिकार संस्थाहरूले पनि आफ्नै पहलमा संविधानको मौलिक हकअन्तर्गत समेटिनुपर्ने विषयहरूमा भिन्दै सुझावहरू समितिलाई पठाएका थिए। सकेसम्म व्यापक जनसहभागिता जुटाई संविधानलाई जनभावनाअनुरूप बनाउनका लागि समस्त नेपाली जनता, राजनीतिक दलहरू, नागरिक समाज, मानवअधिकार संघसंस्थाहरू, पेशागत संघसंगठनहरू, महिला संघसंगठनहरू, आदिवासी तथा जनजाति संघसंस्थाहरू, दलित संघसंस्थाहरू, विद्यार्थी संघसंगठनहरू, जनवर्गीय संगठनहरू तथा बुद्धिजीवीहरूसँग अन्तरिम संविधानसँग सम्बन्धित विषयहरूमा लिखित एवम् मौखिकरूपमा आ-आफ्नो राय, सल्लाह एवम् सुझाव दिई सहयोग गर्न मस्यौदा समितिले आह्वान गरेको थियो। सो अनुरूप ०६३ साउन २३ गतेसम्म जम्मा ८ सय १६ वटा सुझावहरू समितिलाई प्राप्त भए। जसमध्ये व्यक्तिगत ३ सय ७, समूहगत २३ र संस्थागत ४ सय ८६ वटा रहेका थिए।[६९] समितिले बुझाएको मस्यौदामाथि वार्ता टोलीद्वारा छलफल गरि त्यसमा केही हेरफेर गरी सहमतिमा पुगेपछि ०६३ पुस १ गते सात राजनीतिक दल र नेकपा (माओवादी) ले हस्ताक्षर गरे तर सद्भावना पार्टी (आनन्दीदेवी) को भने यसमा फरक मत रह्यो। अन्तरिम संविधानलाई पूर्णता दिए पनि नेकपा (एमाले) ले संविधानसभाको निर्वाचनका लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली हुनु पर्ने भनी छुट्टै मत राखेको थियो भने नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम हुनुपर्नेलगायत्का कुराहरू राखी असहमति जनाएको थियो। ६९ पृष्ठ लामो १ सय ६८ वटा धारा भएको अन्तरिम संविधानमा पुस १ गते हस्ताक्षर गरेपछि उक्त संविधान प्रतिनिधिसभामा बुझाइयो। सहमति अनुसार, पुनर्स्थापित प्रतिनिधिसभाले अन्तरिम संविधान जारी गर्ने र त्यसपछि गठन हुने अन्तरिम संसदले त्यसलाई अनुमोदन गर्ने समझदारी भएको थियो। आठ दलबीच सबभन्दा विवादित मुद्दा बनेको राष्ट्राध्यक्षका सवालमा अन्तरिम संविधानमा मौन बसी सम्पूर्ण शासनाधिकार प्रधानमन्त्रीले प्रयोग गर्ने र राजामा कुनै अधिकार नरहने व्यवस्था गरिएको छ।

अन्तरिम संविधान २०६३ को भाग २ मा नागरिकता सम्बन्धी व्यवस्था गरिएको छ। संविधानले आमा वा बाबु कसैको नामबाट पनि नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चितता गरेको छ। भाग २ को धारा ८ को उपधारा २ (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने उल्लेख गरिएको छ। यसैगरी धारा ८ कै उपधारा ३ मा नेपाल सरहदभित्र फेला परेको पितृत्व-मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्ने पनि व्यवस्था गरिएको छ। मौलिक हकअन्तर्गत सामाजिक न्यायको अधिकार पनि अन्तरिम संविधानमा व्यवस्था गरिएको छ। जस अनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने अधिकार धारा २१ ले प्रदान गरेको छ।

---

६८. "अन्तरिम संविधान मस्यौदा समितिको प्रतिवेदन २०६३" । काठमाडौं: अन्तरिम संविधान मस्यौदा समिति । ०६३
६९. पूर्ववत्

मौलिक हकअन्तर्गत धारा २० मा महिलाको हकको व्यवस्था गरिएको छ। महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गर्न नहुने कुरा अन्तरिम संविधानले उल्लेख गरेको छ। कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था मौलिक हकअन्तर्गत गरिएको छ। यसैगरी पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार ग्यारेण्टीको व्यवस्था गरिएको छ। सदियौंदेखि छोरा र छोरीमा गरिने विभेदलाई यसले अन्त्य गर्ने प्रयास गरेको छ। तर यसको व्यवहारिक रूप भने हेर्न बाँकी नै छ। यस वर्षको अन्त्यसम्ममा पनि संसदले अन्तरिम संविधान जारी गरेन।

सात दल र नेकपा (माओवादी) बीच पुस १ गते सहमति भएको उक्त अन्तरिम संविधानले सम्पूर्ण शासनाधिकार प्रधानमन्त्रीमा रहने, संविधानसभाका लागि मिश्रित चुनाव पद्धति अपनाउने, समानुपातिक सिटमा मात्र आरक्षणको व्यवस्था गर्ने, न्यायाधीशहरूले अन्तरिम संविधानको सपथ लिनुपर्ने, संविधानसभाको निर्वाचन प्रक्रिया अघि बढाउन तत्काल कानुन बनाइने, संवैधानिक नियुक्तिको कार्यभार संवैधानिक परिषद्मा रहनेलगायत्का व्यवस्थाहरू गरेको छ।

अन्तरिम संविधानले लोकतान्त्रिक शासन पद्धतिलाई अवलम्बन गर्ने प्रयास गरेको छ। जनताद्वारा संविधान जारी गर्न लागिएको नेपालको इतिहासमै यो पहिलो पटक हो। यसको प्रस्तावनामै "हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता" भन्ने उल्लेख गरिएको छ। अन्तरिम संविधानले मौलिक हक र मानवअधिकारलाई अघिल्लो संविधानभन्दा विस्तृत गरेको छ।

अन्तरिम मस्यौदा समितिले शान्ति वार्ता टोलीलाई बुझाएको अन्तरिम संविधानको मस्यौदामा धारा २५ अन्तर्गत न्यायसम्बन्धी हकको उपधारा ५ मा व्यवस्था गरिएको अधिकारलाई शान्ति वार्ता टोलीले भने हटाएको छ। उपधारा ५ मा कुनै पनि व्यक्तिलाई दण्डहीनता वा मानवताविरुद्धको कसूरमा कानुनी उपचार प्राप्त गर्ने हकको व्यवस्था गरिएको थियो।[८0] त्यसैगरी उपधारा ४ मा युद्ध अपराध र मानवताविरुद्धको अपराधसम्बन्धी कसूरमा पश्चात दर्शी असर हुने गरी कानुन बनाई मुद्दा चलाउन र सजाय दिन बाधा पुऱ्याएको मानिने छैन भनिएको थियो। तर यी व्यवस्थालाई सरकार र नेकपा (माओवादी) का वार्ता टोलीले मस्यौदाबाट हटाएका छन्। यसबाट सरकार र माओवादी दण्डहीनताको अन्त्यमा कत्तिको संवेदनशील छन् भन्ने तथा प्रष्ट भएको छ। दण्डहीनता अन्त्य दलहरूको भाषणमा मात्र सीमित रहेको तथ्य पनि यसबाट पुनर्पुष्टी हुन्छ।

देशको संविधान निर्माण नहुञ्जेलका लागि ल्याइने अन्तरिम संविधानले पनि राष्ट्रमा मूल कानुनसरह नै मान्यता राख्दछ। निश्चित प्रक्रियाद्वारा नयाँ संविधान नबनिसकेको समयावधिमा काम चलाउका लागि बनाइएको अन्तरिम संविधानले पनि जनताका नागरिक तथा राजनीतिक अधिकारहरूका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रत्याभूत गरेको र जनताका सम्पूर्ण अधिकारहरू व्यवस्था गरेको हुनुपर्दछ। यसकै आधारमा शासन सञ्चालन हुनु पर्दछ।

नयाँ संविधान निर्माण र संशोधन प्रक्रिया नौलो होइन। विभिन्न देशहरूमा २० औं पटकसम्म पनि संविधानहरू बनेका छन्। विश्वको बदलिँदो परिस्थितिसँगै अघिल्लो संविधानले समेट्न नसकेका जनताका हक-अधिकारहरूलाई व्यवस्थित गर्न पनि नयाँ संविधानको आवश्यकता पर्दछ। संविधान बनाउने प्रक्रिया धेरै नै लामो हुन्छ। त्यसकारण अन्तरिम संविधानहरू जारी गरिन्छ। भारतमै पनि नयाँ संविधान बनाउन झण्डै तीन वर्ष लागेको थियो।

५.५ संविधान सभा र निर्वाचन प्रक्रिया

विगत केही वर्षदेखि नेकपा (माओवादी) ले अगाडि सारेको संविधानसभाको माग ०६३ मा आएर पूरा भएको छ। माओवादीहरूले यसअघि भएका वार्ताहरूमा संविधानसभाको माग प्रस्तुत गरेका थिए। माओवादीहरूको उक्त मागमा सरकारले उदासिनता देखाएपछि विगतमा भएका वार्ताहरू भंग भई शान्ति प्रक्रिया अवरुद्ध भएको थियो।

संविधानसभामार्फत् जनताका सम्पूर्ण अधिकारहरूको प्रतिनिधित्व र समावेशी लोकतन्त्रको सिद्धान्तलाई देशको मूल कानुनअन्तर्गत नै व्यवस्था गर्न व्यापकरूपमा बहसहरू भए। त्यसक्रममा विभिन्न राष्ट्रका संविधानसभासम्बन्धी अनुभवहरूका बारेमा समेत छलफल चलाइयो।

संविधानसभा निर्वाचनका लागि रिक्त रहेको प्रमुख निर्वाचन आयुक्त पदमा सरकारले ०६३ कार्तिक १३ गते भोजराज पोखरेललाई नियुक्त गऱ्यो। संविधानसभाको निर्वाचनका सम्बन्धमा प्रक्रिया अघि बढ्ने बित्तिकै सरकारले नागरिकताबाट वञ्चितहरूलाई नागरिकता वितरणको कार्य सुरु गऱ्यो।

पुस १ गते भएको सहमतिमा दलहरूबीच ४ सय २५ सदस्यीय संविधानसभाका लागि हाल कायम रहेका निर्वाचन क्षेत्रबाट २ सय ५ जना प्रत्यक्ष र २ सय ४ जना

८0. "नेपालको अन्तरिम संविधान २०६३" । काठमाडौं: अन्तरिम संविधान मस्यौदा । ०६३

समानुपातिक रूपमा निर्वाचन गर्न मिश्रित प्रणाली अपनाउने व्यवस्था गरिएको छ। अन्य १६ जना सदस्य प्रधानमन्त्रीले सहमतिका आधारमा मनोनित गर्नेछन्। मतपत्र एउटा कि दुईवटा भन्नेलगायत्का प्राविधिक विषयहरू आयोगले दलहरूसित छलफल गरेर तय गर्ने सहमति अन्तरिम संविधानमा आठै दलहरूले गरेका छन्। महिला, दलित, आदिवासी, जनजाति र मधेशी समुदायलाई समानुपातिक सिटमा मात्र आरक्षण दिने र प्रत्यक्ष सिटमा समेत दलहरूले सबै धर्म, जाति, जनजातिलाई राखी समावेशी उम्मेदवार तय गर्नुपर्ने व्यवस्था गरिएको छ। समानुपातिक सिटका लागि दलहरूले जनसंख्याको अनुपातका आधारमा महिला, दलित, आदिवासी, जनजाति र मधेशी समुदायका लागि निश्चित सिट छुट्याएर निर्वाचनअघि उम्मेदवारको सूची तय गर्नुपर्नेछ।

यो वर्षको अन्त्यसम्म पनि अन्तरिम संविधान जारी नहुँदा निर्वाचन आयोगले संविधानसभा निर्वाचनको कुनै प्रक्रिया सुरु गर्न सकेन। अन्तरिम संविधान जारी नहुँदा ०६४ जेठमा हुने भनिएको संविधानसभा निर्वाचनका लागि आवश्यक काम कारवाही पछाडि धकेलिने हुनाले सबै प्रक्रियामा ढिलाई हुने सम्भावना बढाएको छ। निर्वाचनको तरिका, प्रणाली र आधार निर्धारण गर्ने काम नै ऐन र नियमावली बनाएर गर्नुपर्ने हुँदा अन्तरिम संविधान जारी नगरिँदा यी सबै प्रक्रियामा ढिलाई हुने सम्भावना बढे। निर्वाचन आयोगले ०६३ पुस १ गतेबाट मतदाता नामावली संकलन गर्ने प्रारम्भिक तयारी गरेको थियो। संविधानका कारण त्यससम्बन्धी ऐन निर्माणमा ढिलाई भएपछि नामावली संकलन पनि प्रभावित हुने भएको छ।[८१] यसबीच निर्वाचन आयोगले संविधानसभा चुनावका लागि आवश्यक पर्ने ऐन निर्माणका लागि विभिन्न दलका प्रतिनिधिहरूसँग परामर्श गऱ्यो।

संविधानसभाको निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि प्राविधिक सहयोगका सम्बन्धमा निर्वाचन आयोगले संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिनलगायत् उनको टोलीका अन्य सदस्यहरूबीच विभिन्न छलफल गरेको थियो। आयोगले स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण गराउने सम्बन्धमा मानवअधिकार समुदायका साथै अन्तर्राष्ट्रिय संघसंस्थासँग पनि छलफल गऱ्यो। अन्तरिम संविधान जारी भएपछि द्रुत गतिमा निर्वाचन आयोगले आफ्ना गतिविधिहरू अगाडि बढाउने अपेक्षा गरियो।

६. निष्कर्ष र सुझाव

दिगो शान्तिका लागि जनताको अधिकार स्थापना हुनु जरुरी हुन्छ। मानवअधिकारको पूर्ण बहाली नै शान्तिको आधारशीला हो। दिगो शान्ति र सुदृढ लोकतन्त्रका लागि आठ दलहरूले समावेशीकरणको प्रकृयालाई इमान्दारीपूर्वक अघि बढाउनु जरुरी छ।

०६३ जेठ १६ गते प्रतिनिधिसभाको अर्को ऐतिहासिक घोषणापत्रमा लोकतान्त्रिक सरकारले धेरै प्रगतिशील कार्यहरू गऱ्यो। आमाको नामबाट पनि नागरिकता प्रदान गर्न सकिने, महिला सहभागिता ३३ प्रतिशत गरिने, समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिने उल्लेख गरिएको छ। तर व्यवहारमा महिना दिन नपुग्दै सरकारद्वारा बनाइएका विभिन्न आयोग तथा समितिमा महिलाहरूका साथै दलित तथा जनजातिको प्रतिनिधित्व गराइएन। त्यसका लागि महिलाहरूले सिंहदरबार घेराउदेखि विभिन्न दबाबमूलक कार्य नै गर्नु पऱ्यो। अनिमात्र महिलालगायत् दलितहरूलाई अन्तरिम संविधान मस्यौदा समितिमा सहभागी गराइयो यद्यपि जाँचबुझ आयोगलगायत्का आयोगहरूमा महिलाहरूको प्रतिनिधित्वलाई गौण पारियो।

शान्तिको अर्थ व्यक्ति अनुसार फरक-फरक हुनसक्छ। उद्योग-व्यापारमा संलग्न व्यक्तिहरूका निम्ति यो जबरजस्ती चन्दा असुली र घुसखोरीको अन्त्य तथा पारदर्शी र स्वच्छ कानुनी परिवेशमा स्वतन्त्रतापूर्वक कार्य गर्न पाउनु हो। बालबालिकाका निम्ति शान्तिको अर्थ भय र त्रास, स्कूलमा गएर गुणस्तरीय शिक्षा हासिल गर्न पाउनु हो। महिलाहरूका निम्ति समान अवसरको भागीदार हुन पाउनु हो। राजनीतिकर्मीहरूका निम्ति शान्तिपूर्ण ढंगले शासन सत्तामा स्थापित हुनु हो। वञ्चित समुदायका निम्ति शान्तिको अर्थ सुयोग्य नेपाली नागरिकका रूपमा आकांक्षा र आत्मसम्मानसहितको पहिचान स्थापना हुनु हो। अल्पसंख्यक जनजातिका निम्ति शान्ति राज्यको नीति निर्माणको तहमा समावेश हुन पाउनु हो।[८२]

तर लोकतन्त्रको बहालीपश्चात आठ दलले एकमत भएर अल्पसंख्यक जनजाति, मधेशीलगायत्का वञ्चित समुदायका सवालहरूलाई सशक्तरूपमा सम्बोधन गर्न सकेको देखिएन। संक्रमणकालीन न्यायका सम्बन्धमा पनि राज्य वा राज्य सञ्चालन गरिरहेका दलहरूले उचित कदम चालेको देखिँदैन। आजको संक्रमणकालीन परिवेशमा आठ दल र

---

८१. "निर्वाचन आयोग अन्यौलमा"। *कान्तिपुर* ०६३ मंसिर २७: पृ. २

८२. Pyakurel, Sushil. "Role of Human Rights Defenders in Peace Process". *Paper presented at the Regional Conference on Sustaining Peace in Nepal*. Kathmandu: Fredskorpset and INSEC. 31 October 2006

राज्यले निम्नलिखित सवालहरूमा गंभीरतापूर्वक ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

- सरकार, सात दल र नेकपा (माओवादी) बीच सम्पन्न सम्पूर्ण सहमति र सम्झौता पूर्णरूपमा परिपालना गरिनु पर्दछ।
- शान्ति सम्झौतामा स्थिति सामान्यीकरण गर्न व्यवस्था गरिने भनिएको सत्य निरूपण तथा मेलमलाप आयोग संविधानसभाको निर्वाचन अगाडि नै गठन गरिनुपर्दछ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगको काम कारवाहीअन्तर्गत सत्य निरूपण तथा मेलमिलापलाई मात्र सिमित नगरी जघन्य अपराधमा संलग्न हुनेहरूलाई कारवाही गर्ने प्रक्रियासमेत अपनाइनु पर्दछ।
- शान्ति सम्झौतामा उल्लेख गरिएअनुसार दुबैतर्फले व्यक्त गरेका प्रतिबद्धता अनुसार बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा सम्झौताअनुरूप अविलम्ब कार्य थालिनु पर्दछ।
- मधेश तथा देशका विभिन्न वर्ग तथा समुदायबीच व्याप्त असन्तुष्टि र विद्रोहलाई शान्तिपूर्णरूपमा वार्ताका माध्यमबाट समाधान गरिनु पर्दछ।
- जनआन्दोलन-२ का क्रममा मानवअधिकार उल्लंघन गर्नेहरूउपर लोकतन्त्रको पुनर्स्थापनापछि गठित उच्चस्तरीय जाँचबुझ आयोगले बुझाएको प्रतिवेदनअनुसार कानुनी कारवाही चलाइनु पर्दछ।
- कानुनी शासनको सिद्धान्तलाई व्यवहारमा अनुदित गरिनु पर्दछ।
- मानवअधिकारका सम्बन्धमा नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिज्ञाहरूलाई सम्मान गर्दै तिनलाई व्यवहारमा रूपान्तरण गरिनु पर्दछ।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.१ न्यायपालिका

१. पृष्ठभूमि

सक्षम तथा प्रभावकारी न्यायपालिका बिना जनअधिकार र लोकतन्त्रको संरक्षण हुन सक्दैन। स्वतन्त्र न्यायपालिका लोकतन्त्र र कानुनी शासन रक्षाका लागि राज्यको उत्कृष्ट आधारशीला हो। राज्य संस्था, व्यक्ति वा कुनै निकायको डर, धाक, त्रास, प्रलोभन वा अनुचित प्रभावबाट मुक्त न्यायपालिका नै वास्तविक रूपमा स्वतन्त्र हुन्छ। राज्यको कार्यकारिणीले गर्ने व्यवहार र न्यायपालिकाले निर्वाह गर्ने भूमिकाबाट मात्र न्यायिक स्वतन्त्रताको वास्तविक परीक्षण हुने हुँदा नेपालको न्यायिक स्वतन्त्रतालाई पनि सोही अनुरूप विवेचना गरिनु पर्दछ।

अघिल्लो वर्ष र यस वर्षको सुरुका केही महिना न्यायपालिकाका लागि परीक्षाको घडी रह्यो। त्यस समयमा अदालत असहज परिस्थितिमा अवश्य थियो। तर पनि सर्वोच्च अदालत आफ्नो अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न हिच्किचाउनु, न्यायाधीशमाथि शाही आयोगले कारवाही गर्दा प्रधानन्यायाधीशले समर्थन गर्नु र सरकारी पक्षबाट न्यायपालिकाको अपहेलनामा परेका मुद्दाहरूमा तदारुकताका साथ फैसला हुन नसक्नुले न्यायपालिकाको स्वतन्त्रता अक्षुण्ण नरहेको पुष्टि गरेको थियो।[१] त्यस्तै, न्यायाधीशहरूको नियुक्ति, महत्वपूर्ण मुद्दाहरूलाई पन्छाउने प्रवृति, बार र बेञ्चबीचको विवाद र न्यायालयका क्रियाकलापहरूमा सरकारको अनावश्यक हस्तक्षेपले गर्दा जनतामाझ न्यायलयप्रतिको आस्था गुमेको थियो।[२]

तर ०६१ माघ १९ गतेको राजाले सत्ता सम्हालेपछि संवैधानिक सर्वोच्चतालाई निष्क्रिय तुल्याउन सत्तापक्षद्वारा गरिएको प्रहारको सामना गर्न सर्वोच्च अदालतले निर्वाह गरेको भूमिका समग्रमा उल्लेखनीय मान्नुपर्दछ। असंवैधानिक कार्यकारिणी गठनपछि निरंकुश शैलीमा नागरिकका मौलिक हकमाथि स्वेच्छाचारी बन्देज तथा राजनीतिक दलका शान्तिपूर्ण गतिविधिमाथि रोक लगाइयो। सार्वजनिक सञ्चारमाध्यमलगायत् टेलिफोन सेवासमेत अवरुद्ध पारिए। त्यस समयमा कानुनको चरम दुरूपयोग र बेवास्ता गरियो। त्यस्तो कार्यको विपक्षमा सर्वोच्च अदालतले एक कदम अघि बढेर मानवअधिकारको पक्षमा निर्णय दिएको थियो। बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले गरेका फैसला प्रशंसनीय रहे। यस वर्षको सुरुमा शाही आयोग खारेजीको निर्णय गरेर कानुनी राजको सम्मान गर्नुका साथै जनतालाई आफूप्रति विश्वस्त पार्न पनि अदालत सफल भयो।

न्यायपालिका पूर्णरूपमा न्याय सम्पादन गर्ने निकाय हो। न्याय सम्पादन गर्ने यसको प्रमुख कार्यअन्तर्गत जनताका राजनीतिक तथा नैसर्गिक हक-अधिकारको संरक्षण गर्ने जिम्मेवारी पनि अर्न्तनिहित हुन्छ। नेपालको सन्दर्भमा राजनीतिक विवादहरूसमेत अदालतमा प्रवेश गर्ने र त्यहाँबाट भएका फरक-फरक निर्णयहरूबाट देशको समसामयिक राजनीतिक परिस्थितिमा व्यापक प्रभाव पर्ने गरेको छ। त्यसकारण पनि न्यायपालिका चर्चाको विषय बनिरहने गरेको छ। यस्तो अवस्था यस वर्ष पनि कुनै न कुनैरूपमा देखा पऱ्यो। जनआन्दोलनका समयमा बन्दीप्रत्यक्षीकरणको उजुरीमाथि शीघ्र निर्णय गर्नुका साथै नागरिकका अधिकार संरक्षणमा न्यायिक सक्रियता देखिएको थियो भने स्थानीय चुनावलगायतका केही राजनीतिक विषयका मुद्दामा न्यायपालिकाको भूमिका विवादास्पद रह्यो। त्यस्तै सेना प्रमुखलाई निलम्बन गर्ने सम्बन्धमा तथा अन्य कतिपय अवस्थामा अगाडि आएका सवालमा न्यायपालिकाले आफ्नो गरिमा जोगाएर राख्न नसकेको उदाहरण देखियो।

न्यायपालिका कानुनी राजको सिद्धान्तअनुसार आफ्नो स्वतन्त्रता र सर्वोच्चता कायम राख्न नसक्नाले विवादमा तानियो। लोकतन्त्र सुदृढ हुनका लागि स्वतन्त्र न्यायपालिका आवश्यक पर्दछ। न्यायिक स्वतन्त्रताविना न्यायपालिकाको अस्तित्व कल्पना गर्न पनि सकिँदैन। संवैधानिक सर्वोच्चता, मानवअधिकारको सम्मान, शक्ति पृथकीकरण, कानुनी राज्यसम्बन्धी सिद्धान्तको परिपालना, स्वतन्त्र न्यायपालिका तथा न्यायिक पुनरावलोकन, जनउत्तरदायी सरकारजस्ता मान्यतालाई लोकतान्त्रिक राज्यले सम्मान गर्नुपर्दछ। न्यायिक स्वन्त्रतता र कानुनको शासनका अवयवहरूमाथि प्रश्न उठ्न थाल्दछ। न्यायपालिका राज्यको आधारस्तम्भ हो। यसको बलियो आधार जनविश्वास हो। न्यायपालिका विवादमा पर्दा जनविश्वास धरमराउन थाल्छ।

२. स्वतन्त्र न्यायपालिका

न्यायिक स्वतन्त्रता, राष्ट्रिय कानुनको सरोकारको विषय मात्र नभई अन्तर्राष्ट्रिय चासोको विषयसमेत हो। अन्तर्राष्ट्रियस्तरमा न्यायिक स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनका लागि अवलम्बन गरिएका सिद्धान्तहरूको पहिलो औपचारिक आधार वा जगका रूपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ लाई लिन सकिन्छ। घोषणापत्रको धारा १०[३] र नागरिक तथा राजनीतिक

१. इन्सेक । "मानवअधिकार र न्यायपालिका" । मानवअधिकार वर्ष पुस्तक २००६ । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, २००६ । पृ. ९१

२. पूर्ववत् । पृ. ९१-९२

३. प्रत्येक व्यक्तिमाथि लगाइएको फौजदारी आरोपको विरुद्ध तथा निजको अधिकार र दायित्वको निरुपण गर्न स्वतन्त्र एवम् पक्षपातरहित न्यायलयमा उचित एवम् सार्वजनिक सुनुवाईमा उसलाई पूर्ण समानता प्राप्त हुनेछ ।

अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १४[४] मा आफ्ना अधिकारको निर्धारण र अभियोगको सुनुवाई नागरिकले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालयबाट गराउन पाउनुपर्ने कुराको प्रत्याभूति गरिएको छ। न्यायिक स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका रुपमा परिचित न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरूले सरकारलाई न्यायिक स्वतन्त्रताको सम्मान गर्ने र आफ्ना राष्ट्रिय संयन्त्रहरूमा तिनलाई समावेश गर्ने दायित्व सुम्पिएका छन्।[५]

यस वर्ष देशको राजनीतिक परिस्थिति र त्यसबाट उठेका कानुनी/संवैधानिक विवाद निरूपणका लागि सर्वोच्च अदालतले निर्वाह गरेको भूमिका मिश्रित प्रकृतिको देखियो। शाही आयोग खारेजको निर्णयले संविधान र स्वयम् सर्वोच्च अदालतको स्वतन्त्रता र निष्पक्षता स्थापित गऱ्यो भने सेना प्रमुखलाई निलम्बन गर्ने आदेश दिन नसक्नु र सेना तथा सरकारका मन्त्रालयहरूले बारम्बार अदालतको आदेशको अवज्ञा गर्दा पनि अदालत मौन बस्नुले अदालतले कार्यकारिणीको हस्तक्षेप स्वीकार गरेको देखियो। पुनर्स्थापित प्रतिनिधिसभा र न्यायपालिकाबीचको विवाद पनि यस वर्षभरि नै चलिरह्यो। वर्षको सुरुमा स्थानीय चुनावका विरुद्धमा प्रदर्शन र जनआन्दोलनको समयमा शान्तिपूर्ण आन्दोलनमा उत्रिएका विद्यार्थी र नागरिक समाजका प्रतिनिधिहरूलाई सुरक्षाकर्मीले पक्राउ गरेको थियो। उनीहरुलाई रिहा गर्ने आदेश दिएर सर्वोच्च अदालतले नागरिक अधिकारको सम्मान गरी न्यायिक सक्रियता देखायो। सर्वोच्च अदालतमाथि लागु औषध र कालो सूची फुकुवा मुद्दामा व्यापक भ्रष्टाचार गरी गलत फैसला गरेको आरोप पनि लाग्यो। अर्कातर्फ न्यायाधीशको पुन: नियुक्ति, जनआन्दोलनको प्रभाव, सर्वोच्चको फैसलामा प्रतिनिधिसभा लेखा समितिले गरेको छलफल र अन्तरिम संविधानमा सर्वोच्च अदालतका न्यायाधीशको पुनर्नियुक्ति कार्यकारिणी प्रमुखले गर्ने व्यवस्थाले न्यायिक स्वन्त्रतामा हस्तक्षेप हुन पुग्यो।

०६१ माघ १९ गतेपछि तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माले शाही घोषणा राजनीतिक दलहरूको असफलताका कारण भएको राजनीतिक अभिव्यक्ति न्यायाधीशहरूको अन्तर्राष्ट्रिय मञ्चमा दिएपछि सर्वोच्च अदालतको नेतृत्व विवादमा परेको थियो। राजाका असंवैधानिक कदमपछि न्यायपालिकामा सम्मानित पदका व्यक्तिद्वारा गरिएका केही अभिव्यक्तिका अतिरिक्त जनआन्दोलनताका दायर गरिएका केही सार्वजनिक सरोकारका विषयमा उत्पन्न विवादहरूका कारण चिसोपना उत्पन्न भयो। तर पनि न्यायपालिकाबाट बन्दीप्रत्यक्षीकरण र शाही आयोगजस्ता गम्भीर विषयमा देखाइएको संवेदनशीलताले सम्मान र विश्वास प्राप्त गरी सर्वोच्च अदालतको स्वतन्त्रता र गरिमा स्थापित गऱ्यो।

न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमता विना कुनै पनि प्रजातान्त्रिक व्यवस्थाको अस्तित्व रहन सक्तैन। कार्यपालिका तथा विधायिकाको डर, त्रास अनि हस्तक्षेपविना न्यायपालिकाले आफ्नो उत्तरदायित्व बहन गर्न सक्ने वातावरण निर्माण गर्नु खासगरी राज्यका उल्लेखित दुई प्रमुख अंगहरूको कर्तव्य हो। लोकतन्त्रमा शक्ति पृथकीकरणको सिद्धान्तलाई मौलिक सिद्धान्तका रूपमा अपनाइनुको पछाडि न्यायालय, डर, त्रास र मोलाहिजाबाट मुक्त भई वैयक्तिक स्वतन्त्रतादेखि लिएर राज्य प्रतिपक्ष हुने मुद्दामा समेत न्याय सम्पादनको सर्वत्र अनुभूति हुनुपर्ने मान्यताको प्रधानता रहन्छ। त्यस्तै, न्यायको सुलभता, न्यायमा पहुँच, योग्य र स्वच्छ न्यायाधीशहरूको नियुक्ति सुनिश्चित गर्ने पारदर्शी प्रक्रिया, भ्रष्टाचारमुक्त न्यायपालिकाजस्ता अवधारणालाई व्यवहारमा लागू गर्नुपर्ने आवश्यकता देखिएको छ।

तर न्यायप्रणालीलाई तदर्थ मात्र होइन, विधायिका र कार्यकारीअन्तर्गत राखिनुपर्ने सुझाव प्रत्यक्ष-अप्रत्यक्षरूपमा आउन थालेको देखियो। पुनर्स्थापित संसदले प्रधानन्यायाधीश र सर्वोच्च अदालतका सबै न्यायाधीशहरूले सदनमा शपथ लिनुपर्ने मान्यता सार्वजनिक गरेपछि न्यायालयको स्वतन्त्र अस्तित्वमाथि विधायिकाको नियन्त्रण हुनथालेको सवाल अगाडि आयो।

संविधानले स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुसार न्यायपालिकाको गरिमा, स्वतन्त्रता र कार्यदक्षता बढाउने सम्बन्धमा उपयुक्त वातावरण तयार गर्ने दायित्व सरकारलाई प्रदान गरेको छ। जसका लागि स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्नेतर्फ ध्यान दिनु सरकारको कर्तव्य हो। अर्कातर्फ, न्यायपालिकाका लागि पर्याप्त बजेटको व्यवस्था र न्यायाधीशहरूको तलब तथा सुविधाहरू निर्धारण गर्दा न्यायिक कार्यको गरिमा र जिम्मेवारीलाई पनि विशेष

---

४. न्यायालय तथा ट्रिब्यूनलसमक्ष सबै व्यक्ति समान हुनेछन् । आफ्ना विरुद्ध कुनै फौजदारी आरोप अथवा आफ्ना अधिकार तथा दायित्वको कानुनी उजुरी निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई निष्पक्ष एवम् सार्वजनिक सुनुवाइ कानुनले स्थापना गरेको सक्षम, स्वतन्त्र, निष्पक्ष ट्रिब्यूनलमा गर्न दिइनेछ ।

५. संयुक्त राष्ट्रसंघ । *न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरू* । न्यूयोर्क: संयुक्त राष्ट्रसंघ, १९८५

ध्यान दिनु पर्दछ।[६]

प्रधानन्यायाधीश दिलिपकुमार पौडेल ०६२ पुस २० गते मध्यमाञ्चलमा भएको राजपरिषद्को[७] क्षेत्रीय भेला उद्घाटनमा उपस्थित भएर चरम राजनीतिक विवादको केन्द्रमा परेपछि न्यायपालिका विवादमा मुछिएको थियो।[८] स्वतन्त्र न्यायपालिकाका प्रमुख त्यस्तो असंवैधानिक अभ्यासमा साक्षी बस्न पुगेपछि त्यस्तो अवस्था सृजना भएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ ले प्रधानन्यायाधीश पनि राजपरिषद्का पदेन सदस्य हुने व्यवस्था गरेको छ। तर स्वतन्त्र न्यायपालिका राज्यको कुनै अंगको मातहत निकाय नहुने हुँदा यसका प्रमुख अन्य निकायका मातहत सदस्य हुनु विरोधाभाषपूर्ण हुन्छ। त्यस्तो विवादास्पद निकाय र विशेषगरी त्यसका गैरसंवैधानिक गतिविधिबाट प्रधानन्यायाधीश अलग्गिनु पर्दथ्यो। त्यस्तो कार्यका कारण छयालीस सालपछि प्रधानन्यायाधीशको पंक्तिमा सम्भवत: सर्वाधिक बहसको केन्द्रमा पौडेल पर्नुभयो।

संविधानको स्वेच्छाचारी प्रयोग रोक्नसक्ने एउटै निकायका रूपमा न्यायपालिका सक्रिय रहन्छ। संविधानको जस्तोसुकै दुरूपयोग भइरहे पनि यो जीवित छ भनेर यसअन्तर्गत न्याय पाउन सर्वोच्च अदालतको ढोका ढकढक्याउने क्रम बढ्नु, त्यसैको प्रमाण हो। राजनीतिक र प्रतिनिधिमूलक निकायहरूको अनुपस्थितिका साथै राज्यकातर्फबाट त्यसप्रति बेवास्ता गरिएका कारण न्यायपालिकाप्रति निर्भरता बढ्न पुगेको हो। स्वतन्त्र र सक्षम न्यायपालिकाले कानुनी राज्यको अवधारणालाई साकार पार्दछ। न्यायपालिकाको स्वतन्त्र अस्तित्वलाई कार्यपालिका, व्यवस्थापिका एवम् राष्ट्रप्रमुख तथा राजनीतिक दलको हस्तक्षेपबाट सदा मुक्त राखे मात्र यसको संस्थागत विकास र प्रभावकारी न्याय सम्पादन सम्भव हुन्छ। तर न्यायपालिकामा यस वर्ष कार्यकारिणी र व्यवस्थापिकाको हस्तक्षेप व्यापकरूपमा देखियो।

३. अदालतको अपहेलना

सर्वसाधारणमा अदालतप्रति रहेको आस्था घटाउने बदनियतले न्याय सम्पादन गर्नमा अदालतलाई बाधा-अवरोध खडा गर्ने, न्याय प्रदान गर्ने कार्यबाट न्यायाधीशलाई विचलित तुल्याउने, अदालतका निर्णय वा आदेश पालना नगर्ने वा पालना गर्न नदिनेजस्ता कार्यहरू अदालतको अपहेलनाअन्तर्गत पर्दछन्।[९] न्यायपालिकालाई स्वन्त्रतापूर्वक र निष्पक्षरूपमा काम गर्ने वातावरण सृजना गर्नका लागि यसद्वारा जारी भएका आदेशको पूर्ण पालना गर्नु पर्दछ। यस वर्ष सरकारका विभिन्न निकायका साथै अन्य संगठित संघसंस्थाहरूले पनि अदालतको आदेशको बेवास्ता गरे जसका कारण स्वतन्त्र न्यायपालिकाको छविमा प्रश्नचिह्न लाग्यो।

नेपालका सैनिकहरु संयुक्त राष्ट्रसंघको शान्ति सेनामा जाँदा प्राप्त गर्ने सुविधा र सैनिक कल्याणकारी कोषको रकम सार्वजनिक गर्न माग राखी भुतपूर्व सैनिक परिषद्द्वारा ०५८ असार १८ गते दायर गरिएको रिटमा सर्वोच्च अदालतको आदेश[१०] बमोजिम सम्झौता पेश नगरेको भन्दै मन्त्रिपरिषद्को कार्यालय, रक्षा एवम् परराष्ट्र मन्त्रालय र जङ्गी अड्डा विरुद्ध नेपाल राष्ट्रिय भुतपूर्व सैनिक परिषद्का अध्यक्ष अम्बरबहादुर थापाद्वारा अपहेलनाको मुद्दा दायर गरियो।[११] कोष र शान्ति सेना सम्बन्धी रकमको विवरण नपठाई अदालतको आदेश कार्यान्वयन नगरेकाले अपहलेनामा कारवाही गर्नुकासाथै आवश्यक कागजात मगाउन मुद्दामा माग गरिएको थियो। साथै महालेखा

---

६. फ्रिडिल । *नेपालको संवैधानिक कानुन* । (पहिलो संस्करण) । काठमाडौं: कानुन अनुसन्धान तथा विकास फोरम । २०४९, पृ. २८३-२८४

७. संविधानले परिषद्लाई राजगद्दी उत्तराधिकारी तोक्ने र आफ्नै आन्तरिक कारवाही गर्ने अधिकार मात्र दिएको छ। परिषद् कुनै पनि राजनीतिक क्रियाकलापमा अन्य अंग वा निकायको परिपूरकका रूपमा काम गर्न स्वतन्त्र छैन। यसलाई कुनै संवैधानिक वा कानुनी हैसियत दिइएको छैन।

८. "राजपरिषद्मा प्रधानन्यायाधीश" । *www.kantipuronline.com/kolnepalinews.php?nid=61687* । ०६३ असोज २० गते

९. पूर्ववत्। पृ. ३४५-३४६

१०. शान्ति सेनामा खटिई जानेको सुविधा पारदर्शी गराउने विषयको रिट निवेदनमा सर्वोच्च अदालतले १८ पटक आदेश दिइसकेको छ। १८ पटकको आदेशको प्रकृति उस्तै छ, सम्बन्धित देश र नेपालबीच भएको सम्झौतापत्र पठाउन परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयले सो आदेशको पालना गरेको छ। १५ दिनभित्र सम्झौता नपठाए कारवाही गर्ने चेतावनी सर्वोच्च अदालतले परराष्ट्र मन्त्रालयलाई दिएपछि सन् २००१ मा भएको सम्झौता मात्र परराष्ट्र मन्त्रालयले पठाएको थियो। संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेना पठाउँदा हुने सम्झौता र कल्याणकारी कोषको लेखा परीक्षणको प्रतिलिपि पठाउन भनी सर्वोच्च अदालतले ०५८ असार १८ गते रिट दायर भएदेखि हालसम्म १० पटक आदेश दिइसकेको छ। शान्ति सेनाको सुविधा र पारिश्रमिक एवम् सम्झौताको प्रतिलिपि नपठाए कारवाहीका लागि पेश गरिने भनी अदालतले पछिल्लो पटक ०६३ असार ६ गते पुन: आदेश दिएको थियो।

११. "अपहेलनामा कारबाही गर्न माग राखी मुद्दा" । *अन्नपूर्ण पोष्ट* । ०६३ साउन २९ । पृ. २

परीक्षकको कार्यालयले पनि सैनिक कल्याणकारी कोषको लेखा परीक्षण पेश नगरी अदालतको आदेशको अवज्ञा गरेको मुद्दामा उल्लेख गरिएको थियो। नेपाली सेनाको प्राड विभागका प्रमुख बीएकुमार शर्मासहित अर्का एक सैनिक अधिकृत विरुद्ध ०६३ जेठ १५ मा सर्वोच्च अदालतमा अपहेलनाको मुद्दा दायर गरिएको थियो। सहायक रथी शर्मा र भैरवनाथ गणका प्रमुख सेनानी राजेन्द्रजंग खत्रीले वादीको रिटमा अदालतलाई ढाँटी लिखित जवाफ पठाएर अदालतको अपहेलना गरेको आरोप लगाई मुद्दा दायर गरिएको थियो।[१२] सरकारले गलत जवाफ दिई न्यायिक कार्यमा बाधा पुऱ्याएको भन्दै सर्वोच्च अदालतले मन्त्रिपरिषद् कार्यालयलाई आदेशबमोजिम कागजात र सूचना समयमा नपठाए कारवाही गर्ने चेतावनी दिएको थियो।

आफूलाई गैरकानुनीरूपमा सेवाबाट निष्काशन गरिएको भनी प्रहरी निरीक्षक राजीव सिंहले दायर गरेको उत्प्रेरणाको रिटमा सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत्का नाममा ०६३ माघ १७ गते सम्बन्धित मिसिलसाथ लिखित जवाफ पेश गर्न आदेश जारी गरेको थियो। तर सर्वोच्च अदालतलाई लिखित जवाफमात्र पठाइयो। सर्वोच्च अदालतले विनामिसिल लिखित जवाफ पठाएकोमा गृहसचिवलाई स्पष्टीकरणसहित मन्त्रालयका अधिकृतमार्फत् रिट सुनुवाईको दिनमा सम्बन्धित मिसिल अदालतमा पठाउन पनि आदेश दिएको थियो।[१३]

अदालती आदेशको पालना गर्नु सरकार र सोअन्तर्गतका सबै अंगहरूको संवैधानिक कर्तव्य हो। तर, सरकारले आदेशबमोजिम समयमा कागजात नपठाउने एवम् फरक खाले जवाफ पठाई अदालतको कार्यमा बाधा पुऱ्याएको थियो।

४. न्यायपालिका र प्रतिनिधिसभा

जनआन्दोलनबाट पुनर्स्थापित प्रतिनिधिसभाले ०६३ जेठ ४ गते जारी गरेको घोषणापत्रबमोजिम सबैले प्रतिनिधिसभासमक्ष शपथ ग्रहण गर्नुपर्ने प्रावधानका सम्बन्धमा न्यायपालिकाले आपत्ति जनायो। उक्त घोषणापत्रबमोजिम न्यायाधीशहरूले प्रतिनिधिसभामा शपथ ग्रहण गर्ने व्यवस्था राज्यको शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तविपरीत भएको ठहर सर्वोच्च अदालतले गऱ्यो। यस सम्बन्धमा ०६३ जेठ २५ गते सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरू संलग्न आकस्मिक बैठक बस्यो। बैठकले प्रतिनिधिसभामा पद तथा गोपनियताको लागि शपथ ग्रहण गर्न नजाने निर्णय गऱ्यो। प्रतिनिधिसभा घोषणाले न्यायपालिका पनि प्रतिनिधिसभाप्रति उत्तरदायी रहनुपर्ने अवस्था सृजना गरेको हो भन्ने बैठकले निष्कर्ष निकालेको थियो। सर्वोच्च अदालतको त्यस्तो निर्णयपश्चात् प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावलीमा परिवर्तन गरी न्यायाधीशहरूले प्रतिनिधिसभासमक्ष शपथ ग्रहण गर्न नपर्ने व्यवस्था गऱ्यो।[१४]

संसदीय सर्वोच्चता कायम हुनेगरी ०६३ जेठ ४ गते प्रतिनिधिसभाद्वारा गरिएको घोषणाको[१५] वैधानिक हैसियत स्पष्ट पारी न्यायपालिका अन्योलमा पर्नसक्ने अवस्थाको अन्त्य गर्नु आवश्यक थियो। जनता नै सर्वोच्च भएकाले प्रतिनिधिसभाले संसदीय सर्वोच्चताको अवधारणा अगाडि सारेकोमा सर्वोच्च अदालतले मान्दिन भन्न नसक्ने तर त्यसको वैधानिकतामाथि परीक्षण गर्न ढोका बन्द गर्छु भन्न नहुने कुरा सर्वोच्च अदालतका न्यायाधीशले अगाडि सारे।[१६]

सर्वोच्च अदालतले प्रतिनिधिसभा घोषणाको वैधानिकतामाथि नै प्रश्न उठायो। प्रतिनिधिसभा घोषणा २०६३ विरुद्ध दायर रिटमा प्रारम्भिक सुनुवाईपछि सर्वोच्च अदालतले वैधानिकताको आधार १५ दिनभित्र पेश गर्न प्रतिनिधिसभा र नेपाल सरकारका नाममा ०६३ असोज ५ मा आदेश दिएको थियो। जेठ ४ को उक्त घोषणा संविधानविपरीत रहेको भन्दै अधिवक्ता अच्युतप्रसाद खरेलले ०६३ भदौ ५ मा दायर गरेको रिटमा सार्वभौम हुने प्रतिनिधिसभा घोषणाको वैधानिकता र यसले न्यायिक स्वतन्त्रता उल्लंघन गरे/नगरेको जाँच गर्नुपर्ने भएकोले सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको थियो।

प्रतिनिधिसभाले न्यायाधीशको पुनर्नियुक्ति व्यवस्था हुनुपर्ने अडान राखेको र केही न्यायाधीशविरुद्ध महाभियोगबारे छलफलसमेत चलाइरहेको समयमा सर्वोच्च अदालतले यस्तो प्रश्न उठाएको थियो। सम्प्रभु हुने प्रतिनिधिसभा घोषणापछि विभिन्न प्रश्न उठाउँदै आधा दर्जन

---

१२. "सैनिक अधिकारी उपर मुद्दा" । *अन्नपूर्ण पोष्ट* । ०६३ जेठ १६ । पृ. ५

१३. यस अदालतबाट मुद्दा मामिलाको सिलसिलामा मिसिल वा कागजात पठाउन समय-समयमा भएको आदेश बमोजिम तदारुकताका साथ मिसिल कागजात नपठाउने, ढिलो गरी पठाउने वा अन्य जवाफ दिई न्यायिक प्रक्रियामा बाधा पुऱ्याउने गरेको अनुभव गरिको छ। अब आइन्दा अदालतबाट माग भएका मिसिल कागजात वा सूचनाहरू माग भए बमोजिम अविलम्ब पठाउन र त्यससम्बन्धी कुनै बाधा भए सोही व्यहोरा म्यादभित्रै जानकारी गराउन आदेशमा भनिएको छ।

१४. इन्सेक । *लोकतन्त्र प्राप्तिका सय दिन : मानवअधिकार स्थिति* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६३ । पृ. १६

१५. प्रतिनिधिसभा । *प्रतिनिधिसभा घोषणापत्र २०६३* । प्रस्तावना । काठमाडौं । ०६३ जेठ ४

१६. "हैसियत स्पष्ट पार" । *www.annapurnapost.com* । ०६३ जेठ ८ गते हेरिएको

रिट दायर भएकोमा ०६३ वैशाख ११ गतेको घोषणा, वैशाख १४ गतेको मन्त्रिपरिषद्, रायमाझी आयोग गठन र अन्तरिम संविधान मस्यौदा समिति विरुद्धका रिटलाई भने सर्वोच्च अदालतले खारेज गऱ्यो।[१६]

प्रतिनिधिसभा घोषणाविरुद्ध रिट दायर गर्ने-नगर्नेबारे सर्वोच्च अदालतमा झन्डै तीन महिनासम्म निर्णय हुन सकेको थिएन। जनआन्दोलनले पुनर्स्थापना गरेको प्रतिनिधिसभाद्वारा जारी ऐतिहासिक घोषणाविरुद्ध अदालतमा प्रश्न उठाउन नमिल्ने उल्लेख गर्दै राजनीतिक प्रकृतिको विषय हुँदा त्यसविरुद्ध दायर रिट खारेज गर्न सर्वोच्च अदालतलाई ०६३ मंसिर ८ गते सरकारले पठाएको जवाफमा माग गरियो। जनआन्दोलनपछि सात दलको मार्गचित्र अनुसार पुनर्स्थापित प्रतिनिधिसभाले ऐतिहासिक घोषणा गरेको उल्लेख गर्दै जवाफमा आवश्यकताको सिद्धान्त अनुसार प्रतिनिधिसभामा पुनर्स्थापना भएको उल्लेख गरियो। प्रतिनिधिसभाको घोषणा राजनीतिक विषय भएको र राजनीतिक विषयमा अदालत प्रवेश गर्न मिल्दैन भन्दै जनताको जीवन उत्सर्गबाट वैशाख ११ गते प्रतिनिधिसभा पुनर्स्थापना भएको बताउदै जनचाहनाअनुसार नै प्रतिनिधिसभा घोषणा भएकोले अदालतमा वैधानिकताको प्रश्न नउठाउने सरकारी जिकिर थियो।[१८]

त्यस्तै, प्रतिनिधिसभाले पनि ऐतिहासिक घोषणाको संरक्षण गर्दै क्रान्तिबाट स्थापित जनादेश न्यायिक परीक्षणको विषय हुन नसक्ने जवाफ ०६३ मंसिर १० गते सर्वोच्च अदालतलाई दियो। जेठ ४ गतेको घोषणाको वैधतामाथि सर्वोच्च अदालतले उठाएको प्रश्नको जवाफमा संसदले, यसलाई प्रचलित संविधान र कानुनको दायराभित्र राखेर हेर्न नमिल्ने बतायो। सभामुख सुवास नेम्वाङद्वारा हस्ताक्षरित जवाफमा कुनै पनि क्रान्ति, जनआन्दोलन वा विद्रोहबाट स्थापित जनादेश न्यायिक परीक्षणको विषय हुन सक्दैन भनियो। साथै, जवाफमा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभाको मुख्य जिम्मेवारी जनउत्तरदायी सर्वदलीय सरकारमार्फत् द्वन्द्व समाधान गरी मुलुकलाई संविधानसभासम्म पुऱ्याउनु रहेको उल्लेख गरियो। राष्ट्रिय संकल्प सहज र सफल बनाउन सर्वसत्तासम्पन्न नेपाली जनताको प्रतिनिधिमूलक संस्थाले जेठ ४ गते ऐतिहासिक घोषणा गरेकोले रिट खारेज गर्नु पर्ने उक्त जवाफमा जिकिर गरिएको थियो। घोषणा संविधान संशोधन वा संविधानअन्तर्गत बनेको कानुन नभएको पनि संसदको जवाफमा स्पष्ट पारियो।[१९]

न्यायाधीशहरूलाई महाअभियोग लगाउने विषयलाई लिएर प्रतिनिधिसभा र न्यायपालिकाबीच विवाद सृजना भयो। प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले सर्वोच्च अदालतले चौधरी ग्रुपलाई कालोसूचीबाट हटाउने निर्णय गरेपछि बैंकहरूको उजुरीमा सर्वोच्च अदालतका न्यायाधीशलाई महाअभियोग लगाउने निर्णय गरेको थियो। सो निर्णयउपर कानुन व्यवसायीहरूले सर्वोच्च अदालतको फैसलामाथि प्रश्न उठाएर गलत प्रक्रियाको थालनी गरेको टिप्पणी गरे। अदालतको निर्णयविरुद्ध छलफल गराउने प्रक्रिया नै ठीक नभएको र सर्वोच्च अदालतको निर्णयमाथि प्रश्न उठाउँदै जाने हो भने अदालतले भनेको संसदले र संसदले भनेको अदालतले नपत्याउने अवस्था आउने र सर्वोच्च अदालतले गरेको निर्णयलाई संसदले बदर गर्ने हो भने विद्यमान कानुनहरूमा नै संशोधन गर्नुपर्ने विचार व्यक्त भएको थियो।[२०]

संविधानको धारा ८७(७)[२१] ले न्यायाधीशमाथि महाभियोग लगाउनसक्ने अधिकार प्रतिनिधिसभालाई दिएको छ। तर महाभियोग लगाउने प्रक्रिया महाभियोगको कार्यविधिअनुरूप नभएको विचार अधिकांश न्यायाधीशले व्यक्त गरेका थिए। महाभियोग कार्यविधिसम्बन्धी ऐन २०५७ मा न्यायाधीशलाई महाभियोग लगाउन प्रतिनिधिसभाको २५ प्रतिशत संसदले प्रस्ताव दर्ता गराउनुपर्ने व्यवस्था गरिएको छ।

महाभियोग प्रस्ताव दर्ता भएपछि सभामुखको आदेश अनुरूप ११ सदस्यीय समितिले छानबिन गर्दछ। त्यसपछि उचित आधार देखिएमा महाभियोग प्रक्रिया अघि बढ्छ। संविधानको धारा ८७ ले कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीसाथ कर्तव्य निर्वाह नगर्ने न्यायाधीशमाथि महाभियोग लगाउन सकिने व्यवस्था गरेको छ। सार्वजनिक लेखा समितिले प्रमाण र कागजको मूल्याङ्कन

---

१६. "सर्वोच्चद्वारा प्रतिनिधिसभा घोषणामा प्रश्न" । *कान्तिपुर* । ०६३ असोज ७ । पृ. १

१८. "प्रतिनिधिसभा घोषणाबारे प्रश्न उठाउन मिल्दैन" । *कान्तिपुर* । ०६३ मंसिर ९ । पृ. १

१९. "प्रतिनिधिसभाद्वारा सर्वोच्चलाई जवाफ" । *कान्तिपुर* । ०६३ मंसिर ११ । पृ. १

२०. "सर्वोच्च र संसदबीच टकरावको सम्भावना" । *नेपाल समाचारपत्र* । ०६३ भदौ ३० । पृ. १

२१. कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको आधारमा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको अन्य कुनै न्यायाधीशलाई पदमुक्त गर्ने भनी प्रतिनिधिसभाका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेपछि त्यस्तो प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश आफ्नो पदबाट मुक्त हुनेछ ।

विना त्रुटिपूर्ण फैसला भएको निष्कर्षसहित फैसलामा संलग्न न्यायाधीशहरूलाई महाभियोगका लागि सिफारिस गरेको थियो।

५. न्यायपालिका र कार्यपालिका

जनआन्दोलन दबाउन प्रमुख भूमिका निर्वाह गरेको भनी तत्कालीन प्रधानसेनापति प्यारजंग थापा, सशस्त्र प्रहरी बलका कामु महानिरीक्षक वासुदेव ओली र नायव प्रहरी निरीक्षक दिलिप श्रेष्ठलाई निलम्बनको माग गर्दै ०६३ असार ६ गते बाबुराम गिरी, वोर्णबहादुर कार्कीलगायत् चारजना अधिवक्ताहरूद्वारा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो। निवेदनमा सरकारद्वारा गरिएको सशस्त्र प्रहरी बलका कामु महानिरीक्षक ओलीलाई पदोन्नति गर्ने निर्णयसमेत जनआन्दोलनको भावना विपरीत भएकाले बदरको माग गरिएको थियो।[३२] सोउपर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सुरक्षा निकायका पदाधिकारीको नियुक्ति निलम्बनको आदेश दिन सर्वोच्च अदालतसँग अधिकार नभएको उल्लेख गर्नुभएको थियो। नियुक्ति गर्ने, सरुवा गर्ने, विभागीय कारवाही गर्ने विषय सरकारको सुविधाको विषय भएको र यो विषय नेपाल सरकारको कार्यकारिणी निर्णयबाट तय हुने भएकोले अदालतको असाधारण अधिकार आकृष्ट नहुने तर्क प्रधानमन्त्रीको थियो। उल्लेखित सुरक्षाकर्मीलाई निलम्बन गर्ने-नगर्ने कार्यकारिणीको अधिकार भएको जनाउँदै त्यस विषयमा हस्तक्षेप नगर्न प्रधानमन्त्रीद्वारा सर्वोच्च अदालतसमक्ष प्रेषित पत्रमा उल्लेख गरिएको थियो।[३३] सो विवादमा निलम्बनका लागि गरिएको अन्तरिम आदेशको माग सर्वोच्च अदालतले अस्वीकार गरिसकेको थियो। सोउपर लिखित जवाफ पेश गर्दै निलम्बनको आदेश दिन सर्वोच्च अदालतसँग कुनै असाधारण अधिकार नभएको दाबी सरकारी पत्रमा गरिएको छ। शाही शासनका बेला आन्दोलन दबाउन संलग्न दोषीउपर छानबिन गरी कारवाहीको सुझाव पेश गर्न सरकारद्वारा गठित उच्चस्तरीय जाँचबुझ आयोगको अनुसन्धानका क्रममा प्राप्त हुने सत्यतथ्य दबाउन र प्रमाण नष्ट गर्नसक्ने बताउँदै उनीहरूलाई निलम्बन गुर्पर्ने माग गरिएको थियो।

रुक्मांगत कटुवाललाई प्रधानसेनापतिको पदमा स्थायी नियुक्ति दिइएको विषय पनि सर्वोच्च अदालतमा पुग्यो। प्रधानसेनापति कटुवालले जन्म मिति सच्याएको, झुटो विवरण पेश गरी सेवा प्रवेश गरेको र जनआन्दोलन दबाउन सक्रिय भूमिका निर्वाह गरेको दाबीसहित नियुक्ति बदरका लागि ०६३ भदौ १ गते परेको निवेदनमा सर्वोच्च अदालतले ०६३ असोज २४ गते सरकारका नाममा कारण देखाउ आदेश जारी गऱ्यो।

६. बार-बेञ्च सम्बन्ध

संविधान तथा कानुनद्वारा निर्धारण गरिएको व्यवस्थालाई उपयुक्त ढंगबाट सञ्चालन गर्ने कार्य बेञ्चको हो र सो कार्यलाई सघाउ पुऱ्याउने कर्तव्य बारको हो। बार र बेञ्चको सम्बन्धद्वारा पूर्णतया निष्पक्ष, स्वतन्त्र र न्यायपूर्ण समाजको स्थापना हुन्छ। बेञ्चको न्यायिक निर्णयलाई बारले मूल्याङ्कन गरिराखेको हुन्छ भने बारको गतिविधिलाई बेञ्चले उत्सुकतापूर्वक हेरेको हुन्छ। तर यस वर्ष न्यायाधीश र कानुन व्यवसायीको स्वन्त्रतता सङ्कटग्रस्त देखिएपछि दुवै बीचको सम्बन्धमा पनि चीसोपना बढ्यो। प्रजातान्त्रिक सिद्धान्त, मूल्य-मान्यताविपरीत राजाले प्रत्यक्ष शासन गरेपश्चात् यस्तो सङ्कट शुरु भएको थियो।

वर्षको शुरुमा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति प्रक्रियाका कारण बार र बेञ्च अनि बौद्धिक समुदाय र न्याय प्रशासनको जिम्मा लिएका महानुभावबीच पानी बाराबारको अवस्थासमेत सृजना भयो।[३४] ०६२ पुस १९ गते बारले प्रधानन्यायाधीश दिलिपकुमार पौडेल विधिको शासन, स्वतन्त्र न्यायपालिका र मानवअधिकारबारे अडिग रहन नसकेको र संवैधानिक सर्वोच्चतताविरुद्ध क्रियाशील व्यक्तिलाई न्यायाधीश नियुक्त गरेको भन्दै दुवैलाई सार्वजनिक समारोहमा बहिष्कार गर्ने निर्णय गरेको थियो।

नेपालको परिस्थितिलाई पाकिस्तानको राजनीतिक अवस्थासँग दाँज्दै सरकारको पक्षमा वकालत गर्ने तत्कालीन महान्यायाधिवक्ता पवनकुमार ओझालाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति[३५] दिइएको भन्दै बारले सर्वोच्च अदालतालाई आफ्नो गल्ती सच्च्याउन आह्वान गर्दै सर्वसम्मत निर्णय गरी विज्ञप्ति जारी गऱ्यो र त्यसको बोधार्थ प्रधानन्यायाधीश र न्यायपरिषद्लाई पठायो।[३६] नेपाल बार एसोसिएसनले ०६२ पुस १८ गते चरणबद्ध विरोध कार्यक्रमहरूसमेत तय गऱ्यो। त्यसपछि बारको निर्णयका सम्बन्धमा ध्यानाकर्षण भएको र विज्ञप्तिमा आपत्तिजनक कुराहरू उल्लेख भएको जनाउँदै सर्वोच्च अदालतको आकस्मिक पूर्ण बैठक बस्यो। बैठकपछि रजिष्ट्रार डा.

---

३२. "सर्वोच्चद्वारा निलम्बन अस्वीकार" । *राजधानी* । ०६३ साउन १५ । पृ. १
३३. "कार्यकारिणीमा हस्तक्षेप नगर्न आग्रह" । *नेपाल समाचारपत्र* । ०६३ साउन २९ । पृ. १
३४. श्रेष्ठ, डा. शंकरकुमार । "न्यायाधीश नियुक्ति प्रक्रिया र प्रवृत्ति" । *कान्तिपुर* । ०६२ माघ २६ । पृ. ७
३५. "अदालत कब्जा गर्ने रणनीतिका पात्र" । *बुधबार साप्ताहिक* । ०६२ पुस २७ । पृ. १
३६. "प्रेस विज्ञप्ति" । काठमाडौं: नेपाल बार एसोसिएसन । ०६२ पुस १८

रामकृष्ण तिमल्सेनाद्वारा हस्ताक्षरित विज्ञप्तिमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम देशमा कानुनी राज्यको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालत एवम् मातहतका अदालतहरू संविधानको मूल्य-मान्यता र भावनाहरूप्रति प्रतिबद्ध रही नागरिक हकको संरक्षण गरी न्यायिक सेवा प्रदान गरिआएको कुरा सर्वविदितै भएको उल्लेख गरियो। त्यसै प्रयोजनका निमित्त न्यायिक नियुक्तिका लागि संविधानले न्यायपरिषद्जस्तो छुट्टै र विशिष्ट संवैधानिक निकायको स्थापना गरेको र न्यायाधीशहरूको नियुक्तिका आधारहरू र नियुक्तिको प्रक्रिया संविधानले नै सुनिश्चित गरेको पनि विज्ञप्तिमा जनाइयो। संविधानबमोजिम गरिएको नियुक्तिहरूका सम्बन्धमा न्यायपालिकाको सहयोगीका रूपमा स्थापित नेपाल बार एसोसिएसनजस्तो जिम्मेवार कानुन व्यवसायीहरूको शीर्षस्थ संगठनबाट संविधानभन्दा बाहिर गएर, स्वतन्त्र न्यायपालिकाको मर्यादामा आँच आउने गरी न्यायाधीश नियुक्ति एवम् देशको न्यायपालिकाको नेतृत्व गर्ने प्रधानन्यायाधीशजस्तो उच्च पदमा आसिन व्यक्तिको व्यक्तित्व एवम् दायित्वलाई उपेक्षा गरी आपत्तिजनक शब्दहरूसहित टिप्पणी गरी विज्ञप्ति आउनु दुःखद् कुरा भएको जनाउँदै न्यायाधीशहरुको बैठकले त्यसप्रति खेद प्रकट गऱ्यो। त्यस्तै, संविधानबमोजिम नियुक्त न्यायाधीशहरूले कार्य प्रारम्भ गर्न नपाउँदै आफ्नो अनुकूल आस्थाको प्रश्न उठाई निराधार आरोप लगाउनु पनि स्वतन्त्र न्यायपालिकाको मूल्य एवम् मान्यता विरुद्ध भएको धारणा व्यक्त गर्दै बैठकले बारका विज्ञप्तिप्रति आफ्नो गम्भीर आपत्ति एवम् सरोकार व्यक्त गऱ्यो।

पूर्वाग्रह, द्वेष र नकारात्मक प्रतिस्पर्धाबाट मुक्त भएर स्वच्छ न्यायिक सेवा प्रदान गर्ने उपयुक्त वातावरण सृजना गर्नु न्यायाधीश, कानुन व्यवसायी एवम् सम्बन्धित सबैको कर्तव्य भएको र त्यस प्रक्रियामा सर्वोच्च अदालत आफ्नो भूमिका सक्षमरूपले निर्वाह गर्न संकल्परत रहेको कुरा पनि सार्वजनिक गरियो।

संविधानबमोजिम स्थापित न्यायपालिका एवम् त्यसमा कार्यरत न्यायाधीशहरूलाई संविधानबमोजिमको कर्तव्य निर्वाह गर्नमा कतैबाट पनि व्यवधान गर्न नहुने र पूर्वाग्रह पीडित भएर न्यायाधीश एवम् न्यायिक प्रक्रियामा अवाञ्छित प्रभाव पार्न नहुने कुरामा सर्वोच्च अदालतको उक्त बैठक विश्वस्त भएको पनि उल्लेख गरियो। जनताप्रतिको उत्तरदायित्व र संविधानबमोजिमको कर्तव्यप्रति सर्वोच्च अदालत सदाझैं प्रतिबद्ध रहेको अवस्थामा देशको विद्यमान विषम परिस्थितिमाझ कर्तव्यरत न्यायपालिकालाई अवाञ्छित प्रतिक्रिया एवम् विरोध कार्यक्रमहरूद्वारा थप जटिलता सृजना नगरी संयमित र रचनात्मक सहयोगका लागि न्यायाधीशहरुको उक्त बैठकले सबैसँग आह्वान[२७] गऱ्यो।

बेञ्च र बारको सम्बन्ध बिग्रँदै गएको सन्दर्भमा बारको स्वर्ण जयन्तिका अवसरमा पनि प्रधानन्यायाधीशलगायत् सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई बोलाइएन। यसरी चार महिनासम्म बारले बेञ्च बहिष्कारको अडान जारी राख्यो। तर कानुन दिवस ०६३ का उपलक्ष्यमा सर्वोच्च अदालतद्वारा ०६३ वैशाख २६ गते आयोजना गरिएको कार्यक्रममा उपस्थिति जनायो। त्यसपछि, न्यायाधीश नियुक्तिका सम्बन्धमा मात्रै प्रधानन्यायाधीशप्रति असहमति रहेकाले र त्यस विषयमा प्रधानन्यायाधीशसहित सर्वोच्चका १० जना न्यायाधीशले पुनर्विचार गर्ने प्रतिबद्धता व्यक्त गरेको जनाउँदै बारले बेञ्च बहिष्कारको नीति परित्याग गऱ्यो।

बारको अडानमा आएको परिवर्तनका कारण कानुन व्यवसायीहरूबीच निकै ठूलो मतभेद सृजना भयो। नेपाल बार एसोसिएसन विरुद्ध सर्वोच्च अदालत बार एसोसिएसनले कडा प्रतिक्रिया व्यक्त गऱ्यो।[२८] लोकतन्त्र प्राप्तिको आन्दोलनको अग्रमोर्चामा उभिएर बारले जुन छवि बनाएको थियो, त्यसमा धक्का लागेको प्रतिक्रिया कानुन व्यवसायीहरूले व्यक्त गरे। कानुन व्यवसायीहरूले नेपाल बारका पदाधिकारीहरू विरुद्ध अविश्वास प्रस्ताव ल्याउने धारणा पनि व्यक्त गरेका थिए।

सर्वोच्च अदालतमा अस्थायी न्यायाधीश नियुक्तिमा देखिएको स्वेच्छाचारिता र हस्तक्षेपका कारण सम्पूर्ण न्यायक्षेत्र विवादको घेरामा तानियो। शाही कदम समर्थकलाई सर्वोच्च अदालतले न्यायाधीशमा गरेको नियुक्ति गलत रहेकाले विरोधका लागि वरिष्ठ कानुनविदहरूले पनि समझदारी व्यक्त गरेका थिए। उनीहरुले नियुक्ति दुषित मनशाय र स्वेच्छाचारी भएको भन्दै न्यायपालिकाको स्वतन्त्रतामा कतैबाट हस्तक्षेप हुन नहुने धारणा व्यक्त गरेका थिए।[२९]

०६१ माघ १९ गते पछि मुलुकका महत्वपूर्ण संस्थाहरूको गरिमा र मर्यादा पनि विवादमा तानिएको थियो। पहिले सरकार र पछि प्रशासन संयन्त्र तथा राष्ट्रिय मानवअधिकार आयोग एवम् पछिल्लो समयमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्तिमा समेत सरकारले विधिको शासनका मान्यताहरु लत्याएको र हुकुमी शैली अवलम्बन गरेको थियो। कार्यकारी प्रमुखले न्यायपालिकाको

२७. "प्रेस विज्ञप्ति" । काठमाडौं: सर्वोच्च अदालत । ०६२ पुस १८

२८. "कानुनी व्यवसायी विवाद तीव्र"। कन्तिपुर ०६३ वैशाख २८, पृष्ठ ३ ।
www.kantipuronline.com/kolnepalinews.php?nid=61374 । ०६३ असोज २० गते

२९. "न्यायाधीश नियुक्ति गलत" । *www.kantipuronline.com/kolnepalinews.php?nid=61374* । ०६३ असोज २० गते हेरिएको

संरचना र प्रक्रियामा हस्तक्षेप गर्नुलाई न सामान्य न त स्वभाविक नै मान्न सकिन्छ।

पारदर्शी ढंगले दक्ष र योग्य न्यायाधीशहरू नियुक्त गर्नुपर्ने धारणा बारले राख्दै आएको थियो। सोही क्रममा प्रधानन्यायाधीश दिलिपकुमार पौडेलबाट माग भएअनुसार पाँचजना वरिष्ठ अधिवक्ताहरूको नाम न्यायपरिषद्मा पठाइयो। तर कानुन व्यवसायीमध्येबाट कोही पनि नराखी केवल पुनरावेदन अदालतका न्यायाधीशको बढुवा गरी सर्वोच्चमा नियुक्ति गरियो र त्यसको एक महिनापछि चारजनालाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरियो। सोही नियुक्तिको विषयलाई लिएर बारले बेञ्च बहिष्कारबाहेक अन्य उपयुक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो। त्यसै सन्दर्भमा कुनै पनि न्यायाधीशको नियुक्ति साँठगाँठको भरमा हुन नहुने, त्यस्तो भएमा न्यायाधीशले मानवअधिकार र नागरिक हक तथा संविधानको संरक्षण गर्न नसक्ने धारणा व्यापकरूपमा व्यक्त गरियो। प्रधानन्यायाधीशसमेत नेपाल अधिराज्यको संविधानको भावनाबमोजिम नेपाली जनताको हक अधिकारको रक्षा गर्न असक्षम रहेको हुँदा पदमा बसी रहन उपयुक्त नरहेकोले बारको कुनै पनि कार्यक्रममा आमन्त्रण नगर्ने तथा एक दिन देशव्यापी विरोध कार्यक्रम गर्ने निर्णय बारले निर्णय गरेको थियो।[३०]

लोकतन्त्र पुनर्स्थापनापश्चात् प्रधानन्यायाधीश दिलिपकुमार पौडेलले परिवर्तित सरकारलाई सहयोग पुऱ्याउनका लागि आरोपित सर्वोच्च अदालतका न्यायाधीश नियुक्तिका बारेमा पुनर्विचार गर्नेबारे नेपाल बार एसोसिएसनका पदाधिकारीसँग छलफल गरेका थिए। भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन प्रक्रिया कानुनसम्मत भएको भनी विचार राख्ने र माघ १९ पछिको शाही सरकारलाई सहयोग पुऱ्याउने न्यायाधीश ओझाले राजिनामा दिएमात्र आफूहरू उपस्थित हुने भनी कानुन व्यवसायीले प्रधानन्यायाधीशसामु प्रस्ताव पेस गरे।[३१]

नेपालमा प्रजातन्त्रको संस्थागत विकास, विधिको शासन स्थापना र मानवअधिकारको संरक्षणका लागि न्यायपालिकालाई अहम् जिम्मेवारी र शक्ति प्रदान गरी न्यायपरिषद् जति हदसम्म निष्पक्ष, स्वतन्त्र र सरकारी तथा अन्य दबाब र प्रभावले प्रतिरोध गर्न सक्षम हुन्छ, सोही हदसम्म न्यायपालिका पनि सक्षम, स्वतन्त्र, प्रभावकारी र निष्पक्ष हुन्छ। यसका लागि न्यायपरिषद्ले न्यायाधीश नियुक्ति गर्दा कार्यदक्षता, न्यायिक प्रतिष्ठा, इमान्दारिता तथा उच्च अध्ययनलाई प्रमुख आधार मान्नु पर्दछ।[३२] जुन कार्य सक्षम न्यायपरिषद्ले मात्र गर्न सक्दछ। न्यायाधीशहरूको नियुक्ति गर्ने निकाय न्यायपरिषद् नै हो, जसको व्यवस्था संविधानको धारा ९३[३३] मा गरिएको छ।

वर्षभरि नै न्यायाधीश नियुक्तिको सन्दर्भ विशेष चर्चाको विषय बन्यो। सर्वोच्च अदालतको न्यायाधीश पदमा गरिएको नियुक्तिले न्यायिक क्षेत्रको मात्र होइन, आम जनताको पनि ध्यान आकर्षित गरेको थियो। यस क्रममा सर्वोच्च अदालतका साथसाथै पुनरावेदन अदालतका न्यायाधीशहरूको नियुक्तिको प्रसंग चर्चाको शिखरमा पुगेको थियो। जिल्ला अदालत, पुनरावेदन अदालत, विशेष अदालत, राजस्व न्यायाधिकरण, प्रशासकीय अदालत र सर्वोच्च अदालतसम्मका न्यायाधीशहरूको नियुक्त गर्ने आधिकारिक निकाय न्यायपरिषद् र यसका सदस्यहरू न्यायाधीश नियुक्ति विवादमा नराम्ररी मुछिए,[३४] जसका कारण बार-बेञ्चको सम्बन्ध खलबलियो।

७. न्यायाधीश नियुक्तिविरुद्ध रिट

गैरसंवैधानिक रूपमा जिल्ला न्यायाधीश नियुक्त गरिएको भन्दै ६ जना सरकारी वकिलले ०६३ भदौ ३० गते सर्वोच्च अदालतमा प्रधानन्यायाधीश दिलिपकुमार पौडेलविरुद्ध दायर गरेको निवेदनमा निर्णयका आधार र कारण पेश गर्न सर्वोच्च अदालतले १९ कार्तिक ०६३ गते न्यायपरिषद्लाई आदेश गऱ्यो।

न्यायपरिषद् र न्याय सेवा आयोगका अध्यक्षसमेत रहेका प्रधानन्यायाधीश र वरिष्ठ न्यायाधीशमाथि गम्भीर संवैधानिक प्रश्न उठाउँदै सरकारी वकिलबाट दायर रिट नेपालको न्यायिक इतिहासमै पहिलो घटना बन्यो।[३५] सरकारी वकिलमा सिद्धान्ततः न्यायपालिका प्रमुखको बचावट गर्ने दायित्व रहन्छ। तर पनि ०६३ असार २३ गते ५१ जिल्ला

---

३०. कार्की, केदार । "विवाद : बार र बेञ्च वास्तविक यथार्थ" । *न्यायदूत* । वर्ष ३६, पूर्णांक १५६, अंक ५ । काठमाडौं: नेपाल बार एसोसिएसन । ०६२ मंसिर-पुस । पृ. १४९-५१

३१. "ओझाको नियुक्तिमा पुनर्विचार गर्न प्रधानन्यायाधिश सहमत" । *नेपाल समाचारपत्र* । ०६३ वैशाख २६ । पृ. १

३२. पूर्ववत् ६ र ९ । पृ. ३४५-३४६

३३. यस संविधान बमोजिम न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारवाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहने व्यवस्था ।

३४. कार्की, बोर्णबहादुर । "न्यायाधीश नियुक्ति प्रक्रियामा न्यायपरिषद्को भूमिका" । पूर्ववत् २९ । पृ. १६१-६२

३५. "सरकारी वकिलबाटै प्रधानन्यायाधीश विरुद्ध मुद्दा" । *राजधानी* । ०६३ भदौ ३१ । पृ. १

न्यायाधीशको नियुक्ति भएकोमा उक्त नियुक्तिप्रति असहमति जनाउँदै सो निवेदन दायर भएको थियो।[३६] संविधानले व्यवस्था गरेका पदहरूमा नियुक्ति गर्ने कार्य कार्यकारिणीको हो। दायर गरिएको रिटमा भनिएको थियो- प्रतिनिधिसभा घोषणाको धारा २(१) ले सबै कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित गरेको[३७] हुनाले प्रधानन्यायाधीशलाई त्यस्तो नियुक्ति गर्ने अधिकार वर्तमान संविधान र प्रतिनिधिसभा घोषणा २०६३ ले प्रदान गरेको पाइन्छ। एकाउन्न न्यायाधीशको नियुक्ति र न्यायपरिषद्बाट भएको सिफारिस संविधानको धारा ९१(१) र घोषणाको धारा २(१) को ठाडै विपरीत भएको जिकिर गरियो। साथै, नियुक्तिमा न्यायपरिषद् ऐन २०४७ को दफा ४ समेतको उल्लंघन भएको दाबी पनि गरियो।

नागरिकप्रति उत्तरदायी बनाउन न्यायाधीशहरूको पुनर्निर्युक्ति हुनुपर्ने धाारणा पनि अगाडि सारिए। जनआन्दोलनले ल्याएको परिवर्तनलाई आत्मसात् गर्न र जनताप्रतिको उत्तरदायित्व पूरा गर्न अदालतमा पुनर्निर्युक्ति आवश्यक भएको धारण विभिन्न क्षेत्रबाट व्यक्त गरियो। राजाको शासनका शाही आयोग र बन्दीप्रत्यक्षीकरण मुद्दामाबाहेक न्यायालयले स्वतन्त्रता जोगाउन नसकेको र लोकतान्त्रिक मूल्य, मान्यता, विधिको शासन, स्वतन्त्र न्यापालिका र नागरिक हक-अधिकार जोगाइराख्न पनि पुनर्निर्युक्ति आवश्यक भएको सर्वोच्च अदालत बारको धारणा थियो।[३८] तर सर्वोच्च अदालतका प्रधानन्यायाधीश दिलिपकुमार पौडेलले अन्तरिम विधानमा न्यायाधीश पुनर्निर्युक्तिसम्बन्धमा गरिएको व्यवस्थाप्रति असहमति जाहेर गरी पदावधि थपघट गर्दा न्यायिक स्वतन्त्रताको मर्मविपरीत हुन जाने विचार अगाडि सारे।[३९]

यसबाट न्यायाधीश छनौट प्रक्रियामा परिवर्तन गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ। जनआन्दोलनको जनादेशअनुसार न्यायपालिकामा पनि आमूल परिवर्तन गरिनुपर्ने तथा न्यायालयलाई सामान्य जनताको पहुँचमा ल्याउनु पर्ने आवश्यकता महसुस गरिएको छ। त्यस्तै, न्यायपरिषद्मा सुधारको खाँचो देखिएको छ। तर पनि न्यायिक स्वतन्त्रताभित्र पर्ने जुनसुकै विषयमा कदम चाल्दा वा टिकाटिप्पणी गर्दा त्यसअघि सबै पक्षबाट जिम्मेवारीपूर्वक गहनरूपमा विचार विमर्श गरी परिपक्व कदम चाल्नु पर्दछ। संस्थागतरूपमा न्यायपालिका कसैप्रति पनि प्रत्यक्ष उत्तरदायी नरहने र सार्वभौम न्यायिक अधिकार प्रयोग गर्ने स्वतन्त्र निकाय भएकाले न्यायाधीशहरू संविधान र कानुनबाहेक कसैप्रति पनि उत्तरदायी रहनु हुँदैन।

८. सर्वोच्च अदालतबाट भएका उल्लेख्य निर्णयहरू

राज्यको निर्देशित उद्देश्य हासिल गर्नका लागि जनताका अधिकारहरूको संरक्षण गर्दै आर्थिक एवम् राजनीतिक क्षेत्रलगायत् राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम राख्न न्यायपालिकाले सान्दर्भिक र साहसिक भूमिका निर्वाह गरेको देखिन्छ। कानुनी राजको अवधारणालाई साकार पार्न, संविधानको सर्वोच्चता कायम राख्न, संविधानसँग बाझिएका कानुनलाई अमान्य र बदर घोषित गरी सर्वोच्च अदालतले मानवअधिकारको सम्मान गरेर अभिभावकको भूमिका निर्वाह गरेको छ। यस वर्ष सर्वोच्च अदालतबाट भएका केही उल्लेखनीय निर्णयहरूको यहाँ चर्चा गरिएको छ।

८.१ शाही आयोग खारेज सम्बन्धी फैसला

सर्वोच्च अदालतले भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन सम्बन्धी निवेदनमा संविधानमा वर्णित स्वतन्त्र र सक्षम न्याय प्रणालीको अवधारणालाई साकार पार्ने दिशातर्फ ०६२ फागुन १ गते साहसिक फैसला गऱ्यो। अधिवक्ता सन्तोषकुमार महतोसमेतद्वारा ०६२ साउन २६ गते शाही आयोग खारेजीको माग राखी रिट निवेदन दायर गरिएको थियो।

सर्वोच्च अदालतले राज्यको कार्यकारी र विधायिकी अधिकार प्रयोग गरी आएका राजाबाट संविधानले निर्धारण गरेको सीमारेखा उल्लंघन भएको कुरा स्पष्ट रूपमा आफ्नो निर्णयमा उल्लेख गरेको छ। निर्णयअनुसार संविधानमा बाधा अड्काउ फुकाउने सम्बन्धमा गरिएको व्यवस्था संविधानको कुनै धाराको कार्यान्वयनमा कुनै बाधा अड्चन आई कार्यान्वित हुन नसक्ने अवस्था भएमा संविधान क्रियाशील बनाउन धारा १२७ बमोजिम जारी गरिने आदेश संविधानले

---

३६. आन्तरिक राजस्व विभागमा कार्यरत उपन्यायाधिवक्ता बद्रीप्रसाद ओली, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका उपन्यायधिवक्ताहरू ध्रुवकुमार भट्टराई, राजनप्रसाद भट्टराई, गणेशबाबु अर्याल, सूर्यप्रसाद पोखरेल, उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगमा कार्यरत मेदिनीप्रसाद पौडेलद्वारा रिट दायर भएको हो।

३७. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकारी अधिकार मन्त्रिपरिषदमा निहित रहनेछ । "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ।

३८. "न्यायाधीश पुनर्निर्युक्ति गर्न सुझाव" । *www.kantipuronline.com/kolnepalinews.php?nid=81087* । ०६३ साउन १३ गते हेरिएको

३९. "पुनर्निर्युक्ति नगर्न पौडेलको चेतावनी" । *राजधानी* । ०६३ भदौ ८ । पृ. १

व्यवस्था गरेदेखि बाहेकका अन्य कुरामा आकर्षित हुन सक्दैन निर्णयमा संवैधानिक व्यवस्था निस्क्रिय वा संवैधानिक संरचना बदलिन जाने अवस्था सृजना हुने प्रकारको काम गर्न पनि उक्त धाराले छुट नदिने बताइयो। साथै राजाले संविधान कहिल्यै पनि नतोडून्, सदासर्वदा पालन गरून् भन्ने संवैधानिक अभिव्यक्ति विपरीत धारा १२७ को गलत प्रयोग गरी सत्ता आफ्नो हातमा लिएर गरेको काम असंवैधानिक रहेको ठहर संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालतले गऱ्यो।

०६१ माघ १९ गतेको शाही घोषणापश्चात् उत्पन्न जटिल संवैधानिक परिस्थितिमा सर्वोच्च अदालतले कतिपय अवस्थामा संविधानको व्याख्याताको रूपमा मात्र नभई नागरिकसमेतको वास्तविक र विश्वसनीय संरक्षकको भूमिका निर्वाह गरेको थियो। उक्त मुद्दामा सर्वोच्च अदालतबाट मुलुककै संवैधानिक इतिहासमा राजाबाट प्रत्यक्ष शासन गरिएको समयमा पनि महत्वपूर्ण निर्णय गरियो।[४०] सर्वोच्च अदालतबाट उक्त मुद्दामा मूलत: संविधानवादको मान्यता एवम् मूल्यको अक्षुण्णता कायम राख्न भएको निर्णय निम्नलिखित बुँदामा राख्न सकिन्छ।

८.१.१ राजकीय सत्ता र सार्वभौम अधिकारको प्रयोग

नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता, सार्वभौम अधिकार यसै संविधानबमोजिम प्रयोग हुनेछ भन्ने नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनाले स्पष्टरूपमा व्यक्त गरेको छ। नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नै प्रयोग हुने भएपछि नेपाल अधिराज्यको संविधान २०४७ लागू हुनुपूर्वको नेपालको संविधान २०१९ ले व्यवस्था गरेबमोजिम नेपालको सार्वभौमसत्ता राजामा निहीत रहेको, कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार राजाबाट निश्रृत हुने भनी सम्झन मिल्ने अवस्था देखिँदैन। संवैधानिक परिवर्तनपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेबमोजिम मात्र प्रयोग हुनसक्ने स्पष्ट संवैधानिक व्यवस्था भइरहेको छ। यस्तो स्थितिमा राजकीय सत्ता सम्बन्धमा अलमल गरी विवाद उठाउनु र नेपालको संविधान २०१९ खारेज भएको छैन भन्नेजस्ता तर्क गर्नु संवैधानिक आधार र व्यवस्था विपरीत हुनजान्छ। संविधानले मूल एवम् शक्तिशाली कानुनको स्थान ग्रहण गर्दछ। लिखित संविधान भएका मुलुकहरूमा शासनको सिद्धान्त एवम् व्यवस्था, क्रियाकलाप, राज्यका विभिन्न अंगहरूमा राजकीय सत्ताको बाँडफाँड संविधानले नै तय गरेको हुन्छ। संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुको उल्लंघन गर्नु संविधान विपरीत हुन जान्छ। त्यस्तो अवस्थाले संवैधानिक समस्या सृजना हुने हुँदा त्यस्तो स्थिति आउन नदिनु वा टार्नु राज्यको हितमा हुन्छ।[४१]

८.१.२ धारा ३५(२) र धारा ३१ को प्रयोग

संयुक्त अधिराज्यको संवैधानिक विकास क्रममा राजाबाट राज्यको व्यवस्था, राजकीय सत्ता, मन्त्रिपरिषद् वा जिम्मेवार पदाधिकारीको सिफारिस वा सल्लाहमा हुने परिपाटीले राजाबाट गल्ती र गैरकानुनी कार्य हुँदैन भन्ने अवधारणाको विकास भएको हो। यथार्थमा जब राजाबाट कसैको परामर्श वा सल्लाहमा मात्र कुनै कार्य हुन्छ भने राजाले गल्ती गरेको भन्ने प्रश्न नै उठन सक्दैन। यदि गल्ती हुन्छ भने त्यस्तो कार्यको जिम्मेवारी सल्लाह वा परामर्श दिने पदाधिकारीमा रहन्छ। यही सिद्धान्तलाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३१ ले अवलम्बन गरेको देखिन्छ। संविधानको धारा ३१ को क्षेत्र पहिचान गर्न राजाबाट गरिने कार्यको प्रकृति हेर्नुपर्ने हुन्छ। यस निम्ति संविधानमा राजाबाट गरिने कार्यका सम्बन्धमा भएका व्यवस्था त्यसमा पनि धारा ३५ को उपधारा (२) को व्यवस्था विशेषरूपबाट हेरिनुपर्ने हुन्छ। संविधानको धारा ३५(२) लाई बाहेक गरेर धारा ३१ को व्याख्या हुनसक्ने अवस्था देखिदैन।[४२]

८.१.३ संवैधानिक प्रश्नको निरूपण

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३५ को उपधारा (२) ले राजाबाट गरिने कार्यलाई तीन वर्गमा विभाजित गरेको पाइयो। प्रथमत: राजाबाट वा राजाको स्वविवेकमा गरिने कार्य, दोश्रो कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएका कार्य, तेश्रो, मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिने कार्य। संवैधानिक व्यवस्था अनुसारका राजाबाट मात्र वा राजाको स्वविवेकमा सम्पन्न हुने कार्यका सम्बन्धमा यदाकदा संवैधानिकताको प्रश्न गम्भीर रूपमा उठ्नु स्वभाविकै

---

४०. दाहाल, हरिहर । "नेपाल अधिराज्यको संविधान २०४७ र शाही आयोग खारेज गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको निर्णय: एक संक्षिप्त चर्चा" । पूर्व-पादटिप्पणी नं. २९ र ३३ । पृ. ३-५

४१. सन्तोषकुमार महतो र राजीव पराजुली विरुद्ध भ्रष्टाचार नियन्त्रण शाही आयोग । ०६२ सालको रिट नं. ११८ । फैसला मिति ०६२ साल फागुन १ । पृ. ४२

४२. पूर्ववत्। पृ. ४३

हुनसक्छ। राजाबाट मात्र वा राजाको स्वविवेकमा संविधानबमोजिम गरिएको गम्भीर संवैधानिकताको प्रश्नबाहेक अन्य कुराहरूका सम्बन्धमा अदालतमा प्रश्न उठाउनु उपयुक्त देखिँदैन। नेपाल अधिराज्यको संविधान २०४७ ले सामाजिक, राजनीतिक एवम् आर्थिक समुन्नतिको आधार उक्त संविधानको संवैधानिक व्यवस्थालाई स्वीकार गरी संवैधानिक सर्वोच्चताको अवधारणा ग्रहण गरेको छ। संविधानको धारा १२७ को उपधारा (३) मा राजाबाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको पालन र संरक्षण गरिबक्सनेछ भनिएको छ। संवैधानिक व्यवस्थाबाट मात्र नेपाली जनताको सर्वोत्तम हित हुने भएबाट नेपाली जनताको सर्वोत्तम हितनिम्ति संविधानको पालना र संरक्षणको दायित्व संविधानले श्री ५ मा तोकेको अवस्था छ। संवैधानिक व्यवस्था नै नेपाली जनताको सर्वतोमुखी प्रगतिको आधार हो भन्ने अठोट संविधानमा मुखरित भएको छ। संवैधानिक सर्वोच्चताको अवधारणालाई स्वीकार गरिएको स्थितिमा राज्यशक्ति संवैधानिक व्यवस्था विपरीत प्रयोग भएको भनी संवैधानिक विवाद उठाई सर्वोच्च अदालत प्रवेश गरेको संवैधानिक प्रश्नको निरूपण नहुने हो भने नेपाली जनताको शान्ति र उन्नतिको संवैधानिक आधारमा विघ्न आउन सक्ने स्थिति हुन सक्दछ। संवैधानिक विवादहरू अनिर्णित अवस्थामा रहनु हुँदैन। यसको समाधान उपयुक्त माध्यमबाट नभए अप्ठ्यारो र असहज परिस्थिति सृजना हुन जान्छ र राज्य-व्यवस्था असहज अवस्थामा पुग्नजान्छ। संविधान तथा कानुनले संरक्षण गरेका जनताका हकहरूको प्रचलन वा संवैधानिक विवादको न्यायिक निरुपणको जिम्मेवारी संविधानको धारा ८८ ले सर्वोच्च अदालतलाई सुम्पिएको छ। त्यसैले संवैधानिकताको प्रश्नमा सर्वोच्च अदालत प्रवेश गर्न नपाउने भन्नु संविधान अनुकूल हुन जाँदैन।[४३]

८.१.४ शाही आयोगको वैधानिकता

संवैधानिक, कानुनी वा न्यायिक निरुपणको मापदण्डभित्र नपर्ने राज्य र शासन व्यवस्थाका नीतिगत कुराहरू एवम् न्यायपालिकाले भन्दा कार्यपालिका, व्यवस्थापिका वा अन्य निकायबाट प्रभावकारी किसिमले निरुपण हुनसक्ने राजनीतिक विवादलाई नै राजनीतिक प्रश्नको रूपमा लिनुपर्ने हुन्छ। राजाबाट संविधानको धारा ११५ (७) बमोजिम गठन गरिएको भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनलाई ०६२ चैत १६ गते संविधानको धारा १२७ अनुसारको आदेश जारी गरी निरन्तरता दिइएको थियो। आदेश ०६१ माघ १९ गतेको शाही घोषणा अनुरूप जनताको हित निमित्त राजामा निहित राजकीय सत्ता प्रयोग गरी गरिएको कार्य हुँदा राजनीतिक प्रश्न समावेश भएको विषय हो भन्ने विपक्षीहरूको जिकिर रह्यो। नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नै हुनेगरी राजाबाट आदेश जारी गरिएको अवस्थामा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनसम्बन्धी संवैधानिक विवाद संविधानले तय गरेको राजकीय सत्ता प्रयोगसम्बन्धी व्यवस्थासमेतको आधारमा निरुपण गर्नुपर्ने भएकोले त्यस्तो विवादरहित संवैधानिक विषयलाई राजनीतिक विवादको संज्ञा दिन मिल्ने देखिएन।[४४]

८.१.५ शाही आयोग गठन प्रक्रिया

छानबिन गरी कारवाही र सजाय गर्ने दुवै अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमा निहित रहेको स्पष्ट देखियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेकोमा अनुसन्धान तहकिकात गरी भ्रष्टाचार मानिने काम गरेको देखिएमा कानुनबमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउनसक्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको छ। यस्तो अवस्थामा अनुसन्धान गर्ने निकाय र मुद्दा सुन्ने निकाय एउटै नभई छुट्टाछुट्टै हुनुपर्ने सवैधानिक व्यवस्था स्पष्ट छ। नेपाल अधिराज्यको संविधानले भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकाय र मुद्दा हेर्ने निकायको छुट्टाछुट्टै व्यवस्था गरेको तर भ्रष्टाचार छ। नियन्त्रण शाही आयोगलाई छानबिन, कारवाही र सजाय गर्नेसमेतको कार्य तोक्ने कार्य संविधानको उद्देश्य र भावना अनुकूल रहेको भन्न मिल्नेसमेत देखिन आएन।[४५]

८.१.६ संविधानको धारा १२७ को प्रयोग

संविधानको धारा १२७ को उद्देश्य र लक्ष्य नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेको कुनै संवैधानिक प्रावधानलाई कार्यमा परिणत गर्न बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाई संवैधानिक व्यवस्था वा संरचनालाई क्रियाशीलता प्रदान गर्ने रहेको देखिन्छ। अझ स्पष्ट हुनुपर्दा संवैधानिक व्यवस्थाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यसलाई फुकाई भइराखेको संविधानबमोजिमको व्यवस्थालाई सञ्जीवनी प्रदान गरी

४३. पूर्ववत्। पृ. ४४
४४. पूर्ववत्। पृ. ४७
४५. पूर्ववत् । पृ. ५४

संवैधानिक व्यवस्थालाई सूचारु गराउनु धारा १२७ को भावना र उद्देश्य रहेको पाइन्छ।[४६] संविधानमा बाधा अड्काउ फुकाउने सम्बन्धमा गरिएको व्यवस्था संविधानको कुनै धाराको कार्यान्वयनमा कुनै बाधा अड्चन आई कार्यान्वित हुन नसक्ने अवस्था भएमा संविधान क्रियाशील बनाउन धारा १२७ बमोजिम जारी गरिने आदेश संविधानले व्यवस्था गरेदेखि बाहेकका अन्य कुरामा आकर्षित हुन नसक्ने र संवैधानिक व्यवस्था निस्कृय वा संवैधानिक संरचना बदलिन जाने अवस्था सृजना हुने प्रकारको पनि हुन मिल्ने देखिएन।

८.१.७ शाही आयोगको खारेजी

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८४, धारा ८५, धारा ८८(३), धारा ९८, धारा ११५(७) र धारा १२७ को उद्देश्य र भावना विपरीत भई संविधानसँग बाझिएको माथि उल्लेखित आधार र कारणबाट देखिन आयो। गठन आदेश र निरन्तरता दिने आदेश संविधानको धारा ७१ को व्यवस्थाबमोजिम ऐन वा धारा ७२ बमोजिमको अध्यादेश बमोजिम कानुन नभएको अवस्था भए पनि गठन र निरन्तरता दिने आदेशबाट भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार, विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई भएको अधिकार र कतिपय कुराहरूमा अदालतलाई भएसरहको अधिकारप्राप्त गरेको भई कानुनले मात्र प्रदान गर्नसक्ने अधिकार प्रदान गरेको देखियो। तसर्थ: संविधानसँग बाझिने गरी ०६१ फागुन ५ गते भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गर्न गरेको आदेश नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५(१) अन्तर्गत जारी भएको सङ्कटकालीन अवस्थाको आदेश सोही धाराको उपधारा (११) बमोजिम ०६२ वैशाख १६ गते फिर्ता लिइएको कारणबाट सो मिति अर्थात् ०६१ फागुन ५ गतेको आदेश प्रभावहीन हुन पुग्यो। प्रभावहीन भइसकेको आदेशका सम्बन्धमा अमान्य वा बदर केही बोलिरहनुपर्ने अवस्था रहेन। क्रियाशील रहेको निरन्तरता दिन ०६२ वैशाख १६ गते भएको आदेश नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(१) बमोजिम अमान्य घोषित गरियो।[४७]

नेपालमा विधिको शासनको सम्मान र संविधानको सर्वोच्चता कायम हुन्छ भन्ने फैसलाको प्रधान पक्ष हो भने अदालतप्रतिको घट्दो जनआस्था कम गर्न र न्यायिक स्वतन्त्रतालाई सुदृढीकरण गर्न पनि फैसला सहायकसिद्ध भयो। अर्को महत्वपूर्ण कुरा, संविधानको धारा २७ (३) र धारा ३१ को दायरा, प्रयोजन र प्रयोग साथै "श्री ५ मा निहित राजकीय सत्ता र सार्वभौम अधिकार" को कथित प्रयोगको लामो एवम् भ्रमात्मक विवाद पनि यस फैसलाले समाप्त गरेको मान्नु पर्दछ। त्यसैगरी संवैधानिक उपचारको माध्यमबाट एउटा सामान्य नागरिकले पनि सर्वोच्च अदालतसमक्ष चुनौति दिएर राज्यको सर्वोच्च निकाय वा शक्तिशाली पदाधिकारीलाई पनि घुँडा टेकाउन सक्दोरहेछ भन्ने दृष्टान्त पनि यस फैसलाले प्रस्तुत गर्न पुग्यो।[४८]

कार्यकारिणी अधिकार लिएका राजनीतिक दलको सरकार होस् वा राजा स्वयम्, न्यायिक स्वतन्त्रता अलग्गै विषय हो भन्ने तथ्य पनि फैसलाले स्पष्ट पाऱ्यो। यसका साथै राजाले स्वविवेकमा गरेका काम-कारवाहीलाई पनि अदालतले बदर घोषित गरेर न्यायिक स्वतन्त्रताको उच्चतम प्रवृति प्रदर्शन गऱ्यो। शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई गहनरूपले विश्लेषण गर्दै फैसलाले शाही घोषणाका माध्यमद्वारा नयाँ संरचना वा संवैधानिक एवम् न्यायिक निकाय गठन हुन नसक्ने निष्कर्षसमेत निकाल्यो।[४९]

फैसलाको अर्को महत्वपूर्ण पक्ष भनेको संविधानको धारा १२७ को महत्वपूर्ण व्याख्या हो। फैसलाले स्पष्ट भाषामा बाधा अड्काउ फुकाउने नाममा जारी गरिने धारा १२७ अन्तर्गतको आदेशले संविधानको आधारभूत संरचना र सारभूत कुरालाई फेरबदल गर्न नसक्ने उल्लेख गऱ्यो। यो व्याख्याले पछिल्ला तीन वर्षमा कार्यपालिकाद्वारा धारा १२७ को नाममा गरिएका तमाम कार्यहरूलाई चुनौति दियो। फैसलाको अर्को महत्वपूर्ण पक्ष अदालतले आफ्नो आत्मसमीक्षा गर्नु पनि हो। न्यायाधीश आफूले प्रतिपादन गरेका सिद्धान्त वा आफ्नो अवधारणाप्रति प्रतिबद्ध रहन आवश्यक भएता पनि बदलिँदो परिस्थितिमा न्यायका निमित्त न्यायाधीश आफ्नो पुरानो धारणाप्रति प्रतिबद्ध रहिरहनु उपयुक्त हुँदैन भन्ने अदालतको ठहर पनि सराहनीय रह्यो।[५०]

अदालतको फैसलाले संविधानबमोजिम बाहेक कुनै पनि कुरा हुन सक्दैन भनेर प्रष्ट शब्दमा बोलेको छ। संविधानअनुसार चल्दा सबैको हक-अधिकारको रक्षा हुन्छ भन्ने सन्देश फैसलाको प्रमुख पाटो हो। यसले संविधान र

---

४६. पूर्ववत् । पृ. ५६-५७

४७. पूर्ववत् । पृ. ६०

४८. कार्की, बद्रीबहादुर । "फैसलाले संविधान ध्वस्त पार्ने षड्यन्त्र टारेको छ" । *शाही आयोग: उत्पत्ति र अवसान (सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठसहित)* । विमल गौतम । काठमाडौं: पैरवी प्रकाशन । ०६३ । पृ. १३८

४९. पूर्ववत् । भट्टराई, टीकाराम । "संवैधानिक विधिशास्त्रमा फैसलाले नयाँ आयाम थपेको छ" । पृ. १७१

५०. पूर्ववत् । आचार्य, भिमार्जुन । "फैसलाले संर्वधानिक सर्वोच्चता कायम राखेको छ" । पृ. १७२

संविधानवादको सर्वोच्चतालाई निर्विवाद स्वीकार गर्दै व्याख्या गरेको छ।

८.२. स्थानीय निर्वाचन

स्थानीय निर्वाचनका समयमा उम्मेद्वार र मतदाताहरूले नगरपालिकाको निर्वाचनमा भाग लिँदा हुनसक्ने नोक्सानीउपरमा क्षतिपूर्ति दिनुपर्ने माग राखी विजेन्द्रलाल जोशीद्वारा प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्, गृह र स्थानीय विकास मन्त्रालयका साथै निर्वाचन आयोगलाई विपक्षी बनाई ०६२ पुस १८ गते रिट दायर गरिएको थियो। सर्वोच्च अदालतले उक्त ०६२ पुस २१ गते खारेज गऱ्यो।[५१]

८.३. अभिव्यक्ति स्वतन्त्रता माथिको निषेधाज्ञाविरुद्ध रिट

सरकारले नागरिकको सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रताका साथै अभिव्यक्तिको स्वतन्त्रताका विरुद्ध जारी गरेको निषेधाज्ञा खारेज गरी पाउन अधिवक्ता सन्तोषकुमार महतोले ०६२ माघ १० गते सार्वजनिक सरोकारको मुद्दा दायर गरे। रिट निवेदनमा राजनीतिक दलहरूका क्रियाकलापमाथि सरकारले प्रतिबन्ध लगाएको भन्दै त्यस्तो कारवाही संविधानमा व्यवस्था गरिएको मौलिक हक विरुद्ध भएको उल्लेख गरिएको थियो। त्यस्तो आदेश सम्पूर्ण जनसमुदायउपर नभई कुनै खास व्यक्तिका सम्बन्धमा मात्र लागू गर्न सकिने रिट निवेदनमा उल्लेख गरिएको थियो।[५२]

८.४ मानवअधिकार आयोगको सिफारिस कार्यान्वयन गर्न आदेश

अधिकारको संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोगद्वारा सरकारलाई दिइएको सुझाव र सिफारिस[५३] सरकारद्वारा कार्यान्वयन गराई माग्न अधिवक्ता भोजराज ऐर, भोजराज भट्ट र पुष्पराज पाण्डेद्वारा दायर गरिएको सार्वजनिक सरोकारको निवेदनमा सर्वोच्च अदालतले ०६२ माघ १४ गते विपक्षीका नाममा कारण देखाउ आदेश जारी गऱ्यो। नागरिकको अधिकार संरक्षणका लागि आयोगले दिएको सुझाव कार्यान्वयन किन नगरिएको हो सो को कारण १५ दिनभित्र लिखित रूपमा पेश गर्नू भनी अदालतले आदेश जारी गऱ्यो। निवेदकका अनुसार, सरकारले आर्थिक वर्ष ०६१/६२ मा आयोगले दिएका ३३ सिफारिसमा २९ वटाको कार्यान्वयन गरेन।[५४]

८.५ द्वन्द्वपीडित र विस्थापितसम्बन्धी व्यवस्था गर्न आदेश

द्वन्द्वका कारण विस्थापित भएका पत्रकार भीमप्रकाश ओली र शिक्षक केशव लामाद्वारा द्वन्द्वका कारण आफूहरूले संविधानद्वारा व्यवस्था गरिएको बाँच्न पाउने अधिकारका साथै समानताको अधिकार गुमाएको र सरकारले द्वन्द्वपीडितका लागि उचित राहतको व्यवस्था गर्नुपर्ने भन्दै गत वर्ष दायर गरेको सार्वजनिक सरोकारको मुद्दामा सर्वोच्च अदालतले ०६२ माघ २८ गते सरकारलाई निर्देशात्मक आदेश दियो। मुलुकमा विद्यमान द्वन्द्वका कारण विस्थापित भएकाहरूलाई उचित राहत प्रदान गर्नका लागि कानुन निर्माण गर्नू भनी अदालतले आदेश जारी गऱ्यो। आदेशमा द्वन्द्वपीडितलाई स्पष्टरुपमा परिभाषित गरी राहत उपलब्ध गराउनका लागि उनीहरूको हैसियतको पनि वर्गीकरण गरी आवश्यक कानुन निर्माण गर्नू भनिएको थियो।

देशमा विद्यमान सशस्त्र द्वन्द्वका कारण विस्थापित भई काठमाडौंमा आई सहयोग तथा राहतका लागि पुकार गर्दा कुनै किसिमको सहयोग पाउन असमर्थ भएको जनाउदै सार्वजनिक सरोकारको उक्त मुद्दा दायर गरिएकको थियो। निवेदनमा न्यूनतम आधारभूत मानवअधिकारको प्रभावकारी संरक्षणका लागि केन्द्रदेखि स्थानीयस्तरसम्म सक्षम एवम् सशक्त संस्थागत संरचनाको व्यवस्थासमेत गर्न सरकारद्वारा यथाशीघ्र कानुनी व्यवस्था गरिनुपर्ने माग गरिएको थियो। द्वन्द्वपीडित व्यक्तिहरूलाई राज्यबाट प्रदान गरिने सेवा वा सहुलियतका सम्बन्धमा समानता विपरीत नहुने गरी स्पष्ट कानुनी व्यवस्था गरी उचित र आवश्यक व्यवस्थापन गर्न सरकारका नाममा अदालतले निर्देशनात्मक आदेश जारी गऱ्यो।[५५]

८.६ सैनिक ऐन विरुद्धको मुद्दा

सैनिक ऐन २०१६ का प्रावधानहरू मुलुकको संविधानसँग बाझिएको उल्लेख गर्दै, ऐनका प्रावधान अमान्य

---

५१. "PIL filed ". *http://nepallaw.blogspot.com/2006_01_01_archive.html*. ०६३ असोज २० गते हेरिएको

५२. "PIL filed against restrictions". *http://nepallaw.blogspot.com/2006_01_01_archive.html*. ०६३ असोज २० गते हेरिएको

५३. "मानवअधिकार आयोग ऐन २०५३" । काठमाडौं: राष्ट्रिय मानव अधिकार आयोग । दफा १३

५४. "SC show cause to govt, NHRC". *http://nepallaw.blogspot.com/2006_01_01_archive.html*. ०६३ असोज २३ गते हेरिएको

५५. भीमप्रकाश ओली विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत । ०६१ सालको रिट नं. ३३९४ । फैसला मिति ०६२ माघ २८

घोषित गराइपाउँ भनी अधिवक्ता भरतमणि गौतमले ०६२ माघ १९ गते सार्वजनिक सरोकारको मुद्दा दायर गरे। सैनिक कारवाही र सैनिक परिचालनसम्बन्धी थुप्रै प्रावधानहरू संविधानसँग बाझिएको निवेदनमा उल्लेख गरिएको थियो। संविधानमा सुरक्षा परिषद्को व्यवस्था गरी सैनिक परिचालन गर्ने जिम्मा सोही परिषद्लाई दिइएको भएता पनि सैनिक ऐनमा राजाको नेतृत्वमा सैनिक परिचालन गर्ने व्यवस्था गरिएको छ। मुद्दा दर्ता भएको भोलिपल्ट अर्थात् माघ २० गते सर्वोच्च अदालतले रिट निवेदनमा प्रतिवादी बनाइएका मन्त्रिपरिषद् सचिवालय, रक्षा मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र संसद सचिवालयको नाममा कारण देखाउ आदेश जारी गऱ्यो।[५६]

८.७ दण्डहीनतासँग सम्बन्धित रिट

८.७.१ यातनालाई अपराध घोषित गर्न माग

यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५६ संशोधनको माग गर्दै यातनालाई अपराध भनी परिभाषा गर्न र यसलाई अपराधीकरण गर्न माग गर्दै अधिवक्ता राजेन्द्र घिमिरे र केदारप्रसाद दाहालद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतले यातनालाई अपराध ठहर नगर्नुको कारण माग गरी ०६२ फागुन २४ गते सरकारको नाममा कारण देखाउ आदेश जारी गऱ्यो। निवेदनमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५६ मा यातनालाई अपराध भनी व्याख्या गर्न आवश्यक भएको जिकिर गरिएको थियो। त्यसैगरी नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यातनाविरुद्धको महासन्धिकोसमेत पक्षराष्ट्र भएकाले ती महासन्धिका प्रावधानहरूलाई स्थानीय कानुनमा समायोजन गर्न सरकारसँग माग गरिएको थियो। यातना गम्भीर अपराध भएकाले यसलाई निषेध गर्नुका साथै यातना दिने पीडकलाई सजायको भागी बनाउनुपर्ने निवेदनमा उल्लेख गरिएको थियो।[५७]

राज्य मातहतका कार्यालयहरूबाट गैरकानुनीरूपमा यातना दिइएको कुरामा क्षतिपूर्ति दिनुपर्ने दायित्व राज्यमाथि नै हुनुपर्छ। तसर्थ: क्षतिपूर्तिविरुद्धको मुद्दा राज्यविरुद्धको मुद्दा हुनु पर्दछ। राज्यको सम्बन्धित अंग, जसले थुनामा राख्ने काम गऱ्यो, सो विरुद्ध मुद्दा दिन सकिने हुन्छ। तर, यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ मा यस्तो मुद्दामा खास कर्मचारीलाई नै विपक्षी बनाई दायर गर्नुपर्ने भन्ने उल्लेख भएको देखिँदैन। उक्त ऐनको दफा ७ ले भने यातना दिने अधिकारीलाई विभागीय कारवाही हुने व्यवस्था गरेबाट यातना दिनेजस्तो गैरकानुनी कार्य भएमा क्षतिपूर्ति दिने कार्य राज्यको नै भएको उक्त ऐनका प्रावधानहरूले स्वीकार गरेको देखिन्छ। त्यसैले यातना विरुद्धको क्षतिपूर्तिको दावी राज्य वा राज्यका निकाय विरुद्ध गर्न मिल्ने भन्ने कुरा र क्षतिपूर्ति कति पाउने वा नपाउने भन्ने कुरा प्रमाण बुझ्दै जाँदा निर्णय गरिने विषयवस्तुमा पहिले नै बढी दावी लिएको भन्ने आधारमा श्रेस्तेदारबाट तथ्यभित्र प्रवेश गरी फिराद दरपीठ गर्न मिल्दैन तसर्थ: यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ बमोजिम क्षतिपूर्ति माग गरी निवेदन दर्ता गर्न ल्याए कानुनबमोजिम दर्ता गरी कारवाही गरिदिनू भनी विपक्षी कास्की जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी गरियो।[५८]

८.७.२ भैरवनाथ गणमा बेपत्ता पारिएकाबारे निष्पक्ष छानबिनका सम्बन्धमा

नेपाली सेनाको काठमाडौं महाराजगञ्जस्थित भैरवनाथ गणबाट ४९ जना बन्दी बलजफ्ती बेपत्ता पारिएको सम्बन्धमा सरकारलाई निष्पक्ष छानबिनको आदेश दिन माग गर्दै ०६३ कार्तिक १२ गते अधिवक्ता जीतमान बस्नेतद्वारा दायर गरिएको रिटमा भैरवनाथ गणबाट ४९ जना बेपत्ता पारिएको छैन भन्ने सरकारको प्रतिवेदन विश्वसनीय नभएको भन्दै सर्वोच्च अदालतले छानबिनको माग गऱ्यो। रिटउपर निर्णय गर्दै, १५ दिनभित्र सो सम्बन्धमा किन कुनै छानबिन शुरू गरिएको छैन भनी लिखित बयान पेश गर्न सर्वोच्च अदालतले सोही दिन सरकारका नाममा कारण देखाउ आदेश जारी गऱ्यो।[५९]

८.७.३ दयाराम परियारको हत्याका सम्बन्धमा

सर्वोच्च अदालतले ०६३ वैशाखमा सुरक्षाकर्मीद्वारा राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारलाई जनकपुरको जनकचोकमा गोली हानी हत्या गरिएको सम्बन्धमा सरकारले गोली हान्ने सुरक्षाकर्मीमाथि किन कारवाही नगरेको भनी सरकारसँग लिखतजवाफ पेश गर्न ०६३ कात्तिक २८ गते आदेश गऱ्यो। सो सम्बन्धमा अधिवक्ता रत्नबहादुर बागचन्दद्वारा रिट निवेदन दायर

---

५६. "Military Act Challenged". *http://nepallaw.blogspot.com/2006_02_01_archive.html*. ०६३ असोज २३ गते हेरिएको
५७. राजेन्द्र घिमिरेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत । ०६३ सालको रिट नं ३२१९ । आदेश मिति ०६२ फागुन २४
५८. मेघनाथ शर्मा विरुद्ध पुनरावेदन अदालत पोखरा, कास्की समेत। ०६२ सालको रिट नं.२९२९। आदेश मिति ०६३ वैशाख २०
५९. "Show-cause notice to govt on Bhairabnath disappearances". *http://nepallaw.blogspot.com/2006_10_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

गरिएको थियो।[६०] यस अघि नै राष्ट्रिय मानवअधिकार आयोगले गोली हान्ने सुरक्षाकर्मीमाथि फौजदारी अभियोग लगाउन सरकारसमक्ष माग गरेको थियो।

८.८ आतंककारी घोषणा र विधेयकसँग सम्बन्धित

८.८.१ आतंककारी घोषणा संविधानबमोजिम

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई सरकारले आतङ्ककारी घोषणा गर्नु गैरसंवैधानिक नभएको भनी ०६२ चैत १० गते निर्णय गऱ्यो। रिट निवेदकले माओवादीलाई राजनीतिक दलका रूपमा प्रमाणित गर्न नसकेको आधार देखाई सो निर्णय गरेको हो। माओवादीलाई आतङ्ककारी घोषणा गरी लगाइएको प्रतिबन्ध फुकुवा गर्न माग राखी तारानाथ घिमिरेले ०६१ असोज ६ गते रिट दायर गरेका थिए। सर्वोच्च अदालतले निवेदकले संविधानको धारा ११२ बमोजिम माओवादीलाई राजनीतिक दलको रूपमा प्रमाणित गर्न सकेको छैन भन्ने उल्लेख गऱ्यो।[६१]

८.८.२ आतंककारी र विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनलाई वैधानिकता

आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशमा भएको एक वर्षसम्म नजरबन्दमा राख्ने प्रावधान संविधान विपरीत भएको भन्दै परेको रिट निवेदन ०६२ चैत १० गते सर्वोच्च अदालतले खारेज गऱ्यो। छ महिनासम्म नजरबन्दमा राख्ने व्यवस्थालाई एक वर्षसम्म बढाउनु नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ र १५ विपरीत भएकाले उक्त अध्यादेशको दफा ९ खारेज गरिनुपर्ने भनी माग राखी दायर रिटमा सो प्रावधान संविधान अनुकूल भएको निर्णय गऱ्यो। अध्यादेशको दफा ९ नागरिकको वैयक्तिक स्वतन्त्रता र मौलिक हकको हनन हुने प्रकृतिको भएकाले बदर गरिनुपर्ने माग राखी जनहित संरक्षण मञ्च (प्रो-पब्लिक) का तर्फबाट राजुप्रसाद चापागाई र प्रकाशमणि शर्माद्वारा रिट दायर गरिएको थियो।

निर्णयमा सर्वोच्च अदालतले अध्यादेशका प्रावधान संविधान अनुरूप रहेको भन्दै संसदद्वारा निर्माण गरिएको सार्वजनिक सुरक्षा ऐनमा समेत अधिकारीहरूलाई निवारक नजरबन्दको अधिकार दिइएको जिकिर गऱ्यो।[६२]

८.९ कानुन व्यवसायीलाई नेपालसँग भेट गर्न दिन आदेश

सर्वोच्च अदालतले ०६२ चैत २१ गते कानुन व्यवसायीहरूलाई बन्दीहरू भेट गर्नबाट रोक नलगाउन सरकारको नाममा आदेश गऱ्यो। अधिवक्ता सोमप्रसाद लुइँटेलद्वारा दायर गरिएको रिट निवेदनउपर सुनुवाई गर्दै सर्वोच्च अदालतले बन्दीलाई कानुन व्यवसायी भेट्नबाट रोक नलाउन सरकारको नाममा परमादेश जारी गरी संविधान तथा अन्तर्राष्ट्रिय कानुनद्वारा सुरक्षित गरिएको बन्दीहरूको अधिकारको पूर्ण प्रत्याभूति गर्न निर्णय गऱ्यो। पूर्वमन्त्री सुवास नेम्वाङ र नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापालगायत् अन्य कानुन व्यवसायीलाई सुरक्षाकर्मीले नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई भेट्न नदिएपछि रिट दायर गरिएको थियो।[६३]

८.१० उमेशचन्द्र थापाको हत्या सम्बन्धमा सरकारलाई कारण देखाऊ आदेश

सर्वोच्च अदालतले उमेशचन्द्र थापाको हत्याका सम्बन्धमा ०६३ वैशाख २१ गते सरकारलाई कारण देखाऊ आदेश जारी गऱ्यो। शाही सरकारको पालामा सम्पन्न नगर निर्वाचनका दिन सुरक्षाकर्मीद्वारा दाङ जिल्लामा उनको हत्या गरिएको थियो। शहीद उमेशचन्द्र थापाका छोराले दण्डहीनताको अन्त्य गर्न, पीडितका परिवारलाई क्षतिपूर्तिका लागि तत्काल कानुन बनाउन र दोषीलाई कारवाही गर्न सरकारविरूद्ध रिट दायर गरेका थिए।[६४]

८.११ जेष्ठ नागरिकहरूको हक-अधिकार संरक्षण गर्ने कानुन बनाउन सरकारलाई निर्देशन

सर्वोच्च अदालतले ०६३ वैशाख २४ गते जेष्ठ नागरिकहरूका हक-अधिकार संरक्षणका लागि तत्काल कानुन बनाउन सरकारलाई निर्देशनात्मक आदेश जारी गऱ्यो। नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११(३) ले जेष्ठ नागरिकहरूको संरक्षण र सम्बर्द्धनका लागि

---

६०. "SC show cause on Pariyar death". *http://nepallaw.blogspot.com/2006_11_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६१. "SC Upholds Terrorist Tag on Maoists". *http://nepallaw.blogspot.com/2006_03_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६२. "Supreme Court endorses controversial TADO". *http://nepallaw.blogspot.com/2006_03_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६३. "SC order Govt for Not to bar Lawyers Meet Nepal". *http://nepallaw.blogspot.com/2006_04_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

६४. पूर्व-पादटिप्पणी नं. १४ । पृ. १३

कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरे पनि सरकारले अहिलेसम्म कदम नचालेकाले तत्काल कानुन बनाउन आदेश जारी गरीपाउँ भनी अधिवक्ता चन्द्रकान्त ज्ञवाली र पुष्पदेवी श्रेष्ठले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सर्वोच्च अदालतले संविधान निर्माण भएको १३ वर्ष बितिसक्दा पनि बृद्धबृद्धाको हकअधिकार संरक्षण र सम्बर्द्धनका लागि सरकारले आवश्यक कार्य नगरेको उल्लेख गर्दै यस्तो आदेश जारी गरेको हो।[६५]

८.१२ सामाजिक संघ-संस्थाको आचारसंहिता बदर गर्ने आदेश

श्री ५ को सरकारद्वारा जारी समाज कल्याण (पहिलो संशोधन) अध्यादेश २०६२ नेपाल अधिराज्यको संविधानसँग बाझिनुका साथै निवेदकको मौलिक हकमा अनुचित बन्देज लगाएको र स्वतन्त्र तथा स्वायत्त सामाजिक संघ-सस्थालाई गैरसंवैधानिक नियन्त्रण गरेकोले सो अध्यादेशको दफा ९ (२), ९(९) र २०(१) को प्रावधान प्रारम्भ भएका मितिदेखि नै बदर घोषित गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो। असंवैधानिक अध्यादेशका आधारमा जारी गरिएको समाजिक संघ-सस्थासम्बन्धी आचारसंहितासमेत नेपाल अधिराज्यको संविधानसँग बाझिएको हुनाले अध्यादेश एवम् आचारसंहिताका सम्पूर्ण प्रावधानहरू अमान्य र बदर घोषित गरिपाउँ भनी गैरसरकारी सस्था महासंघका तर्फबाट डा. अर्जुन कार्कीसमेतद्वारा रिट निवेदन दायर गरिएको थियो। रिट निवेदनमा मन्त्रिपरिषद्को ०६३ वैशाख २६ गतेको निर्णयले निवेदकद्वारा बदर गर्न माग गरिएको समाज कल्याण (पहिलो संशोधन) अध्यादेश २०६२ खारेज भइसकेको देखिएको र सो अध्यादेशको अधिकार प्रयोग गरी बनाइएको र लागू गरिएको सामाजिक संघ-सस्थासम्बन्धी आचारसंहिता २०६२ समेत स्वत: निस्क्रिय हुने भएकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भएको हुँदा निवेदनको माग बमोजिम आदेश जारी गर्नु नपर्ने भनी सर्वोच्च अदालतले ०६३ जेठ १८ गते निर्णय[६६] गऱ्यो।

८.१३ शाही सरकारका मन्त्रीहरूलाई थुनामुक्त गर्न आदेश

लोकतान्त्रिक जनआन्दोलन दमन गर्दै मानवअधिकार उल्लंघन गर्ने शाही सरकारका तत्कालीन पाँचजना मन्त्रीहरू कमल थापा, टंक ढकाल, रमेशनाथ पाण्डे, श्रीशशमशेर जबरा र निक्षशमशेर जबरालाई सरकारले गिरफ्तार गरी थुनामा राखेको थियो। उचित र पर्याप्त आधारविना गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै सर्वोच्च अदालतका पाँचजना न्यायाधीशको इजलासले रमेशनाथ पाण्डे, श्रीशशमशेर जबरा र निक्षशमशेर जबरालाई ०६३ जेठ २१ गते[६६] तथा दुईजना न्यायाधीशहरूको इजलासले कमल थापा र टङ्क ढकाललाई ०६३ असार ४ गते थुना मुक्त गर्ने आदेश गऱ्यो।

जनआन्दोलनका दमनकारीमाथि छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको सिफारिसमा ०६३ वैशाख २९ गते उनीहरूलाई गिरफ्तार गरी थुनामा राखिएको थियो। उनीहरूले प्रमाण लोप गर्न सक्ने भएको भन्ने आधारमा आयोगले थुनामा राख्न सरकारलाई पत्र लेखेको थियो। जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनअधिकारलाई खलल् पुऱ्याउने किसिमको गोप्य बैठकलगायत्का षडयन्त्रमूलक क्रियाकलाप गरिरहेको भन्ने बुझिन आएकोले त्यस्तो कार्य गर्नबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल् पार्न सक्ने भन्दै उनीहरूलाई सरकारद्वारा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत पक्राउ गरिएको थियो।[६८]

८.१४ अश्रुग्यास प्रयोग सम्बन्धमा प्रतिवेदन पेश गर्न सरकारलाई आदेश

जनप्रदर्शन रोक्न प्रयोग गरिने अश्रुग्याँसले मानव स्वास्थ्यमा पार्ने असरका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतले सरकारलाई ०६३ जेठ २५ गते आदेश गऱ्यो। उक्त प्रतिवेदन पेश गर्न स्वास्थ्य, वातावरण, विज्ञान, शिक्षा क्षेत्रलगायतका विज्ञहरूको एक समिति बनाई त्यस सम्बन्धमा अध्ययन गर्न आदेश दिइएको थियो। अश्रुग्याँसको प्रयोग संविधानको धारा ११ विपरीत भन्दै धनञ्जय ढकालसमेतले दायर गरेको रिट निवेदनमा सुनुवाई गर्दै सर्वोच्च अदालतले सरकारलाई उक्त आदेश गरेको हो।[६९]

८.१५ सार्वजनिक स्थलमा धुम्रपान प्रतिबन्ध

सार्वजनिक स्थानमा धुम्रपान माथि प्रतिबन्ध लगाउन

६५. चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत । ०६० सालको रिट नं. ३३४२ । फैसला मिति ०६३ वैशाख २४

६६. डा. अर्जुन कार्कीसमेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद्को कार्यालय । ०६२ सालको रिट नं. ९१ । फैसला मिति ०६३ जेठ १८

६७. रमेशनाथ पाण्डेको हकमा टिकाराम अधिकारी विरुद्ध मन्त्रिपरिषद्को कार्यालय समेत । ०६३ सालको रिट नं. १६ । फैसला मिति ०६३ जेठ २१

६८. पूर्व-पादटिप्पणी नं. १४ र ६३ । पृ. १३-१४

६९. पूर्ववत् । पृ. १५

सर्वोच्च अदालतले ०६३ जेठ ३० गते सरकारलाई परमादेश जारी गऱ्यो। त्यसैगरी छापा माध्यममा चुरोट र सूर्तीजन्य पदार्थको विज्ञापन गर्न पनि तुरून्त रोक लगाउन अदालतले आदेश गऱ्यो। आदेशमा सार्वजनिक स्थलमा हुने धुम्रपानमाथि प्रतिबन्ध लगाउन आवश्यक व्यवस्था गर्न समेत भनियो। सार्वजनिक स्थलमा गरिने धुम्रपानमाथि पूर्णरूपमा प्रतिबन्ध लगाउनु पर्ने माग राखी ०६२ असार २२ गते दायर गरिएको सर्वोच्च अदालतले धुम्रपान एवम् सूर्ती सेवनलाई निरूत्साहित गरी जनताको स्वस्थ जीवन यापन एवम् आर्थिक हितसमेतको संरक्षणका लागि एक वर्षभित्र आवश्यक कानुन बनाउन सरकारलाई आदेश गऱ्यो। साथै, धुम्रपानसम्बन्धी जनचेतना फैलाउन आवश्यक कार्य गर्न पनि सरकारका नाममा आदेश जारी गऱ्यो। यससम्बन्धी फैसला कार्यान्वयन भए-नभएको सम्बन्धमा अनुगमन गर्न सर्वोच्च अदालतअन्तर्गतकै अनुगमन शाखालाई इजलासले आदेश गऱ्यो।[६०]

८.१६ प्रधानसेनापतिलाई निलम्बन गर्नु नपर्ने निर्णय

जनआन्दोलन दबाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भनिएका तत्कालीन प्रधानसेनापति प्यारजंग थापालाई निलम्बन गर्नु नपर्ने निर्णय सर्वोच्च अदालतले ०६३ साउन १३ गते गऱ्यो। थापालाई निलम्बन गर्नु पर्ने कारण नभएको भन्दै सर्वोच्चले त्यस्तो निर्णय गरेको हो। जनआन्दोलनका क्रममा अत्याधिक बल प्रयोग गरेको, नागरिकहरू बेपत्ता पारेको र गैरन्यायिक हत्या गरेकाले पदबाट निलम्बन गर्नुपर्ने माग गर्दै मानवअधिकार संगठनका तर्फबाट अधिवक्ता बाबुराम गिरीसमेतले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।[६१]

८.१७ सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्नेबारे

सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक महत्वको विषय भएकाले उक्त प्रतिवेदनलाई अझ प्रभावकारी बनाई भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कारवाही गर्न सचेत नागरिकलगायत् सबै क्षेत्रबाट सहयोग पुऱ्याउनका लागि प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो। प्रतिवेदन सार्वजनिक नगर्दा संविधानको धारा १६ बमोजिम उक्त सार्वजनिक महत्वको विषयमा सूचना माग्ने र पाउने मौलिक हक हनन् भएकाले पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी अधिवक्ता लुमासिंह विश्वकर्मासमेतद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतले आयोगको प्रतिवेदन सार्वजनिक गर्नैपर्ने आदेश जारी गर्न नमिल्ने निर्णय गऱ्यो। सार्वजनिक ओहदामा रहेका व्यक्ति वा पदाधिकारीले आफ्ना परिवारका सदस्यको नाममा रहेको सम्पत्तिको विवरण सरकारलाई विश्वास गरेर दिएको हुनाले त्यस्तो विवरण सार्वजनिक गर्दा संविधानको धारा २२ द्वारा प्रदत्त व्यक्तिको सम्पत्तिमाथिको गोपनियताको मौलिक हकमा गम्भीर असर पर्न जाने भएकाले न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्नैपर्ने अवस्था नरहेको भनी ०६३ भदौ २७ गते आदेश जारी गर्न नमिल्ने निर्णय अदालतले गऱ्यो।[६२]

८.१८ सञ्चारसम्बन्धी निर्णय

८.१८.१ कान्तिपुर टिभीलाई स्याटेलाइट अनुमतिको आदेश

सर्वोच्च अदालतले कान्तिपुर टेलिभिजन नेटवर्क प्रालिलाई एक महिनाभित्र स्याटेलाइट लिङ्कको अनुमति दिन सूचना तथा सञ्चार मन्त्रालयका नाममा ०६३ वैशाख १८ मा आदेश जारी गऱ्यो। एक महिनाभित्र जे-जति गर्नुपर्ने हो, त्यो प्रक्रिया पूरा गरी स्याटेलाइटको अनुमति दिनू भनी उक्त परमादेशमा भनियो। राजधानीस्थित प्रशारण केन्द्र र मुलुकभरका विभिन्न आठ क्षेत्रीय प्रशारण केन्द्र जोड्नका लागि स्याटेलाइटको इजाजत रोक्न सरकारले गैरकानुनी निर्णय गरेकाले त्यसलाई बदर गर्न माग गर्दै कान्तिपुर प्रालिले रिट दायर गरेको थियो।[६३]

८.१८.२ राष्ट्रिय प्रशारण नियमावली बदर गर्ने आदेश

बिनाकुनै आधार र कारण श्री ५ को सरकारले एफएम रेडियो स्टेशनबाट मनोरञ्जनात्मकबाहेक कुनै पनि सामग्री प्रशारण गर्न निषेध गरेको कार्य स्वेच्छाचारी एवम् कानुनी राज्यको आधारभूत अवधारणाविपरीत रहेकाले राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा ७ सँग बाझिएको राष्ट्रिय प्रशारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) बदर वा निष्क्रिय घोषित गरी रेडियो स्टेशनलाई पूर्ववत्

---

६०. "SC orders smoking ban in public places". *http://nepallaw.blogspot.com/2006_06_01_archive.html.* ०६३ मंसिर ८ गते हेरिएको

६१. पूर्व-पादटिप्पणी नं. १४, ६३, ६७ र ६८ । पृ. १६

६२. अधिवक्ता लुमासिंह विश्वकर्मासमेत विरुद्ध लोकेन्द्रबहादुर चन्द, तत्कालीन सं. प्रधानमन्त्री, सिंहदरबारसमेत । ०६० सालको रिट नं. ३२७५ । फैसला मिति ०६३ भदौ २७

६३. "SC show cause in KTV case". *http://nepallaw.blogspot.com/2006_03_01_archive.html.* ०६३ मंसिर ८ गते हेरिएको

६४. विनोद ढुंगेल विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ६५ । फैसला मिति ०६३ वैशाख २१

समाचारलगायत्का अन्य सामग्रीहरू प्रशारण गर्न दिन परमादेश जारी गराइपाउँ भनी विनोद ढुंगेलद्वारा श्री ५ को सरकार मन्त्रिपरिषद्को कार्यालयविरुद्ध दायर गरिएको निवेदनमा ०६३ वैशाख २१ गते सर्वोच्च अदालतले त्यस्तो निषेध बदर गर्ने निर्णय गऱ्यो। राष्ट्रिय प्रशारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) मा युद्ध वा सङ्कटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र प्रशारण गर्न निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रशारण गर्नुपर्ने भनी तोकिएको शर्त ऐनको दफा ७ ले गरेको कानुनी व्यवस्थाको विपरीत भएको हुँदा निर्णय भएको मितिदेखि अमान्य र बदर हुने निर्णय सर्वोच्च अदालतले गऱ्यो।[७४]

८.१८.३ प्रेस स्वतन्त्रताको संरक्षण

समाचार प्रशारण गरेको भरमा सरकारले प्रशारण संस्थाको इजाजतपत्र रद्द गर्न पाउने कानुनी व्यवस्था ०६३ जेठ ४ गते सर्वोच्च अदालतले खारेज गऱ्यो। राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा ८ को व्यवस्था संविधानप्रदत्त हक विपरीत भएकाले बदर गर्न माग राखी नारायणदत्त कँडेलद्वारा दायर गरिएको रिटमा सो निर्णय भएको हो। ऐनको दफा ८ मा उक्त ऐन वा ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्यक्रम प्रशारण गरेमा सरकारले त्यस्तो प्रशारण संस्थाको इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था थियो। ऐनको व्यवस्था संविधानको भावना, व्यवस्था एवम् सर्वोच्च अदालतबाट जारी नजिरसमेतको विपरीत रहेको भनी खारेज गर्ने निर्णय सुनाइएको हो।

समाचार वा पाठ्यसामग्री प्रकाशनमा पूर्वप्रतिबन्ध लगाउन पाउने छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १५(१) को व्यवस्था संविधानको धारा १३ ले तोकेको सीमाभन्दा बाहिर हुन नसक्ने निर्णय ०६३ जेठ ४ गते सर्वोच्च अदालतले गऱ्यो। रिट निवेदक नारायणदत्त कँडेलले संविधानको धारा १३(१) को प्रतिबन्धात्मक वाक्यांशले रोक लगाएकाबाहेक अन्य कुनै विषयमा कानुन बनाई वा आदेशले प्रकाशन तथा प्रशारणमा रोक लगाउनु संविधानविपरीत हुने भएकाले त्यस्तो व्यवस्था खारेज गर्न माग गरेका थिए। ऐनमा कुनै खास विषयसँग सम्बन्धित समाचार वा अन्य सामग्री तोकिएको अवधिका लागि प्रकाशित गर्न नपाउने वा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी सरकारले आदेश जारी गर्न पाउने व्यवस्था छ।[७५]

८.१८.४ सञ्चार अध्यादेश

सञ्चार अध्यादेशको वैधानिकतामाथि प्रश्न गर्दै सरकारले संविधानको धारा ७२(१) को गलत प्रयोग गरी नागरिकको सूचना पाउने मौलिक अधिकारलाई बेवास्ता गरेको भन्दै अधिवक्ता रवीराज भण्डारी र कहरसिं खड्काले सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको निवेदन दायर गरे। सर्वोच्च अदालतले सञ्चार अध्यादेश खारेज भइसकेको आधार देखाउँदै ०६३ असार २२ गते उक्त अध्यादेशविरुद्ध दायर गरिएको रिटमा आदेश जारी गर्नु नपर्ने निर्णय गऱ्यो। केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०६३ बदर गर्न माग राखी दायर उक्त रिट त्यसरी खारेज गरिएको हो। पहिलोपटक ०६२ असोज २३ गते र ०६३ वैशाख ३ गते पुनः जारी भएको उक्त संशोधन अध्यादेश ०६३ जेठमा सरकारले खारेज गरेको थियो। समाचार सङ्कलन, बिक्री-वितरण एवम् समाचारमूलक कार्यक्रम प्रशारणमा रोक लगाउन सक्ने प्रावधानकका साथै कैद र जरिवाना बढाइएको भनी रिट दायर गरिएको थियो।[७६]

८.१९ संरचनात्मक विभेद विरुद्धका फैसला

८.१९.१ जातीय भेदभाव विरुद्धसम्बन्धी

८.१९.१.१ संस्कृत पाठशालामा दलितको प्रवेश

सर्वोच्च अदालतले काठमाडौंस्थित तीनधारा संस्कृत पाठशाला छात्रावास नियमावली २०४८ खारेज गऱ्यो। सो नियमावलीले दलित र जनजातिलाई संस्कृत पाठशालाको छात्रावासमा प्रवेश निषेध गरेको थियो। नियमावली अनुसार ब्राम्हणलाई मात्र त्यहाँ बस्ने व्यवस्था गरिएको छ। नियमावलीको नियम १४(८.६) को खण्ड (ख) संविधानको प्रावधान विपरीत रहेको भन्दै सर्वोच्च अदालतको पूर्ण इजलासले ०६२ माघ ७ गते उक्त नियमावली खारेज गरेको हो। इजलासले महेन्द्र संस्कृत विश्वविद्यालयलाई सबैका लागि मान्य हुने कानुनी प्रावधान बनाउनुका साथै दलित र जनजातिलाई छात्रबासमा बस्ने व्यवस्था गर्न आदेश गऱ्यो। दलित गैरसरकारी संस्था महासंघका महासचिव दिलबहादुर विश्वकर्मा र अधिवक्ता विमल विश्वकर्माद्वारा सोसम्बन्धमा मुद्दा दायर गरिएको थियो।[७७]

---

७५. पूर्व-पादटिप्पणी नं. १४, ६७, ६८ र ७० । पृ. १२

७६. अधिवक्ता रविराज भण्डारी समेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ८१ । फैसला मिति ०६३ असार २२

७७. डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, सिंहदरबारसमेत । ०६२ सालको रिट नं. ४४ । फैसला मिति ०६२ माघ ७

७८. दलित गैरसरकारी महासंघ विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६१ सालको रिट नं. ३०२१ । आदेश मिति ०६३ जेठ १

८.१९.१.२ थरको आधारमा नागरिकता

सर्वोच्च अदालतले मन्त्रिपरिषद्को निर्णयबमोजिम दलित जातिका व्यक्तिहरूलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याई दिँदा अथवा नागरिकता सिफारिस गर्दासमेत अन्य नागरिक सरह थर राखी सिफारिस दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनुका साथै थर राखी नागरिकता सच्याउनेसमेतको कार्य कानुनबमोजिम गर्नू-गराउनू भनी ०६३ जेठ १ गते सरकारका नाममा परमादेश जारी गऱ्यो।[७८]

दलित समुदायका मानिसहरूलाई थरको आधारमा नागरिकता प्रदान नगरी वाध्यात्मक रूपमा कथित पेशागत जात लेखी नागरिकता प्रमाण-पत्र प्रदान गर्ने गरेका कारण समाजमा मानवीय सम्मानपूर्ण जीवन जीउन नसकिरहेको र पाइनरहेको अवस्था विद्यमान भएको सम्बन्धमा परेको रिट निवेदनमाथि निर्णय गरी उक्त आदेश जारी गरिएको हो। दलित समुदायलाई समाजमा स्वाभिमानी तथा सम्मानपूर्ण जीवन जीउने वातावरण सृजना गर्नका लागि श्री ५ को सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरूउपर थर लेखी नागरिकता सच्याई पाउँ भन्ने निवेदन पर्न आएमा थर लेखी नागरिकता सच्याइदिनु पर्ने र उसको पहिले जात लेखिएको नागरिकता र हालको थर लेखिएको नागरिकताको व्यक्ति एउटै हो भन्ने तथा पहिलेको नागरिकताबमोजिम तयार भएका अन्य सम्पूर्ण कागजपत्रहरूमा उल्लेखित व्यक्ति एउटै हो भन्ने प्रमाणपत्रसमेत प्रदान गर्न र थरको आधारमा नागरिकता सच्याएबमोजिम सम्बन्धित अन्य निकायमा सच्याउनुपर्ने अन्य कागजपत्रसमेत सम्बन्धित निकायले सच्याइदिनु पर्ने माग गरी दलित गैरसरकारी संस्था महासंघद्वारा निवेदन दायर गरिएको थियो।

८.१९.१.३ चिकित्साशास्त्र अध्ययनमा महिला, दलित र जनजातिलाई दिइएको आरक्षण खारेज

सर्वोच्च अदालतले ०६३ जेठ २५ गते चिकित्साशास्त्रमा महिला, दलित र जनजातिलाई दिइएको आरक्षण संविधान विपरीत भएको भनी खारेज गऱ्यो। छात्रवृत्ति नियमावलीबमोजिम महिला, दलित र जनजातिलाई क्रमश: बीस र दश/दश प्रतिशतका दरले चिकित्साशास्त्रको अध्ययनमा आरक्षण दिइएको थियो। सर्वोच्च अदालतले नियमावलीलाई कानुन नमानी, त्यसरी दिइँदै आएको आरक्षणको प्रावधान खारेज गर्ने निर्णय गरेको हो। उक्त नियमावली नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) मा भएको कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधानबमोजिम कानुन हुन नसक्ने अदालतले निर्णय गऱ्यो।[७९]

८.१९.१.४ सार्वजनिक स्थलमा भेदभाव निषेध

पानीका सार्वजनिक स्रोतहरू, जस्तै: नाला, कुवा, धारा आदि जातियताका आधारमा छुट्टाछुट्टै प्रयोग हुनेगरी गरिएका व्यवहारहरु हटाउन चेतना अभिवृद्धिका लागि प्रभावकारी कदम चाल्न सर्वोच्च अदालते ०६३ पुस ३ गते सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो।

विपक्षीहरूबाट कथित जातीय उच्चताको आधारमा, दलित उपभोक्तालाई छुनसमेत नदिने र बाहुन-क्षेत्री जातिका लागि बनाइएका त्यस्ता पानीका स्रोतहरूको सञ्चालनमा विपक्षीहरूमध्येबाट संरक्षण दिने कार्य भइरहेकाले सविधानले व्यवस्था गरेको धारा ११ को समानताको हकको हनन रिट निवेदनमा जनाइएको थियो। पानीका सार्वजनिक स्रोतको वितरण र सञ्चालनमा कुनै पनि भेदभावपूर्ण व्यवहार गर्न नपाउने गरी आवश्यक व्यवस्था गरिपाउँ र छुवाछूतसम्बन्धी ऐन, नियम तथा अन्तराष्ट्रिय सन्धि तथा महासन्धिबमोजिम कार्य गर्न प्रभावकारी नीतिसमेत बनाउनू भनी परमादेशसमेत जारी गरिपाउँ भनी दलित गैरसरकारी संस्था महासंघले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो। जातिपाति, छुवाछूत तथा भेदभावजन्य कार्यहरू नागरिक-नागरिकबीचको समानताविरूद्ध हुने र यसले सामाजिक विकृति निम्त्याई राष्ट्रिय उत्थानमा बाधक हुने कुरामा कसैको दुईमत हुन नसक्ने धारणा अदालतको आदेशमा समेटियो। समाजमा व्याप्त कुरीतिको केवल कानुन बनाएर मात्र अन्त्य हुन नसक्ने हुँदा अशिक्षाका कारण समाजमा देखिरहेको कुरीति हटाउन चेतना अभिवृद्धि गर्ने खालका उद्देश्यमूलक कार्यक्रम लागू गरी जनचेतना अभिवृद्धि गर्नेतर्फ प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता दर्शाउँदै सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गऱ्यो।[८०]

८.१९.१.५ घर भाडामा पाउनेको अधिकार

काठमाडौंमा दलितहरूलाई घरधनीले घर भाडामा नदिने गरेको विषयलाई लिएर डिलबहादुर विश्वकर्माद्वारा दायर गरिएको मुद्दामा सर्वोच्च अदालतले घर भाडामा लिन पाउने अधिकारबाट वञ्चित नगर्ने कुरा निश्चित गर्न सरकारका नाममा ०६३ पुस ४ गते निर्देशनात्मक आदेश जारी गऱ्यो।[८१]

---

७९. प्रधोज क्षेत्री विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६२ सालको रिट नं. ३०६२ । फैसला मिति ०६३ जेठ २५
८०. दलित गैरसरकारी महासंघ विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६२ सालको रिट नं. ३८०२ । आदेश मिति ०६३ पुस ३
८१. दलित गैरसरकारी महासंघ विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत । ०६२ सालको रिट नं. २८७३ । फैसला मिति ०६३ पुस ४
८२. स्वास्नीमानिसले दाइजो, पेवाबाहेक आफ्नो हक पुग्ने अरू सम्पत्ति कसैलाई अघिबाट दानबकस बिक्रीसमेत केही बेहोरासँग

८.१९.२ महिला तथा बालअधिकारसम्बन्धी

८.१९.२.१ स्त्री अंशधनको सात नम्बर खारेज

मुलुकी ऐन स्त्री अंशधनको महलको सात नम्बरको व्यवस्था[८१] संविधानको भावना र मर्मसँग बाझिएको र समानताको हक विपरीत रहेको ठहर गर्दै सर्वोच्च अदालतले ०६३ मंसिर ६ गते खारेज गऱ्यो। उक्त व्यवस्थाले महिलामाथि प्रत्यक्ष प्रभाव पारेकोले संवैधानिक हक, अन्तर्राष्ट्रिय कानुनद्वारा प्रदत्त महिला हक, लैंगिक विभेदविरुद्धको अधिकार विपरीत रहेको प्रावधान अमान्य र बदर गर्न माग राखी अधिवक्ता मीराकुमारी ढुंगानाद्वारा ०६२ चैत ८ गते सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो।[८३]

८.१९.२.२ श्रीमतीका कारण सन्तान नभए सम्बन्ध विच्छेद गर्न नपाउने

सर्वोच्च अदालतले श्रीमतीका कारण सन्तान नभए सम्बन्धविच्छेद गर्न पाउने मुलुकी ऐनको व्यवस्था[८४] भेदभावपूर्ण रहेको ठहर गरी ०६२ चैत १७ गते सो खारेज गऱ्यो। यस्तो व्यवस्थाले महिला र पुरुषबीच विभेद ल्याएकाले खारेज गर्न माग गर्दै महिला कानुन तथा विकास मञ्च (एफडब्लूएलडी) का तर्फबाट अधिवक्ता मीराकुमारी ढुंगाना र विष्णु गुरुङले एक वर्ष अगाडि दायर गरेको रिटमा सर्वोच्च अदालतले भेदभाव नहुने गरी यससम्बन्धी कानुन बनाउन सरकारलाई निर्देशात्मक आदेश दिएको हो। संविधान र अन्तर्राष्ट्रिय कानुन विपरीत देखएकाले महिलाविरुद्ध भेदभावपूर्ण यो दफा आदेश दिएको मितिबाट अवैध घोषित गरिएको अदालतले निर्णय गऱ्यो।[८५]

८.१९.२.३ समान ज्यालासम्बन्धमा रिट

महिलाको समान, सम्मानजनक ज्याला पाउने अधिकारलाई सुनिश्चित गर्ने कानुन निर्माणको माग गर्दै ०६३ असार १ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो। महिला पैरवी मञ्च, कैलालीले महिला हक-अधिकारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न सन्धि-सम्झौता भए पनि महिला श्रमिकमाथि वर्तमान समयमा कायम भेदभाव बदर गर्न माग गर्दै रिट दायर गरेको हो। समान ज्याला पाउनुपर्ने माग सम्बन्धित निकायमा समय-समयमा गरिएको भए पनि कतैबाट सुनुवाई नभएको रिट निवेदनमा उल्लेख गरियो।[८६]

८.१९.२.४ बालविवाह नियन्त्रण गर्न सरकारलाई आदेश

सर्वोच्च अदालतले बालविवाह नियन्त्रण गर्न प्रधानमन्त्रीको कार्यालयलगायत् सरकारका सबै अंग र निकायलाई ०६३ असार २९ गते निर्देशनात्मक आदेश गऱ्यो। अदालतले कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई पनि बालविवाह नियन्त्रण गर्न आदेश गऱ्यो। बालविवाह कानुनत: पूर्णरूपमा रोकिएकको भए पनि व्यवहारमा यथावत् रहेको भन्दै अधिवक्ता मीराकुमारी ढुंगानाले रिट दायर गरेकी थिइन्। त्यसैगरी विभिन्न कानुनमा विवाह गर्ने उमेर फरक-फरक उल्लेख भएकाले तिनीहरूमा एकरूपता ल्याउन पनि सर्वोच्च अदालतद्वारा आदेश गरियो।

मुलुकी ऐन बिहेबारीको महल[८७] र विवाद दर्ता ऐन २०२८ मा रहेको महिला र पुरुषले विवाह गर्न पाउने गरी भएको बेग्लाबेग्लै उमेरको प्रावधानमा एकरूपता कायम गराउन पनि सरकारलाई निर्देशात्मक आदेश दिइयो।[८८]

८.१९.२.५ कमलरी प्रथा रोक्ने आदेश

सर्वोच्च अदालतले मध्य र सुदूरपश्चिमाञ्चलमा प्रचलित बालबालिकालाई घरायसी काममा प्रयोग गरिने कमलरी प्रथा रोक्न सरकारको नाममा ०६३ भदौ २५ गते आदेश जारी गऱ्यो। बालबालिकासम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनविपरीत त्यो प्रथाभित्र बालश्रम शोषण गरिँदै आएकाले रोक्न माग गर्दै दुई वर्षअघि असहाय नानीहरूको साथी संस्थाका तर्फबाट सोमप्रसाद पनेरू र भक्तपुरस्थित काठमाडौं

दिइन्छ र जसलाई दानबकस बिक्री गरिदिएको हो, उसैसित विवाह गरिन्छ र सो लिई आएको सदर हुँदैन, हक पुग्नेले फिर्ता गरी लिन पाउँछ।

८३. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ११४ । आदेश मिति ०६३ असार २९

८४. विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउने व्यवस्था छ।

८५. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ९८ । आदेश मिति ०६२ चैत १७

८६. "Writ on equal wages for women". *http://nepallaw.blogspot.com/2006_06_01_archive.html*. ०६३ मंसिर ८ गते हेरिएको

८७. मुलुकी ऐन २०२० मा संरक्षकको मञ्जुरीमा विवाहका लागि केटा र केटीको उमेर १८ र त्यस्तो मञ्जुरी नभए २० वर्ष हुनुपर्ने प्रावधान छ भने विवाह दर्ता ऐनमा केटाको २२ र केटीको १८ वर्ष हुनुपर्ने उल्लेख छ।

८८. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६२ सालको रिट नं. ९८ । आदेश मिति ०६३ असार २९

८९. अधिवक्ता पुनदेवी महर्जन विरुद्ध मन्त्रिपरिषदको कार्यालय समेत । ०६१ सालको रिट नं. ३५८१ । आदेश मिति ०६३ कार्तिक १५

स्कूल अफ लमा अध्ययनरत विद्यार्थीहरूले संयुक्तरूपमा रिट दायर गरेका थिए। बालअधिकारप्रति सचेत गराउने पाठ्यक्रम विद्यालय शिक्षामा राख्न पनि सर्वोच्च अदालतको संयुक्त इजलासबाट जारी गरिएको उक्त आदेशमा भनियो। त्यसैगरी बालबालिकासम्बन्धी ऐन र अन्तर्राष्ट्रिय कानुनको समेत विपरीत हुनेगरी बालबालिकालाई श्रममा लगाइएको आदेशमा उल्लेख गरियो। निवेदकले १४ वर्षमुनिका घरेलु बाल श्रमिकलाई तत्काल मुक्त घोषित गर्न र उनीहरूको पुन: स्थापनाका लागि राष्ट्रियस्तरको कोष स्थापना गर्न माग गरेकोमा सर्वोच्च अदालतले सरकारले हालसम्म त्यस्तो कोष नबनाएको उल्लेख गर्दै बालबालिकाको अधिकार संरक्षण गर्नु सरकारको कानुनी एवम् संवैधानिक कर्तव्य र दायित्वसमेत भएको उल्लेख गऱ्यो।

८.१९.२.६ कुमारी प्रथा

सर्वोच्च अदालतले ०६३ कार्तिक १५ गते सरकारलाई काठमाडौं उपत्यकामा कुमारी प्रथाका बारेमा अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिवको संयोजकत्वमा एक कार्यदल गठन गरी तीन महिनाभित्र अध्ययन पूरा गर्न आदेश गऱ्यो। कुमारीको मौलिक अधिकार संरक्षणका लागि प्रथामा गरिनुपर्ने आवश्यक सुधारका बारेमा अध्ययन गर्न आदेशमा उल्लेख गरियो। अधिवक्ता पुनदेवी महर्जनद्वारा दायर गरिएको रिटमा कुमारीहरूको हिँडडुलको अधिकार, वाक तथा अभिव्यक्ति र सुरक्षाको अधिकारको उल्लंघन भएकाले कुमारीलाई आफ्नो परिवारसँग बस्न पाउनुका साथै शिक्षा र स्वास्थ्यको उचित व्यवस्था र अवकाशपछि पुनर्स्थापनाको उचित व्यवस्था गर्न सरकारसँग माग गरिएको थियो।[८९]

८.२० राजा विरुद्धको मुद्दा

राजा ज्ञानेन्द्रसमेतका विरुद्ध परेको निवेदन दर्ता गर्न सर्वोच्च अदालतले अस्वीकार गऱ्यो। सर्वोच्च अदालतले पहिलोपटक इजलासबाटै राजा ज्ञानेन्द्रलाई विपक्षी बनाई पेश भएको मुद्दालाई प्रतिनिधिसभा घोषणा २०६३ विपरीत हुने गरी दर्ता गर्न अस्वीकार गरेको हो। अधिवक्ता जीतमान बस्नेतले विभिन्न व्यक्तिलाई हिरासतमा राखेर पनि विभिन्न सैनिक निकायहरूबाट उनीहरूलाई नपक्रिएको जवाफ दिएका कारण राजा ज्ञानेन्द्रलगायत् सेनाका प्रमुखलाई कारवाही गर्न माग गरी ०६३ असोज २ गते निवेदन पेश गरेका थिए। रिटमा विपक्षी नबनाइएका व्यक्तिलाई कारवाहीको माग गरेको भन्दै सर्वोच्च अदालत प्रशासनले दरपीठ गऱ्यो।

सो रिटलाई सर्वोच्च अदालतको प्रशासनले दरपीठ गरेपछि दरपीठ विरुद्ध अधिवक्ता बस्नेतले इजलासमा निवेदन दिएका थिए। दरपीठ आदेशमा "श्री ५ ज्ञानेन्द्रलाई समेत विपक्षी बनाई ल्याएको र कानुनको कुन कार्यबाट अदालतको अपहेलना हुन गएको भनी स्पष्ट नगरिएकाले दर्ता गर्न नमिल्ने"[९०] उल्लेख छ। सो निवेदनमाथि ०६३ मंसिर २७ गते सुनुवाई हुँदा प्रशासनकै दरपीठलाई सदर गरियो। प्रतिनिधिसभा घोषणा २०६३ मा राजाविरुद्ध पनि मुद्दा लाग्ने प्रावधान[९१] राखिएपछि पहिलोपटक सर्वोच्च अदालतमा यस्तो मुद्दा परेको थियो। मुलुकमा दुईवटा संविधान- एउटा प्रतिनिधिसभा घोषणा २०६३ र अर्को नेपाल अधिराज्यको संविधान २०४७ चालू रहेको र अदालतले ०४७ सालको संविधान मान्दै आएको हुनाले राजाविरुद्ध मुद्दा दर्ता गर्न नचाहेको जिकिर कानुन व्यवसायीहरूले गरेका थिए। प्रतिनिधिसभा घोषणा २०६३ संविधान विपरीत भएको दाबी गरी दायर भएको रिट निवेदनबमोजिम अन्तरिम आदेश नदिई सर्वोच्च अदालतले केवल विपक्षीहरूसँग कारण माग गरेको थियो।

८.२१ सैनिक कल्याणकारी कोषको रकम सार्वजनिक गर्न परमादेश

नेपाली सेनाको कल्याणकारी कोषको लेखा परीक्षण गराई रकम सार्वजनिक गर्न सर्वोच्च अदालतले ०६३ मंसिर १० गते रक्षा मन्त्रालय र सैनिक जंगी अड्डाका नाममा परमादेश जारी गऱ्यो। कोषको रकम सार्वजनिक गर्न माग गर्दै पाँच वर्षअघि दायर गरिएको रिटमा उक्त निर्णय दिइएको हो। संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेनामा खटिएका नेपाली सैनिकले पाउने भत्तामध्येबाट केही रकम कटौती गरी खडा गरिएको कल्याणकारी कोष अनियमित तरिकाले सञ्चालन गरिएको दाबीसहित नेपाल राष्ट्रिय भूतपूर्व सैनिक परिषद्का अध्यक्ष अम्बरबहादुर थापाले ०५८ असार १८ गते रिट दायर गरेका थिए। रिटमा लेखा परीक्षण गराई कल्याणकारी कोषको रकम सार्वजनिक गर्न माग गरिएको थियो। साथै, शान्ति सेनाले सुविधाबापत पाउने रकममध्ये कति कट्टा गरिएको छ भन्ने कुरा खुलाउन र कोषको सञ्चालनलाई पारदर्शी बनाउन पनि माग गरिएको थियो।[९२]

---

९०. "राजाविरुद्ध मुद्दा दर्ता नगर्न आदेश" । *नेपाल समाचारपत्र* । ०६३ मंसिर २८ । पृ. १
९१. प्रतिनिधिसभा घोषणा २०६३ को दफा ५(४) मा श्री ५ बाट भए/गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिने प्रावधान राखिएको छ।
९२. "राजा विरुद्ध मुद्दा सर्वोच्चद्वारा अस्वीकार" । *कान्तिपुर* । ०६३ मंसिर २९ । पृ. १
९३. अधिवक्ता मीराकुमारी ढुंगाना विरुद्ध मन्त्रिपरिषदको कार्यालयसमेत । ०६३ सालको रिट नं १३१ । आदेश मिति ०६३

८.२२ सामाजिक सुधार ऐनको प्रावधान खारेज

सामाजिक सुधार ऐन २०३१ को महिला-पुरुषलाई सजाय गर्ने हकमा भेदभावपूर्ण रहेका दुईवटा प्रावधान खारेज गर्दै दाइजो लिने र दिने केटा र केटी पक्ष दुवैलाई समान सजाय गर्ने कानुन निर्माण गर्न सर्वोच्च अदालतले ०६३ मंसिर २८ गते सरकारलाई आदेश गऱ्यो। अधिवक्ता मीराकुमारी ढुंगानाद्वारा दायर गरिएको मुद्दामा ऐनको दफा ३ र ४ नेपाल अधिराज्यको संविधान २०४७ को धारा १११ विरुद्ध भएको र भेदभावपूर्ण भएको जिकिर गरिएको थियो।[९३]

८.२३ नागरिकता ऐन विरुद्ध रिट

पुनर्स्थापित संसदद्वारा पारित नागरिकता ऐन २०६३ ले गैरनेपाली नागरिकलाई मात्र फाइदा हुने भन्दै ०६३ मंसिर १३ गते अधिवक्ता अमिता श्रेष्ठद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतको एकल इजलासले ऐन देशको आवश्यकता, ०६३ जेठ ४ गतेको प्रतिनिधिसभा घोषणाअनुसार जारी गरिएको हुनाले अदालतमा प्रश्न उठाउन नपाइने भन्दै ०६३ पुस ३ गते निर्णय सुनायो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८, ९ र १० लाई अमान्य र बदर घोषित गरिसकेपछि नागरिकता ऐन जारी गर्नु प्रतिनिधिसभाको गैरनियत भएको भन्दै संविधानको धारा खारेज गर्ने अधिकार प्रतिनिधिसभालाई नभएको जिकिर उक्त रिटमा गरिएको थियो। यो ऐन बमोजिम कुनै नगरिकतासमेत वितरण नगर्न आदेश जारी हुनुपर्ने र नेपाल नागरिकता ऐन २०२० बमोजिम मात्र नागरिकता वितरणको काम-कारवाही गर्नुपर्ने आदेश जारी गर्नसमेत माग गरिएको थियो।[९४]

९. प्रस्तावित अन्तरिम संविधानमा न्यायपालिका

सात दल र माओवादीबीच ०६३ कार्तिक २२ गते भएको समझदारीमा स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्य-मान्यतालाई अनुशरण गर्ने र न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने कुरा उल्लेख गरिएको छ।[९५] सम्झौताको नम्बर ५(ग) मा संविधानसभासम्बन्धी विवादहरूको निरूपण गर्न संवैधानिक अदालत गठन गर्ने उल्लेख गरिएको छ।

त्यस्तै सम्झौताको भाग ६ को नम्बर ४ र ५ मा अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई ०६३ मंसिर ५ गतेभित्र पूर्णता दिई पुनर्स्थापित प्रतिनिधिसभाद्वारा जारी गरिने र नवगठित अन्तरिम विधायिकाले ०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने उल्लेख गरिएको छ।[९६]

प्रस्तावित अन्तरिम संविधानको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको देखियो। कानुनी राज्यको अवधारणालाई मूर्त रूप दिने प्रतिबद्धता पनि प्रस्तावनामा गरिएको छ। न्यायसम्बन्धी अधिकार संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था[९७] हुनुले कानुनी संविधानवादको सिद्धान्त समावेश गर्न खोजिएको देखियो। सर्वोच्च, पुनरावेदन, जिल्ला अदालतका अतिरिक्त संविधानसभाबाट नयाँ संविधान निर्माण गर्नुपर्ने अवस्था आत्मसात् गरी संविधानसभा अदालतको नयाँ अवधारणा समेत प्रस्तावित अन्तरिम संविधानमा समावेश गरिएको छ।

प्रस्तावित अन्तरिम संविधानमा न्यायपालिकासम्बन्धमा कार्यपालिकाको बहुमत रहने संवैधानिक परिषद् र न्यायपरिषद्को गठन, प्रधानमन्त्रीले प्रधानन्यायाधीशको नियुक्ति गर्ने, प्रधानन्यायाधीशले अन्य सबै अदालतका न्यायाधीशको नियुक्ति गर्ने, प्रधानन्यायाधीशको पदावधि ६ वर्षको हुने, प्रधानन्यायाधीश हुन सर्वोच्च अदालतमा कम्तिमा ३ वर्ष स्थायी न्यायाधीश भएको हुनुपर्ने, ५ वर्ष स्थायी रूपमा काम गरेको न्यायाधीशले निवृत्तिभरण पाउने, संसदबाट महाअभियोग पारित भए पदमुक्त हुने, सर्वोच्च अदालतका न्यायाधीशलाई न्यायाधीशको पदमाबाहेक अन्य कुनै पदमा काममा नलगाउने गरी कामको जिम्मेवारी दिने जस्ता अत्यन्त नौला व्यवस्था[९८] गरिएको देखिएका छन्।

प्रस्तावित अन्तरिम संविधानमा प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीश र प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गर्ने प्रावधान राखिएको छ।

मंसिर २८

९४. "SC upholds Citizenship Act-2006". *http://nepallaw.blogspot.com/2006_12_01_archive.html*. ०६३ पुस ६ गते हेरिएको

९५. "सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठकका निर्णयहरु" । भाग ३, नम्बर ५ । मंसिर २ *www.peace.gov.np/admin/doc/Decisions%20of%20SPA%20and%20Maoist%20on%20%20Kartik22.pdf.* ०६३ मंसिर २ गते हेरिएको

९६. पूर्ववत् । भाग ६, नम्बर, ४-५

९७. प्रस्तावित अन्तरिम संविधान २०६३ । धारा १००

९८. पूर्ववत् । धारा १०३-१०४

९९. पूर्ववत् । धारा ११७

सरकारको आर्थिक स्रोतबाट चले पनि राजनीतिक हस्तक्षेपबाट मुक्त रहन नियुक्ति, सरुवा र सेवा-शर्तहरू स्वतन्त्र रहनु नै स्वतन्त्र न्यायपालिकाका लागि पहिलो पूर्वशर्त हो। प्रस्तावित अन्तरिम संविधानमा, संवैधानिक परिषद्मा प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री, न्यायमन्त्री, प्रधानन्यायाधीश र प्रतिनिधिसभाका सभामुख सदस्य रहने व्यवस्था गरिएको छ। सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तिमा ३ वर्ष काम गरेको व्यक्तिलाई प्रधानमन्त्रीले प्रधानन्यायाधीश पदमा नियुक्ति गर्नसक्ने प्रावधानले सर्वोच्च अदालतमा ३ वर्ष काम गरिसकेका सबै न्यायाधीशहरू प्रधानमन्त्रीप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने अवस्था रहन्छ। यसबाट प्रधानमन्त्रीले संविधानले तोकेको सीमाभन्दा जतिसुकै बाहिर गएर काम गरे पनि, त्यस्तो कार्यलाई उल्टाउने आँट ती न्यायाधीशहरूमा नरहन सक्छ।

अन्तरिम संविधानले सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूलाई मात्र सञ्चित कोषमाथि व्ययभार गराएको छ। सबै तहका न्यायाधीशको तलब, सुविधा, पेन्सन र सेवा-शर्त सर्वसञ्चित कोषबाट व्यहोर्ने गरी संविधानमा राखियो भने मात्र स्वतन्त्र न्यायपालिकाको अस्तित्व रहन्छ। न्यायाधीशको अनुशासनसम्बन्धी कारवाही र बर्खास्तीको सिफारिस न्यायपरिषद्ले गर्ने संवैधानिक व्यवस्था गरिएको छ। तर न्यायाधीशको बर्खास्ती कार्यक्षमताको अभाव र खराब आचरणका आधारमा मात्र संसद्को दुई-तिहाई बहुमतबाट पारित भएमा पदबाट मुक्त हुने विश्वव्यापी मान्यता रहिआएको छ। प्रस्तावित अन्तरिम संविधानमा सर्वोच्च अदालतले वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।[९९]

प्रस्तावित अन्तरिम संविधानको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिए पनि सक्षम न्यायपालिकाको विषय समेटिएको छैन। बरु २०४७ सालको संविधानमा स्वतन्त्र र सक्षम न्यायप्रणालीलाई आधारभूत र असंशोधनीय रूपमा उल्लेख गरिएको थियो। यसरी प्रस्तावित अन्तरिम संविधानले सक्षम न्यायप्रणालीको परिकल्पना गर्न सकेको छैन। कार्यपालिका, व्यवस्थापका, सरकार प्रमुख, राष्ट्र प्रमुख तथा राजनीतिक दलहरूको हस्तक्षेपबाट मुक्त राख्न सकेमात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ। यसका महत्वपूर्ण पूर्वाधारहरूमा न्यायाधीशहरूको नियुक्ति, पदावधि र सेवा-शर्तहरू हुन्। विश्वका कतिपय राष्ट्रहरूमा राष्ट्रप्रमुखबाट न्यायाधीशको नियुक्ति हुन्छ र यसका लागि कार्यपालिकाको भूमिका न्यून हुन्छ।

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको बुँदा ३.४ मा विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने उल्लेख गरिएको छ।

१०. निष्कर्ष

०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिएपछि नेपालको न्यायपालिका पनि प्रभावित हुनपुगेको थियो। तर वर्ष २००६ मा बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरुमा सर्वोच्च अदालतले गरेका फैसला प्रशंसनीय रह्यो। लोकतन्त्रको बहाली हुनुअघि वर्षको शुरुवातमै शाही आयोग खारेज गर्ने निर्णय गरेर जनतालाई कानुनी शासनको सिद्धान्त र आफ्नो भूमिकाप्रति विश्वस्त पार्न सर्वोच्च अदालत सफल भयो। लोकतन्त्र वहालीपश्चात्को समयमा आफ्नो स्वतन्त्रता र शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको मर्म जनप्रतिनिधिहरूलाई बोध गराउन न्यायपालिकाले अहम् भूमिका निर्वाह गरेको देखियो।

राजाको प्रत्यक्ष शासनको अवधि र लोकतन्त्र वहालीपछिको समय, दुवै अवस्थामा न्यायालयले राजनीतिक विषयवस्तु वा विवादको निरुपण गर्ने अवसर प्राप्त गऱ्यो। कतिपय अवस्थामा सर्वोच्च अदालतले आफ्नो गरिमा कायम राख्न नसकेको मूल्यांकनसमेत गरियो। तर, समग्रमा सन् २००६ मा नेपालमा न्यायापालिकाको भूमिका जनविश्वास आर्जन गर्ने दिशातर्फ उन्मुख देखियो।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.२ कार्यपालिका

१. पृष्ठभूमि

वर्ष २००६ शाही शासन र लोकतान्त्रिक शासन अर्थात् राजाद्वारा अध्यक्षता गरिएको सरकार र जनआन्दोलनको बलमा स्थापित संसदद्वारा अनुमोदित सरकारको शासन अवधिका रूपमा रह्यो। स्वभाविकैरूपमा यी दुई प्रकृतिका सरकारको चरित्र भिन्न देखिए। राजाको अध्यक्षतामा गठित सरकार विधिको शासनविरोधी, आदेशका आधारमा संचालित, जनसहभागिता र जनअनुमोदनविहीन, आर्थिक, सामाजिक सुरक्षा तथा सेवा प्रवाह गर्न असफल, समता, सामाजिक न्याय र मानवअधिकारविरोधी, गैरजिम्मेर वा जनउत्तरदायित्वविहीन, अपारदर्शी, केन्द्रीकृत, असहिष्णु वा हिंस्रक र राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा अस्वीकृत थियो।[१]

शाही शासनको अन्त्य र लोकतन्त्र स्थापनाका लागि संचालित आन्दोलनसँगै वर्ष २००६ शुरु भएको थियो। सबैतिर निरंकुशताविरोधी स्वरहरू उर्लिरहेका थिए। अर्कातर्फ राजाको अध्यक्षतामा गठित सरकार आफ्नो शासनलाई निरन्तरता दिने र त्यसलाई अझ संस्थागत गर्ने योजनामा तल्लिन थियो। चौतर्फी विरोध र बहिष्कार हुँदाहुँदै सरकार नगरपालिकाहरूको निर्वाचनमा लागिपऱ्यो। लोकतन्त्रका लागि जारी आन्दोलनमाथि अत्यधिक बल प्रयोग र दमन जारी राखियो। तर राजाको प्रत्यक्ष शासनविरुद्धको जनआन्दोलन क्रमशः व्यापक हुँदै गयो।

करिब पन्ध्र महिने निरंकुश शासनको अन्त्य भई ०६३ वैशाख ११ गते लोकतन्त्रको स्थापना भयो। लोकतन्त्र स्थापनासँगै पुनर्स्थापित प्रतिनिधिसभाले निरन्तरता पायो। त्यसपछि ०६३ वैशाख १९ गते सात दलको संयुक्त सरकार गठन भयो।

लोकतन्त्र स्थापनासँगै सरकार, सात दल र माओवादीबीच भएको युद्धविराम, शान्ति वार्ता र शान्ति सम्झौतासँगै दशकभन्दा लामो समयदेखि जनताले भोग्दै आएको द्वन्द्वको चपेटा र मानवअधिकार उल्लंघनको विकराल अवस्थाबाट मुक्तिको अवस्था सृजना भयो। लोकतन्त्र स्थापनापूर्व सरकार र माओवादी दुवैतर्फबाट गम्भीर मानवअधिकार उल्लंघनको क्रम यथावत् नै थियो। सात दल र माओवादीबीच ऐतिहासिक शान्ति प्रक्रियाको शुरूवात गराउने गरी गत वर्ष भएको १२ बुँदे समझदारीको विकासक्रमकै रूपमा अन्ततः युद्ध अन्त्यको घोषणा भयो। संविधानसभाको चुनावमार्फत् नयाँ संविधान निर्माणसँगै वर्गीय जातीय, लिङ्गीय, क्षेत्रीयलगायत्का समस्याहरू समाधान र राज्यको अग्रगामी पुनर्संरचना गर्ने लक्ष्यसहित वर्षको मध्यमा आएर शान्ति र लोकतान्त्रिकरणको प्रक्रियाले द्रुत गति लियो।

यस परिच्छेदमा वर्ष २००६ लाई दुई मुख्य भागमा विभाजन गरी मानवअधिकारको दृष्टिकोणमा विश्लेषण गरिएको छ। पहिलो भागमा लोकतन्त्रपूर्वको शाही सरकारले जनतामाथि गरेको दमनसँग सम्बन्धित सवालहरू र दोस्रो भागमा लोकतन्त्र स्थापना र त्यसपछि देखिएका मानवअधिकारसम्बन्धी मूलभूत प्रवृत्ति र सरोकारका विषयहरूलाई केलाइएको छ।

२. शाही सरकारको निरन्तरता

वर्ष २००६ को करिब चार महिना शाही सरकारले नै निरन्तरता पाएको थियो। त्यस अवधिमा अधिल्लो वर्षझैं कार्यपालिका र यस मातहतका निकायहरूबाट मानवअधिकार उल्लंघन जारी रह्यो। यस्ता प्रवृत्ति मानवअधिकारकर्मी, राजनीतिक दलहरू, सञ्चार माध्यम र लोकतान्त्रिक अधिकारका लागि सक्रिय आम जनताका विरुद्ध केन्द्रित थिए। त्यस सम्बन्धमा यहाँ केही दृष्टान्त प्रस्तुत गरिएको छ।

२.१ अदालतको अवज्ञा

यो वर्ष पनि सरकारले सन् २००५ झैं[२] संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड विपरीत, पक्राउ गरिएका व्यक्तिहरूलाई रिहा गर्न अदालतद्वारा दिइएको आदेशको अवज्ञा गर्दै पुनः गिरफ्तारका घटनालाई निरन्तरता प्रदान गऱ्यो। अदालतको आदेशको अवज्ञा गर्दै गरिएको पुनः गिरफ्तारीका क्रममा मानवअधिकारकर्मीमाथि सुरक्षाकर्मीद्वारा हातपात समेत गरियो। पुनरावेदन अदालत, पाटनको बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा काभ्रे जिल्ला नयाँगाउँ गाविस-८ का रामप्रसाद तिमिल्सिनालाई काठमाडौं डिल्लीबजारस्थित सदरखोरबाट रिहा हुन लागेको अवस्थामा ०६२ पुस २० गते कारागार बाहिर निस्कँदै गर्दा सादा पोशाकका सुरक्षाकर्मीले पुनः गिरफ्तार गरे। आफन्तहरूसँगको तानातानमा घटनाको अनुगमन गरिरहेका राष्ट्रिय मानवअधिकार आयोग, इन्सेकलगायत्का मानवअधिकार संस्थाका प्रतिनिधिहरूमाथि सुरक्षाकर्मीले हातपात गरेका थिए। घटनामा अधिवक्ता मोहन पोखरेल तथा पीडिततर्फका कानुन व्यवसायीहरू सीताराम दाहाल, अरूण सिग्देल र केजी खड्का तथा मानवअधिकारकर्मी कुमार गुरूङ सुरक्षाकर्मीको हातपातका कारण सामान्य घाइते भएका थिए।

त्यसैगरी पुनरावेदन अदालत विराटनगरले ०६२ माघ १ गते मोरङ जिल्ला इटहरा गाविस-३ की शान्ता राई

---

१. इन्सेक । "गहिरिँदो राष्ट्रिय संकट" । *मानवअधिकार वर्ष पुस्तक २००६*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। २००६ । पृ. २९

२. "राज्य र मानवअधिकार: कार्यपालिका" । पूर्ववत् । पृ. ११४

र हसन्दह गाविस-१ की यशोदा खतिवडाको थुना गैरकानुनी भन्दै रिहा गर्न दिएको आदेशबमोजिम उनीहरूलाई मोरङ कारागारबाट रिहा गरिएलगत्तै सुरक्षाकर्मीहरूले पुन: गिरफ्तार गरेका थिए।

सात राजनीतिक दलद्वारा ०६२ माघ १९ गते आयोजना गरिएको विरोध प्रदर्शनका क्रममा सप्तरी जिल्लाको राजविराजमा पक्राउ परी तीन महिने थुनुवा पुर्जी दिई बन्दी बनाइएका २८ जना बन्दीलाई माघ २५ गते पुनरावेदन अदालत राजविराजले रिहा गर्न आदेश दिएपछि रिहा गरिएका बन्दीहरूमध्ये चारजनालाई अदालतको ढोकाबाट पुन: गिरफ्तार गरिएको थियो। उनीहरू रिहा भएपछि न्यायाधीशहरूसँगै बाहिर आउँदै गरेका थिए। पुन: गिरफ्तारीमा पर्नेहरूमा नेपाल विद्यार्थी संघ (प्रजातान्त्रिक) का शैलेन्द्र साह, स्वयिू सभापति समिर झा, नेपाल विद्यार्थी मञ्च (आनन्दीदेवी) का किशोरकुमार यादव र तरूण दलका अनिल देव थिए। पुनरावेदन अदालत तुलसीपुर, दाङको आदेशमा रिहा भएका तुलसीपुर नपा-९ का कुमारनाथ योगीलाई ०६२ चैत ९ गते दिउँसो दाङ जिल्ला अदालत परिसर बाहिर निस्कँदै गर्दा प्रहरीले पुन: गिरफ्तार गरेको थियो। उनको थुना गैरकानुनी भएको भनी पुनरावेदन अदालतले ०६२ चैत ८ गते जिल्ला अदालत दाङको रोहवरमा उनलाई रिहा गर्न आदेश दिएको थियो।

वर्ष २००६ को शुरुका चार महिनामा मानवअधिकार रक्षकहरूले आफ्ना कार्यमा समेत राज्यको अवरोधको सामना गर्नु पऱ्यो। सुरक्षाकर्मीद्वारा गिरफ्तारी, यातना र कुटपिटजस्ता घटनामा दर्जनौं रक्षकहरू पीडित भए। खासगरी राजनीतिक दलहरूद्वारा भएका विरोध प्रदर्शनको पर्यवेक्षण र मानवअधिकार स्थिति अनुगमनमा संलग्न माानवअधिकार रक्षकहरूसमेत सरकारी दमनको शिकार भएका थिए।

२.२ मानवअधिकार रक्षकमाथि दमन

वर्ष २००६ को शुरुका चार महिनामा मानवअधिकार रक्षकहरूले आफ्ना कार्यमा समेत राज्यको अवरोधको सामना गर्नुपऱ्यो। सुरक्षाकर्मीद्वारा गिरफ्तारी, यातना र कुटपिट जस्ता घटनामा दर्जनौं रक्षकहरू पीडित भए। खासगरी राजनीतिक दलहरूद्वारा भएका विरोध प्रदर्शनको पर्यवेक्षण र मानवअधिकार स्थिति अनुगमनमा संलग्न मानवअधिकार रक्षकहरूसमेत सरकारी दमनको शिकार भएका थिए।

कालिकोटमा सेनाले "तिमी मानवअधिकारवादी सबै माओवादी हौं" भन्दै इन्सेक, मानवअधिकार वर्ष पुस्तक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्ल र गैरसरकारी संस्था महासंघ कालिकोट जिल्ला अध्यक्ष रवीन्द्र शाहीलाई ०६२ फागुन १ गते गम्भीर घाइते हुनेगरी बन्दुकको कुन्दाले कुटपिट गरेका थिए। उनीहरूलाई मान्मा बजारमा रणदल गुल्मका सेनाले कुटपिट गरेका थिए। कुटपिटबाट कालीबहादुर मल्ल गम्भीर घाइते भएका थिए।[३] त्यसैगरी इन्सेक, वर्ष पुस्तकका दैलेख जिल्ला प्रतिनिधि नमनकुमार शाहीलाई ०६२ फागुन ७ गते प्रहरीले कुटपिट गरेका थिए। प्रजातन्त्र दिवसको अवसरमा सात राजनीतिक दलद्वारा दैलेख बजारमा निकालिएको विरोध जुलुसको अनुगमनका क्रममा प्रहरीले उनलाई कुटपिट गरेका थिए।[४]

२.३ गिरफ्तारी र नजरबन्द

अघिल्लो वर्षजस्तै यो वर्षको पहिलो चार महिनाको अवधिमा पनि सरकारद्वारा राजनीतिक नेता, कार्यकर्ता तथा मानवअधिकारकर्मीहरूलाई व्यापक गिरफ्तार गरियो। विशेषगरी ०६२ माघ ३ गतेदेखि लोकतन्त्र स्थापना नहुँदासम्म व्यापक गिरफ्तारी कार्य जारी रह्यो। सात राजनीतिक दलहरूले ०६२ माघ ७ गते काठमाडौंमा आयोजना गरेको बृहद् प्रदर्शनको पूर्वसन्ध्यामा गिरफ्तारीको क्रम बढेको थियो। माघ ४ गतेदेखि यस्ता घटना झनै बढ्न पुगे र माघ ६ गते बिहानदेखि निरन्तर गिरफ्तार गरी तीन महिने पुर्जी थमाउन थालियो।

नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, सोही पार्टीका केपी शर्मा ओली, भरतमोहन अधिकारी, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेलगायत्लाई तीनमहिने थुनुवा पुर्जी दिई घरमै नजरबन्द गरियो। उल्लेखित सबैको घरको टेलिफोनसमेत काटिएको थियो। घरमै नजरबन्द गरिएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालसँग भेट्न मानवअधिकारकर्मीहरूलाई पटक-पटक रोक लगाइएको थियो।[५]

गिरफ्तारीमा पर्नेहरूमा सात राजनीतिक दलका केन्द्रीय नेतादेखि कार्यकर्तासम्म थिए। नेपाली काँग्रेसका रामचन्द्र पौडेल, डा. रामशरण महत, डा. सशांक कोइराला, शेखर कोइराला, नेकपा (एमाले) का प्रदीप नेपाल, प्रदीप ज्ञवाली, केशव बडाल, भीम रावल, सुबास नेम्वाङ, कृष्णगोपाल श्रेष्ठ, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, सिद्धिलाल

३. "सेनाद्वारा इन्सेकका कालिकोट प्रतिनिधिमाथि निर्घात कुटपिट" । *www.inseconline.org* ०६२ फागुन २
४. "इन्सेकका दैलेख प्रतिनिधिमाथि प्रहरीद्वारा कुटपिट" । पूर्ववत् ०६२ फागुन ८
५. "मानवअधिकारकर्मीहरूलाई एमालेका महासचिवसँग भेट गर्न रोक" । पूर्ववत् ०६२ माघ १५

सिंह, विद्या भण्डारी, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का गोपालमान श्रेष्ठ, प्रकाशशरण महत, प्रदीप गिरी, विमलेन्द्र निधि, जनमोर्चाका लिलामणि पोखरेल, परी थापा, रोमलाल महर्जन, तुलसी महर्जन, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाललगायत्लाई सयौं नेता तथा कार्यकर्तालाई एकैदिन गिरफ्तार गरिएको थियो। त्यसरी गिरफ्तार गरिएकाहरूलाई तीन महिने नजरबन्दको पुर्जी दिइएको थियो। त्यसक्रममा मानवअधिकारककर्मीहरूलाई समेत गिरफ्तार गरिएको थियो। गिरफ्तारीमा पर्ने मानवअधिकारकर्मीहरूमा डा. देवेन्द्रराज पाण्डे, डा. मथुराप्रसाद श्रेष्ठ, कृष्ण पहाडी, गोपाल शिवाकोटी 'चिन्तन' लगायत् थिए। उनीहरूलाई पनि तीन महिने नजरबन्दको पुर्जी दिइएको थियो। व्यापक गिरफ्तारी गरी दिइएको तीन महिने पुर्जी संविधान र कानुन विपरीत भएकोले अदालतले रिहा गर्ने आदेश दिएको थियो।

गिरफ्तार गर्ने क्रममा सादा पाशोकका सुरक्षाकर्मीहरूको अत्यधिक प्रयोग गरिएको थियो। त्यसरी पक्राउ गरी थुनामा राखिएका नेता तथा कार्यकर्ताहरूलाई न्यूनतम मानवीय अवस्थामा पनि नराखिएको मानवअधिकारकर्मीहरूको अनुगमनबाट पुष्टि भएको थियो। बन्दीहरूलाई गुणस्तरहीन चामलको खाना खुवाउने, बिरामी हुँदा स्वास्थ्योपचारको व्यवस्था नगर्ने, सञ्चार माध्यमबाट वञ्चित गर्ने, खानेपानीको पर्याप्त व्यवस्था नगर्ने, सुत्नका लागि ओढ्ने-ओछ्याउने उपलब्ध नगराउनेजस्ता व्यवहार गरिएको तथ्य बन्दीहरू राखिएका स्थानहरूको अनुगमन टोलीले सार्वजनिक गरेको थियो।[६]

०६२ माघ १९ लाई कालो दिन घोषित गर्दै मुलुकभर विरोध प्रदर्शन गर्नेक्रममा पनि सरकारले व्यापक धरपकड र गिरफ्तारी गरेको थियो। विरोध प्रदर्शनमा सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग भएको थियो। लाठीचार्ज, अश्रुग्याँस, पानीका फोहराको अत्यधिक प्रयोग गरिएको थियो। सोक्रममा देशभरी करिब दुई हजार प्रदर्शनकारीहरू पक्राउ परे। तीमध्ये केहीलाई तीन महिने पुर्जी थमाइएको थियो। नेपालगञ्जलगायत् विभिन्न शहरमा दिन-रात कर्फ्यू लगाइएको थियो। ०६२ फागुन ८ गते एमाले महासचिव माधवकुमार नेपालको नजरबन्द अवधि २ महिना थप गरिएको थियो भने भरतमोहन अधिकारीलाई फागुन ८ गते नजरबन्दबाट मुक्त गरिएको थियो। सोही दिन नेपाली काँग्रेसका कृष्ण सिटौला, सशांक कोइराला, नेकपा (एमाले) का ईश्वर पोखरेल, युवराज ज्ञवाली, केशव बडाल, भीम रावल, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का एनपी साउनलगायत् १७ जना नेताहरूलाई रिहा गरिएको थियो।[७] नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालगायत् चारजनालाई माघ ९ गते रिहा गरिएको थियो। रिहा हुने नेताहरूमा नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छे, नेकपा (एमाले) का केपी शर्मा ओली र प्रदीप नेपाल थिए।

२.४ राजनीतिक नेताको घरमा छापा र सामग्री जफत

राजाको प्रत्यक्ष शासन विरुद्धको आन्दोलन निस्तेज पार्ने प्रयासस्वरूप सरकारले सात दलका नेताहरूको घरमा छापा मार्नुका साथै विभिन्न सामग्रीहरू जफत गऱ्यो। ०६२ माघ ६ गतेदेखि घरमै नजरबन्दमा राखिएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको घरमा ०६२ चैत ९ गते सुरक्षाकर्मीले छापा मारेका थिए। दिउँसो ३ बजे उपत्यका सशस्त्र प्रहरी उपरीक्षक सर्वेन्द्र खनालको नेतृत्वमा रहेको करिब ४० जना सशस्त्र प्रहरीले नेपालको घर घेरा हाली खानतलासी गर्नुका साथै सञ्चार सामग्री जफत गरेका थिए। जबरजस्ती जफत गरिएका सामग्रीहरूमा कम्प्युटर, टेलिफोन, कर्डलेस सेटलगायत्का सञ्चार उपकरणहरू थिए।

घटनाको सर्वत्र विरोध भएको थियो। इन्सेकले तत्काल विज्ञप्ति जारी गरी सरकारी पूर्वाग्रह र गैरकानुनी ज्यादतिको भर्त्सना गर्दै सरकारले नागरिक स्वतन्त्रताको ठाडो उल्लंघन गरेको जनाएको थियो।[८]

२.५ शान्तिपूर्ण सभा, जुलुस, धर्नामाथि बन्देज

सरकारले काठमाडौं उपत्यकाको चक्रपथभित्र कुनै पनि सभा, जुलुस धर्ना आदि गर्न नपाइने गरी प्रतिबन्ध लगायो। यस्तो प्रतिबन्ध ०६२ माघ ७ गते राजनीतिक दलहरूद्वारा आयोजित विरोध कार्यक्रम हुन नदिन लक्षित थियो। ०६२ माघ ३ गते सूचना जारी गर्दै अनिश्चित कालका लागि राजधानीको चक्रपथभित्र कुनै पनि किसिमका विरोधसभा तथा जुलुस गर्न नपाइने घोषणा गरियो। शान्ति सुरक्षा मजबुत पार्न भन्दै सरकारले काठमाडौं र ललितपुर जिल्लाको चक्रपथभित्रको भागमा माघ ३ गतेदेखि अर्को सूचना जारी नभएसम्म राति ११ बजेदेखि बिहान ४ बजेसम्मका लागि कर्फ्यू आदेश जारी गरेको थियो। कर्फ्यूलाई माघ ४ गते कर्फ्यूको समय एक घण्टा थप गरिएको थियो। माघ ५ गतेदेखि भक्तपुरमा पनि अनिश्चितकालीन कर्फ्यू जारी गरिएको थियो। त्यसभन्दा अघि त्यस्तो आदेश भएका शहर तथा जिल्लाहरूमा समय थप गरिनुका साथै नभएका जिल्लाहरूमा आदेश जारी गरिएको थियो। झापा जिल्लाका

६. "इन्सेकको नेतृत्वमा राजनीतिक बन्दीसँग भेटघाट सम्पन्न" । पूर्ववत् ०६२ माघ १६
७. "पूर्वउपप्रधानमन्त्री अधिकारीलगायत् रिहा" । पूर्ववत् ०६२ फागुन ८
८. इन्सेक । *प्रेस विज्ञप्ति* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६२ चैत ९

प्रमुख शहर र शहर जोड्ने बाटोको दुई सय मिटरसम्म र पूर्व-पश्चिम महेन्द्र राजमार्ग र राजमार्गको पाँच सय मिटर वरपरको क्षेत्रमा माघ ३ गते राती ९ बजेदेखि बिहान ४ बजेसम्म कर्फ्यू आदेश जारी गरिएको थियो। जिल्ला प्रशासन कार्यालयहरूले स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ बमोजिम कर्फ्यू आदेश जारी गरिएको उल्लेख गरेका थिए। मोरङमा विराटनगर उपमहानगरपालिकामा कर्फ्यू आदेश जारी गरिएको थियो। सुरक्षाकर्मीलाई कर्फ्यूको समयमा गोलीसम्म प्रहार गर्न सक्ने अधिकार दिइएको थियो। त्यसैगरी सुनसरी, महोत्तरी, कास्की, बाँके, अछाम, डोटीलगायत् प्रमुख शहर र आसपासका क्षेत्रमा कर्फ्यू जारी गरिएको थियो।

सभा जुलुसमाथि पूर्ण प्रतिबन्ध लगाउन काठमाडौं र ललितपुरको चक्रपथभित्र र दुई सय मिटर वरपरसम्म ०६२ माघ ६ गते राती ११ बजेदेखि लगाइएको कर्फ्यू ७ गते साँझ ६ बजेसम्म कायम गरिएको थियो। त्यस्ता प्रदर्शनमा व्यापक गिरफ्तारी भएको थियो। माघ ३ गतेदेखि लगाइँदै आएको कर्फ्यू र निषेधित क्षेत्रको आदेश माघ ११ गतेदेखि भने फुकुवा गरिएको थियो।

सरकारले जुलुस, धर्नामाथि लगाएको बन्देजप्रति नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले खेद प्रकट गर्नुका साथै स्पष्टीकरणसमेत माग गरेको थियो। शान्तिपूर्ण सभा-जुलुस गर्न प्रतिबन्ध लगाउनु नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २१ विपरीत भएको ओएचसीएचआरले जनाएको थियो।[९]

राजनीतिक कार्यक्रममाथि लगाइएको प्रतिबन्धप्रति नेपालको मानवअधिकार समुदायले पनि विरोध जनाएको थियो। शान्तिपूर्णरूपमा आयोजना गरिने विरोध प्रदर्शन विथोल्ने उद्देश्यले बदनियतपूर्वक लगाइएको प्रतिबन्धका कारण मानवअधिकारको विश्वव्यापी घोषणापत्रसमेतले सुनिश्चित गरेको आम नागरिकको शान्तिपूर्ण भेला हुन पाउने अधिकार कुण्ठित भएकोमा विरोध गरिएको थियो।

शान्तिपूर्ण तरिकाले भेला हुने स्वतन्त्रता रोक्न विभिन्न नगरपालिकाहरूमा समेत विरोध प्रदर्शनमाथि प्रतिबन्ध लगाइयो। यस्ता सरकारी क्रियाकलापको विरोधमा देशव्यापी स्वर भने अझ चर्कन पुग्यो। विरोधस्वरूप उर्लिएका प्रदर्शनहरू दमन गर्न सरकारले अत्यधिक बलको प्रयोग गरेको थियो।[१०]

२.६ प्रेस स्वतन्त्रतामाथि रोक

सरकारले सञ्चार माध्यमहरूमा विगत वर्षझैं कडा बन्देज लगाउने प्रयास गऱ्यो। राजाको प्रत्यक्ष शासन जारी रहेको अवधिमा सञ्चारकर्मीहरूलाई समाचार संकलनमा रोक लगाउने, गिरफ्तार गर्ने, नजरबन्दमा राख्ने तथा विभिन्न सञ्चारमाध्यमका कार्यालयहरूमा छापा मार्नेजस्ता क्रियाकलापहरू भइरहे।

वीरगञ्जबाट प्रकाशित हुने नारायणी टुडे दैनिकको कार्यालयमा ०६२ माघ १७ गते राती सवा दश बजे प्रहरीले छापा मारी प्रधानसम्पादक श्याम बन्जारालाई पक्राउ गर्ने प्रयास गरेको थियो। त्यसैगरी राजधानीमा पेशागत माग राख्दै माघ २१ गते शान्तिपूर्ण विरोध प्रदर्शनमा जम्मा हुँदै गर्दाको अवस्था पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, वरिष्ठ पत्रकार हरिहर विरहीलगायत्लाई प्रहरीले घर तथा पसलहरूबाट गिरफ्तार गरेका थिए।

सुरक्षाकर्मीसँग सम्बन्धित समाचार प्रशारण नगर्न धम्की दिँदै तुलसीपुर एफएम, दाङका सम्पादक भीमार्जुन रेग्मीलाई ०६२ माघ २५ गते बिहान ११ बजेतिर कार्यालयभित्र सुरक्षाकर्मी प्रवेश गरी गिरफ्तार गरेका थिए।[११]

शाही शासनकालमा विरोध प्रदर्शनका समाचार सङ्कलनमा गएका पत्रकारहरूलाई पक्राउ तथा कुटपिट गर्ने र समाचार सङ्कलनका उपकरणहरू खोस्नेजस्ता कार्यहरू गरिएको थियो। डडेल्धुरामा दिलबहादुर ऐर, वीरगञ्जमा शिव पटेल, पाल्पामा माधव अर्याल र तुलसीराम पाण्डे, तनहुँमा घनश्याम खड्का, प्रदीप काफ्ले, ऋषिराम पोखरेल र नारायण खड्कालाई ०६२ माघ १२ गते कुटपिट तथा गिरफ्तार गरिएको थियो भने माघ १३ गते नेपाल बन्दको समाचार सङ्कलनका क्रममा काठमाडौंको कालिमाटीबाट पत्रकार भीमसेन राजवाहकलाई गिरफ्तार गरिएयो।[१२]

सञ्चारकर्मीहरूलाई समाचार सङ्कलनमा पनि निषेध गरिएको थियो। सिन्धुलीमा नगर निर्वाचनका

---

९. "OHCHR-Nepal regrets sweeping restrictions on assemblies, seeks clarification from Government". *Press Release*. Kathmandu: Office of the High Commissioner for Human Rights in Nepal. 17 January 2006

१०. ओएचसीएचआर-नेपाल । "नेपालमा मानवअधिकार स्थितिसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदन र प्राविधिक सहयोगलगायत उहाँको कार्यालयका गतिविधिहरू" । काठमाडौं : नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय । ०६२ फागुन ४ पृ. ३

११. "सुरक्षाकर्मीद्वारा रेडियो पत्रकार गिरफ्तार" । पूर्ववत् ३, ४, ५, ६ र ७ । ०६२ माघ २५

१२. "पत्रकार महासंघद्वारा खेद" । *www.kantipuronline.com/kolnepalinews.php?nid=63751* ०६२ माघ १४

उम्मेदवारहरूको नामावली सङ्कलन गर्नबाट निषेध गरिएको थियो। त्यसैगरी वीरगञ्जबाट प्रकाशित हुने प्रतीक दैनिकका चमिना भट्टराईलाई माघ १६ गते पक्राउ गरी तीन महिने पुर्जी दिई थुनामा राखिएको थियो।[१३]

प्रेस स्वतन्त्रताको आवाज उठाउँदै ०६२ माघ २३ गते सप्तरीको राजविराजमा गरिएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेपाल पत्रकार महासंघ, सप्तरीका उपसभापति प्रकाश खतिवडासहित नौ जनालाई पक्राउ गरेका थिए। त्यसैगरी लमजुङमा नेपाल समाचारपत्र दैनिक र रेडियो नेपालका सम्वाददाता गणेश पाण्डेलाई माओवादीको पक्षमा समाचार लेखेको आरोपमा ०६२ फागुन ८ गते गरूणदल गणका गणपति प्रकाश पोखरेलले धम्की दिएका थिए।[१४]

सञ्चारसम्बन्धी अध्यादेशमार्फत् सञ्चार माध्यममाथि लगाइएको अंकुश शाही सरकार रहँदासम्म कायमै रह्यो। त्यस समय नेपालको अवस्था अध्ययन गर्न आएको अन्तर्राष्ट्रिय मिडिया मिसनले प्रेस र अभिव्यक्तिको स्वतन्त्रता सुधार्न संविधान, अन्तर्राष्ट्रिय मूल्य-मान्यता विपरीतका सञ्चार नीतिहरू खारेज गर्नुपर्ने सुझाव दिएको थियो। मिसनले प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्ने नीति नबनाउन पनि सरकारलाई सुझाव दिएको थियो। एक साता लामो अध्ययनपछि मिसनले ०६२ चैत ११ गते सुझाव सार्वजनिक गरेको थियो।[१५]

०६१ माघ १९ गतेपछिको अवधिमा पक्राउ, धम्की, अनधिकृत खानतलासी, स्पष्टीकरणआदिका माध्यमबाट प्रेस स्वतन्त्रतामाथि निरन्तर प्रहार गरियो। शाही शासनको पछिल्लो अवधिमा यस्तो प्रहारको प्रमुख कानुनी संयन्त्रको रूपमा ०६२ असोज २३ गते जारी गरिएको सञ्चार अध्यादेश थियो, जसलाई ०६२ चैत २१ गते पुनः जारी गरियो।

पत्रकार आचारसंहिताको गलत र दुराग्रही प्रयोग गरी प्रेस स्वतन्त्रतामाथि अंकुश लगाइएको थियो। ०६२ माघ १७ गते सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रशारण नियमावली २०५२ को अनुसूची (क) मा भएको स्याटेलाइट केबल वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रशारण गर्ने सम्बन्धी व्यवस्था संशोधन गर्दै शर्तयुक्त बनायो। त्यस्ता स्याटेलाइट केबल वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रशारण गर्दा 'कन्डिसनल एक्सेस' जडान गरेर मात्र टेलिभिजन च्यानल प्रशारण र वितरण गर्ने व्यवस्था गरियो।[१६] यस्तो व्यवस्थाले टेलिभिजन सञ्चार माध्यममा चाहेबमोजिम र अनुमति दिएबमोजिमका टेलिभिजन च्यानल र कार्यक्रमहरू मात्र प्रशारण गर्न सकिने अवस्था सृजना गरेको थियो। सरकारले आफ्नो पक्षमा सहज हुने टेलिभिजन केबल र कार्यक्रम मात्र प्रशारण गर्न तथा आफ्नो निर्देशनमा सम्पूर्ण प्रेस जगतलाई सञ्चालन गर्न सरकारले त्यस्तो व्यवस्था गरेको थियो।

प्रकाशित समाचार तथा सम्पादकीयका सम्बन्धमा स्पष्टीकरण माग्ने र धम्क्याउने कार्यसमेत तत्कालीन सरकारले गरेको थियो। ०६२ माघ १९ गतेको बुधबार साप्ताहिकमा प्रकाशित "राजा आत्मसमर्पण गर, असफलता ढाकछोप गर्न शाही घोषणा" शीर्षकको सम्पादकीय समाचार नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावना विपरीत एवम् पत्रकार आचारसंहिता २०६० को दफा ३ र ४ को उल्लंघन भएको भनी प्रेस काउन्सिलद्वारा ०६२ माघ २० गते उक्त साप्ताहिकसँग स्पष्टीकरण माग गरिएको थियो। काउन्सिलद्वारा प्रेषित पत्रमा, समाचार सम्प्रेषण गर्दा राष्ट्रिय एकताका प्रतीक राजसंस्थाका सम्बन्धमा समाचार सामग्री शिष्ट एवम् मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजगता नअपनाई पूर्वाग्रही भई मान सम्मान, प्रतिष्ठामा आँच पुऱ्याउने, बदनियतपूर्वक तथ्यलाई तोडमोड गरी तथ्यहीन समाचार, सम्पादकीय सम्प्रेषण गरेको उल्लेख गरिएको थियो।[१७] बुधबार साप्ताहिकद्वारा दिइएको स्पष्टीकरणमा असंवैधानिकरूपमा राजाद्वारा गरिएका कार्यहरूको बारेमा लेख्नु पत्रकार आचारसंहिता विपरीत नहुने र त्यस्ता गलत कार्यहरू उजागर गर्नु नै प्रेस स्वतन्त्रताको मूल मर्म भएको उल्लेख गर्दै राजा एकताको प्रतीक हुन नसक्ने[१८] उल्लेख गरिएको थियो।

सरकारले पत्रकार र सञ्चारकर्मीहरूमाथि नियमितरूपमा मानसिक दबाब सृजना गरिरह्यो। समाचार छापेवापत स्थानीय प्रशासन कार्यालयहरूबाट पटक-पटक सोधपुछका लागि भन्दै बोलाउने गरियो। विशेष गरी मोफसलमा सञ्चारकर्मीहरूमाथि यस्ता व्यवहारहरू बढी भए। सुरक्षा निकाय र सरकारले गरेका ज्यादतिबारे निष्पक्ष समाचार सम्प्रेषण, प्रकाशन र प्रशारण गर्न बाधा पुऱ्याइयो। व्यवसायिक पत्रकारितामाथि सरकारी नियन्त्रण कायम गर्न

---

१३. नेपाल पत्रकार महासंघ । *प्रेस विज्ञप्ति* ०६२ माघ १६

१४. "पत्रकारलाई धम्की" । पूर्ववत् ३, ४, ५, ६, ७ र ११ । ०६२ फागुन ८

१५. "अभिव्यक्ति स्वतन्त्रता दयनीय" । *कान्तिपुर* ०६२ चैत १३: पृ. १

१६. श्री ५ को सरकार । *नेपाल राजपत्र* । खण्ड ५५, संख्या ४१ । काठमाडौं: मुद्रण विभाग ०६२ माघ १७

१७. "बुधबार साप्ताहिकलाई लेखिएको पत्र" । प. सं. ११०३/०६२/०६३ । काठमाडौं: प्रेस काउन्सिल ०६२ माघ २०

१८. "बुधबार साप्ताहिकका सम्पादक सूर्य थापाद्वारा प्रेस काउन्सिललाई पठाइएको जवाफ" । काठमाडौं: बुधबार साप्ताहिक ०६२ माघ २७

सरकार प्रयत्नशील भइरहयो। शाही शासनकालमा सञ्चारकर्मीहरू सधैं मनोवैज्ञानिक र सरकारको आक्रामक दबाबमा रहनु पऱ्यो।

सभा, धर्ना, जुलुसलगायत्का विरोध कार्यक्रम रोक्ने निहुँमा पटक-पटक टेलिफोन सेवासमेत बन्द गरिएको थियो। सरकारले ०६२ माघ ६ गते बिहान ५ बजेदेखि उपत्यकामा सम्पूर्ण टेलिफोन लाइन तथा मोबाइल फोन बन्द गऱ्यो। साधारण फोन केही घण्टापछि सुचारू गरियो भने मोबाइल र यूटीएल फोन लामो समयसम्म बन्द रहे।

त्यसैगरी काठमाडौंबाहिर पनि विभिन्न जिल्लामा टेलिफोन लाइन बन्द गरिएको थियो। उदाहरणका लागि, दाडमा पटक-पटक लाइन काट्ने र बन्द गर्नेक्रममा तुलसीपुर क्षेत्रका २ सय ४९ र घोराहीका १ सय ७५ टेलिफोन लाइन राति काट्ने गरिएको थियो भने भीएचएफ मार्ट्सलाई प्रणालीबाट सञ्चालित फोनहरू बन्द गरिएका थिए।[१९] ०६१ माघ १९ को शाही कदमसँगै बन्द गरिएका पूर्वी चितवन क्षेत्रका मोबाइल फोन शाही शासन अवधिभर खुलेनन्।

२.७ बहिष्कृत नगर निर्वाचन

नेपालका प्रमुख राजनीतिक दलहरू, नागरिक समाज तथा अन्तर्राष्ट्रिय जगतबाट समेत विरोध भइरहँदा पनि शाही सरकारले नगरपालिकाको निर्वाचन गरायो। ०६२ माघ २६ गते सम्पन्न निर्वाचन अर्को प्रतिगामी कदमको रूपमा चित्रित हुनपुग्यो। लोकतान्त्रिक प्रक्रिया र त्यसका पूर्व शर्तहरूको पूर्ण निषेधका साथ गराइएको नगर निर्वाचन निरंकुशतालाई संस्थागत गर्ने कार्य मात्र थियो।

भेला हुने स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतासमेतका मौलिक अधिकारहरूमा बन्देज लगाउन अत्यधिक बल प्रयोग गरिएकोप्रति युरोपेली युनियनले भर्त्सना गऱ्यो। नेपाली समाज, राजनीतिक दलहरू र नागरिक समाजमाथि सरकारद्वारा गरिएको चरम निषेध नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रअन्तर्गत नेपालको दायित्व विपरीत भएको र कुनै पक्षसँग परामर्श नगरी हुन लागेको नगर निवार्चन प्रजातन्त्रका लागि पछि धकेल्ने अर्को कदम भएको युनियनले उल्लेख गऱ्यो।[२०]

आन्दोलनरत सात दलले नगर निर्वाचनको घोषणा भएलगत्तै त्यसको बहिष्कार घोषणा गरेका थिए। सात दलले निर्वाचन बहिष्कारका लागि चरणबद्ध आन्दोलन सञ्चालन गर्दै आएका थिए। उक्त आन्दोलनलाई निस्तेज पार्न सरकारले शान्तिपूर्ण सभा जुलुसमा समेत प्रतिबन्ध लगायो।

आधारभूत नागरिक स्वतन्त्रतामाथि बन्देज लगाउँदै गरिएको नगर निर्वाचनका दिन अर्थात् ०६२ माघ २६ गते दाडमा नगर निर्वाचन बहिष्कारका क्रममा निकालिएको शान्तिपूर्ण जुलुसमा सेनाद्वारा चलाइएको गोलीबाट एकजना प्रदर्शनकारीको मृत्यु भयो। विरोध प्रदर्शनमा सेनाले चलाएको गोलीद्वारा नेकपा (एमाले) का उमेशचन्द्र थापाको घटनास्थलमै मृत्यु भएको थियो।[२१] सरकारले नगर निर्वाचनका क्रममा सात राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई ठूलो संख्यामा गिरफ्तार गऱ्यो।

यसरी गरिएको निर्वाचनबारे स्पष्ट पार्दै राजा ज्ञानेन्द्रले मतपत्रको शक्ति नेपाली जनताको निष्ठा साबित भएको दावी गरे।[२२] प्रजातन्त्र दिवसको अवसरमा ०६२ फागुन ७ गतेको शाही सन्देशमा निर्वाचनको सन्दर्भलाई जोड्दै "देशको आवश्यकता र जनताको चाहना शान्ति र प्रजातन्त्र" भएको धारणा सार्वजनिक गरिएको थियो।

२.८ अध्यादेशीय शासनको निरन्तरता

अघिल्लो वर्षमा झैं राजाको प्रत्यक्ष शासन कायम रहँदासम्म अध्यादेशीय राज कायमै रह्यो। विशेषत: विगतमा ल्याइएका अध्यादेशहरू पुन: जारी गरियो। यो वर्ष कुनै नयाँ अध्यादेश त जारी भएन, तर राजाको प्रत्यक्ष शासन टिकाइराख्न पहिले जारी गरिएका अध्यादेशहरूले निरन्तरता पाए। नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम एकपटक जारी गरिएको अध्यादेशको म्याद ६ महिनापछि समाप्त हुने भएकाले त्यसको औपचारिकताका लागि पुन: जारी गरिएको थियो।

यस वर्ष कूल २१ वटा अध्यादेशहरू ल्याइए, जो पुन: जारी गरिएका थिए। अध्यादेश जारी हुने क्रम ०६२ चैत २१ गतेसम्म रह्यो। तीमध्ये विशेष गरी सूचनाको हक तथा संगठित हुने अधिकारलाई बन्देज गर्ने र आतंककारी गतिविधि नियन्त्रणसम्बन्धीलगायत् थिए। उदाहरणका लागि, ०६२

---

१९. "टेलिफोन काटिएकोमा विरोध" । पूर्ववत् ३, ४, ५, ६, ७, ११ र १४ । ०६२ फागुन ३

२०. "EU Presidency Declaration on political situation in Nepal". *www.europa-eu-un.org/articles/sk/article_5629_sk.htm*. 27 January 2006

२१. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "दाड घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं : सचिवालय इन्सेक, ०६२ माघ २८

२२. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा देशबासीका नाममा बक्सेको सन्देश" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=23* । ०६२ फागुन ७

असोज २३ गते जारी गरेको सञ्चार अध्यादेश पुन: ०६२ चैत २१ गते जारी गरिएको थियो। संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू विपरीत जारी उक्त अध्यादेशले रेडियो ऐन २०१४, राष्ट्रिय समाचार समिति ऐन २०१९, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०४८, प्रेस काउन्सिल ऐन २०४८, राष्ट्रिय प्रशारण ऐन २०४९ र गाली बेइज्जती ऐन २०१६ लाई संशोधन गरेको थियो।

शक्ति पृथकीरणको सिद्धान्तविपरीत लोकतान्त्रिक पद्धति स्थापनाविरूद्ध जारी गरिएका ती अध्यादेशहरूले तत्कालीन सरकार टिकाउन र राजाको शासनविरोधी गतिविधिहरू नियन्त्रण गर्न उल्लेखनीय भूमिका निर्वाह गरेका थिए।

२.९ आन्दोलनमाथि अत्यधिक बल प्रयोग

राजाको प्रत्यक्ष शासनको उत्तरार्द्धमा यसविरूद्ध चौतर्फी आवाज उर्लिए। तत्कालीन सरकारले ती आवाजहरूमाथि दमन गर्न हरसम्भव उपायहरू अपनाएको थियो, जसका लागि अत्यधिक बल प्रयोग प्रमुख रह्यो।

०६१ माघ १९ गतेपछि लोकतन्त्र स्थापनार्थ उर्लेका आवाज दबाउन निषेधाज्ञालगायत् शान्तिपूर्ण प्रदर्शनमाथि बलको प्रयोग बढ्दोक्रममा थियो। सात दलसमेतका प्रदर्शनहरूमा अत्यधिक बल प्रयोग[३३] गरेका कारण राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्धको आन्दोलनका क्रममा २५ जना आन्दोलनकारीहरूले शहादत प्राप्त गर्नपुगे भने १९ दिनको आन्दोलनका क्रममा ५ हजारभन्दा बढी प्रदर्शनकारीहरू घाइते भए। घाइतेहरूमध्ये कसैले आँखा गुमाए त कसैले हातखुट्टा।

सरकारद्वारा प्रदर्शनकारीहरूमाथि अत्यधिक बल प्रयोग खासगरी नगर निर्वाचन बहिष्कारका क्रममा बढेको थियो। नगर निर्वाचन बहिष्कार आन्दोलनपछि सात राजनीतिक दलद्वारा ०६२ फागुन १२ गते घोषणा गरिएको नयाँ चरणको आन्दोलनअन्तर्गत फागुन १७ देखि २३ गतेसम्म नगरपालिकाका पदाधिकारीहरूलाई पदत्याग गर्न दबाब दिने नगरपालिका केन्द्रित आन्दोलन, फागुन १८ गते युवाको नेतृत्वमा र २४ गते महिलाको नेतृत्वमा देशव्यापी विरोध च्याली तथा सभाका कार्यक्रम सम्पन्न भएका थिए।[३४]

निरंकुशताविरोधी आन्दोलनका चरणहरू थपिँदै जानेक्रममा ०६२ फागुन २९ गते अर्को कार्यक्रम घोषणा गरियो।[३५] सो निर्णयले विघटित प्रतिनिधिसभाको पुनर्स्थापना गरी उत्तरदायी सर्वदलीय सरकार र पूर्ण प्रजातन्त्र स्थापनार्थ ०६२ चैत ५ देखि १५ गतेसम्म स्थानीय संयुक्त जनआन्दोलन संयोजन समितिहरूद्वारा "काठमाडौं जाऔं" विशेष अभियान, चर्को महंगीविरूद्ध देशव्यापी विरोध प्रदर्शन, आदिवासी जनजातिको विरोध सभा र जुलुसजस्ता कार्यक्रम तय गरिएका थिए।

माओवादीले ०६२ चैत १ गतेदेखि राजधानीलगायत्का जिल्ला सदरमुकाम नाकाबन्दी र चक्काजाम कार्यक्रम आयोजना गरेको थियो। सोही क्रममा सात राजनीतिक दलहरूद्वारा ०६२ चैत २४ देखि २७ गतेसम्म देशव्यापी आम हड्ताल, असहयोग आन्दोलन र काठमाडौं केन्द्रित बृहत् जनप्रदर्शनहरू[३६] आह्वान गरिएको थियो, जसको समर्थन गर्दै माओवादीले नाकाबन्दी र चक्काजाम कार्यक्रम फिर्ता गरेको थियो।[३७] आन्दोलनको शक्तिले संसदको पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नेगरी सात राजनीतिक दल र माओवादीबीच चैत ६ गते समझदारी भएको थियो।[३८]

उक्त सहमति हुँदासम्म पनि नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल आफ्नै घरमा नजरबन्द तथा नेपाली काँग्रेसका रामचन्द्र पौडेल, नरहरि आचार्य, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का गोपालमान श्रेष्ठ, मानवअधिकारकर्मीहरू कृष्ण पहाडी, देवेन्द्रराज पाण्डेलगायत्का व्यक्तित्वहरू थुनामा थिए। एमाले महासचिव माधवकुमार नेपाललाई ०६२ चैत १० गते सशस्त्र प्रहरीको टोलीले तीन महिने थुनावा पुर्जी थमाई सशस्त्र प्रहरी बल बेस क्याम्प ककनी पुऱ्यायो।

नेपालस्थित ओएचसीएचआर कार्यालयले अभिव्यक्ति स्वतन्त्रताको अधिकार तथा संगठन गर्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको संरक्षण गर्न तथा

---

३३. OHCHR-Nepal. "Excessive Use of Force". *http://nepal.ohchr.org/resources/Documents/English/pressreleases/APR2006/2006_04_08_HCR_PressRelease_E.pdf*. Kathmandu: Office of the High Commissioner for Human Rights in Nepal. 8 April 2006

३४. "संयुक्त जनआन्दोलन केन्द्रीय समन्वय समितिको निर्णय" । ०६२ फागुन १२

३५. "संयुक्त जनआन्दोलन केन्द्रीय समन्वय समितिको निर्णय" । ०६२ फागुन २९

३६. "सात राजनीतिक दलको संयुक्त जनआन्दोलन समन्वय समितिको निर्णय" । ०६२ चैत ६

३७. नेकपा (माओवादी) । *विज्ञप्ति* । ०६२ चैत ६

३८. सात दल र माओवादीबीच भएको समझदारी । ०६२ फागुन ६

स्वेच्छाचारी थुनामा राखिएकाहरूलाई रिहा गरी ती अधिकारहरू पुनर्वहाली गर्न सरकारलाई आग्रह गरेको थियो। त्यस्ता कार्यहरू कानुनको शासन विपरीत र अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व विपरीत भएको ओएचसीएचआरले जनाएको थियो।[२९]

सात दलले आह्वान गरको देशव्यापी आम हड्तालका क्रममा सडकमा उत्रने आन्दोलनकारीलाई सरकारले गोली प्रहार गर्ने चेतावनी सरकारका मन्त्रीहरूले दिँदै थिए।[३०] आम हड्तालको पूर्वसन्ध्यामा अर्थात् चैत २२ गते भोलिपल्टदेखि लागू हुनेगरी सरकारले राजधानीको चक्रपथ क्षेत्रभित्र कुनै पनि भेला र जुलुस गर्न नपाउने भनी प्रतिबन्ध लगायो।[३१] राजधानीमा भएका विरोध प्रदर्शनहरूबाट दुईसयभन्दा बढी प्रदर्शनकारीहरूलाई गिरफ्तार गरियो। देशका विभिन्न स्थानहरूबाट काठमाडौं आउने सवारी साधनहरू सरकारद्वारा बन्द गरियो। केन्द्रको आदेश भन्दै जिल्ला प्रशासन कार्यालयहरूले बस व्यवसायीहरूलाई सवारी साधन चलाउन रोकेका थिए। चैत २३ गते राजधानीलगायत् देशभर प्रदर्शन भए। त्यसक्रममा प्रदर्शनकारीहरूको व्यापक गिरफ्तारी भयो। आम हड्ताल निस्तेज पार्न राजधानीको चक्रपथ क्षेत्रभित्र २३ गते राती ११ बजेदेखि २४ गते बिहान ३ बजेसम्म कर्फ्यू लगाइयो।

चैत २४ गते बिहानैदेखि देशभरी आम हड्ताल शुरू भयो। निषेधाज्ञा तोड्दै प्रदर्शनहरू भए। प्रदर्शनमा सुरक्षाकर्मीको हस्तक्षेप भयो। प्रदर्शनकारीहरूमाथि निर्मम कुटपिट गरियो र व्यापक गिरफ्तारी भयो। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूको प्रायःजसो टाउकोमा प्रहार गरेका थिए। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूबाहेक आफ्नो घरमा बसेका तथा बाटोमा हिँडिरहेका व्यक्तिहरूलाई समेत कुटपिट गरे। कुटपिटबाट बालबालिकासमेत अछुतो रहेनन्।[३२] प्रदर्शनका क्रममा समाचार सङ्कलन गर्न गएका सञ्चारकर्मीहरूलाई कुटपिट गर्ने र सञ्चार सामग्रीहरू खोस्ने तथा तोडफोड गर्ने कार्यसमेत गरियो।

प्रदर्शनमाथि लाठी, अश्रुग्याँस, रबरका गोली हुँदै अन्तिममा धातुका गोलीसमेत प्रयोग गरियो। सप्तरीको प्रहरी हस्तक्षेत्रपमा परी घाइते भएका एमालेका कार्यकर्ता दर्शनलाल यादवको चैत २५ गते मृत्यु भयो। प्रदर्शनमा अत्यधिक र अनावश्यक बल प्रयोगको चरम रूप आम हड्तालको तेश्रो दिन ०६२ चैत २६ गते पोखरामा देखियो। पोखरामा शान्तिपूर्णरूपमा भइरहेको प्रदर्शनमा सेनाले गोली चलाउँदा काभ्रे जिल्लाका भिमसेन दाहालको घटनास्थलमै मृत्यु भयो भने अन्य २ जना घाइते भए।[३३] सो दिन राजधानीमा १३ घण्टे कर्फ्यू तोड्दै प्रदर्शनहरू भएका थिए।

प्रदर्शनका क्रममा सुरक्षाकर्मीद्वारा शान्तिपूर्ण प्रदर्शनमा अनावश्यकरूपमा अत्यधिक बल प्रयोग गर्दा चैत २७ गने चितवनमा तुलसी क्षेत्री डुम्राकोटी र काभ्रेमा शिवहरि कुवँर, चैत ३० गते नवलपरासीमा विष्णु पाण्डे, ०६३ वैशाख ३ गते बारामा हिरालाल गौतम, वैशाख २६ गते बाँकेको नेपालगञ्जमा सेतु विक, वैशाख ६ गते झापामा सुरज विश्वास र राजन गिरी, वैशाख ७ गते काठमाडौंको कलंकीमा वासु घिमिरे, दीपक कामी, सगुन ताम्राकार र सोही क्रममा घाइते भएका प्रद्युम्न खड्काको वैशाख १६ गते मृत्यु भयो। यसबाहेक, वैशाख ८ गते बर्दियामा यमलाल लामिछानेको मृत्यु भयो।

जनआन्दोलनकै क्रममा घाइते भएका पर्वतका गोविन्दनाथ शर्माको ०६३ वैशाख १२ गते, काठमाडौको त्रिपुरेश्वरमा घाइते भएका मोहम्मद जहाँगिरको वैशाख १८ गते र चन्द्र बयलकोटी र अनिलकुमार लामाको वैशाख २३ गते मृत्यु भयो।

सात राजनीतिक दलको आह्वानमा शान्तिपूर्ण आम हड्तालकै क्रममा ०६३ वैशाख ७ गते राजधानीको चक्रपथ घेराउ कार्यक्रम हुन नदिन स्थानीय प्रशासनले बिहान २ बजेदेखि नै चक्रपथ र त्यसको दुई सय मिटरपरसम्मको क्षेत्रमा कर्फ्यू घोषणा गरेको थियो। कर्फ्यू उल्लंघन गर्नेलाई सुरक्षाकर्मीले गोली प्रहार गर्नसक्ने सम्मको आदेश दिइएको थियो। नेपालस्थित ओएचसीएचआरको कार्यालयलगायत् कसैलाई पनि कर्फ्यू पास उपलब्ध नगराइएको अवस्थामा विभिन्न ठाउँबाट शान्तिपूर्णरूपमा कलंकीतर्फ आउँदै गरेको जनप्रदर्शनमाथि सशस्त्र प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक

---

२९. ओएचसीएचआर-नेपाल । "इयान मार्टिनद्वारा सार्वजनिक सुरक्ष ऐनअन्तर्गत राखिएका थुनुवाहरूसँग भेट- स्वतन्त्रताको अधिकार पुनर्वहाली गर्न सरकारलाई आह्वान" । *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय ०६२ चैत ७

३०. "आन्दोलनकारीलाई गोली हान्ने मन्त्री परियारको चेतावनी" । पूर्ववत् ३, ४, ५, ६, ७, ११, १४ र १९ । ०६२ चैत १४

३१. श्री ५ को सरकार गृह मन्त्रालयको अनुरोध"। *गोरखापत्र* ०६२ चैत २३: पृ. १

३२. Aryal, Kundan, and Upendra Kumar Poudel, (eds.) *Jana Andolan-II: A Witness Account (A Report of Human Rights Violation by the King's Government during Nineteen Days of the Movement)*. Kathmandu: Informal Sector Service Centre. p. 50

३३. पूर्ववत् । पृ. १९

(एसएसपी) दुर्जकुमार राईको नेतृत्वमा रहेको सुरक्षाफौजले अन्धाधुन्ध गोली चलाउँदा ३ जनाको घटनास्थलमा र १ जनाको उपचारका क्रममा मृत्यु भएको थियो भने सयौं घाइते भएका थिए।[३४] प्रदर्शनमा प्राथमिक उपचारका लागि आएका स्वास्थ्यकर्मीहरू शोभा गौतम, गोपाल पन्थी, परशुराम पन्थी, गणेश गैरे र गणेश मिश्रलाई पनि निर्घात कुटपिट गरिएको थियो। कलंकीमा भएको उक्त घटना सुनियोजित हत्याकाण्ड थियो।[३५]

शान्तिपूर्ण प्रदर्शनमाथि अत्यधिक बल प्रयोग भएको अर्को ज्यादतिपूर्ण घटना ०६२ चैत २९ गते राजधानीको गोंगबुमा भएको थियो। सशस्त्र प्रहरी उपरीक्षक माधव थापाको नेतृत्वमा भएको उक्त घटनामा सुरक्षाफौजले प्रदर्शनकारीहरूमाथि अन्धाधुन्ध गोली, लाठी तथा अश्रुग्याँस प्रहार गरेको थियो। घटनामा पत्रकारसहित एकसयभन्दा बढी प्रदर्शनकारी घाइते भए। घाइतेहरूमध्ये धेरैको टाउको र आँखामा चोट लागेको थियो।[३६] घटनाका घाइतेहरूलाई उपचार गरेको भनी सामुदायिक स्वास्थ्य सेवा केन्द्र, गोंगबुका स्वास्थ्यकर्मीहरूलाई सुरक्षाकर्मीले निर्घात कुटपिट गरी स्वास्थ्य सेवा केन्द्रसमेत तोडफोड गरेका थिए। अतिरिक्त प्रहरी महानिरीक्षक रूपसागर मोक्तानको घरबाट गोली प्रहार गरेपछि माओवादीले गोली चलाए भनी हल्ला फैलाएर प्रदर्शनकारीहरूमाथि दमन गरिएको थियो।

यसैगरी कानुन व्यवसायीहरूले ०६२ चैत ३१ गते काठमाडौंको रामशाहपथस्थित नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यालयबाट माइतिघर हुँदै निकालेको शान्तिपूर्ण जुलुसमा बबरमहल पुरदा सुरक्षाकर्मीले लाठी, अश्रुग्याँस र रबरको गोली प्रहार गर्दा गोलीबाट दुईजना र अन्य लाठीचार्ज तथा अश्रुग्याँसबाट घाइते भएका थिए।[३७] एवम्रितले वैशाख ११ गतेसम्म आन्दोलन जारी रह्यो।

२.१० अत्यधिक बल प्रयोगका लागि अपनाइएका उपाय

२.१०.१ हड्तालमा माओवादी घुसपैठको दाबी

उन्नाइस दिनको जनआन्दोलनमा परिणत भएको सात दलद्वारा आयोजित चार दिने आम हड्तालमा माओवादीको प्रत्यक्ष सहभागिता छ भन्ने तर्क गर्दै सरकारले अत्यधिक बल प्रयोग गरेको थियो। शाही सरकारका गृहमन्त्री कमल थापाले ०६२ चैत १५ गते राजधानीमा आयोजित पत्रकार सम्मेलनमा कुनै पनि उपायद्वारा सात राजनीतिक दलद्वारा आयोजित आम हडताल निस्तेज पार्ने घोषणा गरेका थिए। उनले सात राजनीतिक दलको उक्त कार्यक्रम प्रमुखरूपमा माओवादीको कार्यक्रम भएको आरोप लगाएका थिए।

२.१०.२ माओवादीका योजना कार्यान्वयनको आरोप

राजाको सरकारले तत्कालीनरूपमा आतंककारी घोषणा गरिएका माओवादीको योजनाबमोजिम सात दलले विरोधका कार्यक्रम आयोजना गरेको र माओवादीलाई सघाएको आरोप लगाउँदै विरोध प्रदर्शनहरूमा अत्यधिक बल प्रयोग गरेको थियो। सरकारले सात दलको आफ्नो कुनै योजना नभएको र माओवादीको स्पष्ट कार्यक्रम तथा योजना भएकाले उनीहरू त्यसैमा सहभागी भएको आरोप लगाएको थियो।[३८]

२.१०.३ माओवादीको प्रत्यक्ष संलग्नताको आरोप

जनआन्दोलन दमनमा अत्यधिक बल प्रयोगका लागि सरकारले अपनाएको अर्को उपाय सात राजनीतिक दलको आम हड्तालमा माओवादीको प्रत्यक्ष संलग्नताको आरोप थियो। ०६२ चैत २६ गते तत्कालीन शाही नेपाली सेनाले सात राजनीतिक दलले आह्वान गरेको आम हड्तालमा सहयोग पुऱ्याउन माओवादीको विशेष कार्यदल राजधानीभित्र प्रवेश गरेको भरपर्दो सूचना प्राप्त भएको प्रचार गरेको थियो। एक पत्रकार सम्मेलनका क्रममा, तत्कालीन शाही नेपाली सेनाका प्रवक्ता भुषण चन्दले माओवादीको प्रत्यक्ष संलग्नतामा हुने राजनीतिक दलका कार्यक्रमहरूलाई निस्तेज पार्न शाही नेपाली सेना परिचालन गर्नुपर्ने जानकारी गराएका थिए।[३९] अत्यधिक बलको प्रयोग शाही नेपाली सेनाको उपस्थितिमा सशस्त्र प्रहरी र जनपद प्रहरीबाट भएको थियो।

२.१०.४ अन्तर्राष्ट्रिय जगतलाई प्रश्न

राजाको अध्यक्षतामा रहेको सरकारले आफ्नो शासन टिकाइराख्न आफूले गरेका ज्यादतिविरूद्ध अन्तर्राष्ट्रिय समुदायले उठाएका आवाजको पनि बेवास्ता गरेको थियो। त्यस्ता ज्यादतिका विषयमा धारणा व्यक्त गर्ने विदेशी कुटनीतिज्ञहरूसँग स्पष्टीकरण समेत लिइयो। राजाको बारेमा

---

३४. पूर्ववत् । पृ. ४९
३५. पूर्ववत् । पृ. ८
३६. पूर्ववत् । पृ. ४५
३७. पूर्ववत् । पृ. ३०-३१
३८. पूर्ववत् । पृ. ५-६
३९. पूर्ववत्

चर्को टिप्पणी गरेको आरोपमा अमेरिकी राजदुत जेम्स एफ. मोरियार्टीलाई ०६२ वैशाख ५ गते पररा्ष्ट्र मन्त्रालयले स्पष्टीकरणका लागि बोलाएको थियो। वैशाख ४ गते अमेरिकी टेलिभिजन च्यानल "सीएनएन" सँगको अन्तर्वार्तामा व्यक्त टिप्पणीलाई लिएर पररा्ष्ट्र मन्त्रालयका निमित्त सचिव हिराबहादुर थापाले मोरियार्टीसँग मन्त्रालयमा स्पष्टीकरण लिएका थिए।[४०]

२.१०.५ समाचार संकलन तथा पर्यवेक्षणमा रोक

शान्तिपूर्ण प्रदर्शनमा अत्यधिक बल प्रयोग गर्न अपनाइएको अर्को उपाय समाचार संकलन तथा मानवअधिकार पर्यवेक्षणमा रोक हो। पत्रकारहरूलाई समाचार सङ्कलन गर्न र मानवअधिकारकर्मीहरूलाई प्रदर्शनको अनुगमन तथा पर्यवेक्षण गर्नबाट रोक लगाइएको थियो।[४१] नेपालस्थित ओएचसीएचआर कार्यालयसमेतलाई कर्फ्यू पास उपलब्ध नगराउनु अत्यधिक बलको प्रयोगका लागि अवलम्बन गरिएको अर्को उपाय थियो।

२.११ जनआन्दोलन दमन र अत्यधिक बल प्रयोगमा अन्तर्राष्ट्रिय सरोकार

सात राजनीतिक दलद्वारा आयोजित देशव्यापी आमहड्तालका क्रममा शान्तिपूर्ण आन्दोलन दबाउन सरकारद्वारा गरिएको बल प्रयोगबाट मानवअधिकारको चरम उल्लंघन भएको भन्दै अन्तर्राष्ट्रिय समुदायबाट तीव्र विरोध भयो। लोकतन्त्र स्थापनामा अन्तर्राष्ट्रिय समुदायबाट भएको समर्थन तथा मानवअधिकारका सवालहरूमा उनीहरूले देखाएको चासो महत्वपूर्ण थियो।

शान्तिपूर्ण प्रदर्शनमाथि सरकारद्वारा गरिएको अत्यधिक बल प्रयोगबाट खस्कँदो मानवअधिकार स्थितिप्रति संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नान, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त तथा नेपालस्थित ओएचसीएचआर कार्यालय, इन्टरनेशनल कमिशन अफ जुरिस्ट्स, एमनेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, फोरम-एसिया, एसियन सेन्टर फर ह्युमन राइट्स, अमेरिकी कँग्रेस, एसियन ह्युमन राइट्स कमिशन, युरोपेली युनियन र पार्लियामेन्टलगायत् विश्वका विभिन्न क्षेत्रबाट देखाइएको सरोकारले निरंकुशता अन्त्यका लागि मद्दत मिल्यो। अर्कातर्फ त्यस्ता सरोकारहरूले राष्ट्रिय मानवअधिकार आन्दोलनलाई नैतिक बल पुऱ्यायो।

सात राजनीतिक दलद्वारा गरिएको प्रदर्शनमा शाही नेपाली सेनाद्वारा चलाइएको गोलीबाट प्रदर्शनकारीको मृत्यु भएका घटनामा अन्तर्राष्ट्रिय कानुनी मापदण्ड[४२] र मानवअधिकार सिद्धान्तको उल्लंघन भएको उल्लेख गर्दै कानुन कार्यान्वयन अधिकारीहरूले सकेसम्म कम जोखिमपूर्ण बल प्रयोग गर्नुपर्नेतर्फ नेपालस्थित ओएचसीएचआर कार्यालयले गम्भीर चासो प्रकट गरेको थियो। घटनाहरूमा गोली चलाउनुपर्ने अवस्था नै नभएको उल्लेख गर्दै प्रदर्शनहरूमा प्रयोग भएको बल कम गर्नुपर्ने राज्यको दायित्व पूरा गर्न पनि ओएचसीएचआरले सरकारलाई आग्रह गरेको थियो।[४३] तर सरकारले ती सबै सरोकार र आग्रहप्रति बेवास्ता गरी प्रदर्शनमाथि अत्यधिक बल प्रयोग जारी राख्यो।

नेपाली नागरिकका स्वतन्त्रताहरूमाथि लगाइएको बन्देज फुकुवा गर्न, पक्राउ गरी थुनामा राखिएकाहरूलाई तत्काल रिहा गरी आफ्ना नागरिकहरूको स्वतन्त्रताको सम्मान गर्न अमेरिकी कँग्रेसले आग्रह गरेको थियो।[४४] अमेरिकी सिनेटर प्याट्रिक लेहीले नेपालमा चलिरहेको आन्दोलनप्रति टिप्पणी गर्दै सामन्ती निरंकुशता विरूद्ध जनताको इच्छाले अन्ततः लोकतन्त्र र शान्तिको बाटो तय गर्ने उल्लेख गरे। नेपाली जनताले निरंकुशता विरूद्ध सत्रचालन गरेको आन्दोलन उपयुक्त भएको उनको धारणा थियो।[४५]

नेपालस्थित ओएचसीएचआर कार्यालयले ११ अप्रिल २००६ मा पुनः विज्ञप्ति जारी गर्दै प्रदर्शनमाथि भएको अत्यधिक बल प्रयोगको प्रत्यक्ष अनुगमन गरेको उल्लेख गरेको थियो। त्यसक्रममा देखिएको बल प्रयोग अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत राज्यको दायित्व विपरीत भएको भन्दै सरकारलाई अत्यधिक र अनावश्यक बल प्रयोग नगर्न आग्रह गरेको थियो।[४६]

---

४०. "मोरियार्टीलाई स्पष्टिकरण"। *कान्तिपुर* ०६२ वैशाख ६: पृ. १

४१. पूर्ववत् ३२-३९ । पृ. ६

४२. विश्वकर्मा, लुमासिंह । "आन्दोलन दबाउन अत्यधिक बल प्रयोग : अन्तर्राष्ट्रिय मान्यता विपरीत"। *प्राची* । पूर्णांक ५७-५८ । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र ०६३ जेठ: पृ. २२-२३

४३. पूर्ववत् २३

४४. संयुक्त राज्य अमेरिकी कँग्रेसले वाशिङ्टनबाट ६ अप्रिल २००६ मा राजा ज्ञानेन्द्रलाई पठाएको पत्र । पूर्ववत् ३२-३९ र ४१ । पृ. १५६

४५. पूर्ववत् । पृ. १६७

४६. पूर्ववत् । पृ. १६२

मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त लुइस आर्बरद्वारा सरकारलाई मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वको सम्मानका लागि शान्तिपूर्ण भेला हुने नागरिक अधिकारको सम्मान गर्न र सुरक्षाकर्मीहरूलाई अत्यधिक बल प्रयोग नगर्न सचेत गराइएको थियो।[४६]

अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू एमनेष्टी इन्टरनेशनल, ह्यूमन राइट्स वाच र इन्टरनेशनल कमिशन अफ जुरिस्ट्सले १८ अप्रिल २००६ मा संयुक्त विज्ञप्ति जारी गरी निरंकुश राजा ज्ञानेन्द्र, मन्त्रीहरू, उच्च सरकारी अधिकारहरू र उच्च सुरक्षा अधिकारीहरूलाई अन्य देशमा जान तथा विदेशमा सम्पत्ति जम्मा गर्नमा रोक लगाउन अन्तर्राष्ट्रिय समुदायसमक्ष आग्रह गरेका थिए। इन्टरनेशनल कमिशन अफ जुरिस्ट्सले सात राजनीतिक दलहरूको प्रदर्शनमा लगाइएको प्रतिबन्ध अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनहरूले नेपाललाई तोकेको दायित्व विपरीत भएको जनाउँदै कुनै आधार र कारणविना प्रदर्शनमाथि लगाइएको प्रतिबन्ध उचित नभएको तथ्य औंल्याएको थियो। एमनेष्टी इन्टरनेशनलले नेपाल सरकारद्वारा कर्फ्यूको समयमा ओएचसीएचआर-नेपालसमेत कसैलाई पनि कर्फ्यू पास नदिइनु सरकारले गरेको ज्यादति लुकाउने प्रयास भएको उल्लेख गर्दै नेपाली सुरक्षाकर्मी आफ्नो देशमा मानवअधिकार उल्लंघनमा संलग्न भएकाले संयुक्त राष्ट्रसंघको शान्ति सेनामा उनीहरूको संलग्नतामा बन्देज लगाउन आग्रह गरेको थियो।[४८]

३. लोकतन्त्र स्थापना

शाही शासनका विरूद्ध ०६२ चैत २४ गतेदेखि संचालित आन्दोलनले अन्ततः निरंकुशता अन्त्य गऱ्यो। सबैतिरबाट जनआन्दोलनप्रति ऐतिहासिक समर्थन प्राप्त भयो। सम्पूर्ण तह र तप्काका संघ-संस्था तथा व्यक्तिहरू शाही सत्ताको विरोध र लोकतन्त्र स्थापनाका लागि सडकमा उत्रिए। निरंकुशता जोगाउने विभिन्न उपाय[४९]का बाबजुद राजनीतिक दलहरूको मागबमोजिम ०६३ वैशाख ११ गते राती १०:४५ बजे राजाले आफ्नो शासन अन्त्य तथा प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गर्नुपऱ्यो। विघटित प्रतिनिधिसभा पुनर्स्थापनासँगै निरंकुश राजतन्त्रको अन्त्य र सात राजनीतिक दलले निर्धारित गरेको मार्गचित्रको यात्रा खुल्ला भयो।

०६३ वैशाख ११ गतेदेखि नेपाली जनताले आफ्नो लागि आफै निर्णय गर्ने अभिभारा बोके। ०५९ असोज १८ गतेदेखि निरंकुश राजतन्त्रको भूमरीमा फसेका नेपाली जनता राजनीतिक दलहरूको अगुवाईमा लोकतन्त्र स्थापनाका लागि संघर्षरत थिए। जनताले ०५२ देखि संचालित माओवादीको हिंसात्मक द्वन्द्वबाट पनि निकास खोजिरहेका थिए। हान्स केल्सनको प्योर थ्योरी अफ 'ल'[५०] सँग दाँजेर हेर्दा निरंकुश राजतन्त्रको अन्त्य र माओवादी हिंसात्मक द्वन्द्व अन्त्य गर्ने प्रमुख आधार सात राजनीतिक दल र माओवादीबीच भएको १२ बुँदे समझदारी हो। यसैको आधारमा अहिलेसम्म विभिन्न सहमति र समझदारी भई शान्ति प्रक्रिया अगाडि बढिरहेको छ।

शाही शासनको अन्त्यसँगै जनआन्दोलनको भावनाबमोजिम लोकतन्त्रको संस्थागत विकास गर्ने र शान्ति प्रक्रिया अगाडि बढाउने जिम्मेवारी राजनीतिक दलहरू तथा नेकपा (माओवादी) मा आइपऱ्यो। यी दुवै कार्य लोकतान्त्रिक सरकार गठनसँगै शुरूवात भयो।

३.१ लोकतान्त्रिक सरकार गठन

लोकतन्त्र स्थापना भइसकेपछि ०६३ वैशाख १२ गते बसेको सात राजनीतिक दलको बैठकले नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीका लागि सिफारिस गरेबमोजिम १४ गते उहाँलाई प्रधानमन्त्री नियुक्त गरिएको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा ०६३ वैशाख १९ गते पहिलो ७ सदस्यीय मन्त्रिमण्डल गठन गरियो र जेठ ८ गते त्यसलाई पूर्णता प्रदान गरियो।


---

४६. ओएचसीएचआर-नेपाल । "नेपालमा अत्यधिक बल प्रयोगबाट मानवअधिकार उच्चायुक्त स्तब्ध" । *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय ०६२ चैत ३१ गते

४८. पूर्ववत् ३२-३९, ४१, ४४-४६ । पृ. १५३-२१५

४९. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नव वर्ष २०६३ को उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=26* । ०६३ वैशाख १ र "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=27* । ०६३ वैशाख ८

५०. Freeman, Michael D.A. *Lloyd's Introduction to Jurisprudence.* Sweet & Maxwell: London. 2001. pp. 255-330



प्रकोष्ठ : ३

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५६) काठमाडौं, जेठ ८ गते २०६३ साल (अतिरिक्ताङ्क १२

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति


श्री ५ महाराजाधिराजबाट सम्वत २०६३ साल वैशाख १९ गते प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गठन गरिबक्सेको मौजूदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिसमा देहाय अनुसार थप नियुक्ति तथा कार्य विभाजनमा हेरफेर गरिबक्सेको छ ।

मन्त्रिपरिषद् गठन विधि		कार्य विभाजन
१. श्री गिरिजाप्रसाद कोइराला	प्रधानमन्त्री	राजदरबारसम्बन्धी,रक्षा, स्वास्थ्य तथा जनसंख्या र उद्योग वाणिज्य तथा आपूर्ति ।
२. श्री के.पी. शर्मा ओली	उप-प्रधानमन्त्री	परराष्ट्र ।
३. श्री गोपालमान श्रेष्ठ	मन्त्री	भौतिक योजना तथा निर्माण ।
४. महन्थ ठाकुर	मन्त्री	कृषि तथा सहकारी ।
५. डा. श्री रामशरण महत	मन्त्री	अर्थ ।
६. श्री नरेन्द्र विक्रम नेम्वाङ	मन्त्री	कानून, न्याय तथा संसदीय व्यवस्था ।
७. श्री कृष्णप्रसाद सिटौला	मन्त्री	गृह ।
८. श्री प्रभुनारायण चौधरी	मन्त्री	भूमिसुधार तथा व्यवस्था ।
९. श्रीमती चित्रलेखा यादव	मन्त्री	जलस्रोत ।
१०. श्री राजेन्द्रप्रसाद पाण्डे	मन्त्री	स्थानीय विकास ।
११. श्री प्रदीपकुमार ज्ञवाली	मन्त्री	संस्कृति पर्यटन तथा नागरिक उड्डयन ।
१२. डा. श्री मङ्गलसिद्धि मानन्धर	मन्त्री	शिक्षा तथा खेलकुद ।
राज्यमन्त्री		
१३. श्री गोपाल राई	राज्यमन्त्री	वन तथा भू-संरक्षण ।
१४. श्री दिलेन्द्रप्रसाद बडू	राज्यमन्त्री	सूचना तथा सञ्चार ।
१५. श्री उर्मिला अर्याल	राज्यमन्त्री	महिला, बालबालिका तथा समाज कल्याण ।
१६. श्री मानबहादुर विश्वकर्मा	राज्यमन्त्री	वातावरण, विज्ञान तथा प्रविधि ।
१७. श्री धर्मनाथप्रसाद शाह	राज्यमन्त्री	सामान्य प्रशासन ।
१८. श्री रमेश लेखक	राज्यमन्त्री	श्रम तथा यातायात व्यवस्था ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

३.२ शान्ति प्रक्रियाको शुरूवात

लोकतन्त्र स्थापनापश्चात् गठित पहिलो मन्त्रिपरिषद्को ०६३ वैशाख २० गते बसेको बैठकले माओवादीसँग युद्धविराम घोषणा गऱ्यो। जनआन्दोलनको बलबाट गठित सर्वदलीय सरकारले माओवादीसँग युद्धविराम गर्नुका साथै माओवादीलाई लगाइएको आतंककारीको आरोप र उनीहरूविरूद्ध जारी गरिएको रेडकर्नर नोटिस पनि सोही दिन फिर्ता लिएको थियो। माओवादीलाई वार्तामा आउन वातावरण तयार गर्ने र उनीहरूलाई शान्तिपूर्ण राजनीतिक



प्रकोष्ठ : ४

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५६)काठमाडौं, जेठ २८ गते२०६३ साल (अतिरिक्ताङ्क १९

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गठन गरिबक्सेको मौजूदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा देहाय अनुसार थप नियुक्ति तथा कार्य विभाजन समेत गरिबक्सेको छ ।

नाम		कार्य विभाजन
१. श्री अमिक शेरचन	उप-प्रधानमन्त्री	स्वास्थ्य तथा जनसंख्या
२ श्री हृदयेश त्रिपाठी	मन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति
३. श्री ज्ञानेन्द्रबहादुर कार्की	राज्यमन्त्री	जलस्रोत ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मूलधारमा ल्याउने सिलसिलाको पहिलो चरणमा सरकारले यस्तो निर्णय गरेको थियो।

सरकारले सोही दिन, नेकपा (माओवादी) लाई यथाशीघ्र वार्तामा आउन आह्वान गरेको थियो। त्यसैगरी गिरफ्तारीमा परेका माओवादी नेताहरूलाई आवश्यक प्रक्रिया पूरा गरी रिहा गर्ने, युनिफाइड कमाण्ड निस्क्रिय पार्ने र सेनालाई ब्यारेकमा फिर्ता बोलाउने निर्णय गरेको थियो।

३.३ शहीद र क्षतिपूर्ति घोषणा

शाही शासनको अन्त्य र लोकतन्त्र स्थापनाका लागि शहादत प्राप्त २५ जनालाई सरकारले शहीद घोषणा गऱ्यो। मन्त्रिपरिषदको बैठकले ०६३ जेठ २१ गते २१ जनालाई र ०६३ भदौ १३ गते थप ४ जनालाई शहीद घोषणा गऱ्यो। जेठ २१ गते घोषणा गरिएका शहीदहरूमा उमेशचन्द्र थापा (दाङ), देवीलाल पौडेल (रूपन्देही), होरीलाल थारू (कैलाली), दर्शनलाल यादव (सप्तरी), भीमसेन दाहाल (कास्की), तुलसी क्षेत्री (चितवन), शिवहरि कुँवर (काभ्रे), विष्णु पाण्डे (नवलपरासी), हिरालाल गौतम (बारा), सेतु विश्वकर्मा (बाँके), सुरज विश्वास (झापा), राजन गिरी (झापा), वासुदेव घिमिरे (काठमाडौं), सगुन ताम्राकार (काठमाडौं), दीपक कामी (काठमाडौं), यमलाल लामिछाने (बर्दिया), गोविन्दनाथ शर्मा (पर्वत), प्रद्युम्न खड्का (काठमाडौं), महम्मद जहाँगिर (काठमाडौं), चन्द्रबहादुर बयलकोटी (काठमाडौं) र अनिलकुमार लामा (काठमाडौं)

थिए। त्यसैगरी भदौ १३ गते घोषणा गरिएका शहीदहरूमा हरिराज अधिकारी (बाँके), लालबहादुर विष्ट (डोटी), चक्रराज जोशी (कैलाली) र ताहिर अलि मियाँ (रौतहट) थिए।

०६३ जेठ २१ गतेको निर्णयसँगै प्रत्येक शहीद परिवारलाई दशलाख रूपैयाँ बराबरको रकम क्षतिपूर्तिस्वरूप प्रदान गर्ने निर्णय गरिएको थियो।

३.४ राजासहित दुई सय दुई दोषी ठहर

सरकारले जनआन्दोलनका दोषीउपर छानबिन गरी कारवाहीको सुझाव पेश गर्न ०६३ वैशाख २२ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो।

०६१ माघ १९ गतेपछि राजनीतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका दमनका घटनाहरूबाट देशका विभिन्न भागमा भएको जनधनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग र मानवअधिकारको उल्लंघनको जाँच गरी दोषी पत्ता लगाई निजहरूउपर गर्नुपर्ने कानुनी कारवाहीका सम्बन्धमा राय, ठहर र सुझावसहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन २०२६ बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा उक्त आयोग गठन गरिएको थियो। आयोगका सदस्यहरूमा नेपाल पत्रकार महासंघका पूर्व सभापति हरिहर विरही, नेपाल बार एसोसिएसनका पूर्व उपाध्यक्ष रामप्रसाद श्रेष्ठ, अधिवक्ता रामकुमार श्रेष्ठ र नेपाल चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठ थिए।[५१]

जाँचबुझ आयोगले राजा ज्ञानेन्द्रसहित[५२] दुई सय दुई जनालाई सत्ता दुरूपयोग र जनआन्दोलन दमनमा दोषी ठहऱ्याउँदै कारवाहीका लागि सिफारिस गऱ्यो। आयोगद्वारा ०६२ मंसिर ४ गते जारी विज्ञप्तिमा जनआन्दोलनमा दुई सय दुई जनाले ज्यादति गरेको ठहर गरी कारवाहीका लागि सिफारिस गरिएको उल्लेख छ। आयोगले सोही दिन नै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई १ हजार १ सय ८४ पृष्ठ लामो प्रतिवेदन बुझाएको थियो।[५३] प्रतिवेदन तयार हुने अन्तिम दिन आयोगका दुई सदस्यहरू अधिवक्ता रामकुमार श्रेष्ठ र चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठले सजायको विषयमा असहमति राखेका थिए। आफूहरूले प्रतिवेदनमा हस्ताक्षर नगरेको र ६ पृष्ठको छुट्टै प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको पनि उनीहरूले सार्वजनिक जानकारी दिए।[५४]

आयोगले छानबिनका क्रममा घाइते भएका ९ हजार १ सय ९४ मध्ये ६ सय ९ जना गम्भीर घाइते भएको र त्यसमध्ये ३ सय ३ जना गोलीबाट घाइते भएको उल्लेख गऱ्यो। आयोगको छानबिनबाट २ सय १४ जना घाइतेहरू १८ वर्ष मुनिका भएको र शहादत प्राप्त गर्ने १९ जनामध्ये १५ जनाको गोलीबाट मृत्यु भएको देखिएको ठहर गरियो।

जनआन्दोलनको दमनमा मुख्य दोषी तत्कालिन मन्त्रीपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्र भएको आयोगले ठहर गऱ्यो। राजा र उनका सल्लाहकार, तत्कालीन मन्त्रिपरिषद्का उपाध्यक्षहरू र मन्त्रीहरूलाई कानुन बनाई कारवाही गर्न सुझाव दिएको आयोगका सदस्य हरिहर विरहीले सार्वजनिक गरेका थिए।[५५] उनीहरूलाई मानवअधिकार उल्लंघन, राष्ट्रिय ढुकुटी, सत्ता, शक्ति र पदको दुरूपयोग गरेकोमा कारवाहीको सिफारिस गरिएको जनाइयो।[५६] तत्कालीन सुरक्षा अंगका प्रमुखहरू प्रधान सेनापति प्यारजंग थापा, प्रहरी महानिरीक्षक श्यामभक्त थापा र सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापा मानवअधिकार उल्लंघनमा प्रत्यक्ष सामेल भएको आयोगले उल्लेख गऱ्यो।[५७]

जाँचबुझ आयोगको प्रतिवेदन सरकारलाई बुझाइए पनि यो वर्षको अन्त्यसम्ममा सार्वजनिक गरिएन। सबैको चासोको विषय रहेको आयोगको प्रतिवेदन सार्वजनिक नगरिनुले रायमाझी आयोगको प्रतिवेदन पनि मल्लिक आयोग झैं त नहोला भन्ने आशंका उब्जन पुग्यो।

मानवअधिकार समुदायका तर्फबाट ०६२ मंसिर ४ गते एक संयुक्त विज्ञप्ति जारी गरी सरकारले उक्त प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने माग गरियो। यस्तो माग गर्नेहरूमा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, इन्हुरेड इन्टरनेशनलका डा. गोपालकृष्ण शिवाकोटी, राष्ट्रिय

---

५१. श्री ५ को सरकार । *नेपाल राजपत्र* । भाग ३, खण्ड ५६, अतिरिक्तांक १० । काठमाडौं: मुद्रण विभाग ०६३ वैशाख २२

५२. "राजासहितलाई कारवाही सिफारिस अध्यक्षसहित मन्त्रिपरिषदका सदस्यहरूलाई कारवाहीका लागि कानुन बनाउन सुझाव" । *कान्तिपुर* ०६३ मंसिर ५: पृ. १

५३. "प्रेस विज्ञप्ति" । काठमाडौं: उच्चस्तरीय जाँचबुझ आयोग । ०६३ मंसिर ४

५४. पूर्ववत् ५२

५५. पूर्ववत्

५६. पूर्ववत्

५७. पूर्ववत्

मानवअधिकार आयोगका पूर्व सदस्य प्रा. कपिल श्रेष्ठलगायत् १२ जना मानवअधिकारकर्मी थिए।

३.५ शाही सरकारका मन्त्रीहरूको गिरफ्तारी र थुना

जनआन्दोलन दमन गर्न मानवअधिकार उल्लंघन गर्ने शाही सरकारका पाँचजना मन्त्रीहरूलाई लोकतान्त्रिक सरकारले गिरफ्तार गरी थुनामा राखेको थियो। पक्राउ पर्ने शाही सरकारका मन्त्रीहरूमा कमल थापा, टंक ढकाल, रमेशनाथ पाण्डे, श्रीसशमशेर जबरा र निक्षशमशेर जबरा थिए।

जनआन्दोलनका दमनकारीमाथि छानविन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको सिफारिसमा ०६३ वैशाख २९ गते उनीहरूलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको थियो। उनीहरूले प्रमाण लोप गर्नसक्ने आधारमा आयोगले थुनामा राख्न सरकारलाई पत्र लेखेको थियो। जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनअधिकारलाई खलल् पुऱ्याउने किसिमको गोप्य बैठकलगायत्का षडयन्त्रमूलक क्रियाकलापमा संलग्न भएको बुझिन आएकोले त्यस्तो कार्य गर्नबाट नरोकेमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्था तत्काल खलल् पुग्नसक्ने भन्दै सरकारले सार्वजनिक सुरक्षा ऐनअन्तर्गत उनीहरूलाई पक्राउ गरेको थियो।[५८]

तर त्यसक्रममा उचित कानुनी प्रक्रिया अवलम्बन गरेको पाइएन। उचित र पर्याप्त आधार विना गैरकानुनी थुनामा राखेको भन्दै सर्वोच्च अदालतले उनीहरूलाई रिहा गर्ने आदेश दियो। रमेशनाथ पाण्डे, श्रीशशमशेर जबरा र निक्षशमशेर जबरालाई ०६३ जेठ २१ गते तथा कमल थापा र टंक ढकाललाई असार ४ गते थुना मुक्त गर्ने आदेश दिइएको थियो।[५९]

नेपालस्थित ओएचसीएचआरले उनीहरूलाई निवारक नजरबन्दमा राख्न सार्वजनिक सुरक्षा ऐनको प्रयोग गरिएकोमा आपत्ति जनाउँदै अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको उल्लंघन भएको जनाएको थियो। विधिको शासनको पालना गर्न र मानवअधिकारको पूर्ण सम्मान गर्न सरकारलाई नयाँ मापदण्डहरूको तर्जुमा गर्न उक्त कार्यालयले आग्रह गरेको थियो।[६०] त्यसैगरी मानवअधिकार उल्लंघनमा जिम्मेवारहरूलाई न्यायिक कठघरामा उभ्याइनुपर्ने कुरा पनि ओएचसीएचआरले उल्लेख गरेको थियो।

३.६ सरकार माओवादी वार्ता र युद्ध समाप्ति

यो वर्षको सबैभन्दा महत्वपूर्ण कार्य सरकार र माओवादी बीच वार्ताद्वारा १० वर्षे द्वन्द्वको अन्त्य गर्ने रह्यो। लोकतन्त्रको स्थापनापश्चात् शुरू भएको सरकार-माओवादी वार्ताले अन्ततः एक दशक लामो सशस्त्र द्वन्द्व समाप्त गऱ्यो। ०६३ मंसिर ५ गते सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। विस्तृत शान्ति सम्झौतामा युद्ध समाप्तिको प्रावधानमा सहमति भई हस्ताक्षर भएपछि औपचारिक रूपमा उक्त युद्ध समाप्त भएको हो।

विस्तृत शान्ति सम्झौतासम्म आइपुग्न धेरै चरणहरू पार भएका थिए। युद्धविराम, सरकार माओवादी वार्ता टोलीहरूको गठन, शीर्ष नेताहरूको बैठक, वार्ता टोलीहरूबीच विभिन्न समयमा भएका बैठक र वार्ताहरू, युद्धविराम आचारसंहिता निर्माणलगायत्का चरण पार हुँदै युद्धको समाप्ति भएको हो।

युद्ध समाप्तिको चरणसम्म आइपुग्नका लागि प्रमुख आधार र शुरूवात ०६२ मंसिर ७ गते सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारी थियो। जनआन्दोलनबाट प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि माओवादीले वैशाख १३ गते तीन महिनाको लागि युद्धविराम घोषणा गरेको थियो भने साउन १२ गते त्यसलाई निरन्तरता दिएको थियो।[६१] सरकारले ०६३ वैशाख २० गते युद्धविराम घोषणा गरी माओवादीलाई वार्ताका लागि आह्वान गरेको थियो। त्यसपछि माओवादीले वैशाख ३० गते कृष्णबहादुर महराको नेतृत्वमा देव गुरूङ र दीनानाथ शर्मा रहेको तीन सदस्यीय वार्ता टोली गठन गरेको थियो। सरकारले ०६३ जेठ ५ गते गृहमन्त्री कृष्णप्रसाद सिटौलाको नेतृत्वमा गठन गरेको सरकारी वार्ता टोलीमा जेठ ११ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवाली र यातायात तथा श्रमराज्य मन्त्री रमेश लेखकलाई सदस्य थप गरी वार्ता टोलीलाई पूर्णता दिएको थियो।

सरकारी वार्ता टोलीले पूर्णता पाएपछि काठमाडौंको गोकर्णमा ०६३ जेठ १२ गते सरकार र माओवादीबीच भएको वार्ताबाट २५ बुँदे युद्धविराम आचारसंहितामा सहमति भएको थियो।

सरकार र माओवादीबीच शान्ति वार्ताका लागि वातावरण तयार गर्न सरकारले आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत

---

५८. इन्सेक । *लोकतन्त्र प्राप्तिका सय दिनमा मानवअधिकारको स्थिति* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। ०६३ । पृ. १३-१४

५९. पूर्ववत्

६०. ओएचसीएचआर-नेपाल । "सार्वजनिक सुरक्षा ऐन प्रयोगका सम्बन्धमा नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयद्वारा गृह मन्त्रालयसमक्ष चिन्ता व्यक्त" । *प्रेस विज्ञप्ति* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय । १७ मे २००६

६१. नेकपा (माओवादी) । *विज्ञप्ति* । ०६३ वैशाख १३ र साउन १२

लगाएका मुद्दाहरू ०६३ जेठ ११ गते फिर्ता लिई नेपालका सबै जेलमा रहेका माओवादी बन्दीहरू रिहा गर्ने निर्णय गऱ्यो र प्रक्रिया पूरा गरी त्यस्ता बन्दीहरू रिहा गरेको थियो।

सरकार र माओवादी वार्ता टोलीको ०६३ असार १ गते होटल हिमालय, ललितपुरमा भएको वार्ताद्वारा युद्धविराम आचारसंहिताको अनुगमनका लागि नागरिक अनुगमन समिति गठन गरियो। समितिमा नागरिक समाजका प्रतिनिधिसहित ३१ सदस्य रहेका थिए। अनुगमनका लागि असार १ गते डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उक्तसमिति गठन गरिएकोमा डा. पाण्डेले त्यसमा रहन अस्वीकार गरेपछि ०६३ असार १२ गते दलहरू र माओवादीबीच सहमति भई डा. वीरेन्द्रप्रसाद मिश्रको संयोजकत्वमा समितिलाई निरन्तरता दिइयो।[६२] त्यसैगरी वार्तामा पर्यवेक्षकका रूपमा नागरिक समाजमा ५ जना सदस्य रहेको समिति गठन गरेको थियो। असार २ गते सात दल र माओवादीका शीर्ष नेताहरूको शिखर वार्ता प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न भयो। बैठकले अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकार बनाई संविधानसभा निर्वाचनको मिति घोषणा गर्ने निर्णय गरेको थियो। पुनर्स्थापित संसद र माओवादीको जनसरकार भंग गर्नुअघि अन्तरिम संविधान निर्माण तथा सोही संविधानका आधारमा अन्तरिम सरकार गठन र संविधानसभा निर्वाचनको मिति घोषणा गर्ने सहमति भएको थियो। बैठकमा संविधानसभाको निर्वाचन निष्पक्ष बनाउने र उक्त निर्वाचनमार्फत् वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक लगायत्का समस्याहरूको समाधान गर्नेगरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने सहमति भएको थियो।[६३] बैठकमा भएका सहमतिका बुँदाहरूलाई दल र माओवादीले ८ बुँदामा संयोजन गरेका थिए।

०६३ असार २ गतेको शिखर वार्ताले तय गरेबमोजिमको कार्य सम्पन्न गर्न ढिलाई भएका कारण धेरै खालका टिका टिप्पणीहरू भए। राज्य पक्ष र माओवादी दुवै आफैले तयार गरी लागू गरेको युद्धविराम आचारसंहिताको पालनामा गम्भीर देखिएनन्। उनीहरू बीच चर्को आरोप-प्रत्यारोप चल्यो। सरकारले माओवादीको हतियार र सेना व्यवस्थापनलाई प्राथमिकता दियो भने माओवादीले अन्तरिम संविधान, व्यवस्थापिका र अन्तरिम सरकारको राजनीतिक मुद्दालाई प्राथमिकता दियो।[६४]

सरकार र माओवादीबीच भएका विगतका सबै सहमति र समझदारीहरूको इमान्दारीपूर्वक पालना नभएको र तिनीहरूको कार्यान्वयनमा बाधा उत्पन्न भएको एवम् दुवै तर्फबाट एक-अर्काका क्रियाकलापप्रति चर्को टिप्पणी भइरहेको सन्दर्भमा दुवै पक्षबीच सम्पन्न अनौचारिक वार्ता र छलफलहरूले भने शान्तिपूर्ण राजनीतिक निकास र युद्ध समाप्तिको प्रक्रियालाई अगाडि बढायो।

अन्तरिम संविधान मस्यौदा समितिले अन्तरिम संविधानको मस्यौदा बुझाइसकेपछि राजनीतिक सहमतिले टुंगो लगाउने विषयमा भएका खाली ठाउँहरू पूरा गरी संविधानलाई पूर्णता दिनुपर्ने अवस्था सृजना भइरहेको अवस्थामा ०६३ कात्तिक २२ गते सम्पन्न सात दल र माओवादीबीच शीर्ष बैठक सम्पन्न भयो। उक्त बैठकले भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तनसमेतका लागि ०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्षरूपले संविधानसभाको निर्वाचन गर्नका लागि विगतका सहमति र समझदारीलाई कार्यान्वयन गर्न समय तालिका[६५] तय गऱ्यो। साथै, सेना र हतियार व्यवस्थापन, अन्तरिम संविधान, द्वन्द्व पीडितहरूको व्यवस्थापन समेतका विषयमा निर्णय गरेको थियो।

शीर्ष बैठकको निर्णयबमोजिम पहिलो मुख्य विषय रहेको विस्तृत शान्ति सम्झौतामा कात्तिक ३० गते हस्ताक्षर गर्ने सहमति भएको थियो। शान्ति प्रक्रियासम्बन्धी कार्य गर्नका लागि सरकारले ०६३ असार १ गते नेपाली काँग्रेसका महामन्त्री रामचन्द्र पौडेलको संयोजकत्वमा ९ सदस्यीय शान्ति समिति गठन गरेको थियो। शान्ति समितिले तयार पारेको मस्यौदाउपर माओवादी र सरकारबीच सहमतिपश्चात् मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भयो।

विस्तृत शान्ति सम्झौताले विगतदेखि विद्यमान राजनीतिक, आर्थिक, सामाजिक असमानता अन्त्य गर्ने, त्यसको रूपान्तरण र द्वन्द्व व्यवस्थापन गर्ने, सेना र हतियारको व्यवस्थापन गर्ने, सैन्य कारवाही र सशस्त्र परिचालनको अन्त्य, मानवअधिकार, मौलिक अधिकार र

---

६२. पूर्ववत ५१ । पृ. २४

६३. "सात दल र नेकपा (माओवादी) बीच भएको ८ बुँदे सहमति"। बुँदा नं. ६ र ७ । *www.peace.gov.np/admin/doc/8-point%20agreement.pdf* । ०६३ असार २

६४. "युद्धविराम आचासंहिता अनुगमन दोश्रो प्रतिवेदन" । काठमाडौं: युद्ध विराम आचारसंहिता नागरिक अनुगमन समिति । ०६३

६५. "सातदल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णयहरू" । *www.peace.gov.np/admin/doc/Decisions%20of%20SPA%20and%20Maoist%20on%20%20Kartik22.pdf* । ०६३ कात्तिक २२

मानवीय कानुनको परिपालनाका मुख्य विषयवस्तु समेटेको छ।

शान्ति सम्झौतामा युद्धको समाप्तिसँगै मानवअधिकारको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धता, कुनै खालको विभेद हुन नदिने कुरामा सहमति गरिएको छ। त्यसैगरी नागरिक, राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोगको वातावरण सृजना गर्ने, दण्डहीनतालाई प्रश्रय नदिने, द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने, महिला र बालबालिकाको अधिकारको विशेष संरक्षण गर्ने कुरा सम्झौतामा उल्लेख छ। सम्झौतामा उल्लेखित व्यवस्थाहरूको उल्लंघन गर्नेहरूलाई कानुनबमोजिम सजाय गर्ने व्यवस्था पनि गरिएको छ।

३.७ संयुक्त राष्ट्रसंघको संलग्नता

आठ बुँदे सहमतिको बुँदा नं. ३ मा उल्लेख भएबमोजिम संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियार व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई सरकारले ०६३ असार १८ गते संयुक्त राष्ट्रसंघलाई हतियार व्यवस्थापन, संविधानसभाको निर्वाचन अनुगमनलगायत्का विषयमा पत्र[६६] पठाएकोमा माओवादीले आफ्नो सहमतिबिना पत्र पठाएको भनी आफ्नो तर्फबाट साउन ८ गते छुट्टै पत्र संयुक्त राष्ट्रसंघलाई पठायो। ती पत्रको आधारमा स्टेफेन डी मिस्टुराको नेतृत्वमा संयुक्त राष्ट्रसंघीय विशेष टोली स्थिति अध्ययनका लागि ०६३ साउन १० गते नेपाल आई[६७] सरकार, माओवादीलगायत्का सरोकारवालाहरूसँग भेट गरी राष्ट्रसंघको सहयोगका लागि सरकार तथा माओवादीलाई तत्काल संयुक्त धारणा बनाउन अनुरोध गऱ्यो। सो अनुरोधबमोजिम, सरकार र माओवादीबीच शान्ति प्रक्रिया र स्वच्छ तथा निष्पक्ष संविधानसभाको निर्वाचनका लागि सहयोग पुऱ्याउन अनुरोध गरिएको ५ बुँदे सहमतिपत्र तयार भयो, जसलाई ०६३ साउन २४ गते दुवै पक्षका तर्फबाट राष्ट्रसंघसमक्ष पठाइयो।

सोही संयुक्त पत्रबमोजिम राष्ट्रसंघले हतियार व्यवस्थापनसहित शान्ति प्रक्रियामा स्थायी सहयोगीको भूमिका निर्वाह गर्न नेपालस्थित ओएचसीएचआरका तत्कालीन प्रमुख इयान मार्टिनलाई जिम्मेवारी दिइएको थियो, उनलाई पछि राष्ट्रसंघीय महासचिवका स्वकीय प्रतिनिधिको जिम्मेवारी प्रदान गरियो।

सरकार र माओवादीबीच मंसिर ५ गते शान्ति सम्झौता सम्पन्न भएपश्चात् दुवै पक्षका सेना तथा हतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघीय सहयोग मिसनका प्रमुख इयान मार्टिनको उपस्थितिमा ०६३ मंसिर २२ गते दुवै पक्षबीच हतियार व्यवस्थापन सम्झौता सम्पन्न भयो। सो सम्झौताबमोजिम हतियार व्यवस्थापनको प्रक्रिया अगाडि बढ्यो।

३.८ अन्तरिम संविधानको मस्यौदाः मानवअधिकार उल्लंघनकर्तालाई छूट

सरकार माओवादी वार्ता तथा सातदल र माओवादीका शीर्ष बैठकहरू समेतले पटक-पटक गरेका सहमति, समझदारी र निर्णयहरूले अन्तरिम संविधान निर्माण गरी संक्रमणकालको व्यवस्थापन गर्ने र संविधानसभामार्फत जनताको इच्छा चाहनाबमोजिम नयाँ संविधान निर्माण गर्ने लक्ष्य राखिएको थियो। यो वर्षको अन्त्यसम्म अन्तरिम संविधानमा सहमति भए पनि जारी हुन सकेन।

अन्तरिम संविधान मस्यौदा समितिले विभिन्न विकल्प र खाली राखी ०६३ भदौ ९ गते सरकार माओवादी वार्ता टोलीलाई बुझाएको अन्तरिम संविधानको मस्यौदालाई सात राजनीतक दलको शीर्ष बैठकले ०६३ पुस १ गते पूर्णता दिई जारी गर्ने सहमत भएको थियो। अन्तरिम संविधानलाई पूर्णता दिए पनि नेकपा (एमाले) ले संविधानसभाको निर्वाचनका लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली हुनु पर्ने भनी छुट्टै मत राखेको थियो भने नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम हुनुपर्नेलगायत्का धाारणा राखी सात दलबीच सहमति भएको अन्तरिम संविधानप्रति विरोध जनाएको थियो।

अन्तरिम सविधानमा धेरै मौलिक अधिकारहरू समेट्ने प्रयास गरे पनि मानवअधिकार उल्लंघनकर्ताहरूलाई सजायबाट उन्मुक्ति दिइयो। सहमति भएको उक्त अन्तरिम संविधानमा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्नेहरूलाई पश्चातदर्शी कानुन बनाएर भए पनि सजाय गर्न सक्ने प्रावधान हुनु पर्ने भनी मानवअधिकार समुदायबाट आवाज उठे पनि त्यो प्रावधान राखिएन। सोही प्रावधान नभएका कारण मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नभएको यथार्थलाई पुनः बिर्सेर ०६२/०६३ को जनआन्दोलन दमन गर्नेहरूलाई छूट दिइयो। अन्तरिम संविधान मस्यौदा समितिले बुझाएको मस्यौदाको धारा २५(४) को प्रतिबन्धात्मक वाक्यांशमा युद्ध, अपराध र मानवताविरूद्धको

६६. इन्सेक । *प्राची द्वैमासिक* । पूर्णाङ्क ५९ ०६३ साउनः पृ. ३० र पूर्ववत् ५८ र ५९ पृ. २६
६७. पूर्ववत् । पृ. २६

अपराधसम्बन्धी कसूरमा पश्चातदर्शी असर हुने गरी कानुन बनाई मुद्दा चलाउन र सजाय गर्न सकिने व्यवस्था गरिएको थियो। तर सात दल र माओवादीहरूले सहमति गर्दा सो प्रावधान पनि हटाइयो। यो प्रवृत्ति नेपालमा लामो समयदेखिको विद्यमान दण्डहीनतालाई संस्थागत गर्ने प्रयासबाहेक अरू केही हुन सक्दैन।

त्यसैगरी मस्यौदामा राखिएको बाधा अड्काउ फुकाउने अधिकार र संकटकालीन व्यवस्था फेरी अर्को निरंकुशता जन्माउने प्रकृतिको छ।[६८] प्रधानमन्त्रीलाई अनियन्त्रित अधिकार दिइएको छ। यस्तो अधिकार प्रदान गर्ने संवैधानिक प्रावधानले अर्को निरंकुशता जन्माउने खतरा रहन्छ।[६९]

उल्लेखित बाहेक सहमति भएको अन्तरिम संविधानको मस्यौदामा केही राम्रा प्रवधानहरू पनि रहेका छन्। संविधानसभाको निर्वाचन सम्पन्न गर्नु राज्यको प्रमुख दायित्व भएको सहमति भएको उक्त मस्यौदामा उल्लेख छ। स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा जातीय भेदभाव विरूद्धको हक, प्रकाशन प्रसारण तथा छापाखानासम्बन्धी हक, वातावरण र स्वास्थ्यसम्बन्धी हक, शिक्षा तथा संस्कृतिसम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्मसम्बन्धी हक, न्यायसम्बन्धी हक, यातना विरूद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषणविरूद्धको हक, श्रमसम्बन्धी हक, देश निकालाविरूद्धको हक र संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा राखिएको छ।[७०]

मस्यौदाले राज्यलाई दायित्व पनि तोकेको छ। ती दायित्वहरूमा प्रमुखरूपमा संविधानसभाको निर्वाचन गर्ने, प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, स्वतन्त्र र सक्षम न्याय प्रणाली तथा कानुनी राज्यको अवधारणालाई शान्तिपूर्ण रूपमा उपभोग गर्न पाउने वातावरण सृजना गर्ने विद्यमान असमानता र समस्याहरूको समाधान गर्ने, राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा सबै प्रकारका विभेदकारी कानुनको अन्त्य गर्ने रहेका छन्।[७१]

०६३ असार २ गते प्रधानमन्त्री निवास बालुवाटारमा भएको सात दल र माओवादीको शिखरवार्तालि अन्तरिम संविधानको मस्यौदा तयार गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको थियो। उक्त समितिका सदस्यहरूमा हरिहर दाहाल, सिन्धुनाथ प्याकुरेल, शम्भु थापा, महादेव यादव र खिमलाल देवकोटा रहेका थिए। समितिलाई

प्रकोष्ठ : ५

अन्तरिम संविधान मस्यौदा समिति

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा मिति २०६३।३।२ मा सम्पन्न तेस्रो वार्ताको सहमति अनुसार सोही मितिमा अन्तरिम संविधान मस्यौदा समिति गठन भएको हो। शुरुमा एकजना संयोजकसहित ६ सदस्यीय समिति गठन भएकोमा मिति २०६३।३।३१ गतेको नेपाल सरकार र ने.क.पा (माओवादी)का बीच भएको सहमति अनुसार ९ जना सदस्यहरु थप गरी उक्त समितिलाई १५ सदस्यीय बनाइयो। सोही मितिमा भएको अर्को सहमति अनुसार समितिको लागि शुरुमा तोकिएको १५ दिनको कार्यावधिमा १० दिन थप गरी २०६३।३।२१ गतेबाट २५ दिन कायम गरिएको थियो। साथै समितिमा एकजना दलित अधिवक्ता समेतको प्रतिनिधित्व गराइने उक्त मितिको सहमति अनुसार मिति २०६३।४।१४ गतेको नेपाल सरकार र ने.क.पा. (माओवादी)का बीचको वैठकको निर्णय अनुसार मस्यौदा समितिमा पुन: १ जना सदस्य थप गरी समितिलाई देहाय बमोजिम १६ सदस्यीय कायम गरियो।

१. श्री लक्ष्मण अर्याल	संयोजक
२. श्री सिन्धुनाथ प्याकुरेल	सदस्य
३. श्री महादेव यादव	सदस्य
४. श्री हरिहर दाहाल	सदस्य
५. श्री शम्भु थापा	सदस्य
६. श्री खिमलाल देवकोटा	सदस्य
७. श्री अग्नि खरेल	सदस्य
८. श्री पुष्पा भुसाल	सदस्य
९. श्री सुशिला कार्की	सदस्य
१० श्री छत्र कुमारी गुरुङ	सदस्य
११. श्री शान्ता राई (शान्ति कुमारी राई)	सदस्य
१२. श्री सुनिल प्रजापति	सदस्य
१३. श्री पर्शुराम झा	सदस्य
१४. श्री चण्डेश्वर श्रेष्ठ	सदस्य
१५. श्री कुमार योञ्जन तामाङ	सदस्य
१६. श्री मीनबहादुर विश्वकर्मा	सदस्य

६८. अन्तरिम संविधानको मस्यौदा-२०६३ । धारा १५८, १४३(६) (८)

६९. पूर्ववत् । धारा ३८, ४०, ५१, ५२, ६९, १०३, ११७, १३१(३), १४५, १४९, १५२, १५९(२)

७०. पूर्ववत् । भाग ३

७१. पूर्ववत् । भाग ४ धारा ३३

शुरूमा १५ दिनको म्याद दिइएको थियो।

उक्त समितिमा दलको प्रतिनिधित्व नभएको भन्दै आफ्ना प्रतिनिधि थप गर्ने प्रयास गरियो। जनआन्दोलनको भावनाबमोजिम समिति समावेशी नभएको भन्दै सबै तिरबाट विरोधका स्वरहरू उर्लिए। महिलाहरूले त सिंहदरबार अगाडि धर्ना नै दिए। परिणामस्वरूप ०६३ असार ३१ गते नेपाल सरकार र माओवादीबीच भएको सहमति अनुसार ९ जना थप गरी १५ सदस्यीय समिति कायम गरियो भने ०६३ साउन १४ गते दलित समुदायको तर्फबाट एकजना सदस्य थप गरी १६ सदस्यीय समिति कायम गरियो।

समितिलाई ०४६ सालको जनआन्दोलनबाट प्राप्त जनअधिकार, सात दल र नेकपा माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिबद्धता, ०६२/६३ को ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरू सुनिश्चित गर्दै ०६३ जेठ १२ गते नेपाल सरकार र नेकपा माओवादीबीच सहमति भएको युद्धविराम आचारसंहिताको प्रस्तावनाको भावना अनुरूप अन्तरिम संविधानको मस्यौदा तयार गर्न कार्यादेश दिइएको थियो।[७२]

३.९ लोकतान्त्रिक सरकारद्वारा शान्तिपूर्ण प्रदर्शनमा रोक

लोकतान्त्रिक सरकारले राजाको प्रत्यक्ष शासनमा झैं शान्तिपूर्ण भेला हुने र प्रदर्शन गर्न पाउने अधिकारमाथि बन्देज लगाउँदै सिंहदरबार वरिपरिका निश्चित क्षेत्रहरूलाई निषेधित क्षेत्र घोषणा गऱ्यो।

०६३ जेठ ३ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंले शान्ति-सुव्यवस्था र सुरक्षा कायम राख्ने प्रयोजनका लागि भन्दै काठमाडौं महानगरपालिकाका निश्चित स्थानहरूमा राष्ट्रियस्तरमा मनाइने पर्व तथा विशुद्ध सांस्कृतिक कार्यक्रमबाहेकका कुनै सभा, जुलुस, धर्ना, घेराउ, अनसन आदि गर्न-गराउन निषेध गऱ्यो। निषेधित क्षेत्रअन्तर्गत काठमाडौंको हात्तिसार, जयनेपाल चित्रघरदेखि नागपोखरीसम्म, नागपोखरीदेखि पूर्व र उत्तर सडक हुँदै लैनचौरसम्म, लैनचौरदेखि राजदरबार दक्षिणढोका, बहादुर भवन, राष्ट्रिय नाचघर, तीनधारा पाठशाला अगाडि महेन्द्रको शालिकदेखि उत्तर राजदरबारसम्मका सम्पूर्ण क्षेत्रमा कुनै पनि धर्ना जुलुस, सभा गर्न नपाइने गरी निषेध गरिएको थियो। त्यसैगरी माइतीघर चोक, राष्ट्रिय अभिलेखालयदेखि पूर्व सिंहदरबार दक्षिण ढोका हुँदै हनुमानस्थानसम्म र सोदेखि उत्तर अनामनगर हुँदै रामशाहपथ पद्मोदय मार्गको मोडदेखि दक्षिण सिंहदरबार हुँदै राष्ट्रिय अभिलेखालय र भद्रकालीदेखि सिंहदरबारसम्मको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको थियो।[७३]

०६२/०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धिहरू संस्थागत गर्न ढिलाई भएको र सातदल निरंकुशतालाई जोगाउने प्रयासमा रहेको आरोप लगाउँदै तत्काल प्रतिनिधिसभाको घोषणा गर्नुपर्नेलगायत्का आवाज उठाउँदै विरोध प्रदर्शन, धर्ना, सभा-जुलुसहरू गरिएका थिए। प्रतिनिधिसभा घोषणामा ढिलाई भएका कारण आक्रोशित जनताले राजधानीलगायत्का ठाउँहरूमा प्रदर्शन र तोडफोड शुरू गरेका थिए।

३.१० सञ्चार माध्यममाथि प्रतिबन्ध

सरकारले नेपाल टेलिभिजनबाट प्रशारण हुने "सार्वजनिक सुनुवाई" कार्यक्रममाथि ०६३ मंसिर १७ गते रोक लगाएर उसका काम-कारवाहीहरूको आलोचना गर्न पाउने नागरिक अधिकार कुण्ठित गर्ने प्रयास गऱ्यो।

प्रतिनिधिसभाबाट पारित नागरिकता ऐनलाई लिएर ०६३ मंसिर ११ गते प्रशारण गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमले राष्ट्रिय अखण्डता र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याएको आरोप लगाउँदै नेपाल टेलिभिजन बोर्डले कार्यक्रम प्रशारणमा रोक लगाएको थियो। कार्यक्रम सेन्सर नगरेको भनी नेपाल टेलिभिजन कार्यक्रम शाखाका लय संग्रौलासहितलाई स्पष्टीकरणसमेत माग गरिएको थियो।

सरकारले संविधान र सञ्चारसम्बन्धी कानुन विपरीत कार्य गरेकाले त्यसको जतातैबाट विरोध[७४] भएपछि ०६३ मंसिर १९ गते आइन्दा त्यस्ता प्रकृतिका कार्यक्रम प्रशारण नगर्ने शर्तमा कार्यक्रम प्रशारण गर्न फुकुवा गरिएको थियो।

३.११ निरंकुशताका स्वरूपहरू अन्त्य

निरंकुशतालाई अन्त्य गरी लोकतन्त्र स्थापनासँगै निरंकुशतालाई अन्त्य गर्ने प्रक्रियाहरू यो वर्ष तीव्र रूपमा अगाडि बढ्यो। सरकार माओवादी र सात राजनीतिक दलसमेतको सहमतिमा यो प्रक्रिया अगाडि बढ्यो।

निरंकुशता अन्त्यको मुख्य शुरूवात ०६२ चैत २४ गतेदेखिको आम हड्ताल र जनआन्दोलनमा परिणत भएको उक्त आन्दोलन थियो। आन्दोलनमा निरंकुशता अन्त्यका खातिर सपुतहरूले आफ्नो जीवन आहुती दिए।

---

७२. "अन्तरिम संविधान मस्यौदा समितिको गठन सम्बन्धी विभिन्न सहमतिहरू" । *www.peace.gov.np/admin/doc/Different%20areements%20on%20ICDC.pdf* । ०६३ असार २

७३. "निषेधित क्षेत्र घोषणा"। *गोरखापत्र* ०६३ जेठ ४: पृ. १

७४. "सार्वजनिक सुनुवाइमा रोक" । *कान्तिपुर दैनिक* ०६३ मंसिर १८: पृ. २

जनआन्दोलनले निरंकुश राजा ज्ञानेन्द्रलाई निरंकुशता त्यागी जनताले चाहेबमोजिमको शासन स्थापनाको बाटो खुला गरी दिन बाध्य पाऱ्यो। सो कार्यका लागि अन्तर्राष्ट्रिय समुदायले खेलेको भूमिका पनि त्यतिकै महत्वपूर्ण रह्यो। फलस्वरूप ०६३ वैशाख ११ गते राती १०.४५ बजे राजाले सात दलको मार्ग चित्रका आधारमा हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न ०५९ जेठ ८ गते विघटित प्रतिनिधिसभाको पुनर्स्थापना भएको घोषणा गर्नु पऱ्यो।[७५]

पुनर्स्थापित प्रतिनिधिसभाको ०६३ वैशाख १५ गते बसेको पहिलो बैठकले नेपालमा विद्यमान संकटको निकास दिन संविधानसभाको निर्वाचन गरी नयाँ संविधान निर्माण गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो। प्रतिनिधिसभाको विशेष बैठकमा नेपाली काँग्रेसमा सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उक्त प्रस्ताव राख्नुभएको थियो भने समर्थकमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, जनमोर्चाका लिलामणि पोखरेल, नेमकिपाका नारायणमान विजुक्छे र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का हृदयेश त्रिपाठी रहनुभएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")*

३.११.१ नगर निर्वाचनको खारेजी

राजाको सरकारले ०६२ माघ २६ गते सम्पन्न गराएको नगर निर्वाचन लोकतन्त्र स्थापनापश्चात् गठित मन्त्रिपरिषद्को ०६३ वैशाख २० गते बसेको बैठकले खारेज गऱ्यो। तत्कालीन सरकारले सात राजनीनिक दल, माओवादीलगायत्को बहिष्कार र देशव्यापी विरोध प्रदर्शनका बावजुद शान्तिपूर्ण भेलाहरूमा समेत व्यापक बल प्रयोग गरी जबर्जस्ती नगर निर्वाचन गराएको थियो।

३.११.२ स्थानीय निकायको मनोनयन र प्रशासकहरूको खारेजी

मन्त्रिपरिषदको ०६३ वैशाख २० गते बसेको बैठकले शाही सरकारले जिल्ला विकास समितिलगायत् स्थानीय निकायमा गरेका सबै मनोनयन खारेज गऱ्यो। यसका साथै शाही शासन अवधिमा नियुक्त क्षेत्रीय र अञ्चल प्रशासकहरूको खोरजी पनि सोही बैठकले गरेको थियो।

३.११.३ राजनीतिक नियुक्तिहरू खारेज

मन्त्रिपरिषद्ले ०५९ असोज १८ गतेपछि गरिएका सम्पूर्ण राजनीतिक निर्णयहरू खारेज गऱ्यो। असोज १८ पछि संस्थान, प्राधिकरण, निगमलगायत्मा गरिएका सबै राजनीतिक नियुक्ति मन्त्रिपरिषद्को ०६३ वैशाख २४ गतेको निर्णयले खारेज गरेको हो। त्यसैगरी बाह्र देशका राजदुतहरूलाई पनि फिर्ता बोलाइयो। ०५९ असोज १८ मा राजा ज्ञानेन्द्रले तत्कालीन जननिर्वाचित सरकारलाई अपदस्थ गरी आफैद्वारा मनोनित सरकारहरू गठन गरेका थिए। ०६१ माघ १९ गते उनले आफ्नै अध्यक्षतामा सरकार गठन गरेका थिए।

३.११.४ ऐन तथा अध्यादेशहरूको खारेजी र संशोधन

शाही सरकारद्वारा जारी गरिएका मानवअधिकारविरोधी अध्यादेशहरू लोकतन्त्र बहालीपछि खारेज गरिए। ०६३ वैशाख २६ गते सञ्चार अध्यादेश, सूचना गतिविधि प्रतिष्ठान, स्थानीय प्रशासन, समाज कल्याण, निर्वाचनसम्बन्धी र वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज गरी ६ अध्यादेशहरू खारेज गरिए[७६] भने ०६३ जेठ २९ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश खारेज गरियो।

राजालाई सबै ऐन-कानुन र नियमहरूबाट अधिकारविहीन बनाउने क्रममा अधिकार कटौति गर्दै सरकारले ०६३ साउन १ गते १६ वटा ऐनको खारेजी र २३ वटा ऐन संशोधन गऱ्यो। ती ऐनहरू राजालाई अधिकार प्रदान गर्न संशोधन गरिएका थिए। राजाले गर्ने नियुक्ति, मनोनयन, पदस्थापन, बढुवा, तलब वृद्धिजस्ता स्वविवेकीय र कानुनी सबै अधिकारहरू कटौती गर्ने क्रममा सरकारले यस्तो निर्णय गरेको थियो। सो निर्णयबमोजिम खारेज तथा संशोधन गरिएको ऐनहरू प्रतिनिधिसभाबाट पारित गरिएको थियो। सरकारले प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङ्को अध्यक्षतामा गठन गरेको प्रतिनिधिसभा घोषणा कार्यान्वयन समितिको सिफारिसमा उक्त निर्णय गरिएको हो।

३.११.५ प्रतिनिधिसभा घोषणा

सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा ०६३ जेठ ४ गते प्रस्तावित प्रतिनिधिसभा घोषणाले राजाका अधिकारहरूमा व्यापक कटौती गऱ्यो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")* उक्त घोषणाले

---

७५. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=28* । ०६३ वैशाख ११

७६. श्री ५ को सरकार । *नेपाल राजपत्र* । अतिरिक्तांक १०(क) । काठमाडौं: मुद्रण विभाग । ०६३ वैशाख २९

नेपाल अधिराज्यको संविधान २०४७ लाई पनि संशोधन गर्दै श्री ५ को सरकारलाई नेपाल सरकार र शाही नेपाली सेनालाई नेपाली सेना घोषणा गऱ्यो। सेनाको परमाधिपति राजा हुने व्यवस्थालाई खारेज गऱ्यो भने सेना संसदको मातहत रहने व्यवस्था गऱ्यो। राजपरिषदको खारेजी, राजाको सम्पत्तिमा कर लाग्ने, राजाका बारेमा अदालतमा प्रश्न आउन पाइने, श्री ५ को खर्च प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेलगायत्का व्यवस्था गरी निरंकुशताका संयन्त्रहरू अन्त्य गरियो।

३.११.६ राजदरबार सैनिक सचिवालयको खारेजी

राजाका अधिकार कटौती गर्ने र निरंकुशताका सबै स्वरूपहरू अन्त्य गर्ने क्रममा सरकारले ०६३ साउन ८ गते राजदरबारभित्र रहेको प्रमुख सैनिक सचिवालय खारेज गऱ्यो। उक्त सैनिक संचिवालयले दरबार र सेनाबीच सम्पर्क र समन्वय गर्दै आएको थियो। दरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले गर्ने निर्णयसहित यस्तो कदम चालिएको थियो।

३.१२ उच्चस्तरीय मिडिया सुझाव आयोगद्वारा सुझाव पेश

आमसञ्चारका माध्यमहरूले प्रेस स्वतन्त्रताको उपयोग एवम् मर्यादित व्यावसायिक र संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नुपरेका समस्याको पहिचान गरी त्यसको समाधानका लागि सुझाव पेश गर्ने प्रमुख कार्यका लागि सरकारले राष्ट्रियसभाका तत्कालिन सदस्य तथा कानुनविद् राधेश्याम अधिकारीको अध्यक्षतामा १३ सदस्यीय उच्चस्तरीय मिडिया सुझाव आयोग गठन गरेको थियो।

आयोगलाई छापा र विद्युतीय सञ्चार माध्यमहरूको दर्ता, सञ्चालन र अनुगमन प्रक्रियामा देखिएका कमी र त्रुटिहरू हटाउन आवश्यक सुझाव दिने, आमसञ्चार माध्यमहरूको वर्गीकरण र विज्ञापन नीतिबारे सुझाव दिने र आयोगले आवश्यक देखेका मिडियासम्बन्धी सुझाव पेश गर्ने क्षेत्राधिकार तोकिएको थियो।

आयोगले सञ्चार क्षेत्रमा व्यापक सुधार र जनताका सुचनाको हक संवैधानिक तथा कानुनीरूपमा स्थापित गर्नुपर्नेलगायत्का सुझाव[६६] दिदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ०६३ भदौ ३० गते प्रतिवेदन बुझाएको थियो।

३.१३ निर्वाचन आयुक्तको नियुक्ति संविधानसभाको चुनावका लागि तयारी

संवैधानिक परिषदको सिफारिसमा ०६३ कात्तिक १३ गते भोजराज पोखरेललाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गऱ्यो। त्यसैगरी कात्तिक २६ गते निलकण्ठ उप्रेती र उषा नेपाललाई निर्वाचन आयुक्तमा नियुक्त गरियो। संविधानसभाको निर्वाचन तयारीका लागि भनी निर्वाचन आयोगलाई पूर्णता दिइए पनि राजनीतिक दलहरूले अन्तरिम संविधानको मस्यौदालाई अन्तिम रूप दिन र पर्याप्त कानुनी आधारहरू तय हुन नसकेका कारण निर्वाचन तयारीका कार्यहरू यो वर्षको अन्त्यसम्म अगाडि बढ्न सकेनन्। आयोगले निर्वाचनमा सहयोगका लागि अन्तर्राष्ट्रिय समुदायसँग छलफल अगाडि बढायो। आयोगले निर्वाचनसम्बन्धी ऐन तथा नियमावलीहरूको मस्यौदा र छलफलको कार्य भने अगाडि बढायो।

४. सम्बोधन नगरिएका प्रमुख सवालहरू

लोकतन्त्र स्थापनापश्चात् सरकारले शान्ति स्थापना, लोकतान्त्रिकरण र मानवअधिकार संरक्षण तथा प्रबर्द्धनका क्षेत्रमा अग्रगामी कदमहरू चाले पनि केही मूलभूत विषयहरू भने सम्बोधन गर्न सकेन। बेपत्ता पारिएका नागरिकहरू, द्वन्द्व पीडित एवम् मानवअधिकार उल्लंघनका घटनाहरूमा पीडित भएकाहरू, वञ्चित समुदाय, तराईलगायत्का क्षेत्रमा रहेका समुदायहरूको मानवअधिकारका सवालहरूमा गम्भीरता देखिएन। त्यसैगरी दण्डहिनताको अन्त्यजस्ता सवालहरूमा पनि ठोस कदम चालिएन।

४.१ बेपत्ता

दश वर्षे सशस्त्र द्वन्द्वको समयमा सरकार तथा माओवादीद्वारा बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा सन् २००६ मा अपेक्षित कार्य हुन सकेन। बेपत्ता नागरिकहरूको स्थिति सार्वजनिक गर्ने लगायतका विषयमा सात राजनीतिक दल, सरकार र माओवादीबीच भएका विभिन्न सहमतिमा उल्लेख गरिए पनि कार्यान्वयनमा भने बेवास्ता गरियो।

सरकार र माओवादीबीच ०६३ कात्तिक २२ गते सम्पन्न शीर्ष बैठकले राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका नागरिकहरूको सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्ने

६६. "उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन" । काठमाडौं: उच्चस्तरीय मिडिया सुझाव आयोग । ०६३ । पृ. १०-३१

निर्णय गऱ्यो।[६८] ०६३ मंसिर ५ गते माओवादी र सरकारबीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा पनि दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्ने उल्लेख गरियो।[६९] बेपत्ता पारिएका नागरिकका परिवार तथा आफन्तहरूले उनीहरूको स्थिति सार्वजनिक गर्न आन्दोलनका विभिन्न कार्यक्रम आयोजना गरे।

सरकारले सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने प्रयोजनका लागि ०६३ जेठ ११ गते मन्त्रिपरिषद्को निर्णय बमोजिम गृह मन्त्रालयका सचिव वामनप्रसाद नेउपानेको अध्यक्षतामा एक सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिले ०६३ असोज ६ गते राज्य पक्षबाट बेपत्ता पारिएका भनिएका १ सय ७४ जनाको स्थिति सार्वजनिक गरेको थियो, जसमा ६ सय २ को अवस्था अज्ञात रहेको उल्लेख गरिएको थियो। समितिले गृहमन्त्रीलाई बुझाएको प्रतिवेदन प्रतिनिधिसभामा पेश गरी सार्वजनिक गरिएको थियो। प्रतिवेदनमा ५२ जनाको मृत्यु भएको, १ सय १८ जना छानबिनपछि रिहा भएका, एक सय फरार भएका र ३ फौजदारी अभियोगमा थुनामा रहेको उल्लेख गरिएको थियो। समितिले बेपत्ता पारिएका भनिएका नागरिकहरूका बारेमा थप छानबिनका लागि स्थानीय प्रशासन, राजनीतिक दल, स्थानीय निकाय र नागरिक समाज संलग्न कार्य सञ्जाल स्थापना गरी स्थलगत अध्ययन गर्नुपर्ने र सोका लागि न्यायिक संरचना निर्माण गरी छानबिन गरिनुपर्ने सुझाव दिएको थियो।[७०]

सो बमोजिमको कार्य तत्काल अगाडि बढाउनु पर्नेमा सरकारद्वारा कुनै प्रक्रिया अगाडि बढाइएन। नेपालस्थित ओएचसीएचआरले ०६२ जेठ १२ गते काठमाडौंको महाराजगञ्जस्थित नेपाली सेनाको भैरवनाथ गणमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदन सार्वजनिक गऱ्यो। ४९ जना नेपाली नागरिकको नामसमेत उल्लेख गरी सार्वजनिक गरिएको उक्त प्रतिवेदन र चासोप्रति सरकारद्वारा कुनै गम्भीरता देखाइएन। न त माओवादीले नै यसबारे आवाज उठायो। नेपालमा दण्डहीनताको संस्कृति विकसित हुनुमा यस्ता कारकहरूको पनि प्रमुख भूमिका रहेको छ।

४.२ द्वन्द्वका कारण विस्थापन

सशस्त्र द्वन्द्वका कारणले विस्थापितहरूको पुनर्स्थापनाका लागि यो वर्ष पनि ठोस कार्य हुन सकेन। लोकतन्त्र स्थापनाभन्दा पहिले विस्थापित हुनेहरूको संख्या थपिदै थियो। तर सरकार र माओवादीबीच ०६३ जेठ १२ गते सम्पन्न वार्ताद्वारा जारी २५ बुँदे युद्धविराम आचारसंहितामा विस्थापित भएकाहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सरकार र माओवादी दुवैले सहयोग गर्ने सहमति हुन पुग्यो।[७१] ०६३ कात्तिक २२ गते सात राजनीतिक दल र माओवादीबीच सम्पन्न शिखर बैठकले विगतमा भएका सहमति र समझदारीहरू कार्यान्वयन गर्ने कुरामा जोड दिएको थियो। विगतमा भएका सहमति तथा समझदारीहरू कार्यान्वयन गर्ने सम्बन्धमा प्रमुखरूपमा उठाइएका विषयहरूमध्ये विस्थापितहरू घर फर्कने वातावरण सुनिश्चित गर्ने तथा कब्जा गरिएका घरजग्गा, सम्पत्ति फिर्ता गर्ने थिए। त्यसका लागि जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने र उक्त कार्यलाई एक महिनाभित्र पूर्णता दिने निर्णय गरिएको थियो।[७२] माओवादीले पटक-पटकका सम्झौताहरू पालना नगरेको तथा सरकारले पनि स्पष्ट कार्यक्रम र योजना तय नगरेका कारण आन्तरिक विस्थापितहरू आफ्नो घर फर्कने वातावरण सृजना हुन सकेन।

विस्थापितहरू घर फर्कने कार्यमा माओवादीको अवरोध भएको देखियो। नेकपा (माओवादी) का स्थानीय र जिल्ला तहका प्रतिनिधिहरूले विस्थपितहरूलाई घर फर्काउने केन्द्रीय सहमति र प्रतिबद्धता बेवास्ता गरेका कारण यस्ता अवरोधहरू सृजना हुनपुगे। माओवादी जनअदालत तथा समुदायका अगाडि उपस्थित भई माफी माग्न लगाउने वा उनीहरू विस्थापित हुनु पहिलेका क्रियाकलापबारे स्पष्ट पार्नुपर्ने जस्ता शर्त राखेका कारण विस्थापितहरू घर फर्कने वातावरण सृजना हुन नसकेको देखियो।[७३] ०६३ मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतामा युद्धबाट पीडित र

---

६८. पूर्ववत् ६५ । निर्णय नं. १(ख)

६९. "विस्तृत शान्ति सम्झौता २०६३" । बुँदा नं. ७(३)(२) । *www.peace.gov.np/admin/doc/Comprehensive%20Peace%20Accord-21-nov,%202006.pdf* । ०६३ मंसिर ५

७०. "बेपत्ता नागरिकहरूको स्थिति प्रतिवेदन" । काठमाडौं: बेपत्ता नागरिकहरूको स्थिति छानबिन समिति । ०६३

७१. "युद्ध विराम आचारसंहिता सम्झौता" । बुँदा नं. १८ । *www.peace.gov.np/admin/doc/25%20Points%20Achar%20Samhita-jetha.12,%202063.pdf* । ०६३ जेठ १२

७२. पूर्ववत् ६५ र ७८ । निर्णय नं. १(क)

७३. ओएचसीएचआर-नेपाल । *मानवअधिकारको प्रबर्द्धन र संरक्षण : मानवअधिकारको स्थिति र विशेष समाधिक्षक र प्रतिनिधिहरूका प्रतिवेदनहरू* । काठमाडौं: नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय । ०६३ भदौ ३० । पृ. १५

विस्थापित व्यक्तिहरूको राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने र त्यसमार्फत् विस्थापितहरूसमेतका कार्य अगाडि बढाउने सहमति भएको थियो।[८४] सोबमोजिम नेपाल सरकारले आन्तरिक विस्थापितहरूको अभिलेख संकलनका लागि आफू विस्थापित भई बसेको जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न भनी सूचना जारी गरेको थियो।[८५] यसैगरी आन्तरिकरूपमा विस्थापित भएकाहरूको पुनर्स्थापनाका लागि सरकारले गृह मन्त्रालयमार्फत् कार्य शुरू गरेको उल्लेख गरिएको थियो।[८६]

०६३ वैशाखमा युद्धविराम र त्यसलाई युद्ध समाप्तिको स्थितिसम्म आइपुग्दा पनि उनीहरूलाई घर फर्काउने कार्यमा भएको ढिलाई र उपयुक्त नीति तथा कार्यक्रमको अभावका कारण आन्तरिकरूपमा विस्थापितहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूमा उल्लेख गरिएका अधिकारहरू सुनिश्चित हुन सकेनन्।

४.३ बञ्चित समुदायका सवाल

लोकतन्त्रमा बञ्चित वर्ग तथा समुदायका सवालहरूलाई समुचित ढंगले सम्बोधन गरिने अपेक्षा गरिएको हुन्छ। महिला, दलित, जनजाति, मधेश, कर्णालीलगायत् अहिलेसम्म पछाडि पारिएका वर्ग तथा समुदायको आवाज राज्य सञ्चालनका हरेक प्रक्रियामा समावेश गरिने कुरामा आशा बढेको थियो। तर सरकार गठनदेखि नै यस्ता सवालहरूप्रति ध्यान दिइएको पाइएन। सरकार-माओवादी वार्ता प्रक्रियामा समेत बञ्चित वर्ग तथा समुदायका आवाजहरूको उपेक्षा गरियो। बञ्चित समुदायका सवालहरू सबै प्रक्रियामा समावेश गरिनुपर्ने माग राख्दै महिला, दलित, जनजाति आदिले पटकपटक आन्दोलन गर्नुपऱ्यो। पटक-पटकको आन्दोलनका बावजुद उनीहरूको आवाज सुनुवाई भएन। राज्य संयन्त्रमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउने भनी प्रतिनिधिसभाले प्रस्ताव पारित गरे पनि त्यसको कार्यान्वयन भने गरिएन। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")* अन्तरिम संविधान मस्यौदा समितिमा आन्दोलन पछिमात्र महिला, दलित, जनजाति आदिका प्रतिनिधि सदस्यहरू थप गरियो।

प्रतिनिधिसभाले सदियौंदेखि विद्यमान जातीय छुवाछूत र भेदभाव अन्त्य गर्दै नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा त गऱ्यो *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "व्यवस्थापिका")*, तर त्यसको कार्यान्वयनतर्फ भने चासो दिइएन। राज्य संयन्त्रमा जातीय छुवाछूतबाट पीडित समुदायको शून्यप्रायः स्थिति अन्त्य गर्न सरकारले कुनै योजना अगाडि सारेन।

जनजाति, मधेशी, कर्णालीबासीलगायत्का समस्या समाधान गर्नेतर्फ पनि सरकारको नयाँ अवधारणा सार्वजनिक हुन सकेन। सोही प्रवृत्तिका कारण यो वर्षको अन्त्यतिर आइपुग्दा विभिन्न हिंसात्मक कार्यहरू शुरू भए।

अर्कातर्फ, वर्षको अन्त्यसम्म पनि राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगमा अध्यक्ष तथा सदस्यहरू नियुक्त हुन सकेनन्। सात राजनीतिक दल र माओवादीबीच भएका १२ बुँदे समझदारीलगायत्का अन्य दस्तावेजहरूमा समावेशीकरणको कुरा उठाइएता पनि व्यवहारमा लागू हुन सकेन। ०६३ कात्तिक २२ गते सात राजनीतिक दल र माओवादीबीच सम्पन्न शीर्ष बैठकका निर्णय र पुस १ गते अन्तरिम संविधानमा भएको सहमति हेर्दा व्यवहारतः राज्य संरचना समावेशी बनाउने र विद्यमान जातीय, क्षेत्रीय, लिङ्गीयलगायत्का समस्या समाधान गर्न राजनीतिक इच्छाशक्तिको अभाव देखियो। बञ्चित वर्ग तथा समुदायका सदियौंदेखि उल्लंघन हुँदै आएका मानवअधिकारका सवालहरूलाई व्यवहारतः यस वर्ष पनि सम्बोधन गरिएन।

४.४ तराईको आवाज

तराईका समस्याबारे सरकारले बेवास्ता गरेको भन्दै तराईमा बसोबास गर्ने मधेशी समुदायले आवाज उठाए। त्यसक्रममा विभिन्न हिंसात्मक गतिविधिहरू समेत भए। सरकारद्वारा उनीहरूका सवालहरूलाई यथोचित ढंगले सम्बोधन गर्न नसकिएका कारण पनि अवस्था जटिल बन्न पुग्यो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह समूह) र (गोइत समूह) दुवै तराईको सम्बन्धमा विभिन्न मागसहित विद्रोहमा उत्रिए। तराईलाई स्वतन्त्र राज्य घोषणा गरिनुपर्ने, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिनुपर्ने, समानुपातिक प्रतिनिधित्व हुनुपर्ने, तराईमा रहेका सम्पूर्ण सेना, प्रहरी र प्रशासनमा तराई मूलका नागरिकलाई नियुक्त गरिनुपर्नेलगायत्का ९ सूत्रीय माग राखी हिंसात्मकलगायत्का

---

८४. पूर्ववत् ७९ । बुँदा नं. ५(२)(४), ५(२)(८), ७(३)(३)

८५. "नेपाल सरकार गृह मन्त्रालयको आन्तरिकरूपमा विस्थापितहरूलाई सम्पर्क राख्न आउनेसम्बन्धी सूचना" । *गोरखापत्र* ०६३ मंसिर २८: अन्तिम पृष्ठ

८६. "विस्थापितलाई घर फर्काउन रकम निकासा" । *गोरखापत्र* ०६३ पुस १२: पृ. १

क्रियाकलाप अगाडि बढाए। तिनीहरूले उठाएका माग र संचालित गतिविधिका सम्बन्धमा पनि सरकार मौन रह्यो।

सातदल र माओवादीको शीर्ष बैठकद्वारा ०६३ पुस १ गते मस्यौदा अन्तरिम संविधानको टुंगो लगाइएपछि संविधानसभाको चुनावका लागि २ सय ५ निर्वाचन क्षेत्र यथावत राखिएकोमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले असहमति प्रकट गर्दै पुस १० गतेदेखि ४ दिन मधेश बन्दको घोषणा गऱ्यो। सोक्रममा पुस ११ गते नेपालगञ्जमा प्रहरीद्वारा चलाइएको गोली लागी कमल गिरीको मृत्यु भएको थियो। सरकारले उक्त घटनाका सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय न्यायिक आयोग गठन गऱ्यो।[८६] घटनाको कारण र त्यसको असर पत्ता लगाई दोषीउपर आवश्यक कारवाहीको सिफारिससहितको प्रतिवेदन पेश गर्न १५ दिनको समयावधि तोकी पुनरावेदन अदालत, बुटवलका न्यायाधीश पुरूषोत्तम पराजुलीको अध्यक्षतामा उक्त आयोग गठन गरिएको थियो। आयोगका सदस्यहरूमा नायब महान्यायाधिवक्ता द्रोणराज रेग्मी र राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त प्रमुख अधिकृत सुखचन्द्र झा थिए।

आफूहरूद्वारा आह्वान गरिएको बन्दको अवज्ञा गरेको भन्दै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह समूह) ले बसमा सवार यात्री अर्जुन फुयाँललाई ०६३ पुस १३ गते महेन्द्र राजमार्गअन्तर्गत सप्तरी जिल्लाको भारदह गाविस-१ मा गोली हानी हत्या गरे।[८८] यस्ता विभिन्न सवालहरू र घटनाक्रममा तराईमा आन्दोलन तथा हिंसात्मक गतिविधि बढ्दै गए।

४.५ दण्डहीनता

दण्डहीनताको अन्त्यका लागि सरकारद्वारा यो वर्ष पनि आवश्यक कदम चालिएन। राज्यपक्ष तथा माओवादीबाट भएका मानवअधिकार उल्लंघनका दोषीहरूउपर कारवाही नगरिएका कारण दण्डहीनताको संस्कृतिले प्रश्रय पायो। मानवअधिकार तथा मानवीय कानुन उल्लंघन गर्नेहरूलाई दण्डित गर्नका लागि कुनै पनि संयन्त्र स्थापना गरिएन।

प्रतिनिधिसभाको ०६३ साउन ९ गतेको बैठकले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदन गर्न सर्वसम्मतिले निर्देशन[८९] दिएता पनि सरकारले यस वर्षको अन्त्यसम्म पनि अनुमोदन गरेन। नेपालले रोम विधान अनुमोदन गरेको अवस्थामा सृजना हुनसक्ने दायित्व र अन्य विविध पक्षहरूको बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सरकारले ०६३ कात्तिक १ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव माधव पौडेलको संयोजकत्वमा कार्यदल गठन गरेकोमा उक्त कार्यदलले ०६३ मंसिर २८ गते उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझायो। तर पनि अनुमोदनसम्बन्धी प्रक्रिया अगाडि बढेको पाइएन।

सांसद हेमनारायण यादवको हत्यामा सैनिकको संलग्नता रहेको भनी संसदीय छानबिन समितिले ठहर गरी सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसमा दोषी कर्णेल बाबुकृष्ण कार्कीलगायत्माथि कारवाहीको प्रक्रिया अगाडि बढाइएन। ०५६ को निर्वाचनमा सिरहा जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट निर्वाचित नेकपा (एमाले) का सांसद यादवको ०६० माघ १९ गते हत्या भएको थियो।

सरकारले ०६२ चैत ११ गते धनुषाको जनकचोकमा प्रहरी निरीक्षक प्रकाश शर्माको नेतृत्वमा रहेको प्रहरी टोलीले अन्धाधुन्ध गोली चलाउँदा रामचन्द्र यादव र मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारको हत्या भएको घटनाका दोषीहरूलाई पनि यो वर्षको अन्त्यसम्म कुनै कारवाहीको प्रक्रिया अगाडि बढाएन। दोषीमाथि कारवाही नगरेको भन्दै पीडितका दाजु तथा बहिनीले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। सर्वोच्च अदालतले उक्त मुद्दालाई प्राथमिकतासहित सरकारसमेतका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "न्यायपालिका")*

त्यसैगरी ०६२ मंसिर २९ गते राती सेनाद्वारा गरिएको नगरकोट हत्याकाण्ड[९०]का दोषीउपर पनि कुनै कारवाही अगाडि बढाइएन।

०६३ वैशाख १२ र १३ गते मोरङको बेलबारीमा सेनाले गरेको बलात्कार र हत्याको घटना[९१]का दोषीहरूलाई पनि कुनै कारवाही अगाडि बढाइएन।

जनआन्दोलनमा मानवअधिकार उल्लंघन गर्नेहरूका सम्बन्धमा उच्चस्तरीय जाँचबुझ आयोग बनाई

---

८६. "न्यायिक आयोग गठन"। *www.kantipuronline.com/kolnepalinews.php?nid=95794*। ०६३ पुस १३

८८. "जतमुमो (ज्वालासिंह) द्वारा एक जनाको हत्या, सवारी साधनमा आगजनी" । पूर्ववत् ३, ४, ५, ६, ७, ११, १४, १९ र ३० । ०६३ पुस १३

८९. "सूचनापत्र-२ (बैठकको कारवाहीको संक्षिप्त विवरण)" । बैठक संख्या - ४१ । काठमाडौं: प्रतिनिधि सभा । ०६३ साउन ९ गते

९०. "नगरकोट हत्याकाण्डको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: मानवअधिकार समुदाय, ०६२ मंसिर ३०

९१. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "बेलबारी घटनाको स्थलगत अध्ययन प्रतिवेदन र अध्यावधिक प्रतिवेदन"। अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ वैशाख २० र पुस १०

त्यसले प्रतिवेदनसमेत बुझाइसकेको अवस्थामा दोषीहरूलाई कारवाही गर्नेतर्फ गम्भिरता देखिएन। आयोगको प्रतिवेदन यो वर्षको अन्त्यसम्म सार्वजनिक गरिएन। प्रतिवेदनले तोकेका दोषीहरूलाई कारवाही गर्नेतर्फ उपयुक्त संयन्त्र निर्माण गर्ने र कारवाहीको प्रक्रिया अगाडि बढाउनेजस्ता कार्य हुन सकेन। यसले गर्दा, रायमाझी आयोगको प्रतिवेदन पनि मल्लिक आयोगको झैं हुन्छकी भन्ने आशंका रह्यो।

सशस्त्र द्वन्द्वको समयमा पीडित भएकाहरूको न्यायका सम्बन्धमा पनि कुनै कार्य अगाडि बढाइएन। सशस्त्र द्वन्द्वको बेला विस्थापित भएकाहरूको सम्बन्धमा विभिन्न सहमति र सम्झौतामा उल्लेख गरिए पनि उनीहरूको पुनर्स्थापनाका लागि सरकारका तर्फबाट पहल हुन सकेन। यद्यपि शाही सरकारले ०६२ चैत १३ गते विस्थापितसम्बन्धी राष्ट्रिय नीति सार्वजनिक गरेता पनि कार्यान्वयन भने हुन सकेन।

अर्कातर्फ विगतमा मानवअधिकार तथा मानवीय कानुन उल्लंघनका घटनामा दोषी देखिएका रूक्माङ्गत कटुवाललाई नेपाली सेनाको प्रधानसेनापति बनाइयो। अर्कातर्फ ०६२ माघमा सेनाको गोली लागी फापरबारीमा ३ जना सर्वसाधारणको मृत्यु,[९३] बेलबारीको घटना,[९३] दाङका जिल्ला न्यायाधीश हरिप्रसाद बगालेले गरेको जातीय छुवाछूत[९४]जस्ता घटनामा राज्यको सार्वजनिक पदमा बसेका व्यक्तिहरूको संलग्नताको घटनालाई राज्यले प्रश्रय दियो। त्यस्ता दोषीहरूलाई सजायका लागि कारवाही प्रक्रिया अगाडि बढाइएन।

त्यसैगरी माओवादीले गरेका मानवअधिकार उल्लंघनहरूमा पनि माओवादी र सरकार दुवै मौन रहेको देखियो। ०६२ भदौ २२ गते लमजुङका सन्तबहादुर विक[९५] र कास्कीका १६ वर्षीय कुमार परियारलाई भदौ २६ गते चोरीको आरोपमा माओवादीले कुटपिट गरी हत्या गरे[९६] भने शान्ति सम्झौता भइसकेपछि माओवादीको चुलाचुली बेस क्याम्पको सहायक शिविर दानाबारीमा ०६३ मंसीर १० गते रमेश खनालको मृत्यु,[९७] राजधानीमा उपत्यका प्रहरी कार्यालय हनुमान ढोकाभित्र विष्णु महेश्वरीको मृत्यु[९८] तथा काठमाडौंको पुरानो बसपार्कमा हनुमान ढोकामा असई विधानचन्द्र शाहद्वारा चितवनका भुवन खरेलको हत्या, भोजपुर रानीबास हतुवागढीको संयुक्त सुरक्षा बेस क्याम्पमा हिरासतमा मारिएका देवेन्द्र राईको घटना[९९]लगायत्का घटनामा मानवअधिकार उल्लंघनका दोषीहरूउपर छानबिन र कारवाही प्रक्रिया नबढाई दण्डहीनताको संस्कृतिलाई प्रश्रय दिइयो। जसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको दायित्व पूरा गर्नुपर्ने राज्यको जिम्मेवारी पूरा हुन सकेन। बढ्दो दण्डहीनताको अवस्थाले सुशासन र कानुनको शासनका मान्यताहरू अवलम्बन भएको अवस्था रहन सकेन।

उल्लेखित दृष्टान्तहरूले लोकतान्त्रिक सरकार दण्डहीनता अन्त्य गर्नेतर्फ उन्मुख नरहेको स्पष्ट देखाउँछ। सरकार, माओवादी र सातदलबीच भएका सहमति, समझदारी तथा निर्णयहरूमा कानुनको शासन स्थापना र दण्डहीनताको अन्त्य गर्ने कुरा गरिए पनि व्यवहारमा दण्डहीनताको संस्कृति बढ्दो अवस्थामा देखियो।

४.६ प्रतिकार समिति

माओवादीको सशस्त्र द्वन्दको समयमा माओवादी प्रतिकारका नाममा नेपालका विभिन्न क्षेत्रमा गरिएका मानवअधिकार उल्लंघनका सम्बन्धमा सरकारले कुनै चासो देखाएन। दण्हीनतालाई संस्थागत गर्ने संस्कृति सरकारकै कारणले प्रश्रय पायो। राज्य आफैले संलग्न भई नवलपरासी,

---

९३. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "फापरबारी घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६२ माघ १८

९३. पूर्ववत ८९

९४. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "दाङमा जिल्ला न्यायाधीशले गरेको जातीय छुवाछूतसम्बन्धी घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ असोज ८

९५. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "माओवादीले चोरीको आरोपमा हत्या गरेको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ भदौ २६

९६. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "माओवादीले चोरीको आरोपमा हत्या गरेको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ असोज २

९७. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "इलामको दानाबारीस्थित माओवादी शिविरमा मारिएका रमेश खनालको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ पुस १०

९८. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "चौधरी ग्रुपद्वारा ५७ दिन बन्धक बनाइएका भारतीय नागरिक लक्ष्मीकान्त शर्मासम्बन्धी स्थलगत अध्यय प्रतिवेदन"। अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६३ असोज ४

९९. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "देवेन्द्र राईको हत्यासम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६२ फागुन ११

कपिलवस्तु[100] लगायत्का जिल्लाहरूमा प्रतिकारका नाममा हिंसात्मक गतिविधिहरू भएका थिए। ०६१ सालको अन्तिम समयदेखि प्रतिकारका नाममा गरिएका मानवअधिकार उल्लंघनका घटनामा ६५ जनाभन्दा बढी मानिसहरूको ज्यान गएको थियो। माओवादी प्रतिकारका नाममा भएका ती घटनाहरूको प्रतिशोधका रूपमा माओवादीहरूले पनि धेरैको हत्या गरेका थिए। प्रतिकार समितिहरूको नि:शस्त्रीकरण र त्यस्ता समूहहरूबाट पीडितहरूको राहतका लागि सरकारले कुनै चासो लिएको पाइएन।

४.७ पदाधिकारीविहीन मानवअधिकार आयोग

लामो समयदेखि रिक्त रहेको मानवअधिकार आयोगमा पदाधिकारीहरू नियुक्तिका लागि संवैधानिक परिषदले सिफारिस गऱ्यो तर नियुक्ति हुन सकेन। संवैधानिक परिषदले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायलाई अध्यक्ष तथा मानवअधिकारकर्मी गौरी प्रधान र पूर्वप्रशासक डा. लिला पाठकलाई नियुक्तिका लागि ०६३ पुस ३ गते सिफारिस गरेको थियो।

सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकले आठ महिनादेखि रिक्त रहेका राजदुतहरूको नियुक्ति गर्ने सिफारिस पनि गरेको थियो। उक्त सिफारिसहरू माओवादीको सहमतिबेगर भएको भन्दै माओवादीले बन्दलगायत्का आन्दोलन गरेका कारण नियुक्ति कार्य रोकिएको थियो। त्यसरी रोकिएको नियुक्ति यो वर्षको अन्त्यसम्म पनि हुन सकेन।

५. निष्कर्ष

सशस्त्र द्वन्द्वका कारण भइरहेका मानवअधिकार उल्लंघनका घटनाहरूमा लोकतन्त्र स्थापनासँगै उल्लेख्य कमी आयो। दुवै पक्षद्वारा युद्धविराम र युद्धविराम आचारसंहिता जारी भए पनि मानवअधिकार उल्लंघनका घटना पूर्णरूपमा रोकिएनन्, जसमा अधिकांश घटना माओवादीका तर्फबाट भएका थिए।

निरंकुश शासन र सशस्त्र द्वन्द्वको अन्त्य प्रक्रियासँगै शुरू भएको संक्रमणकालमा स्थापित गरिनुपर्ने संक्रमणकालीन न्यायका लागि लोकतान्त्रिक सरकारले कुनै कार्य गरेन भन्दा अत्यूक्ति नहोला। संक्रमणकालीन न्यायको सवाल उठाउँदा शान्ति प्रक्रिया भाँडिने आशंकालाई अगाडि सारेर सरकार, सात दल र माओवादी पक्षले त्यस्तो संयन्त्र स्थापना गर्ने प्रक्रिया अवलम्बन गरेनन्।

सरकार गठन, सरकार-माओवादी वार्ता टोली गठन, वार्ता प्रक्रिया, संविधान मस्यौदा समिति गठन, संविधानसभाका लागि गरिने निर्वाचन प्रणाली निर्धारण, अन्तरिम व्यवस्थापिका गठनको निर्णय, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान निर्माणलगायत्का प्रक्रिया र कार्यहरू हेर्दा सकारात्मक उपलब्धिहरू हासिल भए। तर सबै वर्ग तथा समुदायको सहभागितायुक्त र समावेशी राज्य बनाउनेतर्फ अपेक्षित कार्यहरू हुन सकेनन्।

०६३ पुस १ गते सात राजनीतिक दल र माओवादीका नेताहरूको शीर्ष बैठकले जारी गर्ने गरी टुंगो लगाइएको अन्तरिम संविधानप्रति सहमति भएकै दिनदेखि व्यापक विरोध भयो। वर्षको अन्त्यसम्म यो क्रम चलिरह्यो। जारी गर्न सहमति भएको अन्तरिम संविधानले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्नेहरूलाई छूट दियो भने पुन: असमावेशी चरित्र ग्रहण गऱ्यो।

लोकतान्त्रिक सरकारले पनि निरंकुश सरकारको जस्तै संविधान तथा मानवअधिकार विरोधी व्यवहार प्रदर्शन गऱ्यो। तत्काल सम्बोधन गरिनुपर्ने मानवअधिकारसम्बन्धी ज्वलन्त सवालहरू, खासगरी विस्थापितहरूको पुनर्स्थापना, तराई वा मधेश, दलित, जनजाति, महिला, बेपत्ता पारिएका नागरिकहरू, दण्डहीनता, जनआन्दोलनका घाइतेहरूको उपचार र क्षतिपूर्ती, मुक्तकमैयाहरू, संक्रमणकालीन न्यायको प्रत्याभूतिलगायत्का विषय र क्षेत्रप्रति बेवास्ता गरियो। त्यतिमात्र होइन, समग्र शान्ति प्रक्रियालाई सरकार वा सात दल र माओवादीबीचको राजनीतिक सहमतिको घेराभित्र सीमित गरियो। यस प्रक्रियामा अन्य क्षेत्रको भूमिका अवमूल्यन गरियो। मुख्य समस्याहरूलाई बेवास्ता गर्दै स्थापना गर्न खोजिएको शान्ति साँच्चिकै न्यायपूर्ण र दिगो हुनेमा प्रशस्त आशंका खडा हुन पुगे। जसका कारण, वर्षको अन्त्यतिर नयाँ स्वरूपको द्वन्द्व शुरू भयो।

वर्षको उत्तरार्धमा ०५२ सालदेखि राज्य र माओवादीबीच संचालित सशस्त्र युद्ध समाप्तिको औपचारिक घोषणा गरियो। दशक लामो युद्धबाट ग्रसित नेपाली जनताले यो वर्ष शान्तिको महसुस गर्न त पाए, तर पनि पीडितहरूका सवाल सम्बोधन हुने आधारको अभाव भने कायमै रह्यो।

---

१००. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "कपिलवस्तुमा माओवादी प्रतिकारका नाममा भएका मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरूको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौं: सचिवालय इन्सेक, ०६१ फागुन २५

परिच्छेद ३

राज्य र मानवअधिकार

३.३ व्यवस्थापिका

१. पृष्ठभूमि

जनआन्दोलनले विघटित प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाको प्रत्यक्ष शासनको अन्त्य र राज्यको सार्वभौमसत्ता जनतामा हस्तान्तरण गऱ्यो। सार्वभौमसत्ता नेपाली जनतामा फर्काएर दिगो शान्ति र लोकतन्त्र स्थापनाको उद्देश्य पूरा गर्न नेपाली जनताको बलमा पुनर्स्थापित प्रतिनिधिसभाको विशेष र असाधारण प्रकृतिको महत्व र गरिमा छ।[१] प्रतिनिधिसभाको पुनर्स्थापना सङ्कट समाधानको प्रस्थान विन्दु बन्यो। यस अवधिमा प्रतिनिधिसभाले गम्भीर तथा दूरगामी प्रभाव पार्नसक्ने निर्णयहरू गरिसकेको छ। सात दल र माओवादीले राज्यको समग्र अग्रगामी पुनर्संरचनाका लागि देशका सामू प्रस्तुत गरेका मार्गचित्रलाई मूर्तरूप प्रदान गर्न प्रतिनिधिसभा जनआन्दोलनपछिको नेपाली राजनीतिमा प्रभावकारी सेतु साबित भयो। यसले समकालीन नेपालको शासन व्यवस्थामा जनप्रतिनिधिविहीन सन्नाटा समाप्त पारी लोकतन्त्र, शान्ति र अग्रगमनप्रति जनतामा नयाँ आशासमेत जगाएको छ।

सात दलको अगुवाईमा ०६२ चैत २४ गतेदेखि ०६३ वैशाख ११ गतेसम्म सञ्चालित जनआन्दोलनलाई विद्रोही माओवादीले पनि पूर्णरूपमा समर्थन गरेका थिए। सात दल र नेकपा (माओवादी) बीच लोकतन्त्र स्थापनाका लागि ०६२ मंसिर ७ गते भारतको राजधानी नयाँ दिल्लीमा १२ बुँदे[२] समझदारी सम्पन्न भएको थियो। यही ऐतिहासिक सम्झौताले पनि १९ दिने जनआन्दोलनलाई ०६३ वैशाख ११ गते निर्णायक गन्तव्यमा पुऱ्याउन भूमिका निर्वाह गऱ्यो। वैशाख ११ गतेको शाही सम्बोधनमार्फत् राजाले आन्दोलनरत सात दलको मार्गचित्रलाई स्वीकार गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको घोषणा गरे। नेपालले यही विन्दुबाट सशस्त्र द्वन्द्व र तानाशाही शासनबाट मुक्तिको दिशा तय गऱ्यो।

लोकतन्त्रको स्थापना र यसको संस्थागत विकासमा महत्वपूर्ण तथा निर्णायक भूमिका सम्बन्धित देशका नागरिकहरूकै हुन्छ। राजा ज्ञानेन्द्रले ०६३ वैशाख ८ गते आफ्नो अधिनायकवादी मार्गचित्रबाट पछि हटेर सात दललाई सरकार बनाउन आग्रह गर्दा अन्तर्राष्ट्रिय जगतले राजाको टालटुले शाही सम्बोधनप्रति नरम धारणा व्यक्त गर्दै समर्थन गर्न सुरु गरेका थिए। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता सियान मेकोरम्याकले ०६३ वैशाख ८ गते नै विज्ञप्ति जारी गरी राजाले सार्वभौमसत्ता जनतामा निहित रहेको प्रष्ट पारेकोमा खुशी व्यक्त गरेका थिए। प्रवक्ता मेकोरम्याकले आन्दोलनरत सात दललाई साझा प्रधानमन्त्री चयन गरी मन्त्रिपरिषद् गठन गर्न आग्रहसमेत गरेका थिए। छिमेकी राष्ट्र भारतले वैशाख ८ गतेको शाही सम्बोधनमा कार्यकारी अधिकार जनतामा हस्तान्तरण गर्ने घोषणा गरिएको भन्दै त्यसको स्वागत गरेको थियो। भारतले नेपालप्रतिको आफ्नो सरोकारमा सात दलद्वारा गठन हुने सरकार बहुदलीय प्रजातन्त्र र नेपाली जनताको स्वतन्त्रता पुनर्स्थापना गर्न सक्षम हुने आशासमेत व्यक्त गरेको थियो।[३] तर राजाको वैशाख ८ गतेको घोषणाका बारेमा विश्व समुदायबाट व्यक्त गरिएका सकारात्मक कुटनीतिक धारणा विपरीत आन्दोलनरत सात दलले लोकतान्त्रिक जनआन्दोलनलाई निरन्तर जारी राखे र प्रतिनिधिसभाको पुनर्स्थापना गराइछाडे। यसअघि देश करिब चार वर्ष प्रतिनिधिसभाविहीन अवस्थाबाट गुज्रिएको थियो। ०५९ जेठ ८ गते तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा राजाद्वारा प्रतिनिधिसभाको विघटन गरिएको थियो।

२. उपलब्धिका रूपमा प्रतिनिधिसभा पुनर्स्थापना

प्रतिनिधिसभा पुनर्स्थापनापछि राजाले निष्क्रिय तुल्याएको नेपाल अधिराज्यको संविधान २०४७ पुनः क्रियाशील भयो। यसबाट एकातिर संवैधानिक शून्यता समाप्त भयो भने अर्कोतर्फ राजाको हुकुमी शासन अन्त्य भई विधिको शासन प्रारम्भ भयो। प्रतिनिधिसभाको पुनर्स्थापनामार्फत् नेपाली जनताको बहुप्रतिक्षित वैधानिक तथा जनउत्तरदायी सरकार गठन भयो।[४]

प्रतिनिधिसभाको पुनर्स्थापनासँगै राजाका सम्पूर्ण कदम गलत साबित भए। राजा गल्ती स्वीकार्न बाध्य भई नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको वास्तविकता घोषणा गर्न बाध्य भए।[५] प्रतिनिधिसभाको पुनर्स्थापनाले मन्त्रिपरिषद्का अध्यक्ष रहेका राजाको प्रतिगामी मार्गचित्र र माओवादी अध्यक्ष प्रचण्डको मार्गचित्रलाई एकैसाथ समाप्त पारी मुलुकलाई दिगो शान्ति र लोकतन्त्रको बाटोमा हिँडाउने जनादेश सात दललाई प्राप्त भयो। पुनर्स्थापित प्रतिनिधिसभालाई स्थायी शान्तिका लागि संविधानसभाको निर्वाचनको प्रारूप तयार गर्ने जनादेश तथा शक्ति प्राप्त भएका कारण यसले त्यस्ता सबै निर्णय गर्न

---

१. संग्रौला, युवराज। "प्रतिनिधिसभाको शक्ति"। *कान्तिपुर* ०६३ जेठ ७: पृ. ७

२. इन्सेक। "गहिरिँदो राष्ट्रिय संकट" । *मानवअधिकार वर्षपुस्तक २००६*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००६। पृ. ५६

३. "शाही सम्बोधनको अमेरिका र भारतद्वारा स्वागत" । *कान्तिपुर* ०६३ वैशाख ९: पृ. २

४. बस्नेत, ललितबहादुर। "पुनर्स्थापित प्रतिनिधिसभाको चुनौती"। *नेपाल साप्ताहिक* ०६३ वैशाख ३१: पृ. १९

५. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रको नाममा बक्सेको शाही घोषणा" । *www.nepalmonarchy.gov.np/message/message_nepali.php?ID=28* । ०६३ वैशाख ११

सक्छ, जसले भविष्यमा राष्ट्रले अवलम्बन गर्नुपर्ने मार्ग तय गर्न सजिलो हुन सकोस्।[६] सशस्त्र द्वन्द्वले मुलुकको समस्या निरूपण गर्न सक्दैन, समस्याको निरूपण त केवल शान्तिपूर्ण आन्दोलन तथा शान्ति वार्ताले गर्न सक्दछ भन्ने मान्यता पनि जनआन्दोलनको सफलतापछि पुनर्स्थापित प्रतिनिधिसभाले स्थापित गरेको छ।[७]

३. मुलुक जनप्रतिनिधिविहीन हुनुको मूल कारणः राजाको अधिनायकवादी हठ

प्रतिनिधिसभाका उपलब्धिहरूको विवेचना गर्नुअघि प्रतिनिधिसभाविहीन हुनुका कारणहरूको समीक्षा गर्नु उपयुक्त हुने भएकोले यहाँ त्यसबारे चर्चा गरिएको छ। मुलुक चारवर्षदेखि प्रतिनिधिसभाविहीन अवस्थामा रहनुका कारणका बारेमा अघिल्ला वर्षहरूमा इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक[८] मा विस्तृतरूपमा उल्लेख गरिएको छ।

त्यसरी प्रतिनिधिसभाविहीन हुनुमा मूलरूपमा राजाको शासन गर्ने महत्वाकांक्षी सोच[९], राजनीतिक दलहरूको अदूरदर्शी नीति[१०], तत्कालीन प्रधानमन्त्रीको हतासको निर्णय[११], राजनीतिक दलहरूमा प्रजातान्त्रिक संस्कारको अभाव[१२], प्रतिनिधिसभाको विघटनलाई वैधानिकता दिने सर्वोच्च अदालतको निर्णय, नेकपा (माओवादी) को सशस्त्र जनयुद्ध[१३] आदि प्रमुख कारण थिए।

प्रतिनिधिसभाविहीन अवस्थाका कारण कार्यपालिकाका कार्यहरू उपर प्रश्न उठाउने निकायको अभाव हुन गई मुलुकमा मानवअधिकारको उल्लंघन[१४] व्यापक भयो। संगठित र शक्तिशाली राजनीतिक निकायका रूपमा संसदले कार्यपालिकालाई सचेत गराउने गरेको थियो। संसदको उपस्थिति राजाका लागि आफ्नो प्रत्यक्ष शासन कायम गर्ने महत्वाकांक्षाको बाधक थियो। संसदविहीन अवस्थामा राजाले असंवैधानिक क्रियाकलाप अघि बढाए। उनले नेपाल अधिराज्यको संविधान २०४७ को व्यापक दुरूपयोग[१५] गरे। अनुत्तरदायी सरकारको शासन[१६] चलाउन अनुत्तरदायी राजालाई संसदविहीन अवस्थाले साथ दियो। त्यहीकारण हिंसात्मक द्वन्द्व झन् जटिलतातिर उन्मुख हुन गयो। तर राजाले आफ्नो मार्गचित्रलाई चौध महिनाभन्दा केही बढी समयसम्म मात्र तन्काउन सके। अन्तर्राष्ट्रियरूपमा समेत नेपालको शाही शासनलाई हेर्ने दृष्टिकोण सुरुवातदेखि अन्त्यसम्मै नकारात्मक[१७] रह्यो।

४. सातदलको मार्गचित्रमा लोकतन्त्रको उदय

सात दलले ०६२ चैत २४ गतेदेखि ०६३ वैशाख ११ गतेसम्म सञ्चालन गरेको जनआन्दोलनले प्रतिनिधिसभालाई वैशाख ११ गते राति साढे ११ बजे पुनर्स्थापित गऱ्यो। ०५८ असोज १८ गते राजा ज्ञानेन्द्रले कार्यकारिणी अधिकार आफूमा निहित गरी मुलुकको शासनभार स्वयम् ग्रहण गरेको घोषणा गरेका थिए।[१८] तर वैशाख ११ गते उनले नेपाल अधिराज्यको राज्यशक्तिको श्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्य स्वीकार गरे। सात दलको मार्गचित्रका आधारमा विद्यमान हिंसात्मक द्वन्द्वलगायत् समग्र समस्याहरूलाई समाधान गर्न प्रतिनिधिसभाको पुनर्स्थापना भएको सन्देश राजाले आफ्नो घोषणामा उल्लेख गर्न बाध्य हुनुपऱ्यो। बहुदलीय प्रजातन्त्रको रक्षा र स्थायी शान्ति, राष्ट्रिय एकता एवम् सम्बृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने काम

---

६. पूर्ववत् १
७. गौतम, वामदेव। "संसद, सरकार र पार्टीका चुनौती"। *कान्तिपुर* ०६३ वैशाख १९: पृ. ७
८. इन्सेक। *मानवअधिकार वर्षपुस्तक २००३*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । पृ. ७५-७६ र इन्सेक। *मानवअधिकार वर्षपुस्तक २००४* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००४। पृ. ७९-८५
९. पूर्ववत् २ । पृ. २०
१०. इन्सेक। "राज्य र मानवअधिकार: व्यवस्थापिका" । *मानवअधिकार वर्षपुस्तक २००३*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००३। पृ. ७९-८५
११. पूर्ववत् २ र ९ । पृ. २८-२९
१२. "राज्य र मानवअधिकार: कार्यपालिका" र "राज्य र मानवअधिकार: व्यवस्थापिका" । पूर्ववत् १० । पृ. ५९ र ७९-८५
१३. इन्सेक। "अवरुद्ध प्रजातान्त्रिक अभ्यास" । *मानवअधिकार वर्षपुस्तक २००४*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र । २००४। पृ. ३०-३१
१४. "राज्य र मानअधिकार: कार्यपालिका" । पूर्ववत् २, ९ र ११ । पृ. १२८
१५. पूर्ववत्। पृ. ९५
१६. "सन् २००५ को मानवअधिकार स्थिति: समग्र मूल्यांकन" । पूर्ववत् २, ९, ११, १४ र १५ । पृ.९-१३
१७. पूर्ववत् । पृ. १४-१५
१८. "राज्य र मानवअधिकार" । पूर्ववत् १० र १२ । पृ.८३

पुनर्स्थापित प्रतिनिधिसभाले गर्ने विश्वास पनि राजाले शाही घोषणामार्फत् व्यक्त गरे। राजाले आफ्नो शाही घोषणामा जनआन्दोलनका क्रममा दिवंगत भएकाप्रति संवेदना र घाइते तथा आहत भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठक ०६३ वैशाख १५ गते शुक्रबार बस्न आह्वान गरे। यसरी उनले आफ्ना विगतका गल्ती अप्रत्यक्षरूपमा जनताका सामू स्वीकार पनि गरे।

४.१ सात दलको उच्चस्तरीय बैठक र त्यसपछिको विकासक्रम

०६३ वैशाख १२ गते नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको निवास महाराजगञ्जमा बसेको सात दलको उच्चस्तरीय बैठकले वैशाख ११ गते राजाबाट भएको सार्वजनिक घोषणालाई सकारात्मक कदम भन्दै स्वागत गर्ने निर्णय गऱ्यो। बैठकपछि सात दलका शीर्ष नेताद्वारा जारी विज्ञप्तिमा राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित रहेको र जनआन्दोलनका माध्यमबाट अभिव्यक्त जनभावनालाई स्वीकार्दै शान्तिपूर्ण संयुक्त जनआन्दोनले उठाएका पूर्णलोकतन्त्र, दिगो शान्तिलगायत्का विषयहरूलाई साम्बोधन गरेको उल्लेख गरिएको थियो।

४.२ पुनर्स्थापित प्रतिनिधिसभाप्रति माओवादी असन्तुष्ट

लोकतन्त्र प्राप्तिको आन्दोलनका क्रममा २५ जनाले सहादत प्राप्त गरे भने पाँचहजार भन्दा बढी घाइते[१९] भए। पुनर्स्थापित प्रतिनिधिसभाले मात्रै जनआन्दोलनको जनादेश पूरा नभएको भन्दै नेकपा (माओवादी) ले असन्तुष्टि व्यक्त गऱ्यो। माओवादी अध्यक्ष प्रचण्डले ०६३ वैशाख १२ गते एक विज्ञप्ति जारी गरी विजय जुलुसलाई आन्दोलनको निरन्तरताको रूपमा अघि बढाउने अभिव्यक्ति सार्वजनिक गरे। माओवादी विज्ञप्तिमा जनआन्दोलनको क्रममा काठमाडौं उपत्यकामा लगाइएको आर्थिक नाकाबन्दी पनि कायमै रहने जनाइएको थियो।

४.३ अन्तर्राष्ट्रिय समुदायद्वारा समर्थन

मुलुकको राजनीतिक संकट मोचन गर्न सात दलको मार्गचित्रअनुरूप सुरु भएको ऐतिहासिक जनआन्दोलको सफलतासँगै अन्तर्राष्ट्रिय समुदायको व्यापक समर्थन प्राप्त भयो। अमेरिकी विदेश मन्त्रालयका सहायक प्रवक्ता आदम इरेलीद्वारा[२०] वैशाख १२ गते लोकतन्त्र स्थापनाको शान्तिपूर्ण जनआन्दोलनमा सहभागी नेपालीको साहसलाई अभिवादन गर्दै राजनीतिक दलहरूले जिम्मेवारी मनन् गर्ने र जनचाहनाअनुरूप पूर्ण लोकतन्त्र र सुशासनका दिशामा अघि बढ्ने विश्वास व्यक्त गरियो।

भारत र चीनले सात दलको अगुवाईमा सम्पन्न शान्तिपूर्ण जनआन्दोलनको सफलताको स्वागत गरे। भारतद्वारा ०६३ वैशाख १२ गते जारी विज्ञप्तिमा जनआन्दोलनको सफलतालाई नेपाली जनताको अद्भूतपूर्व विजय भन्दै नेपाली जनताले देखाएको साहस र स्वतन्त्रता तथा लोकतन्त्र प्राप्तिप्रतिको असीम निष्ठाको खुलेर प्रशंसा गरियो।।[२१]

चीनिया विदेश मन्त्रालयका प्रवक्ता किन गेङले नेपालमा प्रतिनिधिसभाको पुनर्स्थापनाले सामाजिक स्थायित्व र राजनीतिक सहमतिलाई अघि बढाउने विश्वास व्यक्त गरे।[२२]

युरोपेली युनियनले ०६३ वैशाख १२ गते प्रेस विज्ञप्ति जारी गरी प्रतिनिधिसभा पुनर्स्थापनाको स्वागत गर्दै पुनर्स्थापित प्रतिनिधिसभाको वैशाख १५ गतेको पहिलो बैठकले नेपालको प्रजातन्त्र र शान्तिका लागि मार्गनिर्देश गर्ने विश्वास व्यक्त गऱ्यो।[२३] यसैगरी जापान, बेलायत र डेनमार्कलगायत्का मुलुकले नेपालमा लोकतन्त्र स्थापना भएकोमा खुशी प्रकट गर्दै त्यसको समर्थन गरे। नर्वेले प्रतिनिधिसभाको पुनर्स्थापनाको स्वागत गर्दै नेपालमा स्थगित विकास कार्यक्रम र सहायता सुचारु गर्ने निर्णय गऱ्यो।

४.४ प्रधानमन्त्रीमा कोइरालाः साझा सहमतिको परिणाम

०६३ वैशाख १२ गते बसेको सात दलको बैठकले गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीको रूपमा चयन गर्ने सर्वसम्मत निर्णय गऱ्यो। नेकाँ संसदीय दलको वैशाख १३ गते बिहान बसेको बैठकले कोइरालालाई संसदीय दलको नेताका रूपमा निर्विरोध निर्वाचित गऱ्यो। वैशाख १४ गते नेकाँले कोइरालालाई प्रधानमन्त्री नियुक्ति गर्न राजदरबारमा

---

१९. गौतम, कृष्ण, र बाबुराम विश्वकर्मा (सं.)। *मध्यमाञ्चल जनआन्दोलन र मानवअधिकार (०६२ चैत २४ देखि ०६३ वैशाख ११ गतेसम्मको १९ दिनको अवधिमा राज्यद्वारा भएको नागरिक तथा राजनीतिक अधिकार उल्लंघनसम्बन्धी विवरण* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र मध्यमाञ्चल क्षेत्रीय कार्यालय । ०६३ । पृ. ३

२०. "अन्तर्राष्ट्रिय समुदायको स्वागत" । *कान्तिपुर* ०६३ वैशाख १३: पृ. १

२१. Aryal, Kundan, and Upendra Kumar Poudel, (eds.) *Jana Andolan-II: A Witness Account (A Report of Human Rights Violation by the King's Government during Nineteen Days of the Movement)*. Kathmandu: Informal Sector Service Centre. p. 215

२२. पूर्ववत् २०

२३. पूर्ववत् २१ पृ. १९४

कारबाहीमा चार विधायक

कूल २ सय ५ सदस्य रहेको पुनर्स्थापित प्रतिनिधिसभा सदस्यहरूमध्ये नेकपा (एमाले) का सांसद हेमनारायण यादवको तत्कालीन शाही सेनाद्वारा हत्या गरिएको थियो भने राप्रपाका सांसद नेत्रलाल श्रेष्ठ मुलुकबाहिर थिए। शाही घोषणाको समर्थन गर्ने आफ्ना सांसदहरू नेकाँका प्रकाश कोइराला र नारायणसिंह पुनलाई नेकाँले पार्टीबाट निश्कासन गरी तिनको स्थान रिक्त राख्न संसद सचिवालयलाई पत्राचार गरेको थियो। त्यसैगरी नेकपा (एमाले) ले प्रेमबहादुर सिंह र नरबहादुर बुढाथोकीलाई संसदीय दलबाट हटाएको प्रस्ताव संसद सचिवालयमा दर्ता गरायो। राप्रपा सांसद कृष्णचरण श्रेष्ठको जनतान्त्रिक तराई मुक्ति मोर्चाका (गोइत) समूहद्वारा हत्या गरिएको थियो। यसरी साविक संख्या २ सय ५ मध्ये छ जना कम भएकाले १ सय ९९ जना सांसद बाँकी रहेको प्रतिनिधिसभा क्रियाशील भयो।

क्र.सं.	नाम/थर	जिल्ला	क्षेत्र.नं.
१	अजयकुमार चौरसिया	पर्सा	२
२	अजयप्रताप शाह	कपिलवस्तु	४
३	अर्जुनजङ्गबहादुर सिंह	चक्राङ्ग	१
४	अर्जुनप्रसाद जोशी	पर्वत	१
५	अष्टलक्ष्मी शाक्य (बोहोरा)	काठमाडौं	६
६	आनन्दप्रसाद ढुङ्गाना	धनुषा	३
७	आनन्दप्रसाद पोखरेल	दोलखा	२
८	आमोदप्रसाद उपाध्याय	मोरङ	१
९	ईश्वर पोखरेल	काठमाडौं	३
१०	उमाकान्त चौधरी	बारा	१
११	उर्मिला अर्याल	पर्सा	४
१२	ऋषिकेश गौतम	बारा	३
१३	एकनाथ रानाभाट	चितवन	२
१४	ओमप्रसाद ओझा	ताप्लेजुङ्ग	२
१५	कमल प्रकाश सुनुवार	रामेछाप	१
१६	कमला पन्त (आचार्य)	गोरखा	२
१७	श्रीमती काशी पौडेल	बर्दिया	१
१८	श्रीमती कुन्ता शर्मा	सुनसरी	१
१९	केपी शर्मा ओली	झापा	२
२०	केशरमान रोका	रुकुम	१
२१	केशव थापा	इलाम	३
२२	कैलाशनाथ कसौंधन	बाँके	३
२३	कृष्णकिशोर घिमिरे	दाङ	३
२४	कृष्णचरण श्रेष्ठ (हत्या)	सिरहा	३
२५	कृष्णप्रताप मल्ल	धनुषा	४
२६	कृष्णप्रसाद दाहाल	मकवानपुर	१
२७	कृष्णप्रसाद भट्टराई	पर्सा	१
२८	कृष्णप्रसाद सिटौला	झापा	१
२९	कृष्णलाल महर्जन	ललितपुर	२
३०	खुमबहादुर खड्का	दाङ	१
३१	खेमराज भट्ट मायालु	बर्दिया	३
३२	गिरिजाप्रसाद कोइराला	सुनसरी	५
३३	गेहेन्द्र गिरी	दाङ	४
३४	गोकर्णराज विष्ट	गुल्मी	३
३५	गोपालप्रसाद कोइराला	झापा	६
३६	गोपालमान श्रेष्ठ	स्याङजा	२
३७	गोपाल राई (मृत्यु)	ओखलढुङ्गा	२
३८	गोरखबहादुर बोगटी	हुम्ला	
३९	गोविन्दबहादुर शाह	अछाम	१
४०	गोविन्दराज जोशी	तनहुं	१
४१	गोविन्दविक्रम शाह	जाजरकोट	१
४२	डा. गंगाधर लम्साल	चितवन	३
४३	श्री गंगाप्रसाद नेपाल	सिन्धुली	१
४४	घनेन्द्र वस्नेत	भोजपुर	१
४५	चक्रप्रसाद वास्तोला	झापा	४
४६	चन्द्रबहादुर शाही	मुगु	
४७	चन्द्रमणि खराल	नवलपरासी	२
४८	चिरञ्जीवी बाग्ले	गोरखा	१
४९	चित्रबहादुर केसी	बाग्लुङ	२
५०	श्रीमती चित्रलेखा यादव	सिरहा	२
५१	जगदिशप्रसाद साह	सप्तरी	४
५२	जगन्नाथ खतिवडा	उदयपुर	२
५३	जनकराज गिरी	बाजुरा	
५४	ज्यप्रकाश प्रसाद गुप्ता	सप्तरी	१
५५	टुकराज सिर्देल	तनहुं	३
५६	टेकबहादुर चोखाल	कैलाली	४
५७	टेकप्रसाद राई	सखुवासभा	१
५८	टेकप्रसाद शर्मा कँडेल	बाग्लुङ	१
५९	डम्बरसिं सम्बाहाम्फे	पाँचथर	२
६०	डिलाराम आचार्य	अर्घाखाँची	१
६१	डिल्लीराज खनाल	अर्घाखाँची	२
६२	डिल्लीराज शर्मा	पर्वत	२
६३	तारानाथ रानाभाट	कास्की	१
६४	तारासम याङ्या	झापा	५
६५	तारिणीदत्त चटौत	कञ्चनपुर	२
६६	तीर्थराम ढुंगोल	काठमाडौं	७
६७	श्रीमती तीर्था गौतम	रुकुम	२

क्र.सं.	नाम/थर	जिल्ला	क्षेत्र.नं.
६८	तिलकुमार मेन्याङवो (लिम्बु)	ताप्लेजुङ्ग	१
६९	दानबहादुर चौधरी	कपिलवस्तु	१
७०	दामोदर वस्ताकोटी	नवलपरासी	१
७१	दिलबहादुर लामा	रसुवा	
७२	दिलेन्द्रप्रसाद बडू	दार्चुला	
७३	दुर्गा लिखा	धनकुटा	१
७४	दुर्योधन सिंह	रूपन्देही	१
७५	देवीलाल थापा	जुम्ला	
७६	देवेन्द्रराज कँडेल	नवलपरासी	४
७७	धर्मनाथप्रसाद साह	सिरहा	५
७८	नरबहादुर बुढाथोकी	डोल्पा	
७९	नरबहादुर हमाल	दैलेख	१
८०	नरेन्द्रबहादुर बम	बैतडी	१
८१	नरेन्द्र विक्रम नेम्वाङ	झापा	३
८२	नवराज सुवेदी	प्युठान	२
८३	नगेन्द्रकुमार राय	सलाही	४
८४	नारायणप्रसाद साउद	कञ्चनपुर	१
८५	नारायणमान बिजुक्छे	भक्तपुर	१
८६	नारायण शर्मा पौड्याल	चितवन	४
८७	नारायणसिंह पुन	प्यारदी	
८८	नेत्रलाल श्रेष्ठ	सल्यान	२
८९	परशुराम मेघी गुरुङ	सखुवासभा	२
९०	परी थापा	बाग्लुङ	३
९१	पशुपति चौलागाई	दोलखा	१
९२	पशुपतिशमशेर जबरा	सिन्धुपाल्चोक	३
९३	पाल्तेन गुरुङ	मनाङ	
९४	पुष्करनाथ ओझा	कैलाली	३
९५	पूर्णबहादुर खड्का	सुर्खेत	
९६	प्रकाश कोइराला	रौतहट	४
९७	प्रकाश ज्वाला	सल्यान	१
९८	प्रकाशबहादुर गुरुङ	कास्की	३
९९	प्रदीपकुमार ज्वाली	गुल्मी	२
१००	प्रदीप नेपाल	काठमाडौं	१
१०१	प्रेमबहादुर सिंह	कालिकोट	
१०२	प्रेमलाल सिंह	काठमाडौं	४
१०३	फटिकबहादुर थापा	गुल्मी	१
१०४	फरमुल्लाह मंसुर	बारा	४
१०५	बद्रीप्रसाद मण्डल	मोरङ	७
१०६	बलदेव शर्मा	दाङ	२
१०७	बलबहादुर केसी (खत्री)	सोलखुम्बु	
१०८	विरोध खतिवडा	मकवानपुर	२
१०९	बुद्धिमान तामाङ	धादिङ	१
११०	वेनुपराज प्रसाईं	इलाम	१
१११	डा. वोशधर मिश्र	रौतहट	३
११२	भक्तबहादुर बलायर	डोटी	१
११३	भद्रबहादुर थापा	पाल्पा	१
११४	भरतकुमार साह	रूपन्देही	४
११५	भरतमोहन अधिकारी	मोरङ	२
११६	महन्थ ठाकुर	सलाही	५
११७	महादेव गुरुङ	कास्की	२
११८	महेन्द्रकुमार राय	महोत्तरी	४
११९	महेन्द्रप्रसाद यादव	सलाही	१
१२०	महेन्द्रबहादुर पाण्डे	नुवाकोट	३
१२१	महेन्द्रप्रसाद यादव	महोत्तरी	१
१२२	महेश आचार्य	मोरङ	५
१२३	माधवकुमार नेपाल	रौतहट	१
१२४	मा. अफताव अलाम	रौतहट	२
१२५	मोहनबहादुर वस्नेत	सिन्धुपाल्चोक	१
१२६	मगलप्रसाद थारु	बाँदया	२
१२७	मगलसिंह मानन्धर	काठमाडौं	५
१२८	मृगेन्द्रकुमार सिंह यादव	सप्तरी	५
१२९	यज्ञजीत शाह	रूपन्देही	५
१३०	यादवबहादुर रायमाझी	पाल्पा	३
१३१	योगनारायण यादव	धनुषा	२
१३२	रघुजी पन्त	ललितपुर	३
१३३	रत्नप्रसाद शर्मा न्यौपाने	जाजरकोट	२

क्र.सं.	नाम/थर	जिल्ला	क्षेत्र.नं.
१३४	रमेश लेखक	कञ्चनपुर	३
१३५	राजेन्द्र खरेल	काभ्रेपलाञ्चोक	३
१३६	राजेन्द्रप्रसाद लाहनी	नुवाकोट	१
१३७	राजेन्द्रप्रसाद पाण्डे	धादिङ	३
१३८	राजेन्द्र महता	सलाही	२
१३९	रामकुमार चौधरी	सप्तरी	२
१४०	रामकृष्ण ताम्राकार	रूपन्देही	२
१४१	रामचन्द्र तिवारी	महोत्तरी	२
१४२	रामचन्द्र पौडेल	तनहुं	२
१४३	रामचन्द्र यादव	सिरहा	१
१४४	रामचन्द्र राय	सलाही	३
१४५	रामजनम चौधरी	कैलाली	२
१४६	रामनाथ अधिकारी	धादिङ	२
१४७	रामबहादुर गुरुङ	लम्जुङ	१
१४८	रामबहादुर विष्ट	अछाम	२
१४९	डा. रामवरण यादव	धनुषा	५
१५०	डा. रामशरण महत	नुवाकोट	२
१५१	रामहरि डुङ्गेल	रामेछाप	२
१५२	श्रीमती रेणुकुमारी यादव	सप्तरी	३
१५३	रोमी गौचन थकाली	मुस्ताङ	
१५४	लक्ष्मणप्रसाद महता	सुनसरी	३
१५५	लालबाबु पण्डित	मोरङ	३
१५६	लिलामणि पोखरेल	सिन्धुली	३
१५७	लेखनाथ अचार्य	रोल्पा	१
१५८	लेखनाथ न्यौपाने	भक्तपुर	२
१५९	वसन्तकुमार नेम्वाङ	पाँचथर	१
१६०	विजयकुमार गच्छदार	सुनसरी	२
१६१	विजय सुब्बा	तह्थुम	
१६२	श्रीमती विद्यादेवी भण्डारी	काठमाडौं	२
१६३	विनयेश्वर चन्द	बैतडी	२
१६४	वीरबहादुर लामा	मकवानपुर	३
१६५	वीरेन्द्रकुमार कनौडिया	कपिलवस्तु	३
१६६	वृजेशकुमार गुप्ता	कपिलवस्तु	२
१६७	शरदसिंह भण्डारी	महोत्तरी	३
१६८	शिवकुमार वस्नेत	खोटाङ	२
१६९	शिवप्रसाद हमागाईं	काभ्रेपलाञ्चोक	२
१७०	शिवबहादुर देउजा	काभ्रेपलाञ्चोक	१
१७१	शिवराज जोशी	दैलेख	२
१७२	शिवराज जोशी	सुर्खेत	३
१७३	सुभाष कर्माचार्य	सिन्धुपाल्चोक	२
१७४	शेरधन राई	भोजपुर	२
१७५	शेरबहादुर देउवा	डडेल्धुरा	
१७६	शंकरनाथ शर्मा अधिकारी	सिन्धुली	२
१७७	शंकरप्रसाद पाण्डे	स्याङजा	३
१७८	सबैधन राई	खोटाङ	१
१७९	श्रीमती सावित्रा बोगटी (पाठक)	चितवन	१
१८०	सिद्धराज ओझा	डोटी	२
१८१	सुवास नेम्वाङ	इलाम	२
१८२	सुरेन्द्रप्रसाद चौधरी	पर्सा	३
१८३	सुरेन्द्र हमाल	रोल्पा	२
१८४	सुरेशकुमार कार्की	उदयपुर	१
१८५	सुरेश मल्ल	ब्काङ	
१८६	सुशील कोइराला	बाँके	२
१८७	श्रीमती सुशीला नेपाल	ललितपुर	१
१८८	सुश्री सुशीला स्वर	कैलाली	१
१८९	सूर्यप्रसाद प्रधान	रूपन्देही	३
१९०	सूर्यबहादुर थापा	धनकुटा	२
१९१	सोमप्रसाद पाण्डेय	पाल्पा	२
१९२	सोहनप्रसाद चौधरी	बारा	२
१९३	स्मृतिनारायण चौधरी	धनुषा	१
१९४	हर्कमान तामाङ	मोरङ	४
१९५	हरि आचार्य	प्युठान	१
१९६	हरिनारायण चौधरी	मोरङ	६
१९७	हरिप्रसाद सापकोटा	सुनसरी	४
१९८	हरिभक्त अधिकारी	लमजुङ	२
१९९	हरिलाल जोशी	गोरखा	३
२००	हितकाजी गुरुङ	स्याङजा	१
२०१	हेमनारायण यादव (हत्या)	सिरहा	४
२०२	होमनाथ दाहाल	ओखलढुङ्गा	१
२०३	हृदयराम थामि	सुर्खेत	२
२०४	हृदयेश त्रिपाठी	नवलपरासी	३
२०५	ज्ञानु केसी	बाँके	१

सिफारिस पत्र पठायो र राजाबाट गिरिजाप्रसाद कोइरालाप्रधानमन्त्रीमा नियुक्त भएको घोषणा गरियो।

(यस सम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्, यसै पुस्तकको परिच्छेद ३:२ कार्यपालिका)

५. पुनर्स्थापित प्रतिनिधिसभाको उपलब्धि

पुनर्स्थापित प्रतिनिधिसभाले करिब चार वर्षे रिक्ततालाई पूरा गऱ्यो। नेपाल अधिराज्यको संविधान २०४७ अनुसार राष्ट्रियसभा स्थायी भए पनि यो सदन विगत वर्षहरूमा झैं क्रियाशील हुन सकेन। सन् २००६ को सुरुका चार महिना प्रतिनिधिसभाविहीन अवस्था कायमै रहे पनि बाँकी आठ महिनाको अवधिमा लोकतन्त्रलाई सुदृढ गर्ने, वञ्चित समुदायको अधिकारलाई सुनिश्चित गर्ने, दण्डहीनताको अन्त्य गरी दिगो शान्ति र लोकतन्त्रको संस्थागत विकासका लागि प्रभावकारी कार्य गर्न प्रतिनिधिसभा तत्लीन रह्यो। नेपाल राष्ट्र र नेपाली जनताको हितलाई केन्द्रमा राखेर वर्षको आठ महिनाको अवधिमा ९५ पटक गरी कूल २ सय ९३ घण्टा ८ मिनेट प्रतिनिधिसभाको बैठक बसेको थियो।[२४]

५.१ लोकतन्त्रको सुदृढीकरण आरम्भ

५.१.१ संविधानसभाको निर्वाचनसम्बन्धी प्रस्ताव

प्रतिनिधिसभाको ०६३ वैशाख १७ गते बसेको बैठकले संविधानसभाको निर्वाचनसम्बन्धी संकल्प प्रस्ताव सर्वसम्मतले पारित गऱ्यो। सात दलको मार्गचित्र र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी अनुरूप सङ्कटको निकास दिन संविधानसभाको निर्वाचन गरिने निर्णय गरियोस् भन्ने प्रस्तावलाई उपसभामुख चित्रलेखा यादवले वैशाख १५ गतेको बैठकमा प्रस्तुत गरेकी थिइन्। उक्त प्रस्तावमा भनिएको थियो- "जनआन्दोलनमा अभिव्यक्त जनचाहना, सात दलको मार्गचित्र र नेकपा (माओवादी) सँग भएको १२ बुँदे समझदारीको आधारमा जनआन्दोलनबाट स्थापित राज्यशक्तिको स्रोत नेपाली जनता भएको र राजकीय एवम् सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको भन्ने यथार्थलाई संस्थागत गर्दै देशको विद्यमान गम्भीर संकटको निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने संकल्पसहित निर्णय गर्दछ।"[२५]

नवनियुक्त प्रधानमन्त्री कोइरालाले अस्वस्थताका कारण बैठकमा उपस्थित हुन नसकेको सन्देश सदनमा पठाएका थिए। सो सन्देशबाट उपसभामुख यादवले संसदलाई जानकारी गराएकी थिइन्। प्रधानमन्त्रीले सदनसमक्ष पठाएको सन्देशमा भनेका थिए "सात दलसहित जनआन्दोलनद्वारा बनाइएको प्रधानमन्त्री भएकोले मेरो दायित्व सम्पूर्ण नेपाली जनता र सात दलप्रति रहनेछ र सात दलले अघि सारेको मार्गचित्र र १२ बुँदे समझदारीलाई कार्यान्वयन गर्ने मेरो पहिलो प्रतिबद्धता हुने छ।" विघटित प्रतिनिधिसभामा सभामुख रहेका र संसदविहीन शाही शासन कालमा पनि उक्त पदमा कायमै रहेका तारानाथ रानाभाटले ०६३ वैशाख १३ गते नै सभामुख पदबाट राजीनामा दिएका कारण सभामुखको दायित्व चित्रलेखा यादवले सम्हाल्नुको विकल्प थिएन।

नेकाँ सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला प्रस्तावक र एमाले महासचिव माधवकुमार नेपाल, नेकाँ (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, जनमोर्चाका लिलामणि पोखरेल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का हृदयेश त्रिपाठी र नेमकिपाका नारायणमान विजुक्छे समर्थक रहेको प्रस्ताव संसदमा दर्ता गरिएको थियो।

उक्त प्रस्तावमाथिको छलफलका क्रममा ०६३ वैशाख १७ गतेको प्रतिनिधिसभाको बैठकमा नेकाँ सभापति तथा प्रधानमन्त्री कोइरालाले नेकपा (माओवादी)ले तीन महिने

प्रकोष्ठ : ७

पदका लागि खिचातानी नगर्न घाइतेको आग्रह

पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठक बसेको एकसाता बित्दानबित्दै सात दलबीच सत्ता भाग बण्डामा विवाद देखियो। देशका विभिन्न भागबाट यसको विरोध र आलोचना गरियो। यस क्रममा काठमाडौंको कीर्तिपुर, गोंगबू, चाबहिल, कलंकी, घट्टेकुलो, पाटनलगायत् विभिन्न भागबाट विरोध प्रदर्शन गरी सिंहदरबारमा धर्ना दिइयो। नागरिक समाजका अगुवाहरूले सातदलीय अकर्मण्यताको विरोधमा देशका विभिन्न भागमा प्रदर्शन गरे। सात दलबीच सत्ता साझेदारीको गणितमा किचलो परेका कारण न त समयमा मन्त्रिपरिषद् गठन भयो न पुनर्स्थापित प्रतिनिधिसभाको सभामुखको चयन नै। सात दलका नेतालाई सडकबाट सहिदको अपमान नगर्न प्रदर्शनकारीले खबरदारी गरेका थिए। मोडेल अस्पतालमा उपचार गराइरहेका जनआन्दोलनका १६ जना घाइतेहरूले ०६३ वैशाख १९ गते एक विज्ञप्ति जारी गरी पदीय बाँडफाँडमा दलीय खिचातानी देखिएकोमा गम्भीर दुःख व्यक्त गरे। विज्ञप्तिमा माओवादी समस्या समाधान गर्न सरकारलाई आग्रह गरिएको थियो।

---

२४. "बैठकको संख्या, बसेको दिन, आरम्भ र स्थगित भएको समय"। काठमाडौं: संसद सचिवालय, कार्यव्यवस्था शाखा। ०६३ पुस १४

२५. "पुनर्स्थापित प्रतिनिधिसभाको ऐतिहासिक बैठक"। *नेपाल समाचारपत्र* ०६३ वैशाख १६: पृ. १

युद्धविराम गरेको उल्लेख गर्दै उनीहरूलाई हिंसा त्यागी अविलम्ब वार्तामा आउन आह्वान गरे।[२६] कोइरालाले सदन आन्दोलनमा अभिव्यक्त जनभावना पूरा गर्ने माध्यम हुने विश्वास व्यक्त गर्दै जनताको शान्ति र निर्धक्कसँग जीउन पाउने प्रजातान्त्रिक वातावरणका लागि सबैखाले द्वन्द्वलाई व्यवस्थित गर्ने कार्य सुरु भइसकेको बताएका थिए। आन्दोलनमा सात दल, नागरिक समाज, विभिन्न पेशाकर्मी तथा व्यवसायीले निर्वाह गरेको भूमिका उल्लेख गर्दै संक्रमणकालीन अवस्थामा सबैको भूमिका महत्वपूर्ण हुने विचार उनले व्यक्त गरे।[२७]

एमालेका महासचिव माधवकुमार नेपालले सात दलको मार्गचित्र र नेकपा (माओवादी) सँग भएको १२ बुँदे समझदारीअनुरूप संविधानसभामा जाने प्रतिबद्धता व्यक्त गरे। महासचिव नेपालले पनि जनआन्दोलनको उपलब्धिको रक्षा गरी लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि माओवादीलाई हतियार छोडी शान्तपूर्ण आन्दोलनमा आउन आग्रह गरे। नेकाँ (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाले राजालाई प्रधानमन्त्री बन्ने अधिकार संविधानको कुनै धाराले नदिएको उल्लेख गर्दै संविधान मिच्ने राजालाई अझै किन राख्ने भनी प्रश्न गरे। देउवाले कसैले खोस्न नसक्ने गरी प्रजातन्त्रको पुनर्स्थापना गर्न र जनचाहनाअनुरुप शान्ति स्थापनामा लाग्न सबैलाई अनुरोध गरेका थिए। संकल्प प्रस्तावको समर्थनमा जनमोर्चा, नेपालको तर्फबाट लिलामणि पोखरेल, चित्रबहादुर केसी, नेमकिपाका नारायणमान विजुक्छे, नेसपा (आनन्दीदेवी) का हृदयेश त्रिपाठीले मन्तव्य प्रकट गरेका थिए।

राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर जबरा र नेपाल सद्भावना पार्टी (मण्डल) का सांसदहरूले पनि उक्त प्रस्तावको समर्थनमा धारणा व्यक्त गरे। जनमोर्चा, नेपालका सांसद लिलामणि पोखरेलले जनआन्दोलनको भावनालाई अपमान गर्नेहरू सदनको लागि अशोभनीय हुने विचार राखेका थिए।[२८]

प्रतिनिधिसभाले उक्त प्रस्ताव पारित गरेपछि सरकारलाई नेकपा (माओवादी) सँग वार्ता गरेर संविधानसभामा जाने राजनीतिक तथा सैद्धान्तिक मार्ग प्रशस्त भयो। यस प्रस्तावले नेपालको इतिहासमा विभिन्न समयमा भएका क्रान्ति तथा आन्दोलनले अघि सारेको संविधानसभाको अधुरो कार्यसूचीलाई मूर्त रूप प्रदान गऱ्यो। प्रतिनिधिसभाले कार्यसूचीलाई मूर्त रुप प्रदान गर्न ऐतिहासिक भूमिका निर्वाह गऱ्यो।

नेपालको राजनीतिमा संविधानसभाको निर्वाचन गरिने घोषणा पहिलोपटक ००७ फागुन ७ गते राजा त्रिभुवनको सम्बोधनमा भएको थियो। त्यसपछि समय-समयमा यसको चर्चा भए पनि संविधानसभाको आवश्यकताप्रति नेपालको राजनीतिक शक्ति विश्वस्त हुन सकेको थिएन। पछिल्लो समयमा जब नेकपा (माओवादी) ले संविधानसभाको मुद्दा उठाएको थियो। त्यतिखेर पनि प्रमुख राजनीतिक दलहरू यसको औचित्यप्रति सहमत हुन सकेका थिएनन्। तर ०६२/०६३ को जनआन्दोलन-२ को प्रमुख सरोकारको विषयका रूपमा संविधानसभाको निर्वाचनको आवश्यकता स्थापित भयो। सात दल गठबन्धनले पनि संविधानसभाको निर्वाचनमार्फत् नयाँ संविधान निर्माण हुनुपर्ने भन्ने मान्यता स्वीकार गऱ्यो। यो परिवेशमा बसेको प्रतिनिधिसभाको पहिलो बैठकले सम्पूर्ण नेपालीको ध्यानाकर्षण गरेको थियो।

५.१.२ श्रीपेच र श्री ५ को भूमिकाबिनाको प्रतिनिधिसभा

श्रीपेच सहितको राजदण्ड अघि लगाएर सभामुख बैठक कक्षमा प्रवेश गर्ने परम्परालाई प्रतिनिधिसभाको वैशाख १५ गतेको बैठकले सदाका लागि अन्त्य गऱ्यो। नेपालको संसदीय इतिहासमा पहिलो पटक श्रीपेच र राजदण्डविना प्रतिनिधिसभाको विशेष बैठक बस्यो।।[२९]

पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकमा उपस्थित सांसदहरूले यसअघि उनीहरूले लगाउँदै आएको श्रीपेचअंकित प्रतीक चिह्न लगाएनन्। सांसदले जनआन्दोलनको मर्मअनुसार ०६३ भदौ १२ देखि नयाँ प्रतीक चिह्न लगाउन सुरू गरे। नयाँ प्रतीक चिह्नमा महिला र पुरुषको हातले उचालेको नेपालको नक्शामा राष्ट्रिय झण्डा अंकित छ। २५ मिलिमिटर गोलाई र ३ मिलिमिटर मोटाइको गोलाकार प्रतीक चिह्नमा तामाको हातमाथि चाँदीको पृष्ठभूमिमा बनाइएको छ।[३०]

५.३ जनप्रतिनिधिसमक्ष सभामुखको शपथग्रहण

सभामुख पदमा सांसद सुवास नेम्वाङ्गको मात्र उम्मेदवारी परेको संसदीय सचिवालयले जानकारी गराएपछि प्रतिनिधिसभाले ०६३ वैशाख ३० गते अपरान्ह ४ बजे नेम्वाङ्गलाई सभामुख चयन गरेको थियो। सुवास नेम्वाङ्ग

२६. पूर्ववत्
२७. पूर्ववत्
२८. "संविधानसभामा सर्वसम्मत"। *कान्तिपुर* ०६३ वैशाख १८: पृ. १
२९. ज्वाला, प्रकाश। "श्रीपेचविनाको संसद"। *कान्तिपुर* ०६३ वैशाख १७: पृ. ७
३०. संसद सचिवालय, कार्यव्यवस्था शाखा । ०६३

सभामुखमा निर्वाचित भएकोमा बधाई दिँदै उपसभामुख चित्रलेखा यादवले नेम्वाङ्गलाई आफूले पूर्णरूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन्।

सभामुख नेम्वाङ्गले राजासमक्ष नगई रोष्टममा उभिएर सदनमा शपथ लिए। शपथ लिनेक्रममा उनले, जनआन्दोलनको भावनालाई आत्मसात गरी नेपाली जनताप्रति बफादार भएर पूर्वाग्रहविना निष्पक्ष भूमिका निर्वाह गर्ने उल्लेख गरे। नेम्वाङ्गले आन्दोलनको भावनालाई व्यवहारमा उतार्न आफू क्रियाशील रहने प्रतिबद्धता पनि व्यक्त गरे। "सबै प्रकारका आग्रहबाटमाथि उठेर सिंगो सदनलाई विश्वासमा लिने प्रतिबद्धता व्यक्त गर्दै उनले संसद अझ सशक्त र प्रभावकारीरूपमा अघि बढ्ने विश्वास व्यक्त गरे।

५.४ प्रतिनिधिसभा घोषणा २०६३

प्रतिनिधिसभाले ०६३ जेठ ४ गते बहुप्रतिक्षित ऐतिहासिक घोषणा गऱ्यो। यस घोषणाले राजाका सम्पूर्ण विशेष अधिकार खारेज गरी राजकीय र सम्प्रभु अधिकार प्रयोग गर्न प्रतिनिधिसभा सार्वभौम भएको घोषणा गऱ्यो। जनआन्दोलनको बलबाट पुनर्स्थापित प्रतिनिधिसभाले तीन सातापछि नेपालको इतिहासमा एउटा युगान्तकारी परिवर्तनको उद्घोष गऱ्यो। प्रधानमन्त्री कोइरालाद्वारा ऐतिहासिक दस्तावेजका रूपमा सभामुखमार्फत् संसदमा प्रस्तुत गरिएको प्रतिनिधिसभाको घोषणा-२०६३ लाई उपस्थित सांसदहरूले सर्वसम्मतरूपमा समर्थन गरेका थिए। "यो घोषणाका प्रत्येक हरफ र शब्द जनताको बलिदानको रगतले लेखिएका छन् र कसैले यो घोषणाको अवमूल्यन गरेमा त्यसको दुष्परिणामको भागीदार ऊ आफैं हुनेछ र फेरि जनताको आक्रोश खेप्नुपर्नेछ", घोषणा वाचन गर्नु अघि कोइरालाले भने। प्रधानमन्त्री कोइरालाले, घोषणाले सम्पूर्ण वर्ग र तहका जनताको भावनालाई आत्मसात गरेको उल्लेख गर्दै यसको अवमूल्यन गर्ने दुस्साहस गरिएमा त्यसको दूर्भाग्य आफैंले बेहोर्नुपर्ने चेतावनी दिएका थिए।[३१]

यो घोषणाले व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग हुने व्यवस्था गऱ्यो। प्रतिनिधिसभाको अधिवेशनको आह्वान तथा समापन प्रधानमन्त्रीको सफारिसमा सभामुखले गर्ने व्यवस्था पनि घोषणाले गऱ्यो। यस घोषणाले सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने र मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहने व्यवस्था गऱ्यो। सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिने व्यवस्था पनि घोषणाले गऱ्यो।

श्री ५ को सरकारलाई नेपाल सरकार, शाही नेपाली सेनालाई नेपाली सेनामा रुपान्तरण गऱ्यो। त्यसैगरी राष्ट्रिय सुरक्षा परिषद्को तत्कालीन व्यवस्था खारेज गरी नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद् रहने र प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने निर्णय गऱ्यो। घोषणाद्वारा शाही नेपाली सेनाको परमाधिपतिको वर्तमान व्यवस्था खारेज गर्नुका साथै नेपाली सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको हुने व्यवस्था गरियो। २०४७ को संविधानको प्रस्तावनामा व्यवस्था गरिएको "हिन्दु राष्ट्र नेपाल" को व्यवस्था खारेज गरी धर्मनिरपेक्ष राज्यको घोषणा, राजपरिषद्को खारेजी तथा राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहने व्यवस्था पनि गरियो। राजाको खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुने, राजाको निजी सम्पत्ति र आयमाथि कानुनअनुसार कर लाग्ने, राजाबाट गरिएका कामको प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिने र राजदरबारको सुरक्षासम्बन्धी अधिकार मन्त्रिपरिषद्ले गरे बमोजिम हुने घोषणामा व्यवस्था गरियो। राजप्रासाद सेवालाई निजामती सेवाको एउटा अंग बनाउने र प्रचलनमा रहेको राष्ट्रिय गानको वैकल्पिक व्यवस्था गरी परिवर्तन गर्ने निर्णय गऱ्यो। नागरिकताको अधिकारलाई सर्वसुलभ बनाई विद्यमान समस्यालाई शीघ्र समाधान गर्ने

प्रकोष्ठ : ८ नेपाली म्याग्नाकार्टा

बेलायतमा सन् १२१५ मा तत्कालीन निरंकुश राजाविरुद्धको आन्दोलनको सफलताले जनअधिकार प्रत्याभूत गरिएको दस्तावेजमा हस्ताक्षर गराई राजाको स्वेच्छाचारी शासनको अन्त्य गरेको थियो। नेपाली जनताले सन् २००६ मा निरंकुश राजालाई प्रतिनिधिसभा पुनर्स्थापना गर्न बाध्य गराई जनअधिकार बहाली गर्ने मार्गको सुरुवात गरे। बेलायती म्याग्नाकार्टामा व्यक्तिगत स्वतन्त्रताको अधिकार, मनोमानी सजायविरुद्धको अधिकार, व्यक्तिगत सम्पत्तिको अधिकार तथा स्वतन्त्र र निष्पक्ष पुर्पक्षको अधिकार बहाली गरिएको थियो। त्यसैगरी ०६३ जेठ ४ गतेको घोषणाले संसदको सर्वोच्चता स्थापित गर्दै राजामा निहित कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकासम्बन्धी अधिकारहरू सम्पूर्णरूपमा कटौती गरी व्यवस्थापिका र कार्यपालिकाबाट उनको सम्बन्ध विच्छेद गऱ्यो।

बेलायती म्याग्नाकार्टा अनुरूप बेलायती शासकहरू रुपान्तरण नभएपछि सन् १६८८ मा अर्को क्रान्ति गर्नुपऱ्यो र बेलायती सदनले तत्कालीन राजा जेम्स द्वितीयलाई संविधान नमानेको आरोपमा राजाबाट हटाई अर्को राजा नियुक्ति गरेको थियो। तर नेपालको प्रतिनिधिसभा त्यो तहसम्म भने पुगेन।

३१. "जनघोषणाको अवज्ञा गर्ने आफैं समाप्त हुन्छन्"। *अन्नपूर्णपोष्ट* ०६३ जेठ ५: पृ. १

व्यवस्था गरियो। यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानुनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुनेसमेत घोषणा गरियो।

५.४.१ सात दलद्वारा घोषणाको स्वागत

घोषणाले जनआन्दोलनको भावनालाई आत्मसात गरेका कारण यसको सर्वत्र स्वागत गरियो। घोषणाले नेपालीलाई पूर्ण सार्वभौम बनाएको र मुलुकमा नयाँ युग प्रारम्भ भएको ठहर नेकाँले गऱ्यो। मुलुक १७ औं शताब्दीमा चल्न नसक्ने कुरालाई नेपाली जनताले स्पष्ट पारेको बताउदै नेकाँका उपसभापति सुशील कोइरालाले घोषणाविरुद्ध जानेलाई कसरी खाल्डोमा जाक्नुपर्छ भन्ने कुरा जानेको बताए। उनले अब कुनै पनि तानाशाहले टाउको उठाउन नसक्ने बताए। नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले घोषणाको अवमूल्यन गर्ने जो कोहीले पनि जनदबाबको सामना गर्नुपर्ने चेतावनी दिँदै समयमा केही गुमाउन नचाहनेहरूले समय गुज्रेपछि धेरै गुमाउनु पर्ने उल्लेख गरे।

नेसपा (आनन्दीदेवी) का हृदयेश त्रिपाठीले घोषणाले नेपाली जनतालाई निर्विवादरूपमा संविधानसभामा जाने बाटो खुल्ला गरेको बताए। नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेले हरेक क्रान्ति र परिवर्तन कानुनबमोजिम नहुने उल्लेख गर्दै घोषणा राजनीतिक भएको र यसलाई नयाँ युगको थालनीका रूपमा सम्झनुपर्ने बताए। जनमोर्चाका सांसद परी थापाले घोषणाले नेपाली जनताको शीर अन्तर्राष्ट्रियस्तरमा उचो पारेको विचार व्यक्त गरे। प्रतिनिधिसभाको घोषणाले नेपाली जनतालाई अधिकार सम्पन्न र शक्तिशाली तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै सदनभित्र र बाहिरबाट यसको स्वागत गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइयो।[३२]

५.४.२ अन्य राजनीतिक दलद्वारा स्वागत

नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले एक वक्तव्य जारी गरी प्रतिनिधिसभा घोषणा २०६३ लाई जनताको ऐतिहासिक आन्दोलनको विजयका रूपमा स्वागत र समर्थन गरे। सात दलको सरकारद्वारा प्रस्तावित तथा पुनर्स्थापित प्रतिनिधिसभाद्वारा पारित घोषणालाई माओवादीले १२ बुँदे समझदारी र नेपाली जनताको ऐतिहासिक जनआन्दोलनको विजयका रूपमा स्वागत गरेको थियो। घोषणा राजतन्त्र विरुद्ध महत्वपूर्ण राजनीतिक कदम भएको र धर्म निरपेक्ष राज्यलगायत् कतिपय माग पूरा गरेको पनि प्रचण्डको विज्ञप्तिमा उल्लेख थियो।

माओवादीले घोषणाको स्वागतसँगै यसका केही पक्षमा असहमति पनि जनायो। घोषणाले नेपाल र नेपाली जनताको आवश्यकता र आकांक्षालाई समग्रतामा व्यक्त गर्न नसकेको भन्दै राजतन्त्रलाई कायम राख्न खोजिएको भन्दै माओवादीले असन्तुष्टी प्रकट गऱ्यो। सात दलले मानार्थ राजतन्त्र राख्न खोजेको र जनताको जनजीविका र आधाभूत समस्यालाई सम्बोधन नगरेको, राजनीतिमा बढेको वैदेशिक हस्तक्षेपबारे उल्लेख नगरेको र राज्यको पुनर्संरचनाबारे मौन रहेको विज्ञप्तिमा उल्लेख गरिएको थियो।[३३]

राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबराले आफ्नो दल प्रजातन्त्रको पक्षमा सदैव उभिँदै आएको उल्लेख गर्दै आफ्नो पार्टीलाई कुनै पनि छलफलमा सहभागी नगराएकोमा गुनासो व्यक्त गरे। राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले उक्त घोषणाको स्वागत गर्दै आफ्नो जीवनको उत्तरार्द्धमा सम्प्रभुतासम्पन्न प्रतिनिधिसभाको सदस्य हुन पाएकोमा गौरवान्वित भएको बताए।[३४] संसदमा प्रतिनिधित्व गर्ने यी दुवै दलका नेता पञ्चायती व्यवस्थाको बाहकका रूपमा नेपाली इतिहासमा अंकित व्यक्तित्व मानिन्छन्।

५.४.३ धार्मिक तथा जातीय समुदायद्वारा घोषणाको स्वागत

प्रतिनिधिसभाको घोषणा ०६३ ले नेपाललाई हिन्दू अधिराज्यको पहिचानबाट धर्म निरपेक्ष तुल्याएकोमा विभिन्न धार्मिक तथा जातीय संघसंस्थाले त्यसको स्वागत र समर्थन गरे। नेपाल मुस्लिम इत्तेहाद संगठनले धर्मनिरपेक्षताको घोषणाले सबै धार्मिक समुदाय उत्साहित भएको उल्लेख गर्दै यसले राष्ट्र निर्माणमा समान सहभागिताको लागि ढोका खुलेको बताए। नेपाल जनजाति महासंघले घोषणा स्वागत गर्दै कार्यान्वयनको पक्षमा ध्यान दिन सरकारसँग आग्रह गऱ्यो। यसका लागि राज्यले विभेदकारी कानुनहरू हटाई नयाँ कानुन निर्माण गर्नुपर्ने आवश्यकतामा जोड दिइयो। त्यसैगरी राष्ट्रिय दलित महासंघ, नेपाल खिष्ट सोसाइटी, थारु विद्यार्थी समाज, नेपाल राष्ट्रिय मण्डली परिषद्लगायत्ले पनि समर्थनमा वक्तव्य निकाले।

५.४.४ घोषणाप्रति असन्तुष्टी

विघटित राजपरिषद्का अध्यक्ष परशुनारायण चौधरीलगायत् केही धार्मिक संघसंस्थाहरूले जेठ ४ गतेको घोषणाको विरोध गरे। हिन्दू धर्मसँग सम्बन्धित विश्व हिन्दू महासंघ, हिन्दू जागरण मञ्च, शिव सेनालगायत्का संस्थाहरूले एक मात्र हिन्दू राज्यको रूपमा परिचित मुलुक

---

३२. "जनता सर्वोच्च, राजा अधिकारविहीन"। पूर्ववत्

३३. गौतम, राजाराम, र तिलक पाठक। "युगान्तकारी छलाङ"। *नेपाल* ०६३ जेठ १४: पृ. २५

३४. "संसदको सर्वोच्चता"। *कान्तिपुर* ०६३ जेठ ५: पृ. १

धर्मनिरपेक्ष हुनुले सनातन धर्मावलम्बीहरू स्तब्ध र मर्माहत भएको धारणा सार्वजनिक गरे। हिन्दू कुनै धर्म नभई सनातन कालदेखि व्यक्तिको स्वधर्मको सिद्धान्तमा निर्देशित वैज्ञानिक जीवनशैली भएकाले अन्य धर्मावलम्बीको स्वतन्त्रतामा आघात पुऱ्याउन नहुने उल्लेख गर्दै उनीहरूले मुलुकलाई पुन: हिन्दूराज्य घोषणा गर्न माग गरेका थिए। यसैक्रममा वीरगञ्ज आसपासका क्षेत्रमा विरोध प्रदर्शनहरू भए।

मुलुकलाई धर्मनिरपेक्ष बनाउने घोषणा विरुद्ध षडयन्त्र हुन थालेकोमा संसदभित्र र बाहिर यस्ता गतिविधिहरूमाथि तुरुन्त नियन्त्रण कायम गर्न सांसदहरूले सरकारलाई अनुरोध गरे। यसैक्रममा ०६३ जेठ ११ गतेको बैठकमा सांसदहरूले विशेष समय लिएर सरकारलाई गम्भीर भई धार्मिक एकता खल्बलाउने अतिवादी तत्वमाथि तत्काल कारबाही गर्न माग गरे। सांसद रघुजी पन्तले नेपालमा विद्यमान धार्मिक सहिष्णुता र सद्भावलाई धर्मनिरपेक्षताको घोषणाले अझ बढाउने बताए। राज्य सबैको हो भन्ने सबैलाई अनुभूत गराएको केही धार्मिक अतिवादीलाई मन नपरेको बताउँदै यसविरुद्ध लागेकालाई तुरुन्त कारवाही गर्न उनले सरकारसँग माग गरे। सात दलले यस्ता अतिवादी कार्यको विरुद्ध जनतालाई सजग तुल्याउनु पर्ने विचार सांसदहरूले व्यक्त गरेका थिए।[३५] घोषणाको विरुद्धमा देखिएका केही अतिवादी धार्मिक संघहरूको विरोध प्रदर्शन स्वत: निस्तेज भएर गयो।

नेपाल राज्य पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १८ मा व्यवस्था भएको धार्मिक स्वतन्त्रतालाई यो घोषणाले आत्मसात गर्नु अन्तर्राष्ट्रिय कानुनको सम्मान भएको ठान्नुपर्छ। राज्यको कुनै धर्म हुँदैन। धर्म व्यक्तिको हुन्छ र कुन धर्म मान्ने भन्ने निर्णयको अन्तिम हकदार व्यक्ति स्वयम् हुन्छ। यो व्यक्तिको स्वतन्त्रता हो। ०४६ सालको जनआन्दोलनका क्रममा व्यापकरूपमा उठेको धर्मनिरपेक्षताको माग प्रतिनिधिसभा घोषणा ०६३ मार्फत् पूरा हुने भएको छ।

५.५ सभामुखद्वारा ऐन प्रमाणित

प्रतिनिधिसभाको घोषणा २०६३ र प्रतिनिधिसभा नियमावली, ०६३ ले संसदबाट पारित विधेयकलाई सभामुखले प्रमाणित गर्ने व्यवस्था गऱ्यो। यसअघि संसदबाट पारित विधेयकहरू राजाको लालमोहर लागेपछि मात्र ऐन बन्ने

प्रकोष्ठ : ९

प्रतिनिधिसभा नियमावली २०६३

प्रतिनिधिसभाले विभिन्न समयमा गरेका घोषणाहरूलाई कानुनी हैसियत प्रदान गर्दै आफूलाई व्यवस्थित र नियमित पार्ने नियमावली ०६३ जेठ २७ गते सर्वसम्मतले पारित गऱ्यो। विभिन्न राजनीतिक निर्णय गर्दै आएको प्रतिनिधिसभाबाट पहिलो नियमका रूपमा सदनमा प्रस्तुत नियमावलीको मस्यौदा ०६३ जेठ २४ गते सर्वसम्मतले पारित भएको थियो। जेठ ४ गतेको ऐतिहासिक घोषणाले प्रतिनिधिसभालाई सर्वाधिकार सम्पन्न बनाए पनि कानुनत: सर्वशक्तिमान बनाउने कार्यमा मौजुदा नेपाल अधिराज्यको संविधान २०४७ सँग बाझिएका धारा तथा उपधाराहरूको संख्या ६३ रहेको जानकारी प्रतिनिधिसभा मस्यौदा समितिले सार्वजनिक गरेको थियो।

जनआन्दोलनका बलमा पुनर्स्थापित संसदले राजाका अधिकारहरू कटौती गरी राजालाई नागरिक सरह बनाई उनको सम्पत्तिमा कर लाग्ने प्रावधानसमेत गऱ्यो। यसअघि संसदमा सरकारको नीति तथा कार्यक्रमको घोषणा, राजाबाट हुँदै आएको थियो। त्यस्तै, संसदबाट पारित भएका विधेयकमा लालमोहर लगाउनुपर्ने र आवश्यक ठानेमा विधेयक संसदमा फर्काउन सक्ने राजामा रहेको विशेष अधिकारसमेत उक्त घोषणाले अन्त्य गरेको परिप्रेक्ष्यमा नयाँ व्यवस्था के गर्ने बारेमा पनि निर्णय लिनु पर्ने अवस्था थियो, जो नियमावलीममार्फत् सूत्रबद्ध गरियो।[३६]

सांसद होमनाथ दाहालले यस नियमावलीले महत्वपूर्ण विशेष संसदीय समितिहरूको व्यवस्था गरेको तथा प्रधानमन्त्रीय पद्धतिमा राष्ट्रपतीय पद्धतिको चरित्रसमेत समेटेको विचार व्यक्त गरे। प्रतिनिधिसभाको छलफलमा भाग लिँदै डा. रामवरण यादवले नियमावलीले संसदमा राजा भन्ने मान्यतालाई खारेज गरेको र न्यायिक एवम् कुटनीतिक क्षेत्रमा नातावाद र कृपावाद हुने गरेको गुनासो संसदीय सुनुवाई समितिको क्रियाशिलताबाट हट्ने विश्वास व्यक्त गरे।[३७]

सार्वजनिक पद धारण गरेका पदाधिकारीहरूले तोकिएका प्रतिनिधिहरूबाट शपथ गराउने व्यवस्था गरिएकोमा प्रतिनिधिसभा नभएको अवस्थामा कसबाट शपथ लिनेजस्ता समस्याहरूलाई समाधान गर्नुपर्ने स्थिति उत्पन्न भएको थियो। प्रतिनिधिसभा नियामावली नबनेकाले जेठ ४ गतेपछि पनि मन्त्रिपरिषद् पुरानै ढाँचामा राजाबाट विस्तार गरिएको तथ्य सभामुखले सदनलाई जानकारी गराउँदा सांसदहरूले उक्त कार्यबाट प्रतिनिधिसभा घोषणा २०६३ को उल्लंघन भएको जनाउँदै विरोध गरेका थिए। त्यस्तै प्रधानन्यायाधीश, सर्वोच्च अदालत तथा पुनरावेदन अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्यहरूलगायत् अन्य न्यायिक क्षेत्रका विशिष्ठ पदको नियुक्ति तथा शपथग्रहण कहाँ र कोसँग गर्ने भन्ने विषय र राज्यका तीन अङ्गहरूको शक्ति पृथकीकरणको सिद्धान्तमा असर पर्न सक्ने सवालहरूमा सृजित विवादहरूलाई समयमै समाधान गर्नु जरुरी थियो। यस्ता कानुनी अड्चनहरू हटाई प्रतिनिधिसभाको घोषणालाई मूर्त रूप दिन र कामलाई नियमन गर्न नयाँ नियमावली आवश्यक थियो।

३५. "धार्मिक अतिवादीविरुद्ध कारवाही माग"। *कान्तिपुर* ०६३ जेठ १२: पृ. ३

३६. "राजाविनाको संसद, लालमोहर सभामुखबाट"। *नेपाल समाचारपत्र* ०६३ जेठ २८: पृ. १

३७. "प्रतिनिधिसभा नियमावली पारित" । *गोरखापत्र* ०६३ जेठ २९: पृ. १

परम्परा थियो। अर्थमन्त्री रामशरण महतद्वारा प्रतिनिधिसभामा प्रस्तुत पेश्की खर्च विधेयक प्रतिनिधिसभाले पारित गरेपछि सभामुख नेम्वाङ्गले प्रमाणित गरे। प्रतिनिधिसभाको घोषणापछि पहिलो ऐनका रूपमा यो विधेयक आएको थियो। नेपालको इतिहासमा ऐन प्रमाणित गर्ने पहिलो जनप्रतिनिधि सभामुख नेम्वाङ्ग बन्न पुगे।

सन् २००६ को अन्त्यसम्ममा प्रतिनिधिसभाले जम्मा ३६ ओटा विधेयक पारित गरेकोमा सभामुखले ३२ ओटा

प्रकोष्ठ : १०

०६३ मा पुनर्स्थापित प्रतिनिधिसभामा प्रस्तुत भएका विधेयकहरूको विवरण

(०६३ वैशाख १५–पुस १६) प्रमाणीकरण भइसकेका (ऐन नं. क्रममा)[३८]

क्र.स.	प्राप्त मिति	दर्ता नं.	विधेयकको नाम	ऐन नं.	पारित मिति	प्रमाणीकरण मिति
१.	२०६३/३/२८	४	पेश्की खर्च विधेयक, २०६३	१	२०६३/३/३२	२०६३/३/३२
२.	२०६३/४/४	८	केही नेपाल ऐनका व्यवस्था जगाउने विधेयक, २०६३	२	२०६३/४/१८	२०६३/४/२३
३.	२०६३/३/२८	३	विनियोजन विधेयक, २०६३	३	२०६३/५/७	२०६३/५/१९
४.	२०६३/४/२९	१९	केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) विधेयक, २०६३	४	२०६३/५/२७	२०६३/६/५
५.	२०६३/३/२८	६	ऋण तथा जमानत (पन्धौं संशोधन) विधेयक, २०६३	५	२०६३/५/१२	२०६३/६/५
६.	२०६३/३/२८	५	राष्ट्र ऋण उठाउने विधेयक, २०६३	६	२०६३/५/१२	२०६३/६/५
७.	२०६३/४/२७	१८	सैनिक विधेयक, २०६३	७	२०६३/६/६	२०६३/६/१२
८.	२०६३/४/४	७	केही नेपाल कानून संशोधन गर्ने विधेयक, २०६३	८	२०६३/६/५	२०६३/६/२८
९.	२०६३/६/२	३६	नोटरी पब्लिकसम्बन्धी विधेयक, २०६३	९	२०६३/६/१२	२०६३/६/२८
१०.	२०६३/४/९	९	बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयक, २०६३	१०	२०६३/५/८	२०६३/७/१९
११.	२०६३/५/२७	३४	लैंगिकक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३	११	२०६३/६/१२	२०६३/७/१७
१२.	२०६३/३/२८	२	आर्थिक विधेयक, २०६३	१२	२०६३/५/१२	२०६३/७/२०
१३.	२०६३/५/६	२५	बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली (पहिलो संशोधन) विधेयक, २०६३	१३	२०६३/७/१६	२०६३/७/१९
१४.	२०६३/४/१२	११	मालसामानको बहुबाधक ढुवानी विधेयक, २०६३	१४	२०६३/६/१२	२०६३/७/१९
१५.	२०६३/५/४	२१	नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) विधेयक, २०६३	१५	२०६३/६/१२	२०६३/७/२३
१६.	२०६३/२/२०	१	लुम्बिनी बौद्ध विश्वविद्यालय विधेयक, २०६३	१६	२०६३/५/२५	२०६३/७/२०
१७.	२०६३/४/१७	१३	गरीबी निवारण कोष विधेयक, २०६३	१७	२०६३/७/१६	२०६३/७/२३
१८.	२०६३/४/१८	१४	कम्पनी विधेयक, २०६३	१८	२०६३/६/१२	२०६३/७/२४
१९.	२०६३/५/४	२३	सुरक्षित कारोबार विधेयक, २०६३	१९	२०६३/७/१६	२०६३/७/३०
२०.	२०६३/५/४	२२	दामासाहीसम्बन्धी विधेयक, २०६३	२०	२०६३/७/१६	२०६३/८/४
२१.	२०६३/६/५	३९	खानेपानी व्यवस्थापन बोर्ड विधेयक, २०६३	२१	२०६३/७/२१	२०६३/८/८
२२.	२०६३/६/४	३८	ज्यष्ठ नागरिकसम्बन्धी विधेयक, २०६३	२२	२०६३/७/१६	२०६३/८/८
२३.	२०६३/४/१८	१५	निकासी, पैठारी तथा बौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३	२३	२०६३/७/२०	२०६३/८/८
२४.	२०६३/५/११	२६	राष्ट्रिय न्यायिक प्रतिष्ठान विधेयक, २०६३	२४	२०६३/७/२१	२०६३/८/८
२५.	२०६३/५/२५	३३	नेपाल नागरिकता विधेयक, २०६३	२५	२०६३/८/१०	२०६३/८/१०
२६.	२०६३/५/१८	३२	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान विधेयक, २०६३	२६	२०६३/८/७	२०६३/८/१७
२७.	२०६३/५/१४	२८	विद्युतीय (इलेक्ट्रोनिक) कारोबार विधेयक, २०६३	२७	२०६३/७/२१	२०६३/८/२२
२८.	२०६३/६/३	३७	नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) विधेयक, २०६३	२८	२०६३/८/७	२०६३/८/२२
२९.	२०६३/६/५	४०	खानेपानी महसुल निर्धारण आयोग विधेयक, २०६३	२९	२०६३/८/१५	२०६३/८/२८
३०.	२०६३/५/१५	३१	पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी विधेयक, २०६३	३०	२०६३/८/१०	२०६३/८/२८
३१.	२०६३/५/३०	३५	शिक्षा तथा खेलकुदसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३	३१	२०६३/८/१५	२०६३/९/१४
३२.	२०६३/९/२	४६	मतदाता नामावलीसम्बन्धी विधेयक, २०६३	३२	२०६३/९/१३	२०६३/९/१४
३३.	२०६३/९/३	४७	राष्ट्रिय महिला आयोग विधेयक, २०६३		२०६३/९/१३	
३४.	२०६३/५/४	२४	धितोपत्रसम्बन्धी विधेयक, २०६३		२०६३/९/११	
३५.	२०६३/५/१५	३०	सार्वजनिक खरिद विधेयक, २०६३		२०६३/९/४	
३६.	२०६३/९/१६	४९	नेपाल कानून आयोग विधेयक, २०६३			
३७.	२०६३/४/२२	१०	प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण विधेयक, २०६३		२०६३/६/१२	

३८. संसद सचिवालय विधेयक शाखा । ०६३ पुस

विधेयकहरू प्रमाणित गरे। *(विस्तृत जानकारीका लागि हेर्नुहोस तालिका)।* प्रतिनिधिसभा नियमावली अनुसार संसदबाट पारित विधेयकलाई सभामुखले प्रमाणित गरेपछि ऐन बन्ने व्यवस्था छ। यस नियमावलीअनुसार सम्पूर्ण विधायिकी अधिकार प्रतिनिधिसभामा निहीत गरियो। यो नियमावलीले प्रतिनिधिसभालाई सार्वभौमसत्ता सम्पन्न एवम् राजकीय सत्ताको प्रयोग गर्ने सर्वोच्च संस्थाको रूपमा स्थापित गऱ्यो।

प्रकोष्ठ : ११ सम्बन्धित समितिमा विचाराधीन रहेका विधेयक

क्र.सं.	विधेयकको नाम	प्राप्त मिति	दर्ता नं.
१.	सुशासन (व्यवस्थापन तथा सञ्चालन) विधेयक, २०६३ (राज्यव्यवस्था समितिमा)	२०६३/४/१७	१२
२.	कारागार (दोस्रो संशोधन) विधेयक, २०६३ (राज्यव्यवस्था समितिमा)	२०६३/५/१४	२७
३.	निजामती सेवा (दोस्रो संशोधन) विधेयक, २०६३ (राज्यव्यवस्था समितिमा)	२०६३/५/१४	२९
४.	गैरआवासीय नेपालीसम्बन्धी विधेयक, २०६३ (परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिमा)	२०६३/५/४	२०
५.	पेट्रोलियम पदार्थको कारोबारसम्बन्धी विधेयक, २०६३ (परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिमा)	२०६३/७/२०	४५
६.	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल (पहिलो संशोधन) विधेयक, २०६३ (जनसंख्या तथा सामाजिक समितिमा)	२०६३/६/२३	४२
७.	मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) विधेयक, २०६३ ,,	२०६३/९/१४	४८
८.	वैदेशिक रोजगार विधेयक, २०६३ ,,	२०६३/६/२७	४३
९.	निवृत्तीभरण कोष विधेयक, २०६३ (अर्थ समितिमा पठाइनसकिएको)	२०६३/७/१६	४४

५.६ नेपाल सरकार कार्य सम्पादन नियमावली २०६३

०६३ जेठ ४ गतेको ऐतिहासिक घोषणामा सरकारले आफ्नो कार्य सम्पादनसम्बन्धी नियमावली तयार गरी सदनमा प्रस्तुत गर्नुपर्ने व्यवस्था थियो। त्यसैअनुरूप पेश गरिएको उक्त नियमावली प्रतिनिधिसभाको ०६३ असार १ गतेको बैठकले पारित गऱ्यो। सरकारले कार्य सम्पादनसम्बन्धी नियमावली सदनमार्फत् सार्वजनिक गराएको यो पहिलो पटक हो। यसअघि यस्ता नियमावलीहरू गोप्य राख्ने प्रचलन थियो। प्रतिनिधिसभाको घोषणाले संसदमा राजाको भूमिका रहने मान्यतालाई अन्त्य गरेजस्तै यस नियमावलीले मन्त्रिपरिषद्मा राजाको भूमिका रहने व्यवस्थाको अन्त्य गऱ्यो। कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङ्गले उक्त कार्य सम्पादन नियमावली र मन्त्रिपरिषद्को कार्यविभाजन नियमावली सदनमा प्रस्तुत गरेका थिए।

नेपाल सरकार कार्य सम्पादन नियमावली २०६३ मा जम्मा ४५ दफा, पाँच परिच्छेद र दुई अनुसूची रहेका छन्। नियमावलीको परिच्छेद ३ अर्न्तगतको नियम १८ मा मुलुकको शासनव्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा सरकारको हुने व्यवस्था छ।

आमा वा बाबुमध्ये कुनै एकजनाको नामबाट पनि सन्तानले नागरिकता प्राप्त गर्न सकिने, कम्तिमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिता प्रत्याभूति गर्ने सार्वजनिक महत्वका प्रस्तावहरू पनि सर्वसम्मतिबाट पारित भयो। त्यसैगरी छुवाछूत प्रथाको सम्पूर्ण विभेदकारी नीति र कार्य अन्त्य गर्ने लगायत् अन्य महत्वपूर्ण विषयहरूमा १८ ओटा सार्वजनिक महत्वका प्रस्तावमध्ये १३ ओटा प्रस्तावहरू बैठकद्वारा सर्वसम्मतरूपमा पारित भए। बाँकी पाँचओटा प्रस्तावहरूउपर भने छलफल भई सम्बन्धित मन्त्रीले जवाफ दिएका थिए।[३९]

५.७ सहिदप्रति सम्मान

प्रतिनिधिसभाको ०६३ वैशाख १९ गते बसेको बैठकमा जनआन्दोलनका सहीद परिवार तथा घाइतेहरूलाई सहायता गर्ने सार्वजनिक महत्वको प्रस्ताव सांसद दिलेन्द्रप्रसाद बडूले पेश गरे। प्रस्तावमार्फत् जनआन्दोलनमा सहादत प्राप्त गर्ने वीर योद्धाहरूप्रति सम्मान प्रकट गर्दै उनीहरूको सम्झनालाई चीरस्थायी राख्ने स्मारक निर्माण गर्ने तथा सहीदका परिवारलाई एकमुष्ठ आर्थिक सहायता, शिक्षा र रोजगारीको व्यवस्था गर्नसमेत सरकारलाई निर्देशन दिइयो। साथै, उक्त प्रस्तावमा जनआन्दोलनका क्रममा अपाङ्ग भएका, गम्भीर घाइते भएका जनआन्दोलनका योद्धाहरूप्रति सम्मान प्रकट गर्दै उपचार, आर्थिक सहयोग र रोजगारीको उचित प्रबन्ध मिलाउन नेपाल सरकारलाई निर्देशन दिइएको थियो।

प्रस्तावले केवल जनआन्दोलन-२ का सहिद परिवार तथा घाइतेहरूलाई मात्र सम्मान तथा सहयोग गर्ने नभई ०४६ सालको जनआन्दोलनका सहिद तथा घाइते भएकाहरूलाई पनि उच्चसम्मान प्रकट गर्दै सहयोग गर्न सरकारलाई निर्देशन दिएको थियो। उक्त प्रस्तावले जनआन्दोलनका घाइतेहरू, सहिदका परिवार तथा नागरिक समाजका सदस्यहरूले जारी राखेको खबरदारी सभा तथा सार्वजनिक अभिव्यक्तिलाई आत्मसाथ गरेको भए तापनि व्यहारको कसीमा जाँचिन बाँकी रहेको जनआन्दोलन-२ का सहिद परिवार तथा घाइतेहरूले बताए।[४०] पुनर्स्थापित प्रतिनिधिसभाको यो निर्णयले लोकतन्त्रका लागि

३९. पूर्ववत्

४०. "सहिदका परिवारद्वारा कारवाहीको माग"। *कान्तिपुर* ०६३ वैशाख १९: पृ. ३

जीवन अर्पण गर्ने सहिदप्रति आदर प्रकट गऱ्यो।

५.८ संविधान संशोधन

प्रतिनिधिसभाको घोषणासँग बाझिएका ४६ ओटा धाराहरू र बाधा अड्काउ फुकाउन १५ बुँदे नयाँ व्यवस्थाको घोषणा गर्दै ०६३ असार १९ गतेको प्रतिनिधिसभाको बैठकले नेपाल अधिराज्यको संविधान २०४७ मा व्यापक परिवर्तन गऱ्यो। अन्तरिम संविधान जारी नहुन्जेलका लागि मात्र कायम हुनेगरी यो परिवर्तन गरिएको थियो। प्रतिनिधिसभाको घोषणामा बाझिएका संविधानका धारा तथा अन्य प्रचलनमा रहेका कानुनहरू बाझिएको हदसम्म स्वत: अमान्य हुने प्रावधान राखिएको थियो। प्रतिनिधिसभा नियमावली कार्यान्वयन विशेष समितिद्वारा प्रस्तुत प्रारम्भिक प्रतिवेदनका आधारमा संसदको घोषणासँग बाझिएका संवैधानिक व्यवस्थाको बाधा अड्काउ फुकाउन गरिएको व्यवस्था अनुरूपको संशोधनले राजालाई अधिकारविहीन बनायो।

नयाँ व्यवस्था अनुसार, "नेपाल अधिराज्य" को सट्टा "राज्य" मात्र भन्ने व्यवस्था गरियो। त्यसैगरी "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार", शाही नेपाली सेनाको सट्टा "नेपाली सेना" र शाही राजदूतको सट्टा "नेपाली राजदूत" भन्ने व्यवस्था गरियो। प्रधानमन्त्रीको नियुक्ति राजाबाट हुँदै आएको व्यवस्थालाई खारेज गरी प्रतिनिधिसभाले नियुक्त गर्ने र मन्त्रिपरिषद् कार्यविभाजनको घोषणा प्रधानमन्त्री स्वयम्ले गर्ने व्यवस्था गरियो। संवैधानिक पदका सबै नियुक्तिलगायत् राष्ट्र प्रमुखबाट सम्पन्न हुँदै आएका अन्य नियुक्ति पनि मन्त्रीपरिषद्बाट गरिने व्यवस्था भयो।

मन्त्रिपरिषद्को पद तथा गोपनियताको शपथ पनि संसदमा नै हुने व्यवस्था गरियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२ अनुरुप मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ ले अध्यादेश जारी गर्ने अधिकार खारेज गरी मन्त्रिपरिषद्ले गर्ने व्यवस्था गऱ्यो। त्यसैगरी नेपाल अधिराज्यको संविधानको धारा १२७ मा बाधा अड्काउ फुकाउने अधिकार श्री ५ लाई दिएकोमा अब यस्तो अकिार संसद र मन्त्रिपरिषद्मा रहने व्यवस्था गरियो। संविधानको धारा १२३ बमोजिम राजाद्वारा प्रदान गरिँदै आएको विभुषण, उपाधि, सम्मान र विभुषणसम्बन्धी र धारा १२२ बमोजिम माफी दिनेसम्बन्धी सम्पूर्ण अधिकार हटाई मन्त्रिपरिषद्ले गर्ने व्यवस्था भयो। २०४७ को संविधानको धारा ३५ अनुसार कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा रहने उल्लेख गरिएको प्रावधान हटाई मन्त्रिपरिषद्मा रहने व्यवस्था गरियो। संविधानको धारा ४६ द्वारा प्रदत्त राष्ट्रियसभामा सदस्यहरू मनोनित गर्ने राजाको अधिकार खारेज गरी नेपाल सरकारले गर्ने व्यवस्था गरियो। सरकारको नीति तथा कार्यक्रम राजाले संसदसमक्ष प्रस्तुत गर्ने व्यवस्थालाई खारेज गरी प्रधानमन्त्रीले पेश गर्ने व्यवस्था गरियो।

प्रतिनिधिसभा घोषणालाई संस्थागत गर्न ल्याइएको संविधान संशोधनको प्रस्तावलाई घोषणा कार्यान्वयन समितिका तर्फबाट उपसभामुख चित्रलेखा यादवले संसदमा छलफलका लागि पेश गरेकी थिइन्।

५.९ राजपरिवारको सम्पत्ति सार्वजनिक गर्न निर्देशन

प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले राजपरिवार, मन्त्रिपरिषद् र स्वयम् समितिका सदस्यको सम्पत्ति विवरण उपलब्ध गराउन १५ दिनको समय दिई ०६३ असार १५ गते लिखित पत्र पठायो। कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री नरेन्द्रविक्रम नेम्वाङ्ले जसरी भए पनि र जस्तोसुकै अड्चन आइपरे पनि राजाको सम्पत्ति सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरे। साथै, उनले राजाले विदेशमा राखेको सम्पत्तिको पनि खोजिनीति गरिने बताएका थिए। सार्वजनिक लेखा समितिका अध्यक्ष चित्रबहादुर केसीले राजाको सम्पत्ति जहाँ भए पनि सार्वजनिक गराइछाड्ने प्रतिबद्धता व्यक्त गरे। प्रतिनिधिसभा स्रोत साधन समितिले राजा र राजपरिवारको नाममा रहेको जग्गा जमिन पहिचानमा सघाउन सर्वसाधारणसँग ०६३ कात्तिक ३० गते अपिल गऱ्यो। मन्त्रालय र कर्मचारीतन्त्रबाट सहयोग पाउन नसकेपछि अपिल गरिएको समितिका अध्यक्ष प्रकाश ज्वालाले बताए।[४१] राजपरिवारको सम्पत्तिमा कर लाग्ने व्यवस्था गरेपछि उनको सम्पत्ति सार्वजनिक हुनुपर्नेमा सांसदहरूले जोड दिएका थिए।[४२] नेपालको इतिहासमा राजपरिवारको चलअचल सम्पति विवरण मागिएको यो पहिलो पटक हो।[४३] नेपालको राजा तथा राजपरिवारको सम्पत्ति कति छ भन्ने सम्बन्धमा आम नेपालीको चासो रहेको यथार्थलाई बुझी समितिले यस्तो ऐतिहासिक निर्णय गरे पनि कार्यान्वयन भने हुन सकेन। लेखा समितिले पठाएको पत्रको राजदरबारले प्रत्युत्तर नै दिएन। राजाको सम्पत्ति छानबिन गर्ने र राजालाई करको दायरामा ल्याउने प्रयत्न सफल नभए पनि शोषणको केन्द्रविन्दू रहेको राजतन्त्रको अकूत सम्पत्तिका विषय आमजनतामा चर्चा र चासोको विषय भने बन्यो।

५.१० बजेट सार्वजनिकः दरबार खर्चमा कटौती

आर्थिक वर्ष ०६३/०६४ को राजस्व र व्ययको वार्षिक अनुमान बजेट ०६३ असार ३१ गतेको

४१. "संसदीय समिति राजाको जग्गा खोज्न जाने"। *कान्तिपुर* ०६३ कात्तिक २१: पृ. ३
४२. "राजाको सम्पत्ति सार्वजनिक हुन्छ"। *राजधानी* ०६३ असार ११: पृ. १
४३. "राजाको सम्पत्ति विवरण माग"। *कान्तिपुर* ०६३ असार १६

प्रतिनिधिसभाको बैठकले पारित गऱ्यो। सदनमा नेपाल सरकारका अर्थमन्त्री रामशरण महतले सार्वजनिक गरेको बजेटले विगतमा प्रतिनिधिसभाविहीन अवस्थामा प्रस्तुत गरिएका बजेटभन्दा भिन्न अनुभूति गराउन भने सफल भयो। जनआन्दोलनको मर्मअनुसार दरबारको खर्च तथा रक्षा मन्त्रालयका लागि विनियोजन गरेको खर्चमा कटौती गरियो। अर्थमन्त्री महतद्वारा प्रस्तुत गरिएको विनियोजन विधेयक २०६३ माथि भएको दफावार छलफलमा दरबारको खर्च जुन मात्रामा कटौती गरिनुपर्ने हो, त्यस्तो भने नभएको विचार सांसदहरूले व्यक्त गरेका थिए। सांसद डा. डिल्लीराज खनालले विद्युत, यातायत, सञ्चार र सिंचाई क्षेत्रमा गरिब वर्गको पहुँच पुऱ्याउन बजेट असफल हुने बताए। छलफलकै क्रममा विगतको परम्परा तोड्दै अर्थमन्त्रीले सांसदहरूद्वारा प्रस्तुत गरिएका सुझावका अधारमा रोष्टमबाटै सुधारको घोषणा गरेका थिए।

राजदरबारको खर्चका लागि विगतमा छुट्याइएको करिब ११ करोडबाट वृद्धि गरी ६२ करोड ९१ लाख रूपैयाँ पुऱ्याइएको रकम घटाउने की नघटाउने जनतालाई यथार्थ जानकारी दिन पनि माग सांसदहरूले गरेका थिए। सांसदहरूको मागको सुनवाई तथा जनआन्दोलको भावनालाई स्वीकार्दै सरकारले राजदरबार खर्च कटौती गऱ्यो। [४४]

५.११ अधिकार सम्पन्न विशेष समितिहरूको गठन

प्रतिनिधिसभा घोषणा र प्रतिनिधिसभा नियमावली २०६३ कार्यान्वयन गर्न अधिकारसम्पन्न समितिहरू निर्माण गर्ने निर्णय गरियो। यो वर्ष प्रतिनिधिसभाअर्न्तगतका १२ ओटा समितिहरू क्रियाशील भए। यी संसदीय समितिहरूमा सुरक्षा विशेष समिति, प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समितिलगायत्का समितिहरू थिए।

प्रकोष्ठ : १२ संसदीय समितिहरू[४५]

क्र.सं.	समितिको नाम	अध्यक्ष
१.	सुरक्षा विशेष समिति	सभामुख सुवास नेम्वाङ्ग
२.	प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समिति	सभामुख सुवास नेम्वाङ्ग
३.	संसदीय सुनवाई विशेष समिति	अष्टलक्ष्मी शाक्य (बाहारा)
४.	अर्थ समिति	स्मृतिजारायण चौधरी
५.	सार्वजनिक लेखा समिति	चित्रबहादुर केसी
६.	परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति	महेन्द्र यादव
७.	प्राकृतिक श्रोत र साधन समिति	प्रकाश ज्वाला
८.	वातावरण संरक्षण समिति	नरेन्द्रबहादुर वम
९.	जनसंख्या तथा सामाजिक समिति	विरोध खतिवडा
१०.	राज्य व्यवस्था समिति	हृदयराम थामी
११.	कानुन, न्याय तथा संसदीय व्यवस्था समिति	सावित्रा बोगटी (पाठक)
१२.	विकास समिति	टंकप्रसाद राई

सरकारले महत्वपूर्ण निर्णय गर्दा यी समितिहरूबाट अनुमोदन गराउनुपर्ने व्यवस्था गरियो। संवैधानिक परिषद् वा राजदूतको नियुक्तिपूर्व संसदीय समितिमा सुनवाई भई अनुमोदन भएपछि मात्र निर्णय गरिने प्रावधान राखियो। यसै अनुरूप नेपाल सरकारले निर्वाचन आयोगमा रिक्त रहेको प्रमुख आयुक्त पदमा भोजराज पोखरेल, आयुक्तहरूमा नीलकण्ठ उप्रेती र उषा नेपाललाई गरेको सिफारिस गरेकोमा संसदीय सुनुवाईपश्चात् उनीहरूलाई नियुक्त गरियो।

५.१२ शपथग्रहण

सभामुख एवम् प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समितिका अध्यक्ष सुवास नेम्वाङ्गसमक्ष दुवै संसदका सांसदहरूले ०६३ असार १४ गते सामूहिक शपथग्रहण गरे। प्रतिनिधिसभा घोषणाप्रति पूर्ण वफादार भई मुलुकको सोझो चिताई इमान्दारीका साथ काम गर्ने व्यहोराको शपथ लिनेहरूमा विगतमा शाही सरकारमा मन्त्री भएका, राष्ट्रियसभामा राजाद्वारा मनोनित गरिएका व्यक्तिहरूसमेत थिए। प्रधानमन्त्री अस्वस्थ्य भएका कारण सो दिन मन्त्रिपरिषद् सदस्यहरूको शपथ हुन सकेन। प्रधानमन्त्री कोइराला सभामुख एवम् प्रतिनिधिसभा घोषणा कार्यान्वय विशेष समितिका अध्यक्ष नेम्वाङ्गलाई अस्पतालमा गएर ०६३ असार २० गते शपथ गराए।

प्रधानसेनापति, लोकसेवा आयोगका अध्यक्ष, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख, महालेखा परीक्षक तथा महान्याधिवक्ताले ०६३ साउन ४ गते प्रतिनिधिसभासमक्ष पदको शपथग्रहण गरे। लोकसेवा आयोगका अध्यक्षले अयोगका अन्य सदस्यहरूलाई र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तले अन्य आयुक्त सदस्यहरूलाई सो घोषणाअनुरूप शपथ गराएका थिए। विशेष समितिको ०६३ साउन २१ गतेको बैठकले सरकारका कामु मुख्यसचिव र विभिन्न मन्त्रालय एवम् सचिवालयमा कार्यरत कामु वा निमित्त सचिव र नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई प्रतिनिधिसभा घोषणा कार्यान्वयन विशेष समितिसमक्ष शपथग्रहण गराइएको थियो। साथै, विदेशस्थित कुटनीतिक नियोगका नेपाली राजदूत, निजामती, जङ्गी, प्रहरीलगायत् अन्य सरकारी सेवाका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह र सोभन्दा माथिका सबै अधिकृतका सम्बन्धमा उपयुक्त प्रक्रिया अपनाई सम्बन्धित विभागीय प्रमुखले र नेपाल सरकार र कानुनद्वारा गठन गरिएका (न्यायिक आयोगबाहेक) विभिन्न आयोगका एवम् स्वायत्त संस्थाका

४४. इन्सेक । लोकतन्त्र प्राप्तिका सय दिनमा मानवअधिकारको स्थिति । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र। ०६३ । पृ. ८
४५. पूर्ववत् ३८ र ३९

प्रकोष्ठ : १३

विपक्षीबिनाको प्रतिनिधिसभा

ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलनको जनादेशबाट पुनर्स्थापित प्रतिनिधिसभा प्रतिपक्षविहीन अवस्थामा रह्यो। संसद पुनर्स्थापनाको मुद्दालाई गम्भीररूपमा नउठाएका राप्रपाका सांसदहरू पनि उत्साहित भएर बैठकमा सहभागी भए। प्रधानमन्त्रीको संविधानसभाको चुनावमा जाने संकल्पलाई केवल सातदलका सांसदहरूले मात्र होइन सम्पूर्ण सांसदहरूले स्वागत गरेका थिए। संसदमा प्रस्तावको पक्षमा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरा, राजपाका अध्यक्ष सूर्यबहादुर थापा र नेसपा (मण्डल) का सांसदहरूले पनि आफ्नो अभिमत प्रकट गरे। प्रधानमन्त्री कोइरालाद्वारा ०६३ जेठ ४ गते सदनमा प्रस्तुत गरिएको प्रतिनिधिसभाको ऐतिहासिक घोषणा २०६३ लाई पनि सर्वसम्मतिले पारित गरिएको थियो। पुनर्स्थापित प्रतिनिधिसभा प्रतिपक्षविहीन अवस्थामा रह्यो। संसद पुनर्स्थापनाको मुद्दालाई गम्भीररूपमा नउठाएका राप्रपाका सांसदहरू पनि उत्साहित भएर बैठकमा सहभागी भए। प्रधानमन्त्रीको संविधानसभाको चुनावमा जाने संकल्पलाई केवल सातदलका सांसदहरूले मात्र होइन सम्पूर्ण सांसदहरूले स्वागत गरेका थिए। संसदमा प्रस्तावको पक्षमा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरा, राजपाका अध्यक्ष सूर्यबहादुर थापा र नेसपा (मण्डल) का सांसदहरूले पनि आफ्नो अभिमत प्रकट गरे। प्रधानमन्त्री कोइरालाद्वारा ०६३ जेठ ४ गते सदनमा प्रस्तुत गरिएको प्रतिनिधिसभाको ऐतिहासिक घोषणा २०६३ लाई पनि सर्वसम्मतिले पारित गरिएको थियो।

पदाधिकारीको हकमा सम्बन्धित मन्त्रालयले प्रतिनिधिसभा नियमावली २०६३ ले तोकेको ढाँचामा शपथग्रहण गराउन निर्देशन दियो। प्रतिनिधिसभा नियमावलीले तोकेको शपथपत्रमा नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने जानआन्दोलनको भावनालाई सम्मान गरिएको छ।

६. वञ्चित समूहको पक्षमा प्रतिनिधिसभा

६.१ महिला आरक्षण र नागरिकता

प्रतिनिधिसभाले ०६३ जेठ १६ गते पारित गरेको सार्वजनिक सरोकारको संकल्प प्रस्तावले नेपालको इतिहासमा महिला अधिकारको सवालमा नयाँ आयम थपेको छ। सांसद विद्या भण्डारी प्रस्तावक र सांसद कमला पन्त समर्थक रहेको सार्वजनिक सरोकारको प्रस्ताव ०६३ जेठ १५ गते संसदमा पेश गरिएको थियो। प्रतिनिधिसभाले सर्वसम्मतरूपमा पारित गरेको उक्त संकल्प प्रस्तावले महिलाविरुद्ध विभेद गर्ने सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्न र राज्य संरचनामा महिला सहभागिता बढाउन मार्गप्रशस्त गरेको छ।

महिला र पुरुषबीचको विभेद हटाउन समावेश गरिएको चार महत्वपूर्ण प्रस्तावमध्ये पहिलो प्रस्तावमा आमा-बाबुमध्ये कुनै एकजनाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था छ। प्रस्तावमा राज्यको संरचनामा ३३ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने र घरेलु हिंसा अन्त्य गर्नुपर्ने सवाल पनि उल्लेख गरिएको थियो। राज्य संरचनामा महिलाको प्रतिनिधित्व पाँच प्रतिशतमात्र रहेको वर्तमान अवस्थामा महिलामाथिको विभेदकारी व्यवस्था खारेज गरी उनीहरूको समानुपातिक सहभागिता निश्चित गरिनुपर्नेमा प्रस्तावले जोड दिएको छ।[४६]

महिलाविरुद्ध विभेद गरी सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्ने र राज्य संरचनामा उनीहरूको समानुपातिक सहभागिता बढाउने सम्बन्धमा प्रभावकारी कार्य गर्न प्रतिनिधिसभाले उक्त प्रस्ताव मार्फत् सरकारलाई निर्देशन दियो। नेपाल राज्यपक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावनालाई प्रस्तावले आत्मसात गरेको छ। घोषणाको सुन्दरतालाई कार्यान्वयनको कसीमा जाँचेर भने हेरिनुपर्दछ।

घोषणापछि सरकारद्वारा गठित संविधान मस्यौदा समिति, युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति तथा शान्ति वार्ता पर्यवेक्षण समितिमा महिलालाई सहभागी गराइएको भए घोषणाले सार्थकता प्रमाणित गर्न उदाहरण प्रस्तुत गर्न सक्दथ्यो । तर सरकारले त्यो अवसरको सही समयमा उपयोग गर्न भने सकेन। यस्तो व्यवहारका कारण प्रतिनिधिसभाको घोषणाको प्रभावकारी कार्यान्वयनमा प्रश्न चिह्न खडा हुन पुग्यो।

६.२ छुवाछूत र भेदभावमुक्त राष्ट्रको घोषणा

प्रतिनिधिसभाले ०६३ जेठ २२ गते कथित दलितहरूमाथि गरिने जातीय भेदभाव उन्मूलनको घोषणा सर्वसम्मतले पारित गऱ्यो। राज्यको सबै प्रक्रियामा दलितहरूलाई समावेश गराउने प्रतिबद्धता पनि जाहेर गरिएको घोषणाको प्रस्तावक सांसद परशुराम मेघी गुरुङ

४६. "अब आमाको नामबाट नागरिकता"। *कान्तिपुर* ०६३ जेठ १७: पृ. १

तथा समर्थक सांसदहरू हरि अचार्य, रामहरि ढुङ्गेल, टंक राई र गोविन्दविक्रम शाह थिए।[४७]

मानवअधिकारको दृष्टिले नेपाल राज्यपक्ष भएको सबै किसिमका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावनालाई आत्मसात गरेको घोषणा हुनु स्वागतयोग्य छ। घोषणा पूर्णरूपमा कार्यान्वयन भएमा परम्परादेखि दलितको नाममा उपेक्षित समुदायको मानवअधिकारको संरक्षण हुने सवालमा दुई मत छैन।

आजभन्दा ४३ वर्ष अघि बनेको मुलुकी ऐन २०२० मा नै भेदभाव गर्न नपाइने व्यवस्था गरिएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ मा पनि जातीय भेदभाव र छुवाछूत गर्न नपाइने व्यवस्था थियो। तरपनि त्यस्तो भेदभाव नरोकिएको अवस्थामा यस्तो घोषणा आउनु स्वागतयोग्य मान्नु पर्दछ। घोषणालाई व्यवहारमा उतार्नु भने मुख्य चुनौति हो।

६.३ नागरिकता विधेयक २०६३

नागरिकताको समस्या विशेषत: तराईमा बसोबास गर्ने नागरिकको अधिकारलाई राज्यले सही तरिकाले सम्बोधन गर्न नसकेको विषय मानिदै आएको थियो। प्रतिनिधिसभाको ०६३ मंसिर १० गतेको बैठकले नेपाल अधिराज्यको संविधान २०४७ को भाग दुईलाई अमान्य घोषित गर्दै नागरिकता विधेयक पारित गऱ्यो। सभामुख नेम्वाङ्गले सोही दिन यो विधेयक प्रमाणित गरेपछि ऐन बन्यो। उनले यो ऐनले प्रमाणको अभावमा नागरिकता वञ्चित नेपालीको समस्या समाधान हुने विश्वास व्यक्त गरे। पुनर्स्थापित संसदमा यसअघिका सबै विधेयक सर्वसम्मतरूपमा पारित भए तापनि यो विधेयक पारित गर्ने सवालमा प्रतिनिधिसभा पक्ष-विपक्षमा विभाजित भएको थियो। नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेले विधेयकले गरिब र पिछडिएको वर्गलाई नागरिकता प्रदान गर्न नसक्ने बताउँदै यसको विपक्षमा मतदान गरेका थिए भने राज्य व्यवस्था समितिका सभापति हृदयराम थानीले यो विधेयकले कुनै पनि गैरनागरिकलाई नागरिकता लिने ठाउँ नदिएको बताए। सांसद हृदयेश त्रिपाठीले उक्त विधेयकले राष्ट्रिय समस्याको समाधान गर्ने बताए।

गैरनागरिकले सहजै नागरिकता प्राप्त गर्नसक्नेतर्फ राज्य सचेत हुनुपर्ने धारणा पनि सार्वजनिक भयो।[४८] हतियार व्यस्थापन भए पनि वर्षौंदेखिको नागरिकतासम्बन्धी समस्या समाधान हुन नसके यो समस्या संविधानसभाको निर्वाचनका लागि प्रमुख बाधक बन्ने देखिन्छ। राजनीतिक दलहरूले यो ऐन कार्यान्वयनका लागि सरकारलाई बाध्य पार्न सकेमा वर्षौंदेखि बल्झिएको नागरिकतासम्बन्धी समस्याको छिनोफानो हुनेछ। यो विधेयकले ०४६ लाई आधार वर्ष मानेर एक पटकलाई जन्मको आधारमा सबै नेपालीलाई नागरिकता उपलब्ध गराउने व्यवस्था गऱ्यो। यो नयाँ निर्णयले नागरिकता पाउनबाट वञ्चित नेपालीले नागरिकता पाउने विश्वास गरियो। तराईका २० जिल्लाका मधेशीमूलका नेपालीहरू सबैभन्दा बढी नागरिकता समस्याको मारमा परेका छन्। तर, नागरिकताविहीन नेपालीको पहिचान कसरी गर्ने भन्ने मुद्दा प्रमुख समस्याको रूपमा देखा पऱ्यो।[४९]

७. दण्डहीनताको अन्त्यको लागि भएका प्रयासहरू

७.१ उच्चस्तरीय छानबिन आयोगको गठन गर्न निर्देशन

प्रतिनिधिसभाको ०६३ वैशाख २१ गतेको बैठकले जनआन्दोलनका क्रममा भएको क्रुरतापूर्वक दमनको छानबिन गरी दोषीहरूलाई कारवाही गर्न सांसद ईश्वर पोखरेलद्वारा प्रस्तुत सार्वजनिक महत्वको प्रस्तावलाई सर्वसम्मतले पारित गऱ्यो। प्रस्तावमा जनआन्दोलनका क्रममा निरंकुश शाही सरकारले आन्दोलनकारी तथा सर्वसाधारणमाथि भएको ज्यादतिका घटनाहरूमाथि छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गठन गरी दोषीमाथि कारवाही गर्न सरकारलाई निर्देशन दिइएको थियो।

उक्त निर्देशनअनुरूप सरकारले ०६३ वैशाख २२ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो।

७.२ शाही आयोगका पदाधिकारी कारबाही गर्नेसम्बन्धी प्रस्ताव

शाही शासनकालमा गठित भ्रष्टाचार नियन्त्रणका नाममा भएका ज्यादतिपूर्ण काम-कारवाहीमा संलग्न शाही आयोगका पदाधिकारीहरूलाई कारवाही गर्न प्रस्तुत गरिएको सार्वजनिक महत्वको प्रस्ताव ०६३ वैशाख २२ गते बसेको प्रतिनिधिसभाको बैठकले सर्वसम्मतिले पारित गऱ्यो। प्रस्तावमा उक्त आयोगका पदाधिकारीहरूलाई कारवाही गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो। सांसद रमेश लेखकले जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका थिए। शाही सत्तालाई सबल पार्न प्रजातन्त्रवादी नेताहरूको चरित्र हत्या गर्ने बदनियतले असंवैधानिक र प्राकृतिक न्यायका सिद्धान्त विपरीत गठित आयोग सर्वोच्च अदालतको ०६२

४७. पूर्ववत् ३८, ३९ र ४५
४८. आचाय, भिमार्जुन। "दुर्भाग्यपूर्ण निर्णय"। *कान्तिपुर* ०६३ मंसिर १२: पृ. ७
४९. पोखरल, विश्वमणि। "नागरिकता समस्या सुल्झाउने कसरी ?"। *समय* ०६३ साउन ११: पृ. २३

प्रकोष्ठ : १४

प्रतिनिधिसभाविहीन अवधिको तलब भत्ता नलिने निर्णय

प्रतिनिधिसभाविहीन चार वर्षसम्मको पारिश्रमिक, भत्ता र सुविधाबापत कुनै रकम नलिने र उक्त रकम जनआन्दोलनका सहिद परिवार तथा घाइतेहरूलाई प्रदान गर्नुपर्ने प्रस्ताव सांसद होमनाथ दाहालले सदनमा प्रस्तुत गरे। तत्कालै सदनले त्यो प्रस्ताव पारित गऱ्यो। प्रतिनिधिसभाको त्यो सर्वसम्मत घोषणाबाट ३६ करोड ३१ लाख ७४ हजार ७ सय २० रूपैयाँ राज्यको ढुकुटीमा बचत हुने जानकारी गराइयो। शान्तिपूर्ण जनआन्दोलनको क्रममा पाटनको मंगलबजारमा ०६२ जेठ २० गते सम्पन्न तेस्रो प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूको बैठकले, प्रतिनिधिसभाको पुनर्स्थापनापछि प्रतिनिधिसभाका सदस्यका हैसियतमा विघटित अवधिको पारिश्रमिक, भत्ता तथा सुविधाबापत कुनै पनि रकम नलिने निर्णय गरेको थियो। "हामी जनआन्दोलनका क्रममा जनताबीच गरेका प्रतिबद्धता छाड्दैनौं, जे बोल्यौं त्यो पूरा गऱ्यौं भन्ने संकल्प हो", गृहमन्त्री कृष्णप्रसाद सिटौलाले छलफलमा उठेका प्रश्नको जवाफ दिन क्रममा उल्लेख गरेका थिए।

("संसदहरूलाई आलोचना, संसदलाई व्यस्त बनाउन माग"। *गोरखापत्र* ०६३ वैशाख २२: पृ. १)

फागुन १ गतेको फैसलाद्वारा विघटन गरिएको थियो। *(यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्- परिच्छेद ३.१ "न्यायपालिका")*

७.३ शाही सरकारका मन्त्रीलाई कारवाही गर्न माग

सार्वजनिक लेखा समितिले ०६३ साउन ७ गते सूचना तथा सञ्चारमन्त्री टंक ढकाल र राज्यमन्त्री श्रीषशमशेर राणासँग उनीहरूले सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूलाई जथाभावीरूपमा वितरण गरेको रकमका सम्बन्धमा बयान लियो। तत्कालीन शाही सरकारका सूचना तथा सञ्चारमन्त्री टंक ढकालले ८४ जना पत्रकारको सूची तयार गरी रकम वितरण गरेको स्वीकार गरेका थिए।[५०] प्रतिनिधिसभाले साउन १६ गते शाही सरकारका तत्कालीन सूचना तथा सञ्चार राज्यमन्त्री टंक ढकाल र राज्यमन्त्री श्रीषशमशेर राणाले लोकतान्त्रिक आन्दोलन दबाउन पत्रकार तथा विभिन्न संस्थालाई सहयोग स्वरुप वितरण गरेको रु. ४३ लाखभन्दा बढी रकम असुल गर्न सरकारलाई निर्देशन दिएको भए तापनि वर्षको अन्त्यसम्म नेपाल सरकारले उक्त निर्देशन पालना गरेको पाइएन।

७.४ सांसद हत्या सम्बन्धमा छानबिन समिति गठन

सिरहा जिल्ला क्षेत्र नं.४ का सांसद हेमनारायण यादवको हत्याको छानबिन गर्न संसदीय समिति गठन गरियोस् भनी सांसद सुरेशकुमार कार्कीद्वारा प्रस्तुत जरुरी सार्वजनिक महत्वको प्रस्ताव ०६३ वैशाख २२ गते प्रतिनिधिसभाको बैठकले सर्वसम्मतिबाट पारित गऱ्यो। सांसद यादवको ०६० माघ १९ गते रहस्यमय ढंगले हत्या भएको थियो। त्यस सम्बन्धमा छानबिन गर्न प्रतिनिधिसभाले सांसद आनन्द ढुङ्गानाको अध्यक्षतामा छानबिन समिति गठन गऱ्यो। ०६३ वैशाख २७ गते गठन गरिएको उक्त समितिले मंसिर १५ गते संसदको बैठकमा प्रतिवेदन पेश गऱ्यो।[५१]

समितिले प्रस्तुत गरेका प्रतिवेदनमा सिरहाको चोहर्वास्थित इन्द्रध्वज गणमा कार्यरत तत्कालीन कर्णेल बालकृष्ण कार्कीलाई दोषी ठहर गर्दै ज्यान मुद्दामा कारवाही गर्न सिफारिस गरियो। यसैक्रममा नेपाली सेनाका जनसम्पर्क निर्देशनालयका प्रमुख अनन्त थेवेले जिम्मेवार समितिले दिएको प्रतिवेदनका सम्बन्धमा सरकारले दिने निर्देशनअनुसार कार्य गर्ने जानकारी दिए। तर सरकारले यो वर्षको अन्त्यसम्म अपराधीको पहिचान गरी कारवाही चलाउनेतर्फ कुनै पहल गरेन। जनआन्दोलनको बलमा स्थापित सरकारले कुनै कारवाही प्रक्रिया अगाडि बढाएन। [५२]

सिरहा जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधिसभाका सदस्य तथा राप्रपाका केन्द्रीय कृष्णचरण श्रेष्ठको ०६३ असोज ७ गते गोली हानी हत्या भयो। नेकपा (माओवादी) बाट अलग भएको जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह) का संयोजक जयकृष्ण गोइतले हत्याको जिम्मा लिए। त्यसको भोलिपल्ट सरकारले श्रेष्ठको हत्याको छानबिन गर्न तीन सदस्य समिति गठन गऱ्यो। राप्रपा अध्यक्ष पशुपतिशमशेर राणाले सांसदको सुरक्षामा सरकारले ध्यान नदिएकोमा आक्रोश व्यक्त गदै गृहमन्त्रीको राजीनामा माग गरेका थिए।

७.५ बेलबारी र नगरकोट हत्याकाण्डको छानबिन

तत्कालीन शाही नेपाली सेनाद्वारा ०६२ मंसिर २७ गते भक्तपुरको नगरकोटमा र ०६३ वैशाख ११ र १२ गते मोरङ जिल्लाको बेलबारीमा भएका हत्याको घटनामा संलग्न सैनिकहरूमाथि कारवाही गर्न सांसद परी थापाको संयोजकत्वमा एक-एकओटा संसदीय समिति गठन गरियो। ती समितिले अनुसन्धानको कार्य पूरा गर्न बाँकी भएका कारण पूर्ण विवरण तयार नगर्दै यो वर्ष बित्यो।

---

५०. "मैले नै पत्रकारलाई पैसा बाँडेको हुँ : पूर्वमन्त्री ढकाल"। *अन्नपूर्णपोष्ट* ०६३ साउन ८: पृ. १

५१. पूर्ववत् ३८, ३९, ४५ र ४७

५२. "सांसद यादव हत्या छानबिनमा उदासिनताको आरोप"। *कान्तिपुर* ०६३ मंसिर २९: पृ. ३

८. दिगो शान्ति स्थापनाका लागि प्रतिनिधिसभाको सक्रियता

८.१ सात दल र नेकपा (माओवादी) बीच गरिएको सहमति-सम्झौताको अनुमोदन

प्रतिनिधिसभाको ०६३ वैशाख २१ गतेको बैठकले सात दल र माओवादीबीच ०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारी तथा स्थायी शान्तिका लागि सात दलद्वारा सार्वजनिक गरिएको ६ बुँदे मार्गचित्रलाई सर्वसम्मतले पारित गरी वैधता प्रदान गऱ्यो। उक्त प्रस्ताव सांसद लिलामणि पोखरेलले संसदमा प्रस्तुत गरेका थिए। उक्त प्रस्तावमा विगतमा भएका समझदारी तथा प्रस्तावहरूप्रति पूर्ण इमान्दार भई कार्यान्यवन गर्न सम्बन्धित सबैलाई प्रधानमन्त्री कोइरालाले ०६३ कार्तिक २३ गतेको प्रतिनिधिसभा बैठकमा सात दल र नेकपा (माओवादी) बीच ०६३ कार्तिक २२ गते भएको ऐतिहासिक सहमतिका निर्णयहरू पेश गरे। त्यस्तै ०६३ मंसिर ७ गतेको प्रतिनिधिसभाको बैठकमा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको विवरण पेश गरेका थिए। मंसिर १३ गतेको बैठकमा गृहमन्त्रीले ०६३ मंसिर १२ गते सम्पन्न सेना तथा हतियार व्यवस्थापनसम्बन्धी अनुगमन सम्झौता पेश गरेका थिए।

९. वैधानिकताको कसीमा प्रतिनिधिसभा घोषणा २०६३

प्रतिनिधिसभा घोषणाको वैधानिकता भने छलफलको विषय बन्यो। घोषणाको वैधानिकताको प्रश्न उठाउँदा ०४७ सालको संविधान जीवित रहेको र सोही संविधानबमोजिम पुनर्स्थापित प्रतिनिधिसभाले संविधानलाई नै निस्तेज गर्न नसकिने र संविधानसँग बाझिएको हदसम्म संविधान अमान्य हुने ठहर गर्न नमिल्ने धारणा सार्वजनिक भए। त्यसैगरी उक्त घोषणा केवल संकल्प प्रस्ताव मात्र भएको र यो संविधानको अङ्ग बन्न नसक्ने तर्कहरू पनि अगाडि सारियो। साथै, प्रतिनिधिसभा घोषणा-२०६३ को वैधानिकता र पछिल्ला दिनहरूमा देखिएका अन्यौलको बारेमा प्रधानन्यायाधीश दिलीपकुमार पौडेलसहित सर्वोच्च अदालतका सात न्यायाधीशहरू र महान्यायाधिवक्ताबीच अनौपचारिक छलफलसमेत भएको थियो।

प्रतिनिधिसभा पुनर्स्थापनाको जनआन्दोलनको शक्तिले भएको हो। यस्तो प्रतिनिधिसभाले जनआन्दोललको भावना अनुरूपको घोषणा पारित गर्ने जनआधार र सामर्थ्य राखेको हुन्छ।[५३]

यो घोषणाले प्रतिनिधिसभालाई मात्र सम्प्रभु तुल्याएन, मुलुकको संक्रमणकालीन अवस्थामा विद्यमान समस्याहरूलाई राजनीतिक सहमतिको आधारमा समाधान गर्न दिशातर्फ अगाडि बढ्नसक्ने आधार खडा गऱ्यो। यस्तो आधार खडा गर्ने कार्य संविधानको सामान्य संशोधनबाट मात्र सम्भव थिएन। यसको लागि राजनीतिक निर्णय नै गरिनुपर्दथ्यो।

यस्तो घोषणा संविधान विपरीत भएको र खारेज गरिनुपर्ने माग गर्दै अधिवक्ता अच्युतप्रसाद खरेल, अमिता श्रेष्ठ र विश्वहिन्दू महासंघका तर्फबाट श्रीप्रसाद उपाध्यायले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। अदालतका विवादित फैसलाविरुद्ध संसदीय समितिमा छलफल चलिरहेको र प्रतिनिधिसभामा केही न्यायाधीशलाई महाअभियोग लगाउनु पर्ने बहस भइरहेको बेला सर्वोच्च अदालतले सरकार र प्रतिनिधिसभाको नाममा ०६३ असोज ६ गते कारण देखाऊ आदेश जारी गरेको थियो।[५४] उक्त आदेशपछि प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङ्गद्वारा दिइएको प्रत्युत्तरमा संवैधानिक व्यवहारलाई परिवर्तन गर्न सार्वभौम संसदद्वारा सर्वसम्मतरूपमा जारी गरिएको सर्वोच्च राजनीतिक दस्तावेज विशुद्ध राजनीतिक दस्तावेज भएको र राजनीतिक प्रश्नलाई न्यायिक दृष्टिले निरूपण गर्न नमिल्ने तर्क गरिएको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभाको घोषणा राजनीतिक आवश्यकता भएकाले यसमा न्यायिक हस्तक्षेप गर्न निमिल्ने जवाफ ०६३ मंसिर ११ गते सर्वोच्च अदालतलाई दिए।[५५] कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले पुनर्स्थापित प्रतिनिधिसभाबाट जारी भएको घोषणा आवश्यकताको सिद्धान्तबमोजिम आवश्यक र

प्रकोष्ठ : १५

छुवाछूत मुक्त राष्ट्रको घोषणा

संविधानसभाको घोषणा भइसकेको सन्दर्भमा संविधानसभाको गठन तथा संविधान निर्माण गर्ने सम्पूर्ण प्रक्रियामा सहभागी गराई छुवाछूत प्रथाको सम्पूर्ण विभेदकारी नीति र कार्यको अन्त्य गरी उत्पीडित दलित जातिलाई राष्ट्रको मूलधारमा समावेश गरी समतामूलक समाज निर्माण गर्न त्यस्ता उत्पीडित जातिको तथ्याङ्क संकलन गरी गरिबीको रेखामुनि रहेका उत्पीडित, दलित जातिलाई शिक्षा, स्वास्थ्य र रोजगारको उचित प्रबन्ध गर्न विशेष आर्थिक कार्यक्रम सञ्चालन समेत गरी छुवाछूत र भेदभाव मुक्त राष्ट्र नेपाल घोषणा गरियोस् भन्ने जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रतिनिधिसभाको ०६३ जेठ २१ गतेको बैठकले सर्वसम्मतिले पारित गऱ्यो ।

५३. "वैधानिकताको कसीमा प्रतिनिधिसभा घोषणा"। *गोरखापत्र* ०६३ जेठ २२: पृ. ६

५४. "प्रतिनिधिसभाद्वारा सर्वोच्चलाई जवाफ"। *कान्तिपुर* ०६३ मंसिर ११: पृ. १

५५. "प्रतिनिधिसभा घोषणामाथि हस्तक्षेप नगर्न प्रमको आग्रह" । *नेपाल समाचारपत्र* ०६३ मंसिर १२: पृ. १

वैधानिक भएको तर्क गर्दै ०६३ मंसिर ८ गते सर्वोच्च अदालतलाई जवाफ पठाए।

१०. संसदीय सर्वोच्चता र न्यायिक सर्वोच्चताको विषयमा विवाद

प्रतिनिधिसभाको घोषणासँग विद्यमान नेपाल अधिराज्यको संविधान २०४७ बाझिएको हदसम्म संविधानकै धारा अमान्य हुने घोषणा भएपछि संसदको सर्वोच्चता स्थापित भयो। उक्त घोषणा नियमित गर्न ल्याइएको प्रतिनिधिसभा नियमावली सर्वसम्मतले पारित भएपछि यसको अधिकार क्षेत्रका बारेमा सार्वजनिक बहस नै चल्यो। विशेषगरी न्यायाधीशको पुनर्नियुक्ति र कालोसूचीसम्बन्धी विवादमा तानिएका न्यायाधीशहरूविरुद्ध संसदमा महाअभियोग लगाउनुपर्ने सांसदहरूको धारणाविरुद्ध सर्वोच्च अदालतका प्रधानन्यायाधीशलगायत् अन्य न्यायाधीशहरूले आपत्ती प्रकट गरेका थिए। यो विषयलाई लिएर न्यायाधीशहरूबीच नै मतभेद सृजना भयो। एकथरी यही विषयलाई लिएर न्यायाधीशहरूको सम्मेलन हुनुपर्ने गर्नुपर्ने पक्षमा थिए भने अर्का थरीले पुनरावेदन तथा जिल्ला न्यायाधीशहरूको पुनर्नियुक्ति जस्ता विषयलाई लिएर यस्तो सम्मेलन गर्न नहुने विचार सार्वजनिक गरेका थिए।

११. जीवन र मृत्युको दोसाँधमा राष्ट्रियसभा

ऐतिहासिक जनआन्दोलनको बलमा संसदको तल्लो सदन प्रतिनिधिसभा पुनर्स्थापना भए पनि माथिल्लो सदन राष्ट्रियसभा भने ब्युँतिन सकेन। कूल १८ सांसदहरू मात्र बाँकी रहेको राष्ट्रियसभाका सांसदहरूले यसलाई ब्युँताउनका लागि आवश्यक पहल भने नगरेका होइनन्। राष्ट्रियसभाका उपाध्यक्ष रामप्रित पासवानको नेतृत्वमा सांसदहरूको एक टोलीले ०६३ असार २५ गते सभामुख सुवास नेम्वाङसँग भेट गरी राष्ट्रियसभा सक्रिय गराउन पहल गरेका थिए।[५६] तर संक्रमणकालीन अवस्थामा एउटै संसदमार्फत् अगाडि बढ्ने र आठ दलको सहमतिका आधारमा अन्तरिम व्यवस्थापिका गठन हुँदा राष्ट्रियसभाका बाँकी रहेका सांसदहरूलाई समायोजन गरिने अभिव्यक्ति सार्वजनिक भयो।

स्थायी प्रकृतिको सदनको रूपमा संविधानमा राष्ट्रियसभालाई व्यवस्था गरिएको थियो। यसमा जम्मा ६० जना सदस्य रहने व्यवस्था थियो। प्रतिनिधिसभाबाट एकल संक्रमणीय मत र निर्वाचित गाविस अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख, जिविस सभापति र उपसभापति र सदस्यहरूले प्रत्येक विकास क्षेत्रबाट तीन-तीनजनाका दरले निर्वाचिन गरेकासहित जम्मा ५० जना सदस्यहरू निर्वाचित र बाँकी १० जना राजाबाट मनोनित हुने व्यवस्था गरिएको थियो। ०४८ मा पहिलो पटक राष्ट्रियसभा स्थापना गर्दा ६० जनाकै पदपूर्ति गरियो र गोला प्रथाबाट सांसदहरूको कार्यकाल (दुई, चार र छ वर्ष) छुट्टाइयो। हरेक दुई वर्षमा एक तिहाई अर्थात् २० जना सदस्यहरूको पदावधि समाप्त हुने र पदपूर्ति हुँदैजाने प्रावधान राखिएको थियो। स्थानीय निकायको चुनाव हुन नसकेका कारण यस सभाले प्रत्येक दुई-दुई वर्षमा एक तिहाई सांसद पदपूर्ति गर्ने प्रावधान अनुरूप कार्य गर्न भने सकेन।

फलस्वरूप राष्ट्रियसभा मृत: अवस्थामा रहन पुग्यो। यही क्रम जारी रहेमा वा राष्ट्रियसभाको सक्रियताका लागि कुनै पहल नभएमा ०६४ असार १२ मा सम्पूर्ण सदस्यहरूको पदावधि समाप्त भई राष्ट्रियसभा प्रतिनिधिविहीन बन्ने अवस्था थियो। ०४७ को संविधान अनुसार संसद भन्नाले राजा, राष्ट्रिय सभा र प्रतिनिधिसभा भन्ने बुझिन्छ। जनआन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधिसभा तथा नवगठित मन्त्रिपरिषद्बाट पनि यो सभालाई सक्रिय वा कार्यमूलक बनाउनेतर्फ कुनै पहल हुन सकेन।

प्रकोष्ठ : १६ राष्ट्रियसभाका सदस्यहरूको नामावली [५७]

(वर्णानुक्रमानुसार)

क्र.सं.	नाम, थर	जिल्ला
१.	अक्कलबहादुर विष्ट	अछाम
२.	अशोक कोइराला	मोरङ
३.	उवादत्त पन्त	कञ्चनपुर
४.	दिपकबहादुर गुरुङ	कास्की
५.	देवनारायण चौधरी	सुनसरी (मनोनित)
६.	बलबहादुर राई	ओखलढुङ्गा
७.	बेदुराम भुसाल	कपिलवस्तु
८.	सुश्री मैयादेवी श्रेष्ठ	चितवन
९.	याङ्किला शेर्पा	सोलुखुम्बु (मनोनित)
१०.	राधेश्याम अधिकारी	काठमाडौं
११.	रामजीवन सिंह	महोत्तरी
१२.	रामप्रीत पासवान	सप्तरी
१३.	डा. रूप ज्योती	काठमाडौं (मनोनित)
१४.	रगनाथ जोशी	बाँदेया
१५.	लक्ष्मीदास मानन्धर	काठमाडौं
१६.	ललितकुमार बस्नेत	मकवानपुर
१७.	लोकबहादुर थापा	मकवानपुर
१८.	श्रीमती श्रीमाया थकाली	मुस्ताङ

५६. पूर्ववत् ४४। पृ. ११
५७. पूर्ववत् ३८, ३९, ४५, ४७ र ५१

१२. पुनर्स्थापित प्रतिनिधिसभाको औचित्यमाथि बहस

जनआन्दोलन-२ को बलमा पुनर्स्थापित प्रतिनिधिसभालाई निरन्तरता दिने वा नदिने भन्ने सवालमा यो वर्ष भरी नै बहस चल्यो। नेकपा (माओवादी) को दबाबका कारण ०६३ असार १ गतेदेखि १७ दिन प्रतिनिधिसभाको नियमित कारवाही स्थगन गर्नुपऱ्यो। प्रतिनिधिसभाको पुनर्स्थापनामात्रै जनआन्दोलनको जनादेश नभएको बताउँदै आएको नेकपा (माओवादी) ले प्रतिनिधिसभाका गतिविधिप्रति सार्वजनिक विरोध जनाउँदै आएको थियो। नेकपा (माओवादी) का नेता डा. बाबुराम भट्टराईले आगामी शान्ति वार्तामा "संसद्को कुरो घाँटीको हाड बन्न सक्ने" बताए। संसद विघटन गरी अन्तरिम संविधानको मातहतमा सर्वदलीय सरकार बनाउन नचाहेमा देशमा थप रक्तपात हुने धारणा उनले सार्वजनिक गरेका थिए।

नेकाँ संसदीय दलको ०६३ असार २८ गते बसेको बैठकले संविधानसभाको निर्वाचन नहुँदासम्म प्रतिनिधिसभा क्रियाशील रहनुपर्ने औपचारिक प्रस्ताव पारित गऱ्यो। पुनर्स्थापित प्रतिनिधिसभालाई निरन्तरता दिइनुपर्ने भन्दै ०६३ असार १८ गतेको प्रतिनिधिसभाको बैठकमा सांसदहरूद्वारा संसद विघटन नगर्न नेताहरूलाई आग्रह गरियो। जनआन्दोलनद्वारा पुनर्स्थापित प्रतिनिधिसभालाई नेकपा (माओवादी) को जनसरकारको समकक्षमा राखेर विघटन गर्न खोजिएको भन्दै सांसदहरूले सात दल र नेकपा (माओवादी) बीच ०६३ असार २ गते भएको ८ बुँदे सहमति तिखो आलोचना गरे। आफ्नै मृत्युको घोषणापत्रमा सही गरेको भन्दै सरकारले आचारसंहिता कार्यान्वयन गराउन नसकेको आरोप सांसदहरूले लगाए। सांसद सूर्यबहादुर थापाले सार्वभौमसत्ता प्रतिनिधिसभाको विघटन गर्ने सहमतिमा हस्ताक्षर गर्नु भनेको बालुवाको घर बनाउने-भत्काउने जस्तो ख्याल ठट्टा होइन भन्दै सात दलको नेतृत्वलाई माओवादीसमक्ष आत्मसमर्पण नगर्न आग्रह गरेका थिए। सांसद होमनाथ दाहालले सार्वभौमसत्ता सम्पन्न प्रतिनिधिसभा विघटनको घोषणाका विधि र प्रक्रियाका बारेमा संसदलाई जानकारी गराउन माग गरेका थिए। यसको प्रत्युत्तरमा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले सहमतिबाट उपयुक्त व्यवस्था गरी प्रतिनिधिसभाको विघटन गर्ने, आन्तरिम सरकार बन्नुअघि हतियारको व्यवस्थापन हुने र आन्तरिम संविधान जारी गरिने कुरा सदनलाई अवगत गराए।[५८]

नेकपा (एमाले) का महासचिवले प्रतिनिधिसभाले ऐतिहासिक र महत्वपूर्ण निर्णय गरेको भए तापनि त्यसलाई अनावश्यक तन्काइरहेमा शान्तिका लागि बाधक हुनसक्ने भएकाले आवश्यक व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्न आह्वान गरे। प्रतिनिधिसभा निलम्बन गरी नेकपा (माओवादी) सहितको अन्तरिम सरकार गठन गर्नुपर्ने र उक्त अन्तरिम सरकारले आवश्यकता परेमा ब्यूँत्याउनुपर्ने धारणा नागरिक समाजका प्रतिनिधि डा. सुन्दरमणि दिक्षितले राखेका थिए। संसदको विघटन नगर्नु संविधानसभाको निर्वाचनका विरुद्धमा नै लाग्नु हो भन्ने अभिव्यक्ति उनले दिएका थिए। गणेशमान सिंह

प्रकोष्ठ : १७

सम्माननीय सभामुख ज्यू
प्रतिनिधिसभा
संसद सचिवालय।

देहायको जरुरी सार्वजनिक महत्वको विषयमाथि छलफल गर्न सूचना दिएको छु:

जरुरी सार्वजनिक महत्वको प्रस्ताव

शान्तिपूर्ण जनआन्दोलनमार्फत् अभिव्यक्त जनताको भावना, सात राजनीतिक दलहरूले जनआन्दोलमा प्रस्तुत गरेको मार्गचित्र र सात दल एवम् नेकपा (माओवादी) बीच सम्पन्न भएको १२ बुँदे समझदारीसमेतका आधारमा जनआन्दोलनबाट स्थापित राज्य शक्तिको श्रोत नेपाली जनता भएको र राजकीय सत्ता र सार्वभौमसत्ता नेमाली जनतामा निहित रहेको भन्ने यथार्थलाई संस्थागत गर्दै देशको विद्यमान गम्भीर संकटको निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने संकल्पसहित निर्णय गर्दछ। यस प्रयोजनका लागि नेकपा (माओवादी) सँग अविलम्ब वार्ता गर्ने, युद्धविरामको घोषणा गर्ने तथा भय, त्रास र हिंसामुक्त वातावरण सुनिश्चित गर्नेसमेत प्रतिवद्धता व्यक्त गर्दछ।

छलफल गर्नुका कारण: मुलकको विद्यमान राष्ट्रिय सङ्कटको समाधान आवश्यक भएकाले।

प्रस्तावक
नाम, थर : गिरिजाप्रसाद कोइराला
मिति : २०६३।०१।१३

समर्थक
माधवकुमार नेपाल
शेरबहादुर देउवा
लीलामणि पोखरेल
नारायणमान विजुक्छे
हृदयेश त्रिपाठी
मिति : २०६३। ०१।१५

५८. "प्रतिनिधिसभा विघटन गर्ने सहमतिप्रति तीव्र आलोचना" । *गोरखापत्र* ०६३ असार १९: पृ. १

अध्ययन प्रतिष्ठानका अध्यक्ष नवीन्द्रराज जोशीले यो संसदले जनता र सरकारका बीचमा पुलको काम गर्ने भएकाले यसलाई विघटन गर्न नहुने धारणा व्यक्त गरे। निरन्तरता दिने वा नदिने भन्ने सवाल सात दल र नेकपा (माओवादी) बीच संवादका आधारमा तय गरिनुपर्ने धारणा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले व्यक्त गरे। मानवअधिकारकर्मी कृष्ण पहाडीले यस्ता विषय सडकमा बोल्दै हिँड्ने विषय नभएको विचार व्यक्त गरेका थिए।[५९]

पुनर्स्थापित प्रतिनिधिसभाका सदस्यहरू ०५६ सालमा निर्वाचित भएका थिए, जसमा तत्कालीन संसदीय दलहरूको मात्रै प्रतिनिधित्व थियो। तर जनआन्दोलनको अर्को मुख्य शक्ति नेकपा (माओवादी) को कुनै संलग्नता थिएन। त्यसैले नेकपा (माओवादी) लाई यो संसदले गरेका उपलब्धिहरूको बारेमा जस नपाइने चिन्ता हुनु स्वभाविक थियो। त्यसमा उनीहरूको संलग्नता गर्नेतर्फ आवश्यक पहल हुन जरुरी थियो।[६०] जनआन्दोलनको एक मात्र लक्ष्य संविधानसभा भएको र यसको प्राप्तिका लागि कुनै पहल नगरी संसद भंग गरेमा पुनः रिक्तताको स्थिति हुने आशंकाहरू पनि देखिए। दिगो वैकल्पिक व्यवस्था नहुँदै संसद विघटन गर्नु जोखिमपूर्ण हुनसक्ने धारणा पनि सार्वजनिक भए।[६१] यी र यस्ता विवादहरूबिच जारी प्रतिनिधिसभा अन्तरिम व्यवस्थापिका कसरी बनाउने, संविधानसभाको निर्वाचन प्रक्रिया कस्तो हुने भन्ने विषयको छलफलमै रूमलियो।[६२] सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने सातदल र माओवादीबीच ०६३ असार २ गते भएको सहमति कार्यान्वयन लाई यसको समाधानको रूपमा लिइनुपर्दछ। जनआन्दोलनको उपलब्धिको रूपमा पुनर्स्थापित प्रतिनिधिसभाको औचित्यमाथि प्रश्न चिह्न उठाइएता पनि करिब आठ महिनाको अवधिमा यसले गरेका दूरगामी राजनीतिक घोषणाहरूलाई भने कम आँक्न मिल्दैन।

१३. मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन

जनसंहार, मानवताविरुद्धका अपराध र युद्ध अपराधका अपराधीहरूलाई अन्तर्राष्ट्रियस्तरमा न्यायको दायरामा ल्याउन स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदन गर्न प्रतिनिधिसभाको ०६३ साउन ९ को बैठकले सर्वसम्मतरूपमा निर्देशात्मक संकल्प प्रस्ताव पारित गऱ्यो। सांसद परशुराम मेघीद्वारा प्रस्तुत उक्त प्रस्तावलाई सभामुखले बैठकमा निर्णयार्थ प्रस्तुत गरेपछि सर्वसम्मतिले पारित गरिएको थियो। उक्त प्रस्तावको छलफलमा उठेका प्रश्नहरूको जवाफमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीले दण्डहीनताको अन्त्य गर्न सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन प्रक्रिया शुरु गर्ने जानकारी गराएका थिए। दण्डहीनताको अन्त्यको लागि मानवअधिकारको दृष्टिले अत्यन्त महत्व राख्ने रोम विधानको अनुमोदन वर्षको अन्त्यसम्म पनि भएन।

आदिवासी जनजातिको अधिकार र सम्मानमा सहयोग पुग्ने अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ अनुमोदनका लागि प्रतिनिधिसभाको ०६३ भदौ १२ गतेको बैठकले सरकारलाई निर्देशन दियो। प्रस्तावमा नेपाली आदिवासी, जनजातिहरूको हक-अधिकार संरक्षण गर्न र नेपालको वर्तमान द्वन्द्वलाई स्थायीरूपमा समाधान गर्न सहायक बन्नसक्ने श्रम संगठनको महासन्धि नम्बर १६९ अनुमोदनका लागि प्रतिनिधिसभाले सरकारलाई निर्देशन गर्दछ भनिएको थियो। सांसद विजय सुब्बाले प्रस्तुत गरेको संकल्प प्रस्तावमा नेपाल सरकारले आदिवासी जनजातिहरूको हक, अधिकारको सम्मान, सुरक्षा गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो।[६३] उक्त महासन्धिको अनुमोदन भएमा राज्यको पुनर्संरचनाद्वारा समावेशी राज्यको स्थापना तथा आदिवासी र जनजातिलाई अधिकार सम्पन्न गराउने सवालमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनाउँदै तुरुन्त अनुमोदन गर्न सरकारलाई मानवअधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूले आग्रह गरे।

वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन नियन्त्रणसम्बन्धी सार्क क्षेत्रीय महासन्धि, २००२, दक्षिण एसियामा बाल कल्याण अभिबृद्धिका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्ध उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख, १९९९, आप्रवाससम्बन्धी अन्तराष्ट्रिय संगठन (आईओएम) को नेपाल सदस्य बन्नेसम्बन्धी प्रस्तावहरूलाई प्रतिनिधिसभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो।

१४. प्रतिनिधिसभाको आलोचना

प्रतिनिधिसभा घोषणा २०६३, महिलालाई ३३ प्रतिशत आरक्षणको घोषणा, छुवाछूत उन्मूलनसम्बन्धी घोषणाका अलावा महत्वपूर्ण नियमावलीसमेत बनाएको सदनले राजनीतिक वृत्तमा सकरात्मक प्रभाव पारेको थियो। तर सक्रमणकालका मुख्य कार्यसूची र संविधानसभाको

५९. अधिकारी, लेखनाथ। "बहसमा प्रतिनिधिसभाको औचित्य"। *नेपाल समाचारपत्र* ०६३ जेठ १: पृ. ४
६०. बज्राडे, निमेषचन्द्र। "संसद विघटनको विकल्प छैन"। *www.newsofnepal.com* ०६३ जेठ २९
६१. ढुङ्गेल, माधव। "धरापमा प्रतिनिधिसभा"। *नेपाल* ०६३ असार ११: पृ. २१
६२. गाउँले, शिव। "अन्तरिम संसद थरीथरीका उपाय"। *हिमाल* ०६३ असार १५: पृ. ३०
६३. पूर्ववत् ३८, ३९, ४५, ४७, ५१ र ५७

निर्वाचनतर्फ गम्भीरताकासाथ प्रस्तुत हुन सरकार र नेकपा (माओवादी) लाई तीब्र दबाब दिन नसकेको र सदनका घोषणाहरू केवल "श्रृंगारिक परिवर्तन" मा सीमित भएको आरोप पनि लाग्यो।[६४]

प्रतिनिधिसभाले शान्तिको लागि सङ्कल्प प्रस्ताव पारित गरेर संविधानसभाको निर्वाचन गर्ने प्रतिबद्धताकोसंस्थागत प्रक्रिया थालनी गरेपनि यसका लागि आवश्यक तयारी एवम् शीघ्र संयन्त्र निर्माणजस्ता पक्षमा पर्याप्त ध्यान दिएको पाइएन। प्रतिनिधिसभाको विकल्प खोज्ने सवालमा अधिकांश सांसदहरूको सोचाई सकारात्मक नभएको पाइयो। नेपाली जनतामा आएको परिवर्तनको अनुपातमा सांसदहरूको सोचाइमा परिवर्तन आउन नसकेकोतर्फ सांसदहरू चनाखो हुनुपर्दथ्यो। प्रतिनिधिसभामा गम्भीर राजनीतिक बहस हुनुपर्नेमा त्यसो भएको पाइएन।

१५. निष्कर्ष

ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलन-२ द्वारा पुनर्स्थापित प्रतिनिधिसभाले नेपालको इतिहासमा सर्वाधिक महत्व राख्ने निर्णयहरू गर्‍यो। ती प्रस्तावहरूमध्ये नेपालको राजनीतिमा दूरगामी महत्व राख्ने संविधानसभाको निर्वाचनसम्बन्धी संकल्प प्रस्ताव पनि थियो। ००७ साल देखि विभिन्न समयमा उठेको आन्दोलनका भावनाको कदर गर्दै निर्वाचनबाट बन्ने संविधानसभाबाट नयाँ लोकतान्त्रिक समावेशी संविधानको निर्माण गर्ने संकल्प प्रस्ताव पारित गरियो। प्रतिनिधिसभाले ऐतिहासिक घोषणामार्फत् सामान्य कानुन निर्माण गर्ने विगतको परम्परालाई तोड्दै जनादेशका आधारमा राजनीतिक निर्णय गरी भविष्यमा राष्ट्रले चाल्नुपर्ने मार्ग तय गर्‍यो। उक्त घोषणासँग बाझिएका संविधानका प्रावधानहरू स्वत: बदर हुने निर्णय गरेर जनआन्दोलन-२ ले पुनर्पुष्टि गरेको जनताको सर्वोच्चताको मान्यतालाई स्थापित गरायो।

मानवअधिकारको सम्मान तथा संरक्षणका दृष्टिले पनि यस वर्ष प्रतिनिधिसभाका कदमहरू उत्साहजनक रहे। मानवअधिकार बहाली तथा दिगो शान्तिका लागि दण्डहीनताको अन्त्य गर्न महत्वपूर्ण योगदान पुऱ्याउनसक्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न संसदले सरकारलाई निर्देशन दियो। संसदले आमा वा बाबुमध्ये कसैको नामबाट सन्तानले नागरिकता लिन पाउने सार्वजनिक महत्वको प्रस्ताव पारित गर्‍यो। यसले नेपाल राज्यपक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १५ मा व्यवस्था गरिएको व्यक्तिको राष्ट्रियताको अधिकारप्रति सम्मान दर्शायो। प्रतिनिधिसभाले सर्वसम्मतरूपमा पारित गरेको जातीय छुवाछूत प्रथा उन्मूलनको घोषणाले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा उल्लेख गरिएको प्रत्येक व्यक्तिमा अन्तर्निहित मानव गरिमाको सम्मान गर्‍यो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २६ मा उल्लेख गरिएको कानुनका अगाडि सबै समान छन् भन्ने मान्यताप्रति सजग भएको पाइयो। नेपाल राज्यपक्ष भएको सबै किसिमका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ लाई पनि उक्त घोषणाले आत्मसात गर्‍यो।

महिला अधिकारको सम्मान गर्ने सवालमा पुनर्स्थापित प्रतिनिधिसभाले ऐतिहासिक घोषणा गर्‍यो। महिलाविरुद्ध विभेदकारी सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्ने र राज्यको संरचनामा महिलाको समानुपातिक सहभागिता बढाउने प्रस्तावले नेपाल राज्यपक्ष भएको महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षपोषण गरेको छ। संसदले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १८ मा व्यवस्था गरिएको धार्मिक स्वतन्त्रताको सिद्धान्तलाई पनि स्वीकार गर्‍यो।

समग्रमा, पुनर्स्थापित प्रतिनिधिसभाले मुलुकको राजनीतिमा दूरगामी प्रभाव पार्ने प्रगतिशील निर्णयहरू गर्‍यो। तर कतिपय कार्यशैली तथा निर्णयहरू टिका-टिप्पणीका विषय पनि बन्न पुगे। खासगरी घोषणा गरिएका सवालहरूको कार्यान्वयन पक्ष फितलो देखिएको अवस्थामा संसदको प्रभावकारी भूमिका अपेक्षित रह्यो।

नेकपा (माओवादी) ले स्थायी युद्धविराम घोषणा गर्दै शान्ति सम्झौतामा हस्ताक्षर गरी संविधानसभाको निर्वाचनका लागि प्रतिबद्धता व्यक्त गरेको अवस्थामा सोही पार्टीबाट अलग भई बनेका दुई समूहहरूको हिंसात्मक गतिविधिका कारण वर्षको अन्त्यतिर तराई क्षेत्र प्रभावित हुन पुग्यो। ती समूहलाई राजनीतिक मूलधारमा ल्याउन पुनर्स्थापित प्रतिनिधिसभाले आवश्यक पहल गरेको पाइएन।

पुनर्स्थापित प्रतिनिधिसभाको निरन्तरता तथा विघटनको सवाल पनि यो वर्ष राजनीतिक बहसको विषय बन्यो। नेकपा (माओवादी) ले प्रतिनिधिसभालाई निरन्तरता दिनु अर्को जनविद्रोह निम्त्याउनु हो भन्ने धारणा समेत सार्वजनिक गर्‍यो। नेपाली काँग्रेसको संसदीय दलको बैठकले सातदल र माओवादीबीच भएको सम्झौताका विरुद्धमा प्रतिनिधिसभा विघटन गर्न नहुने प्रस्ताव नै पारित गर्‍यो। नेकपा (एमाले) का सांसदहरूले संविधानसभा अघि पुनर्स्थापित प्रतिनिधिसभाको विघटन गर्न नहुने तर्क अगाडि सारे। यस्ता बहसहरू जारी रहे पनि नेकपा (माओवादी) सहितको अन्तरिम व्यवस्थापिका निर्माण नहोउन्जेल प्रतिनिधिसभाको महत्व यो वर्षको अन्त्यसम्म यथावत रह्यो।

६४. पाठक, तिलक। "सेलायो संसद"। *नेपाल* ०६३ कात्तिक ५: पृ. ३२

प्रतिनिधिसभाको घोषणा-२०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सात दल-नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारीअनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुन:संरचनासहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने सङ्कल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकता सुदृढ गर्नसार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

"राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सावभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याको समाधान गर्न" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकारसम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्णलोकतन्त्र स्थापनाका दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्णअधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ-

१. व्यवस्थापिकाका सम्बन्धमा

१.१. नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ। कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्नेछ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहायबमोजिम हुनेछ-

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ।

१.४. प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ।

२. कार्यकारिणीका सम्बन्धमा

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ।

"श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिने छ।

२.२. प्रतिनिधिसभा सदस्य नरहेको व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन्।

२.३. मन्त्रिपरिषद् र प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ। मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिकरुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगतरुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन्। प्रशासन, सेना, प्रहरीलगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन्।

२.४. सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।

३. सेनाका सम्बन्धमा

३.१ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ।

३.२. राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ। नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ।

३.४. सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ।

३.५. सेना परिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ।

४. राजपरिषद्का सम्बन्धमा

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ। त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ।

५. राजदरबार सम्बन्धमा

५.१. राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुनेछ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुनबमोजिम कर लाग्नेछ।

५.४. श्री ५ बाट भए गरेका कामहरुका बारेमा प्रतिनिधि सभा र अदालतमा प्रश्न उठाउन सकिनेछ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामति सेवाको अंग बनाइनेछ।

५.६. राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ।

६. मुलुकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिनेछ ।

७. प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।

८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।

९. विविध

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान रही सबैले आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन्। शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन्।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन्।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहनेछ।

अनुसूची

१

सन् २००६ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २००६ भरिका अर्थात् ०६२ पुस १७ देखि ०६३ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् ००६ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएका मध्ये विश्वसनीय घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। केही घटनालाई विश्वसनीयताको अभावमा प्रकाशन गर्न सकिएन। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मूख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्ष पुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये ठूला छ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विस्फोटक पदार्थ सम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षक अन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- गत वर्षदेखि मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई "विगतको अनुगमन" शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षक अन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- नेकपा (माओवादी) बाट अलग भई गठित जनतान्त्रिक तराई मुक्ति मोर्चा र मधेशी टाइगरबाट भएका घटनालाई 'अन्य' शीर्षक अन्तर्गत राखिएको छ। त्यसैगरी माओवादीविरूद्ध प्रतिकार समूहबाट भएका घटनाको तथ्याङ्क पनि 'अन्य'मै समाविष्ट छन्।
- अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिर तार गरिएका पीडितहरूको मात्र तथ्याङ्क हो। तीमध्ये २४ घण्टा भन्दा बढी हिरासतमा वा मुद्दा चलाइएका व्यक्तिहरूको तथ्याङ्क गिरफ्तारी शीर्षक अन्तर्गत समावेश गरिएको छ।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २००६ सम्मका मानवअधिकार वर्षपुस्तकहरू

च. इन्फर्मल सेक्टर रिसर्च एण्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट डेभ्लेप्मेन्ट प्रोफाइल अफ नेपाल २००४;* काठमाडौं, २००४

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

छ. विविध



पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० संखुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुंगा

१.१६ सोलुखुम्बु

१.१ झापा



जनसंख्या	७,२९,७५८
साक्षरता प्रतिशत	७५.८५
महिला साक्षरता प्रतिशत	६७.८०
क्षेत्रफल (वर्ग कि. मि.)	१६०६
गाविस/नपा संख्या	४७/३
निर्वाचन क्षेत्र	५
विद्यालय	५७२
क्याम्पस/उच्च मा.वि.	७/३९
अस्पताल/ स्वास्थ्य चौकी	७/५६
टेलिफोन लाइन	१२०००
मोटर सडक (कि. मि.)	५८१
प्रहरी कार्यालय संख्या	७
हुलाक संख्या	५५
मानव विकास सूचकाङ्क	०.४९४
प्रति परिवार सरदर संख्या	५.३१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

अर्जुनधारा गाविस-७ निवासी १७ वर्षीय राजन गिरी र भद्रपुर नपा-९ निवासी २६ वर्षीय सुरज विश्वासको चन्द्रगढीमा आह्वान गरिएको ०६३ वैशाख ६ गतेको शान्तिपूर्ण जनप्रदर्शनमा सेना र प्रहरीले जथाभावी गोली चलाउँदा घटनास्थलमा नै मृत्यु भयो। दिनभर भएको प्रदर्शनपछि करिब आधा भन्दा बढी प्रदर्शनकारी घर फर्केपछि सेनाले प्रदर्शनकारीलाई चारैतिर घेरी करिब १५ सय गोली चलाएको थियो। उक्त घटनामा परी गोविन्द कडरिया, सन्तोष ढकाल, सिन्धु उप्रेती, देवी बराल, गोपाल श्रेण्ठ, पूर्णबहादुर ढकाल, विष्णु प्रसाई, नारायण खड्का, यज्ञ अधिकारीलगायत करिब ५० जना घाइते भए। उक्त घटनामा जम्मा २ सय ४ जना घाइते भएका थिए। घाइतेहरूको उपचार मेची अञ्चल अस्पताल भद्रपुर, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र भारतको सिलगुढीमा भएको थियो। घाइतेमध्ये गोविन्द कडरिया र गोपाल श्रेष्ठको धरान र सिन्धु उप्रेतीको भारतको दिल्लीस्थित अस्पतालमा उपचार भयो।

माओवादीबाट

टाघनडुव्वा गाविस-९ निवासी २२ प्रहरी जवान वर्षीय दिनेश विश्वकर्माको ०६३ वैशाख ३ गते माओवादीले दमक नपा-५ तथा भुटानी शरणार्थी शिविर नजिक सादा पोसाकमा घुम्दै गरेको अवस्थामा गोली हानी हत्या गरे। सोही घटनामा भुटानी शरणार्थी नरबहादुर मगर, दमक नपा-५ निवासी २३ वर्षीया रेणुका राई र २९ वर्षीया कल्पना राई माओवादीको गोली लागी घाइते भए। घाइतेहरूमध्ये मगरको कोशी अञ्चल अस्पतालमा, रेखा राई र कल्पना राईको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

डाँगीबारी गाविस-५ का ५३ वर्षीय दिनभुला राजवंशीलाई चोरी, डकैती र बलात्कारको आरोपमा ०६३ जेठ २० गते बिहान माओवादीले उनलाई घरैबाट अपहरण गरी बिर्तामोड पुऱ्याई कुटपिट गर्दै खुदुनाबारी गाविस-५ स्थित एक घरमा लगी सोही दिन हत्या गरी लास नजिकैको जङ्गलमा गाडे। घटना भएको चार महिनापछि मात्र माओवादीले परिवारलाई हत्याको जानकारी गराए।

बाहुनडाँगी गाविस-७ निवासी २५ वर्षीय युवराज भुजेलले अपराधिक क्रियाकलाप गरेको र नक्कली माओवादी बनेको आरोपमा ०६३ जेठ २० गते माओवादीले उनलाई बिर्तामोडबाट अपहरण गरी मारुती भ्यानमा राखी खुदुनाबारी गाविस-५ स्थित एक घरमा पुऱ्याई हत्या गरे। पीडितको लास परिवारलाई समेत दिएनन् भने चार महिनापछि मात्र पीडितको घरमा हत्या भएको खबर पुग्यो।

माओवादी नियन्त्रणमा मृत्यु

अर्जुनधारा गाविस-२ निवासी ३५ वर्षीय गोपाल राजवंशीलाई चोरी, डकैती, बलात्कार जस्ता घटनामा संलग्न भएको आरोपमा ०६३ असोज २९ गते माओवादीले बाहुनडाँगी गाविसको नक्कलबन्दाबाट अपहरण गरे। पीडितलाई ०६३ कात्तिक ४ गते बिहान बाहुनडाँगी गाविस-१ का अर्जुन कार्कीको घरमा थुनी राखेकोमा सोही घरमा रहेको चिया बगानमा हाल्ने विष खाई मऱ्यो भनी स्थानीय मेची खोलामा माओवादीले लास खाल्डो खनी गाडे। पीडितको लास बाबु दिनेश राजवंशीले बुझे।

दोहोरो भिडन्त

सशस्त्र प्रहरी हवल्दारहरू दिलीप मेहता र सन्तोष मेचे ०६२ चैत ३ गते दिउँसो माओवादीले काकडभिट्टा नाकाको चेकपोष्टमा एक्कासी आक्रमण गर्दा गोली लागी गम्भीर घाइते भए। घाइतेहरूमध्ये दिलीप मेहताको उपचारका लागि मेची अञ्चल अस्पताल भद्रपुर लाँदै गर्दा मृत्यु भयो। सन्तोष मेचेको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। सोही घटनामा अनारमनी गाविस-६ का २५ वर्षीय सर्वसाधारण सूर्य गौतमलाई प्रहरीले माओवादी भनी गोली हान्दा घटनास्थलमा मृत्यु भयो।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका असई श्याम कार्की, इलाका प्रहरी कार्यालय बिर्तामोडका असईद्वय खेम बस्नेत, वीरबहादुर तामाङ, प्रहरी जवानहरू युवराज गुरुङ, श्रवण श्रेष्ठ, मनोज राजवंशी, बिन्देश्वर मण्डल, हरि कटुवाल र रमेश पोखरेलको बिर्तामोडस्थित इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयमा ०६२ चैत ८ गते बिहान माओवादीले आक्रमण गर्दा मृत्यु भयो। प्रहरी र माओवादीको भिडन्तमा प्रहरीको गोली लागी माओवादीका उमङ्ग भनिने एक छापामारको मृत्यु भयो। घटनास्थल भन्दा ५० मिटर पश्चिम महेन्द्र राजमार्ग बिर्तामोडमा एक ७५ वर्षीया वृद्धा महिलाको गोलीबाट मृत्यु भएको थियो। आक्रमणपछि ट्रक लिई भाग्दै गरेका माओवादीमा ट्रक पल्टिँदा एकजना घाइते भए। एकजनाको ट्रकले किचेर मृत्यु भयो। घाइते एक जना माओवादी छापामारलाई पछि आएको सेनाको टोलीले घाइते अवस्थामा गिरफ्तार गरी बुट्टाबारी चियाबगान खण्डको कल्भर्टमा लगी गोली हानी हत्या गरे। माओवादीद्वारा हत्या गरिएकामध्ये खेमकुमार बस्नेत, वीरबहादुर तामाङलगायत पाँचजनालाई भने माओवादीले आत्मसमर्पण गरिसकेपछि गोली हानी हत्या गरे। घटनामा परी इन्सपेक्टर राजेन्द्र बस्नेत, असई राजेन्द्र चापागाई, हवल्दारहरू धनबहादुर लिम्बू, धनबहादुर विश्वकर्मा, धनबहादुर धिमाल, राजेन्द्र ढकाल, प्रेम श्रेष्ठ, पदम श्रेष्ठ, मंगलसिङ लिम्बू, धीरज यादव, श्री कुमार राई र जवानहरू रामसेन यादव, प्रकाश विश्वकर्मा, रमेश माझी, नवराज थापा, लालदेव मण्डल, ईश्वर पोखरेल, दलबहादुर सुनुवार, गोपाल घिमिरे, वीरेन्द्रकुमार यादव, निरबहादुर कार्की, थुनुवाहरू विशाल गुरुङ र बासुदेव राई घाइते भए। घाइतेहरूको काठमाडौंस्थित वीरेन्द्र प्रहरी अस्पतालमा उपचार भयो भने सामान्य घाइतेहरूको मेची अञ्चल अस्पतालमा उपचार भयो।

सुरुङ्गा गाविस-२ र ५ मा अवस्थित महेन्द्र राजमार्गमा एसएलसी परीक्षाको प्रश्नपत्र लिई सुरक्षार्थ गइरहेका सेनाको तीनओटा गाडीलाई ०६२ चैत २५ गते माओवादीले विस्फोटक पदार्थ विस्फोटनमा पारी आक्रमण गर्दा सेनाका लेफ्टिनेन्ट धनकुटाका भीमबहादुर कार्की, काठमाडौंका सैनिक जवान राजकुमार पोखरेल, सुनसरीका टोपसिंह खड्का, कास्कीका अमृत विश्वकर्मा, बैतडीका सैनिक जवान नरेन्द्र ठगुन्ना र सप्तरीका प्रहरी जवान रमेश चौधरीको माओवादीको गोली लागी मृत्यु भयो। घटनामा सैनिक जवानहरू कृष्ण महतरा र भेषबहादुर रानामगर घाइते भएकोमा उनीहरूको सैनिक अस्पताल छाउनीमा उपचार भयो। सोही घटनामा घाइते भएका सर्वसाधारण सुरुङ्गाका दिनेश ठाकुर र आरती दाहालको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। त्यस्तै स्थानीय बासिन्दाहरू नारायण कोइराला, शिव कोइराला, रीता पौडेल, पुष्कर भट्टराई र शिवलाल खतिवडाको घरमा गोली लाग्यो। घटनामा परी छ जना माओवादी घाइते भए पनि विवरण खुलेन।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	८	४	१३	७	३०		३०	३	५			५
घाइते	३	३		३	५	३१	३	३३	१	४		३००	३०४
गिरफ्तारी/यातना									३८	६९	४	७४	१४७
कुटपिट					१३	३३		३३	८	१५	१	९	३५
धम्की	१	१		१					१	१			१
भेला/संगठित हुने अधिकार									१३	३५		१७६	३११
महिलाअधिकार	६		६	६									
बालअधिकार	१५	५	१०	१५									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४	१	१			१
अमानवीय व्यवहार	५	७		७	४	५	७	१३					
अपहरण	१	१		१	५४	७३	७	८०					
जम्मा	४३	३४	३०	४४	८६	१५६	१६	१७३	५४	१३०	५	४५९	५९४

गैरकानुनी गिरफ्तारी

खुदुनाबारी-१ निवासी १७ वर्षीय कृष्ण मिश्र, शनिश्चरे गाविस-२ निवासी २७ वर्षीय कुवेर कट्टेल र पाँचगाछी गाविस-२ निवासी ४५ वर्षीय विजय घिमिरेलाई ०६२ पुस २२ गते जवरजङ्ग गण चारआलीका सादा पोसाकका सुरक्षाकर्मीले शनिश्चरे बजारबाट गिरफ्तार गरे। पीडितलाई कारागार शाखा, झापामा नजरबन्दमा राखिएकोमा कृष्ण मिश्र र कुवेर कट्टेललाई फागुन ७ गते र विजय घिमिरेलाई चैत २४ गते रिहा गरियो।

बाहुनडाँगी गाविस-४ निवासी राजन दुलाललाई माओवादीको आरोपमा ०६२ पुस २६ गते सादा पोसाकका सुरक्षाकर्मीले घरैमा सुतिरहेको अवस्थामा गिरफ्तार गरी जिल्ला कारागारमा नजरबन्दमा राखेकोमा ०६३ जेठ २९ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका राजन गिरी

इलाम जिल्ला कोलबुङ्ग गाविस-९ निवासी २१ वर्षीय भरत राई माओवादी भएको आरोपमा ०६२ माघ १७ गते उनलाई काठमाडौबाट घर जाँदा सुरक्षा जाँचको क्रममा चारआली सैनिक ब्यारेक अगाडि सेनाले गिरफ्तार गरी कारागार शाखा, झापामा नजरबन्द राखेकोमा ०६३ जेठ ११ गते रिहा भए।

भद्रपुर नपा निवासी एमाले जिल्ला कमिटी सदस्य जीवन श्रेष्ठलाई ०६२ माघ १८ गते प्रहरीले भद्रपुर महपाल धर्मशालामा बसिरहेको अवस्थामा गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २९ गते रिहा गरियो।

काकडभिट्टा निवासी नेपाल महिला संघकी भद्रमाया बस्नेत र नेकाँकी सुन्दरी श्रेष्ठलाई नगर निर्वाचनविरुद्ध गतिविधि गरेको आरोपमा ०६२ माघ १८ गते प्रहरीले कालिखोलाबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २८ गते रिहा गरियो।

मेची बहुमुखी क्याम्पस अखिल (एकीकृत) का विकास वन माओवादी भएको आरोपमा ०६२ माघ २२ गते प्रहरीले उनलाई चन्द्रगढी अञ्जनी मोडबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २९ गते रिहा गरे।

मेची नपा-४ निवासी डिल्ली भण्डारी, केदार भट्टराई, चिरञ्जीवी भट्टराई र बिर्तामोड निवासी युवराज चापागाईंलाई ०६२ फागुन १५ गते बिहान नेपाल बैंक धुलाबारी शाखामा चेक साट्न गएको अवस्थामा जवरजङ्ग गणका सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित मध्ये चिरञ्जवी भट्टराईलाई भोलिपल्ट र अन्य तीनजनालाई सोही दिन निर्दोष भन्दै रिहा गरियो।

गरामनी गाविस-८ निवासी माओवादी कार्यकर्ता ४२ वर्षीय रुद्र पौड्याललाई ०६२ चैत २ गते जवरजङ्ग गण चारआलीका सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरी कारागार शाखा झापामा नजरबन्दमा राखेकोमा ०६३ जेठ ११ गते रिहा गरियो।

मेची नपा-४ निवासी माओवादी कार्यकर्ता होमचन्द्र घिमिरे र मोरङ्ग जिल्ला मधुमल्ला गाविस निवासी दीपेन्द्र मोहरालाई ०६२ चैत ३१ गते प्रहरीले गिरफ्तार गरी कारागार शाखा झापामा राखेकोमा ०६३ जेठ ११ गते रिहा गरियो।

पुनः गिरफ्तारी

कुमरखोद गाविस-३ निवासी १७ वर्षीय कमल पौडेल र शिवगञ्ज गाविस-४ निवासी २६ वर्षीय डिल्लीराम आचार्यलाई माओवादी आरोपमा एक वर्ष अघि नजरबन्द राखियो। पीडित ०६२ माघ ९ गते म्याद भुक्तानी भई रिहा हुने बित्तिकै प्रहरीले पुनःगिरफ्तार गरी दुई दिनसम्म जिल्ला प्रहरी कार्यालयमा राखी पुनःनजरबन्दमा राखेकोमा सरकारको निर्णयमा ०६३ जेठ ११ गते रिहा भए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

घैलाडुब्वा गाविस-६ निवासी ८ वर्षीया एक बालिका ०६२ फागुन १ गते राति माओवादीले १० औँ वर्ष गाँठ मनाउने क्रममा पड्काएको बमको छर्रा लागी घाइते भएकीमा स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका सुरज विश्वास

जेल र बन्दी

यो वर्ष कारागारमा कैद तोकिएका १ सय ४५ पुरुष र ५ महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ९२ पुरुष र ११ महिला थुनुवा रहेका छन्। त्यस्तैगरी एक बालक र एक बालिका नाबालकहरू

पनि कारागारमा रहेका छन्। यसरी झापा कारागारमा जम्मा २ सय ५५ बन्दी तथा थुनुवा रहेका छन्। जसमा ४३ विदेशी पुरुष र ३ विदेशी महिला रहेका छन्। विदेशीहरूमा अधिकांश प्राय: भुटानी शरणार्थीहरू रहेका छन्।

करागारको क्षमता २ सय जना रहेपनि २ सय ५५ जना बस्नु पर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ। कैदी बन्दीहरूले आम माफी पाउनुपर्ने माग राखी ०६३ भदौ ६ गते गरेको आगजनीबाट कारागार भवन जीर्ण भएको छ।

माओवादी आरोपमा झापा कारागारमा थुनामा रहेका मध्ये १७ जना माओवादी कार्यकर्ताहरू डिल्लीराम घिमिरे, ढुण्डिराज गुरागाई, पुरुषोत्तम चुडाल, टंक अधिकारी, पुष्पा उप्रेती, डिल्लीराम आर्चायलगायतले सेवा सुविधा उपचारका लागि विभिन्न १६ सुत्रीय माग राखी ०६२ फागुन २ देखि ५ गतेसम्म आमरण अनशनमा बसे। प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद शिवाकोटीले उनीहरूको मागप्रति ध्यान पुऱ्याइने आश्वासन पछि अनशन तोडिएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

दमक नपा-१८ निवासी राप्रपा (कमल थापा) पक्षीय वडा सदस्य २४ वर्षीय चिरञ्जीवी अधिकारीलाई नगर निर्वाचनमा भाग लिएको आरोपमा ०६२ माघ २२ गते माओवादीले गौरादहबाट अपहरण गरी राजीनामा दिने सर्तमा माघ २९ गते मुक्त गरे।

पाँचगाछी गाविस-६ निवासी जयनारायण श्रेष्ठ, माहाभारा गाविस-२ निवासी अर्जुन राई, चकचकी गाविस-१ निवासी अनिल मियाँ र मोरङ्ग जिल्ला उर्लाबारी गाविस-६ निवासी पदमबहादुर लिङ्देनलाई नक्कली भारतीय नोटको कारोबार गरेको आरोपमा डेढ बोरा नक्कली नोट सहित ०६२ माघ २८ गते माओवादीले पाँचगाछीबाट अपहरण गरे। उनीहरूलाई गल्ती नगर्ने सर्तमा माघ २९ गते शिवगञ्ज बजारबाट मुक्त गरे।

बाहुनडाँगी गाविस-२ निवासी ४९ वर्षीय अशोक सुब्बालाई राजाको शासनमा मनोनित जिविस सदस्य भएको आरोपमा ०६२ फागुन १ गते बेलुका माओवादीले घरैबाट अपहरण गरी राजीनामा दिने सर्तमा फागुन ४ गते शान्तिनगरबाट मुक्त गरे।

टाघनडुब्बा गाविस-९ निवासी २८ वर्षीय रामनारायण राजवंशीलाई नक्कली माओवादी बनी चन्दा उठाउँदै गर्दा ०६२ फागुन २ गते माओवादीले पाँचगाछीको बुलुचोकबाट अपहरण गरी फागुन ४ गते पुन: गल्ती नगर्ने सर्तमा मुक्त गरे।

शान्तिनगर गाविस-१ निवासी ४९ वर्षीय ज्ञानबहादुर मगरलाई राजाको शासनमा मनोनित जिविस सदस्य भएको आरोपमा ०६२ फागुन २ गते बेलुका माओवादीले घरैबाट अपहरण गरी राजीनामा दिने सर्तमा फागुन ४ गते रिहा गरे।

खुदुनावारी गाविस-१ निवासी साइला भनिने दिलबहादुर बराइलीले इलाम जिल्ला शुक्रबारे गाविस-१ दानाबारी निवासी डम्बरबहादुर बराइलीलाई खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा ०६२ फागुन ५ गते बिहान माओवादीले उनलाई अपहरण गरे। पीडितलाई ०६३ असार १९ गते इन्सेक प्रतिनिधिको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

बुधबारे गाविस-६ निवासी कमल भट्टराई, देवीप्रसाद भट्टराई, अर्जुन तामाङ, चन्द्र श्रेष्ठ, गणेश गिरी र राजेन्द्र राईलाई बुधबारे गाविस-६ निवासी दमन्ता सिटौलालाई ०६२ फागुन १३ गते बलात्कार गरी हत्या गरेको आरोपमा ०६३ चैत १६ गते माओवादीले अपहरण गरी लगेकोमा हत्यामा संलग्न नरहेको भन्दै गणेश गिरीलाई ०६२ चैत १७ गते र राजेन्द्र राईलाई ०६३ वैशाख ४ गते मुक्त गरे। देवी भट्टराई, चन्द्र श्रेष्ठ, अर्जुन तामाङलाई ०६३ असार ४ गते र कलम भट्टराईलाई ०६३ असार १९ गते दुर्गापुरबाट मुक्त गरे।

गौरादह गाविस-४ निवासी २७ वर्षीय धर्म ताजपुरियालाई चोरीको आरोपमा ०६२ फागुन १५ गते दिउँसो माओवादीले महारानीझोडाबाट अपहरण गरी फागुन १७ गते तोपगाछी सारङ्गपाडाबाट मुक्त गरे।

चकचकी गाविस-७ निवासी १९ वर्षीय तीर्थराज खतिवडालाई माओवादी बनी चन्दा उठाउँदै गरेको अवस्थामा ०६२ फागुन २० गते माओवादीले बुधबारे बजारबाट अपहरण गरे। पीडितलाई पुन: गल्ती नगर्ने सर्तमा फागुन २३ गते जयपुरबाट मुक्त गरे।

चारपाने गाविस-७ घर भई घैलाडुब्बा गाविसका सचिव हरिप्रसाद श्रेष्ठलाई गाविसको पैसा हिनामिना गरेको आरोपमा ०६२ फागुन २४ गते साँझ माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई राजीनामा दिने सर्तमा फागुन २५ गते मुक्त गरे।

मेचीनगरस्थित टोकला टी स्टेटका मेनेजर विनोद राजपूरोहितलाई आफ्ना मागको वेवास्ता गरेको आरोपमा ०६२ फागुन २८ गते माओवादी निकट नेपाल चिया मजदुर संघका कार्यकर्ताले बगानबाटै अपहरण गरे। पडितलाई माग पूरा गर्ने सर्तमा ०६२ चैत १६ गते पथरिया बजारबाट इन्सेक प्रतिनिधि, आइसीआरसीका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

पथरियास्थित मित्तल टी स्टेटका मेनेजर कमला सिंह र हेड क्लर्क राजु देवानलाई आफ्ना मागप्रति वेवास्ता गरेको आरोपमा ०६२ फागुन २९ गते माओवादीको भातृ संगठन नेपाल चिया मजदुर संघका कार्यकर्ताहरूले बगानबाटै

अपहरण गरे। पीडितलाई चैत १६ गते आफ्ना माग पूरा गर्ने सर्तमा इन्सेक प्रतिनिधि र आइसीआरसीका प्रतिनिधिको रोहबरमा पथरियाबाट मुक्त गरे।

शनिश्चरे गाविस-९ निवासी ५८ वर्षीय लवकुश गिरीलाई मनोनित जिविस सदस्य भएको आरोपमा ०६२ चैत ४ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई इन्सेक प्रतिनिधिको रोहबरमा राजीनामा दिने सर्तमा चैत ७ गते खुदुनाबारीबाट मुक्त गरे।

अर्जुनधारा गाविस-५ निवासी ट्रक चालक ३५ वर्षीय हंश राजवंशीलाई ०६२ चैत ७ गते साँझ माओवादीले अपहरण गरे। उनलाई चैत ८ गते दहीझोडाबाट मुक्त गरे।

जिल्ला शिक्षा कार्यालाय दमक श्रोत केन्द्रका श्रोत व्यक्ति नेत्र खनाल र सूर्य सापकोटालाई आफ्नो संगठनले औचित्यहीन ठहराइसकेको अवस्थामा श्रोत व्यक्तिको पदमा रही काम गरिरहेको भन्दै ०६२ चैत ९ गते अखिल (क्रान्तिकारी) का कार्यकर्ताले कार्यालयबाटै अपहरण गरे। पीडितलाई राजीनामा दिने सर्तमा ०६२ चैत १० मुक्त गरे।

बैगुन्धुरा गाविस-८ निवासी ५० वर्षीय कालिचरण मण्डल र ४५ वर्षीय मानबहादुर श्रेष्ठलाई गाँउघरमा गोरु चोरीमा सक्रिय रहेको आरोपमा ०६२ चैत ११ गते माओवादीले बैगुन्धुराबाट अपहरण गरी लगेकोमा मानवअधिकारकर्मीको रोहबरमा ०६३ असार १९ गते दुर्गापुरबाट मुक्त गरे ।

बुधबारे गाविस-१ निवासी तीनतले सामुदायिक वनका अध्यक्ष भीमकुमार नेवार र सचिव विष्णु आचार्यलाई ०६३ वैशाख २० गते दिउँसो माओवादीले बुधबारे बजारबाट अपहरण गरी वैशाख २१ गते मुक्त गरे।

शनिश्चरे निवासी २८ वर्षीय प्रकाश अधिकारीलाई चोरीको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले शनिश्चरे बजारबाट अपहरण गरेकोमा इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि नारायण पराजुली र सञ्चारकर्मीको रोहबरमा ०६३ असार १९ गते दुर्गापुरबाट मुक्त गरे।

इलाम जिल्ला दानावारी गाविस-१ निवासी ४० वर्षीय नेत्रबहादुर कार्की र २४ वर्षीय रणबहादुर खड्कालाई स्थानीय सामुदायिक वन जनसरकारमा दर्ता नगरेको साथै आर्थिक अनियमितता गरेको आरोपमा ०६३ जेठ १८ गते झापातर्फ गइरहेको अवस्थामा खुदुनावारी चोकबाट माओवादीले अपहरण गरे। अपहरित दुवैलाई माओवादीले लक्ष्मीपुर गाविस-५ मा पर्ने दहालटारबाट भोलिपल्ट मुक्त गरे।

शनिश्चरे गाविस-८ निवासी विश्व राजवंशी र बाबुकृष्ण श्रेष्ठलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ जेठ ३० गते माओवादीले सोही ठाँउबाट अपहरण गरेकोमा इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा ०६३ असार १६ गते दुर्गापुरबाट मुक्त गरे।

कोहवरा गाविस-१ निवासी टेकबहादुर नेम्वाङलाई गाँजा व्यापारमा संलग्न रहेको आरोपमा ०६३ जेठ ३० गते माओवादीले घरैबाट अपहरण गरी पुन: गल्ती नगर्ने सर्तमा ०६३ जेठ ३१ गते जुरोपानीबाट मुक्त गरे।

जिल्ला हुलाक कार्यालय झापाका नासु महेश श्रेष्ठ, खरिदार विष्णु न्यौपाने र मुखियाहरू हीरन्य न्यौपाने, उपेन्द्र दहाल र मेघनाथ निरौलालाई रकम हिनामिना गरेको आरोपमा ०६३ जेठ ३० गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये विष्णु न्यौपाने, उपेन्द्र दहाल र मेघनाथ निरौलालाई दोषी ठहर गरी पुन: गल्ती नगर्ने सर्तमा र अन्य दुई जनालाई निर्दोष ठहराई इन्सेक प्रतिनिधि अर्जुन बस्नेत, हुरेक्ड प्रतिनिधि नारायण पराजुली र पत्रकार राजेन्द्र गौतमको रोहबरमा दुर्गापुरबाट ०६३ असार २ गते मुक्त गरे।

बिर्तामोड निवासी ३२ वर्षीय हुल्याहाहेण्डील राजवंशीलाई डकैती र बालबालिका अपहरणको आरोपमा ०६३ जेठ १६ गते माओवादीले बिर्तामोडबाट अपहरण गरे। उनलाई ०६३ जेठ ३१ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

जिल्ला हुलाक कार्यालय भद्रपुर शाखाका मुखिया कविराज कोइरालालाई पत्रबाट पैसा झिकेको आरोपमा ०६३ असार १ गते माओवादीले कार्यालयबाट अपहरण गरी लगेकोमा निर्दोष रहेको भन्दै ०६३ असार २ गते दुर्गापुरबाट मुक्त गरे।

चन्द्रगढी गाविस-७ घर भई नेपाली सेनाको चारआली वाहिनीमा कार्यरत सैनिक जवान २१ वर्षीय हेमराज निरौलालाई भद्रपुरमा एक महिलालाई दुर्व्यवहार गरेको आरोपमा ०६३ असार २ गते माओवादीले अपहरण गरेकोमा इन्सेक प्रतिनिधिलगायतका मानवअधिकारकर्मीको रोहबरमा ०६३ असार ३ गते भद्रपुरबाट मुक्त गरे।

सतासीधाम गाविस-४ निवासी तुलाराम राई र छविलाल गुरुङलाई डकैतीको आरोपमा ०६३ असार ४ गते माओवादीले सोही ठाँउबाट अपहरण गरेकोमा ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

बिर्तामोड शनिश्चरे रोडमा दीपा होटल सञ्चालन गरी बस्ने रेश्मा राई सोही होटलका कामदारहरू चम्पा राई र शिवानी राजवंशीलाई यौन व्यवसायमा संलग्न रहेको आरोपमा ०६३ असार ६ गते माओवादीले होटलबाट अपहरण गरी गल्ती नगर्ने सर्तमा ०६३ असार १३ गते अपहरण मुक्त गरे।

शनिश्चरे निवासी २० वर्षीय पंकज राजपुतलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३

असार ६ गते माओवादीले शनिश्चरेबाट अपहरण गरे। पीडितलाई ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

शनिश्चरे गाविस-९ निवासी ६२ वर्षीय डम्मर पुरीले उनकी बुहारी गौरी पुरीलाई दलित भएको कारण छुवाछूत गरेको र अंश नदिएको आरोपमा ०६३ असार ९ गते माओवादीले अपहरण गरी हेला नगर्ने र अंश दिने सर्तमा ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्ड प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

सुरुङ्गा गाविस-५ सुरुङ्गा बजारका सुवास विश्वकर्मा र पूर्णबहादुर दियालीबीच पैसा लेनदेन मिलाउने वहानामा ०६३ असार १३ गते माओवादीले दुर्गापुरस्थित जनअदालतमा बोलाई अपहरण गरे। पीडितलाई ०६३ असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरियो।

बेलडाँगी गाविस-२ निवासी शान्तिराम आचार्यले नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ असार ६ गते माओवादीले दमकबाट अपहरण गरेकोमा ०६३ असार १९ गते मानवअधिकारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

बिर्तामोड निवासी २२ वर्षीय अनवर हुसेनलाई चोरीमा संलग्न रहेको आरोपमा ०६३ असार १३ गते बिर्तामोडबाट माओवादीले अपहरण गरेर लगेकोमा गल्ती नगर्ने सर्तमा ०६३ असार १९ गते मानवअधिकारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

घैलाडुब्बा गाविस-९ लक्ष्मीपुरका गोविन्द रिजाललाई चोरीको आरोपमा ०६३ असार १३ गते माओवादीले घरैबाट अपहण गरी असार १९ गते पुनः गल्ती नगर्ने सर्तमा इन्सेक प्रतिनिधि अर्जुन बस्नेत, हुरेक्डका प्रतिनिधि नारायण पराजुली र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

अर्जुनधार गाविस-२ निवासी गोपाल राजवंशीलाई चोरीको आरोपमा ०६३ असार १४ गते माओवादीले अपहरण गरेकोमा पुनः गल्ती नगर्ने सर्तमा असार १९ गते इन्सेक प्रतिनिधि, हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

मेचीनगर नपा-८ निवासी १९ वर्षीया कौशिला श्रेष्ठलाई चोरी र अवैध धन्दामा संग्लन रहेको आरोपमा ०६३ असार १ गते अनारमनी गाविस-१ बुट्टाबारीबाट माओवादीले अपहरण गरेकोमा फेरि गल्ती नदोहोऱ्याउने सर्तमा असार १९ गते इन्सेक प्रतिनिधि हुरेक्डका प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा दुर्गापुरबाट मुक्त गरे।

गोल्धाप गाविस-६ पिङ्गडाँडा निवासी १७ वर्षीया मीरा दर्जीलाई यौन व्यवसायमा संलग्न रहेको आरोपमा ०६३ साउन १८ गते माओवादीले बिर्तामोड चोकबाट अपहरण गरे। पीडितलाई ०६३ साउन १९ गते बिर्तामोडबाटै इन्सेक प्रतिनिधि र हुरेक्डका महासचिवको रोहबरमा मुक्त गरे।

सुरुङ्गा गाविस-७ टेक्रा घर भई सेनाको धनकुटास्थित कृष्ण दल गणमा कार्यरत २२ वर्षीय सुशीलप्रसाद प्रसाई विदामा घर आएको बेला सतासीधाममा माओवादी बनी धम्क्याउँदै गर्दा ०६३ साउन २१ गते दिउँसो गाउँलेले समाती माओवादीलाई जिम्मा लगाए। माओवादीले एकदिन राखेर भोलिपल्ट ०६३ साउन २२ गते इन्सेक प्रतिनिधि र हुरेक्डका प्रतिनिधिलाई रोहबरमा मुक्त गरे। उनलाई प्रहरीले गिरफ्तार गरी चारालीस्थित सैनिक ब्यारेकमा बुझायो।

पाँचगाछी गाविस-३ निवासी पूर्व वडाअध्यक्ष ६३ वर्षीय वीरबहादुर माझीलाई गैर नेपालीलाई किर्ते प्रमाणका आधारमा नागरिकता प्रमाण पत्र बनाई दिने गरेको आरोपमा ०६३ साउन २५ गते माओवादीले स्थानीय जनताचोकबाट अपहरण गरे। साउन २६ गते सोही गाविस निवासी सचिव अम्वेश्वर सिग्देललाई बुझाएकोमा पीडितलाई पुर्पक्षको लागि थुनामा राखियो।

तोपगाछी गाविस-७ निवासी २७ वर्षीय भूपाल राउतलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ साउन २९ गते माओवादीले सैनिक मोडबाट अपहरण गरेकोमा साउन २९ गते इन्सेक प्रतिनिधि अर्जुन बस्नेतको रोहबरमा मुक्त गरे।

अर्जुनधारा-३ भाङ्गबारी निवासी २५ वर्षीय अर्जुन दनुवारलाई नक्कली माओवादी भई समाजमा आतंक सिर्जना गरेको आरोपमा ०६३ साउन २७ गते माओवादीले शनिश्चरे चोकबाट अपहरण गरी ०६३ साउन ३० गते मुक्त गरेकोमा पीडितलाई पुनः प्रहरीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरियो।

कुमोरखोद गाविस-४ निवासी २५ वर्षीय मत्ला मिखालाई नक्कली माओवादी बनी समाजमा आतंक फैलाएको आरोपमा ०६३ साउन ३० गते माओवादीले स्थानीय गाँउबाट अपहरण गरे। पीडितलाई फेरि गल्ती नगर्ने सर्तमा सोही दिन मुक्त गरियो।

कोहवरा गाविस-७ निवासी २४ वर्षीय विपन पराजुलीले आफ्नै बुहारीलाई विवाह गर्न भगाएको भन्दै ०६३ भदौ ४ गते माओवादीले उनलाई अपहरण गरेकोमा पराजुलीलाई भदौ १६ गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरियो भने बुहारीलाई पनि सोही दिन अपहरण गरेकोमा उनलाई भने भदौ ७ गते मुक्त गरे।

सुर्खेत जिल्ला विद्यापुर गाविस-२ घर भई झापा सुरुङ्गा कोटीहोममा बसी श्री कन्काई माबि सुरुङ्गा कक्षा १० मा अध्ययनरत १४ वर्षीय भुवन ढकाललाई माओवादीको सेना भर्ना गर्न भनी ०६३ भदौ १३ गते माओवादीले

कोटीहोमबाट अपहरण गरी लगेकोमा इन्सेक प्रतिनिधिको पहलमा ०६३ असोज ३ गते झिलझिलेबाट मुक्त गरे ।

इलाम जिल्ला निवासी १७ वर्षीय प्रेम खालिङलाई नक्कली माओवादी बनी रकम उठाएको आरोपमा ०६३ भदौ २७ गते माओवादीले तोपगाछीबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ २९ गते तोपगाछीको केरखाबाट मानवअधिकारकर्मी डा. केपी सुवेदीको रोहबरमा मुक्त गरे।

पाठामारी गाविस-५ निवासी सोही गाविसका सचिव ५२ वर्षीय मसुरूद्दिन हकलाई ०६३ असोज २० गते साँझ माओवादीनिकट मधेशी मुक्ति मोर्चाका कार्यकर्ताले भद्रपुर नपा-२ बाट अपहरण गरी बेपत्ता पारे। पीडितलाई ०६३ असोज २६ गते राजगढ बजारबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

बिर्तामोडस्थित श्री देवी निमाविमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीया इन्दिरा भण्डारी र कक्षा-५ मा अध्ययनरत आरती शंकरलाई ०६३ कात्तिक २३ गते माओवादीले अग्रसेन भवन नजिक भएको माओवादी जनसभाबाट सेनामा लगाउन भनी अपहरण गरे। उनलाई ०६३ मंसिर २ गते बिर्तामोड ल्याई परिवारको जिम्मा लगाइयो।

धम्की /ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

कन्काई माबि सुरुङ्गामा एसएलसी परीक्षाको सुरक्षार्थ खटिएका सैनिकहरूले टाढाबाट परीक्षा हेरिरहेका सर्वसाधारणहरू प्रदीप ढुङ्गाना, शरद पोखरेल, अर्जुन ठटाल, मदन लिम्बू, मनोज श्रेष्ठ, ध्रुव तामाङ, तीर्थ बजगाई, रुद्र गौतम, लीला खड्का, मोहन कार्की, प्रकाश न्यौपानेलगायत १५ जनालाई ०६२ चैत १७ गते बिहान लाईन लगाई जवरजङ्ग चारआलीका सेनाले बुट तथा बन्दुकको कून्दाले हिर्काई घाइते पारे।

चन्द्रगढी गाविस-९ निवासी सन्तवीर खातीलाई छिमेकीसँग भएको झगडाको विषयमा ०६३ जेठ १ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा राखेकोमा ०६२ जेठ २ गते राति मुद्दा फाटका असई धर्म ढकालले मादक पदार्थ सेवन गरी कुटपिट गरी घाइते पारे।

माओवादीबाट

गरामनी गाविस-९ निवासी ७२ वर्षीय बिष्णुप्रसाद प्रसाईंलाई छिमेकीसँग भएको लेनदेन नमिलाएको आरोपमा माओवादीले ०६३ जेठ २७ गते घरमै गई कुटपिट गरी गम्भीर घाइते पारे। पीडितको बिर्तामोडको कञ्चनजङ्गा अस्पतालमा उपचार गरियो।

गरामनी गाविस-९ निवासी ३० वर्षीय कल्याण शिवाकोटीलाई थाल चोरेको आरोपमा ०६३ भदौ २५ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेकोमा सोही दिन माओवादीका सुरेन खालिङले ड्युटीमा रहेका प्रहरीलाई दबाब दिई हिरासतमै कुटपिट गरी घाइते पारे।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रतता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचनको विरोधमा ०६२ माघ १२ गते सात दलले निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाँका पूर्व सांसद डा. गोपाल कोइराला, एमालेका अम्बिका खनाल, हिमालय दाहाल, जनमोर्चाका हरि लामा, निरज खड्का, नेकाँका हुकुमसिंह राईलगायत १७ जनालाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय दमकको हिरासतमा राखिएकोमा ०६२ माघ १३ रिहा गरे।

नगर निर्वाचनको विरोधमा भद्रपुरमा विद्यार्थी र दलले ०६२ माघ १२ गते निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी मेची क्याम्पसका विद्यार्थी युवराज कार्की, असारु राजवंशी, नेकाँका मदन गुरुङ्ग र एमालेका मोहन रेग्मीलाई गिरफ्तार गरी हिरासतमा राखेकोमा ०६२ माघ १३ गते रिहा गरे।

जनसंसद राष्ट्रिय दैनिकका प्रकाशक तथा सम्पादक मोहन काजीलाई ०६२ माघ १३ दलहरूद्वारा गरिएको नगर निर्वाचन विरुद्धको नारा जुलुसको फोटो खिच्न लाग्दा काँकडभिट्टामा सुरक्षाकर्मीले कुटपिट गरे।

जिफन्टका विष्णु सिटौला र नेकाँका ढुण्डिराज घिमिरेलाई नगर निर्वाचनविरुद्ध नाराबाजी गरेको आरोपमा ०६२ माघ १३ गते प्रहरीले काँकडभिट्टाबाट गिरफ्तार गरी ईलाका प्रहरी कार्यालय काकडभिट्टामा राखेकोमा माघ १४ गते रिहा गरे।

नगर निर्वाचनको विरोधमा दलहरूद्वारा ०६२ माघ १३ गते गरिएको नेपाल बन्दको क्रममा चन्द्रगढीचोकमा नाराजुलुस गर्दा प्रहरीले जुलुसमा हस्तक्षेप गरी मुक्ति समाज नेपालका जीतु गौतम, नेकाँकी सुशीला ढकाल, उद्धव थापा, नवीन विमली जीतबहादुर पुरीलगायत ५५ जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा हिरासतमा राखेकोमा ४३ जनालाई सोही रात रिहा गरियो भने १२ जनालाई भोलिपल्ट रिहा गऱ्यो।

मोरङ्ग जिल्ला टाँडी गाविस-८ निवासी मेची बहुमुखी क्याम्पस भद्रपुरमा बीबीएसमा अध्ययनरत नेविसंघका प्रशान्त लुईंटेललाई माओवादीको आरोपमा ०६२ माघ १३ गते प्रहरीले चन्द्रगढीचौकमा भएको दलहरूको प्रदर्शनबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा माघ २८ गते चारआलीस्थित सैनिक

ब्यारेकमा आँखामा पट्टी बाँधेर ल्याई कुटपिट गरी पुनः चन्द्रगढी जिल्ला प्रहरी कार्यालयमा लगी कागज गराई रिहा गरे।

सालदलद्वारा शाही कदमको विरोधमा काँकडभिट्टामा निकालिएको जुलुसमा समाचार संकलन गर्न गएका विवेचना दैनिकका पत्रकार लक्ष्मी उप्रेती ०६२ माघ २१ गते प्रहरीले कुटपिट गर्दा गम्भीर घाइते भए।

मेची बहुमुखी क्याम्पस भद्रपुर बीबीएस तेश्रो वर्षका विद्यार्थी प्रकाश सुवेदीलाई दलहरूले गरेको विरोध प्रदर्शनमा सहभागी भएको आरोपमा ०६२ माघ १९ गते प्रहरीले क्याम्पस मोडबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २१ गते रिहा गरे।

दमक नपा-६ निवासी एमाले कार्यकर्ता ५० वर्षीय हिमालय दहाललाई ०६२ माघ १९ गते बिहान प्रहरीले घरैमा बसिरहको अवस्थामा गिरफ्तार गरी दमक प्रहरी कार्यालयमा नजरबन्दमा राखे। पीडित ०६२ माघ २८ गते रिहा भए।

अनेरास्वबियुका शिव ढुङ्गेल र बसन्त बाँनिया, अखिल (एकीकृत) का बेनोज भट्टराई र सन्तोष ढकाललाई नगर निर्वाचन वहिष्कार गरेको आरोपमा ०६३ माघ २६ गते अपरान्ह क्याम्पस मोडमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेकोमा माघ २७ गते रिहा गरे।

भद्रपुर नपा निवासी नेकाँका रुद्र भुर्तेललाई ०६२ माघ १६ गते प्रहरीले भद्रपुरको पुरानो हल नजिक हिँड्दै गर्दा गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा नजरबन्दमा राखेकोमा माघ २९ गते रिहा गरियो।

मेचीनगर नपाका पूर्व मेयर तथा एमालेका रविन कोइराला, डिल्ली घिमिरे, नेकाँका विमल आचार्य र मेची उद्योग वाणिज्य संघका विजय डालिमियाँलाई ०६२ माघ १८ गते प्रहरीले नगर निर्वाचनको विरोध कार्यक्रम अन्तर्गत नकलबन्दातर्फ गाडी चढी जाँदै गर्दा बाहुनडाँगी रोडबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा विजय डालिमियालाई अस्वस्थ भएको कारण माघ २० गते रिहा गरियो भने विमल आचार्य र डिल्ली घिमिरेलाई माघ २९ गते रिहा गरे। एमालेका रविन कोइराला भने माघ ३० गते रिहा भए।

दमक नपाको दमकचोकमा माघ १९ गतेको शाही कदमको विरोधमा ०६२ माघ १९ गते दलहरूद्वारा निकालिएको जुलुसमा प्रहरीले हस्तक्षेप गरी डा.गोपाल कोइराला, राजु तामाङ, पदम कोइराला, कृष्ण लुईंटेल, लक्ष्मीप्रसाद बराल, दुर्गा थापा, भवानी दाहाल, बोधराज न्यौपाने, हरि लामा, गजेन्द्र निरौला, सुमन दाहाल, निश्छलता लावती र आर्दश चेम्जोङ्गलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय दमकमा राखिएकोमा ०६२ माघ २८ र २९ गते रिहा भए।

काकडभिट्टामा नगर निर्वाचनको विरोधमा दलहरूद्वारा ०६२ माघ १९ गते निकालिएको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी विजय सुवेदी, टीकाराम मँग्राती, दीपक पोखरेल, चुडामणि शर्मा, तारावीर कटुवाललगायत ४० जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २८ र २९ गते रिहा गरे।

मेचीनगर नपाको धुलाबारी बजारमा शाही कदम र नगरनिर्वाचनको विरोधमा दलहरूद्वारा ०६२ माघ १९ गते निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी दीपक भण्डारी, राम कट्टेल, हर्कलाल गिरी, राधा कार्की, राम कार्की, कपिलमणि सिवाकोटीलगायत १७ जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यलय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २७, २८ र २९ गते गरी सबैलाई रिहा गरियो।

शाही कदम र नगरनिर्वाचनको विरोधमा दलहरूद्वारा भद्रपुर बजारमा ०६२ माघ १९ गते गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी सात दलका नेता तथा कार्यकर्ताहरू मोहनसिहं कार्की, कुलप्रसाद संग्रौला, क्षीतिज लावती, सन्तलाल मेचे, भगिरथ पोद्दार, डिल्ली सिटौला, मदन गुरुङ्गलगायत ३२ जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखिएकोमा ०६२ माघ २८ गते रिहा गरियो।

मेचीनगर नपा काकडभिट्टामा नगर निर्वाचनको विरोधमा शान्तिपूर्ण प्रदर्शन गरिरहेको बेला सोमनाथ खनाल र ज्ञाननाथ भट्टराईलाई ०६२ माघ २१ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ २९ गते रिहा गरे।

एमालेका पूर्व सांसद पुष्प पोखरेललाई नगर निर्वाचनको विरुद्धमा लागेको आरोपमा ०६२ माघ २२ गते प्रहरीले भद्रपुर बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय झापामा नजरबन्दमा राखेकोमा ०६२ माघ ३० गते रिहा गरे।

काकडभिट्टा चोकमा उभिइरहेको बेला ०६२ माघ २६ गते प्रहरीले एमालेका गंगा कोइराला र यज्ञ मैनालीलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय काकडभिट्टामा हिरासतमा राखेकोमा कोइरालालाई माघ २७ गते र मैनालीलाई २८ गते रिहा गरे।

विभिन्न पेसाकर्मीहरूद्वारा निरंकुश राजतन्त्रको विरोधमा ०६२ चैत ३० गते चन्द्रगढीमा निकालिएको जुलुसमा प्रहरीले अन्धाधुन्द लाठीचार्ज गर्दा एमालेका डिल्ली पोखेल, जीवन श्रेष्ठ, नेकाँका लेखनाथ भट्टराई, सरकारी कर्मचारी तुलसी अधिकारी, महेन्द्र भट्टराई, विद्यार्थी नेताहरू असारु राजवंशी, बसन्त बानियाँ, नेकाँका भक्त खवास, मोहन

मर्हजनलगायत २१ जना गम्भीर घाइते भएकोमा स्थानीय मेची अञ्चल अस्पतालमा उपचार गरियो।

सुगम, निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जम्मा ४ सय ५८ ओटा मुद्दा दर्ता भए। तीमध्ये ८९ ओटा मुद्दा फैसला भए। जसमा २ सय ५३ ओटा फौजदारी मुद्दा दर्ता भएकोमा ५४ ओटा फैसला भए भने २ सय ३ ओटा देवानी मुद्दा दर्ता भएकोमा ३१ ओटा देवानी फैसला भए। दुईओटा बालबालिका सम्बन्धी मुद्दा दर्ता भएकोमा एउटा फैसला भए। मुद्दाको सुनुवाई प्रक्रियामा ढिलो भएको मुद्दाका पक्षहरूको गुनासो रहेको छ।

जिल्ला प्रहरी कार्यालय झापा र मातहतका निकायहरूबाट यस वर्ष झापा जिल्ला अदालतमा जम्मा ३ सय ८५ ओटा मुद्दा दर्ता भएका छन्।

बालअधिकार

भुटानी शरणार्थी शिविर खुदुनाबारी निवासी ७ वर्षीया एक बालिकालाई अर्जुनधारा गाविस-६ का ३५ वर्षीय राजेन्द्र बराईलीले चक्लेट खान दिएर ०६२ फागुन २ गते बेलुकी बलात्कार गरे। पीडक थुनामा छन्।

बुधवारे गाविस-५ की एक १० वर्षीया बालिकालाई छिमेकी ५५ वर्षीय राम राईले ०६२ फागुन ६ गते दिउँसो मादक पदार्थ सेवन गरी बलात्कार गरे। सोही आरोपमा पीडकलाई स्थानीयवासीहरूले मोसो दली गाउँ घुमाएपछि प्रहरीलाई बुझाए। प्रहरीले पीडिकलाई पुर्पक्षका लागी थुनामा राखेको जनायो।

बुधवारे गाविस-३ की १४ वर्षीया बालिकालाई ०६२ फागुन १३ गते राति घर नजिकैको बासघारीमा लगी अज्ञात समूहले बलात्कार गरी हत्या गरे। पीडकहरू फरार छन्।

नुवाकोट जिल्ला स्याम्राङ गाविसकी १५ वर्षीया एक बालिकालाई ०६३ वैशाख २५ गते सोही जिल्ला ओखेकी टीनु तामाङले बेच्न भनी काकडभिट्टाबाट भारततर्फ लाँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडितलाई प्रहरीले माइती नेपालमा बुझायो भने पीडकलाई चेलिबेटी बेचबिखन सम्बन्धी मुद्दा चलाई थुनामा राखिएको छ।

नुवाकोट जिल्ला घ्याङफेदी गाविस-५ निवासी १४ वर्षीया बालिकालाई ०६३ असार १४ गते सोही गाविस-७ निवासी ४० वर्षीय दावा तामाङ र ३० वर्षीय आइत तामाङले बेच्न भनी भारततर्फ बेच्न लाँदै गर्दा काकडभिट्टाबाट प्रहरीले गिरफ्तार गरे। प्रहरीले पीडितलाई माइती नेपालको जिम्मा लगाए भने पीडकउपर मुद्दा चलायो।

नुवाकोट जिल्ला निवासी १७ वर्षीया बालिकालाई ०६३ असार १४ गते नुवाकोट उर्लेनी गाविस-२ निवासी ४० वर्षीय सञ्जबहादुर तामाङ, सोही गाविस निवासी सम्मरबहादुर तामाङ, नुवाकोट राउतबेशी गाविस-७ निवासी ३९ वर्षीय श्यामजुङ तमाङ र सोही ठाँउकै रामबहादुर तामाङले फकाएर बेच्न लाँदै गर्दा काँकडभिट्टाको चेक पोस्टमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई माइती नेपालमा जिम्मा लगाइयो भने पीडकहरूलाई प्रहरीले मुद्दा चलायो।

बेलडाँगी गाविस-१ निवासी सात वर्षीया एक बालिकालाई सोही ठाउँ निवासी ८४ वर्षीय मानध्वज गुरुङ्गले ०६३ असार २२ गते साँझ शौचालयमा दिसा गरिरहेको बेला बलात्कार गरे। पीडक थुनामा छन्।

घैलाडुब्बा गाविस लक्ष्मीपुर निवासी ८ वर्षीया एक बालिकालाई ०६३ असार २७ गते सोही ठाउँका १४ वर्षीय नन्दराम राजवंशी र ११ वर्षीय सञ्जय राजवंशीले पीडितकै घरमा बलात्कार गरे। पीडक दुवैलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएकोमा ११ वर्षीय सञ्जयलाई ०६३ साउन १५ गते सरकारी वकिलको कार्यालयले नाबालक रहेको जनाउँदै मुद्दा नचलाउने निर्णय गरी रिहा गरे भने १४ वर्षीय नन्दरामलाई अदालतले ०६३ साउन २१ गते नाबालक रहेकोले कुनै कारबाही नहुने र अदालतले बोलाएको समयमा हाजिर हुने भनी रिहा गर्ने आदेश दियो।

भुटानी शरणार्थी शिविर बेलडाँगी-२ निवासी १५ वर्षीया एक बालिकालाई शरणार्थी शिविर बाहिर निस्केको बेला ०६३ असोज ३ गते बेलुकी दमकको बाघखोरमा रहेको बाँसघारीमा पाँचजनाले बलात्कार गरे। पीडित मरणासन्न भएपछि पीडकहरू भागे। घटनामा संलग्न पीडकलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

गरामनी गाविस-२ घर भई जनमोर्चा नेपालका ६० वर्षीय डिल्लीकुमार मैनालीले ०६३ पुस १४ गते साँझ मादक पदार्थ सेवन गरी छिमेकी १० वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेको जनायो। पीडकलाई स्थानीयवासीले मोसो दली जुत्ताको माला लगाएर घुमाई प्रहरीमा बुझाएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

ताप्लेजुङ्ग जिल्ला साब्लाखु गाविस-३ निवासी अनारमनी गाविस-३ बिर्तामोडमा दिदीको घरमा बस्दै आएकी १८ वर्षीया अमृता लिम्बूलाई ०६३ साउन १६ गते पृथ्वीनगर गाविस-५ निवासी २९ वर्षीय रमेश खड्काले फकाएर भारतको सिलगुढीमा लगी वेश्यालयमा बेचेकोमा ०६३ भदौ २२ गते पीडित घर फर्किन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राख्यो।

बलात्कार/बलात्कार प्रयास

सतासीधाम गाविस-१ डुडामारी निवासी ५० वर्षीया एक महिलालाई ०६२ माघ ९ गते राति विक्रम तामाङ शेरबहादुर लिम्बू र दिनेश सुब्बाले मादकपदार्थ सेवन गरी बलात्कार गरे। पीडकहरूमध्ये विक्रम तामाङलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही गरे भने अन्य फरार भए ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति

माओवादीबाट

मेचीनगर नपा-९ र १० को संयुक्त वडा कार्यालय र नक्कलबन्दा छोटी भन्सार कार्यालयमा ०६२ माघ ७ गते माओवादीले शक्तिशाली बम विस्फोट गराई क्षति पुऱ्याए।

सम्पत्ति क्षति/आगजनी

अर्जुनधारा गाविस-९ स्थित तत्कालीन शाही आयोगका अध्यक्ष भक्तबहादुर कोइरालाको पुरानो घरमा ०६२ फागुन २ गते राति माओवादीले बम विस्फोट गराए।

राजगढ गाविस-१ निवासी ६० वर्षीय विनेश्वर राजवंशीको को.२.प ४३३७ नं.को यामाहा मोटरसाइकल र २ थान साइकल ०६२ फागुन ३ गते बिहान माओवादीले घरमै आई जबरजस्ती लिएर गएका र हालसम्म फिर्ता गरेका छैनन्।

इलाका प्रहरी कार्यालय, बिर्तामोड आक्रमण गर्ने क्रममा ०६२ चैत ८ गते बिहान माओवादीले महेन्द्र राजमार्गको बुट्टाबारी चिया बगान सडक खण्डमा महोत्तरी जिल्ला बर्दिवासका कुमार भण्डारीको ना.३.ख २१ नं.को ट्रकमा आगजनी गरे।

मेची नपाका तत्कालीन नगरप्रमुख कल्याण खड्काको मेची नपा-२ धुलाबारी स्थित घरमा ०६३ वैशाख १२ गते बिहान माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

बुधवारे गाविस-२ घर भई तत्कालीन नारायणी अञ्चल प्रशासक प्रजापति कोइरालाको घरमा ०६३ वैशाख १२ गते माओवादीले बम विस्फोटन गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

अपहरण

माओवादीबाट

महाभारा गाविस-७ घर भई जुरोपानी गाविस-५ स्थित माइती घरबाट २४ वर्षीया अम्बादेवी राजवंशीलाई सुराकीको आरोपमा ०६२ जेठ १९ गते माओवादीले अपहरण गरी बेपत्ता पारेकोमा ०६३ भदौ २६ गते चारपानेस्थित माओवादीको झापा जनसरकारको कार्यालयबाट इन्सेक प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

झापा शरणामति गाविस-८ निवासी ४३ वर्षीय दीपकप्रसाद भट्टराईलाई सुराकी गरी आफ्ना कार्यकर्ता सेनाद्वारा हत्या गराएको आरोपमा ०६२ जेठ १९ गते माओवादीले घर नजिकैबाट अपहरण गरी बेपत्ता पारे। पीडितलाई ०६३ भदौ ३१ गते इन्सेक प्रतिनिधि र सञ्चारकर्मीको रोहबरमा माओवादीले जनसरकारको कार्यालय झापाबाट मुक्त गरे।

महाभारा गाविस-४ घर भई स्थानीय बालकल्याण माविका शिक्षक बलराम थपलियालाई सुराकी गरी आफ्ना कार्यकर्ता सेनाद्वारा हत्या गराएको आरोपमा ०६२ जेठ २० गते राति माओवादीले घरैबाट अपहरण गरी बेपत्ता पारेकोमा ०६३ असार १० गते पाँचथरको फिदिमबाट माओवादीले गल्ती स्वीकार गर्दै मुक्त गरे।

माहाभारा गाविस-४ का १८ वर्षीय सन्तोष सहनीलाई सुराकी गरी आफ्ना कार्यकर्ता सेनाद्वारा हत्या गराएको आरोपमा माओवादीले घरैबाट अपहरण गरी बेपत्ता पारेकोमा ०६३ असोज महिनामा माओवादी कार्यकर्ता घरमा गई अभिभावकलाई छोराको हत्या भइसकेको जानकारी गराए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका छजनामध्ये तीनजना महिला रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा हल्दिबारी गाविसका चतुरमान राजवंशी, बाहुनडाँगी गाविसकी धना सुवेदी, सुरुङ्गा गाविसकी सम्झना अधिकारी र सुरेश पोखरेल, अनारमनी गाविसका मिश्रिलाल धिमाल र गौरादहकी तारा रिजाल रहेका छन्।

१.२ इलाम



जनसंख्या :	३,०७,३२०
साक्षरता प्रतिशत :	६६.२३
महिला साक्षरता प्रतिशत :	३९.५
क्षेत्रफल (वर्ग कि. मि.) :	१७०३
गाविस/नपा संख्या :	४८/१
निर्वाचन क्षेत्र :	३
विद्यालय :	४७२
क्याम्पस/उच्च मा.वि. :	२/८
अस्पताल/स्वास्थ्य चौकी :	१/४८
टेलिफोन लाइन :	१४३१
मोटर सडक (कि. मि.) :	१२३
प्रहरी कार्यालय संख्या :	७
हुलाक संख्या :	४८
मानव विकास सूचकाङ्क :	०.५२१
प्रति परिवार सरदर संख्या :	५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

जमुना गाविस-२ निवासी २५ वर्षीय छत्रा राई ०६३ फागुन ३ गते माओवादी कार्यकर्ता पञ्च भनिने दुर्गा राई सहितको एक समूहले चरित्रहीन भएको आरोपमा उनलाई कुटपिट गरे। कुटपिटका कारण घाइते भएकी छत्रालाई माओवादीले उपचारका लागि अस्पताल जान दिएनन्। जस्का कारण फागुन ५ गते पीडितको मृत्यु भयो।

जीतपुर गाविस-४ स्थित नवमी भन्ने ठाउँमा रामनवमीको अवसरमा लागेको मेलामा ०६२ चैत २४ गते माओवादीको एक समूह चढेको ट्रयाक्टर आइपुग्दा आम हड्तालमा गाडी कुदाउने को हो भनी स्थानीय बासिन्दाले रोकेपछि भएको सामान्य भनाभनमा माओवादीले गोली प्रहार गर्दा जीतपुर गाविस-१ निवासी २१ वर्षीय तिलक मगरको मृत्यु भयो। छातीमा गोली लागेका मगरको लास घटनास्थलबाट करिब ५० मिटर दुरीमा गाउँलेहरूले भोलिपल्ट मकैबारीमा भेट्टाएका थिए। मृतक परिवारलाई जिल्ला प्रशासन कार्यालयले रू १ लाख ५० हजार क्षतिपूर्ति दियो।

इभाङ्ग गाविस-४ निवासी ४१ वर्षीय आशबहादुर राई स्थानीय रामकुमार राईको हत्यामा संलग्न रहेको आरोपमा ०६३ साउन ८ गते माओवादी एरिया इन्चार्ज सोनमसहितको समूहले उनलाई अपहरण गरेकोमा ०६३ साउन २५ गते बाँझो गाविस-५ को पञ्चमीबजार छेउमा पर्ने जंगलमा झुण्डिरहेको अवस्थामा उनको लास फेला पऱ्यो। माओवादीले कुटपिट गरी हत्यापश्चात् झुण्ड्याएको आशंकाको कारण दाहसंस्कार नगरी परिवारले प्रहरी प्रशासनमा उजुरी गरे। साउन २८ गते लासको मुचुल्का तयार गरेपश्चात् मृतकको दाहसंस्कार भयो।

दानाबारी गाविस-१ स्थित रामकुमार लिम्बूको घरमा बसेको माओवादी छापामारको समूहमा ०६३ मंसिर १० गते बेलुका लक्ष्मी भनिने उमेश शंकरले चलाएको गोली लागी घाइते भएका सुभाङ्ग गाविस-२ पाँचथर निवासी १९ वर्षीय रमेश खनालको उपचार गराउन लैजादै गर्दा सोही दिन साँझ मृत्यु भयो। माओवादीले सेनामा भर्ती गर्न जागिरको प्रलोभन देखाएर ०६३ मंसिर १ गते खनाललाई सुभाङ्गस्थित उनकै घरबाट अपहरण गरेका थिए।

दोहोरो भिडन्त

इलाम सदरमुकाममा ०६२ फागुन २१ गते बेलुकी माओवादीले एकैसाथ विभिन्न ठाउँबाट गरेको आक्रमण पश्चात् भएको भिडन्तमा तीनजना सुरक्षाकर्मी, दुई सर्वसाधारण र नौजना माओवादी सहित १४ जनाको मृत्यु भयो। घटनामा दुईजना सर्वसाधारण, १८ जना सुरक्षाकर्मी र कम्तीमा ६० जना माओवादी घाइते भए। भिडन्तमा



इलाम सदरमुकाम आक्रमणको क्रममा मृत्यु भएका माओवादी छापामार



इलाम सदरमुकाम आक्रमणको क्रममा मृत्यु भएका माओवादी कार्यकर्ता

सर्वसाधारण इलाम नपा-९ निवासी ३५ वर्षीय मनोज कोइरालाको आफ्नै घरमा मृत्यु भयो भने इलाम नपा-३ निवासी ८४ वर्षीय हर्कबहादुर राईको घरमा सुतिरहेकै अवस्थामा गोली लागी मृत्यु भयो। भिडन्तमा सुरक्षाकर्मीतर्फ भवानी दल गणका उपसेनानी ३१ वर्षीय विरोध वान्तावा, जिल्ला प्रहरी कार्यालयका हवल्दार ३७ वर्षीय मनवीर तामाङ र प्रहरी जवान २९ वर्षीय फरेन्द्र खवासको गोली लागी मृत्यु भयो। सोही घटनामा परी भवानी दल गणका सिपाही राजकुमार भुजेल, श्याम श्रेष्ठ, काजी परिवार, नारायण राउत र प्यूठ नवराज शर्मा, प्रहरी जवानहरू कालुप्रसाद राउत, फरिन्द्र कटुवाल, असई हरिश्चन्द्र चौधरी, हवल्दार नमे खड्का, कुमार खड्का, महेश निरौला र प्रहरी जवानहरू बलबहादुर भुजेल, सुरेन्द्र तुम्वाहाम्फे, विमल न्यौपाने, कृष्णलाल यादव, गोपाल राउत, फर्सबहादुर कार्की र डिकबहादुर न्यौपाने, सर्वसाधारण इलाम नपा-२ निवासी उत्तम राई र इलाम नपा-९ की ६० वर्षीय मेनुका अधिकारी घाइते भए। जिल्ला प्रशासन कार्यालयले घटनामा मृत्यु भएका सर्वसाधारणका परिवारलाई क्षतिपूर्तिस्वरुप १ लाख ५० हजारका दरले क्षतिपूर्ति रकम उपलब्ध गरायो।

दानाबारी गाविस-९ को घण्टे भन्ने स्थानमा सर्चकालागि गएका सुरक्षाकर्मी र माओवादीबीच ०६२ फागुन २५ गते दिउँसो दोहोरो भिडन्त हुँदा सेनाको गोलीद्वारा दुई जना माओवादी कार्यकर्ता र एकजना सर्वसाधारणको मृत्यु भयो। जितपुर गाविस-८ निवासी सर्वसाधारण ५६ वर्षीय डम्बरबहादुर तुम्वाहाम्फे, माओवादीको सी कम्पनी अन्तर्गतकी जमुना गाविस-८ निवासी १९ वर्षीया विष्णुमाया शेर्पा र पाँचथर घरभएका २४ वर्षीय बलबहादुर खड्काको घटनास्थलमै मृत्यु भयो। तुम्वाहाम्फेका आफन्तले घटनास्थलमै दुई दिनपछि दाहसंस्कार गरे।

विस्फोटनमा मृत्यु

पाँचथर जिल्ला घर भई माओवादीको कञ्चनजंगा सांस्कृतिक कम्पनी सदस्य १९ वर्षीया शारदा सुब्बाको ०६३ असार ५ गते लक्ष्मीपुर गाविस-३ स्थित एक पसल अगाडि भएको विस्फोटनबाट घटनास्थलमै मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मंगलबारे गाविस-३ तपेवा निवासी माओवादी एरिया नं. ७ का सेक्रेटरी विश्व भनिने २९ वर्षीय राम राईलाई ०६२ माघ ९ गते जीतपुर गाविस-१ स्थित जीतपुरे नजिकको चियाबारीमा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घाइते भए। कुरकुच्चा, तिघ्रा र खट्टामा गोली लागेका राईलाई माओवादीले आफ्नै स्वास्थ्य क्याम्पमा राखेर उपचार गराए।

इलाम नपा-१ स्थित चोकबजारमा रहेको ट्राफिक पोष्टमा कार्यरत प्रहरीले माओवादीले पोष्टमा आक्रमण गरेको भन्दै ०६२ चैत १६ गते दिउँसो लगातार आधा घण्टा चलाएको गोलीबाट इलाम नपा-१ का व्यापारी २५ वर्षीय मुकेश चौधरी खुट्टामा र सुलुवुङ्ग गाविस-८ निवासी २९ वर्षीय नवीन भनिने विश्वमणि खुलाल तिघ्रामा गोली लागी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	६	८	२		१०	२	१	१	९	११
घाइते					२	३०	१		३१	३	३		६०	६३
गिरफ्तारी/यातना										१८	६०	११		७१
कुटपिट	१	६		६	४	३	२		५	४	५	१		६
धम्की	१		१	१	३	११			११					
भेला/संगठित हुने अधिकार										२	३		१२	१५
महिलाअधिकार	१		१	१	१		१		१					
बालअधिकार	१		१	१										
अपहरण					३९	४९	८	१००००	१००५७					
जम्मा	८	९	४	१३	५५	९१	१४	१००००	१०१०५	३९	७२	१३	८१	१६६

घाइते भए। दुवैजना धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरी घर फर्किए।

जेल र बन्दी

माओवादीले ०६२ फागुन २१ गते इलाम सदरमुकाम आक्रमण गर्दा कारागार शाखा इलाममा बम विस्फोट र आगजनी गरी कारागारमा रहेका बन्दीहरूलाई अपहरण गरे। माओवादीले त्यहाँ रहेका माओवादी आरोपका ३२ जना र अन्य अपराधसँग सम्बन्धित गरी जम्मा १ सय ३ जनालाई अपहरण गरे। अन्य अपराधसँग सम्बन्धित १३ जना हाल जिल्ला प्रशासन कार्यालयमा रहेको कारागार शाखामा मासिक सम्पर्कमा रहेका छन् अन्य २५ जना केही समय आएर आउन छाडेका छन् भने १३ जना ०६२ फागुन २१ गतेबाटै सम्पर्क गर्न नआएको कारागार शाखाले जनाएको छ। माओवादीको आक्रमणपश्चात् 'घ' श्रेणीको कूल ५५ जनाको क्षमता रहेको इलाम कारागार पूर्णरूपमा क्षतिग्रस्त भएपछि पुन:निर्माण नभएका कारण भवनविहीन बनेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

चमैता गाविस-४ मा पर्ने राँके बजारको केसी होटलमा बसिरहेका सशस्त्र प्रहरी बल प्रधान कार्यालय , काठमाडौंमा कार्यरत पाँचथर चोकमागु गाविस-९ निवासी प्रहरी हवल्दार ३० वर्षीय राजेन्द्र लावतीलाई ०६२ पुस २३ गते माओवादीले अपहरण गरी माघ १५ गते चोकमागु गाविस-९ पाँचथरबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

मंगलबारे गाविस-९ निवासी स्थानीय रुद्र प्राबि धुसेनीका शिक्षक ४९ वर्षीय टंकप्रसाद पराजुलीलाई ०६२ माघ १८ गते माओवादीले उनकै घरबाट अपहरण गरी माघ २७ गते मुक्त गरे।

मंगलबारे गाविस-१ निवासी २२ वर्षीय तारा श्रेष्ठलाई ०६२ चैत १० गते ट्याक्सी चढेर आएका माओवादीले आफ्नै घरबाट अपहरण गरी ०६३ वैशाख २० गते अपहरण मुक्त गरे।

चमैता गाविस-७ स्थित मेची राजमार्गमा पर्ने धप्परबेसीमा माओवादीले झापाको बिर्तामोडबाट पाँचथरतर्फ गइरहेको मे. १ ज. १०१० नम्बरको निजी सवारी साधनमा यात्रा गरिरहेका ओयाम गाविस-२ पाँचथर निवासी पाँचथर जिल्ला विकास समितिका मनोनित सभापति ६० वर्षीय बमबहादुर योङ्या र मौवा गाविस-५ निवासी पाँचथरका मनोनित उपसभापति ५८ वर्षीय रणबहादुर खड्कालाई ०६२ चैत २१ गते माओवादीले अपहरण गरी ०६३ वैशाख २७ गते पाँचथरको फिदिमबाट मुक्त गरे।

पुवामझुवा गाविस-३ निवासी २२ वर्षीय इन्द्रबहादुर राईले स्थानीय ८६ वर्षीय पदमबहादुर सुनुवारलाई कुटपिट गरेको र सोही कारण उनको मत्यु भएको आरोपमा ०६३ वैशाख १ गते माओवादीले राईलाई घरबाटै अपहरण गरे। राई ०६३ वैशाख ५ गते भागेर भारतमा गएर बसेका छन्।

शान्तिपुर गाविस-७ निवासी २२ वर्षीय देवेन्द्र शिवा र नयाँबजार गाविस-१ निवासी १८ वर्षीया शोभा राईलाई पार्टीको निर्णयविरुद्ध विवाह गरी भागेर घर बसेको आरोपमा ०६३ वैशाख १९ गते माओवादीले दुवैलाई डोरीले बाँधेर शान्तिपुर गाविस-७ बरफल्याङ्गबाट अपहरण गरेकोमा वैशाख २० गते देवेन्द्र र शोभा २१ गते क्रमश: लक्ष्मीपुर र सिद्धिथुम्बाबाट भागे।

दानाबारी गाविस-१ सितलु निवासी २२ वर्षीय जीवन राईले स्थानीय ५ वर्षीया एक बालिकालाई दुर्व्यवहार गरेको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले घरबाटै अपहरण गरे। स्थानीय कन्काइ उच्च मावि कक्षा ८ मा अध्ययनरत राईलाई माओवादीले उनलाई भोलिपल्ट बजारको दिन पारेर मोसो र जुत्ताको माला लगाएर बलात्कारी भन्दै बजार घुमाए। पीडित राईलाई माओवादीले ०६३ वैशाख ३० गते मुक्त गरे।

चुलाचुली गाविस-९ निवासी ३२ वर्षीय सुमन राई काठको ठेक्का पट्टामा संलग्न रही अनियमितता गरेको आरोपमा ०६३ वैशाख ३१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी जेठ ३ गते मुक्त गरे।

प्याङ्ग गाविस-२ निवासी ३३ वर्षीय झलक राई उनकी पत्नीले आत्महत्या गरेको विषयमा दोषी भएको आरोपमा ०६३ जेठ ९ गते माओवादीले उनलाई घरबाट अपहरण गरी आरोप पुष्टि नभएको भन्दै इलाम सदरमुकामबाट ०६३ भदौ ३ गते मुक्त गरे।

इलाम नपा-८ निवासी कक्षा १० मा अध्ययनरत १६ वर्षीय लक्ष्मी दुलाल र १६ वर्षीय टुल्की वाइवा तामाङलाई



इलाम सदरमुकाम आक्रमणका क्रममा मृत्यु भएका सर्वसाधारण हर्कबहादुर राई



इलाम सदरमुकाम आक्रमणको क्रममा मारिएका माओवादी कार्यकर्ता पुरिएको अवस्थामा

०६३ जेठ १८ गते माओवादीले इलाम नपा-२ स्थित बजारबाट अपहरण गरी हालसम्म बेपत्ता बनाए।

झापा जिल्ला सुरुङ्गा गाविस-८ निवासी केशव ढकाल, दिनेश पोखेल, किशान राई, मिलन तामाङ, किरण तामाङ, कुमार गौली र नेत्र पराजुली लुटपाटमा संलग्न रहेको आरोपमा ०६३ जेठ २६ गते माओवादीले उनीहरूलाई सोयाक गाविस-९ निरफुकबाट अपहरण गरेकोमा उनीहरू हालसम्म मुक्त भएका छैनन्।

चमैता गाविस-५ निवासी २९ वर्षीय टीकाराम विश्वकर्माले माओवादी पार्टीमा रहँदा लुटपाट र ज्यादती मच्चाएको आरोपमा ०६३ जेठ २६ गते माओवादीले उनलाई घरबाट अपहरण गरी कुटपिट गरे। कुटपिटका कारण टाउकोमा चोट लागेका टीकारामलाई डोरीले बाँधेर विभिन्न गाउँमा घुमाई सोही दिन मुक्त गरे।

मंगलबारे गाविस-४ सुर्के निवासी १४ वर्षीय टेकवीर तामाङ र १६ वर्षीय पञ्चबहादुर तामाङलाई ०६३ जेठ ३० गते दिउँसो माओवादीले मंगलबारे गाविस-६ स्थित भानुभक्त उच्चमाविको प्राङ्गणबाटै अपहरण गरी चमैता गाविसमा बाटोमा श्रम गर्न लगाएर असार ८ गते मुक्त गरे।

सुम्बेक गाविस-५ निवासी २४ वर्षीय सुरेश देवानले माओवादीको नाममा ठगी गरेको आरोपमा ०६३ साउन ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी साउन २३ गते माओवादी नियन्त्रणबाट भागे।

कन्याम गाविस-६ निवासी ४५ वर्षीय चन्द्र पोखेलले स्थानीय एक बालिकालाई बलात्कारको प्रयास गरेको आरोपमा ०६३ साउन ४ गते माओवादीले उनलाई घरबाट अपहरण गरी त्यस्तो व्यवहार नदोहोऱ्याउने प्रतिबद्धता गराई सोही दिन मुक्त गरे।

इभाङ्ग गाविस-४ निवासी ३९ वर्षीया ललिता राई, १२ वर्षीया हेमन्ती राई र ९ वर्षीया बसन्ती राईले स्थानीय रामकुमार राईको हत्यामा संलग्न रहेको आरोपमा ०६३ साउन ७ गते माओवादीले उनकै बारीमा काम गरी रहेको अवस्थाबाट अपहरण गरी भोलिपल्ट स्थानीय मणिप्रसाद राईको घरबाट मुक्त गरे भने ललितालाई मानवअधिकार र सञ्चारकर्मीहरूको रोहबरमा इलामको बरबोटे गाविसबाट ०६३ साउन ३० गते मुक्त गरे।

साङ्गरुम्बा गाविस-८ निवासी ५० वर्षीया निङ्मा शेर्पाले मादक पदार्थ सेवन गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनकै घरबाट अपहरण गरी साउन २६ गते मुक्त गरे।

दानाबारी गाविस-९ निवासी ४५ वर्षीय तारावीर राई भै-झगडामा संलग्न रहेको आरोपमा ०६३ साउन २० गते माओवादीले उनलाई दानाबारी गाविस-१ मा पर्ने गरुवा भन्ने स्थानबाट अपहरण गरेकोमा भोलिपल्ट उनी माओवादीको कब्जाबाट भागे।

श्रीअन्तु गाविस-७ निवासी २४ वर्षीय यात्रु भनिने पूर्णसिंह गुरुङले पार्टीको आचरणविरुद्ध महिलामाथि दुर्व्यवहार गरेको आरोपमा ०६३ असोज २७ गते माओवादीले उनलाई अपहरण गरी कात्तिक २५ गतेबाट छ महिना श्रम गराउने फैसला गरे।

शान्तिनगर गाविस-१ निवासी २३ वर्षीय मनोज पौडेल नक्कली माओवादी बनेको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले विद्यालय परिसरबाट उनलाई अपहरण गरी कात्तिक २१ गते हर्कटेबजारबाट मुक्त गरे।

गोदक गाविस-६ निवासी २१ वर्षीय प्रतापबहादुर राई र सोही गाविस-९ निवासी २० वर्षीय रेलबहादुर राईलाई रोजगारको प्रलोभन देखाउँदै ०६३ कात्तिक २८ गते माओवादीले उनीहरूकै घरबाट अपहरण गरी तीन दिनपछि दानाबारीको सहायक शिविरमा पुऱ्याए। पीडितहरू मंसिर १० गते घरमा फर्किए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

इलाम नपा-२ स्थित महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा रातिको काममा खटिएका चौकीदारहरू इलाम नपा-३ निवासी ३५ वर्षीय गणेश थापा र ३८ वर्षीय दुर्गा सेडाईंलाई ०६२ माघ २४ गते राति गस्तीमा हिँडेका सुरक्षाकर्मीले कुटपिट गरी बन्दुक ताकेर ज्यान मार्ने धम्की दिए।

माओवादीबाट

नाम्सालिङ गाविस-८ निवासी ३० वर्षीय सुकमाया लिम्बू र ४० वर्षीय शर्मिला देवानले आफ्नो आधार क्षेत्रमा झगडा गरी वातावरण धमिल्याएको भन्दै ०६२ पुस १९ गते माओवादीले उनीहरूलाई भेला पारी बाँसले कुटपिट गरे।

फाकफोक गाविस-९ निवासी ३८ वर्षीय पारशमणि

शर्मा तिम्सिनालाई ०६२ चैत १६ गते माओवादीले कुटपिट गरे। भोलिपल्ट शर्माका सबै परिवारलाई घर बाहिर निकालेर माओवादीले तालाबन्दी गरे।

सुलुवुङ्ग गाविस-६ निवासी ५६ वर्षीय हरिकृष्ण खतिवडा र सुलुवुङ्ग गाविस-८ निवासी ४५ वर्षीय हरि लुंगेलीलाई चन्दाको विषयमा ०६३ जेठ ४ गते राति माओवादीले उनीहरूकै घरमा गएर ज्यानमार्ने धम्की दिए।

बरबोटे गाविस-८ निवासी १३ वर्षीय बालक नेत्रप्रसाद राईलाई ०६३ साउन २० गते माओवादी छिमेकीको घरको आगनमा कुटपिट गरी बेहोस पारे।

नयाँबजार गाविस-४ निवासी १७ वर्षीय मेनुका खरेल र २४ वर्षीय तिलक निरौलालाई ०६३ साउन २५ गते माओवादीको स्थानीय कार्यकर्ता झुलेन्द्र पौडेलसहितको एक समूहले उनीहरूकै घरबाट केही दिन अघि गाउँमा भएको विवाहमा उनीहरूले अवैध सम्बन्ध राखेको आरोपमा अपहरण गरी दुई दिनसम्म निरन्तर सोधपुछ भन्दै बाँसको भाटाले अचेत भइञ्जेल ढाड, तिघ्रा र हातले गालामा कुटपिट गरी ०६३ साउन ३० गते इलाम सदरमुकामबाट अशक्त अवस्थामा मुक्त गरे।

साखेजुङ्ग गाविस-२ निवासी ३० वर्षीय संदीप राईले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले उनलाई साखेजुङ्ग-७ स्थित बजारमा बोलाई गाउँलेहरूको भेला गराएर धम्की दिँदै बाँसले ढाड र तिघ्रामा कुटपिट गरे।

चुलाचुली गाविस-२ निवासी २२ वर्षीय कल्पना पाण्डेलाई ०६३ मंसिर १६ गते माओवादीले सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी घाइते बनाए।

गैरकानुनी गिरफ्तारी

जीतपुर गाविस-१ आमबोटे निवासी १७ वर्षीय सुनीता राई माओवादी भएको आरोपमा ०६२ माघ ५ गते इलाम बजार आएको अवस्थामा उनलाई सुरक्षाकर्मीले इलाम नपा-१ बजारबाट गिरफ्तार गरी माघ ११ गते रिहा गरे।

माओवादी कार्यकर्ता धुसेनी गाविस-९ निवासी २१ वर्षीया जुनु भनिने कमला पराजुली, चमैता गाविस-५ निवासी २५ वर्षीया आस्था भनिने कमला भट्टराई र पाँचथर जिल्ला थर्पु गाविस-३ निवासी सुमना भनिने २४ वर्षीया तारा मावोलाई ०६२ माघ ९ गते सुरक्षाकर्मीले मंगलबारे गाविस-४ स्थित पानीटारबाट गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रशासन कार्यालयले इलाम कारागार पठाए। ०६२ फागुन १ गते पीडितहरूलाई जेल सरुवा गरी विराटनगर कारागार शाखामा पठाइएकोमा ०६३ जेठ १ गते कारागारबाट रिहा भए।

जिर्मले गाविस-३ निवासी १६ वर्षीय अनीता दियाली, कोल्वुङ्ग गाविस-२ निवासी १७ वर्षीय भिष्मा लेप्चा, नयाँबजार गाविस-१ निवासी २१ वर्षीय विक्रम सुवेदी, १९ वर्षीय बालकुमारी खतिवडा, १८ वर्षीय राम भट्टराई र नयाँबजार गाविस-८ निवासी २१ वर्षीय सुलजा प्रधान, जिर्मले गाविस-३ निवासी ३२ वर्षीय नीरा राईलाई ०६२ माघ ९ गते सुरक्षाकर्मीले मंगलबारे गाविस-२ को पानीटार गाग्रेभञ्ज्याङ्ग मंगलबारे गाविस-४ को पानीटार र जीतपुर गाविस-१ को जीतपुरे बजारबाट गिरफ्तार गरे। पीडितहरू ०६२ माघ ११ गते रिहा भए।

ताप्लेजुङ्ग जिल्ला खेवाङ गाविस-३ निवासी २२ वर्षीय नेत्र आचार्य र नाम्सालिङ्ग गाविस-४ निवासी किरण लावर माओवादी भएको आशंकामा ०६२ माघ १४ गते सुरक्षाकर्मीले पञ्चकन्या गाविस-२ स्थित आइतबारे चेकपोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनसम्म सोही चेकपोष्टमा उनीहरूलाई राखी माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा पठाइएको थियो। पीडितहरू माघ १८ गते इलाम कारागार र ०६२ फागुन १ गते मोरङ कारागार विराटनगर पठाएकोमा उनीहरू ०६३ जेठ १ गते रिहा भए।

बरबोटे गाविस-७ धारापानी निवासी १२ वर्षीय संजिव लम्साल माओवादी भएको आरोपमा ०६२ माघ २० गते जिल्लास्थित सुरक्षाकर्मीले उनलाई घरबाट साग बेच्न बजार गएको अवस्थामा इलाम नपा-२ मा पर्ने बजार क्षेत्रबाट गिरफ्तार गरी प्रशासन कार्यालयले माघ २३ गते मानवअधिकार मञ्च इलामको रोहबरमा रिहा गरे।

महमाई गाविस-५ निवासी स्थानीय तमाखे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ३७ वर्षीय चन्द्र कुलुङ्ग र कोषाध्यक्ष ४१ वर्षीय पदमराज जवेगु माओवादी भएको आरोपमा ०६२ फागुन २६ गते २१ नं. बाहिनी चारआली झापाबाट सुरक्षाकर्मीले उनीहरूकै घरबाट गिरफतार गरी ०६२ फागुन २९ गते रिहा गरे।

साङ्गरुम्वा गाविस-९ निवासी १६ वर्षीय शिवकुमार तामाङ माओवादी कार्यकर्ता भएको आरोपमा ०६२ चैत ३



माओवादीको नियन्त्रणमै रहेको अवस्थामा मृत्यु भएका आशबहादुर राई

गते सादा पोसाकका सुरक्षाकर्मीले इलाम नपा-१ स्थित बजारबाट गिरफ्तार गरे। तामाङलाई सुरक्षा निकायले चैत २१ गते झापाको चन्द्रगढी कारागारमा पठाएकामा ०६३ वैशाख २५ गते रिहा गऱ्यो।

पुवामझुवा गाविस-३ निवासी २० वर्षीय मनमाया मुखिया माओवादी भएको आरोपमा ०६२ चैत ९ गते दिउँसो सुरक्षाकर्मीले औषधी किन्न इलाम सदरमुकाम आएको बेलामा इलाम नपा-२ स्थित बजारबाट गिरफ्तार गरे। पीडित ०६२ चैत २१ गते चन्द्रगढी स्थित कारागार शाखामा पठाइएकोमा ०६३ वैशाख २५ गते रिहा भइन्।



माओवादी शिविरमा गोली लागी मृत्यु भएका रमेश खनाल

साङ्गरुम्बा गाविस-३ निवासी १८ वर्षीय टेकबहादुर दर्जी र २२ वर्षीय उदय राई माओवादीका कार्यकर्ता भएको आरोपमा ०६२ चैत १४ गते दिउँसो सुरक्षाकर्मीले उनीहरूलाई इलाम सदरमुकाम गएका अवस्थामा इलाम नपा-१ स्थित बजारबाट गिरफ्तार गरी ०६२ चैत १६ गते राईलाई र चैत १७ गते दर्जीलाई रिहा गरे।

आमचोक गाविस-७ स्थित उत्तरे भन्ने ठाउँमा रविस्थित सैनिक बेसक्याम्पबाट गएका सादा पोसाकका सुरक्षाकर्मीले ०६२ चैत २१ गते बाटोमा हिँडिरहेकी अनेमसंघ (क्रान्तिकारी)की केन्द्रीय उपाध्यक्ष ३२ वर्षीया लक्ष्मी मुढवरीलाई गिरफ्तार गरी रबि बेसकयाम्पबाट चारआलीस्थित २१ नं. बाहिनी हुँदै ०६३ वैशाख ४ गते झापाको चन्द्रगढी कारागारमा पठाएकोमा ०६३ जेठ ११ गते कारागारबाट रिहा भए।

इलाम नपा-२ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय अम्बिका बराइलीलाई ०६३ वैशाख ६ गते अपरान्न सादा पोसाकमा आएका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी सातदल, मानव अधिकारकर्मी र सञ्चारकर्मीहरूको दबाबमा प्रशासनले ०६३ वैशाख ९ गते रिहा गरे।



सदरमुकाम आक्रमणको क्रममा गोली लागी घाइते भएका सर्वसाधारण उत्तम राई

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले आयोजना गरेको नगर निर्वाचन बहिष्कारकको प्रचारप्रसार गरिरहेका महेन्द्ररत्न बहुमुखी क्याम्पसका विद्यार्थीहरूले ०६२ माघ १२ गते साँझ इलामको रत्न चोकबाट निकालेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा इलाम नपा-२ स्थित सिंहवाहिनी खोल्साबाट नेविसंघ क्याम्पस इकाई सभापति महेले गाविस-८ ताप्लेजुङ निवासी २७ वर्षीय नरेन्द्र कटुवाललाई प्रहरीले गिरफ्तार गऱ्यो। तीन महिने थुनुवा पुर्जी दिएर जिल्ला प्रहरी कार्यालयको कवर्ड हलमा थुनिएका कटुवाललाई प्रशासनले ०६२ माघ २८ गते रिहा गऱ्यो।

सात दलको आयोजनामा ०६२ माघ १३ गतेको निस्किएको शान्तिपूर्ण प्रदर्शनमा इलाम नपा-२ स्थित बजार क्षेत्रमा प्रहरीले हस्तक्षेप गरी नेकाँ जिल्ला सभापति हिमालय कर्मचार्यसहित विभिन्न संगठनका १८ जना प्रदर्शनकारीहरूलाई गिरफ्तार गरे। सबैलाई तीन महिने थुनुवा पुर्जी दिएर जिल्ला प्रहरी कार्यालयमा राखेकोमा माघ २० गते सुरज भट्टराई, माघ १७ गते विष्णु कार्की र छवि काफ्ले, माघ २८ गते थरेन्द्र नेपाल, इश्वरी खतिवडा, राजेन्द्र कुरुङ्वाङ्, अञ्जानकुमार थेबे, बसन्त बस्नेत र तारा फागोलाई प्रहरीले रिहा गरे। अन्य नौजनामध्ये सुरक्षाकर्मीले नेकाँ जिल्ला सभापति हिमालय कर्मचार्यलाई ०६२ फागुन २ गते मुक्त गरे।

सात दलको आयोजनामा ०६२ माघ १९ गते लाई "कालो दिन" को घोषणा गर्दै निकालिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा दानाबारी गाविस-८ निवासी २९ वर्षीय नेविसंघका कार्यकर्ता विष्णु कार्की र नांगिन गाविस-२ पाँचथर निवासी २४ वर्षीय रुपेश बुढाथोकी घाइते भए । सोही घटनामा इलाम नपा-२ निवासी ४० वर्षीय उदय राई, ४५ वर्षीय डोरप्रसाद उप्रेती, इलाम नपा-९ निवासी २६ वर्षीय समीर पराजुली र इभाङ्ग गाविस-१ निवासी २७ वर्षीय अनेरास्वियुका कार्यकर्ता गणेश बस्नेतलाई प्रहरीले गिरफ्तार गरी ३/३ महिनाको थुनुवा पुर्जी दिएर जिल्ला प्रहरी कार्यालयको कवर्ड हलमा राखेकोमा उदय राई र डोरप्रसाद उप्रेतीलाई फागुन १ गते र अन्य दुईजनालाई माघ २७ गते प्रशासनले रिहा गऱ्यो।

सात दलको आयोजनामा ०६२ माघ २६ गते दिउँसो चोकबजार इलाम नपा-१ मा आयोजित शान्तिपूर्ण प्रदर्शनका क्रममा सुरक्षाकर्मीले हस्तक्षेप गरी जनमोर्चाकी विहानी

योञ्जन, इलाम नपा-३ निवासी ५५ वर्षीय पत्रकार धर्म गौतम र दमक नपा-१३ झापा निवासी ३६ वर्षीय जनमोर्चा नेपालका गगन पुरीलाई र इलाम नपा-२ निवासी एमाले नेता कृष्ण श्रेष्ठ, इलाम नपा-२ निवासी सञ्चारकर्मी धिरेन चेम्जोङ, इलाम नपा-२ निवासी नकाँ नेता वेनुपराज प्रसाई र इलाम नपा-२ का ईश्वर चिपालुलाई सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयबाट फागुन २ गते रिहा गरे।

सात दलको आयोजनामा ०६२ चैत २४ गते भएको आम हड्ताल शान्तिपूर्ण प्रदर्शनका क्रममा इलाम नपा-१ स्थित चोकबजारमा प्रहरीले हस्तक्षेप गरी १३ प्रर्दनकारी घाइते भए। पाँच पत्रकारलाई प्रहरीले गिरफ्तार गऱ्यो। सो प्रदर्शनको अनुगमनका लागि गएका मानवअधिकारकर्मी केशव धौराली, धर्म उप्रेती, भक्त केसी, अञ्जानकुमार थेबे, तारा फागो, बद्री खड्का र डोरप्रसाद उप्रेतीलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।



माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएकी कल्पना पाण्डे

महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलामका विद्यार्थीहरूले ०६२ चैत २६ गते क्याम्पसबाट नाराजुलुससहित इलाम चोकबजारतर्फ गइरहेको प्रदर्शनमाथि चोक बजारमा पुगेपछि प्रहरीले लाठीचार्ज गरी निर्मल उप्रेती, पुष्प भट्टराई र छवि निरौलालाई घाइते तुल्याए। उनीहरूको इलाम अस्पतालमा उपचार भयो। दोहोरो झडपमा प्रहरी हवल्दार बमबहादुर थापा जवानहरू मनोज शर्मा, रविन्द्र ठाकुर, अर्जुन गिरी र किशोर कार्कीलाई सामान्य चोटपटक लागेको जिल्ला प्रहरी कार्यालयले जनायो।



जनआन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका नेविसंघका तारा फागो

सुगम र निस्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत इलाममा गत वर्षबाट दुनियावादी देवानी ९२, सरकारवादी फौजदारी ८३, दुनियावादी फौजदारी ४३ र रिट २४ गरी जम्मा २ सय ४२ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दुनियावादी देवानी ५५, सरकारवादी फौजदारी ७६, दुनियावादी फौजदारी सात र रिट १ सय गरी जम्मा २ सय ३८ ओटा मुद्दा दर्ता भए। सरेका र परेका गरी जम्मा ४ सय ८० ओटा मुद्दा दर्ता भएकोमा यो वर्षभरिमा दुनियावादी देवानी ७८, सरकारवादी फौजदारी ६४, दुनियावादी फौजदारी ३६, र रिट १ सय गरी जम्मा २ सय ९७ ओटा मुद्दाको फैसला भयो। यस पुनरावेदन अदालतमा दुनियावादी देवानी ६९, सरकारवादी फौजदारी ९५, दुनियावादी फौजदारी १४, र रिट ५ गरी जम्मा १ सय ८३ ओटा मुद्दा फैसला हुन बाँकिरहेका छन्। यो वर्ष रिट अन्तर्गत ८२ ओटा बन्दीप्रत्यक्षीकरण मुद्दा दर्ता भएकोमा १६ ओटा रिट जारी भई बन्दीहरू मुक्त भए भने ६६ ओटा रिट खारेज भए। खारेज भएका रिट प्राय बन्दी मुक्त भइसकेका कारणवाट खारेज भएका हुन्। यस अदालतमा मुल्तवी रहेकाबाहेक देवानी पाँच र फौजदारी दुई गरी सातओटा दुई वर्ष नाघेका मुद्दा छन्। समयमा म्याद तामेल गर्न र नक्सा सर्जमिन गर्न नसकेका कारणवाट ती मुद्दाहरू बाँकी रहेका हुन्। अन्तरिम आदेश उपरमा परेका ५० ओटा निवेदन सबै फर्स्यौट भइसकेका छन्।

इलाम जिल्ला अदालतमा गत वर्षबाट देवानी ३२ र फौजदारी ९३ गरी १ सय २५ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष देवानी ४४ र फौजदारी ६४ गरी १ सय ८ ओटा मुद्दा दर्ता भए। सरेका र परेका गरी यो वर्ष २ सय ३३ ओटा मुद्दा दर्ता भएकामा यो वर्ष देवानी ४५ र फौजदारी ५८ गरी १ सय ३ ओटा मुद्दा फैसला भए। यस अदालतमा देवानी ६५ र फौजदारी ६५ गरी १ सय ३० ओटा फैसला हुन बाँकी छन्। यस अदालतम मुल्तवी रहेका बाहेक देवानी ११ ओटा र फौजदारी दुईटा गरी जम्मा १३ ओटा मुद्दा दुई वर्ष नाघेका छन्।

बालअधिकार

जिर्मले गाविस-३ निवासी पूर्व माओवादी कार्यकर्ता १५ वर्षीय मीनकुमार राईलाई सञ्चार सेट चोरी गरेको आरोपमा ०६३ साउन १७ गते माओवादीले अपहरण गरे।

मंगलबारे गाविस-४ निवासी भानुभक्त उच्च मावि कक्षा ८ मा अध्ययनरत संजय गुरुङ र सुवास शीवा, कक्षा



जनआन्दोलनका क्रममा प्रहरीद्वारा गिरफ्तार गरिएका सञ्चारकर्मीहरू

६ मा अध्ययनरत दावा तामाङ र सन्तोस मुखिया र अर्जुन खाती ०६३ साउन १८ गते स्कूलतिर जाँदै गर्दा माओवादीले अपहरण गरे। माओवादीले उनीहरू आफूसँग रहेको बताए।

आमचोक गाविस-४ निवासी श्री सिंहदेवी माध्यामिक विद्यालय आमचोकमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय विक्रम थापालाई ०६३ असोज १० गते दिउँसो माओवादीले उनकै घरबाट अपहरण गरे। माओवादीले पीडित पार्टीमा सामेल भएको जनायो।

गोदक गाविस-९ निवासी १७ वर्षीय केशव अधिकारीलाई मासिक रु. ७ हजार जागिर खान पाउने लगायतका विभिन्न प्रलोभन देखाई ०६३ कात्तिक २८ गते दिउँसो माओवादीले घरबाट अपहरण गरे। माओवादीको दानाबारीस्थित सहायक शिविरमा राखिएको छ।

बरबोटे गाविस-९ निवासी अमर मावि बरबोटेमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय निर्मल राईलाई ०६३ कात्तिक २९ गते माओवादीका स्थानीय कार्यकर्ता भीमबहादुर रसाइली सहितको समूहले अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

बरबोटे गाविस-९ निवासी १५ वर्षीय प्रकाश खनाल र पुष्प खनाललाई माओवादीले सेनामा भर्ती गर्ने भन्दै ०६३ मंसिर २ गते उनीहरूकै घरबाट अपहरण गरे। उनीहरू यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।



आन्दोलनकारीहरूमाथि प्रहरीद्वारा हस्तक्षेप

इलाम नपा-१ निवासी आदर्श उच्चमावि कक्षा ८ मा अध्ययनरत १७ वर्षीय गणेश मुखियालाई ०६३ मंसिर २ गते दिउँसो माओवादीले आफ्नै घरबाट सेनामा भर्ती गर्न भन्दै अपहरण गरे। माओवादीको दानाबारीस्थित अस्थायी शिविरमा मंसिर ३ गते पुऱ्याए। पीडितहरू भागेर ०६३ मंसिर ७ गते घर फर्किए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/यौन दुर्व्यवहार

इलाम नपा-५ निवासी ४३ वर्षीया मानसिक सन्तुलन ठीक नभएकी एक अविवाहित महिलालाई सोही वडाका २१ वर्षीय दिलीप तामाङ र २० वर्षीय बलवीर तामाङले ०६३ भदौ २० गते राति घरबाटै नियन्त्रणमा लिएर करिब ३० मिटर पूर्वतर्फ लगी पालैपालो बलात्कार गरे। जिल्ला प्रहरी कार्यालयमा ०६३ भदौ २४ गते दिएको किटानी जाहेरीका आधारमा पीडक दुवैलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। उनीहरूलाई जबर्जस्ती करणी मुद्दामा प्रहरीले गरेको अनुसन्धान पूरा गरी ०६३ असोज ४ गते जिल्ला अदालतमा पेश गरिएको छ। हाल दुवै पीडक थुनामा रहेका छन्।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

विस्थापित

माओवादीबाट

सोयाक गाविस-७ निवासी ४१ वर्षीय शेरबहादुर तामाङलाई माओवादीको स्थानीय कार्यकर्ता टेकबहादुर जिम्वा सहितको एक समूहले ज्यान मार्ने धम्की दिएका कारण ०६३ जेठ २२ गतेबाट पुनःविस्थापित भएका छन्। चन्दाको विषयमा ०६० सालमा माओवादीसँग भएको सामान्य भनाभनबाट जीवनको खतराका कारण विस्थापित भई इलाम सदरमुकाम डेरा गरी बसेका तामाङ सरकार र माओवादीले युद्धविराम गरी शान्तिवार्ता प्रारम्भ गरेपश्चात् घर फर्किएका थिए।

संरचना क्षति

माओवादीबाट

माओवादीले ०६२ फागुन २१ गते राति इलाम सदरमुकाम आक्रमण गर्दा भएको भिडन्तका कारण जिल्लाका जिल्ला हुलाक, कोष तथा लेखा नियन्त्रण कार्यालय, नापी शाखा, पुनरावेदन सरकारी वकिलको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, मालपोत कार्यालय, रेडक्रस सोसाइटीको भवन, कारागार शाखा, नेपाल बैङ्क लिमिटेड शाखा, नेपाल चिया विकास निगम, जिल्ला अस्पताल, पुनरावेदन अदालत रजिष्ट्रारको क्वाटर र राष्ट्रिय वाणिज्य बैङ्क शाखामा क्षति पुग्यो।



सदरमुकाम आक्रमणका क्रममा माओवादीद्वारा विस्फोट र आगजनी गरी क्षति पुऱ्याइएको इलाम कारागार

सम्पत्ति क्षति

इलाम नपा-७ निवासी ५२ वर्षीय इलाम नपाका निर्विरोध उपमेयर घोषित पूर्ण तिम्सिनाको घरमा माओवादीको एक समूहले ०६२ माघ २६ गते बेलुका शक्तिशाली बम विस्फोट गऱ्यो। बम विस्फोटनका कारण छिमेकी दुर्गा भट्टराईको घरमा पनि क्षति पुग्यो।

विगतको अनुगमन

हत्या

माओवादीबाट

लक्ष्मीपुर गाविस-८ निवासी २७ वर्षीय माओवादी कार्यकर्ता नारायण पौडेलको ०५८ वैशाख ९ गते गोदाक गाविस-४ मा आफ्नै साथी सुरेश ढकाल नामका माओवादी कार्यकर्ताले चलाएको गोली लागी घाइते भई उपचारको लागि लैजाने क्रममा मृत्यु भयो। माओवादीले ०६३ सालमा मृतकलाई सहिद घोषणा गरे।

बेपत्ता

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका छजनामध्ये एकजना महिला रहेका छन्। यसरी अपहरण गरी बेपत्ता पारिएकाहरूमा साङ्गरुम्बा गाविस-६ निवासी १६ वर्षीय अम्बरबहादुर खाती, जीतपुर गाविस-९ निवासी २५ वर्षीया लक्ष्मी निरौला, जीमेले गाविस-४ निवासी २२ वर्षीय सन्तोष गुरुङ, सामाल्बुङ गाविस-४ निवासी ५८ वर्षीय दिनेश खत्री, जमुना गाविस-९ निवासी ४० वर्षीय जयकुमार राई र ३५ वर्षीय भरत राईको अवस्था हालसम्म अज्ञात रहेको छ।

१.३ पाँचथर



जनसंख्या : २१३८६४
साक्षरता प्रतिशत : ५५.३१
महिला साक्षरता प्रतिशत : ४४.०३
क्षेत्रफल (वर्ग कि. मि.) : १२४१
गाविस/नपा संख्या : ४१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७१
क्याम्पस/उच्च मा.वि. : १/१०
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : ५०२
मोटर सडक (कि. मि.) : ९१
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ४६
मानव विकास सूचकाङ्क : ०.४८४
प्रति परिवार सरदर संख्या : ५.४२

जेल र बन्दी

पाँचथर कारागार शाखा 'घ' श्रेणी अर्न्तरगत रहेको छ। यसमा बन्दी क्षमता २५ जना रहेकोमा हाल २० जना बन्दीहरू रहेका छन्। जसमा कैदी नतोकिएका दुई महिला र कैद तोकिएका १८ जना पुरुष छन्।

खेलकूद सामग्री नभएको र खानेपानीको अभाव रहेको छ। कारागारभित्र विभिन्न माग राखी ०६३ जेठ २२ गतेदेखि असार ८ गतेसम्म आमरण अनसन र विरोध जुलुस कार्यक्रम गरेका थिए। शौचालय, विद्युत, स्वास्थ्य, पत्रपत्रिका, रेडियो, टिभी उपलब्ध छ। कैदी बन्दी बीचका समस्याबारे विनाभेदभाव नियमसंगत सेवा पुऱ्याएको जेल प्रमुख रेणुप्रसाद ओझाले बताए। कारागारभित्र महिला बस्ने वार्ड छुट्टै भए पनि पुरुष बन्दीहरूले असजिलो महसुस गरी अर्कै ठाउँमा महिला जेलको माग राखेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

रानीगाउँ गाविस-४ निवासी ४७ वर्षीय गौरीमान सम्बाहाम्फे ०६१ फागुन २५ गते माओवादीको सहिद दिवश मनाउन नगएको आरोपमा ०६२ पुस १९ गते माओवादीले उनलाई घरबाट बिनाकारण अपहरण गरी ०६२ पुस २७ गते घरमा पुऱ्याई मुक्त गरे।

लुम्फावुङ्ग गाविस-२ निवासी २७ वर्षीय रामबहादुर लावतीले पानीको विषयमा माओवादीसँग विवाद गरेको आरोपमा ०६२ पुस २० गते माओवादीले उनलाई घरबाट अपहरण गरी नागीन गाविस पुऱ्याई पुस २२ गते मुक्त गरे।

चोकमागु गाविस-९ निवासी ३० वर्षीय राजेन्द्र लावतीलाई ०६२ पुस २३ गते माओवादीले पाँचथरको राँके बजारबाट गाडी खानतलास गरी अपहरण गरी ०६२ माघ १५ गते नवमीडाँडाबाट मुक्त गरे। पीडित सशस्त्र प्रहरी गण कपिलवस्तुमा कार्यरत छन्।

रानीगाउँ गाविस-३ निवासी ३५ वर्षीय कमल चौलागाई "राजावादी" भएको आरोपमा ०६२ पुस २४ गते माओवादीले उनलाई अपहरण गरी पुस २७ गते घरमा पुऱ्याई मुक्त गरे। पीडितलाई गाउँबाट हिँड्दा माआवादीको स्वीकृती लिएर हिड्नुपर्ने बताएका थिए।

ललितपुर जिल्ला चापागाउँका ४० वर्षीय राजु बिष्ट स्याङबो ओभरसिज लागि गाउँमा वैदेशिक रोजगारमा विदेश जाने मानिस खोज्न जाँदा ०६२ पुस २८ गते माओवादीले उनलाई नागीन गाविसबाट अपहरण गरी माघ १२ गते स्थानीय बासिन्दाको रोहबरमा राँके बजारबाट मुक्त गरे।

रानीगाउँ गाविस-७ निवासी ५२ वर्षीय पदमकुमार खड्काले भाईसँग जग्गाको सम्वन्धमा विवाद गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा भोलिपल्ट यासोक गाविसबाट पीडित घर फर्किए।

रवि गाविस-९ थामथुम निवासी ४० वर्षीय वीरबहादुर बुढाथोकीले सुराकी गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनलाई अपहरण गरे। पीडित आङ्ना गाविसबाट चैत ७ गते भागेर घर फर्किए।

चिलिङदिन गाविस-७ निवासी ३४ वर्षीय पत्रकार विक्रम चेम्जोङ्गलाई ०६२ चैत १७ गते माओवादीले राँके इलाकाबाट अपहरण गरी १९ गते मुक्त गरे।

रानीगाउँ गाविस-१ तिल्के निवासी ४५ वर्षीय नर्दु तामाङले पार्टीलाई पैसा नदिएको आरोपमा ०६२ चैत २६ गते माओवादीले अपहरण गरी चैत ३० गते मुक्त गरे।

फलैचा गाविस-१ निवासी ३८ वर्षीय भीमबहादुर बानियाले सुराकी गरेको आरोपमा ०६३ वैशाख १७ गते माओवादीले उनलाई नागीन गाविसबाट अपहरण गरी ०६३ जेठ १४ गते नागरिक समाज र मानवअधिकारकर्मीको पहलमा मुक्त गरे।

वलने गाविस-३ निवासी ४२ वर्षीय धनप्रसाद सावाले जङ्गलमा शिकार खेलेको र राजनीतिक विवाद गरेको आरोपमा ०६३ वैशाख १९ गते माओवादीले घरबाट अपहरण गरी वैशाख २२ गते मुक्त गरे।

फिदिम गाविस-६ ओदिन निवासी ३० वर्षीय दिलकुमार तुम्वापोले व्यक्ति हत्या गरेको आरोपमा ०६२ वैशाख ३० गते माओवादीले उनलाई पञ्चमी गाविस-८ बाट अपहरण गरी छानबिनपछि जेठ १९ गते एक सार्वजनिक कार्यक्रम गरी फिदिमबाट पुनः श्रमजेलमा राख्ने भनी कब्जामा लिए।

झापा जिल्ला महाभारा गाविस-४ निवासी ३७ वर्षीय बलराम थपालियाले सुराकी गरेको आरोपमा ०६२ जेठ २० गते माओवादीले उनलाई अपहरण गरे। उनलाई श्रम गराई ०६३ असार १० गते फिदिम बजारबाट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते						१	१			१					
गिरफ्तारी/यातना											३	१	३		३
कुटपिट	३	३			३	१०	१३	३	३	१६	४	५			५
धम्की						३	३			३	१	१		९	१०
भेला/संगठित हुने अधिकार											३	३		५६	५९
जातीय विभेद	१	१			१										
महिलाअधिकार	१		१		१										
बालअधिकार	३	३	३	३४	३८										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	१			१					
अपहरण						३६	३१	१		३३					
जम्मा	८	५	३	३४	३३	४१	४८	४	३	५३	१०	१०	३	६५	६८

मानवअधिकारकर्मीको रोहबरमा पत्नी मीनालाई जिम्मा लगाई मुक्त गरे।

फिदिम गाविस-८ लालीखर्क निवासी १८ वर्षीय रविन चाम्लिङ्ग राई र २० वर्षीय रामकुमार राईले झगडा गरेको आरोपमा ०६३ भदौ ३१ गते माओवादीले उनीहरूलाई अपहरण गरी ०६३ असोज १ गते मुक्त गरे

फिदिम गाविस-५ निवासी ३३ वर्षीय भोजकुमार पोखरेलले पानीको टयाङ्की खोल्ने विषयमा विवाद गरेको आरोपमा ०६२ असोज २२ गते माओवादीले उनलाई जोरसाल बजारबाट अपहरण गरी सोही दिन भारपा गाविस-६ कुपोलीबाट मुक्त गरे।

चिलिङ्दिन गाविस-७ का राँके बजार निवासी १९ वर्षीय पदम सार्कीले राँके बजारका गोपाल बुढाथोकीको पसलबाट ४० हजार रुपैयाँ चोरी गरेको आरोपमा ०६३ कात्तिक ७ गते माओवादीले पीडितलाई बजारमा कुटपिटपछि अपहरण गरी पैसा फिर्ता गर्ने सर्तमा कात्तिक ९ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

फिदिम गाविस-२ पल्लोटार निवासी ३० वर्षीय राजु श्रेष्ठलाई ०६२ चैत ५ गते साँझ बटुक दलगणका सेनाले फिदिम गाविस-४ चारखम्बे भन्ने ठाउँमा अश्लील शब्द प्रयोग गरी कुटपिट गरे।

सात दलको शान्तिपूर्ण आन्दोलनमा आन्दोलन ०६२ चैत २९ गते फिदिम-१ बजारमा प्रहरीले लाठी चार्ज गर्दा पत्रकार लवदेव ढुंङगाना, प्राध्यापक लक्ष्मी ढुंङगाना, विद्यार्थी सन्तोष श्रेष्ठ, नेकाँ (प्रजातन्त्रिक) का राजु श्रेष्ठ, वाणीज्य संघका कोषाध्यक्ष याम काफ्ले, सदस्य चेतप्रसाद पोखरेल, शिक्षक कृष्ण पौडेल घाइते भए ।

माओवादीबाट

सुभाङ्ग गाविस-५ माझ गाउँ निवासी ३४ वर्षीय एकराज भण्डारीलाई ०६२ पुस २५ गते माओवादीले आफ्नो अनुमतिबिना कतै नजानु भनी माओवादीले लिखित धम्की दिए। धम्कीका कारण पीडित घर जान सकेका छैनन्।

पञ्चमी गाविस-७ निवासी ५२ वर्षीय लक्ष्मी गिरीले चन्दा नदिएको आरोपमा ०६२ फागुन १२ गते माओवादीले उनलाई सोही गाविस-८ सिबुवामा कुटपिट गरे।

लुङ्रुपा गाविस-९ निवासी ३५ वर्षीय दुर्गा नेम्वाङ्ग, ४५ वर्षीय कृष्ण दाहाल, ५० वर्षीय मधु दुलाल र ३६ वर्षीय युवराज दुलाल, ४५ वर्षीय धर्म दुलाललाई ०६२ चैत ७ गते



आन्दोलनको क्रममा प्रहरीले लाठीचार्ज गरी घाइते बनाएका पत्रकार लवदेव ढुंगाना र व्यापारी चेतप्रसाद पोखरेल

माओवादीले कुटपिट गरे। पीडित माओवादीको नियन्त्रणबाट चैत १० गते तारेखमा आउने गरी मुक्त गरे।

फिदिम गाविस-५ सालघारीका २८ वर्षीया मुना तामाङले मादक पदार्थ सेवन गरेको आरोपमा ०६३ साउन १८ गते साँझ माओवादीले उनलाई थापा होटल पछिल्तिर कुटपिट गरे। पीडितको उपचार पाँचथर अस्पतालमा भयो।

गैरकानुनी गिरफ्तारी

इलाम जिल्ला शान्तिडाँडा गाविस-९ निवासी ३२ वर्षीय रामप्रसाद राई माओवादी भएको आरोपमा ०६२ फागुन २८ गते लोब्रेकुटी टेलिफोन टावर सुरक्षा युनिटका सेनाले फिदिम गाविस-९ पौवाभञ्जाङ्ग इलाकाबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत ७ गतेदेखि हिरासतमा राखी इन्सेक प्रतिनिधि कृष्ण ओझाको रोहबरमा रिहा गरे।

अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय उपाध्यक्ष मीना भनिने लक्ष्मी मुडभरी र जिल्ला सदस्य सचिव वीरता भनिने बिनीता तामाङलाई ०६२ चैत १९ गते रवि गाविसमा रहेको सुरक्षा वेश क्याम्पबाट खटिएका सुरक्षाकर्मीले आरुबोटे गाविस-८ बजार इलाकाबाट गिरफ्तार गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फिदिम बजारमा ०६२ माघ १९ गते 'कालो दिवस' मनाउने क्रममा दलका कार्यकर्ता, नागरिक समाज, पेसागत संघ-संस्थाका प्रतिनिधिको जुलुसलाई प्रहरीले लाठीचार्ज गरी एमालेका राजकुमार भण्डारी, नेकाँका जयप्रकाश रिजाल, नेकाँ (प्रजातान्त्रिक) का राजु श्रेष्ठ, जनमोर्चाका भरत खड्का, विद्यार्थी सन्तोष श्रेष्ठ हुकोडेक नेपालका अध्यक्ष प्रेम ओझा, उपाध्यक्ष चन्द्र पोखरेल, नेकाँका भवानी खतिवडा, लालबहादुर न्यौपाने, पत्रकार महासंघका सचिव लेखनाथ



नागरिक समाज, गैससलगायतको नेतृत्वमा निकालिएको विरोध ज्याली

खतिवडा, कोषाध्यक्ष लक्ष्मी गौतम, मिलन राई, राम बास्कोटा घाइते भए भने भवेन्द्र न्यौपाने, इन्द्र घिमिरे, किरण थापा, उर्मीला विश्वकर्मा, विमला सुब्बा, प्रकाश दुलाल, केशव अधिकारीलाई प्रहरीले गिरफ्तार गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पाँचथर जिल्ला अदालतमा जम्मा १ सय २१ ओटा मुद्दा रहेका छन्। जसमध्ये गत वर्ष फैसला हुन नसकी जिम्मेवारी सरेका १ सयओटा र नयाँ दर्ता भएका २१ ओटा मुद्दा रहेकोमा ४० ओटा मुद्दा फर्स्यौट भए भने ८१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

यो वर्ष परेका दुनियावादी फौजदारी ३४ ओटा, सरकारवादी फौजदारी १५ ओटा तथा गत वर्ष जिम्मेवारी सरेका २८ ओटा दुनियावादी र नयाँ दर्ता छओटा मुद्दा छन्।

अदालतमा गत वर्ष जिम्मेवारी सरेका १४ ओटा र यस वर्ष दर्ता भएका छओटा सरकारवादी फौजदारी मुद्दामध्ये नौओटा मुद्दाको फैसला भयो भने छओटा मुद्दा बाँकी छन्। देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेका ४३ ओटा र यस वर्ष दर्ता भएका नौओटा गरी ५२ ओटा मुद्दामा २० ओटा मुद्दाको फैसला भएको छ भने ३२ ओटा बाँकी रहे।

यसैगरी, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत परेका दुईटा कर्तव्य ज्यान एउटा, एउटा गौवध गरी चार ओटा मुद्दा दर्ता भएकामा कुनै पनि मुद्दा फैसला भएका छैनन्। यिनीहरूमध्ये पाँच वर्ष नाघेको सरकारवादी फौजदारी मुद्दा एकथान हालसम्म फैसला भएको छैन।

बालअधिकार

याङनाम गाविस-९ निवासी १७ वर्षीय इन्द्र केरुङ्गलाई ०६३ साउन २२ गते फिदिम गाविस-२ डेराबाट माओवादीका जिल्ला जनमिलिसियाले जनसेनामा जानुपर्छ भनी धम्काएर भोलिपल्ट फिदिम बजारबाट मुक्त गरे। पीडितले इलाम पाँचथर इञ्चार्ज प्रभावसँग सम्पर्क गरी मुक्त भए।

इलाम जिल्ला फूँयतप्पा गाविस-३ निवासी विष्णु माबि कक्षा ७ गते अध्ययनरत् १३ वर्षीय मदनकुमार राईलाई ०६३ कात्तिक २८ गते माओवादीले जनसेनामा भर्तीका लागि पाँचथरको रवि गाविस-५ बजारबाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

भारपा गाविस-७ निवासी १५ वर्षीय भीम तामाङ, सोही गाविस-८ निवासी १५ वर्षीय भिष्म तामाङ, सोही गासिव-८ का १३ वर्षीय पुष्पलाल धमलालाई ०६३ कात्तिक २९ गते माओवादीले ८ हजार तलब पाइन्छ भनी फकाएर अपहरण गरे। पीडित बालकहरू सिद्धेश्वरी माबि भारपामा कक्षा ८ गते पढ्दै थिए। पीडितहरू ०६३ मंसिर २० गते घर फर्किए।

याङ्गनाम गाविस-५ निवासी १२ वर्षीय भुवन सुहाङ्गलाई ०६३ कात्तिक २९ गते माओवादीले जागिरको प्रलोभनमा फकाएर बालसैन्यमा भर्तीका लागि घरबाट अपहरण गरे। माओवादीले पीडितलाई इन्सेक प्रतिनिधिको पहलमा मंसिर ६ गते घर फर्काइदिए।

रानीटार गाविस-५ निवासी १५ वर्षीय मनि विश्वकर्मीलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरे। उनलाई जनमुक्ति सेनामा भर्ना भए तलब पाइन्छ भनी घरबाट फकाई अपहरण गरेकोमा मंसिर २० गते राँके बजारबाट फर्काइयो।

रानीगाउँ गाविस-१ निवासी १४ वर्षीय राम नेपालीलाई ०६३ मंसिर १ गते घरबाट बालसैन्यमा भर्तीको लागि अपहरण गरे। पीडितलाई राँकेबाट फर्काइएको थियो।

भारपा गाविस-८ निवासी १४ वर्षीय अग्नी थापा र १५ वर्षीय डिल्ली थापालाई ०६३ मंसिर २ गते माओवादीले जागिरको प्रलोभनमा फकाई बालसैन्यका लागि घरबाट अपहरण गरी मंसिर २० गते घर फर्काए। पीडितहरू सिद्धेश्वरी माबि कक्षा ६ गते र ८ गते पढ्दै थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सुभाङ्ग गाविस-९ निवासी ४८ वर्षीय टङ्क सुहाङले आफ्नै १५ वर्षीया छोरीलाई ०६३ कात्तिक १८ गते मादक पदार्थ सेवन गरी ललाई फकाई घरमा बलात्कार गरे। पीडितकी आमाले माओवादी पार्टी एरिया कार्यालयमा उजुरी



आन्दोलनकारीमाथि प्रहरीद्वारा लाठीचार्ज गरिदै

गरेपछि माओवादीले टङ्कलाई कानुनी कारवाहीको लागि ०६३ मंसिर २ गते सुरक्षा वेश क्याम्प जोरपोखरीमा बुझाए। जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी छानविनपछि जिल्ला अदालतको आदेशले मंसिर १७ गते पुर्पक्षका लागि कारागार शाखामा थुनामा रहेका छन्। छोरीलाई जिल्ला प्रहरीको सक्रियतामा ०६३ मंसिर ८ गते माइती नेपालमा संरक्षणका लागि पठाइयो।

सिद्ध माविमा कक्षा ७ मा अध्ययनरत एक १५ वर्षीया बालिकालाई ०६३ पुस ४ गते बेलुका सिदिन गाविस-५ निवासी ४६ वर्षीय टेकनाथ रिजालले जण्डिसको उपचार गरिदिन्छु भनी सिदिन गाविस-७ मन्दिरमा बोलाई मन्दिरभन्दा केही पर लगी अलैंचीघारीमा बलात्कार गरे। पीडितले कानुनी कारबाहीका लागि प्रहरीमा उजुरी गरे।

सबै प्रकारका जातीय विभेद

नागीन गाविस-५ निवासी २५ वर्षीय खड्कबहादुर नेपाली दमाईलाई गैरदलितहरूको घरमा प्रवेश गरेको आरोपमा ०६३ कात्तिक ७ गते सोही गाविसका २२ वर्षीय प्रेमबहादुर तावा र २० वर्षीय गणेशबहादुर तावाले कुटपिट गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

विस्थापित

सरकार र माओवादी द्वन्द्वका कारण १ सय ७० ओटा घरपरिवारबाट ७ सय ८८ जना परिवारका सदस्य विस्थापित भए। ती मध्ये ७८ ओटा घरपरिवार घर फर्केका छन्। जसमा २ सय ७१ जना परिवार सदस्य रहेका छन्। घर फर्कन ९२ ओटा घर परिवार बाँकी रहेका छन्। जसमा क्षतिपूर्ति, विस्थापित भत्ता र मृतक आर्थिक सहायताको रूपमा राहत पाउने परिवार ३८ ओटा रहेका छन्। जिल्ला प्रशासन कार्यालयबाट राहत रकम १६ लाख ६४ हजार २ सय ८१ रुपैयाँ वितरण गरिएको थियो। मृतक तथा विस्थापित परिवारका विद्यालय जाने बालबालिकाहरूलाई छात्रवृत्ति राहत १२ जनालाई १ लाख २२ हजार रूपैयाँ वितरण गरिएको थियो। विधवा भत्ता ११ जनालाई १६ हजार ८ सय रूपैयाँ पाएका थिए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा प्राङबुङ गाविस-५ निवासी पदम राई र सिदिन गाविस-९ का अञ्जन भनिने सुरेन्द्र मगर रहेका छन्।

१.४ ताप्लेजुङ



जनसंख्या	१,४१,००२
साक्षरता प्रतिशत	५२.२१
महिला साक्षरता प्रतिशत	४१
क्षेत्रफल (वर्ग कि. मि.)	३६४६
गाविस/नपा संख्या	५०/०
निर्वाचन क्षेत्र	२
विद्यालय	२४४
क्याम्पस/उच्च मा.वि.	१/८
अस्पताल/स्वास्थ्य चौकी	१/५१
टेलिफोन लाइन	५१०
मोटर सडक (कि. मि.)	४५
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	५१
मानव विकास सूचकाङ्क	०.४६७
प्रति परिवार सरदर संख्या	५.६९

गोली/बम/विस्पोटक पदार्थद्वारा घाइते

राज्यबाट

फुडलिङ्ग गाविस-३ तोक्मेमा रहेको इन्द्र दल गुल्मले ब्यारकेको छेउमा राखेको माइन ०६३ वैशाख १५ गते राति अचानक विस्फोट हुँदा नजिकैको घरमा बसेका साँवा साइला घाइते भए। पीडितलाई सेनाले जिल्ला अस्पताल ताप्लेजुङ्ग पुऱ्याई उपचार गरे।

जेल र बन्दी

'ग' श्रेणीको यस जेलमा ११ जना कैदी र १३ जना थुनुवा गरी जम्मा २४ जना बन्दीहरू रहेका छन्। बन्दीहरूले पत्रपत्रिका हेर्ने सुविधाबाट वञ्चित हुनु परेको, बिरामी पर्दा समयमा उचित उपचार नपाएको गुनासो गरेका छन्। महिला राख्ने जेल नभएकाले महिला बन्दीहरूलाई लामो समयसम्म प्रहरी हिरासतमा नै राख्ने गरिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सीनाम गाविस-४ स्थित ज्ञानोदय प्राविका शिक्षक कुलबहादुर थेवेलाई ०६२ माघ १० गते माओवादीले विद्यालयबाट अपहरण गरी माघ २० गते मुक्त गरे।

रजा माबि आम्वेगुदिनमा सञ्चालन गरिएको सांस्कृतिक कार्यक्रममा सहभागी गराउन सरस्वती माबि सिकैचा, तेल्लोक, खेवाङ्ग, चाक्सिबोटे, थुम्बेदिनलगायत विभिन्न माविबाट १५ सय भन्दा बढी शिक्षक र विद्यार्थीलाई ०६२ फागुन १ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई कार्यक्रममा सहभागी गराई मुक्त गरे।

फुरुम्बु गाविस-६ निवासी २६ वर्षीय निकेस लिम्बू, २८ वर्षीय सुरज लिम्बू, फुरुम्बु गाविस-५ निवासी २१ वर्षीय चन्द्र लिम्बू र लिंखिम गाविस-५ निवासी प्रकाश लिम्बूले नगद र अन्य सामग्री लुटेको आरोपमा ०६३ असार ३१ गते माओवादीले उनीहरूलाई फुरुम्बू गाविस-६ बाट अपहरण गरे। पीडितहरूलाई १५ दिनपछि माओवादीले प्रहरीलाई बुझाए।

फुडिलङ्ग गाविस-४ निवासी पूर्व माओवादी कार्यकर्ता २० वर्षीय नेत्र पुरीले चन्दा उठाई भागेको आरोपमा ०६३ असार २० गते माओवादीले उनकै कोठाबाट अपहरण गरी असार ३० गते मुक्त गरे।

ढुंगेसाँगु गाविस-१ निवासी २८ वर्षीय रामप्रसाद ढुंगेललाई ०६३ साउन ८ गते माओवादी छापामार लक्ष्मी लिम्बूको नेतृत्वमा रहेका टोलीले घरबाट अपहरण गऱ्यो।

फावाखोला गाविस-८ निवासी २९ वर्षीय अम्रित सेम्बुलाई ०६२ मंसिर १५ गते माओवादीले अपहरण गरी ०६२ मंसिर ३० गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

लिंखिम गाविस-७ निवासी ३१ वर्षीय राजु रिजालले पार्टीलाई रकम नबुझाएको भनी माओवादीले अपहरण गर्ने धम्की दिए। पीडित ०६२ पुस २० गते देखि विस्थापित भई सदरमुकाममा बसेका छन्।

आम्वेगुदिन गाविसका सचिव ज्वाला राजवंशीलाई ०६३ वैशाख २७ गते आफ्नो पार्टीलाई रकम नबुझाएको र गाविसको बजेटमा भ्रष्टचार गरेको भन्दै माओवादीले घरमा गई कुटपिट गरी पार्टीलाई रकम बुझाउन धम्की दिए।

दोखु गाविसको गाउँ परिषद्को बैठक ०६३ पुस ७

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१	१			१									
घाइते											१	१		१
गिरफ्तारी/यातना											३	३		३
कुटपिट						३	३			३				
धम्की						४	३		३	४	३	३		३
भेला/संगठित हुने अधिकार											१	१	३९	३०
महिलाअधिकार	४		४		४									
बालअधिकार	३		३	१	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	३			३				
अपहरण						३४	५१	५	१५०३	१५५८				
जम्मा	७	१	६	१	८	३३	५८	५	१५०४	१५६७	६	७	३९	३६

गते दोखु गाविस भवनमा हुन लागेका बेला माओवादीले पार्टीको निर्देशन र सहमतिबिना बैठक गर्न खोजेको भन्दै बैठक बन्द गर्न लगाए। यसरी नै माओवादीले सिनाम, फुलबारी, निगुरादीन गाविसको परिषद पनि सञ्चालन हुन दिएनन्।

गैरकानुनी गिरफ्तारी

लिंखिम गाविस-७ निवासी २७ वर्षीय सुकबहादुर लिम्बूलाई माओवादीको आरोपमा ०६२ पुस २१ गते सुरक्षाकर्मीले सदरमुकाममा चामल लिन आएका बेला गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी एक हप्तापछि रिहा गरियो।

पापुङ्ग गाविस-७ निवासी २१ वर्षीय ग्याबु शेर्पालाई माओवादीको आरोपमा ०६२ माघ १० गते सुरक्षाकर्मीले दोभानबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी माघ ३० गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फुडलिङ्ग बजारमा सात दलले ०६२ माघ १९ गते कालो दिन भनी जुलुस निकाल्दा एमालेका कमिटी सचिव तथा निवर्तमान सांसद तिलकुमार मेयाम्बो, नेकाँ जिल्ला सचिव केशव दाहाल, पत्रकार खगेन्द्र अधिकारीसहित ३५ आन्दोलनकारीलाई प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

सुगम र निस्पक्ष अधिकार

यस वर्ष जिल्ला अदालतमा गत पुस १५ गतेदेखि देवानी ५५, फौजदारी २५, सरकारवादी फौजदारी ११ गरी जम्मा ९१ ओटा मुद्दा दर्ता भए। यी मुद्दाहरू मध्ये देवानी १५, फौजदारी २५, फर्स्यौट भए भने ५१ मुद्दा फर्स्यौट हुन बाँकी छन्। ६ महिनासम्म फैसला हुन बाँकी ३७ ओटा मुद्दा रहेका छन् भने एक वर्ष नाघेका ४९ ओटा मुद्दा रहेका छन्।

बालअधिकार

फुडलिङ्ग गाविस-१ निवासी १४ वर्षीय माधव गुरागाई, १४ वर्षीय खगेन्द्र गुरागाई, कक्षा ९ पढ्दै गरेका होमनाथ गुरागाई, १३ वर्षीय युवराज गुरागाईं र कक्षा ६ मा पढ्दै गरेका कविराज श्रेष्ठ, सरस्वती मावि हाम्पाङ्गमा अध्ययनरत हाम्पाङ्ग गाविस-७ निवासी ११ वर्षीय अशोक घिमिरे, १४ वर्षीय रामबहादुर बराइली, १३ वर्षीय खगेन्द्र बराईली, १४ वर्षीय टेकबहादुर बराइली, १२ वर्षीय हर्कबहादुर बराइली र खगेन्द्र खातीलाई माओवादीले ०६३



जनआन्दोलनका क्रममा सुरक्षाकर्मीले नियन्त्रणमा लिई हिरासतमा राखिएका आन्दोलनकारीहरू

कात्तिक २५ गते मासिक नगद ७ हजार २ सय रूपैयाँ दिने भनी फकाएर अपहरण गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

चाँगे गाविस-३ निवासी ६५ वर्षीय गंगा चुडालको ८० मुरी भन्दा बढी धान तथा अन्य सम्पूर्ण बाली ०६३ मंसिर ३० गतेसम्ममा माओवादीले लुटेर लानुको साथै अहिले पनि पीडितको घरमा ताला लगाई बेला बेलामा माओवादी आएर बस्ने गरेका छन्। उनको घर जग्गा तथा आम्दानी विगत पाँचवर्षदेखि माओवादीले उपभोग गरिरहेका छन्।

विस्थापित

ढुङ्गेसाँघु गाविस-३ निवासी ५७ वर्षीय रघुनाथ पौडेललाई आफ्नो घर आएका बेला ०६३ पुस ३ गते बिहान स्थानीय माओवादी कार्यकर्ता लक्ष्मी लिम्बूले कुटपिट गरी 'यहाँबाट तुरुन्त भाग' भनेर धम्क्याए। पीडित पौडेल विगत पाँचवर्ष अगाडि आफ्नो छोरा लक्ष्मीलाई माओवादीले हत्या गरेपछि उनलाईसमेत मार्ने धम्की दिएकाले विस्थापित भएका थिए।

विगतको अनुगमन

यातना

फुरुम्बु गाविस-३ निवासी ४२ वर्षीय श्रीप्रसाद राईलाई ०६० चैत १२ गते सुकेटार ब्यारेकका सुरक्षाकर्मीले गिरफ्तार गरी टाउको तथा शरीरको अन्य भागमा यातना दिए। पीडित सेनाले दिएको यातनाका कारण मानसिक रूपमा असन्तुलित भएका छन्।

विस्थापित

माओवादीबाट

थुम्वेदिन गाविस-५ निवासी ५५ वर्षीय प्रताप थेवेसँग मागे जति चन्दा नदिँदा ०६० फागुन १० गते माओवादीले घरमा चावी लगाए। घरमा ताला लागेपछि घर छाडेर काठमाडौ हिँडेका थेवे अहिलेसम्म फर्केका छैनन्। उनको घरमा माओवादीले लगाएको ताला खोलिएको छैन।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ढुङ्गेसाँघु गाविस-४ निवासी माओवादी कार्यकर्ता २१ वर्षीय भूपेन्द्र भट्टराई रहेका छन्।

१.५ मोरङ



जनसंख्या	९,२०,९८८
साक्षरता प्रतिशत	५६.७
महिला साक्षरता प्रतिशत	४६.६
क्षेत्रफल (वर्ग कि. मि.)	१८५५
गाविस/नपा संख्या	६५/१
निर्वाचन क्षेत्र	७
विद्यालय	६८२
क्याम्पस/उच्च मा.वि.	१४/३६
अस्पताल/स्वास्थ्य चौकी	३/७३
टेलिफोन लाइन	९१९४
मोटर सडक (कि. मि.)	९७६
प्रहरी कार्यालय संख्या	९
हुलाक संख्या	७०
मानव विकास सूचकाङ्क	०.५३१
प्रति परिवार सरदर संख्या	५.४८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

नाम ठेगाना नखुलेका एक माओवादी कार्यकर्ताको ०६२ चैत १७ गते टाँडी गाविसस्थित कटहरेमा सुरक्षाकर्मीको आक्रमणमा परी मृत्यु भयो। सो घटनाको सेनाको इटहरीस्थित पूर्वी पृतना मुख्यालयले पुष्टि गरे पनि उनको नाम ठेगाना सार्वजनिक गरेन। माओवादीले घटनाबारे कुनै प्रतिक्रिया सार्वजनिक गरेनन्।

केराबारी गाविस-९ भलुवामा स्थायी घर भई बेलबारी गाविस-३ मा डेरा गरी बसेकी २२ वर्षीया सपना गुरुङको ०६३ वैशाख १२ गते राति बेलबारी संयुक्त सुरक्षाकर्मी आधार शिविरबाट गस्तीमा गएको सेनाहरूले डेराबाट बोकेर लगी टेलिफोन टावर नजिक बलात्कार गरेपछि गोली हानी हत्या गरे। लासको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा पोष्टमार्टम गरियो। पीडितको लास १६ गते स्थानीय बेतना खोलामा पीडितका पति ज्ञानबहादुरको उपस्थितिमा दाहसंस्कार गरियो।

इन्द्रपुर गाविस-४ निवासी प्रभुनाथ भट्टराई, मृगौलिया गाविस-८ निवासी टेकनारायण चौधरी, बेलबारी गाविस-२ निवासी प्रसाद गुरुङ, बेलबारी-३ निवासी १७ वर्षीया सुनिता ऋषिदेव, इन्द्रपुर गाविस-३ निवासी २२ वर्षीय फुर्वा सेर्पा, इन्द्रपुर गाविस-२ निवासी ३६ वर्षीय खिने भनिने छत्रबहादुर परियारलाई ०६३ वैशाख १३ गते बेलबारीस्थित संयुक्त सुरक्षाकर्मी आधार शिविर अगाडि सडकमा सेनाद्वारा बलात्कारपछि सपना गुरुङको हत्या गरिएको विरोधमा प्रदर्शन गर्दा सेनाले गोली हानी हत्या गऱ्यो। सेनाको नेतृत्व सहायक सेनानी प्रल्हाद थापा मगरले गरेका थिए। घटनामा गोली लागेर बेलबारी गाविस-४ निवासी ३२ वर्षीय गोपाल गौतम, ५० वर्षीय गणेश दाहाल, सोही गाविस-२ निवासी २० वर्षीय दोर्ण श्रेष्ठ, केराबारी गाविस-९ निवासी २३ वर्षीय सन्तोष लिम्बू, सोही गाविस-९ निवासी टंक गुरुङ, इन्द्रपुर गाविस-७ निवासी २० वर्षीय दीपक दाहाल, बेलबारी गाविस-२ निवासी २१ वर्षीय फिरोज खाँ, बेलबारी गाविस-४ निवासी रामचन्द्र गौतम, बेलबारी गाविस-९ निवासी प्रकाश कोइराला, सुन्दरपुर गाविसका पूर्णबहादुर श्रेष्ठ गम्भीर घाइते भए। त्यस्तै इन्द्रपुर गाविस-६ निवासी अनील न्यौपाने, इन्द्रपुर गाविस-१ निवासी रनबहादुर श्रेष्ठ, बेलबारी गाविस-७ निवासी राम दनुवार, केराबारी गाविस-९ निवासी सुवास लिम्बू, तेह्रथुम जिल्ला बसन्तपुर गाविसकी गीता अधिकारी, बेलबारी गाविस-२ निवासी कृतन राई, बेलबारीकै बद्री आचार्य, केराबारी गाविस-९ निवासी गोविन्द दर्जी, बयरवन गाविस-९ निवासी भ्यान्टे तामाङ, इन्द्रपुर गाविस-४ निवासी

सत्यनारायण मण्डल, सोही गाविस-८ निवासी तारा घिमिरे, बेलबारी गाविस-३ निवासी मिसन विसुङ्खे, सोही गाविस-६ निवासी दुर्गा लामिछाने, सोही गाविस-२ निवासी बब्लुकुमार साह, सोही गाविस-४ निवासी यामकुमारी दाहाल, सुवास कँडेल, कृष्ण विसुङ्खे घाइते भए। घटनाको छानबिन गर्न नेपाली सेनाको पूर्वी पृतना मुख्यालय इटहरीले सहायक रथी पवनबहादुर पाण्डेको संयोजकत्वमा ०६२ चैत १४ गते चार सदस्यीय समिति गठन गऱ्यो। त्यस्तै प्रतिनिधिसभाले ०६३ वैशाख २७ गते सांसद परी थापाको संयोजकत्वमा सांसदहरू गोकर्ण विष्ट, रामनाथ अधिकारी, विजय सुब्बा, एनपी साउद संलग्न पाँच सदस्यीय छानबिन समिति बनायो। त्यस्तै जिल्ला प्रशासनले किरिया खर्चबापत मृतकका प्रतिपरिवारलाई १० हजार दिने जानकारी गरायो। घटनाको अनुगमनपछि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले सेनाले अधिक बल प्रयोग गर्नाले त्यति ठूलो मानवीय क्षति हुन पुगेको प्रतिवेदन सार्वजनिक गऱ्यो। समितिले दोषीलाई कारवाही गर्न र पीडित तथा पीडितका परिवारलाई राहत दिन सरकारसँग माग गऱ्यो।

माओवादीबाट

विराटनगर उमनपा-१५ का निवर्तमान वडाध्यक्ष ६५ वर्षीय त्रिवेणी माझी र सोही उमनपा-७ निवासी पूर्व सई ५० वर्षीय दीपक गुरुङको ०६२ माघ २० गते साँझ माओवादीले त्रिवेणीको घरमा गोली हानी हत्या गरे। गोली लाग्नासाथ दीपकको घटनास्थलमै र त्रिवेणीको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारको क्रममा सोही राति ११ बजे मृत्यु भयो।

दोहोरो भिडन्त

उर्लाबारी गाविस-४ स्थित उर्लाबारी बजारमा रहेको राष्ट्रिय वाणिज्य बैंकको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीमाथि ०६२ चैत ९ गते माओवादीले आक्रमण गर्दा ताप्लेजुङ जिल्ला निवासी प्रहरी जवान २३ वर्षीय वीरबहादुर लिम्बू, भोजपुर याकु गाविसका २२ वर्षीय कृष्णबहादुर खड्का, उर्लाबारी गाविस-४ का सब्जी व्यापारी ५७ वर्षीय हेमचन्द्र खनाल, माओवादी सेक्सन कमाण्डर विद्रोही शिव तथा प्लाटुन भाइस कमाण्डर विधानको मृत्यु भयो। त्यस्तै सर्वसाधारण उर्लाबारी गाविस-२ की ३५ वर्षीया निर्मला मोक्तान, उर्लाबारी गाविस-६ की मीना धिमाल, असई मनकुमार लिम्बू, सशस्त्रका प्रहरी हवल्दार २२ वर्षीय इन्द्र सिञ्जाली र पदम थेवे, २२ वर्षीय प्रहरी जवान टंकदत्त भट्ट , नेपाली सेनाका सिपाही २४ वर्षीय तीर्थराज पनेरु, सशस्त्रका हवल्दार भीम थेवे गोली लागी घाइते भए। घाइतेहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

बेवारिसे बमबाट मृत्यु

टाँडी गाविस-९ का १२ वर्षीय मनोज राई ०६२ चैत २५ गते बारीमा बेवारिसे अवस्थामा फालिएको सकेट बम खेलाउँदा विस्फोटन भई गम्भीर घाइते भए। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो। सो बम माओवादीले छाडेको स्थानीय बासिन्दा र सुरक्षा निकायले बताए। माओवादीले कुनै प्रतिक्रिया सार्वजनिक गरेनन्।

विराटनगर उमनपा-२२ निवासी १७ वर्षीया मुसनी धुनिया (खातुन) को ०६३ पुस ११ गते दिउँसो उर्लाबारी गाविस-४ महेन्द्र राजमार्गमा बेवारिसे घरेलु हाते ग्रिनेट बम

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२१	१६	७	२३	४	८	२	१०	४	९	२		११
घाइते	३	६	२	८	५	२१	२	२३	४	२८	४		३२
गिरफ्तारी/यातना									१९	७२	५	२९	१०६
बेपत्ता									१	१	१		२
कुटपिट	१	१		१	३३	६०	४	६४	७	२४	३		२७
धम्की					२	६	१	७					
भेला/संगठित हुने अधिकार									१६	६२	५	१४८	२१५
महिलाअधिकार	१२		१२	१२									
बालअधिकार	१९	१	३३	३४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					५	५	२	७					
अमानवीय व्यवहार	४	४		४	६	१२		१२					
अपहरण	१	१		१	७४	१४२	१०	१५२					
जम्मा	६१	२९	४४	७३	१३९	२५४	२१	२७५	५१	१९६	३०	१७७	३९३



बेलबारी घटनामा गोली लागी उपचारार्थ वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठानमा उपचारार्थ घाइते

विस्फोट हुँदा मृत्यु भयो भने ३० वर्षीया साहना (बबनी) धुनियाँ खातुन, मधुमल्ला गाविस-५ की १८ वर्षीया सुष्मा बोहोरा र झापा जिल्ला दमक नपा-५ बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरका ५७ वर्षीय डम्बरसिंह काफ्ले विस्फोटनमा परी घाइते भए। मुसनीले कवाडी सामान भुईंमा ठोक्काउँदा विस्फोटन भएको घाइते साहनाले बताइन्। पीडितहरूलाई प्रहरीले दमकस्थित लाइफलाइन अस्पताल उपराचारार्थ लगेको थियो। साहनाको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार हुन नसकी वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भर्ना गरियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

झापा जिल्ला दमक नपा-६ निवासी राम भुजेल र उर्लाबारी गाविस-२ निवासी ललन गोस्वामी (गिरी) लाई ०६२ फागुन २० गते साँझ उर्लाबारी गाविस-३ स्थित मोडल आवासीय माविं छेउमा सुरक्षाकर्मीको गस्ती टोलीले गोली प्रहार गरी घाइते बनाए। घाइतेहरूको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। इलाका प्रहरी कार्यालय, उर्लाबारीले पीडितहरू भागेपछि माओवादीको आशंकामा फायरिङ गरिएको जनायो।

रंगेली गाविसस्थित रंगेली संयुक्त सुरक्षा आधार शिविरमा बिच्छ्याइएको विस्फोटक पदार्थमा ०६३ जेठ ५ गते चट्याङ पर्दा विस्फोट भई आधार शिविरकै सिपाही मेघराज चौधरीकी पत्नी २० वर्षीय हरिकलादेवी, सोही ठाउँकी सुचिकार ४२ वर्षीय मो. फरमुल मिया र १८ वर्षीय मो. साउद्दिन मिया घाइते भए। घाइतेहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

माओवादीबाट

विराटनगर उमनपा-१५ स्थित जिल्ला शिक्षा कार्यालयमा माओवादीले ०६२ पुस २१ गते बम विस्फोट गराउँदा सो कार्यालयका लेखापाल विराटनगर-४ निवासी गोपाल रेग्मी, पियन दुर्गा चौधरी र अमाही इक्राई निमाविका शिक्षक मेघराज ओझा घाइते भए। घाइतेहरूको स्थानीय कोशी अञ्चल अस्पतालमा उपचार भयो। विस्फोटनबाट कार्यालयका दुई कोठा, झ्याल र ढोकाहरू नष्ट भए।

सिसवनी जहदा गाविस-१ निवासी मनोज महतो, कपिल महतो, १० वर्षीय मन्टुकुमार महतो, लक्ष्मण महतो, श्रीपद महतो, चन्दन सिंह, निर्मल श्रेष्ठ, विनोदकुमार साह, कदमाह गाविस-८ निवासी शंकर शर्मा र दाररवैरिया निवासी मानोजकुमार राजवंशी ०६२ माघ २१ गते बिहान सिसवनी र कटहरी गाविस सिमाना लोहन्द्रा पुलमा माओवादीले राखेका बम विस्फोटन हुँदा घाइते भए। घाइतेहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

मृगौलिया गाविस-८ निवासी मनमाया लिम्बू, माओवादी सेक्सन कमाण्डर पथरी गाविस निवासी कमल परियार र माओवादी कार्यकर्ता नीमा शेर्पाको ०६२ माघ २२ गते बम विस्फोटनमा परी मृत्यु भयो। मनमायाका छोरा १४ वर्षीय मोहनसिंह लिम्बू विस्फोटबाट घाइते भए। माओवादीले मनमायाको घरमा लोला बम बनाउँदै थिए।

नोचा गाविस-३ निवासी ४१ वर्षीय कलानन्द यादव र कदमहा गाविस-३ निवासी ३८ वर्षीय रिक्सा चालक डोमी सदारको ०६२ चैत ७ गते बिहान माओवादीले कटहरी र सिसवनी जहदाको सीमा लोहन्द्रा खोलाको पुलमा राखेको बम विस्फोट हुँदा मृत्यु भयो।

जेल र बन्दी

कारागार शाखा मोरङको बन्दी क्षमता ३ सयको छ। तर यो वर्ष सो क्षमताभन्दा बढी कूल ४ सय ९० बन्दीहरू कारागारमा राखिए। यो कारागारमा पुरुष महिला दुई छुट्टाछुट्टै बन्दी गृह छन्। जसमध्ये कैदीको संख्या १ सय ९५ र २९५ थुनुवा छन्। तीमध्ये पनि १ सय ८२ पुरुष र १३ महिला कैदी र २ सय ८० पुरुष र १५ महिला थुनुवा छन्। कारागारको महिला बन्दी गृहमा ३ बालिका र २ बालक आश्रित छन्। कूल बन्दीमध्ये पनि १६ कैदी र ३४ थुनुवा भारतीय र भुटानी नागरिक छन्।

कारागारमा यो वर्ष सुनसरी जिल्लाको धरान नपा-१५ का २५ वर्षीय अनिल भन्ने विकास राईको ०६३ मंसिर ८ गते बिहान मृत्यु भयो। उनी ०६२ असोज ६ गते लागू औषध मुद्दाअन्तर्गत बन्दी बनाइएका थिए। जेल पर्नु अघि अधिक लागू औषध प्रयोग गरेको कारण बिरामी परेका र उनको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको कारागार प्रमुख विश्वराज नेपालले बताए।

इलाम जिल्ला, साडरुम्बा गाविसका ३८ वर्षीय

राजकुमार कटुवालको कारागार शाखा मोरङमा स्वास्थ्य उपचार नपाएर ०६२ फागुन २० गते मृत्यु भयो। मृतकका परिवारले ०६३ वैशाख ९ गतेमात्र जानकारी पाए।

यातना

सुनसरी जिल्ला धरान नपा-९ निवासी सानाम, वडा-१७ निवासी पासाङ शेर्पा, वडा-१० का मिङ्मा शेर्पा र विकास लिम्बूलाई ०६३ जेठ १ गते सीमा सशस्त्र राजस्व प्रहरी बलका विनोद राई र विवेक गुरुङले लागू पदार्थ खाएको आरोपमा गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई अँध्यारो कोठामा लगेर उँधो मुन्टो र खुट्टा ठाडा पारेर लाठी र लात्तीले कुटपिट गरेका थिए। पीडितहरूले सशस्त्र प्रहरी बलको कंकालिनी गण टंकिसिनुवारीमा 'पीडकलाई कारवाही गरी पाउँ भनी' उजुरी दिएका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

आपगाछी गाविस-५ निवासी ३७ वर्षीय रुकुमलाल मण्डललाई ०६२ माघ २२ गते राति माओवादीले अपहरण गरी कुटपिटपश्चात ०६२ माघ ३० गते दर्वेशा गाविसबाट मुक्त गरे।

लेटाङ गाविस-६ निवासी ज्ञानु राई, सार्के लिम्बू, मनोज दर्जी, सन्तोष मगर तथा रमितेखोला गाविस-८ निवासी साजन राई र आशीष राईले चोरी तथा डकैतीको आरोपमा ०६२ माघ ९ गते माओवादीले सोही गाविसबाटै अपहरण गरे। पीडितहरू हालसम्म मुक्त भएका छैनन्।



माओवादीद्वारा कुटपिट गरिएका सुरज श्रेष्ठ

सर्लाही जिल्ला हजारिया गाविस-३ निवासी ट्रक चालक सोम लामालाई ०६२ फागुन ७ गते बयरवन गाविस-९ महेन्द्र राजमार्ग सडक खण्डस्थित कानेपोखरी नजिकबाट माओवादीले अपहरण गरे। पीडितलाई सात दिनपछि सिन्धुली जिल्लाबाट मुक्त गरियो।

सिरहा जिल्ला इनरुवा गाविस-८ निवासी सुरेन्द्रप्रसाद यादव, इटहरा गाविस-६ का हेमसागर न्यौपाने र इन्द्रपुर गाविस-४ का डिल्लीराम मिश्रलाई ०६२ फागुन १९ गते माओवादी कार्यकर्ताले जाँते गाविसको धानखेतीबाट अपहरण गरे। उनीहरूलाई मानवअधिकारकर्मीको रोहबरमा ०६२ फागुन २१ गते मधुमल्ला गाविसको लालमटीबाट मुक्त गरियो।

इटहरा गाविस-१ टिमटिमे निवासी पदमबहादुर प्रधानलाई ०६२ फागुन २६ गते बिहान घरबाटै माओवादीले अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

गोविन्दपुर गाविस-१ निवासी दुर्गा सुनारले नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा ०६२ चैत १ गते माओवादीले उनलाई अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएका छैनन्।

विराटनगर उमनपा-१८ जतुवा निवासी सुशील यादवले माओवादीको नाकाबन्दी अवज्ञा गरेको आरोपमा उनले चलाएको को २ प १५६ नं. को मोटरसाइकलसहित ०६२ चैत ४ गते दिउँसो पथरी गाविसको महेन्द्र राजमार्गस्थित जयचोकबाट माओवादीले अपहरण गरी कुटपिट गरी सोही दिन साँझ मुक्त गरे भने मोटरसाइकल तीन महिनापछि फिर्ता गरे।

दादरवैरिया गाविस-६ निवासी ४७ वर्षीय सर्वेलाल राजवंशी र २७ वर्षीय मनोज राजवंशीलाई ०६२ चैत २६ गते साँझ माओवादीले केही बुझ्नु छ भनी को ३ प २०९५ नम्बरको मोटरसाइकलसहित अपहरण गरे। पीडितद्वयलाई सोही रात कुटपिट गरी मुक्त गरे। मोटरसाइकल भने ०६३ वैशाख ८ गते फिर्ता गरे।

पथरी गाविस-१ निवासी हरिप्रसाद खतिवडा, देवेन्द्र पौडेल, सुनील खत्री, विक्रम सुब्बा, भेष मिश्र र सनम सुब्बाले मादक पदार्थ खाई बटुवाहरू कुटेको आरोपमा ०६२ चैत २९ गते माओवादीले घरघरबाटै उनीहरूलाई अपहरण गरी तीन दिनसम्म श्रम गराई मुक्त गरे।

उर्लाबारी गाविस-७ निवासी किरण सुब्बा, सोही गाविस-९ निवासी लाखमान राई, सोही गाविस-९ निवासी चन्द्रबहादुर लिम्बू र इन्द्रपुर गाविस-८ निवासी दुर्गा बास्कोटाले चोरी, डकैती गरेको आरोपमा ०६३ वैशाख १ गते माओवादीले शनिश्चरे गाविस-९ स्थित सुन्दर सामुदायिक वन उपभोक्ता समूहको भवनबाट अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

बयरवन गाविस-९ निवासी नेपाली सेनाका हवलदार ३३ वर्षीय दलबहादुर कटुवाललाई ०६३ वैशाख ३ गते साँझ माओवादीले केही बुझ्नु छ भनी घरबाटै अपहरण गरी भोलिपल्ट सोही गाविस-८ को बिहीबारेबाट मानवअधिकारकर्मीको पहलमा मुक्त गरे। पीडित खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा कार्यरत भई ०६२ चैत २३ गते घर बिदामा आएका थिए।

पथरी गाविस-३ निवासी २० वर्षीय प्रकाश तामाङ र तेजबहादुर तामाङले बलात्कार गरेको आरोपमा ०६३ वैशाख ३ गते माओवादीले उनीहरूलाई आफ्नै घरबाट

अपहरण गरी वैशाख १० गते मुक्त गरे।

डाइनियाँ गाविस-९ निवासी सुनीता शाह नक्कली माओवादी बनेर चन्दा संकलन गरेको आरोपमा ०६३ वैशाख ९ गते माओवादीले उनलाई अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

अमरदह गाविस-२ निवासी अभासु गुरागाईले आमा भागसरीलाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख १० गते माओवादीले उनलाई बाटो मर्मत गर्न भनी पाँच दिनसम्म श्रम गराए। पीडित सोही गाविसको सुगा बजारदेखि इटहरा गाविससम्म जाने कच्ची बाटो मर्मत गरी घर फर्किए।

केराबारी गाविस-९ निवासी रामकुमार लिम्बूलाई ०६३ वैशाख २५ गते माओवादीले दाजुभाउजूलाई कुटपिट गरेको आरोपमा अपहरण गरी यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्।

उर्लाबारी गाविस-२ निवासी ७३ वर्षीय इन्द्र गुरुङ, चन्द्र तामाङ, भद्र तामाङ, विनोद तामाङ, मिलन विक, विजय गुरुङ, १३ वर्षीय रोशन माझी, श्याम धिमाल, छत्र मगर र विकास गुरुङले एक बालिकालाई बलात्कार गर्न खोजेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले अपहरण गरी श्रम गराए। पीडितमध्ये रोशनले जेठ १२ गते श्रम थेग्न नसकेर घरैमा आत्महत्या गरे। इन्द्र हालसम्म मुक्त भएका छैनन्।



माओवादीद्वारा अपहरण गरिएका इन्द्र खतिवडा

केरौन गाविस-४ निवासी केसरिया ऋषिदेव, भारत बिहारका हकुमत मियाँ, मो. मुसी मियाँ झापा जिल्ला दमक नपा-१२ का लमिस महत, बिहारका रामलाल मण्डल र मुनाजिर आलमले जिल्लाका विभिन्न ठाउँमा चोरी डकैती गरेको आरोपमा ०६३ जेठ १० गते माओवादीले कानेपोखरी, विराटचोकलगायत विभिन्न ठाउँबाट अपहरण गरे। सात दिन कब्जामा राखी पीडितहरूलाई इलाका प्रहरी कार्यालय उर्लाबारीमा बुझाइयो।

अमरदह गाविस-१ निवासी धनेश्वर महतोलाई ०६३ जेठ १० गते नजिकको पसलबाट सामान किनेर घर फर्कने क्रममा माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

बरडंगा गाविस-६ निवासी एमालेका कार्यकर्ता ३६ वर्षीय बर्तलाल राजवंशीलाई ०६३ जेठ २१ गते माओवादीले गोविन्दपुर गाविस-६ स्थित झपडतलबाट अपहरण गरी उर्लाबारी गाविस पुऱ्याई कुटपिट गरेर जेठ २२ गते मुक्त गरे। घटनामा गल्ती भएको भनी माओवादी कार्यकर्ता चेतनले सार्वजनिक रूपमा आत्मआलोचना गरे।

पथरी गाविस-१ निवासी कृष्ण घिमिरेले चोरी गरेको आरोपमा ०६३ जेठ २४ गते माओवादीले उनलाई बयरवन गाविस-८ स्थित दही खोलाबाट अपहरण गरी श्रम गराए।

भातीगछ गाविस-९ निवासी २० वर्षीय सुरज राजवंशीलाई ०६३ जेठ २६ गते बिहान माओवादीले घरबाटै अपहरण गरे। पीडित कटहरी गाविसस्थित बबी बिस्कुट उद्योगको नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर युनियनका सचिव हुन्। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

शनिश्चरे गाविस निवासी दीपक मगरले पत्नी अनीताको हत्या गरेको आरोपमा ०६३ जेठ ३१ गते माओवादीले अपहरण गरी ०६३ असार २ गते मुक्त गरे।

कदमहा गाविस-७ निवासी नन्दलाल शर्मा र रामआशिष साहलाई ०६३ असार ११ गते माओवादीले को १ त २३६ नं. को ट्र्याक्टरमा ल्याएको डिएपी मलसहित मझारे गाविसबाट अपहरण गरे। पीडितलाई असार १५ गते मझारेको लक्ष्मीनियाबाट मुक्त गरियो। पीडितको रित्तो ट्र्याक्टर पनि सोही दिन फिर्ता गरियो। ट्र्याक्टरमा ल्याएको मल जनतालाई वितरण गरेको माओवादीले बताए।

विराटनगर उमनपा-६ निवासी २७ वर्षीय आवश्यक खतिवडा, मोहमद जान, गोविन्द सिंह, पुरुषोत्तम शर्मा र महेन्द्र राय नक्कली माओवादी बनेर चन्दा संकलन गरेको आरोपमा ०६३ असार १८ गते माओवादीले उनीहरूलाई घरघरबाटै अपहरण गरी कुटपिट गरे। कुटपिटबाट घाइते बनेका पुरुषोत्तमलाई माओवादीले नै कोशी अञ्चल अस्पतालमा उपचारका लागि भर्ना गरे। गोविन्द सिंह माओवादीको विराटनगर उमनपा-१४ बसपार्कस्थित जनसम्पर्क कार्यालयबाट सोही दिन भाग्न सफल भए। आवश्यक र मोहमदलाई रंगेली गाविसमा लगी माओवादीले श्रम गराई साउन २३ गते सोही गाविसबाट मुक्त गरे। महेन्द्रलाई भने अपहरण गरेकै दिन मुक्त गरे। पुरुषोत्तमलाई पनि अस्पताल भर्ना गरेकै दिन मुक्त गरेका थिए।

विराटनगर उमनपा-१ निवासी इन्द्रप्रसाद खतिवडालाई ०६३ असार १८ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरणपछि पीडितलाई माओवादीले रंगेली गाविस पुऱ्याए। त्यहाँ असार १९ गते बिहानदेखि बजारको नाला सफा गर्न लगाई सोही दिन साँझ मुक्त गरे।

सोराभाग गाविस-९ निवासी ५० वर्षीय मुनेश्वर यादवले चोरी-डकैती गरेको आरोपमा ०६३ साउन ८ गते माओवादीले उनलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई रंगेली गाविसस्थित रंगेली बजारमा रहेको माओवादी जनसम्पर्क कार्यालयले श्रम गराई साउन ११ गते मुक्त गरे।

विराटनगर उमनपा-१७ निवासी अर्जुन मण्डलले माओवादी जनअदालतको फैसला पालना नगरेको आरोपमा

०६३ साउन १४ गते बिहान माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरे। पीडितलाई ०६३ साउन १४ गते साँझ मुक्त गरिएको थियो। कुटपिटबाट घाइते बनाएपछि पीडितको माओवादीले उपचार गराएका थिए।

विराटनगर उमनपा-१ सरौचिया निवासी सुनसरी-मोरङ सिंचाई आयोजनामा कार्यरत अमिन राजेश्वर यादवलाई ०६३ साउन १३ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई ०६३ साउन १५ गते साँझमा सुनसरी जिल्लाको पकली गाविसबाट रामगञ्ज बेलगछिया गाविसमा रहेको तीन बिघा जग्गा र अढाई लाख नगद बुजुगुनिया थरुनीलाई दिनुपर्ने सर्तमा मुक्त गरे।

होक्लाबारी गाविस निवासी राजेन्द्र कार्कीलाई ०६३ साउन १३ गते माओवादीले विराटनगर उमनपा-११ मधुमारास्थित राजन कार्कीको डेराबाट सुतिरहेको अवस्थामा अपहरण गरी ०६३ साउन १५ गते आँपगाछी गाविसबाट मुक्त गरे।

डाइनियाँ गाविस-३ निवासी मोहमद अनाबरुल, आपगाछी गाविसका इस्ताज मियाँ र मुस्ताज मियाँले चोरी डकैती गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई अपहरण गरे। पीडितहरूलाई रंगेली गाविसस्थित माओवादी जनसम्पर्क कार्यालयअन्तर्गत श्रम गराई ०६३ साउन २० गते मुक्त गरे।

पथरी गाविस निवासी जीतबहादुर भुजेलले ठगी गरेको आरोपमा ०६३ साउन १८ गते माओवादीले पथरी बजारबाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

टकुवा गाविस-१ निवासी नेकाँका कार्यकर्ता जगदीश मण्डललाई ०६३ साउन २० गते माओवादीले घरबाटै अपहरण गरी साउन २२ गते मुक्त गरे।

बुधनगर गाविस-७ निवासी ५५ वर्षीय दयानन्द राजवंशीलाई ०६३ साउन २१ गते बिहान माओवादीले घरबाटै अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

संखुवासभा जिल्ला, जलजला गाविस-६ घर भई राजघाट गाविस-३ मा डेरा गरी बसेका कृष्ण बस्नेतले स्थानीय एक महिलालाई बेचविखन गरेको आरोपमा ०६३ साउन २१ गते माओवादीले उनलाई पथरी गाविस-१ बाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

बयरवन गाविस निवासी दिलबहादुर राईले नक्कली माओवादी बनेर चन्दा उठाएको आरोपमा ०६३ साउन २३ गते माओवादीले उनलाई पथरी गाविसस्थित विशाल चोकमा अपहरणपछि कुटपिट गर्नुका साथै कान समातेर उठबस गराई साउन २४ गते मुक्त गरे।

तेह्रथुम जिल्ला जिरीखिम्ती गाविस घर भई नेपाली सेनाको २ नं. बाहिनी धनकुटा जिल्ला हिले गाविसमा कार्यरत



बेवारिसे बम विस्फोटमा घाइते साहना खातुन

सैनिक जवान फूलकुमार लामाले चोरी गरेको आरोपमा ०६३ साउन २६ गते माओवादीले शनिश्चरे गाविस-६ बाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

सिजुवा गाविस-९ निवासी २२ वर्षीय लखन मरण्डीलाई ०६३ साउन ३० गते माओवादीले घरबाटै अपहरण गरी हालसम्म मुक्त गरेनन्।

झोराहाट गाविस-९ निवासी ३८ वर्षीय एकनाथ लम्साललाई ०६३ भदौ २ गते माओवादीले लेनदेनको विषयमा घरबाटै अपहरण गरे। पीडितलाई खाली कागजमा हस्ताक्षर गराएर भदौ ३ गते तेतरिया गाविसस्थित माओवादी एरिया जनसम्पर्क कार्यालयबाट मुक्त गरे।

कदमाहा गाविस-६ पोखरी निवासी सुदीपराज शर्माले सुराकी गरेको आरोपमा ०६३ भदौ ४ गते माओवादीले उनलाई अपहरण गरी डोरीले बाँधेर कुटपिट गरे। माओवादीको आदेश पालना नगरेको भनी ईंटामा सुताएर लाठीले शरीरमा प्रहार गरिएको उनको परिवारजनले बताए। पीडितलाई तीन दिनपछि सोराभाग गाविसस्थित कर्सिया बजारबाट मुक्त गरे।

हसन्दह गाविस-६ भातेगौंडा निवासी निरन मण्डलले गाउँलेहरूलाई कुटपिट गरेको आरोपमा ०६३ भदौ २६ गते माओवादीले उनलाई अपहरण गरी श्रम गराई ०६३ असोज १४ गते मुक्त गरे।

विराटनगर उमनपा-१८ निवासी मदनकुमार ऋषिदेवले स्थानीय एक महिलालाई बलात्कार गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनलाई अपहरण गरी असोज १८ गते मुक्त गरे।

झापा जिल्ला कोहबरा गाविस-८ निवासी दीपक दाहालले सुराकी गरेको आरोपमा ०६३ असोज २२ गते माओवादीले उनलाई आफन्तको घर मोरङ जिल्लाको झुर्किया गाविसबाट अपहरण गरी पीडितलाई पाँच दिनपछि सोही गाविसको झुर्किया बजारबाट मुक्त गरे।

सुन्दरपुर गाविस-२ सिर्जनशील सामुदायिक वन उपभोक्ता समूहका सदस्य उज्वल न्यौपाने, विज्ञान लुईंटेल र



कारागारको सुधारको माग राखी आन्दोलनरत आस्थाका बन्दीहरू

सचिव हेमचन्द्र घिमिरेले भ्रष्टाचार गरेको आरोपमा ०६३ असोज २८ गते स्थानीयवासीले कब्जा गरी माओवादीसमक्ष बुझाए। सबै जनालाई मृगौलिया गाविस-९ सलकपुरस्थित माओवादीको मेचीकोशी प्रथम डिभिजन कार्यालयमा नियन्त्रणमा राखी ०६३ कात्तिक १ गते मुक्त गरे।

इन्द्रपुर गाविस निवासी नवीन लिम्बूले रानीबाट लागू औषध सेवन तथा ओसार पसार गरेको आरोपमा ०६३ असोज २९ गते माओवादीले उनलाई विराटगर उमनपा-२१ अपहरण गरी मृगौलिया गाविस-९ सलकपुरस्थित माओवादीको मेची-कोशी प्रथम डिभिजन कार्यालयमा राखी ०६३ कात्तिक ६ गते मुक्त गरे।

झापा जिल्ला निवासी राकेश राईलाई ०६३ असोज ३१ गते माओवादीले अपहरण गरी माओवादीको पथरीस्थित आधार शिविरमा राखी सात दिनपछि पथरी बजारबाट मुक्त गरे।

बेलबारी गाविस-९ निवासी भाइकुमार राईले आफ्ना एक कार्यकर्ताको हत्या गरेको आरोपमा ०६३ कात्तिक ६ गते साँझ माओवादीले उनलाई सोही गाविसको बेतौना खोला नजिकबाट अपहरण गरे।

पथरी गाविस-७ आइतबारे निवासी कृष्णराम क्षेत्रीले साइकल चोरी गरेको आरोपमा ०६३ असोज २६ गते माओवादीले उनलाई लेटाङ गाविस-३ बाट अपहरण गरी कात्तिक २६ गते लेटाङ गाविस-३ मा एक कार्यक्रमबीच गरी मुक्त गरे।

शनिश्चरे गाविस-९ भुटानी शरणार्थी शिविरका सहवीर तामाङ र आइतसिंह राई चोरी डकैती र लुटपाटमा संलग्न भएको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले उनीहरूलाई अपहरण गरी इलाका प्रहरी कार्यालयमा कात्तिक १० गते बुझाए।

विराटनगर उमनपा-६ निवासी निरञ्जन रेग्मी र विश्वास अधिकारीलाई भोला थापाको हत्यामा संलग्न भएको आरोपमा ०६३ कात्तिक १२ गते माओवादीले विराटनगर उमनपा-३ स्थित तीनपैनीबाट अपहरण गरी कात्तिक १५ गते विराटनगरबाटै मुक्त गरे।

बबियाबिर्ता गाविस-३ निवासी विनोद बरालले एक युवतीलाई बलात्कार गरेको आरोपमा ०६३ कात्तिक १६ गते माओवादीले उनलाई अपहरण गरी सोरभाग गाविसको कर्सियास्थित माओवादी जनमुक्ति सेनाको अस्थायी क्याम्पमा राखे। पीडितलाई अपहरण गरिएको विरोधमा स्थानीयबासीले कर्सियामा चक्काजाम गरे। पीडित कात्तिक २२ गते माओवादी कब्जाबाट भागी मुक्त भए।

बाहुनी गाविस-६ निवासी कालुराम चौधरी र विजय चौधरी, सोही गाविस-२ का तुलाही भनिने तुलाराम चौधरीले स्थानीय बासिन्दालाई कुटपिट गरेको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले उनीहरूलाई अपहरण गरी कुटपिट गरे। पीडितहरूमध्ये विजयलाई सोही दिन र अन्य दुईलाई कात्तिक २० गते मुक्त गरे।

विराटनगर उमनपा-३ निवासी अनीता बस्नेतले सुन र पैसा चोरी गरेको आरोपमा ०६३ कात्तिक १८ गते माओवादीले उनलाई विराटनगरबाट अपरहण गरी कात्तिक २२ गते माओवादीले जिल्ला प्रहरी कार्यालयमा बुझाएर प्रहरीले अनीतालाई ठगीसम्बन्धी मुद्दामा कारबाही चलाएको जानकारी दिएको छ।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

विराटनगर उमनपा-१७ निवासी काजीबहादुर कार्की, विनोद श्रेष्ठ र दिलीप थापा माओवादी भएको आरोपमा ०६३ कात्तिक १५ गते क्षेत्रीय तालिम केन्द्र विराटनगर, रानीका प्रहरी जवान मीनकुमार भुजेल र टीकाराम दाहाललगायत १० जनाले कुटपिट गरे। स्थानीय बासिन्दाले पीडक भुजेल र दाहाललाई नियन्त्रणमा लिई प्रहरी कार्यालय रानीमा बुझाए। ती दुई प्रहरीसहित १० जनालाई निलम्बन गरी सार्वजनिक अपराध मुद्दाअन्तर्गत कारबाही गरियो।

माओवादीबाट

सुनसरी जिल्ला धरान नपा घर भई संजीवनी बसका चालक रामकुमार सिलवालले नाकाबन्दीमा बस चलाएको आरोपमा ०६२ चैत ६ गते माओवादीले बयरबन गाविस-९ स्थित महेन्द्र राजमार्गमा बाँसका भाटाले कुटपिट गरी बसमा आगो लगाई दिए।

मधुमल्ला गाविस-९ निवासी ध्रुवलाल माझी, विष्णुकुमारी मगर, रामबहादुर दर्जी र सोमबहादुर लिम्बूले मदिरा सेवन गरेको आरोपमा ०६३ वैशाख १४ गते राति माओवादीले उनीहरूलाई नियन्त्रणमा लिई स्थानीय बक्राहा

खोलामा पानीमा चोबल्दै बाँसका भाटाले कुटपिट गरे। पीडितहरूको उर्लाबारी गाविसस्थित मंगलबारे तथा अन्य ठाउँका अस्पतालमा उपचार भयो।

बयरवन गाविस-९ कानेपोखरीस्थित सिडखोला निवासी ३० वर्षीया शान्ति लिम्बू देहव्यापार र चेलीबेटी बेचविखनमा संलग्न भएको आरोपमा ०६३ जेठ ११ गते माओवादीले उनलाई सोही वडाको आइतबारेमा लगी बाँसको भाटाले कुटपिट गरे।

विराटनगर उमनपा-१५ निवासी रेष्टुरेन्ट व्यवसायी सुरज श्रेष्ठलाई युवतीसँग अनैतिक सम्बन्ध बढाएको आरोपमा ०६३ असार १६ गते राति माओवादी कार्यकर्ता प्रताप थापाले डोरीले बाँधेर कुटपिट गरी प्रहरीलाई जिम्मा लगाए।

इन्द्रपुर गाविस-४ निवासी ३७ वर्षीय केदार थापा र सोही गाविस-६ बेलेपुर निवासी ३२ वर्षीय धर्म पोखरेलले मोबाइल फोनबाट आफ्नो पार्टीका महिला कार्यकर्ताको फोटो खिचेको आरोपमा ०६३ असार ३० गते माओवादीका एरिया इञ्चार्ज विशालले उनीहरूलाई विराटचोकमा कुटपिट गरे।

जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान तीर्थ अधिकारी अपराध अनुसन्धानका लागि गस्तीमा गएको बेला ०६३ साउन २० गते माओवादीले उनलाई भाथिगछ्ह गाविसमा कुटपिट गरे।

अमरदह गाविस-६ निवासी साइला सतार भनिने जसाई मरण्डीलाई ०६३ भदौ २१ गते साँझ माओवादीका स्थानीय कार्यकर्ता सहेव पासवानले अमरदह-३ स्थित गिदनियामा कुटपिट गरे।

अमरदह गाविस-६ निवासी षडानन्द भनिने सहदेव पासवान, शेरबहादुर राजवंशी, नुरसलाम मियाँ, सोही गाविस-३ निवासी बौका ऋषिदेव र सामुल सोरेनले गाउँमा चन्दा उठाएको, स्थानीयबासीलाई कुटपिट गरको आरोपमा ०६३ भदौ २२ गते माओवादीले उनीहरूलाई रंगेली शाखाका सचिव कुमार कार्की र जिल्ला जनमिलिसिया सहायक कमाण्डर सागरले कुटपिट गरे।

सुनसरी जिल्ला खनार गाविस-७ निवासी केशव मगर, दुलारी गाविसका गणेश मगर, खनार गाविस-७ का रामकुमार राई र उपेन्द्र राईलाई चोरीको आरोपमा ०६३ भदौ २५ गते माओवादीले उनलाई दुलारी गाविस-५ मा नियन्त्रणमा लिई बाँधेर पानीमा चोपल्दै बाँसका भाटाले कुटपिट गरी चारपाटा मुडेर बजार घुमाए। पीडितहरूलाई भदौ २७ गते इलाका प्रहरी कार्यालय इटहरीमा बुझाइयो।

नोचा गाविस निवासी नेकाँ सभापति मुबारक मियाँलाई ०६३ मंसिर २३ गते सोही ठाउँका माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते तुल्याए। पीडितको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार भयो।

विराटनगर उमनपा-१५ का एमएम प्लाष्टिक उद्योगका सञ्चालकहरू सुमनराज प्याकुरेल, सुयस प्याकुरेल र स्वागत प्याकुरेललाई ०६३ मंसिर २५ गते माओवादी निकट अखिल नेपाल मजदुर संघका केन्द्रीय सदस्य टीका प्रसाईंले कार्यालय परिसरमा दूर्व्यवहार गरे। पीडकले संघको जुलुसमा मजदुर नपठाएको आरोपमा ती सञ्चालकहरूलाई गालीगलौज गरेका थिए। जुलुशमा मजदुर पठाइ दिन अनुरोध गर्दा नमानेपछि विवाद उत्पन्न भएको हो दूर्व्यवहार गरेको होइन केन्द्रीय सदस्य प्रसाईंले बताए।

सिसवनी जहदा गाविस-५ निवासी ६५ वर्षीय नुनुलाल मण्डललाई ०६३ मंसिर २७ गते राति स्थानीय माओवादी कार्यकर्ता गोजु मण्डलले घरबाट अपहरण गरी कञ्चटमा पेस्तोल तेर्स्याएर मुक्का प्रहार गरी एउटा दाँत झारिदिए। पीडितको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।

अन्यबाट

रंगेली गाविस-८ का माओवादी मिलिसिया सहायक कमाण्डर सागर भनिने मदन मुर्मुले हतियार (पेस्तोल) प्रदर्शन गरेको आरोपमा ०६३ भदौ २२ गते स्थानीय बासिन्दाले कुटपिट गरे। पीडित टाउकोमा गहिरो चोट लागी बेहोस भए। उनलाई धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो।

गैरकानुनी गिरफ्तारी

हसन्दह गाविस-६ निवासी डन बस्को बोर्डिङ स्कूलका प्रिन्पिसल किरण थापा माओवादी भएको आरोपमा ०६२ पुस १७ गते बिहान सुरक्षाकर्मीले स्कूल जाँदै गर्दा बाटोबाटै गिरफ्तार गरी ०६२ पुस २१ गते तारेखमा रिहा गरे।

बाहुनी गाविस-४ निवासी धनीलाल माझी थारू, ननीलाल माझी थारू, सारथम माझी थारू, गोल्ठु माझी थारू, आशाराम माझी थारू, धनीया माझी थारू तथा दादरबैरिया गाविस-४ निवासी महादेव मण्डल र सोही गाविस-३ निवासी अमरलाल ऋषिदेव माओवादी भएको आरोपमा ०६२ माघ १० गते सुरक्षाकर्मीले घरघरबाट गिरफ्तार गरे। पीडितहरूमध्ये धनीलाल, ननीलाल, सारथम, गोल्ठु, आशाराम र धनियालाई ०६२ माघ १५ गते जिल्ला प्रहरी कार्यालय मोरङबाट रिहा गरियो। महादेव र अमरललालाई पुनरावेदन अदालत विराटनगरमा म्याद थप गरी आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत नजरबन्दमा राखियो। बाँकी रहेका सबै ०६३ जेठ १२ गते रिहा गरिए।

टाँडी गाविस-८ निवासी १८ वर्षीय ज्ञानेन्द्र निरौला र २० वर्षीय प्रकाश चौधरीले एसएलसी परीक्षाको तयारीका लागि गेस पेपर किन्न जाँदा ०६२ माघ २२ गते उर्लाबारी गाविसबाट उनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रशासन कार्यालय झापाले आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत ०६२ माघ २४ गते कारागारमा नजरबन्द गऱ्यो। पीडितहरू ०६३ वैशाख १२ गते रिहा गरिए।

माओवादी निकट थारूवान राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला सदस्यहरू कसेनी गाविस-७ निवासी ४८ वर्षीय मेनेजर भनिने कञ्चन चौधरी, बबियाविर्ता गाविस-५ का ५० वर्षीय जगनारायण खवास र दादरवैरिया गाविस-५ का विजय भनिने ३७ वर्षीय मागन चौधरीलाई ०६२ फागुन ५ गते सुरक्षाकर्मीले मोतिपुर गाविसबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पुनरावेदन अदालतमा म्यान थप गरी राखियो। पीडितहरू ०६३ जेठ २२ गते रिहा गरिए।

बयरवन गाविस-८ निवासी माओवादी कार्यकर्ता दीपेश भनिने देशबहादुर लिम्बू र सोही गाविस-८ का राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता देवेन्द्र थापा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरी घर फर्कने क्रममा ०६२ फागुन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये देवेन्द्रलाई ०६२ फागुन ७ गते जिल्ला प्रहरी कार्यालय मोरङले रिहा गऱ्यो भने देशवहादुरलाई विराटनगरको कोशी अञ्चल अस्पतालमा उपचार गरी मुद्दा दर्ता गरियो। पीडित ०६३ जेठ २९ गते रिहा गरिए।

टाँडी गाविस-८ निवासी उर्लाबारी बहुमुखी क्याम्पस स्नातक तहमा अध्ययनरत सुभाष कुँवर गणेश मगर माओवादी भएको आरोपमा ०६२ फागुन १९ गते कम्प्युटर कक्षा पढेर फर्कंदा उर्लाबारी गाविस आइतबारेबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ०६२ फागुन २५ गते इलाका प्रहरी कार्यालय उर्लाबारीबाट रिहा गरियो।

झुर्किया गाविस-९ का १७ वर्षीय सुवितनारायण महलीलाई ०६२ चैत ५ गते सुरक्षाकर्मीले सोही गाविसको घोक्रियामुनीबाट गिरफ्तार गऱ्यो। पीडित ०६३ वैशाख २९ गते रिहा गरिए।

उर्लाबारी गाविस-४ निवासी टाँडी गाविसस्थित देवकोटा प्राविका शिक्षक ४५ वर्षीय जनक आचार्यले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत १३ गते विहान उर्लाबारी गाविसस्थित उर्लाबारी चोकबाट सादा पोसाकका सुरक्षाकर्मीले को ३ प ५६३१ नम्बरको मोटरसाइकलसहित गिरफ्तार गरे। पीडितलाई ०६२ चैत १८ गते जिल्ला प्रशासन कार्यालयले जिल्ला कारागार शाखा, हाटखोलामा राख्यो। उनी ०६३ वैशाख १२ गते रिहा भए।

पुनः गिरफ्तार

पाँचथर जिल्ला एकतीन गाविस-४ घर भई मन्दीप बस्नेत र उदयपुर जिल्ला चौदण्डी गाविस-३ का युवराज तामाङलाई ०६२ पुस १७ गते पुनरावेदन अदालत विराटनगरले गैरकानुनी थुनामा राखेको भनी रिहा गर्न आदेश गरेलगत्तै सुरक्षाकर्मीले पुःन गिरफ्तार गरे। पीडितहरूलाई ०६२ पुस १९ गते आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेशअन्तर्गत नजरबन्दमा मोरङ कारागारमा चलान गरियो। पीडितहरू ०६२ जेठ १२ गते रिहा गरिए।

हसन्दह गाविस-१ निवासी यशोदा खतिवडा र इटहरा गाविस-३ की शान्ता राईलाई ०६२ माघ १० गते पुनरावेदन अदालत विराटनगरले गैरकानुनी थुनामा राखेको भनी थुनामुक्त गर्न आदेश गऱ्यो। बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत अदालतबाट रिहा भई निस्कनासाथ सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत ०६२ माघ १९ गते पुनः कारागार शाखा मोरङमा नजरबन्द गरियो। पीडितहरूलाई ०६२ चैत २५ गते पुनरावेदन अदालत विराटनगरको आदेशमा रिहा गरियो।

राजघाट गाविस-८ निवासी माओवादी कार्यकर्ता डिल्ली आपागाईंलाई ०६२ माघ २७ गते पुनरावेदन अदालत विराटनगरले बन्द्रप्रत्यक्षीकरणको रिटमा तारेखमा छाड्ने आदेश गरेलगत्तै सुरक्षाकर्मीले अदालतबाहिर निस्कनासाथ गिरफ्तार गऱ्यो। पीडितलाई पुनः कारागार नजरबन्द गरियो। उनलाई ०६२ मंसिर १२ गते पनि सोही अदालतले रिहा गर्न आदेश गरेकोमा गिरफ्तार गरियो। पीडित ०६३ जेठ ३१ गते रिहा भए।

सुनसरी जिल्ला धरान नपा-८ निवासी ५० वर्षीय प्रकाश बेगा राईलाई ०६२ फागुन ८ गते पुनरावेदन अदालत विराटनगरले बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत रिहा गर्ने आदेशलगत्तै अदालतबाहिरबाट सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। उनी यसअघि मोरङ कारागार शाखामा नजरबन्दमा थिए। पीडित ०६३ जेठ २९ गते रिहा भए।

तेह्रथुम जिल्ला हमरजुङ गाविस-९ निवासी १९ वर्षीय प्रकाश कार्कीलाई ०६२ चैत २० गते जिल्ला अदालतको रोहबरमा रिहा गर्नासाथ सुरक्षाकर्मीले अदालत परिसरबाटै गिरफ्तार गरे। उनी जिल्ला कारागार शाखामा आतंककारी तथा विध्वंसात्मक कार्य अध्यादेशअन्तर्गत ०६२ भदौदेखि जिल्ला प्रशासन कार्यालय झापाले नजरबन्दमा राखिएका थिए। उनलाई सर्वोच्च अदालतले ०६२ चैत ११ गते बन्दीप्रत्यक्षीकरण रिटअन्तर्गत जिल्ला अदालतको रोहरमा छाड्न आदेश गरेको थियो। पीडित सोही दिन रिहा भए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका जिल्ला कमिटी सदस्यहरू महेश रेग्मी, रामलाल साह र हरि पोखरेल, सो पार्टीका कार्यकर्ताहरू दामोदर तिवारी, आमेश शर्मा, प्रायुसंघका नीमा बस्नेत, अनेरास्वियुका पारुल क्षेत्री, राजेन्द्र कार्की, रविशंकर झा, अभिजित दत्त, पेशल लुईटेल, कवि तिम्सिना, नवीन पौडेल, मनिष ढकाल, पारस ओझा, नेविसंघका दीपक कोइराला, रोहित कोइराला र कुमार सिंहलगायत ४२ जनालाई नगर निर्वाचनको विरोधमा विराटनगरका विभिन्न ठाउँमा प्रदर्शनका क्रममा ०६२ माघ १२ गते गिरफ्तार गऱ्यो। पीडितहरूमध्ये दीपक, नीमा, आमोदलाई सोही साँझ रिहा गरियो भने अन्यलाई माघ २८ गते जिल्ला न्यायाधीशको रोहबरमा रिहा गरियो।

एमालेका केन्द्रीय सदस्य विराटनगर उमनपा-१६ निवासी गुरु बराल, वैकल्पिक केन्द्रीय सदस्य लालबाबु पण्डित, जिल्ला सदस्य घनश्याम खतिवडा, पूर्व जिल्ला सदस्य राधेश्याम दली, नगर कमिटी सचिव बाबुराम कार्की, कार्यकर्ताहरू बासु थापा, गीरेन्द्र कार्की, केदार गुरागाईं र राजकुमार कार्की, नेकाँका कार्यकर्ताहरू गीता सिलवाल, दुर्गा बस्नेत, विजय श्रेष्ठ, नेकाँ (प्रजातान्त्रिक) का इन्दु कार्की, प्रायुसंघ जिल्ला अध्यक्ष राजेश बस्नेत र जिल्ला सदस्य राधेश्याम कट्टेललाई ०६२ माघ १३ गते घर तथा विराटनगरमा जुलुस प्रदर्शनका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। तीमध्ये गीरेन्द्र, राधेश्याम, दुर्गा, गीता, इन्दुलाई सोही दिन रिहा गरियो भने बाँकीलाई माघ २८ गते जिल्ला अदालतको रोहबरमा रिहा गरियो।

नेकाँ जिल्ला कार्य समितिका पूर्व सचिव गोपालमानसिंह राजभण्डारी, स्नातकोत्तर क्याम्पस स्ववियु सभापति शंकर भट्टराई, महेन्द्र मोरङ स्ववियु सभापति सागर थापा र सदस्य सीमा आभाष भनिने सजना दाहाल, अनेरास्ववियु (एकीकृत) की जिल्ला अध्यक्ष नीशा साह, नेविसंघका कार्यकर्ता पवनकुमार मण्डल र बटुवा सुमन सुब्बालाई नगर निर्वाचनको विरोध गरेको भनी बाटो र घरबाट ०६२ माघ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारमध्ये सागर, शंकर, सजना दाहाल र निशालाई सार्वजनिक सुरक्षा अपराध ऐनअन्तर्गत तीन महिने पूर्जी थमाई ०६२ माघ २८ गते जिल्ला अदालतको रोहबरमा रिहा गरियो। बाँकीलाई ०६२ माघ २० गते रिहा गरियो। सोही दिन विद्यार्थी, प्रहरीबीचको ढुंगा हानाहानमा अनेरास्ववियु एकीकृत केन्द्रीय सदस्य भोगेन्द्र यादव, नेविसंघ (प्रजातान्त्रिक)का कार्यकर्ता मनोजकुमार मण्डल, महेश मण्डल, टीकाराम सिटौला, सन्तोष नेपाल र युवराज बुढाथोकी तथा प्रहरीतर्फ डीएसपी प्रदीप खड्का, प्रहरी जवानद्वय महेन्द्रकुमार श्रेष्ठ र गंगा पौडेल घाइते भए। घाइतेहरूको स्थानीय कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

विराटनगर उमनपा-१६ निवासी एमाले जिल्ला कमिटी सदस्य रामेशचन्द्र पौडेल र बेलबारी गाविसका सोही पार्टीका जिल्ला कमिटी सदस्य दिलप्रसाद राई, एमाले कार्यकर्ताहरू युवनाथ ढकाल, तिलक ढकाल, शालिग्राम पाण्डे (गण्डकीपुत्र), अनेरास्ववियुका केन्द्रीय सदस्य राजकुमार ओझा, कार्यकर्ताहरू लोचन भट्टराई, कञ्चनमाला बर्मा, नेकाँका जिल्ला सदस्य सुधीर अर्याल, विद्यार्थीहरू पशुपति लुईंटेल, श्याम श्रेष्ठ, योगेन्द्र पोखरेल, बलराम न्यौपाने, अमितकुमार मेहता, राहुल गुप्ता, मनोज राजवंशी तीर्थ घिमिरेलगायत २२ जनालाई ०६२ माघ १९ गते विराटनगरका विभिन्न ठाउँबाट नगर निर्वाचनको विरोध गरेको भनी सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारमध्ये कञ्चनमालालाई सोही साँझ रिहा गरियो। रमेशचन्द्र, दिलप्रसाद, शालीग्राम, तिलक, बलराम, योगेन्द्र, राजकुमार, सुधीर, लोचन, युवनाथलाई सोही दिन नजरबन्दको पूर्जी थमाई मनोज, पशुपति, कञ्चनमाला, तीर्थ ०६२ माघ ३० गते र बाँकी माघ २८ गते पुनरावेदन अदालत विराटनगरको आदेशमा बन्दीप्रत्यक्षीकरणको रिटअन्तर्गत रिहा भए।

नेपाल पत्रकार महासंघ मोरङ शाखाका सचिव डिल्ली पोखरेल, प्रेस चौतारी नेपाल, मोरङका अध्यक्ष महेन्द्र विष्ट र महासंघ शाखाका सदस्य, विजय पाठकलाई ०६२ माघ १९ गते सुरक्षाकर्मीले विराटनगरमा विरोध जुलुसबाटै गिरफ्तार गरे। उनीहरूलाई सोही दिन रिहा गरियो। महासंघ शाखाले माघ १९ लाई सरकारले प्रेस स्वतन्त्रताविरोध नीति अख्तियार गरेको कालो दिनका रुपमा विराटनगरमा मौन जुलुस प्रदर्शन गरेको थियो।

नेकाँका केन्द्रीय सदस्य महेश आचार्य, जिल्ला सभापति अमृत अर्याल, नगर सभापति कामक्ष पराजुली, केन्द्रीय सदस्य आमोदप्रसाद उपाध्याय, केन्द्रीय नेतृ नोना कोइराला, क्षेत्रीय सचिव दिलीप सापकोटा, जिल्लास्तरीय कार्यकर्ताहरू सुदनबहादुर कार्की र केदारबहादुर बस्नेत, एमालेका जिल्ला सचिव नरेश पोखरेल, जिल्ला सदस्यहरू चन्द्रबीर राई, मोहन उदास, जीवन घिमिरे, मीरा गुरुङ, अनेमसंघकी केन्द्रीय सदस्य यशोदा अधिकारीलगायत एकसय ३१ जनााई ०६२ माघ २६ गते सुरक्षाकर्मीले नगर निर्वाचनको विरुद्धमा जुलुस प्रदर्शन गरेको आरोपमा विराटनगरको पोखरिया, तीनपैनी, देवकोटा चोक, महेन्द्र चोक, बसपार्क, रोडशेष चोक गिरफ्तार गरी माघ २७ गते रिहा गऱ्यो।

नेकाँ जिल्ला कार्यसमितिका सभापति अमृत अर्याल र नगर सभापति कामक्ष पराजुलीलाई ०६२ माघ २२ गते नगर

निर्वाचन विरोधी जुलुस प्रदर्शनका क्रममा विराटनगर उमनपा-१४ स्थित ट्राफिक चोकमा सुरक्षाकर्मीले गोली प्रहार गऱ्यो। सो गोली पीडितद्वयलाई लागेन। सो घटनाको चारैतर्फबाट विरोध भएपछि ०६२ माघ ३० गते जिल्ला प्रहरी कार्यालयले सोही कार्यालयका सई रविन्द्रप्रसाद शर्माको नेतृत्वमा चार सदस्यीय छानबिन समिति बनायो। तर समितिले प्रतिवेदन सार्वजनिक गरेन र कसैलाई कारवाही गरेको जनाइएन। छानबिन समिति बन्नुअघि ०६२ माघ २३ गते सोही कार्यालयलले प्रहरी जवान लड्दा बन्दुक भूईंमा ठोक्किएर पड्किएको दुर्घटना हो भनेको थियो। पीडितहरूले सोको भोलिपल्ट पत्रकार भेटघाटमा आफूहरूलाई ताकेर गोली हानिएको दावी गरेका थिए।

टंकिसिनवारी गाविसका एमाले कार्यकर्ता राजकुमार खवास र सोही गाविसका मजदुर भेत्रा खवासले बजार तथा उद्योग बन्द गरेको आरोपमा ०६२ चैत २४ गते सुरक्षाकर्मीले उनीहरूलाई टंकिसिनवारी गाविसकै बाबा शिव प्लाष्टिक उद्योगबाट गिरफ्तार गरी ०६२ चैत २८ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

विराटनगर उमनपाका नेविसंघ जिल्ला उपाध्यक्ष मुक्ति न्यौपानेले आन्दोलनका क्रममा डिआईजीको बा १ च ३३२९ नं. को गाडीमा तोडफोड गरेको आरोपमा ०६२ चैत २५ गते बिहान बसपार्क विराटनगरबाट सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। उनलाई जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराध ऐनअन्तर्गत नजरबन्दमा राखी ०६२ चैत ३१ गते आन्दोलनकारी विद्यार्थीहरूले जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएपछि सोही दिन रिहा गरियो।

विराटनगर उमनपा निवासी नेविसंघका कार्यकर्ताद्वय देवचन्द्र घिमिरे र गोपाल खत्री, विराटनगर उमनपा-१५ निवासी मासु व्यापारीद्वय खुसुनी मिया र करिम मिया ०६२ चैत २७ गते विराटनगर बसपार्कमा प्रहरीले प्रदर्शनकारीमाथि लाठी प्रहार गर्दा घाइते भए। उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

विराटनगर एमालेका कार्यकर्ताहरू मुकेश बुढाथोकी, अजय परवेज, विवेक घिमिरे, पर्शुराम बस्नेत, अनेरास्वियुका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष पारुल क्षेत्री, मदन कार्की, सोमबहादुर तामाङ, उत्सव गिरी, रोशन थापा, विकास खड्का, रामेश्वर मण्डल र पप्पु मगरलाई ०६२ चैत २८ गते विराटनगरका विभिन्न ठाउँबाट लोकतन्त्रको पक्षमा जुलुस प्रदर्शन गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पारुलबाहेक सबैलाई सोही दिन र पारुललाई चैत ३१ गते रिहा गरियो।

विराटनगर उमनपा-१६ निवासी अन्नपूर्ण पोष्ट दैनिकका पत्रकार मनोज श्रेष्ठ, कान्तिपुर दैनिकका फोटो पत्रकार अर्जुन पोखरेल र दर्शन दैनिकका सुवास कार्कीलाई समाचार संकलन गर्दा ०६२ चैत २९ गते बसपार्कमा सुरक्षाकर्मीले लाठीचार्ज गरी घाइते तुल्याए। पीडितमध्ये मनोजको कोशी अञ्चल अस्पतालमा उपचार भयो।

नेविसंघका जिल्ला सचिव रविन राई, सो संघका कार्यकर्ताहरू सञ्जय मण्डल, सन्तनु मण्डल र किरण कार्कीलाई ०६३ वैशाख १० गते साँझ लोकतन्त्रको माग गर्दै मसाल जुलुस दर्शन गर्दा विराटनगर उमनपा-१४ स्थित तत्कालीन नगरप्रमुख प्रह्लाद साहको घर अगाडि सडकमा सुक्षाकर्मी र भिजिलान्तेले लाठी तथा ढुंगा प्रहार गरी घाइते तुल्याए। उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

खोटाङ जिल्ला निवासी नवीन ढुंगाना, सप्तरी जिल्ला निवासी सञ्जीव पोखरेल, झापा जिल्ला निवासी पुण्य रेग्मी, विरानगर उमनपा-१३ निवासी अशोक अग्रवाल, विराटनगर उमनपा-१६ का मुन्ना मिश्र र सञ्जीव भट्टराईलाई ०६३ वैशाख ११ गते लोकतन्त्रको पक्षमा जुलुस प्रदर्शन गरी घर फर्कने क्रममा विराटनगर उमनपा-१४ स्थित रोडशेष चोकमा सुरक्षाकर्मीले प्रहार गरेको लाठीले घाइते भए। उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालत मोरङमा कूल १ हजार ५ सय २७ मुद्दा परे। तीमध्ये ४ सय ९९ फर्स्यौट भई १ हजार २८ बाँकी रहे। तीमध्ये पनि देवानीतर्फ ८ सय ४७ र फौजदारीतर्फ ६ सय ८० मुद्दाहरू थिए। देवानीतर्फ २ सय ७६ फर्स्यौट भई ५ सय ७१ फौजदारीतर्फ २ सय २३ फर्स्यौट भई ४ सय २७ बाँकी रहे।

बिगो भराउनेतर्फ १ सय ७८ मध्ये फर्स्यौट भई १ सय २३, चलन चलाउनेतर्फ ६३ मध्ये आठ फर्स्यौट भई ५५ बाँकी रहे। त्यसैगरी बण्डा छुट्याउनेतर्फ ६४ मध्ये २० ओटा फर्स्यौट भई ४४ बाँकी रहे। यो वर्ष पनि २० ओटा देवानीतर्फ र ३३ ओटा फौजदारीतर्फ दुई वर्ष नाघेका मुद्दा छिन्न बाँकी नै रहे।

अदालतमा बाल इजलास पनि गठन भएको छ। बाल अदालतमा यो वर्ष चारओटा मुद्दा दर्ता भए पनि बाल मुद्दा फर्स्यौट भएनन्।

पुनरावेदन अदालत विराटनगरमा यो वर्ष ३ सय ८१ मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी परेका १ हजार ३ सय ७९ ओटा मुद्दा थिए। दुवै वर्षका गरी कूल ५ सय २८ मुद्दा फर्स्यौट भई १ हजार २ सय ५१ बाँकी रहे। गत वर्ष व्यक्तिवादी देवानीतर्फ ८ सय ४४ मुद्दा यो वर्ष २ सय ८ दर्ता भए र सरकारवादीतर्फ एउटा र यो वर्ष दुईओटा दर्ता भए। १ सय ५२ ओटा मुद्दा गते वर्षबाट जिम्मेवारी सरे भने यो वर्ष २४ ओटा मुद्दा र यो वर्ष ९२ ओटा मुद्दा दर्ता भए।

बालअधिकार

इन्द्रपुर गाविस-३ की ७ वर्षीया एक बालिकालाई ०६२ फागुन २४ गते सोही ठाउँका ७० वर्षीय भक्तबहादुर तामाङले बलात्कार गरे। पीडितलाई स्वास्थ्य परीक्षण तथा उपचारका लागि बिराटनगरस्थित कोशी अञ्चल अस्पतालमा ०६२ फागुन २५ गते भर्ना गरियो। पीडकलाई गाउँलेले कुटपिट गरी घटना भएकै दिन इलाका प्रहरी कार्यालय बेलबारीमा बुझाए। पीडक सात दिनपछि सोही कार्यालयबाट रिहा भए।

पथरी गाविस-१ निवासी एक नौ वर्षीया बालिकालाई नजिकको जंगलमा पिसाब फेर्न गएको बेला ०६३ जेठ ९ गते दिउँसो जिल्ला, हडिया बुधबारे गाविस-९ का हृदयचन्द्र भनिने हिरण्य कार्कीले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार भयो। पीडक असार २१ गते पुर्पक्षका लागि कारागारमा नजरबन्दमा रहेका छन्।

तेतरिया गाविसकी एक पाँच वर्षीया बालिकालाई ०६३ जेठ १६ गते सोही गाविसका ईश्वरलाल माझीले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार भयो। पीडकलाई मुलुकी ऐन जबजरस्तीकरणी महलअन्तर्गत कारागारमा राखिएको छ।

टंकिसिनवारी गाविसकी पाँच वर्षीय एक बालिकालाई ०६३ असार २ गते साँझ पोलस्टार बोर्डिङ स्कूल भवनमा काम गर्ने १२ वर्षीय लखन सरदारले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पताल विराटनगरमा उपचार भयो। पीडक फरार छन्।

मधुमल्ला गाविस-४ की ७ वर्षीया बालिकालाई ०६३ साउन १ गते सोही ठाउँका सुनील श्रेष्ठले नजिकैको जंगलमा गोठालो गएको बेला बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पताल विराटनगरमा उपचार गरियो। पीडकलाई साउन ३ गते इलाका प्रहरी कार्यालय उर्लाबारीले गिरफ्तार गरी कारबाही चलायो। पीडक मोरङ कारागारमा नजरबन्दमा छन्।

शनिश्चरे गाविस-९ स्थित शरणार्थी शिविरकी ९ वर्षीया बालिकालाई ०६३ साउन ५ गते सोही शिविरका ३२ वर्षीय मोती अधिकारीले बलात्कार गरे। पीडितलाई शिविरकै स्वास्थ्य केन्द्रमा तत्काल उपचार गरिएको थियो। पीडकलाई ०६३ साउन ५ गते प्रहरीले गिरफ्तार गऱ्यो।

शनिश्चरे गाविस-९ स्थित भुटानी शरणार्थी शिविरकी ५ वर्षीया एक बालिकालाई ०६३ साउन २९ गते सोही शिविरका १४ वर्षीय हरिचन्द सुवेदीले बलात्कार गरे। पीडितको राष्ट्रसंघीय शरणार्थी आयोगको सहयोगमा कोशी अञ्चल अस्पताल विराटनगरमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई साउन ३० गते इलाका प्रहरी कार्यालय, उर्लाबारीले गिरफ्तार गऱ्यो।

विराटनगर उमनपा-१६ दरैयाकी ९ वर्षीया एक बालिकालाई ०६३ असोज २३ गते साही ठाउँका १७ वर्षीय प्रदीप महतोले बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार गरियो। पीडक सोही दिन गिरफ्तार भए।

सुन्दरपुर गाविस-२ घर भई पञ्चायत माबि गोठगाउँमा कक्षा-१० मा अध्ययनरत १५ वर्षीय राजदेव चौधरी, १२ वर्षीय कमल विश्वकर्मा, जुपिटर इङ्लिस स्कूल कक्षा-७ का रमेश चापागाईं, पञ्चायत माविका २० वर्षीय भरत लामा तामाङ, सानु मिजार र दुलारी गाविस-३ घर भई साजिलाल उच्चमाबि कक्षा-१० मा अध्ययनरत १५ वर्षीय राजु अधिकारीलगायतका विद्यार्थीहरूलाई ०६३ कात्तिक २८ गते माओवादीले जागिर लगाई दिने प्रलोभनमा पारी अपहरण गरे। तीमध्ये राजदेव कात्तिक २९ गते भागेर घर फर्किए, रमेशलाई २८ गते नै आमा पवित्राले फर्काइन्। कमल अधिकारकर्मीको पहलमा ०६३ मंसिर १ गते पञ्चायत माबि गोठगाउँबाट मुक्त गरिए। अन्य बाँकी वर्षको अन्त्यसम्ममा घर फर्किएनन्।

सुन्दरपुर गाविस-२ स्थित, पञ्चायत माबि गोठगाउँ कक्षा-१० का १६ वर्षीय सन्तोष लामिछाने, सोही गाविस-२ स्थित साजीलाल उच्चमाबि कक्षा-१२ का १७ वर्षीय मनोज गिरी, वडा-१ स्थित पञ्चायत माबि कक्षा-१० का २० वर्षीय सन्तोष खतिवडा, १५ वर्षीय प्रवीण सुवेदी, कक्षा-८ का १७ वर्षीय विष्णु दाहाल र १५ वर्षीय बिमल दाहाललाई ०६३ कात्तिक २९ गते माओवादीले ललाइफकाई घर, बाटो र विद्यालयबाट अपहरण गरी पीडितहरूमध्ये सन्तोष, मनोज, प्रवीण र विष्णु अभिभावकको दवाव र अधिकारकर्मीको पहलमा ०६३ मंसिर १ गते पञ्चायत माबि परिसरबाट मुक्त गरिए भने अन्य बाँकी यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

दुलारी गाविस-६ निवासी श्रीखण्ड निमाबि कक्षा-८ की १४ वर्षीया सृजना उराँव, कक्षा-८ का १४ वर्षीय रामप्रसाद उराँव, १४ वर्षीय मनोज उराँव, पञ्चायत माबि कक्षा-८ का १८ वर्षीय राजन ढकाल, १३ वर्षीय सन्तोष बाँस्तोला र माउण्ट मनास्लु बोर्डिङ स्कूल कक्षा-९ का १६ वर्षीय सन्तोष उराँवलाई ०६३ कात्तिक २९ गते माओवादीले ललाइफकाइ तथा झुक्याएर घर, स्कूल र बाटोबाट अपहरण गरे। पीडितहरूमध्ये राम र मनोजलाई कात्तिक ३० गते मुक्त गरियो भने अन्य बाँकी यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

अर्घाखाँची जिल्ला घर भई उर्लाबारी गाविस-३ स्थित लुम्बिनी फाष्टफुडमा कार्यरत १४ वर्षीय लोकबहादुर घर्ती मगर, झापा जिल्ला दमक नपा-८ ताराबारी घर भई उर्लाबारी गाविसस्थित सोही फाष्टफुडमा कार्यरत १५ वर्षीय गोपाल दर्जी, केरौन गाविस-३ का १५ वर्षीय तेजबहादुर राजवंशी, उर्लाबारी गाविस-३ स्थित राधिका माबि कक्षा-७

का १३ वर्षीय सुरेश परियार र कक्षा-७ मा अध्ययनरत १४ वर्षीय अर्जुन श्रेष्ठलाई ०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये लोक, गोपाल तेज ०६३ मंसिर ४ गते, सुरेश र अर्जुन कात्तिक ३० गते मधुमल्ला गाविसबाट मुक्त भए।

लेटाङ गाविस-८ कि ९ वर्षीया एक बालिकालाई ०६३ मंसिर २४ गते बजारबाट घर फर्कदै गर्दा सोही ठाउँका २३ वर्षीय दीपक ढकालले बलात्कार गरे। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडकलाई मंसिर २६ गते प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बेलबारीमा हिरासतमा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार

बरडंगा गाविस-६ निवासी ३५ वर्षीया एक महिलालाई ०६३ साउन २० गते डाइनियाँ गाविस-४ का गुनुवा ऋषिदेव र करण ऋषिदेवले बलात्कार गरी हत्या गरे। पीडकहरूलाई ०६३ भदौ २१ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। पीडकहरू कारागार शाखा मोरङ, विराटनगरमा नजरबन्दमा राखिएका छन्।

बेलबारी गाविस-२ लिलभित्ती निवासी एक ४५ वर्षीया विवाहित महिलालाई ०६३ साउन २२ गते खोटाङ जिल्ला फेदी गाविस-८ का २९ वर्षीय नरबहादुर दमाईले बलात्कार गरे। पीडकलाई साउन २९ गते इलाका प्रहरी कार्यालय बेलबारीले गिरफ्तार गऱ्यो। पीडकलाई भदौ १४ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा राखिएको छ।

पारिवारिक हिसा

आमगाछी गाविस-५ बाहुवान टोल निवासी २६ वर्षीया एक विवाहित महिलालाई ०६२ पुस २५ गते घरमै गई सोही ठाउँका २६ वर्षीय हिरालाल मण्डलले बलात्कार गरे। पीडितले उजुरी दिएपछि जिल्ला अदालतले पीडकलाई तारेख राख्ने फैसला गऱ्यो। पीडितले पुनरावेदन अदालतमा मुद्दा हालेकी छन्।

गोविन्दपुर गाविस-६ की पवित्रा उप्रेतीले रंगीन टीभी दाइजो नल्याएको आरोपमा ०६२ फागुन २९ गते सुसुरा सुसनारायण र नन्द लोककुमारीले कुटपिट गरे। पीडितले कुटपिट सहन नसकी विष सेवन गरिन्। उनको उपचार रंगेली अस्पतालमा गरियो।

डाँगीहाट गाविस-५ लक्ष्मीमार्गकी २२ वर्षीया नीशा दर्जीलाई ०६३ असोज ८ गते पति बालकृष्ण दर्जीले माइतबाट दाइजो नल्याएको आरोपमा कुटपिट गरे। चार वर्षअघि विवाह गरेकी पीडितका एक छोरा र एक छोरी रहेका छन्।

दुर्व्यवहार

कटहरी गाविस-९ नयाँ बजारकी ५५ वर्षीया आशोदेवी राय अमातलाई ०६३ मंसिर २० गते स्थानीय बासिन्दाले बोक्सीको आरोपमा कुटपिट गरी दिशा खुवाए। पीडितमाथि भएको अमानवीय व्यवहार रोक्न खोज्दा २० वर्षीय छोरा अर्जुनलाई पनि कुटपिट गरियो। पीडितद्वयलाई स्थानीयवासीले गाउँ निकालाको कागज गराए। उनीहरू विस्थापित भई विराटनगर उमनपा-३ स्थित जेठो छोराको घरमा बस्दै आएका छन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६३ मंसिर २७ गते पीडकहरूविरुद्ध उजुरी दिएकी छन्। पीडकहरू फरार छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता)

कदमहा गाविस-३, कर्सिया निवासी जोसेफ मरण्डीले सुराकी गरेको, जनतालाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख १६ गते माओवादीले उनको घरमा तालाबन्दी गरिदिए। तालाबन्दीका कारण पत्नी लउलम्मा, छोरी डार्लीलगायत पाँचजना विराटनगरमा विस्थापित भए।

कटहरी गाविस-६ का सुदेश राठीको तीन बिघा १८ कट्ठा ६ धुर खेतीयोग्य जग्गा ०६३ वैशाख १७ गते सोही ठाउँका माओवादी कार्यकर्ता पञ्चु पासवानले मोहियानी हक लाग्छ भनी कब्जामा लिएर खनजोत गरी खेती लगाए। पीडितले जिल्ला प्रशासनमा उजुरी गरे।

साराभाग गाविस-७ स्थित महेन्द्र माविको २० विघा र आदर्श उच्चमाविको १८ बिघा जग्गा ०६३ असार १३ गते माओवादीले कब्जामा लिए। सो जग्गा स्थानीय भानु मण्डलले ठेक्का लिई खेतीपाती गर्दै आएका थिए। खेतमा कालो झण्डा गाडेर माओवादी कार्यकर्ता विशालले अन्तरिम सरकारमा आफ्नो पार्टी संलग्न नभएसम्म कब्जामा लिएको जग्गा फिर्ता नगरिने बताए।

पथरी गाविस-१ स्थित पथरी बजारबाट प्रकाशित हुने मोफसल साप्ताहिक पत्रिकाको कार्यालयमा ०६३ भदौ ३० गते माओवादीले तालाबन्दी गरे। भदौ ३१ गते नागरिक अनुगमन समितिको पहलमा ताला खुल्यो। पीडितका अनुसार पत्रिकामा माओवादीले गरेका कार्यको गलत ढंगले समाचार प्रकाशित गरी बदनाम गरेको भन्दै तालाबन्दी गरिएको थियो।

संरचना क्षति

भातिगछ गाविस-५ स्थित सामान्य प्रशासन मन्त्री बद्रीप्रसाद मण्डलको घरमा ०६२ माघ २५ गते राति माओवादीले बम विस्फोटन गराई फ्रिज, दराजलगायतका सामानहरू क्षतिग्रस्त गराए। विस्फोटन गर्नुअघि सो घरमा

बसेका विजेन्द्र यादव र घनश्याम पासवानलाई घरबाहिर निकालिएको थियो।

विराटनगर उमनपा-४ बटुमार्गस्थित शाही सरकारद्वारा मनोनित जिविस सभापति बल्लभमणि दाहालको घरमा ०६२ माघ ९ गते माओवादीले बम विस्फोटन गराउँदा चारओटा कोठामा क्षति पुग्यो।

विगतका अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका पाँच जना पुरुष र एक जना महिलाको स्थिति अज्ञात छ।

यसरी बेपत्ता पारिएकाहरूमा शनिश्चरे गाविस-९ निवासी ३४ वर्षीय दाताराम तिम्सिना, इटहरा गाविस-६ निवासी २५ वर्षीय तिलक केसी, गोविन्दपुर गाविस-१ निवासी ३१ वर्षीय टंक लामा तामाङ, उर्लाबारी गाविस-२ निवासी माओवादीका जिल्ला कमिटीका सदस्य २३ वर्षीय कुवेर आपागाईं, इटहरा गाविस-६ दाम्राभिट्टा निवासी अखिल नेपाल महिला संघ(क्रान्तिकारी) को मोरङ जिल्ला समिति कोषाध्यक्ष २० वर्षीया मीना लिम्बू र गोविन्दपुर गाविस-१ घर भई विराटनगर उमनपा-१६ का २५ वर्षीय गोपाल दंगाल रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका चार जना पुरुषको स्थिति अज्ञात छ।

यसरी बेपत्ता पारिएकाहरूमा पथरी गाविस-९ का २६ वर्षीय राजन राई, विराटनगर उमनपा-१५ स्थित महेन्द्र चोकमा खुद्रा व्यापार गर्ने राजन राई, पथरी गाविस-३ निवासी ४० वर्षीय चन्द्र साही र डंग्राहा गाविस-५ कमलपुरका ४० वर्षीय कृषक पुण्यप्रसाद दाहाल रहेका छन्।

१.६ सुनसरी



जनसंख्या : ६,२५,६३३
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३०.३
क्षेत्रफल (वर्ग कि. मि.) : १२५७
गाविस/नपा संख्या : ४९/३
निर्वाचन क्षेत्र : ५
विद्यालय : ३०५
क्याम्पस/उच्च मा.वि. : ११/१८
अस्पताल/स्वास्थ्य चौकी : ३/५७
टेलिफोन लाइन : ८०००
मोटर सडक (कि. मि.) : ३१५
प्रहरी कार्यालय संख्या : ८
हुलाक संख्या : ५५
मानव विकास सूचकाङ्क : ०.५००
प्रति परिवार सरदर संख्या : ५.२१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या/गोली

राज्यबाट

पाँचथर जिल्ला एकतीन गाविस निवासी माओवादी कार्यकर्ता रक्तिम भनिने १९ वर्षीय रोशन राईलाई ०६२ माघ २० गते सुरक्षाकर्मीले इटहरी नपा-८ लक्ष्मी निमावि छेउमा गोली हानी हत्या गरे।

धरान नपा-१५ पुरानो खोरिया बस्तीका १८ वर्षीय ईश्वर तामाङ माओवादी भएको आशंकामा ०६२ फागुन ६ गते सुरक्षाकर्मीले उनलाई गोली हानी हत्या गरे। पीडित सर्वसाधारण हुन्।

इटहरी नपा-५ स्थित काव्यबाटिका छेउमा माओवादीका किरण भनिने श्यामकुमार राईलाई ०६२ फागुन १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

धरान नपा-६ भानुचौकस्थित वडा प्रहरी कार्यालयमा काममा खटिएको अवस्थामा प्रहरी जवान ३० वर्षीय हेम श्रेष्ठलाई ०६२ चैत ८ गते माओवादीले गोली हानी हत्या गरे।

भोक्राहा गाविस-७ घर भई नेपाल प्रहरीमा कार्यरत जवान २१ वर्षीय ईन्द्रदेव यादवलाई ०६२ माघ १९ गते इटहरी नपा-१ स्थित बजारमा काममा खटिएको अवस्थामा माओवादीले घाँटीमा गोली हानी घाइते पारे। पीडितको उपचारको क्रममा माघ २५ गते मृत्यु भयो।

गोली/बम /विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

धरान नपा-१४ निवासी ७ वर्षीय निरकाजी गिरी, १४ वर्षीया दीपा भुजेल र १३ वर्षीया मनिषा भुजेल ०६२ माघ २६ गते नगर निर्वाचनका बेला दन्तकाली निमाविमा रहेको बुथलाई लक्षित गरी माओवादीले बम विस्फोट गराउँदा छर्रा लागी घाइते भए।

माओवादीबाट

इटहरी नपा-१ निवासी ४ वर्षीय सुगम चौधरी नगर निर्वाचनको विरोधमा ०६२ माघ २२ गते माओवादीले गराएको बम विस्फोटमा परी घाइते भए। बम विस्फोटनमा परी चौधरीका नाति पनि घाइते भए।

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका परिचर बलबहादुर खड्का, धरान नपा-४ निवासी ३५ वर्षीय दीपक पौडेल र भेडेटार गाविस-४ धनकुटा निवासी निरज तामाङ धरान नपा-६ भानुचौकस्थित वडा प्रहरी कार्यालयमा ०६२ चैत ८ गते माओवादीले आक्रमण गर्दा चलाएको गोली लागी घाइते भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

बारा जिल्ला सिमरन गाविस-९ घर भई प्लान नेपालमा कार्यरत ५५ वर्षीय जयमगंल ठाकुरलाई ०६३ जेठ १० गते सत्तेरझोरा गाविस-१ मा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले टाउको र ढाडमा गोली हानी घाइते पारे।

बेपत्ता /अपहरण

माओवादीबाट

पाँचथर जिल्ला नागिन गाविस-४ निवासी ३० वर्षीय भीम सुब्बा, धरान नपा-८ बरगाछी निवासी २४ वर्षीय शम्भु दमाई, धरान नपा-१५ निवासी २३ वर्षीय ओम राई, धरान नपा-६ निवासी २६ वर्षीय पुरनध्वज राई, भरौल गाविस-३ निवासी १९ वर्षीय डम्बर मगर, सोही ठाउँ निवासी २७ वर्षीय विमल राई, २८ वर्षीय विष्णुकुमार लिम्बू, धरान नपा-८ निवासी २४ वर्षीय दीपेश राई, सोही नपा-१३ निवासी ३० वर्षीय दीपक लिम्बू, २३ वर्षीय नवराज राई, सोही नपा-८ निवासी २४ वर्षीय हेमन्त राई, २७ वर्षीय राजु श्रेष्ठ, सोही ठाउँका २० वर्षीय रामकुमार विश्वकर्मा र २१ वर्षीय लीलकुमार राईलाई लागू पदार्थको बिक्री वितरण र सेवन गरेको आरोपमा ०६२ चैत २६ गते माओवादीले अपहरण गरी शारीरिक यातना दिई वैशाख ३० गते मुक्त गरे।

डुम्राहा गाविस-३ निवासी ४० वर्षीय राजकुमार चौधरी, ३५ वर्षीय भोला चौधरी, ४२ वर्षीय श्यामदेव मण्डल, ३४ वर्षीय सत्यनारायण उराव, ३५ वर्षीय रामसेवक चौधरी र सोही गाविस-४ निवासी सिद्धीराम चौधरीलाई वन्यजन्तुको तस्करी आरोपमा ०६३ असार २ गते माओवादीले अपहरण गरी शारीरिक यातना दिई असार ४ गते मुक्त गरे।

श्रीपुरजब्दी गाविस-५ निवासी ३९ वर्षीय राजकुमार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	२	२	४	२	२		२	३	३			३
घाइते	३	६		६	३	५	२	७	३	३			३
गिरफ्तारी/यातना									९	१७			१७
कुटपिट					७	६	२	८	१		१		१
धम्की	२	२		२									
भेला/संगठित हुने अधिकार									१२	९	४	३२०२	३२१५
महिलाअधिकार	५		५	५									
बालअधिकार	१४		१४	१४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१					
अपहरण	३	५		५	१०	२८	१	२९					
जम्मा	३१	१५	२१	३६	३३	४२	५	४७	२८	३२	५	३२०२	३२३९

कुसियतलाई तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्तालाई सहयोग गरेको आरोपमा ०६३ भदौ १० गते घरमा बसिरहेको बेला माइक्को बसमा आएका माओवादीले अपहरण गरी भदौ ११ गते मुक्त गरे।

कप्तानगञ्ज गाविस-३ निवासी ३९ वर्षीय बासुदेव मेहतालाई चौपाया चोरी, तस्करी तथा गुण्डागर्दी गरेको आरोपमा ०६३ असोज १० गते माओवादीले अपहरण गरी असोज २० गते मुक्त गरे।

धरान नपा-६ निवासी २५ वर्षीय गोवर्धन भनिने आकाश अग्रवाललाई लागू पदार्थ दुर्व्यसनी भएको आरोपमा ०६३ असोज २२ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे। पीडित एक महिनापछि मुक्त भए।

धरान नपास्थित जिल्ला हुलाक कार्यालयमा कार्यरत ३८ वर्षीय भीमप्रसाद प्याकुरेललाई ०६३ असोज २३ गते राति माओवादीले घरबाट अपहरण गरे। पीडितलाई कात्तिक २४ गते मुक्त गरे।

धरान नपा-६ निवासी ३० वर्षीय निमेश क्षेत्रीलाई रिक्सा मजदुरहरूको रकम हिनामिना गरेको आरोपमा ०६३ असोज ३० गते माओवादीले अपहरण गरे। पीडितलाई मंसिर ३ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

इटहरी नपा-५ निवासी ५५ वर्षीय रोमनाथ लम्साललाई ०६२ चैत २७ गते इटहरीमा राजतन्त्र विरोधी प्रदर्शन गरिरहेको अवस्थामा डीएसपी विभूतीराज पाण्डेले लाठ्ठी र बुटले कुटपिट गर्दा शरीर र अनुहारमा नीलडाम भएर शरीर सुन्नियो।

डम्बरुबल्लब भण्डारी, टंक पोखरेल, धिरज भट्टराई, अवधेशकुमार झा, रोश तिम्सिना, हरि भट्टराई, केशवबाबु खतिवडा, रमेश भट्टराई, सुकदेव चौधरी, राजन निरौला र वेदराज पौडेललाई लोकतन्त्रको माग गर्दै इनरुवामा ०६२ चैत २९ गते प्रदर्शन गर्दा प्रहरीको कुटपिटबाट घाइते भए।

कस्तुरी एग्रो प्रालि, दुहवीमा कार्यरत मजदुर ३२ वर्षीय शत्रुधन चौधरी, ३० वर्षीय प्रशान्त चौधरी, २५ वर्षीया आशा खाँ, ३५ वर्षीय मतुलाल राजवंशी, २८ वर्षीया प्रनीता चौधरी, ३० वर्षीया देवियान्ती चौधरीलगायत १० जना मजदुरलाई, स्थायी गर्नुपर्ने, ज्याला वृद्धि गर्नुपर्नेलगायतका माग राखी शान्तिपूर्ण प्रदर्शन गरी यातायात अवरुद्ध गरेपछि प्रहरीले ०६३ भदौ ३१ गते प्रहरीले कुटपिट गरी घाइते पारे।

पत्रकार सुमन पुरी, सोमनाथ बाँस्तोला खगेन्द्र उप्रेती, सन्तोष यादव र अमर खड्का तथा आन्दोलनकारी ओम कोइराला, दामोदर दाहाल, लक्ष्मी प्रधान, जीतकुमार राई, राजन कट्टेल, नवीन थापा, हरि राई र गोविन्द अधिकारी इटहरी नपा-१ मा लोकतन्त्रिक आन्दोलनमा संलग्न भएको बेला ०६३ वैशाख ४ गते प्रहरीले कुटपिट गर्दा घाइते भए।

२५ वर्षीय राजु झा, २७ वर्षीय देवराज लुईटेल, २७ वर्षीया इन्दिरा गिरी, २४ वर्षीया सकुन्तला सरदार, २८ वर्षीय हस्तबहादुर थापा, २७ वर्षीया कमला खतिवडा, ३० वर्षीय अर्जुन राई, २५ वर्षीया शीला सरदार, २४ वर्षीया रुद्रमाया, ३२ वर्षीय भुवन खतिवडा, २७ वर्षीया सीता श्रेष्ठ, २६ वर्षीया सुनीता श्रेष्ठ, २४ वर्षीय शेरबहादुर श्रेष्ठ, २६ वर्षीय महावीर यादव, २८ वर्षीय फणिन्द्र माझी र २९ वर्षीय टंकप्रसाद सिवाकोटी इटहरी नपामा ०६३ वैशाख ५ गते भएको लोकतान्त्रिक प्रदर्शनमा सुरक्षाकर्मीहरूले हस्तक्षेप गरी कुटपिट गर्दा घाइते भए।

इनरुवा नपा-७ निवासी २४ वर्षीय राजु थापामगरलाई ०६३ जेठ १८ गते सेनाका जवान २८ वर्षीय सिंहबहादुर भुजेलले जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा कोखामा छुरा प्रहार गरी घाइते पारे।

माओवादीबाट

प्रकाशपुर गाविस-२ निवासी एमालेका ४८ वर्षीय अच्युत पोखरेललाई सोही ठाउँ निवासी माओवादीका ३६ वर्षीय प्रकाश भनिने हरि बस्नेतले ०६३ जेठ २८ गते घरबाट घिसार्दै बाटोमा ल्याएर कुटपिट गरे।

धरान नपा-१९ निवासी टेम्पु चालक २८ वर्षीय विनोद विश्वकर्मालाई माओवादीले गरेको यातायात बन्द आह्वानको उल्लंघन गरी टेम्पु चलाएको आरोपमा ०६३ भदौ २८ गते माओवादीले कुटपिट गरी दायाँ हात भाँचिदिए।

धरान नपा-१९ निवासी ३३ वर्षीय राजेन्द्र र ३५ वर्षीय मिलन राईलाई लागू पदार्थको विक्री वितरण गर्ने, आफ्नो घरलाई हिरासत जस्तो बनाई मान्छे ल्याएर थुन्ने, रुपैयाँ पैसा असुल गर्नेलगायतका अपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६३ असोज १६ गते माओवादीले रड र फलामको पाइपले शरीरको विभिन्न भागमा कुटपिट गरी करङ भाँचिदिए।

मधेली गाविस-८ निवासी ५९ वर्षीय कलिमुद्दिन मियाँलाई ०६३ असोज २५ गते माओवादीले बाबुछोराको घरायसी झगडामा हस्तक्षेप गरी भाटा, दाउरा र लात्तीले कुटपिट गरे।

भादगाउँ सिनुवारी गाविस-२ झुम्का निवासी ३५ वर्षीय तीर्थराज घिमिरेलाई ०६३ कात्तिक २ गते बेलुका माओवादीले झुम्का चौकमा बसिरहेको अवस्थामा किन राति चौकमा बसिस् भन्दै हात बाँधेर बुट र बन्दुकका कून्दाले कुटपिट गरे।

महेन्द्रनगर गाविस-१ निवासी ५१ वर्षीया सुभद्रा श्रेष्ठलाई ०६३ कात्तिक २ गते पतिसँग भएको घरायसी झगडाको निहुँमा आएका माओवादीले बाँसको भाटाले जीउ, तिघ्रा र टाउकोमा प्रहार गरी घाइते बनाए।

हरिपुर गाविस-९ निवासी २८ वर्षीया प्रेमा गुप्तालाई ०६३ मंसिर २० गते माओवादीले मदिरा पसल खोली वेश्यावृत्ति गर्छेस् भन्दै कुटपिट गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा

सत्तेरझोरा गाविस-२ निवासी ३६ वर्षीय तीलेश्वर चौधरीलाई मोर्चाविरुद्ध गतिविधि गरेको आरोपमा ०६३ भदौ ९ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए।

किराँत वर्कस पार्टीद्वारा

धरान नपा-१८ निवासी ६२ वर्षीय धर्मध्वज राईलाई राष्ट्रिय जनमुक्ति पार्टीका सक्रिय कार्यकर्ता बताउँदै लाखौं रुपैयाँ उठाएर ठगी गरेको आरोपमा ०६३ असोज ९ गते किराँत वर्कस पार्टीका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए।

गैरकानुनी गिरफ्तारी

भोजपुर जिल्ला निवासी ३० वर्षीय सुधन राईलाई माओवादीको आरोपमा ०६२ माघ २४ गते सुरक्षाकर्मीले इटहरी नपा-१ बाट गिरफ्तार गरी एक महिनापछि रिहा गरे।

पथरी गाविस-४ मोरङका माओवादी कार्यकर्ता ३० वर्षीय दीपेश भनिने देशबहादुर लिम्बू र बयरवन मोरङका सर्वसाधारण देवेन्द्र थापालाई माओवादी आरोपमा ०६२ फागुन ६ गते सुरक्षाकर्मीले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हाताबाट गिरफ्तार गरे। पीडितहरूमध्ये थापा एक साता र लिम्बू तीन महिनापछि रिहा भए।

केराबारी गाविस-७ निवासी माओवादीका कार्यकर्ता निर्मल भनिने थमनसिंह राई, खोटाङ जिल्ला विजयखर्क गाविस-८ का सौरभ भनिने होमकाजी ढकाल र नवीन भनिने ओम गुरुङलाई ०६२ फागुन १५ गते सुरक्षाकर्मीले इटहरी नपा-५ बाट गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

धरान नपा-१५ बाट एमाले निकट अनेरास्वियुका महेश राई, तेजमान राई, नरेन्द्र राई, सुन्दर राई, नवीन राई, अनिल कटुवाल, नारायण निरौला, बाबुराम खड्का, राकेश पोद्दार, हेमराज राईलाई माओवादीको आरोपमा ०६२ फागुन २४ गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन २५ गते रिहा गरे।

धरान नपा-१७ निवासी ३२ वर्षीय जसकुमार राई र मोरङ जिल्ला इन्द्रपुर गाविस-६ निवासी ४५ वर्षीय गणेश बासकोटालाई माओवादीको आरोपमा ०६२ चैत १२ गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले पाँचकन्या गाविस-१ पानबारीबाट गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

खनार गाविस-६ निवासी मजदुर ३४ वर्षीया अञ्जली मिश्रालाई लोकतन्त्रको पक्षमा आन्दोलन गरेको आरोपमा ०६२ चैत २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत २९ गते रिहा गरे।

इटहरी नपा-१ निवासी २४ वर्षीया मञ्जु भण्डारीलाई ०६२ चैत २६ गते सात दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमा सहभागी भएर घर फर्कंदा प्रहरीले गिरफ्तार गरी २८ गते रिहा गरे।

भोक्राहा गाविस-७ निवासी ३५ वर्षीय दीलिप उराँवलाई राजाको विरोधमा नारा लगाएको आरोपमा ०६२ चैत २९ गते प्रहरीले गिरफ्तार गरी ०६३ वैशाख १ गते रिहा गरे।

बयरवन गाविस-८ मोरङ निवासी ३६ वर्षीय बालकृष्ण निरौला, इटहरी नपा निवासी २४ वर्षीय ज्ञानबहादुर पौडेल, इटहरी नपा-५ निवासी ३० वर्षीय माधव विश्वकर्मा, भादगाउँ सिनुवारी गाविस-५ निवासी ३८ वर्षीय केदार भट्टराई र इटहरी नपा-५ निवासी २६ वर्षीय भुपाल लिम्बूलाई ०६३ वैशाख ४ गते इटहरी नपा-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख ६ गते रिहा गरे।

अभिव्यक्ति/भेला हुने र संगठन हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष निर्वाचन समेत)

सात दलका कार्यकर्ता दुलिचन्द चौधरी, बद्री सुवेदी, जगन्नाथ पौडेल, चेतनिस भट्टराई, पोष्टकुमार नेपाल, कालिप्रसाद सुवेदी, खेमराज पोखरेल, कृष्ण ढकाल, रामबहादुर बस्नेत, राजीव कोइराला, ऋषिराम सुवेदी, रामप्रसाद घिमिरे, इन्द्र पोखरेल, सुनिता साह, कृष्ण अधिकारी, मनोज यादव, छेतिस मेहता, सीताराम मेहता, बुद्धि कटुवाल, सदानन्द मेहता, अशोक मेहता, प्रताप मेहता, सुरैत यादव, सरोज मिश्र, भागवत मेहता, ऐयुव अन्सारी, उपेन्द्र मेहता, भग्लु मेहता, सबालाल मेहता, सन्तोष मेहता, र नवराज सिंहलाई ०६२ माघ १३ गते नगरनिर्वाचन बहिष्कारको प्रचारका क्रममा प्रहरीले इनरुवाबाट गिरफ्तार गरे। पीडितहरू अदालतको आदेशबाट माघ ३० गते रिहा भए।

धरान नपा-६ भानुचौकबाट ०६२ माघ १३ गते राजमणि निरौला, गोपाल खत्री, नवराज राई, सुरेन्द्र बस्नेत, विसन विष्ट, ओमन कटुवाल, विमल श्रेष्ठ, नरकुमारी लिम्बू, विकास आचार्य, बसन्त राई, इन्द्र राई, गोविन्द ढुंगाना, जगेन्द्र ढुंगाना र लक्ष्मी सम्बाहाम्फेलाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माघ २६ गतेको नगर निर्वाचन बिथोल्ने

काम गरेकाले गिरफ्तार गरेको प्रहरीले जनायो। अदालतको आदेशमा सबैलाई माघ २४ गते रिहा गरियो।

इटहरी नपा-१ वीरेन्द्रचौकबाट ०६२ माघ १३ गते मञ्जु भण्डारी, यम सुब्बा, मीना श्रेष्ठ, भविन्द्र भट्टराई, केवल फुँयाल, रुकमिणी कोइराला, मिथिना पोखरेल, राधा भट्टराई, पवित्रा कार्की, छविराम पोखरेल, श्याम बाँसकोटा, राजकुमार साह, ब्रिजकिशोर झा, रामकुमार कार्की, लक्ष्मी गौतम, ऋषि नेपाल, समिर भट्टराई, नवराज नेपाल, विष्णु भट्टराई, रमेश पोखरेल, विनोद त्रिताल, विकास त्रिताल, मनोज केसी र नारायणबहादुर श्रेष्ठलाई नगरनिर्वाचन बिथोलेको आरोपमा प्रहरीले गिरफ्तार गरे। बिरामीको कारणले नारायणबहादुर श्रेष्ठलाई दुई दिनपछि रिहा गरे पनि अन्य पीडितहरू अदालतको आदेशबाट माघ २४ गते रिहा गरियो ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी २ सय ६५ र दुनियाँवादी फौजदारी ३ सय ९८ मुद्दा गरी जम्मा ६ सय ६३ मुद्दा रहेकोमा ३ सय ४५ ओटा मुद्दा फर्स्यौट भए।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

धरान नपा-१५ पुरानो खोरिया बस्तीका १५ वर्षीय धर्मेन्द्र मादेनलाई माओवादीको आरोपमा ०६२ फागुन ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर मुखमा कपडा कोची घुँडामा बन्दुकको कुन्दाले हिर्काएर यातना दिए। पीडित फागुन ८ गते मुक्त भए।

बालअधिकार

इनरुवा नपा-१ निवासी १० वर्षीय सुरज श्रेष्ठ ०६२ माघ १३ गते सात राजनीतिक दलको आन्दोलनमा हस्तक्षेप गरी लाठी प्रहार गर्दा टाउकोमा गम्भीर चोट लागी घाइते भए।

खनार गाविस-४ निवासी ७ वर्षीया बालिकालाई ०६२ माघ १२ गते सोही ठाउँका २५ वर्षीय गोविन्द श्रेष्ठले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको प्रहरीले जनायो।

इटहरी नपा-४ बुढीखोला किनारामा १० वर्षीया बालिकालाई इटहरी नपा-४ निवासी २० वर्षीय टेकराज गिरीले ०६२ माघ १६ गते बलात्कार गरे। पीडक हाल थुनामा छन्।

हरिपुर गाविस-७ निवासी ११ वर्षीया बालिकालाई ०६२ फागुन १४ गते सोही ठाउँका २७ वर्षीय टीकाप्रसाद आचार्यले बलात्कार गरे। हाल पीडक थुनामा छन्।

महेन्द्रनगर गाविस-१ निवासी ८ वर्षीया बालिकालाई ०६३ वैशाख ६ गते सोही ठाउँका ४५ वर्षीय हीरा श्रेष्ठले बलात्कार गरे। पीडक फरार रहेका छन्।

धरान नपा-११ निवासी १७ वर्षीय युवतीलाई ०६३ वैशाख २३ गते दाजु नाता पर्ने सैनिक जवान २० वर्षीय दिनेश भट्टराईले बलात्कार गरे। पीडकलाई आन्तरिक कारवाही गर्ने भन्दै सेनाले लगे।

खोटाङ्ग जिल्ला डम्बरखु गाविस-६ निवासी १७ वर्षीया बालिका र सोही ठाउँको १६ वर्षीया दुई दलित युवतीलाई ०६३ जेठ ५ गते भरौल गाविस-३ निवासी २७ वर्षीय काजी लिम्बू र २८ वर्षीय भीम श्रेष्ठले जंगलमा दाउरा लिन गएको अवस्थामा कुटपिट गरी पालैपालो बलात्कार गरे। पीडकद्वय फरार छन्।

मधेशा गाविस-६ निवासी १२ वर्षीया बालिकालाई ०६३ जेठ १९ गते राति सोही ठाउँका ४५ वर्षीय लक्ष्मी नारायण चौधरीले बलात्कार गरे। पीडक थुनामा छन्।

डुम्राहा गाविस-३ निवासी १२ वर्षीया बालिकालाई ०६३ असार ३ गते सोही ठाउँका २९ वर्षीय उपेन्द्र मेहताले बलात्कार गरे। पीडक थुनामा छन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/दुर्व्यवहार

दुर्व्यवहार

सत्तेरझोरा गाविस-१ भवानीपुरकी ६५ वर्षीया पल्टीदेवी उराँवलाई ०६३ पुस ५ गते सोही ठाउँका ३२ वर्षीय विष्णु उराँव, २७ वर्षीया पत्नी भदवा उराँव, ३० वर्षीय रामप्रसाद उराँव, ३४ वर्षीय कुसुमलाल उराँव र ३८ वर्षीय रविलाल उराँवले बोक्सी गाउँमा बस्नु हुँदैन भन्दै कुटपिट गरी गाउँ निकाला गरिदिएको पीडितले बताइन्। पीडित इनरुवा नपा-५ मा दाजुको घरमा शरण लिएर बसेकी छन्। पीडकहरूलाई कुनै कानुनी कारबाही भएन।

धरान नपा-८ सुकुम्बासी टोल बस्ने २९ वर्षीया रञ्जना तामाङलाई ०६३ पुस ९ गते सोही ठाउँका ६० वर्षीय राम तामाङ र २३ वर्षीय विशाल तामाङले छिमेकमा चिन्ता बसेको बेला बोक्सी भन्दै पन्यू र हँसिया तताएर ढाँड र मुखमा डामेको पीडितले बताए। पीडकद्वयलाई आवश्यक कानूनी कारवाही भएको इलाका प्रहरी कार्यालय धरानले जनायो।

पारिवारिक हिंसा

बराहक्षेत्र गाविस-१ निवासी २३ वर्षीय कल्पना राई (श्रेष्ठ) लाई चरित्र खराब भएको आरोपमा ०६३ वैशाख १७ गते प्रहरीमा कार्यरत पति २५ वर्षीय भेषराज श्रेष्ठले १५ राउण्ड गोली प्रहार गरी हत्या गरे।

पाँचकन्या गाविस-५ मा घर भई इटहरी नपा-४ मा

डेरा गरी बस्ने २२ वर्षीय आकृति गुरुङ्ग (राई) लाई ०६३ जेठ १८ गते पति सैनिक जवान सन्तोष राई, सौता गीता राई र अर्की सहयोगी इन्दु राईले कोठामा लडाई मुखमा कपडा कोचेर अनुहारमा एसिड (तेजाब) खन्याई कुरुप बनाए। उपचारको खोजी र पीडकलाई कारवाहीको माग गर्दै पीडित माओवादीको सम्पर्कमा समेत पुगिन्। सैनिक पति सन्तोषबाहेक दुई महिला पीडकलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, इटहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

सम्पत्ति कब्जा

हाल काठमाडौंमा बसोबास गर्ने ६० वर्षीय दीपेन्द्रपुरुष ढकालको प्रकाशपुर गाविस-१ स्थित १२ विघा जमीन ०६२ चैत १५ गते माओवादीले कब्जा गरी स्थानीय भूमिहीन किसानलाई वितरण गरे।

अशक्त भत्ता

वृद्धा, विधवा, जेष्ठ र अशक्तका लागि १ करोड ६० लाख ४५ हजार ७० रुपैयाँ बजेट आएकोमा प्रथम चौमासिकमा ७० लाख वितरण गरेको जिल्ला विकास समितिले जनायो।

सुकुमबासी

यस जिल्लामा १० हजार मोही किसानले मोही हकको लागि निवेदन दर्ता गराए भने भूमिहीन सुकुमबासी करिब १५ हजारको संख्यामा रहेकोमा अधिकांशले यस पटक पनि जग्गा धनी प्रमाण पुर्जा पाएनन्।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएकाहरूमध्ये सातजना पुरुषको अवस्था अज्ञात रहेको छ।

यसरी बेपत्ता पारिएकाहरूमा महेन्द्रनगर गाविस निवासी ३४ वर्षीय हर्कबहादुर माझी, महेन्द्रनगर गाविस निवासी ३१ वर्षीय उत्तम लिम्बू, झुम्का गाविस निवासी ४८ वर्षीय चिरञ्जीवी गौतम, डुम्राहा गाविस निवासी ३२ वर्षीय रसिक भनिने उमेश साह, बक्लौरी गाविस निवासी २३ वर्षीय दीपक विश्वकर्मा, मधेशा गाविस निवासी ३० वर्षीय देवहरि रिजाल हालसम्म बेपत्ता रहेका छन्।

१.७ धनकुटा



जनसंख्या : १,७५,२३७
साक्षरता प्रतिशत : ६३.९८
महिला साक्षरता प्रतिशत : ४४.१३
क्षेत्रफल (वर्ग कि. मि.) : ८९१
गाविस/नपा संख्या : ३५/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३१५
क्याम्पस/उच्च मा.वि. : १/४
अस्पताल/स्वास्थ्य चौकी : १/३७
टेलिफोन लाइन : ८३४
मोटर सडक (कि. मि.) : २१७.२२
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३८
मानव विकास सूचकाङ्क : ०.५०७
प्रति परिवार सरदर संख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

मोरङ्ग जिल्ला हरैचा गाविस-४ निवासी सोम चौधरी माओवादी भएको आशंकामा ०६२ फागुन ३ गते सादा पोसाकका सुरक्षाकर्मीले धनकुटा नपा-१ हिले बजारस्थित पाखीबास जाने पुरानो बाटोमा गोली हानी उनको हत्या गरे। पीडित घोर्लीखर्कस्थित ससुराली जाँदै थिए।

माओवादी नियन्त्रणमा मृत्यु

पोखरा उमनपा घर भई पूर्वाञ्चल क्षेत्रीय प्रशासनका सह-क्षेत्रीय प्रशासक ५७ वर्षीय प्रेमप्रसाद शर्मा सापकोटालाई ०६२ माघ २५ गते माओवादीले अपहरण गरेकोमा फागुन ५ गते मैनावधुक गाविस-२ मा माओवादी

कब्जामा नै मृत्यु भयो। माओवादीले हुसाडेक नेपाल, मानव अधिकार आयोग, पत्रकार माहासंघ र मानवअधिकार सञ्जालको रोहबरमा फागुन ६ गते लास इन्सेक जिल्ला प्रतिनिधिको जिम्मा लगाएका थिए।

दोहोरो भिडन्त

धनकुटा सदरमुकाममा सुरक्षाकर्मी र माओवादीबीच ०६२ माघ २५ गते राति दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता दीपक लिम्बू र जाजरकोट जिल्ला निवासी कृष्णदल गुल्म सल्लेरीमा कार्यरत सैनिक जवान विराट शाहको मृत्यु भयो। माओवादीले एक दर्जनभन्दा बढी सरकारी कार्यालयमा विस्फोट र आगजनी गरी क्षति पुऱ्याए।

डाँडाबजार गाविस-२ र राजारानी गाविसको सिमानामा पर्ने लाप्चेटारको टुकुरेमा ०६२ फागुन २९ गते बिहानदेखि माओवादी र सुरक्षाकर्मीबीच पाँच घण्टा जति दोहोरो भिन्डन्त हुँदा ओखलढुङ्गा जिल्ला निवासी विकट भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। उनको लास चैत १ गते हात्तिटार इलाकामा फेला परेको थियो। माओवादीले लासको सोही दिन राजारानीमा सद्गत् गरे।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

घोर्लीखर्क गाविस-९ निवासी रामबहादुर विश्वकर्मा माओवादी भएको आरोपमा ०६२ फागुन ३ गते सादा पोसाकका सुरक्षाकर्मीले उनलाई धनकुटा नपा-१ हिले बजार नजिक पाखिवास जाने पुरानो बाटोमा गोली हानी घाइते पारे।

माओवादीबाट

धनकुटा नपा-८ खाम्मेला निवासी बालमन्दिर स्कूल कक्षा ४ मा अध्ययनरत १३ वर्षीय धनबहादुर राई ०६२ माघ २७ गते माओवादीले धनकुटा आक्रमण गरेर फर्कने क्रममा छाडेको बम विस्फोटन हुँदा सख्त घाइते भए।

डाँडाबजार गाविस-२ निवासी भानु मावि डाँडा बजारमा कक्षा-३ मा अध्ययनरत ९ वर्षीय शेखर लिम्बू ०६२ चैत ६ गते बिहान घाँस काट्न जाँदा जथाभावी छोडिएको बम विस्फोटन हुँदा सख्त घाइते भए। पीडितको शरीरमा बमका छर्रा लागी चोट लागेको थियो। अघिल्लो दिन माओवादी कार्यकर्ता सोही ठाउँमा बसेकोले सो बम उनीहरूले छोडेको स्थानीय बासिन्दाको भनाई थियो।

जेल र बन्दी

'घ' श्रेणीको धनकुटा जेलको बन्दी क्षमता २५ जनाका रहे पनि तीनजना महिलासहित १९ जना र १८ जना कैद नतोकिएका गरी जम्मा ३७ जना बन्दीहरू रहेका छन्।

पुरानो र अत्यन्त जीर्ण अवस्थामा रहेको यो जेलमा धेरै समयदेखि क्षमताभन्दा बढी बन्दीहरू रहेको कारण समस्याहरू देखिँदै आएको छ। जेलका कोठाहरू साँघुरो र ओसिलो रहेको छ। महिला बन्दीहरूलाई छुट्टै भवन नभएकाले माथिल्लो तल्लाको एउटा कोठामा राखिने गरेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

माओवादीले धनकुटाबाट संजयकुमार यादव र कृष्ण भट्टराईलाई ०६२ माघ २५ गते अपहरण गरी माघ २७ गते तेलियाबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयको शाखा अधिकृत फणिन्द्र पोखेल, शोभाकर रेग्मी, नासु दशरथ रुमदाली, कृषि विकास कार्यालयका प्रमुख सञ्जयकुमार यादव, पुनरावेदन अदालत धनकुटाका रजिष्टार पशुपति आचार्य र पियन तुलाराम पगरी, जिल्ला विकास कार्यालयका नासु कृष्ण भट्टराई, खरिदार द्रोर्ण राई, लोकेन्द्र कुँवर, गोविन्द महत, मालपोत धनकुटाका खरिदार खगेश्वर भट्टराई, जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी जवान हरिनारायण ढकाल, उपेन्द्रलाल तामाङ, भोजराज दनुवारलाई ०६२ माघ २५ गते माओवादीले धनकुटा नपा-४ बाट अपहरण गरे। पीडितहरूलाई ०६२ माघ २९ गते माओवादीले राजरानी बजारबाट स्थानीय मानवअधिकारकर्मीको रोहबरमा आईसीआरसीलाई बुझाए।

प्रहरी हरिनारायण ढकाल, उपेन्द्रलाल तामाङ र भोजराज दनुवारलाई ०६२ माघ २५ गते माओवादीले अपहरण गरी फागुन ११ गते इन्सेक प्रतिनिधिको रोहबरमा राजारानी गाविसबाट मुक्त गरे। यीमध्ये हरिनारायणले माओवादीसँग सम्बन्ध राखेको आरोपमा ०६२ चैत ९ गते प्रहरीले गिरफ्तार गरी कारागार शाखा धनकुटामा राखी ०६३ जेठ २५ रिहा गरे।

तङ्खुवा गाविस-२ निवासी एमाले इलाका नं. ८ का सदस्य विष्णु भुजेल, साधारण सदस्य प्रेमबहादुर पाचकोटी र भवानी कट्टेललाई ०६२ फागुन ७ गते माओवादीले अपहरण गरी फागुन ९ गते मुक्त गरे।

श्री न. २ हिले बाहिनीमा कार्यरत सेनाहरू संखुवासभा जिल्ला खाँदबारी नपा निवासी १९ वर्षीय डिल्लीराम श्रेष्ठ, दिदिङ्ग गाविस-४ संखुवासभा निवासी १८ वर्षीय कविराज राई, खाँदबारी नपा-२ निवासी १९ वर्षीय लालबहादुर राई, सितलपाटी गाविस-७ संखुवासभा निवासी १९ वर्षीय भक्तबहादुर विश्वकर्मा, याफु गाविस-५ संखुवासभा निवासी १९ वर्षीय डिल्लीराम राई, खोटामा गाविस-५

भोजपुरका १९ वर्षीय सिरकुमार तामाङ्ग, वाला गाविस-२ सिखुवा संखुवासभाका १९ वर्षीय आईतराज राई, पावाखोला गाविस-२ संखुवासभाका १८ वर्षीय रेसकुमार राईलाई घर जाँदै गर्दा लेगुवा गाविस-४ रामरिठ्ठा बजारबाट ०६३ वैशाख १४ गते माओवादीले अपहरण गरी वैशाख १६ गते अर्खौंले बजारमा एक कार्यक्रमको आयोजना गरी स्थानीय बासिन्दाको रोहबरमा मुक्त गरे।

संखुवासभा निवासी हाल श्री नं. २ हिले बाहिनीमा कार्यरत सैनिक टीकाराम राईलाई ०६३ वैशाख १४ गते माओवादीले रामरिठ्ठा बजारबाट अपहरण गरी भोलिपल्ट सोही ठाउँबाट मुक्त गरे।

घोर्लीखर्क निवासी हाल श्री न. २ हिले बाहिनीका भान्से भुवन थापालाई ०६३ असार १० गते माओवादीले उनलाई घर जाने क्रममा पाखिबास बजारबाट अपहरण गरी सोही दिन मुक्त गरे। उनलाई पुनः सोही राति माओवादीले माथिको आदेश भन्दै अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

धनकुटा नपा- १ निवासी २७ वर्षीय दीपेन राईलाई ०६३ असोज २३ गते माओवादीले पाखिबास गाविस-३ मा कुटपिट गरी हात भाँचिदिए। साथै २१ वर्षीय भूपेन राई र २६ वर्षीय संजिव तामाङ्गलाई अपहरण गरे। उनीहरू २८ गते मजदुर संगठनको पहलमा मुक्त भए।

वेलहारा गाविस-६ निवासी १६ वर्षीया कल्पना नेपालीलाई माओवादीका सांस्कृतिक समूहका कार्यकर्ताहरूले सांस्कृतिक कार्यक्रममा सहभागी गराएर ०६३ कात्तिक ३ गते अपहरण गरे। पीडित हाल कुरुले तेनुपा गाविसमा रहेकी छन्।

परेवादिन गाविस-५ निवासी १८ वर्षीय तोर्णबहादुर थापालाई ०६३ कात्तिक २९ गते माओवादीले विद्यालय समयमा अपहरण गरी पीडितलाई अभिभावकले मंसिर ९ गते मोरङ्ग जिल्लाबाट घर फर्काए।

धम्की / ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

हात्तिखर्क गाविस-३ निवासी असल शासन जिल्ला समन्वय समिति, धनकुटाका अध्यक्षसमेत रहेका २५ वर्षीय भरतमोहन अधिकारीलाई ०६२ फागुन १ गते हिले बाहिनीको चेकपोष्टमा रहेका सुरक्षागार्डले गालीगलौज गरी बन्दुकको कुन्दाले हिर्काइ दूर्व्यवहार गरे।

पत्रकार महासंघ केन्द्रीय उपसभापति संजयसन्तोषी राई, जिल्ला सभापति विजयसन्तोषी राई र जिल्ला उपसभापति जेवी घलेलगायतका पत्रकारहरूलाई ०६२ चैत २७ गते लोकतान्त्रिक जनआन्दोलनमा सहभागी भइरहेको अवस्थामा प्रहरीले धनकुटा बजारमा कुटपिट गरे। उक्त घटनाको पत्रकारहरूले प्रहरी कार्यालयमा गई भर्त्सना गरेपछि डिएसपी घनश्याम अर्यालले पत्रकारहरू सामु माफी मागेका थिए।

माओवादीबाट

परेवादिन गाविस-८ निवासी ४२ वर्षीय छत्रबहादुर दाहाललाई ०६३ वैशाख २४ गते माओवादीका २ नं. इलाका सचिव पासाङ्गले कुटपिट गरी घाइते बनाए। आफ्नो पार्टीले तोकेको ५० हजार रूपैयाँ चन्दा नदिएको र पार्टीको भेलामा सहभागी नभएको भनी कुटपिट गरेका थिए। पीडित दाहाललाई २४ हजार चन्दा दिने र सात/सात दिनमा उपस्थित हुने सर्तमा माओवादी सोही दिन मुक्त गरे।

बोधे गाविस-१ हमेला निवासी एमाले बोधे गाउँ

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	३	४	३	३			३	३	३			३
घाइते					३	५			५	३	३			३
गिरफ्तारी/यातना										१८	२७	६	१	३४
कुटपिट	१	१		१	१०	१९			१९	१	१			१
धम्की										१	१	१		३
भेला/संगठित हुने अधिकार										११	२६	३	३१३	३४०
महिलाअधिकार	४		४	४	१		१		१					
बालअधिकार	१		१	१										
अमानवीय व्यवहार					१	१			१					
अपहरण					३५	६१	५	४०३	४६९					
जम्मा	१०	३	७	१०	५३	८८	६	४०३	४९७	३६	६०	९	३१३	३८३

कमिटी सदस्य ५३ वर्षीय खड्ग गिरीलाई ०६३ जेठ ४ गते माओवादीले कुटपिट गरे।

२१ वर्षीय राजकुमार लिम्बू, १६ वर्षीय रेगन राई २० वर्षीय सुनिल श्रेष्ठ र २० वर्षीय हेमकुमार राईलाई ०६३ भदौ २९ गते माओवादीले धनकुटा नपा-५ मा भाटाले हानेर घाइते बनाए।

गैरकानुनी गिरफ्तारी

तांखुवा गाविस-८ याक्चास्थित घाटमा तमोर नदीमा पुल बनाउन ल्याएका खुवाफोक गाविस-४ निवासी ४९ वर्षीय दुर्गाबहादुर भुजेल, ४६ वर्षीय पूर्णबहादुर माझी, ६० वर्षीय रणबहादुर भुजेल, ५१ वर्षीय वलबहादुर माझी, ३९ वर्षीय सूर्यबहादुर अधिकारी, ३५ वर्षीय दुर्गाबहादुर अधिकारी, १४ वर्षीय दीपेन्द्र कार्की, ५६ वर्षीय खड्गबहादुर अधिकारी, १५ वर्षीय मनराज अधिकारी, ४५ वर्षीय चन्द्रबहादुर कार्की, ४५ वर्षीय दुर्गाबहादुर अधिकारी माओवादी भएको आरोपमा ०६२ माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ २७ गते रिहा गरे।

बोधे गाविस-४ खानिटार निवासी ३६ वर्षीय दुर्गाबहादुर न्यौपाने र धनकुटा नपा-७ निवासी हर्कबहादुर राईलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत १६ गते सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरी चैत १७ गते एमाले नेता राजेन्द्र राईको रोहबरमा रिहा गरे।

वेलाहारा गाविस-२ उत्तरपानी निवासी १८ वर्षीया बन्दना भट्टराई र १९ वर्षीया लक्ष्मी भट्टराई माओवादी भएको आरोपमा ०६२ चैत २० गते हिले बजारबाट श्री नं २ हिले वाहिनीले उनीहरूलाई गिरफ्तार गरी चैत २२ गते रिहा गरे।

संखुवासभा जिल्ला तांडखुवा गाविस-६ निवासी २८ वर्षीय डम्वर राई माओवादी भएको आरोपमा ०६२ फागुन ३ गते श्री नं. २ बाहिनी हिलेको गस्ती टोलीले पाखिवास जाने पुरानो बाटोबाट गिरफ्तार गरी हिलेबाट फागुन ५ गते रिहा गरे।

अभिव्यक्ति/भेलाहुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले केन्द्रीय लेखा समिति सदस्य गोपाल गुरागाईं, नेकाँ धनकुटाका उपसभापति केशर सुब्बा र एमाले जिल्ला कमिटी, धनकुटाका सदस्य चिन्तन तामाङ्गलाई ०६२ माघ ८ गते धनकुटा नपा-१ हिले बजारमा भएको दलहरूको नगर निर्वाचन बहिष्कार गर्ने कार्यक्रमबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ९ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

एमालेका वैकल्पिक केन्द्रीय सदस्य रकम चेम्जोङ्ग, केन्द्रीय लेखा समिति सदस्य गोपाल गुरागाईं, धनकुटा जिल्ला कमिटी सचिव टीकाराम चेम्जोङ्ग, सदस्य राजेन्द्र राई, दुर्गा लिखां, चन्द्र चोङवाङ्ग, नेकाँ केन्द्रीय समिति सदस्य आनन्द सन्तोषी राई, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति मनोहरनारायण श्रेष्ठ, सदस्य विकास प्रधान, जनमोर्चाका केन्द्रीय सदस्य केवी फुदुङ, जिल्ला अध्यक्ष गोपाल विश्वकर्मा, चन्द्र लोहरी, मदन अर्याल, सुरेस राई, विद्यार्थीहरू रिद्दी राई, शंखरहरि राईलाई ०६२ माघ १६ गते धनकुटा नपा-७ का विभिन्न ठाँउबाट नगर निर्वाचन बहिष्कार आन्दोलनमा सहभागी भइरहेको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

नगर निर्वाचन बहिष्कार गर्न भन्दै सात दलले निकालेको शान्तिपूर्ण विरोध प्रदर्शनबाट एमाले जिल्ला कमिटी सचिव टीकाराम चेम्जोङ्ग, नेकाँ धनकुटा जिल्ला सभापति हरि अधिकारी, एमालेका जिल्ला सदस्य दीपक बुढाथोकी, जनमोर्चाका जिल्ला सदस्य मदन अर्याल, तरुण दल धनकुटाका जिल्ला सदस्य युवराज बस्नेत र अनुगमन गर्न निस्किएका इन्सेक प्रतिनिधिलाई ०६२ माघ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सबैलाई पुनरावेदन अदालत धनकुटाको आदेशमा माघ २५ गते साँझ धनकुटाका जिल्ला न्यायाधीशको रोहबरमा रिहा गरे।

नगर निर्वाचन बहिष्कार गरौं भन्दै पोष्टर टाँस्दै जाने क्रममा धनकुटा नपा-७ बाट प्रायुसंघ धनकुटाका सभापति ईन्द्रमणि पराजुली, धनकुटा क्याम्पसका स्ववियु सभापति टीकाराम घिमिरे, जनसाँस्कृतिक मञ्चका केन्द्रीय सदस्य जेवी घले मगर, अनेरास्ववियु जिल्ला कमिटी धनकुटाका अध्यक्ष राजकुमार तेयूङ्गलाई ०६२ माघ २४ गते बिहान प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी माघ २७ गते रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धनकुटा जिल्लामा पुनरावेदन अदालत र जिल्ला अदालत गरी दुईटा अदालत रहेका छन्। यस वर्ष पुनरावेदन अदालत धनकुटामा मुद्दातर्फ २७ निवेदन परेकोमा २२ फर्स्यौट भएका छन् भने पाँचओटा बाँकी रहेका छन्। बन्दीप्रत्यक्षीकरणतर्फ ११ ओटा मुद्दा परेकोमा ११ ओटै फर्स्यौट भए। गत वर्षबाट सरेर आएका व्यक्तिवादी देवानीतर्फ ३६ सहित ६२ ओटा मुद्दा रहेकामा २२ ओटा फर्स्यौट भए। व्यक्तिवादी फौजदारीतर्फ १२ ओटा नयाँ सहित २३ मुद्दा रहेकोमा सातओटा फर्स्यौट भए। सरकारी फौजदारीतर्फ २६ सहित ३९ ओटा मुद्दा रहेकोमा १९ ओटा फर्स्यौट भए। यस अदालतमा तीन/चार वर्ष अघिदेखिका मुद्दा बाँकी छैनन् भने दुई वर्षबाट सरेर आएका पाँचओटा मुद्दामा पाँचओटै बाँकी छन्।

त्यसैगरी, जिल्ला अदालत, धनकुटामा यस वर्ष परेका जम्मा ७४ ओटा मुद्दामध्ये दुनियावादी देवानीतर्फ ३५ ओटा

दर्ता भएकोमा १२ ओटा फर्स्यौट भएका छन्। सरकारी फौजदारीतर्फ १७ ओटा रहेकामा दुईटा फर्स्यौट भएको छ। दुनियावादी फौजदारीतर्फ २२ ओटा मुद्दा दर्ता भएकामा १९ ओटा फर्स्यौट भएका छन्। गत वर्षदेखि जिम्मेवारी सरेर आएका जम्मा ८१ ओटा मुद्दामा ३० ओटा फर्स्यौट भए जसमा दुनियावादी देवानीतर्फ ४५ ओटामा १६ ओटा फर्स्यौट भए। सरकारवादी फौजदारीतर्फ चारओटा रहे भने दुनियावादी फौजदारीतर्फ ३२ ओटा मुद्दा परेकोमा १३ ओटा मुद्दा फर्स्यौट भए। दुई वर्ष पुगेका देवानी चारओटा र फौजदारीतर्फ दुईओटा मुद्दा बाँकी रहेका छन्।

बालअधिकार

परेवादिन गाविस-५ निवासी सरस्वती उच्चमाविमा अध्ययनरत १५ वर्षीय देवेन्द्र विश्वकर्मा, भीमबहादुर बिष्ट, १३ वर्षीय दीपक थापा र १२ वर्षीय कुमार तामाङलाई ०६३ भदौ २० गते, १५ वर्षीय डिकबहादुर गुरुङलाई ०६३ भदौ ८ गते, रत्नबहादुर गुरुङलाई र सीताराम गुरुङ्ग, हिरा गुरुङ्ग, तोर्ण सिंजाली र खीरबहादुर बिष्ट गुरुङ्गलाई ०६३ भदौ ९ गते माओवादीले विद्यालय र घरबाटै अपहरण गरे। तीमध्ये खिरबहादुर र भूमिराजबाहेक अन्य विभिन्न मितिमा घर फर्किए।

धनकुटा नपा-७ हुलाक टोल निवासी त्रिवेणी माविमा कक्षा ९ मा अध्ययनरत १५ वर्षीया श्रृजना राईलाई ०६३ भदौ २१ गते माओवादीले उनकै घरबाट अपहरण गरे। अभिभावकहरूले उनलाई इलामको माओवादी सैन्य वेस क्याम्पमा लगिएको बताए।

परेवादिन गाविस-६ निवासी १६ वर्षीय बोधमाया खड्का र कल्पना खड्कालाई ०६३ कात्तिक ९ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितहरूलाई परिवारले कात्तिक २१ गते घर फर्काए। तर कल्पनालाई पुन: माओवादीले २५ गते आफूसँगै लगे। पीडित हाल माओवादीको वेशक्याम्प इलाममा भएको परिवारले बताए।

बुधबारे गाविस-३ मा बस्दै आएका १५ वर्षीय पूर्णकुमार लिम्बूलाई माओवादीले ०६३ मंसिर १ गते आफ्नै घरबाट अपहरण गरे। पीडित इलामको माओवादी सैन्य वेश क्याम्पमा रहेका छन्।

पाख्रीवास गाविस-३ का १४ वर्षीय जयराज बस्नेत र १३ वर्षीय मेहरमान बस्नेतलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरे। मेहरमान कब्जाबाट भागेर घर फर्किए पनि भोलिपल्ट पुन: माओवादीले पीडितलाई अपहरण गरे।

बुधबारे गाविस-३ निवासी १७ वर्षीय यज्ञकुमार श्रेष्ठलाई ०६३ मंसिर २ गते माओवादीले उनकै घरबाट अपहरण गरे।

बोधे गाविस-१ हमेलाका १४ वर्षीय गोविन्द गिरी, मदन अर्याल, धनबहादुर जमरकट्टेल र खडानन्द तामाङ्गलाई परीक्षा दिएर घर फर्कदै गरेको अवस्थामा सात हजार दिने भनेर ०६३ मंसिर २ गते माओवादीले अपहरण गरे।

मारेक कटहरे गाविस-७ का १४ देखि १९ वर्षसम्मका धनबहादुर बुढाथोकी, नवराज राया, बेगबहादुर खड्कालाई ०६३ मंसिर ७ गते, युवराज घिमिरे, गुणराज बुढाथोकीलाई मंसिर ८ गते र धनबहादुर बुढाथोकीलाई मंसिर ३ गते माओवादी अपहरण गरे। यीमध्ये युवराज घिमिरे र गुणराज बुढाथोकी सैन्य तालिम लिन नसकेर घर फर्किए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

वेलहारा गाविस-६ निवासी ४६ वर्षीया सलिना राईलाई बोक्सीको आरोपमा ०६२ मंसिर २५ गते देवी राई, तेजबहादुर राई चन्द्र राई र गोपाल राई माओवादीका अतित र अनमोलले कुटपिट गरे। माओवादीले अतित र अनमोललाई पार्टीबाट कारवाही गरिएको जनाए।

१.८ तेह्रथुम



जनसंख्या : १,१७,४७१
साक्षरता प्रतिशत : ५९.०२
महिला साक्षरता प्रतिशत : ३९.१५
क्षेत्रफल (वर्ग कि. मि.) : ६७९
गाविस/नपा संख्या : ३२/०
निर्वाचन क्षेत्र : १
विद्यालय : ३६७
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/३१
टेलिफोन लाइन : ४६४
मोटर सडक (कि. मि.) : २६
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ५१
मानव विकास सूचकाङ्क : ०.५२३
प्रति परिवार सरदर संख्या : ५.६८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

खामलालुङ्ग गाविस-६ निवासी माओवादी कार्यकर्ता ५० वर्षीय रामबहादुर फम्बोको ०६२ माघ ७ गते बिहान गस्तीमा गएको संयुक्त सुरक्षाकर्मीले ओखे गाविसस्थित भगवती उच्चमावि नजिकै भागिरहेको अवस्थामा गोली हानी हत्या गरे।

साब्ला गाविस-८ निवासी २८ वर्षीय श्रीप्रसाद लिम्बूको ०६२ चैत २ गते गस्तीमा गएका सुरक्षाकर्मीले जिरीखिम्ती बजार नजिकै भागिरहेको अवस्थामा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले लास बाँसमा बाँधेर घिसाँदै बजारमा ल्याई रेडक्रसको एम्बुलेन्समा राखेर जिल्ला सदरमुकाम लगे। पोष्टमार्टम नगरी सुरक्षाकर्मीले परिवारलाई दोश्रो दिन लास बुझाए।

बेवारिसे बमबाट

संक्रान्ति गाविस-७ सोदनका ९ वर्षीय रुपन कन्दङ्वा लिम्बू, ७ वर्षीय रस्मिता कन्दङ्वा र ५ वर्षीय सुसन फम्बोको ०६३ कात्तिक २३ गते माओवादीले संक्रान्ति गाविस-७ मा बेवारिसे अवस्थामा रहेको सकेट बम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो। घरभित्र रहेको बम बालबालिकाले फेला पारी खेलाउँदा विस्फोट भएको थियो।

जेल र बन्दी

'ख' श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको रहेको छ। हाल नौजना पुरुष र पाँचजना महिला गरी कूल १४ जना बन्दीहरु छन्। यस जेलमा महिला र पुरुषका लागि छुट्टाछुट्टै भवन छ। जेलमा खानेपानी र जीर्ण अवस्थाको शौचालय छ।

बेपत्ता/अपहरण
माओवादीबाट

जलजले गाविस-१ शंकर उच्चमाविका तत्कालीन प्रधानध्यापक ४० वर्षीय रामकुमार अधिकारी र सोही विद्यालयका प्राचार्य ३८ वर्षीय प्रेमप्रसाद भट्टराईले आर्थिक अनियमितता गरेको आरोपमा ०६२ फागुन १४ गते माओवादीले अपहरण गरी सम्दु गाविस फागुन १६ गते मुक्त गरे।

तम्फुला गाविस-३ निवासी जिल्ला हुलाक कार्यालयका तत्कालीन नासु तथा कर्मचारी संगठनका अध्यक्ष ३७ वर्षीय दधिराम गुरागाँईले चन्दा नदिएको आरोपमा ०६२ फागुन १४ गते माओवादीले उनलाई साब्ला गाविसको टुकुरे बजारबाट अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

म्याङ्गलुङ्ग गाविस-३ निवासी श्रीदल गण इटहरीमा कार्यरत भएका सैनिक जवान २५ वर्षीय टंकबहादुर मगर र धनकुटा जिल्ला चुडवाङ गाविस निवासी २ नं. बाहिनी हिलेमा कार्यरत सैनिक जवान रेणु कुथुमी राई घर बिदामा जिल्ला सदरमुकाम तेह्रथुम आउँदै गर्दा ०६२ फागुन १५ गते माआवादीले सोल्मा गाविसको काँडे इलाकाबाट अपहरण गरे। पीडितहरू चैत २ गते राति एक माओवादी गार्डसहित भागेर जिल्ला सदरमुकाम फर्किए।

चुहानडाँडा गाविस-२ निवासी शारदा उच्चमाविका प्रधानाध्यापक तथा नेपाल शिक्षक संगठनका केन्द्रीय पार्षद् ५२ वर्षीय रामचन्द्र थपलियाले आन्दोलनमा असहयोग गरेको, माओवादी गतिविधिको विरोध गरेको र माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ चैत ९ गते बिहान माओवादीले उनलाई अपहरण गरी चैत १० गते बेलुका खामलालुङ्ग गाविसबाट मुक्त गरे।

ओखे गाविस-२ निवासी भगवती उच्चमाविका शिक्षक तथा नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष ५० वर्षीय भीम निवासीत र सोही ठाउँ निवासी नेकाँका कार्यकर्ता भुवनजित लिम्बूलाई ०६२ चैत १२ गते बिहान माओवादीले अपहरण गरी चैत १४ गते दिउँसो आम्बुङ्ग गाविसबाट मुक्त गरे।

सोल्मा गाविस-५ निवासी 'शाही सरकार' द्वारा मनोनित जिविस, तेह्रथुमका सदस्य ४० वर्षीय मनबहादुर सोदेम्बा लिम्बूलाई ०६२ चैत १२ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी सदस्य पदबाट राजिनामा दिने सर्तमा चैत १५ गते मुक्त गरे।

जलजले गाविस शंकर उच्चमावि कक्षा ११ का विद्यार्थीहरु २० वर्षीय दीपक ढुङ्गाना, १९ वर्षीय कुमार कार्की, १९ वर्षीय सविन लिम्बू २० वर्षीय दुर्गा लिम्बू र २१ वर्षीय देउमान लिम्बूलाई ०६२ चैत १६ गते माओवादीले विद्यालयबाटै अपहरण गरी चैत २० गते चुहानडाँडा गाविसबाट मुक्त गरे।

फुलेक गाविस-८ दाँगपा गाविस सचिव मणिकुमार राईले भ्रष्टाचार गरेको आरोपमा ०६२ चैत १६ गते माओवादीले उनलाई दाँगपा गाविस-८ बाट अपहरण गरी ०६३ वैशाख ८ गते तारेखमा मुक्त गरे।

म्याङलुङ्ग गाविस-१ निवासी ३८ वर्षीय मानबहादुर लिम्बूले प्राध्यापकमाथि आक्रमण गरेको आरोपमा ०६३ जेठ १८ गते माओवादीले उनलाई म्याङ्लुङ्ग बजारबाट अपहरण गरी २४ घण्टापछि प्रहरीलाई बुझाए। प्रहरीले उनलाई हिरासतमा राखेर तीन साता पछि रिहा गरे।

ओयाक्जुङ्ग गाविस-१ निवासी २२ वर्षीया रेणुका कार्कीले आत्मसमर्पण गरेको आरोपमा ०६३ जेठ २२ गते

माओवादीले उनलाई घरबाटै अपहरण गरी श्रम गराए। पीडित हालसम्म मुक्त भएकी छैनन्।

ईवा गाविस-९ निवासी २१ वर्षीया लक्ष्मी दर्नालले पार्टीको काम गर्न नमानेको आरोपमा ०६३ भदौ १० गते माओवादीले उनलाई संक्रान्ति बजारबाट अपहरण गरी मोराहाङ गाविससम्म पुऱ्याई वैशाख १३ गते मुक्त गरे।

म्याङ्गलुङ्ग गाविस-३ निवासी सिंहबाहिनी माबि कक्षा १० का १७ वर्षीय कमल पराजुली र सोही ठाउँ निवासी कक्षा १० कै १६ वर्षीय रमेश कार्कीलाई ०६३ कात्तिक २४ गते माओवादीले अपहरण गरी १३ दिनपछि मुक्त गरे।

पिप्ले गाविस-२ निवासी १७ वर्षीय युवराज गड्तौला, सोही ठाउँ निवासी १५ वर्षीय रमेश गड्तौला, १९ वर्षीय गोपाल दाहाल र १६ वर्षीय रोशन निरौलालाई जागिरको प्रलोभन देखाई ०६३ मंसिर २ गते बेलुकी माओवादीले अपहरण गरे। पीडितहरु हाल माओवादीको सहायक शिविर मोरङको याङ्गशिलामा छन्।

पिप्ले गाविस-१ निवासी २० वर्षीय बद्री बजगाइँ, २५ वर्षीय अनिल खत्री, १८ वर्षीय योगेन्द्र विक, डोलेश्वर निरौला, प्रवीण तामाङ र छविलाल दर्जीलाई ०६३ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरूमध्ये छविलाल मंसिर १३ गते माओवादीको शिविरबाट भाग्न सफल भए भने अन्यलाई माओवादीले यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्।

संक्रान्ति गाविस-९ कृष्ण उच्चमावि डाँडागाउँका कक्षा १० मा अध्ययनरत १६ वर्षीय दीपक भुजेल र सोही ठाउँ निवासी १७ वर्षीय गणेशबहादुर लिम्बूलाई जागिर



माओवादीद्वारा अपहरण गरिएकी सुष्मा श्रेष्ठ

दिलाउने सर्तमा ०६३ मंसिर ७ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। पीडितहरु यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

म्याङ्गलुङ्ग गाविस-२ निवासी १४ वर्षीया सुष्मा श्रेष्ठलाई जनसेनामा भर्ती गर्न भनी ०६३ मंसिर ९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएकी छैनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

अनेरास्ववियुका जिल्ला सचिव कृष्ण योगी, सोही संगठनका जिल्ला सदस्य विशाल खड्का, गीता कोइराला, जनमोर्चा केन्द्रीय सदस्य कालिबहादुर फुदोङ्ग र राजेन्द्र बरााललाई ०६२ चैत २८ गते लोकतान्त्रिक जनआन्दोलनमा जिल्ला सदरमुकाम तेह्रथुममा आठ विद्यार्थी संगठनद्वारा आयोजित मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी कुटपिट गरे।

माओवादीबाट

ओयाक्जुङ गाविस-१ निवासी २१ वर्षीय नरेशकुमार नेपालीले सुराकी गरेको आरोपमा ०६२ पुस १९ गते माओवादीले उनलाई साब्ला गाविसको हलिमेला बजारबाट अपहरण गरी ओयाक्जङ-लगुवाको जङ्गलमा लगेर कुटपिट गरी घाइते बनाए।

इशिबु गाविस-६ निवासी देउराली प्राविका शिक्षक ४१ वर्षीय आनन्दप्रसाद सेलेवालले बहुविवाह गरेको आरोपमा ०६२ चैत ५ गते माओवादीले उनलाई अपहरण गरी ओयाक्जुङ गाविससम्म पुऱ्याई चैत ८ गते घाइते अवस्थामा मुक्त गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो।

इशिबु गाविस-१ निवासी सोही गाविसका अध्यक्ष

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	३	३	१		३	३	३			३
गिरफ्तारी/यातना										११	३१			३१
कुटपिट					१०	१०			१०					
धम्की					१			१	१					
भेला/संगठित हुने अधिकार										३	८	१	१५	३४
महिलाअधिकार	३		३	३										
बालअधिकार	१		१	१						१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार	१	५		५										
अपहरण					३३	६३	६	३१	९०					
जम्मा	६	८	३	११	४६	७६	७	३३	१०५	१६	३१	३	१५	४८

रविन्द्र फम्बो लिम्बूले गाउँको झगडा मिलाउँदा सही न्याय नगरेको आरोपमा ०६२ चैत ६ गते माओवादीले उनलाई कुटपिट गरे।

ओयाक्जुङ्ग गाविस-१ निवासी शिक्षक ३३ वर्षीय दुर्गाप्रसाद ढकाललाई ०६२ चैत १९ गते जलजले गाविसका माओवादी कार्यकर्ता गणेश भण्डारीसहितको टोलीले कुटपिट गरे।



प्रहरीद्वारा गिरफ्तार गरिएका उद्धव तिम्सिना

गैरकानुनी गिरफ्तारी

सिम्ले गाविस-१ निवासी २० वर्षीय कर्णबहादुर आम्बोहाङ लिम्बू माओवादी भएको आरोपमा ०६२ पुस १८ गते प्रहरीले उनलाई सदरमुकामबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई प्रहरीले एक महिनासम्म हिरासतमा राखी जेल चलान गरेकोमा ०६३ जेठ ११ गते रिहा भए।

संखुवासभा जिल्ला मुडेशनिश्चरे गाविस-८ निवासी २१ वर्षीय प्रेमछिरिङ शेर्पा माओवादी भएको आरोपमा ०६२ पुस २२ गते प्रहरीले उनलाई जिल्ला सदरमुकामस्थित बसपार्कबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई प्रहरीले एक महिनासम्म हिरासतमा राखेर जेल चलान गऱ्यो। पीडित ०६३ जेठ ११ गते रिहा भए।

जलजले गाविस-६ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ५० वर्षीय ओमप्रसाद लम्साल, सोही ठाउँका ४५ वर्षीय ओमप्रसाद रिमाल, ४२ वर्षीय बलबहादुर सार्की र ५६ वर्षीय बमबहादुर तुम्बाहाम्फे माओवादी भएको आरोपमा ०६२ माघ २ गते सुरक्षाकर्मीले उनीहरूलाई घरबाटै गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरूमध्ये तीनजनालाई माघ ६ गते तारिखमा रिहा गरे भने गाजस प्रमुख लम्साललाई जेल चलान गरी ०६३ जेठ ११ गते रिहा गरे।

खामलालुङ गाविस-६ निवासी माओवादी कार्यकर्ता ५२ वर्षीय अग्नि भनिने भैरवपाईम लिम्बूलाई ०६२ माघ २ गते बिहान गस्तीमा गएका सुरक्षाकर्मीले ओखे गाविसस्थित भगवती उच्चमाविबाट गिरफ्तार गरे। पीडितलाई अनुसन्धानको लागि भनेर एक महिनासम्म हिरासतमा राखे। प्रशासनले पीडित माओवादी भएको ठहर गरेर जेल चलान गरेकोमा उनी ०६३ जेठ ११ गते रिहा भए।

इवा गाविस-३ निवासी ४२ वर्षीय गंगाराम मगर माओवादी भएको आरोपमा ०६२ फागुन २८ गते प्रहरीले उनलाई जिल्ला प्रशासन कार्यालयमा छोराको नागरिकता बनाइदिन आएको अवस्थामा गिरफ्तार गरे। पीडितलाई १० दिन हिरासतमा राखी जेल चलान गरिएकोमा ०६३ जेठ ११ गते रिहा भए।

उदयपुर जिल्ला सिद्धिपुर गाविस-४ निवासी १९ वर्षीय सुरेशचन्द्र राई र सोही ठाउँ निवासी १७ वर्षीय रविनकुमार राई माओवादी भएको आरोपमा ०६२ चैत ५ गते गस्तीमा गएको सुरक्षाकर्मीले म्याङलुङ्ग गाविस-६ बाट गिरफ्तार गरे। दुवैलाई सात दिनसम्म प्रहरी हिरासतमा राखी जेल चलान गरे। पीडितहरूलाई प्रशासनले ०६३ जेठ ११ गते रिहा गऱ्यो।

ताप्लेजुङ्ग जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३६ वर्षीय मानबहादुर भण्डारी माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६२ चैत ९ गते प्रहरीले गिरफ्तार गरी १५ दिन हिरासतमा राखी जागिरबाट बर्खास्त गरी जेल चलान गरे। पीडित ०६३ जेठ ११ गते रिहा भए।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक, स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

एमालेका जिल्ला सचिव भवानी खापुङ्ग, उपसचिव किशोरचन्द्र दुलाल, नेकाँ जिल्ला सभापति रामनारायण ढुङ्गाना र नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति गोविन्द ढुंगानालाई सात दलद्वारा आयोजित ०६२ माघ १३ गते एकदिने नेपाल बन्द कार्यक्रम अनुसार बजार बन्दको आह्वान गर्दै हिँडेको आरोपमा स्थानीय प्रशासनको निर्देशनमा प्रहरीले टुँडिखेलबाट उनीहरूलाई गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

लोकतान्त्रिक आन्दोलनका क्रममा जिल्ला सदरमुकाम तेह्रथुममा आठ विद्यार्थी संगठनद्वारा आयोजित कार्यक्रममा अनुगमनका लागि गएका इन्सेक जिल्ला प्रतिनिधि छत्रप्रसाद रिमाल, पत्रकारहरू सप्तकोशी एफएमका प्रतिनिधि



प्रहरीद्वारा गिरफ्तार गरिएका एमाले जिल्ला सचिव भवानी खापुङ्ग र उपसचिव किशोरचन्द दुलाल

भरत इङ्नाम, कञ्चनजंघा एफएम तथा ब्लाष्ट दैनिकका प्रतिनिधि उद्धव तिम्सिना, पत्रकार राजेन्द्र बराल र मोहन सुब्बालाई ०६२ चैत २९ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। प्रशासनले दोश्रो दिन पत्रकारलाई सुरक्षा ऐन अन्तर्गत नजरबन्द राख्ने गरी ९० दिने पक्राउ पूर्जी थमाए। पीडितहरूलाई ०६३ वैशाख ३ गते जिल्ला अदालतको रोहबरमा रिहा गरियो।



आन्दोलनका क्रममा प्रहरीको लाठीबाट घाइते भएका कृष्ण योगी

सुगम र निष्पक्ष न्यायिक आधिकार

यस वर्ष जिल्ला अदालतमा गत सालको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ५० थान र सरकारवादी फौजदारी ४१ थान गरी मुद्दाको ९१ थान रहे। यस वर्ष दर्ता भएका दुनियावादी देवानी ४५ र सरकारवादी फौजदारी २२ गरी ६७ थान मुद्दा दर्ता भए। यसवर्ष दुनियावादी देवानी १६ थान र सरकारवादी फौजदारी १२ थान गरी २८ थान मुद्दा फर्स्यौट भए। दुई वर्ष भन्दा बढी म्याद नाघेका दुनियावादी देवानी सात थान र सरकारवादी फौजदारी दुई गरी नौथान मुद्दा रहेका छन्। एक वर्षदेखि दुई वर्षसम्म म्याद नाघेका दुनियावादी देवानी १३ थान र सरकारवादी फौजदारी सातथान गरी २० मुद्दा रहेका छन्। एक वर्ष भित्रका दुनियावादी देवानी मुद्दाहरु २१ थान र सरकारवादी फौजदारी १३ गरी कूल ३४ थान मुद्दा रहेका छन्।



प्रहरीद्वारा गिरफ्तार गरिएका भरत इङ्नाम

बालअधिकार

पिप्ले गाविस-२ निवासी १६ वर्षीय सरोज बजगाईंलाई ०६३ कात्तिक २५ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्न भन्दै अपहरण गरे। पीडित माओवादीको इलामको बेशक्यामका छन्।

म्याङ्लुङ्ग गाविस-३ निवासी त्रिचोक निमावि कक्षा ३ का १० वर्षीय कुलबहादुर कुँवर र सोही ठाउँ निवासी कक्षा ५ का १२ वर्षीय मानबहादुर बुढाथोकीलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरी नौ दिनपछि मुक्त गरे।



प्रहरीद्वारा गिरफ्तार गरी हिरासतमा राखिएका इन्सेक प्रतिनिधि छत्र रिमाल

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा माओवादीबाट

हवाकु गाविस-१ निवासी ५२ वर्षीय मोहन भट्टराईको सात बोरा अलैंची ०६३ मंसिर ७ गते माओवादीले कब्जा गरे। विगतका वर्षमा उनको बगानमा उत्पादन भएको पूरै अलैची माओवादीले नै लैजाने गरेका थिए।

खानेपानीअवरुद्ध

जिल्ला सदरमुकाम म्याङ्लुङ्ग बजार र आसपासका गाविसका लागि ८ किमी पर रहेको उत्तरश्रदले मुहानबाट ल्याइएको खानेपानी ०६२ फागुन २३ गतेदेखि पानीको रकममा अनियमितता भएको भनी माओवादीले पटक-पटक अवरुद्ध गरे। माओवादी र खानेपानी उपभोक्ताबीच सम्झौता भएपछि २० दिनपछि मात्र खानेपानी सुचारू भयो।

सञ्चार अबरुद्ध

जिरीखिम्ती बजारमा सञ्चालित ७५ लाइन टेलिफोन माओवादीले प्रयोग गरेको आरोपमा ०६२ फागुन १६ गतेदेखि जिल्ला प्रशासन कार्यालय तेह्रथुमले अवरुद्ध गरेकोमा स्थानीय बासिन्दाको पहल र दबाबमा फागुन २६ गतेदेखि माओवादी पक्षलाई फोन गर्न नदिने सर्तमा जडान गरियो।

सरकारी कार्यालय कब्जा माओवादीबाट

जिल्ला सदरमुकाम तेह्रथुमको खानेपानी सरसफाई तथा सव-डिभिजन कार्यालयमा ०६३ असोज २६ गतेदेखि माओवादीले कार्यालय प्रमुखको कोठा, स्टोर कोठा र अतिथि गृह कब्जा गरेर बसोबास गरे। यो वर्षको अन्त्यसम्म भवनहरू छाडेनन्।

१.९ भोजपुर



जनसंख्या :	२,०४,७२९
साक्षरता प्रतिशत :	५४.५२
महिला साक्षरता प्रतिशत :	४३.२
क्षेत्रफल (वर्ग कि. मि.) :	१५०७
गाविस/नपा संख्या :	६३
निर्वाचन क्षेत्र :	२
विद्यालय :	३६७
क्याम्पस/उच्च मा.वि. :	१/४
अस्पताल/स्वास्थ्य चौकी :	१/६३
टेलिफोन लाइन :	४
मोटर सडक (कि. मि.) :	०
प्रहरी कार्यालय संख्या :	१
हुलाक संख्या :	३६
मानव विकास सूचकाङ्क :	०.४७२
प्रति परिवार सरदर संख्या :	५.१८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

देवानटार गाविस-७ निवासी २० वर्षीय देवेन्द्र राई माओवादी भएको आरोपमा ०६२ पुस २१ गते रानीबास गाविसको हतुवागढीमा रहेका सेनाले कब्जामा लिएर कुटपिट गरी उनको सोही दिन हत्या गरे। सेनाले छानबिन समिति गठन गरेर दोषी सैनिकलाई कारवाही गरेको जनायो। घटनामा सेनाका अधिकारी दोषी भएको जनाउँदै मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चआयोगले सो घटनाको छानबिन गरी दोषीमाथि कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति दिन माग गरेका थिए।

यूँ गाविस-७ को दावुराडमा सेनाले ०६२ माघ १५ गते गरेको हवाई आक्रमणमा परी चारजना माओवादी कार्यकर्ताको घटनास्थलमा मृत्यु भयो। सेनाले हेलिकप्टरबाट प्रहार गरेको बम लागेर अन्य करिब १२ जना माओवादी कार्यकर्तासमेत घाइते भए। सो घटनामा मारिएकामध्ये सीमा भनिने माओवादी कार्यकर्ताको मात्र नाम खुले पनि अन्य बारे माओवादीले जानकारी दिएनन्।

दोहोरो भिडन्त

रानीबास गाविसको हतुवागढीमा रहेको सेना र प्रहरीको क्याम्पमा ०६२ माघ १४ गते माओवादीले प्रहार गरेको गोली लागी चितवनका अमलदार रेशम थापा र रामेछापका प्युठ केदार सुवेदीको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा सुरक्षाकर्मीको गोली लागी रानीबास गाविसका माओवादी बटालियन सह-कमाण्डर जमिन भनिने निशाम शिवाहाङ खम्वुसहित ४६ जना भन्दा बढी माओवादीको मृत्यु भयो। भिडन्तका क्रममा मारिएका १२ जना माओवादीका लास सैन्य पोसाकमै सुरक्षाकर्मीको क्याम्प वरिपरि छरिएको थियो। ती लासलाई सर्वसाधारणले बोकेर गाडेका थिए। बाँकी लासलाई माओवादीले नै बोकेर लगेको स्थानीय बासिन्दाहरूले बताए।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

ओखे गाविस-४ निवासी ४२ वर्षीय सोमकुमार राई र ओखे गाविस-४ निवासी इन्द्रकुमार राई ०६२ माघ १५ गते वासिङ्थर्पू गाविसको धिन्ताङडाँडामा सेनाले हेलिकप्टरबाट प्रहार गरेको बम लागी गम्भीर घाइते भए। माओवादीले ०६२ माघ १४ गते रानीबास गाविसको सुरक्षाकर्मीको बेस क्याम्पमा आक्रमण गर्दा घाइते भएका माओवादी लडाकुको लास बोकेर फर्कने क्रममा सेनाले हानेको बम उनलाई लागेको हो।

रानीबास गाविसको हतुवागढीमा रहेको सुरक्षाकर्मीको संयुक्त क्याम्पमा ०६३ जेठ १५ गते बम विस्फोट हुँदा सैनिक जवान गोरखा जिल्लाका भीमबहादुर कुमाल गम्भीर घाइते भए। घाइतेको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा थियो।

बेवारिसे बमबाट

भैंसीपंखा गाविस-२ धापखर्क निवासी ३३ वर्षीया निम्दिकी शेर्पा ०६३ वैशाख १ गते घरैमा बेवारिसे बम विस्फोट हुँदा गम्भीर घाइते भइन्। घरभित्र विस्फोट भएको बमले उनका दुवै खुट्टामा गहिरो चोट लाग्यो। घाइतेको जिल्ला अस्पताल भोजपुरमा डेढ महिना उपचार गरेर काठमाडौं लगियो। सो बम माओवादीले प्रयोग गर्ने सकेट बम

भएको जिल्ला प्रहरी कार्यालय, भोजपुरले जनायो।

जेल र बन्दी

"ख" श्रेणीको भोजपुर कारागारको क्षमता २५ जनाको रहेको छ। हाल सो कारागारमा २१ जना पुरुष र चारजना महिला गरी कूल २५ जना बन्दी छन्। हाल कारागार शाखा भोजपुरमा राजनीतिक बन्दी छैनन्। यो जेलमा महिला र पुरुषका लागि छुट्टाछुट्टै कोठा बनाइएको छ।

बेपत्ता/अपहरण

राज्यबाट

वासिङ्थर्पू गाविसको धिन्ताङ डाँडाबाट माओवादी सेनाका सदस्यहरू १४ वर्षीय वीरबहादुर तामाङ र १५ वर्षीय चन्द्रबहादुर खड्कालाई ०६२ माघ १७ गते सेनाले गिरफ्तार गरे।

माओवादीबाट

सिद्धेश्वर गाविस-३ दावाँका १३ वर्षीय बालक दीपेश प्रधानलाई ०६२ पुस १८ गते माओवादीले घरबाटै अपहरण गरी केही हप्तापछि मुक्त गरे।

नागी गाविस-७ का ३२ वर्षीय सुमन बान्तावालाई ०६२ माघ ५ गते माओवादीले बास्तिम गाविसको मानेडाँडाबाट अपहरण गरे। शाही नेपाली सेनामा कार्यरत उनलाई घरबाट हेटौंडा जाने क्रममा अपहरण गरेका थिए। माओवादीले पीडितलाई पूर्णकालीन कार्यकर्ता बनाएको घोषणा गरे तर पीडितले आफूलाई माओवादीमा क्रियाकलापमा संलग्न गराउन माओवादीले जबरजस्ती गरिरहेको बताए।

ओखे गाविस-३ निवासी मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब ओखेका अध्यक्ष मानवअधिकार कार्यकर्ता २२ वर्षीय विष्णु कार्कीलाई ०६२ माघ १६ गते माओवादीले घरबाटै अपहरण गरी माघ १४ गते रानीबास गाविसको हतुवागढीमा रहेको सेना र प्रहरीको क्याम्प आक्रमणको क्रममा युद्ध सामग्री बोक्न लगाए। कार्कीलाई ०६२ माघ १६ गते मुक्त गरियो।

केउरेनीपानी गाविस-४ का कूलबहादुर श्रेष्ठले प्रहरीमा जागिर खाएको आरोपमा ०६२ चैत ११ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरी एक महिनापछि मुक्त गरे।

छिनामखु गाविस निवासी जिल्ला विकास समिति, भोजपुरका मनोनित सदस्य ६० वर्षीय जयप्रसाद राई 'शाही सत्ता'को मान्छे भएको आरोपमा ०६२ चैत १४ गते माओवादीले भोजपुर गाविस-१ देउरालीबाट अपहरण गरी ओढारे खोलासम्म पुऱ्याएर तीन घण्टापछि सो पदबाट राजीनामा दिने सर्तमा मुक्त गरे।

मूलपानी गाविस-६ निवासी इश्वर भट्टराई र शान्ता भट्टराईले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असार १२ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी दुवै जनालाई श्रम गराई केही महिनापछि मुक्त गरे।

मुलपानी गाविस-७ दिंला बजार निवासी व्यापारीहरू लालबहादुर श्रेष्ठ र जीवन श्रेष्ठले गाउँमा भएको झगडा चर्काएको आरोपमा ०६३ साउन १६ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी घटना नदोहोऱ्याउने सर्तमा केही घण्टापछि मुक्त गरे।

कुदाककाउले गाविस-४ निवासी नारायण बस्नेतले रुद्राक्षको कर नतिरेको तथा माओवादीका ज्यादती मानवअधिकारकर्मीलाई सुनाएको आरोपमा ०६३ भदौ ६ गते माओवादीले उनलाई अपहरण गरी तीन महिना श्रम गराए।

श्यामसिला गाविस-४ निवासी वीरबहादुर तामाङले गाउँमा चोरी गरेको आरोपमा ०६३ भदौ १४ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	८	१	९	१	३			३	३	३	१	४८	५१
घाइते	४	४		४	१	१			१	३	४			४
गिरफ्तारी/यातना										७	७	४		११
कुटपिट	६	७	१	८	८	११	३		१३	५	६	१		७
धम्की					३	५			५	१	१			१
भेला/संगठित हुने अधिकार										५	३४			३४
महिलाअधिकार	४		४	४										
बालअधिकार	३		३	३										
अमानवीय व्यवहार					३	३			३					
अपहरण	१	१		१	१७	१७	१	१५०	१६८					
जम्मा	३४	३०	९	३९	३३	३८	३	१५०	१९१	३४	४४	६	४८	९८



सुरक्षाकर्मीद्वारा हत्या गरिएका देवेन्द्र राई

उनलाई अपहरण गरी तीन महिना श्रम गराई मुक्त गरे।

मूलपानी गाविस-६ का २६ वर्षीय गोपाल राईले स्थानीय एक किशोरीलाई बलात्कार गरेको आरोपमा ०६३ कात्तिक ११ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दिंला बजारमा श्रम गराए। पीडित हालसम्म माओवादी कब्जामै छन्।

कुलुङ गाविस-७ निवासी ४६ वर्षीय खड्गबहादुर गिरीले ठोट्नेरी निमावि कुलुङको भत्याङ भत्काएको आरोपमा ०६३ कात्तिक १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। आरोप स्वीकार गराउन माओवादीले गिरीलाई कुटपिटसमेत गरी कात्तिक २४ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

श्यामसिला गाविस-४ निवासी १६ वर्षीय नारायण तामाङले गाउँका अन्य युवालाई चोरी गर्न सघाएको र झुठो बोलेको आरोपमा ०६३ वैशाख २१ गते माओवादीले उनलाई राधाकृष्ण मावि श्यामसिलामा कुटपिट गरे।

याङपाङ गाविस-८ निवासी २५ वर्षीय धनबीर राई र ७० वर्षीय जीतबहादुर राईले मनिला राईको हत्या गरेको आरोपमा ०६३ असार २३ गते माओवादीले उनीहरूलाई लाठी, मुक्का र लात्तीले कुटपिट गरे।

श्यामसिला गाविस-४ निवासी युवा बीरबहादुर तामाङले गाउँमा चोरी गरेको आरोपमा ०६३ भदौ १४ गते माओवादीले उनलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई हाल माओवादी श्रमशिविरमा छन्।

पञ्चकन्या उच्चमावि च्याङ्ग्रेका शिक्षक नवराज ढकालले सोही विद्यालयका विद्यार्थीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १० गते माओवादीले कुटपिट गरे।

गैरकानूनी गिरफ्तारी

यूँ गाविस-४ निवासी २५ वर्षीय अर्जन राई र २२ वर्षीया दिकु शेर्पा (राई) माओवादी भएको आरोपमा ०६२ पुस २० गते सुरक्षाकर्मीले रानीबास गाविसको घोडेटार बजारबाट गिरफ्तार गरे। पीडितहरूलाई कारागार शाखा भोजपुरमा पाँच महिना नजरबन्दमा राखी ०६३ जेठ १२ गते मानवअधिकारकर्मीको रोहबरमा रिहा गरियो।

ताप्लेजुङ जिल्लाको ढुंगेसाँघु गाविस निवासी माओवादी कार्यकर्ताहरू १४ वर्षीया विमला विक र दलगाउँ गाविस-५ निवासी २४ वर्षीया रीता राईलाई ०६२ माघ १७ गते सेनाले होम्ताङ गाविसबाट गिरफ्तार गरे। दुवैजना चार महिना कारगार शाखा भोजपुरमा नजरबन्दमा राखी ०६३ जेठ दोस्रो साता मानवअधिकारकर्मीको रोहबरमा रिहा गरे।

खैराङ गाविस-६ निवासी विमला कार्की माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६२ माघ १७ गते सेनाले उनलाई होम्ताङ गाविसबाट गिरफ्तार गरी माघ २४ गते मानवअधिकारकर्मीको पहलमा जिल्ला प्रहरी कार्यालय भोजपुरबाट रिहा गरे।

तिम्मा गाविस-७ निवासी २५ वर्षीय मनकुमार राईले माओवादीको नाममा चन्दा उठाइरहेको अवस्थामा ०६२ फागुन १५ गते प्रहरीले उनलाई भोजपुर बजारबाट गिरफ्तार गरी भोजपुर कारागारमा तीन महिना नजबन्दमा राखी ०६३ जेठ ४ गते रिहा गरे।

छिनामखु गाविस-१ निवासी प्रेम राई माओवादी भएको आरोपमा ०६२ फागुन २५ गते प्रहरीले जिल्ला अस्पताल भोजपुर परिसरबाट गिरफ्तार गरी तीन महिना कारागार शाखा भोजपुरमा नजरबन्दमा राखी ०६३ जेठ १२ गते मानवअधिकारकर्मीको रोहबरमा गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भोजपुर सदरमुकामको डाँडागाउँमा ०६२ माघ १९ गते राजनीतिक दलहरूद्वारा आयोजित शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरी कार्यक्रम बिथोल्यो। सुरक्षाकर्मीले कार्यक्रममा ल्याइएका ब्यानर, पम्प्लेट र माइक खोसे।



दोहोरो भिडन्तमा मारिएका माओवादी सह-कमान्डर निशाम भनिने शिवाहाङ खम्बु



प्रहरीद्वारा कुटपिट गरिएका प्रेम किराँत

भोजपुर गाविस-३ मा ०६२ चैत २९ गते सात दलले गरेको शान्तिपूर्ण प्रदर्शन र सभामा प्रहरीले हस्तक्षेप गर्दा एमालेका जिल्ला सचिव शेरधन राई, विद्यार्थी नेता मकरबहादुर खड्का, नेविसंघका जिल्ला नेता सरोज बस्नेत, नेकाँका सभापति नन्दमणि राई, भोजपुर क्याम्पसका स्ववियु सभापति ध्रुवराज राई, मानवअधिकार कार्यकर्ता नेत्रविनोद लुईंटेल, पिवन्त न्यौपाने र पर्शुराम तिवारीलगायत गम्भीर घाइते भए। तीमध्ये एमाले नेता शेरधनको काठमाडौं र मकरबहादुरको धरानमा उपचार भयो भने अन्य सबैको उपचार स्थानीय अस्पतालमा भयो।

भोजपुर गाविस-३ डाँडागाउँमा ०६३ वैशाख २ गते आन्दोलनरत दलहरूले गरेको शान्तिपूर्ण प्रदर्शन र सभामा प्रहरीले हस्तक्षेप गर्दा अनेरास्ववियुका अध्यक्ष प्रेम किराँत, प्रायुसंघका सचिव दुर्गा योञ्जन, नेविसंघका उपाध्यक्ष बिष्णुराज राई, एमाले जिल्ला सदस्य भूलानाथ राई, नेकाँका जिल्ला सभापति नन्दमणि राई, अनेरास्ववियुका जिल्ला सदस्य यदचन्द्र खड्का, एमाले जिल्ला सदस्य भरत तामाङ र तरुण दलका पाविहाङ राईलगायतका घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भोजपुरमा गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १९ ओटा र यस वर्ष दर्ता भएका दुनियावादी देवानी १४ ओटा गरी जम्मा १८ ओटा मुद्दा रहेका छन्। त्यसैगरी जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी २३ ओटा र यो वर्ष दर्ता भएका दुनियावादी फौजदारी छओटासहित जम्मा २९ ओटा मुद्दा रहेका छन्।

यसैगरी, सरकारी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका आठओटा र यो वर्ष दर्ता भएका १४ गरी जम्मा २२ ओटा मुद्दा रहेका छन्।

०६२ पुस मसान्तसम्म जिल्ला अदालत भोजपुरमा दुनियावादी देवानीतर्फ २१ ओटा मुद्दा फर्स्यौट भए। यसैगरी दुनियावादी फौजदारीतर्फ यो वर्ष १२ ओटा मुद्दा फर्स्यौट भए। जसमा सरकारवादी फौजदारीतर्फ पनि १२ ओटा मुद्दा फर्स्यौट भएका छन्।

बालअधिकार

भोजपुर गाविस-७ निवासी विद्यालय माबि टक्सारमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय सन्तोष बस्नेतलाई ०६३ कात्तिक ५ गते माओवादीले घरबाटै अपहरण गरी जनमुक्ति सेनामा भर्ती गरे।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

मुलपानी गाविस-६ निवासी १४ वर्षीया एक बालिकालाई ०६३ कात्तिक ८ गते सोही गाविसका २६ वर्षीय गोपाल राईले बलात्कार गरे। घरमा एक्लै रहेको समयमा पीडितलाई हाल माओवादीले पूर्णकालीन कार्यकर्ता बनाएको छ। पीडकलाई माओवादीले अपहरण गरी श्रम शिविरमा राखेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

जिल्ला विकास समिति भोजपुरले आर्थिक वर्ष ०६२/०६३ मा अशक्त भत्ता अन्तर्गत करिब ३ हजार वृद्धवृद्धालाई भत्ता वितरणको लागि ३७ लाख रुपैयाँ निकासा गरे पनि सो रकम वितरण गरिसकेको विवरण जिल्ला विकास समितिमा छैन। जिल्ला विकास समितिले आर्थिक वर्ष २ हजार ५ सय वृद्धवृद्धा भत्ता र २ हजार ९ सय ८५ जनालाई विधवा भत्ता तथा ५० जनालाई अपाङ्ग भत्ता वितरण गऱ्यो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका नेपालेडाँडा गाविस-६ निवासी २९ वर्षीय रामबहादुर कार्की, बोया गाविस-६ का ४० वर्षीय धनबहादुर तामाङ र खार्तम्छा गाविस-२ निवासी २४ वर्षीया माओवादी कार्यकर्ता आशा राईको अवस्था अज्ञात छ।

माओवादीबाट

यसैगरी माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका बोखिम गाविस-८ निवासी १३ वर्षीय प्रकाश तामाङ, सिद्धेश्वर गाविस-३ निवासी २७ वर्षीय डिकबहादुर प्रधानको अवस्था अज्ञात छ।

१.१० संखुवासभा



जनसंख्या	१,६६,६५४
साक्षरता प्रतिशत	६१.५
महिला साक्षरता प्रतिशत	३४
क्षेत्रफल (वर्ग कि. मि.)	३४८६.१६
गाविस/नपा संख्या	३३/१
निर्वाचन क्षेत्र	२
विद्यालय	३५४
क्याम्पस/उच्च मा.वि.	३/९
अस्पताल/स्वास्थ्य चौकी	२/७
टेलिफोन लाइन	३३३
मोटर सडक (कि. मि.)	६३
प्रहरी कार्यालय संख्या	३
हुलाक संख्या	३६
मानव विकास सूचकांक	०.४८१
प्रति परिवार सरदर संख्या	५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

खराङ्ग गाविस-५ निवासी ५५ वर्षीय नरबहादुर बराईलीले मादकपदार्थ सेवन गरेको आरोपमा ०६३ साउन ३१ गते माओवादीले उनकै घर नजिक कुटपिट गरे। पीडितलाई ०६३ भदौ ५ गते उपचारको लागि खाँदबारी अस्पताल ल्याउँदै गर्दा तुम्लिङ्गटारमा मृत्यु भयो।

जेल र बन्दी

संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीमा रहेको जिल्ला कारगार २५ जनाको क्षमता भएको 'ग' श्रेणीको कारगारमा हो। कारागारमा चारजना महिलासहित जम्मा २६ जना कैद तोकिएका बन्दीहरु रहेका छन्। जसमध्ये ९ जना बन्दी छन् भने १७ जना कैद नतोकिएका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

मादी राम्बेनी गाविस-६ निवासी २९ वर्षीय सुशीला रिजाललाई देवरलाई विष खुवाई मारेको आरोपमा ०६२ माघ १८ गते माओवादीले अपहरण गरे। पीडितलाई शान्ति सम्झौता भएपछि जिल्ला प्रहरी कार्यालयमा बुझाउन ल्याउँदा पनि प्रशासनले उजुरी नआएको भन्दै बुझ्न नमाने पछि पुन: माओवादीले नै लगे।

वाना गाविस-८ निवासी २९ वर्षीय खड्गराज पुरीलाई ०६२ चैत १३ गते माओवादीले आफ्नै घरबाट काठ तस्करी गरेको आरोपमा अपहरण गरी ०६२ चैत १६ गते मुक्त गरे।

सित्तलपाटी गाविस-१ निवासी हिमालय मावि आँलाको शिक्षक ४० वर्षीय नन्दलाल गौतमलाई ०६३ वैशाख १९ गते माओवादीले सित्तलपाटी गाविस-८ आलाबाट अपहरण गरी ०६३ वैशाख २१ गते मुक्त गरे।

खाँदबारी नपा-१३ का ४१ वर्षीय सोमबहादुर कुमाललाई मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६३ जेठ २ गते माओवादीले आफ्नै घरनजिक कुटपिट गरी ४ दिनसम्म चैनपुर जाने बाटो खन्न श्रमशिविरमा राखी जेठ ६ गते मुक्त गरे।

माम्लिङ्ग गाविस-१ निवासी ४० वर्षीय पृथ्वीबहादुर लिङ्गथेपले आफ्नै भाञ्जालाई खुकुरी प्रहार गरी घाईते बनाएको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई अपहरण गरी श्रमशिविरमा राखे।

दिदिङ्ग गाविस-३ निवासी ५० वर्षीय कुमार राईलाई आफ्नै दाजुलाई खुकुरी प्रहार गरेको आरोपमा ०६३ भदौ २ गते माओवादीले अपहरण गरी ०६३ भदौ २५ गते प्रहरीलाई जिम्मा लगाए।

दिदिङ्ग गाविस-३ निवासी ५२ वर्षीय लवहाङ्ग राईले पूर्व जिविसका सदस्य काजीबहादुर राईलाई खुकुरी प्रहार गरेको आरोपमा ०६३ भदौ १८ गते माओवादीले अपहरण गरी ०६३ कात्तिक ११ गते मुक्त गरे।

खाँदबारी नपा-१ टुँडिखेल निवासी १९ वर्षीय अर्जुन नेउपाने र सोही स्थानका १७ वर्षीय राजन लिम्बूलाई झगडा गरेको आरोपमा ०६३ असोज २० गते माओवादीले अपहरण गरे। पीडितहरू कात्तिक २ गते माओवादी कब्जाबाट भागे।

तामाफोक गाविस-७ निवासी ५० वर्षीय भीमबहादुर राईले खुकुरी प्रहार गरी आफ्नै छोरीको हत्या गरेको आरोपमा ०६३ असोज १९ गते माआवादीले अपहरण गरी श्रमशिविरमा राखे।

आँखीभूई गावि-५ निवासी २८ वर्षीय बलबहादुर कार्कीलाई ०६३ असोज २३ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी हालसम्म मुक्त गरेका छैनन्।

खराङ्ग गाविस-८ निवासी १९ वर्षीय देवबहादुर कटुवाल, २१ वर्षीय चन्द्रबहादुर कटुवाल, २३ वर्षीय मदन श्रेष्ठ र १८ वर्षीय विक्रम सुब्वाले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ असोज २६ गते माओवादीले उनीहरूलाई अपहरण गरी असोज २८ गते मुक्त गरे।

मत्स्यपोखरी गाविस-२ निवासी १८ वर्षीय गुन्जबहादुर गुरुङलाई ०६३ कात्तिक २५ गते माओवादीले अपहरण गरे। पीडित ०६३ कात्तिक २७ गते माओवादीको कब्जाबाट भागे।

धम्की/ ज्यानमार्ने धम्की/ कुटपिट

राज्यबाट

मभातेवा गाविस-४ निवासी ४१ वर्षीय लीलाराम राईलाई ०६२ चैत २३ गते साँझपख खाँदबारी आउँदै गर्दा खाँदबारी नपा-१० को नयाँबजारमा सादा पोसाकका सुरक्षाकर्मीले कुटपिट गरे।

खाँदबारी नपा-३ निवासी २६ वर्षीय गाडी ड्राइभर अशोक गुरुङलाई ०६२ चैत २८ गते साँझ मानेभञ्ज्याङ्गबाट खाँदबारी आउँदै गर्दा निरौला गाउँमा गस्तीमा रहेको सुरक्षाकर्मीले गाडी रोकी कुटपिट गरे।

खाँदबारी नपा-९ निवासी गाडी चालकहरु २७ वर्षीय सरोज विक, खार्ताम्छा गाविस-५ भोजपुरका डेन्डी शेर्पा, खाँदबारी नपा-१२ निवासी इन्द्र अर्जी र सुनिलब श्रेष्ठलाई गाडी नरोकेको आरोपमा ०६३ वैशाख १ गते सादा पोसाकका सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरूमध्ये सरोज नेपालीको खाँदबारी अस्पतालमा उपचार भयो।

इलाम जिल्ला घर भई सशस्त्र प्रहरी कार्यालय चैनपुरमा कार्यरत प्रहरी हवल्दार सोमकुमार थापाले राजनीतिक दललाई आन्दोलनमा सहयोग गरेको आरोपमा ०६३ जेठ २० गतेदेखि डिएसपीले कुटपिट गरी गिरफ्तार गरे। पीडित जेठ २५ गते रिहा भए।

माओवादीबाट

सित्तलपाटी गाविस-६ निवासी २१ वर्षीय सुमन राईलाई केटी जिस्काएको आरोपमा ०६३ वैशाख २९ गते माओवादीले आफ्नै घरमा कुटपिट गरे।

खराङ्ग गाविस-८ निवासी निगुरे साना जलविद्युत आयोजनाका पाले ५५ वर्षीय मीनबहादुर दाहाललाई ०६२ माघ २६ गते माओवादीले निगुरेमा कुटपिट गरे। कुटपिटको कारण थाहा हुन सकेन।

गैरकानुनी गिरफ्तारी

खाँदबारी नपा-१२ निवासी नेपाल पत्रकार महासंघका सभापति ४५ वर्षीय मातृका तिम्सिना र वरुण बहुमुखी क्याम्पसका विद्यार्थी सरोज दाहाललाई निरंकुश राजतन्त्रको विरोध गेरेको आरोपमा ०६२ माघ १८ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी माघ २१ गते रिहा गरे।

खाँदबारी नपा-१ निवासी बरुण बहुमुखी क्याम्पसका अध्यापनरत ४० वर्षीय कल्पना अधिकारी र ताप्लेजुङ्ग जिल्ला घर भई सोही क्याम्पसमा अध्यापनरत ३१ वर्षीय लोकचन्द्र सुब्वालाई विद्यार्थीलाई उक्साई आन्दोलन गर्न लगाएको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले खाँदबारीको पोखरी बजारबाट गिरफ्तार गरी प्रहरी कार्यलयमा राखी ०६२ माघ २० गते रिहा गरे।

बानेश्वर गाविस-७ निवासी माओवादीका कार्यकर्ता ३२ वर्षीय फूलमाया तामाङलाई ०६२ चैत २० गते चैनपुरबाट गएका सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					१	१		१				
घाइते	३	३		३								
गिरफ्तारी/यातना									६	११	३	१३
कुटपिट	३	३		३	५	४	१	५	८	१३		१३
धम्की					१	१		१				
भेला/संगठित हुने अधिकार									३	५	३	८
बालअधिकार	१	३		३								
अमानवीय व्यवहार	१		१	१								
अपहरण					३५	३०	८	३८				
जम्मा	७	८	१	९	३३	३६	९	४५	१६	३९	५	३४

०६३ जेठ १२ गते रिहा गरे।

चैनपुर गाविस-३ निवासी नेकपा एमालेका अञ्चल कमिटी सचिव ५० वर्षीय राजेन्द्र गौतम, बाना गाविस-२ का एमाले जिल्ला कमिटी उपसचिव डम्बर खड्का र नेकाँका कुमारबाबु अधिकारीलाई नगर निर्वाचनको विरोधमा आन्दोलन गरेको आरोपमा ०६२ माघ १३ गते सुरक्षाकर्मीले खाँदबारीको पोखरीबाट गिरफ्तार गरी ०६२ चैत २ गते रिहा गरे।

खाँदबारी नपा-३ निवासी एमालेका पार्टी सचिव डेडराज खड्का, मादी गाविस-३ निवासी नेकाँ केन्द्रीय सदस्य गोपालराज पाहाडी र मकालु गाविस-८ निवासी नेकाँ जिल्ला कार्यसमिति सभापति तारामान गुरुङलाई नगर निर्वाचनको विरुद्धमा आन्दोलन गरेको आरोपमा ०६२ माघ १३ गते सुरक्षाकर्मीले खाँदबारी बजारबाट गिरफ्तार गरी ०६२ चैत ४ गते रिहा गरे।

खाँदबारी नपा-१ निवासी नेकाँका नेताहरु ३२ वर्षीय दीपनकुमार श्रेष्ठ र ४५ वर्षीय उषा कार्कीलाई ०६२ माघ १३ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी ०६२ चैत २ गते रिहा गरे।

खाँदबारी नपा-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ५२ वर्षीय मुरारी खतिवडालाई ०६२ माघ १३ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी भेटनरी कार्यालयमा राखी ०६२ चैत २ गते रिहा गरे।

अभिव्यक्ति/ भेला हुने संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वन्तन्त्र र निष्पक्ष चुनावसमेत)

खाँदबारी नपा-१० का विद्यार्थीहरु झलकमणि मगर, डम्बरु निरौला र पर्शुराम निरौलालाई ०६२ माघ १९ गते शाही घोषणाको विरोधमा जुलुस लगाउँदै पोखरी बजार आइपुगेपछि प्रहरीले गिरफ्तार गरी ०६२ माघ २० गते रिहा गरे।

सभापोखरी गाविस-६ निवासी २५ वर्षीय सिलिचुङ्ग ल्कबमा कार्यरत गंगा राईलाई जुलुसमा हिँडेको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले आरती होटल अगाडि बसिरहेको अवस्थामा उनलाई कटबाँसको लट्ठीले कुटपिट गर्दै गिरफ्तार गरी ०६२ माघ २० गते रिहा गरे।

खाँदबारी नपा-२ निवासी सर्दन अधिकारी, वाला गाविस-३ निवासी लोकविक्रम राई, स्यावुन गाविस-४ का सविता राई, खाँदबारी नपा-३ निवासी सुशीला ओझा र सुशीला घिमिरेलाई राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले खाँदबारीको पोखरीबाट गिरफ्तार गरी ०६२ माघ २० गते साँझ रिहा गरे।

खाँदबारी नपा-१० निवासी दर्शन दैनिकका समाचारदाता किसोर बुढाथोकी, इन्सेक जिल्ला प्रतिनिधि लीलाप्रसाद श्रेष्ठ र कान्तिपुर दैनिकका समाचारदाता रमेशचन्द्र अधिकारीलाई बम पड्काएको आरोप लगाई ०६२ माघ १९ गते हिमालय क्याम्पसबाट राजतन्त्रको विरुद्धमा विद्यार्थीहरूले निकालेको जुलुसको अनुगमन गरिरहेको बेला सोही दिन इन्स्पेक्टर महेश भट्टराईको नेतृत्वमा आएको सुरक्षाकर्मीको टोलीले पोखरीबजारबाट गिरफ्तार गरी बेलुका रिहा गरे।

सुगम तथा निस्पक्ष न्यायिक अधिकार

यस वर्ष संखुवासभा जिल्ला अदालतमा नियम बदर तथा हकदाबी सम्बन्धी तीनओटा, जग्गा खिचलो सम्बन्धी तीन, अंशदावी दर्ता सम्बन्धी आठ ओटा, लिखत सम्बन्धी चार, लेनदेन नौ, बालीविगो आठ, फैसला बदर एक, सम्बन्ध बिच्छेद चार, करकाप दुई, जालसाज किर्ते छ, हाडनाता करणी एक, लुटपाट आठ, आगोलागी एक, बनहानी तीन, ठगी दुई, डाँका एक, कर्तव्यज्यान सात, गौहत्या एक, ज्यानमार्ने उद्योग एक, चोरी एक, जबरजस्ती करणी एक, जीउ मास्ने बेच्ने एक, हकदावी एक र बेइज्जती एक गरी जम्मा ७८ ओटा मुद्दा परेकोमा जम्मा पाँचओटा मात्र फैसला भयो भने ७२ ओटा बाँकी रहेको छ।

बालअधिकार

खाँदबारी नपा-७ निवासी १७ वर्षीय शिला शिवालाई ०६३ असोज २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्नका लागी अपहरण गरे।

दिदिङ्ग गाविस-२ निवासी विद्यार्थी १४ वर्षीय नवीन राईलाई ०६३ कात्तिक २४ गते माओवादीले जबरजस्ती अपहरण गरी जनमुक्ति सेनामा भर्ना गरे।

दिदिङ्ग गावि-३ निवासी १७ वर्षीय जीतेन्द्र राई र १५ वर्षीय जुजे राईलाई ०६३ कात्तिक २५ गते माओवादीले आफ्नै घरबाट जनमुक्ती सेनामा भर्ना गर्न अपहरण गरी लगे।

दिदिङ्ग गाविस-२ निवासी १४ वर्षीय मनकुमार गुरुङ, १३ वर्षीय सानु राई, १५ वर्षीय निमलाई राईलाई ०६३ कात्तिक २६ गते माओवादीले आफ्नै घरबाट मासिक ८ हजार दिने प्रलोभन देखाई जनमुक्ति सेनामा भर्ना गर्न लगे। पीडितहरु मध्ये निर्मला राई ०६३ मंसिर १५ गते भागेर घर आई पुगिन्।

दिदिङ्ग गाविस-२ निवासी १५ वर्षीय माईला राई, १६ वर्षीय जीवन राई, १५ वर्षीय शम्भु राई र १३ वर्षीय मोहन दर्जीलाई ०६३ कात्तिक २६ गते माओवादीले विद्यालय जाँदै गरेको अवस्थामा सित्तलपाटी गाविस-७ बाट अपहरण गरी सेनामा भर्ना गर्न लगे।

दिदिङ्ग गाविस-२ निवासी १३ वर्षीय विद्यार्थी अञ्जली राईलाई ०६३ कात्तिक २६ गते माओवादीले आफ्नै घरबाट

अपहरण गरी सेनामा भर्ना गर्न लगे।

मांतेवा गाविस-६ घर भई सरस्वती माध्यमिक विद्यालय ताम्कुमा अध्ययनरत १७ वर्षीय विकन राई, १८ वर्षीय रमेश कार्की, १५ वर्षीय मोहनसिंह राई र १५ वर्षीय सुरेन्द्र राईलाई ०६३ कात्तिक २६ गते मओवादीले जनमुक्ती सेनामा भर्ना गर्नका लागि अपहरण गरे।

दिदिङ्ग गाविस-२ निवासी १३ वर्षीय ज्यामु भोटिय, १३ वर्षीय लमु शेर्पा र १३ वर्षीय उर्मिला श्रेष्ठलाई ०६३ कात्तिक २५ गते माओवादीले विद्यालय नजिकैबाट अपहरण गरी लगेकोमा ०६३ कात्तिक २७ गते सदरमुकाम खाँदबारीबाट भागेर घर फर्किए।

मभातेवा गाविस-८ निवासी १४ वर्षीय शम्भु राईलाई ०६३ कात्तिक २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्नको लागि आफ्नै घरबाट अपहरण गरी लगे।

मांतेवा गाविस-१ निवासी १७ वर्षीय माहन तिम्सिनालाई ०६३ कात्तिक २५ गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्नको लागी अपहरण गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

बाह्रविसे गाविस-४ निवासी पृथ्वीबहादुर लिम्बूलाई सुरक्षाकर्मीले खाँदबारीको पोखरीबाट ०५९ पुसमा गिरफ्तार गरी बेपत्ता बनाएकोमा जिल्ला प्रशासन कार्यालयले खाँदबारीको चेवामा भिडन्तमा मरेको भनी रेकर्ड राखेका छ।

माओवादीबाट

खाँदबारी नपा-११ निवासी पुस्करमणि कार्कीलाई ०५८ सालमा माओवादीले काठमाडौं जाँदै गर्दा धनकुटाको चानुवाबाट अपहरण गरी लगेकोमा हाल पीडितको परिवारले सार्वजानिक गर्न माग गर्दा माओवादीले सफाया गरिसकेको बताए। परिवारले आफ्नो छोराको चिहान नदेखाएसम्म विश्वास गर्न नसकिने भनी किरिया गरेका छैनन्।

१.११ सप्तरी



जनसंख्या	६,१८,०१८
साक्षरता प्रतिशत	४९.२८
महिला साक्षरता प्रतिशत	२२
क्षेत्रफल (वर्ग कि. मि.)	१३६३
गाविस/नपा संख्या	११४/१
निर्वाचन क्षेत्र	५
विद्यालय	३१४
क्याम्पस/उच्च मा.वि.	२/९
अस्पताल/स्वास्थ्य चौकी	१/१२१
टेलिफोन लाइन	३४२०
मोटर सडक (कि. मि.)	३३०
प्रहरी कार्यालय संख्या	८
हुलाक संख्या	११६
मानव विकास सूचकाङ्क	०.४५३
प्रति परिवार सरदर संख्या	६.११

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्ने अधिकार

हत्या/गोली

राज्यबाट

मलेकपुर गाविस-५ निवासी ५० वर्षीय दर्शनलाल यादव ०६२ चैत २३ गते एमाले सप्तरीले आयोजना गरेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा राजविराज-१ स्थित सडकमा ढले। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गर्दा गर्दै ०६२ चैत २३ गते मृत्यु भयो। सरकारले यादवलाई सहिद घोषणा गरी उनका परिवारलाई १० लाख क्षतिपूर्ति उपलब्ध गरायो।

नकटीरायपुर गाविस-९ निवासी ३५ वर्षीय बच्चाराम चौधरीलाई ०६३ असोज २१ गते रायपुर गाविस-८ रुपनी हटियामा प्रहरी जवान राम अवतार यादवले गोली प्रहार गरी घाइते पारे। चौधरीको उपचारको क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भोलिपल्ट मृत्यु

भयो। प्रहरीले पीडित परिवारलाई ५० हजार क्षतिपूर्ति दिई दोषी प्रहरीलाई हिरासतमा लिई विभागीय कारवाही चलायो।

माओवादीबाट

मल्हनिया गाविस-५ निवासी ३५ वर्षीय सुरज भनिने सूर्यनारायण साहलाई सुराकी गरेको आरोपमा ०६२ चैत ९ गते माओवादीले घर नजिकैको खेतमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितको लास पोष्टमार्टम गराई प्रहरीले परिवारलाई बुझायो।



जनआन्दोलनको क्रममा मृत्यु भएका दर्शनलाल यादव

पिप्रापूर्व गाविस-८ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता ३२ वर्षीय जागिर मन्सुरी, ३८ वर्षीय सरिफ मन्सुरी र सर्वसाधारण ४२ वर्षीय चन्द्रशेखर साहलाई सामाजिक सद्भाव खल्बल्याएको र लुटपाटमा संलग्न भएको आरोपमा ०६२ चैत २६ गते माओवादीले चन्द्रशेखरको घरमा गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गराई पीडितहरूका परिवारलाई बुझायो।

लोहजारा गाविस-६ निवासी २८ वर्षीय कुलानन्द भिण्डवारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चामा लागेको आरोपमा ०६३ असार ३२ गते बलराम महतोको नेतृत्वमा रहेको माओवादी सेनाले उनकै घरमा गोली हानी हत्या गरे। भिण्डवारको लास प्रहरीले पोष्टमार्टम गराई परिवारलाई बुझायो। प्रहरीले घटनामा संलग्न महतोविरुद्ध ज्यान मुद्दा चलाएको बताए पनि गिरफ्तार गरी कारवाही चलाउन सकेन।

हर्दिया गाविस-७ निवासी ३५ वर्षीय फूलोदेवी यादवले किशुन महतोसँग दोश्रो विवाह गरेको आरोपमा ०६३ भदौ ७ गते सोही ठाउँका माओवादी कार्यकर्ता शुभनारायण यादव र बद्रीनाथ अधिकारीले अपहरण गरे। फूलोदेवीको भदौ ९ गते शुभनारायणको घरमा मृत्यु भयो। उनले विष सेवन गरी आत्महत्या गरेको माओवादीले जनाए पनि माओवादी कार्यकर्ताले दिएको शारीरिक तथा मानसिक यातनाका कारण मृत्यु भएको यादवका पति किशुनदेव महतोले बताए। माओवादीले यादवको लास परिवारलाई थाहै नदिई खोलामा गाडे। मानवअधिकारकर्मीको सहयोगमा १० दिनपछि उत्खनन गरी प्रहरीले लासको पोष्टमार्टम गराई पति किशुनदेव महतोलाई बुझायो। माओवादीविरुद्ध प्रहरीले कर्त्तव्य ज्यानअन्तर्गत मुद्दा दायर गरेको बताए पनि गिरफ्तार गरी कारवाही अघि बढाउन सकेन। माओवादीले शुभनारायण यादव र हर्दिया बद्रीनाथ अधिकारीलाई पार्टीबाट निलम्बन गरी कारवाही सुरु गरेको जनायो।

सिरहा जिल्ला लहान नपा-२ पडोरियाका २८ वर्षीय महेश चौधरीलाई ०६३ असोज १ गते माओवादीले सप्तरी जिल्ला पटेर्वा गाविस-७ महेशपुरमा गोली हानी हत्या गरे। पूर्व माओवादी कार्यकर्ता समेत रहेका चौधरीको हत्या नगरेको माओवादीले बताए। प्रहरीले लास पोष्टमार्टम गरी परिवारलाई बुझाए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता हरिशचन्द्र भनिने श्रीप्रसाद यादवलाई ०६३ असोज ४ गते माओवादीले तिलाठी गाविस-८ बेल्हीमा गोली हानी हत्या गरे। प्रहरीले लास पोष्टमार्टम गरी पीडितका परिवारलाई बुझायो।

रम्पुरा मल्हनियाँ गाविस-३ निवासी ४३ वर्षीय बेलाल मियाँलाई ०६३ मंसिर २ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	१३	१	१३	८	८	१		९	३	३			३
घाइते	३	५		५	३	५			५					
गिरफ्तारी/यातना										३३	११५	३	१५३	२६०
कुटपिट	११	१८	६	२४	८	१३	१	१	१४	६	८			८
धम्की	४	४		४	३	३			३					
भेला/संगठित हुने अधिकार										१३	३९		११५	१४४
महिलाअधिकार	१३		१५	१५										
बालअधिकार	५		५	५						१	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३			३					
अमानवीय व्यवहार	३	३		३	१	१			१					
अपहरण	३३	३१		३१	४३	६८	१		६९					
जम्मा	७३	७३	२७	१००	६६	९९	३	१	१०३	५४	१५४	३	३६८	४२४



माओवादीद्वारा हत्या गरिएका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता जागिर मन्सुरी

मोटरसाइकल चढेर भारततर्फ जाँदै गर्दा कोइलाडी बर्साइन गाविसको बनरझुल्ला टोलमा गोली हानी हत्या गरे। प्रहरीले लास पोष्टमार्टम गराई पीडितका परिवारलाई बुझायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

उदयपुर जिल्ला बसहा गाविस-८ निवासी २५ वर्षीय राजु घिसिङ माओवादी भएको आरोपमा ०६२ चैत ३० गते मोर्चाका कार्यकर्ताले उनलाई तिलाठी गाविसको नेपाल भारत सीमा नजिकै गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गरी पीडितको परिवारलाई बुझायो।

उदयपुर जिल्ला बसहा गाविस-८ निवासी २८ वर्षीय दिनेश राउतलाई ०६३ वैशाख २ गते काम विशेषले भारतको कुनौली पुगेर फर्कदै गर्दा माओवादी कार्यकर्ता भएको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरी जोगिनियाँ गाविस-५ को सडक नजिकै गोली हानी हत्या गरे। पीडितलाई चार दिनअघि अपहरण गरिएको थियो। प्रहरीले लासको पोष्टमार्टम गराई पीडित परिवारलाई बुझायो।

रम्पुरा मल्हनियाँ गाविस निवासी निवर्तमान गाविस अध्यक्ष ५० वर्षीय बद्री यादवलाई ०६३ जेठ २० गते मोर्चाका कार्यकर्ताले नेपाल भारत सीमा कुनौली बोर्डर नजिकै गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गराई पीडितका परिवारलाई बुझायो।

छिन्नमस्ता गाविस-१ निवासी २३ वर्षीय गुल्टेन भन्ने विजयकुमार झा र सोही गाविसका महेन्द्र यादवलाई माओवादीलाई गाउँमा ल्याएको आरोपमा ०६३ असार २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले छिन्नमस्ता गाविस-२ तरही पोखरीनजिक गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गरी पीडितका परिवारलाई बुझायो।

हनुमाननगर गाविस-६ निवासी ३५ वर्षीय शम्भु यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता हरिशचन्द्रको हत्यामा संलग्न भएको आरोपमा ०६३ असोज ४ गते मोर्चाका कार्यकर्ताले उनलाई रम्पुरा मल्हनियाँ गाविस-३ डल्बामा गोली हानी हत्या गरे। प्रहरीले लास पोष्टमार्टम गरी पीडितका परिवारलाई बुझायो।

काठमाडौंबाट झापाको मधुमल्लातर्फ जाँदै गरेको चन्द्रसूर्य ट्राभल्सको ना. २ ख. ३९७१ नं. को रात्री बसलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाले आह्वान गरेको बन्द कार्यक्रमको अवज्ञा गरेको आरोपमा ०६३ पुस १३ गते मोर्चाका कार्यकर्ताले भारदह गाविस-१ कोशी ब्यारेज खण्डमा आगजनी गरे। सोही बसमा यात्रा गरिरहेका दोलखा जिल्ला च्यामा गाविस-६ निवासी १८ वर्षीय अर्जुन फुयाँलको गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमार्टम गराई परिवारका सदस्य बोलाई जिम्मा लगायो। सोही घटनामा बसमा सवार सुनसरी महेन्द्रनगर गाविस-४ निवासी १७ वर्षीय शेखर गिरी, झापा मधुल्ला गाविस-२ निवासी २१ वर्षीय रमेशप्रसाद निरौला र भारत कानपुर निवासी २४ वर्षीय सनोज शर्मालाई बन्दुकको कुन्दाले हिर्काएर घाइते पारे। घाइतेहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

दोहोरो भिडन्त

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) र माओवादीबीच ०६३ कात्तिक १ गते रम्पुरा मल्हनियाँ गाविस-२ डल्वामा कोशी नदीको किनारामा दुई घण्टा भिडन्त भयो। भिडन्तमा मोर्चाका सैन्य प्रमुख रणवीर सिंहलगायत तीन घाइते भए। मोर्चाले एक माओवादी मारिएको बताए पनि लास प्राप्त भएन।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

लोहजारा गाविस-६ निवासी देवानन्द यादवलाई ०६३ असार २३ गते माओवादीको मिलिसिया बलराम महतोको नेतृत्वमा लोहजारामा कुलानन्द भिण्डवारलाई गोली हान्न खोज्दा नमार्न आग्रह गर्दा बन्दुकको कुन्दाले टाउकोमा हिर्काई घाइते पारे। पीडितको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो।

माओवादी कार्यकर्ता शिवु मण्डल ०६३ साउन ५ गते आफैंले बोकेको बन्दुक अचानक पड्कँदा दाहिने खुट्टामा गोली लागी घाइते भए। उनको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार भयो।

शम्भुनाथ गाविस-३ निवासी १८ वर्षीय शिवकुमार चौधरी ०६३ मंसिर २५ गते शम्भुनाथ गाविस-५ मा सूर्यकान्त गुप्ताको पेट्रोल पम्पमा माओवादी चढेको मारुती भ्यानमा पेट्रोल हालेको पैसा नदिएको कारण विवाद हुँदा माओवादीले चलाएको गोली लागी घाइते भए। बाटो हिंडिरहेका चौधरीलाई दाँहिने कुहिनामा गोली लागेको थियो।

उनको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार गरियो। घटनामा आफ्ना कार्यकर्ताले गोली चलाएको स्वीकार्दै माओवादी सेक्रेटरी अमरले माफी मागी घाइतेको सम्पूर्ण उपचार गर्ने बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

गम्हरिया प्रवाह गाविस-४ निवासी ६५ वर्षीय गुनेश्वर मण्डलले माओवादीलाई गाउँमा ल्याई सर्च गराएको आरोपमा ०६३ भदौ ४ गते मोर्चाका कार्यकर्ता प्रभु मण्डलसहितको पाँचजनाको समूहले उनलाई गोली हानी घाइते पारे। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

मानअधिकार तथा समाज सेवा केन्द्र, राजविराजको कार्यालय रहेको एमाले सगरमाथा अञ्चल सचिव सुमनराज प्याकुरेलको राजविराज नपा-४ मा रहेको घरको छतमाथि ०६३ पुस १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले भौतिक तथा मानवीय क्षति पुऱ्याउने गरी शक्तिशाली ग्रिनेड बम प्रहार गरे। बम नपड्केका कारण कुनै क्षति भएन। बम राखिएको खबर जनतान्त्रिकका कार्यकर्ता विवश विद्रोहीले फोन मार्फत दिए। सुरक्षाकर्मीले भोलिपल्ट बम निस्क्रिय पारेको थियो।

जेल र बन्दी

राजविराज कारागार शाखा १ सय २५ जनाको क्षमता भएको 'ग' श्रेणीको कारागार हो। यस कारगार शाखामा जम्मा एक महिला सहित ८६ जना बन्दी रहेका छन्। जस मध्ये २५ जना कैद नतोकिएका र एक जना महिला सहित ६१ जना कैद तोकिएका बन्दी रहेका छन्। अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको रहेको छ। जेल भवन जिर्णोद्धार गर्नुपर्ने र आधुनिक सूचना प्रविधिबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने जेलका लेखापाल पुष्प बस्नेतले बताए।

'आतंककारी ऐन' खारेज गरी बन्दी रिहा गर्नुपर्ने माग राख्दै माओवादी बन्दीहरूले ०६३ जेठ १ गते विमर्शराज कार्कीको नेतृत्वमा जेलभित्रै अनसन बसे। आममाफीको माग गर्दै राजविराजका १ सय ११ जना बन्दीहरूले ०६३ जेठ २९ गतेदेखि रिले अनसन शुरु गरे। माग माथिल्लो निकायमा पुऱ्याई दिने सहमति भएपछि १० दिनपछि उनीहरूले अनसन स्थगित गरे। यसैगरी उनीहरूले ०६३ असार ८ गते मसाल जुलुस प्रदर्शन गरे। राजविराज कारागारका बन्दीहरूले आममाफीको माग गर्दै राजविराज नपा-७ कारागारभित्र ०६३ असार २४ गते तोडफोड गरी बन्दीहरूको लागि राखिएको चामलमा समेत आगो लगाए। आधा कैद माफीका लागि सिफारिस गर्ने सहमति भएपछि कैदीहरूको आन्दोलन स्थगित भएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

औरही गाविस-३ निवासी सतीश यादव, पुनित यादव, रामलखन पण्डित समेतलाई सार्वजनिक पोखरीमा माछा मार्ने विषयमा ०६३ असार १८ गते माओवादीले कुटपिट गरी सतीश यादव र जिवछ यादवलाई अपहरण गरे। माओवादी ज्यादती विरुद्ध स्थानीय जनताले माओवादी कार्यालय घेराउ गरेपछि पीडितहरू मुक्त भए।

मलेकपुर गाविस-१ निवासी २८ वर्षीय तेतर सदालाई ०६२ माघ २६ गते माओवादीले शम्भुनाथ गाविस सखुवा चौकबाट अपहरण गरी लगे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

कल्याणपुर गाविस-८ निवासी जिल्ला ट्राफिक प्रहरी कार्यालय, सप्तरीमा कार्यरत ट्राफिक हवल्दार ३४ वर्षीय ज्ञानेन्द्र दाहाललाई ०६२ फागुन २८ गते माओवादीले मल्हनियाबाट अपहरण गरे। मोबाइल खोसेर पीडितलाई भोलिपल्ट मुक्त गरियो।

सर्लाही जिल्ला ईश्वरपुर गाविस-१ फूलजोर निवासी ट्रक चालक इन्द्रप्रसाद घिमिरे र खलासी श्याम कार्कीलाई बन्दको अवज्ञा गरेको आरोपमा ०६३ चैत १ गते माओवादीले कुशाहामा ट्रकमा आगजनी गरी अपरहण गरे। पीडितहरूलाई भोलिपल्ट मुक्त गरियो।

धरमपुर गाविस-५ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४२ वर्षीय विनोद खतिवडालाई ०६२ चैत ४ गते माओवादीले अपहरण गरी लगेकोमा गाउँलेको प्रतिकारमा उनी जङ्गलबाट भागे।

कुशाहा गाविस-६ निवासी १७ वर्षीय सूर्यनारायण चौधरी र १६ वर्षीय धीरेन्द्रप्रसाद गुप्ताले स्थानीय बासिन्दालाई कुटपिट गरेको आरोपमा ०६२ चैत ४ गते



माओवादीद्वारा हत्या गरिएका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता सरिफ मन्सुरी

माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी लगे। पीडितहरू छ दिनपछि मुक्त भए।

धरमपुर गाविस-१ निवासी पूर्व माओवादी कार्यकर्ता ३० वर्षीय मनोज यादव र पिप्रापूर्व गाविस-२ निवासी २८ वर्षीय विजय चौधरीलाई माओवादीको नाममा बदमासी गरेको आरोपमा माओवादीले ०६३ वैशाख १५ गते बक्धुवाको महुलीबाट अपहरण गरी लगे। पीडितहरू तीन दिनपछि मुक्त भए।

घोघनपुर गाविस-३ निवासी मनटुन सिंह, जवाहिर गुप्ता, धरमपुर गाविस-१ निवासी दीपक चौधरी र देवेन्द्र चौधरीलाई लुटपाटमा संलग्न भएको आरोपमा ०६३ जेठ ३ गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

धरमपुर गाविस-१ निवासी ३० वर्षीय मनोज यादव र अर्नाहा गाविस-७ निवासी राजेन्द्र चौधरीले नक्कली माओवादी बनी चन्दा असुलेको आरोपमा ०६३ जेठ ३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। माओवादीले पीडितहरूलाई चार दिनपछि मुक्त गरे।

लोहजारा गाविस-१ निवासी २३ वर्षीय ईनर महतोलाई माओवादीलाई कुटेको आरोपमा ०६३ जेठ २४ गते माओवादीले लोहजारा गाविस-३ धनकी चौकबाट अपहरण गरे। पीडित पाँच दिनपछि मुक्त भए।

कञ्चनपुर गाविस-३ निवासी २३ वर्षीय पवन मण्डल र मझरा मण्डललाई आफ्नो पार्टीविरुद्ध गतिविधि गरेको आरोपमा ०६३ जेठ २६ गते माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

घोघनपुर गाविस-३ निवासी ३२ वर्षीय रामदेव रामलाई व्यक्तिगत रिसिइवीका कारण ०६३ जेठ २७ गते माओवादीले घरबाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

बथनाहा गाविसको मावि बथनाहामा कार्यरत प्रधानाध्यापक सत्यनारायण झालाई आर्थिक हिनामिना गरेको आरोपमा ०६३ जेठ २८ गते माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितलाई दुई दिनपछि मुक्त गरिए पनि १० दिन विद्यालय जान रोक लगाए।



जनआन्दोलनको दमनमा उत्रिएका प्रहरीहरू

कविलासा गाविस-७ निवासी १९ वर्षीय धर्मदेव साहलाई व्यक्तिगत लेनदेनको विषय उजुरी परेको भन्दै ०६३ जेठ ३१ गते माओवादीले घरबाट अपहरण गरी लगे। पीडितलाई तीन दिनपछि मुक्त गरियो।

उदयपुर जिल्ला बसाहा-८ निवासी विक्रम राई, सन्तोष तामाङ, रामकुमार राई र नानु राईलाई लागू औषध सेवन गरेको आरोपमा ०६३ असार ७ गते माओवादीले कञ्चनपुर गाविस-४ बेरियरबाट अपहरण गरी लागू औषध सेवन नगर्ने सर्तमा दुईदिनपछि मुक्त गरियो।

हरिपुर गाविस-५ वसनपट्टी निवासी शिक्षक बन्धुलाल चौधरी र मल्हनमा गाविस-३ शम्सेरपुर निवासी सुखीलाल चौधरीलाई माओवादीविरुद्ध बोलेको आरोपमा ०६३ असार २२ गते माओवादीले उनलाई अपहरण गरे। गाउँलेहरूले विरोध जनाएपछि दुवैलाई भोलिपल्ट मुक्त गरियो।

बेल्ही चपेना गाविस-९ निवासी ३६ वर्षीय रामप्रसाद यादवलाई सुराकीको आरोपमा ०६३ असार २६ गते माओवादीले नगर प्रहरी राजविराजको हाताबाट अपहरण गरी लगे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

पोर्ताहा गाविस-४ निवासी ३० वर्षीय ऋषि बरबरियालाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ साउन २ गते माओवादीले भारदहबाट अपहरण गरे। पीडित दुई दिनपछि मुक्त भए।

राजविराज नपा-१ निवासी ६० वर्षीय नन्दकिशोर काबरालाई चन्दाको विषय लिएर ०६३ साउन ४ गते माओवादीले कठौनास्थित काबरा राइस मीलबाट अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

राजविराजबाट प्रकाशित हुने कृष्णा दैनिकका हकर बेल्ही चपेन गाविसा-८ निवासी ३८ वर्षीय हरिकिसुन साहलाई उजुरी परेको भनी ०६३ साउन ५ गते माओवादीले राजविराज नपा-१ स्थित जय प्रिन्टिङ्ग प्रेस अगाडिबाट अपहरण गरे। पीडितलाई पुनः उपस्थित हुने सर्तमा भोलिपल्ट मुक्त गरे।

कमलपुर गाविस ६ निवासी २४ वर्षीय इन्द्रदेव सरदार र २३ वर्षीय राजकुमार मण्डललाई लुटपाटमा संलग्न भएको आरोपमा ०६३ साउन ५ गते माओवादीले कमलपुर गाविस-६ भगनीचौकबाट अपहरण गरे। पीडितहरू तीन दिनपछि मुक्त भए।

सिस्वा बेल्ही गाविस निवासी एमालेका बृजनारायण साहलाई जग्गा कब्जा गरेर फिर्ता नगरेको आरोपमा ०६३ साउन ७ गते माओवादीका जिल्ला जनसरकार उपप्रमुख गोविन्द चौधरीको नेतृत्वमा रहेका माओवादीले घरबाट अपहरण गरे। पीडितलाई जग्गा विवाद मिलाउने सर्तमा तीन

दिनपछि मुक्त गरियो।

छिन्नमस्ता गाविस-२ निवासी ३० वर्षीय देवेन्द्र राम मोचीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ साउन २७ चन्देश्वर मण्डलको नेतृत्वमा गएका माओवादीले सखडा हटियाबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको दबाबमा पाँच दिनपछि मुक्त गरियो।

शिस्वाबेल्ही गाविस-१ घर भई उदयपुर जिल्ला प्रहरी कार्यालयका हवल्दार देवप्रसाद साह र उनका भाइ तारणीप्रसाद साहले महिलालाई कुटेको आरोपमा ०६३ भदौ ४ गते माओवादीले उनीहरूलाई अपहरण गरे। हवल्दार साह १० दिनपछि माओवादीको पञ्जाबाट भागेर जिल्ला प्रहरी कार्यालय आए भने उनका भाइलाई एक महिनापछि मुक्त गरियो।

हरिपुर गाविस-१ निवासी कैलु मण्डल र शिवु गुप्तालाई जग्गा विवादमा ०६३ भदौ ४ गते माओवादीले राजविराज-कञ्चनपुर सडकमा रहेको कृषि विकास बैंकबाट अपहरण गरे। दुवै पाँच दिनपछि मुक्त भए।

बक्धुवा गाविस-२ निवासी ३४ वर्षीय तफेजुल मियाँलाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६३ भदौ ९ गते माओवादीले घरबाट अपहरण गरे। पीडित दुई दिनपछि माओवादी कब्जाबाट भागेर घर फर्किएका थिए।

भारदह गाविस-१ निवासी ३२ वर्षीय जीवनज्योति झालाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६३ असोज १४ गते माओवादीको भारदह सैन्यक्याम्पका जनसेनाले घरबाट अपहरण गरे। पीडित १६ दिनपछि मोर्चा छोड्ने सर्तमा मुक्त भए।

घोघनपुर गाविस-५ किशोर श्रेष्ठ, कृष्ण बस्नेत र कृष्ण खतिवडालाई बसका यात्रुसँग झगडा गरेको आरोपमा ०६३ असोज १६ गते माओवादी भारदह क्याम्पका जनसेनाले कुटपिट गरी अपहरण गरे। माओवादी ज्यादतीविरुद्ध गाउँलेहरू उत्रेपछि उनीहरूलाई मुक्त गरी माओवादीले माफी मागे।

जगतपुर गाविस-४ निवासी अमरनाथ विश्वास, कमलपुर गाविस-४ निवासी १३ वर्षीय मन्नुप्रसाद राउत, १४ वर्षीय राजकुमार मुखिया, १३ वर्षीय बिनोद पण्डित, श्रवण मुखिया तथा डिमन-४ निवासी १६ वर्षीय शंकर मुखियालाई जनतान्त्रिकको सेनामा भर्ती हुन जान लागेको आरोपमा ०६३ असोज २२ गते माओवादीले कञ्चनपुर गाविस-४ बेरियरबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रामनगर कोदरकट्टी गाविस-८ निवासी देवनारायण यादवलाई माओवादी कार्यकर्ता डम्बर यादवको हत्यामा सुराकी गरेको आरोपमा ०६३ असोज २८ गते माओवादीले घरबाट अपहरण गरे। उनलाई २० दिनपछि मुक्त गरे।

मदिरा बोकेर आएको को. १ च. ३४९३ नं.को भारतीय जीप तथा त्यसका चालक श्याम मण्डल तथा ना.१.ख. ९३०४ नं. को मिनी ट्रक र त्यसका चालक हरिलाई ०६३ कात्तिक २ गते माओवादीले फत्तेपुर बजारबाट अपहरणमा लिए। पीडितबाट नगद रकम लिएर दुई दिनपछि मुक्त गरे।

पकरी गाविस-४ निवासी २१ वर्षीय अताउल्लालाई चोरीको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

कञ्चनपुर गाविस-३ निवासी ५० वर्षीय विजुली मण्डललाई ०६३ कात्तिक १३ गते माओवादीले घरबाट अपहरण गरी सादा कागजमा सही गर्न लगाई चार दिनपछि मुक्त गरे।

बनरझुल्ला गाविस-८ राप्रावि कचिराका शिक्षक रामकुमार चौधरीलाई आर्थिक अनियमितता गरेको आरोपमा ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरे। पीडितलाई पाँच दिनपछि मुक्त गरे।

बदगामा गाविस-३ निवासी शिवचरण यादवलाई जग्गा विवादमा ०६३ मंसिर ३ गते माओवादीले घरबाट नियन्त्रणमा लिई ७१ हजारको तमसुकमा सही छाप गराई दुई दिनपछि मुक्त गरे।

धनगढी गाविस-७ निवासी लक्ष्मण मण्डल र शुभनारायण मण्डललाई जनतान्त्रिक तराई मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ मंसिर ९ गते माओवादीले मौहुवा गाविस-३ बाट अपहरण गरे। मोर्चा छोड्ने सर्तमा पीडितलाई तीन दिन पछि मुक्त गरियो।

रम्पुरा मल्हनियाँ गाविस-५ निवासी २५ वर्षीय भागवत यादवलाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६३ मंसिर २० गते माओवादीले त्रिभुवनचौकबाट अपहरण गरे। पीडितलाई दुई दिनपछि मुक्त गरियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कञ्चनपुर गाविस-२ घर भई जगतपुर गाविसका सचिव खीलानाथ पोखरेललाई ०६२ माघ ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले गाविसबाट अपहरण गरे। पोखरेललाई १० लाख फिरौती लिई १० दिनपछि मुक्त गरे।

पोर्ताहा गाविस-२ का २५ वर्षीय शिवनारायण यादवलाई जग्गा विवादमा उजुरी परेको भन्दै ०६२ माघ २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरी १५ दिनपछि मुक्त गरे।

कञ्चनपुर गाविस-९ निवासी ६० वर्षीय जीतेन्द्रकुमार श्रेष्ठलाई ०६२ माघ २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। श्रेष्ठलाई २ लाख ५० हजार फिरौती लिएर १४ दिनपछि मुक्त गरे।

पीप्रापूर्व गाविस-४ निवासी ४५ वर्षीय गणेश श्रेष्ठ र ५५ वर्षीय दुर्गाबहादुर पाण्डेलाई पहाडियाले तराई छोड्नु पर्छ भन्दै ०६२ चैत २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। पीडितलाई ४ घण्टापछि मुक्त गरे पनि श्रेष्ठलाई मधेश छाड्न र नगद बुझाउने सर्तमा २ दिनपछि मुक्त गरे।

रुपनगर गाविस-५ निवासी विद्युत प्राधिकरण प्रशाखा कञ्चनपुरमा कार्यरत मिटर रिडर महेश बस्नेतलाई ०६२ चैत २४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले मिटर रिडिङ गर्न गएको अवस्थामा पीप्रापूर्व गाविस-७ बाट अहरण गरे। अपहरण मोर्चाका कार्यकर्तालाई माओवादीले गोली हानी मारेपछि पीडित तीन दिनपछि मुक्त भए।

उदयपुर जिल्ला बसाहा-८ निवासी २८ वर्षीय दिनेश राउत र फत्तेपुर गाविस-३ निवासी दिनेश साहलाई ०६२ चैत ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले तिलाठी गाविसको नेपाल भारत सीमा नजिकैबाट अपहरण गरे। सँगै गएका पीडितका राजु घिसिङलाई हत्या गरेपछि दुईजनालाई अपहरण गरे। अपहरित दुईमध्ये राउतको चार दिनपछि हत्या गरी साहलाई आठ दिनपछि मुक्त गरे।

खोटाङ जिल्ला घर भएका जिल्ला वन कार्यालय पर्सा, वीरगञ्जमा वन सहायक पदमा कार्यरत टंक चाम्लिङलाई बन्दका कारण यातायात बन्द भएकोले भारतको कुनौली हुँदै विरगञ्ज जान लाग्दा ०६३ वैशाख १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले कुनौली सडकबाट अपहरण गरे। पीडितबाट एक लाख फिरौती लिई मुक्त गरे।

फत्तेपुर गाविस-४ निवासी डीमन माविमा कार्यरत शिक्षक ५५ वर्षीय शिवधन राईलाई ०६३ जेठ १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले विद्यालय जाँदै विद्यालय नजिकबाट मोटरसाइकलसहित अपहरण गरे। पीडित चार दिनपछि मुक्त भए।

बेल्ही भन्सार कार्यालयका निमित्त प्रमुख पदमा कार्यरत विराटनगरका तीर्थराज खतिवडालाई ०६३ असार २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले राजविराज नपा-८ कार्यालयबाट अपहरण गरे। पीडितलाई ३ लाख फिरौती लिई पाँच दिनपछि मुक्त गरियो।

नेपाल टेलिकम पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरमा कार्यरत इन्जिनियरद्वय दमक नपा-१ झापाका ज्ञानेश दंगाल र विराटनगर ननपा-१० निवासी प्रशान्तबाबु तिवारीलाई सीडीएमए टेलिफोनको सर्भे गर्न गएको समयमा सप्तरीको तिलाठी गाविस-८ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले ०६३ साउन १६ गते अपहरण गरे। इन्जिनियरद्वय सात लाख फिरौती दिएर अपहरण मुक्त भए।

चितवन जिल्ला देवघाट निवासी ६५ वर्षीय गौरीप्रसाद सापकोटालाई देवाटन बनाउन भिक्षा मागेर हिँडेको अवस्थामा ०६३ कात्तिक ४ गते जनतान्त्रिकका कार्यकर्ताले कोशी ब्यारेज खण्डबाट अपहरण गरे। सापकोटालाई १ लाख २५ हजार फिरौती लिई १० दिनपछि मुक्त गरे।

राजविराज नपा-७ निवासी ४२ वर्षीय राजकुमार तामाङलाई ०६३ मंसिर ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले पीडितको मोटरसाइकलसहित कुनौलीबाट अपहरण गरी लगे। पीडितको अवस्था अज्ञात छ।

रामनगर कोदरकट्टी गाविस-५ निवासी माओवादी कार्यकर्ता सुवकलाल ठाकुरलाई ०६३ मंसिर ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाले मधुपट्टी गाविसको कदमाहा चौकबाट अपहरण गरे। ठाकुरलाई माओवादी पार्टी छोड्ने सर्तमा पाँच दिनपछि मुक्त गरियो।

उदयपुर जिल्ला पञ्चावती निवासी स्वाबलम्वन विकास बैंक, महुलीमा कार्यरत प्रबन्धक मणिराज खड्का र धनुषा जिल्ला ढल्केवर गाविस-३ निवासी सोही कार्यालयमा फिल्ड सहायक शिवप्रसाद तिमिल्सिनालाई ०६३ मंसिर १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले बचत संकलन गर्न गएको बेला डीमन गाविस-१ बाट अपहरण गरे। दुवैलाई तीन लाख नगद फिरौती लिएर पाँच दिनपछि मुक्त गरे।

राजविराज नपा-४ निवासी ५५ वर्षीय प्रयागराज उपाध्याय र सोही ठाउँ बस्ने ६० वर्षीय निर्मल पोखरेललाई ०६३ मंसिर २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले नर्घो गाविसबाट अपहरण गरे। पीडितहरूलाई दुई लाख फिरौती लिई मुक्त गरियो।

डीमन गाविस-८ निवासी ३५ वर्षीय तेजु साहलाई ०६३ पुस १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। साहलाई माओवादी छोड्ने सर्तमा चार दिनपछि मुक्त गरियो।

झुटकी गाविस-५ निवासी ३२ वर्षीय माओवादी कार्यकर्ता सुकदेव मण्डललाई ०६३ पुस ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरे। पीडित पाँच दिनपछि माओवादी कब्जाबाट भागेर घर फर्किए।

धनकुटा जिल्ला साउने गाविस-४ निवासी गोल्छा अर्गनाइजेशनमा कार्यरत २८ वर्षीय उमेश लामा मगरलाई ०६३ पुस ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। पीडितलाई पाँच दिनपछि भारतको सीमावर्ती क्षेत्र न्यौरबाट मुक्त गरियो।

सुनसरी जिल्ला, इटहरी नपा-६ निवासी पशुपति नर्सरीका माधव अधिकारी, कर्मचारी सीताराम घिमिरे, ट्रक

चालक दिलीप विश्वकर्मा र खलासी प्रकाश दर्नाललाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको आह्वानलाई अवज्ञा गरेको आरोपमा ०६३ पुस ९ गते मोर्चाका कार्यकर्ताले अपहरण गरी विरुवा लिन लगेको को.१ख. ७१३ नं. ट्रकमा आगो लगाई क्षति पुऱ्याए। सबैजना तीनदेखि १२ दिनभित्र फिरौती नगद बुझाई मुक्त भए।

मोरङ जिल्ला विराटनगर उपमनपा-१ पोखरियाका ४२ वर्षीय भरत अधिकारी र सोही ठाउँका ३८ वर्षीय किरण प्याकुरेललाई ०६३ पुस १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले सप्तरीको कल्याणपुरबाट अपहरण गरे। अपहरित दुवैलाई दुई लाख फिरौती लिई मुक्त गरियो भने उनीहरू चढेर गएको बा. १५ प. ४८५७ नं. को मोटरसाइकल मोर्चाले कब्जामा लियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्य पक्षबाट

जिल्ला विकास समिति सप्तरीका लेखापाल गणेश घिमिरेलाई नगर निर्वाचनमा उम्मेदवारले खर्च गरेको रकम भुक्तानी गर्न चेकमा सही नगरेको आरोपमा ०६२ माघ २४ गते जिविस सप्तरीका उपसभापति गंगाप्रसाद यादवले टेलिफोनले टाउकोमा प्रहारी गरी कुटपिट गरे। घटनाको प्रशासनले वेवास्ता गरेको पीडितले बताए।

राजविराजबाट प्रकाशित वातावरण दैनिकका सम्वाददाता अवधेश झा र राजविराज टुडेका समाचारदाता श्रवण देवलाई ०६३ वैशाख ८ गते प्रहरीले राजविराज टुडेको कार्यालयमा पसेर कुटपिट गरे। प्रहरीले पीडितमाथि अन्जानमा कुटपिट भएको स्वीकार्दै माफी मागे।

राजविराज नपा-५ निवासी व्यापारी राजेन्द्र साहलाई उधारो रकम चुक्ता गर्न भनेको आरोपमा ०६३ जेठ १७ गते अञ्चल प्रहरी कार्यालयका प्रहरी जवान रवीन नेवाङले पसलमा कुटपिट गरे। प्रहरीलाई घटनाका बारे जानकारी गराउँदा पनि वास्ता नगरेको गुनासो पीडितले गरे।

अर्नाहा गाविस-५ निवासी रायपुर मावि कक्षा-९ मा अध्ययनरत रायपुर गाविस-८ बस्ने १४ वर्षीय सरोजकुमार चौधरीलाई बसमा ठुंगा हानेको आरोपमा ०६३ असार ५ गते बस कन्डक्टरले रुपनी वेसक्याम्पमा बुझाएपछि वेसक्याम्पका सैनिक जमदार जयप्रताप लामाले निर्घात कुटपिट गरे। घाइतेको सगरमाथा अञ्चल अस्पतालमा उपचार गराइयो। पीडकलाई कारवाही गरिने कर्नेलले जानकारी गराए।

माओवादीबाट

कटैया गाविस-८ निवासी भोगीलाल साहलाई सुराकी गरेको आरोपमा ०६३ जेठ २६ गते माओवादीले राजविराज नपा-६ खरसालमा समातेर निर्घात कुटपिट गरी साइकल समेत खोसे।

बेल्ही चपेना गाविस-५ बस्ने नेकपा (मार्क्सवादी) का शत्रुधनप्रसाद ठाकुरलाई ०६३ कात्तिक ६ गते माओवादीले ज्यान मार्ने धम्की दिई निजी पोखरीको माछा लुटे।

कटैया गाविस-४ निवासी ५० वर्षीय तेजनारायण इसर र ४० वर्षीय दुर्गानन्द इसरलाई जग्गा विवादमा ०६३ मंसिर २ गते माओवादी कार्यकर्ता मिलनको नेतृत्वमा आएका १२ जनाले अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरे। घाइतेको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

जिल्ला प्राविधिक कार्यालय सप्तरीमा कार्यरत सबओभरसियर उमेश यादवलाई घुस मागेको आरोपमा ०६३ मंसिर ७ गते माओवादी कार्यकर्ता डम्बर यादवको नेतृत्वमा गएको समूहले कार्यालय हाताभित्र पसी कुटपिट गरे। प्रहरीको टोलीले पीडितलाई माओवादीको कार्यालबाट उद्धार गरे।

जिल्ला विकास समितिको आन्तरिक ठेक्कासम्बन्धी टेण्डर माओवादीको सहमति वेगर खोलेको आरोपमा माओवादी कार्यकर्ता महेश यादव लगायतका तीन दर्जन कार्यकर्ताले ०६३ मंसिर २२ गते जिविस सप्तरी कार्यालयमा तोडफोड गरी स्थानीय विकास अधिकारी राममणि भट्टराई, प्रशासकीय अधिकृत केशव भट्टराई, डीईं दीपककुमार दास, सुब्बा सुभाष मण्डल, सहलेखापाल श्यामसुन्दर यादव, तथा कर्मचारी मलेश विराजी लगायतलाई कुटपिट गरे।

राजविराजबाट प्रकाशित हुने वातावरण दैनिकका कुशाहा सम्वाददाता दीपेन्द्र पासवानलाई माओवादीविरुद्ध समाचार लेखेको आरोपमा ०६३ पुस ३ गते माओवादीका सप्तरी सह इन्चार्ज दिनकरले त्यस्ता खाले समाचार नलेख्न धम्की दिए।

राजविराज नपा-६ निवासी ५० वर्षीया सुमित्रा पाण्डेलाई छोराछोरीको झगडाका कारण रेखा यादवको उजुरीको आधारमा ०६३ पुस २ गते माओवादीले डेरामा गई मरणासन्न हुने गरी कुटपिट गरे। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो। प्रहरीमा उजुरी गर्न जाँदा उजुरी नलिएको उनले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

उदयपुर जिल्ला हडिया गाविस-६ निवासी १८ वर्षीय बुद्धकुमार खड्का, भोजपुर जिल्ला बालङखा गाविस-३ निवासी २० वर्षीय राजकुमार खत्री र खोटाङ जिल्ला साउने गाविस-२ निवासी राजकुमार मगरसहित मविव क्याम्पस राजविराजमा अध्ययनरत तीनजना विद्यार्थीलाई ०६२ चैत ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले पहाडीलाई तराईमा बस्ने अधिकार छैन भन्दै घर नजिकैको बाँसविट र वरही वीरपुरचौकमा लगी निर्घात कुटपिट गरे। उनीहरूलाई तराई छाड्ने सर्तमा मुक्त गरे।

पिप्रापूर्व गाविस-४ निवासी ४४ वर्षीय चतुरमान तामाङ, ४५ वर्षीय जगतबहादुर निरौला, ४२ वर्षीय खामेली तामाङ, ४५ वर्षीय जगतबहादुर निरौला, ४४ वर्षीय सानकेली तामाङ समेतलाई मोर्चाका कार्यकर्ताले 'पहाडियाले तराई छोड्नु पर्ने' बताउँदै ०६२ चैत २० गते घरमै आई कुटपिट गरी ज्यान मार्ने धम्की दिए।

गोइठी गाविस-५ निवासी २२ वर्षीय विजय महतो र १९ वर्षीय अजय महतोलाई माओवादी कार्यकर्ता भएको आरोपमा ०६३ असार ३२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरम आई कुटपिट गरे।

छिन्नमस्ता गाविस-२ निवासी उपेन्द्र यादव र कृष्णकुमार यादवलाई सुराकी गरेको आरोपमा ०६३ साउन ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए।

राजविराजबाट प्रकाशित हुने माओवादीको मुखपत्र जनक्रान्ति साप्ताहिकका सम्पादक देवराम यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको विरुद्धमा समाचार लेखेको भन्दै ०६३ पुस १६ गते सो मोर्चाका अध्यक्ष ज्वाला सिंहले अपहरण गर्ने र ज्यान मार्ने धम्की दिए।

गैरकानुनी गिरफ्तारी

इन्सेक सप्तरी जिल्ला प्रतिनिधि प्रकाश खतिवडालाई बन्दीको अवस्थाबारे अनुगमन गरी फर्किरहेको अवस्थामा ०६२ माघ १४ गते प्रहरीले जिल्ला हुलाक कार्यालय अगाडिबाट गिरफ्तार गरी पाँच घण्टापछि रिहा गरे।

राजविराज नपा-१ निवासी ३२ वर्षीय नेविसंघ सप्तरी जिल्ला अध्यक्ष अर्जुनप्रसाद साहलाई ०६२ माघ २५ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिएको भन्दै साहले ०६२ माघ २९ गते क्षतिपूर्ति पाउन जिल्ला प्रहरी कार्यालय सप्तरीका तत्कालीन डिएसपी विश्वनिरन्जन प्रधान, इन्सपेक्टर गोविन्द काफ्ले र असई जीवन निरौलाविरुद्ध क्षतिपूर्ति ऐन अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गरे।

अर्नाहा गाविस-५ घरभै रायपुर गाविस-८ बस्ने १५ वर्षीय सरोजकुमार चौधरीलाई नेपाली सेनाका जमदार जयप्रताप लामाले कुटपिट गरी यातनासमेत दिएको भन्दै सो विरुद्ध यातना क्षतिपूर्तिको माग गर्दै चौधरीकी आमा लछुवती देवी चौधरीले ०६३ असार १९ गते सप्तरी जिला अदालतमा मुद्दा दायर गरेकी छिन्। दायर मुद्दामा लछुवतीले यातना क्षतिपूर्ति ऐन २०५३ को दफा ६ (१) बमोजिम रू. एक लाख क्षतिपूर्ति भराई दोषी सैनिकलाई कारबाहीको माग गरेकी छिन्।

तिलाठी गाविस-६ बेल्हीका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता सफिर रहमानलाई ०६२ फागुन २३ गते प्रहरीले राजविराजबाट गिरफ्तार गरे। तीन महिनापछि उनी मुक्त भए।

पुनः गिरफ्तारी

पुनरावेदन अदालत राजविराजको आदेशले रिहा भएका मविव क्याम्पस स्वियू सभापति समीर झा, तरुण दल सप्तरी अध्यक्ष अनिल देव, नेपाल विद्यार्थी मञ्चका जिल्ला अध्यक्ष किशोरकुमार यादव केसी र नेविसंघ (प्रजातान्त्रिक) का सचिव शैलेन्द्र साहलाई प्रहरीले ०६२ माघ २५ गते अदालत परिसरबाट गिरफ्तार गरे। अदालतको आदेशले चारैजना माघ २७ गते रिहा भए।

पुनरावेदन अदालत राजविराजको आदेशले रिहा भएपछि पुनः पक्राउ गर्ने सम्भावना देखेर पुनरावेदन अदालत बार इकाई राजविराजमा शरण लिएर बसेका एमाले अञ्चल सदस्य शंकर देवकोटा, कार्यकर्ता नर्मदेव यादव, रामदेव यादव, राजविराज नपाका पूर्व मेयर जगरनाथ दास, नेकाँ जिल्ला सचिव सुशील सेवा लगायत २४ जनालाई सशस्त्र प्रहरीको टोलीले ०६२ माघ २५ गते बार भवनबाटै गिरफ्तार गरे। पुनः गिरफ्तार परेका सबै माघ २७ गते रिहा गरिए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला कमिटी उपसचिव मानपुर चौधरी, सदस्य देवनारायण चौधरी, नगर कमिटी सचिव भोगेन्द्र चौधरी सल्लाहकार प्रतापनारायण चौधरी, कार्यकर्ताहरू शत्रुघन आजाद, मौजेलाल यादव, मोतीलाल चौधरी, नागेश्वर यादव, मालेका जिल्ला सचिव केदार देव, पूर्व प्राध्यापक अमरकान्त झा तथा विद्यार्थीहरू जयप्रकाश यादव र तेजनारायण यादवलाई नगर निर्वाचन बहिष्कार जुलुसमा सहाभागी भएको आरोपमा ०६२ माघ २ गते प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै २७ गते रिहा गरिए।

अनेरास्वियुका जिल्ला सदस्य योगेन्द्र यादव, नेविमञ्चका शम्भु यादव र विद्यार्थी सूर्यनारायण मंडललाई तत्कालीन मन्त्री टंक ढकाललाई कालो झण्डा देखाएको आरोपमा ०६२ माघ ७ गते राजविराज नेता चौकबाट प्रहरीले गिरफ्तार गरी साँझ रिहा गरे।

एमाले अञ्चल सचिव सुमनराज प्याकुरेल, जिल्ला सचिव दिवाकर देवकोटा, नेसपा (आनन्दीदेवी) केन्द्रीय सदस्य महेश यादव लगायत ५२ जनालाई मसाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ माघ १२ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार मध्ये सुमनराज प्याकुरेल लगायत १० जनालाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत मुद्दा चलाई बाँकीलाई रिहा गरियो। बाँकी १० जनालाई पनि अदालतको आदेशले रिहा

भए। यसैगरी, सोही दिन नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, मविव क्याम्पस स्वयिु सचिव रामचन्द्र यादव, अनेरास्वयिु जिल्ला सचिव देवनारायण प्रमाणी लगायत ६ जनालाई बन्दको प्रचार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै अदालतको आदेशले रिहा भए।

पूर्व राज्यमन्त्री एवम् नेकाँका नेता अनिस अन्सारी, नेविसंघका नेता फिदा हुसेन र सचिव घनानन्द यादवलाई ०६२ माघ १३ प्रहरीले घरबाट गिरफ्तार गरे। गैरकानुनी थुना भनी अदालतमा रिट दिएपछि अदालतको आदेशमा माघ १८ गते रिहा भए।

नेकाँका जिल्ला सभापति रामकुमार चौधरी, सचिव सुशील सेवा, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविसंघ (प्रजातान्त्रिक) जिल्ला सचिव शैलेन्द्र साह, नेकाँका कार्यकर्ताहरू पवनप्रसाद सिंह, रामकुमार यादव, सरोज विराजी, अमरकान्त झा, पूर्वमेयर जगरनाथ दास, तरुणदल सप्तरी अध्यक्ष अनिल देव, नेका कार्यकर्ताहरू विणा पोखरेल, ज्ञानु भट्टराई र अरुण सिंह लगायत १८ जनालाई प्रहरीले जुलुसमा सहभागी भएको आरोपमा ०६२ माघ १३ गते राजविराज नपा-१ सडकबाट गिरफ्तार गरे। गिरफ्तार परेका रामकुमार चौधरी लगायत १० जनालाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत पूर्जी थमाायो। सबै अदालतको आदेशले रिहा भए।

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का जिल्ला अध्यक्ष धर्मनारायण राय, नेसपा केन्द्रीय कोषाध्यक्ष दिलिप सिंह तथा कार्यकर्ताहरू प्राणनाथ चौधरी, दिनेशकुमार यादव तथा शम्भुकुमार यादव लगायत १२ जनालाई कथित नगर निर्वाचन बिथोल्न प्रयत्न गरेको आरोपमा ०६२ माघ १३ गते प्रहरीले राजविराज नपा-१ सडकबाट गिरफ्तार गरी धर्मनारायण राय लगायत चारजनालाई तीन महिने पुर्जी थमायो। अदालतको आदेशले सबै रिहा भए।

एमाले जिल्ला सदस्य देवनारायण चौधरी र रामेदव शर्मा, एमाले कार्यकर्ताहरू जयप्रकाश ठाकुर, श्यामसुन्दर यादव, सुरेन्द्रकुमार साह तथा नेसपा (आनन्दीदेवी) का जागेश्वर रायलाई निर्वाचन बहिष्कार गर्न आह्वान गर्दै जुलुस निकालेको आरोपमा ०६३ माघ १३ गते प्रहरीले जिल्ला अदालत अगाडिबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई साँझ रिहा गरियो।

मविव क्याम्पस स्वयवियु सभापति समिर झा, नेविसंघका फिदा हुसेन र नेविसंघ (प्र.) का सचिव शैलेन्द्र साहलाई ०६२ माघ १९ गते प्रहरीले घरबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै अदालतको आदेशले माघ २७ गते रिहा भए।

एमाले जिल्ला कमिटी सदस्य हरिनारायण चौधरी, हरिशंकर इसर, विश्वनाथ यादव, मनोहर पोखरेल, नेकाँ कार्यकर्ता वीणा पोखरेल, ज्ञानु भट्टराई, उस्मान मियाँ, नरेन्द्र सिंह, मुरलीधर खिडहरी, नेकाँ (प्रजातान्त्रिक) का मालती चौधरी, मनोरमा देव, गीता यादव लगायत २१ जनालाई नगर निर्वाचन विरुद्ध नाराबाजी गरेको आरोपमा ०६२ माघ १६ गते प्रहरीले गिरफ्तार गरी साँझ रिहा गरे।

अनेरास्वयिुका जिल्ला सदस्य महानन्द यादव, नेविसंघका राजेन्द्र साह र दिनेश यादव तथा नेविमञ्चका जिल्ला उपाध्यक्ष रामअवतार यादवलाई नगर निर्वाचनको विरुद्ध जुलुसमा सहाभागी भएको आरोपमा ०६२ माघ १७ गते प्रहरीले त्रिभुवन चौकबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेपाल बार एसोसिएसन जिल्ला इकाई राजविराजका अध्यक्ष रामचन्द्र सुवेदी, सचिव दिलीपकुमार चौधरी तथा अधिवक्ताहरू श्यामप्रसाद शर्मा, रमेश थापा, सुजीत पोखरेल, सुरेन्द्र यादव, अशोककुमार चौधरी, सन्तोष राज ढकाल, लक्ष्मी चौधरी, डोमन साह र पत्रकारहरू अवधेश झा, अशोक शर्मा तथा गैसस महासंघ सप्तरीका सदस्य ध्रुव देवसहित ४१ जनालाई माघ १९ लाई कालोदिवस भन्दै जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ माघ १९ गते प्रहरीले गिरफ्तार गरी डोमन साह र ध्रुव देवलाई तीन महिने पुर्जी थमाई बाँकी सबैलाई हिरा गरे। साह र देव पनि अदालतको आदेशले रिहा भए।

राजविराज नपाका पूर्वमेयर जगरनाथ दास, नेकाँका जिल्ला सचिव सुशील सेवा, कार्यकर्ताहरू सरोज विराजी, नरेन्द्र सिंह, उस्मान मियाँ, अनिल देव, नेपाल विद्यार्थी मञ्चका जिल्ला अध्यक्ष किशोरकुमार यादव केसी, तरुण दल सप्तरीका अध्यक्ष अनिल देव लगायत ३१ जनालाई कालो झण्डा प्रदर्शन गरेको आरोपमा ०६२ माघ १९ गते प्रहरीले त्रिभुवन चौकबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले सबै रिहा भए।

एमाले अञ्चल कमिटी सदस्य शंकर देवकोटा, रायपुर गाउँ कमिटी सचिव नर्मदेव यादव, प्रसवनी गाविसका पूर्व अध्यक्ष रामदेव यादव, जनमोर्चा जिल्ला सदस्य सूर्यनारायण चौधरीलाई माघ १९ गतेलाई कालो दिन भन्दै प्रदर्शन गरेको आरोपमा प्रहरीले ०६२ माघ १९ गते अदालत अगाडिबाट पक्राउ गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले सबै २७ माघमा रिहा भए।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता बहालीको माग गर्दै शान्तिपूर्ण प्रदर्शन गरिरहेका नेपाल पत्रकार महासंघ सप्तरीका उपसभापति प्रकाश खतिवडा, कोषाध्यक्ष धिरेन्द्र साह, केन्द्रीय प्रतिनिधि वैधनाथ झा र मनोहर पोखरेल, प्रेस चौतारी सहसचिव राजु विश्वकर्मा, वातावरण दैनिकका समाचारदाता अवधेश झा र कमानन्द माझी, प्रशिक्षार्थी

पत्रकार दीपक चिन्तक र सामाजिक कार्यकर्ता जंगबहादुर र श्याम प्रकाश यादवलाई ०६२ माघ २२ गते प्रहरीले राममन्दिर चौकबासट गिरफ्तार गरी साँझ रिहा गऱ्यो।

नेकाँका क्षेत्रीय सभापति बद्री महात्मान यादव तथा कार्यकर्ताहरू रामदेव साह, महिला नेतृ वीणा पोखरेल र ज्ञानु भट्टराई तथा एमाले कार्यकर्ता श्यामसुन्दर यादवलाई नगर निर्वाचन बहिष्कारको प्रचार गरेको आरोपमा ०६२ माघ २४ गते प्रहरीले राजविराज नेता चौकमा आयोजित ऱ्यालीबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। सबै माघ २७ गते अदालतको आदेशले रिहा भए।

नेकाँ (प्रजातान्त्रिक) का सप्तरी सभापति दिनेश यादवलाई ०६२ माघ २२ गते प्रहरीले आफ्नै घर राजविराज नपा-१ बाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। यादवलाई माघ २८ गते रिहा गरिएको थियो।

नेकाँका विकेश्वरप्रसाद विमल र नेसपा (आनन्दीदेवी) का जिल्ला सदस्य मनोज देवलाई नगर निर्वाचन बहिष्कारका लागि सक्रिय रहेको आरोपमा ०६२ माघ २३ गते प्रहरीले राजविराज नपा-१ बाट गिरफ्तार गरी तीन महिने पुर्जी थमाई जेल चलान गरे। दुवै अदालतका आदेशले २८ गिते रिहा भए।

नेविसंघ (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य विनोद देव तथा कार्यकर्ताहरू प्रदीप यादव र घनश्याम साहलाई विनाकारण ०६२ माघ २४ गते प्रहरीले अन्सारी मिनी मार्केट अगाडिबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गऱ्यो।

नेकाँ (प्रजातान्त्रिक) का सप्तरी उपाध्यक्ष फत्ते महम्द, नेपाल तरुण दल (प्रजातान्त्रिक) केन्द्रीय सदस्य शशी माझी, नेका (प्रजातान्त्रिक) का कार्यकर्ता दिनेश सिंह, लिला यादव, कौशलकुमार यादव र रामनरेशलाई नगर निर्वाचन बहिष्कारको जुलुसमा सहभागी भएको आरोपमा ०६२ माघ २५ गते प्रहरीले राजविराज नपा-३ अंसारी मिनी मार्केट अगाडिबाट गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा अनेरास्वियुका केन्द्रीय सदस्य दिनेश यादव, जिल्ला अध्यक्ष निरञ्जन झा, केन्द्रीय पार्षद केदार यादव, सहसचिव अखिलेश झा, सचिव देवनारायण प्रमाणी, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविसंघ (प्रजातान्त्रिक) का सबीर आजम, जनमोर्चा नेपालका सप्तरी जिल्ला अध्यक्ष निर्मल बराल, एमाले जिल्ला कमिटी सदस्य विश्वनाथ यादव, कार्यकर्ताहरू दशरथ गुप्ता, रालगन सरदार, नेसपा (आनन्दीदेवी) का जंगबहादुर सिंह, राजेन्द्र साह, विनोद साह र पत्रकार राजु विश्वकर्मा थिए। गिरफ्तार सबै माघ २७ गते रिहा गरिए।

नेपाल सदभावना पार्टी (आनन्ददेवी) का केन्द्रीय सदस्य महेश यादव, नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, मविव क्याम्पस स्वयिु सचिव रामचन्द्र यादव र नेका कार्यकर्ता कपलेश्वर साहलाई विनाकारण प्रहरीले ०६२ माघ २६ गते नेता चौकबाट गिरफ्तार गरी साँझ रिहा गरे।

एमाले अञ्चल सचिव सुमनराज प्याकुरेल र दिवाकर देवकोटालाई ०६२ माघ २६ गते प्रहरीले अदालत अगाडिबाट गिरफ्तार गरी साँझ रिहा गरे।

यसैगरी नेकाँ सप्तरीका सभापति रामकुमार चौधरी, पूर्व राज्यमन्त्री अनिस अन्सारी, कार्यकर्ताहरू उमेश मिश्र, प्रभावकुमार ललन, रामकुमर यादव, ग्रगारम यादव, मनोज साह, शम्भु नन्दन चौधरी, पवनप्रसाद सिंह, शंकर गुप्ता लगायत २५ जनालाई प्रहरीले नेता चौकबाट गिरफ्तार गरे। गिरफ्तार सबै माघ २७ गते रिहा भए।

नेपाल विद्यार्थी मंचका केन्द्रीय सदस्य दिनेश यादव, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविमञ्च जिल्ला अध्यक्ष किशोरकुमार यादव केसी, नेविसंघ (प्रजातान्त्रिक) सचिव शैलेन्द्र साह, राजविराज क्याम्पसका पूर्व स्वयिु सभापति समिर झा र पूर्व सचिव घनानन्द यादवले तत्कालिन मन्त्री केशवबहादुर विष्टलाई कालो झण्डा देखाएको आरोपमा ०६२ फागुन १९ गते प्रहरीले नेता चौकबाट गिरफ्तार गरी साँझ रिहा गरे।

मविव क्याम्पस स्वयिु सभापति केदार यादव, उपसभापति अखिलेश झा, नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, जिल्ला सदस्य दिनेश यादव, पूर्व स्वयिु सभापति समीर झा लगायत विद्यार्थी नेताहरूले तत्कालीन राज्यमन्त्री श्रीसमशेर राणालाई कालो झण्डा देखाएको आरोपमा ०६२ चैत ६ गते प्रहरीले गिरफ्तार गरी साँझ रिहा गऱ्यो।

डाढा गाविस-९ निवासी नेसपा (आनन्ददेवी) समर्थित युवा मञ्चका केन्द्रीय अध्यक्ष राजनारायण साहलाई काठमाडौं सभामा जान लागेको आरोपमा ०६२ चैत २१ गते प्रहरीले राजविराज नपा-५ रुपनी रोडबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले साह १० दिनपछि रिहा भए।

एमाले जिल्ला कमिटी सचिव दिवाकर देवकोटा, उपसचिव मानपुर चौधरी, नगर कमिटी सदस्य दशरथ गुप्ता, इन्दुलाल झा, रायपुर गाउँ कमिटी सचिव नर्मदेव यादव र कार्यकर्ता रामलगन सरदारलाई मसाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २३ गते प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी थमाई जेल चलान गऱ्यो। सबैजना अदालतको आदेशले चैत २८ गते रिहा भए।

एमाले अञ्चल सचिव सुमनराज प्याकुरेललाई ०६२ चैत २६ गते प्रहरीले घरबाट गिरफ्तार गरी तीन महिने पुर्जी थमायो। अदालतको आदेशले पीडित चैत २८ गते रिहा भए।

नेविसंघ (प्रजातान्त्रि) का केन्द्रीय सदस्य विनोद देव, नेपाल विद्यार्थी मंचका जिल्ला अध्यक्ष किशोरकुमार यादव र अनेरास्वियु सुरेशकुमार रायलाई बजार बन्द गराउँदै हिँडेको अरोपमा ०६२ चैत २५ गते राम मन्दिर अगाडिबाट प्रहरीले

गिरफ्तार गरी तीन महिने पुर्जी थमाई जेल चलान गरे। अदालतको आदेशले १० दिनपछि रिहा भए।

एमाले राजविराज नगर सचिव भोगेन्द्र चौधरी, मविव क्याम्पस स्ववियु सभापति केदार यादव, अनेरास्ववियुका अरबिन्द झा, डोमन साह, जिल्ला अध्यक्ष निरञ्जन झा, सचिव देवनारायण प्रमाणी, सदस्य योगेन्द्रप्रसाद यादव तथा एमाले कार्यकर्ताहरू शिवनारायण परियार, जयप्रकाश ठाकुर, देवकिशुन यादव, वासुदेव यादव, जयप्रकाश यादव, शम्भु यादवलाई जनआन्दोलनमा बजार बन्द गराएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले नेता चोकबाट गिरफ्तार गरे। सोही दिन नेपाल सद्भावना पार्टी (आनन्ददेवी) का केन्द्रीय कोषाध्यक्ष दिलीपकुमार सिंह, केन्द्रीय सदस्य मनिषकुमार समुन, केन्द्रीय सदस्य महेश यादव लगायत १३ जनालाई पार्टी कार्यालयबाट गिरफ्तार गरे। सोही दिन गिरफ्तार हुनेहरूमा नेपाली कांग्रेसका कार्यकर्ताहरू जगरनाथ दास, नरेन्द्र सिंह, ध्रुवनारायण चौधरी, शिवनारायण चौधरी, अरुण सिंह, सुरेन्द्र सिंह, श्यामसुन्दर झा र रामप्रसाद ऋषिदेव रहेका छन्। नेविसंघ (प्रजातान्त्रिक) का सचिव शैलेन्द्र साह, नेता समिर झा, कार्यकर्ता जावेद अन्सारी, आसुतोष झा, मिथिलेश मिश्र तथा नेका (प्रजातान्त्रिक) का प्रदीप यादव र घनश्याम साहलाई पनि जुलुसमा सहभागी भएको आरोपमा प्रहरीले गिरफ्तार गरे। गिरफ्तारीमा परेका सबै अदालतको आदेशमा रिहा भए।

एमाले जिल्ला कमिटी सदस्य राजाराम यादव तथा कार्यकर्ताहरू शत्रुधन आजाद, असनरुद्धप्रसाद सिंह, अनेरास्ववियुका केन्द्रीय सदस्य दिनेशकुमार यादव, जल्ला सहसचिव अखिलेश झा, नेकाँका कार्यकर्ताहरू उमेश मिश्र, रमेश यादव, मनिसकुमार सिंह लगायतलाई लोकतान्त्रिक आन्दोलनमा जुलुसमा सहाभगी भएको आरोपमा ०६२ चैत २७ गते प्रहरीले त्रिभुवन चौकबाट गिरफ्तार गरी दिनेश यादव, अखिलेश झा र उमेश मिश्रलाई तीन महिने पुर्जी थमाई बाँकी सबै साँझ रिहा गरियो। बाँकी तीनजना पनि अदालतको आदेशले पाँच दिनपछि रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरी जिल्ला अदालतमा दर्ता भएका ९ सय २३ र गत वर्षबाट जिम्मेवारी सरेर आएका २ हजार ३ सय ८ ओटा मुद्दा गरी ३ हजार २ सय ३१ ओटा मुद्दा रहेकामा ६ सय ७९ ओटा मुद्दा फर्स्यौट भई २ हजार ५ सय ५२ ओटा मुद्दा मात्र बाँकी रहेको छ। जसमध्ये १ वर्षदेखि २ वर्षसम्मको ७ सय ३२ ओटा मुद्दा र दुई वर्ष नाघेका ३ सय ५६ ओटा मुद्दा रहेका छन्।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

शाही सत्ताको विरुद्ध संघर्षमा उत्रेको आरोपमा गिरफ्तार गरिएका नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साहलाई ०६२ माघ २५ गते डिएसपी विश्व निरञ्जन प्रधान, इन्सपेक्टर गोविन्द काफ्ले र असई जीवन निरौलाले अञ्चल प्रहरी कार्यालयको हिरासतमा निर्घात कुटपिट गरी हात भाँची दिए। पीडितले क्षतिपूर्ति ऐन अन्तर्गत अदालतमा मुद्दा दायर गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

जमुनी मधेपुरा गाविस-८ निवासी एक १५ वर्षीया बालिकालाई दाउरा लिन गएको समयमा मलेठका २६ वर्षीय रमेश यादव र २८ वर्षीय रामचन्द्र यादवले ०६२ माघ ६ गते जमुनी मधेपुरा गाविस-९ मा पर्ने नदीमा बलात्कार गरे। घटनामा संलग्न पीडकलाई गाउँलेले समातेर तत्कालीन मनोनित गाविस सदस्यलाई बुझाए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडक उपर कुनै कारवाही नभएको पीडितले गुनासो गरे।

मलेठ गाविस-७ निवासी १४ वर्षीया एक बालिकालाई ०६२ फागुन १५ गते सोही ठाउँ बस्ने महम्मद जाबुलले पसलमा नुन किन्न गएको सयममा जबर्जस्ती उठाएर गहुँ खेतमा लगी बलात्कार गरे। घटनाका सम्बन्धमा प्रहरीमा उजुरी गरे पनि कारवाही नभएको पीडितका अभिभावकले बताए।

ओद्रहा गाविस-७ निवासी एक महिलालाई ०६३ साउन २३ गते कमलपुर गाविस-६ निवासी दिनेश मण्डलले आफूलाई माओवादीको एरिया कमाण्डर भएको बताउँदै घरको ढोका खोल्न लगाई घरमै बलात्कार प्रयास गरे। प्रहरीमा उजुरी गरे पनि कुनै कारवाही भएन।

फत्तेपुर गाविस-६ सखुवनी निवासी २६ र २८ वर्षीया दुईजना महिलालाई ०६३ साउन २५ गते राति सोही ठाउँ बस्ने १९ वर्षीय गोपाल थापाले फत्तेपुर सोही गाविसको सखुवनी खेतमा जबजरस्ती बलात्कारको प्रयास गरे। प्रहरीले थापालाई गिरफ्तार गरी सार्वजनिक मुद्दा दर्ता गरे। थापा ५ हजार धरौटी बुझाई १० दिनपछि तारेखमा रिहा भए।

बसविट्टी गाविस-२ निवासी १७ वर्षीय एक बालिकालाई ०६३ कात्तिक २७ गते सोही ठाउँ बस्ने इब्राहिम मियाँले चक्कु देखाएर घरमा आई बलात्कार गरे। पीडितले प्रहरीमा उजुरी दिएपनि कुनै कारबाही भएन।

नकटीरायपुर गाविस-९ निवासी एक युवतीलाई ०६३ मंसिर ३ गते इलाका प्रहरी कार्यालय रुपनीमा कार्यरत टपबहादुर सार्कीले रायपुर गाविस-९ बाँसघारीमा लगी

बलात्कार प्रयास गरे। पीडकलाई गिरफ्तार गरी कारवाही सुरु गरिएको प्रहरीले जनायो।

सकरपुरा गाविस-९ निवासी एक महिला, उनकी १५ वर्षीया छोरी र सोही ठाउँ बस्ने ३४ वर्षीय अर्की महिलालाई उनीहरूको पतिले छोटी मुखियाको हत्या गरेको आरोपमा ०६३ मंसिर १६ गते सोही ठाउँ बस्ने युगल किशोर मुखिया, सुनिल मुखिया, तपेश्वर मुखिया, नारायण मुखिया, राम मुखिया, बौवालाल मुखिया लगायतकाले घरबाट निकालेर नजिक खेतमा लगी बलात्कार गरे। घटनाको सम्बन्धमा प्रहरीमा उजुरी परेपछि युगलकिशोर मुखियालाई गिरफ्तार गरी अदालतमा पेश गरे। मुखिया अदालतको आदेशले १२ हजार धरौटी राखेर तारेखमा रिहा भए।

फत्तेपुर गाविस-३ निवासी २७ वर्षीया एक अपाङ्ग महिलालाई ०६३ मंसिर २४ गते सोही ठाउँ बस्ने ५० वर्षीय भीमबहादुर पोखरेलले सोही गाविसको जङ्गलमा बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले ५ हजार जरिवाना गरी माफी मगाई घटनालाई मिलायो।

दुर्व्यवहार

बक्धुवा गाविस-९ निवासी धनमाया परियारलाई बोक्सी भएको आरोपमा ०६२ फागुन ४ गते सोही ठाउँ बस्ने धनदेवी परियारले घरमै गएर कुटपिट गरिन्। घटनाको सम्बन्धमा तत्कालै स्थानीय महिला संस्थाले हस्तक्षेप गरी पीडकलाई माफी मगाई मिलापत्र गराए।

जगतपुर गाविस-५ निवासी ४५ वर्षीय सुरजीदेवी सरदारलाई आफ्नी छोरीलाई बोक्सी लगाएर बिरामी पारेको आरोपमा ०६३ साउन १ गते राति सोही ठाउँका लक्ष्मण सरदारले सुतिरहेको ठाउँमा गई कुटपिट गरी नांगो पारी घिसार्दै धामी बसिरहेको ठाउँमा पुऱ्याई धामीले बोक्सी प्रमाणित गर्न नसकेपछि छाडे। प्रहरीले पीडकलाई गिरफ्तार गरी १ हजार जरिवाना गराई मिलापत्र गराए।

धरमपुर गाविस-३ निवासी अमरिकादेवी सरदार बोक्सी भएको आरोप लगाउँदै ०६३ असोज ६ गते कथित 'धामी' रबि सरदारको नेतृत्वमा गाउँलेले नाकाबन्दी गरे।

शिस्वा गाविस-१ धनगढी निवासी सुकनीदेवी साह बोक्सी भएको आरोपमा ०६३ मंसिर २ गते सोही ठाउँ बस्ने रामप्रसाद साहसमेतले घरबाट निकालेर बाँधेर कुटपिट गरे। पीडितले प्रहरीमा उजुरी गरे पनि कुनै कारबाही भएन।

लौनियाँ गाउँ गाविस-६ निवासी ३५ वर्षीया डोमनीदेवी खत्वे बोक्सी भएको आरोपमा ०६३ मंसिर ७ गते सोही ठाउँ बस्ने ललन खंग, बुधन खंग लगायतका गाउँलेले कुटपिट गरी देब्रे हातसमेत भाँचिदिए। पीडितले प्रहरीमा उजुरी परे पनि कुनै कारबाही भएन।

कल्याणपुर गाविस-२ निवासी ६० वर्षीया चन्द्रादेवी चौधरीले बोक्सी मन्त्रले भुत लगाएर दुःख दिएको आरोपमा ०६३ मंसिर २१ गते उनलाई सोही ठाउँ बस्ने भुटनीदेवी चौधरी, उनका छोरा रमादल चौधरी र बुहारी निलमसमेतले निर्घात कुटपिट गरे। उनको कल्याणपुर स्वास्थ्य चौकीमा उपचार गरियो। प्रहरीमा उजुरी गरे पनि प्रहरीले कारवाही गरेन।

महिला हिंसा

पत्थरगाडा गाविस-६ निवासी ३२ वर्षीय महिलाले परपुरुषसँग अवैध सम्बन्ध राखेको आरोप लगाई ०६३ साउन १० गते सोही ठाउँ बस्ने बलराम महतो, देवनारायण महतो लगायतले कुटपिट गरी घाइते पारे। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीमा उजुरी गरे पनि पीडकलाई कारवाही भएन।

विषहरिया गाविस-७ भेल्ही टोल निवासी २५ वर्षीया सुमित्रादेवी यादवले ससुरालाई जवाफ फर्काएको आरोपमा ०६३ कात्तिक २३ गते ससुरा सूर्यनारायण यादव र जेठाजु बिन्दी यादवले कुटपिट गरी एउटा आँखा फुटाइ दिए। घाइतेको राजविराजमा उपचार हुन नसकेपछि लहान आँखा अस्पतालमा उपचार गरियो। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले बताए।

टिकुलिया गाविस-५ निवासी अनीतादेवी चौधरीलाई दिदीलाई कुटपिट गरेको विषयमा चासो लिएको आरोपमा ०६३ मंसिर २४ गते उनका भिनाजु कुशहा गाविस-९ बस्ने कृषि विकास बैंक शाखा, राजविराजमा कार्यरत इन्जिनियर ध्रुवप्रसाद चौधरीले कुटपिट गरे। अनीताले प्रहरीमा उजुरी गरे पनि कारबाही भने भएन।

सबै प्रकारका जातीय भेदभाव

बदगामा गाविस-४ निवासी १६ वर्षीया शनिचरीदेवी खंग, २२ वर्षीया भवानी खंग, १५ वर्षीया सीताकुमारी खंग र २८ वर्षीया शकुन्तला खंगलाई बाखाले बाली खाएको आरोपमा ०६२ माघ १९ गते जगतपुर गाविस-१ का गजेन्द्र साह, देवेन्द्र साह, नागेन्द्र साह र राजकुमार साहले जगतपुर गाविस-१ खेतमा लगी मरणासन्न हुने गरी कुटपिट गरे। प्रहरीले पीडितलाई सामान्य क्षतिपूर्ति दिलाई मिलापत्र गरायो।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुम्बासी समस्या, वृद्ध भत्ता आदि)

सप्तरी जिल्लामा २४ हजार ४ सय ६० सुकुम्बासी तथा अव्यवस्थित बसोबास अन्तर्गत निवेदन परेको जिल्ला भूमि सुधार कार्यालयले जनायो। जसअनुसार २ सय ३७ सुकुम्बासी परिवारलाई ३५ विघा ८ कठ्ठा तीन धुर र ४ सय ९९ अव्यवस्थित बसोवास परिवार अन्तर्गत १ सय ४

विघा ५ कठ्ठा १५ धुर जग्गा वितरण भइसकेको छ।

दलित छात्रवृत्ति पाउनेको संख्या १६ हजार ३ सय ८१ जना रहेको छ भने ५० प्रतिशत छात्रा छात्रवृत्ति पाउनेको संख्या १३ हजार ५ सय ९५ मासिक छात्रवृत्ति पाउने ९ हाजर १८ जना र सीमान्त छात्रवृत्ति ८० जनाले पाए। जस अनुसार दलित र ५० प्रतिशत छात्रा छात्रवृत्ति वितरण भइसकेको र अरु वितरण गर्न बाँकी रहेको जिल्ला शिक्षा कार्यालय सप्तरीले जनाएको छ।

जिविस सप्तरीका अनुसार यस वर्ष जेष्ठ नागरिक ३ हजार ६ सय ७६ जना, असहाय विधुवा ७ हजार ४ सय ४ जना र असक्त १ सय ५० जना रहेका छन्।

आर्थिक अधिकार

जिल्ला विकास समिति सप्तरीले लगाउँदै आएको ढुंगा, गिट्टी, बालुवा कर सम्बन्धी ठेक्का माओवादीले हस्तक्षेप गरी आ.व. ०६३।०६४ का लागि भनी जिल्ला जनसरकारका नाममा ०६३ असोज १ गतेदेखि ठेक्का लगाई रकम असुल गरे।

महेन्द्र राजमार्गमा चल्ने सवारी साधनसँग माओवादीले भारदह गाविस-२ भारदह चौकमा ०६३ असोज ६ गतेदेखि बेरियर खडा गरेर रकम असुली शुरु गरे।

जिविस सप्तरीको आन्तरिक ठेक्का लागि माओवादीको अनुमति बेगर टेण्डर फारम दर्ता गरेको भन्दै माओवादी सप्तरी सिरहा इन्चार्ज रमेशको नेतृत्वमा आएको एक समूहले ०६३ मंसिर र १७ गते जिविसको कार्यालयमा तोडफोड गरी दर्ता रजिष्टर तथा रसिद लुटी कर्मचारी उपर हातपाट समेत गरे।

विस्थापित

रम्पुरा मल्हनियाँ गाविस-३ निवासी ७० वर्षीय सत्यदेव यादवको घरमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले लुटपाट गरी ज्यान मार्ने धम्की दिएपछि यादव ०६३ असोज २६ गते देखि विस्थापत भई राजविराजमै बस्दै आएका छन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चाको धम्कीका कारण माओवादीको अखिल नेपाल किसान संघ (क्रान्तिकारी) केन्द्रीय सदस्य दशरथ ठाकुर परिवारसहित प्रसवनी गाविसस्थित घरबाट, दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष कपिलेश्वर सरदार गोइठीस्थित घरबाट, एरिया कमिटी सदस्य नारायण सेठ गोइठी गाविस-३ घरबाट तथा एरिया सदस्य लखन सरदार मधवापुर गाविस-९ घरबाट ०६३ पुस १ गतेदेखि विस्थापित भई राजविराज बस्दै आएका छन्।

माओवादी र राज्यबीचमा स्थायी युद्धविराम हुनुभन्दा अघिसम्म ३९ जना नागरिक माओवादी धम्कीको कारण विस्थापित भएकोमा चारजना बाहेक सबै पुनर्स्थापित भइसकेका छन्। यस वर्षको अन्त्यसम्ममा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कारण चारजना माओवादी कार्यकर्ता विस्थापित भई राजविराज बस्दै आएका छन्।

संरचना क्षति/सम्पत्ति कब्जा/आगजनी/लुट

भारदह गाविस-१ का शुभनारायण यादवले भारदहमा संचालन गर्दै आएको सार्वजनिक टेलिफोन बुथमा ०६२ माघ ३ गते माओवादीले आगजनी गरी क्षति पुऱ्याए। आगजानीका कारण दुई लाइन टेलिफोन घर र फर्निचर जलेर नष्ट भयो।

गाईघाट लहानतर्फ फर्कदै गरेको नेपाल टेलिकम कार्यालय लहानको ना. १ न. ९०१ नं. को सवारी साधान (जीप) लाई ०६२ फागुन २२ गते माओवादीले सप्तरी जिल्लाको पिप्रा पश्चिम गाविसको लालपत्ता भन्ने ठाउँमा पेट्रोल छर्केर आगो लगाई दिए। आगजनीका कारण जीप जलेर नष्ट भयो।

बन्द र चक्काजामको अवज्ञा गरेको अरोपमा माओवादीले काठमाडौंबाट विराटनगरतर्फ जाँदै गरेको सूर्य नेपाल गार्मेन्ट लिमिटडेको ना. २ ख ३३१५ नं. को ट्रकलाई जण्डौलमा काँकडभिट्टाबाट काठमाडौ जाँदै गरेका ना. २ ख ५४१९ नं. बसलाई कल्याणपुरमा र झापाबाट काठमाडौंतर्फ जाँदै गरेको ना. २ ख २१५० नं. को मेची राजधानी बस र इलामको पशुपति नगरबाट काठमाडौ जाँदै गरेको १२०४ नं. को उग्रचण्डी बसलाई कुशहा गाविस-१ कडरबोनामा ०६२ चैत १० गते आगो लगाएर नष्ट पारी दिए। आगजनीबाट ट्रकमा रहेको ५० लाख बारबको तयारी पोशाक, कल्याणपुरमा केरा तरकारी तथा ७ ओटा वंगुर र यात्रुका सामान जेलर नष्ट भएको थियो।

माओवादीको दुईदिने सप्तरी बन्दको दोश्रो दिनको फिर्ता भएको समाचार सुनेपछि चलाएको त्रियुगा सहकारी फत्तेपुरको दूध बोक्ने टाटा मोबाइललाई ०६२ चैत ११ गते माओवादीले घोघनपुर गाविस-४ फत्तेपुरमा आगो लगाई क्षति पुऱ्याए। आगजनीका कारण १५ लाख बराबरको गाडी, दूध हाल्ने क्यान डढेर पूर्ण रुपले नष्ट भयो।

माओवादी आमसभामा गाडी दिनुपर्छ भनेर गाडी बिग्रेको बहाना गरेको आरोपमा राजरिवाज नपा-४ को सिन्हा ग्यारेजमा राखिएको को.ज्ञ ख ७४६ र को. १ ख ७७४ नं. को विद्यार्थी बोक्ने युनिक एजुकेशन एकेडेमीको मिनी बस ना. २ ख. २००३ को विजय ट्राभल्स ना. १ ख ४६४८ र ना. १ ख. ५१३२ नं. को राजभर ट्राभल्स र ना. १ ख. ८४५६ नं. को श्री निवास ट्राभल्स बसलाई ०६३ जेठ १३ गते माओवादीले तोडफोड गरी क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट सातजना पुरुष र एकजना महिला बेपत्ता पारेकोमा उनीहरूको स्थिति अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा मलेकपुर गाविस-६ निवासी ३२ वर्षीय तेतर सदा, राजविराज नपा-७ निवासी ४५ वर्षीय राजकुमार तामाङ, खडकपुर गाविस-४ निवासी ३३ वर्षीय राजेन्द्र चौधरी, मधवापुर गाविस-५ निवासी ३५ वर्षीय वेदनप्रसाद साह, खोजपुर गाविस-१ निवासी नरसिंह चौधरी, फुल्काहीका अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष रमाकान्त साह र सदस्य विनोद तथा जोगिनिया गाविस-४ निवासी अनिता श्रेष्ठ रहेका छन्।

१.१२ सिरहा



जनसंख्या	:	६,२३,७२४
साक्षरता प्रतिशत	:	४०.३१
महिला साक्षरता प्रतिशत	:	२६.८०
क्षेत्रफल (वर्ग कि. मि.)	:	११८८
गाविस/नपा संख्या	:	१०६/२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३६४
क्याम्पस/उच्च मा.वि.	:	३/६
अस्पताल/स्वास्थ्य चौकी	:	२/११२
टेलिफोन लाइन	:	२५००
मोटर सडक (कि. मि.)	:	१४४
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	९८
मानव विकास सूचकाङ्क	:	०.४२७
प्रति परिवार सरदर संख्या	:	६.२३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
माओवादीबाट

लहान नपा-६ स्थित नापी कार्यालयमा कार्यरत लक्ष्मी साहको ०६३ वैशाख १२ गते राति माओवादीले गराएको प्रेसरकुकर बम विस्फोटबाट घटनास्थलमै मृत्यु भयो। उक्त घटनामा सोही कार्यालयका देवनारायण साह गम्भीर घाइते भए। घाइते भएका देवनारायण साहको उपचार धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडितको एउटा आँखा नदेख्ने र एउटा खुट्टा काम नलाग्ने भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सिरहाका सांसद तथा राप्रपाका केन्द्रीय सदस्य कृष्णचरण श्रेष्ठ र बेल्हा गाविस-५ का ३० वर्षीय रामवृक्ष महराको ०६३ असोज ७ गते बिहान खेत घुमेर फर्किरहेको बेला बाटोमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरू रुदल भनिने मनिकलाल महतो र बिहारी महतोले गोली प्रहार गरी हत्या गरे। सोही घटनामा सारस्वर गाविसका राजकुमार यादव र धनुषास्थित मरान भन्ने ठाउँका रामलोचन पासवान गोली लागी घाइते भए। घाइते दुवैजना वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरी घर फर्किए। गोली हानी भागेका दुवै पीडिकहरूलाई गाउँलेले समाती कुटेर मारेका थिए।

आफ्नै बम विस्फोटबाट मृत्यु

बरियारपट्टी गाविस-८ स्थित शिवचौकमा ०६२ माघ १३ गते साँझ माओवादीको आफ्नै प्रेसर कुकर बम विस्फोट भई जिल्लास्तरीय नेताहरू विकास भनिने महेन्द्र सदा, शिवु यादव, राजेन्द्र महतो, हरिशचन्द्र यादव र रुदल यादवको घटनास्थलमै मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

सिरहा नपास्थित प्रमुख जिल्ला अधिकारीको निवासमा ०६२ फागुन १४ गते सुरक्षार्थ बसेका प्रहरीले बोकेको बन्दुक पड्किँदा प्रमुख जिल्ला अधिकारीका गाडी चालक रामप्रसाद मण्डलका १२ वर्षीय छोरा संजीव मण्डल घाइते भए। प्रहरीले बन्दुक सफा गर्दा गर्दै अचानक पड्किएको सुरक्षाकर्मीले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

पिप्रा प्रपि गाविस-६ स्थित जमुवा टोलका माओवादी कार्यकर्ता ३६ वर्षीय लटल भनिने राजकुमार सिंहलाई ०६३ साउन १२ गते राति घरमा सुतिरहेको बेला जनतान्त्रिक

तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले कुटपिट गर्दै घरबाट बाहिर निकालेर गोली प्रहार गरी घाइते तुल्याए। पीडित लहान अस्पतालमा उपचार गरी घर फर्किए।

पिप्रा प्रपि गाविस-४ निवासी ४० वर्षीय माओवादी कार्यकर्ता रामउदगार यादवलाई सुतिरहेको बेला ०६३ साउन १२ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले गोली हानी घाइते तुल्याए। पीडितको दाहिने पाखुरामा गोली लागेको थियो। पीडित लहान अस्पतालबाट उपचार गरी घर फर्किए।

जेल र बन्दी

१ सय ५० जनाको क्षमता रहेको सिरहा जेल 'घ' श्रेणीको छ। यस वर्षको अन्त्यमा यस जेलमा कूल ६६ जना बन्दीहरू छन्। २० जना थुनुवाहरूमध्ये १८ जना पुरुष र दुईजना महिला रहेका छन्। ४६ जना बन्दीहरूमध्ये ४५ जना पुरुष र एकजना महिला रहेका छन्।

लोकतन्त्रपछि पुरानो मुद्दामा रहेका बन्दीहरूले आममाफी हुनुपर्ने जस्ता माग राखी रिले अनसन गरे। जिल्ला कारागार शाखा, सिरहामा जेलभित्रको आन्तरिक सुधार सम्बन्धी १२ सूत्रीय माग राखी १० जना बन्दीहरूले ०६३ जेठ १७ गतेदेखि रिले अनसन गरे।

जिल्ला कारागार शाखामा आममाफीको माग राखी तोडफोडमा उत्रिएका बन्दीहरूमाथि ०६३ साउन १० गते प्रहरीले लाठीचार्ज गरे। लाठीचार्जबाट १८ जना बन्दीहरू गम्भीर घाइते भए। जसमध्ये अताबुल मियाँलाई धरानस्थित स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो। त्यसैगरी सीताराम चौधरी, मुक्तिनाथ हिम्ले र सुरज दासलाई जिल्ला अस्पताल सिरहामा उपचारार्थ लगिएको थियो। बन्दीहरूले



जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका सांसद कृष्णचरण श्रेष्ठ

प्रहार गरेको इटा र ढुङ्गाबाट असई विश्वेश्वर विश्वकर्मा, हवल्दार धर्मदेव मण्डल र प्रहरी जवान बाबुराम बाँस्तोला घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनायो। जेलभित्र बन्दीहरूले तोडफोड गरेपछि सुरक्षाकर्मीद्वारा पटक-पटक हवाई फायर गरिनुका साथै अश्रुग्याँस र पानीको फोहोरासमेत प्रयोग गरिएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

लालपुर गाविस-६ स्थित गुरुधाम निवासी २४ वर्षीय नैन लामालाई ०६२ माघ १५ गते साँझ माओवादीले घरबाटै अपहरण गरे। पीडित फागुन १ गते राति भागेर घर फर्किए।

सरस्वती मावि जम्दहका प्रधानाध्यापक मोहम्मद सनउल्ला खाँलाई आर्थिक अनियमितता गरेको आरोपमा ०६२ माघ १८ गते माओवादीले उनलाई विद्यालयबाटै अपहरण गरी माघ २५ गते मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११	१०	४	१४	३	६		६					
घाइते	५	६		६	१	१		१	१	१			१
गिरफ्तारी/यातना									१०	३३	३	१०	३६
कुटपिट	५	६	१	७	११	१७		१७	४	६		८३	८८
धम्की					३	३		३	१	९		६	१५
भेला/संगठित हुने अधिकार									८	३४		७३	९६
जातीय विभेद	१	१		१									
महिलाअधिकार	४		४	४									
बालअधिकार	३		३	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१	१	१		१					
अमानवीय व्यवहार	१	१		१	१	१		१					
अपहरण	६	६	१	७	१८	३३	७	३९					
जम्मा	३६	३१	१३	४३	३६	६१	७	६८	३४	६३	३	१७०	३३६



जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका रामवृक्ष महरा

लहान नपा-९ निवासी पूर्व वडाअध्यक्ष ५१ वर्षीय ईश्वरदेव साहलाई ०६२ चैत २४ गते माओवादीले घरबाट काम छ भनी बोलाई अपहरण गरे। पीडितलाई इन्सेक जिल्ला प्रतिनिधिलगायत मानवअधिकारकर्मीहरूको पहलमा पीडितलाई ०६३ वैशाख ७ गते गोविन्दपुर गाविसको मानिकदहबाट मुक्त गरे।

इनर्वा गाविस-९ निवासी नेकाँका कार्यकर्ताहरू ३१ वर्षीय शिवशंकर यादव, ३५ वर्षीय देवनारायण यादव र ३८ वर्षीय बिन्दी यादवलाई ०६३ वैशाख १२ गते साँझ माओवादीले सोही गाविसस्थित बाटोबाटै अपहरण गरी वैशाख १५ गते मुक्त गरे।

मझौरा गाविस-१ फूलबरिया टोल निवासी वीरेन्द्र यादवलाई चन्दा नदिएको आरोपमा ०६३ वैशाख १६ गते माओवादीले घरबाटै अपहरण गरी मागे बमोजिम चन्दा बुझाउने सर्तमा वैशाख १७ गते मुक्त गरे।

पडरिया गाविस-२ निवासी ४५ वर्षीय रासबिहारी चौधरीलाई ०६३ वैशाख २८ गते माओवादीले जम्दहको मुसहर्निया भन्ने ठाउँबाट अपहरण गरी जेठ ८ गते मुक्त गरे।

सन्हैठा गाविसका शम्भुकुमार यादव, रञ्जीतकुमार यादव, मोम्हम्मद साफी, बस्तीपुर गाविस-३ निवासी जीवछ विश्वकर्मा र रामचन्द्र यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको र राजमार्ग अन्तर्गत गागनखोला पुलमा यात्रुबाहक बसमा आगजानी गरेको आरोपमा ०६३ साउन १ गते राति माओवादीले उनलाई अयोध्यानगर गाविसस्थित कसहा नजिकबाट तीनओटा मोटरसाइकलसहित अपहरण गरे। चारैजनालाई माओवादीले साउन ४ गते इलाका प्रहरी कार्यालय लहानमा प्रहरीलाई जिम्मा लगाए। पीडितहरू जिल्ला अदालत सिरहाबाट साउन २३ गते तारेखमा रिहा भए।

नहरारिगौल गाविस-४ निवासी नेकाँका सक्रिय कार्यकर्ता ५० वर्षीय जगदेव यादवलाई ०६३ साउन २ गते माओवादीले घरबाटै अपहरण गरी केही दिनपछि मुक्त भए।

गौरीपुर गाविस-९ निवासी ४५ वर्षीय सोनेलाल यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको आरोपमा ०६३ साउन २ गते साँझ माओवादीले उनलाई घरबाटै अपहरण गरी केही दिनपछि मुक्त गरे।

फुल्काहाकट्टी गाविस-६ निवासी रामविलास यादव र लालपुर गाविसका रुदल भनिने मनिकलाल महतो जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता भएको आरोपमा ०६३ साउन ३१ गते राति माओवादीले इटाटार गाविसको वैशखा भन्ने ठाउँबाट अपहरण गरे। पीडित भदौ १९ गते दिउँसो मानवअधिकारकर्मीको रोहबरमा मिर्चैयास्थित माओवादीको कार्यालयबाट मुक्त भए।

रामनगर मिर्चैया गाविसस्थित अरुणोदय आवासीय माविका शिक्षक २५ वर्षीय भोलाकुमार साहलाई जग्गा सम्बन्धी विवादका कारण ०६३ भदौ ८ गते माओवादीले दिउँसो विद्यालय हाताबाट अपहरण गरी केही दिनपछि मुक्त गरे।

चन्द्रोउदयपुर गाविस-८ घुर्मीखोला निवासी ५० वर्षीय रंजीतसिंह र उनका ३० वर्षीय छोरा संजय सिंहलाई ०६३ भदौ १५ गते दिउँसो मिर्चैया गाविसस्थित आफ्नै होटलबाट माओवादीले कुटपिट गरी अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

अर्नमा प्रपि गाविस-३ निवासी राजिन्द्र सदाय, प्रमेशी सदाय, रामकुमारी सदायलाई सेनामा जागीर पाइने प्रलोभनमा ०६३ कात्तिक २१ गते साँझ माओवादीले अपहरण गरे। पीडितहरू घर फर्किसकेको माओवादीले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

इन्द्रेणी सेवा समाज (इन्सेस) गोलबजारमा कार्यरत लहान नपा-८ निवासी २५ वर्षीय राजेश्वरलाल कर्ण र धनगढी गाविस-२ र श्यामपुर निवासी ३५ वर्षीय चन्द्रकुमार राईलाई ०६२ फागुन १६ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले लगडी गदियानी गाविसस्थित बाटोबाटै अपहरण गरे। अपहरितहरूमध्ये राजेश्वरलाल कर्णलाई सोही दिन साँझ र चन्द्रकुमार राईलाई फागुन १७ गते मुक्त गरियो।

खरुक्याही गाविस-८ गाविस निवासी ३० वर्षीय बालकृष्ण यादवलाई ०६३ वैशाख १ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरेकोमा गाउँलेहरूले वैशाख २ गते मुक्त गराए।

माडर गाविसस्थित खैटोका भन्सार कार्यालयका प्रमुख उद्धव ढुङ्गानालाई ०६३ असार २४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले डेराबाटै अपहरण गरी असार २६ गते राति सन्हैठा गाविसको एकान्तस्थलबाट सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

सिरहास्थित एक्का प्रोजेक्टका जिल्ला संयोजक ढल्केवर गाविस-३ धनुषा निवासी ३२ वर्षीय दीपक लामा मोटरसाइकल चढी अनुगमनका लागि गाउँमा पुगेका बेला ०६३ मंसिर ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले उनलाई सन्हैठा गाविसस्थित बाटोबाट अपहरण गरे। पीडितलाई आँखामा पट्टी बाँधेर एकान्त स्थानमा राखी सोही दिन अपहरण मुक्त गरेका थिए। मोर्चाका कार्यकर्ताले एकथान मोटरसाइकल र मोबाइल सेट लगेको पीडितले बताए।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

माओवादीबाट

लहान नपाबाट प्रकाशित हुने नवजागृति साप्ताहिक पत्रिकाका कार्यकारी सम्पादक रामप्रसाद भट्टराई र उपसम्पादक राजकुमार राउतले माओवादी जनसरकारको अनुमतिबिना सामुदायिक वनको बारेमा समाचार संकलन गर्न गएको आरोपमा ०६२ फागुन १० गते माओवादीले उनीहरूलाई एक पत्रमार्फत धम्की दिए। पत्रकारहरूले लेखेको समाचारको कारण उपभोक्ता र जनता समस्यामा परेमा पत्रकार दण्डित हुनुपर्ने कुरा पत्रमा उल्लेख गरिएको थियो।

लहान नपा-१ निवासी व्यापारी सुरेन्द्र गुप्तालाई ०६३ वैशाख २ गते दिउँसो भारतीय सीमा क्षेत्रमा पर्ने ठाडी बजारबाट मोटरसाइकलमा लहानतर्फ फर्किरहेको बेला माओवादी कार्यकर्ताले अपहरण गरकोमा सोही दिन मुक्त गरे।

खरुक्याही गाविस-८ स्थित पत्थरगाढा निवासी ४८ वर्षीय रामअशिष दास तत्मालाई गाउँको झगडाको निवेदन प्रहरीमा हाल्न गएको आरोपमा ०६३ वैशाख १९ गते स्थानीय माओवादी कार्यकर्ताले घर नजिक कुटपिट गरे। पीडित उपचारपछि घर फर्किए

धनगढी गाविस-२ निवासी ४० वर्षीय कर्णबहादुर श्रेष्ठलाई ०६३ भदौ ३० गते राति हिमाल उपनामका माओवादी कार्यकर्ताले घरमै कुटपिट गरे।

लहान नपा-२ निवासी २९ वर्षीय देवेन्द्र यादवलाई ०६३ असोज २१ गते साँझ माओवादी कार्यकर्ताले पार्टी सम्पर्क कार्यालयमा लगी लाठी र दाउराले कुटपिट गरे।

अर्नमा प्रपि गाविस निवासी सोही गाविस सचिव हरिदेव यादवले विवाह दर्ताको सिफारिस नदिएको आरोपमा ०६३ असोज ३० गते माओवादी कार्यकर्ता शिवकुमार यादवले जिल्ला विकास समितिको कार्यालयमा कुटपिट गरे।

लहान नपा-८ निवासी रिक्सा मजदुर रमेशकुमार मण्डललाई ०६३ असोज २९ गते राति जहर भनिने माओवादी कार्यकर्ताले भाडा सम्बन्धी विवादका कारण कुटपिट गरे। सो घटनाको विरोधमा रिक्सा मजदुर युनियनले असोज ३० गते राजमार्गमा रिक्सा तेर्स्याएर सडक अवरुद्ध गरे।

गैरकानुनी गिरफ्तारी

नेपाल तरुण दलका जिल्ला अध्यक्ष सुनिल कोइरालालाई ०६२ माघ १९ गते बिहान लहान नपा-६ स्थित आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडित फागुन २ गते पुनरावेदन अदालत राजविराजको आदेशपछि रिहा भए।

बस्तीपुर गाविसका ३५ वर्षीय कमल यादवलाई ०६२ माघ १९ गते दिउँसो प्रहरीले एमालेको लहान नपास्थित क्षेत्रीय पार्टी कार्यालयबाट गिरफ्तार गरे। पीडित फागुन २ गते पुनरावेदन अदालत राजविराजको आदेशमा रिहा भए।

एमाले लहान नगर कमिटीका उपसचिव प्रदीप चौधरी, सदस्य किशोर कोइराला, कार्यकर्ताहरू श्रीचन पासवान र मो. हुसेनलाई ०६२ माघ १९ गते दिउँसो प्रहरीले लहान नपा-७ स्थित बाटोबाट गिरफ्तार गरे। पीडितहरू ०६२ फागुन २ गते पुनरावेदन अदालतको आदेशबाट रिहा भए।

अनेमसंघ (क्रान्तिकारी) जिल्ला सदस्य बोधमाया यादव, दलित मुक्ति मोर्चाका सिरहा जिल्ला संयोजक रामनारायण दास तत्मा र कार्यकर्ता सरमान तामाङलाई ०६२ चैत २८ गते बिहान सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ कारागार पठायो। पीडितहरूमध्ये बोधमाया ०६३ जेठ १ गते र सरमान तामाङ र रामनायायण दास जेठ ४ गते जिल्ला कारागार शाखा सिरहाबाट रिहा भए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिरहा सदरमुकामस्थित सिरहा बजारमा आन्दोलनरत सात दलद्वारा ०६२ माघ ११ गते साँझ आयोजना गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी



सांसद कृष्णचरण श्रेष्ठका हत्या गरी भागिरहेको अवस्थामा गाउँलेले समाती कुटपिट गरी हत्या गरिएका रुदल भनिने मनिकलाल महतो र बिहारी महतो



माओवादीले गराएको बम विस्फोटबाट मृत्यु भएका लक्ष्मी साह

नेकाँका अमर रेग्मी, सोही कृष्णचन्द्र यादव, अजय मण्डल, रामदयाल यादव, राजकपुर यादव, अशिषलाल यादव, शियाराम यादव, एमालेका सम्झना थपलिया, कल्पना थपलिया, तेजीलाल चौधरी, असनारायण मण्डल, सहदेव यादव, रामप्रसाद सढोक, अर्जुन महतो, सरोजकुमार यादव, बुधनी महरा र जनमोर्चाका बतहु महतो, जीवछ यादव, ज्ञानकुमार सिह, महेशकुमार मण्डल, रामचन्द्र महतो, काँग्रेस (प्रजातान्त्रिक) का जयकुमार यादव र रामकिशोर मण्डललगायतलाई गिरफ्तार गरी सोही राति रिहा गरे।

सात दलद्वारा लहान नपामा ०६२ माघ ११ गते दिउँसो आयोजना गरिएको संयुक्त विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा एमाले लहान नगर कमिटीका सदस्य निरज सापकोटा, मो. सलिम, रामकुमार कार्की र प्ररायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव घाइते भए। साथै जनमोर्चाका केन्द्रीय कोषाध्यक्ष विश्वनाथ साह, यादव, जिल्ला अध्यक्ष राममणी मिश्र, अनेरास्वबियुका केन्द्रीय सदस्य अशोक यादव, एमालेका जिल्ला सदस्यहरू उत्तरबहादुर मगर, सरियार चौधरी, नेकाँ (प्रजातान्त्रिक) का विमला भूर्तेल र दुर्गाबहादुर कार्कीलाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

सिरहा नपास्थित सिरहा बजारमा सात राजनीतिक



जनतान्त्रिक तराई मुक्ति मोर्चाको गोलीबाट घाइते भएका माओवादी कार्यकर्ता रामउद्गार यादव

दलद्वारा नगर निर्वाचनको विरोधमा ०६२ माघ १२ गते साँझ आयोजना गरिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेविसंघका कार्यकर्ताहरू कृष्णचन्द्र यादव, अमोदकुमार मण्डल र अनेरास्वबियु (एककृत) का महादेव यादव र महेश यादवलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा थुनामा राखी माघ १६ गते रिहा गरे।

सात दलले ०६२ माघ १३ गते आयोजना गरेको संयुक्त विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा प्रायुसंघका जिल्ला सदस्य देवेन्द्र गोहिबार, एमालेका कार्यकर्ताहरू सकलदेव यादव, कप्लेश्वर यादव, लटु मण्डल, महेन्द्र मुखिया, जितेन्द्र कर्ण, झल्कु यादव, भोलामान लामालगायत १५ जना घाइते भए।

सिरहा नपास्थित चन्द्र माविमा एमालेद्वारा ०६२ माघ १९ गते आयोजना गरिएको सांसद स्वर्गीय हेमनारायण यादवको तेस्रो वार्षिक स्मृति सभामा प्रहरीले हस्तक्षेप गरी सगरमाथा अञ्चल समन्वय कमिटीका सदस्य धर्मनाथ साह, जिल्ला कमिटी सिरहा सचिव रामचन्द्र यादव, उपसचिव लीलानाथ श्रेष्ठ, जिल्ला कमिटी सदस्यहरू प्रमोद यादव, सीता साह, नेकाँका जिल्ला सचिव जीवछ गुप्ता, एमालेका सम्झना थपलिया, कप्लेश्वर यादव, रामप्रताप मण्डल, सुधन कुसैत, रविन्द्र साह, शिवशंकर झा, अर्जुन महतो, धनप्रसाद यादव, महेन्द्र मुखिया, सकलदेव यादव, महेशकुमार यादव, शिक्षक रामभजन यादव र सर्वसाधारण राजकुमार त्यागीलाई गिरफ्तार गरी तीन महिने पुर्जी दिई थुनामा राखियो। पीडितहरू पुनरावेदन अदालतको आदेशमा फागुन २ गते रिहा भए।

लहान नपा-१० निवासी नेकाँका कार्यकर्ता धनिकलाल मण्डललाई ०६२ माघ १९ गते बिहान प्रहरीले लहान नपा-६ स्थिति बाटोबाट गिरफ्तार गरी ०६२ माघ २० गते दलहरूको विरोध कार्यक्रममा सहभागी नहुने सर्तमा रिहा गरियो।

एमाले जिल्ला कमिटीका सदस्य गंगाप्रसाद यादव, प्रायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव र एमाले लहान नगर कमिटी सदस्य दिनेश देवलाई लहान नपा-१ स्थित एक प्राथमिक विद्यालयबाट ०६२ माघ २५ गते मसाल जुलुस प्रदर्शन गर्न लागेको बेला प्रहरीले गिरफ्तार गरी भोलिपल्ट इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा रिहा गरे।

सिरहा नपास्थित सिरहा बजारमा संयुक्त जनआन्दोलन समन्वय समितिद्वारा ०६३ वैशाख ६ गते दिउँसो आयोजना गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा सिरहा क्याम्पसका स्वबियु कोषाध्यक्ष दिनेश यादव, १६ वर्षीय विद्यार्थी रामभरोस महतो, स्वबियू सदस्य भोगेन्द्र साह लगायत रामचन्द्र मण्डल, मोतिलाल यादव, सर्वनारायण झा, महेन्द्र मुखिया र विरेन्द्र यादव घाइते भए।



आन्दोलनको क्रममा प्रहरीको लाठीचार्जबाट घाइते सिरहा क्याम्पसका स्ववियु कोषाध्यक्ष दिनेश यादव

सिरहाका सांसद हेमनारायण यादवको हत्या सम्बन्धमा संसदीय छानबिन समितिद्वारा आरोपित व्यक्तिहरूलाई कारवाहीको माग गर्दै ०६३ मंसिर १६ गते दिउँसो जिल्ला प्रहरी कार्यालय अगाडि नारा जुलुस गरेका एमाले कार्यकर्ताहरूमाथि प्रहरीले हस्तक्षेप गर्दा सिरहा नपाका अर्जुन महतो, चुनचुन यादव, हरिदेव महरालगायत घाइते भए। पीडितको जिल्ला अस्पताल सिरहामा उपचार गरियो।

बालअधिकार

अर्नमा प्रपि गाविस-४ निवासी १५ वर्षीया इन्दिलाकुमारी यादव, सोही गाविस- ५ निवासी १४ वर्षीय प्रताप महतो र सोही गाविस-६ निवासी १० वर्षीया दयाकुमारी पाललाई मासिक छ हजार तलब पाउने गरी सेनामा जागिर दिने प्रलोभनमा ०६३ कात्तिक २७ गते बिहान माओवादीले अपहरण गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बस्तीपुर गाविस-४ स्थित घलेटोल बस्ने दलित संरक्षण अभियान मञ्चकी अध्यक्ष ३५ वर्षीया रिक्मा विश्वकर्मालाई सोही गाविसका ३० वर्षीय रिते भनिने खड्कबहादुर विष्टले गाउँका केही व्यक्तिहरूको मिलेमतोमा ०६३ कात्तिक २३ गते बिहान अश्लील गाली गर्दै सम्वेदनशील अङ्गमा लाठीले कुटपिट गरे। उक्त घटनाप्रति विरोध जनाउँदै जिल्लाका दर्जनौं संघ संस्थाका प्रतिनिधिहरूले पीडकलाई कारवाही गर्न माग गरे। पीडितले कात्तिक २४ गते प्रहरी कार्यालय लहानमा कारवाहीको लागि निवेदन दिँदा प्रहरीले उक्त घटना सामान्य भन्दै पीडितलाई गाउँमै गएर मिल्न दबाब दिएका थिए। प्रहरी कारवाहीअघि नबढाएपछि कात्तिक २७ गते दिउँसो मानवअधिकारकर्मी र सामाजिक संघ संस्थाका प्रतिनिधिलगायत सयौं व्यक्तिहरूले प्रहरी विरुद्ध प्लेकार्डसहित विरोध प्रदर्शन गरे।

हत्या अन्यबाट

हनुमाननगर गाविस-६ निवासी १५ वर्षीया एक बालिकालाई ०६३ मंसिर १३ गते साँझ सारस्वर गाविसका फुल्गेन खत्वेसहित तीन जनाले बेल्हा गाविसको एकान्त चौरमा बलात्कारपछि घाँटी थिची हत्या गरे। पीडित खेतबाट धानको बोझा बोकेर एक्लै घरतर्फ फर्किरहेकी थिइन्। पीडकहरूलाई कारवाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

माओवादीबाट

अर्नमा गाविस-४ निवासी कानुन व्यावसायी मनोज श्रेष्ठको घरबाट २५ बोरा धान र गहुँ ०६३ वैशाख २१ गते माओवादीले कब्जा गरी लुटेर लगे। पीडितको ९० विघा जमीन र घरसमेत माओवादीले कब्जा गरेका कारण विस्थापित भए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध शुरु भएयता राज्यबाट बेपत्ता पारिएका जम्मा सात जना पुरुषको स्थिति अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा बडहरामाल गाविस-६ निवासी ६० वर्षीय रामशरण नायक, सन्हैठा गाविस निवासी ३० वर्षीय सोवरी यादव, लक्ष्मीनिया गाविसस्थित तारापट्टी टोल निवासी २८ वर्षीय श्रीनारायण यादव, फूलबारिया गाविस-९ निवासी ४२ वर्षीय गौरीप्रसाद साह, मोहनपुर कमलपुर गाविस निवासी सुजितनारायण यादव, ब्रम्हान गोर्छारी गाविस निवासी रामखेलावन महतो र रामनगर मिर्चैया गाविस-२ निवासी रामखेलावन साह रहेका छन्।



कारागारभित्र आन्तरिक सुधारको माग गर्दै अनसनमा बसेका बन्दीहरू

१.१३ उदयपुर



जनसंख्या	: ३१९१६९
साक्षरता प्रतिशत	: ५३
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि.मी.)	: २०६३
गाविस/नपा संख्या	: ४४/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३५९
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: ७७८
मोटर सडक (कि.मी.)	: २५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४७
मानव विकास सूचकाङ्क	: ०.४८८
प्रति परिवार सरदर संख्या	: ६.१९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

दोहोरो भिडन्त

नन्दा बक्स गण, गाईघाटमा कार्यरत जम्दार ३८ वर्षीय बालकुमार पौड्याल, सिपाही २५ वर्षीय टुकराज अधिकारी र माओवादीका दिनेशको त्रियुगा नपा-१ करमगाछीमा सुरक्षाकर्मी र माओवादीबीच ०६२ माघ २४ गते राति भएको भिडन्तमा मृत्यु भयो। सोही घटनामा घाइते भएका ३० वर्षीय सिपाही भीमबहादुर श्रेष्ठ, सशस्त्र प्रहरीका जवानहरू ३५ वर्षीय नेत्रबहादुर बुढाथोकी र २५ वर्षीय सञ्जीव बस्नेतको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भयो।

गोली/विस्फोटक पदार्थबाट घाइते

राज्यबाट

त्रियुगा नपा-२ निवासी २५ वर्षीय सुवास खड्का ०६३ वैशाख ५ गते लोकतन्त्रको माग गर्दै विद्यार्थीले गरेको प्रदर्शनमा प्रहरीले चलाएको गोली दाहिने खुट्टामा लागी घाइते भए। पीडितलाई जिल्ला अस्पतालमा प्राथमिक उपचार गराई थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगियो।

माओवादीबाट

त्रियुगा नपा-१७ निवासी ३६ वर्षीय कामदार बुद्धिमाया दनुवार ०६२ चैत २८ गते मनोनित जिविस सभापति बोधराजसिंह बस्नेतको घरमा माओवादीले विस्फोट गराउँदा बमको छर्रा लागी घाइते भइन्। सुरक्षाकर्मीको सहयोगमा पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो। विस्फोटबाट बस्नेतको घर क्षतिग्रस्त भएको थियो।

ताम्लिछा गाविस-२ निवासी १३ वर्षीय हेमनारायण कार्की ०६३ असार २ गते माओवादीले छाडेको सुतली बम हातमा लिएर खेलाउँदा विस्फोट भई घाइते भए। दाँहिने हात र पेटमा चोट लागेका पीडितको जिल्ला अस्पताल, उदयपुरमा उपचार गरियो।

दोहोरो भिडन्त

त्रियुगा नपा-१ निवासी १५ वर्षीया सुस्मीता श्रेष्ठ, १४ वर्षीय रोशन थापा र ३५ वर्षीया सीता थापा त्रियुगा नपा-१ करमगाछीमा सुरक्षाकर्मी र माओवादीबीच ०६२ माघ २४ गते राति भएको भिडन्तमा घरभित्र सुतिरहेकै ठाउँमा छातीमा गोली लागी गम्भीर घाइते भइन्। पीडितको देब्रे छाती र देब्रे हातको पातामा गोली लागेको थियो। पीडितलाई सेनाको सहयोगमा जिल्ला अस्पताल ल्याई प्राथमिक उपचार गरी सघन उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पुऱ्याइयो। सोही भिडन्तमा बर्दिया जिल्ला सूर्यपटुवा गाविस-५ निवासी सशस्त्र प्रहरी बेसक्याम्प, गाईघाटमा कार्यरत प्रहरी जवान २२ वर्षीय चीजमान चौधरी, सुनसरी जिल्ला सिङ्गिया गाविस-२ निवासी शम्भु भुजेल र सुर्खेत जिल्ला साटाखानी गाविस निवासी १९ वर्षीय प्रेम नेपाली र नाम नखुलेका दुईजना सैनिक जवान माओवादीले चलाएको गोली लागी घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि सघन उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र वीरेन्द्र सैनिक अस्पताल छाउनी, काठमाडौं लगियो।

बेवारिसे बमबाट

त्रिवेणी गाविस-१ निवासी १९ वर्षीय मोहनबहादुर

सापकोटा ०६३ कात्तिक २६ गते घर नजिकैको खरबारीमा खर काट्ने क्रममा बेवारिसे सकेट बम विस्फोट भई घाइते भए। सापकोटाको दाँहिने हातको हत्केलादेखि तल सबै खसेर छाती, तिघ्रा, पेट र अनुहारमा बमको छर्रा लागेको थियो। उनको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा आफन्तले उपचार गराए।

जेल र बन्दी

कूल ५० जना क्षमता भएको उदयपुर जेलमा यस वर्ष ५३ जना थुनुवा र बन्दी रहे। हाल यस जेलमा २० जना पुरुष र १ महिला कैद नतोकिएका तथा ३० पुरुष र २ महिला कैद तोकिएका थुनुवा बन्दी छन्। ४५ वर्षभन्दा माथिका ६ जना पुरुष बन्दी र ५ जना कैदी छन्। जेलको भौतिक अवस्था जीर्ण भएपनि भित्र र बाहिर गरी ८ ओटा शौचालय र खानेपानीको धारा चालु अवस्थामा छन्।

जेलभित्र जिविस, नपा र सामाजिक संघ-संस्थाहरूको पहलमा टिभी, क्यारिमबोर्ड, चेस जस्ता खेल सामग्री र विभिन्न पत्रपत्रिका उपलब्ध गराइएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

त्रिवेणी गाविस-३ कालिखोला निवासी ५६ वर्षीय भोलाजित विश्वकर्मालाई घरायसी विवादमा ०६२ पुस २५ गते माओवादीले घरबाट अपहरण गरी ०६२ माघ २ गते मुक्त गरे।

चिलाउने गाविस-४ धौरी निवासी सामुदायिक वनका अध्यक्ष दिलबहादुर तामाङले सामुदायिक सम्पति हिनामिना गरेको आरोपमा ०६२ फागुन ५ गते माओवादीले उनलाई घरबाट अपहरण गरी सामुदायिक वनको हिसाब सार्वजनिक गर्ने सर्तमा फागुन ७ गते मुक्त गरे।

बसाहा गाविस-४ आमसाल निवासी १७ वर्षीय एकराज राईलाई ०६२ फागुन २७ गते माओवादीले अपहरण गरी बुधबारे बजारमा पुऱ्याएर अबिर जात्रा गरी माओवादीमा प्रवेश गरेको घोषणा गरे। पीडित हालसम्म माओवादी गतिविधिमै संलग्न छन्।

त्रियुगा नपा-१३ निवासी निवर्तमान वडाध्यक्ष ४६ वर्षीय सार्कीराम दनुवारलाई ०६२ चैत ५ गते माओवादीले घर नजिकैबाट अपहरण गरी नजिकैको जंगलमा पुऱ्याई कुटपिट गरे। पीडितलाई घटनास्थलबाट पत्नी सुकमाया दनुवार र साली सार्कीमाया दनुवारले उद्दार गरी जिल्ला अस्पताल उदयपुरमा उपचार गराए।

सिन्धुली जिल्ला लदाभीर गाविस-२ निवासी २१ वर्षीय राजेश दाहाल नक्कली माओवादी बनी चन्दा संकलन गरेको आरोपमा ०६३ जेठ ६ गते माओवादीले उनलाई त्रियुगा नपा-७ भुल्केबाट अपहरण गरी गाईघाटस्थित सम्पर्क कार्यालय राखे।

चौदण्डी गाविस-७ निवासी ३४ वर्षीय पृथ्वीबहादुर राईले विद्यालयमा अनियमितता गरेको आरोपमा ०६३ असोज ५ गते घरबाट किराँत वर्कस पार्टीका कार्यकर्ताले उनलाई अपहरण गरी असोज ८ गते दिउँसो बेल्टार गाविस-१ बेल्टार बजारबाट मुक्त गरे।

बेल्टार गाविस-१ निवासी १८ वर्षीय दीप श्रेष्ठले बस तोडफोड गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनलाई अपहरण गरी सोही दिन मुक्त गरे।

बसाहा गाविस-६ निवासी २० वर्षीय मदन राईले मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले शनिबारेबाट अपहरण गरी उनीहरूकै ट्याक्टरमा राखेर अस्थायी क्याम्प बेल्टारमा लगी भोलिपल्ट मुक्त गरे।

बसाहा गाविस-९ निवासी २२ वर्षीय निरज तामाङले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						१	५		५	१	१			१
घाइते	३	३			३	४	६	४	१०	२	२			२
गिरफ्तारी/यातना										१३	६९	६	५	८०
कुटपिट	१	२	१		३	५	११		११	१३	३८	१		३९
धम्की						४	८		८	१		४		४
भेला/संगठित हुने अधिकार										४	८	१०	९	३६
जातीय विभेद	२	१	१	८	९									
महिलाअधिकार	५		५		५									
बालअधिकार	१		१		१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	२		२					
अपहरण	२	१	१		२	३८	४४	१	४५					
जम्मा	१४	८	९	८	३३	४२	८५	५	८०	३४	१०८	३१	१४	१४२



दोहोरो भिडन्तमा मारिएका सुरक्षाकर्मीहरूमा भीमबहादुर श्रेष्ठ, नेत्रबहादुर बुढाथोकी र सञ्जिव बस्नेत

गाउँमा अशान्ति मच्चाएको आरोपमा ०६३ असोज १५ गते माओवादीको जनमुक्ति सेनाले उनलाई स्थानीय नारदचोकबाट अपहरण गरी सञ्चारकर्मी र मानवअधिकारकर्मीको रोहबरमा भोलिपल्ट मुक्त गरे।

बेल्टार गाविस-८ निवासी २८ वर्षीय शीला मगर र ३३ वर्षीय गोविन्द मगरलाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज १८ गते माओवादीले उनीहरूलाई अपहरण गरी एक महिना श्रम गराए।

बेल्टार गाविस-८ निवासी २२ वर्षीय प्रेम विश्वकर्मा र ३३ वर्षीय कमल भुजेलले सांस्कृतिक अपराध गरेको आरोपमा ०६३ असोज १८ गते माओवादीले उनीहरूलाई अपहरण गरी बेल्टारमा रहेको अस्थायी क्याम्पमा राखी असोज १९ गते मुक्त गरे।

बेल्टार गाविस-१ निवासी विनायक बन्जाराले गाडीमा तोडफोड गरेको आरोपमा ०६३ असोज २८ गते माओवादीले उनलाई मध्यरातमा घरबाट अपहरण गरी चार दिनसम्म माओवादी सेनाको अस्थायी क्याम्पमा राखी पीडितले १७ हजार ५ सय रुपैयाँ बुझाएपछि असोज ३१ गते बाबुको जिम्मामा मुक्त गरे।

नन्दाबक्स गण गाईघाटमा सैन्य तालिम लिइरहेको सेना जवान १९ वर्षीय कृष्णहरि कटुवाललाई गणमा आउने क्रममा ०६३ कात्तिक ८ गते माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे।

बेल्टार गाविस-९ घर निवासी ज्योति उच्चमावि बेल्टारमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय बालकुमार कटुवाल र सोही विद्यालयको ११ कक्षामा अध्ययनरत १८ वर्षीय कृष्ण थापालाई ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरे।

त्रियुगा नपा-११ निवासी २७ वर्षीय गणेश परियार, २९ वर्षीय मदन परियार र ४० वर्षीय पुष्पराज परियारलाई ०६३ मंसिर ७ गते माओवादीले अपहरण गरी १८ दिनसम्म सप्तरीको भारदहमा राखी उनीहरूसँगै घुमाए। सोही क्रममा पुष्पराज जिल्ला प्रहरी कार्यालय उदयपुरमा पुगे र अन्य दुईजनालाई ०६३ मंसिर २५ गते माओवादीले प्रहरीलाई बुझाएकोमा प्रहरी अनुसन्धानपछि पुष्पराज र मदन छुटे भने गणेश पुर्पक्षका लागि थुनामा रहेका छन्।

रामपुर ठोक्सिला गाविस-९ खयरबनी निवासी १७ वर्षीय कुलबहादुर बस्नेतलाई ०६३ मंसिर २० गते माओवादीले घरबाट अपहरण गरी २४ घण्टासम्म बन्दोबस्तीका सामग्री बोकाएर विभिन्न गाविसहरू घुमाई मंसिर २१ गते मुक्त गरे।

रिस्कु गाविस-९ स्थित आँपटार सामुदायिक वनका उपाध्यक्ष ४५ वर्षीय बलबहादुर विश्वकर्माले रकम हिनामिना सम्बन्धी मुद्दा दिएको आरोपमा ०६३ पुस ११ गते माओवादीले अपहरण गरी पुस १४ गते राति पञ्चावती गाविसको नेपालटारबाट मुक्त गरे। पीडितलाई रिस्कु गाविस-९ का भीमबहादुर विश्वकर्माको घरमा छलफलका लागि बोलाइएको बेला सोही ठाउँबाट माओवादीले कुटपिट गर्दै अपहरण गरेका थिए।

किराँत वर्कस पार्टीबाट

बेल्टार गाविस-२ निवासी ४६ वर्षीय श्यामकुमारी राईले ०६३ साउन २४ गते किराँत वर्कसका कार्यकर्ताले उनलाई घरबाट अपहरण गरी छोराछोरीको रोहबरमा आफ्नो पार्टी कार्यालयमा दैनिक हाजिर हुने सर्तमा साउन २५ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

०६२ माघ १२ गते सात दलले निकालेको मसाल जुलुसको अनुगमन गरिरहेका इन्सेकका उदयपुर प्रतिनिधि कुसलबाबु बस्नेत र गैर सरकारी संस्था महासंघ, उदयपुरका अध्यक्ष युवराज पराजुलीलाई सुरक्षाकर्मीले कुटपिट र अभद्र व्यवहार गरे। सुरक्षा निकायले भने अन्जानबस घटना हुन गएको बतायो।

त्रियुगा नपा-६ निवासी ४० वर्षीय सिकर्मी घुरन राजधामीलाई ०६२ चैत २ गते त्रियुगा नपा-७ मोतिगडा चोकमा होली मनाइरहेका बेला १८ नं बाहिनीका सेनाले मुक्काले हानी कुटपिट गरे। कुटाईबाट भुईमा ढलेका पीडितलाई छिमेकीहरूले उठाएर स्थानीय स्वास्थ्य संस्थामा उपचार गराए।

नेपाल रेडक्रस सोसाईटी, उदयपुर शाखाका कर्मचारी ३३ वर्षीय खिलाप्रसाद गुरागांई र स्वयमसेवक अंगत पौडेललाई ०६३ वैशाख ५ गते सुरक्षाकर्मीले शिविरमा प्रवेश गरी कुटपिट गरे। उनीहरूको उपचार जिल्ला अस्पताल उदयपुरमा गरियो।

त्रियुगा नपा-८ का टंकप्रसाद दाहाल, सोही नपा-९ निवासी नजबुल खान (निलम), हीराप्रसाद पराजुली, बासुदेव खड्का र गणेशप्रसाद दाहाललाई ०६३ वैशाख ५ गते सुरक्षाकर्मीले गाईघाट बजारमा कुटपिट गरे। कुटपिटबाट बेहोस भएकी निलम खानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र अन्यको जिल्ला अस्पताल तथा स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

माओवादीबाट

त्रियुगा नपा-१४ निवासी ४० वर्षीय जुद्धसिंह दनुवारलाई छोरालाई भगाएको आरोपमा ०६३ भदौ १५ गते माओवादीले उनलाई गाईघाटस्थित आफ्नै सम्पर्क कार्यालयमा बोलाई कुटपिट गरे।

कान्तिपुर संवाददाता रमेशचन्द्र अधिकारी, इन्सेक प्रतिनिधि कुशलबाबु बस्नेत, स्वतन्त्र समाचार सेवाका बाबुराम भण्डारी, पत्रकार मोहन गोले तथा शिक्षक र बुद्धिजीवीलाई ०६३ असोज ३० गते माओवादीका जिल्ला इन्चार्ज सन्तोष र बटालियन कमिसार संगमले सरकार माओवादीबीचको आचारसंहिता सहमति र माओवादीले गरेका मानवअधिकार उल्लंघनका घटनाको बारेमा जिज्ञासा राख्दा इन्चार्च सन्तोषले धम्की दिए।

ट्याक्सी चालक राजकुमार चौधरी र खलासी १५ वर्षीय नवराज राईलाई बेल्टार गाविस-१ बेल्टार बजारमा ०६३ पुस १६ गते माओवादीले ढाड, टाउको तथा शरीरमा फलामको रड र बाँसको भाटाले कुटपिट गरे। घटनाको विरोधमा १७ गते बेल्टार बजार बन्दको आह्वान गरियो। माओवादीले सार्वजनिक माफी मागी घाइते दुवैलाई उपचारार्थ वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगे।

किराँत वर्कस पार्टीद्वारा

सिद्धिपुर गाविस-३ निवासी ७२ वर्षीय टंकबहादुर राईलाई ०६३ असोज २१ गते घरैमा सुतिरहेको ठाउँमा खुकुरी प्रहार गरी किराँत वर्कसका चट्याङ्ग भनिने डीवी तामाङसहितको समूहले घाइते पारे। पीडितका छोरा देवेन्द्रलाई खोज्दै गएको उक्त समूहले बिहान चार बजे बृद्ध राईलाई खुकुरी प्रहार गरी कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार गरियो।

बेल्टारका व्यापारी दैवकेशर राई, सीता राई र जोख्ना गुप्तालाई ०६३ कात्तिक २६ गते किराँत वर्कस पार्टीका उपसमिति संयोजक उमेश राईको समूहले कुटपिट गरे। घटनाको विरोधमा बेल्टार व्यापार संघले बेल्टार बजार ०६३ कात्तिक २७ गतेबाट अनिश्चित कालको लागि बन्दको घोषणा गऱ्यो।



दोहोरो भिडन्तमा मारिएका माओवादीका फ्रन्टगार्ड लिडर दिनेश



दोहोरो भिडन्तका क्रममा घरमै सुतिरहेको अवस्थामा गोली लागेकी सुस्मीता श्रेष्ठ



खर काट्ने क्रममा बेवारिसे बम विस्फोट भई घाइते भएका मोहनबहादुर सापकोटा

गैरकानुनी गिरफ्तारी

नेकाँ (प्रजातान्त्रिक) का बलदेब विश्वकर्मा र नेकाँका अर्जुन खड्का र एमालेकी अम्बिका थापालाई ०६२ माघ १६ गते प्रहरीले बाटैबाट गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तर्गत माघ १८ गते थुनुवा पुर्जी दिइएकोमा माघ २० गते पुनरावेदन अदालत राजविराजको आदेशमा माघ २४ गते रिहा भए।

अभिव्यक्ति/भेला हुने र संगठित अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्रत र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचनको बहिस्कार गर्दै गाउँ जागरण अभियानमा हिँडेका एमाले केन्द्रीय सदस्य सुरेशकुमार कार्की, जिल्ला सचिव मणिराज पौड्याल, नेकाँका जिल्ला सभापति विदुर बस्नेत, जनमोर्चाका केपी बराल, अम्मर परियार, मार्सवादीका रामहरि पोखरेल, गम्भीरबहादुर कार्की, एमालेका नारदराज थापा, बलदेब चौधरी, भीमप्रसाद पराजुली, नारायण बुर्जा, गोविन्द ढकाल, सन्तोष कोइराला, माया भण्डारी, बलदेब विश्वकर्मा, खुशीलाल चौधरी, खड्ग परियार, मोहनसिंह तमाङ र शशी राई, विलट चौधरी, मदन खड्का, विष्णुबहादुर राउत, तीर्थ परियार, लीलबहादुर



दोहोरो भिडन्तमा घाइते भएका सुरक्षाकर्मीहरू चिजमान चौधरी, शम्भु भुजेल र प्रेम नेपाली जिल्ला अस्पतालमा उपचार गराउँदै

विश्वकर्मा, राजेन्द्र चौधरी आसाराम चौधरी, मुकेश राई, सुरेश राउत, दीपक खनाल र सुमन्त कोइराला, भुपेन्द्र थापा, कैलाश बस्नेत, लेखादेबी पोखरेल, धनपति आचर्य र महेन्द्र राईलाई त्रियुगा नपा-२ गाईघाट बजारबाट प्रहरीले ०६२ माघ १९ गते गिरफ्तार गरे। गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै पुनरावेदन अदालत राजविराजमा बन्दीप्रत्यक्षीकरणको निवेदन परेपछि अदालतको आदेशले पीडितलाई माघ २५ गते उदयपुर जिल्ला अदालतमा हाजिर गराएर रिहा गरे।

लोकतन्त्रको माग गर्दै शान्तिपूर्ण प्रदर्शनमा उत्रेका महिलाहरूमाथि प्रहरीले ०६२ चैत २९ गते लाठीचार्ज गर्दा त्रियुगा नपा-१ का ५० वर्षीय श्यामप्रसाद ढुङ्गाना, सोही नपा-२ निवासी ४० वर्षीय बलदेब चौधरी र सोही नपा-४ निवासी ४५ वर्षीय गीता रेग्मी घाइते भए। उनीहरूको प्रारम्भिक उपचार जिल्ला अस्पतालमा गरी थप उपचारको लागि काठमाडौं लगियो।

शान्तिपूर्ण आन्दोलनको अनुगमन गरिरहेका मानवअधिकारकर्मीहरू हुरेण्डेकका सचिव भरत खड्का, नेस्पेक उदयपुरका अजय शाह, पत्रकार शान्ता राई र इन्सेकका प्रतिनिधि कुशलबाबु बस्नेत शान्ति समाजका अध्यक्ष मोहन गोले, एड्भोकेसी फोरमका गोपाल खत्री, हुरेण्डेककी गीता थापा र सीएलआरसीका रविन्द्र चौधरीलाई ०६२ चैत २९ गते प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गरी घाइते पारे। पीडितहरूले जिल्ला अस्पताल, उदयपुरमा उपचार गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालत उदयपुरमा दर्ता भएका १ सय ६० र गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ५२ गरी कूल ४ सय १२ ओटा मुद्दा रहे। जसमा दुनियावादी देवानी २ सय २४ ओटा र दुनियावादी फौजदारी १ सय २३ ओटा तथा सरकारवादी फौजदारी ६५ ओटा रहेको अदालतले जनाएको छ। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल १ सय ४७ ओटा मुद्दा फर्स्यौट भए। अदालतमा २ वर्ष नाघेको चारओटा मुद्दा रहेको छ भने एकदेखि दुई वर्ष भित्रका ४० ओटा र बाँकी एक वर्षभित्रका रहेका छन्।

यो वर्ष आसय करणी सम्बन्धी चार र सम्बन्ध विच्छेद सम्बन्धी १४ मुद्दा अदालतमा दर्ता भए। सरकारी वकिल कार्यालयमा यो वर्ष २ सय २९ ओटा अपराध दर्ता सम्बन्धी मुद्दा आए। जसमा प्रहरीबाट अनुसन्धान भई निर्णयार्थ प्राप्त मध्ये ५८ ओटा मुद्दा चलाउने र ७९ ओटा मुद्दा नचलाउने निर्णय भए। जसमध्ये आतंककारी तथा विध्वंसात्मक अपराध ऐन अन्तर्गत ३५ ओटा मुद्दा रहेकोमा तीनओटा मुद्दा चलाउने र ३२ ओटा नचलाउने निर्णय भयो। सरकारी वकिल कार्यालयका अनुसार जिल्ला प्रशासन कार्यलय उदयपुरमा यस वर्ष नौओटा सरकारवादी मुद्दा परे। गत वर्ष जिम्मेवारी सरेर आएका १२ समेत कूल २१ मुद्दा रहे। जसमा ११ ओटा फैसला भयो भने १० ओटा बाँकी रहेका छन्।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बेल्टार गाविस-७ निवासी २५ वर्षीय बाबुराम परियार र सोही गाविस-८ सुगारे निवासी २५ वर्षीय पर्वत राईले गाउँघरमा गल्ती गरेको भन्दै ०६३ असार २ गते माओवादीले उनीहरूलाई सोही गाविसको आँपडाँडा अपहरण गरेको भोलिपल्ट रामपुर गाविस-९ शिखरमाडी पुऱ्याए। पीडितलाई दाम्लोले बाँधी घाँस खुवाएर कुटपिट गरी असार १० गते मुक्त गरियो।

बालअधिकार

तपेश्वरी गाविस-४ निवासी १४ वर्षीय मुकेश विश्वकर्मालाई ०६३ साउन ६ गते माओवादीले औषधि किन्न गएको ठाउँबाट ललाई फकाई साथै लगे। माओवादी ड्रेसमा रहेका तीनजनाले छोरालाई सँगै लगेको देखेपछि पीडितका बाबुले छाडिदिन आग्रह गर्दासमेत नछाडी हालसम्म माओवादीमै संलग्न गराउँदै आएका छन्।

जोगीदह गाविस-३ निवासी १६ वर्षीय प्रदिप पौडेललाई ०६३ कात्तिक ११ गते माओवादीले त्रियुगा नपा-४

असारीमा रहेको माओवादी सेनाको अस्थायी शिविरमा शैन्य भर्नाका लागि लगे। घटनाको भोलिपल्ट छोरालाई लगिएको थाहा पाई त्यहाँ पुगेकी पीडितकी आमा बिन्दा पौडेलले पटक-पटक छोरालाई छोडिन आग्रह गर्दा समेत माओवादीले नछाडेपछि पुन: ल्याइदिने सर्तमा १३ गते पौडेल मुक्त भए। स्थानीय एक विद्यालयमा अध्ययनरत बालक माओवादी डरका कारण हाल पढाई छोडेर काठमाडौ मै बस्दै आएका छन्।

जोगीदह गाविस-१ निवासी १६ वर्षीय राजकुमार तिवारी, १६ वर्षीय मनोज चौधरी, १७ वर्षीय बसन्त कार्की र १६ वर्षीय ईश्वर राईलाई ०६३ मंसिर १ गते माओवादी नेता मोहन कार्कीले पाँच दिने गोष्ठीमा सहभागी गराउन भनी लगे। उनीहरू मध्ये बसन्त कार्की र ईश्वर राईलाई मंसिर ११ गते घर फर्काए। अन्य दुईजनालाई माओवादीको विशालकुमार स्मृति ब्रिगेडमा राखिएको पीडितका अभिभावकले बताए।

महिलाविरुद्ध हुने सबै खाले भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

हडिया गाविस-३ निवासी ३५ वर्षीय गोरिदेवी चौधरी (थारु)लाई सोही ठाउँ बसी बैदाङ काम गर्ने माता भनिने सफदेवी चौधरी थारुले ०६२ फागुन ५ गते बोक्सीको आरोप लगाई गाउँ छिमेकलाई जम्मा गरी बोक्सी बकाएर प्रमाणित गरिदिने भनी अमानवीय व्यवहार गरिन्। घटनाको बारेमा पीडितले कतै उजुरी दिइनन्।

हडिया गाविस-३ ज्यामिरेकी शान्तिदेवी चौधरीलाई सोही ठाउँ निवासी प्रभा चौधरीले ०६३ पुस ४ गते बोक्सीको आरोप लगाउँदै दुर्व्यवहार गरिन्। प्रभाले 'तँ बोक्सी होस्' भन्दै गालीगलौज गरेपछि शान्तिदेवीले गाउँको पारालिगल समितिसमक्ष निवेदन दिएकी थिइन। सोही निवेदन बमोजिम बसेको गाउँ भेलाले प्रभालाई सम्झाउने प्रयत्न गरेपनि उनले गाउँलेको कुरा सुन्न नमानेको पीडितले बताइन्।

बलात्कार/बलात्कार प्रयास

त्रियुगा नपा-१० स्थित सुकुम्बासी बस्ती निवासी २० वर्षीय एक महिलालाई सोही ठाउँ निवासी विनोद चौधरी र बब्लु शेर्पाले ०६३ भदौ १८ गते राति पीडितकै घरमा यातना दिँदै बलात्कार गरे। मादक पदार्थ सेवन गरी गएका दुवै युवाले पीडित महिलाको सम्वेदनशील अंगमा चोट लाग्ने गरी टोकेको र चुरोटले डामे। घटना सम्बन्धमा महिला मानवअधिकार रक्षक सञ्जाल, उदयपुरले नि:शुल्क कानुनी सेवा उपलब्ध गराए पनि प्रहरीले पीडकहरूलाई गिरफ्तार गर्न निस्क्रियता देखायो।

सबै प्रकारका जातीय विभेद

त्रियुगा नपा-१ बोक्सेकी २२ वर्षीय रन्जना मोतेलाई ०६३ भदौ १२ गते बोक्सेस्थित एक सार्वजनिक स्थानमा श्रीपञ्चमीको सामूहिक ब्रत गर्न पुरोहित सूर्यप्रसाद ढकाल र अन्य भक्तजनले रोक लगाए। उनीहरूले छुवाछूत हुने भन्दै रोक लगाएका थिए। मानवअधिकारकर्मी र दलित सरोकार राख्ने संघसंस्थाहरूले घटनाको विरोध जनाएपछि भदौ १३ गते पुरोहित ढकाल र केही भक्तजनले अन्जानवबस यस्तो घटना भएको भन्दै माफी मागे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

जोगिदह गाविस-३ स्थित बटियादारबाट सप्तरीका हंसराज तातेड र गजरात तातेडको ०६३ मंसिर २३ गते माओवादीले धान लुटेर लगे। माओवादीले तातेडको १८ बिघा जग्गा आफूहरूले कब्जामा लिएकोले धान लगेको सार्वजनिक गरे।

सम्पत्ति क्षति

माओवादी

उदयपुर जिल्ला विकास समितिका मनोनित सभापति बोधराजसिंह बस्नेतको त्रियुगा नपा-१७ स्थित रातमाटेमा रहेको चारकोठे पक्का घर ०६२ चैत २८ गते राति माओवादीले प्रेसरकुकर बम विस्फोट गराई पूर्णरूपमा क्षतिग्रस्त पारे। घर क्षतिग्रस्त भएपछि बस्नेत परिवार सोही नपा-२ स्थित घरमा बसोबास गर्दै आएका छन्।

सुन्दरपुर गाविस-४ शिवाईका ४५ वर्षीय पाँचु चौधरीले वन पैदावार चोरी गरेको अभियोगमा ०६३ भदौ ३ गते वन रक्षकहरूले गिरफ्तार गर्ने क्रममा यातना दिए। यातनाका कारण चौधरीको दुवै कान नसुन्ने भयो। जिल्ला वन कार्यालयका निमित्त अधिकृत गजेन्द्र ठाकुरले



जनआन्दोलनका घाइतेहरूलाई सम्मान गरिँदै

गिरफ्तारीको क्रममा बलजफ्ती गर्ने क्रममा कर्मचारीले सामान्य यातना दिएको स्वीकारे। पीडितको जिल्ला अस्पताल उदयपुरमा उपचार गरियो। उनलाई जिल्ला अदालत उदयपुरको आदेशले सामान्य तारिखमा छाडियो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुषको अवस्था अज्ञात रहेको छ। त्यसरी बेपत्ता पारिएका ओख्ले गाविस-७ का रमेशकुमार सेन ठकुरी, कटुन्जे बबला गाविस-९ का प्रकाशकुमार तामाङ रहेका छन्।

१.१४ खोटाङ



जनसंख्या	:	२,३७,८३८
साक्षरता प्रतिशत	:	४९.८७
महिला साक्षरता प्रतिशत	:	३८.२९
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५९१
गाविस/नपा संख्या	:	७६ /०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	५७१
क्याम्पस/उच्च मा.वि.	:	१/११
अस्पताल/स्वास्थ्य चौकी	:	१/७१
टेलिफोन लाइन	:	२१०
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	७६
मानव विकास सूचकांक	:	०.४४२
प्रति परिवार सरदर संख्या	:	५.५५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

मातिम गाविस-३ निवासी अनेकिसंघ (क्रान्तिकारी) का २५ वर्षीय विश्व भनिने शम्भुप्रसाद ढकालको ०६२ चैत २९ गते दिक्तेलबाट गएको सुरक्षाकर्मीले चिउरीडाँडा गाविस-५ कैदले धारा नजिकै गोली हानी हत्या गरे। पीडित निर्मलीडाँडाबाट चिउरीडाँडातर्फ आउँदै गर्दा सादापोसाकका सुरक्षाकर्मीसँग जम्काभेट भई केहीबेर कुराकानी गरी सँगै खाजा खाएर छुट्टिन लाग्दा सुरक्षाकर्मीले लखेटेर गोली हानेका थिए। हत्यापछि तमाह खोलाको किनारमा खाल्डो खनी लास गाडियो। पीडितले ग्रिनेट प्रहार गर्न खोजेपछि गोली प्रहार गरेको मेजर भरत कार्कीले जनाए।

दोहोरो भिडन्त

भोजपुर जिल्लाको घोडेटारमाा आक्रमण गरी फर्कदै गरेका माओवादी कार्यकर्ताहरू लिकुवापोखरी गाविस-४ अँधेरीमा खाना पकाउँदै गर्दा धनकुटाबाट हेलिकप्टरबाट गस्तीमा आएको सुरक्षाकर्मीको ०६२ माघ १५ गते जम्काभेट हुँदा अजित र माहान भनिने दुई माओवादी कार्यकर्ता सामान्य घाइते भए। घटनास्थलबाट सुरक्षाकर्मीले ७ कुईन्टल चामाल ५० के.जी चिउरा ५० के.जी. चिनी, ३० लिटर तेल ५० के.जी दाल,एक सय ५० थान सैन्य पोसाक, एक सय ५० थान झोला, कम्बल ,औषधी, विष्फोटक पदार्थ, प्रेसर कुकर बम, सुल्ली बम, सकेट बम नियन्त्रणमा लिई आगो लगाई नष्ट गरे। सुरक्षाकर्मीले सर्वसाधारणहरूका घरमा आड लिई गोली चलाउदा लक्ष्मण बस्नेतको घर गोठ सामान्य क्षति भयो। सुरक्षाकर्मीले एक दर्जन बढी माओवादीको मृत्यु भएको बताए पनि दुईजना माओवादीको मृत्यु भएको माओवादी कार्यकर्ता पुष्पले बताए।

गोली/बम विस्फोट/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

फाक्टाङ्ग गाविस-५ निवासी २१ वर्षीय कृष्णबहादुर राई सुन्तले गाविसको सुनापातल रिपिटर टावर नजिक घाँस काट्दै गर्दा ०६२ माघ ७ गते सेनाले राखेको माइन विस्फोट हुँदा घाइते भए। पीडितको देब्रे खुट्टाको घुँडा मुनीको भाग चुँडियो भने शरीरका विभिन्न भागमा चोटपटक लाग्यो। उनको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

डीकुवा गाविस निवासी उज्वल भनिने माओवादी कार्यकर्ता घनबहादुर रहपाललाई दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ चैत २९ गते

चिउरीडाँडा-५ तमाह खोलामा गोली प्रहार गरे। पीडित सामान्य घाइते भए।

सुन्तले गाविस-१ निवासी ३० वर्षीया सीता विश्वकर्मा ०६३ वैशाख ९ गते सुनापातल रिपिटर टावर नजिक घाँस काट्दै गर्दा सुरक्षाकर्मीले विच्छ्याएको माइन विस्फोट हुँदा गम्भीर घाइते भईन। विस्फोटमा परी पीडितको देब्रे हातको चारओटा औला चुँडिए। पीडितको उदयपुर जिल्ला अस्पतालमा उपचार भयो।

माओवादीबाट

बाराहापोखरी गाविस-४ निवासी १८ वर्षीय विष्णु तामाङ ०६३ साउन १२ गते सोही गाविस कमानसिंह तामाङको घरमा माओवादीले राखेको सकेट बम झिकेर खेलाउँदै गर्दा विस्फोट भई गम्भीर घाइते भए। पीडितको धरानस्थित घोपाक्याम्पमा उपचार भयो।

डाँडागाउँ ओखे गाविस-१ निवासी ४ वर्षीय डिल्ली परियार र सोही गाविस निवासी ९ वर्षीय प्रदीप परियार विद्यालयबाट घर फर्कने क्रममा ०६३ भदौ २२ गते छिमेकीको घरमा माओवादीले छोडेको बेवारिसे हाते ग्रिनेट खेलाउँदा विष्फोट भई गम्भीर घाइते भए। विस्फोटमा परी डिल्लीको आन्द्रा बाहिर निस्कियो भन्यो भने प्रदीपको दायाँ खुट्टामा गम्भीर चोट लाग्यो। पीडितको जिल्ला अस्पताल खोटाङमा सामान्य उपचारपछि इन्सेकको सहयोगमा डिल्लीको कान्ति बाल अस्पताल र प्रदीपको त्रिविवि शिक्षण अस्पताल, काठमाडौंमा उपचार गरिएको थियो। माओवादीले विस्फोटक पदार्थ छोडिएको स्वीकार्दै उपचार गर्न पीडितका परिवारलाई ५ हजार नगद र २५ किलो चिउरा उपलब्ध गराए।

जेल र बन्दी

कूल ३० जनाको क्षमता भएको खोटाङ जिल्ला कारागार शाखा 'घ' श्रेणीको हो। हाल यस कारागारमा २५ जना बन्दीहरू छन्। कैद तोकिएका १२ पुरुष र दुई महिला छन्। सात पुरुष र दुई महिला गरी नौजना थुनुवा रहेका छन्। यस बाहेक एकजना नाबालक पनि आश्रित छन्।

०६२ असार ५ गते माओवादीले कारागार आगजनी गरी सबै कैदी र थुनुवालाई भगाएका थिए। कारागारको सम्पर्कमा आएका २५ बन्दीहरूलाई कारागार नभएको भन्दै कारागार शाखाले मासिक तारेखमा छाडिदिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

महेश्वरी गाविस-७ निवासी १८ वर्षीया ज्ञानु राई, १७ वर्षीया मञ्जु राई र रीता राईलाई विद्यालय जाँदै गर्दा र अन्य चारजनालाई स्थानीय हाटबाट घर फर्कदै गर्दा माओवादीले ०६२ फागुन ४ गते सल्ले गाविसको टिम्मुरेबाट अपहरण गरे। पीडित १४ दिनपछि मुक्त भए। अपहरणको कारण माओवादीले सार्वजनिक गरेनन्।

सावा कटहरे गाविस-३ निवासी साकेला उच्च मावि रतन्छामा कक्षा ८ मा अध्ययनरत १८ वर्षीय किशोर राईलाई रतन्छा गाविस-१ निवासी रिकशोभा राईको हत्या गरेको आरोपमा ०६२ फागुन ११ गते माओवादीले अपहरण गरे। अपहरणको चार दिनपछि आफ्नो कब्जाबाट पीडित भागेको माओवादीले बताए पनि उनको अवस्था अज्ञात छ।

मात्तिम गाविस-३ निवासी रतन्छा गाविस सचिव ढुण्डिराज दुलाललाई ०६२ फागुन १३ गते माओवादीले तपाईंसँग केही बुझ्नु छ भनी घरबाट अपहरण गरे। पीडितलाई माओवादीले दुई दिनपछि मानेभञ्ज्याङबाट मुक्त गरे।

बुईपा गाविस-२ निवासी ४४ वर्षीय डीएस राई ६८, वर्षीया गंगादेवी राई, ४० वर्षीया शिवकला राई, बोल्न नसक्ने ४५ वर्षीया गोकुली राई, १० वर्षीय अपाङ्ग एडिसन

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३		३	३						३	१		३	३
घाइते					३	३			३	३	३	१		३
गिरफ्तारी/यातना										६	८	१		९
कुटपिट	१३	७	८	१५	४	३	४	५	१३	११	१५	३		१७
धम्की	३	३	१	४	१०	१७	५	६	३८	७	७	३		९
जातीय विभेद	३	३		३										
महिलाअधिकार	३		३	३										
बालअधिकार	४		४	४										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३			३					
अपहरण					३३	४०	१८	३	६०					
जम्मा	३५	१३	१८	३१	३९	६५	३७	१३	१०५	३९	३३	६	३	४१

राई, खाल्ले गाविस-१ निवासी ७० वर्षीया मम्मासेरी राई, १२ वर्षीया पार्वती खत्री, बतासे गाविस-२ निवासी २७ वर्षीय कुमार श्रेष्ठलाई ०६३ वैशाख १२ गते राति सुतिरहेको ठाउँबाट पेस्तोल देखाई गाउँमा बस्न नपाउने बताउँदै माओवादीले अपहरण गरे। पीडितहरूलाई सोही गाविसको पञ्चकन्या प्रावि कट्टीमा थुनेर राखियो । पीडितहरूलाई ०६३ वैशाख १३ गते बिहान मुक्त गरे।

खोटाङ गाविस-३ निवासी ५० वर्षीय टंकबहादुर विश्वकर्मा उनका छोरा भीमबहादुर विश्वकर्मा र उद्धव विश्वकर्माले आमाको हत्या गरेको आरोपमा ०६३ वैशाख १९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। धारिलो हतियार प्रयोग गरी आमाको हत्या गर्ने टंकबहादुर,उद्धव र भीमलाई प्रहरीलाई बुझाउन माओवादीलाई नागरिक समाज, राजनीतिक दल, मानवअधिकारकर्मीले समेत पटक पटक अनुरोध गर्दा श्रम शिविरमा राखेको भन्दै पीडितको अवस्था सार्वजनिक गरिएन।

बराहापोखरी गाविस-४ निवासी विष्णुबहादुर तामाङले माओवादीले राखेको बम पड्काएको आरोपमा ०६३ असोज ५ गते सान्केश्वर मावि बराहापोखरीबाट माओवादीले अपहरण गरे। पीडित असोज ५ गते नै भागेको माओवादीले बताए पनि १५ दिनपछि उनी गाउँ फर्के।

इन्द्रध्वज गण मुडेमा कार्यरत सैनिक जवान दिनेश राईलाई ०६३ कात्तिक ७ गते चिउरीडाँडा गाविसको दुम्लीबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीको प्रथम ब्रिगेड कमाण्डर धीरेन बुढाथोकीले सेनाको जागिर छोड्न भन्दै तिहार मनाउन घर गएका बेला अपहरण गरेकोमा ०६३ कात्तिक ९ गते मुक्त गरे।

खार्पा गाविस-२ निवासी चन्द्र राई र सोही गाविसका इन्द्र राईलाई ०६३ कात्तिक २० गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरुलाई राम्रो तलब भत्ता दिने र जागिर लगाई दिने भन्दै सिन्धुलीमा रहेको माओवादी शिविरमा लगे।

दुर्छिम गाविस-६ निवासी १९ वर्षीय देवेन्द्र राई र १७ वर्षीय हमेश राईलाई बडहरे गाविसका कनक दाहालको हत्या गरेको आरोपमा ०६३ कात्तिक २३ गते माओवादीले अपहरण गरे। उनीहरुलाई दुई दिन राखेर कात्तिक २४ गते मुक्त गरे।

डाँडागाउँ गाविस-४ निवासी दीपक अधिकारीलाई ०६३ कात्तिक २३ गते माओवादीले घरबाट अपहरण गरी चिसापानी गाविसमा एक हप्ता सैन्य तालिम दिई मंसिर ७ गते दिक्तेल बजारबाट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

छिंतापोखरी गाविस-५ पानीटारस्थित जनचेतना प्राविकी शिक्षिका जीना राई र सम्झना राईलाई ०६२ माघ १७ गते पिटी खेलाइरहेको समयमा माओवादी खेल किन खेलाइस् भन्दै दिक्तेलबाट गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

छिंतापोखरी गाविस-५ पानीटार निवासी ४० वर्षीय जीवा शेर्पालाई दिक्तेलबाट गस्तीमा गएका सुरक्षाकर्मीले माओवादीलाई खाना खान दिएको आरोपमा ०६२ माघ १७ गते दुई घण्टासम्म नियन्त्रणमा लिई कुटपिट गरे।

छिंतापोखरी गाविस-५ निवासी सार्के कामीको घरमा माओवादीलाई खाना खुवाएको आरोपमा सोही ठाउँ निवासी सार्के कामी, ३६ वर्षीय सेते कामी, १५ वर्षीय पर्शुराम कामी, काले कामीसमेतलाई दिक्तेलबाट गएका सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ माघ १८ गते कुटपिट गऱ्यो। पीडितहरुलाई सुरक्षाकर्मीले जनचेतना आधारभूत प्राविसम्म लगी तीन घण्टा राखी सोही दिन रिहा गरे।

छिंतापोखरी गाविस-४ निवासी वीरबल खड्कालाई दिक्तेलबाट गएको सुरक्षाकर्मीले ०६२ माघ १८ गते छिंतापोखरी उपस्वास्थ्यचौकीनजिक कुटपिट गरे। सुरक्षाकर्मीलाई गाली गलौज गरेकाले सोधपुछ गरिएको तर कुटपिट नगरेको सुरक्षाकर्मीले जनायो।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा खोटाङका सभापति डम्बरसिंह राईलाई जिल्ला प्रहरी कार्यालयमा बोलाई डीएसपी प्रदीपकुमार श्रेष्ठ र प्रमुख जिल्ला अधिकारी किशोरबहादुर केसीले ०६२ माघ १९ गते सरकारका गतिविधि विरुद्ध समाचार नलेख्नु भनी धम्की दिए। पीडितलाई समाचार लेखेमा कारबाही हुने चेतावनी दिए। पीडित राईले राजा जिल्ला भ्रमणमा खोटाङ आउँदा सर्वसाधारणले 'भ्रष्टाचार बढ्यो महाराज' भनी गुनासो गरेपछि उक्त गुनासो सम्बन्धी लेख लेखेको आरोपमा प्रशासनले मानसिक यातना दिएको पीडितले बताए।

दिक्तेल गाविस-४ निवासी नेपाल समाचारपत्र खोटाङका प्रतिनिधि रत्नप्रसाद आचार्यलाई ०६२ चैत १९ गते बिहान डीएसपी प्रदीपकुमार श्रेष्ठले जिल्ला प्रहरी कार्यालयमा बोलाई सेना र प्रहरीको विरुद्धमा समाचार प्रकाशन गरी सुरक्षाकर्मीको मनोबल घटाउने काम गरेकोले त्यस्तो समाचार नलेख्न चेतावनी दिए। पीडितलाई डीएसपीले १२ बजेसम्म कार्यालयभित्रै राखेर अपशब्द बोल्दै पुनः यस्ता समाचार लेखेमा कारबाही गर्ने धम्की दिए।

सप्तकोशी एफएम खोटाङका समाचारदाता गोपालचन्द्र राईलाई ०६३ असोज २९ गते प्रहरीले दुर्व्यवहार गरे। समाचार सङ्कलनको क्रममा जिल्ला प्रहरी कार्यालय पुगेका पीडितलाई गेटमा ड्युटीमा रहेका प्रहरी जवानले लछारपछार पार्दै 'पत्रकार धेरै देखेका छौं, हानी दिउँ' भन्दै डायरी खोसे। डीएसपी रामचन्द्र भण्डारीले घटना दुःखद

भएको भन्दै आगामी दिनहरूमा त्यस्ता घटना दोहारिन नदिने बताए।

माओवादीबाट

सिम्पानी गाविस-५ निवासी काशीबहादुर राईलाई ०६२ माघ ८ गते माओवादीले भौतिक कारबाही गर्ने धम्की दिए। सिम्पानी बजारमा सर्वसाधारणलाई उक्साई माओवादीविरुद्ध जनमत प्रदर्शन गरेको आरोपमा कारबाही गर्ने धम्की दिएका थिए।

सिम्पानी गाविस-१ निवासी दीपबहादुर थापा र सुनसरी इनरुवा घर भई सिम्पानी उमाविका शिक्षक बमप्रसाद पोखरेललाई ०६२ माघ ८ गते माओवादीका ६ नम्बर एरिया इञ्चार्ज ज्ञानु तामाङले भौतिक कारबाही गर्ने धम्की दिएपछि पीडित चार महिना विस्थापित भई जेठमा घर फर्किए।

सप्तेश्वर गाविस-४ निवासी १८ वर्षीया नैनाकुमारी गिरीलाई ०६२ माघ १७ गते दिउँसो दाउरा खोज्न फेदी गाउँको जङ्गलमा पुग्दा तीनजना माओवादी कार्यकर्ताले कुटपिट गरे। पीडितको अनुहारमा गम्भीर चोट लागेपछि उपचारको लागि सेनाले काठमाडौं लगे। पीडितका पति प्रकाश गिरी फूलबारी ब्यारेक पोखरामा रहँदा सुराकी गर्ने गरेको आरोपमा कुटपिट गरेको माओवादीले बताए। पीडितले भने पतिलाई जागिरबाट छुटाउन माओवादीले दबाब दिन कुटपिट गरेको बताइन्।

अर्खौंले गाविस-३ निवासी ५५ वर्षीया भोजकुमारी राईलाई ०६३ वैशाख २८ गते राति घरमा सुतिरहेका बेला माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख हैकमसिंह राईको निर्देशनमा दलजीत राई, प्रकाश राई, काली राईले कुटपिट गरे। पीडितलाई कहीं उजुरी गरेमा ज्यान मार्ने धम्की दिए।

सुन्तले गाविस-४ निवासी युवराज मगरलाई ०६३ साउन ४ गते माओवादीका एरिया सेक्रेटरी राजेशले कुटपिट गरे। धाप्लाङ-धर्तुङ मोटरबाटो निर्माणका लागि जिविसले दिएको ७ लाखको १० प्रतिशत रकम माओवादीलाई नदिएको आरोपमा कुटपिट गरे। पीडितलाई नियन्त्रणमा राखेर सँगै सुतेको ठाउँबाट पीडित भागेको राजेशले सार्वजनिक गरे। पीडित भागेपछि माओवादीका नेता राजेशले उपभोक्ता समितिका अन्य सदस्यलाई जम्मा गरी साउन २५ गते सम्ममा ५० हजार पार्टीलाई नबुझाए युवराजको लागि एउटा गोली खर्च गर्ने धम्की दिए।

गैरकानूनी गिरफ्तारी

दोर्पा चिउरीडाँडा गाविस निवासी २१ वर्षीय सोमप्रसाद आचार्य माओवादी भएको आरोपमा ०६२ पुस १९ गते उनलाई घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माओवादीको बारेमा सोधपुछ गर्न कुटपिट गर्दै सुरक्षाकर्मीले दिक्तेल ल्याएपछि ०६२ पुस २६ गते प्रशासनले मासिक तारेखमा रिहा गऱ्यो।



सुनापातल रिपिटर टावरमा सुरक्षाकर्मीले राखेको विस्फोटक पदार्थ विस्फोट भई घाइते भएका कृष्णबहादुर राई

बाप्लुखा गाविस-४ बागपचा निवासी १८ वर्षीय देविका राईलाई ०६२ माघ १९ गते उनकै घरबाट माओवादीको आशंकामा दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गरे। पीडितलाई धनकुटा ब्यारेकमा एकहप्ता राखी धनकुटा कारागार पठाएको बताए।

बाप्लुखा गाविस-४ भीरखर्क निवासी ४४ वर्षीय जीतबहादुर तामाङलाई माओवादीलाई संरक्षण गर्न खाद्य गोदाम राखेको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितले छोराको विवाहको तयारीका लागि राखेको दाल, चामलसमेत सेनाले लगेको बताए। पीडितलाई भोजपुर जिल्लाको पाँचधारेबाट ०६२ माघ २० गते रिहा गरियो।

बाप्लुखा गाविस-४ निवासी सिंहराज तामाङलाई माओवादी कहाँ छन् देखा ? यत्रो चामल स्टोर गरी माओवादी पाल्छस् भन्दै ०६२ माघ १९ गते सुरक्षाकर्मीले उनकै घरबाट ५० केजी चामल बोकाई भोजपुर जिल्लाको पाँचधारे पुऱ्याए। पीडितलाई ०६२ माघ २१ गते पाँचधारेबाट रिहा गरे।

बाप्लुखा गाविस-४ निवासी ४० वर्षीय हर्कबहादुर राईलाई ०६२ माघ १९ गते तपाईंसँग केही बुझ्नु छ भन्दै दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले उनकै घरबाट गिरफ्तार गरे। पीडितलाई एक दिनपछि रिहा गरियो।

खार्मी गाविस-९ निवासी पञ्च मावि दिक्तेलमा कक्षा-१० मा अध्ययनरत १८ वर्षीय राजन राई, १७ वर्षीय धनकेशर राईलाई एस एल सीको सेन्टअप परीक्षा दिइरहेको बेला माओवादीद्वारा लिखित चिठीपत्र ओसारपसार गर्ने गरेको आरोपमा ०६२ माघ १७ गते परीक्षा केन्द्र घेराउ गरी प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०६२ माघ १८ गते खार्मीका पूर्व

गाविस अध्यक्ष बलराम राईको रोहबरमा रिहा गरियो।

खार्मी गाविस-३ निवासी २० वर्षीय जयकुमार राईले माओवादीलाई सूचना दिने गरेको आरोपमा ०६२ माघ १७ गते जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले उनलाई दिक्तेल बजारबाट गिरफ्तार गऱ्यो। पीडितलाई पूर्व गाविस अध्यक्ष बलराम राई र विद्यार्थी संगठनका प्रतिनिधिको रोहबरमा ०६२ माघ १८ गते रिहा गरियो।

च्यानडाँडा गाविस-४ निवासी ३४ वर्षीय निरकुमार कटुवाललाई माओवादी गाजस प्रमुख भई काम गरेको आरोपमा ०६२ माघ २१ गते दिक्तेलबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले घरबाट गिरफ्तार गऱ्यो। पीडितले आफू गाजस प्रमुख भएको स्वीकार गर्दासमेत इन्द्रध्वज गण मुढे ब्यारेकमा लगी शारीरिक र मानसिक यातना दिएको बताए। पीडितलाई राष्ट्रिय मानवअधिकार आयोग खोटाङका प्रमुख लोकनाथ बास्तोला र इन्सेक प्रतिनिधि लोकनाथ घिमिरेको उपस्थितिमा ०६२ माघ २६ गते पीडितकी पत्नीको जिम्मामा रिहा गरियो।

दोर्पा देबेला गाविस-६ निवासी निर्मला श्रेष्ठ, सोही गाविस-७ निवासी विश्वकला राई, सोही गाविस-९ निवासी वीरमान तामाङ र जयमान तामाङलाई ०६२ फागुन ४ गते जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले माओवादीको आरोपमा खाल्डे गाविसको मनमाया विमानस्थलबाट गिरफ्तार गरे। पीडित एसएलसी परीक्षा तयारीका लागि दिक्तेलस्थित अम्बिका श्रेष्ठको घरमा डेरा गरी बस्ने गरेकोले घरबेटी अम्बिका श्रेष्ठको रोहबरमा प्रहरीले सात घण्टापछि रिहा गरे।

चिउरीडाँडा गाविस-७ निवासी १७ वर्षीया लीला खड्का, १७ वर्षीया मुगासरा राई, सोही गाविस-९ निवासी बलराम कटुवाललाई माओवादीको आरोपमा ०६२ फागुन ४ गते खाल्डे गाविस भवन नजिकबाट जिल्ला प्रहरीको गस्ती टोलीले गिरफ्तार गऱ्यो। पीडितलाई शारीरिक र मानसिक यातनासमेत दिई छ घण्टापछि रिहा गरियो।



माओवादीले छाडेको सकेटबम बिस्फोट भई घाइते भएका बालक प्रदिप परियार

सुगम र निष्पक्ष न्यायिक अधिकार

खोटाङ जिल्ला अदालतमा दुनियावादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका २३ थानमध्ये यो वर्ष फर्स्यौट भएका १४ थान, नभएका ९ थान रहेका छन्।

दुनियावादी फौजदारी मुद्दामा यो वर्ष दर्ता भएका २२ थानमध्ये फर्स्यौट भएका सात थान र नभएका १५ थान मुद्दा रहेका छन्।

यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा जम्मा २४ थान रहे।

सरकारीवादी फौजदारी मुद्दामा गत वर्षको बाँकी र फर्स्यौट नभएका ११ थान, फर्स्यौट हुन बाँकी ९ थान मुद्दा रहेका छन्।

सरकारवादी फौजदारी मुद्दामा यो वर्ष दर्ता भएका सात थान फर्स्यौट नभएका संख्या एक थान, फर्स्यौट हुन बाँकी छ थान मुद्दा रहेका छन।

देवानी मुद्दामा यो वर्ष दर्ता भएका नौ थान फर्स्यौट भएका दुई थान, फर्स्यौट हुन बाँकी सात थान मुद्दा रहेका छन्।

देवानी मुद्दामा जम्मा फर्स्यौट भएका नौ थान फर्स्यौट हुन बाँकी १७ थान मुद्दा रहेका छन्।

यो वर्षको अन्त्यसम्म जिल्ला अदालतमा रहेका जम्मा मुद्दामा ५६ थान मुद्दा रहेका छन्।

दुनियाँवादी फौजदारी मुद्दा रहेका छैनन्।

सरकारीवादी फौजदारी मुद्दामा दुई थान मुद्दा छन्।

बालअधिकार

दिक्तेल गाविस-१ निवासी ९ वर्षीया बालिकालाई ०६३ जेठ १४ गते बेलुकी दिसा बस्न बाहिर गएको बेला वुईपा गाविस-२ का १५ वर्षीय दीपक श्रेष्ठले बलात्कार गरे। घटनापछि पीडितले कारबाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा दिएको निवेदन बमोजिम प्रहरीले पीडक श्रेष्ठलाई गिरफ्तार गरी कारबाही चलाएपछि जिल्ला अदालतले पीडक नाबालक र अपाङ्ग भएको ठहर गर्दै सामान्य तारेखमा रिहा गऱ्यो।

दिक्तेल गाविस-६ निवासी एक ११ वर्षीया बालिकालाई सोही गाविस-६ निवासी ५५ वर्षीय ईश्वरमान राईले ०६३ साउन ६ गते घरमा खाना पाकाइरहेको ठाउँमा गई बलात्कार गरे। पीडितका दाजु उद्धव आचार्य अचानक घरमा पुग्दा पीडक राई भागे। पीडक फरार रहेकाले गिरफ्तार गर्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

दिक्तेल गाविस-५ निवासी ५ वर्षीया बालिकालाई ०६३ भदौ ७ गते डाँडागाउँ गाविस-५ निवासी मुक्तिप्रसाद गुरागाईंले फकाएर पीडितको घर नजिकै लगी बलात्कार गरे। प्रहरीले पीडक गुरागाईंलाई सरकारी वकिल

कार्यालयमार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गरेपछि अदालतको आदेशमा पुर्पक्षका लागि विराटनगर कारागार चलान गरियो।

दिक्तेल गाविसस्थित सरस्वती उच्च मावि दिक्तेल कक्षा ९ मा अध्ययनरत १४ वर्षीय अम्बरबहादुर श्रेष्ठलाई ०६३ भदौ २७ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख रत्न राईले भने पीडित बालक स्वेच्छाले कार्यक्रममा सहभागी भएको बताए। माओवादी सैन्य तालिममा सहभागी गराइएका पीडितलाई ०६३ असोज ५ गते बुईपा गाविसबाट माओवादीले मुक्त गरे।

डुम्रे धारापानी गाविस-१ निवासी डीकाकुमारी रिजाल, १४ वर्षीया कुमारी मगर, १५ वर्षीय दीपक अधिकारीलाई एक सय ५० अमेरिकी डलर तलब दिने लोभ देखाई ०६३ कात्तिक २० गते माओवादीले अपहरण गरे। माओवादीले बिदामा घर गएका आफ्ना कार्यकर्ता पुनः पार्टीमा आएकाले अपहरण गरेको भन्न नमिल्ने बताए।

भोजपुर जिल्ला गोगने गाविस निवासी भई सरस्वती उच्च मावि दिक्तेलमा कक्षा ९ मा अध्ययनरत १७ वर्षीय श्याम लुईंटेल, सोही विद्यालयमा कक्षा ९ मा अध्ययनरत दिक्तेल गाविस-१ निवासी १६ वर्षीय ईन्द्रबहादुर खड्का र १६ वर्षीय गंगाबहादुर खड्कालाई माओवादी सेनामा भर्ती भए राम्रो तलब भत्ता दिने लोभ देखाई ०६३ कात्तिक २१ गते माओवादीले अपहरण गरे। पीडित विद्यार्थीलाई हलेसीमा १५ दिन सैन्य तालिममा सहभागी गराई सिन्धुली लगेको स्थानीय बासिन्दाले बताए।

डुम्रे धारापानी गाविस-१ निवासी स्थानेश्वर रिजाल देउराली मावि डुम्रे धारापानी कक्षा ५ मा अध्ययनरत ज्ञानीमाया श्रेष्ठ, कक्षा ६ की पार्वती भट्टराई र १६ वर्षीय गेले नेपालीलाई ०६३ कात्तिक २२ गते माओवादीले अपहरण गरे।

जनता मावि सल्लेमा अध्ययनरत सल्ले गाविस-२ निवासी माया थापा, ललिता राना, सोही गाविस-३ निवासी फणिन्द्र थापा र सुमन विश्वकर्मालाई ०६३ कात्तिक २२ गते माओवादीले अपहरण गरी सिन्धुलीमा रहेको माओवादी शिविरमा लगे। पीडित हालसम्म मुक्त भएका छैनन्।

चिउरीडाँडा गाविस-४ निवासी १४ वर्षीय डिल्लीप्रसाद आचार्यलाई ०६३ कात्तिक ३० गते माओवादीले घरबाट अपहरण गरे। उनलाई जागिर लगाईदिने भन्दै अपहरण गरेको पीडितका बुबा ध्रुवप्रसाद आचार्यले बताए।

सीमपानी गाविस-१ निवासी १६ वर्षीय भुवन राईलाई सेनामा जागिर लगाउने प्रलोभन देखाई ०६३ मंसिर १ गते माओवादीले सिम्पानी उच्च माविबाट अपहरण गरे। पीडितलाई चिसापानी पुऱ्याई सात दिने सैन्य तालिम दिएपछि ०६३ मंसिर १० गते मुक्त गरे।



माओवादीले छाडेको सकेट बम विस्फोट हुँदा घाइते भएका बालक डिल्ली परियार

सुन्तले गाविस-१ निवासी १६ वर्षीय युवराज बाँस्तोलालाई ०६३ मंसिर १ गते जागिर दिने प्रलोभनमा माओवादीले घरबाट अपहरण गरे। माओवादीले पीडितलाई डाँडागाउँ गाविसमा सैन्य तालिम दिए। पीडितले माओवादीसँग जनसेनाको तालिम र जागिर मन नपरेको भन्दै घर फर्कन आग्रह गरेपछि ०६३ पुस ११ गते चिसापानीबाट मुक्त गरे।

साउनेचौर गाविस निवासी बालकन्या मावि धर्तुडमा अध्ययनरत कक्षा ९ की सुनीता तामाङ, कक्षा १० का लोकबहादुर मगर, उर्मिला खत्री, कक्षा ८ का आशिष राई, कक्षा ६ का टंक मगर, कक्षा ७ का सुमन राईलाई ०६३ मंसिर ६ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले डाँडागाउँ ओखे गाविसमा पुऱ्याई सैन्य तालिममा सहभागी गराए। उनीहरुलाई सांस्कृतिक कार्यक्रम सम्बन्धी तालिम दिई ०६३ मंसिर २५ गते मुक्त गरे।

सुन्तले गाविस-६ निवासी १४ वर्षीय कविता दाहाललाई जागिर दिने प्रलोभनमा ०६३ मंसिर ९ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले डाँडागाउँ ओखे गाविसमा सैन्य प्रशिक्षणमा सहभागी गराई पुस १ गते दिप्लुङ गाविसको हलहलेमा भएको सांस्कृतिक शिविरमा सहभागी गराएर ०६३ पुस १४ गते दिप्लुङबाट मुक्त गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि)

धार्मिक स्वतन्त्रता

माओवादीबाट

अर्खौले गाविस-३ निवासी ६० वर्षीया मसिनमाया राई, २९ वर्षीय ललिता राई, मनलक्ष्मी राई, छम्मर राई, भलशोभा राई, दिक्तेल गाविस-७ निवासी भीमप्रसाद दाहाल, दिक्तेल गाविस-९ निवासी मोहन पुरी, अर्खौले गाविस-३ निवासी सहरमान राईसहित ११ जनालाई ०६३ वैशाख २८ गते ब्याप्टिस्टभुण्ड अर्खौले चर्चमा प्रार्थना गरिरहेको बेला



जनआन्दोलनका क्रममा निकालिएको विरोध जुलुस

माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख हैकमसिंह राईको निर्देशनमा सात जनाको समूहले चर्चभित्र प्रवेश बाइबल, धर्मशास्त्रका पुस्तक, झोला जलाई भीमप्रसाद दाहाललाई खुट्टा बाँधेर उँधो मुन्टो पारी झुण्डयाई कुटपिट गरे।

अर्खौंले गाविस-३ निवासी राजेश राई, मसिनमाया राई, ललिता राई, अम्बिका राई, सहरमान राईसहित ६ घर परिवारलाई माओवादीद्वारा घोषित गाउँ जनसरकार कार्यकर्ता प्रकाश राई, सागर राई, तीर्थसिंह राई, नैनकुमार राई, दलबहादुर राईले ०६३ वैशाख २ गते क्रिश्चियन धर्म परिवर्तन नगरे विस्थापित गर्ने, भन्दै कुटपिट र दुर्व्यवहार गरे। माओवादी खोटाङ जिल्ला सेक्रेटरी विप्लवले जनताको आत्मनिर्णयको अधिकार छ, धर्म परिवर्तन गर्न पाइन्छ गाजसले कसैलाई कारबाही गर्ने अधिकार छैन भन्दै उक्त घटनाको छानबिन गरी पीडकमाथि कारबाही गर्ने बताए। तर पीडकमाथि कुनै कारबाही भएन।

सम्पत्ति आगजनी

माओवादीवाट

बुइपा गाविस-२ निवासी मनोनित जिविस सभापति रत्न राईको घरमा ०६३ वैशाख १२ गते राति माओवादीले घरमा सुतिरहेका गंगादेवी राईलगायत सबै परिवारलाई बाहिर निकाली मट्टितेल छर्केर आगो लगाइदिए। आगजनीमा ४० लाख बराबरको धनमाल क्षति भएको पीडितले बताए।

चिसापानी गाविस-८ निवासी तेजबहादुर रोइलाको घर ०६३ साउन १५ गते माओवादी एरिया कमिटी सदस्य ओक्केले ५० हजारमा बिक्री गरे। पीडितको घर ०६० मंसिर २९ गतेबाट माओवादीले कब्जा गरी उपभोग गर्दै आएका थिए। पीडित सेनामा कार्यरत रहँदा हरि भट्टराईसहित तीन जनाको सुराकी गरी हत्या गराएको आरोपमा माओवादीले घरजग्गा कब्जा गरेको थिए।

लुटपाट

सप्तेश्वर गाविस-६ निवासी नरमाया निरौलाको घरमा ०६३ जेठ १९ गते माओवादी कार्यकर्ता चन्द्रसहित ५ जनाको समूहले नरमाया र उनका दुई छोरीलाई नियन्त्रणमा लिई पेस्तोल देखाउँदै 'हल्ला गरे मारिदिन्छौं' भन्दै १० मुरी धान, २५ पाथी कोदो, सोलार प्यानल सेट, ट्युबलाइट र अन्य सामग्री लुटेर लगे।

संरचना क्षति

दिक्तेल गाविस-४ स्थित जिल्ला कृषि विकास कार्यालयको भवनमा ०६३ पुस १९ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कार्यालयको झ्याल ढोकामा सामान्य क्षति पुग्यो।

तालाबन्दी

अखिल (क्रान्तिकारी) ले समुदायमा हस्तान्तरण गरिएका रतन्छा उमावि, शारदा उमावि, विश्वज्योति मावि, जाल्पा उमाविलगायत ४२ तहका ३६ ओटा विद्यालय ०६३ वैशाख ११ गतेबाट तालाबन्दी गरे। अभिभावक, राजनीतिक दल, माओवादी, नागरिक समाज, प्रशासनबीच छलफल गरी समुदायलाई हस्तान्तरण गरिएका ४२ तहका ३६ ओटा विद्यालय सरकारलाई नै फिर्ता गर्ने सर्तमा ०६३ असार १५ गतेबाट खोल्ने सहमति भयो।

रतन्छा गाविसस्थित साकेला उच्च मावि सामुदायिक विद्यालय सहयोग कार्यक्रमअन्तर्गत विद्यालय व्यवस्थापन समितिले जिम्मा लिएको भन्दै अखिल (क्रान्तिकारी) ले ०६२ फागुन ५ गते तालाबन्दी गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा हौचुर गाविस-५ निवासी प्रतापलाल दर्जी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका तीनजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा लिच्की राम्चे गाविस-९ निवासी गोपिलाल सार्की, सावा कटहरे गाविस-३ निवासी किशोर राई र सप्तेश्वर छितापोखरी गाविस-४ निवासी बद्री भुजेल रहेका छन्।

१.१५ ओखलढुंगा



जनसंख्या	१,६४,१६९
साक्षरता प्रतिशत	४९.१२
महिला साक्षरता प्रतिशत	२२.८
क्षेत्रफल (वर्ग कि. मि.)	१०७४
गाविस/नपा संख्या	५६/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३४८
क्याम्पस/उच्च मा.वि.	१/५
अस्पताल/स्वास्थ्य चौकी	२/५५
टेलिफोन लाइन	९२
मोटर सडक (कि. मि.)	०
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	५६
मानव विकास सूचकाङ्क	०.४८१
प्रति परिवार सरदर संख्या	५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

रुम्जाटार गाविस-६ निवासी ३० वर्षीया चिनीमाया सार्कीको ०६२ चैत ५ गते राति जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको तारवार वरिपरि हिँडिरहेको अवस्थामा ड्युटीमा रहेका प्रहरीले गोली हानी हत्या गरे। लासको सनाखत गरी पीडितको आफन्तलाई जिम्मा लगाइयो।

जेल र बन्दी

कूल ५० जना बन्दी क्षमता रहेको ओखलढुंगा जेल 'घ' श्रेणीको हो। हाल यस जेलमा तीनजना महिला, ११ जना पुरुष र एकजना नाबालक गरी १५ जना रहेकोमा कैद तोकिएको एकजना महिला र दुईजना महिला कैद नतोकिएका साथै ३ पुरुष कैद तोकिएको र ८ जना नतोकिएका रहेका छन्।

आस्थाका बन्दी रिहा

ओखलढुंगा जिल्ला कारागार शाखामा रहेका माओवादीका कार्यकर्ताहरु क्रमश: भेषकुमारी बास्तोला, तुलसी श्रेष्ठ, भगवती राई, छत्रबहादुर दर्जीलाई ०६३ जेठ १२ गते जिल्ला प्रशासन कार्यालय ओखलढुंगामा ल्याई इन्सेक वर्ष पुस्तक प्रतिनिधिको रोहवरमा रिहा गरे।

बेपत्ता/अपहरण

माओवादीबाट

उवुँ गाविस-६ निवासी ६५ वर्षीय जयबहादुर राईले सुराकी गरेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनलाई सदरमुकाम ओखलढुंगाबाट घर फर्कदै गर्दा केत्तुकेको भुसुने भन्ने जंगलबाट अपहरण गरे। पीडितसँग रकम लिई तथा सदरमुकाम नजाने चेतावनी दिँदै सोही दिन मुक्त गरे।

तनहुँ जिल्ला घाँसीकुवा गाविस-१ निवासी जिल्ला कृषि कार्यालय ओखलढुंगाका निमित्त वरिष्ठ अधिकृत ४५ वर्षीय धनबहादुर राना मगरलाई ०६२ चैत १ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

ठूलाछाप गाविस-८ निवासी १७ वर्षीय रामकाजी कार्की सेनामा भर्ना भई घर फर्कदै गर्दा ०६२ चैत ६ गते माओवादीले उनलाई अपहरण गरे। पीडित सोही दिन राति माओवादी कब्जाबाट भागी सैनिक सम्पर्कमा पुगे।

ठूलाछाप गाविस-८ का १८ वर्षीय राजु बस्नेतलाई सेनामा नोकरी गर्न गएको आरोपमा ०६२ चैत ६ गते माओवादीले अपहरण गरी जागिर छाड्ने सर्तमा भोलिपल्ट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

उद्योग वाणिज्य संघका अध्यक्ष ४६ वर्षीय केशवकुमार उदासलाई ०६३ जेठ २९ गते डिएसपी रामकृष्ण कार्कीले मादक पदार्थ सेवन गरी बजारमा अभद्र व्यवहार गरे। सात दलले जिल्ला प्रशासन घेराउ गरी डिएसपीले माफी माग्नुको साथै २ हजार ५ सय जरिवाना तिर्ने भएपछि स्थिति सामान्य भयो।

माओवादीबाट

ठूलाछाप गाविस-९ निवासी ६९ वर्षीय भीमबहादुर बस्नेत र ६५ वर्षीय भीमकुमारी बस्नेतले नातिलाई सेनामा भर्ना हुन पठाएको आरोपमा ०६२ चैत ६ गते माओवादीले

उनलाई मरणासन्न हुने गरी कुटपिट गरे।

ठूलाछाप गाविस-५ का ७९ वर्षीय जंगबहादुर तामाङले चन्दा नदिएको आरोपमा ०६३ वैशाख २६ गते माओवादीले उनलाई कुटपिट गरे।

विगुटार गाविस-७ निवासी ५९ वर्षीय विष्णुप्रसाद दाहालले भ्रष्टाचार गरेको आरोपमा ०६३ जेठ १ गते माओवादीले उनलाई कुटपिट गरे।

श्री सिंदहेवी प्रावि श्रीचौरका शिक्षक ३० वर्षीय अशोक कटुवाललाई ०६३ कात्तिक १७ गते माओवादीले श्रीचौर गाविसमा कुटपिट गरे।

नेकाँ जिल्ला समिति सदस्य ५३ वर्षीय हेमप्रसाद दाहाललाई ०६३ मंसिर १४ गते राति माओवादी कार्यकर्ता काजी भुजेलले वरुणेश्वर गाविस-३ मा मरणासन्न हुने गरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

वरुणेश्वर उच्चमाविका १७ वर्षीय देवधन राई माओवादी भएको आरोपमा उनी एसएलसीको परीक्षामा समावेश भएको बखत उनलाई ०६२ चैत २० गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दलहरूले ०६२ फागुन ६ गते ओखलढुंगा मिलनचोकबाट सुरु गरेको ज्याली र विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरी एमालेका सचिव किशोर अधिकारी, नेत्रप्रसाद भट्टराई, विष्णुबहादुर थापा, हर्कबोल राई, मेखबहादुर खड्का, टुकराज निरौला, रुपेश शाक्य, रामबहादुर मगर, रोशन शाक्य, भक्तबहादुर गुरुङ, चौधबहादुर राई, नरबहादुर कटुवाल, कृष्ण कटुवाल, दिपबहादुर श्रेष्ठ, नेकाँका चन्द्रबहादुर कार्की, ढुण्डिराज दाहाल, हेमप्रसाद दाहाल, कुलप्रसाद कोइराला र नेकाँ (प्रजातान्त्रिक) का सुरेन्द्र भट्टराई (गायत्रा) लाई गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

जिल्ला सदरमुकाममा सात दलले ०६३ वैशाख ३ गते दिउँसो शान्तिपूर्ण ज्याली निकाल्ने क्रममा प्रहरीले अश्रुग्याँस, लाठीचार्ज र हवाई फायर गर्दा ४३ वर्षीय विष्णुबहादुर थापा, २७ वर्षीय महेश राजभण्डारी, रुपेश शाक्य र राजेश श्रेष्ठ घाइते भए। घाइतेको मिसन अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी ५२ ओटा, यस वर्ष १४ ओटा भई ६६ ओटा रहेकोमा छओटा फर्स्यौट भई ५८ ओटा बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दा गतवर्ष जिम्मेवारी सरेर आएका १८ ओटा, यस वर्ष १७ ओटा गरी ३५ ओटा रहेकोमा ११ ओटा फर्स्यौट भई २४ ओटा बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका दुईओटा यस वर्ष छओटा गरी आठओटा रहेकोमा दुईओटा फर्स्यौट भई छओटा बाँकी रहे। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ३ सय ५० ओटा निवेदन परेकोमा सबै सुनुवाई भइसकेको पाइयो भने दुईओटा हातहतियार खरखजाना मुद्दा गतवर्ष जिम्मेवारी सरेर आएका र यसवर्ष एक केही सार्वजनिक अपराध मुद्दा गरी तीनओटा रहेकोमा तीनओटै मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहिन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ सय ३४ भूमिहीन सुकुम्बासीहरुले आफ्नो नाम दर्ता गराएकोमा हालसम्म जग्गा वितरण भएको छैन। त्यसैगरी जिविसबाट वितरण हुने विधवा भत्ता २ हजार ५ सय १० जनालाई, जेष्ठ नागरिक २ हजार १ सय १ जना र अपाङ्ग भत्ता ७५ जना गरी जम्मा ४ हजार ६ सय ८६ जनाले पाए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	३	४						१		१		१
गिरफ्तारी/यातना										१	१			१
कुटपिट	१		१	१	६	६	१		७	३	३			३
धम्की					३	३			३					
भेला/संगठित हुने अधिकार										३	५		३१	३६
महिलाअधिकार	३		३	३										
अपहरण					६	६		९	१५					
जम्मा	६	१	६	७	१५	१५	१	९	३५	७	८	१	३१	३०

संरचना र सम्पत्ति क्षति

माओवादीले सदरमुकामस्थित जिल्ला वन कार्यालयमा ०६२ माघ ३ गते राति बम विस्फोटन तथा आगजनी गरी ध्वस्त पारे।

जिल्ला कृषि कार्यालय ओखलढुंगाका दुईओटा भवनमा ०६२ चैत १ गते बेलुका माओवादीले प्रेसर कुकर बम विस्फोट गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध शुरु भएयता राज्यबाट बेपत्ता पारिएका एक जना पुरुषको स्थिति अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा कुइभिर मावि कुइभिरका प्रधानाध्यापक ४८ वर्षीय चक्रबहादुर कटवाल हुन्।

माओवादी जनयुद्ध भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना पुरुषको अवस्था अज्ञात रहेको छ। त्यसरी बेपत्ता पारिएकाहरू ओखलढुंगा जिल्ला भदौरे गाविस-४ निवासी ३० वर्षीय हिमाल कार्की, सोही जिल्ला ठूलाछाप गाविस-१ डाँडागाउँ निवासी ३२ वर्षीय शम्भु कटुवाल र सोही गाविस-२ निसंखे निवासी प्रचण्ड कटुवाल रहेका छन्।

१.१६ सोलुखुम्बु



जनसंख्या	: १०७६८६
साक्षरता प्रतिशत	: ४५.८१
महिला साक्षरता प्रतिशत	: ३५.४१
क्षेत्रफल (वर्ग कि.मी.)	: ३३१२
गाविस/नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस/उच्च मावि	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकाङ्क	: ०.४७९
प्रति परिवार सरदर संख्या	: ४.९७

जेल र बन्दी

सोलुखुम्बु जेल 'ग' श्रेणीको रहेको छ। तीन वर्षयता जिल्ला सदरमुकामको जेलको निर्माण कार्य सम्पन्न नहुँदा भाडाको घरलाई जेलको रूपमा प्रयोग गरिएको छ। उक्त जेलमा कैद तोकिएको छ जना पुरुष र कैद नतोकिएको १४ पुरुष गरी जम्मा २० कैदीलाई अति साँघुरो दुईओटा कोठामा राखिएको छ। जिल्ला खानेपानी कार्यालयको भवन प्रयोग गरिएको जिल्ला प्रहरी कार्यालयको अति साँघुरो एक कोठामा कैद तोकिएको एक महिला र कैद नतोकिएको दुई महिला रहेका छन्। तीनजना आश्रित बालिकाहरूसमेत रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

वासा गाविस-२ निवासी २८ वर्षीय रामकुमार कार्की

र २२ वर्षीया सीता कार्कीबीच अवैध सम्बन्ध रहेको आरोपमा ०६३ भदौ १५ गते माओवादीले उनीहरूलाई सल्लेरी गाविस-५ बाट अपहरण गरे। रामकुमार कार्कीलाई वाकु गाविसमा र सीतालाई सोताङ्ग गाविसमा श्रम कैदमा राखी तीन महिनापछि मुक्त गरे।

तिङ्गला गाविस-५ निवासी १४ वर्षीया तीलमाया कार्कीले नेले बजारमा कुर्था सुरवाल चोरेको आरोपमा ०६३ भदौ २७ गते माओवादीले उनलाई नेले बजारबाटै अपहरण गरी भदौ ३० गते मुक्त गरे।

सल्लेरी गाविस-५ निवासी २७ वर्षीय डिमा दोर्जी तामाङले चोरी गरेको आरोपमा ०६३ भदौ ३० गते चौरीखर्क गाविस-७ ताते भन्ने स्थानमा स्थानीय व्यक्तिले समातेर माओवादीलाई बुझाए। तामाङलाई माओवादीले असोज ८ गते गाउँलेहरुकै जिम्मामा बेनी गाविस-८ बाट मुक्त गरे।

नेले गाविस-३ निवासी २० वर्षीया दापुटी शेर्पालाई ०६३ कात्तिक ८ गते बिहान माओवादीले घरबाटै अपहरण गरी कात्तिक २३ गते केरुङ गाविसबाट बाबुको जिम्मामा मुक्त गरे।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियुका जिल्ला कोषाध्यक्ष सीताकला राई र सदस्य गुणराज बास्तोलाले निरंकुश राजतन्त्रको पुत्ला जलाई कोणसभा गरेको आरोपमा ०६२ चैत २६ गते दिउँसो प्रहरीले उनीहरूलाई सल्लेरी गाविस-७ त्रिभुवन बजारबाट गिरफ्तार गरी हिरासतमा राखी सोही दिन बेलुका रिहा गरे।

अनेरास्ववियु र नेविसंघको संयुक्त आयोजनामा ०६३ वैशाख ८ गते 'निरंकुश राजतन्त्र'को विरुद्धमा गरिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा नेविसंघ र अनेरास्ववियुका चन्द्रप्रसाद आचार्य, चन्द्रकला बस्नेत, कर्मा शेर्पा र एक नाम नखुलेको भरिया घाइते भए। उक्त घटनामा चन्द्रप्रसाद आचार्यको हात भाँचियो। पीडितहरूको जिल्ला अस्पताल फाप्लुमा उपचार भयो। त्यसैगरी वैशाख ९ गतेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा दूधकुमार थापा, पेशल थापा, मंगल सिंह तामाङ, जिन्दा राई, सीताकला राई, दीपक राजभण्डारी र जुद्धबहादुर कार्की घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यो जिल्ला अदालतमा जम्मा ४० ओटा मुद्दाहरु दायर भएका छन् जसमध्ये १० ओटा मुद्दा फर्स्यौट भई ३० ओटा मुद्दा बाँकी रहेका छन्। जसमा देवानी नौओटा मुद्दामा दुई फर्स्यौट भई सातओटा बाँकी, फौज्दारी छओटा मुद्दामा एक ओटा फैसला भई पाँचओटा बाँकी, फौज्दारी सरकारवादी ११ मुद्दामा सबै बाँकी, संक्षिप्त तीन मुद्दामा एक फर्स्यौट भई दुई बाँकी, विशेष अदालतमा ११ मुद्दामा छ फर्स्यौट भई पाँच बाँकी रहेका छन्।

बालअधिकार

जनजागृति माविमा अध्ययनरत १६ वर्षमुनिका कञ्चन राई, वर्षीय छितिज तामाङ, बोधराज श्रेष्ठ, दावा तामाङलगायत सल्लेरी गाविस-२ निवासी एकता विक, ग्याल्जे शेर्पा, रामकुमारी राई, विपना राई, विकास राईलाई ०६३ असार २८ गते माओवादीले घरबाटै अपहरण गरी सेनामा भर्ती गरे। जसमध्ये हाल विकास राई, ग्याल्जे शेर्पा र विपना राई माओवादी मिलिसिया छाडी आफ्नो घर फर्किसकेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना सम्पत्ति क्षति

नेचा बेतघारी गाविस-१ मा पर्ने भुपाल किराँती र भीमराज राईको घर ०६३ भदौ १४ गते माओवादीले कब्जा गरी तीन महिनासम्म आफ्नो चेकपोष्ट एवम् कार्यालय बनाए। पीडितका सपरिवार विस्थापित भई जिल्लाबाहिर रहेका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	४	४		४									
धम्की					३	४			४				
भेला/संगठित हुने अधिकार										३	३	४४	४६
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३			३				
अपहरण					८	७	५	८६	९८				
जम्मा	८	४	४	८	११	१३	५	८६	१०४	३	३	४४	४६



मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जनसंख्या	७,२९,८४६
साक्षरता प्रतिशत	४८.७३
महिला साक्षरता प्रतिशत	२६.०३
क्षेत्रफल (वर्ग कि. मि.)	११८०
गाविस/नपा संख्या	१०१/१
निर्वाचन क्षेत्र	५
विद्यालय	३५६
क्याम्पस/उच्च मा.वि.	२/१८
अस्पताल/स्वास्थ्य चौकी	३/१०२
टेलिफोन लाइन	१०४००
मोटर सडक (कि. मि.)	५९७
प्रहरी कार्यालय संख्या	१२
हुलाक संख्या	८९
मानव विकास सूचकाङ्क	०.४४९
प्रति परिवार सरदर संख्या	६.२२

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

जनकपुर नपा-४ निवासी राप्रपा कार्यकर्ता ६० वर्षीय रामचन्द्र यादवको ०६२ चैत ११ गते जनकपुर नपा-२ मा प्रहरीले चलाएको गोलीबाट मृत्यु भयो। इन्सपेक्टर प्रकाशराज शर्माको नेतृत्वमा रहको प्रहरी टोलीले जथाभावी गोली चलाउँदा चिया खाइरहेका यादवलाई गोली लागेको थियो। सोही घटनामा गोली लागी घाइते भएका राष्ट्रिय मानव अधिकार आयोग सम्पर्क कार्यालय जनकपुरका मानव अधिकार सहायक सुनसरी हाँसपोसा गाविस-२ निवासी २१ वर्षीय दयाराम परियारको ०६२ चैत १५ गते त्रिविवि शिक्षण अस्पताल, काठमाडौंमा उपचारका क्रममा मृत्यु भयो। पीडितका दाजु प्रकाशचन्द्र परियारले घटनाका दोषीलाई कारवाहीको माग गर्दै प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी प्रमुखलाई विपक्षी बनाई सर्वोच्च अदालतमा ०६३ कात्तिक २८ गते मुद्दा दायर गरे। न्यायाधीश रामप्रसाद श्रेष्ठको इजलासले मुद्दालाई अग्राधिकार प्रदान गर्दै कात्तिक २९ गते विपक्षीको नाममा कारण देखाउ आदेश जारी गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगले घटनाको स्थलगत अध्ययन गरी ०६२ चैत २१ गते गोली चलाउने इन्स्पेक्टर प्रकाशराज शर्मा सहित चारजना प्रहरीलाई दोषी ठहर गरी फौजदारी अभियोगमा कारवाही गर्न पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई पत्राचार गरेको थियो। आयोगको ऐनमा आयोगको सिफारिसलाई तीन महिनाभित्र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ तर सरकारले आयोगको सिफारिसलाई अहिलेसम्म कार्यान्वयन गरेको छैन।

माओवादीबाट

जनकपुर नपा-४ निवासी नेसपाका ४७ वर्षीय विजयलाल दासको ०६२ माघ ९ गते माओवादीले गोली हानी हत्या गरे। उनलाई नगर निर्वाचनमा उम्मेदवारी दिने घोषणा गरको आरोपमा जनकपुर नपा-२ स्थित पार्टी कार्यालय अगाडि पत्रिका पढेर बसिरहेको अवस्थामा दुईजनाको संख्यामा आएका सशस्त्र माओवादीले गोली हानी गम्भीर घाइते पारेकोमा उपचारका लागि अस्पताल लाँदै गर्दा उनको बाटैमा मृत्यु भयो।

ढल्केवर गाविस-३ निवासी होटल सञ्चालक ४२ वर्षीय बेदबहादुर लामा सुराकी भएको आरोपमा ०६२ फागुन २७ गते बिहान उनलाई माओवादीले गोली हाने। पाँचजनाको संख्यामा आएका माओवादीले गोली हानी गम्भीर घाइते



सुरक्षाकर्मीको गोलीद्वारा धनुषामा मारिएका राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियार

पारेकोमा उपचारका क्रममा सोही दिन दिउँसो सैनिक अस्पताल छाउनी काठमाडौंमा उनको मृत्यु भयो।

बरमझिया गाविस-७ निवासी नेकाँका ३४ वर्षीय दीपनारायण यादवको ०६३ साउन २१ गते माओवादीले हत्या गरे। आफ्ना नेता तथा कार्यकर्ताको हत्यामा प्रत्यक्ष संलग्न रहेको आरोपमा बरमझिया गाविस-६ बाट अपहरण गरी कुटपिट गर्दै गाउँभन्दा करिब दुई किलोमिटर पूर्व पुऱ्याई हत्या गरे। पीडितको लास नभेटिएकोले कसरी हत्या गरियो भन्ने खुल्न सकेन। माओवादीले आक्रोशित स्थानीय बासिन्दाको कुटपिटबाट यादवको मृत्यु भएको जनायो। पीडित द्वन्द्वका कारण विस्थापित भई जनकपुरमा बस्दै आएका थिए।

लवटोली गाविस-९ निवासी ट्रयाक्टर चालक ३२ वर्षीय मगरा भनिने फुलगेन कुँवरको ०६३ असोज ९ गते माओवादीका कार्यकर्ता रघुनाथपुर गाविस-३ निवासी प्रताप भन्ने रामप्रताप साह र पर्टेवा निवासी बसिम मियाँ लगायतले कुटपिट गरी अन्तिममा धारिलो हतियारले काटी हत्या गरे। पीडितले स्थानीय एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा रघुनाथपुर-६ स्थित प्रेमपुर टोलमा हत्या गरियो। माओवादीले सो घटनामा संलग्न रामप्रताप साह र बसिर मियाँलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने क्रममा बसिर मियाँ भागेका र साह भने नियन्त्रणमै रहेको जनायो।

अन्यबाट

ठेराकचुरी गाविस-२ निवासी पूर्व प्रहरी जवान ३३ वर्षीय शम्भु झालाई अज्ञात समूहले ०६२ पुस २ गते धारिलो हतियारले घाँटी रेटी हत्या गरे। पीडितको लास भोलिपल्ट ०६२ पुस २२ गते जनकपुर धनुषा सडक खण्डमा भेटिएको थियो। प्रहरीले सो घटना माओवादीको संलग्नता रहेको बताए पनि माओवादीले त्यसलाई अस्वीकार गरे।

शान्तिपुर गाविस-५ निवासी नेकाँका ५२ वर्षीय विन्देश्वर यादवको ०६२ फागुन १० गते अज्ञात समूहले बन्चरो प्रहार गरी हत्या गरे। करिब १५ जनाको संख्यामा आएको सो समूहले पीडितलाई घरबाट बोलाई नियन्त्रणमा लिई घाँटीमा बन्चरो प्रहार गरी हत्या गरे। प्रहरीले सो घटनामा माओवादीको संलग्नता रहेको जनाए पनि माओवादीले भने घटनामा आफ्नो संलग्नता नरहेको जनाएको छ।

दोहोरो भिडन्त

माओवादीले वडा प्रहरी कार्यालय मुजेलियामा आक्रमण गरेपछि भएको दोहोरो भिडन्तमा परी ०६२ चैत ११ गते बारा कचरवा गाविस-१ निवासी प्रहरी हवल्दार २८ वर्षीय रामनाथ यादव र २४ वर्षीय प्रहरी जवान प्रेम स्याङ्बोको मृत्यु भयो। यादवलाई प्रहरी चौकी भन्दा करिब १ सय मिटर दक्षिणतर्फ गोली लागी ढलेको अवस्थामा माओवादीले थप गोली हानी हत्या गरे। सोही घटनामा प्रहरी जवान २७ वर्षीय अनिलकुमार पटेल, २१ वर्षीय राजकुमार बुढाथोकी तथा सर्वसाधारण विसुन यादव घाइते भए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

जनकपुर नपा-१६ निवासी ४५ वर्षीया रामपरीदेवी साह, तारापट्टी सिर्सिया गाविस निवासी ५५ वर्षीया पानोदेवी साह र सखुवा महेन्द्रनगर गाविस-३ निवासी ३० वर्षीय लखेन्द्र साह ०६२ माघ २५ गते राति माओवादीले गराएको प्रेसरकुकर बम विस्फोटमा परी घाइते भए। नगर निर्वाचनमा उमेदवारी दिएका पीडितको जनकपुर नपा-१६ स्थित घरमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	८	४	१२	५	६		६	१	२			२
घाइते	१	१	१	२	३	४	२	६					
गिरफ्तारी/यातना									१८	३३	३		३६
कुटपिट					४	९	२	११	२	६			६
भेला/संगठित हुने अधिकार									३	६२		७६	१३८
जातीय विभेद	१	२	१	३									
महिलाअधिकार	१५		१५	१५									
बालअधिकार	१		१	१									
अपहरण	१	१		१	१६	१९		१९					
जम्मा	३९	१२	३३	३४	३९	३८	४	४२	३४	१०३	३	७६	१८२

माओवादीले प्रेसरकुकर बम विस्फोट गराएका थिए। घटनामा परी साहकी पत्नी, दिदी र ज्वाई घाइते भएका थिए। पीडितहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

बघचौडा गाविस-३ निवासी रिक्साचालक २५ वर्षीय बुधन साह ०६२ माघ २९ गते जनकपुर नपा १६ स्थित पुलचौक बसपार्कमा बम विस्फोटमा परी घाइते भए। माओवादीले ०६२ माघ २५ गते राति बेचन साहको घरमा विस्फोट गराउने क्रममा छोडेर गएको सकेट बम विस्फोट हुँदा साह घाइते भएका थिए। उनको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। सो बम पाँच दिनसम्म बेवारिसे अवस्थामा रहेको बेला प्रहरीलाई खबर गर्दा प्रहरीले वास्ता गरेन।

बेवारिसे बमबाट

जनकपुर नपा-१ निवासी ४ वर्षीया ओमकुमारी सहनी र ५ वर्षीय सुरेन्द्र दास बेवारिसे सकेट बम खेलाउँदा विष्फोट भई घाइते भएकोमा ०६२ चैत २५ गते मृत्यु भयो। सो घटनामा परी सोही ठाउँ निवासी सात वर्षीय अर्जुन सहनी तथा ४ वर्षीया मेघा सहनी गम्भीर घाइते भए। घाइतेहरूको उपचार भारतको दरभंगामा भयो।

बेपत्ता/ अहरण

माओवादीबाट

अन्दुपटीकटरैत गाविस-७ निवासी शिक्षक २९ वर्षीय विन्देश्वर यादवलाई ०६२ फागुन ५ गते माओवादीले सरस्वती निमाविको प्राङ्गणबाट अपहरण गरी ०६२ फागुन १० गते मिथिलेश्वर महुवाहीबाट मुक्त गरे।

सुगामधुकरही गाविस ७ निवासी ३५ वर्षीय विशुनदेव यादवले सुराकी गरेको आरोपमा ०६३ वैशाख १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले कुटपिट गरी सोही दिन मुक्त गरे।

पटेर्वा गाविस-७ निवासी ४८ वर्षीय लट्टु यादवलाई अन्तरजातीय विवाहमा केटा पक्षलाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख १३ गते माओवादीले सत्तोखोर गाविस-८ बाट अपहरण गरी ०६३ वैशाख १७ गते तारापट्टिसिर्सियाबाट मुक्त गरे।

सर्लाही जिल्ला नेत्रगञ्ज गाविस निवासी १९ वर्षीय प्रहरी जवान सन्तोषकुमार पासवानलाई लुटपाटको आरोपमा ०६३ जेठ ११ गते माओवादीले उनलाई जनकपुर नपा-१० बाट अपहरण गरी ०६३ जेठ १२ गते जनकपुरस्थित पागलाबाबा धर्मशालाबाट मुक्त गरे।

इनर्वा गाविस-३ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय कमलेश यादवलाई राजनीतिक प्रतिशोधका कारण ०६३ असार ५ गते माओवादीले बनरझुल्ला टोलबाट अपहरण तथा कुटपिट गरे। उनलाई ०६३ असार ९ गते उनकै बुवा भोला यादव, ससुरा जामुनप्रसाद गोइत, स्थानीय देवलाल यादव र जनकलाल यादवको रोहबरमा बनरझुल्ला गाविसबाट मुक्त गरियो।

चक्कर गाविस-९ निवासी एमाले कार्यकर्ता २७ वर्षीय मिथिलेशकुमार मण्डलले पत्नी छाडेको आरोपमा ०६३ असार १९ गते माओवादीले उनलाई जनकपुर नपा-१ बाट अपहरण गरी ०६३ असार २१ गते जनकपुरबाट मुक्त गरे।

बालाबाखर गाविस-७ निवासी ५५ वर्षीय रामचन्देश्वर यादवलाई जग्गा सम्बन्धी विवादमा ०६३ असार १७ गते माओवादीले अपहरण गरी ०६३ असार २० गते सबैलाबाट मुक्त गरे।

खरियानी गाविस-६ निवासी ३२ वर्षीय फुल्गेन पासवानलाई घरायसी विवादमा ०६३ असार २० गते माओवादीले अपहरण गरी सोही साँझ मुक्त गरे।

सतोखोर गाविस-४ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४२ वर्षीय विजयशंकर साह तथा सोही गाविस २ निवासी नेविसंघ (प्रजातान्त्रिक) का ५५ वर्षीय खटरु यादवलाई माओवादी कार्यकर्ताको हत्यामा संलग्न रहेको र गाविसको रकम हिनामिना गरेको आरोपमा ०६३ असार २० गते दिउँसो माओवादीले सतोखोर गाविस ८ भठिहन बजारबाट अपहरण तथा कुटपिट गरी ०६३ असार २१ गते मुक्त गरे। उनलाई माओवादीले लात्तले हिर्काउने तथा अभद्र व्यवहार गरेका थिए। पीडितमध्येका साहले जनकपुर अञ्चल अस्पतालमा उपचारपछि पुनः काठमाडौं त्रिविवि शिक्षण अस्पतालमा उपचार गराएका थिए। सो घटनापछि उनी गाउँ फर्केका छैनन्।

खजुरीचन्हा गाविस-२ निवासी २३ वर्षीय सूर्यनारायण राउतलाई माओवादीको अनुमतिविना रकम उठाएको आरोपमा ०६३ साउन २ गते माओवादीले भरतपुर गाविस-४ बाट अपहरण गरी वीरेन्द्रबजार ल्याई करका नाममा रकम नउठाउने शर्तमा मुक्त गरे। पीडित जिल्ला विकास समितिले खटाए अनुसार कर उठाउन गएका थिए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

बिसरभोरा गाविस निवासी नेकाँ (प्रजातान्त्रिक) का रामअशिष रोहिता, प्रवीण रोहिता, प्रदीप रोहिता, विनोद रोहिता, जीवक्ष रोहिता, सत्यनारायण रोहिता र कारी रोहिता, समन्तीदेवी रोहिता चन्दा नदिएको निहुँमा ०६२ फागुन ५ गते माओवादीले उनीहरूलाई घरमै कुटपिट गरे। पीडितमध्ये गम्भीर घाइते भएका प्रदीप रोहिताको भारतको दरभंगामा तथा अन्य घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

भुतहीपटेर्वा गाविस-२ निवासी ३२ वर्षीय रामस्वार्थ मण्डललाई ०६३ भदौ १९ गते राति माओवादीले घर फर्कदै गर्दा सोही गाविस ६ मा खुकुरी प्रहार गरी घाइते पारे। खुकुरी प्रहारबाट टाउको र नाकमा गहिरो चोट लागेकोमा उनको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो ।

गैरकानूनी गिरफ्तारी

मिथिलेश्वर महुवाही गाविस-९ निवासी २० वर्षीय इसराइल नदाफलाई माओवादीको आरोपमा ०६२ पुस १७ गते सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरी जलेश्वर जेल चलान गरे।

मिथिलेश्वर महुवाही गाविस-४ निवासी २५ वर्षीय वीरेन्द्र मण्डल माओवादी भएको आरोपमा ०६२ माघ १७ गते सुरक्षाकर्मीले उनलाई सोही गाविसबाट गिरफ्तार गरी ०६२ माघ २५ गते रिहा गरे।

मिथिलेश्वर महुवाही गाविस-२ निवासी ४८ वर्षीय सत्यनारायण मण्डल माओवादी भएको आरोपमा ०६२ माघ २० गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरे। पीडित पुनरावेदन अदालतको आदेशमा नजरबन्दबाट ०६३ वैशाख ३१ गते रिहा भए।

बरमझिया गाविस-९ निवासी २२ वर्षीय रामउद्गार मुखियालाई माओवादीको आरोपमा ०६२ माघ २२ गते प्रहरीले मानसिंहपट्टीबाट गिरफ्तार गरी ०६२ माघ २४ गते रिहा गऱ्यो।

गोदार गाविस-९ निवासी २३ वर्षीया उर्मिला बोगटीलाई ०६२ फागुन ५ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी नजरबन्दमा राखेकोमा ०६३ वैशाख २२ गते जलेश्वर जेलबाट रिहा गरियो।

मिथिलेश्वर निकास गाविस-९ निवासी ४५ वर्षीय रामपुकार मण्डललाई माओवादीको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले तारपटीसिर्सियाबाट गिरफ्तार गरे। पुनरावेदन अदालत जनकपुरको आदेशमा ०६३ वैशाख २२ गते रिहा भए।

अन्दुपट्टीकटरैत गाविस-१ निवासी ३५ वर्षीय गजदीश यादवलाई माओवादीको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले जनकपुर नपा-२ बाट गिरफ्तार गरी नजरबन्दमा राखेकोमा पुनरावेदन अदालतको आदेशमा ०६३ वैशाख १८ रिहा भए।

रामेछाप जिल्ला देउराली गाविस-१ निवासी २१ वर्षीय रामकुमार बस्नेतलाई माओवादीको आरोप ०६२ फागुन २५ गते सुरक्षाकर्मीले बेङ्गाडावर गाविसबाट गिरफ्तार गरे। पीडितलाई इन्सेक प्रतिनिधिको रोहवरमा ०६३ जेठ ४ गते रिहा गरियो।

सोनिगामा गाविस-४ निवासी ४० वर्षीय गुल्टेन सदालाई सुरक्षाकर्मीले ०६२ फागुन २७ गते माओवादीको आरोपमा गिरफ्तार गरे। उनी पुनरावेदन अदालतको आदेशमा वैशाख १ गते भए।

ठेराकुचुरी गाविस-४ निवासी ४० वर्षीय सुवरन यादवलाई माओवादीको आरोपमा ०६२ चैत ४ गते प्रहरीले बेङ्गाशिवपुर गाविस-८ बाट गिरफ्तार गरे। आतंककारी तथा विध्वंसात्मक अपराध अर्न्तगत जेल चलान गरिएकोमा पीडित पुनरावेदन अदालतको आदेशमा ०६३ वैशाख ३० गते गते रिहा भए।

सिन्धुली जिल्ला हत्पते गाविस-७ निवासी १९ वर्षीया कल्पना पोखेललाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ चैत २५ गते उमाप्रेमपुर गाविसको नौसय टोलबाट गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएकोमा इन्सेक प्रतिनिधिनिको पहलमा ०६३ वैशाख २२ गते जलेश्वर जेलबाट रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सर्लाही जिल्ला कर्मैया गाविस-७ निवासी २४ वर्षीय ललनकुमार साहलाई प्रहरीले विद्यार्थी संगठनलाई सघाएको आरोपमा ०६२ पुस १९ गते जनकपुर नपा-२ बाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

सात दलद्वारा नगर निर्वाचन वहिष्कार गरौं भन्दै निकालिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६२ माघ १२ गते सात दलका उमेश साह, मनोज झा, अजयकुमार सिंह, शत्रुहन मण्डल, रामउद्गार यादव, दीपक कार्की, सुरेश कोइराला, अंजीनी पौडेल, प्रवीण यादव, विजयकुमार यादव लगायत २५ जनालाई जनकपुर नपाका विभिन्न वडाबाट गिरफ्तार गरी सोही साँझ रिहा गऱ्यो।

बेङ्गाडावर गाविस-९ निवासी ३८ वर्षीय मानवअधिकारकर्मी नवराज बस्नेतलाई प्रहरीले राजनीतिक चलखेल गरेको आरोपमा ०६२ माघ १३ गते जनआन्दोलनको अनुगमन गरिरहेको बेला जनकपुर नपा-२ बाट गिरफ्तार गरी सोही साँझ रिहा गरे।

जनकपुर नपा-२ निवासी ३८ वर्षीय केशव ढुंगेल, ३० वर्षीय गौरीप्रसाद साह, ४५ वर्षीय बृखेषचन्द्र लाल, सोही नपा १ निवासी २६ वर्षीय जितेन्द्र मिश्र लगायत ६६ राजनीतिक कार्यकर्तालाई बजार बन्द गराएको आरोपमा ०६२ माघ १३ गते प्रहरीले जनकपुर नपा-१ बाट गिरफ्तार गरी अधिकांशलाई सोही साँझ रिहा गरे। गिरफ्तार गरिएकाहरूमा एमालेका २९ जना, नेकाँका आठजना, नेकाँ (प्रजातान्त्रिक) २२ जना र जनमोर्चा नेपालका सातजना रहेका छन्। गिरफ्तार गरिएकामध्ये बृशेषचन्द्र लाल, स्मृतिनारायण चौधरी, रामसरोज यादव, योगनारायण यादव, रामदयाल यादव र श्यामविहारी यादवलाई २४ घण्टापछि तीन महिने पूर्जी दिई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा माघ २८ र

३० गते जिल्ला न्यायाधीश एकराज आचार्यको रोहबरमा रिहा गरियो।

जनकपुर नपा-२ स्थित गोपाल धर्मशालाबाट माघ १९ को दिनलाई कालो दिनको रूपमा विरोध जनाइरहेको बेला नेकाँका शिवधारी यादव, तुलसा आचार्य, परमेश्वर साह, श्यामनरायण यादव, शम्भुनाथ झा, सन्तोषकुमार यादव, महेशकुमार यादव, महेशकुमार बस्नेत, विसुनदेव साह, भरतप्रसाद साह, भगतबहादुर लामा, किशोरी साह, सुदेशकुमार चौधरी, श्रीराम साह, धिरेन्द्र मिश्र, कोमलकान्त झा, राजकुमर महन्त, सञ्जिव यादव, ठक्कु यादव, विजय यादव, रोशनकुमार झा, रामप्रगास यादव, सत्रुहन पटेल, दीपककुमार झा, उमेश यादव, रामचन्द्र साह, नेसपा (आनन्दीदेवी) का सञ्जयकुमार चौधरी, रामगोविन्द यादव, मनोज चौधरी, विवेक कर्ण, सीताराम यादव, नेकाँ (प्रजातान्त्रिक) का दिगम्बर राय, सरस्वती चौधरी, मिनाक्षी झा लक्ष्मी भण्डारी, किशोर साह, विजयकुमार कार्की, देवानारायण झा, भुपनारायण यादव, रामउदय यादव, सञ्जयप्रसाद साह, प्रवेश चौधरी, सत्यदेव साह, रामचन्द्र मण्डल, राजकिशोर साह, नेहरू मण्डल, झगरु महतो, परमेश्वर साह, रामप्रकाश सराउत, रघुनाथ दास, र एमालेका रामचरित्र साह, राजकुमार गुप्ता, टंकप्रसाद बराल, गणेश राउत, शिवकुमार कापर, सत्यनारायण यादव, तुलसा दाहाल र प्रेममाया श्रेष्ठलाई ०६२ माघ १९ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार मध्ये ५१ जनालाई सोही दिन साँझ रिहा गरियो भने परमेश्वर साह, सन्तोषकुमार यादव, किशोर साह, विजयकुमार यादव, दिगम्बर राय, श्रीराम साह, टंकप्रसाद बराल, रामचरित्र साह र राजकुमार साहलाई तीन महिने पूर्जी दिई थुनामा राखी ०६२ माघ २८ गते र ३० गते जिल्ला न्यायधीश एकराज आचार्यको रोहबरमा रिहा गरियो।

जनकपुर नपा-१ स्थित स्टेशनबाट नगर निर्वाचन बहिष्कारका क्रममा नेकाँका शिवधारी यादव, श्यामनारायण यादव, पुष्पलता लामा, भक्तबहादुर लामा, महेश बस्नेत, केशव दुडगेल, एमालेका सुधिरप्रसाद साह, श्याम पुर्वे, नेसपा (आनन्दीदेवी)का रामगोविन्द यादव, जितेन्द्र मिश्र, नेकाँ (प्रजातान्त्रिक) का प्रफुल्लराज घिमिरे, सञ्जय साह, राघव राउत र कुवरकान्त झालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तारमध्ये शिवधारी यादव, सुधिरप्रसाद साह, भगतबहादुर लामा, श्यामकुमार यादव , प्रफुल्लराज घिमिरे र राघव राउतलाई ०६२ माघ २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई तीन महिने नजरबन्दको पूर्जी दिई थुनामा राखी ०६२ माघ २८ गते र ३० गते जिल्ला न्यायाधीश एकराज आचार्यको रोहबरमा रिहा गरियो।

सर्लाही बलरा गाविस-१ निवासी २६ वर्षीय जितेन्द्र मिश्रलाई ०६२ माघ २४ गते प्रहरीले जनकपुर नपा-१ बाट गिरफ्तार गरी माघ २८ गते रिहा गऱ्यो।

जनकपुर नपा-४ निवासी मानवअधिकारकर्मी थीरवहादुर कार्कीलाई प्रहरीले नगर चुनाव भाँडेको आरोपमा ०६२ माघ २६ गते गिरफ्तार गरी सोही दिन रिहा गरे। पीडित निर्वाचनमा मानवअधिकार उल्लंघनको अनुगमनमा खटिएको थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत जनकपुरमा यस वर्ष जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी २ सय ३ मुद्दामध्ये यस वर्ष ९६ ओटा फर्स्यौट भई १ सय ७ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी ६३ ओटा मुद्दा मध्ये दुई ओटा फर्स्यौट भई ६१ ओटा बाँकी रहे। यस वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका समेत गरी १ सय ६८ मुद्दा फर्स्यौट हुन बाँकी रहे ।

सरकारवादी फौजदारीमा जिम्मेवारी सरेर आएका १ सय ५२ मध्ये ५२ ओटा फर्स्यौट भई १ सय ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी ६९ ओटामध्ये पाँच ओटा फर्स्यौट भई ६४ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका समेत गरी १ सय ६४ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

दुनियाँवादी देवानी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी ८ सय ३३ मुद्दामध्ये ३ सय ५१ ओटा फर्स्यौट भई ४ सय ८२ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी देवानी २ सय २८ मध्ये ६ ओटा फस्यौट भई २ सय २२ ओटा बाँकी रहे। यो वर्षका अन्त्यसम्ममा जम्मेवारी सरेर आएका सहित ७ सय ४ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे । गतवर्षको अन्य जिम्मेवारी सरेर आएका ७१ ओटा मुद्दामध्ये ५६ फर्स्यौट भई १५ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका ६९ मध्ये १७ ओटा फर्स्यौट भई ५२ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका सहित ६७ ओटा बाँकी रहे।

जिल्ला अदालत धनुषामा जिम्मेवारी सरेर आएका देवानी १ हजार ३५ मुद्दामध्ये ३ सय ९१ फर्स्यौट भई ६ सय ४४ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका ६ सय ३२ मध्ये १ सय ६४ फस्यौट भई ४ सय ६८ बाँकी रहे।

यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका सहित १ हजार १२ ओटा मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारीमा जिम्मेवारी सरेर आएका १ सय ७ मुद्दा मध्ये ३१ फस्यौट भई ७६ ओटा बाँकी रहे। यस वर्ष दर्ता भएका ४२ मध्ये ४ ओटा फस्यौट भई ३८ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म जिम्मेवारी सरेर आएका सहित १ सय १४ ओटा मुद्दा बाँकी रहे।

दुनियावादी फौजदारीमा जिम्मेवारी सरेर आएका २

सय २५ मुद्दा मध्ये ५१ फर्स्यौट भई १ सय ७४ बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ३२ मध्ये ३५ फस्यौट भई ९७ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म २ सय ७१ ओटा मुद्दा बाँकी रहे। अन्यमा गतवर्षको जिम्मेवारी सरेर आएको एउटा मुद्दा बाँकी रहेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषामा खुन डाकाका एक, खुन १३ ओटा, ज्यान मार्ने उद्योगका चार, डाका १२, चोरी १० र सडक दुर्घटनासम्बन्धी २४ ओटा उजुरी परे।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

जटही गाविस-८ निवासी २५ वर्षीया इन्दिलादेवी यादवलाई ०६२ माघ १४ गते उनकै पति २७ वर्षीय सरोजकुमार यादव, ससुरा ५० वर्षीय राजेन्द्र यादव, सासु ४५ वर्षीया सिरपोलिया देवीले ०६२ माघ ४ गते कुटपिट गरी घरबाट निकाले। पीडितले प्रहरीमा ०६२ माघ १६ गते उजुरी दिएपछि प्रहरीले दुवै पक्षलाई बोलाई छलफल गर्दा कुरा नमिलेपछि केटा पक्षबाट महिलालाई ७१ हजार तथा बच्चाको पालनका लागि ४१ हजार गरी जम्मा १ लाख १२ हजार क्षतिपूर्ति भराई अदालतबाट सम्बन्ध विच्छेद गरायो।

सबै प्रकारका जातीय विभेद

बनिनियाँ गाविस-९ निवासी ४० वर्षीया सागरदेवी महरा, २७ वर्षीय ज्ञानेन्द्र महरा तथा ७० वर्षीय पलट महरालाई सिनो नफालेको भन्दै ०६२ चैत ३१ गते सोही वडा निवासी ४५ वर्षीय बेचन यादव, २५ वर्षीय सुनिल यादव, ३० वर्षीय जमुनीदास, २५ वर्षीय विन्देश्वर दास, ३० वर्षीय प्रमोद साह लगायत १२-१३ जनाले कुटपिट गरे। प्रहरी तथा संघ संस्थाको पहलमा दुवै पक्षलाई इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा बोलाई छलफलबाट जबरजस्ती सिनो फ्याँक्न नलागाउने सहमतिमा ०६३ वैशाख २० गते समस्या समाधान भयो।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्लामा द्वन्द्वका कारण विगत वर्षमा विस्थापित भएका १ सय २ परिवार गाउँ फर्किन सकेका छैनन्।

विगतको अनुगमन

राज्यबाट

माओवादी जनयुद्ध शुरु भए यता यो वर्षको अन्त्यसम्म राज्यबाट बेपत्ता पारेका छजनाको अवस्था अज्ञात रहेकोमा ०६० साल असोज २१ गते नै मारिएको राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गऱ्यो। मारिएकाहरूमा जनकपुर नपा-१० निवासी दिपु भनिने सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, सोही नपा-४ निवासी जतेन्द्र झा, कुर्था गाविस १ निवासी प्रमोद नारायण मण्डल र दुहवी गाविस-७ निवासी शैलेन्द्र यादव रहेका छन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा बेंगाडाबर गाविस-९ निवासी अमर विश्वकर्मा रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा एकजना पुरुषलाई अपहरण गरी बेपत्ता पारिएको छ। यसरी बेपत्ता पारिएकामा एकराही गाविस निवासी कामेश्वर ठाकुर रहेका छन्।

२.२ महोत्तरी



जनसंख्या	:	६,१६,८०४
साक्षरता प्रतिशत	:	३४.७
महिला साक्षरता प्रतिशत	:	२२.४
क्षेत्रफल (वर्ग कि. मि.)	:	१००२
गाविस/नपा संख्या	:	७६/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२५३
क्याम्पस/उच्च मा.वि.	:	२/५
अस्पताल/स्वास्थ्य चौकी	:	१/८१
टेलिफोन लाइन	:	७९६
मोटर सडक (कि. मि.)	:	२३८
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	७४
मानव विकास सूचकाङ्क	:	०.४०७
प्रति परिवार सरदर संख्या	:	६.४३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

सप्तरी जिल्ला निवासी माओवादी कार्यकर्ता २८ वर्षीय गुणानन्द चौधरी र २६ वर्षीय रामेश्वर चौधरी सम्मेलनमा सहभागी हुन महोत्तरी आएको बेला ०६२ फागुन २६ गते खयरमारा गाविस-६ स्थित धानबारीमा बर्दिबासबाट गस्तीमा गएका सेनाले घेरा हालेर नियन्त्रणमा लिई गोली हानी उनीहरूको हत्या गरे। पीडितहरूको लास सेनाले नै जनकपुर अञ्चल अस्पतालमा पोष्टमार्टम गरी जलायो।

माओवादीबाट हत्या

सर्लाही जिल्ला अत्रौली गाविस-१ निवासी ३५ वर्षीय रामेश्वर महतो डाँका भएको आरोपमा ०६३ साउन १४ गते राति उनलाई माओवादीका जनमुक्ति सेनाले महेन्द्र राजमार्गस्थित माईस्थान गाविस-८ को जंगलमा उनलाई गोली हानी हत्या गरे। माओवादीले पीडितको लास प्रहरीलाई बुझाएकाले जिल्ला प्रहरी कार्यालयले लासलाई जलेश्वर जिल्ला अस्पतालमा पोष्टमार्टम गरी जलायो।

अन्यबाट

जलेश्वर नपा-१३ धवौलीटोल निवासी ३५ वर्षीया नसिरा खातुनलाई ०६३ साउन २४ गते उनकै पति ३५ वर्षीय नजाम साफी, ससुरा ६० वर्षीय रहमत साफी र सासु ५५ वर्षीया मैमुन खातुनले आफ्नै घरमा झुण्ड्याएर हत्या गरे। मृतकका पिताले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि प्रहरीले पीडकलाई गिरफ्तार नगरेकाले मृतकका आफन्त र नागरिक समाजले आवश्यक कारवाहीको माग गर्दै सदरमुकाममा जुलुस प्रदर्शन गरे। यो दबाबपछि प्रहरीले पीडकमध्येका नजाम साफीलाई गिरफ्तार गऱ्यो। पीडक हाल जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि जलेश्वर कारागारमा रहेका छन्।

गोली/ बम /विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

सर्लाही जिल्ला लालबन्दी गाविस-९ निवासी ४६ वर्षीय तेजबहादुर घिमिरे, सुनसरी जिल्ला धरान नपा-१५ निवासी ३८ वर्षीय गोविन्द क्षेत्री, धरान नपा-८ निवासी ३५ पूर्णबहादुर श्रेष्ठ, सर्लाही जिल्ला वरहथवा गाविस-७ निवासी ३२ वर्षीय मिथिलाविहारी राउत, सर्लाही जिल्ला जब्दी गाविस निवासी ४० वर्षीया जानुका पौडेल र ३१ वर्षीया सरस्वती खनाल ०६२ फागुन २७ गते माओवादीले राजमार्गको मडाहा खोला नजिकको सडकमा राखेको बम विस्फोट हुँदा घाइते भए। पीडितले महेन्द्र राजमार्गमा ढुङ्गामाथि कुल्चिएपछि सो बम विस्फोट भएको थियो। घाइतेहरूको नारायणी क्षेत्रीय अस्पताल, वीरगञ्जमा उपचार गरियो ।

अन्यबाट

मटिहानी गाविस-८ निवासी ३८ वर्षीया चन्दादेवी दास ०६२ चैत २० गते सोही ठाउँको आँप बगैचामा सुकेका पतकर संगाल्ने क्रममा सुतली बम खेलाउँदा विस्फोट भई घाइते भइन्। बमको छर्रा शरीरभरि लागेर घाइते भएकी पीडितलाई तत्काल उपचारका लागि जनकपुर अञ्चल अस्पताल लगियो। घटनास्थल भारतीय सीमासँग जोडिएको हुनाले भारतीयहरूले नै सो बम राखेको प्रहरीले आशंका गरेको छ।

धीरापुर गाविस-१ निवासी १३ वर्षीय पल्टु मण्डल

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	३	५		८	१		१	१	१	३			३
घाइते	३	१	१		३	१	४	३	६					
गिरफ्तारी/यातना										५	३१			३१
कुटपिट	१	१			१	१	१		१	३	४			४
भेला/संगठित हुने अधिकार										४	६		३७	३३
जातीय विभेद	३	५		३०	३५									
महिलाअधिकार	३७		३७		३७					१		१		१
बालअधिकार	५	१	३	१९	३३					१	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	३		३					
अमानवीय व्यवहार	१	१			१									
अपहरण	१	१			१	३०	३१	१	३३					
जम्मा	५८	१३	४६	३९	९८	३४	३८	४	४३	१४	३४	१	३७	६३



माओवादीद्वारा अपहरित स्थानीय विकास अधिकारी दीर्घनारायण पौडेल र खरिदार राजेन्द्र श्रेष्ठ

०६३ साउन १८ बिहान सार्वजनिक सडकमा छरिएको पान परागको डीब्बा कुल्चदाँ विस्फोट भई घाइते भए। दाहिने पैतालाको माथिल्लो भाग र सोही खुट्टाको पिडुँलामा चोट लागेका पीडितलाई जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो। सो डीब्बा बम डाँकाले राखेको प्रहरीको दाबी छ ।

जेल र बन्दी

"ख" श्रेणीको जलेश्वर कारागारको कूल कैदी क्षमता १ सय ३५ को हो। सँधै क्षमता भन्दा बढी कैदी हुने यस कारागारमा अहिले १ सय ९६ कैदी छन्। जसमध्ये १ सय ८२ पुरुष र १३ महिला रहेका छन्। ती मध्ये पनि ६७ पुरुष र नौ महिला कैद तोकिएका छन् भने अन्य पुर्पक्षकै क्रममा छन्। ज्यान मार्ने उद्योग मुद्दामा पुर्पक्षकै क्रममा रहेकी एक महिला कैदीले आफ्नो तीन वर्षीय छोरालाई आफूसँगै राखेकी छन्।

खानेपानी संस्थानद्वारा वितरण गरिएको खानेपानीको धारा बाहेक जेलभित्र पुरुषका लागि चार र महिलाका लागि दुई चापाकल रहेका छन्। त्यस्तै पुरुषका लागि छ ओटा र महिलाका लागि दुई ओटा शौचालय रहेका छन्। पुरुष कारागारमा एउटा २२ इञ्चको रंगीन र एउटा १४ इञ्चको सादा टेलिभिजन रहेको छ। उता महिलाका लागि एउटा १४ इञ्चको सादा टेलिभिजन छ। यसबाहेक दुई पुरुष कैदीले दुईओटा आठ इञ्चको निजी सादा टेलिभिजन राखेका छन्। जेलभित्र विद्युतीय बत्ती र पंखाको व्यवस्था भएको जेल प्रशासनले जनाए पनि गर्मीमा क्षमता भन्दा बढी कैदी भएकाले पंखा अपुग भएको छ।

जलेश्वर जेलमा पत्रपत्रिकामा कान्तिपुर र गोरखापत्र दैनिक रूपमा कैदीहरूले पढन पाएका छन् भने कारागारभित्र पुस्तकालय समेत स्थापित छ। जेलमा चेस, क्यारमबोर्ड र ब्याडमिन्टन लगायतका खेल सामग्री उपलब्ध छन्।

जलेश्वर कारागारका कैदीले जनआन्दोलन सकिएलगत्तै आम माफीको माग गर्दै ०६३ वैशाख ३१ देखि सात जना कैदीले आमरण अनसन सुरु गरेका थिए। सो अनसन जिल्लास्थित सात दलले संसदमा आवाज उठाएर सरकारको ध्यानाकर्षण गराउने आश्वासन दिएकाले १६ औँ दिनमा तोडिएको थियो। आफ्नो मागको सुनुवाई नभएको जनाउदै कैदीहरूले ०६३ असार ७ गते जेल प्रशासनमार्फत प्रधानमन्त्रीलाई एक ज्ञापनपत्र पठाउदै पाँच दिनभित्र आफ्ना मागलाई सरकारले सम्बोधन नगरे कडा आन्दोलनमा उत्रने चेतावनी दिएका थिए।

सोही बमोजिम असार १३ गतेदेखि दैनिक छतमा नाराबाजी, मसाल जुलुस र २४ घण्टे रिले अनसनमा ओर्लिएका कैदीले असार २१ गते दिउँसो जेलभित्र आगजनी गर्नुका साथै तोडफोड गरी पर्खालको तीन ठाँउमा प्वाल पारेका थिए। सो क्रममा कैदीलाई भाग्न नदिन प्रहरीले दुई दर्जन भन्दा बढी हवाई फायर र एक दर्जन जति रबरका गोली प्रहार गरे पनि मानवीय क्षति भएन। जिल्लास्थित सुरक्षा निकायका प्रमुख, राजनीतिक दल, सञ्चारकर्मी र मानवअधिकारकर्मीले कैदीसँग संयुक्त वार्ता गरेपछि सो घटना टुङ्गिएको थियो। समस्या समाधान नभएपछि ०६३ साउन ११ गते कारागारभित्र आगजनी शुरूपछि प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेले कैदीसँग वार्ता गरेका थिए। सो वार्ता विफल भएपछि जेलभित्र लगाइएको आगो निभाउन र स्थिति नियन्त्रणमा लिन प्रहरीले बारुणयन्त्र, अश्रुग्याँस र रबरका गोली साथै ठूलो संख्यामा प्रहरी कारागार भित्र प्रवेश गरी कैदीहरू उपर अन्धाधुन्द लाठीचार्ज गरेका थिए। लाठीचार्जबाट २४ भन्दा बढी कैदी घाइते भए।

बेपत्ता / अपहरण

माओवादीबाट

खुट्टापिपराढी गाविस-७ निवासी ४५ वर्षीय देवचन्द्र यादवले एक वर्षअघि होलीको दिन सोही ठाउँको मुसहर बस्तीमा आगो लगाएको आरोपमा ०६२ चैत २४ गते माओवादीले उनलाई अपहरण गरी चार लाख रूपैयाँ क्षतिपूर्ति लिएर ०६३ वैशाख ७ गते मुक्त गरे।

किसाननगर गाविस-५ निवासी १९ वर्षीय जयविन्द्र महतोले एक बालिकालाई गर्भवती बनाएको आरोपमा ०६२ चैत २५ गते उनलाई माओवादीले अपहरण गरी सोही बालिकासँग विवाह गर्ने सर्तमा वैशाख १२ गते मुक्त गरे।

श्रीपुर गाविस-३ निवासी २५ वर्षीय संजितकुमार यादव र सोही ठाँउका २५ वर्षीय विनयकुमार यादवले डकैती गरेको आरोपमा ०६३ जेठ १९ गते माआवादीले उनीहरूलाई अपहरण गरी परिवारकै जिम्मामा २७ गते मुक्त गरे।

बर्दिबास गाविस-६ निवासी ३१ वर्षीय कमल हमाल र सोही ठाँउका १८ वर्षीय निशेष मल्ल नक्कली माओवादी

बनेर बोलपत्र दर्ता गराएको आरोपमा ०६३ साउन ११ गते माओवादीले उनीहरूलाई जलेश्वरस्थित भूमिगत जलश्रोत कार्यालय हाताबाटै कुटपिट गर्दै अपहरण गरी सामाजिक कार्यकर्ता कुर्महरि सुवेदीको रोहबरमा ०६३ भदौ २१ गते मुक्त गरे।

सर्लाही जिल्ला अत्रौली गाविस-१ घर भई महोत्तरी जिल्लाको माईस्थान गाविस-८ को जंगलबाट ३२ वर्षीय प्रमोद नुनिया, ३४ वर्षीय हीतलाल दमाई, ३२ वर्षीय जितलाल दमाई र २९ वर्षीय कमल नसनियालाई डाँकाको आरोपमा ०६३ साउन १४ गते माओवादीले अपहरण गरी लगेकामा यो वर्षको अन्त्यसम्म उनीहरूको अवस्था अज्ञात छ।

जलेश्वर नपा-१३ धवौली टोल निवासी ६० वर्षीय रहमत साफी र उनकी पत्नी ५५ वर्षीया मैमुन खातुनले आफ्नी बुहारीको हत्या गरेको आरोपमा ०६३ साउन २९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी हाथिलेट गाविसस्थित माओवादी सेनाको क्याम्प राखे। पीडितहरू ०६३ भदौ २० गते स्थानीय बासिन्दाले सो क्याम्पमा आक्रमण गर्दा मुक्त भई परिवारको सम्पर्कमा आए।

धमौरा गाविस-६ निवासी ३७ वर्षीय ईसराइल अन्सारीले सोही ठाँउकी एक युवतीको हत्या गरेको आरोपमा ०६३ साउन २७ गते माओवादीले उनलाई अपहरण गरी बेपत्ता पारेकोमा ०६३ भदौ २० गते हाथिलेटस्थित माओवादीको जनमुक्ति सेनाको क्याम्पबाट भागेर परिवारको सम्पर्कमा आए।

सीतापुर भंगाहा गाविस-४ निवासी २१ वर्षीय केशव बरालालाई सेनामा भर्ती गर्न भनी ०६३ भदौ १ गते माओवादीले अपहरण गरी भदौ १२ गते दाजु भरत बरालको जिम्मामा मुक्त गरे।

जिल्ला विकास समिति, महोत्तरीका स्थानीय विकास अधिकारी ३८ वर्षीय दीर्घनारायण पौडेल र सोही कार्यालयका खरिदार ४२ राजेन्द्र श्रेष्ठले बोलपत्र दर्तामा पक्षपात गरेको आरोपमा ०६३ भदौ १५ गते माओवादीले कार्यालय हाताबाटै उनीहरूलाई अपहरण गरी सोही दिन तीन घण्टापछि इन्सेक प्रतिनिधि इश्वरी काफ्लेको रोहबरमा जलेश्वरस्थित माओवादीको कार्यालयबाट मुक्त गरे।

सुन्दरपुर गाविस-४ घर भई गौशालाबजार निवासी ठेकेदार ३२ वर्षीय शम्भु यादवले आफ्ना कार्यकर्तालाई लक्षित गरी गोली चलाएको आरोपमा ०६३ भदौ २२ गते माओवादीले अपहरण गरे। पीडितलाई सोही दिन साँझ सर्लाही जिल्लाको रानीगञ्जबाट मुक्त गरिएको माओवादीका एरिया इन्चार्ज अजयले



बोक्सीको आरोपमा कुटपिट गरिएकी रामप्यारीदेवी महतो



जलेश्वर जेल तोडफोड गरेको आरोपमा प्रहरीद्वारा कुटपिट गरिएका एक कैदी

बताए पनि उनी ०६३ असोज ९ गते मात्र घर आई पुगेका थिए।

भारतको बिहारको मधवापुर नगर निवासी ४१ वर्षीय चन्देश्वर साहले नेपाल-भारत व्यापारिक कारोबार गर्दा आफ्नो पार्टीलाई रकम नबुझाएको आरोपमा ०६३ भदौ २२ गते माओवादीले उनलाई नेपालको मटिहानी बजारबाट अपहरण गरे। पीडित भ्रमरपुरा गाविसबाट भदौ २६ गते राति भागेर परिवारको सम्पर्कमा आए।

खयरमारा गाविस-८ निवासी २५ वर्षीय रामु पौडेललाई बलात्कार, चोरी जस्ता आरोप लगाउदै ०६३ भदौ २६ गते माओवादीले अपहरण गरी कुटपिट गरेर सोही दिन प्रहरीलाई बुझाए। प्रमाणको अभावमा मुद्दा चलाउन नसक्ने भएकाले २८ गते पीडित रिहा भए।

गोनरपुरा गाविस-९ हिर्दुवाटोल निवासी ३० वर्षीय सुखराम यादवलाई जग्गा विवादमा आफ्नो जनअदालतमा उजुरी परेको छ भन्दै ०६३ भदौ २६ गते माओवादीले उनलाई अपहरण गरे। इन्सेक प्रतिनिधिको पहलमा भदौ ३० गते एकडारावेला गाविसबाट पीडित मुक्त भए।

धनुषा जिल्ला भूचक्रपुर गाविस-१ निवासी २५ वर्षीय श्रवणकुमार सिंहले बलात्कार गरेको आरोपमा महोत्तरीको भंगाहा गाविसबाट ०६३ असोज २५ गते माओवादीले अपहरण गरी श्रमकैदमा राखेकोमा ५० हजार रूपैयाँ लिई इन्सेक प्रतिनिधिको रोहबरमा ०६३ कात्तिक २३ गते बर्दीबास गाविसबाट माओवादीका जिल्ला उपसेक्रेटरी सामनाले मुक्त गरिन्।

हाथिलेट गाविस-४ निवासी ट्रयाक्टर चालक ३५ वर्षीय विन्दे साह, सोही ठाँउका ४५ वर्षीय तेजमान लामा, २५ वर्षीय रमेश लामा, २२ वर्षीय बद्री लामा र २८ वर्षीय जीवन लामालाई दाउरा तस्करी गर्न लागेको आरोपमा रामगोपालपुर चोकबाट ०६३

कात्तिक ४ गते माओवादीले ट्रयाक्टरसहित अपहरण गरेर दाउरा जफत गरे पीडितहरूलाई रामगोपालपुरबाट कात्तिक ६ गते मुक्त गरे।

डाम्हीमडै गाविस-१ निवासी १५ वर्षीय गणेश राउतले बलात्कार गरेको आरोपमा ०६३ कात्तिक १२ गते माओवादीले उनलाई घरबाट अपहरण गरी सरपल्लो गाविसका पीडितका आफन्तका जिम्मा लगाई बोलाएका बेला उपस्थित हुने सर्तमा कात्तिक २४ गते मुक्त गरे।

भारत सीतामढी जिल्ला डुमरागाँउका ३६ वर्षीय विन्देश्वर मुखियालाई डाँकाको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले रामगोपालपुर गाविस-७ बाट अपहरण गरे। वर्षको अन्त्य सम्ममा पीडितको स्थिति अज्ञात छ।

रामगोपालपुर गाविस-२ निवासी ४५ वर्षीय रामचन्द्र मुखिया र ५१ वर्षीय राजदेव मुखियालाई छिमेकीको हत्या गरेको आरोपमा ०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरी ०६३ मंसिर ३ गते रामगोपालपुरमै आफन्तको जिम्मामा मुक्त गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जलेश्वर नपा-४ स्थित महेन्द्रचोकबाट नगर निर्वाचन वहिष्कारको आव्हान गर्दै शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा ०६२ माघ १३ गते प्रहरीले नेकाका सांसद रामचन्द्र तिवारी, नेकाँका बजरंग नेपाली, लल्लनकुमार राय, मुनेश्वर चौधरी, विनयकुमार यादव, प्रविन्द्रकुमार पाठक, हरिनारायण यादव र रामदयाल यादवलाई गिरफ्तार गरे। पीडितलाई तीन महिने नजरबन्दको पूर्जी दिई थुनामा राखिएकामा सबैलाई ०६२ माघ २७ गते जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा रिहा गरियो।

जलेश्वर नपा-४ स्थित महेन्द्रचोकबाट नगर निर्वाचन बहिष्कारको आव्हान गर्दै शान्तिपूर्ण प्रदर्शन गरिरहेका नेसपा (आनन्दीदेवी) का सुनिल रोहित, एमालेका शुरेस सिंह, कालिचरण साह, रामप्रगास मण्डल, प्रायुसंघका श्यामसुन्दर सिंह, नेकाका अन्जनीकुमार सिंह र नेकाँ (प्रजातान्त्रिक) निकट तरुण दलका कृष्णशंकर साहलाई ०६२ माघ १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई तीन महिने नजरबन्दको पूर्जी दिई जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा माघ २७ गते रिहा गरियो।

जलेश्वर नपा-२ निवासी एमालेका बालकृष्ण ढकालले नगर निर्वाचनका उम्मेदवारलाई धम्की दिएको आरोपमा ०६२ माघ १५ गते प्रहरीले सोही वडाको सार्वजनिक सडकबाट गिरफ्तार गरे। पीडितलाई तीन महिने पुर्जी दिई नजरबन्दमा राखिएकोमा ०६२ माघ २७ गते जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा रिहा गरियो।

एमालेका गणेश नेपाली र नेकाँ (प्रजातान्त्रिक) का सांसद महेन्द्र मिश्रलाई नगर निर्वाचन हुन नदिन मतदातालाई डर त्रास देखाएको आरोपमा ०६२ माघ १७ गते प्रहरीले जलेश्वर नपा-२ को सार्वजनिक सडकबाट गिरफ्तार गरे। माघ १८ गते तीन महिने पूर्जी दिई नजरबन्दमा राखिएका पीडितलाई ०६२ माघ २७ गते जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा रिहा गरियो।

एमालेका सौखिलाल यादव र तपेश्वर साह र प्रायुसंघका रामकिनकिन चौधरीलाई मतदातालाई त्रास देखाएको आरोपमा ०६२ माघ २१ गते प्रहरीले जलेश्वर नपा-१ स्थित सडकबाट गिरफ्तार गरे। सोही दिन तीन महिने पूर्जी दिई नजरबन्दमा रहेका पीडितलाई जिल्ला न्यायधीश कुमार पोखरेलको रोहबरमा ०६२ माघ २७ गते रिहा गरियो।

जलेश्वर नपा-१ मा शान्तिपूर्ण रूपले नगर निर्वाचन वहिष्कारमा जुलुस प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा नेकाँका राधारमण मिश्र, शम्भु पाठक, विनोद यादव, प्रमोद सिंह, रोशन यादव, रुद्रकिशोर कुँवर तथा नेकाँ (प्रजातान्त्रिक) का मन्दीप भारती, मोहन मिश्र, ललन सिन्हा, रामसिंहासन पाण्डे, विरेन्द्रकुमार यादव र दिपनारायण सिंहलाई ०६२ माघ २५ गते प्रहरीले गिरफ्तार गरी २७ घण्टापछि इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरे।

जलेश्वर नपा-२ को सडकबाट नगर निर्वाचन विरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी जनमोर्चाका शम्शेरसिंह लामा, मोहनराज तामाङ्ग, अनेरास्वियुका शम्भु महतो, नेसपा (आनन्दी देवी) का सरोज शर्मा, कोमल यादव, रामदिनेश यादव, वाल्मिकी सिंह, अन्तुकुमार झा, नेकाँका शुरेस पाण्डे र राजकिशोर पासवानलाई ०६२ माघ २५ गते गिरफ्तार गरी २५ घण्टापछि इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरे।

जलेश्वर नपा-४ स्थित महेन्द्रचोकमा ०६२ चैत ३१ गते जनआन्दोलनका क्रममा प्रहरीले हस्तक्षेप गरी अश्रुग्यास फायर गरी अन्धाधुन्द लाठीचार्ज गर्दा नेकाँका जितेन्द्र महतो, नेविसंघ (प्रजातान्त्रिक) का मन्दिप भारतीको टाउको फुटेर घाइते भए भने एमालेका राजकुमार बैठाको दुवै खुट्टा भाँचिएर घाइते भए। घाइतेलाई तत्काल महोत्तरी रेडक्रस सोसाईटीको एम्बुलेन्सद्वारा उपचारका लागि जनकपुर अञ्चल अस्पताल लगियो।

गौशालाबजारमा गौशाला बेसक्याम्पका नेपाली सेनाका लेफ्टिनेन्ट भीमबहादुर गोदार र सशस्त्र प्रहरीका इन्सपेक्टर किशोर श्रेष्ठले ०६३ पुस ३ गते महिला माओवादीका कार्यकर्तालाई राति अभद्र व्यवहार गरेका थिए। विरोधमा माओवादीले सोही दिन आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा सेना र सशस्त्र प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा माओवादीका भरतपुर गाविस-६ निवासी ३२

वर्षीय ईन्दल महतो, सोही ठाँउका ३५ वर्षीय किशोरी मण्डल, ५० वर्षीया फुलेश्वरीदेवी यादव, सुन्दरपुर गाविस-५ निवासी ३२ वर्षीय राजदेव यादव, फुल्काहा गाविस-७ निवासी ३१ वर्षीय राघो साह र ३० वर्षीय संजय साह घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत महोत्तरीमा जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी १ हजार ५६ मुद्दा मध्ये यस वर्ष ३ सय ७६ फर्स्यौट भई ६ सय ८० बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी देवानी ४ सय ४८ मुद्दा मध्ये ७८ फर्स्यौट भई ३ सय ६९ बाँकी रहे। जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी २ सय २७ मुद्दा मध्ये ५६ फर्स्यौट भई १ सय ७१ बाँकी रहे भने यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी ७४ मुद्दा मध्ये आठ ओटा फर्स्यौट भई ६६ बाँकी रहे।

सरकारवादी फौजदारीमा जिम्मेवारी सरेर आएका ५२ मुद्दामध्ये १८ ओटा फर्स्यौट भई ३४ बाँकी रहे भने यस वर्ष दर्ता भएका २४ मध्ये पाँचओटा फस्यौट भई १९ बाँकी रहे। यस अदालतमा सरकारवादी देवानी मुद्दा छैनन्।

यसरी महोत्तरी जिल्ला अदालतमा जम्मा दुनियाँवादी देवानी १ हजार ४९, दुनियाँवादी फौजदारी २ सय ३७ र सरकारवादी फौजदारी ५३ मुद्दा बाँकी रहेका छन्। जसमध्ये दुई वर्ष नाघेका दुनियाँवादी देवानी १ सय १०, दुनियाँवादी फौजदारी १८ र सरकारवादी फौजदारी नौ ओटा रहेका छन्।

यस अदालतमा रहेको कैद लगत १ हजार ९ सय ४७ वर्ष दुई महिना २७ दिन छ घडी मध्ये यस वर्ष २ सय ४० वर्ष ७ महिना १२ दिन फर्स्यौट भई १ हजार ७ सय ६ वर्ष ७ महिना १५ दिन ६ घडी बाँकी रहेको छ। त्यसैगरी जरिवानाको लगततर्फ ३ करोड १० लाख ४८ हजार ४ सय ८७ रूपैयाँ ७२ पैसा मध्ये १२ लाख ५३ हजार २ सय २६ रूपैयाँ ९५ पैसा फर्स्यौट भई २ करोड ९७ लाख ९५ हजार २ सय ६० रूपैया ७७ पैसा बाँकी रहेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

राज्यबाट

जलेश्वर नपा-४ निवासी २६ वर्षीय गोविन्द ठाकुर र २१ वर्षीय सुशील झालाई ०६३ कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा चोरीको आरोप स्वीकार गराउन पोलिथिनका पाइपले प्रहरीले कुटपिट गरी यातना दिए। पीडितलाई प्रहरीले नै जिल्ला अस्पताल जलेश्वरमा उपचार गराए। पीडितद्वय जिल्ला अदालतको साधारण तारेखमा मंसिर ५ गते रिहा भए।

माओवादीबाट

बर्दिबास गाविस-५ निवासी २८ वर्षीय यातायात मजदुर ज्ञानु अधिकारीले सुराकी गरेको आरोपमा ०६३ भदौ २० गते औरही बजारबाट फर्क्दै गर्दा हाथिलेट गाविस-४ कर्मटोकीटोलमा उनलाई माओवादी जनमुक्ति सेनाले रातभरि ब्यारेकमा राखेर यातना दिए। भोलिपल्ट ०६३ भदौ २१ गते स्थानीय बासिन्दाको प्रयासमा मुक्त भएका पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो।

अन्यबाट

रामनगर गाविस-३ निवासी माआवादीका ज्ञानेन्द्र महतोलाई जबरजस्ती रकम संकलन गरेको आरोपमा ०६३ भदौ १८ गते सोनामाई गाविस-३ का बासिन्दाले समातेर कुटपिट गर्दै कोठामा थुनेर राखे। भदौ १९ गते माओवादीद्वारा घोषित जनसरकार प्रमुख राजेन्द्र साहले स्थानीय बासिन्दासँग माफी मागी पीडित महतोलाई मुक्त गराए।

श्री भेरुखी मावि लोहारपट्टीका प्रधानाध्यापक ५२ वर्षीय चन्देश्वर कापरलाई विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६३ भदौ २१ गते एमाले र नेकाँका अब्दुल रहिम शेष, करिमन सिकलागढ, तथा नजामुद्दिन नदाफको नेतृत्वको समूहले चारपाटा मुडेर मासो दली गाविसको घुमाएको बेला माओवादीका जिल्ला सेक्रेटरी सुमनले हस्तक्षेप गरी मुक्त गराए। पीडितले जिल्ला प्रहरी कार्यालयमा पीडकविरुद्ध सार्वजनिक अपराध मुद्दाको जाहेरी दर्ता गराए पनि पीडकलाई कारवाही गरिएन।

बालअधिकार

सोनामाई गाविस-५ निवासी १० वर्षीया एक बालिकालाई ज्याला माग्न जाँदा ०६२ माघ २९ गते साँझ सोनामाई मन्दिरका पुजारी ५० वर्षीय जयमंगल झाले यौन दुर्व्यवहार गरे। पीडितलाई माआवादीले अपहरण गरी सोही दिन मुक्त गरे पीडकलाई कारवाही भएन।

भारतको मुम्बई शहरमा यातनापूर्ण बालश्रममा लगाइएका महोत्तरी जिल्ला धमौरा गाविस-७ निवासी १० वर्षीय नदिमकुल शेष, खुट्टापिपराढी गाविस-५ निवासी १० वर्षीय रजाबुल नदाफ, वसपिट्टी गाविस-९ निवासी ११ वर्षीय मो. निद खान, धमौरा गाविस-७ निवासी १२ वर्षीय रंजित कवाडी, सोही ठाँउ निवासी ९ वर्षीय समसुल शेष, ११ वर्षीय पर्सादेवाड गाविस-६ निवासी १२ वर्षीय नजामुद्दिन अन्सारीलाई सोही गाविस-६ निवासी ६५ वर्षीय शेष इनुस र उनका छोरा ४० वर्षीय शेष नाजिरले जागिरमा लगाइदिन्छु भनी भारतको मुम्बई पुऱ्याएर बेपत्ता पारेको भन्दै पीडितका बाबुले ०६३ कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयमा

उजुरी गरे। पीडक भारतको मुम्बई भएकाले कारबाही भएन।

महिला विरूद्धहुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सीमावर्ती भारतीय गाँउ कन्हमा घर भई फुल्काहा गाविस-४ स्थित मामा घर निवासी १४ वर्षीया एक बालिकालाई ०६३ असार ७ गते बर्दिबास गाविस-५ का तीलक विश्वकर्माले माईस्थान गाविस-२ स्थित जङ्गलमा बलात्कार प्रयास गरे। पीडक जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

बगडा गाविस-३ निवासी ५२ वर्षीया एक महिलालाई उनको छोराले छिमेकीको छोरीसँग प्रेम गरेको आरोपमा ०६३ असार २४ गते सोही ठाउँका ४५ वर्षीय शियाशरण यादव, ५१ वर्षीय रामबाबु यादव, ३८ वर्षीय रामपुकार यादव, ४६ वर्षीय मानबहादुर यादव, २८ वर्षीय शोभित यादव र २९ वर्षीय दिनेश यादव लगायतका १३ जनाले सर्वाङ्ग नाङ्गै पारेर गाँउ घुमाए। पीडक मध्येका शियाशरण यादवले सार्वजनिक रूपमा बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि प्रहरीले पीडक रामबाबु र रामपुकारलाई मात्र गिरफ्तार गरी अन्य फरार रहेको जनायो। गिरफ्तार गरिएका पीडकद्वय जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि जलेश्वर कारगारमा रहेका छन्।

धमौरा गाविस-४ निवासी २७ वर्षीया बेचनी सदा मुसहरको ०६३ साउन ९ गते अज्ञात समूहले सोही ठाउँको आँप बगैचामा बलात्कार गरेर आँपको रुखमा झुण्ड्याएर हत्या गरे। जिल्ला प्रहरी कार्यालयले लासको पोष्टमार्टम गरी आफन्तलाई बुझायो। मृतकका पिताले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि जाहेरीमा किटान भएका व्यक्तिलाई माओवादीले अपहरण गरेको जनाउँदै प्रहरीले कारबाही गरेन।

गौशाला गाविस-२ निवासी १२ वर्षीय बालिकालाई ०६३ मंसिर २ गते सप्तरी जिल्ला सीतापुर गाविस-९ निवासी संयुक्त सुरक्षावेसक्याम्प गौशालामा कार्यरत २२ वर्षीय सशस्त्र प्रहरीका सहायक हवल्दार मनोजकुमार चौधरीले बलात्कार गरे। सोही समयमा प्रहरीद्वारा गिरफ्तार गरिएका पीडक जिल्ला अदालत महोत्तरीको आदेशले पुर्पक्षका लागि जलेश्वर कारागारमा रहेका छन्।

पर्सादेवाड गाविस-५ निवासी ४० वर्षीया एक महिलालाई ०६३ मंसिर ११ गते सोही ठाँउका ३८ वर्षीय भजन महतोले बलात्कार गरे। पीडितले मंसिर १४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि पीडक फरार भएकाले कारबाही भएन।

पारिवारिक हिंसा, बहुविवाह समेत

कोल्हुवा बगेया गाविस-२ निवासी १९ वर्षीया महमुदा खातुनलाई दाईजो कम ल्याएको भन्दै ससुरा ४५ वर्षीय इनुस लहेरीले माइत जान रोक लगाए। पीडितका पिता मटिहानी गाविस-८ निवासी युसुफ लहेरीले ०६२ फागुन १६ गते पीडकविरुद्ध जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि कारबाही भएन।

नैन्ही गाविस-३ निवासी १८ वर्षीया रानीदेवी साहको विवाह गरेको वर्ष दिनसम्म सन्तान नभएको भन्दै ०६२ फागुन २० गते उनका पति २१ वर्षीय दयाराम साहले बहुबिबाह गरे। पीडितले बहुबिबाहको नभई खानलाउन नदिई कुटपिट गरेको जनाउँदै फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि कारबाही भएन।

भटौलिया गाविस-२ निवासी ३२ वर्षीया सुरजदेवी साहलाई भारतमा रोजगारीका लागी गएका पतिले उतै अर्की बिवाह गरेकाले उसलाई घर ल्याउन बाधा नहोस् भनेर ०६३ जेठ १७ गते उनकी सासु ५० वर्षीया लक्ष्मीनियाँ देवी र देवर २० वर्षीय अञ्चल महासेठले कुटपिट गरी घर निकाला गरे। पीडितले जेठको १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएकोमा प्रहरीले पीडकद्वयसँग सोधपुछ गर्दा पीडितसँगको नाता नै अस्वीकार गरेकाले नाता कायम र बहुविवाह मुद्दाका लागि अदालत जान सल्लाह दिएको प्रहरी महिला सेलले जनायो।

सबै प्रकारका जातीय विभेद

मनरा गाविस-१ निवासी सोन्फी दशैं मावि मनरामा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय विश्वनाथ पण्डित, सोही कक्षामा अध्ययनरत सोही ठाँउ निवासी १५ वर्षीय चिन्टु रजक, सोही माविमा ७ कक्षमा अध्ययनरत १४ वर्षीय बीरेन्द्र माली र सोही गाविस-६ निवासी सोही माविमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय छविल रामलाई कथित उपल्लो जातका विद्यार्थीसँग जातीय विभेद गरी घातक हतियार लिएर झगडा गरेको भन्दै ०६२ माघ १० गते सोही माविका शिक्षकहरू ललन सिंह, वैद्यनाथ सिंह, विजय सिंह र रामकैलाश सिंहको सक्रियतामा शिक्षकहरूको बैठकले निर्णय गरी सो विद्यालयमा अध्ययन गर्न नपाउने गरी निष्काशन गरे। इन्सेक प्रतिनिधि र सामाजिक कार्यकर्ताको प्रयासमा एक महिनापछि ती दलित विद्यार्थीलाई फेरि सो विद्यालयमा भर्ना गरियो।

सहसौला गाविस-४ निवासी २० घर चमारहरूले ज्याला बढाउने माग गर्दै सिनो फाल्न अस्वीकार गर्दा ०६३ साउन २० गते सोही ठाँउ निवासी नेकाँका क्षेत्रीय सभापति राजाराम यादव, एमालेका पूर्व गाविस अध्यक्ष नरेश यादव, राप्रपाका विलास दाहाको नेतृत्वमा गाँउलेहरूले धारा पँधेराबाट बञ्चित गरे। सो घटनाबारे पीडित पक्षले कतै उजुरी गरेन।

श्रीपुर गाविस-२ निवासी ५१ वर्षीय श्यामकिशोर महराले सिनो फाल्न नसकेको भन्दै ०६३ कात्तिक ६ गते सो गाविसका कथित उपल्लो जातका राजाराम रायको सक्रियतामा गाँउमा बसेको भेलाले महरालाई ३० हजार जरिवाना गरे। बैदेशिक रोजगारीबाट फर्केका आफ्ना ज्वाँईसँग मासिक पाँच प्रतिशत ब्याज कबोल गरेर सो जरिवाना तिरेको बताउने पीडितले न्यायिक तथा प्रशासनिक निकायमा उजुरी भने गरेनन्।

सहसौला गाविस-४ निवासी २० घर चमारले सिनो नफालेको आरोपमा पुन: दोश्रो पटक ०६३ कात्तिक १७ गतेदेखि सोही ठाँउका कथित उपल्लो जातका रामएकवाल यादव, राजाराम यादव, फुलबाबु यादव, मनोहर यादव, राजकिशोर चौधरी, गंगा चौधरी, सहदेव यादव र रामपुकार यादवलगायतले खानेपानीबाट उनीहरूलाई वञ्चित गरे। कात्तिक २० गते पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे पनि निर्णय हुन सकेको छैन। सोही गाविसका एक एमाले नेताले आफ्नो निजी धारामा दलितलाई पानी खान दिएकाले पानीको समस्या तत्कालका लागि समाधान भएको छ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा २७ हजार ७ सय ९९ परिवार निजी भूमिबाट वञ्चित रहेका छन्। जसमध्ये जिल्लाका सुदुर उत्तरी गाविसहरू खयरमारा, माईस्थान, गौरीबास र बर्दिबासका २ हजार ७ सय ९९ परिवारले जोत भोगका आधारमा जमिन दर्ता गराई पाँउ भन्दै ०६१ भदौ ८ गते जिल्ला प्रशासन कार्यालय महोत्तरीमा निवेदन दर्ता गराए पनि यो वर्षको अन्त्यसम्ममा कुनै कारबाही भएन।

विगतको अनुगमन

बेपत्ता/अपहरण

राज्यबाट

बेपत्ता पारिएका भनिएका सरपल्लो गाविस-६ निवासी मनोज साह, रघुनाथपुर गाविस-६ निवासी राम चलित्तर यादव, रामदेव यादव, सिंहेश्वर यादव, भाग्यनारायण यादव, राजी मण्डल र विन्देश्वर यादव दोहोरो भिडन्तमा मारिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

माओवादीबाट

यसअघि माओवादीद्वारा बेपत्ता पारिए भनिएका हाथिलेट गाविस-३ निवासी पूरे जर्घा मगर माओवादी नियन्त्रणमै ग्रिनेड विस्फोट गराई आत्महत्या गरेको माओवादीका जिल्ला इन्चार्ज लोचनले जनाए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना रहेका छन्। यसरी बेपत्ता पारिएकामा खोपी गाविस-८ गोठवनौलीटोल निवासी विस्फोट भनिने सुरेन्द्र यादव रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा फुल्काहा गाविस-२ निवासी लालबाबु यादव रहेका छन्।

२.३ सर्लाही



जनसंख्या	:	६,३५,७०१
सासाक्षरता प्रतिशत	:	४२.१३
महिला साक्षरता प्रतिशत	:	३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	:	१२५९
गाविस/नपा संख्या	:	९९/१
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३२१
क्याम्पस/उच्च मा.वि.	:	३/७
अस्पताल/स्वास्थ्य चौकी	:	१/१०३
टेलिफोन लाइन	:	२३१७
मोटर सडक (कि. मि.)	:	२१५
प्रहरी कार्यालय संख्या	:	७
हुलाक संख्या	:	८९
मानव विकास सूचकाङ्क	:	०.४०८
प्रति परिवार सरदर संख्या	:	६.३३

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

काभ्रे जिल्ला कानपुर गाविस-१ निवासी माओवादी कार्यकर्ता ४० वर्षीय वासुदेव मैनालीको ०६२ फागुन १६ गते सुरक्षाकर्मीले पत्थरकोट गाविस-८ हीरापुरमा नियन्त्रणमा लिई गोली हानी हत्या गरे। पीडितको लास मलङ्गवा अस्पतालमा पोष्टमार्टम गरी आफन्तलाई जिम्मा लगाई सद्गद गरियो।

माओवादीबाट

पर्सा जिल्ला विन्दावासिनी गाविस-४ निवासी २७ वर्षीय प्रहरी जवान लालबाबुप्रसाद यादवको ०६२ फागुन २८ गते माओवादीले त्रिभुवननगर गाविस-४ स्थित अस्थायी प्रहरीपोष्टमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडितको लास प्रहरीले आफन्तलाई जिम्मा लगाए।

संग्रामपुर गाविस-९ निवासी सर्वसाधारण ४० वर्षीय विन्देश्वर रायको ०६२ फागुन २९ गते माओवादीले संग्रामपुर गाविसस्थित अस्थाई प्रहरीपोष्ट नजिक बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडितको लास आफन्तलाई जिम्मा लगाइयो।

मोहनपुर गाविस-२ निवासी ३५ वर्षीय रामबाबु साहले माओवादीविरुद्ध जथाभावी बोलेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनलाई राति नौकेल्लावा गाविसस्थित ईटा भट्टामा सुतिरहेको अवस्थामा हात बाँधी गोली हानी हत्या गरे। पीडितको लास आफन्तको जिम्मा लगाइयो।

हरिपुर गाविस-९ निवासी ५५ वर्षीय श्रीकृष्ण रौनियार, भारत घर भएका होटल मजदुर ३५ वर्षीयराम सोगारथ साहको ०६२ चैत २३ गते राति माओवादीले नेत्रगञ्ज गाविस-६ स्थित एक होटलमा खानाको विषयमा सामान्य विवाद हुँदा सकेट बम प्रहार गरी हत्या गरे। सोही घटनामा भारतीय नागरिक होटल साहु ५० वर्षीय राम सेवक सहनी, उनका छोरा १८ वर्षीय दिनेश सहनी र कविलासी गाविस-९ निवासी ३५ वर्षीय मजदुर रामबाबु साह गम्भीर घाइते भए। घाइते तीनजनालाई भोलिपल्ट सेनाको हेलिकप्टरबाट उपचारका लागि सैनिक अस्पताल छाउनी लगियो। घाइते तीनजना तीन महिनासम्म उपचार गरेपछि घर फर्किए।

रौतहट जिल्ला हर्दियापल्टुवा गाविस-७ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चाका १८ वर्षीय जोतनारायण यादवलाई ०६३ वैशाख २९ गते साँझ माओवादीले हजरिया गाविस-७ स्थित एकादशी खोलामा अपहरण गरी दुवै हात बाँधी गोली हानी हत्या गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

हजरिया गाविस-४ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय भानुभक्त न्यौपानेलाई सुराकीको आरोपमा ०६३ पुस १६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट अपहरण गरी २ सय मिटर उत्तरतर्फ उखुबारी नजिकै सडकमा पुऱ्याइ गोली हानी हत्या गरे। माओवादीद्वारा हत्या गरिएका मोर्चाका कार्यकर्ता जोतनारायण यादवको हत्यामा सुराकी गरेको आरोपमा पीडितको हत्या गरिएको मोर्चाका राजनीतिक कमिसार अर्जुनले जनाए।

दोहोरो भिडन्त

झापा जिल्ला बुधवारे गाविस-१ निवासी सशस्त्र प्रहरीका सहायक हवल्दार ३० वर्षीय विष्णु रिजाल र पाँचथर जिल्ला घर भएकी माओवादी कार्यकर्ता १८ वर्षीया दीपाको ०६२ फागुन १८ गते कर्मैया गाविस-२ स्थित महेन्द्रराजमार्गमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। सोही घटनामा सुरक्षाकर्मीतर्फ दुईजना र माओवादीतर्फ एकजना गम्भीर घाइते भए। घाइतेको नाम खुलेन।

झापा जिल्ला निवासी सशस्त्र प्रहरी जवान ३० वर्षीय कमल राना, २२ वर्षीय मानबहादुर अधिकारी र उदयपुर जिल्ला बसाहा गाविस बर्खेडाँडा निवासी १८ वर्षीय माओवादी कार्यकर्ता निश्चलको ०६२ चैत १७ गते कर्मैया गाविस-६ र ७ को बीचको महेन्द्रराजमार्गमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। अधिकारी र निश्चलको घटनास्थलमा मृत्यु भयो भने रानाको उपचारको क्रममा काठमाडौंमा मृत्यु भयो। सोही घटनामा तीनजना सुरक्षाकर्मी र दुईजना माओवादी गम्भीर घाइते भए।

धनुषा जिल्ला लग्मागढागुठी गाविस-६ निवासी सई सोनेलाल मण्डल, नवलपरासी सुनवल-६ निवासी असई सुकबहादुर गुरुङ्ग, प्रहरी जवानहरू सिरहा लालपुर-९ अर्नाहा निवासी लक्ष्मण साह, बारा कवहीगोठ-४ निवासी रामप्रित यादव, मकवानपुर चुरियामाई रातमाटे-३ निवासी दिलबहादुर सुनुवार, बारा दहियार-९ निवासी रामनरेश सहनी र माओवादीका कमल, वीरेन, समर्पण र जोशिलाको ०६३ चैत २३ गते राति सदरमुकाम मलंगवामा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। सोही घटनामा सेनाको नाइटभिजन हेलिकोप्टर मलंगवा नपा २ स्थित खेतमा दुर्घटनाग्रस्त हुदाँ सेनाका अशोक के.सी., सुवासचन्द्र राई, आशिष गोर्खाली सहित १० जनाको घटनास्थलमै मृत्यु भयो। माओवादीले हेलिकोप्टर आफूले खसालेको दावी गऱ्यो भने सेनाले प्राविधिक त्रुटीका कारण दुर्घटनाग्रस्त भएको जनायो।

गोली/बम/विष्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मलगंवा नपा-९ निवासी १५ वर्षीया रीनाकुमारी साह, १३ वर्षीया पवनकुमारी र ११ वर्षीया मञ्जु साह, मलंगवा नपा-१० निवासी ३५ वर्षीय दिनेश्वरलाल, २४ वर्षीया सुनिता, ४ महिनाकी शिला कर्ण र ३१ वर्षीय रसिलाल पण्डित ०६२ चैत २३ गते राति सदरमुकाम मलगंवा आक्रमणमा सेनाले नाइटभिजन हेलिकोप्टरले हानेको बमबाट घाइते भए। पीडितहरूको जिल्ला अस्पताल, मंलगवामा उपचार गरियो। सो घटनामा सुरक्षाकर्मीको गोलीबाट ११ जना माओवादी घाइते भए। उनीहरूको माओवादीले नै उपचार गरे। राधेश्याम प्रसाद, किशोरी साह, जितप्रसाद राय, बैजु साह र दिनेश मिश्रको घर नाइटभिजन हेलिकोप्टरबाट खसालेको बमले क्षतिग्रस्त भएकोमा उनीहरूले सरकारबाट १ लाख ६० हजार ४ सय ७० रुपैंया क्षतिपूर्ति प्राप्त गरे।

माओवादीबाट

कर्मैया गाविस-२ स्थित महेन्द्रराजमार्गभन्दा दक्षिणको नहरमा राखिएको सकेट बम बिस्फोट हुदाँ ०६२ फागुन २० गते नाम नखुलेकी तथा मानसिक सन्तुलन ठीक नभएकी ३५ वर्षीया महिला घाइते भइन्। पीडितको तत्काल सुरक्षाकर्मीको सहयोगमा स्थानीय उपस्वास्थ्य चौकीमा उपचार गरियो।

संग्रामपुर गाविस-९ निवासी २६ वर्षीय जयराम मण्डल र एक भारतीय महिलालाई ०६२ फागुन २९ गते संग्रामपुर गाविसस्थित अस्थायी प्रहरी पोष्टमा माओवादीले गोली हानी घाइते पारे। पीडित दुवैको भारतको सोनवर्षामा उपचार गरियो।

प्रहरी असई पदमबहादुर गुरुङ, विश्वराज अधिकारी, प्रहरी हवल्दारहरू कृष्णबहादुर खड्का, रामगोपाल सुवाल, सुरेशकुमार थापा, प्रहरी जवानहरू नवराज गौतम, दिनेशराय यादव, मनोजकुमार साह, प्रभुप्रसाद साह, प्रदिप रामीजाल, विनोद बोगटी र प्रभुप्रसाद कुर्मी ०६२ चैत २३ गते राति माओवादीले सर्लाही सदरमुकाम आक्रमण गर्दा गम्भीर घाइते भए। आक्रमणमा परी असई श्यामसुन्दर यादव, प्रहरी हवल्दार पवनकान्त मिश्र, राजकुमार कार्की, फनबहादुर विश्वकर्मा, प्रहरी जवानहरू ईश्वरीप्रसाद गैरापिप्ली, धर्मेन्द्रप्रसाद साह, सुवेश सिंह र गुल्जारीराय यादव सामान्य घाइते भए। घाइतेको जिल्ला अस्पताल सर्लाही र सैनिक अस्पताल छाउनी, काठमाडौं उपचार गरियो।

लालबन्दी गाविस-५ निवासी २६ वर्षीया सरस्वती पोखरेल ०६३ वैशाख २२ गते स्थानीय समुदायिक वन गएको अवस्थामा सकेट बम विष्फोट हुदाँ गम्भीर घाइते भईन्। उनको नारायणी उपक्षेत्रीय बीरगञ्ज अस्पतालमा उपचार गरियो।

जेल र बन्दी

"ग" श्रेणीको सर्लाही जेलको बन्दी क्षमता महिला २५ र पुरुष ७५ गरी सय जनाको छ। यस जेलमा कैद तोकिएका २६ पुरुष र कैद नतोकिएका २५ पुरुष र तीन महिला गरी कूल बन्दी ५४ जना छन्। कैद तोकिएका चार जना भारतीय नागरिक रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो, टीभी, पुस्तकालय, खेलकुद सामग्री, लुगा सिलाउने मेसिनको व्यवस्था गरिएको जेलर अनिलकुमार आचार्यले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१५	१०	५	१५	७	१८		७	३५	३	६	१		७
घाइते	६	६	३	८	४	३६	१	३	३०	३	३	५	३	१०
गिरफ्तारी/यातना										१३	४०	१		४१
कुटपिट					३	३			३	३	८	१	५	१४
धम्की					१	१			१					
भेला/संगठित हुने अधिकार										१			३९	३९
महिलाअधिकार	९		९	९										
बालअधिकार	३		३	३										
अमानवीय व्यवहार	१	१		१										
अपहरण	१	१		१	३१	९१			९१					
जम्मा	३५	१८	१९	३७	४६	१३९	१	१०	१५०	३३	५६	८	३७	१०१

अपहरण/बेपत्ता

माओवादीबाट

किसनपुर गाविस-२ निवासी ३५ वर्षीय रामसेवक महरा चमारले चोरी गरेको आरोपमा ०६२ फागुन २६ गते विहान माओवादीले उनलाई घरैबाट अपहरण गरी निर्ममतापूर्वक कुटपिट गरे। पीडितलाई ०६२ चैत १ गते मुक्त गरियो।

सीमरा गाविस-१ निवासी प्रहरी जवान २८ वर्षीय उमेश राय भूमिहारलाई ०६२ फागुन २८ गते माओवादीले त्रिभुवननगर गाविस-४ स्थित अस्थायी प्रहरीपोष्टबाट अपहरण गरे। पीडितलाई ०६२ चैत २९ गते इन्सेक जिल्ला प्रतिनिधि बिदुरकुमार प्याकुरेल र सञ्चारकर्मीको रोहबरमा श्रीनगर गाविस-७ बाट मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका वासुदेव मैनाली

मकवानपुर जिल्ला ज्यामिरे गाविस-९ निवासी ५२ वर्षीय प्रहरी सई जयबहादुर तामाङलाई ०६२ फागुन २९ गते माओवादीले संग्रामपुर गाविसस्थित अस्थायी प्रहरीपोष्ट नजिकै बसिरहेको अवस्थामा अपहरण गरे। पीडितलाई ०६२ चैत २९ गते इन्सेक जिल्ला प्रतिनिधि बिदुरकुमार प्याकुरेल र सञ्चारकर्मीको रोहबरमा श्रीनगर गाविस-७ बाट मुक्त गरियो।

ईश्वरपुर गाविस-४ निवासी २५ वर्षीय विदुर मैनालीलाई सेनाको सुराकी गरेको आरोप तथा शंकास्पद गतिविधि गरेको आशंकामा ०६२ चैत १४ गते माओवादीले उनलाई ईश्वरपुर गाविस-२ बाट अपहरण गरे। पीडितलाई ०६३ वैशाख २ गते मुक्त गरियो।

काठमाडौं निवासी तत्कालीन प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारी, सिन्धुली निवासी प्रहरी सई बालकृष्ण कार्की, रामेछाप निवासी असई बुद्धिलाल दंगाली र देवराज बुढाथोकी, महोत्तरी निवासी प्रहरी हवल्दार शत्रुधन पाण्डे, धनुषा निवासी राजु परियार, सर्लाही निवासी भरत झा, बारा निवासी रामधुव सहनी, रुपन्देही निवासी भेषराज भुषाल र गोविन्द अहिर, नवलपरासी निवासी जिल्ला कारागार शाखा प्रमुख अनिलकुमार आचार्य, सिन्धुपालाञ्चोक निवासी प्रहरी असई पदमनाथ सापकोटा, प्रहरी हवल्दारहरू ओखलढुंगा निवासी मिनराज गिरी, बारा निवासी रामआदेश यादव, पर्सा निवासी विद्यासागर ठाकुर, दोलखा निवासी कृष्णवहादुर श्रेष्ठ, काठमाडौं निवासी किशोर हर्सनं, प्रहरी जवानहरू चितवन निवासी गोपाल खाती र चुमन महतो, प्रहरी हवल्दारद्वय गोरखा निवासी टीका आले र चितवन निवासी तुलाराम चापागाईंलाई ०६२ चैत २३ गते राति माओवादीले सदरमुकाम आक्रमण गरी अपहरण गरे। अपहरितमध्ये कारागार शाखाका प्रमुख अनिलकुमार आचार्यलाई ०६२ चैत २९ गते इन्सेक जिल्ला प्रतिनिधि बिदुरकुमार प्याकुरेल र सञ्चारकर्मीको रोहबरमा माओवादीले श्रीनगर गाविस-७ बाट मुक्त गरे भने १९ जना सुरक्षाकर्मीलाई ०६३ वैशाख ६ गते सिन्धुली जिल्लाको सिर्थौली गाविस-८ बाट सञ्चारकर्मी र मानवअधिकार रक्षकको रोहबरमा मुक्त गरियो। त्यस्तै प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारीलाई ०६३ वैशाख २८ गते उदयपुर जिल्ला लेखानी गाविस-२ घुर्मीबजारबाट मानवअधिकारककर्मीको रोहबरमा मुक्त गरियो।

सिरहा जिल्ला लहान नपा-५ निवासी वन अधिकृत ४७ वर्षीय प्रकाशनाथ प्याकुर्याललाई ०६३ वैशाख २ गते राति माओवादीले लालबन्दी गाविस-१ स्थित डेराबाट अपहरण गरे। पीडितलाई ०६३ वैशाख ६ गते सञ्चारकर्मीको रोहबरमा परवानीपुर गाविसबाट मुक्त गरियो।

ब्रम्हपुरी गाविस-५ निवासी २२ वर्षीय गोविन्द पासवान, २० वर्षीय बैजु पासवान, २७ वर्षीय बेचु पासवान र १८ वर्षीय मोहरलाल पासवानलाई ०६३ वैशाख ३ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितहरूमध्ये गोविन्द र बैजुलाई ०६३ वैशाख ५ गते र बेचु र मोहरलाललाई ०६३ वैशाख ७ गते मुक्त गरियो।

अत्रौली गाविस-९ खोरगाउँ निवासी ५२ वर्षीय ताराबहादुर विश्वकर्मालाई ०६३ वैशाख ५ गते विहान माओवादीले घर नजिकै चौतारामा बसिरहेको अवस्थामा अपहरण गरे। पीडितलाई ०६३ वैशाख ९ गते मुक्त गरियो।

कर्मैया गाविस-९ निवासी रामसुन्दर महत्तो, खुशीलाल महत्तो र छैसङ लामाले काठ तस्करी गरेको आरोपमा ०६३ वैशाख ९ गते माओवादीले उनीहरूलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई रकम असुलेर माओवादीले ०६३ वैशाख ११ गते मुक्त गरे।

सक्रौल गाविस-६ निवासी नेकाँका ३५ वर्षीय विजयप्रसाद यादवले जग्गा विवादमा ०६३ वैशाख १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित ०६३ जेठ १३ गते माओवादी कब्जाबाट भागेर फर्किए।

हरिऔन गाविस-६ निवासी ४५ वर्षीय शंकर रायमाझीले चन्दा नदिएको आरोपमा ०६३ वैशाख २५ गते माओवादीले उनलाई हरिऔन गाविस-४ दनुवारीबाट अपहरण गरे। पीडितलाई ०६३ जेठ २ गते मुक्त गरियो।

कालिन्जोर गाविस-५ निवासी ३१ वर्षीय राजन विश्वकर्माले निरङ्कुश राजतन्त्रलाई सहयोग गरेको आरोपमा ०६३ वैशाख २५ गते माओवादीले उनलाई परवानीपुरबाट अपहरण गरे। पीडितलाई माओवादीको श्रमशिविरमा राखी ०६३ जेठ १२ गते मुक्त गरियो।

गम्हरिया गाविस-२ निवासी २५ वर्षीय रामबाबु रायलाई घरायसी झगडाको आरोपमा ०६३ वैशाख ३१ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६३ जेठ ६ गते मुक्त गरियो।

पत्थरकोट गाविस-९ निवासी पूर्व माओवादी कार्यकर्ता २७ वर्षीय मातृका राउतलाई ०६३ जेठ ३ गते दिउँसो माओवादीले रानीगञ्ज गाविस-२ बाट अपहरण गरे। पीडितलाई कुटपिट गरी माओवादी कब्जामै राखेकोमा ०६३ जेठ ११ गते माओवादी कब्जाबाट भागेको माओवादीले जनाए। पीडित भारत गएका छन्।

हरिवन गाविस-१ निवासी ४३ वर्षीय रुद्रबहादुर विश्वकर्मालाई सोही गाविस-३ निवासी एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६३ जेठ १७ गते माओवादीले हरिवन गाविस-९ बाट अपहरण गरे। पीडितलाई हात गोडा बाँधी लाठी र लात्ताले हिर्काएर गम्भीर घाइते पारे। पीडितलाई ३१ हजार दण्ड जरिवाना गरी ०६३ जेठ १८ गते मुक्त गरियो। पीडित गम्भीर बिरामी भएकाले काठमाडौंमा उपचार गरियो।

भेल्ही गाविस-५ निवासी कानून व्यवसायी ३७ वर्षीय ईन्दल बैठालाई स्थानीय पोखरीमा विष हालेको आरोपमा ०६३ जेठ २० गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ०६३ जेठ २२ गते मुक्त गरियो।

गडैया गाविस-३ निवासी बरहथवा उमाविका प्रधानाध्याक ४५ वर्षीय राजकुमार ठाकुर र ४२ वर्षीय लेखापाल रामप्रसाद मण्डललाई ०६३ असार ३१ गते माओवादीले बरहथवा गाविस-४ स्थित विद्यालय हाताबाटै दुवैको हात बाँधी अपहरण गरे। पीडितमध्ये ठाकुरलाई आर्थिक हिनामिना तथा यौनदुराचार र मण्डललाई आर्थिक हिनामिनाको आरोपमा अपहरण गरेका थिए। पीडित दुबैलाई सोही दिन साँझ मुक्त गरियो।

जब्दी गाविस-५ निवासी ३२ वर्षीय रबिन खड्कालाई चोरी गरेको आरोपमा ०६३ साउन १८ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई निर्मम रुपमा कुटपिट गरी ०६३ भदौ २ गते मुक्त गरियो।

जब्दी गाविस-५ निवासी ३५ वर्षीय शेखर खड्कालाई बिनाकारण ०६३ साउन १८ गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई ०६३ भदौ २ गते मुक्त गरियो।



दोहोरो भिडन्तमा मारिएका माओवादी कार्यकर्ता

बेलही गाविस-७ निवासी ६५ वर्षीय मनरुप राय, ५० वर्षीय रामप्रीत राय, २० वर्षीय रामप्रवेश राय, २८ वर्षीय विन्देश्वर राय, १६ वर्षीय अरुणकुमार राय, २७ वर्षीय सञ्जयकुमार राय र २२ वर्षीय उमेश रायलाई सार्वजनिक जग्गा अतिक्रमण गरी बनेका घरहरू भत्काएको आरोपमा ०६३ साउन २८ गते माओवादीले अपहरण गरे। सोही घटनामा स्थानीय ३६ जनालाई माओवादीले निर्घात रुपमा कुटपिट गरे। अपहरित सात जनालाई राति स्थानीय विद्यालयको कोठाभित्र राखी निर्ममतापूर्वक कुटपिट गरी भोलिपल्ट २९ गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरियो। माओवादीले सो घटनामा आफ्नो कमजोरी भएको स्वीकारे। घटनापछि माओवादीको ज्यादतीको डरले केही युवाहरू भारत पलायन भएको स्थानीय जनताले बताए।

हरिपुर गाविस-५ निवासी शिक्षक ३२ वर्षीय जयनारायण चौधरीलाई मादकपदार्थ सेवन गरी आफूलाई गाली गरेको आरोपमा ०६३ साउन २९ गते माओवादीले अपहरण गरे। पीडितलाई सडकदेखि कुटपिट गरी स्थानीय हरिपुरकै साझा सहकारीको कोठामा थुनेका थिए। पीडितलाई दुई घण्टापछि मुक्त गरियो। माओवादीको ज्यादतीको विरुद्धमा स्थानीय हरिपुरवासीले एक घण्टा सडक अवरुद्ध गरेका थिए।

पिपरीया गाविस-४ निवासी ४० वर्षीय नेवाज अहमदलाई जग्गा सम्बन्धी विषयलाई लिएर ०६३ भदौ ४ गते माओवादीले खेतबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ ७ गते मुक्त गरियो।

बाराउद्योरण गाविस-७ निवासी ५५ वर्षीय बिसुनदेव साहलाई ०६३ भदौ १२ गते दिउँसो माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ १९ गते मुक्त गरियो। अपहरणको कारण थाहा हुन सकेन।

भगवतीपुर गाविस-१ निवासी ४० वर्षीय जोगेन्द्र महतोलाई जग्गा विवादमा ०६३ असार ६ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

मधुवनगोठ गाविस-६ निवासी ५० वर्षीय रामचन्द्र महतोलाई लेनदेन सम्बन्धी विवादमा ०६३ भदौ २० गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ २२ गते मुक्त गरियो।

कबिलासी गाविस-८ निवासी ३५ वर्षीय रामप्रीत महतो सुँडीलाई जग्गा विवादमा ०६३ भदौ २१ गते माओवादीले मंलगवाबाट अपहरण गरे। पीडितलाई मोहनपुर गाविस-२ स्थित पोखरीयामा कोठामा थुनेर निर्मम रुपमा कुटपिट गरेका थिए। पीडितलाई ०६३ भदौ २३ गते मुक्त गरियो।



जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका भानुभक्त न्यौपाने

गोडैता गाविस-७ निवासी २५ वर्षीय दिलिप यादवलाई माओवादीको विरोध गरेको आरोपमा ०६३ भदौ ३१ गते माओवादीले बरहथवा गाविस-४ बाट अपहरण गरे। पीडितलाई निर्ममतापूर्वक कुटपिट गरी ५० हजार लिई ०६३ असोज ५ गते मुक्त गरियो।

भक्तिपुर गाविस-४ निवासी २२ वर्षीय नेपाली सेनाका जवान सुवास कार्कीलाई एक महिलालाई जिस्काएको आरोपमा ०६३ कात्तिक ९ गते बिहान माओवादीले ईश्वरपुर गाविस-१ फुलजोरबाट अपहरण गरे। अर्जुन वाणगण नवलपुरमा कार्यरत उनलाई माओवादीले कुटपिट गरी सोही साँझ मुक्त गरे।

सीमरा गाविस-५ निवासी ३४ वर्षीय मदनमडर खत्वेलाई जग्गा सम्बन्धी विवादमा खेतमा काम गरिरहेको अवस्थामा ०६३ कात्तिक १४ गते माओवादीले अपहरण गरे। माओवादी कार्यकर्ता ठगाराम चमारले पार्टीकै कार्यकर्ता अकलेश मण्डलको नाममा पीडित र उनकी पत्नी राजकली देवीको नाममा रहेको ११ कट्ठा जग्गा जबरजस्ती रजिष्ट्रेशन गराएका थिए। पीडकले आवश्यक कागजपत्र मालपोत कार्यालयबाट मगाई ज्यान मार्ने धम्की दिदै पीडित दुवैलाई जबरजस्ती सहीछाप गराएका थिए। पीडितलाई ०६३ कात्तिक १६ गते माओवादीले मंलगवाबाट मुक्त गरे।

भक्तिपुर गाविस -६ शंकरगञ्ज निवासी ३० वर्षीय कृष्ण मण्डललाई जग्गा सम्बन्धी विवादमा ०६३ पुस ९ गते माओवादीले अपहरण गरे। पीडितलाई शरीरभरि निलडाम हुने गरी कुटपिट गरी ५० हजार दिने सर्तमा ०६३ पुस १० गते मुक्त गरियो।

सोहड्वा गाविस-७ निवासी २२ वर्षीय दरोगा भनिने भाग्यनारायण रायलाई मधेशी टाईगरका कार्यकर्ता भएको आरोपमा ०६३ वैशाख २९ गते घरबाट माओवादीले अपहरण गरे। उनी ०६३ असार ४ गते मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सुन्दरपुर चुहडवा गाविस-९ निवासी ६० वर्षीय गोविन्दप्रसाद उप्रेतीलाई ०६३ पुस १६ गते साँझ घरमा खाना खान लगिरहेको अवस्थाबाट जनतान्त्रिक तराई मुक्तिमोर्चा (गोइत) का कार्यकर्ताले अपहरण गरे। पीडितलाई ०६३ वैशाख २९ गते माओवादीद्वारा हत्या गरिएका मोर्चाका कार्यकर्ता जोतनारायण यादवको हत्यामा सुराकी गरेको आरोपमा अपहरण गरिएको मोर्चाका राजनीतिक कमिसार अर्जुनले जानकारी गराए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

हरिऔन गाविस-२ निवासी ३५ वर्षीय नवपरिचर्चा साप्ताहिकका सम्पादक चुडामणि वाग्लेलाई ०६२ माघ ११ गते फोटो खिच्दै गर्दा प्रहरीले लछारपछार गर्नुका साथै प्रहरी इन्सपेक्टर राजकुमार सिलवालले जिल्ला प्रहरी कार्यालयमा प्रवेश नगर्न धम्की दिए।

माओवादीबाट

हरिपुर्वा गाविस-८ निवासी ३५ वर्षीय जुगेश्वर बरहीलाई व्यक्तिगत विवादमा ०६३ साउन ५ गते राति माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे।

किसनपुर गाविस-४ निवासी १६ वर्षीय श्रवणकुमार चौधरीलाई चारित्रिक आरोपमा ०६३ साउन २० गते माओवादीका गोविन्द ठाकुर र राजेश महतोले मरणासन्न हुने गरी कुटपिट गरे।

रानीगञ्ज गाविस-२ निवासी २५ वर्षीय विजय श्रेष्ठलाई ०६३ कात्तिक ७ गते राति माओवादीले देउसी खेल्दै गर्दा निर्ममतापूर्वक कुटपिट गरी घाइते पारे। पीडितलाई देउसी खेल्दै गर्दा माओवादीले मादल नबजाउन भनेपछि विवाद चर्किएको थियो। माओवादीले पीडितलाई घिसारेर आफ्नो कार्यालयमा लगी दुई हात बाँधी पानी खन्याएर कुटपिट गरे। पीडितको शरीरभरि निलडाम थियो। घटनाको भोलिपल्ट माओवादीको ज्यादतीको विरुद्धमा स्थानीय जनताले नाराबाजी गर्दै पैसा उठाउन राखेको ढाट तथा टहरामा आगो लगाई तीन घण्टा महेन्द्र राजमार्ग अवरुद्ध गरे। माओवादीले आफ्नो कमजोरी स्वीकार गरी घाइतेको उपचार गरे।

गैरकानुनी गिरफ्तारी

अत्रौली गाविस-३ निवासी १७ वर्षीय रोशन कँडरीयालाई माओवादीको आरोपमा ०६२ पुस २० गते

विहान उनकै घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ पुस २१ गते तारेखमा रिहा गरे।

अत्रौली गाविस-५ निवासी माओवादी कार्यकर्ता २३ वर्षीय जगदेव महत्तोलाई ०६२ माघ १३ गते सुरक्षाकर्मीले मूर्तिया गाविस-३ बाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ २२ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखामा आक्रमण गरी भगाए।

जानकीनगर गाविस-३ निवासी माओवादी कार्यकर्ता सन्तबहादुर बस्नेतलाई ०६२ माघ २० गते सुरक्षाकर्मीले घर नजिकै सडकबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ २२ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखा आक्रमण गरी भगाए।

जानकीनगर गाविस-३ निवासी माओवादीका २५ वर्षीय लक्ष्मण रायलाई ०६२ माघ २० गते बिहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ २२ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखामा आक्रमण गरी भगाए।

सिन्धुली जिल्ला अमले गाविस-५ निवासी १७ वर्षीया कमला मगरलाई ०६२ फागुन १३ गते कर्मैया गाविसस्थित सैनिक चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन १७ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएकोमा ०६२ चैत २३ गते राति सर्लाही आक्रमण गर्दा माओवादीले कारागारबाट भगाए।

सिन्धुली जिल्ला ठूलदमार मरिनखोला निवासी ४० वर्षीय शंकर विश्वकर्मा माओवादी भएको आरोपमा ०६२ चैत ६ गते सुरक्षाकर्मीले उनलाई लालबन्दी गाविस-१ बसपार्कबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत ८ गते रिहा गरियो।

लालबन्दी गाविस-१ निवासी व्यापारी ५२ वर्षीय विन्देश्वर साहले माओवादीका लागि खाद्यान्न बिक्री गरी सहयोग गरेको आरोपमा ०६२ चैत १९ गते सुरक्षाकर्मीले उनलाई घरैबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २१ गते रिहा गरियो।

महोत्तरी जिल्ला निवासी माओवादी कार्यकर्ता लक्ष्मण मण्डल, जनक सदा र सुरेन्द्र मुखियालाई ०६३ जेठ ३ गते सुरक्षाकर्मीले हतियार बोकी मोटरसाइकलमा हिंडिरहेको अवस्थामा अर्जुन वाण गण नवलपुरको चेकप्वाईन्टबाट गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालय, मलंगवा लगी खोजेको समयमा उपस्थित हुने सर्तमा ०६३ जेठ ४ गते रिहा गरियो।



जनप्रदर्शनको क्रममा सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका केशव ढुंगाना

मानपुर गाविस-३ निवासी ६० वर्षीय रामबहादुर सहनीले चोरी गरेको आरोपमा ०६३ असोज २९ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयका असई महेन्द्र साहले कुटपिट गरी ०६३ कात्तिक ५ गते रिहा गरे। पीडित निर्दोष थिए।

पुन: गिरफ्तारी

महोत्तरी जिल्ला फूलकाहा गाविस-३ निवासी २६ वर्षीय विजयकुमार साहलाई माओवादी भएको आरोपमा ०६२ भदौ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ भदौ २१ गतेदेखि नजरबन्दमा राखियो। पीडित सर्वोच्च अदालतको आदेशमा ०६२ फागुन १७ गते रिहा भएकोमा प्रहरीले पुन: गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २३ गते राति माओवादीले कारागार शाखामा आक्रमण गरी भगाए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका मोहम्मद रिजवान अन्सारी, केशव ढुंगाना, गणेश प्रसाई, रेवती पन्त, बसन्तराज भट्टराई, भाग्यनारायण राय, राजकुमार उप्रेती, उत्तम परियार, रामनारायण ठाकुर, नेकाँका नेता रामहरि जोशी, केशवप्रसाद मैनाली, शुभद्रा मैनाली, बासु अधिकारी, लक्ष्मण राय, शिवचन्द्र तिवारी, विश्वनाथ आँसु, शेषसाह दुल्लाह, उपेन्द्र राय, प्रदीप राय, अनिलकुमार मिश्र, शम्भु शर्मा, सद्भावना (आनन्दीदेवी) का रामनरेश राय, जीतेन्द्र मिश्र, चन्देश्वरप्रसाद साह, राधाकृष्ण, जनमोर्चा नेपालका प्रल्हाद बुढाथोकी, नेमकिपाका गोविन्द महत नेकाँ (प्रजातान्त्रिक)का सुरेन्द्र न्यौपाने र वामोर्चाका विष्णुदेव सिंह कुश्वाहालाई ०६२ माघ ११ गते प्रहरीले मंलगवाबाट नगर निर्वाचन विरोध जुलुस प्रदर्शन गरिरहेको समयमा गिरफ्तार गरे। पीडित सबैलाई सोही दिन साँझ रिहा गरियो।

नगर निर्वाचन विरुद्धमा सात दलले ०६२ माघ १२ गते मलंगवामा प्रदर्शन गरेको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका बसन्तराज भट्टराई, राजकुमार उप्रेती र उपेन्द्र ठाकुरलाई निर्ममतापूर्वक लाठ्ठी प्रहार गरी घाइते पारे। घाइतेहरूको वीरगञ्जमा उपचार भयो।

नेकाँका लक्ष्मण राय, केशव मैनाली, बासु अधिकारी, अखलाख मियाँ, गजेन्द्र राय, जनमोर्चाका प्रल्हाद बुढाथोकी र नेमकिपाका गोविन्द महतलाई ०६२ माघ

१२ गते साँझ प्रहरीले मलंगवामा नगर निर्वाचनको विरोधमा जुलुस प्रदर्शन गर्दा हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितहरू सबैलाई ०६२ माघ १४ गते रिहा गरे।

कर्मैया गाविस-१ निवासी ३५ वर्षीय एमालेका रेवती पन्तलाई तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री नारायणसिंह पुनलाई कालो झण्डा देखाएको आरोपमा ०६२ माघ १२ गते दिउँसो प्रहरीले मलंगवामा गिरफ्तार गरे। पीडितलाई ०६२ माघ १४ गते रिहा गरियो।

एमालेका महेन्द्रराय यादव, लक्ष्मण पौडेल, रिजवान अन्सारी, गणेश प्रसाँई, रेवती पन्त, रामचन्द्रप्रसाद चौधरी, वसन्तराज भट्टराई, राजकुमार उप्रेती, प्रकाश थापा, कृष्णमान श्रेष्ठ, रामनारायण ठाकुर, हरिश्चन्द्र महतो, नेकाँकाका रामहरि जोशी, बासुदेवशरण कोइराला, बेनीबहादुर कार्की, बासु अधिकारी, अजितकुमार सिंह, अखलाख हुँसैन मिकरानी, नेकाँ (प्रजातान्त्रिक) का भिखारी मन्सुर र सीताराम महतोलाई ०६२ माघ १९ गते प्रहरीले नगर निर्वाचन बहिष्कार गर्न सात दलले मलंगवामा प्रदर्शन गरेको जुलुसबाट गिरफ्तार गरे। पीडितहरू मध्ये रामहरि जोशी, बासुदेवशरण कोइराला, अजित सिंह, महेन्द्रराय यादव, रामनारायण ठाकुर, हरिश्चन्द्र महतो, बेनीबहादुर कार्की र सीताराम महतोलाई सोही दिन साँझ रिहा गरियो। जिल्ला प्रशासन कार्यालयले तीन महिने पूर्जी दिई जिल्ला कारागार शाखामा राखिएका लक्ष्मण पौडेल, गणेश प्रसाई, बसन्तराज भट्टराई, प्रकाश थापा, राजकुमार उप्रेती, कृष्णमान श्रेष्ठ, बासु अधिकारी र अखलाख मियाँलाई ०६२ फागुन १ गते, रेवती पन्तलाई ०६२ फागुन ३ गते तथा भिखारी मन्सुर, मो.रिजवान अन्सारी र रामचन्द्रप्रसाद चौधरीलाई पुनरावेदन अदालत, जनकपुरको आदेशमा ०६२ फागुन ९ गते रिहा गरियो।

कर्मैया गाविस-८ निवासी एमालेका ४२ वर्षीय केशव ढुंगाना, हरिऔन गाविस-४ निवासी ४५ वर्षीय खडगबहादुर उप्रेती र नेत्रगंज गाविस-३ निवासी ४५ वर्षीय ज्वालाप्रसाद पोखरेल र नेत्रगंज गाविस-७ निवासी नेकाँका ३५ वर्षीय रामजी बस्नेतलाई ०६२ चैत ३० गते सुरक्षाकर्मीले मलगंवामा जनप्रदर्शनको क्रममा साईकल च्यालीबाट जादै गर्दा कविलासी गाविस-१ स्थित अगर्वा चौकमा बन्दुकको कुन्दा र बुटले निर्ममतापूर्वक कुटपिट गरी गम्भीर घाइते पारे। पीडितहरू मध्ये ढुंगानाको दाहिने हात भाँचिएको, बस्नेत, उप्रेती र पोखरेलको शरिरभरि नीलडाम र चोटहरू लागेको थियो। सोही घटनामा एमालेका चित्रबहादुर विश्वकर्मा, सीताराम पोखरेल, मीरा कार्की, उत्तम परियार, ईश्वर भट्टराई, अच्यूत घिमिरे, नेकाँका बद्री न्यौपाने र नेकाँ (प्रजातान्त्रिक) का मो. कमरुदिनलाई समेत सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत मंलगवामा गत वर्षको जिम्मेवारी सरेर दुनियाँवादी फौजदारी मुद्दा १ सय ४ ओटा रहे। जसमध्ये यो वर्ष ५० ओटा फर्स्यौट भए भने ५४ ओटा बाँकी रहे। त्यसैगरी दुनीयाँवादी फौजदारी मुद्दा अर्न्तगत यस वर्ष १ सय ११ ओटा दर्ता भए। जसमध्ये ९० ओटा फस्यौट भए भने २१ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्ममा बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दा २१ ओटा रहे। गत वर्षको सरकारवादी फौजदारी मुद्दा ३८ ओटा रहेकोमा १३ ओटा फर्स्यौट भए भने २५ ओटा बाकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा यो वर्ष ३२ ओटा दर्ता भए। जसमध्ये १५ ओटा फर्स्यौट भए भने १७ ओटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा ६९ ओटा दर्ता भएकोमा ३७ ओटा फर्स्यौट र ३२ ओटा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष देवानी मुद्दा ४ सय १५ मध्ये २ सय ५२ ओटा फर्स्यौट भए भने १ सय ६३ ओटा बाँकी रहे। त्यसगरी यस वर्ष ३ सय ५८ ओटा देवानी मुद्दा दर्ता भए। जसमध्ये ६३ ओटा फर्स्यौट भए भने २ सय ९५ ओटा बाँकी रहे। साथै कूल ७ सय ७३ ओटा देवानी मुद्दामध्ये ३ सय १५ ओटा फर्स्यौट भए भने ४ सय ५८ ओटा फर्स्यौट हुन बाँकी रहे । दुई वर्ष नाघेको सरकारवादी मुद्दा एउटा रहेको छ। यो वर्षको अन्त्यसम्म जम्मा ६ सय ३ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको देखिन्छ ।

यो वर्ष जिल्लामा कर्तव्य ज्यान सम्बन्धी १२ ओटा, भवितव्य ज्यान सम्बन्धी १३ ओटा, अत्माहत्या सम्बन्धी १८ ओटा, सवारी दुर्घटनाका छ ओटा, बालबिबाह एउटा, केही सार्वजनिक अपराध तीनओटा, चोरी डकैतीका १७ ओटा घटना भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

लक्ष्मीपुर सुकचैना गाविस-७ निवासी ३० वर्षीया कुमरीयादेवी मण्डल बोक्सी भएको आरोपमा ०६२ चैत १५ गते सोही स्थानका ३५ वर्षीय शुभकरण मडण्ल र उनकी पत्नी ३० वर्षीया इन्दलदेवीले कुटपिट गरी गम्भीर घाइते पारे। पीडितले कतै उजुरी गरिनन्।

हजरीया गाविस-९ निवासी ४० वर्षीया उर्मिलादेवी दास बोक्सी भएको आरोपमा ०६२ चैत २१ गते छिमेकी जोगीन्द्र सरोज, भुट्टा र हरिकान्त दासले तथानाम गालीगलौज गरी मानव मलमुत्र खुवाउने प्रयास गरे। पीडितले कतै उजुरी दिइनन्।

बवरगञ्ज गाविस-९ निवासी ५२ वर्षीया रसुला खातुन बोक्सी भएको आरोपमा ०६३ साउन २७ गते उनलाई छिमेकी योगेन्द्र ठाकुर, रेणु चौधरी, राम एकवाल ठाकुर, रामचन्द्र चौधरी र राजेन्द्र ठाकुरले पशु र मानव मलमुत्र जबरजस्ती खुवाए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए तर पीडकहरूलाई कारवाही भएको छैन।

सेखौना गाविस-८ निवासी ३० वर्षीया मन्जुदेवी महतो बोक्सी भएको आरोपमा ०६३ भदौ २६ गते उनलाई छिमेकी कपलेश्वर महतो र उनको परिवारले मानव मलमुत्र खुवाउने प्रयास गरे। पीडितले ०६३ भदौ २७ गते जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिईन। पीडकहरूलाई कुनै कारवाही भएन।

बलात्कार/बलात्कार प्रयास

कविलासी गाविस-५ निवासी २५ वर्षीया एक महिलालाई ०६२ चैत ५ गते सोही स्थानका २७ वर्षीय विकास मण्डलले खेतमा घाँस काँटिरहेको अवस्थामा बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडक फरार छन्।

बत्रौल गाविस-२ निवासी ३० वर्षीया एक महिलालाई स्थानीय गोडैता बजारबाट चिउरा बेचेर घर फर्कदै गर्दा ०६३ जेठ २७ गते साँझ बत्रौल गाविस-५ निवासी नबल राय, बग्दह गाविस-५ निवासी २८ वर्षीय सिकिन्दर राय, राजमोहन राय र ईजरायल अन्सारीले पालैपालो बलात्कार गरे। पीडकहरूमध्ये सिकिन्दरलाई पूर्पक्षका लागी भोलिपल्ट प्रहरीले गिरफ्तार गरी थुनामा राख्यो भने अन्य तीनजना फरार भए। पीडित पक्षले पीडकको स्पष्ट किटानी साथ जाहेरी दिएकी थिइन्।

ईश्वरपुर गाविस-१ निवासी १२ वर्षीया एक बालिकालाई ०६३ साउन १० गते छिमेकी ४५ वर्षीय सहदेव महतोले घाँस काट्न गएको बेला खेतमा बलात्कार गरे। पीडक फरार भए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए।

हरिऔन गाविस-२ निवासी ८ वर्षीया एक बालिकालाई ०६३ कात्तिक २३ गते सोही स्थानका २५ वर्षीय गणेशबहादुर श्रेष्ठले हरिऔन गाविस-१ स्थित बोरिडटोलको उँखुबारीमा बलात्कार गरे। पीडितपक्षले जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिए। पीडकलाई भोलिपल्ट स्थानीय जनताले समाती प्रहरीसमक्ष बुझाए। पीडकलाई जिल्ला कारगारमा ०६३ कात्तिक २१ गतेदेखि पुर्पक्षका लागि थुनामा राखियो।

आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार

आर्थिक अधिकार

संरचना क्षति

०६२ चैत २३ गते राति माओवादीले सदरमुकाम मलगंवा आक्रमण गरी जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, जिल्ला कारागार शाखा, कोष तथा लेखा नियन्त्रण कार्यालय र जिल्ला अदालत पूर्ण तथा आंशिक रुपमा बम विस्फोट तथा आगलागी गराई क्षति पुऱ्याए।

२.४ सिन्धुली



जनसंख्या	:	२,९४,८१३
साक्षरता प्रतिशत	:	३९.२८
महिला साक्षरता प्रतिशत	:	२६.४
क्षेत्रफल (वर्ग कि. मि.)	:	२४९१
गाविस/नपा संख्या	:	५३/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४७८
क्याम्पस/उच्च मा.वि.	:	२/१२४
अस्पताल/स्वास्थ्य चौकी	:	१/५५
टेलिफोन लाइन	:	५६२
मोटर सडक (कि. मि.)	:	१५०
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	६
मानव विकास सूचकाङ्क	:	०.४६९
प्रति परिवार सरदर संख्या	:	५.७४

गोली/बम / विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी जवान सर्वजीत सिंहलाई ०६३ वैशाख १ गते बिहान कमलामाई नपाको कार्यालयमा काममा खटिएको बेला बसेको बेला माओवादीले गोली हानी घाइते पारे। पीडितको बायाँ खुट्टाको गोलीगाँठामा गोली लागेको थियो। पीडितको स्थानीय अस्पतालमा उपचार गरियो।

सिर्थौली गाविस-६ बाढीगाउँ राजाबास निवासी २२ वर्षीय कृष्णप्रसाद भण्डारी, १५ वर्षीय नारायणप्रसाद भण्डारी र ११ वर्षीय पवन काफ्ले ०६३ वैशाख २९ गते अरुणठाकुर गाविस-२ खनियाखर्कमा माओवादीले बोकाएको विष्फोटक पदार्थ विष्फोट हुँदा घाइते भए। कृष्णप्रसाद भण्डारीको शरीरमा बमका छर्राहरू गाडिएका तथा आगोले पोलेको, नारायणप्रसाद भण्डारीको तिघ्रामा बमका छर्रा गाडिएको र

पवन काफ्लेको हातमा छर्रा गाडिएको पीडितले बताए। पीडितहरूलाई धरानस्थित बी.पी कोइराला स्वास्थ विज्ञान प्रतिष्ठानमा उपचारका लागि लगिएकोमा कृष्णप्रसादलाई मात्र अस्पतालले भर्ना गरी दुईजनालाई सामान्य उपचार गरी घर फर्कायो। कृष्णप्रसाद पनि उपचारपछि घर फर्किए। तर पीडितको शरीरमा अझै छर्रा बाँकी रहेका कारण दुखेपछि अस्पताल जाने गरेका छन्। माओवादीले पीडितसहित सो गाउँका करिब ४५ जना सर्वसाधारणलाई विष्फोटक पदार्थ राखिएका बोरा र झोला जबरजस्ती बोकाएर लगेका थिए। माओवादीले घटनामा आफ्नो गल्ती स्वीकार्दै घटना नदोहोरिने जनाए।

जेल र बन्दी

सिन्धुली कारागारको क्षमता २५ जनाको भए पनि ३० जना बन्दी राखिएको छ। बन्दीहरूमध्ये कैद नतोकिएका एक महिला र नौ पुरुष तथा कैद तोकिएका दुई महिला र १८ जना पुरुष रहेका छन। यस जेलमा माओवादीको आरोपमा राखिएका तीनजना पुरुष र एक महिला गरी चारजनामध्ये एक जनालाई ०६३ वैशाख १५ गते दुईजनालाई वैशाख २६ गते र एक जनालाई जेठ १२ गते रिहा गरियो।

जेलभित्र पानीको पर्याप्त सुविधा छैन। स्थानीय ग्वाङ्खोलाको पानी मोटर लगाएर तान्ने गरिएको र खान पनि धौधौ हुने गरी मात्र छाड्ने गरेकोले नुहाउन र लुगा धुन समस्या हुने गरेको बन्दीले बताए। जेलभित्र तीन र बाहिर दुई गरी पाँच ओटा धारा रहेका छन। जेलभित्र शौचालय तीन र बाहिर दुई गरी पाँचओटा रहेका छन। बन्दीहरूका आफन्तसँग हप्तामा तीन दिन भेटघाट गर्न दिने गरिएको छ। बन्दीहरूलाई टेलिफोनको सुविधा छैन। जेलभित्र रेडियो र टेलिभिजनको व्यवस्था छ। आइसीआरसीको पहलमा स्थापित पुस्तकालय सञ्चालनमा रहेको छ। बन्दीहरूले आफ्नो पहलमा मुढा, ढाकाको टोपी, पर्स, स्वीटर, बाँसबाट बन्ने सामानहरू घडी, पेनदानी बनाउने गरेको तर बजारको अभावका कारण राम्रोसँग चलेको छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

झाँगाझोली रातमाटा गाविस-१ निवासी नेकाँका कृष्णकिशोर श्रेष्ठ, सोही ठाउँका व्यापारी राजशरण प्रधान, सोही गाविस-२ निवासी शिक्षकहरू पुण्डरी अधिकारी, मणीराम आचार्य, सोही गाविस-३ गुठबजार निवासी कमलराज गिरी, नारायणकुमार श्रेष्ठ, मीरा श्रेष्ठ, लिलानाथ गिरी, बाबुराम पुरी, ईन्द्रबहादुर श्रेष्ठ, सोही गाविस-५ निवासी शिक्षक अमन्तिनाथ चौलागाई, हरि धिमाल, सोही गाविस-४ निवासी गोविन्दबहादुर धिमाल, अर्जुनबहादुर धिमाल, देविप्रसाद चौलागाई, पुरानो झाँगाझोली गाविस-४ निवासी अच्युतप्रसाद दाहाल, बद्रीनाथ दाहाल, ईन्द्रप्रसाद दाहाल, पुष्मान श्रेष्ठ, हेडबहादुर श्रेष्ठ, दिलबहादुर श्रेष्ठ, शिवलाल श्रेष्ठ, सोही गाविस-६ निवासी रेवतीप्रसाद दाहाल, चिरन्जीवि दाहाल, सुशीलप्रसाद दाहाल, सोही गाविस-५ निवासी शान्तबहादुर कालीकोटे, धनबहादुर कालीकोटे, कुशेश्वर दुम्जा गाविस-४ निवासी शिक्षकहरू बच्चु कोइराला, बद्री मैनाली, निमावि परेवाडाँडाका शिक्षक बैजु चौधरी लगायत सिन्धुली जिल्लाका उत्तरी क्षेत्रका छ ओटा गाविसका करिब ७ सय जनालाई ०६२ माघ ९ गते आ-आफ्नै घर तथा विद्यालयबाट माओवादीले अपहरण गरे। उनीहरूलाई काभ्रे जिल्लाको लौरीभन्ज्याङ्गमा आयोजित माओवादीको कार्यक्रममा सहभागी गराई माघ ११ गते मुक्त गरियो।

कमलामाई नपा-३ निवासी ५० वर्षीय जितबहादुर गोलेलाई नगरपालिकाको निर्वाचनमा सोही वडाको अध्यक्षमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३			३										
घाइते						३	४	१		५	१			१	१
गिरफ्तारी/यातना											९	३०			३०
कुटपिट	४	६	१		६	६	६	१		६	४	६	१		६
भेला/संगठित हुने अधिकार											६	५		६६५	६६०
जातीय विभेद	१	१			१										
महिलाअधिकार	१५		१५		१५										
बालअधिकार	३		३	१	४						१		१		१
अमानवीय व्यवहार	१	१			१	१	१			१					
अपहरण						१८	२८	३८	३५३९	३६५५					
जम्मा	३६	११	१९	१	३१	३८	९९	३०	३५३९	३६६८	३१	४१	३	६६६	८०९

निर्विरोध निर्वाचित भएको आरोपमा ०६२ माघ १८ गते माओवादीले उनलाई घरबाट अपहरण गरी जिल्लाका विभिन्न गाउँ घुमाई माघ २१ गते पदबाट राजीनामा दिनु पर्ने सर्तमा मुक्त गरे।

महादेवस्थान गाविस-४ निवासी नेपाल समता पार्टीका ३५ वर्षीय ईश्वरीलाल थिङ्गलाई नगरपालिकाको निर्वाचनमा उम्मेदवार उठाउन सक्रिय भएको, गाउँलेहरूलाई झुठा मुद्दा लगाएको, डीआरएसपीको काममा भ्रष्टाचार गरेको आरोपमा ०६२ माघ १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी उनको पार्टीले उठाएका उम्मेदवारी फिर्ता गराउनु पर्ने सर्तमा माघ २२ गते मुक्त गरे।

हर्षाही गाविस-७ निवासी नेपाल समता पार्टीका केन्द्रीय सदस्य ४५ वर्षीय हेमबहादुर लामालाई नगरपालिकाको निर्वाचनमा उम्मेदवार उठाएको र विभिन्न ठेक्कामा अनियमितता गरेको आरोपमा ०६२ माघ २० गते माओवादीले जिल्ला सदरमुकामबाट घर तर्फ जादै गर्दा बसबाट झारेर रानीबास गाविस-५बाट अपहरण गरे। पीडितलाई पार्टीबाट राजीनामा दिनु पर्ने र पार्टीका उम्मेदवारलाई फिर्ता बोलाउनु पर्ने सर्तमा माओवादीले कमलामाई नपा-१४ काउछेबाट सोही दिन बेलुका मुक्त गरे।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातामाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका शिक्षकहरू रामहरि दाहाल, पुण्डरी आचार्य, कृष्णप्रसाद निरौला, प्रेम बस्नेत, शत्रुधन यादव, बिनोद गोइत, बिष्णुप्रसाद दाहाल, श्यामप्रसाद भट्टराईसमेत १४ जना शिक्षक, झाँगाझोली रातमाटा गाविस-१ निवासी काँग्रेसका कृष्णकिशोर श्रेष्ठ, सोही ठाउँका व्यापारी विश्वनाथ सूर्यबंशी, भरत राजबंशी, बैजनाथ सूर्यबंशी, यादव बैध, नारायण मुनाकमी, महेन्द्र कायस्थ, अम्बिका धिमाल, चन्द्रकुमारी श्रेष्ठ, उमा बैध, गोमा श्रेष्ठ, बिन्दा राजबंशी, भोजनाथ आचार्य, बद्री माझी, दोर्जे माझी, सोही गाविस-२ निवासी हरिप्रसाद आचार्य, बाबुराम आचार्य, सोही गाविस-३ निवासी दयाराम रंजित, उद्धबराज गिरी लगायत सिन्धुली जिल्लाका उत्तरी क्षेत्रका तीन गाविसका करिब ४ सय जनालाई ०६२ फागुन ४ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराउन आ-आफ्नै घर तथा विद्यालयबाट अपहरण गरे। पीडितहरूलाई काभ्रे जिल्लाको वालटिङ्गमा आयोजित माओवादीको काभ्रे जिल्ला जनसरकार घोषणा कार्यक्रममा सहभागी गराउन लगिएको थियो। माओवादीको कार्यक्रम सञ्चालन भइरहेको बेला फागुन ५ गते आकाशमा सेनाको हेलिकप्टर घुमेको र माओवादीले भाग्न आदेश दिएपछि आफूहरू भाग्दै सोही दिन घर आइपुगेको पीडितले जनाए।

पीपलमाडी गाविस-१ झनझने निवासी ५० वर्षीय टंकबहादुर राई र सोही गाविस-९ बखफर निवासी ४५ वर्षीय हस्तबहादुर मोक्तानलाई सरकारी योजनाका काम गर्न आएको, सरकारद्वारा मनोनित गरिने गाविस अध्यक्ष हुन लागेको आरोपमा ०६२ फागुन ५ गते माओवादीले अपहरण गरे। आफूहरू ०६२ चैत १ गते पीपलमाडी-७ गुरुजीटोलबाट माओवादीको कब्जाबाट उम्किएर चैत २ गते जिल्ला सदरमुकाम आएको पीडितहरूले बताए।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातामाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष बद्रीनाथ दाहाल, पुरानो झाँगाझोली गाविस-१ स्थित गणेश मावि थापाथुम्काका प्रधानाध्यापक तेजबहादुर थापा, सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष रोशन थापा, कुशेश्वर विद्यापीठ दुम्जाका प्रधानाध्यापक विनोद कोइराला, सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष शम्भु दाहाल लगायत छ गाविसका करिब २५ जनालाई काभ्रे जिल्लाको चोपटारमा राखेको अनेरास्ववियु (क्रान्तिकारी) को कार्यक्रममा सहभागी गराउन ०६२ फागुन १३ गते उनीहरूकै घर तथा विद्यालयबाट माओवादीले अपहरण गरी फागुन १६ गते मुक्त गरे।

पुरानो झाँगाझोली गाविस-४ निवासी शिक्षक रामहरि दाहाल, सोही गाविस-६ निवासी शिक्षक रेवतीप्रसाद दाहाल, झाँगाझोली रातमाटा गाविस-२ निवासी शिक्षक देबकुमार आचार्य, सोही गाविस-१ निवासी काँग्रेसका कृष्णकिशोर श्रेष्ठ, सोही गाविस-३ गुठबजार निवासी शिक्षक कमलराज गिरी, निरराज गिरी, उद्धबराज गिरी, सोही गाविस-५ निवासी शिक्षक अमन्तीनाथ चौलागाई, बिनोद न्यौपाने, कुशेश्वर दुम्जा गाविस-४ निवासी शिक्षक बच्चु कोइराला, सोही गाविस-७ निवासी मोहनकुमार पुलामी, बिष्णु सिन्जाली, लगायत १९ जनालाई माओवादी निकट शिक्षकहरूको पूर्वाञ्चल ब्यूरोको क्षेत्रीय सम्मेलनमा सहभागी गराउन ०६२ फागुन १७ गते आ-आफ्नै घर तथा विद्यालयबाट माओवादीले अपहरण गरे। सबैलाई सिन्धुपाल्चोकको जलविरेमा पुऱ्याएर कार्यक्रममा सहभागी गराई फागुन २२ गते मुक्त गरे।

हत्पते गाविस-५ निवासी ३० वर्षीय पार्वती दाहाल, सोही ठाउँकी बिन्दा कार्की लगायत उक्त गाविसका नौ जना महिलाहरूलाई आठ मार्चको कार्यक्रममा सहभागी गराउन ०६२ फागुन २२ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। फागुन २३ गते माओवादी र सुरक्षाफौजबीच महोत्तरी जिल्लाको खयरमारामा भिडन्त भएपछि अपहरित सबैलाई ज्यान बचाओ भनी माओवादीले मुक्त गरेको पीडित पार्वती दाहालले बताइन्।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातामाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका शिक्षकहरू रामहरि दाहाल, पुण्डरी आचार्य, सोही

विद्यालयका विद्यार्थीहरू चन्द्रदीप न्यौपाने, अनन्तराज चौलागाई, सरिता भट्टराई, रोशनी श्रेष्ठ, सजना श्रेष्ठ, सबिना श्रेष्ठ, नबिना प्रधान, पुरुषोतम धिमाल र रोजप्रसाद गौतम समेत १२ जनालाई काभ्रे र सिन्धुलीको अनेरास्ववियु (क्रान्तिकारी) को सम्मेलनको घोषणा सभामा सहभागी गराउन ०६२ फागुन २८ गते घर तथा विद्यालयबाट माओवादीले अपहरण गरी कार्यक्रम सकिए पछि सोही दिन बेलुकी मुक्त गरे।



माओवादीले बोकाएको बम विस्फोट भई घाइते भएका कृष्णप्रसाद भण्डारी

कमलामाई नपा-१८ निवासी निरबहादुर पौडेललाई नगरपालिकाको निर्वाचनमा सोही वडाको अध्यक्षमा निर्विरोध निर्वाचित भएको भन्दै ०६२ चैत ४ गते माओवादीले अपहरण गरे। उनीलाई घर नजिकै रहेको काठे पुलको पुर्ननिर्माण गर्नुपर्ने सर्तमा चैत ७ गते मुक्त गरे।

बेलघारी गाविस-२ निवासी ३३ वर्षीय मेघराज घिमिरेलाई ०६२ चैत १६ गते पर्साको बिरुवागुठी गएको बेला माओवादीले अपहरण गरी ०६३ वैशाख ३० गते मुक्त गरे।

पुरानो झाँगाझोली गाविस-३ स्थित श्री पञ्चकन्या प्रावि कालापानी सिम्लेका शिक्षिका २८ वर्षीया सुमन्ता थापा र सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर रानालाई पूर्व सहमति अनुसार मासिक तलब नदिएको आरोपमा ०६३ असार ६ गते माओवादीले सोही विद्यालय हाताबाट अपहरण गरे। उक्त विद्यालयमा विगत दुई वर्षअघिदेखि शिक्षिकाहरू सुमन्ता थापा र निर्मला ठकुरीबीच विवाद रहेको थियो। जिल्ला शिक्षा कार्यालयले सो विद्यालयलाई वार्षिक ५३ हजारको राहत कोटा दिएको र उक्त रकम दुई जनाले आधा आधा लिने सहमति भएको थियो। तर सम्पूर्ण तलब सुमन्ता एक्लैले लिएको कारण माओवादीको जनअदालतमा निर्मलाले उजुरी गरेकी थिइन्। पीडितलाई सुमन्ता थापाले लिएको तलब आधा निर्मला ठकुरीलाई दिनु पर्ने सर्तमा माओवादीले असार ७ गते झाँगाझोली रातमाटा-३ गुठबजारबाट सकुशल मुक्त गरेको स्थानीय विनोद दाहालले बताए।

झाँगाझोली रातमाटा गाविस-२ स्थित प्रगतिशील मावि रातमाटाका प्रधानाध्यापक मिठाराम आचार्य, सोही विद्यालयका शिक्षकहरू रामहरी दाहाल, देवकुमार आचार्य, कृष्णप्रसाद निरौला, प्रेम बस्नेत, प्रकाश थापा मगर, विष्णुप्रसाद दाहाल, श्यामप्रसाद भट्टराई, झाँगाझोली रातमाटा गाविस-१ निवासी नेकाँका कृष्णकिशोर श्रेष्ठ, सोही ठाउँका व्यापारी विश्वनाथ सूर्यबंशी, विष्णु श्रेष्ठ, भरत राजबंशी, बैजनाथ सूर्यबंशी, यादव बैध, नारायण मुनाकमी, महेन्द्र कायस्थ, अम्बिका धिमाल, चन्द्रकुमारी श्रेष्ठ, उमा बैध, गोमा श्रेष्ठ, बिन्दा राजबंशी, भोजनाथ आचार्य, बद्री माझी, दोर्जे माझी, सोही गाविस-२ निवासी हरिप्रसाद आचार्य, बाबुराम आचार्य सोही गाविस-३ निवासी दयाराम रंजित, उद्धबराज गिरी लगायत सिन्धुली जिल्लाका उत्तर तर्फका तीन ओटा गाविसहरू पुरानो झाँगाझोली, झाँगाझोली रातमाटा र कुशेश्वर दुम्जाका शिक्षक र सर्वसाधारण गाउँले गरी करिब ३ सय जना तथा विद्यार्थीहरू पुरानो झाँगाझोली गाविस-६ निवासी १५ वर्षीय दीपेन्द्र कोईराला, सोही गाविस-४ निवासी बिप्लब दाहाल, पवन प्याकुरेल, अजय दाहाल, सजना श्रेष्ठ, रोशनी श्रेष्ठ, उद्धब श्रेष्ठ, सोही गाविस-२ निवासी भुपाल राई, पदम राई, कपिल थापा, झाँगाझोली रातमाटा गाविस-२ निवासी अशोक राना, सरिता भट्टराई, बिरबहादुर श्रेष्ठ, सबिना श्रेष्ठ, सोही गाविस-७ निवासी रामकुमार श्रेष्ठ, गणेश अधिकारी, पुरुषोतम धिमाल, तारावहादुर श्रेष्ठ, सोही गाविस-५ निवासी रोजप्रसाद गौतम, अनन्त चौलागाई, रामचन्द्र श्रेष्ठ लगायत जनजाति उमावि खुर्कोट, प्रस्तावित मावि खाल्टे, गणेश मावि थापाथुम्का, निमावि परेवाडाडा, प्रगतिशील मावि रातमाटा, कुशेश्वर उमावि दुम्जा लगायतका विद्यालयहरूबाट करिब ५ सय जना विद्यार्थीहरूलाई ०६३ जेठ १८ र १९ गते माओवादीले काठमाडौंको खुलामञ्चमा आयोजना गरेको आमसभामा सहभागी गराउन आ-आफ्नो घर तथा विद्यालयबाट अपहरण गरी लगे। उनीहरूलाई जेठ १९ गतेको आमसभामा सहभागी गराई भोलिपल्ट घर फर्काई दिएको पीडितहरूले बताए।



माओवादीले बोकाएको बम विस्फोटमा परी घाइते भएका पवन काफ्ले र नारायणप्रसाद भण्डारी

पुरानो झाँगाझोली गाविस-६ निवासी १९ वर्षीय ढुण्डीराज दाहाल, मिलन दाहाल, मातृकाप्रसाद दाहाल, तुलबहादुर राई, हिराबहादुर राई, कृष्णबहादुर राई, जुना राई, मिठु राई, लक्ष्मी ढुङ्गाना, फुलमाया रम्तेल, कमला राई, बिमला राई, निर्मला चालिसे, उर्मिला दाहाल, बालकृष्ण दाहाल, सर्मिला दाहाल, मंगलबहादुर विश्वकर्मा, जयराम गिरी, होमराज गिरी, दिपेन्द्र कोइराला,



जनआन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकाहरू क्रमशः खड्ग खत्री, यमकुमार देवकोटा, गुणविक्रम कुँवर, नारायण बराल र रामेश्वर दाहाल

ओमप्रकाश गिरी, महाबिर विश्वकर्मा, कमलबहादुर विश्वकर्मा, राजन रम्तेल, मेघराज दाहाल, कृष्णबहादुर दाहाल, गणेशराज दाहाल, ओमबहादुर राई, योगेश दाहाल, रामकुमार नेपाली, भोजबहादुर राई, रन्दीप रम्तेल, श्यामकुमार बसेल, सोही गाविस-४ निवासी पुष्मान श्रेष्ठ, हेडबहादुर श्रेष्ठ, दिलबहादुर श्रेष्ठ, सोही गाविस-७ निवासी दीर्घबहादुर थापा, मातृका थापा, भैरबबहादुर थापा, कल्याण थापा, करुणा थापा लगायत पुरानो झाँगाझोली, झाँगाझोली रातमाटा र कुशेश्वर दुम्जा गाविसबाट शिक्षक, विद्यार्थी, महिला र सर्वसाधारण गरी करिब ५ सय जनालाई ०६३ जेठ २७ गते माओवादीले आ-आफ्नो घरबाट अपहरण गरे। उनीहरूलाई जेठ २८ गतेको बनेपामा आयोजना गरेको आमसभामा सहभागी गराई भोलिपल्ट घर फर्काई दिएको पीडितहरूले बताए।

तोश्रामखोला गाविस-६ सल्ले निवासी २७ वर्षीय मोहनबहादुर सार्की र उनकी पत्नी बोजकुमारी सार्कीलाई ०६३ साउन १६ गते माओवादीले आफ्नै बाबु काले सार्कीको हत्या गरेको आरोपमा अपहरण गरे। काले सार्कीको साउन १४ गते हत्या भएको थियो। हत्या भएको तीनदिनपछि माओवादी इलाका सचिव सावित्री र डुङभन्ज्याङ गाजस प्रमुख पूर्णबहादुर विश्वकर्माले लास गाड्ने आदेश दिई सार्की दम्पतीलाई डोरीले हात बाँधेर लगेको स्थानीय बासिन्दाले जनाए। माओवादीले दम्पतीमध्ये बोजकुमारीलाई तत्काल छाडी उनका पतिलाई दश वर्षको श्रम कैदको फैसला गरी श्रमशिविरमा राखेका थिए। तर मोहनबहादुर मंसिरमा घर जान्छु भनी आफ्नो श्रमशिविरबाट हिँडेको र त्यसपछि श्रमशिविरमा नफर्केको माओवादी जिल्ला इन्चार्ज दीर्घराज श्रेष्ठले बताए।

रानीबास गाविस-५ तल्लो रानीबास निवासी ३९ वर्षीय नेकाँ (प्रजातान्त्रिक)का कार्यकर्ता वीरभद्र राउतलाई ०६३ भदौ ५ गते माओवादीले मादकपदार्थ सेवन गरेको आरोपमा अपहरण गरी भदौ ६ गते मुक्त गरेको स्थानीय बासिन्दाले बताए।

धम्की / ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

डाडीगुराँसे गाविस-१ जखनी निवासी अखिल (एकीकृत) का २० वर्षीय गंगा खड्कालाई ०६२ माघ २२ गते कमलामाई नपा-६ स्थित हाटबजारमा नगर निर्वाचन बहिष्कारको पर्चा बाँडदै गर्दा प्रहरीले पर्चा खोसी कुटपिट गरे।

कमलामाई नपा-४ निवासी चन्द्रबहादुर कार्कीलाई ०६३ वैशाख ११ गते आमाको मृत्यु दर्ता र जग्गा नामसारीको सिफारिस बनाउन जाँदा कमलामाई नपाका प्रमुख उमेश पोखरेलले सात दलको मान्छे भनी घोक्रयाउँदै कुटपिट गरे।

कमलामाई नपा-७ निवासी अनेरास्वियुका महेन्द्रदेव श्रेष्ठ र मदन काफ्ले, हत्पते गाविस-८ निवासी नेविसंघका गोविन्द पहाडी र तरुण दलका पुस्कर बराललाई ०६३ वैशाख १२ गते बिहान बिजय जुलुस निस्केपछि जनआन्दोलनका विरुद्ध लागेका कमलामाई नपाका प्रमुख तथा अन्य पदाधिकारीलाई मोसो लगाउन जाँदा सेनाले गिरफ्तार गरी प्रतीक्षालयमा राखी कुटपिट गरे। पीडितहरूलाई लिन गएका राजनीतिक दलका नेता, पत्रकार, मानवअधिकाकर्मी र वकिललाई समेत सेनाले गाली गरेका थिए। उनलाई केहीबेरपछि छाडिएको थियो। सेनाको कुटाईबाट गोविन्द पहाडी बेहोस भएका थिए। पीडितको सोही दिन जिल्ला अस्पतालमा उपचार गरियो।

माओवादीबाट

डाडीगुराँसे गाविस-३ चौराई निवासी ५८ वर्षीय श्रीमान विश्वकर्मालाई जिविसको मनोनित सदस्य भएको आरोपमा ०६३ वैशाख १९ गते आफ्नो घरबाट जिल्ला सदरमुकामतर्फ आउदै गर्दा कमलामाई नपा -१ कुडुलेमा माओवादीका एरिया सचिव बिमल र अर्का कार्यकर्ता देविदत्त देवकोटाले कुटपिट गरी मोसो समेत दले। पीडितलाई माओवादीले गाउँमा एउटा चौतारो बनाउनु पर्ने तथा ६ हजार

५ सय नगद दिनुपर्ने निर्णय सुनाए। माओवादीले कुटपिटपछि कमलामाई नपा-२ खट्टारको सार्वजनिक स्थलमा स्थानीय बासिन्दा जम्मा गरी कार्यक्रम समेत गरेर सार्वजनिक रुपमा अपमानित गरेका थिए। माओवादीले पीडितसँग सुरुमा ५० हजार रुपैयाँ समेत मागेका थिए ।

झाँगाझोली रातमाटा गाविस-७ जैसीथुम्का निवासी ४३ वर्षीय सीताराम श्रेष्ठ र उनकी पत्नी ३८ वर्षीया कमला श्रेष्ठले सुराकी गरेको आरोपमा ०६२ चैत १९ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे। घटनापछि पीडित घर छाडेर हिँडे। उनी १५ दिन सदरमुकाममा बसी गाउँ फर्किएपछि पनि माओवादीले कुटपिट गरेका थिए।

रानीबास गाविस-६ चन्दनपुर निवासी ३५ वर्षीय गोरेबहादुर अधिकारी दनुवारलाई ०६३ वैशाख २६ गते बाटोमा हिंडिरहेको बेला आफूलाई बाटो नछोडेको भन्दै माओवादीले कुटपिट गरे। साइकलमा गएका दुई माओवादीले पीडितलाई साइकलले ठक्कर दिएर किन बाटो छोडिनस भनी कुटपिट गरेका थिए।

कुशेश्वर दुम्जा गाविस-५ निवासी जनक गुर्माछानलाई आफूहरूसँग आर्थिक विषयमा विवाद गरेको आरोपमा ०६३ असार २० गते माओवादीले कुटपिट गरे।

पुरानो झाँगाझोली गाविस-६ टारीगाउँ निवासी श्री सहस्रधारा निमावि नागेडाँडा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४४ वर्षीय तुलाबहादुर राईले दलितलाई कुटपिट गरेको आरोपमा ०६३ असोज २६ गते विद्यालय हाताभित्रै उनलाई माओवादीले कुटपिट गरे। माओवादीले सोही दिनदेखि उनीलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सामुदायिक बनको अध्यक्षबाट समेत हटाएको घोषणा गरेका थिए।

गैरकानुनी गिरफ्तारी

बाहुनतिल्पुङ्ग गाविस-५ निवासी दानकाजी मगर माओवादी भएको आरोपमा ०६२ माघ १ गते प्रहरीले जिल्ला सदरमुकाम आएको बेला उनलाई कमलामाई नपा ६ बाट गिरफ्तार गरे। उक्त दिन जिल्ला सरकारी वकिलको कार्यालयमा माओवादीले बम विष्फोट गराएपछि पीडितलाई सोही आशंकामा प्रहरीले गिरफ्तार गरी माघ ४ गते रिहा गरेको थियो।

कमलामाई नपा-१० निवासी एमाले कार्यकर्ता करिब ३५ वर्षीय बुद्धिलाल श्रेष्ठलाई ०६२ माघ १३ गते सुरक्षाफौजले आन्दोलनरत सात दलको आह्वानमा भएको नेपाल बन्दको शान्तिपूर्ण कार्यक्रम गरिरहेको अवस्थामा कमलामाई नपा-१० बाट गिरफ्तार गरे। पीडितलाई केहीबेर गाली गलौज गरी रिहा गरियो।

अमले गाविस-५ निवासी २० वर्षीया कमला तामाङ माओवादी भएको आशंकामा ०६२ फागुन १३ गते काठमाडौंबाट सिन्धुलीतर्फ जाँदै गर्दा सर्लाहीको कर्मैयामा सुरक्षाकर्मीले झोला जाँच गर्ने क्रममा उनलाई गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २३ गते माओवादीले सर्लाहीको सदरमुकाम मलङ्गवा आक्रमणका क्रममा कारागारबाट छुटाई लगे।

सीतलपाटी गाविस-९ निवासी २२ वर्षीय सीताराम रम्तेललाई माओवादीको आशंकामा ०६२ चैत १० गते प्रहरीले जिल्ला सदरमुकाम आएको बेला जिल्ला प्रशासन कार्यालय अगाडिबाट गिरफ्तार गरे। पीडितलाई चैत १५ गतेबाट छ महिनाको पूर्जि दिएर कारागारमा नजरबन्दमा राखिएकोमा ०६३ वैशाख २६ गते रिहा गरियो।

कमलामाई नपा -६ निवासी एमालेका ४० वर्षीय खडगबहादुर खत्री र सोही नपा-४ राजपानी निवासी अनेरास्ववियु (एकीकृत) का २३ वर्षीय यमकुमार देवकोटालाई ०६२ चैत २९ गते प्रहरीले धुराबजारबाट गिरफ्तार गरे। पीडितलाई गिरफ्तारपछि प्रहरीले लाठी, बुट, बन्दुकको कुन्दाले कुटपिट गर्दै गाडीमा हालेका थिए। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा विनापूर्जि हिरासतमा राखी ०६३ वैशाख १० गते रिहा गरियो।

रानीचुरी गाविस-५ बेसारेखोला निवासी २५ वर्षीय गुणविक्रम कुँवर र बेलघारी गाविस-२ निवासी रामेश्वर दाहाललाई ०६२ चैत ३० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरू दुवै जना यूएनडीपीद्वारा सञ्चालित लघु उद्यम विकास कार्यक्रमका सामाजिक परिचालक हुन्। उनीहरूमाथि नगरपालिकाको कार्यालयमा ढुङ्गा हानेको आरोप लगाइएको थियो। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा बिनापूर्जी हिरासतमा राखी ०६३ वैशाख १० गते रिहा गरियो।



जनआन्दोलनका क्रममा प्रहरीको कुटपिटबाट घाइते भएका एमालेका भोजराज ढुंगेल

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका मोहन बराल, अनेरास्ववियुका नारायण बराल, नेविसंघका सुमन कोइराला र एमालेका प्रकाश कोइरालालाई ०६२ माघ २५ गते सात राजनीतिक दलद्वारा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी कमलामाई नपा-६ एक नम्बर बजारबाट

गिरफ्तार गरे। पीडितमध्ये नारायण बराल र प्रकाश कोइरालालाई माघ २७ गते रिहा गरियो भने मोहन बराल र सुमन कोइरालालाई माघ २७ गते ९० दिनको पूर्जी दिएर नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत जनकपुरको आदेशमा फागुन ३ गते रिहा गरियो। इन्स्पेक्टर वीरेन्द्रकुमार कार्कीको नेतृत्वमा रहेका प्रहरीहरूले गिरफ्तार गरेका थिए।

कमलामाई नपा-६ निवासी नेकाँका दिनेश अधिकारी, सोही नपा-५ निवासी नेकाँका चिरञ्जीवि ढकाल, प्रदिप ढकाल, प्रशान्त ढकाल र बिमल बराललाई ०६२ माघ २६ गते बिहान प्रहरीले मिलनचोकबाट गिरफ्तार गरे। पीडितलाई सोही दिन भइरहेको नगरपालिकाको निर्वाचनको बहिष्कार गर्न आएको आरोपमा गिरफतार गरिएको थियो। पीडितहरूमध्ये चिरञ्जीवि ढकाल, प्रदिप ढकाल र प्रशान्त ढकाललाई सोही साँझ र बिमल बराललाई माघ २७ गते रिहा गरियो। दिनेश अधिकारीलाई माघ २७ गते ९० दिनको पूर्जी दिएर नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत जनकपुरको आदेशमा ०६२ फागुन ३ गते रिहा गरियो।

कमलामाई नपा-९ ढुंग्रेबास निवासी एमालेका सांसद शंकरनाथ शर्मा, सोही नपा-५ निवासी जनमोर्चाका हरि बस्नेत, सोही नपा -९ ढुंग्रेबास निवासी पोष्टराज चौलागाई, कृष्ण दाहाल र झाँगाझोली रातमाटा गाविस-५ निवासी कृष्ण चौलागाईलाई नगर निर्वाचन विथोल्ने आशंकामा ०६२ माघ २६ गते संयुक्त सुरक्षाफौजले कमलामाई नपा -९ स्थितबाटोबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई दुर्गन्धित सानो कोठामा राखिएको थियो। पीडितहरूमध्ये हरि बस्नेत, पोष्टराज चौलागाई, कृष्ण दाहाल र कृष्ण चौलागाईलाई माघ २७ गते रिहा गरियो। शंकरनाथ शर्मालाई ०६२ माघ २७ गते ९० दिनको पूर्जी दिएर नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत जनकपुरको आदेशमा ०६२ फागुन ३ गते रिहा गरियो।

०६२ माघ १९ गतेलाई कालो दिवस मनाउने क्रममा सात राजनीतिक दलद्वारा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी कमलामाई नपा-६ धुराबजारबाट १३ जना, खम्बेचौरीबाट नौ जना र एक नम्बर बजारबाट पाँच जना गरी जम्मा २७ जनालाई गिरफ्तार गऱ्यो। यसरी गिरफ्तार गरिएकाहरूमा नेकाँका विपिन कोइराला चिरन्जीवी ढकाल, उज्वल बराल, मोहन बराल, मिनबहादुर श्रेष्ठ, महेन्द्र ढकाल, राजन अधिकारी र रंगराज खतिवडा, एमालेका केशव देवकोटा, प्रदिप कटुवाल, रामहरी पोखरेल, चुडामणी श्रेष्ठ, विनोद खडका, नेकाँ (प्रजातान्त्रिक)का अन्जेश खतिवडा, जनमोर्चाका मिथिला फुँयाल, अनेरास्वविyुका महेन्द्रदेव श्रेष्ठ, नेविसंघका विनोद कोइराला र गोविन्द पहाडी, अखिल (एकीकृत) का यमकुमार देवकोटा र गंगा खडका, माधव बराल, शंकर श्रेष्ठ, विनोद काफ्ले, ध्रुव देवकोटा, फडिन्द्र बराल, निर्मल रम्तेल र रामहरी थापा समेत जम्मा २७ जना थिए। समाचार संकलन गरी रहेका रेडियो बीरगञ्जका सम्वाददाता रेखराज दाहाललाई मोटर साइकल समेत गिरफ्तार गरिएको थियो। इन्स्पेक्टर विरेन्द्रकुमार कार्कीको नेतृत्वमा रहेका प्रहरीहरूले गिरफ्तार गरेका थिए। यसरी गिरफ्तार गरिएकामध्ये एमालेका केशव देवकोटा, प्रदिप कटुवाल, रामहरी पोखरेल र चुडामणी श्रेष्ठ, नेकाँका विपिन कोइराला, रंगराज खतिवडा, महेन्द्र ढकाल, अनेरास्वविyुका महेन्द्र श्रेष्ठ, नेविसंघका बिनोद कोइराला र अखिल (एकीकृत) का यमकुमार देवकोटा समेत १० जनालाई सोही दिन तीन महिने पूर्जी दिएर नजरबन्दमा राखियो भने १५ जनालाई सोही दिन तथा नेकाँका उज्जल बराल र मोहन बराललाई माघ २० गते रिहा गरियो। नजरबन्दमा राखिएका १० जनाले बन्दी प्रत्यक्षीकरण अन्तरगत ०६२ फागुन १ गते पुनरावेदन अदालत जनकपुरमा रिट दायर गरेपछि अदालतको आदेशमा फागुन ३ गते सबैलाई रिहा गरियो।

कमलामाई नपा-१४ काउछे निवासी एमालेका ५३ वर्षीय भोजराज ढुंगेल, कनपा-६ रातमाटा निवासी अनेरास्वविyुका ३० वर्षीय नारायण बराल, सोही नपा ६ दुई नम्बर बजार निवासी शिक्षक बुद्धिराज श्रेष्ठ र सोही नपा-१५ भँडार निवासी नेकाँका ५२ वर्षीय हर्कबहादुर खडका ०६२ चैत २९ गते बिहान प्रहरीको लाठीचार्जबाट घाइते भए। आन्दोलनकारीहरूले नगरपालिकाको कार्यालयमा ढुङ्गा हानेपछि प्रहरीले लाठीचार्ज गरेका थिए। घाइतेमध्ये भोजराज ढुंगेल र नारायण बराल सोही दिन उपचारार्थ जिल्ला अस्पताल भर्ना भए। नारायण बराल ०६२ चैत ३१ गते र भोजराज वैशाख ७ गते उपचार गराएर फर्किए। अन्य दुई घाइतेले घरमै सामान्य उपचार गरे। भोजराज ढुंगेलको तिघ्रामा गहिरो चोट लागेकोले अहिले पनि हिंडडुल गर्न कठिनाई हुने गरेको, देब्रे हातको पाखुरा दुखेर अत्यन्तै पीडा हुने गरेको पीडितले बताए। घाइते उपचार कोषलेसहयोग नगरेको र व्यक्तिगत खर्चमा उपचार गर्न आफूसँग रकमको अभाव रहेको पीडितले जनाए। सो घटनामा आन्दोलनकारीले हानेको ढुङ्गाले लागी ११ जना प्रहरीहरू सामान्य घाइते भएका थिए। यसरी घाइते हुनेहरूमा जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी हवल्दार रमेशप्रसाद यादव, कुलबहादुर अधिकारी, प्रहरी जवानहरू कमल भण्डारी, राजीनन्द यादव, प्रमोद साह, सुरेश योन्जन, जगत योन्जन, ऋषी राउत, बोजकुमारी आले, नागेन्द्र मलाहा, सर्वजीतकुमार सिंह रहेका थिए।

गैरसरकारी संस्था महासंघ, आदिवासी तथा जनजाति समन्वय समिति, दलित सेवा संघ, अपाङ्ग संघ र रिलेक सिन्धुलीको संयुक्त आयोजनामा ०६३ वैशाख ६ गते जुलुसको लागि तयार पारिएका लोकतन्त्र जिन्दावाद लेखिएका प्लेकार्ड

कमलामाई नपाका प्रमुख उमेश पोखरेलको आदेशमा प्रहरीले खोसे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २२ ओटा र यसवर्ष १३ ओटा गरी ३५ ओटा दर्ता भएकोमा पुरानाबाट १४ र यस वर्षका तीन गरी १७ ओटा फर्स्यौट भई १८ ओटा बाँकी छन। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका नौ ओटा र यस वर्ष दर्ता भएका १२ ओटा गरी २१ ओटा परेकोमा आठ ओटा फर्स्यौट भई १३ बाँकी रहेका छन। देवानी मुद्दा अघिल्लो वर्षबाट ४४ ओटा जिम्मेवारी सरेर आए भने यो वर्ष १२ ओटा परे। जसमा पुरानाबाट २१ ओटा र नयाँ तीन गरी २४ ओटा फर्स्यौट भई ३२ ओटा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा यस अदालतमा जम्मा ६३ ओटा मुद्दा फर्स्यौट हुन बाकी छन। तीमध्ये तीन वर्ष नाघेका सरकारवादी फौजदारी एउटा तथा दुई वर्ष नाघेका दुनियाँवादी फौजदारी नौ ओटा, सरकारवादी फौजदारी एउटा, देवानी नौ ओटा गरी जम्मा २० ओटा पुराना मुद्दा बाँकी छन।

जिल्ला प्रहरी कार्यालयमा १४ प्रकारका ४७ ओटा जाहेरी परेकोमा १४ ओटा फर्स्यौट भई ३३ ओटा बाँकी रहे।

बालअधिकार

कपिलाकोट गाविस-८ भुताहा निवासी १३ वर्षीया एक बालिकालाई ०६३ मंसिर १४ गते राति घरमा सुतिरहेको ठाउँमा दुईजना अज्ञात व्यक्तिले सामूहिक बलात्कार गरे। ईलाका प्रहरी कार्यालय कपिलाकोटले मंसिर १६ गते कपिलाकोट गाविस-९ निवासी मदन माझी, रामकुमार माझी र युवराज प्रसाई तथा १७ गते कपिलाकोट गाविस-४ निवासी गुणबहादुर पुलामी, प्रकाश गुर्माछान गरी सोही ठाउँका पाँचजनालाई गिरफ्तार गरेकोमा ०६३ पुस ९ गते अदालतको आदेशमा रामकुमार माझी र युवराज प्रसाईंलाई पुर्पक्षको लागी थुनामा राखी अन्यलाई रिहा गरिएको छ।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव /दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

कमलामाई नपा-११ भीमान शिक्षक टोल निवासी एक १५ वर्षीया बालिकालाई ०६३ जेठ २० गते दिउँसो भीमान नजिकै सुकेखोलाको जङ्गलमा सेनाका जवान सरोज थापा र अर्का नाम थाह नभएका दुई जना सुरक्षाकर्मीले बलात्कार गरे। बालिकालाई थाकलको डोरीले हात बाँधेर मुखमा रुमाल कोची आँखामा पट्टी बाधेर लगातार बलात्कार गरेको पीडितले बताइन्। बलात्कारपछि पीडक संयुक्त सुरक्षा बेसक्याम्पको कम्पाउण्डभित्र गएको र गाउँमा हल्ला गरे मार्ने धम्की दिएको पीडितले बताइन्। जिल्ला प्रहरी कार्यालयमा ०६३ असार २१ गते मुद्दा दर्ता भएकोमा प्रहरीले साउन २१ गते जिल्ला अदालतमा पेश गरेको छ।

पारिवारिक हिंसा

कमलामाई नपा-५ निवासी ७३ वर्षीया सुकुमाया सार्कीलाई ०६३ जेठ १६ गते आफ्नै छोरी ३५ वर्षीया सकुन्तला सार्की र ज्वाई ३८ वर्षीय कृष्णबहादुर सार्कीले सम्पति आफ्नो नाममा सारेपछि घर निकाले। छोरी ज्वाईले पहिले पालनपोषण गर्छौं भनी फकाएर जग्गा बिक्रीबाट आएको एक लाख एक हजार रकम लिएको पीडितले बताइन्। पीडितले जेठ १६ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरे पनि पीडकहरूलाई पटक पटक पत्र पठाउँदा नआएकोले मुद्दा मिलाउन नसकिएको र पछि सो केन्द्रमा पीडक उपस्थित भई गाउँमै मिलाउने भनी गएको सो केन्द्रले जनायो।

दुर्व्यवहार

कमलामाई नपा-९ केराबारी निवासी २७ वर्षीया सञ्जीमाया मोक्तानलाई ०६३ साउन २५ गते सोही ठाउँका ३५ वर्षीय रामलाल लो तामाङ र उनकी पत्नी फुलमाया लो तामाङले बोक्सी लागी छोरा बिरामी पारेको आरोप लगाए। पीडकहरूले सोही दिन राति घरमा आई 'तैले के टुना मुना लगाएर बिरामी पारिस बिसेक पार हैन भने तेरो हात खुट्टा भाँचिदिन्छौ' भनी धम्की समेत दिएको पीडितले बताए। पीडितले साउन २६ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरेकोमा पीडकलाई पटक पटक बोलाउदा नआएकोले मुद्दा मिलाउन नसकेको र पछि पीडकको छोरा मरेकोले पीडक आई गाउँमै मिलाउँछौ भनी गएको सो केन्द्रले जनायो।

बोक्सीको आरोपमा हत्या

क्यानेश्वर गाविस-७ राँगेचुली निवासी २५ वर्षीया कामीमाया पाखिनलाई ०६३ मंसिर १३ गते ढुंग्रेखोला गाविस ३ केराबारी सर्लाहीका २५ वर्षीय मानबहादुर पाखिन र सोही ठाउँका ४० वर्षीय लोकबहादुर मोक्तानले बोक्सी लागेको आरोपमा खुकुरीले काटेर हत्या गरे। पीडकहरू हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

सबै प्रकारका जातीय विभेद

कमलामाई नपा-९ ढुंग्रेबास निवासी ४४ वर्षीय खडगबहादुर विश्वकर्मालाई ०६३ भदौ २६ गते सोही ठाउँका तीलकबहादुर बुढाथोकी र उनकी पत्नीले होटलमा चिया खान जाँदा क्षेत्रीको होटलमा किन भित्र पसिस ? यो दलितको लागि खोलिएको होटल हैन, तँलाई हिजै यहाँ नआइज भनेको होइन ? भनी होटल भित्रबाट घोक्याउँदै निकाले। पीडितले आफूमाथि बुढाथोकी र उनकी पत्नीबाट छुवाछूत गरिएकोले

क्षतिपूर्ति सहित उचित न्यायका लागी सोही दिन जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा उजुरी गरे। जिल्ला प्रशासन कार्यालयले सामुदायिक सेवा केन्द्रमा मुद्दा मिलापत्रका लागि पठाएपछि सो केन्द्रले असोज ३ गते दुवै पक्षबीच छुवाछूत नगर्ने सर्तमा मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष वृद्ध, असहाय र अपाङ्ग गरी ६ हजार ३९ जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध २ हजार ९ सय ९१ जना, विधवा तथा असहाय २ हजार ९ सय ७८ जना र अपाङ्ग-अशक्त ७० जना रहेका छन्। जेष्ठ र अपाङ्गलाई ०६३ कात्तिकसम्मको र विधवालाई असोजसम्मको भत्ता वितरण गरिएको जिविसले जनायो।

संरचना क्षति

माओवादीबाट

कमलामाई नपा-६ स्थित जिल्ला सरकारी वकिलको कार्यालयमा ०६२ माघ १ गते साँझ माओवादीले सकेट बम विष्फोट गराए। विस्फोटबाट कार्यालयको १ लाख २४ हजार बरबर भवनमा क्षति भयो भने फर्निचर, पुस्तक र अन्य सामाग्री गरी कूल २ लाख ५२ हजार बराबरको क्षति भएको सो कार्यालयले जनायो।

कमलामाई नपा-६ स्थित सोही नगरपालिकाको कार्यालय भवनमा ०६२ माघ १३ गते बिहान माओवादीले सकेट बम विष्फोट गराए। नगरपालिका निर्वाचनको मनोनयन पत्र दर्ता गर्ने दिन उक्त विष्फोट गराएका थिए। विष्फोटबाट कार्यालयका १९ ओटा झ्यालका सिसा फुटेका र बाहिरी पर्खाल भत्किएको थियो। विष्फोटबाट कार्यालयको कुल १ लाख ३५ हजार बराबरको क्षति भएको सो कार्यालयले जनायो।

विगतको अनुगमन

माओवादीको आरोपमा ०६१ फागुन १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन २१ गतेदेखि जेलमा नजरबन्दमा राखिएका हत्पते गाविस-८ निवासी उद्धव पहाडी ०६३ जेठ १ गते, ०६१ चैत १८ गते कमलामाई नपा-११ भीमान चेकपोष्टबाट गिरफ्तार गरी ०६२ वैशाख ७ गतेदेखि जेलमा नजरबन्दमा राखिएकी महोत्तरी जिल्ला खयरमारा गाविस-२ निवासी इन्द्रिरा गौतम ०६३ वैशाख १५ गते र ०६२ मंसिर ६ गते कमलामाई नपा-११ भीमान चेकपोष्टबाट गिरफ्तार गरी ०६२ मंसिर १४ गतेदेखि जेलमा नजरबन्दमा राखिएका सीपापोखरे गाविस-४ सिन्धुपाल्चोक निवासी छक्कबहादुर तामाङलाई ०६३ जेठ १२ गते रिहा गरियो।

बितिजोर गाविस-५ निवासी बीरबहादुर भुजेल र रतनचुरा गाविस-९ हिर्दिङ निवासी चन्द्रबहादुर भुजेललाई माओवादीको आरोपमा ०६२ कात्तिक १३ गते डुँडभन्ज्याङ गाविसबाट गिरफ्तार गरी रामेछाप जेलमा राखिएकोमा यस वर्ष रिहा गरियोयो।

माओवादीबाट हत्या


माओवादीले ०६० असोज २७ गते अपहरण गरी स्थिति अज्ञात रहेका बाशेश्वर गाविस १ निवासी ४५ वर्षीय बशिष्ठ कोइरालाको अपहरण गरेको तीन दिनपछि मृत्यु भएको माओवादीले जनाए। मृतकको लास र घटनास्थलबारे जानकारी दिएनन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र छजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कमलामाई नपा-९ ढुंग्रेबास निवासी ५२ वर्षीय चित्रनारायण श्रेष्ठ, मरिण निवासी श्यामबिर माझी र बिष्णु माझी, डाडीगुराँसे गाविस-५ निवासी ३७ वर्षीय रामचन्द्र काफ्ले, हत्पते गाविस-४ निवासी तेजमान विश्वकर्मा, तिनकन्या गाविस-८ रानीखोला निवासी २८ वर्षीय रितबहादुर गुरुङ्ग र सिर्थौली गाविस-१ निवासी सन्तोषी कुँवर दनुवार रहेका छन्।

२.५ रामेछाप



जनसंख्या	: २,२२,९६५
साक्षरता प्रतिशत	: ४६
महिला साक्षरता प्रतिशत	: २९.७१
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस/नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४११
क्याम्पस/उच्च मा.वि.	: २/७
अस्पताल/स्वास्थ्य चौकी	: ३/५३
टेलिफोन लाइन	: १८९
मोटर सडक (कि. मि.)	: २००
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ५५
मानव विकास सूचकाङ्क	: ०.४३४
प्रति परिवार सरदर संख्या	: ५.५२

गोली/बम/विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

वाम्ती गाविस-८ निवासी १६ वर्षीय तालबहादुर बस्नेतको ०६३ पुस ५ गते माओवादीले छाडेको बेवारिसे डिटोनटर खेलाउँदा विष्फोट भई आफ्नै घरमा मृत्यु भयो। बारीमा फेला परेको सो डिटोनेटर घरमा ल्याएर रेडियोको ब्याट्री निकालेर जोड्न लाग्दा अकस्मात विष्फट भई उनको घटनास्थलमा नै मृत्य भएको थियो।

जेल र बन्दी

जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको रामेछाप कारागार अत्यन्त पुरानो र जीर्ण बन्दै गएको छ। जेलमा महिला र पुरुषको लागि छुट्टै कम्पाउण्ड छैन। महिला बन्दी बाहिर आउँदा पुरुष र पुरुष बाहिर आउँदा महिलाहरू कोठाभित्रै थुनिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा अहिले कुल १२ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद नतोकिएका पाँचजना पुरुष रहेका छन्। यसबाहेक कैद सजाय तोकिएका दुईजना महिला तथा पाँचजना पुरुष रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

पकरवास गाविस-६ निवासी १९ वर्षीय देवकुमार श्रेष्ठलाई ०६२ पुस २३ गते माओवादीले घरैबाट अपहरण गरी लगे। माओवादी बनाउन लगिएका श्रेष्ठले पार्टीमा लाग्न अस्वीकार गरेपछि माओवादीले माघ ३ गते मुक्त गरे।

प्रयागेश्वर उमावि पकरवासका शिक्षक ४६ वर्षीय हरि ढुङ्गेललाई ०६२ पुस २३ गते माओवादीले घरैबाट केही बुझ्नु छ भनी अपहरण गरे। उनलाई सोही दिन बेलुका मुक्त गरे।

फुलासी गाविस-५ निवासी ६८ वर्षीय चन्द्रबहादुर श्रेष्ठले ज्यान मारेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनी माघ २ गते भागेर सदरमुकाम आई विस्थापित भए।

गेलु गाविस-१ निवासी ५० वर्षीय पर्शुराम बुढाथोकी र ४८ वर्षीय कर्णबहादुर पाण्डेलाई सडक निर्माणमा अनियमितता गरेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनीहरूलाई सिक्राल स्कूलबाट अपहरण गरी सोही गाविस-५ को एउटा घरमा रातभरि थुनेर कुटपिट गरे। पीडितलाई माओवादीले भोलिपल्ट मुक्त गरे। घटनापछि पीडितहरू सदरमुकाम मन्थलीमा विस्थापित भए।

प्रयागेश्वर उमावि पकरवासका प्राचार्य ५८ वर्षीय हरिबहादुर श्रेष्ठ, शिक्षकहरू-४० वर्षीय नारायणहरि ढुङ्गेल, ४० वर्षीय हरिनारायण श्रेष्ठ, ४५ वर्षीय चन्द्रप्रसाद गौतम, ४६ वर्षीय हरि ढुङ्गेललगायतका आठ जना शिक्षकहरूलाई ०६२ माघ ७ गते माओवादीले विद्यालयबाट अपहरण गरे। अपहरित सबैलाई काभ्रेको लौरीभञ्ज्याङमा आयोजित माओवादी कार्यक्रमबाट माघ १३ गते मुक्त गरियो। सो घटनामा माओवादीले कार्यक्रमका लागि स्थानीय ४० जना गाउँलेलाईसमेत लगेका थिए। पडितहरूलाई कार्यक्रमपछि मुक्त गरियो।

गागल गाविस-२ निवासी शिक्षक ३५ वर्षीय गणेशबहादुर खड्कालाई ०६२ माघ ७ गते माओवादीले घरैबाट अपहरण गरी १० दिनपछि मुक्त गरे। माओवादीले उनलाई पार्टीमा लाग्न दबाब दिएका थिए।

हिमगंगा गाविसकी ३६ वर्षीया सीता खड्कालाई ०६२ माघ १३ गते माओवादीले उनकै घरबाट अपहरण गरे। अपहरित महिला भोलिपल्ट बिहान बास बसेको ठाउँबाट भागिन्। स्थानीय एक माओवादी कार्यकर्तासँगको जग्गा विवादमा माओवादीले पीडितलाई एक महिनासम्म श्रमशिविरमा काम गराए। त्यसपछि पुनः तीन महिनासम्म

पार्टीमा हिड्नु पर्ने भनी माओवादीले अपहरण गरेपछि उनी भागेकी थिइन्।

सालु गाविस-२ निवासी ५८ वर्षीय लिलानाथ अधिकारी, दीपक बस्नेत, रामचन्द्र राय, मिनबहादुर तामाङ् लगायत ६० जनालाई ०६२ माघ १८ गते माओवादीले घर घरबाट अपहरण गरी आफ्नो पार्टीको कार्यक्रममा सहभागी गराउन लाँदा सेनाले पिछा गर्दै गएपछि सालु गाविस-८ को कुकुरकाटेभञ्ज्याङमा पुऱ्याएर मुक्त गरे।

प्रयागेश्वर उमावि पकरबासमा कक्षा ९ मा अध्ययनरत छात्र १९ वर्षीय रमेश श्रेष्ठलगायत १३ जना विद्यार्थीलाई ०६२ माघ २९ गते माओवादीले अपहरण गरे। अपहरित सबैलाई माओवादीले लखनपुर गाविसमा आयोजित भलिबल प्रतियोगितामा सहभागी गराई चार दिनपछि मुक्त गरे।

प्रयागेश्वर उमावि पकरबासका शिक्षक ४५ वर्षीय चन्द्रप्रसाद गौतमलाई ०६२ फागुन १७ गते माओवादीले कक्षा कोठाबाटै अपहरण गरे। पीडितलाई काभ्रेमा आयोजित माओवादीको कार्यक्रममा सहभागी गराई फागुन २४ गते मुक्त गरे।

भीमेश्वर रुद्रमावि चिसापानीका १० जना शिक्षक र कक्षा छ, सात, आठ र नौमा अध्ययन गर्ने विद्यार्थीलाई ०६२ फागुन २१ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरूलाई पुरानागाउँमा आयोजित कार्यक्रममा सहभागी गराई साँझ मुक्त गरियो।

सेतीदेवी मावि सालुकी शिक्षिका ३६ वर्षीया ईश्वरी बस्नेत र जनकल्याण सेवा समिति सालुकी अनमी २२ वर्षीया शान्ति तामाङलाई ०६२ फागुन २२ गते माओवादीले अपहरण गरी ओखलढुङ्गा पुऱ्याएर दुई दिनपछि मुक्त गरे। सोही दिन अपहरण गरिएकी साँघुटार स्वास्थ्य चौकीकी अनमी ३० वर्षीया यशोदा अधिकारीलाई पनि तामाङसँगै मुक्त गरे।

बेथान गाविस-३ निवासी ३६ वर्षीय शिवलाल खड्का र माकादुम गाविस-५ की २१ वर्षीया राधिका बुढाथोकी हत्याको घटनामा सामेल भएको आरोपमा ०६२ चैत २ गते माओवादीले उनीहरूलाई अपहरण गरे। माओवादीले उनीहरूलाई बोलाएको बेला उपस्थित हुने सर्तमा चैत १० गते मुक्त गरे।

टोकरपुर गाविस-६ निवासी जनभावना युवा क्लब टोकरपुरका सामाजिक परिचालक २८ वर्षीय मोहन थापा मगरलाई ०६२ चैत ९ गते माओवादीले संस्थाको काममा गएको बेला गौश्वारा गाविसको खर्सुबथानबाट अपहरण गरे। मगरसँग माओवादीले चन्दा मागेका थिए। क्लबका अध्यक्ष कुमार कँडेलसँग सम्झौता गरी माओवादीले उनलाई चैत १७ गते मुक्त गरे।

चनखु गाविस-५ निवासी ६६ वर्षीय टंक बोहोरा र ५५ वर्षीय बलबहादुर बोहोराले छोरालाई सेना र प्रहरीमा जागिर लगाएको आरोपमा ०६२ चैत १९ गते माओवादीले उनलाई घरबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे।

मन्थली गाविस-७ करमबोटका व्यापारी ३० वर्षीय प्रकाश श्रेष्ठ, ३१ वर्षीय जंगवीर माझी सहित २४ जनालाई ०६२ चैत २१ गते दिउँसो माओवादीले पीडितका आ आफ्नै घरबाट अपहरण गरे। उनीहरूलाई कठजोर गाविसमा पुऱ्याई माओवादीले घोषणा गरेको जनसरकारमा व्यवसाय दर्ता गराउने सर्तमा सोही दिन मुक्त गरियो ।

ठोसे गाविसका पूर्वउपाध्यक्ष ३१ वर्षीय महेशलाल प्रधान तथा बाम्ती गाविसका बाबुकाजी शेर्पा, दडसर्की शेर्पा र अनन्त खड्कालाई स्थानीय सडक र बजार व्यवस्थापनको कमिशन माग गर्दै ०६३ वैशाख १ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितहरूलाई वैशाख १६ गते मुक्त गरे।

फुलासी गाविस-३ निवासी ४३ वर्षीय गोपाल भुजेलले छिमेकीसँग जग्गाको सीमा विवाद तथा छोराले दुई ओटी पत्नी ल्याएको आरोपमा ०६३ वैशाख २० गते माओवादी कार्यकर्ता प्रदीपको नेतृत्वमा आएको टोलीले उनलाई घरबाट अपहरण गरी हात बाँधेर कुटपिट गरे। माओवादीले हात बाँधेर राखेको ठाउँबाट पीडित राति ११ बजे भागेर सदरमुकाम आए। पीडित घटनापछि सदरमुकामै विस्थापित भए।

रुद्राक्षेश्र मावि मुगिटारका शिक्षक ५० वर्षीय यादव दाहाल, २५ वर्षीय गजेन्द्र राईलगायत कक्षा ९ र १० मा पढ्ने सबै विद्यार्थीलाई ०६३ जेठ १७ गते माओवादीले विद्यालयबाट नै अपहरण गरी दुई दिनको बाटो हिंडाएर काठमाडौंको खुलामञ्चमा आयोजना गरेको माओवादी कार्यक्रममा सहभागी गराए। पडितहरूलाई जेठ २० गते मुक्त गरियो।

पकरबास गाविस-६ निवासी १९ वर्षीया कल्पना ढुङ्गेल, १६ वर्षीया रीता ढुङ्गेल र १७ वर्षीया सुनिता कार्कीलाई ०६३ असार १९ गते माओवादीले घरबाट अपहरण गरी लगेकामा दुईजनालाई एक हप्तापछि काभ्रेको बनेपाबाट मुक्त गरे। अपहरितमध्ये सुनिता कार्की माओवादी मै लाग्न चाहेका कारण मुक्त नगरिएको माओवादीले जनाए। माओवादीले सुनितासँग आफूलाई भेट गर्न नदिएको आरोप उनका आफन्तहरूले बताए।

पकरबास गाविस-४ निवासी १५ वर्षीया सुरक्षा मैनाली र १९ वर्षीया शोभा मैनालीलाई ०६३ साउन १० गते माओवादीले भटौली गाविसबाट अपहरण गरे। माओवादीले उनीहरू आफूखुसी पार्टीमा लागेको बताए पनि आफन्तले आफूहरूसँग भेट गर्न नदिई माओवादीले जबरजस्ती लगेको बताए। पीडितहरू अझै घर फर्किएका छैनन्।

टोकरपुर गाविस-८ निवासी २४ वर्षीय किरण खड्का र ओखलढुङ्गा जिल्ला चण्डेश्री गाविस-२ निवासी २६ वर्षीय सरोज सुनुवारले लुटपाट गरेको आरोपमा ०६३ भदौ २५ गते माओवादीले उनीहरूलाई हिलेदेवी गाविस-७ बाट अपहरण गरे। उनीहरूबाट नगद १ लाख ७४ हजार रुपैयाँ फेला परेको माआवादीले दाबी गरेको छ। पीडित अझै माओवादी नियन्त्रणमा छन्।

दिमीपोखरी गाविस-३ निवासी २२ वर्षीय रणबहादुर थापा मगरले स्थानीय लालुमाया थापा मगरको हत्या गरेको आरोपमा ०६३ असोज १९ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। सोही घटनामा संलग्न भएको आरोपमा ०६३ असोज २४ गते २५ वर्षीय दुर्गाबहादुर थापा मगरलाई पनि उनीहरूले अपहरण गरे। दुवैलाई माओवादीले ५ देखि १० वर्षसम्म माओवादीको श्रमशिविरमा काम गुर्न पर्ने सजाय तोके।

मझुवा गाविस-आपँचौर निवासी १९ वर्षीय मोतिलाल घिसिङले हाडनाताभित्र यौन सम्पर्क राखेको आरोपमा ०६३ असोज २० गते माओवादीले उनलाई अपहरण गरे। सोही अभियोगमा १९ वर्षीया सुष्मिता घिसिङलाई पनि असोज २४ गते अपहरण गरी दुवैलाई श्रम सजाय सुनाए।

दोरम्बा गाविस-४ निवासी ४० वर्षीय कृष्णबहादुर श्रेष्ठ र २८ वर्षीय धनबहादुर श्रेष्ठले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ कातिक १८ गते माओवादीले उनीहरूलाई दोरम्बाबाट अपहरण गरे। पीडितहरू दिमीपोखरी गाविसबाट भाग्न सफल भए।

कुभुकास्थली गाविस-९ निवासी ४० वर्षीय लालबहादुर कार्की र सोही गाविस-७ निवासी ४५ वर्षीय ढालबहादुर कार्की हत्याको घटनामा संलग्न भएको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितलाई विभिन्न ठाउँ घुमाएर कात्तिक २७ गतेबाट मंसिर ७ गतेसम्म सदरमुकाम मन्थलीमा माओवादी नियन्त्रणमा राखी मंसिर ७ गते ढालबहादुरलाई प्रहरीमा बुझाए भने लालबहादुरलाई मुक्त गरे।

भुजी गाविस-९ निवासी पूर्व निर्वाचित वडाअध्यक्ष ५३ वर्षीय फुर्वाग्यल्बु शेर्पालाई ०६३ मंसिर ९ गते माओवादीका गाउँ जनसरकार प्रमुख भुजी गाविस-६ निवासी चन्द्रबहादुर कालिकोटे, माओवादीका उद्धव पौडेल र अर्का एक जना माओवादीले बिहान १० बजे घरबाट अपहरण गरी २० हजार रुपैयाँ दिनु पर्ने माग राखी दिनभरि राखे। मंसिर १४ गतेसम्म रकम नबुझाए घर छाड्नु पर्ने धम्की दिएका कारण पीडितले १४ गते माओवादीलाई ४ हजार रुपैयाँ बुझाए। तर, माओवादीले पूरै रकम दिनु पर्ने भनेपछि पीडित रकम बुझाउन नसकेर पुस ९ गते काठमाडौंमा विस्थापित भए। उनलाई माओवादीले ०५९ सालमा घर जग्गा कब्जामा लिई गाउँबाट विस्थापित गराएका थिए। पछिल्लो पटक पीडित ०६३ कात्तिक २७ गते गाउँ फर्किएका थिए।

धम्की / ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

गुम्देल गाविसका सचिव २८ वर्षीय यादव पहाडीलाई आफूले भनेको नटेरेको भन्दै ०६२ पुस २२ गते जिल्ला विकास समिति ईलाका नं १ का मनोनीत सदस्य आङनिमा शेर्पाले कुटपिट गरे। पीडकलाई सार्वजनिक रूपमा माफी मगाई छाडियो।

एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय केशव फुयाँल र मन्थली गाविस-६ निवासी व्यापारी ३१ वर्षीय रामशरण श्रेष्ठलाई राजाविरोधी आन्दोलनमा लागेको भनी ०६२ चैत ४ गते नारायण दल गणका क्याप्टेन सोमबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६	१	१			१				
घाइते	१	१		१						१	१		१
गिरफ्तारी/यातना										३	१	१	३
कुटपिट	१	३		३	७	८	८		१६	३	४		४
धम्की					३	६			६				
भेला/संगठित हुने अधिकार										३	९		९
महिलाअधिकार	५		५	५									
बालअधिकार	१		३	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	७			७				
अपहरण					४८	८३	३३	३४८	४५३				
जम्मा	१४	८	९	१७	५९	१०४	३०	३४८	४८३	९	१५	१	१६

कार्कीले मन्थली बजारमा कुटपिट गरे। कार्कीलाई कुनै कारबाही भएन।

रामेछाप-देउराली रुटका ट्याक्टर चालक २६ वर्षीय सोभित चौधरीलाई ट्र्याक्टरले गेटमा छोएको भनी ०६३ साउन १२ गते नारायण दल गण रामेछापको गेटमा ड्युटीमा बसेका सैनिकले कुटपिट गरे। उनलाई सेनाले भाँचिएको गेट समेत बनाउन लगायो। पीडकलाई कुनै कारबाही भएन।

माओवादीबाट

चिसापानी गाविसका पियन ३२ वर्षीय बद्रिकुमार श्रेष्ठलाई ०६२ चैत १ गते माओवादीले धम्क्याएर गाविस-कार्यालयको साँचो खोसी गाविसको सूचना केन्द्रमा रहेको कम्प्युटर, टेलिफोनसेटलगायतका सामग्रीहरू लुटेर लगे।

गेलु गाविस-२ निवासी २३ वर्षीय दानबहादुर खड्का र ३५ वर्षीया मैना खत्रीलाई घरायसी विवादमा ०६३ वैशाख १२ गते माआवादीका विनोद चौलागाईंलगायतले कुटपिट गरी दानबहादुरलाई ६ हजार जरिवाना र एक महिना श्रम गर्नुपर्ने र मैनालाई नौ हजार रुपैयाँ जरिवाना र ४५ दिन श्रम गर्नु पर्ने निर्णय सुनाए।

फुलासी गाविस-३ निवासी ८४ वर्षीय नरबहादुर भुजेल, २२ वर्षीय विष्णु भुजेल, ३५ वर्षीया सीता भुजेल, ३० वर्षीय अर्जुन भुजेल, ४० वर्षीया मानकुमारी भुजेल र १७ वर्षीया सरिता भुजेलले माओवादीद्वारा अपहरित गोपाल भुजेललाई लुकाएको आरोपमा ०६३ वैशाख २२ गते राति माओवादीले उनलाई कुटपिट गरे।

भटौली गाविस-७ निवासी ३६ वर्षीया गोमा कार्की र ३४ वर्षीया कान्छी लामालाई जाँड बनाएको आरोपमा ०६३ वैशाख २५ गते माओवादीले थला पर्ने गरी कुटपिट गरे। पीडितहरूले घर बनाउने खेतालालाई खाजाको लागि जाँड बनाएका थिए।

गेलु गाविस-घर भएका अनेरास्वियुका २५ वर्षीय प्रकाश कार्कीलाई गाविस-५ मा सडक निर्माण गर्न आयोजित छलफलमा माओवादीको भनाईप्रति असहमति जनाएको भन्दै ०६३ असार २२ गते गेलुका माओवादी कार्यकर्ता प्रदीप लगायतले कुटपिट गरे। गाउँलेहरूले त्यसको प्रतिवाद गरेपछि माओवादी भागेका थिए। माओवादीका ईलाका इन्चार्ज सचेतले पीडकमाथि कारबाही गर्ने बताए भए पनि कुनै कारबाही भएन।

गौश्वारा गाविस-४ निवासी २२ वर्षीया एकुमाया थापा, २५ वर्षीय बज्रबहादुर थापा, २५ वर्षीय खम्बबहादुर थापा र २० वर्षीय गंगबहादुर थापा मगरलाई विद्युत पोलबारे उत्पन्न विवादमा ०६३ भदौ १ गते माओवादी गाजस प्रमुख विक्रम थापा मगरको निर्देशनमा गौश्वार-८ को ताम्चेतमा कुटपिट गरी सामान्य घाइते पारे।



माओवादीले छाडेको डेटोनेटर विस्फोटमा परी मारिएका तालबहादुर बस्नेत

गैरकानुनी गिरफ्तारी

ओखलढुङ्गा जिल्ला सिंहदेवी गाविस-८ निवासी १९ वर्षीया तारा भण्डारी माओवादी भएको आरोपमा ०६२ पुस १८ गते नारायणदल गणका सेनाले उनलाई रामेछाप बजारबाट गिरफ्तार गरे। उनलाई माओवादी भएको अभियोगमा तीन महिनासम्म रामेछाप कारागार नजरबन्दमा राखी रिहा गरियो।

गौश्वारा गाविस-६ निवासी माओवादीका गाजस प्रमुख ३५ वर्षीय विक्रम थापा मगरलाई ०६२ पुस २७ गते दोरम्बा ब्यारेकबाट गस्तीमा गएको शेर गणको सेनाको टोलीले गौश्वारा गाविस-७ बाट गिरफ्तार गऱ्यो। उनलाई सेनाले माघ ७ गते प्रहरीसमक्ष बुझायो। सोही दिनबाट उनलाई ३ महिनासम्म रामेछाप जेलमा नजरबन्दमा राखियो।

अभिव्यक्ति/ भेलाहुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राज्यबाट

नेकाँ रामेछापका ४६ वर्षीय कृष्णबहादुर महत र तरुण दल (प्रजातान्त्रिक) का ३० वर्षीय लेखबहादुर कार्कीलाई ०६२ पुस २३ गते नारायण दल गणका क्याप्टेन सोमबहादुर कार्कीले राजनीतिक पार्टीले मन्थलीमा निकालेको जुलुसको नेतृत्व गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयमा बोलाई पुनः त्यस्तो कार्य गरेमा नगरकोट घटना दोहोऱ्याई दिने धम्की दिए। पीडकलाई कुनै कारबाही भएन।

लखनपुर गाविसका जनमोर्चाका कार्यकर्ता ३६ वर्षीय रेमबहादुर थापा मगर ०६२ माघ १९ गते ७ दलले मन्थलीमा निकालेको विरोध जुलुसमा प्रहरीले गरेको लाठीचार्जमा घाइते भए। लौराले लाग्दा उनको दाहिने हातको एउटा औला भाँचियो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

सात दलले ०६२ चैत २४ गतेदेखि सञ्चालन गरेको विरोध कार्यक्रम विथोल्न ०६२ चैत २२ र २३ गते स्थानीय प्रशासनले मन्थलीबाट काठमाडौं जाने अरनिको यातायातको सम्पूर्ण बसहरू बन्द गर्न लगायो। यातायात नचलेको कारण सर्वसाधारणको आवत जावत ठप्प भयो।

सात राजनीतिक दलले मन्थलीमा निकालेको विरोध जुलुसमा ०६३ वैशाख ४ गते जिविसको गेट अगाडि सादापोसाकमा रहेका सुरक्षाकर्मीले हानेको ढुङ्गाले लागी नेविसंघका कोषाध्यक्ष २३ वर्षीय रामहरि पौडेलमा टाउको चोट लाग्यो। उनको काठमाडौं मोडल अस्पतालमा लगी उपचार गरियो।

माओवादीबाट

भुजी, प्रिती, गुप्तेश्वर, दुरागाउँ, गेलु, चनखु र लखनपुर गाविसमा ०६३ वैशाख १ गतेबाट मतदाता नामावली सङ्कलन गर्न गएका मतदाता नामावली संकलकहरूलाई माओवादीले गर्न दिएनन्। उनीहरूले राज्यको नयाँसंरचना नभएसम्म नामावली सङ्कलन गर्न नदिने बताएर नामावली संकलकहरूलाई फिर्ता पठाए।

हिमगंगा रेन्जपोष्ट अर्न्तगतका सातओटा गाविसका सामुदायिक वनका उपभोक्ताहरूको सालु गाविसमा ०६३ असार ६ गते सम्पन्न अधिवेशनमा आफूलाई नबोलाएको भन्दै माओवादीले सो समिति अवैध भएको भन्दै कुनै पनि काम नगर्न धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा जिम्मेवारी सरेर आएका सहित कूल ८४ ओटा मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छन्। जसमध्ये सरकारवादी फौजदारी १३ ओटा, दुनियाँवादी साधारण फौजदारी १८, गाली बेइज्जती तीन, संक्षिप्त फौजदारी पाँच र देवानी मुद्दा ४५ ओटा रहेका छन्। त्यस्तै यसवर्ष अदालतमा नौओटा सरकारवादी फौजदारी तथा २३ ओटा साधारण फौजदारी सातओटा, गाली बेइज्जती, १३ ओटा संक्षिप्त फौजदारी र ४२ ओटा देवानी मुद्दा दर्ता भए। यस अवधिमा दुई ओटा सरकारवादी फौजदारी, १२ ओटा संक्षिप्त फौजदारी, ११ ओटा साधारण फौजदारी, चारओटा गाली बेइज्जती र २९ ओटा देवानी मुद्दा फर्स्यौट भए। अदालतमा पाँच वर्ष नाघेका मुद्दाहरू भने छैनन्।



जनआन्दोलनमा सहभागी भइरहेको अवस्थामा सुरक्षाकर्मीले ढुङ्गाले हानी घाइते पारिएका होमनाथ पौडेल

बालअधिकार

बाङ्गेसल्ला मावि पुरानागाउँका एकदेखि तीन कक्षासम्म अध्ययन गर्ने छात्राहरूलाई सोही विद्यालयका शिक्षक ४२ वर्षीय राजेन्द्र श्रेष्ठले हस्तमैथुन, मुखमैथुन गर्न लगाउने तथा छात्राहरूको संवेदनशील अंगहरूमा चलाएर यौन शोषण गर्ने गरेको ०६३ असार ८ गते सार्वजनिक भयो। सो थाहा पाएपछि माओवादीले असार ८ गते अभिभावक बोलाई ती शिक्षकलाई एक वर्षको तलब माओवादीलाई बुझाउनु पर्ने र सरुवा भएर अन्यत्र जानु पर्ने निर्णय सुनाए।

सिद्धेश्वर प्राबि दुरागाउँ, वृषेश्वर प्राबि बिजुलीकोट, रूपादेवी प्राबि बिजुलीकोट, भृङ्गेश्वरी प्राबि बिजुलीकोट र क्षेरिङ्गेश्वरी प्राबि बिजुलीकोटले ०६२ फागुन महिनाको पौष्टिक आहार सामग्री तथा छात्राहरूले पाउने तेल समेत पाएनन्। जिल्ला शिक्षा कार्यालयको धोवी बितरण केन्द्रले चैत ३ गते बितरण गर्नु पर्ने सो सामाग्री ०६३ वैशाख ३ गते दिने भनिएको भए पनि सो महिनामा समेत नदिएपछि करिब ६ सय विद्यार्थीहरू एक महिना पौष्टिक आहारबाट वञ्चित भए।

माओवादीबाट

आखेनी गाविस-९ निवासी १४ वर्षीय देवराज तामाङ, १६ वर्षीय घनश्याम तामाङ, १५ वर्षीया भक्ती तामाङ र १६ वर्षीया जालीमाया तामाङलाई ०६३ साउन २७ गते माओवादीले गाउँबाट अपहरण गरे। अपहरितका आफन्तहरूले छोराछोरीलाई पटक-पटक भट्न खोज्दा पनि माओवादीले भेट गर्न दिएनन्।

टोकरपुर गाविस-३ निवासी १४ वर्षीय हरिकृष्ण बसेल र १७ वर्षीय माहिला बसेललाई ०६३ भदौ २५ गते माओवादीले कण्ठेश्वर मावि टोकरपुरबाट अपहरण गरी लगे। जनमोर्चाको दबाबको कारण हरिकृष्णलाई असोज ११ गते र माहिलालाई असोज १४ गते माओवादीले मुक्त गरे।

गोठगाउँ गाविस-३ निवासी १४ वर्षीया सानू तामाङ र १३ वर्षीया सम्झना बुढाथोकीलाई ०६३ कात्तिक १५ गते माआवादीले १ सय डलर तलब दिने भनी सालु गाविसको सालुबजारबाट अपहरण गरे। माओवादीले उनीहरू आफूखुसी पार्टीमा आएको बताए। पीडितलाई आफन्तहरूसँग भेट गर्न दिइएन।

दुरगाउँ गाविस-४ निवासी १४ वर्षीय चम्पक नेपाली, १६ वर्षीय रविन नेपाली र १५ वर्षीय विनोद

विश्वकर्मालाई ०६३ कात्तिक १९ गते माओवादीले १ सय अमेरिकी डलर तलब दिने भनी सेनामा माओवादीको जनसेनामा भर्ती गराउन लगे। पीडितहरू घर फर्किएका छैनन्।

सुनारपानी गाविस-१ निवासी सेतीदेवी मावि सालुमा ८ कक्षामा अध्ययन गर्ने छात्रहरू १४ वर्षीय गणेशबहादुर श्रेष्ठ, १४ वर्षीय पर्शुराम नेपाली, १४ वर्षीय महेश्वर नेपाली र १६ वर्षीय शिव भुजेललाई विद्यालयमा पढ्न गएको बेला सेनामा जागिर लगाई दिने भनी ०६३ कात्तिक २१ गते माओवादीले विद्यालयबाट अपहरण गरी लगे। पीडितहरू मंसिर २१ गते घर फर्किए।



माओवादीको कुटपिटबाट घाइते भएका गोपाल भुजेल

देउराली गाविस-९ निवासी ८ कक्षामा अध्ययनरत १३ वर्षीय शिवराज पौडेललाई तलब दिने प्रलोभनमा ०६३ कात्तिक २६ गते माओवादीले अपहरण गरे। उनलाई खोज्न गएका उनका दाजु १५ वर्षीय विनय केसीलाई पनि कात्तिक २८ गते माओवादीले आफूसँगै लगे। पीडितहरू घर फर्किएका छैनन्। उनीहरू सेनाद्वारा हत्या गरिएका रामेछापका पत्रकार राजकुमार केसीका छोराहरू हुन्।

देउराली गाविस-८ निवासी १४ रामचन्द्र खत्री, १३ वर्षीय राजन खत्री र देउराली ९ निवासी १४ वर्षीय रमेश खत्रीलाई ०६३ कात्तिक २७ गते माओवादीले सेनामा जागिर लगाउने प्रलोभनमा फकाएर लगे। पीडितहरू मंसिर २७ गते घर फर्किए।

सालु गाविस-५ निवासी १५ वर्षीय रमेश घिमिरेलाई ०६३ कात्तिक २८ गते १ सय डलर तलब दिने प्रलोभनमा माओवादीले लगेकोमा उनीहरू फर्किएका छैनन्।

महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव/दुर्व्यवहार

बहुविवाह

मन्थली गाविस-४ निवासी ४० वर्षीया सन्तमायाँ खत्रीलाई अवैध यौन सम्पर्क राखेको भन्दै ०६३ वैशाख ५ गते आफ्नै पति ४५ वर्षीय लोकबहादुर खत्रीले गुप्ताङ्गमा छाताले घोचेर गम्भीर घाइते पारे। पीडकलाई प्रहरीले तत्काल गिरफ्तार गरी कागज गराएर छाडिदियो। पीडकले ०६३ जेठ ३१ गते दोश्रो बिवाह गरे। पीडितले बहुविवाहको मुद्दा दायर गरिन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

माओवादीबाट

गुराँसे-चौरी-दोलालघाट सडकमा चल्ने यातायातका साधनहरूलाई कर नतिरेको भनी ०६२ माघ ९ गतेबाट माओवादीले सो रुटमा चल्न रोक लगाए। माओवादी र यातायात व्यावसायिहरूबीच समझदारी भएपछि यातायात सञ्चालन भयो।

पकरबास गाविस-४ निवासी व्यापारीहरू कृष्णप्रसाद पौडल, अर्जुन मैनाली, खेम खत्री, हरिबहादुर पौडेल, र कृष्णबहादुर कार्कीलाई ०६३ जेठ १० गते बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म माओवादीले एउटा घरमा थुनेर विभिन्न करका नाममा नगद ४ हजार ६ सय रुपैयाँ असुले।

रामेछापमा क्रियाशील सम्पूर्ण सरकारी र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई ०६३ कात्तिक २ गते माओवादीका जिल्ला जनसकार प्रमुख डिल्लीमान तामाङले एक विज्ञप्ति प्रकाशन गरी कुनै पनि काम नगर्न धम्की दिए। सरकार माओवादीबीचको सहमति कार्यान्वयन नभएको भन्दै माओवादीले सामाजिक काममा रोक लगाएका थिए।

भटौली गाविस-४ निवासी शिक्षक मुकुन्दप्रसाद प्रसाई, रामेश्वर ढुङ्गेल, अहेव रामप्रसाद प्रसाई, भटौली गाविस-२ निवासी बद्रि प्रसाई, हर्क माझी, भटौली ५ निवासी बिचारी माझीलाई ०६३ कात्तिक ४ गते माओवादीले जुवा खेलेको आरोपमा उनीहरुको नगद १४ हजार रुपैयाँ लुटे। स्थानीय बासिन्दाले त्यसको विरोधमा माओवादीको सम्पर्क कार्यालय घेराउ गरेपछि भोलिपल्ट माओवादीले १२ हजार मात्र रुपैयाँ फिर्ता गरे।

मन्थली-सलु-देउराली रुटमा चल्ने सम्पूर्ण यातायात साधनलाई ०६३ कात्तिक १७ गतेदेखि माओवादीले सालुपाटी बजारमा ढाट राखी सवारी कर भन्दै प्रति टिप ५० देखि १ सय रुपैयाँसम्म असुल गरे। यातायात व्यावसायीले कडा विरोध जनाएपछि माओवादीले एक सातापछि सो कार्य बन्द गरे।

अघिल्लो वर्ष तिल्पुङ गाविस-३ निवासी ४५ वर्षीया सीता मगर, कठजोर गाविस-३ निवासी गाविस सचिव तारणिशंकर अधिकारी, शिक्षक रामचन्द्र अधिकारी, बिजुलिकोट गाविस-१ निवासी गाविस-सचिव केदार तिमल्सेना, तिल्पुङ गाविस-४ निवासी काजी पाण्डे, देउराली गाविस-८ निवासी टहलबहादुर कार्की, तिल्पुङ गाविस-७ निवासी जीतमान तामाङ, ओखेनी गाविस-२ निवासी कर्मराज तामाङ, बिजुलीकोट गाविस-१ निवासी वीरबहादुर खड्का, दुर्गाबहादुर खड्का, उक्तबहादुर खड्का, हिमगंगा गाविस-३ निवासी यमबहादुर जोगी, ओखेनी गाविसका गाविस-सचिव गेहेन्द्र दर्लामीको घरबाट लुटेको धनमाल माओवादीले फिर्ता गरेका छैनन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका नौजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा गुन्सी गाविस-३ निवासी दिनेश चौलागाईं, पुरानागाउँ गाविस-६ निवासी पुष्पकुमार गिरी र राकाथुम गाविस-६ निवासी ईश्वरकुमार लामा, भीरपानी गाविस निवासी दीर्घबहादुर श्रेष्ठ, चुचुरे गाविस निवासी किरण लामा, प्रकाश लामा, हिलेदेवी गाविस-२ निवासी राजकुमार मगर, हिमगंगा गाविस-६ निवासी टीकाराम विश्वकर्मा, हिमगंगा गाविस-४ निवासी दिलबहादुर थापा र लखनपुर गाविस-३ ढाँडे निवासी डुण्डु तिवारी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी एकजना बेपत्ता पारिएका छन्। यसरी बेपत्ता पारिएकामा प्रिती गाविस-६ निवासी उपेन्द्रप्रसाद गुरागाईं रहेका छन्।

अज्ञात समूहबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म अज्ञातसमूहबाट विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सैपु गाविस-१ पोकु निवासी खड्गबहादुर राउत, भटौली गाविस-५ निवासी प्रसुन कँडेल, नामाडी गाविस निवासी लोकबहादुर खड्का, रमेशबहादुर खड्का र रामजी खड्का रहेका छन्।

२.६ दोलखा



जनसंख्या	: २,१८,०४५
साक्षरता प्रतिशत	: ५४.१
महिला साक्षरता प्रतिशत	: ३३.४७
क्षेत्रफल (वर्ग कि. मि.)	: २१९१
गाविस/नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७६
क्याम्पस/उच्च मा.वि.	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/५४
टेलिफोन लाइन	: ४७६
मोटर सडक (कि. मि.)	: १४९.७
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५४
मानव विकास सूचकाङ्क	: ०.४५०
प्रति परिवार सरदर संख्या	: ५.०५

गोली / बम/ विष्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

सुनखानी गाविस-७ निवासी १६ वर्षीय सन्तोष सार्की र सोही स्थानकी ३५ वर्षीया भगवती सार्की ०६३ भदौ ३ गते माओवादीले सुनखानी गाविस-७ मा छाडेको सकेट बम विष्फोट भई घाइते भए। बाटो सफा गर्ने क्रममा खुकुरीले विष्फोटक पदार्थ छुँदा पड्किन गई पीडितहरू घाइते भएका थिए। पीडितमध्ये सन्तोष सार्कीको अनुहारभरि चोट लागेको र भगवती सार्कीको भने नङ मात्र झरेको थियो। उक्त घटनामा १३ जना स्थानीयवासी आधाघण्टासम्म बेहोस भएका थिए। पीडितको चरिकोटस्थित च्छोरोल्पा पोलिक्लिनिकमा उपचार गरियो।

जेल र बन्दी

भीमेश्वर नपा-१ स्थित ३८ जना क्षमताको जीर्ण जिल्ला कारागार ०६१ चैत २७ गते माओवादीले जलाएपछि जिल्ला प्रहरी कार्यालयको साँघुरो कोठामा सरेको छ। जेलको नाम दिइएको सो साँघुरो कोठामा पाँचजना कैद नतोकिएका पुरुष मात्र रहेका छन्। उक्त कोठामा पाँच इन्चको टीभी रहेको छ। थुनुवाले घाम ताप्न, पत्रिका पढ्न नपाएको गुनासो गरे। कैद तोकिएकाहरूलाई कारागार नभएको कारण काठमाडौं पठाउने गरिएको जिल्ला कारागार शाखाले जनायो।

बेपत्ता/अपहरण

माओवादीबाट

भीमेश्वर नपा-७ निवासी राप्रपा कार्यकर्ता ३८ वर्षीय विष्णु श्रेष्ठलाई नगर निर्वाचनमा उम्मेदवार हुन नदिन ०६२ माघ १० गते माओवादीले लामीडाँडा गाविस-६ सिँगटीबजारबाट अपहरण गरे। पीडितलाई माघ १६ गते सुन्द्रावतीबाट मुक्त गरे।

जिल्ला वन कार्यालय, दोलखामा कार्यरत सिरहा जिल्ला इनर्वा गाविस-१ निवासी ३० वर्षीय प्रदीप चौधरी र सोही कार्यालयमा कार्यरत सर्लाही जिल्ला नेत्रगञ्ज गाविस-१ निवासी ३४ वर्षीय वीरेन्द्र पासवानलाई अनुमति नलिई कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई जफे गाविस-६ स्थित सडकमा बसबाट ओराली अपहरण गरिएकोमा फागुन २१ गते इन्सेक प्रतिनिधि उद्धव पोखरेलको रोहबरमा जफे गाविस-७ बाट मुक्त गरियो।



बेवारिसे बम विस्फोटमा परी घाइते भएका भगवती सार्की र सन्तोष सार्की

भीमेश्वर नपा-८ निवासी ६८ वर्षीय रामबहादुर कुँवर र सोही स्थानका ५४ वर्षीय अम्बरबहादुर कार्की नगर निर्वाचनमा उम्मेदवार बनेको आरोपमा ०६२ चैत ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितहरूलाई चैत १० गते गते इन्सेक प्रतिनिधि र हुराडेक नेपालका प्रतिनिधिको रोहबरमा काटाकुटीबाट मुक्त गरियो।

खारे गाविस-९ निवासी १५ वर्षीय नेत्रबहादुर मगर, १८ वर्षीय सन्तु मगर र १४ वर्षीया निर्मला मगरलाई उनीहरूका अभिभावकले भालु मारेको आरोपमा ०६३ वैशाख २४ गते माओवादीले मार्बु गाविस-४ बाट अपरहण गरे। पीडितहरू ०६३ वैशाख १० गते परिवारको जिम्मामा मुक्त भए।

भीमेश्वर नपा-४ निवासी १४ वर्षीय अजय तामाङलाई ०६३ असार १२ गते माओवादीले घरबाटै अपहरण गरे। स्थानीय भीम उमाविमा अध्ययरत पीडितलाई ०६३ असोज १० गते मुक्त गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते				३	५	१	६					
गिरफ्तारी/यातना								७	१०	६		१६
कुटपिट								३	४			४
भेला/संगठित हुने अधिकार								७	९		८७	९६
महिलाअधिकार	१	१	१									
बालअधिकार	३	३	३									
अपहरण				११	३७	३	३०					
जम्मा	३	३	३	१३	३३	४	३६	१६	३३	६	८७	११६



सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका पुस्कर दाहाल

फस्कू गाविस-२ निवासी १६ वर्षीया सरीता तामाङलाई ०६३ साउन २८ गते माओवादीले कालिका माबि फस्कूबाट अपहरण गरे। तर माओवादीले भने पीडित राजीखुशीले माओवादीमा लागेको जनाए।

भीमेश्वर नपा-९ निवासी १७ वर्षीय रमेश गिरी र १३ वर्षीय विनोद बस्नेतलाई ०६३ भदौ ५ गते बेलुकी ५ बजे खेलिरहेको ठाउँबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई ०६३ असोज १० गते मुक्त गरियो।

गैरकानुनी गिरफ्तारी

भीमेश्वर नपा-११ निवासी ३८ वर्षीय भरतप्रसाद चौलागाईंलाई माओवादी भएको आरोपमा ०६२ माघ १९ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन ४ गते रिहा गरियो।

चिलङ्खा गाविस-९ निवासी होटल व्यवसायी २० वर्षीय किरण खड्का र सोही गाविसका होटल व्यवसायी २२ वर्षीय देवराज खड्कालाई माओवादी भएको आरोपमा ०६२ माघ २२ गते उनीहरूलाई प्रहरीले गिरफ्तार गरे। नागरिकता बनाउन सदरमुकाम आएका पीडितलाई गिरफ्तार गरिएकोमा ०६२ माघ २४ गते रिहा गरियो।

घ्याडसुकाठोकर गाविस-५ निवासी २१ वर्षीय रामबहादुर लामालाई माओवादी भएको आरोपमा ०६२ माघ २३ गते प्रहरीले उनलाई चरिकोटबाट गिरफ्तार गरी चैत १९ गते रिहा गरे।

भेड्पु गाविस-१ निवासी २६ वर्षीय रविन्द्र अधिकारीलाई माओवादीको आशंकामा ०६२ फागुन १ गते प्रहरीले चरिकोटबाट गिरफ्तार गरेकोमा चैत २३ गते रिहा गरे।

भेड्पु गाविस-४ निवासी ७७ वर्षीय डम्बरबहादुर गोलेलाई ०६२ चैत ३१ गते प्रहरीले भीमेश्वर नपा-१ स्थित सभाहलबाट गिरफ्तार गरे। नेपाल रेडक्रस सोसाइटीको चुनावमा मतदान गर्न आएको बेला माओवादीको आशंकामा गिरफ्तार गरिएका पीडितलाई ०६३ वैशाख ३ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मिर्गे गाविस-५ निवासी नेकाँका ४४ वर्षीय कृष्ण दहाल, खारे गाविस-४ निवासी अनेरास्वबियुका २१ वर्षीय देवराम बुढाथोकी, काब्रे गाविस-६ निवासी ४४ वर्षीय पर्शुराम दहाल, जिल्ला प्रहरी कार्यालय दोलखाका इन्सपेक्टर ४६ वर्षीय गोविन्द झा ०६३ माघ १३ गते प्रहरीसँग भीमेश्वर नपा-१० स्थित चरिकोट बजारमा भएको झडपमा परी घाइते भए। शान्तिपूर्ण जुलुसलाई प्रहरीले रोक्न खोज्दा झडप भएको थियो। घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भएको थियो।

काब्रे गाविस निवासी एमालेका सांसद ४८ वर्षीय पशुपति चौलागाईं, झुले गाविस-३ निवासी एमालेका ४३ वर्षीय बाबुकाजी कार्की, क्षेत्रपा गाविस-५ निवासी ३२ वर्षीय ताराबहादुर खड्का, काब्रे गाविस-४ निवासी ४९ वर्षीय ऋषिकेश उप्रेती, भीमेश्वर नपा-१० निवासी एमालेका ४१ वर्षीय भरत केसी, भीमेश्वर नपा-१ निवासी ५६ वर्षीय प्रदीप मानन्धर, नाम्दु गाविस-३ निवासी नेकाँका ३७ वर्षीय किरण लामा, झुले गाविस-३ निवासी अनेरास्वबियुकी १८ वर्षीया दुर्गा कार्की, मागापौवा गाविस-२ निवासी अनेरास्वबियुका १८ वर्षीय नेत्र मोक्तान, सुनखानी गाविस-२ निवासी २६ वर्षीय राजेन्द्र खरेल, भीमेश्वर नपा-१३ निवासी विद्यार्थी १७ वर्षीय टायमपास लामालाई ०६२ माघ १३ गते प्रहरीले भीमेश्वर नपा-१० चरिकोट बजारबाट गिरफ्तार गरे। शान्तिपूर्ण रूपमा नेपाल बन्द आह्वान गर्दा उनीहरूलाई गिरफ्तार गरिएकोमा ०६२ माघ १४ गते रिहा गरियो।

भीमेश्वर नपा-९ निवासी गौरीशङ्कर क्याम्पस चरिकोटका सहायक क्याम्पस प्रमुख ३९ वर्षीय कृष्ण बस्नेत, सुनखानी गाविस-३ निवासी हुराडेक-नेपाल, दोलखाका अध्यक्ष ३८ वर्षीय होम पाठक, भीमेश्वर नपा-१ निवासी पत्रकार महासंघ, दोलखाका सभापति ३६ वर्षीय चिरञ्जीवी मास्के, पत्रकारहरू ३५ वर्षीय राजेन्द्र मानन्धर, ३५ वर्षीय शम्भु गौतम, फोटो पत्रकार ३८ वर्षीय राजेन्द्र श्रेष्ठ, नाम्दु गाविस-३ निवासी नेकाँका ३७ वर्षीय किरण लामा, घ्याडसुकाठोकर गाविस-५ निवासी अनेरास्वबियुका २२ वर्षीय

विश्वास भण्डारी, पवटी गाविस-६ निवासी अनेरास्वियुका २१ वर्षीय सन्तोष विमली, जफे गाविस-९ निवासी नेविसंघका २२ वर्षीय चन्द्रगणेश काफ्लेलाई ०६२ माघ १९ गते भीमेश्वर नपा-१० चरिकोट बजारबाट प्रहरीले गिरफ्तार गऱ्यो। शान्तिपूर्ण जुलुसमा सहभागी भएको अवस्थामा उनीहरूलाई गिरफ्तार गरिएकोमा सोही दिन साँझ रिहा गरियो।

घ्याडसुकाठोकर गाविस-२ निवासी एमालेका ५२ वर्षीय शिव भण्डारी, जफे गाविस-१ निवासी ४५ वर्षीय ईश्वरचन्द्र पोखरेल, झुले गाविस-३ निवासी ४३ वर्षीय बाबुकाजी कार्की, बोच गाविस-३ निवासी ३८ वर्षीय भुवन केसी, च्यामा गाविस-८ निवासी अनेरास्वियुकी २० वर्षीया सुनीता शर्मालाई ०६२ चैत २३ गते प्रहरीले भीमेश्वर नपा-१० स्थित सातदोबाटेमा कुटपिट गरे। शान्तिपूर्ण जुलुस निकाल्दा प्रहरीले कुटपिट गरेका थिए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

भीमेश्वर नपा-८ निवासी नेकाँका ५२ वर्षीय शङ्कर बस्नेत, सुनखानी गाविस-२ निवासी २१ वर्षीय काजी आचार्य र जिल्ला प्रहरी कार्यालय दोलखामा कार्यरत प्रहरी जवान २६ वर्षीय ईन्द्रबहादुर खड्का ०६२ चैत २७ गते प्रहरीले भीमेश्वर नपा-१० स्थित चरिकोट बजारमा जथाभावी गरेको लाठीचार्जबाट घाइते भए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

काब्रे गाविस-४ निवासी एमालेका ५७ वर्षीय पुष्कर दाहाल, बोच गाविस-३ निवासी ३८ वर्षीय भुवन केसी, लाँकुरी गाविस-५ निवासी नेकाँका ५२ वर्षीय वेदबहादुर केसी, भीमेश्वर नपा-१ निवासी तरुण दलका ३१ वर्षीय जयराम श्रेष्ठ, काब्रे गाविस-५ निवासी जिविसका कर्मचारी ३२ वर्षीय राम्जिप्रसाद दाहाल, जिल्ला प्रहरी कार्यालय दोलखामा कार्यरत प्रहरी हवल्दार ३१ वर्षीय इन्द्रबहादुर थापा ०६२ चैत ३१ गते प्रहरीले भिमेश्वर नपा-१ स्थित पुरानो बजारमा गरेको लाठीचार्जबाट घाइते भए। पीडितहरूको सामान्य उपचार गरियो ।

झुले गाविस-३ निवासी एमालेका ४३ वर्षीय बाबुकाजी कार्कीलाई ०६३ चैत २४ गते प्रहरील भीमेश्वर नपा-१० चरिकोटबजारबाटै गिरफ्तार गरे। शान्तिपूर्ण जुलुसमा भाग लिएको अवस्थामा पीडितलाई गिरफ्तार गरिएकोमा तीन महिने थुनुवा पूर्जी दिई ०६३ वैशाख ३ गते गते



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका इश्वर कार्की



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका पुस्करनाथ पोखरेल

रिहा गरियो।

जफे गाविस-१ निवासी एमालेका ४५ वर्षीय इश्वरचन्द्र पोखरेल, झुले गाविस-३ निवासी अनेमसंघकी २८ वर्षीया सिर्जना कार्की, भीमेश्वर नपा-१० निवासी अनेरास्वियुका १९ वर्षीय रोशन केसी, झुले गाविस-५ निवासी २० वर्षीया कोपिला कार्की, च्यामा गाविस-४ निवासी २० वर्षीय पारशमणी फुयाँल, च्यामा गाविस-८ निवासी २० वर्षीया सुनिता शर्मा, काब्रे गाविस-६ निवासी २५ वर्षीय मेघराज खतिवडा, मागापौवा गाविस-३ निवासी १९ वर्षीय नेत्र मोक्तान, झुले गाविस-५ निवासी २० वर्षीया भवानी कार्की र सोही गाविस निवासी २२ वर्षीया दुर्गा कार्कीलाई ०६२ चैत २५ गते प्रहरीले चरिकोट बजारबाट गिरफ्तार गरे। पीडितहरूलाई गिरफ्तार गरिएकोमा तीन महिने थुनुवा पूर्जी दिइयो। पीडितमध्ये कोपिला, भवानी, दुर्गा, सुनिता र सिर्जनालाई चैत २७ गते, रोशन, पारशमणि, मेघराज र नेत्र मोक्तानलाई चैत २९ गते र ईश्वरचन्द्र पोखरेललाई ०६३ वैशाख ३ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत दोलखामा गत वर्षको जिम्मेवारी सरेका पाँचमध्ये दुईओटा मुद्दा फर्स्यौट भई तीनओटा बाँकी रहे। यसवर्ष दर्ता भएका ३९ ओटामा ११ फर्स्यौट भई २८ ओटा बाँकी रहेका र गत वर्षका बाँकी तीन गरी ३१ ओटा दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहे। सरकारवादी फौजदारीमा



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका शिवप्रसाद भण्डारी

गत वर्षको जिम्मेवारी सरेर आएका ११ मध्ये आठ ओटा फर्स्यौट भई तीन ओटा र यसवर्ष दर्ता भएका १३ ओटामा दुईओटा फर्स्यौट भई ११ ओटा गरी १४ र देवानीमा गतवर्षको जिम्मेवारी सरेका ६१ मा ३० ओटा फर्स्यौट भई ३१ र यसवर्ष दर्ता भएका ५८ ओटामा सातओटा फर्स्यौट भई ८२ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालत दोलखाले जनाएको छ।

बालअधिकार

सुस्पाक्षमावती गाविस-४ निवासी १४ वर्षीय मधुकर थामी, १८ वर्षीय पुस्कर थामी, सुस्पाक्षमावती गाविस-८ निवासी १४ वर्षीय गणेशबहादुर दुलाल, सुस्पाक्षमावती गाविस-७ निवासी १४ वर्षीय सूर्यबहादुर थामी, सोही ठाउँ निवासी १५ वर्षीय राजेश थामी, १५ वर्षीय कृष्ण थामी, १५ वर्षीय भीमबहादुर थामी, सुस्पाक्षमावती गाविस-५ निवासी १४ वर्षीय केदार थामी र सोही ठाउँ निवासी १५ वर्षीय मोहन थामी र रमेश थामीलाई ०६३ भदौ ११ गते माओवादीले सुस्पाक्षमावती गाविस-४ स्थित क्षमावती माविबाट अपहरण गरे। क्षमावती माविमा थामी मुक्ति मोर्चाको अधिवेशन भइरहेको समयमा अधिवेशन स्थलबाटै अपहरण गरिएको पीडितका अभिभावकले बताए। पीडितमध्ये सूर्य, मधुकर, मोहन, केदार, गणेश, कृष्ण, पुस्कर, राजेशलाई ०६३ असोज ६ गते संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालयका प्रतिनिधिको रोहबरमा चरिकोटबाट मुक्त गरे। अपहरितमध्ये रमेश शैलुङ्गेश्वरबाट भागी घर फर्के भने भीमलाई युनिसेफका प्रतिनिधिले मागा देउरालीबाट बुझी काठमाडौंतर्फ लगेको सो कार्यालयले जनायो।

सुस्पाक्षमावती गाविस-४ निवासी १६ वर्षीय नारायण थामी, सोही गाविस-८ निवासी १४ वर्षीय राजु थामी, १७ वर्षीय श्याम थामी, सुस्पाक्षमावती गाविस-७ निवासी विनोद थामी, १४ वर्षीय रामकृष्ण थामी र पूर्णबहादुर थामीलाई ०६३ भदौ १२ गते माओवादीले सुस्पाक्षमावती गाविस-४ स्थित क्षमावती माविबाट अपहरण गरे। क्षमावती माविमा थामी मुक्ति मोर्चाको अधिवेशन भइरहेको अवस्थामा अधिवेशन स्थलबाट पीडितहरूलाई अपहरण गरिएको थियो। अपहरितमध्ये पूर्णबहादुर थामी र रामकृष्ण थामी ०६३ भदौ १८ गते शैलुङ्गेश्वरबाट भागी घर फर्के भने राजु, नारायण र विनोदलाई ०६३ असोज ६ गते संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालयका प्रतिनिधिको रोहबरमा चरिकोटबाट मुक्त गरियो। त्यस्तै श्यामलाई भने युनिसेफका प्रतिनिधिले मागापौवा गाविसमा बुझी काठमाडौं लगेको युनिसेफले जनायो।

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव/दुर्व्यवहार दुर्व्यवहार

गैरीमुदी गाविस-१ निवासी नारायणी मावि भीरकोटका शिक्षक ४२ वर्षीय देवदास श्रेष्ठ, भीरकोट गाविस-९ निवासी पशुपति कन्या माविका शिक्षक ५० वर्षीय दुर्गा काफ्ले र भीमेश्वर नपा-१० निवासी गाडी चालक २८ वर्षीय निर्मल थापालाई ०६२ पुस २५ गते शेर गणका सेनाले भीमेश्वर नपा-१ स्थित सडकमा कुटपिट गरे। अस्पतालमा बिरामी भर्ना गरी फर्केको अवस्थामा पीडितलाई गाडी रोकी सेनाले कुटपिट गर्दै सडकमा सुतेर घिस्रन लगाएका थिए। जिल्ला प्रशासन कार्यालय दोलखालाई नागरिक समाज, पत्रकार र मानवअधिकारकर्मीले घटना बारे जानकारी गराउँदा घटना नदोहोरिने जनाइयो। तर पीडकलाई कारवाही भने भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

विस्थापित

दोलखामा माओवादी जनयुद्ध सुरु भएयता ५१ परिवार विस्थापित भएको जिल्ला प्रशासन कार्यालयको अभिलेख रहेको छ।

मालापोत कार्यालय, दोलखा अनुसार अनुसार ३ सय ६८ परिवार सुकुम्बासी रहेका छन्।

२.७ रौतहट



जनसंख्या : ५,४५,१३२
साक्षरता प्रतिशत : ३३.४
महिला साक्षरता प्रतिशत : २१.६६
क्षेत्रफल (वर्ग कि. मि.) : ११२६
गाविस/नपा संख्या : ९६/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३९९
क्याम्पस/उच्च मा.वि. : ३/५
अस्पताल/स्वास्थ्य चौकी : १/९३
टेलिफोन लाइन : १२६५
मोटर सडक (कि. मि.) : १३८०
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ८५
मानव विकास सूचकाङ्क : ०.४०९
प्रति परिवार सरदर संख्या : ६.८९

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

बीरगञ्ज नपा-१४ रानीघाट निवासी माओवादी कार्यकर्ता २३ वर्षीय सिजनराज पाण्डेको ०६२ माघ २४ गते दिउँसो जिल्ला प्रहरी कार्यालय गौर र बराह दल गुल्म पुरेन्वा गौरबाट गएका सुरक्षाकर्मीले पचरुखी गाविसको छतौनाटोलमा गोली हानी हत्या गरे। पीडित दोहोरो भिडन्तमा मारिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाए पनि माओवादीलाई देख्ने वित्तिकै सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरेको प्रत्यक्षदर्शीले जनाए। मृतकको साथबाट सुरक्षाकर्मीले एक थान सिक्सर बन्दुक, छ राउण्ड गोली र तीन ओटा सकेट बम बरामद गरेको थियो। मृतकको लासलाई गौर अस्पतालमा पोष्टमार्टम गरी स्थानीय लालबकैया नदीको किनारामा गाडिएकोमा सात दिनपछि परिवारका सदस्यहरूले उत्खनन गरी सद्गत् गरे।

दिपही गावि-६ निवासी माओवादी कार्यकर्ता ४८ वर्षीय भोलाराय यादव, भसेडवा गाविस-६ निवासी महाराजजी भनिने कमलदेवराय यादव, पारसमणिराय यादव, तेजापाकड गाविस निवासी दिपेन्द्र र डुमरिया गाविस-१ निवासी काठ ठेकेदार २५ वर्षीय सुरेन्द्र ठाकुरको ०६२ फागुन २५ गते संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट सहसेनानी प्रदीप श्रेष्ठको नेतृत्वमा गएको सुरक्षाकर्मीले कनकपुर गाविस-५ को बलुवा जङ्गलमा गोली हानी हत्या गरे। मृतकहरूको लास प्राथमिक स्वास्थ केन्द्र, चन्द्रनिगाहपुरमा पोष्टमार्टम गरी राखिएकोमा मृतकमध्ये सुरेन्द्र ठाकुरको लास आफन्तले बुझी दाहसंस्कार गरे भने अन्य चारजनाको लास स्थानीय चाँदी नदीमा गाडियो।

माओवादीबाट

धादिङ्ग जिल्ला घर भएका प्रहरी जवान गमबहादुर गुरुङ्ग र रौतहट जिल्ला औरैया गाविस घर भएका प्रहरी जवान उमेश बाँनियाको ०६२ चैत १९ गते माओवादीले गौर नपा-८ स्थित बीपी चोकमा डिउटीमा रहेको बेला गोली हानी हत्या गरे। सो समयमा प्रहरी र माओवादीबीच करिब २० मिनेट दोहोरो भिडन्त भएको थियो।

काठमाडौं जिल्ला घर भई जिल्ला ट्राफिक कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत इन्सपेक्टर श्यामसुन्दर विष्टको ०६३ वैशाख ३ गते माओवादीले उनको चन्द्रनिगाहपुरस्थित डेराबाट अपहरण गरी सात सय मिटर उत्तरतर्फ पुऱ्याई गोली हानी हत्या गरे। इन्सपेक्टर विष्टले जिल्ला प्रहरी कार्यालय, तेह्रथुमका रहँदा माओवादी कार्यकर्ताको हत्या गरेको र केन्द्रीय कारागारमा असई रहँदा महिला बन्दीमाथि दूर्व्यवहार गरेको कारणले उनको हत्या गरिएको माओवादीले जनाए।

बसन्तपट्टी गाविस-६ निवासी ३२ वर्षीय शम्भु सहनी र उनका भाइ ३० वर्षीय श्यामसुन्दर सहनीलाई ०६३ जेठ ८ गते बिहान माओवादीले घरबाट अपहरण गरी इनर्वा गाविसमा पुऱ्याई साँझ कोदालोले घाँटीमा हानी उनीहरूको हत्या गरे। माओवादीले पीडितलाई मुक्त गर्न इन्सेक प्रतिनिधि बिपीन गौतम र रेडियो बीरगञ्जका सम्वाददाता फणिन्द्र महतलाई बोलाएकोमा माओवादी आफैं जनताको भेषमा प्रस्तुत भई अपहरण मुक्त गराउन गएका प्रतिनिधिलाई समेत हातपात गरी फिर्ता पठाएर पीडितको हत्या गरे। मृतकको लास बकैया नदीको किनारामा गाडेको अवस्थामा सात दिनपछि फेला पारिएको थियो।

दोहोरो भिडन्त

सिन्धुली जिल्ला खोलागाँउ निवासी माओवादी कार्यकर्ता ३० वर्षीय रामबहादुर तामाङको ०६२ पुस २२ गते चन्द्रनिगाहपुरमा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट गस्तीमा गएका सुरक्षाकर्मीलाई सडक भन्दा उत्तरतर्फ लुकेर बसेका माओवादीले आक्रमण गरेपछि दोहोरो भिडन्त भएको थियो। लासको पोष्टमार्टम नगरी चाँदी नदीमा गाडियो।

रोल्पा जिल्ला निवासी माओवादी कार्यकर्ता ४० वर्षीय रबिनको ०६२ चैत ४ गते लमाहा जंगलमा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। सडकमा माओवादीले राखेको अवरोध हटाउन जाँदा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले बम विष्फोट गराएपछि भएको दोहोरो भिडन्तमा उनको मृत्यु भएको थियो।

गोली/बम/विष्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

डुमरिया मटिऔन गाविस-२ निवासी ४५ वर्षीय बसन्त भनिने हरिबहादुर सापकोटालाई ०६२ फागुन १८ गते सुरक्षाकर्मीले रंगपुर गाविस-५ कटानीमा गोली हानी घाइते पारे। उनलाई स्थानीय बासिन्दाले तोरीको कुनिउमा लुकाएर राखेपछि माओवादीले अज्ञात स्थानमा उनको उपचार गराएका थिए। सापकोटालाई दोहोरो मुठभेडमा मारिएको भनी सरकारी सञ्चार माध्यमले समाचार प्रसारण गरेका थियो। मारिएका भनिएका सापकोटालाई चैत ३ गते माओवादीले इन्सेक प्रतिनिधि र सञ्चारकर्मीसमक्ष भेट गराए।

माओवादीबाट

बडहर्वा गाविस-३ निवासी ६० वर्षीय अनुठा साह ०६२ माघ ७ गते गौरीपिपरा सडकखण्डमा माओवादीले राखेको गाग्री बम विष्फोट भई घाइते भए। सडक छेउमा माओवादीले जमिनमुनि बम राखी सोमाथि लौरो गाडेकोमा सो लौरो उखेल्दा विष्फोट भई घाइते भएका साहको गौर अस्पतालमा उपचार भयो।

बडहर्वा गाविस-३ निवासी मालपोत कार्यालय गौरका पियन ४८ वर्षीय महेश साह ०६२ माघ ७ गते माओवादीले सो कार्यालयमा प्रेसरकुकर बम विष्फोट गराउँदा घाइते भए। कार्यालयको सुरक्षार्थ राति पालोमा रहेका पीडितलाई माओवादीले कार्यालयमा विष्फोट गराउन लाग्दा भाग्न चेतावनी दिएकोमा भाग्दै गर्दा बम विष्फोट भई घाइते भएका थिए। पडितको गौर अस्पतालमा उपचार भयो।

बारा निवासी गौर बीरगञ्ज चल्ने दार्जलिङ्ग बस सेवाका कण्डक्टर सोनेलाल पटेल, रौतहट जिल्ला हजमिनीया गाविस निवासी तेजारथ मिँया र नुवाकोट निवासी जिल्ला प्रहरी कार्यालय गौरमा कार्यरत प्रहरी जवान मदन घलेलाई ०६२ चैत १९ गते माओवादीले गौर नपा-८ स्थित बीपी चोकमा गोली हानी घाइते पारे। घाइतेहरूलाई तत्काल हेलिकप्टरबाट काठमाडौं उपचारको लागि लगियो।

बसन्तपट्टी गाविस-६ निवासी नेकाँका जोगिन्द्र सहनीको घरमा ०६३ जेठ ८ गते माओवादीले बम विष्फोट गराई ५५ वर्षीया अनारकलीदेवी सहनी, ७५ वर्षीया बुधियादेवी सहनी, प्रभु सहनी, गीतादेवी सहनी र शर्मिलादेवी सहनी समेतलाई कुटपिट गरी घाइते पारे। घाइतेमध्ये अनारकलीदवीको भारतको सीतामढीमा उपचार गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट										
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा		घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	५		५	३	५			५		४	८			८
घाइते	३	४		४	४	६	४		१०		१	१			१
गिरफ्तारी/यातना											७	१६			१६
कुटपिट					१	१	१		२						
धम्की					१	१३			१३		१	२			२
भेला/संगठित हुने अधिकार											२			६८	६८
महिलाअधिकार	३		३	३	१			१४	१४		१		१		१
बालअधिकार	१		१	१	१		१		१		१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१						
अमानवीय व्यवहार					२	३			३						
अपहरण	६	५	४	९	१९	३३	१		३३						
जम्मा	१७	१४	८	२२	३३	५१	७	१४	७२		१७	२७	२	६८	९७

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

भूमिसुधार कार्यालय रौतहटका भूमिसुधार अधिकारी मदनकृष्ण उप्रेतीलाई ०६३ कात्तिक १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले सो कार्यालयमा पाइप बम विष्फोट गराई घाइते पारे। उप्रेतीको गौर अस्पतालमा उपचार हुन नसकी काठमाडौंमा उपचार गरियो।

जेल र बन्दी

'ग' श्रेणीको रौतहट जिल्ला कारागारको कूल बन्दी क्षमता ७५ जनाको रहेकोमा ०६३ मंसिर मसान्तसम्म ५५ जना कैदी तथा थुनुवाहरू रहेका छन्। जसमा थुनुवा एक महिला र ३२ पुरुष समेत ३३ जना र कैदी एक महिला र २१ पुरुष समेत २२ जना रहेका छन्। जसमध्ये भारतीय नागरिक चारजना छन्। कर्तव्य ज्यान मुद्दामा थुनुवा र कैदी २४ जना, डाँकामा १४ जना, केही सार्वजनिक अपराधमा एकजना, जीउ मास्ने बेच्नेमा दुईजना, ज्यान मार्ने उद्योगमा एकजना, हातहतियार खरखजानामा एकजना, लागू औषधमा पाँचजना, चोरीमा तीनजना, र जबरजस्ती करणीमा चारजना रहेका छन्।

यस कारागारमा पुरुष बन्दी गृह र महिला बन्दी गृह छुट्टाछुट्टै छन्। पहिलादेखि सञ्चालनमा आएको बाँसको मुढा, फूलदानी र फर्निचर बनाउने व्यवसाय कारागारभित्र सञ्चालन गरिएको छ। मनोरञ्जनको साधनमा टेलिभिजन पाँचओटा, खेल सामग्रीमा क्यारेमबोर्ड, लुँडो, चेस तथा केही पत्रपत्रिकामा उपलब्ध गराइएको कारागार प्रशासनले जनायो। कारागारभित्र सरकारद्वारा सञ्चालित प्राथमिक विद्यालय छ, जसमा ३० जना बन्दी अध्ययन गरिरहेका छन्। कारागारभित्र घरेलु तथा साना उद्योग कार्यालयबाट तीनमहिने सिलाइ कटाई तालिम सञ्चालन गरिएको छ। पुरुष बन्दी गृहतर्फ दुईतले भवनमा १० कोठा रहे पनि भवन जीर्ण भएकाले माथिल्लो तलामा बन्दीलाई जान दिइएको छैन। कारागारमा स्थानीय समाजसेवी सुष्मा मुडभरीले स्थापना गरेको पुस्तकालयमा आइसीआरसीले दिएका पुस्तक रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

मलाही गाविस-३ निवासी ४० वर्षीय जाकिर हुसैन आफ्नो ईलाकामा बिना अनुमति प्रवेश गरेको आरोपमा ०६२ पुस २१ गते माओवादीले उनलाई कनकपुरबाट अपहरण गरी पुस २९ गते सोही ईलाकाबाट मुक्त गरे।

जुडिबेला गाविस-३ निवासी २५ वर्षीय दीपक कुँवर योगीलाई काँचो काठ काटेको आरोपमा ०६२ फागुन ९ गते माओवादीले घरबाट अपहरण गरे। उनलाई स्थानीय



सुरक्षाकर्मीद्वारा हत्या गरिएका माओवादी कार्यकर्ता सिजनराज पाण्डे

बासिन्दाको रोहबरमा आइन्दा त्यस्तो कार्य नगर्ने सर्तमा फागुन २३ गते मुक्त गरियो।

सोनरनिया-४ निवासी दामोदरराय यादवलाई ०६२ फागुन १५ गते बिहान माओवादीले पथरा बुधराम गाविसको सगैयाटोलबाट अपहरण गरे। नेकाँका यादव विस्थापित भई सदरमुकाम गौरमा बस्दै आएकोमा घरमा खाद्यान्न लिन गएका अवस्थामा माओवादीले अपहरण गरेका थिए। अपहरणपछि उनको हात बाँधेर रातभरि जंगल हिंडाएको र यातना दिएको पीडितले बताए। मार्ने योजना बनाएको थाहा पाई खुट्टामा बाँधेको सिक्री खोलेर सोही राति माओवादी कब्जाबाट भागेर सदरमुकाम आई पुगेको पीडितले बताए।

जुडिबेला-९ निवासी ३२ वर्षीय जोगनारायण चौधरीलाई ०६२ फागुन २५ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई फागुन २८ गते मुक्त गरे। ।

बारा जिल्ला कबहीगोठ गाविस-६ निवासी जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रहरी हवल्दार सुरेशकुमार यादव र सोही कार्यालयमा कार्यरत उनकी पत्नी महिला प्रहरी मेनुका राईलाई ०६२ चैत ३ गते माओवादीले पौराई जङ्गलबाट अपहरण गरे। आफनो घरबाट मोटरसाइकलमा कार्यालय जादै गरेका प्रहरी दम्पत्तीलाई माओवादीले बाटोबाटै अपहरण गरेका थिए। अपहरितहरूलाई माओवादीले कुटपिट गरी यातना दिएका थिए। पीडितलाई चैत ६ गते जुडिबेला गाविसमा एक कार्यक्रमको आयोजना गरी इन्सेक प्रतिनिधि बिपीन गौतम र सञ्चारकर्मीको जिम्मामा मुक्त गरियो।

पौराई गाविस-८ निवासी ४० वर्षीय होमबहादुर कार्कीले एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६२ चैत ११ गते बिहान उनलाई माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई स्थानीय बासिन्दाको रोहबरमा चैत १५ गते मुक्त गरे।

डुमरिया मटिऔन गाविस-१ निवासी ४० वर्षीय तेजाबी मियाँलाई डकैती गरेको आरोपमा ०६२ चैत १८ गते

माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले बाँधेर यातना दिई राखेकोमा चैत २५ गते राति माओवादी कब्जाबाट भागेर फर्किए।

धरमपुर गाविस-२ निवासी ३५ वर्षीय राजाराय यादवलाई लेनदेन विवादमा ०६२ चैत २४ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई चैत २८ गते मुक्त गरे।

बसन्तपट्टी गाविस ६ निवासी मनोनित जिविस सदस्य अरुणकुमार जयसवाललाई ०६३ वैशाख १९ गते दिउँसो माओवादीले सखुअवाधमौरा गाविसको हर्षाहा चोकबाट अपहरण गरे। जयसवालले आफ्नो पार्टीको आमसभामा आउने मानिसलाई रोकेको भन्दै अपहरण गरिएको माओवादीले जनाए। उनलाई इन्सेक प्रतिनिधि विपीन गौतमको रोहबरमा वैशाख २० गते देवाहीबाट मुक्त गरियो।

गमहरिया पर्सा गाविस निवासी चन्देश्वरप्रसाद साहलाई ०६३ असार ५ गते बिहान माओवादीले गरुडा बजार आउँदै गर्दा बाटोबाट अपहरण गरे। प्रहरीको सहयोगीको काम गर्दै आएका साहलाई अपहरणपछि केही घण्टा नियन्त्रणमा लिएर सोही दिन मुक्त गरे।

सखुअवाधमौरा गाविस-५ निवासी ५० वर्षीय गनी महमद र रघुनाथपुर गाविस-५ बिर्ताटोलका ४० वर्षीय भरत सहनीलाई डकैतीको आरोपमा ०६३ साउन ३० गते माओवादीले अपहरण गरी चन्द्रनिगाहपुरस्थित माओवादीको अस्थायी बेसक्याम्पमा राखे। उनीहरूलाई भदौ १२ गते डकैती नगर्ने सर्तमा सोही दिन बेसक्याम्पबाट मुक्त गरे।

मकवानपुर जिल्ला रायगाँउ गाविस-१ निवासी ३२ वर्षीय राजु लामालाई ०६३ भदौ १८ गते माओवादीले रौतहट जिल्लाको पौराईबाट अपहरण गरी माओवादीको चन्द्रनिगाहपुरस्थित अस्थायी बेसक्याम्पमा राखे। पीडित लामा भारतको दिल्लीमा काम गर्ने भएकाले उनकी भान्जी मसिन लामालाई भारतमै जागिर लगाइदिएकोमा उनी भागेकाले



माओवादीद्वारा अपहरणपछि हत्या गरिएका शम्भु सहनी र श्यामसुन्दर सहनी

केटीका परिवारले बिक्री गरेको भनी उजुरी गरेपछि उनलाई अपहरण गरेको माओवादीले जनाए। अपहरित लामालाई प्रहरीलाई बुझाउन खोज्दा जिम्मा लिन नमानेकाले कारवाहीको लागि असोज १० गते माओवादीको मकवानपुर जिल्ला संगठनमा बुझाएको माओवादीले जनाए। पीडितको स्थिति अज्ञात छ।

चन्द्रनिगाहपुर-१ निवासी ३५ वर्षीय अनिलकुमार राईलाई ०६३ भदौ ३१ गते माओवादीले घरबाटै अपहरण गरी माओवादीको चन्द्रनिगाहपुरस्थित अस्थायी बेसक्याम्पमा राखे। राईले आफ्नै पत्नीलाई बाराम्बार कुटपिट गर्ने गरेकोले अपहरण गरिएको माओवादीले जनाए। अपहरित राईलाई असोज ९ गते इन्सेक प्रतिनिधि बिपीन गौतम र सञ्चारकर्मीको रोहबरमा मुक्त गरे।

इनर्वा गाविस निवासी ५५ वर्षीय बिहारी पटेललाई ०६३ असोज ७ गते माओवादीले अपहरण गरे। असोज ५ गते सोही गाविसका मौजेलाल साहलाई गोली हानी घाइते पारेको भन्दै उनलाई नियन्त्रणमा लिइएको माओवादीद्वारा घोषित जनसरकार उपप्रमुख राजेन्द्र पटेलले जानकारी गराए। पीडित असोज १० गते मुक्त भए।

करुनिया गाविस-५ निवासी ४५ वर्षीय जवाहिर राउत कुर्मी, ३२ वर्षीय रामनरेश राउत कुर्मी र ३५ वर्षीय कृष्णनन्दनराय यादवलाई ०६३ कात्तिक १३ गते माओवादीले अपहरण गरी चन्द्रनिगाहपुरस्थित उनीहरूको अस्थायी बेसक्याम्पमा राखे। गाँउघरमा चोरी डकैती गर्ने गरेकाले उनीहरूलाई अपहरण गरिएको माओवादीले जनाए। अपहरित तीनैजनालाई इन्सेक प्रतिनिधि बिपीन गौतम र सञ्चारकर्मीको रोहबरमा कात्तिक १४ गते माओवादीको अस्थायी बेसक्याम्पबाट मुक्त गरे।

हथियाही गाविस-२ निवासी पूर्व माओवादी कार्यकर्ता रामाकान्त चौरसिया बरैलाई ०६३ कात्तिक १७ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। पहिला माओवादी कार्यकर्ता रहेका उनी पछि आत्मसर्मपण गरी जिल्ला सदरमुकाम गौरमा बस्दै आएकोमा युद्धविराम भएपछि घरमा गएका थिए। पीडित मंसिर २ गते माओवादीको चन्द्रनिगाहपुरस्थित अस्थायी बेसक्याम्पबाट मुक्त भए।

धरमपुर गाविस-१ निवासी २२ वर्षीय रघुनीराय यादवलाई ०६३ कात्तिक १७ गते माओवादीले उनकै गाँउबाट अपहरण गरे। स्थानीय गाँउलेहरूले उनलाई डकैतीमा संलग्न भएको बताएपछि अपहरण गरिएको माओवादीले जनाए। पीडित मंसिर २ गते मुक्त भए।

मकवानपुर जिल्ला हेटौडा-४ आधुनिक माविमा कक्षा ५ मा अध्ययन गर्ने १३ वर्षीय प्रकाश फुँयाललाई ०६३ मंसिर १ गते माओवादीले चन्द्रनिगाहापुरबाट अपहरण गरी मंसिर ७ गते मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

बिश्रामपुर गाविस-९ निवासी ८१ वर्षीय रिपुमोहन भण्डारीलाई ०६२ चैत ४ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले विश्रामपुर गाविस-५ स्थित बजारबाट अपहरण गरे। उनलाई चैत ७ गते सर्लाही जिल्लाबाट मुक्त गरे।

डुमरिया मटिऔन गाविस-७ चेतनगरटोल निवासी ६० वर्षीय गोपाल श्रेष्ठलाई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले ०६३ मंसिर २१ गते घरबाटै अपहरण गरे। उनलाई जिल्लाको हर्दियापल्टुवा ईलाकामा राखी ६ लाख फिरौती माग गरिएकोमा परिवारले ४९ हजार रुपैंया बुझाएपछि मंसिर २४ गते मुक्त गरे।

विश्रामपुर गाविस-९ निवासी ५० वर्षीय प्रेममोहन भण्डारीलाई ०६३ पुस ३ गते बिहान तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई दिनभरि जङ्गलैजङ्गल हिंडाएर सोही साँझ मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

सोनरनिया गाविस-८ स्थित श्री जनता माविका १४ जना विद्यार्थीहरूलाई ०६३ भदौ ७ गते माओवादीले ज्यान मार्ने धम्की दिएपछि विद्यार्थी विद्यालय छाडी विस्थापित भए। सो विद्यालयका प्रधानाध्यापक पुरुषोतम मिश्र र शिक्षक नागेन्द्रप्रसाद जयसवाललाई विद्यार्थीहरूले भदौ ५ गते मोसो दली गाउँ घुमाएको विषयलाई लिएर माओवादीले शिक्षकका पक्षमा लागी विद्यार्थीलाई मार्ने धम्की दिएका थिए । इन्सेक प्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि बसी छलफल गरेपछि असोज २२ गतेदेखि विद्यार्थीलाई विद्यालयमा फर्किने वातावरण तयार गरियो।

सोनरनिया गाविस-८ निवासी ५५ वर्षीय गौरीनन्दन साह र उनकी पत्नी ५० वर्षीया इन्द्रवतीदेवी साहलाई ०६३ भदौ १५ गते साँझ माओवादीले कुटपिट गरे। कुटपिटबाट गोरिनन्दन गम्भीर घाइते भए भने ईन्द्रावतीदेवीको खुट्टा भाँचियो। पीडितहरूको गौर अस्पतालमा उपचार भयो।

पतौरा गाविस-५ निवासी ठगादास तत्मालाई ०६३ कात्तिक १६ गते माओवादीले कुटपिट गरी घाइते पारे। सो गाविसमा रहेको ऐलानी जग्गामा रहेको सिसौ र आँपको रुख माओवादीले काटेर लैजान थालेपछि गाउँलेहरूले प्रतिकार गर्दा माओवादीले पीडितलाई कुटपिट गरेका थिए। सो समयमा आक्रोशित गाउँलहरूले माओवादीका राकेश श्रीवास्तवलाई नियन्त्रणमा राखी दुई दिनपछि मुक्त गरे।



दोहोरो भिडन्तमा मारिएका रामबहादुर तामाङ

गैरकानुनी गिरफ्तारी

जुडिबेला गाविस-३ निवासी ३० वर्षीय कमलबहादुर कँडेललाई माओवादीको आशंकामा ०६२ माघ १८ गते संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट सहायक सेनानी प्रदिप श्रेष्ठको नेतृत्वमा गएको सुरक्षाकर्मीले सन्तपुर गाविस-६ बनबहुअरीबाट गिरफ्तार गरी सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरमा राखिएकोमा मानवअधिकारकर्मीको अनुरोधमा माघ २० गते साप्ताहिक तारेखमा रिहा गरियो।

एमालेका रामकुमार भट्टराई, रेवन्त झा, राजेन्द्र पटेल र नेकाँका महम्मद अफताव आलमलाई ०६२ माघ १९ गते प्रहरीले घरबाट विनापूर्जि गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय गौरमा थुनामा राखी सोही साँझ ९० दिनको थुनुवा पूर्जि दिई ०६२ फागुन २ गते रिहा गरे।

हर्दिया पल्टुवा गाविस-९ निवासी २९ वर्षीय रामदेवराय यादवलाई ०६२ फागुन २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बराह दल गुल्म गौरमा थुनामा राखे। मधेशी टाईगरका कार्यकर्ता रही हाल तराई जनतान्त्रिक मुक्ति मोर्चामा आबद्ध रहेका यादवलाई असोज १७ गते सुरक्षाफौजसमक्ष आत्मसर्मपण गरेका लक्ष्मीराय यादवको हत्यामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको थियो । उनलाई ०६२ चैत २२ गते रिहा गरियो।

रङ्गपुर गाविस-५ निवासी २८ वर्षीय शक्तिराज काफ्ले र भसेडवा गाविस-६ निवासी ३२ वर्षीय नागेन्द्रदास तत्मालाई माओवादीको आशंकामा ०६२ फागुन २५ गते संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरबाट सहसेनानी प्रदीप श्रेष्ठको नेतृत्वमा गएका सुरक्षाकर्मीले कनकपुर गाविस-५ को बलुवा जङ्गलबाट गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये शक्तिराज काफलेलाई संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरमा राखी फागुन २७ गते रिहा गरियो भने नागेन्द्रदास तत्मालाई बराह दल गुल्म गौरमा राखी चैत ३ गते रिहा गरे।

सिन्धुली जिल्ला मजुवा गाविस-२ निवासी ३१ वर्षीय



माओवादीद्वारा अपहरण गरी मुक्त गरिएकी प्रहरी जवान मेनुका राई

ध्रुव दाहाललाई ०६२ चैत ४ गते सुरक्षाकर्मीले लमाहा जङ्गलबाट गिरफ्तार गरे। भारतको कलकत्ताबाट घर आउँदा बाटामा पैसा चोरी भएकाले पैदलै आएका उनलाई जङ्गलबाट माओवादीको आशंकामा गिरफ्तार गरिएको थियो। सो दिन माओवादी र सुरक्षाकर्मीबीच लमाहा जङ्गलमा दोहोरो भिडन्त भएको समयमा उनी सो स्थानमा आइपुगेकाले गिरफ्तार गरिएको थियो। उनलाई चैत ५ गते रिहा गरियो।

लक्ष्मीपुर गाविस-१ निवासी माओवादी कार्यकर्ता ६० वर्षीय आजाद भनिने सेखरसिद अलीलाई ०६२ चैत २८ गते सुरक्षाकर्मीले जुडिबेला गाविसबाट गिरफ्तार गरे। उनलाई संयुक्त सुरक्षा बेसक्याम्प चन्द्रनिगाहपुरमा राखी वैशाख १२ गते जिल्ला प्रहरी कार्यालय गौरमा पुऱ्याएपछि वैशाख १८ गते इन्सेक प्रतिनिधि बिपीन गौतम र कान्तिपुरका सम्वाददाताको रोहबरमा रिहा गरियो।

अभिव्यक्ति /भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका तुलसीराज गिरी, सच्चिदानन्द साह, नेकाँका दिनेशप्रसाद केसरी र ट्रेड युनियन काँग्रेसका बिन्दा सहनीलाई ०६२ माघ १६ गते प्रहरीले विना पूर्जि गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय गौरमा हिरासतमा राखे। गिरफ्तार गरिएका चारै जनालाई सोही दिन ९० दिनको थुनुवा पूर्जि दिई जिल्ला प्रहरी कार्यालय गौरमा राखी ०६२ फागुन २ गते रिहा गरे।

नेकाँका गम्भीराप्रसाद निराला, ब्रजकिशोर सिंह, देवप्रसाद तिमल्सिना, हृदयनारायण यादव, अनिरुद्र यादव, श्यामचन्द्र झा, कृष्णचन्द्र मिश्र, अजयकुमार साह, अजयकुमार सिंह, नवराज देवकोटा, महम्मद हारुन रसिद, भुपेन्द्रप्रसाद यादव, ब्रम्हदेवराय यादव, राजेश्वरराय यादव, र सेख मुनिफ, एमालेका महेन्द्र चौलागाईं, कमलराय यादव, मणिलाल सहनी, राजकिशोरराय यादव, विश्वनाथ साह, किसोरी साह, अनिलकुमार लालदास, सुरज ठाकुर, मुकेश पटेल, सोनेलाल भगत, जगरनाथ सहनी, मुस्लिम अन्सारी, रुपनारायण चौधरी, हरेन्द्रप्रसाद साह, रामेश्वर साह र युवराज ज्ञवाली, वाममोर्चाका उदयनारायण झा, राजदेव चौधरी र माधव गौतम, नेकाँ (प्रजातान्त्रिक) का सेख लालबाबु, सज्जन साह, मनोज शर्मा, चिरञ्जिवी सिंह, उपेन्द्र यादव, पासपत पासवान, सेख फुलबाबु, कैलाश चौधरी, नेमकिपाका दिनेशप्रसाद साह, नेसपा(आ.) का अशोककुमार सिंह सहित ४४ जनालाई ०६२ माघ १९ गते प्रहरीले कालो दिवस मनाउने क्रममा बिन पूर्जि गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय गौरमा राखे। गिरफ्तार गरिएका मध्ये ४१ जनालाई सोही साँझ रिहा गरियो भने ब्रजकिशोर सिंह, उदयनारायण झा र सेख लालबाबुलाई ९० दिनको थुनुवा पूर्जि दिई जिल्ला प्रहरी कार्यालय गौरमा राखी फागुन २ गते रिहा गरे।

एमालेका सदस्य नागेन्द्र चौधरी, रजिउद्धिन आलम, कमलराय यादव, राजकिशोर राय यादव, ऋषिराम तिमल्सिना, मणिलाल सहनी, बिनोदकुमार पटेल, अमरकान्त मिश्र, चन्देश्वर राउत, अनिलकुमार लाल दास, अनेरास्वियुका दीपक रेग्मी, अनेकिसंघका रामनरेशराय यादव, नेकाँका गम्भिराप्रसाद निराला, हृदयनारायण यादव, रमेश खरेल, देवप्रसाद तिमल्सिना, श्रीरामराय यादव, श्यामचन्द्र झा, रामकृपाल यादव, बिनोदकुमार यादव, सुरज श्रेष्ठ, मनोज क्षेत्री, उपेन्द्र यादव, मिथिलेशप्रसाद यादव, वाममोर्चाका माधव गौतम, राजदेव चौधरी, नेकाँ (प्रजातान्त्रिक) का मनोज शर्मा समेत २७ जनालाई ०६२ माघ २६ गते सुरक्षाकर्मीले कुटपिट गरी सेनाको बराह दल गुल्म गौरमा राखे। प्रहरीको कुटपिटबाट एमालेका श्यामसुन्दर पटेलको हात भाँचियो तर उपचार गरिएन। गिरफ्तार गरिएका २७ जनालाई नगर निर्वाचन सोही साँझ रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६३ मंसिर मसान्तसम्मको अभिलेख अनुसार गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय २० ओटा मुद्दा रहेका छन। जसमध्ये देवानी ६ सय ९८, दुनियाँवादी फौजदारी १ सय ७५ र सरकारवादी फौजदारी ४७ र यस वर्षको समेत जम्मा १ हजार ५ सय ९३ मुद्दा रहेका छन्। ०६३ मंसिर मसान्तसम्म दुनियाँवादी देवानी ४ सय ४९, सरकारवादी फौजदारी १३, र दुनियाँवादी फौजदारी १ सय ३३ सहित ५ सय ९५ मुद्दा फर्स्यौट भए। यस अदालतमा दुई वर्ष नाघेका दुनियाँवादी देवानी आठ र सरकारवादी फौजदारी एक समेत गरी नौ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन।

यातना तथा अन्य क्रुर/अमानवीय र अपमानजनक व्यवहार र दण्ड

माओवादीबाट

मालपोत कार्यालय रौतहट गौरमा कार्यरत खरिदारद्वय विनोदकुमार श्रीवास्तव र शंकर साह कानुलाई घुस लिएको आरोपमा ०६३ भदौ १५ गते माओवादीले कार्यालयबाट समातेर मोसो दली गौर नगर घुमाए। सीतलपुर गाविसकी शिवकलीदेवीको जग्गा नामसारी गर्ने विषयमा खरिदारद्वयले २० हजार घुस मागेको आरोपमा अमानवीय व्यवहार गरिएको स्थानीय बासिन्दाले जनाए।

सन्तपुरदोस्तीया गाविस-४ निवासी २० वर्षीय सेख फजीले हकलाई ०६३ कात्तिक १९ गते माओवादीले जुत्ताको माला लगाई मोसो दली चारपाटा मुडेर गाँउ घुमाए। मानसिक सन्तुलन ठीक नभएकी स्थानीय एक महिलासँग यौन सम्पर्क गरिरहेको अवस्थामा उनलाई फेला पारी कारवाही गरिएको माआवादीले जनाए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

प्रेमपुरगोनाही गाविस-५ निवासी १४ वर्षीया एक बालिकालाई ०६३ पुस ७ गते कर्कचकर्मैया गाविस-३ निवासी प्रमोद वैठा, दीपही गाविस-८ निवासी डोमीराय यादव, करुनीया गाविस-५ निवासी जोदालाल पासवान र हथियाही गाविस-५ निवासी रामनाथ साहले सामुहिक बलात्कार गरे। प्रेमपुरगोनाही गाविसमा लागेको मेला हेरी घर फर्कने क्रममा बाटोमा बसेका उनीहरूले 'माओवादी हौं बोलिस् भने मारिदिन्छु' भन्दै रातभरि बलात्कार गरेको बालिकाले प्रहरीसमक्ष बयान दिइन्। बलात्कार गर्नेमध्ये प्रमोद बैठा र डोमीराय यादवलाई स्थानीय बासिन्दाले पुस ११ गते समातेर प्रहरीलाई बुझाए भने दुईजना फरार भए। पीडकविरुद्ध मुद्दा दायर गरियो।

डुमरिया मटिऔन गाविस-२ निवासी जीतपुर सैनिक क्याम्पमा कार्यरत सैनिक जवान हरिप्रसाद हुमागाँईले सोही ठाउँकी १७ वर्षीया एक छात्रालाई ०६३ पुस ११ गते बलात्कार गर्ने प्रयास गरे। सन्तपुरस्थित ॐ कलेजमा बिहान पढन आएको अवस्थामा बाटो ढुकेर बसेका हुमागाँईले ती छात्रालाई जर्बरजस्ती उठाएर खेतमा लगी बलात्कार गर्न लाग्दा छात्रा उम्केर भागी हल्ला गरेपछि सैनिक जवानलाई समातिएको थियो। पीडकलाई विद्यार्थी, माओवादी र स्थानीय बासिन्दाले छात्राको खुट्टामा ढोग्न लगाई मोसो दलेर जुत्ताको माला लगाएर गाँउ घुमाए।

दुर्व्यवहार

चन्द्रनिगाहपुर गाविस-५ निवासी ५५ वर्षीया लक्ष्मीदेवी ठाकुरलाई बोक्सीको आरोपमा ०६३ कात्तिक १७ गते सोही ठाँउ निवासी बिजुलीयादेवी धामी र उनकै छोरी बिनिताकुमारी धामीले कुटपिट गरी घाइते पारे। पीडकउपर उजुरी गर्दा दर्ता प्रहरीले नगरेको पीडितले बताइन्।

गौर नपा-५ मचकुटिया टोल निवासी ६५ वर्षीया शारदादेवी पटेललाई बोक्सीको आरोपमा ०६३ मंसिर १७ गते उनकै छिमेकी योगेन्द्र पासवान र उनको पत्नीले मलमुत्र खुवाए। पीडकलाई कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्दा माओवादी र प्रहरीको दबाबमा उजुरी दर्ता नगरी छाडिएको पीडित पक्षले जनायो। सो मुद्दा दर्ता गर्न हिमराइट्सले पहल गरेपछि हाल उजुरी दर्ता गरी मुद्दा चलिरहेको छ।

पारिवारिक हिंसा

पिपरारजबाडा गाविस-८ निवासी २० वर्षीया रमुनीदेवी महतो नुनियाको उनकै पति रामविनय महतो र ससुरा देवधारी महतोले दाईजो कम ल्याएको भन्दै ०६३ मंसिर ४ गते कुटपिट गरी हत्या गरी लास जलाए। सो सम्बन्धमा उजुरी गर्दा प्रहरीले दर्ता नगरेको पीडित महिलाका बाबु बेलदार महतो नुनियाले जनाए।

बालअधिकार

डुमरिया मटिऔन गाविस-२ निवासी १४ वर्षीय सदरे आलमलाई ०६३ असोज २७ गतेदेखि माओवादीले आफ्नो सैन्य अभियानमा जर्बरजस्ती लगे। उनलाई गाँउमा माओवादीको जनअभियान सञ्चालन भएको समयमा माओवादीले फकाई सैन्य अभियानमा लगेकाले फिर्ता गराई दिन उनका बाबु ऐनुल आलमले कात्तिक १ गते इन्सेक प्रतिनिधि बिपीन गौतमसमक्ष निवेदन दिए। पीडित कात्तिक ३ गते माओवादीबाट भागेर परिवारको सम्पर्कमा आए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति/आगजनी/लुटपाट

माओवादीबाट

गौर नपाका उपमेयर पदका उम्मेदवार राजिवनयन सिंहको वडा नं १३ स्थित घरमा ०६२ माघ २० गते राति माओवादीले बम विष्फोट गराई क्षति पुऱ्याए।

राजाद्वारा मनोनित कृषि तथा सहकारी सहायकमन्त्री गोविन्द चौधरीको सीमराभवानीपुरस्थित घरमा ०६२ चैत ३० गते साँझ माओवादीले सम्पूर्ण सामान लुटपाट गर्नुका साथै बम विष्फोट गराए।

माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले ०६३ भदौ १४ गते जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र बुझाउन जाने क्रममा कार्यालयमा तोडफोड गरी ५० हजार बराबरको क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र चारजना पुरुषमा डुमरिया मटिऔन गाविस २ निवासी रुपा सापकोटा, मेनुका सापकोटा, जेठरहिया गाविस २ निवासी रामजनम राउत पटेल, प्रतापपुर पल्टुवा ९ निवासी उतिचन मुखिया, हथियाही गाविस ३ निवासी गम्भिरा साह कानु र जेठरहिया गाविस ८ निवासी रामजनम राउत पटेल रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका तीनजनामा पिपरियापरोहा गाविस-५ निवासी किशोरी राय यादव, बेलबा भनिने नगिना राय यादव र डुमरिया मटिऔन गाविस १ निवासी राजवंशी चौधरी रहेका छन्।

२.८ बारा



जनसंख्या : ५,५९,१३५
साक्षरता प्रतिशत : ४२.३५
महिला साक्षरता प्रतिशत : २८.९८
क्षेत्रफल (वर्ग कि. मि.) : ११९०
गाविस/नपा संख्या : ९८/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : २९१
क्याम्पस/उच्च मा.वि. : २/५
अस्पताल/स्वास्थ्य चौकी : १/९८
टेलिफोन लाइन : २५००
मोटर सडक (कि. मि.) : १३७
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ३७
मानव विकास सूचकाङ्क : ०.३०९
प्रति परिवार सरदर संख्या : ६.३८

नागरिक तथा राजनीतिक अधिकार
(सम्मानितरूपले बाँच्ने अधिकार)

हत्या/गोली

राज्यबाट

निजगढ गाविस-२ निवासी २५ वर्षीय हिरालाल गौतमको ०६३ वैशाख ४ गते सात दलको शान्तिपूर्ण लोकतान्त्रिक जुलुसमा सहभागी हुँदा संयुक्त बेसक्याम्पका सेनाले चलाएको गोलीबाट मृत्यु भयो। संगमचौक नजिक कृषि विकास बैंकमाथि बसेका सेनाले बिना चेतावनी जुलुसलाई लक्षित गरी अन्धाधुन्ध गोली चलाएका थिए। पीडितको वैशाख ५ गते निजगढमै दाहसंस्कार गरियो। गौतमलाई सरकारले लोकतान्त्रिक आन्दोलनका सहिद घोषणा गर्दै परिवारलाई १० लाख क्षतिपूर्ति उपलब्ध गरायो।

माओवादीबाट

कलैया नपा-९ निवासी ११ वर्षीय बालक सदरे आलमको ०६२ चैत ४ गते आफ्नै खल्तीमा रहेको सकेट बम कलैया अस्पताल अगाडि सडकमा विस्फोट भई गम्भीर घाइते भएकोमा उपचारार्थ बीरगञ्ज अस्पताल लाँदै गर्दा बाटोमा मृत्यु भयो। पीडित बालकलाई माओवादीले सो बम ओसार्न प्रयोग गरेको जाहेरी जिल्ला प्रहरी कार्यालयमा दिइएको छ। पीडितको सद्गत् चैत ५ गते गरियो।

नुवाकोट जिल्ला गोर्खु गाविस-४ निवासी जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान ३५ वर्षीय शिव थापाको ०६३ चैत १० गते बिहान श्रेष्ठ पत्रिका पसलअगाडि मानिसहरूको भीडलाई हटाउँदै गरेको अवस्थामा माओवादीले गोली हानी घाइते पारे। गम्भीर घाइते भएका उनलाई उपचारको लागि नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्ज लगेकोमा त्यहाँबाट थप उपचारका लागि काठमाडौं पठाइएकोमा अस्पताल नपुग्दै उनको मृत्यु भयो।

अन्यबाट

कलैया नपा-५ निवासी २० वर्षीय विजय राम र भारत चम्मापुर निवासी रवीन्द्र यादवको माओवादी नियन्त्रणमा रहेको अवस्थामा ०६३ वैशाख २० गते गञ्जभवानीपुरका बासिन्दाले हत्या गरे। पीडितहरूलाई वैशाख ९ गते कोल्हवी बजारमा माओवादीको कार्यक्रम हेर्न जाँदा माओवादीले अपहरण गरेका थिए। मृतकहरूलाई माओवादीले चोरी, डकैती तथा बलात्कारको आरोप लगाएका थिए। विजय रामको लास परिवारले सद्गद् गरे भने रवीन्द्र यादवको लास नगरपालिकाले सद्गत् गऱ्यो।

हर्दिया गाविस-४ निवासी पूर्व गाविस अध्यक्ष ६० वर्षीय धुपलालप्रसाद यादवलाई ०६३ जेठ १८ गते राति अज्ञात समूहले कन्चटमा र कोखामा गोली प्रहार गरी हत्या

गरे। पीडितको लास एम्बुलेन्समा राखी घर पठाए। पीडितलाई सोही दिन बिहान बेलबा चोकमा चिया खाँदै गरेको अवस्थामा अज्ञात व्यक्तिहरू आई अपहरण गरी लगेका थिए। पीडितसँग जग्गाका रिसइवीका कारण केही व्यक्तिले माओवादीको सहयोग लिई हत्या गरेको आशंका गरिएको बताइयो। उनको लासको जेठ १९ गते कलैया अस्पतालमा पोष्टमर्टम गरी परिवारले दाहसंस्कार गरे।

देवापुरटेटा गाविस-१ निवासी माओवादीका २८ वर्षीय आसमहम्मद मन्सुरको महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६३ भदौ २२ गते राति स्थानीय बासिन्दाले उनलाई कुटपिट गरी हत्या गरे। पीडितको लास परिवारले सद्गत् गरे।



सुरक्षाकर्मीद्वारा मारिएका हिरालाल गौतम

दोहोरो भिडन्त

अन्यबाट

देवापुर गाविस-१ निवासी १७ वर्षीय रामनरेश यादवको ०६३ भदौ २३ गते राति स्थानीय बासिन्दा र माओवादीबीच भएको दोहोरो झडपमा गोली लागी मृत्यु भयो। उनको स्थानीय बासिन्दा र माओवादीमध्ये कसको गोलीबाट मृत्यु भएको हो थाहा भएन। लासको परिवारले सद्गत गरे।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

निजगढ निवासी विशाल लामा तमाङ, सुदर्शन अर्याल, रामकुमार सिग्देल, दीपक उप्रेती, किशोर लम्साल, कृष्णप्रसाद तिमल्सेना ०६३ वैशाख ४ गते सात दलको शान्तिपूर्ण जुलुसमा बिना चेतावनी सेनाले अन्धाधुन्द गोली चलाएका कारण घाइते भए। निजगढ स्थित कृषि विकास बैंकमाथि बसेका संयुक्त सुरक्षा बेसक्याम्पका सेनाले अन्धाधुन्द १ सय राउण्ड गोली प्रहार गरिएको थियो। घाइतेहरूको प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरियो।

माओवादीबाट

बंजरीया गाविस-६ निवासी ३५ वर्षीय कैलाश राउत, ३२ वर्षीय मुनीलाल महतो, कलैया नपा-२ निवासी शारदा देवी र भागीरती देवी ०६२ माघ ७ गते साँझ माओवादीले कलैया नपा-४ स्थित भूमिसुधार कार्यालयमा प्रेसरकुकर बम विस्फोट गराउँदा छर्रा लागी घाइते भए। घाइते मुनिलाल महतोको बमको छर्रा लागेको खुट्टा निको भएको छैन। पीडितको जिल्ला अस्पताल कलैयामा उपचार भयो। विस्फोटबाट कार्यालयको झ्याल, ढोका, फर्निचर र कागजात नोक्सान भयो।

कलैया नपा-१ निवासी गाडी चालक २६ वर्षीय महमदजवार आलम, कलैया नपा-६ निवासी बसन्ती चौधरी, आयुर्वेदिक अस्पताल कलैयाका कर्मचारी ४५ वर्षीय विश्वबन्धु झा, जिल्ला प्रहरी कार्यालयका हवल्दार ३५ वर्षीय मानबहादुर आले र प्रहरी जवान २२ वर्षीय चक्रबहादुर खड्का ०६२ फागुन २६ गते माओवादीले कलैया नपा-५ स्थित व्यापारी विनोद साहको उद्योगमा गराएको बम

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	८	१	९	३	३		३	१	१			१
घाइते	४	३	३	६	४	९	३	१३	१	९			९
गिरफ्तारी/यातना									१३	८३	१		८३
कुटपिट	३	३		३	१	३		३	१	३			३
धम्की					३	३६		३६					
भेला/संगठित हुने अधिकार									४	३५		६	४१
महिलाअधिकार	४		४	४					१		१		१
बालअधिकार	३		३	३									
अपहरण	९	११		११	१६	३८		३८					
जम्मा	३०	३४	११	३५	३६	८८	३	९१	३०	१३०	३	६	१३८

विस्फोटमा परी घाइते भए। पीडितहरूको कलैया जिल्ला अस्पतालमा उपचार गरियो।

कलैया नपा-४ निवासी पत्रकार ५० वर्षीय सत्यप्रसाद श्रेष्ठ र ग्रामीण स्वास्थ्य कार्यकर्ता ४२ वर्षीय भिखारी साह कलैयाको भरतचौकमा ०६२ चैत १० गते बिहान माओवादीले प्रहरीलाई लक्षित गरी हानेको गोली लागी घाइते भए। श्रेष्ठको घुडाँमा र साहको दुवै घुँडा तथा खुट्टामा गोली लागेको थियो। पीडितहरूको जिल्ला अस्पताल बारामा प्रारम्भिक उपचारपछि थप उपचार बीरगञ्ज अस्पतालमा गरियो।

बेवारिसे बम/विस्फोटक पदार्थबाट घाइते

ठेगाना नखुलेका मदन तुराहा ०६३ वैशाख ९ गते बिहान बीरगञ्ज पथलैया सडक खण्डको जीतपुर नजिक अज्ञात समूहले डावर नेपाल उद्योगको नजिक राखेको बम विस्फोट हुँदा घाइते भए। पीडितको टाउकोमा चोट लागेकोले नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार भयो।

भतौडा गाविस-३ ब्रम्हपुरी निवासी २७ वर्षीया चनरावतीदेवी साह, २६ वर्षीया तेतरीदेवी राउत र उनकी छोरी ८ वर्षीया पूजाकुमारी राउत ०६३ कात्तिक १८ गते घाँसमा रहेको सुतली बम विस्फोट भई घाइते भए। पीडितले घाँस काट्ने क्रममा सो बम विस्फोट भएको थियो। पीडितको कलैया अस्पतालमा उपचार भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

सूर्य नेपालका ज्ञानेन्द्र ढकाल, हुलास स्टीलका हरिशंकर ठाकुर, जगदीश साह, अनिल ठाकुर, नेपाल बोर्ड्सका दीपक नेपाल र दीपक ठाकुर, नन्दन घ्युका सुनिल पुरी, जगदम्बा केमिकल्सका नवीन यादव, शालिमार सिमेन्टका प्रेम श्रेष्ठ, गणपति घ्युका गजेन्द्र चौधरीले मजदुरको शोषण गरेको आरोपमा ०६२ माघ १७ गते



आफ्सँगै रहेको सकेट बम विस्फोट भई मृत्यु भएका सदरे आलम



अज्ञात समूहद्वारा हत्या गरिएका धुपलाल प्रसाद यादव

उनीहरूलाई माओवादीले अपहरण गरे। पीडितहरूलाई माघ १८ गते भरतगञ्ज सिंगौलबाट मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूको रोहबरमा मुक्त गरियो।

सूर्य नेपाल, सीमरामा कार्यरत प्रभाकरविक्रम शाह, डम्बर लिम्बु र सर्वजित रानाले बिनाकारण ०६२ माघ २१ गते माओवादीले जीतपुरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी तथा पत्रकारको रोहबरमा ०६२ फागुन ५ गते मकवानपुरको फुर्केचौरबाट मुक्त गरियो।

बरियारपुर गाविस-५ निवासी ४० वर्षीय शिवमंगलप्रसाद चौरसियालाई डकैतीको आरोपमा ०६३ वैशाख १७ गते माओवादीले बरियारपुर बजारबाटै अपहरण गरे। पीडितलाई ०६३ जेठ ६ गते इन्सेक प्रतिनिधि रोशनराज अर्याल तथा हरेक बाराको प्रतिनिधिको रोहबरमा माओवादी जनसरकार उपप्रमुख शम्भु मण्डलले परिवारजनको जिम्मा लगाए।

इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी जवान ईन्द्रबहादुर लामा र बबुआइन गाविस-५ निवासी सर्वसाधारण एकवाल गिरीलाई ०६३ जेठ ८ गते बिहान माओवादीले नरही गाविस-५ औनियाबाट अपहरण गरे। अपहरित दुवैजनालाई आफ्नो इलाकामा अनुमति नलिई नआउने सर्तमा सोही दिन साँझ ७ बजे गडहल हाईस्कुलबाट मुक्त गरे।

कलैया नपा-९ निवासी गडहल गाविस सचिव हरिनारायण साहले गाविसको रकम हिनामिना गरेको आरोपमा ०६३ जेठ १६ गते दिउँसो माओवादीले उनलाई कलैया भरत चौकको नजिकको चिया पसलबाट अपहरण गरे। पीडितलाई इन्सेक तथा हरेक बाराको पहलमा जेठ १८ गते गडहलबाट मुक्त गरियो।

पतरहटी गाविस-२ मैनीटोल निवासी ३९ वर्षीय विनोद कुशवाहाले माओवादी जिल्ला सचिव जमिन विरुद्ध जुलुस प्रदर्शन गरेको आरोपमा ०६३ भदौ ८ गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई भदौ १२ गते मुक्त गरियो।

सीमरा गाविस-३ निवासी २१ वर्षीय उमेश श्रेष्ठलाई छिमेकीसँगको विवादमा ०६३ भदौ १७ गते माओवादीले मोसो दली जुत्ताको माला लगाई सीमरा बजार घुमाए। पीडितलाई मानवअधिकारकर्मी तथा पत्रकारको दबाबमा भदौ २३ गते धर्मनगर गाविसको सीतलपुरबाट मुक्त गरियो।



गाउँलेद्वारा कुटपिट गरी मारिएका माओवादी कार्यकर्ता आसमहम्द मन्सुर र माओवादी नियन्त्रणमा मरेका विजय राम

बतरा गाविस निवासी राजेश मुखिया विन, शिवपुजनप्रसाद, चोकट हजरा, सन्तोष मुखिया, राधा महतो र विनोद ठाकुर लोहारलाई डकैतीको आरोपमा ०६३ असोज १ गते माओवादीले बतरा गाविसबाट अपहरण गरे। माओवादीले पीडितहरूलाई डकैती नगर्ने सर्तमा असोज २ गते मुक्त गरेका थिए।

देवापुरटेटा गाविस-१ निवासी शिक्षक ३८ वर्षीय जोशी साहलाई स्थानीय बासिन्दा र माओवादीबीच झडप गराउन संलग्न रहेको आरोपमा ०६३ भदौ २४ गते माओवादीले कलैयाबाट अपहरण गरे। सबैको दबाबमा पीडितलाई माओवादीले असोज ३ गते साँझ कलैयाबाट मुक्त गरे।

कलैया नपा-५ निवासी ४५ वर्षीय भोला साह तेलीलाई जग्गा विवादामा ०६३ कात्तिक ११ गते साँझ माओवादीले कलैयाबाट अपहरण गरे। पीडितको स्थिति अज्ञात रहेको छ।

इनरवासिरा गाविस-७ निवासी २५ वर्षीय कन्हैया साह कानु र २८ वर्षीया रामजी पासवानलाई जबरजस्ती रकम असुलेको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले अपहरण गरेकोमा कानुलाई इन्सेक प्रतिनिधि रोशनराज अर्याल लगायतका मानवअधिकारकर्मीको रोहबरमा कातिक ३० गते मुक्त गरे भने रामजीलाई मंसिर ३ गते मुक्त गरियो।

श्रीनगरबैरीया गाविस-२ निवासी ५७ महेन्द्रप्रसाद साहले आफ्नो भाइको अपहरणमा सघाएको आरोपमा ०६३ पुस २ गते दिउँसो माओवादीले उनलाई चौधरी कम्युनिकेशन कलैयाबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको पहलमा पुस ९ गते मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

कलैया श्रोत केन्द्रका नारायणप्रसाद शर्मा, बरियारपुर श्रोत केन्द्रका सच्चितानन्द तिवारी, पिपरपातीका रामसुन्दर यादव, सपहीका जनार्दन चौधरी, च्युटाहाका कैलाशप्रसाद साह, सिम्रौनगढका युगलकिशोर सिंह, रामपुरटोकनीका दीवराज सुब्वा, उमजनका रामएकवाल चौधरी, डुमरवानाका गणेश पौडेल, दोहरीका बैधनाथ यादव, निजगढका सुदर्शन कोइराला, पथलैयाका ज्ञानहरि निर्मल, बतराका बंकालाल चौहान, प्रसौनीका विश्वनाथप्रसाद साहले अनेरास्ववियु (क्रान्तिकारी) ले दिएको धम्कीका कारण ०६२ माघ ६ गते जिल्ला शिक्षा कार्यालयमा सामूहिक राजीनामा दिए। राजिनामा अस्वीकृत भयो।

गैरकानुनी गिरफ्तारी

डुमरवाना गाविस-८ निवासी भीमप्रसाद चौलागाई र रामशरण बर्तौलालाई माओवादीको आरोपमा ०६२ माघ ७ गते प्रहरीले घरनजिकको चियापसलबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ ९ गतेको सुरक्षा समितिको निर्णय अनुसार तीन महिनाको लागि बीरगञ्ज कारागार चलान गरिएकोमा पुनरावेदन अदालत हेटौंडाको आदेशमा ०६३ जेठ १ गते रिहा गरियो।

कलैया नपा-३ निवासी माओवादीका उमेश यादवलाई ०६३ फागुन १२ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। उनलाई ३ महिने पूर्जी दिई बीरगञ्ज कारागार चलान गरिएकोमा ०६३ वैशाख २१ गते रिहा गरियो।

सीमरा गाविस-२ निवासी २२ वर्षीय प्रमोद सिम्खडा, ३४ वर्षीय रामचन्द्र लामा, २५ वर्षीय श्यामबाबु गुप्ता र सोही गाविस-४ निवासी २६ वर्षीय हरि चौधरीलाई हतियार र बम राखेको आरोपमा ०६२ फागुन २५ गते आधाभार ब्यारेकबाट गस्तीमा गएका सेनाले घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय बारामा बुझाए। पीडितलाई मानवअधिकार रक्षक तथा नागरिक समाजका प्रतिनिधिको रोहबरमा वैशाख २६ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रहरीले ०६२ पुस १७ गते दिउँसो गरेको लाठीचार्जबाट सिसहनिया निवासी चान्सी पासवानको टाउको फुटी टाँका लगाउनु परेको थियो भने कलैया निवासी भागिरथ गिरी, पंकज पाण्डे, दीपेन्द्र पटेल, जवाहिर अन्सारी, रविन्द्र सिंह, पप्पुकुमार सिंह, ध्रुव यादव, मोहित अधिकारी, हरिसुन्दर साह, राजेश पटेल, अख्तर मन्सुर, विष्णु पौडेल लगायत घाइते भए। घाइतेको जिल्ला अस्पताल कलैयमा उपचार भयो। वन तथा भू-संरक्षण मन्त्री सलिममियाँ अन्सारी कलैया आउँदा भरतचोकमा आन्दोलनरत सात दलका कार्यकर्ताले कालो झण्डा देखाएका थिए। सोही क्रममा प्रहरी असई पन्नालाल साह पनि घाइते भए।

नेकाँका केन्द्रीय सदस्य फरमुल्लाह मंसुर र एमालेका अख्तर मन्सुर, रामबाबुप्रसाद यादव, रामप्रसाद चौधरी, दुर्गा पटेल, रामानन्दप्रसाद यादव, प्यारेलाल साह कानु, पति राउत, शशिभूषण सिंह, श्यामप्रसाद तिवारी, मदनकुमार सिंह, विनोद साह, कामेश्वर पटेल, रामनाथ सिंह, फुलमहम्मद मन्सुर, लोकेश सिंह, सञ्जय गुप्ता, नारायणप्रसाद बर्तौला, चन्देश्वरमणि शर्मा र पंकज पाण्डेलाई ०६२ माघ १९ गते कलैयामा सात दलले गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितलाई ९० दिनको पूर्जी दिई सुरक्षा समितिले बीरगञ्ज कारागारमा नजरबन्दमा राखिएकोमा ०६२ फागुन ३ गते रिहा गरियो। प्रहरीले गरेको अन्धाधुन्द लाठीचार्जबाट कलैया टुडे साप्ताहिकका सम्पादक निलेश तिमल्सेना र सर्वसाधरणहरू गनिफ हवारी, राकेश कुशवाहा सामान्य घाइते भए। घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार गरियो।

एमालेका सुन्दर विश्वकर्मा, पलट चौधरी, मनोज पौडेल, विनय श्रेष्ठ, रामचन्द्र प्यासी, बच्चा यादव, महमद एम. समिउल्ला, सद्भावना (आनन्दीदेवी) का प्रकाश चौलागाईं काँग्रेसका मनोज भट्ट, योगेन्द्र कुशवाहा, प्रभुनाथ पटेल, मधु शाही, सूर्यप्रसाद भट्टराई, जितेन्द्र सिंह, श्यामप्रसाद गुप्ता, हरिशंकर यादव, सुरेन्द्र जैसवाल, कृष्ण चौधरी, ललनप्रसाद साह, पुण्यदेव साह, सोहन शर्मा, कृष्ण खनाल, नारायणदत्त खनाल, राजकुमार थपलियालाई ०६२ माघ २४ गते प्रहरीले कलैयामा भएको सात दलको शान्तिपूर्ण आन्दोलनबाट गिरफ्तार गरे। पीडित सबैलाई तीन महिने पूर्जी दिई बीरगञ्ज कारागार चलान गरिएकोमा फागुन ३ गते रिहा गरियो।

नारायणी टुडे परवानीपुर सम्वाददाता शम्भु महतो, एमालेका अच्युत मैनाली, भरत खड्का, सीताराम लामिछाने, राजमहम्मद राय, महमुद आलम, राजेन्द्र जैसवाल, ध्रुव यादव, विनोद कार्की, अरुण खनाल, नेकाँ (प्रजातान्त्रिक) का शिवनाथ शर्मालगायत ३६ जनालाई ०६२ माघ २६ गते प्रहरीले कलैयबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखेकोमा फागुन ३ गते रिहा गरियो ।

साहित्यकार निर्मोही व्यास र उसमान अन्सारीको ०६३ वैशाख ४ गते भएको शान्तिपूर्ण जुलुसमा प्रहरीले लाठीचार्ज गर्दा टाउकोमा गम्भीर चोट लागेकोले छ ओटा टाँका लगाइयो। सोही घटनामा अख्तरमन्सुर हुसेन, बीरेन्द्रप्रसाद यादव, रविकरण साह, पप्पुकुमार सिंह, विजय गुप्ता, प्रदीपकुमार गुप्ता, चन्द्रिका गुप्ता, धर्मराज प्रसाद, मिथुर मन्सुर, दिव्यनाथ श्रेष्ठ, गोपी मेहता, चन्देश्वर दुवे, इन्द्रासन मण्डल, श्रीप्रसाद पासवान र त्रिलोकी चौधरी घाइते भए। घाइतेको जिल्ला अस्पताल कलैयामा उपचार गरियो। त्यसक्रममा डीएसपी राजु मानन्धरको हातमा सामान्य चोट लागेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गतसालको जिम्मेवारी सरेर आएको २ सय ८ ओटा र यस वर्ष दर्ता भएका १ सय ३७ ओटा दुनियावादी फौजदारी मुद्दा रहेका छन्। यसमध्ये यसवर्ष १ सय २८ ओटा फर्स्यौट भई २ सय १७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १९ ओटा र यसवर्ष दर्ता भएका ३५ ओटा मध्ये यसवर्ष ३८ ओटा मुद्दा फर्स्यौट भई १ सय १६ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय २७ ओटा र



जनआन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली लागी घाइते भएकाहरू

यसवर्ष दर्ता भएका ३ सय २० ओटा मध्ये यस वर्ष ३ सय ४८ ओटा मुद्दा फर्स्यौट भई ८ सय ९९ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा हत्या १८ ओटा, आत्महत्या १२ ओटा, कुटपिट ६ ओटा, चोरी डकैतीमा २० ओटा, सडक दुर्घटनामा ३२ ओटा, सडक दुर्घटनामा मृत्यु ३८ ओटा र घाइतेमा ४० ओटा, बहुविवाह दुईओटा तथा घरेलु हिंसामा दुई ओटा उजुरी दर्ता भए।

बालअधिकार

रहुवाई गाविसस्थित नेपाल राष्ट्रिय प्राविमा कक्षा एकमा अध्ययनरत छात्र शिवधारी यादवलाई ०६३ असोज २२ गते आफ्नो विद्यालय छाडी अर्को विद्यालयमा नाम लेखाएको आरोपमा शिक्षक महेन्द्र सहनीले कुटपिट गरे। बालकका अभिभावकले कलैया अस्पतालमा जाँच गरी सोही आधारमा पीडकलाई कारवाहीको माग गर्दै असोज २७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। पीडकलाई माफी मगाएर मिलापत्र गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

भगवानपुर गाविस-४ निवासी एक दलित बालिकालाई ०६२ फागुन १० गते दिउँसो खेतमा साथीसँग घाँस काट्न गएको बेला सोही ठाउँका २३ वर्षीय विल्टु पण्डित र धमेन्द्र राउतले बलात्कार गरेका थिए। बालिकाको स्थिति सामान्य रहेको छ भने पीडक फरार रहेका छन्।

अमलेखगञ्ज गाविस-३ निवासी ६ वर्षीया एक नाबालिकालाई ०६३ जेठ ३१ गत सोही ठाउँका १७ वर्षीय सुरेश श्रेष्ठले चकलेट दिएर बलात्कार गरे। पीडक हाल बीरगञ्ज कारागारमा थुनामा छन्।

सपही गाविस-४ निवासी एक महिलालाई ०६३ पुस १४ गते घाँस काट्न गएको अवस्थामा जंगलमा इलाका प्रहरी कार्यालयका प्रहरी जवान राजनारायण चौधरी र भगिरथ पनुहरले जर्बजस्ती बलात्कार गरे। पीडकलाई स्थानीयबासीले मोसो दली चारपाटा मुडेर जुत्ताको माला लगाई बजार घुमाए। पीडकलाई कारवाहीको प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बारालेे जनायो।

दुर्व्यवहार

प्रष्टोका गाविस-४ निवासी ६० वर्षीय वृद्धा गाजमतीदेवी तेलिनलाई बोक्सीको आरोपमा ०६३ असोज १९ गते अशोक साह, श्रीराम, राधेश्याम, सन्तोष, गोपाल, जवाहिर, कपिलदेव, नथुनीले गम्भीर रूपमा कुटपिट गरे। पीडितको उपचार साह क्लिनिक कलैयामा गरियो। पीडकहरूलाई सार्वजनिक अपराध मुद्दामा जिल्ला प्रशासन कार्यालयले धरौटी लिई तारेखमा छाडेको छ।

भरतगञ्ज सिंगौल गाविस-१ सान्नानीटोल निवासी ५५ वर्षीय लिलावतीदेवी थापालाई बोक्सीको आरोपमा ०६३ असोज १९ र २० गते स्थानीयबासीले कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएको छैन।

पारिवारिक हिंसा

रघुनाथपुर गाविस-६ निवासी ३० वर्षीया सुनिता भगतलाई छोरीको जुठो पानी प्रयोग गरेको निहुँमा ०६३ असोज २९ गते उनका पति शिवचन्द भगतले शरीरमा डामेका थिए। पीडितको कलैया अस्पतालमा उपचार गराएपछि माइतीले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

जिल्ला विकास समिति बारालेे उठाउँदै आएको कवाडी कर ०६३ भदौ १६ गतेदेखि माओवादीले रसिद काटी उठाउन सुरु गरे। माओवादीले भदौ १९ गतेदेखि बाराका सम्पूर्ण ढाटमा कवाडी कर असुली कार्य शुरु गरेका थिए। माओवादीको सो कार्य यो वर्षको अन्त्यसम्म नरोकिएको जनाइयो।

विस्थापित

बारा जिल्लामा सशस्त्र द्वन्द्वका कारण ४८ परिवार विस्थापित भए। विस्थापितमध्ये १० परिवारलाई इन्सेक प्रतिनिधि रोशनराज अर्याल र इन्सेक सहकर्मी मानव अधिकार जागरण केन्द्र (हरेक) बाराको पहलमा गाउँमा पुनर्स्थापन गराइएको छ।

संरचना/सम्पत्ति क्षति

०६२ माघ २ गते राति माओवादीले जिल्ला विकास समिति बारा कलैयाको सभाकक्षमा बम विस्फोट गराए। बम विस्फोटबाट सभाकक्षका फर्निचर, झ्यालढोका र भवनका भित्तामा क्षति पुगेको छ ।

कलैया नपा-४ स्थित भूमिसुधार कार्यालय बसेको घरमा ०६२ माघ ७ गते साँझ माओवादीले प्रेसरकुकर बम विस्फोट गराए। विस्फोटबाट कार्यालयको झ्याल, ढोका, फर्निचर, कागजातहरू नोक्सान हुनुका साथै भवनको छतमा क्षति पुगेको छ।

२.९ पर्सा



जनसंख्या	: ५,५७,२३८
साक्षरता प्रतिशत	: ४२.४
महिला साक्षरता प्रतिशत	: २६.००
क्षेत्रफल (वर्ग कि. मि.)	: १३५३
गाविस/नपा संख्या	: ८२/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २९१
क्याम्पस/उच्च मा.वि.	: ३/१०
अस्पताल/स्वास्थ्य चौकी	: २/३८
टेलिफोन लाइन	: १५०००
मोटर सडक (कि. मि.)	: १७९
प्रहरी कार्यालय संख्या	: १०
हुलाक संख्या	: १०२
मानव विकास सूचकाङ्क	: ०.४४८
प्रति परिवार सरदर संख्या	: ७.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्न पाउने अधिकार

हत्या/गोली

माओवादीबाट

बागवन्ना गाविस-४ निवासी ३३ वर्षीय भोला सुनारको ०६२ फागुन ४ गते माओवादीले मधुवन मथौल इलाका सडक खण्डमा सुरक्षाकर्मीलाई लक्षित गरी राखेको माईन विस्फोटमा परी मृत्यु भयो। पीडित बागवना बजारबाट साइकल चढेर घर फर्किरहेको बेला बम विस्फोटन भएको थियो।

वैरियावर्ता गाविस-२ जगतपुर निवासी ५२ वर्षीय सेठ साहको ०६३ असोज ११ गते माओवादीले "केही कुरा बुझ्न छ" भनी घरबाट बोलाई परवानीपुरस्थित धावामा माओवादी जनमुक्ति सेनाका मुकेशले कुटपिट गरी हत्या गरे। माओवादीले पीडितको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पुऱ्याई छाडेर भागे। आफन्तले असोज १२ गते अस्पतालबाट लास बुझी गाउँमा लगेर दाहसंस्कार गरे। माओवादीले पीडितलाई अपहरण सम्बन्धी घटनामा गलत सूचना दिएको आरोप लगाएका थिए।

गोली/बम विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

बीरन्चिवर्वा गाविस-७ निवासी २७ वर्षीया रितादेवी मलाह ०६२ पुस २५ गते माओवादीले घरमा प्रहार गरेको सकेट बम विष्फोट हुँदा घाइते भइन्। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार गरियो।

बगवाना गाविस-३ निवासी २५ वर्षीया मोहिनी देवी ०६३ असोज ३ गते माओवादी छापामारले बन्दुकको कुन्दाले कुकुरलाई हिर्काउँदा पड्किएको गोली लागी घाइते भइन्। पीडितलाई माओवादीले नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार गराए।

जेल र बन्दी

'क' श्रेणीमा पर्ने जिल्ला कारागारको कूल बन्दी क्षमता १ हजार ५ सय रहेको छ। यो जेल जीर्ण भएर भवन काम नलाग्ने अवस्थामा पुगेको छ। यस जेलमा कैद नतोकिएका २ सय ६८ पुरुष र १६ महिला तथा कैद तोकिएका ३ सय २६ र १६ महिला गरी कूल ६ सय २६ बन्दीहरू छन्। यस बाहेक नौ महिना, १८ महिना र दुई वर्षका तीन बालिकाहरू छन्। यस वर्ष बन्दीहरू सञ्जय पाठक, मनोहर मिया शेष र भोला सहनीको उपचारका क्रममा नारायणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भयो। माओवादी बन्दीहरूले ०६२ पुस ९ गतेदेखि कारागारभित्रै गरेको आमरण अनसन इन्सेक प्रतिनिधि प्रेम कार्की र नेशनल युनियन अफ जर्नालिष्ट बीरगञ्जको पहलमा ०६२ पुस १८ गते तोडियो। माओवादी बन्दी सरह अन्य कैदी तथा बन्दीहरूलाई पनि आममाफी दिनु पर्ने माग राखी कारागार परिसरमा ०६३ असार १ गतेदेखि बन्दीका आफन्तहरू कलावती, शिवकली र चम्पादेवी लगायत नौजना आमरण अनसनमा बसे। प्रमुख जिल्ला अधिकारी नवीनकुमार घिमिरेले मागहरू सम्बन्धित निकायमा पुऱ्याउने आश्वासन दिएपछि ०६३ असार ५ गते अनसन तोडियो। कारागारका लागि कान्तिपुर तथा स्थानीय पत्रपत्रिका उपलब्ध गराइएको छ। मनोरञ्जनका लागि पुरुषतर्फ २१ इन्चको रंगिन टीभी तथा महिलातर्फ १४ इन्चको सादा टिभीको व्यवस्था गरिएको छ। त्यस्तै जेलमा सानो पुस्तकालयको पनि व्यवस्था गरिएको छ। खेलुकदका लागि भलिबल, टेनिस र क्यारम्बोर्डको व्यवस्था गरिएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

विश्रामपुर गाविस-३ निवासी २४ वर्षीय मुन्ना कलवारले चन्दा नदिएको आरोपमा ०६२ चैत ७ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई चैत ९ गते घरमा पुऱ्याएर मुक्त गरियो।

इलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुरमा कार्यरत इन्सपेक्टर ३७ वर्षीय राजकुमार थेउजी ३२ वर्षीय प्रहरी हवल्दार मेघराज घिमिरे, व्यापारीहरू श्यामकृष्ण खतिवडा र केदार पुडासैनीलाई ०६२ चैत १७ गते माओवादीले बिरुवागुठी गाविस-३ बाट आफन्त भेट्न गएको बेला अपहरण गरे। पीडितहरूलाई माओवादीले मकवानपुरको झुरझुरेमा राखी ०६३ वैशाख १४ गते बाराको कोल्हेबीबाट इन्सेक बारा र पर्साका प्रतिनिधि रोहवरमा आइसीआरसीका प्रनिनिधिको जिम्मा लगाए।

महुवन गाविस-७ बलुवा निवासी ३७ वर्षीय प्रमोद गिरीले सुराकी गरेको आरोपमा ०६३ वैशाख २२ गते माओवादीका शक्ति र शम्भुले उनलाई माईस्थानबाट अपहरण गरे। माओवादीले पीडितलाई कुटपिट गरे। वैशाख २३ गते ना १ ज १७४० नम्बरको मोटरमा राखी गाउँतर्फ लिएर जाँदा पीडितले श्रीपुरान पुगेपछि चालकको हात पक्रिएर बचाऊ बचाऊ भनी कराउन थालेपछि स्थानीय जनता जम्मा हुँदा गाडीमा रहेका चारजना माओवादी भागेपछि पीडित मुक्त भए।

बीरगञ्ज उमनपा-१५ मुर्ली निवासी ३३ वर्षीय जीतेन्द्रकुमार मण्डलले सुखचैना गाविस-८ निवासी सुरेन्द्र मण्डलको हत्या गर्ने प्रयास गरेको आरोपमा ०६३ असार २९ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६३ साउन ५ गते बीरगञ्ज श्रीपुरस्थित अनेरास्ववियु (क्रान्तिकारी) को कार्यालयबाट मुक्त गरे।

रौतहट जिल्ला विश्रामपुर गाविस-९ निवासी ३५ वर्षीय छट्टु पासवानलाई लुटपाट र डकैती गरेको आरोपमा ०६३ भदौ ६ गते माओवादीले उनलाई बीरगञ्ज उमनपा-१९ नगवाबाट अपहरण गरे। माओवादीले गल्ती सुधार्ने शर्तमा मधेशी मुक्ति मोर्चाको कार्यालयबाट भदौ १३ गते पीडितलाई मुक्त गरे।

बीरगञ्ज उमनपा-१९ नगवा निवासी ३५ वर्षीय रामप्रसाद वरै अपहरणमा संलग्न रहेको आरोपमा ०६३ भदौ १७ गते बिहान खेत घुम्न गएको बेला उनलाई माओवादीले अपहरण गरे। माओवादीले भदौ २४ गते पीडितलाई मुक्त गरे।

बीरगञ्ज उमनपा-१६ श्रीपुरस्थित वडा प्रहरी कार्यालयका ३३ वर्षीय प्रहरी हवल्दार बच्चालाल साह र २८ वर्षीय प्रहरी जवान गणेश यादवलाई ०६३ भदौ १८ गते माओवादीले गाउँमा झगडा भइरहेको छ भनी टेलिफोनबाट बोलाएर रामगढवाबाट अपहरण गरे। पीडितहरूलाई भदौ १९ गते विन्धवासिनीबाट मुक्त गरे।

बीरगञ्ज उमनपा-१४ निवासी २७ वर्षीय सुधिरकुमार गुप्तालाई ट्रक बिक्री सम्बन्धी विवादमा ०६३ भदौ १९ गते माओवादीले श्रीपुर डीआर सप्लायर्सबाट अपहरण गरी ५३ हजार नबुझाएसम्म कसैसँग भेटघाट गर्न दिएनन्। पीडितका पिता युगलकिशोर गुप्ताले कृष्णप्रसाद भट्टराईलाई बिक्री गरेको र सो लेनेदनमा खरिदकर्ता ले नै १ लाख ४३ हजार तिर्न बाँकी रहेकोमा माओवादीले उल्टै ५३ हजार माग गरेको पीडित पक्षको दाबी छ। पीडितलाई अनेरास्ववियु (क्रान्तिकारी) को कार्यालयबाट भदौ २२ गते मुक्त गरियो।

बीरगञ्ज उमनपा-१३ आदर्शनगरस्थित प्रकाश लजका सञ्चालक दीपक गुप्ताले लजमा वेश्यावृति गराएको आरोपमा ०६३ भदौ २३ गते विपिनको नेतृत्वमा आएका माओवादीले उनलाई अपहरण गरे। पीडितलाई गल्ती नदोहोऱ्याउने शर्तमा भदौ २४ गते मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५		५	३	३			३					
घाइते	५	६	१	७	३		३		३					
गिरफ्तारी/यातना										१८	६१	१०	३८	१०९
कुटपिट	३	५		५						१	१	१		३
धम्की										१	१			१
भेला/संगठित हुने अधिकार										१३	३५	३	४०	६८
महिलाअधिकार	१		१	१										
अपहरण	८	९		९	१३	३०	४	८००	८३४					
जम्मा	३३	३५	३	३७	१६	३३	६	८००	८३८	३३	८८	१४	७८	१८०

पुनः गिरफ्तारी

बीरगञ्ज कारागारमा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत ९० दिनको नजरबन्दको म्याद समाप्त भई रिहा गरिएकी माओवादीका सीता पुलामी मगर र सुनिता कार्कीलाई ०६२ फागुन १६ गते प्रहरीले दुर्गा चलचित्र मन्दिरबाट पुनः गिरफ्तार गऱ्यो। पीडितलाई दुई दिनसम्म वडा प्रहरी कार्यालय बिर्ताको हिरासतमा राखी फागुन १८ गते रिहा गरियो ।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्वियूका उमेश गुप्ता र नेविसंघका अन्जु आलम ०६२ माघ १० गते प्रहरीले हस्तक्षेप र लाठीचार्ज गर्दा टाउकोमा गम्भीर चोट लागी घाइते भए। बीरगञ्ज उमनपा-१३ मा सात विद्यार्थी संगठनले गरेको नगर निर्वाचन वहिष्कारको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको थियो। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

ठाकुरराम बहुमुखी क्याम्पस स्वियू सभापति मनोज यादव विद्यार्थीहरू रामनारायण मिश्र, बृजकुमार श्रीवास्तव, मनोजकुमार कुशवाहा, ललन यादव, विश्वजित चौरसिया र नवीन सिंह ०६२ माघ ११ गते प्रहरीले बीरगञ्ज उमनपा-१३ आदर्शनगरमा लाठीचार्ज गर्दा घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

एमालेका प्रभु हजरा, सद्भावना (आनन्दीदेवी)का निजामुद्दिन समानी र शिव पटेललाई नगर निर्वाचन वहिष्कारको आरोपमा ०६२ माघ १२ गते राति १ बजे प्रहरीले बीरगञ्ज उमनपा-१८ लक्ष्मणवाबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी माघ १३ गते शान्ति सुरक्षा ऐन अन्तरगत जेल चलान गरिएकोमा माघ २७ गते रिहा गरियो।

बीरगञ्ज उमनपा-१३ आदर्शनगरमा नगर निर्वाचनको विरोध गर्दै नारा लगाउँदा ०६२ माघ १३ गते प्रहरीले हस्तक्षेप गरी नेकाँ (पजातान्त्रिक) का रमेश रिजाल, एमालेका इन्द्रदेव यादव लगायतका ४४ जनालाई गिरफ्तार गऱ्यो। प्रहरीले सोही दिन नेकाँ (प्रजातान्त्रिक)का रमेश रिजाल, शान्ति कार्की, बृहस्पतिकृष्ण श्रेष्ठ, रामरुप कुर्मी, ओम लामिछाने, लालचन महतो, ज्ञानेन्द्र मिश्र, भिखारीप्रसाद कलवार, अमित पण्डित, शिवशंकर साह, बद्रि कँडेल, संजिवकुमार साह, हुकुम सिंह, सावुद्दिन अन्सारी र नेकाँका देवनाथ उपाध्याय, किशोरी साह, रोशन लामिछाने, सुनिल यादव, विकास उपाध्याय, कृष्णकुमार कुशवाहा, अगेन्द्र चर्तुवेदी, बृजलाल पासवान, उमेश गुप्ता, हीरा गिरी, शंकर राउत सुदिप लामा सहित २१ जनालाई शान्ति सुरक्षा ऐन अन्तरगत जेल चलान गरी माघ २७ गते रिहा गरियो। बाँकीलाई माघ १४ गते रिहा गरियो।

सर्वसाधारण नविन गुप्ता, धिरेन्द्रप्रसाद सहनी र शेष समिम बीरगञ्ज उमनपा-१३ आदर्शनगरमा सात दलले नगर निर्वाचन वहिष्कारको कार्यक्रममा ०६२ माघ १३ गते प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। त्यसक्रममा प्रहरी असई लक्ष्मी श्रेष्ठ र प्रहरी जवान नरहरि पुडासैनी र दीलिप पुडासैनी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

ठाकुरराम बहुमुखी क्याम्पसका स्वियु सभापति मनोज यादव, अनेरास्वियूका मनोज चौधरी र प्रायुसंघका अध्यक्ष अनिरुद्र रावलाई नगर निर्वाचन वहिष्कारको आरोपमा ०६२ माघ २२ गते प्रहरीले बीरगञ्ज उमनपा-८ महाविरस्थानबाट गिरफ्तार गरे। पीडितलाई ९० दिनको पूर्जी दिएर जेल चलान गरिएकोमा माघ ३० गते रिहा गरियो।

तरुण दलका सदस्य सावुद्दिन अन्सारी, नेविसंघ (प्रजातान्त्रिक)का प्रमोद यादव र महमद इम्त्राइमलाई नगर निर्वाचन वहिष्कार गरेको आरोपमा ०६३ माघ २३ गते बीरगञ्ज उमनपा-३ बिर्ताबाट प्रहरीले गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तरगत ३ महिने पूर्जी दिई जेल चलान गरेकोमा ०६२ माघ ३० गते रिहा गरियो।

नेकाँका सुरेन्द्र चौधरीलाई नगर निर्वाचन बिथोल्ने योजनाकार भन्दै ०६२ माघ २५ गते राति प्रहरीले बीरगञ्ज उमनपा-४ बिर्ताघरबाट गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तरगत ९० दिनको थुनुवा पूर्जी दिई बीरगञ्ज कारागार चलान गरिएकोमा ०६२ माघ ३० गते रिहा गरियो।

एमालेका अर्जुन शर्मा, हीरा गिरी र तरुण दलका बीरेन्द्र पटेललाई ०६३ चैत २३ गते प्रहरीले बीरगञ्ज उमनपा-१४ मुर्लीचोकमा निरंकुशताको विरोधमा सात दलले आयोजना गरेको मसाल जुलुसबाट गिरफ्तार गरी चैत २४ गते तीन महिने पूर्जी दिई जेल चलान गरिएकोमा पुनरावेदन अदालत होटौडाको आदेशमा अनुसार ०६३ वैशाख १० गते रिहा गरियो।

नेपाल पत्रकार महासंघका सभापति शत्रुघ्न नेपाल, के.सी. लामिछाने, दीपेन्द्र चौहान, कृष्ण खनाल, धुर्व साह, गया यादव, शिव पटेल, श्रीराम रायमाझी, सञ्जय साह, मनोज मिश्र, कपिलदेव यादव, सुदिप श्रेष्ठ र वैद्यनाथ ठाकुर समेत १३ जनालाई ०६२ चैत २४ गते प्रहरीले बीरगञ्ज उमनपा-१३ आर्शनगरमा पर्सा शाखाले गरेको विरोधमा हस्तक्षेप गरी गिरफ्तार गरेकोमा साँझ रिहा गरियो।

एमालेका नागेन्द्र चौधरी, चिरञ्जिवी आचार्य, विजय महतो, नेकाँका प्रकाशकुमार उपाध्याय, राजकृष्ण अमात्य, वीरेन्द्र महतो, नेपाली कांग्रेस (प्रजातान्त्रिक)का जनार्दनसिंह क्षेत्री, रामनारायण कुर्मी, दिनेश पन्त, सदभावना (आनन्दीदेवी)

का सुरेन्द्रप्रसाद कुर्मी, बीरलाल साह लगायत ३६ जनालाई ०६२ चैत २४ गते प्रहरीले बीरगञ्ज उमनपा-८ महाविरस्थानमा सात दलले गरेको विरोध प्रदर्शनबाट गिरफ्तार गरे। गरी २३ जनालाई चैत २५ गते तीन महिने पर्जी दिई जेल चलान गरिएकोमा ०६२ वैशाख १० गते पुनरावेदन अदालत हेटौडाको आदेशा रिहा गरियो भने बाँकी १३ जनालाई सोही दिन रिहा गरियो।

नेकाँका दिनाप्रसाद गुप्तालाई ०६२ चैत २७ गते प्रहरीले बीरगञ्ज उमनपा-८ माईस्थानबाट गिरफ्तार गरी चैत २८ गते तीन महिने पूर्जी दिई जेल चलान गरे। पीडितलाई ०६३ वैशाख १० गते पुनरावेदन अदालतको आदेशमा रिहा गरियो।

भवानी घिमिरे, बद्रि जोशी, शंकर चौधरी र शिवनारायण चौरसिया ०६२ चैत २८ गते प्रहरीले बीरगञ्ज उमनपा-१३ पशुपतिघोष चौकमा सात दलले निकालेको ञ्यालीमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा गम्भीर घाइते भए। पीडितहरूमध्ये भवानी घिमिरे र बद्रि जोशीको टाउको र ढाडमा गम्भीर चोट लागेकोले नारायणी उपक्षेत्रीय अस्पतालमा प्राथमिक उपचार गरी काठमाडौमा उपचार गरियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २ यस ८१ ओटा मध्ये २ सय ३ ओटा फर्स्यौट भए भने ७८ ओटा फर्स्यौट हुन बाँकी रहे। यो वर्ष दर्ता भएका ४ सय २१ मध्ये १ सय ५५ फर्स्यौट भई २ सय ६६ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३ सय ४४ ओटा फर्स्यौट हुन बाँकी रहेका छन्। सरकारवादी फौजदारी मुद्दा गत वर्ष बाँकी रहेका ५३ ओटामध्ये ३३ ओटा फर्स्यौट भई २० ओटा बाँकी रहे। यो वर्ष दर्ता भएका १ सय ८ ओटामध्ये ४४ ओटा फर्स्यौट भई ६४ ओटा फर्स्यौट हुन बाँकी रहे । यो वर्षको अन्तसम्म सरकारवादी फौजदारी मुद्दा ८४ ओटा फर्स्यौट हुन बाँकी छन्। देवानी मुद्दा गत वर्षको बाँकी ८ सय १२ ओटामध्ये ५ सय ७६ ओटा फर्स्यौट भई २ सय ३६ ओटाबाँकी रहे। यो वर्ष १ हजार १ सय ८८ मुद्दा दर्ता भएकोमा ४ सय ७४ ओटा फर्स्यौट भई ७ सय १४ ओटा फर्स्यौट हुन बाँकी रहे। वर्षको अन्तसम्म देवानी मुद्दा १ हजार ५० फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्तसम्म रहेका मुद्दाको संख्या १ हजार ४ सय ७८ छ।

यातना तथा क्रुर अमानविय र अपमानजनक व्यवहार वा दण्ड

ठोरी गाविस-५ जानकी नगरको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षक ४१ वर्षीय कृष्ण तामाङ्ग र शिक्षिका मेनुका ढकाललाई घरायसी लेनदेनको विषयमा ०६२ फागुन १७ गते बगहीपोष्टका उपसेनानी राजनसिंह अधिकारीको आदेशमा सेनाले कुटपिट गरी गम्भीर घाइते पारे। पीडित लामाको शरीरभरि निलडाम र देब्रे कान नसुन्ने भएको थियो भने शिक्षिकाको दाहिने आँखामा रगत जमेको थियो। सेनाको कुटपिटपछि विस्थापित भई बीरगञ्जमा बसेका शिक्षक शिक्षिकालाई इन्सेक प्रतिनिधि प्रेम कार्की र सञ्चारकर्मीको पहलमा चैत ६ गते ठोरी पुऱ्याई पुर्नस्थापित गरियो। निकुञ्जले पोष्टका सबै सेनालाई सरुवा गऱ्यो।

बालअधिकार

वगवाना गाविस-८ को नेपाल राष्ट्रिय माविमा अध्यनरत ११ देखि १६ उमेरका अन्जना थापा, अशोक कार्की, नारायणी अधिकारी, विनिता मोक्तान, विकास अधिकारी, श्याम मोक्तान, कान्छा लामा, रुपमाला लामा, मसलीमाया लामा र लालमाया लामालाई ७ देखि १० हजार तलब दिने आश्वासन दिँदै ०६३ मंसिर १ गते माओवादीले जनसेनामा भर्तीका लागि लगेका थिए। पीडितहरू फर्किएका छैनन्।

आर्थिक समाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको उत्तर पश्चिम भेगका ११ वटा गाविसमा १५ हजार भन्दा बढी संख्यामा सुकुम्बासीहरू छन्।


बिगतको अनुगमन

बेपत्ता

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका चारजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा वागवाना गाविस-४ छतिवन निवासी विमल घिमिरे, सोनवर्षा गाविस-३ का रमाकान्त गिरी, विरुवागुठी गाविस-१ झवराहका प्रभु दास थारु, र पोखरीया गाविस-१ निवासी नकटुवाका दीपेन्द्र गिरी रहेका छन्।

२.१० चितवन



जनसंख्या	:	५,२८,४११
साक्षरता प्रतिशत	:	७०.७६
महिला साक्षरता प्रतिशत	:	५२
क्षेत्रफल (वर्ग कि. मि.)	:	२२१८
गाविस/नपा संख्या	:	३६/२
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	४८३
क्याम्पस/उच्च मा.वि.	:	११/३२
अस्पताल/स्वास्थ्य चौकी	:	५/४२
टेलिफोन लाइन	:	१६१५७
मोटर सडक (कि. मि.)	:	५७७.४२
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४०
मानव विकास सुचकाङ्क	:	०.५१८
प्रति परिवार सरदर संख्या	:	५.६९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

पीठूवा गाविस-९ माधवपुर निवासी २२ वर्षीय ऋषिराम लामिछाने भाग्न लागेको आरोपमा ०६२ माघ १८ गते सेनाले भनपा-१२ मुनालचोकमा गोली हानी हत्या गरे। हात उठाएर गोली नहान्न अनुरोध गर्दा गर्दै सेनाले गोली हानेको उनीसँगे रहेका रामप्रसाद गडेरीले बताए। उनलाई पहिलो गोली हात र दोश्रो गोली टाउकोमा हानिएको थियो। स्थानीय प्रशासनले हत्याको भोलिपल्ट परिवारबाहेक कसैलाई पनि सद्गदमा नलाने शर्तमा पीडित माओवादीको अञ्चल कमाण्डर भएको र भीडन्तमा मारिएको भनी उनको बाबु टंकप्रसादलाई कागजमा दस्तखत गराई लास जिम्मा लगायो।

भरतपुर नपा-११ पारिजातचोक निवासी २२ वर्षीय तुलसी डुम्राकोटीको जनआन्दोलनको क्रममा घरमाथिबाट आन्दोलनकारीहरूलाई पानी दिइरहेको समयमा ०६२ चैत २६ गते प्रहरीले दुई सय मिटर टाढाबाट चलाएको गोली लागी घाइते भइन्। उपचारको क्रममा मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा ०६३ चैत २७ गते उनको मृत्यु भयो। उनलाई सरकारले सहिद घोषणा गर्दै परिवारलाई १० लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गरायो।

माओवादीबाट

फष्टराईफल गण, भरतपुरका दुई सैनिकहरुको कृषि विकास बैंक भरतपुर शाखाको सुरक्षा गरिरहेको बेला ०६२ फागुन २४ गते जन्तीको अभिनय गरी माईकोबसमा भण्डारादेखि आएका एक दर्जन माओवादीले भरतपुर नपा-१२ जिल्ला हुलाक कार्यालय अगाडि गोली हानी हत्या गरे। त्यसपछि माओवादी र सेनाबीच ७ मिनेट दोहोरो भिडन्त भयो। माओवादीले सेनाको एक थान इन्सास राइफल र मेगेजिन खोसेर अन्नपूर्णपोष्टका बजार व्यवस्थापक अनिल रेग्मीको र भरतपुर नपा-८ गौरीगञ्जका नन्दराम विश्वकर्माको मोटरसाईकलमा चढी भागे। मृतकको लास र घाइतेलाई सेनाले लगे। माओवादीले नन्दरामको मोटरसाइकल भोलिपल्ट खैरहनी गाविसबाट मानवअधिकारकर्मी, कानुन व्यवसायी र पत्रकारको जिम्मा लगाए भने अनिलको मोटरसाइकल सेनाले खैरहनी माविको चौरबाट फिर्ता लगे।

जगतपुर गाविस निवासी प्रेमबहादुर ठोकरले सुराकी गरेको आरोपमा ०६३ जेठ ९ गते माओवादीले सोही ठाउँको मधुपरी कृष्ण चौकमा हत्या गरे। माओवादीले मृतकको लासलाई उनकै घरदेखि ५ सयमिटर पर बाटोमा फालेर भागे। ठोकरको हत्यामा संलग्न आफ्ना कार्यकर्ता जगतपुर गाविस निवासी राजेश लामालगायत पाँचजनालाई माओवादीले श्रमशिविरमा राखे।

दोहोरो भिडन्त

दाहखानी गाविस-६ को आहालडाडा निर्सिटार दारेचौकमा ०६२ चैत ८ गते बिहान नौ बजे माओवादी खान खान लागेको समयमा सेनाले आक्रमण गर्दा सेना र माओवादीबीच १५ मिनेट दोहोरो भिडन्त भयो। दोहोरो भिडन्तमा परी २० जना माओवादीको मृत्यु भयो। तीनजना सेना घाइते भएको सुरक्षास्रोतले जनायो। भिडन्तमा मारिएका माओवादी कार्यकर्ताहरूमा दोलखा जिल्ला निवासी विश्वास दाहाल, काभ्रे जिल्ला निवासी धनकुमारी लेप्चन, सोही जिल्लाको ठूलो वाङ्थली निवासी पम्फौ विश्वकर्मा, नाग्रेगगर्चे गाविस निवासी सोनाम मुक्तान, रोल्पा जिल्ला जैमकसलम

गाविस-३ निवासी सतु विश्वकर्मा, रूकुम जिल्ला आठबीसकोट गाविस निवासी मने बुढा, उदयपुर जिल्ला गोकुले गाविस-१ निवासी प्रेमकुमारी श्रेष्ठ, मकवानपुर जिल्ला छतिवन गाविस-४ निवासी दोर्जे घलान, सोही जिल्ला रायगाउँ निवासी प्रकाश राईलगायत रहेका थिए।



सुरक्षाकर्मीद्वारा मारिएकी तुलसी डुम्राकोटी

गोली/बम/बिष्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

भरतपुर नपा-१२ पारिजातचोकस्थित तुलसी क्षेत्रीको घरमा बसेका प्रमिला के.सी. र प्रतीक्षा अधिकारी जनाआन्दोलनको क्रममा आन्दोलनकारीलाई पानी दिइरहेको अवस्थामा ०६२ चैत २६ गते प्रहरीले मालपोतचोकबाट चलाएको गोली लागी गम्भीर घाइते भए। घाइतेहरूलाई भरतपुर अस्पतालमा प्रारम्भिक उपचारपछि मेडिकल कलेज शिक्षण अस्पतालमा लगियो। उनीहरूलाई थप उपचारको लागि काठमाडौंको वीएण्डवी अस्पताल पठाइयो।

गीतानगर गाविस निवासी टेम्पो व्यवसायी संघका अध्यक्ष डोलनारायण श्रेष्ठ निषेधित घेरा तोडी अगाडि बढेको जुलुसमा सहभागी भएको अवस्थामा ०६३ चैत २७ गते प्रहरीले नारायणगढमा चलाएको गोली देब्रे कुममा लागि घाइते भए। उनको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

पीठूवा गाविस-६ निवासी १९ वर्षीय जीवन नेपाली र सोही गाविस-२ निवासी ४१ वर्षीय भरत कट्टेल, शक्तिखोर गाविस-७ निवासी २० वर्षीय गणेश श्रेष्ठ, पीठूवा गाविस-७ निवासी १७ वर्षीय सुरेश लामा र सोही गाविस-६ निवासी १९ वर्षीय सुजन गुरुङलाई आन्दोलनको क्रममा ०६३ बैशाख ४ सेनाले रत्ननगर नपा-२ टाडीचोकमा गोली हानी घाइते पारे। खुट्टामा गोली लागि गम्भीर घाइते भएका जीवन नेपालीको शुरुमा महेन्द्रआदर्श चिकित्सालय र पछि वीएण्डवी अस्पतालमा उपचार भयो। अन्यको महेन्द्रआदर्श चिकित्सालय र मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालका सशस्त्र प्रहरी टेकबहादुर सुनार ०६४ फागुन २४ गते माइक्रोबसमा आएका माओवादीले चलाएको गोली लागि घाइते भए। उनको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो। घाइते सुनारलाई कृषि विकास बैंक भरतपुर शाखाको सुरक्षार्थ जिल्ला प्रहरी कार्यालयबाट खटाइएको थियो।

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको कूल बन्दी क्षमता ९५ रहेको छ। जसमा ९८ जना पुरुष कैदी र सात जना महिला जम्मा १ सय ५ जना कैदी रहेका छन्। यस कारागारमा १ सय ४८ पुरुष र १ महिला गरी जम्मा १ सय ४९ जना थुनुवा राखिएको छ। यसरी यो कारागारमा कैदी र थुनुवा गरी कुल २ सय ५४ बन्दी रहेका छन्। जसमा तीन जना बालक छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						३	३		३	३	७	४	११	३३
घाइते	१	१			१	१	१		१	१७	३३	५		३८
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										६	३३	३		३५
कुटपिट	१	५		८	१३	१	३		३	३४	३८	६		३४
धम्की						५	१०		१०	४	३	१		४
भेला/संगठित हुने अधिकार										३९	९६	१	४५८	५५५
महिलाअधिकार	७		८		८									
बालअधिकार	१३		१३		१३									
अमानवीय व्यवहार	१	१			१									
अपहरण						६	१६	३	१८					
जम्मा	३३	७	३१	८	३६	१५	३३	३	३५	८४	१९०	३०	४६९	६७९



माओवादीद्वारा हत्या गरिएका सुरक्षाकर्मी

कारागारमा पानीको राम्रो व्यवस्था छ। चार ओटा शौचालयमा दुईटा बिग्रेकोले शौचालयमा लाम लागेर बस्नुपर्ने बाध्यता बन्दीको छ। बिरामी भएमा बन्दी आफैले औषधी किनेर खाने गरेका छन्। पत्रपत्रिका बन्दी आफैले किनेर पढ्ने गरेका छन्। टीभी निकै पुराना भएकोले बिग्रेर हेर्न नपाएको बन्दीको भनाई छ।

पचास प्रतिशत कैद भुक्तान गरिसकेका बन्दीले कैद मिनाहा पाउनु पर्ने, परिवारका सबैले भेटघाट गर्न पाउनु पर्ने, थुनुवा पूर्जी बाहिर लैजान पाउनु पर्ने, खानेपानीको समस्या समाधान हुनु पर्ने लगायतका १५ सुत्रीय माग पुरा गराउन ०६२ चैत १२ गतेबाट बन्दीले आन्दोलन गरे। माओवादीद्वारा घोषित तात्कालीन पूर्वोत्तर इलाका जनसरकार प्रमुख शुदर्सन पौडेललाई ०६२ चैत ११ गते केन्द्रीय कारागार तथा विभिन्न मुद्दामा रहेका ३१ जना बन्दीलाई ०६२ चैत १४ गते वीरगञ्ज कारागार सरुवा गरेपछि आन्दोलन स्थगित भयो।

हिरासतमा मृत्यु

दिव्यनगर गाविस निवासी ६२ वर्षीय शिखाराम चौधरीको ०६३ वैशाख २९ गते चितवन राष्ट्रिय निकुञ्जको हिरासतमा दिइएको यातनाका कारण मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भयो। गैंडा चोरी शिकारी अभियोगमा वैशाख २० गते गिरफ्तार गरिएका उनलाई अनुसन्धानको क्रममा बुटले हिर्काइ यातना दिदाँ छातीको सात ओटा करङ भाँचिएको थियो। घटना भएको तीनदिनपछि निकुञ्जका प्रमुख संरक्षक टीकाराम अधिकारी, सहायक संरक्षक अधिकारी कमलङ्ग कुँवर र रेन्जर रितेश बस्नेतलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी हिरासतमा राखी दुई हप्तापछि अधिकारीलाई तारेखमा रिहा गरियो भने अन्य दुईलाई पुर्पक्षका लागि नवलपरासी कारागार चलान गरियो। पीडितको परिवारलाई सरकारले छ लाख क्षतिपूर्ति उपलब्ध गरायो।

बेपत्ता/अपहरण

माओवादीबाट

चैनपुर गाविस-२ ज्यामीरे निवासी ४५ वर्षीय डिल्लीप्रसाद छत्कुलीले इलाका नं २ को जिल्ला विकास समिति सदस्यमा मनोनित भएपछि पदबाट राजीनामा नदिएको भन्दै ०६२ चैत ५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनलाई मानवअधिकारकर्मी र नागरिक समाजको पहलमा भोलिपल्ट वीरेन्द्रनगर गाविसको ब्रम्हनगरबाट मुक्त गरियो।

पटिहानी गाविस-१ निवासी २१ वर्षीय नवराज ढुंगानाले सुराकी गरेको आरोपमा ०६३ वैशाख १६ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीहरूको पहलमा ०६३ वैशाख १९ गते चैनपुर गाविस-७ लदरीबाट मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बेसो केवल टीभी च्यानलका कार्यकारी निर्देशक कोमल भगतलाई जनआन्दोलनको समाचार प्रसारण गरेको भनी ०६२ माघ १९ गते पछि सुरक्षाकर्मीले जनआन्दोलनको समाचार प्रसारण नर्गन धम्की दिए।

भरतपुर नपा-८ गौरीगञ्ज निवासी ३३ वर्षीय राजीव न्यौपाने, गंगादत्त कडेल, ध्रुवराज खनाल, रामचन्द्र पोखरेल, ठाकुर पौडेल, काशी श्रेष्ठ, गीतानगर ५ निवासी पुष्पराज पौडेल र खेमराज पौडेल निर्वाचन बिथोल्न खोजेको आरोपमा ०६२ माघ २६ गते सेनाले भनपा-८ गौरीगञ्जको चौतारोमा उनलाई कुटपिट गरी घाइते पारे। पीडितको उपचार मेडिकल उपचार गरियो।

चितवनपोष्ट दैनिकका केशव भट्टराई र वर्गीकृत राष्ट्रिय दैनिकका नारायण ढुंगानालाई समाचार संकलन गर्न गरिरहेको अवस्थामा ०६२ चैत २८ गते संयुक्त बेसक्याम्पका सुरक्षाकर्मीले रत्ननगर नपा-१ बकुलहरमा कुटपिट गरे। त्यस्तै कालिका एफएमका बिष्णु पौडेललाई समाचार



सुरक्षाकर्मीको गोली लागी घाइते भएका जीवन नेपाली

संकलनमा प्रहरीले हस्तक्षेप गरी उनको साइकल जलाए। सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका भट्टराई र ढुंगानाको भरतपुर अस्पतालमा उपचार भयो।

माओवादीबाट

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा अध्ययनरत नेविसंघका वीरेन्द्रकुमार चौधरी, अनन्तराज देवकोटा, भेषबहादुर भण्डारी, प्रमोद गौतम, आशीष लम्साल, गेहेन्द्र भट्टराई, दीपेश न्यौपाने, बसन्त आचार्य, अर्जुन पाण्डे, प्रवीन तमाङ, गणेश चापागाई, लक्ष्मण अधिकारी र शन्देश न्यौपाने लगायत २५ जनालाई आफ्ना दुई साथीहरुलाई कुटपिट गरेको आरोपमा ०६३ पुस ३ गते अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थीहरूले कुटपिट गरे। पीडितहरूलाई आइन्दा हामी यस्तो ज्यादती गर्दैनौं भनेर जबर्जस्ती दस्तखत गराएको कुरा नेविसंघले ०६३ पुस ४ गते पत्रकार सम्मेलन गरी जनाए। घाइतेहरूमध्ये १३ जनाको उपचार मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा भयो।

गैरकानुनी गिरफ्तारी

धनुषा जिल्ला निवासी २३ वर्षीय रामप्रसाद गडेरीलाई माओवादीको आरोपमा ०६२ माघ १८ गते सुरक्षाकर्मीले भरतपुर नपा-१२ मुनालचोकबाट गिरफ्तार गरी फष्ट राइफल गण भरतपुरमा हप्ता राखी जिल्ला कारागार भरतपुर चलान गरियो। पीडितलाई कारागार शाखाले ०६२ चैत ७ पत्राउ पूर्जीको प्रतिलिपि दिएकोमा वैशाख २५ गत रिहा भए।

पिप्ले गाविस-९ निवासी २४ वर्षीय नवराज पाठकलाई अस्पतालमा घाइते माओवादीको कुरुवा बसेको आरोपमा ०६२ चैत १२ गते प्रहरीले वीपी मेमोरियल क्यान्सर अस्पताल भरतपुरबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत १६ गतेदेखि जिल्ला कारागार भरतपुरमा नजरबन्दमा राखी वैशाख ३० गते रिहा गरियो।

भरतपुर नपा-४ लंकु निवासी ४५ वर्षीय माओवादीका यदुमणि खरेललाई माओवादीको आरोपमा ०६३ वैशाख १४ गते सादापोशाकका सेनाले सोही नपा-१४ कल्याणपुरबाट गिरफ्तार गरे। पीडितलाई सात दलको नेताको पहलमा वैशाख १५ गते रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

एमालेका हरि सापकोटा, देवीप्रसाद ज्ञवाली, पूर्व सांसद जेपी भेटवाल, केशव रेग्मी, विजय सुवेदी, अरुण पीडित भण्डारी, दामोदर अधिकारी, पवन रेग्मी, रामचन्द्र न्यौपाने, तारानाथ रेग्मी, कांग्रेसका रामकृष्ण घिमिरे,



प्रहरीद्वारा गिरफ्तार गरिएका जे. पी. भेटुवाल

भानुभक्त सुवेदी, बामदेव खनाल, श्यामकला वाग्ले, बोधनाथ गौतम, भक्ति तिमिल्सिना, रघुनाथ अधिकारी, तुलसी पौडेल, नन्दराम कँडेल, जनमोर्चाका ठाकुर ढकाल, रणेन्द्र बराली, सन्देश पौडेल, द्रोणबाबु शिवाकोटी, मीरा केसी, मालेका भगवती घिमिरे लगायत २३ जनालाई नगर निर्वाचन बहिष्कारको प्रचार जुलुस गर्ने क्रममा ०६२ माघ २५ गते प्रहरीले लायन्सचोकबाट गिरफ्तार गरे। सबैलाई ०६२ माघ २६ गते राति जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

पूर्व सहायकमन्त्री सावित्री बोगटी, जिविस महासंघका पूर्व सभापति कृष्णलाल सापकोटा, एमालेका कृष्णप्रसाद खनाल, जनमोर्चाका गोपीलाल देवकोटा, भरतपुर नपाका पूर्वप्रमुख मुक्तिलाल चुके, शैलेन्द्र पिया, कृष्णभक्त पोखरेल, रामलाल महतो, हरिराज पौडेल, प्रायुसंघका जिल्ला अध्यक्ष कमलराज पाठक, नेविसंघका अरुणेश्वर खनाल, निरञ्जन सुवेदी, सूर्य अर्याल, उमेश अधिकारी, श्यामलाल महतो, सुमीत्रा केसी, दानवहादुर विश्वकर्मा, बुद्धिकान्त सिम्खडा, पुष्कर त्रिपाठी, यदु पोखरेल, बद्री अधिकारी, बासु पौडेल, दीपेन्द्र अधिकारी, राम जमरकट्टेल, आनन्द राउत, सुरज तिवारी, एकनारायण सापकोटा, ईश्वरी तिमिल्सिना, बालचन्द्र वाग्ले, प्रदीप पण्डित, मिलन पोखरेल, पशुपति खनाल, गणेश पौडेल, केशव न्यौपाने, तीर्थ न्यौपाने, देवेन्द्र केसी, राजेन्द्र डोटेल, विदुर केसी, चन्द्रकान्त न्यौपाने, राजेश्वर खनाल, बलराम पौडेल, रामकृष्ण घिमिरे, श्यामकला वाग्लेसमेत १ सय १० जनालाई नगर निर्वाचन बहिष्कार गर्ने क्रममा शन्तिपूर्ण प्रदर्शनबाट ०६२ माघ २६ गते प्रहरीले भरतपुर नपाका विभिन्न ठाउँबाट गिरफ्तार गरी सोही साँझ रिहा गरियो।

भरतपुर नपा-१० लाहुरेटोल निवासी ३३ वर्षीय डोलनाथ घिमिरेलाई नगरनिर्वाचन बहिष्कारको क्रममा ०६२ माघ २६ गते प्रहरी असईले लखेट्दै सोही ठाउँ निवासी हरिकला अधिकारीको घर अगाडी ताकेर गोली हाने। गोली उनको टाड्मुनीबाट छिरेर गयो। उनलाई त्यहाँबाट प्रहरीले गिरफ्तार गरी कन्चटमा बन्दुकको नाल तेर्स्याउँदै जिल्ला

प्रहरी कार्यालयमा लगी सोही राति छोडियो।

एमालेका रामप्रसाद न्यौपाने, अनेरास्वियुका रुद्र सुवेदी, प्रायुसंघका श्रीप्रसाद दुवाडी, सप्तगण्डकी क्याम्पसका प्रकाश बराल, दयाराम घिमिरे र दाताराम घिमिरेलाई स्थानीय विकासमन्त्री टंक ढकाललाई कालो झण्डा देखाउने क्रममा ०६२ चैत १० गते प्रहरीले हस्तक्षेप गरी भरतपुर विमानस्थलबाट गिरफ्तार गरे। प्रहरीले लाठीचार्ज गर्दा गम्भीर घाइते भएका उमेश अधिकारीको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालय भरतपुरमा राखी सोही दिन रिहा गरियो।

जनमोर्चाका ठाकुर ढकाल, ईश्वरी तिमिल्सिना, विजय ओझा, सुमन सुवेदी, मिलन अधिकारी, चन्द्रकान्त न्यौपाने, मानवअधिकारकर्मी अनन्त ढुंगाना, रामपुर कृषि क्याम्पसका उप-प्राध्यापक सूर्यकान्त घिमिरे र कानून व्यवसायी बद्री गौतमलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २५ गते प्रहरीले भरतपुर नपा शहिदचोकबाट कुटपिट गरी गिरफ्तार गरे। सबैलाई सोही दिन रिहा गरियो।

भरतपुर नपा-१० निवासी गोविन्दराम शर्मा, काठमाडौं जिल्ला कामनपा ४ घर भई भरतपुर नपा-९ निवासी प्रायुसंघका केदार सुवेदी, भरतपुर नपा-९ शरदपुर निवासी वीरेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक सूर्यनारायण पौडेल, एमालेका पीडित भण्डारी, नेकाँका दिनेश कोइराला, जिल्ला बालकल्याण समितिका ईश्वरी तिमिल्सिना, कल्याणपुर गाविस निवासी जिल्ला गैसस महासंघका महासचिव रामप्रसाद न्यौपाने, जनमोर्चाका हीरा बराइली, बिष्णुबहादुर घिमिरे, भरतपुर नपा-४ निवासी सूर्य श्रेष्ठ, विजयराज ओझा, बोधनाथ गौतम, रामकुमार श्रेष्ठ, गोपाल देवकोटा, रामबाबु ढकाल, दीपक सिलवाल, नरबहादुर खाँड, मानबहादुर भट्ट, बिष्णुलाल श्रेष्ठ, बिष्णुहरि ढकाल, होटल



प्रदर्शनकारीलाई गिरफ्तार गर्दै सुरक्षाकर्मीहरू

सम्राट तन्दुरीका सञ्चालक वेदराज पोखेरल र माया पंगेनीलाई जनआन्दोलनको क्रममा ०६३ चैत २५ गते प्रहरीले भरतपुर नपा नारायणगढ सहिदचोकमा कुटपिट गरे। कुटपिटबाट घाइते भएका सबैको उपचार महेन्द्रआदर्श चिकित्सालय, मेडिकल कलेज शिक्षण अस्पताल र स्थानीय मेडिकलमा गरियो। सोही घटनामा आन्दोलनकारीको ढुंगा तथा ईटाको प्रहारबाट असई यदु न्यौपाने, हेमराज खराल, इन्स्पेक्टर गोविन्द पुरी र सोमबहादुर थापा घाइते भए। घाइते प्रहरीहरुको महेन्द्रआदर्श चिकित्सालय भरतपुरमा उपचार भयो।

खैरहनी गाविस-४ निवासी टेकबहादुर थापा, चैनपुर गाविस-५ निवासी अमर कार्की ,सोही गाविस-३ निवासी चिरञ्जीवी अर्याल, भरतपुर नपा-१० निवासी अरुण पौडेल, बछौली गाविस-५ निवासी बाबुराम पुरी, सोही गाविस-८ निवासी सुरेश रेग्मी, चन्द्रप्रसाद कँडेल भरतपुर नपा-१० निवासी रामकुमार श्रेष्ठ, सोही ठाउँ निवासी शिव काष्ठ उद्योगका अब्दुल आलम, भरतपुर निवासी चन्द्रप्रसाद पोखरेल, ज्ञानु थापा, भनपा-९ शरदपुर निवासी मोतिराम कुईकेल, माडी निवासी काशीराम अधिकारी, भरतपुर नपा-१० निवासी शालिकराम बर्तौला, श्याम थापा, गीतानगर निवासी कमल रिजाल, बाग्लुङ निवासी सप्तगण्डी बहुमुखि क्याम्पसका किशोर पौडेल, रत्ननगर नपा निवासी राजु गुरुङ, भरतपुर नपा-४ बेलचोक निवासी जीत क्षेत्री, भरतपुर नपा-६ निवासी टेकनारायण सापकोटा, चैनपुर गाविस-८ निवासी भीमसेन खनाल, सप्तगण्डकी बहुमुखि क्याम्पसका हिमाल पाण्डे, भरतपुर नपा-१० निवासी ओमप्रकाश ढकाल, मेघबहादुर पौडेल, भरतपुर नपा-७ निवासी दीपेन्द्र पौडेल, रामचन्द्र थापा, ओमप्रसाद सापकोटा, खड्गप्रसाद पौडेल, महेन्द्र वाग्ले, छविलालप्रसाद काफ्ले, महेन्द्र वाग्ले, छविलाल भण्डारी, ज्योतिप्रसाद काफ्ले र नाम नखुलेका ६ जनालाई लायन्सचोकबाट चौबीसकोठीतर्फ गएको विरोध जुलुशमा सहभागी हुँदा ०६२ चैत २६ गते प्रहरीले भरतपुरमा कुटपिट गरी घाइते पारे। प्रदर्शनकारीसँगको दोहोरो झडपमा इन्स्पेक्टर गोविन्द पुरी र केदार खड्का, असई हुमराज खनाल, सुरेश कार्की, नवराज जोशी, सुमन परियार, प्रहरी जवानहरु जगदिश धामी र रमेश बुढाथोकी घाइते भए। घाइतेको भरतपुरमा उपचार भयो।

लोकतान्त्रिक आन्दोलनको क्रममा भरतपुर नपा नारायणगढबाट प्रहरी घेरा तोड्दै जिल्ला प्रशाशन कार्यालय जान लागेको दशौं हजारको जुलुशलाई शहिदचोक, लायन्सचोक र भरतपुरको ओरालोमा निषेधित घेरा तोडेर अगाडि बढेको आरोपमा ०६२ चैत २७ गते प्रहरी र सेनाले प्रदर्शनकारीलाई निर्मम कुटपीट गरे। यसरी कुटपिटबाट घाइते हुनेहरुमा गैडाकोट निवासी १३ वर्षीय प्रभु पौडेल,

भरतपुर नपा-१ लिलाचोक निवासी ३० वर्षीय श्याम परियार, सोही ठाउँ निवासी २३ वर्षीय खडानन्द भुषाल, सोही नपा-१ रामनगर निवासी अर्जुन पोखरेल र रामकृष्ण सापकोटा, भारत घर भएका मधुशुदन शर्मा, खैरहनी गाविस-४ निवासी प्रेमराज रिमाल, नवराज श्रेष्ठ, झापा जिल्ला दमक घर भई हाल रामनगर होटलमा काम गर्ने भरत देउजा, भरतपुर नपा-१० निवासी मानवअधिकार संरक्षण मञ्चका शेखर अर्याल, भरतपुर नपा-१० निवासी एमालेका केशवप्रसाद रेग्मी, पार्वतीपुर निवासी फूलबहादुर तामाङ, पटिहानी गाविस-७ ब्रम्हपुरी निवासी प्रकाश दुवाडी, रामप्रसाद ढकाल, श्रीराम देवकोटा, पार्वतीपुर गाविस-६ निवासी मदन घिमिरे, पटिहानी गाविस निवासी रामप्रसाद ढकाल, भरतपुर नपा-१ निवासी श्याम खाती, भरतपुर नपा-१३ निवासी सुदिप बराल, सोही नपा-१० निवासी गोपाल अधिकारी, नवलपरासी जिल्ला गैंडाकोट गाविस निवासी जगन्नाथ आचार्य, गोविन्द पौडेल, भरतपुर नपा-७ निवासी बिष्णु धिताल, गोपाल सापकोटा, यदुनाथ पोखरेल, किशोर रानाभाट, केशरबहादुर भुजेल, गीतानगर गाविस-२ निवासी कृष्ण तिमिल्सिना, सोही गाविस-४ निवासी चण्डीप्रसाद न्यौपाने, सोही गाविस-७ निवासी डोलनारायण श्रेष्ठ, बलराम बाँस्तोला, नवलपरासी जिल्ला गैंडाकोट गाविस निवासी भुमीश्वर सापकोटा, टंकप्रसाद सापकोटा, खडानन्द ढकाल, शंकर पौडेल, अर्जुन पोखरेल, टीकाराम सापकोटा, अमृतमान श्रेष्ठ, कावासोती निवासी अर्जुन पाण्डे, भरतपुर नपा-१ लिलाचोक निवासी श्याम परियार, रत्ननगर नपा-८ पर्सौनी निवासी बिष्णु चापागाँई, गीतानगर गाविस-४ निवासी विजय पौडेल, लेखनाथ वन, गीतानगर गाविस निवासी झिल्लु तिवारी, भरतपुर नपा-७ निवासी हरि सापकोटा, दिलबहादुर थापा, यदुनाथ पोखरेल, निरु थापा, किशोर रानाभाट, भरतपुर नपा-४ निवासी राजकुमार गुरुङ, शीर कोइराला, जीतबहादुर चौधरी, मानबहादुर गुरुङ, भरतपुर नपा-१० निवासी धर्मराज घिमिरे, सुवास रेग्मी, सोही नपा-२ निवासी दलबहादुर परियार, ऋषि अधिकारी, सहवीर शाह, सञ्जय कुशवाहा, सुरज तिवारी, जीवन रिमाल, भरतपुर नपा नपा-६ निवासी बलराम अधिकारी, केशव सापकोटा, दीपक सापकोटा, हरि सापकोटा, पिप्ले गाविस-९ निवासी अर्जुन चेपाङ, भरतपुर नपा-५ निवासी पूर्णकान्त पोखरेल, सोही नपा-४ निवासी श्यामबहादुर लामा, भजन चौधरी, रामचन्द्र थापा, भरतपुर नपा-९ निवासी महाप्रसाद सिलवाल, रामकृष्ण सापकोटा, सहवीर शाह, संजय कुशवाहा, सुरज तिवारी, नारायणगढ निवासी रामबहादुर लामा, दिपेन्द्र रसाईली, सुवास गुरुङ, प्रकाश कुमाल, मोहनदत्त रिजाल, पदमपाणी सुवेदी, मदन घिमिरे, पटिहानी गाविस निवासी श्रीराम देवकोटा, रामपुर



सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते पारिएका गोविन्द आचार्य

क्याम्पसका प्रमोद गौतम, रामप्रसाद ढकाल, जगतपुर गाविस निवासी दुरणप्रसाद पौडेल, मंगलपुर गाविस निवासी बलराम कंडेल, मकवानपुर जिल्ला हेटौडा नपा निवासी आले लामा, धादिङ जिल्ला निवासी शंकर भट्टराई, बिनोद पौडेल, सागर गौतम, नवराज श्रेष्ठ, तारानाथ सिग्देल, विश्वनाथ भट्टराई, अर्जुन पोखरेल, बीरगञ्ज निवासी हनुमान तमाङ, सन्तोष शाह, भरतपुर नपा-कामनाचोक निवासी भोजबहादुर, १३ वर्षीय सन्तोषकुमार ढकाल, भरतपुर नपाका कर्मचारी भूमीदेव सुवेदी रहेका छन्। घाइते सबैको उपचार भरतपुर अस्पतालमा भयो। सोही घटनामा प्रदर्शनकारीले हानेको ईटा ढुगांले लागी इन्स्पेक्टर सोमबहादुर थापा, प्रहरी जवान श्रीबहादुर प्रजा, श्रीकृष्ण राना, सुरज परियार, कमल कुँवर, रामबहादुर मोक्तान, दीपक अधिकारी, सुरेश थापामगर, भानु भट्ट, पुन्यभक्त जोशी, सुरेश शाही धामी र हेमकुमार धामी समेत १२ जना घाइते भए। पीडितहरूको भरतपुर अस्पतालमा उपचार भयो।

बछौली गाविस-९ निवासी सिनर्जी एफएमका शुरेश रेग्मीलाई समाचार संकलनको क्रममा ०६२ चैत २७ गते प्रहरीले भरतपुर नपा-१० मा परिचय पत्र देखाउँदा पनि लाठीले टाउको र शरिरमा निर्मम तरिकाले कुटपिट गरी घाइते पारी हिरासतमा राखियो। पीडितलाई साँझ भरतपुर अस्पतालमा उपचारको लगी रिहा गरियो।

चैनपुर गाविस-४ निवासी आनन्द दराई, भरतपुर नपा-१२ निवासी विश्व भट्टराई, बिष्णु खतिवडा, सुखिराम चौधरी, गुल्मी जिल्ला निवासी हाल न्यूरेनी माविका शिक्षक होमनाथ खरेल, नवलपरासी जिल्ला गैडाकोट गाविस निवासी गैसस महासंघका करुणासागर सुवेदी, सोही ठाउँ निवासी रवि कडेंल, कमल विश्वकर्मा, रामप्रसाद सापकोटा, ३८ वर्षीय केशव ढकाल, उत्तम जोशी, प्रमोद लामा, भरतपुर नपा-८ गौरीगञ्ज निवासी वरुण बस्नेत, समर पन्त र हीरालाल न्यौपानेलाई शान्तिपूर्ण विरोध जुलुसमा सहभागी भएको अवस्थामा ०६२ चैत २८ गते प्रहरीले भरतपुर नपामा कुटपिट गरी घाइते पारे। घाइते सबैलाई आन्दोलनकारीले भरतपुर मेडिकल कलेज शिक्षण अस्पतालमा उपचारको लागि लगे।

भरतपुर नपा-१ रामनगर निवासी २२ वर्षीय खडानन्दप्रसाद ढकाल, थर नखुलेका समर, भरतपुर नपा-४ बेल्चोक निवासी बामदेव खनाल र खमानन्द कँडेललाई विरोध जुलुशमा सहभागी भएको अवस्थामा ०६२ चैत २८ गते प्रहरीले भरतपुर नपामा कुटपिट गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालयम राखी साँझ रिहा गरियो।

भरतपुर नपा-९ हाकिमचोक निवासी बृहस्पति कडेंल, रत्ननगर नपा-१ बकुलहर निवासी ३० वर्षीय नेत्रप्रसाद चौधरीलाई लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको अवस्थामा ०६३ चैत २९ गते प्रहरीले भरतपुर नपा-९ हाकिमचोकमा कुटपिट गरे। घाइते सबैको उपचार भरतपुर अस्पतालमा भयो।

लमजुङ जिल्ला दुराडाँडा घर भएका वीरेन्द्र बहुमुखि क्याम्पसका स्वयिु सदस्य २१ वर्षीय रामचन्द्र न्यौपाने, सुरज श्रेष्ठ, कमल गुरुङ, शिवनगर गाविस-६ राधापुर निवासी २१ वर्षीय घनश्याम सुवेदी, नवलपरासी जिल्ला गैडाकोट गाविस-७ निवासी होमनाथ सापकोटा, रमाकान्त कँडेल, सोही गाविस-४ निवासी ज्ञानप्रसाद तिमिल्सिना, सोही गाविस-८ निवासी ३० वर्षीय खुमनाथ पौडेल, यदुनाथ सिग्देल, सोही गाविस-२ निवासी कलाधर विश्वकर्मा, विश्वप्रकाश घिमिरे, सोही गाविस-५ निवासी लक्ष्मीप्रसाद दवाडी, सोही गाविस-८ निवासी करुणासागर सुवेदी, शारदानगर गाविस-२ निवासी चन्द्रध्वज गुरुङ, गीतानगर गाविस-६ निवासी तीर्थ बानियाँ, गुञ्जनगर गाविस-५ निवासी शम्भु मगराति, सोही गाविस-२ निवासी भरतप्रसाद ढकाल, मंगलपुर गाविस-५ निवासी ध्रुवप्रसाद मिश्र, भरतपुर नपा-४ बेल्चोक निवासी कृष्णबहादुर श्रेष्ठ, उमेश अधिकारी, अनिता रिमाल, भरतपुर नपा-१४ निवासी शंकर गौतम, काभ्रे जिल्ला बनेपा नपा निवासी रामशरण श्रेष्ठ, भरतपुर नपा-१ निवासी खडानन्द भुषाल र लक्ष्मण श्रेष्ठलाई जनआन्लदोलनको क्रममा ०६३ चैत २९ गते प्रहरीले भरतपुर नपा-४ मा कुटपिट गरी घाइते पारे। प्रदर्शनकारीसँगको दोहोरो झडपमा परी प्रहरीहरु सर्लाही जिल्ला निवासी गणेश दास, सन्तबहादुर भट्ट, खैरहनी डडौली निवासी विनोद सुवेदी र रत्ननगर बेस याम्पका प्रमोद यादव लगायतका घाइते भए। घाइते सबैको उपचार भरतपुर अस्पतालमा भयो।

भरतपुर नपा-९ हाकिमचोक निवासी महाप्रसाद सिलवाललाई लोकतान्त्रिक आन्दोलनको क्रममा ०६२ चैत २९ गते प्रहरीले भरतपुर नपा-९ हाकिमचोकमा कुटपिट गरी गरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा राखी साँझ रिहा गरियो। पीडितले भरतपुर अस्पतालमा उपचार गराए।

रत्ननगर नपा-१ बकुलहर निवासी हरिप्रसाद पौडेल, नवराज पाठक, सोही नपा-२ निवासी नेकाँ (प्रजातान्त्रिक) का समरबहादुर मल्ल, ईश्वरी रेग्मी, कविराज बुर्लाकोटी र छविलाल पोखरेललाई ०६३ बैशाख ४ गते प्रहरीले रत्ननगर नपा मन्दिरचोकमा हस्तक्षेप गरी लाठीचार्ज र अश्रुग्याँस प्रहार गर्दा घाइते भए। घाइते मध्ये पौडेल र मल्लको भरतपुरमा उपचार गरियो।

रत्ननगर नपा-२ निवासी १७ वर्षीय राजेन्द्र पट्टेल, धनबहादुर सोही ठाउँ निवासी काँग्रेसका महेश रौनियार, राजेन्द्र कानु, पीठूवा गाविस-२ निवासी शेरमान गुरुङ र सोही गाविस-३ निवासी ईश्वरी लामिछानेलाई सडकमा सुतेर बाटो रोकिरहेको अवस्थामा बस तथा ट्रकलाई स्कर्टिङ गर्न अवरोध गरेको भन्दै ०६३ बैशाख ४ गते सेनाले भरतपुर नपा टाँडी चोकमा कुटपिट गरे। कुटपिटबाट रौनियारको देब्रे आँखामा चोट लाग्यो। बख्तरबन्द गाडी आएपछि प्रदर्शनकारी तितरबितर भए।

जगतपुर गाविस-१ निवासी ३५ वर्षीया गीता पौडेल, भरतपुर नपा-१० निवासी डा.सूर्यकान्त घिमिरे, मेघौली गाविस निवासी नारायणभक्त जोशी, शुक्रनगर गाविस निवासी ५५ वर्षीय टीकाराम भट्टराई, सोही गाविस निवासी प्रेम काफ्ले, थमप्रसाद बस्याल, गोपाल न्यौपाने, तुलसी घिमिरे, प्रेम चालिसे, हरिश्चन्द्र पोखरेल, देवीलाल अर्याल, पटिहानी गाविस-३ निवासी ज्ञान घिमिरे, थानप्रसाद सुवेदी, मीनराज सुवेदी र ढुण्डिराज अधिकारीलाई सातदलले आयोजना गरेको शान्तिपूर्ण विरोध सभामा ०६३ बैशाख ६ गते सेनाले जगतपुर गाविस-१ जगतपुर चोकमा हस्तक्षेप गरी कुटपिट गर्दा घाइते भए। घाइते सबैको उपचार भरतपुर अस्पातालमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत चितवनमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय १९ र यो वर्ष दर्ता भएका २ सय ९१ गरी जम्मा ५ सय १० ओटा फौजदारी मुद्दा रहेका छन्। जसमा यो वर्ष ३ सय १८ ओटा मुद्दा फर्स्यौट भई १ सय ९२ ओटा फौजदारी मुद्दा बाँकी रहे। त्यसैगरी देवानीतर्फ गत वर्षका २ सय ३२ र यो वर्षका २ सय २० गरी जम्मा यो वर्ष ४ सय ५२ मुद्दा रहे। जसमध्ये २ सय २३ ओटा मुद्दा फर्स्यौट भई २ सय २९ बाँकी रहे।

जिल्ला अदालतमा भरतपुरमा पाँच वर्ष र तीन वर्षसम्म फैसला नभएका मुद्दाहरु छैनन्। दुई वर्षसम्म फैसला नभएका मुद्दाको संख्या ११ रहेको छ। यस अदालतमा बाल इजालस छैन। यस वर्ष बालबालिकासँग सम्बन्धित जबर्जस्ती करणीमा एक, दुनियाँवादी देवानी एक र दुनियाँवादी फौजदारी एक गरी तीनओटा मुद्दा परेकोमा दुई मुद्दा फर्स्यौट भए।

यस वर्ष जिल्ला प्रहरी कार्यालय चितवनमा कुल २

सय १४ ओटा मुद्दाहरु दर्ता भए। चोरीमा १२ ओटा डाकामा पाँच ओटा, कर्तव्य ज्यानमा ८ ओटा, ज्यान मार्ने उद्योगमा दुई ओटा मुद्दा दर्ता भए।

बालअधिकार

भरतपुर नपा-११ नौरंगेटोल निवासी कोपिला परियार, रोहित विश्वकर्मा, १७ वर्षीय प्रकाश थापा, यम कुमाल, भरत दराई, सन्तोष थापा, १७ वर्षीय सन्तोष थापा, १७ वर्षीय गणेश कुमाललाई प्रति महिना २ हजार ६ सयका दरले तलब दिने भनी ०६३ कात्तिक २९ गते माओवादीले भरतपुर नपा-११ र १२ बाट लगे। जसमध्ये रोहित विश्वकर्मा, प्रकाश थापा, भरत दराई, यम कुमाल र प्रकाश थापा एक हप्तापछि घर फर्के।

चैनपुर गाविस-१ तरकारीचोक निवासी १५ वर्षीय नविन दराई ०६३ कात्तिक १० गतेदेखि माओवादी जनसेनामा भर्ना भए। उनी अस्वीकृत भएर कार्तिक २० गते फर्काइए।

भण्डारा गाविस-३ निवासी वीरेन्द्रआदर्श मावि कक्षा ९ मा अध्ययन गर्ने १५ वर्षीया सुनिता चौधरीलाई ०६३ कात्तिक २८ गते माओवादीले जनसेनामा भर्ती गरे। त्यसैगरी भण्डारा गाविस निवासी १५ वर्षीय किशोर चौधरी, १५ वर्षीय रामकुमार चौधरी, १४ वर्षीय सञ्जय चौधरीलाई पनि कामीडाँडा लान लागेकोमा मानवअधिकारकर्मी र पत्रकार कृष्ण गिरीको पहलमा उनीहरू घर फर्किए।

रत्नगर नपा-६ मोहना निवासी मोहना माविमा कक्षा ६ मा पढ्ने दीपक राउत, सोही ठाउँ निवासी १५ वर्षीय विनोद चौधरी, सोही स्थान निवासी मोहना माविमा कक्षा ८ मा पढ्ने किशोर चौधरीलाई ०६३ कात्तिक २८ गते माओवादीले जनसेनामा भर्ना गरी कामीडाँडा लागे। पीडितहरू हालसम्म फर्किएका छैन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

भण्डारा गाविस-४ निवासी १७ वर्षीय सानुमाया परियारलाई ०६२ माघ १२ गते सोही ठाउँका दलबहादुर परियार, उनकी पत्नी गंगा परियार, शेखरबहादुर लोप्चन र सोही ठाउँ निवासी तमाङले भारतमा लगी बिक्री गरे। गंगा र दलबहादुरलाई ०६३ असार १५ गते र शेखरलाई साउन २६ देखि पूर्पक्षका लागि जिल्ला कारागारमा राखियो। पीडितको अवस्था अहिले सम्म अज्ञात छ।

बलात्कार/बलात्कार प्रयास

पिठूवा गाविस-७ निवासी ५ वर्षीय एक बालिकालाई ०६२ फागुन २० गते सोही स्थानका चुनबहादुर गुरुङले खेल्न जाँदा गोठ नजिकै बारीमा लगि बलात्कार गरे। पीडितको महेन्द्रआदर्श चिकित्सालय भरतपुरमा उपचार भयो। पीडक गुरुङलाई भोलिपल्ट गाउँलेले प्रहरीमा बुझाएकोमा ०६२ चैत २३ जिल्ला कारागारमा पुर्पक्षको लागि थुनामा राखियो।

मंगलपुर गाविस-८ निवासी १५ वर्षीय बालिकालाई ०६३ वैशाख ९ गते मेघौली गाविस-८ निवासी २३ वर्षीय भरतबहादुर बानियाँले आफ्नै घरमा बलात्कार गरे। पीडकलाई ०६३ वैशाख ३१ गते पूर्पक्षका लागि कारागारमा राखियो।

शुक्रनगर गाविस घर भई भरतपुर नपा-४ निवासी ११ वर्षीय बालिकालाई ०६३ वैशाख २९ गते उनी बसेकै घरमा डेरा गरी बस्ने दुई जना अज्ञात व्यक्तिहरुले बलात्कार गरे। पीडकहरु फरार छन्।

अयोध्यापुरी गाविस-७ कृष्णनगर निवासी ११ वर्षीय बालिकालाई ०६३ साउन १ गते सोही गाविस-८ निवासी १७ वर्षीय शिवराम पराजुलीले घरमा कोही नभएको बेला प्रलोभन दिई आफ्नै गोठमा बोलाएर बलात्कार गरे। पीडितको भोलिपल्ट मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार गरियो। पीडितको तर्फबाट उनको आमा हरिमायाले ०६३ साउन ८ गते जिल्ला प्रहरी कार्यालय र भदौ ४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्। पीडक पराजुलीलाई हाल पूर्पक्षको लागि कारागारमा राखिएको छ।

भरतपुर नपा-७ कृष्णपुर निवासी ३६ वर्षीय एक महिलालाई ०६३ साउन १६ गते राति खाना खाई डेरामा फर्कन लागदा मुनाल रेष्टुर नजिक बन्दै गरेको घरको बाथरुम भित्र मुख थुनेर भरतपुर नपा-१३ निवासी २६ वर्षीय सुमन पराजुली, २१ वर्षीय सन्तोष तमाङ र २६ वर्षीय पुष्प गुरुङले पालै पालो बलात्कार गरे। पीडकहरुलाई ०६३ साउन १७ गते प्रहरीले गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएकोमा जिल्ला अदालतको आदेशमा मसिर ११ गतेदेखि जिल्ला कारागारमा थुनामा राखियो।

भण्डारा गाविस-१ निवासी चौकीडाडाँकी ११ वर्षीय बालिकालाई ०६३ साउन १८ गते भरतपुर नपा-११ निवासी १८ वर्षीय सुदन रम्तेल र सोही नपा-१२ निवासी १८ वर्षीय युकुमार गुरुङले सोही नपा-१० को नहर नजिक बलात्कार गरे। पीडकहरुलाई माइती नेपालको सहयोगमा घटना भएको एक घण्टापछि प्रहरीले गिरफ्तार गरे। पीडकलाई ०६३ भदौ १२ गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागार भरतपुरमा राखियो।

भरतपुर नपा-११ घर भई भण्डारा गाविस- ८ डडुवास्थित मामाघर बसेर पढ्दै आएकी १२ वर्षीय एक बालिकालाई ०६३ कात्तिक १९ गते छमेकी १८ वर्षीय शन्तलाल रुम्बाले आफ्नै घरम टीभी हेरिरहेको अवस्थामा

गोठमा लगी मुख थुनेर बलात्कार गरे। पीडितको भोलिपल्ट नारायणी सामुदायिक अस्पताल भरतपुरमा उपचार भयो। पीडकलाई ०६३ मसिर १४ गते गिरफ्तार गरी हिरासतमा राखी अनुसन्धान भएको प्रहरीले जनायो।

जुटपानी गाविस-१ गुरौ चौर निवासी ५ वर्षीय बालिकालाई ०६३ असोज २६ गते सोही ठाउँ निवासी १७ वर्षीय विकास परियारले चौरमा लगी बलात्कार गरे। पीडितको सोही दिन महेन्द्रआदर्श चिकित्सालय भरतपुरमा उपचार गरियो। पीडकलाई तत्काल गिरफ्तार गरी हिरासतमा राखिएकोमा अदालतको आदेशले सोही दिनै थुनामा पठाइयो।

दुर्व्यवहार

पिठूवा गाविस-२ की निवासी २७ वर्षीया राधा परियारलाई बोक्सीको आरोपमा ०६३ असार १५ गते सोही ठाउँ निवासी उद्धब थापाले कुटपिट गरे। पीडक थापाकी पत्नी जानुले बोक्सी भनी पीडित राधालाई दुर्व्यवहार गरेपछि पीडकले खेतमा काम गरिरहेको अवस्थामा कुटपिट गरेका थिए। पीडक थापाले राधाका बाबु तीलक र आमा मन्जुलाई गाली बेइज्जती गरे। पीडित राधाले कारबाहीको लागि इलाका प्रहरी कार्यालय टाँडीमा ०६३ असार १८ गते उजुरी दिइन्। पीडित राधालाई ०६३ पुस २० गते सोही ठाउँ निवासी २८ वर्षीया बिन्दा परियारले पनि बोक्सीको आरोपमा गाली गरेकी थिइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

गीतानगर गाविस-६ केशरवागमा ऋण असुली गर्न गएका कृषि बिकास बैंकको टोलीलाई ०६३ गते माओवादीले चोकमा रोकेर रकम असुल नगर्न धम्की दई उनीहरुले चढेर आएको बैंकको बा ५ च ३६३० नम्बरको जीप परालले छोपेर आगो लगाए।

विगतको अनुगमन

जिल्ला प्रशासन कार्यालय भरतपुरमा कार्यरत राष्ट्रिय अनुसन्धान विभागका प्रहरी जवान केशव महतो घेरा तोडेर भाग्न लाग्दा ०६३ असार २६ गते माओवादीले हत्या गरेको जिल्ला सेक्रेटरी अविनासद्वार हस्ताक्षर विज्ञप्तिमा जनाइयो। पीडितलाई माओवादीले ०६० फागुन २१ गते साँझ भनपा-१० स्याउली बजारस्थित एक होटलमा खाना खादै गर्दा अपहरण गरी लगेका थिए।

बेपत्ता/अपहरण

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना महिला र २० जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा शारदानगर निवासी डम्बरबहादुर गुरुङ, कठार गाविस- निवासी दिपेन्द्र शर्मा, सर्लाहीबाट गिरफ्तार भएका चितवन निवासी हरकसिंह बडाल, पिठूवा गाविस निवासी दण्डपाणी सिम्खडा, सोही गाविस निवासी रुपक अधिकारी, पिप्ले गाविस निवासी राजन कँडेल, शान्तबहादुर गुरुङ, कुमार श्रेष्ठ, हरिबहादुर तामाङ, कर्णबहादुर तामाङ, रत्नकुमार तमाङ, मंगलपुर गाविस निवासी राजन न्यौपाने, पटिहानी गाविस निवासी खेम विश्वकर्मा, भरतपुर नपा निवासी भोजराज गिरी, ललितबहादुर गुरुङ, कविलास गाविस निवासी आस्था प्रजा, बछौली गाविस निवासी जुना ढकाल, जुटपानी गाविस निवासी ताराबहादुर गोले, राजकुमार दुलाल, ज्ञानु खरेल, काठमाडौंबाट गिरफ्तार भएका रत्ननगर निवासी ज्ञानेन्द्र त्रिपाठी र गीतानगर निवासी दण्डपाणी न्यौपाने, कास्की पोखराबाट गिरफ्तार भएका चैनपुर गाविस निवासी ऐर थापा रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका पाँचजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा रामप्रसाद जोशी, पारस पौडेल, डम्बरबहादुर धरेल, कृष्णबहादुर अधिकारी र कठार गाविस-४ निवासी गोपिबहादुर क्षेत्री रहेका छन्।

चितवन राष्ट्रिय निकुञ्जबाट

चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका आठ जना पुरुषको अवस्था अज्ञात रहेको छ। यसरी बेपत्ता पारिएकामा पदमपुर गाविस-२ निवासी श्यामबहादुर लोप्चन, धनबहादुर वाइवा, झलेन्द्र गुरुङ, रामबहादुर प्रजा, टंक चौधरी, जुटपानी गाविस निवासी अनिल घिसिङ, रत्ननगर नपा निवासी प्रेमबहादुर लामा र नवलपरासी कावासोती निवासी हेरालाल महतो रहेका छन्।

२.११ मकवानपुर



जनसंख्या	:	४,२८,६४५
साक्षरता प्रतिशत	:	६३.४
महिला साक्षरता प्रतिशत	:	५३.७
क्षेत्रफल (वर्ग कि. मि.)	:	२४२६
गाविस/नपा संख्या	:	४३/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४४६
क्याम्पस/उच्च मा.वि.	:	२/११
अस्पताल/स्वास्थ्य चौकी	:	१/४४
टेलिफोन लाइन	:	४६९३
मोटर सडक (कि. मि.)	:	३५०
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४४
मानव विकास सूचकाङ्क	:	०.४७९
प्रति परिवार सरदर संख्या	:	६.०३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

फापरवारी गाविस-१ निवासी ८५ वर्षीय प्रताप सिंह बजु, ३४ वर्षीय मानबहादुर बजु र ४ वर्षीय बालक रमेश भ्लोनको ०६२ माघ ८ गते राति सेनाले चलाएको गोली र बमबाट मृत्यु भयो। माओवादी र सैनिकबीच फापरवारीको झुरझुरेमा दोहोरा भिडन्त हुने क्रममा स्थानीय सर्वसाधारण बजुद्वय सेनाले चलाएको गोली लागेर मारिए भने बालक भ्लोनको सेनाले हेलिकोप्टरबाट खसालेको बम लागेर मृत्यु भयो। भिडन्तको क्रममा सर्वसाधारणको दुई ओटा घर, एउटा गोठ र १४ ओटा गाई गोरु मरे। भिडन्तको क्रममा सैनिकको गोली लागेर मारिएका तीनै जनाका परिवारलाई सरकारले एक/एक लाख रुपैया क्षतिपूर्ति दिएको छ। घटनामा परी २६ जना माओवादी मारिएको माओवादी केन्द्रीय सदस्य सुनीलले पुष्टि गरे। त्यसैगरी पाँचजना सेना र एकजना प्रहरी सहित छजना सुरक्षाकर्मी मारिएको सेनाले जनायो।

गोरखा जिल्ला आँबुखैरिनी गाविस निवासी माओवादी कार्यकर्ता अशोक थापामगरको ०६२ माघ २४ गते सुरक्षाकर्मीले हेटौंडा नपा-९ स्थित पशुपतिनगरमा गोली हानी हत्या गरे। उक्त दिन राति माओवादीले हेटौंडा स्थित सुरक्षा निकायका कार्यालयहरूमा आक्रमण गरेका थिए।

फापरवारी गाविस-५ निवासी माओवादीका रामसिंह दर्लामीको ०६२ फागुन १६ गते सेनाले हेलिकोप्टरबाट प्रहार गरेको गोली लागेर घटनास्थलमै हत्या भयो। घटनामा पाँचजना घाइते भए।

कालिकाटार गाविस-९ निवासी २८ वर्षीय माइला मुक्तानको ०६३ असोज ५ गते राति प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो। राजमार्गमा लुटपाटको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चलाएको गोली लागेर उनको मृत्यु भएको हो।

माओवादीबाट

सरिखेत गाविस-४ निवासी २८ वर्षीय भक्त मुक्तान ०६२ फागुन ७ गते माओवादीले राखेको विस्फोट हुँदा घाइते भए। घाइतेको उपचार भरतपुरमा गरियो। सो घटनामा एकजना नाम नखुलेका माओवादीको मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

छतिवन गाविसका-४ निवासी १७ वर्षीय सूर्य तितुङ माओवादी भएको आशंकामा ०६२ फागुन १० गते दिउँसो हटियामा सेनाले प्रहार गरेको गोली खुट्टामा लागेर घाइते भए। सेना देख्ने बितिकै भागेकाले सेनाले गोली चलाएको थियो। पीडितको उपचार नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्जमा गरियो।

जेल र बन्दी

जिल्लाको पुरानो सदरमुकाम भीमफेदी कारागारमा छ महिला र ५५ जना पुरुष गरी ६१ जना बन्दीहरू रहेका छन्। "घ" श्रेणीको उक्त कारागारमा चार महिला र ३७ जना गरी ४१ जनाको कूल क्षमता रहेको छ। उक्त कारागारमा दुई महिला र १७ जना पुरुषको कैद तोकिएको छ भने चार महिला र ३८ जना पुरुष थुनुवा छन। कारागार बन्दीहरूले रेडियो सुन्न पाएका छन् भने पत्रपत्रिकाहरू पढने अवसर पनि पाएका छन। पुरुष र महिला दुवै कोठामा टीभी रहेको छ तर महिला वार्डका टीभी बिग्रेकाले उनीहरूले टीभी हेर्न पाएका छैनन्। पानी, शौचालयको र बिजुलीको व्यवस्था

रहेको छ। बन्दीहरूलाई पढन, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ । कारागार नै सानो र साँघुरो भएकाले बन्दीहरूले जीउ फुकाएर खेल्ने स्थानको अभाव छ। खेल्नका लागि चेस, लुँडो र क्यारमबोर्ड छ। क्षमता भन्दा बढी बन्दी राखिएका कारण सुत्न समस्या भएको बन्दीहरूले बताए । मुलुकमा लोकतन्त्र स्थापना भएपछि अदालतमा मुद्दा पेशीको दिन सम्बन्धित बन्दीलाई उपस्थित गराउन थालिएको छ। विगतमा असुरक्षाका कारण बन्दीहरूलाई मुद्दा पेशीका दिन कारागार शाखाले अदालतमा उपस्थित गराउँदैनथ्यो।

बेपत्ता/अपहरण

माओवादीबाट

बेतिनी गाविस-४ निवासी ३९ वर्षीय अमानसिंह तामाङलाई गाविसको पूर्व गाविस अध्यक्ष धनसिंह पाखिनको हत्या गरेको आरोपमा ०६२ चैत २० गते अपहरण गरी हर्नामाडी गाविसस्थित श्रमशिविरमा राखे।

हेटौंडा नपा -१ निवासी ४८ वर्षीय श्याम घिसिङलाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६३ साउन २४ गते माओवादीले अपरहण गरे। पीडित घिसिङलाई हर्नामाडीका स्थानीयबासीको रोहवरमा ०६३ कातिक १ गते मुक्त गरियो।

हेटौंडा नपा-६ निवासी माओवादीका २३ वर्षीय सरोज उप्रेतीलाई पार्टी विरोधी काम गरेको आरोपमा ०६३ साउन २७ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

मनहरी गाविस-४ निवासी २२ वर्षीय सन्तोष पौडेललाई माओवादीले हतियार लिएर भागेको आरोपमा ०६३ साउन २८ गते अपहरण गरी श्रमशिविरमा राखे। उनलाई माओवादीले ०६३ पुस २ गते आफन्तको रोहबरमा मुक्त गरे।

घियाल गाविस-५ निवासी २६ वर्षीय प्रेमबहादुर घलानलाई चोरी गरेको आरोपमा ०६३ साउन २९ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे। पीडित ०६३ मंसिर २८ गते राति श्रमशिविरबाट भागेर फर्किए।

कालिकाटार गाविस-३ निवासी २३ वर्षीय केशव भुजेललाई पत्नीको हत्या गरेको आरोपमा ०६३ भदौ ३ गते माआवादीले अपहरण गरी श्रमशिविरमा राखे।

कालिकाटार गाविस-९ निवासी २६ वर्षीय मदनकुमार मुक्तानलाई लुटपाट गरेको आरोपमा ०६३ असोज ८ गते माओवादीले हर्नामाडी गाविसस्थित श्रमशिविरमा राखे।

हर्नामाडी गाविस-७ निवासी १९ वर्षीय दीपक आचार्यलाई महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा ०६३ असोज ९ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

मकवानपुरगढी गाविस- ७ निवासी २२ वर्षीया लक्ष्मण श्रेष्ठलाई चोरी गरेको आरोपमा २०६३ असोज ९ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

हेटौंडा नपा-८ निवासी २२ वर्षीय विजय ग्यावा, २० वर्षीय सूर्य बल, १७ वर्षीय विमल लामा र २१ वर्षीय विनोद लामालाई चोरी र लुटपाटको आरोपमा ०६३ असोज १३ गते माओवादीले अपहरण गरी ३१ दिन श्रमशिविरमा राखेर कातिक १४ गते हर्नामाडीका स्थानीयबासीको रोहबरमा मुक्त गरे।

वसामाडी गाविस-७ निवासी माओवादीका २४ वर्षीय अशोक लामालाई पार्टी विरोधी काम गरेको आरोपमा ०६३ असोज १४ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

हटिया गाविस-१ निवासी ४० वर्षीय शंकर राईलाई कर नदिएको आरोपमा ०६३ असोज २४ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	६	४	१०	२	७		७	४	३०	२		३२
घाइते					१	१		१	१	१			१
गिरफ्तारी/यातना									११	३९	१	३९	५९
धम्की									१	२			२
भेला/संगठित हुने अधिकार									४	३		२०८	२११
महिलाअधिकार	२		२	२									
बालअधिकार	७		७	७									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१					
अपहरण	१	१		१	३०	३४	२	३६					
जम्मा	१८	७	१३	३०	३४	३३	२	३५	३१	६५	३	३३७	३०५

अपहरण गरी असोज २७ गते मुक्त गरे।

फापरवारी गाविस-७ निवासी ३९ वर्षीय उमेश रेग्मीलाई मादकपदार्थ सेवन गरी विद्यालयमा पढाउन गएको आरोपमा ०६३ असोज २९ गते माओवादीले अपहरण गरी कातिक ८ गते मुक्त गरे।

मनहरी गाविस-७ निवासी २२ वर्षीय सहदेव गिरी, २३ वर्षीय सोम घिमिरे, २० वर्षीय राजु शाह र भारतीय नागरिक २४ वर्षीय पप्पु साहलाई राजमार्गमा लुटपाट, बलात्कार गरेको आरोपमा ०६३ कातिक २० गते स्थानीयबासीले समातेर माओवादीलाई बुझाएकोमा माओवादीले श्रमशिविरमा राखे। पीडितलाई माओवादीले ०६३ पुस २ गते आफन्तको जिम्मामा मुक्त गरे।

हेटौंडा नपा-४ निवासी २५ वर्षीय दीपक लामालाई गुण्डागर्दी गरेको आरोपमा ०६३ कातिक २२ गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

छतिवन गाविस-४ निवासी ५९ वर्षीय जयबहादुर थिङलाई ०६३ कातिक २५ गते छोरालाई विष खुवाएर हत्या गरेको आरोपमा माओवादीले अपहरण गरी श्रमशिविरमा राखे।

हेटौंडा नपा -४ निवासी २४ वर्षीय चुडा उप्रेतीलाई रकम हिनामिना गरेको आरोपमा ०६३ मंसिर ११ गते माओवादीले अपहरण गरी कुटपिट गरेर मंसिर १२ गते मुक्त गरे।

हर्नामाडी गाविस-३ निवासी २३ वर्षीय जयराम सुर्खेतीलाई माओवादीले पत्नी बिक्री गरेको आरोपमा ०६३ मंसिर १५ गते घरबाट अपहरण गरी श्रमशिविरमा राखे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

हेटौंडा नपा-४ निवासी एमालेका ३५ वर्षीय बद्री लम्साल र हेटौंडा नपा-५ निवासी प्रायुसंघका २६ वर्षीय माधव तिमल्सिनालाई ०६२ पुस १८ गते शान्तिपूर्ण आन्दोलनको प्रसार-प्रसार गरिरहेको अवस्थामा सेनाको गस्ती टोलीले आन्दोलनको प्रचार नगर्न धम्की दिए। सेनाले आन्दोलनको प्रचारका निम्ति छापिएका प्रर्चा च्यातेका थिए।

गैरकानुनी गिरफ्तारी

हेटौंडा नपा-९ निवासी २६ वर्षीय दीपक राउत र २४ वर्षीया गीता राउत सुवेदीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत १४ गते सेनाले उनीहरूलाई गिरफ्तार गरी बिनापूर्जी २६ घन्टा सैनिक हिरासतमा राखी रिहा गरे।

हटिया गाविस-३ निवासी २० वर्षीय ध्रुवप्रसाद तिमल्सिना र हटिया गाविस-५ निवासी १७ वर्षीय राजकुमार



दोहोरो भिडन्तमा मारिएका सर्वसाधधारण प्रतापसिंह बजु

मुक्तानलाई माओवादीको आरोपमा ०६२ चैत १८ गते सेनाले गिरफ्तार गरी तीन दिन थुनामा राखेर ०६२ चैत २१ गते रिहा गरियो।

मकवानपुर गढी गाविस-५ निवासी माओवादी कार्यकर्ता ४५ वर्षीय गोकर्ण पराजुलीलाई ०६२ चैत १९ गते फापरवारी गाविस-५ बाट सुरक्षाफौजले गिरफ्तार गरी तीन दिनपछि थुनुवा पूर्जी दिएर बीरगञ्ज कारागारमा चलान गऱ्यो। पीडित ०६३ वैशाख २८ गते रिहा भए।

हेटौंडा नपा-९ निवासी २६ वर्षीय दीपक अधिकारीलाई ०६२ चैत ३० गते शान्तिपूर्ण आन्दोलनको क्रममा हेटौडा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनसम्म थुनुवा पूर्जी नदिई वैशाख २ गते रिहा गरे।

हेटौंडा नपा-९ निवासी ३४ वर्षीया अमृता थापालाई ०६२ चैत ३० गते सुरक्षाकर्मीले शान्तिपूर्ण अन्दोलनको क्रममा हेटौंडाबाट गिरफ्तार गरी चार दिनसम्म प्रहरी हिरासतमा राखेर थुनुवा पूर्जी नदिई वैशाख २ गते रिहा गरियो।

हेटौंडा नपा-४ निवासी २७ वर्षीय कमल थापालाई ०६२ चैत ३० गते शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरेर थुनुवा पूर्जी नदिई हिरासतमा राखी ०६३ वैशाख २ गते मुक्त गरे।

हेटौंडा नपा-९ निवासी २५ वर्षीय राजकुमार भुजेललाई ०६२ चैत ३० गते शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरेर थुनुवा पूर्जी नदिई हिरासतमा राखेर ०६३ वैशाख २ गते रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हेटौंडा नपा-८ निवासी १८ वर्षीया तारा लामालाई २०६२ चैत ३० गते सुरक्षाकर्मीले शान्तिपूर्ण आन्दोलनलाई बिथोल्नका लागि प्रहार गरेको अश्रुग्याँसबाट दुई दिन बेहोस भइन्। सन्चो नभएर घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले घरभित्र प्रहार गरेको अश्रुग्याँसका कारण उनी



जनआन्दोलनको क्रममा प्रहरीले प्रहार गरेको अश्रुग्यास लागी बेहोस भएकी तारा लामा

बेहोस भएकी हुन्। उनको भरतपुर अस्पतालमा उपचार गरियो।

हेटौंडा नपा-४ निवासी ४८ वर्षीय सांसद विरोध खतिवडा, हेटौंडा नपा-१ निवासी ४६ वर्षीय मानबहादुर लामा, हेटौंडा नपा-९ निवासी ३६ वर्षीया कमला पौडेल, हेटौंडा नपा-८ निवासी ४६ वर्षीय रघुनाथ खुलाल र हेटौंडा नपा-५ निवासी २५ वर्षीय अच्युत लामिछानेलाई ०६२ माघ १९ गते प्रहरीले सात दलले हेटौंडामा निकालेको जुलुसमा हस्तक्षेप गरी गिरफ्तार गरे पीडितलाई तीन महिने थुनुवा पूर्जी दिएर भीमफेदी कारागारमा राखियो। पीडितलाई माघ २६ गते रिहा भए।

हेटौंडा नपा-११ निवासी डोरमणि पौडेल, रामेश्वर राना, गोकर्ण पराजुली र किरण पौडेललाई चुनाव बहिष्कारको आरोपमा ०६२ माघ २३ गते प्रहरीले गाउँबाट गिरफ्तार गरे। चारै जनालाई सात दिने थुनुवा पूर्जी दिएर प्रहरी कार्यालयमै राखिएकोमा माघ २६ गते रिहा गरियो।

हेटौंडा नपा-४ निवासी एमालेका साँसद विरोध खतिवडा, राष्ट्रिय सभाका सांसद ५४ वर्षीय ललित बस्नेत, हेटौंडा नपा-२ निवासी ४० वर्षीय काँग्रेस (प्रजातान्त्रिक) का विष्णुप्रसाद दाहाल, आमभन्ज्याङ गाविस-१ निवासी ४२ वर्षीय नेकाँका नारायण तिमल्सिना, हेटौंटा नपा-९ निवासी जनमोर्चा नेपालका ४४ वर्षीय मीनबहादुर लामा र वाममोर्चाका ५६ वर्षीय माननाथ तिमल्सिनासहित ६४ जनालाई ०६२ चैत २४ गते शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेको थियो। पीडितमध्ये ५० जनालाई सोही दिन रिहा गरियो भने १४ जनालाई थुनुवा पूर्जी दिएर कारागार चलान गरिएकोमा चैत ३१ गते रिहा गरियो।

हेटौंडा नपा-४ निवासी सञ्चारकर्मी २४ वर्षीय खेम बोलखे, हेटौंडा नपा-९ निवासी सञ्चारकर्मी गोकर्ण सुवेदी, शिक्षक युनियनका अध्यक्ष पुरुषोत्तम बाँनिया, हेटौंडा नपा-४ निवासी अधिकारकर्मी राजन मैनाली, सञ्चारकर्मीहरू गिरिजा अधिकारी, हरि हुमागाँई र सुनिल खडकालगायत २८ जनालाई ०६२ चैत २५ गते हेटौडामा बजारमा निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेकोमा सोही साँझ रिहा गरियो।

हेटौंडा नपा-९ निवासी सञ्चारकर्मी २४ वर्षीय दीपक अधिकारी, मकवानपुरगढी निवासी कृष्ण सन्जेल, हेटौंडा नपा-९ निवासी ३४ वर्षीया अमृता थापा, राजकुमार भुजेल, गोमा तिमल्सिनालगायत २४ जनालाई ०६२ चैत ३० गते हेटौंडा नपा-९ मा निकालेको शान्तिपूर्ण जुलुसमा हस्तक्षेप गरी संयुक्त सुरक्षाफौजले गिरफ्तार गरे। पीडितलाई विना पूर्जी तीन दिनसम्म राखेर ०६३ वैशाख २ गते इन्सेक मकवानपुरका प्रतिनिधि प्रताप विष्टको रोहबरमा रिहा गरियो।

हेटौंडा नपा-५ निवासी ४७ वर्षीय हरिबहादुर महत, सोही नपा-४ निवासी श्रीधर पोखेल, मानबहादुर लामा, अच्युत अर्याल, राजकुमार कायस्थसहित १ सय १६ जनालाई ०६३ वैशाख २ गते शान्तिपूर्ण धर्नामा हस्तक्षेप गरी प्रहरीले गिरफ्तार गरे। पीडितलाई इन्सेक प्रतिनिधि प्रताप विष्टको रोहबरमा सोही दिन साँझ रिहा गरियो।

गोरखा जिल्ला मकवानपुर फापरवारी निवासी माओवादीका २४ वर्षीय तीर्थ आचार्यलाई ०६३ वैशाख ३१ गते सकेट बमसहित हेनपा-५ स्थित सुरक्षा वेसक्याम्पका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा इन्सेकको रोहबरमा सोही साँझ रिहा गरियो भने सकेट बम भने प्रहरीले नै राख्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई ओटा अदालत रहेका छन। पुनरावेदन अदालतमा गत वर्ष दुनियाँवादी देवानी जिम्मेवारी सरेर आएका ८ सय ११ र यस वर्ष दर्ता भएका २ सय ९५ गरी १ हजार १ सय ६ रहेकोमा ४ सय १४ फर्स्यौट भए भने ६ सय ६३ फस्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी रहेकामध्ये २८ ओटा मुद्दा दुई वर्ष नाघेका छन। दुनियावादी फौजदारीमा २ सय ४७ ओटा जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका ५९ मुद्दा गरी ३ सय ६ ओटा मुद्दा छन। जसमध्ये १ सय ४३ फर्स्यौट भएका छन भने १ सय ६३ ओटा फर्स्यौट हुन बाँकी रहेका छन। पाँच ओटा दुई वर्ष नाघिसक्दा पनि फर्स्यौट नभएका छन। सरकारीवादी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका दुई ओटा र यस वर्ष दर्ता भएका दुई गरी पाँच ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको देखिन्छ। सरकारवादी फौजदारीमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय १६ र यस वर्ष दर्ता भएका १ सय २४ गरी ३ सय ४० मुद्दामा १ सय ९ ओटा फर्स्यौट भए भने २ सय ३१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन। दुई वर्ष नाघेका १९ ओटा मुद्दा छन्

बन्दीप्रत्यक्षीकरणमा अघिल्लो वर्षको एक र यस वर्षको कात्तिकसम्म दर्ता भएका सात गरी आठ ओटा मुद्दा दर्ता भए। जसमध्ये ७ ओटा फर्स्यौंटा भए भने एउटा बाँकी छ। आव ०६३/०६४ को कात्तिक मसान्तसम्म १ हजार ७ सय ९७ मुद्दा दर्ता भएकोमा ७ सय ७२ ओटा मुद्दा फैसला भए भने ९ सय ६३ ओटा फर्स्यौंट हुन बाँकी रहे। दुई वर्ष नाघेका ५२ ओटा मुद्दा छन्। आव ०६२/०६३ मा पुनरावेदन अदालत हेटौडामा जिम्मेवारी सरेर र दर्ता हुन आएका गरी २ हजार ५ सय ९६ ओटा मुद्दा रहेका थिए। जसमा एक हजार १ सय ७६ ओटा फर्स्यौंट भएका थिए भने १ हजार ४ सय २० ओटा फर्स्यौंट हुन बाँकी रहेका थिए।

यसैगरी जिल्ला अदालत मकवानपुरमा सरकारवादी र देवानी गरी ०६३ कातिक मसान्तसम्म २ सय ५७ ओटा मुद्दा रहेकोमा ६३ ओटा फर्स्यौंट भए भने १ सय ९४ ओटा फर्स्यौंट हुन बाँकी रहे। नौ ओटा दुई वर्ष नाघेका मुद्दा छन। पाँच वर्षका मुद्दा छैनन्। गत वर्षका १ सय ७ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यस वर्ष १ सय ५० ओटा मुद्दा दर्ता भए। दर्ता भएकामध्ये सरकारवादी फौजदारी १ सय ६३ रहेका छन भने देवानी ९४ ओटा छन । फौजदारीमा ४० मुद्दा फैसला भए भने १ सय २३ बाँकी रहे। यसैगरी देवानीतर्फ २३ ओटा फैसला भए भने ७१ ओटा फैंसला भए।

मकवानपुरमा जिल्ला अदालतमै बाल इजलाश राखिएको छ तर मुद्दा छैन।

जिल्ला प्रहरी कार्यालयमा यस चालु आबको कात्तिक मसान्तसम्म-चोरी मुद्दा ९३, डकैती पाँच, ज्यान छ, सडक दुर्घटना १९, आगो लगाउने चार, ज्यान मार्ने उद्योगमा तीन ओटा उजुरी दर्ता भए।

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक दण्ड राज्यबाट

ठीगन गाविस-४ निवासी २५ वर्षीय हिदम लामालाई ०६३ वैशाख २ गते शान्तिपूर्ण जुलुसमा हस्तक्षेप गरी सुरक्षाकर्मीले गिरफ्तार गरेर प्रहरी कार्यालयमा ल्याएपछि सुपारीटार ब्यारेकका नाम थाहा नभएका मेजरले पाता कसेर पिट्ने काम गरे। पीडितलाई सेनाले हेटौडा नपा-१० मा रहेको सैनिकपोष्टमा लगेर कुटपिट गरेका थिए। कुटपिटबाट पीडितको दाहिने आँखा सुनिएको थियो। दिनभर कुटपिट गरेर उनलाई प्रहरी हिरासतमा पठाए। पीडितलाई ०६३ वैशाख ३ गते रिहा गरियो।

बालअधिकार

हेटौडा नपा-४ निवासी २२ महिने साहिर दास बनियाँलाई ०६३ असार २ गते दिउँसो ठेगाना नखुलेका प्रेमा पासवानले अपहरण गरी ३५ दिनपछि फिरौती रकम लिएर फिर्ता गरिन्। ७५ हजार रूपैयाँ अपहरितका आफन्तले रकम दिएपछि ०६३ साउन ५ गते बालकलाई मुक्त गरे। पीडक पासवान पीडितकै घरमा एक सातादेखि डेरा लिएर बस्दै आएका थिए।

भैंसे गाविस-१ निवासी १४ वर्षीया सपना देउलालाई ०६३ कातिक ३० गते माओवादीले माओवादी सैन्यमा भर्ती गराउन लगे। देउलाको स्थिति अज्ञात छ।

मनहरी गाविस-३ निवासी १३ वर्षीया कल्पना गिरीलाई ०६३ मंसिर २ गते घरबाटै माओवादीले जनसेनामा भर्ती गराए । उनका अभिभावकले पीडितलाई घर पठाई दिन माओवादीसँग आग्रह गरे पनि उनलाई फर्काइएको छैन।

शिक्षाको अधिकार

मकवानपुर जिल्लाका करिब २२ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित छन। अर्थात १२ हजार बालबालिकाले विद्यालय देख्ने अवसर पाएका छैनन्। मुख्य गरिबी, अज्ञानता र विद्यालय नजिक नभएकाले यतिका बालबालिका पढने अवसरबाट वञ्चित हुनु परेको हो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

महिला किनबेच

पदमपोखरी गाविस-४ निवासी १६ वर्षीया सुन्तली परियारलाई ०६२ माघ ८ गते हाडीखोला गाविस-४ निवासी २५ वर्षीय कुमार लामाले मुम्बुईको वेश्यालयमा बिक्री गरे। पीडितका बाबु गणेश परियारले ०६३ वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडक हालसम्म फरार छन।

मनहरी गाविस-२ रुपाचुरी निवासी १७ वर्षीया तीर्थमाया जिम्बालाई ०६३ जेठ १६ गते लोथर गाविस-६ निवासी २७ वर्षीय राजु मुक्तानले बिबाहको नाटक गरेर मुम्बईको वेश्यालयमा बिक्री गरे। पीडित ०६३ कातिक २० गते भागेर घर फर्किइ पीडकलाई कारबाहीका लागि प्रहरी



बसामाडीमा माओवादीले आगजनी गरेको यात्रुवाहक बस

कार्यालय हेटौंडामा ०६३ मंसिर १ गते उजुरी दिइन्। पीडक फरार रहेका छन्।

बलात्कार/बलात्कार प्रयास

वसामाडी गाविस-८ निवासी १८ वर्षीया विवाहित एक महिलालाई ०६२ पुस १७ गते सोही ठाँउ बस्ने ३९ वर्षीय ईन्द्रबहादुर तितुङले बलात्कार गरे। पीडकलाई स्थानीयवासीले प्रहरीमा बुझाए। पीडक अहिले भीमफेदी कारागारमा छन्।

हटिया गाविस-६ निवासी १२ वर्षीया एक बालिकालाई ०६३ असार २३ गते दिउँसो सोही ठाउँका २१ वर्षीय सुनिल देवकोटाले बलात्कार गरे। पीडक फरार रहेका छन्।

परिवारिक हिंसा

कालिकाटार गाविस-१ निवासी १८ वर्षीया गंगा भुजेललाई ०६२ चैत १० गते २२ वर्षीय पति केशव भुजेलले धारिलो हतियारले टाउकामा हिर्काएर हत्या गरे । हत्या गरेर भुजेल फरार भए । पीडितले कानमा लगाएको गहना नदिएको निहुँमा पीडकले हत्या गरेका थिए।

आमभन्ज्याङ गाविस-९ निवासी ४३ वर्षीया भगवती तिम्लसिनालाई ०६३ भदौ १० गते ४६ वर्षीय पति अर्जुन तिम्लसिनाले नसोधी माइत गएको भन्दै कुटपिट गरी दाँत झारे। पीडितको हेटौडा अस्पतालमा उपचार गरियो। पीडक विरुद्धमा पीडितले उजुरी दिए पनि कारवाही भएन।

चुरियामाई गाविस-९ निवासी २९ वर्षीय सानुकान्छा पाखिन र सोही ठाउँ निवासी २६ वर्षीया रमादेवी थापाले ०६३ पुस २ गते बहुबिबाह गरेकाले दुवै जनालाई आमा समूहले मोसो दलेर बजार घुमाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

दैवी प्रकोपको कारण मकवानपुरमा यसवर्ष कोही सुकुम्वासी भएनन्। दुई वर्षअघि सरकारले गरेको एक सर्वेक्षण अनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले वर्षेनी आउने बाढीपहिरोबाट थप ३ सय ६१ परिवार विस्थापित हुने क्रम छ। चार वर्षअघि सुकुम्बासी आयोगले २ हजार ८ सय परिवार सुकुम्बासी रहेको जनाएको थियो। मकवानपुरका परम्परागत रूपमा बस्दै आएका र बाढी पहिरोबाट घरबारविहीन सुकुमबासी संख्या करिब १० हजारको हाराहारीमा रहेको छ। ती सुकुम्बासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जंगलमा बसेका छन्।

सम्पत्ति कब्जामा

माओवादीबाट

माओवादीले तीन वर्षअघिदेखि फापरवारी गाविसका लोकबहादुर थापा, धियाल गाविसका तेजप्रसाद चौलागाँईको घर र खेतबारी कब्जामा लिए। जिल्ला विकास समितिले ठेकेदारमार्फत ढुङ्गा बालुवा निकासीमा उठाउँदै आएको करमा माओवादीले हस्तक्षेप गरेर साउनदेखि कातिकसम्म उठाउन थाले।

संरचना/सम्पत्ति क्षति

हेटौडा नगरपालिका-९ लामसुरेस्थित नेपाल टेलिभिजनको रिले स्टेशनमा ०६२ माघ ५ गते माओवादीले बाल्टिन बम विस्फोट गराएर करिब ७५ लाखको क्षति पुऱ्याए।

हेटौंडाबाट काठमाडौंतर्फ गइरहेको वा १ ख ९७४४ नम्बरको यात्रुवाहक बसलाई ०६३ वैशाख १३ गते माओवादीले कब्जामा लिई आगो लगाए जलाए। महेन्द्र राजमार्गस्थित वसामाडी गाविस-५ मा माओवादीले बस रोकेर आगो लगाएका थिए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका सातजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मकवानपुरगढी गाविस-२ निवासी सन्तबहादुर वाइबा, सोही स्थानका देशी भ्लोन, मनहरी गाविस-३ रमनटार निवासी ६० वर्षीय कृष्ण घलान, मनहरी गाविस- ४ निवासी ज्ञानेन्द्र कालाखेती, हेटौडा नपा-६ निवासी चौघडा निवासी माओवादीका श्रीराम लामिछाने, हटिया गाविस-४ निवासी २४ वर्षीय रञ्जित दर्नाल र सोही गाविस-४ निवासी २१ वर्षीय अमृत दर्नाल रहेका छन्।

२.१२ ललितपुर



जनसंख्या : ३,७६,२०९
साक्षरता प्रतिशत : ७०.७७
महिला साक्षरता प्रतिशत : ६०.२६
क्षेत्रफल (वर्ग कि.मी.) : ३८५
गाविस/नपा संख्या : ४१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४१५
क्याम्पस/उच्च मावि : ११/१३
अस्पताल/स्वास्थ्य चौकी : ४/३५
टेलिफोन लाइन : ३४००८
मोटर सडक (कि.मी.) : ३८५
प्रहरी कार्यालय संख्या : २५
हुलाक संख्या : ४६
मानव विकास सूचकाङ्क : ०.५८८
प्रति परिवार सरदर संख्या : ५.४६

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

धादिङ जिल्ला सल्यानटार गाविस-७ निवासी ट्याक्सी चालक २४ वर्षीय जीतेन्द्र श्रेष्ठको ०६२ माघ २४ गते साँझ ६ बजे माओवादीले ललितपुर उमनपा-१७ ग्वार्कोस्थित बी एण्ड बी अस्पताल अगाडि गोली हानी हत्या गरे। पीडितको छातीमा गोली लागेको थियो। पीडितलाई नेपाल बन्दको बेला ट्याक्सी चलाएको आरोपमा माओवादीले गोली हानेका थिए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

गोदामचौर गाविस-८ निवासी सामान्य प्रशासन मन्त्रालयका पियन ५४ वर्षीय कृष्णबहादुर थापा ०६२ चैत २४ गते पाटनढोकामा प्रहरीले चलाएको अश्रुग्याँस लागी बेहोस भए। पीडितलाई कार्यालयबाट घर फर्कदै गर्दा आमहड्तालको क्रममा अश्रुग्याँसले लागेको थियो। पीडितले स्थानीय क्लिनिकमा उपचार गराए।

दाङ जिल्ला गोवरडिहा गाविस निवासी सुरज सोनाम ०६२ चैत २५ गते पाटनमा लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले हानेको अश्रुग्याँस लागी घाइते भए। पीडितको उपचार पाटन अस्पतालमा भयो।

ललितपुर उमनपा-१२ मंगलबजार निवासी ३२ वर्षीय रवि महर्जन, कामनपा विशालनगर निवासी नेविसंघका २९ वर्षीय अनिल खनाल र मोरङ जिल्ला डाँगीहाट गाविस-५ निवासी नेविसंघका ३२ वर्षीय शिवराज फाँगो ०६२ चैत २५ गते पाटनढोकामा प्रहरीले चलाएको अश्रुग्याँस खुट्टामा लागी घाइते भए। सोही घटनामा तनहुँ घर भई शंकरदेव क्याम्पस, काठमाडौंमा अध्ययनरत २२ वर्षीय प्रकाश पौडेल प्रहरीको कुटपिटबाट घाइते भए। घाइते सबैको उपचारको पाटन अस्पताल भयो। घाइते पौडेललाई प्रहरी आफैंले उपचारको लागि पाटन अस्पताल लगे। सोही घटनामा प्रहरीहरू खड्गबहादुर पहाडी, गोरखा जिल्ला बुडकोट गाविस-३ निवासी प्रहरी जवान २८ वर्षीय इन्द्र श्रेष्ठ, ज्ञानचन्द्र श्रेष्ठ घाइते भए। घाइते प्रहरीहरूलाई मानवअधिकारकर्मीले उपचारका लागि पाटन अस्पताल पुऱ्याए।

चितवन जिल्ला भरतपुर नपा-७ निवासी विकास क्षेत्री, फूलबारी गाविस-६ निवासी फणिन्द्र सापकोटा, म्याग्दी सिङ्गा गाविस-९ निवासी रुपकराज बानियाँ, कास्की जिल्ला पोखरा उमनपा-१८ निवासी सुदीप केसी, बारा जिल्ला तेलकुवा गाविस-१ निवासी अरविन्द साह, काभ्रे जिल्ला पनौती नपा-११ सुन्थान निवासी सञ्जिव केसी र झापा धाइजन गाविस-१ निवासी विशाल बानियाँ ०६२ चैत २७ गते पुल्चोकमा प्रहरीले हानेको अश्रुग्याँस लागी घाइते भए। पीडितहरूलाई प्रहरीले कुटपिट समेत गरे। पीडितहरूको पाटन अस्पतालमा उपचार भयो।

सिद्धार्थनगर नपा-१३ भैरहवा निवासी सन्तोष अधिकारी, दैलेख जिल्ला नारायण नपा-५ निवासी लक्ष्मीप्रसाद उपाध्याय ०६३ चैत २८ गते प्रहरीले पुल्चोकस्थित पुल्चोक इन्जिनियरङि क्याम्पस हाताभित्रै चलाएको अश्रुग्याँस लागी सामान्य घाइते भए। पीडितलाई कर्फ्यू उल्लङघन गरेको भन्दै प्रहरीले अश्रुग्याँस हानेको थियो।

काभ्रे जिल्ला उग्रचण्डीनाला गाविस निवासी २५ वर्षीय श्रीराम दाहाल, धादिङ जिल्ला भुमेस्थान गाविस निवासी २५ वर्षीय बैकुण्ठ अर्याल, मोहनचन्द्र अधिकारी, लालबहादुर विश्वकर्मा, राधादेवी विश्वकर्मा, सन्तोष पुन, यमलाल

लामिछाने, ४६ वर्षीय सावित्री बोगटी, २० वर्षीय मंगलसिंह तामाङ, २२ वर्षीय जर्नादन फूँयाल, २७ वर्षीय नवराज नेपाल, अनुजा रेग्मी, २१ वर्षीय भगवती रिजाल, उत्तम लामा, खिमानसिंह रायमाझी, २० वर्षीय उमेश वड्तौला, ४७ वर्षीय नेत्रबहादुर बस्नेत, ३० वर्षीया इन्दिरा न्यौपाने र २५ वर्षीय उत्तम बस्नेत ०६३ वैशाख २ गते प्रहरीले सानेपामा चलाएको गोली लागी घाइते भए। पीडितहरूको उपचार मोडेल अस्पताल र रेडक्रसको घुम्ती शिविरमा गरियो ।

ललितपुर उमनपा निवासी नारायणप्रसाद रेग्मी, नवराज दाहाल र दिनेश दीक्षित ०६३ वैशाख ३ गते मंगलबजारमा प्रहरीले हानेको अश्रुग्याँसबाट घाइते भए। पीडितलाई लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले अश्रुग्याँस हानेको थियो। पीडितको उपचार रेडक्रसको घुम्ती टोलीले गरेको थियो।

सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा ०६३ वैशाख ७ गते ललितपुर उमनपा-१७ ग्वार्कोमा प्रहरीले अन्धाधुन्ध गोली र अश्रुग्याँस प्रहार गर्दा धापाखेल गाविस निवासी थान माली, उदयपुर जिल्ला निवासी २५ वर्षीय अर्जुन राई, विजय माली, विजय शाक्य, दीपेन्द्र चाम्लिङ, मिहार चौधरी, लामाटार गाविस निवासी ३३ वर्षीय विष्णु खत्री, प्रेम श्रेष्ठ, इमाडोल गाविस निवासी श्रीप्रसाद कोइराला, ३३ वर्षीय टाँसी शेपा, कुमार श्रेष्ठ, टीकाथली गाविस निवासी कृष्णबहादुर रानामगर, ठूलादुर्लुङ गाविस निवासी २१ वर्षीय कर्णप्रसाद दाहाल, भक्तपुर जिल्ला बालकोट गाविस-७ निवासी २१ वर्षीय निमेश श्रेष्ठ, लुभु गाविस निवासी १६ वर्षीय मुकेश मर्हजन, सुरेशबहादुर चन्द, सन्तोष विष्ट, शान्ति रोक्का, रामगोविन्द महर्जन, रामबहादुर महर्जन, टीकाथली गाविस-३ निवासी ३० वर्षीय विमल खत्री, प्रेम श्रेष्ठ, पदम थापा, वीरबहादुर बलायर, प्रल्लाद विष्ट, सञ्जय विष्ट र इमाडोल गाविस निवासी २३ वर्षीय बसन्त थापा घाइते भए। पीडितहरूको उपचार पाटन अस्पताल, बी एण्ड बी अस्पताल र रेडक्रसको घुम्ती शिविरमा भयो।

सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा ०६३ वैशाख ७ गते ललितपुर उमनपा-१४प्रहरीले सातदोबाटोमा अन्धाधुन्ध गोली, अश्रुग्याँस प्रहार गर्दा चापागाउँ निवासी एमालेका ४० वर्षीय रामकृष्ण हुमागाई, संखु गाविस निवासी हरि न्यौपाने, दीप चाम्लिङ, खोकना गाविस निवासी २४ वर्षीय श्रीभक्त महर्जन, सुनाकोठी गाविस-८ ढोलाहिटी निवासी २३ वर्षीय उद्धव थापा, काठमाडौं नयाँ बानेश्वर निवासी २५ वर्षीय हरिभक्त खड्गी, हरिसिद्धी गाविस-९ निवासी १४ वर्षीय रामबहादुर विश्वकर्मा, सोही गाविस-८ निवासी २२ वर्षीय नरेन्द्र महर्जन, ३८ वर्षीय धनेश्वर महर्जन, १६ वर्षीय प्रेम लामा, सोही गाविस-१ निवासी २२ वर्षीय रमन महर्जन, ठेचो गाविस-९ निवासी २५ वर्षीय श्याम माली, घुसेल गाविस-५ निवासी २४ वर्षीय पूर्ण लामा, भरुवाराशी गाविस-६ निवासी ललित सन्देश साप्ताहिकका २२ वर्षीय सविन शर्मा, ठूलादुर्लङ गाविस-४ निवासी २५ वर्षीय गणेश केसी, सप्तरी जिल्ला बद्गमा गाविस-२ निवासी २५ वर्षीय राजेन्द्रप्रसाद यादव, धादिङ जिल्ला बैरेनी गाविस-६ निवासी २० वर्षीय दिनेश राई, चापागाँउ निवासी १६ वर्षीय सञ्जय देसार, धापाखेल गाविस-४ निवासी एमालेका पूर्वसासंद ४४ वर्षीय मिठाराम शर्मा घाइते भए। घाइतेमध्ये प्रहरीको गोलीबाट राजेन्द्रप्रसाद यादव, रामबहादुर विश्वकर्मा र श्याम मालीको एउटा आखाँको ज्योति गुम्यो। सो घटनामा छम्पी गाविस निवासी १७ वर्षीय जोसेफ महर्जन, कुसुन्ती निवासी २७ वर्षीय टीकेन्द्र लिम्बू, सातदोबाटो निवासी २० वर्षीय रमेश राई, ४१ वर्षीय पुष्प भण्डारी, ५५ वर्षीय गोरखबहादुर थापा १४ वर्षीय मनिकुमार तामाङ, आशा श्रीवास्तव, विशाल तामाङ, शंखु गाविस निवासी १९ वर्षीय सुरेश तामाङ, २० वर्षीय दिनेश लामा, विक्रम चौधरी,

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	१	१			१					
घाइते					३	३			३	३६	१०४	१३		११६
गिरफ्तारी/यातना										१०	१९	४	५	३८
बेपत्ता										१	१			१
कुटपिट	४	१०	४	१४	१	३	३		४	३	४			४
धम्की					१	३	१	३१	३४					
भेला/संगठित हुने अधिकार										९	१३		१६६	१८०
जातीय विभेद	१	३	३	४										
बालअधिकार	४		४	४										
अपहरण	१	१		१	३	६			६					
जम्मा	१३	१६	१०	३६	६	१५	३	३१	४९	५०	१४१	१६	१६३	३३९

लक्ष्मणबहादुर लिम्बू, देविचौर गाविस-४ निवासी एकराज बजगाईं, दिपेन्द्र जिसी, जीतमान लामा, ३५ वर्षीय ध्रुव केसी, २५ वर्षीय सरोज सिलवाल, दीलिप भण्डारी, धापाखेल गाविस निवासी २६ वर्षीय नेत्रबहादुर थिङ, रामकृष्ण कालिमाटी, कास्की जिल्ला पोखरा निवासी २५ वर्षीय सृजन कोइराला, ताप्लेजुङ जिल्ला ढुंगेसाँघु गाविस निवासी ३० वर्षीय प्रेम लिम्बू, चापागाँउ गाविस-४ निवासी कृष्णचन्द्र महर्जन, महोत्तरी जिल्ला गौरीवास गाविस निवासी १६ वर्षीय जगत थापा, तेह्रथुम जिल्ला सुम्नाम गाविस निवासी ३० वर्षीय नेहा सुब्बा, सप्तरी जिल्ला भगवतपुर निवासी शिवकुमार खङ, ओखलढुंगा जिल्ला मोली गाविस निवासी ३९ वर्षीय कर्णबहादुर राई, चन्दनपुर गाविस निवासी २७ वर्षीय दीपक घिमिरे, ऋषिराम घिमिरे, ३७ वर्षीय रविन देसार, खोटाङ जिल्ला सत्यपुर गाविस निवासी चन्द्रकला राई र उदयपुर जिल्ला रुपाटार गाविस निवासी १५ वर्षीय दीपेन्द्र राई पनि घाइते भए। घाइते सबैको उपचार पाटन अस्पताल, बी एण्ड बी अस्पताल, वीर अस्पताल, त्रिविवि शिक्षण अस्पताल र रेडक्रसको घुम्ती शिविरमा गरियो।

कपिलवस्तु जिल्ला पीपरा गाविस-६ निवासी मनोज पाठकको ०६३ वैशाख १२ गते पुल्चोकमा लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले चलाएको अश्रुग्याँस लागी हात भाँचियो। पीडितको उपचार घरमै भयो।

माओवादीबाट

ललितपुर उमनपा-१४ मानभवन निवासी नगरप्रमुख पदका उम्मेदवार ५७ वर्षीय दलबहादुर राईलाई ०६२ माघ १७ गते माओवादीले रातो नम्बरको ५४२० नम्बरको मोटरसाइकलमा आएका ललितपुर उमनपा-१४ मानभवनमा गोली हानी घाइते पारे। पीडितको उपचार पाटन अस्पतालमा भयो। उनलाई भेट गर्न ०६२ माघ १८ गते गएको मानवअधिकारकर्मीको टोलीलाई अस्पताल प्रशासनले भेट गर्न र फोटो खिच्नबाट बञ्चित गऱ्यो।

सिन्धुपाल्चोक जिल्ला सेलाङ गाविस- ९ निवासी महेन्द्र प्रकृति संरक्षण कोषका सुरक्षा गार्ड ४५ वर्षीय मदन सिलवाल र भक्तपुर जिल्ला चाँगुनारायण गाविस-९ निवासी सैनिक जवान २४ वर्षीय दीपक खत्री ०६२ चैत ८ गते माओवादीले जावलाखेलस्थित महेन्द्र प्रकृति संरक्षण कोषमा राखेको बम विस्फोट भई घाइते भए। पीडित सिलवालको पाटन अस्पतालमा र खत्रीको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार गरियो।

जेल र बन्दी

पुरानो राणाकालीन भवनलाई प्रयोग गरिएकोले नख्खु कारागार जीर्ण बन्दै गएको छ। 'ग' श्रेणीको यस



जनआन्दोलनको क्रममा सातदोबाटोमा प्रहरीको गोली लागी आँखा गुमाएका राजेन्द्रप्रसाद यादव

कारगारको कूल बन्दी क्षमता १ सय ५० रहेकोमा कैद तोकिएका १ सय ९५ र नतोकिएका थुनुवा ९५ जना रहेका छन्। यसरी यस कारागारमा जम्मा २ सय ९० जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, खेलकुद सामाग्री, विद्युत, पत्रपत्रिका, रेडियो, टीभीको व्यवस्था रहेको छ। माओवादीका नेता मातृकाप्रसाद यादव र कृष्ण केसी ०६२ पुस १९ गतेदेखि ०६२ पुस २२ गतेसम्म माओवादी बन्दीहरु रिहा गर्नुपर्ने माग राखी आमरण अनशन बसे। त्यसैगरी ०६३ भदौ २१ गतेदेखि असोज १ गतेसम्म ५ जना बन्दीहरूले आममाफीको माग राखी आमरण अनशन बसे।

बेपत्ता / अपहरण

माओवादीबाट

काभ्रे जिल्ला गोकुले गाविस- ३ निवासी २६ वर्षीय श्रीदास योञ्जन र २२ वर्षीय देवराज योञ्जनलाई ०६३ भदौ १३ गते माओवादीले खोकना दोबाटोबाटे अपहरण गरे। पीडितहरूलाई आँखामा कालोपट्टी र हात बाँधेर कुटपिट गरे। पीडकले २४ घण्टाभित्र बसेको ठाउँ नछोडे "बोरामा हाली खाल्टोमा पुर्ने" धम्की दिए। अपहरित दुवैलाई सोही दिन बिहान ८ बजे मुक्त गरियो। पीडितहरू सो दिनदेखि भैसेपाटीको आफ्नो डेरामा जान नसकी विस्थापित भएर भक्तपुरमा बस्न थाले।

ललितपुर उमनपा-५ निवासी ३३ वर्षीय वीरेन्द्र महर्जन, सोही उमनपा-१५ निवासी ३३ वर्षीय बमप्रसाद लिम्बू, मकवानपुर जिल्ला हेटौडा नपा-४ निवासी ३० वर्षीय श्यामसिंह भण्डारी, ललितपुर उमनपा पूर्णचण्डी निवासी ३५ वर्षीय रत्न महर्जन र कुमारीपाटी निवासी ३३ वर्षीय वीरेन जोशीलाई गुण्डागर्दीको आरोपमा ०६३ असोज १७ गते माओवादीको भातृ संगठन नेवा मुक्ति मोर्चाले ललितपुर उमनपा महालक्ष्मीस्थानस्थित महर्जन सप्लायर्सबाट अपहरण गरे। माओवादीले पीडित रत्न महर्जन र वीरेन जोशीलाई ०६३ असोज १८ गते ग्वार्कोबाट मुक्त गरे। त्यसैगरी वीरेन्द्र

महर्जन, श्यामसिंह भण्डारीलाई ०६३ कार्तिक ४ गते गोदावारीबाट र बमप्रसाद लिम्बूलाई ०६३ कार्तिक २५ गते काठमाडौं बालाजुबाट मुक्त गरियो।

अन्यबाट

भारत जयपुर घर भई ललितपुर सानेपामा डेरा गरी बस्ने ५६ वर्षीय लक्ष्मीकान्त शर्मालाई हरिसिद्धि गाविस- १ स्थित माउण्टभ्यू रेसिडेन्ट्सको २९ नम्बरको घरमा ०६३ असार ११ गतेदेखि ०६३ भदौ ४ गते चौधरी ग्रुपले ५७ दिनसम्म गोप्य रुपमा बन्धक बनाए। बन्धक बनाउने क्रममा चौधरी ग्रुपले उनको ४० हजार रूपैयाँ, डेरा र पसलको सम्पूर्ण समान कब्जा गरी लग्यो। उनलाई कोलनीका बासिन्दाले ०६३ भदौ ५ गते उद्धार गरी जिल्ला प्रहरी कार्यालय, जावलाखेलमा बुझाए। जिल्ला प्रहरी कार्यालयबाट ०६३ भदौ ७ गते पीडितलाई श्रीनन्दन झाको जिम्मा लगाई भारतको जयपुर पठाइयो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

भट्टेडाँडा गाविस-८ निवासी १५ वर्षीय अमृतकुमार चौरेल, सोही गाविस ८ निवासी ३० वर्षीय मैया थापा, इकुडोल गाविस ७ निवासी ४४ वर्षीय रुपानन्द घिमिरेसहित भट्टेडाडाँ गाविस ८ निवासी ३१ घरका एक एक जनालाई ०६३ साउन २१ र २२ गते माओवादीले त्रास देखाई श्रम गर्न बाध्य पारे। माओवादी त्रासका कारण इकुडोल गाविसमा रहेको माओवादीको स्पेसल टास्कफोर्सलाई गाउँले खाद्यान्न र बन्दोवस्तीको समान पुऱ्याए।

ललितपुर उमनपा-१४ सातदोबाटो निवासी नेपाल डेरीका कार्यकारी अध्यक्ष ७४ वर्षीय डा. हेरम्बबहादुर राजभण्डारी, ३१ वर्षीय अरनिको राजभण्डारी, ६६ वर्षीय स्नेहा राजभण्डारी, र २७ वर्षीय अंगीराज भण्डारीलाई ०६३ भदौ ३१ गते माओवादीका रमेश पन्त लगायतले कुटपिट गरे। डेरीमा मजदुरलाई २३ घण्टा काम लगाएको र माओवादीको ट्रेड यूनियन खोल्न नदिएका आरोपमा माओवादी दुईओटा माइक्रोबसमा गएका माओवादीले पीडितलाई कुटपिट गरेका थिए। कुटपिटबाट घाइते भएका डा. हेरम्बबहादुर राजभण्डारीको वीर अस्पतालमा उपचार गरियो।



माओवादीले अपहरण गरी २४ घण्टाभित्र बसेको स्थान नछोडे बोरामा हाली पुर्ने धम्की दिएका श्रीदास योञ्जन

सुनसरी जिल्ला इटहरी निवासी ४० वर्षीय दानबहादुर विष्ट, गोरखा जिल्ला पृथ्वीनारायण नपा निवासी ४५ वर्षीय रामकुमार श्रेष्ठ, ललितपुर उमनपा-१३ निवासी ३५ वर्षीय लक्ष्मण थापा र भक्तपुर जिल्ला मध्यपुर थिमी नपा-८ निवासी ३५ वर्षीय मंगल प्रजापतिलाई नगर निर्वाचनमा उम्मेवार बनेको आरोपमा ०६३ पुस १० गते अखिल (क्रान्तिकारी) का विद्यार्थीहरूले पुल्चोकमा कुटपिट गरी मोसो दले।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार.

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कामनपा-६ बौद्ध सरस्वतीनगर निवासी २७ वर्षीया टिनम राई, २४ वर्षीया शान्ता राई, चितवन रनपा-१३ निवासी ३५ वर्षीया शर्मिला राई, बाग्लुङ नपा-२ निवासी ३३ वर्षीया दुर्गा के.सी. लगायत ११ जनालाई राष्ट्रिय मानवअधिकार आयोग परिसर पुल्चोकबाट ०६२ फागुन २१ गते मध्यरात ११ बजे प्रहरीले भ्यानमा राखी कुपण्डोल पुलमा लगी छोडिदिए। उनीहरू सबै राज्यद्वारा बेपत्ता पारिएका नागरिक सार्वजनिक गर्न माग राख्दै आयोग परिसरमा धर्नामा दिइरहेका थिए। पीडितहरू राज्यद्वारा बेपत्ता पारिएका नागरिक परिवार समाजसँग आबद्ध छन्।

ओखलढुंगा जिल्ला पोखरे गाविस-२ निवासी ईन्द्रकुमार थापालाई ०६२ चैत २४ गते ललितपुर उमनपा पाटनमा शान्तिपूर्ण आन्दोलनको क्रममा प्रहरीले कुटपिट गरे। कुटपिटबाट पीडितको हातमा चोट लाग्यो। पीडितको त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो।

काठमाडौं धापासी गाविस-८ निवासी नरेन्द्र महर्जन, रुपन्देही जिल्ला सिद्धार्थ नपा-३ भैरहवा निवासी विश्वरञ्जन मिश्र र महोत्तरी जिल्ला हात्तिसरुवा गाविस-६ निवासी लक्ष्मणकुमार यादवलाई ०६२ चैत २६ गते प्रहरीले ललितपुर उमनपा पुल्चोकमा कुटपिट गरी घाइते पारे। पीडितहरूको उपचार आ-आफ्नै घरमा भयो।

दार्चुला जिल्ला भगवती गाविस-९ निवासी शंकरसिंह धामीलाई ०६२ चैत २८ गते प्रहरीले ललितपुर उमनपा पुल्चोकमा लाठीचार्ज गरी घाइते पारे। कुटपिटबाट हातमा चोट लाग्यो। उनलाई लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले कुटपिट गरेको थियो। पीडितको उपचार घरमै भयो।

लामाटार गाविस-६ निवासी ललितपुर जिविसका पूर्वसभापति, ४५ वर्षीय माधव पौडेल, चापागाउँ गाविस-६ निवासी ललितपुर जिविसका पूर्वउपसभापति, ४२ वर्षीय सुरेन्द्रमोहन शर्मा, इमाडोल गाविसका पूर्वअध्यक्ष नन्दकुमार न्यौपाने, बालकृष्ण खड्का, दीपक श्रेष्ठ, विजेन्द्र रिमाल,

कृष्णप्रसाद दाहाल, सरोज ठकुरी, प्रल्लाद मर्हजन, प्रणय मर्हजन, बारा जिल्ला कोल्भी गाविस निवासी २४ वर्षीय सागर अधिकारी ११ वर्षीय विशाल मर्हजन ०६३ चैत ३० गते ललितपुर उमनपा-१८ पाटनसुन्धारामा प्रहरीको लाठी चार्जबाट घाइते भए। पीडितलाई लोकतान्त्रिक आन्दोलनको क्रममा प्रहरीले कुटपिट गरेको थियो। पीडितको उपचार रेडक्रसको घुम्ती शिविर र पाटन अस्पतालमा भयो।

धापाखेल गाविस-३ निवासी उद्धव बस्नेत र बुङ्मती गाविस निवासी गुणराज शाक्यलाई ०६२ चैत ३० गते पाटनमा प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा कुटपिट गरी घाइते पारे। पीडितमध्ये पाटन अस्पताल र शाक्यको मोडेल अस्पतालमा उपचार भयो।



कर्नेल रोमियोजंग राणा र उनकी पत्नी सिद्धार्थ राणाद्वारा यातना दिइएकी लक्ष्मी पुन

स्याङजा जिल्ला निवासी ३० वर्षीया सरस्वती तिवारी र ७० वर्षीय आस्थाबहादुर कोञ्जुलाई २०६३ वैशाख ४ गते कुपण्डोलमा शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी घाइते पारे।

रौतहट जिल्ला राजपुर गाविस निवासी ३६ वर्षीय पैगम मियाँ मन्सुर र ५२ वर्षीय बालचन्द्र मर्हजनलाई ०६३ वैशाख ४ गते मंगलबजारमा प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा कुटपिट गरी घाइते पारे। मन्सुरको मोडेल अस्पतालमा र महर्जनको रेडक्रसको घुम्ती टोलीमा उपचार भयो।

कास्की जिल्ला पोखरा उमनपा-१ निवासी रामचन्द्र बरालको ०६३ वैशाख ५ गते प्रहरीले पुल्चोकमा लाठीचार्ज गर्दा खुट्टा भाँचियो। पीडितको पाटन अस्पतालमा उपचार गरियो।

निरंकुशता विरुद्ध सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनमा ०६३ वैशाख ७ गते प्रहरीले ललितपुर उमनपा-१४ सातदोबाटोमा अन्धाधुन्द लाठीचार्ज गर्दा लेले गाविस-७ निवासी ४३ वर्षीय मिठाराम केसी, ललितपुर उमनपा-१४ नख्खिपोट निवासी ५६ वर्षीय रत्न राई, धापाखेल गाविस निवासी ३० वर्षीय नारायण रेग्मी, चापागाउँ गाविस-९ निवासी २८ वर्षीय कृष्णचन्द्र महर्जन, सोही ठाउँ निवासी मीनकृष्ण श्रेष्ठ, बुद्धिबहादुर श्रेष्ठ, गोटीखेल गाविस-२ निवासी ३० वर्षीय भीमसेन घिमिरे, चापागाउँ गाविस-५ निवासी ३१ वर्षीय निरञ्जन आचार्य, ललितपुर उमनपा-१५ निवासी ३० वर्षीया बबी थापा, ललितपुर उमनपा-१ निवासी ३० वर्षीय उदयशम्सेर राणा, हरिसिद्धी गाविस-२ निवासी ३२ वर्षीय सुकदेव तामाङ, सोही गाविस-२ निवासी २४ वर्षीय जीतकुमार श्रेष्ठ, सिन्धुली जिल्ला दुधौली गाविस निवासी महिन्द्र चौधरी र काभ्रे जिल्ला पुरानोगाउँ निवासी १७ वर्षीया मीना उदास घाइते भए। घाइतेको रेडक्रसको घुम्ती शिविर र पाटन अस्पतालमा उपचार गरियो।

गोरखा आँपपिपल-२, राउटेपानी निवासी २० वर्षीय विष्णुप्रसाद देवकोटा, नुवाकोट कल्याणपुर-१ निवासी २६ वर्षीय नवराज ढुंगाना, कञ्चनपर त्रिभुवनवस्ती-५ निवासी २७ वर्षीय नकुलदेव जिसी, रौतहट पौराही गाविस निवासी १५ वर्षीय राजन राई र चितवन निवासी ३५ वर्षीय सूर्यप्रसाद रेग्मीलाई ०६३ साउन १८ गते पुल्चोकमा प्रधानसेनापति प्याराजंग थापालाई कारवाहीको माग राखी नारा लगाउँदा प्रहरीले गिरफ्तार गरी महेन्द्र पुसिलक्लबमा राखियो। गिरफ्तार सबैलाई सोही दिन बेलुका ४ बजे रिहा गरियो।

अछाम जिल्ला बाटुलासेन-३ निवासी माओवादी पीडित संघका ५२ वर्षीय धर्मराज न्यौपाने, कैलाली जिल्ला गेटा गाविसा निवासी ३० वर्षीय अनुप भट्ट, रामेछाप जिल्ला चनखु गाविस निवासी २८ वर्षीय कपिल कार्की, लमजुङ जिल्ला चक्रतिर्थ गाविस-५ निवासी ५० वर्षीय पदम्लाल कँडेल, दोलखा जिल्ला जुगु गाविस निवासी ६० वर्षीय कुलबहादुर कार्की, सिन्धुपाल्चोक जिल्ला खाप्पाल गाविस-९ निवासी ३० वर्षीया शर्मीला तामाङ, रामेछाप जिल्ला गेलू गाविस-१ निवासी ४४ वर्षीय शिवबहादुर बुढाथोकी, सोही जिल्ला खिम्ती गाविस-४ निवासी ७७ वर्षीय डम्बरबहादुर भुजेल, राकाथुम गाविस-९ निवासी ६७ वर्षीय पूर्ण लामा लगायत ४२ जना माओवादी पीडितलाई ०६३ भदौ ४ गते ललितपुर उमनपा पुल्चोकस्थित मन्त्री निवासबाट प्रहरीले गिरफ्तार गरे। माओवादीले बेपत्ता पारेका नागरिकको अवस्था सार्वजनिक गर्न दबाब सिर्जना गर्न मन्त्री निवास घेराउ गरिरहेको अवस्थामा उनीहरू गिरफ्तार गरिए। पीडितहरू सबैलाई जिल्ला प्रहरी कार्यालय जावलाखेलमा राखी सोही दिन रिहा गरियो।

कास्की जिल्ला पोखरा उमनपा-१५ रामबजार निवासी १५ वर्षीय किरण थापा र ओखलढुंगा जिल्ला फेदीकोट गाविस-९ निवासी ३३ वर्षीय छत्रबहादुर बोगटीलाई ०६३ मंसिर ७ गते प्रहरीले ललितपुर उमनपा-१४ सातदोबाटोमा कुटपिट गरे। ट्राफिक प्रहरीले ट्रक ड्राइभरलाई कुटेको विषयमा दोहोरो भडप हुँदा पीडितलाई प्रहरीले

कुटपिट गरेका थिए। त्यसक्रममा प्रहरीले १० राउण्ड अश्रुग्याँस समेत प्रहार गरे।

गैरकानुनी गिरफ्तारी

संखुवासभा जिल्ला वाना गाविस-९ निवासी माओवादीका २१ वर्षीय वद्री भनिने दिनेश भण्डारी र मोरङ गोविन्दपुर गाविस-२ निवासी माओवादीद्वारा घोषित मोरङ जिल्ला जनसरकार प्रमुख १९ वर्षीय सर्वण ऋषिदेवलाई ०६२ फागुन ११ गते साँझ प्रहरीले ललितपुर उमनपा-१७ ग्वार्कोस्थित बी एण्ड बी अस्पतालबाट गिरफ्तार गरे। गिरफ्तार दुवैलाई ०६२ फागुन १२ गते पुनरावेदन अदालत विराटनगरसमक्ष पेश गरियो।

सैंबु गाविस-५ निवासी ४६ वर्षीय जीवन सापकोटा र सोही गाविस-८ निवासी ४९ वर्षीय दामोदर खड्कालाई लोकतान्त्रिक आन्दोलनमा सहयोग गरेको आरोपमा ०६२ चैत २२ गते प्रहरीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। गिरफ्तार दुवैलाई भक्तपुर जिल्ला दुवाकोटस्थित सशस्त्र प्रहरी गणमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

सर्लाही जिल्ला कर्मैया गाविस-५ निवासी काँग्रेसका ५५ वर्षीया मीना पाण्डे, ललितपुर उमनपा- १२ निवासी नेपाल महिला संघका ५५ वर्षीया शारदा चित्रकार, ललितपुर उमनपा- १३ निवासी ४२ वर्षीया गंगा केसी, झापा जिल्ला अर्जुनधारा गाविस-४ निवासी ४५ वर्षीय अजय शिवाकोटी, ललितपुर उमनपा-७ निवासी ६३ शम्भुबहादुर श्रेष्ठ र भोजपुर जिल्ला नाङगी गाविस-८ निवासी प्रायुसंघका ३७ वर्षीय अजम्बर काड्वाड्लाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २४ गते प्रहरीले ललितपुर उपमनपाको कार्यालय नजिकबाट बिना पूर्जी गिरफ्तार गरे। गिरफ्तार सबैलाई महेन्द्र पुलिसक्लब भृकुटीमण्डपमा राखी सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख ४ गते रिहा गरियो।

गोदावरी गाविस-५ निवासी एमालेका सचिव ३९ वर्षीय मधुसुदन पौडेल र सप्तरी जिल्ला पोतराहा गाविस-८ निवासी अखिल नेपाल किसान संघका ५८ वर्षीय जगदेव यादवलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले ललितपुर उमनपा-१८ पाटन सुन्धारबाट विना पूर्जी गिरफ्तार गरे। पीडितलाई महिला प्रशिक्षण केन्द्र जावलाखेलमा राखी ०६३ वैशाख ४ गते रिहा गरियो।

ठैब गाविस-८ निवासी जनमोर्चाका ४२ वर्षीय दीपेन्द्र श्रेष्ठ, ५२ वर्षीय श्रीगोविन्द महर्जन, पाँचथर जिल्ला जिलिङगे गाविस-१ निवासी अखिल नेपाल ट्रेड यूनियन महासंघका ५२ वर्षीय लालध्वज नेम्वाङ र ललितपुर उमनपा-१२ बगंलामुखी निवासी एमालेका २५ वर्षीय धर्मसिंह कार्कीलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले मंगलबजारबाट बिना पूर्जी गिरफ्तार गरे। गिरफ्तार सबैलाई जावलाखेलस्थित महिला प्रशिक्षण केन्द्रमा राखी ०६३ वैशाख ४ गते रिहा गरियो।

चापागाउँ गाविस-९ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४० वर्षीय रबिन्स शर्मा, ललितपुर उमनपा-१५ निवासी ४० वर्षीय शशी थापा र ललितपुर उमनपा निवासी ५६ वर्षीय गणेश केसीलाई ०६२ चैत २६ गते प्रहरीले विरोध प्रदर्शनको क्रममा मंगलबजारबाट गिरफ्तार गरे। पीडितलाई ०६३ वैशाख १२ गते महिला प्रशिक्षण केन्द्र जावलाखेलबाट रिहा गरियो।

गुल्मी जिल्ला मेलपोखरी गाविस-१ निवासी अनेरास्वावियुका २८ वर्षीया रामकुमारी झाँक्रीलाई ०६२ चैत २७ गते प्रहरीले ललितपुर उमनपा-१८ पाटन सुन्धाराबाट निंरकुशताको विरोधमा शान्तिपूर्ण प्रर्दशनबाट गिरफ्तार गरे। पीडितलाई महेन्द्र पुलिसक्लबमा राखी सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख ५ रिहा गरियो।

झापा घैलाडुब्वा गाविस घर भई सातदोबाटो ताल्छिखेल निवासी कान्तिपुर इन्जिनियरिङ कलेजका विद्यार्थी २२ वर्षीय राजन कडरियालाई ०६२ चैत ३० गते प्रहरीले कलेज जाने क्रममा ललितपुर उमनपा-१४ सातदोबाटोबाट विना पूर्जी गिरफ्तार गरे। उनलाई हिरासतमा कुटपटि गरी भोलिपल्ट रिहा गरियो।

काठमाडौं छैमले गाविस-६ घर भई ललितपुरको कुसुन्तीमा बस्दै आएका माओवादीका २१ वर्षीय रमेश तामाङ र देविचौर गाविस-५ निवासी ३६ वर्षीय कृष्ण घिमिरेलाई ०६३ वैशाख ४ गते सादा पोसाकमा आएका सुरक्षाकर्मीले कुसुन्तीस्थित कोठाबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा राखी ०६३ वैशाख ६ गते रिहा गरियो।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पाल्पा जिल्ला सोमादी गाविस-५ निवासी माओवादीका २७ वर्षीय राजेन्द्र गौतमलाई ०६३ वैशाख ४ गते राति सादा पोशाकमा आएका प्रहरीले ललितपुर तिखिदेवलस्थित डेराबाटै सामानसहित गिरफ्तार गरी वैशाख ९ गतेसम्म बेपत्ता पारे। पीडितलाई त्यसक्रममा प्रहरीले आखाँमा कालोपट्टी बाँधी कुटपिट गरे। पीडितलाई ०६३ वैशाख १० गते जिल्ला प्रहरी कार्यालय जावलाखेलमा लगी ११ गते नख्खु कारागार चलान गरिएकोमा ०६३ वैशाख २० गते कारागारबाट रिहा गरियो।

भारतको जयपुर घरभई ललितपुर उमनपा सानेपा बस्ने चौधरी ग्रुपका वरिष्ठ क्याशियर २९ वर्षीय शशिकान्त शर्मालाई रकम हिनामिना गरेको आरोपमा ०६३ साउन ८

गते चौधरी ग्रुपका मोहन ओझाले भारतको जयपुरबाट फकाएर नेपाल ल्याई जिल्ला प्रहरी कार्यालय जावलाखेलको जिम्मा लगाए। उनलाई जिल्ला प्रहरी कार्यालय जावलाखेलमा ९ दिन राखी उपत्यका अपराध अनुसन्धान शाखा काठमाडौंमा पठाइयो। पीडितलाई उपत्यका अपराध अनुसन्धान शाखामा बिना पूर्जी १८ दिन राखी ०६३ भदौ ४ गते पूर्जी सहित जिल्ला प्रहरी कार्यालय ललितपुरमा पठाइयो। हिरासतमा शशिकान्तलाई प्रहरीले कुटपिट गरे। यतानाको कारण उनको दायाँ हातको चोर औंलो फ्याक्चर भयो। पीडितलाई वैधानिक रुपमा ०६३ भदौ ४ गते देखिमात्र मुद्दा चलाइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी दुई ओटा अदालत छन्। पुनरावेदन अदलतमा देवानी, फौजदारी, परामादेश, निषेधाज्ञा गरी विभिन्न शीर्षक अन्तर्गत जिम्मेवारी सरेर आएका ३ हजार ५ सय ८४ र यो वर्ष दर्ता भएका १ हजार ११ गरी कुल ४ हजार ५ सय ९५ वटा मुद्दा रहे। जसमध्ये १ हजार ४ सय ८९ ओटा फर्स्यौट भए भने ३ हजार १ सय ६ बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका ३ सय ५९ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका र यो वर्ष परेका जम्मा १ हजार १ सय ९९ ओटा देवानी मुद्दामा २ सय ६१ ओटा मुद्दा फर्स्यौट भई ९ सय ३८ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यो वर्ष परेका गरी जम्मा ६ सय ५७ फौजदारी मुद्दामा १ सय ६९ फस्यौट भई ४ सय ८८ ओटा मुद्दा बाँकी रहे। यस अदालतमा २ वर्ष नाघेका ४५ ओटा मुद्दा फस्यौट हुन बाँकी रहे।

यस वर्ष महानगरीय प्रहरी परिसर ललितपुरमा चोरी डकैतीका ४२ ओटा, सवारी ज्यानका ३२ ओटा, ज्यान मार्ने उद्योगका छ ओटा, आत्महत्याका ७० ओटा, सार्वजनिक अपराधका ९५ ओटा मुद्दा दर्ता भए।

बालअधिकार

सुर्खेत जिल्ला छिञ्चु गाविस घर भई ललितपुर उमनपा-१५ खुमालटारस्थित सैनिक कर्णेलको घरमा घरेलु कामदारको रुपमा बस्दै आएकी १२ वर्षीया बालिका लक्ष्मी पुनलाई एक वर्षदेखि घरका मालिक सैनिक कर्णेल रोमियोजंग राणा, उनकी पत्नी सिद्धार्थ राणा र घरमा रहेका सिपाहीले बोरामा हाली कुटपिट गर्ने, चिमोट्ने गरी ०६३ भदौ १९ गतेसम्म चरम यातना दिए। बालिका पुनलाई कुकुर सुत्ने स्थानमा सुताउने गरिएको थियो। जिल्ला प्रहरी कार्यालय ललितपुरको महिला सेलमा ०६३ भदौ २३ गते पीडक सेनाका कर्णेल रोमियोजंग राणाको परिवारले बालिका पुनलाई यताना दिएको स्वीकार गर्दै क्षतिपूर्तिबापत दुई लाख दिए। बालिकालाई स्थानीय बासिन्दा र मानवअधिकारकर्मीको सहयोगमा उद्धार गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लुभु गाविस-९ निवासी ९ वर्षीया एक बालिकालाई ०६३ असार १५ गते साँझ ७ बजे सोही गाविस-९ निवासी नरसिंह राजथलाले सोही गाविस-३ नारायणलाल श्रेष्ठको घरको शौचालयमा जबर्जस्ती बलात्कार गरे। जिल्ला प्रहरी कार्यालय जावलाखेलले जिल्ला अदालत लगनखेलमा मुद्दा दायर गरी पीडक राजथलालाई अदालतको आदेशमा पुर्पक्षको लागि कारगार चलान गरियो।

ललितपुर उमनपा-२ सानेपा निवासी एक ४ वर्षीया बालिकालाई ०६३ असार २२ गते सप्तरी दौलतपुर गाविस-४ घर भई हाल ललितपुर उमनपा-२ सानेपा निवासी १८ वर्षीय रञ्जित चौधरीले ललितपुर उमनपा-२ सानेपा स्थित रुपेन्द्र विष्टको घरमा जबर्जस्ती बलात्कार गरे। जिल्ला प्रहरी कार्यालय जावलाखेलले जिल्ला अदालत लगनखेलमा मुद्दा दायर गरी पीडकलाई अदालतको आदेशमा पुर्पक्षको लागि कारागार चलान गऱ्यो।

डुकुछाप गाविस-१ कार्यविनायक निवासी ८ वर्षीया बालिकालाई सोही ठाउँका ३३ वर्षीय अर्जुन थिङले ०६३ भदौ १३ गते फकाएर आफ्नै घरमा लगी बलात्कार गरे। स्थानीय महिलाको समूहले पीडकलाई ०६३ असोज ५ गते ईलाका प्रहरी कार्यालय भैंसेपाटीमा बुझाए। पीडकलाई जिल्ला अदालत लगनखेलमा मुद्दा चलाइयो।

सबै प्रकारका जातीय विभेद

बुडमती गाविस-८ चुनीखेल निवासी ३० वर्षीया नानीमैया नेपाली, ३५ वर्षीया शोभा नेपाली, काठमाडौं मातातीर्थ गाविस-९ निवासी ३१ वर्षीय दिनेश परियार र मकवानपुर जिल्ला हेटौडा नपा-४ निवासी २८ वर्षीय नरेन्द्रराज लगुवालाई ०६२ फागुन २० गते बुडमती-८ चुनीखेल निवासी ३५ वर्षीय मिलन के.सी., ४० वर्षीय बालमुकुन्द विष्ट, २२ वर्षीय दीलिप विष्ट र २० वर्षीय सुमन विष्टले कुटपिट गरे। नानीमैया नेपालीले बुडमती गाविस-८ चुनीखेलमा रहेको सार्वजनिक इनारमा ०६२ माघ २४ गते पानी भर्न लाग्दा तल्लो जातको भनी कथित उपल्लो जातकाले पानी भर्न दिएका थिएनन्। सोही घटनालाई लिएर वास्तविकता बुझ्न गएको समयमा पीडितहरूलाई कुटपिट

गरिएको थियो। दुवै पक्षका बीचमा ०६३ फागुन २४ गते जिल्ला प्रशासन कार्यालयमा छुवाछुतको व्यवहार नगर्ने र सार्वजनिक इनारको पानी प्रयोग गर्न दिने सहमति भयो।

आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या आयोग छैन। भूमिसुधार कार्यालयले भूमिहीन तथा सुकुम्बासीहरूको तथ्याकं राख्न सकेको छैन। यस जिल्लामा बागमती, विष्णुमती लगायत अन्य खोलाको किनारमा भूमिहीन तथा सुकुम्बासीहरू अस्थायी झुप्रा बनाई बसोबास गरेका पाइन्छ। यसरी बसोबास गर्नेहरूमा भारतीय तथा उपत्यका बाहिरका नागरिकहरू छन्।

संरचना, सम्पत्ति क्षति

ललितपुर उमनपा पाटनढोकामा ०६२ चैत २४ गते प्रहरीले अश्रुग्याँस प्रहार गर्दा स्थानीय बासिन्दा हरि महर्जनको घर, केबी साइकल ट्रेडर्स, हिमाल एसोसिएसन रहेको भवनको सिसा फुट्यो। सात दलको जुलुसलाई तितरबितर पार्न प्रहरीले अश्रुग्याँस प्रहार गरेको थियो।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा ०६३ भदौ ४ गते प्रदर्शनकारीले ललितपुर उमनपा-१७ ग्वार्कोको उज्जवल आयल, ललित आयल, युनिक फ्युल, नमस्ते आयल, पिसफुल रेष्टुरेण्ट, सुरज रेष्टुरेण्ट, मोनालिसा रेष्टुरेण्ट, विशाल रेष्टुरेण्ट र लालिगुराँस रेष्टुरेण्टमा तोडफोड गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका छजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा खोकना गाविस निवासी धीरज डंगोल, कुसुन्ती मुक्तिनाथ कार्पेटमा काम गर्ने गोपाल नगरकोटी, ठेचो गाविस-६ निवासी नन्द गोपाल माली, बुडमती गाविस-३ निवासी पदम नारायण नकर्मी, ठेचो गाविस-६ निवासी राजेन्द्र माली, ठेचो गाविस-६ निवासी बाबुराजा माली रहेका छन्।

२.१३ काभ्रे



जनसंख्या : ४,१३,०६१
साक्षरता प्रतिशत : ६३.७५
महिला साक्षरता प्रतिशत : ५२.५३
क्षेत्रफल (वर्ग कि.मि.) : १३९६
गाविस/नपा संख्या : ८७/३
निर्वाचन क्षेत्र : ३
विद्यालय : ६४२
क्याम्पस/उच्च मावि : ८/१६
अस्पताल/स्वास्थ्य चौकी : ७/९४
टेलिफोन लाइन : ४३५०
मोटर सडक (कि.मी.) : ८०२
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ८२
मानव विकास सूचकाङ्क : ०.५४३
प्रति परिवार सरदर संख्या : ५.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

वाल्टिङ गाविस-७ तारे निवासी २० वर्षीय शिवहरि कुँवरको ०६२ चैत २७ गते बेलुकी प्रहरीले बनेपा नपा-६ स्थित सुन्दरकाजी मानन्धरको घरको छतबाट सडकमा हेरिरहेको अवस्थामा गोली हानी हत्या गरे। गोली लागेपछि बेहोस भएको आशङ्कामा हतारहतार शिर मेमोरियल अस्पताल लैजाँदा बाटैमा पीडितको मृत्यु भयो। मृतकको देब्रे पाताबाट गोली पसेर दाहिने पाताबाट निस्किएको थियो। बन्द र कर्फ्यूका कारण मृतकको तत्काल दाहसंस्कार गर्न नसकी चैत २९ गते सात दलको अगुवाइमा बनेपास्थित उग्रतीर्थ घाटमा अन्त्येष्टि गरियो।

माओवादीबाट

पनौती नपा-५ निवासी ३५ वर्षीय सर्वसाधारण धर्मदास श्रेष्ठ र ललितपुर निवासी २२ वर्षीय प्रहरी जवान रामकुमार सिलवालको ०६२ माघ २४ गते राति माओवादीले पनौती मानेश्वरीचौरमा रहेको नगरपालिका भवनमा आक्रमण गर्दा मृत्यु भयो। घटनामा बाराका १९ वर्षीय प्रहरी जवान हृदयकुमार यादव, ओखलढुङ्गाका ३७ वर्षीय असई खड्गनारायण श्रेष्ठ, प्रहरी जवान अनीलकुमार यादव र सेनाका नौ जना घाइते भए। घाइतेहरूको धुलिखेल अस्पतालमा सामान्य उपचारपछि थप उपचार काठमाडौँमा गरियो।

माओवादीका २० वर्षीय कैलाशको ०६२ माघ २४ गते राति माओवादीले धुलिखेलस्थित शिक्षा कार्यालय नजिकै राखेको प्रेसरकुकर बम विस्फोट भएर मृत्यु भयो। कार्यालयभन्दा सय मिटर पर भएको विस्फोटमा कैलाशको कम्मरभन्दा माथिको शरीरका अङ्ग टुक्र-टुक्रा भई नजिकैको रूखमा समेत टाँसियो।

दैलेख जिल्ला विन्दवासिनी गाविस-४ काडाँगाउँ निवासी सैनिक जवान पदमबहादुर बिष्ट, खोटाङ जिल्ला अर्खौले गाविस-२ बिजुलीगाउँ निवासी सैनिक जवान चेतनाथ पुरी र धादिङ जिल्ला तसपुर गाविस-७ निवासी सैनिक जवान रामभगत आलेमगरको ०६२ फागुन १५ गते बिहान काभ्रे नित्यचण्डेश्वरी गाविस-४ स्थित भन्ज्याङको चेकपोस्टमा माओवादी आक्रमणमा परी मृत्यु भयो। घटनामा सेनाका रुद्रध्वज गण धुलिखेलमा कार्यरत धादिङ जिल्ला साङ्कोष गाविस-३ निवासी सैनिक जवान २५ वर्षीय राजेन्द्र श्रेष्ठ, काभ्रे गाविस-१ निवासी सर्वसाधारण २५ वर्षीय विकास कार्की र काभ्रे गाविस-८ निवासी सर्वसाधारण केशव फुँयाल घाइते भए। घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचार गरियो।

आफ्नै गोलीद्वारा मृत्यु

दोलखा जिल्ला बाबरे गाविस निवासी २२ वर्षीय माओवादी कार्यकर्ता सुवास बुढाथोकीको काभ्रे जिल्ला सर्स्यूखर्क गाविसस्थित जनचेतना माविमा ०६३ असोज १९ गते आफैले बोकेको एमएमजी पड्किँदा मृत्यु भयो।

दोहोरो भिडन्त

पनौती नपा-५ मा ०६२ माघ २४ गते राति सेना र माओवादीबीच भएको दोहोरो भिडन्तमा परी सिंहनाथ गण पनौतीमा कार्यरत दोलखा जिल्ला निवासी सैनिक जवान रविन्द्रलाल श्रेष्ठ र माओवादीका २० वर्षीय प्रदीप र सिन्धुपाल्चोक जिल्ला निवासी च्याङ्वा, कालिकोट जिल्ला निवासी २० वर्षीय अभिमत भनिने मानबहादुर बोहराको मृत्यु भयो। त्यसैगरी भिडन्तमा परी आले भनिने माओवादी कार्यकर्ताको उपचारका लागि कामीडाँडामा पुऱ्याएपछि मृत्यु भयो। घटनामा परी सेनातर्फ रसुवा जिल्ला धुन्चे निवासी १९ वर्षीय महाप्रसाद ठाकुर, धादिङ जिल्ला निवासी १९ वर्षीय सीताराम अधिकारी, दैलेख जिल्ला निवासी १८ वर्षीय जीवन खड्का, पनौती निवासी १८ वर्षीय ठूलोबाबु श्रेष्ठ, नुवाकोट जिल्ला निवासी २५ वर्षीय पद्मराज थापा, गोकर्ण निवासी २० वर्षीय रामकुमार गिरी, पोखरा निवासी २५ वर्षीय गोविन्द केसी, तनहुँ निवासी २० वर्षीय गोपाल खत्री र दुर्गा रानामगर घाइते भए। माओवादीका सातजना घाइतेको नाम सार्वजनिक भएन। घाइते सुरक्षाकर्मीको धुलिखेल अस्पतालमा सामान्य उपचार गरी थप उपचार काठमाडौंमा गरियो। भिडन्तमा परी पनौती प्राविधिक शिक्षालयका सुरक्षा गार्ड भीमबहादुर खत्रीलाई खुट्टामा गोली लाग्यो।

छत्रेबाँझ गाविस-६ दारेगौंडामा ०६२ चैत ७ गते बिहान भएको भिडन्तमा ९ नम्बर बाहिनी भकुन्डेमा कार्यरत जमदार सोमबहादुर लामा, हवलदार प्रेमबहादुर दमाईं, सैनिक जवानहरू श्रीराम पौडेल, दिलीपबहादुर सु.म, भक्तबहादुर कार्की, रामु थापा, मीनबहादुर थापा, हरिश्चन्द्र बस्नेत, पद्मबहादुर अधिकारी, दानबहादुर थापा, बेगमबहादुर खत्री, भागीरथ केसी र सिपाही केदारकुमार कार्की तथा माओवादीका भोटेचौर गाविस-२ चिसापानी, सिन्धुपाल्चोक निवासी २६ वर्षीय अनिश भनिने चतुरमान तामाङको मृत्यु भयो। करिब डेढ घण्टा भएको भिडन्तमा परी सेनाका तीनजना र माओवादीका मोहनलागयत पाँचजना घाइते भए। घटनामा स्थानीय २८ वर्षीय अर्जुन तिमिल्सिनाको दाहिने हातको हत्केलामा गोलीको छर्रा लागी घाइते भए। पीडितलाई उपचारका लागि वीरेन्द्र सैनिक अस्पताल छाउनी लगियो। माओवादीले स्थानीय हरिप्रसाद तिमल्सिना, अर्जुन तिमल्सिना र हरि घिमिरेको घरबाट सुरक्षाकर्मीमाथि आक्रमण गरेका थिए।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

बनेपा नपा-६ निवासी १५ वर्षीय मुकेश कायस्थ ०६२ चैत २७ गते बनेपा तीनदोबाटोमा प्रहरीको गोलीबाट गम्भीर घाइते भएकाले वीर अस्पतालमा उपचारका लागि भर्ना गरियो। कृष्णमान र मीरा कायस्थका १५ वर्षीय कान्छा छोरा मुकेशको होश नआएकाले अर्धचेत अवस्थामा कृत्रिम श्वास दिएर आईसीयूमा राखियो। नेपाल सरकारले सुरुमा ७५ हजार र ०६३ असोज ३ गतेको निर्णयले एकमुष्ठ ९ लाख ५० हजार सहयोग गऱ्यो। सरकारी बेवास्ता र अस्पतालको लापर्वाहीले ०६३ जेठ १९ बाट उनको गम्भीर उपचार हुनसकेको छैन।

बनेपा नपा-५ निवासी २२ वर्षीय विक्रम कपाली र

उग्रचण्डी नाला गाविस-५ निवासी पूर्णबहादुर श्रेष्ठ ०६२ चैत २७ गते तीनदोबाटोमा प्रहरीको गोली प्रहारबाट गम्भीर घाइते भए। कपालीको टाउको र श्रेष्ठको दायाँ कुममा गोली लागेर जिल्लामा उपचार हुन नसकी काठमाडौँ पठाइयो। श्रेष्ठलाई अस्पतालले ०६३ वैशाख ६ गते डिस्चार्ज गऱ्यो। सरकारको ०६३ असोज ३ गतेको निर्णय अनुसार घाइते कपालीले ४ लाख ५० हजार क्षतिपूर्ति पाए।

ललितपुर कालेश्वर-६ निवासी २२ वर्षीय राजकुमार दाहाल ०६२ चैत २८ गते सुरक्षाकर्मीले आईटी पार्कअगाडि हानेको गोली लागी घाइते भएकोमा स्थानीय अस्पतालमा उपचार गरियो। पनौतीबाट आएका प्रदर्शनकारीलाई रोक्न सुरक्षाकर्मीले गोली हानेका थिए।



जनआन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा मारिएका शिवहरि कुँवर

विस्फोटमा घाइते

चलाल गणेशस्थान गाविस-१ डाँडागाउँ निवासी ११ वर्षीय हरिशरण श्रेष्ठ ०६२ माघ २७ गते दिउँसो मलखादमा माओवादीले छाडेको बेवारिसे सकेट बम विस्फोट हुँदा घाइते भए। सरस्वती निमावि पार्थलीमा कक्षा १ मा अध्ययनरत श्रेष्ठ मल लिएर बारीमा खन्याउँदा विस्फोटमा परेका थिए। घाइतेको पेटमा गम्भीर चोट पुगेकाले शिरमेमोरियल अस्पतालमा उपचार गरियो। पीडितसँग माओवादी सेक्रेटरी सूर्यमान दोङले माफी मागे।

नाग्रेगगर्चे गाविसको खाँडदेवी मावि किल्पुमा चार कक्षामा अध्ययनरत १४ वर्षीय पुलकाजी प्रधान र तिमाल बोल्देफेदिचे गाविस-२ निवासी १४ वर्षीय कार्साङ लामा ०६२ माघ २९ गते बनेपा नपा-१० स्थित रातो पुलमुनि माओवादीले छाडेको प्रेसर कुकरबम विस्फोट हुँदा गम्भीर घाइते भए। घाइतेको बनेपास्थित शिरमेमोरियल अस्पतालमा उपचार गरियो।

बेखसिम्ले गाविस-५ निवासी ३६ वर्षीय हरिबहादुर पहरीको ०६३ असार ९ गते आफ्नै बारीको बुट्यान उखेल्दा बेवारिसे बम विस्फोट भई देब्रे आँखा फुट्नुका साथै खुट्टामा चोट लाग्यो। ०६२ चैत २४ गते सिन्धुपाल्चोकको ठोकर्पा भिडन्तमा भाग्दै गरेका माओवादीले घाँसको बुट्यानमा सकेट बम फ्याँकी हिँडेका थिए। विस्फोटले उनको देब्रे आँखाको नानीमा चोट लागी ज्योति गुम्नुका साथै दाहिने पिडुँलामा चोट लाग्यो। घाइतेको काठमाडौँमा उपचार गरियो।

छत्रेबाँझ गाविस-६ दारेगौँडा निवासी ११ वर्षीया अष्मिता तिमल्सिना, ८ वर्षीया सुष्मिता तिमल्सिना र फूलबारी गाविस-३ निवासी १५ वर्षीय दीपक लामिछाने ०६३ वैशाख २० गते माओवादीले बारीमा गाडेको प्रेसरकुकर बम विस्फोट हुँदा घाइते भए। घाइतेहरूको सैनिक अस्पताल छाउनीमा उपचार गरियो।

सिपालीचिलाउने गाविस-७ निवासी १२ वर्षीय विजय उप्रेती ०६३ असोज १५ गते सिसाखानी गाविस-४ स्थित लामाबगरमा माओवादीले बेवारिसे अवस्थामा छोडेको सकेट बम विस्फोटमा परी घाइते भए। उप्रेतीलाई काठमाडौँ लगेर उपचार गरियो। उनको आँखा र गालामा बमको छर्रा लागेको थियो।

जेल र बन्दी

धुलिखेलमा रहेको जिल्ला कारागार शाखा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	५	१	६	६	३१			३१	३	५			५
घाइते					८	३१	३	६	३०	४	१०			१०
गिरफ्तारी/यातना										१५	३३			३३
कुटपिट	५	३	३	५	१०	१३			१३	१३	३६			३६
धम्की	१	१		१	५	५		३९	४४	३	६			६
भेला/संगठित हुने अधिकार										३	१		५०	५१
महिलाअधिकार	५		६	६						१		१		१
बालअधिकार	३		३	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					५	५			५					
अपहरण	१		१	१	३०	३४	६		३१					
जम्मा	३०	८	१३	३१	५४	८८	९	४६	१४३	४०	६३	१	५०	१३३

राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तवेलाको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। सम्वत १९६० मा जेलको रूप दिइएको यो कारागार 'घ' श्रेणीमा पर्दछ। बन्दी क्षमता ६१ रहेको यस कारागारमा हाल कैदी ४१ जनासहित ७७ जना बन्दी छन्।

जेलका कूल १७ ओटा कोठामध्ये १५ ओटा साना छन्। बन्दीहरूका लागि सात ओटा शौचालयको व्यवस्था छ। बाहिर र भित्र गरी चारओटा धारा छन्। कारागारमा चर्पीको मर्मत र भवन जिर्णोद्धार गर्नुपर्ने देखिन्छ। जेलमा नियमित स्वास्थ्यपरीक्षणको व्यवस्था छैन तर बिरामी भएको अवस्थामा डाक्टरद्वारा परीक्षण हुने र डाक्टरको सिफारिसमा जेलरले औषधीहरू ल्याइदिने गरेको पाइन्छ। गम्भीर अवस्थाको बिरामी हुँदा काठमाडौँको बीर अस्पताल, शिक्षण अस्पताल र धुलिखेल अस्पतालमा उपचारका निम्ति पठाइने गरिएको छ। बन्दीहरूलाई कारागार शाखाले रेडियो, पत्रपत्रिका, खेलकुद सामग्री र तीन ओटा टीभी उपलब्ध गराएको छ। बन्दीहरूका लागि वर्षमा दुई जोर कपडा, दुई वर्षमा एकपटक सिरक, डस्ना, तकिया, तन्ना, गुन्द्री उपलब्ध गराइन्छ।

बन्दीहरूले ०६३ वैशाख २५ गते प्रधानमन्त्रीलाई पत्र लेखी आफूहरूलाई सामुहिक रुपमा मुक्त गर्न आग्रह गरे। पत्रमा झूटा मुद्दा खारेज गरी सामूहिक रूपमा राजबन्दीको रिहाइ गर्नुपर्ने र नजरबन्दमा रहेकाहरूलाई गिरफ्तार गर्दा सेना र प्रहरीले जफत गरेका नगद तथा जिन्सी फिर्ता गर्नुपर्ने माग थियो। बन्दीहरूले ०६३ जेठ ७ गते प्रधानमन्त्री र माओवादीका अध्यक्ष प्रचण्डलाई पत्र लेखी नेपाल राज्यभित्रका सम्पूर्ण कारागार खाली गराई जेलका ठाँउमा विद्यालय खोल्न आग्रह गरे। ०६३ असार ५ गतेबाट दिनको दुई पटक गरी एक घण्टा नाराजुलुस गर्दै आममाफीको माग गर्दै आएका बन्दीहरूले ०६३ असार १३ गते पत्रकार सम्मेलन गरी आफ्ना भनाई राखे।

बेपत्ता/अपहरण

माओवादीबाट

ओखलढुङ्गा जिल्ला रातमाटे गाविस-३ निवासी रुद्रध्वजगण पनौती बेसक्याम्पमा कार्यरत १९ वर्षीय सैनिक जवान शिव राउतलाई ०६२ माघ २४ गते माओवादीले पनौतीबाट अपहरण गरेकोमा ०६२ फागुन ५ गते इन्सेकको पहलमा बिनाशर्त मुक्त भए। पीडितलाई फागुन ५ गते साँझ रुद्रध्वज गणका कर्णेल विनोदजङ राणालाई बुझाइयो।

कटुञ्जे गाविस-४ निवासी २० वर्षीय दावा घलान र सिपालीचिलाउने गाविस-२ निवासी १७ वर्षीया सानुमाया लोप्चनबीच ०६२ माघ १८ गते प्रेमविवाह भएकोमा माओवादीले उमेर नपुगेको केटीसँग विवाह गरेको भनी माघ २९ गते रोशीपुलको लास्कोटबेसीमा लुगा धोइरहेको



दोहोरा भिडन्तमा मारिएकका सर्वसाधारण धर्मदास श्रेष्ठ

अवस्थामा दुवैलाई अपहरण गरे। दावा घलान फागुन ५ गते भागेकाले फागुन २२ गते माओवादीले महिलालाई घरमा लगी बुझाए। दावा केही समयपछि परिवारको सम्पर्कमा आए।

भक्तपुर जिल्ला नगरकोट गाविस-९ गड्गडे निवासी ३१ वर्षीय पञ्चमाया स्याङ्तानलाई ०६२ फागुन ३ गते माओवादीले पनौती बसपार्कबाट अपहरण गरी लगेकोमा फागुन १४ गते मुक्त गरे। तामाङ परम्पराअनुसार रक्सी बोकेर भुमेडाँडास्थित आफन्तको घरमा जाँदै गर्दा माओवादीले अपहरण गरेका थिए। पीडित दाप्चाबाट भागेर परिवारको सम्पर्कमा पुगिन्।

साल्मेचाकल गाविस-८ निवासी कृष्ण खुलाललाई ०६२ चैत १ गते माओवादीले घरबाट अपहरण गरेकोमा वैशाख २० गते मुक्त भए। एमालेका खुलाललाई बाबुको जीउनी खाएको आरोपमा माओवादीले अपहरण गरेका पीडितलाई कुटपिट गरी दुई महिना श्रमशिविरमा राखियो।

पोखरीनारायणस्थान गाविस-५ ठूलोगिम्दी निवासी ४५ वर्षीय दीर्घसिंह लामालाई बलात्कार गर्न खोजेको आरोपमा ०६२ चैत १७ गते माओवादीले अपहरण गरेकोमा वैशाख १८ गते मुक्त गरे। पीडितलाई चैत २३ गते माओवादीले गाउँमा ल्याएर जुत्ताको माला लगाई मोसो दलेर गाउँ घुमाएका थिए।

नाल्दुम गाविस-५ निवासी ५४ वर्षीय अर्जुन बस्ताकोटीलाई ०६३ वैशाख २३ गते माओवादीले अपहरण गरेकोमा ०६३ वैशाख २८ गते मुक्त गरियो।

खहरेपाँगु गाविस-३ पाँगुबेसी निवासी ३६ वर्षीय कृष्णसिं तामाङलाई माओवादीले ०६३ वैशाख २७ गते काठमाडौँबाट अपहरण गरी काभ्रे ल्याएकोमा इन्सेक प्रतिनिधिको पहलमा ०६३ पुस १६ गते मुक्त भए। पीडितलाई घरबाट हिँडडुल गर्न नपाउने गरी माओवादीले नौ महिनासम्म घरमै राखेका थिए।

मङ्गलटार गाविस-८ रजबास निवासी २७ वर्षीय केशवप्रसाद रेग्मीलाई ०६३ जेठ ८ गते माओवादीले अपहरण गरी नार्केबजारमा ल्याएर कुटपिट गरे। रेग्मी ०६३ जेठ ११

गते माओवादीबाट फुत्किएर सदरमुकाम आए। माओवादी छाडी बसेका रेग्मीका अनुसार गत वर्ष रजबासमा सेनाले माओवादी मारेको घटनामा सुराकी गरेको, माओवादी कार्यकर्तालाई पार्टी त्याग्न प्रेरित गरेको र नार्केको बाटो बनाउँदा स्थानीय जनसरकारको अनुमति नलिएको जस्ता आरोप लगाइयो।

भक्तपुर जिल्ला चितापोल गाविस-४ कार्कीगाँउ निवासी २६ वर्षीया शिक्षिका नगिना कार्कीलाई ०६३ जेठ २४ गते माओवादीले लोटस बोडिङ स्कुलबाटै अपहरण गरी ०६३ जेठ २६ गते पनौतीबाट मुक्त गरे । अपहरणमा संलग्न मोरङ जिल्ला राजघाट गाविस-७ भाटेपुल निवासी ३२ वर्षीय सुन्दर श्रेष्ठ र उनकी पत्नी विमला श्रेष्ठलाई स्थानीय व्यक्तिहरूको अगाडि माफी माग्न लगाई आइन्दा यस्तो गतिविधि नगर्ने सर्तमा छाडियो।



सेनाको गोलीद्वारा मारिएका माओवादी कार्यकर्ता चतुरमान तामाङ

मङ्गलटार गाविस-५ निवासी २९ वर्षीय जगदीश बडाल र कुरुवास चापाखोरी गाविस-४ निवासी २७ वर्षीय शान्तदेव पन्तलाई नक्कली माओवादीको आरोपमा ०६३ असार १ गते माओवादीले अपहरण गरी चरम यातना दिए। यातनाबाट घाइते बडाललाई असार ५ गते माओवादीले नै बनेपाको शिरमेमोरियल अस्पतालमा छाडी हिँडे भने शान्तदेवलाई तीनमहिने श्रमशिविरपछि असोज १ गते मुक्त गरे।

उग्रतारा जनागाल गाविस-१ निवासी १९ वर्षीया सुमी खड्कालाई विकास खड्कासँग बहुविवाह गरेको आरोपमा ०६३ असार ७ गते माओवादीले अपहरण गरी साउन २ गते मुक्त गरे। माओवादीले सुमीलाई अपहरण गरी उनकी सौता जानुकाको माइतीघर रविओपीमा राखे। माओवादीले जानुकालाई आधा अंश दिलाएर छुट्टै राख्ने निर्णय सुनाए।

खनालथोक गाविस-५ निवासी ४६ वर्षीय जनक मावि भकुन्डेबेसीका शिक्षक टीका खनाललाई ०६३ साउन १० गते साँझ माओवादीले अपहरण गरेकोमा इन्सेक प्रतिनिधिको पहलमा भोलिपल्ट दिउँसो मुक्त भए। खनालको घरमा काम गरी बस्ने सिन्धुलीका ४७ वर्षीय रामबहादुर रायमाझीलाई चोरीको आरोपमा थुनाएको भनी माओवादीले अपहरण गरेका थिए। मानवअधिकारकर्मी र पत्रकारको टोली भोलिपल्ट पीडितको घरमा पुगेपछि माओवादीले शिक्षक खनाललाई घरमै ल्याए भने रायमाझीलाई प्रहरीले रिहा गरे।



दोहोरो भिडन्तमा गोली लागी घाइते भएका सर्वसाधारण विकास कार्की

च्यासीङ्खर्क गाविस-८ निवासी नेपाली सेनाका सिपाही सुवर्ण लामालाई घर जाँदै गर्दा सुराकीको आरोपमा ०६३ भदौ १४ गते माओवादीले ढुङ्खर्क गाविस-९ को पार्थलीबाट अपहरण गरेकोमा भोलिपल्ट स्थानीय व्यक्तिहरूको रोहबरमा मुक्त गरे।

मादनकुँडारी गाविस-३ निवासी २५ वर्षीय चन्द्र लामा र २३ वर्षीय रूपलाल लामालाई चोरीको आरोपमा ०६३ भदौ २७ गते माओवादीले घरबाट अपहरण गरेकोमा एक हप्तापछि मुक्त भए।

पाँचखाल गाविस-६ तामाघाट निवासी ३५ वर्षीय नारायण दनुवारलाई नक्कली माओवादीको आरोपमा ०६३ असोज ८ गते विहान माओवादीले अपहरण गरी गोडा बाँधेर पैताला, तिघ्रा र पिठ्युँमा लौराले कुटपिट गरे। पीडितलाई माओवादीले तीनपिप्ले बजारमा ल्याई कुटपिट गरेका थिए। चार दिनपछि 'निर्दोष देखिएको' भन्दै अन्तिममा माफी माग्दै माओवादीले पत्नीको जिम्मामा मुक्त गरे।

डराउनेपोखरी गाविस-८ निवासी ६८ वर्षीय बद्रीप्रसाद हुमागाँई, उनको पत्नी सावित्रा हुमागाईं र शिक्षिका कल्पना दाहाललाई रकम हिनामिना गरेको आरोपमा ०६३ कात्तिक २९ गते विहान माओवादीले घरबाटै अपहरण गरेकोमा महिलाहरूलाई भोलिपल्ट र बद्रीलाई मङ्सिर १ गते दिउँसो अधिकारकर्मीहरूको रोहबरमा मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की र कुटपिट

राज्यबाट

बनेपा नपा-४ निवासी २८ वर्षीय प्रकाश दाहाललाई ०६२ चैत २५ गते दिउँसो बनेपा पुलबजारमा इलाका प्रहरी कार्यालय बनेपाका इन्स्पेक्टर रामप्रसाद घर्तीमगरसहितको टोलीले मजदुरहरूलाई कुट्दै गरेको तस्विर लिएको भनी धम्की दिए। प्रहरीले आन्दोलनमा देखेको खण्डमा गोली हानी मारिदिन्छु भन्ने धम्की दिएकाले राति असुरक्षित महसुस गरी घर छाडेर अन्यत्र बसेको पीडितको भनाइ छ।

बिर्तादिउरालीका १७ वर्षीय मानबहादुर तामाङ ०६२ चैत २७ गते प्रहरीले धुलिखेल सरस्वतीबजारमा गरेको लाठीचार्जबाट घाइते भएकोमा धुलिखेल अस्पतालमा उपचार गरियो।



बम विस्फोटमा परी घाइते भएका हरिशरण श्रेष्ठ, कर्साङ लामा, पुलकाजी प्रधान र हरिबहादुर पहरी

सिन्धुली जिल्ला खनियापानी गाविस निवासी ३५ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई बनेपा नपा-६ स्थित डेरामा ०६२ चैत २७ गते दिउँसो प्रहरीहरू पसेर कुटपिट गरे। स्थानीय राधाकृष्ण मानन्धरको घरमा डेरा गरी बस्ने श्रेष्ठपरिवार फुटपाथमा मकै-भटमास बेची जीविकोपार्जन गर्छन्। प्रहरी आएको देखेर घरबेटीको कोठामा लुक्न गएका उनलाई प्रहरीले त्यहीँ गएर कुटेका थिए।

पनौती नपा-५ निवासी २५ वर्षीय अनन्त रञ्जित र घर्तीछाप गाविस-८ निवासी २२ वर्षिय रमेश मगरलाई ०६२ चैत २७ गते बनेपा नपा-६ को चैतन्य क्याम्पसपरिसरमा प्रहरीले लाठी प्रहार गर्दा हात भाँचियो। जनआन्दोलन उपचार सहयोग समितिको सहयोगमा उनीहरूको उपचार भयो।

श्यामपाटी गाविस-३ निवासी ३० वर्षीय रामशरण भण्डारी र शारदाबतासे गाविस-७ निवासी ३२ वर्षीय हरिशरण धिमाल ०६२ चैत २७ गते धुलिखेलको सरस्वतीबजारमा भएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट सामान्य घाइते भए।

धुलिखेल नपा-६ निवासी कानुन व्यवसायी विष्णुप्रसाद सापकोटा ०६२ चैत २७ गते धुलिखेलको प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट सामान्य घाइते भए।

सर्लाही जिल्ला घर भई बनेपामा मजदुरी गर्ने १७ वर्षका सुनील मुस्लिम, १८ वर्षका अनवर मुस्लिम, १३ वर्षका चमरूद्दीन मुस्लिम, १५ वर्षका सदाम मनसुर र २१ वर्षका इसराइल मनसुरलाई ०६२ चैत २९ गते प्रहरीले कुटपिट गरे।

दोलखा जिल्ला नाम्दु गाविस-७ निवासी २३ वर्षीय प्रेमराज श्रेष्ठ, २९ वर्षीय युवराज घिमिरे, फूलबारी गाविस-६ निवासी १९ वर्षीय शिवहरि कुइँकेल, महेश्वर पराजुली र कटुञ्जे गाविस-२ निवासी १८ वर्षीय श्रीकृष्ण प्याकुरेललाई ०६२ चैत २९ गते प्रहरीले बिहान बनेपा, गोदामचोकस्थित चित्रबहादुर बस्नेत र ज्ञानकाजी श्रेष्ठको घरभित्रै पसेर कुटपिट गरे।

माओवादीबाट

बनेपाको प्रर्दशनमा विद्यार्थी नेताहरूलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय लगेपछि ०६२ माघ ७ गते तस्बिर खिच्न गएका कान्तिपुर दैनिकका संवाददाता खुमानसिं तामाङ र अन्नपूर्ण पोष्ट दैनिकका संवाददाता राजकुमार पराजुलीलाई प्रहरीले दुर्व्यवहार गर्नुका साथै छातीमा बन्दुक तेर्साएर ज्यानमार्ने धम्की दिए। सञ्चारकर्मीहरूले विरोध गरेपछि इन्सपेक्टर रामप्रसाद घर्तीमगरले माफी मागे पनि कारवाही भएन।

माओवादी धम्कीका कारण काभ्रेका ३९ गाविस सचिवले स्थानीय विकास मन्त्रालयमा ०६२ माघ १४ गते संयुक्त राजीनामा दिए। माओवादीले ०६२ माघ ४ गते प्रेसविज्ञप्तिमार्फत् जिविस र गाविसका सम्पूर्ण पदाधिकारीलाई राजीनामा गर्न १० दिनको अल्टिमेटम दिए। संयुक्त रूपमा दिएको राजीनामापत्रमा ३९ गाविसका सचिवले हस्ताक्षर गरे। राजीनामा दिएपनि उनीहरूले काम गरिरहे।

मध्यमार्ग साप्ताहिकका सम्पादक प्रदीप केसीलाई जिविस सभापति यदुमन शाहले ०६२ चैत १८ गते ज्यान मार्ने धम्की दिए।

पनौती नपा निवासी मनोज ताम्राकारलाई रक्सी खाएको आरोपमा ०६३ जेठ २१ गते माओवादीले दिनभर बाँधेर कुटपिट गरी ७ हजार ५ सय रुपैयाँ असुले।

बनेपा नपा-५ निवासी जनआन्दोलनमा घाइते २२ वर्षीय विक्रम कपालीलाई ०६३ साउन १५ गते बेलुकी माओवादीले कुटपिट गरे। कुटपिटको समाचार प्रकाशमा आएपछि साउन १७ गते दिउँसो पिछा गर्दै कपालीलाई माओवादीले 'कुटेको होइन' भन्न दबाब दिए। कपालीसँगै माओवादीले बनेपाका रुसब केसी, अनीश प्रजापति र कृष्णमान मानन्धरलाई पनि कुटपिट गरे।

काभ्रेबाट प्रकाशित चेष्टा साप्ताहिकका कार्यकारी सम्पादक रामशरण बजगाईंलाई ०६३ साउन १७ गते राति १० बजे माओवादीका भोला अर्यालले पत्रिकामा प्रकाशित समाचार जनअदालतमा पुष्टि गर्न फोन गरेर धम्की दिँदै बयानका लागि बोलाए।

शङ्खुपाटीचौर गाविस-४ दाहालटारस्थित जनजागृति प्राविबाट गोली हान्ने धम्की दिँदै माओवादीका सन्च तामाङ शिक्षक राजेन्द्र श्रेष्ठसँग ०६३ साउन १९ गते तीस हजार रुपैयाँ चन्दा लिए। टेलिफोनमार्फत् गाउँदेखि पन्ध्र किलोमिटर टाढा कामीडाँडामा पैसा पुऱ्याउन नआए गोली

हान्ने धम्की दिएकाले स्थानीय शिवप्रसाद आचार्य रुँदै इन्सेक प्रतिनिधिको कार्यालयमा आए। पत्रकार र मानवअधिकारकर्मीलाई घटनाको जानकारी गराएको भन्दै माओवादीले स्थानीय केशवप्रसाद आचार्यलाई धम्क्याएपछि उनी भागेर एक महिनासम्म काठमाडौँमा विस्थापित भए।

इन्सेक काभ्रेका प्रतिनिधि भोजराज तिमल्सिनालाई रिपोटिङका क्रममा ०६३ असोज २९ गते बेलुकी माओवादीका जिल्ला जनसरकार उपप्रमुख सुरेश भनिने सानुलीला श्रेष्ठले दुर्व्यवहार गरे। दुर्व्यवहारको विरोध गर्दै अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) का अध्यक्ष सुबोधराज प्याकुरेलद्वारा ०६३ कात्तिक १ गते जारी विज्ञप्तिमा शान्ति प्रक्रिया बिथोल्ने यस्ता क्रियाकलापको भर्त्सना गर्दै घटनामा संलग्न कार्यकर्तालाई तत्काल कारवाही गरी त्यसको सार्वजनिक जानकारी गराउन माओवादी नेतृत्वलाई आग्रह गरियो। माओवादीका नेता अग्नि सापकोटाले घटनाले आफूहरू दु:खित भएको बताए।

गैरकानूनी गिरफ्तारी

नारायणस्थान गाविस-४ निवासी २३ वर्षीय पञ्चक लामालाई नागरिकता हराएकाले प्रतिलिपि लिन आउँदा माओवादीको आरोपमा ०६२ माघ ४ गते सुरक्षाकर्मीले बिनापूर्जी गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन २ गते रिहा गरियो।

दोलखा जिल्ला सुस्पाक्षमावती गाविस-७ निवासी २६ वर्षीय रवि थामीलाई माओवादीको आरोपमा ०६२ माघ ५ गते सुरक्षाकर्मीले धुलिखेल बसपार्कबाट बिना पूर्जी गिरफ्तार गरेकोमा ०६३ जेठ १ गते धुलिखेल कारागारबाट रिहा भए।

सिन्धुपाल्चोक जिल्ला कर्थली गाविस-१ दुरुमथली निवासी २० वर्षीय अमृत भनिने विष्णु तामाङ ०६२ फागुन २२ गते सुरक्षाकर्मीद्वारा धुलिखेलको आस्था गेस्टहाउसबाट बिना पूर्जी गिरफ्तारीमा परेकोमा इन्सेक प्रतिनिधिको पहलमा ०६३ जेठ ३ गते रिहा भए।

सिपालीचिलाउने गाविस-१ निवासी १७ वर्षीय अभय भनिने जीतबहादुर तामाङलाई ०६२ फागुन २७ गते सेनाले पाँचखाल केराघारीबाट बिनापूर्जी गिरफ्तार गरेकोमा इन्सेक प्रतिनिधिको रोहबरमा ०६३ जेठ ७ गते रिहा भए। जीतबहादुरलाई सेनाले विभिन्न ब्यारेकमा राख्दै ०६२ चैत १७ गतेबाट धुलिखेल जेलमा नजरबन्दमा राखिएको थियो।

ढुङ्खर्क गाविस-४ निवासी अकिला भनिने १७ वर्षीय परमेश्वर थापामगरलाई ०६२ चैत १२ गते सुरक्षाकर्मीले पनौती बसपार्कबाट बिना पूर्जी गिरफ्तार गरे। धुलिखेल कारागारमा नजरबन्दमा राखिएका मगरलाई वैशाख १७ गते रिहा गरियो।

बुढाखानी गाविस-७ निवासी १७ वर्षीय सुशील मगरलाई ०६२ चैत १२ गते सुरक्षाकर्मीले बिनापूर्जी गिरफ्तार गरेकोमा चैत २३ गते धुलिखेल कारागारबाट मुक्त भए।

गोठपानी गाविस-८ निवासी २० वर्षीय दीपक गौतम, बल्थली गाविस-६ निवासी २२ वर्षीय विपिन लामा, वालुवा-७ निवासी २२ वर्षीय गणेश लुइँटेल, उग्रचण्डी गाविस-९ निवासी १८ वर्षीय सञ्जीव दहाल, मेथिनकोट गाविस-५ निवासी १८ वर्षीय रवीन्द्र भुर्तेललाई ०६२ चैत २४ गते सुरक्षाकर्मीले बनेपा नपा-५ स्थित डेराबाट गिरफ्तार गरे। गिरफ्तार गरिएका विद्यार्थीलाई तीन महिने पुर्जी दिएर धुलिखेल कारागार चलान गरिएकोमा गौतम र लामा ०६३ वैशाख ७ गते, दाहाल र भुर्तेल ०६२ चैत ३१ गते र लुइँटेल ०६३ वैशाख ३ गते रिहा भए।

काभ्रे गाविस-१ निवासी २३ वर्षीय विनोद बस्नेतलाई जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते प्रहरीले परिवार नियोजन हल नजिकैबाट गिरफ्तार गरेकोमा ०६३ वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयबाट धरौटीमा रिहा भए। अनेरास्ववियू काभ्रेका कोषाध्यक्ष बस्नेतलाई गिरफ्तारपछि बनेपाका इन्सपेक्टरले मुखबाट रगत आउने गरी कुटेको बताए।

कात्तिकेदेउराली गाविस-९ निवासी १८ वर्षीय नवीन चौँलागाईंलाई माओवादीको आरोपमा ०६२ चैत २६ गते सेनाले बनेपा नपा-१० चारदोबाटोबाट गिरफ्तार गरी धुलिखेल कारागारमा राख्यो। पीडित माओवादी नभएको भन्दै अधिकारीहरूले विरोध गरेपछि ०६३ वैशाख ८ गते रिहा भए। उनलाई सेनाले कुटपिट गरेको थियो।






सुरक्षाकर्मीको लाठी प्रहारबाट घाइते भएका विक्रम कपाली, कान्छो भण्डारी, मानबहादुर तामाङ, मुकेश कायस्थ

बनेपा नपा-६ निवासी ४५ वर्षीय राधाकृष्ण मानन्धर र २५ वर्षीय सिद्धार्थ मानन्धरलाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा भए।

काठमाडौँ जिल्ला भीमढुङ्गा गाविस-६ नाम्दु निवासी २८ वर्षीय देवराज लुइँटेललाई ०६२ वैशाख २९ गते सेनाले मङ्गलटार गाविस-८ रजबासबाट बिना पूर्जी गिरफ्तार गरेकोमा सर्वोच्च अदालतको आदेशमा ०६३ जेठ १२ गते धुलिखेल कारागारबाट रिहा भए। सर्वोच्च अदालतले जेठ ११ गते 'नजरबन्दमा रहेको व्यक्तिलाई छोडेको भनी अदालतलाई झूटो विवरण दिएर हातहतियार खरखजना मुद्दा लगाएर बदनियतपूर्ण काम गरेकाले बन्दीलाई जिल्ला अदालतको रोहबरमा रिहा गर्न' आदेश दिएको थियो।

दोलखा जिल्ला झ्याकु गाविस-५ फलाटे निवासी २२ वर्षीय शङ्कर भनिने मीनबहादुर तामाङलाई ०६२ फागुन २७ गते सेनाले बिना पूर्जी गिरफ्तार गरेकोमा ०६३ जेठ ७ गते इन्सेक प्रतिनिधिको रोहबरमा रिहा भए। पाँचखाल केराघारीबाट गिरफ्तार गरी सेनाले पीडितलाई विभिन्न ब्यारेकमा राख्दै ०६२ चैत १७ गतेदेखि धुलिखेल कारागारमा नजरबन्दमा राखेको थियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

काङ्ग्रेसका शिव हुमागाईं, दीपक पौडेल, भोला नेपाल, केशव तिमल्सिना, रमेश घिमिरे, एमालेका दीपक गौतम, नविन चौलागाईं, हीरामान लामा, यादव कोइराला, काङ्ग्रेस (प्रजातान्त्रिक) का राममणि तिमल्सिनालाई ०६२ माघ १३ गते प्रहरीले विरोध प्रदर्शन र निषेधित क्षेत्र अवज्ञा कार्यक्रमबाट बिना पूर्जी गिरफ्तार गरे। प्रहरीले धरपकड गर्दा काङ्ग्रेसका रमेश घिमिरे घाइते भएर प्रहरीले धुलिखेल अस्पतालमा उपचार गरायो। सोही दिन एमालेका रामहरि सुवेदी, काङ्ग्रेसका केदारबहादुर भण्डारी, विष्णुप्रसाद बन्जारा र श्रीप्रसाद बन्जारालाई बिना पूर्जी गिरफ्तार गरी हिरासतमा लियो। पनौतीमै दिउँसो भएको प्रदर्शनमा काङ्ग्रेस (प्रजातान्त्रिक) का निवर्तमान जिल्लासभापति इन्द्रमणि अधिकारी, एमालेका भीम न्यौपाने र तुयुकाजी ताम्राकार, काङ्ग्रेसकी चन्द्रलक्ष्मी ताम्राकार र विश्वेश्वर बन्जारालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गऱ्यो।

मेथिनकोट गाविस-२ निवासी दुर्गा चिमौरिया, खनालथोक गाविस-७ निवासी विमल खनाल, कृषिविकास बैङ्कका कर्मचारी फूलबारी गाविस-६ निवासी ४२ वर्षीय देवीप्रसाद शर्मा, खनालथोक गाविस-५ का आत्मराम खनाललाई सेनाले ०६३ वैशाख ३ गते कठालोमा समातेर दुर्व्यवहार गरे।

मेथिनकोट गाविस-८ निवासी एमालेका ४७ वर्षीय उद्धव काफ्लेलाई ०६३ वैशाख ४ गते ९ नम्बर बाहिनी भकुन्डेका मेजर कृष्णध्वज थापाले दिउँसो बजार आएका बेला समातेर दुर्व्यवहार गरे।

कुशादेवी गाविस-४ निवासी एमालेका २० वर्षीय दीपक सापकोटा ०६२ चैत २८ गते बनेपा र पनौतीबीचको आईटीपार्कअगाडि सुरक्षाकर्मीले गरेको लाठीचार्जबाट घाइते भएकाले शिरमेमोरियल अस्पतालमा उपचार गरियो।

कुशादेवी गाविस-७ निवासी २३ वर्षीय सुमन हुमागाईं, कुशादेवी गाविस-८ निवासी ४० वर्षीय रामकृष्ण हुमागाईं र पनौती नपा-१ निवासी २१ वर्षीय गगन प्रधान ०६२ चैत २८ गते प्रहरीले आइटीपार्क नजिक गरेको लाठीचार्जबाट घाइते भए। पीडितको स्थानीय मेडिकलमा उपचार गरियो।

भूमेडाँडा गाविस-१ निवासी ४६ वर्षीय कुमार लामिछाने ०६२ चैत २८ गते बनेपा आउने क्रममा आईटीपार्कअगाडि प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए। लामिछानेको देब्रे हातका औँलाहरू फुटेकाले पनौतीको मेडिकलमा उपचार गरियो।

पनौती नपा-१० निवासी कान्छो भण्डारीको ०६२ चैत २८ गते बनेपा र पनौतीबीचको आईटीपार्कअगाडि प्रहरीको कुटपिटबाट टाउको फुट्यो। यही घटनामा कुशादेवीका भीम न्यौपाने, इन्दिरा भुजू, सन्देश भुजू, उद्धव अधिकारी, सियम अधिकारी, विवेक अधिकारी, ध्रुव हुमागाईं, गोकुल सापकोटा, साधुराम हुमागाईं, राजन अधिकारी, पशुपति घिमिरे, बाबुराम गौतम, पनौतीका सप्तकाजी बुद्धाचार्य, विश्वेश्वर बन्जारा, रञ्जित श्रेष्ठ, बद्रीप्रसाद भट्टराई, पुष्कर सुवेदी, रत्नमुनि शाक्य, गोपालबहादुर केसी, गोपाल तिमल्सिना, सालधाराका भुपाल रानामगर, चलाल गणेशस्थान-९ निवासी सन्देश प्रधान, बल्थलीका मुकुन्द अर्याल, खोपासीका उत्तम महत र शारदाबतासेका विदुर हुमागाईंले प्रहरीको कुटाइमा परे।

बनेपा नपा-११ बुडोल निवासी राजु केसी ०६२ चैत २९ गते प्रहरीको लाठीप्रहारबाट घाइते भएकाले शिरमेमोरियल अस्पताल बनेपामा उपचार गरियो। सोही घटनामा प्रहरीले घरभित्रै पसेर कुटपिट गर्दा बनेपा नपा-२ निवासी सरोज धौभडेल सामान्य घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा यस वर्ष दर्ता भएका १ सय ३५ ओटा र गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी १ सय ५१ ओटा देवानी मुद्दा फस्यौट भए। फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका ७८ ओटा समेत गरी ८४ ओटा फर्स्यौट भए। सरकारवादी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएको ३७ ओटा मध्ये ४६ ओटा फर्स्यौट भए। यसरी गत

वर्षको जिम्मेवारी सरेर आएका र यो वर्ष दर्ता भएका २ सय ५० ओटा मुद्दामा कूल २ सय ८१ ओटा मुद्दा फस्यौट भए । यो वर्षको अन्त्यसम्म ५ सय ९५ ओटा मुद्दा फस्यौट हुन बाँकी रहे। तीमध्ये पाँच वर्ष नाघेका देवानी १२ ओटा र दुई वर्षभन्दा बढी समयका २ सय १० ओटा छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सर्स्यूंखर्क गाविस-४ निवासी अनेरास्वबियुका हीरामान लामाको ०६२ माघ १३ गते बनेपामा भएको सात दलको प्रदर्शनमा प्रहरीको कुटपिटबाट मेरुदण्ड भाँचियो। लामालाई उपचारका लागि ३९ दिन बनेपाको शिरमेमोरियल अस्पतालमा राखे पनि केही सुधार नभएपछि सिभिक्टको सहयोगमा काठमाडौँ जोरपाटीस्थित अपाङ्ग अस्पतालमा उपचार गरियो। ढाडको कारण उनको दायाँ खुट्टा चल्दैन। लामालाई नेपाल अर्थोपेडिक अस्पतालमा दुई महिना उपचार गरेपछि आरामका लागि घरमा लगियो। प्रदर्शनका बेला लामालाई प्रहरीले बनेपास्थित काभ्रे क्याम्पसपरिसरबाट गिरफ्तार गरी पिट्दै इलाका प्रहरी कार्यालय बनेपा लगेका थिए। यस विषयमा यातना तथा क्षतिपूर्ति ऐन-०५३ अन्तर्गत उपचारखर्चसहित क्षतिपूर्तिको माग गर्दै जनअधिकार संरक्षण मञ्च नेपालले जिल्ला अदालत धुलिखेलमा मुद्दा दायर गऱ्यो।

पनौती नपा-६ निवासी नेकाँ (प्रजातान्त्रिक) का ४६ वर्षीय सुवर्णमान गोच्छे ०६२ माघ १३ गते नेपाल बन्दको दिन पनौती नपाको कार्यालयअगाडि प्रहरीले लखेट्दा छतबाट खसेर घाइते भए। पीडितको काठमाडौँ शिक्षण अस्पतालमा उपचार भयो।

चलाल गणेशस्थान गाविस-७ तिप्चोक निवासी ३२ वर्षीय मकरध्वज तामाङलाई माओवादीको आरोपमा ०६२ फागुन १२ गते दिउँसो सेनाले कुटपिट गरे। कुटपिटबाट गम्भीर घाइते मकरध्वजको बनेपास्थित शिरमेमोरियल अस्पतालमा पाँच दिनसम्म उपचार गरियो।

बालअधिकार

महादेवटार गाविस-१ निवासी माओवादीको सैन्यमा कार्यरत १२ वर्षीय सुजन श्रेष्ठ कायस्थ ०६२ फागुन २१ गते मङ्गलटारबाट माओवादीबाट मुक्त भए। उनी पाँच कक्षा पढ्दा पढ्दै छ महिनाअघि माओवादीको जनसेनामा लागेका थिए । माओवादीबाट मुक्त गरेर पीडितलाई इन्सेकमार्फत सिविनको बाल विकास केन्द्रमा राखियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

साँगा नासिकास्थान गाविसस्थित महेन्द्र माविको कक्षा ७ मा अध्ययनरत १५ वर्षीया छात्रा भावना भुजेलालाई बोक्सी लागेको भनी ०६३ भदौ २० गते लक्ष्मी सुवेदीले भक्तपुरको चितापोलस्थित आफ्नै घरमा चार घन्टासम्म सिस्नुपानी लगाएर त्रिशूलले हिर्काई यातना दिइन्। काम्ने रोगबाट पीडित भावनालाई परिवारले गाउँमै रहेकी गङ्गा माताकोमा पुऱ्याएपछि उनले बालिकालाई यातना दिएकी हुन्। पीडक मातालाई कुनै कारवाही भएन।

ढुङ्खर्क गाविस-६ निवासी ५४ वर्षीय रेवप्रसाद बास्तोलाले घरमा दुई पत्नी हुँदाहुँदै ०६३ असार १९ गते सोही ठाँउ बस्ने शिवप्रसाद तिमल्सिनाकी पत्नी २५ वर्षीया विन्दा तिमल्सिनालाई भगाएर बूढानीलकण्ठको नारायणस्थानमा लगी विवाह गरे। बास्तोलाका ४४ वर्षीया राधाकुमारी र ४२ वर्षीया कर्णकुमारी नाम गरेका पत्नी छन्। बास्तोलालाई युवाहरूले लुकेर बसेको ठाउँबाटै समाएर गाउँमा लगी मोसो दले। बास्तोलाले आफ्नो सम्पत्ति कानुनअनुसार सरोकारवालालाई दिने र आइन्दा गाउँमा नआउने घोषणा गरे।

जनागाल गाविस-९ निवासी २५ वर्षीय प्रदीप केसीले ०६३ कात्तिक ३० गते १८ वर्षीया सुशीला कुँवरसँग दोस्रो विवाह गरेको भनी जेठी पत्नी २४ वर्षीया चण्डिका थापाले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरी हिरासतमा २३ दिन राखेपछि उनीहरू धरौटीमा रिहा भए।

काभ्रे गाविस-९ निवासी ४० वर्षीया एक दलित महिलालाई ०६३ पुस ८ गते दिउँसो घरमा कोही नभएको अवस्थामा धुलिखेलस्थित देवीस्थान टावरमा सुरक्षार्थ खटिएका नेपाली सेनाका रुद्रध्वज गणमा कार्यरत दैलेख निवासी भक्तबहादुर शाहीले बलात्कार गरे। सुस्तमनस्थितिकी ती महिलालाई सादा पोसाकमा आएका सेनाले नजिकैको चिहानडाँडामा घिस्याएर लगी बलात्कार गरेका थिए। पीडितले पीडकलाई कारवाहीको माग गर्दै पुस १२ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरिन्। पीडकलाई हिरासतमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खरेलथोक गाविस-३ शिखरकटेरी घर भई देवभूमि बालुवा गाविस-९ सिम्ले निवासी ७८ वर्षीय ज्ञानीमान लामाको देवभूमि बालुवा गाविस-६ कर्केटारस्थित साबिक मोहनशमशेर जबराको नाममा मालपोत कार्यालय काभ्रेमा दर्ता भएको १ सय ५० रोपनी जग्गा ०६३ भदौ १७ गतेदेखि माओवादीले कब्जामा लिए। लामो समयदेखि कमाउँदै आएको उक्त जग्गाको जोताहा अस्थायी प्रमाणपत्रसमेत भएको अवस्थामा जग्गा मोही हकको स्थायी प्रमाणपत्रका लागि उनले जिल्ला भूमिसुधार कार्यालयमा निवेदन दिएका थिए।

देवभूमि बालुवा गाविस-९ जरेटार निवासी ४८ वर्षीय भीमबहादुर दनुवारले २१ वर्ष अघिदेखि कमाइ आएको

सोही गाविस-६ कर्केटारस्थित श्रीधरशमशेर राणा र मोहनशमशेर राणाको नाममा रहेको आँप बगैँचा माओवादीले ०६३ भदौ १७ गतेदेखि कब्जामा लिए।

संरचना क्षति

बनेपा नगरपालिका-२ मा रहेको वडा नम्बर १ र २ को संयुक्त वडा कार्यालय भवनमा ०६२ माघ ११ गते बेलुकी सवा ६ बजे माओवादीले बम विस्फोट गराउँदा कार्यालय तथा झ्यालका सिसाहरू फुट्यो।

विगतको अनुगमन

हत्या

राज्यबाट

पोखरीचौरी गाविस-४ रैकरटोल निवासी कर्णबहादुर रसाइलीले आफ्नी छोरी रीना रसाइलीलाई बलात्कार गरी हत्या गर्ने नौ नम्बर बाहिनी भकुन्डेका उपसेनानीसहितलाई कारवाहीको माग गरी ०६३ जेठ ११ गते जिल्ला प्रहरी कार्यालय काभ्रेमा मुद्दा दर्ता गरे। यस मुद्दामा सेनाले शेरगणका भगुवा अमल्दार काजी कार्कीले नमार्न भन्दाभन्दै पनि मारेको भनी प्रहरीलाई उत्तर दियो। जागृति माविमा कक्षा ७ मा पढ्ने वर्ष १७ कि रीना रसाइलीलाई सेनाले ०६० फागुन १ गते बिहान घरपछाडि लगेर गोली हानी हत्या गरेका थिए।

पोखरीचौरी गाविस-३ निवासी १७ वर्षीया सुभद्रा चौलागाईंलाई ०६० फागुन १ गते बिहान सेनाले सुतेको अवस्थामा उठाएर बलात्कार गरी हत्या गरेकाले दोषी सैनिकहरूलाई कर्तव्य ज्यानसम्बन्धी सजायको माग गरी मृतकका बाबु केदारनाथ चौलागाईंले ०६३ जेठ २५ जिल्ला प्रहरी कार्यालय काभ्रेमा मुद्दा दर्ता गरे। यस मुद्दामा सेनाले प्रहरीलाई देवान थापामगरको कमान्डमा गएको टोलीले हत्या गरेको उत्तर दियो। कात्तिकेदेउराली गाविस-७ को प्रभा उच्चमावि को कक्षा ९ मा अध्ययनरत सुभद्रालाई उठाएर आँगनमा ल्याई बलात्कार र यातनापछि गोली हानिएको थियो। स्थानीय प्रशासनले उनी माओवादी भन्दै वास्ता नगरेपछि गाउँलेको सहयोगमा सद्गद् गरिएको थियो।

फूलबारी गाविस-८ लकाइने निवासी ३५ वर्षीय हरि बोलखेलाई ०६० फागुन ४ गते हिरासतमा रहेको अवस्थामा सेनाले सर्चटोलीमा लगेर चलाल गणेशस्थान गाविस-१ मूलखोला मसानघाटनजिकैको पाखोमा गाडेकोमा ०६३ असार २१ गते राष्ट्रिय मानवअधिकार आयोगले लास उत्खनन गऱ्यो। आफ्नो छोरालाई हिरासतमा रहेको अवस्थामा सर्चटोलीमा लगेर मारेको भनी मृतकका बाबु पुष्पप्रसादले ०६३ कात्तिक १ गते सर्चटोलीका प्रमुख सेनानी बाबुराम थापा, तत्कालीन शत्रुमर्दन गुल्मका प्रमुख मेजर कृष्णध्वज थापा, सीआईडी प्रहरी खड्ग लामा र सर्चटोलीमा खटिएका सुरक्षाअधिकारी तथा जवानमाथि कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय काभ्रेमा मुद्दा दर्ता गरे। गृहमन्त्रालयले ०६१ असोज २५ गते सार्वजनिक गरेको एक सय २६ जनाको नाममा बोलखे वैशाख ८ गते छुटेकोमा मासिक तारेखमा नआएकाले ०६० पुस २४ गते समाती 'थुनामा रहेको' उल्लेख थियो।

माओवादीबाट

बनेपा नपा-६ निवासी माओवादीका ४१ वर्षीय राजभाइ रञ्जितलाई श्रमशिविरमा रहेको अवस्थामा ०६२ मङ्सिर १५ गते माओवादीले मकवानपुर जिल्लाको हात्तीसुँढेस्थित सेभी जङ्गलमा लगी यातना दिएर हत्या गरे। रञ्जितलाई सिन्धुपाल्चोकका शिव श्रेष्ठ भनिने माओवादी कमान्डरको नेतृत्वमा छ जनाले यातना दिएर हत्या गरेका थिए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक महिला सहित १६ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा डाँडागाउँ गाविस-२ निवासी २४ वर्षीय विशाल भनिने केनामसिं तामाङ, मङ्गलटार गाविस-७ निवासी २३ वर्षीय गौरव भनिने दावा लामा, खहरेपाँगु गाविस-३ निवासी ३४ वर्षीय रूपक भनिने तारामान तामाङ, पाँचखाल गाविस-९ तीनपिप्ले निवासी ३५ वर्षीय बिके भनिने बाबुकाजी श्रेष्ठ, मेच्छे गाविस-८ निवासी २६ वर्षीय लालकुमार भनिने कान्छामान तामाङ, पोखरीचौरी गाविस-९ निवासी २३ वर्षीय चन्द्रकुमार ढकाल, धुलिखेल नपा-३ निवासी २७ वर्षीय सगुन श्रेष्ठ, बितंदिउरालीका ३० वर्षीय उमेश सेढाई, मादनकुडारी निवासी ३३ वर्षीय बुद्धिबहादुर तामाङ र उग्रतारा जनागाल गाविस-६ निवासी २५ वर्षीय प्रकाश घिमिरे होक्से गाविस-५ निवासी २७ वर्षीय पाल्साङ तामाङ पोखरीचौरी गाविस-५ निवासी २४ वर्षीय नवीन गौतम, पोखरीचौरी गाविस-७ निवासी ३२ वर्षीया कमला शर्मा, श्यामपाटी गाविस-९ निवासी च्याङ्वा भनिने बखतबहादुर ब्लोन तामाङ, मेथिनकोट गाविस-२ निवासी २२ वर्षीय कृष्णनाथ चिमोरिया र उग्रचण्डी नाला गाविस-९ निवासी ३२ वर्षीय कुमार दाहाल रहेका छन्।

२.१४ भक्तपुर



जनसंख्या : २,५०,२२७
साक्षरता प्रतिशत : ७०.००
महिला साक्षरता प्रतिशत : ५५.००
क्षेत्रफल (वर्ग कि.मी.) : ११९
गाविस/नपा संख्या : १६/२
निर्वाचन क्षेत्र : २
विद्यालय : ३००
क्याम्पस/उच्च मावि : ९/६
अस्पताल/स्वास्थ्य चौकी : ५/२६
टेलिफोन लाइन : ८९००
मोटर सडक (कि.मी.) : १३४
प्रहरी कार्यालय संख्या : १६
हुलाक संख्या : २२
मानव विकास सूचकांक : ०.५९५
प्रति परिवार सरदर संख्या : ६.०७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

गुण्डु गाविस-२ निवासी सई ४६ वर्षीय हरिप्रसाद शर्मा वाग्लेको ०६२ माघ १ गते माओवादीले दधिकोट गाविस-५ मा रहेको इलाका प्रहरी कार्यालयमा आक्रमण गर्दा मृत्यु भयो। यस घटनामा सोही इलाका प्रहरी कार्यालयका प्रहरी र स्थानीयबासी एक महिलासमेत आठजना घाइते भए। घाइते हुनेहरूमा प्रहरी जवान नितिनकुमार श्रेष्ठ, रामकाजी पौडेल, नारायण गिरी, भरतबहादुर कार्की, युवराज खत्री, राजु वाडा, पाण्डव कार्की र स्थानीय महिला संगिता महत रहेका थिए। घाइतेहरूको भक्तपुर अस्पताल र त्रिविवि शिक्षण अस्पतालमा उपचार भएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

दधिकोट गाविस-५ मा रहेको इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय विक्रम कालिका, गुण्डु गाविस-३ निवासी १९ वर्षीय चित्रबहादुर तामाङ, गुण्डु गाविस-३ निवासी २१ वर्षीय पद्मबहादुर तामाङ, काठमाडौं जिल्लाको मच्छेनारायण गाविस-१ निवासी ४० वर्षीय लालबहादुर तामाङलाई ०६२ माघ १ गते माओवादीले अपहरण गरे। अपहरित प्रहरी जवान विक्रम कालिकालाई इलाका प्रहरी कार्यालयबाट र अन्य तीनजनालाई बाटोबाट अपहरण गरियो। आइसीआरसी र इन्सेक काभ्रेका प्रतिनिधि भोजराज तिमिल्सेनाको पहलमा काभ्रे जिल्लाको च्याले गाविसबाट पीडितहरूलाई ०६२ माघ ९ गते मुक्त गरे।

भक्तपुर नपा-१७ निवासी अनु शाही र १४ वर्षीय उडिसा शाहीलाई ०६० असार १ गते माओवादीले अपहरण गरे। पीडितको स्थिति अज्ञात रहेको छ।

भक्तपुर नपा-८ निवासी ३० वर्षीय उमेश श्रेष्ठ लुटपाट र अपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६३ असोज २३ गते माओवादीको भातृ संगठन नेवा राष्ट्रिय मुक्ति मोर्चाले उनलाई अपहरण गऱ्यो। पीडितलाई एक महिनासम्म मोर्चाका कार्यकर्ताले ललितपुर जिल्लाको गोदावरीमा राखी ०६३ कातिक २४ गते सोही ठाउँबाट मुक्त गरे। पीडितको एउटा मोटरसाइकल भने माओवादीले फिर्ता गरेनन्।

भक्तपुर नपा-१७ निवासी ४० वर्षीय बद्री कोजु राजधानीमा लुटपाट र अपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६३ कात्तिक २ गते माओवादीको भातृसंगठन नेवा राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरी मध्यपुरथिमी नपा-१३ स्थित ब्राइटर उद्योगमा राखे। उनलाई ०६३ कात्तिक ३ गते परिवार बोलाएर जिम्मा लगाइएको थियो। अपहरित कोजुको एक थान कार, एक थान मोबाइल सेट फिर्ता गरियो।

मध्यपुरथिमी नपा-१७ स्थित शिक्षा क्याम्पस सानो थिमीका स्ववियु सभापति २६ वर्षीय अनिल थापा, सचिव २६ वर्षीय पुस्तक चन्द, पूर्व स्ववियु सभापति ३७ वर्षीय बिमल पुनलाई शुल्क निर्धारणको विवादमा ०६३ मंसिर १२ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई काठमाडौंको कोटेश्वर राखी दुई घण्टापछि भक्तपुर जिल्लाको दुवाकोट गाविसबाट मुक्त गरे। पीडितलाई माओवादीले अपहरण गरेलगतै कुटपिट गरेका थिए।

भक्तपुर नपा-४ निवासी ५५ वर्षीय लक्ष्मीभक्त मारीखुलाई ठगीको आरोपमा ०६३ पुस १० गते माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट पाँच जना छोराको जिम्मा लगाई मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

चाँगुनारायण गाविस-५ निवासी १९ वर्षीय रामकृष्ण श्रेष्ठलाई ०६३ जेठ १० गते दिउँसो ३ बजे सोही गाविस-३ मा रहेको सशस्त्र प्रहरी बेसक्याम्पका इन्सपेक्टर केशव थापा र प्रहरी जवान रमेश उप्रेतीले कुटपिट गरे। घाइतेको भक्तपुर अस्पतालमा उपचार भयो। पीडकको अन्यत्र सरुवा भयो।

गैरकानुनी गिरफ्तारी

भक्तपुर नपा-९ निवासी नेमकिपाका ४५ वर्षीय प्रेम सुवाललाई ०६२ माघ ६ गते प्रहरीले भक्तपुर नपा-९ स्थित निवासबाट गिरफ्तार गरे। पीडितलाई सर्वोच्च अदालतको आदेशमा ०६२ चैत ६ गते रिहा गरियो।

भौखेल गाविस-४ निवासी नेविसंघका ३१ वर्षीय किरण न्यौपानेलाई ०६२ माघ ६ गते प्रहरीले सात दलको प्रदर्शनबाट भौखेल गाविस-४ स्थित निवासबाट गिरफ्तार गरे। पीडितलाई सर्वोच्च अदालतको आदेशमा ०६२ फागुन ४ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बालकोट गाविस-९ निवासी एमाले स्थायी कमिटी सदस्य ५८ वर्षीय केपी ओलीलाई सात दलको विरोध प्रदर्शन विथोल्न ०६२ माघ ६ गते बालकोट गाविस-९ स्थित आफ्नै निवासमा प्रहरीले नजरबन्दमा राखे। ओलीलाई ०६२ माघ ९ गते नजरबन्दबाट मुक्त गरियो।

भक्तपुर नपा-८ निवासी नेमकिपाका अध्यक्ष ५९ वर्षीय नारायणमान विजुक्छेलाई सात दलको विरोध प्रदर्शन विथोल्न ०६२ माघ ६ गते प्रहरीले भक्तपुर नपा-८ स्थित आफ्नै निवासमा नजरबन्दमा राखे। उनलाई ०६२ माघ ९ गते नजरबन्दबाट मुक्त गरियो।

दधिकोट गाविस-५ निवासी नेकाँका लेखनाथ न्यौपानेलाई ०६२ माघ ६ गते प्रहरीले सात क्रममा भक्तपुर दधिकोट गाविस-५ स्थित निवासबाट गिरफ्तार गरे। पीडितलाई ०६२ माघ १३ गते रिहा गरियो।

मध्यपुरथिमी नपा-१७ निवासी नेकाँका ४० वर्षीय सन्तोष भट्टराईलाई ०६२ माघ ६ गते प्रहरीले मध्यपुरथिमी नपा-१७ स्थित आफ्नै निवासबाट गिरफ्तार गरे। उनलाई सर्वोच्च अदालतको आदेशमा ०६२ फागुन २० गते रिहा गरियो। ०६२ माघ ७ गते काठमाडौंमा सात दलले आयोजना गर्न लागेको बृहद जनसभालाई विथोल्न प्रहरीले गिरफ्तार गरेको थियो।

मध्यपुरथिमी नपा-१३ निवासी नेकाँका महेश श्रेष्ठलाई ०६२ माघ ६ गते प्रहरीले मध्यपुरथिमी नपा-१३ स्थित आफ्नै निवासबाट गिरफ्तार गरिएकोमा सवोच्च अदालतको आदेशमा ०६२ फागुन १७ गते रिहा गरियो।

मध्यपुरथिमी नपा-१२ निवासी जनमोर्चाका ५५ वर्षीय कृष्णलाल गोजा श्रेष्ठलाई सात दलको विरोधलाई विथोल्नका लागि ०६२ माघ ६ गते प्रहरीले मध्यपुरथिमी नपा-१२ बाट गिरफ्तार गरे। पीडितलाई सवोच्च अदालतको आदेशमा ०६२ फागुन ५ गते रिहा गरियो।

चाँगुनारायण गाविस-३ निवासी नेविसंघ (प्रजातान्त्रिक) का २४ वर्षीय रोशन पौडेललाई ०६२ माघ १६ गते प्रहरीले भक्तपुर नपा-१७ दुधपाटीबाट गिरफ्तार गरे। पीडितलाई नगर निर्वाचन बहिष्कार गर्न सहयोगी भूमिका निर्वाह गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो। उनलाई ०६२ फागुन ५ गते रिहा गरियो।

चाँगुनारायण गाविस-७ निवासी नेकाँका ५० वर्षीय प्रवीण बुढाथोकीलाई ०६२ माघ २४ गते भक्तपुरबाट प्रहरीले गिरफ्तार गरेकोमा ०६२ माघ २६ गते साँझ रिहा गरियो।

मध्यपुरथिमी नपा-८ निवासी ३० वर्षीय ओम श्रेष्ठलाई ०६२ माघ २४ गते प्रहरीले मध्यपुरथिमीबाट गिरफ्तार गरेकोमा सोही दिन रिहा गरियो।

ताथली गाविस-२ निवासी एमालेका ४६ वर्षीय सोमप्रसाद मिश्रलाई ०६२ चैत २३ गते प्रहरीले घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखे। पीडितलाई ०६३ बैशाख १२ गते रिहा गरियो।

भक्तपुर नपा-११ निवासी एमालेका २४ वर्षीय बाबुरत्न द्यौलालाई ०६२ चैत २३ गते प्रहरीले भक्तपुर नपा ११ स्थित घरबाट गिरफ्तार गरे। पीडितलाई भक्तपुर जिल्लाको दुवाकोट गाविसमा रहेको सशस्त्र प्रहरीको गुह्येश्वरी गणमा राखिएकोमा ०६३ बैशाख १२ गते रिहा गरियो।

चाँगुनारायण गाविस-३ निवासी नेविसंघ (प्रजातान्त्रिक) का २४ वर्षीय रोशन पौडेललाई ०६२ चैत २३ गते प्रहरीले भक्तपुर नपा १७ दुधपाटीबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखे। उनलाई ०६३ बैशाख १२ गते रिहा गरियो।

भक्तपुर नपा-११ का जनमोर्चा नेपालका ३६ वर्षीय विष्णुप्रसाद न्हिसुतुलाई ०६२ चैत २३ गते प्रहरीले भक्तपुर नपा-११ आफ्नै घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखिएकोमा ०६२ चैत ३१ गते रिहा गरियो।

भक्तपुर नपा-९ निवासी नेमकिपाका २१ वर्षीय अशोकराम कोजुलाई ०६२ चैत २५ गते प्रहरीले भक्तपुर नपा-४ कमलविनायकबाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २९ गते रिहा गरियो।

भक्तपुर नपा-४ निवासी २० वर्षीय सुशील श्रेष्ठ र

सोही नपा १ निवासी २८ वर्षीय लक्ष्मीप्रसाद कोजुलाई ०६२ चैत २६ गते प्रहरीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई सेना र प्रहरीले कुटपिट गरेको आफन्तले बताए। पीडितलाई ०६२ चैत २९ गते रिहा गरियो।

दधिकोट गाविस-९ निवासी ३० वर्षीय टीका पोखरेल, दधिकोट गाविस-८ निवासी २४ वर्षीय अनील राजथलालाई ०६२ चैत २६ गते प्रहरीले दधिकोट गाविस-९ बाट गिरफ्तार गरे। पीडितलाई ०६२ चैत २९ गते रिहा गरियो।

भक्तपुर नपा-२ निवासी २८ वर्षीय पुण्यराम बासी, भक्तपुर नपा-७ निवासी कृष्णराम शिल्पकार, सोही नपा-३ निवासी राजकिरण श्रेष्ठ , सोही नपा-१४ निवासी श्रीकृष्ण गौतम, सोही नपा-७ निवासी राजेश प्रजापति, दधिकोट गाविस-८ निवासी २४ वर्षीय सागर प्रजापति, डोल्पा जिल्ला निवासी भक्तपुर नपा-४ डेरा गरी बस्ने राजन मगर र नाम नखुलेकी एक महिलासहित २१ जनालाई ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये राजन मगर र एक महिला, एक पुरुषको समेत तीन जनालाई ०६२ चैत २८ गते प्रहरीले रिहा गरियो भने अन्य १८ जनालाई ०६२ चैत २९ गते रिहा गरियो।

काभ्रे जिल्लाको काव्रे गाविस-२ निवासी भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने २६ वर्षीय अर्जुन थापा, झापा जिल्लाको दमक नपा-१५ निवासी भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने २२ वर्षीय पूर्ण धिमाल, खोटाङ जिल्लाको रतन्छा गाविस-३ निवासी मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने १९ वर्षीय देवराज राईलाई कर्फ्यू तोडेको आरोपमा ०६२ चैत २७ गते प्रहरीले मध्यपुरथिमी नपा-१५ सागबारीको एक चिया पसलको ढोका फोरेर गिरफ्तार गरे। पीडितलाई एक महिना कैद र १ हजार जरिवाना गरी केन्द्रीय कारागार काठमाडौंमा राखिएकोमा ०६३ बैशाख १२ गते रिहा गरियो।

मध्यपुरथिमी नपा-१५ निवासी नेकाँका (प्रजातान्त्रिका) का ५५ वर्षीय रुद्रमणी भण्डारी र सोही नपा-१२ निवासी नेकाँ (प्रजातान्त्रिकका) का ४० वर्षीय मदन कृष्ण श्रेष्ठलाई ०६२ चैत २७ गते प्रहरीले भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ बाट जुलुस प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरको हिरासतमा राखिएकोमा ०६३ बैशाख १२ रिहा गरियो

बारलुङ जिल्ला पैंयुपाटा गाविस ९ निवासी भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ गट्ठाघर डेरा बस्ने ३२ वर्षीय मनबहादुर रोका ०६२ चैत २६ गते प्रहरीले भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा-१५ गट्ठाघरमा गरेको कुटपिटबाट घाइते भए। पीडितको टाउको फुटेको र खुट्टामा गम्भीर चोट लागेकोमा काठमाडौंको वीर अस्पतालमा उपचार भयो।

झापा जिल्ला निवासी मध्यपुरथिमी नपा-१५ गट्ठाघर डेरा गरी बस्ने नविन आर्चाय ०६२ चैत २६ गते मध्यपुरथिमी नपा-१५ गट्ठाघरमा प्रहरीको कुटपिटबाट घाइते भए। उनको खुट्टा भाँचियो। उनको काठमाडौं मोडेल अस्पतालमा उपचार गरियो।

झापा जिल्ला निवासी मध्यपुरथिमी नपा-१५ गठ्ठा घर डेरा बस्ने दिनेश दाहाल ०६२ चैत २६ गते मध्यपुरथिमी नपा-१५ गट्ठाघरमा प्रहरीको कुटपिटबाट घाइते भए। उनको खुट्टा भाँचियो। पीडितको काठमाडौं मोडेल अस्पतालमा उपचार गरियो।

खोटाङ जिल्ला निवासी मध्यपुरथिमी नपा-१५ गट्ठाघर डेरा गरी बस्ने २३ वर्षीय अमर सापकोटा ०६२ चैत २६ गते बेलुका मध्यपुरथिमी नपा १६ लौहकिल्थलीस्थित अरनिको राजमार्गमा मशाल जुलुस प्रदर्शनका क्रममा प्रहरीले कुटपिट गर्दा घाइते भए। पीडितको टाउकोमा गहिरो चोट लाग्दा १३ टाका लगाइयो। उनको काठमाडौंमा उपचार गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					१	१		१				
घाइते					१	६	१	८	६	१९		१९
गिरफ्तारी/यातना									३५	६४	१	६५
बालअधिकार	१		१	१								
अपहरण	३	३		३	६	१३		१३				
जम्मा	३	३	१	३	८	३०	१	३१	३३	८३	१	८४

भक्तपुर नपा-१२ निवासी २२ वर्षीय सरोज प्रजापति ०६२ चैत २६ गते प्रहरीले मध्यपुर नयाँथिमीमा गरेको लाठी प्रहारबाट घाइते भए। उनको खुट्टाको हाड भाँचियो। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

भक्तपुर नपा-६ निवासी ३८ वर्षीय शिवराम साँध ०६२ चैत २७ गते प्रहरीले भक्तपुर नपा-४ मा जुलुस प्रर्दशनका क्रममा फालेको अश्रुग्याँस लागी घाइते भए। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

भक्तपुर नपा-१० निवासी ४८ वर्षीय कृष्णबहादुर प्रजापति ०६२ चैत २७ गते प्रहरीले मध्यपुरथिमी नपामा गरेको लाठीचार्जबाट घाइते भए। उनको खुट्टटा भाँचियो। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

मध्यपुरथिमी नपा-१६ डेरा गरी बस्ने २७ वर्षीय नवराज बाँस्कोटा ०६२ चैत २७ गते प्रहरीले आइतवार बेलुका मध्यपुरथिमी नपा-१६ अरनिको राजमार्गमा लाठीचार्ज गरी घाइते भए। उनको दाहिने खुट्टामा गहिरो चोट लागेकोमा स्थानीय मेडिकलमा उपचार गरियो।



माओवादीद्वारा हत्या गरिएका सई हरिप्रसाद शर्मा वाग्ले

मध्यपुरथिमी नपा-१६ लौहकील्थली डेरा बस्ने ४० वर्षीय कृष्ण गौतम कर्फ्यू तोडेको आरोपमा ०६२ चैत २७ गते प्रहरीले गरेको कुटपिटबाट घाइते भए। उनको दाहिने हात भाँचिएको थियो। पीडितको वीर अस्पतालमा उपचार गरियो।

मध्यपुरथिमी नपा-१६ निवासी इन्सेक आवद्ध संस्था जनहीत समाज नेपालका अध्यक्ष ५७ वर्षीय विष्णु सुवेदी मसाल जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ चैत २८ गते प्रहरीले भक्तपुर जिल्लाको मध्यपुरथिमी नपा १६ अरनीको राजमार्गमा गरेको कुटपिटबाट घाइते भए।

मध्यपुरथिमी नपा-१५ कौशलटार निवासी ४० वर्षीय सरोज भट्टराईको ०६२ चैत २८ गते बेलुका मध्यपुरथिमी नपा-१५ कौशलटारमा मसाल जुलुसका क्रममा प्रहरीले गरेको लाठीचार्जबाट टाउकोमा गम्भीर चोट लागेको थियो। पीडितको काठमाडौंमा उपचार गरियो।

रसुवा जिल्लाको सरमथली गाविस-१ निवासी भक्तपुर नपा २ जगाती डेरा बस्ने २२ वर्षीय रेशमकुमार डंगोलको ०६२ चैत २९ गते प्रहरीले भक्तपुर नपा-१७ सल्लाघारीमा गरेको लाठीचार्जबाट कुमको हाँड भाँचिएको थियो। घाइतेको प्राथमिक उपचार भक्तपुर अस्पतालमा र थप उपचार त्रिविवि शिक्षण अस्पताल महाराजगंजमा भयो।

कटुन्जे गाविस-७ निवासी नेविसंघका २४ वर्षीय धर्मराज कार्की, झापा जिल्ला बुधवारे गाविस-२ निवासी मध्यपुर नपा-१५ डेरा गरी बस्ने २० वर्षीय राजनोभास, सिन्धुपाल्चोक जिल्ला ठूलो धादिङ गाविस-२ निवासी भक्तपुर डेरा गरी बस्ने १७ वर्षीय बुद्ध तामाङ, दोलखा जिल्ला विगु गाविस-५ निवासी भक्तपुर डेरा गरी बस्ने २१ वर्षीय दीपेन्द्र बुढाथोकी, भक्तपुर नपा-१५ निवासी तुल्सीराम खर्बुजा, सिन्धुपाल्चोक जिल्ला बलेफी गाविस-६ निवासी २६ वर्षीय विलबहादुर श्रेष्ठ, भक्तपुर डेरा बस्ने १५ वर्षीय मिलन खड्कालाई भक्तपुर नपाका मेयर सुमित्रा मधिकर्मीको घर तोडफोडको आरोपमा ०६२ चैत २९ गते प्रहरीले भक्तपुर नपा-१७ सल्लाघारी र मध्यपुरथिमी नपा-१५ बाट गिरफ्तार गरे। गिरफ्तार गरेकामध्ये मिलन खड्कालाई सोही दिन रिहा गरियो भने बाँकी सबैलाई ०६२ चैत ३० गते गरियो।

गुण्डु गाविस-६ निवासी २१ वर्षीय दीपेन्द्र बुढाथोकी ०६२ चैत २९ गते प्रहरीले भक्तपुर नपा-१७ सल्लाघारीमा गरेको लाठीचार्जबाट घाइते भए। उनको खुट्टामा चोट लागेको थियो। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

मध्यपुरथिमी नपा-१६ निवासी ४० वर्षीय राधेश्याम बुढाथोकीलाई प्रहरीमाथि ढुंगामुडा गरेको आरोपमा ०६३ बैशाख ४ गते सोमबार बेलुका ७ बजे प्रहरीले कुटपिट गरे। प्रहरीको कुटपिटबाट बेहोस भएका घाइतेको ललितपुर जिल्लाको ग्वार्कोस्थित वीएण्डवी अस्पतालमा उपचार गरियो।

बालकोट गाविस-९ निवासी सुनिल ठकुरी ०६३ वैशाख ९ गते सेना भक्तपुर जिल्ला मध्यपुरथिमी नपा १५ कौशलटारमा मसाल जुलुस प्रदर्शनमा गरेको कुटपिटबाट घाइते भए। पीडितको जिल्ला अस्पताल भक्तपुरमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत भक्तपुरमा दुनियाँवादी देवानीतर्फ गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका जम्मा १ एक हजार २ सय १ मध्ये ३ सय ४६ ओटा मुद्दा फर्स्यौट भए। अदालतमा यस वर्षको अन्त्यसम्ममा ८ सय ५५ ओटा मुद्दा बाँकी रहे। यसैगरी दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका ४ सय ७९ ओटा रहेकोमा ७० ओटा मुद्दा फर्स्यौट भई ४ सय ९ ओटा बाँकी रहे। यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्ष बाँकी र यस वर्ष परेका जम्मा मुद्दा १ सय ४ ओटा मध्ये २७ ओटा मुद्दा फर्स्यौट भई ७७ ओटा मुद्दा रहे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

भक्तपुर नपा-६ चोरचा निवासी १४ वर्षीय एक बालिकालाई ०६२ चैत १३ गतेसाँझ सोही ठाउँका २२ वर्षीय दिलबहादुर कुसमालाई प्रहरीले बलात्कार गरेर पीडकलाई गिरफ्तार गरी प्रहरीले मुद्दा चलायो।

पारिवारिक हिंसा

सीपाडोल गाविस-३ निवासी १९ वर्षीया अनिता भुजेल ०६३ पुस ५ गते नगरकोट गाविस-१ स्थित मोहन पोखरीमा डुबेर आत्महत्या गरिन्। बागेश्वरी गाविस ४ माइती भएकी अनिताको विवाह ०६३ मंसिर २० गते सीपाडोल गाविस-३ निवसी हरिशरण भुजेलसँग भएको थियो। विवाहका क्रममा उनले दाइजो कम ल्याएको भनी उनकी जेठानी र ससुराले दुर्व्यवहार गरेको कारण उनले आत्महत्या गरेको पीडितका परिवारले प्रहरीसमक्ष दिएको उजुरीमा उल्लेख गरिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

मध्यपुरथिमी नपा-१ बोडेस्थित वडा कार्यालय भवनमा ०६२ माघ १ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट भवनमा सामान्य क्षति पुगेको भए।

विगतको अनुगमन

सुडाल गाविस ६-निवासी ३९ वर्षीय लक्ष्मण तिमिल्सेनालाई ०६२ साउन २३ गते सेनाले घरबाट गिरफ्तार गरे। पीडितलाई एक दिन बागेश्वरी गाविस-२ को लप्टनडाँडास्थित सेनाको क्याम्पमा राखिएकोमा साउन २४ गतेदेखि २६ गतेसम्म सूर्यविनायक ब्यारेकमा राखियो। पीडितलाई पत्नी अप्सरा तिमिल्सेनाले सूर्यविनायक ब्यारेकबाट ०६२ साउन २६ गते साँझमा जिम्मा लिइन।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र सातजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा भक्तपुर नपा-१ निवासी ३७ वर्षीय सत्यनारायण प्रजापति, भक्तपुर नपा-१३ निवासी बद्री त्वाएना र ठाकुरप्रसाद लामिछाने, भक्तपुर नपा-१७ निवासी १८ वर्षीय गंगाराम श्रेष्ठ, कटुञ्जे गाविस-६ निवासी ३० वर्षीय बासुदेव चौवाल र कटुञ्जे गाविस-७ निवासी ३० वर्षीया दुर्गा विसुडखे रहेका छन्। त्यसैगरी माओवादीबाट छालिङ गाविस निवासी रामबहादुर खड्कालाई बेपत्ता पारिएको छ।

२.१५ काठमाडौं



जनसंख्या	: १३,००,५२२
साक्षरता प्रतिशत	: ७७.७
महिला साक्षरता प्रतिशत	: ६०
क्षेत्रफल (वर्ग कि. मि.)	: ३९५
गाविस/नपा संख्या	: ५७/२
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ९४५
क्याम्पस/उच्च मा.वि.	: ६३/१११
अस्पताल/स्वास्थ्य चौकी	: ३७/६८
टेलिफोन लाइन	: ३३५०००
मोटर सडक (कि. मि.)	: ८१०
प्रहरी कार्यालय संख्या	: १९
हुलाक संख्या	: ७१
मानव विकास सूचकाङ्क	: ०.६०३
प्रति परिवार सरदर संख्या	: ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

चितवन जिल्ला घरभई कामनपा-३१ बागबजारमा होटल व्यवसाय गरी बस्दै आएका २४ वर्षीय भुवन खरेललाई ०६२ चैत ४ गते राति अपराध अनुसन्धान शाखा, हुनुमानढोकाका सई विधानचन्द्र शाहीले गेष्ट हाउसमै गोली हानी हत्या गरे। पीडक सई उक्त गेष्ट हाउसमा आइ पैसा माग्ने, धम्की दिने, शाही खानदानको हुँ भन्ने जस्ता क्रियाकलाप गर्ने गरेको गेष्ट हाउसमा कार्यरत कामदारले बताए। पीडकलाई ०६२ फागुन ५ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोका राखियो।

काभ्रे जिल्ला नाँग्रेगर्चे गाविस-४ निवासी ४३ वर्षीय अनिलकुमार लामाको ०६३ वैशाख ४ गते प्रहरीले निषेधाज्ञा

अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा चावहिल चुच्चेपाटीमा चलाएको अश्रुग्याँस लागी घाइते भएकोमा मेडिकेयर अस्पतालमा उपचारको क्रममा ०६३ वैशाख २३ गते मृत्यु भयो। सरकारले उनलाई सहिद घोषणा गरी परिवारलाई १० लाख क्षतिपूर्ति दियो।

मकवानपुर जिल्ला आमभञ्ज्याङ गाविस-३ निवासी ३० वर्षीय बासु घिमिरे, काभ्रे जिल्ला जिल्ला पनौती नपा-७ निवासी १९ वर्षीय सगुन ताम्राकार, सोलुखुम्बु जिल्ला नेचा घर भई काठमाडौंमा बस्दै आएका दीपक कामीको ०६३ वैशाख ७ गते सशस्त्र प्रहरीका एसपी दुर्जकुमार राईले सात दललको विरोध प्रदर्शनका क्रममा कलंकीमा गोली हानी हत्या गरे । प्रहरीको गोली लागेर ढलेपछि पीडितलाई इन्सेकको गाडीमा राखी काठमाडौं मोडल अस्पताल लगिएको थियो। पीडितको लास त्रिविवि शिक्षण अस्पतालमा पोस्टमार्टम गरी परिवारलाई जबरजस्ती बुझाई दाहसंस्कार गरियो। सोही घटनामा घाइते भएका स्यूचाटार गाविस-४ निवासी ३१ वर्षीय प्रद्युम्न खड्काको भारतको नयाँ दिल्लीमा उपचारका क्रममा ०६३ वैशाख १३ गते मृत्यु भयो। उनको लास काठमाडौंमा ल्याई परिवारको जिम्मा लगाइयो। सरकारले कलंकी घटनाका चारैजनालाई पीडितलाई सहिद घोषणा गरी प्रत्येक परिवारलाई दश लाख क्षतिपूर्ति स्वरूप प्रदान गऱ्यो।

नुवाकोट जिल्ला विदुर नपा-७ निवासी एमाले कार्यकर्ता ४० वर्षीय चन्द्र बयलकोटीको ०६३ वैशाख ९ गते प्रहरीले निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा त्रिपुरेश्वरमा गरेको अश्रुग्याँस प्रहार र कुटपिटबाट घाइते भएपछि पीडितको उपचारको क्रममा जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा मृत्यु भएको थियो। सरकारले पीडितलाई सहिद घोषणा गरी परिवारलाई १० लाख क्षतिपूर्ति स्वरूप प्रदान गऱ्यो।

भारत सीतामढी घरभई कामनपा नयाँबानेश्वरमा राजाधानी टेलर्स सञ्चालन गर्दै आएका २८ वर्षीय मोहमद जहाँगिरको ०६३ वैशाख ९ गते प्रहरीले निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा कुटपिट गरी घाइते भएकोमा उपचारको क्रममा उनको काठमाडौं मोडेल अस्पतालमा ०६३ वैशाख १८ गते मृत्यु भयो। सरकारले उनलाई सहिद घोषणा गरी परिवारलाई १० लाख क्षतिपूर्ति दियो।

कामनपा-३३ ज्ञानेश्वर निवासी करांते खेलाडी १९ वर्षीय राकेश गुरुङलाई सवारी साधन रोकी आक्रमण गर्ने प्रयास गरेको आरोपमा ०६३ साउन १६ गते सई मानबहादुर अधिकारीले कामनपा गौशालामा गोली हानी घाइते पारेकोमा उनको उपचारको क्रममा त्रिविवि शिक्षण अस्पतालमा मृत्यु भयो। पीडितको टाउकोमा तीनओटा गोली लागेको थियो।

माओवादीबाट

थानकोट प्रहरी चेकपोष्टमा कार्यरत इन्स्पेक्टर महेश रावलसहित ११ जना प्रहरीको ०६२ माघ १ गते माओवादीको आक्रमणमा परी थानकोट प्रहरी कार्यालयमा मृत्यु भयो। मृत्यु हुनेमा असई प्रकाश केसी, रत्नबहादुर सुवेदी, डीएसपी यादवराना केसी, प्रहरी जवान बाबुराम अधिकारी, मिठुराज कार्की, रामहरि दाहाल, डिकेन्द्र कुमाल, रविन कार्की, सूर्यमान तामाङ र ट्राफिक प्रहरी दीपेन्द्र निरौला छन्। माओवादीले प्रहरी चौकीलाई घेरा हाली साँझ ६ बजेदेखि आधाघण्टा आक्रमण गरेका थिए।

अन्यबाट

कामनपा-३५ निवासी ८ वर्षीय विवेक शर्मा लुईटेलले ०६३ भदौं २४ गते महोत्तरीका पप्पु मण्डलले अपहरण गरे। विवेकको लास ०६३ असोज १४ गते कामनपा-७ धोवीखोलीको पुल नजिक झाडीमा फेला पऱ्यो। पीडक वकिल अन्सारी, भिखारी अन्सारी र पटेनी लामा विरुद्ध प्रहरीले काठमाडौं जिल्ला आदालतमा मुद्दा चलायो।

गोठाटार गाविस-८ निवासी सई २८ वर्षीय कुवेर कार्कीलाई ०६३ मंसिर २१ गते दुईजना अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। खुकुरी प्रहरबाट घाइते भएका सईको काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा बाटोमा मृत्यु भएको थियो। पीडकले राति पर्खालबाट कोठाभित्र पसेर सुतिरहेको अवस्थामा पीडितलाई कोठाबाट बाहिर ल्याई खुकुरी प्रहार गरेका थिए। सई कार्की पूर्वमन्त्री तथा नेकाँका नेता खुमबहादुर खड्काका नीजि सुरक्षा गार्डका रुपमा कार्यरत थिए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

कपन गाविस-३ साप्रेढुङ्गा निवासी गोवर्धन श्रेष्ठ र सोही गाविस-४ निवासी प्रकाश कार्की ०६२ चैत ९ गते सशस्त्र प्रहरीले चलाएको गोली लागी घाइते भए। सशस्त्र प्रहरीले लुटपाट गर्दा होटल मालिक र स्थानीयबासीसँग झडप भएको अवस्थामा सशस्त्र प्रहरीले चलाएको गोली लागी उनीहरू घाइते भएका थिए। स्थानीय बासिन्दाले गोली हान्ने सशस्त्र प्रहरीलाई पक्राउ गरी बौद्ध वडा प्रहरी कार्यालयमा बुझाउन खोज्दा प्रहरीहरूले लाठीर्चाज गर्दा १२ जना स्थानीय बासिन्दा सामान्य घाइते भए।

कामनापा-७ चावहिल निवासी रेस्टुरेण्ट सञ्चालक विक्रम लामा ०६२ चैत १० गते प्रहरीले चलाएको गोली लागी घाइते भए। लामा र प्रहरीहरूबीच विवाद हुँदा प्रहरीले चलाएको गोली पेटमा लागेकामो ओम अस्पतालमा उपचार भयो।

कामनपा घट्टेकुलोमा अल्जु श्रेष्ठ, विजय लामा र सुरेश राई ०६२ चैत २७ गते प्रहरीले निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरिरहेको अवस्थामा चलाएको गोली लागी घाइते भए। पीडितहरूको मोडेल अस्पतालमा घाइतेहरूको उपचार भयो।

कामनपा कलंकीमा दीपक कार्की, कमल थापा मगर र जीवन भट्टराईलाई ०६२ चैत २७ गते प्रहरीले विरोध प्रदर्शन गरिरहेको अवस्थामा गोली हानी गम्भीर घाइते पारे। घाइतेहरूको उपचार मोडेल अस्पतालमा गरियो।

नरबहादुर मुक्तान, अमर गौतम, विटुकुमार दास, रामप्रसाद शर्मा र कृष्ण खड्का विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६३ चैत २७ गते प्रहरीले कामनपा शंखमुलमा चलाएको गोली लागी घाइते भए। घाइते पाँचै जनाको उपचार वीर अस्पतालमा गरियो।

रामेछाप जिल्ला निवासी कानुन व्यवसायी टंकप्रसाद चौलागाईं र कामनपा वनस्थली निवासी रामचन्द्र सिम्खडा ०६२ चैत ३१ गते सशस्त्र प्रहरीले नेपाल बार एसोसिएसनले रामशाहपथबाट निकालेको शान्तिपूर्ण विरोध प्रदर्शनमा चलाएको गोली टाउकोमा लागी घाइते भए। घाइतेहरूको उपचार काठमाडौं मोडेल अस्तपतालमा गरियो।

ललितपुर जिल्ला पाटन निवासी सुष्मा खत्रीलाई ०६३ वैशाख ५ गते प्रहरीले सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा कामनपा बुद्धनगरमा चलाएको गोली लागी घाइते भए। उनको उपचार एभरेष्ट नर्सिङ होममा गरियो।

मकवानपुर जिल्ला निवासी विमल ढकाल, नुवाकोट जिल्ला निवासी माधव नेपाल, दोलखा जिल्ला निवासी खेमराज गिरी, मोरङ जिल्ला निवासी दीलिप राजवंशी, विश्वविद्यालयका क्याम्पस कीर्तिपुरका स्वयिु सदस्य आशा राई, स्युचाटार गाविस-निवासी विवेक ढुंगाना, भीमराज राई, कृष्ण लामा, पुष्पराज दवाडी, लोकेशकुमार राई र स्वास्थ्यकर्मी शोभा गौतमलगायत ५० जनाभन्दा बढी प्रदर्शनकारीहरू ०६३ वैशाख ७ गते प्रहरीले विरोध प्रदर्शन गरिरहेको अवस्थामा कलंकीमा अन्धाधुन्ध चलाएको गोली लागी घाइते भए। घाइतेको उपचार मोडेल अस्पतालमा गरियो।

ठेगाना नखुलेका १५ वर्षीय प्रेमबहादुर साउद ०६३ वैशाख ९ गते सुरक्षाकर्मीले विरोध प्रदर्शनको क्रममा कामनपा बानेश्वरमा चलाएको गोली लागि घाइते भए। साउदको कानमा रबरको गोली लागेकोमा एभरेष्ट नर्सिङहोममा उपचार भयो।

रौतहट जिल्ला चन्द्रनिगाहपुर गाविस-निवासी ३० वर्षीय मधुसुदन ठोडारी र ठेगाना खुल्न नसकेका ३९ वर्षीय टीकाप्रसाद ढकाल शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा ०६३ वैशाख १० गते प्रहरीले कामनपा कोटेश्वरमा चलाएको गोली लागि घाइते भए। ठोडारीको घाँटी र ढाडमा गोली लागेको थियो। घाइतेको ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा उपचार गरियो।

नुवाकोट जिल्ला त्रिशुली निवासी च्यामना मिजार र डम्बरकृष्ण थापालाई ०६३ वैशाख १० गते प्रहरीले विरोध प्रदर्शन गर्ने क्रममा कामनपा कलंकीमा लाठी र अश्रुग्याँस प्रहार गरी घाइते पारे। घाइतेको उपचार काठमाडौं मोडेल अस्पतालमा गरियो।

अन्यबाट

कामनपा घट्टेकुलो निवासी सर्वोच्च अदालतका न्यायधीश केदार गिरीलाई ०६३ मंसिर १४ गते बीरगञ्ज निवासी प्रभातकुमार गुप्ताले छुरी प्रहार गरी घाइते पारे। घाइते भएका गिरीको तत्काल वीर अस्पतालमा उपचार भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	७	१	८	१	११		११	७	१०			१०
घाइते	३	४	३	७	१	६		६	१९६	१०९८	६३	१३	११७३
गिरफ्तारी/यातना									४४	३७९	५७	१४	४५०
बेपत्ता									४	५			५
कुटपिट	३	१४	४	१८	१	७	१	८	१०	१३			१३
धम्की					१	१		१					
भेला/संगठित हुने अधिकार									४३	१३५	४	३३९५	३४३४
महिलाअधिकार	१		१	१									
अमानवीय व्यवहार					१	१		१					
अपहरण					३०	४७		४७					
जम्मा	१३	३५	९	३४	३५	७३	१	७४	३०३	१६३९	१३३	३३३१	४०७३

उनको हातमा छ ओटा टाँका लगाएको थियो। छुरा प्रहार गर्न लाग्दा न्यायधीश गिरी जोडले काराएपछि परिवारका सदस्यले प्रतिवाद गरी उनको ज्यान जोगाएका थिए। छुरा प्रहार गर्ने गुप्तालाई गिरीका छोरा प्रहरी नायव उपरीक्षक सुदिप गिरीले तत्काल प्रहरीलाई फोन गरी बोलाई प्रहरीको जिम्मा लगाएका थिए। गुप्तालाई महानगरीय प्रहरीपरिसर हनुमानढोकामा पुर्पक्षका लागि हिरासतमा राखिएको छ।

जेल र बन्दी

देशकै सबैभन्दा बढी क्षमता र सुविधा सम्पन्न मानिने केन्द्रीय कारागारमा ७ सय ८८ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका ४ सय ११ र कैद नतोकिएका ३ सय ७७ जना बन्दी रहेका छन्। जसमध्ये ५५ जना विदेशी र पाँचजना आश्रीत नाबालक रहेका छन्। त्यसैगरी केन्द्रीय कारागार अन्तर्गतको महिला कारागार शाखामा कैद तोकिएका ६० जना र कैद नतोकिएका ४४ जना गरी कूल १ सय ४ जना बन्दी रहेका छन्। जसमध्ये तीनजना विदेशी छन्।

केन्द्रीय कारागार अर्न्तगत भद्रबन्दी गृहमा कैद तोकिएका २ सय ३५ जना र कैद नतोकिएका २ सय ३५ जना गरी कुल ४ सय ७० जना बन्दी रहेका छन्। जसमध्ये ४० जना विदेशी रहेका छन्। जेल भवनहरू पुरानो र जीर्ण भएकाले बन्दीहरू आफूलाई असुरक्षित महसुस गर्छन्। विभिन्न समयमा जेलका भवनहरूको निमार्णको कुरा उठे पनि पुनः निमार्ण कार्य सञ्चालन हुन सकेको छैन।

चारखाल अड्डा सदरखोरमा कैद तोकिएका १ सय ३ र कैद नतोकिएका २ सय १३ गरी कुल ३ सय १६ जना बन्दी रहेका छन्। जसमध्ये विदेशी कैदी १८ जना र बन्दी १८ जना गरी कुल २४ जना रहेका छन्। सदरखोरमा महिला कैदी र बन्दी भने छैन। यहाँ २ जना महिला नाबालिका र तीन जना परुष नबालक गरी पाँच जना रहेको र पाँचै जना यनिसेफको सहयोगमा बाल सुधार गृहमा पढदै गरेका छन्। बाल विज्याक कैदी राजु न्हेमाफुकीलाई जबरजस्ती करणी गरेको आरोपमा राखिएको र बाल सुधार गृह सानोठीमीमा पढ्दै गरेको आन्तरिक प्रशासन बैधदार केदार केसीले जानकारी दिए। सो खोरबाट ०६३ जेठ ३१ गते १० जना माओवादी बन्दी रिहा भए। सदरखोरमा धारा र विद्युत सविधा रहे पनि भवन पुरानो जीर्ण रहेको छ। तर सदरखोरमा १ सय ५० जना कैदी क्षमता भएको तर ३ सय १६ कैदी र बन्दी रहेको जेल प्रशासनले जनायो। प्रति कैदी र बन्दीलाई ७ सय ग्राम चामल, दिनको ३० रुपैया नगद दिने गरेको उनले बताए।

हिरासतमा मृत्यु

भारत रक्सौल घर भई काठमाडौं बस्दै आएका ३५ वर्षीय मनोज दासको ०६३ कात्तिक १ गते जनसेवा प्रहरी कार्यालय विशाल बजारको हिरासतमा मृत्यु भयो। दासलाई चोरीको आरोपमा इन्स्पेक्टर नान्तीराज गुरुङको आदेशमा असई नारायण पण्डित र प्रहरी जवान सुरेन्द्र अधिकारीले प्लाष्टिकको पाइपले पैतला र शरीरको विभिन्न भागमा कुटपिट गरी चरम यातना दिदाँ मृत्यु भएको मानवअधिकारकर्मीको अनुगमनले देखायो। पीडित दासलाई ०६३ असोज २९ गते ३ बजे बैक अफ काठमाडौं नयाँसडकबाट प्रहरीले गिरफ्तार गरेको थियो। घटनामा संलग्न इन्स्पेक्टर गुरुङ सहित सबैलाई निलम्बन गरिएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

सिन्धुली जिल्ला निवासी एमालेका हरिकृष्ण ठकुरीलाई ०६३ साउन ९ गते प्रचण्डको फोटोअंकित भेष्ट लगाएर आएका करिब १५ जना माओवादीले केही कुरा गर्नु छ भनी कामनपा-६ तीनचुलेस्थित एमाले सिन्धुली काठमाडौं सम्पर्क कार्यालयबाट अपहरण गरे। उनलाई बौद्धमा लागि माओवादीले निर्घात कुटपिट गरे। कुटपिटबाट घाइते भएका उनलाई उपचारका लागि काठमाडौ मोडल अस्पताल भर्ना गरियो।

माले निकट अनेरास्वबियुका महासचिव भाष्कर काफ्लेलाई सोधपुछको बहानामा ०६३ भदौ ५ गते माओवादीले पुतलीसडकस्थित होटेल क्यानरीबाट बाहिर निस्कदा अपहरण गरे। पीडित काफ्लेलाई रातभर पुरानो बसपार्कको एक होटेलमा राखेर ०६३ भदौं ६ गते मुक्त गरियो।

कामनपा-३४ जागृतिनगर निवासी राजु राई, सुमन श्रेष्ठ, राजु माझी, मणिकुमार राई, भानु बुढाथोकी र अमृत राईलाई गुण्डा गर्दीको आरोपमा ०६३ भदौ ९ गते माओवादीले काठमाडौंबाट अपहरण गरे। अपहरित सबैलाई ०६३ भदौ १३ गते मुक्त गरियो।

धादिङ जिल्ला केवलपुर गाविस-८ निवासी एमालेका ३८ वर्षीय रामकुमार आचार्यलाई केही कुरा बुझ्नु छ भनी ०६३ भदौ २५ गते माओवादीले कामनपा जोरपाटीस्थित आफ्नै कोल्डस्टोरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको रोहबरमा ०६३ भदौ २६ गते हेटौडाबाट मुक्त गरियो। पीडित आचार्य माओवादी धम्कीका कारण विस्थापित भएर लामो समयदेखि काठमाडौंको जोरपाटीमा बस्दै आएका थिए।

कामनपा-४ सीतापाईला निवासी २५ वर्षीय सुधिरमान सिंहलाई गोली चलाएको आरापमा ०६३ कात्तिक

११ गते पेस्तोलसहित आएका माओवादीले कामनपा सीतापाइलास्थित मन्जु फिड्स पोल्ट्रीबाट अपहरण गरे। पीडितलाई ०६३ मंसिर २५ गते संयुक्त राष्ट्रसंघको रोहबरमा बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

सिन्धुपाल्चोक जिल्ला घर भई कामनपा सुकेधारा प्रहरी विटमा कार्यरत ४२ वर्षीय सई रामबहादुर कार्कीलाई ०६३ कात्तिक २९ गते माओवादी निकट किराँत मुक्ति मोर्चाले कामनपा सुकेधाराबाट अपहरण गरी ललितपुर उमनपा कुपण्डोलस्थित किराँत मुक्ति मोर्चाको कार्यालयमा पुऱ्याए। उनलाई सानेपा वडा प्रहरी कार्यालयका इन्स्पेक्टर शरदकुमार तामाङको रोहबरमा ललितपुर उमनपा कुपण्डोलबाट सोही दिन मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका वासुदेव घिमिरे

काठमाडौं बस्दै आएका बमबहादुर लिम्बुलाई गुन्डागर्दीको आरोपमा ०६३ असोज १७ गते माओवादीले सुब्वा महर्जन सप्लायर्स महाँकालबाट अपहरण गरे। लिम्बुलाई ०६३ मंसिर २५ गते पत्रकार सम्मेलन गरी बालाजु औद्योगिक क्षेत्रबाट संयुक्त राष्ट्रसंघको रोहबरमा मुक्त गरियो।

कामनपा महाँकालबाट २८ वर्षीय सुशील थापा र २६ वर्षीय दीपक लामालाई सोधपुछ गर्नु छ भनि ०६३ असोज ३० गते माओवादीले अपहरण गरी लगे। उनीहरूलाई ०६३ कात्तिक २५ गते पत्रकार सम्मेलन गरी बालाजु औद्योगिक क्षेत्रबाट संयुक्त राष्ट्रसंघको रोहबरमा मुक्त गरियो।

कामनपा नयाँबानेश्वर निवासी मेघराज श्रेष्ठलाई गुन्डागर्दी गरेको आरोपमा ०६३ असोज ३१ गते माओवादीले बसपार्कबाट अपहरण गरे। श्रेष्ठलाई ०६३ मंसिर २५ गते पत्रकार सम्मेलन गरी बालाजु औद्योगिक क्षेत्रबाट संयुक्त राष्ट्रसंघको रोहबरमा मुक्त गरियो।

नवलपरासी जिल्ला प्रगतिनगर-१ निवासी ४० वर्षीय लालकुमार श्रेष्ठलाई सोधपुछ गर्नु छ भनी ०६३ कात्तिक १ गते माओवादीले कामनपा महराजगञ्ज चोकबाट अपहरण गरी लगे। अपहरित श्रेष्ठलाई ०६३ कात्तिक ३ गते बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

कामनपा महराजगञ्ज चक्रपथबाट तारणीप्रसाद ठाकुरलाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक १ गते माओवादीले बन्दुक देखाई अपहरण गरे। पीडितकी पत्नीले ०६३ कात्तिक ९ गते इन्सेक केन्द्रीय कार्यालयमा सकुशल रिहाइको लागि निवेदन दिइन। ठाकुरलाई ०६३ मंसिर २५ गते संयुक्त राष्ट्रसंघको रोहबरमा बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

कामनपा बसुन्धरा निवासी २६ वर्षीय राजेश श्रेष्ठलाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक १ गते माओवादीले कामनपा महाराजगञ्ज चक्रपथस्थित नारायण गोपाल चोकबाट अपहरण गरे। अपहरित श्रेष्ठलाई ०६३ मंसिर २५ गते पत्रकार सम्मेलन गरी संयुक्त राष्ट्रसंघको रोहबरमा बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो। पीडितलाई माओवादीको गोदावरी थुनुवा केन्द्रमा राखिएको थियो।

सुनसरी जिल्ला घरभई हाल काठमाडौं बस्दै आएका भीम गुरुङ, भुवन गुरुङ र नारायणथान निवासी राजु श्रेष्ठलाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक २ गते नारायणथानबाट ५० जना माओवादीले कुटपिट गरी अपहरण गरे। अपहरित तीनै जनालाई ०६३ कात्तिक ३ गते बालाजु औद्योगिक क्षेत्रबाट मुक्त गरियो।

मोरङ जिल्ला विराटनगर-१० निवासी हाल गोंगबु-६ बस्दै आएका २३ वर्षीय नितेश अर्याल र सुनसरी जिल्ला धरान नपा निवासी २५ वर्षीय प्रल्लाद लिम्बुलाई गुण्डागर्दीको आरोपमा ०६३ कार्तिक ११ गते ५० जना भन्दा बढी माओवादीले गोंगबुस्थित ढोरपाटन दोहोरी साँझबाट अपहरण गरे। अपहरित दुवैजनालाई ०६३ कात्तिक १८ गते माओवादीले थुनुवा केन्द्र बनाएको गोदावारीस्थित हिमालयन ब्रुअरीबाट मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका सगुन ताम्राकार

कामनपा-३३ मैतिदेवी निवासी २५ वर्षीय श्यामराज दाहाल र सिन्धुपाल्चोक जिल्ला सिम्वल गाविस-२ बसेरी निवासी २८ वर्षीया डबली लामालाई गुण्डागर्दीको आरोपमा ०६३ कात्तिक ११ गते माओवादीले कामनपा बानेश्वरस्थित सेतोपुलबाट अपहरण गरे। उनलाई आँखामा कालोपट्टीले बाँधी कुटपिट गरेको पीडितले बताए। पीडितलाई युद्धविराम अचारसंहिता राष्ट्रिय अनुगमन समितिको पहलमा ०६३ कात्तिक १५ गते मुक्त गरियो।

भक्तपुर जिल्ला भक्तपुर नपा-८ निवासी २९ वर्षीय विश्वराम माक र

कामनपा -३३ ज्ञानेश्वर निवासी राजेन्द्र श्रेष्ठलाई विदेश पठाइदिन्छु भनी ०५८ सालमा ८ लाख खाएको उजुरीको आधारमा ०६३ कात्तिक १४ गते माओवादीले कामनपा-३३ ज्ञानेश्वरबाट कुटपिट गरी अपहरण गरे। पीडितलाई युद्धविराम अचारसंहिता राष्ट्रिय अनुगमन समितिको पहलमा ०६३ कात्तिक १५ गते थिमी स्थित ब्राइटरको कार्यालयबाट मुक्त गरियो।

सुकाजोर गाविस-२ निवासी २४ वर्षीय कुमार श्रेष्ठ लुटपाटमा संलग्न भएको आरोपमा ०६३ मंसिर १ गते माओवादीले उनलई काठमाडौबाट अपहरण गरी सदरमुकाम मन्थली हुँदै गाउँतिर लगे। प्रहरीमा लुटपाटको मुद्दा चलिरहेका उनलाई प्रहरीले आफूलाई बुझाउन आग्रह गर्दा माओवादीले आफ्नै अदालतमा कारवाही गर्ने भनी जबरजस्ती लगेका थिए। पीडित माओवादीकै नियन्त्रणमा छन्।



सुरक्षाकर्मीद्वारा मारिएका दीपक कामी

रौतहट जिल्ला ब्रहमदुरी गाविस-४ निवासी बिजय सिंह, प्रविण सिंह, दिपु सिंहलाई पेप्सीकोला कारखानामा कार्यरत अस्थायी मजदुरहस्लाई कामबाट निष्काशन गरेको आरोपमा ०६३ मंसिर २८ गते माओवादीनिकट मजदुरहरूले कामनपा बानेश्वरस्थित पेप्सीकोला गोदामबाट अपहरण गरे। पीडितलाई ०६३ मंसिर २९ गते मुक्त गरियो।

रामेछाप जिल्ला निवासी दिनेशकुमार कडेंल, दीपकबहादुर मोक्तान, काशिराज बुढाथोकी, दिनेश कार्की, मकवानपुर जिल्ला निवासी प्रेम लामा, दोलखा जिल्ला निवासी रत्नबहादुर मगर, नुवाकोट जिल्ला निवासी हेमबहादुर अधिकारी, दीपकराज अर्याल र काभ्रेपलाञ्चोक जिल्ला निवासी विनोद लामालाई रविशंकर शाहसँग १० लाख रुपैया मागेको आरोपमा ०६३ पुस ६ गते माओवादीले कामनपा बानेश्वरबाट अपहरण गरे। उनीहरूलाई ०६३ पुस ९ गते अनेरास्वियुको केन्द्रीय कार्यालय बागवजारबाट मानवअधिकारकर्मीको रोहबारमा काठमाडौं जिल्ला सेक्रेटरी अमरले प्रहरी इन्स्पेक्टर सानुराम भट्टराईलाई बुझाए।



सुरक्षाकर्मीद्वारा मारिएका प्रद्युम्न खड्का

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

अनेरास्वियुका सन्तोष तिमिल्सिनालाई ०६२ चैत ३० गते सरकार सादापोशाकका प्रहरीले भोटाहिटीमा खुकरी प्रहारी गरी गम्भीर घाइते पारे। पीडितलाई इन्सेकका मानवअधिकारकर्मीले बोकेर वीर अस्पतालमा लगी उपचार गराए ।

संसद सचिवालयमा कार्यरत चालक गोपाल खड्कालाई ०६३ साउन २ गते पहरागणमा कार्यरत प्रहरी जवान सन्तकुमार राईले कामनपा सिंहदरबार मुलगेटमा कुटपिट गरे।

माओवादीबाट

जिफण्टका दीपक पौडेल, ललितपुर उमनपा-५ लगनखेल निवासी ३४ वर्षीय सुनिता थापा, कामनपा चावहिल निवासी ३८ वर्षीय विदुर कार्की, नुवाकोट बेलकोट गाविस-४ निवासी २३ वर्षीय रामेश्वर ढुंगाना, नरनाथ लुईटेल, बालगोपाल थापा, गोविन्द मगर, ठाकुर श्रेष्ठ, गायत्री चौलागाई, खेम दाहाल, कृपा कार्कीलाई सवारी साधनबाट चन्दा संकलन सम्बन्धी विवादमा ०६३ असोज ३० गते माओवादी निकट मजदुरहरूले सुन्धरास्थित टेम्पो स्टेशनमा कुटपिट गरी घाइते पारे। घाइते सबैको उपचार वीर अस्पतालमा भयो।

राप्रपाका पर्वत निवासी २६ वर्षीय किशोर गुरुङ, नुवाकोट निवासी २४ वर्षीय नानीमैया आचार्य, कामनपा-३४ निवासी ३५ वर्षीय डम्बर शिवाकोटी, उदयपुर निवासी २२ वर्षीया कोपिला मल्ल ठकुरी, दैलेख निवासी २६ वर्षीया कुन्ती शाहीलाई राजालाई सक्रिय बनाउन खोजेको आरोपमा ०६३ मंसिर २९ गते अनेरास्वियु (क्रान्तिकारी) का विद्यार्थीहरूले प्रधानमन्त्री निवास बालुवाटारमा आक्रमण गरी घाइते पारे। घाइते सबैको त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो।

नेपाल सुरक्षा श्रमिक ट्रेड युनियन महासंघसम्बद्ध मदनबहादुर पोखरेल, कैलाश थापा, रविन्द्र बुढाथोकी, जयबहादुर थामी, यमबहादर लावती, दीपक राईलाई महासंघ सम्बन्धी विवादमा ०६३ पुस ७ गते माओवादी निकट अनेट्रेडयुनियन महासंघका कार्यकर्ताले कामनपा लैनचौरमा कुटपिट गरी सामान्य घाइते पारे। उनीहरूले कार्यालयकाको कागजपत्र तथा बोर्डसमेत बाहिर ल्याई जलाए।

अन्यबाट

कामनपा-७ मैजुबहाल निवासी ५६ वर्षीय गोपाल पण्डित र १९ वर्षीय सुरज पण्डितलाई ०६३ वैशाख ४ गते शाही सरकारका भिजिलान्ते विष्णु थापा, रोजन

थापा र राजु थापाले कामनपा कुमारीगालमा कुटपिट गरे। सो समूहले पीडितलाई पटक पटक धम्की दिएका थिए। घाइते पण्डितको उपचार त्रिविवि शिक्षण अस्पतालको गरियो।

गैरकानुनी गिरफ्तारी

नगर निर्वाचन बहिष्कारको तयारीमा लागेका सात राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई नगर निर्वाचनको पूर्वसन्ध्यामा शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने भनी ०६२ माघ ६ गते बिहानैदेखि सरकारले राजधानीका विभिन्न स्थानबाट गिरफ्तार गऱ्यो। यसरी गिरफ्तार हुनेहरूमा काँग्रेसका रामचन्द्र पौडेल, मीना पाण्डे, शशांक कोइराला, सुजाता कोइराला, चक्रप्रसाद बाँस्तोला, खुमबहादुर खड्का, बलदेव मजगैयाँ, लक्ष्मण घिमिरे, डा. रामवरण यादव ओमकार श्रेष्ठ, लेखनाथ न्यौपाने, चन्द्रलाल महर्जन, महेश श्रेष्ठ, बालकृष्ण दाहाल, विनयध्वज चन्द, कुन्दनराज काफ्ले, लम्मण अर्याल, भीम श्रीस, टीका गुरुङ, गणेश भट्ट, युवराज सिंह, किरण न्यौपाने, जगतराज शाक्य, गोकुल खड्का, प्रेमकृष्ण महर्जन, राजेन्द्रकुमार महर्जन, राजेन्द्रकुमार राजथला, डा. रामशरण महत, भूपेन्द्रबहादुर थापा, बलदेव तिमिल्सिना, रामनाथ अधिकारी, रवीन्द्र लामा, अनन्त शर्मा, हरि आचार्य, प्रकाश रावल, दीपकविक्रम शाह, महेश, श्रेष्ठ, सन्तोष भट्टराई, एमालेका प्रदीप नेपाल, भीम रावल, ईश्वर पोखरेल, सुवास नेम्वाङ, युवराज कार्की, सिद्धिलाल सिंह, त्रिलोचन ढकाल, सुरेश कार्की, केशव बडाल, प्रदीप ज्ञावली, विद्या भण्डारी, महेन्द्र पाण्डे, कृष्णगोपाल श्रेष्ठ, युवराज ज्ञावली, गोकर्ण विष्ट, मुकुन्द न्यौपाने, रघुजी पन्त, राजेन्द्र श्रेष्ठ, कृष्णलाल महर्जन, माधव पौडेल, विजय राई, रामकुमारी झाँक्री, गोविन्द गौतम, सुरेन्द्र बस्नेत, नवीन लामा, मीठाराम शर्मा बजागाईं, विदुर मैनाली, ईश्वरी तिमल्सिना, विनोद श्रेष्ठ, योगेन्द्र संग्रौला, विद्यासुन्दर शाक्य, ओम राजबाहक, विमल पुन, दीपक शाह, अष्टलक्ष्मी शाक्य, रामचन्द्र लामिछाने, राजकुमार राई, दिनेश गौतम, सुदर्शन तिमिल्सिना, पुरुषोत्तम प्याकुरेल, बाबुराम थापा, अनिल भण्डारी, कलाधर भण्डारी, श्यामसुन्दर बस्नेत, गोपाल केसी, उमेश कुईकेल, राजेन्द्र खनाल, पीताम्बर तिमिल्सिना, सुरेन्द्र भण्डारी, प्रकाश न्यौपाने, दामोदर घिमिरे, बद्रीविक्रम थापा, ओम थपलिया, राम बलामी, नेकाँ (प्रजातान्त्रिक)का गोपालमान श्रेष्ठ, प्रदीप गिरी, विमलेन्द्र निधि, डा. प्रकाशशरण महत, उमाकान्त चौधरी, कृष्णबहादुर राई, खेमराज भट्ट मायालु, दुर्लभ थापा, सागर भट्टराई, डेकराज भट्टराई, नेपकिपाका प्रेम सुवाल, जनमोर्चाका परी थापा, गाविन्द महर्जन, दीपेन्द्र श्रेष्ठ, रामलाल महर्जन, दीपराम महर्जन, हरि महर्जन, तलसी महर्जन, विविन्द्र श्रेष्ठ, सद्भावना (आनन्दीदेवी) का राजेन्द्र महतो, अनिल झा नागरिक समाजका डा. देवेन्द्रराज पाण्डे, कृष्ण पहाडी, श्याम श्रेष्ठ, नीलाम्बर आचार्य, डा. मथुरा श्रेष्ठ, प्रदीप भट्टराई, मुकुन्द बस्नेत र पत्रकार द्वारिका उप्रेती रहेका छन्। गिरफ्तार सबैलाई तीन महिने थुनुवा पूर्जी दिएर विभिन्न थुनुवा केन्द्रहरूमा राखी माघ १४ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका महम्मद जहागिर

लोकतान्त्रिक स्रष्टाहरू डा. तुलसी भट्टराई, सुधा त्रिपाठी, रामप्रसाद ज्ञवाली, अर्जुन पराजुली, नन्दकृष्ण जोशी, कुसुम ज्ञवाली, हरिगोविन्द लुइँटेल, जगदीश भण्डारी, आनन्ददेव भट्ट, रमेश भट्टराई, अनुभव अजित, निर्मल अर्याल, भाष्कर गौतम, रुद्र खरेल र मुक्त श्रेष्ठ सहित १६ जनालाई लोकतन्त्र र शान्तिको पक्षमा कविता बाचन गरिहेका अवस्थामा सरकारद्वारा घोषीत निषेधाज्ञा अवज्ञा गरेको आरोपमा ०६२ माघ ७ गते प्रहरीले कामनपा नयाँ बानेश्वरबाट गिरफ्तार गरे। उनीहरूलाई जावलाखेलस्थित स्थानीय विकासको तालिम केन्द्रमा राखी पटक पटक गरी रिहा गरियो।

सात दलले नगरनिर्वाचन बहिष्कार गर्ने क्रममा ०६२ माघ ७ गते सरकारद्वारा घोषित निषेधाज्ञा तोड्दै विरोध प्रदर्शन गर्ने क्रममा बसन्तपुरमा सेना र प्रहरीले व्यापक धरपकड गरे। पचाँस जनाभन्दा बढी सेना बाहिर निस्केर बन्दुक देखाउदै आन्दोलनकारीलाई खेदेका थिए। बसन्तपुरको विरोध प्रदर्शनबाट प्रहरीले २ सय ३६ जनलाई गिरफ्तारी गरे। गिरफ्तार मध्ये १ सय ३६ लाई सोही दिन रिहा गरियो भने ७३ जनालाई दशरथ रगंशालामा राखियो। यसरी गिरफ्तारीमा पर्नेहरूमा नेकाँका महन्त ठाकुर, सहमहामन्त्री डा. रामशरण महत, महेश आचार्य, शेखर कोइराला, अर्जुनप्रसाद जोशी, सुप्रभा घिमिरे, दीपक गिरी, काँग्रेस नुवाकोटका जगदीशनरसिंह केसी, रामनाथ अधिकारी, तरुण दलका विनोद कायस्थ, नेविसंघका महेन्द्र शर्मा, उपाध्यक्ष क्षितिज भण्डारी, बद्री अर्याल,



सुरक्षाकर्मीद्वारा मारिएका चन्द्रबहादुर बयलकोटी

विष्णु पन्थी र लेखनाथ पोखरेल, एमालेका युवराज ज्ञवाली, गोपाल शाक्य, अखिलका गोकुल घर्ती, बिमला खनाल, शोभा सापकोटा, सोम मिश्र, रत्न गुरुङ, सुनिता रोक्का, जनमोर्चाका घनश्याम शर्मा पौडेल, शशि श्रेष्ठ, जीवन गौतम, नरेन्द्र राई, अरुण राई, नेकाँ (प्रजातान्त्रिक) का उमा अधिकारी, बसन्त गुरुङ, होमनाथ दाहाल, रमेश लेखक, कृष्णकिशोर घिमिरे, डिल्ली सिटौला, रुद्रमणी शर्मा, मञ्जु खाँड, कमल पँगेनी, केशव बुढाथोकी, आत्मराम पौडेल, भक्तध्वज बोहरा, सञ्जय यादव, संयुक्त बाममोर्चाका अध्यक्ष एनके प्रसाइँ, सीताराम तामाङ, प्रभुनारायण चौधरी, मालेका भुपेन्द्र लिम्बु, राधा तिमिल्सिना, रामकृष्ण देउला, रमा बाँस्तोला, सुशील पन्त, डिल्ली बोहरालगायतका रहेका छन्।



सुरक्षाकर्मीद्वारा मारिएका अनिलकुमार लामा

एमालेका गुरु बुर्लाकोटीलाई कलंकीबाट, यंगाल इकुवहालबाट एमालेका विद्यासुन्दर साक्य र सुरेन्द्र मानन्धरलाई किर्तिपुरबाट नगर निर्वाचन बहिष्कार गर्ने क्रममा ०६२ माघ २६ गते प्रहरीले गिरफ्तार गरी वडा प्रहरी कार्यालय कालिमाटीमा राखे। उनीहरूलाई सोही दिन साँझ छोडियो।

काग्रेसका नरहरि आचार्य, तीर्थमान डंगोल, नेकाँ (प्रजातान्त्रि) का एनपी साउद, एमालेका योगेश भट्टराई, रुपनारायण श्रेष्ठ, आलापोट गाविस-१ निवासी ४४ वर्षीय रामेश्वर फुयाँल, शम्भु अधिकारी, निरन्जन सापकोटा, बद्री आचार्य, रमेश केसी, रघुनाथ तिमिल्सिना, पुण्य चौलागाई, गजेन्द्र केसीलाई शान्ति सुरक्षा खल्बल्याएको आरोपमा ०६३ माघ ४ गते प्रहरीले काडमाण्डौको विभिन्न स्थानबाट गिरफ्तार गरे। गिरफ्तार गरिएका नरहरी आचार्य, एनपी साउद, शम्भु श्रेष्ठ, निरन्जन सापकोटा, रमेश केसी, रघुनाथ तिमिल्सिना र गजेन्द्र श्रेष्ठ(मानन्धर)लाई ०६२ फागुन ८ गते र योगेश भट्टराई, रमेश फुयाँल, रुपनारायण श्रेष्ठ, बद्री आचार्य र पुण्य चौलागाईलाई ०६२ फागुन ९ गते रिहा गरियो।

गोरखा जिल्ला आश्रङ्ग गाविस-५ मोहोरिया निवासी अनेमसंघ (क्रान्तिकारी) की २५ वर्षीय पुष्पा भनिने पार्वती थापामगरलाई माओवादीको आरोपमा ०६२ माघ १४ गते सादा पोसाकका सुरक्षाकर्मीले आफ्ना जेठाजुको घरबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय तीनकुनेमा राखे। उनलाई ०६२ माघ १६ गते जिल्ला प्रहरी कार्यालय हनुमान ढोका लगी माघ १७ गते आतंककारी अध्यादेश अन्तर्गत थुनुवा पूर्जी दिएकोमा ०६३ जेठ २८ गते रिहा गरियो।

रुपन्देही जिल्ला पर्वाहा गाविस-९ निवासी ३५ वर्षीय खिमलाल भट्टराई र धादिङ जिल्ला कुम्पुर गाविस-७ निवासी २९ वर्षीय गुणराज आचार्यलाई नगर निर्वाचनको बहिस्कारको लागि निकालिएको विरोध जुलुस सकिएपछि ०६२ माघ १७ गते नीजि भ्यानमा आएका सुरक्षाकर्मीले कामनपा ठमेलबाट गिरफ्तार गरे। भट्टराईलाई वडा प्रहरी कार्यालय दरबारमार्ग र प्रहरी प्रशिक्षण प्रतिष्ठन महाराजगञ्जमा राखी ०६२ फागुन ४ गते र आचार्यलाई वडा प्रहरी कार्यालय अनामनगरमा राखी सर्वोच्चको बन्दी प्रत्यक्षीकरण आदेशमा ०६२ फागुन १ गते रिहा गरियो।

रुकुम जिल्ला विजेश्वरी गाविस-५ निवासी ४३ वर्षीया एमालेकी तीर्था गौतम, रत्नशोभा महर्जन, कविता पौडेल थममाया थापा, ललितपुर उपमनपा-१५ खुमल्टार निवासी ३९ वर्षीया एमालेकी सुशीला नेपाल, शोभा सापकोटा, शिवकुमारी खनाल, लीलादेवी सेढाईं, सरिता सापकोटा, राधा हुँमागाई, रत्नशोभा गुरुङ, शान्ति श्रेष्ठ, पवित्रा पौडेल, विमला खनाल, चन्द्र थानी, कल्याणी शाह, अन्जा गिरी, द्वारिका कुइँकेल, गंगा केसी, प्रज्ञादेवी राई, बन्दना पौडेल, जीवन डंगोल, बिष्णु इङनाम, हरिमाया भेटवाल, शीला कतिला र मञ्जु भट्टराईलाई नगर निर्वाचन



सुरक्षाकर्मीको दमनबाट घाइते भएकाहरू

विरुद्ध प्रदर्शन गर्ने क्रममा ०६२ माघ १८ गते प्रहरीले हस्तक्षेप गरी कामनपा गौशालाबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय गौशाला राखे। गिरफ्तार तीर्था गौतम, रत्नशोभा महर्जन, कविता पौडेल, थममाया थापा र शुशिला नेपाललाई महेन्द्र पुलिस क्लबमा राखी सर्वोच्च आदालतको आदेशमा ०६३ फागुन २ गते र कविता पौडेललाई ०६३ फागुन ३ गते काठमाडौं जिल्ला आदालतको आदेशमा रिहा गरियो भने अन्यलाई गौशाला वडा प्रहरी कार्यालयबाट सोही दिन रिहा गरियो।

धुम्बाराही-४ निवासी ५४ वर्षीय चन्द्र सुवेदी, सोही ठाउँ निवासी २८ वर्षीय ध्रुव त्रिपाठी कामनपा महाँकाल निवासी ३२ वर्षीय कुशकुमार कार्की, कामनपा-४ निवासी ५२ वर्षीय रामजी आचार्य, सोही ठाउँ निवासी ५२ वर्षीय रत्न जोशीलाई जनआन्दोलनको पर्चा वितरण गर्ने क्रममा ०६२ माघ १८ गते प्रहरीले कामनपा-४ चप्पल कारखाना चण्डोलबाट गिरफ्तार गरे। पीडितहरूलाई महाराजगंज वडा प्रहरी कार्यालयमा राखी पुनरावेदन आदालतको आदेशमा ०६३ फागुन २५ गते रिहा गरियो।

मोरङ जिल्ला राजघाट गाविस-३ निवासी ३१ वर्षीय रुपेश खतिवडा, राजन खतिवडा, वासु पौडेल, गंगा चौधरी, अच्युत र सरोज यादव सहित ६ जना विद्यार्थीहरूलाई विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६२ माघ २० गते प्रहरीले त्रिविवि केन्द्रीय क्याम्पस कीर्तिपुरबाट गिरफ्तार गरी महिला प्रशिक्षण केन्द्र जावलाखेलमा राखे। पीडितलाई काठमाडौं जिल्ला आदालतको आदेशमा ०६२ माघ २९ गते रिहा गरियो। प्रहरीले पीडितमध्ये रुपेश खतिवडालाई चर्को यातना दिएका कारण शरीरभरि निलडाम थियो भने प्रहरीको कुटपिटबाट लक्ष्मी सङग्रौलाको दुवै हात भाँचियो।

स्याङजा जिल्ला फाफर गाविस-५ पातीखोला निवासी नेपाल प्रध्यामक संघका सभापति भूपति ढकाल, महासचिव रामेश्वर उपाध्याय, नेपाल पत्रकार महासंघ सभापति विष्णु निष्ठुरी,, त्रिविवि उपकुलपति नविनप्रकाशजंग शाही, वरिष्ठ पत्रकार हरिहर विरही, रामेश्वर गौतम, सुधा त्रिपाठी, आशा वस्याल, बसन्त गौतम, कृष्ण हुमागाई, सुशील भट्टराई, रामप्रसाद अधिकारी, इन्सेक कार्यसमिति सदस्य नजिर मियाँ, भरत झा, पमराज लामिछाने, सन्जय सन्तोषी राईलाई आफ्नो पेशागत माग राखेर शान्तिपूर्ण प्रदर्शन गरिरहेको अवस्थामा ०६२ माघ २१ गते प्रहरीले त्रिपुरेश्वरबाट गिरफ्तार गरी पुरुषलाई जनसेवा प्रहरी कार्यालयमा र महिलालाई महेन्द्र पुलिस क्लवमा राखेका थिए। गिरफ्तार भुपति ढकाल र रामेश्वर उपाध्यायलाई काठमाडौं जिल्ला आदालतको आदेशमा ०६२ फागुन १० गते रिहा गरियो। अरुलाई विभिन्न मितिमा रिहा गरियो।

झापा जिल्ला अनारमुनी गाविस-४ घर भई कामनपा-८ चावहिल निवासी ५५ वर्षीय मालेका महासचिव सीपी मैनाली, दोलखा जिल्ला निवासी ५२ वर्षीय जीतवीर लामा, ओखलढुङग जिल्ला निवासी ४३ वर्षीय रामहरि कार्की, सोही जिल्ला निवासी ३२ वर्षीय गुरु दाहाल, कामनपा-२५ धर्मस्थली निवासी २५ वर्षीय कृष्णहरि भट्ट, भीम वान्तावा, कामनपा डिल्लीबजार निवासी रिता बस्नेतलाई नगर निर्वाचन वहिष्कार गर्न आहवान गर्दै निस्किएको जुलुशमा ०६२ माघ २५ गते प्रहरीले हस्तक्षेप गरी कामनपा असनबाट गिरफ्तार गरे। गिरफ्तार रिता बस्नेतलाई महेन्द्र पुलिस क्लबमा र अरुलाई वडा प्रहरी कार्यालय जनसेवा विशालबजार राखी ०६२ माघ २७ गरे रिहा गरियो।

कामनपा-१५ डल्लु निवासी ५३ वर्षीय एमालेका प्रदीप नेपाललाई शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने आरोपमा ०६२ फागुन ८ गते घरबाटै प्रहरीले गिरफ्तार गरी दुवाकोट सशस्त्र प्रहरी गणमा तीन महिने थुनुवा पुर्जी दिएर राखियो। थुनामा अस्वस्थ भएपछि नेपाललाई अदालतको आदेशमा ०६२ फागुन १२ गते रिहा गरियो।

कामनपा-७ चवाहिल निवासी एमालेका ५८ वर्षीय केशव वडाललाई माघ १९ को शाही कदमको विरोध गरिरहेको अस्वस्थामा ०६२ चैत ८ गते प्रहरीले हस्तक्षेप गरी कामनपा विशाल बजारबाट गिरफ्तार गरे। बडाललाई १० दिन सिंहदरवार वडा प्रहरी कार्यालयमा र ६७ दिन भक्तपुर खरिपाटी विद्युत प्राधिकरणको भवनमामा राखी सर्वोच्च आदालतको आदेशमा ०६३ वैशाख १२ गते रिहा गरियो।

कामनपा-१५ डलु क्षेत्र निवासी तरुण दलका ४० वर्षीया जीवन डंगोल, गोंगबु गाविस-६ निवासी ३५ वर्षीया अमला श्रेष्ठ, कामनपा-७ सिफल निवासी ३६ वर्षीय रमेश महर्जन र खड्काभद्रकाली गाविस-निवासी ३० वर्षीय तोकमान नगरकोटीलाई विरोध प्रदर्शन गर्ने क्रममा ०६२ चैत २२ गते प्रहरीले कामनपा बानेश्वरबाट गिरफ्तार गरी तीनकुने वडा प्रहरी कार्यालयमा राखे। पीडितहरूलाई भोलिपल्ट पुर्जी दिएर २ नं गणमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

नेसपा (आनन्दीदेवी) का महासचिव ५० वर्षीय हृदेश त्रिपाठी, सर्लाही निवासी ४८ वर्षीय राजेन्द्र महतो, रामचन्द्र यादव र सिरहा निवासी ४२ वर्षीया सरिता गिरी, सर्लाही निवासी एमालेका महेन्द्रराय यादव, सुरेशकुमार यादव, रामचन्द्र झा, रमाकान्त चौधरी, जितेन्द्र सोनल, सरोजकुमार यादव, विजयकुमार यादव, रामपूजन चौरसिया, रामबाबु यादव, सेवल राम, रमेशप्रसाद ओझैया, दीपककुमार गुप्ता, दिनेशकुमार यादव, विष्णुनारायण यादव, कमलेन्द्र यादव, रमाकान्त ओझैया, अभिनवकुमार सिंह, खुशीलाल मण्डल, एमालेकी उर्मिला पाण्डे, आशा चतुर्वेदी, राजेशकुमार झा, रामकिशोर सिंह, अमरेशकुमार सिंह, मुरलीप्रसाद सिंहलाई

मधेशी समुदायले निरंकुशता विरुद्ध आयोजना गरेको विरोध प्रदर्शनमा ०६२ चैत २२ गते प्रहरीले हस्तक्षेप गरी कामनपा नयाँ बानेश्वरबाट गिरफ्तार गरी २ नं. गण महाराजगञ्जमा राखे। गिरफ्तार भएका हृदेश त्रिपाठी, राजेन्द्र महतो र रामबाबु यादवलाई ०६३ वैशाख ४ गते र अन्यलाई ०६२ चैत ३१ गते रिहा गरियो।

अर्घाखाँची जिल्ला धनचोर गाविस-८ निवासी ४१ वर्षीय बोमबहादुर विश्वकर्मा, नवलपरासी जिल्ला बरहरा दुवौलिया गाविस-७ निवासी ३६ वर्षीय रामलखन हरिजन र कामनपा-३५ कोटेश्वर निवासी नवराज पराजुलीलाई शान्ति सुरक्षामा आँच पुऱ्याउन खोजेको आरोपमा ०६२ चैत २३ गते प्रहरीले कोटेश्वरस्थित एमाले कार्यालयबाट गिरफ्तार गरे। गिरफ्तार सबै जनालाई वडा प्रहरी कार्यालय नयाँबानेश्वरमा राखी ०६३ वैशाख ४ गते सर्वोच्चको आदेशमा रिहा गरियो।

ओखलढुङगा जिल्ला डीएलए गाविस-निवासी २५ वर्षीय राजकुमार ढुंगाना, संखुवासभा जिल्ला खाँदवारी नपा-१३ तुम्लिङटार निवासी २२ वर्षीय जीवन राई, सिन्धुली जिल्ला निवासी १९ वर्षीय सुदीप आचार्य, लक्ष्मण घिमिरे र ताप्लेजुङ जिल्ला निवासी २७ वर्षीय सन्तोष तिमिल्सिनालाई सरकारद्वारा घोषीत निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरेको अवस्थामा ०६२ चैत २३ गते प्रहरीले कामनपा चावहिल पशुपति क्याम्पसबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय गौशाला राखे। पीडितलाई सोही दिन तीन महिने थुनुवा पुर्जी दिई महिला प्रशिक्षण केन्द जावलाखेलमा राखियो। गिरफ्तार सबैलाई ०६३ वैशाख १२ गते र सन्तोष तिमिल्सिनालाई गौशालाबाट तीन दिन पछि रिहा गरियो।

एमालेका केशव बडाल, गोपाल शाक्य, नेकाँका सुनीलकुमार भण्डारी, उपेन्द्र भट्टराईलाई आमड्तालका दिन अप्रिय घटनाहरू गराउन कृयाशील रहेको भन्ने जानकारी प्राप्त भएको जनाउँदै ०६२ चैत २३ गते प्रहरीले आफ्नै घरबाट गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन, ०४६ को दफा ५ को उपदफा १ बमोजिम नजरबन्दमा राखियो। पीडितलाई महिला प्रशिक्षण केन्द्र जावलाखेलमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

मोरङ जिल्ला निवासी नेकाँकी सुजाता कोइराला, कामनपा चावहिल गंगाहिटी निवासी एमालेकी विद्यादेवी भण्डारी, जीवन घिमिरे, हरिमाया भेटवाल, प्रेम डंगोल, गोपाल सुवेदी र चन्द्र भट्टराईलाई सरकारद्वारा घोषित निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरेको अवस्थामा ०६२ चैत २४ गते प्रहरीले कामनपा चावहिलबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय बौद्ध र गौशालामा राखी सर्वोच्चको आदेशमा ०६३ वैशाख ६ गते काठमाडौं जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

कामनपा कलंकीबाट एमालेका मोहनचन्द्र अधिकारी



प्रदर्शनमाथि प्रहरी ज्यादती

र जागृतप्रसाद भेटवाल, इन्सेक कार्यसमिति सदस्य नजिर मियाँ, टीकाराम रिजाल, देविप्रसाद ज्ञवाली, माधव गौतम, चितवन जिल्ला निवासी विजय सुवेदी, धादिङ जिल्ला निवासी काँग्रेसका गोकुल सुवेदी, शेषकान्त अर्याल, कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती गाविस-८ निवासी ५३ वर्षीय एमालेका लालबहादुर विश्वकर्मा, भागवत विश्वासी, माधव गौतम, आनन्द अधिकारी, नेकाँका उत्सव गौतम, मकवानपुर जिल्ला हेटौंडा नपा निवासी अर्जुन कार्की, विजय दोङ, सुमन नेपाली, प्रल्हाद तामाङ, विष्णु बस्नेत, विष्णु पोखरेललगायत २२ जनालाई निषेधाज्ञा निषेधाज्ञा अवज्ञा गरी विरोध प्रदर्शन गरेको अवस्थामा ०६२ चैत २४ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई जावलाखेलस्थित महिला प्रशिक्षण केन्द्रमा तीन महिने पुर्जी सहित राखि सर्वोच्च अदालतको आदेशमा ललितपुर जिल्ला आदालतको रोहबरमा ०६३ वैशाख ६ गते रिहा गरियो।

नुवाकोट जिल्ला निवासी ५६ वार्षीय महेन्द्र पाण्डे, दोलखा जिल्ला जफे गाविस-३ निवासी एमालेका ४८ वर्षीय आनन्द पोखरेल, ४६ वर्षीय पशुपति चौलागाईं, विष्णु आडदम्बे, झडप भण्डारी, दोलखा जिल्ला लादु गाविस-७ निवासी ५२ वर्षीय लालकुमार केसी, विमला मानन्धर, छत्र कार्की र कमला पराजुलीलाई सात दलको विरोध प्रदर्शनका क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा कोटेश्वरबाट गिरफ्तार गरी कोटेश्वर वडा प्रहरी कार्यालयमा दिनभरि राखे। गिरफ्तार सबैलाई सोही दिन राखि ८ बजे महिला प्रशिक्षण केन्द्र जावलाखेलमा लगी तीन महिने पुर्जी दिइयो। गिरफ्तार सबैलाई सर्वोच्च अदालतको आदेशमा काठमाडौं जिल्ला अदालतको रोहबरमा ०६३ वैशाख ६ गते रिहा गरियो।

कामनपा-३२ घट्टेकुलो निवासी ५२ वर्षीय बलराम बाँस्कोटा, अघाखाँची जिल्ला सन्धीखर्क गाविस-६ निवासी ३८ वर्षीय श्रीकृष्ण भुसाल, आनन्ददेव भट्ट, कमला गिरी, नरेन्द्र बस्नेत, प्रदीप साह, नारायण सिलवाल, नरेन्द्र सापकोटा, शिवकुमार श्रेष्ठ, रमा गुरागाईं, बीना पौडेल, राधा

शर्मालगायत २५ जनालाई विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६२ चैत २४ गते प्रहरीले कामनपा मैतीदेवीबाट गिरफ्तार गरी महेन्द्र पुलिस क्लवमा राखी तीन महिने थुनुवा पूर्जी दिई महिला प्रशिक्षण केन्द्र जावलाखेल पठाइयो। गिरफ्तार सबैलाई सर्वोच्चको आदेशमा ललितपुर जिल्ला अदालतको रोहबरमा ०६३ वैशाख ६ गते रिहा गरियो।

ओखलढुङगा जिल्ला मोली गाविस-२ निवासी ५७ वर्षीय नेकाँका गोपाल राई, राजेन्द्र बस्नेत, कामनपा ३२ निवासी ४६ वर्षीया शान्ता ढकाल, कामनपा ३२ घट्कुलो निवासी ४६ वषीर्या अम्बिका सुवेदी, निरञ्जन सापकोटा, काभ्रे जिल्ला निवासी सुन्दरमणि आचार्य, सदुर्शन ढकाल, राजकुमार राई, ओखलढुंगा जिल्ला निवासी पुरुषोत्तम लुईंटेल, चितवन जिल्ला निवासी कमल आचार्यलाइ विरोध प्रदर्शनको क्रममा ०६२ चैत २४ गते प्रहरीले काठमाडौंबाट गिरफ्तार गरे। गिरफ्तार सवैलाई महेन्द्र पलिस क्लवमा राखिएको थियो भने अम्वीका सुवेदीलाई ०६२ चैत २८ गते रिहा गरियो भने अरु सवैलाई ०६३ वैशाख ३ गते रिहा गरियो।

लमजुङ जिल्ला निवासी काँग्रेसका हरिभक्त अधिकारी, विष्णुप्रसाद सापकोटा, रत्न जोशी र शिवराम विष्टललाई विरोध प्रदर्शनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा बसुन्धाराबाट गिरफ्तार गरे। पीडितलाई वडा प्रहरी कार्यालय कमलपोखरीमा राखी ०६३ वैशाख १२ गते रिहा गरियो।

उदयपुर जिल्ला बसहा गाविस-९ निवासी ४९ वर्षीय एमालेका अशोक राई, जाजरकोट जिल्ला निवासी ४५ वर्षीय डम्बरबहादुर सिंह, पूर्वसांसद कमल कोइराला, राष्ट्रियसभा पूर्व सदस्य वीरबहादुर सिंह, नेकाँका स्मृतिनारायण चौधरी, पुरञ्जन आचार्य, केशव अधिकारी, तारा कोइराला, राजन पन्त, ललन चौधरी र यमलाल तिमिल्सिना, अछाम जिल्ला ओलगाउँ गाविस-९ निवासी २४ वर्षीय भीम रावललाई विरोध प्रदर्शनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा नयाँबानेश्वरबाट गिरफ्तार गरी तीनकुने वडा प्रहरी कार्यालय राखे। गिरफ्तार सबैलाई सोही दिन राती महिला प्रशिक्षण केन्द्र जावलाखेलमा लगी ०६२ चैत २५ गते तीन महिने थुनुवा पुर्जी थमाइयो। प्रहरीको कुटपिटबाट घाइते भएका रावललाई तीनकुनेबाट उपचारको लागि प्रहरीलले मोडेल अस्पताल पुऱ्याई रिहा गरियो। अन्यलाई सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख ५ गते रिहा गरियो।



शान्तिपूर्ण प्रदर्शनमा प्रहरी दमन

खोटाङ जिल्ला सत्तेश्वर सीतापोखरी गाविस-८ निवासी ३६ वर्षीय राजकुमार राईलाई नगरनिर्वाचनको विरोध प्रदर्शनको क्रमा ०६२ चैत २४ गते कामनपा बागबजारस्थित अनेरास्वियुको केन्द्रीय कार्यालयबाट प्रहरीले गिरफ्तार गरी सिंहदरवार वडा प्रहरी कार्यालयमा राखे । राई विरामी भएपछि ०६२ चैत ६ गते रिहा गरियो।

बर्दिया जिल्ला ताराचल गाविस-७ निवासी २५ वर्षीय कमल बस्नेतलाई आन्दोलनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कामनपा क्षेत्रपाटीबाट गिरफ्तार गरी जनसेवा प्रहरी कार्यालय विशालबजारमा राखे। उनलाई चैत २५ गते कामनपा स्रोहखुट्टे प्रहरी कार्यालयमा परिक्षाको लागि पुऱ्याए र उनलाई पुन प्रहरी तालिम केन्द्र महाराजगञ्जमा लगियो। प्रहरीको कुटपिटबाट अस्वस्थ्य भएका पीडितलाई ०६३ वैशाख ८ गतेसम्म त्रिविवि शिक्षण अस्पताल उपचार गराएर ०६३ वैशाख ९ गते रिहा गरियो।

कामनपा-१५ सोभाभगवती निवासी ४३ वर्षीय देवरत्न डंगोललाई आन्दोलनको क्रममा ०६२ चैत २४ गते प्रहरीले कमनपा महाबौद्धबाट गिरफ्तार गरी विशालबजारस्थित जनसेवा प्रहरी कार्यालयमा राखे। पीडितलाई चैत २५ गतेदेखि प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखी ०६३ वैशाख १२ गते काठमाण्ठौ जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

कास्की जिल्ला पोखरा उमनपा-१७ निवासी ४० वर्षीय हरि केसी र भक्तध्वज बोहरालाई विरोध जुलुशको प्रदर्शनका क्रममा ०६२ चैत २४ गते प्रहरीले गोंगबुबाट गिरफ्तार गरी महेन्द्र पुलिसक्लबमा राखे। पीडितलाई सोही दिन बेलुका महिला प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा पुऱ्याई तीन महिने थुनुवा पुर्जी दिइयो। उनलाई ०६३ वैशाख १२ गते रिहा गरियो।

काँग्रेसका डा. टीका पोखरेल, डा. केदारनरसिंह के.सी लगायतलाई आमहड्तालको क्रममा ०६२ चैत २४ गते प्रहरीले माछापोखरीबाट हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई बालाजु चौकीमा पाँच दिन राखी प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा पुऱ्याई तीन महिने थुनुवा पुर्जी दिइयो। उनीहरू सबैलाई ०६३ वैशाख ९ गते काठमाडौं जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

नेकपा (एमाले) का नेता गोरखा जिल्ला पालुङटार गाविस-५ निवासी ६२ वर्षीय बाचस्पति देवकोटा र नेकाँका



प्रदर्शनकारीहरूको बाटो छेक्दै प्रहरीहरू

शुक्रराज शास्त्रीलाई विरोध जुलुशको क्रममा ०६२ चैत २५ गते प्रहरीले कामनपा कलंकीबाट गिरफ्तार गरे। उनीहरूलाई कालिमाटी वडा प्रहरी कार्यालयमा राखी सोही दिन महेन्द्र पुलिस क्लबमा राखेर राती प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगेर तीन महिने थुनुवापुर्जी दिइयो। उनीहरूलाई ०६३ वैशाख १२ गते रिहा गरियो।

कामनपा मैतीदेवीबाट प्याब्सनका उपाध्यक्ष भोजबहादुर शाही, बालिका गिरी, गोपाल जोशी, प्रमोद बाँस्कोटा, अधिवक्ता मोहन केसी, कृष्ण प्रजापतिलाई सात दलको आमहड्तालको क्रममा ०६२ चैत २५ गते प्रहरीले गिरफ्तार गरे। उनहरूलाई महेन्द्र पुलिस क्लबमा लगी सोही दिन प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगी ०६२ चैत २८ गते रिहा गरियो।

खड्काभद्रकाली गाविस-८ निवासी ४१ वर्षीय उद्धव खरेल, सोही गाविस-निवासी ३५ वर्षीय गोविन्द भट्टराई, धापासी गाविस-३ निवासी ३७ वर्षीय रामकृष्ण श्रेष्ठ, ओखलढुङगा जिल्ला घरभई हाल बुढालिलकण्ठ-३ निवासी ४७ वर्षीय बद्रीनाथ दहाल, महाँकाल गाविस-निवासी ४० वर्षीया कुसुम कार्की, सोही गाविस-३ निवासी ४३ वर्षीय जनार्दन दाहाल सोही ठाउँ निवासी राधिका खतिवडा र राम थापासहित १२ जनालाई सात दलले आयोजना गरेको विरोध जुलुशको क्रममा ०६२ चैत २५ गते प्रहरीले बसुन्धराबाट हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई महाराजगञ्ज वडा प्रहरी कार्यालय र महेन्द्र पुलिस क्लबमा राखी सोही दिन राती प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगेर तीन महिने थुनुवा पूर्जी थमाइयो। गिरफ्तार सबैलाई ०६३ वैशाख १२ गते रिहा गरियो।

ताप्लेजुङ जिल्ला निवासी धर्म बराल, बुटवल निवासी कृष्ण सिँह, राजु नेपाली, निर्मल देवकोटा र प्रकाश देवकोटालाई सात दलको विरोध जुलुशका क्रममा ०६२ चैत २५ गते प्रहरीले कामनपा नयाँबानेश्वरबाट हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई गिरफ्तार गरी तीनकुने वडा प्रहरी कार्यालय बानेश्वरमा राखेका थिए। उनीहरूलाई पटकपटक गरेर रिहा गरियो। यसैगरी, ऋषि आनन्ददेवसहित छजनालाई सात दलको आह्वानअनुरूप आमहड्तालको दोस्रो दिन ०६२ चैत २५ गते कामनपा बालाजुबाट प्रहरीले गिरफ्तार गरियो। पीडितलाई सोही दिन महाराजगञ्ज वडा प्रहरी कार्यालयबाट रिहा गरियो।

कामनपा कलंकी चोकबाट एमालेका जगन्नाथ खतिवडालाई विरोध प्रदर्शको क्रममा ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। उनलाई महिला प्रशिक्षण केन्द्र जावलाखेलमा लगी तीन महिने थुनुवा पूर्जी दिई ०६३ वैशाख १२ गते रिहा गरियो।

कामनपा सरस्वतीखेल-६ निवासी ४५ वर्षीय नेपाल बार एसोसीएसन महासचिव माधव बाँस्कोटा, अध्यक्ष शम्भु थापा, उपाध्यक्ष शेरबहादुर थापा, हरिहर दाहाल, युवराज संग्रौला, रविन्द्रलाल जोशी, मानअधिकार अनुगमन गर्न गएका फोरिडका महासचिव राजकुमार शिवाकोटीलाई विरोध प्रदर्शनको क्रममा ०६२ चैत २९ गते प्रहरीले माइतीघर मण्डलामा गिरफ्तार गरे। गिरफ्तार सबैलाई दशरथ रंगशालामा पुऱ्याई सोही दिन साँझ सशस्त्र प्रहरी गण हलचोकमा सारियो। गिरफ्तार सबैलाई ०६३ वैशाख १ गते रिहा गरियो।

गुल्मी जिल्ला बले टक्सार गाविस-२ निवासी ४५ वर्षीय एमालेका प्रदीप ज्ञवाली, उदयपुर जिल्ला त्रियुगा नपा-७ निवासी ४९ वर्षीय सुरेश कार्की, सुनिल मानन्धर, श्याम कार्की, मधु वि.सी., पद्मनारायण चौधरी, प्रभुनारायण चौधरी, परशुराम प्याकुरेल, नन्दकिशोर त्रिपाठी र दिनेश वि.सी.लाई ०६२ चैत ३० गते कामनपा कोटेश्वर महादेवस्थानबाट विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीनकुने वडा प्रहरी कार्यालयमा दुई दिन राखेर महाराजगञ्ज दुई नम्बर गणमा सारी ०६३ वैशाख ११ गरे रिहा गरियो।

एमाले स्थायी कमिटी सदस्य झलनाथ खनाल र एमाले स्थायी कमिटी सदस्य ५९ वर्षीय बामदेव गौतमलाई शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने आरोपमा ०६३ वैशाख ८ गते प्रहरीले त्रिभुवनविमास्थालबाट गिरफ्तार गरे। खनाल दिल्लीबाट र गौतम भैरहवाबाट दुई महिने भारत बसाईपछि काठमाडौं आएका थिए। दुवैजनालाई प्रहरी पहरागण त्रिपुरेश्वरमा राखी ०६२ वैशाख ९ गते रिहा गरियो।

पूर्व गृहमन्त्री कमल थापा, पररा्ष्ट्र मन्त्री रमेशनाथ पाण्डे स्थानीय विकास मन्त्री टंक ढकाल, स्वास्थ्य तथा वातावरणमन्त्री नीक्षेशम्शेर राणा र श्रीषशम्शेर राणालाई रायमाझी आयोगको आग्रहमा जाँचबुझमा प्रभाव पार्न सक्ने र प्रमाण नष्ट पार्न सक्ने आरोपमा ०६३ वैशाख २९ गते प्रहरीले गिरफ्तार गरी । गिरफ्तार सबैलाई तीन दिने पूर्जी दिई महाराजगञ्जस्थित प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्रमा



पत्रकारहरूलाई गिरफ्तार गर्दै प्रहरी

राखियो। सर्वोच्चको आदेशमा सबैलाई ०६३ असार ४ गते रिहा गरियो।

बाजुरा जिल्ला रुगीन गाविस-२ निवासी ३३ वर्षीय नेविसंघका महामन्त्री बद्री पाण्डेलाई ०६२ माघ १४ गते साँझ सादापोसाकका प्रहरीले शंकरदेव क्याम्पस अगाडिबाट गिरफतार गरेका थिए। गिरफ्तारपछि उनलाई रत्नपार्कस्थित उपत्यका प्रहरी कार्यालयमा राखी सोही दिन बेलुका सिंहरदरबार वडाप्रहरी कार्यालय राखियो। भोलिपल्ट प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा लगी राखिएकोमा सर्वोच्चको आदेशमा ०६२ फागुन १ गते रिहा गरियो।

नेकाँका केन्द्रीय सदस्य महन्त ठाकुर, नेकपा एमालेका केन्द्रीय सदस्य रघुजी पन्त र विरोध खतिवडा, नेकाँका विजुल विश्वकर्मा, नेपाल पत्रकार महासंघका अध्यक्ष विष्णु निष्ठुरी, चरण प्रसाई, हरिहर विरही, विदुर मैनाली, कमला थापा, लोकराम क्षेत्री, सुरेन्द्र तिमिल्सिना, कोमल पौडेल, भरत भट्ट, मनबहादुर लामा, सुनबहादुर मल्ल, प्रकाश बराकोटी, नारायणदत्त कँडेल, रघुनाथ खुलाल, राज्यलक्ष्मी श्रेष्ठ, जानु घिमिरे, शान्ता प्रधान, नन्दकृष्ण जोशी, रमेसजंग सिजापति, विक्रमबन्धु पाण्डे, लालसेन लामा, ठाकुर सिंह नेम्वाङ, कमल यादव, सप्तसिंह कार्की, कृष्ण हुमागाँई, बिन्दुकान्त घिमिरे, विरेन्द्र राई, अरुण राई, वेदनिधि अधिकारी, सुनसरी जिल्ला घर भएकी ८६ वर्षीया छाँयादेवी पराजुली नेकाँका, राजाराम पुडासैनी, सुमन मल्ल, रमेश विष्ट, महेन्द्र पाण्डे, भरत भट्ट, कनकमणी दीक्षित, अमर ढकाल, ऋषी धमला, गंगाधर पराजुली, बलराम बाँनिया, हेमन्त काफ्ले, सूर्य थापा, विनोद पहाडी, रामजी दाहाल, किशोर श्रेष्ठ, सञ्जय सन्तोषी राई, नन्दऋसी न्यौपाने, रुपक अधिकारी, रोशन कार्की, तीर्थ न्यौपाने, नरेन्द्र साउद, विशाल नेपाल, यादव देवकोटा, भरत पोखरेल, दिनेश कार्की, लीला घिमिरे, अमरनाथ ढकाल, लव ढुंगाना, उजीर मगर, रोजन राई, केदार कोइराला, कृष्ण ढुंगाना, गोपाल खनाल, सरला गौतम, रमेश केसी, सन्तोष पाण्डे लगायतलाई राजधानीमा कालो दिवस भन्दै विरोध पर्दशन गर्ने क्रममा ०६२ माघ १९ गते प्रहरीले गिरफ्तार गरेका थिए। सबैलाई सोही दिन रिहा गरियो।

सूर्यबहादुर थापालाई सात दलले आह्वान गरेको आमहड्तालको चौथो दिन ०६३ चैत २७ गते कलंकीमा प्रहरीले गम्भीर कुटपिट गरी घाइते पारे। पीडितलाई प्रहरीले हिरासतमा यातना दिएर ज्यान मार्ने धम्की दिएको थियो। पीडितलाई कालिमाटी वडा प्रहरी कार्यालयबाट सोही दिन रिहा गरियो। कंलकी घटनामा प्रहरीले हस्तक्षेप गर्दा महोत्तरीका अशोक मगरको देब्रे हात भाँचिएको थियो भने प्रहरीले ९ जनालाई गिरफ्तार गरेकोमा सोही दिन रिहा गरियो।

पुन: गिरफ्तारी

काभ्रे जिल्ला नयाँगाउँ गाविस-८ निवासी २१ वर्षीय रामप्रसाद तिमिल्सिनालाई माओवादीको आरोपमा ०६२ पुस २० गते सुरक्षाकर्मीले कामनपा डिल्लीबजारस्थित सदरखोरबाट अदालतको आदेशमा रिहा भएलगतै गिरफतार गरे। पीडितलाई ०६१ असार १४ गते ललितपुर मंगलबजारबाट पहिलोपल्ट गिरफ्तार गरिएको थियो। यसअघि पीडितलाई ०६१ माघमा केन्द्रीय कारागारबाट रिहा हुन साथ सुरक्षाकर्मीले गिरफ्तार गरेका थियो। उनलाई छुटाउन पगेमा मानवअधिकारकर्मी तथा अधिवक्ता मोहन पोखरेललाई सुरक्षाकर्मीले कुटपिट गरे।

झापा जिल्ला घर भई हाल काठमाडौं बस्दै आएका नेकाँका कृष्णप्रसाद सिटौलालाई शान्ति सुरक्षामा आँच पुऱ्याउन सक्ने आरोपमा ०६२ फागुन १० गते प्रहरीले उहाँकै निवासबाट गिरफ्तार गरे। सिटौलालाई सर्वोच्च आदालतको आदेशमा ०६२ फागुन १२ गते रिहा भए। यसअघि पीडितलाई माघ २८ गते व्यक्तिगत कामको सिलसिलामा झापा जाने क्रममा त्रिभुवन विमानस्थलबाटै गिरफ्तार गरिएको थियो। पीडितलाई ०६२ फागुन ८ गते रिहा गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार.

(राजनीतिक स्वतन्त्रता,स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कामनपा-३५ कोटेश्वरस्थित बालकुमारी निवासी एमाले महासचिव माधवकुमार नेपाललाई ०६२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालय काठमाडौं नजरबन्दीको पूर्जी काटी घरमै नजरबन्दमा राखे। महासचिव नेपाललाई ०६२ चैत १० गते दिउँसो साढे तीन बजे एसपी माधव थापाको नेतृत्वमा आएका सशस्त्र प्रहरीको टोलीले तीन महिने थुनुवा पूर्जी दिई ककनीस्थित सशस्त्र प्रहरीको तालिम केन्द्रमा हिरासतमा राखे। महसचिव नेपालको घरमा ०६२ चैत ९ गते अपरान्ह प्रहरीले छापामारी कम्प्युटर लगायतका सञ्चार

सामाग्री कब्जा गरी लगेका थिए। नेपाललाई ०६३ वैशाख ६ गते अपरान्ह काठमाडौं जिल्ला अदालतको रोहबरमा मुक्त गरियो। महासचिव नेपालका भाइहरू विनोद र सरोजको घरमा सशस्त्र प्रहरीको एक टोलीले ०६२ चैत १० गते बिहान छापा मारेका थिए। इन्सेक लगायत आधा दर्जन मानवअधिकारवादी संस्थाका प्रतिनिधि नेपाललाई भेट गर्न गएको अवस्थामा प्रहरीले भेट गर्न रोक लगायो।

नेकाँका सभापति गिरिजाप्रसाद कोइराला, नेमकिपा अध्यक्ष नारायणमान विजुक्छे र एमाले स्थायी कमिटी सदस्य केपी शर्मा ओलीलाई ०६२ माघ ७ गतेबाट सरकारले आ-आफ्नै घरमा ९० दिनको स्थानहद पुर्जी दिएर घरमै नजरबन्दमा राख्यो। कोइराला, विजुक्छे, ओलीलाई ०६२ माघ ९ गते काठमाडौं जिल्ला अदालतको रोहबरमा मुक्त गरियो।

पदमकन्या क्याम्पसका सभापति विनिता अधिकारी र उपसभापति दीपा सिवाकोटी, सचिव टीका चैधरी, कोषाध्यक्ष लाकुमारी पोखरेल, रुपा पोखरेल, रश्मीप्रिया सिंह, उमा गौतमलाई ०६२ माघ ९ गते प्रहरीले विरोध प्रदर्शन गरिरहेको अवस्थामा कामनपा बागबजारस्थित पद्मकन्या क्याम्पस हाताभित्र प्रवेश गरी कुटपिट गरी घाइते पारे। कुटपिटबाट गम्भीर घाइते भएकी अधिकारीको मितेरी अस्पतालमा उपचार भयो।

धनकुटा जिल्ला निवासी २४ वर्षीय भक्त गौतम, काभ्रे जिल्ला निवासी २२ वर्षीया प्रतिभा लामालाई ०६२ फागुन २१ गते प्रहरीले मैनवत्ती जुलुस निकाल्ने क्रममा पद्मोदय मोडमा कुटपिट गरे। कुटपिटबाट घाइते भएका दुवैलाई प्रहरीले नै उपचारको लागि अस्पताल लगे। घाइते दुवै दृष्टिविहीन हुन्।

गोर्खा जिल्ला पृथ्वीनारायण नपा-४ निवासी २८ वर्षीय पूर्ण श्रेष्ठ, डिल्लीप्रसाद गिरी, चुडामणी खनाल, शशी आचार्य, अनु झा गुरुङ, भीम आचार्य, काभ्रे जिल्ला निवासी २२ वर्षीया प्रतिभा लामा, ज्ञानेन्द्र नेपाल, दीपक सापकोटा, नेत्र राई, सुदिप चौधरी, वृन्दा भुर्तेल, निर्मला दंगाल, विमला तामाङलगायत ६० जना बेराजगार दृष्टिविहीनहरूलाई आफ्ना मागहरूप्रति सरकारले बेवास्ता गरेको भन्दै मैनवती जुलुश निकाल्ने क्रममा ०६२ फागुन २१ गते प्रहरीले पद्मोदयमोड पुतलीसडकबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी सोही दिन साँझ रिहा गरियो।

गोर्खा जिल्ला पृथ्वीनारायण नपा -४ का २८ वर्षीय पूर्ण श्रेष्ठ, काभ्रेका २२ वर्षीया प्रतिभा लामा, ज्ञानेन्द्र नेपाल, दीपक सापकोटा, नेत्र राई, सुदिप चौधरी, बृन्दा भुर्तेल, निर्माला दंगाल, बिमला तामाङ, डिल्लीप्रसाद गिरी, चुडामणी खनाल, शसी आचार्य, अनु झा गुरुङ, भीम आचार्य सहित ५५ जना दृष्टिवीहीनहरूलाई ०६२ फागुन २३ गते माइतीघरबाट श्रम तथा यातायात मन्त्रालयमा आफ्ना मागहरू पुरा गराउन ज्ञापन पत्र बुझाउन जानेक्रममा प्रहरीले कुटपिट गरी गरिफ्तार गरे। उनीहरूलगायत ट्रकमा राखेर सिंहदरवारस्थित वडा प्रहरी कार्यालय राखि सोही दिन साँझ रिहा गरियो।

कामनपा पुतलिसडकमा सुदिप चौधरी, राजेश चापागाई, निर्मला दंगाल, प्रतिभा लामा, छिटुप लामा, मनोज शर्मा, दीपक सापकोटा, भक्त गौतम, कुमार पौडेललाई ०६२ फागुन २४ गते प्रहरीले श्रम तथा उद्योग मन्त्रालयमा तालिमका प्रमाणपत्रहरू बुझाउन जाने क्रममा कुटपिट गरी सामान्य घाइते पारे।

माइतीघर मण्डलामा सुदर्शन सत्याल, सीता ज्ञवाली, टेकबहादुर मगराती, डिल्लीप्रसाद गिरीलगायतका दृष्टिविहीनहरूलाई ०६२ फागुन २६ गते प्रदर्शन गर्ने क्रममा प्रहरीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका सबैको वीर अस्पतालमा उपचार भयो।

नेपाल प्राध्यापक संघका सभापति प्रा. डा. भूपति ढकाल, नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा, उपाध्यक्ष शेरबहादुर केसी, महासचिव माधव बाँस्कोटा, नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, खोटाङ जिल्ला डम्बरकुरशिवालय गाविस-३ निवासी हाल कामनपा-१६ गल्खुपाखा बस्ने महासचिव महेन्द्र विष्ट, पत्रकारहरू हरिहर विरही, गोपाल थपलिया, ऋषि धमला, उजीर मगर, विनोद पहाडी, सुदर्शन आचार्य, पोषराज कोइराला, प्राध्यापक कृष्ण खनाल, महेन्द्रभूषण थापा, कुस्माकर न्यौपाने, डा. मधु घिमिरे, डा. शशाङ्क कोइराला, डा. केदार नरसिंह केसी, डा. महेश मास्के, केशव भट्टराई, नीलहरि काफ्ले, होम सुवेदीलगायतलाई पापडको आयोजनामा भएको शान्ति पूर्ण विरोध जुलुसमा सहभागि भएको अवस्थामा ०६२ चैत २३ गते प्रहरीले कामनपा वानेश्वरबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वानेश्वर वडा प्रहरी कार्यालय र महेन्द्र पुलिस क्लबमाबाट सोही दिन रिहा गरियो। शम्भु थापा, शेरबहादुर केसी, माधव बाँस्कोटालाई तीनकुने प्रहरी कार्यालयबाट सोही दिन साँझ रिहा गरियो भने मीनभवन क्याम्पसका महासचिव भीम रावललाई प्रदर्शनको क्रममा ०६२ चैत २३ गते प्रहरीले मीनभवनबाट गिरफ्तार गरी कुटपिट गर्दै वडा प्रहरी कार्यालय सविधानगरमा राखी सोही दिन रिहा गरियो।

ललितपुर उमनपा-१५ खुमल्टार निवासी ३८ वर्षीय नेपाल पत्रकार महासंघ उपाध्यक्ष शिव गाउँले, कोषाध्यक्ष पूर्ण बस्नेत, सदस्य हेमन्त काफ्ले, कनकमणि दीक्षित, लक्ष्मण कार्की, बालकुमार नेपाल, देवराज रिमाल, नवीन पौडेल, बाबुराम ढकाल, उज्वल आचार्य, दामोदरप्रसाद दवाडी, धर्मेन्द्र झा, राजेन्द्र अर्याल, विमल गौतम, गोविन्द चौलागाँई,

लीलाराज खनाल, निर्मला शर्मा, शकंरलाल मल्ल, इन्द्र बाँनिया, रोजन राई, किरण पोखरेल, ज्ञानराम श्रेष्ठ, प्रकाश सिलवाल, भोजराज श्रेष्ठ, हरि न्यौपाने, रुक्मागत न्यौपाने, गोविन्द आचार्य र दीपक कोइरालालाई ०६२ चैत २३ गते कामनपा नयाँसडक क्षेत्रमा विरोध प्रदर्शनको क्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय विशाल बजारबाट सोही दिन रिहा गरियो।

एमालेका सुवास नेम्वाङ्ग, भीम रावल, रघु पन्त र काँग्रेसका विमलेन्द्र निधि, डा.मिनेन्द्र रिजाल, मञ्जु भट्टराईलाई ०६२ चैत २३ गते प्रहरीले आफ्नै घरबाट गिरफ्तार गरे। उनीहरूलाई गुहेश्वरी दुवाकोट सशस्त्र प्रहरी गणमा लगरे सोही दिन काठमाडौं जिल्ला आदालतको रोहबरमा रिहा गरियो।

कामनपा चाबहिलबाट नेकाँका रामचन्द्र अधिकारी, रामेछाप जिल्ला गोठगाउँ गाविस-४ निवासी २९ वर्षीय नेविसंघका राजु कोइराला, बलदेव तिमिल्सिना, मीन विश्वकर्मालाई सात दलको आह्वानमा भएको विरोध जुलुशको क्रममा ०६२ चैत २५ गते प्रहरीले गिरफ्तार गरी गौशाला वडा प्रहरी कार्यालयमा राखे। पीडितलाई सोही दिन राति प्रहरी भ्यानमा राखेर डेरा-डेरामा लागि छाडियो।

इन्चङगुनारायण गाविस-४ निवासी ५२ वर्षीया एमालेकी अष्टलक्ष्मी शाक्य, कामनपा-१४ बल्खु निवासी ४८ वर्षीय कृष्णगोपाल श्रेष्ठ, रविन्द्र अधिकारी, सलाही जिल्ला परवानीपुर गाविस-निवासी जनमोर्चाका प्रल्हाद बुढाथोकी, मेदनी ओली, तरुण दलका विन्दा राणा, नरेन्द्र शिवाकोटी, कृष्ण केसी, लक्ष्मीनाथ शिवाकोटी, जनमोर्चाका झल्कु यादव, होमबहादुर चन्द, काँग्रेसकी उर्मिला थापा, नन्दराम थापालाई सात दलको विरोध प्रदर्शनको क्रममा ०६२ चैत २५ गते प्रहरीले कामनपा असनबाट गिरफ्तार गरे। गिरफ्तारमा परेका अष्टलमी शाक्य, विन्दा राणा र उर्मीला थापालाई महेन्द्र पुलिस क्लबमा र अन्यलाई महाराजगञ्ज २ नं गणमा राखी सोही दिन रिहा गरियो।

सिरहा जिल्ला गोलबजार गाविस-निवासी उमेश बरालको ०६२ चैत २५ गते प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा कामनपा लगनटोलमा गरेको कुटपिटमा दाहिने हात भाँचिएकोमा मोडेल अस्पतालमा उपचार भयो।

कीर्तिपुरमा विक्रम पौडेल, निराजन बन्जारा, हिमाल पंगेनी, महेश मर्हजन, अर्जुन गैरे, कालीबहादुर बुढा, कमल अधिकारी, रमन श्रेष्ठ, खगेन्द्र कोइराला र ११ वर्षीय बटुकृष्ण थापालाई ०६२ चैत २७ गते सात दलको आमहड्ताको क्रममा प्रहरीले घर घरमा प्रवेश गरी कुटपिट गरे। कुटपिटबाट गम्भीर घाइते पौडेलको मोडल अस्पतालमा र अन्यको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

चितवन जिल्ला भण्डारा गाविस-८ निवासी २७ वर्षीय विनोद विरही सुवेदीलाई ०६२ चैत २७ गते सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनको अनुगमन गरिरहेको अवस्थामा प्रहरीले कीर्तिपुरमा कुटपिट गरी घाइते पारे।

कामनपा-१४ निवासी एमालेकी सोभा सापकोटा, कामनपा-१४ कलंकी निवासी ३९ वर्षीय एमालेका ओम थपलिया, एमालेकी पवित्रा पौडेल, राजकुमार कटुवाल, बुद्धिमान तामाङ, सविता अधिकारी र महेश क्षेत्री सात राजनीतिक दलको विरोध प्रदर्शनका क्रममा ०६२ चैत २८ गते प्रहरीले कामनपा कलंकीमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइतेको इन्सेकको सहयोगमा उपचारार्थ त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचार गरियो।

गोंगबुचोकका प्रभुराम थापा, सरोज शाही र समाचार संकलनका लागि गएकी एक जना कोरियन पत्रकारलाई ०६२ चैत २८ गतेसुरक्षाकर्मीले कुटपिट गरी घाइते पारेका थिए।

झापा जिल्ला वीर्तामोड घरभई हाल कानपा जोरपाटी बस्ने ४४ वर्षीय जीतु गौतम, ओखलढुंगा जिल्ला पखरे गाविस १ निवासी २६ वर्षीय बलवहादुर राईलाई सात पार्टीले गरेको विरोध प्रर्दशनको क्रममा ०६२ चैत २८ गते चावहिल चुच्चेपाटीमा प्रहरीले कुटपिट गर्दा घाइते भए। उनीहरूलाई घाइते अवस्थामा पनि प्रहरीले गिरफ्तार गरी गौशाला वडा प्रहरी कार्यालयमा राखि ०६२ चैत ३१ गते महाराजगञ्ज २ नं गणमा सारियो। उनीहरूको उपचार विरेन्द्र प्रहरी अस्पतालमा भयो। उनीहरूलाई ०६३ वैशाख १२ गते जनआन्दोलन पश्चात रिहा गरियो। रिहा पछि उनीहरूको उपचार नेपाल मेडिकल कलेज सिंनामंगल, वीर अस्पताल र काठमाडौं मोडेल अस्पतालमा भयो। गौतमलाई यस भन्दा पहिले पनि जनआन्दोलनकै क्रममा जोरपाटीबाट ०६२ चैत २४ गते प्रहरीले गिरफ्तार गरी बैद्ध वडा प्रहरी कार्यालयमा राखि ०६२ चैत २६ गते रिहा गरिएको थियो।

कामनपा बबरमहलमा कानुन व्यवसायी सन्तोष सिग्देल, सीताराम अधिकारी, नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा, अधिवक्ताहरू हरिहर दाहाल, नन्दु आचार्य, प्रेमबहादुर खड्का, भरतमणी गौतम, पूर्णप्रसाद दंगाल, कमलबहादुर खत्री, कमल इटानी, नविन श्रेष्ठ, राजेन्द्र न्यौपाने र गोविन्द खड्कालाई ०६३ चैत २९ गते प्रहरीले विरोध प्रदर्शनका क्रममा कुटपिट गरे। कुटपिटबाट सन्तोष सिंग्देल र सीताराम अधिकारीको हात भाँचियो। सोही प्रदर्शनको पर्यवेक्षण गर्न गएका इन्सेकका विमलचन्द्र शर्मा र विद्यानाथ भुर्तेललाई समेत प्रहरीले कुटपिट गरे।

एमालेका होमराज गौतम, विजय रिजाल र कामनपा कलंकी निवासी स्थानीय व्यापारी २० वर्षीय दिनेश कार्कीलाई ०६२ चैत २९ गते प्रहरीले सात दलको प्रदर्शनको क्रममा

कामनपा कलंकीमा कुटपिट गरी घाइते पारे। घाइतेहरूलाई इन्सेकको सहयोगमा मोडेल अस्पताल उपचार गरियो।

कामनपा गोंगबु चोकस्थित एआईजी रुपसागर मोक्तानको घरमा रहेका सुरक्षागार्ड र सशस्त्र प्रहरी जवानबीच ०६२ चैत २९ गते दोहोरो गोली हानाहान हुँदा फोटो पत्रकार कुमार श्रेष्ठ घाइते भए। घाइते श्रेष्ठलाई मानवअधिकारकर्मीहरूले उपचारको लागि शिक्षण अस्पताल महाराजगञ्जमा उपचारका लागि लगे। मोक्तानको घरभित्रबाट प्रदर्शनकारीहरूमाथि गोली हान्ने सात जनामध्ये एक जना प्रहरी नन्दप्रसाद तामाङलाई प्रदर्शनकारीले बाहिर निकालेर गम्भीर कुटपिट गरेका थिए। उनलाई इन्सेकका कृष्ण गौतम, रुपेश नेपाल, विमलचन्द्र शर्मा र बाबुराम विश्वकर्माले उद्धार गरी उपचार गराएका थिए।

एक्सन एड नेपालका निर्देशक शिवेशचन्द्र रेग्मीलगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका दुईसयभन्दा बढी कर्मचारीहरूलाई सात राजनीतिक दलले घोषणा गरेको आन्दोलनको समर्थनमा सहभागी भएको अवस्थामा ०६२ चैत ३१ गते प्रहरीले माइतीघर मण्डलाबाट प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। सबैलाई सोही दिन रिहा गरियो।

कामनपा गौशलामा बुधवार साप्ताहिकका सम्पादक सूर्य थापा, टीकाराम यात्री, समाचारपत्रका दीपक दाहाल र फणिन्द्र दाहाल लगायतका पत्रकारलाई ०६३ वैशाख २ गते प्रेसमाथि भएको राज्यको दमनको विरोधमा विरोध जुलुश धर्नामा परिणत भएको अवस्थामा डीएसपी श्याम खड्का र सुशील भण्डारीको नेतृत्वमा रहेका प्रहरीले धरपकड गरी गिरफ्तार गरे। गिरफ्तार सबैलाई खाना बहिष्कार गरेपछि सोही दिन साँझ रिहा गरियो।

मीन बस्नेत, भगवती तिमिल्सिना, भोला भट्टराई, ठाकुर भण्डारी, शान्ति अधिकारी, नेत्र तिमिल्सिना, शर्मिला कार्की, गजाधर सुनार, हरि न्यौपाने, सरोज गुरुङ, राजेश लामिछाने, मोहन ओली, रुबिन गन्धर्व, सन्तोष विश्वकर्मा लगायत विभिन्न गैर सरकारी संस्थासँग आवद्ध सदस्यहरूलाई सात राजनीतिक दलले घोषणा गरेको आन्दोलनको समर्थन तथा पूर्णलोकतन्त्रको माग गर्दै विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६३ वैशाख २ गते प्रहरीले कामनपा बानेश्वरबाट हस्तक्षेप गरी सोही दिन राति रिहा गरियो।

प्रायुसंघका ममता गिरी, भीम केसी, गरिमा साह, माधव अर्याल, विमला खड्गी र मञ्जु यादव लगायतलाई ०६३ वैशाख २ गते कामनपा भोटाहिटीमा भएको विरोध प्रदर्शनको त्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई दरशरथ रंगशालामा राखी साँझ रिहा गरियो।

प्रेस चौतारीका अध्यक्ष बालकृष्ण चापागाईं, महासचिव गणेश बस्नेत, गगन विष्ट, पूर्व उपाध्यक्ष भरत पोखरेल, पूर्व अध्यक्ष शम्भु श्रेष्ठ र पत्रकारहरू भीमसेन राजवाहक, रोहित दाहाल, देवराज रिमाल, बालकुमार नेपाल, पूण्य भण्डारी, गोविन्द चौलागाईं, प्रकाश सिलवाल, किरण पोखरेल, देवराज अर्याल, दीपक ओली, सुशील अर्याल, ओमप्रकाश आचार्य, राजेन्द्र फुयाँल, ईन्द्र बाँनिया लगायतलाई प्रेस चौतारी नेपालले गरेको शान्तिपूर्ण प्रदर्शनका क्रममा ०६३ वैशाख ३ गते प्रहरीले कामनपा भोटाहिटीमा हस्तक्षेप गरी गिरफ्तार गरे । उनीहरूलाई दशरथ रंगशालामा राखी तीन महिने थुनुवा पुर्जी दिएर वैशाख ८ गते रिहा गरियो।

भुँडी प्रकाशनका रौतहट निवासी माधव पराजुलीलाई बागबजार क्षेत्रमा टायर बाल्न प्रयास गरेको भन्दै ०६३ वैशाख ३ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

कामनपा बानेश्वरबाट जनजाति महासंघका अध्यक्ष डा. ओम गुरुङ, रविन गुरुङ, योगराज लिम्बु, सुकबहादुर तामाङ, राजभाइ जकमी, विलोस मुक्तान, नरसिंह धिमाल, पुष्पराज लिङदेल, मनबहादर सिंजाली, नरेश आले, ज्ञानराज आले, मनोज गर्जा मगर, दिल गुरुङ, यमचन्द्र चेम्जोङ, विजयसिंह लोप्चन, हेमचन्द्र राई र शेरबहादुर भुजेललाई ०६३ वैशाख ३ गते जनजाति महासंघले गरेको विरोध जुलुशका क्रममा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

कामनपा चाबहिलमा नेपाल भारती, बालकुमारी सुनुवार, कल्पना नेपाल, केशव ढकाल, भीम गिरी, बलराम खड्का, रचना केसी, बिमला राई, विष्णु खतिवडा, सुवर्ण डंगोललगायत ३४ जनालाई ०६३ वैशाख ४ गते प्रहरीले शान्तिपूर्ण धर्नामा बसिरहेको अवस्थामा अन्धाधुन्द गोली, अश्रुग्याँस तथा लाठी प्रहार गरी घाइते पारे। घटनामा प्रहरी रघुनन्दन यादव समेत घाइते भए। घाइतेहरूको ओम, मेडिकेयर र त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो।

सिंहदरबारस्थित गृह मन्त्रालयमा सोही मन्त्रालयका शाखा अधिकृत शेखर पौडेल, नायब सुब्बाहरू रामप्रसाद कोइराला, ईन्दुकुमार पौडेल, कमला रेग्मी, कमला शेर्पा, राधा गौतम (कार्की) र लक्ष्मी ढुङ्गाना र समाचार संकलनका गर्न गएका तनहुँ जिल्ला विर्लुङ गाविस-७ निवासी पत्रकार ३६ वर्षीय बलराम बाँनिया, बाग्लुङ जिल्ला निवासी पत्रकार विमल गौतम, मकवानपुर जिल्ला निवासी कान्तिपुर टेलिभिजनका क्यामरामयान राजु तिमिल्सिना र सवारी चालक शिवराम थापालाईलाई आन्दोलनलाई समर्थन गरेको र समाचार संकलन गरेको आरोपमा ०६३ वैशाख ५ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

महेन्द्र रत्न क्याम्पस ताहाचलमा अध्ययनरत गुल्मी निवासी २१ वर्षीय कृष्ण खनाललाई लोकतन्त्रको सर्मथनमा आयोजना गरिएको मुकुण्डो जुलुसबाट ०६२ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरे। उनलाई गिरफ्तार गरेर वडा प्रहरी

कार्यालय कालिमाटीमा १२ घण्टा राखी सोही दिन राति रिहा गरियो। सोही दिन सुकदेव पौडेल, दीपक कोइराला, जगदीशप्रसाद तिवारी, मदन पौडेल, रुकमागत न्यौपाने, ओम पुन, भोजराज क्षेत्री, तारा ढकाल, तेजकुमारी र अनुपलाई ०६३ वैशाख ६ गते कामनपा नँयाबानेश्वरबाट लोकतन्त्रको समर्थनमा निस्केको अपाङ्गहरूको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरिएकोमा वडा प्रहरी कार्यालय बानेश्वरमा राखेर कुटपिट गरी सोही दिन रिहा गरियो। सोही दिन काँग्रेसका तारणीदत्त चटौत, सिद्धराज ओझा, हरिबोल भट्टराई, लक्ष्मी पाठक, निरा सिग्देल, ऋषिराज थपलिया, सत्यराज थापा, भीष्म अधिकारी, केशवराज जोशीलाई नयाँबानेश्वरमा सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनको क्रममा प्रहरीले गिरफ्तार गरे। सबैलाई तीनकुने वडा प्रहरी कार्यालयबाट रिहा गरियो।

फोटो पत्रकार विश्व खनाललाई सिंहदरबारबाट रेडियो नेपालका कर्मचारीहरूले लोकतान्त्रिक आन्दोलनको समर्थनमा कार्यालय हातामा गरेको विरोध प्रदर्शनको फोटो खिचेको आरोपमा ०६३ वैशाख ६ गते सशस्त्र प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

कामनपा-१० नयाँबानेश्वर निवासी ६१ वर्षीया शान्ता मानवीलाई जनआन्दोलनको क्रममा ०६३ वैशाख ७ गते प्रहरीले गिरफ्तार गरी तीनकुने स्थित बानेश्वर वडा प्रहरी कार्यालयमा राखि ०६३ वैशाख ८ गते रिहा गरियो। गिरफ्तार गर्ने क्रममा उनलाई कुटपिट समेत गरेको थियो।

कामनपा चावहिलमा लक्ष्मण अर्याल, नारायण सापकोटा, अर्जुन लामा, कमल घर्ती, निर्मल अधिकारी, होमबहादुर पौडेल, सावित्री जोशी, धर्मगोपाल क्षेत्री र शशीकला घिमिरेलाई ०६३ वैशाख ८ गते प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा सामान्य घाइते भए।

स्याङ्जा जिल्ला निवासी दुर्गा ढकाल, गोर्खा जिल्ला निवासी जीवन थापामगर, कामनपा बालाजु निवासी १५ वर्षीय अकबर लामा, कीर्तिपुर नपा निवासी रेशमबहादुर परियार र चितवन जिल्ला नारायणगढ निवासी प्रदीप खनाल ०६३ वैशाख १० गते शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा प्रहरीले कामनपा बालाजुमा लाठीचार्ज गर्दा घाइते भए। ढकालको शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भयो भने अन्य सामान्य घाइते भएका थिए।

निरंकुशता विरुद्ध सात राजनीतिक दलले आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा ५० वर्षीय मनमती तामाङ, २२ वर्षीय रोशन गुरुङ, २३ वर्षीय दीपक बस्नेत, १८ वर्षीय रोमलाल लामा, १६ वर्षीय राजबहादुर गुरुङ, ३१ वर्षीय नरबहादुर के.सी., २१ वर्षीय सुरेश पौडेल र नवराज सापकोटा ०६३ वैशाख ११ गते प्रहरीले कामनपा बसुन्धारामा अन्धाधुन्ध लाठीचार्ज गरी शान्तिपूर्ण विरोध प्रदर्शनमा हस्तक्षेप गरे। प्रहरीले सर्वसाधारणको घर घरमा प्रवेश गरी निर्ममरुपमा लाठीचार्ज गरे। सोही क्रममा प्रहरीले धापासीमा दीपक गौतमलाई लाठी तथा बुट प्रहार गर्दै भीरबाट खसाले। सो घटनामा आन्दोलनकारीको प्रहारबाट २४ वर्षीय प्रहरी शेखर कार्की घाइते भए। घाइतेको विभिन्न अस्पतालमा उपचार भयो।

जनआन्दोलन सहिद परिवार तथा घाइते कल्याण मञ्च नेपालका अध्यक्ष कैलाश तिमिल्सिना र सचिव सुदर्शन केसी सहितको समूहलाई १३ बुँदे मागसहित सभामुखलाई ज्ञापन पत्र बुझाउन सिंहदरबार जान लाग्दा ०६३ जेठ १७ गते प्रहरीले पद्मोदय मोडबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई अनामनगरस्थित वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी सोही दिन साँझ रिहा गरियो।

सर्लाही जिल्ला कर्मैया गाविस-निवासी काँग्रेसकी मीना पाण्डे, सद्भावना पार्टी आनन्दीदेवीकी सरिता गिरी लगायतलाई अन्तरिम विधान मस्यौदा समितिमा महिला सहभागिता नभएको भन्दै विरोध प्रदर्शनमा उत्रिएको अवस्थामा ०६३ असार ४ गते प्रहरीले सिंहदरबारबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी सोही दिन साँझ रिहा गरियो।

डिकोन्टका उपमहासचिव ऋषभदेव घिमिरे, केन्द्रीय सदस्य विमला गैरे, नेपाल भन्सार तथा विमानस्थल मजदुर संघका सचिव भीमसेन ओलीलगायत १ सय २० जनालाई त्रिभुव विमानस्थाल मुलगेट अगाडि धर्नामा बसेको अवस्थामा ०६३ असार ४ गते प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। नेपाल भन्सार तथा विमानस्थल मजदुर संघ तथा भन्सार क्षेत्रमा कार्यरत श्रमिकहरूलाई राजनीतिक आस्थाको कारण देखाई सरकारको भन्सार प्रशासनले निष्कासन गरेकोले पुनर्वाहालीको माग राखी मजदुरहरू धर्नामा बसेका थिए। उनीहरूलाई महेन्द्र पुलिस क्लबमा राखी सोही दिन रिहा गरियो।

माइतीघरस्थित मण्डलाबाट मुक्त कमैयाका नेता डिल्ली चौधरी, सोम चौधरी लगायतका सयौं कमैयाहरूलाई आफ्ना मागहरू पुरा गराउन सिंहदरबारमा धर्ना दिनका लागि तयारी गरिरहेको अवस्थामा ०६३ साउन २ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई वडा प्रहरी कार्यालय सिंहदरबार, वडा प्रहरी कार्यालय कालिमाटी र २ नं प्रहरी गण महाराजगञ्जमा राखी सोही दिन साँझ रिहा गरियो।

सुकमेली चौधरी, दीपक चौधरी, कलावती चौधरी, लक्ष्मी चौधरी, गुल्फी चौधरी, पुस्कर चौधरी, भीमकुमारी लगायत कमैयाहरूलाई सरकारले आश्वासन दिए अुनसार जमिन उपलब्ध नगराएको भनी विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६३ साउन ३ गते प्रहरीले सिंहदरबार अगाडि कुटपिट गरी घाइते बनाए। प्रहरीको कुटपिटबाट बेहोस

भएकी भीमकुमारी र एकजान नाम नखुलेका व्यक्तिलाई मोडेल अस्पतालमा उपचारको लागि लगियो।

राष्ट्रिय अपाङ्ग महासंघका महासचिव रामप्रसाद ढुंगाना, अर्जुन तिमिल्सिना, बालकृष्ण गैरे सहित ३३ जनालाई अन्तरिम संविधान मस्यौदा समितिमा अपाङ्गहरूको सहभागिता हुनुपर्ने लगायतका माग राखी धर्नामा बसेको अवस्थामा ०६३ साउन ८ गते प्रहरीले सिंहदरबार पश्चिम गेटमा गिरफ्तार गरी सोही दिन रिहा गरियो।

माध्यमिक विद्यालय स्रोत केन्द्रका निलम्बित कर्मचारी नरेन्द्र भट्टराई, विष्णुप्रसाद कायस्थसमेत १० जनालाई पुनर्वहालीको माग राख्दै धर्नामा बसिरहेको अवस्थामा ०६३ साउन ९ गते प्रहरीले शिक्षा मन्त्रालय केशरमहल अगाडिबाट गिरफ्तार गरी सोही दिन रिहा गरियो।

त्रिभुवन विश्वविद्यालयका आंशिक प्रध्यापकहरू यज्ञप्रसाद ज्ञवाली, लालबहादुर ओली, देवीप्रसाद भट्टराई, ढाकाराम सापकोट लगायत १ सय पचास जनालाई त्रिभुवन विश्वविद्यालयमा एक वर्ष शैक्षिक सत्र प्राध्यापन गरिसकेका आंशिक प्रध्यापकहरूलाई करारमा नियुक्ति दिनु पर्ने माग राख्दै चक्काजाम गर्ने क्रममा ०६३ भदौं ६ गते रत्नपार्कबाट प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई महाराजगञ्ज २ नं. गणमा राखी सोही दिन रिहा गरियो।

रमेश थापा, दामोदर घिमिरे, ओम भुषाल, प्रकाश न्यौपाने लगायतका विद्यार्थीहरूलाई ०६३ भदौं ११ गते ज्ञापनपत्र प्रधानमन्त्रीलाई बुझाउन जाने क्रममा पुतलीसडकबाट सशस्त्र प्रहरीले हस्तक्षेप गर्दा घाइते भए। घाइते सबैको उपचार मोडेल अस्पतालमा भयो।

माओवादी पीडित संघका अध्यक्ष धर्मराज न्यौपाने, अनुप भट्ट, कूलबहादुर कार्की, शर्मिला तामाङ, शिवबहादुर बुढाथोकी, कपिल कार्की, रमेश बगाले, शंकर बुढाथोकी लगायतलाई धर्ना बसिरहेको अवस्थामा ०६३ भदौं १५ गते प्रहरीले सिंहदरबार मूलढोकाबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई सोही दिन रिहा गरियो।

खानेपानी तथा ढल निकास विभागका कर्मचारीहरू देवकृष्ण मगर, कृष्णबहादुर राउत, विजयकुमार महतो, उर्मिला चौधरी, लेखबहादुर बस्नेत, दुर्गानन्द झा, सुनिल श्रेष्ठ, विद्या सुवेदी लगायत ५४ जनालाई स्वत: स्थायीको माग राख्दै धर्नामा बसिरहेको अवस्थामा ०६३ भदौ १८ गते प्रहरीले सिंहदरबारको मूलढोकाबाट गिरफ्तार गरे। उनीहरूलाई वडा प्रहरी कार्यालय बानेश्वरमा राखी सोही दिन रिहा गरियो।

माओवादी पीडित संघका अध्यक्ष धर्मराज न्यौपाने, अनुप भट्ट, कपिल कार्की, पदमलाल कडेल, कूलबहादुर कार्की, शर्मिला तामाङ, शिवबहादुर बुढाथोकी, रमेश बगाले लगायत ४१ जनालाई १० सूत्रीय मागप्रति सरकारले बेवास्ता गरेको भन्दै धर्ना बसिरहेको अवस्थामा ०६३ भदौं १९ गते प्रहरीले सिंहदरबार मुलढोकाबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये आठ जनालाई तीनकुनेस्थित वडा प्रहरी कार्यालय, १३ जनालाई वडा प्रहरी कार्यालय कमलपोखरी र २० जनालाई प्रहरी प्रशिक्षण प्रतिष्ठान महराजगञ्जमा राखी सोही दिन रिहा गरियो।

धनुषा जिल्ला निवासी सोमनाथ भट्टराई, विनोद साह, लक्ष्मी सत्याल, आशाराम यादव, खोटाङ जिल्ला निवासी हीराबहादुर निरौला, सप्तरी जिल्ला निवासी लक्ष्मण मेहता, अरुणकुमार चौधरी, नवराज सापकोटा, भवानी सिंह र शिवशंकर बस्याल लगायत ८० जना अस्थायी शिक्षकहरूलाई ०६३ भदौं १९ गते प्रहरीले स्थायीको माग राखी सिंहदरबार मुलगेटमा धर्ना दिन जाने क्रममा भद्रकालीमा अन्धाधुन्द लाठीचार्ज गर्दा घाइते भए। घाइते सबैको उपचार वीर अस्पतालमा भयो।

नेवा मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ, महासचिव सुरेश श्रेष्ठ, चन्द्र महर्जन, नरेन्द्र महर्जन र अर्का एक जना नाम नखुलेका व्यक्तिले राजा र राजपरिवारका अन्य सदस्यलाई कालो झण्डा देखाउन खोज्दा ०६३ भदौ २१ गते सुरक्षाकर्मीले कामनपा बसन्तपुरमा हस्तक्षेप गरी लाठी प्रहार गरी घाइते पारे। घाइतेलाई सुरक्षाकर्मीले उपचारको लागि शिक्षण अस्पताल लगे भने चन्द्र महर्जन र नरेन्द्र महर्जनको वीर अस्पतामा उपचार भयो।

माओवादी पीडित संघका धर्मराज न्यौपाने, कपिल कार्की, गणेश भण्डारी, शिव बुढाथोकी, प्रेमकुमारी तामाङ लगायतलाई विभिन्न माग राखि सिंहदरबार मुलढोकामा धर्ना बसेको समयमा ०६३ भदौं २३ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई महाराजगञ्ज प्रहरी प्रशिक्षण प्रतिष्ठान दुई नं. गणमा एक घण्टा राखी रिहा गरियो ।

खानेपानी तथा ढल निकास विभाग संघर्ष समितिका केन्द्रीय अध्यक्ष नवीन थापा, सत्यनाराढयण बजु, नवीन थापा, सन्तोष साह, शंकर चौलागाई, रत्नेश्वर श्रेष्ठ, लोकबहादुर बस्नेत, हिम शर्मा, नुरमान डंगोल, पदमसिंह धामी, नरबहादुर तामाङ लगायत २ सय ४८ जना अस्थायी कर्मचारीहरूलाई स्वत: स्थायीको माग राखी धर्ना दिने क्रममा ०६३ भदौं २३ गते प्रहरीले सिंहदरबार दक्षिण ढोकामा गिरफ्तार गरी बानेश्वरमा राखी सोही दिन छोडियो।

रामशाहापथस्थित स्वास्थ्य मन्त्रालयबाट सुर्वण श्रेष्ठ, पाल्पा जिल्ला निवासी यज्ञराज पाण्डे, दीपककुमार मण्डल, सरदचन्द्र थापा, पृथ्वी शाही, विनोदकुमार स्याङजाली, बालकृष्ण शाही, रामप्रसाद उपाध्याय डिल्ली केसी, थानेश्वर काफ्ले, नारायण आचार्य, दीलकुमार दुलाल, विनोद पौडेल, भागिरथ बाँनीया, अजय केशरी, पृथ्वी शाही, चन्द्र

किशोरलगायत २ सयजना स्वास्थ्यकमीहरूलाई ०६३ भदौ २६ गते स्तरवृद्धिको माग गर्दै धर्ना दिनेक्रममा प्रहरीले स्वास्थ्य मन्त्रालयबाट गिरफ्तार गरे। गिरफ्तार सबैलाई वडा प्रहरी कार्यालय बानेश्वर र वडा प्रहरी कार्यालय गौशालामा राखी सोही दिन साँझ रिहा गरियो।

कामनपा बिजुलीबजारमा स्वास्थ्यकर्मीहरू भवानी पौडेल, लक्ष्मणकुमार श्रेष्ठ, रामचन्द्र पण्डित, जयमुद ठाकुर, कृष्णकुमार श्रेष्ठ, जगत नेपाली, लालुप्रसाद जैसलवाल, फैराज तामाङ, नारायण तामाङ, धनेश्वर शाहलाई स्तरवृद्धिको माग राख्दै विरोध प्रदर्शन गर्ने क्रममा ०६३ भदौ २८ गते प्रहरीले हस्तक्षेप गरी कुटपिट गरे। घाइतेहरूको उपचार वीर अस्पताल र मोडल अस्पतालमा भयो।

कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती गाविस-८ निवासी ५३ वर्षीय लालबहादुर विश्वकर्मा, झापा जिल्ला अनारमनी गाविस-३ निवासी ४४ वर्षीय जीतु गौतम, जीवन परियार, वीरगञ्ज निवासी शम्भुहजरा पासवान, ललितपुर जिल्ला सानेपा निवासी दुर्गा सोव, अर्घाखाँची जिल्ला हंसपुर गाविस-५ निवासी ३७ वर्षीय तेज सुनार, इलाम चुलाचुली गाविस-निवासी ३२ वार्षीय भोजमान लाम्गादे, रेम विश्वकर्मा, ललितपुर जिल्ला पाटनढोका चाकुपाट-२२ निवासी ४० वर्षीय रत्न बागचन्द लगायतलाई ०६३ असोज ४ गते प्रहरीले दलितमाथि डोटीमा भएको घटनाका दोषीहरूलाई कारवाही गर्नुपर्ने र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइनुपर्ने माग राखी प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन जाने क्रममा बालुवाटारबाट गिरफ्तार गरे। उनीहरूलाई महाराजगञ्ज २ नं. गणमा राखी सोही दिन छोडियो।

अन्जान लामा, प्रदिप शाह र निराजन शाहलाई ०६३ मंसिर १७ गते प्रहरीले अस्थायी शिक्षकलाई खुला प्रतिस्पर्धाबाट नै स्थायी गर्नुपर्ने भनी विरोध प्रदर्शन गर्ने क्रममा कीर्तिपुरमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइते तीनैजनाको वीर अस्पतालमा उपचार गरियो।

रमेश विष्ट, राजेन्द्र विष्ट, हेरम्बराज बास्तोला, मेजन कोइराला, प्रकाश शाही, धिरेन चन्द लगायत १२ जना विद्यार्थीहरू ०६३ मंसिर १८ गते प्रहरीले विरोध प्रदर्शनका क्रममा कामनपा ताहचलमा लाठीचार्ज गर्दा घाइते भए। डोटी निवासी २२ वर्षीय गणेश उपाध्याय, बाजुरा निवासी २० वर्षीय चन्द्र राउत, २० वर्षीय निर्मल एनसी, बझाङ जिल्ला निवासी २१ वर्षीय अम्मराज भट्ट, २२ वर्षीय तीलक राउत, जुम्ला जिल्ला निवासी २३ वर्षीय वाग्ली बस्नेत, रोल्पा जिल्ला निवासी २१ वर्षीय कुमार पोखरेल र २४ वर्षीय शिवल सोही दिन प्रहरीले भृकुटीमण्डपमा कुटपिट गर्दा घाइते भए।

रुपन्देही जिल्ला निवासी १७ वर्षीय संगीता विश्वकर्मा, कामनपा टेकु निवासी ४० वर्षीय विरेन्द्र विश्वकर्मा, समाज विकास छात्रवासका २६ वर्षीय राम नेपाली, सल्यान जिल्ला निवासी २२ वर्षीय प्रेम गन्दर्भ, कामनपा टेकु निवासी ३० वर्षीय पम्फा विश्वकर्मा, चितवन जिल्ला निवासी १७ वर्षीय सुनिल परियार र शम्भु विश्वकर्मालाई ०६३ पुस ४ गते प्रहरीले सरकारले दलित विद्यार्थीहरूलाई उपलब्ध गराउदै आएको दश प्रतिशत छात्रवृत्ति कटौती गरेको भन्दै शिक्षा मन्त्रालयको मूल ढोकामा ताला बन्दी गर्ने क्रममा दरबारमार्ग केशरमहलमा हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइते सबैको मोडेल अस्पतालमा उपचार भयो। यसैक्रममा पम्पा विश्वकर्मा, विरेन्द्र विश्वकर्मा लगायत तीन जना विद्यार्थीहरूलाई प्रहरीले गिरफ्तार गरी सोही रिहा गरियो।

कामनपा-३५ पेप्सीकोला जडीबुटी निवासी २२ वर्षीय दिनेश कार्की, ५० वर्षीय भक्तबहादुर राउत, ३५ वर्षीय रमेश खनाल, सुदर्शन लामिछाने, रमशे खनाल ०६३ पुस ७ गते प्रहरीले त्रिभुवन विमानस्थलले अतिक्रमण गरेको जग्गाको मुआब्जा नपाएको भन्दै विमानस्थलको मूल ढोकामा धर्ना दिने क्रममा सिनामंगलमा लाठीचार्ज गर्दा घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष यस जिल्ला अदालतमा जम्मा ११ हजार ७ सय ७१ ओटा मुद्दा रहेकोमा ४ हजार १ सय २२ ओटा मुद्दा फर्स्यौट भई ७ हजार ६ सय ४९ ओटा बाँकी रहेका छन्। जसमा दुनियावादी देवानी तर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका ३ हजार ९ सय ६४ ओटा मुद्दामा १ हाजर ४ सय ४२ ओटा मुद्दा फर्स्यौट भई २ हजार ५ सय २२ ओटा मुद्दा बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका २ हजार १ सय ३० ओटा मुद्दामा ४ सय ८५ ओटा मुद्दा फर्स्यौट भई १ हजार ६ सय ४५ ओटा बाँकी रहेका छन्।

यसैगरी, दुनियावादी फौजदारी तर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका २ हजार १ सय ५ ओटा मुद्दामा ८ सय ४६ ओटा मुद्दा फर्स्यौट भई १ हजार २ सय ५९ ओटा मुद्दा बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका १ हजार ४ सय ३२ ओटा मुद्दामा ६ सय ३१ ओटा मुद्दा फर्स्यौट भई ८ सय १ ओटा बाँकी रहेका छन्। सरकारवादी फौजदारी तर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार १ सय ८० ओटा मुद्दामा ४ सय २९ ओटा मुद्दा फर्स्यौट भई ७ सय ५१ ओटा मुद्दा बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका ९ सय ६० ओटा मुद्दामा २ सय ८९ ओटा मुद्दा फर्स्यौट भई ६ सय ७१ ओटा बाँकी रहेका छन्। यस जिल्लामा पाँचवर्ष नाघेका दुनियावादी देवानीका ५० ओटा, दुनियावादी फौज्दारीका ८ ओटा र सरकारवादी फौज्दारीका ३ ओटा रहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

केन्द्रीय प्रहरी ब्यान्ड गुल्म महाराजगंजमा कार्यरत

प्रहरी सई होमबहादुर बगालेलाई ०६२ चैत ८ गते प्रहरी प्रधान कार्यालय नक्सालमा विभागीय कारवाही गरिएको भन्दै बर्खास्त गरिएको पत्र बुझ्न बोलाई प्रहरीले कुटपिट गरी यातना दिए। सिभिक्टका टीका पोखरेलसँग मोबाइलमा पीडित बगालेको कुराकानी नसकिदैं प्रहरीले बगालेको मोबाइले खोसेको थियो। बगालले पोखरेललाई आफूलाई यातना दिएर मार्न लागेको बताएपछि ०६२ चैत ८ गते प्रहरी प्रधान कार्यालय नक्साल पुगेको मानवअधिकारकर्मीको टोलीलाई पीडित बगालेसँग भेट गर्नबाट प्रहरीले रोक लगायो। यसअघि प्रहरीले यातना दिएको भन्दै पीडितले यातनाको विरुद्ध क्षतिपूर्तिको माग गर्दै पुनरावेदन अदालत पाटनमा मुद्दा दिएका थिए। उनलाई ०६२ चैत १५ गते सर्वोच्च अदालतको आदेशमा रिहा गरियो।

बालअधिकार

कामनपा-९ डेफोडिल पब्लिक स्कुलमा कक्षा ३ मा अध्ययनरत सौरभ खकुरेल, हुकाम अवस्थी, पुकार शर्मा, शोभित गौतम, विकास प्रधान, रिमिसा गोपर्मा, आकांक्षा आचार्य, आस्मा पराजुली, प्रज्ञा साह, उज्वलविक्रम अधिकारी, सौरभ मैनाली, विनय अग्रवाल, विक्की राणा, आदित्य चौधरी, वैभव चौधरी, वैभवराज पाण्डे, सौगात तिवारी र सागर भुषाललाई ०६३ साउन २ गते कक्षा शिक्षकलाई नटेरेको आरोपमा सो विद्यालयका अनुशासन इन्चार्ज विनोद क्षेत्रीले कुटपिट गरे। विद्यालयका प्रधानाध्यापक उद्धव लामाको आदेशमा ती विद्यार्थीाई कुटपिट गरिएको थियो।

रोल्पा जिल्ला भावाङ गाविस-३ निवासी १० वर्षीय बालक अनिल डाँगीलाई ०६३ मंसिर १५ गते दिउँसो इन्सेक, सिविन हेल्पलाइन तथा कोटेश्वर सामुदायिक प्रहरीको सहयोगमा उद्धार गरियो। पीडित बालकलाई गत आठ महिनादेखि कमनपा-३५ मनोहरा पुलनजिक हिमालाल श्रेष्ठको घरमा घरेलु कामदारको रुपमा घर भित्रै ताला मारेर काम गराइएको थियो। सोको जानकारी कोटेश्वर सामुदायिक प्रहरीको सहयोगमा हिमाललाल श्रेष्ठको घरबाट ल्याएर सिविन हेल्पलाइनलाई बुझाएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

विस्थापन

काठमाडौं जिल्ला प्रशासन कार्यालयले यस जिल्लामा विस्थापनका घटना नभएको जनाएको छ। तर, बाहिरी जिल्लाबाट विस्थापित भएकाहरूको संख्या भने ६ सय ५० जना रहेको जनायो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र ३२ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा स्युचाटार गाविस-३ बुढाथोकी टोल निवासी ३० वर्षीय सानोबाबु भण्डारी, कामनपा-११ कीर्तिपुर निवासी अजय शाही, कामनपा-५ कीर्तिपुर निवासी अर्जुन महर्जन, कामनपा बुढानिलकण्ठ-३ निवासी अशोक सुनार अकेला, कामनपा बालाजु निवासी बासुदेव खनाल, कामनपा-१ काभ्रेश्थली भक्तराम लामिछाने, कामनपा ३ गोंगबु निवासी भीमराज महर्जन, कामनपा नाङलेभारे निवासी विक्रम फुयाँल, कामनपा ६ सरस्वतीनगर निवासी दिलबहादुर राई, कामनपा महादेवस्थान निवासी दिनेश लामिछाने, कामनपा निवासी दीपेन्द्र पन्त, कामनपा सतुङ्गल निवासी हरिशरण महर्जन, कामनपा-७ निवासी माधव दाहाल, कामनपा-६ नैकाप निवासी मीना श्रेष्ठ, कामनपा-१ काभ्रेश्थली निवासी मुकुन्द फुँयाल, कामनपा-९ नाङ्गलेभारे निवासी निमनुर्पु लामा (आईते), कामनपा-५ महादेवस्थान निवासी निश्चल नकर्मी, कामनपा-१५ निवासी राजन योञ्जन, कामनपा ५ हटिया तीनथाना निवासी रेनुका दुलाल, कामनपा कीर्तिपूर निवासी सविरनन्द महर्जन, कामनपा ७ महांकाल निवासी शम्भुप्रसाद भण्डारी, कामनपा धापासी गाविस निवासी मिलन नेपाली, कामनपा निवासी रामहरि रुपाखेती, कामनपा-१ गोलढुङ्गा निवासी विपिन भण्डारी, कामनपा-८ नाङ्गलेभारे निवासी देवराज दंगाल, कामनपा-७ नाङ्लेभारे निवासी ध्रुव नेपाल, कामनपा सतुङ्गल निवासी सुचेन्द्र श्रेष्ठ, कामनपा मूलपानी-७ निवासी तीर्थ विश्वकर्मा, कामनपा निवासी रण दुलाल, कामनपा निवासी चेतनाथ दंगाल, कामनपा मूलपानी निवासी बुद्धिप्रसाद पोखरेल, कामनपा निवासी धर्मराज महर्जन, कामनपा झोरमहांकाल निवासी ठाकुरप्रसाद लामिछाने कामनपा निवासी चेतनाथ दंगाल, कामनपा बौद्ध निवासी बुद्धि लामा रहेका छन्। यसैगरी पूर्वाञ्चलका झापा जिल्ला दमक नपा-१ निवासी धिरेन्द्र बस्नेत, सोही जिल्ला सुरङ्गा गाविस-९ निवासी रमेशकुमार ढुंगेल, सोही जिल्ला बैगनधारा निवासी शान्तिराम भट्टराई, इलाम जिल्ला फाकफोक गाविस-१ निवासी हरिबहादुर खड्का, भोजपुर जिल्ला नेपालडाँडा गाविस-७ निवासी देशभक्त चापागाईं, सोही गाविस-६ निवासी रामबहादुर कार्की, सोही जिल्ला दिल्पानागी निवासी नविन राई, उदयपुर जिल्ला बसाहा गाविस-२ निवासी यामकुमार राई, रामकुमार राई, सञ्जिवकुमार राई, ओखलढुंगा जिल्ला विलन्दु गाविस-५ निवासी दिपक पोखरेल, सोही जिल्ला कालिकादेवी गाविस-२ निवासी खड्गबहादुर कार्की, खोटाङ जिल्ला बुइपा गाविस-७ निवासी सन्देश राई र मैना राई काठमाडौंबाट बेपत्ता रहेका छन्।

२.१६ धादिङ



जनसंख्या	: ३,६६,१४३
साक्षरता प्रतिशत	: ४३.४८
महिला साक्षरता प्रतिशत	: ३३.८१
क्षेत्रफल (वर्ग कि. मि.)	: १९२४.६
गाविस/नपा संख्या	: ५०/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५३९
क्याम्पस/उच्च मा.वि.	: १/७
अस्पताल/स्वास्थ्य चौकी	: १/४९
टेलिफोन लाइन	: ५५१
मोटर सडक (कि. मि.)	: ४८५
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ५०
मानव विकास सूचकाङ्क	: ०.४१०
प्रति परिवार सरदर संख्या	: ५.८४

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

रज्यबाट

बुडाथुम गाविस-४ ढोडेनी निवासी ३२ वर्षीय काले सार्कीको माओवादीको आरोपमा ०६२ माघ २४ गते बिहान आरुघाटस्थित सुरक्षा बेसक्याम्पबाट आएका सादापोशाकका सुरक्षाकर्मीले सोही गाविस -५ को स्थानीय बजारबाट गिरफ्तार गरी गोली हानी हत्या गरे। आफन्तको घरबाट मादकपदार्थ सेवन गरी फर्केका पीडितले सेनाले लालसलाम भनेपछि उनले पनि लालसलाम फर्काएकोमा उनलाई माओवादी भएको आशंकामा हत्या गरिएको थियो। पीडितका छिमेकी भोलिपल्ट सैनिक ब्यारेकमा खोजी गर्न जाँदा एउटा कागजमा सही गर्न लागाएर लास बुझाइयो। सुरक्षा निकायले दोहोरो भिडन्तमा माओवादी मारिएको जनायो।

माओवादीबाट

नलाङ गाविस-६ निवासी माओवादी कार्यकर्ता १५ वर्षीय विष्णु कसाईको ०६२ चैत १७ गते आफैंले ल्याएको सकेट बम खेलाउन लाग्दा पड्किएर मृत्यु भयो।

जेल र बन्दी

'ङ' श्रेणीमा रहेको कारागार शाखा, धादिङको बन्दी क्षमता २५ जनाको रहेको छ। तर प्राय क्षमता भन्दा दोब्बर बन्दी राखिने गरिएको छ। यस वर्षको अन्त्यसम्म यस कारागारमा ५१ जना बन्दीहरू रहेका थिए। जसमा महिला २ जना रहेका छन्। बन्दीहरूमध्ये कैद तोकिएका १२ पुरुष र एक महिला र कैद नतोकिएका थुनुवा ३७ पुरुष र १ महिला रहेका छन्।

०३८ सालमा निर्मित धादिङ कारागार कच्ची रहेको छ। जहाँ पुरुष बन्दीहरू पालो गरेर सुत्न बाध्य छन्। महिला कक्षमा बन्दीको संख्या कम भए पनि पुरुष कक्षमा भएका बन्दीहरू वर्षभरि नै सानो कोठामा धेरैजना बस्नुपर्ने भएकोले कष्टपूर्ण जीवन बिताउन बाध्य छन्। भवन जीर्ण भएर ढल्ने अवस्थामा पुगेको भए पनि सरकारले चासो दिएको छैन। भित्रको ढल र दुर्गन्धले बन्दीहरू बिरामी पर्ने गरेका छन्।

०६३ असार १ गते देखि ९ गतेसम्म जेलका बन्दीहरूले आन्दोलन गरे। जेल सुधारको माग गर्दै भएको आन्दोलनमा सिदा बहिष्कार, अनसन र धर्ना गरेका थिए। क्षमताभन्दा बढी बन्दी राख्न नपाईने, सिदामा दिइएको चामलको गुणस्तर बढाई चामल र दैनिक भत्ता बढाउनु पर्ने, जेलमा परेकै बेलामा ओड्ने र कपडा दिनुपर्ने, जेलको मर्मत तथा नयाँ निर्माण गर्नुपर्ने, वाईरिङ गर्नुपर्ने, जेलभित्र व्यवसायिक सीपका लागि अवसर हुनुपर्नेलगायतका माग बन्दीहरूले राखेका थिए। बन्दीका माग पूरा गर्न तयार रहेको प्रमुख जिल्ला अधिकारी रामशरण चिमोरियाले बताएपछि आन्दोलन रोकिएको थियो। तर पनि बन्दीका माग पूरा गरिएको छैन।

बेपत्ता/अपहरण

राज्यबाट

मकवानपुर जिल्ला पालुङ गाविस-५ अंडारे निवासी २० वर्षीया सुनिता कार्कीलाई माओवादीको आरोपमा ०६२ फागुन ९ गते सेनाले थाक्रे गाविसबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितको अवस्था अज्ञात छ।

माओवादीबाट

धादिङ बोर्डिङ स्कूलका १ सय ५० जनालाई ०६३ भदौ ४ गते, महाकाली उच्च मावि, भुमेस्थान गाविस-६ का १ हजार जनालाई ०६३ भदौ २१ गते, ससाह देउराली मावि,

मुरलीभञ्ज्याङ गाविस-३ का २ सय ५० जनालाई ०६३ असोज २६ गते, माओवादीले अपहरण गरी जबरजस्ती आफ्नो कार्यक्रममा सहभागी गराई मुक्त गरे। उनीहरू १० देखि १६ वर्ष उमेरका थिए।

खाल्टे गाविस- ४ डाँडागाउँ निवासी शिक्षक ५३ वर्षीय रामहरी नेपाललाई माओवादी विरुद्ध लागेको र सामाजिक कुसंस्कार गरेको आरोपमा ०६२ माघ ९ गते माओवादीले महेन्द्रोदय कालिका निमाविबाट अपहरण गरे। उनलाई चार दिनपछि मुक्त गरियो।

धुवाँकोट, बसेरी, कटुन्जे, मूलपानी लगायतका २० भन्दा बढी गाविसबाट ०६२ माघ ११ गते माओवादीले तीन सय भन्दा बढी शिक्षक, विद्यार्थी र सर्वसाधारणलाई आफ्नो कार्यक्रममा सहभागी गराउन अपहरण गरी लगे। उनीहरूलाई तीन दिनपछि मुक्त गरियो।

खाल्टे गाविस–६ निवासी पञ्चकन्या निमाविका शिक्षक भीमबहादुर मगर, विष्णु ढुङ्गाना, सोही गाविस–७ स्थित कन्यादेवी प्राविका भीमबहादुर गुरुङ र महेन्द्रोदय कालिका निमाविका दुईजना शिक्षकसहित पाँचजना र २२ जना विद्यार्थी गरी २७ जनालाई ०६२ फागुन ११ गते माओवादीले विद्यालयबाट अपहरण गरेकोमा तीन दिनपछि मुक्त गरे।

खरी गाविस-१ निवासी २१ वर्षीया शोभा सिम्खडा थापालाई ०६२ फागुन २१ गते माओवादीले घर नजिकै सभा गरेको बेला अपहरण गरे। विवाह गरेको ४० दिनपछि घर छाडेर माओवादी प्रवेश गरेको उनका परिवारले जनाए पनि माओवादीले सम्पर्क गर्न दिएको छैन। पीडितका पति सेनामा कार्यरत छन्।

गजुरी गाविस-२ निवासी ३५ वर्षीय अणुराज पाण्डेलाई माओवादी विरूद्ध सुराकी गरेको आरोपमा ०६३ भदौ १९ गते बिहान माओवादीले अपहरण गरी भदौ २० गते बेलुका मुक्त गरे। घर नजिकै चामबासबाट अपहरण गरिएका पाण्डेलाई अपहरणपछि ट्रकमा हाली मलेखुसम्म लगी हात बाँधेर सोही गाविस-४ बेलटार लागिएको थियो। पीडितलाई माओवादीले कुटपिट गरेका कारण करङ ढाँड, हात, आँखा तथा घाँटीमा नीलडाम र घाउ लागेको थियो। उनको गजुरी प्राथमिक स्वास्थ्य केन्द्र र काठमाण्डौमा उपचार भयो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सल्यानकोट गाविस २ गणेस्थान निवासी ३३ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई बाटोमा धुलो उडाएको आरोपमा ०६२ पुस २३ गते दिउँसो मुरलीभज्याङ गाविस-३ बगैंचामा मोटरसाईकलमा पछिपछि आएका सेनाले कुटपिट गरी घाइते पारे। कच्ची सडकमा गाडी लिएर सदरमुकामतर्फ आउँदै गर्दा श्रेष्ठलाई बाटैमा गाडी रोकेर कुटिएको थियो। पीडितको उपचार जिल्ला अस्पतालमा भयो। पीडितले उजुरी गर्न खोज्दा थुनिदिने धम्की दिएपछि उजुरी गर्न सकेनन्।

बैरेनी गाविस-९ निवासी ५७ वर्षीय विष्णुप्रसाद अधिकारीलाई ०६३ जेठ १६ गते बैरेनी प्रहरीचौकीका प्रहरीले छलफल गर्न बोलाएर कुटपिट गरे। जग्गा सम्बन्धी विषयमा चौकीमा बोलाइएपछि उनलाई मरणासन्न हुने गरी कुटिएको थियो। त्यसपछि मिलापत्र गराउन प्रहरीले कोसिस गरी जिल्ला प्रहरी कार्यालयसम्म भोलिपल्ट पुऱ्याएको थियो। उनलाई जबरजस्ती मिलापत्र गर्न धम्कीसमेत दिइयो।

चितवन जिल्ला निवासी बेनीघाट प्रहरी चौकीका प्रहरी जवान कृष्णप्रसाद अधिकारीलाई सेनासँग मुखमुखै लागेको आरोपमा ०६३ असार १४ गते सेनाका जमदार भरत ऐर, हवल्दार भोजबहादुर गुरूङ लगायत ५ जनाले कुटपिट गर्दा सख्त घाइते भए। पीडितको उपचार काठमाण्डौमा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला		जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१		४	१	१			१	१	१			१
घाइते						१		१		१					
गिरफ्तारी/यातना											३	३	१		३
बेपत्ता											३	१	१		३
कुटपिट	३	११			११	६	६	३		८	३	५			५
धम्की						३	१४			१४	१	१			१
भेला/संगठित हुने अधिकार											३	३		१८	३०
जातीय विभेद	४	५	१	१००	१०६										
महिलाअधिकार	४		९		९										
बालअधिकार	५		५	६०	६५										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१४	१५										
अपहरण	१	१			१	१०	१०	१	३३३३	३३३३					
जम्मा	३३	३१	१६	१६४	२११	३१	३१	४	३३३३	३३५६	११	१३	३	१८	३३



सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका तरुण दलका विनोद तिमल्सिना

मैदी गाविस-२ निवासी पत्रकार ४७ वर्षीय राजेन्द्रप्रताप शाहलाई फूलपाती बडाई गरेको तस्वीर खिच्न लागेको आरोपमा ०६३ असोज १३ गते सेनाका कर्णेल कृष्णदेव भट्टले नीलकण्ठ गाविस -५ धादिङबेसीमा रोक लगाउँदै धम्की दिए। फूलपाती बडाई गर्ने क्रममा सेनालाई नसोधी तस्विर खिच्न लागेका भनी कर्णेलले पत्रकार शाहलाई धम्की दिएका थिए।

मोओवादीबाट

गोगनपानी गाविस -४ चकमके निवासी व्यापारी ३८ वर्षीय चक्रबहादुर तामाङलाई माओवादीलाई नसघाएको आरोपमा ०६२ पुस २३ गते माओवादीले चाउचाउ पकाउन लगाई खाएर नगद र पसलको सामान समेत लुटी लगे। २५ हजार नगदसहित लुटेपछि उनलाई कुटपिट गरी पसलको सामान र ट्याङ्का नजिकै डाडाँमा लगेर फालिए।

नौबिसे गाविस-७ तोप्लाङ निवासी ४० वर्षीय चन्द्रबहादुर तामाङलाई खाजाखाएको पैसा मागेको आरोपमा ०६२ पुस २३ गते माओवादीले कुटपिट गरी भागे। पसलमा खाएपछि खाजाको पैसा माग्दा माओवादीले उनलाई कुटपिट गरेका थिए।

छत्रेदेउराली गाविस -३ सिरानचौर निवासी ४५ वर्षीय नवराज लुँइटेलले माओवादीलाई नसघाएको आरोपमा ०६२ पुस २५ गते बेलुका माओवादीले उनको दश हजार नगद, गहना, सुनचाँदी गरी १ लाख २५ हजार बराबरको सामान लुटेर लगे भने घरका मानिसलाई कुटपिट गरे।

गोगनपानी गाविस -२ निवासी ४२ वर्षीय पम्फा श्रेष्ठ र ७० वर्षीय ठूलिमायाँ श्रेष्ठले उनलाई नसघाएको आरोपमा ०६२ पुस २७ गते माओवादीले बाँधेर ८० हजार नगद र १५ हजारको गहना लुटे।

केवलपुर गाविस-१ पाटेचौर निवासी ४० वर्षीय कृष्णबहादुर अधिकारीले सुराकी गरेको आरोपमा ०६२ फागुन २५ गते माओवादीले ताला लगाई घर निकाला गरे। पीडित परिवार काठमाडौमा विस्थापित भए।

री गाविस निवासी रामबहादुर तामाङ, लापा निवासी सिंहबहादुर तामाङ, तिप्लिङ निवासी फैसिङ घले, झार्लाङ निवासी डिलबहादुर तामाङ, ज्ञान लामा, सेमजोङ निवासी मानबहादुर तामाङ, फुलखर्क निवासी तुलसी सिम्खडा, मुलपानी निवासी केदार सिम्खडा, केदार थापा, नुरबहादुर नेपाली, गणेशबहादुर अधिकारी र मार्पाक निवासी धनबहादुर तामाङलाई माओवादी विरूद्ध सुराकी गरेको अरोपमा ०६२ चैत २७ गते माओवादीद्वारा घोषित जिल्ला जनसरकारले सार्वजनिक सूचना जारी गरी माओवादीको सत्तामा हाजिर हुन उर्दी जारी गरे।

सलाङ गाविस-९ निवासी ४० वर्षीय डीलबहादुर मगरले आफ्नो जनसरकार भएको क्षेत्रमा सरकारी काम गरेको आरोपमा ०६३ असार ११ गते मओवादीले धम्की दिए। माओवादीले जग्गाको सीमाना छुट्याउन ल्याएको अमिनलाई समेत जग्गा छुट्याउन नदिई त्यसै फर्काएको थियो।

मुरलीभञ्ज्याङ गाविस-६ पाल्पामुखियाथोक निवासी खेलाडी २५ वर्षीय राजकुमार विश्वकर्मालाई ०६३ असार २९ गते बेलुका माओवादीले कुटपिट गरे। घरायसी झगडाका कारण दुईजना माओवादीले कुटपिट गरेको पीडितले जनाए। कुटपिटका कारण उनको देब्रे आँखा र निधारमा चोट लागेको थियो। घटनास्थल पुगेका पीडितका साथी गणेश श्रेष्ठलाईसमेत कुटपिट गरे। पीडितहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरियो।

खाल्टे गाविस-४ डाँडागाउँ निवासी ५३ वर्षीय रामहरि नेपाललाई 'सेरेमोनियल किड' तर्फ लागेको आरोपमा ०६३ मंसिर १३ गते माओवादीले ज्यान मार्ने धम्की दिए। माओवादीको धम्कीका कारण सोही दिनदेखि घर छाडेर भागेका नेपाल आफूले पढाउने सोही गाउँको महेन्द्रोदय कालिका निमाविमा समेत जान सकेनन्। यस सम्बन्धमा नेपालले ०६३ मंसिर २२ गते प्रधानमन्त्री तथा नेकाँ सभापति गिरिजाप्रसाद कोइरालालाई निवेदनमार्फतसमेत जानकारी गराए। माओवादी पार्टीले भने उनलाई धम्की नदिएको जनायो।

गैरकानुनी गिरफ्तारी

छत्रेदेउराली गाविस–१ निवासी ४२ वर्षीय प्रगति भन्ने माइली तामाङलाई माओवादीको आरोपमा ०६२ फागुन २३ गते सुरक्षाफौजले केवलपुर गाविस-१ पाटेचौरबाट गिरफ्तार गरे। पीडितलाई वैशाख १५ गते रिहा गरियो।

बैरेनी गाविस-९ निवासी ५० वर्षीय शेषकान्त अधिकारीलाई पुनरावेदन अदालत ललितपुरले दिएको आदेश विपरीत ०६३ असार ५ गते प्रहरीले गिरफ्तार गरे। २२ वर्ष अघिको जग्गा विवादको मुद्दा अदालतमा चलिरहेको बेला

गिरफ्तार गरी अदालतको आदेशको अवज्ञा गरियो। कानुन व्यवसायीले अदालत आदेश प्रहरीलाई देखाएर प्रतिवाद गरेपछि अधिकारीलाई जबरजस्ती कागजमा सही गराई दुई दिनपछि छाडिएको थियो। अदालतले पीडितलाई गिरफ्तार नगर्न ०६३ जेठ २९ गते आदेश दिएको थियो।

अभिव्यक्ति/ भेला हुने तथा संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वन्त्र र निष्पक्ष चुनावसमेत)

आन्दोलनरत दलद्वारा नीलकण्ठ- ५ धादिङबेसीमा आयोजना गरिएको मसाल जुलुसमा ०६२ माघ १२ गते प्रहरीले हस्तक्षेप गर्दा एमालेका जगन्नाथ शर्मा, कृष्ण अर्याल सहित ६ जना प्रदर्शनकारी घाइते भए।

इन्सेकका सीताराम अधिकारी, गैसस महासंघका केशव दुवाडी, रिलेक नेपालका केशव अधिकारी, पत्रकार नवराज छत्कुली र दीपक कोइरालालाई लोकतान्त्रिक आन्दोलनमा लागेको आरोपमा ०६२ माघ १३ गते डीएसपीले स्पस्टिकरण सोधे। मानवअधिकार कार्यकर्ता एवं पत्रकारलाई जिविस सभापतिको गाडी जलाउने प्रयास गरेको आरोप पनि लगाइएको थियो।

माओवादी र सात दलबीच भएको सहमतिपछि भएको १९ दिने आन्दोलनको क्रममा धादिङ सदरमुकाममा प्रशासनले निषेधाज्ञा लगायो। प्रत्येक दिन हुने प्रदर्शनमा ब्यारीगेटल गाएर छेकिएको थियो। यसक्रममा ०६३ वैशाख ७ गते धादिङबेंसीमा जिल्लाभरका शिक्षकहरूले गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा शिक्षक नरहरि लम्साल, व्यापारी बद्री दुवाडी, उद्धारमा गएकी मानवअधिकारकर्मी राधिका सापकोटा, शिक्षकहरू अर्जुन नगरकोटी, लक्ष्मी आचार्य, विष्णु अधिकारी, सविता अर्याल, विनोकुमार राना, नरबहादुर लम्साल, शिवराज रेग्मी, विद्यार्थी रामचन्द्र रिजाल लगायत एक दर्जनभन्दा बढी घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धादिङ जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ५५ ओटा देवानी र ५८ ओटा फौजदारी मुद्दा रहेका छन्। जिल्ला अदालतमा ०६३ साउनदेखि पुस १६ गतेसम्म ५७ ओटा देवानी र ५६ ओटा फौजदारी मुद्दा परे। यस अवधिमा जिम्मेवारी सरेका मध्येबाट ३४ ओटा र यस वर्ष दर्ता भएका मध्येबाट २७ ओटा मुद्दा फर्स्यौट भए। यसरी २ सय २६ ओटा मुद्दा रहेको धादिङ जिल्ला अदालतमा यस वर्ष ५१ ओटा मुद्दा फर्स्यौट हुँदा १ सय १७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।



प्रदर्शनकारीमाथि प्रहरीद्वारा लाठीचार्ज

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सल्यानकोट गाविस-९ निवासी २५ वर्षीय केशव ढुङ्गाना र गुम्दी गाविस-७ निवासी २२ वर्षीय सुवास रिजाललाई निलकण्ठ गाविस-५ मिलनटोलबाट मोओवादीको आरोपमा ०६२ माघ ९ गते सेनाले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई सात दिनपछि घाइते अवस्थामा रिहा गरियो। पीडितको उपचार काठमाडौंमा भयो।

बालअधिकार

जोगीमारा गाविस-५, कोस्राङ् निवासी १२ वर्षीय सानु चेपाङलाई २०६३ कात्तिक १८ गते सोही ठाउँका ३२ वर्षीय च्यौराङ चेपाङले बाल विवाह गरे। जेठी पत्नीले घर छाडेपछि उनले बालिकालाई विवाह गरे।

बालबालिका अपहरण

नलाङ गाविस-६ निवासी १६ वर्षीय शिव नेपाली र १५ वर्षीय विष्णु शाहीलाई आफ्नो पार्टीमा भर्ना गराउन ०६२ चैत ५ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा मुक्त भएका छैनन्।

महाकाली उच्च मावि भुमेस्थान गाविस-६ का कक्षा-१० मा अध्यायनरत १७ वर्षीय ईन्द्रबहादुर कार्कीलाई ०६३ जेठ १० गते विद्यालयबाट, आदर्श उच्च मावि गजुरी कक्षा-९ मा अध्यायनरत पीडा गाविस-२, धारापानी निवासी १४ वर्षीय रामभक्त मगरलाई ०६३ साउन १७ गते घरबाट, पीडा गाविस-२, गलौंदी निवासी १६ वर्षीय सुरेश तामाङलाई ०६३ साउन १७ गते घरबाट, कर्णेश्वर माविबाट कक्षा-८ मा अध्ययनरत सुनौलाबजार गाविस-८ निवासी १४ वर्षीया इन्दिरा विश्वकर्मा र १२ वर्षीय दीपेश विश्वकर्मालाई ०६३ साउन २८ गते विद्यालयबाट, सुनकन्या प्राविमा कक्षा-४ मा अध्यायनरत सुनौलाबजार गाविस-८ निवासी १५ वर्षीया बाटुली विश्वकर्मालाई ०६३ साउन २८ गते विद्यालयबाट, ज्योति माविबाट कक्षा-९ मा अध्यायनरत केवलपुर गाविस-१ निवासी १६ वर्षीया पवित्रा सुवेदीलाई ०६३ भदौ ५ गते विद्यालयबाट, केवलपुर गाविस-१ निवासी १३ वर्षीया राधा

गुरूङलाई ०६३ भदौ ५ गते सोही विद्यालयबाट, महाकाली उच्च मावि भुमेस्थान गाविस-६ निवासी कक्षा ८ मा अध्ययनरत भुमेस्थान गाविस-७ निवासी १३ वर्षीय रामचन्द्र बानियाँ, गोगनपानी गाविस-८ निवासी १४ वर्षीया अप्सरा अर्याल, गोगनपानी गाविस-८ निवासी १५ वर्षीया पार्वती लुईटेललाई सोही विद्यालयबाट, आदर्श उच्च मावि गजुरी गाविस-१ निवासी कक्षा-१० मा अध्यायनरत पीडा गाविस-८ निवासी १५ वर्षीया राधिका न्यौपानेलाई ०६३ भदौ २६ गते पीडा गाविस-२ घाटबेसीबाट विद्यालय जानलागदा, महाकाली उच्च मावि भुमेस्थान गाविस-६ कक्षा-८ मा अध्यायनरत थाक्रे गाविस-३ की १३ वर्षीया दुर्गा विडारीलाई ०६३ भदौ २१ गते घरबाट, कुम्पुर प्राबि कुम्पुर गाविस निवासी कक्षा-६ मा अध्यायनरत पीडा गाविस-२ निवासी १२ वर्षीय राजु नेपालीलाई ०६३ भदौ १० गते घरबाट, पीडा गाविस-२ निवासी १५ वर्षीय रमेश अगस्ती, १५ वर्षीय लुरे अधिकारीलाई ०६३ भदौ १० गते घरबाट, मछिन्द्र उमावि खानीखोला नौविसे-७ कक्षा १० मा अध्यायनरत नैविसे गाविस-६ निवासी १७ वर्षीया शर्मिला कार्कीलाई ०६३ भदौ १८ गते नौविसे गाविस-६ ठाँटीबाट, आदर्श उच्च मावि कक्षा-९ मा अध्यायनरत पीडा गाविस-२ निवासी१५ वर्षीय ऋषिराम अधिकारीलाई ०६३ साउन १७ गते घरबाट, सोही विद्यालय कक्षा-४ मा अध्यायनरत पीडा गाविस-२ निवासी १४ वर्षीय जुठे सुनारलाई ०६३ कात्तिक २० गते घरबाट, साङकोष गाविस– ३ का शान्त पयिार, अप्सरा श्रेष्ठ, माधव पाण्डे, सुकु माया पाण्डेलाई ०६३ कात्तिक २८ गते बेलुका ८ बजे माओवादीले अपहरण गरे। पशुपति माविमा अध्यायनरत ती बालबालिका अझै घर फर्केका छैनन्। उनीहरूलाई माओवादी सेनामा भर्ना गरिएको छ।

सत्यवती उच्च मावि आदमटारका कक्षा ९ मा अध्यायनरत कुम्पुर -७ निवासी भगवान गिरी, राजेन्द्र पुरी, कुम्पुर -५ निवासी लक्ष्मी विश्वकर्मा, सोविता भण्डारी र कक्षा ८ का प्रमोद श्रेष्ठलाई ०६३ कात्तिक २८ गते माओवादीले अपहरण गरे। बालबालिका अझै घर फर्केका छैनन्। सबैलाई माओवादीले सेनामा भर्ना गरेको छ।

कल्लेरी मावि कक्षा ८ मा अध्यायनरत १७ वर्षीय विक्रम सिजापति र कल्लेरी-८ निवासी विष्णु खतिवडालाई ०६३ कात्तिक २८ गते माओवादीले अपहरण गरे। दुबैलाई माओवादी सेनामा भर्ना गरियो।

महाकाली निमावि पीपलटारमा अध्यायनरत कुम्पुर-७ पीपलटार निवासी १७ वर्षीय दिनेश गिरी, ममिता मिजार र विद्यालयबाहिर रहेका राजु पुरी, सीता मिजार, कान्छी मिजार, रामकुमार मिजारलाई ०६३ कात्तिक २८ गते माओवादीले अपहरण गरी सेनामा भर्ना गरे।

साङकोष मावि कक्षा ८ मा अध्यायनरत १५ देखि १८ वर्षका साङकोष ५ निवासी चन्द्रबहादुर गुरुङ, खड्गबहादुर गुरङ, रिमबहादुर गुरुङ, टीकाबहादुर गुरुङलाई ०६३ कात्तिक २९ गते बेलुका माओवादीले अपहरण गरे।

दशरथचन्द मावि छत्रेदेउराली-१ कुखुरेचौरका कक्षा ५ का दिनेश भेटवाल, कक्षा ८ का रविन्द्र लामा, सुजन लामा, लक्ष्मण थापा, द्वारिका भण्डारी, राजेन्द्र सापकोटा, श्यामकुमार भेटवाल, कक्षा ९ का शिव लुईटेल, राजेश रोक्का, रमेश रन्जितकार, दिपेन्द्र बस्नेत, शिवराम कार्की र अदिप लामालाई २०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरे। विद्यालयबाट अपहरण गरेका सबै बेलुका मुक्त भए पनि कक्षा ८ का १५ वर्षीय दिपेन लामा र कक्षा ९ का १६ वर्षीय रामकुमार बयलकोटी भने घर फर्किएका छैन।

नलाङ गाविस-६ निवासी हरिप्रसाद अधिकारी, गणेश राना, नलाङ-१ निवासी निरबहादुर श्रेष्ठ, रामकृष्ण सिमल, दीपक गुरुङ, नलाङ-५ निवासी रामकृष्ण ठकुरी, रोशन गुरुङ, नलाङ-३ निवासी रेशमबहादुर बराम, धनबहादुर गुरुङ, बलबहादुर बरामलाई ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरी माओवादी सेनामा भर्ना गरियो।

मिन्दुका मावि नलाङ कक्षा ९ मा अध्यायनरत कुम्पुर गाविस-८ निवासी १७ वर्षीय सानु नेपालीलाई ०६३ कात्तिक ३० गते माओवादीले अपहरण गरे। माओवादी सेनामा भर्ना गरिएका नेपाली अझै घर फर्केका छैनन्।


नौबिसे २ निवासी भवानी खकुराल, ज्यामरुङ २ निवासी चेतनाथ थापामगर, नीलकण्ठ ३ निवासी कल्पना विश्वकर्मा, धुवाँकोट १ निवासी अमिता तामाङ, नुवाकोट निवासी सुभद्रा परियार, कुम्पुर–५ सेरा निवासी सोभिता भण्डारी, राजकुमार बस्याल र लक्ष्मी विश्वकर्मा, तिप्लिङ ७ निवासी चच्छी तामाङ, मुरली भञ्ज्याङ २ निवासी विष्णु विश्वकर्मा, बमबहादुर विश्वकर्मा, योगेन्द्र श्रेष्ठ र विपिन श्रेष्ठ, ढोला ८ निवासी शंकर विश्वकर्मा, ज्यामरुङ ५ निवासी राजकुमार परियार, सेमजोङ ८ निवासी डिलबहादुर तामाङ, सांकोष ५ निवासी चन्द्र गुरुङ, चितवन पर्सा-४ निवासी विनोद दराई, सुनौलाबजार १ निवासी प्रकाश पोखेल, खाल्टे ३ निवासी ओमबहादुर बरामलाई ०६३ मंसीर ५ गते माओवादीले अपहरण गरी पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरियो। माओवादीले पीडितलाई अपहरण गरेको मिति खुलेन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

मुरलीभज्याङ गाविस - ४ निवासी २३ वर्षीय भगवती अधिकारी भट्टलाई छाडेर ०६२ माघ २१ गते उनका पति बेदनीधि भन्ने विन्तीराज अधिकारीले दोस्रो बिवाह गरी घर छाडी भागे। पाँच वर्षअघि बिवाह गरेकी भट्टको सुत्केरी भएको बेला न्वारन समेत समयमा हुन सकेन। पीडितलाई पतिले सम्पति समेत नदिएका कारण भट्टको अहिलेसम्म

विवाह दर्ता नभएकोले नागरिकता बन्न सकेको छैन।

महादेवस्थान गाविस-५ जोगीडाँडा निवासी ४८ वर्षीय विष्णुमाया भुजेलले ०५४ सालदेखि पति हराएर बेपत्ता भएको आरोपमा ०६३ मंसिर १८ गते बेलुका ससुरा ६६ वर्षीय डाँडे भुजेल, देवरहरू ३८ वर्षीय डम्बर भुजेल, २८ वर्षीय सुब्बा भुजेल, ३० वर्षीय विष्णु भुजेल र २५ वर्षीय चुच्चे भुजेलले घरमा ताल्चा लगाई घर निकाला गरे। आफ्नो सम्पत्ति भोग चलन गर्न नदिएपछि पीडित विस्थापित भई मजदुरी गर्न बाध्य भएकी छिन्। पीडितका पति सानुबहादुर भुजेल ०५४ सालदेखि घरबाट निस्केर गई हालसम्म पनि फर्केर आएका छैनन्।



माओवादीद्वारा विस्थापित गराइएका रामहरि नेपाल

सबै प्रकारका जातीय विभेद

सुनौलाबजार गाविस-३ मैदानटोल निवासी विन्दा परियारलाई धारामा पानी छोएको आरोपमा ०६२ पुस २९ गते छिमेकीहरू डम्बर श्रेष्ठ, इन्द्रबहादुर श्रेष्ठ र तुलाबहादुर श्रेष्ठले कुटपिट गरी घाइते पारे। पटक पटक धारामा पानी छोइएको आरोपमा कुटिएकी विन्दाले सार्वजनिक रूपमा अपमानित भएको भन्दै न्यायका लागि जिल्लास्थित सुरक्षा निकाय र मानवअधिकार संस्थामा आग्रह गरिन। उनको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो। तर पीडकलाई कारवाही भएन।

गजुरी गाविस-८ डुडेठाँटी निवासी ५२ वर्षीय कृष्णबहादुर मगराति सार्कीलाई होटेलमा चिया छोएको आरोपमा ०६२ माघ १७ गते गजुरी गाविस २ मलेखुबजारमा सोही स्थानमा होटेलव्यवसाय गरी बसेकी ३५ वर्षीया रञ्जना धरेलले कुटपिट गरी घाइते पारिन्। घटनापछि १८ गते पीडितले प्रहरीमा उजुरी गरे। सार्वजनिक स्थानमा बस्दा भएको जातीय छुवाछुतको घटनाबारे पत्रपत्रिकामा समाचार छापिएको विषयलाई लिएर पीडक पक्षले २० गते सार्कीको घरमा गई ज्यान मार्ने धम्की दियो। ३० गते पीडक पक्षको आग्रहमा प्रहरीमा मिलापत्र गरियो।

कुम्पुर गाविस ३ हटिया इर्जुबेलकोट निवासी केशर विश्वकर्मा, श्याम विश्वकर्मा, कृष्णबहादुर नेपाली र बुधे सुनारलाई होटेलमा खाजा खाएर भाडा नमाझेको आरोपमा ०६३ असार ३२ गते होटल साहू धर्मलाल श्रेष्ठ र छिमेकी गंगाबहादुर घलेले गाली बेइज्जती गर्दै भाडा नमाझे हातखुट्टा भाँचिदिने धम्की दिए। आफूहरूलाई दूरव्यवहार गरेपछि प्रहरीमा उजुरी गरेका पीडितसँग पीडकले माफी मागेपछि प्रहरीमा ०६३ साउन ३ गते मिलापत्र गरियो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

कल्लेरी गाविस-६ विरुवाटार निवासी कृष्णबहादुर मिजारको परिवारलाई उनले कमाई आएको जग्गा सामुदायिक वनभित्र परेको अरोपमा ०६३ जेठ १० गते स्थानीयबासीले गाउँ निकाला गरे। सामुदायिक वनभित्र घरजग्गा परेको भन्दै गाउँ निकालेपछि सो परिवार विचल्लीमा परेको छ।

बेनीघाट गाविस निवासी बेनीघाट इराङ सडकका १५ जना मजदुरले ०६३ असार ७ गतेसम्म सडक खनेको ज्याला पाएनन्। कृष्णराज कमर, चन्द्रराज विश्वकर्मा सहित ११ जनाले सरकारी दर अनुसारको रकम नपाउँदा उनीहरूले चार महिनासम्म काम रोकेका थिए।

संरचना/सम्पत्ति क्षति

पथ्वीराजमार्गको जोगीमारा गाविसको हुग्दी खोला नजिकै रोकेर राखिएको बा १ ख ६४०० नं.को बसलाई ०६२ माघ २२ गते राति बन्दको पूर्वसन्ध्यामा मोओवादीले जलाएर ध्वस्त पारे। यसपछि सडक अवरुद्ध भएको थियो।

पृथ्वीराजमार्गको जोगीमारा गाविस-१ जवाडखोला नजिकै काठमाडौंतफ जाँदै गरेको बा २ च ६४८७ न को त्रिविवि शिक्षण अस्पतालको सव बहानलाई ०६२ माघ २२ गते राति १२ बजे मोओवादीले जलाएर ध्वस्त पारे। सो शव बहानमा रहेका मानिसलाई सडकमा झारेर जलाइएको थियो।

नीलकण्ठ गाविस-५ पुलबजारको सुरक्षाचेकपोष्टमा ०६२ माघ २४ बेलुका बम विस्फोट गराउँदा स्थानीय हरिकुमार श्रेष्ठ, गंगा श्रेष्ठको घरमा क्षति पुग्यो। सो प्रेसरकुकुर बम विस्फोटमा सुरक्षाचेकपोष्ट ध्वस्त भएको छ। गजुरी गाविस -२ डुम्रेगैरीमा मुग्लीनबाट काठमाडौंतर्फ जादै गरेको बा १ ख ६०४३ को मालबाहाक ट्रकलाई ०६२ चैत १६ गते बिहान माओवादीले सडकमा रोकी जलाए। सो ट्रकमा कार्पेट सहित अन्य सामाग्री रहेको थियो।

विगतको अनुगमन

ज्यामरुङ गाविस-७ का १८ वर्षीय शिरिश भन्ने सुवास बसेललाई माओवादीको आरोपमा ०६२ कात्तिक २२ गते त्रिपुरेश्वर गाविस-६ चरङगेखोलाबाट सुरक्षाफौजले गिरफ्तार गरी कात्तिक २८ गते शान्ति सुरक्षा ऐन अन्तर्गत कारागारमा राखिएकोमा ०६२ फागुन ९ गते तारेखमा रिहा गरियो।

माओवादीको आरोपमा कारागारमा नजरबन्दमा



धादिङ कारागारका बन्दीहरू प्रमुख जिल्ला अधिकार समक्ष माग प्रस्तुत गर्दै

राखिएका बलबहादुर विश्वकर्मा, धनबहादुर आले मगर, अनिशा बुढामगर, विमला तामाङ र माईली तामाङ ०६३ जेठ ११ गते प्रशासनले रिहा गऱ्यो।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र ३३ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मकवानपुर जिल्ला पालुङ गाविस-५ निवासी २० वर्षीया सुनिता कार्की, केवलपुर-४ निवासी केदारनाथ रूपाखेती, छत्रेदेउराली गाविस-५ निवासी दिवाकर लुइटेल, जीवनपुर गाविस -१ निवासी कृष्णबहादुर मिजार, बेनीघाट गाविस-५ निवासी अमृत कँडेल, मुरलीभञ्ज्याङ गाविस-१ निवासी बुद्धिमान कुमाल, थाँक्रे गाविस-३ निवासी ईन्द्रबहादुर अर्याल, जीवनपुर गाविस-४ निवासी केदार कुँवर, नौविसे गाविस निवासी रामबहादुर तामाङ, खाल्टे गाविस-९ निवासी पञ्चबहादुर तामाङ, बैरेनी गाविस-४ निवासी ओपबहादुर तामाङ, नौविसे गाविस-१ निवासी रामप्रसाद आर्चाय, जीवनपुर गाविस-६ निवासी मुकुन्द सेडाईं, केवलपुर गाविस-१ निवासी रामशरण श्रेष्ठ, थाँक्रे गाविस-२ निवासी नवराज थापा प्राम्बा गाविस-१ ओखलढुङ्गा जिल्ला निवासी रामकृष्ण फुयाँल, नौविसे गाविस-१ निवासी नानीराम काफ्ले, बेनीघाट गाविस-२ निवासी राजेन्द्र बराम, नौविसे गाविस-२ निवासी हरिप्रसाद लुईटेल, गजुरी गाविस-२ निवासी लिलाबहादुर पाण्डे, जीवनपुर गाविस-१ निवासी शिव सापकोटा, धुवाकोट गाविस-१ निवासी खीलप्रसाद पौडेल, पीडा गाविस ४ निवासी रामहरि रूपाखेती, नौविसे गाविस-१ निवासी हरि आचार्य, जीवनपुर गाविस-९ निवासी बैकुण्ठ भुजेल, जीवनपुर गाविस-२ निवासी बिदुर रेग्मी, थाँक्रे गाविस-९ निवासी हरिशरण थापा, धुषा गाविस-२ निवासी डोरबहादुर रेग्मी, जीवनपुर गाविस-९ निवासी राजकुमार मनन्धर, केवलपुर गाविस-४ निवासी श्याम रुपाखेती, आगिञ्चोक गाविस-१ निवासी सुचन्द्र भण्डारी, सुवास भण्डारी र मार्पाक गाविस-६ निवासी माधव अधिकारी र केवलपुर गाविस-८ निवासी गोपाल मिजार रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरुभएयता यो वर्षको अन्त्यसम्ममा माओवादीले विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका दुईजना महिला र दुईजना पुरुष गरी चारजनाको अवस्था अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूमा केवलपुर गाविस २ निवासी गोमा कोइराला, किरानचोक गाविस -५ निवासी मानबहादुर तामाङ र बालकृष्ण तामाङ, खरी गाविस-१ निवासी २१ वर्षीया शोभा सिम्खडा थापा रहेका छन्।

२.१७ सिन्धुपाल्चोक



जनसंख्या : ३,२५,७७८
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २५४२
गाविस/नपा संख्या : ७९/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९६
क्याम्पस/उच्च मा.वि. : ३/८
अस्पताल/स्वास्थ्य चौकी : १/७८
टेलिफोन लाइन : ३००
मोटर सडक (कि. मि.) : २५०.५
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ७९
मानव विकास सूचकाङ्क : ०.४१४
प्रति परिवार सरदर संख्या : ५.३९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

तातोपानी गाविस-४ निवासी ४० वर्षीया तारादेवी तामाङको ०६३ साउन १४ गते तातोपानी सीमा सुरक्षार्थ रहेको सशस्त्र प्रहरीले तातोपानी भन्सार नजिकै गोली हानी हत्या गरे। पीडितलाई प्रहरी चौकीमाथि ढुङ्गा हानेको आरोपमा तातोपानी बजार आउदै गर्दा सशस्त्र प्रहरीका डीएसपी ज्ञानप्रसाद भूर्तेल र सीमा प्रहरी चौकी तातोपानीका इन्स्पेक्टर जगतबहादुर कार्कीको आदेशमा गोली हानिएको थियो। गोली हान्न आदेश दिने दुवैलाई गृह मन्त्रालयले साउन १६ गते सेवाबाट निलम्बन गऱ्यो भने पीडितको परिवारलाई १० लाख क्षतिपूर्ति दिइयो। साउन १७ गते घटनास्थलमा पीडितको लास पोष्टमार्टम गरी परिवारजनले सद्गद् गरे।

ठोकर्पा गाविस-४ निवासी सर्वसाधारण ६३ वर्षीय बमबहादुर खत्री, कदमबास गाविस पहरी निवासी माओवादी कार्यकर्ताहरू उज्वल, बाह्रबिसे गाविस निवासी हरि तामाङ र दोलखा जिल्ला निवासी रक्तिम नाम गरेका माओवादीको ०६३ चैत १४ गते काठमाडौंबाट हवाई गस्तीमा गएका सेनाले हवाई आक्रमण गरी हत्या गरे। माओवादीले ठोकर्पा गाविस-२ स्थित वाघभैरव उच्च माविमा सभा गर्न खोज्दा हवाई आक्रमण गरेको थियो।

माओवादीबाट

ठूलोपाखर गाविस-३ निवासी श्री ककलिङ्ग हरिसिद्धि माविका विद्यार्थी १८ वर्षीय विशाल तामाङले माओवादीसँग झगडा गरेको आरोपमा ०६३ जेठ २७ गते माओवादीले लिसंखु गाविस-५ स्थित नारगाउँमा कुटपिट गरी हत्या गरे। पीडितलाई लिसंखु गाविस-३ स्थित घ्याङमा जात्रा गएको बेला जेठ २६ गते माओवादीले अपहरण गरे। घटनाको छानविन गर्न गठित स्थानीय छानविन समितिको प्रतिवेदन अनुसार हत्यामा माओवादीका भारत दार्जलिङ्ग लिम्बुबस्ती निवासी २८ वर्षीय अमर सुब्बा, सिपापोखरे गाविस निवासी २६ वर्षीय रामप्रसाद शर्मा, सिन्धुली जिल्ला कपिलाकोट गाविस-२ निवासी २२ वर्षीय देवराज लामा, बारा जिल्ला निजगड गाविस-९ निवासी साजन श्रेष्ठ, सिन्धुली जिल्ला गढी गाविस-६ निवासी १९ वर्षीय रमेश थापा, दोलखा जिल्ला ओराङ गाविस-४ निवासी २५ वर्षीय ईश्वर बुढाथोकी, स्थानीय लिसंखु गाविस-१ निवासी पासाङ लामा, लिसंखु-४ निवासी शम्भु तामाङ संलग्न रहेका थिए। पीडितको लास खोजतलासमा गएका आफन्तहरूले असार १ गते लिसंखु गाविस-५ नारगाउँको जङ्गलमा गाडेको अवस्थामा फेला पारी सोही दिन ठूलोपाखर ल्याइ विरोध प्रर्दशन गरे। असार ३ गते लासको पोष्टमार्टम गरी परिवारजनले लासको सद्गद् गरे। माओवादीले पीडित परिवारलाई क्षतिपूर्ति बापत १ लाख ५० हजार उपलब्ध गरायो।

विस्फोटक पदार्थबाट मृत्यु

कदमबास गाविस-५ निवासी माओवादी कार्यकर्ता २० वर्षीय प्रकाश पहरीको ०६२ माघ २८ गते फुलिङ्गडाँडा गाविस बेलेफी बजारमा माओवादीले राखेको विस्फोट पदार्थ विस्फोट भई मृत्यु भयो। पीडितको लास माओवादीले फुलिङ्गडाँडामा गाडे।

दोहोरो भिडन्त

पाङग्रेटार गाविस स्थित १ किलोमा ०६२ चैत २३ गते श्री बाल शिक्षा माबि खाडीचौरमा एसएलसी परीक्षा केन्द्रको उत्तर पुस्तिका लिएर गएको सेना र माओवादीबीच दोहोरो भिडन्त भयो। भिडन्तमा सैनिक जवान मधुसुधन सापकोटाको गोली लागी मृत्यु भयो भने सातजना सैनिक घाइते भए। घाइतेहरूको काठमाडौमा उपचार भयो।

जिल्ला सदरमुकाम चौतारामा ०६३ वैशाख १० गते राति माओवादीले आक्रमण गरेपछि सेना, प्रहरी र माओवादीबीच रातभर दोहोरो भिडन्त भयो। भिडन्तमा दुवै पक्षबाट जिल्ला अस्पताललाई युद्धभूमिमा परिणत गराउँदा अस्पतालमा उपचार गराइरहेका कदमवास गाविस-९ निवासी ३० वर्षीय डम्बरबहादुर श्रेष्ठ र विरामी कुरुवा ६३ वर्षीय सूर्यबहादुर श्रेष्ठको अस्पतालमा मृत्यु भयो भने चौतारा-८ निवासी ४५ वर्षीय भक्तबहादुर श्रेष्ठको आफ्नै घरमा बसिरहेको बेला गोली लागी मृत्यु भयो। दोहोरो भिडन्तको क्रममा सेनाका केशव कँडेलको मृत्यु भयो भने सातजना घाइते भए। माओवादीका मादनकुडारी गाविस-७ काभ्रेपलाञ्चोक निवासी किरण लामासहित चारजनाको पनि भिडन्तमा मृत्यु भयो। भिडन्तमा मारिएका र घाइते भएका माओवादीका संख्या यकिन हुन सकेको छैन।

गोली/बम / विष्फोटक पदार्थद्वारा घाइते
माओवादीबाट

कुन्चोक गाविस-४ निवासी १२ वर्षीया पवित्रा भारतीको ०६२ चैत २१ गते माओवादीले राखेको सकेट बम सोही ठाउँको देउरालीमा विस्फोट भई मृत्यु भयो। घटनापछि माओवादीले क्षमायाचना गरी पीडितको परिवारलाई क्षतिपूर्ति दिने बताए पनि क्षतिपूर्ति उपलब्ध भएको छैन। सोही घटनामा परी कुन्चोक गाविस-४ निवासी १३ वर्षीय अशोक थापामगर र सोही ठाउँका २५ वर्षीया पातली भारती घाइते भए। पीडितहरूलाई सोही दिन उपचारको लागि चौतारा अस्पतालमा लगिएकोमा उपचारपछि घर फर्किए।

तातोपानी गाविस-४ निवासी २२ वर्षीय सुकलाल तामाङले प्रहरी विरुद्ध बोलेको आरोपमा ०६३ साउन १४ गते तातोपानी भन्सार सुरक्षार्थ रहेका सशस्त्र प्रहरीले उनलाई गोली हानी घाइते पारे। पीडितको तिघ्रामा गोली लागेको थियो। पीडितको उपचार सैनिक अस्पताल छाउनीमा भयो।

जेल र बन्दी

जिल्ला सदरमुकामस्थित चौतारा जेलमा ३४ जना बन्दीहरू रहेका छन्। जसमध्ये सात जना पुरुष पुर्पक्षको लागि र एकजना महिलासहित २७ जना कैद तोकिएका बन्दीहरू छन्। "घ"श्रेणीको यस जेलको बन्दी क्षमता ४० जनाको रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

चौतारा गाविस-८ निवासी २० वर्षीय सुरज तामाङ र भोटसिपा गाविस-१ निवासी १९ वर्षीय कृष्ण भनिने भैरब थिङ्गलाई ०६३ माघ २० गते माओवादीले चौतारा गाविस-स्थित प्रेसचोकबाट अपहरण गरे। पीडितलाई माआवादीले माघ १९ गते जलबीरे बजारबाट इन्सेक जिल्ला प्रतिनिधि नानिबाबु धिताल, प्रत्रकार महासंघ जिल्ला शाखाका सभापति ऋषिराम पौड्याल र नेपाल बार एसोसियसनका जिल्ला शाखाका सचिव भेषराम ढकालको रोहबरमा सेनामा जागिर नखाने शर्तमा मुक्त गरे। पीडितहरूमध्ये सुरज तामाङ श्री कृष्ण रत्न गंगा उमाविका विद्यार्थी हुन भने कृष्ण भनिने भैरव थिङ्ग सेनामा तालिम गरिरहेका व्यक्ति हुन।

माम्खा गाविस-३ ओखलढुंगा जिल्ला निवासी जिल्ला प्रहरी कार्यालय चौतारामा कार्यरत २६ वर्षीय पवनजङ्ग कार्कीलाई ०६२ फागुन १७ गते माओवादीले काठमाण्डौ जानलाग्दा साँगाचोक भञ्ज्याङबाट अपहरण गरी भोलिपल्ट ठूलोसिरुवारी गाविसस्थित डडुवाबाट इन्सेक जिल्ला प्रतिनिधि नातीबाबु धितालललगायतका मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे। अधिकारकर्मीले जिम्मा लिदा पीडितको टाउको फुटेको थियो र उपचारको लागि चौतारा अस्पताल पुऱ्याई सोही दिन काठमाण्डौ लगियो।

पाल्पा जिल्ला निवासी महिला विकास कार्यालय, लामो साँघु इलाकामा कार्यरत ३० वर्षीय मञ्जु आचार्यलाई बिना अनुमति गाउँ प्रवेश गरेको आरोपमा ०६२ फागुन १३ गते माओवादीले कार्यालयको कामको सिलसिलामा पेड्कु गाविस पुग्दा अपहरण गरी दुई दिनपछि सोही ठाउँबाट मुक्त गरे। पीडितको साथमा रहेको ५० हजार रुपैयाँसमेत माओवादीले लगेको पीडित पक्षले जनायो।

ठोकर्पा गाविस-२ निवासी सोही गाविसका सचिव ५२ वर्षीय ठाकुरप्रसाद भण्डारीलाई सुराकीको आरोपमा ०६२ चैत २० गते माओवादीले घरबाटै अपहरण गरी ०६२ जेठ ३ गते घरमा ल्याई मुक्त गरे।

धादिङ जिल्ला सलाङ गाविस निवासी जिल्ला अनुसन्धान कार्यालय चौतारामा कार्यरत ३० वर्षीय ओम थापालाई ०६३ बैशाख १० गते राति माओवादीले चौतारा गाविस-८ स्थित पीडितको आफ्नै कोठाबाट अपहरण गरी बैशाख २३ गते जलबीरे बजारबाट इन्सेक जिल्ला प्रतिनिधि नातीबाबु धिताल र प्रत्रकार युवराज पुरीको रोहबरमा मुक्त गरे।

ठोकर्पा गाविस-२ निवासी ३० वर्षीय माधव खनाललाई सुराकीको आरोपमा ०६३ वैशाख २४ गते माओवादीले घरैबाट अपहरण गरी जेठ ३ गते घरमा ल्याई मुक्त गरे।

भोटेनाम्लाङ गाविस-९ निवासी २४ वर्षीय मदन गुरुङ र उनकी पत्नी कुमारी श्रेष्ठले बहुबिबाह गरेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी पत्नीलाई दुई दिनपछि र पतिलाई जेठ ३० गते मेलम्ची बजारबाट मुक्त गरे।

सीपापोखरे गाविस-१ निवासी सोही ठाउँमा रहेको श्री कालिका प्राविका शिक्षक ३६ वर्षीय माधवप्रसाद

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३	५	७	१	८	३	८	१	९
घाइते					३	१६	१	१७	३	३९	३	३१
कुटपिट					३	३		३	३	१३	१	१३
धम्की					३	३		३	१	१		१
महिलाअधिकार	३		३	३								
अपहरण					१६	१७	३	३०				
जम्मा	५	३	३	५	३८	४४	५	४९	९	५०	४	५४

न्यौपानेलाई व्यक्ति हत्यामा संलग्न रहेको आरोपमा ०६३ जेठ ३१ गते माओवादीले विद्यालयबाटै अपहरण गरी ०६३ असार ३ गते कुभिण्डेबाट मुक्त गरे।

साँगाचोक गाविस-१ निवासी २६ वर्षीय सीताराम खड्का र सोही ठाउँका २८ वर्षीय प्रेम महतलाई नक्कली माओवादी बनेर रकम उठाएको आरोपमा ०६३ साउन १२ गते माओवादीले उनलाई घरबाट अपहरण गरी साउन १४ गते चौतारमा पत्रकार सम्मेलन गरी मुक्त गरे।

सल्ले गाविस-५ काभ्रेपलाञ्चोक निवासी २८ वर्षीय देवेन्द्र गिरी र हेटौडा नपा-७ मकावानपुर निवासी २५ वर्षीय रमेश गिरीलाई नक्कली माओवादी बनेर रकम उठाएको आरोपमा ०६३ साउन १३ गते माओवादीले उनीहरूलाई साँगाचोक भञ्ज्याङबाट अपहरण गरी साउन १४ गते चौतारामा पत्रकार सम्मेलन गरी मुक्त गरे।

फुल्पीङकोट गाविस-८ निवासी ५१ वर्षीय सुब्बा लामालाई व्यक्ति हत्यामा संलग्न रहेको आरोपमा ०६३ असोज १८ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित माओवादीको श्रमशिविरमा रहेको माओवादीले जनाए।

फूल्पीङडाँडा गाविस-५ निवासी श्री बालशिक्षा उमावि खाडीचौरमा अध्ययनरत १५ वर्षीय सरला सुवेदीलाई ०६३ असोज २६ गते माओवादीले सभा हेर्न खाडीचौर गएको बेला अपहरण गरी असोज ३१ गते सागाचोक गाविसस्थित सुकुटे बजारबाट आफन्तको जिम्मा लगाई मुक्त गरे।

ठोकर्पा गाविस-२ निवासी ६५ वर्षीय निलप्रसाद भण्डारीलाई सुराकीको आरोपमा ०६३ मंसिर २२ गते माओवादीले घरबाटै अपहरण गरी संविधानसभाको चुनावअघि गाउँमा आउन नपाउने गरी गाउँ निकाला गरेको घोषण गरी आफन्तको जिम्मामा मुक्त गरे। पीडित राजाको प्रत्यक्ष शासनकालमा मनोनित जिविस सभापति थिए।

ठोकर्पा गाविस-९ निवासी ६३ वर्षीय गोपालचन्द्र भण्डारीले सुराकी गरेको आरोपमा ०६३ मंसिर २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी संविधानसभाको चुनावअघि गाउँमा आउन नपाउने गरी गाउँ निकाला गरेको घोषणा गर्दै मंसिर २८ गते साँगाचोक गाविस-१ स्थित सुकुटे बजारबाट आफन्तको जिम्मा लागाई मुक्त गरे। पीडित काठमाडौंमा विस्थापित भए।

ठोकर्पा गाविस-९ निवासी श्री कालीदेवी प्राविका शिक्षक ४५ वर्षीय रामशरण सुवेदीले सुराकी गरेको आरोपमा ०६३ मंसिर २३ गते माओवादीले स्थानीय मिलडाँडाबाट अपहरण गरी मानसिक यातना दिएर मंसिर २७ गते सोही ठाउँबाट आफन्तको जिम्मा लगाई मुक्त गरे। माओवादीले पीडितलाई कुटपिट नगर्ने, तुरुन्तै नमार्ने तर बाच्न पनि नदिने धम्की दिएर मुक्त गरेको पीडितले बताए।



सेनाद्वारा गरिएको हवाई आक्रमणमा मारिएका सर्वसाधारण बमबहादुर खत्री

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

नेपाल पत्रकार महासंघ जिल्ला शाखाका पार्षद तथा श्री अभिलेख साप्ताहिकका प्रबन्ध सम्पादक ३८ वर्षीय पवित्रकुमार खड्कालाई आफ्नो पक्षमा समाचार नलेखेको तथा आतंककारीको आरोपमा ०६३ फागुन २४ गते तातोपानी भन्सार सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीका डीएसपी दीपक थापाले मार्ने धम्की दिए। पीडकलाई कुनै कारवाही भएन।

पाङताङ्ग गाविस-६ निवासी २८ वर्षीया नानिमैया लामीछानेलाई गैरकानुनी व्यापरमा संलग्न भएको आरोपमा ०६२ फागुण १७ गते तातोपानी भन्सारको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले भन्सार छेउ आइपुग्दा कुटपिट गरी बेहोस पारे। पीडितलाई तातोपानी हेल्थपोष्टमा उपचार गराए भने पीडकलाई कुनै कारवाही भएन।

मालबहाक कन्टेनर ट्रकका परिचालक सूर्यबहादुर कार्कीलाई ०६३ असार १६ गते काठमाण्डौबाट खासातर्फ जादै गर्दा फूल्पीङकट्टी गाविसस्थित भीर्पुमा रहेको भोटेकोशी पावर कम्पनीको सुरक्षार्थ खटिएका सेनाका उप-सेनानी किशोर सिंहले सुरक्षा जाँचको नाममा कुटपिट गरी घाइते पारे। पीडित बाह्रबीसे अस्पतालमा उपचार गयो। यातायात मजदुरले पीडकलाई कारवाहीको माग राख्दै यातायात अवरुद्ध पारेपछि सेनाले गल्ती स्वीकार गर्दै माफी मागे। पीडकलाई कानुनी कारवाही भने भएन।

बाँडेगाउँ गाविस-४ निवासी रामबाबु आचार्य, सोही ठाउँका सूर्यनाथ आचार्य, खगोलनाथ आचार्य, सहदेव गौतम, विदुर तिमल्सिना, नित्यनाथ आचार्य, हरि तिमल्सिना, नवराज गजुरेल, रामप्रसाद आचार्य, सुदर्शन आचार्य र तोकबहादुर माझीलाई ०६३ वैशाख ६ गते सात दलले मेलम्चीमा गरेको जुलुश र आमसभाबाट फर्किरहेको अवस्थामा मेलम्ची सैनिक ब्यारेकका सेनाले कुटपिट गरी घाइते पारे। घाइतेले



प्रहरीद्वारा हत्या गरिएकी तारादेवी तामाङ

मेलम्चीको स्वास्थ्य केन्दमा उपचार गरी घर फर्के।

तातोपानी गाविस-३ स्थित लिपिङ बजारमा ३० जना पुरुषलाई प्रहरीका गलत कामको विरोध गरेको आरोपमा ०६३ साउन १४ गते सीमा सुरक्षार्थ रहेको सशस्त्र प्रहरी र सीमा प्रहरी चौकीका प्रहरीले लट्ठी, मुक्का, बुट प्रहार गरी घाइते पारे। घाइते हुनेमा तातोपानी गाविस-१ निवासी २८ वर्षीय टासी शेर्पा, सोही ठाउँ निवासी २३ वर्षीय समुन्द्र गुरुङ, १९ वर्षीय सेते गुरुङ, २४ वर्षीय दावा शेर्पा, ३३ वर्षीय प्रेमबहादुर खड्का, १९ वर्षीय कल तामाङ, २३ वर्षीय अमृत गुवाजु, सोही गाविस-३ निवासी २७ वर्षीय पेङग्याल्साङ लामा, सोही ठाउँ निवासी ३० वर्षीय चन्द्रेश्वर तामाङ, १९ वर्षीय सन्तोष गुरुङ, विरेन्द्र ठाकुर, अर्जुन विश्वकर्मा, २३ वर्षीय लाक्पा शेर्पा, १८ वर्षीय कर्णबहादुर श्रेष्ठ, २० वर्षीय राजकुमार श्रेष्ठ, सोही गाविस-४ निवासी २२ वर्षीय सूर्य श्रेष्ठ, सोही ठाउँ निवासी ५ वर्षीय जयबहादुर खड्का, सोही गाविस-६ निवासी १९ वर्षीय पासाङ शेर्पा, घुम्थाङ गाविस-४ निवासी २४ वर्षीय काजी लामा, सोही गाविस-१ निवासी २० वर्षीय तेजबहादुर श्रेष्ठ, सोही गाविस-८ निवासी २७ वर्षीय सीताराम नेपाली, लिस्ती गाविस-१ निवासी २३ वर्षीय डवाङ लामा, सोही ठाउँ निवासी १९ वर्षीय चेमा लामा, सोही गाविस-४ निवासी ४२ वर्षीय दोर्जे लामा, १८ वर्षीय स्याङबो शेर्पा, गोल्चे गाविस-३ निवासी ३५ वर्षीय देवीबहादुर श्रेष्ठ, चौतारा गाविस-४ निवासी ३० वर्षीय निरबहादुर श्रेष्ठ, हगाम गाविस-५ निवासी रामबहादुर कार्की, मालु गाविस-३ दोलखा निवासी ३७ वर्षीय भोजबहादुर खड्का, घ्याङसुखाठोकर गाविस-१ दोलखा निवासी ५० वर्षीय विष्णु पराजुली रहेका छन्। घाइतेहरूको तातोपानी हेल्थपोष्टमा उपचार गरियो।

माओवादीबाट

बाह्रबिसे बजारस्थित सिलौन बैंकमा ०६२ फागुन २६ गते माओवादीले पाँच लाख रुपैयाँ नदिए आक्रमण गर्ने धम्की दिए।

धुस्कुन गाविस-८ निवासी सोही ठाउँस्थित श्री बुद्ध प्राविका शिक्षक ४१ वर्षीय कृष्णबहादुर बस्नेतलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६२ चैत २४ गते माओवादीले निर्घात कुटपिट गरी मार्ने धम्की दिए।

सेलाङ गाविस-९ निवासी ५२ वर्षीय पदमबहादुर सिलवाललाई छलफलमा नआएको आरोपमा ०६३ साउन १३ गते माओवादीले कुटपिट गरी घाइते पारे। पीडितको चौतारा अस्पताल उपचार गरियो।

स्याउले गाविस-५ निवासी ४६ वर्षीय छविलाल अधिकारीलाई रकम नदिएको आरोपमा ०६३ भदौ १२ गते माओवादी मार्ने धम्की दिए।



माओवादीद्वारा हत्या गरिएका विशाल तामाङ

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जम्मा १ सय १ ओटा मुद्दा विचाराधीन छन् जसमध्ये दुनियाँवादी देवानी ५९, सरकारवादी फौजदारी २१, र दुनियाँवादी फौजदारी २१ ओटा छन्। यस वर्ष देवानी १८, सरकारवादी फौजदारी आठ र दुनियाँवादी फौजदारी ११ गरी ३७ ओटा मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेर आएका देवानी ८३, सरकारवादी फौजदारी २५ र दुनियावादी फौजदारी ३७ गरी १ सय ४५ पुराना र नयाँ केही गरी ८१ ओटा मुद्दा फर्स्यौट भए। दुई वर्ष पूराना १० ओटा मुद्दा विचाराधीन रहेको जिल्ला अदालतको रेकर्डले देखायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

कुविण्डे गाविस-९ निवासी ४० वर्षीया चेतकुमारी सुवेदीलाई बोक्सीको आरोपमा ०६३ जेठ १३ गते सोही ठाउँकी जुना सुवेदीले कुटपिट गरिन। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कारवाही भएन।

आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकार

यस वर्ष माओवादीले सुराकी गरेको आरोप लगाएर दुई घर परिवारलाई गाउँ निकाला गरी घर बस्न नदिएर विस्थापित गराए। विस्थापित हुनेमा ठोकर्पा-२ निवासी निलप्रसाद भण्डारीको १६ जनाको परिवार र सोही गाविस-९ निवासी गोपालचन्द्र भण्डारीका १४ जनाको परिवार रहेको छ ।

संरचना/सम्पत्ति क्षति

राज्यबाट

ठोकर्पा गाविस-२ स्थित श्री बाघभैरव उमाविको छात्रवास प्रांगणमा माओवादीले गर्न लागेको सभा बिथोल्न ०६२ चैत १४ गते दिउँसो सेनाले गरेको हवाइ आक्रमणबाट श्री बघभैरव उमाविको भवन, सोही विद्यालयको छात्रवास भवन, आयुर्वेदिक औषधालयको भवनमा क्षति पुग्यो भने आक्रमण मारिएका बमबहादुर खत्रीको घर, मतान, कुखुरा, बाखा, गाई, भैसीलाई गोली लागी क्षति भयो। त्यसैगरी हवाई आक्रमणवाट सोही गाविस-२ निवासी सूर्य न्यौपानेको घर, गणेश भण्डारी, पुष्कर भण्डारी, ठाकुर भण्डारी, रामहरी पौड्याल, रामप्रसाद भण्डारी, अच्युत भण्डारी र शुक्र लामाका घरहरूमा सेनाले प्रहार गरेको बम तथा गोली लागी क्षति पुग्यो। पीडितले क्षतिपूर्ति पाएनन्।

माओवादीबाट

जिल्ला सदरमुकाम चौतारामा माओवादीले ०६३ बैशाख १० गते राति आक्रमण गरी दोहोरो भिडन्त हुँदा चौतारा अस्पताल, जिल्ला हुलाक कार्यालय पूर्ण रुपमा क्षति भयो भने जिल्ला शिक्षा कार्यालयको भवन र स्थानीय विकास कोषको कार्यालयमा आंशिक क्षति भयो। दोहोरो भिडन्तको क्रममा ५२ ओटा सर्वसाधारणको घरमा बम र गोली लागेर क्षति भयो। पीडितले क्षतिपूर्ति पाएनन्।

विगतको अनुगमन

हत्या

माओवादीबाट

पिपलडाँडा गाविस-२ निवासी कृष्णबहादुर बस्नेतलाई ०६१ फागुन १३ गते माओवादीले सागाचोक भञ्ज्याङबाट अपहरण गरी बेपत्ता पारेकोमा माओवादी जिल्ला नेतृत्वले ०६३ असार १९ गते घटनाबारे सार्वजनिक गर्दै पीडितलाई जनताले कुटपिट गर्दा मृत्यु भएको जानकारी गराए। पीडितलाई कहिले, कहाँ, कसरी मारिएको हो ? त्यसबारे माओवादीले केही खुलाएका छैनन्।

पेटकु गाविस-६ निवासी रामबहादुर खड्कालाई ०६२ असार २७ गते माओवादीले व्यक्ति हत्यामा संलग्न भएको आरोपमा अपहरण गरी बेपत्ता पारेकोमा पाँच



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका सर्वसाधारणहरू

महिनापछि माओवादीले खोजेको बेला आउने शर्तमा मुक्त गरे। पीडित काठमाण्डौ विस्थापित भए।

बेपत्ता


राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र आठजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा जेठल गाविस-६ निवासी नक्कली श्रेष्ठ, राम्चे गाविस-४ निवासी दुर्गाबहादुर तामाङ, ठूलोसिरुवारी गाविस-२ निवासी गोरेबहादुर पुरकोटी, बाढेगाउँ गाविस-५ निवासी टोपबहादुरतामाङ, नवलपुर गाविस-६ निवासी चीनबहादुर तामाङ, भोटेचौर गाविस निवासी स्वतन्त्र चौलागाई, कुभिण्डे गाविस निवासी अखिल नेपाल, सिन्धुकोट गाविस-८ निवासी केशव भट्टराई र सिन्धुपाल्चोक जिल्ला निवासी ३० वर्षीय दीपक राउतरहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कुविण्डे गाविस-३ निवासी कृष्णबहादुर श्रेष्ठ, साँगाचोक गाविस-९ निवासी रामशरण गिरी रहेका छन्।

२.१८ नुवाकोट



जनसंख्या	: ३,०७,६३१
साक्षरता प्रतिशत	: ५१.७
महिला साक्षरता प्रतिशत	: ४०.७
क्षेत्रफल (वर्ग कि. मि.)	: ११२१
गाविस/नपा संख्या	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५०१
क्याम्पस/उच्च मा.वि.	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	: ११००
मोटर सडक (कि. मि.)	: २३८
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६४
मानव विकास सूचकाङ्क	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ५.७९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

भद्रटार गाविस-७ बुडीसेरा निवासी माओवादी कार्यकर्ता विश्वास भन्ने ३८ वर्षीय रामप्रसाद पाण्डेको ०६२ माघ १३ गते भद्रटार गाविस-२ शिवालयमा सेनाको गस्ती टोलीले गोली हानी हत्या गऱ्यो। पीडितको लास सोही ठाउँमा गाडेको स्थानीय बासिन्दाले बताए।

बेलकोट गाविस-७ निवासी माओवादी कार्यकर्ता ३८ वर्षीय पार्वती पौडेलको ०६२ फागुन १५ गते सेनाको गस्ती टोलीले बेलकोट गाविस-६ को बेतीनी जंगलमा गोली हानी हत्या गरे।

नर्जा गाविस-८ निवासी माओवादीका विकास भनिने ४५ वर्षीय समरबहादुर तामाङलाई ०६२ चैत २७ गते संयुक्त सुरक्षाकर्मीको गस्ती टोलीले काउले गाविस-६ को जधुममा गोली हानी हत्या गऱ्यो।

माओवादीबाट

धादिङ जिल्ला सल्यानकोट गाविस निवासी तारादल गण देवीघाटमा कार्यरत सेनाका सुवेदार दुर्गाप्रसाद तिमल्सिनाको ०६२ फागुन ३ गते बेलकोट गाविस-७ अमारेमा माओवादीले राखेको प्रेसरकुकर बमलाई निस्क्रिय पार्न लाग्दा विष्फोट भई घटनास्थलमा मृत्यु भयो। पीडितको लास राजधानी लगिएको थियो। यस घटनाको माओवादीका शीतलले जिम्मेवारी लिए।

भाल्चे गाविस-९ निवासी २५ वर्षीय लोकबहादुर विश्वकर्माले सुराकी गरेको आरोपमा ०६२ फागुन १८ गते माओवादीले भाल्चे गाविस–८ ठूलोखेतमा कुटपिट र खुकुरी प्रहार गरी उनको हत्या गरे। पीडितलाई माओवादीले रसुवा जिल्ला लहरेपैवा गाविसको पैरेवेशीबाट ०६२ फागुन १६ गते अपहरण गरेका थिए। पीडितको लास भाल्चे गाविस–८ ठूलोखेतमा खाल्टो खनी पुरिएको स्थानीयबासिन्दा बताए। माओवादीद्वारा गठित रसुवा जिल्ला जनसरकार प्रमुख प्रतिक भनिने प्रेमबहादुर तामाङले ०६२ चैत ११ गते नुवाकोट जिल्ला काउले गाविस–३ मा माओवादीको एक कार्यक्रममा विश्वकर्माको हत्या गरेको स्वीकारे।

अन्यबाट

कल्याणपुर-७ निवासी ५५ वर्षीय सूर्यबहादुर तामाङलाई ०६२ फागुन ६ गते राति आफूलाई माओवादी बताउने एक समूहले घरबाट अपहरण गरी ०६२ फागुन ७ हत्या गरे। पीडितको लास घर नजिकैको जंगलमा भेटिएको थियो। माओवादीका जिल्ला सेक्रेटरी जगतजङ्गले ०६२ फागुन १४ गते एक विज्ञप्ति प्रकाशित गरी उक्त हत्यामा माओवादीको संलग्नता नरहेको र घटनाका दोषीको खोजी भइरहेको जनाए। तर, जिल्ला प्रशासन कार्यालय, नुवाकोटले भने तामाङको माओवादीले हत्या गरेको जनायो। पीडितको लास त्रिशुली अस्पतालमा पोष्टमार्टम गरी परिवारलाई बुझाइयो।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

भाल्चे गाविस-६ निवासी १३ वर्षीय काले तामाङ ०६२ चैत १ गते घरनजिकैको बाटोमा माओवादीले छाडेको बेवारिसे सकेट बम विष्फोट भई घाइते भए। घाइतेलाई उपचारको लागि काठमाण्डौ लगियो। पीडितको अवस्था सामान्य रहेको छ।

जेल र बन्दी

जिल्लाको कारागारमा कैद तोकिएका चार पुरुष, कैद नतोकिएका तीन महिला र ११ पुरुष बन्दी समेत गरी कूल १८ जना बन्दी रहेका छन्। कर्तव्य ज्यानमा तीन महिला र पाँच पुरुष , जर्बरजस्ती करणी प्रयासमा एक जना, जीउ मास्ने बेच्नेमा दुई जना, सैनिक ऐन अनुसार एक जना र चोरी गरेकोमा सात जना बन्दी रहेका छन्।

जिल्लाको पुरानो जेल बिदुर नपा-२ नुवाकोटबाट असुरक्षाको कारण दर्शाई ०५८ सालमा बिदुर नगरपालिकामा रहेको सहकारी सघंको भवन भाडामा लिई बन्दी तथा थुनुवालाई राखियो। ९६ वर्ग फिटको एउटा कोठामा १७ जना पुरुष कैदीहरु राखिएको छ। यस बन्दी गृहमा सानो कोठा भएको र बस्न समेत असुविधा भएको बन्दीहरु बताउँछन्। नुवाकोट कारागार "ङ" वर्गमा पर्ने र यहाँका बन्दीले "ख" श्रेणीको सिदा पाउने गरेको बन्दीले बताए। उक्त बन्दीगृहको कोठामा प्रकाश नर्छिने भएकोले बन्दीले जाडोयाममा कष्ट भोग्नु पर्ने बाध्यता रहेको छ। बिरामी परेको बेला मात्र डाक्टर ल्याउने गरेको र अस्पताल लाने गरेको तर नियमित स्वास्थय परीक्षण नगरिएको दुखेसो बन्दीहरुले गरे। खानेपानी , टेलिभिजन र पत्रपत्रिका पढ्न पाउने व्यवस्था गरिएको छ। महिला बन्दीहरुलाई भने जिल्ला प्रहरी कार्यलयमा राखिने गरिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

फिकुरी-३ निवासी ज्ञानज्योति माविका शिक्षक ३८ वर्षीय नारायण सिंह लामालाई ०६२ फागुन २३ गते माओवादीले विद्यालय विद्यालयबाट अपहरण गरी ०६२ चैत ११ गते इन्सेक प्रतिनिधि केशव मिश्र र नेपाल बार एसोशियसन, नुवाकोटका सचिव गणेश खनालको रोहबरमा काउले गाविस-३ मुक्त गरे। पीडितलाई विवेक भन्ने रमेश लामिछानेको हत्या गर्न सुराकी गरेको आरोप लगाए।

लच्याङ्ग गाविस-३ निवासी २७ वर्षीय भरत थापालाई ०६३ असार १७ गते माओवादीले घरैबाट अपहरण गरी लगेकोमा ०६३ असार २४ गते मुक्त गरे। पीडितलाई माओवादीले नक्कली माओवादी बनी गाउँमा चोरी, बलात्कार गरेको र माओवादीविरुद्ध लागेको आरोपमा अपहरण गरेका थिए।

कल्याणपुर गाविस-७ रीप निवासी ३१ वर्षीय हरेराम पाण्डे र २९ वर्षीय रामचन्द्र श्रेष्ठलाई हत्याको आरोपमा ०६३ भदौ २८ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा ०६३ असोज ११ गते मुक्त गरे।

सूर्यमति गाविस-९ निवासी १७ वर्षीय विक्रम सेढाईलाई ०६३ कात्तिक २७ गते माओवादीले ढाडफेदी बजारबाट अपहरण गरी लगेकोमा ०६३ कात्तिक २९ गते मदानपुर गाविसको दाङ्गवैबाट अपहरितका दाजु विनोद सेडाईको जिम्मामा लगाई मुक्त गरे। पीडितलाई माओवादीको जनसेनामा भर्ना गर्न लगिएको पीडितका दाजु विनोदले बताए।

धम्की/ ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

जिलिङ गाविस-२ निवासी २० वर्षीय विरोध पुडासैनी र खड्गभञ्न्याङ गाविस-५ निवासी १९ वर्षीय ऋषी रिमाललाई जनआन्दोलनका क्रममा ०६३ वैशाख १० गते सेनाले कुटपिट गरी घाइते पारे। पीडितलाई नेपाल रेडक्रस सोसाइटीमा प्राथमिक उपचार गरियो।

माओवादीबाट

विदुर नपा-३ निवासी नेपाल पत्रकार महासंघ जिल्ला शाखा सचिव तथा गतिशील समयका प्रकाशक २६ वर्षीय ध्रुवकुमार रावल र नयाँ रुपरेखाका उपसम्पादक तथा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	१	३	३	३		३	३	३	१	३
घाइते	१	१		१	१	१		१	१	३		३
गिरफ्तारी/यातना									१	३३	३	३५
कुटपिट					१	१		१				
धम्की					१	३		३				
महिलाअधिकार	१		१	१								
अपहरण					५	५	१	६				
जम्मा	४	३	३	४	१०	११	१	१३	५	३७	३	३०

गोरखापत्रका प्रतिनिधि २७ वर्षीय राजुमित्र खनाललाई परेड खेलेको फोटो खिच्न अनुमति नलिएको भन्दै ०६३ भदौ १० गते माओवादीले केही समय नियन्त्रणमा लिए। पत्रकार संघको कडा विरोधपछि माओवादीले घटनाप्रति माफी माग्दै पीडितहरूलाई मुक्त गरे।

कल्लेरी गाविस-२ कल्लेरीटार निवासी ४२ वर्षीय श्यामबहादुर कार्कीलाई दशैंको टीका लगाएर घर जाँदै गरेकी एक महिलाको बच्चा बोकेको आरोपमा ०६३ असोज १७ गते सोही गाविसको सीमानामा पर्ने नुवाकोट जिल्ला दुईपिपल गाविस ८ केउरिनीमा माओवादीले कुटपिट गरे। त्यसदिनदेखि बेपत्ता कार्की बारे असोज २१ गते नुवाकोट प्रहरीमा उजुरी गरेको भएपनि छानविन भएको छैन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

"नगर निर्वाचन बहिष्कार गरौं" भन्दै सात दलले ०६२ माघ १९ गते प्रहरीले घरदैलो कार्यक्रम गर्दा विदुर नपा-४ बाट २५ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई ९० दिनको थुनुवा पूर्जी दिई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएकोमा विभिन्न मितिमा रिहा गरियो। गिरफ्तार गरिएकाहरुमा एमालेका नारायण खतिवडा, गोविन्द नेपाली, रामकुमार बस्नेत, श्रीकृष्ण खतिवडा, ईन्द्रप्रसाद अधिकारी, हरि अधिकारी, श्रीमाया तामाङ, अनेमसंघका विन्दा ढुंगाना, अनेरास्वियुका राजेन्द्र अधिकारी, विष्णु चित्रकार, नविन प्रधान, राजेन्द्रप्रसाद पाण्डे, दीपक कार्की, सदस्य ईश्वर श्रेष्ठ, कांग्रेसका राजु थापा, हरिकृष्ण श्रेष्ठ, नेविसघंका जगदीश कुईंकुल, अच्युत गिरी, राजाराम अधिकारी जविन घिमिरे, नेकाँ (प्रजातान्त्रिक) का ध्रुव अधिकारी, नेकाँ (प्रजातान्त्रिक) का उपेन्द्र ओझा, विनोदप्रसाद पाठक, विष्णुप्रसाद अधिकारी, बासु साप्कोटा रहेका छन्। अनेरास्वियुका राजेन्द्र अधिकारी, विष्णु चित्रकार, नविन प्रधान, राजेन्द्रप्रसाद पाण्डे, दीपक कार्की, ईश्वर श्रेष्ठ, नेविसघंका जगदीश कुईंकुल, अच्युत गिरी, राजाराम अधिकारी , जविन घिमिरेलाई फागुन १ गते रिहा गरियो। अनेमसंघका विन्दा ढुंगाना, एमालेका श्रीमाया तामाङ र नेकाँ (प्रजातान्त्रिक) का उपेन्द्र ओझालाई फागुन ३ गते, नेकाँ (प्रजातान्त्रिक) का विनोदप्रसाद पाठक फागुन ९ गते, एमालेका गोविन्द नेपाली, नेकाँका राजु थापा, नेकाँका (प्रजातान्त्रिक) का विष्णुप्रसाद अधिकारी फागुन १० गते, एमालेका रामकुमार बस्नेत, श्रीकृष्ण खतिवडा, ईन्द्रप्रसाद अधिकारी, हरि अधिकारी, नेकाँका हरिकृष्ण श्रेष्ठ, नेकाँ (प्रजातान्त्रिक) का बासु सापकोटा फागुन ११ गते र एमालेका नारायण खतिवडा र नेकाँ (प्रजातान्त्रिक) का ध्रुव अधिकारी ०६२ फागुन १२ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला अदालत मात्र रहेको र एकजना जिल्ला न्यायाधीश रहेका छन। यस जिल्लामा दुनियावादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरी आएका २४ र यस वर्ष दर्ता भएका १२ ओटा मुद्दा गरी जम्मा ३६ ओटा मुद्दा रहेकोमा गत वर्षको जिम्मेवारी सरेर आएका दुई ओटा र यस वर्षका छ ओटा गरी जम्मा आठ ओटा मुद्दा फर्स्यौट भई जम्मा २८ ओटा मुद्दा बाँकी रहे। यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेको आएका १८ र यस वर्ष दर्ता भएका ११ ओटा गरी जम्मा २९ ओटा मुद्दा रहेकोमा गत वर्षको जिम्मेवारी सरेर आएका सात ओटा र यस वर्षका दुई ओटा गरी जम्मा नौ ओटा मुद्दा फर्स्यौट भई जम्मा २० ओटा मुद्दा बाँकी रहे। यसैगरी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ५६ र यस वर्ष दर्ता भएका १४ ओटा मुद्दा गरी जम्मा ७० ओटा मुद्दा रहेकोमा गत वर्षको जिम्मेवारी सरेर आएका १३ ओटा र यस वर्षका दुई ओटा गरी जम्मा १५ ओटा मुद्दा फर्स्यौट भई जम्मा ५५ ओटा देवानी मुद्दा बाँकी रहे। यो वर्षको अन्त्यसम्म रहेका २८ ओटा दुनियावादी फौजदारी मुद्दा, २० ओटा सरकारवादी फौजदारी मुद्दा र ५५ ओटा देवानी मुद्दा गरी जम्मा १ सय ३ ओटा मुद्दा रहे। जिल्ला प्रसासन कार्यालयमा यस वर्ष पाँच ओटा सार्वजनिक मुद्दा दर्ता भएकोमा एउटा फर्स्यौट भई चार ओटा मुद्दा बाँकी रहे। जिल्ला प्रहरी कार्यालयमा चोरी एक डाका एक, जर्बजस्ती करणी एक, सरकारी कागजपत्र किर्तेमा दुई , सार्वजनिक अपराध छ, कतर्व्य ज्यानमा चार, ज्यान मार्ने उद्योगमा दुई, जीउ मास्ने बेच्नेमा चार ओटा उजुरी दर्ता भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

ककनी गाविस-२ हिलेखर्क निवासी ५५ वर्षीया गौरीमाया तामाडलाई बोक्सीको आरोपमा ०६३ साउन २ गते सोही ठाउँको हिलेचौरमा काजीमान तामाङ, निर्मला तामाङ र उनको परिवारले हिलेखर्कस्थित सार्वजनिक चौरमा लगी मलमुत्र कोच्याउदै कुटपिट गरे। पीडितले ०६३ साउन २६ गते इन्सेक मध्यमाञ्चल क्षेत्रीय कर्यालयमा उजुरी गरेपछि ०६३ भदौ १८ गते इन्सेक प्रतिनिधि केशव मिश्र लगायतका मानवअधिकारकर्मीको पहलमा पीडकले पीडितसँग माफी मागे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

विदुर नगरपालिका कार्यालय, जिल्ला भूसंरक्षण कार्यालय र जिल्ला शिक्षा कार्यालय नुवाकोटमा ०६२ माघ ८ गते बजे माओवादीले बम विष्फोट गराई क्षति पुऱ्याए।

विष्फोटबाट नगरपालिकाको भवनमा क्षति पुग्यो। शिक्षा कार्यालय भवनको मुख्य प्रवेशद्वारमा क्षति पुगेको छ। यसैगरी जिल्ला भूसंरक्षण कार्यालयको कोठमा क्षति पुगेको छ। यसरी विष्फोटबाट लगभग पाँच लाख बराबर क्षति पुगेको जिल्ला प्रसाशन कार्यालयले जनायो ।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक जना महिला र २१ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सुन्दारादेवी गाविस-१ निवासी अर्जुनलाल श्रेष्ठ, थानसाँङ गाविस-२ निवासी रामचन्द्र भण्डारी, भट्टार गाविस-३ निवासी राजेन्द्र लामिछाने, चाउथे गाविस-४ निवासी राजन बजगाई, कुभरी गाविस-४ निवासी देविप्रसाद ढुङ्गेल प्रकाश ढुङ्गेल, महाकाली गाविस-१ निवासी कान्छा तामाङ, नर्जा गाविस-८ निवासी अर्जुनबहादुर परियार रामबहादुर परियार, तारूका गाविस-२ निवासी हरि नेपाली, केदार नेपाली, थानापति गाविस-९ निवासी अर्जुन पोखरेल, सोही गाविस-९ निवासी रामप्रसाद रिमाल, अर्जुनप्रसाद न्यौपाने, कुभरी गाविस-४ निवासी रामेश्वर मुडभरी, समरी गाविस-१ निवासी राजन डंगोल, बागेश्वरी गाविस निवासी नवराज तामाङ, थानापति गाविस-९ निवासी कौशल्या पोखरेल, ककनी गाविस-८ निवासी हिरावहादुर रोक्का, लिखु गाविस निवासी राजेन्द थापा, लिखु र बेलकोट गाविस निवासी पूर्णबहादुर तामाङ, बेलकोट र ईश्वर भनिने लेखनाथ पौडेल श्यामकृष्ण श्रेष्ठ रहेका छन्।

मओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ककनी गाविस निवासी मगले तामाङ्ग र दुईपिपल गाविस निवासी तारादल गण देवीघाटमा कार्यरत सिपाही सरोज तामाङ रहेका छन्।

२.१९ रसुवा



जनसंख्या : ४९,३०१
साक्षरता प्रतिशत : ३४
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.) : १५१४
गाविस/नपा संख्या : १८/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १०७
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१९
टेलिफोन लाइन : भिस्याट ६
मोटर सडक (कि. मि.) : १७०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १८
मानव विकास सूचकाङ्क : ०.३९४
प्रति परिवार सरदर संख्या : ५.५६

गोली/बम/विस्फोट पदार्थद्वारा घाइते

माओवादीबाट

सेनाका उपसेनानी २१ वर्षीय सोजित सिलवाल खत्री र सैनिक जवान २४ वर्षीय दुर्गा बडुवाल ०६२ फागुन १३ गते दिउँसो माओवादीले धैबुङ्ग गाविस-७ स्थित कालिकास्थानको घुम्तीबजारमा गोली प्रहार गर्दा गम्भीर घाइते भए। सो घटनामा प्रहरी जवान राजु बम्जन घाइते भए। घाइतेलाई तत्काल हेलिकोप्टरबाट काठमाडौं पुऱ्याई उपचार गरियो।

जेल र बन्दी

'ङ' श्रेणीमा पर्ने २५ जना बन्दी क्षमता भएको जिल्ला कारागार शाखाको भवन जीर्ण बन्दै गएको छ। यस कारागारमा कैद तोकिएका १३ जना र नतोकिएका ५ जना पुरुष बन्दी छन्। यस वर्ष महिला बन्दी रहेका छैनन्। गत

वर्ष चेलीबेटी बेचबिखनको आरोपमा बन्दी जीवन बिताई रहेकी एकमात्र महिला बन्दी कैली विश्वकर्मालाई ०६३ पुस १५ गते केन्द्रीय कारागार पठाइयो। दैनिक ७ सय ग्राम खाद्यान्न र ३० रुपैयाँ बन्दीलाई सुविधा दिने गरिन्थ्यो। कारागारमा पानी तथा शौचालयको व्यवस्था रहेको छ। एउटा रेडियो र एउटा टीभीको व्यवस्था बन्दी आफैले गरेका छन्। खेलकुद सामग्रीमा क्यारेमबोर्ड र चेस तथा पत्रपत्रिकाको व्यवस्था गरिएको छ। बिरामी बन्दीलाई जिल्ला अस्पतालमा उपचार गराए पनि नियमित उपचारको उचित व्यवस्था छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

धैबुङ्ग गाविस-५ निवासी २५ वर्षीय हस्तबहादुर श्रेष्ठले गुण्डागर्दी तथा ठगी गरेको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले उनलाई काठमाडौं जान लागेका बेला लहरेपौवा गाविस-१ को बोगटीटारबाट अपहरण गरे। पीडितलाई कातिक १५ गते इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाको रोहबरमा मुक्त गरियो।

धैबुङ्ग गाविस-७ निवासी २२ वर्षीय सुरेन्द्र आचार्यलाई गुण्डा गर्दी र ठगी गरेको आरोपमा माआवादीले ०६३ कातिक ८ गते अपहरण गरे। पीडितलाई २० दिनपछि कात्तिक २८ गते उनलाई आईन्दा त्यस्तो गतिविधिमा नलाग्ने सर्तमा चेतावनी समेत दिएर इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाको रोहबरमा मुक्त गरियो।

धैबुङ्ग गाविस-५ निवासी ३१ वर्षीय माईला श्रेष्ठलाई गुण्डागर्दी र ठगी गरेको आरोपमा ०६३ कात्तिक ९ गते माआवादीले लहरेपौवा गाविसबाट अपहरण गरे। पीडितलाई आईन्दा त्यस्तो गतिविधिमा नलाग्ने सर्तमा कात्तिक २४ गते मुक्त गरे।

माओवादीले ०६३ कातिक ९ गते सरमथली गाविस-५ निवासी ३२ वर्षीय प्रेम लामालाई चोरीको आरोपमा अपहरण गरे। पीडितलाई आईन्दा त्यस्तो नगर्न चेतावनी दिएर कात्तिक १५ गते इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाको रोहबरमा मुक्त गरे।

धादिङ जिल्ला बैरेनी गाविस-२ निवासी काले तामाङलाई सुन दलालीको आरोपमा ०६३ कात्तिक ९ गते माओवादीले रसुवाको धारापानीबाट अपहरण गरे। पीडितलाई आइन्दा गल्ती नगर्ने सर्तमा इन्सेक प्रतिनिधिको रोहबरमा मंसिर २७ गते धैबुङको धारापानीबाट मुक्त गरियो।

धुन्चे गाविस-५ निवासी रसुवा उच्च माविका प्राचार्य समेत रहेका तीरबहादुर गुरुङलाई तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धुन्चे गाविस निवासी दावाफिन्जो तामाङसँगको मिलेमतोमा भ्रष्टाचार गरेको आरोपमा ०६३ कात्तिक १६ गते माओवादीले अपहरण गरी १० लाख ३९ हजार रुपैयाँ बुझाउने सर्तमा कात्तिक १९ गते मुक्त गरे।

डाडागाँउ गाविस-१ निवासी १९ वर्षीय सन्तोष अधिकारीलाई सुराकीको आरोपमा ०६३ कात्तिक २९ गते माओवादीले अपहरण गरे। कालिका हिमालय माविमा कक्षा १० मा अध्ययनरत अधिकारीलाई भोलिपल्ट गाउँ नछाड्ने सर्तमा मुक्त गरे। पीडितलाई सुराकी गरेको आरोपमा माओवादीले गत वर्ष पनि अपहरण गरी आईन्दा सुराकी नगर्ने चेतावनी दिएर मुक्त गरेका थिए।

लहरेपौवा गाविस-१ बेत्रावतीबजार निवासी २४ वर्षीय व्यापारी दिनेश अधिकारीलाई उनका भाई २१ वर्षीय रामशरण अधिकारी समेतले नुवाकोट जिल्ला गेर्खु गाविस-३ निवासी बलराम प्याकुरेल, बिनोद केसी र शर्मिला थापा समेतलाई बैदेशिक रोजगारीका लागि पठाई दिने सर्तमा ९ लाख ६० हजार रुपैयाँ ठगी गरेको आरोपमा ०६३ पुस १२ गते माआवादीले अपहरण गरे। अपहरितलाई दुई दिनपछि १४ गते इन्सेक प्रतिनिधि हेमनाथ खतिवडको रोहबरमा मुक्त गरे। पीडितले २ लाख ७५ हजार रुपैयाँ ३ महिनाभित्र बुझाउने सर्तमा मुक्त गरिएको थियो।

हाकु गाविस-१ मैलुङ्गबेशी निवासी ३७ वर्षीय राप्रपाका आशावीर तामाङलाई विद्यालयको आर्थिक हिनामिना गरेको तथा जनआन्दोलनको दमन गरेको आरोपमा ०६३ पुस १२ गते माओवादीले अपहरण गरे। अपहरितलाई पुस १५ गते मुक्त गरे।

डाडाँगाउँ गाविस-५ निवासी नेकाँ (प्रजातान्त्रिक) का ३६ वर्षीय मंगल तामाङलाई ०६३ पुस १२ गते माओवादीले अपहरण गरे। तामाङलाई मैलुङ्ग सडक निर्माणका क्रममा भ्रष्टाचार गरेको आरोपमा अपहरण गरिएकोमा पुस १४ गते भागेको माओवादले जनाए। पीडित परिवारको सम्पर्कमा आएका छैनन।

यार्सा गाविस-५ निवासी २९ वर्षीय कृपा लामालाई ठगीको आरोपमा ०६३ पुस १३ गते माओवादीले अपहरण गरे। पीडितलाई ४० हजार रुपैयाँ बुझाएपछि थप रकम बुझाउने सर्तमा पुस १७ गते रिहा गरे।

गैरकानुनी गिरफ्तारी

यार्सा गाविस-१ निवासी ३६ वर्षीय सुकबहादुर तामाङलाई सेनाले माओवादीको आरोपमा ०६२ फागुन ९ गते गिरफ्तार गरे। पीडितलाई फागुन १६ गते कारागारमा बन्दी अवस्थामा राखेकोमा ०६३ वैशाख २४ गते रिहा भए।

भोर्ले गाविस-३ सर्च्युं निवासी २५ वर्षीय सन्तबहादुर तामाङ माओवादी भएको आरोपमा ०६२ फागुन १४ गते

संयुक्त सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरेकोमा ०६३ वैशाख २७ गते रिहा गरियो।

भोर्ले गाविस-३ सर्च्युं निवासी एमालेका २९ वर्षीय पूर्णबहादुर तामाङलाई माओवादीको आरोपमा ०६२ फागुन १५ गते संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनलाई ०६३ वैशाख १८ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रसुवा जिल्ला अदालतमा कमै मात्रामा मुद्दा पर्दछ। यस वर्ष अदालतमा सरकारी फौजदारी, दुनियाँवादी फौजदारी र देवानी फौजदारी गरी जम्मा आठओटा मुद्दा परेकोमा सबै मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे। जसमध्ये दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका दुईमध्ये दुवै फर्स्यौट भए। दुनियाँवादी फौजदारी मुद्दामध्ये यो वर्ष दर्ता भएका दुई ओटा फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा जम्मा २ ओटा छन्।

सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारीसमेत सरेर आएकासमेत गरी दुई ओटा फर्स्यौट भए भने एउटा फर्स्यौट हुन बाँकी रहेको छ। सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका तीनओटा समेत गरी दुईओटा फर्स्यौट भए भने एउटा फर्स्यौट हुन बाँकी रहेको छ।

देवानी मुद्दामा गत वर्षको बाँकी एउटा र यो वर्ष दर्ता भएका दुई ओटा मध्ये एउटा फर्स्यौट भयो भने दुई ओटा बाँकी रहे।

जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग ,जीउमास्ने उद्योग, कुटपिट, आत्महत्या, सार्वजनिक अपराध, भवितव्य, बलात्कार, चेलीबेटी बेचबिखन, खर्क विवाद सम्बन्धी १४ ओटा उजुरी परेका छन्।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला वन कार्यालयका नासु ३५ वर्षीय हीमलाल लामिछानेले राजाको विरोधमा आन्दोलन गरेको आरोपमा ०६२ चैत ३१ गते प्रहरीले उनलाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। उनलाई प्रहरीले कुटपिट गरेका थिए। उनले रसुवामा जनआन्दोलनको पहिलो दिन राँके जुलुस प्रदर्शन गरेका थिए।

धुन्चे गाविस-७ निवासी ३२ वर्षीय बुद्धिबहादुर विश्वकर्मालाई आन्दोलन गरेको आरोपमा ०६२ चैत ३१ गते प्रहरीले गिरफ्तार कुटपिट पारे। पीडितलाई भोलपल्ट रिहा गरियो।

धुन्चे गाविस-७ निवासी ३७ वर्षीय टेकबहादुर विश्वकर्मालाई आन्दोलन गरेको आरोपमा प्रहरीले ०६२ चैत ३१ गते गरी कुटपिट गरी भोलिपल्ट रिहा गरे।

भोर्ले गाविस-६ रुप्सेपानी निवासी ३२ वर्षीय चित्रप्रसाद पौडेललाई आन्दोलनमा लागेको आरोपमा ०६३ वैशाख ४ गते प्रहरीले आन्दोलनमा नलाग्न धम्की दिए।

धुन्चे गाविस-५ निवासी ३१ वर्षीय एमालेका कैशाङनूर्पू तामाङ जनआन्दोलनका क्रममा ०६३ वैशाख ६ गते प्रहरीले गरेको लाठी प्रहारबाट घाइते भए। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

हाकु गाविस-२ निवासी ३९ वर्षीय एमालेका सङतेम्पा तामाङ ०६३ वैशाख ७ गते आन्दोलन रोक्न प्रहरीले गरेको लाठी प्रहारबाट घाइते भएका थिए ।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

हाकू गाविस-९ को गोगनेबाट चेलीबेटी मुम्बई लैजान लागेको अवस्थामा ०६३ पुस ५ गते माओवादीले लहरेपौवाको पैरेबेंशीमा कमान तामाङ र तावा सिङगी तामाङलाई नियन्त्रणमा लिए। तावा सिङकी तामाङ भने पुस

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित				राज्यपक्षबाट पीडित		
	माओवादीबाट						
	घटना संख्या	पुरुष		जम्मा	घटना संख्या	पुरुष	जम्मा
घाइते	१	३		३	४	४	४
गिरफ्तारी/यातना					३	३	३
कुटपिट					१	१	१
धम्की					१	१	१
अपहरण	१४	१४	३	१६			
जम्मा	१५	१६	३	१८	९	९	९

७ गते माओवादी नियन्त्रणबाट लहरेपौवा गाविस-९ को उपल्लोपौवाबाट भागेका थिए। उनीहरूले पुरिग्याल्मो तामाङ र सुनियाल्मो तमाङलाई २०-२० हजार भारतीय रुपैयाँ दिने सर्तमा फकाएर लगेका थिए।

रसुवाको एक गैरसरकारी संस्थाको सर्वेक्षण अनुसार यार्सा, सरमथली, हाकु, लहरेपौवा राम्चे गाविसबाट ३ सय ५० जना भन्दा बढी महिला बेचिएको देखिएको छ।

बलात्कार/बलात्कार प्रयास

लहरेपौवा गाविस-३ बनुवाँ निवासी आठ वर्षीया एक बालिकालाई ०६३ मंसिर १३ गते सोही गाउँका २१ वर्षीय रामहरि लामिछानेले बलात्कार गरे। चिकित्सकले गरेको स्वास्थ्य परीक्षणबाटमा समेत बलात्कारबाट बालिकाको स्वास्थ्य नाजुक भएको जानकारी दिएपछि माओवादीले पीडकसँग ४० हजार २ सय ५० रुपैयाँ रकम लिएर कारबाहीका लागि प्रहरीसमक्ष बुझाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

नारा हिमालयन स्प्रिङवाटर कम्पनीले सदरमुकाम धुन्चेमा स्थापना गरेको उद्योग रुग्ण बनेपछि त्यहाँ कार्यरत कर्मचारीहरू सुविधा पाउनबाट वञ्चित रहेका छन्। कम्पनीमा कार्यरत २३ जना कर्मचारीहरू साँढे २ वर्षदेखि तलब पाउनबाट वञ्चित भएका छन्। कतिपय कर्मचारी तथा मजदुर भने तलब नपाएपछि काम छाडेर अन्यत्र गएका छन्।

विगतको अनुगम

बेपत्ता

राज्यबाट


माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा पधैबुङ्ग गाविस-३ धारापानी निवासी २४ वर्षीय माओवादीका नरेन्द्रबहादुर तामाङ रहेका छन्।



पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसंख्या	: ३,३६,१६६
साक्षरता प्रतिशत	: ६१.६८
महिला साक्षरता प्रतिशत	: ५५.६
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस/नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५३४
क्याम्पस/उच्च मावि	: ४/१६
अस्पताल/स्वास्थ्य चौकी	: २/४६
टेलिफोन लाइन	: २५९५
मोटर सडक (कि. मि.)	: ६८४
प्रहरी कार्यालय संख्या	: ९
हुलाक संख्या	: ५२
मानव विकास सूचकाङ्क	: ०.५२४
प्रति परिवार सरदर संख्या	: ५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या /गोली

राज्यबाट

अरुणोदय गाविस-२ आम्बोटेमा ०६२ पुस २८ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा माओवादी कार्यकर्ता श्रीकृष्ण थापालाई सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे। सोही ठाउँमा नाम खुल्न नसकेकी एकजना महिला माओवादी कार्यकर्ताको पनि मृत्यु भयो। गस्तीमा गएका सुरक्षाकर्मीसँग जम्काभेट भएपछि दुईपक्षबीच दोहोरो भिडन्त भएको थियो। सुरक्षाकर्मीले सोही ठाउँमा खाल्डो खनी पीडितहरूको लास गाडे।

माओवादीबाट

दुलेगौंडा गाविस-७ दुलेगौडा बजार निवासी ट्याक्सी चालक २५ वर्षीय बलराम श्रेष्ठलाई ०६२ फागुन १५ गते माओवादीले गोली प्रहार गरेकोमा उपचारार्थ सोही दिन पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरातर्फ लैजाँदै गर्दा उनको बाटोमा मृत्यु भयो। माओवादीले उनको घाँटी र कञ्चटमा दुईटा गोली प्रहार गरेका थिए। अपस्तालमा उनको लासको पोष्टमार्टम गरियो।

गोली/बम विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

सात दलले आह्वान गरेको देशव्यापी आमहड्तालका क्रममा ०६३ वैशाख ३ गते सशस्त्र प्रहरीले दमौली बजारमा गोली चलाउँदा व्यास नपा-२ निवासी १८ वर्षीय विकास थापा घाइते भए। तिघ्रामा गोली लागेका थापाको तत्कालै दमौली अस्पतालमा उपचार गरियो। सोही दिन प्रहरीले जुलुसमा हस्तक्षेप गरी लाठी प्रहार गर्दा व्यास नपा-११ का टीकाराम सिग्देल, पत्रकार महासंघ, तनहुँका सभापति प्रदीप काफ्ले, विद्यार्थी निराजन पौडेल र व्यास नपा-१ का थमन मिश्र घाइते भए। पीडितहरूको दमौली अस्पतालमा उपचार गरियो।

माओवादीबाट

भानु गाविस-८ तुरतुरे निवासी ६० वर्षीय रामबहादुर रानालाई ०६२ चैत १ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए। गोर्खा सामुदायिक पोलिक्लिनिकको ग.१.ज. २३१५ नम्बरको एम्बुलेन्समा आफ्नो बिरामी नातिलाई पोखरातर्फ लैजाँदै गर्दा दुलेगौंडा गाविस-३ कोत्रेमा राति माओवादीले एम्बुलेन्समाथि गोली प्रहार गर्दा उनको कम्मरमा गोली लागेको थियो। पीडितलाई तत्कालै सोही एम्बुलेन्समा राखी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा पुऱ्याई उपचार गरियो। पीडितको कम्मरमा गोली लागेको थियो।

आफ्नै बम विस्फोटबाट

बन्दीपुर गाविस-१ डुम्रे बजारमा ०६२ माघ २४ गते साँझ बम विस्फोट गराउन खोज्ने महेन्द्र भनिने माओवादी कार्यकर्ता आफैले बोकेको बम विस्फोट भई घाइते भए। माओवादीले आह्वान गरेको नेपाल बन्दको समयमा राजमार्ग अवरुद्ध गर्न बम राख्दै गर्दा बम विस्फोट भएको थियो। घाइतेलाई उनकै साथीले मोटरसाइकलमा राखी अज्ञात स्थलतर्फ लगेका थिए।

बेवारिसे बम विस्फोटबाट

मनपाङ्ग गाविस हर्कपुर निवासी १६ वर्षीय सोमबहादुर थापा र ८ वर्षीय सजीव थापा ०६३ वैशाख ३०

गते सोही ठाउँस्थित सरस्वती प्राविको प्राङ्गणमा माओवादीले छाडेको बम विस्फोट भई घाइते भए। विद्यालयको चौरमा खेल्दै गर्दा सकेट बम विस्फोट भएको थियो। उक्त ठाउँमा सोही दिन विहान माओवादी कार्यकर्ताहरूले खाना पकाएर खाँदा बम छाडेर गएका थिए। घाइते बालकद्वयलाई गाउँलेहरूले दमौली अस्पतालमा उपचार गराए। हाल पीडितहरूको अवस्था सामान्य छ।

जेल र बन्दी

०२५ सालमा निर्मित कूल २५ जनाको क्षमता रहेको कारागार शाखा, तनहुँमा यस वर्षको अन्त्यसम्ममा जम्मा ३५ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये कर्तव्य ज्यान मुद्दामा कैद नतोकिएका तीनजना र तोकिएका सातजना गरी १० जना, लागु औषध ओसार-पसार मुद्दामा कैद नतोकिएका एकजना, डाँकाचोरी मुद्दामा कैद नतोकिएका दुईजना र कैद तोकिएका आठजना गरी १० जना, चोरी मुद्दामा कैद नतोकिएका दुईजना र कैद तोकिएका तीनजना गरी पाँचजना, चोरी मुद्दामा कैद तोकिएका एकजना, नकावजनी चोरी मुद्दामा कैद तोकिएका एकजना र जबरजस्ती करणी मुद्दामा कैद नतोकिएका तीनजना र तोकिएका चारजना गरी जम्मा सातजना बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

बन्दीपुर गाविस-३ पार्चे घर भई सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंमा कार्यरत प्रहरी हवल्दार २५ वर्षीय तिलकबहादुर कार्कीलाई घर बिदामा आएको समयमा ०६२ पुस २० गते घरबाटै माओवादीले अपहरण गरी जागिर छाड्ने सर्तमा पुस २२ गते मुक्त गरे।

रुपाकोट गाविस-३ स्थित त्रिभुवन उच्च माविमानेचौकाका ३० जना विद्यार्थी र दुईजना शिक्षक गरी ३२ जनालाई ०६२ माघ ५ गते विद्यालयबाट माओवादीले अपहरण गरी लमजुङ्ग जिल्लामा पुऱ्याई ०६२ माघ ७ गते विद्यालयमा नै फर्काएर मुक्त गरे।

नेपाल शिक्षक युनियनका केन्द्रीय प्रतिनिधि रमानाथ बजगाईं, नेपाल शिक्षक संघका केन्द्रीय प्रतिनिधि सुधीरकुमार झालगायत तनहुँसुर, घासिकुवा र बरभञ्ज्याङ्ग गाविसका विभिन्न विद्यालयका ३ सयजना शिक्षक शिक्षिकालाई ०६२ माघ १९ गते माओवादीले अपहरण गरी तनहुँसुरको ज्यामिरे पुऱ्याई जनवादी शिक्षाको प्रशिक्षण दिई सोही साँझ मुक्त गरे।

कास्की जिल्ला पोखरा घर भई व्यास नपा-१ भादगाउँमा बस्ने ३० वर्षीय राजु शाही र दोरफिर्दी घर भई भादगाउँमा नै बस्ने ३१ वर्षीय प्रेम भुजेललाई ०६३ जेठ २२ गते भादगाउँबाट माओवादीले अपहरण गरे। नक्कली माओवादी बनी लुटपाटमा संलग्न रहेको आरोपमा छानबिनका लागि भनी माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरूलाई ०६३ असार १० गते मुक्त गरियो।

कास्की जिल्ला पोखरा घर भई व्यास नपा-१ भादगाउँस्थित माइतीघरमा बस्दै आएकी २७ वर्षीया उमा शाही नक्कली माओवादी बनी लुटपाटमा संलग्न रहेको आरोपमा ०६३ जेठ २५ गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई ०६२ असार १० गते मुक्त गरियो।

धादिङ्ग जिल्ला निवासी २१ वर्षीय पूर्णबहादुर नेपालीलाई ०६३ असार ५ गते माओवादीले दमौलीको भोर्लेटार चोकबाट अपहरण गरे। चोरी कार्यमा संलग्न भएको आरोपमा उनलाई अपहरण गरेका थिए। पीडितलाई ०६३ असार १० गते मुक्त गरे।

माझकोट गाविस-८, जलौदी निवासी ४५ वर्षीय खिमबहादुर सेन ठकुरी र ४० वर्षीय माया कुमाललाई ०६३ साउन २५ गते सोही ठाउँबाट माओवादीले अपहरण गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	१	३	४	१	१			१	१	१	१	२
घाइते	१		१	१	३	४			४	१	५		५
गिरफ्तारी/यातना										७	३०		३०
कुटपिट	१	१		१						२	४		४
धम्की					३	३			३				
महिलाअधिकार	१		१	१									
बालअधिकार	१		१	१									
अपहरण	१	१		१	१७	३३५	५	३३	३६३				
जम्मा	९	३	६	९	३४	३३३	५	३३	३७०	११	४०	१	४१

०६३ असोज २५ गते सोही ठाउँबाट मुक्त गरे।

क्यामिन गाविस-२ माझफाट निवासी यातायात व्यवसायी ३५ वर्षीय पप्पु बानिया र लमजुङ्ग जिल्ला तान्द्राङ्गटक्सार गाविस-९ सोतीपसल निवासी यातायात मजदुर १८ वर्षीय हरिबहादुर पौडेललाई ०६३ भदौ २१ गते माओवादीले क्यामिन गाविस-३ छापथोकबाट अपहरण गरी ०६३ भदौ २७ गते व्यास नपा-२ स्थित माओवादी जिल्ला सम्पर्क कार्यालयबाट मुक्त गरे।



माओवादीद्वारा हत्या गरिएका बलराम श्रेष्ठ

पर्वत जिल्ला घर भई मनकामना सशस्त्र प्रहरी गण, भानुमा कार्यरत प्रहरी जवान २३ वर्षीय सूर्य सापकोटालाई ०६३ भदौ २८ गते बन्दीपुर गाविस-१, डुम्रे बजारस्थित लक्ष्मी अस्पतालको प्राङ्गणबाट माओवादीले अपहरण गरी सात घण्टापछि सोही दिन साँझ डुम्रे बजारबाट नै मुक्त गरे।

ब्यास नपा-६ पतेनीटारका नौजना युवा युवतीलाई सेनामा भर्ती गराउने भन्दै ०६३ कात्तिक २६ गते माओवादीले अपहरण गरे अपहरण हुनेहरूमा डिलकुमारी दरै, दिलमाया दरै, शोभा दरै, अनिता दरै, होमबहादुर दरै, सत्य दरै, डिलबहादुर दरै, खड्गबहादुर दरै र विकासबहादुर कुमाल रहेका छन्। सेनामा जागीर खाएपछि मासिक सात हजार रूपैयाँ तलब पाइन्छ भन्दै प्रलोभन देखाएर माओवादीले अपहरण गरेको अभिभावकले बताए।

अरुणोदय गाविस-२ कोटथोक निवासी ३५ वर्षीय प्रदीपकुमार गहतराजले गर्भपतन गर्न सहयोग गरेको आरोपमा ०६३ असोज १२ गते उनलाई घरबाटै माओवादीले अपहरण गरी ०६३ कात्तिक १४ गते भिमाद बजारबाट मुक्त गरे।

किहुँ गाविस-६ दरकाङ निवासी ३५ वर्षीय कूलबहादुर आलेमगर र भिमाद गाविस-१ शान्तिनगर निवासी ४० वर्षीय तिलमाया रानामगरलाई ०६३ असोज १४ गते भिमाद बजारबाट माओवादीले अपहरण गरी ०६३ कात्तिक १४ गते सोही ठाउँबाट मुक्त गरे।

छाङ्ग गाविस-३ थर्पुबजार निवासी २५ वर्षीय मिलन शाहीलाई ०६३ असोज २० गते माओवादी कार्यकर्ताले आफ्नै घरबाट अपहरण गरी ०६३ असोज २१ गते मानवअधिकारकर्मीको उपस्थितिमा इलाका प्रहरी कार्यालयसमक्ष बुझाए। माओवादीले उनलाई हीरा थापा नामकी महिलालाई अपहरण गरेको आरोप लगाएका थिए। प्रहरीले उनलाई ०६३ असोज २५ गते रिहा गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

मनपाङ्ग गाविस-८ निवासी नेपाली काँग्रेसका क्रियाशील सदस्य सुदीप काफ्लेलाई ०६३ असार २६ गते माओवादीले निर्घात रुपमा कुटपिट गरी ज्यानमार्ने धम्की दिए। जग्गाको विषयलाई लिएर माओवादीले कुटपिट गरेको पीडितले बताए। पीडितको दमौली अस्पतालमा उपचार भयो।

व्यास नपा-८ निवासी आँबुखैरेनी गाविसका सचिव ४० वर्षीय कृष्णकुमार श्रेष्ठलाई ०६३ साउन ३० गते माओवादीले गाविस कार्यालय छाडी सदरमुकाम जान धम्की दिए। धम्कीपछि पीडित भदौ १ गतेदेखि जिविसमा हाजिर भए।

पुर्कोट गाविस निवासी सोही गाविसका सचिव ४० वर्षीय चामनारायण श्रेष्ठलाई ०६३ भदौ २८ गते माओवादीले गाविस कार्यालय छाडी जान धम्की दिए। धम्कीपछि पीडित ०६३ भदौ ३० गते जिविसमा हाजिर हुन गए।

भानु गाविस निवासी सोही गाविसका सचिव अर्जुन बोहरालाई ०६३ कात्तिक १३ गते माओवादीले गाविस कार्यालय छोडी सदरमुकाम जान धम्की दिए। माओवादी धम्कीपछि पीडित ०६३ कात्तिक १५ गते जिविसको कार्यालयमा हाजिर हुन गए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला कमिटीका सचिव प्रतापलाल श्रेष्ठ, सोही दलका जिल्ला सदस्य शंकरनारायण श्रेष्ठ, हरिराज कँडेल, सिताराम बजगाईं, नगर कमिटीका सदस्य विष्णु तिमिल्सेना, वडा कमिटी सदस्य प्रेमलाल श्रेष्ठ, प्ररायुसंघका अञ्चल सदस्य विष्णु ढकाल, एमाले माझकोट गाउँ कमिटी सदस्य पदमराज सेन, नेकाँ (प्रजातान्त्रिक) का सभापति धुव्र वाग्ले, नेकाँका महासमिति सदस्य रामचन्द्र अधिकारी र कार्यालय सचिव दयानिधि नरालालाई ०६२ माघ १२ गते दमौली बजारबाट प्रहरीले गिरफ्तार गरे। सरकारले गर्न लागेको नगर निर्वाचन बहिष्कारको आह्वान गदै सातदलले दमौली बजारमा निकालेको मशाल जुलुसका क्रममा उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थिए। गिरफ्तार गरिएकामध्ये प्रेमलाललाई सोही दिन साँझ रिहा गरियो। विष्णु, पदमराज, दयानिधि र हरिराजलाई माघ २७ गते, शंकरनारायण, सिताराम, विष्णु ढकाल र रामचन्द्रलाई माघ ३० गते तथा प्रतापलाल र धुव्रलाई फागुन ४ गते रिहा गरियो।

नेकाँ जिल्ला कार्य समिति सभापति रघुनाथ पौडेल, सो पार्टीका महासमिति सदस्य रामचन्द्र पोखरेल, जिल्ला सदस्य लक्ष्मी आचार्य, नेविसंघका जिल्ला अध्यक्ष हिरा थापा, नेविसंघ (प्रजातान्त्रिक) का जिल्ला सचिव लक्ष्मीभक्त खनाल र जनमोर्चा, नेपालका गाउँ कमिटी सदस्य शुक्रकुमार श्रेष्ठलाई ०६२ माघ १३ गते प्रहरीले दमौली बजारबाट गिरफ्तार गरे। नगर निर्वाचन बहिष्कारका क्रममा सात दलले आयोजना गरेको नेपाल बन्द सफल बनाउने क्रममा प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएकामध्ये लक्ष्मीलाई माघ २७ गते, हिरा, शुक्रकुमार र लक्ष्मीभक्तलाई माघ ३० गते तथा रघुनाथ र रामचन्द्रलाई फागुन ४ गते रिहा गरियो। गिरफ्तारीका क्रममा प्रहरीसँग झडप हुँदा अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्ष भानुभक्त पोखेल, नेविसंघका जिल्ला सदस्य अमरराज गिरी र एमाले कार्यकर्ता तिलबहादुर थापा घाइते भए।

व्यास नपा-१० निवासी जनमोर्चा नेपालका जिल्ला सचिव गणेश बराइलीलाई ०६२ माघ २५ गते प्रहरीले व्यास नपा-१० बाट गिरफ्तार गऱ्यो। बराइलीलाई माघ ७ गते जेल सरुवा गरिकोमा माघ ९ गते पुनरावेदन अदालत, पोखराको आदेशमा कारागार शाखा, दमौलीबाट रिहा गरियो।

एमाले जिल्ला सचिव प्रतापलाल श्रेष्ठ, श्रीराम कार्की र भूपेन्द्र कोइरालालाई ०६२ चैत २३ गते प्रहरीले दमौली बजारबाट गिरफ्तार गरे। सात दलले आह्वान गरेको आम हड्तालको प्रचार प्रसार गर्न मशाल जुलुस निकाल्ने क्रममा उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो। गिरफ्तारपछि जिल्ला प्रहरी कार्यालयमा राखी तीन महिने थुनुवा पुर्जी दिइयो। उनीहरूलाई पुनरावेदन अदालत पोखराको आदेशमा वैशाख ३ गते साँझ तनहुँ जिल्ला अदालतको प्राङ्गणबाट रिहा गरियो।

एमाले गण्डकी अञ्चल कमिटी सदस्य टुकराज सिग्देल, अञ्चल सदस्य एकबहादुर राना, कार्यालय सचिव नारायण खनाल, रमेश आचार्य, नेपाली काँग्रेस नगर समिति सदस्य पूर्णचन्द्र खनाल, विनोद भट्टराई र जुलुस अनुगमन गर्न गएका इन्सेक वर्षपुस्तक प्रतिनिधि प्रकाशचन्द्र भट्टराईलाई ०६२ चैत २४ गते प्रहरीले दमौली बजारबाट गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये इन्सेक प्रतिनिधिलाई रिहा गरियो भने सोही दिन साँझ ५ घण्टापछि बाँकीलाई पुनरावेदन अदालत, पोखराको आदेशमा वैशाख ३ गते रिहा गरियो।

नेविसंघका जिल्ला सह-सचिव बसन्त गिरी र सदस्य निर्मल काफ्लेलाई ०६२ चैत २६ गते दमौली बजारबाट प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखी चैत २८ गते रिहा गरियो।

एमालेका जिल्ला उपसचिव चित्र थापा र सदस्य रामचन्द्र उपाध्यायलाई ०६२ चैत ३१ गते जिल्ला प्रहरी कार्यालयको गेट अगाडीबाट प्रहरीले गिरफ्तार गरे। उनीहरू दुवैलाई जिल्ला प्रहरी कार्यालयमा राखी दुई घण्टापछि रिहा गरियो।

एमाले जिल्ला कमिटी सदस्य राजेश्वर ढकाललाई ०६३ वैशाख १ गते दमौलीबजारबाट प्रहरीले गिरफ्तार गरि वैशाख ४ गते रिहा गरे।

जामुने निवासी नेविसंघका कार्यकर्ता २५ वर्षीय दिनेश खनाललाई ०६३ वैशाख ३ गते साँझ घर फर्कदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय अगाडीबाट प्रहरीले गिरफ्तार गरे। उनलाई वैशाख ४ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ सय ५९ र सरकारवादी, दुनियावादी फौजदारी १ सय ४४ ओटा छन्। यसवर्ष दर्ता भएका देवानी मुद्दा ५२ र सरकारवादी तथा दुनियावादी फौजदारी ५६ ओटा छन्। जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा ४ सय ११ रहेकोमा यस वर्ष देवानी ६५ र फौजदारी अर्न्तगत सरकारवादी २३ र दुनियावादी ४६ थान फर्स्यौट भए। यसप्रकार कूल १ सय ३४ मुद्दा फर्स्यौट भई २ सय ७७ ओटा बाँकी रहे।

बालअधिकार

विद्यालयमा तालाबन्दी

भिभादको धर्म प्राविमा ०६२ फागुन ४, ढोरफिर्दीको बाराही प्राविमा फागुन ७ गते, क्यामिनको छापथोक प्राविमा फागुन २१ गते, केशवटारको अमर ज्योति प्राबि र सरस्वती प्राविमा फागुन २२ गते, फागुन २२ गते, भिर्कोटको शहवीर निमाविमा फागुन २४ गते, गजरकोटको सरस्वती निमाविमा फागुन २८ गते र काहुँको अमर प्राविमा फागुन २२ गते माओवादीले तालाबन्दी गरिदिए। ०६३ वैशाख २५ गतेसम्ममा ती सबै विद्यालयको ताला खुलाइएको थियो।

बालसैन्य भर्ना

तनहुँ जिल्लाका विभिन्न स्थानबाट बालबालिकालाई ०६३ कात्तिक र मंसिर महिनामा माओवादीले अपहरण आफ्नो सेनामा भर्ना गर्न भनी गरे। भानु गाविस-६ निवासी १३ वर्षीय नवीन कार्की, १६ वर्षीय कमला विक, १६ वर्षीय हरि खड्का र १६ वर्षीय कृष्ण नेपालीलाई ०६३ मंसिर १ गते बिहान क्यामिन गाविस-१ बाट ०६३ मंसिर २० गते संगिता विक भन्ने, व्यास नपा-६ स्थित उदय माविमा अध्ययनरत १६ वर्षीय विक्रम थापा, १७ वर्षीय विकास कुमाल र १७ वर्षीय

जुक्तबहादुर कुमाललाई ०६३ कात्तिक २५ गते तथा मिन मावि थर्पुमा अध्ययनरत १६ वर्षीय सरस्वती विक, १७ वर्षीय प्रवेश थापा र १६ वर्षीय बसन्त राजबंशीलाई ०६३ मंसिर ५ गते माओवादीले अपहरण गरे। तीमध्ये नवीन मंसिर ३ गते र विक्रम, विकास र जुक्तबहादुर कात्तिक ३० गते घर फर्किए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

जामुने गाविस-१ गुणदी निवासी ४८ वर्षीय एक महिलालाई ०६३ जेठ २५ गते घाँस काट्न जङ्गल गएको अवस्थामा सोही ठाउँ निवासी १८ वर्षीय चन्द्रबहादुर रानाले बलात्कार गरे। पीडक फरार छन्। उनको खोजी भइरहेको प्रहरीले जनाएको छ। पीडकलाई कारबाही गरिपाउँ भनी महिलाहरूले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गर्न खोज्दा प्रहरीले नमानेपछि महिलाहरूले प्रहरीविरुद्ध नाराबाजीका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

माओवादी जिल्ला संयुक्त जनसमितिले जिल्लामा कार्यरत सामाजिक संघसंस्था, व्यापारिक प्रतिष्ठान र यातायातसमेतलाई आफ्नो समितिमा दर्ता गर्न ०६३ भदौ १८ गते एक महिने अल्टिमेटम दिए। माओवादी जिल्ला जनसरकार प्रमुख रामबहादुर थापाले भदौ १६ गते सूचना जारी गरी असोज १५ गतेभित्र जिल्ला सदरमुकामबाहेक अन्य सबै क्षेत्रमा संचालन हुने सामाजिक संघसंस्थालाई संयुक्त क्रान्तिकारी जनपरिषद्मा दर्ता गर्न निर्देशन दिए। समितिमा दर्ताको लागि ५ सयदेखि १० हजार रूपैयाँसम्म शुल्क निर्धारणसमेत गरे।

संरचना क्षति/आगजनी

माओवादीबाट

व्यास नपा-१० स्थित दमौली अस्पतालको शव गृहमा ०६२ माघ १९ गते राति ७ बजे माओवादी कार्यकर्ताले बम विस्फोट गराए। विस्फोटका कारण शवगृह क्षतिग्रस्त भयो। साथै अस्पतालको झ्यालका शिशाहरूसमेत फुटे। सोही दिन साँझ अस्पतालनजिकै रहेको जिल्ला प्राविधिक कार्यालयमा माओवादीले छाडेको बम भोलिपल्ट सुरक्षाकर्मीले निस्क्रिय गराए।

व्यास नगरपालिकामा निर्विरोध निर्वाचित नगर प्रमुख सुन्दरबहादुर गुरुङ्गको व्यास नपा-११ स्थित घर र तत्कालीन महिला मन्त्री दुर्गा श्रेष्ठको घरमा ०६२ माघ २७ गते राति एकै समयमा माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

दुलेगौंडा गाविस-६ गाछेपानीस्थित पृथ्वी राजमार्गमा रहेको पक्की पुल ०६२ चैत १ गते राति माओवादीले बम विस्फोट गराई क्षतिग्रस्त बनाए।

कास्की जिल्ला पोखराबाट दूध लिनका लागि चितवनतर्फ गई रहेको सुजल फुड्स प्रा.लि.को ग.१.क ६६८ र ग.१.क ६९६ नम्बरको ट्याक्टरमा घासिकुवा गाविसको बेलभञ्ज्याङ्गमा ०६२ चैत ६ गते माओवादीले आगो लगाई क्षति पुऱ्याए। साथै ग.१.क ६९५ नम्बरको ट्याङ्कर तोडफोड गरी क्षति पुऱ्याए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र आठजना पुरुष गरी जम्मा १० जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा घाँसीकुवा गाविस बेलभञ्ज्याङ्ग निवासी अनेमसंघ (क्रान्तिकारी) जिल्ला सचिव सरस्वती अधिकारी र घाँसीकुवा गाविस बेलघारी निवासी सोही संगठनकी जिल्ला सदस्य कल्पना पन्थ, माझकोट गाविस चन्द्रकोट निवासी कामराज थापा, खैरेनीटार गाविस खैरेनीटार निवासी अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष श्रीराम घिमिरे, मिर्लुङ गाविस रतनपुर निवासी सोही संगठनका नारायण पण्डित र किहुँ गाविस थिदुँ निवासी सोही संगठनकी जिल्ला सदस्य मधुमालती लम्साल, जामुन्ने गाविस-६ निवासी अरुण नेपाली, व्यास नपा-१ निवासी दिलिपचन्द्र हड्ख, रिस्ती गाविस निवासी चिजा विक, तनहुँ निवासी रामचन्द्र मिश्र रहेका छन्।

३.२ गोरखा



जनसंख्या	: ३,०३,६५१
साक्षरता प्रतिशत	: ५३.८५
महिला साक्षरता प्रतिशत	: ५३.२४
क्षेत्रफल (वर्ग कि. मि.)	: ३६१०
गाविस/नपा संख्या	: ६६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९६
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: २/७४
टेलिफोन लाइन	: १२००
मोटर सडक (कि. मि.)	: २४
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ६९
मानव विकास सूचकाङ्क	: ०.४५४
प्रति परिवार सरदर संख्या	: ५.१५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

खोप्लाङ्ग गाविस-६ लेडीखोलामा ०६२ माघ २७ गते सुरक्षाकर्मी र माओवादीबीच जम्काभेट भई माओवादी भाग्न खोज्दा रोल्पा जिल्ला निवासी माओवादी वासुस्मृति ११ नम्बर बटालियनका प्लाटुन कमाण्डर २२ वर्षीय भिषण भनिने श्याम बुढामगर र लमजुङ्ग जिल्ला निवासी वासुस्मृति चौथो विग्रेडका प्लाटुन कमाण्डर २४ वर्षीय रामसिंह मगरलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षास्रोतले उनीहरू दोहोरो भिडन्तमा मारिएको जनायो। दुवै लासको पोष्टमार्टम भएन।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

नारेश्वर गाविस-१ निवासी ३५ वर्षीय पम्फा बानियाँ ०६३ कात्तिक १८ गते बेवारिसे बम विस्फोटमा परी घाइते भइन्। बेलुका भान्साकोठामा मकै भुटिरहेको अवस्थामा अचानक पड्किएको बममा परी घाइते भएकी बानियाँको दुवै खुट्टाको घुडामुनी ५/७ ठाँउमा चोट लाग्यो। पीडित महिलाको गोरखा जिल्ला अस्पतालमा उपचार भयो।

जेल र बन्दी

कूल ५५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको गोरखा जेलमा हाल २६ पुरुष र ६ महिला गरी ३२ जना बन्दी छन्। बन्दीहरूमध्ये १७ जना कैद तोकिएका र नौजना नतोकिएका गरी २६ जना पुरुष तथा कैद तोकिएका पाँच र कैद नतोकिएका एक गरी छजना महिला बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

पृथ्वीनारायण नपा-१० वीरेन्द्रचोक निवासी १४ वर्षीय ममता दवाडीलाई ०६३ साउन ११ गते उनका नाता पर्ने एक माओवादी कार्यकर्ताले चप्पल किनेर घर पठाइदिन्छु भनी अपहरण गरेकोमा कब्जाबाट भागेर ०६३ भदौ १ गते घर आइपुगेकी दवाडीले बताइन्। उनको अपहरण गरेको नभई उनी परिवारसँग विद्रोह गरेर स्वेच्छाले माओवादीद्वारा सञ्चालित बृहत गणतान्त्रिक अभियानमा सहभागी भएको र उनकै इच्छाअनुसार पार्टीले नै घर फिर्ता पठाएको माओवादीले जनायो। अपहरणको समाचार सम्प्रेषण गरेबापत् जिल्लामा कार्यरत मानवअधिकारकर्मी र पत्रकारहरूलाई माओवादीले धम्कीसमेत दिए।

नाम्जुङ्ग गाविस-७ सेप्राक निवासी १५ वर्षीय प्रकाश लामिछानेले चोरी गरेको आरोपमा ०६३ कात्तिक ३ गते उनलाई माओवादीले अपहरण गरे। जनशक्ति मावि नाम्जुङ्गमा कक्षा ६ मा अध्ययनरत लामिछानेलाई स्थानीय माओवादी कार्यकर्ता सिरमला बस्नेतको नेतृत्वमा गएका दुईजनाले अपहरण गरी लगेको र फुजेल गाविस-२ स्थित एक घरमा कुटपिट गरी सिस्नु लगाउने प्रयास गरिरहेको बेला ०६३ कात्तिक ५ गते उनका आफन्तले माओवादी कब्जाबाट जबरजस्ती छुटाएर ल्याएको पीडितले बताए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सात दलले आह्वान गरेको आमहड्तालको क्रममा बन्दको अनुगमन गरिरहेका इन्सेक जिल्ला प्रतिनिधि भीमलाल श्रेष्ठलाई ०६२ चैत २४ गते प्रहरीले सदरमुकामको

हरमटारीमा "तँजस्ता मानवअधिकारवादीलाई ठीक पार्न जानेका छौँ" भनी धम्की दिए।

पाल्पा जिल्ला निवासी ४० वर्षीय बस चालक जोगलाल कालीराज, दीपक सुनार, होमबहादुर गुरुङ्ग र दीपक परियारलगायत्का यातायात मजदुरहरूलाई ०६३ साउन ३१ गते पृथ्वीनारायण नपा-२ नयाँ बसपार्कमा यातायात मजदुर र प्रहरीबीच विवाद हुँदा प्रहरीले कुटपिट गरी घाइते बनाए।

गैरकानुनी गिरफ्तारी

एमाले गोरखाका सचिव बाबुराम थापा, अनेरास्ववियु गोरखाका अध्यक्ष विपिनचन्द्र ढकाल र नेकाँका सभापति चिनकाजी श्रेष्ठलाई ०६२ माघ १२ गते बिहान "केही कुरा सोध्नुछ" भनी प्रहरीले गिरफ्तार गरे। एमाले सचिव थापा, विद्यार्थी नेता ढकाललाई हरमटारीस्थित उनीहरूकै डेराबाट र काँग्रेस सभापति श्रेष्ठलाई बाटोमा हिँडिरहेको बेला प्रहरीले गिरफ्तार गरेका थिए। तीनैजनालाई ९० दिने पुर्जी दिई नजरबन्दमा राखेकोमा श्रेष्ठलाई ०६२ माघ १७ गते तथा थापा र ढकाललाई ०६२ माघ ३० गते रिहा गरियो।

पृथ्वीनारायण नपाको बराहमा ०६२ माघ १२ गते एमाले गोरखाका उपसचिव सुरेन्द्र थापालाई प्रहरीले गिरफ्तार गरे। सो क्षेत्रमा प्रहरीले घरहरूमा छापा मारेपछि उपसचिव थापा अन्यत्र जान लाग्दा प्रहरीले नभाग्न आदेश दिँदै बन्दुक तेर्साएका थिए। थापालाई नजरबन्दमा राखिएकोमा ०६२ माघ ३० गते रिहा गरियो।

एमाले जिल्ला सदस्य यादव बस्नेतलाई पृथ्वीनारायण नपा-३ हरमटारीमा उभिइरहेको बेला ०६२ माघ १६ गते दिउँसो सादा पोसाकका प्रहरीले "यो माओवादी हो" भनी पेस्तोल तेर्साएर गिरफ्तार गरे। सो कार्यको प्रत्यक्षदर्शीले प्रतिवाद गरेका थिए। बस्नेतलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत तीन महिने पुर्जी दिई नजरबन्दमा राखिएकोमा ०६२ माघ ३० गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला कमिटी सदस्य विकल श्रेष्ठ, बुद्धि दवाडी र अनेरास्ववियु गोरखाका सचिव द्रोणाचार्य तिमिल्सिनालाई ०६२ माघ ४ गते दिउँसो पृथ्वीनारायण नपाको खोलखोलेमा नगर निर्वाचन वहिष्कारको भित्तेलेखन गरिरहेको बेला नेपाली सेनाले गिरफ्तार गरी प्रहरीलाई बुझाएकोमा सोही दिन दुई घण्टापछि जिल्ला प्रहरी कार्यालय गोरखाबाट रिहा गरियो।

सात दलद्वारा नगर निर्वाचन बहिष्कारको आह्वान गर्दै ०६२ माघ १३ गते सदरमुकाममा आयोजित शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमाले केन्द्रीय सदस्य वाचस्पति देवकोटासहित २८ जनालाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरूमध्ये सिताराम थपलियालाई सोही दिन रिहा गरियो। बाँकी २७ जनालाई तीन महिने पुर्जी दिई नजरबन्दमा राखिएकोमा नेकाँका इन्द्रबहादुर गुरुङ्ग, देवानन्द न्यौपाने, नुर्बुछुदेन गुरुङ्ग, घिरन थापा र केशरी ढकाललाई ०६२ माघ १७ गते रिहा गरियो। त्यसैगरी एमालेका शिव श्रेष्ठ र नेकाँका दुर्गा गुरुङ्ग भने ०६२ माघ १८ गते रिहा भए। एमालेका वाचस्पति देवकोटा, प्रेम गुरुङ्ग, विकल श्रेष्ठ, बुद्धि दवाडी, कृष्ण कुँवर, सम्झना देवकोटा, प्रदीप सिंखडा, गंगा श्रीमल, नेकाँका जनार्दन अर्याल, निर्मल पोखरेल, कुमारी गुरुङ्ग, ठाकुर पुडासैनी, रविकला खनाल, नन्दप्रसाद न्यौपाने, वासुदेव भट्ट, राजनराज पन्त, बलराम खड्का, श्रीकृष्ण पौड्याल र नेकाँ (प्रजातान्त्रिक) का चन्द्रप्रसाद पोखरेललाई ०६२ माघ २३ गते रिहा गरियो। साथै अनेरास्ववियु गोरखाका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१		१	१					१	१			१
घाइते	१	३		३									
गिरफ्तारी/यातना									५	३४	१		३६
कुटपिट									३	५			५
भेला/संगठित हुने अधिकार									१	१		१८	१९
बालअधिकार	१	१	१	१									
अमानवीय व्यवहार	१	१		१									
अपहरण					४	३	१	४					
जम्मा	६	६	३	९	४	३	१	४	९	४१	१	१८	६१

सचिव द्रोणाचार्य तिमल्सिनालाई ०६२ माघ ३० गते रिहा गरियो।

आन्दोलनरत दलहरूद्वारा ०६२ चैत २३ गते साँझ आयोजित मशाल जुलुसको क्रममा एमालेका बुद्धिप्रसाद दवाडी, विकलकुमार श्रेष्ठ, दिलमान श्रेष्ठ, नेकाँ (प्रजातान्त्रिक) का सिपी पोखरेल र ईश्वर पाण्डेलाई जुलुसमाथि हस्तक्षेप गरी प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा ०६२ चैत २४ गते साँझ रिहा गरियो।

सात दलका कार्यकर्ताहरूले ०६२ चैत २९ गते सदरमुकामको हरमटारी चोकमा निकालेको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा एमालेका विकलकुमार श्रेष्ठ, प्रदीप सिंखडा, नेकाँका निर्मल पोखरेल, नेकाँ (प्रजातान्त्रिक)का सन्तोष गुरुङसहित करिब १८ जना घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गोरखा जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ५६ देवानी र ४८ फौजदारी गरी कूल १ सय २ ओटा मुद्दा रहेका छन्। यसवर्ष १० ओटा देवानी र २१ फौजदारी गरी ३१ मुद्दा दर्ता भएकोमा ५९ मुद्दा फर्स्यौट भई ७६ ओटा मुद्दा बाँकी रहे। फर्स्यौट भएकोमा २७ फौजदारी र ३२ देवानी मुद्दा रहेका छन् भने ३४ देवानी र ४२ ओटा फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस अदालतमा बालबालिकासम्बन्धी तीनओटा मुद्दा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि)

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि सुदूर उत्तरी गोरखाका बासिन्दाले नेपाल खाद्य संस्थानबाट समयमा चामल ढुवानी हुन नसक्दा खाद्यान्न संकटको सामना गर्नुपऱ्यो। साथै, साल्टट्रेडिङ्ग कर्पोरेसनबाट सो क्षेत्रलाई प्राप्त हुने सरकारी अनुदानको आयोडिनयुक्त नुन वितरण पारदर्शी नहुँदा निर्धारित कोटा अनुसारको नुन प्राप्त नभएको स्थानीय बासिन्दाको भनाई रह्यो।

गाँखु गाविसको नयाँसाघुस्थित गाविस कार्यालयबाट ०६३ पुस ६ गते माओवादीले कार्यालयको कागजात कब्जा गरी लगे।

बालअधिकार

पृथ्वीनारायण नपा-९ छेवेटारस्थित मुक्ति बाल आश्रम नामक अनाथालयमा बस्दै आएकी १६ वर्षीय एक बालिकालाई सोही आश्रमका सञ्चालक हर्मी गाविस-६ निवासी ४२ वर्षीय कृष्ण घिमिरेले ०६२ चैत १० गते राति आश्रममै कुटपिट गर्दै बलात्कार गरेको पीडितले बताइन्। पीडितलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा ०६३ असार २२ गते जिल्ला अदालतका न्यायाधीश काशीनाथ पोखरेलको इजलासबाट रिहा गर्न आदेश भयो। मुद्दा हाल पुनरावेदन अदालतमा दर्ता भएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति/ सम्पत्ति क्षति

पृथ्वीनारायण नपाको दुई र चार नम्बरको संयुक्त वडा कार्यालयमा ०६२ माघ ४ गते राति माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। सोक्रममा नजिकै रहेको ठाकुरसिंह थापा र किरण श्रेष्ठको घरमा पनि सामान्य क्षति पुग्यो।

पृथ्वीनारायण नपा-२ नयाँबजारमा पृथ्वीनारायण नपाको स्वामित्वमा रहेको तरकारी बजार तथा रेष्टुरेन्ट रहेको भवनमा ०६२ माघ १९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

गत वर्षको जेल र बन्दी शीर्षकमा चारजना माओवादी आस्थाका बन्दीहरू आतंककारी तथा विश्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत गोरखा जेलमा रहेको भनी उल्लेख गरिएको थियो। उनीहरूमा रोल्पा जिल्लाको जेल्बाङ गाविस-४ निवासी जानबहादुर पुन र दिलकुमार रोकामगर ०६२ कात्तिक २३ गते, स्याङ्जा जिल्लाको बालिङ नपा-७ निवासी नारायण काफ्ले ०६३ वैशाख २१ गते र नुवाकोट जिल्लाको बेलकोट गाविस-१ निवासी पार्वती कँडेल ०६२ वैशाख २४ गते इन्सेक जिल्ला प्रतिनिधिलगायत् मानवअधिकारकर्मीहरूको रोहबरमा रिहा भए।

वर्षपुस्तक २००६ को ४०१ पृष्ठमा प्रकाशित *अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार शीर्षकको पाँचौ अनुच्छेदमा दलको कोणसभामा ०६२ असोज ११ गते प्रहरीले हस्तक्षेप गरेपछि आन्दोलनकारी र प्रहरीबीच ढुङ्गा हानाहान हुने क्रममा प्रहरी नायव निरीक्षक कूलप्रसाद पौडेल हुन पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ।*

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना महिला र १७ जना पुरुष गरी जम्मा २० जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा गाइखुर गाविस निवासी रामबहादुर घिमिरे, आँपपिपल गाविस निवासी निर्मला मरहट्ठा, च्याङ्गली गाविस-४ निवासी मिजा कुमाल, खोप्लाङ् गाविस निवासी राजु गुरुङ,

श्रीनाथकोट गाविस निवासी कुमार ढकाल, वगुवा गाविस-७ निवासी सञ्जय ढकाल, बुंकोट गाविस निवासी लिला खनाल, घैरङ्ग गाविस निवासी गीता थापा, खोप्लाङ्ग गाविस-२ निवासी तोयानाथ न्यौपाने, घ्यालुचोक गाविस-५ निवासी ज्ञानबहादुर तमु, पालुङ्गटार गाविस निवासी सुवर्ण पौड्याल, वोर्लाङ्ग गाविस-७ निवासी अशोक विक, आँपपिपल गाविस निवासी पुष्पराज देवकोटा, खोप्लाङ्ग गाविस निवासी दिपक न्यौपाने, पृथ्वीनारायण नपा-१० निवासी जमुना कुमाल, छोप्राक गाविस-४ निवासी बाबुराम कुमाल, पन्द्रुङ्ग गाविस-७ निवासी भीमसेन धिताल, गाइखुर गाविस निवासी दिपेन्द्र पन्त, खोप्लाङ्ग गाविस निवासी सन्तोषराज पाण्डे र राजेन्द्र ढकाल रहेका छन्।

३.३ लमजुङ



जनसंख्या : १,९५,३९०
साक्षरता प्रतिशत : ५६.६१
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १६९२
गाविस/नपा संख्या : ६१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३८०
क्याम्पस/उच्च मावि : ५/१५
अस्पताल/स्वास्थ्य चौकी : १/६१
टेलिफोन लाइन : १७
मोटर सडक (कि. मि.) : ११९
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ६१
मानव विकास सूचकाङ्क : ०.४९२
प्रति परिवार सरदर संख्या : ५.१३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

ईशानेश्वर गाविस-१ निवासी ३० वर्षीय सन्तबहादुर विकले हतियार चोरेर भागेको आरोपमा ०६३ भदौ २२ गते इशानेश्वर गाविस-४ स्थित रामकृष्ण घिमिरेको घरमा राति माओवादीले कुटपिट गरी उनको हत्या गरे।

कास्की जिल्ला निवासी १६ वर्षीय कुमार परियारले हतियार चोरेको आरोपमा ०६३ भदौ २६ गते मोहन भनिने माओवादी कार्यकर्ताले श्रीमञ्ज्याङ गाविस-२ हाँडीखोलामा कुटपिट गरी उनलाई भीरबाट खसालेर हत्या गरे। हत्यापश्चात् माओवादीले उनको लास उक्त खोलामा नै पुरेर छोडे। माओवादी जिल्ला कमिटीले भने कुमार परियार हतियार देखाउन भिरमा जाँदा भीरबाट आफै लडेर मरेको दाबी गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

गाउँशहर गाविस-८ निवासी कार्यदल गण, बेंसीशहरमा कार्यरत सैनिक २७ वर्षीय अनिल थापालाई ०६२ फागुन २८ गते दिउँसो नि:शस्त्र अवस्थामा चण्डीस्थान गाविसको मालेबगरमा माओवादीले गोली हानी घाइते पारे। उपचार गर्न तत्काल पोखरा पुऱ्याएपछि उनी बाँच्न सफल भएको सेनाले जनायो। पीडितको दायाँ पिठ्यूँ र दायाँ कुहिनामा गोली लागेको थियो।

जेल र बन्दी

लमजुङ जिल्लाको जेल 'घ' श्रेणीको हो। जेलको क्षमता २५ जनाको छ। बन्दीहरूमध्ये कर्तव्य ज्यानमा पाँचजना कैद तोकिएका र पाँचजना नतोकिएका गरी १० जना छन्। लागु औषधमा कैद नतोकिएका एकजना, डाँका-चोरीमा कैद तोकिएका तीनजना र नकबजनी चोरीमा कैद तोकिएका तीनजना बन्दी छन्। त्यसैगरी जबरजस्ती चोरीमा कैद नतोकिएका तीनजना, ज्यान मार्ने उद्योगमा कैद तोकिएका एकजना, जबरजस्ती करणीमा दुईजना र चोरीमा एकजना कैद नतोकिएका छन्। सबै बन्दी पुरुष छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

नवलपरासी जिल्ला रामपुरवा गाविस-६ निवासी जिल्ला प्रहरी कार्यालय, मनाङमा कार्यरत प्रहरी जवान ३५ वर्षीय मनोज तिवारी र लमजुङ तार्कु गाविस-४ निवासी २४ वर्षीय पूर्व सैनिक लक्ष्मण श्रेष्ठलाई ०६२ चैत २४ गते

ताप्लिङ गाविसको जगतबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई जागीर छाड्ने शर्तमा ०६३ वैशाख ३ गते चिती गाविसको तिलाहरबाट इन्सेक प्रतिनिधि कृष्णप्रसाद अधिकारी र पत्रकार कृष्णभगवान श्रेष्ठको जिम्मामा मुक्त गरे।

परेवाडाँडा गाविस निवासी १७ वर्षीय शम्भु कुमाललाई ०६२ चैत २५ गते मनाङ जिल्लाबाट एसएलसी परीक्षा दिएर फर्कंदै गर्दा सेना भएको शंकामा ताप्लिङ गाविस-१ जगतबाट माओवादीले अपहरण गरे। पीडितलाई चैत २६ गते सोही गाविस-३ बाट मुक्त गरे।

कास्की जिल्लाको माझठाना गाविस-२ निवासी लमजुङ जिल्ला ताप्लिङ गाविस सचिव २६ वर्षीय रमानाथ आचार्यलाई अनुमतिबिना गाविसमा काम गर्न गएको आरोपमा ०६२ चैत २३ गते ताप्लिङ् गाविस-१ जगतबाट माओवादीले अपहरण गरे। उनलाई ताप्लिङ गाविस-३ बाट ०६२ चैत २६ गते मुक्त गरे।

अर्चलबाट गाविस-९ निवासी राष्ट्रिय प्रजातन्त्र पार्टी संस्थापन पक्षका जिल्ला सदस्य ४२ वर्षीय गोपाल लामिछानेलाई ०६२ साल चैत ३० गते माओवादीले अपहरण गरी चैत ३१ गते मुक्त गरे। आफूलाई माओवादीले कुटपिटसमेत गरेको पीडितले बताए।

चिती गाविस-३ निवासी ६० वर्षीय जंगबहादुर विष्ट र सोही गाविस-९ निवासी ५५ वर्षीय शंकर कमलीलाई आन्दोलनविरोधी भएको आरोपमा ०६३ वैशाख ३ गते तिलाहरबाट माओवादीले अपहरण गरे। पीडितहरू वैशाख ४ गते मुक्त भए। आफूहरूलाई माओवादीले कुटपिट गरेको पीडितहरूले बताए।

रम्घा गाविस-२ निवासी ४६ वर्षीय रामप्रसाद पौडेलले चोरी गरेको आरोपमा ०६३ वैशाख १७ गते माओवादीले उनलाई अपहरण गरी ०६३ वैशाख २२ गते मुक्त गरे। आफूलाई माओवादीले कुटपिटसमेत गरेको पीडितले बताए।

भोटेओडार गाविस-८ निवासी ४७ वर्षीय राप्रपा जिल्ला अध्यक्ष मोहनलाल श्रेष्ठलाई प्रतिगमनकारी भएको आरोपमा ०६३ जेठ ११ गते माओवादीले अपहरण गरे। उनलाई ०६३ जेठ २१ गते पाँच लाख रूपैया दिने शर्तमा मुक्त गरियो। आफूलाई माओवादीले घाइते हुने गरी कुटपिट गरेको पीडितले बताए।

मञ्ज्याङ गाविस-९ निवासी जिल्ला विकास समितिका इलाका नं. ९ का मनोनित पूर्व सदस्य ४५ वर्षीय माधव वाग्लेलाई प्रतिगमनकारी भएको आरोपमा ०६३ जेठ २८ गते माओवादीले मञ्ज्याङबाट अपहरण गरे। माओवादीले जुत्ताका माला, मोसो लगाएर माओवादीलाई दुई लाख रूपैयाँ दिने सर्तमा ०६३ असार ७ गते उनलाई मुक्त गरे।

चितवन जिल्ला गितानगर इन्द्रपुर गाविस-८ निवासी व्यापारी ३५ वर्षीय तोयानाथ आर्चायलाई ०६३ जेठ २९ गते माओवादीले अपहरण गरी श्रम शिविरमा राखी काम लगाएकोमा ०६३ असोज १ गते चिती गाविसको तिलाहरबाट बालअधिकार चेतना समूहकी संरक्षक शिक्षिका शोभादेवी पन्तको रोहबरमा मुक्त गरे।

दुधपोखरी गाविस-१ निवासी ५६ वर्षीय कुलबहादुर सार्कीले भाइसँग झगडा गरेको आरोपमा ०६३ साउन ४ गते माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरे। पीडितलाई ०६३ साउन २० गते मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बेसीशहर गाविस-२ स्थित एभरेष्ट होटलमा ०६२ फागुन २७ गते पर्यटक गाइड रमेश पनेरुसहित तीनजना भरियालाई प्रहरीले कुटपिट गरे। मनाङ जान लागेका पर्यटक

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	३		३	३	३		३				
घाइते					१	१		१				
गिरफ्तारी/यातना									३	८		८
कुटपिट					१	१		१	६	७	३	१०
भेला/संगठित हुने अधिकार									३	३	४७	४९
जातीय विभेद	१	१		१								
बालअधिकार	३		३	३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१				
अपहरण					१३	१३	७१	८४				
जम्मा	६	३	३	६	१७	१८	७१	८९	१०	१७	५०	६७

कुटपिटपछि असुरक्षाका कारण बेसीशहरबाट फर्किए।

बेसीशहर गाविस-२ निवासी अनेरास्वियुका कार्यकर्ता १९ वर्षीय गोविन्द बस्नेतलाई मशाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २५ गते राति प्रहरीले कुटपिट गरे।

बेसीशहर गाविस-९, सेराबजार निवासी ४७ वर्षीय बुद्धिबहादुर खत्रीलाई मशाल जुलुसमा सहभागी भएको आरोपमा ०६२ चैत २६ गते साँझ प्रहरीले कुटपिट गरे।



माओवादीद्वारा हत्या गरिएका कुमार परियार

माओवादीबाट

सिम्पानी गाविस-३ निवासी ३० वर्षीय नन्दराम विकलाई घरायसी झगडा गरेको आरोपमा ०६३ असार २९ गते सिम्पानी गाविस-४ मा माओवादीले कुटपिट गरी घाइते बनाए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्रता र निष्पक्ष चुनावसमेत)

एमालेका मायानाथ अधिकारी, महेन्द्र लाल श्रेष्ठ, वामदेव अधिकारी, भरत विष्ट, वासु बराल, नेकाँका गणेश नेउपानेलगायत् १७ जनालाई ०६२ चैत २५ गते शान्तिपूर्ण प्रदर्शन गरिरहेको बेला बेसीशहर गाविसको विभिन्न ठाउँबाट प्रहरीले गिरफ्तार गरे। तीमध्ये भरत, बासु, गणेश, भरत, गोपाल, दीपेन्द्र, नारायण, पूर्णलाल सोही दिन साँझमा र अरु सबै चैत २७ गते रिहा भए।

नेकाँका अर्जुन पराजुली, कुशुमराज बराल, दामोदर अधिकारी, मन्दिरा नेउपाने, तिर्थ नेउपाने, रामबहादुर रिमाल, प्रकाश श्रेष्ठ, लक्ष्मीप्रसाद तिमिल्सिना, साजन परियार, एमालेका लिलाबहादुर रिमाल, बलबहादुर श्रेष्ठ, वासुदेव थापा कृष्ण थापा, फूलबहादुर थापा, बसन्त अधिकारी, नेकाँ (प्रजातान्त्रिक)का अम्बिका घिमिरे, कृष्णबहादुर अधिकारी, स्यानीदेवी गुरुङ उद्योग वाणिज्य संघका धर्मराज श्रेष्ठ र व्यापारी प्रेम सुवेदीलाई सात दलद्वारा आयोजित शान्तिपूर्ण प्रदर्शनबाट ०६२ चैत २६ गते प्रहरीले गिरफ्तार गरे। तीमध्ये अम्बिका, धर्मराज र अर्जुनलाई चैत २७ गते रिहा गऱ्यो भने अन्य सबैलाई सोही दिन साँझ रिहा गरियो।

बेसीशहर बजारमा विभिन्न पेशागत संघ-संस्थाको अगुवाइमा आयोजित शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २९ गते इन्सेकका जिल्ला प्रतिनिधि कृष्णप्रसाद अधिकारी, शान्ति समाजका जिल्ला अध्यक्ष दामोदर अधिकारी, पत्रकार कृष्णराज ओलिया, कृष्ण केसी, कृष्णभगवान श्रेष्ठ, एमालेका पार्टी सचिव मायानाथ अधिकारीलगायत्का २९ जनालाई कुटपिट गरे। पीडितहरूमध्ये रेशम खड्का र मनमोहन अधिकारीलाई गम्भीर चोट लागेका कारण उपचार गर्न काठमाडौं लगियो।

बाँझाखेत गाविस-१ खासुर निवासी अनेरास्वियु जिल्ला कमिटीका अध्यक्ष २२ वर्षीय दुधप्रसाद घले र बेंशीशहर गाविस-२ निवासी ३० वर्षीय वासु बरााललाई शालिक तोडफोड गरेको आरोपमा ०६३ असार २ गते बिहान प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ९६ ओटा मुद्दा दर्ता भए गत वर्षबाट जिम्मेवारी सरेर आएका ६० मुद्दा गरी १ सय ५६ मुद्दा रहे। १ सय ५६ मुद्दामध्ये ८४ ओटा फर्स्यौट भए भने ७२ ओटा बाँकी रहे। दुनियावादी फौजदारीमा ३१ मुद्दा परेकोमा १८ फर्स्यौट भई १३ बाँकी रहे। सरकारवादी फौजदारीमा २७ मध्ये १४ फर्स्यौट भई १३ बाँकी रहे। देवानीतर्फ ८२ मुद्दा परे ४२ फर्स्यौट भई र ४० बाँकी रहे। विशेष फौजदारीमा १२ मुद्दा परेकोमा सात फर्स्यौट भई पाँच बाँकी रहे।

बालअधिकार

उदिपुर गाविस निवासी ११ वर्षीय एक बालिकालाई उनका भिनाजु कृष्ण परियारले ०६२ चैत २४ गते राति मादक पदार्थ सेवन गरेको बेला बेंशीशहर गाविस-९ सेराबजारमा बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।



माओवादीद्वारा कुटपिट गरी हत्या गरिएका सन्तबहादुर विक

विचौर गाविस-२ निवासी ज्ञानज्योति माबि गोर्खामा १० कक्षामा अध्ययनरत १५ वर्षीय कुलचन्द्र दवाडीलाई ०६३ साउन २३ गते माओवादीले उनकै घरबाट अपहरण गरे। अपहरणपछि उनीसँग भेट्न नदिएको परिवारले बताए। पीडित हाल आफ्नो कार्यकर्ता भएको माओवादीले जनायो।

तनहुँ जिल्ला पुर्कोट गाविस-१ निवासी कालिका उच्च माबि कक्षा ८ मा अध्ययनरत १४ वर्षीय एक बालिकालाई ०६३ भदौ ४ गते बेंशीशहर सामुदायिक अस्पतालका एक्सरे सहायक रामकुमार यादवले उपचार कक्षमा नै बलात्कार गरे। पीडकलाई केही दिन प्रहरी हिरासतमा राखेपछि हाल जेल चलान गरिएको छ।

सबै प्रकारका जातीय विभेद

गाउँशहर गाविस-३ निवासी २० वर्षीय लालबहादुर दुलाललाई विवाह भोज छोएको आरोपमा ०६३ असार २७ गते सोही गाविस-४ निवासी झपेन्द्र अधिकारीले कुटपिट गरी दुर्व्यवहार गरे। उक्त घटनाको मानवअधिकार र दलित संघ-संस्थाहरूले विरोध गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति /घरजग्गा कब्जा

माओवादीबाट

घनपोखरा गाविस निवासी जिल्ला विकास समिति लमजुङका पूर्व सभापति हेमजंग गुरुङको बेंशीशहर गाविस-२ त्रिवेणीटोलस्थित घर ०६३ असार ६ गते माओवादी निकट अखिल (क्रान्तिकारी) ले कब्जा गरी माओवादीको सम्पर्क कार्यालय खोले। उनको घर ०६३ असार १३ गते राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक प्रतिनिधि, पत्रकार, नागरिक समाज र तमु छोंज धींको रोहबरमा फिर्ता गरेको घोषणा गर्दै माओवादीले छोडिदिए।

विगतको अनुगमन

बेपत्ता भनिएकाको हत्या

इशानेश्वर गाविस-४ निवासी चोतनाथ घिमिरे र शेखरनाथ घिमिरेलाई भोंलेटारस्थित सुरक्षाकर्मीले ०५८ माघ २० गते उनीहरूको आफ्नै घरबाट गिरफ्तार गरे। बेपत्ता सार्वजनिक गर्नेक्रममा नेपाल सरकारले ०६० साल वैशाख ५ गतेसम्म चोतनाथ घिमिरे र शेखरनाथ घिमिरे भोंलेटार बेस क्याम्पमा नै रहेको जानकारी दिएपछि परिवार र आफन्तले ०६३ कात्तिक ८ गतेबाट रिले अनसन शुरु गरे। उनीहरू दुवैलाई कास्की जिल्लाको हंसपुर र थुम्की गाविसको बीचमा पर्ने सौरबास जङ्गलमा सेनाले हत्या गरेर गाडेको स्थानीय बासिन्दाले बताए। गिरफ्तार गरिएको ५४ दिनसम्म कसैसँग पनि भेट्न नदिइएका घिमिरेद्वयलाई सरकारले पाँच वर्षदेखि बेपत्ता नागरिकको सूचीमा राखेको थियो। प्रत्यक्षदर्शी महिलाको सूचनाको आधारमा स्थानीय बासिन्दा र पीडितका आफन्तले सौरबासको जङ्गलमा गाडिएको अवस्थामा मृतकहरूले लगाएका लुगा, घडी, जुत्ता आदिको आधारमा ०६३ कात्तिक १७ गते उनीहरूको पहिचान गरे। ०६३ कात्तिक १८ गते पोखराबाट इन्सेकलगायत् विभिन्न मानवअधिकार संघ-संस्थाहरूले घिमिरेद्वयको हत्या गरिएको स्थानको अनुगमन गरे। सोही दिन नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकार, स्थानीय बासिन्दा, पीडितका आफन्त र कास्की जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरूको रोहबरमा मृतकहरूको अस्थिपञ्जर उत्खनन् गरी डीएनए परीक्षणका लागि राष्ट्रिय मानवअधिकार आयोगको जिम्मा लगाइयो।

अपहरण

माओवादीबाट


चिती गाविस-९ निवासी जिल्ला विकास समितिका सदस्य ५६ वर्षीय श्यामबाबु तिवारीलाई ०६२ मंसिर ३० गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६२ फागुन २ गते उनको परिवार र पत्रकार महासंघको रोहबरमा मञ्ज्याङ गाविसको लामाबगरबाट मुक्त गरे।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका आठजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सूर्यपाल गाविस-५ निवासी ४० वर्षीय कृष्णबहादुर बस्नेत, बेंशीशहर गाविसको सेराबजार निवासी बाबुकाजी श्रेष्ठ, चिती गाविस निवासी माओवादी कार्यकर्ता ध्रुवबाबु तिवारी, चक्रतीर्थ गाविस निवासी राजेन्द्र कट्टेल, भलायखर्क गाविस निवासी तोयानाथ पोखरेल, तीर्थराज अधिकारी, भलायखर्क निवासी विष्णु अधिकारी र भोर्लेटार गाविस-७ निवासी सूर्यकुमार श्रेष्ठ रहेका छन्।

३.४ स्याङ्जा



जनसंख्या : ४,२२,००१
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ५७.३
क्षेत्रफल (वर्ग कि. मि.) : ११६४
गाविस/नपा संख्या : ६०/२
निर्वाचन क्षेत्र : ३
विद्यालय : ८०९
क्याम्पस/उच्च मावि : ४/३४
अस्पताल/स्वास्थ्य चौकी : १/६०
टेलिफोन लाइन : १०००
मोटर सडक (कि. मि.) : ३७५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ६६
मानव विकास सूचकाङ्क : ०.५३५
प्रति परिवार सरदर संख्या : ४.९६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

रोल्पा जिल्ला निवासी स्वीकृति भनिने अन्दाजी २६ वर्षीया माओवादी महिला कार्यकर्तालाई ०६२ पुस २८ गते बिहान चित्रेभञ्ज्याङ गाविस-३ स्थित गिरेकोट डाँडाको तल्लो भागमा साधारण पोशाक लगाएको अवस्थामा सुरक्षाकर्मी देखेर भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमास्थित स्थानीय व्यक्तिको बारीमा सुरक्षाकर्मीले गाडेर छोडेका थिए।

चित्रेभञ्ज्याङ गाविस-४ मा ०६२ पुस २८ गते दिउँसो नाम र ठेगाना नखुलेका करिब ३० वर्षीय एकजना माओवादी कार्यकर्तालाई पोखराबाट विन्दबासिनी अप्रेसनका नाममा खटिएका सुरक्षाकर्मीको टोलीले गोली हानी हत्या गऱ्यो। पीडितको लास स्थानीय बासिन्दा टेकबहादुर थापाको बारीमा सुरक्षाकर्मीले गाडेर गए।

मनकामना गाविस-२ सपाउदेमा भारतीय पूर्वसैनिक ६० वर्षीय रेलबहादुर गुरुङलाई माओवादीको शंकामा ०६२ पुस २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार, हेलिकप्टरबाट हानिएको गोली रेलबहादुरको बायाँ कोखमा लागेको थियो। पीडित माघे संक्रान्ति मनाउनका लागि छिमेकीको बारीमा भेला भएका थिए।

दोहोरो भिडन्त

किचनास गाविस-६ खैरिकोटस्थित थानपती प्राविमा ०६२ पुस २८ गते पठनपाठन सञ्चालन भइरहेको बेला माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा कक्षा ३ को कक्षाकोठामै सुरक्षाकर्मीको गोलीबाट नाम र ठेगाना नखुलेको करिब ३० वर्षीय माओवादी कार्यकर्ताको मृत्यु भयो।

मनकामना गाविस-१ गहते र २ र सपाउदे भन्ने गाउँमा ०६२ पुस २९ गते दिउँसो पोखराबाट विन्दबासिनी अप्रेसनको नाममा गस्ती गएको सुरक्षाकर्मीको टोली र माओवादीबीच भएको दोहोरो भिडन्तमा नाम र ठेगाना नखुलेका एक सुरक्षाकर्मी र पाँचजना महिलासहित १९ जना माओवादी गरी २० जनाको मृत्यु भयो। उक्त भिडन्तमा प्रकृति, नरेश, विप्लव, उज्ज्वल, प्रज्ज्वल भनिने माओवादी छापामारहरूको घटनास्थलमा नै मृत्यु भएको थियो। उनीहरूका लास घटनास्थलको यत्रतत्र छरिएर रहेका थिए। घटना भएको पाँच दिनपछि स्थानीय बासिन्दाको सहयोगमा सुरक्षाकर्मीले दुईओटा खाडलमा लास गाडेका थिए।

गोली /बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

वालिङ नपा-७ निवासी ३५ वर्षीय केदार काफ्ले र वालिङ नपा-२ निवासी ५२ वर्षीय केशरबहादुर कुँवर ०६२ चैत २ गते राजनीतिक दलहरूद्वारा निकालिएको जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी गोली चलाउँदा घाइते भए।

जेल र बन्दी

यस जिल्लामा ३५ जना बन्दी राख्ने क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागार शाखा छ। बालबालिकाका राख्नका लागी जेलमा ठाउँ छैन। विभिन्न छओटा मुद्दामा ३२ जना बन्दीहरू रहेका छन्। जसमा डाँकामा १४ जना, चोरीमा तीन, कर्तव्यज्यान मार्ने उद्योगमा सात, जबरजस्ती करणीमा चार, सवारी ज्यानमा एक, जीउ बेच्ने मास्ने उद्योगमा तीनजना गरी कूल पाँचजना महिला र २८ जना पुरुष छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

चण्डीभञ्ज्याङ गाविस-९ निवासी डिलबहादुर राना, हुमबहादुर राना, टुकप्रसाद पाण्डे, चामबहादुर राना, मनबहादुर घर्ती थापा र सोही गाविस-३ निवासी लालबहादुर राना, गणेशबहादुर चितैरे, खेमबहादुर राना, यामबहादुर सोमै, चोकबहादुर श्रेष्ठ र रेमलाल घर्तीमगरलाई कृष्णबहादुर विकको ०६२ फागुन १७ गते हत्या गरेको आरोपमा ०६२ फागुन १८ गते माओवादीले अपहरण गरे। उनीहरू सबैलाई ०६२ चैत १२ गते गुल्मीबाट मुक्त गरियो।

चण्डीभञ्ज्याङ गाविस-९ निवासी डिलबहादुर राना, हुमबहादुर राना, टुकप्रसाद पाण्डे, चामबहादुर राना, मनबहादुर घर्ती थापा र सोही गाविस-३ निवासी लालबहादुर राना, गणेशबहादुर चितैरे, खेमबहादुर राना, यामबहादुर सोमै, चोकबहादुर श्रेष्ठ र रेमलाल घर्तीमगरलाई ०६२ फागुन १८ गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरू सबैलाई ०६२ चैत १२ गते गुल्मीबाट मुक्त गरे। हाल उनीहरू घरमानै छन्।

छाङछाडदी गाविस-१, बुटवल निवासी ३७ वर्षीय चन्द्रबहादुर दमै, वालिङ नपा-८ निवासी ४८ वर्षीय मित्रलाल विकलगायत् १० जनालाई माओवादीको नाममा चोरी गरेको आरोपमा ०६३ असार ७ गते माओवादीले अपहरण गरी आसार २१ गते चारपाटा मुडेर वालिङ नपा परिक्रमा गराए। माओवादीले उनीहरूमध्ये अर्जुन रिजाललाई जिल्ला प्रहरीको जिम्मा लगाई अन्य व्यक्तिहरूलाई असार २३ गते छाडेका थिए।

छाङछाडदी गाविस-१ निवासी ३७ वर्षीय लालबहादुर दमै, वालिङ नपा-८ निवासी ४० वर्षीय मित्रलाल विक, वालिङ नपा-७ निवासी ३७ वर्षीय झपटबहादुर सार्की, छाङछाडदी गाविस-१ निवासी ४५ वर्षीय पिताम्बर दमै, वालिङ नपा-८ निवासी ४२ वर्षीय एकबहादुर दमै र मनकामना गाविस-१ निवासी ३० वर्षीय केअरसिङ विकलाई ०६३ असार ७ गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरूलाई असार २३ गते मुक्त गरे।

खिलुङदेउराली गाविस-१ निवासी ३८ वर्षीय धनबहादुर विकलाई माओवादीको नाममा चोरी गरेको आरोपमा ०६३ असार १० गत माओवादीले अपहरण गरे। माओवादीले उनलाई असार २३ गते मुक्त गरे।

वालिङ नपा-८ निवासी ३८ वर्षीय अब्दुलमियाँलाई चोरी गरेको आरोपमा माओवादीले ०६३ असार १८ गते घरबाट अपहरण गरे। माओवादीले उनलाई असार २३ गते मुक्त गरे।

दासिङदहथुम गाविस-४ निवासी ३६ वर्षीय रहमद मियालाई चोरी गरेको आरोपमा ०६३ असार १४ गते घर नजिकैबाट माओवादीले अपहरण असार २३ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मनकामना गाविस-२ निवासी १३ वर्षीय मनवीर गुरुङलाई माओवादीको आरोपमा ०६२ पुस २९ गते सुरक्षाकर्मीले कुटपिट गरे।

मनकामना गाविस-१ निवासी १५ वर्षीय पानमाया गुरुङ र १७ वर्षीय तौमाया गुरुङलाई माओवादीको आरोपमा ०६२ माघ १ गते सुरक्षाकर्मीले कुटपिट गरे।

मनकामना गाविस-१ गहते निवासी ५५ वर्षीय थुमबहादुर गुरुङ र उनकी पत्नी ४० वर्षीया डिलमाया गुरुङलाई माओवादी पालेको भन्दै ०६२ माघ २ गते सुरक्षाकर्मीले उनीहरूलाई कुटपिट गरे।

मनकामना गाविस-२ सपाउदे निवासी २३ वर्षीय यामबहादुर विकलाई ०६२ माघ ३ गते सुरक्षाकर्मीले कुटपिट गरे।

मनकामना गाविस-१ निवासी ६७ वर्षीय राजविराज

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२		२	२	१	१	१	५	१६	६		२३
घाइते	१	३		३	१	१	१	६	६	१	३००	३०६
गिरफ्तारी/यातना								१४	६६	३		८०
कुटपिट	१	१		१				११	१३	८		३१
धम्की					३	३	३					
भेला/संगठित हुने अधिकार								४	१३		३८	४०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३	३	१	१			१
अपहरण					६	३१	३१					
जम्मा	४	४	३	६	१३	३६	३६	४१	१३६	१८	३३८	३६३

गुरुङलाई माओवादी पालेको आरोपमा ०६२ माघ ४ गतेसुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

मनकामना गाविस-१ निवासी २१ वर्षीय तौमती गुरुङ, २० वर्षीय केशमाया गुरुङ, ५० वर्षीय माया गुरुङ र २१ वर्षीय गौमाया गुरुङलाई ०६२ माघ २ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा कुटपिट गरे।

भाटखोला गाविस-३ निवासी १७ वर्षीय राजेश सुनामलाई ०६३ कात्तिक ३० गते माओवादीले जनमिलिसियामा संलग्न नभए खुट्टा भाँचिदिने धम्की दिए।

बालिङ नपा-९ निवासी ५० वर्षीय मानबहादुर आलेसँग ०६३ मंसिर १५ गते माओवादीले एक लाख रूपैयाँ नदिए घरको एकजना जनमिलिसियामा जानुपर्छ भनी धम्की दिए।

गैरकानुनी गिरफ्तारी

मग्यामचिसापनी गाविस-३ निवासी २१ वर्षीय जीतबहादुर थापा र २० वर्षीय प्रदिप थापालाई माओवादीको आरोपमा ०६२ पुस २८ गते पोखराबाट गएको सुरक्षाकर्मीको एक टोलीले घर नजिकबाट गिरफ्तार गरी कुटपिट गर्दै चित्रेभञ्याङ गाविस-३ मा पुऱ्याएर मार्ने धम्की दिदै खुलाचौरमा राखेर ०६२ माघ ५ गते दुवैजनालाई पाँच-पाँच दिनमा माओवादी ब्यारेकमा हाजिर हुने गरी तारेख दिई रिहा गरे। हाल उनीहरू घरमानै छन्।

मनकामना गाविस-२ निवासी भारतीय पूर्व सैनिक ६९ वर्षीय प्रितमबहादुर गुरुङलाई माओवादी भएको आरोपमा ०६२ माघ १ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी मनकामना मन्दिरमा लगी शारीरिक र मानसिक यातना दिए। उनलाई माओवादीलाई गास बास दिएमा पुन गिरफ्तार गर्ने धम्की दिदै २ गते दिउँसो ४ बजे रिहा गरे। गुरुङ घरमा पुगेपछि बिरामी परेर ०६२ माघको १५ गते मृत्यु भयो।

मनकामना गाविस-२ सपाउदे निवासी ५६ वर्षीय पूर्णबहादुर गुरुङ, ५९ वर्षीय जम्बबहादुर गुरुङ, ४९ वर्षीय मिलबहादुर गुरुङ, ७० वर्षीय श्यामबहादुर गुरुङ र ३० वर्षीय डम्मरबहादुर गुरुङलाई ०६२ माघ १ गते सुरक्षाकर्मीले कुटपिट गरी १७ घण्टा कब्जामा राखि माओवादीलाई खाना र वस्त्र दिए पुन: लैजान्छौ भन्दै माघ २ गते रिहा गरे।

चिसापानी गाविस-१ निवासी वीरबहादुर थापाको घरमा बिरामी भएर बसेकी रोल्पा निवासी माओवादी कार्यकर्ता करिब २४ वर्षीयसृजना बुढाथोकीलाई ०६२ माघ ३ गते साधारण पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी किचनासबाट हेलिकप्टरमार्फत् पोखरा पुऱ्याएकोमा ०६३ जेठ ३० गते रिहा गरे।

चित्रेभञ्याङ गाविस-४ छिपुङ निवासी ३३ वर्षीय टोपबहादुर चन्दलाई माओवादीको आरोपमा ०६२ माघ ३ गते बिहान १० बजे बिरामी भेट्न छिमेकीको घरमा गएको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। मेजर नारायण श्रेष्ठको कमाण्डमा गएको सुरक्षाकर्मीको गस्ती टोलीले माओवादीलाई भेटियो भन्दै उनलाई कुटपिट गरी शारीरिक यातना दिएर माघ ५ गते रिहा गरे।

रोल्पा जिल्ला निवासी करिब २६ वर्षीय शेरसिंह (विक) बन्दिसुरेलाई ०६२ माघ ४ गते सुरक्षाकर्मीले क्याक्मी गाविसको दग्दीबाट गिरफ्तार गरी ०६३ जेठ ३० गते पोखराबाट रिहा गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचन बहिष्कार गरौ भन्ने नारासहितको शान्तिपूर्ण जुलुसमाथि ०६२ माघ ७ गते वालिङ भकुण्डेमा सुरक्षाकर्मीले हस्तक्षेप गरी वालिङ नपा-७ निवासी ३५ वर्षीय नेकाँ जिल्ला कार्य समितिका सदस्य केदार काफ्ले, जगत्रादेवी गाविस निवासी एमाले जिल्ला कमिटी सदस्य महेन्द्र थापा, पुतलीबजार नपा-११ निवासी ५० वर्षीय ध्रुवराज अधिकारी र वालिङ नपा-५ मिर्दी निवासी ४५ वर्षीय उदयराज श्रेष्ठलाई गिरफ्तार गरी ०६२ फागुन २ गते रिहा गरे।

नगर निर्वाचन बहिष्कारको आह्वान गर्दै निकालिएको शान्तिपूर्ण जुलुसमाथि स्याङ्जा सदरमुकाममा ०६२ माघ १८ गते सुरक्षाकर्मीले हस्तक्षेप गरी सेतीदोभान गाविस-४ निवासी ३२ वर्षीय धनबहादुर विक, आलमदेवी गाविस-४ निवासी ३० वर्षीय शालिकराम शर्मा, धनबहादुर विक, २३ वर्षीय नवीन तिमिल्सिना र कास्की निवासी विष्णु बरललाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

स्याङ्जा बजारमा सोही दिन निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६२ माघ १८ गते अर्जुनचौपारी गाविस-१ निवासी एमालेका केन्द्रीय अनुशासन



सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरिएका सर्वसाधारण रेलबहादुर गुरुङ



माओवादी र सुरक्षाकर्मी बीचको भिडन्तमा मारिएका माओवादी कार्यकर्ता विप्लव

समितिका सदस्य ५४ वर्षीय प्रेमनारायण पौडेल, एमाले जिल्ला कमिटी सदस्यहरू तीनदोबाटे गाविस-३ निवासी ४५ वर्षीय ढाकाराम अर्याल, पुतलीबजार नपा-४ निवासी ५२ वर्षीय लोकराज शर्मा, वालिङ नपा-८ निवासी ५० वर्षीय ऋषिराम काफ्ले, पुतलीबजार नपा-९ निवासी नेकाँ जिल्ला कार्य समितिका सदस्य विष्णु गुरुङ, थुमपोखरा गाविस-६ निवासी चक्र पराजुलीलाई सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन २ गते रिहा गरे।

सात दलले नगर निर्वाचन बहिष्कारको आह्वान गर्दै ०६२ माघ १८ गते पुतलीबजारमा निकालेको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी पुतलीबजार नपा-१ निवासी ४८ वर्षीय विष्णुप्रसाद उपाध्याय, पिडिखोला गाविस-३ निवासी २५ वर्षीय दिपकप्रसाद पाण्डे, पेलाकोट गाविस-८ निवासी २८ वर्षीय गणेश पाठक र २३ वर्षीय जगन्नाथ भट्टराई, थुमपोखरा गाविस-२ निवासी २२ वर्षीय थीरलाल न्यौपाने, पुतलीबजार नपा-४ निवासी २८ वर्षीय पृथ्वीप्रसाद पोखेल, २५ वर्षीय सुरेशप्रसाद पोखल, पुतलीबजार नपा-१२ निवासी २३ वर्षीय केदार अर्याल, २२ वर्षीय चिरञ्जीवी भण्डारी, २० वर्षीय दुतप्रसाद पंगेनी, तीनदोबाटे गाविस-४ निवासी २० वर्षीय नारायण अर्याल स्वरेक गाविस-३ निवासी २० वर्षीय सुमन अर्याल, मनकामना गाविस-२ निवासी ५२ वर्षीय प्रेमबहादुर गुरुङलाई गिरफ्तार गरे। जिल्ला प्रशासन कार्यालयले माघ २८ गते १३ जनालाई रिहा गऱ्यो।

नगर निर्वाचन बहिस्कार गर्ने उद्देश्यले सदरमुकाम स्याङ्जामा सात दलले निकालेको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६३ माघ १८ गते निवुवाखर्क गाविस-१ निवासी २५ वर्षीय परिस्वर न्यौपाने, तीनदोबाटे गाविस-४ निवासी २८ वर्षीय बुद्धिसागर अर्याल, पुतलीबजार नपा-१ निवासी २२ वर्षीय अर्जुन सुवेदी र २७ वर्षीय इन्द्र रानालाई गिरफ्तार गरी माघ ३० गते रिहा गरे।

ठूलाडिही गाविस-९ निवासी ६७ वर्षीय दुर्गाबहादुर आले र ३६ वर्षीय विशेश्वरप्रसाद रेग्मीलाई ०६२ चैत २६ गते स्याङ्जा सदरमुकाममा सात दलद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। उनीहरूलाई गिरफ्तार गरेकै दिनमा कागज गरी रिहा गरिएको थियो।

पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २६ गते विभिन्न दलका १४ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा पुतलीबजार नपा-३ निवासी ४५ वर्षीय जयनारायण शर्मा, विचारी चौतारा गाविस-३ निवासी ४६ वर्षीय ध्रुवराज पौडेल, मनकामना गाविस-९ निवासी ३० वर्षीय नवीन आले, ठूलाडिही गाविस-९ निवासी ३१ वर्षीय रुद्र रेग्मीलगायत्का थिए। उनीहरूलाई चैत २८ गते रिहा गरियो।

स्याङ्जा सदरमुकाममा सात दलहरूले आयोजना गरेको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २६ गते विभिन्न दलका २८ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा ५४ वर्षीय अर्जुनचौपारी गाविस-१ निवासी एमालेका केन्द्रीय अनुशासन समितिका सदस्य प्रेमनारायण पौडेल, ५२ वर्षीय थुमपोखरा गाविस-६ निवासी चक्रबहादुर पराजुली, रापाकोट गाविस-७ निवासी ३७ वर्षीय पद्मा अर्याल, पुतलीबजार नपा-११ निवासी ध्रुवराज अधिकारी, पुतलीबजार नपा-४ निवासी लोकराज शर्मा, पुतलीबजार नपा-३ निवासी सिमा क्षेत्री, विचारीचौतारा गाविस-३ निवासी विष्णु उपाध्याय, ओरष्टे गाविस-१ निवासी ४६ वर्षीय चुनप्रसाद शर्मा, पञ्चमुल गाविस-१ निवासी खड्गबहादुर नेपालीलगायत्का थिए। उनीहरूलाई जिल्ला अदालतले पुनरावेदन अदालतको आदेशमा वैशाख १० गते रिहा गऱ्यो।

पुतलीबजार नपा-४ बाडखोलाबाट सात दलको आयोजनामा ०६२ चैत ३० गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरी प्रशासनले हस्तक्षेप गर्दा फापरथुम गाविस-४ निवासी ३५ वर्षीय राधा सापकोटाको दायाँ हात भाँचियो। सापकोटाले पोखरास्थित गण्डकी अस्पतालमा उपचार गराए। सोही दिन पुतलीवजार नपा-४ निवासी ३२ वर्षीय रवीन्द्र श्रेष्ठलाई प्रहरीले कुटपिट गरी दायाँ खुट्टा भाँचिएको थियो। श्रेष्ठले पोखरास्थित गण्डकी अस्पतालमा उपचार गराए।

स्याङ्जा सदरमुकाममा सात दलले आयोजना गरेको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ०६२ चैत २८ गते पुतलीबजार नपा-१ निवासी नारायणप्रसाद मरासिनी, पुतलीबजार नपा-३ निवासी भीमप्रसाद शर्मा, पुतलीबजार नपा-५ निवासी अमृतप्रसाद श्रेष्ठ थिए। उनीहरूलाई पुनरावेदन अदालतको आदेशमा जिल्ला अदालतबाट ०६३

वैशाख १० गते रिहा गरियो। ०६२ चैत २८ गते नै सदरमुकामबाट प्रहरीले विरुवाअर्चले निवासी ६५ वर्षीय युधीष्ठिर रायमाझी, पुतलीबजार नपा-४ निवासी ३५ वर्षीय मोतीप्रसाद पौडेल, ४५ वर्षीय प्रेमप्रसाद क्षेत्री, पुतलीबजार नपा-१० निवासी ५३ वर्षीय श्यामप्रसाद अर्याललगायत् आठजनालाई गिरफ्तार गरिएकोमा सोही दिन रिहा गरियो। प्रहरीले सोही दिन ठूलाडिही गाविस-८ निवासी सन्तोष नेपाली र पुतलीबजार नपा-१० निवासी मिना अर्याललाई गिरफ्तार गरिएकोमा चैत २९ गते रिहा भए।

पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमाथि ०६२ चैत ३० गते सिुरक्षाकर्मीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा पुतलीबजार नपा-४ निवासी ३२ वर्षीय रवीन्द्र श्रेष्ठको दायाँ खुट्टा भाँचियो। सोही दिन प्रहरीको लाठी प्रहारबाट फापरथुम गाविस-४ निवासी ३५ वर्षीय राधा सापकोटाको दाहिने हात भाँचिएको छ। दुवैजनाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

ठूलाडिही गाविस-९ निवासी ३२ वर्षीय पवन नेपाल, सोही नपा-८ निवासी २८ वर्षीय माधव पौडेल, २९ वर्षीय श्याम नेपाली र सोही ठाउँ निवासी नेमबहादुर रानालाई माओवादीको आरोपमा ०६२ चैत ३१ गते पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसबाट घर फर्कदै गर्दा पुतलीबजार नपा-४ स्थित बाडखोलामा सुरक्षाकर्मीले चैत ३१ गते गिरफ्तार गरी कुटपिटपश्चात् शारीरिक यातना दिई ०६३ वैशाख ११ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

स्याङ्जा सदरमुकाममा सात दलहरूद्वारा आयोजित शान्तिपूर्ण विरोध जुलुसमाथि ०६२ चैत ३१ गते प्रहरीले हस्तक्षेप गरी विभिन्न दलका २१ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार हुनेमा खिलुङदेउराली गाविस-९ निवासी नेकाँ जिल्ला कार्य समितिका अध्यक्ष ५६ वर्षीय खगेन्द्रराज रेग्मी, पुतलीबजार नपा-११ निवासी ५० वर्षीय शिवकुमार अधिकारीलगायत् थिए। उनीहरू सबैलाई सोही दिन रिहा गरियो।

पुतलीबजार नपा-१ मा सात दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमाथि ०६२ चैत ३१ गते प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा ठूलाढिही गाविस-९ निवासी ईश्वरबन्धु रेग्मी, सोही गाविस-८ निवासी ३० वर्षीय माधव पौडेल, २८ वर्षीय पवन नेपाल, २९ वर्षीय श्याम नेपाल र ३५ वर्षीय नेमबहादुर राना घाइते भए। उनीहरूको स्थानीय अस्पतालमा उपचार भयो।

स्याङ्जा बजारमा सात दलको आयोजनामा ०६३ वैशाख २ गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी १२ सेल अश्रुग्यास प्रहार तथा लाठी चार्ज गर्दा मल्याङकोटका २९ वर्षीय अजित क्षेत्री, पुतलीबजार नपा-१ निवासी केशव लम्साल घाइते भए। उनीहरूलाई स्थानीय मेडिकलमा उपचार गराएका थिए।

स्याङ्जा बजारमा सात दलको आयोजनामा ०६३ वैशाख ६ गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा खिलुङ देउराली गाविस-९ निवासी ५२ वर्षीय खगेन्द्रराज रेग्मी, पुतलीबजार नपा-१ निवासी ३५ वर्षीय भरतप्रसाद लम्साल, स्वरेक गाविस-९ निवासी ५० वर्षीय छायाराम खनाल र विर्घा गाविस-८ निवासी ४० वर्षीय दुर्गाप्रसाद पाण्डे घाइते भए । उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत स्याङ्जामा साधारण देवानीतर्फ नयाँ १ सय २ र जिम्मेवारी सरेका गरी १ सय ८६ मुद्दामध्ये ३६ ओटा फर्स्यौट भए। १ सय ३९ ओटा बाँकी रहे। साधारण फौजदारीतर्फ नयाँ दर्ता २४ र जिम्मेवारी सरेका गरी ३५ मध्ये पाँचओटा फर्स्यौट भई ३० ओटा बाँकी रहे। साधारण फौजदारीतर्फ नयाँ दर्ता ५२ र जिम्मेवारी सरेका ८१ ओटामध्ये ३० ओटा फर्स्यौट भए भने ५१ ओटा बाँकी रहे विशेष फौजदारीतर्फ नयाँ दर्ता १३ र जिम्मेवारी सरेका गरी २१ ओटा मुद्दामध्ये नौओटा फर्स्यौट भई १२ ओटा बाँकी रहे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार

मनकामना गाविस-१ निवासी ३० वर्षीय ओमबहादुर गुरुङ र १९ वर्षीय हस्तबहादुर गुरुङलाई माओवादीको आरोपमा ०६२ पुस २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिएर ०६२ माघ ०३ गते रिहा गरे।

चिन्नेबास गाविस-८ कुरुम्फा निवासी ३३ वर्षीय कृष्णबहादुर कुँवरलाई वैदेशिक रोजगारीमा जानको लागि घरबाट निस्केको बेला ०६२ माघ २ गते माओवादीको आरोपमा चित्रेभञ्ज्याङ गाविस-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी राईफलको कुन्दाले घोच्दै बुटले प्रहार गर्दै रातभरि उभ्याएर शारीरिक यातनापश्चात् माघ ३ गते रिहा गरे।

चिन्नेबास गाविस-८ निवासी २३ वषीय राजेन्द्र कुँवरलाई ०६२ माघ ३ गते माओवादीको आशंकामा सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी हरीनासको वनमा पुऱ्याएर रातभरी दुईओटा खुट्टाको बीचबाट कान समात्न

लगाई शारीरिक र मानसिक यातना दिई माघ ४ गते तारेखमा रिहा गरे। पीडित हाल उनी घरमा नै छन्।

आर्थिक अधिकार

भूमिहिन तथा सुकुमवासी समस्या असक्त भत्ता आदि सम्पति कब्जा

माओवादीबाट

पुतलीबजार नपा-७ रजस्थल निवासी ५५ वर्षीय मेघबहादुर शाहको १५ जनाको परिवारलाई नगर निर्वाचनमा भाग लिएको आरोपमा ०६२ माघ १५ गते माओवादीले घरबाट बाहिर निकाली उनको ताला लगाए। घरमा ताला लगाएपछि शाहका परिवार छिमेकीको भरमा शरण लिएका थिए। निर्विरोध निर्वाचित शाहले वडाध्यक्षको पदबाट राजिनामा दिएपछि इन्सेक स्याङ्जा जिल्ला प्रतिनिधिको पहलमा माघ २२ गते ताला खोलिएको थियो।

पुतलीबजार नपा-११ निवासी ३५ वर्षीय राजेन्द्र कोइरालाको घरमा नगर निर्वाचनमा भाग लिई वडाध्यक्ष पदमा उठेको भन्दै ०६२ माघ १७ गते माओवादीले उनकी पत्नी र छोराछोरीलाई घरबाट पनि उनले बाहिर निकाली ताला लगाए। सोही दिन पुतलीबजार नपा-६ निवासी ३७ वर्षीय लोकबहादुर क्षेत्रीको घरमा नगर निर्वाचनमा भाग लिई वडाध्यक्ष पदमा उठेको भन्दै माओवादीले उनकी आमा, पत्नी र छोराछारीलाई घरबाट बाहिर निकाली ताला लगाएका थिए। उनीहरू दुवैजनाले वडाध्यक्षको पदबाट राजिनामा दिएपछि माघ २४ गते ताला खोलिएको थियो।

राज्यबाट

तत्कालीन शाही नेपाली सेनाले चित्रेभञ्ज्याङ्ग गाविस-३ निवासी ३५ वर्षीय उजेली विकलाई उनको पति माओवादी भएको र परिवारले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ माघ ३ गते उनको पसलबाट चार लाख रूपैयाँ बराबरको भौतिक सामाग्री कब्जा गरी लगे। उक्त सामान सेनाको पश्चिम पृतना, पोखराबाट ०६३ जेठ ८ गते उजेली विकको जिम्मामा फिर्ता गरे।

भूमिहीन सुकुमवासी

यस जिल्लामा मुख्य गरी माझी जातीको भूमि छैन। परम्परागत ढंगले माछा मारी जीवन यापन गर्दछन्। बाँके, सुर्खेत, दाङ, सल्यान घर बताउने मुक्त कमैयाहरू बेला बेलामा आँधीखोलाको किनारमा १०-१५ दिन पाल टागी बस्ने गर्दछन्। यस जिल्लामा समान काममा कामदार पुरुष र महिलाको ज्यालादारीमा भिन्नता छ। पुरुषले भवन निर्माणका कामहरूमा दैनिक १८० रूपैया दिइन्छ भने महिलाले १४० रूपैया मात्र पाउँछिन्।

विगतको अनुगमन

सुरक्षाकर्मीले माओवादीको आरोपमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी की जिल्ला सचिव थुमपोखरा गाविस -८ निवासी २४ वर्षीय कल्पना अर्याल र जिल्ला कोषाध्यक्ष आरुखर्क गाविस-७ निवासी २३ वर्षीय लक्ष्मी पौडेललाई फापरथुम गाविस-२ जीवन गुरुङको घरबाट सुरक्षाकर्मीले ०६० भदौ १२ गते गिरफ्तार गरेकोमा ०६३ वैशाख २१ गते कास्की कारागार शाखाबाट रिहा गरे।

निबुवाखर्क गाविस-३ निवासी ४९ वर्षीय रामचन्द्र ढकालले सुराकी गरेको आरोपमा ०६१ साउन २८ गतेदेखि माओवादीले उनको घरमा तालाबन्दी गरेकोमा ०६२ फागुन २६ गते खुला गरे।

चिसापानी गाविस-६ निवासी ३२ वर्षीय माओवादी जिल्ला कार्य समितिका सदस्य ओम भनिने परशुराम शर्मालाई सुरक्षाकर्मीले सोही गाविस-५ बाट ०६० चैत ६ गते बिहान गिरफ्तार गरेकोमा ०६२ चैत १७ गते रिहा भए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कालिकाकोट गाविस-१ निवासी १७ वर्षीय हरि डुम्रे, चाङ्गसिङ गाविस निवासी टीकाराम आले, श्रीकृष्णगण्डकी गाविस-९ निवासी १४ वर्षीय रमेश भट्टराई रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना रहेका छन्। यसरी बेपत्ता पारिएकामा फापरथुम गाविस-३ निवासी सशस्त्र प्रहरी हवल्दार राजेन्द्र ढकाल रहेका छन्।

३.५ कास्की



जनसंख्या	: ४,२२,४९९
साक्षरता प्रतिशत	: ७१.९
महिला साक्षरता प्रतिशत	: ६१.५
क्षेत्रफल (वर्ग कि. मि.)	: २०१७
गाविस/नपा संख्या	: ४३/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५५९
क्याम्पस/उच्च मावि	: १३/४८
अस्पताल/स्वास्थ्य चौकी	: ५/५०
टेलिफोन लाइन	: २२५५६
मोटर सडक (कि. मि.)	: ४०५
प्रहरी कार्यालय संख्या	: ११
हुलाक संख्या	: ५१
मानव विकास सूचकाङ्क	: ०.५५०
प्रति परिवार सरदर संख्या	: ४.९६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपमा बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

तनहुँ जिल्ला पुर्कोट गाविस निवासी माओवादी कम्पनी कमाण्डर अटल भनिने मदन पौडेल र सिद्ध गाविस निवासी माओवादी कम्पनी कमाण्डर नरेश भनिने २४ वर्षीय तीर्थ भुजेललाई ०६२ माघ २८ गते राति सुरक्षाकर्मीले पोखरा उमनपा वैदामस्थित स्पोर्टस होटलमा गोली हानी हत्या गरे।

दोलखा जिल्ला निवासी माओवादी कार्यकर्ता विप्लव भनिने ३२ वर्षीय बद्री खड्काको लेखनाथ नपा-७ सिशुवाचोक स्थित ज्यामीरे कुनामा ०६२ फागुन २१ गते दिउँसो सादा पोसाकका सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते बनाएकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचारका क्रममा उनको फागुन २२ गते बिहान मृत्यु भयो।

काभ्रे जिल्ला निवासी पोखरा उमनपा-९ पृथ्वीचोकमा साइबर सञ्चालन गरी बस्ने ३६ वर्षीय भीमसेन दाहाललाई ०६२ चैत २६ गते दिउँसो पोखरा उमनपा-९ स्थित महेन्द्रपुलमा सेनाले गोली हानी हत्या गरे। सातदलले आह्वान गरेको आमहड्तालको तेस्रो दिन शान्तिपूर्ण जुलुस प्रर्दशनका क्रममा नेपाल टेलिकम पोखराको सुरक्षार्थ सेन्ट्रीमा बसेका सैनिक प्यूठ रविराज बुढाथोकीले प्रर्दशनकारीमाथि एक्कासी प्रहार गरेको गोली दाहालको टाउकोमा लागेर उनको घटनास्थलमै मृत्यु भएको थियो। दाहालको लास हेलिकोप्टरबाट काभ्रे पुऱ्याई दाहासंस्कार गरिएको थियो। उक्त घटनामा सेनाले प्रहार गरेको गोलीबाट अनेरास्ववियु कास्कीका सचिवालय सदस्य गंगाधर बराल, विद्यार्थी रोशन गुरुङ्ग, मिलन लम्साल घाइते भए। उनीहरूको टाउको, खुट्टा र पिठ्यूँमा गोली लागेको थियो । पीडितहरूको स्थानीय अस्पतालमा उपचार भयो।

गोली /बम/ विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

पोखरा उमनपा-९ सभागृहचोकमा नगरनिर्वाचनको विरोध गर्दै सडकमा उत्रिएका आन्दोलनकारीमाथि ०६२ माघ १३ गते दिउँसो सुरक्षाकर्मीले प्रहार गरेको गोली र ढुङ्गाबाट एक सर्वसाधारणसहित चारजना घाइते भए। पोखरा उमनपा-५ मासबार निवासी २५ वर्षीय सर्वसाधारण वासुदेव बराल दायाँ खुट्टाको पैतलामा एउटा गोली लागि घाइते भए। उक्त घटनामा सुरक्षाकर्मीले प्रहार गरेको ढुङ्गाबाट एमाले कार्यकर्ता ४६ वर्षीय वासुदेव त्रिपाठी, पर्वत जिल्ला निवासी २५ वर्षीय अनमोल क्षेत्री र लामाचौर निवासी २० वर्षीय अर्जुन अधिकारी घाइते भए। घाइतेमध्ये त्रिपाठीको टाउकोमा गहिरो चोट लागेको थियो भने अन्यको घुँडा र तिघ्रामा चोट लागेको थियो। पीडितहरूको फेवासिटी अस्पतालमा उपचार भयो।

पोखरा उमनपा-६ हलनचोक निवासी २८ वर्षीय शान्ति पहारी र ३५ वर्षीय रुद्रनाथ पहारी ०६२ चैत २७ गते प्रहरीले हल्लनचोक स्थित खहरेमा चलाएको गोली लागि घाइते भए। पीडितहरूको स्थानीय अस्पतालमा उपचार भयो।

पोखराको चिप्लेढुङ्गामा ०६२ चैत २९ गते बिहान प्रहरीले गोली चलाउँदा शिवालयचोक निवासी ३० वर्षीया पार्वती पौडेल र ३२ वर्षीय विष्णु भट्टराई घाइते भए। पौडेलको बाँया पिठ्यूँमा एक गोली र भट्टराईको बायाँ हातको नाडिमा गोली लागेको थियो। पीडितहरूको पोखरास्थित फिस्टेल अस्पतालमा उपचार भयो।

माओवादीबाट

पोखरा उमनपा-१७ निवासी ४ वर्षीय बालक

खेमराज बराल, सोही ठाउँ निवासी २० वर्षीया तारा शाही, ४० वर्षीय दिलकुमारी कार्की, ३५ वर्षीया शान्ति गुरुङ्ग र पुम्दीभुम्दी गाविस-१ निवासी ५९ वर्षीय रुद्रबहादुर विक ०६२ फागुन १३ गते साँझ माओवादीले पोखरा उमनपा-१७ छोरेपाटन स्थित बेलघारीचोकमा बम विस्फोट गराउँदा घाइते भए। घाइतेमध्ये बालक बरालको दायाँ खुट्टाको गोलीगाँठोमा गहिरो चोट लागेको थियो भने रुद्रबहादुरको टाउको र काँधमा, शान्तिको दुवै खुट्टा तथा ताराको पिठ्यूँ र बायाँ खुट्टामा र दिलकुमारीको बायाँतर्फ घाँटीमा चोट लागेको थियो। घाइतेहरूमध्ये चारजनाको फेवासिटी अस्पताल र रुद्रबहादुरको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

लेखनाथ नपा-११ मोहोरियामा ०६२ माघ २० गते माओवादीले गराएको बम विस्फोटबाट सोही ठाउँ निवासी डायमण्ड आवासीय माविका कर्मचारी ३६ वर्षीय भीम सुवेदी घाइते भए। घाइते सुवेदीको स्थानीय लेखनाथ लायन्स अस्पतालमा उपचार भयो।

पोखरा उपमनपा- ६ राष्ट्रबैकचोकस्थित पश्चिम क्षेत्रीय प्रहरी गण अगाडि सडकमा ०६२ फागुन २० गते दिउँसो माओवादीले प्रहार गरेको गोलीबाट स्याङ्जा जिल्ला ओरष्टे निवासी सई २५ वर्षीय कमलकान्त पोखरेल घाइते भए। उनको छातीमा गोली लागेकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचारपश्चात् थप उपचारका लागि काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पतालमा लगियो। गण अगाडि मोटरसाइकलमा आएका दुई माओवादीले पोखरेलमाथि गोली प्रहार गरेका थिए। उक्त घटनापछि नेपाल राष्ट्रबैंकको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले अन्धाधुन्ध गोली प्रहार गर्दा बैंक अगाडि रहेको विमला होटलका सञ्चालक ४६ वर्षीय रामकुमार श्रेष्ठ र पोखरा उमनपा-९ निवासी २१ वर्षीया वृन्दा गुरुङ्ग घाइते भए। घाइते श्रेष्ठको दायाँ हात भाँचियो भने गुरुङ्गको पेटमा गोली लागेको थियो। पीडितहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

सार्दीखोला गाविस-१ स्थित बाँझखेत निवासी केशव गौतमको घरमा माओवादीले भण्डार गरिराखेको बम ०६३ कात्तिक ७ गते दिउँसो अचानक विस्फोट हुँदा छजना घाइते भए। घाइते हुनेहरूमा सार्दीखोला गाविस-१ निवासी १८ वर्षीय रामचन्द्र विक, पुरनचौर गाविस-१ निवासी २३ वर्षीय विष्णुप्रसाद गौतम, सोही ठाउँ निवासी २३ वर्षीय यामप्रसाद गौतम, १३ वर्षीय भरतराज गौतम, ३४ वर्षीय पुष्पराज गौतम र १२ वर्षीय खगराज गौतम थिए। घाइते सबैजनाको खुट्टामा चोट लागेको थियो। घाइते हुनेमध्ये बालक खगराज बाहेक अन्य सबै माओवादी जनमिलिसिया हुन्। पीडितहरूको मणिपाल अस्पताल पोखरामा माओवादीको आर्थिक सहयोगमा उपचार भयो।

जेल र बन्दी

कास्की जिल्लामा रहेको जेल 'ग' श्रेणीमा पर्दछ। महिला तथा पुरुष गरी कूल ६० जना बन्दीहरूको क्षमता रहको कास्की जेलमा यस वर्षको अन्त्यसम्म १९ जना महिला, १ सय ४० जना पुरुष र २ आश्रित नाबालक गरी १ सय ६१ जना विभिन्न फौजदारी अभियोगका बन्दीहरू थुनामा छन्। माओवादी भएको आरोपमा गिरफ्तार गरी आस्थाका बन्दीका रूपमा बन्दी जीवन बिताइरहेका बन्दीहरूलाई ०६२/०६३ को जनआन्दोलनपछि सरकारले रिहा गऱ्यो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१					३	४			४
घाइते					६	३३	७	३०	७	१५	४		१९
गिरफ्तारी/यातना									४३	१२४	१३		१३७
बेपत्ता									१	१			१
कुटपिट	१	१		१	३	६	१	७	३	३			३
धम्की					३	३		३					
भेला/संगठित हुने अधिकार									१५	१७		७५७	७७४
महिलाअधिकार	३		३	३									
बालअधिकार	३		५	५									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३		३					
अपहरण					१४	३५	८	४३					
जम्मा	७	३	७	९	३९	७०	१६	८६	७२	१६४	१७	७५७	९३८

बेपत्ता/अपहरण

माओवादीबाट

मकवानपुर जिल्ला हटिया चिसापानी गाविस-९ निवासी डोजर चालक २६ वर्षीय राजकुमार विक र सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-६ निवासी हेल्पर २० वर्षीय केशव कार्कीलाई लेखनाथ नपा-१५ स्थित कोत्रेबाट ०६२ माघ २१ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई ०६२ माघ २९ गते माओवादीले मानवअधिकारकर्मीको रोहबरमा लेखनाथ नपाबाट मुक्त गरे ।

कालिका गाविस-१ लामाश्वारा निवासी २६ वर्षीय नारायणराज तिमिल्सिना र उनकी २२ वर्षीय पत्नी कोपिला तिमिल्सिनालाई ०६२ चैत ६ गते बिहान माओवादीले कालिका गाविस-१ घरबाटै अपहरण गरे। माओवादीले कोपिलालाई सोही दिन मुक्त गरे भने नारायणराजलाई ०६२ चैत १० गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे ।

उदयपुर जिल्ला निवासी २४ वर्षीय पासाङ्ग तामाङ र स्याङ्जा जिल्ला बयरघारी निवासी २१ वर्षीय राहुल केसीलाई ०६३ जेठ १३ गते बेलुका माओवादीले पोखरा उमनपा-३ तेर्सापट्टिबाट अपहरण गरे। नक्कली माओवादी बनी सर्वसाधारण जनतालाई दु:ख दिँदै धम्कीपूर्ण तरिकाले चन्दा संकलन गर्दै हिँडेको आरोपमा अपहरित दुवैजनालाई माओवादीले तीन महिनाको श्रम शिविरमा पठाएकोमा उनीहरू ०६३ भदौ १३ गते मुक्त भए।

ल्वाङघलेल गाविस-९ निवासी पश्चिम क्षेत्रीय प्रहरी गणमा कार्यरत प्रहरी परिचर ३० वर्षीय प्रेमबहादुर गुरुङलाई ०६३ असार ६ गते माओवादीले पोखरा उमनपा-९ बसपार्कबाट अपहरण गरे। नक्कली माओवादी बनी चन्दा संकलन गर्दै सर्वसाधारणलाई धम्क्याउँदै हिँडेको आरोपमा अपहरित गुरुङलाई असार ७ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा मुक्त गरे।

पोखरा उमनपा-६ लेकसाइड निवासी नमस्ते डान्स क्लबका सञ्चालक ३५ वर्षीय ईश्वर गुरुङलाई ०६३ कात्तिक १५ गते बेलुका माओवादी निकटको अनेमसंघ (क्रान्तिकारी) र अखिल नेपाल ट्रेड युनियन महासंघका कार्यकर्ताले यौन दुराचार र मजदुरको श्रम शोषण गरेको आरोपमा नमस्ते क्लबबाट अपहरण गरे। गुरुङलाई ०६३ कात्तिक १६ गते माओवादीले पोखरा उमनपा-६ हल्लनचोक लेकसाइडमा सार्वजनिक गरी मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

हंसपुर गाविस-४ निवासी आठजना युवालाई ०६३ कात्तिक ३० गते माओवादीले घरबाटै अपहरण गरे। अपहरणमा परेका रामबहादुर विक, अर्जुन विक, सन्तबहादुर विक, यमबहादुर विक, सन्तोष कुमार विक, भीम नेपाली सुरेश विक र अंगत विक रहेकोमा उनीहरू ०६३ मंसिर ३ गते माओवादीको नियन्त्रणबाट भागेर घर फर्किए।



सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरिएका भिमसेन दाहाल

थुमाकोडाँडा गाविस निवासी नेकाँ थुमाकोडाँडा गाउँ इकाई सभापति ४० वर्षीय मनबहादुर गुरुङलाई ०६३ पुस १३ गते माओवादीले याङ्जाकोटस्थित घरबाट अपहरण गरे। आर्थिक अनियमितता र भ्रष्टाचार गरेको आरोपमा माओवादीले गुरुङलाई ०६३ पुस १७ गते अनुसन्धानपछि परिवारको जिम्मामा भाचोक भन्ने स्थानबाट मुक्त गरे।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

राज्यबाट

हंसपुर गाविस-६ धारापानी निवासी ४१ वर्षीय वामदेव सुवेदीलाई ०६२ फागुन १६ गते सादा पोसाकका सुरक्षाकर्मीले सुवेदीकै घरमा आई कुटपिट गरे ।

पोखरा उमनपा-६ हल्लनचोक खहरे निवासी अनेरास्वविyुका जिल्ला सदस्य २१ वर्षीय सूर्य भण्डारीलाई ०६३ वैशाख १० गते राति सेनाका जवानले कुटपिट गरे।

माओवादीबाट

सराङ्कोट गाविस-९ सुकुमबासीटोल निवासी ६५ वर्षीय खुसीमाया गुरुङलाई ०६३ जेठ १८ गते राति माओवादीले घरमै आई कुटपिट गरी दायाँ खुट्टा भाँचिदिए। पीडितको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

कालिका गाविस-३ विमिरापानी निवासी ४६ वर्षीय कृष्णप्रसाद पौडेलले चोरी गरेको आरोपमा ०६३ साउन १ गते बिहान माओवादीले उनलाई स्थानीय जनज्योति माध्यमिक विद्यालयको नवनिर्मित भवनको कक्षाकोठामा लगि चरम यातना दिए। माओवादीको यातना र कुटपिटबाट पौडेलको दायाँ कानको जालीसमेत फुट्यो।

गैरकानुनी गिरफ्तारी

स्याङ्जा जिल्ला मर्‍यामचिसापानी गाविस-५ निवासी विशाल भनिने ४० वर्षीय राम क्षेत्री भण्डारीलाई ०६२ पुस

२४ गते शाही नेपाली सेनाले पोखरा उमनपा-९ सभागृहचोकबाट गिरफ्तार गऱ्यो। माओवादीको आरोपमा गिरफ्तार भण्डारीलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ वैशाख १३ गते रिहा गरियो।

चितवन जिल्ला जगतपुर निवासी पोखरा उमनपा-२ मोहोरियाटोलमा सुनचाँदी व्यवसाय गरी बस्ने ३२ वर्षीय भीमबहादुर विकलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ पुस २५ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। विक ०६२ माघ ३ गते साँझ अनुसन्धानपछि आफन्त डम्बरबहादुर विकको जिम्मामा तारेखमा रिहा भए।

चितवन जिल्ला टाँडी निवासी २० वर्षीय राजकुमार गुरुङलाई ०६२ पुस २४ गते सुरक्षाकर्मीले ग १ ज २५११ नं. ट्याक्सी सहित पोखरा उमनपा-९ सभागृहचोकबाट गिरफ्तार गरे। माओवादीलाई सहयोग गरेको अभियोगमा गिरफ्तार परेका गुरुङलाई अनुसन्धानपछि ०६२ पुस २९ गते जिल्ला प्रहरी कार्यालयबाट आफन्तको जिम्मामा रिहा गरियो।

चितवन जिल्ला गितानगर गाविस निवासी पोखरा उमनपा-१ बगरमा किराना पसल गरी बस्ने ४१ वर्षीय हरिबहादुर भुजेललाई ०६२ माघ ६ गते राति घरमा सुतिरहेको अवस्थामा सशस्त्र सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई माओवादीको आशंकामा गिरफ्तार गरी कारागारमा थुनामा राखिएकोमा ०६२ फागुन ४ गते रिहा गरियो।

स्याङ्जा जिल्ला थुमपोखरा गाविस निवासी २२ वर्षीय शिव भनिने हरिप्रसाद पौडेल र तनहुँ जिल्ला भिर्कोट गाविस निवासी २४ वर्षीय निशान भनिने विनोद घिमिरेलाई पोखरा उमनपा-१० बुद्धचोकबाट ०६२ माघ ६ गते साझ सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार दुवैजनालाई कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

पोखरा उमनपा-१ बगर निवासी सराङकोट गाविस-९ स्थित सृजना प्राथमिक विद्यालयका शिक्षक ४० वर्षीय डिल्लीराम अधिकारीलाई ०६२ माघ ७ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार अधिकारीलाई कारागारमा थुनामा राखिएकोमा ०६२ फागुन ४ गते रिहा गरियो।

धादिङ जिल्ला निवासी ट्याक्सी चालक २५ वर्षीय रामचन्द्र पाण्डेलाई ०६२ माघ १० गते प्रहरीले पोखरा उमनपा-१७ महतगौडाबाट उनले माओवादीलाई सहयोग गरेको आरोपमा ग १ ज २३८६ नम्बरको ट्याक्सीसहित गिरफ्तार गरे। ट्याक्सी चालक पाण्डेलाई वडा प्रहरी कार्यालय, बगरमा थुनामा राखिएकोमा उनका दाजु राजन पाण्डेको जिम्मामा ट्याक्सीसहित ०६२ फागुन ९ गते तारेखमा रिहा गरियो।



प्रहरीद्वारा गोली हानी घाइते पारिएका रुद्रनाथ पहारी

चितवन जिल्ला भरतपुर निवासी २४ वर्षीय गीता भनिने शर्मिला विकलाई ०६२ माघ १६ गते पोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार विकलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए ।

गोरखा जिल्ला करौजा गाविस निवासी २५ वर्षीय सरोज भनिने नीमा गुरुङलाई ०६२ माघ १७ गते पोखरा उमनपा-१७ विरौटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार गुरुङलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भइन्।

लमजुङ्ग जिल्ला भोर्लेटार गाविस निवासी २४ वर्षीय विवेक भनिने रामचन्द्र पौडेल र रोल्पा जिल्लाको जंगकोट गाविस-२ निवासी २८ वर्षीय ज्वाला भनिने देवबहादुर बुढालाई ०६२ माघ १८ गते पोखरा उमनपा-८ एयरपोर्ट स्थित होटल अन्नपूर्णबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशङ्कामा गिरफ्तार दुवैजनालाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

गोरखा जिल्ला आँपपिपल निवासी ३४ वर्षीय रेशमबहादुर बल्कुटीलाई ०६२ माघ २४ गते राति पोखरा उमनपा- १५ नयाँगाँउबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार बल्कुटीलाई शाही नेपाली सेनाको ३ नं. बाहिनी विजयपुर व्यारेकमा राखिएकोमा अनुसन्धानपछि ०६२ माघ २६ गते जिल्ला प्रहरी कार्यालय, कास्कीबाट रिहा भए ।



सुरक्षाकर्मीद्वारा गोली हानी घाइते पारिएका शान्ति पहारी

तनहुँ जिल्ला राइपुर गाविस-२ अलैची निवासी कृष्णप्रसाद रेग्मीलाई ०६२ माघ २६ गते लेखनाथ नपा-१३ सैनिकबस्तीबाट सुरक्षाजाँचका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। रेग्मीलाई छानबिनपछि ०६२ माघ २७ गते दिउँसो उनका दाजु टीका रेग्मीको जिम्मामा रिहा गरियो।

तनहुँ जिल्ला कोटा गाविस निवासी माओवादी कार्यकर्ता आनन्द भनिने २४ वर्षीय गुमबहादुर विकलाई ०६२ माघ २७ गते बिहान पोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार विकलाई कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए ।

लम्जुङ जिल्ला चक्रतीर्थ गाविस निवासी माओवादी कायकर्ता २७ वर्षीय दिलबहादुर अछामीलाई ०६२ माघ २७ गते पोखरा उमनपा-१७ विरौटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि सेनाको पश्चिम पृतना, पोखरामा राखिएका अछामीलाई गस्तीका क्रममा सेनाले माओवादीलाई सर्च गर्न लगेको बेला भरतपोखरी गाविसको बहुमाराबाट सोही दिन सुरक्षा घेरा तोडी फरार भए । अछामी पार्टीको सम्पर्कमा रहेको माओवादीले जनायो।

हुम्ला जिल्ला मिमी गाविस-५ निवासी रतनबहादुर बुढा र सुर्खेत जिल्ला निवासी नवेन्द्रबहादुर शाहीलाई ०६२ फागुन ३ गते दिउँसो सुरक्षाकर्मीले भरतपोखरी गाविसको बहुमारा भन्ने स्थानबाट गिरफ्तार गरे। दुवैजनालाई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा ०६२ चैत २२ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहबर रिहा गरियो ।

सिद्ध गाविस-३ फैचोक निवासी २० वर्षीय अमरदीप पराजुली, २० वर्षीय प्रतिभा पराजुली र गोरखा जिल्ला निवासी विष्णु प्रधानलाई माओवादीको भए आरोपमा पोखरा उमनपा-९ न्यूरोडस्थित पद्म नर्सिङ होमबाट सुरक्षाकर्मीले ०६२ फागुन १८ गते साँझ गिरफ्तार गरे। उनीहरूलाई पद्म नर्सिङ होममा उपचार गराइरहेको अवस्थामा शाही नेपाली सेनाले गिरफ्तार गरेको हो। गिरफ्तारमध्ये प्रतिभालाई ०६२ चैत १३ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो भने अन्य दुईजनालाई थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

हंसपुर गाविस-७ निवासी २१ वर्षीय रमेश न्यौपानेलाई ०६२ फागुन १६ गते सर्चमा गएको संयुक्त सुरक्षाफौजको टोलीले माओवादीको आशंकामा हंसपुर गाविस-६ धारापानी भन्ने स्थानबाट गिरफ्तार गरे। गिरफ्तारपछि शाही नेपाली सेनाको पश्चिम पृतना, पोखरामा राखिएका न्यौपाने अनुसन्धानपछि फागुन १७ गते रिहा भए।

सल्यान जिल्ला माझकोट गाविस निवासी २३ वर्षीय कैलाश भनिने नरबहादुर पुन: स्याङ्जा जिल्ला ओरप्टे निवासी १६ वर्षीय छितिज उपनामका आनन्द पोखरेल र सोही जिल्ला विरुवाअर्चले गाविस निवासी शीतल भनिने २१ वर्षीय करणकुमार वाग्लेलाई ०६२ फागुन १६ गते हंसपुर गाविसको तालवेसी भन्ने स्थानबाट सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। गिरफ्तार पछि पोखरेललाई शाही नेपाली सेनाको पश्चिम पृतना, पोखरामा राखिएकोमा ०६३ वैशाख १९ गते आफन्तको जिम्मामा र अन्य दुईजनालाई जिल्ला कारागार शाखा कास्कीमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए ।

पर्वत जिल्ला धाइरिङ्ग गाविस निवासी पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा प्रविणता प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययनरत २० वर्षीय लोकनाथ आचार्यलाई ०६२ फागुन २५ गते सुरक्षाकर्मीले क्याम्पसगेटबाट गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार गरिएका आचार्य ०६२ चैत ३० गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भए।

दैलेख जिल्ला नौमुले गाविस निवासी माओवादी कार्यकर्ता २५ वर्षीय रितु भनिने जसबहादुर सलामीमगरलाई ०६२ चैत ९ गते कास्कीको पुम्दीभुम्दी गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार मगर ०६३ जेठ ३० गते कारागारबाट रिहा भए।

सराङकोट गाविस निवासी २१ वर्षीय टेकराज पौडेललाई ०६२ चैत १५ गते बिहान पोखरा उमनपा-२ मिरुवाबाट सुरक्षाकर्मीले माओवादीको आशङ्कामा बाटोमा हिडिरहेको अवस्थामा गिरफ्तार गरे। गिरफ्तार पछि जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा अनुसन्धान पछि सोही दिन साँझ रिहा भए ।

सुर्खेत जिल्ला दोल्लीगडी गाविस निवासी हेमन्त भनिने गणेशबहादुर पौडेललाई ०६२ चैत १७ गते पोखरा उमनपा-३ नदीपुरबाट सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। गिरफ्तारपछि कारागारमा थुनामा राखिएका पौडेल ०६३ जेठ ३० गते प्रशासनको आदेशमा रिहा भए।

घान्द्रुक गाविस-२ निवासी १४ वर्षीय कमल विकलाई ०६२ चैत ३१ गते सुरक्षाकर्मीले पोखरा उपत्यकाबाट गिरफ्तार गरे। माओवादीको आशंकामा भन्दै गिरफ्तार गरिएका विक जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान पछि ०६३ वैशाख ३ गते बाबुको जिम्मामा रिहा भए।

भाचोक गाविस-७ मकैखोला निवासी १६ वर्षीय कुमार परियारलाई ०६३ वैशाख ३ गते पोखरा १४ चाउथे भन्ने स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। परियारलाई सेनाले माओवादीको आशंकामा गिरफ्तार गरेकोमा जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धानपछि ०६३ वैशाख २५ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा रिहा गरियो।



माओवादीले गराएको बम विस्फोटमा परी घाइते भएकी दिलकुमारी कार्की

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पुम्दीभुम्दी गाविस-१ कालिमाटी निवासी २३ वर्षीय प्रकाशबहादुर बरााललाई ०६२ पुस २१ गते बिहान सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार बराललाई छ महिनाको पुर्जी दिएर जिल्ला प्रशासन कार्यालयले नजरबन्दमा राखेकोमा ०६२ चैत २१ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

धम्पुस गाविस-३ निवासी २५ वर्षीय टेकराज भण्डारीलाई ०६२ पुस २२ गते पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पस गेट अगाडिबाट सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार भण्डारीलाई जिल्ला प्रशासन कार्यालयले छ महिनाको पुर्जी दिएर नजरबन्दमा राखेकोमा ०६२ फागुन २ गते रिहा भए।

कपिलवस्तु जिल्ला गजेहदा गाविस-१ निवासी पृथ्वीनारायण क्याम्पसमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत नेत्रहीन विद्यार्थी चिरञ्जीवी पौडेललाई ०६२ पुस २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पौडेललाई माओवादी भएको आरोपमा गिरफ्तार गरिएकोमा पुस २३ गते सेनाको पश्चिम पृतनाबाट रिहा भए।

गोरखा जिल्ला निवासी अखिल क्रान्तिकारी कास्कीका उपाध्यक्ष २१ वर्षीय पवन भनिने कुमार तिवारीलाई पोखरा उमनपा-९ सभागृहचोकबाट ०६२ पुस २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि तिवारीलाई जिल्ला कारागारमा थुनामा राखिएकोमा ०६३ जेठ ३० गते रिहा भए।

नगर निर्वाचन विरुद्ध राजनीतिक दल तथा विद्यार्थी संगठनहरूले ०६२ माघ १२ गते पोखरा उमनपा-९ स्थित सभागृहचोकमा गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी एमालेका वैकल्पिक केन्द्रीय सदस्य तुलबहादुर गुरुङ्ग, नगर सचिव मदनकाजी श्रेष्ठ, गण्डकी अञ्चल सदस्य रामराज रेग्मीलगायत् २३ जनालाई गिरफ्तार गरे। गिरफ्तारमध्ये वेदहरि सुवेदी हरिप्रसाद पौडेल, हितेन्द्र गुरुङ, भेषराज पराजुली, कृष्ण कार्की र अर्जुन सुनार ०६२ माघ १४ गते रिहा भए। अन्यलाई तीन महिने पुर्जी दिएर थुनामा राखिएकोमा तुलबहादुर गुरुङ ०६२ फागुन १० गते पोषनाथ शर्मा ०६२ फागुन १६ गते, रामराज रेग्मी, राजेन्द्र अधिकारी र शंकर बराल ०६२ फागुन ४ गते हरि केसी र अन्य ०६२ माघ ३० गते रिहा भए।

नेपाल तरुण दलका केन्द्रीय सदस्य बिन्दा रानालाई ०६२ माघ १२ गते सुरक्षाकर्मीले पोखरा उमनपा-९ सभागृहचोकबाट गिरफ्तार गरे। तत्कालीन गृहमन्त्री कमल थापासहितका चारजना मन्त्रीलाई विरोधस्वरुप कालो झण्डा देखाएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखेकोमा राना ०६२ माघ १३ गते रिहा भइन्।

पोखरा उमनपा-९ पृथ्वीचोकमा आयोजित प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी ०६२ माघ १३ गते एमालेका उपसचिव श्रीनाथ बराल, नेकाँ (प्रजातान्त्रिक)का सभापति सोभियतबहादुर अधिकारी, प्रारायुसंघका केन्द्रीय सदस्य राजीव पहारीलगायत्का २६ जना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरे। थुनामा राखिएकामध्ये वेदबहादुर गुरुङ ०६२ माघ १५ गते पुनरावेदन अदालतको आदेशमा बन्दीप्रत्यक्षीकरणको रिटबाट रिहा भए भने राजीव पहारी, आकाश गौतम ०६२ माघ ३० गते स्थानीय प्रशासनको आदेशमा, ऋषिराम काफ्ले, रामप्रसाद अधिकारी, इमानसिंह गुरुङ, नरबहादुर केसी, रोमबहादुर कार्की, लिलाधर पौडेल, श्रीनाथ बराल, सोभियतबहादुर अधिकारी ०६२ फागुन ४ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

एमाले कास्की जिल्ला कमिटी सचिवालय सदस्य रवीन्द्र अधिकारीलाई ०६२ माघ १५ गते साँझ सादा पोसाकका प्रहरीहरूले पोखरा उमनपा-६ मालेपाटन स्थित घरबाट गिरफ्तार गरे। गिरफ्तारपछि तीन महिने पुर्जी दिएर थुनामा राखिएका अधिकारी ०६२ फागुन ४ गते पुनरावेदन अदालत, पोखराबाट रिहा भए।

अनेमसंघ केन्द्रीय सदस्य सिर्जना शर्मा, मित्रकुमारी सुवेदी, विष्णु कोइराला, शारदा पराजुली, नेपाल महिला संघकी केन्दीय सदस्य शारदा पौडेल र प्रजातान्त्रिक राष्ट्रिय युवा संघका जिल्ला सदस्य पद्मा बराललाई पोखरा उमनपा-९ सभागृहचोकबाट ०६२ माघ १६ गते साँझ सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि प्रशासनले तीन महिने पुर्जी दिई थुनामा राखेकोमा ०६२ फागुन २ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए।

नेपाल तरुण दल, कास्कीका सचिव वेदहरि तिमिल्सिनालाई ०६३ माघ १५ गते पोखरा उमनपा-१ स्थित टुँडिखेलबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तारपछि तिमिल्सीनालाई तीन महिने पुर्जी दिई थुनामा राखिएकोमा ०६२ फागुन ४ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए।

पुम्दीभुम्दी गाविस निवासी नेकाँ (प्रजातान्त्रिक) का निवर्तमान जिल्ला सभापति खेमराज पौडेललाई ०६२ माघ १६ गते सुरक्षाकर्मीले महेन्द्रपुलमा औषधि लिन गएको बेला गिरफ्तार गरे। उनलाई ०६२ माघ १७ गते रिहा गरियो।

नेकाँ क्षेत्र नं ३ का सदस्य भवानीप्रसाद पौडेललाई ०६२ माघ १६ गते पोखरा उमनपा-१ बगरबाट साँझ सुरक्षाकर्मीले गिरफ्तार गरे। पौडेललाई आन्दोलनमा सहभागी भएको आरोपमा गिरफ्तार गरी थुनामा राखिएकोमा ०६२ फागुन २ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

नेकाँ पोखरा इकाई समिति-१२ का सभापति ३३ वर्षीय रामबहादुर कार्कीलाई ०६२ माघ १६ गते पोखरा

उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसगेट अगाडिबाट सुरक्षाकर्मीले साँझ गिरफ्तार गरे। गिरफ्तार कार्कीलाई तीन महिने थुनुवा पुर्जी दिएर थुनामा राखिएकोमा ०६२ फागुन २ गते बन्दीप्रत्यक्षीकरणको रिट मार्फत पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भए।

लेखनाथ नपा-३ निवासी नेकाँका सभापति यज्ञबहादुर थापालाई ०६२ माघ १७ गते बिहान लेखनाथ नपा-३ विजयपुरस्थित आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि तीन महिने पूर्जी दिई थुनामा राखिएका थापा ०६२ फागुन २५ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

सात दलद्वारा ०६२ माघ १९ गते पोखरा उमनपा-९ सभागृहचोक र पृथ्वीचोकमा आयोजित विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेकाँका नेता तथा पूर्व राज्यमन्त्री महादेव गुरुङ, नेपाल ट्रेड युनियन काँग्रेसका पश्चिमाञ्चल क्षेत्रीय उपाध्यक्ष रामजी कुँवर, एमालेका जिल्ला सदस्य शालिकग्राम पौडेललगायत २६ जना नेता तथा कार्यकर्ता गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीन महिने थुनुवा पूर्जी दिएर थुनामा राखिएकोमा नेपाल विद्यार्थी संघका नवराज वाग्ले, हेमराज अधिकारी, शालिकराम सापकोटा, लेखनाथ पौडेल, मोहन बन्जरा, सूर्य घिमिरे बीरबहादुर शाही ०६२ माघ ३० गते रिहा भए। यसैगरी एमालेका डण्डपाणि आचार्य, हेमकुमार श्रेष्ठ, कृष्ण नेपाली, डम्बर रानाभाट, शालिग्राम पौडेल, गोविन्द पौडेल, नेकाँका नवीनबाबु पौडेल, माधव बाँस्तोला, रामजी कुँवर, कृष्ण कार्की, विष्णुहरि बराल, नेकाँ (प्रजातान्त्रिक) का नन्दप्रसाद तिवारी, मुक्तिराम अधिकारी, रामप्रसाद अधिकारी पुनरावेदन अदालतको आदेशमा ०६२ फागुन ४ गते रिहा भए। नेकाँका नेत्रपाणी न्यौपाने ०६२ फागुन २, मुक्ति केसी, टेकबहादुर कार्की र हरि लामिछाने ०६२ फागुन ११ गते स्थानीय प्रशासको आदेशमा रिहा भए। त्यसैगरी महादेव गुरुङ ०६३ वैशाख ११ गते स्थानीय प्रशासनको आदेशमा जिल्ला कारागारबाट रिहा भए।

एमालेका केन्द्रीय सदस्य एवम् गण्डकी अञ्चल इन्चार्ज त्रिलोचन ढकाललाई ०६२ माघ २० गते साँझ सादा पोसाकका सुरक्षाकर्मीले पोखरा-९ नयाँबजारबाट गिरफ्तार गरे । गिरफ्तारपछि तीन महिने पुर्जी दिई थुनामा राखिएकोमा ०६२ फागुन १० गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

गिरफ्तार गरिएका दलका नेता तथा विद्यार्थीहरूको रिहाइको माग गर्दै ०६२ माघ २१ गते दिउँसो अनेरास्वियुले पोखरामा निकालेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी पोखरा उमनपा-२ विन्ध्यवासिनीबाट सुधीरकुमार पौडेल, शिवजी गुरुङलगायत ११ जना विद्यार्थीलाई गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीन महिने पुर्जी दिएर थुनामा राखिएकोमा



माओवादीद्वारा भण्डार गरी राखिएको बम विस्फोट हुँदा घाइते भएका रामचन्द्र विक

०६२ माघ ३० गते स्थानीय प्रशासनको आदेशमा जिल्ला अदातलबाट रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ५८ मुद्दा तथा यस वर्ष दर्ता १ सय ३६ गरी ४ सय ९४ देवानी मुद्दा मध्ये ९२ मुद्दा फर्स्यौट भई ४ सय २ ओटा मुद्दा बाँकी रहे। यसैगरी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका २ सय ३८ र नयाँ दर्ता १ सय ८० गरी ४ सय १८ मुद्दा मध्ये १ सय १९ फर्स्यौट भई २ सय ९९ ओटा मुद्दा बाँकी रहे।

पुनरावेदन अदालत, पोखरामा गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ९१ र यस वर्ष दर्ता ४८ गरी २ सय ३९, देवानी मुद्दामध्ये १ सय १६ फर्स्यौट भई १ सय २३ ओटा मुद्दा बाँकी रहे। त्यसैगरी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका ८८, नयाँ दर्ता ८५ गरी १ सय ७३ मुद्दामध्ये ८५ फर्स्यौट भई ८८ मुद्दा बाँकी रहे। त्यसैगरी विविध मुद्दातर्फ जिम्मेवारी सरेर आएका २०, नयाँ दर्ता १२ गरी कूल ३२ मध्ये २१ मुद्दा फर्स्यौट भई ११ ओटा मुद्दा बाँकी रहे।

बालअधिकार

लमजुङ जिल्ला घेर्मी गाविस-६ घर भई लेखनाथ नपा-१ नौबिसे निवासी ९ वर्षीया एक बालिकालाई ०६२ फागुन २४ गते दिउँसो धादिङ जिल्ला निलकण्ठ गाविस-६ घर भई लेखनाथ नपा-८ शिशुवा बस्ने २२ वर्षीय नानीराम श्रेष्ठले बलात्कार गरे। दिउँसो घरमा कोही नभएको समयमा पीडकले बालिकालाई २० रुपैयाँ दिएर जबरजस्ती बलात्कार गरेको पीडितकी आमाले बताइन्। पीडक जिल्ला प्रहरी कार्यालय कास्कीमा थुनामा छन् भने पीडित बालिकाको उक्त घटनापछि मानसिक सन्तुलन बिग्रँदै गएको पीडित पक्षले बताए।

पोखरा उमनपा-६ वैदाम निवासी ८ वर्षीया एक

बालिकालाई ०६३ असोज २२ गते स्याङ्जा जिल्ला एलादी गाविस-५ निवासी २३ वर्षीय जलबहादुर गुरुङले पोखरा उमनपा-१५ मा बलात्कार गरे। बालिकालाई ललाई फकाई लिएर गएका जलबहादुरले बलात्कार पछि सेती नदीमा फ्याँकेकोमा भीरमा अल्झिएर बालिका बाँच्न सफल भइन्। सोही घटनामा पीडित बालिकाका दाजुलाई पनि खोलामा फ्याँकिएकोमा पछि लास फेला परेको थियो। पीडक हाल जिल्ला प्रहरी कार्यालय कास्कीमा थुनामा छन्।

घाहाचोक गाविस-६ दौतरीपाटन निवासी १६ वर्षीय प्रकाश नेपालीलाई ०६३ कात्तिक २४ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादी सेनामा भर्ती गर्ने भनी अपहरण गरिएका सुस्त मनस्थितिका बालक नेपालीलाई ०६३ मंसिर २ गते माओवादीले पाल्पाको शिविरबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

घाहाचोक गाविस-६ निवासी मेघराज निमावि कक्षा ७ मा अध्ययनरत १५ वर्षीय कौशिला नेपाली र १२ वर्षीय गंगा नेपालीलाई ०६३ कात्तिक २८ गते माओवादीले घरबाट अपहरण गरे। माओवादीको सेनामा भर्ती गर्ने भनी अपहरण गरिएका बालिकालाई यो वर्षको अन्त्यसम्म मुक्त गरिएको छैन्।

घाहाचोक गाविस-८ निवासी १७ वर्षीया लालकुमारी नेपाली, १४ वर्षीया देवी नेपाली र १५ वर्षीया सुकमाया नेपालीलाई ०६३ कात्तिक २९ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादी सेनामा भर्ती गर्ने भनी अपहरण गरिएका बालबालिकालाई माओवादीको पाल्पास्थित शिविरतर्फ लगिएको बताइएको छ।

लेखनाथ नपा-१ सैनिकबस्ती निवासी जनप्रकाश उच्चमाविमा अध्ययनरत १७ वर्षीय प्रकाश पौडेललाई ०६३ कात्तिक २९ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले पौडेललाई अखिल क्रान्तिकारीले आफ्नो संगठनको सक्रिय कार्यकर्ता भएको जनाउँदै स्वत:स्फूर्तरुपमा पार्टीमा प्रवेश गरेको जनायो ।



माओवादीद्वारा भण्डार गरी राखिएको बम विस्फोट हुँदा घाइते भएका यामप्रसाद गौतम



माओवादीद्वारा भण्डार गरी राखिएको बम विस्फोट हुँदा घाइते भएका पुष्पराज गौतम

हंसपुर गाविस-५ र सोही गाविस-९ निवासी १६ जना युवा, विद्यार्थी र सर्वसाधारणलाई ०६३ मंसिर १ गते माओवादीले घरबाट अपहरण गरे। अपहरणमा पर्नेहरूमा राजकुमार विक, अशोक भुजेल, होमबहादुर विक, पूर्ण विकलगायत् १६ जना थिए। अभिभावकले जनमुक्ति सेनामा भर्ती गर्ने भनी जबरजस्ती अपहरण गरेको जनाए पनि माओवादीले भने उनीहरू स्वेच्छाले पार्टीमा प्रवेश गरेको जनायो।

आर्वाविजय गाविस-८ निवासी रतन पाण्डे माविमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीया मनसुवा नेपाली र १६ वर्षीय मैता नेपालीलाई ०६३ कात्तिक ३० गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्ने भनी घरबाटै अपहरण गरे। अपहरणमा परेका बालिकाहरूलाई यो वर्षको अन्त्यसम्म मुक्त गरिएको छैन्। माओवादीले भने उनीह रू स्वेच्छाले पार्टीमा प्रवेश गरेको र हाल पार्टीमा सक्रिय रहेको जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

माओवादीबाट

मिजुरे गाविसका पूर्व अध्यक्ष मीनबहादुर गुरुङको गहतेस्थित घरबाट ०६३ असार २२ गते राति माओवादीले सम्पूर्ण सामान कब्जामा लिए। झण्डै १ सय ५० जनाको संख्यामा गएका माओवादीले लत्ताकपडा, भाडा कुँडा, नगद सुन गरी झण्डै चार लाख रूपैयाँ बराबरको सामान लुटपाट गरेको गुरुङले बताए।

विगतको अनुगमन

विगतको अनुगमन

गुल्मी जिल्ला छापहिले गाविस-६ निवासी बमबहादुर कार्की र सोही जिल्ला हरेवा गाविस-४ निवासी सूर्यकुमार बस्याल ०६२ माघ ६ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए। कार्कीलाई ०६१ चैत १९ गते र

बस्याललाई ०६१ असोज १६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा आफ्नै निवासबाट गिरफ्तार गरेका थिए।

गुल्मी जिल्ला दोहली गाविस-७ चैया निवासी ४१ वर्षीय निरचन्द्र बस्नेत, ३७ वर्षीया खिमादेवी बस्नेत र दोहली गाविस-६ हुल निवासी ४८ वर्षीय भुवनसिंह कुवँर सर्वोच्च अदालतको आदेशमा ०६२ माघ २० गते जिल्ला अदालतबाट रिहा भए। उनलाई ०६१ चैत १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

रुकुम जिल्ला शोभा गाविस-६ निवासी २४ वर्षीया रुपा विश्वकर्मा र गुल्मी जिल्ला दोहली गाविस-९ निवासी २२ वर्षीया गीता रिजाल ०६२ फागुन २९ गते पुनरावेदन अदालत, पोखराको आदेशमा रिहा भए। माओवादीको आरोपमा ०६१ पुस ८ गते लमजुङ्ग जिल्लाबाट गिरफ्तारीमा परेकी रुपा र ०६१ चैत १९ गते गुल्मीबाट गिरफ्तार भएकी गितालाई जिल्ला कारागार कास्कीमा थुनामा राखिएको थियो।

तनहुँ जिल्ला मनपाङ्ग गाविस-६ निवासी ४० वर्षीय डिलबहादुर सार्की ०६२ फागुन ५ गते सर्वोच्च अदालतको आदेशमा जिल्ला अदालतबाट रिहा भए । माओवादीको आरोपमा पोखरा उमनपा-१३ कुडहरबाट ०६१ मंसिर १ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका डिलबहादुर बन्दी प्रत्यक्षीकरणको रिटबाट रिहा भएका थिए।

रिभान गाविस-१ घडेरीटोल निवासी १९ वर्षीय सम्झना विक ०६३ वैशाख ११ गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भइन्। माओवादीको आरोपमा ०६१ पुस २७ गते पोखरा उमनपा-१ सिम्पानी चेकपोष्टबाट गिरफ्तार विक बन्दीपत्यक्षीकरणको रिटमाथि सुनुवाई भई रिहा भइन्।

बाग्लुङ जिल्ला अर्गल गाविस-८ निवासी २४ वर्षीया शिला घर्तीमगर र सोही गाविस-७ निवासी २२ वर्षीया कल्पना पुन ०६३ वैशाख ११ गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भए । उपचारका क्रममा ०६२ वैशाख २ गते मणिपाल शिक्षण अस्पताल, फूलबारीबाट गिरफ्तार दुवैजनालाई बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाई भई रिहा गरियो।


बेपत्ता

राज्यबाट

लेखनाथ नपा-२ अर्घौं निवासी शिवप्रसाद पराजुलीलाई ०५९ पुस १८ गते सुरक्षाकर्मीले पुम्दीभुम्दी गाविसबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात रहेकोमा गृहमन्त्रालयले पराजुली ०५८ माघ १० गते स्याङ्गजा जिल्ला भालु पहाड र नौ डाँडाको विचमा दोहोरो भिडन्तमा मृत्यु भएको भनी प्रतिवेदन सार्वजनिक गरेको छ।

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका ११ जना पुरुष र एकजना महिला गरी जम्मा १२ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा रिभान गाविस-७ पाथ्रे निवासी १८ वर्षीय ऋषिराम लामिछाने, सार्दीखोला गाविस-१ निवासी आनन्द आर्चाय, कास्कीकोट गाविस-२ निवासी हरिप्रसाद पौडेल, लेखनाथ नपा-२ अर्घौं निवासी २६ वर्षीय नेत्रप्रसाद बराल, पोखरा उमनपा-१३ कुँडहर निवासी चमनलाल बराल, लेखनाथ नपा-१३ राजाकाचौतारा निवासी २७ वर्षीय सोमबहादुर, कालिका गाविस-२ निवासी सन्तोष रानाभाट, थुम्की गाविस-५ निवासी प्रदीप खनाल, लेखनाथ नपा-४ राँखीडाँडा निवासी ४१ वर्षीय देवराज बस्ताकोटी, लामाचौर गाविस-५ निवासी रिता नेपाली, मिजुरेडाँडाँ गाविस-३ निवासी ३२ वर्षीय नरजंग गुरुङ र २३ वर्षीय छिमबहादुर गुरुङ रहेका छन्।

३.६ मनाङ



जनसंख्या : ९,४९५
साक्षरता प्रतिशत : ४७.१
महिला साक्षरता प्रतिशत : ३०.१
क्षेत्रफल (वर्ग कि. मि.) : २२४६
गाविस/नपा संख्या : १३/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २९
क्याम्पस/उच्च मावि : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
टेलिफोन लाइन : ५९
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १४
मानव विकास सूचकाङ्क : ०.५०२
प्रति परिवार सरदर संख्या : ६.७७

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

चीन निवासी यार्सागुम्बा सङ्कलक ३५ वर्षीय तेन्डुव ध्यावालाई ०६३ जेठ २४ गते थोचे गाविस-५ स्थित तिल्चेगाउँनजिक माओवादीले गोली प्रहार गरी घाइते बनाए। उपचारपछि उनको अवस्था सामान्य भयो।

जेल र बन्दी

यस जिल्लाको कारागार भाडामा लिइएको घरमा छ। कारागारमा एकजना पनि बन्दी छैनन्।

बेपत्ता/अपहरण

माओवादीबाट

काठमाडौं मनपा-१४ कलंकी घर भई हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मनाङमा कार्यरत ३१ वर्षीय नरेन्द्र बज्राचार्यलाई ०६३ वैशाख ७ गते धारापानी गाविस-५ बाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले सोही दिन लमजुङ्ग जिल्लाको सोतीपसलबाट आफन्तको रोहबरमा मुक्त गरे।

चीन निवासी ३९ वर्षीय हिसी छेपे र नाम ठेगाना नखुलेका अर्का एकजना गरी दुईजनालाई ०६३ जेठ २४ गते यार्सगुम्बा संकलनको क्रममा माओवादीले थोचे गाविस-५ तिल्चेबाट अपहरण गरे। पीडितहरू ०६३ जेठ ३१ गते मुक्त भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा रहेका तीनओटा मुद्दामध्ये दुईओटा फर्स्यौट भए भने एउटा फर्स्यौट हुन बाँकी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति


माओवादीबाट

यस वर्ष माओवादीले विभिन्न गाविसमा जबरजस्ती चन्दा सङ्कलन गरी जनजीवन आतङ्कित तुल्याए। माओवादीले धारापानी गाविस-५ निवासी तिवेट होटलका सञ्चालक ६८ वर्षीय शेरबहादुर गुरुङबाट उनले तमु गणतन्त्रको विरुद्ध शाही सत्ताको पक्षमा सक्रियता साथ आफ्नो काम कारबाही गरेको आरोपमा ०६३ जेठ १३ गते ५ लाख रूपैया नगद जबरजस्ती असुल गरे। त्यसैगरी माओवादीले सदरमुकाम चामेबाट ०६२ जेठ ५ गते उद्योग वाणिज्य संघ एवम् व्यापारीबाट १ लाख ५० हजार रूपैयाँ र होटल व्यवसायीबाट १ लाख रूपैया असुल गरे।

यार्सागुम्बा सङ्कलन गर्न आएका चीनिया नागरिकहरूबाट ०६३ जेठ २५ गते धारापानी गाविस-५ धारापानीमा माओवादीले १२ लाख रूपैया, सुनको औँठी सात तोला, घडी र चक्कुसमेत गरी १३ लाख ३० हजार रूपैयाँ बराबरको धनमाल लुटे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित		
	माओवादीबाट		
	घटना संख्या	पुरुष	जम्मा
घाइते	१	१	१
धम्की	३	३	३
अपहरण	३	३	३
जम्मा	५	६	६

३.७ नवलपरासी



जनसंख्या : ६,२२,५१६
साक्षरता प्रतिशत : ६२.२
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २१६२.२
गाविस/नपा संख्या : ७३/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ५४१
क्याम्पस/उच्च मावि : ७/१८
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
टेलिफोन लाइन : ४५३७
मोटर सडक (कि. मि.) : ३९०.६
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ७४
मानव विकास सूचकाङ्क : ०.४८२
प्रति परिवार सरदर संख्या : ५.९९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

चितवन जिल्ला शुक्रनगर गाविस-१ निवासी अहृदमनगण परासीमा कार्यरत प्रहरी हवलदार २८ वर्षीय हरि रानाभाटलाई ०६२ माघ २२ गते साँझ रामनगर गाविस-१ स्थित भूमही पुगेको बेला सशस्त्र प्रहरी महाविद्यालय युक्ति तालिम केन्द्र, बर्दघाटबाट खटिएको गस्ती टोलीले माओवादीको आशङ्कामा गोली हानी हत्या गरे।

बुलिङटार गाविस-३ चनटार निवासी ३२ वर्षीय ऋषिराम कुमाललाई ०६२ फागुन २५ गते तनहुँस्थित पुखौंली घरबाट फर्कदै गर्दा अर्खला गाविस-९ कोखे भन्ने स्थानमा तनहुँबाट गस्ती गर्दै आएको सैनिक टोलीले गोली हानी हत्या गऱ्यो। हत्यापछि सुरक्षाकर्मीले घटनास्थलमै खाल्डो खनेर लास गाडेका थिए।

स्वाठी गाविस-५ बनकट्टी निवासी एमाले कार्यकर्ता २९ वर्षीय विष्णुप्रसाद पाण्डेलाई ०६२ चैत ३० गते सात दलद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनको क्रममा जिल्ला सदरमुकाम रामग्राम नपा-५ परासीस्थित जिल्ला अस्पतालको गेट अगाडि प्रहरीले गोली हानी हत्या गरे।

माओवादीबाट

रूपन्देही जिल्ला देवदह गाविस-२ खैरेनी निवासी कक्षा १२ मा अध्ययनरत २१ वर्षीय अस्मिता चापागाईंको ०६२ माघ २७ गते सुनवल गाविस-३ नयाँबस्तीस्थित सुनवल-परासी सडकमा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले राखेको विस्फोटक पदार्थ विस्फोट भई मृत्यु भयो।

वैदौली गाविस-५ निवासी माओवादी प्रतिकार समितिका सदस्य ४० वर्षीय नारायण भेडियारलाई जमुनिया गाविस-४ जमुनिया बजारमा ०६२ फागुन २३ गते पाँचजनाको समूहमा आएका माआवादीले गोली हानी हत्या गरे।

रुपौलिया गाविस-६ निवासी माओवादी प्रतिकार समितिका सदस्य ५६ वर्षीय शंकर मल्लाहलाई ०६२ फागुन २५ गते माओवादी प्रतिकार समितिमा बसी पार्टीका कार्यकर्ता एवम् सर्वसाधारणलाई सताएको आरोपमा रुपौलिया गाविस-५ स्थित हाटबजारमा माओवादीले गोली हानी हत्या गरे।

गुठीसूर्यपुरा गाविस-५ निवासी माओवादी प्रतिकार समितिका सदस्यहरू ३२ वर्षीय वकिल अन्सारी र सोही ठाउँ निवासी ५५ वर्षीय मुर्तुजा देवानलाई ०६२ चैत ४ गते पार्टीका कार्यकर्ता गिरफ्तार गराउने, हत्या गर्ने र जनता सताउने गरेको आरोपमा माओवादीले सोही ठाउँमा रहेको विद्युत पावर हाउस नजिक गोली हानी हत्या गरे।

ग्रेमी गाविस-९ निवासी माओवादी प्रतिकार समितिका सदस्य मुन्ना भनिने २७ वर्षीय अमिताव आलम अन्सारीलाई ०६२ चैत ४ गते ग्रेमी गाविस-७ स्थित गुप्ता किराना पसलमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

सुनवल गाविस-४ रमवापुरस्थित पृथ्वी राजमार्गमा ०६२ माघ २७ गते दिउँसो ३ परासीबाट गस्तीमा निस्केका सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान रामविनोद शाह, हवल्दार मिठ्ठु नेपाली, युनिफाइड कमाण्डका प्रहरी जवान सुमन श्रेष्ठ, अरिदमन गण परासीमा कार्यरत सैनिक जवानहरू नवराज पकल, पूर्णबहादुर स्याङताङ, पुरुषोत्तम दाहाल, आशिष बस्नेत, हुकुम थापा, गंगा थापा, रमेश घिमिरे, जयबहादुर स्याङताङ र सशस्त्र प्रहरी महाविद्यालयमा कार्यरत असई सुनिल मगर र हवल्दार राजन ढुगांनाको मृत्यु भयो। सोही भिडन्तमा माओवादीतर्फ नाम, ठेगाना नखुलेका चारजनाको मृत्यु भयो। सो घटनामा २३ जना सैनिक र पाँचजना माओवादी घाइते भए। सोही भिडन्तमा परी छजना सर्वसाधारण घाइते भए। भिडन्तमा अरिदमनगण, परासीमा कार्यरत सैनिकहरू २३ वर्षीय घमण्ड पुन, २२ वर्षीय भक्तराज महतो र २५ वर्षीय ओमप्रकाश शाक्य घाइते भएकोमासामान्य उपचारपछि काठमाडौंस्थित सैनिक अस्पताल छाउनी पुऱ्याइएको थियो। सोही घटनामा सुनवल गाविस-४ रमवापुर निवासी ४६ वर्षीय पवित्रा ढकाल र सोही ठाउँ निवासी ४० वर्षीया चन्द्रकला नेपाली गोली लागी घाइते भएकोमा उनीहरूको जिल्ला अस्पताल, परासीमा उपचार गराइएको थियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

रामनगर गाविस-१ स्थित भुमहीमा लु. १ ज २५ नं का जीप चालक स्वाठी गाविस-५ निवासी २४ वर्षीय दिलिप थापा र सोही गाडीका हेल्फर सुनवल गाविस-३ कीर्तिपुर निवासी २१ वर्षीय ठाकुर रानालाई ०६२ माघ २२ गते सुरक्षाकर्मीले गाडीमै गोली चलाएर घाइते पारे। दुवैजनाको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भएको थियो।

रामनगर गाविस-१ भुमही निवासी २५ वर्षीय नारायण न्यौपाने, स्वाठी गाविस-४ निवासी तुलबहादुर पचमैया, माकर गाविस-४ वर्दघाट निवासी २२ वर्षीय सुरज

सुनार, माकर गाविस-४ निवासी ५० वर्षीय लालबहादुर विक, माकर गाविस-४ निवासी तिलबहादुर कार्की, सुक्रौली गाविस-२ निवासी सहदेव गुप्ता, प्रगतिनगर गाविस-४ निवासी मोहन आचार्य, रामग्राम नपा-११ निवासी २० वर्षीय धनिराम महतो र रामनगर गाविस-१ निवासी २१ वर्षीय कौशल न्यौपाने सात दलद्वारा ०६१ माघ १९ गतेको शाही घोषणाको विरोधमा ०६२ चैत ३० गते परासीमा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले गोली चलाउदा घाइते भए। घाइतेहरूमध्ये नारायण न्यौपानेको मेडिकल कलेज, भैरहवामा उपचार हुन नसकी काठमाडौं लगिएको थियो भने अरु सबैको जिल्ला अस्पताल, परासीमा उपचार भयो।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका विष्णुप्रसाद पाण्डे

जेल र बन्दी

यस जिल्लामा रहेको 'घ' श्रेणीको जेल ३५ जना बन्दी क्षमताको भएकोमा हाल ३१ जना बन्दीहरू छन्। सबै पुरुष बन्दी छन्। थुनामा रहेका सबै बन्दी फौजदारी अभियोगका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

पञ्चनगर गाविस-३ ध्रुवटोल निवासी जिल्ला प्रहरी कार्यालय गुल्मीमा कार्यरत प्रहरी हवल्दार पूर्ण भन्ने २८ वर्षीय पुनाराम गिरीलाई घर विदामा आई हाजिर हुनजाने क्रममा ०६२ चैत १४ गते बीच बाटोबाटै माओवादीले अपहरण गरेकोमा चैत २८ गते पोखरा पुऱ्याई मुक्त गरे।

गाविस-४ बर्दघाटस्थित सशस्त्र प्रहरी युक्ति तालिम महाविद्यालय माकरमा कार्यरत सई २९ वर्षीय बमबहादुर कुँवर, प्रहरी हवल्दार २४ वर्षीय कृष्णप्रसाद रिजाल, प्रहरी जवानरू २० वर्षीय नवराज श्रेष्ठ, २३ वर्षीय धर्मराज जैसी र २१ वर्षीय भरत थापालाई ०६३ वैशाख २६ गते माओवादीले रामनगर गाविस-१ भुमहीबाट उनीहरूको हतियारसहित अपहरण गरेकोमा मानवअधिकारकर्मीको प्रयासमा ०६३ वैशाख २८ गते हतियार जनताले राखेको भन्दै विना हतियार मुक्त गरे।

शिवमन्दिर गाविस रिठेपानी निवासी १५ वर्षीय गोपाल विकलाई सुनवल गाविस-१ मा बिजुलीको तार चोरी गरेको आरोपमा ०६३ जेठ २६ गते सोही ठाउँबाट माओवादी कार्यकर्ताले अपहरण गरी उत्तरतर्फको जंगलमा पुऱ्याई शारीरिक र मानसिक यातना दिई जेठ २९ गते सुनवल गाविस-१ स्थित अनेकिसंघ (क्रान्तिकारी) को कार्यालयबाट इन्सेक प्रतिनिधिको रोहबरमा मुक्त गरे।

रामग्राम नपा-४ सण्डा निवासी १८ वर्षीय रमेश सिंहलाई नक्कली माओवादी बनी विभिन्न ठाउँबाट रकम असुलेको आरोपमा ०६३ जेठ २८ गते माओवादीले घरबाटै अपहरण गरी लगेकोमा ०६३ जेठ २९ गते सुनवल गाविस-१ बाट मोसो दली मुक्त गरे।

माकर गाविस-४ दिव्यनगर निवासी ६० वर्षीय ॐ शान्ति बाल विकासकी अध्यक्ष गौमाया गिरीलाई ०६३ असार ७ गते घरबाटै अपहरण गरी तिलकपुर गाविसमा रहेको मधेशी राष्ट्रिय मुक्ति मोर्चाको कार्यालयमा राखी ०६३ असार ८ गते इन्सेक जिल्ला प्रतिनिधि नारायण पराजुली र पत्रकार केशव पराजुलीको रोहबरमा मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	६	४		१०	६	३३	१		३३	४	३		३	६
घाइते	१	१	५		६	१	३		३०	३३	४	१३	४		१७
गिरफ्तारी/यातना											१८	५१	३		५४
कुटपिट	९	१०	१	३	१४	१३	३७	१		३८	३	४	१		५
धम्की	१	६			६	५	५			५					
भेला/संगठित हुने अधिकार											७	५	१	३५४	३६०
महिलाअधिकार	४		४		४	१		१		१					
बालअधिकार	९	१	१२		१३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	५	४	१		५					
अमानवीय व्यवहार						३	३			३					
अपहरण	३	३			३	३९	१११	१६		१२७					
जम्मा	३७	३७	३६	३	५६	७१	१७४	३०	३०	२१४	३६	७६	९	३५७	३४३

पञ्चनगर गाविस-६ विजयपुर निवासी लु. १ ख १२०७ नं. को ट्रक चालक ३५ वर्षीय नन्दलाल चौधरीलाई ०६३ असार २ गते माकर गाविस-४ मा ठक्कर दिई १ महिलाको हत्या गरेको आरोपमा सुनवलबाट माओवादीले आफ्नो नियन्त्रणमा लिई ०६३ असार २६ गते रामनगर गाविसको जर्गाहाबाट मुक्त गरे।

रामग्राम नपा-१ निवासी ४५ वर्षीय रोहित भरलाई ०६३ असार १५ गते माओवादीले घरबाट अपहरण गरी यातना दिँदै जिल्ला सुनवलस्थित अनेकिसंघ (क्रान्तिकारी) को कार्यालयमा लगी कुटपिट गरेर असार १६ गते मुक्त गरे।

रामग्राम नपा-१ निवासी शाही सरकारका पालामा जिल्ला विकास समितिका मनोनित सदस्य ३५ वर्षीय विजय यादवलाई ०६३ असार ५ गते माओवादीले रामग्राम नपा-५ बुद्धचोकबाट अपहरण गरे। माओवादीले उनलाई ०६३ असार ६ गते रामनगर गाविसको जर्गाहाबाट मुक्त गरे।

पञ्चनगर गाविस-४ अलावल निवासी २२ वर्षीय पुष्पराज चौधरीलाई ०६३ असार २३ गते फुटबल खेल्ने क्रममा साथीहरूलाई कुटपिट गरेको आरोपमा तिलकपुर गाविस-६ बासाबसईबाट माओवादी कार्यकर्ताले अपहरण गरी माकर गाविस-४ मा पुऱ्याई कुटपिट गरी सोही दिन राति मुक्त गरे।

नवल गाविस-४ निवासी ४१ वर्षीय रामप्रसाद पाण्डेलाई काठ तस्कर गरेको आरोपमा ०६३ असोज २ गते राति माओवादी जनमिलिसियाले घरबाटै अपहरण गरे। उनलाई सोही गाविस-२ मछेडमारा भन्ने स्थानमा पुऱ्याई लठ्ठीले प्रहार गरी खुट्टा सुन्निने गरी नीलडाम गराएर ०६३ असोज ३ गते सोही ठाउँबाट मुक्त गरे। पीडितको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

वेनिमणिपुर गाविस-९ पिडारी निवासी ३६ वर्षीय वीरबहादुर चौधरी, सोही ठाउँ निवासी ३१ वर्षीय केवल थारु र १६ वर्षीय भानुप्रसाद चौधरीलाई ०६३ असोज २० गते मादकपदार्थ सेवन गरी माओवादी कार्यकर्तामाथि हातपात गरेको आरोपमा घरबाटै अपहरण गरी नयाँ बेलहानी गाविस-८ स्थित आरुडखोलामा पुऱ्याई विद्युत कार्यालयको एक कोठामा थुनेर ०६३ असोज २१ गते सोही ठाउँबाट मुक्त गरे।

तनहुँ जिल्ला रामजाकोट गाविस-७ निवासी २८ वर्षीय शिलबहादुर डिचुवा मगर, नन्दु लंकापती, सोही ठाउँ निवासी २२ वर्षीय तुलबहादुर हितमगर र टेकबहादुर मगरलाई ०६३ कात्तिक १५ गते आफन्तको घरमा भेटघाटको लागि आएको अवस्थामा अर्खला गाविस-४ अर्खलाबजारबाट माओवादीले अपहरण गरी शारीरिक यातना दिएर ०६३ कात्तिक १६ गते मुक्त गरे।



सुरक्षाकर्मीद्वारा लाठी प्रहार गरी घाइते पारिएका टुकप्रसाद शर्मा

जहदा गाविस-९ भटौलिया निवासी २८ वर्षीय वचन क्षेत्रीलाई नक्कली माओवादी बनी सर्वसाधारणसँग चन्दा असुल्दै हिँडेको आरोपमा ०६३ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले उनलाई घर नजिकबाट ०६३ मंसिर ८ गते मुक्त गरे।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

गैंडाकोट गाविस-७ निवासी २८ वर्षीया मीना कुमाललाई ०६३ जेठ १० गते राति फस्ट राइफल गण चितवनमा कार्यरत सैनिक जवान २५ वर्षीय वेगबहादुर परियारले उनकै घरमा आई मादक पदार्थ सेवन गरी कुटपिट गरे।

माओवादीबाट

माकर गाविस-४ बर्दघाट निवासी ४० वर्षीय हिमलाल गिरीलाई मादक पदार्थ सेवन गरी जथाभावी गरेर घर परिवारलाई सताएको आरोपमा ०६३ असार १८ गते माओवादीले माकर गाविस-४ स्थित रुखको आडमा सुतेको अवस्थामा कुटपिट गरी शरीर भरी नीलडाम गराएर छाडे।

हकुइ गाविस-५ निवासी ४२ वर्षीय धर्मराज यादवलाई ०६३ भदौ ३१ गते माओवादीले घरबाटै जिल्ला सदरमुकामस्थित माओवादी पार्टी कार्यालयमा ल्याई कुटपिट गरे।

दुवौलिया गाविस बडसारे निवासी ४८ वर्षीय कलाममिया र उनका छोराहरू ३० वर्षीय जाहिर मुवारक खाँ र जमिल खाँलाई ठेक्कापट्टामा अनियमितता गरेको आरोपमा ०६३ असार १५ गते माओवादीले लाठीले प्रहार गरी घरमै कुटपिट गरे। पीडितहरूको स्थानीय मेडिकलमा उपचार भयो।

सरावल गाविस-६ निवासी ३८ वर्षीय रमानन्द यादव र देवगाव गाविस-५ निवासी २८ वर्षीय बैजनाथ चौधरीलाई ०६३ असार २० गते माओवादीले यादवको घर नजिक डोरीले बाँधेर मरणासन्न हुनेगरी कुटपिट गरे। उनीहरूको जिल्ला अस्पतालमा उपचार भयो।

माओवादी प्रतिकार समूहबाट

बैदौली गाविस-५ निवासी ३५

वर्षीय कैलाशसिंह कुर्मीलाई ०६२ फागुन ६ गते माओवादी प्रतिकार समूहका व्यक्तिहरूले कुडियास्थित नहरको बाँधबाट बेलाटारी लगी पक्लिहवा गाविस-४ पुऱ्याई बन्दुकको कुन्दा, लाठी र मुक्का प्रहार गरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

भुजहवा गाविस-५ मजगावा निवासी माओवादी कार्यकर्ताहरू अनिता भनिने उषा हरिजन र श्रृजना भनिने २३ वर्षीय धारण सुनारलाई ०६२ माघ २ गते सुरक्षाकर्मीले देवचुली मुण्डेबाट गिरफ्तार गरेकोमा श्रृजनालाई पोखरा कारागार र अनितालाई भैरहवा कारागारमा नजरबन्दमा राखिएकोमा दुवैजना ०६३ वैशाख २२ गते रिहा भए।

माकर गाविस-४ निवासी मानसिक रोगका विरामी ३८ वर्षीय रामश्रे हरिजनलाई उपचार गरेर घर फर्कदै गर्दा माओवादीको आशङ्कामा ०६२ माघ २७ गते सशस्त्र प्रहरीले अस्पतालको गेटबाटै गिरफ्तार गरी चार दिनसम्म यातना दिएर ०६२ माघ ३० गते रिहा गरे।

जहदा गाविस-१ निवासी माओवादी कार्यकर्ता ५४ वर्षीय बृजदेव पाण्डेलाई ०६२ फागुन २८ गते सुरक्षाकर्मीले रुचाङ गाविसस्थित एक घरबाट गिरफ्तार गरे। उनलाई नजरबन्दमा राखिएकोमा ०६२ चैत २८ गते पोखरा चलान गरी ०६३ जेठ ३० गते पोखराबाटै रिहा गरियो।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रतता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रामग्राम नपा-३ निवासी नेपाल ट्रेड युनियन काँग्रेसका जिल्ला अध्यक्ष ३६ वर्षीय राधेश्याम पाठकलाई ०६२ माघ ६ गते राति प्रहरीले घरबाटै गिरफ्तार गरी दोस्रो तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा भए।

रामग्राम नपा-५ निवासी नेपाल मानवअधिकार संगठनका जिल्ला अध्यक्ष ४२ वर्षीय कैलाश ठाकुरलाई विभिन्न ठाउँमा लोकतन्त्रको पक्षमा अभिव्यक्ति दिएको आरोपमा ०६२ माघ ६ गते राति खाना खाई सुत्ने तयारी गरिरहेको बेला घरबाटै प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा गरियो।

रामग्राम नपा-५ निवासी नेकाँ (प्रजातान्त्रिक) निकट तरुण दलका केन्द्रीय सदस्य ३८ वर्षीय सञ्जय यादवलाई ०६२ माघ २६ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडितलाई माघ ७ गते तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा गरियो।

शिवमन्दिर गाविस निवासी नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष २४ वर्षीय नरेश भण्डारीलाई ०६२ माघ ७ गते शाही घोषणाको विरोधमा प्रदर्शन गर्ने क्रममा इलाका प्रशासन र इलाका प्रहरी कार्यालय अगाडिबाट प्रहरीले गिरफ्तार गरे। उनलाई तीन महिने पुर्जीसहित जेल चलान गरेकोमा ०६२ माघ २१ गते रिहा गरियो।

रामग्राम नपा-२ निवासी प्रायुसंघ जिल्ला सदस्य २५ वर्षीय लोकनाथ पौडेललाई नगर निर्वाचन वहिष्कारको क्रममा ०६२ माघ ११ गते नगर निर्वाचनको उम्मेदवारको रूपमा पाडालाई अभिनन्दन गर्ने क्रममा परासी बजारबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई माघ १६ गते रिहा गरियो।

गैंडाकोट गाविसमा जनआन्दोलनको क्रममा ०६२ चैत २६ गते भएको प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा गैंडाकोट गाविस-४ निवासी ३८ वर्षीय शोभाखर घिमिरे, ३५ वर्षीय ज्ञानप्रसाद तिमिल्सिना र गैंडाकोट गाविस-९ निवासी पुरुषोत्तम घिमिरे सख्त घाइते भए। तिमिल्सिनाको टाउकोमा तीनओटा टाका लगाउनु परेका थियो भने अरू दुईजनाको टाउको र हातमा चोट लागेको थियो। उनीहरूको सामुदायिक औषधी पसल गैडाकोटमा उपचार भयो। सोही दिन सोही ठाउँमा भएको प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा भवानीप्रसाद कँडेल, रामु सापकोटा, बलबहादुर केसी, करुणसागर, खेमबहादुर क्षेत्री, श्यायकृष्ण राई, नन्दप्रसाद तिमिल्सिना र माधव देवकोटा घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार गरियो।

गैंडाकोटमा भएको शान्तिपूर्ण जनप्रदर्शनमा ०६२ चैत ३० गते प्रहरीले लाठी प्रहार गर्दा गैंडाकोट गाविस-६ निवासी १३ वर्षीय राजु क्षेत्री, गैंडाकोट गाविस-९ निवासी २८ वर्षीय मिनबहादुर थापा, श्रीराम रिमाल, शुकलाल तामाङ, रामराज पोखेल, टोलकान्त तिवारी, भजनाथ कँडेल, मोतीराम घिमिरे, देवी गौडेल, नन्दप्रसाद तिमिल्सिना, कृष्ण गौडेल, गाथनी घिमिरे, सञ्चारकर्मीहरू हरिलाल सापकोटा र नारायणप्रसाद शर्मा घाइते भए।

रामग्राम नपा-५ निवासी नेकाँ जिल्ला सभापति ५७ वर्षीय कृष्णचन्द्र नेपाली र संगठन विभाग प्रमुख ६५ वर्षीय केशरमणि पोखेललाई ०६२ चैत २८ गते सुरक्षाकर्मीले जनआन्दोलन संयोजन समितिको बैठकमा जाँदैगर्दा रामग्राम नपा-५ स्थित बाटोबाट गिरफ्तार गरे। दुवैजना ०६३ वैशाख ६ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

रामग्राम नपा-५ निवासी नेपाल मानवअधिकार संगठनका जिल्ला सभापति ४२ वर्षीय कैलाश ठाकुर, उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विमल पौडेल र देवकोटा उच्च माध्यमिक विद्यालयका प्रमुख श्रवणकुमार कुशवाहालाई ०६२ चैत २९ गते सदरमुकाम परासीबजारमा भएको प्रदर्शनबाट प्रहरीले कुटपिट र लछारपछार गर्दै गिरफ्तार गरे। उनीहरू दुवैजनालाई जेल चलान गरिएकोमा ०६२ वैशाख ६ गते रिहा गरियो।

परासीबजारमा ०६२ चैत ३० गते आयोजित

शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीले गोली र लाठी प्रहार गरी उमानाथ पोखेल, इन्द्रप्रसाद सुवेदी, दिपक पोखेल पदममणि पाण्डे, कुलप्रसाद सापकोटा, रामराज यादव, विनोद विक, प्रेमजंग लामा, बुद्धि लामा, सन्तोष कुवँर, इन्द्र सापकोटालगायत ११ जनालाई गिरफ्तार गरेकोमा ०६२ चैत ३१ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी ४ सय १७, संक्षिप्त देवानी एक, सरकारवादी फौजदारी ९४, संक्षिप्त फौजदारी ४८, दुनियावादी फौजदारी ९८, विविध फौजदारी २१ गरी ६ सय ७९ ओटा मुद्दा दर्ता भएकोमा कूल २ सय १९ ओटा मुद्दा फर्स्यौट भए। गत वर्षको जिम्मेवारी सरेका र यस वर्षका गरी अदालतमा ७ सय २८ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

बलात्कार

रुपौलिया गाविस-६ निवासी १० वर्षीय एक बालिकालाई ०६३ फागुन १५ गते माओवादी प्रतिकार समितिका सदस्य कुडिया गाविस-३ निवासी ३८ वर्षीय इन्दल भरले बालिकाको घर नजिकको खेतमा लगी बलत्कार गरे। पीडकलाई कुनै कारबाही भएन।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीन महिला र तीनजना पुरुष गरी जम्मा छजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा प्रगतिनगर निवासी कृष्ण श्रेष्ठ, रुचाङ गाविस-९ निवासी २३ वर्षीय धर्मराज पराजुली, प्रगतिनगर-३ निवासी १३ वर्षीय जानकी रानाभाट, १४ वर्षीय टीका रानाभाट, दुम्कीबास गाविसस्थित ज्यमिरे निवासी ३८ वर्षीय जीतबहादुर विक र दुम्कीबास गाविस-५ निवासी माओवादी कार्यकर्ता सरला भनिने २३ वर्षीय गंगा केसी रहेका छन्।

माओवादीबाट

धुर्कोट गाविस-८ निवासी २३ वर्षीय जुना सोतीलाई ०६१ मंसिर ३ गते दुम्कीबास गाविस-२ सुनटाँडीबाट माओवादीले अपहरण गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

३.८ रूपन्देही



जनसंख्या : ७,९८,८८१
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा संख्या : ६९/२
निर्वाचन क्षेत्र : ५
विद्यालय : ४९८
क्याम्पस/उच्च मावि : ३/३०
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
टेलिफोन लाइन : २२७९९
मोटर सडक (कि. मि.) : ११००
प्रहरी कार्यालय संख्या : १३
हुलाक संख्या : ४५
मानव विकास सूचकाङ्क : ०.५००
प्रति परिवार सरदर संख्या : ६.७८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

सिद्धार्थनगर नपा-१ बेलहीया भन्सार गेटमा खटिएका गुल्मी जिल्ला मलागिरी गाविस-३ निवासी सशस्त्र प्रहरी हवल्दार २६ वर्षीय ईश्वर थापा, स्याङ्जा जिल्ला ठूलाडिही गाविस-६ निवासी सशस्त्र प्रहरी जवान २५ वर्षीय ईश्वर गुरुङ, संखुवासभा जिल्ला खाँदबारी गाविस-५ निवासी सशस्त्र प्रहरी जवान २५ वर्षीय प्रकाश श्रेष्ठलाई ०६२ पुस २२ गते माओवादीले गोली हानी उनको हत्या गरे। उक्त घटनामा सशस्त्र प्रहरी हवल्दार आइतबहादुर प्रजा घाइते भए।

मानपकडी गाविस-१ निवासी ६० वर्षीय चिनक थारूले चोरी गर्ने गरेको र रुपबहादुरको हत्यामा संलग्न भएको आरोपमा ०६२ फागुन २९ गते माओवादीले कम्हरिया गाविस-१ मा पुऱ्याई गोली हानी उनको हत्या गरे।

सूर्यपुरा गाविस-२ निवासी ३० वर्षीय सूर्य थापा र मानमटेरीया गाविस-९ निवासी ३३ वर्षीय विक्रम रानाले चोरीको घटनामा संलग्न भएको आरोपमा ०६२ चैत २ गते माओवादीले मैनहीया गाविस-५ मा गोली हानी उनको हत्या गरे।

कम्हरीया गाविस-८ निवासी ३५ वर्षीय रामनरेश हरिजनले माओवादीविरूद्ध सुराकी गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले हत्या गरे।

बेवारिसे बम विस्फोटबाट मृत्यु

देवदह गाविस-७ निवासी १२ वर्षीय गोपाल थापाको ०६३ वैशाख ३१ गते देवदह गाविस-७ घोडाहा जंगलमा बेवारीसे अवस्थामा छोडिएको बम विस्फोट हुँदा मृत्यु भयो। सोही घटनामा सोही ठाउँका ९ वर्षीय पप्पु थापा र ८ वर्षीय रम्बे कुमाल घाइते भए।

बुटवल नपा-९ दिपनगर निवासी ११ वर्षीय कुलबहादुर थापामगरको ०६३ जेठ २३ गते बेवारिसे बम खेलाउँदा विष्फोट भई मृत्यु भयो।

माओवादी प्रतिकार समूहबाट

भगवानपुर गाविस-३ निवासी २२ वर्षीय बाबुलाल चमारलाई थुमुवा पिप्रहवा गाविस-४ मा ०६२ फागुन ९ गते माओवादी प्रतिकार समूहले माओवादी भएको आरोपमा गोली हानी हत्या गऱ्यो।

आमा गाविस-५ निवासी ३५ वर्षीय माओवादी कार्यकर्ता प्रल्लाद मुरावलाई ०६२ चैत ७ गते माओवादी प्रतिकार समूहले लखेट्दै भगवानपुर गाविस-८ मा पुऱ्याई गोली हानी हत्या गऱ्यो।

दोहोरो भिडन्त

देवदह गाविस-९ निवासी १७ वर्षीया मञ्जु ढकाल ०६२ माघ २७ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा घाइते भइन। माओवादीतर्फ सनाखत नभएका दुईजना र सेनातर्फ दुइजनाको मृत्यु भयो।



सुरक्षाकर्मीद्वारा गोली प्रहार गरी घाइते पारिएका टोपबहादुर थापा

मधुवनी गाविस-६ महीलबारमा ०६२ चैत ५ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा माओवादी कार्यकर्ता अर्जुन यादवको मृत्यु भयो। सोही घटनामा मधुवनी गाविस-३ निवासी ४० वर्षीय हरिहर कहार, इलाका प्रहरी कार्यालय लुम्बिनीका सई घनश्याम पराजुली र सैनिक जवान गुमबहादुर आले घाइते भए।

माओवादी र सुरक्षाकर्मीबीच ०६२ चैत २५ गते दोहोरो भिडन्त हुँदा बुटवल नपा-५ निवासी २७ वर्षीय अशोक थापाको घटनास्थलमै मृत्यु भयो भने सोही घटनामा घाइते भएकी बुटवल नपा-१२ निवासी ६० वर्षीया दयाकुमारी थापाको गोरखपुरमा उपचार गर्दा गर्दै ०६३ वैशाख २ गते मृत्यु भयो। सोही घटनामा माओवादीतर्फ सनाखत नभएका सातजनाको मृत्यु भएको र चारजनालाई सुरक्षाकर्मीले गिरफतार गरेकोमा चारैजनालाई ०६३ जेठ ३० गते रिहा गरियो। उक्त घटनामा सेनातर्फ १२ जना सामान्य घाइते भए। सोही घटनामा परी सर्वसाधारण बुटवल नपा-५ निवासी ३० वर्षीया सम्झना वाग्ले, बुटवल नपा-१२ निवासी ४० वर्षीय शेरबहादुर गुरुङ्ग, बुटवल नपा-१३ निवासी ३२ वर्षीय विद्याप्रसाद ज्ञवाली, बुटवल नपा-१२ निवासी १७ वर्षीया सरीता न्यौपाने र बुटवल नपा-८ निवासी २५ वर्षीया कमला थापा घाइते भए। घाइतेहरूको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

जनआन्दोलनका क्रममा भैरहवा र बुटवलमा भएको प्रदर्शनमा ०६२ चैत २७ गते सुरक्षाकर्मीको गोली लागी बुटवल नपा-११ निवासी सागर गुरुङ्ग, बुटवल नपा-१३ निवासी कुमार थापा, बुटवल नपा-९ निवासी अञ्जान श्रेष्ठ, कपिलवस्तु जिल्ला गजेडा गाविस-६ निवासी रोशन भट्टराई र स्याङ्जा जिल्लाको दहथुम गाविस-३ निवासी टोपबहादुर थापा घाइते भए।

माओवादीबाट

परौंहा गाविस-५ निवासी १५ वर्षीया पार्वती विकको दुधराक्ष गाविस-५ स्थित तुलबुलिया पुलमा माओवादीले राखेको बम ०६२ माघ ३० गते विस्फोट हुँदा मृत्यु भयो। उक्त घटनामा परौंहा गाविस-५ निवासी १६ वर्षीया कली थापा र दुधराक्ष गाविस-५ निवासी ३१ वर्षीय धनीराम चौधरी घाइते भए।

जेल र बन्दी

यस जिल्लामा ६० जना बन्दी क्षमता भएको ख श्रेणीको जेल छ। हाल यहाँ १ सय ९८ बन्दी छन्। जस

मध्ये ७७ जना कैद तोकिएका र १ सय २१ जना कैद नतोकिएका छन्।

गैरकानुनी गिरफ़्तारी

बुटवल नपा-६ निवासी ३५ वर्षीय जगतबहादुर पोखरेलले माओवादीलाई सघाएको आरोपमा ०६२ माघ १४ गते प्रहरीले उनलाई गिरफ्तार गऱ्यो। पीडित ०६३ वैशाख २७ गते सर्वोच्च अदालतको आदेशमा रिहा भए।

बुटवल नपा-६ निवासी ४० वर्षीय दिपक विक र दाङ्ग जिल्ला पवननगर निवासी पत्रकार हुमप्रसाद बस्याललाई ०६२ फागुन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६२ चैत २५ गते र बस्याल ०६३ जेठ ३० गते रिहा भए।

बेपत्ता/अपहरण

माओवादीबाट

मक्रहर गाविस-३ निवासी ७० वर्षीय अष्टभुजा चौधरीलाई ढिकुलीगढ गाविस-१ बाट ०६२ पुस २३ गते माओवादीले अपहरण गरी पुस २४ गते मुक्त गरे।

केरवानी गाविस-४ निवासी २६ वर्षीय प्रहरी जवान कृष्ण गिरीलाई ०६२ फागुन २७ गते विदामा घर आएको अवस्थामा ०६२ चैत १३ गते माओवादीले अहपरण गरी चैत २७ गते मुक्त गरे।

तेनुहवा गाविस-२ निवासी ३२ वर्षीय योगेन्द्र कहाँरलाई विभिन्न हत्याका घट्नामा संलग्न भएको आरोपमा ०६३ असार ४ गते माओवादीले अपहरण गरे। उनी सोही दिन माओवादी कब्जाबाट भागे।

रोहिणीहवा गाविस-६ निवासी ४० वर्षीय अष्टभूजा पाठकलाई ०६३ असार २० गते माओवादीले आफूकहाँ उजुरी परेकोले केही बुझ्न भनि लगेकोमा सोही दिन साँझ मुक्त गरे।

करौता गाविस-४ निवासी प्रभात भनिने सचिन्द्रनाथ शुक्लालाई आफ्नो पार्टीविरुद्ध लागेको आरोपमा ०६३ साउन ७ गते माओवादीले अपहरण गरी साउन १० गते मुक्त गरे।



सुरक्षाकर्मीद्वारा गोली प्रहार गरी घाइते पारिएका रोशन भट्टराई

माओवादी प्रतिकार समूहबाट

करौता गाविस-९ निवासी १२ वर्षीय अनुपम श्रीवास्तवलाई ०६३ जेठ २९ गते घरमा बसिरहेको अवस्थामा माओवादी प्रतिकार समूहले अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/ कुटपिट

राज्यबाट

बुटवल नपा-१० मा सोही नपा-११ का पत्रकार ३३ वर्षीय महेन्द्र थापालाई ०६२ माघ १० गते समाचार सङ्कलन गर्न गएको अवस्थामा प्रहरीले कुटपिट गरे।

सिद्धार्थनगर नपा-१ निवासी मजदुर ३० वर्षीय घनश्याम धवलले आफूलाई पैसा नदिएको भनी ०६३ जेठ २ गते प्रहरीले कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१७	१७	३	३०	५	६	१	३	९	३	८		३	१०
घाइते	६	६	६	१२	४	५	१	१२	१८	१	५			५
गिरफ्तारी/यातना										१०	२४	१	४	३९
कुटपिट	३	३		३	४	१०	१		११	३	३			३
धम्की					१	१			१					
भेला/संगठित हुने अधिकार										८	११५		९८	२१३
महिलाअधिकार	१		१	१										
बालअधिकार	३		३	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार	१	१		१	१	१			१					
अपहरण	४	३	१	४	५	५			५					
जम्मा	३३	३९	१३	४२	३१	३९	३	१४	४६	३३	१५४	१	१०४	३५९

माओवादीबाट

मानपकडी गाविस-१ मा सुब्वा यादव, विचारी यादव, ओमनाथ यादव, दीपक कुर्मी, खडवा वनगाईका बसन्त चौधरी र प्रकाश कुँवरले माओवादीको नाममा बदमासी गरेको आरोपमा ०६२ फागुन २९ गते माओवादीले उनीहरूलाई कुटपिट गरे।

मर्यादपुर गाविस-२ निवासी पत्रकार ३७ वर्षीय राजकुमार धवलले माओवादी विरुद्ध समाचार लेखेको आरोपमा ०६३ पुस ९ गते माओवादीले उनलाई धम्की दिए।

माओवादी प्रतिकार समूहबाट

आमा गाविस-६ निवासी ४० वर्षीय जिट्ठू लोधलाई आफूहरूलाई चन्दा नदिएको आरोपमा ०६२ चैत १९ गते माओवादी प्रतिकार समूहले कुटपिट गऱ्यो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बुटवल नपा-१० स्थित बुटवल वाणिज्य क्याम्पसका विद्यार्थी विष्णु पोखरेल, निर्मल न्यौपाने, सुरेश भुसाल र गणेश श्रमिकलाई ०६२ माघ १० गते नगरनिर्वाचनको विरोध गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी माघ ११ गते रिहा गरे।

सिद्धार्थनगर नपा-८ निवासी ३१ वर्षीय जीवलाल अर्याल र सिद्धार्थनगर नपा-१२ निवासी १९ वर्षीय सुधिरमानसिंह विकलाई नगर निर्वाचनको विरोधमा मशाल जुलुश प्रदर्शन गरेको आरोपमा सिद्धार्थनगर नपा-६ बाट ०६२ माघ १२ गते प्रहरीले गिरफ्तार गरी ०६२ माघ १७ गते रिहा गऱ्यो।

बुटवल-१० निवासी ४५ वर्षीय कृष्ण न्यौपाने, सिद्धार्थनगर नपा-८ निवासी ४२ वर्षीय भरत पोखरेल, सिद्धार्थनगर नपा-७ निवासी ५० वर्षीय रामप्रसाद बस्याल र बेतकुइया गाविस-९ निवासी ४० वर्षीय बाबुलाल यादवलाई निर्वाचन भाङ्न लागेको आरोपमा ०६२ माघ २४ गते प्रहरीले सिद्धार्थनगर नपा-११ बाट गिरफ्तार गरी माघ २७ गते रिहा गरे।

रोहिणीहवा गाविस-६ निवासी ४० वर्षीय अष्टभुजा पाठक र सिद्धार्थनगर नपा-७ निवासी नेकाँका ४५ वर्षीय दिपक क्षेत्री न्यौपानेलाई नगर निर्वाचन भाङ्न लागेको आरोपमा ०६२ माघ २६ गते प्रहरीले सिद्धार्थनगर नपा-३ बाट गिरफ्तार गरी ०६२ माघ २७ गते रिहा गरे।

बुटवल नपामा ०६२ चैत २७ गते आयोजित शान्तिपूर्ण प्रदर्शनबाट सुरक्षाकर्मीले डीआर घिमिरे, कर्णबहादुर कार्की, कमला कुँवर, दिपेन्द्र कुँवर, श्यामबहादुर पाठक, सिद्धिचरण भट्टराई, प्रकाश श्रेष्ठ, खगराज शर्मा, गोपाल पाण्डे, पुष्कर सापकोटा, चन्द्रबहादुर केसी, नारायण शर्मा, नेत्र पन्थी, कमल गौतम लगायत करिब ९५ जनालाई गिरफ्तार गरेकोमा चैत २८ गते रिहा गरियो।



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका महेन्द्र थापा

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत बुटवलमा गत वर्षबाट जिम्मेवारी सरि आएका ६ सय २ र यस वर्ष दर्ता भएका २ सय ६४ गरी ८ सय ६६ ओटा मुद्दा रहेका छन्। जसमध्ये ४ सय १७ फर्स्यौट भए भने ४ सय ४९ ओटा मुद्दा बाँकी रहे।

रूपन्देही जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरि आएका ७ सय ८ र यो वर्ष दर्ता भएका ४ सय २१ ओटा मुद्दा मध्ये ३ सय ७ फर्स्यौट भई ८ सय २२ ओटा मुद्दा बाँकी रहे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सालझण्डी गाविस-२ निवासी २० वर्षीया एक युवतीलाई ०६३ मंसिर २ गते सोही ठाउँका ३२ वर्षीय कमल नेपालीले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

संरचना क्षति

माओवादीबाट

सिद्धार्थनगर नपा-८ स्थित जिल्ला शिक्षा कार्यालय र बुटवल नपाको ५ नम्बर वडाकार्यालयमा ०६२ पुस १८ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

बुटवल नगरपालिकाको २ नं. वडा कार्यालयमा ०६२ माघ ७ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। यसैगरी बुटवल नपा-७ स्थित टक्सार विभाग भवनमा ०६२ माघ २९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याएका थिए।

सिद्धार्थ नपा-७ स्थित जिल्ला भू-संरक्षण कार्यालयमा ०६२ फागुन १९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

विगतको अनुगमन

मसिना गाविस-४ निवासी ५० वर्षीय गंगाराम यादव र साडी गाविस-९ निवासी २९ वर्षीय हरिराम लोधलाई ०६२ कात्तिक २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनीहरूलाई ०६३ वैशाख २५ गते रिहा गरियो।

बोधवार गाविस-७ निवासी ४५ वर्षीय घनश्याम यादवलाई ०६२ असार २ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६३ जेठ ३० गते रिहा भए ।

गंगोलिया गाविस-१ निवासी सिपाई यादवलाई माओवादीको आरोपमा ०६२ जेठ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल रिहा गरेका छन्। रिहापश्चात् यादव भारततर्फ गए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा बोधवार गाविस-३, बुची निवासी २९ वर्षीय रामलवट पासी भनिने लौटु पासी, दुधराक्ष गाविस-५, बाँसगढी निवासी २४ वर्षीय युवराज पाण्डे रहेका छन्।

३.९ पाल्पा



जनसंख्या : २,८२,५७४
साक्षरता प्रतिशत : ६५.९६
महिला साक्षरता प्रतिशत : ४१
क्षेत्रफल (वर्ग कि. मि.) : १३६६
गाविस/नपा संख्या : ६५/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ४५६
क्याम्पस/उच्च मावि : ५/२१
अस्पताल/स्वास्थ्य चौकी : २/६५
टेलिफोन लाइन : ३३४०
मोटर सडक (कि. मि.) : ४८१
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ६६
मानव विकास सूचकाङ्क : ०.४८६
प्रति परिवार सरदर संख्या : ५.६६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

देवीनगर गाविसस्थित जंगलमा ०६२ माघ ७ गते निःशस्त्र अवस्थामा रहेका दुईजनालाई माओवादीको आशङ्कामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरे। मृतकहरूको परिचय खुल्न सकेन।

झडेवा गाविसको छाप निवासी २३ वर्षीय मानबहादुर पुनलाई माओवादीको आशंकामा ०६२ माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही ठाउँमा हत्या गरे।

पश्चिम पाल्पाको छहरा र अर्घाखाँचीको पणेनाको सिमाना पर्ने सल्लाघारीमा ०६२ फागुन १७ गतेसुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तपछि सुरक्षाकर्मीबाट गरिएको खोजतलासका क्रममा ०६२ फागुन १८ गते जुठापौवा गाविस-१ स्थित गुराँसधारामा दुई माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली चलाउँदा एक जनाको घटनास्थलमा नै मृत्यु भयो। उक्त घटनामा परि मारिने माओवादी कार्यकर्ताको परिचय खुल्न सकेन। सोही घटनामा माओवादीहरूलाई खाद्यान्न बेचेको र सहयोग गरेको आरोपमा स्थानीय स्वास्थ्य चौकीमा कार्यरत विमला पौडेललाई सुरक्षाकर्मीले अपमानजनक व्यवहार गरे। सुरक्षाकर्मीले स्थानीय व्यापारीहरू २२ वर्षीय देउमान सिंजाली, ३० वर्षीय नुनबहादुर रास्कोटी, ३७ वर्षीय डुमबहादुर घर्ती, २९ वर्षीय हुमबहादुर छहारी, ३६ वर्षीय राधादेवी सारु र कालिका प्राविकाशिक्षक शंकर डंगासेलाई कुटपिट गरी ज्यानमार्ने धम्की दिए। सो घटनामा सुरक्षाकर्मीले स्थानीय सत्यवती माविमा कक्षा ९ मा अध्ययनरत १५ वर्षीय इन्द्रबहादुर गाहा, कक्षा ८ मा अध्ययनरत १४ वर्षीय विकास सारु र कक्षा ९ मा अध्ययनरत १७ वर्षीय भिमा सारुलाई कुटपिट गर्दा विद्यालयको पठन-पाठन पाँच दिनसम्म बन्द रह्यो। घटनापछि सुरक्षाकर्मीले गरेको सर्चका क्रममा जुठापौवाको नेपानेका धनसिंह पुन, तारा बलाल र रेमबहादुर नेपालीलाई सुरक्षाकर्मीले कुटपिट गरे।

दोहोरो भिडन्त

ज्यामिरे गाविस-८ स्थित पिङ्गदी भुटुकेमा ०६२ माघ ११ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको क्रममा एकजना माओवादीको मृत्यु भयो भने एकजना सुरक्षाकर्मी घाइते भए। सुरक्षाकर्मीले हेलिकप्टरबाट खसालेको बमबाट स्थानीय बासिन्दा पविसरा सारुको घर पूर्णरूपमा क्षति भयो भने वीरबहादुर सारु, रणबहादुर सारु, यामबहादुर सारु, छविलाल सारु र नरमति सारुको घरमा सामान्य क्षति पुग्यो। सुरक्षाकर्मीले गाउँलाई कब्जामा

लिएपछि सोधपुछको क्रममा स्थानीय बासिन्दाहरू ३२ वर्षीय टोकबहादुर सारु, २८ वर्षीय वमबहादुर सारु, ४१ वर्षीय कूलबहादुर राना, ३० वर्षीय धनबहादुर सारु र १८ वर्षीय टोपबहादुर सारुलाई कुटपिट गरे।

माओवादीले ०६२ माघ १८ गते राति करिब १०:४५ बजेदेखि पाल्पाको सदरमुकाम तानसेनका प्राय: सबै सरकारी कार्यालयहरूलाई निशाना बनाई एकैसाथ आक्रमण गर्दा सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा परी २४ जनाको मृत्यु भयो। शाही नेपाली सेनाका चार जनासहित १४ जना सुरक्षाकर्मीको मृत्यु भएको स्थानीय बासिन्दाले बताए। तर सुरक्षा निकायले ११ जनाको मृत्यु भएको जनायो। भिडन्तका क्रममा माओवादीतर्फ नौ जनाको मृत्यु भयो। माओवादी आक्रमणका क्रममा प्रमुख जिल्ला अधिकारीको भान्सेका रूपमा कार्यरत गैरसैनिक व्यक्ति बोधराज ज्ञवालीको मृत्यु भयो। मृत्यु हुने सुरक्षाकर्मीहरूमा असई भीमबहादुर कुमाल, प्रहरी हवल्दार हेमबहादुर सुमै, प्रहरी जवानहरू हुमबहादुर नेपाली, मनबहादुर नेपाली, लालबहादुर बस्नेत, लोकबहादुर सुनार, शाही नेपाली सेनाका सिपाहीहरू हिरासिंह विष्ट, सेनकुमार महतो, थर नखुलेका इन्द्रबहादुर र रामबहादुर थिए। सो भिडन्तमा परी ७५ जना माओवादी, २१ जना सुरक्षाकर्मीहरू र एकजना सर्वसाधारण गरी ९७ जना घाइते भए। सुरक्षाकर्मीको नाइटभिजन हेलिकोप्टरबाट प्रहार गरिएको बमको छर्रा लागी सर्वसाधारण तानसेन नपा-१ मेहलधार निवासी १७ वर्षीय सुमित्रा अधिकारी घाइते भइन्। नाइटभिजन हेलिकोप्टरबाट प्रहार गरिएको बमबाट भुसलडाँडा प्राथमिक विद्यालय तथा सर्वसाधारणहरूको घरमा क्षति भयो। घटनामा घाइते हुने सुरक्षाकर्मीहरूमा जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर शिव शर्मा आचार्य, खाती थरका एकजना प्रहरी हवल्दार, प्रहरी जवानहरू कृष्ण घर्ती, जुद्ध सेन, रामबहादुर चन्द, नारायण थापा, प्रेम आचार्य, नारायण भण्डारी, आनन्दबहादुर कुमाल, किशोरबाबु अधिकारी, चित्रबहादुर मगर, प्रेम चौधरी, रमेश केसी, खिमबहादुर भण्डारी, लालबहादुर कार्की, रामबहादुर मगर, बुद्धमान श्रेष्ठ, महिला प्रहरीहरू यज्ञकुमारी गुरूङ्ग, कल्पना राई, मीना पन्थी, लीलादेवी सारू थिए। सो भिडन्तपश्चात् माओवादीले पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापा, जिल्ला जनसम्पर्क अधिकारी यमप्रसाद पराजुली, जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा हुमनाथ पाण्डेलगायत १ सय ४ जना सुरक्षाकर्मीलाई अपहरण गरेका थिए, जसमध्ये ७५ जनालाई आक्रमणको भोलिपल्ट बिहान मुक्त गरियो। माओवादीले ०६२ माघ २१ गते राष्ट्रिय अनुसन्धान विभागका इन्सपेक्टर यमप्रसाद पराजुलीलगायत् २१ जना सुरक्षाकर्मीलाई मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट सो आक्रमणको स्थलगत अध्ययन गर्न घटनास्थल पुगेका लुमासिंह विश्वकर्मा, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका मानवअधिकार प्रलेख अधिकृत लक्ष्मणदत्त पन्तलगायत् स्थानीय सञ्चारकर्मीको पहलमा इन्सेक जिल्ला प्रतिनिधि कृष्णप्रसाद बस्यालको जिम्मा लगाई मुक्त गरे। त्यसैगरी माओवादीले प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापासहित अन्य कर्मचारी र सुरक्षाकर्मीलाई ०६३ माघ २४ गते इन्सेक प्रतिनिधिलगायत् अन्य मानवअधिकारकर्मी र पत्रकारहरूको जिम्मा लगाई मुक्त गरे।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विष्फोटबाट

बन्दिपोखरा गाविस-७ जोगीपानीका ५ वर्षीय सचिन गहतराज र ६ वर्षीय पार्वती गहतराज ०६३ जेठ २९ बिहान बेवारिसे बम खेलाउँदा बम विष्फोट भई घाइते भए। घाइतेमध्ये सचिन सामान्य उपचारपछि घर फर्केका थिए भने पार्वतीलाई दुवै खुट्टा, घाँटी र छातीमा गम्भीर चोट लागेले युनाइटेड मिशन अस्पतालमा एक सातासम्म उपचार गरेपछि घर फर्किन्। उनको खुट्टामा गडेको बमको छर्रा आर्थिक अभावका कारण यो वर्षको अन्त्यसम्म निकालिएको छैन।

जेल र बन्दी

तानसेन आक्रमणको क्रममा ०६२ माघ १८ गते माओवादीले जिल्ला कारागार शाखासमेत ध्वस्त पारी १ सय ३९ जना बन्दीहरू भगाएका थिए। आक्रमणपछि ०६३ असारसम्म जेल सञ्चालनमा आउन सकेन। सो समयमा दुईजना महिलासहित १० जना बन्दीहरू प्रशासनको सम्पर्कमा रही घरमै बन्दी जीवन व्यतित गरे भने तीनजना थप बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयमा नै राखिएको थियो। मर्मतपछि गत साउनबाट पुन: सञ्चालनमा आएको छ। कूल १ सय ७५ जना बन्दी क्षमता रहेको यस जेलमा हाल ४५ जना बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान धनबहादुर अधिकारीलाई ०६३ वैशाख ७ गते माओवादीले बाँसटारीबाट अपहरण गरी वैशाख ८ गते दमकडाबाट मुक्त गरे।

गुल्मी जिल्ला घर भई तानसेन नगरपालिका भीमसेन टोल निवासी २६ वर्षीय लक्ष्मी बज्राचार्य कुमालले दोस्रो विवाह गरेको आरोपमा ०६३ जेठ ६ गते माओवादीले उनलाई

अपहरण गरी इन्सेकको पहलमा जेठ २३ गते मुक्त गरे।

तानसेन नपा-९ पद्मेटारी निवासी तानसेन नपाका मनोनित मेयर २५ वर्षीय धातानन्द भट्टराईलाई नगर निर्वाचनमा उम्मेदवार भई राजतन्त्रलाई सहयोग गरेको आरोपमा ०६३ असार ८ गते माओवादीले उनलाई अपहरण गरी असार १९ गते मुक्त गरे।

दोभान गाविसस्थित दोभान उच्च मावि कक्षा ८ मा अध्ययनरत १८ वर्षीय सृजना पुन र कक्षा ९ मा अध्ययनरत १८ वर्षीय सामला केसीलाई माओवादीले ०६३ कात्तिक २७ गते अपहरण गरे। हाल उनीहरू माओवादी पार्टीमा संलग्न भएको जनाइयो।

तानसेन नपा-८ भगवतीटोल निवासी २३ वर्षीय विक्रम रणपाल, १९ वर्षीय सुजन रणपाल, १७ वर्षीय कृष्ण गौतम, १८ वर्षीय सुशील गौतम र १७ वर्षीय लोकबहादुर चौहानलाई माओवादीले ०६३ कात्तिक २८ गते अपहरण गरी मंसिर ८ गते मुक्त गरे।

चिर्तुङ्गधारा गाविसस्थित घोरवन्दाबाट०६३ कात्तिक २२ गते १८ वर्षीया सुशीला कुमाल, १८ वर्षीय मिनीसरा कुमाललाई ०६३ कात्तिक २४ गते र सोही गाविसका २१ वर्षीय पदमबहादुर राईकुमाल, २४ वर्षीय देवबहादुर कुमाल, २० वर्षीय भोटे कुमाल, २७ वर्षीय थमन कुमाल र २० वर्षीय कान्छा कुमाललाई आर्थिक प्रलोभन देखाई माओवादीले अपहरण गरे। हाल उनीहरू माओवादीमै संलग्न रहेको बताइयो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सातदलले ०६२ माघ १२ गते तानसेनमा आयोजना गरेको विरोध जुलशमा समाचार सङ्कलन गर्न गएका पत्रकार माधव अर्याल र तुल्सीराम पाण्डेलाई सुरक्षाकर्मीले कुटपिट गरी गम्भीर घाइते बनाए। तुल्सीरामको टाउकोमा चोट लागेकोले अस्पताल भर्ना गर्नु परेको थियो भने अर्यालको खुट्टा र शरीरमा लागेको लाठीले गर्दा पाँच दिन आराम गर्नु परेको थियो।

जुठापौवास्थित स्थानीय स्वास्थ्य चौकीमा कार्यरत विमला पौडेलले माओवादीलाई खाद्यान्न बेचेको र सहयोग गरेको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले उनीहरूलाई गुरांसधारामा अपमानजनक व्यवहार गरे भने स्थानीय व्यापारीहरू २२ वर्षीय देउमान सिंजाली, ३० वर्षीय नुनबहादुर रास्कोटी, ३७ वर्षीय डुमबहादुर घर्ति, २९ वर्षीय हुमबहादुर छहारी, ३६ वर्षीय राधादेवी सारु र कालिका प्राविका शिक्षक शंकर डंगासेलाई कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

राजा ज्ञानेन्द्रको तानसेन सवारीको क्रममा त्रिभुवन बहुमुखी क्याम्पसका विद्यार्थीहरूले ०६२ चैत २१ गते कालो झण्डा देखाउँदा अनेरास्वियुमा तुलबहादुर अधिकारी र नोकबहादुर थापा, नेविसंघका बालकृष्ण भण्डारी, अनेरास्वियु (एकीकृत) का विद्यार्थी नेता मनु विकलाई क्याम्पसभित्रै प्रहरी र सैनिक प्रवेश गरी मरणासन्न हुनेगरी कुटपिट गरे।

माओवादीबाट

बराङ्गदी गाविस-२ निवासी ६३ वर्षीय लिला रेश्मीलाई ०६३ कात्तिक २२ गते राति घरमै सुतिहेको बेलामा माओवादी कार्यकर्ता डिफेन्सलगायत विश्व रेश्मी, सावित्रा रेश्मीले घरबाट बाहिर निकाली घरायसी झगडाको कारण कुटपिट गरे। माओवादीको कुटपिटबाट आफ्नो अनुहारको हड्डी फुटेको र खुट्टा दुख्ने गरेको पीडितले बताइन्।

एमाले समर्थित प्रायुसंघ जिल्ला कमिटी सदस्य कर्णबहादुर तरामुलाई ०६३ कात्तिक २८ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१		१	१	१	१३			१३	५	१४			१४
घाइते	१	१	१	३	१	१९	३		३१	३	३	३	७५	८०
गिरफ्तारी/यातना										३	६			६
कुटपिट					६	८	१		९	४	१९	४		३३
धम्की					१	३			३					
महिलाअधिकार	१		१	१										
बालअधिकार	३	३	३	५										
अपहरण					१८	३७	१५	१०३	१५४					
जम्मा	६	४	५	९	३७	७९	१८	१०३	१९९	१३	४१	७	७५	१३३



सात दलद्वारा आयोजित विरोध प्रदर्शनमा लाठी प्रहार गर्दै प्रहरी

कुटपिट गरे। कचल गाविसमा माओवादीहरूले आफ्नो सेनामा भर्ती गर्न लैजान लाग्दा तरामुले प्रतिवाद गरेपछि माओवादीले उनलाई घरमै कुटपिट गरेका थिए। स्थानीय स्वास्थ्य चौकीमा पीडितको उपचार भयो।

वौघगुम्बा निवासी श्रीनगर एफएममा कार्यरत प्रकाश घिमिरेलाई ०६३ मंसिर १५ गते बिहान तानसेनस्थित अशोक होटल अगाडिबाट माओवादीले कब्जामा लिई दुईघण्टाभन्दा बढी मानसिक यातना दिए। पीडितलाई होटलको कोठामा थुनी घाटी रेटेर मार्ने धम्की दिइएको थियो।

पत्रकार माधव अर्यालले रुपन्देहीको सैनामैनामा माओवादी बेसक्याम्पको फोटो खिचेको आरोपमा ०६३ पुस १५ गते माओवादीले उनीसँग दुर्व्यवहार गरे।

अभिव्यक्ति, भेला र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका जिल्ला नेताहरू झपेन्द्रबहादुर जिसी र यादवबहादुर रायमाझीलाई ०६२ माघ ६ गते डिएसपी उत्तम सुवेदी र प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापाको आदेशमा सुरक्षाकर्मीले तानसेन दरबार हाताभित्रबाट



तानसेन आक्रमणपछि माओवादीद्वारा अपहरित सुरक्षाकर्मीहरू इन्सेकको पहलमा मुक्त गरिएपछि मानवअधिकारकर्मीको साथमा

गिरफ्तार गरे। उनीहरूलाई तीन महिने थुनुवा पूर्जी दिई जेल चलान गरियो। पीडितहरूलाई ०६२ फागुन १ गते रिहा भए।

नेकाँका जिल्ला नेता देवराज ढकाल र जनमोर्चाका यज्ञ आचार्यलाई पार्टीको कार्यक्रम सकी घर फर्कदै गर्दा तानसेन गैरागाउँबाट र नेकाँ (प्रजातान्त्रिक) का जिल्ला नेता गम्भीरजंग कार्कीलाई घरबाट बजारतर्फ आउँदै गर्दा मेहल्धाराबाट ०६२ माघ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई शान्ति सुरक्षाऐनअन्तर्गत तीन महिने थुनुवा पूर्जी दिई जेल चलान गरिएकोमा तीनैजना ०६२ फागुन १ गते रिहा भए।

बालअधिकार

हुंगी गाविस, निवासी ४ वर्षीय एक बालिकालाई ०६२ चैत १४ गते सोही ठाउँ निवासी ३७ वर्षीय हुमबहादुर सारुले बलात्कार गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति

राज्यबाट

ज्यामिरे गाविस-८ स्थित पिङ्गदी भुटुकेमा ०६२ माघ ११ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको क्रममा सुरक्षाकर्मीले हेलिकप्टरबाट प्रहार गरेको बमबाट जनप्रिय प्राथमिक विद्यालयको भवन क्षतिग्रस्त भयो।

माओवादीबाट

माओवादीले ०६२ माघ १८ गते तानसेन आक्रमण गर्दा तानसेन दरबार र सो दरबारमा रहेका जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, स्थानीय विकास कोष कार्यालय, क्षयरोग निवारण संघ, जिल्ला कारागार र सरकारी कर्मचारीहरूको निवास क्षेत्र पूर्णरूपमा ध्वस्त भए। कृषि विकास बैंक, नेपाल टेलिकम, बालमन्दिर प्राविमा आंशिक क्षति भयो। त्यसैगरी भुसालडाँडा प्राविको भवनसमेत क्षतिग्रस्त भयो। तानसेनको कैलाशनगरमा सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा पश्चिमाञ्चल एफएम र श्रीनगर होटल क्षतिग्रस्त भए।

३.१० कपिलवस्तु



जनसंख्या : ५,३४,०९१
साक्षरता प्रतिशत : ४१.५
महिला साक्षरता प्रतिशत : २९.३
क्षेत्रफल (वर्ग कि. मि.) : १७३८
गाविस/नपा संख्या : ७७/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३५५
क्याम्पस/उच्च मावि : २/८
अस्पताल/स्वास्थ्य चौकी : ३/७८
टेलिफोन लाइन : १७३६
मोटर सडक (कि. मि.) : १५०७
प्रहरी कार्यालय संख्या : ६४
हुलाक संख्या : ७४
मानव विकास सूचकाङ्क : ०.४३७
प्रति परिवार सरदर संख्या : ७.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपमा बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

गोटिहवा गाविस-५ निवासी ४० वर्षीय मुडफुटे भनिने शिवलखन यादवलाई ०६२ फागुन २१ गते भारतबाट नेपाल आउने क्रममा सीमाक्षेत्र सोमडी गाविसस्थित मर्जादपुर भन्ने स्थानबाट ७/८ जनाको संख्यामा हतियारसहित बसेका माओवादीले अपहरण गरी लगेकोमा उनको लास चार दिनपछि फागुन २४ गते तिलौराकोट गाविस-८ निगालिकोट नजिकै तौलिहवा ४ न. जीतपुर सडकखण्डमा छातीमा गोली लागेको अवस्थामा फेला पऱ्यो। उनको हत्या माओवादीले गरेको पुष्टि गर्न माओवादीले सो स्थानमा छोडेको एउटा हस्तलिखित कागजमा मृतक प्रतिकार समूहको अगुवा भई सर्वसाधारण जनतालाई हत्या गर्न र लुटपाटमा संलग्न भएको उल्लेख गरिएको थियो।

आफ्नै बमबाट मृत्यु

तौलिहवा स्थित शाही नेपाली सेनाको शिवदल गणमा ०६३ वैशाख ४ गते दिउँसो बाल्टिन बम विस्फोट हुँदा दुईजना सैनिकको मृत्यु भयो भने आठजना घाइते भए। गणपति बाबुराम श्रेष्ठका अनुसार सो विस्फोट आईडिका कारण भएको बताए। विस्फोटमा सैनिक जवान कृष्ण विष्टको घटनास्थलमै मृत्यु भयो भने अर्का एकजनाको नाम खुल्न सकेन। घाइते हुने सैनिकहरूमा प्रेम भाट, पवन तिवारी, राजु सुनुवार, यम केसी, सूर्य खड्का, कृष्ण केसी, कमला सिंह धामी, दिलबहादुर प्रेमी र सशस्त्र प्रहरीका खड्कनारायण श्रेष्ठ रहेका छन्। घाइतेहरूको मेडिकल कलेज भैरहवामा उपचार गरियो।

माओवादी प्रतिकार समूहबाट

फुलिका गाविस-३ ठूलोखैरिया निवासी ३ वर्षीय मन्जिल बरईलाई ०६३ जेठ १८ गते राति तीनजनाको संख्यामा आएका माओवादी प्रतिकार समूहका व्यक्तिले खुकुरीले टाउकोमा प्रहार गरी हत्या गरे। सोही समूहले सोही दिन मन्जिलका ५ वर्षीय दाजु सोनु वरइ र १८ वर्षीय दिदी भगवती बरईलाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएका थिए। घाइतेहरूको भैरहवा मेडिकल कलेजमा उपचार भयो। मञ्जिलको हत्या गरेको आशङ्कामा एकजना पप्पु भनिने सलाउद्धिन मुसलमानलाई माओवादीले ०६३ जेठ २४ गते अपहरण गरी ०६३ असार २१ गते प्रहरीलाई बुझाएकोमा उनलाई ज्यानमुद्दाअन्तर्गत पुर्पक्षका लागि थुनामा राखिएको छ।

हथिहवा गाविस-३ निवासी ३० वर्षीय राजेन्द्र कुर्मी र सोही गाविस-७ निवासी ३८ वर्षीय केशव भरलाई ०६३ असार १३ गते राति माओवादी प्रतिकार समूह बताउने १४-१५ जनाको संख्यामा आएका नकाब लगाएका हतियारधारीले घरबाट अपहरण गरी घरदेखि पश्चिम बाटोमा पुऱ्याई हत्या गरे।

दोहोरो भिडन्त

तौलिहवामा ०६२ चैत २५ गते राति माओवादीले आक्रमण गर्दा सुरक्षाकर्मीसँग भएको दोहोरो भिडन्तमा नौजना माओवादी तथा सुरक्षाकर्मीतर्फ चितवन जिल्ला निवासी २५ वर्षीय राजन ढकाल, गुल्मी जिल्ला निवासी २४ वर्षीय तेजमान गिरी र कास्की जिल्ला निवासी २३ वर्षीय राजनकुमार श्रेष्ठको मृत्यु भयो। घटनामा मारिएका नौजना माओवादी छापामारका लासको भने सनाखत हुन सकेन। दोहोरो भिडन्तका क्रममा कपिलवस्तु नगरपालिका

हाटबजारलाइन निवासी सर्वसाधारण मुस्तफा अलि मुसलमानको पनि मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

बरकलपुर र बुडढी गाविसको बीचमा स्थित इमिलिया पुलमा माओवादीले नेपाल बन्दको क्रममा ०६२ माघ २४ गते बाटो अवरुद्ध पारी बिस्फोटक पदार्थ राखेकोमा बाटो खुलाउन गएका सुरक्षाकर्मीले बाटोमा हिँड्दै गरेका यात्रुहरूलाई अवरोध हटाउन पठाउँदा त्यहाँ रहेको विस्फोटक पदार्थ विस्फोट भई हरिहरपुर गाविस-७ निवासी ३५ वर्षीय शिब्बड चौधरी गम्भीर घाइते भए भने बरकलपुर गाविस-२ निवासी १७ वर्षीय सुनिल भुसाल सामान्य घाइते भए।

जेल र बन्दी

कुल १ सयजना बन्दी क्षमता भएको 'ङ' श्रेणीको कपिलवस्तु जेलमा यस बर्षको अन्त्य सम्ममा २५ जना कैद तोकिएका र २८ जना कैद नतोकिएका गरी ५३ जना बन्दी रहे। माओवादीले ०६२ चैत २५ गते सदरमुकाम आक्रमणको क्रममा १ सय ४ जना बन्दी भगाउनुका साथै जेलमासमेत आगजनी गरेका थिए।

बेपत्ता/अपहरण

राज्यबाट

जिल्ला कारागार शाखा, कपिलवस्तुमा रहेका चनई गाविस-१ निवासी मुस्फा दर्जी मुसलमान र खुरहुरिया गाविस-५ निवासी नन्दलाल चौहानलाई ०६२ चैत २५ गते राति शाही नेपाली सेनाले जेलबाटै गाडीमा राखेर लगेकोमा हालसम्म उनीहरूको अवस्था अज्ञात छ।

माओवादीबाट

कपिलवस्तु जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी भवानीप्रसाद पराजुली, प्रशासकीय अधिकृत विमलराज आचार्य र जिल्ला अदालतका श्रेस्तेदार कृष्णराम कोइरालालाई ०६२ माघ २९ गते भारतको अयोध्याबाट नेपाल फर्कने क्रममा सोमडी गाविसबाट माओवादीको एक समूहले अपहरण गऱ्यो। माओवादीले कृष्णरामलाई ०६२ फागुन १ गते र अन्य दुईजनालाई मानवअधिकारकर्मी र सञ्चारकर्मीको रोहबरमा ०६२ फागुन ४ गते हथौसा गाविसबाट मुक्त गरे।

महाराजगञ्ज गाविस गैडहवा निवासी ५६ वर्षीय फरहाज चौधरीकुर्मीलाई ०६२ चैत १६ गते माओवादीले अपहरण गरी चैत १७ गते मुक्त गरे।

तिलौराकोट गाविस-६ निवासी २० वर्षीय नरबहादुर सुनारलाई ०६३ जेठ २१ गते माओवादीले अपहरण गरेकोमा जेठ २८ गते मुक्त गरे।

सिंहखोर गाविस-६ निवासी ४८ वर्षीय जानकी दुलारी र ५५ वर्षीय हरिराम पासीलाई ०६३ जेठ २२ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरणपछि दुवैजनालाई कुटपिट गरी जेठ २८ गते मुक्त गरियो।

सिंहखोर गाविस-६ निवासी ५० वर्षीय तिरथ अहिर र उनका भाइ ४६ वर्षीय जग्गु अहिरलाई ०६३ जेठ २३ गते माओवाादीले घरबाट अपहरण गरी कुटपिट गरे। पीडितहरूलाई जेठ २९ गते मुक्त गरियो।

पतेरीया गाविस-८ निवासी ३८ वर्षीय मुन्निराम यादवलाई ०६३ असार १७ गते माओवादीको एक समूहले प्रतिकार समूहमा लागेको आरोपमा अपहरण गऱ्यो। पीडितलाई असार १९ गते मुक्त गरियो।

धनकौली गाविस-७ लोरौला निवासी ४५ वर्षीय वोमबहादुर सुनार, उनका छोरा २२ वर्षीय गोपालबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	६		६	३	६		६	१	९			९
घाइते	३	३	३	६	४	४५		४५					
गिरफ्तारी/यातना									७	१४	७		२१
कुटपिट	४	१६	२	१८	२	६		६	१		२		२
धम्की	३	१०	१	११									
भेला/संगठित हुने अधिकार									३	७		१३	२०
महिलाअधिकार	३		३	३					१		१		१
बालअधिकार	३		७	७									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१		२	२					
अपहरण	१		१	१	१८	३५	८	४३					
जम्मा	३२	३५	१७	५२	३८	९२	१०	१०२	१३	३०	१०	१३	५३

सुनार र भाई ४० वर्षीय चक्रबहादुर सुनारलाई छिमेकीसँगको झगडाको कारण ०६३ साउन २ गते माओवादीले धनकौली गाउँबाट अपहरण गरे। माओवादीले उनीहरूलाई कुटपिट गरी साउन ४ गते मुक्त गरे।

खुरुहुरीया गाविस-४ निवासी ३५ वर्षीय लक्ष्मीकुमार उपाध्यायलाई ०६३ साउन २२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई साउन २६ गते मुक्त गरियो।

डुमरा गाविस-८ निवासी २३ वर्षीय महेन्द्र पासी, अभिराव गाविस-१ निवासी २२ वर्षीय मल्लु पासी, हर्नामपुर गाविस निवासी ३० वर्षीय वर्षादी पासी, बलुहवा गाविस-५ निवासी ३५ वर्षीय मिठ्ठु पासी र डुमरा गाविस-८ निवासी ३० वर्षीय दशरथ चमारलाई विभिन्न स्थानमा चोरी डकैतीमा संलग्न भएको आरोपमा ०६३ साउन २४ गते माओवादीले अपहरण गरी कुटपिट गरे। अपहरित सबैलाई ०६३ साउन २७ गते जिल्ला प्रहरी कार्यालयका एसपी जयबहादुर चन्दसमक्ष माओवादीले हस्तान्तरण गरे। प्रहरीले स्वास्थ्य जाँच गर्दा पिठ्यूँ, खुट्टाका पैताला, हातलगायत शरीरका विभिन्न ठाउँमा नीलडाम तथा घाउसमेत रहेको पाइएको बतायो। हाल उनीहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

हथिहवा गाविस-८ बिचवापुर निवासी ४० वर्षीय श्रीराम लोधलाई ०६३ वैशाख २५ गते दिउँसो माओवादीको एक समूहल बजारबाट घरदेखि केहीपर लगि धारिलो हतियार प्रयोग गरी घाइते बनायो। पीडितको टाउकोमा गम्भीर चोट लागेका कारण जिल्ला अस्पतालमा उपचार गरियो।

माओवादी प्रतिकार समूहबाट

गुगौली गाविस निवासी विष्णुप्रसाद सुवेदी, लोकबहादुर गुरुङ्ग, ४६ वर्षीय नारायण सापकोटा, ४० वर्षीय विष्णुहरि सापकोटा, २५ वर्षीय कुमार यादव, ८० वर्षीय वासुदेव भट्टराई, ४० वर्षीय हरिलाल बस्याल, ६२ वर्षीय श्रीवल्लव भट्टराई, १५ वर्षीय चीनिलाल तेली, ७ वर्षीय रेणु यादव, ६५ वर्षीय बलबहादुर रोकालगायत्लाई ०६२ माघ ७ गते माओवादी प्रतिकार समूहले कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

गजेहडा गाविस-३ निवासी २२ वर्षीय प्रेमबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६२ माघ १६ गते बाणगंगाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १९ गते रिहा गरे।

पकडी गाविस-६ बाट माओवादी निकट मधेसी मुक्ति मोर्चाका जिल्ला अध्यक्ष राजेन्द्र तिवारी, सदस्य सुरेन्द्र तिवारी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का कार्यकर्ता भैयालाल चमारलाई ०६२ माघ २० गते तौलिहवा र लबनीबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरी गोरुसिङगेस्थित शिवदलगणको सैनिक हिरासतमा राखिएकोमा भैयाललालाई माघ २४ गते थुनुवा पुर्जी दिई जेल चलान गरियो भने ०६२ फागुन २४ गते जिल्ला प्रशासनको आदेशमा तारेखमा रिहा गरियो। अन्य दुईजनालाई ०६३ जेठ ३० गते रिहा गरियो।

मोतिपुर गाविस-३ बनगाइमा अनेमसंघ (क्रान्तिकारी) को कार्यक्रमबाट फर्कने क्रममा ०६२ माघ २० गते शिवदलगण गोरुसिङ्गेबाट गएका सुरक्षाकर्मीले २६ जना महिलालाई गिरफ्तार गरे।

गिरफ्तारमध्ये १९ जनालाई माघ २१ गते रिहा गरियो भने मोतिपुर गाविस-३ निवासी १६ वर्षीय कमला परियार, १७ वर्षीय उजेली परियार, नन्दनगर गाविस-९ निवासी ३८ वर्षीय लक्ष्मी भट्टराई, हथौसा गाविस-५ निवासी १८ वर्षीय शारदा सेन, वरकलपुर गाविस-३ निवासी चम्फा अधिकारी, फुलिका गाविस-४ निवासी १६ वर्षीय सुविधा चौधरी, शिवगढी-४ निवासी सिता पुन, पटना गाविस-९ निवासी फूलमति थारुलगायत सातजनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत तीन महिनाको थुनुवा पुर्जी दिई ०६२ माघ २२ गते जेल चलान गरियो। सातजना महिलाहरूलाई इन्सेक प्रतिनिधिलगायत् अन्य मानवअधिकारकर्मीको रोहबरमा १५ दिनपछि फागुन ५ गते रिहा गरियो।

मोतिपुर गाविस-७ भर्तापुर निवासी ३५ वर्षीय सन्तोष केसीलाई ०६२ फागुन २९ गते तौलिहवाबाट मोटरसाइकलसहित सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६२ चैत १ गते रिहा गरियो।

राजपुर गाविस-४ निवासी ३८ वर्षीय नारायण बस्नेतलाई ०६२ माघ २४ गते गोरुसिङगेबाट सर्चमा गएका सुरक्षाकर्मीले वरकलपुर गाविस-१ बाट गिरफ्तार गऱ्यो। उनलाई ०६३ जेठ ३० गते रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका जिल्ला सभापति सुधाकर पाण्डे, उपसभापति ललितसिंह बास्कोटा, एमाले जिल्लासदस्य बाबुराम खनाल र नेत्रज्योति गिरी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य रमेश शर्मा र किरण सिंह, तरुणदलका अध्यक्ष विश्वराज रेग्मीलगायतलाई जिल्ला सदरमुकाम तौलिहवामा सात दलद्वारा आयोजित नगर चुनाव बहिष्कार अभियानका क्रममा

०६२ माघ ८ गते जिल्ला प्रहरी कार्यालयबाट इन्सपेक्टरको अगुवाइमा आएको प्रहरीले जिल्ला प्रशासन कार्यालय अगाडिबाट गिरफ्तार गरे। गिरफ्तार सातजनालाई शान्ति सुरक्षा ऐनअन्तर्गत तीन महिनाको थुनुवा पुर्जी दिई जेल चलान गरिएकोमा १७ दिनपछि माघ २४ गते जिल्ला अदालतबाट रिहा गरियो।

सात दलद्वारा ०६२ चैत २३ गते सदरमुकाम तौलिहवामा आयोजित शान्तिपूर्ण विरोध प्रर्दशनको बेला प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी उपसचिव डम्बर शर्मा, सचिवालय सदस्य कृष्ण पौडेल, भोजराज खनाल र पत्रकार नारायण पौडेललाई गिरफ्तार गरेकोमा पौडेल र खनाललाई सोही दिन एक घण्टापछि र अरू दुईजनालाई २४ गते साँझ रिहा गरियो।

जनआन्दोलनको क्रममा ०६२ चैत २४ गते साँझ सदरमुकाम तौलिहवाको आन्दोलन चोकमा कोणसभा गरिरहेको अवस्थामा नेपाल प्रहरीका एसपी विजय भट्टको आदेशमा प्रहरीले शिक्षक युनियनका अध्यक्ष खुमप्रसाद आचार्य, तरुण दलका अध्यक्ष विश्वराज रेग्मी, नेकाँका सचिव दिपेन्द्र शुक्लालाई कोणसभा स्थलबाट तथा एमालेका डम्बर शर्मा र कृष्ण पौडेललाई मिडियाचोकबाट गिरफ्तार गरे। उनीहरूलाई २४ घण्टासम्म खानसमेत नदिइकन चैत २५ गते साँझ रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नमुना जिल्ला अदालत कपिलवस्तुमा यस वर्ष ९ सय ४९ मुद्दा दर्ता भएकामा ५ सय ८६ मुद्दा फर्स्यौट भई ४ सय ६३ ओटा बाँकी रहे। जसमा देवानी ५ सय ७५ ओटा मुद्दा परेकोमा २ सय ६३ ओटा फर्स्यौट भई ३ सय १२ ओटा बाँकी रहे। फौजदारी ३ सय ७४ ओटा मुद्दा परेकोमा २ सय २३ ओटा फर्स्यौट भई १ सय ५१ ओटा बाँकी रहे।

बालअधिकार

गजेहडा गाविस-९ निवासी वाणगंगा माविमा अध्ययनरत १३ वर्षीय देवी सुनार, सोही गाविस-७ निवासी १४ वर्षीय यशोधा सिंह र १३ वर्षीय मनु सेनलाई ०६३ मंसिर १ गते माओवादीले अपहरण गरे। माओवादीले उनीहरूलाई मासिक सात हजार रूपैयाँ तलब पाउने प्रलोभन देखाएका थिए। हाल उनीहरू माओवादीसँगै रहेको बुझिएको छ।

महिला विरुद्ध हुने सबै प्कारको भेदभाव /दुर्व्यवहार

बलत्कार/बलात्कार प्रयास

कञ्जहवा गाविस-२ निवासी ४० वर्षीय एक महिलालाई ०६३ असार २८ गते भैंसी चराउन जङ्गल गएको बेला सोही गाविस निवासी ३५ वर्षीय जुगुल यादवले बलात्कार गरे। पीडितले ०६३ कात्तिक २ गते जिल्ला प्रशासनमा उजुरी दिइन्। प्रशासनले आवश्यक कारवाही अगाडि बढ्न प्रहरीलाई निर्देशन दिएको भए पनि प्रहरीले ३५ दिन नाघेको मुद्दा नहेर्ने भनी फिर्ता पठाएको थियो।

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

फुलिका गाविस-३ बड्की खैराटी निवासी ३५ वर्षीय बरसौनी यादव र ३६ वर्षीय कृष्ण यादवको ०६३ मंसिर १६ गते माओवादी नेता रामलौटन तिवारीको उपस्थितिमा खेतमा जम्मा गरी भित्र्याउन लागेको करिब आठ बिगाहा खेतको धानवाली माओवादी कार्यकर्ताले कब्जामा लिए।

३.११ अर्घाखाँची



जनसंख्या : २,२०,४८२
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ११९३
गाविस/नपा संख्या : ४२/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ४२४
क्याम्पस/उच्च मावि : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : ५८
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ४२
मानव विकास सूचकाङ्क : ०.४७१
प्रति परिवार सरदर संख्या : ५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

खिदिम गाविस-६ हटिया निवासी कक्षा ८ मा अध्ययनरत १४ वर्षीय पवन गौतम ०६२ फागुन १६ गते सुरक्षाकर्मीको हवाई आक्रमणमा परी गोली लागी मृत्यु भयो।

पोखराथोक गाविस-६ सिस्नेयार निवासी ३४ वर्षीय ओमप्रकाश घर्तीको क्युरेनीमा मकैको ढोड लिन जाँदा सेनाले हवाई आक्रमण गर्दा छाडिएको बम विस्फोट हुँदा ०६२ फागुन १७ गते मृत्यु भयो।

दोहोरो भिडन्त

माओवादी र सुरक्षाकर्मीबीच पणेना गाविस-५ स्थित कोप्चाखोलामा ०६२ फागुन १६ गते भएको भिडन्तमा १३ जना सुरक्षाकर्मी र आठजना माओवादीको मृत्यु भयो। पाल्पा आक्रमणपछि फर्किएको माओवादीको समूह पणेनाको पाणिनी मन्दिर क्षेत्रमा रहेको सूचनाका आधारमा उक्त स्थानमा सेनाले चारैतिरबाट घेरा हाली आक्रमण गरेको थियो। सो घटनामा परी हरिहर संस्कृत उच्च माविमा अध्ययनरत् विद्यार्थीहरू ठाकुर गौतम, शिवहरि पौडेल, रमा गौतम र गोमा मरासिनी घाइते भए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

खिदिम गाविस-६ निवासी २५ वर्षीय हरि गौतम, १६ वर्षीय ठाकुर गौतम, २७ वर्षीया भूमिका मरासिनी, १७ वर्षय सरोज पौडेल र २५ वर्षीय शिव पौडेल, सोही गाविस-३ निवासी प्रकाश मरासिनी र ९ महिनाकी पुष्पा मरासिनी ०६२ फागुन १६ गते सेनाले माओवादीविरुद्ध हवाई आक्रमण गर्दा घाइते भए। घाइते हरि र भूमिकाको वीरेन्द्र सैनिक अस्पताल, काठमाडौंमा उपचार भयो भने अन्यको स्थानीय हेल्थपोष्टमा उपचार गरियो।

पणेना गाविस-८ गोनपानी निवासी १८ वर्षीया गीता विक ०६२ फागुन १६ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा परी घाइते भइन्। उनलाई सुरक्षाकर्मीले मलमपट्टी गरी औषधी प्रदान गरे।

सन्धिखर्क गाविस-६ मा लोकतान्त्रिक आन्दोलनको समर्थनमा ०६३ वैशाख ३ गते निकालिएको जुलुसमाथि तात्कालीन शाही नेपाली सेनाले अन्धाधुन्ध गोली चलाउँदा धारापानी गाविस-५ निवासी २८ वर्षीय विष्णु भुसाल, सन्धिखर्क गाविस-९ निवासी २४ वर्षीय सुमित्रा पौडेल, डिभर्ना गाविस-६ निवासी २१ वर्षीय नारायण कुँवर र नरपानी गाविस-६ निवासी १८ वर्षीय निरज दमासे गोली लागि घाइते भए। उनीहरूको मेडिकल कलेज, भैरहवामा उपचार भयो। घाइते निरजको मोडल अस्पताल, काठमाडौंमा उपचार भयो। सो जुलुसमा प्रहरीले चलाएको अश्रुग्यासबाट सन्धिखर्क गाविस-६ निवासी कृष्ण श्रेष्ठ, सोही गाविस-९ निवासी पदमबहादुर नेपाली, खाँचीकोट गाविस-९ निवासी ऋषिराम घिमिरे, वाडला गाविस-४ निवासी रुकबहादुर थापा, खन गाविस-८ पुष्पा खनाल, वाडला गाविस-५ निवासी विपिन श्रेष्ठ, वाड्ला गाविस-२ निवासी विष्णुप्रसाद भुसाल, किमडाँडा निवासी अशोक भुसाल, हंसपुरका केदार सिंह, बाँगी गाविस-५ निवासी बसन्ता खनाल, सन्धिखर्क गाविस-६ निवासी बाबुराम भुसाल, किमडाँडा गाविस-२ निवासी धर्मराज पराजुली, बाँगी गाविस-४ निवासी जुना विक, सन्धिखर्क गाविस-६ निवासी आनन्द टण्डन, नुवाकोट गाविस-३ निवासी रमेश परियार, प्युठान जिल्ला निवासी बलराम क्षेत्री, डिभर्ना गाविस-६ निवासी शिवकला आचार्य, अर्घा गाविस-३ निवासी कमला अधिकारी, अर्घातोष गाविस-८ निवासी अस्मिता भुसाल, किमडाँडा गाविस-२ निवासी मीनबहादुर नेपाली, पत्रकार सहयोगी बीसी गम्भीर घाइते भए। उनीहरूको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो।

बेवारिसे बमबाट

सिमलपानी गाविस-१ तोरीवारी निवासी १६ वर्षीया धनकुमारी थापा जङ्गलमा घाँस काटिरहेको बेला बेवारिसे अवस्थामा रहेको बम विस्फोट हुँदा ०६३ कात्तिक १४ गते घाइते भइन्। पीडितको मिसन अस्पताल पाल्पामा उपचार गरियो।

बेपत्ता/अपहरण

माओवादीबाट

भगवती गाविस-३, हटिया निवासी ६८ वर्षीय रणप्रसाद भनिने तेजकुमार श्रेष्ठले सुराकी गरेको आरोपमा ०६२ फागुन २८ गते माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६२ चैत ११ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा मुक्त गरे।

मरेङ्ग गाविस-७ काफलखर्क निवासी २५ वर्षीय कृष्णप्रसाद बन्जाडेलाई स्थानीय व्यक्तिको घर र थारोमा आगो लगाइदिएको आरोपमा ०६२ चैत १५ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६२ चैत २९ गते स्थानीय अर्घातोष गाविस-६ स्थित ठुलढुङ्गावाट मुक्त गरे।

खाँचीकोट गाविस-५ निवासी ४० वर्षीय टानबहादुर क्षेत्री र अड्गुरी गाविस-७, भन्ज्याङ्ग निवासी २५ वर्षीय कृष्ण भट्टराईलाई ०६३ वैशाख ५ गते नक्कली माओवादी बनी चन्दा उठाइरहेको अवस्थामा माओवादीले अपहरण गरे।

पीडितहरूलाई ०६३ वैशाख २१ गते मुक्त गरियो।

हंसपुर गाविस-२ निवासी २७ वर्षीय दामोदार अधिकारीलाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असार ८ गते माओवादीले ठाडाखोलाबाट अपहरण गरे। माओवादीले पीडितलाई ०६३ मंसिर ५ गते मुक्त गरे।

सिमलपानी गाविस-५ निवासी ३६ वर्षीय टोमलाल घिमिरे, ३० वर्षीय गंगाबहादुर कार्की र २५ वर्षीय खिमबहादुर दर्लामीलाई कपिलवस्तुको गजेहडामा रक्सी सेवन गरी हतियार देखाएको आरोपमा ०६३ साउन २० गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६३ साउन ३१ गते मुक्त गरे।

मरेङ्ग गाविस-३ निवासी १७ वर्षीय झवीन्द्र भुसाल, मरेङ्ग गाविस-८ निवासी १६ वर्षीय दिपेन्द्र बराल, सोही ठाउँ निवासी १६ वर्षीय विनोद परियारलाई ०६३ कात्तिक २५ गते माओवादीले जनुमक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। उनीहरूलाई मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरियो।

ठाडा गाविस-४ निवासी १४ वर्षीय रमेशबहादुर थापा, सोही ठाउँ निवासी १५ वर्षीय रामचन्द्र आचार्य, ठाडा गाविस-६ निवासी १६ वर्षीय पुष्पा आचार्य, सोही ठाउँ निवासी १५ वर्षीय पूजा राउत, ठाडा गाविस-९ निवासी १७ वर्षीय रजीना रजाली र ठाडा गाविस-८ निवासी १६ वर्षीय आकाश सारुलाई ०६३ कात्तिक २६ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। अपहरित रामचन्द्रलाई तीन दिनपछि ०६३ कात्तिक २९ गते रानीवगियाबाट आफ्नै बाबुको जिम्मामा मुक्त गरे भने अरुलाई ०६३ मंसिर ११ सन्धिखर्कबाट मुक्त गरे।

ज्योति मावि ठाडामा कक्षा-९ मा अध्ययनरत १६ वर्षीय वासुदेव पाण्डे, कक्षा-९ मा अध्ययनरत १५ वर्षीय जगबहादुर भाट, कक्षा-९ मा अध्ययनरत १६ वर्षीय खडकबहादुर बस्नेत, कक्षा १० मा अध्ययनरत १६ वर्षीया गुमा रजली, १५ वर्षीय गोलबहादुर घर्ती, कक्षा ९ मा अध्ययनरत १५ वर्षीया राधा बस्नेत, कक्षा ९ मा १५ वर्षीय कृष्णबहादुर घर्ती, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय चन्द्रबहादुर घर्ती, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय मधु पौडेल, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय रमेश थापा र कक्षा ९ मा अध्ययनरत १५ वर्षीय विष्णु परियारलाई०६३ कात्तिक २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्ने भनी अपहरण गरे। अपहरितमध्ये वासुदेव पाण्डे तीन दिनपछि कात्तिक ३० गते मुक्त भए भने अरु माओवादी क्याम्पमा छन्।

सन्धिखर्क गाविस-९ निवासी १५ वर्षीय ईश्वरी विक, १७ वर्षीय बसन्त राना, १६ वर्षीय उमा विक र डिभर्ना गाविस-१ निवासी १५ वर्षीय देवबहादुर थापालाई ०६३ कात्तिक २७ गते माओवादीले अपहरण गरे। माओवादीले ईश्वरी विकलाई ०६३ मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरे। अरु सबै माओवादी क्याम्प रानीवगियामा रहेका छन्।

ढिकुरा गाविस-१ निवासी १६ वर्षीय कृष्ण केसी, अर्घातोष गाविस-७ निवासी १५ वर्षीय मोहन बन्जाडे, सुवर्णखाल गाविस-५ निवासी १६ वर्षीय वेदे थापा, पणेना गाविस-१ निवासी ३५ वर्षीय हस्तबहादुर विक र हंसपुर गाविस-२ निवासी १४ वर्षीय गोमबहादुर परियारलाई ०६३ कात्तिक २७ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। माओवादीले कृष्ण केसीलाई कात्तिक २९ गते र अरुलाई ०६३ मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरे।

वाङ्गला गाविस-१ निवासी १६ वर्षीय टंक विक, १६ वर्षीय हरिबहादुर विक र ठाडा गाविस-३ निवासी १६ वर्षीय मीनबहादुर जिसीलाई ०६३ कात्तिक २८ गते माओवादीले जनमुक्ति सेनामा भर्ती गर्न भनी अपहरण गरे। माओवादीले टंक विक र हरिबहादुर विकलाई मंसिर ११ गते सन्धिखर्कबाट मुक्त गरे भने मीनबहादुर जिसी माओवादीको रानीवगिया क्याम्पमा छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१	२	१	१३		१३	३	२		८	१०
घाइते	१		१	१					४	६	६		१२
गिरफ्तारी/यातना									४	७	८		१५
कुटपिट					२	२	१	३					
भेला/संगठित हुने अधिकार									३	३		५१	५४
अपहरण	१	१		१	१२	३५	५	४०					
जम्मा	४	२	२	४	१५	५०	६	५६	१४	१८	१४	५९	९१

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

बल्कोट गाविस-२ निवासी ३३ वर्षीय दुर्गा भुसाल र सोही ठाउँ निवासी नेकाँ गाउँ सभापति विष्णु भुसाललाई चन्दा नदिएको आरोपमा ०६३ भदौ २५ गते माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। माओवादीले भने भ्रष्टाचारको रकम फिर्ता गर्न दबाब दिएको तर कुटपिट नगरेको बतायो।

खिदिम गाविस-३ फर्सवा निवासी ३५ वर्षीय लक्ष्मी गौतमलाई राजनीतिक प्रतिशोधका कारण ०६३ असोज ३० गते साँझ माओवादीले र कुटपिट गरी ज्यान मार्ने धम्की दिए। पीडित एमाले इलाका कमिटी सदस्य हुन्।

गैरकानुनी गिरफ्तारी

रुकुम जिल्ला घर भई कपिलवस्तु जिल्लामा कार्यरत २८ वर्षीय कमल भनिने मणिकर्ण केसीलाई माओवादीको आरोपमा ०६२ माघ ९ गते ठाडा इलाका प्रहरी कार्यालयबाट गस्तीमा गएको सुरक्षाकर्मीले सिद्वारा गाविस-३, बर्रेबाट गिरफ्तार गरे। उनलाई ०६३ वैशाख ३० गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

रुकुम जिल्ला वस्ती गाविस-७ निवासी १८ वर्षीय कालु विक, डडेल्धुरा जिल्ला मणिलेख गाविस-२ निवासी १७ वर्षीय तेजबहादुर राउत, सोही जिल्ला वगरकोट गाविस-४ निवासी १७ वर्षीय सानु राउत, कैलाली जिल्ल निवासी १८ वर्षीय धनिश्वर परियार, अछाम जिल्ला ठाटी गाविस-५ निवासी भूमा बुढामगर, वझाङ जिल्ला कपासे गाविस-४ निवासी १५ वर्षीय दिविका बोहरा, दार्चुला जिल्ला भगवती गाविस-५ निवासी १६ वर्षीया संगीता धामी, हुम्ला जिल्ला हिम्का गाविस-१ निवासी १७ वर्षीय कर्मा लामा, बाजुरा जिल्ला ऋषिदेव गाविस-१ निवासी भनीकुमारी धामी, अछाम जिल्ला निवासी १६ वर्षीया नन्दा धामी, डोटी जिल्ला पन्दुम गाविस-५ निवासी सरस्वती शाही, डडेल्धुरा जिल्ला वगरकोट गाविस-६ निवासी १८ वर्षीया पार्वती भट्ट र सोही जिल्ला बगरकोट गाविस-२ निवासी १६ वर्षीय ललिता भट्टलाई ०६२ फागुन १७ गते खिदिम गाविस-१ र खुलौटेबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई ०६२ चैत २९ गते मानवअधिकारकर्मीको रोहबरमा रिहा गरियो।

पकले गाविस-२ गोलखाडा निवासी १६ वर्षीय चिरञ्जीवी खत्रीलाई माओवादी भएको आरोपमा ०६२ फागुन १९ गते सुरक्षाकर्मीले सन्धिखर्क गाविस-६ बसपार्कबाट गिरफ्तार गरे। उनलाई सोही दिन रिहा गरियो।

अछाम जिल्ला पायल गाविस-१ निवासी २० वर्षीय झंकर खत्रीलाई माओवादी भएको आरोपमा ०६२ फागुन २९ गते ठाडा इलाका प्रहरी कार्यालयबाट गस्तीमा गएका सुरक्षाकर्मीले सिमलपानी गाविस-५ स्थित वौरीबाट गिरफ्तार गरे। उनलाई ०६३ वैशाख ३० गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सन्धिखर्क गाविस-६ मा जनआन्दोलनको क्रममा प्रशासनद्वारा निषेधित घेरा तोड्दा एमाले सचिव चेतनारायण आचार्य, जिल्ला कमिटी सदस्य नरेन्द्रकुमार क्षेत्री, नेकाँ उपसभापति विष्णु मुस्कान, जनमोर्चा अध्यक्ष सागर केसीलगायत १९ जनालाई ०६२ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई सोही दिन दुई घण्टापछि रिहा गरियो।

विभिन्न राजनीतिक दलहरूद्वारा ०६२ चैत २७ गते सन्धिखर्क गाविस-६ मा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा चेतनारायण आचार्य, चोबबहादुर खत्री, गणेश भुसाल, शेरबहादुर बिसी, सुशीला खनाल, नरेन्द्रकुमार क्षत्री, पिताम्बर भुसाल, नारायण खनाल, प्रेमनारायण गैरे, ओमप्रकाश विक, पवित्रा पौडेल, ईश्वरा पोखेल, शान्ता खनाल, केशव खनाल, श्यामप्रसाद भुसाल चिरञ्जीवी गैरे, भुमबहादुर महत, कुशल भुसाल, सिद्धिप्रसाद भट्टराई, नारायण पौडेल, सुमित्रा केसी, कमला आचार्य, कमला भुसाल र नीमबहादुर रिजाल घाइते भए।

सात दलद्वारा ०६३ वैशाख ७ गते सन्धिखर्क गाविस-६ मा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा जनमोर्चाका केन्द्रीय सदस्य सागर केसी, एमालेका जिल्ला सचिव चेतनारायण आचार्य, सचिवालय सदस्य नरेन्द्रकुमार क्षेत्री, नेकाँका उपसभापति विष्णु मुस्कान, ओमप्रकाश विक, मणी पौडेल, पवित्रा पौडेल, पिताम्बर भुसाल, दामोदर भुसाल, ठाकुर आचार्य, बाबुराम कुवँर, नेत्र पौडेल, गोविन्द बिसी, सरल भुसाल, गिरिराज भुसाल र प्रकाश बन्जाडे घाइते भए।

तालाबन्दी

माओवादीले पुरानो सत्ताका कार्यालय गाउँमा राख्न नहुने भन्दै डिभर्ना गाविस भवनमा ०६३ साउन २९ गते तालाबन्दी गरे। हालसम्म ताला खोलिएको छैन।

माओवादीले पुरानो सत्ताको कार्यालय गाउँ राख्न नपाउने भन्दै खन गाविस भवनमा ०६३ साउन २९ गते तालाबन्दी गरे। दुई महिनापछि माओवादीले ताला खोले।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत अर्घाखाँचीमा गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दा देवानी ८८ र फौजदारी ४१ गरी जम्मा १ सय २९ ओटा रहेकोमा गत वर्षका ३६ ओटा देवानी र २१ ओटा फौजदारी २१ गरी जम्मा ५७ ओटा मुद्दा फर्स्यौट भए। त्यसैगरी यस वर्षका देवानी २९ र फौजदारी २० गरी जम्मा ४९ ओटामध्ये देवानी दुई र फौजदारी सात गरी जम्मा नौ ओटा मुद्दा फर्स्यौट भए। यस वर्षका ४० ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। जिल्ला अदालतमा गत वर्षका जिम्मेवारी सरेर आएका ७२ र यस वर्ष ४० गरी जम्मा १ सय १२ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। दुई वर्ष नाघेका फर्स्यौट हुन बाँकी छ ओटा मुद्दा रहेका छन् भने थुनुवा मुद्दा तीन ओटा रहेका छन्।

३.१२ गुल्मी



जनसंख्या : ३,०९,६७९
साक्षरता प्रतिशत : ५७.४८
महिला साक्षरता प्रतिशत : ५४.५
क्षेत्रफल (वर्ग कि. मि.) : ११४९
गाविस/नपा संख्या : ७९/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५४५
क्याम्पस/उच्च मावि : २/१६
अस्पताल/स्वास्थ्य चौकी : १/ १६
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : ५१
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ७२
मानव विकास सूचकाङ्क : ०.४६७
प्रति परिवार सरदर संख्या : ५.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

आफ्नै बम विस्फोटबाट मृत्यु

नेपाली सेनाको भैरवप्रसाद गणमा पेरिमिटर निर्माण गर्नका लागि खाडल खनिरहेको अवस्थामा ०६३ वैशाख १६ गते बिहान जमिन मुनी राखिएको माइन विष्फोट हुँदा सैनिक जवानहरू तम्घास गाविस-२ निवासी २० वर्षीय कर्ण थापा, अर्खबाङ गाविस निवासी २० वर्षीय गुञ्ज बुढा, भ्यालपोखरीका २० वर्षीय गणेश खड्का, परालमी गाविस निवासी १९ वर्षीय विष्णु सोमई र २० वर्षीय श्रीप्रसाद रजाली, पुर्कोटदह गाविस निवासी २० वर्षीय सुवास थापा, नयाँगाउँ गाविस-९ निवासी २० वर्षीय मानबहादुर राना र अर्खले गाविस-८ निवासी १९ वर्षीय कर्ण सार्कीको मृत्यु भयो। सोही घटनामा परी अर्खले गाविस-८ निवासी २० वर्षीय चक्रबहादुर खत्री, जैसिथोक गाविस-६ निवासी १९ वर्षीय विनोद श्रेष्ठ, वस्तु गाविस-२ निवासी १९ वर्षीय राजु केसी, दोहोली गाविस निवासी १९ वर्षीय मानबहादुर बस्नेत, कुर्घा गाविस निवासी २० वर्षीय लालबहादुर पछाईं, दर्लिङ गाविस निवासी १९ वर्षीय बाबुराम श्रीस, तमघास गाविस-७ निवासी २० वर्षीय विष्णु पन्थी, दुविचौर गाविस-१ निवासी १९ वर्षीय रामबहादुर बस्नेत र सिमिचौर गाविस-३ निवासी २० वर्षीय फर्सबहादुर राना घाइते भए। घाइतेहरूलाई हेलिकप्टरबाट काठमाडौं लगि उपचार गरिएको थियो भने मृतकहरूको लास तम्घास अस्पतालमा पोष्टमार्टम गराई उनीहरूका आफन्तलाई बुझाइएको थियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

तम्घास गाविस-२ धागिथुमस्थित नेपाली सेनाको भैरवप्रसाद गणको तारबारमा राखिएको बम ०६३ असार ९ गते साँझ विस्फोटन हुँदा सोही ठाउँका २७ वर्षीय बसन्त कुँवर घाइते भए। घरमा काम गरिरहेका कुँवरको बायाँ खुट्टाको घुँडामाथिको पछिल्लो भागमा सिसाको छर्रा लागेको थियो। पीडितलाई तत्काल तम्घास अस्पत्तालमा उपचार गरी भोलिपल्ट मिसन अस्पताल, पाल्पामा लगेर खुट्टामा लागेको छर्रा निकालिएको थियो।

जेल र बन्दी

कूल २५ जना बन्दी क्षमता भएको तम्घास जेलमा हाल कैद तोकिएका १९ पुरूष र दुई महिलासहित २१ जना र कैद नतोकिएका एकजना पुरूष र एकजना महिलासहित दुई गरी जम्मा २३ जना बन्दी छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

न्यूएरा लिमिटेड, काठमाडौंबाट विद्यालयहरूको शैक्षिक कार्यक्रम अन्तर्गत गुल्मी गएका फिल्ड सुपरभाइजर डडेलधुरा जिल्ला देवलपुर-९ निवासी २९ वर्षीय हिमांशु पन्त र काठमाडौं मनपा-६ बौद्ध निवासी २३ वर्षीय रामेश्वर चौलागाईंलाई माओवादीसँग सल्लाह नगरी गाउँ आएको आरोपमा ०६२ माघ २५ गते माओवादीले ग्वाघा गाविस-५ बाट अपहरण गरे। पीडितका अनुसार माओवादीले त्यस दिन साँझ उनीहरूलाई कब्जामा राखेर दुईओटा स्लिपिङ ब्यागसमेत खोसेका थिए। माओवादीले पीडितहरूलाई ०६२ माघ २६ गते ग्वाघाबाटै मुक्त गरे।

हर्दीनेटा गाविस-२ निवासी ६५ वर्षीय चक्रपाणि पन्तविरुद्ध छिमेकीहरूले माओवादीमा उजुर गरेको कारण ०६२ माघ २८ गते तीनजनाको संख्यामा आएका माओवादीले उनलाई घरबाटै अपहरण गरी आँखामा पट्टी बाँधेर अज्ञातस्थलतर्फ लगे। उजुरीको विषयमा उजुरवालासँग बसेर समस्या समाधान गर्ने शर्तमा उनलाई माओवादीले ०६२ फागुन ३ गते रूरू गाविसको रिडी बजारबाट मुक्त गरे।

पौंदीअमराई गाविस-५ केन्द्रटोल निवासी ३३ वर्षीय दुर्गा श्रेष्ठलाई ०६२ फागुन २२ गते साँझ १०-१२ जनाको संख्यामा आएका माओवादीले तपाईसँग केही बुझ्नु छ भनी पसलबाट अपहरण गरी अज्ञातस्थलतर्फ लगे। माओवादीले उनलाई ०६२ फागुन २४ गते नेटाबाट मुक्त गरे।

दोहली गाविस-८ निवासी ३५ वर्षीय मिनबहादुर बस्नेत र २५ वर्षीय टोपली बस्नेतलाई ०६३ साउन २८ गते माओवादीले घरबाट अपहरण गरे। माओवादीले दोहली-८ निवासी २८ वर्षीय विष्णु खत्रीलाई टोपली बस्नेतका पति भीमबहादुर बस्नेतको हत्या गरेको आरोपमा विगत २ वर्षदेखि श्रमशिविरमा राख्दै आएका थिए। उनी माओवादीको श्रमशिविरबाट मुक्त भई घरमा आएपछि मिनबहादुर र टोपलीले हत्यारा घरमा आई बसेको भनी प्रहरीमा उजुरी गरेका आधारमा प्रहरीले विष्णु खत्रीलाई हिरासतमा राखेको थियो। माओवादीले एक व्यक्तिलाई दुईओटा कारबाही हुन नसक्ने बताउँदै उनीहरूलाई अपहरण गरेका थिए। माओवादीले टोपलीलाई साउन ३० गते र मिनबहादुरलाई भदौ ४ गते मुक्त गरे।

नयाँगाउँ माविका शिक्षक नयाँगाउँ गाविस-९ निवासी ४४ वर्षीय दुर्गाप्रसाद आचार्यले राजनीति गरेको आरोपमा ०६३ भदौ १ गते दिउँसो माओवादी कार्यकर्ता टानबहादुर जिसीले उनलाई सोही विद्यालयबाट अपहरण गरे। पीडित कक्षा कोठामा पढाइरहेको अवस्थामा पीडकले बोलाई कहीं जानुछ भनेर मोटरसाइकलमा राखेर नयाँगाउँ गाविस-३ स्थित तोर्त भन्ने ठाउँमा पुऱ्याई एमालेको राजनीति गरेमा कारबाही गर्ने धम्की दिएर तीन घण्टापछि मुक्त गरे।

दुर्गाभवन उच्च मावि आँपचौरमा कक्षा १० मा अध्ययनरत आँपचौर गाविस-१ बाँसपाटा निवासी १८ वर्षीय लालमणि गौतमलाई ०६३ भदौ २ गते माओवादीले सोही विद्यालयबाट अपहरण गरे। माओवादीले ०६३ साउन ३० गतेदेखि भदौ १ गतेसम्म उक्त विद्यालय बन्द गराई राजनीतिक प्रशिक्षण सञ्चालन गरी उनलाई पनि सहभागी गराएका थिए। अभिभावक र शिक्षकका अनुसार, उनलाई सोही कार्यक्रमबाट माओवादीले लिएर गएका थिए। माओवादीले उनी स्वेच्छाले आफ्नो पार्टीमा लागेको बताए।

सिमिचौर गाविस-१ निवासी ३३ वर्षीय बेगम कुँवरले चोरी गरेको आरोपमा ०६३ असोज ४ गते बिहान चारजनाको संख्यामा आएका माओवादीले उनलाई घरबाट अपहरण गरी छिमेकी तुलबहादुर कुँवरको घरमा लगी आँखामा पट्टी बाँधी कोठामा थुनेर कुटपिट गरे। उनलाई माओवादीले सोही दिन साँझ मुक्त गरे।

जिल्ला कृषि विकास कार्यालयका सहायक हस्तिचौर गाविस-१ निवासी ४२ वर्षीय शोभाखर घिमिरेलाई छिमेकी लक्ष्मी घिमिरेको हत्या गरेको आरोपमा ०६३ असोज ८ गते माओवादीले हस्तिचौर गाविस-२ हर्पुकोटबाट अपहरण गरे। उनलाई माओवादीले नियन्त्रणमा राखी निर्मम यातना दिए। उनी ०६३ असोज १० गते भागेर सदरमुकाम तम्घास फर्किए।

धम्की/ज्यानमार्ने धम्की/ कुटपिट

राज्यबाट

वामी गाविस-९ निवासी ६६ वर्षीय कृष्णप्रसाद काफ्लेलाई ०६२ फागुन १८ गते वामी सुरक्षा बेसक्याम्पमा कार्यरत सई २६ वर्षीय नवीन सिंहले झुञ्जलाल सापकोटाको घरमा पूजाको निम्ता नभनेको आरोपमासाँझ वामी गाविसको भेंदी खोलामा कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा क्षतिपूर्ति र कारबाहीको माग गरेपछि सो कार्यालयले पीडकलाई उपस्थित गराई पीडितलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो।

छापहिले गाविस-६ निवासी माओवादीका पूर्व कार्यकर्ता २७ वर्षीय बोमबहादुर कार्कीलाई ०६२ चैत ३१ गते इश्मा बेस क्याम्पका सादा पोशाकका सुरक्षाकर्मीहरूले छापहिले गाविस-३ स्थित देउरालीको चौतारीमा बसीरहेको अवस्थामा कुटपिट गरे। सदरमुकाम तम्घासबाट आफ्नो घरतर्फ जाँदै गरेका कार्की सुरक्षाकर्मीहरूले कुटपिट गरेपछि आफ्नो झोला र सामान छोडी भागेका थिए। सुरक्षाकर्मीको कब्जामा रहेका उनका सामान इन्सेक प्रतिनिधिको पहलमा फिर्ता गरियो। यसअघि ०६२ वैशाखदेखि कारागार शाखा

कास्कीमा थुनामा रहेका कार्की ०६२ माघ ६ गते रिहा भएका थिए।

माओवादीबाट

खर्ज्याङ गाविस-४ चण्डीस्थान निवासी नेकाँका कार्यकर्ता ३२ वर्षीय श्रीधर गौतमले माओवादीको विरोध गरेको आरोपमा ०६३ जेठ १३ गते बिहान माओवादीले उनलाई घरदेखि १५-२० मिनेट टाढा बाटोमाा पुऱ्याई कुटपिट गरे। गौतमलाई माओवादीले उक्त वडाको वडा जनसरकार उपप्रमुखमा राखेका थिए। माओवादीहरूले गाउँघरमा हुने विवादहरू एकतर्फी हिसाबले फैसला गरेकोमा आफूले विरोध गरेको हुँदा माओवादीले कुटपिट गरेको पीडितले बताए।

ठूलोलुम्पेक गाविस-२ निवासी पूर्व वडाध्यक्ष ४५ वर्षीय मानबहादुर राहाडीमगरले आफूहरूलाई खान-बस्न नदिएको आरोपमा ०६३ असार ९ गते उनलाई विकासको नेतृत्वमा तीनजनाको संख्यामा आएका माओवादीले छिमेकी नगेन्द्र त्रामुको घरमा कुटपिट गरे।

अग्लुङ्ग गाविस-९ निवासी ७२ वर्षीय तिलबहादुर विष्टले चन्दा नदिएको आरोपमा ०६३ असार १६ गते माओवादीले उनलाई घरमा आई लछारपछार गरे। पीडितका अनुसार माओवादीले उनका छोराहरू सेनामा रहेको कारण उनीबाट पाँच हजार रूपैया चन्दा मागेका थिए।

सिमिचौर गाविस-४, भेंडिखोर निवासी ४४ वर्षीय नित्यबहादुर विकले मदिरा सेवन गरी घरमा पत्नी र छोरीसँग झगडा गरेको आरोपमा ०६३ साउन १६ गते माओवादीका स्थानीय कार्यकर्ता डिल्लीराम पाण्डेले घरमै कुटपिट गरे। पीडितलाई पुन: साउन १७ गते पनि डिल्लीरामको पसलमा बोलाई कुटपिट गरेको पीडितले बताए।

अमरअर्वाथोक गाविस-९ निवासी ४६ वर्षीय कविराज कँडेलले सार्वजनिक ठाउँमा रहेको रूख काटेको आरोपमा ०६३ पुस १ गते माओवादी कार्यकर्ता कुमारको नेतृत्वमा आएको तीनजनाको संख्यामा आएका माओवादीले ०६३ माघ १४ गते १४ हजार रूपैयाँ दिनुपर्ने भनी जबरजस्ती कागज गराए। उक्त रकम नदिए थप कारबाही गर्ने घम्की माओवादीले दिएको र आफू अन्यायमा परेको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दिगाम गाविस-१ श्रृंगा निवासी २० वर्षीय दीपेन्द्र कँडेल, तम्घास गाविस-४ निवासी ३५ वर्षीय लोकबहादुर नेपाली, सोही गाविस-८ निवासी ३५ वर्षीय रामबहादुर विक र पत्रकार ईश्वर अर्यालले ०६२ चैत २८ गते प्रहरीले लाठी प्रहार गरी घाइते बनाए। जनआन्दोलनको क्रममा जिल्ला विकास समितिको मूल गेटमा प्रदर्शनकारीरूले टायर बाल्दा प्रहरीले लाठी प्रहार गरेको थियो। घाइतेहरूको तम्घास अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गुल्मी जिल्ला अदालतमा दुई वर्षभित्र नछिनिएका पाँच र एक वर्षभित्र नछिनिएका ६१ गरी ६६ ओटा मुद्दाहरू रहेका छन्। जसमा देवानीतर्फका ५१ र फौजदारीतर्फका १५

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	४	३	७						१	८		८
घाइते										३	१०		१०
कुटपिट	५	६	२	८	५	६			६	३	३		३
धम्की					३	३			३				
भेला/संगठित हुने अधिकार										१	३		३
जातीय विभेद	२	१	१	२									
महिलाअधिकार	१२		१२	१२						१		१	१
बालअधिकार	२	१	१	२									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अमानवीय व्यवहार					१	२			२				
अपहरण					११	१६	६	११	३३				
जम्मा	२८	१२	१९	३१	२१	२८	६	११	४५	८	२४	१	२५

ओटा मुद्दाहरू छन्। जिल्ला प्रहरी कार्यालयमा २९ मुद्दा दर्ता भएकोमा छओटा फर्स्यौट भए।

बालअधिकार

तुराङ गाविस-७ निवासी १७ वर्षीय तारा राना, १७ वर्षीय भुण्टु राना, १२ वर्षीय चन्द्र विक, १५ वर्षीय विष्णु विकसहितका १५ जना युवाहरूलाई ०६३ वैशाख ७ गते माओवादीले घरबाटै अपहरण गरी अज्ञात स्थलतर्फ लगे। माओवादीले उनीहरूलाई आफ्नो कार्यक्रममा सहभागी बनाई वैशाख ९ गते घर फर्काएका थिए।

भगवती माबि कक्षा १० मा अध्ययनरत सिमिचौर गाविस-६ निवासी १६ वर्षीय लोकबहादुर गमाल, कक्षा ९ मा अध्ययनरत सिमिचौर गाविस-४ निवासी १७ वर्षीय विष्णुमाया पाण्डे, कक्षा ६ मा अध्ययनरत सिमिचौर गाविस-४ निवासी १३ वर्षीय मञ्जु परियार र कक्षा ८ मा अध्ययनरत १८ वर्षीय मीना परियारलाई ०६३ जेठ २८ गते माओवादीले सोही विद्यालयबाट अपहरण गरे। उनीहरूमध्ये लोकबहादुर असार ७ गते सिमिचौरबाटै भागेर फर्किए। मीना बिरामी भएको कारण माओवादीले असार १३ गते तम्घास गाविस-६ देउरालीबाट उनलाई मुक्त गरेका थिए। विष्णुमाया र मञ्जु माओवादीसँगै रहेका छन्।

भगवती माबि कक्षा १० मा अध्ययनरत सिमिचौर गाविस-२ निवासी गीता न्यौपाने, कक्षा ९ मा अध्ययनरत सिमिचौर गाविस-६ निवासी दिपक कुँवर, सिमिचौर ब्राइटर बोर्डिङ स्कुल कक्षा ७ मा अध्ययनरत सिमिचौर गाविस-४ निवासी १४ वर्षीय बाबुराम भण्डारी र उपल्लो तम्घास माबि कक्षा ९ मा अध्ययनरत तम्घास गाविस-६ निवासी १६ वर्षीय शान्ता भण्डारीलाई माओवादीले ०६३ जेठ ३० गते दुविचौर गाविस-९ स्थित रानीपोखरीबाट अपहरण गरे। माओवादीले उनीहरूमध्ये गीतालाई असार १ गते र बाबुरामलाई असार ३ गते मुक्त गरे। दीपक कुँवरलाई माओवादीले कुटपिट गरीसाउन २२ गते गौंडाकोट गाविस-७ बाट आमा छमकला कुँवरको जिम्मामा मुक्त गरे। शान्ता माओवादीसँगै छिन्।

सबै प्रकारका जातीय विभेद

देवीस्थान गाविस-३ बागलुङ्ग निवासी ७ वर्षीय मानबहादुर परियारलाई तम्घास गाविस-३ धागीथुम निवासी ४२ वर्षीय विष्णुकुमारी ठकुरीले धारामा पानी छोएको आरोपमा ०६३ असार १९ गते बिहान कुटपिट गरिन्। पीडितले उक्त घटनाका बारेमा पीडक विरूद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे। भोलिपल्ट जिल्ला प्रहरी कार्यालयले दुवै पक्षलाई उपस्थित गराएर पीडकबाट पीडितलाई तीन हजार रूपैयाँ उपचार खर्च दिलाएर सार्वजनिक माफी मगाई मिलापत्र गरायो।

परालमी गाविस-३ पैरी निवासी २८ वर्षीय गोमा नेपालीलाई सोही ठाउँ निवासी ४८ वर्षीय इन्द्रबहादुर घर्तीमगरले ०६३ साउन २४ गते बिहान पानी छोइयो भनेर कुटपिट गरे। पीडितका अनुसार आफ्नो घर नजिकै पाइप खोलेर पानी थाप्दा तलको धारामा पनि पानी छोइन्छ भनेर पीडकले उनलाई कुटपिट गरी पानी भर्ने घडा फुटाइदिएका थिए। पीडितले ०६३ साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले पटक-पटक ताकेता गर्दा पनि पीडक उपस्थित नभएका कारण कुनै कारबाही हुन सकेन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

धुर्कोटरजस्थल गाविस-७ निवासी ३२ वर्षीय विष्णु थापाको घरमा उनी आफ्नो कब्जाबाट भागेको आरोपमा ०६३ असार ५ गते माओवादीले तालाबन्दी गरे। थापालाई माओवादीले सोही ठाउँका नरबहादुर खत्रीको हत्या गरेको आरोपमा ०६२ चैत २८ गते कब्जामा लिएकोमा उनी सोही राति माओवादी कब्जाबाट भागेका थिए। असार मसान्तमा माओवादीसमक्ष उपस्थित भएपछि उनको घरको ताला खोलिएको थियो।

संरचना क्षति


माओवादीबाट

तम्घास गाविस-८ उपल्लो तम्घासमा रहेको जिल्ला पशु सेवा कार्यालयको भवनमा ०६२ माघ १७ गते साँझ माओवादीले बम विस्फोट गराए। छ कोठा रहेको उक्त भवनमा बम विस्फोटबाट चारओटा कोठाहरू पूर्ण रूपमा क्षतिग्रस्त भए भने बाँकी दुई कोठाहरूमा सामान्य क्षति भयो। बम विस्फोटबा १ लाख ४० हजार रूपैयाँ बराबरको सामग्री र चार लाख रूपैयाँ बराबरको भवन क्षति भएको कुरा जिल्ला पशु विकास अधिकृत तुल्सीराम भण्डारीले बताए।

विगतको अनुगमन

अर्घाखाँची जिल्ला निवासी माओवादी कार्यकर्ता सम्झना भनिने विष्णु पोखरेललाई ०६१ असोज २४ गते शिवदल गुल्मबाट गएको सैनिक गस्तीले पुर्कोटदह गाविस-४ स्थित सौतामारेबाट गिरफ्तार गरेकोमा ०६१ पुसमा रिहा गरेको थियो।

३.१३ वाग्लुङ



जनसंख्या : २,८४,९९०
साक्षरता प्रतिशत : ६१.४
महिला साक्षरता प्रतिशत : ४६.२५
क्षेत्रफल (वर्ग कि. मि.) : १७८४
गाविस/नपा संख्या : ५९/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९६
क्याम्पस/उच्च मावि : १/१९
अस्पताल/स्वास्थ्य चौकी : ३/६६
टेलिफोन लाइन : १२६०
मोटर सडक (कि. मि.) : ३५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ६२
मानव विकास सूचकाङ्क : ०.४९२
प्रति परिवार सरदर संख्या : ५.३२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

बोवाङ गाविस निवासी माओवादी एरिया सदस्य प्रेम भनिने प्रेम रामजाली मगर र सेक्रेटरी अबिर भनिने हरिबहादुर हमाललाई ०६२ चैत ८ गते भीमगिठेबाट गस्तीमा गएका सुरक्षाकर्मीले पाण्डवखानी गाविसमा गोली हानी हत्या गरे।

माओवादीबाट

धम्जा गाविस-८ माझकटेरा निवासी ४२ वर्षीय भद्रबहादुर खड्कालाई ०६२ माघ १३ गते दिउँसो माओवादी जिल्ला सदस्य विकीरणको नेतृत्वमा रहेको एक समूहले गोली हानी हत्या गऱ्यो। मृतकको पोस्टमार्टम गरी माघ १५ गते दाहसंस्कार गरियो। पीडितलाई ०६२ मंसिर १० गते माओवादीले सामाजिक अपराधको आरोपमा अपहरण गरेकोमा माघ १ गते उनी भागेर सदरमुकाम आएपछि सुराकीका रूपमा गएको भन्दै माओवादीले घरमा आई गोली प्रहार गरेका थिए।

आफ्नै बम विस्फोटनमा

तारा गाविस-५ तोग्धी निवासी माओवादी कम्पनी कमाण्डर विलक्षण भनिने लालबहादुर घर्तीको भीमापोखरा गाविस-९ कोलतास्ने जङ्गलमा आफैले बोकेको बम विस्फोट हुँदा ०६२ माघ १४ गते दिउँसो मृत्यु भयो।

जेल र बन्दी

१९ जना पुरुष र छजना महिला गरी जम्मा २५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको कारागारमा क्षमताभन्दा बढी बन्दीहरू राखिनाले उनीहरूको दैनिक जीवनयापन कष्टकर बनेको छ। वाग्लुङ जिल्ला ३९ जना बन्दी रहेका छन्। जसमा कैद नतोकिएका २० जना र कैद तोकिएको १९ जना बन्दी थिए। चारजना महिला र १६ पुरुष तथा तोकिएका मध्ये तीनजना महिला र १६ जना पुरुष रहे।

बेपत्ता/अपहरण
माओवादीबाट

पैंयुपाटा गाविस-९ निवासी दमेक गाविसका सचिव शालिकराम शर्मालाई ०६२ पुस १८ गते बिहान सोही गाविसमा काम गरिरहेको अवस्थामा माओवादीका सोनीकुमार कान्छाको नेतृत्वमा रहेको समूहले बड्डाँडाबाट अपहरण गऱ्यो। नगर निर्वाचनलाई सहयोग नगर्ने र माओवादीको अनुमतिले गाउँ परिषद् गर्ने शर्तमा कुश्मिसेरा गाविसबाट पुस २१ गते उनलाई मुक्त गरियो।

राङ्खानी गाविस-१ निवासी राङखानी गाविसका सचिव देवेन्द्र थापा र पैंयुथन्थाप गाविस-३ निवासी सोही गाविसका सचिव हरिकृष्ण पौडेललाई ०६२ पुस १९ गते राङखानी गाविस-१ देउराली बजारबाट माओवादीले अपहरण गरी पुस २१ गते कुश्मिसेरा गाविसको शेराबजारबाट मुक्त गरे।

ग्वालीचौर गाविस-३ स्थित उर्जा विकास परियोजना साना जलविद्युत कार्यक्रमका व्यवस्थापक २४ वर्षीय रुद्रहरि आचार्यले विद्युत महशुल उठाई अनियमितता गरेको आरोपमा ०६२ फागुन २१ गते माओवादीले उनलाई अपहरण गरे। माओवादीले उनलाई उठाएको शुल्क सात दिनभित्र बुझाउने शर्तमा ०६२ चैत ५ गते मुक्त गरे।

दर्लिङ गाविस-१ निवासी भीमगिठे सुरक्षापोष्टका पेटी ठेकेदार तेजीन्द्रबहादुर केसीलाई ०६२ चैत १ गते

माओवादीले भीमगिठे सुरक्षा चेकपोष्टका लागि सामान ढुवानी गरी लैजाने क्रममा ग्वालीचौर गाविस-३ स्थित सडकबाट अपहरण गरे। माओवादीले केसीलाई ०६२ चैत ५ गते ग्वालीचौर गाविसबाटै मुक्त गरे।

रायडाँडा गाविस-६ निवासी रामबहादुर थापा, रामबहादुर केसी, लोकनाथ आचार्य र रत्नबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ चैत ६ गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरूलाई चैत ९ गते मुक्त गरियो।



माओवादीद्वारा हत्या गरिएका भद्रबहादुर खड्का

नारायणस्थान गाविस-५ कैया निवासी ३३ वर्षीय यामबहादुर पौडेलले भाउजुलाई कुटपिट गरेको आरोपमा ०६२ चैत ८ गते माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरे। पीडितलाई चैत ११ गते मुक्त गरियो।

सल्यान गाविस-४ निवासी ५० वर्षीय यमबहादुर खत्रीको हत्या गरेको आरोपमा उनकी पत्नी ५० वर्षीय मानकुमारी खत्री र कान्छो छोरा २० वर्षीय राजु भनिने खलबहादुर खत्रीलाई ०६३ असार ८ गते माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६३ मंसिर २७ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए।

बुङ्गादोभान गाविस-९ निवासी केयरसिंह बोहोराका छोरा कुमबहादुर बोहोरालाई ०६३ कात्तिक १ गते माओवादीले अपहरण गरे। माओवादीले उनलाई ०६३ मंसिर १२ गते बुङ्गादोभानबाट मुक्त गरे।

खुङ्गा गाविस-६ निवासी ६५ वर्षीय अमरबहादुर विकलाई ०६३ मंसिर २ गते माओवादीले अपहरण गरे। माओवादीको निर्देशन नमानेको र माओवादी कार्यकर्ताहरूले गरेका कार्यको विरोध गरेको भन्दै उनलाई घरबाट अपहरण गरी लगेको उनका भाइ दुरप्रसाद विकले विज्ञप्ति मार्फत् जनाए। अपहरित विकलाई मंसिर ९ गते माओवादीले मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यपक्षबाट

जनमोर्चा नेपाल वाग्लुङका सह-सचिव चित्र सापकोटालाई ०६२ चैत २६ गते प्रहरीले कुटपिट गरे। सापकोटाको वाग्लुङ अस्पतालमा उपचार भयो। उनको टाउकोमा ४० टाँका लगाइएको थियो।

वाग्लुङ नपा-५ निवासी इन्सेक वाग्लुङ जिल्ला प्रतिनिधि गोविन्द गौतम र महेन्द्र बहुमुखी क्याम्पसका स्वयिु सभापति कमल अधिकारीलाई ०६३ वैशाख ४ गते प्रहरीले जनआन्दोलनको क्रममा कुटपिट गरी घाइते बनाए। उनीहरूको वाग्लुङ अस्पतालमा उपचार भयो।

विभिन्न राजनीतिक दलद्वारा ०६३ वैशाख ७ गते वाग्लुङ सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा वाग्लुङ नपा निवासी तेजबहादुर हमाल र भिमापोखरा गाविस निवासी लालबहादुर सुनारको हात भाँचियो भने एमालेका वैकल्पिक केन्द्रीय सदस्य रामजीप्रसाद शर्मा र नेकाँका जिल्ला सहसचिव जगदिशचन्द्र उपाध्याय घाइते भए।

नेपाली सेनाको २३ नं बाहिनीबाट गएका हवल्दार भुपेन्द्रसिंह कुँवर र विष्णुबाबु थापाले ०६३ साउन ३० गते साँझ मदिरा सेवन गरी वाग्लुङ नपा-२, श्रीनगर टोलका होटल व्यवसायी बालकुमारी थापा र सोही स्थानका करण केसीलाई कुटपिट गरे। छुट्याउन गएकी करणकी पत्नी लक्ष्मीलाई समेत उनीहरूले कुटपिट गरे। कुटपिटबाट घाइते बालकुमारीको इन्सेकको पहलमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो। सर्वसाधारणमाथि कुटपिट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	२	२		२	१	२			२
गिरफ्तारी/यातना									३३	५०	१		५१
कुटपिट									९	११	३		१३
भेला/संगठित हुने अधिकार									२	२		११३	११५
जातीय विभेद	१		१	१									
अपहरण	१	१		१	१३	१६	४	२०					
जम्मा	५	४	१	५	१४	१८	४	३३	३४	६५	३	११३	१८१

गर्ने दुवैजनालाई सेनाले ०६३ मंसिर १२ गते एकतह घटुवा गरी कारवाही गरेको जनायो।

देविस्थान गाविस-७ निवासी २५ वर्षीय रोशन छन्त्यालले आफूहरूसँग प्रतिवाद गरेको आरोपमा ०६३ मंसिर २५ गते भीमगिठे चेकपोष्टबाट गएका प्रहरीले घरमा गई कुटपिट गरे। पीडितको शरीरभरी नीलडाम भएको थियो। पीडितको बुर्तिवाङ इलाका स्वास्थ्य चौकीमा उपचार भयो।

गैरकानुनी गिरफ्तारी

धम्जा गाविस-८ माझकटेरा निवासी ५८ वर्षीय रणबहादुर खड्कालाई ०६२ माघ ५ गते घोडाबाँधे चेकपोष्टमा सम्पर्क गर्न बोलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीलाई सहयोग गरेका आरोपमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश अन्तर्गत मुद्दा चलाएर थुनामा राखिएकोमा ०६२ फागुन २५ गते धरौटीमा रिहा भए।

वाग्लुङ नपा-१ निवासी एमाले केन्द्रीय अनुशासन कमिटीका सदस्य ऋषिराम शर्मालाई ०६२ माघ ७ गते बेलुकी प्रहरीले वाग्लुङ नपा-१ स्थित उनको घरबाट गिरफ्तार गरे। शर्माको तर्फबाट अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट परेपछि ०६२ फागुन २ गते रिहा भए।

पैयुपाटा गाविस-१ निवासी नेकाँ जिल्ला सचिव ४५ वर्षीय प्रकाश पौडेललाई ०६२ माघ ९ गते नगर निर्वाचन बहिष्कार अभियानमा सहभागी भएको आरोपमा प्रहरीले बाग्लुङ नपा-११ उपल्लाचौरबाट गिरफ्तार गरे। पौडेल ०६२ फागुन ३ गते रिहा भए।

जैदी गाविस-३ निवासी नेविसंघ जिल्ला सह-सचिव हरिहर शर्मालाई नगर निर्वाचन बहिष्कार अभियानमा लागेको आरोपमा ०६२ माघ १० गते बिहान वाग्लुङ नपा-२ क्याम्पस रोडबाट प्रहरीले गिरफ्तार गरी ३ महिने पुर्जी दिएकोमा ०६२ फागुन १ गते रिहा भए।

म्याग्दी जिल्ला ताकम गाविस निवासी एमाले



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका हरिनारायण गौतम



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका चित्र सापकोटा

धौलागिरी अञ्चल सचिव नवराज शर्मालाई ०६२ माघ १० गते अञ्चल कार्यालयबाट कोठातर्फ जाँदै गर्दा वाग्लुङ नपा-२ जीपपार्कबाट प्रहरीले गिरफ्तार गरी तीन महिने पुर्जी दिइएकोमा ०६२ फागुन ४ गते रिहा गरियो।

वाग्लुङ नपा-५ निवासी १९ वर्षीय सञ्जीव तिवारी र मालिका गाविस-१ निवासी १८ वर्षीय तुलसी सापकोटालाई महेन्द्र बहुमुखी क्याम्पस, वाग्लुङका विद्यार्थी र प्रहरी बीच झडप भइरहेको अवस्थामा क्याम्पस जाँदै गर्दा ०६२ माघ ११ गते प्रहरीले गिरफ्तार गरे। पीडितद्वयलाई माघ १४ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा रिहा गरियो।

विहुँ गाविस-६ निवासी पूर्व सांसद तथा नेकाँ जिल्ला कार्य समिति सदस्य ६७ वर्षीय गोविन्दप्रसाद शर्मा कँडेललाई ०६२ माघ २० गते बाग्लुङ नपा-२ क्याम्पस रोडबाट प्रहरीले गिरफ्तार गरेकोमा ०६२ फागुन ४ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष निर्वाचनसमेत)

अमलाचौर-३ निवासी एमालेका कार्यालय सचिव कृष्ण पाठक, सर्कुवा गाविस-६ निवासी लक्ष्मी पौडेल, जैदी गाविस-६ निवासी याम केसीलगायत १६ जनालाई माघ १९ को शाही कदमको विरोध गरी कालो दिवस मनाएको आरोपमा ०६२ माघ १९ गते जिल्ला प्रहरी कार्यालय, वाग्लुङबाट गएको सुरक्षाकर्मीको टोलीले जिल्ला सदरमुकामबाट गिरफ्तार गरे। पक्राउ परेकामध्ये जीवनलाई सोही दिन बेलुकी, हरिप्रसाद शर्मा, रघुनाथ सुवेदी, बद्री के.सी., लक्ष्मी पौडेल, दीपेन्द्र थापा र सूर्य थापालाई २० गते, जीतबहादुर सुनारलाई २४ गते र अरू सबैलाई ०६२ फागुन ४ गते रिहा गरियो।

जनमोर्चा नेपालका उपाध्यक्ष परी थापा, पूर्व सांसद गोविन्द शर्मा कँडेल, राष्ट्रिय दलित आयोगका पूर्व अध्यक्ष पदमसिंह विश्वकर्मा, जनमोर्चा नेपालका केन्द्रीय

सदस्य लीलाबहादुर थापामगर, जिल्ला अध्यक्ष कृष्ण थापा, एमालेका जिल्ला सदस्य खगेन्द्र पौडेल, पार्टी कार्यालय सहसचिव याम केसी, महेन्द्र बहुमुखी क्याम्पसका स्ववियु उपसभापति कृष्णप्रसाद सुवेदी र नेपाल विद्यार्थी संघका जिल्ला सचिव हरिहर शर्मालाई ०६२ चैत २५ गते प्रहरीले पार्टी कार्यालय र सडकबाट गिरफ्तार गरे। सबैलाई तीन महिने पुर्जी थमाइए गरेमा पदमसिंह विश्वकर्मा र हरिहर शर्मालाई चैत २९ गते, कृष्णप्रसाद सुवेदीलाई ०६३ वैशाख ११ गते र अन्यलाई वैशाख १२ गते रिहा गरियो।

अनेरास्ववियुका केन्द्रीय सदस्य गोविन्द नेपाली, नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सचिव डिल्लीराज गौतम, नेकाँ (प्रजातान्त्रिक) का सुमन शाक्य, अनेरास्ववियुका ओम केसी, बद्री ढुंगाना, शेखर शर्मा, प्रकाश आचार्य, श्याम खत्री, अमरबहादुर खत्री, तेजबहादुर बाँनिया, कपिल केसी, सन्तोष गौतम, विकास शर्मा, अशोक सुवेदी, गणेश केसी, निरज खड्का, नरबहादुर घर्ती, चन्द्रबहादुर विक र राजु खड्कालाई सात दलको आह्वानमा भएको आम हड्तालका क्रममा ०६२ चैत २६ गते गिरफ्तार गरे। गोविन्द नेपालीलाई तीन महिने पुर्जी थमाएर ०६३ वैशाख ११ गते, डिल्लीराज गौतम, राजु खड्का र निरज खड्का सोहीदिन साँझ र अन्य चैत २९ गते रिहा भए।

नेपाल पत्रकार महासंघका सचिव हरिनारायण गौतमलाई ०६२ चैत २७ गत बिहान एसपीचोकबाट प्रहरीले गिरफ्तार गरे। गौतमलाई सार्वजनिक अपराधको मुद्दा लगाइएकोमा ०६३ वैशाख ७ गते एक हजार रूपैयाँ धरौटीमा रिहा गरियो। सोही दिन जुलुसमा गएर फर्कदै गरेकी जनमोर्चा समर्थित अनेमसंघको केन्द्रीय सदस्य कमला थापा, विद्यार्थी प्रकाश मल्ल, विक्रम खड्का, अभिषेक केसी, सुरेन्द शाक्य, देवेन्द्र राना, प्रकाश विक, युवराज सापकोटा, कृष्ण केसी र गजेन्द्र क्षेत्रीलाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये थापालाई ०६२ चैत २८ गते र अन्यलाई चैत २९ गते रिहा गरियो।

नेपाल मानवअधिकार संगठनका केन्द्रीय सदस्य रत्ना श्रेष्ठ, वाग्लुङ उद्याग वाणिज्य संघका अध्यक्ष युगेश्वर ओझा, नेपाल पत्रकार महासंघका सभापति राजेशचन्द्र राजभण्डारी, धौलागिरी एफएमका अध्यक्ष किशोर राजभण्डारी, वाग्लुङ जेसिजका अध्यक्ष बसन्तकुमार श्रेष्ठ, ढोरपाटन दैनिकका प्रतिनिधि अञ्जु लामिछानेलगागत् १ सय ९ जनालाई ०६३ वैशाख १ गते वाग्लुङ सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैजनालाई सोही दिन साँझ रिहा गरियो।

एमालेका वैकल्पिक केन्द्रीय सदस्य रामजी शर्मा, नेकाँका जिल्ला सहसचिव जगदीशचन्द्र उपाध्याय, नवराज गौतम, बाबुलाल शाक्यलगायत्लाई ०६३ वैशाख ७ गते



प्रहरीद्वारा कुटपिट गरी घाइते पारिएका जगदीशचन्द्र उपाध्याय

जिल्ला प्रशासन कार्यालय वाग्लुङले बिहान १० बजे कर्फ्यू लगाउने घोषणा गर्नासाथ सोही दिन बिहानै सदरमुकामबाट निस्किएको जुलुस दमन गरी प्रहरी नायव उपरिक्षक शिवहरी बाँस्कोटाको नेतृत्वमा रहेको प्रहरीको टोलीले लाई कुटपिट गर्नुका साथै जगदीशचन्द्र उपाध्याय र नवराज पौडेललाई गिरफ्तार गऱ्यो। गाउँ-गाउँबाट आएका प्रर्दशनकारीहरूलाई बजारका चोक-चोकमा रोक्ने क्रममा प्रहरीले अश्रुग्याँस र लाठी प्रहार गरी दर्जनौंलाई घाइते बनायो। सो क्रममा दुईजना प्रहरीसमेत घाइते भएका थिए। प्रहरीको लाठी प्रहारबाट तेजबहादुर हमाल र लालबहादुर सुनारको हात भाँचिएको थियो। पक्राउ परेकामध्ये नवराज पौडेल सोही दिन रिहा भने जगदीशचन्द्र उपाध्याय ०६३ वैशाख १२ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी १ सय १ र फौजदारी ४४ गरी जम्मा १ सय ४५ तथा यस वर्ष परेका देवानी १ सय ८७ र फौजदारी ८७ गरी कूल ४ सय १९ ओटा मुद्दा रहेकोमा कूल १ सय ७० ओटा मुद्दा फर्स्यौट भए। यसरी यस वर्षको अन्तसम्ममा देवानी १ सय ८१ र फौजदारी ६८ गरी जम्मा २ सय ४९ मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी पुनरावेदन अदालत, वाग्लुङमा जिम्मेवारी सरेर आएका देवानी २८, फौजदारी व्यक्तिवादी सात,



सात राजनीतिक दलद्वारा आयोजित प्रदर्शनबाट गिरफ्तार गर्दै प्रहरी

फौजदारी सरकारवादी १४, निषेधाज्ञा एक, परमादेश एक र बन्दीप्रत्यक्षीकरण एक गरी जम्मा ५२ ओटा मुद्दा थिए। वर्षको अन्त्यसम्ममा देवानी २८, फौजदारी व्यक्तिवादी छ, फौजदारी सरकारवादी २७, निषेधाज्ञा आठ र परमादेश छ गरी जम्मा ७५ ओटा मुद्दा फैसला हुन बाँकी रहे।

बालअधिकार

वाग्लुङ नपा-५ छरिखोला निवासी १२ वर्षीय अनिता विक, १६ वर्षीय रामकृष्ण परियार, १७ वषिय डम्बर नेपाली र १९ वर्षीय राजेश नेपालीलाई ०६३ साउन २४ गते माओवादीले आ-आफ्नो घरबाट अपहरण गरे। उनीहरूलाई माओवादी वाग्लुङ ११ नं एरिया सेक्रेटरी उज्वल र वाग्लुङ जनसरकार उपप्रमुख धनबहादुर विकको नेतृत्वमा आएको समूहले अपहरण गरेको थियो। अपहरितमध्ये डम्बर माओवादी सेनामा क्रियाशील रहेको माओवादी जिल्ला सदस्य अनिलले बताए। अरू सबै साउन २९ गते मुक्त भए।

नारायणस्थान गाविस-२ निवासी १४ वर्षीय लक्ष्मी नेपाली र १५ वर्षीय निर्मला नेपालीलाई ०६३ भदौ १९ गते माओवादीले सोही गाविसको जनता उच्च माविबाट अपहरण गरे। अपहरित दुवैजना हाल आफ्नो पार्टीमा क्रियाशील रहेको माओवादीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित


सशस्त्र युद्धका क्रममा जिल्लाबाट विस्थापित संख्या ७० ओटा घर परिवारका २ सय १ जना रहेका छन्।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यबाट विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीनजना पुरुष र एकजना महिला गरी जम्मा चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ताराखोला गाविस-३ निवासी २७ वर्षीय बाजेन्द्र घर्तीमगर, वाग्लुङ नपा-६, ढिकीचौर निवासी २३ वर्षीय सूर्य विक, नरेठाटी गाविस-१ निवासी ३८ वर्षीय ढकबहादुर बस्नेत, ताराखोला गाविस निवासी ४५ वर्षीय भीमकुमारी घर्तीमगर रहेका छन्।

३.१४ पर्वत



जनसंख्या	१,६३,९०९
साक्षरता प्रतिशत	६७
महिला साक्षरता प्रतिशत	५६
क्षेत्रफल (वर्ग कि. मि.)	४९४
गाविस/नपा संख्या	५५/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३२७
क्याम्पस/उच्च मावि	३/१२
अस्पताल/स्वास्थ्य चौकी	२/५३
टेलिफोन लाइन	५३०
मोटर सडक (कि. मि.)	२३५
प्रहरी कार्यालय संख्या	४
हुलाक संख्या	५६
मानव विकास सूचकाङ्क	०.५०४
प्रति परिवार सरदर संख्या	५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या /गोली

राज्यबाट

शिवालय गाविस-८ निवासी ५२ वर्षीय गोविन्दनाथ शर्मालाई ०६३ वैशाख ८ गते जिल्ला सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएको अवस्थामा जनपथ प्रहरी निरीक्षक राजेन्द्र खनालको नेतृत्वमा रहेको सुरक्षाकर्मीले गोली प्रहार गरेकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार गराउँदा गराउँदै वैशाख १२ गते उनको मृत्यु भयो। सुरक्षाकर्मीले प्रहार गरेको गोली शर्माको दायाँ छातीबाट भित्र पसी पिठ्युँबाट बाहिर निस्किएको थियो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार १५ जना पुरुष र १० जना महिला क्षमताको हो। हाल यस कारागारमा १४ पुरुष र एक महिला गरी कूल १५ जना बन्दी छन्।



प्रहरीद्वारा गोली प्रहार गरी हत्या गरिएका गोविन्दनाथ शर्मा

बेपत्ता/अपहरण

माओवादीबाट

भगरा गाविस-५ स्थित स्वास्थ्य चौकीका अहेव बुद्धिराज तिवारीले काममा लापरवाही गरेको र मादक पदार्थ सेवन गरी सेवा उपलब्ध नगराएको आरोपमा ०६२ चैत २८ गते माओवादीले अपहरण गरे। पीडित चैत ३१ गते मुक्त भए।

सुर्खेत जिल्ला घर भई शिवालय गाविस-४ मा देउती इलेक्ट्रिकल पसल गरी बस्ने ३० वर्षीय गोविन्द गौतमलाई माओवादीका नाममा पसलेलाई धम्की दिएको आरोपमा ०६३ भदौ २८ गते माओवादीले अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा असोज ४ गते मुक्त गरे।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

राज्यबाट

शिवालय गाविस-४ निवासी शिवालय उच्च माविमा कक्षा १२ मा अध्ययनरत १८ वर्षीय प्रकाश तिमिल्सिनालाई सादा पोशाकमा आएका सुरक्षाकर्मीले ०६२ फागुन १० गते कुटपिट गरी घाइते बनाए। तिमिल्सिनालाई होटल टप इन टाउनमा सञ्चालित कोचिङ्ग कक्षाबाट निस्कदै गर्दा सेनाका जवानले "तँसँग केही सल्लाह गर्नु छ" भनी घाँटीमा समाएर करिब दुई सय मिटर टाढा बान्द्रेबिडी चौरमा पुऱ्याई कुटपिट गरेका थिए। कुटपिटबाट पीडितको एउटा दाँत भाँचियो।

माओवादीबाट

दुर्लुङ्ग गाविस-९ निवासी राप्रपा जिल्ला सदस्य ६६ वर्षीय खड्कबहादुर गुरुङ्गले आफूहरूलाई चन्दा नदिएको र बन्दुक प्रशासनलाई दिएको आरोपमा ०६२ माघ १५ गते राति माओवादीले घरमा गई उनलाई बोलाएर एक सय मिटर पर पुऱ्याई उनको दायाँ खुट्टा भाँचिदिए।

ठूलीपोखरी गाविस-३ निवासी राप्रपा गाउँ समितिका अध्यक्ष ७७ वर्षीय होमप्रसाद सुवेदीलाई ०६२ माघ २१ गते केही काम छ भनी माओवादीले घरदेखि केही पर लगेर बञ्चरो प्रहार गरी दुवै खुट्टा भाँचिदिए।

पाङराङ गाविसस्थित सिद्ध माविका प्रधानाध्यापक चित्रबहादुर पाठकलाई ०६२ चैत २ गते माओवादीले घरमा गई कुटपिट गरे।

सुर्खेत जिल्ला घर भएकी शिवालय गाविस-४ मा देउती इलेक्ट्रिकलकी प्रोपाइटर २४ वर्षीया सुशीला गौतमलाई चोरी गरेको आरोपमा ०६३ भदौ ३० गते माओवादीले कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	३	३		३					१	१	१
घाइते									३	८	८
गिरफ्तारी/यातना									१	१	१
कुटपिट					४	३	१	४	४	११	११
धम्की					३	३		३			
भेला/संगठित हुने अधिकार									३	१७	१७
महिलाअधिकार	१		१	१							
बालअधिकार	३		५	५							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४			
अमानवीय व्यवहार					३	३		३			
अपहरण					१६	३१	११	३३			
जम्मा	५	३	६	८	३९	३४	१३	४६	११	३८	३८

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलद्वारा ०६२ चैत २८ गते जिल्ला सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले जथाभावी लाठी प्रहार गर्दा पत्रकार ओमप्रसाद उपाध्याय, सुन्दरप्रसाद जोशी, एमालेका जिल्ला सचिव मोतिप्रसाद पौडेल, नेकाँका सोमलाल आचार्य र एमालेका नारायण सुवेदी घाइते भए।

कार्कीनेटा गाविस-५ निवासी अनेरास्ववियुका जिल्ला अध्यक्ष २५ वर्षीय पदमपाणि पौडेललाई ०६२ चैत २३ गते मशाल जुलुस प्रदर्शन गरिरहेको अवस्थामा शिवालयचोकबाट गिरफ्तार गरी सशस्त्र प्रहरी गणमा राखियो। उनलाई ९० दिनको पूर्जीसहित प्रहरी हिरासतमा राखिएकोमा ०६३ वैशाख १० गते रिहा गरियो। सोही प्रदर्शनमा सशस्त्र प्रहरीले आक्रमण गरी नेकाँका जिल्ला सभापति अर्जुनप्रसाद जोशी, तरुण दलका दयाराम गौडेल र एमालेका कार्यकर्ता अमर गुरुङ्गलाई घाइते बनाए। गौडेलको बायँ खुट्टा भाँचिएकोले जिल्ला अस्पतालमा उपचार भयो।

नेकाँका जिल्ला सभापति अर्जुनप्रसाद जोशी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति नवराज गुरुङ्ग, एमालेका उपसचिव विकास लम्साल, कार्यालय सचिव शान्त पौडेल, जिल्ला सदस्य मेघनाथ सुवेदी र जनमोर्चाका तेजेन्द्र पौडेल, नेपाल शिक्षक संगठनका सदस्य टुकप्रसाद शर्मा, एमाले कार्यकर्ता दिपुबाबु गिरी, अम्मर गुरुङ्ग, स्वास्थ्य कार्यकर्ता मीनप्रसाद शर्मा, तरुण दलका जिल्ला उपाध्यक्ष हरिप्रसाद न्यौपाने र नेविसंघका जिल्ला अध्यक्ष लेखनाथ पौडेललाई ०६२ चैत २८ गते सदरमुकाममा आयोजित शान्तिपूर्ण प्रदर्शनबाट चण्डिका सशस्त्र प्रहरी गणका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा सबैलाई सोही दिन साँझ रिहा गरियो।

विभिन्न दलद्वारा ०६३ वैशाख ८ गते कुश्माबजारमा आयोजित शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा शिवालय गाविस-५ निवासी ३२ वर्षीय नेत्र पराजुलीको बायाँ हातको पाखुरामा, लुंखु गाविस-७ निवासी उमानाथ अधिकारीको टाउकोमा र शिवालय गाविस-३ निवासी बसन्त गुरुङको टाउकोमा लागी लाग्यो। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ४८ ओटा र परेका ३४ ओटामध्ये २३ ओटा मुद्दा फर्स्यौट भई ५९ ओटा बाँकी रहे। फौजदारी दुनियावादी जिम्मेवारी सरेर आएका १२ ओटा र यस वर्ष परेका १३ गरी २५ ओटा मध्ये पाँच ओटा फर्स्यौट भई २० ओटा बाँकी रहे। सरकारवादी मुद्दा जिम्मेवारी सरेर आएका सात र यस वर्ष परेका आठ गरी १५ ओटा मध्ये छ ओटा फर्स्यौट भई नौओटा बाँकी रहे।

बालअधिकार

पकुवा गाविस-१ स्थित ज्योति माविमा कक्षा ६ मा अध्ययनरत १५ वर्षीय लेखबहादुर नेपाली, कक्षा ४ मा अध्ययनरत १४ वर्षीय पदम नेपाली र कक्षा ८ मा अध्ययनरत १६ वर्षीय सुवास नेपालीलाई ०६३ असोज ८ गते माओवादीले अपहरण गरे। अपहरणमा परेकामध्ये लेखबहादुर र पदम नेपाली असोज १५ गते मुक्त भए। सुवास माओवादीसँगै रहेका छन्।

चित्रे गाविस-४ निवासी सिद्ध माविका कक्षा ७ मा अध्ययनरत १४ वर्षीय कृष्ण परियारलाई माओवादी सेनामा भर्ती गर्न ०६३ कात्तिक २६ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। परियार स्थानीय व्यक्तिको सहयोगमा ०६३ मंसिर ६ गते पाल्पाबाट मुक्त भए।

धाइरिङ्ग गाविस-९ स्थित कृष्णभवन माविका विद्यार्थीहरू कक्षा ८ की १५ वर्षीय पार्वती दर्जी, कक्षा ६ का १४ वर्षीय रामु दर्जी र कक्षा ७ की १५ वर्षीय सरस्वती दर्जीलाई माओवादीले ०६३ कात्तिक २९ गते विद्यालयबाट अपहरण गरे। उनीहरू हालसम्म मुक्त भएका छैनन्।

पकुवा गाविस-१ स्थित स्यानी पोखरी प्राथमिक विद्यालयका छात्रहरू कक्षा ५ का १४ वर्षीय शोभा नेपाली, कक्षा ४ का १४ वर्षीय मुना नेपाली, कक्षा ३ का १३ पशुराम नेपाली र कक्षा ५ का १४ वर्षीय पदम नेपालीलाई प्रलोभन देखाई माओवादी सेनामा भर्नाका लागि विद्यालयबाटै माओवादीले ०६३ कात्तिक २९ गते अपहरण गरे। उनीहरू हाल माओवादीको सांस्कृतिक फाँटमा काम गर्दै आएका छन्।

ठूलीपोखरी गाविस-४ निवासी जनता सुदर्शन माविका छात्रहरू कक्षा १० का १६ वर्षीय सिजन सुवेदी र कक्षा ९ का १५ वर्षीय रामचन्द्र परियारलाई सेनामा भर्ती गर्न माओवादीले ०६३ कार्तिक २९ गते विद्यालयबाटै अपहरण गरे। उनीहरू हाल माओवादी सैन्य शिविरमा छन्।

विश्वज्योति माविका कक्षा ६ का १५ वर्षीय लेखबहादुर नेपाली, कक्षा ८ का १५ वर्षीय नारायण नेपाली र कक्षा ६ का १४ वर्षीय नारायण नेपालीलाई माओवादीको सेनामा भर्ती गर्न माओवादीले ०६३ कात्तिक २९ गते अपहरण गरे। अपहरणमा परेकामध्ये लेखबहादुर मंसिर ९ गते र कक्षा ६ का नारायण मंसिर ५ गते पाल्पाबाट स्थानीय व्यक्तिको सहयोगमा मुक्त भए। लेखबहादुर माओवादीसँगै रहेका छन्।

आर्थरडाँडाखर्क गाविस-९ स्थित पञ्चकोशी माविमा अध्ययनरत कक्षा ६ की १२ वर्षीय गंगा गुरुङ्ग र कक्षा ९ की १५ वर्षीय अम्बिका गुरुङ्गलाई माओवादी सेनामा भर्ती गर्न माओवादीले ०६३ कात्तिक २९ अपहरण गरे। हाल उनीहरू सबै माओवादीको सैन्य शिविरमा छन्।

देउपुर गाविस-८ स्थित जननेत्र माविमाा कक्षा ८ मा अध्ययरनत १५ वर्षीय झलकबहादुर क्षेत्री र सोही गाविस-३ निवासी सोही विद्यालयमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय कमला पौडेललाई प्रलोभन देखाई माओवादी सेनामा भर्तीका लागि ०६३ कात्तिक २९ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। हाल उनीहरू माओवादीको नियन्त्रणमा छन्।

खौलालाकुरी गाविसस्थित खौलालाकुरी माविका छात्र कक्षा ४ का १४ वर्षीय अशोक परियार, कक्षा ५ का १५ वर्षीय देउबहादुर विक र कक्षा ८ का १५ वर्षीय दुर्गाबहादुर विकलाई प्रलोभन देखाई माओवादीको सेनामा भर्ती गर्न माओवादीले ०६३ कात्तिक २९ गते अपहरण गरे। उनीहरू हालसम्म माओवादीको नियन्त्रणमा छन्।

ठानामौला गाविस-९ स्थित जनज्योति माध्यमिक विद्यालयका कक्षा १० का १६ वर्षीय गोविन्द जिसी र कक्षा १० का १६ वर्षीय हरि रिजाललाई माओवादीको सेनामा भर्ती गर्न ०६३ मंसिर ९ गते माओवादीले अपहरण गरे। उनी सैन्य शिविरबाट भागेर मंसिर १६ गते घरमा आई हाल विद्यालयमा अध्ययनरत छन्।

विगतको अनुगमन

विस्थापित/सम्पति कब्जा

माओवादीबाट


रानीपानी गाविस-१ निवासी ६९ वर्षीय बखतबहादुर कुँवरलाई मोटर बाटो निर्माण र हेल्थपोष्टको हिसाबकिताब हिनामिना गरेको तथा नेपाली सेनालाई सहयोग गरेको आरोपमा ०६१ पुस १५ गते माओवादीले उनको घरमा तालाबन्दी गरेपछि बखतबहादुर र उनको परिवार हालसम्म विस्थापित छन्।

चित्रे गाविस-५ निवासी ८१ वर्षीय धनबहादुर गुरुङ्गले सुराकी गरेको आरोपमा ०५८ सालमा उनको घरमा रहेको सम्पूर्ण सम्पति माओवादीले कब्जामा लिएर छोरी पवित्रा गुरुङ्गको कपालमुण्डन गरी घर निकाला गरेकोमा हाल बाबु छोरी सदरमुकाममा विस्थापित जीवन बिताइरहेका छन्।

कार्कीनेटा गाविस-५ निवासी नेपाल प्रहरीका डिएसपी रवीन्द्र पौडेलको घरमा ०५९ भदौ २३ गते माओवादीले ताला लगाएकोमा यस वर्षको अन्तसम्म खुलाइएको छैन।

वाच्छा गाविस-२ निवासी सोही गाविसका पूर्व उपाध्यक्ष ५७ वर्षीय भोलाप्रसाद शर्माले नेपाली सेनालाई सहयोग गरेको आरोपमा उनको घरमा ०६० सालमा माओवादीले तालाबन्दी गरेकोमा हालसम्म खोलिएको छैन। पीडित हाल चितवनमा बस्दै आएका छन्।

३.१५ म्याग्दी



जनसंख्या	१,२०,४८८
साक्षरता प्रतिशत	५६
महिला साक्षरता प्रतिशत	३९.८२
क्षेत्रफल (वर्ग कि. मि.)	२,२९७
गाविस/नपा संख्या	४०/०
निर्वाचन क्षेत्र	१
विद्यालय	२०६
क्याम्पस/उच्च मावि	१/४
अस्पताल/स्वास्थ्य चौकी	१/४२
टेलिफोन लाइन	५१०
मोटर सडक (कि. मि.)	४५
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	३८
मानव विकास सूचकाङ्क	०.४९८
प्रति परिवार सरदर संख्या	४.९३

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम बिस्फोटबाट

बाबियाचौर गाविस-६ सल्यान निवासी २१ वर्षीय सुरेन्द्र खत्री ०६३ असार १२ गते घर नजिकैको जङ्गलमा फेला पारेको विस्फोटक पदार्थ चलाउँदा विस्फोटनमा परी घाइते भए। विस्फोटनबाट खत्रीको दुवै हातको कुहिना चुँडिएको छ। दुई वर्ष अघि सोही गाविस-५ ताराखेतमा माओवादी-सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा माओवादीहरू त्यही बाटो भएर भागेका थिए। सोही क्रममा माओवादीले उक्त विस्फोटक पदार्थ जङ्गलमा फालेको अनुमान गरिएको छ।

जेल र बन्दी

कूल २५ जना बन्दी क्षमता भएको कारागार शाखा, म्याग्दीमा हाल तीन महिला समेत १७ जना बन्दी छन्। जसमध्ये छजना कैद तोकिएका र ११ जना पुर्पक्षका लागि

थुनामा रहेका छन्। तीन महिलामध्ये एक ज्यान सम्बन्धी र दुईजना बहुविवाहको घटनामा पुर्पक्षका लागि थुनामा रहेका छन्। माओवादीले ०६० चैत ७ आक्रमण गरी जेलमा रहेका सबै ३३ जना बन्दी भगाएकोमा चारजना बन्दी पुन: सम्पर्कमा आएका थिए। कारागार ०६३ साउन १ गतेदेखि पुन: सञ्चालन भएको हो।

बेपत्ता/अपहरण

माओवादीबाट

मराङ्ग गाविस-७ निवासी जिविसका मनोनित सदस्य लीला गुरुङ्गलाई ०६२ माघ २५ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई ०६३ बैशाख १५ गते मुक्त गरे।

दग्नाम गाविस-४ निवासी २० वर्षीय प्रेम गर्बुजा, २२ वर्षीय अमृत गुर्वजा र १९ वर्षीय पदम बुद्धुजालाई छिमेकी बुद्धिमाया र लालबहादुर गर्बुजाको हत्या गरेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितहरूलाई असोज १२ गते मुक्त गरे।

पुलाचौर गाविस-८ भीरमुनी निवासी सदरमुकाम बेनीमा लेखापढी व्यवसाय गर्दै आएका ४५ वर्षीय योगेन्द्र बानियाँलाई ०६२ चैत २४ गते राति उनकै घरबाट माओवादीले अपहरण गरी ०६३ जेठ २४ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

गस्तीमा रहेको सेनाको एक समूहले ०६२ फागुन ५ गते राति खड्गदल गुल्मका लेफ्टीनेन्ट हरि अधिकारीको कमाण्डमा रहेको सैनिक समूहले बेनीका सबै घरहरूमा ढुङ्गा हान्दै करिब १२ ओटा घरमा तोडफोड गऱ्यो। प्रमुख जिल्ला अधिकारी गंगासागर ढकालले दोषी सैनिकलाई गस्तीमा नपठाउने र आन्तरिक कारबाही थाल्ने वचन दिएपछि स्थिति शान्त भएको थियो। घट्नाको न्यायिक छानबिन र दोषीलाई कारबाहीको माग गर्दै इन्सेकलगायत् विभिन्न मानवअधिकारकर्मी संघ संस्था र नागरिक समाजले विरोध जनाए।

माओवादीबाट

विद्यालय व्यवस्थापनको जिम्मेवारी सरकारलाई फिर्ता नगरे भौतिक कारबाही गर्ने धम्की दिँदै ०६२ माघ ७ गतेदेखि जिल्लाका ९० ओटा सामुदायिक विद्यालयको प्रशासन कक्षमा माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले तालाबन्दी गरे। ताला एक महिना पछि ०६२ फागुन ९ गते खोलिएको थियो।

यसरी अनेरास्ववियु (क्रान्तिकारी) ले विद्यालय व्यवस्थापन सम्झौता भङ्ग नगरे भौतिक कारबाही गर्ने धम्की दिएको थियो। धम्कीपछि जिल्लाका ५७ प्राथमिक, २० निम्न माध्यमिक र १६ माध्यमिक ९३ सामुदायिक विद्यालयहरूले व्यवस्थापन सम्झौता भङ्ग गरे।

जिविसका मनोनित सभापतिलगायत पदाधिकारीलाई ०६२ फागुन २० गते माओवादीले एक पत्र पठाई एक हप्ता भित्र राजीनामा नदिए भौतिक कारबाही गरिने धम्की दिए।

जिल्लाका सबै ४१ गाविस सचिवहरूलाई ०६३ कात्तिक १२ गते माओवादीले पत्र लेखी तत्काल गाविस अध्यक्षको भूमिका लिएर गाउँ नफर्कन धम्की दिए। जिविसले सचिवहरूलाई गाउँ फर्कन दिएको निर्देशनको दोस्रो दिन माओवादीले यस्तो धम्की दिएका थिए।

गैरकानुनी गिरफ्तारी

देविस्थान गाविस-८, रुन्मा निवासी ३० वर्षीय कूलबहादुर फगामी र सोही गाविस-४ निवासी डेकबहादुर पुनलाई माओवादी आरोपमा ०६२ फागुन २५ गते प्रहरीले राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय आएको अवस्थामा उनीहरूलाई पक्राउ गरे। प्रहरीले पुनलाई ०६२ फागुन ३०

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	३	१	३									
घाइते	१	१		१									
गिरफ्तारी/यातना										३	८		८
धम्की					३	३		४०	४३				
भेला/संगठित हुने अधिकार										१	१	३०	३१
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३			३				
अपहरण					५	४	३	३००	३०६				
जम्मा	८	३	५	८	९	९	३	३४०	३५१	४	९	३०	३९

गते रिहा गऱ्यो। पीडित ०६३ असार ३ गते पुनरावेदन अदालत, बाग्लुङ्गको आदेशमा रिहा भए।

अभिव्यक्ति, भेलाहुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विभिन्न राजनीतिक दलहरूद्वारा ०६२ चैत २६ गते सदरमुकाम बेनीमा निकालिएको जुलुसले प्रशासनले लगाएको निषेधाज्ञा तोड्न लाग्दा भएको झडपमा प्रहरीले दुई राउण्ड हवाई फायर र करिब १२ पटक अश्रुग्यास प्रहार गऱ्यो। झडपमा डिएसपी योगेश्वर रोमखामी, प्रहरी निरीक्षक गोगेन्द्रसिंह थापासमेत १४ जना प्रहरी र त्यति नै प्रर्दशनकारीहरू सख्त घाइते भए। घाइते प्रर्दशनकारीमध्ये याम किसानको खुट्टा भाँचियो भने कपडा व्यापारी दुर्गा सुवेदीको टाउकोमा चोट लाग्यो। सोही दिन दिउँसो प्रहरी-प्रर्दशनकारी झडप हुँदा एमाले जिल्ला कमिटी उपसचिव नरदेवी पुनसमेत १४ जना नेता-कार्यकतालाई बिनापूर्जी पक्राउ परे। उनीहरू सबैलाई सोही दिन साँझ रिहा गरियो।

बालअधिकार

भगवती गाविस-७ निवासी ८ वर्षीय एक बालिकालाई ०६३ असार २५ गते उनको नाता पर्ने १८ वर्षीय जयराम रिजालले बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
सम्पत्ति क्षति

माओवादीबाट

दाना गाविस-७ दुवाडीखोला स्थित जिल्ला विकास समितिका मनोनित सभापति चक्रप्रसाद तुलाचनको घरमा ०६२ माघ १८ गते राती माओवादीले प्रेसर कुकर बम विस्फोट गराए। विस्फोटपछि आगलागी हुँदा अन्नपात समेत अन्दाजी २५ लाख रूपैयाँ बराबरको क्षति पुगेको पीडितले बताए।

सम्पत्ति कब्जा

माओवादीबाट

जलवायु तथा मौसम विज्ञान विभाग पोखरामा कार्यरत कमलभाई लुईंटेल र भीमप्रसाद पौडेललाई ०६२ चैत २४ गते भगवती गाविस-६ बाट माओवादीले कब्जामा लिई साथमा रहेको ३७ हजार नगद रुपैयाँ र कागजपत्र लिई मुक्त गरे। माओवादीले ०६३ बैशाख २७ गते रकमवाहेक कागजपत्र फिर्ता गरे।

दरवाङ्ग गाविस-४ निवासी ५२ वर्षीय भीमेन्द्र गौचनको खेतमा लगाई राखेको धानबाली ०६३ कात्तिक १८ गते माओवादीले काटेर लगे। दुई वर्षअघि माओवादीले गौचनको सम्पूर्ण सम्पत्ति लुटेर लगेका थिए। पीडितले २९ रोपनी खेतमा लगाएको झण्डै ४० मुरी धान लुटिएको बताए।

विगतको अनुगम

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएकामा लुलाङ्ग गाविस-६ निवासी ३८ वर्षीय रणबहादुर पुर्जा रहेका छन्। रणबहादुर पुर्जाका बाबु नरबहादुर पुर्जाले भने आफ्नो छोरा रणबहादुरको मृत्यु सुरक्षाकर्मीको गोलीबाट ०६० चैत १० गते बिहान कालीप्रसाद गणको मुलगेटनेर भएको जिकिर गर्दै क्षतिपूर्तिको दाबी गरेका छन्।

३.१६ मुस्ताङ



जनसंख्या	१५,२६५
साक्षरता प्रतिशत	५६
महिला साक्षरता प्रतिशत	५०
क्षेत्रफल (वर्ग कि. मि.)	३५७३
गाविस/नपा संख्या	१६। ०
निर्वाचन क्षेत्र	१
विद्यालय	६५
क्याम्पस/उच्च मावि	० / १
अस्पताल/स्वास्थ्य चौकी	२/१७
टेलिफोन लाइन	१८०
मोटर सडक (कि. मि.)	२५
प्रहरी कार्यालय संख्या	४
हुलाक संख्या	१६
मानव विकास सूचकाङ्क	०.४८२
प्रति परिवार सरदर संख्या	४.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

एमालेका तर्फबाट प्रतिनिधिसभामा निर्वाचित पूर्व सांसद ६८ वर्षीय ओमविकास गौचन तथा उनकी पत्नी ५७ वर्षीया देउकुमारी गौचनलाई ०६२ चैत ३० गते राति कोबाङ गाविस-९ स्थित आफ्नै घरमा केही व्यक्तिहरूले झ्याल-ढोका फोडेर लट्ठीले हिर्काई हत्या गरे। गौचन दम्पत्तिको ०६३ वैशाख १ गते बिहान जिल्ला अस्पतालमा पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार गरियो। जिल्ला अदालतले ०६३ असोज २५ गते गौचन दम्पतिको हत्यामा संलग्न इन्द्रसिंह थकाली, धनप्रसाद तुलाचन तथा कृष्णबहादुर गुरुङलाई सर्वश्वहरणसहित आजन्म कैद तथा प्रकाश गुरुङ र अशोक थकालीलाई आजन्म कैदको फैसला सुनायो।

जेल र बन्दी

जिल्ला सदरमुकाममा ढुङ्गाको कच्ची गारो तथा माटोको छानो भएको करिब ३५ वर्ष पुरानो जेलमा ८ ओटा साँघुरा र अँध्यारा कोठा छन्। पर्याप्त खानेपानी नुहाउने, शौच गर्ने, घाम ताप्ने सुविधा छैन। यस जेलमा एउटा सानो र चिसो कोठामा कर्तव्य ज्यान मुद्दामा छजना पुरुषमध्ये हाल तीनजना विरामी, बृद्ध तथा अशक्त बन्दीहरूलाई कास्की जिल्ला पोखरास्थित जेलमा स्थानान्तरण गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष कर्तव्य ज्यानको एक ओटा, भवितव्य ज्यानको एक ओटा र ज्यान मार्ने उद्योगअन्तर्गत एकओटा मुद्दा गरी तीनओटा मुद्दा दर्ता भई फर्स्यौट भए। जिल्ला प्रशासन कार्यालयमा यो वर्ष पनि कुनै मुद्दा दर्ता भएन। जिल्ला प्रहरी कार्यालयमा भने भवितव्यबाट मृत्यु भएका तीन ओटा घटना दर्ता भए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित			
	अन्यबाट			
	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	३
जम्मा	१	१	१	३



मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रुकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ



जनसंख्या	: ५,१३,५७५
साक्षरता प्रतिशत	: ५७.७
महिला साक्षरता प्रतिशत	: ४६.९
क्षेत्रफल (वर्ग कि. मि.)	: २९५५
गाविस/नपा संख्या	: ३९/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ४२३
क्याम्पस/उच्च मा.वि.	: ५/११
अस्पताल/स्वास्थ्य चौकी	: ५/४०
टेलिफोन लाइन	: ४०००
मोटर सडक (कि. मि.)	: ६३०
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ४५
मानव विकास सूचकाङ्क	: ०.४०९
प्रति परिवार सरदर संख्या	: ६.२२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

त्रिभुवननगर नपा-११ निवासी एमाले जिल्ला परिषद् सदस्य उमेशचन्द्र थापाको 'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कार गर्न प्रचार प्रसारको लागि सात दलले निकालेको शान्तिपूर्ण जुलुसमा सहभागी भइरहेको बेला ०६२ माघ २६ गते दिउँसो त्रिभुवननगर नपा-१० सुपरलज रोडमा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घटनास्थलमै मृत्यु भयो। धर्ना गाविस धर्ना निवासी नेकाँका क्षेत्रीय प्रतिनिधि कृष्ण गिरी गम्भीर घाइते भए। त्यसैगरी प्रहरीले शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप गरी ११ जनालाई बन्दुकको कून्दा र लाठी प्रहार गरी गम्भीर घाइते बनाए। त्यसरी घाइते हुनेमा अखिल नेपाल किसान संघकी केन्द्रीय सदस्य सुष्मा शर्मा घिमिरे, एमाले केन्द्रीय सल्लाहकार सदस्य शालिकराम भण्डारी, एमाले अञ्चल कमिटी सदस्य रीमा नेपाली, जनमोर्चा दाङका सदस्य जीतेन्द्रमान नेपाली, एमाले जिल्ला कमिटी सदस्य देवी पोखेल, सरस्वती गौतम र लीला शाह, अनेमसंघ जिल्ला कमिटी सदस्य अम्बिका पोखेल, नेपाल ट्रेड यूनियनका उपाध्यक्ष बमबहादुर डिसी, नेकाँका दिलिप पोखेल, एमाले रोल्पा जिल्ला कमिटी सदस्य मानबहादुर बाठा, नेपाल महिला संघकी पुष्पा श्रेष्ठ, अखिल नेपाल किसान संघका जगजुलाल चौधरी, नेकाँ क्षेत्रीय सचिव कृष्णप्रसाद सुवेदी, नेपाल महिला संघकी केन्द्रीय सदस्य अनीता देवकोटा, नेकाँका क्षेत्रीय प्रतिनिधि जोगराज शर्मा, नेविसंघका जिल्ला सदस्य रमेशकुमार पाण्डे, दीपक पोखेल र बासुदेव जङ्गली रहेका थिए। घाइतेहरूको घोराहीस्थित महेन्द्र अस्पतालमा उपचार भयो।

चैलाही गाविस-२ कोलहीका सर्वसाधारण २२ वर्षीय रामप्रसाद चौधरीको ०६३ असार २० गते लमहीस्थित संयुक्त सुरक्षा बेसक्याम्प अर्जुनखोलाको ढोका अघिल्तिर अवस्थित प्रतिक्षालयको काठको खम्बामा सुरक्षाकर्मीले झुण्डाएर राखेको बाकस बम विस्फोट हुँदा मृत्यु भयो। सोही प्रतिक्षालयमा बसेका चौलाही गाविस-२ कोलहीका सर्वसाधारण प्रभु चौधरी र जयराम चौधरी, दैलेख घर भई बेसक्याम्प अर्जुनखोलामा कार्यरत नेपाल प्रहरीका प्रहरी जवान २२ वर्षीय होमेन्द्र रावल र सशस्त्र प्रहरीका सहायक प्रहरी हवल्दार राजबहादुर चौधरी बमको छर्रा लागी घाइते भए। प्रभुको लमहीस्थित स्वास्थ्य शिविरमा र अन्य बाँकीको नेपालगञ्जमा उपचार गरियो। प्रतिक्षालयमा सरसफाइ गर्ने क्रममा बम विस्फोट भएको सुरक्षा अधिकारीले बताए।

माओवादीबाट

त्रिभुवननगर नपा-४ भैसाहीका २५ वर्षीय हल्लु चौधरीले आफ्नो घर अगाडिको सडकमा माओवादीले यातायात अवरुद्ध गर्नका निम्ति गाडेको बाँस निकाल्न खोज्दा ०६२ फागुन १५ गते साँझ बम विस्फोट भई उनको घटनास्थलमै मृत्यु भयो। विस्फोटबाट उनको शरीर तीन टुका भएको प्रहरीले बतायो। ०६२ फागुन ११ गते रातिदेखि उक्त स्थानका सडकमा माओवादीले बाँस गाडेर बम राखेका थिए।

हेकुली गाविस-६ डाँडाचिस निवासी राष्ट्रिय अनुसन्धान विभागका सिपाही पुष्कर चौधरीलाई ०६२ फागुन १९ गते माओवादीले अपहरण गरेकोमा भोलिपल्ट तुलसीपुर नपा-११ बसन्तपुरमा हत्या गरी फालिएको अवस्थामा उनको लास फेला पऱ्यो। उनको घाँटी रेटेर हत्या गरिएको जिल्ला प्रहरी कार्यालय, दाङले जनायो।

घोराहीस्थित पूर्व एसपी निवास नजिकैको चौरमा माओवादीले राखेको बम ०६२ फागुन २५ गते विस्फोट हुँदा



घोराही कारागारमा रहेका बन्दीहरू

रोल्पा जिल्ला निवासी विक्रम घर्ती, रामेछाप जिल्ला निवासी प्युठद्वय विमल बुढाथोकी र शान्तबहादुर बस्नेतको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा घाइते भएका दोलखा जिल्ला निवासी युनिफाइड कमाण्डका यादव चौलागाईको उपचारकै क्रममा काठमाडौंमा मृत्यु भयो। सो घटनामा सिन्धुली दरबन्दी भएका प्रहरी जवान रामबहादुर दाहाल, कपिलवस्तु दरबन्दी भएका प्रितम घर्ती, नेपाली सेनाका प्युठ बुद्धिप्रताप चौधरी र सिपाही सन्तोष धामी र एकजना सर्वसाधारण घाइते भए। पीडितहरूकको उपचार काठमाडौं भयो।

सल्यान जिल्ला श्रीनगर गाविस स्थायी घर भएका त्रिभुवननगर नपा-११ निवासी ना ३ ख ६०५ नम्बरको गाडीधनी फत्तेबहादुर बिष्टको ०६२ चैत १७ गते बिहान घोराहीस्थित दीपशिखा रोडमा माओवादीले गोली हानी हत्या गरेको पीडित परिवारले बताए। गोली प्रहार गरी पीडकहरू हातमा पेस्तोल समाती पश्चिमतर्फ भागेका थिए। सो घटनाका सम्बन्धमा माओवादीले कुनै जानकारी दिन चाहेन। पीडित पूर्व प्रहरी हवल्दार हुन्। उनको हत्याको कारण खुल्न सकेन।

दोहोरो भिडन्त

त्रिभुवननगर नपा-१० मिलनचोकस्थित बालमन्दिर नजिक ०६२ माघ ४ गते साँझ माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीले चलाएको गोली लागी माओवादी कम्पनी कमान्डर रञ्जितको घटनास्थलमै मृत्यु भयो भने श्रीनाथ गण घोराहीमा कार्यरत लेसनायक २३ वर्षीय धावा वालेन लामाको टाउकोमा गोली लागेकोमा उपचारको लागि हेलिकोप्टरबाट काठमाडौं लग्ने क्रममा बाटैमा मृत्यु भयो। रञ्जित प्युठान जिल्ला तिराम गाविसका र लामा पर्सा जिल्लाको निर्मलवस्ती गाविस-२ बुद्धनगरका हुन्।

अन्यबाट

त्रिभुवननगर नपा-४ चौघेरा निवासी नेकाँ (प्रजातान्त्रिक) का त्रिभुवननगरका सभापति श्रीधर सुवेदी ०६३ भदौ २ गते घरबाट बाहिर निस्केकोमा भोलिपल्ट दिउँसो कटुवा खोलाको पुलमुनी हत्या गरिएको अवस्थामा उनको लास फेला पऱ्यो। गाउँलेहरूले लास खेतको कुलोमा घोप्टो परेको अवस्थामा देखेका थिए। प्रहरीले हालसम्म हत्याराहरू पत्ता लगाउन सकेको छैन। हत्याराहरूले उनको घाँटी रेटेर हत्या गरेको र अण्डकोष निकालिएको प्रहरीले जनायो।

गोली/ बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

त्रिभुवननगर नपा-८ बडहराका १५ वर्षीय बालक दीपक घर्तीले कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६२ चैत २४ गते राति सुरक्षाकर्मीले घोराहीस्थित सुपर लज अगाडि बिनाचेतावनी गोली हानी उनलाई घाइते तुल्याए। पीडितको कम्मरमा लागेको गोली छेडेर अगाडिबाट निस्किएको थियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	४	३	७	४	८			८	३	३			३
घाइते	३	३		३	४	८			८	३	३०	५		३५
गिरफ्तारी/यातना										३८	९३	८		१०१
कुटपिट	१	१		१	३	५			५					
धम्की										१	१			१
भेला/संगठित हुने अधिकार										१	१		११	१३
महिलाअधिकार	४		४	४										
बालअधिकार	३		३	३										
अपहरण	४	३	१	४	३७	४८	६	३३	७६					
जम्मा	३०	१०	१०	३०	३८	६८	६	३३	९६	३६	११८	१३	११	१४३

उनलाई महेन्द्र अस्पताल, घोराहीमा प्रारम्भिक उपचार गराई इन्सेकको आर्थिक सहयोगमा नेपालगञ्जमा थप उपचार गरियो। पीडित हालसम्म पूर्ण स्वस्थ हुन सकेका छैनन्।

माओवादीबाट

तुलसीपुरबाट गस्तीमा गएका सुरक्षाकर्मीको गाडी ०६२ माघ १५ गते दिउँसो हेकुली गाविसको पोटलीमा माओवादीले राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा एक सुरक्षाकर्मी घाइते भए। घाइतेको नेपालगञ्जमा उपचार भयो। घाइतेको नाम खुल्न सकेन।



सुरक्षाकर्मीद्वारा मारिएका उमेशचन्द्र थापा

श्रीनाथ गण घोराहीमा कार्यरत सेनाका नायक डम्बर लिम्बू ०६२ चैत १२ गते माओवादीले त्रिभुवननगर नपा-११ घोराहीको ट्राफिक कार्यालयको चेकपोष्टमा राखेको बम विस्फोट हुँदा घाइते भए। घाइतेको महेन्द्र अस्पताल, घोराहीमा उपचार भयो।

बेवारिसे बमबाट

श्रीगाउँ गाविस-८ बोगटीका १० वर्षीय अनिल केसी ०६२ माघ १६ गते साँझ घर नजिकै बाटामा रहेको बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भए। उनको दाहिने खुट्टाको तिघ्रामा तीनओटा छर्रा लागेको थियो। घाइतेको तुलसीपुरस्थित सौरभ मेडिकलमा उपचार भयो। हाल उनको स्वास्थ्य स्थिति सामान्य छ।

पवननगर गाविस-४ मिलनचोकका ६ वर्षीय प्रकाश खनालले ०६२ चैत २८ गते बेवारिसे अवस्थामा रहेको सकेट बम भेट्टाई घरमा खेलाउँदा विस्फोट भई गम्भीर घाइते भए। बालकको खुट्टा, छाती, गाला र आँखामा बमको छर्रा लागेको थियो। पीडितको घोराहीमा उपचार गरियो।

जेल र बन्दी

'ङ' श्रेणीको घोराही जेलको बन्दी क्षमता ५० जनाको छ। यस जेलमा हाल ५० जना बन्दी रहेका छन् जसमध्ये १७ पुरुष र दुई महिला गरी १९ जना थुनुवा र ३१ जना पुरुष कैदी छन्। यस जेलमा पानी, पत्रपत्रिका, रेडियो, टिभी तथा खेलकुदका सामग्रीको समस्या रहेको छ।

'घ' श्रेणीको तुलसीपुरको कारागारको बन्दी क्षमता १०० जनाको छ। यस जेलमा हाल ७४ जना बन्दी रहेका छन् जसमध्ये ४० पुरुष र चार महिला गरी ४४ जना कैदी तथा २८ जना पुरुष र दुई महिला गरी ३० जना थुनुवा छन्। खानेपानी, नुहाउन, लुगा धुनसमेत पानीको अभाव रहेको बन्दीहरू बताउछन्। खेलकुदको सामग्रीमा क्यारेमबोर्ड तथा टेवलटेनिस बोर्ड उपलब्ध गराइएको छ। इन्सेकको सहयोगमा जेलमा विभिन्न पुस्तक तथा खेलकुद सामग्रीहरू उपलब्ध गराइएको छ।



सुरक्षाकर्मीले राखेको बम विस्फोट हुँदा मारिएका रामप्रसाद चौधरी

बेपत्ता/अपहरण

माओवादीबाट

तुलसीपुर नपा-३ निवासी 'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनमा तुलसीपुर नपा-३ को वडाध्यक्ष पदका उम्मेदवार ढुण्डीराज राणालाई सोधपुछ गर्नुछ भनी ०६२ फागुन १६ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरित राणाले ०६२ फागुन १९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी आफूलाई झुक्याएर उम्मेदवारी दिन लगाएको र आफूले उक्त पदबाट राजीनामा दिएको सार्वजनिक गरेपछि भोलिपल्ट घरमै पुऱ्याई माओवादीले मुक्त गरे।

सोनपुर गाविस-४ का भिखू चौधरीले गाउँकै एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनलाई उनकै घरबाट अपहरण गरी तीन दिनपछि सोनपुरबाट मुक्त गरे।

त्रिभुवननगर नपा-१ भगवानपुर सर्राका ३१ वर्षीय रामबहादुर बस्नेतले माओवादी विरुद्ध सुराकी गरेको आरोपमा ०६२ फागुन २३ गते साँझ माओवादीले उनलाई मोटरसाइकलबाट घर फर्कदै गर्दा सौडियार गाविस-५ जबरपुरबाट अपहरण गरी तीन दिनपछि सौडियारबाटै मुक्त गरे।

सोनपुर गाविस-५ कौडियाकी १४ वर्षीया सरीता चौधरीलाई माओवादी पार्टीमा संलग्न गराउने उद्देश्यले ०६२ चैत ६ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडित चैत २० गते केरुनियाबाट माओवादीको कब्जाबाट भागेर घर फर्किइन्।

नारायणपुर गाविसका बुद्धि चौधरीले माओवादीको नाममा गाउँका जनतालाई धम्काएर जबरजस्ती चन्दा उठाउँदै हिंडेको आरोपमा ०६२ चैत १८ गते माओवादीले उनलाई बुधौरा गाविसबाट



सुरक्षाकर्मीले राखेको बम विस्फोट हुँदा घाइते भएका प्रभु चौधरी

अपहरण गरी चैत २० गते बुधौरा भन्ने ठाउँबाट मुक्त गरे।

काभ्रे गाविस-९ बचेनीका डोमबहादुर विक र कृष्णबहादुर नेपाली, रामपुर गाविस बुकाका कमरा परियार र चैलाही गाविसका श्याम चौधरीले चोरी गरेको आरोपमा ०६३ वैशाख २ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी वैशाख ७ गते काभ्रेबाट मुक्त गरे।

स्यूजा गाविस-३ का चुमान विकले सुराकी गरेको आरोपमा ०६३ वैशाख ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी एक हप्तापछि घरैमा पुऱ्याई मुक्त गरे।

सर्मजीत गुल्मका हवल्दार एवम् बा. ५ च. ४१६४ नम्बरको सेनाको गाडी चालक जगत खनालले ०६३ वैशाख १४ गते हलवार गाविस-१ पर्सेनीबजारमा तुलसीपुरतर्फ जाँदै गर्दा गाडीले १० वर्षीय सितल न्यौपानेलाई कुल्ची घाइते बनाएकोमा माओवादीले खनाललाई अपहरण गरे। स्थानीय बासिन्दाहरूले सो गाडीमाथि आगजनी गरेका थिए। खनाललाई वैशाख १५ गते मानवअधिकारकर्मीको पहलमा मुक्त गरियो।

टरिगाउँ गाविस-१ नयाँबस्तीका गेहेन्द्र चौधरी नक्कली माओवादी बनी लुटपाटमा संलग्न रहेको आरोपमा ०६३ वैशाख २४ गते माओवादीले उनलाई गाउँबाट अपहरण गरी जेठ १२ गते सोही गाउँमा एक कार्यक्रमकाबीच उनको परिवारको जिम्मा लगाए।

सिसहनिया गाविस-५ का कल्लु चौधरी, चन्द्रेश्वर चौधरी र काशिराम परियारले सोही ठाउँकी मानसिक सन्तुलन गुमाएकी एक महिलालाई बलात्कार गरेको र विभिन्न स्थानमा चोरी गरेको आरोपमा ०६३ जेठ १२ गते माओवादीले उनीहरूलाई सोही ठाउँबाट अपहरण गरी पुनः त्यस्ता घटना नदोहोऱ्याउने सर्तमा भोलिपल्ट गाउँमा ल्याई मुक्त गरे।

चैलाही गाविस-१ बेलडाँडाका पूण्यप्रसाद शर्मा र गिरिराज सुवेदीले माओवादीको नाममा छिमेकीसँग अभद्र व्यवहार गर्दै हिंडेको र आइ.एन.एफ. नामक संस्थाको सेवामूलक काममा बाधा पुऱ्याएको आरोपमा ०६३ असार ५ गते माओवादीले उनीहरूलाई बेलडाँडाबाट अपहरण गरे। पीडितहरूलाई माओवादीले एक भेला आयोजना गरी पुनः त्यस प्रकारका क्रियाकलाप नगर्ने सर्तमा सोही दिन बेलडाँडाबाट मुक्त गरे।

बाँके जिल्ला नेपालगञ्ज नपा-१६ का डायमण्ड श्रेष्ठ र ढिकपुर गाविसकी २८ वर्षीया नीमा परियारले गाउँका चेलिबेटीहरूलाई विदेश पठाउने बहानामा बेचबिखन गर्ने गरेको आरोपमा ०६३ असार १० गते माओवादीले उनीहरूलाई नारायणपुरबाट अपहरण गरी सात दिनपछि इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा ढिकपुरबाट मुक्त गरे। उनीहरू निर्दोष रहेको माओवादीको अनुसन्धानबाट फेला परेको कारण उनीहरूलाई मुक्त गरिएको माओवादीले जनाए।

हलवार गाविस-१ खाद्रेका मोहन नेपाली, पार्वती नेपाली, गोल्टाकुरी गाविस-१ फुर्सेसल्लीका चुडामणि पुन र हेकुली गाविस-९ शुकदेवाका शोभाराम परियारले चोरी गरेको आरोपमा ०६३ असार ११ गते उनीहरूलाई माओवादीले पसेर्नीबाट अपहरण गरे। चोरी गरेको रकमसमेत माओवादीलाई बुझाई असार १४ गते सबैजना सोही ठाउँबाट मुक्त भए।

चैलाही गाविस-४ खैरीका बुद्धिप्रकाश चौधरी नक्कली माओवादी बनी रकम असुल्ने गरेको आरोपमा ०६३ असार ३० गते माओवादीले उनलाई लमहीबाट अपहरण गरी साउन ५ गते खैरीबाट मुक्त गरे।

बाग्लुङ जिल्लास्थित वीरगणमा कार्यरत सैनिक जवानहरू बिजौरी गाविस-३ बर्लेनिडाँडाका मदन नेपाली र शान्तिनगर गाविस-१ चिराघाटका ज्ञानबहादुर रायमाझीले महिलासँग अभद्र व्यवहार गरेको आरोपमा ०६३ साउन ३ गते माओवादीले उनीहरूलाई बिजौरीबाट अपहरण गरी पुनः त्यसप्रकारका गल्ती नगर्ने सर्तमा भोलिपल्ट नागरिक समाजका प्रतिनिधिहरूको रोहबरमा बिजौरीबाट मुक्त गरे।

पुरन्धारा गाविस-३ का ४० वर्षीय भीमबहादुर वली माओवादीको क्षेत्रीय कमिटीमा रहेको बेला आर्थिक हिनामिना गरेको आरोपमा ०६३ साउन ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक ७ गते परिवारजनको रोहबरमा मुक्त गरे।

सोनपुर गाविस-५ टिकलीगढका ३२ वर्षीय मानबहादुर चौधरीले महिलासँग अभद्र व्यवहार गरेको आरोपमा ०६३ साउन १४ गते माओवादीले उनलाई गाउँबाट अपहरण गरी पुनः त्यस प्रकारका क्रियाकलाप नगर्ने सर्तमा भोलिपल्ट सोनपुरबाट मुक्त गरे।

धनौरी गाविस धनौरीका १७ वर्षीय द्रोण परियारलाई ०६३ असोज २ गते माओवादीले घरबाटै आफ्नो कार्यक्रममा संलग्न गराउन अपहरण गरी एक हप्तापछि घरमै पुऱ्याई

मुक्त गरे।

बेला गाविस-१ मटेरीयाकी १३ वर्षीया स्मृति चौधरीलाई ०६३ असोज ८ गते माओवादीले बेलाबाट पार्टी कार्यक्रममा जबरजस्ती लगेकोमा पीडितको बुबाले माओवादीसँग छोरी फिर्ता गर्न आग्रह गरेपछि माओवादीको ११ नं. एरिया कमिटीले बालिकालाई ०६३ असोज २० गते सोनपुरको केरुनियाबाट मुक्त गऱ्यो।

त्रिभुवननगर नपा-५ निवासी 'शाही सरकार'द्वारा मनोनित पूर्व मेयर ३७ वर्षीय बलिभद्र रानालाई लोकतान्त्रिक आन्दोलनका सहिद उमेश थापाको हत्यामा संलग्न रहेको आरोपमा ०६३ असोज १५ गते दिउँसो माओवादीले रानालाई अम्बिकेश्वरी मन्दिरबाट घर फर्किने क्रममा अपहरण गरे। माओवादीले ०६३ कात्तिक २९ गते १० लाख रूपैयाँ लिई पीडितलाई घोराहीबाट मुक्त गरे।

सौंडियार गाविस-९ कनरीयाका २९ वर्षीय कमल केसी नक्कली माओवादी बनी अन्यलाई ठगी गरेको आरोपमा ०६३ असोज २३ गते माओवादीले उनलाई घोराही बजारबाट अपहरण गरी असोज २५ गते नारायणपुर बजारबाट इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा मुक्त गरे।

फूलबारी गाविस-५ ढकनाका गिरीजा विक र दीपक विक नक्कली माओवादी बनी चन्दा असुलेको आरोपमा ०६३ असोज २४ गते माओवादीले उनीहरूलाई गोल्टाकुरी गाविस-९ सीमताराबाट अपहरण गरी पुनः त्यस प्रकारको कार्य नगर्ने सर्तमा असोज २९ गते परिवारजनको रोहबरमा सोही ठाउँबाट मुक्त गरे।

सिसहनिया गाविस-९ का गंगाराम चौधरी र मुनराम चौधरी नक्कली माओवादी बनी लुटपाट गरेको आरोपमा ०६३ कात्तिक १३ गते माओवादीले उनीहरूलाई सिसहनियाबाट अपहरण गरी कात्तिक १४ गते सोही ठाउँबाटै मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

दाङस्थित राप्ती सञ्चार सेवाद्वारा सञ्चालित रेडियो तुलसीपुर एफएमका समाचार सम्पादक भीमार्जुन रेग्मीलाई समाचारको विषयलाई लिएर ०६२ माघ २५ गते बिहान सुरक्षाकर्मीले कार्यालयभित्र प्रवेश गरी गिरफ्तार गरे। गिरफ्तारपछि पीडितलाई इलाका प्रहरी कार्यालयमा राखी सुरक्षाकर्मीले रेडियोबाट प्रसारित समाचारमा सुरक्षाकर्मीलाई लक्षित गरी समाचार प्रसारण नगर्न भन्दै धम्की दिए। करिब तीनघण्टा नियन्त्रणमा लिइसकेपछि समाचार ख्याल गरेर प्रशारण गर्न धम्की दिँदै पुनः सोधपुछ गर्ने सर्तमा रिहा गरे। उक्त घटनाको विरोधमा नेपाल पत्रकार महासंघ, प्रेस चौतारी, मेचिकाली मिडिया सेन्टर, युवा पत्रकार मञ्च, महिला पत्रकार मञ्चलगायत अन्य संघसंस्थाहरूले विज्ञप्तिमार्फत् सुरक्षाकर्मीको व्यवहारको विरोध गरे।

माओवादीबाट

पवननगर गाविस-९ कुइरेपानीका द्रोणप्रसाद न्यौपानेले घरायसी विवाद गरेको आरोपमा ०६३ साउन २२ गते माओवादीले उनलाई घरमा गई मरणासन्न हुने गरी कुटपिट गरे।

लक्ष्मीपुर गाविस-६ वरगदुवाका ५२ वर्षीय श्रीधर घर्तीलाई बिनाकारण ०६३ भदौ ३० गते माओवादीले गोग्ली बजारमा लाठी र खुट्टाले निर्घात कुटपिट गरे।

एमालेका डुरुवा गाउँ पार्टी सचिव मनोहर बुढाथोकी, अनेरास्ववियुका जिल्ला अध्यक्ष विवेक श्रेष्ठलगायत तीनजनालाई ०६३ पुस १३ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले डुरुवा गाविस-८ स्थित बालमितेरी माविको सञ्चालक समितिको सभापति पदमा विवाद हुँदा कुटपिट गरी घाइते तुल्याए। घाइतेहरूको काठमाडौंमा उपचार भयो।

गैरकानुनी गिरफ्तारी

लक्ष्मीपुर गाविस-३ बेलुवाका १६ वर्षीया संगीता चौधरी माओवादी भएको आरोपमा ०६२ पुस २५ गते साँझ घोराही बजारबाट घरतर्फ जाँदा सुरक्षा चेकजाँचमा खटिएका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडित पुनरावेदन अदालतको आदेशबाट ०६३ वैशाख २४ गते रिहा भइन्। उनलाई तुलसीपुर कारागारमा राखिएको थियो।

त्रिभुवननगर नपा-३ की २० वर्षीया स्यानी चौधरी माओवादी भएको आरोपमा ०६२ माघ ३ गते सर्चमा गएका सुरक्षाकर्मीले उनलाई लक्ष्मीपुर गाविस-८ लमडरुवामा सिलाइकटाई सिक्दै गरेको अवस्थामा गिरफ्तार गरी तुलसीपुर



बेवारिसे बम विस्फोटबाट घाइते भएका प्रकाश खनाल

कारागारमा चलान गरे। पीडित पुनरावेदन अदालत तुलसीपुरको आदेशमा ०६३ वैशाख २४ गते रिहा भइन्।

अनेरास्ववियु (क्रान्तिकारी) की जिल्ला सदस्य रीमा वली र महिला कार्यकर्ता जीविका चौधरीलाई ०६२ माघ ६ गते बिहान सुरक्षाकर्मीले लक्ष्मीपुर गाविस-४ बन्जाडीबाट गिरफ्तार गरी तुलसीपुर कारागार चलान गरे। दुवै पुनरावेदन अदालत, तुलसीपुरको आदेशबाट ०६३ वैशाख ६ गते रिहा भए।

हापुर गाविस बिजैरीका २० वर्षीय बसन्त सुनार माओवादी भएको आरोपमा ०६२ माघ ६ गते सर्चमा गएका सुरक्षाकर्मीले उनलाई हापुर गाविस-५ निघुवारबाट गिरफ्तार गरी तुलसीपुर कारागारमा चलान गरे। पीडित पुनरावेदन अदालत, तुलसीपुरको आदेशमा ०६२ चैत १३ गते तुलसीपुर कारागारबाट रिहा भए।

हेकुली गाविस-४ मौलीका १९ वर्षीय रामबहादुर चौधरी माओवादी भएको आरोपमा ०६२ माघ १२ गते सुरक्षाकर्मीले उनलाई घोराहीको ट्राफिकचोकबाट गिरफ्तार गरी तुलसीपुर कारागारमा राखे। पीडितलाई पुनरावेदन अदालतको आदेशमा तुलसीपुर कारागारबाट ०६२ चैत १३ गते रिहा गरियो।

लक्ष्मीपुर गाविस-३ बन्जाडीका १७ वर्षीय खिमबहादुर चौधरी माओवादी भएको आरोपमा ०६२ माघ १२ गते सुरक्षाकर्मीले चौधरी कामको सिलसिलामा घोराही बजार गएको बेला घोराहीस्थित ट्राफिक चेकपोष्टबाट साइकलसहित गिरफ्तार गरे। पीडितलाई घोराही कारागारबाट जेठ ११ गते रिहा गरियो।

माओवादी कार्यकर्ता सूचना भनिने सुधा रेग्मी र गीता चौधरीलाई ०६२ माघ १५ गते सर्चमा गएका सुरक्षाकर्मीले श्रीगाउँ गाविसबाट गिरफ्तार गरी तुलसीपुर कारागार चलान गरे। पुनरावेदन अदालतको आदेशमा सुधा ०६३ वैशाख २५ गते र गीता ०६३ जेठ ११ गते रिहा भए।

गोवरडिहा गाविस-८ का २४ वर्षीय भरत चौधरी माआवादी भएको आशंकामा ०६२ माघ १६ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरी सोधपुछपछि एक हप्तापछि गढवा बेस क्याम्पबाट रिहा गरे।





माओवादीद्वारा अपहरण गरिएका बलिभद्र राना र जगत खनाल

पुरन्धारा गाविस-८ का २५ वर्षीय सेतुराम नेपाली र ३० वर्षीय देवीराम विक माओवादी भएको आरोपमा ०६२ माघ २० गते सुरक्षाकर्मीले उनीहरूलाई घरबाट तुलसीपुर बजार आएको बेला गिरफ्तार गरी तुलसीपुर कारागारमा चलान गरे। पीडितहरू पुनरावेदन अदालत तुलसीपुरको आदेशमा ०६२ चैत १७ गते रिहा भए।

नेकाँ क्षेत्र नं. ४ का प्रतिनिधि गंगाधर गैरेलाई ०६२ माघ २५ गते सुरक्षाकर्मीले सात दलको विरोध कार्यक्रमको समापन लगत्तै तुलसीपुर बजारबाट गिरफ्तार गरी केही समय बेपत्ता पारे। पीडित पुनरावेदन अदालत तुलसीपुरमा दायर भएको बन्दीप्रत्यक्षीकरणको रिटमाथिको सुनवाइपछि अदालतको आदेशबाट ०६३ वैशाख ११ गते रिहा भए। पीडितलाई तुलसीपुर कारागारमा राखिएको थियो।

पुन: गिरफ्तारी

पुनरावेदन अदालत तुलसीपुरको आदेशमा रिहा भएका तुलसीपुर नपा-९ दुधेनाका ३१ वर्षीय कुमारनाथ योगीलाई ०६२ चैत ९ गते दाङ देउखुरी जिल्ला अदालत परिसरबाट सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी सोहीसाँझ रिहा गरे। पीडितलाई माओवादीको आरोपमा ०६२ पुस २५ गते सुरक्षाकर्मीले घोराहीबाट गिरफ्तार गरी तुलसीपुर कारागारमा राखेकोमा पीडितकी पत्नी पुनादेवी योगीले पुनरावेदन अदालत तुलसीपुरमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्।

पुनरावेदन अदालत तुलसीपुरको आदेशमा तथा जिल्ला अदालतको रोहबरमा तुलसीपुर कारागारमा थुनामा रहेका रुकुम जिल्ला साँख गाविस-१० निवासी १५ वर्षीय कमलबहादुर रावललाई ०६२ फागुन २३ गते जिल्ला अदालतबाट रिहा गर्दा प्रहरीले जिल्ला अदालतबाट पुन: गिरफ्तार हुन सक्ने संभावना रहेकोले मानवअधिकारकर्मी तथा पत्रकारहरूको पहलमा जिल्ला अदालत बाहिर पुऱ्याइएका उनलाई सशस्त्र प्रहरीका दुई जवानले १० राउण्ड गोली प्रहार गरे। मानवअधिकारकर्मी तथा पत्रकारहरूको पहलमा मोटरसाइकलमा राखी अदालत बाहिर लग्नेक्रममा उनीमाथि गोली प्रहार गरिएको थियो। उनलाई माओवादीको आरोपमा ०६१ पुस महिनामा रुकुम जिल्लाबाट गिरफ्तार गरी ०६२ वैशाख १५ गतेदेखि तुलसीपुर कारागारमा राखिएको थियो। जिल्लास्थित विभिन्न संघसंस्थाहरूले विज्ञप्तिमार्फत सो घटनाको भर्त्सनासमेत गरेका थिए।

त्रिभुवननगर नपा-८ बडहराकी १५ वर्षीया सुन्तली चौधरी बन्दीप्रत्यक्षीकरण मुद्दामा पुनरावेदन अदालत तुलसीपुर दाङको आदेशमा ०६३ जेठ ७ गते घोराहीबाट रिहा भई घरतर्फ जान लाग्दा घोराहीको तुलसीपुर चोकबाट सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी सोही दिन रिहा गरे।

उनलाई माओवादीको आशंकामा ०६२ माघ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तुलसीपुर कारागारमा राखेका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

त्रिभुवननगर नपा-१० घोराहीको दामोदरचोकमा ०६२ माघ ७ गते दिउँसो सात दलले आयोजना गरेको सभामा सुरक्षाकर्मीले हस्तक्षेप गरी एमालेका उपेन्द्र खड्का, ठाकुल वली, यमराज वली, लिलामणि गौतम, नेकाँका खगराज पाण्डे, दीपक न्यौपाने, जनमोर्चाका सूर्य पौडेल, बाममोर्चाका गणेश केके र कार्यकर्ताहरू राजु न्यौपाने, अमृत बुढा र केशव भुसाललाई गिरफ्तार गरे। सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखी दुई दिनपछि रिहा गरियो।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कार गर्न प्रचार प्रसारको दौरानमा रहेका नेकाँ दाङका सचिव शंकर गिरी, नेकाँ क्षेत्र नं.४ का सभापति टोपबहादुर केसी, नेकाँ दाङका महासमिति सदस्य केशवकुमार आचार्य, एमालेका सल्लाहकार ढुण्डीराज लामिछाने, एमालेका जिल्ला परिषद् सदस्य मेघराज भुसाल र नेत्रमणि लामिछाने, नेकाँ (प्रजातान्त्रिक) दाङका उपसभापति जनार्दन शर्मा र व्यापारी बलदेव शर्मालाई ०६२ माघ १८ गते सुरक्षाकर्मीले तुलसीपुरस्थित उनीहरूकै घरघरबाट गिरफ्तार गरी सबैलाई दूरसञ्चार कार्यालय, तुलसीपुरमा राखे। बलदेवलाई दुई दिनपछि रिहा गरियो, मेघराजलाई ९० दिनको थुनुवापुर्जी र अन्य बाँकीलाई १५ दिने थुनुवापूर्जी दिई ०६२ माघ २७ गते तुलसीपुरबाट रिहा गरियो।

सात दलको आयोजनामा ०६२ माघ १८ गते तुलसीपुर बजारबाट निस्केको मोटरसाइकल ज्यालीबाट नेविसंघ दाङ जिल्लाका सचिव दिपक पाण्डे र आन्दोलन समर्थक शान्ति नेपाललाई प्रहरीले गिरफ्तार गरी १५ दिने थुनुवापूर्जी थमायो। दुवै माघ २७ गते रिहा भए। त्यसैगरी नेकाँ दाङका क्षेत्रीय सदस्य बसन्तकुमार देवकोटा, मानपुरगाउँ इकाईका सभापति भागवत आचार्य, नेकाँ दाङका सक्रिय सदस्य दीपक शर्मा, एमाले तुलसीपुर नगर कमिटीका सदस्य यमकान्त पाण्डे र एमाले पार्टी सदस्य माधव भुसाललाई तुलसीपुर बजारबाट गिरफ्तार गरे। सबैलाई १५ दिने पूर्जीसहित माघ २७ गते रिहा गरियो। सबैलाई इलाका प्रहरी कार्यालयमा राखिएको थियो।

सात दलको आयोजनामा ०६२ माघ १९ गते त्रिभुवननगर नपाको घोराहीमा निस्केको विरोध ज्यालीबाट प्रहरीले नेकाँका महाधिवेशन प्रतिनिधि राजु खनाल, नेकाँका महासमिति सदस्य भरत न्यौपाने, नेपाल तरुण दलका पाण्डव खनाल, नेकाँ क्षेत्रीय नं. २ का सदस्य दामोदर शर्मा, एमाले



अनेरास्ववियु (क्रान्तिकारी) द्वारा कुटपिट गरी घाइते बनाइएका मनोहर बुढाथोकी र विवेक श्रेष्ठ

क्षेत्र नं. ३ का सचिव रणबहादुर भण्डारी, एमाले जिल्ला कमिटीका वीरबहादुर केसी र मोहन गिरी, लालटिया गाउँ कमिटीका उपसचिव टोपबहादुर झाक्री, अनेरास्ववियुका केशव भुसाल, अनेरास्ववियुका ठाकुर वलीलगायत सूर्यप्रकाश राना, एमवि केसी, किरण न्यौपाने र राजकुमार धितललाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा १५ दिने थुनुवा पूर्जीसहित राखी माघ २७ गते रिहा गरे।

सात दलको आन्दोलनमा अनुगमन गरिरहेका दाङस्थित इन्सेक आबद्ध संस्थाका सचिव केशवकुमार शर्मालाई ०६२ माघ २१ गते सुरक्षाकर्मीले तुलसीपुरबाट लछारपछार गर्दै गिरफ्तार गरी चारघण्टा नियन्त्रणमा लिई रिहा गरे। त्यसैगरी सोही समयमा एमाले संगठन विभाग प्रमुख शम्भु गौतमलाई तुलसीपुरको विरोधसभामा जाँदै गर्दा बाटैबाट गिरफ्तार गरी बिनापूर्जी इलाका प्रहरी कार्यालय तुलसीपुरमा राखी ०६२ माघ २७ गते रिहा गरे।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनको विरोध गर्न ०६२ माघ २४ गते तुलसीपुरमा सात दलले आयोजना गरेको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी नेकाँका महेन्द्र धिताल, मदन रसिक, महेश देवकोटा, टीका घर्ती, जोगेन्द्र विक, दुर्गा बुढाथोकी, टोपेन्द्र तन्नेरी, कृती खड्का, यानप्रसाद सुवेदी, घनश्याम सेपाइली, नेविसंघका परिणयविक्रम शाह, एमालेका श्रीमणि आचार्य, कृष्ण भुसाल, टोपेन्द्र गौतम, नेकाँ (प्रजातान्त्रिक) का प्रकाश देवकोटा, जनमोर्चाका नारायण भण्डारीसहित २८ जना नेता कार्यकर्तालाई गिरफ्तार गरे। तुलसीपुरको गणेशमानचोकमा जुलुस आइपुग्दा प्रहरीले हस्तक्षेप गरी दलका नेता तथा कार्यकर्ताहरूलाई छानीछानी गिरफ्तार गरेको थियो। सबैलाई माघ २७ गते रिहा गरियो।

स्वर्गद्वारी एफएमबाट प्रसारण हुने अखबार कार्यक्रम ०६३ वैशाख ४ गतेदेखि स्थानीय प्रशासनले प्रसारण गर्न रोक लगाएकोमा वैशाख ६ गेतदेखि पुन: सञ्चालनमा आयो। सगरमाथा एफएमबाट प्रसारण हुँदै आएको अखबार कार्यक्रम स्वर्गद्वारी एफएमले प्रत्येक दिन बिहान टेलिफोनमार्फत रिले

प्रसारण गर्दै आएको थियो। यसअघि प्रशासनले सोही एफएमको ५६०१६४ नम्बरको टेलिफोन लाइनसमेत काटेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६२ पुस १७ गतेदेखि ०६३ पुस १६ गतेसम्म जिल्ला अदालतमा व्यक्तिवादी देवानी १ सय ३३ ओटा, दुनियावादी फौजदारी ८८ ओटा र सरकारीवादी फौजदारी ५६ ओटा मुद्दा दर्ता भयो।

गत वर्ष जिम्मेवारी सरेर आएका व्यक्तिवादी देवानी २ सय १४ ओटामध्ये ९७ फर्स्यौट भई १ सय १७ बाँकी रहे। त्यस्तै दुनियावादी फौजदारी १ सय ४० ओटामध्ये ९४ ओटा फर्स्यौट भई ४६ ओटा बाँकी रहे। र सरकारवादी फौजदारी ६९ ओटामध्ये ३४ ओटा फर्स्यौट भई ३५ ओटा बाँकी रहे।

यो वर्ष पुनरावेदन अदालत तुलसीपुरमा सरकारवादी फौजदारी १४ ओटा दर्ता भए भने तीमध्ये तीनओटा फर्स्यौट भए। देवानी १० ओटा दर्ता भएकोमा तीनओटा फर्स्यौट भए। गतवर्षबाट सरेर आएका सरकारवादी फौजदारी १० थानमध्ये तीनओटा फर्स्यौट भए। देवानी १५ ओटामध्ये पाँचओटा फर्स्यौट भए। यो वर्षको अन्त्यसम्म ३५ ओटा मुद्दा बाँकी रहे।

बालअधिकार

तुलसीपुर नपा-५ का १४ वर्षीय आशीष गुप्तालाई ०६३ साउन ७ गते तुलसी बोर्डिङ्ग स्कुलका प्रिन्सिपल भिष्मा केसीले कुटपिट गरे। सो घटनापछि आशिषको परिवारले घोराहीमा पत्रकार सम्मेलन गरी घटनाको जानकारी दिदै प्रिन्सिपल केसीको अमानवीय व्यवहारको जानकारी गराए। सोही विषयलाई लिएर विद्यालय अभिभावक संघ, दाङका अध्यक्ष मोतीलाल न्यौपाने र महासचिव अजित आचार्यले संयुक्तरूपमा विज्ञप्ति जारी गर्दै दोषीलाई कारवाही र उचित क्षतिपूर्तिको मागसमेत गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लालमटिया गाविस-४ की ५० वर्षीया एक विधवालाई ०६२ फागुन २३ गते सोही ठाउँकै २८ वर्षीय मधुसुदन थापाले बलात्कारको प्रयास गरे। पीडकलाई स्थानीय बासिन्दाले नियन्त्रणमा लिई इलाका प्रशासन कार्यालय, भालुवाङमा जिम्मा लगाए। तरकारी बारीमा लसुनको पात टिप्न लागेको महिलालाई जबरजस्ती गर्न खोजेको गाउँलेहरूले बताए। हाल पीडकलाई कारवाहीको सिलसिलामा इलाका प्रहरी कार्यालयमा राखिएको छ।

चैलाही गाविस-१ बयलडाँडाका ५२ वर्षीय भक्तबहादुर सुनारले ०६२ चैत २१ गते सोही ठाउँकी ६ वर्षीया एक बालिकालाई बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाउँलेले चारपाटा मुडेर गाउँ घुमाए।

तुलसीपुर नपा-१० दमारगाउँका २१ वर्षीय चित्रबहादुर विकले ०६३ वैशाख ३ गते सोही ठाउँकी एक महिलालाई बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाएकोमा जिल्ला अदालत दाङले ०६३ जेठ १ गते पीडकलाई पूर्पक्षको लागि जेल चलान गर्न आदेश दियो।

फूलबारी गाविस-१ का ८२ वर्षीया एक महिलालाई ०६३ जेठ ६ गते सोही गाविस-३ का ६० वर्षीय लिलाधर डाँगीले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राख्न अदालतले आदेश दिएपछि कारागार चलान गरिएको छ।

राजपुर गाविस-२ दुलैयाका नखनौवा भण्डारी र हिरे नाम गरेका युवाले ०६३ असार ४ गते सोही गाउँकी दुई सन्तानकी आमा भइसकेकी मानसिक सन्तुलन गुमाएकी एक युवतीलाई बलात्कार गरे। पीडकहरूलाई गाउँलेले कुटपिटसमेत गरेका थिए।

बोक्सीको आरोप

शान्तिनगर गाविस-३ निवासी २३ वर्षीया दीपा गिरीलाई उनकै जेठाजुको मिलोमतोमा ०६२ चैत १० गते बोक्सीको आरोपमा निर्घात कुटपिट गरे। केही समय अगाडि पीडितकै देवर इन्द्रलाल गिरी अचानक बिरामी परेपछि दाजु शोभाराम गिरीले बिरामीलाई अस्पताल नलगी स्थानीय धामीझाँक्रीको रूपमा काम गर्ने जीवलाल पौडेललाई बोलाई धामी बसाली बुहारीलाई बोक्सीको आरोप लगाएका थिए। साथै जेठाजु र धामी मिलेर उनलाई कुटपिट गरिएको थियो। हाल उनको अवस्था सामान्य रहेको छ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

विस्थापित

राज्यपक्षबाट

लालमटीया गाविस-३ भालुवाङमा ४६ घरपरिवारका २ सय ५५ जसमा १ सय ५१ पुरुष र महिला १ सय ४ रहेका छन्। ०६० वैशाख १५ गते सशस्त्र प्रहरी ज्वालामाई गणको ब्यारेक लालमटिया गाविसमा स्थापना गरिएपछि सो क्षेत्रका मानिसहरू विस्थापित भई भालुवाङमा बस्दै आएका हुन् ।

माओवादीबाट

जनयुद्ध सुरु भएयता माओवादीका कारण दाङ जिल्लामा २ सय ६१ घरपरिवारका १ हजार ६३ जना विस्थापित जीवन बिताएका छन्। जसमा पुरुष ५ सय ७३ र महिला ४ सय ९० रहेका छन्। उनीहरू दाङ जिल्लाको

घोराही, तुलसीपुर, लमही तथा जिल्ला बाहिर विस्थापित जीवन बिताइरहेका छन्।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति
माओवादीबाट

तुलसीपुर नपा-२ रक्षाचौर निवासी 'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनमा तुलसीपुर नगरपालिकाका मेयर पदका उम्मेदवार डिल्लीबहादुर खड्काको दुईटा घर ०६२ माघ १४ गते राति माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। माओवादीले खड्काका परिवारजनलाई घरबाट बाहिर निकाली छिमेकीको घरमा बस्न लगाई बम विस्फोट गराएको पीडितका छोरा लिलाबहादुर खड्काले बताए।

त्रिभुवननगर नपा-७ निवासी 'शाही सरकार'का तत्कालीन भूमिसुधार राज्यमन्त्री यज्ञबहादुर बुढाथोकी, नरबहादुर घर्ती र श्रीधर गिरीको त्रिभुवननगर नपा-७ स्थित घरमा ०६२ माघ २२ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

घोराहीबाट बिरामी लिएर नेपालगञ्जतर्फ गइरहेको एम्बुलेन्सलाई बिजौरी पेट्रोलपम्प नजिक ०६२ माघ २३ गते राति माओवादीले फायरिङ गरी एम्बुलेन्समा क्षति पुऱ्याए। द रेयूकाई दाङको रा १ च. ७७ नम्बरको उक्त ऐम्बुलेन्स माओवादीको आक्रमणमा परेको एम्बुलेन्स चालक रेशम डाँगीले बताए। एकपटक मात्र भएको फायरिङले एम्बुलेन्सको इमरजेन्सी लाईट फुट्यो। उक्त कार्यको द रेयूकाई दाङले माघ २४ गते विज्ञप्तिमार्फत् विरोध जनायो।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचनमा तुलसीपुर नपा-२ बाट निर्विरोध निर्वाचित भएका वडाध्यक्ष खुसीराम खत्रीको घरमा ०६२ माघ २४ गते राति माओवादीको एक समूहले बम विस्फोट गराई क्षति पुऱ्यायो। खत्रीका परिवारजनलाई अर्को घरमा थुनी विस्फोट गरिएको थियो।

विगतको अनुगमन

गिरफ्तार

बर्दिया जिल्ला पाताभार गाविसकी २१ वर्षीया सीमा चौधरी, दाङ जिल्ला त्रिभुवन नपा-३ बर्गढीकी १८ वर्षीया आशा चौधरी र पञ्चकुले गाविस-१ का २१ वर्षीय पूर्णबहादुर वली पुनरावेदन अदालत तुलसीपुर, दाङको आदेशमा दाङ कारागारबाट ०६२ फागुन ३ गते रिहा भए। सीमालाई ०५९ फागुन ५ गते कैलाली जिल्लाबाट तथा आशा र पूर्णबहादुरलाई ०६१ चैत २ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले उनीहरूकै घरबाट गिरफ्तार गरी आतंककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत थुनामा राखिएको थियो।

त्रिभुवननगर नपा-३ का २६ वर्षीय खुशीराम चौधरी र २९ वर्षीय गोबर्धन घर्ती पुनरावेदन अदालत तुलसीपुरको आदेशमा देउखुरी जिल्ला अदालतको रोहबरमा ०६२ चैत १७ गते रिहा भए। खुशीरामलाई ०६१ कात्तिक १८ गते र गोबर्धनलाई ०६१ चैत २ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा उनीहरूकै घरबाट गिरफ्तार गरी आतंककारी तथा विध्वंसात्मक ऐन अन्तर्गत थुनामा राखिएको थियो।

तुलसीपुर नपा-८ कटकुईयाका कविराम खड्का पुनरावेदन अदालत तुलसीपुरको आदेशमा जिल्ला अदालत, दाङको रोहबरमा ०६२ फागुन ५ गते रिहा भए। उनलाई माओवादीको गतिविधिमा संलग्न रहेको आंशकामा ०६२ असोज १२ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी तुलसीपुर कारागारमा राखेका थिए।

डडेल्धुरा जिल्ला बगरकोट गाविस-८ घर भई ०५८ मंसिर १७ गते माओवादीको आरोपमा गिरफ्तार परेका २४ वर्षीय प्रकाश साउदलाई ०६३ जेठ १८ गते पुनरावेदन अदालत कञ्चनपुरको आदेशमा इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा दाङबाट मुक्त गरियो। उनलाई पुर्पक्षको लागि थुनामा राखेकोमा कञ्चनपुर पुनरावेदन अदालतले जेठ १७ गतेको फैसला बमोजिम सफाई पाउने ठहर गरी थुना मुक्त गरिएको हो। ०५८ सालमा गिरफ्तारपछि साउद डडेल्धुरा, कञ्चनपुर, जाजरकोट, चौरजहारी हुँदै दाङको घोराही कारागारमा सारिएको थियो।

अपहरण
माओवादीबाट

काभ्रे गाविसका पदम डाँगी, द्रोर्ण डाँगी, तिलक डाँगी, नेत्रबहादुर डाँगी, भुपेन्द्र डाँगी, शिवलाल डाँगी, फनाधर डाँगी, नारायण डाँगी, खगेश्वर डाँगी, रामु डाँगी, गोरे डाँगी, निमलाल खत्री र भोजराज खत्रीलाई माओवादीले आफ्नो नियन्त्रणमा श्रम गराई राखेकोमा उनीहरू सबैलाई ०६३ वैशाख २९ गते मुक्त गरे। उनीहरूलाई माओवादी जनअदालतको निर्णयनुसार भन्दै छ महिना श्रम गराई मुक्त गरिएको माओवादीले बताए। माओवादीका अनुसार काभ्रे गाविसका ३४ जनालाई माओवादीले नियन्त्रणमा लिई माओवादी जनअदालतमा पुऱ्याएका थिए। तीमध्ये १३ जनालाई छ महिना, सातजनालाई तीन महिना, १४ जनालाई एक महिनाको श्रम गराउने निर्णय माओवादीले गरेका थिए। ती सबैलाई काभ्रे गाविस-९ मूलाबारीदेखि स्यालापानीसम्म ७ किमी बाटो खन्ने काममा लगाइएको थियो। सबैलाई काभ्रे गाविसका विभिन्न ठाउँहरूबाट विभिन्न आरोपमा ०६३ पुस महिनामा अपहरण गरी बाटो खन्ने काममा लगाइएको थियो।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका १० जना महिला र ६० जना पुरुष गरी ७० जनाको अवस्था अज्ञात छ। त्यसरी बेपत्ता पारिएकाहरूमा बेला गाविस-२ निवासी १८ वर्षीया ज्ञानी चौधरी, २४ वर्षीय किरण गिरी, पवननगर गाविस-५ निवासी ३६ वर्षीय खिमप्रसाद गैरे, २१ वर्षीय मनराखु चौधरी, ३६ वर्षीय कालिचरण चौधरी, २४ वर्षीय शुकराम चौधरी, हापुर गाविस-६ निवासी २८ वर्षीय बलबहादुर योगी, सोही गाविस-७ निवासी १८ वर्षीया सीता चौधरी, २० वर्षीया बबिता चौधरी, २० वर्षीय रामदास चौधरी, १७ वर्षीय सुनिल चौधरी, सोही गाविस-२ निवासी ३० वर्षीया शोमा चौधरी, गौवरडिहा गाविस-९ निवासी २८ वर्षीय निर्मल रावत, २३ वर्षीया कल्पना रावत, २३ वर्षीया मीना घर्ती, ३० वर्षीय नन्दबहादुर के.सी., २९ वर्षीय लवदेव चौधरी, २३ वर्षीया माया चौधरी, बिजौरी गाविस-८ निवासी १८ वर्षीय विरबहादुर थापा, ४० वर्षीय कोदलाल चौधरी, सोही गाविस-६ निवासी २४ वर्षीय शरद चौधरी, सोही गाविसका ४५ वर्षीय रेशम घर्ती मगर, राजपुर गाविस-६ निवासी २४ वर्षीय अमृत चौधरी, सोही गाविस-९ निवासी ३५ वर्षीय निमलाल विक, टेकबहादुर विक, ढिकपुर गाविस-९ निवासी ३० वर्षीय धनविर चौधरी, सतपरिया गाविस-८ निवासी २३ वर्षीय गणेश परियार, त्रिभुवननगर नपा-३ निवासी २६ वर्षीय विरजु चौधरी, सोही नपा-८ निवासी १८ वर्षीय रामपरा घर्ती, २२ वर्षीय दिलबहादुर घर्ती, सोही नपा-९ निवासी छितिज, सोनपुर गाविस-८ निवासी २२ वर्षीय प्रकाश शर्मा, हेकुली गाविस-८ निवासी नारायण चौधरी, सोही गाविस-३ निवासी १६ वर्षीय रामबहादुर चौधरी, २० वर्षीय हरिराम चौधरी, गंगापरस्पुर गाविस-१ निवासी ३५ वर्षीय मानबहादुर बोगटी, रामपुर गाविस निवासी १८ वर्षीया मेनका नेपाली, मानपुर गाविस-३ निवासी २७ वर्षीय रघुपति चौधरी, श्रीगाउँ गाविस-६ निवासी २४ वर्षीय लक्ष्मण चौधरी, तुलसीपुर नपा-५ निवासी १८ वर्षीय उत्तमकुमार श्रेष्ठ, उरहरी गाविस-३ निवासी २२ वर्षीय सिताराम चौधरी, सोही गाविस-४ निवासी झग्गुप्रसाद चौधरी, सिसहनिया गाविस निवासी २५ वर्षीय बेदबहादुर पुन, झिनाम गाविस-४ निवासी खड्कबहादुर बोहरा, हेमनगर निवासी ओवीराज डाँगी, डुरूवा गाविस-२ निवासी १८ वर्षीया निसा केसी, सोही गाविस-७ निवासी २२ वर्षीय लक्ष्मण चौधरी, ४५ वर्षीय लेबबहादुर बिष्ट, २५ वर्षीय श्याम चौधरी, डुरूवा गाविस-५ निवासी २४ वर्षीय कुइरा चौधरी, २० वर्षीय जागी चौधरी, ३२ वर्षीय चनकलाल चौधरी, ४० वर्षीय सोहनलाल चौधरी, २५ वर्षीय सोमराज चौधरी, १६ वर्षीय खुशीराम चौधरी, १९ वर्षीय श्यामलाल चौधरी, बेला गाविस-२ निवासी ३२ वर्षीय केदार चौधरी, २६ वर्षीय खीमबहादुर पुन, २६ वर्षीय प्रेमलाल नेपाली, २० वर्षीय उदय चौधरी, १६ वर्षीय हरिलाल चौधरी, २० वर्षीय गणेश चौधरी, हासिपुर गाविस निवासी २५ वर्षीय हिराबहादुर सारू, काभ्रे गाविस-६ तापाका १९ वर्षय दुर्गाबहादुर पुन, सोही गाविस-९ कात्तिकेका २२ वर्षीय होताराम विक, सोनपुर गाविस-४ सुनडवरीका २४ वर्षीय विकास शर्मा, त्रिभुवननगर नपा-१० सगरमाथाटोलका ५२ वर्षीय जीतबहादुर घर्ती र हेकुली गाविस-४ निवासी १९ वर्षीय राहुल डिसी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा पाँचजना पुरुष माओवादीले विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिए। त्यसरी बेपत्ता पारिएकाहरूमा तुलसीपुर नपा-११ निवासी ४२ वर्षीय भीमसेन शाह, २४ वर्षीय प्रताप शाह, हेकुली गाविस-४ निवासी ४५ वर्षीय युवराज शर्मा, स्यूजा गाविस-३ निवासी ३० वर्षीय लिलाधर पुन र पवननगर गाविस-६ तकियापुरका ३० वर्षीय टेकबहादुर वली रहेका छन्।

४.२ प्युठान



जनसंख्या	: २,२९,१८९
साक्षरता प्रतिशत	: ४६.५७
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि. मि.)	: १३०९
गाविस/नपा संख्या	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३०७
क्याम्पस/उच्च मा.वि.	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/११
टेलिफोन लाइन	: २३९८
मोटर सडक (कि. मि.)	: १५०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: १/५०
मानव विकास सूचकाङ्क	: ०.४१६
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार शाखा प्युठानको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हाल १७ जना बन्दीहरू रहेका छन् जसमध्ये १२ जना पुरुष र एक महिला गरी १३ जना कैदी तथा चारजना पुरुष थुनुवा छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका र रेडियो टिभीको सुविधा उपलब्ध छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जिल्ला वन कार्यालयका रेञ्जरद्वय राजेन्द्रकुमार श्रीवास्तव र पंकजकुमार ठाकुरलाई ०६२ फागुन २३ गते राति रस्पुरकोट गाविसअन्तर्गत धारापानी सामुदायिक वनको काममा जाँदा धारापानी सामुदायिक वनका अध्यक्ष दशरथ केसीको घरबाट माओवादीले अपहरण गरी दुवैलाई फागुन २७ गते देवीस्थानबाट मुक्त गरे।

तोरवाङ गाविस-७ घुम्ने ठाँटी निवासी स्याउलीवाङ गाविसका ग्रामीण स्वास्थ्य कार्यकर्ता ४४ वर्षीय कृष्णबहादुर केसीले महिलामाथि हातपात गरेको आरोपमा ०६३ जेठ २९ गते माओवादीले उनलाई स्याउलीवाङ गाविस-३ बाट अपहरण गरे। पीडित आफन्त तथा मानवअधिकारकर्मीको पहलमा ०६३ साउन २६ गते स्याउलीवाङबाट मुक्त भए।

तुषारा गाविस-३ रोटेपानीका २७ वर्षीय गोपाल गिरीले बहुविवाह गरेको आरोपमा ०६३ साउन २५ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। गोपालकी जेठी पत्नीले आफू कहाँ उजुरी दिएपछि गिरीलाई अपहरण गरिएको माओवादीले जनायो। पीडित यो वर्षको अन्त्यसम्म माओवादीको नियन्त्रणमा रहेका छन्।

हंसपुर गाविस-९ निवासी तारा सारूलाई ०६३ असोज १३ गते र सोही गाविसका खीमा राना, डिलसरा सोमै, हुमीसरा सारू र हंसपुर गाविस-४ का निमसरा रानाले असोज १९ गते छिमेकीलाई हातपात गरेको आरोपमा माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरू हाल माओवादीको नियन्त्रणमा रहेका छन्।

पकला गाविस-७ अर्जामका ५३ वर्षीय टोपबहादुर घर्ती र उनकी पत्नी डीलाकुमारी जिसीले हत्या गरेको आरोपमा ०६३ असोज १७ गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरे। टोपबहादुरको जेठी बुहारीको ०६३ असोज १५ गते हत्या भएको घटनाको विषयमा उनीहरूलाई अपहरण गरी पीडितहरूलाई हाल श्रम कैदमा राखिएको माओवादीले जनाए।

रजावारा गाविस-६ का २२ वर्षीय धनबहादुर पुन र रजवारा गाविस-५ की ३७ वर्षीया तुलसी बुढामगरले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १४ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। यो वर्षको अन्तसम्म दुवै मुक्त भएनन्। दुवैलाई माओवादीको नियन्त्रणमा रहने गरी एक/एकवर्षको श्रम गराउने फैसला गरेको माओवादीले जनाए।

दाखाक्वाडी गाविस-३ का ६३ वर्षीय डिलानाथ योगी, बिजुवारका गाविस-६ का ५० वर्षीय पुष्पराज श्रेष्ठ, ५५ वर्षीय हिरानाथ योगी र बिजुवार गाविस-४ का ५६ वर्षीय मीननाथ योगीले बिजुवारस्थित कालिका मन्दिरबाट मूर्ति चोरी गरेको आरोपमा ०६३ कात्तिक २३ गते बिजुवारवासीहरूले उनीहरूलाई घरबाटै नियन्त्रणमा लिई सोही दिन साँझ माओवादीलाई बुझाए। त्यसैगरी दाङ जिल्ला, त्रिभुवननगर नपा-४ का २८ वर्षीय प्रेम योगी र २३ वर्षीय श्रीधर योगीलाई कात्तिक २४ गते सोही आरोपमा बिजुवारबासीहरूले उनीहरूकै घरबाट नियन्त्रणमा लिई सोही

दिन साँझ माओवादीलाई बुझाए। उनीहरूलाई माओवादीले यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्। पीडितहरू माओवादीको नियन्त्रणमा रहेका छन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

ओखरकोट गाविस मच्छी निवासी व्यापारी ३० वर्षीय नुमबहादुर रसाईलीलाई ०६३ मंसिर ९ गते मादक पदार्थ सेवन गरेका स्वर्गद्वारी ब्यारेकका क्याप्टेन उपदेश शाह, सर्जन हमाल, लक्ष्मण विक, सुमन थापा र सविन बस्नेतले बिजुवार गाविस-७ जुम्री बसपार्कमा लु. १ ख. १२२६ को बसभित्र कुटपिट गरे। पीडकहरूलाई स्थानीय बासिन्दाहरूले कब्जामा लिई खलंगा सदरमुकामस्थित चण्डीप्रसाद गणका क्याप्टेन राजेश बस्नेतलाई मानवअधिकारकर्मी, पत्रकार, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको रोहबरमा बुझाएका थिए। पीडकहरूमध्ये सविन बस्नेत फरार रहेको र अन्यले आफूहरूद्वारा गल्ती भएको स्थानीय बासिन्दा, बुद्धिजिवी, पत्रकार, मानवअधिकारकर्मीसमक्ष स्वीकार गर्दै माफी मागेको कागज गरे।

बिजुवार गाविस-६ निवासी ना.२ ख. ७७४१ नम्बर बसका चालक दिनेश थपलिया र मरण्ठाना निवासी ना.२ ख ३९०४ नम्बर बसका चालक सुरज विकलाई ०६३ मंसिर १५ गते लमजुङ जिल्लास्थित ब्यारेकमा कार्यरत नेपाली सेनाका जवान खलंगा गाविसका विष्णु नेपाली, खलंगा गाविस-७ कै खेमराज नेपाली, अशोक नेपाली र दशरथ नेपाली बसमा सवार भइरहेको अवस्थामा प्युठानको सदरमुकाम खलंगास्थित चण्डीप्रसाद गणको नजिक गाडिमालिकले गाडीमा भाडा माग्दा "हामीलाई चिनेका छौं हामी को हौं ?" भन्दै कुटपिट गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी उनीहरूसँग घाइतेको उपचार गर्न धरौटी स्वरूप १० हजार लिई रिहा गरे।

जनमोर्चाबाट

रस्पुरकोट गाविस परिषद् बैठकमा गाविसको बजेट बाँडफाँडको क्रममा ०६३ पुस २ गते सोही गाविसका जनमोर्चाका नेता गोपालराज शर्मालगायत केही व्यक्तिहरूले सोही एरियाका माओवादी सेक्रेटरी नरेश र माओवादी जिल्ला सदस्य जागृतिमाथि हातपात गरे। सोही घटनालाई लिएर आफ्ना कार्यकर्तामाथि हातपात भएको भन्दै माओवादीले विज्ञप्तिमार्फत् आपत्ति प्रकट गरे। माओवादीका संयुक्त जनपरिषद्, प्युठानका प्रमुख नारायणप्रसाद अधिकारीले माओवादी जिल्ला सदस्य जागृति र एरिया सेक्रेटरी नरेशमाथि जनमोर्चाका नेता गोपालराज शर्मासहितको टोलीले हातपात गरेको र एकपक्षीय रूपमा गाउँपरिषद् बैठक गरेको भन्दै तत्काल माफी माग्न माग गर्दै गाउँ परिषद्को बजेटसमेत रोक्न अनुरोध गरेका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले अञ्चल कमिटी सदस्य रमेशप्रसाद राजभण्डारी, नेकाँका जिल्ला सभापति श्रीकृष्ण प्रपन्न सुवेदी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	४	१	३	४							
घाइते	१	१		१							
गिरफ्तारी/यातना									३	४	४
कुटपिट	१	१	१	३					३	३	३
धम्की	१	१		१							
भेला/संगठित हुने अधिकार									५	३१	३१
महिलाअधिकार	१		१	१							
बालअधिकार					१		१	१			
अमानवीय व्यवहार					३	३	१	४			
अपहरण	३	६		६	७	५	८	१३			
जम्मा	१०	१०	५	१५	११	८	१०	१८	९	३८	३८

र जनमोर्चा प्युठानका जिल्ला सचिव पीतबहादुर एमसीलाई ०६२ माघ १९ गते बिहान प्रहरीले सदरमुकामस्थित सपना होटल र घरबाटै गिरफ्तार गरी भोलिपल्ट साँझ जिल्ला प्रहरी कार्यालय प्युठानबाट रिहा गरे। त्यसैगरी जिल्ला बार एशोसियसनका सचिव चुडामणि भुसाल जिल्ला प्रहरी कार्यालयभित्र रहेका थुनुवालाई खाना पुऱ्याउन गएका बेला ०६२ माघ १९ गते बिहान उनलाई प्रहरीले कार्यालय परिसरबाटै गिरफ्तार गरी भोलिपल्ट साँझ रिहा गऱ्यो। उनी आन्दोलनका क्रममा गिरफ्तार भएका रमेशप्रसाद राजभण्डारी, श्रीकृष्ण प्रपन्न सुवेदी र पीतबहादुर एमसीको लागि खाना पुऱ्याउन जिल्ला प्रहरी कार्यालय गएका थिए।

माघ १९ लाई 'कालो दिन' को रूपमा मनाउने क्रममा आयोजित विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा नेपाल पत्रकार महासंघ, प्युठानका सभापति इमानसिंह भारती, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य नुमराज खनाल, प्रेस चौतारीका जिल्ला अध्यक्ष मोहन केसी र प्रेस युनियन, प्युठानका उपाध्यक्ष देवेन्द्र वर्मा ०६२ माघ १९ गते प्रहरीको लाठीबाट घाइते भए। त्यसैगरी सोही दिन सात दलले निकालेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा जनमोर्चा प्युठानका अध्यक्ष कृष्णबहादुर खड्का, अनेरास्वियुका जिल्ला अध्यक्ष विजयविराज बिष्ट र टोपराम केसी घाइते भए। पीडितहरूको उपचार जिल्ला अस्पतालमा भयो।

'प्रतिगमन विरोधी' आन्दोलनको क्रममा ०६२ माघ १९ गते दिउँसो जिल्ला सदरमुकाम खलंगाबाट एमाले जिल्ला सचिव धनबहादुर रायमाझी, उपसचिव हरिप्रसाद रिजाल, नेकाँ (प्रजातान्त्रिक) का शालिकराम पण्डित र नेकाँका सदस्य सुभाष केसीलाई प्रहरीले गिरफ्तार गरी माघ २० गते साँझ रिहा गरे। त्यसैगरी सोही दिन जिल्ला सदरमुकाम खलंगामा माघ १९ लाई 'कालो दिवस' मनाउने क्रममा प्रहरीले आन्दोलनकारीहरू नुमराज खनाल, इमानसिंह भारती, कृष्णबहादुर खड्का, रामबहादुर थापा, विजयविराज बिष्ट, प्रमोद अधिकारी र अम्मर भण्डारीलाई थापा होटलमा दुई घण्टा राखी छाडेका थिए।

सात दलको आयोजनामा ०६२ चैत २६ गते खलंगामा भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी कुटपिट गर्दा एमालेका रमेशप्रसाद राजभण्डारी, हरिप्रसाद रिजाल र नेकाँ (प्रजातान्त्रिक) का शालिकराम पण्डित सामान्य घाइते भए। प्रहरीको लाठीचार्जबाट रिजालको बाँया हातको औंलासमेत फुटेको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पतालमा भयो। त्यसैगरी सात दलको आयोजनामा सोही दिन जिल्ला सदरमुकाम खलंगामा भएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेपछि भएको दोहोरो झडपमा प्रहरी जवान भेषराज गिरी सामान्य घाइते भए। उनको खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा देवानी २७ र फौजदारी १७ गरी ४४ ओटा मुद्दा दर्ता भए। ०६३ मंसिर मसान्तसम्म प्युठान जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएको २७ र यो वर्ष दायर भएको २७ ओटा गरी ५४ ओटा देवानी मुद्दा मध्ये आठओटा फस्यौट भई ४६ ओटा बाँकी रहे। त्यस्तै गत वर्षको जिम्मेवारी सरेर आएको १७ र यो वर्ष दायर भएको २५ ओटा गरी ४२ ओटा फौजदारी मुद्दामध्ये तीन ओटा फस्यौट भई ३९ ओटा मुद्दा बाँकी रहे। यो वर्षको अन्त्यसम्म ८५ ओटा मुद्दा फस्यौट हुन बाँकी रहेको छ। यो वर्षसम्म फस्यौट नभएका देवानी ४६ थानमध्ये दुई वर्ष नाघेको एउटा, एकदेखि दुई वर्षभित्रको छओटा, एक वर्षभित्रको ३९ ओटा रहेका छन्। त्यस्तै फस्यौट हुन बाँकी ३९ ओटा फौजदारीमध्ये दुई वर्ष नाघेका पाँचओटा, एकदेखि दुई वर्ष भित्रका छओटा र एक वर्षभित्रका २८ ओटा छन्।

यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समिति सदस्य तथा धर्मावती गाविस-२ निवासी अन्दाजी ६५ वर्षीय डोरबहादुर केसीलाई ०६३ जेठ ३ गते धर्मावती गाविस-१ बाग्दुलामा पुऱ्याई माओवादीले मोसो दली जुत्ताको माला लगाई बाग्दुला बजारमा घुमाए। केसीको खेतसमेत माओवादीले कब्जा गरी पार्टीको झण्डा गाडेका थिए।

'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समितिका उपसभापति तथा खलंगा गाविस-५ निवासी बुद्धबहादुर जिसी र क्षेत्र नं. १० का क्षेत्रीय सदस्य तथा स्याउलीवाङ गाविसका वीरेन्द्र मल्ललाई ०६३ जेठ ३ गते दिउँसो माओवादीले जिल्ला विकास समितिको कार्यालय अगाडि मञ्चमा मोसो दली दुर्व्यवहार गरे। त्यसपछि सदरमुकाममै रहेको जिसीको एग्रोभेट पसलमा तालाबन्दी गरिदिएका थिए। सो तालाबन्दी माओवादीले स्थानीय व्यक्तिहरू, बुद्धीजिवी, पत्रकार, मानवअधिकारकर्मीहरूको रोहबरमा ०६३ असार ७ गते खोलिदिए। तर माओवादी ११ नं. एरीया इन्चार्ज रोशनले जिसीको सबै सम्पति फिर्ता नगरेको भन्दै उनको पत्नी र छोराहरूको अंशमात्र फुकुवा गरिदिएको जनाए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव /दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लुङ्ग गाविस-६ का १५ वर्षीया एक बालिकालाई ०६३ असार १८ गते राति माओवादीको जनमुक्ति सेनामा कार्यरत जय बोहराले बालिकाको घरमा गई बलात्कार गर्ने

प्रयास गरे। बालिका एक्कासी चिच्याएपछि बालिकाका बुबाले समातेका पीडकलाई माओवादीलेनै नियन्त्रणमा लिई २० दिनको श्रम गर्न लगाई अपहरण मुक्त गरेका थिए। पीडक माओवादीको मंगलसेन फष्ट बटालियन ए डिभिजनमा आबद्ध छन्।

रोल्पा जिल्ला उवा गाविस घर भएकी २२ वर्षीया एक महिलालाई माओवादी पार्टी नीति विपरीत विभिन्न व्यक्तिहरूसँग अवैध सम्बन्ध राख्दै हिँडेको भन्दै ०६३ असोज २५ गते अनेमसंघ (क्रान्तिकारी) ले बिजुवार बजारको मित्रमणिचोकमा मोसो दली दुर्व्यवहार गरे।

विगतको अनुगमन

माओवादीबाट


स्याउलीवाङ गाविसका ग्रामीण स्वास्थ्य कार्यकर्ता तथा तोरवाङ गाविस-७ घुम्नेठाटीका ४४ वर्षीय कृष्णबहादुर केसीले महिलामाथि हातपात गरेका आरोपमा ०६२ जेठ २९ गते माओवादीले उनलाई स्याउलीवाङ गाविस-३ बाट अपहरण गरेकोमा केसी ०६२ साउन ७ गते माओवादीको कब्जाबाट भागेर औषधि उपचारको लागि भारतको पञ्जाब गए। उनी उपचारपछि ०६२ फागुन २० गते घर फर्की ०६३ वैशाख १४ गते पुनः माओवादीको सम्पर्कमा गएकोमा हाल माओवादीको कब्जामा रहेका छन्। पीडितले ०६१ चैतदेखि ०६३ जेठ महिनासम्मको तलब नपाएको र माओवादीले अपहरण गरेदेखि काम गर्न नपाएको बताएका छन्। उनले माओवादीको कब्जामा माओवादीको लागि खाना पकाउने काम गरिरहेको बताए।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एकजना महिला र दुईजना पुरुष गरी तीनजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा तिराम गाविस-२ निवासी २७ वर्षीया राधा घिमिरे, कोचिवाङ गाविस-२ निवासी ५५ वर्षीय जोखबहादुर पुन र उदयपुरकोट गाविस-३ निवासी ६२ वर्षीय दिनु पुन रहेका छन् ।

४.३ रोल्पा



जनसंख्या : २,२३,४१८
साक्षरता प्रतिशत : ५२.८४
महिला साक्षरता प्रतिशत : २२.८८
क्षेत्रफल (वर्ग कि. मि.) : १८७९
गाविस/नपा संख्या : ५१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ४०२
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/५१
टेलिफोन लाइन : ३७
मोटर सडक (कि. मि.) : ९५
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ५१
मानव विकास सूचकाङ्क : ०.३८४
प्रति परिवार सरदर संख्या : ५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

बेवारिसे बमबाट

जुगार गाविस-५ नेर्पास्थित उच्चमावि जुगारमा कक्षा ३ मा अध्ययनरत ११ वर्षीय देवलाल भण्डारीले ०६२ माघ ९ गते दिउँसो विद्यालयबाट घर फर्कने क्रममा जुगार गाविस-५ नेर्पा बजारमा बेवारिसे अवस्थामा रहेको बम फेला पारी खेलाउँदा विस्फोट भई उनको घटनास्थलमै मृत्यु भयो। उक्त बम माओवादीले छाडेको आशंका गरिएको छ।

राडसी गाविस-८ का ८ वर्षीय ओमप्रकाश डाँगी र उनका दाजु ११ वर्षीय नोखीराम डाँगीले आफ्नै घर नजिकको गोठमा बेवारिसे बम फेला पारी घरमा ल्याएर खेलाउँदा ०६२ फागुन १८ गते विस्फोट भई सख्त घाइते भए। घाइतेहरूलाई उपचारका लागि काठमाडौं लगिएकोमा

उपचारको क्रममा ओमप्रकाशको ०६२ फागुन २७ गते वीर अस्पतालमा मृत्यु भयो भने नोखीराम डाँगी उपचारपछि घर फर्किए।

गोली / बम / विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

शिर्प गाविस-१ नरडाँडाका ४२ वर्षीय धनबहादुर खड्काले माओवादीको कार्यक्रममा जाने विषयमा विवाद गरेको आरोपमा ०६३ भदौ १४ गते माओवादीले उनलाई उनकै घरमा गोली हानी घाइते बनाए। पीडितको घाँटीमा गोली लागेको थियो। उनको काठमाडौंस्थित त्रि.वि. शिक्षण अस्पतालमा उपचार भयो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखाको बन्दी क्षमता ५० जनाको छ। यस कारागारमा छजना बन्दी रहेका छन्। जसमध्ये कैदी चार पुरुष र दुई महिला छन्। अग्लो पर्खाल भएको हुँदा हिउँदमा घाम नपस्ने भएकोले आफ्नो कक्ष चिसो हुने गरेको महिला बन्दीहरूले बताए। बन्दीहरूको लागि रेडियो, टिभी र केही पत्रपत्रिका उपलब्ध छ।

बेपत्ता / अपहरण

माओवादीबाट

मिझिङ गाविस-५ उपल्लोथर निवासी मावि मिझिङका शिक्षक ५५ वर्षीय तीलबहादुर वलीले भ्रष्टाचार गरेको आरोपमा ०६२ चैत ३ गते माओवादीले उनलाई मिझिङ गाविस-७ सुलिचौरबाट अपहरण गरे। पीडित ०६३ वैशाख ६ गते मिझिङ गाविस-७ सुलीचौरबाट मुक्त भए।

गैरीगाउँ गाविस-९ राम्मीका ३० वर्षीय शुविराम झाँक्रीले माओवादी पार्टी त्यागी नेपाली सेना र प्रहरीसँग मिलेर सुराकी गरी माओवादी कार्यकर्ताको हत्या गराएको तथा दाङ जिल्लाको महेन्द्र राजमार्गस्थित रिहार जङ्गलमा बस लुटपाट गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनलाई नुवागाउँ गाविस-८ त्रिवेणीबाट अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

खुङग्री गाविस-३ धारापानीका ७१ वर्षीय लालीबाबु भन्ने मेगेन्द्रबहादुर सिंहले माओवादीलाई खुकुरी प्रहार गरी भागेको आरोपमा ०६३ कात्तिक २४ गते बिहान माओवादीले उनलाई सोही गाउँस्थित उनकै भतिजा दीपेन्द्र सिंहको घरबाट अपहरण गरे। माओवादीले उनलाई घाइतेको उपचार गर्न लाग्ने खर्च बापत ५० हजार रूपैयाँ तिर्ने सर्तमा मंसिर ५ गते हरीगाउँबाट मुक्त गरे। खुङग्री गाविस-९ हरीगाउँ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ४६ वर्षीय रामचन्द्र थापालाई ०६३ असोज ८ गते बेलुका खुकुरी प्रहार गरी सख्त घाइते बनाई मेगेन्द्रबहादुर सदरमुकाममा विस्थापित भएका थिए। उनी विस्थापित भएकै समयमा ०६३ असोज १९ गते माओवादीले उनको घर र गोठमा आगजनी गर्नुका साथै सम्पूर्ण सामानहरू लुटेका थिए।

डुब्रिङ गाविस-१ सरेचौरका २४ वर्षीय डोले विकले रक्सी सेवन गरी एक महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६३ पुस २ गते राति माओवादीले उनलाई आफ्नो अपहरण गरी मंगलसेन बटालियनमा राखे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०६२ माघ २६ गते दाङमा उमेश थापाको सुरक्षाकर्मीले हत्या गरेको विरोधमा ०६२ फागुन ९ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्यपक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	३	३							
घाइते	१	१	१	१	१	१				
गिरफ्तारी/यातना							१	१		१
भेला/संगठित हुने अधिकार							३	४	५००	५०४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१		१				
अमानवीय व्यवहार				१	३	३				
अपहरण				५	५	५				
जम्मा	३	३	३	८	८	९	३	५	५००	५०५

सदरमुकाम लिवाङ्गमा जिल्लास्थित सात दलहरूले निकालेको विरोध ज्यालीपछिको कोणसभा बिथोल्नको लागि 'शाही सरकार'बाट मनोनित तत्कालीन जिल्ला विकास समिति सदस्य खुडग्री गाविस-५ माडीचौरका देवविक्रम शाह र मिझिङ गाविस-९ कोइरालखर्कका गिरबहादुर महराले टुँडिखेलमा ठूलो माइक लगाएर नेताहरूले सम्बोधन गरेको नसुनिने गरी राजभक्तिका गीत बजाएर कार्यक्रममा अवरोध श्रृजना गरे।

रोल्पा जिल्ला परिषद् उद्घाटनका लागि ०६२ फागुन २२ गते तत्कालीन शाही सरकारका गृहमन्त्री कमल थापा सदरमुकाम लिवाङ्गमा आएको विरोध गर्दै सात दलले आयोजना गरेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरे। कालो झण्डासहित नारा जुलुस गर्दै नेकाँ जिल्ला सभापति माधवप्रसाद आचार्य, एमाले जिल्ला सचिव शान्तकुमार वली, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति कृष्णबहादुर घर्ती मगर, जनमोर्चाका जिल्ला अध्यक्ष राजकुमार कक्षपतिलगायतको नेतृत्वमा नेता तथा कार्यकर्ताहरू जिल्ला विकास समिति कार्यालयतर्फ जान लाग्दा प्रहरीले हस्तक्षेप गरी कालोझण्डा खोसेको थियो। हस्तक्षेप भए पनि दलहरूकोतर्फबाट माधव आचार्यले मन्तव्य व्यक्त गर्न लागेको समयमा माइक खोस्दै बोल्न नदिई प्रहरीले प्रदर्शनकारीहरूलाई तितरबितर गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रोल्पा जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा १३ वर्षसम्म फर्स्यौट नभएको छओटा, १२ वर्षसम्मका तीनओटा, ११ वर्षसम्मका पाँचओटा, १० वर्षसम्मका २२ ओटा, नौं वर्षसम्मका ११ ओटा, आठ वर्षसम्मका छओटा, सात वर्षसम्मको एउटा, तीन वर्षसम्मका एउटा, दुई वर्षसम्मका १० ओटा, एक वर्षसम्मका एउटा गरी जम्मा ६७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

देवानी मुद्दा तीन वर्षसम्म फर्स्यौट नभएका एउटा, दुई वर्षसम्मका एउटा, एक वर्षसम्मका १२ ओटा गरी १५ ओटा, साधारण फौजदारी मुद्दा तीन वर्षसम्मका एक गरी चारओटा, संक्षिप्त फौजदारी मुद्दा दुई वर्षसम्म फर्स्यौट नभएको मुद्दा एक गरी जम्मा ९५ वटा मुद्दा फस्यौट हुन बाँकी छन्।

यस वर्ष सरकारवादी फौजदारी मुद्दा एउटा, देवानी मुद्दा छओटा, दुनियावादी फौजदारी मुद्दा आठओटा गरी जम्मा १५ ओटा मुद्दा दर्ता भयो। सरकारवादी फौजदारी एउटा, देवानी मुद्दा एउटा, दुनियावादी फौजदारी चारओटा मुद्दा गरी छओटा मुद्दा फर्स्यौट भए।

यस जिल्लामा धेरै जसो मुद्दा माओवादी सम्बन्धी छन्। कतिपय मुद्दा २०५० सालदेखि गाउँमा म्याद तामेल गर्न नसकेका कारण मुद्दा फर्स्यौट हुन सकेका छैनन्।

जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराध मुद्दा १३ वर्षसम्मका १० ओटा, १२ वर्षसम्मका छओटा, ११ वर्षसम्मका १० ओटा, नौं वर्षसम्मका सातओटा, आठ वर्षसम्मका एउटा, छ वर्षसम्मका एउटा, दुई वर्षसम्मका एउटा गरी जम्मा ३५ ओटा मुद्दा छन्। भ्रष्टाचार मुद्दा १४ वर्षसम्मका दुईटा, १३ वर्षसम्मका एउटा, ११ वर्षसम्मका नौंओटा, नौं वर्षसम्मका एउटा गरी छओटा, विस्फोटक पदार्थ मुद्दा ११ वर्षसम्मका पाँचओटा, १० वर्षसम्म एउटा, आठ वर्षसम्मका एउटा, छ वर्षसम्मका एउटा गरी जम्मा आठओटा, हातहतियार खरखजाना मुद्दा ११ वर्षसम्मका दुईटा, १० वर्षसम्मका पाँचओटा, नौं वर्षसम्मका तीनओटा, आठ वर्षसम्मका तीनओटा, सात वर्षसम्मका एउटा गरी जम्मा १४ ओटा छन्। जम्माजम्मी ६३ ओटा मुद्दा फर्स्यौट हुँन बाँकी छन्। ०५२ सालअगाडि संयुक्त जनमोर्चा र अन्य वामपन्थी पार्टीमा संलग्न धेरैजसो व्यक्तिहरू फरार भएका र तारेखमा नआएको हुँदा अन्य वामपन्थी पार्टीमा लागेका व्यक्तिहरूको मुद्दा स्थगित भई फैसला नभएको देखिन्छ। यो वर्ष कुनै पनि मुद्दा फैसला भएको छैन। यसवर्ष कुनै पनि मुद्दा दायर भएका छैनन्।

यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

घर्तीगाउँ गाविस-२ गल्सुकाका २२ वर्षीय कमल दमाई र कोर्चावाङ्ग गाविस-६ की २६ वर्षीया असरा घर्तीबीच अवैध सम्बन्ध रहेको आरोपमा ०६३ मंसिर ८ गते माओवादीको नेतृत्वमा माओवादी कार्यकर्ता र स्थानीय बासिन्दाले सहिद मार्ग निर्माणमा आएका सर्वसाधरणहरूको उपस्थितीमा कोर्चवाङ्ग गाविस-७ मा जुत्ताको माला लगाई सहिद मार्गस्थल र आसपासका गाउँमा घुमाए। मोसो दल्ने क्रममा दुवैलाई कुटपिटसमेत गरिएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बारलुङ जिल्ला घर भएका लालबहादुर विकले माओवादीको कम्ब्याट ड्रेस लगाई विभिन्न समयमा स्थानीय महिलाहरूलाई बलात्कार गरेको आरोपमा ०६३ पुस १ गते पीडित महिलाहरू र स्थानीमा बासिन्दाहरूले उनलाई डुब्रिङ गाविस-१ सरेचौरमा कुटपिट गरे। मंगलसेन विग्रेडमा रहेका लालबहादुरले डुब्रिङ गाविस-२ सापडाँडाकी २० र २२ वर्षीया दुई महिला र सोही गाविस-१ सरेचौरकी ३८ वर्षीया एक महिलालाई ०६३ मंसिर २९ गते फरक-फरक ठाउँ र समयमा बलात्कार गर्ने प्रयास गरेका थिए। स्थानीय

बासिन्दाहरू र माओवादी सेना भेला भई सोधपुछ गर्दा लालबहादुरले बलात्कार गर्ने प्रयास गरेको कुरा स्वीकार गरे। माओवादीले लालबहादुरलाई नियन्त्रणमा लिएको जनाए। साथै लालबहादुर माओवादीको मंगलसेन विग्रेडसँग आबद्ध नभएको तर उनलाई पहिलेदेखिनै विभिन्न आरोपमा सो विग्रेडभित्र नियन्त्रणमा राखिएको मंगलसेन कम्पनी कमिसार आसिरले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दलित गैरसरकारी संस्था महासंघ क्षेत्रीय कार्यालय, नेपालगञ्जद्वारा सञ्चालित माला परियोजना, रोल्पाले ओत गाविसका द्वन्द्वपीडित बालबालिकाहरूलाई वितरण गर्न लगेको शैक्षिक सामग्रीहरू माओवादी पार्टीको अनुमतिविना वितरण गर्न लागेको भन्दै ०६३ भदौ २६ गते माओवादी कार्यकर्ताले ओत गाविस-५ भिताबाडबाट सम्पूर्ण सामग्री लुटे। ती सामग्री यसवर्षको अन्त्यसम्म फिर्ता गरिएन।

बृद्ध/विधवा/अपाङ्ग भत्ता

यस जिल्लामा जेष्ठ नागरिक महिला ५ सय २४ जना र पुरुष ४ सय ९५ जना गरी जम्मा १ हजार १९ ले बृद्ध भत्ता, असाय विधवा महिला १७ सय ७८ जनाले विधवा भत्ता र अपाङ्ग महिला २२ जना र पुरुष ५१ जना गरी जम्मा ७५ जना अपाङ्ग भत्ता पाउनुपर्ने भएता पनि गाविस सचिवहरू सदरमुकाम लिवाङ्गमा बस्ने र गाउँमा जान नसकेर गाउँबाट बृद्ध, विधवा र अपाङ्गहरू सदरमुकाम आउन कठिन भएका कारण भत्ता सहज तरिकाले प्राप्त गर्न सकेका छैनन्। कतिपय भत्ताबाट बञ्चित भएका छन्।

विस्थापित

सशस्त्र द्वन्द्वका कारण गाउँमा बस्न नसकी ३ सय ७ घरपरिवारका १ हजार २ सय ४४ जना व्यक्तिहरू विस्थापित भएकोमा जिल्ला सदरमुकाम लिवाङ्गमा २ सय ५१ घरपरिवारका ९ सय ९७ जना, दाङ जिल्लामा २२ घरपरिवारका ९३ जना, काठमाडौंमा २५ घरपरिवारका ८७ जना, बाँके जिल्लामा दुई घरपरिवारका १० जना, कपिलवस्तु जिल्लामा तीन घरपरिवारका १२ जना, गुल्मी जिल्लामा एक घरपरिवारका पाँचजना, अर्घाखाँची जिल्लामा एक घरपरिवारका एकजना, बर्दिया जिल्लामा एक घरपरिवारका एकजना, चितवन जिल्लामा दुई घरपरिवारका १० जनालगायत विदेशमा २८ जना विस्थापित भएको तथ्यांङ्क प्राप्त भएको छ। सदरमुकाममा बसेका अधिकांश विस्थापितहरू मजदुरी गरेर जीवन गुजारा गरिरहेका छन्। केही व्यापार गरेर बसेका छन् भने केही आफ्नो घर बनाएर बसेका छन्। विस्थापितहरूको तथ्याङ्क जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपछि मान्यता दिइएको छ।

विगतको अनुगमन

नयाँ गोरख गण रोल्पाका सेनाका जवान २२ वर्षीय राजु कुँवरले सोही गणका सशस्त्र प्रहरी बलका प्रहरी जवान २१ वर्षीय देवबहादुर चन्दलाई गत वर्ष मंसिर १८ गते गोली हानी हत्या गरेको अभियोगमा नयाँ गोरख गणले कुँवरलाई ०६३ भदौ १३ गते जिल्ला कारागार शाखा रोल्पामा चलान गऱ्यो। कुँवरलाई कारागार चलान गर्नु भन्दा पहिले सेनाले आठ महिना सोही गणमा राखेको थियो। सैनिक अदालतले कुँवरलाई नोकरीका लागि अयोग्य भएको फैसला गरेको छ।

तर मानवअधिकार वर्षपुस्तक ००६ मा चन्दको मृत्यु ०६२ मंसिर १८ गते लिवाङ्ग गाविस-७ मा गस्ती गई फर्किरहेको बेला माओवादी र सुरक्षाकर्मीको दोहोरो भिडन्तमा भएको उल्लेख गरिएको थियो। वर्षपुस्तक २००६ मा सो घटना छापिएपछि कुँवरलाई कारागार चलान गरिएको हो।

बेपत्ता

राज्यबाट


माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका तीन महिला र ४० पुरुष गरी ४३ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा ओत गाविस-५ निवासी ४० वर्षीया मनकुमारी बुढामगर, लिवाङ गाविस-१ हरिगातिनाका ४१ वर्षीय हर्कलाल थापामगर, इरिवाङ गाविस-१ निवासी ५० वर्षीय खड्कबहादुर पुनमगर, ओत गाविस-५ भित्तावाडका ३८ वर्षीय मनबहादुर पुनमगर, जिनावाङ गाविस-३ कुएपानीका ३१ वर्षीय दुर्गाप्रसाद वली, मिरूल गाविस-७, माझगाउँका श्यामप्रसाद बुढामगर, खुमेल गाविस-३ बेदधाराका २३ वर्षीय मरिराम रोका, पाछावाङ गाविस-२ सल्लाबोटका २२ वर्षीय जंगबहादुर विक, हार्जङ गाविस-२ हार्जङका ५० वर्षीय लिलारम पुन, २५ वर्षीय धनराम पुन, कोटगाउँ गाविस-६ दार्बोटा २८ वर्षीय नरबहादुर पुनमगर, दिलबहादुर पुन, झेनाम गाविस-४ सतिमका खड्गबहादुर बोहरा, सोही गाविस-८ झेनामका १८ वर्षीय दौलत विक, कोर्चावाङ गाविस-७ दशघरका २७ वर्षीय रुद्रबहादुर घर्तीमगर, सोही गाविस-५ तल्लोधापाकी २७ वर्षीय भूमिसरा पुनमगर, फगाम गाविस-४ फगामका कमानसिङ पुनमगर, मिरूल गाविस-६, तागाका १९ वर्षीय लाने बुढामगर, कोटगाउँ गाविस-८ दाङवाडका ३० वर्षीय वीरबहादुर बाठामगर, फगाम गाविस-३ फगामका ५० वर्षीय लालमनि रोका, मिरूल गाविस-६ तागाका १७

वर्षीय जयमान बुढामगर, जेलवाङ गाविस-२ ऐसेलुखर्कका रघ रोकामगर, जंकोट गाविस-१, माडीचौरका १६ वर्षीय मनलाल घर्तीमगर, राङ्सी गाविस-१ झ्यामखोलाका ४५ वर्षीय मनराज डाँगी, नुवागाउँ गाविस-६ ह्याङकी २० वर्षीय मीना विक, धवाङ गाविस-५ थामका अम्मर रोकामगर, सोही गाविस-४ धाडसीका १४ वर्षीय अम्मरजित रोकामगर, सोही गाविस-६ धाडसीका २५ वर्षीय शेरबहादुर रोका, राङसी गाविस-४, रकेका २५ वर्षीय बलजित डाँगी (सरोज), तेवाङ गाविस-५, तेवाङका २१ वर्षीय लिवराज घर्तीमगर, बडाचौर गाविस-१ सानो नम्जाका २७ वर्षीय बुद्धिलाल घर्ती (शक्तिमान), भगवाङ गाविस-७ सरूवाका २३ वर्षीय गंगाराम घर्ती (रकेट), कुरेली गाविस-८ कुनाबाराका ३५ वर्षीय कमानसिंह रोका, कोर्चावाङ गाविस-३ घापाका २७ वर्षीय दलबहादुर गुरुङ, तालावाङ गाविस-५ धनठान हिलेका २३ वर्षीय गनबहादुर घर्ती, सेरम गाविस घुस्वाङका टेकबहादुर परियार, सेरम गाविस घुस्वाङका बहादुर घर्तीमगर, रामपुरा घर्तीमगर र उवा गाविस सुरवाङका सुकबहादुर घर्तिमगर, जुगार गाविस-७ जावलका २१ वर्षीय हिरा घर्तीमगर, कुबिडाँडा गाविस-२ बाइजनाका ३२ वर्षीय डुमरा विक र बडाचौर गाविस-८ सेवारका धनबहादुर सुनार रहेका छन् ।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना महिला र १७ जना पुरुष गरी १८ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा घर्तीगाउँ गाविस-१ घर्तिगाउँका ३९ वर्षीय तिर्सन घर्तीमगर, मिरुल गाविस-२ निवासी ३१ वर्षीय धनबहादुर रोका मगर, धवाङ गाविस-३ माझिगाउँका ४२ वर्षीय डोरबहादुर वली, तेवाङ गाविस-३ तेवाङका ४२ वर्षीय चिन्तबहादुर रोका, ४२ वर्षीय रामचन्द्र थापा, सोही गाविस-२ तेवाङका ४५ वर्षीय बुदे कामी र जैमकसला गाविस-१ नारवाङका ३० वर्षीय नन्दबहादुर बुढा, कोटगाउँ गाविस-६ झिङ्सिलका ५३ वर्षीय कमानसिंह घर्तीमगर, सोही गाविसका ५५ वर्षीय लाटा दमाई, कोर्चावाङ गाविस-७ का ४१ वर्षीय दलबहादुर बुढा, जुँगार गाविस-४ तावाङका २८ वर्षीय खुसबहादुर खड्का, धवाङ गाविस-८ राङा जुघेका १८ वर्षीय रेगबहादुर वली, सोही गाविस-६ का ४५ वर्षीया इन्द्रमाला घर्तीमगर, जेलवाङ गाविस-८ रूलवाङका १५ वर्षीय मुले पुन र १७ वर्षीय सुरज पुन, सोही गाविस(४ का १३ वर्षीय नले बुढा र गजुल गाविस-१ दलङ्गाका ४० वर्षीय पूर्णबहादुर थापा रहेका छन् ।

४.४ सल्यान



जनसंख्या : २,२७,५८५
साक्षरता प्रतिशत : ४८.१५
महिला साक्षरता प्रतिशत : ४०.७७
क्षेत्रफल (वर्ग कि. मि.) : १९५१
गाविस/नपा संख्या : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३६१
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : २/४७
टेलिफोन लाइन : २६८
मोटर सडक (कि. मि.) : १२५
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४४
मानव विकास सूचकाङ्क : ०.३९९
प्रति परिवार सरदर संख्या : ५.९८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

धनवाङ्ग गाविस-१ कपुरकोटस्थित श्री सवुज गण 'ख' गुल्मको पेरिमिटर भित्र बिछ्याइएको विस्फोटक पदार्थ विस्फोटन हुँदा ०६२ फागुन १३ गते धनवाङ्ग गाविस-१ किमुचौरकी ९ वर्षीया पूर्णा चन्द र सोही ठाउँकी ४० वर्षीया गौसरी थापा घाइते भएकोमा घाइते चन्दको काठमाडौं छाउनीमा उपचार हुँदाहुँदै भोलिपल्ट मृत्यु भयो। पीडितहरू घाँस काट्नका लागि पेरिमिटरभित्र पसेका थिए।

माओवादी नियन्त्रणमा मृत्यु

कोटबारा गाविस-५ का ५८ वर्षीय भक्ते सुनारलाई माओवादीले खरिबोट-बाँफुखोला मोटर बाटो खनाउन

लगेकोमा ०६२ माघ ३ गते सोही गाविसको १ र ५ को सिमानामा गाउँलेले मृत अवस्थामा फेला पारे। पीडितको टाउको र अण्डकोषमा गहिरो चोट लागेको प्रत्यक्षदर्शीले बताए। पीडितको मृत्यु भिरबाट लडेर भएको आशंका गरिएता पनि खास कारण भने खुल्न सकेन।

काभ्रा गाविस-३ का ३६ वर्षीय बमबहादुर विकले सोही ठाउँकी ३२ वर्षीया एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक ४ गते माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख नेत्रप्रकाश पुनको नेतृत्वमा गएका माओवादीले बमबहादुरलाई ती महिलाको घरबाट भाग्दै गरेको बेलामा अपहरण गरे। त्यसको भोलिपल्ट बमबहादुरको मृत्यु भएको कुरा सार्वजनिक भयो। बमबहादुर माओवादीको कब्जाबाट फुत्केर भाग्ने क्रममा काभ्रा गाविस-३ स्थित एक छाङ्गेबाट लडेर मृत्यु भएको भनी माओवादीले मृतकका आफन्तहरूलाई लास बुझ्न बाध्य पारे। तर स्थानीय बासिन्दाहरूले भने मृतकको मृत्यु भीरबाट लडेर नभई माओवादीको कुटपिट र यातनाका कारण भएको बताए।

गोली/ बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

दार्माकोट गाविस घर भई थारमारे गाविस-७ चौरपानी बस्ने ११ वर्षीय खुमप्रकाश रोकाय माओवादीद्वारा बेवारिसे रूपमा फालिएको सकेट बम खेलाउँदै गरेको अवस्थामा विस्फोट हुँदा ०६२ चैत १७ गते घाइते भए। पीडितलाई रेडक्रसको एम्बुलेन्सबाट उपचारका निम्ति दाङ लगिएकोमा उपचारपछि ठिक भएर घर फर्किए।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा सल्यानको बन्दी क्षमता २० जनाको छ। कारागारमा हाल १३ जना बन्दीहरू रहेका छन् जसमध्ये नौजना पुरुष र दुई महिला गरी ११ जना कैदी तथा दुई पुरुष थुनुवा छन्। जेलमा खानेपानी, शौचालय, टिभी, रेडियो, खान बस्न सबै कुराको राम्रो व्यवस्था रहेको बन्दीहरूले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

कोटबारा गाविस-१ का प्रेमबहादुर वलीले सोही ठाउँकी २६ वर्षीया लाली वलीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनीहरूकै घरबाट अपहरण गरी सोही दिनदेखि श्रम गराई राखेकोमा चैत २७ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

कोटबारा गाविस-१ का ३५ वर्षीय भैरव परियारले सोही गाविस-१ की २६ वर्षीया धनमाया विकसँग अवैध सम्बन्ध राख्दा रहन गएको गर्भ पतन गराएको आरोपमा धनमायालाई ०६२ पुस २७ गते माओवादीले अपहरण गरी ०६३ जेठ १० गते मुक्त गरे भने भैरवलाई ०६३ साउन ८ गते अपहरण गरी ०६३ भदौ २७ गते मुक्त गरे। धनमायाको गर्भपतन गराउन सहयोग गरेको आरोपमा कोटबारा गाविस-५ का ४० वर्षीय हिरालाल विकलाई ०६२ फागुन ८ गतेदेखि श्रम गराई राखेर ०६३ असार ६ गते मुक्त गरे। माओवादीले अपहरित सबैलाई थारमारे गाविस-४ बागचौरबाट मुक्त गरेका थिए।

झिम्पे गाविस-६ पिरवैखोलाका १९ वर्षीय टीकाराम वली आत्मसमर्पण गरी विस्थापित भई खलंगा बसेको आरोपमा ०६२ माघ ७ गते माओवादीले उनलाई खलंगा गाविस-२ श्रीनगरस्थित सगरमाथा होटलबाट अपहरण गरे। पीडित केही समयपछि माओवादीको कब्जाबाट भागेर भारत गई हाल घरमै आई बसेका छन्।

कोटबारा गविस-१ का ४३ वर्षीय गोपाल चन्दले सोही ठाउँका ४२ वर्षीय गोरे वलीलाई कुटपिट गरेको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३			३	१	१			१	१		१		१
घाइते	३	३			३	१	१			१	१		१		१
गिरफ्तारी/यातना											३	६			६
कुटपिट						३	४			४	३	३		१५	१८
धम्की						४	६			६					
भेला/संगठित हुने अधिकार											१	१		३४	३५
महिलाअधिकार	१३		१५		१५										
बालअधिकार	१			१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	१		४	५					
अमानवीय व्यवहार						१	१			१					
अपहरण						६०	८९	३४		११३					
जम्मा	१८	४	१५	१	२०	७३	१०३	३४	४	१३१	८	९	३	३९	५०


आरोपमा ०६२ माघ ९ गते माओवादीले चन्दलाई घरबाटै अपहरण गरे। पीडितलाई माघ ११ गतेदेखि तीन महिना श्रम गराई मुक्त गरे।

जिमाली गाविस-६ का ५६ वर्षीय खर्कबहादुर शाही र सोही ठाउँकी ४७ वर्षीया कुरुमकुमारी शाहीले अवैध सम्बन्ध राखेको आरोपमा ०६२ माघ १० गते माओवादीले घरबाटै अपहरण गरी श्रम गराई फागुन १० गते दुवैलाई थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

फालावाङ गाविस-९ का ३५ वर्षीय मंगलनाथ योगीले अर्काको घरमा आगो लगाएको आरोपमा ०६२ माघ १३ गते माओवादीले उनलाई घरबाट अपहरण गरी श्रम गराए। पीडित हालसम्म माओवादी नियन्त्रणमै रहेका छन्।

सुइकोट गाविस-१ कैनकाँडा निवासी काल्चे गाविसका कार्यालय सचिव २८ वर्षीय अम्मर बुढाथोकीले गाविस सचिव भई सरकारलाई सहयोग गरेको आरोपमा ०६२ माघ २७ गते माओवादीले उनलाई जिल्ला सदरमुकामबाट घरतर्फ जाँदै गरेको अवस्थामा सिद्धेश्वरी गाविसको डाँडाकटेरीबाट अपहरण गरे। पीडित माओवादीको नियन्त्रणबाट ०६२ फागुन २ गते भागेर खलंगा पुगे।

सेजवालटाकुरा गाविस-५ घर भई हाल कजेरी गाविस-६ बरला बस्ने २३ वर्षीय हिमबहादुर बस्नेत, कजेरी गाविस-६ बरलाका १८ वर्षीय चुडामणि शर्मा, १९ वर्षीय भरत गिरी र १६ वर्षीय प्रकाश बस्नेत नक्कली माओवादी बनेको आरोपमा ०६२ माघ २८ गते साँझ माओवादीले हिमबहादुरलाई खलंगा गाविस-३ स्थित माइती घरबाट र अन्यलाई उनीहरूकै घर घरबाट अपहरण गरे। पीडितहरू सबैलाई चैत ३० गतेदेखि श्रम गराई ०६३ असार ७ गते कजेरी गाविसबाट मुक्त गरे।



माओवादीद्वारा अपहरण गरिएका नोखिराम भण्डारी

हिवल्चा गाविस-७ मदानाका ४४ वर्षीय टेकबहादुर बुढाथोकीले उपभोक्ता समितिको सचिव भई बाटो मर्मतको काम सुरु गरेको आरोपमा ०६२ फागुन ११ गते माओवादीले उनलाई सोही गाविस-१ पैयाखर्कस्थित बाटो खन्न लागेकै ठाउँबाट अपहरण गरी करिब डेढ महिनापछि मुक्त गरे।

कजेरी गाविस-७ का ३६ वर्षीय प्रेमबहादुर खत्रीले बिनाअनुमति सोही गाविस-५ स्थित श्रीबालसखा निमाविको भवन निर्माण कार्य सुरु गरेको आरोपमा ०६२ फागुन १६ गते माओवादीले उनलाई निर्माणस्थलबाटै अपहरण गरे। पीडितले भवन निर्माणको सम्पूर्ण आर्थिक विवरण माओवादीलाई बुझाउने सर्तमा फागुन २३ गते मुक्त भए।

सिद्धेश्वरी गाविस-९ का २६ वर्षीय जितबहादुर बुढाथोकीले भारतमा आफ्नै साथीको हत्या गरेको आरोपमा ०६२ फागुन २९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार महिना श्रम गराई थारमारेबाट मुक्त गरे।

कजेरी गाविस-६ हलचौरका २८ वर्षीय भीमबहादुर बुढाथोकी, २० वर्षीय भीकबहादुर बुढाथोकी, २० वर्षीय प्रेमबहादुर बुढाथोकी, २१ वर्षीय घनश्याम बुढाथोकी र २० वर्षीय कमल भण्डारीले छिमेकीलाई कुटपिट गरेको आरोपमा ०६२ चैत २ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरूमध्ये घनश्यामसँग ४ हजार रूपैयाँ कुटेकालाई औषधि खर्च बापत र ८ हजार रूपैया धरौटीबापत माओवादीले लिए भने अन्य चारजनासँग ४-४ हजार रुपैयाँ औषधि खर्च बापत र ५-५ हजार धरौटीबापत लिई चैत २० गते सिद्धेश्वर गाविसबाट मुक्त गरे।

बाँझकाँडा गाविस-१ निवासी श्री शिवजन उच्चमाविको कक्षा १० मा अध्ययनरत १७ वर्षीय टेकबहादुर बस्नेतले होलीको दिन केटीका कपडा लगाई उश्रृंखल व्यवहार गरेको भन्दै ०६२ चैत ६ गते माओवादीले उनलाई खलंगा गाविस-२ श्रीनगरबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको पहलमा चैत ९ गते श्रीनगरबाट मुक्त गरे।

कजेरी गाविस-६ हल्चौरकी १८ वर्षीया पार्वती बुढाथोकी गत वर्ष आफ्नो कब्जाबाट भागेर खलंगा गइबसेको आरोपमा ०६२ चैत ८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई ०६२ चैत ३१ गतेसम्म श्रम गराई ०६३ वैशाख १ गतेदेखि माओवादीको जनमुक्ति सेनामा समाहित गरेको कुरा माओवादीले बताए।

चाँदे गाविस-३ का ३१ वर्षीय दिलबहादुर चलाउनेले ०५३ सालमा आफ्ना कार्यकर्तालाई कुटेर हत्या गरेको आरोपमा ०६२ चैत २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा उनी १५ दिनपछि माओवादी कब्जाबाट भागेर भारततर्फ गए। पीडित हाल घर फर्किसकेका छन्।

लक्ष्मीपुर गाविस-८ का २६ वर्षीय रामबहादुर थापाले बहुविवाह गरेको आरोपमा ०६२ चैत २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत २५ गतेदेखि श्रम गराई राखेकोमा उनी त्यसको केही दिनपछि लक्ष्मीपुर गाविसबाट भागे।

कोटबारा गाविस-९ सानागाँराकोटका १८ वर्षीय दीपक चन्दले प्रहरीमा जागिर खाएको आरोपमा ०६२ चैत ३० गते माओवादीले उनी घर गएको अवस्थामा अपहरण गरी जागीर खान नजाने सर्तमा ०६३ वैशाख ५ गते

थारमारेबाट मुक्त गरे।

लक्ष्मीपुर गाविस-४ बयालेका ४८ वर्षीय भुपबहादुर खत्रीलाई बाटो खन्न रोल्पा नगएको आरोपमा ०६३ वैशाख ४ गते माओवादीले उनकै घरबाट अपहरण गरी वैशाख ५ गते रोल्पाको सहिद मार्गमा बाटो खनाउन लगे। रोल्पाको सहिद मार्गमा १० दिनसम्म बाटो खनी पीडित घर फर्किए।

कोटबारा गाविस-१ का ३८ वर्षीय डिल्लीबहादुर वली र ढाकाडाँम गाविस-५ की १९ वर्षीया एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ वैशाख ११ गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरी जेठ ७ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

कजेरी गाविस-१ का ३६ वर्षीय पोस्कर थापाले सोही ठाउँकी एक महिलाको घरमा गई करणी गर्ने आशय गरेको आरोपमा ०६३ वैशाख १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा थापाकी पत्नी पार्वती थापाले ०६३ वैशाख १९ गते धरौटी स्वरूप १० हजार रूपैया माओवादीलाई बुझाएपछि सिद्धेश्वरी गाविस-९ ढोरचौरबाट मुक्त गरे।

शिवरथ गाविस-५ का २५ वर्षीय नन्दराम बुढाथोकीले घरमा पत्नी हुँदाहुँदै ढाँकाडाम गाविस-५ की कल्पना केसीसँग बहुविवाह गरेको आरोपमा ०६३ वैशाख २१ गते नन्दराम र जेठ ८ गते माओवादीले उनीहरूलाई कल्पनाको घरबाट माओवादीले अपहरण गरी श्रम गराएकोमा उनीहरू चार महिनापछि माओवादी कब्जाबाट भागेर मुक्त भए।

कोटबारा गाविस-६ का २५ वर्षीय लिलमान खड्का र सोही ठाउँकी २० वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ वैशाख २२ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरूमध्ये लिलमान भोलिपल्ट भागेर मुक्त भए। महिलालाई केही समयपछि सोही ठाउँस्थित माओवादीद्वारा घोषित गाउँ जनसरकार उपप्रमुखको घरबाट मुक्त गरिदिए। तर पीडित महिलालाई उनका पतिले घरमा बस्न नदिएकाले उनी ०६३ जेठ १५ गतेदेखि माइती घरमा गई बसेकी छन्।

काल्चे गाविस-६ का ३८ वर्षीय तर्कबहादुर थापा मगरले पार्टीमा आर्थिक हिनामिना गर्नुका साथै पार्टी छोडेको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले मगरलाई उनकै घरबाट अपहरण गरी श्रम गराए। पीडित करिब सात महिनापछि उनकै गाउँबाट मुक्त भई पुनः माओवादी पार्टीको काममा लागे।

भल्चौर गाविस-७ का २२ वर्षीय रत्नबहादुर थापा, १८ वर्षीय इन्द्र भनिने केशरबहादुर थापा र २१ वर्षीय टेकबहादुर थापाले सोही ठाउँकै एक १७ वर्षीया युवतीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ १ गते माओवादीले सबैजनालाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितलाई माओवादीले करिब तीन महिना श्रम गराई साउन ८ गते थारमारेबाट मुक्त गरे।

कोटबारा गाविस-१ का १९ वर्षीय केशव वलीले सोही ठाउँकी २० वर्षीया एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरी जिल्ला भित्रै विभिन्न ठाउँहरूमा श्रम गराई ०६३ असार २ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

कोटबारा गाविस-६ का २२ वर्षीय टीकाराम पुनले सोही ठाउँकी २१ वर्षीया एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ८ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरूमध्ये टीकाराम करिब तीन महिनामै भागेर मुक्त भए भने महिलालाई असोज ११ गते मुक्त गरे।

सिनवाङ गाविस-१ का १७ वर्षीय डम्बर खड्का र सोही ठाउँकी १६ वर्षीया एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ १३ गते माओवादीले उनीहरूकै घरबाट अपहरण गरे। माओवादीले पीडितलाई सात महिनासम्म श्रम गराई पुस ९ गते थारमारेबाट मुक्त गरे।

रिम गाविस-९ का १८ वर्षीय महेन्द्र रोका, २३ वर्षीय रामबहादुर बुढाथोकी, नारायण बुढाथोकी र दुर्गाबहादुर बुढाथोकीले चोरी गरेको आरोपमा ०६३ असार ३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरूलाई माओवादीले एक महिनाको श्रम गराई थारमारेबाट मुक्त गरे।

त्रिवेणी गाविस-७ लुहामका २३ वर्षीय कमल केसी, २० वर्षीय जगत केसी, २४ वर्षीय विनोद केसी, १७ वर्षीय गणेश भण्डारी, १८ वर्षीय चित्रबहादुर गुरुङ्ग, २२ वर्षीय हरिप्रसाद बुढाथोकी, १९ वर्षीय शेरबहादुर भण्डारी, २४ वर्षीय प्रकाश केसी, २९ वर्षीय हरिप्रसाद केसी र कालावाङ गाविस-७ का गणेशबहादुर शाहीले मानसिक असन्तुलन भएकी एक महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा र सोही ठाउँका १७ वर्षीय जनक केसी, १९ वर्षीय मनोज शाह, १७ वर्षीय धिरेन्द्र श्रेष्ठ, १७ वर्षीय गणेश श्रेष्ठ, अनमोल श्रेष्ठ र खलंगा गाविस-३ का ३६ वर्षीय भीमबहादुर श्रेष्ठले बलात्कार गर्न प्रयास तथा सहयोग गरेको आरोपमा ०६३ असार ११ गते सोही गाविसका विभिन्न ठाउँबाट उनीहरूलाई माओवादीले अपहरण गरेकोमा बलात्कार प्रयास गर्नेहरूलाई एकहप्तापछि सोही गाविसबाट मुक्त गरे भने बलात्कार गर्नेहरूलाई ०६३ साउन ३० गतेदेखि श्रम गराएर ०६३ भदौ १२ गते थारमारेबाट मुक्त गरे।

सिवरथ गाविस-१ का २२ वर्षीय खिमबहादुर पुन माओवादी कार्यकर्ता जयबहादुर खड्काको हत्यामा संलग्न भएको आरोपमा ०६३ असार ३० गते माओवादीले पुनलाई

घरबाटै अपहरण गरी भोलिपल्टदेखि जिल्ला भित्रै श्रम गराईरहेका छन्। माओवादीले पीडितलाई हालसम्म मुक्त गरेका छैनन्।

छायाँ क्षेत्र गाविस-३ का कृष्णबहादुर थापाले घरमा पत्नी हुँदाहुँदै दाङ जिल्ला फूलबारी गाविस-३ की टोपा खड्कासँग बहुविवाह गरेको आरोपमा जेठ २७ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरू तीन महिनापछि भागेर मुक्त भए।

लक्ष्मीपुर गाविस-८ का ३३ वर्षीय टोपबहादुर रावत माओवादी पार्टी छोडी एमालेमा गएको र मदिरा सेवन गरी मातेको आरोपमा ०६३ असार ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई ०६३ असार ११ गते तारेखमा थारमारेबाट मुक्त गरियो। तर असार १५ गते तारेखमा गएका पीडित दिनभरि माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुखको खेतमा काम गरेर बिना कुनै निर्णय साँझ घर फर्किए।

त्रिवेणी गाविस-५ का ४० वर्षीय मानबहादुर पुनले सोही ठाउँकी एक दलित महिलासँग अवैध सम्बन्ध राखेको र सोही कारणले ती महिलाले आत्महत्या गरेको आरोपमा ०६३ असार १२ गते माओवादीले पुनलाई उनकै घरबाट अपहरण गरी श्रम गराए। पीडित हालसम्म पनि माओवादीको नियन्त्रणमै छन्।

ढाँकाडाम गाविस-५ निवासी उपस्वास्थ्य चौकी दार्माकोटमा कार्यरत मुखिया ५३ वर्षीय झुपबहादुर खत्रीले एक विधवासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ७ गते माओवादीले उनकै डेराबाट अपहरण गरी श्रम गराई भदौ ९ गते थारमारेबाट मुक्त गरे।

काभ्रा गाविस-३ का ४४ वर्षीय मेघराज थापा र उनकी ४१ वर्षीया पत्नी शोभी थापा दुवैजना मिली साँडुभाइको हत्या गरेको आरोपमा ०६२ माघ ४ गते माओवादीले दुवैजनालाई उनीहरूकै घरबाट अपहरण गरे। माओवादीले पीडितहरू सल्यान जिल्ला भित्रका विभिन्न ठाउँहरूमा श्रम गराई रहेका छन्।

कोटमौला गाविस-२ का ४० वर्षीय कविराम बस्नेतले हत्या गरेको आरोपमा ०६२ चैत ३० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई हालसम्म सल्यान जिल्लाभित्रै श्रम गराइराखेको कुरा माओवादीका जिल्ला सचिव टीकाराम वलीले बताए।

भल्चौर गाविस-४ का ४० कुलबहादुर बुढाथोकीले हत्या गरेको आरोपमा ०६२ माघ ५ गते माओवादीले उनलाईलाई घरबाटै अपहरण गरे। माओवादीले पीडितलाई एक अज्ञातस्थानमा श्रम कैदमा राखेको माओवादीका जिल्ला सचिव टीकाराम वलीले बताए।

जिमाली गाविस-२ का २८ वर्षीय ममबहादुर बुढाथोकीले बहुविवाह गरी पहिली पत्नीको धन सम्पति हिनामिना गरेको आरोपमा ०६३ कात्तिक १३ गते माओवादीले उनलाई कान्छीपत्नीसहित घरबाटै अपहरण गरी कात्तिक १७ गते माझकाँडा गाविसमा पुऱ्याई दुवै जनालाई अलग अलग कोठामा बन्द गरी कुटपिट गरे। पीडितहरू कात्तिक १८ गते तारेखमा मुक्त भएकोमा दुवैजना ०६३ मंसिर ४ गते भारततर्फ लागे।

ढाँकाडाम गाविस-८ का ४४ वर्षीय डम्बरबहादुर विकले एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असार ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी साउन ८ गतेदेखि श्रम गराई ०६३ मंसिर ६ गते थारमारे गाविस-४ बाघचौरबाट मुक्त गरे।

दमाचौर गाविस-८ का कमल दमाई र सोही गाविस-९ की पार्वती परियारले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन १० गते माओवादीले उनीहरूलई घरबाटै अपहरण गरे। माओवादीले दुवैलाई श्रम गराई राखेकोमा एक हप्तापछि माओवादी नियनत्रणबाट भागेर भारततर्फ गए।

मुलखोला गाविस-१ का ३६ वर्षीय गगन राना र सोही गाविस-९ की एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन १२ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी साउन २९ गतेदेखि श्रम गराई राखेकोमा रकम लिई ०६३ भदौ २४ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

पिपलनेटा गाविस-८ दुवेरीचौरका २६ वर्षीय भागीराम बटालाले ग्रामीण विकास संस्थामा जागिर खाई अनुमतीबिना कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई धनवाङ गाविस-१ कपुरकोटबाट अपहरण गरे। पीडित भदौ ३० गते छनवाङ गाविसबाट मुक्त भए।

फालावाङ गाविस-४ का १८ वर्षीय लालबहादुर साहू र सोही ठाउँकी २२ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन २० गते दुवैलाई माओवादीले उनीहरूकै घरबाट अपहरण गरी ०६३ साउन २८ गतेदेखि हालसम्म जिल्ला भित्रै श्रम गराइरहेका छन्।

सिद्धेश्वरी गाविस-५ का ५० वर्षीय मणिराम बुढाथोकीले सोही ठाउँकी एक महिलालाई जबरजस्ती करणी गरेको आरोपमा ०६३ साउन २५ गते माओवादीले बुढाथोकीलाई घरबाटै अपहरण गरी ०६३ साउन ३० गतेदेखि श्रम गराई राखेकोमा हालसम्म मुक्त गरिएको छैन।

डाँडागाँउ गाविस-६ का १२ वर्षीय रणबहादुर नेपाली, १३ वर्षीय कैलाश बुडाथोकी, ११ वर्षीय पदम बुढाथोकी र १६ वर्षीय बुद्धिराम नेपालीले चोरी गरेको आरोपमा ०६३ साउन ३१ गते माओवादीले उनीहरूलाई

घरबाटै अपहरण गरे। अपहरित सबै सोही दिन राति कजेरी गाविस-६ बरलाबाट भागेको भोलिपल्ट पुनः माओवादीले नियन्त्रणमा लिई कुटपिट गर्नुका साथै रणबहादुर र कैलाशसँग ५/५ हजार, बुद्धिसँग ३ हजार ५ सय र पदमसँग १ हजार ५ सय रूपैया माओवादीले लिए। जसमध्ये ९ हजार रूपैया चोरी भएको घरका खीमबहादुर खत्रीलाई दिए भने ६ हजार रूपैया माओवादीले लगे।

कोटबारा गाविस-८ डिम्बरखोलाकी ३० वर्षीया कमला चन्दले सोही गाविस-८ टाट्केमा औषधि पसल गरी बस्ने थारमारे गाविस-५ का ३२ वर्षीय घनश्याम डाँगी र कोटबारा गाविस-९ का यज्ञबहादुर डाँगीसँग एक वर्ष पहिले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ भदौ ३ गते माओवादीले चन्दलाई घरबाटै अपहरण गरे। कडा निगरानीका साथ ०६३ भदौ ३ गते पुनः आफ्नै घरमा फर्किएकी चन्दले घरभित्रै झुन्डिएर आत्महत्या गरिन्। सोही दिन घनश्याम डाँगी र यज्ञबहादुर डाँगीलाई आ-आफ्नै औषधि पसलबाट माओवादीले अपहरण गरी १५ /१५ हजार रकम लिई ०६३ भदौ १३ गते सोही गाविसबाट मुक्त गरे।

ढाँकाडाम गाविस-५ का १८ वर्षीय कमल केसी र सोही ठाउँकी २८ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ भदौ ८ गते माओवादीले दुवै जनालाई घरबाटै अपहरण गरी ०६३ भदौ ९ गतेदेखि श्रम गराई राखेकोमा पीडितहरू मंसिर ९ गते थारमारे गाविस-४ बागचौरबाट मुक्त भए।

चाँदे गाविस-३ का ४२ वर्षीय रामबहादुर चलाउनेले कजेरी गाविस-२ र सिद्धेश्वरी गाविस-९ मा विद्युत लाइन विस्तार गर्नका लागि जिल्ला विकास समिति र गाविसबाट रकम निकासा गरी हिनामिना गरेको आरोपमा ०६३ भदौ २६ गते माओवादीले उनलाई सिद्धेश्वरी गाविस-९ स्थित घरबाट अपहरण गरी ०६३ कात्तिक ६ गते ढोरचौरबाट मुक्त गरे।

जिमाली गाविस-२ घर भई श्री जनता प्राविका शिक्षक ३४ वर्षीय नोखिराम भण्डारीले विद्यालय भवन निर्माण गर्नको लागि गाविसको बजेट ल्याएको र जलविद्युत् योजना माग गर्न सक्रिय भूमिका निर्वाह गरेको आरोपमा ०६३ असोज १७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी रकम माओवादीलाई बुझाउने शर्तमा पीडितलाई असोज २१ गते मुक्त गरे।

रिम गाविस-२ का २२ वर्षीय टङ्कराज बुढाथोकी र दमाचौर गाविस-८ की १८ वर्षीया एक युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज २० गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरी ०६३ असोज २५ गतेदेखि श्रम गराई राखेकोमा टङ्कराज भागेर भारत गए भने युवतीलाई अझै जिल्लाभित्रै श्रम गराइरहेका छन्।

त्रिवेणी गाविस-७ का २२ वर्षीय लक्ष्मण श्रेष्ठ र फलावाङ गाविस-५ की २६ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज २० गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरी ०६३ असोज २५ गतेदेखि श्रम गराई राखेकोमा उनीहरू हालसम्म पनि मुक्त भएनन्।

त्रिवेणी गाविस-४ का २४ वर्षीय बुद्धिराम बोहराले सोही ठाउँकी २५ वर्षीया एक महिलालाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ असोज २२ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट अपहरण गरी असोज २५ गतेदेखि श्रम गराई राखेकोमा मंसिर ९ गते महिलालाई थारमारे गाविस-४, बागचौरबाट मुक्त गरे भने बुद्धिरामलाई जिल्ला भित्रै श्रम गराइरहेका छन्।

थारमारे गाविस-८ का २३ वर्षीय डिल्लीबहादुर विकले सोही ठाउँकी १७ वर्षीया निर्मला विकसँग बहुविवाह गरेको आरोपमा ०६३ कात्तिक ११ गते दुवैलाई माओवादीले उनीहरूकै घरबाट अपहरण गरी ०६३ कात्तिक १२ गतेदेखि श्रम गराई राखेकोमा माओवादीलाई केही रकम बुझाई मंसिर ४ गते थारमारे गाविस-४ बागचौरबाट उनीहरू मुक्त भए।

झिम्पे गाविस-१ का १८ वर्षीय डिल्ली विक र सोही ठाउँकी १७ वर्षीया एक बिवाहित युवतीले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी कात्तिक २२ गतेदेखि जिल्लाभित्रै श्रम गराई राखी मंसिर १० गते थारमारे गाविस-४ बागचौरबाट मुक्त गरे।

भलचौर गाविस-३ का देवबहादुर रोकाय र सोही ठाउँकी एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १६ गते माओवादीले दुवैलाई उनीहरूकै घरबाट आपहरण गरी एक महिनासम्म श्रम गराई मुक्त गरे।

फालावाङ गाविस-४ का २८ वर्षीय हरिप्रसाद भण्डारीले सोही ठाउँका शेरबहादुर महताराको हत्या गरेको आरोपमा ०६३ मंसिर १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी मंसिर १८ गतेदेखि जिल्लाभित्रै विभिन्न ठाउँहरूमा श्रम गराई राखेकोमा हालसम्म मुक्त गरिएको छैन।

डाँडागाउँ गाविस-८ का ५४ वर्षीय हुमलाल धिताल सोही ठाउँकी खिम गिरीको हत्या गर्नमा संलग्न भएको आरोपमा ०६३ पुस १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ पुस ९ गतेदेखि श्रम गराई राखेकोमा हालसम्म मुक्त गरिएको छैन।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

ढाँकाडाम गाविस-९ भुर्तिवाङका १६ वर्षीय दीपक वलीलाई बोलाउँदा नसुनेको झैं गर्दै भागेको भन्दै ०६२ चैत

२० गते खलंगा गाविस-५ लुहापिडस्थित एसएससी परीक्षा केन्द्रको सुरक्षाका लागि श्री सवुज गण "क" गुल्म खलंगाबाट खटिएका एक सैनिक जवानले कुटपिट गरे। पीडक सैनिक जवानलाई विभागीय कारवाही अन्तर्गत नसिहत दिइयो।

देवस्थल गाविस-७ सल्ली बजारका ३० वर्षीय व्यापारी नरबहादुर शाही, यातायात मजदुरहरू, जाजरकोटका शिक्षकहरू र सोही स्थानका विभिन्न होटलमा बास बसेका बटुवाहरू गरी १६ जनालाई कर्फ्यूको समयमा अबेरसम्म कुराकानी गरेर बसेको आरोपमा ०६३ वैशाख १९ गते राति श्री सवुज गण "ग" गुल्म सल्लीबजारमा कार्यरत लेप्टिनेन्ट विदुर थापाले कुटपिट तथा धडपकड गरे। पीडितपक्षले भोलिपल्ट विरोध प्रदर्शन गरेकाले पीडक लेफ्टिनेन्टले सार्वजनिक रूपमा माफी मागे।

माओवादीबाट

नेपाल रेडक्रस सोसाइटी काभ्रा काँरागिठी उपशाखा समितिका सचिव ३२ वर्षीय बालकृष्ण महरलाई अनुमति विना एकतर्फी रूपमा समिति गठन गर्नुका साथै कार्यालयसमेत खोलेको आरोपमा ०६३ जेठ ३१ गते काभ्रा गाविस-७ स्थित घरमा गई माओवादीका ४ नम्बर एरियाका इन्चार्ज लक्ष्मीपुर गाविस-१ का हिमाल डोग्रा भनिने डम्बरबहादुर भण्डारीले तुरुन्त समिति विघटन गर्न दबाब दिनुका साथै विघटन नगरेमा पछि खतरा हुन सक्ने धम्की दिई ०६३ असार २ गते कार्यालयका सम्पूर्ण सामान लुटेर लगे।

सिविन नेपाल, सल्यानको आयोजनामा र सिविन हेल्पलाइन, नेपालगञ्जको आर्थिक तथा प्राविधिक सहयोगद्वारा थारमोर गाविस-४ थारमोरमा सञ्चालित दुईदिने बाल स्वास्थ्य शिविर अनुमतिबिना सञ्चालन गरेको भन्दै ०६३ साउन २७ गते माओवादीले बन्द गरिदिए। जसका कारण औषधि गराउनका लागि टाढा टाढाबाट बच्चा बोकी थारमारे पुगेका सर्वसाधारणहरू उपचार नगराई घर फर्किए।

डाँडागाँउ गाविस-४ चौरगाउँका ३८ वर्षीय कुष्ण योगी र उनको आमाले माओवादीलाई खाना खुवाउन अस्वीकार गरेको आरोपमा ०६३ भदौ २२ गते माओवादीले घरमा गई उनीहरूलाई गाली गलोज गर्दै कुटपिट गरे।

मर्के गाविस-६ सानीगारेका कलबहादुर पुन र डिलबहादुर पुन ०६३ कात्तिक ८ गते देउसीभैलो खेल्न उनीहरूकै गाउँतिर जाँदै गरेको अवस्थामा माओवादीको जनमुक्ति सेनाका सेक्सन कमाण्डर चिन्तन वियोगले उनीहरूलाई कुटपिट गर्नुका साथै भैली खेलिरहेको घरमा गएर त्यहाँ उपस्थित सबैजनालाई जथाभावी गाली गलौज गरे। त्यसको विरोधमा स्थानीय बासिन्दाहरूले पीडकलाई ३६ घण्टा आफ्नो नियन्त्रणमा राखी सम्बन्धित पक्षसँग कडा कारवाहीको माग गर्दै छोडिदिए।

लक्ष्मीपुर गाविस-८ पातिटाकुराका ४७ वर्षीय गुमानसिंह खत्रीलाई सोही ठाउँका ढोली भनिने रामबहादुर घर्तीले दिएको उजुरीका आधारमा ०६३ कात्तिक १६ गते बिहान उनकै घरमा गई माओवादीको एरिया कमिटी सदस्य भविष्य भनिने हरिबहादुर पूर्जाले कुटपिट गर्नुका साथै कही गएपनि नछोड्ने धम्की दिएकाले छ जनाको परिवार सोही दिन घर छाडी बाँकेमा हालसम्म बिस्थापित जीवन बिताइरहेका छन्।

सेजवालटाकुरा गाविस-९ सुन्टाकुराका २४ वर्षीय रिमबहादुर रेउलेले बहुविवाह गरेको आरोपमा ०६३ पुस १० गते माओवादीद्वारा घोषित गाउँ जनसरकार इन्चार्ज प्रताप भनिने इन्द्रबहादुर कुमाईले उनलाई सोही गाविस-२ मा बोलाई कुटपिट गर्नुका साथै मार्ने धम्की दिएर जेठी पत्नी पनि छोड्नु पर्ने र छोडे बापत १५ हजार रूपैया पनि दिनुपर्ने भनी कागज गराए। तर पछि इन्सेक जिल्ला प्रतिनिधि रोमप्रकाश थापाको पहलमा माओवादीले पीडितबाट सो रकम भने असुल गरेनन् ।

गैरकानुनी गिरफ्तारी

कालागाउँ गाविस-८ का २१ वर्षीय मनवीर कुमाई माओवादी भएको आरोपमा ०६२ चैत २० गते सल्लीबजार ब्यारेकका सेनाले देवस्थल गाविस-७ सल्लीबजारबाट गिरफ्तार गरी ०६३ वैशाख १३ गतेसम्म सोही ब्यारेकमा राखी ०६३ वैशाख १५ गते खलंगाबाट रिहा गरे।

कालागाउँ गाविस-२ का १८ वर्षीय रामबहादुर शाही र मर्मा गाविस-८ का १९ वर्षीय डिल्ली रावतलाई माओवादी भएको आरोपमा ०६२ चैत २३ गते सेनाले उनलाई देवस्थलस्थित एसएलसी परीक्षा केन्द्रबाट गिरफ्तार गरे। पीडितलाई श्री सवुज गण "ग" गुल्म सल्लीबजारको हिरासतमा वैशाख १० गतेसम्म राखी ०६३ वैशाख ११ गते जिल्ला सदरमुकाम खलंगाबाट रिहा गरियो।

झिम्पे गाविस-५ का ३१ वर्षीय संजीव भनिने देवबहादुर केसी, धवाङ्ग गाविस-४ का ३३ वर्षीय प्रकाश भनिने खड्कबहादुर सेन र ३५ वर्षीय रामबहादुर महतरा माओवादी भएको आशंकामा ०६२ चैत २८ गते सेनाले उनलाई सोही गाउँस्थित बारीकाघारीबाट गिरफ्तार गरे। पीडितहरूलाई १६ दिनसम्म श्रीसवुज गण "ख" गुल्म कपुरकोटमा राखी १७ दिनमा सोही ठाउँबाट रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राजनीतिक दलहरू एमाले, नेकाँ र नेकाँ (प्रजातान्त्रिक) ले माघ १९ लाई 'कालो दिन' भन्दै विरोध प्रदर्शन गरिरहेको अवस्थामा ०६२ माघ १९ गते दिउँसो

खलंगा गाविस-६ भीमसेनस्थानमा प्रहरीले जुलुसमाथि हस्तक्षेप गरी कालोझण्डा तथा पार्टीका झण्डा खोसे र वाड नं. ७ गणेशस्थानमा जुलुस पुग्नासाथ लाठी प्रहार गरी एमाले अञ्चल सदस्य ६० वर्षीय हरिशरण आचार्यका करङ्ग भाँचिदिए भने एमाले जिल्ला कमिटी सचिव धिरेन्द्रबहादुर श्रेष्ठ, उपसचिव लोकबहादुर डाँगी, कार्यालय सचिव दामोदर शर्मा, सदस्यहरू टोपबहादुर थापा, भूमबहादुर वली, कार्यकर्ताहरू विशाल खड्का, शिवराज डाँगी, जगत न्यौपाने, रामचन्द्र रेग्मी, जिल्ला बार एसोसिएसन सचिव सीपि वली, नेकाँका कार्यकर्ता कृष्ण उपाध्याय, लालबहादुर बिष्टसहित २५ जनालाई कुटपिट गरे। कुटाईबाट घाइते भएका हरिशरणको प्राथमिक उपचार जिल्ला अस्पताल सल्यानमा गरियो भने थप उपचार काठमाडौंमा गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा छथान र यो वर्ष दायर भएका चारथान गरी १० थानमध्ये पुराना तीनथान फर्स्यौट भई सातथान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यो वर्ष दायर भएका दुनियावादी फौजदारी मुद्दा फर्स्यौट भएनन्। गत वर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा छथान र यो वर्ष दायर भएका दुईथान गरी आठमध्ये पुरानो दुईथान फर्स्यौट भई छथान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान देवानी मुद्दा र यो वर्ष दायर भएका १४ थान गरी २७ थानमध्ये पुराना चारथान मुद्दा फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। यो वर्षको अन्त्यसम्म ३६ थान मुद्दा रहेका छन्। पाँच वर्ष नाघेको सरकारवादी फौजदारी एकथान मुद्दा मात्र बाँकी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

माओवादीबाट

देवस्थल गाविस-५ का ५५ वर्षीय बुद्धिसिंह बिष्टको घाँजरीपीपल गाविस-८ स्थित १७ रोपनी जग्गामा छरेको मास वाली ०६३ भदौ ३१ गते सोही ठाँउका माओवादी कार्यकताहरूले जबरजस्ती काटेर लगे।

थारमारे गाविस-३ ठिनवाडस्थित लालिगुराँस सामुदायिक वन समूहका अध्यक्ष २० वर्षीय गोविन्द बस्नेत र सचिव ४० वर्षीय प्रेमबहादुर डाँगीलाई माओवादीको जनसत्तालाई कर बापत दिनुपर्ने सामुदायिक वन उपभोक्ता समूहको रकम नदिएको आरोपमा पहिलो पटक ०६३ कात्तिक २ गते र दोश्रो पटक ०६३ कात्तिक ११ गते माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख तुलाराम बस्नेत र एरिया इन्चार्ज रामचन्द्रले नियन्त्रणमा लिई रकम नदिएमा कडा कारवाही गर्ने धम्की दिएर जबरजस्ती २ लाख रूपैयाको चेक काट्न लगाई चेक माओवादीले लगे।

कजेरी गाविस-३ स्थित तिलपोखरी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ६२ वर्षीय बलबहादुर रेउले र ३२ वर्षीय गौरी बुढाथोकीलाई ०६३ पुस १० गते मध्यरातमा उनकै घरमा गई माओवादीका एरिया इन्चार्ज पिलन र माओवादीद्वारा घोषित गाउँ जनसरकार इन्चार्ज सूर्य भनिने कालिराम वादीले पिस्तोल देखाएर धम्काई सो सामुदायिक वनको ५१ हजार रूपैयाको चेक काट्न लगाई चेक लगे।

संरचना/सम्पति कब्जा/आगजनी/अन्य क्षति

माओवादीबाट

स्वीकोट गाविस-९ का ६० वर्षीय बलबहादुर बुढाथोकीको सोही गाविस-४ स्थित पसल गर्नका लागि बनाएको घरमा व्यक्तिगत रिसइवीका कारण सोही ठाँउका माओवादी कार्यकर्ताले ०६३ भदौ २१ गते बम विस्फोट गराई क्षतिग्रस्त पार्नुका साथै बुढाथोकीलाई मार्ने धम्की दिए।

दमाचौर गाविस-७ का मोहनलाल वलीले माओवादीलाई चन्दा नदिएको आरोपमा उनको सोही गाविस-८ दहखोलास्थित घरमा ०६३ कात्तिक १६ गते साँझ माओवादी कार्यकर्ता २३ वर्षीय गणेश वलीले बम विस्फोट गराई ध्वस्त पारे।

बृद्ध भत्ता

यस जिल्लाका बृद्ध, विधवा र अपाङ्गहरूका लागि भनेर आर्थिक वर्ष ०६२/०६३ सामाजिक सुरक्षा भत्ता वितरणका लागि केन्द्रबाट ४२ लाख ५२ हजार २ सय रूपैयाँ निकासा भएकोमा वितरण गर्नका लागि जिल्ला विकास समितिबाट ४१ लाख ९ हजार ६ सय रूपैयाँ पेश्की स्वरूप गाविसले निकासा लगे तर २३ लाख ५८ हजार ७ सय रूपैयाँ वितरण गर्न नसकी बाँकी रकम फिर्ता आएको जिल्ला विकास समितिको तथ्याङ्कले देखाउँछ। जसका कारण बामे, सुइकोट, ढाँकाडाम, कोटवारा, काल्चे, काप्रेचौर, चाँदे कालागाउँ र बाँफुखोला गाविसका बृद्ध, विधवा र अपाङ्गहरू सबै भन्दा बढीरूपमा उक्त सुविधा पाउनबाट बञ्चित भए।

बालअधिकार

यस वर्ष माओवादीले जिल्लाका विद्यालयहरूबाट सेना तथा साँस्कृतिक टोली भर्ना गर्नका लागि शिक्षक तथा अभिभावकको सहमतिविना करिब ५० जना बालबालिकालाई लगेको जानकारीमा आयो। यसरी माओवादीले महेन्द्र रत्न मावि पिपलनेटाबाट नौंजना, जीवनज्योति माविबाट पाँचजना, जनता मावि काब्राबाट पाँचजना, त्रिभुवन जनता निमाविबाट लक्ष्मीपुरबाट आठजना, बालसखा निमावि मदमकाँडाबाट छजना, त्रिभुवन जनता मावि डाँडागाउँबाट छजना, बालकल्याण मावि कोटवाराबाट चारजना र त्रिभुवन जनता मावि खलंगाबाट एकजना, जनकाल्याण मावि थारमारेबाट

एकजना, महेन्द्र आदर्श माबि बाझकाँडाबाट तीनजना रहेका छन्।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव /दुर्व्यवहार

बहुविवाह

हिवल्चा गाविस-७ का २७ वर्षीय खेमराज थापाले एउटी पत्नी हुँदाहुँदै ०६३ जेठ १४ गते दाङ जिल्ला पञ्चकुले गाविसकी २२ वर्षीया जानकी डागीसँग बहुविवाह गरे। पीडित सुनीताले आफ्ना पतिले विवाह गरेको कुरा करिब तीन महिनापछि मात्र थाहा पाएकीले थाहा पाउन साथ जिल्ला प्रहरी कार्यालय सल्यानमा जाहेरी दिएकीले हाल जिल्ला अदालत सल्यानमा मुद्दा चलिरहेको छ।


बिगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका २७ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कुपिण्डे गाविस-४ निवासी ३३ वर्षीय हरिलाल परियार, सिद्धेश्वरी गाविस-६ निवासी ३० वर्षीय गौरीलाल परियार, २२ वर्षीय अर्जुन परियार, सोही गाविस-३ निवासी २४ वर्षीय रत्नबहादुर परियार, बाँझकाँडा गाविस-५ निवासी २२ वर्षीय बेदबहादुर बुढाथोकी, सोही गाविस-६ निवासी २५ वर्षीय मेगीराम बुढाथोकी, दमाचौर गाविस-८ निवासी २० वर्षीय दलबहादुर विक, थारमारे गाविस-४ लामाडाँडाका २० वर्षीय चोवे सार्की, निसवाङ गाविस-२ निवासी २६ वर्षीय राजकुमार बुढाथोकी, सोही गाविस-६ डिवाङका ३३ वर्षीय बेदबहादुर बोहोरा, सिनवाङ गाविस-६ रातामाटाका १४ वर्षीय रेशम बोहरा, वडागाउँ गाविस-५ सेरागाउँका ५४ वर्षीय प्रेमबहादुर भडेल, थारमारे गाविस-७ रातपहराका २३ वर्षीय विजय भण्डारी, कजेरी गाविस-३ निवासी १६ वर्षीय ज्ञानप्रकाश नेपाली, कालागाउँ गाविस-९ निवासी बुद्धि बुढाथोकी, पीपलनेटा गाविस-९ निवासी दिलबहादुर केसी, कोटबारा गाविस-६ निवासी केशरबहादुर वली, पिपलनेटा गाविस-९ निवासी पोखरराज बुढाथोकी, बामे गाविस-४ निवासी तिलक खत्री, राज भण्डारी, थारमारे गाविस-४ बागचौरका विपिन भण्डारी, जिमाली गाविस-६ निवासी शेरबहादुर बोहरा, दमाचौर गाविस-९ निवासी हिरालाल भण्डारी, सोही गाविस-१ निवासी २९ वर्षीय तेजबहादुर कुँवर, मर्मा गाविस-१ कोट (दमाईगाउँ) का ३५ वर्षीय धनबहादुर परियार, ४० वर्षीय घनबहादुर परियार, ४० वर्षीय जितबहादुर परियार रहेका छन् ।

४.५ रूकुम



जनसंख्या : २,०३,३३२
साक्षरता प्रतिशत : ३९.७५
महिला साक्षरता प्रतिशत : २८.६०
क्षेत्रफल (वर्ग कि. मि.) : २८७७
गाविस/नपा संख्या : ४३/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३१०
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/४४
टेलिफोन लाइन : १५
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४३
मानव विकास सूचकाङ्क : ०.३८६
प्रति परिवार सरदर संख्या : ६.०६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

हुकाम गाविस-७ काजरजङका ९ वर्षीय ढाँटे बुढा र १२ वर्षीय रमेश घर्तीले घर नजिकै माओवादीले छोडेको बेवारिसे सकेट बम खेलाउँदा विस्फोट भई उनीहरूको ०६२ चैत १ गते घटनास्थलमै मृत्यु भयो।

बेवारिसे बमबाट

काँक्री गाविस-२ का २५ वर्षीय रूपचन्द्र नेपाली र उनका पत्नी २३ वर्षीया लाटी भन्ने पुस्ता नेपालीको ०६३ वैशाख २९ गते घरमै रहेको बम विस्फोट भई घटनास्थलमै मृत्यु भयो। पीडित रूपचन्द्रकी बहिनी माओवादी कार्यकर्ता हुन्। उक्त बम मृतकको बहिनीले नै ल्याएको स्थानीय बासिन्दाहरूको भनाइ छ।

जेल र बन्दी

सुरक्षाको कारण पाँच वर्षअघि रूकुम कारागारका बन्दीहरूलाई दाङ तुलसीपुर कारागार स्थानान्तरण गरिएपछि अहिले रूकुम जेल खाली रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जाङ गाविस-२ का २१ वर्षीया चित्रा मल्ललाई ०६२ पुस २० गते र प्वाङ गाविस-३ का २१ वर्षीया डम्बरी खड्का र २५ वर्षीया चन्दकला खड्कालाई ०६२ माघ २२ गते माओवादीले उनीहरूको घरबाटै अपहरण गरी एक महिनापछि चीत्रालाई जाङ गाविस-२ तथा डम्बरी र चन्दकलालाई प्वाङ गाविसबाट मुक्त गरे। उनीहरूलाई महिला साक्षरता कक्षाको तालिम लिएको आरोपमा माओवादीले अपहरण गरेका थिए।

प्वाङ गाविस-७ का २४ वर्षीय घनसिंह खड्काले प्रावि ओखरबोटमा रिक्त रहेको राहत कोटाको शिक्षक दरबन्दीमा पढाएको आरोपमा ०६२ चैत १३ गते माओवादीले खड्कालाई घरबाटै अपहरण गरी सबै पारिश्रमिक माओवादीलाई बुझाउने सर्तमा ०६३ वैशाख १० गते प्वाङ गाविस-८ बाट मुक्त गरे।

बाँफिकोट गाविस-२ का एमएसएफ आठबीसकोटमा कार्यरत सुरक्षा गार्ड २४ वर्षीय धर्मभक्त मल्लले माओवादीका कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ जेठ ३ गते माओवादीले उनलाई आठबीसकोटबाट अपहरण गरी १३ दिनपछि बाँफिकोट गाविस-२ बाट मुक्त गरे।

सल्यान जिल्ला कोटमौला गाविस घर भई रूकुम झुल्नेटामा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता ४२ वर्षीय कविराम बस्नेतले एक महिलाको गर्भपतन गराएको आरोपमा ०६३ असार ६ गते माओवादीले उनलाई मुरु गाविस-१ झुरनेटाबाट अपहरण गरे। पीडितलाई यो वर्षको अन्त्यसम्ममा माओवादीले सल्यान जिल्लामा श्रम गराई रहेका छन्।

खारा गाविस-४ निवासी जिल्ला विकास समिति रूकुमका स्थानीय विकास कोषका सामाजिक परिचालक २५ वर्षीय लालबहादुर ओलीले सरकारी जागीर खाएको र माओवादी पार्टीलाई रकम नतिरेको आरोपमा ०६३ साउन २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी पाँच दिनपछि खारा गाविसबाट मुक्त गरे।

बिजयश्वरी गाविसस्थित बिजयश्वरी प्राविका शिक्षक ४५ वर्षीय चिरन्जीवी शर्मा, प्रावि अमला टाकुराका शिक्षक ३८ वर्षीय कालीबहादुर नेपाली र निमावि स्यालखोलाका शिक्षक ४२ वर्षीय चक्रबहादुर शाहीले जिल्ला विकास समितिको योजना विद्यालयमा ल्याएको आरोपमा ०६३ साउन २५ गते माओवादीले उनीहरूलाई प्रावि स्यालखोलाबाट अपहरण गरे। योजनाको पैसा फिर्ता गर्ने शर्तमा पीडितहरूलाई पाँच दिनपछि विजयश्वरी गाविसबाट मुक्त गरे।

गरायला गाविस-८ निवासी प्रावि ज्यामिरेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४५ वर्षीय लोकबहादुर पुनले राहत कोटाको शिक्षक दरबन्दीमा आफ्नो मान्छेलाई भर्ना गरी तलब भत्तासमेत उपलब्ध गराएको आरोपमा ०६३ भदौ १४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी १३ दिनपछि गरायला गाविस-८ बाट मुक्त गरे।

शोभा गाविस-९ निवासी जनमोर्चाका सक्रिय सदस्य ४१ वर्षीय तेजबहादुर नेपालीले माओवादी पार्टी विरुद्ध काम गरेको आरोपमा ०६३ कात्तिक १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कात्तिक २३ गते शोभा गाविस-९ बाट मुक्त गरे।

घटना को प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३	१	३	३	१	३		३				
घाइते	१	१		१								
गिरफ्तारी/यातना									४	१०		१०
कुटपिट					४	५		५	१	१		१
धम्की									३	३		३
भेला/संगठित हुने अधिकार									४	७	३१	३८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	११		११				
अपहरण					१३	१४	३	१७				
जम्मा	३	३	३	४	३१	३३	३	३५	११	३१	३१	५३

बिजयश्वरी गाविस-४ निवासी प्ररायुसंघ रूकुमका जिल्ला कमिटी सदस्य ३२ वर्षीय यज्ञबहादुर बटालाले माओवादी पार्टीविरुद्ध काम गरेको आरोपमा ०६३ कात्तिक १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कात्तिक २१ गते बिजयश्वरी गाविसबाट मुक्त गरे।

झुला गाविस-९ का ३२ वर्षीय युवराज चन्द र २४ वर्षीय चक्रबहादुर चन्दले माओवादी ज्यादतीको विरोध गरेको आरोपमा ०६३ मंसिर १५ गते राति छिमेकीको विवाहमा सामेल भइरहेको बेला माओवादीले उनीहरूलाई खुकुरी र चक्कु प्रहार गरी घाइते बनाए। घाइते युवराज घटनास्थलबाट भागेर सदरमुकाम गए भने अर्का घाइते चक्रबहादुरलाई माओवादीले अपहरण गरे। पीडितलाई पाँच दिनपछि झुला गाविसबाट मुक्त गरे।



माओवादीद्वारा छुरी प्रहार गरी घाइते पारिएका युवराज चन्द

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

खलंगा गाविस-१ का व्यापारी ३५ वर्षीय पलबहादुर खड्का र २५ वर्षीय भीमबहादुर विकलगायत आठजनाले माओवादीद्वारा प्रसारित रेडियो भेरी कर्णाली एफएम सुनेको आरोपमा ०६२ माघ २४ गते प्रहरीले उनीहरूको रेडियो खोसी दुई घण्टापछि एफएम नसुन्ने सर्तमा रेडियो फिर्ता दिए।

इन्सेक रूकुम जिल्ला प्रतिनिधि जीवन खड्काले खलंगामा जनआन्दोलनको अनुगमन गरिरहेको अवस्थामा ०६३ वैशाख २ गते असई मानबहादुर बिष्टले खड्कालाई गोली हानी मारी दिने धम्की दिए। सोही बेला प्रहरी जवान हर्कबहादुर घर्ती र असई बिष्टले अश्लील गाली गर्दै "तलाई एक दिन म गोलीले नउडाई छाड्दिन" भनेर धम्काए।

श्री त्रिभुवन जनता उच्चमावि खलंगामा कक्षा १२ मा अध्ययनरत २० वर्षीय दिनेश खड्कालाई परिचयपत्र नलिई विद्यालय आएको आरोपमा ०६३ वैशाख २९ गते सोही विद्यालयमा ब्यारेक बनाई बसेका सेनाले ५० पटक उठबस गर्न लगाई घर फर्काए। सो घटनाको विरोधमा सात दल निकट विद्यार्थी संगठन र माओवादी निकट विद्यार्थी संगठनले विद्यालयको हाताभित्र रहेको सेनाको ब्यारेक त्यहाँबाट अन्यन्त्र स्थानान्तरण गर्नुपर्ने भन्दै छुट्टाछुट्टै विज्ञप्ति जारी गरे।

माओवादीबाट

सिरहा जिल्ला घर भई श्री बालकल्याण मावि आठबीसकोटका शिक्षक ४२ वर्षीय फूलेश्वर यादव लामो समय घरबिदामा बसेको आरोपमा ०६२ फागुन ७ गते माओवादीले उनलाई डेरामै गएर कुटपिट गरे।

झुला गाविस-८ का ४२ वर्षीय शशिराम नेपाली र ४५ वर्षीय थलवीर नेपालीले माओवादीलाई चन्दा नतिरेको आरोपमा ०६३ वैशाख ६ गते माओवादीले उनीहरूलाई घरमै कुटपिट गरे। माओवादीले उनीहरूसँग क्रमशः चार र तीनहजार रूपैयाँ लिए।

बिजेश्वरी गाविस-३ निवासी श्री शितल उच्चमावि बिजेश्वरीका शिक्षक ४८ वर्षीय हरिबहादुर शाहले आर्थिक हिनामिना गरेको आरोपमा ०६३ असोज १ गतेदेखि १५ गतेसम्म माओवादीले उनलाई घरमा कडा निगरानीमा राखे।

चौखाबाङ्ग गाविस-५ का ३२ वर्षीय कर्णबहादुर बुढाले मादक पदार्थ सेवन गरेको आरोपमा ०६३ पुस ४ गते उनलाई रूघा गाविस-२ सिम्रुतुका माओवादी जनमिलिसियाहरूले सो स्थानमा मरणासन्न हुनेगरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

एसएलसी परीक्षा दिन सदरमुकाम गएका मान्मा गाविस-८ का १८ वर्षीय दिनेश खनाल र झुला गाविस-७ का १९ वर्षीय मानबहादुर बिष्ट माओवादी भएको आरोपमा ०६२ चैत २४ गते सेनाले उनीहरूलाई सदरमुकामबाट गिरफ्तार गरी मानबहादुरलाई तीन घण्टापछि र दिनेशलाई चार दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। त्यसैगरी सोही दिन एसएलसी परीक्षा दिन चौरजहारी गएका आठबीसकोट गाविसका विद्यार्थी हरिभक्त खड्कालगायतका चारजनालाई तत्कालीन शाही नेपाली सेनाले बिजयश्वरीबाट गिरफ्तार गरी १० दिनपछि आत्मसमर्पण गराएर बिजयश्वरीबाटै रिहा गरे। पीडितहरू परीक्षा सकी घर फर्कने तयारीमा थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले आयोजना गरेका प्रदर्शनहरूलाई प्रभावित गर्न स्थानीय प्रशासनले ०६२ मंसिर १६ गतेदेखि ०६३ वैशाख ११ गतेसम्म खलंगा बजारलाई निषेधित क्षेत्र घोषणा गऱ्यो।

नेकाँ (प्रजातान्त्रिक) रूकुमका सचिव ३८ वर्षीय कृष्णबहादुर रोकाय र नेकाँ रूकुमका सदस्य ३३ वर्षीय नन्द बिष्टलाई ०६२ माघ १९ गते बिहान उनकै कोठाबाट प्रहरीले गिरफ्तार गरी साँझ इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

एमाले रूकुमका सचिवालय सदस्य ठगेन्द्रप्रकाश पुरी, नेकाँ रूकुमका सदस्यद्वय मानबहादुर नेपाली, नन्द बिष्ट र नेकाँ (प्रजातान्त्रिक) का सचिव कृष्णबहादुर रोकायलाई

०६२ चैत २३ गते बिहान प्रहरीले खलंगाबाट गिरफ्तार गरी छ दिनपछि इन्सेकलगायत स्थानीय संघसंस्थाका प्रतिनिधिहरूको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जनमोर्चा रूकुमका नेता ३३ वर्षीय रामप्रकाश पुरीलाई ०६२ चैत २६ गते बिहान खलंगा गाविस-१ बाट प्रहरीले बिना पूर्जी गिरफ्तार गरी तीन दिनपछि इन्सेक प्रतिनिधिलगायतको रोहबरमा रिहा गरे। सोही दिन दिउँसो आन्दोलनरत दलहरूद्वारा निषेधाज्ञा तोड्ने क्रममा नेकाँका जिल्ला समिति सदस्यहरू पञ्चबहादुर बुढा, वीरबहादुर ओली, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला समिति सदस्यहरू लालबहादुर महत, डम्बर गौतम र टेकबहादुर बस्नेत, जनमोर्चाका जिल्ला सल्लाहाकार सत्यनारायण श्रेष्ठ, शिक्षक युनियन, रूकुमका अध्यक्ष हरिप्रसाद खनाल, युनियनकै कोषाध्यक्ष रमेशकुमार शर्मा, शिक्षक संगठनका नन्दराम देवकोटा, अनेरास्वयिुका जिल्ला कमिटी सदस्य डम्बर बिष्ट, टिका बिष्ट र रमेश पुन, एमाले कार्यकर्ता कमल पुन, नेपाल बार एशोसियसन रूकुमका अध्यक्ष नवराज गौतम र जन्तिधारा साप्ताहिकका सम्वाददाता थलवीर कशेरालाई प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

एमालेका जिल्ला उपसचिव ५१ वर्षीय नन्दलाल शर्मा, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला समिति सदस्य ३५ वर्षीय टेकबहादुर बस्नेत, नेकाँ जिल्ला समिति सदस्यद्वय ५२ वर्षीय पञ्चबहादुर बुढा र ४८ वर्षीय गङ्गसिंह बुढा आन्दोलनरत दलहरूले ०६२ चैत ३१ गते खलंगा बजारमा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट घाइते भए। पीडितहरूको उपचार नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, रूकुमले गरेको थियो।

आन्दोलनरत दलहरूले ०६३ वैशाख ६ गते खलंगामा आयोजना गरेको शान्तिपूर्ण सिट्टी जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा नेकाँका कार्यकर्ता श्रीधन बुढा, शिक्षक युनियन रूकुमका सदस्य लालबहादुर केसी, एमाले कार्यकर्ता वीरबहादुर खड्का, धनबहादुर खड्का, महेश केसी, पूर्व स्वयिु सभापति परमेश्वर भण्डारी, वन उपभोक्ता महासंघका दलबहादुर रेउले, नेविसंघका कृष्ण नेपाली, नेकाँ (प्रजातान्त्रिक) का लालबहादुर महत, प्रेस चौतारी, रूकुमका अध्यक्ष सुरजकुमार परियार, एमालेका मस्तबहादुर समाल र जन्तिधार साप्ताहिकका सम्वाददाता धनवीर दाहाल घाइते भए। इन्स्पेक्टर लडेर हात काटिएपछि प्रदर्शनकारीले उनलाई छुरी हानेको भनेर प्रहरीले चर्को दमन गरेको थियो।

राजदुत नियुक्तिको विरोधमा माओवादी जिल्ला कमिटी, रूकुमले ०६३ पुस ५ गते खलंगामा गरेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गर्दा भएको दुई पक्षबीच झडपमा माओवादी १५ नम्बर एरिया इन्चार्ज रोशन भनिने चिन्ताराम ओली, सोही एरिया कमिटी सदस्य केदार भनिने लालबहादुर विक, विद्यार्थी कार्यकर्ता सुमन बोहरा, ओपेन्द्र ओली र दलित मुक्ति मोर्चा, रूकुमका सदस्य फलबहादुर विक सामान्य घाइते भए। उक्त जुलुसले खलंगास्थित श्री त्रिभुवन जनता उच्चमाविको नाम जनता उच्चमावि बनायो। सोही क्रममा विद्यालय जाने बाटो, जिल्ला प्रशासनबाट जिल्ला प्रहरी कार्यालय हुँदै पीपलनेटा झर्ने बाटो र जिल्ला प्रहरी कार्यालयबाट खलंगा बजार आउने बाटोमा पर्ने तीनवटा साँघुरो ढोकाहरू र दुईओटा फलामको ठूला ढोकाहरू फालेका थिए। जिल्ला प्रहरी कार्यालय अगाडि ढोका भत्काउँदा प्रहरी र माओवादीबीच झडप भएको थियो। सोही जुलुसले जिल्ला प्रशासन कार्यालयबाट जिल्ला प्रहरी कार्यालय हुँदै बराहटाकुरा जाने बन्द बाटो सर्वसाधारणको लागि खुल्ला गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रूकुम जिल्ला अदालतमा पाँच वर्षसम्म फर्स्यौट नभएका देवानी तीनथान, तीन वर्षसम्म फर्स्यौट नभएका देवानी एक थान, दुई वर्षसम्म फर्स्यौट नभएका दुनियावादी फौजदारी एकथान, एक वर्षसम्म फर्स्यौट नभएका सरकारवादी फौजदारी दुईथान, दुनियावादी फौजदारी दुई र देवानी आठथान रहेका छन्। यो वर्ष देवानी २१, सरकारवादी फौजदारी चार र दुनियावादी फौजदारी आठ गरी ३३ थान मुद्दा दर्ता भयो भने चार देवानी र चार फौजदारी गरी जम्मा आठथान मात्र मुद्दाहरू फैसला भए। अब बाँकी जम्मा ४३ थान मुद्दाहरू रहेका छन्। दुई वर्ष भन्दा पुराना मुद्दाहरू फर्स्यौट नहुनुको कारण म्याद तामेल गर्न नसकेर बाँकी रहेको श्रेस्तेदार हरिहर केसीले बताए। यो वर्ष जिल्ला प्रहरी कार्यालयमा एउटा मात्र कर्तव्यज्यानको मुद्दा दायर भयो।

बालअधिकार

रूकुम जिल्ला विकास समितिको तेह्रौ जिल्ला



सात दलद्वारा आयोजना गरिएको विरोध कार्यक्रममाथि प्रहरीद्वारा लाठीचार्ज गरिँदै

परिषद्को उद्घाटन गर्न तत्कालीन गृह र स्थानीय विकास मन्त्रीहरू आउने बेला सो परिषद् उद्घाटनमा जनसहभागिता बढी देखाउन जिल्ला विकास समितिका मनोनित सभापति लोकेन्द्रबहादुर शाहको आदेशमा ०६२ फागुन २२ गते खलंगाका १० भन्दा बढी विद्यालयका ५०० विद्यार्थीहरूलाई दिनभर दिशापिसाबसमेत गर्न नदिएर प्रयोग गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

राज्यबाट

दाङ र डोल्पा जिल्लाबाट सरूवा भई जिल्ला प्राविधिक कार्यालय रूकुममा हाजिर हुन गएका खानेपानी तथा सरसफाई प्राविधिकहरू दाङका फर्साराम बस्नेत र सुर्खेतका गणबहादुर बुढाक्षेत्रीलाई जिल्ला विकास समिति, रूकुमका मनोनित सभापति लोकेन्द्रबहादुर शाहले सम्बन्धित कार्यालयमा हाजिर हुन नदिई ०६२ फागुन २८ गते फिर्ता पठाए। पीडितहरू मन्त्रालय पुगेर पुनः रूकुममै हाजिर भएर कार्य थाले।

माओवादीबाट

शोभा गाविस-२ निवासी जिल्ला शिक्षा कार्यालयका श्रोतकेन्द्रका श्रोतव्यक्ति ३५ वर्षीय केशव हमालले एक चौमासिक तलब माओवादीलाई उपलब्ध नगराएसम्म ०६२ माघ ३० गतेदेखि त्यो क्षेत्रमा उनलाई काम गर्न नदिने माओवादीले घोषणा गरे।

जिल्ला शिक्षा कार्यालय, रूकुमबाट नियुक्ति लिएर चुनबाङ्ग गाविसस्थित श्री नेपाल राष्ट्रिय माविमा हाजिर हुन गएका शिक्षकहरू राजदेव यादव र कालिबहादुर बाँठालाई ०६३ मंसिर ४ गते माओवादीले हाजिर हुन दिएनन्। पीडितहरू ०६३ पुस १६ गतेसम्म हाजिर हुन सकेनन्।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति

खलंगा गाविस-२ सल्लेमा रहेको जिल्ला सिंचाई कार्यालय, रूकुमको भवनमा ०६३ वैशाख ६ गते माओवादीले तोडफोड गर्नुका साथै कागजातहरू जलाए।

विगतको अनुगमन

साँख गाविस-९ का अनेरास्वविु (क्रान्तिकारी) का कार्यकर्ता १५ वर्षीय कमल रावल र नुवाकोट गाविस-१ का माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ३८ वर्षीय भरत पुनलाई ०६२ जेठ ७ गते, खलंगा गाविस-१ का २१ वर्षीय गेदलाल नेपालीलाई ०६२ जेठ २२ गते र साँख गाविस-१ का २२ वर्षीय नरसिंह घर्तीलाई ०६२ मंसिर २० गते रूकुम जिल्लाबाट दाङ जिल्लाको तुलसीपुर कारागार चलान गरेकोमा उनीहरू यो वर्ष दाङबाटै रिहा भए।

खलंगा गाविस-१ स्थित माओवादीद्वारा घोषित पूर्व जिल्ला जनसरकार उपप्रमुख नरेन्द्र बुढाको घर ०६१ फागुन २१ गतेदेखि स्थानीय प्रशासनले तालाबन्दी गरेकोमा ०६२ फागुन २५ गते विभिन्न संघसंस्थाको दबाबमा ताल्चा खोलियो।

बेपत्ता/अपहरण

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक महिला र २२ पुरुष गरी २३ जना रहेका छन्। त्यसरी बेपत्ता पारिएकाहरूमा रूघा गाविस-४ बेदखोलाका नन्दराम बोहरा, विजयश्वरी गाविस-३ घारीगाउँका छविलाल नेपाली, सोही गाविस-८ निवासी गोविन्द केसी, कोटजहारी गाविस-२ निवासी कमल थापा, शेरबहादुर डाँगी, विजयश्वरी गाविस-१ निवासी शान्तबहादुर पुन, कोटजहाडी गाविस निवासी पूर्णप्रसाद शर्मा, खोलागाउँ गाविस निवासी यज्ञबहादुर हमाल, स्याँलापाखा गाविस-८ निवासी चन्द्रकला पुन (सरिता), सोही गाविस-१ निवासी नन्दराम परियार, खलंगा गाविस-६ निवासी भुग्ले दमाई, झुला गाविस-२ पुरानोगाउँका परविक विक, बाँफिकोट गाविस-३ निवासी जितबहादुर बुढा, चनुवाङ्ग गाविस-६ निवासी देविलाल घर्ती, हर्कबहादुर बुढा, सोही गाविस-३ निवासी भैरम छिनाङ्ग, सोही गाविस-४ निवासी कृतबहादुर ओली, आठबीस डाँडागाउँ गाविस-९ निवासी भरत घर्तीमगर, नुवाकोट गाविस-१ निवासी गंगाराम पुन, आठबीस डाँडागाउँ गाविस निवासी नेत्रबहादुर गिरी, खलंगा गाविस-८ निवासी नरवीर विक र खोलागाउँ गाविस-४ निवासी कृष्णबहादुर शाह रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता माओवादीबाट यस वर्षको अन्त्यसम्म विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका छजना पुरुषहरूको अवस्था हालसम्म अज्ञात रहेको छ। त्यसरी अपहरणपछि घर नफर्केकाहरूमा रन्मामैकोट गाविस-१ निवासी छकबहादुर बुढा, महत गाविस-१ निवासी कृषु बुढा, सोही गाविस-२ निवासी सुनबहादुर बुढा, चौखावाङ्ग गाविस-५ निवासी शशिराम केसी, पिपल गाविस-९ निवासी दशरथ पौडेल र चन्वाङ्ग गाविस-१ निवासी चुडामणि सुनार रहेका छन्।

४.६ बाँके



जनसंख्या : ४,३४,४३५
साक्षरता प्रतिशत : ५७.३६
महिला साक्षरता प्रतिशत : ४८.३६
क्षेत्रफल (वर्ग कि. मि.) : २३३७
गाविस/नपा संख्या : ४६/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : २७२
क्याम्पस/उच्च मा.वि. : २/१५
अस्पताल/स्वास्थ्य चौकी : ३/४७
टेलिफोन लाइन : ६९८१
मोटर सडक (कि. मि.) : ४८०
प्रहरी कार्यालय संख्या : १६
हुलाक संख्या : ४७
मानव विकास सूचकाङ्क : ०.४७९
प्रति परिवार सरदर संख्या : ६.४६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

माओवादी जिल्ला नेता समर भनिने धनीराम न्यौपानेको ०६२ माघ २ गते सर्चमा गएका सुरक्षाकर्मीले कोहलपुर नजिकै चपरगौडीमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले सो क्षेत्रमा साँझ झण्डै दुई घण्टा सर्च गरेको थियो। सोही क्रममा सुरक्षाकर्मीले ५ सय मिटरसम्म न्यौपानेलाई लखेटी गोली हानी हत्या गरेको स्थानीय बासिन्दाहरूले बताए। तर सुरक्षानिकायले भने न्यौपानेको मृत्यु दोहोरो भिडन्तमा भएको बतायो।

नेपालगञ्ज नपा-४ निवासी जेसी बाल संसारका प्रिन्सिपल ५० वर्षीय सहदीप शर्माको ०६२ चैत २ गते दिउँसो सादा पोसाकमा रहेका सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी मृत्यु भयो भने सोही स्थानका होटल व्यवसायी हिराबहादुर बुढामगर हातमा गोली लागी घाइते भए। होली पर्व मनाइरहेका युवाहरू र सादा पोसाकमा रहेका तीनजना सुरक्षाकर्मीबीच विवाद भएपछि सुरक्षाकर्मीले हवाई फयरिङ गर्दा घरको छतमा फूल टिपिरहेका शर्मा गोली लागी छतबाट तल खसेपछि उपचारको लागि अस्पताल लैजाँदालैजाँदै उनको बाटोमै मृत्यु भएको थियो। अर्का घाइतेको उपचार भेरी अञ्चल अस्पतालमा भयो। घटनामा संलग्न पीडकहरू असई रमेश रोका क्षेत्री, प्रहरी हवल्दार खडग बुढा र प्रहरी जवान सुनिल सिग्देललाई प्रहरी हिरासतमा राखिएकोमा असई क्षेत्री र हवल्दार बुढालाई अदालतको आदेशमा एक हप्तापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो भने प्रहरी जवान सिग्देललाई नेपालगञ्ज कारागार चलान गरियो।

महेन्द्र बहुमुखी क्याम्पस प्राध्यापक संघका अध्यक्ष ४८ वर्षीय हरिराज अधिकारीको ०६२ चैत २६ गते सात दलले घोषणा गरेको जनआन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै पेसागत संस्थाको सञ्जाल पापड तथा प्राध्यापक संघको आयोजनामा निस्केको ऐक्यबद्धता ञ्यालीमा सहभागी हुँदा बिरामी भई उपचार गर्दागर्दै अस्पतालमा मृत्यु भयो। ऐक्यबद्धता ञ्याली नेपालगञ्ज नगर परिक्रमापश्चात् नेपालगञ्ज नपा-१६ स्थित विपीचोकमा पुगी सभामा परिणत भएको सभामा 'शाही सत्ताको अन्त्य' तथा लोकतन्त्रको स्थापनाको लागि आफ्नो धारणा व्यक्त गर्दागर्दै अधिकारीको मुटु दुख्न सुरु भएको थियो। नेपालगञ्ज मेडिकल कलेजमा उपचारकोलागि भर्ना गरेको झण्डै डेढ घण्टापछि उनको मृत्यु भएको थियो।

सात दलको आयोजनामा सक्रिय राजतन्त्रविरुद्ध भएको प्रदर्शनलाई ०६३ वैशाख ५ गते नेपालगञ्जस्थित ज्ञानेन्द्रचोकमा प्रहरीले हस्तक्षेप गर्दा प्रहार गरेको अश्रुग्याँस छातीमा लागी घाइते भएकी बागेश्वरी गाविस-३ बाँकेकी सेतु विकको उपचारको लागि भारतको लखनऊ लैजाँदा बाटैमा सोही रात मृत्यु भयो। सो प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी हवाई फायरिङ, लाठी तथा अश्रुग्याँस प्रहार गर्दा करिब ५७ जना प्रदर्शनकारी घाइते भएका थिए। घाइतेहरूमध्ये केहीको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो भने केहीको नेपालगञ्ज मेडिकल कलेजमा भयो।

भवानियापुर गाविस-८ का कमल गिरीको ०६३ पुस ११ गते सुरक्षाकर्मीले त्रिभुवनचोकस्थित टाँगा स्टेशनमा चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो। सो घटनामा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी नेपालगञ्ज नपा-३ त्रिवेणीमोडका २२ वर्षीय सुधीर लखेर र नेपालगञ्ज नपा-१५ की १४ वर्षीया मानसी लखेरलगायत १० जना घाइते भएका थिए। घाइतेहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल

अस्पताल र नेपालगञ्ज मेडिकल कलेजमा भयो। घाइतेमध्ये सुधीरको थप उपचार इन्सेकको सहयोगमा काठमाडौंमा भएको थियो।

माओवादीबाट

विमान सुरक्षा बेस, राँझा विमानस्थलमा कार्यरत उदयपुर जिल्ला, इमाने गाविस-१ निवासी सशस्त्र प्रहरी सहायक हवल्दार कृष्ण श्रेष्ठ, बाँके जिल्ला पुरैनी गाविस-२ नहरपुरवाका सशस्त्र प्रहरी सहायक हवल्दार अजय सहनी र प्युठान जिल्ला खैरा गाविस-२ सराङ्गकोटका प्रहरी जवान खेमबहादुर सुनारको ०६२ पुस २१ गते दिउँसो रत्न मनिकापुर गाविस-८ स्थित विमानस्थल जाने राँझाचोकबाट आफ्नो काम सकी बेसक्याम्पतर्फ फर्कदै गर्दा माओवादीले पछाडिबाट एक्कासी गोली हानी हत्या गरे। सशस्त्र प्रहरी जवानहरू दानबहादुर बिष्ट र श्यामबहादुर बिष्ट गोली लागी गम्भीर घाइते भए। माओवादीको आक्रमणपछि विमानस्थल सुरक्षा बेस, राँझा विमानस्थलबाट गएका थप सुरक्षाकर्मी र माओवादीबीच करिब एक घण्टासम्म दोहोरो भिडन्तसमेत भएको थियो। सो भिडन्तमा परी सर्वसाधरणहरू आदर्श मावि, राँझामा कक्षा ८ मा अध्यनरत १६ वर्षीय अजयकुमार गुप्ता, राँझा निवासी अन्दाजी ३५ वर्षीय जमुना गुप्ता, बर्दिया जिल्ला बेलुवा गाविस-६ निवासी ३५ वर्षीय भोदु थारु र ५० वर्षीय चन्द्रमोहन गुभाजू गोली लागी घाइते भए। घाइतेहरूको भेरी अञ्चल अस्पतालमा उपचार भयो। घाइते प्रहरी जवानहरू दानबहादुर र श्यामबहादुरलाई भेरी अञ्चल अस्पतालमा सामान्य उपचारपछि थप उपचारको लागि काठमाडौं लगियो।

सल्यान जिल्ला काभ्रेचौर गाविस-४ का ३५ वर्षीय टोपबहादुर राजकोटीको ०६२ फागुन १ गते कोहलपुरमा माओवादीले गोली हानी हत्या गरे। मोटरसाइकलमा रहेका दुई माओवादी कार्यकताले कोहलपुर गाविसको भवनतर्फ हिँडिरहेका पीडितलाई कन्चटमा दुई राउण्ड गोली हानेका थिए। घटनापश्चात् माओवादीले गल्ती भएको भन्दै पीडितका परिवारलाई क्षतिपूर्ति स्वरूप घर निर्माण गरिदिएका छन् भने केही आर्थिक सहयोग पनि गरेका छन्।

कालाफाँटा गाविस महिटिनिया गाउँका ४० वर्षीय बड्डे खाँको ०६३ साउन २८ गते बिहान माओवादीले घरमै गोली हानी हत्या गरे। बड्डे खाँलगायतका व्यक्तिहरूले ०६२ असार मसान्तमा पाँचजना माओवादी कार्यकर्ताहरूलाई विभत्स तरिकाले हत्या गरेको घटनाको छानबिन गर्ने भन्दै सो दिन सोही गाविस पुगेका ३५ जनाको संख्यामा रहेका माओवादीका जनमुक्ति सेनाले खाँलाई घरमै गोली हानी हत्या गरेका थिए। माओवादीले भने खाँको मृत्यु माओवादी जनमुक्ति सेना र डाँकाको बीचमा भएको दोहोरो झडपमा भएको जनायो।

दोहोरो भिडन्त

माओवादीको सशस्त्र समूहले ०६२ माघ ७ गते साँझ नेपालगञ्जस्थित विपीचोकमा खटिएका प्रहरी र नेपाल भारत सिमानास्थित जमुनाहा प्रहरीचौकीमा एकै समयमा आक्रमण गरे। ती दुवै घटनामा परी पाँचजना प्रहरी र एकजना माओवादीको मृत्यु भयो र एकजना सर्वसाधरणसहित छजना घाइते भए। साँझ १५–१६ जनाको सङ्यामा रहेका सशस्त्र माओवादीले विपीको सालिकमा सेन्ट्री बनाई सुरक्षार्थ खटिएका प्रहरीहरूमाथि एक्कासी आक्रमण गरेका थिए। सो आक्रमणमा प्रहरी जवानहरू सतमान पुन, कृष्ण चन्द्र र विनोदबहादुरको घटनास्थलमै मृत्यु भएको थियो। सो घटनामा परी एक माओवादी कमाण्डरको मृत्यु भयो भने सर्वसाधरणतर्फ भक्तपुर जिल्ला बागेश्वरी गाविस-२ निवासी एम.आर. धर्मराज केसी र सुरक्षाकर्मीतर्फ असई विष्णु

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६	४		१०	५	१३			१३	६	८	२		१०
घाइते	३	४			४	८	३५	२		३७	३	५	२		७
गिरफ्तारी/यातना											३३	४९	२	३८	८९
कुटपिट	२	२			२	१०	१५	२		१७	१०	३३			३३
धम्की	१	१			१	६	५	१		६	३	६			६
भेला/संगठित हुने अधिकार											९	३२	१	८५	११८
जातीय विभेद	१		१		१										
बालअधिकार	४		३	१	४										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						६	४		२	६	१	१			१
अपहरण	४	४			४	३९	५८	१२		७०					
जम्मा	३१	१७	८	१	३६	७४	१३०	१७	२	१३९	५४	१३३	७	१३३	३५३

चौधरी, हवल्दार पोष्टबहादुर थापा, जवान सन्तकुमार चौधरी र ज्ञानबहादुर डाँगी घाइते भएका थिए। घाइते सर्वसाधरणको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भएको थियो भने घाइते प्रहरीहरूको भेरी अञ्चल अस्पतालमा सामान्य उपचारपश्चात् काठमाडौंमा उपचार भएको थियो।

यसैगरी सोही साँझ माओवादीको सशस्त्र समूहले भारत-नेपाल सिमानामा अवस्थित जमुनाहा प्रहरी चौकीमा आक्रमण गर्दा प्रहरी हवल्दारहरू इन्द्रबहादुर थापा र देवीलाल केसीको घटनास्थलमै मृत्यु भयो भने असई शिवदत्त पन्थ तथा प्रहरी जवानहरू टोपबहादुर रोकाय र सन्तबहादुर पुन घाइते भए। झण्डै ४० जनाको सख्यामा रहेका सशस्त्र माओवादीले सो चौकीको चारैतिरबाट आक्रमण गरेका थिए। सो क्रममा माओवादीले चौकीभित्र प्रवेश गरी दुईटा प्रेसर कुकर बम विस्फोट गराई भवन पूर्णरूपमा ध्वस्त पारे। सो क्षेत्रमा झण्डै आधा घण्टासम्म दोहोरो भिडन्त भएको थियो।



सुरक्षाकर्मीद्वारा मारिएकी सेतु विक

नेपालगञ्जस्थित वडा प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला कारागार शाखा, नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय र फुल्टेक्रा सैनिक ब्यारेकमा ०६२ माघ ११ गते राति सयौंको संख्यामा रहेका माओवादीले गरेको आक्रमणपछि भएको दोहोरो भिडन्तमा दुईजना सुरक्षाकर्मी, एकजना सर्वसाधारण र दुईजना माओवादी सेना गरी पाँचजनाको घटनास्थलमै मृत्यु भयो। मृत्यु हुनेहरूमा असई हर्कबहादुर कार्की, प्रहरी जवान कडेल चौधरी, भारत बहराइच घर भएका सर्वसाधारण सिकन्दर अली बागवान र माओवादी जनमुक्ति सेना सदस्य रोशन र विजय रहेका थिए। सोही घटनामा प्रहरी हवल्दार विष्णु थापा, प्रहरी जवानहरू मधुसुदन खड्का, मकर राना र खडकबहादुर खड्का घाइते भए। घाइते प्रहरीहरूको उपचार नेपालगञ्जस्थित वीरेन्द्र प्रहरी अस्पतालमा भयो। सो घटनामा सुरक्षास्रोतले माओवादीतर्फ ठूलो क्षति भएको दाबी गरे पनि माओवादीले भने उनीहरूतर्फ दुईजनाको मृत्यु भएको बताए।

धम्बोझीस्थित खजुरारोडमा रहेको जिल्ला प्रहरी कार्यालयमा ०६२ माघ १७ गते बेलुका माओवादीले आक्रमण गरेपछि प्रहरी र माओवादीबीच करिब आधा घण्टासम्म भएको दोहोरो भिडन्तमा परी खजुरारोडका २२ वर्षीय ममता कुर्मीको छातीमा गोली लागी मृत्यु भयो भने सोही ठाउँकी ३० वर्षीय भीमादेवी सुनार घाइते भइन्। घाइतेको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भएको थियो।



जनआन्दोलन–२ का क्रममा मृत्यु भएका हरिराज अधिकारी

मनिकापुर गाविसको राँझाचोकमा ०६२ फागुन १३ गते बिहान माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा परी कैलाली जिल्ला, जानकीनगर गाविस-७ का कर्णबहादुर तारामी मगरको मृत्यु भयो। पीडित नेपालगञ्जस्थित क्षेत्रीय प्रहरी तालिम केन्द्रमा काजमा रहेका जुम्लामा कार्यरत प्रहरी थिए। नेपालगञ्जबाट जुम्ला जाने क्रममा राँझास्थित विमानस्थलतर्फ जाँदै गर्दा उनी दोहोरो भिडन्तमा परेका थिए।

कोहलपुर गाविसको भरैयामा ०६२ चैत २९ गते बिहान करिब डेढ घण्टासम्म माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा एक माओवादी जनसेना सहायक कमाण्डर शिशिर भनिने सन्तोष रानामगरको घटनास्थलमै मृत्यु भयो भने युनिफाईड कमाण्डका प्रहरी जवान घनश्याम तिवारी घाइते भए। घाइतेको उपचार कोहलपुर शिक्षण अस्पतालमा भयो।

अन्यबाट

नेपालगञ्ज नपा निवासी दीप ज्वेलर्स पसल धनी ५५ वर्षीय जगदीश हेमकार, उनकी आमा ८५ वर्षीय गुलाब हेमकार, पत्नी ४५ वर्षीय सीता हेमकार, छोरा २८ वर्षीय दीपक हेमकार र कामदार २२ वर्षीय हरिशचन्द्र चौधरीलाई ०६२ फागुन २३ गते अज्ञात समूहले घरमै गई हत्या गरे। मृतकहरू सबैको घाँटी रेटेर हत्या गरिएको थियो। जिल्ला प्रहरी कार्यालय, बाँकेका अनुसार हेमकार परिवारको हत्यारा हालसम्म पत्ता लाग्न नसकेको, अनुसन्धान जारी नै रहेको साथै सो घटनामा कुनै लुटपाट नभएको कारण घटनाको उद्देश्य हत्या गर्नुमात्र रहेको देखिएको जनायो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

नौबस्ता प्रहरी तालिम केन्द्र परिसरमा सुरक्षाको लागि बिछ्याइएको ल्याण्डमाइन ०६२ चैत १ गते बिहान विस्फोट हुँदा तालिम केन्द्रका प्रहरी जवानहरू २६ वर्षीय गगन शाही, २० वर्षीय भीमबहादुर मण्डल, ३० वर्षीय गगनसिंह रसाइली र १८



सुरक्षाकर्मीद्वारा मारिएका माओवादी जिल्ला नेता समर भनिने धनीराम न्यौपाने

वर्षीय जग्गुलाल चौधरी घाइते भए। घाइतेहरू सबैको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

माओवादीबाट

पूर्व-पश्चिम महेन्द्र राजमार्गस्थित बनकटवाको मैटहवामा माओवादीले राखेको विस्फोटक पदार्थ ०६२ माघ ११ गते विस्फोटन हुँदा एभरेष्ट हेल्थ होम सर्भिसद्वारा सञ्चालित बा ४ च ७७९ नम्बरको एम्बुलेन्स क्षतिग्रस्त भयो भने एम्बुलेन्समा सवार दुई स्वास्थ्यकर्मी हेमराज वर्मा र खेम अधिकारी घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा गरियो।

नेपालगञ्ज नपा-१६ स्थित बाँके यातायात व्यवस्था विभागमा ०६२ फागुन २६ गते राति माओवादीले बम विस्फोट गराउँदा सो कार्यालयका पियन नेपालगञ्ज नपा-८ का ३४ वर्षीय शंकरबहादुर पुन घाइते भए। उनको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

बागेश्वरी गाविस-२ पेडारीमा माओवादीले राखेको विस्फोटक पदार्थ ०६२ चैत ७ गते दिउँसो विस्फोट हुँदा सोही गाविस-४ का रणबहादुर सुनार घाइते भए। घाइते सुनारको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

गनापुर गाविसको पिप्रहवाचोकमा माओवादीले राखेको बम विस्फोट हुँदा ०६२ चैत १० गते दिउँसो भे.१ ख.७९८ नम्बरको यात्रुबाहक बसका सह-चालक बर्दिया हापुर गाविस-१ का १७ वर्षीय बिष्णु चौधरी र सर्वसाधारण जुम्लाकी २६ वर्षीया दीलमाया पौडेल घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज शिक्षण अस्पताल कोहलपुरमा भयो।

नेपालगञ्जस्थित पारसचोकमा माओवादीले ०६२ चैत २३ गते दिउँसो बम विस्फोट गराउँदा सल्यान घर भई हाल कारकाँदोमा पसल गरी बसेका ५० वर्षीय गणेश बिष्ट घाइते भए। पीडितको हात, खुट्टा र गालामा चोट लागेको थियो। उनको उपचार भेरी अञ्चल अस्पतालमा भयो।

बेवारिसे बमबाट

चिसापानी गाविस जङ्गलमा ०६३ भदौ १३ गते दिउँसो बेवारिसे बम विस्फोट हुँदा चिसापानी गाविस-५ करेलीका २६ वर्षीय चन्द्रबहादुर सुनार र सोही गाविस निवासी चिसापानी माविमा कक्षा ७ मा अध्ययनरत १५ वर्षीय दुर्गाबहादुर सुनार घाइते भए। घाइते दुवैजना घरदेखि करिब दुई घण्टा पैदल दुरीमा रहेको जङ्गलमा गाई चराउन जाँदा चन्द्रबहादुरले भुईंमा सुतलीको डल्लोजस्तो देखी हातले चलाउँदा विस्फोट भई घाइते भएका थिए। विस्फोटबाट चन्द्रबहादुरको दाहिने आँखा नदेखिने भएको छ भने दाहिने हातको हत्केला गुमेको छ। पीडितहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भएको थियो।

जेल र बन्दी

'ख' श्रेणीको नेपालगञ्ज कारागार शाखाको बन्दी क्षमता २ सय जनाको छ। यस जेलमा हाल २ सय २४ बन्दीहरू रहेका छन् जसमध्ये १ सय २५ पुरुष र १५ महिला गरी १ सय ४० कैद तोकिएका तथा ७१ पुरुष र आठ महिला गरी ७९ जना कैद नतोकिएका छन्। यस कारागारमा पाँचजना नाबालक अभिभावकहरूसँग छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्रीको सुविधा रहेको बन्दीहरूले बताए। यस वर्ष कारागारमा एकजनाको मृत्यु भयो। ज्यान मुद्दामा अदालतबाट ०६० असोज २३ गते फैसाला भई कारगार चलान गरिएका बनकटुवा गाविसका ४५ वर्षीय भीमबहादुर पुनको मृत्यु भएको थियो। रोगको कारण उनको मृत्यु भएको कारागार शाखाले जनायो।

बेपत्ता / अपहरण

माओवादीबाट

गंगापुर गाविसका ओमकार पासी, सप्तु पासी, शाखिर साई, जुम्मन साई, गुठे साई, दिनेश साहु, छमानी राठ र विकउ दर्जीले चोरी गरेको आरोपमा ०६२ माघ २२ गते माओवादीले उनीहरूलाई सोही गाविसबाट अपहरण गरी भोलिपल्ट गंगापुर गाविसबाट मुक्त गरे।

सीतापुर गाविस-४ का १९ वर्षीय पदमलाल सार्कीलाई ०६२ माघ २९ गते बिहान केही सोधपुछ गर्नुछ भन्दै माओवादीले सीतापुर गाविसबाटै अपहरण गरे। माओवादीको कब्जामा रहेका अपहरित सार्की फागुन २ गते सीतापुर गाविसबाट भागे। पीडितलाई माओवादीले सुराकी गरेको आरोपमा ०६२ माघ २५ गते अपहरण गरेकोमा माघ २६ गते भागेर आएपछि पुन: माघ २९ गते अपहरण गरेका थिए। पीडित हाल घरमै रहेका छन्।

मनिकापुर गाविस-२ का १४ वर्षीय माहागु भुजवा

रिक्सा चलाउन उदयपुर गाविस गएको समयमा ०६२ फागुन ४ गते माओवादीले उनीसँग 'केही कुरा गर्नुछ' भन्दै अपहरण गरे। पीडित ०६२ फागुन ७ गते उदयपुर गाविसबाटै मुक्त भए।

टिटहरिया गाविस निवासी जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी जवान दामोदर खवासलाई ०६२ फागुन ६ गते दिउँसो माओवादीले सोही गाविसबाट अपहरण गरी सोही दिन बेलुका सामान्य सोधपुछपश्चात् सोही स्थानबाट मुक्त गरे।

नौबस्ता गाविस-९ का २५ वर्षीय राज बुढा क्षेत्रीले चोरी गरेको आरोपमा ०६२ फागुन ९ गते बिहान माओवादीले उनलाई नौबस्ताबाट अपहरण गरी सोही दिन दिउँसो सामान्य सोधपुछपश्चात् सोही ठाउँबाट मुक्त गरे।

कैलाली जिल्ला टीकापुर नपा-५ की १६ वर्षीया ज्योति शाही, नेपालगञ्ज नपा-७ का भरत शाही र नारायण शाहीलाई ०६२ चैत १४ गते माओवादीले उढरापुर गाविस-२ बाट अपहरण गरेकोमा उनीहरूलाई चैत १७ गते बर्दिया जिल्लाको बासगढीबाट मुक्त गरे। पीडितहरूलाई आपसी झगडाको कारण अपहरण गरिएको माओवादीले जनाए।

जनमोर्चाका कार्यकर्ताहरू कधेलाल कुर्मी, विक्रम कुर्मी र नन्दराम खरेललाई ०६२ चैत २० गते दिउँसो माओवादीले होलिया गाविस समतलीयाबाट अपहरण गरे । माओवादीले ती सबैलाई राप्तीपारी भएको माओवादीको कार्यक्रममा सहभागी गराई कार्यक्रमपश्चात् सोही दिन मुक्त गरे।

फत्तेपुर गाविस-९ का ४० वर्षीय रामलाल चौधरी र उनकी कान्छी पत्नी सुनीता चौधरीलाई बहुविवाहको आरोपमा ०६२ चैत २१ गते माओवादीले घरबाटै अपहरण गरे। अपहरित दुबैलाई माओवादीले छ महिनासम्म श्रम गराई राख्ने फैसला गरेकोमा उनीहरू अपहरण गरेको भोलिपल्ट फत्तेपुर गाविसबाट भागेर नेपालगञ्ज गएका थिए। उनीहरू कब्जाबाट भागेपछि माओवादीले ०६३ वैशाख ६ गते पीडितको घरमा गई भे.१ प. ७३६४ नम्बरको मोटरसाइकल कब्जामा लिए। उक्त मोटरसाइकल ०६२ असार १४ गते फत्तेपुरबाट फिर्ता गरियो। हाल अपहरित दुबै फत्तेपुरस्थित घरमै रहेका छन्।

कम्दी गाविस-८ की ३० वर्षीया डम्मरी बेहना र उनका भाई २० वर्षीय बकरीदी बेहनाले चोरी गरेको आरोपमा ०६३ वैशाख ७ गते माओवादीले उनीहरूलाई सोही गाविसबाट अपहरण गरी एक हप्तापछि कम्दी गाविसबाट मुक्त गरे।

पिपरहवा गविस-९ सुँइयाका २५ वर्षीय बढ्कौ कबडियालाई ०६३ जेठ ७ गते बिहान माओवादीका एरिया सदस्य पप्पु, पूर्णकालीन सदस्य अयुब र कयुबले घरमा सुतिरहेको अवस्थाबाट अपहरण गरी सोही गाविसस्थित जङ्गलमा लगी १० हजार रूपैया माग गर्दै पैसा नदिएपछि कुटपिट गरी सोही दिन मुक्त गरे।

पुरैना गाविस-७ का ५५ वर्षीय रफिक खानलाई सामान्य सोधपुछ गर्नुछ भन्दै ०६३ जेठ ८ गते बेलुका माओवादीले फुल्टेक्राबाट अपहरण गरी भोलिपल्ट बिहानै फुल्टेक्राबाटै मुक्त गरे।

मटहिया गाविस-५ का ७० वर्षीय आँधी मुकेरी, ४५ वर्षीय सत्तार बेहना, ७० वर्षीय रामखेलावन यादव र १६ वर्षीय फरिद मुकेरीलाई ०६३ जेठ १३ गते राति स्थानीय माओवादीले मटहिया गाविस-५ बाट अपहरण गरे। स्थानीय माओवादी कार्याकर्ताले अपहरित सबैलाई आपसी रिसइबीको कारण अपहरण गरेका थिए। इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जका प्रतिनिधिको रोहबरमा उनीहरूलाई जेठ १७ गते मटहियाबाट मुक्त भए।

भवानियापुर गाविस-८ का ३० वर्षीय मनोज खटिकले चोरी गरेको आरोपमा ०६३ जेठ १३ गते माओवादीले उनलाई अपहरण गरी भोलिपल्ट बिहान बेतहनी गाविसबाट मुक्त गरे।

महादेवपुर गाविस-२ का २५ वर्षीय कर्णबहादुर विकले सोही गाविसकी ६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ०६३ जेठ २६ गते स्थानीय माओवादी दशरथ पराजुलीले विकको घरबाटै अपहरण गरे। बलात्कारी विक हाल पनि बाँके जिल्लास्थित माओवादी नियन्त्रणमै रहेका छन्। विकले ०६३ वैशाख २६ गते राति बालिका उनको घरमा टिभी हेर्न गएको बेला बलात्कार गरेका थिए।

भारत घर भई हाल नेपालगञ्जमा मजदुरी गरी बस्ने परशुराम चौहानले चोरी गरेको आरोपमा ०६३ जेठ २७ गते माओवादीले उनलाई नेपालगञ्जबाट अपहरण गरी असार १० गते कम्दी गाविसस्थित मिलनचोकबाट मुक्त गरे।

पुरैना गाविसमा स्थायी घर भई हाल नेपालगञ्ज नपा-८ मा किराना पसल गरी बस्ने ३४ वर्षीय अफजल खाँलाई ज्यानमुद्दाको सोधपुछको लागि भन्दै ०६३ असार १०



माओवादीद्वारा मारिएका सल्यान जिल्लाका टोपबहादुर राजकोटी



अज्ञात समूहद्वारा हत्या गरिएका एकै परिवारका जगदीश हेमकार, गुलाब हेमकार, सीता हेमकार, दीपक हेमकार र हरिशचन्द्र अधिकारी

गते बेलुका छजनाको संख्यामा गएका माओवादीले पसलबाट अपहरण गरी बेतहनीस्थित माओवादी पार्टी कार्यालयमा लगेकोमा १० दिनपछि उनी त्यहींबाट फर्किए। पीडित माओवादीका पूर्व कार्यकर्ता हुन्।

खजुराखुर्द गाविस-५ का ३३ वर्षीय भीमबहादुर रानालाई ज्यानमुद्दाको सोधपुछको लागि भन्दै ०६३ असार १२ गते राति माओवादीले उनलाई घरबाटै उनलाई सुतिरहेको बेला अपहरण गरे। माओवादीले असार २४ गते उनलाई जिल्ला प्रहरी कार्यालयमा बुझाएकोमा उनी साउन १७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

नेपालगञ्ज नपा-१६ का २३ वर्षीय मेराज मनिहारले पारिवारिक झैझगडा गरेको आरोपमा ०६३ असार १३ गते दिउँसो माओवादीले उनलाई नेपालगञ्ज नपा-१४ बाट अपहरण गरी छ दिनपछि बन्जारे गाउँबाट मुक्त गरे।

खजुराखुर्द गाविस-३ का २३ वर्षीय रमेश सिंहलाई ०६३ असार १३ गते राति माओवादीले उनलाई घरमै सुतिरहेको बेलामा अपहरण गरी असार २४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनी साउन १७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

हिरमिनिया गाविस-२ का ४० वर्षीय हेमन्तकुमार थापालाई ज्यानमुद्दाको आरोपमा सोधपुछको लागि भन्दै ०६३ असार १४ गते बेलुकी माओवादीले नेपालगञ्ज नपा-८ बाट अपहरण गरी असार २४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनी साउन १७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

रनियापुर गाविस-३ का १७ वर्षीय कान्छा खाँले चोरी गरेको आरोपमा ०६३ असार १६ गते बेलुका माआवादीले उनलाई सोधपुछको लागि भन्दै घर नजिकैबाट अपहरण गरे। पीडित भोलिपल्ट माओवादीको कब्जाबाट भागेर घर फर्किए। माओवादीले पीडितलाई रनियापुर माविमा राखेका थिए।

बेतहनी गाविस-५ निवासी माओवादीका पूर्व कार्यकर्ता ३० वर्षीय होलीराम केवटसँग भएको बन्दूक मारदै ०६३ असार २५ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित एक हप्तापछि बर्दिया जिल्लाबाट भागी घर फर्किए। अपहरणपश्चात् माओवादीले पीडितलाई बर्दिया जिल्ला पुऱ्याएका थिए।

बैजापुर गाविस-३ बनभुसरीका २८ वर्षीय सुरज भनिने जोगप्रसाद थारुले साँस्कृतिक अधिकार उल्लंघन गरेको आरोपमा ०६३ असार ३२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी साउन २८ गते बैजापुर गाविसबाट मुक्त गरे।

बेतहनी गाविस-२ जाफरपूर्वाका ४५ वर्षीय युनुस खाँनलाई ०६३ साउन ८ गते स्थानीय माओवादीले उनकै घरबाट घरायसी रिसइवीको कारण अपहरण गरी तीन दिनपछि बेतहनी गाविसबाटै मुक्त गरे।

बसुदेवपुर गाविस-७ निवासी जनमोर्चाका कार्यकर्ता घनश्याम बर्मालाई आपसी रिसइवीको कारण ०६३ साउन १० गते स्थानीय माओवादी नेता नन्दकिशोर पाण्डेको नेतृत्वमा रहेका विमल शर्मा, सफिउल्ला खाँ र गणेश बर्माले अपहरण गरी बेतहनीस्थित माओवादी कार्यालयमा लगी कुटपिट गरे। पीडितलाई कसैलाई केही नभन्ने सर्तमा साउन ११ गते बेतहनीबाट मुक्त गरियो।

शमशेरगञ्ज गाविस-९ उढरपुरुवाका ४५ वर्षीय किशोरी गडेरियाले झैझगडा गरेको आरोपमा ०६३ साउन २३ गते बिहान माओवादीले उनलाई गनापुरबाट अपहरण गरी दिनभरी माओवादी नियन्त्रणमा राखी सोही दिन बेलुका मुक्त गरे।

मटेहिया गाविस-७ का ४० वर्षीय इन्द्रजीत यादवले चोरी गरेको आरोपमा ०६३ साउन २३ गते राति माओवादी कार्यकर्ता साबिर खाँको नेतृत्वमा माओवादी जनमिलिसियाका कार्यकर्ताहरूले उनलाई गाउँबाट अपहरण गरी असोज २८ गते गंगापुर गाविस-३ बाट मुक्त गरे। पीडित सोही गाविस-४ का माओवादीद्वारा घोषित वडा जनसरकार समितिका पूर्व प्रमुख हुन्।

बृहत् शान्ति सम्झौतापछि गाउँमा पुर्नस्थापित भएका नरैनापुर गाविस-२ जयरामपुरका ३० वर्षीय कवेल खाँ र सोही गाविस-२ जयरामपुरकै ४० वर्षीय थेमन खाँलाई ०६३ मंसिर १८ गते स्थानीय माओवादी कार्यकर्ता विराटको नेतृत्वमा गएको एक समूहले घरबाटै अपहरण गरेकोमा थेमनलाई भोलिपल्ट र कवेललाई पर्सीपल्ट मटहिया गाविसबाट मुक्त गरे। दुवै करिब पाँच वर्ष अगाडि गाउँमा स्थानीय माओवादी कार्यकर्तासँग झगडा परेको कारणले ज्यान सुरक्षाको निम्ति विस्थापित भई भारतको मल्दीपुरमा बस्दै आएका थिए र कात्तिक २२ गतेको नेपाल सरकार र माओवादीबीच भएको बृहत शान्ति सम्झौतापछि स्थिति सामान्य भएको देखेर केही दिन यता बाँकेको नरैनापुरस्थित

आफ्नै घर बस्दै आएका थिए।

कोहलपुर गाविस-४ की १५ वर्षीया पुष्पा पुन र १४ वर्षीया कालिका गिरी विभिन्न प्रलोभनमा परी ०६३ कात्तिक २७ गते माओवादी जनमुक्ति सेनामा भर्ना हुन भन्दै कोहलपुर गाविसबाट गएकोमा उनीहरू यो वर्षको अन्त्यसम्म घर फर्केनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बागेश्वरी गाविसका धनबहादुर आचार्यले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ पुस २६ गते नेपालगञ्जबाट स्वास्थ्य लेखेको गाडीमा सादा पोसाकमा गएका सुरक्षाकर्मीले उनलाई खजुराबजारमा बुटै बुटले कुटपिट गरे।

बागेश्वरी गाविस-२ का स्थानीय बासिन्दाहरू २२ वर्षीय विकास सापकोटा, केबुल लाईनका सञ्चालक २४ वर्षीय प्रकाश थापा र ५० वर्षीय गोपाल लोहारलाई ०६२ माघ १२ गते दिउँसो सर्चमा गएका सुरक्षाकर्मीले घरघरमा गई सोधपुछको क्रममा कुटपिट गरी मार्ने धम्की दिए। सोही क्रममा प्रकाशलाई सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पुऱ्याई चार घण्टापछि रिहा गरे।

शमशेरगञ्ज गाविसका स्थानीय बासिन्दाहरू १८ वर्षीय दुःखीराम चौधरी, १६ वर्षीय दीपक चौधरी, २० वर्षीय प्रदीप चौधरी, १५ वर्षीय बाबुराम चौधरी, ४० वर्षीय बजारी चौधरी र ४८ वर्षीया कालिका चौधरीलाई ०६२ माघ २३ गते सुरक्षाकर्मीले पीपरी नजिकै कुटपिट गरे। सुरक्षाफौजको गाडी एम्बुसमा परेपछि डराएर लुकेको अवस्थामा उनीहरूलाई सुरक्षाकर्मीले कुटपिट गरेका थिए। शमशेरगञ्ज गाविस-८ स्थित माछापोखरीमा ज्यालादारी काम गरिरहेका थिए।

नौबस्ता गाविस-२ का ४० वर्षीय चन्द्रबहादुर बस्नेत घर नजिकै बाटोमा बसिरहेको बेला ०६२ फागुन २८ गते गस्तीमा गएका सेनाले उनलाई कुटपिट गरे। सुरक्षाकर्मीले पीडितलाई बन्दुकको कून्दाले छाती र खुट्टामा कुटपिट गरी घाइते बनाएका थिए। पीडितको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भएको थियो।

रुभेना गाविस-८ का १५ वर्षीय चित्रप्रसाद खनाललाई ०६२ चैत २ गते होली पर्वका दिन कोहलपुर गाविस-३ मा होली मनाइरहेको बेला सुरक्षाकर्मीले बिनाकारण कुटपिट गरे। पीडितको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

नेपालगञ्ज नपा-१३ स्थित महेन्द्र बहुमुखी क्यापसको छात्रवासका विद्यार्थीहरू हिकमत ढकाल, केशव रावल, जगत तिमिल्सिना, कमल कुसाडी र भीमराज खरेललाई ०६२ चैत २८ गते बिहान सुरक्षाकर्मी छात्रवासमै प्रवेश गरी कुटपिट गरे।

नेपालगञ्ज नपा-१६ का १५ वर्षीय विक्रम खरेल र पर्वत जिल्लाका ३० वर्षीय यानबहादुर जिसी विपीचोकमा बाटोमा हिँडिरहेको बेला ०६३ वैशाख ३ गते सुरक्षाकर्मीले उनीहरूलाई बिनाकारण कुटपिट गरी घाइते बनाए। पीडितहरूको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भयो।

माओवादीबाट

नेपालगञ्ज नपा-८ का २५ वर्षीय दुर्गाप्रसाद तिवारी लक्ष्मणपुर गाविस-९ स्थित आफ्नो खेतमा काम गर्न जाँदा ०६२ फागुन १ गते स्थानीय माओवादीले उनलाई कुटपिट गरे। कुटपिटको क्रममा फलामे छडले पीडितको दाहिने खुट्टामा हिर्काएको हुँदा उनको खुट्टा भाँचिएको थियो। पीडितको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

बेतहनी गाविस निवासी जनमोर्चा बाँकेका जिल्ला सदस्य २४ वर्षीय दीपराज बर्मालाई सात दलद्वारा आयोजित विरोध सभामा सहभागी हुँदा ०६२ फागुन ११ गते माओवादीले एकछिन काम छ भन्दै केही पर लगी कुटपिट गरे। कुटपिटबाट सख्त घाइते भएका बर्माको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भई पीडित फागुन १६ गते घर फर्किए।

मटहिया गाविस-५ की शान्ति गुप्तालाई ०६३ वैशाख २९ गते राति स्थानीय माओवादीले उनको घरमा गई "२५ हजार नगद दे, होइन भने तेरो पतिलाई मारी दिन्छौं" भनी धम्क्याउँदै हातपात गरे। यसअघि शान्तिकी पति जवाहरलाल गुप्तालाई ०६३ वैशाख २३ गते माओवादीले मार्ने धम्की दिएपछि घर छाडेका थिए। जेठ १९ गतेदेखि पीडितहरू विस्थापित भई भारतमा गएका छन्।

बेतहनी गाविस-३ का ५५ वर्षीय लक्षु यादव, उनकी



माओवादीले पारसचोकमा बम विस्फोट गराउँदा घाइते भएका गणेश विष्ट

पत्नी ४५ वर्षीया राजकली यादव, छोरा २५ वर्षीय कैलाश यादव र छोरी २० वर्षीया ज्ञानमती यादवले घरायसी झगडा गरेको आरोपमा ०६३ जेठ ३ गते माओवादी कार्यकर्ता पप्पु यादवसहितको समूहले उनीहरूलाई घरमै कुटपिट गऱ्यो। घाइते सबैको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

नेपालगञ्ज नपा-१३ का ५५ वर्षीय भगवती मिश्रलाई ०६३ जेठ ६ गते चारजनाको संख्यामा गएका माओवादीले घरबाटै बिहान १० बजेदेखि दिनभर कब्जामा लिई १० दिनभित्रमा ५० हजार नगद रूपैयाँ उपलब्ध गराउने सर्तमा सोही दिन बेलुकी मुक्त गरे। माओवादीले पीडितलाई उक्त रकम चन्दा स्वरूप नदिएमा मार्ने धम्कीसमेत दिएका थिए।

नेपालगञ्ज नपा-१६ का ४४ वर्षीय हरिबहादुर रावललाई ०६३ जेठ २३ गते माओवादीले घरमै गई मार्ने धम्की दिए। उनका छोरा टीकाराम रावलले ०६३ जेठ २३ गते उनकै घरमा बस्ने एक महिलालाई बलात्कार गरी फरार भएपछि माओवादीले हरिबहादुरले छोरालाई माओवादीसमक्ष नबुझाए मार्ने धम्की दिएका थिए।

बैजापुर गाविस-१ निवासी अन्नपूर्ण राष्ट्रिय दैनिकका संवाददाता २२ वर्षीय दामोदर भण्डारीलाई ०६३ जेठ २५ गते नेपालगञ्जमा माओवादी र काठ ठेकेदारहरूले उनीहरूको विरुद्ध समाचार लेखेको आरोपमा मार्ने धम्की दिए। तर थारुवान मुक्ति मोर्चा बाँकेका अध्यक्ष प्रदीपले पत्रकार भण्डारीलाई कुनै पनि धम्की नदिएको जनाए।

नेकपा (मार्क्सवादी) इन्द्रपुर गाउँ समिति सदस्य पदमुक्त चमारलाई घरमा बसिरहेको अवस्थामा ०६३ जेठ २८ गते राति माओवादीले आपसी रिसइवीका कारण कुटपिट



जनआन्दोलन-२ का क्रममा आन्दोलनकारी र प्रहरीबीच भएको झडपका क्रममा घाइते भएका असई नरबहादुर अधिकारी



बेवारिसे बम विस्फोट हुँदा घाइते भएका चन्द्रबहादुर सुनार

गरे।

रनियापुर गाविस-१ का ६० वर्षीय मैफू साँई र उनका भाई ४५ वर्षीय गोधरा साँई, मुजिम अलि साँई र नुरअली साँईलाई ०६३ साउन १८ गते स्थानीय माओवादी कार्यकर्ता लल्लन खाँको समूहले घरमा गई कुटपिट गऱ्यो। कुटपिटको क्रममा टाउको र शरीरमा गम्भीर चोट लागी घाइते भएका ती सबैको उपचार नेपालगञ्जस्थित प्राइभेट क्लिनिकमा भएको थियो।

नेकाँका कार्यकर्ताहरू मटेरिया गाविस-५ का ४८ वर्षीय मुनवर अली मुकेरी र ३५ वर्षीय दिलदा हुसेनलाई ०६३ भदौ ११ गते स्थानीय माओवादी नेता विर्जलाल यादवको नेतृत्वमा गएका समूहले घरमै बन्चरो र लाठीले शरीरका विभिन्न भागहरूमा अन्धाधुन्ध प्रहार गरी सख्त घाइते बनायो। दुवैको टाउको र हात तथा खुट्टामा गम्भीर चोट लागेको थियो। माओवादीको कुटपिटबाट घाइते भएका दुवैलाई स्थानीय बासिन्दाहरूको सहयोगमा भदौ ११ गते बिहान भारतको एक मेडिकलमा र पछि नेपालगञ्जमै उपचार गरिएको थियो। घटनापछि माओवादीले उनीहरूको घरमा लुटपाटसमेत गरेका थिए।

खासकुश्मास्थित कुशुमेश्वर माविका प्रधानाध्यापक रामेश्वरूप मण्डललाई ०६३ साउन १० गते दिउँसो माओवादीले करिब डेढ घण्टा नियन्त्रणमा लिई कुटपिट गरे। तलबको पाँच प्रतिशत रकम माग गर्दै दुईजनाको संख्यामा गएका स्थानीय माओवादी कार्यकर्ताले उनलाई विद्यालयबाटै नियन्त्रणमा लिई कुटपिट गरेका थिए।

उढरापुर गाविस-४ निवासी नेकपा (मार्क्सवादी) का जिल्ला कमिटी सदस्य ३१ वर्षीय गंगाराम गुप्तालाई ०६३ असोज २० गते दुईजनाको संख्यामा मोटरसाईकलमा गएका माओवादीले खजुरास्थित एक चिया पसलमा चिया पिउँदै गर्दा कुटपिट गरे। उनको स्थानीय मेडिकलमा उपचार भयो। माआवादीले पीडितलाई माओवादी पार्टीमा जबर्जस्ती प्रवेश गराउन खोजेको बेला इन्कार गरेपछि कुटपिट गरेका थिए।

सोनपुर गाविस-२ निवासी नेकपा (मार्क्सवादी) का गाउँ कमिटी सदस्य ३० वर्षीय रामलखन तेलीलाई ०६३ असोज २३ गते राति माओवादीले घरमै गई कुटपिट गरी मार्ने धम्की दिए। माओवादीले पीडितलाई राजनीति नै गर्ने हो भने माओवादीमा पुनः प्रवेश गरी राजनीति गर्नु भन्दै कुटपिट गरेका थिए। पीडित माओवादीका पूर्व कार्यकर्ता हुन्।

गनापुर गाविस-५ कपासीका ३६ वर्षीय ओमप्रकाश शर्मालाई जग्गाको विवादको विषयलाई लिएर ०६३ असोज ३१ गते बिहान माओवादीले सोही गाविसस्थित खेतमा काम

गरिरहेको बेला कुटपिट गरे। माओवादीको ज्यादतीको प्रतिकार गर्न खोज्दा माओवादीले शर्मालाई लाठी र चक्कुले प्रहार गरेका थिए। कुटपिटबाट पीडितको शरीरभरी नीलडाम र चक्कुले हातको पाखुरा काटिएको थियो।

अन्यबाट

कारकाँदो गाविस-१ का २५ वर्षीय रमेश विकलाई ०६२ पुस १९ गते नेपालगञ्जबाट धनगढी जाने क्रममा बस व्यवसायी संघले चक्काजाम गरेको बेला गाडी चलाएको भनी सो संघ आवद्ध युवाहरूले कुटपिट गरे। टाउको र हातमा गहिरो चोट लागी घाइते भएका विकको उपचार नेपालगञ्ज मेडिकल कलेजमा भएको थियो। उनले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले भाडामा लिएको जीप चलाएका थिए। सो समूहले जीपमासमेत क्षति पुऱ्याएको थियो। सो घटना अज्ञानताका कारण भएको भन्दै बन्द आह्वानकर्ताले माफी मागी पीडितलाई राहतसमेत उपलब्ध गराएका थिए।

नेपालगञ्ज नपा-१६ का ३६ वर्षीय शोभाराम बर्मालाई ०६२ फागुन ८ गते आफूलाई माओवादी बताउने एक समूहले एक पत्रमार्फत ५ लाख रूपैया चन्दा स्वरूप नदिएमा उनको जेठा छोरा रामउदेश बर्मालाई मार्ने धम्की दिए। माओवादीले सो धम्की आफूहरूले नदिएको बताए।

माओवादी कार्यकर्ता विषराम चौधरीलाई ०६३ मंसिर १७ गते फत्तेपुर गाविसको नन्कौपुरका स्थानीय बासिन्दाहरूले करिब एक घण्टासम्म नियन्त्रणमा लिई कुटपिट गरे। फत्तेपुर गाविसको नन्कौपुरमा चलिरहेको मेलामा चौधरीले हतियार देखाई मेलामा आएका सर्वसाधारणलाई धम्क्याइ रहेको बेला स्थानीय गाउँलेहरूले चौधरीलाई कुटपिट गरेका थिए।

गैरकानुनी गिरफ्तारी

बगनाहा गाविस-१ की १७ वर्षीया सुमित्रा चौधरी माओवादी भएको आशंकामा ०६२ पुस २२ गते सुरक्षाकर्मीले उनलाई नेपालगञ्जस्थित पुष्पलाल चोकबाट गिरफ्तार गरे। पीडितलाई ०६२ फागुन ३ गते नेपालगञ्ज कारागारबाट रिहा गरियो।

कोहलपुरस्थित गोर्खा युनाइटेड बोर्डिङ्ग स्कूलमा अध्ययनरत विकास शाहीसहित पाँचजनालाई ०६२ माघ ५ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट एयरपोर्टस्थित सशस्त्र बेसक्याम्पबाट रिहा गरे। गस्तीमा गएका सुरक्षाकर्मीले माओवादीको आशंकामा विद्यार्थीलाई गिरफ्तार गरेका थिए।

सल्यान जिल्ला रामपुर गाविस-८ का १९ वर्षीय अर्जुन सत्याल भनिने शालिकराम सार्की र सागर भनिने मित्र



माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा घाइते भएका भक्तपुर जिल्लाका धर्मराज के.सी.

चौधरी माओवादी भएको आरोपमा ०६२ माघ ८ गते सुरक्षाकर्मीले उनीहरूलाई बाँकेको कोहलपुर-महादेवपुरी क्षेत्रबाट गिरफ्तार गरी तीन महिने थुनुवा पूर्जी दिएर ०६२ चैत ३ गते नेपालगञ्ज कारागार चलान गरे। उनीहरू ०६३ जेठ ३० गते नेपालगञ्ज कारागारबाट रिहा भए।

साईगाउँ गाविस पञ्चमक्राका २० वर्षीय जगदीशप्रसाद वर्मा माओवादी भएको आशंकामा ०६२ फागुन १ गते साँझ सशस्त्र प्रहरीले उनलाई जमुनाहबाट गिरफ्तार गरे। पीडितलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ ३० गते रिहा गरियो।

जाजरकोट जिल्ला डाँडागाऊँ गाविस-३ का तेजबहादुर परियार, उनकी पत्नी बासमती परियार र एक वर्षीय छोरासहित अर्का एकजना ५५ वर्षीय मोती परियार माओवादी भएको आशंकामा ०६२ फागुन ४ गते बाँकेको चिसापानीमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा मोति परियारलाई छोरासहित फागुन १० गते रिहा गरे। अन्यलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ १ गते रिहा गरियो।

माओवादी कार्यकर्ता कोहलपुर गाविस-३ का ५५ वर्षीय दशरथ पराजुलीलाई बाटोमा हिँडिरहेको बेला ०६२ फागुन १२ गते बिहान गस्तीमा गएका सुरक्षाकर्मीले कोहलपुर सिमरहवाबाट गिरफ्तार गरे। उनलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ १ गते रिहा गरियो।

जाजरकोट जिल्ला पैंक गाविस-४ घर भई अध्ययनको सिलसिलामा नेपालगञ्ज नपा-५ मा डेरा लिई बस्दै आएका २३ वर्षीय पदम रोकायलाई ०६२ चैत २ गते राति सुरक्षाकर्मीले उनलाई डेराबाट सोधपुछको लागी भन्दै गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट चैत ९ गते रिहा गरियो।

चिसापानी गाविस निवासी एमालेका इलाका नं १० का उपसचिव ३५ वर्षीय सर्वराज खत्री माओवादी भएको आरोपमा ०६२ चैत १२ गते बिहान चिसापानी ब्यारेकबाट

गएका सुरक्षाकर्मीले घरबाटै पार्टीका कागजातसहित गिरफ्तार गरे। पीडितलाई चिसापानी ब्यारेकबाट भोलिपल्ट रिहा गरियो।

माओवादी निकट मधेसी मुक्ति मोर्चाका जिल्ला सदस्य ३० वर्षीय दयाराम यादवलाई ०६२ चैत २१ गते दिउँसो सुरक्षाकर्मीले कम्दी गाविस-८ बाट गिरफ्तार गरे। पीडितलाई नेपालगञ्ज कारागारबाट ०६३ जेठ २ गते रिहा गरियो।



सुरक्षाकर्मीको गोली लागी घाइते भएकी भीमा सुनार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कार गर्ने अभियानमा घरदैलो कार्यक्रम गरिरहेका एमालेका जिल्ला सचिव देवराज भार, नेकाँका डा.अरुण कोइराला, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति गजेन्द्र हमाल र नेविसंघका जिल्ला सभापति टेकनारायण भुसाल, ट्रेड युनियनका जिल्ला सदस्य उपेन्द्र कुँवर, ट्रेड युनियनका जिल्ला अध्यक्ष अगवर खाँ र ट्रेड युनियनका कार्यकर्ता साविर अलि जासुनलाई ०६२ माघ ११ गते बिहान प्रहरीले नेपालगञ्ज नपा-२ घरबारीटोलबाट गिरफ्तार गरी माघ ३० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जनमोर्चाको नेपालगञ्जस्थित कार्यालयभित्र प्रवेश गरी सुरक्षाकर्मीले ०६२ माघ १३ गते दिउँसो कार्यालयमा तोडफोड गर्नुका साथै जनमोर्चाका केन्द्रीय सदस्य देवप्रकाश आर्चाय, जनमोर्चाका कार्यकर्ताहरू चुमानसिंह केसी, दीपराज वर्मा, रमेश वर्मा, अवधेशकुमार पाण्डे, पवनकुमार मिश्र, हनुमान पासीलगायत सातजनालाई गिरफ्तार गरी ०६२ फागुन ३ गते रिहा गरे। यसैगरी सोही दिन बजार बन्द सफल पार्न सडकमा प्रदर्शन गरिरहेका नेकाँका केन्द्रीय सदस्य दिनबन्धु श्रेष्ठ, जिल्ला उपसभापति बादसाह कुर्मी, महासमिति सदस्य निरञ्जनसिहँ सिजापती, नेविसघंका जेन्टील गौचन, भूमि भण्डारी र तरुण दल जिल्ला सदस्य प्रदीप गुप्तालाई सुरक्षाकर्मीले भूमिसुधार कार्यालय नजिकबाटै गिरफ्तार गरी फागुन ११ गते नेपालगञ्ज कारागारबाट रिहा गरे।

आन्दोलनरत विद्यार्थीहरूले गधालाई मेयरको प्रतिक बनाएर बजार परिक्रमा गराउँदा नेपालगञ्ज बजारबाट सुरक्षाकर्मीले ०६२ माघ १८ गते दिउँसो आठजना विद्यार्थीलाई गिरफ्तार गरी ०६२ फागुन १ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। यसरी गिरफ्तारपछि रिहा हुनेहरूमा महेन्द्र बहुमुखी क्याम्पसका स्वबियु सचिव खगेन्द्र खनाल, विद्यार्थी नेताहरू किरण अधिकारी, कमल केसी, मुकुन्द शर्मा, दिनेश केसी, पंकज कठायत, भद्रबहादुर थापा र रामकृष्ण ढकाल थिए।

सात दलद्वारा घोषित आम हड्तालले सफल पार्न ती दलका नेता कार्यकर्ता, नागरिक समाज र उद्योग व्यापार संघद्वारा संयुक्त रूपमा कोहलपुर चौराहामा निकालिएको जुलुस प्रदर्शनमा सुरक्षाकर्मीले ०६२ चैत २५ गते बिहान हस्तक्षेप गरी कुटपिट गर्दै नेकाँका भानुभक्त उपाध्याय, खडकबहादुर भण्डारी, केसुनन्द उपाध्याय र जनमोर्चा निकट अनेरास्वबियुका वरुणध्वज मल्ल र व्यापारी शंकर शाह र आनन्द काफ्लेलाई गिरफ्तार गरी सोही दिन पाँच घण्टापछि इलाका प्रहरी कार्यालय, कोहलपुरबाट रिहा गरे।

सात दलले ०६२ चैत २७ गते कोहलपुरमा आयोजना गरेको च्यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी प्रदर्शनकारीहरूलाई निर्ममतापूर्वक कुटपिट गरे। कोहलपुर पीपलचौतारा हजारौँको संख्यामा निस्केको जुलुस नाराबाजीसहित प्रदर्शन गर्दै अञ्चल प्रशासन कार्यालय अघिल्तिर पुग्नासाथ सुरक्षाकर्मीले हस्तक्षेप गरी अन्धाधुन्ध लाठी प्रहार गर्दा नेकाँका नारायण गौडेल, एमालेका टीकाराम सुवेदी, यदु वाग्ले, बुद्धि खत्री, कृष्ण कार्की, लुटबहादुर केसी, प्याबसनका नारायण सिग्देल, जनामोर्चाका ओमकार, नेविसंघका टेकनारायण भुसाल, शिक्षक रिक खड्का र लोकबहादुर सिंह ठकुरी घाइते भए।

'निरंकुश राजाको प्रत्यक्ष शासनको' विरोध र लोकतन्त्रको माग गर्दै नेपालगञ्जको धम्बोझीचोकमा ०६२ चैत २९ गते दिउँसो शान्तिपूर्ण प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरूमाथि सुरक्षाकर्मीले हस्तक्षेप गरी कुटपिट गरे। कुटपिटबाट नेपालगञ्ज नपा-५ का २४ वर्षीय विष्णुप्रसाद मरासनी र शर्मा प्लाष्टिकका प्रोपराइटर शिवशंकर पोखरेल घाइते भए। टाउकोमा गहिरो चोट लागी घाइते भएका मरासीनीको नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्जमा उपचार भयो। सुरक्षाकर्मीले प्रदर्शनकारीहरूलाई मार्ने धम्कीसमेत दिएको कुरा पीडितहरूले बताए।

मधेसी नागरिक अधिकार मञ्चद्वारा ०६३ भदौ २ गते जिल्ला प्रशासन कार्यालय घेराउ तथा तालाबन्दी कार्यक्रममा प्रदर्शनकारीहरूले कार्यालयको ढोकामा ताला लगाउन खोज्दा प्रहरीको लाठीचार्जबाट नेपालगञ्ज नपा-५ का ६० वर्षीय मुखब्बर रङ्गरेज र नेपालगञ्ज नपा-६ का ५२ वर्षीय नानु बेहना घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

माओवादीबाट

बर्दिया जिल्ला घर भई हाल नेपाल ट्रेड युनियन महासंघ बाँकेमा आबद्ध नेपाल रिक्सा चालक युनियन, बाँकेका सदस्य २५ वर्षीय वीरबहादुर थापालाई ०६३ मंसिर १९ गते दिउँसो माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासंघ, बाँकेका पप्पु, नोसार अलीलगायत १०/१५ जनाले नेपालगञ्जस्थित पुष्पलालचोकबाट नियन्त्रणमा लिई चार घण्टापछि मुक्त गरे। माओवादीले नियन्त्रणको क्रममा पीडितलाई बलजफ्ती गरी माओवादी निकट अखिल नेपाल ट्रेड युनियनमा प्रवेश गरेको प्रतिबद्धता जाहेर गर्न लगाई अबिर लगाउनुका साथै पीडित आबद्ध युनियनको कागजपत्र सबै जलाई नष्ट गरिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत नेपालगञ्जमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा ५३ ओटार यो वर्ष दायर भएका ४० ओटा गरी रहेको ९३ थान मुद्दामध्ये १५ ओटा फस्यौट भई ७८ बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ५६ ओटा र यो वर्ष दायर भएका ४५ ओटा गरी रहेको १ सय १ ओटा मुद्दामध्ये २३ फस्यौंट भई ७८ बाँकी रहे। त्यस्तै गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ सय ३५ ओटा र यो वर्ष दायर भएका १ सय ११ थान गरी रहेको २ सय ४६ ओटा मुद्दामध्ये ३० थान फस्यौंट भई २ सय १६ बाँकी रहे। यो वर्षको अन्त्यसम्म ३ सय ७२ ओटा मुद्दा रहेका छन्। पाँच वर्ष नाघेका कुनै पनि मुद्दा यस पुनरावेदन अदालतमा रहेको छैन।

बाँके जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा २ सय २३ ओटा र यो वर्ष दायर भएका १ सय ७५ ओटा गरी रहेको ३ सय ९८ ओटा मुद्दामध्ये १ सय ५७ ओटा फस्यौट भई २ सय ४१ बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ९२ ओटा र यो वर्ष दायर भएका ८५ ओटा गरी रहेको १ सय ७७ ओटा मुद्दामध्ये ५३ फस्यौट भई १ सय २४ बाँकी रहे। त्यस्तै गतवर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ६ सय १ ओटा र यो वर्ष दायर भएका ३ सय २३ ओटा गरी रहेको ९ सय २४ ओटा मुद्दामध्ये १ सय ७६ ओटा फस्यौट भई ७ सय ४८ बाँकी रहे। यो वर्षको अन्त्यसम्म १ हजार १ सय १३ ओटा मुद्दा रहेका छन्। पाँच वर्ष नाघेका कुनै पनि मुद्दा यस अदालतमा रहेका छैनन्।

जिल्ला प्रहरी कार्यालयमा यस वर्षमा आतंककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत २३ ओटा मुद्दा, ३१ ओटा डकैतीको तथा १२ ओटा ज्यानमार्ने अभियोगका निवेदन परे।

बालअधिकार

कोहलपुर गाविस-४ सुन्दरबस्तीका १३ वर्षीय झुम्का बस्नेत, सोही गाविस-५ नयाँबस्तीकी १३ वर्षीया रामसरी चदारा, सोही गाविस-४ का १६ वर्षीय भक्तबहादुर बाठा र १५ वर्षीय जयबहादुर बाठा सरकारी जागिर पाउने प्रलोभनमा परी ०६३ कात्तिक २६ गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी गए। तर माओवादी क्याम्पमा माओवादीले भनेको जस्तो खान, बस्नलगायतका केही सुविधा नभएको र कठोर शारीरिक व्यायाम गर्नुपर्ने भएकोले माओवादीको पेडारीस्थित अस्थायी क्याम्पबाट फर्किआए।

कोहलपुर गाविस-४ की १३ वर्षीया विर्मा तिरुवा र कोहलपुर गाविस-५ का १७ वर्षीय कालु खड्का ०६३ कात्तिक २५ गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी गए। तिरुवा कात्तिक ३० गते माओवादीको पेडारीस्थित अस्थायी शिविरबाट फर्की आइन् भने खड्का यो वर्षको अन्तसम्म घर फर्केनन्।

रुभेना गाविस-४ वर्दहवाका १७ वर्षीय सन्तोष थारु, १५ वर्षीया श्रीमाया चौधरी र १६ वर्षीय गोविन्द चौधरी ०६३ कात्तिक २९ गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी घरबाट गए। छोराको शीघ्र खोजीका लागि पीडित सन्तोषका बाबु लहारी थारुले ०६३ मंसिर ४ गते इन्सेक क्षेत्रीय कार्यालयमा निवेदनमार्फत् अनुरोध गरे।

कोहलपुर गाविस-८ का १५ वर्षीय गुड्डु विक र सोही गाविस-८ कै १७ वर्षीय निमबहादुर लुहार ०६३ कात्तिक ३० गते माओवादीको जनमुक्ति सेनामा भर्ना हुन भनी गएकोमा पेडारीस्थित माओवादीको अस्थायी शिविरबाट ०६३ मंसिर ३ गते घर फर्किए।

आदर्श माबि खजुरामा कक्षा १० मा अध्ययनरत १५ वर्षीय सुशासन पोखरेल, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय कमलप्रसाद घिमिरे र ज्ञानोदय माबि खजुरामा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय हरिबहादुर थापा मगर र धनबहादुर



माओवादीद्वारा कुटपिट गरी घाइते पारिएका नेकाँका मुनवरअली मुकेरी र दिलदा हुसेन



आन्दोलनकारीलाई तितरबितर पार्न लाठी चार्ज गर्दै प्रहरी

थापा ०६३ भदौ १६ गते नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसमा भएको अनेरास्ववियु (क्रान्तिकारी) को १६ औं सम्मेलनमा सहभागी हुन भनी गएका बेला माओवादीले फकाई फुल्याई उनीहरूसँगै लगे। जसमध्ये कमल र हरिबहादुर भदौ १९ गते र सुशान्त असोज १३ गते बर्दिया जिल्लाबाट घर फर्किए। धनबहादुर भने यो वर्षको अन्त्यसम्म घर फर्किएनन्।

कारकाँदो गाविस-९ की ७ वर्षीय बालिकालाई सोही गाविस-८ का ५१ वर्षीय बराती बढहीले ०६२ फागुन ४ गते बिहान बारीमा लगी बलात्कारको प्रयास गरे। पीडित बालिकाको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

नौबस्ता गाविस-५ घर भई हाल कोहलपुर गाविसस्थित मुक्त कमैया शिविरमा बस्दै आएकी ९ वर्षीया एक बालिकालाई सोही शिविरमा बस्ने ७० वर्षीय चमारी थारुले ०६३ भदौ १६ गते बेलुकी पीडकै घरमा बलात्कार गरे। बालिकाको उपचार भेरी अञ्चल अस्पतालमा गरिएको थियो। पीडित पक्षले पीडकको विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेता पनि कुनै कारबाही भने भएन।

सबै प्रकारका जातीय विभेद

कोहलपुर गाविस-७ रजघरवा सल्यान टोलकी वीरमा बुढाथोकीलाई देवबहादुर कुँवरले बिबाह गर्छु भनी गर्भवती बनाई ०६२ पुस २७ गते बच्चा जन्मिएपछि बास्ता गर्न छाडे। विरमालाई देवबहादुरले जातीयताको कारण छाडेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

नेपालगञ्ज नपा-८ का ३० वर्षीय दीपेन्द्र श्रेष्ठको भे १ प ६९९६ नम्बरको काइनेटिक मोटरसाइकल ०६२ माघ ८ गते माओवादीले विपिचोकबाट कब्जामा लिएकोमा इन्सेक क्षेत्रीय कार्यालयका प्रतिनिधिको रोहबरमा ०६२ माघ ११ गते खजुराबाट फिर्ता गरे।

पेट्रोलियम पदार्थ सहित भे १ ख २६२, भे १ ख १५४, ना २ ख ६१३४, ना २ ख ६८२१, ना २ ख ६८२६, ना २ ख ४३६८, ना १ ख ३९४०, ना १ ख ४८५२ र ना १ ख ७७२७ नम्बरका ट्यांकर ०६२ फागुन १३ गते माओवादीले अगैयाबाट कब्जामा लिए। उक्त ट्यांकरहरूमा १ लाख ८ हजार लिटर पेट्रोलियम पदार्थ रहेको थियो। ती कब्जामा रहेका नौ वटै ट्यांकर फागुन १७ गते राप्तीपारी बैजापुरबाट फिर्ता गरियो भने ट्यांकरका ड्राइभर तथा मजदुरहरूलाई भने पहिले फागुन १५ गतेनै इन्सेककर्मी र अन्य मानवअधिकारकर्मीको रोहबरमा बैजापुर गाविसबाट मुक्त गरिएको थियो।

नेपालगञ्ज नपा-१६ स्थित कर्णाली विकास बैंकबाट ०६२ फागुन २९ गते बिहान हतियारसहितका माओवादीले १६ लाख ६४ हजार नगद रूपैया लुटे। माओवादीले बैंकको भित्र रहेका कम्प्युटर, कुर्ची र अन्य सामानहरूसमेत तोडफोड गरेका थिए।

कोहलपुर गाविस घर भई हाल एमाले प्रचार विभाग प्रमुख ४५ वर्षीय अशोक कोइरालाको भे.१ ख. ३८२६ नम्बरको मोटरसाईकल ०६२ फागुन २६ गते माओवादीले नेपालगञ्ज नपा-१३ स्थित जिल्ला वन कार्यालय अगाडिबाट कब्जामा लिए। उक्त मोटरसाईकल इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जका प्रतिनिधिको पहल र रोहबरमा चैत १ गते फिर्ता गराइयो।

विराटनगरदेखि नेपालगञ्जतर्फ गइरहेका विश्व खाद्य संस्थान कार्यक्रमको सामानसहितका ना २ ख ९४५८, ७१९१, ७१९२, ७१९५, ७३९९ र को १ ख ३९० नम्बरका ट्रकहरू ०६२ चैत ९ गते माओवादीले माहादेवपुरी गाविसको ढकेरीबाट कब्जामा लिए। माओवादीले उक्त ट्रक सामानसहित चैत ११ गते सोही स्थानबाट फिर्ता गरे।

नेपालगञ्ज नपा-१३ स्थित जिल्ला स्वास्थ्य कार्यालय बाँकेको बा.१ ब. ६६१३ नम्बरको मोटरसाईकल ०६२ चैत १० गते साँझ माओवादीले कार्यालय परिसर भित्रबाटै कब्जामा लिएकोमा यो वर्षको अन्त्यसम्म फिर्ता गरेनन्।

नेपालगञ्जबाट दाङको लमहीतर्फ लैजाँदै गरेका ना.१ ख. ७७२७ र भे.१ ख. १५४ नम्बरका २४ हजार लिटर मट्टितेलसहितका दुई ट्यांकर ०६२ माघ ३० गते बेलुकी माओवादीले अगैयाबाट कब्जामा लिई फागुन १ गते मट्टितेलसहित सोही क्षेत्रबाट फिर्ता गरे।

खास कारकाँदो गाविस-१ का ३७ वर्षीय माधवराम कुर्मीको भे १ त १२९५ नम्बरको ट्याक्टर ०६३ वैशाख ११

गते बिहान माओवादीले गनापुर गाविसस्थित खेतमा काम गर्न गएको बेला कब्जामा लिए। ट्र्याक्टर हाल माओवादी कब्जामै उढरापुरमा रहेको छ।

कम्दी गाविस-६ का सलिम बागवाको घर ०६३ असार ९ गते राति माओवादीले भत्काई दिए। सलिम बागवा र उनको भाई मुन्ने बागवाको जग्गा सम्बन्धी झगडा रहेको हुँदा माओवादीले सो घर भत्काई दिएको कुरा स्थानीय बासिन्दाहरूले बताए ।

जिल्ला विकास समिति बाँकेका पूर्व सभापति पशुपतिदयाल मिश्रको हिरमनिया गाविस-१ भघोटनास्थित दुईतल्ले पक्की घरमा माओवादीले ०६२ चैत २६ गते राति एक शक्तिशाली बम विस्फोट गराई ध्वस्त पारे। साथै पीडित मिश्रका भाई युद्धराज मिश्रको भे १ त ६२६ नम्बरको ट्र्याक्टर र भे १ प १३८५ नम्बरको मोटरसाईकल नियन्त्रणमा लिएकोमा मोटरसाइकल पाँच दिनपछि र ट्र्याक्टर ०६३ असार १९ गते बेतहनीबाट फिर्ता गरे।

मटहिया गाविसस्थित गणपति सामुदायिक वन उपभोक्ता समूहबाट ०६३ मंसिर १८ गते माओवादीले १ लाखको चेक लुटी लगे। माओवादी कार्यकर्ता उदित चौधरी, सागर चौधरी र अमिन चौधरीले समूहका अध्यक्ष राजेन्द्रकुमार दिक्षित, उपाध्यक्ष ढोढे राढ र कोषाध्यक्ष विकाउलाल गोडियाको हस्ताक्षरबाट बैंकको खाता सञ्चालन रहेकोमा तीनैजनालाई नियन्त्रणमा लिई मार्ने तथा घर बम विस्फोट गराई ध्वस्त पारिदिने लगायतका विभिन्न किसिमको धम्की दिई चेक लगेका थिए।

विस्थापित

बेतहनी गाविस घर भएका जनमोर्चाका जिल्ला सदस्य दीपराज बर्मालाई माओवादीले घर फर्केमा मार्ने धम्की दिएपछि बर्मा ०६२ फागुन ११ गतेदेखि भारतको रूपइडिहामा विस्थापित भए। ०६२ फागुन ११ गते सात दलको विरोधसभाको क्रममा माआवादीले जिल्ला सदस्य बर्मालाई सांघातिक आक्रमण गरी सख्त घाइते बनाएका थिए। साथै सोही गाविस घर भएका जनमोर्चाका जिल्ला उपाध्यक्ष कमल अधिकारीलाई पनि माओवादीले मार्ने धम्की दिएपछि पीडित अधिकारी पुस महिनादेखि नेपालगञ्जमै विस्थापित भई बस्दै आएका थिए। उनीहरू वैशाखदेखि पुनस्थापित भैसकेको जनमोर्चाका केन्द्रीय सदस्य आइपी खरेलले बताए।

संरचना/ सम्पति कब्जा/आगजनी/अन्य क्षति

नेपालगञ्ज नगरपालिका भवनमा ०६२ पुस २४ गते बिहान माओवादीले दुईओटा शक्तिशाली बम विस्फोट गराई क्षतिग्रस्त बनाए। सो विस्फोटबाट कार्यालयका कागजपत्र तथा फर्निचर नष्ट हुनुका साथै भवनको तल्लो तल्ला पूर्ण रूपामा ध्वस्त भयो। सो विस्फोटमा कुनै मानवीय क्षति भने भएन।

नेपालगञ्ज नपा-१३ सुर्खेत रोडस्थित नापी शाखामा ०६२ माघ १ गते बिहान माओवादीले प्रेसर कुकर बम विस्फोट गराए। नापी शाखाको कार्यालय प्रमुखको कोठामा राखिएको उक्त बम विस्फोट हुँदा कोठा क्षतिग्रस्त हुनुको साथै त्यहाँ रहेका सम्पूर्ण कागजपत्रहरू पूर्णरूपमा ध्वस्त भएका थिए।

नेपालगञ्ज नपा-१३, सुर्खेत रोडस्थित २ नम्बर नापी गोश्वारा कार्यालयमा ०६२ फागुन ११ गते राति माओवादीले दुईओटा बम विस्फोट गराउँदा कार्यालयको तल्लो तल्लाका दुईओटा कोठामा क्षति पुग्यो। विस्फोटका कारण दुई कोठाका झ्याल, ढोका तथा भित्ताहरू क्षतिग्रस्त भए।

नेपालगञ्ज नपा-२ मा रहेको भेरी सहकारी वित्तीय संस्थाको भवनमा ०६२ चैत २ गते बिहान माओवादीले गराएको बम विस्फोटबाट सोही सडक छेउमा रहेको भवनका झ्यालका सिसाहरू फुट्नुका साथै कागजातहरू नष्ट भए। विस्फोटबाट करिब ५० हजार बराबरको क्षति भएको अनुमान कार्यालयले गऱ्यो।

नेपालगञ्ज नपा-१३ स्थित जिल्ला वन कार्यालयको भवनमा ०६२ चैत ९ गते राति माओवादीले एक शक्तिशाली प्रेसर कुकर बम विस्फोट गराउँदा भवनको छत तथा भित्ताहरू भत्के भने झ्याल, ढोका र फर्निचरहरू भाँचिनुका साथै भवनमा रहेका कागजातहरू पूर्ण रूपमा नस्ट भए। सो विस्फोटबाट करिब ४ लाख बराबरको क्षति भएको अनुमान सो कार्यालयले गरेको छ।

नेपालगञ्ज नपा-१३ मा रहेको जिल्ला कृषि विकास कार्यालयमा ०६२ चैत १४ गते बिहान माओवादीले दुईओटा



माओवादीले गराएको बम विस्फोटबाट क्षतिग्रस्त भएको जमुनाहा प्रहरी चौकी



माओवादीले नापी शाखामा गराएको बम विस्फोटबाट भएको क्षति

शक्तिशाली बम विस्फोट गराउँदा उक्त भवनको झ्याल ढोका भाँचिनुको साथै भित्ता चर्किए। विस्फोटबाट करिब ५० हजार बराबरको क्षति भएको अनुमान गरिएको छ। दुईओटा बम कार्यालय परिसरभित्रै राखिएको थियो।

विगतको अनुगमन

गिरफ्तार

पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा ०६३ जेठ ३० गते केन्द्रीय कारागार शाखा, नेपालगञ्जबाट २४ जना माओवादी बन्दीहरू रिहा भए। यसरी रिहा हुने माओवादी बन्दीहरूमा कृष्णप्रसाद थारु, बालकृष्ण केसी, ओमप्रसाद विसी, खडकबहादुर घर्ती, सुब्बाराम थारु, भीमबहादुर नेपाली, रमेशकुमार थारु, जैनुल अजविन खाँ, मनसा वली नाउँ, अंगत पाण्डे, विक्रम चौधरी, फत्तेसिंह चौधरी, विरबहादुर चौधरी, होमनारायण चौधरी, भवीलाल विक, प्रतिमा शर्मा, नन्दबहादुर थापा, शालिकराम सत्याल, भीमलाल चौधरी, रमेशबहादुर महत, पुष्करनाथ कुर्मी, विकाउ वर्मा, विक्कु वर्मा र जगदिश वर्मा रहेका छन्। यी माओवादी बन्दीहरूलाई सुरक्षाकर्मीले विभिन्न मिति र स्थानबाट गिरफ्तार गरी कारागार चलान गरेको थियो।

बेपत्ता

राज्यबाट


माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका आठजना महिला र ८० जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा चिसापानी गाविस निवासी २१ वर्षीय धनकुमारी चौधरी, ४५ वर्षीय चोगाली थारू, जमुनाहा गाविस निवासी २८ वर्षीय धनश्याम थारू, बैजापुर गाविस निवासी २६ वर्षीय जोगीराम थारू, कोहलपुर गाविस निवासी ३० वर्षीय देविप्रसाद अधिकारी, विनौना गाविस निवासी २९ वर्षीय कमल खड्का, कोहलपुर गाविस निवासी ३२ वर्षीय प्रोमिस श्रेष्ठ, नेपालगञ्ज नपा निवासी ५० वर्षीय जंगबहादुर गिरी, महादेवपुरी गाविस निवासी २७ वर्षीय घनश्याम शाही, कचनापुर गाविस निवासी ३३ वर्षीय चुलुवा थारू, २३ वर्षीय हरिभक्त भट्टराई, नौस्ता गाविस निवासी १७ वर्षीय सूर्य शाह, बागेश्वरी गाविस निवासी २४ वर्षीय ईश्वरी सुवेदी, नेपालगञ्ज नपा निवासी १८ वर्षीय निर्मल चौधरी, १८ वर्षीय महेन्द्र वली, ३८ वर्षीय ताराबहादुर थापा, ४३ वर्षीय लालबहादुर थापा, कोहलपुर गाविस निवासी २४ वर्षीय भगवती चौधरी, २१ वर्षीय राजेश चौधरी, १८ वर्षीय चिकना थारू, १६ वर्षीय पेन्टा विक, २४ वर्षीय योगन्द्र ढकाल, २१ वर्षीय गोपाल चौधरी, ४२ वर्षीय दीपक, २८ वर्षीय जुगराम थारू, सोही गाविस-३ निवासी ४८ वर्षीय धनबहादुर विक, ३१ वर्षीय रामप्रसाद पोखरेल, १९ वर्षीय हिक्मत विष्ट, २८ वर्षीय राममिलन बालमिकी, नौबस्ता गाविस-८ निवासी १८ वर्षीय राजबहादुर थारू, २५ वर्षीय फुलराज चौधरी, रुझेना गाविस-२ मैठुवागाउँका १७ वर्षीय टेकबहादुर विक, १६ वर्षीय पवन थारू, सितापुर गाविस-४ निवासी २२ वर्षीया प्रतिमा गौतम, नौबस्ता गाविस-८ निवासी २२ वर्षीय सिताराम थारू, कोहलपुर गाविस-६ लखनाका २९ वर्षीय यज्ञबहादुर बुढामगर, रुझेना गाविस-६ निवासी २१ वर्षीय गोपाल चौधरी, बनकटुवा गाविसका ४३ वर्षीय रामप्रसाद थारू, नेपालगञ्ज नपा-१ निवासी ३८ वर्षीय उपेन्द्र उप्रेती, नौबस्ता गाविस निवासी २५ वर्षीय फलु थारू, फत्तेपुर गाविस निवासी १८ वर्षीय सावितराम थारू, नेपालगञ्ज नपा-१६ निवासी २६ वर्षीय प्रविन शाही, बेभार गाविस निवासी निराजन चौधरी, रुझेना गाविस निवासी २८ वर्षीय जगत ढुंगाना, सानेपुर गाविस निवासी ३२ वर्षीय विनोद, ३२ वर्षीय अग्रीम, बेलहरी गाविस निवासी ३५ वर्षीय रामसरन यादव, बनकटुवा गाविस वीगाउँका ३४ वर्षीय कमल दाहाल, कचनापुर गाविस-७ निवासी २१ वर्षीय धीरेन्द्र खड्का, कोहलपुर गाविस-३ निवासी ३१ वर्षीय रामप्रसाद पोखरेल, बागेश्वरी गाविस-२ निवासी १९ वर्षीया दमयन्ती पुन, शम्शेरगञ्ज गाविस-३ निवासी २५ वर्षीय पहाडिया थारू, नौस्ता गाविस-८ निवासी २७ वर्षीय राजाराम थारू, कोहलपुर गाविस-६ निवासी १८ वर्षीय गगन घर्ती बुढा, सोही गाविस-८ निवासी विद्रोही चौधरी, विनौना गाविस-४ चिनरियाका वीरबहादुर बुढामगर, कोहलपुर गाविस-४ निवासी जितबहादुर बुढामगर, रञ्जित विक, नौबस्ता गाविस-८ निवासी मिलनी चौधरी, महादेवपुर गाविस-२ निवासी १५ वर्षीय पवित्रा वली, फत्तेपुर गाविस-९ निवासी २१ वर्षीय जुनकुमारी घर्तीमगर, कोहलपुर गाविस-४ निवासी १४ वर्षीय प्रेमबहादुर विक, महादेवपुर गाविस-५ निवासी ३२ वर्षीय मोहन वली, नौबस्ता गाविस-८ निवासी २२ वर्षीय कर्ण चोधरी, बेलभार

गाविस-२ निवासी २४ वर्षीय रमेश घर्ती, इन्द्रपुर गाविस निवासी १७ वर्षीय दिलबहादुर बागवान, रम्फेना गाविस निवासी २१ वर्षीय युवराज गिरी, रनियापुर गाविस-३ निवासी ३८ वर्षीय जमिल अहमद खान, कोहलपुर गाविस-३ निवासी गोपाल विक, बनकटुवा गाविस-४ निवासी २० वर्षीय क्रान्ति देवकोटा, कोहलपुर गाविस-४ निवासी १६ वर्षीय चन्द्रबहादुर विक, नौबस्ता गाविस निवासी २६ वर्षीय राजाराम थारू, कोहलपुर गाविस मसुरीका जगवीर पुन, जीतबहादुर पुन, सोही गाविस-४ निवासी १८ वर्षीय कमलसिंह पुन मगर, बैजापुर गाविस-१ निवासी लालवीर चौधरी, सोही गाविस-३ निवासी हरिलाल थारू, कोहलपुार गाविस-३ कालिकानगरका २४ वर्षीय यामबहादुर कामी, २७ वर्षीय चन्द्रबहादुर राणा, रम्फेना गाविस निवासी ३४ वर्षीय दलबहादुर थापा, ३२ वर्षीया पार्वती थापा, गंगापुर गाविस-४ डोडरागाउँका ५२ वर्षीय पार्वती बिहारी गोडिया, २० वर्षीय अतितिया गोडिया, मटहिया गाविस-४ महादेवनगरकी २१ वर्षीया सितला राणा र रनियापुर गाविस निवासी ३७ वर्षीय महोम्मद जाकिर शेष रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता माओवादीबाट यस वर्षको अन्त्यसम्म विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका एकजना महिला र १४ जना पुरुष गरी १५ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा खासकुश्मा गाविस-१ निवासी ४५ वर्षीय पारस खड्का, कोहलपुर गाविस-८ पिपरीका ४० वर्षीय भोजराज ढकाल, सोही गाविस-५ खरगबारका ४२ वर्षीय प्रेमबहादुर वली, खासकुश्मा गाविस-४ सिक्टागाउँका १५ वर्षीय धनकुमारी डाँगी, नरैनापुर गाविस-३ निवासी ५० वर्षीय सागर अली, होलिया गाविस-८ निवासी परशुराम शुक्ल, नौवस्ता गाविस-३ निवासी २५ वर्षीय रामबहादुर विक र कृष्णबहादुर सुनार, गनापुर गाविस-८ निवासी ३९ वर्षीय सेवकराम लोनिया, कोहलपुर गावस-४ निवासी ध्रुव श्रेष्ठ, कचनापुर गाविस-१ का ४८ वर्षीय लालबादुर डाँगी, भवानीपुर गाविस-८ निवासी राधे खटिक, कम्दी गाविस-९ निवासी बलबहादुर बुढाथोकी, बनकट्टी गाविस-४ निवासी शिवकुमार शर्मा र कटकुँईया गाविस-५ निवासी रसिक खाँ रहेका छन्।

४.७ बर्दिया



जनसंख्या : ४,२६,६७५
साक्षरता प्रतिशत : ४५.४१
महिला साक्षरता प्रतिशत : ३५.६४
क्षेत्रफल (वर्ग कि. मि.) : २०२५
गाविस/नपा संख्या : ३१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : २७४
क्याम्पस/उच्च मा.वि. : १/८
अस्पताल/स्वास्थ्य चौकी : १/३३
टेलिफोन लाइन : १६२०
मोटर सडक (कि. मि.) : १८५
प्रहरी कार्यालय संख्या : ९
हुलाक संख्या : ३३
मानव विकास सूचकाङ्क : ०.४२९
प्रति परिवार सरदर संख्या : ७.१६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

गुलरिया नपा-२ निवासी एमाले कार्यकर्ता ५५ वर्षीय यमलाल लामिछाने ०६३ वैशाख ७ गते सात दलद्वारा आयोजित लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको समयमा गुलरिया नपा-८ मा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घाइते भए। घाइते भएका यमलालको सोही दिन राति भारतको लखनउमा उपचार गर्दागर्दै मृत्यु भयो। सोही दिन सुरक्षाकर्मीको गोलीबाट आन्दोलनकारीहरू जयराम न्यौपाने, शालिकराम भुषाल, चिरिन्जीवि ज्ञवाली, लल्लुराम थारू, फूलुवा थारू, चन्द्रबहादुर थारू, मङ्गल थारू, दीवाकर थारू, कृष्ण भण्डारी, धनबहादुर थारू, फुलराम थारू र दीपक शर्मा घाइते भएका थिए। सुरक्षाकर्मीको लाठी र

अश्रुग्याँसबाट सो दिन अन्य १२ जना प्रदर्शनकारी पनि घाइते भएका थिए। घाइतेहरूको जिल्ला अस्पताल, बर्दिया र नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

माओवादीबाट

मोतिपुर गाविस-५ मदाहा निवासी नेकाँ कार्यकर्ता ३८ वर्षीय सुशिल ज्ञवालीको ०६३ भदौ १ गते राति घरमा सुतेको अवस्थामा सोही ठाँउका माओवादीका कार्यकर्ता धनबहादुर थारूको नेतृत्वमा गएको एक समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो भने उनको पत्नी ३५ वर्षीय रेखा ज्ञवालीलाई सख्त घाइते तुल्याए। धनबहादुरले स्थानीय सामुदायिक वनमा भ्रष्टाचार गरेको कुरा ज्ञवालीले सार्वजनिक गरिदिने डरमा धनबहादुरले उनको हत्या गरेको स्थानीय बासिन्दाले बताए। हत्याराहरूले मृत लास घरदेखि एकसय पचास मिटरसम्म घाँटीमा डोरीले बाँधेर लत्तार्दै पश्चिम मकैबारीमा पुऱ्याएर फालेका थिए। पीडकहरूको खुकुरी प्रहारबाट रेखाको दाहिने हात भाच्चिनुका साथै शरीरका अन्य भागमा गम्भीर चोट लागेको थियो। घाइतेको भेरी अञ्चल अस्पतालमा प्रारम्भिक उपचार गरी थप उपचारको लागि काठमाडौं लगियो। यस घटनाको विरोधमा स्थानीय बासिन्दाले दुई दिन पूर्व-पश्चिम राजमार्ग बन्द गरे भने तेस्रो दिन बर्दिया जिल्ला बन्द गरेका थिए। माओवादीले यस घटनामा संलग्न धनबहादुर पूर्व माओवादी कार्यकर्ता भएको बताए। सो हत्यामा संलग्न धनबहादुर, सोही ठाँउका प्रभु चौधरी र बेरू चौधरीलाई प्रहरीले पक्राउ गरी हाल बर्दिया कारागारमा राखेको छ। यस घटनाका सम्बन्धमा सत्य तथ्य बुझ्न इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जबाट मानवअधिकारकर्मी र पत्रकार चढी गएको बा ५ प ६०४० नम्बरको इन्सेकको गाडीलाई ०६३ भदौ २ गते उच्छृङ्खल तत्वहरूले तोडफोडसमेत गरेका थिए।

अज्ञात समूहबाट

गुलरिया नपा-१ निवासी माओवादी निकट मधेसी मुक्ति मोर्चा बर्दियाका अध्यक्ष ४९ वर्षीय नन्कौ गोडियाको ०६३ जेठ १५ गते दिउँसो अज्ञात समूहले सोही नपा-३ मा गोली र धारिलो हतियार प्रहार गरी हत्या गरे। गोडिया आमसभाको तयारीका लागि मञ्चमा बसेका बेला भारतको सिमानातर्फबाट तीनओटा मोटरसाईकलमा नौजनाको संख्यामा हतियारसहित गएका अज्ञात व्यक्तिले कार्यक्रमस्थल भन्दा पर उनलाई बोलाई गोली प्रहार गरेका थिए। त्यसपछि धारिलो हतियारले घाँटी र शरीरका अन्य भागमा हिर्काइ हत्या गरेका थिए। माओवादीले उक्त हत्या प्रतिकार समूहद्वारा भएको भन्दै तीनजनाको नाम सार्वजनिक गऱ्यो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय, बर्दियाका असई स्याङजा जिल्ला विरुवा अर्चेले गाविस-८ निवासी ३८ वर्षीय भरत मल्ल, प्रहरी हवल्दार रूकुम जिल्ला बिजेश्वरी गाविस-३ का ३३ वर्षीय कालिबहादुर बिष्ट र सिपाही डेउढाकला गाविस-१ का २१ वर्षीय सन्तोष थारूलाई ०६२ चैत ८ गते बिहान माओवादीले जिल्ला विकास समितिको कार्यालयको सुरक्षार्थ जाँदै गर्दा सो कार्यालय नजिकै गोली हानी घाइते तुल्याए। माओवादीले गोली चलाएपछि १० मिनेटसम्म चलेको दोहोरो गोली हानाहानबाट जिल्ला विकास समिति अघिल्तिर पसल गर्ने सर्वसाधरण ४० वर्षीय टोपबहादुर कार्की र उनकी पत्नी ३० वर्षीया लक्ष्मी कार्की पनि घाइते भएका थिए। घाइतेहरुको उपचार नेपालगञ्ज र काठमाडौंमा भयो।

बेवारिसे बमबाट

डेउढाकला गाविस-८ घर भई श्री दशरथ चन्द प्राबि गौरीपारामा कक्षा ५ मा अध्ययनरत १० वर्षीय राधेश्याम चौधरीले ०६३ असोज ९ गते दिउँसो कालिका गाविस-७ जङ्गलमा बेवारिसे अवस्थामा फालिएको सुतली बम खेलौनाको रूपमा बोकी घर नजिक ल्याई हातले थिच्दा विस्फोट हुँदा घाइते भए। विस्फोटबाट उनको देब्रे हातको कान्छी औंलाबाहेक अन्य चारओटै औंलाहरू गुमेका छन्। पीडितको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भएको थियो।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागार शाखा, तुलापुर बर्दियाको क्षमता १ सय जनाको छ। यस जेलमा हालसम्म ६९ जना बन्दीहरु रहेका छन्। जसमध्ये चार महिला र ३२ पुरुष गरी ३६ कैदी र दुई महिला र ३३ पुरुष गरी ३५ थुनुवा छन्। कारागारमा एक नाबालक छन्। जेलभित्र पाँचओटा ट्युबवेलमध्ये दुईटा चालु छन् भने तीनओटा बिग्रेका छन्। आर्सेनिक बढी पाइने यस जिल्लामा जेलभित्र खानेपानीको पानी अझै पुग्न सकेको छैन्। विद्युत, पत्रपत्रिका, रेडियो, टिभीको केही मात्रामा भए पनि उपलब्ध छ।

विरोध, आमरण अनसन

कारागार शाखा तुलापुर, बर्दियाका ५७ जना थुनुवा र बन्दीले ०६२ चैत ३० गते कारागारको मूल ढोका भित्रबाट तालाबन्द गरे। असुरक्षाका कारण देखाई प्रशासनले सबै थुनुवा र बन्दीलाई ०६२ चैत २४ गतेदेखि सेनाको ब्यारेक र प्रहरी कार्यालयमा साँझ लाने र बिहान ल्याउने गरेपछि त्यसको विरोधमा थुनुवा र बन्दीले उक्त विरोध कार्यक्रम गरेका थिए। ब्यारेक र प्रहरी कार्यालयमा बस्दा एउटा कोठामा २५ जनासम्म सुत्नु पर्ने भएकोले आफूहरूलाई ज्यादै

पीडा भएपछि तालाबन्दी गरेको बन्दीले बताए। ताला लगाएको दिनदेखि प्रशासनले थुनुवा र कैदीलाई ब्यारेकमा र प्रहरी कार्यालयमा लान छाडेको थियो।

माओवादीको आरोपमा विभिन्न मितिमा गिरफ्तार भई कारागार शाखा तुलापुर बर्दियामा नजरबन्दमा रहेका कालिका गाविस-३ का ५३ वर्षीय बलराम काफ्ले, मोतीपुर गाविस-७ की २४ वर्षीया रूपा चौधरी, सूर्यपटुवा गाविस-४ का २० वर्षीय ओमकुमार चौधरी र गुलरिया नपा-१ का ४३ वर्षीय लक्षीराम यादव ०६३ वैशाख २३ गते आफूहरूलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै थुनामुक्त नहुँदासम्मकालागि भोकहड्ताल सुरु गरेका थिए। भोकहड्तालमा सहभागी सबैजनालाई ०६३ वैशाख ३१ गते कारागार शाखाले जिल्ला न्यायाधीशको रोहबरमा रिहा गऱ्यो।

बेपत्ता/अपहरण

माओवादीबाट

गुलरिया नपा-६ का २५ वर्षीय रामु पौडेल नक्कली माओवादी बनेको आरोपमा ०६२ पुस २३ गते माओवादीले उनलाई बगनाह गाविसस्थित बनवीरबाट अपहरण गरी ०६२ पुस २८ गते इन्सेक आबद्ध संस्था हुरिकोकका अध्यक्ष लोकनाथ खरेल र कार्यक्रम संयोजक राजकुमार थारूको रोहबरमा ढोढरीबाट मुक्त गरे।

महेन्द्र प्रकृति संरक्षण कोष, ठाकुरद्वाराका जीप चालक कृष्णकुमार चन्दलाई सोही कोषको स्वामित्वमा रहेको बा.३ च १८८९ नम्बरको जीपसहित ०६२ माघ ५ गते माओवादीले मोतिपुर गाविस-५ बाट सोधपुछको लागि भन्दै अपहरण गरी चालकलाई सोही दिन साँझ मुक्त गरे भने जीप ०६२ फागुन ६ गते सर्चमा गएको सुरक्षाकर्मीको टोलीले मोतिपुर गाविसबाट फिर्ता ल्यायो।

मोतिपुर गाविस-९ का २४ वर्षीय केशव थारूलाई चामल ओसार्नु छ भनी ०६२ माघ ११ गते दिउँसो माओवादीले घरबाट उनको भे १ प ११२४ नम्बरको ट्रयाक्टरसहित अपहरण गरे। माओवादी र सुरक्षाकर्मीबीच सो दिन राति बाँकेको नेपालगञ्जमा दोहोरो भिडन्त भएको र घटनास्थलमा उक्त ट्रयाक्टर फेला परेको थियो। भिडन्तमा केशवको ट्रयाक्टर माओवादीले प्रयोग गरेका थिए। घटनास्थलमा गोली लागेर लडेको बेवारिसे लास पनि भेटिएको थियो र त्यो लास उनको हो भनेर आशंका गरियो तर लासको सनाखत पनि भएन। सो लास केशवकै हो भन्ने ठहर नभएका कारण घरपरिवारले उनी जिउँदै रहेको आस गरेका छन्।

गुलरिया नपा-६ का ५० वर्षीय नेपाल सदभावना पार्टी (मण्डल) का केन्द्रीय सदस्य रामकुमार थारूले 'निरंकुश राजसंस्था'लाई टेवा पुऱ्याएको र 'शाही सरकार'द्वारा घोषित नगर चुनावमा मेयर पदमा उम्मेदवार दिने भएको आरोपमा ०६२ माघ १२ गते साँझ माओवादीले उनलाई घरबाट अपहरण गरी ०६२ माघ २४ गते इन्सेक जिल्ला प्रतिनिधि नारायण सुवेदी, पत्रकार मेघराज सिग्देल र बालकृष्ण ओलीको रोहबरमा कालिका गाविसबाट मुक्त गरे।

महम्मदपुर गाविस-८ का ३७ वर्षीय भगतराम थारू, सोही ठाँउका ३० वर्षीय धनबहादुर बिक, २० वर्षीय जयराम थारू र २३ वर्षीय हरिप्रसाद थारूले चोरी गरेको आरोपमा ०६२ फागुन १५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी सबैलाई ०६३ जेठ २२ गते मानवअधिकारकर्मीको रोहबरमा मैनापोखर गाविसबाट मुक्त गरे।

वदालपुर गाविस-८ का २८ वर्षीय वासुदेव चौधरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	६	२	८	१	१			१	१	१			१
घाइते	३	२	१	३	२	४			४	१	१	१	१२	१४
गिरफ्तारी/यातना										१७	३७	४	४०	८१
कुटपिट	२	३		३	१	४			४	५	४	७	६	१७
धम्की	१	१		१	१	१			१					
भेला/संगठित हुने अधिकार										३	१	१	३४	३६
महिलाअधिकार	७		७	७										
बालअधिकार	५	२	३	५										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२	१	३	७	६		४२	४८	२		२		२
अमानवीय व्यवहार	१		१	१										
अपहरण	१	१		१	४९	६९	९		७८					
जम्मा	३०	१७	१५	३२	६१	८५	९	४२	१३६	२९	४४	१५	९२	१५१

र सोही ठाँउका २६ वर्षीय गोविन्द चौधरी नक्कली माआवादीको बनेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी ०६२ फागुन २४ गते नयाँगाउँ गाविस-७ गुहारीबाट मुक्त गरे।

कालिका गाविस-५ का २६ वर्षीय रामबाबु रेग्मी प्रतिकार समितिमा बसेको आरोपमा ०६२ फागुन १८ गते माओवादीले उनलाई घर नजिक विद्यालयबाट अपहरण गरी श्रम गराए। रेग्मीलाई ०६३ असोज १३ गते वनियाभार गाविसबाट दशै बिदामा सात दिनका लागि मुक्त गरिएकोमा उनी माओवादीको सम्पर्कमा गएनन्। हाल पीडित कामको सिलसिलामा बिदेश गएका छन्।

राजापुर गाविस-५ का ३८ वर्षीय जितला थारूले घरमा पत्नी हुँदाहुँदै पाँचौ पटक विवाह गरेको आरोपमा ०६२ फागुन १९ गते बिहान माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडित ०६२ चैत ५ गते माओवादीको कब्जामा भएको अवस्थामा वदालपुर गाविस-९ चितैनपुरबाट भागेर घर फर्किए।

कालिका गाविस-५ का २१ वर्षीय नारायण भुषाल र सोही ठाँउका २२ वर्षीय केदारप्रसाद खनाल माओवादी प्रतिकार समितिमा बसेको आरोपमा ०६२ फागुन १९ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी ०६३ जेठ २२ गते मानवअधिकारकर्मीको रोहबरमा मैनापोखरबाट मुक्त गरे। माआवादीले भुषालको घरबाट चारओटा पेस्तोल र पाँच राउण्ड गोली फेला पारेको बताएका थिए। उक्त हतियार नेपाल समता पार्टीका शिव बुर्लाकोटीमार्फत उनीहरूले सिद्धिबक्स गुल्मबाट माओवादीलाई मार्न लिएको भुषाल र खनालले मुक्त हुँदा गरिएको सार्वजनिक कार्यक्रममा बताएका थिए।

राजापुर गाविस-३ का २५ वर्षीय विजय चौधरी र सोही ठाउँका २६ वर्षीय गणेश चौधरी नक्कली माओवादी बनेको आरोपमा ०६२ फागुन २० गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरी फागुन २३ गते मानपुरटपरा गाविसबाट मुक्त गरे।

कालिका गाविस-७ का ३४ वर्षीय उद्धव न्यौपानेलाई ०६२ फागुन २३ गते साँझ माओवादीले सोधपुछका लागि भन्दै उनको घरबाट अपहरण गरी धधवार गाविसको वैदी जङ्गलमा पुऱ्याई भोलिपल्ट सोही गाविसस्थित पञ्चबजारबाट मुक्त गरे।

कालिका गाविस-५ का २४ वर्षीय राजेन्द्र पन्त माओवादी प्रतिकार समितिमा बसेको आरोपमा ०६२ फागुन २४ गते माओवादीले पीडितलाई घर नजिकबाट अपहरण गरे। उनलाई माओवादीले चार महिनासम्म श्रम गराई ०६३ जेठ २२ गते मानवअधिकारकर्मीको रोहबरमा मैनापोखरबाट मुक्त गरे। माओवादीको नियन्त्रणमा रहँदा शरीरमा निलडाम हुने गरी कुटपिट गरेको र माओवादी कार्यकर्ताको घर बनाउने काममा लगाएको पीडितले बताए।

क्षेत्रीय मेडिकल स्टोर, नेपालगञ्जबाट नि:शुल्क प्रदान गरिएको करिब ११ लाख बराबरको औषधि छोड्न नेपालगञ्जबाट गुलरिया जाँदै गरेको ना २ ख ५३०६ नम्बरको बस चालकसहित मेडिकल स्टोरका कर्मचारी ३० वर्षीय कृष्णगोपाल चौधरी र सोही कार्यालयका पियनका छोरा १६ वर्षीय रमेश कुवँरलाई ०६२ फागुन २८ गते माओवादीले मैनापोखर गाविस-१ बाट अपहरण गरी औषधिबाहेक अन्यलाई सोही दिन साँझ मुक्त गरे। केही औषधि सुरक्षाकर्मीले भोलिपल्ट जमुनी गाविसबाट फिर्ता गरे भने बाँकी औषधि माओवादीले एक हप्तापछि बर्दिया अस्पतालका डाक्टरलाई फिर्ता गरे।

नेपालगञ्ज नपा-१ का ३५ वर्षीय शेरबहादुर बोहोरा र ४० वर्षीय बलबहादुर सोडारीलाई ०६२ फागुन २८ गते माओवादीले जमुनी गाविस-१ बाट अपहरण गरी चैत १ गते सोही गाविसबाट मुक्त गरे।

खैरिचन्दनपुर गाविस-५ का दुई दाजुभाई ३० वर्षीय खिमराज रिजाल र २६ वर्षीय तीर्थराज रिजाल आपसमा झगडा गरेको आरोपमा ०६२ चैत ४ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी चैत १३ गते इन्सेकको रोहबरमा कोठियाघाटबाट मुक्त गरे।

मगरागाडी गाविस-८ की २९ वर्षीया गीता चौधरीले सुराकी गरेको आरोपमा ०६२ चैत ५ गते माओवादीले उनलाई सोही गाविस-४ मानपुरबाट अपहरण गरी चैत १० गते सोही गाविस-१ बाट मुक्त गरे।

पदनाहा गाविस-७ का ४० वर्षीय कुकुरा थारू र सोही ठाँउकी १७ वर्षीया सन्चुरिया थारूले अनमेल विवाह गरेको आरोपमा ०६२ चैत १३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। माओवादी नियन्त्रणमा सम्बन्ध बिच्छेद गराई गर्भ रहेको खण्डमा कुकुराले पालनपोषण गर्ने सर्तमा दुवैलाई चैत ३१ गते सोही गाविस-७ घोरपिट्टाबाट मुक्त गरे।



सुरक्षाकर्मीद्वारा मारिएका यमलाल लामिछाने

राजापुर गाविस-७ का २५ वर्षीय पुरन चौधरीले सोही ठाँउकी एक विवाहित महिलासँग अवैध सम्पर्क गरी गर्भ बोकाएको आरोपमा ०६२ चैत २३ गते माओवादीले चौधरीलाई गाँउबाट अपहरण गरी ०६३

वैशाख २३ गते राजापुर गाविस-७ राजपुरुवाबाट मुक्त गरे।

दौलतपुर गाविस-२ का २७ वर्षीय तीर्थ चौधरी, सोही ठाँउका २६ वर्षीय गोविन्द घर्ती र सोही गाविस-१ घर भई कालिका निमाविका शिक्षक २८ वर्षीय कृष्णप्रसाद थारूलाई ज्यानमुद्दाको आरोपमा ०६३ वैशाख १९ गते बिहान माओवादीले उनीहरूकै घरबाट अपहरण गरी कृष्ण गोपाललाई वैशाख २८ गते पशुपतिनगरबाट मुक्त गरे भने अन्य दुईजनालाई भदौ २४ गते नयाँगाउँ गाविसको ग्वाटी गाँउबाट मुक्त गरे।

धधवार गाविस-५ का ३६ वर्षीय रामबहादुर पाण्डे, सोही ठाँउका ३८ वर्षीय भोकारी थारू र ४० वर्षीय चुन्का थारू गाँउमा झगडा गरेको आरोपमा ०६३ वैशाख ३० गते माओवादीले उनीहरूलाई सोही गाविस-८ बाट अपहरण गरी पुन: झगडा नगर्ने सर्तमा जेठ ४ गते सोही गाविसबाट मुक्त गरे। सामुदायिक वनको काठको विषयमा ०६३ वैशाख ३० गते सो गाविसका लम्की फाटा र जब्दी गाउँको मानिसबीच झगडा भएको थियो।

मगरागाडी गाविस-४ का २५ वर्षीय कालिराम थारूले घरायसी झगडा गरेको आरोपमा ०६३ वैशाख ३० गते माओवादीले उनलाई घरबाट अपहरण गरी पुन: झगडा नगर्ने सर्तमा जेठ २ गते सोही गाविसबाट मुक्त गरे।

धधवार गाविस-५ का ३५ वर्षीय पहाडी थारूले दुई गाउँका जनतालाई उक्साएर झगडा गराएको आरोपमा ०६३ जेठ ४ गते माओवादीले उनलाई सोही गाउँबाट अपहरण गरी दुईमहिना आफ्नो निगरानीमा श्रम गराई मुक्त गरे। उक्त कुरा मोओवादीले सोही गाविसका वेलभार गाँउका स्थानीय बासिन्दाहरूलाई भेला गराई सार्वजनिक गरेका थिए। हाल पहाडी घरमै छन्।

ठाकुरद्वारा गाविस-२ का २५ वर्षीय दुर्गा राजकोटीले चोरी गरेको आरोपमा ०६३ जेठ ६ गते माओवादीले उनलाई नेउलापुर गाविस-९ बाट अपहरण गरे। स्थानीय गाँउले र स्थानीय मानवअधिकारकर्मीको पहलमा पीडितलाई माओवादीले सोही दिन साँझ सोही गाविसबाट मुक्त गरे।

मगरागाडी गाविस-९ का रोइना थारूले अंश सम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गराएको अरोपमा ०६३ असार १६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी असार १९ गते सोही गाविसबाट मुक्त गरे।

बनियाभार गाविस-३ का ४४ वर्षीय कृष्ण थारूले माओवादीको नियन्त्रणबाट भागेर घर फर्किएको छोरालाई लुकाएको आरोपमा ०६३ वैशाख १५ गते माओवादीले उनलाई घरबाट अपहरण गरी वैशाख ३० गते मगरागाडी गाविसबाट मुक्त गरे।

खैरीचन्दनपुर गाविस-९ का ७२ वर्षीय काशीप्रसाद संज्यालले ठगी गरेको आरोपमा ०६३ भदौ २६ गते माओवादीले संज्याललाई एकछिन काम छ भनी घरबाट अपहरण गरी यो वर्षको अन्त्यसम्म मुक्त गरेनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मोतिपुर गाविस-५ का २५ वर्षीया मञ्जु विक र सोही ठाउँका १७ वर्षीया तुल्सी विकलाई ०६२ माघ १८ गते बाँके चिसापानीबाट गएका सुरक्षाकर्मीको टोलीले माओवादीद्वारा केही दिनअघि कब्जा गरेको महेन्द्र प्रकृति संरक्षणकोषको जीप घरनजिकै देखेपछि उक्त जीपको साँचो माग्दै खुट्टा र हातले कुटपिट गरे। सुरक्षाकर्मीले पीडितहरूलाई पाँच घण्टासम्म हात बाँधेर राखेका थिए। पीडितहरूको स्थानीय औषधी पसल र नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा उपचार गर्दासमेत सन्चो नभएपछि सिभिक्टमार्फत् काठमाडौंमा उपचार गरियो।

राजापुर गाविस-१ का ४५ वर्षीय कालुराम थारू माओवादी भएको आरोपमा ०६२ माघ ३० गते राजापुरबाट सर्चमा गएका सुरक्षाकर्मीले उनलाई घर नजिकै कुटपिट गरे। पीडितको स्थानीय औषधि पसलमा उपचार गरियो।

धधवार गाविस-८ निवासी गुलरिया नपा-६ स्थित माछापोखरीमा कार्यरत चौकिदार ३० वर्षीय शेरबहादुर राजीले तीन सेलको लाइट बालेको आरोपमा ०६२ चैत ४ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनको खुट्टा र शरीरको अन्य भागमा कुटपिट गरे।

मगरागाडी गाविस-४ का ३४ वर्षीय चिम्बा थारू, सोही ठाँउका ५५ वर्षीय ठाकुरराम थारू, १७ वर्षीया रमाकुमारी चौधरीलगायत् नौजनाले माओवादीलाई भात खुवाएको आरोपमा ०६२ चैत १५ गते बिहान रम्भापुरबाट गएका सुरक्षाकर्मीले उनीहरूलाई घरमै गई लाठी, हात र खुट्टाले ढाँडमा र शरीरका अन्य भागमा कुटपिट गरे। सुरक्षाकर्मीको कुटाईका कारण ठाकुरराम र चिम्वा एक हप्तासम्म हिँड्डुल गर्न सकेनन्।

बेलवा गाविस-७ की २४ वर्षीया गीता शर्मालाई



माओवादी कार्यकर्ताद्वारा हत्या गरिएका सुशील ज्ञवाली

०६३ कात्तिक ६ गते घरबिदामा आएका सोही ठाउँ निवासी गुल्मीमा कार्यरत प्रहरी जवान लोकबहादुर वीसीले सामान्य विवाद हुँदा बुटले हिर्काउँदै "त जस्ता महिलालाई त मारेर फालिदिन सक्छु," भनी धम्की दिए। शर्माको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

माओवादीबाट

गुलरिया नपा-९ की ४५ वर्षीया भोजकुमारी श्रेष्ठलाई ०६२ माघ २ गते माओवादीले फोनबाट श्रेष्ठको घरमा भाडामा रहेको कृषि विकास बैंकको कार्यालय सो घरबाट हटाउन धम्की दिए। त्यसपछि घर खाली गरिदिन ०६२ माघ ४ गते श्रेष्ठले कृषि विकासमा निवेदन दिइन्।

गुलरिया नपा-२ का ३२ वर्षीय बालेराम यादवलाई ०६२ फागुन २८ गते साँझ हतियारसहित ७/८ जनाको संख्यामा गएका माओवादीले नाम सोधी धारिलो हतियारले दुवै खुट्टाको घुडादेखि तल हिर्काई घाइते बनाए। घाइतेको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो।



अज्ञात समूहद्वारा हत्या गरिएका माओवादी नेता नन्कौ गोडिया

दौलतपुर गाविस-४ का २३ वर्षीय सुन्दर चौधरी, सोही गाविस-५ का २६ वर्षीय नन्कु चौधरी, २६ वर्षीय गणेश चौधरी र गोला गाविसका ३० वर्षीय दिनेश चौधरीले झैझगडा गरेको आरोपमा ०६३ कात्तिक १ गते माओवादीले उनीहरुको शरीरमा नीलडाम हुने गरी कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

नेउलापुर गाविस-३ निवासी ३५ वर्षीय मुक्त कमैया भौना थारू माओवादी भएको आरोपमा ०६२ पुस १८ गते सुरक्षाकर्मीले उनलाई नेउलापुर गाविस-७ बाट गिरफ्तार गरी ०६२ माघ २ गते आतकंकारी ऐन अन्तर्गत कारागार चलान गरे। पीडितलाई ०६२ असार ३१ गते बर्दिया कारागारबाट रिहा गरियो।

सानोश्री गाविस-३ का व्यापारी ३० वर्षीय रिपुबहादुर गुरुङ माओवादी भएको आरोपमा ०६२ पुस २९ गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरी ०६२ माघ १ गते सिद्धिबक्स गुल्म गुलरियाबाट रिहा गरे।

मगरागाडी गाविस-२ का २५ वर्षीय कृष्णप्रसाद थारू माओवादी भएको आरोपमा ०६२ माघ २१ गते बिहान प्रहरीले उनलाई पदनाहा गाविस-३ बाट गिरफ्तार गरी ०६३ जेठ ३० गते बाँके कारागारबाट रिहा गरे।

गुलरिया नपा-१ का दुई दाजुभाई ४३ वर्षीय लच्छीराम यादव र २६ वर्षीय रामनरेश यादव माओवादी भएको आरोपमा ०६२ फागुन २० गते राति सुरक्षाकर्मीले उनीहरूलाई घरबाटै गिरफ्तार गरी फागुन २४ गते कारागार चलान गरे। रामनरेशलाई ०६३ वैशाख २५ गते र लच्छीरामलाई ०६३ वैशाख ३० गते बर्दिया कारागारबाट रिहा गरियो।

बदालपुर गाविस-४ का १६ वर्षीय रामकरण थारू र कैलाली जिल्ला निवासी सुपर र शिवु भनिने माओवादी कार्यकर्ताहरूलाई ०६२ फागुन २४ गते दिउँसो दौलतपुर गाविस-७ बाट माओवादीको आरोपमा कैलाली टीकापुरबाट गएका सशस्त्र प्रहरीको टोलीले गिरफ्तार गऱ्यो। सबैलाई कैलाली टीकापुरस्थित सशस्त्र प्रहरी कार्यालयबाट रिहा गरियो।

सूर्यपटुवा गाविस-४ का २० वर्षीय ओमकुमार चौधरी माओवादी भएको आरोपमा ०६२ चैत १९ गते सुरक्षाकर्मीले उनलाई गुलरिया नपा-७ बाट गिरफ्तार गरी ०६२ चैत २१ गते कारागार चलान गरे। पीडित ०६३ वैशाख ३१ गते बर्दिया कारागारबाट रिहा भए।

पुनः गिरफ्तार

सोरहवा गाविस-२ का २९ वर्षीय सुवराम थारूलाई पुनरावेदन अदालतमा उपस्थित गराउन भनेकोमा प्रहरीले थारूलाई कारागारबाटै ०६२ माघ ११ गते पुनः गिरफ्तार गरी ०६३ जेठ ३० गते रिहा गरे। माओवादीको आरोपमा बगनाहा गाविस-६ बाट ०६२ असार ९ गते गिरफ्तार सुबरामलाई ०६२ माघ २ गते कारागार पठाइएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गुलरिया नपा-७ निवासी एमाले भेरी अञ्चल सचिव ४७ वर्षीय लक्ष्मणराज ज्ञवाली, मोतिपुर गाविस-८ निवासी जनमोर्चा कार्यकर्ता ४१ वर्षीय केशवराज पौडेल, गुलरिया नपा-६ घर भएकी अनेमसंघ जिल्ला सदस्य ३८ वर्षीया कल्पना ज्ञवाली, नेकाँ (प्रजातान्त्रिक) का विद्याप्रसाद खनाल, नेकाँकी नेतृ राधा शर्मा र मालती सोडारीलगायत सात दलका २५ जना कार्यकर्तालाई निर्वाचन कार्यालय घेराउ गर्ने क्रममा नारा जुलुससहित निस्केको प्रदर्शनबाट प्रहरीले ०६२ माघ १५ गते गिरफ्तार गरे। गिरफ्तारमध्ये नेकाँ (प्रजातान्त्रिक) का विद्याप्रसाद, जग्गाप्रसाद, एमालेका लक्ष्मणराज, गोविन्द, प्रेमप्रसाद, बीना, खगराज, जनमोर्चाका केशवप्रसाद, नेकाँका राधा र मालती भोलिपल्ट रिहा भए भने अन्य सोही दिन रिहा भए।

माघ १९ गते कालो दिवसको रूपमा मनाउने क्रममा कालो झण्डा बोकेर ०६२ माघ १९ गते दिउँसो गुलरिया बजारमा शान्तिपूर्ण रूपमा निकालेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका भेरी अञ्चल सचिव लक्ष्मणराज ज्ञवाली, जिल्ला सचिव श्याम ढकाललगायत २२ जना, नेकाँका जिल्ला सभापति संजय गौतमसहित १२ जना, नेकाँ (प्रजातान्त्रिक) का सभापति अरुणसिङ राठोरसहित आठजना, सदभावना (आनन्दीदेवी) का जिल्ला सभापति बिल्दु श्रीवास्तवसहित ४३ जना दलका नेता तथा कार्यकर्तालाई गुलारिया नपा-८ स्थित हुलाक कार्यालय अगाडिबाट गिरफ्तार गरी ०६२ माघ २० गते इन्सेक जिल्ला प्रतिनिधि नारायण सुवेदी र जिल्ला बार एसोसिएसनका अध्यक्ष उमानाथ ज्ञवालीको रोहबरमा रिहा गरे।

गुलरिया नपा-९ निवासी सदभावना (आनन्दीदेवी) का ५५ वर्षीय केन्द्रीय सदस्य कासिम अली सिद्धिकीलाई शान्ति सुरक्षामा खलल् पुऱ्याएको आरोपमा ०६३ माघ १९ गते बिहान प्रहरीले घरबाट गिरफ्तार गरी माघ २१ गते सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कारागार चलान गरे। उनी पुनरावेदनको आदेश अनुसार ०६२ फागुन १० गते रिहा भए।

नेउलापुर गाविस-८ घर भई नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता ३७ वर्षीय विद्याप्रसाद खनाललाई निर्वाचन कार्यालयमा उम्मेदवारी नामावली फिर्ता फारम लिन गएको बेला ०६२ माघ १५ गते सुरक्षाकर्मीले निर्वाचन कार्यालयको गेटबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

राजाद्वारा गरिएको संसद पुनर्स्थापनाको विरोध गर्दै माओवादीद्वारा ०६३ वैशाख १२ गते गुलरियामा गरिएको विरोध कार्यक्रमबाट सुरक्षाकर्मीले माओवादीका जिल्ला नेता तथा कालिका गाविस-३ का ५३ वर्षीय बलराम काफ्ले, मोतिपुर गाविस-७ की २४ वर्षीया रूपा चौधरी र सोरहवा गाविस-२ का ४८ वर्षीय भेषराज सुवेदीलाई गिरफ्तार गरे। सुवेदीलाई भोलिपल्ट रिहा गरियो भने अन्य दुईलाई वैशाख ३० गते बर्दिया कारागारबाट रिहा गरियो।

गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारको मागसहित मुक्तकमैया तथा भूमिहीन सुकुम्बासीहरूले ०६३ भदौ ३० गते नारासहित गुलरियामा निकालेको जुलुस जिल्ला प्रशासन कार्यालयभित्र प्रवेश गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरेपछि भएको दोहोरो झडपमा आन्दोलनकारीतर्फ गुलरिया नपा-६ का ४० वर्षीय लोकबहादुर थारूसहित १४ जना र प्रहरीतर्फ इन्स्पेक्टर बसन्त थापासहित नौ जना प्रहरी घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल र नेपालगञ्जस्थित प्रहरी अञ्चल अस्पतालमा भयो।



माघ १९ गतेलाई 'कालो दिवस'का रूपमा मनाउँदा प्रहरीद्वारा गिरफ्तार गरिएकी मालती सोडारी र विन्दु श्रीवास्तव

सुगम र निष्पक्ष न्यायिक अधिकार

बर्दिया जिल्ला अदालतको ०६२ पुस १५ देखि ०६३ पुस १२ सम्मको तथ्याङ्क अनुसार यस अदालतमा दुनियावादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २८ ओटामध्ये फर्स्यौट भएका १५ ओटा नभएका १३ ओटा छन् भने यो वर्ष दायर भएका ७४ थानमध्ये फर्स्यौट भएका २९ ओटा र नभएका ४५ ओटा रहेका छन्। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएको ४३ ओटामध्ये यो वर्ष फर्स्यौट भएका २५ ओटा र फर्स्यौट नभएका १८ ओटा रहेका छन्। यो वर्ष दर्ता भएका ४३ ओटामध्ये फर्स्यौट भएका ११ ओटा र फर्स्यौट नभएका ३२ ओटा रहेका छन्। दुनियावादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २२ ओटामध्ये यो वर्ष फर्स्यौट भएका ६१ ओटा र फर्स्यौट नभएका ६१ ओटा रहेका छन्। यस वर्ष दर्ता भएका १ सय १९ ओटामध्ये फर्स्यौट भएका २० ओटा र फर्स्यौट नभएका ९९ ओटा रहेका छन्। यो वर्षको अन्त्यसम्ममा जम्मा मुद्दा ४ सय २९ रहे।

बालअधिकार

गुलरिया नपा-१४ की ३ वर्षीया एक बालिकालाई सोही ठाउँका २२ वर्षीय अमृत थारूले ०६२ माघ १ गते बिहान घर नजिक खेल्न लागेको बेला समातेर घर पछाडि बारीमा लगी बलात्कार गरे। शरीर र कपडा भरी रगतै रगत भएको बेहोस अवस्थामा पीडितलाई उचालेर पीडकले नै घर ल्याइदिएका थिए। पीडितको तत्काल जिल्ला अस्पतालमा उपचार गरे पनि एक हप्तासम्म दिसा पिसाब गर्दा रगत आएको पीडितको आमाले बताईन्। पीडकलाई प्रहरीले पक्राउ नगरेपछि माघ १५ गते गाउँलेले समातेर जिल्ला प्रहरी कार्यलयमा बुझाएका थिए। पीडक हाल बर्दिया कारागारमा छन्।

दौलतपुर गाविस-१ निवासी श्री कालिका निमावि चनौरामा अध्ययनरत १५ र १७ वर्षीय बालकलाई ०६३ भदौ

२१ गते माओवादीमा लागेपछि जागिर र पैसा पाइन्छ भनी माओवादीले अभियानमा लगे। बालकका बाबु छोराको खोजी गर्दै वनियाभार गाविसमा जाँदा छोरा माओवादीको जनमुक्ति सेनासँग तालिम गर्दै गरेको देखेपछि सोधेर दुवैजनालाई ०६३ असोज २ गते घर ल्याए। दुई बालकमध्ये एक बालक विद्यालय पढन जान थालेका छन् भने एक बालक पुन: माओवादीले लैजान्छन् भनी पढन् छोडी भारत गए।

दौलतपुर गाविस-१ घर भई श्री कालिका निमावि चनौरामा ०६३ भदौ २५ गते माओवादीद्वारा आयोजित साँस्कृतिक कार्यक्रमपछि सोही विद्यालयमा अध्ययनरत दुईजना बालक अभियानमा गए। अभियानमा गएका एक १४ वर्षीय बालक ०६३ असोज १ गते बनियाभार गाविसबाट भागेर घर फर्किए भने अर्का १५ वर्षीय बालक असोज ६ गते घर फर्किए। घर फर्किएका बालकमध्ये एक बालक विद्यालय पढ्न जान थालेका छन् भने एक बालक पुन: माओवादीले लैजान्छन् की भनी डरले भारत काम गर्न गएका छन्।

ढोढरी गाविस-५ घर भई श्री नेपाल राष्ट्रिय माविमा अध्ययनरत १३, १५ र १७ वर्षीय बालकलाई ०६३ भदौ ३ गते माओवादीले "पढेर के हुन्छ, देशको लागि केही गर्नुपर्छ" भन्दै अभियानमा लगे। जसका कारण ती बालकहरूले पहिलो त्रैमासिक परीक्षा दिन पाएनन्। अभियानमा गएकामध्ये ०६३ असोज २ गते दुईजना बालक कालिका गाविसबाट भागेर घर फर्किए भने एकजना यो वर्षको अन्त्यसम्म घर फर्किएका छैनन्।

डेउढाकला गाविस-३ घर भई श्री त्रिभुवन मावि ककौरामा कक्षा ६ मा अध्ययनरत १५ वर्षीय बालकलाई माओवादीको सेनामा भर्ती गराइदिने भन्दै ०६३ असोज ३ गते माओवादीले अभियानमा लगेकोमा असोज ६ गते धधवार गाविसबाट घर फर्किए।

डेउढाकला गाविस-३ का क्रमश १६, १७, १५, र १६ वर्षीय बालकलाई ०६३ भदौ २३ गते माओवादीद्वारा लालीगुराँस प्रविमा आयोजित साँस्कृतिक कार्यक्रम हेर्न गएको बेला "जागिर पाईन्छ" भन्दै माओवादीले अभियानमा लगे।



विद्यार्थी नेता नुतनकुमार चौधरीलाई गिरफ्तार गर्दै प्रहरी

पिलीस्मृति बिग्रेड पल्टन नम्बर सी. ले प्रयोग गरेका ती बालकहरूमध्ये दुई बालक असोज ७ गते धधवारबाट घर फर्किए भने दुईजना यस वर्षको अन्त्यसम्ममा घर फर्किएका छैनन्।

मोतिपुर गाविस-७ निवासी श्री एकप्रिय प्रस्ताविक मावि दमौलीमा कक्षा ७ मा अध्ययनरत १६ वर्षीय एक बालकलाई ०६३ वैशाख ४ गतेदेखि माओवादीले बालसैन्यको रूपमा प्रयोग गरे। पिलीस्मृति ९ नम्बर बटालियनमा कार्यरत बालक ०६३ साउन १२ गते बाँके जिल्लाको कोहलपुरबाट भागेर घर फर्किए।

मोतिपुर गाविस-३ निवासी श्री आदर्श प्रस्ताविक मावि मोतिपुरमा कक्षा ४ मा अध्ययनरत १४,१४ वर्षीया दुई बालिकालाई ०६३ असोज २५ गते माओवादीले अभियानमा लगे। अभियानमा गएका दुवै बालिका हाल घर फर्किएका छन्।

दौलतपुर गाविस-१ का १४ वर्षीय बालकलाई ०६३ असोज ४ गते माओवादीले गुलरियामा आयोजना गरेको आमसभामा जाँउ भनी लगी माओवादीले आफ्नो अभियानमा सहभागी गराए। असोज १३ गते ती बालक दौलतपुर गाविस-२ का १६ वर्षीय एक बालकलाई ०६३ भदौ १३ गते पाताभार गाविस शान्तिबजारमा माओवादीद्वारा आयोजित साँस्कृतिक कार्यक्रम हेर्न गएको बेला माओवादीले तलब पाईन्छ भन्दै फकाएर अभियानमा लगे। ती बालक ०६३ भदौ २३ गते वनियाभार गाविसको रामपुरबाट घर फर्किए।

मोतिपुर गाविस-३ का १६ वर्षीय एक बालकलाई ०६३ भदौ २८ गते माओवादीले अभियानमा प्रयोग गरे। ती बालक भदौ ३१ गते बेलवा गाविसबाट घर फर्किए।

मोतिपुर गाविस-९ का १६ वर्षीय एक बालकसहित १४ र १६ वर्षीया दुई बालिकालाई ०६३ भदौ १ गते माओवादीले घर घर गई अभियानमा लाग्न अनुरोध गरेपछि ती बालबालिका अभियानमा गए। यस वर्षको अन्त्यसम्म ती बालबालिका घर फर्किएका छैनन्।

मोतिपुर गाविस-९ निवासी श्री आदर्श प्रस्तावित मावि मोतिपुरमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय एक बालकलाई ०६३ भदौ १ गते माओवादीले पढेर काम छैन्, क्रान्ति गर्नुपर्छ भन्दै फकाई अभियानमा लगी पिली स्मृति बिग्रेड ९ नम्बर बटालियन सर्पोट कम्पनीमा लेखापाल सेक्सन भीसी पदमा काम लगाएका थिए। ती बालक ०६३ कात्तिक ४ गते बिदामा घर फर्किए। माओवादीले ती बालकलाई तलब स्वरूप एक महिनाको ६ सयका दरले दुई महिनाको १२ सय उपलब्ध गराएका थिए।

दौलतपुर गाविस-५ निवासी श्री कालिका निमावि चनौरामा कक्षा ७ मा अध्ययनरत १३ वर्षीय एक बालकलाई ०६३ असोज १६ गते माओवादीले अभियानमा लगे। यस

वर्षको अन्त्यसम्ममा ती बालक घर फर्केका छैनन्।

भिम्मापुर गाविस-४ निवासी श्री बुद्ध प्राबि भिम्मापुरमा कक्षा ४ मा अध्ययनरत १६ वर्षीय एक बालिकालाई ०६३ मंसिर ११ गते माओवादीले अभियानमा लगे। अभियानमा गएकी बालिका यस वर्षको अन्त्यसम्ममा घर फर्किएकी छैनन्।

भिम्मापुर गाविस-८ निवासी श्री नेपाल राष्ट्रिय माबि गोडियानामा कक्षा ८ मा अध्ययनरत १७ वर्षीया एक बालिकालाई माओवादीले ०६३ कात्तिक २८ गते सेनामा जागिर पाईन्छ भनी अभियानमा लगे। अभियानमा गएका बालक यसवर्षको अन्त्यसम्ममा घर फर्किएका छैनन्।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

मोतिपुर गाविस-१ की १७ वर्षीया एक महिलालाई ०६३ साउन १७ गते सोही ठाँउका २७ वर्षीय टोपनाथ योगीले बलात्कार गरे। बलात्कारपछि फरार योगीलाई ०६३ साउन ३० गते माओवादीले स्थानीय गाँउलेको सहयोगमा अपहरण गरी ०६३ भदौ ४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। योगी हाल बर्दिया कारागारमा छन्।

बनियाभार गाविस-१ की १४ वर्षीया एक बालिकालाई ०६३ साउन ३० गते राति मगरागाडी गाविस-४ का २८ वर्षीय शालिकराम परियारले मगरागाडी गाविस-४ मा तीजको नाच हेरिसकेपछि राति साथीको घरमा सुत्न जान लागेको बेलामा बाटोमा समाती बलात्कार गरे। बलात्कारपछि बेहोस बालिकालाई बनियाभार गाविसको जङ्गलमा लगेर फालिदिए। घटनापछि पीडक फरार छन्। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले यस घटनामा संलग्न भएको आशंकामा मगरागाडी गाविस-४ की भुमा खड्कालाई पक्राउ गऱ्यो।

बनियाभार गाविस-७ की ३५ वर्षीय एक महिलालाई ०६३ भदौ २५ गते दिउँसो १ बजे घरमा कोही नभएको समयमा सुर्खेत डाँडापोखरी गाविस-२ घर भई हाल सोही ठाँउमा बस्ने राजबहादुर कठायतले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०६३ भदौ २६ गते स्थानीय बासिन्दाले मुखमा मोसो र महिलाको पेटिकोट लगाएर गाँउ घुमाई माओवादीसमक्ष बुझाए। माओवादीले पीडक कठायतलाई ०६३ भदौ ३१ गते मुक्त गरे।

बगनाहा गाविस-२ की २८ वर्षीय एक महिलालाई ०६३ असोज १५ गते भारत उत्तर प्रदेश बहराइच जिल्लाको गिरिजापुरीमा कार्यरत सिपाही गोपाल सिंहले दशै मान्न सानोश्री गाविस गाँउ नम्बर ११ स्थित माईत गएको बेला बलात्कार गर्ने प्रयास गरे। स्थानीय बासिन्दा पीडकलाई सोही दिन पक्राउ गरी माओवादीसमक्ष बुझाए। माओवादीले असोज १६ गते पीडकलाई जिल्ला प्रहरी कार्यालयमा बुझाए। जिल्ला प्रहरी कार्यालयले पनि पीडकलाई असोज १८ गते भारतको मुर्तिहास्थित सुरक्षा क्याम्पमा बुझाए।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहिन तथा सुकुमवासी समस्या, अशक्त भत्ता आदि

बनियाभार गाविस-१ का ३५ वर्षीय नरबहादुर छिनालसहित सयौं मुक्त कमैया सुकुमबासीले कमैयाहरूलाई मुक्त गरेको सात वर्ष बितिसक्दा पनि मुक्त कमैया सुकुमबासीहरूलाई गाँस, बाँस, कपास र स्वास्थ्य, शिक्षा र रोजगारको वास्ता नगरेको भन्दै सातौ कमैया मुक्ति दिवसको सन्दर्भमा ०६३ साउन २ गते भूमिसुधार कार्यालयको मुल ढोकामा अनिश्चितकालीन ताला लगाए। काठमाडौंमा भएको वार्ता अनुसार सरकारले एक महिनाभित्र उच्चस्तरीय आयोग बनाउनेलगायतका विषयमा सहमति भएपछि ०६३ साउन ८ गते प्रहरीको रोहबरमा मुक्त कमैयाहरूले ताला खोलेका थिए।

भूमिहीन, नागरिकताविहीन र मोही हकबाट बञ्चित करिब ५ सयको संख्यामा ०६३ भदौ २५ गते गुलरियामा निस्केको जुलुसले हदबन्दी जग्गालाई वितरण हुनबाट रोक्न, भूमिको समान र न्यायोचित पुर्नवितरणको लागि दबाब दिन, बाझो तथा ऐलानी जग्गा दर्ता हुने प्रक्रियालाई रोक्न र मोहीयानी हकको संरक्षण गर्ने लगायतका ११ बुँदे मागसहित मालपोत कार्यालयमा तालाबन्दी तथा धर्नासमेत गरे। नेपाल सरकारले सम्झौता अनुसारको काम नगरेको भन्दै मुक्त कमैया सुकुमबासीहरूले ०६३ भदौ ९ गतेदेखि भूमिसुधार कार्यालयमा अनिश्चितकालिन तालाबन्दी गरे। भूमिसुधारमा लगाइएको सो ताला भदौ २९ गते खोलियो।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति

गुलरिया नपा- ८ की ३२ वर्षीया शारदा घिमिरेको घर नजिक रहेको निर्वाचन कार्यालयलाई ०६२ पुस २५ गते माओवादीले निशाना बनाई बम विस्फोट गराउँदा घिमिरेको पाँच कोठाको एक तल्ले पक्की भवन पूर्णरूपमा क्षति भयो। घिमिरेको घरसँग जोडिएको मानबहादुर गुरुङको घरमा निर्वाचन कार्यालय भाडामा बसेको थियो। माओवादीले निर्वाचन कार्यालय र घिमिरेको घरकोबीचमा बम राखी विस्फोट गराउँदा निर्वाचन कार्यालय बसेको घर पनि क्षतिग्रस्त भएको थियो।

गुलरिया नपा-९ का ३७ वर्षीय विपिन पोखरेलको घरमा भाडामा बसेको भूमिसुधार कार्यालयमा ०६२ माघ २२ गते राति माओवादीले बम विस्फोट गराई दुई तल्ले १४ कोठाको पक्की भवन ध्वस्त पारे। उक्त विस्फोटका कारण वरपरका शिवप्रसाद पोखरेल, सुभाष पोखरेल र महेश

घिमिरेको घरमा पनि क्षति भयो।

गुलरिया नपा-८ का गल्ला व्यापारी ३० वर्षीय राजु मनिहारले बेच्न लगेको १ सय ५० बोरा मोटा धान ०६२ फागुन ७ गते माओवादीले कालिका गाविस-७ बाट मनोनित उपसभापतिको धान भनी ट्रकसहित कब्जा गरी ट्रक सोही दिन साँझ फिर्ता गरे भने धान फिर्ता गरेनन्। राजु मनिहारले उक्त धान उपसभापतिको गल्ला पसलबाट किनेर नेपालगञ्ज बेच्न लग्न लागेका थिए।

गुलरिया नपा-९ का वीरबहादुर शाहको घरमा भाडामा रहेको शिक्षा कार्यालयमा ०६२ फागुन ८ गते साँझ माओवादीले एकै समयमा दुईटा बम विस्फोट गराई १२ कोठाको दुई तल्लले पक्की भवन पूर्णरूपमा ध्वस्त पारे। सो विस्फोटबाट कार्यालयका चार कम्प्युटर, कागजपत्र र फर्निचर नष्ट भयो।

गुलरिया नपा-८ का २६ वर्षीय माइला मिस्त्रीको नाममा रहेको चादनी टायर्स सर्विस रहेको घुम्टी पछाडि ०६२ चैत २७ गते साँझ माओवादीले बम विस्फोट गराउँदा घुम्टी र घुम्टीभित्र रहेका सामान क्षतिग्रस्त भयो। सो विस्फोटबाट घटनास्थल नजिक रहेको केशव पाण्डेको घरको सिसासमेत फुटेको थियो।

महम्मदपुर गाविस-६ का ३५ वर्षीय रईस अहमद शेषको घरबाट ०६३ वैशाख १ गते राति तीनओटा ट्रयाक्टरमा गएका माओवादीले घरका मानिसलाई नियन्त्रणमा लिई दाजुभाईका नाममा रहेका दुई राईस मिल (किदवाई राईस मिल र न्यु केदवाई राईस मिल) का सम्पूर्ण सामग्री, एक थान डलप, दुई राँगा, दुई लैना भैसी, हेन्ड पम्पसमेत गरी करिब १२ लाख रूपैया बराबरको सामान लुटे। उक्त सामान हालसम्म फिर्ता गरिएको छैन। घटनापछि पीडित परिवार विस्थापित भई गुलरिया बसेका छन् ।

सोरहवा गाविस-६ का ३५ वर्षीय राधेश्याम कुर्मीको कित्ता नम्बर ५१८ को जग्गामा रहेको पाँचओटा आँपका रुख र १ बिगाहा ६ कट्ठाको धान ०६३ मंसीर १७ गते माओवादीका स्थानीय कार्यकर्ता जमुनी गाविस-४ का विस्तार भनिने कर्णबहादुर थापा र सोरहवा गाविस-६ का नरेश यादवले काटेर लगे। पीडितले ०६३ मंसिर १९ गते रुख कटान रोकी पाँउ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन्।

मनाउ गाविस-८ का ७८ वर्षीय त्रिलोकमान श्रेष्ठको १० कट्ठा जग्गामा २० वर्षअघि लगाएको करिब २ सय ५० सिसौका विरुवा माओवादीले ०६३ मंसिर २० गते काटेर बेचे। श्रेष्ठले सो जग्गामा ४ सय ५० सिसौका विरुवा लगाएका थिए। तीमध्ये करिब २ सय रुख माओवादीले नै गत वर्ष काटेर बेचेका थिए। श्रेष्ठ ०५८ सालदेखि विस्थापित भई बाँके नेपालगञ्ज नपा-३ मा बस्दै आएका छन्। माओवादीले श्रेष्ठको घरपरिवारको नाममा रहेको १९ बिगाहा जमिन पनि ०५८ सालदेखि कब्जामा लिई आफै अन्नबाली लगाउँदै आएका छन्। यस वर्षको अन्त्यसम्म सो जग्गा फिर्ता गरेनन्।

डेउढाकला गाविस-६ का ३५ वर्षीय सुभाष पोखरेल र उनको आमा ६१ वर्षीया इन्दिरा पोखरेलको अलग अलग नाममा रहेको ५ बिगाहा जमिनमा खेती लगाउनका लागि ०६३ जेठ २४ गते जाँदा माओवादीले खेती लगाउन दिएनन्। माओवादीले आमा छोराको ५ बिगाहा जमिन ०५८ सालदेखि कब्जा गरी खेती लगाएका छन्। हाल पोखरेल परिवार विस्थापित भई गुलरिया नपा-९ मा बसेका छन्।

विस्थापित

राजापुर गाविस-२ का दमनध्वज चन्दको घर परिवारको नाममा रहेको ४४ बिगाहा १८ कट्ठा ९ धुर जग्गा र सोही ठाँउमा रहेको घर माओवादीले यस वर्ष पनि उपभोग गर्न नदिएको भन्दै ०६३ साउन २१ गते पीडित परिवारले इन्सेकसमक्ष जग्गा फिर्ता गर्नको लागि पहल गरी दिनका लागि भनी निवेदन दिए। माओवादीले ०५६ सालदेखि चन्दको घर जग्गा उपभोग गर्दै आएका छन्। चन्द परिवार हाल काठमाडौं बसेका छन्।

मानपुरटपरा गाविस-६ का रामध्वज चन्दको घरपरिवारको नाममा रहेको ५८ बिगाहा ९ कट्ठा ३ धुर जग्गा माओवादीले यस वर्षको अन्त्यसम्म पनि फिर्ता गरेनन्। जग्गा फिर्ता नगरेपछि नीजका छोरा प्रबोध चन्दले उक्त जग्गा उपभोग गर्ने व्यवस्था मिलाईदिन ०६३ साउन १५ गते इन्सेकसमक्ष निवेदन दिएका छन्। माओवादीले चन्द परिवारको सो जग्गा ०५६ सालदेखि कब्जामा लिएका थिए। चन्द परिवार हाल विस्थापित भई काठमाडौं बसेका छन्।

विगतको अनुगमन

राज्यबाट

गुलरिया नपा-६ की ४२ वर्षीया विष्णु सुवेदीको नाममा रहेको १ कट्ठा १४ धुर जग्गामा सिद्दिबक्स गुल्ममा कार्यरत नेपाली सेनाले ५ वर्ष अघिदेखि लगाएको तारवार युद्धविराम हुँदा पनि सेनाले हटाउन नमानेको भनी पीडितले ०६३ साउन २३ गते इन्सेकसमक्ष तारवार हटाउन पहल गरिदिन निवेदन दिइन्। सुवेदीको नाममा रहेको सो जग्गामा बनेको २ कोठे पक्की घरमाथि सेनाको पोष्ट तीन वर्ष अघिदेखि लगाइएको थियो। सो समस्याबाट सो गुल्म वरपरका १२ घरपरिवार पीडित छन्।

अपहरण

बनियाभार गाविस-३ का १७ वषीय सन्तोषकुमार थारूलाई ज्यानमुद्दाको आरोपमा ०६१ माघ ५ गते

माओवादीले घरबाट अपहरण गरे। श्री युवक माबि जोगिगाँउमा कक्षा ८ मा अध्ययनरत सन्तोषलाई माओवादीले निगरानीमा चामल ओसार्ने, हतियार ओसार्ने, ढुङ्गा फुटाउने काममा लगाएका थिए। बाँके जिल्ला, खजुरास्थित कपास विकास फारमबाट सन्तोषलाई माओवादीले ०६३ कात्तिक ५ गते मुक्त गरे।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भयएता यस वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका २३ जना महिला र १ सय ६० जना पुरुष गरी १ सय ८३ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मोतिपुर गाविस-५ निवासी २५ वर्षीय लक्ष्मीराम थारू, २२ वर्षीय दरवारी थारू, २३ वर्षीय तुल्सिराम थारू, २३ वर्षीय कालिराम चौधरी, २० वर्षीय वाधु थारू, सोही गाविस-७ निवासी २२ वर्षीय भवनकुमार चौधरी, २३ वर्षीय लहानु थारू, २२ वर्षीय बुद्धि थारू, २८ वर्षीय पतिराम थारू, २५ वर्षीय भुखलाल थारू, २३ वर्षीय शेरबहादुर चौधरी, २६ वर्षीया गीता चौधरी, सोही गाविस-२ निवासी २३ वर्षीय कालराम थारू, २० वर्षीय बाबुराम थारू, ३५ वर्षीय कलापति थारू, ५३ वर्षीय हरिचरण थारू, २३ वर्षीय लालविहारी थारू, २२ वर्षीय भगराम थारू, ठाकुरद्वारा गाविस-४ निवासी ४२ वर्षीय अमरबहादुर बुढाक्षेत्री, ३० वर्षीय भुपेन्द्र के.सी., ३८ वर्षीय हुकुम शाही, १९ वर्षीय मञ्जु चौधरी, सोही गाविस-६ निवासी ४५ वर्षीय टोपबहादुर चौधरी, सोही गाविस-९ निवासी १८ वर्षीय तेङनी थारू, सोही गाविस-३ निवासी १९ वर्षीय महेश थारू, ठाकुरद्वारा गाविसका जीउलाल चौधरी, सोही गाविस-१ निवासी २४ वर्षीय हिरामणि थारू, धधवार गाविस-३ निवासी ४३ वर्षीय भिमबहादुर चौधरी, सोही गाविस-७ निवासी २३ वर्षीय धनिराम चौधरी, १४ वर्षीय तेजबहादुर चौधरी, ४५ वर्षीय चमारी थारू, २८ वर्षीय राजबहादुर चौधरी, सोही गाविस-८ निवासी २७ वर्षीय चैतेलाल चौधरी, २० वर्षीय राजन कुमार चौधरी, २२ वर्षीय सीता जानकी चौधरी, चैतु थारू, सोही गाविस-९ निवासी सगुनलाल चौधरी, धधवार गाविस निवासी ३१ वर्षीय चमारी थारू, धधवार गाविस-४ निवासी २३ वर्षीय राजकुमार थारू, तारातल गाविस-७ निवासी २६ वर्षीय दिपक रोका, बनियाभार गाविस-९ निवासी १८ वर्षीय पुन्नी थारू, सोही गाविस-७ निवासी ३० वर्षीय सुरेशकुमार ओली, महम्मदपुर गाविस-८ निवासी २० वर्षीय बलिराम थारू, २२ वर्षीय शिवप्रसाद थारू, १७ वर्षीय प्रेमलाल थारू, १७ वर्षीय बलिराम थारू, डेउढाकला गाविस-३ निवासी २६ वर्षीय जनकप्रसाद उपाध्याय, २५ वर्षीय बमबहादुर शाही, २२ वर्षीय हिरासिंह बाठाँ, २५ वर्षीय श्रीराम थारू (क), २६ वर्षीय श्रीराम थारू (ख), २२ वर्षीय तीर्थबहादुर थापा मगर, सुखलिया थारू, सोही गाविस-९ निवासी ३४ वर्षीय फिरू थारू, मगरागाडी गाविस-१ निवासी १८ वर्षीय श्रीराम थारू, ३५ वर्षीय चुलहवा थारू, २२ वर्षीय रामकिसुन थारू, २५ वर्षीय जिल्ला सन्देश थारू, ४० वर्षीय राजदेव मण्डल, २६ वर्षीय रामप्रसाद थारू, सोही गाविस-२ निवासी ४३ वर्षीय नरबहादुर राना, सोही गाविस-९ निवासी ३८ वर्षीय बाल किसान थारू, सोही गाविस-५ निवासी ३९ वर्षीय टाटेराम थारू, ४१ वर्षीय जगतराम थारू, २३ वर्षीय हरिराम चौधरी, ३३ वर्षीय वसन्तप्रसाद चौधरी, ४९ वर्षीय जग्गु थारू, ३० वर्षीय रामभरोसे थारू, २३ वर्षीय जग्गन थारू, २५ वर्षीय राजु थारू, सोही गाविस-८ निवासी २२ वर्षीय जितबहादुर चौधरी, बगनाहा गाविस-९ निवासी २८ वर्षीय अजित शाहा, सोही गाविस-६ निवासी खुसिराम थारू, दशराम थारू, सोही गाविस-८ निवासी मसुहुर थारू, सोही गाविस-१ निवासी शेरसिंह थारू, सोही गाविस-७ निवासी धामु थारू, बलुवा थारू, पाताभार गाविस-६ निवासी २४ वर्षीय सोमप्रसाद चौधरी, ३५ वर्षीय डिलाराम वन, २१ वर्षीय योगेन्द्र चौधरी, सोही गाविस-९ निवासी २९ वर्षीय सञ्जय चौधरी, ३४ वर्षीय कुलप्रसाद थारू, भिमबहादुर थारू, २० वर्षीय जोख्खनलाल थारू, १९ वर्षीय ओमकार चौधरी, २६ वर्षीय लक्ष्मण थारू, सोही गाविस-७ निवासी २७ वर्षीय सिताराम थारू, सोही गासिव-१ निवासी २६ वर्षीय दयाराम वैद्य, शिवपुर गाविस निवासी २१ वर्षीय शिवराज चौधरी, सोही गाविस-२ निवासी २७ वर्षीय जगत भण्डारी, सोही गाविस-९ निवासी २२ वर्षीय चन्द्रबहादुर थारू, सोही गाविस-८ निवासी २० वर्षीय शिव चौधरी, सायिते चौधरी नेउलापुर गाविस-४ निवासी ३१ वर्षीय केशर बस्नेत, २७ वर्षीय बन्धु चौधरी, १५ वर्षीय लल्लु चौधरी, सोही गाविस-९ निवासी महाविर थारू, सोही गाविस-७ निवासी सालिकराम अधिकारी, सोही गाविस-१ निवासी ३३ वर्षीय भोकरा थारू, खैरिचन्दनपुर गाविस-८ निवासी ३५ वर्षीय छुनुवा चौधरी, सोही गाविस-३ निवासी २४ वर्षीय भागीराम थारू, सोही गाविस-२ निवासी १६ वर्षीय केशवकुमार चौधरी, ४० वर्षीय भगौती चौधरी, ३५ वर्षीय पतिराम चौधरी, खैरिचन्दनपुर गाविस-५ निवासी २४ वर्षीय किरिम चौधरी, बेलवा गाविस-३ निवासी २६ वर्षीय यज्ञबहादुर रावल, सोही गाविस-४ लखनाका २८ वर्षीय रामप्यारे चौधरी, सोही गाविस-७ बेतहनीका २७ वर्षीय आनन्द परिवार, १६ वर्षीय पल्टु थारू, ३२ वर्षीय

सर्जुप्रसाद थारू, ३८ वर्षीय राइना थारू, सूर्यपटुवा गाविस-४ निवासी १९ वर्षीय दिलराज योगी, बदालपुर गाविस-३ निवासी ४० वर्षीय मोतिलाल थारू, सोही गाविस-४ निवासी २८ वर्षीय मंगरू थारू, सोही गाविस-९ निवासी २६ वर्षीय वसन्तु थारू, २० वर्षीय लौटन थारू, २० वर्षीय बगाले थारू, २१ वर्षीय फरारे थारू, १६ वर्षीय गोपाल चौधरी, सोही गाविस-४ निवासी १६ वर्षीय रामकरण थारू, भिम्मापुर गाविस-७ निवासी १५ वर्षीय नेपाली चौधरी, ३८ वर्षीय रामकरण थारू, मनाउ गाविस-८ निवासी १८ वर्षीय राधुलाल थारू, १९ वर्षीय कमली चौधरी, १९ वर्षीय धनीराम थारू, १९ वर्षीय लौटी कुमारी थारू, ३२ वर्षीय घनश्याम चौधरी, १६ वर्षीय चिल्लुराम थारू, २३ वर्षीय प्रेमप्रकाश चौधरी, १९ वर्षीय मोहनलाल थारू, १४ वर्षीय सोनिराम थारू, सोही गाविस-९ निवासी २४ वर्षीय निर्मल चौधरी, ३६ वर्षीय जगतप्रसाद थारू, सोही गाविस-५ निवासी २६ वर्षीय विष्णु थारू, मनाउ गाविस-७ निवासी १४ वर्षीय आशाराम थारू, मानपुरटपरा गाविस-९ निवासी ३० वर्षीय अतिराम थारू, सोही गाविस-८ निवासी ३१ वर्षीय राधेश्याम चौधरी, ३० वर्षीय राजकुमार थारू, २८ वर्षीय रून्चया थारू, २३ वर्षीय फुलराम थारू, २१ वर्षीय रामकरण थारू, सोही गाविस-२ निवासी ४५ वर्षीय सिताजानकी चौधरी, २४ वर्षीय फकल थारू, पशुपतिनगर गाविस-८ निवासी २० वर्षीय रामनारायण चौधरी, गोला गाविस-८ निवासी १८ वर्षीय सरस्वती थारू (तारा), सोही गाविस-५ निवासी २५ वर्षीय दयाराम थारू, २८ वर्षीय राजेन्द्र थारू, २६ वर्षीय टेकलाल थारू, सोही गाविस-१ निवासी २६ वर्षीय चैनराम थारू, सूर्यपटुवा गाविस-४ निवासी ४५ वर्षीय वेदप्रसाद चौधरी, ४५ वर्षीय निलप्रसाद योगी, १७ वर्षीय वसन्ती चौधरी, १७ वर्षीय गोहनी थारू, ४५ वर्षीय दुसपति योगी, २६ वर्षीय खड्कबहादुर सापकोटा, ५५ वर्षीय दुर्गाबहादुर सापकोटा, ५५ वर्षीय धनबहादुर विक, २७ वर्षीय रूपलाल थारू, ३५ वर्षीय उत्तरभरिया थारू, सोही गाविस-९ निवासी १८ वर्षीय भरतकुमार थारू, ढोढरी गाविस-८ निवासी शोभाराम चौधरी, सोही गाविस-९ निवासी करण थारू, पदनाहा गाविस निवासी कालिचरण थारू, सोरहवा गाविस-२ निवासी शिवचरण, १८ वर्षीय बुद्धिमाया सापकोटा, सोरहवा गाविस-५ निवासी सिजापति चौधरी, गुलरिया नपा-४ निवासी रामरति चौधरी, हिक्मत चौधरी, दौलतपुर गाविस-६ निवासी २८ वर्षीय बालकृष्ण चौधरी, नयागाउँ गाविस-१ निवासी २५ वर्षीय जयराम थारू, ३२ वर्षीय लौटन थारू, २६ वर्षीय कालुराम थारू, सूर्यपटुवा गाविस-४ निवासी १५ वर्षीय रजनी थारू, मोतिपुर गाविस-७ निवासी त्रिभुवन गिरी, सिता कुमारी चौधरी, कृष्ण चौधरी र सोही गाविसका जगतप्रसाद चौधरी, बनियाभार गाविस-७ निवासी सुरेशकुमार ओली, सोही गाविस-५ निवासी जनकबहादुर थारू, सोही गासिव-९ निवासी कृष्ण चौधरी र जानकी चौधरी, पातभारा गाविस-४ निवासी १७ वर्षीय जनकिया चौधरी र मगरागाडी गाविस-२ निवासी २६ वर्षीय विखल थारू रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना महिला र १५ पुरुष गरी १६ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा धधवार गाविस-४ वैदीका २२ वर्षीय राजेन्द्र चोधरी, डेउढाकला गाविस-७ निवासी ३४ वर्षीय रोजन अली, मगरागाडी गाविस-३ निवासी २० वर्षीय रामकुमार थारू, डेउढाकला गाविस-९ निवासी २० वर्षीय उत्तमप्रसाद थारू, २० वर्षीय प्रेम थारू, २६ वर्षीय कृष्णप्रसाद अधिकारी, जमुनि गाविस-४ निवासी ४८ वर्षीय भिमराज श्रीवास्तव, वेलवा गाविस-७ बेतनीका ५३ वर्षीय कालिबहादुर बिष्ट, २७ वर्षीय भिमबहादुर बिष्ट, गुलरिया नपा-२ निवासी २१ वर्षीय निरज यादव, तारातल गाविस-५ निवासी १९ वर्षीय अतीता विक, डेउढाकला गाविस-९ निवासी २७ वर्षीय धमेन्द्र अधिकारी, कालिका गाविस-४ निवासी ३३ वर्षीय नारायण सापकोटा, ३६ वर्षीय दिलु खड्का, मोतिपुर गाविस-९ निवासी २४ वर्षीय केशव थारू र ४२ वर्षीय मोहरसिंह बज्जारा रहेका छन्।

४.८ सुर्खेत



जनसंख्या	३,१७,८५९
साक्षरता प्रतिशत	६२.४८
महिला साक्षरता प्रतिशत	५०.१०
क्षेत्रफल (वर्ग कि. मि.)	२४५१
गाविस/नपा संख्या	५०/१
निर्वाचन क्षेत्र	३
विद्यालय	४९७
क्याम्पस/उच्च मा.वि.	२/६
अस्पताल/स्वास्थ्य चौकी	१/५०
टेलिफोन लाइन	२८७०
मोटर सडक (कि. मि.)	३०८
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	५१
मानव विकास सूचकाङ्क	०.४८६
प्रति परिवार सरदर संख्या	५.८८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

अवलचिङ्ग गाविस-२ निवासी माओवादी कार्यकर्ता २५ वर्षीय अमृत भनिने मेघराज रानालाई ०६२ चैत १६ गते गस्तीमा खटिएका सुरक्षाकर्मीले लाटिकोइली गाविस-७ अलायचौरबाट गिरफ्तार गरी तत्कालै सोही स्थानमै गोली हानी हत्या गरे। सुर्खेत अस्पतालमा पोस्टमार्टमपछि चैत १८ वीरेन्द्रनगर नगरपालिकाले लास सदगत गरेको थियो।

माओवादी कार्यकर्ताहरू रामघाट गाविस-८ निवासी २६ वर्षीय सन्दर्भ भनिने वीरेन्द्र थापा र काप्रीचौर गाविस-८ का ३२ वर्षीय चिराग भनिने वकिल शाहीलाई ०६३ वैशाख ५ गते सुरक्षागस्तीमा खटिएका सेनाले लाटिकोइली गाविस-७ बाट गिरफ्तार गरेको लगत्तै गोली हानी हत्या गरे। स्थानीय बासिन्दाहरूका अनुसार सुरक्षाकर्मीले सन्दर्भलाई टाउको, छाती र कञ्चटमा र चिरागलाई पिठ्यूँ र टाउकोमा गोली प्रहार गरी हत्या गरेका थिए। मारिने दुवैजना माओवादीको सुर्खेत जिल्ला समिति सदस्य हुन्।

माओवादीबाट

हरिहरपुर गाविस-६, पाग्माका १२ वर्षीय होमबहादुर राना र सेना नायक २१ वर्षीय शेरबहादुर कार्कीको ०६३ असार ६ गते माओवादीले बेवारिसे अवस्थामा छोडेको बम विस्फोटमा परी मृत्यु भयो। होमबहादुरले घर नजिकैको एक जंगलमा सो बम फेला पारी घरमा ल्याई खेलाउँदा विस्फोट भएको थियो। सो घटनामा सोही स्थानका २७ वर्षीय राजेश राना र २८ वर्षीया मनसरा राना सख्त घाइते भईन्। घाइतेहरूको वीरेन्द्रनगरस्थित जिल्ला अस्पतालमा प्रारम्भिक उपचारपछि नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

माओवादी नियन्त्रणमा मृत्यु

लेखगाँउ गाविस-४ का ३१ वर्षीय मानबहादुर कार्कीले बहुविवाह गरेको आरोपमा ०६३ जेठ २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरी उनको हत्या गरे। प्रत्यक्षदर्शीहरूका अनुसार माओवादीले स्थानीय रत्नबहादुर गौतमको घरमा कार्कीको २७ गते राति नै हातखुट्टा बाँधेर कुटपिट गरी हत्या गरेका थिए। यस घटनाका सम्बन्धमा माओवादीले भने गौतमले माओवादी हिरासतमा आत्महत्या गरेको प्रतिक्रिया दियो। पीडितका परिवारले उनको हत्या माओवादीले गरेको र आत्महत्याको हल्ला फिजाएको आरोप लगाए। लासको पोस्टमार्टम भएन्।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

वीरेन्द्रनगरस्थित सुर्खेत शिक्षा क्याम्पसमा अध्ययनरत २२ वर्षीय उदय सिंह ०६२ माघ १९ गते आन्दोलनलाई दबाउन प्रहरीले वीरेन्द्रनगरमा चलाएको गोली लागी घाइते भए। खुट्टामा गोली लागेका सिंहको सुर्खेत अस्पतालमा उपचार गरिएको थियो। हाल पीडितको अवस्था सामान्य छ।

माओवादीबाट

छिन्चु गाविस-७ पाँडुलेका १२ वर्षीय थामबहादुर सुनार, ११ वर्षीय पीटर राम्जाली र १८ वर्षीय शेरबहादुर खड्का माओवादीले बेवारिसे अवस्थामा घरनजिकै जंगलमा छोडेको सकेट बम ०६३ साउन १० गते विस्फोट हुँदा सख्त घाइते भए। राम्जाली र खड्काको सुर्खेत अस्पतालमा र

सुनारको भेरी अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

लाटिकोइली गाविस-२ का ३५ वर्षीय दुर्गा न्यौपाने ०६२ पुस २८ गते माओवादीले देउती बज्यै मन्दिर परिसरमा गराएको बम विस्फोटमा परी घाइते भइन्। बम विस्फोटबाट खुट्टा तथा शरीरमा छर्रा लागी घाइते भएकी न्यौपानेको सुर्खेत अस्पतालमा उपचार गरिएको थियो।

आफ्नै बम विस्फोटबाट

लेखफर्सा गाविस-६ स्थित हरिमान घलेको घरमा सेल्टर लिई बसेका घोराही सतबरिया ब्रिगेडका माओवादी जनमुक्ति सेनाले बनाउँदै गरेको डेटोनेटर बम बिस्फोटमा हुँदा ०६३ मंसिर २९ गते सो ब्रिगेडअर्न्तगतको सेक्सन कमाण्डर वीरषा र सदस्य झलकसहित नौजना घाइते भए पनि अन्यको नाम भने खुल्न सकेन।

जेल र बन्दी

'घ' श्रेणी रहेको जिल्ला कारागार शाखाको बन्दी क्षमता २५ जनाको रहेको छ। तर क्षमता भन्दा बढी बन्दी रहेको यस कारागारमा कूल बन्दीको संख्या ३८ जना रहेकोमा दुईजना महिला बन्दी छन्। जसमा कैद नतोकिएका बन्दीहरुको संख्या दुईजना महिलासहित २७ जना र कैद तोकिएका ११ जना बन्दी रहेका छन्। यस जेलमा बन्दीहरूका आश्रित नाबालक छैनन्।

जेल प्रशासन, बन्दीहरु र विभिन्न संस्थाको सहयोगमा यस जेलमा खाने पानी, शौचालय, बिजुली, पत्रपत्रिका, रेडियो, टिभी तथा खेलुकदका सामग्रीको व्यवस्था रहेको छ।

माओवादी आस्थाका बन्दीहरूले ०६३ वैशाख २८ गते बिना सर्त रिहाई गर्नुपर्ने माग राखी चरणवद्ध आन्दोलन गरे। त्यस्तै आफ्नै मागहरू पूरा नभएको भनी ०६३ भदौ ९ गते आस्थाका बन्दीहरूले जेल तोडफोड गर्नुका साथै कारागार भवनभित्र आगलागी गरे।

बेपत्ता / अपहरण

माओवादीबाट

वावियाचौर गाविस-३ का ६२ वर्षीय भाने धिताल र २२ वर्षीय मनप्रसाद कञ्चना छिमेकी जंगबहादुर खड्काको हत्यामा संलग्न भएको आरोपमा ०६२ पुस १७ गते माओवादीले उनीहरुलाई अपहरणपछि कुटपिट गरे। घरबाटै अपहरण गरिएका धिताल सोही दिन सोही गाउँबाटै र कञ्चना सात दिनपछि विधापुर गाविसबाट मुक्त भए।

रानीबास गाविस-४ का रुद्रबहादुर खड्काले सुराकी गरेको आरोपमा ०६२ पुस २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनी दुई दिनपछि रानीबास गाविसकै एक विद्यालयबाट मुक्त भए।

मेहेलकुना गाविस-६ का शिव वलीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२ पुस २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी पाँच दिनपछि मेहलकुना गाविसको नाङ्गीबाट मुक्त गरे।

धारापानी गाविस-१ का ४३ वर्षीय भक्तबहादुर पुनले सुराकी गरेको आरोपमा ०६२ पुस २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सात दिनपछि साहारे गाविसबाट मुक्त गरे।

दहचौर गाविस-९ का ५२ वर्षीय वीरबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ माघ १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन गुमी गाविसबाट मुक्त गरे।

डाँडाखाली गाविस-२ का ६२ वर्षीय जंगबहादुर मल्लले पार्टीलाई चन्दा नदिएको आरोपमा ०६२ माघ ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन डाँडाखाली गाविसबाट मुक्त गरे।

मेहेलकुना गाविस-२ का ४४ वर्षीय वीरबहादुर खत्रीले सुराकी गरेको आरोपमा ०६२ माघ ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मेहेलकुना गाविस-१ पवित्रबजारबाट मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	१	३	३	३			३	३	३			३
घाइते					५	८	१	७	१६	१	३		३४	३६
गिरफ्तारी/यातना										३६	६६	३	१५०	३१८
कुटपिट	१	१		१	१६	१५	४		१९	१५	३१	३		३३
धम्की	१	१		१	५३	७५	७		८३	१४	१८	३	३६७	३८८
भेला/संगठित हुने अधिकार										७	१९		३	३३
अपहरण					९६	१५५	३९		१८४					
जम्मा	४	३	१	४	१७१	३५६	४१	७	३०४	७५	१३९	७	४४४	५८०

गुमी गाविस-१ घर भएका आनन्द उच्चमावि गुमीका विद्यार्थी १४ वर्षीय रोहित रावतले सुराकी गरेको आरोपमा ०६२ माघ १० गते माओवादीले उनलाई गाँउबाटै अपहरण गरी इन्सेकको पहलमा १० दिनपछि सोही गाविसको शिवनगरबजारबाट मुक्त गरे।

मैनतडा गाविस-२ निवासी २८ वर्षीय जीतबहादुर कामीले सुराकी गरेको आरोपमा ०६२ माघ १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि गुमी गाविसबाट मुक्त गरे।

घुमखहरे गाविस-९ का ५१ वर्षीय थिरबहादुर रानाको छोरा सेनामा भएको आरोपमा ०६२ माघ २१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन सोही गाउँबाटै मुक्त गरे।

गढी गाविस-४ का शिक्षक ४० वर्षीय नगेन्द्रप्रसाद न्यौपाने नक्कली माओवादी बनी विद्यालयलाई पत्र लेखेको आरोपमा ०६२ माघ २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि गढी गाविस-२ बाट मुक्त गरे।

वावियाचौर गाविस-९ निवासी राप्रपा कार्यकर्ता ६२ वर्षीय भाने धितालले छिमेकी जंगबहादुर खड्काको हत्याको घटनालाई घुस लिएर मिलाउन खोजेको आरोपमा ०६२ फागुन १ गते माओवादीले धिताललाई घरबाटै अपहरण गरे। पीडित सोही दिन गाउँबाटै मुक्त भए।

अवलचिङ्ग गाविस-८ का ३९ वर्षीय हर्षबहादुर रानालाई सुराकीको आरोपमा ०६२ फागुन ३ गते माओवादीले घरबाटै अपहरण गरी सोही दिन गाउँबाटै मुक्त गरे।

गुमी गाविस-२ का ३८ वर्षीय विजय गिरीले सुराकी गरेको आरोपमा ०६२ फागुन ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपछि दहचौर गाविसबाट मुक्त गरे।

कल्याण गाविस-४ का २५ वर्षीय सर्वसाधरण नरबहादुर सलामी नक्कली माओवादी बनी चन्दा असुली गरेको आरोपमा ०६२ फागुन ११ गते माओवादीले उनलाई गाँउबाटै अपहरण गरी छ दिनपछि दशरथपुर गाविसबाट मुक्त गरे।

दशरथपुर गाविस-८ का ७० वर्षीय कर्णबहादुर सुनारको छोरा सेनामा भएको आरोपमा ०६२ फागुन १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीद्वारा तोकिएको रकम बुझाउने सर्तमा सुनार दुई दिनपछि दशरथपुर गाविस-६ बाट मुक्त भए।

मालारानी गाविस-४ का व्यापारी ३४ वर्षीय लीलाराम पाण्डेले छिमेकीको पसलमा आगजनी गरेको भन्ने आरोपमा ०६२ फागुन १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीको नियन्त्रणमा रहँदा कुटपिट गरिएका पाण्डे एक महिनापछि मालारानी गाविसबाट भागी वीरेन्द्रनगरमा बस्दै आएका थिए। उनलाई इन्सेकको पहलमा ०६३ जेठ १४ गते घरमा पुनःस्थापित गरियो।

बाबियाचौर गाविस-२ निवासी प्रावि बाबियाचौरका शिक्षक ५६ वर्षीय गोविन्द अधिकारीले माओवादीद्वारा घोषित जनसत्ताविरुद्ध बोलेको आरोपमा ०६२ फागुन १४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन वावियाचौर गाविस-५ बाट मुक्त गरे।

बाबियाचौर गाविस-५ निवासी मावि बाबियाचौरमा कार्यरत शिक्षकद्वय २६ वर्षीय हिरामणि पौडेल र २७ वर्षीय ओमप्रसाद अधिकारीलाई माओवादीद्वारा घोषित जनसत्ता विरुद्ध उत्रेको आरोपमा ०६२ फागुन १४ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरू तीन दिनपछि विद्यापुर गाविसबाट मुक्त भए।

रानीबास गाविस-५ का ३६ वर्षीय तुलबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ फागुन २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपछि रानीबास गाविस-३ बाट मुक्त गरे।

घुमखहरे गाविस-५ का २८ वर्षीय किशोर खत्रीले सुराकी गरेको आरोपमा ०६२ फागुन २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि घुमखहरे गाविस-९ बाट मुक्त गरे।

पाम्का गाविस-६ का ३९ वर्षीय जीतबहादुर रानाले सुराकी गरेको आरोपमा ०६२ चैत ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि पाम्का गाविस-५ बाट मुक्त गरे।

खानीखोला गाविस-५ का ४२ वर्षीय रवीन्द्र आरसीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२ चैत १३ गते माओवादीले आरसीलाई घरबाटै अपहरण गरी दुई दिनपछि डाँडाखाली गाविसबाट मुक्त गरे।

मेहेलकुना गाविस-६ का ३७ वर्षीय दिलबहादुर खत्रीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२



आन्दोलनकारीलाई गिरफ्तार गर्दै प्रहरी

चैत १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनी चार दिनपछि मेहेलकुना गाविस-५ बाट मुक्त भए।

तरंगा गाविस-४ का ३७ वर्षीय भीमबहादुर बुढाले सुराकी गरेको आरोपमा ०६२ चैत २६ गते माआवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन तरंगा गाविस-२ बाट मुक्त गरे।

बिजौरा गाविस-७ निवासी बिजौरा माविका शिक्षक ४२ वर्षीय डिल्लीबहादुर वीसीलाई अनुमतिविना सर्टिफिकेट वितरण गरेको आरोपमा ०६२ चैत ३० गते माओवादीले विद्यालयबाटै अपहरण गरे। शिक्षकसँग ३० हजार रूपैयाँ लिई माओवादीले सोही दिन बिजौरा गाविस-६ बाट मुक्त गरे।

बिजौरा गाविस-८ का ५४ वर्षीय पूर्णबहादुर बुढाले विद्यालयको सम्पत्ति हिनामिना गरेको आरोपमा ०६२ चैत ३१ गते माओवादीले उनलाई बिजौरीबाट अपहरण गरी सोही दिन बिजौरा गाविस-२ बाट मुक्त गरे।

साटाखानी गाविस-८ निवासी चौरासे माविका विद्यार्थी २१ वर्षीय ललितबहादुर वृकट्टाले सुराकी गरेको आरोपमा ०६३ वैशाख ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ असार २१ गते मानवअधिकारकर्मीको रोहबरमा वीरेन्द्रनगरबाट मुक्त गरे।

हरिहरपुर गाविस-६ का ३२ वर्षीय दलबहादुर नेपालीले सुराकी गरेको आरोपमा ०६३ वैशाख ४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन हरिहरपुर गाविस-२ बाट मुक्त गरे।

साटाखानी गाविस-८ का ३८ वर्षीय लालबहादुर ताम्लाङ्गीले सुराकी गरेको आरोपमा ०६३ वैशाख १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी १० दिनपछि साटाखानी गाविस-९ बाट मुक्त गरे।

सालकोट गाविस निवासी ३२ वर्षीय ल्याटे खत्रीले चोरी गरेको आरोपमा ०६३ वैशाख १३ गते माओवादीले उनलाई साटाखानीबाट अपहरण गरे। अपहरणपछि चरम कुटपिट गरी राखिएका खत्री सात दिनपछि साटाखानी गाविस-९ बाट भागी घर फर्किए।

जर्बुटा गाविस-१ धुलियावीटका रेशमप्रसाद देवकोटाले चोरी गरेको आरोपमा ०६३ वैशाख २२ गते माओवादीले उनलाई साटाखानीबाट अपहरण गरे। अपहरणपछि कुटपिट गरिएका देवकोटा १० दिनपछि माओवादीको हिरासतबाट भागेर घर फर्किए।

लेखपराजुल गाविस-५ स्थित श्री सामुदायिक प्रस्तावित निमाविका प्रधानाध्यापक ४० वर्षीय टोपबहादुर अधिकारी, शिक्षक २३ वर्षीय बलबहादुर खत्री, २६ वर्षीय रोशन वली, २९ वर्षीय रवीन्द्र केसी, ४१ वर्षीय इष्टकुमार श्रेष्ठ, ३५ वर्षीय गंगाबहादुर अधिकारी तथा सोही स्थानका ३८ वर्षीय रत्ना थापा र लक्ष्मी कार्कीबीच अनैतिक सम्बन्ध भएको आरोपमा ०६३ जेठ २ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। अपहरणपछि कुटपिट गरिएका सबैजना १४ दिनपछि इन्सेकको पहलमा मुक्त गरिए। प्रधानाध्यापक अधिकारी भने अपहरण भएकै दिन हरिहरपुर गाविसबाट भागेर मुक्त भएका थिए।

लेखपराजुल गाविस-५ का व्यापारी ३३ वर्षीय दीपक वली, ३६ वर्षीय पार्वती बुढा र ३७ वर्षीय मैनकला बुढालाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ ३ गते माओवादीले उनीहरूलाई घरबाट अपहरण गरे। उनीहरू सबै जना १३ दिनपछि इन्सेकको पहलमा लेखपराजुल गाविस-५ मोहटीबाट मुक्त भए।

जर्बुटा गाविस-६ लामीडाँडाका ३५ वर्षीय डिलाराम आचार्यले बहुविवाह गरेको आरोपमा ०६३ असार ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी आठ दिनपछि वीरेन्द्रनगर नपाबाट मुक्त गरे।

पोखरीकाँडा गाविस-४ का ४२ वर्षीय चन्द्रबहादुर विकले चन्दा नदिएको आरोपमा ०६३ असार २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। अपहरणपछि माओवादीद्वारा कुटपिट गरिएका विक दुई दिनपछि बाबियाचौर गाविसबाट मुक्त भए।

मैनतडा गाविस-९ का १६ वर्षीय टेकेश घर्ती, १३ वर्षीय कृष्ण विक, १३ वर्षीया लक्ष्मी राना र १५ वर्षीया पार्वती खत्रीलाई माओवादी जनमुक्ति सेनामा भर्ती गर्न भन्दै ०६३ साउन २१ गते माओवादीले मैनतडा गाविस-४ बाट अपहरण गरे। घर्ती जनमुक्ति सेनामा भर्ती भैसके भने राना, खत्री र विकलाई उनीहरूका अभिभावकहरूले दुई दिनपछि आन्नद उच्चमावि गुमीबाट मुक्त गराए।

कुनाथरी गाविस-९ कुम्भीकोटका ३५ वर्षीय ठेकेदार लालबहादुर शाही र ३३ वर्षीय विमल शाहीले चन्दा नदिएको आरोपमा ०६३ साउन २१ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी दुवैजना सोही दिन माओवादीद्वारा तोकिएको रकम तिर्ने सर्तमा बङ्गीचौर बजारबाट मुक्त गरे।

कुनाथरी गाविस-९ कुम्भीकोट निवासी कोइरालपानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष ४० वर्षीय लालबहादुर विकले सामुदायिक उपभोक्ता समितिबाट माओवादीलाई चन्दा नदिएको आरोपमा ०६३ साउन २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि बङ्गीचौर बजारबाट मुक्त गरे।

मैनतडा गाविस-१ घारीबन निवासी माओवादी २८ वर्षीय कर्णबहादुर विक पार्टी विरोधी क्रियाकलापमा लागेको आरोपमा ०६३ भदौ ११ गते माओवादीले उनलाई मैनतडा गाविस-३ जरेघाटबाट अपहरण गरे। माओवादीले अपहरणपछि मरणासन्न हुने गरी कुटपिट गरी तीन दिनपछि

गुमी गाविसबाट मुक्त गरे।

तरंगा गाविस-७ डोक्पाका २२ वर्षीय प्रेमप्रसाद लामिछानेले चन्दा नदिएको आरोपमा ०६३ भदौ १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि हरिहरपुर गाविसबाट मुक्त गरे।

धारापानी गाविस-६ का ३० वर्षीय रामबहादुर पुनले पार्टीलाई चन्दा नतिरेको आरोपमा ०६३ भदौ २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन साहारे गाविसको भुर्केबाट मुक्त गरे।

तरंगा गाविस-४ का कृषक ३९ वर्षीय मायाराम थापा माओवादी विरोधी क्रियाकलापमा लागेको आरोपमा ०६३ भदौ ३० गते माआवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि तरंगाबाटै मुक्त गरे।

वावियाचौर गाविस-२ का २२ वर्षीय ओमबहादुर सिंजालीलाई ०६३ असोज ११ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित ०६२ असोज १८ गते बाबियाचौर गाविस-५ बाट मुक्त भए।

मैनतडा गाविस-३ का २५ वर्षीय लालबहादुर गुरुङ्गले छिमेकीलाई खुकुरी प्रहार गरेको आरोपमा ०६३ असोज १४ माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक २५ गते मैनतडा गाविसबाट मुक्त गरे।

लाटिकोइली गाविस-१ चौकेढुङ्गाका मजदुर १९ वर्षीय यामबहादुर खत्रीलाई माओवादी जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २६ गते माओवादीले लाटिकोइली गाविसको धुलियाविटबाट अपहरण गरे। खत्री दशरथपुरस्थित माओवादी शिविरमा माओवादीको जनमुक्ति सेनामा आवद्ध भएको केही दिनपछि भारततर्फ गए। उनका परिवारले उनको मुक्तिको लागि पहल गरिदिन भन्दै इन्सेक सुर्खेतमा निवेदन दिएका थिए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

गुटु गाविस-४ का ३० वर्षीय शिव सोनीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ माघ ७ गते र वीरेन्द्रनगर नपा-६ घर निवासी व्यापारी ३० वर्षीय सूर्यबहादुर बयकले माओवादीलाई सहयोग गरेको भन्दै ०६२ माघ ९ गते राति प्रहरीले उनीहरुलाई वीरेन्द्रनगरमा कुटपिट गरे।

लाटिकोइली गाविस-८ निवासी अनेरास्ववियुका केन्द्रीय सदस्य ३२ वर्षीय टेकेन्द्र बस्नेतलाई प्रतिगमनकाविरुद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६२ माघ १० गते प्रहरीले सुर्खेत शिक्षा क्याम्पस अगाडि कुटपिट गरे। प्रहरीको कुटपिटबाट सख्त घाइते भएका बस्नेतको इन्सेकको पहलमा उपचार गरिएको थियो।

जनआन्दोलनको रिर्पोटिङ्ग गर्ने क्रममा भेरी एफएम सुर्खेतका संवाददाता २५ वर्षीय प्रकाश लामिछाने र नेपाल समाचारपत्र राष्ट्रिय दैनिकका संवाददाता २३ वर्षीय कमल न्यौपानेलाई सशस्त्र प्रहरीले ०६२ माघ १९ गते वीरेन्द्रनगर बजारमा लिई कुटपिट गरे।

वीरेन्द्रनगर नपा-६ घर भएका यातायात व्यावसायी ३२ वर्षीय श्रवण श्रेष्ठले आन्दोलनरत दलहरूलाई सहयोग गरेको आरोपमा ०६२ माघ १६ गते प्रहरीले उनलाई घरमा गई मार्ने धम्की दिए।

रामघाट गाविस-८ निवासी शिक्षक ४२ वर्षीय प्रेमबहादुर थापाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ फागुन ११ गते सेनाले उनलाई घरमै कुटपिट गरे।

साटाखानी गाविस-४ निवासी खाडादेवी माविका विद्यार्थी १७ वर्षीय खुमप्रसाद ढकाल, १८ वर्षीय हरि पोखेल, १८ वर्षीय भुवन आचार्य र १७ वर्षीय चन्द्रप्रसाद आचार्य माओवादी भएको आरोपमा ०६२ चैत ३ गते सेनाले उनीहरुलाई वीरेन्द्रनगर नपा-११ मा कुटपिट गरे।

उत्तरगंगा गाविस-१ का ३६ वर्षीय हर्कबहादुर सुनारले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ चैत २० गते सशस्त्र प्रहरीले उनलाई घरमै गई मार्ने धम्की दिए।

इन्सेकका मानवअधिकार सहजकर्ताद्वय ३६ वर्षीय हेमराज शर्मा र २५ वर्षीय लोकबहादुर खड्का र पत्रकार चित्रसिंह गाउँलेलाई 'प्रतिगमन विरुद्ध'को आन्दोलनको अनुगमन गरिरहेको समयमा र विद्यार्थी २३ वर्षीय वेदप्रसाद रिजाल, मजदुर २२ वर्षीय रवीन्द्र आरसी तथा ४६ वर्षीय नन्दा शर्मालाई आन्दोलनमा सहभागी भएको आरोपमा ०६२ चैत २३ गते प्रहरीले वीरेन्द्रनगर नपामा कुटपिट गरे।

बुलबुले दैनिकका पत्रकारद्वय २७ वर्षीय लक्ष्मण भण्डारी र २५ वर्षीय जीवन शाहीलाई आन्दोलनको अनुगमन गरिरहेको समयमा ०६२ चैत २७ गते वीरेन्द्रनगरमा प्रहरीले कुटपिट गरे।

लाटिकोइली गाविस-७ का ४२ वर्षीय गगनबहादुर बुढाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६३ वैशाख ८ गते सेनाले उनलाई मंगलगढी सेना क्याम्पमा बोलाई मार्ने धम्की दिए।

माओवादीबाट

दशरथपुर गाविस-७ का कृषक २२ वर्षीय वीरेन्द्र थापालाई ०६३ भदौ १९ गते, गढी गाविस-४ का ३१ वर्षीय कमल पौडेललाई ०६३ भदौ २२ गते, दहचौर गाविस-२ सुवाघाटका कृषक ४५ वर्षीय लालबहादुर थापालाई माओवादीद्वारा घोषित जनसत्ता विरोधी क्रियाकलापमा लागेको आरोपमा ०६३ साउन १८ गते माओवादीले उनीहरूलाई घरमै कुटपिट गरे।



जनआन्दोलन-२ का सहभागीलाई गिरफ्तार गर्दै सादा पोसाकका प्रहरीहरू

वीरेन्द्रनगर नपा-७ निवासी जीप चालक ३२ वर्षीय हरि पौडेलले पार्टीलाई चन्दा नदिएको आरोपमा ०६३ भदौ २० गते माओवादीले उनलाई जर्वुटा गाविस-१ धुलियाविटमा मार्ने धम्की दिए।

गुमी गाविस-४ निवासी आन्नद उच्चमाविका पियन ६१ वर्षीय मानबहादुर बिष्टलाई सो विद्यालयमा सेल्टर जमाई बस्न गएका माओवादीले विद्यालयको साँचो माग्दा इन्कार गरेपछि ०६३ असार २८ गते माओवादीले उनलाई विद्यालयमै मार्ने धम्की दिए।

गुमी गाविस-४ स्थित आन्नद उच्चमाविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५८ वर्षीय हस्तबहादुर पुनले सो विद्यालयमा सेल्टर जमाई बसेका जनसेनालाई त्यँहाबाट हटाउनु पर्ने माग गरेकोमा ०६३ असार २९ गते माओवादीले उनलाई विद्यालयमै मार्ने धम्की दिए।

छिन्चु गाविस-२ की ४७ वर्षीया चन्दकला वली र ५२ वर्षीया मनकला खड्काले माओवादीद्वारा अपहरित छोरीहरूको घटना सम्बन्धमा मानवअधिकारकर्मीलाई जानकारी दिएकोमा ०६३ असोज २२ गते माओवादीले उनीहरूको घरमै गई मार्ने धम्की दिए। छिन्चु गाविस-२ का १६ वर्षीय भीमकला माँझी र १६ वर्षीया देवकला माँझीलाई ०६३ भदौ २९ गते माओवादीले अपहरण गरेकोमा उनीहरूको अवस्था हालसम्म अज्ञात रहेको छ।

लेखफर्सा गाविस-६ मा भएको बम विस्फोटनको घट्नाको स्थलगत अनुगमन गर्न पुगेका इन्सेक सुर्खेत जिल्लाका प्रतिनिधि दुर्गा थापा, प्रोपब्लिकका हरि अधिकारी र चक्र घर्ती, इन्सेकका सहजकर्ता लोकेन्द्र थापा र पत्रकार प्रकाश पन्तलाई ०६३ मंसिर २ गते माओवादी जनमुक्ति सेनाका कमाण्डर सेवकले घट्नास्थललाई अवलोकन गर्नमा अवरोध गर्नुको साथै तत्काल स्थान छोड्नु भनी धम्की दिए।

मैनतडा गाविस-५ निवासी व्यापारी ३३ वर्षीय धनबहादुर खड्का र सोही गाविस-६ की ३२ वर्षीया दुर्गा खत्रीलाई ०६३ मंसिर १६ गते राति सोही स्थानका माओवादी कार्यकर्ता निशान भनिने कर्णबहादुर अधिकारीले दुर्गा खत्रीको घरमा हतियार देखाई मरणासन्न हुनेगरी कुटपिट गरे। खड्काको नेपालगञ्जमा उपचार भयो।

लाटिकोइली गाविस-४ का ४० वर्षीय रामबहादुर चौधरीले तटबन्ध निर्माण गर्ने विषयमा विवाद गरेको आरोपमा ०६२ चैत्र १ गते माओवादीले उनीहरुलाई घरमै गई मार्ने धम्की दिए।

मेहेलकुना गाविस-१ पवित्रबजारका ३३ वर्षीय भुपाल पुनले सेनालाई कार्यक्रममा बोलाएको आरोपमा ०६३ वैशाख १८ गते माओवादीले पुनलाई मेहेलकुनामा मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-१० का ३६ वर्षीय टीकाराम चपाईले बहुविवाह गरेको आरोपमा ०६३ वैशाख २६ गते माओवादीले उनलाई वीरेन्द्रनगर नपास्थित माओवादीको जनअदालतमा बोलाई तोकिएको रकम नदिए जे पनि गर्न सकिने भनी धम्की दिए।

जर्वुटा गाविस-१ धुलीयाविटका ३० वर्षीया डीलकुमारी देवकोटाले माओवादीको नियन्त्रणमा रहेका आफ्ना पतिको बारेमा सोधपुछ गर्न जाँदा ०६३ वैशाख २९ गते माओवादीले उनलाई साटाखानीमा मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ निवासी शिक्षक युनियन सुर्खेतका अध्यक्ष ४० वर्षीय धनसिंह खड्कासहितका शिक्षकहरू माओवादीद्वारा केही दिनअघि अपहरण गरी बेपत्ता पारिएका शिक्षकहरूको स्थिति बुझ्न जाँदा ०६३ जेठ १० गते माओवादीले शिक्षकहरूलाई लेखपराजुल गाविस-५ मोहटीमा मार्ने धम्की दिए।

मटेला गाविस-८ निवासी पूर्व माओवादी कार्यकर्ता एवंम् शिक्षक ३९ वर्षीय चक्रबहादुर घर्तीले आर्थिक हिनामिना गरेको आरोप स्वीकार नगरेको भनी ०६३ जेठ १३ गते माओवादीले उनलाई रानीबास गाविसमा कुटपिट गरे।

वीरेन्द्रनगर नपा-१० निवासी लेखपराजुल गाविस-५ मोहटीका सामुदायिक प्रनिमाविका प्रधानाध्यापक ४० वर्षीय टोपबहादुर अधिकारीले विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६३ जेठ १५ गते माओवादीले उनलाई विद्यालयमै मार्ने धम्की दिए।

मेहेलकुना गाविस-१ पवित्रबजारका सुकुलाल बस्नेतलाई ०६३ वैशाख २६ गते र रतु गाविस-४ का ४८ वर्षीय लालबहादुर खत्रीलाई सुराकी गरेको आरोपमा ०६३ जेठ २२ गते माओवादीले उनलाई घरमै गई मार्ने धम्की दिए।

हरिहरपुर गाविस-६ पाग्माका ५४ वर्षीय कालू पुरीले माओवादीद्वारा घोषित जनसत्ता विरोधी क्रियाकलाप गरेको आरोपमा ०६३ जेठ २३ गते माओवादीले उनलाई घरमै कुटपिट गरे।

साहारे गाविस-८ निवासी राप्रपाका कार्यकर्ता ६२

वर्षीय खिमबहादुर रोकालाई ०६३ असार ७ गते माओवादीले तत्काल घरमा नफर्किए सर्वस्वहरण गर्ने र मार्ने धम्की दिए। उनी ०५३ मंसिरदेखि वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका छन्।

बिजौरा गाविस-९ निवासी एमाले कार्यकर्ता ५० वर्षीय धनीराम जैसीले माओवादीलाई ५० हजार चन्दा नदिएको आरोपमा ०६२ चैत ११ गते माओवादीले उनको घरमा तालाबन्दी गरे। दलहरुको दबाबमा ०६२ चैत ३१ गते माओवादीले ताला खोलिदिएका थिए।

लेखपराजुल गाविस-५ का ४८ वर्षीय शिक्षक कर्णबहादुर बुढाले सुराकी गरेको आरोपमा ०६३ असार १० गते माओवादीले उनलाई घरमा गई मार्ने धम्की दिए। पीडित ०५८ चैत २६ गतेदेखि वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका छन्। पीडित घरमा गएको समयमा माओवादीले २ लाख रकम नदिए फाँसी दिने धम्की दिएको पीडितले बताए।

बाबियाचौर-५ का कृषक ४६ वर्षीय बलबहादुर सार्कीले सुराकी गरेको आरोपमा ०६३ असोज ३ गते माओवादीले उनलाई घरमै कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

वीरेन्द्रनगर नपा-६ निवासी पत्रकार ३४ वर्षीय मोती पौडेल र २६ वर्षीय कमल पन्तलाई समाचार संकलन गर्न गएको समायमा ०६२ पुस १७ गते प्रहरीले पुनरावेदन अदालत नजिकैबाट गिरफ्तार गरी कुटपिट गरे। पीडितहरू सोही दिन रिहा भए।

जाजरकोट जिल्ला ढिमे गाविस-७ का २७ वर्षीय रामबहादुर खड्कालाई माओवादीको आशंकामा ०६२ पुस २९ गते सशस्त्र प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जुम्ला जिल्लाका शिरीष भनिने २६ वर्षीय बालकृष्ण तिमिल्सेना र कालिकोट जिल्लाका रक्तिम भनिने मनबहादुर विक माओवादी भएको आरोपमा ०६२ पुस २७ गते प्रहरीले उनीहरूलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। माओवादीको साँस्कृतिक क्षेत्रमा कार्यरत दुवैजना चार महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

खानीखोला गाविस-६ का ३५ वर्षीय दीलिपकुमार खत्री माओवादी भएको आरोपमा ०६२ माघ ७ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी चार महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा गरे।

वीरेन्द्रनगर नपा-१० मा पिसीओ सञ्चालक गरी बसेका ४५ वर्षीय नारायण भट्टराई र उनका छोरा २० वर्षीय विनोद भट्टराईले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ माघ २२ गते प्रहरीले उनीहरूलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। विनोद सोही दिन र नारायण एक महिनापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

वीरेन्द्रनगर नपा-६ का भीमबहादुर विश्वकर्मा, १८ वर्षीय सीपरान वन, १५ वर्षीय कृष्ण गुरुङ र लाटिकोइली गाविस-८ का १९ वर्षीय लोकबहादुर रोकाय माओवादी भएको आरोपमा ०६२ माघ २६ गते सेनाले उनीहरुलाई इत्रामबाट गिरफ्तार गरे। पीडितहरू सबैजना ०६२ फागुन २ गते इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापाको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

गढी गाविस-४ का ३० वर्षीय अम्मरबहादुर कुमाल माओवादी भएको आरोपमा ०६२ माघ ३० गते सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरे। प्यारालाईसिसको रोगबाट ग्रसित पीडित इन्सकेको पहलमा तीन महिनापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

पाम्का गाविस-६ का १९ वर्षीय विमल बुढामगर, १८ वर्षीय सुरथ चलाउने, २० वर्षीय ज्ञानबहादुर वराल, २६ वर्षीय माथवरसिंह भण्डारी र साटाखानी गाविस-४ का भीमाबहादुर कसेरा माओवादी भएको आरोपमा ०६२ फागुन १ गते सेनाले उनीहरूलाई धुलियाबीटबाट गिरफ्तार गरे। पीडितहरु इन्सेक प्रतिनिधिको रोहबरमा दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

लगाम गाविस-३ का १८ वर्षीय नरबहादुर बुढा माओवादी भएको आरोपमा ०६२ फागुन १३ गते सशस्त्र प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित सात दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

लाटिकोइली गाविस-१ निवासी माओवादी पूर्व कार्यकर्ता २८ वर्षीय यामबहादुर थापा माओवादी भएको आरोपमा ०६२ फागुन १८ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी तीन दिनपछि इन्सेकको पहलमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

माओवादी कार्यकर्ताहरू जुम्ला जिल्ला कुडारी गाविसका २२ वर्षीय चट्टान भनिने मनप्रसाद भट्टराई र सुर्खेत जिल्ला, लगाम गाविसका १८ वर्षीय दुर्गम भनिने दीर्घसिंह धामी माओवादी भएको आरोपमा ०६२ फागुन १८ गते सेनाले उनीहरूलाई लाटिकोइली गाविस-४ घुस्राबाट गिरफ्तार गरे। पीडितहरु तीन महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

दैलेख जिल्ला पिपलबोट गाविस-२ का ४० वर्षीय हिमबहादुर शाहीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ फागुन २६ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

कालिकोट जिल्ला, राँचुली गाविस-५ निवासी वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा अध्ययनतर विद्यार्थी २६

वर्षीय जीवनकुमार शाही माओवादी भएको आरोपमा ०६२ चैत ४ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

डोल्पा जिल्लका २० वर्षीय हिमाल भनिने माओवादी कार्यकर्तालाई ०६२ चैत ५ गते सेनाले लाटिकोइली गाविस-४ घुस्राबाट गिरफ्तार गरे। पीडित दई महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

बर्दिया जिल्लको ढोढरी गाविस-२ का चरण भनिने २६ वर्षीय बलबहादुर चौधरीलाई ०६२ चैत ६ गते सेनाले लाटिकोइली गाविस-३ बाट गिरफ्तार गरे। गिरफ्तारपछि कुटपिट गरिएका पीडित डेढ महिनापछि सुर्खेत कारागार शाखाबाट रिहा भए।

रामघाट गाविस-६ का ३२ वर्षीय शिवराम वली माओवादी भएको आरोपमा ०६२ चैत ८ गते सुरक्षाकर्मीले उनलाई छिन्चुबाट गिरफ्तार गरी दुई दिनपछि इलाका प्रहरी कार्यालय छिन्चुबाट रिहा गरे।

जाजरकोट जिल्ल थालारैकर गाविस-५ निवासी थालारैकर प्राविका शिक्षक २८ वर्षीय भीमबहादुर विसी माओवादी भएको आरोपमा ०६२ चैत १९ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित दुई दिनपछि जिल्ल प्रहरी कार्यालयबाट रिहा भए।

छिन्चु गाविस बबई निवासी माओवादी कार्यकर्ता २१ वर्षीय लालबहादुर विकलाई ०६३ वैशाख २ गते सेनाले मेहेलकुना गाविस-९ बाट गिरफ्तार गरे। गिरफ्तारपछि चरम यातना दिइएका पीडित २० दिनपछि जिल्ल प्रहरी कार्यालयबाट रिहा भए।

तरंगा गाविस-७ निवासी तातापानी माविका विद्यार्थी १४ वर्षीय लालबहादुर शाही माओवादी भएको आरोपमा ०६३ वैशाख १२ गते प्रहरीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि जिल्ल प्रहरी कार्यालयबाट रिहा गरे।

पुन: गिरफ्तार

पुनरावेदन अदालतको सुर्खेतको आदेशमा रिहा भएका कालिकोट जिल्ला, कोटवाडा गाविसका २६ वर्षीय मनरूप खत्री, सुर्खेत जिल्ला गढी गाविस-१ का २५ वर्षीय भीमबहादुर विक, लेखगाँउ गाविस-९ का २८ वर्षीय गौरी विश्वकर्मा र कुनाथरी गाविस-५ ३२ वर्षीय लिलबहादुर बोगटीलाई माओवादीको आरोपमा प्रहरीले ०६२ पुस १७ गते पुनरावेदन अदालतको परिसरबाटै पुन: गिरफ्तार गरे। सुरक्षाकर्मीले उनीहरूलाई माओवादीको आरोपमा विभिन्न समय र स्थानबाट गिरफ्तार गरी कारागार शाखा, सुर्खेतमा थुनामा राखेका थिए। पुन: गिरफ्तारीका क्रममा सुरक्षाकर्मीले अदालत परिसरमा रहेका मानवअधिकारकर्मी तथा पत्रकारहरूलाई कुटपिट गर्दै नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका सभापति तथा कान्तिपुर दैनिकका सम्वाददाता मोतिलाल पौडेल र कान्तिपुर टेलिभिजनका सम्वाददाता कमल पन्तलाई गिरफ्तार पनि गरेका थिए। यो घटनाको मानवअधिकारकर्मी र पत्रकारमाथि गरिएको अभद्र व्यवहार र गिरफ्तारको सुर्खेतस्थित मानवअधिकारकर्मी तथा पत्रकारहरूले विज्ञप्तिमार्फत् भर्त्सना गरेका थिए। बन्दीप्रत्यक्षीकरणको रिट निवेदन उपर पुनरावेदन अदालत सुर्खेतको आदेशबमोजिम उनीहरूमध्ये बोगटी एक महिनापछि र अरु सबै पाँच महिनापछि रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरेन्द्रनगर नपा-८ इत्राम निवासी काँग्रेस (प्रजातान्त्रिक) का कार्यकर्ता ४८ वर्षीय शिवप्रसाद गौतमलाई शाही सरकारद्वारा घोषित नगर निर्वाचनको विरुद्ध प्रचार प्रसार गरेको आरोपमा ०६२ माघ ५ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। उनी सोही दिन सुर्खेतस्थित जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

अनेरास्ववियु सुर्खेतका अध्यक्ष २८ वर्षीय घनश्याम पाण्डेसहित २० जना विद्यार्थीहरूलाई प्रतिगमनका विरुद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६२ माघ १० गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पाण्डे दुई दिनपछि र अन्य सबै विद्यार्थीहरू सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भएका थिए।

वीरेन्द्रनगर नपा-६ घर भएका पूर्व सांसद ४७ वर्षीय हृदयराम थानी, वीरेन्द्रनगर नपा-१० का नेकाँका कार्यकर्ता ४० वर्षीय कमलराज रेग्मी र वीरेन्द्रनगर नपा-८ का नेकाँ (प्रजातान्त्रिक) का ४८ वर्षीय शिवप्रसाद गौतमलाई ०६२ माघ १५ गते, वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा अध्ययनरत २८ वर्षीय विनी शाहीसहित १४ जना विद्यार्थीलाई ०६२ माघ १८ गते, वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा अध्ययनरत २० वर्षीय छत्रबहादुर केसी, २० वर्षीय नेत्र भण्डारी, २२ वर्षीय विनोद शाही र २१ वर्षीय रोशन भण्डारीलाई ०६२ माघ २० गते, वीरेन्द्रनगर नपा-६ निवासी एमालेका कार्यकर्ता ४८ वर्षीय दलबहादुर खड्का, नेकाँ (प्रजातान्त्रिक) का ५० वर्षीय कालिप्रसाद शाक्य र काँग्रेसका अनन्त पौडेललाई प्रतिगमनको विरुद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६२ माघ २२ गते, वीरेन्द्रनगर नपा-६ घर भएका कपडा व्यापारी ३६ वर्षीय मानबहादुर खड्का र वीरेन्द्रनगर नपा-४ घर भई नेशनल कोअपरेटिभ स्कुलका शिक्षक ३९ वर्षीय डिल्ली लम्सालेलाई ०६२ चैत २२ गते 'प्रतिगमनको विरुद्ध'को आन्दोलनमा उत्रेको आरोपमा सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी सबैलाई गिरफ्तार भएकै दिन जिल्ला प्रहरी

कार्यालयबाट रिहा गरे।

वीरेन्द्रनगर नपा-४ निवासी पूर्व सांसद् ५२ वर्षीय यामलाल कँडेल, पूर्व सांसद ४७ वर्षीय हृदयराम थानी, नेकाँ (प्रजातान्त्रिक) का ४६ वर्षीय धर्मप्रसाद आचार्य, जनमोर्चाका केन्द्रीय सदस्य ३८ वर्षीय रत्नविक्रम प्यासी र नेमकिपा सुर्खेतका अध्यक्ष ४८ वर्षीय बमबहादुर शाहीसहित ५७ जना आन्दोलनकारीलाई ०६२ माघ १९ गते विरोध प्रदर्शनका क्रममा विरेन्द्रनगरबाट गिरफ्तार गरी १३ दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

'प्रतिगमनको विरुद्ध' जीपबाट माइकिङ गर्दै प्रचार प्रसारमा हिडेको आरोपमा विद्यार्थी १९ वर्षीय भरत सुनार, २१ वर्षीय मुकुन्द सुनार, २० वर्षीय नरबहादुर बस्नेत, २० वर्षीय हिरा वली, २१ वर्षीय गौतम विसी र जीप चालक ४६ वर्षीय टीकाराम पन्तलाई ०६२ चैत २३ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे भने प्रचार प्रसार सामाग्री तथा जीपलाई कब्जामा लिए। पन्त तीन दिनपछि तथा अन्य सबै विद्यार्थीहरू सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भएका थिए।

एमालेका ५४ वर्षीय बालकृष्ण विसी, ४५ वर्षीय गणेश वली, ४३ वर्षीय मेघबहादुर बाहोरा, ४५ वर्षीय अम्मरबहादुर बाहोरा, नेकाँका ३६ वर्षीय अनन्त पौडेल, ३२ वर्षीय देवकुमार सुवेदी, नेकाँ (प्रजातान्त्रिक) का ५२ वर्षीय टोपबहादुर ताम्लाङ्गी, जनमोर्चाका ३७ वर्षीय रत्नविक्रम प्यासी र नेकाँका ६० वर्षीय पीएस उपाध्यायलाई प्रतिगमनको विरुद्धमा आन्दोलनमा उत्रेको आरोपमा ०६२ चैत २३ गते प्रहरीले वीरेन्द्रनरबाट गिरफ्तार गरे। गिरफतारपछि कुटपिट गरी सशस्त्र प्रहरी रक्तकाली गण बाङ्गेसिमलमा राखिएका सबैजना सात दिनपछि रिहा भए।

एमाले सुर्खेतका सचिव ४३ वर्षीय ऋषिप्रसाद शर्मा, काँग्रेस (प्रजातान्त्रिक) का कार्यवाहक जिल्ला सभापति ४८ वर्षीय कालीप्रसाद शाक्य, ४१ वर्षीय विष्णु खड्का, ५४ वर्षीय पदमदेव गिरी, ५७ वर्षीय मायाराम कँडेल र अनेरास्वियुका २६ वर्षीय तेजविक्रम बस्नेतलगायत ६७ जनालाई प्रतिगमनको विरुद्धमा आन्दोलनमा उत्रेको आरोपमा ०६२ चैत २७ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। सबैजना इन्सेकको पहलमा सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएको समेत गरी देवानी मुद्दा १४३१ ओटा र फौजदारी मुद्दा १ हजार ५ सय ५६ ओटा मुद्दा गरी जम्मा २९ सय ८७ ओटा मुद्दामध्ये देवानीतर्फ ४५ ओटा र फौजदारीतर्फ ५१ ओटा गरी ९६ ओटा मुद्दा फर्स्यौट भए। यसरी यो वर्षको अन्त्यसम्ममा जम्मा २८ सय ९१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

पाँच वर्ष नाघेको देवानी मुद्दा संख्या २ सय ८७ ओटा र फौजदारी मुद्दा ३ सय २१ ओटा गरी जम्मा ६ सय ८ ओटा छन्। यसैगरी, आतंककारी तथा विध्वंसात्मक ऐन अर्न्तगत १३ ओटा मुद्दा परेका थिए।

पुनरावेदन अदालदमा गतवर्षको जिम्मेवारी सरेर आएको समेत गरी जम्मा ८० ओटा मुद्दा रहेकामा यो वर्ष ६१ ओटा मुद्दा फर्स्यौट भए। जसमा देवानी फौजदारीका सातवटा मुद्दामा चारओटा, सरकारवादी फौजदारी नौओटामा पाँचओटा विविध फौजदारी १२ ओटामा फर्स्यौट १२ ओटा, देवानी दुनियावादी सातओटामा तीनओटा, निषेधाज्ञा सातओटामा तीनओटा बन्दीप्रत्यक्षीकरणका ३० ओटामा ३० ओटा र अन्य विविधका दुईटामा एउटा मुद्दा फर्स्यौट भएका छन्।

बालअधिकार

लाटिकोइली गाविस-३ की १४ वर्षीया लक्ष्मी गिरी र सोही गाविस-४ की १६ वर्षीया रञ्जना चौधरी, १५ वर्षीया वालकुमारी चौधरी र १६ वर्षीय विष्णु चौधरीलाई माओवादी पार्टीमा प्रवेश गराउन ०६२ चैत २५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरूमध्ये गिरी हाल माओवादी पार्टीमा प्रवेश गरेको जनाइयो भने चौधरी एक महिनापछि रुकेनाबाट घरमा फर्किसकेकी छन्।

मैनतडा गाविस-९ लक्ष्मी टोलका १३ वर्षीय बलबहादुर विक र १३ वर्षीय धनबहादुर विकलाई माओवादीको जनमुक्ति सेनामा भर्ती गर्न भन्दै ०६३ साउन २३ गते माओवादीले घरबाटै अपहरण गरे। दुबैजना छिमेकी गाविस गुमीबाट दुई दिनपछि मुक्त भए।

वीरेन्द्रनगर नपा-११ स्थित अम्मरज्योति माविमा कक्षा ८ मा अध्ययनरत १७ वर्षीय यज्ञराज खत्री र कक्षा १० मा अध्ययनरत १८ वर्षीय नवीन कडेललाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक १९ गते माओवादीले वीरेन्द्रनगरबाट अपहरण गरे। उनीहरूलाई अभिभावकहरूको आग्रहमा मंसिर ४ गते मैनतडा गाविसबाट मुक्त गरियो।

अमरज्योति मावि नेवारेमा कक्षा १० मा अध्ययनरत वीरेन्द्रनगर नपा-११ की १७ वर्षीया सुनीता राना र मावि ढोडेखालीमा कक्षा ९ मा अध्ययनरत १७ वर्षीय अजय थानीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २१ गते माओवादीले वीरेन्द्रनगरबाटै अपहरण गरे। दुवैजना तीन दिनपछि कल्याणबाट मुक्त भए।

शारदा मावि छिन्चुमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय ललित वलीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना

गर्न भन्दै ०६३ कात्तिक २३ गते माओवादीले छिन्चुबजारबाट अपहरण गरे। पीडित तीन दिनपछि कल्याण गाविसबाट मुक्त भए।

शारदा मावि छिन्चुमा अध्ययनरत छिन्चु गाविस-४ का १७ वर्षीय काँशीराम खत्री, १६ वर्षीय टोपबहादुर वली र १८ वर्षीय नरबहादुर खड्कालाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २४ गते माओवादीले छिन्चु बजारबाट अपहरण गरे। सबैजना तीन दिनपछि गुमी गाविसबाट मुक्त भए।

मैनतडा गाविस-४ स्थित जनज्योति मावि झिङ्गनीमा कक्षा ८ मा अध्ययनरत १६ वर्षीया मीना खत्रीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ कात्तिक २६ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित पाँच दिनपछि लेखफर्सा गाविसबाट मुक्त भईन्।

कुनाथरी गाविस-१ निवासी विद्यार्थी १७ वर्षीय निरक थापालाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर २ गते माओवादीले अपहरण गरे। पीडित कुनाथरी गाविसको बङ्गीचौर बजारबाट तीन दिनपछि मुक्त गरिए।

तातापानी गाविस-३ का १६ वर्षीय मिलन विक, १६ वर्षीय वलबहादुर विक, १६ वर्षीय नरेन्द्र विक, १५ वर्षीय धर्मेन्द्र विक र १५ वर्षीया निर्मला विकलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ३ गते माओवादीले मावि तातापानी नजिकैबाट अपहरण गरे। सबैजना विद्यार्थी पाँच दिनपछि बाबियाचौरबाट मुक्त भए।

मेहेलकुना गाविस-९ का १५ वर्षीया याममाया वली, १६ वर्षीया कमला खड्का र १६ वर्षीय नरेन्द्र वलीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरे। सबैजना गुमी गाविसबाट सात दिनपछि मुक्त भए।

तातापानी माविमा अध्ययनरत तातापानी गाविस-४ का १४ वर्षीय मदन जैसी र १५ वर्षीय अम्मर माझीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ५ गते माओवादीले घरबाटै अपहरण गरे। दुबैजना चार दिनपछि बङ्गीचौरबाट मुक्त भए।

बाबियाचौर माविमा अध्ययनरत बावियाचौर-५ का विद्यार्थी १४ वर्षीय कृष्ण सिँजालीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ५ गते माओवादीले घरबाटै अपहरण गरे। सिँजाली नौं दिनपछि कुनाथरीबाट मुक्त भए।

मेहेलकुना गाविस-९ का १४ वर्षीय गोपाल विक र १६ वर्षीय प्रेम विकलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ६ गते माओवादीले घरबाटै अपहरण गरे। दुबैजना गुमीबाट पाँच दिनपछि मुक्त भए।

विद्याज्योति माविमा अध्ययनरत विद्यापुर गाविस-२ का १५ वर्षीय विद्यार्थी गंगाराम घिमिरेलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ७ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित पाँच दिनपछि बाबियाचौरबाट मुक्त भए।

मेहेलकुना गाविस-९ का १४ वर्षीय विद्यार्थी खिमबहादुर बुढा, १७ वर्षीय वीरबहादुर वली, १७ वर्षीय वीरेन्द्र वलीलाई माओवादीको जनमुक्ति सेनामा भर्ना गर्न भन्दै ०६३ मंसिर ८ गते माओवादीले घरबाटै अपहरण गरे। सबैजना पाँच दिनपछि दशरथपुरबाट मुक्त भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सशस्त्र प्रहरी रणसुर गुल्म बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी हवल्दार २७ वर्षीय परशुराम विकले हतियार देखाई छिन्चु गाविस-४ की २६ वर्षीया मानसिक सन्तुलन गुमाएकी एक महिलालाई ०६३ असार ७ गते सारदा मावि छिन्चुमा बलात्कार गरे। पीडित हाल आवाज संस्थाको संरक्षणमा रहेकी छिन्। पीडकलाई कुनै कारबाही भएको छैन।

कुनाथरी गाविस-७ ग्वालेकाँडाका ३५ वर्षीया र १८ वर्षीय आमाछोरीलाई सशस्त्र प्रहरी रक्तकाली गण बाङ्गेसिमलमा कार्यरत सशस्त्र प्रहरी जवानद्वय चित्रबहादुर तारी मगर र पदम विसीले ०६३ कात्तिक २३ गते राति घरमै बलात्कारको प्रयास गरे। सोही दिन स्थानीय बासिन्दाहरूले पीडकहरूमध्ये चित्रबहादुरलाई कब्जामा लिई प्रहरीलाई बुझाई। पीडक जिल्ला अदालत सुर्खेतको आदेशमा ०६३ मंसिर २७ गते धरौटीमा रिहा भए भने पदम हालसम्म फरार छन्।

तातापानी गाविस-५ की ४२ वर्षीया जैसरा जैसीलाई उनकी १४ वर्षीया छोरी इन्द्राकुमारी जैसीलाई बलात्कारपछि हत्या गरेको घट्नालाई मृत्यु भएको हो भन्नुपर्ने भनी माओवादी जनसेना जगत साउदले ०६३ मंसिर १० गते धम्की दिए। इन्द्रालाई सोही स्थानका जगत साँवदका भाई पदम साउदसहितका तीनजना युवाले ०६३ मंसिर ६ गते बलात्कारपछि हत्या गरेका थिए।

दशरथपुर गाविस-५ का २७ वर्षीय दुर्गबहादुर नेपालीले आफ्नी छोरी बलात्कृत भएको घट्नाको बारेमा आवाज नउठाउन भनी ०६३ मंसिर २० गते माओवादीले उनलाई धम्की दिए। उनकी ६ वर्षीया बालिका गत कात्तिक २७ गते अज्ञात समूहद्वारा बलात्कृत भएकी थिइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमवासी समस्या अशक्त भत्ता आदि

सुर्खेत जिल्लामा ५५ हजार भन्दाबढी भूमिहीन छन्।

यसवर्ष पनि ती भूमिहीनहरूले विभिन्न माग राखी भूमिसुधार र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए। तर सुनुवाई भएन। यसवर्ष सुरुको ३/४ महिनाको अवधिमा माओवादी अवरोधको कारण अपाङ्ग, विधवा, वृद्ध तथा अशक्त भत्ता वितरणमा कठिनाई आएपनि त्यसयता भने नियमित प्राप्त गर्दै आएका छन्।

विस्थापित

जुम्ला जिल्लाका २०, मुगुका दुई, जाजरकोटका पाँच, दैलेखका २२, हुम्लाको पाँच, कालिकोटका १४ तथा सुर्खेतका १६ घरपरिवारका गरी झण्डै पाँच सयजना हाल पनि वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका छन्।

संरचना/सम्पत्ति कब्जा/आगजनी/अन्य क्षति

माओवादीले ०६२ चैत ३ गते क्षेत्रीय हुलाक निर्देशनालय सुर्खेतको डाँक भवनमा बम विस्फोटन गरी ८० हजार भन्दा बढीको क्षति गरे।

विगतको अनुगमन

राज्यबाट

कल्याण गाविस-५ का २८ वर्षीय होमबहादुर सिंजाली ०६२ चैत २ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा भए। सिंजालीलाई माओवादीको आरोपमा ०६१ चैत ६ गते सुरक्षाकर्मीले साताखानी गाविसबाट गिरफ्तार गरेका थिए।

कालिकोट जिल्ला गेला गाविसका २६ वर्षीय हेमराज शाही र २८ वर्षीय नमराज शाही ०६३ वैशाख २६ गते सुर्खेत कारागारबाट रिहा भए। दुवै जनालाई माओवादीको आरोपमा ०६१ फागुन ९ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरेका थिए।

हरिहरपुर गाविस-६ का पूर्व माओवादी कार्यकर्ता ३२ वर्षीय दिलबहादुर नेपाली, दैलेख जिल्ला लालिकडा गाविसका रवीन्द्र थापा र जाजरकोट जिल्लाका २८ वर्षीय वीरबहादुर सिंह ०६३ वैशाख २३ गते सुर्खेत कारागारबाट रिहा भए। माओवादीको आरोपमा सुरक्षाकर्मीले नेपालीलाई ०६३ चैत २१ गते, थापालाई ०६३ चैत ७ गते र सिंहलाई ०६२ वैशाख २१ गते वीरेन्द्रनगरबाट गिरफ्तार गरेका थिए।

माओवादीबाट

सल्यान जिल्ला कालिमाटीकी २२ वर्षीया असिना शाह ०६२ माघ २६ गते वीरेन्द्रनगरबाट मुक्त भइन्। बहुबिबाहको आरोपमा माओवादीले शाहलाई साताखानी गाविस-५ का ३६ वर्षीय शिक्षक मित्रप्रसाद पौडेलसँगै ०६२ वैशाख ६ गते अपहरण गरेका थिए।

गर्पन गाविस-३ का ३२ वर्षीय यमलाल ढकाल र ३५ वर्षीय श्यामलाल आचार्य ०६३ फागुन १२ गते दैलेखको लालिकाँडाबाट मुक्त भए। ज्यान मुद्दामा दुवैजनालाई माओवादीले ०६२ वैशाख १० गते घरबाटै अपहरण गरे।

तातोपानी गाविस-१ का २१ वर्षीय वीरबहादुर शाही ०६२ चैत १ गते बाबियाचौर गाविसबाट मुक्त भए। शाहीलाई सुराकीको आरोपमा माओवादीले ०६२ असार १ गते अपहरण गरेका थिए।

छिन्चु गाविस-४ मुरली खोलाका ४८ वर्षीय हर्कबहादुर खड्का ०६२ माघ २ गते गाउँबाटै मुक्त भए। सुराकीको आरोपमा माओवादीले खड्कालाई ०६२ पुस १५ गते अपहरण गरेका थिए।

बेपत्ता


राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका पाँचजना महिला र १३ जना पुरुष गरी १८ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा वीरेनद्रनगर नपा निवासी शान्ता पोखरेल, पाम्का गाविस-८ निवासी जगत चुनार, गढी गाविस-५ निवासी टेकबहादुर खत्री, दशरथपुर गाविस-२ निवासी धिरबहादुर थापा, लेखफर्सा गाविस-६ निवासी कौशिला घिमिरे, अवचलिङ्ग गाविस निवासी डम्बरकुमार गैरे, विजौरा गाविस-५ निवासी विरबहादुर विक, रामघाट गाविस-७ निवासी प्रेमबहादुर रसाईली, लाटिकोइली गाविस निवासी दिपा वली, रामघाट गाविस-२ निवासी हस्ते सार्की, छिन्चु गाविस-१ बबई निवासी प्रेम परियार, बाबियाचौर गाविस निवासी मदन खनाल, दशरथपुर गाविस-५ निवासी गीता बोहोरा, गंगा केसी, साटाखानी गाविस-८ निवासी मानबहादुर दर्लामी, दशरथपुर गाविस-५ निवासी कर्णबहादुर दमाई, कुनाथरी गाविस-४ निवासी श्यामबहादुर हिसी मगर र सोही गाविस बड्डीचौर निवासी ओमबहादुर पुन रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरुभएयता यो वर्षको अन्त्यसम्ममा दुईजना पुरुष माओवादीले विभिन्न समयमा अपहरण गरी बेपत्ता पारिएका छन्। यसरी बेपत्ता पारिएकाहरूमा काप्रेचौर गाविस-१ निवासी ३८ वर्षीय बलबहादुर रावत, रतु गाविस-३ निवासी पुनबहादुर पुन रहेका छन्।

४.९ जाजरकोट



जनसंख्या : १,४४,१६२
साक्षरता प्रतिशत : ३९.३६
महिला साक्षरता प्रतिशत : २८.९३
क्षेत्रफल (वर्ग कि. मि.) : २२३०
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : २
विद्यालय : २३८
क्याम्पस/उच्च मा.वि. : १/१
अस्पताल/स्वास्थ्य चौकी : २/३२
टेलिफोन लाइन : २
मोटर सडक (कि. मि.) : १०७
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : १
मानव विकास सूचकाङ्क : ०.३४३
प्रति परिवार सरदर संख्या : ५.९८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

खगेनकोट गाविस निवासी माओवादी सतबरिया छैठौं डिभिजन कमाण्डर २५ वर्षीय कमल खत्रीको ०६३ असोज २२ गते बिहान ढिमे गाविस-२ ठिमेस्थित माओवादीको सैन्य शिविरमा प्रशिक्षणको समयमा अर्का माओवादी कार्यकर्ताले गोली चलाउँदा गोली लागी घटनास्थलमै मृत्यु भयो।

आफ्नै बमबाट

पजारू गाविस-७ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार वडा प्रमुख ३५ वर्षीय जयलाल गिरीको उनकै घरमा राखेको सकेट बम विस्फोटन हुँदा ०६२ चैत २ गते दिउँसो मृत्यु भयो। पीडितले बमलाई सुरक्षित स्थानतर्फ सार्न खोज्दा विस्फोट भएको थियो।

माओवादी नियन्त्रणमा मृत्यु

खगेनकोट गाविस-३ का १८ वर्षीय ढुक्कली दमाईसहित अर्की एक महिलाले चोरी गरेको आरोपमा ०६३ असार २० गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरे। माओवादीले छानविन गर्ने क्रममा स्थानान्तरण गर्न खोज्दा ढुक्कलीले माओवादी नियन्त्रणमै ०६३ असार २१ गते सोही ठाँउमा पर्ने बीच बाटोबाटै भेरी नदीमा हाम्फालेर आत्महत्या गरिन्। साथै सोही घटनामा अर्की एक महिलाले पनि हाम फालेकोमा उनलाई माओवादीलेनै उद्धार गरी बचाएका थिए।

गोली / बम / विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

खगनकोट गाविस-२ दल्लीकी ३२ वर्षीया गुलाबी विकको माओवादीले खगनकोट गाविसस्थित स्थानीय एक गाउँलेको घरमा भण्डारण गरी राखेको बम ०६३ साउन २७ गते दिउँसो विस्फोट हुँदा उनी गम्भीर घाइते भइन्। पीडितको स्थानीय मेडिकल हलमा उपचार भयो। सो विस्फोटनमा परी पीडितको दाहिने हात गुम्यो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा जाजरकोटको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हालसम्म तीनजना बन्दीहरू रहेका छन्। जसमध्ये एक पुरुष कैदी तथा दुई पुरुष थुनुवा छन्।

जेल बाहिर साँगुरो कम्पाण्ड रहेको छ। कम्पाण्ड भित्र बन्दीहरूलाई बिहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म छोडिने गरिएको छ। जेलभित्र टिभी तथा खेलकुद सामग्री नभएको बन्दीहरूले बताए।

जिल्ला कारागार जाजरकोटमा बन्दी जीवन बिताइरहेका माओवादी कार्यकर्ता कल्चु चौधरी र मोहन चौधरी आफ्नो रिहाईको माग राख्दै ०६३ असार १६ गतेदेखि आमरण अनसनमा बसी असार १७ गते अनसन तोडे।

बेपत्ता / अपहरण

माओवादीबाट

गर्खाकोट गाविस-५ मैपका चक्रबहादुर शाहीले आफ्नी बुहारीको हत्या गरेको आरोपमा ०६२ पुस १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित एक हप्तापछि माओवादीको कब्जाबाट सोही ठाँउको मैपबाट भागेर भारततर्फ गए।

गर्खाकोट गाविस-५ मैपका हरिबहादुर शाही र

रत्नबहादुर शाही स्थानीय एक महिलाको हत्यामा संलग्न भएको आरोपमा ०६२ पुस १९ गते माओवादीले उनीहरू घरमै रहेको अवस्थामा अपहरण गरे। पीडितहरू एक महिनापछि सोही ठाँउबाट मुक्त भए।

लक्ष्मी प्राबि खुर्पाका प्रधानाध्यापक भरतविक्रम शाही र सोही विद्यालयमा अध्ययनरत १५ वर्षीय एक छात्रालाई ०६२ माघ १५ गते माओवादीले ढिमे गाविस-५ पुर्खाबाट अपहरण गरे। उनीहरूलाई अवैध सम्बन्ध राखेको आरोपमा अपहरण गरेको माओवादीले जनायो। पीडितहरू माघ १८ गते सोही ठाउँबाट मुक्त भए।

खलंगा गाविस-७ डिङ्गाका धनबहादुर पुनले माओवादी पार्टीको अनुमतिबिना खानेपानी योजना सञ्चालन गरेको आरोपमा ०६२ फागुन ५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले फागुन १० गते घरमा पुऱ्याई मुक्त गरे।

सुवानाउली गाविसका मन्दिर नेपालीले माओवादीको अनुमतिबिना गाउँमा खानेपानी योजना सञ्चालन गरेको आरोपमा ०६२ फागुन २० गते उनलाई माओवादीले घरबाटै अपहरण गरे। माओवादीले अपहरण गरी १७ दिनसम्म दह गाविसमा श्रम गराई उनलाई घरमै पुऱ्याई मुक्त गरे।

खलंगा गाविस-६ बाहुनथान निवासी बाहुनथान माविका प्रधानाध्यापक हर्कबहादुर खड्काले विद्यालयमा भ्रष्टाचार गरेको आरोपमा ०६२ फागुन २५ गते बिहान माओवादीले उनलाई घरबाटै अपहरण गरी भोलिपल्ट सोही गाविसबाट मुक्त गरे।

भूर गाविस-७ भूरचौरका ३९ वर्षीय महेन्द्रबहादुर शाहीले नदी नियन्त्रणको लागि तारजाली योजना गाउँमा सञ्चालन गरेको आरोपमा ०६२ चैत १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत १७ गते पुन्मा गाविसबाट मुक्त गरे।

खलंगा गाविस-८ पिपेका २८ वर्षीय भीमबहादुर रानाले मदिरा सेवन गरेको आरोपमा ०६३ वैशाख ३ गते माओवादीले उनलाई अपहरण गरी शरीरमा मुक्का तथा लात्तीले जथाभावी हिर्काउदै कुटपिट गरे। पीडित वैशाख ५ गते बिहान खलंगा गाविस-७ स्थित डिङ्गा भन्ने ठाउँबाट माओवादीको कब्जाबाट भागेर घर फर्किए।

खलंगा गाविस-२ का देवबहादुर नेपालीले बहुबिबाह गरेको आरोपमा ०६३ जेठ १४ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरी एक महिनासम्म लहँ गाविसमा श्रम गराई असार ८ गते लहँ गाविसबाटै मुक्त गरे।

कार्कीगाउँ गाविस-२ आलाबरलेका ३७ वर्षीय विष्णु रोकायले माओवादी विरुद्ध बोलेको आरोपमा ०६३ भदौ ३ गते राति माओवादीले उनलाई अपहरण गरे। माओवादीले पीडितलाई स्थानीय गाउँलेहरूको पहलमा सोही दिन तीन घण्टापछि कार्कीगाउँ गाविस थानबडाबाट मुक्त गरे।

खलंगा गाविस-४ बोरागाउँ निवासी ४२ वर्षीय हरिबहादुर मल्लले माओवादी विरुद्ध बोलेको आरोपमा ०६३ साउन १० गते बिहान माओवादीले उनलाई अपहरण गरी साँझ खलंगा गाविस-२ बाट मुक्त गरे।

लहँ गाविस-१ पीउलीका ३९ वर्षीय कुइरो कामीलाई ०६३ भदौ १२ गते माओवादीले घरमै रहेको अवस्थाबाट अपहरण गरी कुटपिट गरे। पीडित भदौ १४ गते ५० हजार रूपैयाँ माओवादीलाई बुझाई गाउँबाटै मुक्त भए। पीडितले स्थानीय माओवादीको विषयलाई लिएर जिल्लास्तरमा जाहेरी गरेको आरोपमा अपहरण गरेको माओवादीले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या					२	२		२			
घाइते					१		१	१			
गिरफ्तारी/यातना									४	४	४
कुटपिट					२	१	१	२	१२	१६	१६
भेला/संगठित हुने अधिकार									१	३	३
महिलाअधिकार	२		३	३							
बालअधिकार	११	१४	४	१८							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४			
अपहरण					१६	१८	१	१९			
जम्मा	१३	१४	६	२१	२६	२५	३	२८	१६	२४	२४

दशेरा गाविस-३ दशेरा निवासी माओवादी कार्यकर्ता ४२ वर्षीय कृतिबहादुर थापाले आफ्नै पार्टीको छापामारको हतियार खोस्न लागेको आरोपमा ०६३ भदौ २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक ४ गते खलंगा गाविसबाट मुक्त गरे।

कार्कीगाउँ गाविस-७ का थानबाडाका २३ वर्षीय नरेश सार्की र सोही ठाउँका २१ वर्षीय मने सार्कीले स्थानीय गाउँलेहरूलाई कुटपिट गरेको आरोपमा ०६३ कात्तिक ८ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी कात्तिक १७ गते भूर गाविसबाट मुक्त गरे।

डाँडागाउँ गाविस-२ कल्पतका ३६ वर्षीय लीलाबहादुर नेपालीलाई ०६३ मंसिर ८ गते राति माओवादीले घरबाट अपहरण गरी शरीरमा मुक्का हिर्काइ कुटपिट गरे। पीडित सोही दिन डाँडागाउँस्थित जङ्गलबाट भागे। पीडित हाल जिल्ला सदरमुकाममा विस्थापित जीवन बिताई रहेका छन्।



माओवादीद्वारा अपहरण गरिएका देवबहादुर नेपाली



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका अमरबहादुर खत्री



सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका पत्रकार महासंघ जिल्ला सदस्य वीरबहादुर गिरी

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति जाजरकोटका सदस्य एवंम् दृष्टि साप्ताहिकका जिल्ला सम्वाददाता वीरबहादुर गिरीलाई कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६२ फागुन २७ गते राति नरसिंह दल गणबाट खटिएका लेफ्टिनेन्ट सुरेन्द्र काफ्लेले डेराबाट कब्जामा लिई कुटपिट गरी सोही दिन राति १० बजे हिरासतमा राखी भोलिपल्ट दिउँसो जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

नायकबाडा गाविस-५ तोलखानका २७ वर्षीय ज्ञानबहादुर खड्का माओवादी भएको आरोपमा ०६२ चैत ४ गते बिहान नरसिंह दल गणबाट खटिएका सेनाले खलंगा गाविस-२ ठाँटीमा कुटपिट गरे। कुटपिटबाट पीडितको टाउकोमा चोट लागेको थियो।

खलंगा गाविस-२ तल्लो थाप्लेका ३३ वर्षीय पूर्णबहादुर खत्री र खलंगा गाविस-७ का ६० वर्षीय खड्कबहादुर नेपालीले कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६२ चैत ५ गते बेलुकी नरसिंह दल गणबाट खटिएका सुरक्षाकर्मीले दुवैलाई घरमै गई कुटपिट गरे।

सीमा गाविस-३ ताङ्ग्रा घर भई खलंगा गाविस-१ गैरीखालीमा डेरा गरी बस्ने १८ वर्षीय नरबहादुर रावतलाई ०६२ चैत ५ गते राति नरसिंह दल गणबाट गस्तीमा गएका सुरक्षाकर्मी उनकै डेराभित्र पसी कुटपिट गरे।

माओवादीबाट

दशेरा गाविस-८ निवासी नेकाँका केन्द्रीय प्रतिनिधि महेन्द्रबहादुर शाहीलाई जग्गा विवादको विषयलाई लिएर ०६२ माघ १९ गते राति माओवादीले नजिकैको एक स्थानीय गाउँलेको घरमा पुऱ्याई कुटपिट गरे।

लहँ गाविस-४ लहँकी २८ वर्षीया कालीका सार्कीले सासूसँग खाद्यान्नको विषयमा विवाद गरेको आरोपमा ०६३ साउन १४ गते माओवादीले उनलाई घरमै गई कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

जिल्ला कृषि विकास कार्यालय, जाजरकोटमा कार्यरत जेटीए अमरबहादुर खत्री माओवादी भएको आरोपमा ०६२ फागुन ३ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका सुरक्षाकर्मीले उनलाई कार्यालयबाटै गिरफ्तार गरे। पीडितलाई चैत २० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जगतीपुर गाविस निवासी भगवती निमावि कुदुका शिक्षक भक्तबहादुर बटाला माओवादी भएको आरोपमा ०६२ चैत ९ गते जिल्ला प्रहरी कार्यालयले उनलाई बोलाई थुनामा राखी चैत १३ गते रिहा गऱ्यो।

जनविकास प्रावि सुवानाउलीका शिक्षक भक्तबहादुर खड्का माओवादी भएको आरोपमा ०६२ चैत १६ गते सुरक्षाकर्मीले उनलाई खलंगा गाविस-१

बाट गिरफ्तार गरी ०६३ वैशाख २ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

खलंगा गाविस-८ पिपेका भीमबहादुर राना माओवादी भएको आरोपमा ०६३ वैशाख ७ गते बिहान सदरमुकामबाट गएका सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरी वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु अञ्चल कमिटी सदस्य नवीन केसी, जिल्ला सदस्य भागीराम जैसी र नेविसंघका कालिबहादुर थापाले राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६२ फागुन २२ गते सुरक्षाकर्मीले उनीहरूलाई सदरमुकामबाट गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत जाजरकोटमा नयाँ मुद्दा दायर भएनन्। अघिल्लो वर्षबाट सरेर आएका २८ ओटा मुद्दामध्ये १३ ओटा फर्स्यौट भई १५ ओटा मुद्दा बाँकी रहेका छन्। जसमध्ये दुनियावादी ११ वटा मुद्दामा चारओटा, संक्षिप्त कार्यविधि फौजदारी तीनओटा मुद्दामा दुईटा र साधारण देवानी ११ वटामा चारओटा मुद्दा फर्स्यौट भए। यसैगरी विशेष अदालतमा जम्मा दुईटा र साधारण फौजदारीमा एउटा मुद्दा गरी तीनवटा मुद्दामा तीनओटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समिति सदस्यहरू डाँडागाउँ गाविस-४ का कौसीबहादुर खड्काको छेप्कास्थित मिलघरमा ०६२ फागुन १ गतेदेखि, डाँडागाउँ गाविस-२ चिउरीका धनवीर सुनारको डाडाँगाउँ गाविस-२ चिउरीस्थित घरजग्गा ०६२ फागुन २ गतेदेखि, पुन्मा गाविस-५ सालटाकुरा कटु चन्दको पुन्मा गाविस-५ सालटाकुरास्थित घरमा ०६२ फागुन २१ गतेदेखि र महेश्वर शर्माको अर्छानी गाविस-२ डाडाभौतामा रहेको घर जग्गा ०६२ चैत ६ गतेदेखि माओवादीले तालाबन्दी गरे। पीडितहरू यो वर्षको अन्त्यसम्म सदरमुकाम विस्थापित जीवन बिताउँदै छन्।

सदरमुकाम खलंगास्थित बिजेश्वरी हाइड्रोपावर कम्पनीको चालु विद्युतलाई माओवादीले ०६३ साउन २१ गतेदेखि अनिश्चितकालीन बन्द गरेकोमा भदौ १० गते पुनःसञ्चालनमा आयो। माओवादीले मागेको रकम कम्पनीले उपलब्ध नगराएपछि सो विद्युत बन्द गरिएको थियो।

बालअधिकार

नारायणी मावि कार्कीगाउँ, वीरेन्द्र ऐश्वर्य मावि रोकायगाउँ, शिवशंकर मावि जगतीपुर, मान्तेढुङ्गा मावि रालेगाउँ, सरस्वती मावि पुन्मा, बिजय मावि काफलचौर, बाल मावि झाप्रा, दिपेन्द्र निमावि भूरका जिल्लास्तरीय परीक्षाका प्रश्नपत्रहरू माओवादीले ०६२ चैत १४ गते लुटेर परीक्षा अवरुद्ध पारे। यसका कारण झण्डै १ हजार भन्दा बढी विद्यार्थीहरू प्रभावित भए।

बालविवाह

खलंगा गाविस-१ भगवतीटोलकी १४ वर्षीया भगवती विकसँग नरसिंहदल गण जाजरकोटमा कार्यरत सिपाही लोकबहादुर विकले ०६३ असार १२ गते बालबिबाह गरे।

बर्दिया जिल्ला घर भई नरसिंहदल गण जाजरकोटमा कार्यरत सिपाही मानोज चौधरीले ०६३ साउन २१ गते गर्खकोट गाविस-१ गर्खाकोटकी १५ वर्षीया हेमा विकसँग बालबिबाह गरे।

विगतको अनुगमन

बेपत्ता


राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका १४ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा जगतीपुर गाविस-१ बाहुनगाउँका २६ वर्षीय रत्नप्रसाद आचार्य, खलंगा गाविस-९ कालेगाउँका २३ वर्षय भुमीलाल बस्नेत, सोही गाविस-५ का ३८ वर्षीय परजित पुन, सोही गाविस-८ पिपेका १५ वर्षीय अर्जुन राना, सोही गाविस-६ दारनेटाका २४ वर्षीय दलबीर परियार र २६ वर्षीय रतीवन विक, खलंगा गाविस-५ पोर्खा निवासी २४ वर्षीय कालिबहादुर विक, २६ वर्षीय रुद्रबहादुर विक, २२ वर्षीय मकदुल विक, २३ वर्षीय भिमबहादुर वली, खलंगा गाविस-६ निवासी १९ वर्षीय मनबहादुर कार्की, २३ वर्षीय शिवप्रसाद शर्मा, २० वर्षीय दिपक बटाला र खलंगा गाविस-८ निवासी २८ वर्षीय गुमानसिंह राना रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका तीनजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा खलंगा गाविस-६ निवासी ५८ वर्षीय रामप्रसाद खनाल, सोही गाविस-८ निवासी ३४ वर्षीय आर्हतुराम राना र दह गाविस-७ निवासी रामबहादुर शाही रहेका छन्।

४.१० दैलेख



जनसंख्या	: २,४२,२३९
साक्षरता प्रतिशत	: ४७.४
महिला साक्षरता प्रतिशत	: ३१.८
क्षेत्रफल (वर्ग कि. मि.)	: १५०२
गाविस/नपा संख्या	: ५५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३५५
क्याम्पस/उच्च मा.वि.	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: १/६२
टेलिफोन लाइन	: २००
मोटर सडक (कि. मि.)	: १६८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५६
मानव विकास सूचकाङ्क	: ०.३८१
प्रति परिवार सरदर संख्या	: ५.८८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

छिउडीपुसाकोट गाविस-२ निवासी नागरिक समाज डुल्लूका सदस्य ५० वर्षीय देवीराम खड्काले माओवादी पार्टी नीति विपरीत गातिविधि गरेको आरोपमा ०६२ माघ ६ गते माओवादीले उनको घरमै गोली हानी हत्या गरे।

रोल्पा जिल्ला निवासी डुल्लु संयुक्त बेस क्याम्पका प्रहरी जवान नन्दकिशोर पुनको ०६२ फागुन १२ गते माओवादीले भैरवकालिकाधुम गाविस-२ मा राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा मृत्यु भयो। घटनामा सोही क्याम्पका एक प्रहरी जवान घाइते भए।

अन्यबाट

सल्लेरी गाविस-९ का माओवादी कार्यकर्ता ४५ वर्षीय मालिका भनिने दलबहादुर बस्नेत र सोही गाविस-२ का कर्मठको ०६२ चैत २२ गते नौमूले बजारमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। माओवादीले उक्त घटना सुरक्षा निकायद्वारा परिचालित भिजिलान्ते समूहले गरेको बताए। सुरक्षा निकायले माओवादीद्वयको मृत्यु सुरक्षा कारबाहीमा भएको दाबी गऱ्यो।

जेल र बन्दी

करिब १ सय वर्ष पुरानो र कूल १६ जना बन्दी क्षमता भएको यस जिल्लाको जेल 'घ' श्रेणीको हो। यो वर्षको अन्त्यसम्म १२ जना बन्दीहरूमा ११ जना कर्तव्यज्यान र एकजना भ्रष्टाचार मुद्दाका बन्दीहरू छन्। छजना कैदीहरूमा पाँचजना कर्तव्यज्यान मुद्दाका कैदी र एकजना भ्रष्टाचार मुद्दाका कैदी रहेका छन्। त्यसैगरी छजना थुनुवामा सबै कर्तव्यज्यान मुद्दाका थुनुवा छन्। यसमा एकजना महिला थुनुवा छिन्। बन्दीहरूका लागि खानेपानीको समस्या, शौचालयको समस्या छ भने बन्दीहरूका लागि पत्रपत्रिका, रेडियो, टिभी तथा पर्याप्त मात्रामा खेलकुद सामग्री उपलब्ध नगराइएको अनुगमनको क्रममा पाइयो।

बेपत्ता/अपहरण

माओवादीबाट

रानीवन गाविस-५ का लक्ष्मीप्रसाद पाण्डेले सुराकी गरेको आरोपमा ०६२ चैत २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत २७ गते सोही गाविसबाट मुक्त गरे।

परनाथ गाविस-९ निवासी माओवादी पीडित संघका जिल्ला अध्यक्ष ५४ वर्षीय रत्नबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ चैत २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादी नियन्त्रणकै अवस्थामा डाँडापराजुल गाविसबाट चैत २९ गते पिसाव गर्ने निहूँमा उनी माओवादीको कब्जाबाट भागी दैलेख सदरमुकाममा विस्थापित भएका छन्।

कट्टी गाविस-१ की २१ वर्षीया मीना खड्काले माओवादी पार्टी विपरीत गतिविधि सञ्चालन गरेको आरोपमा ०६३ जेठ १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी जेठ २४ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा इम गाविसबाट मुक्त गरे।

सिगौडी गाविस-६ का कमलबहादुर शाही, पदमबहादुर शाही, देवबहादुर शाही, नमबहादुर शाही, पदमबहादुर शाही, अछाम जिल्लाको भैरवस्थान गाविसका गोरखबहादुर बुढा, अछाम जिल्लाको धमाली गाविस-३ का

बलबहादुर शाही र धर्मबहादुर शाहीले हत्या गरेको आरोपमा ०६३ साउन २५ गते माओवादीले उनीहरूलाई सिगौडी गाविस-६ टुनिबगर बजारबाट अपहरण गरे। माओवादीले अपहरित सबैलाई साउन ३१ गते इलाका प्रहरी कार्यालय डुल्लुमा बुझाए। सात्तला गाविस-९ का ३२ वर्षीय दलबहादुर शाहीको हत्या गरेको आरोपमा उनीहरूलाई अपहरण गरिएको माओवादीले जनाए।

कुनाथरी गाविस-५ का व्यापारी ३० वर्षीय यज्ञबहादुर खड्का र १३ वर्षीय चन्द्रा गौतमलाई बहुविवाहको आरोपमा ०६३ भदौ १८ गते माओवादीले दैलेख जिल्लाको तल्लो डुङ्गेश्वर बजारबाट अपहरण गरे। उनीहरू दुवैजना पाँच दिनपछि कुनाथरीबाटै मुक्त भए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

नारायण नपा-६ मुर्तीका ६२ वर्षीय टीकाराम न्यौपानेलाई छिमेकीसँग विवाद गरिरहेको बेला ०६२ माघ ५ गते भवानीबक्स गणमा कार्यरत सेनाका जवानले न्यौपानेको घर नजिक कुटपिट गरे।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन असफल पार्ने अभियानमा दैलेख नारायण नपा-७ बिजौरा पुगेका एमालेका पार्टी सचिव तेजबहादुर चन्द र नेकाँ (प्रजातान्त्रिक)का जिल्ला कार्यसमिति सदस्य प्रेमप्रकाश शाहीलाई नगर निर्वाचन बहिष्कार गरेको भन्दै ०६२ माघ २२ गते जिल्ला प्रहरी कार्यालयबाट गएका प्रहरीले कुटपिट गरे।

इन्सेकका जिल्ला प्रतिनिधि नमनकुमार शाहीलाई ०६२ फागुन ७ गते दलद्वारा गरिएको विरोध कार्यक्रमको पवित्रा मेडिकलमा बसी अनुगमन गरिरहेको बेला प्रहरीले कुटपिट गरे।

सात दलद्वारा आयोजित आन्दोलनमा सहभागी भएको आरोपमा अनेरास्ववियु दैलेख जिल्ला कमिटी सदस्य सीताराम जैसीलाई ०६२ चैत २९ गते सादा पोसाकका प्रहरीले सदरमुकामको नयाँबजारमा कुटपिट गरे।

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी जवान नरबहादुर सुनारलाई ०६२ जेठ २३ गते साँझ भवानी बक्स गण दैलेखमा कार्यरत जवानले दैलेखबजारको गणेशस्थानमा कुटपिट गर्नुका साथै खुकुरी प्रहार गरी घाइते बनाए। सुनारको टाउकोमा गम्भीर चोट लागेको थियो। घाइतेको दैलेख सदरमुकाममा उपचार भयो। पीडकलाई कुनै कारबाही भएन।

माओवादीबाट

जम्बुकाँध गाविस-३ का ४५ वर्षीय दलबहादुर शाहीले मदिरा सेवन गरेको आरोपमा ०६२ पुस २९ गते माओवादीले उनलाई जुम्बुकाँधस्थित बजारमा कुटपिट गरे।

डाँडापराजुल गाविस-५ का ४५ वर्षीय भक्तबहादुर शाहीले माओवादी पार्टीको नीति विपरीत काम गरेको आरोपमा ०६३ भदौ ३ गते माओवादीले उनलाई पीपलडाँडा भन्ने स्थानमा कुटपिट गरे। कुटपिटका कारण पीडितका दुईटा खुट्टा भाँचिएको छ। पीडितको उपचार सुर्खेत जिल्लामा भयो।

गैरकानुनी गिरफ्तारी

दार्चुला जिल्ला राप्ला गाविस-६ निवासी माओवादी छापामार भिषण भनिने अमरबहादुर बुढाथोकीलाई ०६२ पुस २० गते नारायण नपा-६ काँडाचौरबाट सेनाले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी भदौ महिनामा रिहा गरे।

नारायण नपा-६ खुर्सानीबारी निवासी माओवादी इलाकास्तरीय नेता जोश भनिने मोहन धमलालाई ०६२ माघ ३ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसर्मपणपछि सेनाले गिरफ्तार गरी भवानी बक्स गणबाट माघ ७ गते रिहा गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५	२	७	२	२		२					
गिरफ्तारी/यातना									४	९			९
कुटपिट	१	१		१	४	३	१	४	१२	२२			२२
धम्की					२	१	१	२					
भेला/संगठित हुने अधिकार									१५	३३	३०	४१७	४८०
बालअधिकार	२	१	२	३									
अपहरण					५	८	१	९					
जम्मा	८	७	४	११	१३	१४	३	१७	३१	५४	३०	४१७	४९१

नेपाल पत्रकार महासंघ दैलेख शाखाका सदस्य अमर सुनारलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६२ फागुन १७ गते सादा पोसाकका दुईजना प्रहरीले दैलेख बजारको राजन होटलबाट गिरफ्तार गरी सोही दिन नेपाल पत्रकार महासंघका केन्द्रीय प्रतिनिधि र इन्सेक प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले ०६२ माघ १२ गते सदरमुकाम दैलेख बजारमा आयोजना गरेको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमालेका गाउँ कमिटी सचिव कर्णबहादुर शाही, नेकाँका गणेश उपाध्याय, नेक्राविसंघका बासुदेव बुढा, अनेरास्वियुका जिल्ला कमिटी सदस्य कृष्ण आचार्य, सीताराम जैसी, जनक न्यौपाने, एमाले गाउँ कमिटी सदस्य नरबहादुर शाही, नेकाँका सक्रिय सदस्य गोलू उपाध्यायलाई कुटपिट गरे। साथै गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूलाई जिल्ला प्रहरी कार्यालयकै चिसो बङ्करमा राखिएको थियो। साँझ बङ्करबाट बाहिर निकाल्दा प्रहरीले बाटोको बत्ती निभाई बाटोको दुईतिर बसी पालैपालो आन्दोलनकारीलाई कुटपिट गर्दै रिहा गरे। हिरासतमा कुटिनेमा एमालेका सचिव तेजबहादुर चन्द, उपसचिव राजबहादुर बुढा, जिल्ला कमिटी सदस्य टेकबहादुर खाण, नेकाँ जिल्ला कमिटी सदस्य गणेशप्रसाद उपाध्यायलगायत ५० जना थिए।

सात दलले आयोजना गरेको विरोध कार्यक्रममा ०६२ माघ १२ गते प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरिएका नेता तथा कार्यकर्तालाई हिरासतमा राखी निर्ममतापूर्वक प्रहरीले कुटपिट गरे। प्रहरीले सो क्रममा करिब २ सयभन्दा बढी नेता कार्यकर्तालाई कुटपिट गरेका थिए। साथै सो घटनामा इन्सेक जिल्ला प्रतिनिधि नमनकुमार शाही, पत्रकारहरू यज्ञराज थापा, जनक न्यौपाने, सिताराम जैसी र मानवअधिकार तथा शान्ति प्रतिष्ठानका केन्द्रीय सदस्य भुपालसिंह थापालाई पनि प्रहरीले दैलेखबजार देवकोटाचोकबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयभित्र सादा पोसाकका प्रहरीले कुटपिट गर्दै अभद्र व्यवहार गरेका थिए।

'शाही सरकार'द्वारा घोषित नगर निर्वाचन बहिष्कारको प्रचार प्रसार गर्न हिँडेका एमाले जिल्ला सचिव तेजबहादुर चन्द र नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य प्रेमप्रकाश शाहीलाई नारायण नपा-७ बिजौराबाट ०६२ माघ २३ गते प्रहरीले गिरफ्तार गरी तीन महिने थुनुवा पुर्जी थमाई माघ २७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञाको अवज्ञा गर्दै सात दलले ०६२ फागुन ७ गते सदरमुकामको विभिन्न ठाउँबाट निकालेको विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका अञ्चल सदस्य अमरबहादुर थापा, सचिव तेजबहादुर चन्द, उपसचिव राजबहादुर बुढा, नेकाँका जिल्ला सभापति गणेशबहादुर खड्का, नेकाँ (प्रजातान्त्रिक) का उपसभापति कर्णबहादुर शाही, जनमोर्चाका सचिव मायाराम अधिकारीलगायत २५ जना नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। प्रहरीले हिरासतमा गाली तथा धम्की दिएको पीडितहरूले बताए।

सात दलले दैलेख सदरमुकाममा ०६२ चैत २६ गते निकालेको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी एमालेका अञ्चल सदस्य अमरबहादुर थापा, नेकाँका सभापति गणेशबहादुर खड्का, एमालेका उपसचिव राजबहादुर बुढा, नेकाँ (प्रजातान्त्रिक) का उपसभापति कर्णबहादुर शाही र जनमोर्चाका अध्यक्ष जगतप्रसाद रेग्मीलाई गिरफ्तार गरी सोही दिन रिहा गरे। साथै नारायण क्याम्पस स्वावियुको आयोजनामा गणेशचोकमा निकालिएको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी स्वावियु सभापति विनोद श्रेष्ठलगायत १० जना विद्यार्थीलाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

नारायण क्याम्पस स्वावियुद्वारा निकालिएको विरोध कार्यक्रममा ०६२ चैत २७ गते भवानी बक्स गण दैलेखका सेनाले हस्तक्षेप गरी स्वावियु सभापति विनोद श्रेष्ठलगायत विद्यार्थीहरू आशाराम आचार्य, तेजबहादुर खत्री, बलराम जैसी र धर्मराज रेग्मीलाई कुटपिट गर्दै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयबाट सोही दिन रिहा गरे।

सात दलले ०६२ चैत २८ गते सदरमुकामको दैलेख बजारमा निकालेको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी प्रदर्शनकारीले कुटपिट गर्नुका साथै एमाले अञ्चल सदस्य अमरबहादुर थापा, उपसभापति राजबहादुर बुढा, नेकाँका रामप्रसाद जैसी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य प्रेमप्रकाश शाहीलाई गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सदरमुकामको पुरानोबजारस्थित नेकाँ (प्रजातान्त्रिक) को पार्टी कार्यालय अगाडि आन्दोलनरत दलले ०६२ चैत ३० गते गर्न लागेको सहिद श्रद्धान्जली सभामा प्रहरीले हस्तक्षेप गरी एमाले अञ्चल सदस्य अमरबहादुर थापा, उपसचिव राजबहादुर बुढा, नेकाँ सभापति गणेशबहादुर खड्का, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य चक्रनाथ योगी, जगतजंग थापा र प्रेमप्रकाश शाहीलाई गिरफ्तार गरी ०६२ वैशाख ८ गते रिहा गरे। धरपकडकाक्रममा आन्दोलनकारीमाथि सुरक्षाकर्मीले कुटपिटसमेत गरेका थिए।

आन्दोलनरत दल समर्थक अगुवा महिलाहरूको आह्वानमा ०६३ वैशाख ३ गते भएको विरोध जुलुस सदरमुकामको नयाँ बाजरबाट पुरानो बजार घुम्नेक्रममा

सदरमुकामस्थित देवकोटाचोकमा पुग्नासाथ सुरक्षाकर्मीले हस्तक्षेप गरी करिब २० जना अगुवा महिलाहरूलाई गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। सोहीक्रममा एमाले जिल्ला प्रचार विभाग सदस्य दीर्घबहादुर थापालाई प्रहरीले लाठीले कुटपिट गर्दा बायाँ खुट्टा भाँचियो। उनको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

सात दल निकट महिलाहरूको आह्वानमा ०६३ वैशाख ४ गते सदरमुकाममा निकालिएको विरोध जुलुस बजार परिक्रमा गर्ने क्रममा देवकोटाचोकमा पुगेपछि आन्दोलनकारी माथि प्रहरीले लाठी प्रहार गर्दै कार्यक्रम विफल पार्ने प्रयास गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सन् २००६ को अवधिमा दैलेख जिल्ला अदालतमा सरकारवादी फौजदारीतर्फ ११ वटा मुद्दा दायर भएकोमा एक फर्स्यौट भई १० वटा अङ्ग नपुगी फर्स्यौट हुन सकेनन्। त्यसैगरी दुनियावादी फौजदारी अन्तरगत ३५ मुद्दा दायर भएकोमा १० फर्स्यौट भई २५ फर्स्यौट हुन बाँकी छन् र दुनियावादी देवानी अन्तरगत जम्मा नौवटा मुद्दा दायर भएकोमा एक फर्स्यौट भई आठ अङ्ग नपुगी फर्स्यौट हुन बाँकी रहेका छन्। त्यसैगरी एक वर्ष नाघेका दुईटा सरकारवादी फौजदारी र दुईटा दुनियावादी देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहेको पाइयो। दुई वर्ष नाघेका कुनै पनि मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेको पाइएन।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका छजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कासिबाँध गाविस राकुरीकका भक्तबहादुर दर्लामी (दीपेन्द्र), पिलाडी गाविस-४ निवासी हेम्नत, रानिवन गाविस निवासी लक्ष्मी अधिकारी, नेपा गाविस-६ निवासी अमरबहादुर रावल (सूर्य), चामुण्डा गाविस निवासी प्रभात, पादुका गाविस निवासी रविन्द्रनाथ योगी (सूर्य) रहेका छन्।

४.११ डोल्पा



जनसंख्या : ३१,५६९
साक्षरता प्रतिशत : ३४.६६
महिला साक्षरता प्रतिशत : १९.६१
क्षेत्रफल (वर्ग कि. मि.) : ७८८९
गाविस/नपा संख्या : २३/०
निर्वाचन क्षेत्र : १
विद्यालय : ११३
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : ०/२४
टेलिफोन लाइन : १५२
मोटर सडक (कि. मि.) : २
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : १८
मानव विकास सूचकाङ्क : ०.३७९
प्रति परिवार सरदर संख्या : ५.४३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

सूँ गाविस-९ निवासी माओवादी कार्यकर्ता १९ वर्षीय इतिहास भनिने देवीलाल बुढालाई ०६२ पुस २६ गते जुफाल र दुनैबाट गस्तीमा गएका सुरक्षाकर्मीले लिकू गाविस-४ बाट नियन्त्रणमा लिई सोही ठाउँमा गोली हानी हत्या गरे।

आफ्नै बमबाट

लिकू गाविस-२ चूँ निवासी माओवादी कार्यकर्ता २२ वर्षीय आइते विकले ०६२ पुस १९ गते राति लिकू गाविस-९ घोराखोरको एक घरमा बम खेलाउँदा विस्फोट भई उनको घटनास्थलमै मृत्यु भयो भने विक नजिकै रहेका साल्दाङ्ग गाविस-५ की ४ वर्षीया पुटी घले र छ महिनाको बालक टेछिरे घलेको पनि मृत्यु भयो। बालबालिकाकी आमा



जनआन्दोलन-२ का क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै

कार्माछुइकी घले पनि सख्त घाइते भइन्। घाइतेको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा डोल्पाको बन्दी क्षमता २० जनाको छ। यस जेलमा हालसम्म तीन पुरुषहरु बन्दी रहेका छन्। जेलमा पानी, शौचालय र विद्युतको सुविधा उपलब्ध छ भने समय समयमा स्वास्थ्य परीक्षण गरिन्छ। पत्रपत्रिका, रेडियो, टिभी र खेलसामग्री छैनन्। ०५७ मा माओवादी आक्रमणबाट क्षति भई बन्द अवस्थामा रहेको यो जेल देशमा बृहत् शान्ति सम्झौता भएलगत्तै छ वर्षपछि ०६३ मंसिर ६ गतेदेखि सञ्चालनमा आएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सूँ गाविस-४ निवासी 'शाही सरकार'द्वारा मनोनित जिल्ला विकास समिति सदस्य ४४ वर्षीय शिवधन डाँगीले राजाको शासनलाई सहयोग गरेको र माओवादी पार्टीविरुद्ध लागेको आरोपमा ०६२ फागुन ८ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। इन्सेक जिल्ला प्रतिनिधि, मानवअधिकारकर्मी र पत्रकारको पहल र रोहबरमा उनी ०६३ वैशाख ६ गते कालिकाबाट मुक्त भए।

कालिका गाविस-९ का १७ वर्षीय सरोज थापा, सोही ठाँउका परीलाल सिंह र दत्तबहादुर बोहराले आत्मसमर्पण गरेको र पार्टीमा हुँदा रकम हिनामिना गरेको आरोपमा ०६३ असोज १५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरूलाई स्थानीय बासिन्दाहरू र मानवअधिकारकर्मीहरूको पहलमा असोज १८ गते कालिकाबाट मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

दुनै गाविस-१ का ३० वर्षीय भीमबहादुर थापालाई ०६२ चैत ४ गते साँझ बजारबाट आफ्नो डेरातर्फ जाँदै गर्दा बीच बजारको झोलुङ्गे पुलमा ड्यूटीमा रहेका प्रहरीहरूले माओवादीको आरोपमा मरणासन्न हुनेगरी कुटपिट गरे। घाइतेको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार गरेपछि निको भयो।

माओवादीबाट

नर्कू गाविस-३ का ३५ वर्षीय लोकेन्द्रबहादुर शाहीले पार्टीको विरोध गरेको आरोपमा ०६३ भदौ १५ गते माओवादी कार्यकर्ता कन्ने सार्कीले उनलाई घरमा गई कुटपिट गर्नुका साथै घर तोडफोड गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात दलले ०६२ माघ २४ गते जुफालस्थित आदर्श माविको परिसरमा गर्न लागेको आमसभा सुरक्षाकर्मीले गर्न दिएनन्। सभास्थलतर्फ अगाडि बढेको करिब तीन सयजनाको सहभागिता रहेको ऱ्यालीलाई सुरक्षाकर्मीले बीच बाटोबाट अगाडि बढ्न दिएनन्। सुरक्षाकर्मीको आदेश नमानी अटेर गरेर ऱ्याली अगाडि बढेमा गोली हान्नसमेत सक्ने भनी धम्की दिए।

सात दलले ०६२ माघ २६ गते जिल्ला सदरमुकाम दुनैको खुल्लामञ्चमा गर्ने भनेको विरोधसभालाई जिल्ला प्रशासन कार्यालयले निषेध गऱ्यो। सदरमुकाम आउने सबै नाकाहरूबाट सुरक्षाकर्मीले मानिसहरूलाई सदरमुकाम आउन नदिएर त्यतैबाट फिर्ता पठाइदिए।

त्रिपुराकोट गाविस-२ निवासी नेकाँ जिल्ला कार्यसमितिका सचिव ३१ वर्षीय गौरीशंकर उपाध्यायलाई लोकतान्त्रिक आन्दोलनमा लागेको आरोपमा ०६२ चैत ३० गते जिल्ला शिक्षा कार्यालयमा विद्यालयको काम गरिरहेको अवस्थामा 'शाही सरकार'द्वारा मनोनित तत्कालीन जिल्ला विकास समिति सभापति धनबहादुर बुढाको नेतृत्वमा १०-१२ जनाको जत्थाले लछारपछार गर्दै जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडितलाई आन्दोलनमा पुनः लागेमा तीन टुक्रा पारी भेरी नदीमा फाल्ने धम्की सो जत्थाले दिएको थियो। सोही जत्थाले एमाले र काँग्रेसको झण्डा र साइनबोर्ड तोडफोड गरी नदीमा फ्याँकी दिएको थियो।

त्रिपुराकोट गाविस-२ का ४६ वर्षीय टङ्कप्रसाद उपाध्याय, ४४ वर्षीय दिलबहादुर बिष्ट, ३१ वर्षीय गौरीशंकर उपाध्याय, ३१ वर्षीय पूर्णकेशर न्यौपाने, नर्कू गाविस-२ का एमाले जिल्ला सचिव ३२ वर्षीय हशंबहादुर शाही र ल्हाँ गाविस-४ का २७ वर्षीय मदन न्यौपानेले राजाको विरोधमा आन्दोलन गरेको र आन्दोलन गर्न अरुलाई उस्काएको आरोपमा ०६२ चैत २७ गते सुरक्षाकर्मीले उनीहरुलाई

दुनैबाट गिरफ्तार गरी चार घण्टापछि रिहा गरे। जिल्ला प्रशासनले सदरमुकाम दुनै आउने सम्पूर्ण नाकामा आवत जावतमा रोक लगायो।

प्रमुख जिल्ला अधिकारी शंकरप्रसाद कोइरालाले ०६२ चैत ३१ गते एक सूचना जारी गरी अर्को सूचना नभएसम्मका लागि सदरमुकाम दुनैको दुई सय मिटर वरिपरि सभा, जुलुस, धर्ना, पर्चा पोस्टरिङ्ग, पम्पलेटिङ्ग गर्न २४ सै घण्टा निषेधाज्ञा जारी गरे। सो निषेधाज्ञा राजाको ०६३ वैशाख ११ गतेको घोषणापछि बिना सूचना निष्कृय भयो।

सात दलको आयोजनामा ०६३ वैशाख ४ गते दुनैबजारमा राजाको प्रत्यक्ष शासनकोविरुद्ध विरोध प्रदर्शन भइरहेको बेला सुरक्षाकर्मीले प्रदर्शनमा हस्तक्षेप गरी त्रिपुराकोट गाविस-२ का ४४ वर्षीय दिलबहादुर बिष्ट, ४६ वर्षीय टङ्कप्रसाद उपाध्याय, नर्कू गाविस-२ का ३२ वर्षीय हंशबहादुर शाही, दुनै गाविस-१ का ४८ वर्षीय श्रीबहादुर शाही, दुनै गाविस-५ का ४७ वर्षीय चन्द्रबहादुर शाही, त्रिपुराकोट गाविस-६ का ४८ वर्षीय तुलाचन्द बुढा, सूँ गाविस-९ का ४३ वर्षीय रामबहादुर बुढा, ल्हाँ गाविस-४ का २७ वर्षीय मदन न्यौपाने, त्रिपुराकोट गाविस-५ का ५२ वर्षीय हस्तबहादुर बुढा, जुफाल गाविस-३ की ४१ वर्षीय इन्द्रकुमारी शाही, जुफाल गाविस-४ का ४९ वर्षीय मैनबहादुर शाही र जुफाल गाविस-५ का ४५ वर्षीय कर्णबहादुर शाहीलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये १० जनालाई दुई घण्टापछि र अन्यलाई आठ घण्टापछि जिल्ला प्रहरी कार्यालय, डोल्पाबाट रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डोल्पामा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी १७ ओटा र यो वर्ष नयाँ दायर भएका १५ गरी ३२ ओटामध्ये गतवर्षका १३ ओटा र यस वर्षका चार गरी १७ थान मुद्दा फर्स्यौट भए। गतवर्षको



'राजावादी'द्वारा एमाले पार्टी कार्यालयको बोर्डलाई निकालेर भेरी नदीमा फालिएको

जिम्मेवारी सरेर आएका दुनियावादी देवानी आठओटा र यो वर्ष दायर भएका तीन गरी ११ ओटा मुद्दामध्ये गत वर्षका पाँचओटा र यस वर्षको एउटा मुद्दा फर्स्यौट भए। त्यसैगरी गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी सातओटा र यो वर्ष दायर भएको एउटा मुद्दा गरी आठओटा मुद्दामध्ये एउटा पनि फर्स्यौट भएन। यो वर्षको अन्त्यसम्ममा दुनियावादी फौजदारी १५ थान, दुनियावादी देवानी पाँचओटा, सरकारवादी फौजदारी आठओटा गरी २८ ओटा मुद्दा बाँकी रहेका छन्। तीमध्ये पाँच वर्ष नाघेका चारओटा र तीन वर्ष नाघेका दुइटा गरी छओटा छन्।

यो वर्ष जिल्ला प्रहरी कार्यालयमा ज्यानसम्बन्धी मुद्दा तीन, सार्वजनिक अपराध सम्बन्धी एउटा र कुटपिटसम्बन्धी चार गरी आठओटा मुद्दा दायर भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दुनै गाविस-१ मा रहेको परिवर्तन फोटो स्टूडियोका प्रोपाइटर ४३ वर्षीय भुवनमान श्रेष्ठले सरकारी सेवा दिन सञ्चालन हुन लागेको घुम्ती सेवा शिविर फोटो खिची सहयोग गरेको आरोपमा ०६२ फागुन १९ गते बिहान

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या				१	३	१	३	१	१		१
घाइते				१	१		१				
कुटपिट				१	१		१	३	३		३
भेला/संगठित हुने अधिकार								४	५	३१८	३२३
बालअधिकार	१	१	१								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१		१				
अपहरण				३	४		४				
जम्मा	१	१	१	६	९	१	१०	८	८	३१८	३२६

माओवादीले फोटो खिच्ने सबै उपकरणहरू लुटेर लगे। माओवादीले यो वर्षको अन्त्यसम्म लुटेका सामानहरू फिर्ता गरेनन्।

जिल्ला विकास समितिको योजनाबाट वितरण गरिएका सर्मी गाविस- ४, ५ र ६ का गारापारीमा बस्ने २५ दलितहरूको घरका सबै सोलार सेटहरू आफ्नो सहमतिबिना ल्याएको भन्दै ०६३ वैशाख १४ गते माओवादीले कब्जा गरे। ती सोलार सेटहरू माओवादीले तीन महिनापछि इन्सेकको पहलमा फिर्ता गरे।

विगतको अनुगमन

त्रिपुराकोट गाविसका २२ वर्षीय बलबहादुर सार्की र जुफाल गाविसका १८ वर्षीय जनक सार्कीले माओवादीको नाममा चन्दा उठाउन लागेको अवस्थामा ०६२ साउन १५ गते सुरक्षाकर्मी गस्तीमा गएको बेला जुफाल गाविसबाट गिरफ्तार गरी छ महिना त्रिपुराकोट र ६ महिना जुम्ला प्रहरी कार्यालयमा राखिएकोमा गिरफ्तार दुबै ०६३ असार १८ गते जिल्ला प्रहरी कार्यालय जुम्लाबाट रिहा भए।

राज्यबाट बेपत्ता

विगतका मानवअधिकार वर्ष पुस्तकहरूको अनुगमन गर्दा राज्यबाट बेपत्ता भनिएका नन्दप्रसाद न्यौपाने र प्रसाद बुढाको हत्या भएको र उनीहरूको सब माओवादीले भेटाएको जानकारी माओवादीले दियो।

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा त्रिपुराकोट गाविस-४ निवासी २५ वर्षीय विश्वचन्द्र बुढा, सर्मी गाविस-७ निवासी १९ वर्षीय मानबहादुर सार्की, कालिका गाविस-२ निवासी ३३ वर्षीय रामबहादुर बोहोरा, जुफाल गाविस-८ निवासी २५ वर्षीय लोकबहादुर डाँगी रहेका छन्।

४.१२ जुम्ला



जनसंख्या : ९५,४२७
साक्षरता प्रतिशत : ३४.४५
महिला साक्षरता प्रतिशत :१८.२०
क्षेत्रफल (वर्ग कि. मि.) : २५३१
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १२७
क्याम्पस/उच्च मा.वि. : १/०
अस्पताल/स्वास्थ्य चौकी : १/३८
टेलिफोन लाइन : ३
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३१
मानव विकास सूचकाङ्क : ०.३४८
प्रति परिवार सरदर संख्या : ६.०२

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा जुम्लाको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हालसम्म छजना बन्दीहरू रहेका छन्। जसमध्ये एकजना पुरुष कैदी तथा दुई महिला र तीन पुरुष गरी पाँचजना थुनुवा छन्। जेलमा पानी, शौचालय तथा विद्युतको सुविधा उपलब्ध छ भने पत्रपत्रिका, रेडियो, टिभी तथा खेल सामग्री उपलब्ध छैन। बन्दीहरूको महिनाको एकपटक स्वास्थ्य परीक्षण गर्ने गरिन्छ।

बेपत्ता / अपहरण

माओवादीबाट

विराट गाविस-२ बुडुका १८ वर्षीय धनलाल बुढाले सुराकी गरेको आरोपमा ०६२ पुस २४ गते माओवादीले उनलाई तातोपानी गाविस-४ जर्मी गाउँबाट अपहरण गरे। धनलाल पूर्व माओवादी कार्यकर्ता हुन्। उनी माओवादीको जनमुक्ति सेनामा एक वर्ष काम गरेर आत्मसर्मपण गरी

जिल्ला सदरमुकाममा बसिरहेका थिए। पाउरोटी बिक्री गर्न गएको बेला माओवादीले उनलाई अपहरण गरेका थिए। हाल उनी पुनः माओवादीमा प्रवेश गरी सेनाको रूपमा काम गरिरहेको माओवादीले जनाए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

बाजुरा जिल्ला जुकोट गाविसका ३५ वर्षीय जयवीर रोकायलाई ०६२ चैत १४ गते अञ्चल प्रशासक उत्तर टमटाका सुरक्षा गार्ड सशस्त्र प्रहरी जवानले भारती वाडास्थित स्थानीय होटलमा समातेर कुटपिट गरे। पीडितको जिल्ला अस्पताल जुम्लामा उपचार भयो।

तातोपानी गाविस-२ का ३२ वर्षीय नरेन्द्रबहादुर महत, ३४ वर्षीय कर्णबहादुर नेपाली र कालो नेपाली, सोही गाविस-६ का ३५ वर्षीय हरिवहादुर रावल र गाविस-७ का ३६ वर्षीय विउरी खत्रीले खाद्य संस्थान जुम्लामा आफ्नो चामलको बोरा गनेर लिन खोज्दा दादागिरी गरेको आरोपमा ०६२ चैत १५ गते सशस्त्र प्रहरीले उनीहरूलाई सख्त घाइते हुनेगरी कुटपिट गरे। कुटपिटको विरोधमा सर्वसाधारणले विरोध जुलुस प्रदर्शन गरेका थिए।

महत गाविस-१ छिना निवासी पत्रकार महासंघ जिल्ला शाखा जुम्लाका सभापति ४४ वर्षीय नरेन्द्रनाथ योगी सूचना सङ्कलन गर्न सदरमुकामस्थित विमानस्थलभित्र जाँदा ०६३ असार ८ गते सशस्त्र प्रहरी गणका एक सुरक्षाकर्मीले हातपात गरी समाचार प्रकाशन गरेको खण्डमा मार्ने धम्की दिए। सो गणका एक सुरक्षाकर्मीले बालबिबाह गरेको घटना सार्वजनिक भएपछि सो सूचना सङ्कलन गर्न योगी विमानस्थलभित्र गएका थिए। यस सम्बन्धमा प्रहरी प्रमुखले सामान्य भनाभन मात्र भएको कुरा बताए।

तातोपानी गाविस-३ का ३२ वर्षीय पुरीचन्द्र धराला खाद्य संस्थानमा चामल निकाल्न गएको बेला चोरी गरेको भन्दै ०६३ असार ९ गते विमानस्थलमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले उनलाई विमानस्थलभित्रै कुटपिट गरे।

माओवादीबाट

पटमारा गाविस-३ पटमारागाउँका ३५ वर्षीय लालबहादुर बुढाले छोरालाई सेनामा भर्ती गराएको आरोपमा ०६२ फागुन २७ गते बेलुकी माओवादीले उनलाई घरमै कुटपिट गरी छोरालाई पुनः घर नफर्काए मार्ने धम्की दिए।

तलिउम गाविस–५ का ३२ वर्षीय रून रोकायले लाम्रा गाविस–१ का ४९ वर्षीय कुम्म डाँगीलाई मारेको आरोपमा ०६३ मंसिर ३ गते माओवादी सशस्त्र समूहले रोकायलाई तरिम गाविस-२ उमगाडस्थित तिला नदीको किनारमा सख्त घाइते हुने गरी कुटपिट गरे। माओवादीले घाइतेलाई उपचारको लागि बाहिर जान रोक लगाए।

गैरकानुनी गिरफ्तारी

तातोपानी गाविस-२ राँकाका २५ वर्षीय टोपेन्द्रराज कठायतले माओवादीको चिठी बोकी हिँडेको बेलामा ०६२ माघ ३ गते महत गाविस-४ महतगाउँस्थित सुरक्षा चेकपोष्टका सुरक्षाकर्मीले खानतलाासी गर्दा चिठी फेला पारेपछि माओवादीको चिठी ओसारपोसार गरेको आरोपमा उनलाई चेकपोष्टबाट गिरफ्तार गरी एक दिन थुनामा राखी भोलिपल्ट तारेखमा उपस्थिति हुने गरी जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

गर्ज्याङकोट गाविस-३ घर भई कर्णाली बोर्डिङ स्कुलका शिक्षक १९ वर्षीय धर्मराज रावल माओवादीसँग संलग्न रहेको आरोपमा ०६२ माघ ४ गते सुरक्षाकर्मीले उनलाई स्कूलबाटै गिरफ्तार गरे। उनलाई सोधपुछपछि भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो। सदरमुकाममा रहेका विद्यार्थीहरूलाई ट्यूसन पढाइरहेको अवस्थामा सो कक्षा बन्द गर्न माओवादीले लेखेको चिठी सुरक्षाकर्मीले फेला पारेपछि उनलाई गिरफ्तार गरिएको थियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
गिरफ्तारी/यातना							३	७			७
कुटपिट				३	३	३	३	३	१		३
भेला/संगठित हुने अधिकार							५	५		९६	१०१
महिलाअधिकार	१	१	१								
अपहरण				१	१	१					
जम्मा	१	१	१	३	३	३	११	१४	१	९६	१११

चन्दननाथ गाविस-१ तलिचौरका ७२ वर्षीय परिमल दमाई, ३२ वर्षीय उम्मेर दमाई, कनवीर दमाई, हरि दमाई, घनसिंह दमाई र देपालगाउँ गाविस-३ का २६ वर्षीय गोरबहादुर दमाईले माओवादीको कार्यक्रममा गई दमाहा बजाएको आरोपमा ०६२ माघ ७ गते सुरक्षाकर्मीले उनीहरूलाई घरबाटै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। उनीहरू सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

तातोपानी गाविस लिताकोटका ३४ वर्षीय रामहरि अधिकारी माओवादीको कार्यक्रममा गएको आरोपमा ०६२ फागुन १० गते प्रहरीले उनलाई चन्दननाथ गाविस भवनबाट सोधपुछ गर्ने भनी गिरफ्तार गरे। पीडित सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गर्ज्याङकोट गाविस-२ निवासी एमाले जिल्ला कमिटीका उपसचिव ४५ वर्षीय तीर्थबहादुर बुढा, कार्तिकस्वामी गाविस-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ३२ वर्षीय धीरेन्द्रराज गिरी, सोही गाविस-४ का ३१ वर्षीय राजबहादुर खत्री, महत गाविस-३ छिनाका २७ वर्षीय रतननाथ योगी, २९ वर्षीय रामदत्त रावल, सोही गविस-६ महतगाउँका ३३ वर्षीय महेन्द्रबहादुर महतलगायत २१ जना राजनीतिक नेता र विद्यार्थीलाई ०६२ माघ १३ गते प्रतिगमन विरोधी आन्दोलनको ऱ्यालीमा सहभागी भई नेपाल बन्दलाई सफल बनाउन बजारमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू सबै सोही दिन रिहा भए।

महत गाविस-३ छिनाका २७ वर्षीय रतननाथ योगी, २९ वर्षीय रामदत्त रावल, कार्तिकस्वामी गाविस-३ का ३२ वर्षीय धीरेन्द्रराज गिरी, सोही गाविस-४ का ३१ वर्षीय राजबहादुर खत्री, ताम्रा गाविस-९ का २६ वर्षीय आदिप्रसाद न्यौपानेलाई 'प्रतिगमन विरुद्ध' निकालिएको आमसभामा राजालाई गालीगलोज गरेको आरोपमा ०६२ माघ २० गते खलंगा बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखे। योगी र खत्रीलाई तीन महिने थुनुवा पुर्जी दिई थुनामा राखी २० दिनपछि रिहा गरियो भने अन्य तीनजनालाई गिरफ्तार भएको भोलिपल्टनै रिहा गरिएको थियो।

शाही घोषणाको विरोधमा ०६२ चैत ५ गते चन्दननाथ गाविस-७ बजारमा सात दलको नेतृत्वमा निस्केको विरोध ऱ्यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी जनमोर्चाका जिल्ला अध्यक्ष ३४ वर्षीय महेन्द्र महत, प्रायुसंघका जिल्ला अध्यक्ष २८ वर्षीय रामदत्त रावल, एमालेका गोबी रावल, अनेरास्वबियुका सुशील देवकोटालगायत ५२ जनालाई गिरफ्तार गरी सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जुम्ला जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म २८ ओटा मुद्दा रहेका छन्। जसमा अंशका पाँच, लेनदेनका दुई, जग्गा खिचलो एक, कुटपिटका तीन, गाली बेइज्जती एक, लिखत वदर एक, कर्तव्यज्यान एक, बाली विगो एक, फैसला बदर एक, हक कायम एक, नाप नक्सा वदर एक, जालसाजी एक, सम्बन्ध बिच्छेद तीन, बहुबिबाह एक र विविध दुई रहेका छन् भने फर्स्यौटतर्फ लेनदेन एक, कुटपिट दुई, गाली बेइजती एक, अंश दुई, सम्बन्ध बिच्छेद दुई र बहुविवाह एक गरी जम्मा नौं मुद्दा फर्स्यौट भयो भने १९ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। पहिलो वर्षबाट सरेर आएका अंश मुद्दा दुई ओटा कुनै फर्स्यौट भएनन्।

यो वर्ष पुनरोवदन अदालतमा एक मुद्दामात्र दर्ता भयो। यो अदालत एक वर्षअघि स्थापना गरिएको हो।

बालअधिकार

गर्ज्याङकोट गाविस-३ का ८ वर्षीय रूपेश जैसीलाई ०६३ असार ११ गते बालककै फुपु शिव लक्ष्मी न्यौपाने (देवकोटा), लालबहादुर मगर र गणेश पण्डितले घरबाट अपहरण गरी सोही गाविसको बिहारे गाउँ नजिकको तिला नदीमा कुटेर मारे। बालकको लास सोही नदीको किनारमा गाडेको अवस्थामा घरपरिवारले आठ दिनपछि फेला पारे। पीडकहरूलाई ०६३ असार २८ गते प्रहरीले उनीहरूको घरघरबाट गिरफ्तार गरेको थियो। बालकलाई अपहरण गरेकै दिन साँझ आठबजे हत्या गरेको पीडकहरूले जिल्ला प्रहरी कार्यालयमा बयान गरे। पीडकलाई छानविनका लागि कारागार चलान गरिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

कर्णाली प्राविधिक शिक्षालय, जुम्लाबाट स्थलगत भ्रमणमा गइरहेको बेला टोली नेता शिक्षक ४१ वर्षीय डा. किशोर श्रेष्ठले कालिकोट जिल्ला घर भई हाल कर्णाली प्राविधिक शिक्षालयमा अध्ययनरत २२ वर्षीय एक छात्रालाई ०६२ चैत ६ गते पातरास्वी गाविस-१ मा बलात्कार गरी फरार भए। पीडकलाई शिक्षालय प्रमुख दीपक नेपाली क्षेत्रीले सोही रात भगाएका थिए।

ताम्ती गाविस–४ का २८ वर्षीय वीर्खबहादुर शाहीले बुर्मरमाडीचौर गाविस–३ का हर्कबहादुर बुढाकी पत्नी हरिशोभा बुढासँग ०६३ कात्तिक ५ गते बहुबिबाह गरेको आरोपमा ०६३ मंसिर ३ गते शाहीले १ लाख रूपैयाँ जारी तिरे।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

खाद्यान्न संकट

जुम्ला जिल्लाका कुडारी, ताम्ती, तातोपानी र घोडे महादेव गाविसमा ०६३ जेठ १८ गते परेको असिनाले त्यहाँको सम्पूर्ण बालिनाली नष्ट पार्दा उक्त गाविसमा भोकमरी पऱ्यो। स्थानीय प्रशासन, जिल्ला विकास समिति, अन्य गैरसरकारी संघ संस्थाहरूमा स्थानीय बासिन्दाहरूले राहतको लागि निवेदन दिए। तर पीडित परिवारले यस वर्षको अन्त्यसम्ममा कुनै राहत पाएनन्।

चन्दननाथ गाविस-५ स्थित नेपालको सबैभन्दा पुरानो प्राविधिक शिक्षालय खाद्यान्नको अभावमा ०६३ भदौ २२ गतेदेखि बन्द भई दुई महिनापछि पुन सञ्चालनमा आयो। शिक्षालयस्रोतका अनुसार २ सय ५६ जना विद्यार्थी संख्याका लागि मासिक ३५ क्विन्टल चामल चाहिन्छ। यसैगरी स्थानीय बासिन्दा र कर्मचारीहरूले पनि चामलको अभावमा भोकभोकै दिन काट्नुपर्ने अवस्था भयो। खाद्य संस्था जुम्लाको गोदाम खाली भएपछि सो समस्या आएको थियो। "स्थानीय बजारमा चामलप्रति किलो ९० देखि १ सय रूपैयाँ पर्न जान्छ, त्यो पनि भनेको बेला पाइँदैन" एक स्थानीयबासीले बताए।


विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका चारजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा कालिकाखेतु गाविस-४ निवासी २४ वर्षीय दुर्गबहादुर शाही, २१ वर्षीय रामबहादुर शाही, तातोपानी गाविस-५ निवासी २३ वर्षीय पृथ्वीबहादुर रावल र गर्जाडकोट गाविस-२ निवासी ३४ वर्षीय हरिप्रसाद पाण्डे रहेका छन्।

४.१३ कालिकोट



जनसंख्या : १,१३,०७८
साक्षरता प्रतिशत : ३७.५
महिला साक्षरता प्रतिशत : १६.९६
क्षेत्रफल (वर्ग कि. मि.) : १७४१
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २५६
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १
टेलिफोन लाइन : ७
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : १
मानव विकास सूचकाङ्क : ०.३२२
प्रति परिवार सरदर संख्या : ६.१२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/बम

बेवारिसे बमबाट

दाँहा गाविस-९ का १५ वर्षीय नयाँबहादुर मल्ल ०६२ माघ ३० गते पिली सैनिक बेसक्याम्प नजिकैको जङ्गलमा गाई चराउन गएको बेला जङ्गलमा भेटिएको बेवारिसे सकेट बम खेलाउन खोज्दा हातैमा बम विस्फोटन भई गम्भीर घाइते भएकोमा उनको फागुन १ गते मृत्यु भयो। विस्फोटपछि घाइते भएका मल्ललाई सोही दिन उपचारका लागि सदरमुकामस्थित जिल्ला अस्पतालमा पुऱ्याइयो। त्यहाँ उपचार हुन नसकेपछि फागुन १ गते हेलिकप्टरमा नेपालगञ्ज लैजान खोज्दा हेलिप्याडमै उनको मृत्यु भएको थियो। सो बम ०६२ साउन २३ गते माओवादी र सेनाबीच

पिलीमा भएको भिडन्तको बेला छाडिएको हुनसक्ने आशंका गरिएको छ।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बमबाट

चिल्खाया गाविस-२ का १२ वर्षीय देवेन्द्र उपाध्याय घरनजिकै फेला परेको बेवारिसे बम खेलाउँदा विस्फोट भई ०६२ माघ २२ गते घाइते भए। पीडितको दायाँ आखाँमा गम्भीर चोट लाग्नुका साथै दायाँ हातमा समेत चोट लागेको थियो। उनको उपचार जुम्ला जिल्ला अस्पतालमा भयो।

बदालकोट गाविस-८ का १४ वर्षीय तारासिंह कठायत ०६३ साउन २२ गते घरबाट विद्यालय गइरहेको बेला सोही गाविसस्थित घरतोली इलाकामा बेवारिसे अवस्थामा रहेको सकेट बम विस्फोट भई गम्भीर घाइते भए। पीडितको सोही दिन जिल्लास्थित महत मेडिकलमा एमएसएफको सहयोगमा प्रारम्भिक उपचार गरियो। इन्सेकको पहल तथा सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा नेपालगञ्जस्थित मेडिकल कलेजमा उपचारपछि सिविन नेपालगञ्जको पहलमा काठमाडौंमा थप उपचार भयो।

लालु गाविस-८ का १२ वर्षीय डम्मर बोहरा र १२ वर्षीय अग्र बोहरा ०६३ भदौ १४ गते घर नजिकै फालिएको बेवारिसे बम खेलाउँदा विस्फोटन भई गम्भीर घाइते भए। घाइते अग्र बोहराको उपचार स्थानीय मेडिकलमा गरिएको थियो भने डम्मर बोहराको उपचार नेपालगञ्जमा गरिएको थियो।

जेल र बन्दी

'ङ' श्रेणीको जेल रहेको भए पनि असुरक्षाका कारण कैदीहरूलाई नेपालगञ्ज र सुर्खेत चलान गरेपछि ०५७ सालदेखि यस जेलमा बन्दीहरू छैनन्। जेलको अवस्था जीर्ण छ।

बेपत्ता / अपहरण

माओवादीबाट

रकु गाविस-७ का मनराज देवकोटा, सोही गाविसका कुलमान देवकोटा, जनक संज्याल, सोही गाविस-२ का मनसा संज्याल, सोही गाविस-८ का अविराम देवकोटा र सोही गाविस-४ का अम्मर गिरीलाई सदरमुकाम मान्मामा भएको रकु गाउँपरिषद्को बैठकमा सहभागी भएको आरोपमा ०६२ माघ ७ गते माओवादीले सबैलाई उनीहरूकै घरबाट अपहरण गरी मेहलमुडी गाविसस्थित माओवादी जनअदालतमा पुऱ्याई तीन दिनपछि मुक्त गरे।

दाँहा गाविस-५ का २८ वर्षीय गणेशबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ माघ २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही गाउँमै श्रम गराई फागुन २४ गते मुक्त गरे।

दाँहा गाविस-४ निवासी शिक्षक ३६ वर्षीय मीनबहादुर शाहीले विभिन्न व्यक्तिलाई ठगी गरी मान्मा बसेको र सुराकी गरेको आरोपमा ०६२ चैत १३ गते माओवादीले उनलाई अपहरण गरी तिसेली पुलसम्म पुऱ्याई सोही दिन स्थानीय समाजसेवी कमल शाहीको रोहबरमा मुक्त गरे।

छाप्रे गाविस-८ घर भई जनज्योति मावि पाखामा कक्षा ९ मा अध्ययनरत १७ वर्षीया एक किशोरी र सोही विद्यालयका शिक्षक सप्तरी जिल्लाका खुविलाल साहबीच अबैध सम्बन्ध रहेको आरोपमा ०६३ असार ६ गते माओवादीले शिक्षकलाई विद्यालय र किशोरीलाई घरबाटै अपहरण गरी तीन महिना श्रम गराई पाँखा गाविसबाट मुक्त गरे।

मान्मा गाविस-७ की १६ वर्षीया एक बालिकालाई रकु गाविसका ३५ बर्षीय रवी देवकोटाले अवैध यौन सम्पर्क राखी गर्भवती बनाएको आरोपमा ०६३ असार ७ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी छ महिना श्रम गराए। माओवादीले देवकोटासँग १० हजार लिने निर्णय गरे भने बालिका एक महिनापछि माओवादी नियन्त्रणबाट भागेर घर फर्किन्।

फोईमहादेव गाविस निवासी नेमकिपा जिल्ला कमिटीका उपाध्यक्ष ४५ वर्षीय ऐनबहादुर शाहीले भ्रष्टाचार गरेको आरोपमा ०६३ भदौ २५ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरी भदौ २८ गते गेला गाविसबाट मुक्त गरे।

कोटबाडा गाविस-४ का ३३ वर्षीय कर्णबहादुर बिष्ट, सोही गाविस-१ का २३ वर्षीय रमेश बिष्ट, २५ वर्षीय सुरेश बिष्ट, ४१ वर्षीय नरबहादुर बिष्ट, २५ वर्षीय जोरासिंह बिष्ट, २१ वर्षीय छत्र बिष्ट र ३४ वर्षीय लालबहादुर बिष्टले मदिरा सेवन गरी गाउँमा हल्ला गरेको आरोपमा ०६३ असोज १६ गते माआवादीले उनीहरुलाई कोटबाडा गाविसबाट अपहरण गरी असोज १७ गते रुप्सा गाविसबाट मुक्त गरे।

नेकाँको गाउँ मिलन अभियान कार्यक्रमअन्तर्गत मेहलमुडी गाविस पुगेका जिल्ला कार्यकर्ताले मदिरा निषेधित क्षेत्रमा मदिरा सेवन गरेको भन्दै माओवादी समर्थकहरुले नेकाँको ०६३ कात्तिक ११ गतेको आमसभामा आक्रमण गरे। सो आक्रमणपछि नेकाँ कार्यकर्ता र स्थानीय बासिन्दाहरुबीच सामान्य झडप भयो। सो विषयलाई लिएर नेकाँ केन्द्रीय कार्यालयले विज्ञप्ति प्रकाशित गरेपछि माओवादीले ०६३ कात्तिक १५ गते नेकाँ महासमिति सदस्य ५१ वर्षीय दुर्गाबहादुर शाही, ५० वर्षीय सुरजिम बम र ३५ वर्षीय

कर्णध्वज बमलाई मेहलमुडी गाविस-३ बाट अपहरण गरे। अपहरणपछि घटनास्थल पुगेका पत्रकार महासंघ जिल्ला शाखा सभापति तुलराम पाण्डे, इन्सेक प्रतिनिधि कालिबहादुर मल्ल, पत्रकार चित्रेसिंह गाँउले र विश्वराज बोगटीको रोहबरमा अपहरितहरुलाई कात्तिक १६ गते धामीगाउँबाट मुक्त गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

पाँखा गाविस-४ निवासी इन्सेक कालिकोट जिल्लाका प्रतिनिधि एवम् पत्रकार २३ वर्षीय कालिबहादुर मल्ल र दाँहा गाविस-५ निवासी पत्रकार एवम् गैसस महासंघ जिल्ला अध्यक्ष २४ वर्षीय रवीन्द्र शाहीलाई ०६२ फागुन १ गते मदिरा सेवन गरी हतियारसहित बजारमा गएका रणदल गुल्मका सेनाको समूहले 'सबै मानवअधिकारकर्मी र पत्रकार माओवादी हुन्', भन्दै कुटपिट गरे। पीडितहरूमध्ये शाहीले स्थानीय मेडिकलमा उपचार गरे भने मल्लको नेपालगञ्ज मेडिकल कलेजमा उपचार गरियो। सो घटनाको इन्सेक केन्द्रीय कार्यालय तथा जिल्लाका विभिन्न निकायहरूले विज्ञप्तिमार्फत भर्त्सना गरे भने जिल्ला प्रशासन कार्यालयमा जिल्लाका विभिन्न निकायका ६० प्रतिनिधिहरूले दोषीमाथि तत्काल कारवाहीको माग गर्दै हस्ताक्षर गरेको ज्ञापनपत्र बुझाए।

छाप्रे गाविस-१ की ३३ वर्षीया मीमकोषा शाहीलाई रणदल गुल्म कालिकोटबाट गस्तीमा गएका सेनाले मदिरा सेवन गरी ०६२ फागुन १ गते राति उनको घरमा गई ढोका फोडेर घरभित्र पसी कुटपिट गरे।

स्यूना गाविस-४ निवासी नागरिक समाज जिल्ला संयोजक ३१ वर्षीय अमलराज शाहीले जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरीसँग विवाद गरेपछि ०६२ फागुन ८ गते प्रहरीले शाहीलाई सदरमुकाम मान्मामा कुटपिट गरे।

सुकाटिया गाविस-१ घर भई जिल्ला बार इकाइका सदस्य एवम् जिल्ला बालकल्याण अधिकृत ३३ वर्षीय जनकबहादुर शाहीले जिल्ला प्रहरी कार्यालयका प्रहरीसँग वादविवाद गरेको आरोपमा ०६२ फागुन २२ गते प्रहरीले शाहीलाई मान्मा बजारबाट कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालय पुऱ्याए। उनलाई दुई दिनसम्म त्यहाँ राखी रिहा गरियो। कुटपिटबाट घाइते भएका शाहीको स्थानीय मेडिकलमा उपचार भयो।

दाहाँ गाविस-८ का २० वर्षीय रजबहादुर मल्ललाई ०६३ जेठ १९ गते मदिरा सेवन गरेका सैनिक बेसक्याम्प पिलीका सेनाले आफ्नो हित विपरीत कार्य गरेको भन्दै पीडितकै घरमा कुटपिट गरे।

दाहाँ गाविस-८ का २५ वर्षीय जनकबहादुर शाहीलाई सेनाले भनेको नमानेको आरोपमा ०६३ जेठ ३० गते सैनिक बेसक्याम्प पिलीका सेनाले पिली गाउँमा कुटपिट गरे।

दाँहा गाविस-८ का २२ वर्षीय अलिबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६३ असार १० गते मदिरा सेवन गरी गएका पिली सैनिक क्याम्पका सेनाले उनकै घर नजिकै छिमेकीको आगँनमा बोलाई कुटपिट गरे। पीडित माओवादीको आरोपमा जेलमा परी ०६३ जेठ ३० गतेमात्र रिहा भए।

दाँहा गाविस-८ का १९ वर्षीय कृष्णबहादुर मल्ल सेनाको प्रतिकारमा उत्रेको आरोपमा ०६३ असार १० गते पिली क्याम्पबाट सशस्त्र हतियारसहित गस्तीमा गएका सेनाले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३									
घाइते	३	४		४									
गिरफ्तारी/यातना									१	६			६
कुटपिट	३	४		४	३	३	१	३	९	९	१		१०
धम्की					१	१		१					
भेला/संगठित हुने अधिकार									३	४	१	१३४	१३९
जातीय विभेद	३	१	१	३									
महिलाअधिकार									३		३		३
बालअधिकार									१		१		१
अपहरण					१०	३४	३	३६					
जम्मा	९	११	१	१३	१४	३६	४	३१	१६	१९	६	१३४	१४९

दाँहा गाविस-८ कै कार्कीवाडा इलाकानजिकै उनलाई कुटपिट गरे। कुटपिटको क्रममा पीडितको दाँत झरेको थियो। पीडितलाई पत्रकार र मानवअधिकारकर्मीको दवावपछि सेनाले क्षतिपूर्ति पनि दिएको थियो। सोही दिन पिलीका गाउँलेहरूले सैनिक ज्यादतीका विरुद्ध प्रतिकार गरेका थिए।

माओवादीबाट

दाँहा गाविस-४ की ४० वर्षीया ऐनकला शाहीले झुटा प्रचार गरेको आरोपमा ०६२ फागुन २८ गते दाँहा गाविसका स्थानीय माओवादी कार्यकर्ताले उनलाई घरनजिकै कुटपिट गरी सख्त घाइते बनाए। पीडितको सदरमुकाममा उपचार भयो।

गेला गाविस-९ का ३८ वर्षीय जयचन्द्र अधिकारीले सुराकी गरेको आरोपमा ०६३ भदौ २१ गते राति माओवादीले





बेवारिसे बम विस्फोट हुँदा घाइते भएका बालकहरू डम्बर बोहरा र अग्र बोहरा

उनकै घरमा गई धम्की दिए। पीडित ०५८ जेठ २८ गतेदेखि सदरमुकाममा विस्थापित थिए। शान्ति सम्झौतापछि गाउँ फर्किएका पीडित हाल पुन: सदरमुकाममा विस्थापित भएका छन्।

मेहलमुडी गाविस-८ का ६६ वर्षीय नयाराम सञ्ज्यालले माओवादी सत्ताको अवज्ञा गरेको आरोपमा ०६३ भदौ ३० गते माओवादीले मेहलमुडी गाविस-५ स्थित आफन्तको घरबाट उनलाई अपहरण गरी माओवादी जनअदालत नजिकै लगी कुटपिट गरी घाइते बनाए। पीडितलाई उपचारका लागि सदरमुकाम जान रोक लगाएपछि घाइते संज्यालको उपचार स्थानीय मेडिकलमा गरियो।

सुकाटिया गाविस-१ का २१ वर्षीय जगतबहादुर शाहीले मदिरा भित्र्याएको आरोपमा ०६३ असोज २७ गते माओवादी कार्यकर्ताले ओदानकु गाविसस्थित पात्मघाटमा उनलाई कुटपिट गरी सख्त घाइते बनाए। पीडितको उपचार स्थानीय मेडिकलमा गरिएको थियो।

ओदानकु गाविस-७ का ५७ वर्षीय रूपदल सिंहले मदिरा ओसार पोसारको आरोपमा ०६३ कात्तिक ८ गते उनलाई माओवादीद्वारा घोषित गाउँ जनसरकार इन्चार्ज खडकबहादुर शाहीसहितको एक टोलीले सोही गाविसमा रहेको माओवादी सहकारी पसल नजिकै लगी कुटपिट गरे। साथै पीडितसँग रहेको ३ हजार रूपैयाँ पनि माओवादीले लगे।

अन्यबाट

माओवादी जिल्ला मिलिसिया कमाण्डर २२ वर्षीय प्रभात भनिने भानु पाण्डेलाई आफूलाई धम्काएको आरोपमा ०६३ असोज २९ गते हतियारसहितका स्थानीय पूर्व माओवादी कार्यकर्ताहरूको एक समूहले सुकाटिया गाविसमा कुटपिट गरी सख्त घाइते बनाए। पीडितको दायाँ खुट्टा भाँचियो भने छाती र पाखुरामासमेत गम्भीर चोट लाग्यो। घाइतेको नेपालगञ्ज उपचारपछि हाल स्थिति सामान्य रहेको छ।

दाहाँ गाविस-७ का ३७ वर्षीय बाँचे विक, सोही गाविस-४ का ३५ वर्षीय जनक शाही र ३३ वर्षीय रगु विक माओवादी कार्यकर्ता रहेको बेला उनीहरुले आफूहरूलाई धम्काएको आरोपमा ०६३ असार १३ गते नेकाँ र एमाले समर्थक युवाहरूको एक समूहले दाहाँगाउँमा कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

दाँहा गाविस-४ का १५ वर्षीय विष्णुबहादुर शाही, पाँखा गाविस-४ का १८ वर्षीय दानबहादुर मल्ल, मुग्राहा गाविस-३ का २२ वर्षीय नमराज शाही, जुविथा गाविस-७ का चन्द्रबहादुर शाही र ओदानकु गाविस-२ का १५ वर्षीय पदमबहादुर सिंहले बजारमा होहल्ला गरेको आरोपमा ०६३ पुस ८ गते प्रहरीले बजारबाट गिरफ्तार गरी प्रहरीले उँधोमुन्टो पारी बुट र लाठीले छाती र टाउकोमा कुटपिट गरी भोलिपल्ट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०६२ चैत १७ गते सञ्चालन भएको एसएलसी परीक्षामा सुरक्षाकर्मीले गरेको हस्तक्षेप र परीक्षाकेन्द्रमा जिल्ला शिक्षा कार्यालयका कर्मचारीले गरेको अनियमितताको विरोधमा एसएलसी परीक्षाका परीक्षार्थीले चैत १८ गते सदरमुकाममा गरेको प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा महेलमुडी गाविस-४ की १६ वर्षीया सविना बम, मुग्राहा

गाविसका १७ वर्षीय ऐनबहादुर शाही, ओदानकु गाविसका दीपेन्द्र सिंह, स्युनाका जीवन शाही, रूपसा गाविस-५ का नवीन बुढासहित ९० जना घाइते भए। घाइतेहरूको उपचार स्थानीय मेडिकलमा भयो। घाइते परीक्षार्थी सविनाले परीक्षा दिन नसकी सहयोगीले परीक्षा दिएका थिए। सविनाको उपचार नेपालगञ्जमा भयो।

सात दलको आयोजनामा सदरमुकाम मान्मामा ०६३ वैशाख ५ गते भएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा मानवअधिकारकर्मी रत्नबहादुर शाही, एमालेका जिल्ला सचिव तुलाराज बिष्ट, नेमकिपाका जिल्ला अध्यक्ष नन्दबहादुर शाही, नेकाँका उपसभापति अम्मबहादुर शाही, नेमकिपाका जिल्ला उपाध्यक्ष ऐनबहादुर शाही, नेकाँका दुगंबहादुर शाही, नेकाँका (प्रजातान्त्रिक) का जिल्ला सचिव सुरथबहादुर शाही, जनमोर्चाका मिनबहादुर शाही र एमालेका कार्यालय सचिव धीरबहादुर बमसहित ३६ प्रदर्शनकारी घाइते भए। घाइतेहरूको उपचार स्थानीय मेडिकलमा भयो।

सात दल निकट विद्यार्थीहरूले ०६३ वैशाख ७ गते सदरमुकाम मान्मामा निकालेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा अनेरास्वीयुका कीर्तराज बिष्ट, नेविसंघ (प्रजातान्त्रिक) का मनराज शाही र नेक्राविसंघका महेन्द्र शाही घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत कालिकोटमा सरकारवादी फौजदारी मुद्दा गत वर्षको तीन ओटा बाँकीमध्ये एउटा फर्स्यौट भई दुइटा फर्स्यौट हुन बाँकी रहे। दुनियावादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका नौ ओटामध्ये एउटा पनि फर्स्यौट भएन। यस वर्ष दायर भएका दुनियावादी फौजदारी पाँच ओटामध्ये एक ओटा फर्स्यौट भई फर्स्यौट हुन चार ओटा बाँकी रहे। देवानी मुद्दा गत वर्षको बाँकी १४ ओटामध्ये एउटा फर्स्यौट भई १३ ओटा बाँकी रहे। यस वर्ष दायर भएका चारओटा देवानी मुद्दामध्ये एउटा पनि फर्स्यौट भएनन्। यस वर्षको जम्मा मुद्दा ३२ रहेका छन्।



सेनाद्वारा कुटपिट गरिएका इन्सेक प्रतिनिधि कालिबहादुर मल्ल

बालअधिकार

कोटवडा गाविस-४ की १५ वर्षीया एक बालिकालाई ०६३ भदौ १४ गते कोटवडा क्याम्पबाट गएका सशस्त्र प्रहरीका हवल्दारहरू अमर विक र ताराबहादुर विकले कोटवाडास्थित मकैबारीमा सामूहिक बलात्कारको प्रयास गरे। पीडित चिच्याएपछि गाउँलेले पीडकहरूलाई जुत्ताको माला लगाई क्याम्प भित्र बुझाए। पीडकहरूलाई कुनै कारबाही भएन्।

मान्मा गाविस-९ का ८ वर्षीय खगेन्द्र पाण्डे र सोही गाविस-८ का ९ वर्षीय महेन्द्र पाण्डेलाई जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरीले रकु गाविसका खडक देवकोटाको ज्यानसम्बन्धी मुद्दामा बुझ्न भन्दै ०६३ पुस ११ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी पुस १२ गते रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

दाँहा गाविस-८ की २० वर्षीया र १९ वर्षीया दुई युवतीलाई ०६३ असार ३ गते सुरक्षा गुल्मबाट अत्याधिक मदिरा सेवन गरी गएका सेनाको समूहले अश्लील शब्द बोल्नुका साथै यौन दुर्व्यवहारको प्रयास गरे।

मान्मा गाविस-५ की ३० वर्षीया विवाहित एक महिलालाई ०६३ साउन १६ गते सदरमुकाम मान्मा बजारमा जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान दीपेन्द्र पासाङ्ग र दानबहादुर केसीले बलात्कार प्रयास गरे। पीडकहरूलाई सदरमुकामका स्थानीय बासिन्दाले सोही दिन पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा बुझाए।



सेनाद्वारा कुटपिट गरिएका पत्रकार रविन्द्र शाही

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

स्युना गाविस-५ का ४० वर्षीय रनसिके नेपालीले स्यूना गाविसको आरसीपी बजारमा रहेको होटलमा राँगाको मासु बेचेको आरोपमा ०६२ फागुन ३० गते त्यहाँको बजार व्यवस्थापन समितिले उनको होटलमा तालाबन्दी गरे। पत्रकार र मानवअधिकारकर्मीको पहलमा पीडितको होटल एक दिनपछि खोलियो।

जिल्ला सदरमुकाम मान्मा नजिकै रहेको मेग्र प्राविका शिक्षक सुमन शाहीले दलित बालबालिकामाथि छुवाछुत गरेपछि त्यहाँका दलित बालबालिकाहरूले ०६३ कात्तिक २८ गतेदेखि एक हप्तासम्म विद्यालयमा तालाबन्दी गरे। सो तालाबन्दी मंसिर ३ गते खोलियो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका एक महिला र १६ पुरुष गरी १७ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा सिपखाना गाविस-९ निवासी ४० वर्षीय गणेशबहादुर शाही, मान्मा गाविस-५ निवासी ३० वर्षीय भद्रबहादुर बोगटी, बदलकोट गाविस-२ निवासी १८ वर्षीय किस्मात शाही, गेला गाविस-६ निवासी १८ वर्षीय कर्णबहादुर शाही, रूपसा गाविस निवासी १४ वर्षीय अमरबहादुर सहकारी, १५ वर्षीय दानबहादुर सहकारी, मान्मा गाविस-६ निवासी २८ वर्षीय निर्मल बोगटी, फुकोट गाविस-७ निवासी २७ वर्षीय पर्बुलाल धमला, ठेगाना नखुलेका ३१ वर्षीय जीवन्त शाही, राम्नकोट गाविस-४ निवासी २३ वर्षीय रगुजन शाही, कोटबारा गाविस-३ निवासी २२ वर्षीय नौले कठायत, मुम्रा गाविस-७ निवासी २२ वर्षीय दीर्घबहादुर बुढा, हेमलमडी गाविस-७ निवासी २९ वर्षय धनसुरे सार्की, २७ वर्षीय रामे लुहार, २५ वर्षीय दले लुहार र लालु गाविस-८ निवासी २५ वर्षीय परेकबहादुर शाही रहेका छन्।

४.१४ मुगु



जनसंख्या : ४७,३५४
साक्षरता प्रतिशत : २७.७९
महिला साक्षरता प्रतिशत : ९.१९
क्षेत्रफल (वर्ग कि. मि.) : ३५३५
गाविस/नपा संख्या : २४/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १२४
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/२५
टेलिफोन लाइन : १३
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : २
मानव विकास सूचकाङ्क : ०.३०४
प्रति परिवार सरदर संख्या : ५.७३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

आफ्नै बमबाट

श्रीकोट गाविस-१ निवासी माओवादीका पूर्व कार्यकर्ता २३ वर्षीय दीपबहादुर बुढा आफ्नै घरमा राखेको सकेट बम बोकी गम्था गाविसस्थित खोलामा माछा मार्दै गर्दा ०६३ वैशाख १ गते हातमा सकेट बम विस्फोट भई घाइते भएकोमा उपचारको क्रममा उनको नेपालगञ्जस्थित भेरी अस्पतालमा ०६३ वैशाख ४ गते मृत्यु भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

रारा गाविसस्थित कालिदत्त गुल्ममा कार्यरत सैनिक जवान २५ वर्षीय बिर्खबहादुर बोहोरा ०६३ वैशाख ६ गते सैन्य तालिमको क्रममा आफ्नै साथीको गोली लागी घाइते

भए। उनको दाँहिने खुट्टामा गोली लागेको थियो। पीडितको उपचार नेपालगञ्जमा भयो।

माओवादीबाट

माँग्री गाविस-६ का १० वर्षीय तोर्चे कामी घर नजिकै जङ्गलमा गाईगोरु चराउन जाँदा ०६२ चैत ८ गते माओवादीले छोडेको बेवारिसे बम भेट्टाई खेलाउँदा विस्फोट भई उनको दाहिने आँखा गुम्नुका साथै र दाहिने हातमा छर्रा लागी घाइते भए। उनको उपचार सिविनको सहयोगमा काठमाडौंमा भयो।

जेल र बन्दी

कूल १५ जना क्षमता भएको 'घ' श्रणीको जिल्ला कारागार हाल बन्दीबिहीन अवस्थामा छ। कारागारको आफ्नो भवन नभएको भन्दै दुई वर्षदेखि जिल्ला सिँचाई कार्यालयको भवनमा कारागार शाखा सारिएको छ भने कर्मचारीहरू जिल्ला प्रशासन कार्यालयमा हाजिर गर्छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

पुलु गाविस-३ का ३० वर्षीय पेमातोर्चे तामाङले माओवादी पार्टीको अनुमतिविना जडीबुटी व्यापार गरेको र जागिर खाएको आरोपमा ०६२ फागुन ४ गते माओवादीले उनलाई माँग्री गाविसको माग्रीगाँउबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी तीन दिनपछि माग्रीगाउँबाटै मुक्त गरे।

श्रीनगर गाविस निवासी पुलू स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी ४० वर्षीय बखत्या मल्लले माओवादी पार्टीलाई लेवी नतिरेको र स्वास्थ्य चौकीमा लामो समय उपस्थित नभएको आरोपमा ०६२ फागुन १८ गते माओवादीले उनलाई माँग्री गाविसको माँग्रीगाँउबाट अपहरण गरी सोही गाविसबाट एक दिनपछि मुक्त गरे।

श्रीकोट गाविस-१ का ५५ वर्षीय चैते बाबिया राजाको शासनकालमा अनुगमन समितिको सदस्य भएको र विभिन्न योजनाको रकम भ्रष्टाचार गरेको आरोपमा ०६३ जेठ २ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही गाविसको खर्क स्कूलमा २ सय जना सर्वसाधारणको उपस्थितिमा दूर्व्यवहार गरी कुटपिट गर्नुका साथै गाउँ भन्दा बाहिर जान रोक लगाए।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

पुलू गाविस-७ का ४० वर्षीय गुरुछेवाङ्ग लामा उनकै घरको मान्छेसँग सदरमुकाम गमगढीमा घरायसी कुरा गरिरहेको अवस्थामा ०६२ फागुन ८ गते बजारमा गस्तीमा गएका सुरक्षाकर्मीले घरभित्र पसी लात्ती र बन्दुकको कून्दाले घाइते हुनेगरी कुटपिट गरे।

श्रीनगर गाविस-२ का २० वर्षीय गोकर्ण नेपालीले आफ्नो चिनेको प्रहरीलाई नमस्कार गर्दा किन लालसलाम गरेको भनी गस्तीमा रहेका अर्का प्रहरीले गोकर्णलाई ०६२ चैत ५ गते सदरमुकाम गमगढीमा मुखबाट रगत बग्ने गरी कुटपिट गरे।

श्रीनगर गाविस-३ का ३४ वर्षीय जङ्गबहादुर मल्ललाई ०६३ वैशाख २७ गते गमगढीस्थित खानेपानी ट्याङ्कीमा पानी खोल्न जाँदा कालिदत्त गुल्म मुगुका सह-सेनानी यमबहादुर कार्कीले बिनाकारण कुटपिट गरे। पीडक हाल सरूवा र बढुवा भई सप्तरी जिल्लामा कार्यरत छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१	१		१					
घाइते				१	१		१	१	१			१
गिरफ्तारी/यातना								१	३			३
कुटपिट	१	१	१	३	३	१	३	४	५			५
भेला/संगठित हुने अधिकार								४	९	१	६	१६
बालअधिकार								१		१		१
अपहरण				३	३		३					
जम्मा	१	१	१	८	७	१	८	११	१८	३	६	३६

माओवादीबाट

माँग्री गाविस-८ का ४० वर्षीय राप्के लामाले सुराकी गरेको आरोपमा ०६२ फागुन ८ गते माओवादीले उनलाई कुटपिट गर्नुका साथै लामाकै घरमा सोही दिनदेखि तीन महिनासम्म नजरबन्दमा राखे। पीडित नजरबन्दबाट मुक्त भइसकेका छन्।

माँग्री गाविस-४ निवासी माओवादी कार्यकर्ता २२ वर्षीया विष्णुमाया रोकाया माओवादी पार्टीमा सामेल हुन नमानेको आरोपमा ०६२ फागुन ९ गते माओवादीले उनलाई घरमा कुटपिट गरी घर ध्वस्त पार्ने धम्की दिए।

श्रीकोट गाविस-४ का ३० वर्षीय जयनन्द रावतले माओवादीको पार्टी कार्यालय तोडफोड गरी माओवादी नेतालाई कुटपिट गर्न लगाएको आरोपमा ०६३ मंसिर २५ गते माओवादीले उनलाई जिल्ला विकास समितिबाट काम छ भनी माओवादी पार्टी कार्यालयमा लगी कुटपिट गरी छ घण्टापछि मुक्त गरे।

अन्यबाट

माओवादीका जिल्ला सेक्रेटरी प्रशान्तलाई माओवादीका कारण गाउँबाट विस्थापित भई जिल्ला सदरमुकाममा बस्दै आएका श्रीकोट गाविस-४ का ३५ वर्षीय गगन बुढा, ३० वर्षीय जयनन्द रावत र सोही गाविस-५ का ४३ वर्षीय मनसुर थापाले ०६३ मंसिर २१ गते गमगढीस्थित माओवादी पार्टी कार्यालयमा गई कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

माँग्री गाविस-४ निवासी माओवादी कार्यकर्ता २२ वर्षीय रणबहादुर ऐडी, सोही गाविस-४ का साम्मु लामा र रोवा गाविसकी २१ वर्षीया प्रजमती बुढालाई ०६२ फागुन १८ गते सुरक्षाकर्मीले माँग्री गाविसको माँग्रीगाँउबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कार्कीवाडा गाविस-९ निवासी नेकाँ जिल्ला कार्यसमिति, मुगुका उपसभापति ५५ वर्षीय लालबहादुर रोकाया र पीडितका छोरा धिरज रोकायालाई ०६२ फागुन ७ गते सदरमुकाम गमगढीमा 'कालो प्रजातन्त्र' दिवस मनाउने क्रममा प्रहरीले लाठीचार्ज गरी घाइते तुल्याइ गिरफ्तार गरे। पीडितहरूलाई पाँच घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। उपसभापति रोकायको देब्रे हातमा गम्भीर चोट लागेको थियो। प्रहरीले सो प्रदर्शनमा एक राउण्ड गोली पनि चलाएको थियो।

श्रीनगर गाविस-२ निवासी तरूण दल जिल्ला कार्यसमिति सदस्य २५ वर्षीय खगेन्द्र मल्ल र सोही गाविस-२ निवासी नेविसंघ जिल्ला कार्यसमिति, मुगुका अध्यक्ष २२ वर्षीय गजेन्द्र मल्ललाई आन्दोलनमा नाराबाजी गरेको आरोपमा ०६२ चैत २४ गते प्रहरीले सदरमुकाम गमगढीबाट गिरफ्तार गरी छ घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

महाकाली उच्चमाविबाट ०६३ चैत २५ गते निकालिएको शान्तिपूर्ण जलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी एमाले जिल्ला उपसचिव ४८ वर्षीय दर्जबहादुर भार, एमाले कार्यालय सचिव ३५ वर्षीय धर्मबहादुर शाही, नेकाँका सचिव ४० वर्षीय बोचे महत्तरा, नेकाँका जिल्ला सभापति ५५ वर्षीय हस्तबहादुर मल्ल, नेकाँ (प्रजातान्त्रिक) का ४५ वर्षीय लोकबहादुर शाही, अनेरास्ववियु जिल्ला कमिटीका संयोजक दानसिंह परियार, नेविसंघ जिल्ला कार्यसमितिका अध्यक्ष २२ वर्षीय गजेन्द्र मल्ल, तरूण दलका सदस्य २५ वर्षीय खगेन्द्र मल्ललाई गिरफ्तार गरे। पीडितहरूलाई प्रहरीले जिल्ला प्रहरी कार्यालयबाट छ घण्टापछि रिहा गरे।

संसद पुनःस्थापनाको स्वागत गर्दै सात दलको आयोजनामा ०६३ वैशाख १२ गते बिहान जिल्ला सदरमुकाम गमगढीस्थित महाकाली उच्चमाविबाट निस्केको विजय जुलुसमा सुरक्षाकर्मीले हवाईफायर गर्नुका साथै लाठीचार्ज गरे। लाठीचार्जबाट कम्तीमा दशजना प्रदर्शनकारीहरू घाइते भए। घाइते सबैको स्थानीय मेडिकलमा उपचार भयो। राजाद्वारा मनोनित जिल्ला विकास समिति सदस्य धनमल कार्की नेपालगञ्ज जाने सिलसिलामा विमानस्थलतर्फ जाँदै गर्दा प्रदर्शनकारीले कार्कीलाई देख्नासाथ चर्काचर्का नाराबाजी गर्दै कार्कीतर्फ बढेपछि सो जुलुसलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीले हवाईफायर गरेको र लाठीचार्ज गर्दै प्रदर्शनकारीहरूलाई तितरवितर पारेका थिए। सुरक्षाकर्मीको लाठीबाट राष्ट्रिय वाणिज्य बैंकका ४५ वर्षीय अजिरबहादुर शाही, श्रीनगर गाविस-५ की ४१ वर्षीया रमादेवी न्यौपाने, २८ वर्षीय मेलबहादुर शाही, २५ वर्षीय प्रेमप्रकाश थापा, २७ वर्षीय अमर शाही, ३० वर्षीय रूपबहादुर बुढा घाइते भएका थिए। त्यसैगरी श्रीनगर गाविस-२ का २५ वर्षीय खगेन्द्र मल्ल र सोही गाविस-२ का ३८ वर्षीय रत्नराज मल्ललाई सुरक्षाकर्मीले लाठीले टाउको र हातमा हानी गम्भीर घाइते बनाएपछि उनीहरूलाई उपचारको लागि नेपालगञ्ज लगिएको थियो भने अन्यको उपचार स्थानीय मेडिकलमा भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका देवानी छओटा र दुनियावादी दुईओटा तथा गत वर्षबाट जिम्मेवारी सरी आएका देवानी १५ ओटा, दुनियावादी छओटा, दुनियावादी संक्षिप्त चारओटा, दुनीयावादी देवानी तीनओटामध्ये फर्स्योट हुन सातओटा मुद्दा बाँकी छन्।

जिल्ला प्रहरी कार्यालयमा उजुरी भएका आतंककारी तथा विध्वंशकात्मक दुई, लुटपिट एक, बम विस्फोट एक, कर्तव्यज्यान एक, सरकारी कागज किर्ते एक, सार्वजनिक अपराध एक, भवितव्य ज्यान तीन, चोरी चार, मादक पदार्थ सेवन गरी झैझगडा ८६, कुटपिट १७ उजुरी दर्ता भएका छन् भने ०६३ पुस ८ सम्म १ सय ४५ झैझडा मिलापत्र भैसकेका छन्।

बालअधिकार

श्रीनगर गाविस-५ की ८ वर्षीया एक बलिकालाई ०६३ असार ३० गते २५ रूपैयाँको प्रलोभन देखाई पीडितकै घरमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी भरत शाहीले बलात्कार गरे। पीडकलाई दुई दिनसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार


आर्थिक अधिकार

जिल्लाका २४ गाविसका ४ सय ७० जना बृद्ध, ६ सय २८ जना विधवा, ६६ जना अपाङ्गमध्ये जिल्ला सदरमुकाम नजिकका गाविसहरू बाहेक अन्य गाविसले आर्थिक वर्ष ०६२/०६३ को पाउनु पर्ने भत्ता पाएनन्।

संरचना क्षति

मुगु जिल्लास्थित जिल्ला वन कार्यालयको भवनमा ०६२ फागुन १८ गते माओवादीले कुकर बम विस्फोट गराइ कार्यालय भवनमा क्षति पुऱ्याए।

४.१५ हुम्ला



जनसंख्या	४३,७८६
साक्षरता प्रतिशत	२६.६२
महिला साक्षरता प्रतिशत	११.५२
क्षेत्रफल (वर्ग कि. मि.)	५६५५
गाविस/नपा संख्या	२७
निर्वाचन क्षेत्र	१
विद्यालय	११२
क्याम्पस/उच्च मा.वि.	०/१
अस्पताल/स्वास्थ्य चौकी	१/२६
टेलिफोन लाइन	१५०
मोटर सडक (कि. मि.)	०
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	१
मानव विकास सूचकाङ्क	०.३६७
प्रति परिवार सरदर संख्या	६.३०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/बम

माओवादीबाट

श्रीनगर गाविस-४ की ११ वर्षीया माला सुनारको ०६२ चैत १८ गते दिउँसो माओवादीले उनको घरमा राखेको सकेट बम फेला पारी खेलाउँदा विस्फोट भई घटनास्थलमै मृत्यु भयो।

माओवादी नियन्त्रणमा मृत्यु

ठेहे गाविस-२ का २८ वर्षीय मनवहादुर बोहरालाई उनकी पत्नीले आत्महत्या गरेको विषयमा सोधपुछ गर्न भन्दै ०६२ चैत १५ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले पीडितलाई बयान गराउन कुटपिट गरे। उनी चैत १८ गते खार्पूगाउँबाट घरतर्फ माओवादीसँगै आउँदै गर्दा यातना सहन नसकी कर्णाली नदीमा हाम फाली आत्महत्या

गरेको उनका पारिवारले बताए। माओवादीले भने बोहराले आत्महत्या गरेको बताए।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

हेप्का गाविस-२ का १८ वर्षीय पदम लामा ०६३ असोज २१ गते लेखधिगा भन्ने ठाउँमा स्थानीय माओवादीले ग्रिनेट विस्फोट गराउँदा छर्रा लागी घाइते भए। पीडितको जिल्ला अस्पताल, हुम्लामा उपचार भयो। गाउँलेबीच आपसी बिबाद हुँदा झगडा साम्य गर्न गएका माओवादीले ग्रिनेट विस्फोट गराएका थिए।



माओवादीद्वारा कुटपिट गरिएका प्रेमबहादुर शाही

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार शाखा हुम्लाको बन्दी क्षमता २५ जनाको छ। यस कारागारमा एकजना पुरुष कैदी रहेका छन्। कारागार भवन जीर्ण अवस्थामा छ। कारागारमा पानी उपलब्ध छ भने शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो तथा टिभीको सुविधा उपलब्ध छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

डाँडाफया गाविस-८ का धारापोरी गाउँका ४५ वर्षीय गोर्खबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ पुस २० गते माओवादीले उनलाई घरबाटै अपरहण गरे। पीडितलाई एक हप्तापछि राया गाविसबाट मुक्त गरे।

श्रीनगर गाविस-५ की १९ वर्षीया सुशिला पार्कीलाई सदरमुकामबाट घरमा गएको बेला ०६३ जेठ ५ गते माओवादीले अपहरण गरी माओवादीको निगरानीमा श्रम गराई कात्तिक १० गते मुक्त गरे। पूर्व माओवादी कार्यकर्ता रहेकी पीडित पतिसहित ०६२ असोज महिनामा सुरक्षाफौजसमक्ष आत्मसमर्पण गरी सदरमुकाममा बस्दै आएकी थिइन्।

दार्म गाविस-१ का ४० वर्षीय टीकाबहादुर शाहीले माओवादी पार्टीमा लागेको बेला भ्रष्टाचार गरेको आरोपमा ०६३ जेठ २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सर्केगाउँ पुऱ्याए। उनलाई जेठ ३० गते सर्केगाउँबाट घर फिर्काई घरमै नजरबन्द गरे। पीडितलाई ०६३ असार १० गते घर नजरबन्दबाट मुक्त गरियो।

मदना गाविस-६ का २० वर्षीय गोर्ख टमटा र सोही गाउँकी विजया टमटाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ जेठ २९ गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरे। माओवादीले पीडितलाई कृषि विभागमा श्रम गराई ०६३ भदौ ११ गते मदना गाविसबाट मुक्त गरे।

कालिका गाविस-८ का २५ वर्षीय मनप्रसाद जैसीले बहुविवाह गरेको आरोपमा ०६३ साउन १० गते माओवादीले उनलाई गल्लागाउँबाट अपहरण गरे। पीडितलाई ०६३ भदौ २० गते कालिका गाविसबाटै मुक्त गरे।

मिमी गाविस-४ निवासी मानवअधिकार संरक्षण मञ्च, हुम्लाका अध्यक्ष एवंम् भोक विरुद्धको अभियानका सहजकर्ता २८ वर्षीय ज्ञानबहादुर बुढाले माओवादी महिला कार्यकर्तासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१		१	१					
घाइते				१	१		१					
गिरफ्तारी/यातना								४	९			९
कुटपिट				३	५	१	६	३	३			३
धम्की	१	३	३									
भेला/संगठित हुने अधिकार								४	१९	३	१८	४०
जातीय विभेद	१	१	१									
महिलाअधिकार								१		१		१
बालअधिकार								१		१		१
अपहरण				१७	१८	६	२४					
जम्मा	३	३	३	३१	३४	८	३३	१३	३०	५	१८	५३



जनआन्दोलन-२ का क्रममा सादा पोसाकका प्रहरीद्वारा गिरफ्तार गरिँदै

११ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले सर्केगाडमा श्रम गराई साउन २९ गते सोही ठाउँबाटै मुक्त गरे।

कालिका गाविस-२ घर भई सल्लाघारी निमाविका शिक्षक २५ वर्षीय खड्कबहादुर शाहीले माओवादीको आधार इलाकामा बहुविवाह गरेको आरोपमा ०६३ साउन १५ गते माओवादीले उनलाई अपहरण गरी श्रम गराउन खोज्दा पीडित सोही दिन भागेर सदरमुकाममा विस्थापित भए। हाल उनी जिल्ला सदरमुकाम सिमिकोटमा काजमा रहेका छन्।

मदना गाविस-७ की २२ वर्षीया औंसा बुढा, सोही गाविस-५ की माओवादी कार्यकर्ता व्याउका रोकाया, सोही गाविस-६ की संगीता बैजी, सोही गाविस-४ का तेजबहादुर बुढा र कालिका गाविस-३ का माओवादी कार्यकर्ता कमला रावललाई पार्टीबाट भागेर भारत जान खोजेको आरोपमा ०६३ साउन २५ गते माओवादीले भारततर्फ जान लागेको अवस्थामा उनीहरूलाई मदना गाविसबाट अपहरण गरे। पीडितहरू साउन ३२ गते सर्केगाउँबाट मुक्त भए।

गोठी गाविस-५ का ३६ वर्षीय पारस शाही र सोही गाउँका २९ वर्षीय देवी शाहीले मेलामा व्यक्तिगत झगडा गरेको आरोपमा ०६३ भदौ २२ गते माओवादीले दुबैलाई सोधपुछका लागि भन्दै गोठीबाट अपहरण गरे। माओवादीले दुबैलाई भदौ ३० गते मिलापत्र गरी सर्केगाउँबाट मुक्त गरे।

कालिका गाविस-५ का २४ वर्षीय नरजित बुढाले सोही गाउँकी एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १७ गते माओवादीले उनलाई लाली गाविसबाट अपहरण गरी पुस ५ गते सर्वघाटबाट मुक्त गरे।

कालिका गाविस-७ का ३८ वर्षीय सेरे टमटाले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ कात्तिक १२ गते माओवादीले उनलाई गाउँबाट अपहरण गरे। पीडित यो वर्षको अन्त्यसम्म मुक्त भएनन्। पीडितलाई माओवादी श्रम शिविरमा राखिएको माओवादीले जनायो।

कालिका गाविस-७ का ३८ वर्षीय पोर्से टमटाले अवैध सम्बन्ध राख्ने गरेको आरोपमा ०६३ कात्तिक १५ गते माओवादीले उनलाई गाउँबाटै अपहरण गरे। पीडितलाई माओवादीले श्रम गराई मंसिर १० गते गाउँबाटै मुक्त गरे।

साँया गाविस-८ का ३१ वर्षीय भीमबहादुर शाहीले बहुविवाह गरेको आरोपमा ०६३ कात्तिक २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। यो वर्षको अन्त्यसम्म उनी मुक्त भएनन्। उनलाई माओवादीले सर्केगाडमा श्रम गराई राखेका छन्।

सिमिकोट गाविस-९ का १५ वर्षीय लोकराज शाही र सोही गाउँका शुकराज शाहीलाई सेनामा भर्ती गर्न भन्दै ०६३ मंसिर ३ गते माओवादीले सिमिकोटबाट अपहरण गरे। यो वर्षको अन्त्यसम्म पीडितहरु मुक्त भएनन्।

मदना गाविस-६ का १८ वर्षीय मोहनलाल लुवारलाई जनसेनामा भर्नाको लागि भन्दै ०६३ मंसिर ५ गते माओवादीले प्रलोभन देखाउँदै घरबाटै लगे। उनलाई माओवादीले सुर्खेतबाट मंसिर २८ गते घर फर्काए ।

कालिका गाविस-५ की १५ वर्षीया करी लुहारलाई जनसेनामा भर्नाको लागि भन्दै ०६३ मंसिर ८ गते माओवादीले प्रलोभन देखाउँदै घरबाटै अपहरण गरे। पीडित मंसिर २८ गते सुर्खेतबाट घर फर्किइन्।



जनआन्दोलन-२ का क्रममा सादा पोसाकका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिँदै



आन्दोलनका क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै अनेरास्वियुका नेता पृथ्वी शाही र राजबहादुर रोकाया

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सात दलको आन्दोलनलाई समर्थन गरेको आरोपमा ०६२ चैत २६ गते पर्वत जनरल स्टोरका सर्वजीत गौचन र रामचन्द्र बस्ताकोटीलाई जिल्ला विकास समिति, हुम्लाका मनोनित सभापति कालीबहादुर शाहीले पसलमा गई राजनीति नगर्नु भनी धम्की दिए।

गोर्खा जिल्ला निवासी गोर्खा-हुम्ला सेवा समाजका अध्यक्ष ३४ वर्षीय चुडामणि पोखरेलले शुभ-कामना कार्डमा लोकतन्त्र शब्द प्रयोग गरेको आरोपमा ०६२ चैत ३० गते जिल्ला विकास समितिका सभापति कालिबहादुर शाहीले पोखरेललाई कार्यालयमै बोलाई लात्ती र मुक्काले कुटपिट गरे।

स्याडा गाविस-१ निवासी सदरमुकाम सिमिकोट बजारका होटल व्यवसायी २३ वर्षीय ऐटन शाहीले जिल्ला प्रहरी कार्यालय, हुम्लाका प्रहरी जवान हरिबहादुर शाहीसँग होटलमा खाना खाएको पैसा माग्दा ०६३ मंसिर १ गते जवान शाहीले कुटपिट गरे। पीडितको कुटपिटबाट देब्रे आँखामा गम्भीर चोट लागेको छ।

माओवादीबाट

साँया गाविस-९ का विस्थापित ४७ वर्षीय प्रेमबहादुर शाहीले माओवादी सम्पर्क कार्यालयमा ढुङ्गा हानेको आरोपमा ०६३ साउन २६ गते माओवादीले उनलाई माओवादी सम्पर्क कार्यालयमा बोलाई कुटपिट गरे। कुटपिटबाट उनको शरीरका विभिन्न भागमा नीलडाम र आखाँमा चोट लागेको थियो।



माओवादीद्वारा अपहरण गरिएका शेरे टमटा

रासस सम्वाददाता नवराज महतारा र जनादेश सम्वाददाता डबल महतारासहित ३० जना भन्दा बढीलाई ०६३ साउन २७ गते सदरमुकाम सिमिकोटमा मेला लागिरहेको बेला प्रहरी र सिमिकोटवासीबीच केटीको विषयलाई लिएर भएको झडपको समाचार संकलन गर्न जाँदा प्रहरीले पत्रकारहरुको साथमा रहेको दुइटा क्यामरा खोस्दै कुटपिट गरे। घाइतेहरुको उपचार खर्च स्वरुप ५ हजार रुपैयाँ प्रहरीले जरिवाना दिए र फोडिएको क्यामराको सट्टामा नयाँ क्यामरा दिए।

अन्यबाट

छिप्रा गाविस-२ का २० वर्षीय देवजङ्ग हमाल, सोही गाविस-४ का २५ वर्षीय जुनराज हमाल ३० वर्षीय लोकजन हमाल, उनकी २४ वर्षीया पत्नी वीजा हमाल र २५ वर्षीय जय हमाललाई ०६३ भदौ २२ गते राति गाउँकै घरमा सुतिरहेको बेला माओवादी सेनाको पोसाकमा गएको समूहले लाठी र दाउराले कुटपिट गरे। पीडितहरूलाई माओवादी कार्यकर्तामाथि सामान्य झगडा भएको दिन साँझ कुटिएको थियो। सो कुटपिट सम्बन्धमा माओवादीले आफ्नो संलग्नता नरहेको बताए पनि पीडितपक्षले माओवादीमाथि आरोप लगाए।

गैरकानुनी गिरफ्तारी

ठेहे गाविस-३ का ३० वर्षीय रेशम बोहरा माओवादी भएको आरोपमा ०६२ माघ १८ गते सदरमुकाम सिमिकोटमा घरायसी कामले जाँदै गर्दा जिल्ला प्रहरी कार्यालय, हुम्लाका प्रहरीले उनलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, हुम्लामा राखे। पीडितलाई माओवादी पार्टीको नाममा सदरमुकामभित्र चन्दा सङ्कलन गर्न लगाएको आरोप लगाइयो। पीडित इन्सेक जिल्ला प्रतिनिधि रमेश ऐडीको रोहबरमा ०६३ वैशाख २ गते रिहा भए।

रोडीकोट गाविस-१ निवासी माओवादी एरिया कमिटी सदस्य २५ वर्षीय बृहस्पति भनिने धनबहादुर रोकाय पार्टीको कामले ठेहे गाउँमा जाँदै गर्दा ०६२ चैत ८ गते सुरक्षाकर्मीले बाटोमा घेरा हाली गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी ०६३ वैशाख ५ गते माओवादीकै रोहबरमा जिल्ला प्रहरी कार्यालयबाटै रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले जिल्ला उपसचिव कुलबहादुर हमाल, कार्यालय सचिव दलबहादुर फडेरा, कार्यकर्ता जगत मल्ल, प्रेमबहादुर बुढा, नेकाँका जिल्ला सचिव

प्यारीलाल शाही, जनमोर्चाका जिल्ला अध्यक्ष सुनामसिं गुरुङ, नेकाँ (प्रजातान्त्रिक) का कैलाश भण्डारीलाई 'कालो दिवस' मनाउने क्रममा ०६२ माघ १९ गते लोकतन्त्रमार्गको कालीञ्चोरबाट प्रहरीले गिरफ्तार गरे। दिनभरि जिल्ला प्रहरी कार्यालयमा थुनेपछि साँझ ६ बजे मानवअधिकारकर्मीको रोहबरमा सबैलाई रिहा गरियो।

सात दलले ०६२ चैत २६ गते सदरमुकाम सिमिकोटमा बजार बन्दको आयोजना गरी लोकतन्त्रकको पक्षमा कालिर्ग्याकबाट जुलुससहित नाराबाजी गरिरहँदा सुरक्षाकर्मीले नेकाँ (प्रजातान्त्रिक) का १३, एमालेका १०, र नेकाँका तीन गरी २६ जनालाई गिरफ्तार गरे। सबै सोही दिन साँझ इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीले धरपकड गरी नेता कार्यकर्ता गिरफ्तार गरेको घटनाको विरोधमा ०६२ चैत २६ गते दिउँसो सदरमुकाम सिमिकोटमा महिलाद्वारा गरिएको प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरी श्रीनगर गाविस-४ की २० वर्षीया पवित्रा फडेरा, ठेहे गाविस-७ की दाडोल लामा र डौडाफया गाविस-७ की डोल्मा शाहीलाई कुटपिट गरे।

अनेरास्वियुका जिल्ला अध्यक्ष २१ वर्षीय जनक फडेरा, नेविसंघका अध्यक्ष २२ वर्षीय अदान भण्डारी, धनबहादुर रावत, जुनराम हमाललाई लोकतान्त्रिक आन्दोलनको क्रममा विद्यालय बन्द र तालाबन्दी गराउँदा ०६३ वैशाख ६ गते प्रहरीले एकताचोकबाट गिरफ्तार गरे। पीडितलाई दिनभर जिल्ला प्रहरी कार्यालयमा थुनी साँझ जिल्ला प्रशासन कार्यालयमा बयान गराई रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा दुईटा र यो वर्ष दायर भएका चारओटामध्ये यो वर्ष एउटा पनि फर्स्यौट भएन। यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा छओटा रह्यो। गत वर्षको बाँकी सरकारवादी फौजदारी मुद्दा पाँचओटामध्ये चारओटा फर्स्यौट भयो। यो वर्ष एउटा दायर भएकोमा सो फर्स्यौट भयो। यो वर्षको अन्त्यसम्म बाँकी रहेका सरकारवादी फौजदारी मुद्दा एउटा रह्यो। गत वर्षको बाँकी देवानी मुद्दा चार ओटामध्ये एउटा फर्स्यौट भयो। यो वर्ष दायर भएको आठओटा देवानी मुद्दामध्ये कुनै पनि फर्स्यौट भएन। यो वर्षको अन्त्यसम्म देवानी ११ ओटा मुद्दा बाँकी रह्यो। यो वर्षको अन्त्यसम्म १८ ओटा मुद्दा बाँकी रहे। ती मध्ये पाँच वर्ष नाघेका कुनै पनि मुद्दा छैन। आतंककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत परेका मुद्दाहरुको संख्या १ सय ३ छ।

जिल्ला प्रहरी कार्यालय, हुम्लामा ५२ सालदेखि हालसम्म चोरीडकैती सम्बन्धी १० र कर्तव्यज्यान सम्बन्धी तीनओटा मुद्दा दायर भएका छन्।



प्रहरीद्वारा कुटपिट गरिएका ऐटन शाही

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बर्दिया जिल्ला पथलैया गाविस पशुपतिनगरकी २२ वर्षीया एक महिलालाई विजय होटल एण्ड रेष्टुरेन्टमा ०६३ जेठ १५ गते दिउँसो हतियारधारी सैनिकले बलात्कारको प्रयास गरे। पीडितले कराएपछि पीडकहरू कोठा बाहिरबाट बन्द गरी भागे। घटना एक हप्तापछि सार्वजनिक भयो र घटनामा संलग्न सैनिक जवानले १२ हजार नगदसहित महिलासँग माफीसमेत मागे।

सिमिकोट गाविस-४ की १३ वर्षीया एक बालिकालाई ०६३ साउन २५ गते राति मेलामा देउडा खेलिरहेको समयमा जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी जवान मोहनबहादुर सिंहले बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याएपछि पीडितका आफन्तले पीडकलाई मुक्का र लाठी हान्दा हान्दै पीडक भागेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

कालिका गाविस-३ घर भएका सल्लाघारी निमावि वारीगाउँका शिक्षक २६ वर्षीय खड्कबहादुर शाहीले बहुविवाह गरेको आरोपमा माओवादीले उनलाई नियन्त्रणमा गर्न खोज्दा ०६३ साउन १४ गते घरबाट भागेर विस्थापित भए। हाल उनी सदरमुकाममा काजमा रहेका छन्।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्ममा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना पुरुष रहेका छन्। त्यसरी बेपत्ता पारिएकाहरूमा रोडिकोट गाविस-१ रादेउँ निवासी ४७ वर्षीय धर्मजित बुढा (अजय) र सकिंदेउ गाविस-६ उनापानीका ३० वर्षीय प्रेमबहादुर कार्की (एमेचर) रहेका छन्।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ


५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली



जनसंख्या	: ७,१६,४६७
साक्षरता प्रतिशत	: ५२
महिला साक्षरता प्रतिशत	: ३६
क्षेत्रफल (वर्ग कि. मि.)	: ३२३५
गाविस/नपा संख्या	: ४२/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ६३५
क्याम्पस/उच्च मा.वि.	: ३/४
अस्पताल/स्वास्थ्य चौकी	: २/४९
टेलिफोन लाइन	: २५३६
मोटर सडक (कि. मि.)	: ३५०
प्रहरी कार्यालय संख्या	: २९
हुलाक संख्या	: ५७
मानव विकास सूचकाङ्क	: ०.४१३
प्रति परिवार सरदर संख्या	: ७.५९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यबाट

धनगढी नपा-१० घुइयाघाट निवासी २५ वर्षीय होरिलाल राना माओवादी भएको आरोपमा ०६२ माघ २६ गते विहान मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मीले वीपी स्मृति प्राबि नजिकै गोली हानी उनको हत्या गरे। सुरक्षाकर्मीले रानाको लास सेती अञ्चल अस्पतालमा पोष्टमार्टम गराई पीडितको परिवारलाई जिम्मा लगाए।

मोरङ जिल्ला सुन्दरपुर गाविस-२ निवासी सैनिक हवल्दार २४ वर्षीय कृष्णबहादुर गुरुङको ०६२ चैत २ गते सुख्खडमा रहेको संयुक्त सुरक्षा बेस क्याम्पमा माइन राख्ने क्रममा विस्फोट हुँदा मृत्यु भयो। सोही विस्फोटमा परी सैनिक जवान रत्नबहादुर नेम्वाङ्ग घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भयो।

माओवादीबाट

जिल्ला कारागार कैलालीमा कार्यरत प्रहरी हवल्दार ३२ वर्षीय खेमराज पनेरूलाई ०६२ फागुन १९ गते माओवादीले जिल्ला कारागार कैलालीमा आक्रमण गर्ने क्रममा गोली हानी उनको हत्या गरे। सोही घटनामा प्रहरी जवान मीनबहादुर रावल र धर्मराज थापा माओवादीले प्रहार गरेको गोली लागी घाइते भए। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो।

फूलबारी गाविस-४ ई गाउँ निवासी ४५ वर्षीया शिवमाया भुसालको ०६३ साउन ११ गते माओवादीमा छापामार रहेका आफ्नै छोरा २३ वर्षीय राजु भुसालले हसिया प्रहार गरी हत्या गरे। पीडकलाई स्थानीय बासिन्दाहरूले नियन्त्रण लिएका थिए। नियन्त्रणपश्चात् माओवादीले पीडक भुसाल र मृतकको लास आफैले लिएर गएका थिए। माओवादीले पीडकलाई कारबाही गरिने बताएको भए पनि कारबाही भयो भएन सार्वजनिक गरिएन्।

बसौटी गाविस-९ निवासी १२ वर्षीया सवीना चौधरी, १२ वर्षीय परशुराम चौधरी र २१ वर्षीय निराजन चौधरीको ०६३ असोज २० गते क्षेत्रबहादुर चौधरीको मिलगोठमा खेलिरहेको अवस्थामा माओवादीद्वारा छोडिएको बम बिस्फोट हुँदा मृत्यु भयो। बिस्फोटमा सोही ठाउँ बस्ने ३२ वर्षीय रामकुमार चौधरी र हसुलीया गाविस-१ के गाँउ घर भई मामा घर आएका ८ महिनाका बालक किरण चौधरी घाइते भए। पीडितहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भयो।

अन्यबाट

फूलबारी गाविस-३ खेडा निवासी २६ वर्षीय मदन चौधरी र ३५ वर्षीय बिपता चौधरीको ०६३ असोज २९ गते फूलबारीका स्थानीय बासिन्दाहरूको एक भीडले कुटपिट गर्दा मृत्यु भयो। फूलबारी गाविस-३ निवासी सिद्ध जेठारा र फूलबारी गाविस-१ निवासी राजेन्द्रबहादुर बोहराको ०६३ असोज ९ गते फूलबारी स्थित खेडामा हत्या गरेको आरोपमा छलफल चलिरहेको अवस्थामा आक्रोशित भीडले उनीहरूमाथि आक्रमण गरेको थियो। सोही घटानामा स्थानीय रामबहादुर चौधरी सख्त घाइते भए। पीडितको उपचार सेती अञ्चल अस्पतालमा भयो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

सात दलले सञ्चालन गरेको आन्दोलनमा सेनाले हस्तक्षेप गरी ०६२ चैत २८ गते दिउँसो गोली चलाउँदा बाटोमा हिडिरहेका सर्वसाधरण भोजराज भट्ट, रमेश भट्ट र विनोद भट्टलाई खुट्टामा पलास्टिको गोली लागी घाइते भए।

घाइतेहरूको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

बलिया गाविस-८ निवासी पदम भण्डारी र दोर्णराज क्षेत्री ०६३ वैशाख ६ गते सात दलले सञ्चालन गरेको शान्तिपूर्ण आन्दोलनमा सहभागी भएको अवस्थामा सेनाले हस्तक्षेप गरी गोली चलाउँदा खुट्टामा पलास्टिकको गोली लागी घाइते भए। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

माओवादीबाट

हसुलिया गाविस-८ निवासी ६० वर्षीय मनिकलाल चौधरी, उनकै छोरा २० वर्षीय रामचन्द्र चौधरी र गदरिया-८ बनकनरी निवासी २५ वर्षीय चुन्नु चौधरी ०६२ माघ ३० गते माओवादीले धनगढी नपा-७ बेली जङ्गलमा राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। घाइतेहरूको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

उर्मा गाविस-७ घुरही निवासी ५५ वर्षीय कूलप्रसाद चौधरी, ४५ वर्षीय रामदैया चौधरी, २५ वर्षीय परदेशी चौधरी, २३ वर्षीय रूपादेवी चौधरी, २० वर्षीय अलीसा चौधरी, १८ वर्षीय परदेशनी चौधरी, १४ वर्षीय माधुरी चौधरी, घरभित्र बसिरहेको अवस्थामा ०६२ फागुन ४ गते बिहान माओवादीले झोलामा बोकी ल्याएको बम विस्फोटन हुँदा घाइते भए। उक्त बम विस्फोटबाट घरसमेत पूर्णरूपमा क्षति भएको थियो। सोही बम विस्फोटमा चौधरी थर भएकी एक माओवादी महिला छापामारसमेत घाइते भएकी थिइन्। पीडित परिवारका अनुसार, माओवादी महिला छापामारले झोलामा बोकेर ल्याएको सामान घरभित्र राखी खाना खान लागेको अवस्थामा अचानक विस्फोटन भएको थियो। घाइतेहरू सबैको उपचार माओवादीले नै भारतको लखनऊँमा गराए।

कन्चनपुर जिल्ला बाइसेबिचुवा गाविस-९ अमरबस्ती निवासी २२ वर्षीय केशव सापकोटा ०६२ चैत ३ गते माओवादीको गोली लागी घाइते भए। धनगढी नपा-३ स्थित त्रिनगर प्रहरी चौकीमा कार्यरत प्रहरीहरूलाई लक्षित गरी माओवादीले गोली प्रहार गर्दा बाटोमा हिंडिरहेको अवस्थामा उनको घाँटीमा गोली लागेको थियो। पीडितको उपचार भारतको लखनऊँमा गरिएको पीडित परीवारले बताए। पीडित हालसम्म पनि पूर्ण रूपमा स्वस्थ हुन सकेका छैन्।

बलिया गाविस-७ लम्की बजार निवासी ३६ वर्षीय हेमन्त बीसी ०६२ चैत ११ गते बलीयाबाट लम्कीतर्फ मोटरसाइकलमा गइरहेको अवस्थामा माओवादीले भोल्का चोक नजिकै गोली हानी घाइते बनाए। पीडितको उपचार नेपालगञ्जमा भएको थियो।

सुगुरखाल गाविस-९ पितमारी निवासी मनिराज जैशीको घरमा माओवादीले राखेर गएको विस्फोटक पदार्थ विस्फोट हुँदा ०६३ असार १६ गते बिहान उनकी ४ वर्षीया छोरी जागृती जैशी र उनकै छिमेकका ४ वर्षीया सुस्मीता धमला, ४ वर्षीय कैलाश रावल र २ वर्षीय अमृत विक घाइते भए। पीडितहरूको उपचार चिसापानीस्थित स्वास्थ्य चौकीमा भएको थियो। घरमा राखिएको बम विस्फोट हुँदा पीडित जैशीको घर क्षतिग्रस्त भएको थियो। पीडित परिवारकाअनुसार ०६३ वैशाख महिनाको पहिलो साता माओवादीले दुई दिनका लागि राखी दिनु पर्‍यो भनी केही समान घरको माथिल्लो तलामा राखेर गएका थिए। धेरै समयसम्म उक्त समान लिन कोही आएन। ०६३ असार १६

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	४	२		६	२	३	२		५	२	२			२
घाइते	७	९	१		१०	८	१४	८		२२	४	५		२	७
गिरफ्तारी/यातना											१५	४९	३	२	५४
कुटपिट	३	२	१		३	५	४	१		५	२	२			२
धम्की	२	२			२	३	३			३	२	१	१		२
भेला/संगठित हुने अधिकार											८	२४	३	३८	६५
जातीय विभेद	२	१	२		३										
महिलाअधिकार	६		६		६						१		१		१
बालअधिकार	४		४		४	१		१		१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	३		१	४	२	२			२	१			८०	८०
अमानवीय व्यवहार	२	२			२						१	१			१
अपहरण	१	१			१	१९	४८	१	१	५०					
जम्मा	३५	३४	१६	१	४१	४०	७४	१३	१	८८	३६	८४	८	१२२	३१४

गते बिहान घरमा अकस्मात ठूलो आवाज आयो र घरको तला भत्किएर भुईंमा खस्यो, सो समयमा चारजना बच्चाहरू र अन्या छिमेकीहरूसमेत घरभित्र बसेका थिए। माथिल्लो तलाबाट ढुङ्गा, माटो र टिनका पाताहरू बच्चाको टाउको र अन्य भागमा लागी घाइते भएका थिए।

बेवारिसे बम विस्फोटबाट

धनगढी नपा-१ शिवनगर निवासी ७ वर्षीय नकुल मौनाल ०६२ चैत १० गते धनगढीस्थित अपी बिद्यानिकेतन स्कुलबाट परीक्षा दिई घर फर्किने क्रममा धनगढी नपा-१ शिवनगरस्थित पुलनजिकै बेवारिसे अवस्थामा छोडिएको बम विस्फोटनमा परी घाइते भए। पीडितको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भएको थियो।

बलीया गाविस-८ लम्की निवासी ३६ वर्षीया मन्धरा भण्डारी ०६३ जेठ २४ गते बिहान लक्कीस्थित आफ्नै चिया पसलसँग जोडिएको अर्को सानो पसल अगाडि सुतली बम विस्फोटन हुदा घाइते भए। पीडितको उपचार लक्की स्थित स्वास्थ्य चौकीमा भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

बर्दिया जिल्ला शिवपुर-३ वनखेत घरभई कुमारीदल गुल्म दिपायलमा कार्यरत २१ वर्षीय सैनिक जवान भागीराम चौधरीलाई ०६२ माघ १२ गते माओवादीले कैलालीको सहजपुर गाँउबाट अपहरण गरे। पीडितलाई आफ्नो कार्यक्षेत्र दिपायल गइरहेको अवस्थामा अपहरण गरिएको थियो। पीडितलाई ०६२ फागुन ८ गते डोटीको जुनीचौतारावाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

पथरैया गाविस-५ निवासी लक्ष्मीनारायण चौधरी, बर्खुलाल चौधरी,पुरन चौधरी, रामलाल चौधरी र जुनु चौधरीलाई काठ तस्करीमा सलंग्न भएको आरोपमा ०६२ माघ २९ गते माओवादीले पथरिया वनक्षेत्रबाट उनलाई अपहरण गरे। सशक्त महिला वन उपभोक्ता समूहका महिलाहरूले काठ तस्करी गरिरहेको अवस्थामा उनीहरूलाई समातेपछि माओवादीले अपहरण गरेका थिए। पीडितहरू एक महिनापछि मुक्त भए।

पथरिया गाविस अमरावती निवासी ४० वर्षीय हर्कबहादुर रावलले गाउँमा झगडा गरेको आरोपमा ०६२ माघ २९ गते दिउँसो माओवादीले उनलाई घर छेउबाटै अपहरण गरी ०६२ फागुन ३ गते सोही ठाउँबाट मुक्त गरे।

पथरैया गाविस घर भई मालपोत कार्यालय, बर्दियामा कार्यरत खरिदार ४१ वर्षीय हर्कबहादुर रावललाई झगडा गरेको आरोपमा ०६२ माघ २९ माओवादीले कैलालीस्थित घरबाटै अपहरण गरी ०६२ फागुन २ गते सोही ठाउँबाट मुक्त गरे।



माओवादीद्वारा राखिएको बमद्वारा मृत्यु भएकी सविना चौधरी

धनगढी नपाको कार्यालयमा कार्यरत दमकल चालक कलेस चौधरी र चन्द्रसिंह पार्कीलाई ०६२ फागुन ६ गते दिउँसो धनगढी नपा-७ बेलीबाट माओवादीले अपहरण गरी फागुन ७ गते साँझ पत्रकारहरूको रोहबरमा बेलीबाट मुक्त गरे। धनगढी नपा-७ बेलीस्थित एक घरमा आगो निभाई नगरपालिकाको से १ त ५३ नम्बरको दमकल लिएर फर्किरहेको अवस्थामा दमकलसहित पीडितहरूलाई अपहरण गरिएको थियो। माओवादीले ०६३ पुस ३ गते मात्र दमकल फिर्ता गरे। दमकल बिग्रिएको अवस्थामा भएकोले चालु हालतमा ल्याउनका करिब दुई लाख रूपैयाँ बराबर खर्च लाग्ने नगरपालिका प्रमुखले बताए।

धनगढी नपा-३ स्थित जिल्ला भन्सार कार्यालय, कैलालीका कर्मचारीहरू लक्ष्मण गौतम, बमबहादुर खवास, महादेव भट्ट, हरिलाल शहा र परिचर राजेन्द्र बोहरालाई ०६२ फागुन १६ गते माओवादीले अपहरण गरे। सोही दिन कार्यालयमा चारओटा शक्तिशाली बम विस्फोटन गराएपछि पीडितहरूलाई अपहरण गरिएको थियो। अपहरितमध्ये मुखिया हरिलाल साह र परिचर राजेन्द्र बोहरालाई सोही राति माओवादीले धनगढी नपास्थित घुइयाघाँटबाट अपहरण मुक्त गरे भने अन्य तीन जनालाई इन्सेकको पहलमा फूलबारी गाविस-५ डिफूबजारबाट फागुन १९ गते मुक्त गरे।

धनगढी नपा निवासी नरबहादुर मल्ल, अछाम जिल्ला घर भई नेपालगञ्जमा अध्ययनरत चेतमान बुढा र बर्दियाका पलबहादुर केसीलाई ०६२ चैत १३ गते बिहान माओवादीले मसुरिया बजारबाट अपहरण गरी सोही दिन साँझ मसुरियाबाट मुक्त गरे। हँसुलिया गाविसस्थित सुरक्षा बेस क्याम्पमा कार्यरत आफन्तहरूलाई भेटघाट गरी घर फर्कने क्रममा पीडितहरूलाई अपहरण गरिएको थियो।

बर्दिया जिल्ला श्रीपुर गाविस-७ निवासी २३ वर्षीय सैनिक जवान चन्द्रबहादुर खत्री र श्रीपुर गाविस-३ निवासी १९ वर्षीय उदयराज पौडेललाई ०६२ चैत १४ गते माओवादीले कैलालीको गुलाराबाट अपहरण गरी एक



माओवादीद्वारा राखिएको बम विस्फोटबाट घाइते भएका बालक किरण चौधरी

हप्तापछि मुक्त गरे। मालाखेती गाविस-८ बस्दै आएका आ-आफ्ना बुबालाई भेटघाट गरी फर्कने क्रममा पीडितहरूलाई माओवादीले अपहरण गरेका थिए।

धनगढी नपा-३ मिलन चोक निवासी १४ वर्षीय विनोद लामा, १४ वर्षीय दीपक अवस्थी, धनगढी नपा-२ निवासी १४ वर्षीय सुशील खड्का र १४ वर्षीय प्रितम बिसीलाई ०६३ जेठ १० गते बिहान माओवादीले सोही ठाउँबाट अपहरण गरे। पीडितहरूमध्ये पृतम बिसी ०६३ जेठ १३ गते माओवादी नियन्त्रणबाट भागे। बाँकी तीनजनालाई ०६३ जेठ १७ गते माओवादीले कैलालीको फूलबारीबाट पीडितका आफन्तहरूको जिम्मा लगाए।

चुहा गाविस-५ बसेला निवासी २७ वर्षीय भीम बुढाले बलात्कार गरेको आरोपमा ०६३ भदौ १८ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित विगतमा माओवादीमा रहँदा बलात्कारको आरोप लागेपछि माओवादी पार्टी परित्याग गरी भारततिर गएका थिए। युद्धविरामपछि घर फर्किएको समयमा उनलाई अपहरण गरिएको थियो। पीडित ०६३ भदौ १९ गते माओवादीको नियन्त्रणबाट भागे।

दोदोधारा गाविस-७ निवासी २२ वर्षीय मिठ्ठू भूल, २५ वर्षीय यकेन्द्र मल्ल र २० वर्षीय दीपेन्द्र बुढाले माओवादीको झन्डा र कार्यालय तोडफोड गरेको आरोपमा ०६३ भदौ १८ गते राति उनीहरूलाई माओवादीले उनीहरूकै घरबाट अपहरण गरी कुटपिट गरे । पीडितहरूलाई ०६३ भदौ १९ गते उनीहरूकै घरमा पुऱ्याएर मुक्त गरे।

डोटी जिल्ला बुडर गाविस-३ निवासी मिनिवस व्यवसायी समिति, कैलालीका बस स्टाफसमेत रहेका २६ वर्षीय पूर्णबहादुर मल्ल, २२ वर्षीय किशोर साउद र २० वर्षीय अनिल मल्लले हुम्ला घर भएकी एक महिलालाई धनगढी आएको बेलामा बलात्कार गरेको अरोप लागाई ०६३ भदौ २० गते माओवादीले उनीहरूलाई धनगढीबाट अपहरण गरे। पीडितहरूलाई ०६३ कात्तिक २२ गते बस तथा मिनिवस व्यवसायी कैलालीका अध्यक्ष टेकराज जोशी र सञ्चारकर्मीको रोहबरमा अत्तरियाबाट मुक्त गरे।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणी को करागार रहेको छ। ७० जनाको क्षमता रहेको यस जेलमा कैद तोकिएका ४१ जना पुरुष र तीनजना महिला छन्। कैद नतोकिएका थुनुवाहरूमध्ये २७ पुरुष र १ महिला गरी जम्मा २८ जना छन्। कैद तोकिएका र नतोकिएका गरी जम्मा संख्या ७२ रहेको छ। जेलको क्षमता भन्दा दुई जना बढी बन्दीहरू रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टिभि र खेलकुदका सामग्री उपलब्ध छन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

धनगढी नपा-३ बोराडाडी निवासी रिक्सा चालक युनियन कैलालीका जिल्ला उपाध्यक्ष घनश्याम चौधरी आफ्नो घरतर्फ गइरहेको अवस्थामा ०६२ फागुन ३ गते साझा धनगढी नपा-३ बोराडाडी स्थित सैन्य चेकपोष्टमा खटिएका सैनिक जवानहरूले रिक्सा नरोकेको अरोपमा कुटपिट गरी घाइते बनाए। घाइते चौधरीको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

माओवादीबाट

मुनुवा गाविस-७ घरभई धनगढीमा रिक्सा चलाउदै आएका २० वर्षीय बुधराम चौधरीले बन्दको अवज्ञा गरेको आरोपमा ०६२ माघ २४ गते माओवादीले धनगढी नपा-३ भान्सार रोडमा कुटपिट गरी उनको खुट्टा भाँचे। पीडितको उपचार नेपालगञ्जमा भएको थियो।

धनगढी नपा-४ पुरानो भन्सार रोड निवासी ४० वर्षीय रघुनाथ साँउदलाई ०६३ जेठ ६ गते माओवादीले पत्रमार्फत, माओवादीको जनअदालतमा अनिवार्य उपस्थित हुन धम्की दिए।

टिकापुर नपा-९ निवासी ३५ वर्षीया चन्द्रकला देवकोटाले एक कामदार बालिकाको पारिश्रमिक नदिएको आरोपमा ०६३ साउन १९ गते उनलाई माओवादीले आफ्नो कार्यालयमा बोलाई बेहोस हुने गरी कुटपिट गरे। पीडितको उपचार टिकापुर अस्पतालमा भयो।

डडेल्धुरा जिल्ला भद्रपुर गाविस-५ जुनपालका ट्रक चालक ४० वर्षीय कृष्णबहादुर मल्लले माओवादीले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६३ पुस ४ गते माओवादीले कैलाली जिल्लाको सहजपुरमा उनलाई कुटपिट गरे। पीडित से १ ख ३३१ नम्बरको ट्रक चलाएर

डडेल्धुराबाट धनगढीतर्फ आइरहेको अवस्थामा कैलालीको सहजपुरमा माओवादीले कुटपिट गरेका थिए।

गैरकानुनी गिरफ्तारी

मानपुरटपरा गाविस-४ निवासी २५ वर्षीया सुमी चौधरी माओवादी भएको आरोपमा ०६२ पुस २४ गते सुरक्षाकर्मीले कैलाली जिल्लाको रामपुरबाट उनलाई गिरफ्तार गरे। हाल उनी रिहा भएकी छन्।

खैलाड गाविस-१ धनौरा निवासी १९ वर्षीय बिनिता चौधरी माओवादी भएको आरोपमा ०६२ पुस २४ गते दिउँसो टीकापुर नपा-६ बाट सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडित ०६३ जेठ २ गते जिल्ला कारागार, कैलालीबाट रिहा भइन्।

हसुलीया गाविस हरिनगर निवासी साथी भनिने २७ वर्षीय बुद्धिराम चौधरी, बसौटी गाविस निवासी रमेश भनिने २० वर्षीय सुरज चौधरी र उदासीपुर गाविस निवासी १८ वर्षीया रीता चौधरी माओवादी भएको आशंकामा ०६२ चैत ६ गते सर्चमा गएका सुरक्षाकर्मीहरूले उर्मा गाविसको उर्मा गाउँबाट उनीहरूलाई गिरफ्तार गरी कारागार चलान गरे। पीडितहरू ०६३ जेठ २ गते जिल्ला कारागार कैलालीबाट रिहा भए।

फूलबारी गाविस-३ नकुलीपुर निवासी १६ वर्षीय रामकरण चौधरी, २२ वर्षीय शिवकुमार चौधरी र दरख गाविस-७ निवासी २२ वर्षीय मुन्सीराम चौधरीले माओवादी भएको आशङ्कामा ०६२ फागुन २४ गते टीकापुर नपा-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ फागुन २९ गते इलाका प्रहरी कार्यालय टीकापुरबाट मानवअधिकरकर्मी र पत्रकारको रोहबरमा रिहाई गरी आफन्तको जिम्मा लगाइयो।

गदरिया गाविस-९ देवीगञ्ज निवासी २४ वर्षीय बुद्धिराम चौधरीलाई ०६२ माघ ३ गते धनगढी नपा-५ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले हसनपुरबाट गिरफ्तार गरे। उनलाई ०६२ माघ १० गते जिल्ला कारागार, कैलालीमा राखियो। पीडित ०६३ जेठ २ गते जिल्ला कारागार कैलालीबाट रिहा भए।

माओवादीका दयाराम बैद्यलाई सुरक्षाकर्मीले ०६२ फागुन १ गते बिहान धनगढी नपा-७ बेलीबाट गिरफ्तार गरी जेल चलान गरे। उनलाई ०६३ जेठ २ गते जिल्ला कारागार, कैलालीबाट रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चौमाला गाविस-७ कुचौनी निवासी नेविसंघ (प्रजातान्त्रिक) का २४ वर्षीय लोकेन्द्र शाहीलाई जनआन्दोलनमा सहभागी भई राजतन्त्रको विरोध गरेको आरोपमा ०६२ चैत २५ गते पार्क मोड नजिकै प्रहरीले लाठी चार्ज गरी घाइते बनाए। घाइतेको उपचार सेती अञ्चल अस्पतालमा गरिएको थियो।

बझाङ जिल्लाको मटेला गाउँ घर भई धनगढीस्थित ऐश्वर्य विद्यानिकेतनमा आइ.एस.सी. दोस्रो वर्षमा अध्ययनरत १९ वर्षीय सिंहराज जोशी ०६२ चैत २९ गते आन्दोलनमा लागेको आरोपमा प्रहरीले धनगढी बजारबाट गिरफ्तार गरी हिरासतमा राखे। मानवअधिकारकर्मी र पत्रकारहरूको पहलमा पीडित ०६२ चैत ३१ गते मुक्त भए। कुटपिटबाट गम्भिर घाइते भएका पीडितको उपचार भारतको लखनऊँमा भएको थियो।

सात दलले सञ्चालन गरेको शान्तिपूर्ण आन्दोलनमा सहभागी भएका लोकनाथ सिंग्देल, राजु पन्त, लक्षीराम कुँवर, टेकेन्द्र बम, रमेश शिवाकोटी, निर्मल कार्की, महेशकुमार सिंह, रामस्वरूप चौधरी, प्रदीप उप्रेती, पदमकुमार सिंह,अनिल चौधरी, शिवराज मैनाली, दीपक बुढाथोकी, सन्तोष गैरे, तीर्थबहादुर रोकाय, सोमेश केसी, हर्कबहादुर विष्ट, झिलेन्द्र ढुंगेल, रमेश बिष्ट, दल भट्टराई र बिष्णु सार्कीलाई ०६२ चैत ३० गते प्रहरीले गिरफ्तार गरी ०६३ वैशाख ११ गते जिल्ला कारागार कैलालीबाट रिहा गऱ्यो।

'निरंकुशता' विरुद्धको शान्तिपूर्ण आन्दोलनमा ०६२ चैत २९ गते बिहान जनमोर्चाका ५० वर्षीय चन्द्रवदन श्रेष्ठ, नेकाँका गौरी मल्ल र कल्पना बरााललाई ०६२ चैत २९ गते प्रहरीले सात दलले सञ्चालन गरको आन्दोलनको क्रममा धनगढी नपाबाट गिरफ्तार गरी सोही दिन जेल चलान गऱ्यो। पीडितहरूलाई ०६३ वैशाख ११ गते कारागारबाट मुक्त गरीयो।

जनमोर्चा कैलालीका अध्यक्ष ओमप्रकाश पुनलाई ०६२ चैत २४ गते शान्तिपूर्ण आन्दोलनमा सहभागी भइरहेको अवस्थामा प्रहरीले धनगढीको एल.एन.चोकबाट गिरफ्तार गरी सोही दिन जिल्ला कारागार चलान गऱ्यो।



कारागार आक्रमणको क्रममा माओवादीको गोली लागी घाइते भएका धर्मराज थापा



कारागार आक्रमणमा माओवादीको गोली लागी घाइते भएका मीनबहादुर रावल

पीडितलाई ०६३ वैशाख १० गते कारागारबाट रिहा गरियो।

धनगढी नपा-२ शान्तिनगर निवासी २३ वर्षीय प्रयागराज जोशीले नगरनिर्वाचनको विरोध गरेको आरोपमा ०६२ माघ २६ गते प्रहरीले उनलाई गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

फूलबारी गाविस-५ ई गाउँ निवासी अनेरास्ववियु कैलालीका जिल्ला कोषाध्यक्ष भुवन रिजाल र सोही ठाउँ निवासी लोकबहादुर खत्रीले शाही घोषणाको विरुद्धमा जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ माघ १९ गते प्रहरीले धनगढीस्थित सेती अञ्चल अस्पताल अघिल्तिरबाट गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

बाजुरा जिल्ला कुलदेवमाडौं गाविस-१ खेटालवाडा निवासी नेविसंघ (प्रजातान्त्रिक) का २१ वर्षीय कृष्ण रावतलाई ०६२ माघ १७ गते साँझ, नगर निर्वाचनको विरोधमा जुलुस प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय राखी पीडितलाई भोलिपल्ट रिहा गरे।

एमाले अञ्चल कमिटी सचिव दिनेशचन्द्र सुवेदी, एमालेकै रणबहादुर चन्द, नेकाँका केन्द्रीय सदस्य सुनिल भण्डारी, नेकाँकै लोकबहादुर खत्री, प्रेम जोशी, विरबहादुर हमाल, प्रायुसंघका भरत जिसी र अनेरास्वियुका केशव रावलले नगर निर्वाचनको विरोध गरेको आरोपमा ०६२ माघ १३ गते बिहान उनीहरूलाई प्रहरीले गिरफ्तार गरी जिल्ला कारागार चलान गऱ्यो। पीडितहरू ०६३ वैशाख ११ गते जेल रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियावादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका जम्मा मुद्दा ४७ ओटा, यो वर्ष दर्ता भएका १४ ओटा, जसअनुसार जम्मा ६१ रहे। यीमध्ये यो वर्ष फर्स्यौट भएका १३ ओटा मुद्दा र फर्स्यौट नभएका ४८ मुद्दा रहेका छन्।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६८ ओटा, यो वर्ष दर्ता भएका १३ ओटा समेत गरी जम्मा ८१ ओटा मुद्दा, तीमध्ये यो वर्ष फर्स्यौट भएका जम्मा १५ ओटा, यस अनुसार यो शिर्षकमा बाँकी मुद्दा जम्मा ६६ ओटा रहेका छन्।

यसैगरी देवनीतर्फ गत वर्षको जिम्मेवारी सरेर अएका १ सय ३३ ओटा मुद्दा, यो वर्ष दर्ता भएका २७ ओटा मुद्दा, जम्मा गरेर १ सय ६० छन्। जसमध्ये फर्स्यौट भएका १६ र फर्स्यौट नभएका १ सय ४४ बाँकी रहेका छन्।

यस वर्षको अन्त्य सम्ममा फर्स्यौट हुन बाँकी रहेका जम्मा मुद्दा २ सय ५८ ओटा छन्। तीमध्ये पाँच वर्ष नाघेका मुद्दाको संख्या दुनियावादी फौजदारी एउटा, सरकारवादी फौजदारी ११ ओटा, देवानी एउटा गरी जम्मा १३ ओटा छन्।

बालअधिकार

धनसिंहपुर गाविसको झुंगा गाउँ निवसी १५ वर्षीया एक बालिकालाई ०६३ भदौ १० गते राति माओवादीका अशोक चौधरीले बलात्कार प्रयास गरे। पीडकलाई धनसिंहपुर गाविस र नारायणपुर गाविसका स्थानीय बासिन्दाहरूले ०६३ भदौ ११ गते नियन्त्रणमा लिई मोसो लगाई गाउँ परिक्रमा गराई सोही दिन माओवादीसमक्ष बुझाए।

बझाङ्ग जिल्ला सुनकाडा गाविस-३ निवासी १७ वर्षीय कमल अधिकारी, १६ वर्षीय उमेश अवस्थी र १५ वर्षीय विकम अवस्थीले ०६३ मंसिर ४ गते माओवादीले अपहरण गरे। अपहरणपछि उनीहरूलाई मसुरीया-२ स्थित माओवादी सेनाको अस्थायी शिविरमा पुऱ्याईएको थियो। पीडितहरू ०६३ मंसिर ७ गते मुक्त भए।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

गदरिया गविस भगतपुर निवासी ५१ वर्षीय एक महिलालाई सोही ठाउँ बस्ने गरुवा गौरीलाल चौधरी, धनीराम चौधरी, तिहारलाल चौधरी, तुल्सीराम चौधरी र गोमाबहादुर चौधरीले बोक्सीको आरोप लगाई ०६३ भदौ ३० गते दिसा खुवाए। पीडकहरूलाई माओवादीले नियन्त्रणमा लिई पीडित चौधरीको खुट्टा ढोग्न लगाई माफ मगाए। साथै पीडकहरूलाई श्रम कारवाहीका नाममा गदरिया र फूलबारी गाविसको बीचमा पर्ने पुलमा माटो पुर्न लगाए।

बलात्कार/बलात्कार प्रयास

अत्तरिया स्थित रेन्जपोष्टको पछाडि रहेको मुक्त कमैया शिविरमा बस्ने २६ वर्षीय एक महिलालाई ०६२ चैत ११ गते राति अत्तरिया स्थित गोरखनाथ गणका २२ वर्षीय

सैनिक जवान दिपेन्द्र ऐरले बलात्कार गर्ने प्रयास परे। पीडकले महिलालाई बलात्कार गर्न खोज्दा मुक्त कमैयाहरूले आफ्नो नियन्त्रणमा लिएर रातभर रुखमा बाधेर राखेका थिए। भोलिपल्ट पीडकलाई अत्तरियास्थित अञ्चल प्रशासन कार्यालयमा बुझाइएको थियो। तत्कालीन अञ्चल प्रशासकले पीडकलाई कारवाही गर्ने बताएका थिए। तर कारवाही भए नभएको सार्वजनिक भएन।

मसुरिया गाविस-७ शंकरपुरकी ६० वर्षीया एक महिलालाई सोही ठाउँ बस्ने २३ वर्षीय बीरबहादुर विकले ०६३ कात्तिक ३० गते राति पीडितकै घरनजिकै बलात्कार गरे। बलात्कारपश्चात् स्थानीय व्यक्तिहरूले पीडकलाई समातेर मोसो दली जुत्ताको माला लगाई मसुरीया बजार परिक्रमा गराएका थिए। पीडकलाई स्थानीय बासिन्दाहरूले आम आफी दिएका थिए।

सबै प्रकारका जातीय विभेद

धनगढी नपा-१२ जुगेडा निवासी ७० वर्षीया बेलुदेवी विकलाई सोही ठाउँ बस्ने धनबहादुर शाही, नरबहादुर शाही र चन्द्रबहादुर कोइरालाले ०६२ फागुन ४ गते आफूहरूलाई चोरीको आरोप लगाएको भन्दै कुटपिट गरे। पीडकहरूले विगत लामो समयदेखि पीडितलाई डूम भनेर वेइज्जत गर्दै आएको पीडितले बताइन्। कुटपिटबाट घाइते भएकी बेलुदेवीको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

गेटा गाविस-३ सृजनसिल टोल निवासी २४ वर्षीया सरिता विक र ३३ वर्षीया गोमादेवी विक (बुढाथोकी)ले बोरिङ्गको धाराको पानी छोएको आरोपमा ०६३ साउन २३ गते सोही ठाउँ बस्ने ४५ वर्षीया कुश्मादेवी यादवले प्रेसर कुकरले टाउकोमा प्रहार गरी घाइते बनाईन्। पीडकले डूम भन्दै गाली गलौज गरिन्। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो। पीडकलाई कुनै कारवाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

धनसिंहपुर गाविस-४ झुंगा निवासी ६५ वर्षीय गोबिन्द प्रसाद श्रेष्ठको घरमा ०६३ कात्तिक ९ गते माओवादीले लुटपाट गरे। माओवादीले पीडितको घरबाट से.१.तं नम्बरको रसियन टेक्टर, काठका दराज, टेबुल, कुर्सी, पलङ्ग, तखता र भाँडाकुँडा लुटेर लगे। इन्सेक तथा स्थानीय पत्रकारहरूको पहलमा ०६३ कात्तिक १० गते माओवादीले श्रेष्ठको सामान टुटफुट भएको अवस्थामा पीडितकै घर पुराइ दिए।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका दुईजना महिला र १५ जना पुरुष गरी जम्मा १७ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा नारायणपुर गाविस-८ निवासी जानकी चौधरी, रामशिखरझाला गाविस-१ निवासी नारायण चौधरी, बिनोद चौधरी, ज्ञानेन्द्र हमाल, मसुरीया गाविस-१ कुमारी दमाई, भजनी गाविस निवासी कुसम चौधरी, धनगढी नपा-१२ सरस्वतीटोल निवासी यज्ञराज अवस्थी, कोटातुल्क्षीपुर गाविस-४ बाधुराम डरौरा, धनगढी नपा-८ निवासी खुशीराम चौधरी, महुन्याल गाविस-५ निवासी करन सिंह घर्तीमगर, जोशीपुर गाविस निवासी देशराज चौधरी, पण्डौन गाविस-५ निवासी मिनबहादुर बुचामगर, बलिया गाविस-५ निवासी भुपेन्द्र मल्ल, रतनपुर गाविस-६ निवासी धर्मबहादुर चौधरी, रतनपुर गाविस-६ निवासी हनुमान चौधरी, बृजलाल चौधरी र पवेरा गाविस-६ वैसपुर निवासी आशाराम चौधरी रहेका छन्।

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म माओवादीद्वारा अपहरण गरी बेपत्ता पारिएका एकजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकामा रामशिखरझाला गाविस-८ दवकलिया निवासी २५ वर्षीय मानबहादुर बम रहेका छन्।

५.२ अछाम



जनसंख्या : २,४५,८६५
साक्षरता प्रतिशत : ३८
महिला साक्षरता प्रतिशत : १९
क्षेत्रफल (वर्ग कि. मि.) : १६८०
गाविस/नपा संख्या : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७७
क्याम्पस/उच्च मा.वि. : २/४
अस्पताल/स्वास्थ्य चौकी : २/७६
टेलिफोन लाइन : २३
मोटर सडक (कि. मि.) : ८६
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ७९
मानव विकास सूचकाङ्क : ०.३५०
प्रति परिवार सरदर संख्या : ५.५९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

आफ्नै बमबाट

जुपु गाविस-३ स्थित कालिका माबि व्यवस्थापन समितिका अध्यक्ष टङ्क रावल, जुपु स्वास्थ्य चौकीका अहेव धर्मराज धिताल, माओवादीका ध्रुव भण्डारी, हिरण्य भण्डारी र वान्नातोली गाविस निवासी बजिरसिंह टमटाको ०६२ फागुन १६ गते मङ्गलसेन गाविसको नागातोलामा ध्रुव भण्डारीले बोकेको बम विस्फोट हुँदा घटनास्थलमा नै मृत्यु भयो। सोही घटनामा जुपु गाविस-३ निवासी हेमराज रावल र रमेश रावल घाइते भए।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको जिल्ला कारागार छ। ०५८ सालमा माओवादीले आक्रमण गरेपछि कारागार भत्केको अवस्थामा भएका कारण बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयको बङ्करमा राखिने गरिएको छ। हाल यस कारागारमा नौ पुरुष र एक महिला गरी जम्मा १० जना थुनुवाहरू मात्र रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री उपलब्ध छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जनालीवडाली गाविस-१ निवासी २३ वर्षीय मोतीराम भण्डारी, ३० वर्षीय मोती भण्डारी र २२ वर्षीय भोज भण्डारी र गोरखा जिल्ला लाप्राक गाविस-९ निवासी ३५ वर्षीय रवीन्द्र गुरुङ्गले मदिरा विक्री वितरण गरेको आरोपमा ०६२ माघ २४ गते माओवादीले उनलाई जनालीवडाली गाविसको ठूलासैन बजारबाट अपहरण गरी १० हजार रूपैयाँ लिई ०६२ चैत २ गते मुक्त गरे।

चण्डिका गाविस-३ निवासी ठेकदार ललित कुँवरले भ्रष्टाचार गरेको आरोपमा ०६२ माघ २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरे। यस अघि पनि पीडितलाई माओवादीले पटक-पटक अपहरण गरेका थिए।

नाडा गाविस-४ बुदे निवासी कालिकेश्वरी माबि कक्षा ९ मा अध्ययनरत छात्र १७ वर्षीय डिलेन्द्र सेनामा भर्ना हुन गएको आरोपमा ०६२ फागुन ६ गते माओवादीले उनलाई वीरपथ गाविसको गैरीटाढ बजारबाट अपहरण गरी एक महिनापछि मुक्त गरे।

मष्टावडाली गाविस-२ जाल्पादेवी प्राविका शिक्षक टंकप्रसाद जैशीले भ्रष्टाचार गरेको आरोपमा ०६३ वैशाख ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितबाट ४० हजार रूपैयाँ लिई सोही दिन मुक्त गरे।

चाल्सा गाविस-४ निवासी जगनाथ जैशीले पहल साउदको हत्या गरेको आरोपमा ०६३ असार १६ गते माओवादीले उनलाई वीरपथ गाविसको खानीडाँडाबाट अपहरण गरे। पीडित माओवादीको श्रम शिविरबाट भागे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मङ्गलसेन गाविस-१ निवासी २२ वर्षीय चक्रबहादुर साउदले आफ्नै विद्यार्थीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ माघ ११ गते जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर उपेन्द्रपुरुष तिमिल्सेनाले मार्ने धम्की दिए।

नेपाल बालवालिका तथा महिला सहकार्य नेपाल, अछामका कार्यक्रम संयोजक ३० वर्षीय चेतराज

उपाध्यायलाई जनआन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ९ गते प्रहरीले थुन्ने धम्की दिए।

माओवादीबाट

विनायक गाविस-२ निवासी नवराज शाही र सोही गाविस-१ निवासी रणबहादुर धामीले भ्रष्टाचार गरेको आरोपमा ०६२ माघ २३ गते माओवादीले उनीहरूलाई कुटपिट गरी मुखमा मोसो दली गाउँ घुमाए।

माओवादी एरिया इन्चार्ज ममता भण्डरी र बीरबहादुर खड्काबीच अवैध सम्बन्ध रहेको आरोपमा ०६३ वैशाख १३ गते माओवादीले उनीहरूलाई विन्ध्यवासिनी गाविसको मेल्लेख बजारमा कुटपिट गरे।

बस्ती गाविस-९ निवासी एमालेका लालबहादुर थापालाई ०६३ जेठ ७ गते र बस्ती गाविस-२ निवासी दुर्गाप्रसाद जैशीलाई ०६३ वैशाख १८ गते सात दलको कार्यक्रममा गएको आरोपमा माओवादीले घर छोड्नुपर्ने तथा राजनीति गर्न नपाउने भनी धम्की दिए।

कुइका गाविस-४ निवासी २६ वर्षीय शेरबहादुर चलाउनेले शाहीको छोरी विहे गर्न लागेको आरोपमा ०६३ मंसिर १६ गते बीरपथ गाविसका माओवादी गाजस प्रमुख दान शाही र नेत्र शाहीलगायत ४० जनाको एक समूहले चलाउनेलाई धारिलो हतियार प्रहार गरे। पीडितको उपचार मङ्गलसेन जिल्ला अस्पतालमा भएको थियो।

अन्यबाट

माओवादी कार्यकर्ताहरू कुस्कोट गाविस निवासी २० वर्षीय डम्बर साउद, धमेन्द्र साउद र दर्ना गाविसका आजातले मदिरा नियन्त्रण गर्न जाँदा चन्दा मागेको आरोपमा ०६३ जेठ २० गते मङ्गलसेनगाविसका स्थनीय बासिन्दाले उनीहरूलाई कुटपिट गरे।

कुइका गाविस-१ निवासी चाल्साका माओवादी गाजस प्रमुख रंगप्रसाद तिमिल्सेनाले मदिरा खोसी खाएको र पैसा नदिएको आरोपमा ०६३ मंसिर १६ गते चाल्सा गाविस-२ निवासी तुले विकले उनलाई चाल्सा गाविसमा कुटपिट गरे। पीडितले दुई महिना अघि खाएको २४० रूपैयाँ बराबरको रक्सीको पैसा तिरेका थिएनन्।

मष्टावडाली गाविस-९ निवासी माओवादी गाजस प्रमुख कृष्ण रावत र गोविन्द रावतलाई ०६३ मंसिर १७ गते सोही गाविसका गोपी स्वाँर, रंग स्वाँर, बलराम स्वाँर, रतन भण्डारीलगायत को एक समूहले मदिरा सेवन गरी कुटपिट गरे। पीडितहरूको उपचार मङ्गलसेन जिल्ला अस्पतालमा भयो।

गैरकानुनी गिरफ्तारी

चण्डिका गाविस-७ निवासी २३ वर्षीय वीरेन्द्र कुँवर र सोही गाविस निवासी २३ वर्षीय तेजबहादुर बोहरा माओवादी भएको आरोपमा ०६२ चैत २३ गते सशस्त्र प्रहरीले साँफेबगरबाट गिरफ्तार गरे । तेजबहादुर सोही राति र वीरेन्द्र ०६३ वैशाख १६ गते रिहा भए।

सदरमुकाम मङ्गलसेनमा एसएलसी परीक्षा दिन आएका विद्यार्थीहरू चिरञ्जीवी न्यौपाने, खगेन्द्र न्यौपाने, हस्ते भण्डारी, शेरबहादुर भूल, तेजबहादुर ढकाल, शेरबहादुर बुढा, केशव न्यौपाने र नवराज जोशीलाई ०६२ चैत २३ गते सुरक्षाकर्मीले जनालीवडाली गाविसको ठूलासैन बजारबाट गिरफ्तार गरे। शेरबहादुर बुढा र केशव न्यौपाने चैत २७ गते, अन्यलाई ०६२ चैत २४ गते नै रिहा भइसकेका थिए।

दर्ना गाविस पानीखाला निवासी लल्त्या साउद माओवादी भएको आरोपमा ०६२ चैत २३ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडितलाई सदरमुकाम मङ्गलसेन पुऱ्याएर भोलिपल्ट रिहा गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					१	५			५					
घाइते					१	३			३					
गिरफ्तारी/यातना										४	१३			१३
कुटपिट	३	४		४	४	५	३		७	१	१			१
धम्की					३	३			३	३	३			३
भेला/संगठित हुने अधिकार										६	५८	१	३८	९७
महिलाअधिकार	३		३	३										
बालअधिकार	१		१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३			३	३					
अमानवीय व्यवहार	१	१	१	३										
अपहरण					५	८			८					
जम्मा	७	५	५	१०	१६	३३	३	३	३७	१३	७३	१	३८	११३

कालिका गाविस-३ निवासी २७ वर्षीय नारायणप्रसाद उपाध्याय र दर्ना गाविस निवासी विन्दवासिनी माविका शिक्षक नैनबहादुर शाह माओवादी भएको आरोपमा ०६३ वैशाख ६ गते सुरक्षाकर्मीले उनीहरूलाई मङ्गलसेनबजारबाट गिरफ्तार गरे। पीडित उपाध्याय ०६३ वैशाख १० गते र शाह वैशाख १३ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला बार इकाइका अध्यक्ष चंख साउद, लाईफ नेपालका अध्यक्ष वलबहादुर कुँवर ,मदन कुँवर, कृष्ण शाही, प्रेमबहादुर शाही, पुष्पराज शर्मा, यज्ञराज ढुंगाना, गणेश ढुँगाना, नरेन्द्र रावल, लक्ष्मी सोव, शिवराज ढुंगाना, एमालेका शेरबहादुर कुँवर, पदम बोहरा, ध्रुर्व कुँवर, नेकाँका डण्डी भाट ,अनेरास्ववियु केन्द्रीय सदस्य चन्द्र बोहरा, जिल्ला अध्यक्ष लीला केसी, प्रायुसंघ जिल्ला कमिटी सचिव हिरण्यप्रसाद भट्टराई र नेकाँ(प्रजातान्त्रिक) का पदमबहादुर शाहीलाई ०६२ माघ १९ गते विरोध कार्यक्रममा गरिरहेको अवस्थामा सुरक्षाकर्मीले सदरमुकाम मङ्गलसेन बजारबाट गिरफ्तार गरी सोही दिन दुई घण्टापछि रिहा गरे।

एमाले जिल्ला कमिटी सचिव शेरबहादुर कुँवर, उपसचिव पदम बोहरा, सदस्य भरत साउद कमलराज तिमिल्सेना, कटक साउद, भीम जनाला, नरराज अधिकारी, मना अधिकारी, चन्द्र बोहरा, लीला केसी, हिरा केसी, कृष्ण साउद, हर्क बीसी, यज्ञ बोगटी, हिरण्य भट्टराई, नेकाँका डण्डी भाट, वीरेन्द्र स्वाँर, रण रावल, नेकाँ(प्रजातान्त्रिक)का नैनसिंह बोगटीलाई प्रजातन्त्र दिवसको अवसरमा विरोध कार्यक्रममा संलग्न रहेको आरोपमा ०६२ फागुन ७ गते सुरक्षाकर्मीले मङ्गलसेन बजारबाट गिरफ्तार गरे। सबैजना सोही दिन वेलुका रिहा भए।

पूर्ण प्रजातन्त्रका लागि निकालिएको विरोध जुलुसमा प्रदर्शनकारीहरू शेरबहादुर कुँवर, पदम बोहरा, भरत साउद, कमलराज तिमिल्सेना, कटक साउद, भीम जनाला, नरराज अधिकारी, मना अधिकारी, चन्द्र बोहरा, लीला केसी,हिरा बोहरा, कृष्ण साउद, हर्क वीसी, यज्ञ बोगटी, हिरण्य भट्टराई, पुष्प शाही, डण्डी भाट, वीरेन्द्र स्वाँर, रण रावल र नैनसिंह बोगटीलाई ०६२ चैत ७ गते सुरक्षाकर्मीले सदरमुकाम मङ्गलसेनबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

जनआन्दोलनका क्रममा गोविन्द्र शाह, शेरबहादुर कुँवर, ध्वजबहादुर कुवँर, टीकाराम खनाल, पदम बोहरा, नयनसिंह केसी, बलबहादुर कुँवर, नन्द कडायत, भरत साउद, ध्रुर्वा कुँवर, नम शाही, अर्जुन ताम्राकार, गोन्द्रि कुँवर,चेतमान रावल, प्रेमप्रसाद तिमिल्सेना, कालु कुमाल, लिला केसी, छत्र बोगटी, कम्मान चलाउने, विष्णु थ्यात, विरेन्द्र स्वाँर, डण्डी भाट, भीम जनाला, पुष्प शाह, चन्द्र बोहरा, कटक साउद, लक्ष्मण स्वाँर, सहदेव ढुंगाना, प्रेमप्रसाद बुढा, नृप कुँवर, शिव उपाध्याय र जनक रावललाई ०६२ चैत २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू सोही दिन रिहा भए।

जनआन्दोलनका क्रममा प्रदर्शनकारीहरू गोविन्द शाह, राजन कुँवर, हर्षप्रसाद भट्ट, लक्ष्मण खड्का, नृप कँवर, चेतराज खड्का र जंग विक, तर्कराज भण्डारी, रूपराज भट्ट, चेतराज महत्ता, प्रेम रावल, लोग बहादुर बोगटी, टक्कर कडायत, मीन कुँवर, गंगा कुँवर, महेश कुँवर, मक कुँवर, बासुदेव सुवेदी, अम्मर खड्का, रेवन्त भूललाई ०६२ चैत ३० गते सुरक्षाकर्मीले साफेवगरबाट गिरफ्तार गरे। सोही घटनामा प्रहरीले कुटपिट गर्दा १४ जना घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा एक रहेकोमा सो फर्स्यौट भयो। यो वर्ष दर्ता भएको एउटा गरी यो वर्षको अन्त्यसम्म बाँकी रहेको दुनियावादी फौजदारी मुद्दा दुईटा। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको बाँकी रहेका दुईटा र यो वर्ष दर्ता भएका पाँचओटा गरी जम्मा सातओटा बाँकी रहे। देवानी मुद्दा यस अदालतमा छैनन्। पाँच वर्ष नाघेका सरकारवादी एउटा र देवानी एउटा गरी दुईओटा रहेका छन्।

बालअधिकार

मङ्गलसेन-५ निवासी १६ वर्षीया एक विद्यार्थीलाई ०६२ माघ १० गत शोडषा उच्चमाविका शिक्षक चक्रबहादुर साउदले घुम्न जाउँ भन्दै विराल्तोली भन्ने ठाउँमा लगेर बलात्कार गरे। पीडक जेलमा छन्।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

कालिकास्वटा गाविस-१ निवासी मना माझीलाई ०६३ मंसिर १ गते पति नरबहादुर माझीले कुटपिट गरे। पीडितलाई पडित बिगत २० वर्षदेखि कुटपिट गदै आएको भन्दै पीडितले स्थानीय पारालिगल कमिटीमामार्फत उजुरी हालेकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुमबासी समस्या असक्त भत्ता आदि संरचना क्षति

सशस्त्र प्रहरीवल बेश क्याम्प साफेबगर, तारबाडभित्र ०६२ माघ २३ गते माओवादीले प्रेसरकुकर बम विस्फोट गराए। विस्फोटबाट कुनै मानवीय क्षति भएन।

शोडषा उच्च माविको प्राङ्गणमा ०६२ माघ २३ गते माओवादीले बम विस्फोट गराउँदा विद्यालय भवनमा क्षति भयो। माओवादीले आयोजना गरेको विद्यालय बन्द कार्यक्रममा विद्यालय खुल्ला गरेको आरोपमा बम विस्फोट गराइएको थियो।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका पाँचजना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा भागेश्वर गाविस-७ निवासी दिपेन्द्र बोहरा, ठाटी गाविस निवासी शैलेन्द्र शाह, विरपथ गाविस-६ निवासी भीम बहादुर शाही, विरपथ गाविस-५ निवासी छत्रबहादुर शाही र लुग्रा गाविस-३ पुडासैनका चन्द्रराज पाण्डे रहेका छन्।

५.३ डोटी



जनसंख्या : २,२५,३६८
साक्षरता प्रतिशत : ४३
महिला साक्षरता प्रतिशत : २०
क्षेत्रफल (वर्ग कि. मि.) : २०२५
गाविस/नपा संख्या : ५०/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३२६
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : ४/५१
टेलिफोन लाइन : ५००
मोटर सडक (कि. मि.) : २३५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ५३
मानव विकास सूचकाङ्क : ०.४२०
प्रति परिवार सरदर संख्या : ६.१८

गोली / बम / विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

लक्ष्मीनगर गाविस-३ सिराड निवासी १७ वर्षीय प्रवीन रोका मगर ०६२ चैत १२ गते घरमा माओवादीले छोडेको विस्फोटक पदार्थ चलाउँदा विस्फोट भइ घाइते भए। विस्फोटबाट पीडितको दाहिने हातको बुढी औँला छुट्टिनकासाथै हात, छाती, मुख र खुट्टामा छर्रा लागेको थियो। पीडितको उपचार स्थानीय स्वास्थ्य संस्थामा भयो।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। यस कारागारको क्षमता १ सय जनाको छ। यस जेलमा हाल एक महिला र १० पुरुष बन्दी रहेका छन्। जेलमा खानेपानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री उपलब्ध छ।

बेपत्ता / अपहरण

माओवादीबाट

दुर्गामाडौ गाविस-९ निवासी दुर्गा प्रावि काफलीका शिक्षक २५ वर्षीय डबलबहादुर बिष्ट र रानागाउँ गाविस-१ जमलकटिया निवासी ४८ वर्षीय चक्रराज जोशीलाई ०६२ फागुन ३ गते माओवादीले आफ्नो पार्टीको जनअभियानका लागि अपहरण गरी ०६३ फागुन ६ गते मुक्त गरे।

भूमिराजमाडौं गाविस डोटीस्थित भूमिराज प्रस्तावित माविका शिक्षकहरू ४१ वर्षीय गुणाकर भट्ट, ३६ वर्षीय हर्कबहादुर सिंहलगायत नौजनालाई ०६२ फागुन ५ गते माओवादीले विद्यालय सञ्चालन भइरहेको समयमा आफ्नो जनसाँस्कृतिक कार्यक्रमका लागि भन्दै विद्यालयबाटै अपहरण गरे। पीडितहरू तीन दिनपछि मुक्त भए।

मुगु जिल्ला कोटडाँडा गाविस-८ लुई निवासी जिल्ला विकास समिति, डोटीका ओभरसियर दानबहादुर कार्की र बासुदेवी गाविस-७ निवासी जिल्ला सिंचाई उपभोक्ता समिति सदस्य नेत्रबहादुर बमलाई ०६२ फागुन २३ गते साँझ कार्यक्षेत्रबाट फर्कने क्रममा बासुदेवी गाविस-३ स्थित टुडे चिया पसलबाट अपहरण गरी भोलिपल्ट बिहानै मुक्त गरे।

गैरकानुनी गिरफ्तारी

बाजुरा जिल्लाको मानकोट गाविस निवासी २० वर्षीय बसन्त रोकाय, दहकोट गाविस निवासी १९ वर्षीय समित रोकाय, २० वर्षीय लोकबहादुर रोकाय र १७ वर्षीया हिमाकुमारी रोकायलाई ०६२ पुस २१ गते डोटी जिल्लाको सदरमुकामस्थित चेकपोष्टमा खटिएका सुरक्षाकर्मीले बिना कारण गिरफ्तार गरे। पीडितलाई पाँच दिनसम्म भीमदल गुल्ममा राखी ०६२ पुस २७ गते रिहा गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका जिल्ला कमिटी सदस्य प्रेम आले मगर, नेकाँका भूपु मेयर घनश्याम पाठक, भूपु सभापति भरतबहादुर खड्का, सभापति यज्ञराज पाठक, जिल्ला समिति सदस्य डिलबहादुर बम, नरबहादुर ढाट, जनमोर्चा नेपालका सदस्य रमेश अवस्थी र माधव जोशीलाई ०६२ माघ १० गते शान्तिपूर्ण आन्दोलनमा सहभागी भइरहेको अवस्थामा दिपायल सिलगढी नपा-७ स्थिति विमानस्थल नजिकबाट प्रहरीले गिरफ्तार गरी सोही दिन जिल्ला कारागार, डोटी चलान गरे। ०६२ माघ १९ गते कानुन व्यवसायीहरूले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिटपछि पुनरावेदन अदालतको आदेशमा ०६२ माघ २० गते पीडित रिहा भए।

जुलुसमा सहभागी सात दलद्वारा सञ्चालित शान्तिपूर्ण आन्दोलनमा बझाङ्ग जिल्ला कोइरालाकोट गाविस-८ निवासी ३० वर्षीय श्याम सुनारलाई ०६२ माघ १२ गते प्रहरीले कुटपिट गर्दा सुनारको दाँया हात भाँचियो। पीडितको उपचार डोटी जिल्ला अस्पताल र डोटीस्थित सुजुङ्ग अस्पतालमा भयो।

कपल्लेकी गाविस-९ निवासी नेकाँ जिल्ला समिति सदस्य दीपकबहादुर शाही ०६२ माघ १२ गते साँझ लोकतान्त्रिक आन्दोलनको क्रममा दिपायल सिलगढी नपामा विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। दाहिने खुट्टामा लागेको चोटका कारण पीडित हालसम्म पनि अपाङ्ग अवस्थामै रहेका छन्।

नेकाँका जिल्ला समितिका सचिव रामप्रसाद उपाध्याय, एमालेका कृष्ण मलासी, जनमोर्चाका चन्द्रदेव ओझा, प्रेमबहादुर शाह, प्रेम आलेलगायत १९ जनालाई ०६२ माघ १३ गते डोटी जिल्ला सदरमुकाम सिलगढीमा नगर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते	१	१			१	१	१		१	३	३			३
गिरफ्तारी/यातना										१६	४१	१	३५	७८
कुटपिट	९	१०		८०	९०					४	३	१		४
धम्की	३	३			३									
भेला/संगठित हुने अधिकार										५	१८	५		२३
जातीय विभेद	४	८	५		१३									
महिलाअधिकार	६		६		६									
अमानवीय व्यवहार										२	१		१	२
अपहरण						५	१२	६	१८					
जम्मा	३३	३२	११	८०	११३	६	१३	६	१९	३०	६७	७	३६	११०

निर्वाचनको विरोधमा नारा जुलुस गरिरहेको अवस्थामा प्रहरीले पार्टीका झण्डाहरू खोसी गिरफ्तार गरे। गिरफ्तारपछि १६ जनालाई सोही दिन रिहा गरियो। चन्द्रदेव ओझा, प्रेमबहादुर शाह, प्रेम आलेलाई भने सोही दिन जेल चलान गरी ०६२ माघ २० गते रिहा गरे।

दुर्गामाण्डौ गाविस-७ बायल निवासी जनमोर्चा डोटीका जिल्ला अध्यक्ष मनोज भट्टलाई ०६२ माघ १९ गते पार्टीको लोकजागरण अभियानका क्रममा दिपायल सिलगढी नपा-७ मा भाषण गरिरहेको अवस्थामा क्षेत्रीय प्रहरी कार्यालय, दिपायलका सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। कुटपिटबाट गम्भीर घाइते भएका भट्टलाई प्रहरीले नै आफ्नो गाडीमा राखेर उपचारका लागि लगेका थिए। पीडितलाई उपचारपछि प्रहरीले सोही दिन रिहा गरे।

पत्रकार योगेन्द्र बलायरलाई ०६२ चैत २४ गते जनआन्दोलनको क्रममा सूचना सङ्कलन गर्न गएको अवस्थामा प्रहरीले जिल्ला प्रशासन कार्यालयको ढोकाबाट गिरफ्तार गरे। पीडितको रिहाईको माग राख्दै पत्रकारहरूले विरोध जुलुस र धर्ना दिएपछि दुई घण्टापछि बलायरलाई प्रहरीले रिहा गरे।

जनमोर्चा डोटीका चन्द्रदेव ओझा, नरेन्द्र बिष्ट, केशवनाथ योगी र नरेन्द्र बलायरलाई ०६२ चैत २४ गते आमसभा चलिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये चन्द्रदेवलाई भोलिपल्ट रिहा गरियो भने अन्य तीनजनालाई सोही दिन साँझ रिहा गरियो।

जिल्ला बार एकाई, डोटीका उपाध्यक्ष शंकर डिपमडैं, जिल्ला वन महासंघकी अध्यक्ष मञ्जु मलासी, अपाङ्ग संघका अध्यक्ष महादेव भारती, सरिता रायमाझी र विद्यार्थी नेताहरू हरिशचन्द्र उपाध्याय, बमबहादुर कुवँर, भोजसिंह लुहार र रणबहादुर ऐर ०६२ चैत २४ गते जिल्ला प्रशासन कार्यालय अगाडि गैरसरकारी संस्था महासंघ र जिल्ला अदालत बार एकाइको नेतृत्वमा निस्किएको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले लाठीचार्ज गर्दा घाइते भए।

एमाले जिल्ला कमिटी सचिव हर्कबहादुर सिंह, राष्ट्रिय सभाका पूर्व सांसद मोहन बम, नेकाँ जिल्ला सभापति यज्ञराज पाठक, डोटी क्याम्पसका इकाई सभापति केशव उपाध्याय र जनमोर्चा डोटीका कोषाध्यक्ष नरेन्द्र बिष्टलाई ०६२ चैत २५ गते सात दलले आयोजना गरेको देशव्यापी आमहड्तालमा सहभागी भइरहेको अवस्थामा प्रहरीले स्थानीय टुडिखेल नजिकबाट गिरफ्तार गरी जेल चलान गरे। पीडितहरूलाई ०६३ वैशाख ८ गते रिहा गरियो।

दिपायल सिलगढी नपा-७ पिपल्ला बजारबाट नेकाँ जिल्ला समिति सदस्य नरबहादुर ढाट, नेविसंघ (प्रजातान्त्रिक) का उपाध्यक्ष नरेन्द्र बिष्ट, जनमोर्चाका सिद्धराज भट्टराई र नेकाँ (प्रजातान्त्रिक) का सदस्य जितबहादुर खड्कालाई



जिल्ला बारद्वारा आयोजित जुलुसमा प्रहरीद्वारा गरिएको लाठी चार्जबाट बेहोस भएका बार इकाइका उपाध्यक्ष शंकर डिपमडैं

लोकतान्त्रिक आन्दोलनमा भाग लिएको अवस्थामा ०६३ चैत २६ गते दिउँसो प्रहरीले गिरफ्तार गरी सोही दिन जेल चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

दिपायल सिलगढी नपा-७ स्थित ट्राफिक प्रहरी पोष्ट नजिकबाट नेविसंघका केन्द्रीय सदस्य २९ वर्षीय रामबहादुर रोकाया, डोटी क्याम्पसका विद्यार्थी २१ वर्षीय प्रकाशबहादुर सिंह र दिपायल सिलगढी नपाका ३८ वर्षीय प्रदीप देउवालाई ०६२ चैत ३० गते गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन जेल चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

दिपायल सिलगढी नपा-१ निवासी १९ वर्षीय प्रदिन श्रेष्ठलाई ०६२ चैत २७ गते प्रहरीले शैलेश्वरी मन्दिर नजिकै रहेको अफसेट प्रेस अगाडिबाट शान्तिपूर्ण जुलुसमा सहभागी भएको अवस्थामा कुटपिट गरी घाइते पारे। घाइतको उपचार जिल्ला अस्पताल डोटीमा भयो।

दिपायल सिलगढी नपा-७ निवासी ३५ वर्षीय यज्ञराज जोशीलाई लोकतन्त्रको पक्षमा आवाज उठाएको आरोपमा ०६२ चैत २९ गते बिहान दिपायल सिलगढी नपा-१ स्थित टुँडिखेलबाट उनलाई प्रहरीले गिरफ्तार गरी सोही दिन जेल चलान गरे। पीडित ०६३ वैशाख ८ गते रिहा भए।

काडामाडौं गाविस-९ काँडा निवासी सिलगढीमा बस्दै आएका नेपाल तरुण दलका सचिव ३४ वर्षीय बमबहादुर कठायत र नेकाँ जिल्ला समिति सदस्य ३२ वर्षीय दीर्घबहादुर कठायतलाई लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा ०६३ चैत २९ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन साँझ जिल्ला कारागार चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

दिपायल सिलगढी नपा-१ निवासी २० वर्षीय कृष्ण मलासीलाई ०६२ चैत ३१ गते जुलुसमा नारा लगाइरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयका प्रहरीले भीमदल गणको ढोका अघिल्तिरबाट गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट जेल चलान गरी ०६३ वैशाख ८ गते रिहा गरे।

डोटी क्याम्पसका स्ववियु उपसभापति हर्कबहादुर

रावत, विद्यार्थीहरू हिमालय पुरी र देवबहादुर बमलाई ०६३ चैत ३० गते शान्तिपूर्ण विरोध जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले दिपायल नपाबाट गिरफ्तार गरी सोही दिन जेल चलान गरियो। पीडितहरू ०६३ जेठ ८ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारी सरेर आएका ४७ ओटा दुनियावादी फौजदारी मुद्दामध्ये ११ ओटा फर्स्यौट भई ३६ ओटा बाँकी रहे। यो वर्ष दर्ता भएका १४ ओटा दुनीयावादी फौजदारी मुद्दामध्ये दुईओटा फर्स्यौट भई १२ ओटा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका ८८ ओटा सरकारवादी फौजदारी मुद्दामध्ये १३ ओटा फर्स्यौट भई ७५ ओटा बाँकी रहे। यो वर्ष दर्ता भएका १३ ओटा सरकारवादी फौजदारी मुद्दामध्ये दुईओटा फर्स्यौट भई ११ ओटा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १३ ओटा देवानी मुद्दामध्ये १४ ओटा फर्स्यौट भई ९९ बाँकी रहे। यो वर्ष दर्ता भएका २७ ओटा देवानी मुद्दामध्ये दुईओटा फर्स्यौट भई २५ ओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म २ सय ५८ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। तीमध्ये पाँच वर्ष नाघेका एकओटा दुनियावादी फौजदारी, ११ ओटा सरकारवादी फौजदारी र एकओटा देवानी गरी १३ ओटा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

दिपायल सिलगढी नपा-४ निवासी अधिराज बिसी, सोही नपा-१ निवासी राजु नेपाली र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका संयोजक गोरख सार्की दलित भएकै कारण ०६२ चैत ९ गते बिहान शैलेश्वरी मन्दिरका पुजारी डमरू भट्टले सिलगढी मन्दिरमा पूजाआजा गर्नबाट वञ्चित गरे। पीडितहरूले आफूप्रति दूर्व्यवहार गरिएको र अन्याय भएको भन्दै दोषीउपर कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय, डोटीमा ०६२ चैत १० गते निवेदन दर्ता गराएका थिए। तर पीडितको निवेदनको कुनै सुनुवाइ भएन।

कलेना गाविस-३ निवासी ३२ वर्षीय मानबहादुर कामीलाई सोही गाविस-४ निवासी इन्द्रबहादुर साउदले ०६३ असार ६ गते राति दलित भन्दै अमानवीय व्यवहार र कुटपिट गरे।

समाज विकास केन्द्र, डोटीका मदन वागचन्द, दलित महिला संघ, फेडाका धर्मसिहं विश्वकर्मालगायत ८१ जनालाई मन्दिरमा प्रवेश गरेको आरोपमा ०६३ असोज ३ गते दिउँसो सदरमुकाम सिलगढीका केही गैरदलित व्यक्तिहरूले कुटपिट गरी घाइते पारे। दलितहरूलाई शैलेश्वरी मन्दिर प्रवेशमा रोक लगाइएकोमा सोही दिन पीडितहरू मन्दिर प्रवेश गरेकोले उनीहरूमाथि कुटपिट गरिएको थियो।

वारापाटा गाविस-७ निवासी ४५ वर्षीय चन्द्रमान नेपालीले बाजा नबजाएको आरोपमा ०६३ कात्तिक १५ गते सोही गाविस-९ निवासी भगवती निमाविका शिक्षक दीपकबहादुर बोहरा र अन्य गाउँलेहरूले नेपालीलाई कुटपिट गरे। पीडित दलित भएको कारण बाजा बजाउनु पर्ने भन्दै उनलाई कुटपिट गरिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

माओवादीबाट

दिपायल सिलगढी नपा-१४ स्थित श्रीखालीसैनका ४३ वर्षीय प्रेमबहादुर साउदले नगर निर्वाचनमा उम्मेदवारी दिएको अरोपमा ०६२ माघ २५ गते माओवादीले उनको घरमा बम विस्फोट गराई पूर्णरूपमा क्षति पुऱ्याए। विस्फोटपछि पीडित परिवारहरू सदरमुकाम सिलगढीमा विस्थापित भई एक हप्तापछि सोही ठाउँमा फर्किए।

सदरमुकामस्थित जिल्ला भू-संरक्षण कार्यालयमा ०६२ माघ २३ गते राति तीनजनाको संख्यामा रहेका माओवादीले कार्यालयका पियनलाई कार्यालय बाहिर निकाली प्रेसर कुकर बम विस्फोटन गराए।

५.४ बाजुरा



जनसंख्या	: १,१७,७५१
साक्षरता प्रतिशत	: ३५
महिला साक्षरता प्रतिशत	: १९
क्षेत्रफल (वर्ग कि. मि.)	: २११८
गाविस/नपा संख्या	: २७/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०१
क्याम्पस/उच्च मा.वि.	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/२७
टेलिफोन लाइन	: १२९
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: २
मानव विकास सूचकाङ्क	: ०.३१०
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

माओवादी नियन्त्रणमा मृत्यु

आटीचौर गाविस-४ ओलीगाउँ निवासी २० वर्षीय भवीन्द्र ओलीलाई ०६२ फागुन २५ गते माओवादीले जबरजस्ती आफ्नो सभामा लिएर गएकोमा सोही दिन घर फर्कने क्रममा कुल्देवमाडौंको सारेदेउमा उनको मृत्यु भयो।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। यस कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यहाँ कैद तोकिएका चारजना पुरुष कैदी छन्। कारागारमा खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। महिला पुरषका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था छ। विद्युत सेवा उपलब्ध छ। कैदीहरू बिरामी परे प्राथमिक उपचारका लागि औषधी दिईने गरेको जेलरले बताए । कहिले काहीं स्थानीय पत्रपत्रिका उपलब्ध गराइने गरेको छ। कैदीका लागि एउटा टिभी र एउटा क्यारेमबोर्ड उपलब्ध गराइएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

बाह्रबीस गाविसस्थित त्रिशक्ति माविबाट १५, शारदा निमाविबाट सात र डोगडी गाविस स्थित मष्टेश्वरी माविबाट २१ जना विद्यार्थीहरूलाई ०६२ फागुन ११ गते आफ्नो पार्टीको अभियानका लागि माओवादीले अपहरण गरे। पीडितहरू गुदुखातीस्थित भवानी निमाविबाट सोही दिन मुक्त भए।

बाह्रत्रीस, बुल्देवमाण्डौं, तोली, कैलाशमाण्डौका गरी १५ विद्यालयका शिक्षक, विद्यार्थी र ती गाँउका सर्वसाधारण गरी तीन सयभन्दा बढीलाई ०६२ फागुन २५ गते अपहरण गरी मौरेमा आयोजित आफ्नो पार्टीको कार्यक्रममा सहभागी गराए। पीडितहरू सोही दिन मुक्त भए।

जिल्ला प्रहरी कार्यालय, बाजुरामा कार्यरत प्रहरी जवान कृष्ण अवस्थी, राजेन्द्र नाथ र चन्द्रदेव भट्टलाई ०६३ वैशाख २० गते माओवादीले उनीहरू घर बिदामा जान लागेका बेला ब्रम्तोला गाविसको सेराबाट नियन्त्रणमा लिई दुई घण्टापछि सोही स्थानबाट मुक्त गरे।

पाण्डुसैन गाविस-८ निवासी १५ वर्षीया सितलपुरा खड्का र कासिपुरा सिंहलाई माओवादीले ०६३ असोज २२ गते घरबाटै अपहरण गरी असोज २६ गते अभिभावकको रोहबरमा पाण्डुसैनबाटै मुक्त गरे।

गोत्री गाविस-५ थारेकाँडा निवासी २४ वर्षीय दलबहादुर खत्रीले पार्टीको पैसा हिनामिना गरेको आरोपमा ०६३ कात्तिक ३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ कात्तिक ९ गते काभ्रिबाट मुक्त गरे। माओवादीले आफूसँग १ लाख ५० हजार माग गरेको पीडितले बताए।

मानकोट गाविस-२ विजयढुङ्गा निवासी १५ वर्षीय भुपाल रोकायाले आफ्नो पार्टीविरुद्ध षडयन्त्र गरेको आरोपमा ०६३ कात्तिक १० गते माओवादीले उनलाई गाउँबाटै अपहरण गरे। दशैं बिदाको समयमा घर गएका रोकायालाई माओवादीले कुटपिट गर्नुका साथै मानसिक यातना दिएर विभिन्न गाउँ घुमाएका थिए। मानवअधिकारकर्मी र स्थानीय बासिन्दाको चर्को दबाबपछि माओवादीले पीडितलाई ०६३ कात्तिक २६ गते जुगाडाबाट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

सदरमुकाम मार्तडीस्थित मालिका उच्च माविका शिक्षक डिल्लीसिंह बोगटी र व्यापारी हस्त कुँवरलाई ०६३

वैशाख २४ गते हनुमानध्वज गुल्मका सैनिक जवान वीरेन्द्र शाहीले मदिरा सेवन गरी मार्तडीमा कुटपिट गरे। कुटपिटपछि सदरमुकामका व्यापारी, विद्यार्थी र सर्वसाधारणले ब्यारेक घेराउ गरेका थिए। गुल्मका प्रमुख रामबहादुर थापाले सैनिक जवान शाहीलाई सैनिक ऐन अनुसार कारबाही हुने बताए। तर, कारबाही भए नभएको बारे कुनै कुरा सार्वजनिक गरिएन।

माओवादीबाट

मार्तडी-२ निवासी पत्रकार महासंघ बाजुराका सभापति २८ वर्षीय दयाराम पण्डित लाई ०६३ कात्तिक ७ गते भाइ टीका लगाउन घर गएको समयमा माओवादीका मार्तडी गाउँ जनसरकार प्रमुख नन्दराम पण्डितले ज्यान मार्ने धम्की दिदै गाली गरे। यसअघि पीडकले ०६३ असोज ८ गते पीडितसँग १० हजार रुपैया माग गर्दै धम्क्याएका थिए।

गैरकानुनी गिरफ्तारी

गोत्री गाविस महती निवासी माओवादी कार्यकर्ता १६ वर्षीय राकेश भण्डारीलाई ०६२ चैत १० गते सुरक्षाकर्मीले पाण्डुसैन गाविसबाट गिरफ्तार गरे। पीडित जिल्ला कारागार मार्तडीबाट ०६३ जेठ १६ गते रिहा भए।

पाण्डुसैन गाविस-५ जौलाखेल निवासी माओवादी कार्यकर्ता १९ वर्षीय भीमबहादुर थापालाई ०६२ चैत ९ गते सुरक्षाकर्मीले पाण्डुसैनबाट गिरफ्तार गरे। पीडित ०६३ जेठ १६ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुनेअधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कुल्देवमाण्डौ गाविस-१ कोट निवासी ४१ वर्षीय मेघराज जोशीलाई ०६२ चैत २४ गते जनआन्दोलन-२ लाई सघाउन मार्तडी बजारका पसलहरू बन्द गर्न आह्वान गरिरहेका बेला प्रहरीले मार्तडीमा गिरफ्तार गरी दोस्रो दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

मार्तडी बजार निवासी चन्द्र शाहलगायतका १८ जनालाई जनआन्दोलनको क्रममा ०६२ चैत २६ गते प्रहरीले हस्तक्षेप गरी कुटपिट गरे।

नेकाँका पदम बढुवाल, एमालेका नरेश शाही नेकाँ(प्रजातान्त्रिक) का धनराज पण्डित, लगायत १० जनालाई ०६२ चैत २६ गते शान्तिपूर्ण जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले मार्तडीबाट गिरफ्तार गरी पाँच घण्टापछि रिहा गरे।

एमाले कार्यकर्ता तेजबहादुर शाह, काँग्रेसका देवबहादुर रोकाया र नेकाँ (प्रजातान्त्रिक) का चेतमान सिंहलगायत ११ जनालाई ०६२ चैत २७ गते शान्तिपूर्ण जुलुस गरिरहेका बेला मार्तडीमा प्रहरीले गिरफ्तार गरी सात घण्टापछि रिहा गरे।

पत्रकार महासंघका सभापति दयाराम पण्डित, पत्रकारहरू हरिनारायण सञ्ज्याल , सर्पलाल गिरी र इन्सेक जिल्ला प्रतिनिधि अर्जुन शाहलाई ०६२ चैत २८ गते जनआन्दोलनका क्रममा अनुगमन गर्न जाँदा डिएसपी कञ्चन थापा तथा निमित्त प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले नारा जुलुस नगर्नु भनी धम्काए। प्रजिअले केही अप्रिय घटना भए आफूहरू जिम्मेवार नहुने पनि बताए।

मार्तडीमा ०६३ वैशाख २ गते भएको शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीले हस्तक्षेप गरी नेकाँ(प्रजातान्त्रिक)का धनराज पण्डित र नेकपा एमालेका धीरेन विकलगायत १० जनालाई कुटपिट गरे।

जनआन्दोलन-२ का क्रममा शान्तिपूर्ण रूपमा विरोध जुलुस गर्न लागेका राजनीतिक दल, पेशाकर्मी लगायतलाई०६३ साल वैशाख ४, ७, ८ र ९ गते प्रशासनले सभा गर्नमा प्रतिबन्ध लगाए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते										१	५			५
गिरफ्तारी/यातना										४	४			४
कुटपिट					१	१			१	४	११	२		१३
धम्की					५	३	१	१९९	३०३	३	१		५	६
भेला/संगठित हुने अधिकार										८	१७		३४	४१
महिलाअधिकार	३	३		३										
बालअधिकार	१		१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३			३					
अपहरण					९	८	३	१३१	१४१					
जम्मा	३	३	१	३	१६	१३	३	३३०	३४६	३०	३८	२	३९	६९

जुगाडा गाविस-५ स्थायी घर भई मार्तडी-५मा बसोबास गर्दै आएका ३६ वर्षीय लालबहादुर कार्कीलाई जनआन्दोलन-२ का क्रममा मार्तडीमा शान्तिपूर्ण रूपमा नारा लगाइरहेका बेला ०६३ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरी दुई घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

मार्तडीका व्यापारी रोशन श्रेष्ठ र सिंह बोहरालाई जनआन्दोलन-२ को क्रममा जुलुसमा सहभागी भएको आरोपमा ०६३ वैशाख ७ गते प्रहरीले मार्तडी बजारबाट गिरफ्तार गरी एक घण्टापछि रिहा गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा २७ ओटा, तीमध्ये यो वर्ष फर्स्यौट भएका १७ ओटा देवानी र १५ फौजदारी नभएका नौ ओटा यो वर्ष दर्ता भएका दुनियावादी फौजदारी मुद्दा छओटा, ती मध्ये फर्स्यौट भएका तीनओटा नभएका तीनओटा। यो वर्ष परेका दुनियावादी फौज्दारी मुद्दा नौओटा यो वर्षको अन्त्यमा बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा जम्मा ३ ओटा र देवानी ३ ओटा रहेका छन्।


आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति कब्जा, आगजनी

माओवादीबाट

काँडा गाविस-५ काँडा निवासी भुपाल सिंहको घरमा ०६२ चैत ३ गते माओवादीले लुटपाट गरी सुन-चाँदीलगायत लाखौंको पैतृक सम्पत्ति लिएर गए। पीडित पूर्व गृहमन्त्री प्रकाशबहादुर सिंहका छोरा भएको कारण सामन्त भएको आरोप माओवादीले लगाए।

५.५ बझाङ



जनसंख्या : १,७९,५२९
साक्षरता प्रतिशत : ३५
महिला साक्षरता प्रतिशत : २०
क्षेत्रफल (वर्ग कि. मि.) : ३४२२
गाविस/नपा संख्या : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय : २८८
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : १/४५
टेलिफोन लाइन : १२६
मोटर सडक (कि. मि.) : ६०
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : १५
मानव विकास सूचकाङ्क : ०.३४३
प्रति परिवार सरदर संख्या : ६.२८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

खिरातडी गाविस-६ मटेला गाउँ निवासी ११ वर्षीय शिव ताम्राकारको माओवादीले झोलामा राखेको बम ०६३ वैशाख २९ गते बिहान विस्फोट हुँदा मृत्यु भयो। माओवादीले पीडितकै घरमा राखेको झोला चलाउँदा बम विस्फोट भएको थियो।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

नेपाल खाद्य संस्थानमाा विस्फोट गराउने उद्देश्यले माओवादीले राखेको बम ०६२ फागुन २३ गते बिहान निष्क्रिय गराउन खोज्दा दार्चुला जिल्ला घर भई दुर्गाभञ्ज्याङ ब्यारेकका सैनिक जवान २८ वर्षीय जयबहादुर बोहरा घाइते

भए। उनको उपचार वीरेन्द्र सैनिक अस्पताल काठमाडौंमा भयो।

जेल र बन्दी

यस जिल्लामा 'ङ' श्रेणीको कारागार रहेको छ। कारागारको क्षमता २५ जनाको छ। कारागारमा कैद तोकिएका सात पुरुष र एक महिला गरी जम्मा आठजना कैदी छन् भने थुनुवा छैनन्। जेलमा शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री उपलब्ध छ। पानीको सुविधा पर्याप्त छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

कडेल गाविस-७ निवासी ३२ वर्षीय गगन एडी र २८ वर्षीय कमल ऐडीले माओवादीका नाममा चन्दा मागेको आरोपमा ०६२ माघ १६ गते राति माओवादीले उनीहरूलाई अपहरण गरी ०६२ माघ २६ गते रकमसहित हाजिर हुने सर्तमा भोलिपल्ट मुक्त गरे।

लामातोला गाविस-२ निवासी २८ वर्षीय धनबहादुर सिंहले एक महिलालाई गर्भवती बनाएको अरोपमा ०६२ चैत २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ वैशाख ११ गते सुनकुडा गाविसबाट मुक्त गरे ।

मटेला गाविस-२ निवासी १८ वर्षीय बलराम गिरीले सोही गाविस-२ निवासी ३१ वर्षीय कृष्ण गिरीको ४३ हजार नगद रूपैया चोरी गरेको आरोपमा ०६३ भदौ २९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई ०६३ असोज ४ गते मुक्त गरे।

लेकगाऊँ गाविस-८ थलिनोबीस निवासी १९ वर्षीय अम्मरबहादुर पूजारा र सोही ठाउँ निवासी २४ वर्षीय ऐनबहादुर पुजारालाई दीपक जप्रेलको हत्या गरेको आशंकामा ०६३ कात्तिक ११ गते राति माओवादीले घरबाटै अपहरण गरे। पीडितहरू हालसम्म पनि मुक्त भएका छैनन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

हेमन्तवाडा गाविस-१ पडेश निवासी २८ वर्षीय रोशनबहादुर खड्कालाई ०६२ पुस २१ गते दुर्गाभन्जाङ्ग ब्यारेकका लेफ्टिनेन्ट खिलबहादुर रानाले सैनिकहरू सदरमुकाममा बाटो सरसफाई गरिरहेको अवस्थामा बाटोमा जबरजस्ती काम गर्न लगाई कुटपिट गरे।

लुयाटा गाविस-१ गोलाई निवासी जिल्ला शिक्षा कार्यालयका पियन ३० वर्षीय गोरखबहादुर खातीलाई ०६२ फागुन १ गते राति आफ्नो कार्यालयमा खटिएको समयमा जिल्ला प्रहरी कार्यालयका असई प्रतापसिंह रावलले बाँया हात भाँचिने गरी कुटपिट गरे। पीडितको उपचार नेपालगञ्ज अस्पतालमा भएको भए पनि पूर्ण रूपमा निको हुन सकेको छैन्।

रिठापाटा गाविस-४ सिमखेतका २४ वर्षीय पंकजबहादुर जोशीले सुरक्षाकर्मीलाई झुठा खबर दिएको आरोपमा ०६२ फागुन २३ गते सुरक्षाकर्मीले उनलाई कुटपिट गरे। पीडितको उपचार जिल्ला अस्पतालमा भएको थियो।

रिठापाटा गाविस-६ निवासी २५ वर्षीय केशव खड्का, सोही ठाउँ निवासी २८ वर्षीय दीपक कठायत र २५ वर्षीय नरेन्द्र खड्का जनआन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ७ गते सुरक्षाकर्मीले उनीहरूलाई सदरमुकामको बाउली खोलाको नाकामा कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					१	१			१					
घाइते	३	३	४	६	३	१		१	३					
गिरफ्तारी/यातना										३	५		१९	३४
कुटपिट	८	८		८	४	८			८	७	१३			१३
धम्की	१	१		१	३			६	६	३	१		६००	६०१
भेला/संगठित हुने अधिकार										३	३	३	६१	६६
जातीय विभेद	१	१		१										
महिलाअधिकार	३		५	५										
बालअधिकार	१		१	१	४			१	१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१	१	३	१	१			१					
अमानवीय व्यवहार	३	३		३	३	३			३	१	१			१
अपहरण					१९	३८	६	५०	८४					
जम्मा	३३	१६	११	३७	३६	४१	६	५८	१०५	१५	३३	३	६८०	७०५

माओवादीबाट

कोइरालकोट गाविस-३ घोडादाउना निवासी ६५ परिवारले सामाजिक कामकालागि जम्मा गरेको १ लाख ५० हजार रूपैयाँ माओवादीले ०६३ जेठ १८ गते लुटेर लगे।

सुर्मा गाविस-२ निवासी ३६ वर्षीय कृष्ण पुजारा २८ वर्षीय जंग पुजारा, ३० वर्षीय गोरख पुजारा र ४२ वर्षीय टीका पुजाराले काठमाडौंमा जडीबुटी व्यापार गर्ने ३८ वर्षीय राप्तेन लामाको १८ किलो यार्चागुम्बा र अघिल्लो वर्ष २ लाख ५० हजार चोरी गरेको आरोपमा ०६३ साउन १२ गते माओवादीले उनीहरूलाई कुटपिट गरे। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो।

लामातोला गाविस-२ निवासी जय पृथ्वी क्याम्पसका स्ववियु सचिव २८ वर्षीय लोकेन्द्रबहादुर सिंहलाई आफ्नो कार्यक्रममा आमन्त्रण गर्दा उपस्थित नभएको आरोपमा ०६३ असोज ३ गते माओवादीका एरिया न. १० का इन्चार्ज प्रवीणले कुटपिट गरे। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमालेका कार्यालय सचिव जन्मजय जोशी, पाउसरा थापा, खडकबहादुर खड्का, देवी ऐडीलगायत ४० जनालाई ०६२ फागुन ७ गते सात दलले प्रजातन्त्र पुनर्स्थापनाका लागि गरिरहेको विरोध च्यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी कुटपिट गरे। सोही समयमा पाटादेवल गाविसका अध्यक्ष गणेश थापालाई गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो। घाइतेहरूको उपचार जिल्ला जनस्वास्थ्य कार्यालयमा गरिएको थियो।

एमालेका मानप्रसाद खत्री, अर्जुन थापा, नेकाँका मोहनराज बजाललगायत २० जनालाई ०६२ फागुन १९ गते सदरमुकाममा सात दलका नेता तथा कार्यकर्ताहरूले संयुक्तरूपमा नारा जुलुस गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

भैरबनाथ गाविस-३ झोता निवासी ४८ वर्षीय कलकबहादुर धामीलाई जनआन्दोलनमा भाग लिन गएको आशंकामा ०६३ चैत ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालय, बझाङबाट रिहा गरे।

कँडेल गाविस-७ निवासी ३५ वर्षीय शिवु सार्की र सोही गाविस-७ निवासी ३८ वर्षीय कर्ण मण्डेललाई ०६३ वैशाख १० गते जनआन्दोलनमा नारा जुलुस गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ६ घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा यस वर्ष देवानी मुद्दा २७ ओटा रहेका छन्। जसमध्ये सातओटा मुद्दा फर्स्यौट भएका छन् भने २० ओटा मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छन्। यसैगरी १६ ओटा फौजदारी मुद्दाहरू दर्ता भएका छन् जस अन्तर्गत आठओटा मुद्दाहरू फर्स्यौट भएका छन् भने आठओटा फर्स्यौट हुन बाँकी छन्।

बाल अधिकार

लामातोला गाविस-६ निवासी १५ वर्षीय खगेन्द्र जोशीलाई बजारमा चोरी गरेको आरोपमा ०६३ साउन ११ गते सुरक्षाकर्मीले स्थानीय सीमखेत बजारबाट गिरफ्तार गरी ०६३ साउन १८ गते जिल्ला कारागार चलान गरे। पीडित बालक हाल कारागारमा छन्।

माओवादीबाट

चैनपुर गाविस-१ निवासी स्थानीय नमुना प्राविको ५ कक्षामा अध्ययनरत १३ वर्षीया अनिता नेपालीलाई ०६३ जेठ १० गते माओवादीले अपहरण गरी अभियानमा संलग्न गराए। पीडितलाई ०६३ जेठ २२ गते मुक्त गरे।

दौलीचौर गाविस-५ घोगाडा निवासी-१६ वर्षीय श्यामबहादुर विकलाई ०६२ जेठ १३ गते माओवादीले अपहरण गरी कैलाली जिल्लाको सहजपुरमा रहेको माओवादीको सातौँ डिभिजनमा राखे।

खिरातडी गाविस-८ बिजगडाकी ६ कक्षामा अध्ययनरत १४ वर्षीया बृहस्पती जोशीले श्री सरस्वती उच्चमाविको दश कोठे भवनमा आगो लगाई कम्तीमा १ करोड ६५ लाख बराबरको क्षति पुऱ्याएको आरोपमा ०६३ जेठ १६ गते माओवादीले अपहरण गरे। पीडितलाई ०६३ असार १५ गते मुक्त गरे।

चैनपुर गाविस-१ निवासी श्री बालमन्दिर प्राबि कक्षा चारमा अध्ययनरत १३ वर्षीया पूजा रसाइली , नमुना प्राबि ५ कक्षामा अध्ययनरत १२ वर्षीया बेगमती रसाइली र सत्यवादी माबि कक्षा आठमा अध्ययनरत १४ वर्षीया शर्मिला रसाइलीलाई ०६३ जेठ ११ गते माओवादीले अपहरण गरे। पीडितलाई ०६३ जेठ १८ गते माओवादीले पीडितका आमाबुबालाई जिम्मा लगाई देउलेखबाट मुक्त गरे।

रिठापाटा गाविस-६ रिठास्थित श्री जालपा माविको ८ कक्षामा अध्ययनरत १४ वर्षीय अनन्तराम खड्कालाई ०६३ असार १८ गते माओवादीले अपहरण गरी आफ्नो अभियानमा संलग्न गराए। पीडित ०६३ असार २८ गते माओवादी नियन्त्रणबाट भागेर घर फर्किए।

सुबेडा गाविस-१ निवासी सुनिपिपल चौर माविको ५ कक्षामा अध्ययनरत १३ वर्षीय सुरेश नेपालीलाई ०६३ भदौ १ गते माओवादीले अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

रिठापाटा गाविस-५ निवासी कक्षामा आठमा अध्ययनरत १५ वर्षीय दीपकबहादुर बम र सोही गाविस-६ निवासी १४ वर्षीय उद्धबबहादुर खड्कालाई ०६३ साउन १७ गते माओवादीले अपहरण गरी अभियानमा लगाए। पीडितहरू ०६३ भदौ १५ गते भागेर घर फर्किए।

रिठापाटा गाविस-५ पैयातोला निवासी १४ वर्षीय विमल जोशीलाई ०६२ फागुन ५ गते, रिठापाटा गाविस-५ पानीपाटा निवासी १४ वर्षीय मने सार्कीलाई ०६३ जेठ १३ गते, रिठापाटा गाविस-८ निवासी १५ वर्षीय ९ कक्षामा अध्ययनरत विमला दमाईलाई ०६३ भदौ १३ गते, रिठापाटा गाविस-४ घोडादाउने निवासी १३ वर्षीय स्याने जोशीलाई ०६३ कात्तिक १० गते, रिठापाटा गाविस-४ निवासी १४ वर्षीय सुरेश नेपालीलाई ०६३ कात्तिक १३ गते माओवादीले अपहरण गरी कैलाली जिल्लाको मसुरियास्थित क्याम्पमा भर्ना गरे।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

प्रमुख जिल्ला अधिकारी दुर्गादत्त पौडेलले ०६३ वैशाख २९ गते महिला विकास अधिकृत प्रबला श्रेष्ठसँग बहुविवाह गरे। जिल्लाको जिम्मेवार व्यक्तिले कानुन विपरीत कार्य गरेको भन्दै स्थानीय नागरिक समाजका व्यक्तिहरूले कारबाहीका लागि जिल्ला अदालत, बभ्राङ्गमा मुद्दा दायर गरे। जिल्ला अदालत, बभ्राङ्गले २ हजार ५ सय धरौटी राखी पौडेललाई तारेखमा रिहा गर्ने आदेश दियो।

दौलीचौर गाविस-७ गजौना निवासी २६ वर्षीया एक महिलालाई ०६३ असार ३१ गते राति सोही गाउँकै विष्णुबहादुर बोहाराले कुटपिट गरी कपडा च्याती बजारमा नाङ्गै छोडे। पीडित महिलाले न्यायका लागि प्रहरी बिट बभ्राङ्गमा उजुरी हाले पनि पीडकलाई कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

रिठापाटा गाविस-८ देवला निवासी ३० वर्षीय रमेश नेपालीलाई ०६३ असोज १७ गते राति सोही ठाउँ निवासी ३२ वर्षीय दीपक धामीले आफूलाई गाली बेइज्जती गरेको भनी आफ्नै घरको आगनमा डोरीले हात खुट्टा बाँधी कुटपिट गर्नुका साथै 'डुम' भन्दै गाली बेइज्जत गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

अञ्चल प्रहरी कार्यालय, धनगढीबाट जिल्ला प्रहरी कार्यालय, बभ्राङ्गको लागि पठाइएका कपडाहरू ज्याकेट , राइफल, भिड नियन्त्रणका सामान र बन्दोबस्तीका सामानहरू ०६३ असोज २८ गते माओवादीले बभ्राङ्गको भाँडेबगरबाट कब्जामा लिई झोता ठाउँमा ०६३ असोज ३१ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा छोडे।

संरचना क्षति


माओवादीबाट

रिठापाटा गाविसको गाविस भवन ०६२ फागुन २२ गते राति माओवादीले प्रेसरकुकर बम विस्फोट गराई पूर्ण रूपमा ध्वस्त गरे। गाविस भवनभित्र रहेका कागजात टेबुल, कुर्सीलगायत भवन पूर्ण रूपमा जलेर नष्ट भए।

विस्थापित

बभ्राङ्ग जिल्लामा विगत दश वर्षको समयमा विभिन्न आरोपमा माओवादी र सरकारपक्षबाट हाल सम्म १६ परिवारका ४० जना विस्थापित भए। त्यसमध्ये तीन जना आफ्नो घर फर्किसकेका छन्। बाँकी ३७ जना अझै पनि घर फर्किएका छैनन्। हालसम्म पुनर्स्थापित भएकाहरूमा ब्यासी गाविस-५ निवासी ऐनबहादुर दर्जी, रिलु गाविस-२ निवासी मिनबहादुर बोहरा र पिपलकोट गाविस-८ निवासी धनबहादुर सिंह रहेका छन।

५.६ कञ्चनपुर



जनसंख्या : ४,३९,०३६
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : १६१०
गाविस/नपा संख्या : १९/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ३१४
क्याम्पस/उच्च मा.वि. : ८/१७
अस्पताल/स्वास्थ्य चौकी : २/२१
टेलिफोन लाइन : ४०००
मोटर सडक (कि. मि.) : २१५
प्रहरी कार्यालय संख्या : १४
हुलाक संख्या : २३
मानव विकास सूचकाङ्क : ०.४६३
प्रति परिवार सरदर संख्या : ७.३०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सुडा गाविस-५ सुन्दरपुरमा नाम, ठेगान नखुलेका दुईजना माओवादीलाई ०६२ माघ २५ गते सुरक्षाकर्मीले गोली हानी उनीहरूको हत्या गरे। स्थानीय एक घरमा सेल्टर लिई बसेका दुवैजनालाई भाग्ने क्रममा सुरक्षाकर्मीले गोली प्रहार गरेको प्रत्यक्षदर्शीहरूले बताए।

सुडा गाविस-३ सिसैयामा ०६२ माघ २४ गते राति भएको सुरक्षा कारबाहीमा एक माओवादी कार्यकर्ता मारिए। सुरक्षाकर्मीलाई लक्षित गरी सोही ठाउँमा विद्युतीय धराप थाप्ने क्रममा सुरक्षा कारबाही गरिएको सेनाले जनायो। पीडितको नाम ठेगाना खुल्न सकेन।

माओवादीबाट

नेपाली सेनाको सिंहपुर पोष्टमा कर्यरत हवल्दार रमेश विष्ट सुराकी भएको आरोपमा ०६२ चैत १० गते घरायसी काममा गएका बेला माओवादीले उनलाई रौतेली गाविस-७ इमिलियामा गोली हानी उनको हत्या गरे।

गोली /बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

शैलेश्वरी गण अर्जुनीका प्रहरी जवान देवराज कठायतको माओवादीले दैजी गाविसस्थित महेन्द्रराजमार्गको चौधर पुलमा राखेको अवरोध हटाउने क्रममा ०६२ माघ २४ गते भएको बम विस्फोटमा परी मृत्यु भयो। सोही विस्फोटमा सशस्त्र प्रहरीका जवानहरू अनन्त बस्नेत, रामबहादुर सावद, अनिल ठाकुर र रञ्जीत रिजाल घाइते भए। पीडतहरूको नेपालगञ्ज अस्पतालमा उपचार भयो।

कञ्चनपुर जिल्लाको दोधारा निवासी प्रहरी जवान प्रेम सारूमगर र बैतडी घर भएका प्रहरी जवान मोहनदेव जोशी ०६२ माघ ६ गते माओवादीको गोलीबाट घाइते भए। महेन्द्रनगर नपाका-६ स्थित ट्राफिक चोकमा यात्रु चेक जाँचमा खटिएको प्रहरी टोलीमाथि माओवादीले गोली प्रहार गरेका थिए। पीडितहरूको उपचार नेपालगञ्जमा भयो।

प्रहरी जवानहरू कैलाली जिल्ला निवासी थमन ओली, डोटी जिल्ला निवासी कृष्ण खड्का र महेन्द्रनगर नपा-६ निवासी ६२ वर्षीय दुर्गा जोशी ०६२ पुस २१ गते दिउँसो माओवादीले महेन्द्रनगर नपा-६ स्थित ट्राफिक चोकनजिक प्रहार गरेको गोलीबाट घाइते भए। पीडित जोशीको उपचार भारतको बरेली र बाँकी दुईजनाको उपचार नेपालगञ्जमा भयो।

बेवारीसे बमबाट

कृष्णपुर गाविस-९ बालुवाफाँटा निवासी १८ वर्षीय रामबहादुर चौधरी ०६३ असार २० गते आफ्नै घर छेउमा छाडिएको बेवारिसे बम विस्फोट हुँदा घाइते भए। पीडितको बायाँ हातको तीनओटा औंलामा चोट लाग्यो।

अन्यबाट

झलारी गाविस-२ शान्तिपुर निवासी ५५ वर्षीय लक्ष्मीदेवी भट्ट, उनकी बुहारी २५ वर्षीय नन्दा भट्ट र २५ वर्षीय लक्ष्मी भट्ट ०६२ फागुन ८ गते राति अज्ञात व्यक्तिले गरेको बम विस्फोटमा परी घाइते भए। आफ्नै घरमा सुतिरहेको अवस्थामा घरछेउमा गराईएको विस्फोटबाट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६		६	३	३		३	३	१		३	३
घाइते	३	३	३	५	४	१०		१०					
गिरफ्तारी/यातना									३४	६३	६		६९
कुटपिट	१	१	१	३	३	५		५	५	३१	१०	१३३	१६३
धम्की									१	१			१
भेला/संगठित हुने अधिकार									१३	११७	७	६०	१८४
जातीय विभेद	१		१	१									
भूमिहीन/सुकुम्बासी समस्या									३			६५०	६५०
महिलाअधिकार	३		३	३					१		१		१
बालअधिकार	१	१		१					१	४			४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार									१	४			४
अमानवीय व्यवहार	७	७		७	१	३		३					
अपहरण					१७	३८	९	४७					
जम्मा	३१	१७	७	३४	३७	५८	९	६७	५०	३११	३४	८४४	१०७९



इन्सेक जिल्ला प्रतिनिधि युवराज घिमिरेलाई आन्दोलन अनुगमनको क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै

घरको भित्ता भत्किएर बमको छर्रा लागी उनीहरू घाइते भएका थिए। पीडितहरूको उपचार नेपालगञ्ज अस्पतालमा गरियो।

बर्दिया जिल्लाको देउडाकला गाविस-३ निवासी ४० वर्षीय दलबहादुर विक ०६३ असोज ३१ गते महेन्द्रनगर नगरपालिका-१० सुकासाल चौराहमा अज्ञात व्यक्तिहरूले चलाएको गोली लागी घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भएको थियो।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको जिल्ला कारागार छ। ७५ जना क्षमता रहेको यस कारागारमा ३० जना पुरुष कैदी रहेका छन्। १३ जना पुरुष र दुई महिला गरी १५ जना थुनुवाहरू छन्। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री आदि उपलब्ध छ। कारागारका कैदीहरूले आममाफीको माग गरी समय समयमा विरोध कार्यक्रम गर्दै आएका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

सर्लाही जब्दी घर भई शुक्लाफाँटा आरक्षमा माउते काम गर्ने ३५ वर्षीय प्रकाश चौधरीलाई अनमेल विवाह गरेको आरोपमा ०६३ भदौ २९ गते माओवादीले शुक्लाफाँटा आरक्षको हात्तिसारबाट अपहरण गरी १५ दिनपछि चाँदनी गाविसबाट मुक्त गरे। पीडितले दोधारा गाविस-३ निवासी १८ वर्षीय एक युवतीसँग ०६३ साउन २७ गते गरेको विवाह माओवादीले बदर गराए।

भारतको चण्डीगढ निवासी लखमिरसिंह सिन्ध, राजीवकुमार र दोधारा गाविस-३ घर भई बारमा काम गर्ने एक महिलालाई अवैध सम्बन्ध राखेको आरोपमा ०६३ साउन ३० गते माओवादीले महेन्द्रनगर नपा-१० गड्डाचौकीको मोनालिसा बियर एण्ड बार रेष्टुराँबाट अपहरण गरे। पीडितहरूलाई भोलिपल्ट महेन्द्रनगरको मदनचोकमा सार्वजनिक गरी मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा मुक्त गरे।

देखतभुली गाविस-७ निवासी शेरबहादुर ऐर, मन्त्री राना, शेरबहादुर राना, ज्ञानसिंह राना, धौलसिंह कुँवर र विरखु रानाले चोरी गरेको आरोपमा ०६३ असार २२ गते माओवादीले अपहरण गरी ०६३ असार २९ गते मुक्त गरे।

कृष्णपुर गाविस-४ वाणीघर निवासी एमाले जिल्ला सदस्य महेशदत्त जोशीलाई विद्यालय निर्माण सम्बन्धी विवादलाई लिएर ०६३ असार ६ गते माओवादीले अपहरण गरी ७ घण्टापछि सोही गाविसको पहरियाबाट मुक्त गरे।

महेन्द्रनगर नपा-३ निवासी १८ वर्षीय रतन सावद, महेन्द्रनगर नपा-९ निवासी १९ वर्षीय प्रवीण कार्की, महेन्द्रनगर नपा-१० निवासी २० वर्षीय महेश टमटा, महेन्द्रनगर नपा-१८ निवासी १९ वर्षीय टेकराज जैशी र सुडा गाविस-६ निवासी १८ वर्षीय खगेन्द्रसिंह भाटले सुराकी गरेको आरोपमा ०६२ चैत १५ गते धनगढी जाने क्रममा माओवादीले अपहरण गरे। पीडितहरूमध्ये टेकराज जैशी र महेश टमटालाई ०६३ वैशाख २ गते डडेल्धुराको जोगबुडाबाट मुक्त गरे। बाँकी तीनजना ०६३ वैशाख २ गते कब्जाबाट माओवादीले भागेको जनाए।

कालिका गाविस-४ आइविआरडीमा व्यापार गरी बस्ने राकेश खडायत, रामहरि लोहनी र भारतीय नागरिक पप्पु खानले सुराकी गरेको आरोपमा ०६२ चैत ७ गते माओवादीले सोही ठाउँबाट अपहरण गरे। खडायत र लोहनीलाई भोलिपल्ट सोही गाविसको मोती बस्तीबाट मुक्त गरे। भारतीय नागरिक पप्पुखान ०६२ चैत १७ गते माओवादी कब्जाबाट भागे।

रामपुरबिलासीपुर गाविस-९ निवासी ३८ वर्षीय चमरु रानाले सामुदायिक वनमा भष्टाचार गरेको आरोपमा ०६२ फागुन २२ गते माओवादीले घरबाटै अपहरण गरे। उनी चैत १३ गते माओवादी कब्जाबाट भाग्न सफल भए।

श्रीपुर गाविस-६ शान्तिपुर निवासी २६ वर्षीय सुरेन्द्र विष्टले स्थानीय एक महिलासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ माघ १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ वैशाख २० गते मुक्त गरे। पीडितका परिवारले भने व्यक्तिगत रिसइवीका कारण अपहरण गरिएको बताए ।

महेन्द्रनगर नगरपालिका-९ मटैना निवासी प्रधानाध्यापक खडकसिंह विष्टले विद्यालय सम्बन्धी तथ्याङ्क माग्न आएका माओवादी समर्थित शिक्षक संगठनका प्रतिनिधिसँग दुर्व्यवहार गरेको आरोपमा ०६३ पुस १३ गते माओवादीले उनलाई विद्यालयबाट अपहरण गरी भोलिपल्ट

शिक्षा कार्यालय उपस्थित हुने शर्तमा सोही दिन महेन्द्रनगर बजारबाट मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

रौतेलीबिचवा गाविस-७ इमिलिया निवासी ५७ वर्षीय मोहन राना, ३९ वर्षीय सुख डगौरा र ४९ वर्षीय चमरु रानाले माओवादीलाई सघाएको आरोपमा ०६३ चैत १० गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। भोलिपल्ट सोही घटनालालाई लिएर गाउँका ३५ वर्षीया पार्वती राना, ३३ वर्षीया विष्ना चौधरी, ४२ वर्षीय सुदामा राना, ४८ वर्षीया वतीदेवी राना, ४५ वर्षीय मधोवर राना, ४० वर्षीया डुन्डीदेवी राना, ४० वर्षीय मधोवन राना, ३८ वर्षीया बिन्दरा राना, ३६ वर्षीया दुलारी राना, ५८ वर्षीया गोमती टमटा, ४२ वर्षीया मञ्जु राना, ४३ वर्षीय चेतराझ राना, ४० वर्षीय रामझनक राना, ४० वर्षीय रामचन राना, ६० वर्षीय दानसिंह राना,४० वर्षीय रतिराम राना, १२ वर्षीय धुम्मन राना, १४ वर्षीय मुलचन रानालगायत करिब डेढ सय सर्वसाधारणलाई नेपाली सेनाको सिंहपुर पोष्टमा बोलाएर कुटपिट गरे। दुई दिनअघि माओवादीले सेनाका एक जवानको हत्यामा सहयोगी भएको आरोपमा सेनाले उनीहरूलाई पोष्टमा बोलाएको थियो। पोष्टमा पुगेपछि सबैलाई घोप्टो पर्न लगाई शरीरको पछाडि भागमा कुटपिट गरिएको पीडितहरूले बताए। सेनाले घटनामा दोषी पाइएका क्याप्टेन सहित १३ जनालाई कारबाही गरेको जनायो। तर कारबाही परेकाहरूको नाम सार्वजनिक गरिएन।

माओवादीबाट

इलाका प्रहरी कार्यालय गुलरियामा कार्यरत सई शरद भट्टराई र जवान धर्मराज पाठकलाई पुर्नस्थापित प्रहरी चौकी हटाउन आएका माओवादीले ०६३ पुस १० गते कुटपिट गरे।

कृष्णपुर गाविस-६ गुलरिया निवासी २७ वर्षीय गोकर्णराज जोशी प्रतिकारमा उत्रेको आरोपमा ०६३ पुस ११ गते प्रहरी चौकी हटाउन आएका माओवादीले उनलाई कुटपिट गरी घाइते तुल्याए। पीडितको उपचार महाकाली अञ्चल अस्पतालमा भयो। सोही दिन झलारी गाविसको झलारी बजारमा रहेको इलाका प्रहरी कार्यालय हटाउन आएका माओवादीले सदरमुकाम फिर्ता हुन नमानेको आरोपमा प्रहरीका सई मीनबहादुर धामी र जवान अकबरबहादुर चन्दलाई कुटपिट गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चाँदनी गाविस-७ निवासी १७ वर्षीय परमानन्द भट्टको ०६३ वैशाख ७ गते निरङ्कुशताविरुद्ध गरिएको प्रर्दशनमा प्रहरीले हस्तक्षेप गर्दा एउटा आँखा फुट्यो। उनको उपचार काठमाडौंमा भयो। सोही घटनामा प्रहरीले गरेको लाठी चार्जबाट नेविसंघका जिल्ला अध्यक्ष गोपी उपाध्यायको हात भाँचियो।

महेन्द्रनगर नपा-४ मा रहेको तत्कालीन अञ्चल प्रशासकको निवास घेराउ गरिरहेका प्रदर्शनकारीहरूमाथि ०६३ वैशाख १२ गते प्रहरीले हस्तेक्षप गरी लाठीचार्ज गर्दा पुनरावेदन बारको मानवअधिकार परियोजनाका कार्यालय सहायक पुष्पराज भट्टको हात भाँचियो, पत्रकार लक्ष्मण तिवारी, सुरेश धामी, राजेन्द्र विष्ट र कानुनी व्यवसायी दलबहादुर बोहरा घाइते भए।

नेपाल बारको केन्द्रीय कार्यक्रम अनुसार पुनरावेदनबार इकाइको आयोजनामा महेन्द्रनगरमा शान्तिपूर्ण प्रदर्शन गरिरहेका कानुन व्यवसायीहरूलाई ०६३ चैत ३१ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे। गिरफ्तारपछि रिहा हुनेहरूमा बारका अध्यक्ष भुपेन्द्र विष्ट, उपाध्यक्ष भोजराज पाठक, सचिव टेकबहादुर कठायत, कानुन व्यवसायीहरू प्रकाशराज पाठक, सुर्दशन भट्ट, यज्ञराज जोशी, पदमराज भट्ट, शिवराज पाण्डेय, तिर्थराज पन्त, आनन्दप्रसाद जोशी, शान्तिप्रसाद भट्ट, सुमित्रा कार्की, पुनम चन्द, जयबहादुर चौधरी, नेत्रबहादुर तामाङ्ग, अर्जुनसिंह कार्कीलगायत थिए। सोही दिन पेशागत महासंघ पापडले आयोजना गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी पत्रकार खेम भण्डारी, राजेन्द्र विष्ट, धरणी भट्ट, हरिश भट्ट, इन्सेक प्रतिनिधि घिमिरे, शिक्षकहरू लालमती पाण्डेय, चन्द्रकला पन्त, लक्ष्मी ऐर, अकंबीरे बोहरा लगायत् थिए। गिरफ्तार गरिएकामध्ये शिक्षकहरू लालमणि पाण्डेय, अंकबीरे बोहरा, चन्द्रकला पन्त, लक्ष्मी ऐर, मन्धु बोहरा र गोमती भट्टलाई ९० दिनको थुनुवा पुर्जी दिइएकोमा ०६३ वैशाख ७ गते पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा रिहा भए। सोही दिन युनिफाइड कमाण्डका सुरक्षाकर्मीहरूले चुरे टाइम्स दैनिकको कार्यालयमा प्रवेश गरी व्यापारीहरू गणेश पाण्डेय र मदन चन्दलाई कुटपिट गरी घाइते बनाए। सोही घटनामा प्रहरीले गरेको लाठी प्रहारबाट मानवअधिकारकर्मी चम्फासिंह भण्डारी, पत्रकार अम्बा तिवारीलगायत ६० जना भन्दा बढी घाइते भए। घाइतेमध्ये महेन्द्रनगर नपा-१८ निवासी निलम जोशीको तीन महिनाको गर्भ पतन भयो भने चाँदनीका तीर्थराज भट्ट घाइते भए। पीडितको उपचार भारतमा भए पनि पूर्ण रूपमा स्वथ्य हुन सकेका छैनन्।

नागरिक आन्दोलन कञ्चनपुरले आयोजना गरेको

शान्तिपूर्ण प्रर्दशनपछि ०६२ चैत ३० गते प्रहरीले बजारमा हिँडिरहेका महेन्द्रनगर नपा-१८ निवासी विद्यार्थी डम्बर पन्त र सर्वसाधारण भैरव चन्दलाई गिरफ्तार गरी दुई दिनपछि रिहा गरे। सोही दिन प्रहरीले गरेको लाठी प्रहारबाट महेन्द्रनगर नपा-१८ निवासी आरआरएनका भानु पराजुली र महेन्द्रनगर नपा-१८ निवासी जिफन्टका कर्णबहादुर नेगी घाइते भए।

सिद्धनाथ विज्ञान क्याम्पसका स्वयिु सचिव पदमराज शर्मा, नेविसंघ(प्रजातान्त्रिक)का दीपक भारती र पशुपति ओझालाई ०६२ चैत २८ गते महेन्द्रनगरको अलग-अलग स्थानबाट प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरे। प्रहरी इन्स्पेक्टर शारदा चौधरीले हिरासतमा आफूलाई कुटपिट गरेको पीडितहरूले बताए।

सात दलले ०६२ चैत २८ गते महेन्द्रनगरमा निकालेको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाँका जिल्ला सभापति यज्ञराज जोशी र तरुण दलका केन्द्रीय सदस्य कृष्णदत्त पनेरुलाई गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दिएकोमा ०६३ वैशाख १० गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशमा रिहा गरे।

सात दलले महेन्द्रनगरमा ०६२ साल चैत २६ गते गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी ३० जनालाई गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये एमाले जिल्ला सचिव राजेन्द्रसिंह रावल, ट्रेड यूनियनका केन्द्रिय सदस्य धर्मानन्द पन्त, जनमोर्चाका केन्द्रिय सल्लाहकार खगेन्द्र जोशी, नेका (प्रजातान्त्रिक)का जिल्ला सचिव पदम बोगटी, अनेरास्वयिुका जिल्ला अध्यक्ष बचनबहादुर सिंह, नेविसंघका जिल्ला अध्यक्ष गोपी उपाध्याय, सिद्धनाथ बहुमुखी क्याम्पसका स्वयिु उपसभापति माधव पन्त, एमाले नगर कमिटी सदस्य शेरबहादुर चन्द र नेकाँ महासमितिका सदस्य भुपेन्द्र भण्डारीलाई ९० दिनको थुनुवा पुर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा ०६३ वैशाख ६ गते रिहा भए।

सात दलको आन्दोलनका क्रममा ०६२ चैत्र २४ गते गरिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी जनमोर्चाका जिल्ला अध्यक्ष जयबहादुर मल्ल, नेकाँका जिल्ला सदस्य गोपाल गुरुङ्ग र अनेरास्वयिुका गणेश ऐरीलाई महेन्द्रनगर बजारबाट गिरफ्तार गरे। पीडित मल्ल र गुरुङ्गलाई ९० दिनको पूर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा ०६३ वैशाख ६ गते रिहा भए।

महेन्द्रनगर नपा-९ निवासी नेपाल तरुण दलका जिल्ला अध्यक्ष केशव चन्द र नेकाँ वडा समिति सदस्य भवानी जोशीलाई नगर निर्वाचन विफल पार्न प्रचार गरेको आरोपमा ०६२ माघ १९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ९० दिनको थुनुवा पूर्जी दिएकोमा ०६२ फागुन १ गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशमा रिहा भए।

सात दलको आह्वानमा ०६२ माघ १९ गते महेन्द्रनगरमा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमाले केन्द्रीय सल्लाहाकार भोजराज जोशी, मुक्ति समाजका केन्द्रीय अध्यक्ष लालबहादुर विक, एमाले जिल्ला सदस्य रामदत्त जोशी, महेश जोशी, प्रराय संघका जिल्ला अध्यक्ष अक्कल विष्ट, सदस्य रामसिंह धामीलाई गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको अदेशमा ०६२ फागुन १ गते रिहा भए।

सात विद्यार्थी संगठनले महेन्द्रनगरमा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी अनेरास्वयिूका अर्जुन ढकाल, आनन्द पन्त, अखिल सिंह, नेविसंघका तर्कराज भट्ट, र ज्ञानेन्द्र पन्तलाई ०६२ माघ १८ गते गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दिएकोमा पुनरावेदन अदालत महेन्द्रनगरको आदेशमा ०६२ फागुन १ गते रिहा भए।

गैरकानुनी गिरफ्तारी

बैतडी निवासी माओवादी कार्यकर्ता 'उमाकान्त' भनिने मदन विष्टलाई ०६२ चैत ११ गते कृष्णपुर गाविस-२ बांणीबाट सुरक्षाफौजले गिरफ्तार गरी थुनामा राखेकोमा ०६३ जेठ २९ गते रिहा भए।

दार्चुलाको खन्डेश्वरी निवासी माओवादी कार्यकर्ता ज्वाला भनिने जयदेव जोशीलाई ०६२ चैत १० गते महेन्द्रनगर नपा-१ राजीपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६३ वैशाख २५ गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशमा रिहा भए।

महेन्द्रनगर नगरपालिका-१९ निवासी २५ वर्षीय हरिश सावदलाई ०६२ फागुन ९ गते दैजी गाविस-६ बाट माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६३ जेठ ४ गते रिहा भए।

बैतडी जिल्ला निवासी १८ वर्षीय केशव चन्द, १७ वर्षीय रमेश सिंह, १८ वर्षीय रामसिंह भट्ट र डडेल्धुरा निवासी ३० वर्षीय जनार्दन शाहीलाई माओवादीको आशंकामा महेन्द्रनगर नपा-४ बाट ०६३ वैशाख ९ गते प्रहरीले गिरफ्तार गरी ०६३ वैशाख १५ गते रिहा गरे।

महेन्द्रनगर नपा-१० निवासी माओवादी कार्यकर्ता विजय कुँवर र राजाराम चौधरीलाई ०६२ माघ ३० गते कैलालीबाट गएका सुरक्षाकर्मीले कृष्णपुर गाविस-५ मालुमेलाबाट गिरफ्तार गरे। पीडितहरू ०६३ जेठ २ गते कैलाली कारागारबाट रिहा भए।

कालिका गाविस-५ मोती बस्ती निवासी २८ वर्षीय

शोभा विकलाई ०६२ माघ ५ गते थुनामा रहेका आफ्ना पति लक्ष्मण बिकलाई भेट्न कारागार गएका बेला कारागारको मूल गेटबाटै माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। माओवादीको चिठ्ठी बोकेको आरोपमा थुनामा राखिएकी पीडितलाई ०६२ फागुन १९ गते रिहा गरियो।

महेन्द्रनगर नपा कर्मचारीहरू दुखीराम चौधरी, भोजराज पनेरु, शंकर विक, गणेश चन्द, खगेन्द्र रावल, सुन्दर चन्द, कविराज थापा र पूर्ण कुँवरलाई माओवादीले महेन्द्रनगर नगरपालिकाको कार्यालयमा बम बिष्फोट गराउँदा रोक्न नसकेको आरोपमा ०६२ माघ ५ गते प्रहरीले नगरपालिका कार्यालयबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

महेन्द्रनगर नपा-१९ निवासी माओवादी कार्यकर्ता वीरेन्द्र चन्द र रामबहादुर चौधरीलाई ०६२ पुस २८ गते सुरक्षाकर्मीले सुडा गाविस-९ गैल नदीबाट गिरफ्तार गरी थुनामा राखे। पीडितहरू ०६३ जेठ २९ गते रिहा भए।

कृष्णपुर गाविस-३ मालुमेला निवासी कृष्ण उच्चमाविको व्यवस्थापन समिति अध्यक्ष लक्ष्मीदत्त भट्टलाई माओवादी भएको आरोपमा ०६२ पुस २३ गते घुम्ती शिविर सञ्चालनका लागि गएका सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे। पीडित ०६३ वैशाख १७ गते रिहा भए।

डडेलधुरा जिल्ला निवासी माओवादीका तत्कालीन नगर इन्चार्ज ३९ वर्षीय नवराज पाण्डेयलाई ०६२ माघ २० गते सुरक्षाकर्मीको गिरफ्तार गरे। उनी ०६३ जेठ २९ गते रिहा भए।

पुनः गिरफ्तारी

देखतभुल गाविस-९ निवासी माचिन डगौरालाई ०६२ माघ ३० गते कारागारले रिहा गरे लगत्तै उनलाई कारागार परिसरबाट सुरक्षाकर्मीले पुनः गिरफ्तार गरे। पीडित सर्वोच्च अदालतको आदेशमा ०६३ वैशाख १९ गते रिहा भए। विगत पाँच महिनादेखि माओवादीको आरोपमा कारागारमा रहेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेबारी सरेर आएका ८९ ओटा फौजदारी मुद्दा र यो वर्ष दर्ता भएका ७५ ओटा गरी १ सय ६४ ओटामध्ये ५४ ओटा फर्स्यौट भई १ सय १० बाँकी रहे।देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३८ ओटा र यो वर्ष दर्ता भएका ८७ ओटा गरी २ सय २५ ओटा मध्ये ६० ओटा फर्स्यौट भइ १ सय ६५ ओटा बाँकी रहे।

पुनरावेदन अदालत गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा

१० ओटामध्ये छओटा फर्स्यौट भई बाँकी चारओटा र यो वर्ष दर्ता भएका नौओटा गरी १३ ओटा बाँकी रहे। गत वर्षको जिम्मेबारी सरेर आएका सरकारवादी मुद्दा ३७ ओटा मध्ये २९ ओटा फर्स्यौट भइ आठओटा बाँकी रहे। यस वर्ष दर्ता भएका २४ ओटा सरकारवादी मुद्दामध्ये

पाँचओटा फर्स्यौट भइ २७ ओटा मुद्दा बाँकी रहेका छन्। गत वर्षको जिम्मेबारी सरेर

आएका देवानी मुद्दा ५७ ओटा मध्ये २४ ओटा फर्स्यौट भइ ३३ रहे। यो वर्ष दर्ता भएका ४२ मध्ये सबै बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति/सम्पति क्षति/आगजनी/सम्पति कब्जा माओवादीबाट

नगर निर्वाचनमा भाग लिएको आरोपमा सो निर्वाचनमा निर्विरोध घोषित महेन्द्रनगर नगरपालिका-७ का अध्यक्ष प्रजापति जोशी, वडा-९का शेरबहादुर महरा वडा-३ का मोहनसिंह खत्री र वडा-१९ का सदस्य नरबहादुर बमको घरमा ०६२ माग १७ गते माओवादीले बम विस्फोटन र आगजनी गराए।

बालअधिकार

दोधारा गाविस-८ आमभोज निवासी १५ वर्षीय सुशील जोशीलाई ०६३ असोज २३ गते माओवादीले कृष्णपुर गाविस-१ वाणीबाट अपहरण गरी श्रमकैदमा राखे। ०६३ जेठ २६ गते सुशीलले चलाएको ट्याक्टरले किचेर सोही ठाउँ निवासी १२ वर्षीय बीरबहादुर सिंहको मृत्यु भएको थियो। मृतकका आफन्तलाई क्षतिपूर्ति नदिएको आरोपमा श्रमकैदमा राखिएका सुशीललाई ०६३ कात्तिक ४ गते पिपलाडी गाविसबाट मुक्त गरे।

बेल्डाँडी गाविस-४ रतनपुर निवासी १५ वर्षीया भुखली चौधरी, १४ वर्षीय रामकृष्ण चौधरी, १६ वर्षीय रतनी चौधरी र १७ वर्षीय उमा चौधरीलाई ०६३ कात्तिक २६ गते राति माओवादीले अपहरण गरे। माओवादीको विरोधमा करिब ३ सयजना स्थानीय बासिन्दाले जुलुस प्रदर्शन गरेपछि पीडितहरूमध्ये तीनजनालाई माओवादीले छिमेकी रामपुरविलासीपुर गाविसको सडकघाटबाट ०६३ कात्तिक २८ गते मुक्त गरे। उमा चौधरीले आफू माओवादीमै लाग्ने बताएपछि उनलाई माओवादीले आफूसँगै लिएर गएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

कृष्णपुर गाविस-५ निवासी ३५ वर्षीया नहरी चौधरीलाई बोक्सीको आरोपमा ०६३ साउन २४ गते सोही गाविस-६ निवासी मानबहादुर चौधरीले कुटपिट गरे। पीडितको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो। पीडकलाई कुनै प्रकारको कारवाही भएन।

बलात्कार/बलात्कार प्रयास

महेन्द्रनगर नपाका-१६ निवासी ६५ वर्षीय एक बृद्धालाई ०६३ वैशाख १६ गते नेपाली सेनाको चण्डीदल गुल्म मझगाँउमा तालिमरत सैनीक जवान दीपेन्द्र धानुकले बलात्कारको प्रयास गरे। पीडकलाई सैनिक अदालतले जागिरबाट निकाली कञ्चनपुर कारागारमा राखेको छ।

सबै प्रकारका जातीय विभेद

सुडा गाविस-५ मा रहेको आरक्ष पीडितको शिविरमा बस्ने हेमा औजीले सार्वजनिक धारा छुन दलितहरूलाई उक्साएको आरोपमा ०६३ असोज ४ गते उनलाई स्थानीय गैरदलितहरूले कुटपिट गर्ने धम्की दिए। गैरसरकारी संस्था जातीय समता समाजकी सहजकर्ता रहेकी हेमालाई गरिएको दुर्व्यवहारका विरुद्ध जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा उजुरी दिएपछि स्थानीय गैरदलितहरूले एक कार्यक्रममा ०६३ असोज ८ गते सार्वजनिक माफी मागे।

माओवादी जनयुद्ध शुरुभएयता यो वर्षको अन्त्यसम्ममा राज्यले विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका पाँच जना पुरुषको अवस्था अज्ञात छ। यसरी बेपत्ता पारिएकाहरूको नाम निम्नानुसार रहेको छ।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका १५ जना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा श्रीपुर गाविस-२ मैनाह निवासी जंगबहादुर चौधरी, नत्थुराम चौधरी, छोटेलाल चौधरी, कृष्णपुर गाविस-९ बालुवाफांटा निवासी जुगराम चौधरी, पुनाराम चौधरी, कृष्णपुर गाविस-८ मौरीफांटा निवासी तारानाथ चौधरी, देखतभूली गाविस-८ निवासी राजु राना, कृष्णपुर गाविस-५ निवासी राजाराम चौधरी, श्रीपुर गाविस-७ निवासी निमबहादुर चौधरी, श्रीपुर गाविस-५ मोतीवस्ती निवासी धनिराम चौधरी, बेल्डाडी गाविस-२, वैवाह निवासी बहादुर डगौरा, बेल्डाडी गाविस-२, वैवाह निवासी जीउधन डगौरा, श्रीपुर गाविस-५, मोतिवस्ती निवासी भागिराम चौधरी, दैजी गाविस-९ निवासी सुरेश राना, दैजी गाविस-९ निवासी सर्जन राना रहेका छन्।

५.७ डडेल्धुरा



जनसंख्या : १,३५,८६७
साक्षरता प्रतिशत : ५१.६२
महिला साक्षरता प्रतिशत : ३३.०६
क्षेत्रफल (वर्ग कि. मि.) : १५३८
गाविस/नपा संख्या : २०/१
निर्वाचन क्षेत्र : १
विद्यालय : २२६
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : २/२५
टेलिफोन लाइन : ३७०
मोटर सडक (कि. मि.) : २१०
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ३०
मानव विकास सूचकाङ्क : ०.४३४
प्रति परिवार सरदर संख्या : ६.१८

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। २५ जनाको क्षमता रहेको यस कारागारमा हाल कैद तोकिएका १३ जना र नतोकिएका १४ जना गरी जम्मा २७ जना पुरुष बन्दीहरू छन्। चारैतर्फ पर्खालले घेरिएको चारओटा बस्ने कोठा, एक भान्सा र दुईओटा शौचालय रहेको छ। खानेपानीको अभाव रहेको बन्दीहरूले बताए। इन्सेकले कारागारमा एक दैनिक पत्रिकाको व्यवस्था गरिदिएको छ। बन्दीहरूलाई एउटा रेडियो, एउटा टिभी र एउटा क्यारेमबोर्ड उपलब्ध गराइएको छ। कारागारमा कुनै पनि किसिमको सिपमूलक तालिम दिने व्यवस्था छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

मष्टमाडौं गाविस-६ सकायल निवासी १९ वर्षीय ऐनबहादुर बिष्ट, सोही गाविस-७ निवासी २० वर्षीय भीमबहादुर देउवा, १९ वर्षीय टेकबहादुर देउवा र नवदुर्गा

गाविस-१ कनेडी निवासी २० वर्षीय मानबहादुर धामीले स्थानीय व्यक्तिलाई कुटपिट गरेको आरोपमा ०६२ फागुन ८ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरी ०६२ फागुन १५ गते मुक्त गरे।

आलीताल गाविस-३ सिराडी निवासी ३० वर्षीय करन सार्की, ३५ वर्षीय दानबहादुर सार्की, तिलक सार्की, राम सार्की र अन्तराम सार्कीलाई ०६२ चैत ६ गते माओवादीले अपहरण गरी माओवादीको भातृसंगठन दलित मुक्ति मोर्चाको प्रशिक्षण कार्यक्रममा सहभागी गराई ०६३ चैत ९ गते मुक्त गरे।

गणेशपुर गाविस-४ मैलोडास्थित गणेश माविमा अध्ययनरत १३ वर्षीया सीता टमटा, १४ वर्षीया कमला टमटा, १७ वर्षीया इश्वरी टमटा, १७ वर्षीया पानकुमारी टमटालगायतका छजनालाई ०६२ चैत १४ गते माओवादीले विद्यालयबाट अपहरण गरी ०६२ चैत २१ गते मुक्त गरे।

आलीताल गाविस-५ डोला निवासी ४३ वर्षीय जगतबहादुर ठगाली, ४२ वर्षीय भवानसिंह राना, ४२ वर्षीय टेकबहादुर राना, ४५ वर्षीय जितबहादुर बोगटी, ४० वर्षीय भक्तबहादुर थापा, ५० वर्षीय प्रतिमान रानालाई ०६२ चैत १४ गते माओवादीले अपहरण गरी आफ्नो अभियानमा संलग्न गराई ०६२ चैत १६ गते मुक्त गरे।

जोगबुडा गाविस-३ कराली निवासी ४५ वर्षीय कृष्णसिंह धामी सशस्त्र डाकाको समूहसँग संलग्न रहेको आरोपमा ०६३ चैत २० गते माओवादीले धामीलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई सोही ठाउँबाट ०६३ चैत २४ गते मुक्त गरे।

जोगबुडा गाविस-४ लामीडाँडा निवासी १६ वर्षीया शान्ति भण्डारले माओवादी पार्टी परित्याग गरेको आरोपमा ०६३ वैशाख ८ गते माओवादीले उनलाई अपहरण गरी ०६३ वैशाख २२ गते कन्चनपुरको बाइसे बिचुवाबाट मुक्त गरे।

जोगबुडा गाविस-४ धुम्टेगाडा निवासी २० वर्षीय उद्धव बम, १६ वर्षीय राजेन्द्र साउद र २० वर्षीय केशव भट्टलाई माओवादी पार्टी परित्याग गरेको आरोपमा ०६३ वैशाख १० गते माओवादीले उनीरूलाई घरबाटै अपहरण गरी ०६३ वैशाख २२ गते कन्चनपुरको बाइसे बिचुवाबाट मुक्त गरे।

मष्टामाडौं गाविस-६ सकायल निवासी २३ वर्षीय राजेश शाही, नवदुर्गा गाविस-४ निवासी ३८ वर्षीय पदम खाती मष्टमाडौ गाविस-६ निवासी २६ वर्षीय केशव शाही, ११ वर्षीय सुरेन्द्र शाही, ४० वर्षीय दीपक शाही, ३२ वर्षीय टेकबहादुर बोहरा, ४० वर्षीय दलबहादुर भाट, ३५ वर्षीय ठगी लुहार, २५ वर्षीय कृष्ण शाही, १९ वर्षीय राकेश शाही, १६ वर्षीय मोहन दमाई, १९ वर्षीय लोकेन्द्र देउवा, नरबहादुर दियाल, अमरगढी नपा-१ निवासी ४५ वर्षीय प्रेम



प्रहरीद्वारा गरिएको लाठी चार्जबाट घाइते भएका शिक्षा क्याम्पस स्वयिु सह-सचिव दिनेश चन्द

दियाललगायतका १६ जनालाई माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ वैशाख २८ गते माओवादीले उनीहरूलाई सदरमुकामबाट अपहरण गरे। पीडितहरूलाई ०६३ वैशाख २९ गते बगरकोट गाविसको परछेटाबाट मुक्त गरे।

जोगबुडा गाविस-३ खालीगडा निवासी २८ वर्षीय करन पुन र २७ वर्षीय गोरे पुनमगरलाई छिमेकीसँग झगडा गरेको आरोपमा ०६३ जेठ ३० गते माओवादीले उनीहरूलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई सोही दिन सोही गाविस-४ सादनीबाट मुक्त गरे।

असीग्राम नपा-९ भेटा निवासी २२ वर्षीय दीपक कामीले चोरी गरेको आरोपमा ०६३ साउन ५ गते माओवादीले अपहरण गरी श्रमशिवरमा राखे। पीडित ०६३ साउन २० गते अमरगढी नपा-२ आइतमा रहेको माओवादीका श्रमशिविरबाट भागे।

अमरगढी नपा-२ आइत निवासी २८ वर्षीय लोकबहादुर साउद र १७ वर्षीया एक महिलाले अवैध सम्बन्ध राखेको आरोपमा उनीहरूलाई ०६३ साउन १९ गते माओवादीले दुवैलाई घरबाटै अपहरण गरी अमरगढी नपा-२ आइतमा श्रम कैदमा राखे। पीडितहरूलाई ०६३ भदौ २० गते अमरगढी नपा-२ आइतबाट मुक्त गरे।

अमरगढी नपा-४ जैसिना निवासी ३० वर्षीय भोजबहादुर सार्की र सोही ठाउँकी ३६ वर्षीया एक महिलाले अवैद्य सम्बन्ध राखेको आरोपमा उनीहरूलाई ०६३ साउन १९ गते माओवादीले घरबाट अपहरण गरी श्रम कैदमा राखे। पीडितहरूलाई ०६३ असोज ५ गते अमरगढी नपा-२ आइतबाट मुक्त गरे।

शीर्ष गाविस-७ कटालगोजा निवासी ४० वर्षीय हरिसिंह धामी र शीर्ष गाविस-८ सलौन निवासी २१ वर्षीया जानकी धामी साउदले दोस्रो विवाह गरेको आरोपमा ०६३ साउन ३१ गते माओवादीले दुवैलाई अपरहण गरे। अपहरितमध्ये धामीलाई भागेश्वर निमावि सलौनमा ५० ट्रली

ढुङ्गा बोक्ने सर्तमा ०६३ भदौ ५ गते मुक्त गरे भने जानकीलाई ०६३ मंसिर ५ गते मुक्त गरे।

सिद्धनाथ मावि चन्दनी कक्षा नौमा अध्ययनरत १७ वर्षीय कर्णबहादुर भण्डारी र कक्षा ७ मा अध्ययनरत १५ वर्षीया धनमती अवस्थीले आपसी झगडा गरेको आरोपमा ०६३ भदौ २३ गते माओवादीले उनीहरूलाई अपहरण गरी भदौ २५ गते मुक्त गरे।

अमरगढी नपा-२ जैसीना निवासी १६ वर्षीया माओवादी कार्यकर्ता गीता सार्की र अमरगढी नपा-२ मौरडा निवासी २० वर्षीय मोहन सार्कीले माओवादी पार्टीको निर्णय विपरित विवाह गरेको आरोपमा ०६३ असोज २१ गते माओवादीले उनीहरूलाई घरैबाट अपहरण गरे। माओवादीले पीडितहरूमध्ये मोहनलाई ०६३ असोज २५ गते बगरकोट गाविस-७ बाट र गीतालाई ०६३ मंसिर १६ गते डडेल्धुरा सदरमुकामबाट परिवारको रोहबरमा मुक्त गरे।

कन्चनपुर जिल्ला झलारी गाविस-९ कलुवापुर निवासी २१ वर्षीय अमीन दिलिप नाथ र २२ वर्षीय जगदीश अवस्थीलाई माओवादीको अनुमतिबिना जग्गा नाप नक्सा गरेको आरोपमा ०६३ कात्तिक २१ गते माओवादीले उनीहरूलाई डडेल्धुरा जोगबुडा गाविस-४ घुम्टेगाडाबाट अपहरण गरी भोलिपल्ट सोही गाविस-२ कुडाँबाट मुक्त गरे।

जोगबुडा गाविस-८ सालघारी निवासी ४० वर्षीय गणेश कुँवर गोवरिया लिपना हत्याकाण्डमा संलग्न रहेको आरोपमा ०६३ कात्तिक २६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ मंसिर १ गते सोही ठाउँबाट मुक्त गरे।

गाडखेत गाविस-८ बुडिचाल निवासी ४५ वर्षीय भोजबहादुर खड्काले गाउँकै एक महिला सँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ मंसिर ४ गते माओवदीले उनलाई घरबाटै अपहरण गरी सोही गाविस-४ गाडखेतमा श्रम गराई राखे। पीडितलाई ०६३ मंसीर ११ गते सोही ठाउँबाट मुक्त गरे।

मणिलेक गाविस-२ निवासी १७ वर्षीय गणेश राउतले र १५ वर्षीया एक बालिकासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६३ मंसिर १ गते घरबाटै माओवादीले अपहरण गरी ०६३ मंसिर १५ गते सदरमुकामबाट पत्रकार दीपेन्द्र सिंहको रोहबरमा मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

जोगबुडा गाविस-१ लालढुङ्गा निवासी २४ वर्षीय लालबहादुर थापाले सेनाद्वारा स्थानीय महिलालाई बलात्कारको प्रयास गरेको घटनाको संगठितरूपमा बिरोध गरेको आरोपमा ०६२ फागुन ४ गते सेनाले थापालाई मार्ने धम्की दिए। सेनाको धम्कीपछि पीडित भारतमा विस्थापित भई हालसम्म पनि घर फर्किएका छैनन्।

अमरगढी नपा-५ बागबजार निवासी ४० वर्षीय भवानी पन्तले आमहड्तालको बेलामा पसल नखोलेको भन्दै ०६२ चैत २७ गते प्रहरीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको उपचार डडेल्धुरा टिम अस्पतालमा भयो।

माओवादीबाट

मष्टमाण्डौ गाविस-६ आरा निवासी जनता मावि सकायलका शिक्षक ५१ वर्षीय कर्णबहादुर बिष्टले एक स्थानीय व्यापारीको पैसा नदिएको अरोपमा ०६२ माघ २ गते माओवादीले उनलाई कुटपिट गरे। पीडितको उपचार डडेल्धुरा मष्टमाडौं स्वास्थ्य चौकीमा भयो।

मष्टमाडौं गाविस-६ चोरेलाका ४५ वर्षीय खड्का शाहीले माओवादीलाई गाली गरेको आरोपमा ०६३ वैशाख

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	२		२										
गिरफ्तारी/यातना										९	२९		१	३०
कुटपिट					५	५	१		६	३	३			३
धम्की					५	५			५	१	१			१
भेला/संगठित हुने अधिकार										२	१०		१८	२८
जातीय विभेद	१		१	१										
महिलाअधिकार	२		२	२						२		२		२
बालअधिकार	२		२	२										
अमानवीय व्यवहार	२	२	१	३										
अपहरण					३१	४८	१०	४२	१००					
जम्मा	८	४	६	१०	३१	५८	११	४२	१११	१६	४३	२	१९	६४

२७ गते माओवादीले उनलाई कुटपिट गरे।

अजयमेरु गाविसस्थित सहश्रलिङ्ग उच्चमावि चमडाका शिक्षकहरूलाई ०६३ भदौ २७ गते माओवादीले धम्काएर ५० हजार रकम माग गरे। तर शिक्षकहरूले रकम दिएनन्।

अभिव्यक्ति , भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नगर निर्वाचन बहिष्कार गर्दै भन्दै डडेल्धुरा सदरमुकाम बागबजारमा सात दलद्वारा ०६२ माघ १२ गते निकालिएको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा एमालेका धनबहादुर शाही लगायत २० जना आन्दोलनकारी घाइते भए भने २४ जनालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा एमाले अञ्चल कमिटी सदस्य बिक्रम शाही, जिल्ला कमिटी उपसचिव नरबहादुर बिष्ट, तारा जोशी, यज्ञराज अवस्थी, डम्वर साउद, नेकाँ महासमिति सदस्य रामचन्द्र चटौत, नवराज मडै, नेकाँ (प्रजातान्त्रिक) का रघुवर भट्ट, डिल्लीराज जोशी, जनमोर्चाका लालबहादुर जाग्री, दिलबहादुर ऐर थिए। गिरफ्तार भएकाहरूमध्ये १२ जना ०६२ माघ १३ गते रिहा भए। बाँकी सबै ०६२ फागुन २ गते जिल्ला कारागार डडेल्धुराबाट रिहा भए।

एमाले जिल्ला कमिटी सदस्य गजेन्द्र शाहीले 'शाही सरकार'द्वारा घोषणा गीरएको नगर निर्वाचनको विरोध गरेको आरोपमा ०६२ माघ २४ गते उनलाई प्रहरीले गिरफ्तार गरी माघ २५ गते रिहा गरे।

एमाले आलीताल गाउँ कमिटी सदस्य प्रकाश बोहरा र सोही गाविसका गाविस पूर्व उपाध्यक्ष दलबहादुर कार्कीलाई ०६२ माघ १९ गते सात दलले सञ्चालन गरेको 'निरंकुशता विरुद्ध'को जुलुसबाट प्रहरीले गिरफ्तार गरी ०६२ माघ २० गते रिहा गरे।

डडेल्धुराको बागबजारमा शाही घोषणाकोविरुद्धमा सात दलले आह्वान गरेको शान्तिपूर्ण आन्दोलनमा हस्तक्षेप गरी नेकाँ (प्रजातान्त्रिक) का रघुवर भट्ट, हरिप्रसाद भट्ट, एमालेका गजेन्द्र शाही र यज्ञराज अवस्थीलाई ०६२ चैत २३ गते गिरफ्तार गरी ०६३ वैशाख १२ गते रिहा गरे।

'निरकुशतन्त्रको विरुद्ध'मा सात दलले सञ्चालन गरेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाँका जिल्ला सभापति शेरबहादुर ढाट र एमालेका जिल्ला कमिटी सदस्य धनबहादुर शाहीलाई ०६२ चैत २६ गते प्रहरीले गिरफ्तार गरी भेलिपल्ट रिहा गरे।

अमरगढी नपा-५ तुफानडाँडामा सात दलले आह्वान गरेको शान्तिपूर्ण जुलुसमा ०६२ चैत २८ गते प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा पत्रकार महासंघका केन्द्रीय उपसभापति डीआर पन्त, हरमस डडेल्धुराका कार्यसमिति सदस्य ज्ञानेन्द्र जोशी, ४५ वर्षीय व्यापारी इश्वरी जोशी, अमरगढी नपा-४ सुनेडाका गणेश विष्ट, एमाले जिल्ला कमिटी सदस्य धनबहादुर शाही, नेपाल बार एसोसिएसनको डडेल्धुरा शाखा अध्यक्ष गणेशराज भट्ट, शिक्षा क्याम्पस स्वयिु सहसचिव दिनेश चन्द, ७ वर्षीया अनीता थापा र दलजित निदाललगायतका २१ जना घाइते भए। सोही घटनामा एमाले जिल्ला कमिटी सचिव पठानसिंह बोहरा, एमाले जिल्ला कमिटी सदस्य अनिल विक, अनेरास्वयिु (एकिकृत) का केन्द्रीय सदस्य धनबहादुर पार्की, शिक्षा क्याम्पस सभापति डम्वर साउँदलाई गिरफ्तार गरी सोही दिन कारागार चलान गरे। पीडितहरू ०६३ वैशाख ११ गते कारागारबाट भए।

बगरकोट गाविस-४ नुवागाउँ निवासी उद्योग वाणिज्य संघ डडेल्धुराका अध्यक्ष प्रकाश साउदले सात दलको आम हड्तालले सहयोग गरेको आरोपमा ०६२ चैत २९ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेपाल ट्रेड युनियनका क्षेत्रीय अध्यक्ष राजेन्द्र जोशी सात दलले आह्वान गरेको आन्दोलनमा संस्थानका कर्मचारीलाई सहभागी गराउन नेतृत्व गरेको आरोपमा ०६२ चैत २९ गते प्रहरीले जोशीलाई डडेल्धुरा सदरमुकामबाट गिरफ्तार गरी ०६२ चैत ३० गते रिहा गरे।

अमरगढी नपा-८ खुल्लेक निवासी २३ वर्षीय रामप्रसाद ओझा, २६ वर्षीय धर्मराज पाण्डे र अमरगढी नपा-५ खनमडा निवासी ३० वर्षीय लोकराज पाण्डेले सात दलद्वारा आह्वान गरेको आमहड्तालका क्रममा सरकारी कार्यालयमा तालबन्दी गरेको आरोपमा ०६२ चैत ३० गते प्रहरीले उनीहरूलाई अमरगढी नपा-५ कीर्तिपुरबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

इन्सेक जिल्ला प्रतिनिधि केशव बोहरालाई जनआन्दोलनको क्रममा ०६३ वैशाख १ गते प्रहरीले अमरगढी नपा-५ तुफानडाडाबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे ।

कैलपालमाण्डा गाविस-२ रेल निवासी ज्ञानोदय इडलिस बोडिङ्गका प्रिन्सिपल कृष्ण ओझा, अमरगढी नपा-५ मल्ले खलंगा निवासी महेन्द्र उच्चमावि खलंगाका प्राचार्य प्रेमराज बोहरा, अमरगढी नपा-८ निवासी उग्रतारा उच्चमाविका सिद्धराज जोशी र अमरगढी नपा-८ झुकालगाउँ निवासी कमल झुकालाई सात दलको आन्दोलनमा शिक्षकहरू सहभागी गराउन प्रमुख भूमिका खेलेको आरोपमा ०६३ वैशाख ३ गते प्रहरीले डडेल्धुरा बागबजारबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

डडेल्धुरा खानेपानी उपभोक्ता समिति खलंगाका

अध्यक्ष प्रकाश जैरूले सार्वजनिक मञ्चबाट राजाको विरोध गरेको आरोपमा ०६३ वैशाख ३ गते प्रहरीले उनलाई डडेल्धुरा बागबजारबाट गिरफ्तार गरी सार्वजनिक मुद्दामा थुनामा राखी ०६३ वैशाख १३ गते रिहा गरे।

अमरगढी गाविस-८ झडीगाउँ निवासी २५ वर्षीय वीरबहादुर ढाँट सात दलको आन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ४ गते दिउँसो प्रहरीले उनलाई गिरफ्तार गरी चार घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष जिम्मेवारी सरेर आएका एक ओटा दुनियावादी फौजदारी मुद्दामध्ये यो वर्ष एउटा पनि फर्स्यौट भएनन्। यो वर्ष दर्ता भएका छओटा मध्ये पाँचओटा फर्स्यौट भई एकओटा बाँकी रह्यो। यो वर्षको अन्त्यसम्म दुईओटा दुनियावादी फौजदारी मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी आठओटा मुद्दामध्ये पाँचओटा फर्स्यौट भई तीनओटा बाँकी रहे। यो वर्ष दर्ता भएका सातओटा मध्ये एकओटा फर्स्यौट भई छओटा बाँकी रहे। यो वर्षको अन्त्यसम्म नौओटा मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका दुईओटा देवानी मुद्दामध्ये दुईओटानै फर्स्यौट भए। यो वर्ष दायर भएका चारओटामध्ये कुनैपनि फर्स्यौट भएनन्। यो वर्षको अन्त्यसम्म चारओटा देवानी बाँकी रहे। यो वर्षको अन्त्यसम्म २८ ओटा मुद्दा बाँकी रहे।

यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीका जिल्ला कमिटी सदस्य नवीन भनिने ३४ वर्षीय रमेश कुवँरलाई ०६२ पुस २० गते संयुक्त सुरक्षाफौजको गस्ती टोलीले गिरफ्तार गरी बुडर ब्यारेकमा राखी पैतलामा लाठीले हिर्काएर यातना दिई ०६३ जेठ ११ गते डडेल्धुरा कारागारबाट रिहा गरे।

अमरगढी नपा-८ लटाउली निवासी जिल्ला वन कार्यालयका वन पाले ३५ वर्षीय छविलाल सार्कीले माओवादीलाई सहयोग गरेको अरोपमा ०६२ माघ २१ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी ०६२ फागुन ७ गते जेल चलान गरे। पीडितलाई ०६३ चैत १९ गते डडेल्धुरा कारागारबाट रिहा गरे।

आलीताल गाविस-१ मल्लेक निवासी १६ वर्षीय गणेश बोहरा माओवादी भएको आरोपमा ०६३ वैशाख ५ गते बुडरबाडमा सुरक्षाकर्मीले गिरफ्तार गरी ०६३ वैशाख १८ गते डडेल्धुरा कारागार चलान गरे। पीडित ०६३ वैशाख २२ गते डडेल्धुरा कारागारबाट रिहा भए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

नवदुर्गा गाविस-५ घर भई डडेल्धुराको बागबजारमा डेरा गरी बस्दै आएकी २० वर्षीया एक महिलाई जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा कार्यरत प्रहरी हवल्दार ४० वर्षीय अमर चन्दले कोठामा पसी बलात्कारको प्रयास गरे। स्थानीय बासिन्दाले पीडकलाई कारबाहीको माग राख्दा पीडकलाई महेन्द्रनगर सरुवा गरियो।

भद्रपुर गाविस-५ गुनपाल निवासी २६ वर्षीय एक महिलालाई ०६३ पुस १ गते राति घरमै सुतिरहेको अवस्थामा घरभित्र पसी सोही ठाउँ निवासी ३२ वर्षीय तेजबहादुर मल्लले बलात्कारको प्रयास गरे। ०६३ पुस ४ गते गाउँलेले पीडकलाई डडेल्धुरा जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडक यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा छन्

सबै प्रकारका जातीय विभेद

असीग्राम गाविस-९ भेटा धुलौना गाउँ निवासी ४५ वर्षीय तुलक्षी कामीलाई ०६२ माघ १९ गते सोही ठाउँका ४५ वर्षीय दामोदर भनिने किडे अवस्थीले स्थानीय दत्तराज अवस्थीको छोराको न्वारनका बेला छुवाछुत गऱ्यो भनी डुम भन्दै कुटपिट गरे। पीडितको उपचार जिल्ला अस्पतालमा भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षतिमा

माओवादीबाट

अजयमेरु गाविस-४ निवासी ४५ वर्षीय धनबहादुर महराले २५ जना मजदुरलाई कैलपालमाण्डौस्थित कोरालखोला नहरमा काम गराई पारिश्रमिक नदिएको अरोपमा ०६३ साउन २३ गते माओवादीले उनको से.१.ख १५७ नम्बरको ट्रक कब्जा गरे । पीडितको ट्रक ०६३ भदौ १५ गते अमरगढी नपा-५ तुफानडाँडाबाट फिर्ता गरे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका ठेगाना नखुलेका माओवादी कार्यकर्ता २२ वर्षीय मानबहादुर बिष्ट रहेका छन्।

५.८ बैतडी



जनसंख्या	: २,४९,२९३
साक्षरता प्रतिशत	: ५१.५५
महिला साक्षरता प्रतिशत	: ३३.४३
क्षेत्रफल (वर्ग कि. मि.)	: १५१९
गाविस/नपा संख्या	: ६२/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७५
क्याम्पस/उच्च मा.वि.	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/७०
टेलिफोन लाइन	: १९७
मोटर सडक (कि. मि.)	: १५५
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: १३
मानव विकास सूचकाङ्क	: ०.३९१
प्रति परिवार सरदर संख्या	: ६.१७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

नार्गाजुन गाविस-३ बरतोली निवासी ३८ वर्षीय बलबहादुर भण्डारी माओवादी भएको आरोपमा ०६२ माघ २२ गते सुरक्षाकर्मीले दशरथचन्द नपा-५ मार्कन्डगाउँमा गोली हानी उनको हत्या गरे। उनको लास पोष्टमार्टम गरी आफन्तहरूलाई बुझाइयो। पीडितका आफन्तहरूले लास महाकाली नदीमा दाहसंस्कार गरे।

माओवादीबाट

दुर्गास्वटा गाविस-९ ढणैन निवासी प्रहरी जवान २५ वर्षीय प्रेमबहादुर चन्दको ०६२ पुस २९ गते माओवादीले दशरथचन्द नपा गोठलापानीस्थित दिलखुश होटल पछाडि बम विस्फोट गराउँदा मृत्यु भयो। साथै सोही विस्फोटमा परी नगार्जुन गाविस-१ बट्टाका सैनिक २२ वर्षीय मानबहादुर चन्द घाइते भएका थिए। घाइते चन्दले सेनाको जागिर छोडी भागेर भारतमा गई उपचार गराए। पीडित हालसम्म पनि भारतमै बसिरहेका छन्।

गोली/बम/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

दशरथचन्द नपा-१ निवासी ५८ वर्षीय भवानीसिंह ठगुन्नाको घरमा ०६२ माघ १९ गते माओवादीले बम विस्फोट गराउँदा उनी विस्फोटमा परी घाइते भए। पीडित सरकारद्वारा घोषित नगर निर्वाचन ०६२ मा मेयर पदका उम्मेदवार थिए। पीडितको उपचार काठमाडौं भयो।

जेल र बन्दी

यस जिल्लामा कूल २५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको कारागार छ। हाल १३ जना बन्दीहरू छन्। तीमध्ये एक महिला र आठ पुरुष गरी नौजना कैदी र चार पुरुष थुनुवा छन्। कारागारमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्रीको सुविधा उपलब्ध छ। कारागारभित्र महिला बन्दीहरूका लागि छुट्टै कोठाको व्यवस्था छ।

बेपत्ता/अपहरण

माओवादीबाट

भूमिराज गाविस-५ तिरगाली निवासी ४८ वर्षीय रामसिंह साउदले माओवादी पार्टीको विरोध गरेको आरोपमा ०६२ चैत ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित गाउँलेहरूको सहयोगमा भोलिपल्ट चौखाम गाविसको श्री भावरबाट माओवादी कब्जाबाट भागेर घर फर्किए।

कटौजपानी गाविस निवासी प्राविधिक सहायक ३२ वर्षीय तेजबहादुर बिष्टलाई गाविस कार्यालयको काम सम्बन्धमा बुझ्न भन्दै ०६२ चैत १७ गते माओवादीले उनलाई गाविस कार्यालयबाट अपहरण गरी ०६२ वैशाख १ गते सोही गाविसबाट मुक्त गरे।

मठैराज गाविस-४ चौसाल निवासी २८ वर्षीय पदमबहादुर बिष्टले सोही ठाउँको झोलुङ्गे पुल निर्माणको रकम अनियमितता गरेको आरोपमा ०६२ चैत १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६२ चैत ३१ मा सोही गाविसबाट मुक्त गरे।

पाटन गाविस-४ लोखा निवासी २० वर्षीय दीपक चन्द नक्कली माओवादी बनी सर्वसाधारणलाई दु:ख दिएको आरोपमा ०६३ भदौ १८ गते माओवादीले उनलाई सोही ठाउँबाट अपहण गरी यो वर्षको अन्त्यसम्म श्रम कैदमा राखेका छन्।

बाशुलिङ्ग गाविस-३ ग्वानी निवासी शिक्षक ४० वर्षीय जितबहादुर बिष्टले सोही ठाउँको श्री नेपाल राष्ट्रिय निमाविको रकममा अनियमितता गरेको आरोपमा ०६३ असोज ५ गते माओवादीले उनलाई अपहरण गरी रौलेश्वर गाविससम्म पुऱ्याई तीन दिनपछि मुक्त गरे।

न्वाली गाविस-१ गोवडा निवासी प्रहरी जवान २३ वर्षीय नरबहादुर चन्दलाई ०६३ असोज १७ गते माओवादीले घरबाटै अपहरण गरी गोकुलेश्वर गाविस पुऱ्याए। अघिल्लो दिन उनकी पत्नी र छोरीले आत्महत्या गरेको विषयमा अनुसन्धान गर्न उनलाई अपहरण गरेको माओवादीले बताए। पीडितले पत्नी र छोरीको हत्या गरेको आरोप स्वीकार गरेको भनी दुई हप्तापछि माओवादीले पीडितलाई कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय, बैतडीलाई बुझाए।

भूमिराज गाविस-५ तिरगाली निवासी २९ वर्षीय पुटके साउद माओवादी पार्टी विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा ०६३ मंसिर ४ गते माओवादीले दशरथचन्द नपा-१ गोठलापानीबाट अपहरण गरी पुर्चौडीतर्फ लगेकोमा पीडित सोही रात माओवादी कब्जाबाट भागेर भारत गए। पीडित हालसम्म पनि भारतबाट घर फर्केका छैनन्।

दुर्गास्वटा गाविस-१ रौतगाउँ निवासी २४ वर्षीय उमापति भट्टले अवैध सम्बन्ध राखेको आरोपमा ०६३ मंसिर २७ गते माओवादीले उनलाई दशरथचन्द नपा-१ शाहीलेकबाट अपहरण गरी यो वर्षको अन्त्यसम्म श्रम कैदमा राखेका छन्।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

इन्सेक बझाङ जिल्ला प्रतिनिधि शेरबहादुर चन्द र हुसेक बैतडीका नारदसिंह बिष्टलाई ०६२ फागुन २७ गते राजाद्वारा मनोनित दशरथचन्द नगरपलिकाका तत्कालीन उपमेयर दानसिंह रावलले धम्की दिए।सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ माघ २२ गते हत्या गरिएका नार्गाजुन-३ बरतोलीका बलबहादुर भण्डारीको हत्याको घटनाको अनुगमन प्रतिवेदनको विषयमा पीडितहरूलाई धम्की दिइएको थियो।

सात दलले आयोजना गरेको आन्दोलनमा सहभागी भएका एमालेका लक्ष्मण भट्ट, तिलकसिंह धामी र नेकाँ (प्रजातान्त्रिक) का पूर्णबहादुर बोहरालाई ०६२ चैत २६ गते प्रहरीले कुटपिट गरे। कुटपिटबाट लक्ष्मण भट्टको खुट्टा भाँचियो। पीडित भट्टको उपचार भारतमा भयो।

माओवादीबाट

कूलाउँ गाविस-३ चौकुने निवासी ३८ वर्षीय तारा चन्दले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ फागुन १६ गते माओवादीले उनलाई मेलौली गाविसको काडाबजारमा कुटपिट गरे। यसअघि पनि पीडितबाट चन्दा असुल गरी पञ्चेश्वरमा रहेको उनको पसलसमेत लुटपाट गरेका थिए।

मेलौली गाविस केशरपुर काँडास्थित श्री मणिलेक उच्चमाविका शिक्षक दशरथ जोशी, तारादत्त जोशी र धर्मराज जोशीले अन्य शिक्षकहरूकाबारेमा माओवादीलाई गलत विवरण दिएको आरोपमा ०६२ चैत ४ गते माओवादीले तीनैजनालाई मेलौली गाविसको देही बजारमा कुटपिट गरे।

उदयदेव गाविस-३ निवासी ४५ वर्षीय भगिराम सिहं साउदलाई ०६२ चैत १२ गते माओवादीले कुटपिट गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित		
	अन्यबाट					माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	३	३			३	१	१			१	१	१	१
घाइते						३	३			३			
गिरफ्तारी/यातना											६	१०	१०
बेपत्ता											१	१	१
कुटपिट	१	३	१		४	१८	३६			३६	३	५	५
धम्की	१	१			१	८	८		१	९			
भेला/संगठित हुने अधिकार											३	८	८
जातीय विभेद	५	४	१	३	८								
महिलाअधिकार	५		५		५								
बालअधिकार	३		३		३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	३			३			
अमानवीय व्यवहार						४	५		४	९			
अपहरण						१६	३०	३	१००	१३३			
जम्मा	१६	११	९	३	३३	५३	६५	३	१०५	१६३	१४	३५	३५

उनीसँग रहेको १० हजार रूपैयाँसमेत लुटे।

पञ्चेश्वर गाविस-१ पलाडी निवासी ४५ वर्षीय शुक्राम सार्कीले घरायासी झगडा गरेको आरोपमा ०६३ जेठ २० गते माओवादीले उनलाई कुटपिट गरी घाइते तुल्याए। माओवादीको कुटपिटबाट घाइते भएका सार्कीलाई उपचारको लागि गाउँ बाहिर जान दिएनन्।

पञ्चेश्वर गाविस-३ सेरी निवासी २८ वर्षीय पुरनसिंह घटाल र सोही ठाउँका २६ वर्षीय पुष्करसिंह घटालले कुलाउ माविको र्कंकटपाता ढुवानीमा आर्थिक अनियमितता गरेको आरोपमा ०६३ असार १८ गते माओवादीले उनीहरूलाई कुटपिट तथा अमानवीय व्यवहार गरे।

सलेना गाविस-२ निवासी २२ वर्षीय हरिराम दमाईले दलितहरूबीचमै जातीय विभेद गरेको आरोपमा ०६३ साउन ८ गते माओवादीले कुटपिट गरे।

सिद्धपुर गाविस निवासी सरकारद्वारा मनोनित जिल्ला विकास समिति, बैतडीका सदस्य ४५ वर्षीय प्रेमसिंह बिष्टलाई ०६३ भदौ २७ गते माओवादीले मोसो दली गाउँ घुमाए।

रौलेश्वर गाविस-६ निवासी २३ वर्षीय लालुराम विकलाई ०६३ आसोज ३ गते माओवादीले घर नजिकै कुटपिट गर्नुका साथै दुर्व्यवहार गरी गाउँ घुमाए। सो घटनापछि पीडित केही दिन सदरमुकाममा विस्थापित भए। इन्सेक प्रतिनिधिको पहलमा उनी असोज १२ गते पुनर्स्थापित भए। पीडितलाई यस अघि पनि ०६३ जेठ १६ माओवादीले गाउँमै कुटपिट गरेका थिए।

श्रीकोट गाविस निवासी सरकारद्वारा मनोनित जिल्ला विकास समिति सदस्य ३८ वर्षीय विष्णुदत्त भट्टलाई ०६३ आसोज १५ गते माओवादीले कुटपिट गरी मुखमा मोसोदली गाउँ घुमाए।

न्वाली गाविस-४ निवासी ४० वर्षीय मोहनसिंह कार्कीले आफ्नो भाइलाई सुरक्षाकर्मीको जागिरबाट फिर्ता नबोलाएको र दशैंमा घर गएको समयमा पार्टीलाई सहयोग नगरेको आरोपमा ०६३ असोज २५ गते माओवादीले कार्कीलाई कुटपिट गरे। पीडितको बाँया आँखामा चोट लागेको थियो।

काँग्रेस (प्रजातान्त्रिक) जिल्ला कार्यसमितिका सहसचिव घनश्याम भट्टले सुराकी गरेको आरोपमा ०६३ पुस ४ गते माओवादी नेता विजय सुन्दर भनिने नरेन्द्र कुँवरले उनलाई दशरथचन्द नपा-१ गोठलापानीमा कुटपिट गरे। पीडक पूर्व जनसरकार प्रमुख हुन्।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका बलबहादुर भण्डारी

गैरकानुनी गिरफ्तारी

न्वाली गाविस-३ निवासी २७ वर्षीय हर्कसिंह कार्की माओवादी भएको आरोपमा ०६२ माघ ११ गते सुरक्षाकर्मीले उनलाई दशरथचन्द नपा-१ गढीबाट गिरफ्तार गरे। कार्कीबाट एउटा पेस्तोल र केही गोलीहरू बरामद गरेको सुरक्षाकर्मीले जनायो। उनलाई आतंककारी ऐन अर्न्तगत जिल्ला कारागार, बैतडी चलान गरियो। पीडित ०६३ वैशाख २२ गते कञ्चनपुर जिल्ला कारागारबाट रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दशरथचन्द नपा निवासी एमालेका नगर कमिटी सचिव ५८ वर्षीय देवदत्त भट्टलाई नगर निर्वाचन असफल पार्न प्रचार प्रसार गरेको आरोपमा ०६२ माघ १२ गते सुरक्षाकर्मीले दशरथचन्द नपा-१ गोठलापानीबाट गिरफ्तार गरी माघ १६ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

काँग्रेस (प्रजातान्त्रिक) का जिल्ला सह-सचिव २८ वर्षीय घनश्याम भट्ट माओवादीसँग मिलेको आरोपमा ०६२ माघ १३ गते प्रहरीले उनलाई दशरथचन्द नपा-१ शाहीलेकबाट गिरफ्तार गऱ्यो। पीडितलाई ०६२ माघ १६ मा जिल्ला प्रहरी कार्यालय, बैतडीबाट रिहा गरियो ।

अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष २५ वर्षीय गौरीशंकर भट्ट र श्री जगन्नाथ बहुमुखी क्याम्पस गोठलापानीका स्ववियु सभापति २४ वर्षीय दीपेन्द्रबहादुर चन्दले आन्दोलनरत सात दलका पर्चाहरू बजारमा वितरण गरेको आरोपमा ०६२ चैत २२ प्रहरीले उनीहरूलाई दशरथचन्द नपा-१ गोठलापानीबाट गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालय, बैतडीबाट रिहा गऱ्यो।

एमालेका जिल्ला कमिटी सचिव दामोदर भण्डारी, सोही पार्टीका कार्यकर्ता प्रेमसिंह रावल, नेकाँका जिल्ला सभापति नरेन्द्रसिंह बिष्ट, नेकाँ (प्रजातान्त्रिक) का कार्यवाहक जिल्ला सभापति प्रतापसिंह ठगुन्ना र सोही पार्टीका जिल्ला सदस्य प्रेमबहादुर चन्द सात दलको आन्दोलनमा सहभागी भएको अवस्थामा ०६२ चैत २६ गते प्रहरीले सदरमुकाम गोठलापानीबाट गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट जिल्ला प्रहरी कार्यालय बैतडीबाट रिहा गरियो।

मेलौली गाविस-२ काडा निवासी ३० वर्षीय शेरसिंह भाट र दार्चुला जिल्ला बोहरी गाविस निवासी १९ वर्षीय वीरेन्द्रप्रसाद जोशी ०६२ चैत २६ गते सात दलद्वारा सदरमुकाममा आयोजित विरोध जुलुसमा सहभागी भएको अवस्थामा सेनाका क्याप्टेनले उनीहरूलाई माओवादीको

आरोपमा सदरमुकाम गोठलापानीबाट गिरफ्तार गरी इन्सेक जिल्ला प्रतिनिधि शेरबहादुर चन्द र कान्तिपुरका संवाददाता राजेन्द्र नाथको रोहबरमा सोही दिन रिहा गरे।

नेपाल राष्ट्रिय शिक्षक युनियनका जिल्ला अध्यक्ष ४३ वर्षीय गोरखबहादुर चन्द जनआन्दोलनमा सहभागी भएको आरोपमा ०६३ वैशाख ४ गते प्रहरीले उनलाई सदरमुकाम गोठलापानीबाट गिरफ्तार गऱ्यो। पीडित भोलिपल्ट जिल्ला प्रहरी कार्यालय, बैतडीबाट रिहा भए।

माओवादीबाट

अनेरास्ववियु बैतडीका भुवनराम लुहार र बलभद्र दयाल ०६३ जेठ १७ गते श्री धर्मघर माबि सलेनामा आफ्नो सगंठनको विद्यालयस्तरीय कमिटी गठन गर्न जाँदा सो क्षेत्रका माओवादी एरिया इन्चार्जले रोक लगाए।

कोटपेटरा गाविस-८ निवासी २२ वर्षीय राजेन्द्र घरेडी र सोही ठाउँका १८ वर्षीय धनमती घरेडी ०६३ पुस ३ गते माआवादी परित्याग गरी एमालेमा प्रवेश गरेको आरोपमा माओवादीले उनीहरूलाई ०६३ पुस ४ गते दशरथचन्द्र नपा-१ गोठलापानीस्थित शिवम होटलमा केहीसमय नियन्त्रणमा राखे। पीडितहरूलाई एमाले कार्यकर्ताहरूको रोहबरमा सोही दिन मुक्त गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष बैतडी जिल्ला अदालतमा फौजदारी तर्फका जम्मा १० ओटा मुद्दा रहेका छन्। जसमध्ये पाँच ओटा मुद्दा फैसला हुन बाँकी रहेका छन् भने तीन ओटा मुद्दा खारेज भएका छन्। एउटा मिलापत्र र एउटा मुद्दा फैसला भएको थियो। देवानीतर्फ नौओटा मुद्दाहरू दर्ता भएका छन्। लेनदेन सम्बन्धी नौ ओटा मुद्दाहरूमध्ये एउटा मात्रै फैसला भएको छ भने अंश दावीअन्तर्गत दर्ता भएका चारओटा मुद्दाहरू फैसला हुन बाँकी रहेका छन्।

बालअधिकार

कोटपेटरा गाविस-१ नानारा निवासी १६ वर्षीय धनबहादुर रानालाई ०६३ कात्तिक २८ गते माओवादीले घरबाटै अपहरण गरी कैलाली जिल्लाको मसुरियामा रहेको जनसेना शिविरमा भर्ती गरे। पीडित हालसम्म पनि सोही शिविरमा रहेका पीडितका बाबु विसन सिंहले बताए।

भूमिराज गाविस-४ कुएली निवासी १६ वर्षीय मनबीर साउद, सोही ठाउँका १७ वर्षीया जुइली साउद, सोही गाविस-६ निवासी १७ वर्षीय जयलाल साउदलाई ०६३ कात्तिक ३० गते माओवादीले जनमुक्ति सेनामा भर्ना गर्न भनी कैलाली जिल्लातर्फ लगेको पीडितका आफन्तहरूले बताए। उनीहरू हालसम्म घर फर्किएका छैनन्।

उदयदेव गाविस-७ सोलपाला निवासी १५ वर्षीय महेश नेपालीलाई माओवादीले अपहरण गरी ०६३ कात्तिक ३० गते माआवादीले जनमुक्ति सेनामा भर्ना गराउन भनी घरबाट लगे।

भूमिराज-५ तिरगाली निवासी १७ वर्षीय मनवीर साउद, १५ वर्षीय डम्मरे साउद र १४ वर्षीय जयदेव साउदलाई ०६३ मंसिर २ गते माआवादीले अपहरण गरी जनमुक्ति सेनामा भर्ना गर्न कैलाली जिल्लातर्फ लगे। उनीहरू हालसम्म पनि घर फर्केका छैनन्।

कुलाउ गविस-१ द्वारी निवासी १५ वर्षीय समशेरसिंह जोशीलाई ०६३ मंसिर ३ गते माओवादीले अपहरण गरी जनमुक्ति सेनामा भर्ना गर्न कैलाली पुऱ्याए। पीडित ०६३ मंसिर १० गते घर फर्किए।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

दशरथचन्द नपा-१० निवासी २८ वर्षीया कमला बिष्टलाई ०६३ साउन-१५ गते उनका पति त्रिलोकसिंह बिष्ट र ससुराले कुटपिट गरी घरबाट निकाले। पीडित हाल धनगढीमा बसिरहेकी छन्। उनका पति सेनाका जवान रहेको र उनले दोस्रो विवाहसमेत गरेका छन्। पीडितसँग नेपाली नागरिकताको प्रमाणपत्र नहुँदा अंश पाउन सकेकी छैनन्।

सबै प्रकारका जातीय विभेद

दशरथचन्द नपा- ६ भोडा निवासी ३२ वर्षीय करनराम महरलाई ०६३ असार ३२ गते सोही ठाउँका ३० वर्षीय प्रकाश पन्तले जातीय विभेदका कारण थाचोरमा कुटपिट तथा अमानवीय व्यवहार गरे। कुटपिटबाट पीडित घाइते भएको र उपचार खर्च स्वरूप पीडकले १ हजार रूपैयाँ पीडितलाई बुझाए।

दशरथचन्द नपा-१ तोली निवासी ५० वर्षीय कृष्णराम ओडलाई ०६३ भदौ २२ गते जातीय विभेदका कारण सोही ठाउँका गैरदलितहरूले कुटपिट गरे। धम्कीका कारण पीडितले पीडकहरूको नाम भन्न चाहेनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

माओवादीबाट

हठैराज गाविस गुरकेली निवासी २५ वर्षीय कलसबहादुर चन्दको बाशुलिङ्ग गाविस-७ सतबाज चौराहमा रहेको पसल घर माओवादीले ०६३ भदौ २७ गते कब्जा गरे।

सम्पत्ति क्षति

सरकारद्वारा घोषित नगर निर्वाचन असफल पार्न भनी ०६२ पुस २२ गते माओवादीले राष्ट्रिय वाणिज्य बैंक

गोठलापानीमा बम विस्फोटन गराए।

दशरथचन्द नपा-१ शाहीलेक निवासी ३५ वर्षीय हरि भण्डारीको घरमा ०६२ माघ १० गते माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट मानवीय क्षति नभएपनि घरको दुई कोठामा क्षति पुगेको थियो।

सरकारद्वारा घोषित नगर निर्वाचनमा निर्विरोध निर्वाचित मेयर कृष्णसिंह ठगुन्नाको घरमा ०६२ माघ २२ गते माओवादीले बम विस्फोटन गरी क्षतिग्रस्त बनाए।

५.९ दार्चुला



जनसंख्या : १,३१,१२३
साक्षरता प्रतिशत : ५०.२१
महिला साक्षरता प्रतिशत : ३३
क्षेत्रफल (वर्ग कि. मि.) : २३२२
गाविस/नपा संख्या : ४१/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २६५
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : १८
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४३
मानव विकास सूचकाङ्क : ०.४११
प्रति परिवार सरदर संख्या : ६.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

माओवादी कार्यकर्ता संग्राम र विवशको ०६२ फागुन १६ गते राति सुरक्षाकर्मीले खलङ्गा गाविस-२ गल्फैमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीलाई सकेट बम प्रहार गरी भाग्ने क्रममा सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। माओवादीले प्रहार गरेको सकेट बम विस्फोट हुँदा सई उत्तमसिंह धामी र प्रहरी जवान गणेश बम समान्य घाइते भए। घाइतेहरूको उपचार काठमाडौंमा भएको थियो।

माओवादी नियन्त्रणमा मृत्यु

उकु गाविस-७ डिन्सी निवासी १७ वर्षीया तारा मह, २४ वर्षीय दिनेशराम कामी र सोही ठाउँ निवासी मदनराम लुहारले एक स्थानीय महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६३ भदौ ३१ गते माओवादीले उनीहरूलाई डिन्सी भन्ने ठाउँबाट अपहरण गरी तीनैजनाको चारपाटा मुडी मोसो दलेर सात दिनसम्म गाउँ घुमाए। ०६३ असोज ८ गते तीनैजनालाई आफन्त कहाँ बुझाउन ल्याइरहेको अवस्थामा मदनराम लुहारले महाकाली नदीमा हाम फाली आत्महत्या गरे। अन्य दुईजना महाकाली नदी तरेर भारततर्फ लागे।

जेल र बन्दी

यस जिल्लामा 'घ' श्रेणीको कारागार छ। यस कारागारको क्षमता ४० जना छ। हाल जम्मा १२ जना बन्दीहरू रहेका छन्। तीमध्ये ११ जना पुरुष कैदी र एक महिला थुनुवा छन्। यस कारागारमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी तथा खेलकुद सामग्री आदिको समस्या रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

शिवालिङ्ग प्रावि पथ्थरकाँडाका शिक्षक रामसिंह धामीलगायतका शिक्षक तथा स्वास्थ्य चौकीका कर्मचारीसमेत सातजनालाई जनसाक्षरता तथा जनसंकल्प अभियानका नाममा ०६२ फागुन २५ गते माओवादीले अपहरण गरी सात दिनसम्म घुसा, शितलालगायतका गाविसहरूमा घुमाई ०६२ चैत ३ गते गुल्जरबाट मुक्त गरे।

सिप्टी गाविस-२ निवासी ३५ वर्षीय लालसिंह ठगुन्ना र उनकै २५ वर्षीय भाइ झुपुरसिंह ठगुन्नालाई शिक्षक रामसिंह साहुको हत्याका सम्बन्धमा सोधपुछ गर्न भन्दै ०६३ वैशाख ३ गते माओवादीले घरबाटै अपहरण गरे। झुपुरसिंह ठगुन्नालाई पाँच दिनपछि र लालसिंहलाई एक महिनापछि मुक्त गरे।

श्रीकृष्ण मावि डाँडाकोटका करिब ८० जना विद्यार्थीलाई ०६३ वैशाख १८ गते माओवादीले अपहरण गरी रातामाटामा पुऱ्याई सोही दिन मुक्त गरे।

सर्मोली गाविस-४ निवासी २७ वर्षीय लक्ष्मण

सार्कीलाई स्थानीय एक महिलाले उजुरीको दिएको आधारमा ०६३ कात्तिक १ गते माओवादीले उनलाई घरमै कुटपिट गरी अपहरण गरे। पीडित माओवादी कब्जाबाट भागेर हालसम्म पनि फरार छन्।

खलङ्गा गाविस-५ निवासी १८ वर्षीय ध्रुव निरौला, महेश सदाशंकर, मनोज निरौला, सन्तोष दमाई, विनोद निरौला, चन्द्र निरौला र सुरज निरौलाले सेवन मादक पदार्थ सेवन गरी माओवादीलाई गाली गरेको आरोपमा ०६३ कात्तिक ९ गते राति माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी गल्ती नदोहऱ्याउने सर्तमा भोलिपल्ट मुक्त गरे।

धम्की /ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

धाप गाविस-५ निवासी ३८ वर्षीय देवसिंह धामीलाई ०६२ चैत २४ गते दिउँसो खलङ्गा गाविस-२ गल्फैमा सादा पोसाकमा गएका प्रहरीले बिना कारण कुटपिट गरे।

खलङ्गा गाविस-५ बाङ्गाबगर निवासी व्यापारीहरू हरकसिंह कुँवर, ललित ठगुन्ना, मंगल ठगुन्नालगायत केही व्यापारी तथा बाटोमा हिड्ने सर्वसाधरण गरी १९ जनालाई ०६३ जेठ ७ गते बेलुका ड्यूटीमा रहेका सैनिक हवल्दारले बन्दुकको कून्दाले कुटपिट गरे। कुटपिटको विरोधमा ०६३ जेठ ८ गते व्यापारी तथा सर्वसाधरणले प्रशासन घेराउ गरेपछि प्रमुख जिल्ला अधिकारी, सेनाका क्याप्टेन र पीडकले माफी मागेका थिए।

खलङ्गा गाविस-१ निवासी राजधानी दैनिकका संवाददाता ३० वर्षीय हिरासिंह धामीले कालोसूची प्रकाशित गरेको आरोपमा ०६३ असार ६ गते प्रहरी हवल्दार दानसिंह रावतले धामीलाई कुनै पनि समयमा कारबाही गर्न सक्ने भनी धम्की दिए।

माओवादीबाट

व्यास गाविस-६ निवासी ३४ वर्षीय बहादुर तिकरीले छिमेकीसँग झगडा गरेको अरोपमा ०६३ असार २७ गते राति माओवादीले उनलाई घरमै गई कुटपिट गरी घाइते पारे। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

गोकुलेश्वर गाविस-३ निवासी ३८ वर्षीय केशव साउदले माओवादीविरुद्ध सुराकी गरेको अरोपमा ०६३ भदौ १० गते माओवादीले ६० हजार रकम माग गर्दै धम्क्याए।

गुल्जर गाविस-४, सनवासी निवासी १६ वर्षीया कविता महरले माओवादी पार्टी परित्याग गरेको अरोपमा ०६३ भदौ १० माओवादीले उनलाई सदरमुकाम खलङ्गामा अपहरण गर्ने धम्की दिए। पीडित विस्थापित भई सदरमुकाममा बस्दै आएकी छन्।

मालिकाअर्जुन गाविस-१ निवासी ३५ वर्षीय मोहनसिंह धामीले खानेपानीको योजना सञ्चालन गर्दा पाँच प्रतिशत चन्दा नदिएको आरोपमा ०६३ कात्तिक ७ गते माओवादीले कारवाही गर्ने धम्की दिए। पीडितलाई माओवादीले अनुमतिबिना गाउँ प्रवेश गर्नमा रोक लगाए।

गोकुलेश्वर गाविस-४ निवासी २५ वर्षीय रूपेश साउदले माओवादी विरुद्ध षडयन्त्र गरेको र माओवादी नेताहरूलाई कुटपिट गर्न खोजेको आरोपमा ०६३ मंसिर २७ गते माओवादीले उनलाई कुटपिट गरी घाइते पारे। पीडितको उपचार भारतको बरेलीमा भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

खलङ्गा गाविस-४ तल्लोबजार निवासी व्यापारीहरू पदम ठगुन्ना, अनिल थापा, मोहन जोशी, श्याम धामी, कृष्ण भट्ट, हरिश ठगुन्ना, पदम अवस्थी र केशव वडुलगायतका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१	१		१						१	३		३
कुटपिट					३	३			३	३	५	१५	३०
धम्की					५	४	१		५	१	१		१
भेला/संगठित हुने अधिकार										३	५		५
जातीय विभेद	३	३		३									
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१									
अमानवीय व्यवहार					३	४			४	१	१		१
अपहरण					९	१३		६८४	६९६				
जम्मा	६	३	३	६	१८	३३	१	६८४	८०८	६	१४	१५	३९

१४ जनाले ०६२ माघ २३ गते माओवादीले आह्वान गरेको नेपाल बन्दकाक्रममा आफ्ना पसलहरू बन्द गरेकोमा प्रशासनले संयुक्त सुरक्षाकर्मी लगाएर घनले ताल्चा तोडेर जबरजस्ती पसल खुलाए।

खार गाविस-८ निवासी ३२ वर्षीय धनसिंह ठगुन्ना, शिखर गाविस-६ निवासी २७ वर्षीय प्रमानन्द भट्ट र बोहरी गाउँका ३७ वर्षीय रामदत्त जोशी सदरमुकाम बजारमा शान्तिपूर्ण रूपमा आन्दोलनमा सहभागी भइरहदा सुरक्षाकर्मीले ०६२ चैत २६ गते लाठीचार्ज गर्दा घाइते भए। त्यसैगरी खलङ्गा गाविस-८ निवासी २५ वर्षीय अनेरास्ववियु जिल्ला अध्यक्ष खडक बडाल र ग्वानी गाविस-५ निवासी २६ वर्षीय जनकसिंह डाँगीलाई ०६२ चैत २६ गते कोणसभामा सहभागी भइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालय, दार्चुलाबाट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दार्चुला जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा ३८ ओटा दर्ता भएकोमा ११ ओटा फर्स्यौट भई २७ ओटा बाँकी रहे। यस वर्ष दुनियावादी फौजदारी मुद्दा ५१ दर्ता भएकोमा १९ मुद्दा फर्स्यौट भई ३१ ओटा मुद्दा बाँकी रहे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

लाली गाविस-९ खप्तड निवासी २० वर्षीया भागरतीदेवी पन्तले झगडा गरेको आरोपमा ०६३ साउन १० गते उनका पति ४९ वर्षीय लालसिंह पन्तले तरवारले काटी उनको हत्या गरे। पीडितको लास घरमै आगो लगाई जलाए। पीडक हालसम्म फरार छन्।

सबै प्रकारका जातीय विभेद

उकु गाविस-५ निवासी ४९ वर्षीय गमिराम पार्कीलई ०६३ साउन १० गते सोही ठाउँ बस्ने गोपाल क्षत्रीले दूर्व्यवहार गर्दै कुटपिट गरे। पीडितले जिल्ला अदालतमा मुद्दा दायर गरे। जिल्ला अदालतले ०६३ पुस ३ गते दुवैबीच मिलापत्र गरायो।

उकू गाविस-३ निवासी ४८ वर्षीय दानीराम तिरुवालाई ०६३ वैशाख ६ गते सोही ठाउँ निवासी ८५ वर्षीय प्रेमसिंह सामन्तले होटेलमा दुध हालेको चिया नदिएर जातीय विभेद गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

दार्चुला जिल्लामा ०५७ र ०५८ देखि विभिन्न आरोपमा माओवादीबाट हालसम्म विस्थापित हुनेहरूको संख्या जम्मा ५९ जना रहेको छ। त्यसमध्ये ५३ जना आफ्नो घर फर्किसकेका छन् भने छ जना अझै घर फर्कन सकेका छैनन्। घर नफर्केकाहरूमा हिकिला गाविस-४ निवासी दीलिपसिंह बडाल, सोही ठाउँ निवासी जनकसिंह बडाल, सुनसेरा गाविस-६ निवासी दिलिपसिंह कुवँर, शिखर गाविस-९ निवासी बमबहादुर पाल, खरकडा गाविस-६ निवासी दशरथ गिरी र तपोवन गाविस-३ निवासी रणबहादुर सिंह रहेका छन्।

संरचना/सम्पत्ति क्षति

खलङ्गा गाविस-२ स्थित जिल्ला खानेपानी कार्यालयमा ०६२ माघ ११ गते राति माओवादीले पालेसँग साँचो मागी कार्यालयका कुर्सी र टेबुल आगो लगाई नष्ट गरे। माओवादीले कार्यालयको एक सेट टेलिफोनसमेत लुटेर लगे।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

माओवादी जनयुद्ध सुरु भएयता यो वर्षको अन्त्यसम्म राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका सातजना रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा गुल्जर गाविसका चन्द्रसिंह धामी, देथला गाविसका नदेन्द्र जागरी, नैनाथ गाविस-९ निवासी शुरेन्द्रसिंह धामी, गुहानी गाविस निवासी कल्याणसिंह धामी, गुल्जर गाविस-५ निवासी दिपेन्द्रसिंह ठगुन्ना, हुनैनाथ गाविस-६ निवासी मानसिंह धामी र हुनैनाथ गाविस-९ निवासी पदमसिंह धामी रहेका छन्।

अनुसूची २

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००६

परिशिष्ट १.१ : नेपाल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यपक्षबाट				
	अन्य					माओवादी									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या															
घाँटी रेटेर	१४	९	९		१८	१	१			१					
घाँटी थिचेर	१०	४	६		११										
घाँटी काटेर	३	२	१		३										
दुँगाले किचेर	४	३	२		५										
बम विस्फोटनबाट	९	८	३		११	३१	३३	६		४०	३	२	१	३	६
बलात्कारपटि	६		६		६										
दोहरो भिडन्तमा	२	३	१		४	१८	१३०		९	१३९	३०	१०३	११	३५	१४९
अश्रुग्यासँबाट											१	१			१
भीर वा डाँडाबाट खसालिएको						१	१			१					
झुण्डाएर	२	१	१		२										
अन्य विस्फोटन पादर्थबाट	१	४			४	३	२	१		३	१		१		१
विष खुवाएर	३		३		३	१	१			१					
लठ्ठी प्रहारबाट	१९	१४	६		३०										
यातना दिई						२	२			२	२	२			२
कुटपिट गरी	६३	४६	१९		६६	१३	१३	१		१३	२	२			२
गोली हानी	५१	५६	४		६१	४४	६३	१		६४	६५	६९	११	४६	१३६
खुकुरी प्रहारबाट	१३	११	३		१४										
धारिलो हतियार प्रहारबाट	५६	४३	१६		५९	२	१	१		२					
घन प्रहारबाट	१	१			१										
हत्याको प्रकृति नखुलेको	३६	२९	१०		३९	५	४	१		५					
हवाइ आक्रमण											३	६			६
जम्मा	२९३	३३६	९१		३३६	११०	२५०	१३	९	२६१	९६	१९५	२४	८५	३०४
आफ्नै बम विस्फोटनबाट मृत्यु						९	१३	२		१५	१	१			१
आफ्नै विस्फोटक पदार्थमा परी											१	८			८
जम्मा						९	१३	२		१५	२	९			९
घाइते															
बम विस्फोटबाट	३३	३१	१८		४९	६५	१२४	३८	१	१६३	६	११	६		१६
अश्रुग्यासँबाट धाइते											८	१३			१३
आफ्नै गोलीबाट						१	१			१					
आफ्नै बम विस्फोटनबाट						५	११	२	६	२०	१	१			१
आफ्नै विस्फोटक पदार्थबाट											१	९			९
भिडन्तमा घाईते	३	४	१०		१४	३२	१६५	६	४२	२२४	६	८	१	२६४	२६३
अन्य विस्फोटन पादर्थबाट						६	१०			१०	५	८	२		१०
कुटपिटबाट	९	१३	४		१६	२	६			६	२३८	१२०६	६६	३६	१३१८
गोलीबाट	३४	४३	३		४६	३८	६६	६		६४	४६	१३५	१६	२८९	४४१
धारिलो हतियार प्रहारबाट	१८	३०	४		३४	२	२			२	१	१			१
हवाइ आक्रमण											४	५	४		९
हवाई फायरका क्रममा गोलीद्वारा											१३	६८	१२		९०
जम्मा	९६	१११	३९		१५०	१३१	३९६	५४	५०	५०१	३३०	१४६५	११८	५८९	२९८२
हिरासत/थुनामा मृत्यु गिरफ्तारी /यातना											१	१			१
											६२६	३३१२	२०१	६४६	३९६०
बेपत्ता /अपहरण															
बेपत्ता											१०	१०	२		१२
अपहरण	९०	१०२	१०		११२	१४३६	३६५८	३६४	१९६३४	३२८६६					
जम्मा	९०	१०२	१०		११२	१४३६	३६५८	३६४	१९६३४	३२८६६	१०	१०	२		१२
कुटपिट/धम्की															
कुटपिट	१३८	१९०	३९	९१	३३०	३१०	४५२	५८	८	५१८	३०२	५१०	६१	२६६	८३८
ज्यॅन मार्ने धम्की	११	११	२		१३	४८	६१	५	३१	९६	१९	२४	२	८४८	८६४
चन्दाको लागी धम्की	२	२			२	३३	४४	२	६४	११०					
धम्की	१५	३६	१		२८	१०४	१९२	११	३३०	४३३	४१	५३	१०	३९	१०२
जम्मा	१५६	३३०	४२	९१	३६३	४९५	६४९	६६	३३३	११५८	३६२	५८६	६३	११५४	१८१४
भेला/संगठित हुने अधिकार															
भेला/संगठित हुने अधिकार											२९६	९६२	६४	१०१९५	१११३१
लाठी चार्ज											८८	३६१	१५	१५३६	१८१२
जम्मा											३८५	१३३३	७९	११६३१	१३०३३

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यपक्षबाट				
	अन्य					माओवादी									
	घटना	पुरुष	महिला	नखुलेको	जम्मा	घटना	पुरुष	महिला	नखुलेको	जम्मा	घटना	पुरुष	महिला	नखुलेको	जम्मा
जातीय विभेद															
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित	३	५	३	१	९										
अन्तरजातीय विवाह	३	३		६	९										
जागिरबाट निष्काशन	१	१			१										
जातीय छुवाछूत	३४	३३	१५	१३३	१६०										
जम्मा	४०	४१	१८	१३०	१८९										
महिलाअधिकार															
बोक्सीको आरोपमा	३४		३४		३४	१		१		१					
बलात्कार	४३		४४		४४	१		१४		१४	४		४		४
बलात्कारको प्रयास	१९		३०		३०	१		१		१	६		६		६
बहुविवाह	३३		३४		३४										
महिला बेचबिखन	११		१६		१६										
महिला भएकै कारण यातना	४		४		४										
पारिवारीक हिंसा	११६		११६		११६										
यौन दूर्व्यवहार	६		९		९	१		१		१	३		३		३
कुटपिट	४		४		४										
जम्मा	३६९		३८३		३८३	४		१६		१६	१३		१४		१४
बालअधिकार															
बालश्रम	११	१५	३	१९	३६										
बालबालिका बेचबिखन	१६	३	३५		३६										
बालविवाह	९	५	६		११										
बलत्कार	११३		११६		११६	१		१		१	४		४		४
नवजात शिशुको हत्या	९	१	३	५	९										
शिक्षाबाट बञ्चित	३	१		६०	६१	४			१	१					
यौन दुर्व्यवहार	३४		३४		३४	३		३		३	४	१	३		४
कुटपिट	९	१०	३	३४	३६						१	४			४
जम्मा	१९४	३४	१८९	१०८	३३१	६		३	१	४	९	५	६		१३
आर्थिक/सामाजिक/सांस्कृतिकअधिकार															
ज्यालाबाट वञ्चित	४	३	१	१४	१८										
अन्य	३	१	१	१	३	६	३		४	६	३	४		८०	८४
आफ्नो सम्पत्तिको अधिकार	१	३			३	६६	९१	५	४६	१४३	५	३	३		५
धार्मिक स्वतन्त्रता	१	३			३										
जम्मा	९	९	३	१५	३६	८३	९४	५	५१	१५०	६	६	३	८०	८९
अमानवीय व्यवहार															
बोक्साको आरोपमा	३	३			३										
अन्य	४	४			४	८	८	६	४	१९	५	४		१	५
अनुहारमा मोसो लगाएको	३५	३०	३		३३	३०	३६	१		३६					
जुत्ताको माला लगाएको	४	४			४	३	४			४					
उपलब्ध नभएको	१		१		१										
कपाल खौरिएको	३	३			३	८	१६			१६					
जम्मा	३८	४३	४		४६	३९	५५	८	४	६६	५	४		१	५
कुल जम्मा	११८६	८०५	६६८	३४४	१८३६	३३०३	४३१६	५५१	३०१८३	३५०४९	१९४६	५८३८	५३०	१४३६६	३०६३५

घटनाको प्रकार	गैर राज्यपक्षबाट				राज्यपक्षबाट	
	अन्य		माओवादी			
	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा
भौतिक संरचनामा क्षति						
स्वास्थ्य केन्द्र			१	१		
सरकारी सवारी साधानहरू			३	३		
सरकारी कार्यालयहरु			१४	१५		
सञ्चार क्षेत्र			१	१		
एम्बुलेन्स			१	१		
बैंक			३	४		
दूरसञ्चार टावर			१	१		
भन्सार कार्यालय			१	३		
नीजि घर	३	३	३१	४०	३	३
नीजि सवारीसाधन			१३	३४		
नीजि कार्यालयहरु			१	१		
नगरपालिका भवन			६	९		
पुल			१	१		
निजी सम्पत्ति			३	३		
जिल्ला वन कार्यालय			४	४		
जिल्ला शिक्षा कार्यालय			४	४		
विद्यालय			१	१		
कृषि उपकेन्द्र			३	३		
गाविस भवन			३	३		
खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना			१	१		
हुलाक कार्यालय			१	१		
जम्मा	३	३	९३	११९	३	३

परिशिष्ट १.२ : नेपाल - हत्याको संख्या पेशाको आधारमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	१४०	१०४	४३	१४७	३९	३३	५	३८	११	१४	३		१६
उद्योग व्यवसायी	१५	१४	३	१६	४	५		५	९	९	१		१०
जागिरे/कर्मचारी	११	१३	१	१३	४	६		६	३	३			३
मजदुर	३०	३३	९	३३	७	८		८	९	११	१		१३
सेना	३	५		५	१५	७६		७६	१	८			८
प्रहरी	५	४	१	५	१९	७७		७७	१	१			१
राजनीतिक कार्यकर्ता	८	१३	१	१३	१६	३३	३	३५	४७	१३३	१६	८१	३३९
सुरक्षाकर्मी					३	१८		१८					
विद्यार्थी	१५	११	४	१५	९	६	४	१०	३	३	१		३
शिक्षक									३	३			३
नखुलेको	६९	५१	३०	८१	१७	३०	३	३३	१६	३३	३	४	३९
जम्मा	३९५	३३६	९१	३३७	१३३	२७२	१४	३८६	१०१	२०४	३४	८५	३१३

परिशिष्ट १.३ : नेपाल - अपहरणको संख्या पेशाको आधारमा

पेशा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	५३४	७८३	८५	६	८७३
उद्योग व्यवसायी	७३	१३३	१९		१५३
जागिर/कर्मचारी	६७	१३०	१		१३१
स्वास्थ कार्यकर्ता	४	५	३		७
मानवअधिकारकर्मा	१	१			१
पत्रकार	१	१			१
मजदुर	६१	१३५	८		१३३
कानुन व्यवसायी	३	३			३
सेना	१९	३५			३५
प्रहरी	३१	६७	१		६८
राजनीतिक कार्यकर्ता	३५	४७	१		४८
शणरार्थी	३	३	१		४
सामाजिक कार्यकर्ता	७	७	१		८
विद्यार्थी	२६३	४५०	१५९	२५३७	३१४६
शिक्षक	५९	४३१	६	९३३	१३६०
नखुलेको	२८३	५५८	९०	१६२५८	१६९०६
जम्मा	१४३२	२७५८	३७४	१९७३४	२२८६६

परिशिष्ट १.४ : नेपाल - बालबालिका (१८ वर्ष मुनिका) को हत्याको संख्या र प्रकार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
घाँटी रेटेर	१		१	१								
घाँटी थिचेर	२		२	२								
बम विस्फोटनबाट	७	६	२	८	११	११	६	१७				
बलात्कारपछि	४		४	४								
दोहरो भिडन्तमा									१	१		१
आफ्नै बम विस्फोटनबाट मृत्यु					१	१		१				
भीर वा डाँडाबाट खसालिएको					१	१		१				
झुण्डाएर	१	१		१								
अन्य विस्फोटन पदार्थबाट									१		१	१
कुटपिट गरी	५	२	३	५								
गोली हानी	४	३	१	४					१		१	१
धारिलो हतियार प्रहारबाट	५	३	२	५								
हत्याको प्रकृति नखुलेको	७	३	४	७								
हवाइ आक्रमण									१	१		१
जम्मा	३६	१८	१९	३७	१३	१३	६	१९	४	२	२	४

परिशिष्ट १.५ : नेपाल - घाइते बालबालिकका (१८ वर्ष मुनिका) को संख्या र प्रकार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
बम विस्फोटबाट	१५	१७	५	२२	३४	३४	९	४३	१		४	४
आफ्नै बम विस्फोटनबाट					२	१	१	२				
भिडन्तमा घाईते	१		३	३	१		२	२				
अन्य विस्फोटन पादर्थबाट					१	१		१				
कुटपिटबाट	१	१		१	१	१		१	४	७	१	८
गोलीबाट	२	२		२	१		१	१	६	६	२	८
धारिलो हतियार प्रहारबाट	२	३		३								
हवाइ आक्रमण									२	३	१	४
हवाई फायरका क्रममा गोलीद्वारा									३	३	१	४
जम्मा	२१	२३	८	३१	३०	३७	१३	५०	१६	१९	९	२८

परिशिष्ट १.६ : नेपाल - पीडित हुनेहरूको संख्या, घटनाको प्रकार र महिना

घटना को प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	२१७	१४६	१७३	१३८	४१	३२	२३	३९	४०	३७	२४	१६	९२६
घाइते	३७७	२१५	२३४	१७८५	४२	२४	४८	१४	१७	१५	१०	५२	२८३३
हिरासत वा थुनामा मृत्यु					१								१
गिरफ्तारी/यातना	११३७	८६९	१७७	८८६	२३	६	६	२	२४	१०	११	९	३१६०
बेपत्ता			३	७			१					१	१२
कुटपिट	१३८	१०४	३०४	२५१	१३७	८१	२००	७२	१६५	७८	३९	१०७	१६७६
धम्की	१०९	३६९	१६५	७०८	५८	३९	७१	९४	३०	६४	४३	३९	१६५९
भेला/संगठित हुने अधिकार	११२३	१६३९	३१४	७८९५	२३	४६	४२३	३९३	११०८	३६		४६	१३०३३
जातीय विभेद	१०	१	१०	४	४	१	१०८	३८	८	१२	१	२	१८९
भूमिहीन/सुकुम्बासी समस्या											६५०		६५०
महिलाअधिकार	१७	२२	३३	१७	२५	३८	३६	३४	१९	२५	४०	३८	३१४
बालअधिकार	१२	१९	३३	९	२२	१२३	६०	३१	१७	८	१५	८	३४७
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१७	१५	१४	११	१	३०	१३९	१३	१०	१०	१५	११	३६५
अमानवीय व्यवहार	२	३	९	१०	२५	१८	१३	१९	६	४	६	४	११८
अपहरण	११८९९	२५३४	९९०	८३८	५८८	१५७४	१५६	७३८	१७३१	२३६	१५४३	१८३	३३९७८
जम्मा	१५०५७	५८१६	२४४९	१३५४९	९९०	१९८३	१३६३	१४७५	३१५५	५३५	२३९६	४९५	४८१६१

परिशिष्ट १.७ : पूर्वाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८७	७०	३७		९७	३३	६४	६		७०	३३	३९	५	५९	९३
घाइते	३५	३४	२		३६	३०	९९	११		१११	३३	५०	५	३६०	३१५
गिरफ्तारी/यातना											१७९	५०३	४६	३७२	८२१
बेपत्ता											१	१	१		२
कुटपिट	४४	५३	१८		७१	१३२	१९९	३०	८	३३७	७४	१३७	१०	९१	३३८
धम्की	१०	१०	२		१२	३८	६३	६	९	७८	१५	३३	७	१५	४५
भेला/संगठित हुने अधिकार											९३	२४३	२५	४१११	४३७९
जातीय विभेद	६	६	१	७	१४										
महिलाअधिकार	६९		७१		७१	२		२		२					
बालअधिकार	७३	११	७०	३५	१०६						२	१	१		२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	३३	३५	२		३७	१	१			१
अमानवीय व्यवहार	१५	३०	१		३१	१५	३३	७		३९					
अपहरण	३६	४६	२		४८	४५५	७४३	८४	१३१७३	१३९९९					
जम्मा	३६६	३५१	१९४	३२	४७७	७२७	१३१४	१३८	१३१९०	१३५४३	४१०	९७८	१००	४८०८	५८८६

परिशिष्ट १.८ : मध्यमाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९०	७४	३४		९८	४०	८८	३	७	९७	३३	८३	९	११	१०३
घाइते	३७	३८	११		३९	४१	११६	३१	१०	१४७	३६३	१३१३	८६	१६	१४१५
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी/यातना											३०५	८५७	९१	८६	१०३४
बेपत्ता											७	७	१		८
कुटपिट	३७	५८	१३	८	७८	४५	६३	१७		८०	७३	१३५	१०	५	१४०
धम्की	१	१			१	३५	९३	१	७०	१६४	१३	१८	१		१९
भेला/संगठित हुने अधिकार											१३०	३९१	८	४३९४	४६९३
जातीय विभेद	१०	१५	४	१३०	१३९										
महिलाअधिकार	११३		१३०		१३०	१			१४	१४	४		४		४
बालअधिकार	५१	१	५१	८०	१३३	१		१		१	३	१	३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१४	१५	९	१६			१६					
अमानवीय व्यवहार	४	४			४	४	५			५					
अपहरण	३३	३३	५		३८	३१०	५९४	७७	५९०९	६५८०					
जम्मा	३५६	३१५	३३७	३३३	६६४	४७६	९७५	११९	६०१०	७१०४	७३०	३७९५	३१३	४४१३	७४१९

परिशिष्ट १.९ : पश्चिमाञ्चल- घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६०	४६	३१		६७	३१	६५	३	३	६९	३५	७१	७	१३	९१
घाइते	१५	१८	१७		३५	३०	१०३	१०	३३	१४४	३८	७०	१८	३७५	३६३
गिरफ्तारी/यातना											१३५	४३४	३८	४	४७६
बेपत्ता											१	१			१
कुटपिट	३३	३७	५	३	४५	३९	६९	६		७५	४९	८३	१७	३	१०३
धम्की	४	१६	१		१७	३५	३७		४०	६७					
भेला/संगठित हुने अधिकार											४९	१८५	१	१४०९	१५९५
जातीय विभेद	४	३	३		४										
महिलाअधिकार	३८		३८		३८	१		१		१	३		३		३
बालअधिकार	३१	६	४०		४६										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	३०	१९	३		३३	१	१			१
अमानवीय व्यवहार	३	३			३	६	८			८					
अपहरण	१०	८	३		१०	१९१	६८०	८१	५१६	१३७७					
जम्मा	१७९	१३७	११६	३	३५६	३३३	९७०	१०३	५९०	१६६३	३९०	८४४	८३	१७०४	३६३१

परिशिष्ट १.१०: मध्य पश्चिमाञ्चल- घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३९	३०	१८		४८	२०	३४	२		३६	१३	१६	३		१९
घाइते	१६	१८	१		१८	३४	५०	४	८	६१	९	३९	९	३६	८४
गिरफ्तारी/यातना											१३८	३०४	१६	३३८	५४८
कुटपिट	११	१४	१		१५	५४	६४	११		७५	८८	११३	११	३१	१४४
धम्की	५	६			६	६५	८९	९		९८	२०	३८	३	३६८	३९८
भेला/संगठित हुने अधिकार											६५	१५४	३८	१६६८	१८४९
जातीय विभेद	४	२	१	१	४										
महिलाअधिकार	३८		३१		३१						३		४		४
बालअधिकार	३६	१८	१५	२	३४	१		१		१	३		३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२	१		३	३३	३८		४९	८६	३	१	२		३
अमानवीय व्यवहार	१		१		१	५	६	१		८					
अपहरण	११	१४	१		१५	३५१	५१९	१०२	३२	६४३					
जम्मा	१४३	१०२	६९	३	१८४	५४३	८८९	१३०	८८	९९८	३३१	६४४	८८	३३३०	३९४२

परिशिष्ट १.११: सुदूर पश्चिमाञ्चल- घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१८	१६	२		१८	६	१२	२		१४	६	६		२	८
घाइते	१४	१४	८		३३	१६	३०	८	१	३९	८	१३		२	१५
गिरफ्तारी/यातना											८०	३१४	१०	५८	३८१
बेपत्ता											१	१			१
कुटपिट	३४	३८	३	८०	१११	४२	५८	४		६१	३०	६४	१३	१४८	३३४
धम्की	८	८			८	३२	३५	२	३०६	३३३	१२	८	१	६०५	६१४
भेला/संगठित हुने अधिकार											४८	३६०	१८	३३९	५१८
जातीय विभेद	१६	१६	१०	२	३८										
भूमिहीन/सुकुम्बासी समस्या											२			६५०	६५०
महिलाअधिकार	३१		३३		३३						४		४		४
बालअधिकार	१३	१	११	१	१३	५		१	१	२	१	४			४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	४	४	१	१	६	८	८		२	९	२	४		८०	८४
अमानवीय व्यवहार	१५	१५	२		१८	९	१४		४	१८	५	४		१	५
अपहरण	१	१			१	१२०	३३३	३०	१११४	१३६८					
जम्मा	१४२	१०२	८०	८४	३५६	३३८	३६८	४८	१३३८	१८४३	१९९	५८८	४६	१८८३	३४०८

अनुसूची ३

सन् २००६ को मानवअधिकार स्थितिबारे राजनीतिक दलको धारणा

नेपाली काँग्रेस
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
नेपाली काँग्रेस (प्रजातान्त्रिक)
राष्ट्रिय प्रजातन्त्र पार्टी
जनमोर्चा, नेपाल
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
नेपाल मजदुर किसान पार्टी
संयुक्त बाममोर्चा, नेपाल
जनमोर्चा नेपाल, राष्ट्रिय सम्मेलन केन्द्रीय कार्यसमिति

नेपाली काँग्रेस

विगत केही वर्षहरू नेपालमा मानव अधिकारको अत्यधिक उल्लङ्घनका वर्षहरू थिए। ती अवधिमा अत्यन्त बर्बर र अति हृदयविदारक रुपमा मानव अधिकारको अपहेलना गरेर भएका हत्या, हिंसा र आतङ्कका घटनाहरू हाम्रो देशका अति अमानुषिक एवम मानव अधिकार उल्लङ्घनको कलङ्कका घटनाहरू भएर रहेका छन्।

नेपालमा केही पहिलेदेखि श्रृखलाबद्ध रुपमा थालिएका मानव अधिकारको उल्लङ्घनमा- सन् २००६ को प्रारम्भका करीव चार महिना मानिसको नृशंस हत्याको उत्कर्ष स्थिति थियो। मानिसलाई पशुवत व्यवहारसम्म नगर्नु, निर्दोष र निहत्था जनतालाई गोलीले क्षतविक्षत पार्नु यी चार महिनाका प्रत्येक दिनका अति क्रूर र अति अमानवीय घटनाहरू थिए। अब त्यस्ता जघन्य घटनाहरू फेरि कहिल्यै नदोहरिउन् भन्नेमा हमेशा सचेत र संवेशनशील रहन नेपाली काँग्रेस सबैसित आग्रह गर्दछ।

नेपाली जनताको उत्सर्ग र बलिदानपूर्ण संघर्षले देशमा लोकतान्त्रिक पद्धतिको स्थापना गऱ्यो। त्यसपछि समग्र रुपमा राज्य आतङ्क बन्द भएको छ। व्यक्तिका प्रतिशोधमूलक छिटफुट केही घटनाहरूले मानव अधिकारमा दक्खल पुऱ्याए पनि, सन् २००६ को मे महिनादेखि यता, नेपालमा मानव अधिकारको स्थितिमा आमूल परिवर्तन आएको यथार्थका प्रति नेपाली काँग्रेस सन्तोष व्यक्त गर्न चाहन्छ।

नेपालमा अकल्पनीय रुपमा मानव अधिकारको उल्लङ्घन भएको बेला इन्सेक र अरु कतिपय मानव अधिकारवादी संघ-संस्थाहरूले त्यसको रोकथाम गर्न, त्यसको विरोधमा विश्व जनमत तयार पार्न तथा त्यसबाट पीडितहरूको उद्धार गर्न, उपचारमा सहयोग पुऱ्याउन गरेका कार्यहरू निसन्देह, अति प्रशंसनीय छन् । नेपाली काँग्रेस ती सबैको हार्दिक सराहना गर्दछ।

पुरुषोत्तम बस्नेत
आमन्त्रित केन्द्रीय सदस्य

नेकपा (एमाले)

१. विषय प्रवेश:

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मानवअधिकार अभियन्ता, अनुगमनकर्ता र अभिलेखकर्ताको रूपमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल रहेको छ। यस संस्थाद्वारा प्रत्येकवर्ष प्रकाशित हुने मानवअधिकार वर्षपुस्तक नै नेपालको मानवअधिकार स्थितिको सबैभन्दा भरपर्दो र विस्तृत अभिलेख हो। मानवअधिकार वर्षपुस्तकमा समावेश गरिने मानवअधिकार उल्लङ्घनका घटनाहरू स्थलगत रूपमा नै सङ्कलन गरिने भएका कारणले वस्तुपरक र यथार्थ समेत रहने गरेका छन्। मानवअधिकार सङ्कलनकर्ताका रूपमा रहेका मानवअधिकार वर्षपुस्तक प्रतिनिधिहरू नेपालको सन्दर्भमा सर्वाधिक सकृय र प्रभावकारी मानवअधिकार रक्षकका रूपमा स्थापित भएका छन्। सशस्त्र विद्रोहको समयमा राज्य पक्ष र विद्रोहीपक्षबाट हुने गरेका मानवअधिकारको उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गर्न, मानवअधिकारकर्मीको हैसियतमा कव्जामा परेका व्यक्तिहरूको स्थिति सार्वजनिक गराउन र उनीहरूलाई सुरक्षित ढङ्गले मुक्त गराउने काममा समेत मानवअधिकार वर्षपुस्तक प्रतिनिधिहरूको महत्वपूर्ण भूमिका स्थापित भएको देखिन्छ। राजाको सक्रिय शासनका कालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका विरुद्धमा आवाज उठाउनेदेखि लिएर निरङ्कुश राजतन्त्रका विरुद्धको लोकतान्त्रिक आन्दोलनमा मानवअधिकार रक्षकका रूपमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले निकै नै महत्वपूर्ण र नेतृत्वकारी भूमिका खेल्न सकेको छ। मानवअधिकारको आन्दोलनका माध्यमबाट नेपालको लोकतान्त्रिक आन्दोलनमा मानवअधिकार वर्षपुस्तकले पुऱ्याएको सकारात्मक योगदान प्रति हाम्रो पार्टी नेकपा (एमाले) सदैव अनुग्रहित रहदै आएको छ। मानवअधिकार वर्षपुस्तक २००७ को प्रकाशनका अवसरमा नेकपा (एमाले) नेपालका मानवअधिकारकर्मीहरू, मानवअधिकार संस्थाहरू र विशेष गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानवअधिकार वर्षपुस्तक प्रतिनिधिहरूलाई ऐतिहासिक जनआन्दोलन र मानवअधिकार रक्षाको आन्दोलनमा पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

मानवअधिकार आन्दोलन, मानवअधिकार अभियन्ताहरू, अनौपचारिक सेवा केन्द्र (इन्सेक) मानवअधिकार वर्षपुस्तक र वर्षपुस्तक प्रतिनिधिहरूले गएको वर्ष सन् २००६ मा मानवअधिकारको रक्षा र लोकतान्त्रिक आन्दोलनको सफलताका सन्दर्भमा पुऱ्याएको विशिष्ट योगदानका लागि हार्दिक अभिनन्दन गर्दै सन् २००६ मा मानवअधिकारको अवस्थाका बारेमा हाम्रो पार्टी नेकपा (एमाले) का धारणाहरू सुत्रवद्ध रूपमा चर्चा गर्न चाहन्छु। ?

२. समग्रतामा सन् २००६

सन् २००६ को मानवअधिकार स्थितिको चर्चागर्दा मानवअधिकार उल्लङ्घनका घटनाहरूको सन्दर्भलाई मात्रै अघि सारेर पुग्दैन। यसलाई युद्ध र शान्ति, प्रतिगमन र लोकतन्त्रको आन्दोलन, मानवअधिकारको उल्लङ्घन र

त्यसको रक्षाका लागि गरिएका प्रयासहरू तथा नेपाली समाजमा विद्यमान आर्थिक र समाजिक विभेद र त्यसका विरुद्धको जागरणका परिपेक्षमा सामग्रीक रूपमा नै हेर्नु र विश्लेषण गर्नुपर्ने हुन्छ। यस हिसाबले हेर्न हो भने सन् २००६ को मानवअधिकारको अवस्थाको द्वन्द्वात्मक चित्र देखिन्छ। विगतको वर्ष नेपालको इतिहासमा नै उथल पुथलपूर्ण रहृयो। युद्धको विभिषिकादेखि शान्तिको "रोलमोडेल" सम्मको अनुभव नेपाली समाजले विगत वर्षमा गर्न पायो।

राजाको प्रत्यक्ष शासनको हुङ्कारदेखि राजा निलम्वनको अवस्था समेत नेपाली जनताले यसै वर्षमा देख्न पाए। जनक्रान्तिको स्वरूप ग्रहण गर्न पुगेको ऐतिहासिक जनआन्दोलनको प्रत्यक्ष अनुभव समेत यसै अवधिमा नेपाली जनताले गर्न पाए। इतिहासलाई नै बदल्ने सामर्थ्य बोकेको जनआन्दोलनलाई निस्तेज बनाउनका लागि राज्यले प्रयोग गरेका मानव सभ्यतालाई नै कलङ्कित बनाउने दमनचक्रलाई पनि नेपाली जनताले देख्न र भोग्न पाए। मानवअधिकार उल्लङ्घनका विरुद्धमा मानवअधिकार रक्षकहरू फलामे किल्लाका रूपमा प्रकट भए। मानवअधिकार रक्षकहरू एकै साथ मानवअधिकार रक्षक, अनुगमनकर्ता, शान्ति सेवक र लोकतान्त्रिक आन्दोलनका सेनानीका रूपमा देखिए। यस अवधिमा मानवअधिकारको उल्लङ्घनका घटनाहरू जति धेरै भए त्यो भन्दा धेरै उल्लङ्घनका घटनाहरू र मानवीय क्षतिका सम्भावनाहरूलाई रोक्नका लागि मानवअधिकार रक्षकहरू सामर्थ्यवान रहे।

मानवअधिकारको अनुगमनका लागि नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालय र त्यसको भूमिका र संरक्षणको प्रयास पनि मानवअधिकारको दृष्टिले निकै नै महत्वको घटना हो। नेपालको मानवअधिकारको विग्रदो अवस्थाका सन्दर्भमा नेपालभन्दा बाहिरका मानवअधिकार प्रति सजग विभिन्न प्रकृतिका संघसंस्थाहरू र मित्र राष्ट्रहरूको योगदान समेत उल्लेखनीय रहृयो। यि सबै कारणले गर्दा विगत वर्षको मानवअधिकार अवस्था घटनाका हिसाबले अत्यन्त गम्भीर र त्यसको विरुद्धको संघर्षका हिसाबले अत्याधिक उपलब्धिपूर्ण रहृयो। एक हिसाबले भन्ने हो भने अध्यारोको बीचबाट नै उज्यालो जन्म हुन्छ भन्ने भनाई सन् २००६ मा नेपालमा सही साबित भयो।

३. घटना र प्रवृत्तिका हिसाबले सन् २००६

सन् २००६ को मानवअधिकार स्थितिलाई सर्वाधिक रूपमा प्रभाव पार्ने प्रमुख घटना र प्रवृत्तिलाई यस रूपमा उल्लेख गर्न सकिन्छ।

३.१ मानवअधिकार उल्लङ्घनका घटनाहरू

विगतमा जस्तै गएको वर्ष पनि नेपालमा राजनीतिक द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रचुरता रहृयो। राजनीतिक प्रकृतिसँग जोडिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूले नै नेपाली समाजलाई प्रभावित बनायो। नेकपा (माओवादी) द्वारा सञ्चालित सशस्त्र विद्रोह तथा निरङ्कुश राजतन्त्रका विरुद्धका ऐतिहासिक जनआन्दोलनसँग जोडिएर राज्यले मानवअधिकारको उल्लङ्घन गर्ने काम गऱ्यो। मानवअधिकार उच्चायुक्तको कार्यालयको स्थापनाका बावजुत राज्यपक्ष र विद्रोही माओवादी मानवअधिकारको पालनामा उदासिन नै देखिए। युद्ध विराम पूर्वको अवस्थामा सशस्त्र युद्धमा परेर मारिनेहरूको संख्यामा केही सुधार आएको देखिए पनि अपरण, कुटपिट, जबरजस्ती चन्दा असुली र विस्थापनका समस्याहरू यथावत नै रहे।

जनआन्दोलनका विरुद्धमा राज्यको बल प्रयोग अत्यधिक नै भयो। एउटै घटनामा परेर हजारौको सख्यामा मानिसहरू घाइते हुने अवस्था सृजना गरियो। शान्तिपूर्ण जनआन्दोलनका क्रममा नै झण्डै दुई दर्जन आन्दोलनकारीले जीवन गुमाउनु पऱ्यो। जनआन्दोलका घाइते र अपाङ्गहरूका सन्दर्भमा विभिन्न निकायले सङ्कलन गरेको अभिलेखबाट नै जनआन्दोलनका क्रममा भएको अत्यधिक बल प्रयोगको घटनालाई पुष्टि गर्दछन्। यस बाहेक जनआन्दोलनको समय र जनआन्दोलनपछिको शक्ति सुन्यताको समयमा समेत गैर राजनीतिक चरित्रका अपराधिक क्रियाकलाप र मानव उत्पीडनका घटनाहरू उल्लेख भएका छन्। यस्ता घटनाहरू राजनीतिक द्वन्द्वको परिस्थितिका कारणले समेत ओझेलमा परेका हुन सक्छन्। मानवअधिकार वर्षपुस्तकले ओझेलमा परेका त्यस्ता तथ्यहरूलाई समेत महत्वका साथ समेट्न सक्नु पर्छ। यस वर्षको मानवअधिकार उल्लङ्घनका घटनाबाट मानवअधिकार रक्षकहरू समेत प्रभावित भएका छन्।

मानवअधिकार अनुगमनकर्ताहरू, सञ्चारकर्मीहरू, चिकित्सकहरू, पेशागत बौद्धिकहरू नागरिक आन्दोलका अगुवाहरू जसले मानवअधिकारको रक्षाका लागि सकृय भूमिका निर्वाह गर्दै आएका छन्। उनीहरू समेत यातना, दमन र हतोत्साहनको शिकार बने। तर दमन, उत्पीडन र दुरुत्साहनका घटनाले मानवअधिकार उल्लङ्घनका विरुद्धको अभियान भने कमजोर भएन। जसको परिणाम स्वरूप नै भन्न पर्छ व्यापक मानवअधिकारको उल्लङ्घनपछि मानवअधिकारको उल्लङ्घनकर्ता निरङ्कुश राजतन्त्रवादी शक्तिहरू नै जनआन्दोलनबाट पराजित हुनु पऱ्यो। मानवअधिकार उल्लङ्घनका दृष्टिले निरासाजनक नै रहे पनि मानवअधिकार उत्पीडकको हार र उत्पीडितहरूको जीत

भएको उत्साहप्रद वर्षसमेत सन् २००६ रह्यो।

३.२ ऐतिहासिक जनआन्दोलन

गएको वर्षको आरम्भ देखिनै निरङ्कुश राजतन्त्रका विरुद्धको आन्दोलन विस्तारित रूपमा अघि बढ्यो। माघ १९ गते २०६१ पछि पर्ख र हेरको मनस्थितिमा रहेकाहरू समेत सात दल र माओवादी सहमतिपछि जनआन्दोलनको पक्षमा उभिने क्रमसँगै जनआन्दोलनले तिव्रता पाउँदै गयो। जनआन्दोलनले तिव्रता लिँदै जाने क्रममा राज्य हिंश्रक र बर्वर ढङ्गले प्रस्तुत भयो। शान्तिपूर्ण प्रदर्शन रोक्नका लागि कर्फ्युको सहारा लिइयो। कर्फ्युको समेत बेवास्ता गर्दै जनताले प्रदर्शन जारी राखेपछि त्यसका विरुद्धमा सेना र सशस्त्र प्रहरी बल प्रयोग गरियो। एउटै घटनामा हजारौ व्यक्तिहरू घाइते र अङ्गभङ्ग हुने र ज्यानसमेत जाने गरी हिंश्रक दमन गरियो। दमनको क्रममा पत्रकार र मानवअधिकार अनुगमनकर्ताहरूलाई समेत बाँकी राखिएन। घाइतेहरूलाई अस्पताल लैजानका लागि एम्बुलेन्सलाई समेत पास नभएको नाममा रोक लगाइयो। तर यि सबै दमनका हतकण्डालाई सामना गरेर आन्दोलन विस्तारित हुँदै गएपछि आन्दोलनमा लाखौलाख जनताको सहभागिता बढ्दै जान थाल्यो। के गाउँ के सहर सबै तिर यतिसम्म कि सरकारको केन्द्र रहेको सिंहदरवार भित्रसमेत आन्दोलनको प्रभाव विस्तार हुँदै गयो।

कर्मचारीहरूले असहयोग आन्दोलनलाई तिव्र बनाए। विभिन्न ठाउँका जनताले आफ्नो क्षेत्रलाई मुक्त क्षेत्रका रूपमा घोषणा गर्न सुरु गरे। राज्य हरेक हिसाबले ठप्प भयो। राजा ज्ञानेन्द्रले सम्वादका लागि पहल अघि बढाए। आन्दोलरत राजनीतिक दलहरूले राजाको चालवाजीलाई पूर्णत: अस्वीकार गरी आन्दोलनलाई थप चर्काउने अठोट गरे। यसरी जनआन्दोलनको माग अनुरूप सार्वभौमसत्ता, राजकियसत्ता र शासनाधिकार नेपाली जनतामा रहेको घोषणा गर्न राजा ज्ञानेन्द्र बाध्य भए र मुलुक लोकतन्त्रका नयाँ युगमा प्रवेश गर्न सफल भयो।

ऐतिहासिक जनआन्दोलनको सफलतापछि ९० को दसकमा स्थापित उदार प्रजातन्त्र सहितको सम्वैधानिक राजतन्त्र सहितको बहुदलीय संसदिय प्रजातन्त्रको ठाउँ संघीयतामा आधारित समावेशी लोकतान्त्रिक गणतन्त्रले लिने सम्भावना बढेर गएको छ। कागजमा सिमित बनाईएको जनताका सार्वभौमसत्ता जनताको हातमा आइपुगेको छ। राजकियसत्ता र कार्यकारी अधिकार समेत जनआन्दोलको नेतृत्वकर्ता शक्ति सात राजनीतिक दल र नेकापा (माओवादी) का तर्फबाट प्रयोग हुनथालेको छ।

प्रतिनिधि सभाको जेठ ४ को घोषणाले राजा अधिकार विहीन बन्न पुगेका थिए। नेपाललाई धर्म निरिपेक्ष राज्यको घोषणा गरिएको थियो। हरेक तहमा ३३ प्रतिशत महिला सहभागिताको नीति अघि सारिएको छ। अन्तरिम संविधान जारी भएपछि राजतन्त्र निलम्वनको अवस्थामा पुगेको छ। माओवादी युद्धको बाटो छोडेर शान्ति वार्ताका माध्यमबाट मुलधारको राजनीतिमा प्रवेश गरेका छन्। माओवादी समेतको सहभागितामा अन्तरिम व्यवस्थापिका संसद गठन भएको छ। सेना र हतियारको व्यवस्थापनपछि माओवादी सहितको अन्तरिम सरकार गठन हुने भएको छ। संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको भविष्यको निरूपण हुने भएको छ। नेपालको लोकतान्त्रिक आन्दोलनले प्राप्त गरेका यि उपलब्धि र अवसरहरू सहजै प्राप्त भएका होइनन्। यसमा जनताको निकै ठूलो वलिदान र सौर्यको गाथा जोडिएको छ। जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलका प्रमुख विशेषता निम्न अनुसार रहेका छन्।

(क) सुरुदेखि जनआन्दोलन राजतन्त्रका विरुद्धको आन्दोलनका रूपमा विकास भयो। सामन्तवादको प्रतिकको रूपमा रहदै आएको राज संस्थाकै विरुद्धमा आन्दोलनको अवधिभरि चरम घृणा र आक्रोश देखियो। यो आन्दोलनको क्रममा देखापरेको १९ दिने जनआक्रोशले राजनीतिक सुनामीको रूप लियो। संयुक्त जनआन्दोलन देशव्यापी रूपमा नै लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ अघि बढ्यो। जनआन्दोलनलाई नयाँ उचाईमा पुऱ्याउन यसलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउनु आवश्यक छ भन्ने हाम्रो पार्टीको निष्कर्ष सही साबित भयो। जनआन्दोलनको सफलतापछि अहिले मुलुक संविधानसभाको प्रक्रियाबाट लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने दिशामा अग्रसर छ।

(ख) विगतमा केही समयदेखि क्रमश: गति पक्रदैँ गएको राज्यको पुन:संरचनाको विषयलाई जनआन्दोलनले उत्कर्षमा पुऱ्याई दियो। परम्परागत राज्य सत्तामाथि आमजनताले हस्तक्षेप गर्ने ऐतिहासिक कार्यको थालनीसमेत यस आन्दोलनको क्रममा भयो। सामन्ती अधिराज्यको संरचनागत आधारलाई यस आन्दोलनले अस्वीकार गरिदिएको छ र त्यसका ठाउँमा नेपाली विशेषता अनुरूपको नयाँ संरचनागत आधार निर्माणको प्रक्रिया सुरु भएको छ। संसदको जेठ ४ को ऐतिहासिक घोषणाबाट उक्त प्रक्रियाले ठोस आकार लिन सफल भएको छ।

(ग) ०४६ सालको ऐतिहासिक जनआन्दोलन विश्वव्यापी रूपमा सुरु भएको उदार प्रजातन्त्रको लहरबाट प्रभावित थियो। जनआन्दोलनको एउटा घटकको रूपमा नेकपा (एमाले) ले ०४६ सालको उपलब्धिलाई सामाजिक न्याय सहितको शासन प्रणालीको रूपमा विकास गर्न चाहेको भए पनि मुलुक उदार प्रजातन्त्रको सीमामा सीमित रह्यो। तर यसपटकको जनआन्दोलनले

सामाजिक न्याय र समानता सहितको लोक कल्याणकारी राज्यको मान्यतालाई राजनीतिक र वैचारिक रूपमा स्थापित गरिदिएको छ।

(घ) यसै जनआन्दोलनको पृष्ठभूमिमा नै दीर्घकालीन जनयुद्धलाई क्रान्तिको एकमात्र बाटो भएको ठहर गर्दै सशस्त्र संघर्षको बाटोमा अघि बढेका माओवादी एक्काइसौ शताब्दीको जनवादको कुरा गर्दै बहुदलीय प्रतिस्पर्धाको राजनीतिका पक्षमा उभिन आइपुगेका छन्। उनीहरू निरङ्कुश राजतन्त्रको अन्त्यका साथै सामाजिक अग्रगमनका लागि शान्तिपूर्ण जनआन्दोलन र जनपरिचालनको महत्वलाई बुझ्ने अवस्थामा आइपुगेका हुन्। "म दाजुजस्तो होइन" भनेर जनअधिकारका विरुद्धमा उभिएका राजा ज्ञानेन्द्रलाई वैशाख ११ को घोषणा गर्न बाध्य बनाउने शान्तिपूर्ण चरित्रको ऐतिहासिक जनआन्दोलनको सामर्थ्य वास्तवमै उल्लेखनीय रहृयो।

(ङ) शक्तिका लागि राजा र जनताका बीचमा चलेको संघर्षको निकै लामो इतिहास छ। जनताले पटक-पटक संघर्षका माध्यमबाट निरङ्कुश राजतन्त्रलाई झुक्न बाध्य बनाए पनि राजाबाट सम्पूर्ण अधिकार खोस्न सक्षम भएको यो पहिलो सफल जनआन्दोलन हो। यस आन्दोलनका माध्यमबाट परम्परागत रूपमा राजाले प्रयोग गर्दै आएको राजकीयसत्ता, सार्वभौमसत्ता र शासनाधिकार नेपाली जनताले आफ्नो हातमा लिन सफल भएका छन्। जनआन्दोलनको बलमा पुन:स्थापित प्रतिनिधिसभाले आज जे-जस्ता ऐतिहासिक फैसलाहरू गर्न सकेको छ र सरकारलाई जनअधिकारका पक्षमा उभिन मार्ग निर्देशन गर्न सफल भएको छ, त्यसको आधार पनि यही नै हो। जनताले आफ्नो त्यो अधिकारको उच्चतम् प्रयोग संविधानसभाको चुनावमार्फत गर्ने ऐतिहासिक अठोट प्रकट गरेका छन्। मानवअधिकार, मौलिक अधिकार र नागरिक स्वतन्त्रताका दृष्टिले ऐतिहासिक जनआन्दोलन नेपालको इतिहासकै सबैभन्दा उल्लेख्य पक्ष हो।

३.३ शान्तिवार्ता र शान्ति सम्झौता

गएको वर्ष मानवअधिकार क्षेत्रमा भएका उल्लेख्य कामहरू मध्येको अत्यन्त महत्वपूर्ण काम विद्रोही नेकपा (माओवादी) सँगको शान्तिवार्तालाई सफलतापूर्वक सम्पन्न गर्नु हो। निरङ्कुश राजतन्त्रका विरुद्धमा सञ्चालित संयुक्त जनआन्दोलनका क्रममा नेकपा (माओवादी) सँग भएको १२ बुँदे सहमतिको जगमा नै सात दल तथा सरकार र माओवादीको बीचको ऐतिहासिक वार्ता सम्पन्न भएको छ। विभिन्न चरणमा भएका छलफलहरू पश्चात सरकार र माओवादीका बीचमा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको छ। सेना र हतियारको व्यवस्थापनका सन्दर्भमा संयुक्त राष्ट्रसंघ समेतको संलग्नतामा त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ र संयुक्त राष्ट्रसंघको सुपरीवेक्षणमा सेना र हतियारको व्यवस्थापनका प्रक्रिया अघि बडी रहेको छ। सात दल र माओवादीबीचको राजनीतिक सहमतिका आधारमा नेपालको अन्तरिम संविधान जारी भएको छ र माओवादी समेतको सहभागितामा अन्तरिम व्यवस्थापिका संसद गठन भएको छ। द्वन्द्व समाधानको आफ्नै खाले नमुनाका रूपमा विकास हुँदै गएको नेपालको शान्ति प्रक्रियाका निम्न लिखित विशेषताहरू रहेका छन्।

क) शक्तिका लागि राजा र जनताका बीचमा चलेको संघर्षको निकै लामो इतिहास छ। जनताले पटक-पटक संघर्षका माध्यमबाट निरङ्कुश अहिले शान्ति प्रक्रियाले जुन प्रकारको मोड प्राप्त गरेको छ त्यसलाई निरन्तरता दिन सकिएको खण्डमा आजभन्दा १२ वर्ष पहिले सुरु भएको नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित सशस्त्र संघर्षको शान्तिपूर्ण समाधान हुनेछ। सशस्त्र विद्रोहलाई समाधान गर्ने नेपाली अनुभव अन्तर्राष्ट्रिय समुदायका लागि समेत अनुभव र शिक्षाको विषय बन्नेछ। संयुक्त राष्ट्र संघको सहयोग र संलग्नताको विशिष्ट मोडलको सफल प्रयोग हुनेछ। सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानका लागि यस प्रकारको विशिष्ट अवस्थाको सृजना जनआन्दोलनको पृष्ठभूमिमा नै तयार भएको हो। यो सहमतिलाई सफलतापूर्वक कार्यान्वय गर्न सकिएको अवस्थामा मानवअधिकार स्थितिको बिग्रदो अवस्थामा समेत गुणात्मकरूपले नै सुधार हुने कुरामा विश्वास गर्न सकिने छ।

ख) शान्ति वार्ताप्रक्रियाका सफलता सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधानसँग मात्रै सीमित छैन। शान्ति प्रक्रियाको सफलताले नेपाली राजनीतिमा २००७ सालदेखि प्रतिगामी षडयन्त्रको शिकार बनेर थाती रहेको संविधानसभाको निर्वाचनलाई सुनिश्चित तुल्याएको छ। संविधानसभाको निर्वाचनद्वारा जनआन्दोलनको भावना अनुरूप लोकतान्त्रिक गणतन्त्र, दिगो शान्ति र अग्रगमनतर्फ अघि बढ्न सकिने सुनिश्चित आधार तयार गरेको छ।

ग) जनआन्दोलको नेतृत्वकर्ता सात राजनीतिक दल र विद्रोही नेकपा (माओवादी) का बीचमा १२ बुँदे ऐतिहासिक सहमति कायम गरिँदाको अवस्थामा प्रक्रियागत प्रश्नमा गम्भीर असहमति देखिएको थियो। त्यसैगरी वैशाख ११ गतेको राजाको घोषणापछि सात राजनीतिक दलहरू आफ्नो मार्गचित्रका आधारमा अघि बढ्न खोज्दा पनि

नेकपा (माओवादी) को गम्भीर असहमति रहेको थियो। शान्ति प्रक्रियाको सफलताले सात दलले अघिसारेको प्रतिनिधि सभालाई प्रस्थानबिन्दु बनाउने र संविधानसभालाई निकास बिन्दु बनाउने भन्ने निर्णयको सार्थकतालाई पुष्टि गरेको छ। सम्झौताले १२ बुंदे सहमतिमा टुङ्गो लाग्न नसकेको प्रक्रियागत प्रश्नलाई समेत समाधान गरिदिएको छ।

घ) अन्तरिम संविधानबाट नेपालको राजनीतिमा राजाको राजनीतिक भूमिका विधिवत रूपमा समाप्त भएको छ। कात्तिक २२ गतेको शिखर बैठकको निर्णयमा उल्लेख भए झैं अब "मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन" भन्ने मान्यतालाई अन्तरिम संविधानले संस्थागत गरेको छ। अब राजा वीरेन्द्रको परिवारको सम्पत्तिलाई ट्रष्ट बनाएर राष्ट्रहितमा सदुपयोग गर्ने र राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त सम्पत्तिलाई राष्ट्रियकरण गरिने छ। राजतन्त्र कायम राख्ने वा नराख्ने भन्ने बारेमा संविधानसभाको पहिलो बैठकको साधारण बहुमतले टुङ्गो लगाइने छ। गत जेठ ४ गतेको प्रतिनिधि सभाको बैठकले राजाका अधिकारहरू कटौती गरी अधिकार विहीन बनाउँदै जनताको कठघरामा उभ्याउने प्रक्रियालाई यसले अझ बिस्तारित गरिदिएको छ। शिखर बैठकको उक्त निर्णयपछि राजसंस्था विधिवत रूपमा जनताको कठघरामा उभिएको छ।

ङ) ऐतिहासिक जनआन्दोलनको पृष्ठभूमिमा सात राजनीतिक दलहरूका बीचमा कायम भएको सहमति, ऐतिहासिक जनआन्दोलनको सफलता र अन्तरिम संविधानले आत्मसात गरेका विषयहरू र मुलधारको राजनीतिमा नेकपा (माओवादी) को संलग्नता मूलत: नेकपा (एमाले) को राजनीतिक कार्यदिशासँग जोडिएका विषयहरू हुन्। अन्तरिम संविधानले आत्मसात गरेका राजनीतिक अन्तरवस्तुहरूको विश्लेषण गर्ने हो भने नेकपा (एमाले) को आत्मसात गर्दै आएको जनताको बहुदलीय जनवादको वैचारिक र राजनीतिक कार्यदिशाको जीत भएको छ। जनआन्दोलनले विस्तारित गरिदिएको राजनीतिक चेतनाको जगमा नयाँ नेपालको निर्माणको प्रक्रिया अघि बढ्ने हो भने शान्ति प्रक्रियाका सफलताले नेपालको मानवअधिकारको अवस्थामा सबल हुने कुरामा पूर्णत: आशावादी हुन सकिन्छ।

३.४ अन्तरिम संविधानको निर्माण सात दल र माओवादीका बीचमा सम्पन्न पहिलो शिखर बैठकपछि सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको अध्यक्षतामा अन्तरिम संविधान मस्यौदा समिति गठन गरिएको थियो। उक्त समिति समावेशी राजनीतिक र सामाजिक हिसाबले समेत समावेशी हुन नसकेको कारणले पछि त्यसमा सदस्यहरू थप गरी समावेशी स्वरूप प्रदान गरिएको थियो। समितिले लामो समय लगाएर अन्तरिम संविधानको मस्यौदा तयार पारेको थियो।

तर, राजनीतिक सहमतिबाट निरूपण गर्ने विषयहरूमा टुङ्गो नलागेका कारणले मस्यौदा समितिले अपूर्ण मस्यौदा बुझाउने काम गरेको थियो। अन्तरिम संविधानमा टुंगो लगाउनुपर्नेलगायतका राजनीतिक प्रश्नहरूलाई मंसिर २२ गतेका दिन सम्पन्न भएको सात र माओवादी नेतृत्वको शिखर बैठकले महत्वपूर्ण निर्णय गरी त्यसलाई टुङ्गो लगाउने काम गरेको थियो। यसरी मूल राजनीतिक प्रश्नहरूको निरूपणपछि सात राजनीतिक दल र माओवादीले अन्तरिम संविधानलाई अन्तिम रूप दिने काम पुस १ गतेका दिन सम्पन्न गरको थिए। उक्त अन्तरिम संविधान जनआन्दोलनको भावना अनुरूपको छ। मानवअधिकारका दृष्टिले पनि उक्त संविधान महत्वपूर्ण रहेको छ। तर पनि उक्त संविधानमा केही कमजोरीहरू देखिएका छन्। शक्ति सन्तुलनका दृष्टिले संविधान कमजोर रहेको र प्रधानमन्त्रीको चयनको व्यवस्था उल्लेख भएको हटाउने व्यवस्था छुट्न गएको जस्ता प्राविधिक कमजोरीहरू समेत देखिएका छन्। निर्वाचन प्रणाली, संघीयता र समावेशी स्वरूपका सन्दर्भसमा अन्तरिम संविधान नकारात्मक रहेको टिप्पणीहरू समेत सार्वजिक भएका छन्। हाम्रो पार्टीले पनि अन्तरिम संविधानमा कतिपय गम्भीर प्रकृतिका कमजोरीहरू रहन गएको महसुस गरी त्यसलाई सहमतिका आधारमा सच्याउनु पर्दछ भन्ने विचार अघि सारेको छ। अन्तरिम संविधान जारी भएपछि मधेसी समुदायमा देखिएको विरोध र आदिवासी जनअसन्तुष्टिलाई समयमै सम्बोधन गरिनु पर्छ भन्ने मान्यताको पक्षमा पार्टी रहेको छ।

नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानवअधिकारका दृष्टिले नेपालको अन्तरिम संविधान २०६३ निकै नै समृद्ध रहेको छ। संविधानका भाग ३ मा स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण र स्वास्थ सम्बन्धी हक, शिक्षा र संस्कृति सम्बन्धी हक, रोजगारी र सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक र न्याय सम्बन्धी हक उल्लेख गरिएका छन्। यसरी नै संविधानमा निवारक नजरबन्दको हक, यातना विरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धी हक, देश निकालाका विरुद्धको हक र संवैधानिक उपचारको हक प्रत्याभूत गरिएको छ। संविधानले प्रत्याभूति गरेका उपर्युक्त हकहरूलाई व्यवहारमा उतार्न सक्ने हो भने नेपाल भविष्यमा

नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानवअधिकारका दृष्टिले निकै नै समृद्ध मुलुक हुनेछ। नेकपा (एमाले) आगामी दिनमा संविधानमा व्यवस्था गरिएका मौलिक हकको प्रत्याभूतिका पक्षमा निरन्तर क्रियाशील रहने छ।

३.५ दण्डहीनताको अन्त्यको सन्दर्भ

नेपालको मानवअधिकारको अवस्थामा नकारात्मक प्रभाव पार्ने पक्षहरू मध्ये दण्डहीनताको अवस्था एउटा महत्वपूर्ण कारकका रूपमा रहँदै आएको छ। ऐतिहासिक जनआन्दोलनका समयमा भएका मानवअधिकार उल्लङ्घनका घटनाका सन्दर्भमा राजनीतिक दलहरूले विगतमा मल्लिक आयोगको जस्तो अवस्था न दोहोरिने प्रतिवद्धता व्यक्त गरेका थिए। त्यही प्रतिवद्धताका आधारमा जनआन्दोलनको सफलतापछि जनआन्दोलनका क्रममा भएका मानवअधिकार उल्लङ्घन र राज्यको कोषको दुरूपयोगका सन्दर्भमा छानबिन गरी दोषी उपर कारवाहीका लागि सिफारिस गर्नका लागि सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा उच्चस्तरिय आयोग गठन गरिएको थियो। उक्त आयोगले सरकार समक्ष प्रतिवेदन बुझाई सकेको छ। सरकारले उक्त प्रतिवेदनलाई अहिलेसम्म पनि कार्यान्वयनमा ल्याउन सकिरहेको छैन। हाम्रो पार्टी रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरी यथाशीघ्र दोषी उपर कारवाही गरिनु पर्छ भन्ने पक्षमा रहेको छ।

ऐतिहासिक जनआन्दोलनको सफलता पछि भ्रष्टाचार विरुद्धको अभियानसमेत तिव्रता पाउने अपेक्षा गरिएको थियो। तर जनआन्दोलको लगतैपछि अख्तियार दुरूपयोग अनसुन्धान आयोग नेतृत्व विहीन बन्न पुग्यो। कतिपय भ्रष्ट व्यक्तिहरूले सत्ता र शक्तिको आडमा न्यायालयबाट उन्मुक्ति पाउने दुःखद अवस्थासमेत देखियो। त्यसरी नै तस्कर र विभिन्न अपराधिक तत्वहरूको मुद्दा फिर्ता लिइएका घटनाहरू सुनिनु पनि मानवअधिकारका दृष्टिले नकारात्मक अवस्था हो। हाम्रो पार्टीले यस्ता विषयहरू प्रति गम्भीर असहमति जनाउँदै सरकार र सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउँदै आएको छ।

विगतमा लोकतन्त्र र मानवअधिकारका दृष्टिले नकारात्मक भूमिका खेलेका व्यक्तिहरूलाई राज्य सञ्चालनको महत्वपूर्ण जिम्मेवारीमा राखिनु हुँदैन भन्ने मान्यताका पक्षमा पार्टी रहेको छ। यस बीचमा सरकारबाट भएको कतिपय नियुक्तीले उक्त मान्यतालाई पालना गर्न सकेको देखिँदैन। भविष्यमा मानवअधिकारको अवस्थामा सुधार ल्याउन र जनतालाई सुशासनको प्रत्यभूति दिलाउनका लागि लोकतन्त्र र मानवअधिकार प्रति प्रतिवद्ध व्यक्तिहरूलाई नै महत्वपूर्ण भूमिकामा स्थापित गरिनु पर्छ।

विगतको सशस्त्र संघर्षका क्रममा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूका सन्दर्भमा छानबिन गरी पीडितलाई न्याय दिलाउने सन्दर्भमा विस्तृत शान्ति सम्झौतामा शान्ति र मेलमिलाप आयोग गठनगर्ने कुरामा सहमति भएको छ। विगतको सशस्त्र द्वन्द्वका क्रममा भएको मानवअधिकार उल्लङ्घनका घटनाबाट पीडित पक्षलाई न्यायको प्रत्याभुति नदिइकन शान्ति प्रक्रियाले सार्थकता प्राप्त गर्न सक्तैन। शान्ति तथा मेलमिलाप आयोगलाई पीडितलाई न्याय दिलाउने र युद्धको असरबाट मुक्त मेलमिलाप पूर्ण समाज व्यवस्थाका विकास गर्ने प्रभावकारी संयन्त्रका रूपमा विकास गरिनु पर्छ भन्ने नेकपा (एमाले) को धारणा रहेको छ।

४. मानवअधिकार संस्था र रक्षकको बढ्दो भूमिका

नेपालको मानवअधिकार आन्दोलनको संस्थागत विकास र सामर्थ्यमा निकै धेरै विस्तार भएको प्रत्यक्ष अनुभव नेपाली समाजले गएको वर्ष नै गर्न पायो। मानवअधिकार रक्षाका लागि प्रजातान्त्रिक शक्तिहरूले निर्माण गरेको मानवअधिकार आयोगलाई शाही सरकारले आफ्नो अनुकूल हुने गरी नियुक्ती गरेपछिको अवस्थामा वैकल्पिक निकायका रूपमा रहेका गैरसरकारी क्षेत्रमा क्रियाशील मानवअधिकार संघसंस्थाहरूले नै आफूलाई मानवअधिकार अनुगमनकर्ताको अधिकारिक निकायको हैसियतमा विकास गर्न सफल भए। राजनीतिक दल, नागरिक आन्दोलन र अन्तर्राष्ट्रिय समुदाय समेतको सहयोगमा नेपालका मानवअधिकार संस्था र मानवअधिकारकर्मीहरूले मानवअधिकार रक्षाका लागि खेलेको भूमिका निकै नै महत्वपूर्ण रहृयो। ऐतिहासिक जनआन्दोलनपछिको राजनीतिक परिवर्तनको महत्वपूर्ण हकदारका रूपमा रहेका मानवअधिकार रक्षकहरूले नयाँ लोकतान्त्रिक व्ययस्थामा आफूलाई अझ बलियो भएको महसुस गर्न पाउनु पर्छ। राज्य र समाजले मानवअधिकार रक्षकको सुरक्षा र सम्मानको जिम्मेवारी वहन गर्न सक्नुपर्छ।

५. अपेक्षा र विश्वास

अहिले मुलुक ऐतिहासिक जनआन्दोलको भावना अनुरूपको नयाँ संवैधानिक व्यवस्थाको स्थापनाका लागि संविधानसभाको निर्वाचनको प्रक्रियातर्फ अघि बढिरहेको छ। संविधानसभा पूर्वको संक्रमणकाल नेपालको लोकतन्त्रको संस्थागत विकासका लागि निकै नै चुनौतिपूर्ण अवस्था हो। ऐतिहासिक जनआन्दोलनको सफलता पछि पुनःस्थापित प्रतिनिधिसभाले ऐतिहासिक कार्यभारहरू पूरा गरेर मुलुकमा नयाँ संविधान जारी गरेको छ र नयाँ संविधान अनुरूपको अन्तरिम व्यवस्थापिका संसदको गठन समेत भएको छ। तर पनि मुलुक अझै पनि संविधानसभामा प्रवेश गरी सक्यो भनेर भनि हाल्न सक्ने विश्वस्त अवस्था सृजना हुन सकेको छैन।

अहिले पनि सेना र हतियारको व्यवस्थापनका काम प्रभावकारी ढङ्गले अघि बढ्न सकिरहेको छैन।

अन्तरिम व्यवस्थापिका संसदमा सहभागी भएका माओवादी अझै पनि अन्य लोकतान्त्रिक दलहरू झैं पूर्ण निसस्त्र हुन सकिरहेका छैनन्। आत्मसुरक्षाका नाममा माओवादी नेता र कार्यकर्तासँग रहेका साना हतियारहरू अहिले पनि माओवादी इतरका लागि त्रासको विषय बनिरहेको अवस्था छ। जनआन्दोलनबाट पराजित भएको तर समाप्त भई नसकेको राजतन्त्र र उसको संरक्षणमा रहेका निरङ्कुशतावादी तत्वहरू मुलुकमा अशान्ति सृजना गरी आफ्नो स्वार्थ सिद्धको अवसर आउँछ भन्ने ध्याउन्नमा जुटिरहकै छन्। अन्तरिम संविधानले समेट्न नसके वा विश्वस्त बनाउन नसकेको क्षेत्रले आफ्नो कुरा सुनाउनका असमान्य तरिका प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ। सामान्य सुधारका लागि सहजै तयार नहुने सत्ताको मानसिकता र आदर्शवादको तहमा परिवर्तनलाई पुऱ्याई छोड्ने राजनीतिक र समाजिक अगुवाहरूको चाहनाबीचको द्वन्द्वले पनि भविष्यको यात्रालाई अनिश्चित जस्तै बनाउने अवस्था छ। यस्तो अवस्थामा मुलुकलाई जनआन्दोलनको भावना र नेपाली समाजको वस्तुगत यथार्थताका आधारमा सही बाटोमा अघि बढाउने कुरा निकै नै चुनौतीपूर्ण र आवश्यक काम हो। भयरहित वातावरणमा स्वतन्त्र र निस्पक्ष ढङ्गले संविधानसभाको निर्वाचन सम्पन्न गरी लोकतन्त्रको संस्थागत विकास गर्ने महाअभियानमा राष्ट्रले मानवअधिकार आन्दोलन र अभियानहरूबाट निकै ठूलो अपेक्षा गरेको छ। मानवअधिकार आन्दोलन र मानवअधिकार अभियन्ताहरूबाट उपरोक्त अभिभारा गम्भीर दायित्ववोधका साथ सम्पन्न गरिने कुरामा नेकपा (एमाले) पूर्णतः विस्वस्त रहेको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ।

नेपाली काँग्रेस (प्रजातान्त्रिक)

नेपाली काँग्रेस (प्रजातान्त्रिक) लगायत सात दल पूर्ण लोकतन्त्र प्राप्तिका लागि शान्तिपूर्ण रूपमा सुरु गरिएको संयुक्त जनआन्दोलन-२ शाहीसत्ताको व्यापक बर्बर दमनका बावजुद पनि सफल भयो र त्यसपश्चात् सात दलका शीर्षस्थ नेताहरू, नेपाल सरकार र माओवादीबीच शान्ति कायम गर्नको लागि चरणबद्ध रूपमा बुँदागत सम्झौताहरूमा हस्ताक्षर भए र मुलुक संविधानसभाको निर्वाचनतर्फ उन्मुख भएको अवस्था रहेको छ।

सन २००६ वर्ष गत वर्षभन्दा मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सन्तोषजनक वर्षका रूपमा रह्यो भन्न सकिएन। गत वर्षको मानवअधिकार उल्लङ्घनमा राज्य र विद्रोही दुवैपक्षको संलग्नता झै २००६ मा पनि राज्य र विद्रोही नै मानवअधिकार उल्लङ्घनमा जिम्मेवार रहे। विद्रोहीपक्षबाट गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको घनत्व सन् २००५ मा बढी नै रह्यो भने सन् २००६ को वर्षमा विद्रोहीपक्षको संलग्नताको मात्रा घटेको भने देखिएन।

सन २००६ को प्रारम्भको वर्षको सुरुवातमा नै निरङ्कुशतन्त्रद्वारा पुऱ्याइएको अनेक बाधा र व्यवधानका बावजुद पनि हाम्रो पार्टीको ऐतिहासिक एघारौं राष्ट्रिय महाधिवेशन काठमाण्डौमा भव्यतापूर्वक सम्पन्न भयो। एकातिर निरङ्कुशतन्त्र विरुद्धको शान्तिपूर्ण जनआन्दोलनमा पार्टीको नेतृत्वदायी भूमिकालाई राख्नु पर्ने र अर्कोतर्फ पार्टीको राष्ट्रिय महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्नु पर्ने चुनौतिलाई पार्टीले सहजतापूर्वक वहन गर्न सफल भयो।

विद्रोहीपक्षद्वारा हत्या, हिंसा, अपहरण, जबरजस्ती सैन्य भर्ना, घर सम्पत्ति कब्जाका घटना सन् २००६ को वर्षमा पनि जारी रहे। १२ बुँदे समझदारीको पटक पटक उल्लङ्घन गर्ने अनेक कार्य गरिए। एस.एल.सि. परीक्षा केन्द्रमा (दैलेख) बम विस्फोटन गराई बालबालिकालाई घाइते र भयभित बनाउने कार्य भयो। बर्दियामा निर्दोष सुशील ज्ञवालीको हत्या गरियो। कालिकोटका पार्टी सदस्य भीमबहादुर शाहीका छोरा देवेन्द्रबहादुर शाही, नेविसंघका मानबहादुर शाही, रत्नबहादुर शाहीलाई अपहरण गरियो। काठमाण्डौका विभिन्न स्थानबाट स्थानीय पार्टीका युवा कार्यकर्ताहरूलाई जबरजस्ती कब्जामा लिई अनेक यातमा दिने कार्य माओवादी पक्षबाट भयो।

निरङ्कुश तन्त्रका विरुद्ध जारी शान्तिपूर्ण आन्दोलनमा वर्वर दमन गरी लगभग दुई दर्जन निर्दोष प्रदर्शनकारीहरूको हत्या गरियो। नेपाली काँग्रेस (प्रजातान्त्रिक) का कार्यकर्ता होरीलाल राना थारुलाई कैलालीमा नीजको घरमा गई गोली हानि हत्या गरियो। निरङ्कुशतन्त्रका विरुद्ध शान्तिपूर्ण आन्दोलनमा सहभागी राजनीतिक दलका नेता, कार्यकर्ता एवं आम नागरिकहरूलाई बन्दीगृहमा दुषित खाना, पानी दिएर सामुहिक रूपमा विरामी बनाउने कार्य समेत भयो। स्वास्थ्योपचारका लागि अस्पतालमासमेत भर्ना हुन दिइएन। राजनीतिक दलका नेताहरूको घरमा आक्रमण गरी गराई त्रसित बनाउने कार्य भयो भने शीषर्थ नेताहरूलाई तथाकथित स्थानहदको आदेश जारी गरी घरमा नै बन्दी बनाइने काम भयो। स्वतन्त्र पत्रकारमाथि सांघातिक हमला (वृजकुमार यादव) गर्ने कार्य भयो।

देशमा निरङ्कुश तन्त्रको बिगबिगी चलिरहेको अवस्था र राजनीतिक दलहरूउपर अघोषित प्रतिबन्धको अवस्थासँगै विश्व परिदृष्यमा नेपाल सन् २००५ को तुलनामा सन

२००६ को वर्षमा अझ बढी चर्चित र विश्व समाचारको विषय बन्न पुग्यो। देशमा प्रमुख सात राजनीतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण विरोध प्रदर्शनमा बर्बरतापूर्वक सत्ताद्वारा गरीएको दमनका कारण हजारौंको सख्यामा प्रदर्शनकारीहरू घाइते र अङ्गभङ्ग हुनुका साथै दर्जनौको ज्यानसमेत गएको घटनाहरू छर्लङ्ग नै छन्।

निरङ्कुशतन्त्र विरुद्धको शान्तिपूर्ण जनआन्दोलनमा नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सयौं कार्यकर्ता तथा नेताहरूघाइते हुनुका साथै उनीहरूको अङ्गभङ्ग समेत भयो। राजनीतिक दलका अलावा प्राध्यापक, वकिल, चिकित्सक, पत्रकार, कर्मचारी, शिक्षक, उद्योगी व्यापारीलगायत सबै पेशा र वर्गहरूलगायत नागरिक समाज तथा स्वयम् मानवअधिकारकर्मीद्वारा सञ्चालित निरङ्कुशतन्त्र विरुद्धको शान्तिपूर्ण विरोध प्रदर्शनमा शाही सत्ताद्वारा व्यापक दमन र मानवअधिकार माथि ठाडो हस्तक्षेप गर्ने कार्य गरियो। असंवैधानिक तवरले राजाकै अध्यक्षतामा गठित शाही सत्ताद्वारा राजनीतिक दलका नेता एवम् राष्ट्रसेवकहरूउपर समेत झुठा अभियोग लगाई प्रतिशोध लिने अनेक कार्यहरू गरिए। शाही सत्ताको पक्षमा समाचार सम्प्रेषण नगर्ने स्वतन्त्र सञ्चार माध्यमहरूउपर अनेक प्रकारले आतंकित पार्ने कार्य गरियो। कथित नगर निर्वाचनको नाटक रचेर शाही सत्तालाई वैधता प्रदान गर्ने असफल प्रयत्नहरू भए। राजनीतिक दलका गतिविधिलाई प्रतिबन्ध लगाउने उद्देश्यले कर्फ्युको आदेश जारी गर्ने, नेताहरूको घर डेरामा प्रवेश गरी मध्यरातमा गिरफ्तार गर्नेलगायतका दमनकारी गतिविधिहरू निरन्तर जारी रहे।

संक्षेपमा, सन २००६ को वर्षमा मानवअधिकार उल्लङ्घनमा तुलनात्मक रूपमा शाही शासनकालमा राज्यपक्ष नै बढी जिम्मेवार रहयो भने शान्ति सम्झौतामा हस्ताक्षर हुने समयसम्म पनि विद्रोहीपक्षलेसमेतले आफूलाई मानवअधिकार उल्लङ्घनका घटनाबाट अछुतो राख्न सकेन।

जीवनप्रेम श्रेष्ठ
मुख्य सचिव

राष्ट्रिय प्रजातन्त्र पार्टी

आम नेपाली जनताले विगत १० वर्षदेखि गृहयुद्धको कंटकाकिर्ण र तममय पथलाई छलाङ मार्दै लोकतन्त्र पक्षधरहरूको एकतालाई मूर्तरूप दिन बहुप्रतिशत सफलता हासिल गरेको घटना आजको ताजा शाश्वत हो, र यो इतिहासमा कसरी लिपिवद्ध हुनेछ त्यो हेर्न बाँकी नै छ। अपितु सरकार र माओवादीको साझेदारीमा शान्ति र अग्रगमनप्रति प्रतिवद्ध हुँदै सम्पन्न भएको २५ बुँदे युद्धविराम आचारसंहिता एवम् अनुगमन समिति र २०६३ साल मंसिर ५ गते प्रधानमन्त्री र स्वघोषित प्रचण्डबाट संयुक्त रूपमा हस्ताक्षरित "विस्तृत शान्ति सम्झौता" ले २०५२ साल फागुन १ गतेदेखि सुरु गरिएको सशस्त्र विद्रोह र द्वन्द्व को युगको समाप्त भएको नगरा बजाएको छ भने शान्तिपूर्ण सहकार्य प्रारम्भ भएको युगान्तकारी घटनाको रूपमा प्रस्तुत भएको छ। माओवादीले हिजोको अवस्थाको क्रमभङ्ग भएको उद्घोष गरे पनि कार्य शैलीमा विश्वसनीयता र इमान्दारिताको खाँचो चाही ठ्याम्मै नभएको कोलाहल छ। नेपाली समाजमा घरीघरी थोपरिने यस्ता दारुण दरारहरू अझै पनि दुर्निवार छ। तथापि माओवादी सेनाहरू निश्चित शिविरमा सिमित राख्ने र संयुक्त राष्टसंघबाट प्रमाणिककरण एमव् अनुगमन गर्ने दृढताले नेपाली जनताको विहानी न्यानो हुन खोजेको जस्तो चाहीं अवश्य छ। शिशीर पछि बसन्त चाहीं स्वभाविक छ।

माघ १९, २०६१ को शाही अख्तियारीलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले रैती झैं हुकुम तलब नगर्दा तात्कालीन शाही सत्ताले उसलाई नेस्तोनाबुद गर्न भरमग्दुर तल्लीन रहयो। उता घरबाहिर भेला भइसकेको असंख्य भिडबारे उसलाई पत्तै भएन। उ कुकुर मरेको बिलौनामा बाँसुरी बजाएर मस्त रहयो। उसका गुप्तचरहरू उसैका रिपू साबित भए। उसले दर्ज्यानी चिह्न दिएका जर्नेलहरूले दुवैतिर डकारे र चोखिए। फगत जनतालाई शास्ति यथावत रहिरयो। राजधानी भरदिन सिमेण्ट र कंक्रिटको जङ्गलमा परिणत भयो। यता राज्यकोषको भरपूर उपयोग गर्दा पनि राप्रपा भष्मिभूत हुन सकेन। पार्टी संस्कारले दैहिक भइसकेका कार्यर्ताहरूले त्यो झिनो प्रयासलाई तन्नम पारिदिए। लोकतन्त्रको लागि स्वस्फूर्त भएको आन्दोलनमा राप्रपालाई पाखा लगाउने कार्य सार्थक हुन सकेन।

सर्वोच्च अदालतबाट तत्कालीन शाही सत्ताले निर्वाचन आयोगलाई वशिभूत गरेर पार्टीको निर्वाचन चिह्न हरण गरेको सन्दर्भमा राष्ट्रिय मान्यता प्राप्त पार्टीको अहरणीय अधिकारको कुनै पनि हालतमा निर्वाचन आयोगले सिमित गर्न, निलम्बन गर्न र अर्को चुनाव चिह्न रोज्न लगाउन पाउँदैन भन्ने फैसला भएपछि राप्रपा पुरा जोश र जाँगरसहित आन्दोलनमा होमिन खोजेकै हो। सोही क्रममा आफूलाई अन्तरिम विधान मस्यौदा समितिमा समावेश नगरे तापनि राप्रपाले इमान्दारितापूर्वक मस्यौदा समितिसमक्ष एघारसूत्रीय अवधारण प्रस्तुत गरेको थियो। समावेशी प्रजातन्त्र र व्यापक सहभागिताको रट लगाइरहने माओवादी र सातदलको सरकारले व्यवहारमा नपच्ने कुज्जुस्याँई गरेकोले हामी उदेक परेका थियौं। त्यतिबेलै संविधानसभाको चुनाव हुने र त्यो पनि निष्पक्ष र धाँधलीरहित भन्ने कुरा हामीलाई कतै मृगतृष्णा त साबित हुने हैन भन्ने शंका उब्जिएको थियो। जनताको चाहनाबाट पुर्नस्थापना भएको

संसदबाट सात राजनीतिक दलको सरकार बनेको १० महिना शान्तिपूर्वक र भयरहित भएर बाँच्न पाउने जनताको मौलिक मानवअधिकारको प्रत्याभूत हुन सकेको छैन। हिंसा, अपहरण र जबरजस्ती चन्दा असुलीको प्रकोपले करकापको संस्कृतिलाई बढावा दिएको छ भने सरकार यस्तो दुस्सहासलाई रोक्ने भूमिका निर्वाह गर्न बिलकुलै असक्षम र निरीह देखिएको छ।

विद्रोह र द्वन्द्वका कारण आज हजारौँ राजनीतिक कार्यकर्ताहरू जन्मथलो छोडी अन्यत्र विस्थापित हुन पुगेका छन्। बाँकेको कोहलपुरमा मात्रै २ सय परिवार छाप्रोमा विस्थापित जीवन बिताइरहेका छन् भने द्वन्द्वपीडितलाई राहत सामग्री वितरणमा पनि सरकार बिल्कुलै पक्षपातपूर्ण रहेको पाइएको छ। सात राजनीति दलहरू आफै सत्तामा पनि बस्ने र विपक्षको भूमिका पनि गर्ने गैरजिम्मेवार अभिव्यक्तिहरूले जनतामा थप निराशा पैदा गरिरहेको छ। आफै झाँक्री आफै बोक्सी भन्ने उखान चरितार्थ भएको छ। सात राजनीतिक दलहरूको सत्ता उन्माद र हैकम छरपष्ट रूपमा देखापरिरहेको छ।

यिनै सेरोफेरोमा राप्रपा केन्द्रीय सदस्य एवम् सिरहा जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित सांसद था संसदीय दलका सचेतक कृष्णचरण श्रेष्ठ र कार्यकर्ता रामवृक्ष यादवको नृशंस हत्या गरिकोमा नेपाल सरकारले हत्यामा प्रयोग भएको हतियार र मोटरसाइकलबारे यथार्थ छानबिन नै नगरी हत्यालाई नै ढाकछोप गर्ने बदनियत राखेको देखिन्छ। यसैबीच राप्रपाले दूरदृष्टि राखी अन्तरिम संविधान २०६३ माथि २०६३ असार २७ गते पेश गरेको संशोधन प्रस्ताव प्रचण्ड बहुमतको आधारमा लत्याएको मसी पनि सुक्न नपाउँदै केन्द्रीकृत राज्य प्रणालीबाट ठगिएको महसुस गरिरहेका संपूर्ण जातजाति समुदाय र भौगोलक रूपले पिछडिएका क्षेत्रका बासिन्दालाई संघीय शासन प्रणलीको अवधारणा नअपनाई सन्तुष्ट पार्न सकिन्न, सबै क्षेत्रमा समान राजनीतिक सहभागिताको लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउनु पर्छ भन्ने सुझावलाई लत्याइयो। आठ दलले त्यसलाई शरमको विषय ठानी स्वीकार गर्ने धृष्टता गरेन।

अब सबै मिलेर संघीय शासन र समानुपातिक निर्वाचनको व्यवस्थलाई अभिषेक गरेर राष्ट्रलाई समुन्नत दिशानिर्देश गरौं। हामीले बिर्सनु हुन्न, संविधानसभाद्वारा संविधान निर्माण भएका र निर्माण गर्ने तयारी गरेका ४० ओटा मुलुकहरूमध्ये धेरैमा संविधानसभा असफल भएको छ। यस्ता असफलताहरूको कारण मूलत: संविधानसभा पूर्वको तयारी र संक्रमणकालीन व्यवस्थापनमा भएका त्रुटी र कमजोरीहरू रहेका छन्। जस्तो आज संविधानसभा नहुँदै संविधान संशोधन गर्नुपर्ने भएको छ। यो सबै आठदललाई चेतना भया। हैन भने विषोदर पयो मुखम् भने झैं एकाबिहानै अपवित्र गठबन्धनको संकुचित स्वार्थको हाँडी छताछुल्ल भएर फुट्नेछ। यसमा कुनै शंका छैन।

अन्त्यमा क्षत क्षक मवलनभचयगक तय जबखभ ब अयगकष्ल बक लभष्नजदयगचक भन्ने उखान कतै चरितार्थ नहोओस् भन्ने शंकाले नेपाली मनमा बास नगरोस्। किनभने नेपाल रहेमात्र तपाईं र हामी हुनेछौं। शेष साधुवाद।

शिवहरि पौड्याल
कार्यालय प्रमुख

जनमोर्चा नेपाल

बाँच्न पाउने र बाच्न सक्ने परिस्थिति नै मानवअधिकारको प्रस्थान बिन्दु हो। नेपालमा मानवअधकारको स्थितिमा २००५ को तुलनामा २००६ मा मूलमूल कुराहरूमा सुधारका लक्षणहरू देखिए पनि सन्तोषजनक अवस्था बन्न सकेको छैन। यस अवधिमा सशस्त्र द्वन्द्वरत नेकपा (माओवादी) आवधिक युद्धविराम, १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, हतियार एवम् सेनाको व्यवस्थापन र अन्तरिम व्यवस्थापिका-संसदमा सहभागी हुँदै शान्तिपूर्ण राजनीतिक निकासमा निरन्तर अगाडि बढ्नुले मुलुक प्रत्यक्ष युद्धको स्थितिबाट बाहिर निस्केको छ। त्यसै गरी ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले राजा ज्ञानेन्द्रद्वारा प्रत्यक्ष नेतृत्व गरिएको फासीवादी शैलीको राज्यसत्ताको अन्त भएको छ र वाक, प्रकाशन र संगठन स्वतन्त्रता बहाली भएको छ। तर अझै पनि नेपालीले भोक, रोग, भय, भेदभाव र शोषण-उत्पीढनबाट मुक्ति पाउने कुरा धेरै टाढा छ भन्ने लाग्दछ।

सन् २००६ जनवरी १ देखि डिसेम्बरको अन्तसम्म मानवअधिकार उल्लंघनको दृष्टिले उल्लेख्य रहेका घटना र प्रवृतिहरूलाई निम्न प्रकार उल्लेख गर्न सकिन्छ।

१) **राज्य पक्षबाट**

- विस २०६१ माघ १९ को शाही घोषणासँगै खोसिएका सबै आधारभूत अधिकारहरू २०६३ वैशाख ११ गतेभन्दा अघिसम्म यथावत् रहे। सञ्चारमाथिको नाङ्गो आक्रमण रहिरहयो।
- यस अवधिमा निषेधाज्ञा, कर्फ्यु, निजी घर र शरीरको खानतलासी, धरपकड, गैर कानुनी थुनुवा, यातना जस्ता असंख्य अधिकार हननका घटनाहरू घटाइए।
- हजारौं नागरिकहरू गैर कानुनी राज्य दमनका शिकार भए। ०६२ चैत २४ देखि ०६३ वैशाख ११ गतेसम्मको

शान्तिपूर्ण जनआन्दोलनको क्रममा काठमाण्डौ, काभ्रे, पोखरा, दाङ, चितवन, बाँके आदि स्थानमा शान्तिपूर्ण जनप्रदर्शनमा अन्धाधुन्ध गोली चलाई राज्यले १८ जनाको ज्यान लियो र करिब ७ हाजार जनालाई घाइते तुल्यायो।

- ०६३ वैशाख १२ गते मोरङको बेलबारीमा सपना गुरुङलगायत निर्दोश ७ जना नागरिकको हत्या गर्ने काम सत्ताको सैन्य उन्मादको चरम अभिव्यक्ति हो।
- ०६३ वैशाख ११ गतेभन्दा पहिले समग्रतामा राज्य झण्डै एक आतङ्कवादी संस्थामा परिवर्तित भएको आभास भएको थियो।

२) **नेकपा (माओवादी) को पक्षबाट**

- सन् २००६ को प्रारम्भसँगै सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासमा अग्रसर भएको नेकपा (माओवादी) बाट पनि यस पछिका दिनमा हत्या, अपहरण, जबरजस्ती चन्दा असुली, आदी युद्धकालीन गतिविधिलाई कतिपय स्थानमा कायम राख्ने काम पछिसम्म पनि रह्यो। युद्धविराम र शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि पनि चितवन, सिन्धुपाल्चोक, धनुषा, मोरङ, रौतहट, सुर्खेत, ललितपुर आदि स्थानमा अपहरण र हत्याका घटना दोहरिए। माओवादीको तल्लो पंक्तिमा रहेको अराजक र बल प्रयोगद्वारा मतपरिवर्तन गर्न सकिन्छ भन्ने चिन्तन नेतृत्व पंक्तिको लागि पछिसमम पनि समस्या बनिरहन सक्छ।

३) **सामाजिक दायित्वका क्षेत्रमा राज्य**

- संसदबाट नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरियो, तर त्यसलाई राज्यले दायितवको रुपमा लिएर लागु गराउने काम अलिकति पनि भएन।
- जनतालाई सार्वभौम भनी घोषणा गरियो, तर राज्यका अङ्गहरूले आज पनि जनतालाई सम्मानजनक व्यवहार गर्ने गरेको कतै पाईदैन।
- राज्यमा भ्रष्टचार, नातावाद, कृपावाद र भनसुन कायम छ। निर्धा, निमुखा र असक्तहरूले राज्यबाट नागरिक अधिकारको समान ढङ्गले भोग गर्न पाएका छैनन्।
- गरीब र तल्लो वर्गको लागि शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा कल्याणकारी राज्यले गर्नुपर्ने प्राथमिक कार्य पनि गर्न सकेको छैन। अपहरण लुटपाट, हत्या, चोरी-डकैती सामान्य बन्दै गएको छ। जे अपराध गरे पनि कुनै शक्तिको आड लिएपछि उन्मुक्ति पाइन्छ भन्ने दण्डहीनताको घातक प्रवृत्ति बढेर गएको छ।
- जनआन्दोलन ०६२/०६३ का दमनकारीहरूमाथि कुनै कारवाही नहुँदा सेना, प्रहरी, प्रशासन र सबै शक्ति केन्द्रहरूमा कानुनले छुन नसक्दो रहेछ भन्ने नकारात्मक प्रभाव जनतामा परेको छ।
- महिला, दलित, बाल, वृद्ध र अपाङ्ग आदि बारे अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिवद्धताहरू तथा सन्धि-महासन्धि र संविदाहरूको पालना गर्ने-गराउने दिशामा नयाँ कदमहरू केही चालिएका छैनन्।
- सदनबाट राज्यका अङ्गहरूमा ३३ प्रतिशत महिला आरक्षणको कुरा गरिए पनि त्यसको लागि महिलाहरूको पूर्वतयारीको निम्ती महिला जागरणका होस कार्यक्रम राज्यले ल्याएको छैन। महिलामाथि बोकसीको आरोपमा कुटपिट गर्ने र घरेलु हिंसाजन्य व्यवहारहरू कायम छन्।

४) **पुनरावृत्तिको खतरा**

- ऐतिहासिक जनआन्दोलनद्वारा अधिकारबाट च्युत गरिएको राजतन्त्रले अहिले पनि फासीवादी प्रकारको पुनरुत्थानको षड्यन्त्रपूर्ण तानावाना बुनिरहेको आभास छ। राजनीतिक दलहरूले ठीक ढङ्गले नेतृत्व निर्वाह गर्दै मुलुकलाई शान्ति र अग्रगमनको दिशामा लैजान सकेनन् भने राज्यआतङ्ग, दमन र हिंसा-प्रतिहिंसा दोहोरिने खतरा कायम छ।
- यतिबेला शताब्दियौंदेखि दबिएका जनताका आवाजहरू प्रस्फुटन भइरहेका छन्। विभिन्न जाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायहरू स्वपहिचान र स्वअधिकारको लागि शान्तस्वरमा वा विद्रोही स्वरमा व्यक्त भइरहेका छन्। राजनीतिक, सामाजिक रुपान्तरणको संक्रमणकालमा यस्तो हुनु स्वभाविक छ। तर, यसलाई राज्यले ठीकसँग बेलैमा सम्मानपूर्वक सुन्न र सम्बोधन गर्न सकेन भने जातिय, क्षेत्रीय एवम् साम्प्रदायिक भड्काउ वैस हुनसक्ने र त्यसले हिंसा-प्रतिहिंसा र विखण्डन-विभाजन समेत ल्याउन सक्ने खतरालाई नजर-अन्दाज गर्न सकिन्न।
- अन्तरिम संविधानमा शिक्षा, स्वास्थ्य एवम् राजेगारीलाई आधारभूत अधिकारको रुपमा उललेख गर्नु ठूलो प्रतिवद्धता हो। तर, यसलाई व्यवहारमा ढाल्न अलिकति पनि योजना वद्ध काम गरिएन भने यसको निम्ती समेत राज्यले ठूलो-ठूला आनदोलनको सामना गर्नु पर्नेछ।
- ०६४ जेठसम्म संविधानसभाको निर्वाचन गरिएन भने मुलुक अराजकता र अनिश्चियको खाडलमा भासिने खतरा छ। त्यति बेला मानवअधिकार संधै धरापमा पर्ने छ।

केही सुझावहरू

- यही व्यवस्थापिक-संसदबाटै राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको घोषण गरिनु पर्छ। सामन्तवादको अन्त्यको घोषणा गर्दै जमीन जोत्नेको हातमा भनने आधारमा भूमिसुधार गरिनु पर्छ।
- ०६४ जेठभित्रै शान्तिपूर्ण र निष्पक्ष संविधानसभाको निर्वाचन गर्नु पर्छ। त्यसको लागि सम्पूर्ण जनतलाई दुबाब रहित र भय रहित वातावरणमा स्वविचार र स्वमत प्रयोग गर्न सक्ने वातावरण बनाउनु पर्छ। समानुपातिक निर्वाचन प्रणालि अवलम्बन गर्नु पर्छ।
- महिला बालक, वृद्ध आपाङ्ग, दलित, आदिवासी, जनजाति आदिबारे गरिएको प्रतिवद्धताहरूलाई कानुन र कार्यक्रम बनाई लागू गर्नु पर्छ।
- द्वन्द्वपीडित परिवारहरूको पुन:स्थापन र सामाजिक सुरक्षाको कामलाई राज्यले तत्काल जिम्मेवारी पूर्वक लिनुपर्छ।
- अन्तमा सबै अधिकारको जग आर्थिक-सामाजिक विभेदको अन्त भएको राज्य व्यवस्था हो भन्ने कुरा मनन् गरी क्रान्तिकारी आर्थिक सामाजिक रुपान्तरण सहितको राज्यको पुनसंरचना गर्न्नु नै मानवअधिकारको वास्तविक प्रतयाभूति हो भन्ने कुरा मनन गर्नु पर्छ।

घनश्याम शर्मा पौड्याल
महासचिव

नेपाल सद्भावना पार्टी (आ.)

यस देशको सन् २००६ को मानवअधिकार स्थितिबारे यस पार्टीको अवधारणा मानवअधिकार वर्षपुस्तक २००७ मा प्रकाशनका लागि इन्सेकद्वारा माग गरेकोमा पार्टीकोतर्फबाट र मेरो व्यक्तिगततर्फबाट म धन्यवाद दिन चाहन्छु। नेपाल एउटा बहुभाषी, बहुजातीय र बहुसाँस्कृतिक देश हो। तर, देशको हालसम्मको संविधानहरूले आत्मसात गर्न सकेको थिएनन्। जसले गर्दा राज्यको बनावट भेदभावकारी तथा यसको चरित्र शोषणकारी रहेको छ। कुनै पनि देशको मानवअधिकारको अवस्था र स्थिति त्यस देशको राजनीतिले ग्यारेण्टी गरेको हुन्छ र त्यसको संरक्षण राज्यले गरेको हुन्छ। राज्यको बनावट र चरित्र नै भेदभावकारी तथा शोषणकारी तथा शोषणकारी भएपछि त्यस देशको मानवअधिकारको अवस्था र स्थितिका बारेमा सहजै अनुमान गर्न सकिन्छ।

जनआन्दोलन-२ को सफलतापछि हरेकको जातजाति, भाषाभाषी र समुदायहरूले राज्य संरचनामा समानुपातिक सहभागिता र नीति निर्माणमा समानुपातिक स्वामित्वका लागि आवाज मुखरित गरिरहेका छन्। यसले नै मानवअधिकारको धेरै पक्षहरूमा यसको अवस्थाबारे औला ठड्याई रहेको प्रष्ट छ। यो देशमा व्यवस्था धेरै पटक परिवर्तन भयो। मानवीय मूल्यको अवस्था परिवर्तन भएन। राणाहरूको चरित्र राजाहरूमा र राजाहरूको चरित्र नेताहरूमा पजनी भएर आयो। सबैको सम्मिश्रित चरित्र यो देशको समग्र प्रशासन संयन्त्रमा स्थान्तरित भएर अयो। अर्थात समग्रमा भन्ने हो भने यो देशको राजनीतिक जगत, प्रशासनिक जगत, न्यायिक जगत र सञ्चारजगत उपनिवेशवादी सोच र चिन्तनले ग्रसित रहेको छ। जसले मानवअधिकारको सबै क्षेत्रहरूमा नकारात्मक असर पारिरहेको छ राज्यको संघात्मक ढाँचामा पुर्नसंरचना भई हरेक अङ्गमा पार्टीको विश्वास रहेको छ।

मानवअधिकरको अवस्था भविष्यमा सुधार हुने छ भन्ने हाम्रो पार्टीको विश्वास रहेको छ। मानवअधिकर वर्षपुस्तक २००७ मा हाम्रो पार्टीको अवधारणा प्रकाशन गरेकोमा इन्सेकलाई पुन: एक पटक धन्यवाद दिन चाहन्छु।

गोविन्द चौधरी
महासचिव

नेपाल मजदुर किसान पार्टी

समाजमा वर्ग रहेसम्म वर्ग संघर्ष भइरहन्छ। जहाँ वर्ग संघर्ष हुन्छ, त्यहाँ हत्या हिंसाका घटनाहरू घट्छन्। मानवअधिकारको परिभाषा वर्गीय दृष्टिकोणअनुसार फरक-फरक हुन्छन्। शोषकवर्ग गरिब जनतामाथि विनाछेकबार शोषण गर्न पाउने अधिकारलाई नै आफ्नो मानवअधिकार सम्झन्छ भने श्रमजीवी वर्ग मानिसले मानिसलाई गर्ने शोषणलाई मानवअधिकार उल्लङ्घन ठान्दछ।

शोषणमा आधारित समाज रहुन्जेल अत्यधिक बहुमत जनताले मानवअधिकारको उपभोग गर्न पाउने छैनन्। बहुमत जनताको मानवअधिकारको पूर्ण सुनिश्चितता शोषणविहीन, वर्गविहीन, आर्थिक समानता भएको र राज्यविहीन समाजमा मात्रै हुनेछ।

नेपाल मजदुर किसान पार्टीले व्यक्तित्व विकासमा समान अवसर, नि:शुल्क शिक्षा र स्वास्थ्य सेवा, काममामको सुनिश्चिता, 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को बन्दोबस्त, मुख्य-मुख्य उत्पादनका साधनहरू राष्ट्रियकरण वा सामाजिकीकरण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमाङ्कन गर्ने जस्ता व्यवस्था हुने समाजवादी गणतन्त्रको प्रचार अभियानलाई जोड दिदै आएको छ। बहुसंख्यक जनताको मानवअधिकारको सुनिश्चितता

समाजवादी गणतन्त्रमा मात्रै हुन्छ।

सन् २००६ को प्रारम्भसँगै चार वर्षदेखि सञ्चालित प्रतिगमन विरोधी आन्दोलनले उचाइ प्राप्त गर्दै गयो। प्रजातन्त्रको पुनः स्थापना नहुञ्जेल निरन्तर आन्दोलन चालू राख्ने प्रतिवद्धता व्यक्त गर्दै आन्दोलनमा उत्रेका दलहरूले एकपछि अर्को आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गर्दै गयो भने त्यसलाई दबाउन निरङ्कुश राजतन्त्रका पक्षधरहरूले कुनै उपाय बाँकी राखेनन्।

जहाँ बढी दमन हुन्छ, त्यहाँ प्रतिरोध हुनु अस्वभाविक होइन। दमन र प्रतिरोधको संघर्षमा ज्यान जानु, अङ्गभङ्ग हुनु, नजरबन्द र थुनुवामा पर्नु पनि नौलो कुरा होइन। आन्दोलन वा नयाँ-नयाँ संघर्षले देशमा परिवर्तनहरू ल्याउँछ। समाज परिवर्तनको लागि कार्यरत दलहरू त्याग, तपस्या र वलिदानलाई सहज ढङ्गले लिन्छन्।

प्रतिगमनविरोधी आन्दोलनकै सिलसिलामा बरोबर सरकारमा पुगेका दलका नेताहरूमा पद लोलुपता, अवसरवादी र स्वार्थी चरित्र प्रस्ट हुँदै गयो। दलहरूबीच फुट ल्याउन सकेमा आफ्नो शासनसत्ता लम्ब्याउन सक्ने सम्भावना प्रतिगामीहरूले देखेका थिए। २०६२ माघ २६ गते नगरपालिकाको निर्वाचन प्रतिगामीहरूले आफ्नो सपना साकार पार्न चालिएको एउटा नयाँ कदम थियो।

सत्ता र बन्दुकको बलमा गर्न खोजिएको नगरपालिकाको निर्वाचन आठ पार्टीको बहिस्कारको निर्णयले सफल हुन सकेन। नेपाली जनताको मानवअधिकारको हनन निर्वाचनको सिलसिलासँगै भयो। २०६२ माघ ६ गतेदेखि राजनैतिक दलका नेताहरू नेकांका सभापति गिरिजाप्रसाद कोइराला, नेमकिपाका अध्यक्ष का. नारायणमान विजुक्छें (रोहित), एमालेका महासचिव माधव कुमार नेपाललगायत स्थान हदको पुर्जी दिई घरमै नजरबन्दमा राखिए। सरकारले कैयौं नेता तथा कार्यकर्ताहरूलाई पक्राउ गऱ्यो। पक्राउमा परेका दलका नेता र कार्यकर्ताहरूलाई परिवारसँग भेटघाट गर्न, पत्रपत्रिकाहरू पढ्न तथा सञ्चारमाध्यमबाट समेत बञ्चित रहे। निर्वाचन एउटा प्रजातान्त्रिक प्रक्रिया हो। यसलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तरीकाले सम्पन्न गर्नु पर्दथ्यो। तर प्रतिगामी सरकारले नेताहरूलाई जेलमा थुनेर, प्रहरी प्रशासनको बलमा अत्यन्त सन्त्रासपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गऱ्यो। सबै प्रमुख राजनैतिक दलहरूले बहिस्कार गरेको बेला सम्पन्न त्यो निर्वाचनको एउटा नाटक थियो। जनता त्यसको विरोधमा शान्तिपूर्ण आन्दोलनमा उत्रे। शान्तिपूर्ण आन्दोलनमाथि जथाभावी गोली चलाउँदा दाङमा उमेशचन्द्र थापाको मृत्यु भयो। धेरै जना घाइते भए। तत्कालीन सत्ता पक्षले गरेको यो मानवअधिकारको घोर उल्लङ्घनको एउटा उदाहरण हो।

निर्वाचन बहिस्कारको सिलसिलामा नेमकिपा केन्द्रीय सदस्य प्रेम सुवाल घरबाटै गिरफ्तार पर्नुभयो तथा माघ ६ गतेदेखि चैत ६ गतेसम्म २ महिना जेलमा थुनिनुभयो भने त्यस आन्दोलनमा नेमकिपाका ३४ जना नेता तथा कार्यकर्ताहरू गिरफ्तार परेका थिए।

शान्तिपूर्ण रुपमा आन्दोलनरत सात राजनैतिक दल र दश वर्षदेखि सशस्त्र संघर्षरत माओवादीबीच १२ बुँदे समझादारीपछि आन्दोलन नयाँ ढङ्गले अगाडि बढ्यो। निरङ्कुश राजतन्त्रको अन्त्य गरेर देशमा प्रजातन्त्र पुनः स्थापना गरी देशलाई प्रगति उन्मुख दिशातिर अगाडि बढाउने आन्दोलनको उद्देश्य थियो। दलहरूको आन्दोलनलाई निस्तेज पार्न सरकारले ठाउँ-ठाउँमा कर्फ्यु आदेश जारी गऱ्यो। तर नेपाली जनताले कर्फ्युको समेत हाकाहाकी अवज्ञा गरे। कर्फ्युको अवज्ञा गर्दै देशको विभिन्न भागमा निस्केको शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीहरूले हस्तक्षेप गरी दुई दर्जनभन्दा बढीको ज्यान लिए तथा हजारौंको संख्यामा घाइते बनाइए। १९ दिनसम्म निरन्तर चलेको आम-हडतालले निरङ्कुश राजालाई झुक्न बाध्य पाऱ्यो। आन्दोलनमा उठेको जन लहरले आन्दोलनको निर्णय नयाँ-नयाँ हतियारले होइन जनताले नै गर्ने कुरा प्रमाणित गऱ्यो र चार वर्ष अगाडि शेरबहादुर देउवाद्वारा विघटन गरिएको प्रतिनिधिसभा पुनःस्थापना भयो। त्यस आन्दोलनको क्रममा नेमकिपाका १ सय ७ जना नेता तथा कार्यकर्ताहरू घाइते भए।

सात दल र माओवादीबीच १२ बुँदे समझदारी भै अघोषित रुपमा कार्यगत एकता भएर निरङ्कुश राजतन्त्रको विरुद्ध आन्दोलन चलिरहँदा पनि माओवादी कार्यकर्ताहरूले सात दलका नेता, कार्यकर्ताहरूलाई कुटपिट गर्ने, अपहरण गर्ने, जबरजस्ती चन्दा लिने जस्ता कार्यहरू बन्द गरेनन्।

२०६३ भादौ ५ गते माओवादी नेता गजेन्द्र महतको नेतृत्वमा आएका १४ जनाको सशस्त्र समूहले नेमकिपा कालीकोटका उपाध्यक्ष ऐनबहादुर शाहीलाई अपहरण गरी मानसिक यातना दिएका थिए। देशभर माओवादीले विभिन्न दलका नेता तथा कार्यकर्ताहरूलाई अपहरण गरी विभिन्न खाले शारीरिक र मानसिक यातना दिने काम चालू राखे। माओवादी अफ्नो दलको बाहेक अन्य दलको कुरासम्म पनि सुन्न चाहँदैनथे। त्यस्ता कार्यकर्ताहरूको कारण देशका ठाउँ-ठाउँमा सात दल र माओवादी कार्यकर्ताबीच विवाद र झडपहरू भए।

अन्य दलका घटकहरूका कार्यक्रमहरूमा बाधा पुऱ्याउने जस्ता कार्यलाई निरन्तर जारी राखे। यो क्रम सन् २००६ को अन्तिमसम्म पनि कायमै थियो।

सन् २००६ मा नेपाली जनताले लामो समयदेखि चलाउँदै आएको प्रजातान्त्रिक आन्दोलनले एक चरणको सफलता प्राप्त गऱ्यो। त्यस आन्दोलनले 'श्री ५ को सरकार'लाई 'नेपाल सकार'मा परिणत गऱ्यो, सेनाको नाम

'शाही सेना' बाट 'नेपाली सेना' मा रुपान्तरण गऱ्यो र सेनामा परमाधिपत्तिको व्यवस्था खारेज गऱ्यो।

साथै राजाको सम्पत्तिमाथि कर लाग्ने र राजाको अन्य व्यवस्थाबारे प्रतिनिधिसभाको निर्णयअनुसार गर्ने घोषणा २०६३ जेठ ४ गते सार्वभौम प्रतिनिधिसभाले गऱ्यो। संयुक्त जनआन्दोलनको यो एक ऐतिहासिक उपलब्धि हो।

नेपालगञ्जमा २०६३ पुस १० गतेदेखि १२ गतेसम्म भएको घटना नै सन् २००६ को मानवअधिकार उल्लङ्घनको पछिल्लो घटना हो।

त्यो घटना नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को आह्वानमा तराई बन्दको सिलसिलामा भएको थियो। समानुपातिक निर्वाचन, संघीय राज्य र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तोकिनु पर्ने मागलाई लिएर नेसपा (आ) ले आफै संलग्न सरकारविरुद्ध तराई बन्दको आह्वान गरेको थियो। त्यस घटनामा कमल गिरीको मृत्यु भयो भने दुई दर्जन भन्दा बढी मानिसहरू घाइते भए। सयौंको संख्यामा पसलहरू र घरहरू तोडफोड भए। फलफूल पसलदेखि कलकारखाना, मठमन्दिरहरूमा पनि आक्रमण गरी तोडफोड र आगजनीका घटनाहरू भए। त्यस घटनामा प्रहरी हस्तक्षेपबाट धेरै संख्यामा मानिसहरू घाइते भए। नेपालगञ्जमा लागेको आगोसँगै अहिले तराईका विभिन्न भागमा आन्दोलन चल्यो। यस्ता घटनाहरूले भविष्यमा जातीय दंगाको रुप लिन सक्ने सम्भावना बढ्दै गयो।

मानवअधिकारको हनन सरकार, सत्तामा गएका पार्टीहरू, मन्त्रीहरूबाट हुने कुराको यो वर्ष पनि पुष्टि भयो।

सन् २००६ नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनको सफलताको एक वर्षको रुपमा इतिहासमा रहनेछ।

सुनिल प्रजापति
सचिव

संयुक्त बाममोर्चा, नेपाल

मानवअधिकरको स्थितिको दृष्टिले मूल्याङ्कन गर्दा सन् २००६ को वर्षलाई दुई खण्डमा बाँडेर हेर्नुपर्छ। अघिल्लो चार महिनाको अवधि राजाको स्वेच्छाचारी निरङ्कुश शासन सञ्चालन गर्ने प्रयत्नको उत्कर्षको अवधि हो भने पछिल्ला आठ महिनाहरू नेपालको इतिहासमा ऐतिहासिक विराट जनआन्दोलनले विजयको पहिला खुड्किला पार गरी उपलब्धीहरूलाई संस्थागत गर्ने प्रक्रियाको संक्रमणकालीन अवस्था हो। यी दुवै अवधिका आफ्ना विशेषता अनुसार देशमा मानवअधिकारको स्थिति प्रभावित रह्यो।

यस वर्षको सुरुदेखि अप्रिल आन्दोलनसम्मको अवधिमा राजा ज्ञानेन्द्रकले अघिल्ला वर्षहरूदेखि नै सुरु गरेको निरङ्कुश सत्ताको निरन्तरताको अवधि हो। यस अवधिमा शान्तिपूर्ण विरोध प्रदर्शन, प्रेस स्वतन्त्रता र जनताका मौलिकहकहरूमाथि दमन गरेर आधारभुत मानवअधिकारको घोर उल्लङ्घन भयो। त्यति बेला राज्यशक्तिको दुरुपयोग गर्दै आधारभुत मानवअधिघकार र संवैधानिकहकलाई नै कुल्चेर स्वच्छाचारी राजनीतिक संस्था खडा गर्ने, राजनीतिककर्मी नेता तथा कार्यकर्ताहरूलाई समेत धरपकड, दमन र गैर न्यायिक हिरासतमा राख्ने काम भयो। त्यस अवधिमा न्यायिक निकायहरूलाई न्याय सम्पादनमा प्रभावित गर्ने, लोकतन्त्र र नागरिक अधिकर प्राप्तिको आन्दोलनमा लागेका जनता उपर सेना प्रयोग गरी निरङ्कुश सत्ता टिकाउने जस्ता कामहरू भए। त्यस बाहेक अप्रिल आन्दोलनका क्रममा सैनिक, प्रहरी र राष्ट्रकोष लगायत राज्यका अन्य श्रोतसाधानहरू समेत जनदमनमा प्रयोग गरी निहत्था जनताको हत्या, बेपत्ता, चर्को यातना, भौतिक मानसिक दबाब दिने जस्ता कार्यहरूको निरन्तरता रह्यो। यी समग्र घटनाक्रमबाट सो अवधिमा देशको मानवअधिकारको स्थिति अत्यन्त दयनीय र तल्लो स्तरको रहेको सहजै बुझ्न सकिन्छ।

यस अवधिमा देशको मानवअधिर आयोग जस्ता संस्थाको कतिपय पदाधिकारीहरूका अभिव्यक्तिहरू पनि मानवअधिरका आधारभुत मूल्यमान्यता विपरीत राजाको दमनकारी निरङ्कुश सत्ताको पक्षमा प्रकट भएका तथ्यहरू सर्वविदितै छ। तर, यस अवधिमा नागरिक स्तरका विभिन्न मानवअधिकार संस्थाहरू र संयुक्त राष्ट्रसंघीय मानवअधिकार अयोगका प्रयत्न र गतिविधिहरू भने सन्तोष जनका रहे। ती संस्थाहरूले राज्य स्तरबाट भइरहेका मानवअधिकार हननका घटना र कृयाकलापहरूको अध्ययन अनुसन्धान गर्ने, तत्यहरू सार्जजनिक गर्ने र अन्तर्राष्ट्रिय स्तरमै मानवअधिकार रक्षाका लागि दबाब सिर्जना गर्ने प्रशंसनिय कार्यहरू गरे। यी कार्यहरूबाट तत्कालीन राज्यपक्षलाई अझ बर्बर बन्नमा अवरोध खडा भएको थियो।

अप्रिल आन्दोलनको सफलता पछिको संक्रमणकालीन अवस्था मानवअधिकारका दृष्टिले सुधारोन्मुख अवस्था हो। जनताले सामान्ती राजतन्त्रलाई पराजित गरी सार्वभौम सत्ता सम्पन्न स्थिर राजनीतिक व्यवस्था तर्फको बाटोमा लागेको हुँदा राज्यस्तरबाट यस अवधिमा मानवअधिकार हनन्का ठूला घटनाहरू भएनन्। तर नयाँ राजनीतिक परिवेशमा देशका सबै वर्ग, जाति, क्षेत्र, भाष र संस्कृतिका जनताहरूले राज्यबाट समान अधिकार मान्यता प्राप्तिका लागि नयाँ मुद्दाकासाथ मागहरू अगाडि सारेर आउनु स्वभाविक थियो। राज्यले यी समग्र विषयहरूलाई लागु गर्ने सैद्धान्तिक स्वीकृति दिए पनि प्रक्रियागत व्यवस्थापन समेत पूरा गर्नुपर्ने हुँदा व्यवहारमा लागु गर्न भने सकिएको छैन।

यी विषयहरूलाई यथोचित प्रक्रियाबाट समाधान गर्नुपर्ने नयाँ चुनौति यो अवधिको मुख्य विशेषता हो। अप्रिल क्रान्तिको सफलता पछि बनेको लोकतान्त्रिक सरकाले राष्ट्रिय मानवअधिकार आयोगको पुनर्गठन गर्न र प्रतिगामी शासनकालका एवम् दोस्रो जनआन्दोलनलाई दमन गर्ने जिम्मेवार दोषीहरूमाथि कारवाही गर्न ढिलाई गर्नाले यस क्षेत्रको काममा स्वभाविक बाधा पुग्न गएको देखिएकै हो। साथै, यसै कारणले राज्यको परमपरागत दमनकारी संरचना परिवर्तित परिवेश अनुरुपको हुन नसकी जायज जनअपेक्षा र सोसँग सम्बन्धित संघर्षहरूमा पनि परम्परागत ढंगले नै सरकारको तर्फबाट अनुचित बल प्रयोगका हर्कतहरू हुनसक्ने सम्भावना अझै विद्यमान रहेको महसुस गरिएको छ। यसैले, बदलिएको परिवेशमा समेत राष्ट्रिय मानवअधिकार आयोग, स्वतन्त्र मानवअधिकारवादी संस्थाहरू र नेपाल स्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले यी चुनौतीहरूको सामना गर्न थप सिर्जनात्मक रुपले कृयाशील हुनु जरुरी हुन्छ।

सी.पी. मैनाली
अध्यक्ष

जनमोर्चा नेपाल राष्ट्रिय सम्मेलन केन्द्रीय कार्यसमिति

सन् २००६ जनवरीदेखि ३१ डिसेम्वरसम्को देशको मानवअधिकरको स्थितिको समिक्षा वा मूल्याङ्कनबारे अनौपचारिक क्षेत्र सेवा केन्द्रले हाम्रो पार्टीको धारण माग गरेकोमा अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) लाई सर्वप्रथम धन्यवाद दिन्छौं।

भर्खरै उल्लेख गरिएको अवधि मानवअधिकरका दृष्टिले नेपालका निम्ति अत्यन्तै कठिनका साथै चुनौतिपूर्ण अवधि पनि हो। नेपालमा २३७ वर्षदेखि कायम हिन्दू एकात्मक सामन्ति राजतन्त्रात्मक व्यवस्था र त्यसका विरुद्धको निर्णयक संघर्ष यसै अवभिमा भएको छ। ११ वर्ष लामो नेकपा (माओवादी) को सशस्त्र कारवाही र त्यसद्वारा उत्पन्न जटिलता हिंसा र अनेकौं उचार चढावको पनि मूख्यत अन्त्य भई विस्तृत शान्ति सम्झौता, युद्धविराम र हातहतियार सम्बन्धी सम्झौता र झण्डै आढाइसय वर्ष देखि कायम एकात्मक सामन्ति राजतन्त्रात्मक व्यवस्थाको अघोषित अवधिसम्म आइपुग्ने जनताको विभिन्न तह र तप्काले अनेकौं क्षति, कष्ट र पीडा भोगेको छ। हजारौंको बलिदानी, अरबौंको विभिन्न रुपको क्षति, सयौंको अङ्गभङ्ग एवम हजारौंको विस्थापनको समस्या पनि मुलुकले भोगेको छ। स्वभाविक रुपले एक वा अर्को कोणबाट मानवअधिकार उल्लङ्घनका व्यापक घटनाहरू यस बीचमा घटेनका छन्।

राजाको प्रत्यक्ष शासन, कठपुतली सरकारहरूद्वारा दमन, प्रेस स्वतन्त्रताको उल्लङ्घन हाम्रो पाटी जनमोर्चा नेपाल लगायत अन्य राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको गिरफ्तारी, यातना, सेना-प्रहरीहरूमा ज्यादती, कर्फ्यु र निषेधाज्ञाको स्वेच्छाचारी आदेश, बेपत्ता र अनेकौं गोली काण्डहरूद्वारा राजनीतिक नेता, कार्यकर्ता र आन्दोलनमा सहभागी सर्वसाधारण जनताको हत्या वा अङ्गभङ्ग यो वर्षको सुरुदेखि नै बढ्दै आन्दोलनको एक चरणको सफलता नहुन्जेल (वैशाख ११ गते) सम्म निरन्तर बढी रहेको पाइन्छ।

सुरुमा शाही सत्तालै संकटकाल, राजनीतिकर्मीको गिरफ्तारी र यातना जस्ता कदम चाल्दै गएपछि माघ २६ गतेलाई नगरपालिकाको प्रायोजित निर्वाचन घोषणा गरेपछि त्यसका विरुद्धको आन्दोलनकारी राजनीतिक दल (सात दल) को बहिस्कार कार्यक्रम सशक्त हुँदै गयो। खास गरेर त्यतिखेर सत्ताद्वारा आतंककारी घोषित भएको माओवादी पक्षलाई तेर्साउँदै माओवादीलाई बल पुऱ्याउने भन्ने बहानामा निषेधाज्ञा, कर्फ्यु बढाउँदै राजनीतिक र प्रेस सम्बन्धी स्वतन्त्रतालाई व्यापक हनन गरियो। त्यही बहिस्कार अभियान अन्तर्गत शाही सत्ताले शान्तिपूर्ण जुलुस प्रदर्शनीमा चलाएको गोलीद्वारा दाङमा उमेशचन्द्र थापाको हत्यासँगै आन्दोलन अझ तेज गतिमा वृद्धि हुन पुग्यो तर सत्तालै जतिजति दमन गऱ्यो। कथित नगर निर्वाचनलाई बहिस्कार गर्ने दौराजमा शाही सत्ताद्वारा देशका मुख्यत: सहरी क्षेत्रहरूमा व्यापक दमन र धरपकड तिव्र बनाइयो। यसैबेला देखि शाही सत्तालै माओवादी विरुद्धका प्रतिकार समूहहरू बनाई स्वत:स्फूर्ताको नाउँबाट विशेषत: तराईका क्षेत्रहश्ररुमा ज्यापक जनहत्याहरू बढाउँदै गयो।

तर सातदल र माओवादी बीच शाही सत्ता विरुद्ध संयुक्त प्रहारको समझदारीका बाजजुद देशका कतिपय क्षेत्रहरूमा माओवादी पक्षद्वारा अपहरण, कुटपिट र व्यक्ति हत्या जारी रहे। खासगरी बारा, मकवानपुर, काठमाण्डौ, नवलपरासी, पाल्पा लगायतका जिल्लाहरूमा त्यस अवधिमा माओवादी पक्षद्वारा अपहरण हत्या जस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू घटाइयो। यी घटनालाई आन्दोलनकारीको मनोवल घटनउन शाही सत्तले उपयोग गर्ने मौका प्राप्त गऱ्यो। यद्यपि यी घटनालाई आधार बनाएर सातदललाई दमन गर्न र आन्दोलनलाई निष्तेज बनाउन खोजे पनि शाही सत्ताको हथकण्डा सफल हुन सकेन।

सहरी क्षेत्रहरूमा सातदलद्वारा आह्वान र विभिन्न क्षेत्रबाट समर्थित आन्दोलन बढ्दै गए पनि ग्रामिण क्षेत्रहरूमा राज्यले व्यापक आतङ्क मच्चाउने र सातदल र माओवादी दुवै पक्षलाई एउटै कित्तामा उभ्याएर दमन जारी राख्यो। त्यस

दौरानमा स्याङ्जा र तनहुँको मनकामना र किहुँमा सेनाद्वारा बमवारी गरी माओवादी कार्यकर्ता सहित व्यापक सर्वसाधारणको हत्या गरियो।, त्यसै गरी पाल्पा, अर्घाखाँची र सिन्धुपाल्चोकमा पनि व्यापक आतङ्क मच्चाइयो। यसै अवधिमा माओवादीद्वारा पनि पाल्पा, काठमाण्डौको थानकोट, सर्लाही र कालिकोटमा सशस्त्र आक्रमण भयो। पाल्पा र कालिकोटको पिलिमा सर्वसाधारण समेत हातहत भए। त्यसरी राजनीतिक विषयसँग आन्दोलन जोडिए पनि कयौं निर्दोष निहत्था सर्वसाधारण पनि मारिनु बिल्कुलै गलत थियो।

गतवर्षको माघ-फागुनबाट व्यापक ढङ्गले विकशित जन प्रदर्शन, सभा र राजतन्त्रको अन्त्यको माग गर्दै भएको प्रदर्शनहरूले व्यापक जनसमर्थन पाउँदै जाँदा चैत २४ गतेदेखि सुरु भएको आमहड्ताल र प्रदर्शनमा शाही सत्ताद्वारा मेचीको चन्दगढी, कास्कीको पोखरा, चितवनको नारायणघाट, काठमाण्डौको कलंकी, गोगंबु र कोटेश्वर, बाराको निजगढ, पर्वतको कुस्मा, बाँकेको नेपालगञ्ज लगायत स्थानमा निर्मममता पूर्वक गोली चलाईंदा २४ जना भन्दा बढी आनदोलनकारीको मृत्यु भयो। २०० जना भन्दा बढीको अङ्गभङ्ग र हजारौं प्रदर्शनकारी घाइते भए। काठमाण्डौको घटनामा प्रेसले रुपसागर मोक्तान, माधव थापमा र दुर्जकुमार राई जस्ता प्रहरी उच्चअधिकृतहरूको गोलीकाण्डमै प्रत्यक्ष हात रहेको फोटोसहित उल्लेख गरे पनि जनआन्दोलन पछि बहाल लोकतान्त्रिक सरकारद्वारा पनि त्यस किसिमका ज्यादती गर्नेहरू माथि कारबाही गर्न नसक्नुले सरकारको जिम्मेवारीबारे गम्भीर प्रश्न उठिरहको छ। निश्चयनै त्यस्तो प्रश्न काठमाण्डौ बाहेक अन्यत्रका गोलीकाण्डबारे पनि समानरुपले उठेको छ।

देशमा घटेनका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई हेर्दा वा मूल्याङ्कन गर्दा समग्रतामा हेरिनु पर्छ र त्यसको उपचार खाजिनु पर्छ। मानवअधिकारको उल्लङ्घन राजनीतिक वा सत्ताको दुरुपयोग गर्ने ढङ्गले होस्, चरम आर्थिक विच्छृंखलता वा ओहोदाको दुरुपयोग गरेर होस् वा विद्रोही वा अरु कसैका पनि गैरजिम्मेवारीपूर्ण नीतिबाट होस् सबै घटनाको छानबिन गरिनु पर्छ र दोषी उपर जवाफदेही बनाई सजाय गरिनु पर्छ। त्यसो नगरेमा दण्हीनतटा बढ्ने र मुलुक चरम अराजकता तिर फस्नेछ। यस सन्दर्भमा रायमाझी आयोगले दोषी ठहऱ्याएका आइजीपी र मुख्य सचिवहरूलाई : पुन गृह सल्लाहाकार र योजना आयोगको विशेष सचिव राख्नु र तत्कालीन प्रधानसेनापतिलाई कुनै कारबाही नगरी निर्वत्त गराउनुले चरम दण्डहीनतालाई प्रोत्साहित गरेको छ। त्यसै कारणले हाम्रो पार्टी जनमोर्चा, नेपालले रायमाझी आयोगको प्रतिवेदन यथाशीघ्र कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छ। त्यतिमात्र होइन सेनाद्वारा घटाइएको मोरङको बेलवारी काण्डमा संलग्न सेनाका अधिकारी वा जवानमाथि छानबिन गरी कारवाही गर्ने कुराको हाम्रो पार्टीले विशेष पहल लिई रहेको छ। विगतमा शाही सेनाले व्यापक मात्रमा गिरफ्तार व्यक्तिहरूलाई बेपत्ता पार्ने, मार्ने र हिरासतमा चरम यातना दिने गरेको छ। त्यस्ता कुराहरूको सम्बन्धमा भैरवनाथ गणले कयौं व्यक्तिहरू बेपत्ता पारेको र शिवपुरी जङ्गलमा मारिएको भन्ने बारे संयुक्त राष्ट्र संघको मानवअधिकार उच्चायुक्तको कार्यालयले ठहर गरी सक्ता पनि त्यसबारे सत्य तत्थ्य कुरालाई आत्मसात गरी दोषी सैनिक अधिकृत र जवानहरू माथि कारबाही गर्नुको सट्टा ढाक्छोपको प्रयत्न गरिएको छ। यस प्रकारको कदम निश्चयनै निन्दनिय कदम हो। हाम्रो पार्टीले १० वर्षे सशस्त्र द्वन्द्वमा राज्य र माओवादी दुवै पक्षबाट मार्रिकाको नाम एकिन गर्न र मृतकका परिवारहरूलाई उचित क्षतिपूर्ति र जीविकोपार्जनको व्यवस्थाका लागि जोडदार माग गर्दछ।

मानवअधिकारको उल्लङ्घन राज्यपक्षबाट मात्र भएो होइन, स्वयम नेकपा (माओवादी) बाट पनि हुँदै आएको छ। माओवादीका विगतका कैयौं सशस्त्र कारबाहीमा निर्दोष र निहत्या जनता परेका छन्। पाल्पाको सदरमुकम आक्रमणमा होस वा चितवनको माडीको यात्रुबस माथिको आक्रमण होस नेकपा (माओवादी) ले आफ्जना जिम्मेवार कमाण्डरहरू माथि छानबिन गरेर कारबाही गरेको पाइएको छैन। यस्तो स्थितिले मानवअधिकार उल्लङ्घनकर्ताहरू सँधै जवाफदेहीबाट उम्कने छन् र राजनीतिक सम्झौतामा जनताका बाँच्न पाउने अधिकारसँधै हनन् हुने छन्। त्यसैले हाम्रो पार्टीले मानवअधिकरको समग्र पक्षको मूल्याङ्कन गरिनु पर्ने आवश्यकतामा जोड दिन्छ। साथै विगतमा द्वन्द्वका क्रममा विस्थापितहरूको तत्काल पुन:स्थापना गर्न माग गर्दछ।

मानवअधिकारको उल्लङ्घन विगतको शाही शासनको कालमा मात्रै भएको छ भन्ने होइन, स्वयम् २०६३ वैशाखमा प्रतिनिधिसभा बहाली भई सकेपछि पनि मानवअधिकारको विभिन्न रुप र तरिकाले उल्लङ्घन भएको छ। देशमा लोकतन्त्रको स्थापनामा सबै वर्ग र क्षेत्रको अमूल्य योगदान रह्यो। राजनीतिक दल, वद्धिजिवी, शिक्षक, मजदुर, किसान, सुकुमबासी, महिला, आदिवासी, जनजाति, दलित अन्य अपाङ्गहरू सबैले लोकतन्त्र बहालीका लागि योगदान गरेका छन्। तर तीनै नागरिक समाज, अस्थायी शिक्षक, मजदुर, कर्मचारीहरू, दलित, अन्धाअपाङ्ग, आदिवासी, जनजातिले आयोजना गरेको शान्तिपूर्ण कार्यक्रमहरू माथि सत्ताले हस्तक्षेप गरी दमन, धरपकड गर्ने र उनीहरूका न्यायपूर्ण माग छानबिन गरी पुरा गर्नेतर्फ कुनै ध्यान दिएको छैन।

आज मानवअधिकारको उल्लङ्घन केवल राजनीतिक माग वा प्रत्यक्ष आन्दोलनका प्रश्नबारे मात्र नभई सत्ता

सम्झौताका माध्यमबाट पनि भइरहेको छ। जून दृढता र तत्परताका साथ जनताको सबै क्षेत्र र तप्काबाट परिवर्तनका लागि साथ मिल्यो आज ती सबैको विश्वास जीतेर वा तिनिहरूको भावनाको कदर गरेर संविधानसभाको चुनाव सम्पन्न गर्न वा सत्ता सरकार सञ्चालन हुनुको सट्टा अत्यन्त सर्किण ढङ्गबाट सत्ता सञ्चालन भएको छ। अन्तरिम संविधान २०६३ सबैको आवश्यक सुझाव र सहभागितामा जारी गर्नु पर्नेमा लामो अवधिसम् संविधान जारी गर्ने काम टार्न खोज्दै र त्यसमा अनिच्छा दर्शाएर अन्त्यमा हतार हतारमा जारी गरेर आठ दलले सम्झौता र भागवण्डाका आधारमा आफ्नो सर्वसत्तावादी चरित्रको प्रदर्शन गरेका छन्। अन्तरिम संविधान जारी लगत्तै देशका जनजाति, तराई मूलका जनता र उपेक्षित क्षेत्रबाट आएको असन्तुष्टिले त्यस प्रकारको सर्वसत्तावादको तत्काल अन्त्यको माग गरेको छ। त्यसरी कनै समयमा सामान्य राजनीतिक वा सामाजिक मागका रुपमा आएका विषयलाई समयमै संविधान नहुँदा त्यसले भविष्यमा चरम असन्तुष्टि वा विद्रोहको रुप लिन सक्दैन भन्ने छैन। सत्ता वा सरकारले त्यस्ता मागको उपेक्ष गर्दा असंख्य मानवअधिकार हननको घटना हाम्रो अगाडि पुन:दोहरिने छन्। त्यसैले त्यस्तो हुन नदिन विगतमा मात्र होइन, वर्तमान र भविष्यमा पनि सरकार सर्वसत्तावादी ढङ्गले नभई जिम्मेवारी र जवाफदेही-पूर्ण तवरले सञ्चालन हुनपर्छ। विगतमा मानवअधकार उल्लङ्घन गर्न जिम्मेवार सबै राजनीतिक नेतृत्व, सेना प्रहरी वा विद्रोही सबैलाई लोकतान्त्रिक मूल्य, विधी, पद्धति र जवाफदेही बनाएर मात्र मानवअधिकारको रक्षा हुनसक्नेछ।

नवराज सुवेदी
महासचिव

अनुसूची ४

सन् २००६ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गृहमन्त्रालय

परराष्ट्र मन्त्रालय

राष्ट्रिय मानव अधिकार आयोग

नेपाल बार एशोसिएशन

नेपाल पत्रकार महासंघ

नेपाली सेना

सशस्त्र प्रहरी बल

नेपाल प्रहरी

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत रहेको मानवअधिकार प्रवर्द्धन महाशाखाले मानवअधिकार सम्बन्धमा नेपाल सरकारका निकायहरूबीच समन्वयसमेत गर्दै आएको छ। मानवअधिकार उल्लङ्घन समेतका घटनाको अभिले राखी अध्यावधिक गर्न यस महाशाखा अन्तर्गत मिति २०६२ माघ ६ मा "मानवअधिकार सम्बन्धी केन्द्रीय अभिलेख इकाई" को स्थापना भई सञ्चालन हुँदै आएको छ। हाल उपर्युक्त महाशाखालाई कानुन महाशाखासँग गाभी "कानुन तथा मानवअधिकार महाशाखा" नामकरण गरिएको छ।

मानवअधिकारसम्बन्धी उल्लङ्घनको घटनामा कारवाहीको लागि राष्ट्रिय मानवअधिकार आयोगको निर्णयले गरेको सिफारिसहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने, राष्ट्रिय मानवअधिकार अयोग, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी संघ संस्थाबाट मानवअधिकार उल्लङ्घनका घटनामा माग भएको जानकारी उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेस गर्नुपर्ने प्रतिवेदन सम्बन्धित निकायहरूसमेतको संलग्नतामा तयार गर्न कार्य समेत यस कार्यालयबाट हुँदै आएको छ। नियमिति प्रक्रियामा रहेका बाहेक सबै कामहरू यथासमयमै सम्पन्न हुँदै आएका छन्। त्रिवर्षीय मानवअधिकार सम्बन्धी, राष्ट्रिय कार्ययोजना सम्बद्ध मन्त्रालयहरूबाट कार्यान्वयन भइरहेको छ र यसको अवधि यही असार मसान्तमा समाप्त हुँदैछ। तत्पश्चात कार्यान्वयनको स्थिति अनुगमन गरेर नेपाल सरकारले पुनः राष्ट्रिय कार्ययोजना लागू गर्नेछ।

युद्ध अपराध तथा मानवता विरुद्धको अपराधका सम्बन्धमा कानुनी हदम्याद लागु नहुने सम्बन्धमा व्यवस्था भएको महासन्धि र रोम विधानको नेपाल पक्ष बन्ने सम्बन्धमा प्रक्रिया अगाडि बढाइएको। संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक महासन्धि, १९६६ अन्तर्गत नेपालले पेस गर्नुपर्ने दोस्रो आवधिक प्रतिवेदन (जेनेभा) पठाइसकिएको छ।

सन् २००६ को सुरुका केही महिनाहरूलाई छाडेर हेर्ने हो भने जनआन्दोलन २ ले दिएको निकास बमोजिम द्वन्द्वको व्यवस्थापनसँगै देशको शान्ति व्यवस्था सुदृढ हुँदै गरेको र सोही अनुपातमा मानवअधिकारको स्थिति पनि राम्रो हुँदै गएको मान्न सकिन्छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदनबाट नेपालको मानवअधिकारको कार्यान्वयन र पालना गर्ने संस्कृतिको विकास गर्न योगदान पुऱ्याउने कुरामा यो महाशाखा विश्वस्त रहेको छ।

डा. त्रिलोचन उप्रेती
सह-सचिव

गृहमन्त्रालय

कानुनी शासनको पूर्ण पालना गर्दै राज्यको स्रोत र साधनको परिधिभित्र रही नागरिकको राजनीतिक, आर्थिक, सामाजिक अधिकारलाई सुनिश्चित गर्दै शान्ति सुव्यवस्था कायम गरी जनताको जिउधनको सुरक्षा गर्न गृह मन्त्रालय र मातहतका सुरक्षा निकायहरू प्रभावकारी रूपमा परिचालन भएका छन्।

मानवअधिकारका सम्बन्धमा नेपालले हस्ताक्षर गरेका विभिन्न सन्धि, अभिसन्धिहरूमा प्रतिवद्धता जनाए अनुसार प्रचलित ऐन नियमहरू परिमार्जन गरी वा नयाँ ऐन नियमहरूको निर्माण गरी कार्य पद्धतिहरू समेत तदनुकूल परिस्कृत गरिँदै आएका छन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, राष्ट्र संघीय मानवअधिकार आयोग, एम्नेष्टी इण्टरनेशनल जस्ता संघ संस्थाहरूले प्रस्तुत् गरेका सुझावलाई मार्गदर्शनको रूपमा लिने गरिएको छ।

सुरक्षा निकायबाट कसैलाई अनाहकमा दुःख दिने वा हिरासतमा राखिएका व्यक्तिलाई यातना दिने जस्ता कार्य हुन नदिन विशेष सतर्कता अपनाइएको छ। मानवअधिकारको अभिवृद्धि र वकालत गर्न विभिन्न सुरक्षा निकायहरूमा मानवअधिकार सेलको गठन भएको छ। गृह मन्त्रालय अन्तर्गत मानवअधिकार इकाई स्थापना भई मानवअधिकार उल्लङ्घन हुन नदिने तर्फ सजगता र सतर्कता अपनाइनुका साथै विभिन्न गोष्ठीहरूबाट र मानवअधिकार संघ संस्थाहरूबाट औल्याइएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका सम्बन्धमा गर्नुपर्ने आवश्यक कारवाही भइरहेको छ। दलित, अन्धा, अपाङ्ग, असहाय सहिद परिवार, विस्थापित परिवार आदिलाई राहत पुग्ने गरी विभिन्न कार्यक्रमहरू सचालन गरिँदै आएको छ। विगतमा द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई आर्थिक सहयोग, मृतकका सन्ततीलाई छात्रवृत्ति, घाइतेलाई उपचार खर्च र धनसम्पत्ति क्षति भएका व्यक्तिलाई आर्थिक सहयोग जस्ता कार्यक्रम सञ्चालन भएका छन्।

कैदीहरूको हक हित संरक्षणका लागि जेल सुधार आयोजना सञ्चालन गरी सुधारको काम भैरहेको छ। बालबन्दीहरूलाई छुट्टै बालसुधार गृहमा राख्ने व्यवस्थाका लागि केन्द्रमा भक्तपुर बाहेक क्षेत्रीयस्तरमा पनि बालसुधार गृह थप गर्ने कार्यक्रम रहेको छ।

विगतका वर्षहरूमा मुलुकमा जारी द्वन्द्वका कारण

मानवअधिकारमा पर्न गएको जोखिम नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३ मंसीर ५ गते भएको विस्तृत शान्ति सम्झौतापछि न्यून हुँदै गएको छ। शान्ति सम्झौता पश्चात शान्ति सुव्यवस्था कायम गराई जनताको जीउधनको सुरक्षाको प्रत्याभूति गराउन तथा मानवअधिकार उल्लङ्घन हुन नदिन विस्थापित प्रहरी चौकीहरू पुन:स्थापना गर्ने काम सुरु भएको छ। राज्यपक्ष र माओवादी पक्षबाट द्वन्द्वको समयमा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न दुवैपक्षबाट प्रतिवद्धता जाहेर भई विभिन्न मितिमा राज्य पक्षबाट समितिहरूको गठन भई बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गरिएको छ।

स्थानीय निकाय लगायत अन्य विस्थापित कार्यालयहरू पनि पुन:स्थापना गरी जनतालाई सहज सेवा पुऱ्याउन पहल भैरहेको र द्वन्द्वको समयमा विस्थापित परिवारहरूलाई फर्काउन र पुन:स्थापना गराउन सरकार, नेकपा (माओवादी) र अन्य दलहरू, नागरिक समाज तथा गैरसरकारी संस्थाहरूका तर्फबाट पहल भई कार्य अगाडि बढिरहेको छ। समष्टिगत रूपमा सन् २००६ को पहिलो कालखण्डमा मानवअधिकारमा देखिएको असहज स्थितिमा क्रमिक सुधार भइरहेको र भविष्यमा अझ बढी सुधार हुने अपेक्षा राखिएको छ।

अन्तमा लोकतन्त्रिक प्रजातन्त्रको संस्थागत विकास र मानवअधिकारको संरक्षण तथा वकालतमा नेपाल सरकार गृह मन्त्रालय सम्पूर्ण मानवअधिकारवादी, गैह्र सरकारी संस्थासँग हातेमालो गरी संयुक्त रूपमा काम गर्न प्रतिवद्ध छ।

वामनप्रसाद न्यौपाने
प्रवक्ता

परराष्ट्र मन्त्रालय

नेपालले संयुक्त राष्ट्र संघको सदस्य भएदेखि नै संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लिखित मानवअधिकारको आधारभुत सिद्धान्त र मान्यतालाई अङ्गिकार गर्दै आएको छ। नेपाल मानवअधिकार सम्बन्धी १८ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष राष्ट्रको रूपमा रही आउनुले पनि यस तथ्यलाई पुष्टि गर्दछ। मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू तथा अभिसन्धिहरूबाट सिर्जित दायित्वहरूलाई कार्यान्वयन गरी मानवअधिकारको संरक्षण गर्ने क्रममा नेपालले धेरै कानुनहरूलाई समयानुकूल बनाएको छ भने कतिपय क्षेत्रमा नयाँ कानुनहरू निर्माण गरी लागू गरेको छ। अर्कोतर्फ मानवअधिकारलाई थप सुनिश्चितता प्रदान गर्नको लागि देशको अर्थतन्त्रले भ्याएसम्म शिक्षा, स्वास्थ्य, रोजगारी तथा विकासका अन्य क्षेत्रहरूमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

२०५२ सालयता नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा सुरु गएिको जनयुद्ध र शान्तिपूर्ण जनआन्दोलन मार्फत लोकतन्त्र पुनर्स्थापना हुनु पूर्वको अवधि मानवअधिकार उल्लङ्घनको दृष्टिकोणले अन्तर्राष्ट्रिय जगतमा चर्चित रह्यो।

लोकतन्त्र पुनर्स्थापना पश्चात २०६३ मंसिर ५ (21 November 2006) मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको छ। यो सम्झौता मानवअधिकारको संरक्षणको लागि उल्लेख्य दस्तावेजको रूपमा रहेको तथ्यलाई सबैतिरबाट स्वीकार गरिनुका साथै स्वागत गरिएको छ।

यस सम्झौता मार्फत सम्झौताका पक्षले कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गरेका छन्। सम्झौतारत पक्षले नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन् नहुने वातावरण बनाउने प्रतिवद्धता व्यक्त गरेका छन्। त्यसैगरी, दण्डहीनताको अवस्थाको अन्त गर्न र द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएका परिवारको राहत प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने घोषणा गरेका छन्। साथै सम्झौताका प्रावधानहरूले मानिसको बाँच्न पाउने अधिकार, वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवात जावतको अधिकार, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक तथा सामाजिक अधिकार, महिला तथा बालबालिकाको अधिकार, वैयक्तिक स्वतन्त्रताको अधिकारहरूलाई प्रत्याभूत गर्ने प्रतिवद्धता जनाएका छन् भने उल्लेख गरिएका सहमतिको कार्यान्वयन गर्ने तथा अनुगमन गर्नसमेत सहमति व्यक्त गरिएका छन्। यसबाट देशमा मानवअधिकार संरक्षणको दिशामा अनुकूल स्थिति सिर्जना भइरहेको तथ्य स्पष्ट हुन्छ।

भर्खरै मिति २०६३ माघ १ गते बसेको प्रतिनिधिसभाको बैठकद्वारा पारित तथा विधायिका संसदद्वारा अनुमोदित **नेपालको अन्तरिम संविधान, २०६३** मानवअधिकार संरक्षणको क्षेत्रमा महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। यसले आधारभूत मानवअधिकारहरूको पहिचान गरी नागरिकका मौलिक हकको हनन् हुन नपाउने गरी स्थापित गरेको छ।

जस अन्तर्गत स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी

तथा सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, यातनाविरुद्धको हक, सूचनाको हक, गोपनियताको हक, शोषणविरुद्धको हक, श्रमसम्बन्धी हक, देश निकाला विरुद्धको हक तथा संवैधानिक उपचारको हकलाई प्रत्याभूत गरिएको छ। अर्कोतिर **राष्ट्रिय मानवअधिकार आयोग**लाई झन् सशक्त बनाउन संवैधानिक अङ्ग बनाएको छ। जसबाट मानवअधिकार उल्लङ्घनका घटनाहरूको पारदर्शी ढङ्गले निष्पक्ष छानबिन भई मानवअधिकार संरक्षणको क्षेत्रमा अर्थपूर्ण सुधार आउने कुरामा विश्वास लिन सकिन्छ।

हाल देशमा विद्यमान शसस्त्र द्वन्द्वको अन्त्य हुन गई देश ऐतिहासिक रूपान्तरणको संघारमा रहेको छ। यो युगान्तकारी परिवर्तनलाई जनहित र कल्याणका लागि प्रयोग गरेर एक शान्तिपूर्ण, प्रजातान्त्रिक, स्थिर र समृद्ध नयाँ नेपाल निर्माण गर्ने प्रक्रिया सम्पूर्ण नेपाली जनताको मानवअधिकारको संरक्षण र विधिको शासनको प्रवर्द्धनबाट नै अगाडि बढाउन सकिन्छ भन्नेमा नेपाल सरकार दृढ रूपमा विश्वस्त र प्रतिवद्ध छ।

राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार आयोगमा पर्न आएका उजुरीहरू र आयोगले विभिन्न समयमा गरेको अनुगमन/अनुसन्धानको आधारमा सन २००६ मा पनि मानवअधिकारको अवस्थामा पछिल्लो अवस्थामा केही सुधार भएको पाइए पनि समग्रमा सन्तोषजनक पाइएन। देशमा विगत ११ वर्षसम्म चलेको सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनको विरोधमा सात प्रमुख राजनीतिक दलको आन्दोलन र सो आन्दोलन दवाउनको लागि सरकारबाट गरिएको दमनको कारण मानवअधिकारको अवस्था ज्यादै नाजुक हुन पुगेको थियो। सात दल र नेकपा (माओवादी) बीच २०६२ मंसिरमा भएको १२ बुंदे सहमतिपश्चात विभिन्न चरणमा भएका सहमतिहरू देशमा चलेको सशस्त्र द्वन्द्वको अन्त्य गर्न र जनताको सार्वभौम सत्ता र राजकीय अधिकार जनतामा फिर्ता गरी शान्ति स्थापना गर्न सार्थक रहे। यस वर्षको सुरुको अवधिमा राज्यपक्ष र नेकपा (माओवादी) दुवैपक्षबाट मानवअधिकारको हनन तथा ज्यादतीका घटनाहरू घटाएका थिए। राज्य पक्ष र नेकपा (माओवादी) दुवै पक्षले युद्धविराम गरेको अवधिमा पनि मानवअधिकारको अपेक्षा गरेअनुरूप सम्मान र रक्षा हुन सकेन। नागरिकहरू स्वतन्त्र रूपले आवतजावत गर्ने, पेशा व्यवसाय गर्न तथा आफ्ना मौलिक हकको निर्वाध उपभोग गर्नबाट वञ्चित हुनु पऱ्यो।

यसैगरी, विगत वर्षहरूमा झैं यस वर्ष पनि द्वन्द्वरत पक्षबाट व्यक्ति हत्याका घटनाहरू घटाइए। राज्यपक्षबाट व्यक्तिहरूलाई कब्जामा लिने, बेपत्ता पार्ने, यातना दिने जस्ता कार्यहरू भएका थिए। राज्यपक्षबाट नागरिकहरूलाई समाप्त वा गिरफ्तार गर्न सक्ने परिस्थिति हुँदाहुँदै पनि सुरक्षाकर्मीबाट विभिन्न व्यक्तिहरूको हत्या गरिएको थियो। यस अवधिमा राज्यले सूचना तथा सञ्चारको अधिकार तथा सभासम्मेलन गर्न पाउने अधिकारमाथि अङ्कुश लगाउने कार्य गरेको थियो। नागरिकहरूले शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्न पाउने अधिकारमाथि प्रतिबन्ध लगाइएको थियो। राजनैतिक दलहरूको कार्यक्रमलाई लक्षित गरी निषेधाज्ञा तथा कर्फ्यु लगाउने कार्यहरू भएका थिए। आफ्ना मागहरू राखी शान्तिपूर्ण विरोध प्रदर्शनमा उत्रिएका प्रदर्शकारीमाथि सुरक्षाकर्मीहरूले अत्याधिक शक्तिको प्रयोग गरी धेरै व्यक्तिहरूको बाँच्न पाउने अधिकारको हनन गरेको थियो।

सात राजनैतिक दल तथा नेकपा माओवादीको असहमतिका बावजुद पनि ज्यादै न्यून सहभागितामा राज्यले नगरपालिकाको निर्वाचन गरेको थियो। जुन निर्वाचनलाई प्रमुख राजनैतिक दलहरूले अमान्य घोषणा गरेका थिए।

राज्यद्वारा मोबाइल, टेलिफोनमा पटकपटक लगाएको रोकबाट पनि सूचना तथा सञ्चारको अधिकार प्रभावित भएको थियो। मानवअधिकार रक्षक तथा सञ्चारकर्मीहरूको अधिकार सम्बन्धमा यो वर्ष ज्यादै चुनौतीपूर्ण रहृयो। सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूमाथि पनि विभिन्न समयमा राज्यपक्षबाट स्वतन्त्रतापूर्वक व्यवसाय सञ्चालन गर्नमा अवरोध पुऱ्याएको, शान्तिपूर्ण विरोध प्रदर्शनमा सहभागी पत्रकार तथा मानवअधिकारकर्मीलाई गिरफ्तार गरी थुनामा राखिएको, कुटपिट गर्ने गरेको पाइएको थियो। समाचार सङ्कलन गरी रहेका पत्रकारहरूमाथि दुर्व्यवहार गर्नुको साथै क्यामेरा समेत खोसिएको थियो। मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरूलाई शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेको अवस्थामा र निवासबाट नै गिरफ्तार गरी लामो समयसम्म हिरासतमा राख्ने कार्य भएको थियो।

राष्ट्रिय मानवअधिकार आयोग सम्पर्क कार्यालय जनकपुरका मानवअधिकार सहायक दयाराम परियारलाई जनकपुरको जनकचोकमा २०६२ चैत ११ गते प्रहरीद्वारा गोली हानी गम्भीर घाइते बनाइएकोमा उनको उपचारको क्रममा चैत १५ गते निधन भएको थियो।

यसैगरी, नेकपा (माओवादी) ले सर्वसाधरणहरूलाई विभिन्न कार्यक्रममा जबरजस्ती सहभागी गराउन, आफ्नो पार्टीको पूर्णकालीन कार्यकर्ता बनाउन र विभिन्न आरोपमा कारवाही गर्नको लागि अपहरण तथा कब्जा गर्ने कार्यहरू निरन्तर रूपमा गरेका थिए। त्यसरी कब्जा गरिएका

व्यक्तिहरू कब्जामा रहेकै अवस्थामा मारिएको समेत पाइयो। नागरिकहरूलाई विस्थापित गराउने, सम्पत्ति कब्जा गर्ने, जबरजस्ती चन्दा असुल उपर गर्ने र व्यक्तिहरूलाई धम्की दिने, विकास निर्माणका कार्यमा अवरोध पुऱ्याउने, बालबालिकाहरूलाई विभिन्न बहानामा बाल सैन्यमा प्रयोग गर्ने, विद्यालय तथा सार्वजनिक सम्पत्तिमा तोडफोड गर्ने, विद्यालय बन्द गर्न धम्की दिने, जनअदालतको नाममा विभिन्न व्यक्तिहरूलाई दुख दिने जस्ता कार्यहरू गरी नेकपा (माओवादी) ले विभिन्न समयमा व्यक्त गरेका प्रतिवद्धताको विरुद्धमा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गरेको पाइयो। नेकपा (माओवादी) ले विभिन्न समयमा विभिन्न स्थानमा रहेका सुरक्षा क्याम्पमाथि आक्रमण गरेका थिए। त्यसैगरी, विभिन्न स्थानमा नेकपा (माओवादी) द्वारा विछ्याइएको बम विष्फोटनमा परी सर्वसाधरणको समेत मृत्यु भएको थियो।

सात दलहरू, नागरिक समाज, नेकपा माओवादीलगायत आम जनसमुदायको पहलमा चैत २४ गतेबाट सुरुवात गरिएको आम हडताल जनआन्दोलनमा परिणत भई सोको परिणाम स्वरूप २०६३ वैशाख ११ गते राजाबाट सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको उल्लेख गर्दै प्रतिनिधिसभाको पुनःस्थापना गर्ने घोषणा भयो। उक्त घोषणापछि नेकपा (माओवादी) ले २०६३ वैशाख १३ गतेबाट तीन महिने र नेपाल सरकारले २०६३ वैशाख २० गतेबाट युद्धविरामको घोषणा गरेपछि मानवअधिकारको स्थितिमा सुधार आएको पाइयो। सरकार र नेकपा (माओवादी) बीच विभिन्न समयमा भएको सहमतिपश्चात् देशमा शान्ति सम्झौता भएपश्चात मानवअधिकार उल्लङ्घनमा अझ कमी आएको छ।

राज्य पक्षबाट पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिका परिवारहरूले अवस्था अज्ञात पारिएका व्यक्तिको अवस्था यकिन गर्नको लागि विभिन्न समयमा विभिन्न निकायलाई दबाब दिँदै आए तापनि सरकारले हालसम्म सबै व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न सकेको छैन। त्यसैगरी, नेकपा (माओवादी) पक्षबाट अपहरण गरी अवस्था अज्ञात बनाएका भनिएका व्यक्तिहरूको अवस्थाको सम्बन्धमा पनि नेकपा (माओवादी)ले अवस्था सार्वजनिक गर्न सकिरहेको छैन। अवस्था अज्ञात पारिएका भनिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न दुवैपक्ष तत्पर हुनु पर्छ।

राष्ट्रिय मानवअधिकार आयोगले यस जटिल परिस्थितिमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनको लागि आफ्ना क्रियाकलापहरूलाई निरन्तरता दिएको थियो। मानवअधिकारको उल्लघन तथा ज्यादतीका सम्बन्धमा परेका उजुरीहरूको आधारमा र आयोगको स्वविवेकीय अधिकारको प्रयोग गरी अगाडि बढाइएका उजुरीहरूको सम्बन्धमा आयोगले अनुगमन तथा अनुसन्धान गरी सरकारलाई विभिन्न सिफारिस गरेको भएतापनि सरकारबाट यसको पालना हुन सकिरहेको छैन। मानवअधिकार उल्लङ्घनको सम्बन्धमा आयोगबाट गरिएका सिफारिसको कार्यान्वयनको अवस्था ज्यादै नाजुक रहेको छ। आयोगले हालसम्म १ सय ४७ ओटा सिफारिश सरकारलाई पठाएकोमा जम्मा ४४ ओटा सिफारिस मात्र कार्यान्वयन हुन सकेका छन्। आयोगबाट गरिएका सिफारिस कार्यान्वयनको यस्तो स्थितिले राज्यपक्षले दण्डहीनताको अवस्थालाई निरन्तरता दिएको देखिन्छ। त्यसैगरी, नेकपा (माओवादी) लाई गरिएको आह्वानको पनि पूर्ण रूपमा पालना हुन सकेको छैन। देशमा लोकतन्त्रको बहाली भएको र शान्ति सम्झौता समेत भई सकेको अवस्थामा मानवअधिकारको सम्मान र संरक्षणको लागि आयोगबाट गरिएका सिफारिसको सरकारबाट कार्यान्वयन हुनु पर्छ।

यस अवधिमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रचलनको स्थिति सन्तोषप्रद रहेन। यस अवधिमा आन्तरिक रूपमा विस्थापित नेपाली नागरिहरूलाई पुनर्स्थापना तथा उनीहरूको घर फर्कन पाउने वातावरण सिर्जना गर्नेतर्फ खासै पहल भएन। २०६२ चैतमा ल्याएको आन्तरिक रूपमा विस्थापितसम्बन्धी राष्ट्रिय नीति, २०६२ ले तय गरेका कार्यक्रमहरू पनि लागू हुन सकेनन्। पूर्व कमैयाहरूको स्थितिमा खासै सुधार आउन सकेको पाइएन। मुक्त भएको आठ वर्ष बितिसक्दा पनि कमैयाहरूले आफ्नो आधारभूत मानवअधिकारको प्रयोग गर्न पाएका छैनन्।

वर्षायाममा नदीमा आउने बाढीका कारण आफ्ना सबै धनमाल, खाद्यान्न तथा जीउधनसमेत गुमाएका नागरिकलाई तत्काल उद्धार गर्ने र पुनर्स्थापना गर्ने कार्यमा राज्यले पर्याप्त पहल गरेको पाइएन। कर्णाली अञ्चलका केही जिल्लामा खाद्यान्नको अभाव भई भोकमरीको स्थिति उत्पन्न हुँदासमेत राज्यबाट खाद्यान्न वितरण र पहुँचका सम्बन्धमा पर्याप्त कार्य भएको पाइएन।

त्यस अवधिमा नेकपा (माओवादी) बाट नेपाल बन्द, नाकाबन्दी, उद्योगधन्दा बन्द गर्ने, बन्द गर्न धम्की दिनेजस्ता कार्यले पेशा र रोजगार गर्ने अधिकारबाट वञ्चित तुल्याउने कार्य भयो। सामुदायिक औषधी कार्यक्रमहरूमा अवरोध पुऱ्याउने, परिवार नियोजन कार्यक्रम हुन नदिने, औषधी बोकेका सवारी साधनलाई जलाउने तथा औषधीसमेत लुट्नेजस्ता कार्यबाट सर्वसाधारणको स्वास्थ्यको अधिकारमाथि गम्भीर आघात पुग्यो। जबरजस्ती चन्दा असुलउपर गर्ने, सार्वजनिक तथा निजी विद्यालय बन्द गर्ने, ताला लगाउने कार्य गरी बालबालिकाको शिक्षासम्बन्धी अधिकार तथा "विद्यालय शान्तिक्षेत्र हो" भन्ने सर्वव्यापी मानवअधिकारका सिद्धान्त विपरीत कार्य गरेको पाइयो। जिल्लामा सञ्चालित

विभिन्न आयोजना सञ्चालन गर्न अवरोध पुऱ्याइएको पाइयो।

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूले असार २५ गते सामुहिक रूपमा राजिनामा दिएको भए पनि वर्षको अन्त्यसम्म (डिसेम्बर ३१, २००६ तदनुसार १६, पुस २०६३) आयोगका पदाधिकारीहरूको नियुक्ति हुन सकेन। मानवअधिकारको अवस्था दयनीय रहेको अवस्थामा आयोग जस्तो संस्थामा लामो समयसम्म पदाधिकारीहरूको नियुक्ति नगरी खाली राखिनुले व्यक्तिका मानवअधिकारको रक्षा गर्नमा समेत बाधा पुगिरहेको अवस्था विद्यमान रहेको छ।

नेपाल बार एसोसिएसन

नेपालमा मानवअधिकारको हनन् र त्यसका कारण एवम् निराकरणका उपाय सम्बन्धमा नेपाल बार एसोसिएसन विभिन्न प्रकारले सहभागी रही आएको छ। नेपालमा मानवअधिकारको स्थिति कानुनी राज्यको स्थापना र सवलतामा सकारात्मक देखिने र सोको अभावमा नकरात्मक देखिने गरेको प्रष्टै छ। कानुनी राज्यको पूर्वाधार र जग पनि लोकतन्त्र नै भएको हुँदा नेपालमा सन् २००६ को मानवअधिकारको स्थितिलाई दुई भागमा विभाजित गरेर मूल्याङ्कन गर्नु उपयुक्त हुनेछ।

सन् २००६ को सुरुवात नेपालमा राजाको प्रत्यक्ष शासन हुँदा एकातर्फ लोकतन्त्रको आन्दोलनलाई निर्ममतापूर्वक दमन गर्ने कार्य भएको थियो भने अर्को तर्फ नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट पनि हिंसात्मक आन्दोलनका क्रममा वा राजाको प्रत्यक्ष शासनको प्रतिकार समेतको क्रममा मानवअधिकारको उल्लङ्घन भएको थियो। मानवअधिकारको उल्लङ्घनमा मुलभूत रूपमा गैह्र न्यायिक हत्या, निहत्था व्यक्तिहरूको हत्या, उनीहरूमाथि अमानवीय यातना, शान्तिपूर्ण रूपमा राजनीतिक क्रियाकलाममा भाग लिनेहरूमाथि बर्वरातापूर्ण आक्रमण र हत्या, गैह्र न्यायिक थुना सरकारबाट बढी र माओवादीबाट समेत नागरिकहरूलाई बेपत्ता पार्ने जस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू अत्याधिक रूपमा भएका थिए।

जनआन्दोलन भाग २ को सफलतापछि र माओवादी पक्षबाट मानवअधिकार उल्लङ्घन घटनामा उल्लेख्य कमी आएको छ तर पूर्ण रूपमा निराकरण हुन सकेको भने देखिँदैन। सरकार र माओवादी दुबैले पूर्ण रूपमा कानुनी राज्यतर्फ प्रतिवद्धता जनाए पनि त्यसअनुरूप आफूलाई ढाल्न अझै प्रयास गर्नुपर्ने र मानवअधिकरसँग सम्बन्धित सबै पक्षहरूले सुझाव र त्यस्ता कार्यहरू हुन नदिने उपाय समेतको जानकारी तत् तत् पक्षलाई दिई व्यवहारिक रूपमा पूर्ण रूपमा मानवअधिकरको संरक्षणको लागि जोड दिन अझै आवश्यक देखिएको छ।

अर्को सबैभन्दा महत्वपूर्ण पक्ष भनेको जनआन्दोलन भाग २ पछि सुरक्षा निकायहरूले लोकतन्त्रको मर्म अनुसार आफैलाई समायोजित गर्न नसक्दा निस्क्रियता बढेको देखिएको छ। जसले गर्दा शान्ति सुरक्षाको अभावको कारणले देशमा असामाजिक तत्वले हत्या, लुट, डकैती, अपहरण जस्ता घटना बढाएको महसुस हुन्छ। जनताले असामाजिक तत्वबाट असुरक्षित महसुस गर्न नपरोस भन्नाका लागि सुरक्षा बल र नागरिक समाजको समायोजनबाट शान्ति सुरक्षाको कार्यलाई प्राथमिकता दिन आवश्यक हुन्छ। राज्यको अनुपस्थितिको महसुस भएर जनताले दु:ख पीडा पाउनु पनि मानवअधिकारको उल्लङ्घन हो। लोकतन्त्रको पुन:स्थापना भएपछि राज्यपक्ष र माओवादीपक्षबाट हुने मानवअधिकारको उल्लङ्घनमा कमी आए पनि परम्परावादी र अशिक्षित जनसमुदायमा मानवअधिकारको बारेमा उचित जानकारी नहुनाले मानवअधिकारको उल्लङ्घनमा कुनै न कुनै प्रकारले मानवअधिकारको जानकारी नभएको अशिक्षित र विपन्नता कायम तह र तप्कामा मानव अधिकरको उल्लङ्घनले पनि औपचारिकता प्राप्त गर्न सकेको छैन।

सकारात्मक पक्ष के देखिएको छ भने पूर्णरूपमा सफल नभए पनि वर्तमान अवस्थामा राज्य मानवअधिकार उल्लङ्घन हुनुहुँदैन भन्नेतर्फ वैचारिक रूपमा प्रतिवद्ध देखिन्छ।

माधव बास्कोटा
महासचिव

नेपाल पत्रकार महासंघ

माघ १९, २०६१ को शाही 'कु' बाट स्थापित निरङ्कुश राज्यसत्तालाई नेपाली जनताले ऐतिहासिक जनआन्दोलमार्फत् परास्त गरेपछि वैशाख ११, २०६३ मा मुलुकमा लोकतान्त्रिक सरकारको बहाली भयो। राज्यका सम्पूर्ण वर्ग र क्षेत्रको व्यापक सहभागिता, त्याग र बलिदानीपूर्ण ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप जनताका सामु निरङ्कुश राजतन्त्रले घुँडा टेकेपछि मुलुक दिगो शान्ति, लोकतन्त्र र मानवअधिकार बहालीको दिशामा अग्रसर भयो। यस हिसाबबाट सन् २००६ नेपालको इतिहासमा अत्यन्त उपलब्धिपूर्ण वर्षको रुपमा रहेको छ।

सन् २००६ को समग्र विश्लेषण गर्दा वैशाख ११ अघि र लोकतन्त्र स्थापनापछिको अवधिको विश्लेषण गर्नुपर्ने हुन्छ। सुरुका चार महिनामा शाही सरकारको शासन अवधिमा राज्यसत्ताले नागरिक अधिकार र लोकतान्त्रिक मान्यताको ठाडो उपहास गर्दै निरङ्कुशता लाद्ने प्रयास जारी राख्यो। यस अवधिमा राज्यले सम्पूर्ण संयन्त्र र उपायहरूको प्रयोगद्वारा निरङ्कुशतालाई संस्थागत गर्ने दूराशयबाट मौलिक

अधिकारको चरम उल्लङ्घन गऱ्यो। मानवअधिकारको दृष्टिकोणले सो अवधि अत्यन्त त्रासदीपूर्ण रहृयो। पत्रकारहरूमाथि आक्रमण, धम्की, गैरकानूनी थुनाजस्ता प्रेस स्वतन्त्रता विरोधी कार्यहरू निरन्तर जारी रहे। राज्यको शासन शैली मानवता विरोधी एवम् संविधान, प्रचलित कानून र नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धिहरू समेतको विरुद्ध रहृयो। मानवअधिकार, राजनीतिक तथा विचार र अभिव्यक्तिको स्वतन्त्रता एवम् प्रेसको अधिकारमाथि ठाडै उपहास र दमनको श्रृङ्खला चलाइयो। तर, नेपाली प्रेसले राज्य दमनका बावजूद आफ्नो दायित्व दृढतापूर्वक निर्वाह गरिरहृयो। सन् २००६ को प्रथम चार महिनामा मात्र ४ सय ५६ जना पत्रकारहरूले आक्रमण, यातना, धम्की, प्रशासनिक एवम् कानुनी दबाव र सूचना प्रवाहमा बाधालगायतका मानवअधिकार एवम् प्रेस स्वतन्त्रता विरोधी गतिविधिको शिकार हुनुपऱ्यो।

लोकतन्त्रको पुनर्स्थापनापछि बनेको सरकारले प्रेस स्वतन्त्रताको विकासका निम्ति केही सकारात्मक कदमहरू चाल्यो। शाही सत्ताद्वारा नेपाली प्रेसलाई धरासायी तुल्याउने उद्देश्यका साथ जारी गरिएका प्रेस स्वतन्त्रताविरोधी सम्पूर्ण कानुन/अध्यादेश एवम् नीतिहरूलाई खारेज गरियो। शाही सत्ताको समयमा गिरफ्तार गरिएका पत्रकारहरूको रिहाइ तथा पत्रकारहरू विरुद्ध चलाइएका मुद्दाहरू फिर्ता लिने काम प्रारम्भ गरियो। त्यसैगरी अन्तरिम संविधानमा पूर्ण प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धतालाई प्रस्तावनामै उल्लेख गरियो र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरियो। यी कुराहरूलाई प्रेस स्वतन्त्रताको दृष्टिकोणले राज्यको सकारात्मक कदमको रुपमा लिन सकिन्छ। सरकारले प्रेस स्वतन्त्रताको सम्वर्द्धन र विकासका लागि उच्चस्तरीय मिडिया सुझाव आयोग पनि गठन गऱ्यो।

लोकतन्त्रको स्थापनापश्चात प्रेस स्वतन्त्रतामाथि राज्यद्वारा गरिने सुनियोजित आक्रमणका घटनाहरूमा अहिले उल्लेखनीय कमी आएको छ। पत्रकारहरूले सुरक्षाकर्मीहरूबाट विगतमा जस्ता धम्की, अपहरण, दुर्व्यवहार र आक्रमणको सामना गर्नुपरेको छैन। स्वतन्त्ररुपमा समाचार सङ्कलन र सम्प्रेषण गर्ने वातावरणमा पनि केही सुधार भएको छ। यद्यपि सरकारका यस्ता सकारात्मक कदमहरूका बावजूद पनि नेपाली प्रेसले पूर्णतः प्रेस स्वतन्त्रताको अनुभूति भने गर्न पाएको छैन। लोकतन्त्रको स्थापनापछि पनि पत्रकारहरूलाई सूचना दिने संस्कृति राज्यले विकास गर्न सकेको छैन। शाही शासनका बेला मानवधिकार एवम् प्रेस स्वतन्त्रताको चरम उल्लङ्घन गर्नेहरूमाथि कारबाहीको पक्रिया सुरु नहुँदा मुलुकमा दण्डहीनताको संस्कृति अन्त्य पनि हुन सकेको छैन।

लोकतन्त्रको पुनर्स्थापना पछिको आठ महिनामा पत्रकारहरूमाथि सयवटाभन्दा बढी आक्रमण, धम्की, सूचना सङ्कलनमा अवरोध, दुर्व्यवहार एवम् दबाबका घटनाहरू भएको पाइएका छन्। खासगरी, मुलुकमा विद्यमान संक्रमणकालीन अवस्थाका कारण सिर्जित कमजोर सुरक्षा व्यवस्थाको फाइदा उठाउँदै विभिन्न असामाजिक तत्व र गिरोहहरूले पत्रकारहरूमाथि आक्रमण जारी राखेका छन्। कतिपय स्थानहरूमा माओवादीका स्थानीय कार्यकर्ताहरू, माओवादीबाट छुट्टिएका विद्रोहीहरू एवम् विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरूबाट आफ्नो पक्षमा समाचार लेख्न दबाब दिने, उनीहरूको गतिविधिको नकारात्मक समाचार लेखेको अवस्थामा धम्की दिने र आक्रमण गर्ने जस्ता घटनाहरू कायमै छन्। यी तथ्यहरूले प्रेस स्वतन्त्रताको पूर्णबहाली हुन नसकेको कुरालाई पुष्टि गर्दछन्। पत्रकारहरूको सुरक्षाको प्रत्याभूति गर्न सरकार सफल हुन सकेको छैन। पत्रकारहरूको सामाजिक सुरक्षा र प्रेस स्वतन्त्रताको संस्थागत विकासका निम्ति नेपाली प्रेसको पुनर्संरचनाका लागि नेपाल पत्रकार महासंघले निरन्तर संघर्ष जारी राखेको छ तर सरकारले अझै पनि यसतर्फ पर्याप्त कदमहरू चाल्न सकेको छैन। श्रमजीवी पत्रकार ऐन र सूचनाको हकसम्बन्धी कानूनलाई पूर्णता दिएर कार्यान्वयन गर्नेतर्फ पनि अझै शिथिलता देखिएको छ।

निष्कर्षमा लोकतन्त्रको स्थापना र त्यसपछि सम्पन्न सरकार र माओवादीबीचको ऐतिहासिक शान्ति-सम्झौताले मुलुकलाई मानवअधिकारको विकास र प्रवर्द्धनको बाटोमा अघि बढाए पनि मानवअधिकार र प्रेस स्वतन्त्रताको स्थिति सन् २००६ को अन्तसम्म पनि सन्तोषजनक देखिएको छैन। शान्ति-सुरक्षाको कमजोर अवस्था र मुलुकमा बढिरहेको दण्डहीनताको संस्कृति साथै सरकारको कमजोर राजनीतिक इच्छशक्तिले मानवअधिकार र प्रेस स्वतन्त्रताको दिशामा ठोस उपलब्धि हासिल हुन सकेको छैन। मुलुक अहिले संविधानसभाको माध्यमबाट लोकतन्त्र र मानवअधिकार बहालीको दिशामा अग्रसर छ। जसलाई नेपाल पत्रकार महासंघले अत्यन्त सकारात्मक रुपमा लिँदै मुलुकलाई शान्ति र पूर्ण लोकतन्त्रको दिशामा अग्रसर गराउने अभूतपूर्व अवसरको रुपमा मूल्याङ्कन गरेको छ।

स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा समयमै संविधानसभाको निर्वाचन गराई नयाँ संविधानमार्फत् मुलुकमा प्रेस स्वतन्त्रता एवम् मानवअधिकारको संस्थागत विकासमा अघि बढ्ने कार्यमा अब कुनै कसर बाँकी राख्नु हुँदैन भन्ने नेपाल पत्रकार महासंघको स्पष्ट दृष्टिकोण रहेको छ। राज्यको पुनर्संरचना र पूर्ण लोकतान्त्रिकरणको प्रक्रियामा अन्य नागरिक अधिकारका अतिरिक्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मुद्दाले उच्च प्राथमिकता पाउनुपर्छ। सूचनाको पहुँच र सूचनाको हकको कानूनी प्रत्याभूति हुनुपर्छ।

महेन्द्र विष्ट
महासचिव

नेपाली सेना

१. नेपाली जनताद्वारा २०६२ चैत/२०६३ वैशाखमा गरिएको जनआन्दोलनको परिणाम स्वरूप पुनस्थापित प्रतिनिधि सभाले सैनिक ऐन २०१६ लाई खारेज गरी सैनिक ऐन २०६३ जारी गरेको छ। "मानवअधिकार तथा मानवीय कानुन" लाई नेपाली सेनाको अभिन्न अङ्ग तुल्याउने उद्देश्यले नेपाली सेनामा भर्ना भएका कुनै पनि दर्जाका सैनिक व्यक्तिहरूलाई मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी आधारभूत तालिम प्रदान गरिनु पर्ने अनिवार्य व्यवस्था गरेको छ। सैनिक अदालतको कारवाही पारदर्शी हुनपर्ने, अभियुक्तले सैनिक अदालतमा प्रतिरक्षा गर्न प्राड (कानुन) अधिकृत माग गर्न सक्ने लगायत सैनिक अदालतले प्रदान गरेको सजायँ उपर पुनरावेदन गर्न पाउने जस्ता मानवअधिकार सम्बन्धी विशेष व्यवस्था गरेको हुँदा मानवअधिकरसम्बन्धी विषयमा सैनिक ऐन २०६३ एउटा उपलब्धी पूर्ण भई मानवअधिकार तथा मानवीय कानुनको परिपूरक अङ्गको रूपमा नेपाली सेनालाई परिचित गराउने कार्यमा सैनिक ऐन २०६३ एउटा कोशेढुङ्गा सावित हुनेछ।

२. गैह्र सैनिक व्यक्तिहरूलाई बेपत्ता पार्ने, यातना दिने तथा उनिहरूको गम्भीर मानवअधिकार हनन् भए गरेको सम्बन्धमा सह-महान्यायधिवक्ताको अध्यक्षतामा छानबिन समिति गठन हुने र त्यस्तो मुद्दा पुनरावेदन अदालतका न्यायधीशको अध्यक्षतामा रक्षा सचिव एवम् प्रमुख सेना प्राड विवाक (कानुन) सदस्य रहेको सैनिक विशेष अदालतबाट भए गरिएका फैसला उपर पुनरावेदन सुन्ने व्यवस्था नयाँ सैनिक ऐन २)६३ मा उल्लेख भएकोले मानवअधिकारको क्षेत्रमा नयाँ आयाम थपिएको हुँदा नेपाली सेनाले अब कानुनी कारवाही सोही व्यवस्था बमोजिम गर्ने गराउने छ।

३. साथै, २०६२ पुसदेखि २०६३ वैशाख मध्यसम्म नेपाली सेना परिचालनको अवस्थामा होस् वा २०६३ वैशाखको युद्ध विराम पश्चात होस्, नेपाली सेनाले मानवअधिकार तथा मानवीय कानुनको क्षेत्रमा सजग तथा सतर्क भई आफ्ना कार्यहरू सञ्चालन गर्दै आएको र उक्त अवधिभर मानवअधिकार संरक्षण तथा सम्बर्धनमा उल्लेखनीय सुधार आएको पाइएको छ। यस अवधिमा नेपाली सेनाले विभिन्न प्रकारका मानवअधिकार तथा मानवीय कानुन सम्बन्धी तालिमहरू सञ्चालन गरी सबै तहका सैनिक जवानहरूलाई सुसूचित गराउने कार्यमा अझ तिव्रता दिएको छ। मानवअधिकार तथा मानवीय कानुन जस्तो संवेदनशील विषयमा नेपाली सेनाले सँधै उच्च सतर्कताको साथ कार्य गर्नका लागि मानवअधिकार शाखालाई मानवअधिकर महाशाखामा परिणत गरी दक्ष र तालिम प्राप्त अनुभवीबाट महाशाखा सञ्चालन गराउने व्यवस्था भएको छ। आउँदा दिनहरूमा "नेपाली जनताले दिगो शान्ति तथा मानवअधिकरको समुचित उपयोग गर्न अझ सक्षम हुन" भनी नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

दिव्यराज प्रसाई
सेनानी, मानवअधिकार महाशाखा

सशस्त्र प्रहरी बल

मानवअधिकार सम्बन्धी सदा चिन्तनशील रहने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नागरिकहरूको मानवअधिकार सम्बर्द्धनमा रहेको संवेदनशीलता अझ प्रभावकारी रूपमा आउँदा दिनहरूमा पनि विना भेदभाव स्वतन्त्रतापूर्वक कार्यान्वयन हुँदै जानेछ भन्ने दृढ विश्वासका साथ यस वर्ष प्रकाशित हुन लागेको "मानवअधिकर वर्षपुस्तक २००७" प्रकाशन सफलताको कामना गर्दछौं।

मुलुकमा भएको ऐतिहासिक एवम् युगान्तकारी परिवर्तनले निश्चय नै नेपली जनतालाई सर्वाभौमसत्ता सम्पन्न तुल्याई दिएको वर्तमान सन्दर्भमा राज्य सञ्चालन संयन्त्रका हरेक अङ्गहरू जनउत्तरदायी हुनु पर्छ भन्ने सिद्धान्त स्थापित भएको छ। विगत एक दशकदेखि देशले झेल्दै आएको आन्तरिक द्वन्द्व राष्ट्रमा आएको राजनीतिक परिवर्तनसँगै मानवअधिकारको प्रवर्धन र संरक्षणमा यसले सकारात्मक असर पार्ने कुरामा सशस्त्र प्रहरी बल विश्वस्त रहेको छ। आन्तरिक सुरक्षा संयन्त्रको महत्वपूर्ण अङ्गको रूपमा रहेको सशस्त्र प्रहरी बल स्थापना कालदेखि नै जनताको जीउधनको सुरक्षा र संरक्षण गर्ने सिलसिलामा मानवअधिकारको विषयलाई गम्भीर चासोको रूपमा लिदै मानवअधिकार संरक्षण र सम्बर्धनलाई सैद्धान्तिक आदर्श मात्र नभई चुनौती एवम् उद्देश्यका रूपमा लिएको छ।

सशस्त्र प्रहरी बलमा नयाँ भर्ना भई आउने अधिकृत तथा जवानहरूलाई मानवअधिकार र मानवीय कानुन सम्बन्धी ज्ञान दिलाई मानवअधिकार संरक्षणमा प्रभावकारिता ल्याउने लक्ष्यका साथ सबै दर्जाका आधारभूत तालिमहरूको पाठ्यक्रममा मानवअधिकार र मानवीय कानुन Use of Force, Rule of Engagement, पालना गर्नुपर्ने आचारसंहिता लगायतका विषयहरू समावेश गरी अध्यापन गराउने व्यवस्था गरिएको छ। यसबाट सबै व्यक्तिहरूमा मानवअधिकार र मानवीय कानुनको पालना गर्नमा बढी सजग र सतर्क रहन सहयोग पुगेको छ। साथै, सशस्त्र प्रहरी बलबाट जस्तोसुकै परिस्थितिमा पनि नागिकहरूको मानवअधकिरको हनन् नहोस तथा सशस्त्र प्रहरी बलका राष्ट्र सेवकहरूलाई मानवअधिकार सम्बन्धी शिक्षा प्रदान गर्ने उद्देश्यका साथ सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा

केन्द्रीयस्तरको मानवअधिकार सेल ०५९ सालदेखि नै क्रियाशील रही आएको र क्षेत्रीय स्तरमा समेत मानवअधिकर सेल गठन गरी मानवअधिकर सम्बन्धी विविध विषयमा कार्य सञ्चालन गर्ने लक्ष्य राखेको छ।

राष्ट्रमा विगत एक दशकदेखिको द्वन्द्वको स्थिति भर्खरै भएको राजनीतिक परिवर्तनसँगै समाधान हुने दिशा तर्फ उन्मुख भएको वर्तमान अवस्थामा विभिन्न राजनीतिक पार्टी, संघ संस्था एवं व्यक्तिहरूले विभिन्न प्रकारका राजनीतिक, आर्थिक, जातिय एवम् अन्य जनसरोकारका विषयहरूमा मागहरू राखी यातायत अवरुद्ध गर्ने, आगजनी तथा हिंसामा उत्रिने लगायतका क्रियाकलाप सर्वसाधारण जनताको स्वतन्त्रता पूर्वक आवत जावत गर्ने तथा अन्य मानव स्वतन्त्रताको हनन हुने कार्य बढ्दै भएको अवस्थामा सशस्त्र प्रहरी बल "शान्ति सुरक्षा प्रतिवद्धता" को मूलमन्त्रलाई आत्मसात गर्दै आफ्नो जिम्मेवारी निर्वाहमा सदा कटिवद्ध रही मानव प्रतिष्ठाको सम्मान र रक्षा गरी आधारभूत मानवअधिकारको संरक्षणमा कटिवद्ध रहेको छ। कार्य सम्पादनको क्रममा मानवअधिकारको उल्लङ्घनसम्बन्धी घटनाहरूमा संलग्न देखिएका सशस्त्र प्रहरी बलका राष्ट्र सेवकहरू उपर आवश्यक छानविन गरी दोषी उपर आवश्यक कारवाही गरी मानवअधिकार हननका घटना पुनः नदोहरियोस् भन्ने स्पष्ट धारणा सशस्त्र प्रहरी बलले लिएको छ र भविष्यमा पनि विगतमा जस्तै यसतर्फ सचेत भई कार्य गर्ने छ।

मानवअधिकर सम्बन्धी विषयहरूमा सशस्त्र प्रहरी बलमा सरकारी निकाय, मानवअधिकार सम्बन्धी संघ संस्था लगायत राजनीतिक पार्टीहरूले जानकारी माग गरेमा सत्य तथ्य सहितको जानकारी सम्बन्धित निकायलाई जानकारी गराउन सशस्त्र प्रहरी बल मानवअधिकार सेल सदैव क्रियाशील रहने छ।

मानवअधिकार र मानवीय कानुनको संरक्षण र प्रवर्द्धनको निमित्त संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षकज्युबाट सम्पूर्ण राष्ट्र सेवकहरूले कार्य सम्पादनको सिलसिलामा नागरिकको मानवअधिकारको रक्षा गर्न पटकपटक निर्देशन भए अनुसार मानवअधिकार संरक्षण र सम्वर्द्धनमा सशस्त्र प्रहरी बल कटिवद्ध रहेको छ।

अन्तमा, मानवअधिकारको संरक्षण र सम्वर्धन गर्ने हाम्रो प्रयास र प्रतिवद्धताहरूमा सहयोग र सद्भाव पुऱ्याउने सबै राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवअधिकार संघ संस्थाहरू प्रति सशस्त्र प्रहरी बल हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछ।

मानवअधिकार सेल

सशस्त्र प्रहरी बल प्रधान कार्यालय

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सदा झैं यस वर्ष पनि मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ। पुस्तकमा प्रस्तुत मानवअधिकारको क्षेत्रमा देशमा वर्षभरी भए गरेका काम कारवाही तथा घटनाहरूको यथार्थ चित्रणले सम्बन्धित सबै निकाय तथा व्यक्तिहरूलाई मानवअधिकारको महत्व, संरक्षण तथा सम्वर्द्धनतर्फ आगामी दिनहरूमा अझ बढी सजग एवं जागरुक बनाउने छ भन्ने हामीले विश्वास लिएका छौं।

मूलत अपराधको रोकथाम, नियन्त्रण र सफल अनुसन्धानको माध्यमबाट नागरिकहरूको जीउ, धन एवं स्वतन्त्रताको संरक्षण गर्दै समाजमा शान्ति व्यवस्था कायम गर्ने मुख्य उद्देश्यले नेपाल प्रहरी संगठनको स्थापना भएको हुनाले मानवअधिकारको संरक्षण एवं सम्बर्द्धन गर्नु नेपाल प्रहरीको प्राथमिक कर्तव्य हो।

सोही तथ्यलाई मध्यनजर राख्दै मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनलाई प्रहरी संगठनको कार्य योजनामा सांगठनिक प्राथमिकतामा राखिएको छ र सोही अनुरुप नेपाल प्रहरीका हरेक कृयाकलापहरूलाई मानवअधिकारको संरक्षण र सम्वर्द्धनतर्फ लक्षित एवं निर्देशित गर्न विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।

नेपाल प्रहरीले प्रहरी महानिरीक्षकज्यूको कार्यालयको प्रत्यक्ष मातहतमा रहने गरी एक छुट्टै तथा विशिष्टिकृत इकाईको रुपमा नेपाल प्रहरी मानवअधिकार सेललाई कृयाशील बनाई देशभर यसको विस्तार गरेको छ भने मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनका लागि (क) सम्बर्द्धन (ख) संरक्षण र (ग) समन्वयलाई मुख्य कार्यप्रणालीको रुपमा अवलम्बन गरेको छ।

मानवअधिकारको संरक्षण नै नेपाल प्रहरी संगठन र यसमा आबद्ध प्रत्येक सदस्यको आधाभुत कर्तव्य हो भन्ने कुराको आत्मबोध गराउन नेपाल प्रहरीमा सञ्चालन हुने प्रत्येक तहका प्रशिक्षणमा मानवअधिकार सम्बन्धी विषयलाई अनिवार्य रुपमा समावेश गराइएको छ। नेपाल स्थित संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय, अन्तराष्ट्रिय रेडक्रस लगायतका संस्थाहरूको सहयोगमा मानवअधिकार तथा मानवीय कानुन सम्बन्धी विशेष प्रशिक्षणहरू सञ्चालन भैरहेका छन् भने मानवअधिकार सम्बन्धी छुट्टै तीन तहका विशिष्टीकृत तालिम पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन भइरहेको छ। यस कार्यक्रम अन्तरगत आगामी एक वर्षमा कम्तीमा ६ हजार जना प्रहरी कर्मचारीहरलाई प्रशिक्षित गर्ने लक्ष्य लिइएको छ। त्यसैगरी हालैमात्र स्थापित काठमाण्डौ महानगरीय प्रहरी आयुक्तको कार्यालयमा कार्यरत सम्पूर्ण

प्रहरीहरूलाई मानवअधिकार सम्बन्धी प्रशिक्षण सञ्चालन भइरहेको छ।

मानवअधिकारको सम्बर्द्धन र संरक्षणका लागि नेपाल प्रहरीका प्रत्येक सदस्यले हरहमेशा आफूसाथ राख्नु, जान्नु तथा पालना गर्नुपर्ने गरी नेपाल प्रहरीले नेपाल स्थित संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयसँगको सहकार्यमा मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधान उल्लेखित नेपाल प्रहरी मानवअधिकार स्थायी आदेश पुस्तिका निकट भविष्य मै जारी गर्न लागि रहेको छ भने अन्तराष्ट्रिय रेडक्रससँगको सहकार्यमा मानवीय कानुन सम्बन्धी प्रशिक्षण निर्देशिकाको निर्माण भैरहेको छ। त्यसैगरी मानवअधिकारको संरक्षणमा विशिष्टीकृत निकायको रुपमा सामुदायिक प्रहरी र महिला तथा बालबालिका सेवा केन्द्र समेत क्रियाशील रही आएका छन्।

मानवअधिकारको संरक्षणतर्फ नेपाल प्रहरीले दण्डहीनतालाई पश्रय नदिने नीती अवलम्बन गरेको छ। जसअनुरुप नेपाल प्रहरीका कुनै पनि सदस्यबाट मानवअधिकारको उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटना उपर अनुसन्धान गरी दोषी पाइएमा आवश्यकता अनुसार कारबाही गरिदै आएको छ। यसका अतिरीक्त कारबाहीमा पर्ने प्रहरीहरू संयुक्त राष्ट्र संघीय मिशनहरूमा जान नपाउने व्यवस्था गरिएको छ।

त्यसैगरी मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनका लागि नेपाल प्रहरीले मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग विभिन्न पक्षहरूमा सहकार्य गर्दै आईरहेको छ।

मानवअधिकार लोकतान्त्रिक व्यवस्थाको आधारभूत मापदण्ड हो तर कानुनी राज्यको निश्चितता विना आधारभूत मानवअधिकारको संरक्षण र लोकतान्त्रिक पद्धतिको विकास हुन सक्दैन। अत: राज्यको कानुन कार्यान्वयन गर्ने निकायको हैसियतले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि नेपाल प्रहरी सदैव प्रतिवद्ध एवं क्रियाशील रहेको छ। तथापी यसका निमित्त मानवअधिकारसँग सम्बन्धित सबै निकायहरूको त्यतिकै महत्वपूर्ण भूमीका रहेको हुन्छ। नेपाल प्रहरीमा मानवअधिकारको क्षेत्रमा क्रियाशील विशिष्ट निकायको रुपमा मानवअधिकार सेल हुँदाहुँदै पनि कतिपय संघ संस्थाहरूले यस सेलमा सिधै उजुरी नदिई अन्तराष्ट्रिय संघसंस्थाहरू मार्फत उजुरी प्राप्त हुने गरेको छ। यसबाट एकातिर अन्तराष्ट्रिय क्षेत्रमा नेपालको छविमा नकारात्मक प्रभाव पार्ने देखिन्छ भने अर्कोतिर ढिलो उजुरी प्राप्त भई अनुसन्धान तथा कारवाही प्रक्रियामा असर पुरन जान्छ। तसर्थ नेपाल प्रहरीसँग सम्बन्धित कुनै पनि उजुरीहरू यथाशीघ्र यस सेलमा उपलब्ध गराईदिनुहुन नेपाल प्रहरी सम्पूर्ण जनसमुदाय तथा संघ संस्थाहरूमा हार्दिक अपील गर्दछ।

अन्तमा आगामि दिनहरूमा नेपालमा मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनतर्फ राज्यका सबै तप्का, निकायहरू एवं नागरिक समाज अझ बढी सजग र सर्तक हुन आवश्यक भएको परिप्रेक्ष्यमा इन्सेक जस्तो संस्थाको भूमीका थप गहन भएको छ र कुनै निश्चित अवधारणा एवम् आस्थाभन्दा माथि उठेर यस महत्वपूर्ण उद्देश्यमा थप योगदान दिन इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामनाका साथ मानवअधिकार वर्षपुस्तक २००७ को पूर्ण सफलताको लागि समेत शुभेक्षा व्यक्त गर्दछौं।

मानवअधिकार सेल
प्रहरी प्रधान कार्यालय

अनुसूची ५

शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको दोस्रो समझदारी

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समझदारी कायम भएको कुरा सर्वविदितै छ। सो १२ बुँदे समझदारीपछि देशमा तीव्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समझदारी आम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न। साथै सो समझदारीप्रति अन्तर्राष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ। यो स्थितिमा यो समझदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं।

यहाँ हामी पुनःस्मरण गराउन चाहन्छौं कि "आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिवद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।"

उक्त प्रक्रियागत आधारमा हुने संविधान सभाको निर्वाचनमार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरूमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरू, नागरिक समाज, पेसागत समूह, जनवर्गीय संगठनहरू, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरू र आमजनसमुदायमा हार्दिक अपील गर्दछौं।

त्यसरी नै नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरूको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं।

१. **सात दलका तर्फबाट हस्ताक्षरकर्ता**
गिरिजाप्रसाद कोइराला, सभापति, नेपाली कांग्रेस
अमृतकुमार बोहरा, का.वा. महासचिव, नेकपा (एमाले)
शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस (प्र.)
लिलामणि पोखरेल, उपाध्यक्ष, जनमोर्चा नेपाल
नारायणमान विजुक्छे, अध्यक्ष, नेपाल मजदूर किसान पार्टी
राजेन्द्र महतो, महामन्त्री, नेपाल सद्भावना पार्टी
नन्दकुमार प्रसाई, अध्यक्ष, संयुक्त बाममोर्चा
२. **नेकपा (माओवादी) का तर्फबाट हस्ताक्षरकर्ता**
प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)

मिति : ०६२ चैत ६ गते

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविराम आचार-संहिता

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३।२।१२ मा गोकर्णमा सहमती भई दुईपक्षीय सहमतिद्वारा लागु गरिएको युद्धविराम आचार-संहिता देहाय बमोजिम रहेको छ।

प्रस्तावना

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवम् नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारीलाई पूर्णरूपले पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत् लोकतान्त्रिक मूल्य

मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै,

नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभावविना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरूप देहायको आचार संहिता जारी गरिएको छ :

भयमुक्त नागरिक जीवनको सुनिश्चितता

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन बिछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने।

५. हातहतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने।

जनतामा विश्वासको वातावरण निर्माण

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्ब्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको बाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दबाब नदिने।

जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

८. युद्धविराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरू नगर्ने। तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरू गर्न सकिने।

९. जनताका आधारभूत सेवा र सुविधा निर्बाधरूपले सञ्चालन हुन दिने।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडि बढाउने कुरामा कुनै बाधा व्यवधान नपुऱ्याउने।

११. खाद्यान्न, औषधी, विकास निर्माणका सामग्रीहरू तथा दैनिक उपभोगका वस्तुहरू ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने।

शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसञ्चालन

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने।

सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने।

१४. सञ्चार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने।

बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१५. कसैको इच्छा विपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने।

रिहाइ र पुनर्स्थापन

१६. विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने।

१७. बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने।

१८. विस्थापित भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने।

१९. द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने। सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने।

वार्ता सहजीकरण

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने।

अनुगमन

२१. दुवैपक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने।

विविध

२२. आचारसंहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवैपक्षको सहमतिबाट समस्याको सामाधान गरिने।

२३. प्रस्तावनाको भावना अनुरूप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने।

२४. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने।

२५. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने।

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
नेकपा(माओवादी)का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा

मिति : ०६३/२/१२

नेपाल सरकार र नेकपा (माओवादी) बीच कुपण्डोलमा सम्पन्न चार बुँदे सहमति

नेपाल सरकार र नेकपा(माओवादी) बीच मिति २०६३ साल असार १ गते सम्पन्न दोश्रो वार्तामा निम्न लिखित निर्णय भएको छ :-

१. सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूको सहभागितामा नेपाल सरकार र नेकपा (माओवादी) बीच यथाशीघ्र वार्ताको आयोजना गरिनेछ।

२. सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र नेपाल सरकार र नेकपा (माओवादी) बीच मिति २०६३।२।१२ मा भएको युद्धविराम आचार संहिताको कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको छ -

१. संयोजक डा. बीरेन्द्र मिश्र*	२. सदस्य डा.अर्जुन कार्की
३. सदस्य डा.ओम गुरुङ्ग	४. सदस्य प्रा. कपिल श्रेष्ठ
५. सदस्य डा.के.वि. रोकाया	६. सदस्य केशव भट्टराई
७. सदस्य कृष्ण पहाडी	८. सदस्य गौरी प्रधान
९. सदस्य चण्डिराज ढकाल	१०. सदस्य चरण प्रसाई
११. सदस्य तारानाथ दाहाल	१२.सदस्य निलाम्बर आचार्य
१३. सदस्य पदमलाल वि.क.	१४. सदस्य प्रा. डा. भूपति ढकाल
१५. सदस्य मल्ल के. सुन्दर	१६. सदस्य डा.महेश मास्के
१७. सदस्य माधव वास्कोटा	१८. सदस्य रमन श्रेष्ठ
१९. सदस्य डा.राममान श्रेष्ठ	२०. सदस्य वाङ्छे शेर्पा
२१. सदस्य विष्णु निष्ठुरी	२२. सदस्य विष्णुपुकार श्रेष्ठ
२३. सदस्य शान्ता श्रेष्ठ	२४. सदस्य श्याम श्रेष्ठ
२५. सदस्य शिव गाउँले	२६. सदस्य सुशील प्याकुरेल
२७. सदस्य ई.सरोज देवकोटा	२८. सदस्य डा. सुधा शर्मा
२९. सदस्य सुबोधराज प्याकुरेल	३०.सदस्य सुशिलचन्द्र अमात्य

३. युद्धविराम आचार संहिताको अनुगमन गर्न गठित राष्ट्रिय अनुगमन समितिलाई मानव अधिकार सम्बद्ध विषयहरूको अनुगमनमा सहयोग पुऱ्याउन तथा मानव अधिकारको अनुगमन गर्न संयुक्त राष्ट्र संघीय मानवाधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयलाई अनुरोध गर्ने।

४. सरकार माओवादीबीच सम्पन्न हुने वार्तामा निम्न महानुभावहरू पर्यवेक्षकको रुपमा रहनु हुनेछ -
   १. लक्ष्मणप्रसाद अर्याल
   २. देवेन्द्रराज पाण्डे
   ३. पद्मरत्न तुलाधर
   ४. दमननाथ ढुङ्गाना
   ५. मथुराप्रसाद श्रेष्ठ

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
नेकपा (माओवादी) का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा

मिति : २०६३ असार १ गते

* यस अघि मिति २०६३ असार १ मा डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उपरोक्त समिति गठन गरिएकोमा मिति २०६३ असार १२ को सहमति अनुसार डा. वीरेन्द्र मिश्रलाई संयोजक तोकिएको।

सात दल र नेकपा (माओवादी) बीच सम्पन्न आठ बुँदे सहमति

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ। बैठकमा सहमति भएका बुँदाहरू निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताका साथ कार्यान्वयन गर्ने।

२. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरूप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरू विघटन गर्ने।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने।

६. नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावविना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने। निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने।

७. संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने। लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरूसँग सम्बन्धित सबै कार्यहरू अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ।

सात राजनीतिक दलको तर्फबाट
श्री गिरिजाप्रसाद कोइराला
अध्यक्ष प्रधानमन्त्री तथा सभापति, नेपाली कांग्रेस
श्री माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)
श्री शेरबहादुर देउवा
सभापति। नेपाली कांग्रेस (प्रजातान्त्रिक)
श्री अमिक शेरचन
उप-प्रधानमन्त्री तथा अध्यक्ष जनमोर्चा नेपाल**श्री नारायणमान विजुक्छे**
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी
श्री भरतविमल यादल
उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
श्री प्रभुनारायण चौधरी
मन्त्री तथा अध्यक्ष, बाममोर्चा नेपाल

नेकपा (माओवादी) को तर्फबाट
प्रचण्ड
नेकपा (माओवादी)

मिति : २०६३।०३।०२ गते

युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा नेकपा (माओवादी) बीच सहमति भई मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा नेकपा (माओवादी) सहमत भएका छन् :

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोली बीच सहमति भै तयार गरिएको २५ बुँदे आचार संहितामा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अन्तर्राष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र

कार्यान्वयन गर्न लगाउने।

२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कहीं कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने।

३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको आठ बूँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचार संहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानविन र अनुसन्धान गर्ने एवं आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने।

५. अनुसन्धान र छानविन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा विना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने। यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदनमाथि छलफल गर्न कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र नेकपा (माओवादी) को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने।

७. अनुसन्धान, छानविन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र नेकपा (माओवादी) का प्रतिनिधिहरु रहेको उक्त संयुक्त समितिसमक्ष प्रस्तुत गर्ने। यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिश तथा प्रतिवेदन अनुगमन समितिका संयोजक मार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने। अनुगमन सम्बन्धी आवधिक एवं अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरु रहने। यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने। संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरु कार्यान्वयन गराउने। संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरु तथा स्थानीय अनुगमन टोलीहरु गठन गर्न सक्ने।

१०. राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने। सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्ताटोलीले गर्ने।

११. राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने।

१२. सबै राजनीतिक दलहरुका स्थानीय निकायहरु र मानवअधिकारवादी, नागरिक समाज लगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने।

१३. मानवअधिकार सम्बद्ध विषयहरुको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने।

१४. संविधान सभाको निर्वाचन पछि बन्ने संविधान लागु हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने।

१५. राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाण्डौमा रहने र नेपाल सरहदभित्र आवश्यकतानुसार अन्य कार्यलय स्थापना गर्न सकिने।

१६. राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहहिरु अभिलेखका रुपमा सुरक्षित राखिने।

१७. यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने।

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
नेकपा (माओवादी) का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा

मिति : २०६३।३। १२

संयुक्त राष्ट्रसंघ सक्षम नेपाल सरकारद्वारा प्रेषित पाँच बुँदे पत्र

महामहिमज्यू,

नेपालमा जारी शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको सहयोगका लागि अनुरोधका साथ लेखिएको जुलाई २ को पत्रतर्फ इंगित गर्न चाहन्छु। यसै सन्दर्भमा एक हप्ताअघि काठमाण्डौंबाट फर्केको संयुक्त राष्ट्र संघको टोलीले नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित व्यक्ति तथा संस्थासँग व्यापक तर उपलब्धिपूर्ण छलफल गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। मेरो जानकारीमा रहेसम्म उक्त टोलीले आफ्नो प्रतिवेदन यहाँसामु पेश गर्नेछ।

महामहिमज्यू, यसक्रममा सात दल र नेकपा (माओवादी) बीच जुन १६ मा सम्पन्न आठ बुँदे समझदारी र नेपाल सरकारले सहमतिका लागि व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल सरकार र नेकपा (माओवादी) संयुक्त राष्ट्र संघलाई नेपालमासंविधानसभाको स्वतन्त्र र निष्पक्ष चुनावका लागि वातावरण तयार गर्न र सम्पूर्ण शान्ति प्रक्रियाका लागि नै देहाय बमोजिमका क्षेत्रमा सहयोग गर्न अनुरोध गर्दछौं।

(क) संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकार अनुगमन जारी राख्ने
(ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने
(ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्ने र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। त्यसपछि हतियारसहितको सबै व्यवस्थापन सरकार, माओवादी र संयुक्त राष्ट्र संघको सल्लाहबमोजिम गर्ने
(घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चितताका खातिर संयुक्त राष्ट्र संघले अनुगमन गर्ने। यससम्बन्धी कार्यन्वयन सम्बन्धित पक्ष र संयुक्त राष्ट्र संघको सल्लाह अनुसार गर्ने
(ङ) दलहरुको परामर्शमा संविधानसभा निर्वाचन पर्यवेक्षण गर्ने

महामहिम ज्यू कृपया मेरो सक्दो प्रयास प्रति विश्वस्त रहनुहोस्।

महामहिम कोफी ए अन्नान
महासचिव
संयुक्त राष्ट्र संघ
संयुक्त राज्य अमेरिका

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री

मिति : २०६३ साउन २४ गते
(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

संयुक्त राष्ट्रसंघ सक्षम नेकपा (माओवादी) द्वारा प्रेषित पाँच बुँदे पत्र

महामहिमज्यू,

नेपालमा जारी शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको सहयोगका लागि अनुरोधका साथ लेखिएको जुलाई २४ को पत्रतर्फ इंगित गर्न चाहन्छु। यसै सन्दर्भमा एक हप्ताअघि काठमाण्डौंबाट फर्केको संयुक्त राष्ट्र संघको टोलीले नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित व्यक्ति तथा संस्थासँग व्यापक तर उपलब्धिपूर्ण छलफल गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। मेरो जानकारीमा रहेसम्म उक्त टोलीले आफ्नो प्रतिवेदन यहाँसामु पेश गर्नेछ।

महामहिमज्यू, यसक्रममा सात दल र नेकपा (माओवादी) बीच जुन १६ मा सम्पन्न आठ बुँदे समझदारी र नेपाल सरकारले सहमतिका लागि व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल सरकार र नेकपा (माओवादी) संयुक्त राष्ट्र संघलाई नेपालमासंविधानसभाको स्वतन्त्र र निष्पक्ष चुनावका लागि वातावरण तयार गर्न र सम्पूर्ण शान्ति प्रक्रियाका लागि नै देहाय बमोजिमका क्षेत्रमा सहयोग गर्न अनुरोध गर्दछौं।

(क) संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकार अनुगमन जारी राख्ने
(ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने
(ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्ने र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। त्यसपछि हतियारसहितको सबै व्यवस्थापन सरकार, माओवादी र संयुक्त राष्ट्र संघको सल्लाहबमोजिम गर्ने
(घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चितताका खातिर संयुक्त राष्ट्र संघले अनुगमन गर्ने। यससम्बन्धी कार्यन्वयन सम्बन्धित पक्ष र संयुक्त राष्ट्र संघको सल्लाह अनुसार गर्ने
(ङ) दलहरुको परामर्शमा संविधानसभा निर्वाचन पर्यवेक्षण गर्ने

महामहिम ज्यू कृपया मेरो सक्दो प्रयास प्रति विश्वस्त रहनुहोस्।

महामहिम कोफी ए अन्नान
महासचिव
संयुक्त राष्ट्र संघ
संयुक्त राज्य अमेरिक

प्रचण्ड
अध्यक्ष
केन्द्रीय समिति
नेकपा (माओवादी)

मिति : २०६३ साउन २४ गते
(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको

जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति र २५ बुँदे आचारसंहिता लगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्राचार प्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्दै राज्यको अग्रगामी पुर्नसंरचना गर्नुपर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउँदै,

नेपाली जनताको भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने दुवै पक्षको प्रतिवद्धतालाई कार्यान्वयन गर्न आज मिति २०६३ साल कार्तिक २१ गते सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको बैठकबाट निम्न लिखित निर्णयहरू भएका छन्।

१. विगतका सहमतिहरूको कार्यान्वयन सम्बन्धमा

(क) विगतमा गरिएका सबै समझदारी, सहमति र आचारसंहितालाई पूर्ण रूपले, इमानदारितापूर्वक र कडाइका साथ कार्यान्वयन गर्ने, गराउने।

(ख) विगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकहरूका सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्च स्तरीय छानबिन आयोग गठन गर्ने।

(ग) कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीव्रता दिने। विस्थापितहरू घर फर्किने वातावरण सुनिश्चित गर्ने। यस निम्ति जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने। यी सबै कार्यलाई एक महिनाभित्र पूर्णता दिने।

(घ) राज्य र नेकपा (माओवादी) द्वारा राजनीतिक नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका सबै आरोप र अभियोगहरू फिर्ता भएको सार्वजनिक घोषणा गर्ने र दुवैतर्फका राजनीतिक बन्दीहरूलाई तुरून्त रिहा गर्ने।

२. सेना र हतियार व्यवस्थापन सम्बन्धमा

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, २५ बुँदे आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँच बुँदे पत्रको भावनाअनुरूप निम्न कामहरू गर्ने :

माओवादी सेनाका सम्बन्धमा :

१. २०६३ साल साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी) को तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकुहरू निम्नलिखित स्थानहरूमा अस्थायी शिविरहरूमा सीमित रहने र संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने :

मुख्य शिविरहरू निम्न स्थानहरूमा रहने छन् :

१. कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. पाल्पा, ५. काभ्रे, ६. सिन्धुली, ७. इलाम। मुख्य शिविरहरू वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरू रहने छन्।

२. माओवादी सेनाका लडाकुहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठाबाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइनसहितको संयन्त्र सम्मिलित गर्ने। भण्डारण गरिएका हातहितयारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमनलगायत यससम्बन्धमा अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेकपा (माओवादी) र नेपाल सरकारको सहमतिले तयार गर्ने।

३. माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने।

४. माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने।

५. माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने।

नेपाली सेनाका सम्बन्धमा:

६. संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने।

उसका हातहतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने। माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र नेकपा (माओवादी) को सहमतिले तयार गर्ने।

७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने। अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। यसअन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गर्ने।

८. नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षा लगायतका कामहरूलाई निरन्तरता दिने।

३. अन्तरिम संविधानको विषयवस्तुबारे

१. अन्तरिम संविधानबारे

(क) अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई आज भएका सहमतिका आधारमा पूर्णता दिने।

(ख) पुनर्स्थापित प्रतिनिधिसभाद्वारा अन्तरिम संविधान जारी गरिनेछ र नवगठित अन्तरिम विधायिकाले उक्त संविधानलाई अनुमोदन गर्नेछ।

२. राजतन्त्रबारे

(क) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन।

(ख) स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर ट्रष्ट हितमा प्रयोग गर्ने।

(ग) राजाका हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तैः विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने।

(घ) राजसंस्था कायम राख्ने वा नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने।

३. अन्तरिम व्यवस्थापिका संसद्बारे

(क) अन्तरिम व्यवस्थापिका निम्नप्रकार एक सदनात्मक संसद् हुनेछ :

(अ) सात राजनीतिक दल र अन्य दलका हाल प्रतिनिधिसभा र राष्ट्रियसभाका निर्वाचित सदस्यहरूसमेत गरी २०९ जना
(जनआन्दोलनको विपक्षमा रहेकाहरू बाहेक)। संयुक्त वाममोर्चाको वर्तमान संसद्मा प्रतिनिधि नभएको हुँदा सहमतिका आधारमा मनोनयन गरिने।

(आ) नेकपा (माओवादी) का तर्फबाट ७३ जना

(ई) जनवर्गीय तथा पेशागत संगठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरू र राजनीतिक व्यक्तित्वहरूबाट ४८ जना (सहमतिको आधारमा मनोनित गर्ने)
कूल संख्या ३३०
तर जनआन्दोलनको विपक्षमा रहेकाहरू अन्तरिम व्यवस्थापिकामा रहने छैनन्।

(ख) अन्तरिम व्यवस्थापिकाको गठन भएपश्चात् पुनर्स्थापित प्रतिनिधिसभा र राष्ट्रिय सभा भंग हुने।

(ग) अन्तरिम व्यवस्थापिका-संसद् गठन भएको दिनदेखि नेकपा (माओवादी) को नेतृत्वमा रहँदै आएका जनसरकार, जनअदालत लगायतका सत्तासम्बद्ध सबै निकाय भंग हुने।

(घ) अन्तरिम व्यवस्थापिका राजनीतिक सहमतिका आधारमा सञ्चालन गर्ने।

४. अन्तरिम सरकारबारे

(क) सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद् गठन गर्ने।

(ख) अन्तरिम मन्त्रिपरिषद्को संरचना र कार्यविभाजन आपसी सहमतिबाट तय गर्ने।

(ग) अन्तरिम सरकारको सञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृतिअनुरूप गर्ने।

५. न्यायपालिकाबारे

(क) स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्य मान्यतालाई अनुशरण गर्ने।

(ख) न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने।

(ग) संविधानसभासम्बन्धी विवादहरूको निरूपण गर्न संवैधानिक अदालतको गठन गर्ने।

६. संवैधानिक अंगहरूबारे

(क) प्रधानमन्त्री, प्रधानन्यायाधीश र अन्तरिम व्यवस्थापिकाका सभामुखसहितको नयाँ संवैधानिक परिषद्को व्यवस्था गरेर यसमार्फत् संवैधानिक अंगहरूको नियुक्ति लगायतका विषयहरूमा सिफारिस गर्ने व्यवस्था मिलाउने। नियुक्तिहरू गर्दा निश्चित मापदण्डलाई आधार बनाउने।

(ख) सहमतिको आधारमा निर्वाचन आयोगलाई पूर्णता दिने।

७. स्थानीय निकायहरूबारे

(क) सात दल र नेकपा (माओवादी) को सहमतिले जिल्ला, नगर र गाउँस्तरमा अन्तरिम स्थानीय निकाय गठन गर्ने।

८. नागरिकता समस्यासम्बन्धमा

(क) संविधानसभाको निर्वाचन अगावै नागरिकताबाट वञ्चित सबै नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने।

(ख) २०४६ साल चैत्र मसान्तलाई आधार वर्ष मानी त्यसभन्दा अगाडि नेपालमा जन्म भई निरन्तर स्थायी बसोबास गर्दै आएका सबै नेपाली नागरिकहरूलाई सरल ढंगले नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था गर्ने।

(ग) नागरिकता प्राप्तिसम्बन्धी अन्य व्यवस्था कानुनमा उल्लेख भए बमोजिम हुने।

९. संविधानसभा निर्वाचन सम्बन्धमा

क) आगामी २०६४ जेठभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गर्न अन्तरिम मन्त्रिपरिषद्लाई अधिकार प्रदान गर्ने।

(ख) संविधानसभाको निर्वाचन मिश्रित प्रणालीको आधारमा गर्ने। २०५ सदस्य उम्मेदवारलाई मत दिने "पहिलो हुने निर्वाचित हुने" प्रणालीअनुसार र २०४ सदस्य पार्टीलाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने। यससम्बन्धमा निर्वाचन आयोगसँग छलफल गरेर कानुन बनाउने।

(ग) दलहरूले उम्मेदवारहरूको सूचीकृत गर्दा उत्पीडित जाति, क्षेत्र, मधेसी, महिला, दलित लगायत अन्य वर्गसमेतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने।

(घ) राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिरिषद्बाट मनोननित हुने १६ जना।

(ङ) संविधानसभाको कूल संख्या ४२५ कायम गर्ने।

(च) अन्तरिम संविधान जारी हुँदाका बखत १८ वर्ष पुगेका नेपाली नागरिक मतदाता हुने।

(छ) संविधानसभाको निर्वाचनको अनुगमन संयुक्त राष्ट्रसंघद्वारा गराउने।

१०. राज्यको ढाँचाबारे

(क) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेद्भावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने।

(ख) राज्यको पुनर्संरचनाका लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गर्ने।

(ग) राज्यको पुनर्संरचनाको अन्तिम टुंगो संविधानसभाले लगाउने।

११. आर्थिक-सामाजिक रूपान्तरणबारे निर्देशक सिद्धान्तहरू :

(क) सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने।

(ख) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति तय गर्ने।

(ग) राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुशरण गर्ने।

(घ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने।

(ङ) सुकुम्बासी, कमैया, हलिया, हरूवाचरुवा लगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने।

(च) सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कारबाही गर्ने, दण्डित गर्ने नीति लिने।

(छ) देशको आर्थिक सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने।

(ज) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिको लागि

लगानी गरी रोजगारी एवं आयआर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुशरण गर्ने।

४. द्वन्द्वपीडितहरूको व्यवस्थापन सम्बन्धमा

(१) सशस्त्र द्वन्द्वका क्रममा मारिएकाहरूको परिवारलाई तथा त्यस क्रममा घाइते भई अपांग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने।

(२) छानबिन आयोगको प्रतिवेदनको आधारमा बेपत्ता भएकाहरूको पीडित परिवारलाई राहत उपलब्ध गराउने।

(३) सशस्त्र द्वन्द्वका क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

(४) सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने।

५. विविध

(१) सबै सहमति र सम्झौताहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्न सहमतिले एक उच्चस्तरीय संयुक्त अनुगमन समिति गठन गर्ने।

(२) आचारसंहिता, समझदारी-सहमति, सम्झौता तथा कानुन विपरीतका गतिविधि एवं कामकारवाही गर्ने जोकसैलाई पनि सरकारले कारवाही गरी दण्डित गर्नेछ।

(३) गणतन्त्र, आर्थिक-सामाजिक रूपान्तरण, जनमतसंग्रह, निर्वाचन प्रणाली लगायत अहिले साझा सहमति कायम हुन नसकेका विषयहरूमा पार्टीहरू संविधानसभाको निर्वाचनको क्रममा आ-आफ्ना नीति र मतअनुसार प्रस्तुत हुन स्वतन्त्र हुनेछन्।

६. समय तालिका

(१) नेपाल सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता २०६३ कार्तिक ३० गतेसम्म गर्ने।

(२) उल्लिखित २(१) बमोजिम २०६३ मंसिर ५ गतेभित्र माओवादी सेनाका लडाकुहरू हातहतियारसहित निर्धारित शिविरमा जम्मा भइसक्ने र हतियार भण्डारण गर्ने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।

(३) उल्लिखित २(५) बमोजिम २०६३ मंसिर ५ गतेभित्र नेपाली सेना ब्यारेकभित्र सीमित रहने, निर्धारित हातहतियार भण्डारण गर्ने र त्यसको अनुगमन संयुक्त राष्ट्रसंघले गर्ने।

(४) २०६३ मंसिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने।

(५) २०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिकाको गठन गर्ने र प्रतिनिधिसभा र राष्ट्रियसभाको विघटन गर्ने।

(६) २०६३ मंसिर १५ सम्म अन्तरिम मन्त्रिपरिषद्को गठन गर्ने।

गिरिजाप्रसाद कोइराला — **प्रचण्ड**
प्रधानमन्त्री — अध्यक्ष, नेकपा (माओवादी)
तथा सभापति, नेपाली कांग्रेस
माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)
शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस (प्रजातान्त्रिक)
अमिक शेरचन
उप-प्रधानमन्त्री
तथा अध्यक्ष, जनमोर्चा नेपाल
भरतविमल यादव
उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदूर किसान पाटी
सी.पी. मैनाली
अध्यक्ष, संयुक्त वाम मोर्चा

एमालेको भिन्न मत

मंगलवार राती भएको सहमतिमा एमालेले भिन्न मतसहित सहमति जनाएको छ। एमालेले छुट्टै लेखेको भिन्न मतमा भनिएको छ- 'माथिका निर्णयहरूमा अन्य सबै दलहरूको सहमति भएकाले कार्यान्वयन गर्ने कुरामा सहमत हुँदै हाम्रो पार्टीको निम्नबमोजिम भिन्न मत रहेको छ :

(१) राजसंस्था राख्ने वा नराख्ने भन्नेबारेमा संविधानसभाको निर्वाचनसँगसँगै जनमतसंग्रह गर्नुपर्छ भन्ने नेकपा (एमाले) को भिन्न मत रहेको छ।

(२) संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै अपनाउनु सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने नेकपा (एमाले) को भिन्न मत रहेको छ।

मिति : २०६३ कात्तिक २२

नेपालका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीले संयुक्त राष्ट्रसंघका महासचिवलाई पठाउनु भएको पत्र

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष प्रचण्डले संविधानसभाको निर्वाचनका लागी स्वतन्त्र र निष्पक्ष वातावरण तयार गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्दै तल उल्लिखित क्षेत्रमा सहयोग गर्न २००६ अगष्ट ९ तारिखमा तपाईलाई सम्बोधन गरी पठाउनु भएको पत्रको स्मरण गराउन पाउँदा गौरन्वान्वित भएको छु।

क) संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालमार्फत मानवअधिकार अनुगमन जारी राख्ने

ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने

ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्न र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। पछि हातहतियार लगायत सबै सम्झौताको ढाँचाका सम्बन्धमा सरकार, माओवादी र संयुक्त राष्ट्रसंघ बिच सहकार्य हुने

घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघले अनुगमन गर्ने। यसको ढाँचाका सम्बन्धमा सम्बन्धित पक्षहरु र संयुक्त राष्ट्र संघ बिच सहकार्य हुने

ङ) सम्बन्धित पक्षहरुसंगको परामर्श अनुरुप संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्ने

माथि उल्लेखित अनुरोधलाई सम्बोधन गर्दै आफ्नो विशेष प्रतिनिधि नियुक्त गर्नु भएकोमा नेपाल सरकार कृतज्ञता व्यक्त गर्दछ। त्यसयता नेपाल सरकार र नेकपा माओवादी तपाईको विशेष प्रतिनिधिसँग यी विषयमा काम गरिरहेका छन्। सात दल गठबन्धन र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच नोभेम्वर ८ तारेखमा तथा नेपाल सरकारद्धारा पछि अनुमोदन भएको सहमति बमोजिम ९ अगष्ट २००६ मा पठाइएको पत्रमा उल्लेख गरिएका पाँच बुँदाहरु बाहेक निम्न विशेष क्षेत्रहरुमा संयुक्त राष्ट्रसँघको सहयोगको खाँचो रहेको जानकारी गराउन पाँउदा म आफू सम्मानित भएको महसुश गर्दछु।

१. नेपाल सरकार र नेकपा (माओवादी)द्धारा २००६ अगष्ट ९ मा संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त गरिएको प्रतिवद्धता अनुसार माओवादी लडाकुहरु निम्नलिखित जिल्लाहरुमा स्थापना गरिने शिविरहरुमा पठाइने छन् : कैलाली, सुर्खेत, रोल्पा, काभ्रे, सिन्धुली र इलाम। प्रत्येक शिविरको समीप रहेर तीन उपशिविरहरु स्थापना गरिने छन्। संयुक्त राष्ट्रसंघले तिनको आवश्यक प्रमाणीकरण र अनुगमन गर्नेछ,

२. माओवादी लडाकुहरुलाई शिविरमा पठाइएपछि शिविर सुरक्षाकालागि चाहिने बाहेक नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सबै हतियार र विष्फोटक पदार्थ सुरक्षित रुपमा भण्डारण गर्ने। हतियार र विष्फोटक पदार्थलाई एकल ताल्चा लगाउने र यसको साँचो सम्बन्धित पक्षले राख्ने। संयुक्त राष्टसंघको अनुगमनकालागि साइरन र रेकर्डिङ्ग सुविधा जडान गरिने छ। संयुक्त राष्ट्रसंघले भण्डारण गरिएका हतियारहरु संवन्धित पक्षको उपस्थितिमा आवश्यक निगरानी गर्ने। अनुगमनकालागि क्यामेरालगायत सबै प्रविधि नेपाल सरकार, नेकपा माओवादी र संयुक्त राष्ट्रसंघबीच सम्झौताका आधारमा तयार गरिने

३. संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त गरिएको प्रतिवद्धता अनुसार नेपाली सेना व्यारेकमै सिमित रहनेछ। यसको हतियार कसैका लागि वा विरुद्धमा प्रयोग नगरिने पनि प्रत्याभूत गरिनेछ। समान संख्यामा नेपाली सेनाका हतियार एकल ताल्चा व्यवस्था अनुसार भण्डारण गरिने र साँचो सम्बन्धित पक्षले राख्न सक्नेछ। संयुक्त राष्टसंघको अनुगमनकालागि साइरन र रेकर्डिङ्ग सुविधा जडान गरिनेछ। संयुक्त राष्ट्रसंघले भण्डारण गरिएका हतियारहरु संवन्धित पक्षको उपस्थितिमा आवश्यक निगरानी गर्नेछ। अनुगमनकालागि क्यामेरालगायत सबै प्रविधि नेपाल सरकार, नेकपा माओवादी र संयुक्त राष्ट्रसंघबीच सम्झौताका आधारमा तयार गरिने

४. जेठमा हुने भनिएको संविधानसभाको निर्वाचनको अनुगमन संयुक्त राष्ट्र संघले गर्नेछ। संविधानसभाको निर्वाचनकालागि महत्वपूर्ण कार्यहरुलाई पूरा गर्न अनुरोध गरिएको सहयोग जतिसक्दो चाँडो उपलब्ध गराउनकालागि अनुरोध गर्न पाँउदा गौरन्वान्वित भएको महसुश गरेको छु। निर्वाचन सहयोगलगायत संयुक्त राष्ट्रसंघको कार्य तथा सहयोग क्षेत्रको विवरण नेपाल सरकार, नेकपा माओवादी र संयुक्त राष्ट्रबीच छलफल भइरहेको छ र त्यसको जानकारी तपाईलाई चाँडैनै गराइने छ। सम्झौता गरिए अनुसारको समय तालिका अनुसार, संयुक्त राष्ट्र संघले माओवादी शिविर र

लडाकुहरुको प्रमाणीकरण र अनुगमन नोभेम्बर २१ सम्ममा उनीहरु क्यापममा पुगे पश्चात सुरु गर्ने छ।

त्यसबेला सम्ममा नेपाल सेना पनि संयुक्त राष्ट्रसंघको अनुगमनकालागि तोकिएको संख्यामा हतियार भण्डारण गरी व्यारेकभित्र सिमिति हुनेछ। नोभेम्बर २६ सम्ममा अन्तरीम संविधान जारी गर्ने र अन्तरिम विधायिका गठन हने योजना रहेको छ र डिसेम्बर १ सम्म अन्तरिम क्याविनेट गठन गरिने छ। संयुक्त राष्ट्र संघद्धारा सचिवालय र तपाईंको विशेष प्रतिनिधिमार्फत प्राप्त तपाईंको व्यक्तिगत सहयोग प्रति नेपाल सरकारका तर्फबाट म धन्यवाद व्यक्त गर्न चाहन्छु।

(हस्ताक्षर)

के.पी. शर्मा ओली

मिति : २०६३ कात्तिक ३० गते

(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौता

प्रस्तावना

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, आठबुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २५ बुँदे आचारसंहिता, ०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू लगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुन:संरचना गर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा ०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै,

नेपाल सरकार र नेकपा (माओवादी) का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धताका साथ नेपाल सरकार र नेकपा (माओवादी) का बीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ।

१. **प्रारम्भिक**

१.१ यस सम्झौताको नाम विस्तृत शान्ति सम्झौता, २०६३ रहेको छ। छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिनेछ।

१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणामार्फत आजैका मितिदेखि लागू हुनेछ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने/गराउनेछन्।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्षबीच भएका सबै सहमति, समझदारी,आचारसंहिता र निर्णयहरू यस सम्झौताका अभिन्न अङ्ग मानिनेछन्।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकताअनुसार पछि गरिने सहमति र सम्झौताहरू पनि यसैका अंग मानिने छन्।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस

सम्झौतामा :

(क) '**युद्धविराम**' भन्नाले नेपाल सरकार तथा नेकपा (माओवादी) बीच एकअर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरूको परिचालन, सुदृढीकरण, आक्रामक एवम् हिंसात्मक कारबाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ।

(ख) '**अन्तरिम संविधान**' भन्नाले संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मका लागि जारी गरिने "नेपालको अन्तरिम संविधान २०६३" लाई जनाउँछ।

(ग) '**अन्तरिम मन्त्रिपरिषद्**' भन्नाले अन्तरिम संविधानबमोजिम गठन हुने "अन्तरिम मन्त्रिपरिषद्" लाई जनाउँछ।

(घ) '**दुवै पक्ष**' भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ।

(ङ) '**प्रचलित कानुन**' भन्नाले नेपालको अन्तरिम संविधान २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ। तर, यस परिभाषाले अन्तरिम संविधान ०६३ जारी हुनुअघिको कानुनी व्यवस्थालाई बाधा पुऱ्याउने छैन।

(च) '**प्रमाणीकरण**' भन्नाले संयुक्त राष्ट्र संघले सेना, लडाकू र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ।

३. राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन

दुवै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरणको नीति तथा कार्यक्रम अवलम्बन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढंगले व्यवस्थापन गर्न सहमत छन् :

३.१ २०६३ कात्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने।

३.२ अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका- संसद् गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी ०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने।

३.३ मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने। स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने। राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने। राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने।

३.४ विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने।

३.५ वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने।

३.६ सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने।

३.७ सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने।

३.८ राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुशरण गर्ने।

३.९ शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने।

३.१० सुकुम्वासी, कमैया, हलिया, हरूवाचरुवा लगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने।

३.११ सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने।

३.१२ देशको आर्थिक-सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटो, समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने।

३.१३ श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवम् आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुशरण गर्ने।

४. सेना र हतियार व्यवस्थापन

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुन:संरचना गर्न विगतमा भएका १२ बुँदे समझदारी, आठबुँदे सहमति, २५ बुँदे आचारसंहिता, संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँचबुँदे पत्र र कात्तिक २२ गते सम्पन्न शीर्षनेताहरूको बैठकका निर्णयहरू अनुरूप निम्न कामहरू गर्ने :

माओवादी सेनाको सम्बन्धमा

४.१ २०६३ साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी) का तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धता अनुसार माओवादी सेनाका लडाकूहरू (Combatants) निम्नलिखित स्थानहरूमा अस्थायी शिविरहरू (Cantonments) मा सीमित रहने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।

मुख्य शिविरहरू निम्न स्थानहरूमा रहने छन् : १. कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. नवलपरासी, ५. चितवन, ६. सिन्धुली, ७. इलाम।

मुख्य शिविरहरू वरिपरि तीन/तीनवटाका दरले सहायक शिविरहरू रहनेछन्।

४.२ माओवादी सेनाका लडाकूहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा बाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेकपा (माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने।

४.३ माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने।

४.४ माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने।

४.५ माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने।

नेपाली सेनाको सम्बन्धमा

४.६ संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धता अनुसार नेपाली सेना ब्यारेक भित्र सीमित रहने। उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने। माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र नेकपा (माओवादी) को सहमतिले तयार गर्ने।

४.७ नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने। अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गर्ने।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामहरूलाई निरन्तता दिने।

५. युद्धविराम

५.१ सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्य :

५.१.१ दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्दछन् :

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एकअर्काप्रति लक्षित कुनै पनि किसिमको हातहतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

(ख) दुवै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहितरूपमा अर्को पक्षको हातहतियार खानतलासी वा बरामदी गर्ने कार्य,

(ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दबाब पुऱ्याउने कार्य,

(घ) एकअर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

(ङ) हत्या तथा हिंसात्मक कारबाहीहरू

(च) अपहरण/पक्राउ/ थुनछेक/बेपत्ता पार्ने कार्य

(छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

(ज) हवाई आक्रमण वा बम्बारी,

(झ) जमिनमुनि बारुद बिछ्याउने कार्य (माइनिङ्) र विध्वंसात्मक कार्य (स्यावोटेज),

(ञ) एकअर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगट्ठा तथा विस्फोटक पदार्थ ओसारपसार वा एकअर्का विरुद्ध सैनिक हर्कत गर्ने छैनन्।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हातहतियार, विस्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थ जस्ता सामानहरू गैरकानुनी रूपमा ओसारपसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा बरामदी गर्न सक्नेछ।

५.१.३ कुनै पनि व्यक्ति वा समूह अवैध हातहतियार, गोलीगट्ठा र विस्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन्।

५.१.४ दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एकअर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्नेछन्।

५.१.५ कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोसाकसहित उपस्थित हुने छैनन्।

५.१.६ नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति संझौताको मर्म र भावनाअनुरूप तथा प्रचलित कानुन बमोजिम कानुन व्यवस्था र शान्ति सुव्यवस्था एवम् अपराध अनुसन्धानको कार्य चालू राख्नेछ।

५.१.७ एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई "शत्रु" भनी सम्बोधन गर्न र व्यवहार गर्नसमेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन्।

५.१.८ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरू लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्दछन्।

५.२ स्थिति सामान्यीकरणका उपायहरू

५.२.१ इच्छाविपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुली गर्न पाइने छैन।

५.२.२ आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन्।

५.२.३ दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन्।

५.२.४ दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन्।

५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्।

५.२.६ दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताका साथ देशमा विद्यमान सबै स्वरूपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन्। शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एकअर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ।

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले

आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुन:निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुनर्स्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन्।

५.२.९ उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरू आपसी सहमतिको आधारमा समाधान गर्न एवम् आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा सबै राजनीतिक दलहरू, नागरिक समाज र स्थानीय संघसंस्थाहरू समेतको सहयोगमा व्यक्तिगत तथा सामूहिक रूपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न/गराउन दुवै पक्ष सहमत छन्।

५.२.१० दुवै पक्ष परिवारका कुनै सदस्य एकअर्का पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरूमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाव नदिन प्रतिबद्धता जाहेर गर्दछन्।

५.२.११ नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रूपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्य सम्पादनको क्रममा तिनीहरूलाई कुनै पनि किसिमको वाधा-अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन्।

५.२.१२ संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ समुदाय लगायत नेपालस्थित कूटनीतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, प्रेस, मानवअधिकारवादीहरू, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरूलाई नेपाल राज्यभित्र कानुन बमोजिम निर्वाध आवतजावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन्।

५.२.१३ दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरू शिष्ट र मर्यादित ढङ्गले संचालन गर्न प्रतिबद्ध छन्।

६. युद्ध समाप्ति

६.१ २०६३ कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिका आधारमा सरकार-माओवादीबीच चालू युद्धविरामलाई स्थायी रूप दिदै ०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं।

६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको ०६३ कार्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरू दीर्घकालीन शान्तिका लागि मूल नीतिगत आधार हुनेछन्।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा आइसकेपछि सहमति, सम्झौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन गर्न, डरत्रास र कुनै पनि रूपमा हिंसा र हतियारको प्रयोग गर्न कानुनत: दण्डनीय हुनेछ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न र पक्ष-विपक्षमा लाग्न पाउने छैनन् तर, उनीहरूलाई मताधिकारबाट वञ्चित गरिने छैन।

७. मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै दुवै पक्ष देहायका विषयहरूमा आफ्नो सहमति जनाउँछन् :

७.१ मानवअधिकार

७.१.१ दुवै पक्षले मानवअधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धताको पुन:पुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जातजाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाका आधारमा भेदभाव हुनुहुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन्।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन् नहुने वातावरण बनाउन प्रतिबद्ध छन्।

७.१.३ दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार निष्पक्ष छानविन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबर्जस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारवाही समेत गर्नेछन्।

७.१.५ दुवै पक्षले धर्म निरपेक्षताको मूल्य-मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक

संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन्।

७.२ बाँच्न पाउने अधिकार :

७.२.१ दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन्। कसैलाई पनि यो आधारभूत अधिकारबाट वञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन।

७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

७.३.१ दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन्। यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन्। कानुनत: नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ।

७.३.२ दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन्। दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन्।

७.३.३ दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोवासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाउँमा बसोवास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन्।

७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१ दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषणविरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिबद्ध छन्।

७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन्।

७.४.३ दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्ध छन्।

७.५ आर्थिक-सामाजिक अधिकार

७.५.१ व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवन यापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिबद्ध छन्।

७.५.२ दुवै पक्ष सबै जनताको खाद्य सुरक्षासम्बन्धी हकको सम्मान एवम् प्रत्याभूति गर्न प्रतिबद्ध छन्। खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन्।

७.५.३ दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन्। दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधि उपचार गर्न एवम् पुनर्स्थापनाको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछन्।

७.५.४ दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिबद्ध छन्। दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन्। शिक्षण संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरूलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य व्यारेक नराख्न सहमति व्यक्त गर्दछन्।

७.५.५. कानुनबमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन्।

७.५.६ दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्वल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदाबाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरूलाई शान्तिपूर्ण रूपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन्।

७.६ महिला तथा बालबालिकाको अधिकार

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिका विरुद्ध हुने बालश्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रूपमा सहमत छन्। यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिने छन् र तिनीहरूको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ।

गिरिजाप्रसाद कोइराला	**प्रचण्ड**
प्रधानमन्त्री	अध्यक्ष
नेपाल सरकार	नेकपा (माओवादी)

०६३ मंसिर ५ गते

हतियार र सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता

प्रस्तावना

संयुक्त राष्ट्रसंघका महासचिवलाई ९ अगस्टमा पठाइएको पत्र र २१ नोभेम्बर २००६ को बृहत् शान्ति सम्झौतामा आधारित-

संविधानसभाको चुनावमा स्वतन्त्र र निष्पक्ष तथा बिना त्रास भाग लिने नेपाली जनताको आधारभूत अधिकारलाई प्रत्याभूति दिन्छ, संविधानसभामार्फत नेपाली जनताको सार्वभौमिकताको सुनिश्चितता, प्रगतिशील राजनीतिक निकास, मुलुकको लोकतान्त्रिक पुनर्संरचना र सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरण गर्ने उद्देश्यले भएको द्विपक्षीय बृहत् शान्ति सम्झौतामा आधारित भएर सन् १९९६ देखि देशमा विद्यमान सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण लोकतान्त्रिक उपस्थिति भएको द्विपक्षीय सम्झौताका बुँदाहरूलाई पूर्ण पालना गर्ने चाहना स्वीकार्दछ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार माओवादी लडाकूहरू र तिनका हतियारहरूलाई निर्धारित शिविर क्षेत्रहरूमा राख्ने र नेपाल सेनालाई ब्यारेकमै राखेर त्यसका हतियार कुनै पनि पक्षविरुद्ध प्रयोग नभएको सुनिश्चितता अनुगमनमा सघाउन र दुवै पक्षका हतियार र सेना व्यवस्थापनको अनुगमन गर्न संयुक्त राष्ट्रसंघका नागरिक अनुगमनकर्ताहरू तैनाथ गर्न दुवै पक्ष सहमत भएका छन्।

१. सम्झौताको प्रारूप

१.१ उद्देश्य

सामाजिक तथा जुक्तिपूर्ण परिणाम निस्किने खालको सैनिक पुनर्परिचालन गतिविधिमा कुनै पनि पक्ष सामेल हुने छैन।

यो सम्झौता उल्लंघन भएको कुनै पनि दावी चाहे प्रमाणित होस् वा नहोस्, त्यसको सूचना संयुक्त राष्ट्रसंघ अनुगमनकर्तालाई दिइनेछ र त्यसपछि नेपालस्थित राष्ट्रसंघीय नियोगका उचित प्रतिनिधिमार्फत सम्बधित पक्षहरूलाई त्यसको सूचना दिइनेछ।

अन्तरिम सरकारले परिचालन गर्ने सुरक्षाबललाई अवैध तवरमा हतियार र हतियार निर्माणमा प्रयोग हुने विस्फोटक पदार्थ र कच्चा पदार्थको ओसारपसार रोक्न र जफत गर्न अन्तर्राष्ट्रिय सीमा र नाकामा नियमित गस्ती गर्ने अधिकार हुनेछ।

नेपालको कानुनबमोजिम संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ संस्थाहरू, नेपालस्थित कूटनीतिक नियोगहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संगठनहरू, प्रेस, मानवअधिकारकर्मी, निर्वाचन पर्यवेक्षक र विदेशी पर्यटकलाई निर्बाध यात्रा गर्न दिन दुवै पक्ष सहमत भएका छन्। दुवै पक्ष संयुक्त राष्ट्रसंघ नियोग र त्यससँग सम्बन्धित कर्मचारी, सरसामान र सेवालाई नेपालको कुनै पनि भागमा सुरक्षा र सञ्चालन स्वतन्त्रतालाई सम्मान गर्दछ।

दुवै पक्ष हतियारको अवैध ओसारपसार र सशस्त्र समूहको घूसपैठलाई नियन्त्रण गर्ने कार्यमा आवश्यक कदम तत्कालै चाल्न आपसमा सहयोग गर्नेछ।

दुवै पक्ष सशस्त्र सेनामा १८ वर्षभन्दा मुनिका बालबालिकालाई समावेश नगराउन पूर्ण सहमत भएका छन्। यसउप्रान्त प्रभावित बालबालिकाहरूलाई तत्कालै उद्धार गरी उनीहरूको पुनर्वासका लागि आवश्यक र उचित सहयोग उपलब्ध गराइनेछ।

१.२ परिभाषा

निम्नअनुसारका परिभाषाहरू स्वीकार गरिएका छन्:

१. (माओवादी) सेनाको शिविर भनेको हतियार, गोलीगट्ठा र उपकरणसहितका माओवादी लडाकू एकाईलाई बास र सेवा व्यवस्थासहितका भौगोलिक रूपले स्पष्ट तोकिएको क्षेत्र र अस्थायी तवरमा बनाइएको शिविर हो।

२. (नेपाल सेना) को ब्यारेक भन्नाले नेपाल सेना एकाइलाई हतियार, गोलीगट्ठा र उपकरणसहित ब्यारेकमा राख्ने हो। कम्पनी स्तरभन्दा कमका एकाइलाई यो सम्झौतामा उल्लिखित गतिविधि वा सम्बद्ध पक्षबीच आपसी सहमतिमा बाहेक स्वतन्त्र रूपले परिचालन गरिने छैन।

३. सुरक्षित हतियार भण्डारण क्षेत्र भनेको नियमित हतियार

भण्डारका लागि प्रयोग हुने भण्डारसहितको सैनिक ब्यारेक वा जिम्मेवार एकाइको नियन्त्रण र सुरक्षामा रहेका शिविर क्षेत्रका भण्डारहरू हुन्।

४. 'पक्षहरू' भन्नाले नेपाल सरकार (नेपाल सेनासहित) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) (माओवादी सेनासहित) हुन्।

५. संयुक्त राष्ट्रसंघ अनुगमन भन्नाले यस सम्झौतामा रहेका सर्तहरूअन्तर्गत सम्बन्धित अनुरोधलाई पहिल्याउन र प्राप्त परिणामबारे सम्बद्ध सबै पक्षलाई जानकारी दिन संयुक्त राष्ट्रसंघले गर्ने सबै कार्यहरू हुन्।

६. संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) भनेको संयुक्त राष्ट्रसंघको अध्यक्षतामा सम्बन्धित पक्षहरू सदस्य रहेको अनुगमन, समन्वय र रिपोर्ट गर्ने निकाय हो। जेएमसीसीको जिम्मेवारी यस सम्झौतामा पार्टीहरूबीचको सहमति सुपरिवेक्षण गर्ने रहेको छ।

७. संयुक्त अनुगमन टोली (जेएमटी) भनेको युद्धविराम अनुगमन गर्न सहयोग पुऱ्याउने निकाय हो। जेएमटी, क्षेत्रीय र स्थानीय तह र घुम्ती टोलीमा सक्रिय हुनेछ।

८. माओवादी सैनिक लडाकूहरू यस सम्झौताका लागि २५ मे २००६ अघि माओवादी सेनामा भर्ती भएका नियमित सक्रिय सदस्यहरूलाई सामेल गरिएको छ।

१.३ प्रवर्द्धन

पार्टीहरूले आफ्ना कमान्डर, सदस्यहरू र सम्बद्ध समूहबीच यस सम्झौता र यसका प्रावधानप्रति जागरूकता बढाउनुपर्छ।

१.४ चरणहरू

यो सम्झौतामा हस्ताक्षर भएपछि लागू हुनेछ। यी चरणहरू निम्नअनुसार हुनेछ:

१. रिपोर्ट गर्नु र रुजु गर्नु।
२. सेनाको पुनर्परिचालन।
३. माओवादी सैनिक शिविर, नेपाल सेनालाई ब्यारेकमा राख्नु र हतियार नियन्त्रण गर्नु।
४. सम्झौताप्रति पूर्ण सहमति।

२. रिपोर्ट गर्नु र रुजु गर्नु

पार्टीहरूले तिनीहरूका सेनाबारे दिने विस्तृत सूचनालाई संयुक्त राष्ट्रसंघले गोप्य राख्नेछ। पार्टीहरूले वर्तमान व्यवस्थापनका नक्सा, चित्रहरू उपलब्ध गराउनेछन्। जसमा यी कुराहरू हुनेछन्:

१. युद्ध सेनाको संरचना, संगठन, परिचालन र सैनिक संख्या।
२. जमिनमुनिका बारुदी सुरुङ, विस्फोट नभएका गोलीगट्ठाहरू, विस्फोटक पदार्थहरू आदि।
३. शिविरसम्बन्धी सडक, बाटोसम्बन्धी सबै आवश्यक जानकारीहरू,
४. दुवै पक्षसँग काम गरिएका सशस्त्र र नि:शस्त्र समूह र तिनका दायित्वबारे सूचना।
५. हतियार र सेना व्यवस्थापनको उचित अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई चाहिने अरु सूचनाहरू।

३. सेनाको पुनः परिचालन र जमाव

नेपाल सेना र माओवादी सेनाको सैनिकहरूको पुन: परिचालन र जमावका लागि संयुक्त राष्ट्रसंघलाई समग्र योजना, समय र बाटो उपलब्ध गराउनुपर्नेछ।

ब्यारेकमा रहेका नेपाल सेना र शिविर क्षेत्रमा रहेका माओवादी सेना सबैलाई नेपालमा परिचालन र जमाव काम संयुक्त राष्ट्रसंघको परामर्शमा गर्नुपर्नेछ।

दुवै पक्षबाट सरकारी, सार्वजनिक र निजी भवन, भूमि र अन्य सम्पत्तिहरूको लागत राखी तत्कालै फर्काउने सहमति व्यक्त भएको छ।

पार्टीहरूले यस सम्झौतामा स्पष्टसँग स्वीकृति दिएर बाहेक) आफ्ना सबै सेना र अर्धसेनालाई जाँच नाकाहरूबाट फिर्ता गरी भयमुक्त वातावरण सिर्जना तथा निर्वाध गतिविधिलाई सुनिश्चित गर्नेछन्।

नेपाल प्रहरी र सशस्त्र बलले जनआन्दोलन र शान्ति सम्झौता र विद्यमान कानुनमुताविक शान्ति व्यवस्था कायम राख्ने र अपराधीविरुद्ध कारवाही जारी राख्नेछ। दुवै पार्टी देशको कुनै पनि भागमा र राज्यको कुनै पनि संयन्त्रमा समानान्तर वा अन्य प्रकारका संयन्त्र सञ्चालन नगर्न सहमत भएका छन्।

४. माओवादी सैनिक शिविर, नेपाली सेनालाई ब्यारेकमा राख्ने र हतियार नियन्त्रण

४.१ माओवादी सैनिक शिविर

संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा अभिव्यक्त वचनबद्धताअनुसार माओवादी सैनिक र तिनका हतियारहरू निर्धारित शिविर क्षेत्रमा राखिनेछन्। अस्थायी शिविरहरूमा माओवादी लडाकूहरू बस्न थालेपछि नेपाल सरकारले तिनीहरूलाई खाना र अन्य आवश्यकताहरूको व्यवस्था र पूर्ति गर्नेछ।

४.१.१ कमान्डरहरूको जिम्मेवारी

सामान्य माओवादी सेनाको कमान्ड नियन्त्रण, सञ्चार र सूचनालाई माओवादी सैनिक शिविर नियन्त्रणमा उपयोग गरिनेछ।

जम्मा सातवटा मुख्य शिविर हुनेछ र प्रत्येक

तीन-तीनवटा गरी २१ वटा सहायक शिविरहरू हुनेछन्। सहायक शिविरहरू मुख्य शिविरबाट दुई घण्टाभन्दा बढी यातायात दूरी नहुने गरी स्थापना गरिनेछ।

मुख्य सातवटा शिविरहरू माओवादी सैनिक क्षेत्र कमान्डरको निर्देशन, नियन्त्रण, सञ्चार र सूचनाअन्तर्गत तथा सहायक शिविरहरू निर्धारित सहायक कमान्डरअन्तर्गत रहनेछन्।

क्षेत्र कमान्डरहरूले प्रत्येक क्षेत्रबारे राष्ट्रसंघ नियोगलाई निम्न सूचनाहरू विस्तृतरुपमा दिनुपर्नेछ:

१. नक्सामा उल्लिखित एकाइ र उपएकाइका ढाँचा।
२. कम्पनी स्तरदेखिका कमान्डरका नामहरू।
३. सञ्चार प्रणाली।
४. कर्मचारीहरूको पूर्ण सूची।
५. हतियारको पूर्ण सूची।
६. गोली गट्ठाको प्रकार, लट नम्बर र संख्या।
७. शिविर सुरक्षा गार्डहरूको नामावली तथा हतियार तथा गोली गट्ठाको सम्पूर्ण सूची।

शिविर क्षेत्र कमान्डरका दायित्वहरू

१. शिविरको नियन्त्रणलगायत सुरक्षा।
२. राष्ट्रसंघ र सम्बद्ध कर्मचारी सुरक्षा, सामान र सेवाको सुरक्षा, स्वतन्त्रता र राम्रो स्थितिको सम्मान गर्ने।
३. राष्ट्रसंघीय प्रतिनिधिसँगको सहयोगमा सूचना उपलब्ध गराउने।
४. प्रत्यक्ष गोली हान्ने अभ्यासबाहेक बृहत् शान्ति सम्झौतामा भावनाअनुरूप अनुसन्धान नैतिक तथा सामान्य तालिम।
५. दैनिक कार्यक्रम र सेनाको नियन्त्रण।
६. बन्दोवस्ती तथा शिविर सेवा (नेपाल सरकार र अन्य सहयोगी निकायको सहयोगमा)

४.१.२ हतियार भण्डार तथा नियन्त्रण

दलहरूबीच राष्ट्रसंघको निरीक्षणका सातवटा प्रमुख क्यान्टनमेन्टमा सबै माओवादी हतियार तथा गोलाबारुद सुरक्षित भण्डार गर्न सहमत भएको छ। यसमा अत्यावश्यक सुरक्षाका लागि उपलब्ध गराइने हतियार समावेश हुने छैन। दुवै पक्षले सशस्त्र द्वन्द्वका बेला प्रयोग गरिएका धराप तथा बारुदी सुरुङका विषयमा ३० दिनभित्र एकले अर्कोलाई जानकारी दिएर चिनो लगाउने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ र त्यसलाई ६० दिनभित्र निष्क्रिय वा हटाउन र नष्ट गर्नुपर्नेछ। सबै विनाशकारी विस्फोटक पदार्थलाई प्रमुख शिविर क्षेत्रबाट सुरक्षित दूरीमा बनाइएको क्षेत्रमा संकलन गरिनेछ। असुरक्षित हुन सक्ने विस्फोटक सामग्रीहरू तत्काल नष्ट गरिनेछ। पक्काखालका पदार्थहरूलाई २४ घण्टा सशस्त्र पहरामा सुरक्षित राखिनेछ। राष्ट्रसंघको परामर्शमा दलहरूले सबै विनाशकारी विस्फोटक पदार्थ नष्ट गर्नका लागि समयतालिका र प्रक्रियाको निर्क्यौल गरिनेछ। अनुगमनकर्ता र माओवादी सेनाको सुरक्षा सुनिश्चित गर्न बिगारिएका विस्फोटक यन्त्र वा कच्चा बमहरू शिविर क्षेत्रभित्र ल्याउन दिनेछैन।

प्रमुख शिविर क्षेत्रमा हतियार तथा गोलाबारुद भण्डारको सुरक्षा निम्नलिखित तरिकाबाट गरिनेछ।

१. विशेष क्षेत्रलाई ताल्चासहितको ढोका राखिएको पर्खालले घेरिनेछ। पर्खालमा निषेधित क्षेत्र थाहा हुने संकेत राखिनेछ।
२. हतियार भण्डार डिपो सेतो पोतिएका बाकस र सुरक्षित हतियार भण्डारका लागि दराजबाट बनेको हुनेछ। यसमा हतियारको किसिम, सिरियल नं. सहितको सूची रहनेछ।
३. राष्ट्रसंघले उपलब्ध गराएको एकल ताल्चा भण्डार बाकसमा लगाइएको हुनेछ। उक्त ताल्चाको साँचो प्रमुख शिविरका कमान्डरसँग रहनेछ। भण्डारक्षेत्रको गतिविधिलाई २४ घण्टा निरीक्षण क्यामराले खिचिरहनेछ र त्यसलाई शिविरमा रहेका राष्ट्रसंघ कार्यालयले अनुगमन गर्नेछ। अँध्यारोमा स्वचालित रूपले फ्लडलाइटले प्रकाश दिनेछ।
४. राष्ट्रसंघले निरीक्षण यन्त्र उपलब्ध गराइनेछ। जसले कुनै पनि भण्डारण बाकसको ढोका खोलेमा संकेत दिनेछ।
५. राष्ट्रसंघको कार्यालय र शिविर कमान्डरका कार्यालय दुवै ठाउँमा बज्ने गरी सचेत घण्टी जडान गरिनेछ। उक्त प्रणाली बाकसको ढोका 'सेफबटम' प्रयोग नगरी खोलेमा सक्रिय हुनेछ।
६. राष्ट्रसंघीय अनुगमनकर्ताले हतियार भण्डारक्षेत्र र बाकसहरूको निरीक्षण माओवादी सैनिक प्रतिनिधिको उपस्थितिमा गर्नेछ।

हरेक शिविरको सुरक्षाका लागि एकै ठाउँमा बसेका तथा समान मोडलका ३० वटा हतियार उपलब्ध गराइनेछ। यो प्रयोग नभएको अवस्थामा यसको क्रम संख्यासँगै दर्ता गरी गार्ड हाउसमा ताल्चा मारेर राखिनेछ।

दुवै पक्षलाई खतरा बन्न सक्ने अवस्थामा शिविरको सीमा सुरक्षाका लागि आवश्यक हतियारका सम्बन्धमा दलहरूले राष्ट्रसंघको परामर्शमा पुनरावलोकन गर्न सकिनेछ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का नेताहरूका लागि सुरक्षाको व्यवस्था सरकारसँगको समझदारीमा गरिनेछ।

राष्ट्रसंघ मिसनले यी सबै प्रतिबद्धताहरूको पालना भएनभएको माओवादी सेनाको उपस्थितिमा स्थल भ्रमण तथा नियमित निरीक्षणका प्रक्रियाबाट अनुगमन गर्न सक्नेछ। यी निरीक्षण आकस्मिक र विभिन्न समयमा गर्न सक्नेछ।

४.१.३. शिविर क्षेत्रमा माओवादी सेनाको दर्ता

सबै माओवादी सेनाका सैनिकहरूको विवरण शिविरक्षेत्रमा दर्ता हुनेछ। दर्तामा उमेर, नाम, तह, एकाइमा दिएको जिम्मेवारी, सेनामा प्रवेश गरेको मितिसहित जवानहरूको सम्पूर्ण सूची तयार गरिनेछ। हतियार भएका वा नभएका सबै माओवादी लडाकूहरूको दर्ता गरिनेछ। यदि हतियार भएकाहरूको हतियारको प्रकार, अवस्थाबारे उल्लेख गरिनेछ। हतियारको संख्यालाई एकाइबाटै छुटचाइनेछ। सन् २००६ मे २५ अगाडिबाट माओवादी सेनाका सदस्य भएकाहरू मात्र शिविरमा बस्न पाउनेछन्। राष्ट्रसंघको परामर्शमा पार्टीहरूले यसको निर्णयमा सहमति गर्नुपर्नेछ।

दर्ता गर्ने क्रममा सबै माओवादी लडाकूहरूले माओवादी सेनाको राष्ट्रसंघको चिह्न भएको परिचयपत्र देखाउनुपर्नेछ। परिचयपत्रमा चिह्न राख्ने प्रक्रिया निर्क्यौल गर्नुपर्नेछ। यो दर्ता भएको परिचयपत्र माओवादी सेनाबाट लिने सेवाका लागि आधार हुनेछ। दर्ता नभएका व्यक्तिहरूलाई शिविरमा रहन र कुनै प्रकारको सहयोगका लागि उपयुक्त मानिने छैन।

शिविर क्षेत्रमा सही रूपमा दर्ता भएका माओवादी सेना मात्र सम्भावित एकीकृत सुरक्षाबलमा समावेश गर्न उपयुक्त मानिनेछ। अलग्गिएका वा छुट्टिसकेका कुनै पनि व्यक्ति सम्भावित समायोजनका लागि अयोग्य हुनेछ। एकीकृत सुरक्षाबलका लागि योग्य व्यक्तिका सम्बन्धमा बृहत् शान्ति सम्झौतामा सहमति भएअनुरूप विशेष समितिले तय गर्नेछ। यो एकीकृत प्रक्रियालाई दलहरूको सहमतिमा निर्णय गरिनेछ।

दर्ता भएका माओवादी लडाकू सेना सन् १९८८ मे २५ पछाडि जन्मेको पाएमा उसलाई सम्मानजनक र स्वत: मुक्त गरिनेछ।

मुक्त गरिएका माओवादी सैनिक लडाकूहरूले हतियार, युनिफर्म र अन्य सैनिक सामग्री छोड्नुपर्नेछ र राष्ट्रसंघ अनुगमनकर्ताहरूको परामर्शमा दलहरूबीच आपसी सहमति नबनेसम्म शिविरमा फर्कन पाउने छैन। स्वेच्छाले शिविरमा नबस्ने माओवादीहरूका लागि दलहरूको सहमतिमा विशेष व्यवस्था मिलाइनेछ।

अन्तरिम मन्त्रिपरिषद्ले माओवादी सेनाका लडाकूहरूको सुपरिवेक्षण, एकीकरण र पुन:स्थापनाका लागि विशेष समिति गठन गर्नेछ।

नेपाल सेनालाई ब्यारेकमा राख्नु

४.२.१ सामान्य नियम

राष्ट्रसंघलाई पठाएको पत्रमा व्यक्त गरिएका प्रतिबद्धताअनुसार नेपाल सेना ब्यारेकमै रहने र कसैको पक्ष वा विपक्षमा उसको हतियार प्रयोग हुनेछैन। राष्ट्रसंघका अनुगमनकर्ताहरू नेपाल सेना वा हतियार कुनै दलको पक्ष वा विपक्षमा प्रयोग भइरहेको छ वा छैन भन्ने विषयमा अनुगमन गर्न सबै नेपाली सेनाका ब्यारेकहरूमा प्रवेश गर्न सकिनेछ। नेपाली सेनाको कुनै पनि ब्यारेक निरीक्षणका क्रममा त्यस क्षेत्रका कमान्डरलाई नियमअनुसार सुसूचित गरिनेछ र राष्ट्रसंघीय निरीक्षण सेना र हतियारको व्यवस्थापनका विषयमा सम्बन्धित हुनेछ।

मन्त्रिपरिषद्ले सैनिक ऐन २०६३ का आधारमा नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन गरिनेछ। अन्तरिम मन्त्रिपरिषद्ले नेपाली सेनालाई लोकतानित्रकरण गर्न अन्तरिम संसद्बाट आवश्यक सुझाव लिएर गर्नुपर्नेछ। यसमा नेपाली सेनाको संख्या उपयुक्त बनाउनु, सेनालाई लोकतान्त्रिक र मानवअधिकारका मूल्यमान्यताका आधारमा तालिम दिदै लोकतान्त्रिक संरचनामा विकास गर्दै लानेजस्ता कार्यहरू हुनेछ।

४.२.२ कमान्डरको जिम्मेवारी

सामान्य नेपाली सेनाको कमाण्ड, नियन्त्रण, सञ्चार र सूचना नेपाली सेनाको ब्यारेकमा रहेको अवस्थाको अनुगमन गर्न प्रयोग गरिनेछ। कमान्डरहरूले निम्न सूचनाहरू राष्ट्र संघलाई विस्तृत रूपमा उपलब्ध गराउनुपर्नेछ।

१. नक्सांकन गरिएको एकाइ तथा उप एकाइका लागि माथिल्लो तहको ढाँचा
२. कम्पनीस्तरका कमान्डरहरूको नाम
३. सञ्चार प्रणाली
४. लडाकू सैन्य संरचना, संगठन, परिचालित सैनिक संख्या
५. विस्फोटक पदार्थ बिछ्याइएको क्षेत्र, बारुदी सुरुङ, विस्फोटन नभएका पदार्थ, स्तरीय विस्फोटक पदार्थ, खराबी विस्फोटक पदार्थ र यी पदार्थ राखिएको स्थान र
६. हतियार तथा सैनिक व्यवस्थापनको सही अनुगमनका लागि राष्ट्रसंघका लागि आवश्यक अन्य सूचना।

नेपाली सेनाले राष्ट्रसंघ सहयोगी कर्मचारी, सामान र सेवाको सुरक्षा, स्वतन्त्र परिचालनलाई सम्मान गर्नुपर्नेछ र राष्ट्रसंघ नियोगले यी प्रतिबद्धताको पालना भएनभएको अनुगमन नेपाली सेनाको ब्यारेकमा दैनिक उपस्थित भएर, स्थलगत भ्रमण तथा नियमित निरीक्षणबाट गर्न सकिनेछ।

४.२.३ हतियार भण्डार तथा नियन्त्रण

राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताका आधारमा नेपाली सेनाले तिनीहरूको हतियार कुनै दलको पक्ष वा विपक्षमा प्रयोग नभएको सुनिश्चित गर्नुपर्नेछ। नेपाली

सेनाले माओवादी सेनाको बराबर संख्यामा हतियार एकल ताल्चा लगाई भण्डार गरी साँचो सम्बन्धित पार्टीलाई सुम्पनुपर्नेछ। ताल्चामा राष्ट्रसंघलाई सूचित गर्ने साइरनको व्यवस्था हुनेछ। आवश्यक परेको बेला राष्ट्रसंघले सम्बन्धित पार्टीको उपस्थितिमा भण्डारन हतियारको जाँच गर्न सकिनेछ। हतियारहरू कन्टेनरमा भण्डार गरिनेछ।

४.२.४ सेनाको परिचालन र नेपाली सेनाद्वारा स्वीकृत गतिविधि

बृहत् शान्ति सम्झौताको भावनाअनुरूप सीमा सुरक्षा, आरक्षण स्थलहरूको सुरक्षा, सुरक्षित क्षेत्र, बैंक, विमानस्थल, विद्युत्गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय तथा विशिष्ट व्यक्तिहरूको सुरक्षामा नेपाल सेनाको कामले निरन्तरता पाइरहनेछ। यी संस्थाहरूमा गरिएको सुरक्षाव्यवस्थाका विषयमा राष्ट्रसंघका अनुगमनकर्ताहरूलाई उपलब्ध गराउनुपर्नेछ।

नेपाल सेनाबाट स्वीकृत गतिविधिमा समावेश भएका बुँदा

१. ब्यारेकभित्रका नियमित सैनिक गतिविधि ब्यारेक र शिविरभित्र नियमिता तालिम/जेएमसीसीलाई गोली प्रहार गरी गर्ने अभ्यासका विषयमा त्यसको विस्तार क्षमतासहित ४८ घण्टाअगाडि जानकारी दिइनेछ।
२. सरकारको निर्देशनमा औपचारिक समारोह, परेडहरूमा सहभागी हुनेछ।
३. सरकारको निर्देशनमा सीमासुरक्षाका प्रावधान बनाइनेछ।
४. यातायातलगायत उल्लेख गरिएका एक-एक गरी सेना बाहिर पठाइनेछ।
५. सवारीसाधनलगायत घातक नभएका उपकरणको प्रतिस्थापन र मर्मतसम्भार नियमित हुनेछ। घातक हतियारको मर्मतसम्भार तथा प्रतिस्थापन अन्तरिम सरकार वा दुवै पक्षबीचको सहमतिपछि मात्र गरिनेछ।
६. केन्द्रीय, क्षेत्रीय तथा स्थानीयस्तरका नागरिक निकायका निर्देशनमा विकास तथा निर्माण कार्य गरिनेछ।
७. सरकारको निर्देशनमा प्राकृतिक तथा अन्य प्रकोपका समयमा राहत कार्यको व्यवस्था गरिनेछ।
८. राष्ट्रसंघको आह्वानमा शान्ति सेनामा भाग लिनेछ।
९. अत्यन्त विशिष्ट तथा विशष्टि व्यक्तिहरूको सुरक्षा व्यवस्था हुनेछ।
१०. नेपाल राष्ट्र बैंकको कोषहरूको ढुवानी सुरक्षा व्यवस्था हुनेछ।

५. सम्झौतामा सहमति

५.१ निषेधित गतिविधि

बृहत् शान्ति सम्झौताको कर्म र यो सम्झौताको परिप्रेक्षमा, नेपाल सेनालाई ब्यारेकमा र माओवादी सैनिकलाई शिविरमा राखेपछि सबै दलले निम्न क्रियाकलापहरू कडाका साथ रोक्नुपर्छ।

१. हतियार बोक्नु र समाउनु कानुनको उल्लंघन हो। हतियार प्रदर्शन र कुनै पनि हिंसा निषेध हुनेछ।
२. एक अर्कामाथि कुनै प्रकारको हतियार प्रयोग गर्नु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आक्रमण हुनेछ।
३. मानवीय तथा विकास कार्य तथा अन्य गैरसैनिक व्यक्तिहरूलाई क्षति पुऱ्याउने र तिनीहरूको सामान तथा सम्पत्ति जफत गर्नु।
४. एम्बुस, हत्या वा हिंसा जन्य क्रियाकलाप।
५. अपहरण, गैरकानुनी हिरासत वा बन्दी बनाउनु, बेपत्ता गर्नु।
६. नेपालमा हुने सबै प्रकारका आक्रमक सैनिक उडानहरू।
७. सरकारी सेना वा राष्ट्रसंघीय सम्पत्ति कब्जामा लिनु वा कर्मचारीहरूलाई कब्जामा लिनु वा क्षति पुऱ्याउनु।
८. बारुदी सुरुङ बिछ्याउनु वा बिगारिएका विस्फोटक यन्त्रहरू वा सैनिक जासुस वा घातक हतियारको प्रयोग।
९. थप सशस्त्र फौजको भर्ती वा एकअर्काविरुद्ध सैनिक गतिविधि सञ्चालन गर्नुलगायत हातहतियार, गोलीगट्ठा र विस्फोटक पदार्थ ढुवानी गर्नु। पार्टीहरूबीच आपसी सहमति नभएमा यो सम्झौताअनुसार पूर्वसूचना दिनुपर्ने।
१०. प्रचलित कानुन र कुनै पनि व्यक्तिको इच्छाविपरीत सामान र सेवा वा कर सङ्कलन।
११. नागरिक संरक्षण वा मानवीय सेवा उपलब्धलाई ढिलाइ गर्न सक्ने कुनै पनि कार्य।
१२. अन्तरिम वा त्यसपछिका सरकारले अनुमोदन गरेको विकासनिकायद्वारा सञ्चालित गतिविधिहरू वा सुरक्षित, स्वतन्त्र र मानवीय उद्धारका गतिविधिमाथिका कुनै पनि प्रतिबन्ध।
१३. कुनै पनि प्रकारका लैगिंक हिंसात्मक गतिविधिहरू।
१४. जनता र सरसामानहरूको स्वतन्त्र विचरणमाथिको प्रतिबन्ध।
१५. संयुक्त राष्ट्रसंघीय नियोगको गस्ती र कुनै स्थानमा हुने झडपलगायत नियोगको प्रयासहरू तथा नियोगलाई प्रदान गरिने सहयोगलाई व्यवधान पुऱ्याउने सम्पूर्ण कार्यहरू।
१६. कुनै पनि पार्टीद्वारा आफ्नो स्रोत, साधन र जनशक्तिको तथा संयुक्त राष्ट्रसंघीय नियोग, संयुक्त राष्ट्रसंघका अन्य निकायहरू, रेडक्रस/क्रिसेन्ट वा त्यस्तै संघसंस्थाका अन्तर्राष्ट्रिय समितिका क्रियाकलापहरूको अवैधानिक प्रयोग।

१७. संयुक्त अनुगमन समन्वय समितिको अनुमतिबिना सैनिक फौज र हातहतियार तैनाथ वा आफ्ना सम्बन्धित तोकिएको स्थानबाट बाहिर कतै सैन्य अखडा खडा गर्ने कुनै पनि प्रयास।

१८. सशस्त्र फौजमा १८ वर्षभन्दा कम उमेरका बालबालिकाको प्रयोग।

१९. सैनिक कार्यका लागि उक्साउने तथा सम्पूर्ण अप्रिय तथा प्रतिकूल प्रचारबाजी। यस सम्झौतामा निषेधित सम्पूर्ण गतिविधिहरूबाट पार्टीहरूले आफूलाई टाढै राख्नेछन्।

५.२ अनुमतिप्राप्त क्रियाकलापहरू

दुवै पक्षलाई अनुमतिप्राप्त क्रियाकलापहरू निर्धारण गर्ने प्रमुख उद्देश्य युद्धग्रस्त क्षेत्र र नागरिकहरूमाथि सशस्त्र विद्रोहको असर रोक्ने तथा शान्तिलाई सुदृढ र सहयोग पुऱ्याउने खालको हुनेछ। अन्तरिम सरकारको निर्णयबमोजिम दुवै पक्षलाई अनुमतिप्राप्त क्रियाकलापहरू गर्न दिइनेछ।

सैन्य अभ्यास, हवाई प्रयोगजस्ता कार्यका लागि कम्तीमा ४८ घण्टाअगावै संयुक्त अनुगमन समन्वय समितिलाई राम्ररी जानकारी दिइनुपर्नेछ।

अनुमतिप्राप्त कार्यहरू निम्नलिखित छन्–

(१) बारुदी सुरुङ र घातक सैन्य वस्तुहरू निष्क्रिय वा नष्ट गर्नु,

(२) अन्तरिम सरकारको निर्णयअनुसार सडक सुधार र खुला पुल अन्य बाटो र धावनमार्गको मर्मतसम्भारजस्ता विकासका कार्यहरू।

(३) मानवीय उद्धारकार्य।

(४) सामाजिक, आर्थिक क्रियाकलापहरू जस्तै मानिस, सरसामान र सेवाको स्वतन्त्र विचरणका लागि सहयोग गर्नु।

(५) परिवार भेट्न र औषधोपचार गर्न सादा पोसाकमा निहत्था सेनालाई बिदा लिएर स्वतन्त्र रूपमा हिँड्न दिइने, तर पार्टीहरूको आपसी सहमतिबिना कुनै पनि शिविरमा राखिएका कुल फौज संख्याको १२ प्रतिशतभन्दा बढी संख्यालाई बिदा नदिइने।

(६) सैनिक एकाइलाई गैरघातक वस्तुहरू जस्तै खाद्यान्न, पानी, औषधि, पेट्रोल, तेल, लुब्रिकेन्ट्स, स्टेसनरी र पोसाक इत्यादि र

(७) स्वास्थ्योपचारका लागि वा चिकित्सकीय कारणवश शिविरबाट फैजलाई अन्यत्र सार्ने।

५.३ उल्लङ्घन

निम्नलिखित कार्यहरूबाट सम्झौता उल्लंघन भएको मानिनेछ–

(१) यस सम्झौताप्रति विरोधाभास हुने कुनै पनि कार्य,

(२) अनधिकृत फौजी गतिविधि,

(३) अनधिकृत फौजी भर्ती वा परिचालन,

(४) सैनिक सरसाधनको परिपूर्ति,

(५) मानवाधिकार र मानवीय कानुनको उल्लङ्घन वा मानिस, सेवा र सरसामानको स्वतन्त्र विचरणमाथिको व्यवधान,

(७) जासुसी, घातक हातहतियारको प्रयोग, हवाई अनुगमन र सत्यानाश पार्ने कार्यहरू तथा

(८) आपत्कालीन स्थिति वा स्वास्थ्योपचारका लागि शिविरबाट सेना खाली गर्नुपर्ने बेलाबाहेक युएन मिसन र पार्टीहरूलाई ४८ घण्टाअगावै जानकारी नदिई शिविरहरूमाथि सैनिक उडान गर्नु।

६. युनाइटेड नेसन मिसन

६.१ संयुक्त अनुगमन समन्वय समिति

संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) को अध्यक्षको नियुक्ति युएन मिसनबाट हुनेछ र त्यस समितिका सदस्यहरू पार्टीहरू आँफैले आफ्ना पार्टीबाट छान्नेछन्। नौ सदस्यीय जेएमसीसीमा संयुक्त राष्ट्रसंघ, नेपाल सेना र माओवादी सेनाका प्रतिनिधिहरू रहनेछन्। तटस्थ अध्यक्ष संयुक्त राष्ट्रसंघले नियुक्त गर्नेछ। माओवादी सेना र नेपाल सेनाका तर्फबाट १/१ जना उपाध्यक्ष रहनेछन्। बाँकी ६ जना सदस्यहरूमध्ये संयुक्त राष्ट्रसंघ, नेपाल सेना र माओवादी सेनाबाट २/२ जना रहनेछन्। तिनीहरू सबै पार्टीबाट छानिनेछन्।

जेएमसीसीले सर्वसम्मतमा निर्णयहरू गर्नेछ। तोकिएको समयभित्र संयुक्त राष्ट्रसंघका महासचिवका प्रतिनिधिसँग पार्टीहरूको यस सम्झौताको सहमतिमाथि महासचिव र अन्तरिम सरकारलाई कुनै पनि समस्याको समाधानका लागि रिपोर्टिङ गर्ने अन्तिम अधिकार रहनेछ। अध्यक्षले महासचिवका प्रतिनिधि र पार्टीहरूका प्रतिनिधिहरूलाई जेएमसीसीका गतिविधिहरूबारे नियमित रूपमा जानकारी दिनेछन्।

जेएमसीसीले निम्नलिखित तीनवटा मुख्य कार्य गर्नेछन्–

(१) पार्टीहरूलाई यो सम्झौताको कार्यान्वयनका लागि सहयोग गर्नु। यस सम्झौता, बुँदाहरूअनुसार जेएमसीसीले केन्द्रीय समन्वय निकायको रूपमा हातहतियार र सेनाको अनुगमन गर्नेछ।

(२) विवाद वा समस्याहरू समाधान गर्ने संयन्त्रको रूपमा काम गर्ने। जेएमसीसीले सम्पूर्ण विवादहरू र सैन्य वा परिचालन कठिनाइहरू, गुनासोहरू वा यस सम्झौतासम्बन्धी समस्याहरूको समाधान गर्नेछ।

(३) विश्वास निर्माण कार्यमा सहयोग पुऱ्याउनेछ।

जेएमसीसीले पार्टीहरूको विश्वास जित्ने र यस सम्झौताका सम्पूर्ण लक्ष्यहरूलाई नेपाली जनतामाझ प्रवर्द्धन गर्ने काम गर्नेछ।

यी लक्ष्यहरूको प्राप्तिका लागि जेएमसीसीले निम्नलिखित आधारभूत नीतिहरू सञ्चालन गर्नेछ–

(१) सम्पूर्ण समस्या र विवादहरूलाई सकेसम्म तल्लो तहमा समाधान गरिनेछ। उदाहरणका लागि संयुक्त अनुगमन टोलीहरूलाई अधिकार प्रत्यायोजन।

(२) संयुक्त रूपमा समस्या समाधान विधि प्रवर्द्धन र पार्टीहरूसँग सरोकार राख्ने सम्पूर्ण घटनाहरूमाथि राम्ररी अनुसन्धान र खबर दिन सक्रिय प्रयासबाट विश्वासको वातावरण निर्माण गर्ने।

(३) प्रक्रियाको क्रममा पाठहरू सिक्नु।

संयुक्त अनुगमन टोलीहरू (जेएमटी) ले स्थलगत भ्रमण गरी संयुक्त समन्वय समितिलाई स्थानीय स्तरमा सहयोग गर्नेछ। यस्ता टोलीको नेतामा एक अन्तर्राष्ट्रिय अनुगमनकर्ता रहनेछन् भने नेपाल सेना र माओवादी सेनाबाट १/१ जना अनुगमनकर्ता रहनेछन्। जेएमटीहरूको संख्या र तैनाथका बारे जेएमसीसीका अध्यक्षले जेएमसीसीभित्रै छलफल गरी तय गर्नेछन्।

जेएमटीका कार्यहरू :

(१) गाउँ र समुदायहरूको भ्रमण र नागरिक समुदाय सम्पर्क राख्नु।

(२) संयुक्त राष्ट्रका अन्य निकायहरूसँग सहयोग कायम राख्नु, अन्तर्राष्ट्रिय र गैरसरकारी संघसंस्थाहरूसँग सम्पर्क राख्नु।

(३) स्थानीय तनाव घटाउन र सूचना आदानप्रदान गरी युद्धविरामको आचारसंहिता पालन गर्न उपयुक्त वातावरण तयार पार्न पार्टीहरूलाई सघाउनु।

(४) स्थानीय स्तरमा द्वन्द्व व्यवस्थापनको पहलका लागि सकारात्मक धारणाको विकास गर्ने।

(५) अनुच्छेद ५.१ मा उल्लेखित सम्झौता उल्लंघन सम्बन्धित सम्भावित आरोपित गुनासोहरूको अनुसन्धान गर्ने र सहमति स्थापनाका लागि आवश्यक कदमहरूको सिफारिश गर्ने।

७. विविध

दुवै पार्टीहरूको अनुमतिमा यो सम्झौता कुनै पनि बेला संशोधन गर्न सकिनेछ। यदि सम्झौतामा कुनै परिवर्तन गर्न चाहेको खण्डमा दुवै पक्षले एक अर्कालाई लिखित जानकारीमार्फत सहमति दिनुपर्नेछ। यस्तो लिखित जानकारी प्राप्त भएपछि सम्झौतामा संशोधनहरू गर्न सकिनेछ, तर त्यस्तो संशोधन स्वीकार्य अन्तर्राष्ट्रिय मानवाधिकार र मानवअधिकार कानुनको न्यूनतम मापदण्डभन्दा तल पर्नु हुँदैन।

वर्तमान सम्झौताको कार्यान्वयनका लागि आवश्यकताअनुसार समझदारीमा हस्ताक्षर गर्न दुवै पक्ष सहमत छन्।

नेपाली र अंग्रेजी दुवै भाषामा तयार पारिएको यो सम्झौतामा दुवै पक्षको हस्ताक्षर हुनेछ। अंग्रेजी भाषामा लेखिएको यो सम्झौतामा संयुक्त राष्ट्रसंघले साक्षीको रूपमा हस्ताक्षर गर्नेछ। विवादको स्थितिमा अंग्रेजी भाषामा लेखिएको सम्झौताको प्रतिलाई आधिकारिक मानिनेछ।

सबै पार्टीद्वारा यो सम्झौतालाई कार्यान्वयन र व्याख्या गराउन विस्तृत शान्ति सम्झौताको भावनाले मार्गप्रशस्त गर्नेछ।

कृष्णबहादुर महरा	**कृष्णप्रसाद सिटौला**
संयोजक	संयोजक
वार्ताटोली	वार्ताटोली
नेकपा (माओवादी)	नेपाल सरकार

मिति : २०६३ मंसिर १२

(अंग्रेजीबाट अनौपचाकि रूपमा गरिएको अनुवाद)

*(**साभार : नेपाल समाचारपत्र, ०६३ मंसिर १३**)*

अनुसूची ६

क्रिया/प्रतिक्रिया

मानवअधिकारको संरक्षणका लागि इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले ज्यादै ठूलो भूमिका खेलेको छ। मानवअधिकार हननका सम्पूर्ण घटनाहरू सङ्कलन गरेर प्रकाशन गर्दा एकैसाथ धेरै परिणामहरू, समाजमा देखा परेका छन्। एकातिर यसमा प्रकाशनको त्रासले पीडकहरू सतर्क रहने गरेका छन्। सतर्कताबाट सकारात्मक परिणाम प्रवाह भएको छ। अर्कातिर पीडितहरूमा प्रतिरोधको क्षमता सृजना गरेको छ। सचेतना र साहसको अभिवृद्धि भएको छ।

लीला उदासी, अधिवक्ता, झापा

राजधानी काठमाडौं वरिपरि जे जस्ता घटना हुन्छन् तिनैलाई प्रमुखता दिने परम्परागत प्रचलनलाई त्यागेर पुस्तकमा मुलुकका सबै गाउँ ठाउँहरूमा भएका सानाभन्दा साना मानवअधिकार हनन्का घटनालाई समेटिएको छ। झापा जिल्लाका घटना कुनै पनि छुटेको छैनन्। मानवअधिकार वर्षपुस्तक मोटो रूपमा हुनुलाई मैले सकारातमक दृष्टिले लिएको छैन। यो वर्षपुस्तक जति मोटो हुन्छ मानवअधिकार हनन्का घटना त्यति नै बढी भइरहेको मानिन्छ। त्यसैले पुस्तकको आकार सानो हुनुपर्छ। मानवअधिकार वर्षपुस्तक प्रकाशित गरेर इन्सेकले ऐतिहासिक दस्तावेजको रूपमा विश्वसामू नेपालको मानवअधिकार अवस्थाको स्पष्ट चित्र देखाएको छ।


मदन ढकाल, प्रमुख सम्पादक
पूर्वाञ्चल दैनिक, झापा

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार विरोधी तथा संरक्षणकर्तालगायत पीडितहरूको समेत परिचय गराउने हुँदा आगामी दिनमा यसको संरक्षण र प्रवर्द्धनमा लाग्ने जोसुकैका लागि काम गर्न कार्य योजना बनाउन मद्दत पुग्ने कुरामा दुईमत छैन। सन् २००७ का लागि तयार पारिने वर्षपुस्तकले नेपालको लोकतान्त्रिक आन्दोलन, सशस्त्र द्वन्द्वको अन्त्य, शान्ति सम्झौता, अन्तरिम संविधान र संविधान सभाले विशेष ठाउँ पाओस् भन्ने शुभकामना दिन चाहन्छु।

जगतबहादुर थापा, अध्यक्ष
जिल्ला अदालत बार एकाई, मोरङ

मानवअधिकार वर्षपुस्तक २००६ पढ्ने मौका पाएँ। वर्षपुस्तकले जिल्लामा भएका घटनाको मोटा मोटी विवरण दिनुका साथै घटनाहरूको मानवअधिकारका सन्दर्भमा रहेको महत्व, सान्दर्भिकता र तादात्म्यता बारे टिप्पणी समेत गरेको छ।

विगतको द्वन्द्वलाई शान्तिपूर्ण रूपान्तरण गर्नेतर्फ भएका राष्ट्रिय प्रयासलाई यस्ता कार्यले सघाउ पुऱ्याउने विश्वासकासाथ मानवअधिकार उल्लङ्घन नहुने समाजको



निर्माणतर्फ सबैमा प्रेरणा प्राप्त हुन सकोस् भनी शुभकामना व्यक्त गर्दछु।

माधवप्रसाद रेग्मी, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, धनुषा

नेपाल मानवअधिकार वर्षपुस्तक २००६ पढ्ने मौका पाएँ। यो पुस्तक ज्यादै महत्वपूर्ण छ। राज्य तथा माओवादी पक्षबाट भएका मानवअधिकार हनन्का घटनाहरूको बारेमा यस पुस्तकमा उल्लेख गरिएको पाएँ। धनुषा जिल्लामा भएका मानवअधिकार हनन्का सबै महत्वपूर्ण घटनाहरूको उल्लेख गरिएको छ। वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घन सम्बन्धी घटना प्रकाशित हुनुबाट समाज तथा सरकारले यस तर्फ आवश्यक ध्यान देला। मानवअधिकारको रक्षा गर्नु सबैको दायित्व रहेको हो। भविष्यमा पनि कसैबाट मानवअधिकार हनन् सम्बन्धी घटना भए त्यस्ता घटनाहरूको सही रूपमा तथ्य प्रकाशित होस भन्ने चाहन्छु। यस पुस्तकले मानवअधिकारकर्मीहरू, सबै जिज्ञासुहरूलाई नेपालमा भएका घटनाहरूको बारेमा जानकारी प्रदान गर्ने छ भन्ने आशा लिएको छु।

नागेन्द्र लाभ कर्ण, अध्यक्ष
नेपाल बार एसोसिएसन, धनुषा

देशको असहज अवस्थामा मानवअधिकारको अवस्थालाई राज्यपक्ष र विद्रोहीपक्ष दुवैद्वारा मानवअधिकार

उल्लङ्घनका घटनाहरूलाई जिल्लागतरूपमा अपहरण, बेपत्ता, हत्या, राजनीतिक, सामाजिक, धार्मिक, जातीय लैगिंक अधिकार जस्ता विषयहरूको साथै मानवअधिकार सम्बन्धमा जारी भएको विश्वव्यापी घोषणा पत्रका कुराहरू सङ्कलन गरी तयार गरेको पुस्तक अत्यन्तै उपयोगी छ। इन्सेक जिल्ला प्रतिनिधिले निर्भिक, कुशलतापूर्वक मानवअधिकारको समबद्धन र प्रर्बद्धनको लागि कटिबद्ध भएकोमा धन्यवाद दिन चाहन्छु। मानवअधिकार वर्षपुस्तकमार्फत जनता सामु प्रस्तुत हुँदै आइरहेको इन्सेकले अझ तथ्यपरक विश्वसनीय रूपले प्रस्तुत हुन सकोस् भन्ने शुभकामना छ।

गजाधर यादव, कार्यवाहक जिल्ला सचिव
एमाले जिल्ला कमिटी, धनुषा

इन्सेकले देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तक २००६ मा जिवन्त रूपमा उर्तान सफल भएको छ, जसबाट नेपालमा मानवअधिकारको क्षेत्रमा सम्बद्ध पक्षलाई खबरदारी मात्र गरेको छैन, मानवअधिकार आन्देलनमा जनतालाई सजक र सर्तक बनाउन कोशेढुङ्गा सावित समेत भएको छ। वास्तवमा नेपालमा मानवअधिकार हननका घटनाहरूको विश्लेषण सहित समष्टिगत रूपमा भएको एउटै पुस्तकबाट कसैले जान्न चाहन्छ भने त्यो भनेको मानवअधिकार वर्षपुस्तक नै हो। यो पुस्तकले आगामी अंकहरूमा अझ व्यापक रूपमा बढीभन्दा बढी मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पाठक समक्ष उजागर गरी अझै बढी लोकप्रीयता कमाओस् भन्ने शुभकामना समेत दिन चाहन्छु।

लव बिष्ट, प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, धनुषा

जनताका सम्पूर्ण मौलिक हकहरूमा प्रतिबन्ध लगाई शाही सरकार र माओवादीले प्रतिस्पर्धात्मक रूपमा मानवअधिकार उल्लङ्घन गरेको घटना चक्रहरू मानवअधिकार वर्षपुस्तक २००६ ले अद्योपान्त समेटेको पाइयो। यस्तो विषम परिस्थितिमा पनि जिल्लामा रहेर इन्सेक प्रतिनिधिले निर्भिक भई मानवअधिकार उल्लङ्घनका घटना विवरण सङ्कलन गरी जनसमक्ष प्रस्तुत गरी मानवअधिकारकर्मीको उत्तरदायित्व पूरा गरेको वर्षपुस्तक २००६ को अध्ययनबाट मैले पाएँ।

जंगबहादुर राई, अधिवक्ता
जिल्ला बार इकाई, सिन्धुली

वर्षपुस्तक २००६ मा राज्य र गैरराज्य दुवैपक्षका मानवअधिकार उल्लङ्घनका घटनाहरू विश्वसनीय तथ्याङ्कसहित सार्वजनिक गरिएको छ। पुस्तक प्रकाशनमा इन्सेकले निष्पक्षता र मानवअधिकारप्रतिको धारणा स्पष्ट पारेको छ। समग्रमा यो पुस्तक भरपर्दो हुँदाहुदै पनि आगामी अंक अझ स्पष्ट रूपमा तथ्याङ्क सहित मानवअधिकारको स्थिति प्रति चासो राख्ने सबैका लागी भरपर्दो श्रोत बन्न सकोस्।

रामकुमार पौडेल, अध्यक्ष, जनमोर्चा, सिन्धुली

मानवअधिकार वर्षपुस्तक २००६ मा सिन्धुली जिल्लाको तत्कालीन अवस्थामा भएका विविध घटनाहरूको संक्षिप्त वर्णन गरेको पाँए। ०६३ साउन १४ गते तोश्रामखोला गाविस-६ मा मोहनबहादुर सार्कीले कर्तव्य गरी आफ्नै बाबुलाई मारेको घटनामा माओवादीको अवरोधका कारण अनुसन्धानको लागि घटनास्थलसम्म जान राजनीतिक दल, पत्रकार तथा इन्सेक प्रतिनिधि आनन्द दाहालले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गर्दछु।

भुपालकुमार भण्डारी, प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सिन्धुली

मानवअधिकार वर्षपुस्तक ऐतिहासिक दस्तावेज हो भन्नेमा कसैको विमती छैन। मानवअधिकार वर्षपुस्तक २००६ अध्ययन गर्दा पुस्तकमा राज्य र गैर राज्य दुवैपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनसमक्ष छर्लङ्ग पारेको पाईयो। आगामी दिनमा पनि पुस्तकले सत्य, तथ्य पत्ता लगाएर अगाडि बढोस्। यस पुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्दै उनीहरूलाई सजग गराउन मद्दत गर्नुका साथै दोषीहरूलाई कारबाही गराउन दबाब पनि दिने कार्य गरेको छ।

खड्ग खत्री, उपसचिव, एमाले जिल्ला संगठन कमिटी, सिन्धुली

मानवअधिकार वर्षपुस्तक सिङ्गो मुलुकमा सामाजिक न्याय र मानवअधिकार अभियानको रूपमा रहेको छ। यसले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरी हक अधिकारबाट वञ्चित भएका जनतालाई समेत सुसूचित पारेको छ। सत्यतथ्य कुराहरूको उत्खननबाट यो अहिलेसम्म अघि बढेको पाइन्छ।

रुद्रबहादुर खड्का, सल्लाहकार
रिलेक नेपाल जिल्ला शाखा, सिन्धुली

वर्षपुस्तक २००६ ले निश्पक्ष एवं तथ्यगत आधारमा राज्य तथा माओवादीबाट गरिएका मानवअधिकार विरोधी घटनाहरूलाई उजागर गरेको छ। साथै विगतका अंकहरू भन्दा अगाडि बढेर यस अंकले राजाको निरंकुश शासनकालमा भएका मानवअधिकार विरोधी घटनाहरूलाई

नङ्ग्याई जनतालाई आन्दोलनतर्फ अभिप्रेरित गरेको छ।

मोहनप्रसाद बराल, महाधिवेशन प्रतिनिधि
नेपाली कांग्रेस, सिन्धुली

वर्षपुस्तक २००६ अध्ययन गर्ने मौका प्राप्त भयो। मानवअधिकार अत्यन्त संवेदनशील विषय भएको हुँदा यस संस्थाले मानवअधिकार चेतनाको प्रचार प्रसार र पहरेदार गर्दै आएको कुरा प्रशंसनीय छ।

गोरे तामाङ, निमित्त जिल्ला न्यायाधिवक्ता, सिन्धुली

मानवअधिकारको क्षेत्रमा काम गर्दै आएको इन्सेकले विगतमा जस्तै मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा शुभकामना व्यक्त गर्दछु।

उद्धवबहादुर थापा, प्रमुख जिल्ला अधिकारी, दोलखा

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवं नैसर्गिक अधिकारहरू उपर भएका अतिक्रमणलाई न्युनीकरण गर्ने काममा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

नेत्रप्रसाद न्यौपाने, प्रमुख जिल्ला अधिकारी, मकवानपुर

वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घट्ना सम्बन्धमा चासो राख्ने र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज सावित भएको छ।

शिव लामिछाने, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैर राज्य दुवैपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्ने छन्। पुस्तक प्रकाशनको कामले निरन्तरता पाइरहोस्।

रामचन्द्र अर्याल "माइकल", सभापति नेकाँ (प्रजातान्त्रिक), मकवानपुर

वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई खवरदारी गर्नुको साथै पीडकहरूलाई कारवाही गराउन दवाबसमेत दिने गरेको छ। यो कामले निरन्तरता पाओस् भनी शुभकामना व्यक्त गर्दछु।

नरेन्द्र मिश्र, सभापति काँग्रेस, मकवानपुर

वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यसले निरन्तरता पाइरहोस्।

प्रल्हाद लामिछाने, जिल्ला सदस्य, नेकपा (माओवादी), मकवानपुर

वर्षभरिका मानवअधिकार उल्लङ्घनका घटना संकलित गरेर त्यसलाई देश विदेशसम्म फैलाउने कार्य निरन्तर रूपमा भएको छ। यस्तो कार्य गर्दा राजनीतिक पुर्वाग्रह तथा वैदेशिक एवम् दाताहरूको प्रभाववाट समेत मुक्त र चनाखो हुनुपर्ने कुरा इन्सेक जस्तो संस्थालाई हामीले स्मरण गराइरहनु पर्ने विषय होइन। इन्सेकले प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तकले निरन्तरता पाओस् यही शुभकामना छ।

रामनारायण विडारी, मध्यमाञ्चल क्षेत्रीय संयोजक, मानवअधिकार संरक्षण मञ्च, मकवानपुर

वर्षपुस्तकले समेटेका मानवअधिकारसम्बन्धी सबै विषयवस्तुहरू सह्रानीय छन्। यस पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू न्युनिरकण गर्न र पीडकहरूलाई सार्वजनिक गर्न र कारवाही गर्न गराउन दबाव दिने कार्य गरेको छ। यस कार्यले निरन्तरता पाइरहोस्।

केशव गौतम, अध्यक्ष, पुनरावेदन बार एसोसिएसन, मकवानपुर

मानवअधिकार उल्लङ्घनका घटना रोक्न वर्षपुस्तक आफै असमर्थ भएतापनि मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक गरी मुलुकको वास्तविक प्रवृति उजागर गर्न यो पुस्तक सफल भएको छ।

तेजबहादुर गोदार, सभापति, मानवअधिकार तथा शान्ति समाज, मकवानपुर

वर्षपुस्तक मुलुकको मानवअधिकार उल्लङ्घन घटनाको दस्तावेज हो। यसले उल्लंघकर्ताहरूलाई दण्ड गर्नका लागि बल पुऱ्याउने छ। यो कार्यले निरन्तरता पाइरहोस्।

बलराम बल, अध्यक्ष जनमोर्चा मकवानपुर

वर्षपुस्तकले समेटेका विषयवस्तुहरू सह्मनीयमात्र छैनन्, यसले मानवअधिकार उल्लघनकर्ताहरूलाई दण्डित गर्नका निम्ति वलप्रदान गर्नुका साथै मानवअधिकार उल्लङ्घनका घटनाहरू रोक्न योगदान पुऱ्याउदै आएको छ।

प्रेम दाहाल, हिमराइट्स, मकवानपुर

विगतका दिनमा इन्सेकले द्वन्द्वले अति प्रभावित क्षेत्रमा पुगेर तथ्य सङ्कलनका काम गर्दै तिनलाई अभिलेखीकरण गरेर ल्याउने वर्षपुस्तक वास्तवमै नेपालको मानवअधिकार ऐनाकै रूपमा रहेको छ। यसरी मानवअधिकार

अवस्थालाई छर्लङ्ग पार्ने क्रममा उसले गरेको निष्पक्षता कदरयोग्य छ। अझै खोजमूलक रूपमा घरेलु बाल तथा महिला हिंसा र सामाजिक अपराधका घटनालाई सार्वजनिक र निरुत्साहनका काममा सधैं प्रेरणा मिलिरहोस्।

अमृतनाथ तिमल्सिना, अध्यक्ष, रिलेक नेपाल, ललितपुर

पुस्तकमा यथार्थ परक मानवअधिकर उल्लङ्घनका घटनाहरू चाहे राज्य पक्षबाट होस् वा विद्रोहीपक्षबाट भएका घटनाहरू पाठक समक्ष ल्याउनु सह्रानीय छ। जुन आगामी दिनहरूमा पनि निरन्तरताको लागि आशा गर्दछु। साथै घरेलु हिंसाका घटनाहरू समेत समावेश भएमा अझ राम्रो हुने थियो।

प्रभाकार खनाल, अधिवक्ता, भक्तपुर

लोकतान्त्रिक आन्दोलनपछिको समयमा जिल्लामा मानवअधिकारको स्थितिमा परिवर्तन आएको छ। मान्छेका बाँच्न पाउने अधिकारमा केही सुधार भएको छ। मानवअधिकार वर्षपुस्तक, मानवअधिकारका सवालमा जनतामा मानवअधिकारप्रति सचेत बनाउन र दोषीलाई जनतामा उपस्थित गराउन अत्यन्त महत्वपूर्ण रहेको छ। संकलित घटनाहरू महत्वपूर्ण छन्। घटनाका सबै पक्षलाई समेटिने गरी प्रकाशित गर्नु उपयुक्त हुन्छ। मानवअधिकारको संरक्षण र अभिलेखमा इन्सेक वर्ष पुस्तकको भूमिका महत्वपूर्ण लागेको छ।

विदुर सापकोटा, सचिव, नेकपा (एमाले), काभ्रे

'जनमुक्ति सेना' मा १८ वर्षभन्दा मुनिका रहेछन् भने त्यो विषयलाई राष्ट्रसंघले हेरिरहेको छ। जर्वजस्ती कसैलाई लगेको छ भने त्यसरी लानेलाई पनि हामी कार्वाही गर्छौं। हाम्रा कमजोरी रहेछन् भने हामी माफी माग्न तयार छौं। मानवअधिकारको क्षेत्रमा इन्सेकले जिल्लामा महत्वपूर्ण काम गरेको हामीलाई लाग्छ। हामीले मानवअधिकारबाट कसैलाई बञ्चित गरेका छौं भने यहाँहरूले सुझाव दिन सक्नुहुन्छ। वर्षपुस्तकमा समेटिएका विषयमा मेरो केही भन्नु छैन। छापिनु भन्दा अगाडी सरसल्लाह गऱ्यो भने गलत कुरा छापिदैन। वर्षपुस्तकमा छापिने प्रतिवेदनका विषयमा काभ्रेमा सुझाव संकलनको कार्य मलाई राम्रो लाग्यो।

सूर्यमान दोङ (लालध्वज), सेक्रेटरी,
नेकपा (माओवादी), काभ्रे

मानवअधिकार स्थितिको अभिलेखको सवालमा मानवअधिकार वर्ष पुस्तकले महत्वपूर्ण भूमिका निर्भाह गरेको छ। जिल्लाका प्रतिबेदनहरू पूर्णरुपमा आँउदा राम्रो हुन्छ। ससर्ती हेर्दा सूचना समेटिएको जस्तो छ। राज्य र माओवादीलाई आफुले देखाएका प्रतिबद्धता पुरा गराउनका लागि पनि वर्ष पुस्तकको भुमिका महत्वपूर्ण रहोस् भन्ने मेरो सुझाव छ।

तिर्थबहादुर पसखल, सभापति, नेकाँ (प्र.), काभ्रे

मानवअधिकार वर्ष पुस्तक प्रकाशनको काम साह्रै सह्रानीय र गर्नैपर्ने काम हो। जनमानसमा मानवअधिकार उलंघनका विषयलाई उजागर गर्दा निश्चितरुपमा भविष्यमा घटनामा कमी आँउछ। महिलाअधिकार र बालअधिकार उलंघनका विषयलाई प्राथमिकता दिनुपर्छ। नागरिक तथा राजनीतिक अधिकारलाई मात्र जोड दिँदा अन्य विषयवस्तुलाई छाँयामा पार्नु हुन्न।

उद्वबप्रसाद तिमल्सेना, स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति, काभ्रे

वर्षपुस्तक मानवअधिकार सम्बन्धमा भएगरेका उपलब्धि, हालको अवस्था र विगतबारे तुलनात्मक अध्ययन गर्ने कोही पनि नागरिकका लागि अति उपयोगी रहेको कुरा म निर्विवाद देख्छु।

मातृकाप्रसाद दाहाल, जेलर, धुलिखेल कारागार

वर्षपुस्तक अधिकार उलंघनका घटना र त्यससम्बन्धी सूचनालाई व्यवस्थित गरेको छ। वर्षपुस्तकमा अधिकार उलंघनको स्थिति झल्काउनु पऱ्यो। सशस्त्र द्वन्द्व सकिए पनि मानवअधिकार उल्लंघनका घटनामा कमी छैन। मान्छे मारिएका घटनामा कमी आएपनि डर र त्रास उस्तै छ।

रामशरण बजगाई, पत्रकार

विगतका केही वर्ष नेपालमा मान्छेको बाँच्न पाउने अधिकार नराम्ररी कुण्ठित भयो। देशमा लोकतन्त्र बहालीपछि शान्तिको सास फेर्ने अवसर मिलेको छ। यस्तो अवस्थामा इन्सेकले मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा प्रवेश गरेर तथ्य सङ्कलन गर्ने र त्यसलाई दस्तवेजको रूपमा प्रकाशित गर्ने जुन कार्य गर्दै आएको छ त्यो प्रशंसनीय त छँदैछ आफैमा चुनौतिपूर्ण पनि। यस कार्यलाई अझ निर्भिकतापूर्व र निष्पक्षतापूर्वक प्रभावकारी बनाउन इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

बाबुराम लामिछाने, प्रमुख जिल्ला अधिकारी, भक्तपुर

वर्षपुस्तक विगतमा भएका घटनाका पीडित पक्षलाई राहत र न्याय दिलाउन तथा पीडकलाई कारवाही गर्न प्रमाणिक दस्तावेजको रूपमा रहँदै आएको छ। यस पुस्तकमा समावेश गरिएको सूचनाले धेरै पीडितले राहत पाएका छन् भने कतिपय दोषीहरू सजायको भागिदार भएको उदाहरण

प्रशस्त मात्रमा भेटिन्छन्। यति मात्र होइन यो दस्तावेज मानवअधिकार उल्लङ्घनका घटनाहरूको ऐना पनि हो।

कतिपय घटनाहरूको फ्लोअप भएको देखिँदैन। वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाहरूको संगालो बनोस्। यसले निरन्तरता पाउने आशा एवम् शुभकामना व्यक्त गर्दछु।

लोकराज अवस्थी, अध्यक्ष, रिलेक नेपाल राष्ट्रिय समिति, काठमाडौं

वर्षपुस्तकले मानवअधिकार उल्लंघनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उजागर गरेको छ। मानवअधिकार उल्लङ्घन जुनसुकै पक्षबाट भएको भएपनि दण्डहिनताको स्थितिमा पीडक पक्षलाई राख्नु हुँदैन। त्यसको पहरेदार दस्तावेजको रूपमा वर्षपुस्तक प्रमाणित भएको छ। राज्यको सुगमदेखि दुर्गम क्षेत्रमा हुने मानवअधिकार उल्लङ्घनका घटनालाई वर्षपुस्तकले समेट्न सक्नु यसको प्रमुख विशेषता हो।

नवराज छत्कुली, सचिव, प्रेस चौतारी, जिल्ला शाखा, धादिङ

वर्षपुस्तकले राज्य र माओवादीलाई युद्धकालमा तिनले गरेको मानवअधिकार उल्लङ्घनका घटनाको मूल्याङ्कन गरी कमिकमजोरीहरू सुधार गरी अघि बढ्नको लागि मद्दत गर्ने छ। यस पुस्तक देशको मानवअधिकार स्थितिको अवस्था बुझ्नको लागि उपयोगसिद्ध हुने विश्वास लिएको छु।

माधवप्रसाद घिमिरे, निमत्त जिल्ला न्यायधिवक्ता, सिन्धुपाल्चोक

वर्षपुस्तकले देशको मानवअधिकारको समग्र स्थितिलाई चित्रण गर्ने कोसिस गरेको छ।

महेशप्रसाद पुडासैनी, जिल्ला न्यायाधीश सिन्धुपाल्चोक

सशस्त्र द्वन्द्वको अवधिका घटनाक्रमको ऐतिहासिक विवरण कसैले खोज्न चाहेमा वर्षपुस्तक नै सबैभन्दा भरपर्दो र विश्वसनीय दस्तावेज बनेको छ। यस पुस्तकको अध्ययनबाट विगतका घटनाको समीक्षा गरी त्यसबाट देशमा सद्भावसहितको स्थिरता कायम गराउन मद्दत पुग्ने विश्वास लिएको छु। वर्षपुस्तकमा द्वन्द्वको विवरणले महत्व पाइरहेको अवस्थाबाट अब समाजमा हुने मानवअधिकार हनन्का अन्य घटना विवरणले बढी स्थान ओगट्ने अवस्था आएको छ। यी सवालहरूमा प्रयासरत रहन इन्सेकलाई शुभकामना छ।

जीवनप्रसाद ओली, प्रमुख जिल्ला अधिकारी सिन्धुपाल्चोक

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेत इन्सेकले क्रमबद्ध रूपमा प्रकाशन गर्दै आएको छ। यस पुस्तकले विगतको मानवअधिकारको अवस्थालाई प्रष्टसँग उल्लेख गरेको हुँदा यो पुस्तक पठनीय एवम् संग्रहनीय छ।

काशीनाथ मरासिनी, प्रमुख जिल्ला अधिकारी, तनहुँ

नेपालमा मानवअधिकार उल्लङ्घनका घटनामा उल्लेखनीय बृद्धि भएको कुरालाई तथ्यपरक ढङ्गले यस पुस्तकले समेटेको छ। यस्तो कठिन परिस्थिती र द्वन्द्वरत अवस्थामा पनि हत्या, अपहरण, ज्यादति, यातना जस्ता घटनालाई सचित्र प्रस्तुत गरी कुन-कुन निकायले के कस्तो तरिकाबाट मानवअधिकारको उल्लङ्घन गरेका छन् भन्ने कुरालाई यस पुस्तकले समेटी विस्तृत रूपमा राज्यका सबै निकाय र माओवादीलाई मानवअधिकारको संरक्षण गर्ने दिशामा घच्घच्याएको छ।

गोविन्दबहादुर कार्की, स्थानीय विकास अधिकारी, जिल्ला विकास कार्यालय, लमजुङ

वर्षपुस्तकले द्वन्द्व अवधिमा द्वन्द्वरत पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनालाई औंल्याई त्यस्ता घटना हुन नदिन सम्बन्धीत पक्षलाई मात्र नभई सम्पूर्ण जनमानसलाई सचेत पार्दै मानवअधिकारको पालना, सम्मान र कदर गर्न प्रेरित गरेकोमा इन्सेकको योगदान सह्रानीय छ।

बुद्धिराम तमु, प्रमुख, संयुक्त जिल्ला जन समिति, लमजुङ

इन्सेकले जोखिममा रही निर्भिक भई विभिन्न पक्षबाट भएका मानवअधिकार हनन्का घटनाहरूको सङ्कलन तथा सम्पादन गरी पाठक वर्ग समक्ष प्रस्तुत गरिएको वस्तुनिष्ठ प्रस्तुतिले सबैलाई सचेत, जागरुक र सर्तक गराउनुका साथै आफ्ना कमी कमजोरीहरूलाई पुन: दोहोरिन नदिई मानवअधिकारको सर्वमान्य मान्यताको संरक्षण गर्ने कार्यमा मार्गदर्शन गरेको छ। शान्ति स्थापनापछिको असीमित आकांक्षा परिपूर्ति निमित्त गरिने सडक बन्द, कार्यालय बन्द जस्ता कार्यबाट उपभोक्ता वर्गको नैसर्गिक मानवअधिकार हनन् हुने घटनाबारे कलम चाली दिगो शान्तिको लागि पहरेदारको भूमिकाको अपेक्षा गर्दै मावनअधिकार संरक्षणको प्रत्येक पक्षमा निरन्तर र सफलताको कामना व्यक्त गर्दछु।

मेदिनीप्रसाद शर्मा, क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय पोखरा, कास्की

इन्सेकले खेलेको भुमिकाका कारण सिंगो मानवअधिकारको प्रयायवाची बनेको छ। मानवअधिकाको उल्लङ्घनलाई न्युनीकरण गर्न सकेको तथ्य प्रमाणित भएको छ। घटनालाई यथार्थपूर्वक सार्वजनिक गरिदिने कार्यले

उल्लङ्घनकर्तालाई सचेत हुन बाध्य पुऱ्याउने यसको भूमिका रह्यो।

जनताको सर्वोच्चता, सामाजिक न्याय, नागरिक स्वतन्त्रता, कानुनी राज्य, विधिको शासन, लोकतन्त्र र दिगो शान्ति जस्ता सम्पूर्ण विषयहरू मावनअधिकारका अंगहरू हुन्। इन्सेकले निर्वाह गरेको विगतको भूमिकाको प्रशंसा गर्दै गत वर्ष प्रकाशित पुस्तकमा जिल्लाका केही घटनाहरू छुट्न पुगेका छन्। आगामी दिनहरूमा विगतका कमी कमजोरीलाई परिमार्जित गर्दै अझ बढी रचनात्मक भूमिकाको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

सोभियतबहादुर अधिकारी, सभापति, नेपाली काँग्रेस (प्रजातान्त्रिक) कास्की

मानवअधिकार जस्तो पवित्र विषयलाई आम नागरिकलाई सुसूचित पार्दै मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई जस्ताको तस्तै सर्वसाधारणमा पुऱ्याउने स्पष्ट दर्पण बनेको छ : मानवअधिकार वर्षपुस्तक। मानवअधिकार वर्षपुस्तकको सराहना गर्दै प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

सुशील सापकोटा, रिलेक नेपाल, क्षेत्रीय सदस्य पश्चिमाञ्चल

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको मूल्यमान्यता, सन्धि, अभिसन्धि, महासन्धि, सहमति, सम्झौता र प्रतिवद्धतालाई आत्मसात गरी बडो मिहेनत, कडा परिश्रम र चुनौतीलाई सामना गरी सन २००५ भरिका मानवअधिकार उल्लङ्घनका घटनाहरू समावेश गरी तयार पारिएको खोजमुलक, तथ्यगत, निष्पक्ष, निडर र पूर्वाग्रह रहित नेपाल मानवअधिकार वर्षपुस्तक २००६ लोकप्रिय, सार्थक अनि सफल भएको पाउदाँ आउँदा वर्षपुस्तकको सफलताको शुभकामना।

अम्बर नेम्वाङ्ग सुब्बा, वाहिनीपति, सशस्त्र प्रहरी नायब महानिरीक्षक,
पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी मुख्यालय, मुक्तिनाथ वाहिनी, पोखरा, कास्की

इन्सेकले मानवअधिकार उल्लङ्घनका घटना, घटनामा पीडक र पीडितको अवस्था प्रष्ट पार्ने र मानवअधिकारको पक्षमा भए गरेका अन्य रचनात्मक कामहरूलाई जनताबीच वर्षपुस्तक मार्फत सार्वजनिक गर्दै आएको छ। यसै सन्दर्भमा मानवअधिकार वर्षपुस्तक समग्र मुलुकको मानवअधिकार तस्विर देखाउन सफल छ। इन्सेकले आफ्नो अधिकारको क्षेत्रलाई अझ परिमार्जित गर्दै लगोस् भन्ने शुभ-कामना व्यक्त गर्दछौं।

रविन्द्र अधिकारी, सचिव, नेकपा (एमाले), कास्की

राज्य र द्वन्द्वरत पक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू बढिरहेको परिस्थितिमा पनि इन्सेकले निर्भिक भई राज्य र गैर राज्यपक्षबाट भएका मानवअधिकार हननका घटनाहरूलाई जनमानससमक्ष ल्याउने साहसिक कार्य गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

तिलक महत, कार्यालय सचिव, एमाले जिल्ला कमिटी, नवलपरासी

मानवअधिकार सम्बन्धमा सत्य तथा घटनाहरूलाई समेटेर निस्कने वर्षपुस्तकले मानवअधिकारका उल्लङ्घनकर्ताहरूलाई जनसमक्ष ल्याई सोच्न बाध्य बनाएको छ र यसले मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउने नै छ।

नरेन्द्र दहाल, प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

सुरक्षाकर्मीलाई यस पुस्तकले मार्गदर्शकको रूपमा सघाएको छ। देशभरिमा मानवअधिकारको घटनाहरू पढ्न पाइने यस पुस्तकले हामीलाई सचेत हुन निकै ठूलो मद्दत गरेको र यसका आगामी प्रकाशनहरू अझै बढी परिष्कृत हुँदै आउने छन् भन्दै यसमा संलग्न सबैको र पुस्तकको उत्तरोत्तर प्रगतिको कामना।

जयबहादुर चन्द, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

वर्षपुस्तक प्रकाशन गरी मानवअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएकोमा इन्सेक परिवार धन्य छ। तथ्याङ्क सङ्कलनमा यहाँहरूको परिश्रमले मानवअधिकार उल्लङ्घन गर्नेहरूको सजिव चित्रण प्रस्तुत गरेको छ।

राजनप्रसाद पन्त, सभापति, नेपाली काँग्रेस, पाल्पा

वर्षपुस्तक प्रकाशन गरी मानवअधिकार हननका घटनाहरूलाई जस्ताको तस्तै उतार गर्दै मानवअधिकार हनन् गर्नेलाई न्यायको कठघरामा समेत उभ्याउने भरपर्दो औजार प्रदान गरेको छ।

जनमोर्चा नेपाल, पाल्पा

वर्षपुस्तक वार्षिक रूपमा प्रकाशन गरी नेपालमा मानवअधिकार हनन भएको सम्बन्धमा यथार्थ विवरण प्रस्तुत गर्दै आएको छ। यस कार्यले मानवअधिकार हनन गर्न सक्ने सबै निकाय तथा पक्षहरूलाई झकझकाउने प्रयास गरेको पाएको छु।

गोपीमान श्रेष्ठ, प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, पर्वत

माओवादी र सरकारीबीच बृहत शान्ति सम्झौता भइसकेकोले त्यसको कार्यान्वयनमा हुने कमजोरीलाई खबरदारी गरी राखोस्। साथै यस वर्ष हुने संविधानसभाको निर्वाचनमा अरु थप जिम्मेवारी मानवअधिकारकर्मीको काँधमा आएको छ।

इमानसिंह भारती, अध्यक्ष, प्युठान उद्योग वाणिज्य संघ, प्युठान

यस वर्षपुस्तकले हरेक क्षेत्रका मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गरी मानवअधिकार संरक्षणमा टेवा पुऱ्याएकोमा वर्षपुस्तकमा प्रकाशित कुरा खोज, अनुसन्धान गर्ने र प्रकाश सबैमा सादर सम्मान गर्दै आगामी दिनमा देशको सबै ठाउँमा भएका मानवअधिकार उल्लङ्घनका घटना यथार्थपरकरूपमा समेट्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

चुडामणि भुसाल, सचिव, नेपाल बार एसोसिएसन, जिल्ला अदालत बार इकाई, प्यूठान

तत्कालीन शाही निरंकुशतावादी राज्य सत्ताद्वारा दमन, यातना दिँदै तमाम नेपाली जनसमुदायलाई तड्पाएको, यातना दिएको, हत्या गरिएको सबै तथ्यलाई शुक्ष्मरूपले खोज गरी राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा उक्त घटनालाई जनसमक्ष सार्वजनिक गर्दै मानवअधिकारको महत्वपूर्ण भूमिका निर्वाह गरको छ। त्यस्तै माओवादीतर्फबाट पनि गरिएका अमानवीय ढङ्गबाट मानवअधिकारको हननलाई तथ्यरूपमा अघि सारी मानवरक्षाको सवालमा विभन्नि लेख विज्ञप्ति सेमिनार, गोष्ठी, आलोचना, आग्रह गर्दै मानवीय मूल्य मान्यताको आधारमा अघि बढ्न उक्त क्रियाकलापबाट सुधार्दै आमनेपाली जनताको शान्तिमय चाहनालाई परिपूर्ति गर्दै नेकपा (माओवादी)लाई शान्ति सम्झौता गराउनको लागि उल्लेखनीय भूमिका निर्वाह गरेको श्रेय स्वभाविकरूपमा पनि इन्सेकमा छ भन्ने हामीलाई लाग्दछ।

हरिप्रसाद रिजाल, उपसचिव, नेकपा (एमाले), जिल्ला कमिटी, प्यूठान

वर्षपुस्तकले विगतमा भैँ विगतमा मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वस्तुपरक ढङ्गले उजागर गर्न सफल भएको छ। राज्यपक्ष या विद्रोहीपक्ष जो कसैलाई पनि मानवअधिकारको हनन गर्ने अधिकार हुँदैन। इन्सेकले आफ्ना सुरूका दिन देखिनै मानवअधिकारका सम्बन्धमा 'वाचडग' कोरूपमा काम गर्दै आएको छ, जुन प्रशंसनीय छ।

कमलराज पन्थी, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, प्यूठान

वीर जनमुक्ति सेना क्रान्तिकारी जनसमुदायको प्रत्यक्ष संलग्नता र समर्थनमा दुश्मनको प्रतिरोध र प्रत्याक्रमण गरी नेपाली जनतालाई विजयको शान्तिका लागि भिषण वर्ग संघर्षको अवधिमा सबै घटनाक्रमहरूलाई जस्ताको तस्तै सङ्कलन गर्न सम्भव थिएन तर पनि जसरी यो वर्षपुस्तकको रोल्पा जिल्ला प्रतिनिधिले घटनाहरूको सक्दो नजिक पुग्न सफल हुनु भयो त्यसप्रति उहाँलाई बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना।

ध्रुव, नेकपा (माओवादी), रोल्पा

हत्या, हिंसा र बलात्कारका घटनाहरू कम हुँदै गए पनि सामाजिक विकृति, विसंगति र भ्रष्टाचारजस्ता अपराधहरू झन मौलाउँदै गएको छ। बहुसंख्यक जनजाति भएको यो जिल्लामा सीमित जाति, वर्ग र व्यक्तिहरूले शोषण, दमन र श्रममा राखेको पाइन्छ। यसतर्फ पनि विशेष ध्यान दिन जरुरी छ। जनआन्दोलन २०६२/६३ भाग-२ मा महत्वपूर्ण भूमिका खेल्ने विभिन्न तह र तप्काका व्यक्ति, संघसंस्थाहरू र त्यसका बाधकहरूको बारेमा आगामी अंकमा प्रष्ट्याइनेछ भन्ने आशाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

कृष्णबहादुर घर्तीमगर, सभापति, नेकाँ (प्रजातान्त्रिक), रोल्पा

यो जिल्लाका कुना काप्चामा अझै पनि मानवअधिकारका घटनाहरू हुने गरेका छन् विगतमा भएका कमी कमजोरी औंलाउँदै व्यापकरूपमा यथार्थपरक भएर मूल्याङ्कन गरी समाचार (प्रेस) मा आउन जरुरी छ।

राजकुमार कक्षपती, अध्यक्ष, जनमोर्चा नेपाल, रोल्पा

हिंसा र प्रतिहिंसाको कालो बर्बर इतिहासलाई वर्षपुस्तक २००६ समेतले समेटेको छ। विगतको तीतो अनुभव लिएर परिमार्जित जीवन पद्धति सबै नेपालीहरूको नयाँ सरकार बन्ने छ। भविष्यमा कसरी हामी अगाडि बढ्नुपर्छ भन्ने कुरा वर्षपुस्तक २००६ ले बुझाउन सफल भएको छ।

माधवप्रसाद आचार्य, सभापति, नेकाँ, रोल्पा

इन्सेकले विगतमा झैं २००६ को वर्षपुस्तकमा राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकारको स्थितिबारे प्रशस्त ज्ञान दियो, यो खुशीको कुरा हो। अझ आगामी वर्षमा अधिकार, लोकतन्त्र, समावेशी, घरेलु हिंसा, चेलिबेटी बेचबिखन, भ्रष्टाचारलगायतका समस्याबारे थप गहन अनुसन्धान गरी प्रकाशमा ल्याउन इन्सेकले पहल गर्नुपर्ने कुरामा जोड दिन चाहन्छु।

काशीराम डाँगी, सभापति, नेपाल पत्रकार महासंघ, रोल्पा

निरंकुशतन्त्र र राज्य आतंकबाट र माओवादीको कथित जनयुद्ध र दुवै खाले हत्या हिंसाका घटनाक्रमलाई वर्षपुस्तकमार्फत सार्वजनिक गरेको छ।

हस्तमनि पुन मगर, सचिव, जनमोर्चा नेपाल तदर्थ समिति, रोल्पा

माओवादी जनयुद्धले देश आक्रान्त भएको बेला सरकार र माओवादीबाट मानवअधिकारको उल्लङ्घनका घटनाहरू वर्षपुस्तक २००६ मा आफ्नो जीवनको आहुति दिँदै मानवअधिकारको तथ्याङ्क सङ्कलन गर्ने इन्सेक सहकर्मीहरूको योगदानको कदरयोग्य छ। आजको बेला यस पुस्तकका घटनाहरूले मानवअधिकार विरोधी क्रियाकलापमा संलग्न भएकाहरूलाई दण्ड सजाय दिन मद्दत पुऱ्याउने लिखित नजिरकोरूपमा स्थापित भई दण्डहीनताको नीतिलाई सहयोग पुऱ्याउने छ भन्ने आशा लिएको छु।

केशवबहादुर जिसी, कार्यवाहक अध्यक्ष, नेपाल बार एसोसिएसन इकाई समिति, बर्दिया जिल्ला अदालत

वर्षपुस्तकले नेपाल अधिराज्यभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रकाशनमा ल्याई आमनागरिकलाई मानवअधिकारप्रति सचेत, सजक र जागरुक बनाउनतर्फ अहम् भूमिका निर्वाह गरेको छ।

श्यामबहादुर खड्का, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, गुलरिया बर्दिया

पुस्तकले हाम्रो मुलुकको मानवअधिकारको दयनीय स्थिति र दण्डहीनताको अवस्थालाई मुखरित गर्दै आएको छ। वर्षपुस्तक २००६ पनि नेपालमा मानवअधिकार, नागरिक हक र राजनीतिक अधिकारको बहालीको सशक्त औजार बन्यो।

हरि ज्ञवाली, उपसचिव, नेकपा (एमाले) जिल्ला कमिटी, बर्दिया

मानवअधिकारको क्षेत्रमा धेरै लामो समय अघिदेखि मानवअधिकार वर्षपुस्तक प्रकाशनको माध्यमबाट अधिराज्य भरिका गाउँ ठाउँ शहरमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी सत्य तथ्य घटनाहरू सार्वजनिक गरी आएको छ। यसमा समेटिएको घटना विषयवस्तुहरू सान्दर्भिक छन्।

गिरीशकुमार शर्मा, जिल्ला न्यायाधीश, जिल्ला अदालत, बर्दिया

सरकारी तथा गैरसरकारी पक्षहरूबाट भएका मानवअधिकारका घटनाहरू र पीडित पक्षले पाएको क्षतिपूर्ति एवम् न्यायको समेत उल्लेख गर्दै आगामी दिनमा प्रस्तुत पुस्तकले समेट्न सकोस् भन्ने अपेक्षा गर्दछु।

रामजीप्रसाद त्रिपाठी, मुख्य न्यायाधीश पुनरावेदन अदालत, सुर्खेत

विषम परिस्थितिमा इन्सेक अभियानका मित्रहरूले आफ्नो प्राणको बाजी लगाएर जुनसुकै पक्षबाट जुनसुकै नामबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई यस पुस्तकमा समेटेर आमरूपमा जानकारी गराउने कामको जति प्रशंसा गरे पनि पुग्दैन। मानव बचाउने यो कार्य निरन्तर हुनुपर्छ भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

कृष्णबहादुर हमाल, अधिवक्ता, सुर्खेत

राज्यमा द्वन्द्वबाट श्रृजित असहज परिस्थिति, राज्य र विद्रोही पक्षबाट भएका मानवअधिकार हननका घटना र त्यसबाट जनमानसमा परेको प्रभाव, भौतिक, मानवीय र आर्थिक क्षतिको अवस्थालाई मूलरूपमा समेटी सन् २००६ मा राज्य गहिरिँदै गएको संकट, प्रजातन्त्र र मानवअधिकारको तत्कालीन अवस्थालाई मानवअधिकार वर्षपुस्तकको रूपमा प्रकाशन गरी अध्ययन गर्ने अवसर दिएकोमा इन्सेकप्रति आभारी छु।

गोविन्दप्रसाद जिल्ला, नि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दैलेख

समाजमा हुने मानवअधिकारका स-साना घटनाहरू अभिलेख भई जनसाधारणको जानकारीमा आउने र यसले मानवअधिकारसम्बन्धी चेतना जनस्तरमा ल्याउने एवम् मानवअधिकार उल्लङ्घनकर्तालाई सचेतसमेत गराउने हुँदा विगत वर्षहरू झैं आगामी वर्ष २००७ को वर्षपुस्तक पनि मानवअधिकारसम्बन्धी चेतना अभिवृद्धिमा सहायक हुनेछ।

उमाकान्त अधिकारी, नि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्ला

वर्षपुस्तकको समग्र र जिल्लाको घटना समेतको अध्ययन गर्दा मानवअधिकार सशस्त्र द्वन्द्वको राज्य तथा विद्रोही पक्षले घटाएका घटनाको सुक्ष्म ढङ्गले सङ्कलन गरेको भेटिएको छ।

धिरेन्द्रराज गिरी, कार्यवाहक सचिव, एमाले जिल्ला कमिटी, जुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक २००६ लाई सरसर्ती अध्ययन गर्दा वर्षभरि मुलुकभर भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कहरू सविस्तार समावेश गरेकोपाइयो। सो वर्षपुस्तकले आमनागरिकलाई मानवअधिकारप्रति सचेत गराउँदै मानवअधिकार उल्लङ्घन गर्ने राज्य र गैरराज्य पक्षलाई समेत खबरदारी गरेको छ।

डम्बरबहादुर विष्ट, निमित श्रेस्तेदार शाखा अधिकृत, जिल्ला अदालत, कालिकोट

स्वतन्त्र एवम् पक्षपातरहित किसिमले घटनाको विवरण सङ्कलन गरी गहिरिएर अध्ययन गरी सत्य तथ्य घटनाको विवरण प्राप्त पश्चात, वर्षपुस्तकमा उल्लेख गरेमा अझ बढी प्रभावकारी र निष्पक्ष भूमिका निर्वाह गरेको कुरा स्पष्ट हुने कुरामा विश्वास गर्न सकिन्छ।

अम्बबहादुर शाही, उपसभापति, नेकाँ जिल्ला कार्य समिति, कालिकोट

नेपाली जनताका तमाम दुःख र कष्टलाई समेटी गहिरो अध्ययनका साथ तयार पारी वर्षेनी प्रकाशित वर्षपुस्तकमा व्यक्तिगत, सामाजिक एवम् सार्वजनिकरूपमा भएका मानवअधिकार हननसम्बन्धी घटनाको विवरण प्रकाशनद्वारा प्रकाशित हुँदा यसबाट अवश्य पनि अपराधीलाई सचेत गराउने कार्य भएको छ।

कालिबहादुर सहकारी, सभापति, नेपाली नेकाँ (प्रजातान्त्रिक) जिल्ला कार्यसमिति, कालिकोट

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गर्दा पीडकलाई प्रहार हुने तथा पीडितलाई सान्त्वना पाइने हुँदा यो अभियान ग्रामीण समुदायको अन्तर-कुन्तर भित्र पुग्न सफल होस् भन्ने चाहन्छु।

अमलराज शाही, संयोजक, नागरिक समाज, कालिकोट

विगतको दिनमा प्रकाशन भएका वर्षपुस्तकहरूमा जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटना, राजनीतिक घटनाक्रम सबै जस्तो प्रकाशमा नआएको भेटिए, अब भोलिको दिनहरूमा जिल्लाको समग्र विकासको लागि सार्वभौम जनअधिकार सम्पन्न जनताको लागि हितमा काम हुने छ भन्ने आशा राखेको छु।

तुलाराम विष्ट, सचिव, नेपाली (एमाले), कालिकोट

वर्षपुस्तकलाई अध्ययन गर्दा नेपाली जनताको साथै ग्रामीण क्षेत्रका जनसमुदायका लागि एउटा सूचना र सहयोगी साधनकारूपमा आएको छ। अधिकांश संघसंस्था र व्यक्तिहको मानसिकता र बुझाई शहर केन्द्रित हुन्छन्। तसर्थ २००७ को मानवअधिकार वर्षपुस्तक ग्रामीण समुदायको आशा र भरोसाको केन्द्र विन्दु बनोस्।

रविन्द्र शाही, अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल, कालिकोट

वर्षपुस्तक जसले विकट जिल्लामा मानवअधिकार उल्लङ्घनका घटनाको इतिहास बनाएको छ। जसले मानवअधिकार विपरीतका तत्वहरूको न्यूनिकरण गर्नुको साथै दण्डहीनताका पक्षधरहरूलाई दण्डहीनताको विरोधसमेत गरेको छ।

जयकृष्ण सञ्जाल, अध्यक्ष जनमोर्चा नेपाल, जिल्ला समिति, कालिकोट

छर्लङ्ग देख्दादेख्दै पनि बोल्न र लेख्न नसक्ने स्थितिका बावजुद पनि इन्सेक प्रतिनिधिमार्फत् एकै श्रोतको आधारमा मात्र घटनालाई यथार्थमा ल्याउने काम नगरी विभिन्न श्रोतको आधारमा मात्र घटनालाई वस्तुपरक बनाउने अपेक्षा गर्दछु। ताकि यसले गर्दा घटना छर्लङ्ग हुन गई लुकेका रहस्यहरू बाहिर आउने छन्।

कमलप्रसाद कोइराला, निमित्त जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, हुम्ला

वर्षपुस्तकमा अधिराज्यभरिका मानवअधिकारसम्बन्धी उल्लङ्घनका घटनाक्रमहरूको संगालो सङ्कलन गरी नेपाली जनता सामु र घटना उल्लङ्घन गर्ने सरोकारवाला पक्षलाई मानवअधिकार हननसम्बन्धी कानुनी उपचार दिन सहयोग पुऱ्याउनका लागि गहन जिम्मेवारी बोकेको छ।

सुरेन्द्रबहादुर कार्की, निमित्त पार्टी सचिव, नेकपा (एमाले), जिल्ला कमिटी, हुम्ला

सच्याइएको

यसै पुस्तकको पृष्ठ ८२ अनुच्छेद ५ को हरफ ५ मा ०६३ वैशाख ५ गते हुनु पर्नेमा, पृष्ठ ८७ को अनुच्छेद ५ को हरफ ४ मा ०६३ मंसिर ४ हुनुपर्नेमा, पृष्ठ ८३ को अनुच्छेद २ को हरफ ३ मा एसएसपी हुनुपर्नेमा, पृष्ठ ९८ को चौथो अनुच्छेदको तेस्रो हरफमा ०६३ भदौ २२ गते हुने पर्ने भएकोमा अन्यथा भएकोले सच्याइएको छ।

यसैगरी पृष्ठ २२० को बेपत्ता शीर्षक अन्तर्गत पाँच पुरुष र एकमहिला गरी छ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

अनुसूची ७

वर्षपुस्तक २००७ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद २ : नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल

लेखक: प्रेक्षा ओझा

परिच्छेद ३

३.१ **न्यायपालिका**

लेखक: विद्या चापागाईं

३.२ **कार्यपालिका**

लेखक: लुमासिं विश्वकर्मा

३.३ **व्यवस्थापिका**

लेखक: कृष्णप्रसाद सुवेदी

जिल्लागत प्रतिवेदन तथा तथ्याङ्क रूजु

१. गणेश भण्डारी

२. मदन पौडेल

जिल्ला प्रतिनिधिहरु

१. पूर्वाञ्चल

१.१	झापा	- अर्जुनकुमार बस्नेत
१.२	इलाम	- प्रकाश अधिकारी
१.३	पाँचथर	- कृष्ण ओझा
१.४	ताप्लेजुङ	- चन्द्रप्रकाश भट्टराई
१.५	मोरङ	- दीपेन नेउपाने
१.६	सुनसरी	- राम कोइराला
१.७	धनकुटा	- गीता अधिकारी/पर्शुराम नेपाल
१.८	तेह्रथुम	- छत्र रिमाल
१.९	भोजपुर	- ज्ञानेन्द्र खड्का
१.१०	संखुवासभा	- लीलाप्रसाद श्रेष्ठ
१.११	सप्तरी	- प्रकाश खतिवडा
१.१२	सिरहा	- देवराज पोखेल
१.१३	उदयपुर	- कुशलबाबु बस्नेत
१.१४	खोटाङ	- लोकनाथ घिमिरे
१.१५	ओखलढुंगा	- गुरूबहादुर बस्नेत
१.१६	सोलुखुम्बु	- वेदप्रसाद राई/आङगेलु शेर्पा

२. मध्यमाञ्चल

२.१	धनुषा	- रोशनदीप ढकाल
२.२	महोत्तरी	- ईश्वरी काफ्ले
२.३	सर्लाही	- विदुर प्याकुरेल
२.४	सिन्धुली	- आनन्दप्रसाद दाहाल
२.५	रामेछाप	- नवराज पथिक
२.६	दोलखा	- उद्धव पोखरेल
२.७	रौतहट	- विपिन गौतम
२.८	बारा	- रोशनराज अर्याल
२.९	पर्सा	- प्रेम कार्की
२.१०	चितवन	- मुकुन्द दाहाल
२.११	मकवानपुर	- प्रताप विष्ट
२.१२	ललितपुर	- गोपिकृष्ण भट्टराई
२.१३	काभ्रेपलान्चोक	- भोजराज तिमल्सिना
२.१४	भक्तपुर	- अकुर न्यौपाने
२.१५	काठमाडौं	- राजु पासवान
२.१६	धादिङ	- सीताराम अधिकारी
२.१७	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
२.१८	नुवाकोट	- केशव मिश्र
२.१९	रसुवा	- हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
३.२	गोरखा	- भीमलाल श्रेष्ठ
३.३	लमजुङ	- कृष्ण अधिकारी
३.४	स्याङ्जा	- निर्मला तिवारी
३.५	कास्की	- टंक खनाल
३.६	मनाङ	- कमानबहादुर गुरुङ
३.७	नवलपरासी	- नारायण पराजुली
३.८	रुपन्देही	- भीष्मराज पन्थी
३.९	पाल्पा	- दुर्गा न्यौपाने/कृष्णप्रसाद बस्याल
३.१०	कपिलवस्तु	- नन्दराम पौडेल
३.११	अर्घाखाँची	- खिमप्रसाद मरासिनी
३.१२	गुल्मी	- दिलशोभा पुन
३.१३	वाग्लुङ	- रामबहादुर जिसी/गोविन्द गौतम
३.१४	पर्वत	- माधवराज पाण्डेय
३.१५	म्याग्दी	- घनश्याम खड्का
३.१६	मुस्ताङ	- चन्द्रबहादुर गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१	दाङ	- विमलकुमार अधिकारी
४.२	प्युठान	- महेन्द्रप्रसाद श्रेष्ठ
४.३	रोल्पा	- घनश्याम आचार्य
४.४	सल्यान	- रोमप्रकाश थापा
४.५	रुकुम	- जीवन खड्का
४.६	बाँके	- शिप्रा श्रेष्ठ
४.७	बर्दिया	- नारायण सुवेदी
४.८	सुर्खेत	- दुर्गा थापा

४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - नमनकुमार शाही
४.११ डोल्पा - विष्णुलाल बुढा
४.१२ जुम्ला - राजेन्द्र महत
४.१३ कालिकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सिजवाल
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - कृष्ण विक
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कंचनपुर - युवराज घिमिरे
५.७ डडेलधुरा - केशव बोहोरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. सोमराज थापा २. भुवन अधिकारी

मध्यमाञ्चल

१. कृष्ण गौतम २. बाबुराम विश्वकर्मा

पश्चिमाञ्चल

१. जीवन्त वाग्ले २. लक्ष्मणदत्त पन्त

मध्य पश्चिमाञ्चल

१. भोला महत २. मधु पन्थी

सुदूर पश्चिमाञ्चल

१. खड्कराज जोशी २. दिपक तिवारी

सन्दर्भ सामग्री स्रोत

१. इन्सेक पुस्तकालय

फोटो स्रोत

१. विमलचन्द्र शर्मा, इन्सेक
२. मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरू

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरुप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ५०००।- र प्रशंसापत्र रहेको छ।

सर्वोत्कृष्ट


इश्वरी काफ्ले, महोत्तरी

उत्कृष्ट

प्रकाश अधिकारी, इलाम
रोशनराज अर्याल, बारा
खिमप्रसाद मरासिनी, अर्घाखाँची
शिप्रा श्रेष्ठ, बाँके
मदनसिंह धामी, दार्चुला

cg';Ґl *

;g\@))^ df /fHo kIfåf/f kll8t ePsfx?sf];¥of



इन्सेक पुस्तक १२७/२०६३



राजाको प्रत्यक्ष शासन विरूद्ध उर्लेको देशव्यापी विरोधको लहरसँगै सन् २००६ प्रारम्भ भयो। वर्षको चौथो महिनामा जनआन्दोलनका सामू राजाले घुँडा टेके र लोकतन्त्र उदय भयो। लोकतन्त्रको बहालीसँगै नागरिक तथा राजनीतिक अधिकारहरूमाथिको बन्देज हटेपछि नेपालको मानवअधिकार अवस्थामा सुधार आयो। वस्तुतः जनआन्दोलनको सफलता राजनीतिक परिवर्तनको शान्तिपूर्ण प्रयासको सफलता थियो। जनआन्दोलनमा माओवादी समस्याको शान्तिपूर्ण समाधान हुनु पर्छ भन्ने आमजनताको आकांक्षासमेत प्रदर्शित थियो। सात दलको मोर्चा निर्माण भएपछि नेपाली राजनीतिमा नयाँ हलचल उत्पन्न भएको थियो। त्यसपछि सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीका कारण निरङ्कुशता विरोधी आन्दोलनले नयाँ उचाइ प्राप्त गरेको थियो। त्यसबीच राजाले नगरपालिका निर्वाचन गराएर आफ्नो अधिनायकवादी दुस्साहसलाई संस्थागत गर्न खोजेका थिए। तर उनको नौटङ्की अन्तर्राष्ट्रिय रूपमै पर्दाफास हुन गयो। दिगो शान्तिको स्थापनाका निम्ति सात दल र माओवादी समझदारीमा पुगेको पाँच महिना बित्दा नबित्दै राजाको अधिनायकवादी शासन व्यवस्थाको अन्त्य भयो। लोकतन्त्रको बहालीसँगै सात दल र माओवादीबीच भएका सहमति तथा सम्झौताहरू व्यवहारमा लागू हुनु पूर्व नै वर्षको अन्त्य हुन गयो। नेकपा (माओवादी) ले व्यक्त गरेको प्रतिबद्धता विपरीत त्यस पार्टीका कार्यकर्ताहरूबाट शान्तिपूर्ण रूपान्तरणप्रति अरूचि दर्शाइएको हो कि भन्ने शङ्का उत्पन्न गराउने किसिमका घटना लोकतन्त्र बहालीपछि समेत भए।

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेब साइट : www.inseconline.org